# वचन देहमा देखा पर्नुहुन्छ

सर्वशक्तिमान् परमेश्वरको मण्डली

# प्रस्तावना

धेरै मानिसहरूले परमेश्‍वरमा विश्‍वास गरे तापनि, थोरैले मात्र परमेश्‍वरप्रतिको विश्‍वासको अर्थ के हो र परमेश्‍वरको इच्छा अनुरूप हुन तिनीहरूले के गर्नुपर्छ भनी बुझ्दछन्। मानिसहरू “परमेश्‍वर” शब्द र “परमेश्‍वरको कार्य” जस्ता वाक्यांशहरूसित परिचित भए पनि तिनीहरूले परमेश्‍वरलाई नचिनेको कारणले यस्तो भएको हो अनि उहाँको कार्यलाई जान्ने कुरा त परै जाओस्। त्यसैले, परमेश्‍वरलाई नचिन्‍नेहरू सबै उहाँसम्बन्धी तिनीहरूका आफ्नै विश्‍वासमा अल्मलिएको हुनु कुनै अचम्म मान्‍नुपर्ने कुरा होइन। मानिसहरूले परमेश्‍वरप्रतिको विश्‍वासलाई गम्भीर रूपमा लिंदैनन्, र यो पूर्ण रूपमा तिनीहरूलाई परमेश्‍वरमा विश्‍वास गर्ने कुरा धेरै नै अपरिचित र अनौठो लागेको कारणले गर्दा भएको हो। यसप्रकारले, तिनीहरूले परमेश्‍वरका मागहरू पूरा गर्न सक्दैनन्। अर्को शब्दमा भन्‍नु पर्दा, यदि मानिसहरूले परमेश्‍वरलाई चिन्दैनन्, र उहाँका कार्यको बारेमा जान्दैनन् भने, तिनीहरू परमेश्‍वरको प्रयोगका लागि योग्य हुँदैनन्, र तिनीहरूले उहाँको इच्छा पूरा गर्ने कुरा त परै जाओस्। “परमेश्‍वरप्रतिको विश्‍वास” भनेको परमेश्‍वर हुनुहुन्छ भनेर विश्‍वास गर्नु हो; परमेश्‍वरमा विश्‍वास गर्ने सम्बन्धमा यो सबैभन्दा सरल धारणा हो। यसबाहेक, परमेश्‍वर हुनुहुन्छ भनेर विश्‍वास गर्नु परमेश्‍वरमा साँचो रूपले विश्‍वास गर्नु उस्तै होइन; बरु, यो बलियो धार्मिक संकेतसहितको साधारण किसिमको विश्‍वास हो। परमेश्‍वरप्रतिको साँचो विश्‍वासको अर्थ निम्न छन्ः परमेश्‍वरले सबै थोकमाथि सर्वाधिकार राख्नुहुन्छ भन्‍ने विश्‍वासको आधारमा कुनै व्यक्तिले उहाँका वचनहरू र उहाँको कार्यको अनुभव गर्छ, उसको आफ्नो भ्रष्ट स्वभावलाई शुद्ध पार्छ, परमेश्‍वरको इच्छा पूरा गर्छ, र परमेश्‍वरलाई चिन्छ। यस प्रकारको यात्रालाई मात्र “परमेश्‍वरप्रतिको विश्‍वास” भन्‍न सकिन्छ। तापनि मानिसहरूले प्रायः परमेश्‍वरप्रतिको विश्‍वासलाई एउटा साधारण र हलुका कुराको रूपमा हेर्छन्। यस्तो प्रकारले परमेश्‍वरमा विश्‍वास गर्ने मानिसहरूले परमेश्‍वरमा विश्‍वास गर्नुको अर्थ गुमाइसकेका छन्, र तिनीहरूले आखिरीसम्म विश्‍वास गरिरहे पनि, तिनीहरूले कहिल्यै पनि परमेश्‍वरको अनुमोदन प्राप्त गर्न सक्दैनन्, किनकि तिनीहरू गलत बाटोमा हिँड्छन्। आज अझै त्यस्ता मानिसहरू पनि छन् जो अक्षरहरू र खोक्रो सिद्धान्तहरूअनुसार परमेश्‍वरमा विश्‍वास गर्छन्। तिनीहरूले आफूहरूमा परमेश्‍वरप्रतिको विश्‍वासको सारको अभाव छ भनी बुझ्दैनन्, र तिनीहरूले परमेश्‍वरको अनुमोदन पाउन सक्दैनन्। तापनि अझै तिनीहरू सुरक्षा र पर्याप्त अनुग्रहको आशीषहरूका लागि परमेश्‍वरसँग प्रार्थना गर्छन्। आउनुहोस्, हामी रोकिऔं, हाम्रो मन शान्त पारौं, अनि आफैलाई सोधौं: के परमेश्‍वरमा विश्‍वास गर्नु पृथ्वीमा सबैभन्दा सजिलो कुरा हुन सक्छ? के यो हुन सक्छ कि परमेश्‍वरमा विश्‍वास गर्नु भनेको परमेश्‍वरबाट असीम अनुग्रह पाउनुबाहेक अरू केही होइन? के परमेश्‍वरलाई नचिनी उहाँमा विश्‍वास गर्ने वा परमेश्‍वरमा विश्‍वास गरे पनि उहाँको विरोध गर्ने मानिसहरूले साँच्चै उहाँको इच्छा पूरा गर्न सक्छन्?

परमेश्‍वर र मानिसलाई समान शब्दहरूमा व्यक्त गर्न सकिंदैन। उहाँको सार र उहाँको कार्य मानिसका लागि अति नै अथाह र बुझ्नै नसकिने हुन्छन्। यदि परमेश्‍वरले व्यक्तिगत तवरले आफ्नो कार्य गर्नुहुन्‍न र मानिसको संसारमा उहाँका वचनहरू बोल्नुहुन्‍न भने, मानिसले कहिल्यै

पनि परमेश्वरको इच्छा बुझ्न सक्ने थिएनन्। अनि यसैले, आफ्नो सम्पूर्ण जीवन परमेश्वरमा समर्पण गर्नेहरूले पनि उहाँको अनुमोदन प्राप्त गर्न सक्ने थिएनन्। यदि परमेश्वरले कार्य गर्न लाग्नुहुन्न भने, मानिसले जति नै राम्रो गरे पनि त्यो सब व्यर्थको हुनेछ, किनकि परमेश्वरका विचारहरू सधैं मानिसका विचारहरूभन्दा उच्च हुन्छन्, र परमेश्वरको बुद्धि मानिसको समझभन्दा धेरै परको हुन्छ। र यसैले म भन्छु कि जसले परमेश्वर र उहाँको कार्यलाई "पूर्ण रूपमा बुझेको" दाबी गर्छन् तिनीहरू धेरै अयोग्य छन्; तिनीहरू सबै आफैमा अति विश्वस्त र अनभिज्ञ छन्। मानिसले परमेश्वरको कार्यलाई परिभाषित गर्नु हुँदैन; अझ भन्ने हो भने, मानिसले परमेश्वरको कार्यलाई परिभाषा गर्न सक्दैन। परमेश्वरको नजरमा, मानिस कमिलाजस्तै महत्वहीन छ; त्यसैले मानिसले कसरी परमेश्वरको कार्यलाई बुझ्न सक्छ? जसले गर्वसाथ "परमेश्वरले यसरी वा त्यसरी कार्य गर्नुहुन्न" वा "परमेश्वर यस्तो वा त्यस्तो हुनुहुन्छ" भन्न मन पराउँछन्—के उनीहरू अहङ्कारसाथ बोलिरहेका छैनन् र? हामी सबैले जान्नुपर्दछ कि मानिस जो देहबाटको हो, ऊ शैतानद्वारा भ्रष्ट पारिइएको छ। मानवजातिको आफ्नै स्वभाव परमेश्वरको विरोध गर्ने हुन्छ। मानवजाति परमेश्वरको बराबरी हुनै सक्दैन, परमेश्वरको कार्यमा मानवजातिले सल्लाह दिने कुरा त परै जाओस्। परमेश्वरले मानिसलाई कसरी डोऱ्याउनुहुन्छ भन्ने विषयमा चाहिँ यो परमेश्वर आफैले गर्नुहुने कार्य हो। मानिसले यो वा त्यो विचार व्यक्त नगरी अधीनमा बस्नु नै उचित हुन्छ, किनकि मानिस धुलो मात्र हो। परमेश्वरको खोजी गर्ने हाम्रो अभिप्राय भएकोले हामीले परमेश्वरले विचार गरून् भनी उहाँको कार्यमा आफ्ना विचारहरू माथिबाट थोप्नुहुँदैन, हामीले जानीजानी परमेश्वरको कार्यको विरोध गर्न आफ्नो भ्रष्ट स्वभावलाई अधिकतम प्रयोग गर्ने कुरा त परै जाओस्। के त्यसले हामीलाई ख्रीष्ट-विरोधीहरू बनाउँदैन र? त्यस्ता मानिसहरूले कसरी परमेश्वरमा विश्वास गर्न सक्छन्? हामी परमेश्वर हुनुहुन्छ भनी विश्वास गर्दछौं, र हामी उहाँलाई सन्तुष्ट पार्न र उहाँलाई हेर्न चाहन्छौं, त्यसैले हामीले सत्यको बाटो खोज्नुपर्दछ, र परमेश्वरसँग उपयुक्त हुने बाटोको खोजी गर्नुपर्छ। हामी उहाँसँग हठपूर्ण विरोधमा खडा हुनुहुँदैन। त्यस्तो कार्यबाट सम्भवतः के भलाइ हुन सक्छ र?

आज, परमेश्वरले नयाँ कार्य गर्नुभएको छ। तैँले यी वचनहरू स्वीकार गर्न सक्दैनस् होला, र ती तँलाई अनौठो लाग्न सक्छ, तर म तँलाई आफ्नो स्वभाविकता प्रकट नगर्ने सल्लाह दिन्छु, किनकि परमेश्वरको अगाडि साँच्चै धार्मिकताको निम्ति भोकाउने र तिर्खाउनेहरूले मात्र सत्यता प्राप्त गर्न सक्छन्, अनि जो वास्तवमा भक्त हुन्छन् तिनीहरूले उहाँद्वारा अन्तर्दृष्टि र मार्गनिर्देशन पाउन सक्छन्। प्रतिफलहरू गम्भीर शान्तिको साथ सत्यको खोजी गरेर प्राप्त गरिन्छ, झगडा र विवाद गरेर होइन। जब म "आज, परमेश्वरले नयाँ कार्य गर्नुभएको छ" भन्छु, तब म परमेश्वर देहमा फर्कने बारेको कुरा गरिरहेको हुन्छु। सायद, यी वचनहरूले तँलाई दु:ख नदेलान्; सायद, तँ ती वचनलाई तुच्छ ठान्छस् होला; वा सायद, तँलाई तिनमा ठूलो रुचि छ होला। स्थिति जेसुकै भए पनि, म आशा गर्दछु कि परमेश्वर देखा परून् भनी साँच्चै चाहनेहरू सबैले यस तथ्यलाई सामना गर्न सक्छन् र त्यसको बारेमा हतारमा निष्कर्षमा पुग्नुभन्दा बरु त्यसलाई ध्यानपूर्वक जाँच गर्दछन्; एक बुद्धिमान् व्यक्तिले त्यसै गर्नुपर्छ।

यस्तो कुरालाई जाँच्नु त्यत्ति कठिन हुँदैन, तर यसका निम्ति हामी प्रत्येकले यो एउटा सत्यता जान्नु आवश्यक हुन्छ: जो देहधारी परमेश्वर हुनुहुन्छ उहाँमा परमेश्वरको सार हुनेछ, र जो देहधारी परमेश्वर हुनुहुन्छ उहाँमा परमेश्वरको अभिव्यक्ति हुनेछ। परमेश्वर देह बन्नुभएकोले, उहाँले आफूले चाहेको कार्यलाई अगाडि बढाउनुहुनेछ, र परमेश्वर देह बन्नुभएकोले, उहाँ जे हुनुहुन्छ त्यो प्रकट गर्नुहुनेछ, र सत्यलाई मानिसकहाँ ल्याउन सक्नुहुनेछ, उसलाई जीवन दिनुहुनेछ, र उसका लागि बाटो देखाउनुहुनेछ। त्यो देह जसमा परमेश्वरको सार हुँदैन त्यो निश्चित रूपमा देहधारी परमेश्वर होइन; यसमा कुनै शङ्का छैन। यदि मानिसले यो परमेश्वरको देहधारी शरीर हो कि होइन भनी जाँच गर्न चाहन्छ भने, उसले त्यसलाई उहाँले प्रकट गर्ने स्वभाव र उहाँले बोल्ने वचनहरूबाट पुष्टि गर्नुपर्दछ। भन्नुको अर्थ के हो भने, यो परमेश्वरको देहधारी शरीर हो कि होइन, वा यो सत्य बाटो हो कि होइन भनी पुष्टि गर्न उसले उहाँको सारको आधारमा पहिचान गर्नुपर्छ। अनि त्यसैले, यो देहधारी परमेश्वरको शरीर हो कि होइन भनी पहिचान गर्ने मुख्य कुरा बाहिरी देखा पर्ने घटना भन्दा बरु, उहाँको सारमा लुकेको हुन्छ (उहाँको कार्य, उहाँका वाणीहरू, उहाँको स्वभाव, र अन्य धेरै कुराहरू)। यदि मानिसले उहाँको बाहिरी देखा पर्ने घटनालाई मात्र जाँच्छ भने, र त्यसको फलस्वरूप उहाँको सारलाई बेवास्ता गर्छ भने, त्यसले मानिस मूर्ख र अनभिज्ञ छ भन्ने देखाउँछ। बाहिरी देखा पर्ने घटनाले सार निर्धारण गर्न सक्दैन; अझ भन्ने हो भने, परमेश्वरको कार्य मानिसका धारणाहरूसँग कहिल्यै पनि मेल खांदैन। के येशूको बाहिरी देखा पर्ने घटना मानिसको धारणाहरूभन्दा विपरीत थिएन र? के उहाँको अनुहार र पोशाक उहाँको वास्तविक पहिचानको संकेत दिन असक्षम थिएनन् र? के सुरु-सुरुका फरिसीहरूले येशूको बाहिरी देखा पर्ने घटनालाई हेरेकाले र उहाँको मुखका वचनहरूलाई हृदयमा स्वीकार नगरेकाले उहाँको विरोध गरेका होइनन् र? म आशा गर्छु, परमेश्वरको देखा पर्ने घटनाको खोजी गर्ने प्रत्येक दाजुभाई तथा दिदीबहिनीहरूले इतिहासको त्रासदी दोऱ्याउनेछैन। तँ आधुनिक समयका फरिसी बन्नुहुँदैन र परमेश्वरलाई फेरि क्रूसमा टाँग्नुहुँदैन। तैँले परमेश्वरको फर्काइलाई कसरी स्वागत गर्नुपर्छ त्यो राम्ररी विचार गर्नुपर्छ, अनि तँमा सत्यको अधीनमा बस्ने व्यक्ति कसरी बन्ने भन्ने विषयमा स्पष्ट विचार हुनुपर्छ। येशू बादलमा सवार भएर फेरि आउनुहुने दिन पर्खने सबैको यो जिम्मेवारी हो। ती कुरालाई स्पष्ट बनाउन हामीले आफ्ना आत्मिक आँखाहरू मल्नुपर्छ, अनि बढाइचढाइ गरिएका काल्पनिक शब्दहरूको दलदलमा फस्नुहुँदैन। हामीले परमेश्वरको व्यावहारिक कार्यको बारेमा सोच्नुपर्दछ, र परमेश्वरको व्यावहारिक पक्षलाई हेर्नुपर्दछ। तिमीहरू प्रभु येशू बादलमा सवार भएर अचानक तिमीहरूको बीचमा आउनुहुने, र उहाँलाई कहिल्यै नचिनेका र नदेखेका, र उहाँको इच्छा कसरी पूरा गर्नुपर्छ भनी नजान्ने तिमीहरूलाई लैजानुहुने दिनको चाहनामा सधैं अन्तै नजाओ वा आफै दिवा सपनामा बगेर नजाओ। अझ बढी व्यावहारिक विषयहरूमा सोचविचार गर्नु राम्रो हुन्छ!

तैँले यो पुस्तक अनुसन्धान गर्ने उद्देश्यले वा स्वीकार गर्ने मनसायले खोलेका हुन सक्छस्; तेरो प्रवृत्ति जस्तो सुकै होस्, म आशा गर्दछु, तैँले यो अन्त्यसम्म पढ्नेछस्, र यसलाई सजिलै पन्छाउनेछैनस्। सायद, यी वचनहरू पढिसकेपछि तेरो प्रवृत्ति परिवर्तन हुनेछ, तर त्यो तेरो प्रेरणामा

र तेरो समझको हदमा निर्भर रहन्छ। तापनि, तैँले एउटा कुरा जान्नुपर्छः परमेश्‍वरको वचनलाई मानिसको वचन बनाउन सकिंदैन, अनि मानिसको वचनलाई कसैले परमेश्‍वरको वचन बनाउने कुरा त परै छाँड़ौ। परमेश्‍वरद्वारा प्रयोग गरिएको मानिस देहधारी परमेश्‍वर होइन, अनि देहधारी परमेश्‍वर परमेश्‍वरद्वारा प्रयोग गरिएको मानिस होइन। यसमा, एउटा आधारभूत भिन्नता हुन्छ। सायद, यी वचनहरू पढिसकेपछि तँ तिनलाई परमेश्‍वरका वचनहरू मान्दैनस्, तर मानिसले प्राप्‍त गरेको अन्तर्दृष्‍टि मात्र ठान्छस् होला। त्यस्तो अवस्थामा, तँ अज्ञानताले अन्धो भएको छस्। परमेश्‍वरको वचन कसरी मानिसले प्राप्‍त गरेको अन्तर्दृष्‍टि जस्तो हुन सक्छ? देहधारी परमेश्‍वरका वचनहरूले एउटा नयाँ युग सुरु गर्दछ, सारा मानवजातिलाई डोऱ्याउँछ, रहस्यहरू प्रकट गर्दछ, र मानिसले त्यो नयाँ युगमा लिनुपर्ने दिशा देखाउँदछ। मानिसले प्राप्‍त गरेको अन्तर्दृष्‍टि भनेको अभ्यास वा ज्ञानका लागि सरल निर्देशनहरू मात्र हो। यसले सम्पूर्ण मानवजातिलाई नयाँ युगमा डोऱ्याउन वा परमेश्‍वर स्वयमका रहस्यहरू प्रकट गर्न सक्दैन। जब सबै कुरा भनिन्छ र गरिन्छ, परमेश्‍वर परमेश्‍वर हुन्छ, र मानिस मानिस नै हुन्छ। परमेश्‍वरसित परमेश्‍वरको सार छ, र मानिससित मानिसको सार छ। यदि मानिसले परमेश्‍वरले बोल्नुभएका वचनहरूलाई पवित्र आत्माले दिनुभएको सरल अन्तर्दृष्‍टिको रूपमा हेर्छ भने र प्रेरितहरू र अगमवक्ताहरूले बोलेका वचनलाई परमेश्‍वरले व्यक्तिगत रूपमा बोल्नुभएको वचनको रूपमा लिन्छ भने, त्यो मानिसको गल्ती हुनेछ। चाहे जे भए पनि, तैँले कहिल्यै पनि सही र गलतलाई मिसाउनु हुँदैन, उच्चलाई निम्न बनाउनुहुँदैन, वा गम्भीरलाई हलुका बनाउनु हुँदैन; चाहे जे भए पनि जुन कुरा सत्य हो भनी जान्दछस् त्यसलाई जानीजानी खण्डन गर्नु हुँदैन। परमेश्‍वर हुनुहुन्छ भनी विश्‍वास गर्ने सबैले सही दृष्‍टिकोणबाट समस्याहरू जाँच्नुपर्छ, र परमेश्‍वरको नयाँ कार्यलाई र उहाँका नयाँ वचनहरूलाई उहाँद्वारा सृष्‍टि गरिएको प्राणीको परिप्रेक्ष्यबाट स्वीकार गर्नुपर्दछ; नत्र, तिनीहरूलाई परमेश्‍वरद्वारा हटाइनेछन्।

यहोवाको कामपछि, येशू मानिसहरूको माझमा उहाँको काम गर्न देह बन्नुभयो। उहाँको काम एक्लोपनामा गरिएको थिएन, तर यहोवाको काममाथि निर्माण गरिएको थियो। यो एउटा नयाँ युगका निम्ति काम थियो जुन परमेश्‍वरले व्यवस्थाको युग अन्त्य गर्नुभएपछि गर्नुभयो। त्यसरी नै, येशूको काम समाप्‍त भएपछि, परमेश्‍वरले अर्को युगका लागि आफ्नो काम गर्न अघि बढनुभयो, किनकि परमेश्‍वरको सम्पूर्ण व्यवस्थापन सधैँ अगाडि बढिरहेको छ। जब पुरानो युग बित्छ, त्यसको स्थानमा एउटा नयाँ युग आउँछ, अनि एकपटक पुरानो काम पूरा भएपछि, परमेश्‍वरको व्यवस्थापनलाई निरन्तरता दिने त्यहाँ नयाँ काम हुनेछ। यो देहधारण परमेश्‍वरको दोस्रो देहधारण हो, जसले येशूको कामलाई पछ्याउँदछ। निश्‍चय, यो देहधारण स्वतन्त्र रूपमा हुँदैन; यो व्यवस्थाको युग र अनुग्रहको युगपछिको तेस्रो चरणको काम हो। प्रत्येक पल्ट जब परमेश्‍वरले कामको नयाँ चरण थाल्नुहुन्छ, त्यहाँ सधैँ नयाँ सुरुआत हुनु पर्दछ र त्यसले सधैँ एउटा नयाँ युग ल्याउनु पर्दछ। त्यस्तै प्रकारले परमेश्‍वरको स्वभावमा, उहाँको काम गर्ने तरिकामा, उहाँको काम गर्ने स्थानमा र उहाँको नाउँमा पनि त्यही अनुरूप परिवर्तनहरू हुन्छन्। त्यसैले, नयाँ युगमा मानिसलाई परमेश्‍वरको काम स्वीकार गर्न गाह्रो हुनु कुनै अचम्म मान्नु पर्ने कुरा होइन। तर मानिसद्वारा उहाँको जस्तै प्रकारले विरोध भए पनि परमेश्‍वरले सधैँ आफ्नो काम गरिरहनुभएको छ, र सारा

मानवजातिलाई अगाडि बढाइरहनुभएको छ। जब येशू मानिसको संसारमा आउनुभयो, उहाँले अनुग्रहको युग सुरु गर्नुभयो र व्यवस्थाको युगको अन्त्य गर्नुभयो। आखिरी दिनहरूमा, परमेश्‍वर फेरि देह बन्‍नुभयो, र उहाँको देहधारणसितै उहाँले अनुग्रहको युग समाप्त गर्नुभयो र परमेश्‍वरको राज्यको युग सुरु गर्नुभयो। परमेश्‍वरको दोस्रो देहधारणलाई स्वीकार गर्न सक्‍नेहरू जति सबैलाई परमेश्‍वरको राज्यको युगतिर लगिनेछ, र यसबाहेक व्यक्तिगत रूपमा परमेश्‍वरको मार्गदर्शन स्वीकार गर्न सक्षम हुनेछन्। येशूले मानिसको माझमा धेरै काम गर्नुभए पनि, उहाँले सारा मानवजातिको छुटकारा मात्र पूरा गर्नुभयो र मानिसको पापको बलि बन्‍नुभयो; उहाँले मानिसलाई उसका सबै भ्रष्‍ट स्वभावबाट मुक्त गर्नु भएन। मानिसलाई पूर्ण रूपमा शैतानको प्रभावबाट मुक्त गर्नको निम्ति येशू पापको बलि बन्‍न र मानिसको पापहरू बोक्‍न मात्र आवश्यक थिएन, तर मानिसलाई शैतानी रूपमा भ्रष्‍ट पारेको उसको स्वभावबाट पूर्ण रूपमा छुटकारा दिन परमेश्‍वरले अझ ठूलो काम गर्नु आवश्यक थियो। यसैले अब, मानिसका पापहरू क्षमा गरिएका छन्, मानिसलाई नयाँ युगतिर डोऱ्याउन परमेश्‍वर देहमा फर्केर आउनुभयो, र दण्ड अनि न्यायको काम सुरु गर्नुभयो। यो कामले मानिसलाई एक उच्‍च क्षेत्रमा पुऱ्यायो। उहाँको प्रभुत्वमुनि आउनेहरू सबैले अझ उच्‍च सत्यको आनन्द लिनेछन् र अझ ठूला आशिषहरू प्राप्त गर्नेछन्। तिनीहरू साँच्‍चिकै ज्योतिमा जिउनेछन्, र तिनीहरूले सत्य, बाटो र जीवन प्राप्त गर्नेछन्।

यदि मानिसहरू अनुग्रहको युगमा अल्झिरहन्छन् भने, तिनीहरू आफ्नो भ्रष्‍ट स्वभावबाट कहिल्यै पनि मुक्त हुनेछैनन्, परमेश्‍वरको अन्तर्निहित स्वभाव जान्‍ने कुरा त परै जाओस्। यदि मानिसहरू जहिले पनि अनुग्रहको प्रशस्तताको बीचमा जिउँछन्, तर तिनीहरूलाई परमेश्‍वरलाई जान्‍न दिने वा उहाँलाई सन्तुष्‍ट पार्ने जीवनको बाटो छैन भने, तिनीहरूले उहाँप्रतिको आफ्नो विश्‍वासमा उहाँलाई साँच्‍चिकै प्राप्त गर्न सक्‍नेछैनन्। यस किसिमको विश्‍वास वास्तवमै दयनीय हुन्छ। जब तैँले यो पुस्तक पढिसक्छस्, जब तैँले राज्यको युगको देहधारी परमेश्‍वरको कामको प्रत्येक चरणको अनुभव गरेको हुनेछस्, तब धेरै वर्षदेखिका तेरो इच्छाहरू अन्त्यमा साकार भएको महसुस गर्नेछस्। तैँले अहिले मात्र साँच्‍चै परमेश्‍वरलाई आमनेसामने देखेको, अहिले मात्र उहाँको मुहार एक टक लाएर हेरेको, उहाँको व्यक्तिगत वाणी सुनेको, उहाँको कामको बुद्धिलाई कदर गरेको र उहाँ कति वास्तविक र सर्वशक्तिमान् हुनुहुन्छ भनी जानेको महसुस गर्नेछस्। तैँले विगतका मानिसहरूले नदेखेका र उनीहरूसित नभएका धेरै थोकहरू प्राप्त गरेको महसुस गर्नेछस्। यस समयमा, तैँले परमेश्‍वरमा विश्‍वास गर्नु भनेको के हो र परमेश्‍वरको इच्छा अनुरूप हुनु भनेको के हो त्यो स्पष्‍ट रूपमा जान्‍नेछस्। निश्‍चय, यदि तँ विगतका दृष्‍टिकोणहरूमा अल्झिबसिस्, र परमेश्‍वरको दोस्रो देहधारणको तथ्यलाई इन्कार वा अस्वीकार गरिस् भने, तँ खाली हात रहनेछस्, केही पनि प्राप्त गर्नेछैनस्, र अन्त्यमा तँ परमेश्‍वरको विरोध गरेकोमा दोषी ठहरिनेछस्। तिनीहरू जो सत्य पालन गर्न र परमेश्‍वरको कामको अधीनमा बस्‍न सक्छन् उनीहरूलाई दोस्रो देहधारी परमेश्‍वर—सर्वशक्तिमानको नाउँमा दाबी गरिनेछ। तिनीहरूले परमेश्‍वरको व्यक्तिगत मार्गदर्शन स्वीकार गर्न, अझ धेरै र उच्‍च सत्यताहरू, साथै वास्तविक जीवन पनि प्राप्त गर्न सक्‍नेछन्। तिनीहरूले विगतका कुनै मानिसहरूले नदेखेको दर्शन देख्नेछन्: "अनि मसँग बोल्ने आवाजलाई हेर्न

म फर्कें। र फर्केपछि, मैले सुनका सात वटा सामदान; र सात वटा सामदानको बीचमा मानिसको पुत्रजस्तै, पाउसम्मै कपडा लगाउनुभएको र छातीमा सुनको फिता कस्नुभएको एक जनालाई देखें। उहाँको शिर र उहाँका केश ऊनजस्ता सेता, हिउँ जत्तिकै सेता थिए; र उहाँका आँखाहरू आगोका ज्वालाजस्ता थिए; र उहाँका पाउहरू आगोको भट्टीमा जलाइएका उत्तम पित्तलजस्ता थिए; र उहाँको आवाज धेरै पानीको आवाजजस्तो थियो। अनि उहाँको दाहिने हातमा सात वटा तारा थिए: र उहाँको मुखबाट धारिलो दुईधारे तरवार निस्केको थियो: र उहाँको मुहार आफ्नो शक्तिमा चम्कने सूर्यजस्तै थियो" (प्रकाश १:१२-१६)। यो दर्शन परमेश्वरको सम्पूर्ण स्वभावको अभिव्यक्ति हो, र उहाँको सम्पूर्ण स्वभावको अभिव्यक्ति उहाँको वर्तमान देहधारणमा परमेश्वरको कार्यको अभिव्यक्ति पनि हो। दण्ड र न्यायको प्रवाहमा, मानिसका पुत्रले वाणीहरूका माध्यमद्वारा आफ्नो अन्तर्निहित स्वभाव प्रकट गर्नुहुन्छ, आफ्नो दण्ड र न्यायलाई स्वीकार गर्ने सबैलाई मानिसको पुत्रको वास्तविक अनुहार हेर्न दिनुहुन्छ, जुनचाहिँ यूहन्नाले देखेका मानिसका पुत्रको अनुहारको एक विश्वसनीय अनुहारको चित्रण हो। (निस्सन्देह, यी सबै कुरा तिनीहरूका निम्ति अदृश्य हुनेछन् जसले राज्यको युगमा हुने परमेश्वरको कामलाई स्वीकार गर्दैनन्।) परमेश्वरको वास्तविक अनुहार मानव भाषा प्रयोग गरेर पूर्ण रूपमा वर्णन गर्न सकिंदैन, र त्यसैले परमेश्वरले मानिसलाई उहाँको वास्तविक अनुहार देखाउन ती माध्यमहरू प्रयोग गर्नुहुन्छ जसद्वारा उहाँले अन्तर्निहित स्वभाव व्यक्त गर्नुहुन्छ। भन्न खोजेको के हो भने, मानिसको पुत्रको अन्तर्निहित स्वभावको कदर गरेकाहरू सबैले मानिसका पुत्रको वास्तविक अनुहार देखेका हुन्छन्, किनकि परमेश्वर अति महान् हुनुहुन्छ र मानव भाषा प्रयोग गरेर पूर्ण रूपमा व्यक्त गर्न सकिंदैन। मानिसले राज्यको युगमा एक पल्ट परमेश्वरको कामको प्रत्येक चरणको अनुभव गरेपछि, उसले यूहन्नाले सामदानहरूको माझमा हुनुभएको मानिसको पुत्र बारेमा भनेका कुराहरूको सही अर्थ बुझ्नेछः "उहाँको शिर र उहाँका केश ऊनजस्ता सेता, हिउँ जत्तिकै सेता थिए; र उहाँका आँखाहरू आगोका ज्वालाजस्ता थिए; र उहाँका पाउहरू आगोको भट्टीमा जलाइएका उत्तम पित्तलजस्ता थिए; र उहाँको आवाज धेरै पानीको आवाजजस्तो थियो। अनि उहाँको दाहिने हातमा सात वटा तारा थिए: र उहाँको मुखबाट धारिलो दुईधारे तरवार निस्केको थियो: र उहाँको मुहार आफ्नो शक्तिमा चम्कने सूर्यजस्तै थियो।" त्यस समय, तँलाई बिनाशङ्का यो थाहा हुनेछ कि यो साधारण मानिस, जसले धेरै कुरा भनेका छन् उहाँ निस्सन्देह दोस्रो देहधारी परमेश्वर हुनुहुन्छ। यसबाहेक, तैँले आफू कति आशिषित रहेछु भनी साँच्चिकै थाहा पाउनेछस्, र आफैलाई सबैभन्दा भाग्यमानी महसुस गर्नेछस्। के तँ यो आशिष् स्वीकार गर्न तयार छैनस्?

यो पुस्तकको पहिलो भाग "प्रारम्भमा ख्रीष्टका वाणीहरू" हो। यी वचनहरूले अनुग्रहको युगको अन्त्यदेखि राज्यको युगको सुरुवातसम्मको परिवर्तनलाई प्रतिनिधित्व गर्छन्, र ती पवित्र आत्माले मण्डलीहरूलाई मानिसको पुत्रको बारेमा दिनुभएको सार्वजनिक गवाही हुन्। यी वचनहरू प्रकाशको पुस्तकका यी वचनहरूको पूर्णता पनि हुन्: "आत्माले मण्डलीहरूलाई के भन्नुहुन्छ सो, कान हुनेले सुनोस्।" यी वचनहरूले परमेश्वरले राज्यको युगमा सुरू गर्नुभएको प्रारम्भिक चरणको कामलाई प्रतिनिधित्व गर्छन्। यो पुस्तकको दोस्रो भाग मानिसको पुत्रले आफूलाई औपचारिक रूपमा प्रकट

गर्नुभएपछि उहाँले व्यक्तिगत रूपमा बोल्नुभएका वचनहरूद्वारा निर्मित छ। यसमा विभिन्न प्रकारका वाणीहरू र वचनहरू समावेश छन्, यस छनोटमा विभिन्न प्रकारका वाणीहरू र शब्दहरू सामेल छन्, जस्तै अगमवाणी, रहस्यहरूको प्रकाश, र जीवनको बाटो, जसको विषयवस्तु एकदम समृद्ध छ—त्यहाँ राज्यको भविष्यका लागि अगमवाणीहरू, परमेश्वरको व्यवस्थापन योजनाका रहस्यहरूका प्रकाशहरू, मानव स्वभावको विश्लेषण, उत्साहहरू र चेतावनीहरू, कठोर न्यायहरू, सान्त्वनाका हृदयस्पर्शी वचनहरू, जीवनको चर्चा, प्रवेश गर्ने विषयमा उपदेश, र यस्तै अन्य कुराहरू छन्। संक्षेपमा भन्नुपर्दा, परमेश्वरसँग जे छ र उहाँ जे हुनुहुन्छ, साथै परमेश्वरको स्वभाव सबै उहाँको काम र उहाँका वचनहरूमा व्यक्त गरिएका छन्। निश्चय नै, वर्तमान देहधारणमा परमेश्वरको मुख्य काम सजाय र न्यायको माध्यमद्वारा उहाँको स्वभाव व्यक्त गर्नु हो। यही जगमा निर्माण गर्दै, उहाँले मानिसमा अझ धेरै सत्यता ल्याउनुहुन्छ, र उसलाई अभ्यास गर्ने अझ धेरै तरिकाहरू औंल्याउनुहुन्छ, त्यसरी मानिसलाई जित्ने र उसको आफ्नै भ्रष्ट स्वभावबाट उसलाई मुक्त गर्ने उहाँको उद्देश्य प्राप्त गर्नुहुन्छ। राज्यको युगमा परमेश्वरको कामको पछि रहेको कुरा यही हो। के तँ नयाँ युगमा प्रवेश गर्न चाहन्छस्? के तँ आफ्नो भ्रष्ट स्वभावबाट आफूलाई मुक्त गर्न चाहन्छस्? के तँ अझ उच्च सत्यता प्राप्त गर्न चाहन्छस्? के तँ मानिसको पुत्रको वास्तविक अनुहार हेर्न चाहन्छस्? के तँ यो जीवनलाई महत्त्वपूर्ण बनाउन चाहन्छस्? के तँ परमेश्वरद्वारा सिद्ध बनाइन चाहन्छस्? त्यसोभए तैँले येशूको पुनरागमनलाई कसरी स्वागत गर्न लागेका छस्?

# विषय-सूची

## भाग एक

## प्रारम्भमा ख्रीष्टका वाणीहरू–

### मण्डलीहरूलाई पवित्र आत्माका वचनहरू

(फेब्रवरी ११, १९९१ देखि नोभेम्बर २०, १९९१ सम्म)

**परिचय**

अध्याय १

अध्याय २

अध्याय ३

अध्याय ४

अध्याय ५

अध्याय ६

अध्याय ७

अध्याय ८

अध्याय ९

अध्याय १०

अध्याय ११

अध्याय १२

अध्याय १३

अध्याय १४

अध्याय १५

अध्याय १६

अध्याय १७

अध्याय १८

अध्याय १९

अध्याय २०

अध्याय २१

अध्याय २२

अध्याय २३

अध्याय २४

अध्याय २५

अध्याय २६
अध्याय २७
अध्याय २८
अध्याय २९
अध्याय ३०
अध्याय ३१
अध्याय ३२
अध्याय ३३
अध्याय ३४
अध्याय ३५
अध्याय ३६
अध्याय ३७
अध्याय ३८
अध्याय ३९
अध्याय ४०
अध्याय ४१
अध्याय ४२
अध्याय ४३
अध्याय ४४
अध्याय ४५
अध्याय ४६
अध्याय ४७
अध्याय ४८
अध्याय ४९
अध्याय ५०
अध्याय ५१
अध्याय ५२
अध्याय ५३
अध्याय ५४
अध्याय ५५
अध्याय ५६
अध्याय ५७
अध्याय ५८

अध्याय ५९
अध्याय ६०
अध्याय ६१
अध्याय ६२
अध्याय ६३
अध्याय ६४
अध्याय ६५
अध्याय ६६
अध्याय ६७
अध्याय ६८
अध्याय ६९
अध्याय ७०
अध्याय ७१
अध्याय ७२
अध्याय ७३
अध्याय ७४
अध्याय ७५
अध्याय ७६
अध्याय ७७
अध्याय ७८
अध्याय ७९
अध्याय ८०
अध्याय ८१
अध्याय ८२
अध्याय ८३
अध्याय ८४
अध्याय ८५
अध्याय ८६
अध्याय ८७
अध्याय ८८
अध्याय ८९
अध्याय ९०
अध्याय ९१

अध्याय ९२
अध्याय ९३
अध्याय ९४
अध्याय ९५
अध्याय ९६
अध्याय ९७
अध्याय ९८
अध्याय ९९
अध्याय १००
अध्याय १०१
अध्याय १०२
अध्याय १०३
अध्याय १०४
अध्याय १०५
अध्याय १०६
अध्याय १०७
अध्याय १०८
अध्याय १०९
अध्याय ११०
अध्याय १११
अध्याय ११२
अध्याय ११३
अध्याय ११४
अध्याय ११५
अध्याय ११६
अध्याय ११७
अध्याय ११८
अध्याय ११९
अध्याय १२०

# भाग दुई
# सम्पूर्ण ब्रह्माण्डको लागि परमेश्वरका वचनहरू
(फेब्रवरी २०, १९९२ देखि जुन १, १९९२ सम्म)


**परिचय**

अध्याय १

अध्याय २

अध्याय ३

अध्याय ४

अध्याय ५

अध्याय ६

अध्याय ७

अध्याय ८

अध्याय ९

अध्याय १०

राज्यको स्तुतिगान

अध्याय ११

अध्याय १२

अध्याय १३

अध्याय १४

अध्याय १५

अध्याय १६

अध्याय १७

अध्याय १८

अध्याय १९

अध्याय २०

अध्याय २१

अध्याय २२

अध्याय २३

अध्याय २४

अध्याय २५

हे सबै मानिस हो, आनन्दित होओ!

अध्याय २६
अध्याय २७
अध्याय २८
अध्याय २९
अध्याय ३०
अध्याय ३१
अध्याय ३२
अध्याय ३३
अध्याय ३४
अध्याय ३५
अध्याय ३६
अध्याय ३७
अध्याय ३८
अध्याय ३९
अध्याय ४०
अध्याय ४१
अध्याय ४२
अध्याय ४३
अध्याय ४४
अध्याय ४५
अध्याय ४६
अध्याय ४७

**परिशिष्ट**

## सम्पूर्ण ब्रह्माण्डको निम्ति परमेश्वरका वचनहरूका रहस्यहरूको अर्थ-अनुवादहरू

**(केही अध्यायहरूको अर्थ-अनुवादहरू)**

अध्याय १
अध्याय ३
अध्याय ४
अध्याय ५
अध्याय ६

पत्रुसको जीवनको बारेमा
अध्याय ८
अध्याय ९
परिशिष्ट: अध्याय १
अध्याय १०
अध्याय ११
परिशिष्ट: अध्याय २
अध्याय १२
अध्याय १३
अध्याय १४
अध्याय १५
अध्याय १६
अध्याय १७
अध्याय १८
अध्याय १९
अध्याय २०
अध्याय २१
अध्याय २२ र २३
अध्याय २४ र २५
अध्याय २६
अध्याय २७
अध्याय २८
अध्याय २९
अध्याय ३०
अध्याय ३१
अध्याय ३२
अध्याय ३३
अध्याय ३५
अध्याय ३६
अध्याय ३८
अध्याय ३९
अध्याय ४०
अध्याय ४१

अध्याय ४२
अध्याय ४४ र ४५
अध्याय ४६

# भाग तीन
# मण्डलीहरूमा हिँड्ने क्रममा ख्रीष्टले दिनुभएका वचनहरू

(जुन १९९२ देखि अगष्ट २०१४ सम्म)

**परिचय**

## १

(जुन १९९२ देखि अक्टोबर १९९२ सम्म)

मार्ग ... (१)
मार्ग ... (२)
मार्ग ... (३)
मार्ग ... (४)
मार्ग ... (५)
मार्ग ... (६)
मार्ग ... (७)
मार्ग ... (८)
विश्‍वासीहरूले कस्तो दृष्टिकोण राख्‍नुपर्छ
परमेश्‍वरको कामका पाइलाहरूको सम्बन्धमा
भ्रष्ट मानिसले परमेश्‍वरलाई प्रतिनिधित्व गर्न सक्दैन
धार्मिक सेवालाई शुद्ध पारिनैपर्छ
परमेश्‍वरमाथिको तेरो विश्‍वासमा तैँले परमेश्‍वरको आज्ञापालन गर्नैपर्छ
परमेश्‍वरसँग सामान्य सम्बन्ध स्थापित गर्नु अति नै महत्त्वपूर्ण छ
एक सामान्य आत्मिक जीवनले मानिसहरूलाई सही मार्गतर्फ डोऱ्याउँछ
सिद्ध पारिएकाहरूका निम्ति दिइएका प्रतिज्ञाहरू
दुष्टहरूलाई निश्‍चय नै दण्ड दिइनेछ
सामान्य स्थितिमा कसरी प्रवेश गर्ने
परमेश्‍वरको इच्छा अनुसार कसरी सेवा गर्ने
वास्तविकता कसरी थाहा पाउने

सामान्य आत्मिक जीवनको सम्बन्धमा
मण्डलीको जीवन र वास्तविक जीवनको बारेमा छलफल
हरेकले आफ्नो काम पूरा गर्ने विषयमा
परमेश्‍वरले मानिसलाई प्रयोग गर्नुहुने सम्बन्धमा
सत्यतालाई बुझिसकेपछि त्यसलाई अभ्यास गर्नुपर्छ
मुक्ति पाउने व्यक्ति त्यो हो जो सत्यको अभ्यास गर्न इच्छुक हुन्छ
एउटा योग्य गोठालो कुन कुराले सुसज्जित हुनुपर्छ
अनुभवको विषयमा
नयाँ युगका आज्ञाहरू
सहस्राब्दीय राज्यको आगमन भएको छ
परमेश्‍वरसँग तेरो सम्बन्ध कस्तो छ?
वास्तविकतामा अझ बढी ध्यान देऊ
आज्ञा पालन र सत्यता अभ्यास गर्ने
व्यावहारिक परमेश्‍वर स्वयम् परमेश्‍वर हुनुहुन्छ भनी तैँले थाहा पाउनुपर्छ
सत्यतालाई अभ्यास गर्नु मात्रै वास्तविकता धारण गर्नु हो
आज परमेश्‍वरको कामलाई बुझ्नु
के परमेश्‍वरको कार्य मानिसले सोचे झैँ सरल छ र?
तैँले परमेश्‍वरमा विश्‍वास गर्ने हुँदा तँ सत्यताको निम्ति जिउनुपर्छ
सात मेघगर्जनको आवाज—राज्यको सुसमाचार सारा ब्रह्माण्डभरि फैलिनेछ भन्ने अगमवाणी
देहधारी परमेश्‍वर र परमेश्‍वरद्वारा प्रयोग भएका मानिसहरूका बीचका अत्यावश्यक भिन्नता
अन्धकारको प्रभावदेखि उम्की, र तँ परमेश्‍वरद्वारा प्राप्त गरिन सक्नेछस्
विश्‍वासमा, व्यक्तिले वास्तविकतालाई जोड दिनुपर्छ—
धार्मिक विधिविधानमा संलग्न हुनु विश्‍वास होइन
आज परमेश्‍वरको कामको बारेमा जान्‍नेहरूले मात्र परमेश्‍वरको सेवा गर्न सक्छन्
परमेश्‍वरप्रतिको सच्चा प्रेम स्वाभाविक हुन्छ
प्रार्थनाको अभ्यासको सम्बन्धमा
परमेश्‍वरको सबैभन्दा नयाँ कामलाई चिन र उहाँका पाइलाहरू पछ्याऊ
जुन मानिसहरूको स्वभाव परिवर्तन भएका छन्
तिनीहरू परमेश्‍वरको वचनको वास्तविकतामा प्रवेश गरेकाहरू हुन्
परमेश्‍वरको अघि आफ्नो हृदयलाई शान्त राख्‍ने सम्बन्धमा
सिद्धता हासिल गर्न परमेश्‍वरको इच्छाप्रति सचेत होऊ
परमेश्‍वरले उहाँको हृदय अनुसारकाहरूलाई सिद्ध बनाउनुहुन्छ
सच्चा हृदयका साथ परमेश्‍वरको आज्ञापालन गर्नेहरूलाई अवश्य पनि परमेश्‍वरले प्राप्त गर्नुहुनेछ

राज्यको युग नै वचनको युग हो
परमेश्वरको वचनद्वारा सबै कुरा प्राप्त हुन्छ
परमेश्वरलाई साँच्चै प्रेम गर्नेहरू ती हुन्
जो उहाँको व्यावहारिकताप्रति पूर्ण रूपमा समर्पित हुन सक्छन्
सिद्ध बनाइनुपर्नेहरू शोधनको प्रक्रियाबाट भएर जानैपर्छ
कष्टपूर्ण परीक्षाहरू अनुभव गरेपछि मात्र तैँले परमेश्वरको प्रेमिलोपन जान्न सक्छस्
परमेश्वरलाई प्रेम गर्नु मात्रै साँचो रूपमा परमेश्वरलाई विश्वास गर्नु हो
"सहस्राब्दीय राज्यको आगमन भएको छ" भन्ने विषयमा संक्षिप्त चर्चा
परमेश्वरलाई चिन्नेहरू मात्र परमेश्वरको गवाही बन्न सक्छन्
पत्रुसले येशूलाई कसरी चिने
शोधनको अनुभव गरेपछि मात्र मानिसमा साँचो प्रेम हुन सक्छ
परमेश्वरलाई प्रेम गर्नेहरू सदाको लागि उहाँको ज्योतिभित्र जिउनेछन्
अभ्यासमा ध्यान केन्द्रित गर्नेहरूलाई मात्र सिद्ध तुल्याउन सकिन्छ
पवित्र आत्माको काम र शैतानको काम
सत्यताको अभ्यास नगर्नेहरूलाई एउटा चेताउनी
तिमीले परमेश्वरप्रतिको आफ्नो भक्ति कायम राख्नुपर्छ
के तँ जीवित भएको व्यक्ति होस्?
अपरिवर्तित स्वभाव हुनु भनेको परमेश्वरसँगको शत्रुतामा हुनु हो
परमेश्वरलाई नचिन्ने सबै मानिसहरू परमेश्वरको विरोध गर्ने मानिसहरू हुन्

## २

(नोभेम्बर १९९२ देखि जुन १९९३ सम्म)

काम र प्रवेश (१)
काम र प्रवेश (२)
काम र प्रवेश (३)
काम र प्रवेश (४)
काम र प्रवेश (५)
काम र प्रवेश (६)
काम र प्रवेश (७)
काम र प्रवेश (८)
काम र प्रवेश (९)
काम र प्रवेश (१०)
परमेश्वरको कामको दर्शन (१)

परमेश्‍वरको कामको दर्शन (२)
परमेश्‍वरको कामको दर्शन (३)
बाइबल सम्बन्धमा (१)
बाइबल सम्बन्धमा (२)
बाइबल सम्बन्धमा (३)
बाइबल सम्बन्धमा (४)
अभ्यास (१)
अभ्यास (२)
देहधारणको रहस्य (१)
देहधारणको रहस्य (२)
देहधारणको रहस्य (३)
देहधारणको रहस्य (४)
दुई देहधारणहरूले देहधारणको महत्त्व पूरा गर्छन्
के त्रिएकत्व अस्तित्वमा छ?
अभ्यास (३)
अभ्यास (४)
अभ्यास (५)
विजयको कामको भित्री सत्यता (१)
तँ किन प्रतिभार हुन अनिच्छुक छस्?
विजयको कामको दोस्रो चरणका प्रभावहरू कसरी हासिल हुन्छन्
विजयको कामको भित्री सत्यता (२)
विजयको कामको भित्री सत्यता (३)
विजयको कामको भित्री सत्यता (४)
अभ्यास (६)
अभ्यास (७)
अभ्यास (८)
इस्राएलीहरूले जस्तै सेवा गर्
क्षमता बढाउनु परमेश्‍वरको मुक्‍ति पाउनका खातिर हो
मोआबका सन्तानहरूलाई बचाउनुको महत्त्व
पत्रुसका अनुभवहरू: सजाय र न्याय सम्बन्धी उनको ज्ञान
तिमीहरूले कामलाई बुझ्नै पर्छ—दुबिधामा नपछ्याओ!
तँ मार्गको अन्तिम भागसम्म कसरी हिँड्नुपर्छ

# ३

(जुलाइ १९९३ देखि मार्च १९९४ सम्म)

तँ तेरो भविष्यको मिसनमा कसरी संलग्न हुनुपर्छ?
मानवजातिलाई व्यवस्थापन गर्ने उद्‌देश्य
मानिसको सार र पहिचान
मानिसको अन्तर्निहित पहिचान र उसको मूल्य: वास्तवमा ती कस्ता हुन्छन्?
जसले सिक्दैनन् र अनजान रहन्छन्: के तिनीहरू जनावरहरू होइनन् र?
चीनका चुनिएका मानिसहरूले इस्राएलको कुनै पनि कुलको प्रतिनिधित्व गर्न सक्दैनन्
आशिषको बारेमा तिमीहरूको बुझाई कस्तो छ?
परमेश्‍वरको बारेमा तेरो बुझाइ के छ?
वास्तविक व्यक्ति बन्नुको अर्थ के हो
विश्‍वासको बारेमा तँलाई के थाहा छ?
जब झर्ने पातहरू तिनको जराहरूमा फर्कन्छन्,
आफूले गरेका सबै दुष्ट कामका निम्ति तैँले पछुतो गर्नेछस्
जो देहको हो ऊ क्रोधको दिनबाट उम्कन सक्दैन
मुक्तिदाता पहिले नै “सेतो बादल” मा फर्किसक्नुभएको छ
सुसमाचार फैलाउने काम पनि मानिसलाई मुक्ति दिने काम नै हो
तिमीहरू चरित्रमा अति नै तुच्छ छौ!
व्यवस्थाको युगको काम
उद्धारको युगको कार्यको पछाडिको वास्तविक कथा
जवान र वृद्धको निम्ति वचनहरू
तैँले सम्पूर्ण मानवजाति वर्तमान दिनसम्म कसरी विकसित भयो भन्ने जान्नुपर्छ
पद र पहिचानको सम्बन्धमा
सिद्ध भएकाहरूले मात्र अर्थपूर्ण जीवन जिउन सक्छन्
तैँले प्रतिष्ठाका आशिष्‌हरूलाई पन्छ्याउनुपर्छ र मानिसको निम्ति मुक्ति ल्याउने परमेश्‍वरको इच्छालाई बुझ्नुपर्छ
आफ्ना धारणाहरूमा परमेश्‍वरलाई सीमित गर्नेले परमेश्‍वरको प्रकाश कसरी प्राप्त गर्न सक्छ?
परमेश्‍वर र उहाँको कार्यलाई चिन्नेहरूले मात्र परमेश्‍वरलाई सन्तुष्ट पार्न सक्छन्
देहधारी परमेश्‍वरको सेवकाइ र मानिसको दायित्व बीचको भिन्नता
परमेश्‍वर सारा सृष्टिका प्रभु हुनुहुन्छ
तेह्र पत्रहरूमा तँ कहाँ खडा हुन्छस्?
सफलता वा असफलता मानिसले हिँड्ने मार्गमा नै निर्भर हुन्छ

परमेश्वरको काम र मानिसको काम
परमेश्वरको कामका तीन चरणहरूलाई जान्नु नै परमेश्वरलाई चिन्ने मार्ग हो
भ्रष्ट मानवजाति देहधारी परमेश्वरको मुक्तिको अझै बढी खाँचोमा छ
परमेश्वरद्वारा बास गरिएको देहको सार
परमेश्वरको कार्य र मानिसको अभ्यास
स्वर्गीय पिताको इच्छा पालन गर्नु नै ख्रीष्टको आधारभूत स्वभाव हो
मानिसको सामान्य जीवन पुनर्स्थापना गर्नु र उसलाई सुन्दर गन्तव्यमा लिएर जानु
परमेश्वर र मानिस एकसाथ विश्राममा सँगै प्रवेश गर्नेछन्

## ४

(१९९४ देखि १९९७, २००३ देखि २००५ सम्म)

तैँले येशूको आत्मिक शरीरलाई देख्दासम्ममा,
परमेश्वरले स्वर्ग र पृथ्वीलाई नयाँ बनाइसक्नुभएको हुनेछ
ख्रीष्ट अनुरूप नभएकाहरू निश्चय नै परमेश्वरका विरोधीहरू हुन्
धेरैलाई बोलाइन्छ, तर थोरैलाई चुनिन्छ
तैँले ख्रीष्टसँगको अनुकूलताको मार्ग खोजी गर्नुपर्छ
के तँ परमेश्वरको साँचो विश्वासी होस्?
ख्रीष्टले सत्यताद्वारा न्यायको काम गर्नुहुन्छ
के तँलाई थाहा थियो? परमेश्वरले मानिसहरूको बीचमा महान् कुरा गर्नुभएको छ
आखिरी दिनहरूका ख्रीष्टले मात्रै मानिसलाई अनन्त जीवनको बाटो दिन सक्नुहुन्छ
तेरो गन्तव्यका लागि पर्याप्त असल कार्यहरु तयार गर्
तँ कोप्रति निष्ठावान् छस्?
गन्तव्यको सम्बन्धमा
तीन अर्तीहरू
अपराधले मानिसलाई नर्कतर्फ डोर्याउनेछ
परमेश्वरको स्वभाव बुझ्नु अत्यन्त महत्वपूर्ण हुन्छ
पृथ्वीमा हुनुहुने परमेश्वरलाई कसरी चिन्ने
एउटा अत्यन्तै गम्भीर समस्या: विश्वासघात (१)
एउटा अत्यन्तै गम्भीर समस्या: विश्वासघात (२)
परमेश्वरले चुन्नुभएका मानिसहरूले राज्यको युगमा पालन गर्नैपर्ने दश प्रशासनिक आदेश
तिमीहरूले आफ्ना कार्यहरूलाई विचार गर्नुपर्छ
परमेश्वर मानिसको जीवनको स्रोत हुनुहुन्छ

सर्वशक्तिमान्‌को सुस्केरा
परमेश्वर देखा पर्नुभएको घटनाले नयाँ युगलाई प्रारम्भ गरेको छ
परमेश्वरले सबै मानवजातिको नियतिमाथि नेतृत्व गर्नुहुन्छ
मानिसलाई परमेश्वरको व्यवस्थापनको बीचमा मात्रै मुक्त गरिन सकिन्छ

## क्रमशः

(अक्टोबर १७, २०१३ देखि अगष्ट १८, २०१४ सम्म)

परमेश्वरलाई चिन्नु भनेको परमेश्वरको डर मान्नु र दुष्टताबाट अलग बस्नु हो
परमेश्वरको स्वभाव अनि उहाँको कामले हासिल गर्ने नतिजाहरूलाई कसरी चिन्ने
परमेश्वरको काम, परमेश्वरको स्वभाव र परमेश्वर स्वयम् १
परमेश्वरको काम, परमेश्वरको स्वभाव र परमेश्वर स्वयम् २
परमेश्वरको काम, परमेश्वरको स्वभाव र परमेश्वर स्वयम् ३
परमेश्वर स्वयम् अद्‌वितीय १
परमेश्वर स्वयम् अद्‌वितीय २
परमेश्वर स्वयम् अद्‌वितीय ३
परमेश्वर स्वयम् अद्‌वितीय ४
परमेश्वर स्वयम् अद्‌वितीय ५
परमेश्वर स्वयम् अद्‌वितीय ६
परमेश्वर स्वयम् अद्‌वितीय ७
परमेश्वर स्वयम् अद्‌वितीय ८
परमेश्वर स्वयम् अद्‌वितीय ९
परमेश्वर स्वयम् अद्‌वितीय १०

परिशिष्ट: परमेश्वरको न्याय र सजायमा उहाँ देखा पर्नुभएको घटनालाई हेर्नु

**सन्दर्भग्रन्थ**

---

फूटनोटहरू सम्बन्धी व्याख्या:

यो पुस्तकमा दुई प्रकारका फूटनोटहरू छन्। अङ्कद्‌वारा ([१] यसरी) सूचित गरिएकाहरू मूल पुस्तकबाट लिइएका फूटनोटहरू हुन्, अक्षरद्‌वारा ([क] यसरी) सूचित गरिएकाहरू अनुवादको क्रममा थपिएका फूटनोटहरू हुन्।

# भाग एक

# प्रारम्भमा ख्रीष्टका वाणीहरू–

## मण्डलीहरूलाई पवित्र आत्माका वचनहरू

(फेब्रवरी ११, १९९१ देखि नोभेम्बर २०, १९९१ सम्म)

# परिचय

फेब्रवरी ११, १९९१ मा, परमेश्वरले पहिलो पटक मण्डलीमा आफ्नो वाणी दिनुभयो, र यो वाणीले त्यस बेला पवित्र आत्माको प्रवाहमा जिइरहेका हरेक व्यक्तिलाई असाधारण प्रभाव पारेको थियो। यो वाणीले "परमेश्वरको वासस्थान देखा परेको छ" र "ब्रह्माण्डका शिर, आखिरी दिनहरूका ख्रीष्ट–उहाँ चम्किलो सूर्य हुनुहुन्छ।" भनेर उल्लेख गर्यो। यी गहन महत्त्वका वचनहरूद्वारा, सबै मानिसहरूलाई नयाँ क्षेत्रमा ल्याइयो। यो वाणी पढ्ने सबैले नयाँ कार्य, परमेश्वरले सुरु गर्न लाग्नुभएको महान् कार्यको घोषणाको अनुभूति गरे। यही सुन्दर, सुमधुर, र संक्षिप्त वाणीले नै सबै मानवजातिलाई परमेश्वरको नयाँ कार्यमा र नयाँ युगमा ल्याएको थियो, र यस देहधारणमा परमेश्वरले गर्नुहुने कामको निम्ति जग बसाल्यो र मञ्च स्थापित गर्यो। के भन्न सकिन्छ भने, यस बेला परमेश्वरले बोल्नुभएको वाणी युगहरूलाई जोड्ने पुल हो, अनुग्रहको युगको सुरुवातपछि परमेश्वरले मानवजातिसँग सार्वजनिक रूपमा बोल्नुभएको यो पहिलो पटक हो, दुई हजार वर्षसम्म गुप्त रहेपछि उहाँले बोल्नुभएको यो पहिलो पटक हो, यसको साथै, परमेश्वरले राज्यको युगमा सुरु गर्न लाग्नुभएको कामको लागि यो प्रारम्भ, महत्त्वपूर्ण सुरुवात विन्दु थियो।

पहिलो पटक परमेश्वरले वाणी बोल्नुहुँदा, उहाँले अत्यन्तै शिष्ट र सरल भाषामा, साथै जुनसुकै बेला र सहजै प्राप्त गर्न सकिने जीवनको बन्दोबस्त प्रदान गर्दै तेस्रो व्यक्तिको परिप्रेक्ष्यबाट प्रशंसाको रूपमा बोल्नुभयो। यससँगै, उहाँले प्रभु येशूको पुनरागमनको उत्कट अपेक्षा गर्दै उहाँको अनुग्रहमा कसरी रमाउने सो कुरा जानेका मानिसहरूको यो सानो समूहलाई लिनुभयो, अनि तिनीहरूलाई चुपचाप रूपमा परमेश्वरको व्यवस्थापन योजनाको कामको अर्को चरणमा ल्याउनुभयो। यी परिस्थितिहरूमा, मानवजातिलाई परमेश्वरले अन्तिममा कस्तो प्रकारको काम गर्न लाग्नुभएको छ, वा अगाडिको बाटोमा के साँचेर राखिएको छ भन्ने कुरा थाहा थिएन, र त्यसको बारेमा कल्पना गर्ने आँट गर्नु त परै जाओस्। त्यसपछि, मानवजातिलाई चरणबद्ध रूपमा नयाँ युगमा ल्याउनको लागि परमेश्वरले थप वाणीहरू दिने कार्यलाई जारी राख्नुभयो। आश्चर्यजनक ढङ्गले, विषयवस्तुको हिसाबमा परमेश्वरको हरेक वाणी फरक छ, यसको साथै यसले फरक-फरक प्रशंसाको रूपहरू र अभिव्यक्तिका तरिकाहरू प्रयोग गर्छ। शैलीमा उस्तै तर विषयवस्तुमा विविध रहेका यी वाणीहरू अपरिहार्य रूपमा नै परमेश्वरको हेरचाह र वास्ताका भावनाहरूले भरिएका छन्, र लगभग प्रत्येकमा फरक-फरक विषयवस्तु सहितको जीवनका बन्दोबस्तहरू, साथै परमेश्वरले मानिसलाई दिनुभएको अनुस्मारक, प्रोत्साहन, र सान्त्वनाका वचनहरू छन्। यी वाणीहरूमा, यस्ता खण्डहरू बारम्बार देखिन्छन्: "तिनीहरू एक मात्र साँचो परमेश्वर देहधारी हुनुभएको छ, उहाँ ब्रह्माण्डका शिर हुनुहुन्छ, जसले सबै थोकलाई आज्ञा दिनुहुन्छ"; "विजयी राजा उहाँको महिमित सिंहासनमा बस्नुहुन्छ"; "उहाँले ब्रह्माण्डलाई आफ्नो हातमा समात्नुहुन्छ"; र यस्तै इत्यादि। यी खण्डहरूमा एउटा सन्देश व्यक्त गरिएको छ, वा के भन्न सकिन्छ भने, यी खण्डहरूले मानवजातिलाई एउटा सन्देश दिन्छ: परमेश्वर मानव संसारमा आइसक्नुभएको छ, परमेश्वरले अझै ठूलो कार्यको सुरुवात गर्न गइरहनुभएको छ, मानिसहरूको निश्चित समूहमा परमेश्वरको राज्य पहिले नै ओर्लिसकेको छ, र

परमेश्वरले महिमा प्राप्त गरिसक्नुभएको छ र उहाँले उहाँका बहुसंख्यक शत्रुहरूलाई जितिसक्नुभएको छ। परमेश्वरका हरेक वाणीले हरेक मानवको हृदयलाई पकडमा लिन्छ। परमेश्वरले अझै नयाँ वचनहरू बोल्नुभएको होस् भनेर सबै मानवजातिले उत्कटताको साथ प्रतीक्षा गर्छन्, किनभने जब-जब परमेश्वर बोल्नुहुन्छ, उहाँले मानिसको हृदयलाई यसको जरैबाट हल्लाउनुहुन्छ, यति मात्र होइन, उहाँले मानिसको हरेक चाल र हरेक भावनालाई प्रशासन गर्नुहुन्छ र भरणपोषण गर्नुहुन्छ, ताकि मानवजातिले परमेश्वरका वचनहरूमा भरोसा गर्न र, अझै बढी, यसलाई सराहना गर्न थालोस्...। यसरी, अनजानमा धेरै जना मानिसहरूले लगभग बाइबललाई बिर्सिसकेका थिए, अनि पुराना शैलीका प्रवचनहरू र आत्मिक व्यक्तिहरूका लेखहरूलाई बेवास्ता समेत गर्न थालेका थिए, किनभने तिनीहरूले विगतका लेखहरूमा परमेश्वरका यी वचनहरूको कुनै आधार भेट्टाउन सकेनन्, न त यी वाणीहरू बोल्नुको पछाडि रहेका परमेश्वरको उद्देश्यलाई नै कहीँ भेट्टाउन सकेका थिए। त्यसो हुनाले, यसले यी वाणीहरू समयको सुरुवातदेखि कहिल्यै नदेखिएको वा नसुनिएको परमेश्वरको आवाज हुन्, ती वाणीहरू परमेश्वरको वचनमा विश्वास गर्ने कुनै पनि व्यक्तिको पहुँचभन्दा बाहिर छन्, र यी वाणीहरूले विगतका युगहरूको कुनै पनि आत्मिक व्यक्तिले भनेको कुनै पनि कुरा वा विगतमा परमेश्वरले दिनुभएका वाणीहरूलाई उछिन्छन् भन्ने कुरालाई स्वीकार गर्न यसले मानवजातिलाई झन् कति बढी बाध्य गराउँछ। यी प्रत्येक वाणीहरूद्वारा प्रोत्साहित भएर, मानवजाति अनजानमै पवित्र आत्माको कामको परिवेशमा, नयाँ युगको अग्र पङ्क्तिको जीवनमा प्रवेश गर्‍यो। परमेश्वरका वचनहरूले प्रोत्साहित भएर, अपेक्षापूर्ण भई मानवजातिले परमेश्वरका वचनहरूले व्यक्तिगत रूपमा डोर्‍याइनुको मिठासपनलाई चाखे। यो क्षणिक अवधि हरेक मानवले नित्य रहने स्मरणको रूपमा फर्केर हेर्ने समय हुनेछ भन्ने मलाई विश्वास छ, तर वास्तविकतामा यो अवधिमा मानवजातिले आनन्द लिएको कुरा पवित्र आत्माको कार्यको परिवेश बाहेक केही पनि थिएन, वा यसलाई औषधिको चक्कीको बाहिरपट्टि हालिएको गुलियो आवरण भनेर भन्न सकिन्छ। किनभने, यस विन्दुदेखि अघि, अझै पनि परमेश्वरका वचनहरूको अगुवाइमा हुँदा, अझै पनि पवित्र आत्माको परिवेशमा हुँदा, मानवजातिलाई अनजानमा परमेश्वरका वचनहरूको अर्को चरणमा लगियो, जुन राज्यको युगको परमेश्वरको काम र वाणीहरूको पहिलो कदम—सेवाकर्ताहरूको परीक्षा थियो।

सेवाकर्ताहरूको परीक्षाभन्दा पहिले बोलिएका वचनहरू प्रायजसो निर्देशन, अर्ती, हप्की, र अनुशासनको रूपमा दिइएको थियो, र कतिपय खण्डहरूमा तिनीहरूले अनुग्रहको युगमा लागू गरिएको पुरानो शैलीको सम्बोधनको प्रयोग गरे—जुन क्रममा, परमेश्वरको नजिक आउन मानवजातिलाई सहज होस् भनेर, वा मानवजातिले परमेश्वरसँगको तिनीहरूको सम्बन्धलाई घनिष्ठ सम्बन्ध ठानून् भनेर, परमेश्वरलाई पछ्याउनेहरूका निम्ति "मेरा पुत्रहरू" भन्ने वाक्यांशको प्रयोग गरे। यसरी, परमेश्वरले मानवजातिको आत्म-अभिमान, अहङ्कार, र अन्य भ्रष्ट स्वभावहरूमा जस्तो प्रकारको न्याय गर्नुभए पनि, मानिसले "परमेश्वर पिता" का वाणीहरूप्रति कुनै शत्रुता नराखिकन "पुत्र" भन्ने उसको पहिचानद्वारा यसलाई सामना गर्न र स्वीकार गर्न सक्थ्यो, यस बाहेक यो सम्बन्धमा "परमेश्वर पिता" ले आफ्ना "पुत्रहरू" लाई दिनुभएको प्रतिज्ञामाथि कहिल्यै

शङ्का उठेको थिएन। यस अवधिमा, सम्पूर्ण मानवजातिले एक शिशुको जस्तो समस्याबाट मुक्त अस्तित्वको आनन्द उठायो, र यसले परमेश्‍वरको उद्‌देश्य हासिल गऱ्यो, अर्थात्, जब तिनीहरू “वयस्क अवस्थामा” प्रवेश गरे, तब उहाँले तिनीहरूमाथि न्याय गर्न थाल्नु हुनेथ्यो। यसले राज्यको युगमा परमेश्‍वरले औपचारिक रूपमा सुरु गर्नुहुने मानवजातिलाई न्याय गर्ने कार्यको लागि जग स्थापना पनि गऱ्यो। यस देहधारणमा परमेश्‍वरले गर्नुहुने काम मुख्य रूपमा सम्पूर्ण मानवजातिलाई न्याय गर्नु र विजय गर्नु नै भएको हुनाले, मानिसले आफ्नो खुट्टा जमिनमा टेक्ने बित्तिकै, परमेश्‍वर आफ्नो कामको विधिमा—उहाँले मानिसलाई न्याय गर्ने र उसलाई सजाय दिने काममा प्रवेश गरिहाल्नुभयो। स्पष्ट रूपमा नै, सेवाकर्ताहरूको परीक्षाभन्दा पहिले गरिएका सबै वाणीहरू परिवर्तनकालको माध्यमबाट अघि बढ्नको खातिर दिइएको थियो, जसको खास उद्‌देश्य देखिएको भन्दा फरक थियो। जतिसक्दो चाँडो उहाँले राज्यको युगको उहाँको कार्यलाई औपचारिक रूपमा सुरु गर्न सक्नुभएको होस् भन्ने नै परमेश्‍वरको उत्कट अभिप्राय थियो। मानवजातिलाई चिनीको आवरण हालिएको चक्कीहरू खुवाउँदै उसलाई फकाउँदै अघि बढाउनु कुनै पनि हालतमा उहाँको चाहना थिएन; बरु, उहाँले आफ्नो न्याय-आसनको अघि हरेक मानिसको साँचो मुहार हेर्ने उत्कट इच्छा गर्नुभयो, र उहाँले सारा मानवजातिले उहाँको अनुग्रह गुमाइसकेपछि तिनीहरूले उहाँप्रति राख्‍ने वास्तविक आचरणलाई हेर्ने अझै बढी उत्कट इच्छा गर्नुभयो। उहाँले परिणामहरू मात्रै हेर्न चाहनुभयो, प्रक्रिया होइन। तर त्यो बेला परमेश्‍वरको उत्कट अभिप्रायलाई बुझ्ने कोही पनि थिएन, किनभने मानव हृदयले यसको गन्तव्य र यसको भविष्यका सम्भावनाहरूप्रति मात्रै चासो राख्थ्यो। परमेश्‍वरको न्याय बारम्बार सम्पूर्ण मानवजातिप्रति लक्षित गरिएको छ भन्ने तथ्य त्यति आश्‍चर्यको कुरा होइन। परमेश्‍वरको अगुवाइमा मानवजातिले मानवजातिको सामान्य जीवन जिउन थालेपछि मात्रै मानवजातिप्रतिको परमेश्‍वरको आचरण परिवर्तन भयो।

१९९१ असामान्य वर्ष थियो; हामी यसलाई “सुनौलो वर्ष” भनी भनौं। परमेश्‍वरले राज्यको युगको नयाँ काम प्रारम्भ गर्नुभयो र उहाँको वाणी सम्पूर्ण मानवजातिप्रति लक्षित गर्नुभयो। उही समयमा, मानवजातिले अभूतपूर्व न्यानोपन प्राप्त गरे र मानिसलाई परमेश्‍वरले गर्नुहुने न्यायबाट आउने पीडा अझै बढी अनुभव गरे। मानवजातिले त्यो बेलासम्म अज्ञात रहेको मिठास चाखे, साथै त्यस बेलासम्म अज्ञात रहेको न्याय र त्याग पनि चाखे, मानौं यसले परमेश्‍वरलाई प्राप्त गरेको थियो, अनि फेरि, मानौं यसले परमेश्‍वरलाई गुमाएको थियो। सम्पत्तिमा कष्ट भोग्नु र घटी-कमीमा कष्ट भोग्नु—तिनलाई व्यक्तिगत रूपमा अनुभव गर्नेहरूलाई मात्रै यस्ता अनुभवहरू थाहा हुन्छ; ती त्यस्ता कुरा हुन् जसलाई व्याख्या गर्नको लागि मानिससँग न त क्षमता छ, न त माध्यम नै। छुन नसकिने अनुभव र सम्पत्तिको रूपमा परमेश्‍वरले हरेक मानिसलाई यही प्रकारका आघातहरू दिनुभएको छ। यस वर्षमा परमेश्‍वरले बोल्नुभएका वाणीहरूको विषयवस्तु वास्तवमा दुई मुख्य वर्गमा पर्छन्: पहिलो मानवजातिलाई उहाँको सिंहासनको अघि पाहुनाहरूको रूपमा आउन निम्तो दिनको लागि परमेश्‍वर मानिसहरूको संसारमा कहाँ ओर्लनुभयो भन्ने हो; दोस्रो, मानवले आफूलाई दिइएको कुरा खाने र पिउने काम गरिसकेपछि, उसलाई परमेश्‍वरले सेवाकर्ताको रूपमा कहाँ खटाउनुभयो भन्ने कुरा हो। अवश्य नै, यसमा कुनै शङ्कै छैन, पहिलो भाग मानवजातिको सबैभन्दा

प्रिय र सबैभन्दा उत्कट चाहना हो, किनभने मानवजाति परमेश्‍वरको सबै कुरालाई उहाँमाथिको तिनीहरूको विश्‍वासको पात्र बनाउने कार्यमा आनन्द लिनेप्रति लागिपरेको धेरै भइसकेको थियो। यही कारणले गर्दा, परमेश्‍वरले आफ्ना वाणीहरू बोल्न थाल्ने बित्तिकै, मानवजाति राज्यमा प्रवेश गरेर परमेश्‍वरले तिनीहरूलाई विभिन्‍न प्रकारका इनामहरू दिऊन् भनी प्रतीक्षा गर्न तम्तयार भइसकेका थिए। यी परिस्थितिहरूमा रहेका मानिसहरूले आफ्ना स्वभाव रूपान्तरण गरेर, परमेश्‍वरलाई सन्तुष्ट तुल्याउने प्रयास गरेर, परमेश्‍वरको इच्छालाई बुझेर, र यस्तै इत्यादि कार्यद्वारा उचित मूल्य चुकाउँदै चुकाएनन्। झट्ट हेर्दा, आफूलाई समर्पित गर्ने र परमेश्‍वरको लागि काम गर्ने क्रममा मानवजाति अटुट रूपमा व्यस्त रहेको देखिन्थ्यो, जुन अवधिमा तिनीहरूले आशिषहरू प्राप्त गर्न वा राजाहरूका रूपमा शासन गर्नको लागि तिनीहरूले अर्को कुन कदम चाल्नुपर्छ भनेर आफ्नो हृदयको गहिराइको गुप्त स्थानमा वास्तवमा हिसाबकिताब गरिरहेका थिए। के भन्‍न सकिन्छ भने, मानव हृदयले परमेश्‍वरमा आनन्द गरिरहेको बेला, यसले परमेश्‍वरप्रति हिसाबकिताब गर्ने कार्य पनि गरिरहेको थियो। यस अवस्थामा रहेको मानवजातिलाई परमेश्‍वरले सबैभन्दा गहन घृणा र तिरस्कार गर्नुहुन्छ; कुनै पनि मानवले परमेश्‍वरलाई धोका दिएको वा उहाँलाई प्रयोग गरेको कुरा उहाँको स्वभावले सहँदैन। तर परमेश्‍वरको बुद्धि कुनै पनि मानवको पहुँचभन्दा बाहिर छ। यी सबै कष्टहरू भोग्ने क्रममा उहाँले आफ्नो वाणीहरूको पहिलो भाग बोल्नुभयो। परमेश्‍वरले कति धेरै कष्ट भोग्नुभयो, र यस बेला उहाँले कति धेरै वास्ता र विचार समर्पित गर्नुभयो, त्यो कुरा कुनै पनि मानवजातिले कल्पना गर्न सक्दैन। यी वाणीहरूको पहिलो भागको उद्देश्य भनेको पद र नाफाको सामना गर्दा मानिसले देखाउने सबै किसिमका कुरूपतालाई खुलासा गर्नु, र मानिसको लोप र घृणास्पद अवस्थालाई खुलासा गर्नु हो। भनाइमा, परमेश्‍वरले प्रेमिलो आमाको जस्तो इमानदार र उत्सुक शैलीमा आफ्ना वचनहरू बोल्नुहुने भए पनि, उहाँको हृदयको गहिराइको क्रोध मध्य दिनको घाम जस्तै चर्किन्छ, मानौं यो उहाँका शत्रुहरूप्रति लक्षित छ। मानवजातिको सामान्य स्वरूपको कमी भएका मानिसहरूको समूहसँग परमेश्‍वर कुनै पनि हालतमा बोल्न चाहनुहुन्न, त्यसकारण, जब-जब उहाँ बोल्नुहुन्छ, उहाँले आफ्नो हृदयको क्रोधलाई दबाइरहनुभएको हुन्छ, यसको साथै उहाँले आफूलाई उहाँका वाणीहरूको अभिव्यक्ति दिन बाध्य गरिरहनुभएको हुन्छ। यति मात्र कहाँ हो र, उहाँले सामान्य मानवता नभएको, तर्क-शक्ति नभएको, अत्यन्तै भ्रष्ट बनेको, लोभ गर्ने बानी परेको, र अत्यन्तै नराम्ररी परमेश्‍वरको विरुद्धमा अनाज्ञाकारी र विद्रोही मानवजातिसँग बोलिरहनुभएको छ। मानवजाति कुन हदसम्म खसेको छ त्यसको गहिराइ र मानवजातिप्रति परमेश्‍वरको घृणा र इन्कार कति हदसम्म पुगेको छ त्यसको बारेमा सहजै कल्पना गर्न सकिन्छ; मानवजातिलाई कल्पना गर्न कठिन कुरा भनेको तिनीहरूले परमेश्‍वरलाई दिएको चोट नै हो—त्यसलाई शब्दहरूमा व्याख्या गर्नु असम्भव छ। तर ठीक यही पृष्ठभूमिको आधारमा—जहाँ परमेश्‍वरको हृदयले कसरी कष्ट भोग्यो भन्‍ने कुरा कसैले पत्ता लगाउन सकेन, यसको साथै, मानवजाति कति अनुचित र असुधार्य थियो भन्‍ने कुरा कसैले पत्ता लगाएन—हरेक व्यक्तिले अलिकति पनि लाज वा हिचकिचाहट नमानी, तिनीहरूलाई परमेश्‍वरले मानिसको निम्ति तयार गर्नुभएका सबै इनामहरू परमेश्‍वरका पुत्रहरूको रूपमा प्राप्त गर्ने अधिकार छ भन्‍ने मानिलिए,

यहाँसम्म कि तिनीहरूमध्ये कोही पनि पछि पर्न नचाहने र हाछौं भन्ने ठूलो डर मान्ने अवस्थामा पुग्दै, एक-अर्काको डाह समेत गर्न पुगे। त्यो बेलाका मानिसहरूले परमेश्‍वरको नजरमा कस्तो स्थान ओगटेको थियो त्यो कुरा तैँले अहिलेसम्म त जानेको हुनुपर्छ। यस्तो जातिले कसरी परमेश्‍वरका इनामहरू प्राप्त गर्न सक्छ? तर परमेश्‍वरबाट मानिसले जे प्राप्त गर्छ त्यो सधैँको लागि सबैभन्दा बहुमूल्य सम्पत्ति हुन्छ, र यसको विपरीत, परमेश्‍वरले मानिसबाट प्राप्त गर्नुहुने कुरा अत्यन्तै पीडादायी हुन्छ। परमेश्‍वर र मानिसको सम्बन्ध सुरु भएदेखि नै, मानिसले परमेश्‍वरबाट सधैँ यही कुरा प्राप्त गरेको छ, र उसले यसको सट्टामा परमेश्‍वरलाई सधैँ यही कुरा दिएको छ।

परमेश्‍वर चिन्ताले जति नै जल्नुभए पनि, जब उहाँले यस मानवजाति पूर्ण रूपमा भ्रष्ट भएको देख्नुभयो, तब उहाँसँग यसलाई शोधन होस् भनेर अग्नि-कुण्डमा फ्याँक्नु बाहेक कुनै विकल्प थिएन। यो परमेश्‍वरका वाणीहरूको दोस्रो भाग हो, जसमा परमेश्‍वरले मानवजातिलाई उहाँका सेवाकर्ताहरूको रूपमा प्रयोग गर्नुभयो। यस खण्डमा, परमेश्‍वर नरम अवस्थाबाट कठोर अवस्थामा जानुभयो, र उही समयमा मानवजातिलाई छनौट गर्न दिनको लागि सेवाकर्ताहरू, परमेश्‍वरका मानिसहरू, र परमेश्‍वरका पुत्रहरू भन्ने विभिन्न वर्गहरू[क] लाई अघि सार्दै “परमेश्‍वरको व्यक्तित्व” लाई मानिसको भ्रष्ट प्रकृति खुलासा गर्ने बल्छीको रूपमा प्रयोग गर्दै विधी र लम्बाइ दुवै हिसाबमा थोरैदेखि धेरैको अवस्थामा जानुभयो। अवश्य नै, परमेश्‍वरले भविष्यवाणी गर्नुभएको जस्तै, कसैले पनि परमेश्‍वरको निम्ति सेवाकर्ता बन्ने छनौट गर्दैन, बरु सबै जनाले परमेश्‍वरको चुनिएको व्यक्ति बन्ने प्रयास गर्छन्। यस अवधिमा, परमेश्‍वरले बोल्नुभएको गम्भीरताको हद मानवजातिले कहिल्यै पनि अपेक्षा नगरेको, र कहिल्यै नसुनेको भए पनि, सधैँ ओहोदाप्रति अत्यन्तै चिन्तित हुने, र यस बाहेक, आशिषहरू जित्ने कार्यप्रति अत्यन्तै तल्लीन हुने प्रवृत्तिको कारण, तिनीहरूसँग परमेश्‍वरको बोल्ने शैली र उहाँको बोल्ने माध्यमको बारेमा कुनै धारणा निर्माण गर्ने समय थिएन, बरु, तिनीहरूको मनमा सधैँ तिनीहरूले आफ्नै ओहोदाको बारेमा र भविष्यमा के हुनेछ भन्ने बारेमा नै विचार गरिरहेका हुन्थे। यसरी, परमेश्‍वरका वाणीहरूले मानवजातिलाई उहाँले तिनीहरूको निम्ति तयार गर्नुभएको “भूलभूलैया” मा तिनीहरूलाई थाहै नभई ल्याए। भविष्य र आफ्नो गन्तव्यको प्रलोभनले थाहै नपाई लोभ्याएको कारण, मानवजातिले तिनीहरू परमेश्‍वरको व्यक्ति बन्न अपर्याप्त छन् भन्ने कुरा थाहा पाए, तैपनि तिनीहरू उहाँका सेवाकर्ताहरूको रूपमा काम गर्न अनिच्छुक थिए। यी विरोधाभासपूर्ण मानसिकताको बीचमा परेर, तिनीहरूले परमेश्‍वरले मानवजातिलाई दिनुभएको अभूतपूर्व न्याय र सजायलाई अचेत रूपमा स्वीकार गरे। प्राकृतिक रूपमा नै, यस प्रकारको न्याय र शोधन मानवजातिले कुनै पनि हालतमा स्वीकार गर्न नचाहने कुरा थियो। तैपनि, चाहेर होस् वा नचाहेर होस् अन्त्यमा सबै समर्पित होस् भनेर यो भ्रष्ट मानवजातिलाई नम्र रूपमा समर्पित हुन लगाउनको लागि चाहिने बुद्धि परमेश्‍वरसँग मात्रै छ, र उहाँसँग मात्रै त्यसो गर्ने शक्ति छ। मानवजातिसँग छनौट गर्ने कुनै विकल्पहरू छैनन्। परमेश्‍वरले मात्रै अन्तिम निर्णय

क. मूल पाठमा “भन्ने विभिन्न वर्गहरू” भन्ने वाक्यांश समावेश छैन।

गर्नुहुन्छ, र मानिसलाई सत्यता र जीवन दिन र उसलाई दिशा देखाउनको लागि परमेश्वरले मात्रै यस्तो विधिको प्रयोग गर्नुहुन्छ। यो विधि अपरिहार्य रूपमा नै परमेश्वरले मानिसमा गर्नुहुने काम हो, र कुनै शङ्का वा विवाद विना नै, यो मानिसको अपरिहार्य आवश्यकता पनि हो। परमेश्वरले मानवजातिलाई यो तथ्य बुझाउनको लागि यस्तो विधिमा बोल्नुहुन्छ र काम गर्नुहुन्छ: मानवजातिलाई मुक्ति दिने काम, परमेश्वरले उहाँको प्रेम र कृपाको कारण र उहाँको व्यवस्थापनको खातिर गर्नुहुन्छ; परमेश्वरको मुक्ति प्राप्त गर्ने क्रममा, मानवजाति यति हदसम्म पतित भएकोले गर्दा परमेश्वरले उससँग व्यक्तिगत रूपमा बोल्ने बाहेक केही पनि गर्नुहुन्न। जब मानिसले परमेश्वरको मुक्ति प्राप्त गर्छ, यो सबैभन्दा ठूलो अनुग्रह हो, र यो विशेष निगाह पनि हो; भन्नुको अर्थ, यदि परमेश्वरले आफ्ना वाणीहरू व्यक्तिगत रूपमा नै नबोल्नुभएको भए, मानवजातिको भाग्य लोप हुनेथियो। उही समयमा परमेश्वरले मानवजातिलाई घृणा गर्नुभए पनि, उहाँ अझै पनि मानिसको मुक्तिको लागि मूल्य चुकाउन तयार र तत्पर हुनुहुन्छ। यस बीच, मानिसले परमेश्वरप्रतिको आफ्नो प्रेम र उसले कसरी सबै कुरा परमेश्वरलाई अर्पण गर्छ त्यसको गुणगान गाउने क्रममा, उसले परमेश्वरको विरुद्ध विद्रोह गरिरहेको र परमेश्वरबाट हरेक प्रकारको अनुग्रह खोसेर लिइरहेको हुन्छ, यस क्रममा उसले परमेश्वरलाई चोट पुर्‍याउँछ र उहाँको हृदयमा अकथनीय पीडा ल्याउँछ। परमेश्वर र मानिसको निस्वार्थ र स्वार्थको बीचमा रहेको पूर्ण भिन्नता यही हो!

काम गर्ने र बोल्ने क्रममा परमेश्वर कुनै पनि निश्चित विधि पालन गर्न बाध्य हुनुहुन्न, तर परिणामहरू हासिल गर्ने कार्यलाई उहाँले आफ्नो उद्‌देश्य बनाउनुहुन्छ। यसकारणले गर्दा, उहाँका वाणीहरूको यो भागमा, परमेश्वरले आफ्नो पहिचानलाई स्पष्ट रूपमा प्रस्तुत नगर्ने निर्णय गर्नुभयो, तर “आखिरी दिनहरूका ख्रीष्ट,” “ब्रह्माण्डका शिर,” र यस्तै इत्यादि जस्ता केही शब्दहरू मात्रै खुलासा गर्नुभयो। यसले कुनै पनि हिसाबमा ख्रीष्टको सेवकाइ वा परमेश्वरसम्बन्धी मानवजातिको ज्ञान कुनैलाई प्रभाव पार्दैन, विशेष गरी, ती प्रारम्भिक दिनहरूमा मानवजाति “ख्रीष्ट” र “देहधारण” जस्ता अवधारणाहरूप्रति पूर्ण रूपमा अनजान थिए, त्यसकारण आफ्ना वाणीहरू व्यक्त गर्नको लागि परमेश्वर “विशेष कार्य” भएको व्यक्तिको रूपमा नम्र हुनुभयो। यो परमेश्वरको सावधानीपूर्ण वास्ता र विचार थियो, किनभने त्यो बेलाका मानिसहरूले यस प्रकारको सम्बोधनलाई मात्रै स्वीकार गर्न सक्थे। परमेश्वरले सम्बोधनको जस्तोसुकै शैली प्रयोग गर्नुभए पनि, उहाँको कामका परिणामहरूमा बाधा पुग्दैनन्, किनभने आफूले गर्ने सबै कुरामा परमेश्वरले मानिसलाई परिवर्तन हुन, मानिसलाई परमेश्वरको मुक्ति प्राप्त गर्न लगाउने उद्‌देश्य लिनुहुन्छ। उहाँले जे गर्नुभए पनि, परमेश्वरले सधैँ मानिसका खाँचोहरूलाई ध्यानमा राख्नुहुन्छ। परमेश्वरले काम गर्नु र बोल्नुको अभिप्राय यही हुन्छ। परमेश्वर मानवजातिको सबै पक्षहरूलाई ध्यान दिने कार्यमा पूर्ण रूपमा एकाग्र हुनुभए पनि, र उहाँले गर्नुहुने सबै कुरामा पूर्ण रूपमा बुद्‌धिमानी हुनुभए पनि, म यसो भन्न सक्छु: यदि परमेश्वरले आफ्नो गवाही आफै नदिनुभएको भए, सृष्टि गरिएको मानवजातिको बीचमा परमेश्वर स्वयम्‌लाई पहिचान गर्न सक्ने वा परमेश्वर स्वयम्‌को गवाही दिन खडा हुन सक्ने एक जना पनि हुनेथिएन। यदि परमेश्वरले आफ्नो कार्यमा “विशेष कार्य सहितको व्यक्ति” भन्ने वाक्यंशलाई सम्बोधनको एउटा तरिकाको रूपमा प्रयोग गरिरहनुभएको भए, परमेश्वरलाई

परमेश्वरको रूपमा लिन सक्ने एक जना पनि मानिस हुनेथिएन—यो मानवजातिको लागि अफसोसको कुरा हो। भन्नुको अर्थ, सृष्टि गरिएको मानवजातिको बीचमा परमेश्वरलाई चिन्न सक्ने कोही पनि छैन, परमेश्वरलाई प्रेम गर्ने, परमेश्वरको बारेमा वास्ता गर्ने, र परमेश्वरको नजिक जाने कोही हुने कुरा त परै जाओस्। मानिसको विश्वास आशिषहरू जित्नको खातिर मात्रै हो। विशेष कार्य सहितको व्यक्तिको रूपमा रहेको परमेश्वरको पहिचानले हरेक मानिसलाई एउटा सङ्केत दिन्छ: मानवजातिले परमेश्वरलाई सृष्टि गरिएको मानवजातिमध्येको एक जनाको रूपमा सहजै स्वीकार गर्न सक्छ; मानवजातिले परमेश्वरलाई दिने सबैभन्दा ठूलो चोट र अपमान भनेको ठ्याक्कै के हो भने, जब परमेश्वर खुलेआम देखा पर्नुहुन्छ वा काम गर्नुहुन्छ, परमेश्वरलाई अझै पनि मानिसले इन्कार गर्छ र उसले उहाँलाई बिर्सने समेत गर्छ। मानवजातिलाई मुक्ति दिनको लागि परमेश्वरले सबैभन्दा ठूलो अपमान सहनुहुन्छ; सबै कुरा दिने क्रममा, उहाँको उद्‌देश्य भनेको मानवजातिलाई मुक्ति दिनु, मानवजातिबाट मान्यता प्राप्त गर्नु हो। यो सबैको लागि परमेश्वरले चुकाउनुभएको मूल्य भनेको विवेक भएको हरेकले कदर गर्नुपर्ने कुरा हो। मानवजातिले परमेश्वरका वाणीहरू र कार्यलाई प्राप्त गरेको छ, र परमेश्वरको मुक्ति प्राप्त गरेको छ। यसको साथै, कसैलाई पनि यो प्रश्न सोध्नुपर्छ भन्ने लागेको छैन: परमेश्वरले मानवजातिबाट के प्राप्त गर्नुभएको छ? परमेश्वरको हरेक वाणीबाट, मानवजातिले सत्यता प्राप्त गरेको छ, परिवर्तन हुन सकेको छ, जीवनको दिशा प्राप्त गरेको छ; तर परमेश्वरले त मानवजातिले परमेश्वरप्रतिको आफ्नो ऋणीपनको बारेमा व्यक्त गर्नको लागि प्रयोग गर्ने शब्दहरू र प्रशंसाका केही कानेखुसीका शब्दहरू बाहेक केही पनि प्राप्त गर्नुभएको छैन। परमेश्वरले मानिसबाट माग्नुहुने प्रतिफल अवश्य नै यो त होइन?

अहिले परमेश्वरका धेरै वाणीहरू व्यक्त गरिसकिएको भए पनि, धेरैजसो मानिसहरू परमेश्वरसम्बन्धी तिनीहरूको ज्ञान र बुझाइको सुरुवातलाई प्रतिनिधित्व गर्ने परमेश्वरका वचनहरूको चरणमा नै अझै पनि रोकिएका छन्, जुन चरणबाट तिनीहरू अघि बढेका छैनन्—यो साँच्चै नै पीडादायी विषय हो। "प्रारम्भमा ख्रीष्टका वाणीहरू" को यो भाग मानव हृदयलाई खोल्ने चाबी मात्रै हो; यहाँ रोकिनु भनेको परमेश्वरको अभिप्रायलाई पूरा गर्ने कार्यमा असफल हुनु हो। परमेश्वरले उहाँका वाणीहरूको यो भाग बोल्नुको उद्‌देश्य भनेको मानवजातिलाई अनुग्रहको युगबाट राज्यको युगमा ल्याउनु मात्रै हो; मानवजाति उहाँका वाणीहरूको यो भागमा अडिएर बसोस् वा तिनीहरूले उहाँका वाणीहरूको यो भागलाई मार्गनिर्देशनको रूपमा लिऊन् भन्ने उहाँको चाहना थिएन, नत्र, परमेश्वरका भविष्यका वाणीहरूको न त खाँचो हुनेथियो न त ती अर्थपूर्ण नै हुनेथिए। यदि परमेश्वरले उहाँका वाणीहरूको यो भागमा मानिसलाई प्राप्त गर्न लगाउनुभएको कुरामा प्रवेश गर्न नसक्ने अझै कोही छ भने, त्यो व्यक्तिको प्रवेश अज्ञात नै रहन्छ। परमेश्वरका वाणीहरूको यो भागमा परमेश्वरले राज्यको युगमा मानिसलाई दिनुभएको सबैभन्दा आधारभूत माग समावेश छ, र मानवजाति सही मार्गमा प्रवेश गर्ने एउटै मात्र तरिका यही मात्रै हो। यदि तँ केही पनि नबुझ्ने व्यक्ति होस् भने, तैँले यो भागका वचनहरू पढेर सुरु गर्नु नै राम्रो हुन्छ!

# अध्याय १

सियोनमा प्रशंसा आएको छ र परमेश्‍वरको वासस्थान देखा परेको छ। सबै मानिसहरूले गुणगान गरेको त्यो महिमित पवित्र नाउँ फैलिन्छ। अहा, सर्वशक्तिमान् परमेश्‍वर! ब्रह्माण्डका शिर, आखिरी दिनहरूका ख्रीष्ट–उहाँ सियोन पर्वतमा उदाउनुभएको चम्किलो सूर्य हुनुहुन्छ, जुन सारा ब्रह्माण्डमा प्रताप र भव्यतामा अल्गिएको छ ...

हे सर्वशक्तिमान् परमेश्‍वर! हामी आनन्दसाथ तपाईंलाई पुकाछौं; हामी नाच्छौं र गाउँछौं। तपाईं साँच्चै हाम्रा उद्धारक हुनुहुन्छ, ब्रह्माण्डका महान् राजा! तपाईंले विजेताहरूको समूह बनाउनुभएको छ र परमेश्‍वरको व्यवस्थापनको योजना पूरा गर्नुभएको छ। सबै मानिसहरू त्यो पर्वतमा ओइरिएर आउनेछन्। सबै मानिसहरूले त्यो सिंहासनको सामु घुँडा टेक्नेछन्! तपाईं एकमात्र सत्य परमेश्‍वर हुनुहुन्छ, र तपाईं महिमा र आदर पाउने योग्यका हुनुहुन्छ। सारा महिमा, प्रशंसा र अधिकार त्यो सिंहासनलाई होस्! त्यो सिंहासनबाट जीवनको खोलो बग्दछ, जसले परमेश्‍वरका मानिसहरूका भीडहरूलाई पानी दिन्छ र खुवाउँछ। प्रत्येक दिनसितै जीवन परिवर्तन हुन्छ; निरन्तर परमेश्‍वरको विषयमा नयाँ जानकारीहरू दिँदै नयाँ ज्योति र नयाँ प्रकाशले हामीलाई पछ्याउँछन्। अनुभवहरूको बीचमा हामी परमेश्‍वरको विषयमा पूर्ण निश्‍चयतामा पुग्छौं। उहाँका वचनहरू निरन्तर प्रकट गरिन्छ, तिनीहरूमा प्रकट गरिन्छ जो सही छन्। हामी साँच्चै आशिषित छौं! प्रत्येक दिन परमेश्‍वरलाई आमने-सामने भेट्छौं, सबै कुरामा परमेश्‍वरसित बातचित गर्दछौं र सबै कुरामाथि परमेश्‍वरलाई सर्वोच्च अधिकार दिन्छौं। हामी होसियारीसाथ परमेश्‍वरको वचनमाथि विचार गर्छौं, हाम्रा हृदयहरू परमेश्‍वरमा शान्त हुन्छन् अनि यसरी हामी परमेश्‍वरको सामु आउँछौं र हामीले उहाँको ज्योति पाउँछौं। प्रत्येक दिन हाम्रा जीवनमा, कार्यहरूमा, बोलीवचनहरूमा, विचारहरूमा र धारणाहरूमा हामी परमेश्‍वरको वचनभित्र जिउँछौं, सब समय भेद छुट्ट्याउन सक्छौं। परमेश्‍वरको वचनले धागोलाई सियोबाट छिराउँछ; अप्रत्याशित रूपमा, हामीभित्र लुकेका कुराहरू एकपछि अर्को गर्दै ज्योतिमा आउँछन्। परमेश्‍वरसितको सङ्गति प्रस्तुत हुन ढिलो गर्दैन; हाम्रा विचार र धारणाहरू परमेश्‍वरद्वारा उदाङ्गो पारिन्छन्। प्रत्येक क्षण हामी ख्रीष्टको आसनको अगि जिइरहेका हुन्छौं जहाँ हाम्रो इन्साफ हुन्छ। हाम्रो शरीरभित्रका प्रत्येक ठाउँ शैतानद्वारा ओगटिएर रहन्छ। आज, परमेश्‍वरको सार्वभौमिकता फेरि प्राप्त गर्न उहाँको मन्दिर शुद्ध पारिनु नै पर्छ। पूर्ण रूपमा परमेश्‍वरद्वारा अधिकार गरिएको हुनका निम्ति हामी जीवन र मृत्युको संघर्षमा सामेल हुनुपर्छ। हाम्रो पुरानो मनुष्यत्व क्रूसमा टाँगियो भने मात्र ख्रीष्टको पुनरुत्थान भएको जीवनले सर्वोच्च रूपमा शासन गर्न सक्छ।

अब पवित्र आत्माले हाम्रो पुनरुद्धारका निम्ति लडाइँ गर्न हाम्रो हरेक कुनामा आक्रमण बढाउनुहुन्छ! जबसम्म हामी आफैलाई इन्कार गर्न र परमेश्‍वरसित सहकार्य गर्न तयार हुन्छौं परमेश्‍वरले निश्‍चय हामीलाई ज्योति दिनुहुन्छ र हरसमय भित्रैबाट शुद्ध पार्नुहुन्छ, अनि शैतानले जे कब्जा गरेको छ त्यो फेरि नयाँ गरी प्राप्त गर्नुहुन्छ, यसरी हामी चाँडोभन्दा चाँडो परमेश्‍वरद्वारा पूर्ण बन्न सकौं। समय खेर नफाल–प्रत्येक क्षण परमेश्‍वरको वचनभित्र जिओ। सन्तहरूसितै निर्माण होऊ, परमेश्‍वरको राज्यमा ल्याइयो, अनि परमेश्‍वरको साथमा महिमामा प्रवेश गर।

# अध्याय २

फिलाडेल्फियाको मण्डलीले आकार लिएको छ, जुन पूर्ण रूपमा परमेश्वरको अनुग्रह र कृपाले गर्दा भएको हो। असङ्ख्यौं सन्तहरूका हृदयमा परमेश्वरप्रति प्रेम उत्पन्न हुँदछ, जो आफ्नो आत्मिक यात्रामा डगमगाउँदैनन्। तिनीहरू एक मात्र साँचो परमेश्वर देहधारी हुनुभएको छ, उहाँ ब्रह्माण्डका शिर हुनुहुन्छ, जसले सबै थोकलाई आज्ञा दिनुहुन्छ भन्ने आफ्नो विश्वासमा दृढ भई बस्छन्: यो पवित्र आत्माद्वारा गरिएको पुष्टि हो, यो पहाड जस्तै अटल छ! र यो कहिल्यै पनि परिवर्तन हुँदैन!

हे सर्वशक्तिमान् परमेश्वर! आज तपाईं नै हुनुहुन्छ, जसले हाम्रा आत्मिक आँखा खोलिदिनुभएको छ, अन्धालाई देख्ने, लङ्गडोलाई हिँड्ने, कुष्ठरोगीलाई निको पार्नुभएको छ। तपाईं नै हुनुहुन्छ, जसले स्वर्गको ढोका खोल्नुभएको छ, जसले हामीलाई आत्मिक क्षेत्रका रहस्यहरू बुझ्ने अनुमति दिनुभएको छ। तपाईंका पवित्र वचनहरूद्वारा व्याप्त भएर अनि हाम्रो मानवताबाट मुक्त पारेर, जुन शैतानद्वारा भ्रष्ट पारिएको थियो–अनुमान गर्न नसकिने तपाईंको काम र अनुमान गर्न नसकिने तपाईंको कृपा यस्तो छ। हामी तपाईंका साक्षीहरू हौं।

तपाईं लामो समयसम्म लुकेर, नम्रतामा र चुपचाप रहनुभयो। तपाईं मरेकोबाट पुनर्जीवित हुनुभयो, क्रूसमा कष्ट भोग्नुभयो, मानव जीवनको आनन्द र दुःखहरू र सतावट अनि कठिनाइ भोग्नुभयो; तपाईंले मानवीय संसारको पिडा अनुभव गर्नुभएको छ र चाख्नुभएको छ, अनि तपाईंलाई युगले त्यागी दिएको छ। देहधारी परमेश्वर स्वयम् नै परमेश्वर हुनुहुन्छ। परमेश्वरको इच्छाको खातिर तपाईंले हामीलाई गोबरको थुप्रोबाट मुक्त गर्नुभयो, तपाईंको दाहिने हातले माथि तान्नुभयो, र सित्तैंमा तपाईंको अनुग्रह दिनुभयो। कुनै पिडाहरू बाँकी नराखी तपाईंले हामीभित्र आफ्नो जीवन ल्याउनुभयो; तपाईंले आफ्नो रगत, पसिना र आँसुहरूले तिर्नुभएको दाम सन्तहरूमा स्पष्ट पारियो। हामी तपाईंका पीडादायक कोसिसहरूका फल[क] हौं; तपाईंले तिर्नुभएका दाम हामी नै हौं।

हे सर्वशक्तिमान् परमेश्वर! तपाईंको दया र कृपा, तपाईंको धार्मिकता र प्रताप, तपाईंको पवित्रता र नम्रताले गर्दा सबै मानिसहरू तपाईंको अगि निहुरिनेछन् अनि सारा अनन्ततासम्म तपाईंको आराधना गर्नेछन्।

आज तपाईंले सबै मण्डलीहरूलाई पूर्ण बनाउनुभएको छ–फिलाडेल्फियाको मण्डली–अनि त्यसरी तपाईंको ६,००० वर्षको व्यवस्थापन योजना पूरा गर्नुभएको छ। सन्तहरूले आत्मामा जोडिएर अनि प्रेममा रहँदै पछ्याएर, फोहराको मुहानसँग जोडिएर आफैलाई नम्रतापूर्वक तपाईंमा समर्पण गर्न सक्छन्। जीवनको जिउँदो पानी नरोकि बग्छ, मण्डलीमा भएको हिलो र फोहोर पानीलाई पखाल्छ र शुद्ध पार्दछ, यसरी एकचोटि फेरि तपाईंको मन्दिरलाई शुद्ध पार्दछ। हामीले व्यावहारिक सत्य परमेश्वरलाई चिनेका छौं, उहाँको वचनभित्र हिँडेका छौं, हाम्रा आफ्नै कार्यहरू र कर्तव्यहरू चिनेका छौं, अनि मण्डलीको खातिर आफैलाई खर्चन जे गर्न सक्छौं ती सबै गरेका छौं। तपाईंको सामु

क. मूल पाठमा "का फल" भन्ने वाक्यांश समावेश छैन।

सधैँ चुपचाप रहेर हामीले पवित्र आत्माको काममा ध्यान दिनुपर्छ, नत्र हामीमा तपाईंको इच्छालाई बाधा हुन्छ। सन्तहरूको माझमा परस्पर प्रेम हुन्छ, अनि कसै-कसैका बलले अरूको असफलताहरूलाई पूर्ति गर्दछ। तिनीहरू पवित्र आत्माद्वारा ज्ञान र ज्योति पाएर हरसमय आत्मामा हिँड्न सक्षम हुन्छन्। तिनीहरूले सत्यता बुझेको लगत्तै त्यसलाई व्यवहारमा अपनाउँछन्। तिनीहरू नयाँ ज्योतिसँग कदम मिलाएर अनि परमेश्वरका पाइलाहरूलाई पछ्याएर हिँड्छन्।

सक्रिय भएर परमेश्वरसँग सहकार्य गर्; उहाँलाई अधीन गर्न दिनुको अर्थ उहाँको साथमा हिँड्नु हो। हाम्रा सबै धारणाहरू, विचारहरू, मन्तव्यहरू र सांसारिक अल्झोहरू धुवाँजस्तो पातलो बतासमा हराउँछ। हामी परमेश्वरलाई हाम्रा आत्माहरूमा सर्वोच्च शासन गर्न दिन्छौं, उहाँको साथमा हिँड्छौं र यसरी ज्ञानभन्दा परको अनुभव प्राप्त गर्छौं, संसारमाथि विजय पाउँछौं र हाम्रा आत्माहरू स्वतन्त्र भएर उड्छन् र तिनले छुटकारा प्राप्त गर्दछः यो सर्वशक्तिमान् परमेश्वर राजा बन्नुहुँदा आउने परिणाम हो। हामी ननाची र प्रशंसाको गीत नगाई, हाम्रा प्रशंसाहरू र नयाँ स्तुतिगानहरूका भेटीहरू नचढाई कसरी रहन सक्छौं?

साँच्चै परमेश्वरको प्रशंसा गर्ने तरिकाहरू धेरै छन्: उहाँको नाउँ पुकार्नु, उहाँको नजिक जानु, उहाँको बारेमा सोचविचार गर्नु, प्रार्थना गर्दै पढ्नु, सङ्गतिमा सामेल हुनु, चिन्तन र मनन गर्नु, प्रार्थना गर्नु र प्रशंसाका गीतहरू गाउनु। यस किसिमको प्रशंसामा आनन्द हुन्छ, र त्यसमा अभिषेक हुन्छ; प्रशंसामा शक्ति हुन्छ, र बोझ पनि हुन्छ। प्रशंसामा विश्वास हुन्छ, र नयाँ अन्तर्दृष्टि हुन्छ।

सक्रिय भएर परमेश्वरसँग सहकार्य गर्, सेवामा समन्वय गर् र एउटै बन्, सर्वशक्तिमान् परमेश्वरका अभिप्रायहरू पूरा गर्, पवित्र आत्मिक शरीर बन्न हतार गर्, र शैतानलाई कुल्चिमिल्ची गर्, र शैतानको भाग्यको अन्त्य गरिदेओ। फिलाडेल्फियाको मण्डली परमेश्वरको उपस्थितिमा उठाइलगिएको छ र उहाँको महिमामा प्रकट गरिएको छ।

## अध्याय ३

विजयी राजा उहाँको महिमित सिंहासनमा बस्नुहुन्छ। उहाँले छुटकाराको काम पूरा गर्नुभएको छ र उहाँका सारा मानिसहरूलाई महिमामा प्रकट हुन डोर्याउनुभएको छ। उहाँले ब्रह्माण्डलाई आफ्नो हातमा समात्नुहुन्छ र उहाँको ईश्वरीय बुद्धि र शक्तिले उहाँले बलियो सियोन निर्माण गर्नुभएको छ र बनाउनुभएको छ। उहाँको प्रतापद्वारा उहाँले पापी संसारको न्याय गर्नुहुन्छ; उहाँले सबै जातिहरू र सबै मानिसहरूमाथि, पृथ्वी र समुद्र र तिनमा भएका सबै जीवित प्राणीहरूमाथि साथसाथै व्यभिचारको मद्यले मातेकाहरू सबैमाथि न्यायको घोषणा गर्नुभएको छ। परमेश्वरले अवश्य तिनीहरूको न्याय गर्नुहुनेछ, र उहाँ पक्कै पनि तिनीहरूसित रिसाउनुहुनेछ र त्यसमा परमेश्वरको प्रताप प्रकट हुनेछ, जसको इन्साफ तुरुन्तै हुन्छ र त्यो ढिलाइ नगरी पूरा गरिनेछ। उहाँको क्रोधको आगोले निश्चय पनि तिनीहरूका घोर अपराधहरू भस्म पार्नेछ र कुनै पनि क्षण तिनीहरूमाथि विपत्ति आउँछ; तिनीहरूलाई उम्कने कुनै उपाय थाहा हुनेछैन र लुक्ने ठाउँ पनि पाउनेछैनन्, तिनीहरू रुनेछन् र दाह्रा किट्नेछन्, र तिनीहरूले आफैमाथि विनाश ल्याउनेछन्।

विजयी छोराहरू, परमेश्‍वरका प्रियहरू निश्‍चय सियोनमा रहनेछन्, त्यहाँबाट कहिल्यै पनि जाँदैनन्। धेरै मानिसहरूले उहाँको आवाजलाई ध्यानपूर्वक सुन्‍नेछन्, तिनीहरूले ध्यानपूर्वक उहाँका कार्यहरू सुन्‍नेछन्, र तिनीहरूका प्रशंसाको आवाज कहिल्यै बन्द हुनेछैन। एक साँचो परमेश्‍वर देखा पर्नुभएको छ! हामी आत्मामा उहाँबारे निश्‍चित हुनेछौं र उहाँलाई नजिकबाट पछ्याउनेछौं; हामी आफ्नो सम्पूर्ण शक्ति लगाएर अगाडि बढ्नेछौं र उप्रान्त कुनै सङ्कोच मान्‍नेछैनौं। संसारको अन्त्य हाम्रो अगाडि प्रकट हुँदैछ; एउटा उचित मण्डली साथसाथै मानिसहरू, मामिलाहरू र हाम्रा वरिपरिका थोकहरूले पनि हाम्रो तालिमलाई अझ तीव्र बनाइरहेका छन्। हामी हाम्रो हृदयलाई फिर्ता लिन हतार गरौं जसले संसारलाई धेरै प्रेम गर्दछ! हामी हाम्रो दर्शनलाई फिर्ता लिन हतार गरौं, जुन अति अस्पष्ट छ। हामी हाम्रा पाइलाहरूमा रहौं, ताकि हामीले सीमाहरू ननाघेका होऔं। हामी आफ्ना मुखहरूलाई बन्द गरौं, ताकि हामी परमेश्‍वरको वचनमा हिँड्न सकौं, र उप्रान्त हाम्रा आफ्नै लाभहरू र हानिहरूको प्रतिस्पर्धा नगरौं। अहो, यसलाई छोडिदेओ, बाहिरी संसार र धनको लागि तिमीहरूको लालच! हो, आफैलाई यसबाट स्वतन्त्र बनाओ–तिमीहरूका पति, छोरीहरू र छोराहरूप्रतिको टाँसिरहने बन्धन! आह, तिनीहरूपट्टि पिठ्यूँ फर्काइदेओ–तिमीहरूका दृष्टिकोणहरू र पूर्वाग्रहहरू! अँ, बिउँझ; समय छोटो छ! आत्मा भित्रबाट माथि हेर, माथि हेर, अनि परमेश्‍वरलाई नियन्त्रण गर्न देओ। जे भए पनि, लोतकी अर्की पत्‍नी नबन। पन्छ्याइएको हुनु कति दुःखलाग्दो कुरा हुन्छ! साँच्चै दुःखलाग्दो! अँ, बिउँझ!

## अध्याय ४

एक पलदेखि अर्को पल, आत्मामा शान्त भएर अनि शुद्ध हृदयले खोजी गर्दै, हामी हेरिरहेका र पर्खिरहेका हुनेछौं। हामीमाथि जे आइपरे पनि, हामी अन्धाधुन्ध सङ्गतिमा संलग्‍न हुनु हुँदैन। हामी परमेश्‍वरको सामु मौन बस्‍नु मात्रै आवश्यक छ र उहाँसित निरन्तर सङ्गतिमा रहनुपर्छ, र त्यसपछि निश्‍चय नै उहाँका अभिप्रायहरू हामीलाई प्रकट गरिनेछ। आत्माभित्र, हामी हरसमय फरक छुट्ट्याउन तयार हुनुपर्दछ, र हामीमा उत्सुक र अटल आत्मा हुनै पर्दछ। हामीले परमेश्‍वरको सामु जीवित पानीबाट लिनुपर्छ, जुन पानीले हाम्रो तिर्खाएको आत्मालाई पोषण दिन्छ र भर्दछ। हामी आफूलाई शैतानको स्वभावबाट शुद्ध पार्न कुनै पनि समय तयार हुनुपर्दछ, जुन स्वधर्मीपन, अहङ्कार, घमण्ड र आत्म-सन्तुष्टि हो। हामीले परमेश्‍वरको वचनलाई ग्रहण गर्न आफ्ना हृदयहरू खोल्नुपर्छ, र उहाँको वचनमा आधारित कार्य गर्नुपर्दछ। हामीले उहाँको वचनको अनुभव गर्नुपर्दछ र उहाँको वचनको बारेमा निश्‍चित हुनुपर्दछ र उहाँको वचनलाई हाम्रो जीवन बन्‍न दिँदै, उहाँको वचनको ज्ञान प्राप्‍त गर्नुपर्दछ। यो स्वर्गबाट पठाइएको हाम्रो बोलावट हो! जब हामी परमेश्‍वरको वचनद्वारा जिउँछौं, तब मात्र हामी विजयी बन्‍न सक्छौं!

अब हाम्रा धारणाहरू धेरै विचारणीय छन्, र हामी लापरवाहीसाथ बोल्छौं र सोचविचार नगरी काम गर्दछौं, आत्माअनुसार काम गर्न असमर्थ बन्छौं। आज त्यस्तो छैन जस्तो यो विगतमा थियो। पवित्र आत्माको काम अत्यन्तै द्रुत गतिमा अगाडि बढ्छ। हामीले परमेश्‍वरको वचनलाई

पूर्ण रूपमा अनुभव गर्नुपर्दछ; हरेक धारणा र विचार, हरेक गतिविधि र प्रतिक्रियालाई आफ्नो हृदयमा स्पष्ट रूपमा चिन्न हामी सक्षम हुनुपर्छ। हामीले कसैको मुखको सामुन्ने वा उनीहरूका पिठ्यूँ पछाडि गरेको कुनै पनि काम ख्रीष्टको न्याय-आसनको सामुबाट उम्कन सक्दैन। पवित्र आत्मा हामीलाई गहिरो अनुभवको क्षेत्रमा डोर्‍याउने प्रक्रियामा हुनुहुन्छ, जहाँ हामी सर्वशक्तिमानको बारेमा निश्चित हुनका लागि अझ नजिक हुनेछौं।

ब्रह्माण्डका परमेश्वरले हाम्रो आत्मिक आँखा खोलिदिनुभएको छ, र आत्मामा हुने रहस्यहरू हामीलाई निरन्तर प्रकट गरिँदैछ। शुद्ध हृदयले खोजी गर! मूल्य चुकाउन तयार होऊ, एकतामा अगाडि बढ, आफूलाई इन्कार गर्न तयार होऊ, अब उप्रान्त लोभी नहोऊ, पवित्र आत्मालाई पछ्याऊ र परमेश्वरको वचनको आनन्द लेऊ, त्यसपछि सम्पूर्ण विश्वव्यापी नयाँ मानिस देखा पर्नेछ। त्यो समय नजिकै छ, जब शैतानले अन्त्यको सामना गर्नेछ, परमेश्वरको इच्छा पूरा हुनेछ, संसारका सबै राष्ट्र जातिहरू ख्रीष्टको राज्य हुनेछन्, र ख्रीष्टले पृथ्वीमा राजाको रूपमा सदासर्वदा राज्य गर्नुहुनेछ!

## अध्याय ५

पर्वत र नदीहरू परिवर्तन हुन्छन्, जल आफ्नै मार्गमा बहन्छ, र मानिसको जीवन धर्ती र आकाश झैं निरन्तर रहँदैन। केवल सर्वशक्तिमान परमेश्वर नै अनन्त र पुनरुत्थान हुने जीवन हुनुहुन्छ, जुन पुस्तौं-पुस्ता, सदाकाल नै चलिरहन्छ! सबै चीज र सबै घटना उहाँकै हातमा छन्, र शैतान उहाँको पाउमुनि छ।

आज, परमेश्वरको पूर्वनिर्धारित चयनद्वारा उहाँले हामीलाई शैतानको पकडबाट छुटकारा दिलाउनुहुन्छ। उहाँ साँच्चै नै हाम्रा उद्धारक हुनुहुन्छ। येशूको अनन्त, पुनरुत्थानित जीवन वास्तवमा नै हामीभित्र समाहित छ, जसले हामीलाई परमेश्वरको जीवनसँग जोडिन प्रेरित गर्दछ, ताकि हामी वास्तवमा नै उहाँको आमने-सामने हुन सकौं, उहाँलाई खान सकौं, उहाँलाई पिउन सकौं, र उहाँमा रमाउन सकौं। यो त्यो निःस्वार्थ बलि हो जुन परमेश्वरले आफ्नो हृदय-रक्तको मूल्य चुकाएर सिर्जित गर्नुभएको हो।

मौसमहरू आउँछन् र जान्छन्, हावा र तुसारो हुँदै अघि बढ्छन्, जीवनका धेरै कष्ट, सतावट र संकष्टहरू, संसारका धेरै अस्वीकृति र आक्षेपहरूको सामना गर्छन्, सरकारबाट धेरै झूटो अभियोगहरू खेप्छन्, तैपनि न परमेश्वरको विश्वासमा न उहाँको संकल्पमा अलिकति नै कमी आउँछ। परमेश्वरको इच्छाप्रति, र परमेश्वरको प्रबन्ध र योजनाप्रति पूर्ण हृदयका साथ समर्पित हुनुभई, तिनलाई पूरा गर्न सकियोस् भनेर, उहाँले आफ्नै जीवनलाई एकातिर पन्छाउनुहुन्छ। बहुविविधतामा रहेका उहाँका मानिसहरूको लागि, उहाँले पीडा सहन कुनै कसर बाँकी नछाडी, तिनीहरूलाई प्रेमिलो तरिकाले खुवाउने र पिलाउने गर्नुहुन्छ। हामी जतिसुकै अज्ञानी भए पनि, वा हामी जतिसुकै कठिन रहे पनि हामी केवल उहाँसामु समर्पित हुनुपर्छ, र ख्रीष्टको पुनरुत्थान भएको जीवनले हाम्रो पुरानो स्वभावलाई बदलिदिनेछ...। उहाँ यी सबै ज्येष्ठ पुत्रहरूका लागि भोक र

आराम भुलेर अथक परिश्रम गर्नुहुन्छ। कति दिन र रात, कति चर्को घाम र कठ्याङ्ग्रिने जाडो हुँदै, उहाँ पूर्ण हृदयले सियोनलाई हेर्नुहुन्छ।

सम्पूर्ण रूपले, खुशीसाथ, स्वेच्छाले परित्याग गरिएको यो संसार, घर, काम र सबै कुरा अनि सांसारिक सुखभोगहरूसँग उहाँको केही लिनु-दिनु छैन...। उहाँको मुखबाट निस्कने वचनहरू हामीभित्र प्रवेश गर्दछ, हाम्रो हृदयहरूभित्र लुकेका कुराहरूलाई उजागर गर्दछ। हामी कसरी विश्वस्त हुन सक्दैनौं? उहाँको मुखबाट निस्कने हरेक वाक्य जुनसुकै समयमा पनि हामीमा सत्य हुन सक्दछ। हामी जे-जे गर्छौं, उहाँको सामुन्नेमा होस् वा उहाँबाट पर लुकाएर होस्, त्यस्तो कुनै कुरा नै छैन जुन उहाँलाई थाहा हुन्न, त्यस्तो कुनै कुरा नै छैन जुन उहाँले बुझ्नुहुन्न। हाम्रा आफ्नै योजना र व्यवस्थाहरूको बावजूद, सबै कुराहरू उहाँको सामुन्ने प्रकट हुनेछन्।

उहाँको सामु बसेर, हाम्रो आत्माभित्र आनन्द महसुस गर्दै, सहज र शान्त रहे पनि, सदैव खालीपन र परमेश्‍वरप्रति वास्तवमै ऋणी भएको महसुस गर्नु: यो एउटा यस्तो रहस्य हो जुन अकल्पनीय र प्राप्त गर्न असम्भव छ। सर्वशक्तिमान परमेश्‍वर नै एकमात्र सच्चा परमेश्‍वर हुनुहुन्छ भन्ने कुरा प्रमाणित गर्न पवित्र आत्मा पर्याप्त हुनुहुन्छ! यो निर्विवाद प्रमाण हो! यो समूहका हामी अत्यन्तै धन्य छौं! यदि परमेश्‍वरको अनुग्रह र कृपा नहुँदो हो त हामी विनाशतिर लम्कन र शैतानलाई पछ्याउन मात्र सक्नेथियौं। केवल सर्वशक्तिमान परमेश्‍वरले नै हामीलाई उद्दार गर्न सक्नुहुन्छ!

हे! सर्वशक्तिमान परमेश्‍वर, व्यावहारिक परमेश्‍वर! यो तपाईं नै हुनुहुन्छ जसले हाम्रो आत्मिक आँखा खोलिदिनुभएको छ, जसबाट हामी यस आत्मिक संसारका रहस्यहरूलाई हेर्न सक्छौं। यस राज्यका सम्भावनाहरू असीम छन्। प्रतीक्षा गर्ने क्रममा हामी सचेत भएर बसौं। त्यो दिन धेरै टाढा हुन सक्दैन।

युद्धको ज्वाला मडारिन्छ, तोपको धुवाँले हावा भरिन्छ, मौसम गरम हुन्छ, जलवायु परिवर्तन हुन्छ, र महामारी फैलनेछ, र मानिसहरू केवल मर्न सक्छन्, बाँच्ने कुनै आशा हुँदैन।

हे! सर्वशक्तिमान परमेश्‍वर, व्यावहारिक परमेश्‍वर! तपाईं हाम्रो अभेद्य किल्ला हुनुहुन्छ। तपाईं हाम्रो शरण हुनुहुन्छ। हामी तपाईंको छत्रछायामा रहन्छौं, र विपत्ति हामीसम्म पुग्न सक्दैन। तपाईंको दिव्य सुरक्षा र रेखदेख यही हो।

हामी सबै हाम्रा आवाजहरू गीतमा उठाउँछौं; हामी स्तुतिमा गाउँछौं, र हाम्रो स्तुतिको आवाज पूरै सियोनभरि गुन्जन्छ! सर्वशक्तिमान परमेश्‍वर, व्यावहारिक परमेश्‍वरले हाम्रो लागि त्यो गौरवशाली गन्तव्य तय गर्नुभएको छ। सचेत रहौं—ओहो, निगरानीमा रहौं! अझै पनि, समय धेरै विलम्ब भएको छैन।

# अध्याय ६

सर्वशक्तिमान् परमेश्वर, सबै थोकका मुखिया हुनुहुन्छ, उहाँले आफ्नो सिंहासनबाट आफ्नो शाही शक्ति चलाउनुहुन्छ। उहाँले ब्रह्माण्ड र सबै थोकमाथि शासन गर्नुहुन्छ, र सारा पृथ्वीमा हामीलाई डोऱ्याउने काममा हुनुहुन्छ। हामी हरेक क्षण उहाँसँग नजिक हुनेछौं, र चुपचाप उहाँको सामु आउनेछौं, एक पल पनि कहिल्यै गुमाउनेछैनौं, र सबै समय हामीसँग सिक्नका लागि पाठहरू हुनेछन्। वरपरको वातावरणदेखि मानिसहरू, घटनाहरू, र विभिन्न वस्तुहरूसम्म सबै थोक, सबै नै उहाँको सिंहासनको अनुमतिद्वारा अस्तित्वमा छन्। कुनै पनि कारणले तिमीहरूको मनमा द्वेष उत्पन्न हुन नदेओ, नत्र परमेश्वरले तिमीहरूमाथि अनुग्रह प्रदान गर्नुहुनेछैन। जब-जब रोग-बिमार आइपर्छन्, यो परमेश्वरको प्रेम हो, र तीभित्र अवश्य नै उहाँका दयालु अभिप्रायहरू लुकेका हुन्छन्। तेरो शरीर अलिकति कष्टबाट भएर जानुपर्ने हुनसक्ने भए तापनि, शैतानका कुनै विचारहरू मनमा नराख्। रोग-बिमारको बीचमा परमेश्वरको प्रशंसा गर् र तेरो प्रशंसाको क्रममा परमेश्वरसँग आनन्द गर्। बिमारीपनको बीचमा निराश नबन्, बारम्बार खोजी गर् अनि हरेस नखा, र परमेश्वरले तँलाई उहाँको ज्योति दिनुहुनेछ। अय्यूबको विश्वास कस्तो थियो? सर्वशक्तिमान् परमेश्वर महाशक्तिशाली वैद्य हुनुहुन्छ! रोग-बिमारमा बास गर्नु भनेको बिरामी हुनु हो, तर आत्मामा जिउनु भनेको निको हुनु हो। जबसम्म तँसँग एक मुठ्ठी सास बाँकी हुन्छ, तबसम्म परमेश्वरले तँलाई मर्न दिनुहुनेछैन।

हामीभित्रै ख्रीष्टको पुनरुत्थान भएको जीवन छ। निस्सन्देह, हामीमा परमेश्वरको उपस्थितिमा विश्वासको कमी हुन्छ: परमेश्वरले हामीभित्र साँचो विश्वास राख्नुहुन्छ। परमेश्वरको वचन साँच्चै मिठो छ! परमेश्वरको वचन शक्तिशाली औषधी हो! यसले दियाबलसहरू र शैतानलाई लज्जित बनाउँछ! परमेश्वरको वचन बुझेमा हामीलाई साथ मिल्छ। उहाँको वचनले हाम्रो हृदयलाई मुक्ति दिन द्रुत गतिमा कार्य गर्छ! यसले सबै थोकको सन्देह मेटाउँछ र सबै थोकलाई शान्ति दिन्छ। विश्वास भनेको एउटै मुढाको पुलजस्तो हुन्छ: दयनीय रूपले जीवनमा अलझिरहेका मानिसहरूलाई त्यो पार गर्न कठिनाइ हुनेछ, तर आफूलाई बलिदान दिन तयार रहेकाहरूले नडगमगाइ र निष्फिक्रीसित त्यसलाई पार गर्न सक्छन्। यदि मानिसले आफ्नो मनमा डरपोक र भयका विचारहरू राख्छ भने शैतानले उनीहरूलाई मूर्ख बनाएको हुन्छ, हामी विश्वासको पुल पार गरी परमेश्वरमा प्रवेश गरौंला भनी त्यो डराएको हुन्छ। शैतानले हामीकहाँ त्यसका विचारहरू पठाउने हरसम्भव कोसिस गरिरहेको हुन्छ। परमेश्वरले हामीलाई उहाँको ज्योतिले उज्यालो पारून् भनी हरक्षण उहाँसँग प्रार्थना गर्नुपर्छ, हामीभित्रबाट शैतानको विष निकाल्नको लागि हामी हरक्षण परमेश्वरमा निर्भर हुनुपर्छ, हाम्रो आत्माभित्र हामीले परमेश्वरको नजिक कसरी आउने भनी हामीले हरपल अभ्यास गर्नुपर्छ, र हामीले परमेश्वरलाई हाम्रो सम्पूर्ण अस्तित्वमाथि प्रभुत्व कायम गर्न दिनुपर्छ।

# अध्याय ७

हाम्रो वरपरका वातावरणहरूको उदयले हामीलाई आत्मामा शरण लिनको लागि वाध्य पारेको छ। पवित्र आत्मा चिन्तित भए नभएको बेवास्ता गर्दै, कठोर हृदयले कार्य नगर, र चतुर बन्ने कोसिस नगर। आत्म-तृप्त र आत्मसन्तुष्ट नबन वा आफ्ना कठिनाइहरूलाई धेरै नबढाओ। गर्नुपर्ने एक मात्र कुरा आत्मा र सत्यतामा परमेश्‍वरको आराधना गर्नु हो। तँ परमेश्‍वरका वचनहरूलाई पछाडि सार्न सक्दैनस् वा तिनीहरूप्रति बहिरो बन्न सक्दैनस्; तैँले तिनीहरूलाई ध्यान दिएर बुझ्नुपर्छ, तैँले प्रार्थना र वचन पाठ गर्ने कार्यलाई दोहोर्याउनुपर्छ, र वचनमा भएको जीवनलाई बुझ्नुपर्छ। तिनीहरूलाई राम्ररी पचाएर बुझ्नका लागि समय नदिई, खाली सरसरती मात्र पढेर, आफूलाई भ्रमित नतुल्याओ। के तँ आफूले गर्ने सबै कुरामा परमेश्‍वरका वचनहरूमाथि भरोसा गर्छस्? बच्चाले जस्तै घमण्डका साथ कुरा गर्ने अनि समस्यामा पर्दा सबै कुराहरू भताभुङ्ग पार्ने काम नगर्। तैँले हरेक दिन हरेक क्षण आफ्नो आत्माको अभ्यास गर्नुपर्दछ; एकछिन पनि खेर नफाल्। तँमा उत्सुक आत्मा हुनुपर्छ। तैँले जस्तोसुकै व्यक्ति, घटना, वा परिस्थितिको सामना गर्नु परे तापनि, यदि तँ परमेश्‍वरका अघि आउँछस् भने तैँले पछ्याउनुपर्ने मार्ग अवश्य प्राप्त गर्नेछस्। तैँले दिनहुँ परमेश्‍वरका वचनहरूलाई खानु र पिउनु पर्दछ, लापरवाही नगरिकन तिनीहरूको अर्थ बुझ्ने प्रयास गर्नुपर्दछ, यसको निम्ति थप कोसिस गर्नुपर्दछ, विषयवस्तुको सूक्ष्म रूपले सार बुझ्नुपर्छ, ताकि परमेश्‍वरको इच्छाको गलत अर्थ नलगाई तैँले सत्यतालाई सही ढङ्ग तथा पूर्ण रूपले बुझी आफूलाई सुसज्जित पार्न सक्। तैँले आफ्नो अनुभवको दायरा फराकिलो पार्नुपर्छ र परमेश्‍वरका वचनहरू अनुभव गर्नमा ध्यान केन्द्रित गर्नुपर्नेछ। अनुभवको माध्यमबाट तँ परमेश्‍वरबारे अझ निश्‍चित हुन सक्नेछस्; अनुभव विना, उहाँको बारेमा निश्‍चित हुन गरिएका दाबी केवल खोक्रो शब्दहरूको एक पोको मात्र हुनेछ। हामी स्पष्ट हुनुपर्दछ! ब्यूँझ! अब सुस्त नबन; यदि तिमीहरूले काम-कुराहरूलाई असावधानीपूर्ण तरिकाले व्यवहार गर्छौ, प्रगतिको लागि प्रयास गर्दैनौ भने तिमीहरू साँच्चिकै अन्धो हौ। तिमीहरूले पवित्र आत्माको कार्यमा ध्यान केन्द्रित गर्नुपर्छ, पवित्र आत्माको आवाजलाई ध्यान दिएर सुन्नुपर्छ, आफ्ना कानहरू परमेश्‍वरका वचनहरूको लागि खोल्नुपर्छ, तिमीहरूसँग बाँकी भएको समयमा रमाउनुपर्छ, र चाहे जेसुकै भए पनि मूल्य चुकाउनुपर्छ। जब तिमीहरूसँग स्टील हुन्छ, यसलाई आवश्यक ठाउँमा प्रयोग गर–बलियो ब्लेड बनाउन प्रयोग गर; जुन कुरा महत्त्वपूर्ण छ त्यसलाई राम्ररी पक्र, र परमेश्‍वरका वचनहरूलाई अभ्यास गर्ने कुरामा ध्यान देओ। यदि तिमीहरूले परमेश्‍वरका वचनहरूलाई छाडेका छौ भने, तिमीहरूले बाहिरी रूपमा जति नै राम्रो काम गरे पनि, त्यो कुनै कामको हुँदैन। केवल मुखले मात्र ठिक्क पार्ने कुरा परमेश्‍वरलाई स्वीकार्य हुँदैन; तिमीहरूको व्यवहार, स्वभाव, आचरण, विश्‍वास, साहस र अन्तर्दृष्टिबाट नै परिवर्तन आउनुपर्छ।

समय नजिकै छ! यस संसारका सबैभन्दा राम्रा चीजहरू पनि नष्ट हुनेछन्। जस्तो सुकै कठिनाइ वा खतराहरूले हामीलाई वशमा पार्न सक्दैन, न त हामी डगमगाउनेछौं, चाहे आकाश नै किन नखसोस्। यस्तो प्रकारको दृढ संकल्प विना तिमीहरू सजिलैसँग एक महान् व्यक्तित्व बन्न

सक्दैनौ। जो कमजोर हृदयका छन् र जो जीवनको सांसारिक मोहमा अल्झिरहन्छन्, तिनीहरू परमेश्वरका सामु उभिन योग्य छैनन्।

सर्वशक्तिमान् परमेश्वर एक व्यावहारिक परमेश्वर हुनुहुन्छ। हामी जतिसुकै अज्ञानी भए तापनि उहाँले हामी माथि दया राख्नुहुनेछ, उहाँका हातहरूले हामीलाई पक्कै मुक्ति दिनुहुनेछ, र उहाँले हामीलाई अझ पूर्ण बनाउनुहुनेछ। जबसम्म हाम्रो हृदयले परमेश्वरलाई साँच्चिकै चाहन्छ, जबसम्म हामीले नजिकबाट उहाँलाई पछ्याउँछौं र निराश हुँदैनौं, र जबसम्म हामी जोडतोडले खोज्छौं, तबसम्म उहाँले हामी कसैलाई पनि कुनै प्रकारको पक्षपातपूर्ण व्यवहार गर्नुहुनेछैन; हामीमा भएको अभावलाई उहाँले अवश्यै पुरा गरिदिनुहुनेछ र हामीलाई सन्तुष्ट पार्नुहुनेछ। यी सबै कुरा सर्वशक्तिमान् परमेश्वरको अनुकम्पा हो।

यदि कोही घिचुवा र अल्छी छ भने उनीहरू खाली पेट भर्नकै लागि मात्र जीवन जिउँछ भने, र सबै कुराप्रति लापरवाह हुन्छन् भने, उनीहरूलाई दुःखकष्टको नोक्सानबाट जोगिन गाह्रो हुन्छ। सर्वशक्तिमान परमेश्वरले सबै चीज र घटनाहरू माथि प्रभुत्व गर्नुहुन्छ। जबसम्म हामी उहाँलाई हरबखत आफ्नो हृदयमा नियाल्छौं र उहाँसँगै आत्मा र सङ्गतिमा प्रवेश गर्दछौं, उहाँले हामीलाई हामीले खोजेका सबै चीजहरू देखाउनु हुनेछ, र उहाँको इच्छा हामीलाई निश्चित रूपमा प्रकट गर्नुहुनेछ। तब हाम्रो हृदय आनन्दित र शान्त हुनेछ, पूर्ण स्पष्टताका साथ स्थिर पनि हुनेछ। उहाँको वचनहरू अनुरूप कार्य गर्न सक्षम हुनु महत्त्वपूर्ण छ। केवल उहाँको इच्छा अनुसार र उहाँको वचनमा निर्भर भई जीवन जिउन सक्षम हुनु वास्तवमै एक साँचो अनुभव हो।

यदि हामी परमेश्वरका वचनहरू बुझ्छौं भने मात्र परमेश्वरको वचनहरू अर्थात् सत्यता हामीमा र हाम्रो जीवनमा प्रवेश गर्न सक्षम हुनेछ। कुनै व्यावहारिक अनुभवविना, तँ कसरी परमेश्वरका वचनहरूको वास्तविकतामा प्रवेश गर्न सक्छस्? यदि तैंले परमेश्वरका वचनहरूलाई आफ्नो जीवनको रूपमा लिन सक्दैनस् भने तेरो स्वभावमा परिवर्तन आउन सक्दैन।

पवित्र आत्माको कार्य जोडतोडका साथ अगाडि बढिरहेको छ! यदि तिमीहरूले ध्यानपूर्वक अनुसरण र प्रशिक्षण वा तालीम प्राप्त गरेनौ भने उहाँ अगाडि बढ्दै जानुहुँदा पवित्र आत्माको गतिसँग निरन्तरता दिन तिमीहरूलाई गाह्रो हुनेछ। छिटो गर र आमूल परिवर्तन ल्याओ, अन्यथा तिमीहरू शैतानको खुट्टाद्वारा कुल्चिइनेछौ र आगो र गन्धकको अतल कुण्डमा पुग्नेछौ, जहाँबाट उम्कने सम्भव छैन। अब जाओ, र सक्दो प्रयास गर, ताकि तिमीहरू त्यागिनदेखि बच्न सक।

## अध्याय ८

राज्यका राजा, सर्वशक्तिमान् परमेश्वरको गवाही दिइएको समयदेखि परमेश्वरको व्यवस्थापनको क्षेत्र सारा ब्रह्माण्डमा त्यसको पूर्णतामा प्रकट भएको छ। परमेश्वरको देखा पराइको गवाही चीन देशमा मात्र दिइएको छैन, तर सर्वशक्तिमान् परमेश्वरको नाउँको गवाही सबै देश र सबै स्थानमा दिइएको छ। तिनीहरू सबैले सम्भव भएको कुनै पनि उपायद्वारा परमेश्वरसित सङ्गति गर्न खोज्दै, परमेश्वरको इच्छा बुझ्दै र मण्डलीमा सामूहिक रूपमा उहाँको सेवा गर्दै यो

पवित्र नाउँ पुकारिरहेका छन्। यो पवित्र आत्माले काम गर्ने अचम्मको तरिका हो।

विभिन्न देशका भाषाहरू एक-अर्काभन्दा फरक छन्, तर आत्मा एउटै हुनुहुन्छ। यो आत्माले सारा ब्रह्माण्डका मण्डलीहरूलाई एकसाथ जोड्नुहुन्छ र परमेश्‍वरसित एक हुनुहुन्छ, जसमा अलिकति पनि भिन्नता छैन। यो शङ्का गर्नै नसकिने कुरा हो। अब पवित्र आत्माले तिनीहरूलाई बोलाउनुहुन्छ, र उहाँको आवाजले तिनीहरूलाई बिउँझाउँछ। यो परमेश्‍वरको कृपाको आवाज हो। तिनीहरू सबैले सर्वशक्तिमान् परमेश्‍वरको पवित्र नाउँ पुकारिरहेका छन्! तिनीहरूले प्रशंसा चढाउँछन् र गाउँछन् पनि। पवित्र आत्माको काममा कहिल्यै कुनै तलमाथि हुन सक्दैन; यी मानिसहरू सही मार्गमा अगाडि बढ्नका लागि कुनै पनि हदसम्म जान्छन्, तिनीहरू पछाडि फर्कँदैनन्, जुन अचम्ममाथि अचम्म छ। यो मानिसहरूले कल्पना गर्न कठिन र अनुमान गर्न असम्भव कुरा हो।

सर्वशक्तिमान् परमेश्‍वर ब्रह्माण्डमा जीवनका राजा हुनुहुन्छ! उहाँ महिमित सिंहासनमा विराजमान हुनुहुन्छ र संसारको न्याय गर्नुहुन्छ, सबैमाथि प्रभुत्व गर्नुहुन्छ, र सबै जातिहरूमाथि शासन गर्नुहुन्छ; सबै मानिसहरू उहाँको सामु घुँडा टेकेर उहाँलाई प्रार्थना गर्छन्, उहाँको नजिक हुन्छन् र उहाँसँग कुराकानी गर्छन्। तिमीहरूले परमेश्‍वरमा विश्‍वास गरेको जति धेरै समय भए पनि, तिमीहरूको कद जति उच्च वा तिमीहरूको वरिष्ठता जति महान् भए पनि, यदि तिमीहरू आफ्नो हृदयमा परमेश्‍वरको विरुद्ध जान्छौ भने, तिमीहरूको न्याय गरिनैपर्छ र तिमीहरू पीडादायी बिन्तीको आवाज निकाल्दै उहाँको अगाडि लम्पसार हुनैपर्छ; तिमीहरूका आफ्नै कार्यहरूको फल कटनी गर्नु भनेको वास्तवमा यही हो। यो विलापको आवाज आगो र गन्धकको कुण्डमा दण्ड पाएको आवाज हो, र यो परमेश्‍वरको फलामको लौरोद्वारा ताडना दिइएको आवाज हो; यो ख्रीष्टको सिंहासनको सामुन्नेको न्याय हो।

कतिपय मानिसहरू डराउँछन्, कतिले दोषी विवेक बोक्छन्, कतिपय सचेत हुन्छन्, कतिपय ध्यान दिएर सुन्छन्, कतिले अत्यन्तै धेरै ग्लानि अनुभूति गर्दै पश्‍चात्ताप गर्छन् र नयाँ सुरुवात गर्छन्, कति पीडाले नराम्ररी बिलौना गर्छन्, कतिले सबै कुरा त्याग्छन् र खोजीमा लागिपर्छन्, कतिपय मानिसहरूले आफैलाई जाँच्छन् र उप्रान्त अनियन्त्रित भई केही काम गर्ने आँट गर्दैनन्, कतिपय तत्काल परमेश्‍वरको नजिक जान खोज्छन्, कतिले तिनीहरूको जीवनले किन प्रगति गर्न सक्दैन भनेर सोध्दै आफ्नै विवेकलाई जाँच्छन्। कति अन्योलमै बस्छन्, कतिले आफ्ना खुट्टाका बन्धनहरूलाई तोड्छन् अनि चाबी लिएर आफ्नो जीवनको हेरचाह गर्न कुनै पनि समय खेर नफाली साहसका साथ अघि बढ्छन्। कतिपय अझै पनि हिचकिचाउँछन् र दर्शनहरूका बारेमा स्पष्ट हुँदैनन्—तिनीहरूले आफ्नो हृदयमा लिने र बोकेर हिँड्ने बोझ वास्तवमा नै गह्रौं हुन्छ।

यदि तेरो मन स्पष्ट छैन भने, पवित्र आत्मासँग तँभित्र काम गर्ने कुनै उपाय छैन। तैँले ध्यान दिने सबै कुरा, तैँले हिँड्ने मार्ग र तेरो हृदयले तृष्णा गर्ने सबै कुरा तेरा धारणा र आत्म-धार्मिकताहरूद्वारा भरिएका छन्! म अधीरताले जल्छु—तिमीहरू चाँडै नै मैले प्रयोग गर्नको लागि योग्य बन्न सक, र मेरो गह्रौं बोझ हल्का हुन सकोस् भनेर तिमीहरूलाई तुरुन्तै पूर्ण बनाइहाल्न सकूँ भन्ने म कति चाहना गर्छु। तर तिमीहरूलाई यस्तो हालतमा देख्दा, मैले चाँडो परिणाम खोजेर हुँदैन भन्ने म बुझ्छु। म त धैर्यताको साथ प्रतीक्षा गर्न, बिस्तारै हिँड्न र तिमीहरूलाई

बिस्तारै सहयोग गर्न र अगुवाइ गर्न मात्रै सक्छु। अँ, तिमीहरूले आफ्नो मन सफा गर्नुपर्छ! केलाई त्याग्ने, तेरा सम्पत्तिहरू के-के हुन्, तेरा घातक कमजोरीहरू के-के हुन्, तेरा बाधाहरू के-के हुन्? यी प्रश्नहरूको बारेमा आफ्नो आत्मामा मनन गर् अनि मसँग सङ्गति गर्। म तिमीहरूको हृदयले मलाई मौनतामा खोजून् भन्ने चाहन्छु; म तिमीहरूको ओठे-सेवा चाहन्नँ। मेरो अघि साँचो रूपमा खोजी गर्नेहरूको हकमा भन्दा, म तँलाई सबै कुरा प्रकट गर्नेछु। मेरो गति शीघ्र हुन्छ; जबसम्म तेरो हृदयले मेरो खोजी गर्छ र तैँले सधैँ पछ्याउँछस्, तबसम्म कुनै पनि समयमा तँलाई प्रेरणाद्वारा मेरो इच्छा जान्न दिइनेछ र तँलाई प्रकट गरिनेछ। प्रतीक्षा गर्नेहरूले भरणपोषण प्राप्त गर्नेछन् र तिनीहरूसँग अघि बढ्ने बाटो हुनेछ। सोच विहीनहरूलाई मेरो हृदय बुझ्न कठिन हुनेछ, र तिनीहरू टुङ्गिहाल्ने बाटोतिर हिँड्नेछन्।

तिमीहरू सबै तुरुन्तै खडा भएर मसँग सहकार्य गर, र एक दिन र एक रात मात्र होइन, सधैँ मेरो नजिक बन भन्ने मेरो इच्छा छ। अघि बढ्ने क्रममा मेरो हातले तिमीहरूलाई सधैँ तान्नुपर्छ र तिमीहरूलाई प्रोत्साहन दिइरहनुपर्छ, तिमीहरूलाई धकेलिरहनुपर्छ, अघि बढ्न उत्साह दिइरहनुपर्छ र तिमीहरूलाई अघि बढ्न अनुरोध गरिरहनुपर्छ! तिमीहरूले मेरो इच्छालाई बुझ्दै बुझ्दैनौ। तिमीहरूका आफ्नै धारणाहरूको अवरोध र सांसारिक जाल-झेलका अवरोधहरू अत्यन्तै गम्भीर छन्, र तिमीहरूले मसँग गहन घनिष्ठता प्राप्त गर्न सक्दैनौ। खुलस्त रूपमा भन्दा, तिमीहरूलाई समस्या पर्दा तिमीहरू मकहाँ आउँछौ, तर तिमीहरूसँग कुनै समस्या नहुँदा, तिमीहरूको हृदय बेचैन हुन्छ। तिमीहरूको हृदय खुल्ला बजार जस्तो बन्छ, र शैतानी स्वभावहरूले भरिएको हुन्छ; त्यो सांसारिक कुराहरूले ओगटिएको हुन्छ र मसँग कसरी सङ्गति गर्ने सो तिमीहरूलाई थाहा हुँदैन। तिमीहरूको बारेमा म कसरी चिन्तित नहुन सक्थेँ र? तर चिन्तित भएर केही हुनेछैन। समयले अत्यन्तै दबाब दिइरहेको छ र काम अत्यन्तै कठिन छ। मेरा पाइलाहरू अघि दौडिरहन्छ; तिमीहरूले आफूसँग भएको सबै कुरालाई दह्रिलो गरी पक्रिनुपर्छ, हरेक क्षण मलाई हेर्नुपर्छ, र मसँग घनिष्ठ रूपले सङ्गति गर्नुपर्छ। त्यसपछि, कुनै पनि क्षणमा मेरो इच्छा तँलाई प्रकट गरिनेछ। जब तिमीहरूले मेरो हृदयलाई बुझ्छौ, तब तिमीहरूसँग अघि बढ्ने बाटो हुनेछ। तिमीहरू उप्रान्त हिचकिचाउनु हुँदैन। मसँग साँचो सङ्गति गर्, र छल गर्ने वा चलाक बन्ने चेष्टा नगर्; त्यो त तिमीहरूले आफैलाई धोका दिइरहेको हुनेछ र त्यो कुरा ख्रीष्टको आसन अघि कुनै पनि बेला प्रकट हुनेछ। शुद्ध सुनलाई आगोमा डढ्ने डर हुँदैन—सत्यता यही नै हो! कुनै सङ्कोच नमान्, र निरुत्साहित वा कमजोर नबन्। आफ्नो आत्मामा सीधै मसँग सङ्गति गर्, धैर्यताको साथ प्रतीक्षा गर्, र म मेरो आफ्नै समयमा निश्चय नै तँलाई प्रकट गरिदिनेछु। तँ पूर्ण रूपमा होसियार बन्नुपर्छ र तँमाथि मैले लगाएको प्रयासलाई खेर जान दिनु हुँदैन; एक क्षण पनि खेर नफाल्। जब तेरो हृदय अटुट रूपमा मसँगको सङ्गतिमा हुन्छ, जब तेरो हृदय अटुट रूपमा मेरो सामने जिउँछ, तब कसैले पनि, कुनै पनि घटनाले, कुनै पनि कुराले, पतिले, छोरा-छोरीले तँलाई तेरो हृदयमा मसँग सङ्गति गर्नबाट बाधा दिन सक्दैन। जब तेरो हृदय अटुट रूपमा पवित्र आत्माको बन्देजमा हुन्छ र जब तैँले हरेक क्षण मसँग सङ्गति गरिरहेको हुन्छस्, तब अवश्य नै तँलाई मेरो इच्छा प्रकट गरिनेछ। तेरो आसपासका कुराहरू वा तैँले सामना गर्ने व्यक्ति, घटना वा थोक जे-जस्तो भए

पनि जब तँ यसरी मेरो नजिक अटुट रूपमा नजिकिरहेको हुन्छस्, तँ भ्रमित हुनेछैनस् तर तँसँग अघि बढ्ने मार्ग हुनेछ।

सामान्य रूपमा, यदि तैँले साना होस् वा ठूला जस्तोसुकै मामलालाई पनि त्यतिकै जान दिँदैनस् भने, यदि तेरो सोचाइ र विचार शुद्ध गरिएको छ बने, र यदि तँ तेरो हृदयमा शान्त छस् भने, जब-जब तैँले कुनै समस्याको सामना गर्छस्, तब तैँले आफूलाई जाँच्ने ऐनाजस्तै, मेरा वचनहरूले तँभित्र तुरुन्तै प्रेरणा दिनेछन्, त्यसपछि तँसँग अघि बढ्ने मार्ग हुनेछ। रोगको लागि औषधि उपयुक्त हुनु भनेको यही हो! अनि त्यो अवस्था अवश्य नै निको हुनेछ–परमेश्‍वरको सर्वशक्तिमान्‌ता यस्तो छ। धार्मिकताको निम्ति भोकाउने र तिर्खाउनेहरू र इमानदारीताको साथ खोजी गर्ने सबैलाई म अवश्य नै ज्योति र अन्तर्दृष्टि दिनेछु। म तिमीहरू सबैलाई आत्मिक संसारका रहस्यहरू र अघि बढ्ने बाटो देखाउनेछु, तिमीहरूलाई जति सक्दो चाँडो तिमीहरूका पुरानो भ्रष्ट स्वभावलाई त्याग्न लगाउनेछु, ताकि तिमीहरूले परिपक्वताको जीवन हासिल गर्न सक र मेरो प्रयोगको निम्ति योग्य बन्न सक्, ताकि सुसमाचारको कार्य कुनै अवरोधविना अघि बढ्न सकोस्। तबमात्र मेरो इच्छा पूरा हुनेछ, तब मात्र परमेश्‍वरको छ हजार वर्षे व्यवस्थापन योजना सबैभन्दा छोटो समयमा पूरा हुनेछ। परमेश्‍वरले राज्य प्राप्त गर्नुहुनेछ र उहाँ पृथ्वीमा ओर्लनुहुनेछ, त्यसपछि एक साथ हामी महिमामा प्रवेश गर्नेछौं!

## अध्याय ९

म तँलाई के स्मरण गराउन चाहन्छु भने मेरा वचनहरूप्रति अलिकति अनिश्‍चितता वा लापरवाही समेत स्वीकार्य हुँदैन; तैँले यसलाई सुन्नुपर्छ र मान्नुपर्छ, र मेरा अभिप्रायहरूअनुसार तैँले अभ्यास गर्नुपर्छ। तँ सधैँ चनाखो हुनुपर्छ, र घमण्डी वा स्व-धर्मी स्वभाव देखाउनु हुँदैन; र तँभित्र बसेको पुरानो, प्राकृतिक स्वभावलाई हटाउनका लागि तँ सधैँ ममा निर्भर रहनुपर्छ। तैँले मेरो अगाडि सधैँ सामान्य स्थिति कायम राख्न सक्षम हुनुपर्छ, र तँमा स्थिर स्वभाव हुनुपर्छ। तेरो सोचाइ शान्त र स्पष्ट हुनुपर्छ, र कुनै पनि व्यक्ति, घटना, वा कुराबाट नियन्त्रित वा प्रभावित हुनुहुँदैन। मेरो उपस्थितिमा तँ सधैँ शान्त रहन सक्नुपर्छ, र मसँग निरन्तर निकटता र सङ्गति कायम राख्नुपर्छ। तैँले शक्ति र स्थिरताको प्रदर्शन गर्नुपर्छ, र तेरो गवाहीमा बलियो भएर उभिनुपर्छ; उठ् र मेरो पक्षमा बोल्, र अरू मानिसहरूले के भन्लान् भनेर नडरा। मात्र मेरा अभिप्रायहरूलाई पूरा गर्, र कसैलाई पनि तँ आफूलाई नियन्त्रण गर्न नदे। मैले तेरो लागि जे खुलासा गर्छु ती मेरो अभिप्रायहरूअनुसार पछ्याइनुपर्छ, र ढिलो गरिनु हुँदैन। तैँले अन्तस्करणमा कस्तो महसुस गर्छस्? तैँले सहज महसुस गरिरहेको छस्, छैनस् र? तैँले बुझ्नेछस्। मेरो बोझलाई विचार गर्दै, तँ किन मेरो निम्ति उठ्न र बोल्न सक्दैनस्? तँ स-साना योजनाहरूमा सहभागी हुन जिद्दी गर्छस्, तर म सबै कुरा स्पष्ट देख्छु। म तेरो टेको र ढाल हुँ, र सबै कुरा मेरो हातमा छ। त्यसोभए, तँ केसँग डराउँछस्? के तँ अति नै संवेगात्मक भइरहेको छैनस् र? तैँले जतिसक्दो चाँडो तेरा सबै संवेगहरूलाई त्याग्नुपर्छ; म संवेगमा काम गर्दिनँ, बरु धार्मिकताको अभ्यास गर्छु।

यदि तेरा आमाबुबाले मण्डलीलाई लाभ पुग्ने गरी केही गर्दैनन् भने, तिनीहरू उम्किन सक्दैनन्। मेरा अभिप्रायहरू तेरो सामु प्रकट भएका छन्, र तैँले तिनीहरूलाई उपेक्षा गर्न सक्दैनस्। बरु, तैँले तेरो सम्पूर्ण ध्यान तिनीहरूमा केन्द्रित गर्नुपर्छ, र पूर्ण हृदयले तिनलाई पछ्याउन सबै कुरालाई पाखा लगाउनुपर्छ। तँलाई म सधैँ मेरा हातहरूमा राख्नेछु। सधैँ कायर बनेर तेरो श्रीमान् वा श्रीमतीको नियन्त्रणमा बस्ने नगर्; तैँले मेरो इच्छालाई लागू गर्न दिनुपर्छ।

विश्वास गर्! विश्वास गर्! म तेरो सर्वशक्तिमान् हुँ। शायद यसमा तेरा केही विचारहरू छन् होला, तर पनि तँ चनाखो हुनैपर्छ। मण्डली, मेरो इच्छा, र मेरा व्यवस्थापनका खातिर, तँ पूर्ण रूपमा समर्पित हुनुपर्छ, र तँलाई सबै रहस्य तथा प्रतिफलहरू स्पष्ट देख्नसक्ने बनाइनेछ। अब थप ढिलाइ हुनेछैन; दिनहरू अन्त्य हुँदैछन्। तैँले के गर्नुपर्छ? तेरो जीवनमा तैँले कसरी हुर्किन र परिपक्व हुन खोज्नुपर्छ? तैँले चाँडै आफूलाई मेरो लागि कसरी उपयोगी बनाउन सक्छस्? तैँले मेरो इच्छालाई अघि बढाउनको लागि कसरी सहयोग गर्न सक्छस्? यी प्रश्नहरूको लागि धेरै सोच र मसँग गहन सङ्गति गर्नुपर्ने आवश्यकता छ। ममाथि भरोसा गर्, मलाई विश्वास गर्, लापरवाही कहिल्यै नबन्, र मेरो मार्गदर्शनअनुरूप काम-कुरालाई अगाडि लान सक्ने बन्। तँ सत्यद्वारा सुसज्जित हुनुपर्छ, र तैँले सत्यतालाई अझै धेरै पटक खानु र पिउनुपर्छ। प्रत्येक सत्यतालाई राम्ररी बुझ्नुअघि त्यसलाई अभ्यास गरिनुपर्छ।

के तँलाई अहिले तँसँग पर्याप्त समय छैन भन्ने लाग्छ? के तँलाई तँ भित्री रूपमा पहिलेभन्दा भिन्न छस्, र तेरो बोझ अहिले धेरै भारी भएको छ भन्ने लाग्छ? मेरा अभिप्रायहरू तँमाथि छन्; तेरो दिमाग स्पष्ट हुनुपर्छ, तीबाट बाहिर जानु हुँदैन, र मसँग सधैँ जोडिरहनुपर्छ। मसँग निकटता कायम राख, मसँग सङ्गति गर, मेरो हृदयप्रति विचारमग्न बन, र अरूसँगको सहकार्यमा सेवा गर्न सक्षम बन, ताकि मेरा अभिप्रायहरू तिमीहरूका लागि सधैँ प्रकट होस्। सधैँ समयमा एकदमै ध्यान दे! एकदम ध्यान! अलिकति पनि शिथिल नबन्; यो तेरो कर्तव्य हो, र मेरो काम यसभित्र बस्छ!

यो समयमा, तैँले थोरै बुझाइ प्राप्त गरेको हुनसक्छस्, र यो निकै अद्भुत रहेछ भनेर महसुस गरेको हुनसक्छस्। विगतमा तँसँग शङ्काहरू रहेको हुनसक्छन्, मानिसका अवधारणा, विचार र सोचहरूभन्दा बिलकुल भिन्न भावना, तर अहिले तैँले आधारभूत रूपमा बुझिसकेको छस्। यो मेरो आश्चर्यजनक कार्य हो, र यो परमेश्वरको पनि आश्चर्यजनक कार्य हो; तँ यसमा अघि बढ्दा नितान्त पूर्ण रूपमा जागेको हुनुपर्छ र पर्खेको हुनुपर्छ। समय मेरो हातमा छ; यसलाई बरबाद नगर्, र एक क्षणको लागि पनि शिथिल नबन्; समयको बरबादीले मेरो काम ढिलो हुन्छ र यसले तँमा मेरो इच्छालाई अवरोध पुर्‍याउँछ। तैँले तेरो सबै कार्य, चाल, सोच, विचार–तेरो परिवार, तेरो श्रीमान्, तेरा छोराछोरीलाई मेरो अगाडि ल्याउनुपर्छ। तेरो अभ्यासमा आफैमाथि भर नपर्, अन्यथा म रिसाउनेछु, र तैँले गुमाउने कुराहरू मूल्यवान् हुनेछन्।

सबै समयमा तैँले आफ्नो कदमहरूलाई नियन्त्रण गर्नुपर्छ, र मेरो वचनहरूभित्र नै निरन्तर रूपमा हिँड्नुपर्छ। तँसँग मेरो बुद्धि हुनुपर्छ। कुनै अप्ठ्यारोको सामना गरिस् भने, मेरो अगाडि आइज, र म तँलाई मार्गनिर्देशन प्रदान गर्नेछु। समस्याको सिर्जना नगर् वा अव्यवस्थित रूपमा सङ्गति नगर्। यदि तेरो जीवनले कुनै पनि लाभ प्राप्त गर्दैन भने, यसको कारण भनेको तँसँग

ज्ञानको कमी भएर र तैँले असल र खराब वचनहरूबीचको भिन्नता छुट्याउन नसकेर हो। तँलाई हानि नहुञ्जेलसम्म, तँ खराब अवस्थामा नहुँदासम्म, र पवित्र आत्मको उपस्थितिविना नभइञ्जेलसम्म, तैँले यो कुरा बोध गर्न सक्दैनस्, र त्यति बेलासम्म, एकदमै ढीला हुनेछ। अहिलेको समयले अत्यन्तै दबाब दिइरहेको छ, त्यसैले तँ जीवनको दौडमा अलिकति पनि रोकिनु हुँदैन; तैँले मेरो पाइलालाई नजिकबाट पछ्याउनुपर्छ। जब कुनै अप्ठ्यारो आउँछ, मसँग नजिकै रहँदै बारम्बार चिन्तनमा सहभागी बन्, र मसँग प्रत्यक्ष रूपमा सङ्गति गर्। यदि तैँले यो मार्गलाई समात्न सकिस् भने, यसले तेरो अगाडिको प्रवेशलाई सहज बनाउनेछ।

मेरा वचनहरू तँप्रति मात्रै लक्षित छैनन्; मण्डलीमा भएका सबै जनामा विभिन्न पक्षहरूको कमी छ। तिमीहरूले अझै बढी सङ्गति गर्नुपर्छ, तिमीहरूको आफ्नै आत्मिक भक्तिको समयमा स्वतन्त्र रूपमा खान र पिउन सक्नुपर्छ, र मुख्य सत्यताहरू बुझ्न र तिनलाई अभ्यासमा तत्कालै उतार्न सक्षम हुनुपर्छ। तैँले मेरा वचनको वास्तविकताको भावना बुझ्नुपर्छ: यसको चुरो कुरा र यसका सिद्धान्तहरूलाई बुझ्, र तेरो पकडलाई खुकुलो नबना। सधैँ चिन्तन गर्, र मसँग सङ्गति गर्, अनि बिस्तारै कुराहरूको खुलासा हुनेछन्। तँ एकैछिनका लागि आएर, र त्यसपछि, तेरो हृदयलाई परमेश्वरको अगाडि शान्त बनाउन नपर्खिकन, तँलाई केही हुने बित्तिकै बाधामा पर्ने गर्नु हुँदैन। तँ कुराहरूको बारेमा सधैँ अन्योलग्रस्त र अस्पष्ट हुन्छस्, र तैँले मेरो अनुहार हेर्न सक्दैनस्; त्यसैले, तैँले मेरो हृदयको स्पष्ट बुझाइ प्राप्त गर्न सक्दैनस्–र तैँले यसलाई अलिकति बुझिस् भने पनि, तँ अनिश्चित र अझै द्विविधामा हुन्छस्। जब तेरो हृदयलाई म पूर्ण रूपमा मेरो अधीनमा ल्याउँछु, र तेरो मन कुनै सांसारिक कुराहरूको बाधामा पर्न छोडेपछि र तैँले स्पष्ट र शान्त मनसहित प्रतिक्षा गर्न सकेपछि, म एकपछि अर्को गर्दै, मेरा अभिप्रयाहरूअनुरूप तिमीहरूका लागि कुराहरू खुलासा गर्नेछु। मेरो निकट आउने यो मार्गलाई तिमीहरूले बुझ्नुपर्छ। तँलाई जसले प्रहार गर्छ वा सराप्छ, वा मानिसहरूले तँलाई जतिसुकै राम्रा कुरा उपलब्ध गराए पनि, यदि ती कुराले तँलाई परमेश्वरको नजिक आउनबाट रोक्छन् भने ती स्वीकार्य हुँदैन। तेरो हृदयलाई मेरो पकडमा रहन दे, र मेरो साथ कहिल्यै नछोड्। यस्तो प्रकारको निकटता र सङ्गतिले, तेरा आमाबाबु, श्रीमान्, बालबच्चा, अन्य पारिवारिक सम्पर्क, र सांसारिक उल्झनहरू बगेर जानेछन्। तैँले आफ्नो हृदयमा लगभग अवर्णनीय मिठासको आनन्द प्राप्त गर्नेछस्, र तैँले महकिलो र स्वादिलो स्वाद चाख्न पाउनेछस्; साथै, तँ मबाट वास्तवमै अविभाज्य हुनेछस्। यदि तिमीहरू यसरी अघि बढिरह्यौ भने, तिमीहरूले मेरो हृदयमा के छ भनेर बुझ्नेछौँ। तिमीहरूले प्रगति गर्दै जाँदा तिमीहरूले तिमीहरूको मार्गलाई कहिल्यै गुमाउनेछैनौ, किनकी म तिमीहरूको मार्ग हुँ, र सबै मेरो कारणले अस्तित्वमा छन्। जब तिमीहरू सांसारिकताबाट मुक्त हुन सक्नेछौ, जब तिमीहरू आफ्ना भावनाहरूलाई त्याग्न सक्नेछौ, जब तिमीहरूले आफ्नो श्रीमान् र बालबच्चालाई छोड्न सक्नेछौ, जब तिमीहरूको जीवन परिपक्व हुनेछ, तब तिमीहरूको जीवन कति परिपक्व हुनेछ ... यी सबै कुराहरू मेरो समयअनुरूप हुनेछन्। व्याकुल हुनुपर्ने आवश्यकता छैन।

तैँले सकारात्मक पक्षबाट प्रवेश लिनुपर्छ। यदि तैँले निष्क्रिय भएर पर्खिस् भने, तँ अझै पनि नकारात्मक नै भइरहेको हुन्छस्। तँ मसँगको सहकार्यमा सक्रिय हुनुपर्छ; परिश्रमी हुनुपर्छ, र

कहिल्यै अल्छी हुनु हुँदैन। सधैँ मसँग सङ्गति गर् र मसँग अझ गहन सामीप्य आर्जन गर्। यदि तैँले बुझिनस् भने, शीघ्र परिणामहरूका लागि अधीर नबन्। म तँलाई बताउनेछैन भन्ने होइन; के हो भने, तँ मेरो उपस्थितिमा हुँदा तँ मप्रति निर्भर रहन्छस् कि रहँदैनस्, र मप्रतिको तेरो निर्भरतामा तँ सुनिश्चित छस् कि छैनस् भनेर हेर्न मात्रै मलाई इच्छा लागेको हो। तँ सधैँ मेरो नजिक रहनुपर्छ, र सबै कुरा मेरो हातमा छोड्नुपर्छ। व्यर्थमा पछाडि नहट्। केही समयका लागि अवचेतन रूपमा तँ मेरो नजिक आएपछि, मेरा अभिप्रायहरू तेरो लागि खुलासा हुनेछन्। यदि तैँले तिनलाई बुझ्न सकिस् भने, तँ वास्तवमै मेरो सम्मुख आउनेछस्, र तैँले मेरा अनुहारलाई वास्तवमै भेट्टाएको हुनेछस्। तँभित्र अझ धेरै स्पष्टता र दृढता हुनेछ, र तँसँग निर्भर हुने केही कुरा हुनेछ। त्यसपछि तँसँग शक्तिका साथै आत्मविश्वास पनि हुनेछ, र तँसँग अगाडि हिँड्ने बाटो हुनेछ। सबै कुराहरू तँकहाँ सजिलै आउनेछन्।

## अध्याय १०

तँ यो र त्यो कुराप्रति डराउनु हुँदैन; तैँले जतिसुकै अप्ठ्यारा र खतराको सामना गर्नुपरे पनि, तँ कुनै पनि बाधाबाट अवरोधमा नपरी मेरो अगाडि स्थिर रहन सक्छस्, ताकि मेरो इच्छा विनारोकटोक पूरा होओस्। यो तेरो कर्तव्य हो; अन्यथा, मेरो क्रोध तँमाथि खनिनेछ, र मेरो हातले म...। त्यसपछि तैँले अन्त्यहीन मानसिक दुःख भोग्नेछस्। तैँले सबै भोग्नुपर्छ; तँसँग भएका सबै कुराहरू मेरो लागि त्याग्न र मलाई पछ्याउनको लागि तैँले गर्नसक्ने सबै कुरा गर्न, र तेरो सबै कुरा अर्पण गर्न तँ तयार हुनुपर्छ। मैले तँलाई जाँच गर्नुपर्ने समय यही हो: के तँ तेरो बफादारी मलाई अर्पण गर्छस्? के यो मार्गको अन्त्यसम्म तँ मलाई निष्ठापूर्वक पछ्याउन सक्छस्? नडरा; तैँले मेरो साथ पाएपछि, यो मार्गलाई कसले छेक्न सक्छ र? यो कुरा याद राख्! यसलाई नबिर्सी! जे घट्छ त्यो सबै मेरो असल अभिप्रायबाट हुन्छ, र सबै कुरा मेरो निगरानीमा छ। ले तैँले बोल्ने र गर्ने सबैमा तैँले मेरो वचनलाई पछ्याउन सक्छस्? जब तँमाथि आगोको परीक्षा आउनेछ, के तैँले घुँडा टेकेर पुकार्नेछस्? कि तँ अगाडि बढ्न नसकेर, पछि हट्नेछस्?

तँभित्र मेरो साहस हुनुपर्छ, र विश्वास नगर्ने आफन्तहरूको सामना गर्नका लागि तँसँग सिद्धान्तहरू हुनुपर्छ। तैपनि, तँ मेरो लागि कुनै पनि अन्धकारको शक्तिप्रति समर्पित हुनु हुँदैन। सिद्ध मार्गमा हिँड्नका लागि मेरो बुद्धिमा भर पर्; शैतानका कुनै पनि षड्यन्त्रलाई प्रभाव पार्न नदे। मेरो अगाडि तेरो हृदय राख्नको लागि तेरो सम्पूर्ण प्रयास लगा, र म तँलाई सान्त्वना दिनेछु र तेरो लागि शान्ति र खुशी ल्याइदिनेछु। अरू मानिसहरूको अगाडि कुनै निश्चित रूपमा खडा हुने प्रयास नगर्; के मलाई सन्तुष्ट बनाउँदा यसले थप महत्त्व र वजन बोक्दैन र? मलाई सन्तुष्ट बनाउँदा, के तँ अनन्त र आजीवन शान्ति र खुशीले थप परिपूर्ण हुनेछैनस् र? तेरो अहिलेको दुःखले तेरो भविष्यको आशीर्वाद कति महान् हुनेछ भन्ने सङ्केत गर्छ; ती अवर्णनीय छन्। तैँले पाउन लागेको आशीर्वादको महान्ता तँलाई थाहा छैन; तैँले यसको बारेमा सपना पनि देख्न सक्दैनस्। आज यो वास्तविक भएको छ; एकदमै धेरै वास्तविक! यो धेरै पर छैन–के तँ यसलाई देख्न

सक्छस्? यसको प्रत्येक अंश मभित्र छ; अगाडिको मार्ग कति उज्यालो छ! आफ्नो आँशु पुछ्, र थप पीडा वा संताप महसुस नगर्! सबै कुराहरू मेरा हातबाट मिलाइएका हुन्छन्, र मेरो लक्ष्य भनेको तिमीहरूलाई चाँडै विजेता बनाउनु हो र तिमीहरूलाई म सँगसँगै महिमामा ल्याउनु हो। तँमाथि आइपर्ने सबै कुराहरूका लागि, तँ तदनुरूप आभारी र प्रशंसाले भरिपूर्ण हुनुपर्छ; यसले मेरो लागि गहन सन्तुष्टि ल्याउनेछ।

येशूको उत्कृष्ट जीवन देखा परिसकेको छ; तैँले डराउनुपर्ने कुरा केही छैन। शैतानहरू हाम्रो पाउमुनि छन्, र तिनीहरूको समय धेरै टिक्नेछैन। बिउँझी! दुराचारको संसारलाई त्याग्; आफूलाई मृत्युको सुरुङबाट मुक्त गर्! जेसुकै भए तापनि मप्रति निष्ठावान बन्, र साहसी भएर अघि बढ्; म तेरो शक्तिको चट्टान हुँ, त्यसैले मप्रति भरोसा राख्!

## अध्याय ११

के म तेरो परमेश्‍वर हुँ? के म तेरो राजा हुँ? के तैँले मलाई तँभित्र साँच्चै शासन गर्न दिएको छस्? तैँले आफैभित्र राम्ररी यो कुराको मनन गनुपर्छ: के नयाँ ज्योति आउँदा तैँले यसलाई अनुसन्धान र अस्वीकार गरेर, यसलाई नपछ्याइकन तैँले रोकिने काम गरिनस् र? यसका लागि, तैँले न्याय भोग्नुपर्छ र तेरो विनाशसम्म झर्नुपर्छ; तँलाई फलामको डन्डीले न्याय र सजाय दिइनेछ, र तैँले पवित्र आत्माको कार्यको अनुभव गर्नेछैनस्। चाँडै नै, तँ आराधनामा चिच्याउँदै रुनेछस् र घुँडा टेक्नेछस्। मैले तिमीहरूलाई सधैँ भनेको छु र म तिमीहरूसँग सधैँ बोलेको छु; मैले तिमीहरूबाट मेरा वचनहरू कहिल्यै रोकेको छैन। पहिलेको कुरा सम्झी: तँलाई कुनै कुरा भन्नका लागि के म कहिल्यै विफल भएको छु? तथापि, केही मानिसहरू यस्ता छन् जो हठी भई गलत तरिकाले काम गरिरहन्छन्। तिनीहरू सूर्यलाई नै ढाक्ने शङ्काहरूको बादलमा हराएका छन्, र तिनीहरूले कहिल्यै ज्योति देख्दैनन्। के यो तिनीहरूको "आत्म" बोध एकदमै बलियो र तिनीहरूको आफ्नै धारणा एकदमै ठूलो भएकाले होइन? कहिलेदेखि तैँले मप्रति कुनै चिन्ता गर्न थालिस्? कहिलेदेखि तेरो हृदयमा मेरो लागि स्थान हुनथाल्यो? जब तँ असफल भएको हुन्छस्, जब तैँले आफूलाई असमर्थ पाउँछस्, र जब तेरा सम्पूर्ण विकल्पहरू सकिन्छन्, तब मात्र तैँले मेरो प्रार्थना गर्छस्। त्यसो भए: अहिले पनि तँ किन आफै काम गर्दैनस्? हे मानव हो! तँलाई बरबाद गर्ने तेरो पुरानो मनुष्यताले नै हो!

कतिपय मानिसहरूले मार्ग भेट्टाउन सक्दैनन्, र तिनीहरूले नयाँ ज्योतिअनुरूप आफ्नो गति कायम राख्न सक्दैनन्। तिनीहरूले आफूले पहिले देखेका कुराहरूका बारेमा मात्रै सङ्गति गर्छन्; तिनीहरूका लागि केही पनि नयाँ हुँदैन। यस्तो किन हुन्छ? तँ आफूभित्र आफै जिउँछस् र तैँले मेरो लागि ढोका बन्द गरेको छस्। पवित्र आत्माको काम गर्ने विधिमा भएको परिवर्तन हेर्दा, तेरो हृदयमा, तँ गलत पो भइन्छ कि भनेर सधैँ सतर्क रहन्छस्। परमेश्‍वरका लागि तेरो सम्मान कहाँ छ? के तैँले यसलाई परमेश्‍वरको उपस्थितिको शान्त अवस्थामा खोजेको छस्? तँ यस्तो विचार मात्रै गर्छस्, "के पवित्र आत्माले साँच्चै त्यसरी नै काम गर्नुहुन्छ?" केही मानिसहरूले देखेको भनेको पवित्र आत्माको कार्य हो, तैपनि यसको बारेमा तिनीहरूसँग भन्ने कुरा अझै हुन्छ; अरूले यो

परमेश्वरको वचन हो भनेर स्वीकार गरेका हुन्छन्, तैपनि तिनीहरूले वचन स्वीकार गरेका हुँदैनन्। तिनीहरू प्रत्येकमा विभिन्न भावनाहरू उठिरहेका हुन्छन्, र तिनीहरूले पवित्र आत्माको कार्यलाई बुझ्दैनन्। तिनीहरू असावधान र लापर्बाही हुन्छन्, र मूल्य चुकाउन र मेरो उपस्थितिमा एकाग्र हुन अनिच्छुक हुन्छन्। पवित्र आत्माले तिनीहरूलाई अन्तर्दृष्टि दिनुभएको हुन्छ, तर सङ्गति गर्न र खोजी गर्न तिनीहरू मेरो अघि आउनेछैनन्। बरु, तिनीहरूले आफूलाई जे मन पर्छ त्यही गर्दै, आफ्नै इच्छाहरूलाई पछ्याउँछन्। यो कस्तो प्रकारको अभिप्राय हो?

## अध्याय १२

यदि वायु र वर्षा झैं यताउता बहिरहने, तेरोअस्थिर स्वभाव छ भने, अनि सम्पूर्ण शक्तिसाथ लगातार अघि बढ्न असमर्थ छस् भने, तब मेरो डन्डा कहिले पनि तँबाट टाढा हुनेछैन। निराकरण गरिदैँ गर्दा, जति बढी परिवेश प्रतिकूल बन्छ अनि तँ जति बढी प्रताडित हुन्छस्, परमेश्वरप्रतिको तेरो प्रेम त्यति बढ्दै जान्छ अनि तँ संसारसँग टाँसिन छोड्नेछस्। अघि बढ्ने अर्को विकल्पविनै तँ मकहाँ आउनेछस् अनि तेरो शक्ति र विश्वास पुन: प्राप्त गर्नेछस्। जे भए तापनि, सहज वातावरणहरूमा, तैँले गडबडी गर्नेछस्। तैँले सकारात्मकताको पक्षबाट प्रवेश गर्नुपर्छ; सक्रिय होऊ, निष्क्रिय होइन। तँ कुनै पनि परिस्थितिहरूमा, कुनै पनि व्यक्ति वा वस्तुबाट अस्थिर हुनुहँदैन अनि तँ कसैको बोलीबाट प्रभावित हुनुहुँदैन। तँसँग स्थिर स्वभाव हुनुपर्द्छ; मानिसहरूले जेसुकै भने तापनि तैँले जे सत्य हो भनी जान्दछस्, त्यसलाई झट्टै व्यवहारमा उतार्नु पर्छ। कामको बेला सधैँ मेरा वचन तेरो मनभित्र हुनुपर्छ, तँ जोसुकैसँग सम्मुखिन हुनुपरे तापनि, मप्रतिको आफ्नो साक्षीमा तँ दृढ हुनुपर्छ अनि मेरा बोझहरूप्रति सोच-विचार राख्नुपर्छ। मानिसहरूको कुरामा अन्धाधुन्ध सहमति दिँदै, आफ्नो धारणा नराखी तँ अलमल्ल हुनुहुदैन, बरु मबाट नआएका ती कुराहरूको निम्ति तँसँग खडा हुने र विरोध गर्ने आँट हुनुपर्छ। यदि कुनै कुरा गलत छ भन्ने तँलाई प्रष्ट थाहा छ, तर पनि तँ चुप लागेर नै बस्छस् भने, तब सत्यलाई अभ्यासमा ल्याउने व्यक्ति तँ होइनस्। यदि केही कुरा गलत छ भन्ने तँजान्दछ, तर उक्त विषयलाई फनक्कै बंग्याउछस् अनि शैतानले रोक्दछ जसले कुनै असर विना बोल्न लगाउँछ अनि अन्तसम्मै दृढ रहन नसक्ने बनाई बाधा सृजना गर्छ भने, तब यसको अर्थ तँ आफ्नो हृदयमा अझै पनि भय बोक्छस् भन्ने बुझिन्छ। त्यसो भए के यो तेरो हृदय अझै शैतानको विचारहरूले भरेको छ भन्ने होइन?

विजेता के हो? आत्मिक रूपमा बलियो बन्न ख्रीष्टका असल सेनाहरू साहसी हुनु र ममा भर पर्नु जरुरी छ; तिनीहरूले योद्धाहरू हुन र शैतानलाई मृत्युसम्मै युद्ध गर्न संग्राम गर्नु पर्छ। तँ सधैँ जागा रहनु पर्छ, अनि यसैकारण मसँग सक्रिय रूपमा प्रत्येक क्षण सहकार्य गर्न अनि मेरो नजिक आउन सिक्नलाई म भन्दछु। यदि, कुनै पनि समयमा र कुनै पनि अवस्थामा, मेरो वक्तव्य सुन्दै अनि मेरा वचनहरू र कामहरूमा ध्यान केन्द्रित गर्दै चुपचाप बस्न सक्छस्भने, तँ बहकिने अनि आफ्नो पकड हराउने छैनस्। मभित्रबाट प्राप्त गरेका कुनै पनि कुरालाई अभ्यास गर्न सकिन्छ। मेरा प्रत्येक वचनहरू तेरो अवस्थातिर निर्देशित छन् अनि तिनीहरूले तिम्रो हृदय छेड्छन्। तैँले

मौखिक रुपमा तिनीहरूलाई इन्कार गर्छस् भने पनि, तेरो हृदयबाट तिनीहरूलाई इन्कार गर्न सक्दैनस्। अझै, यदि तैँले मेरा वचनहरूको विश्लेषण गर्छस् भने, तेरो न्याय हुनेछ। अर्थात्, मेरा वचनहरू सत्य, जीवन अनि बाटो हुन्; तिनीहरू धारिलो, दुइधारे तरवार हुन् अनि तिनीहरूले शैतानलाई हराउनेछन्। जसले मेरा वचनहरू बुझ्छन् अनि व्यवहारमा ल्याउने मार्ग राख्छन्, तिनीहरू धन्यका हुन्, अनि तिनीहरू, जसले यी अभ्यास गर्दैनन्, तिनीहरूको नि:सन्देह् न्याय गरिनेछन्; यो अति ज्यादै व्यवहारिक छ। यी दिनहरूमा, जसको म न्याय गर्दछु, तिनीहरूको परिधि विस्तृत भएको छ; मलाई चिन्नेहरूको मात्र होइन, तर मलाई विश्वास नगर्नेहरू अनि पवित्र आत्माका कार्यहरूलाई प्रतिरोध गर्न र बाधा दिन हरेक प्रकारका प्रयास गर्नेहरूको पनि न्याय गरिनेछन्। मेरा अघि भएका तिनीहरू सबै, जसले मेरा पाइलाहरू पछ्याउँछन्, उनीहरूले परमेश्वर क्रोधाग्नि हुन् भन्ने देख्नेछन्! परमेश्वर प्रताप हुनुहुन्छ! उहाँले आफ्नो न्याय लागु गराउनुहुँदैछ अनि तिनीहरूलाई मृत्युदण्ड दिनुहुँदैछ। पवित्र आत्माका कामलाई पालन गर्न ध्यान नदिने ती काममा बाधा देखावटी गर्ने अनुचित अभिप्रायहरू अनि उद्देश्यहरू हुने परमेश्वरको वचनहरू खान र पिउन कुनै प्रयास नगर्ने मगज-गडबड भएका र शंकालु हुने पवित्र आत्माको काम जाँच गर्ने मण्डलीका मानिसहरू–ती मानिसहरूमा कुनै पनि समय परमेश्वरको न्यायको वचनहरू आउनेछ। मानिसहरूका सबै कार्यहरू प्रकट गरिनेछन्। पवित्र आत्माले मानिसहरूका आन्तरिक हृदयहरूको खोजतलास गर्नुहुन्छ, यसकारण मूर्ख नहो; होशियार र सतर्क बन्। तँ आफैले अन्धाधुन्ध काम नगर्। यदि तेरा कामहरू मेरा वचन अनुसार छैनन् भने, तब तेरो न्याय हुनेछ। यसैले नक्कल गर्नु, विशिष्ट हुनु, वा साच्चैँ नै नबुझ्नु मिल्दैन; तँ म सामु आउनु अनि मसँग बारम्बार सम्पर्कमा रहनु नै पर्छ।

म भित्रबाट तैँले जे पनि लिन्छस् तँलाई अभ्यास गर्ने मार्ग दिइनेछ। तँलाई मेरो सामर्थ्यद्वारा साथ दिइनेछ, मेरो उपस्थिति हुनेछ, अनि सधैँ मेरो वचनहरूमा हिँड्नेछस्; तैँले सबै सांसारिक कुराहरू उछिनेछस् अनि पुनरुत्थानको शक्ति प्राप्त गर्नेछस्। यदि तँमा मेरा वचनहरू छैनन् अनि मेरो उपस्थिति तेरो वचनहरूमा, व्यवहारमा, कामहरूमा छैन भने, र मनको धारणाहरूमा अनि सिद्धान्त तथा नियमहरूमा रहदै, तँ आफै मबाट टाढा भाग्छस् र आफैसँग जिउँछस् भने, तब त्यो तैँले पापहरूमा मन बसालेको प्रमाण हो। अर्को शब्दमा भनौं भने, अरुले तेरो स्वलाई नोक्सान पुर्‍याउन वा तेरो प्राणलाई थोरै भएपनि चोट पुर्‍याउन नदिईकन, तँ आफ्नो पुरानै व्यक्तित्वमा अडिएका छस्। यस्ता काम गर्ने व्यक्तिहरू कमजोर क्षमता भएकाहरू अनि अमिल्दाहरू हुन्छन् अनि तिनीहरूले परमेश्वरको अनुग्रह देख्न वा उहाँको आशिषहरू चिन्न सक्दैनन्। यदि तैँले कुटिलतासाथ व्यवहार गर्न लागिरहयौ भने, तब कहिले तैँले मलाई तिमीभित्र काम गर्न दिनेछस्? मैले बोल्न सिध्याए पश्चात, तैँले सुन्नु त सुनिस्, तर केही पनि हासिल गर्न सकिनस्, अनि जब जब तेरा समस्याहरूलाई यथार्थ रुपमा इंगित गरिन्छ, तब तँविशेष रुपमा कमजोर हुन्छस्। त्यो कस्तो किसिमको कद हो? यदि तँलाई सधै ख़ुशी पार्नुपर्ने हो भने, तँलाई मैले कहिले पूर्ण बनाउन सक्ने त? यदि तँउतारचडाउहरूसँग भयभित हुन्छस् भने, तब अरुहरूलाई चेतावनी दिन तँ निस्किनुपर्छ, "म कसैलाई पनि मसँग निराकरण गर्न दिनेछैन, म आफैले मेरो स्वभाविक, पुरानो

स्वभावबाट छुटकारा प्राप्त गर्न सक्नेछु।" यसरी कसैले पनि तेरो निन्दा गर्न वा तँलाई छुन सक्नेछैन अनि कसैले तेरो वास्ता नगरीकन, तैँले आफ्नो इच्छा अनुसार विश्वास गर्न सक्नेछस्। के यसप्रकार तैँले मेरा पाइलाहरू पछ्याउनसक्छस्? म तेरो परमेश्वर र प्रभू हुँ भन्ने निश्चयतापूर्वक दाबी गर्नु केवल खोक्रो शब्दहरू मात्रै हो। यदि तँ साँच्चैनै शंकाविहीन थियौ भने, यी कुराहरू समस्या हुने थिएन, अनि तँमा परमेश्वरको प्रेम र आशिष आएको छ भन्ने तैँले विश्वास गर्ने थिइस्। जब म बोल्छु, यी मेरा पुत्रहरूका निम्ति हुन् अनि मेरा वचनहरू धन्यवाद र प्रशंसाका साथ ग्रहण गरिनुपर्छ।

## अध्याय १३

तेरा हालको अवस्थामा, तँ अत्याधिक आफ्नै धारणाहरूलाई पक्रन्छस्, र तँ भित्र निकै भयानक धार्मिक अवरोधहरू छन्। तँ आत्मामा क्रिया गर्न असक्षम छस्, तैँले पवित्र आत्माको कामलाई बुझ्न सक्दैनस्, र तैँले नयाँ ज्योतिलाई इन्कार गर्छस्। तैँले दिनको घामलाई देख्न सक्दैनस् किनभने तँ अन्धो छस्, तैँले मानिसहरूलाई चिन्दैनस्, तैँले आफ्ना "आमाबाबु" लाई कहिल्यै छोड्न सक्दैनस्, तँमा आत्मिक विवेकको कमी छ, तैँले पवित्र आत्माको कामलाई पहिचान गर्दैनस्, र तँलाई मेरो वचन कसरी खाने र पिउने त्यस बारेमा केही थाहा छैन। तँ आफैले यसलाई कसरी खाने र पिउने तँलाई थाहा नहुनु एउटा समस्या नै हो। पवित्र आत्माको काम अत्यन्तै द्रुत गतिमा दिन-प्रतिदिन अघि बढ्छ; हरेक दिन नयाँ ज्योति आउँछ, र हरेक दिन नयाँ र ताजा कुराहरू हुन्छन्। तैपनि, तैँले बुझ्दैनस्। बरु, तँलाई अनुसन्धान गर्न मन पर्छ, तैँले आफ्ना व्यक्तिगत रुचिहरूलाई ध्यान दिएर विचार नगरिकन तिनकै नजरबाट कुराहरूलाई हेर्छस्, र तँ बेहोसीमा सुन्छस्। तैँले आत्मामा लगनशीलताको साथ प्रार्थना गर्दैनस्, नत तैँले मलाई हेर्ने वा मेरा वचनहरूलाई अझै बढी मनन गर्ने गर्छस्। तसर्थ, तँसँग अक्षरहरू, नियमहरू, अनि धर्मसिद्धान्तहरू मात्रै छन्। मेरो वचनलाई कसरी खाने र पिउने त्यस बारेमा तँलाई स्पष्ट रूपमा थाहा हुनुपर्छ, र तैँले मेरो वचनलाई मेरो अघि बारम्बार ल्याउनुपर्छ।

आजभोलीका मानिसहरू आफैलाई जान दिन असक्षम छन्; तिनीहरूले सँधै आफू सहि छु भन्ने ठान्छन्। तिनीहरू तिनीहरूका आफ्नै सानो संसारमा अड्किएका छन्, र तिनीहरू सहि प्रकारका व्यक्ति होइनन्। तिनीहरूसँग गलत अभिप्राय र उद्देश्यहरू हुन्छन्, र यदि तिनीहरू यी कुराहरूमा नै लागिरहे भने, तिनीहरूलाई अवश्य नै न्याय गरिनेछन्, र गम्भीर मामिलाहरूमा, तिनीहरूलाई हटाइनेछन्। मसँग निरन्तर सङ्गति कायम राख्नको लागि तैँले अझै बढी प्रयास गर्नुपर्छ, र तँलाई जोसँग मन लाग्छ त्योसँग सङ्गति गर्नको लागि मात्रै होइन। जोसँग तँ सङ्गति गर्छस् ती मानिसहरूलाई तैँले बुझ्नुपर्छ, र तैँले जीवनका आत्मिक कुराहरूका बारेमा नै सङ्गति गर्नुपर्छ; त्यसपछि मात्रै तैँले अरूलाई जीवन आपूर्ति दिन सक्छस् र तिनीहरूको अपर्याप्तताहरूलाई पूर्ति गर्न सक्छस्। तैँले तिनीहरूसँग भाषण दिने शैलीमा बोल्नु हुँदैन; त्यो आधारभूत रूपमा नै गलत स्थिति हो। सङ्गतिमा, तँसँग आत्मिक कुराहरूको समझ हुनुपर्छ, तँमा बुद्धि हुनुपर्छ, र

मानिसहरूको हृदयमा के छ त्यसलाई तैँले बुझ्न सक्षम हुनुपर्छ। यदि तैँले अरूको सेवा गर्नु छ भने, तँ सहि प्रकारको व्यक्ति हुनैपर्छ, र तँसँग भएको सबै कुराद्वारा तैँले सङ्गति गर्नुपर्छ।

अहिलेको लागि महत्त्वपूर्ण कुरा भनेको तैँले मसँग सङ्गति गर्न, मसँग घनिष्ट रूपले कुराकानी गर्न, आफैले खान र पिउन, अनि परमेश्वरको नजिक हुन सक्षम हुनु हो। तैँले आत्मिक कुराहरूलाई जति सक्दो चाँडो बुझ्नुपर्छ र आफ्नो वातावरण र तेरा वरिपरि के बन्दोबस्त गरिएको छ त्यसलाई तैँले स्पष्ट रूपमा बुझ्न सक्नुपर्छ। म को हुँ भनी बुझ्न के तँ सक्षम छस्? तँमा के कमी छ त्यसको आधारमा तैँले खाने र पिउने गर्नु, र मेरो वचनद्वारा जिउनु महत्त्वपूर्ण छ! मेरा हातहरूलाई पहिचान गर् अनि गुनासो नगर्। यदि तँ गुनासो गर्छस् र तोडिएर जान्छस् भने, तैँले परमेश्वरको अनुग्रह प्राप्त गर्ने मौकालाई गुमाउन सक्छस्। मसँग निकट भएर थालनी गर्: तँमा के कमी छ, र तँ कसरी मेरो नजिक आउनु र तैँले मेरो हृदयलाई बुझ्नुपर्छ? मानिसहरू मेरो नजिक आउन कठिन मान्छन्, किनभने तिनीहरूले आफैलाई त्याग्न सक्दैनन्। तिनीहरूका स्वभाव सँधै अस्थिर हुन्छ, लगातार तातो र चीसो भइरहन्छ, र मिठासलाई अलिकति चाख्ने बित्तिकै यी मानिसहरू अभिमानी र आत्म-सन्तुष्ट भइहाल्छन्। कतिपय मानिसहरू अझै बिउँझेका छैनन्; तैँले भन्ने कुराले तँ को होस् त्यस कुरालाई प्रतिनिधित्व गर्छ? यसको कति जति आत्म-प्रतिरक्षा हो, यसको कति जति अरूको अनुकरण हो, र यसको कति जति नियमहरू पछ्याउने काम हो? तैँले पवित्र आत्माको कामलाई बोध गर्न वा बुझ्न नसक्नुको कारण भनेको मेरो नजिक कसरी आउने सो तँलाई थाहा नहुनु हो। बाहिरपट्टि, तैँले आफ्नै र आफ्नो मनको धारणाहरूमा भर परेर अनेक कुराहरूका बारेमा विचार गरिरहेको हुन्छस्; तँ गोप्य रूपमा सानातिना युक्तिहरूको अनुसन्धान गर्छस् र त्यसमा संलग्न हुन्छस्, अनि तैँले तिनलाई खुल्लामा बाहिर समेत ल्याउन सक्दैनस्। तैँले पवित्र आत्माको कामलाई साँचो रूपमा बुझ्दैनस् भन्ने यसले देखाउँछ। यदि कुनै कुरा परमेश्वरबाट आउँदैन भन्ने तँलाई साँच्चिकै थाहा छ भने, खडा भएर यसलाई इन्कार गर्न तँ किन डराउँछस्? मेरो लागि कति जना खडा भएर बोल्न सक्छ? पुरुषार्थ क्षमताको अलिकति भाग पनि तँमा छैन।

वर्तमानमा बन्दोबस्त गरिएको हरेक कुराको उद्‌देश्य भनेको तिमीहरूका आफ्ना जीवनमा वृद्धि हुन सक भनेर तिमीहरूलाई तालिम दिनु, तिमीहरूका आत्मालाई चनाखो र प्रखर बनाउनु, र तिमीहरूका आत्मिक आँखा खोल्नु हो ताकि परमेश्वरबाट के-कस्ता कुराहरू आउँछन् सो तिमीहरूले पहिचान गर्नेछौ। परमेश्वरबाट आउने कुराले तँलाई क्षमता र बोझको साथ सेवा गर्न, र आत्मामा दृढ हुन सक्षम गर्छ। मबाट नआउने सबै कुराहरू रित्तो हुन्छन्; तिनले तँलाई केही पनि दिँदैन, तिनले तेरो आत्मालाई रित्तो बनाउँछ र तँलाई आफ्नो विश्वास गुमाउने तुल्याउँछ, र तँलाई आफ्नै मनको धरापमा पारेर, तेरो र मेरो बीचमा दूरी हालिदिन्छ। जब तँ आत्मामा जिउँछस् तब तँ बाहिरी संसारका सबै कुराहरूभन्दा माथि उछिन्छस्, तर तेरो आफ्नै मनमा जिउनु भनेको शैतानद्वारा लगिनु हो; यो मृतान्त हो। अब यो अत्यन्तै सरल छ: आफ्नो हृदयले मलाई हेर्, अनि तेरो आत्मा तुरुन्तै बलियो हुनेछ। तँसँग अभ्यास गर्ने मार्ग हुनेछ, र म तेरा हरेक पाइलामा अगुवाइ गर्नेछु। हरेक समयमा र हरेक स्थानमा तँलाई मेरो वचन प्रकट गरिनेछ। जहाँ होस् वा

जहिले होस्, वा वातावरण जतिसुकै प्रतिकूल होस्, म तँलाई स्पष्ट रूपमा देख्ने बनाउनेछु, र यदि तैँले आफ्नो हृदयले मलाई हेरिस् भने तेरो निम्ति मेरो हृदयलाई प्रकट गरिनेछ; यसरी, तँ अगाडिको बाटोमा दौडनेछस् अनि आफ्नो बाटोलाई कहिल्यै गुमाउनेछैनस्। कतिपय मानिसहरूले आफ्नो बाटोलाई बाहिरी रूपमा अनुभूति गर्ने प्रयास गर्छन्, तैपनि आफ्ना आत्माद्वारा कहिल्यै त्यसो गर्दैनन्। तिनीहरूले प्रायजसो पवित्र आत्माको कार्यलाई बुझ्न सक्दैनन्। जब तिनीहरू अरूसँग सङ्गति गर्छन्, तिनीहरूले पछ्याउने कुनै बाटो हुँदैन र के गर्ने भन्ने जान्दैनन्, त्यसैले तिनीहरू अझै बढी अन्योलग्रस्त मात्रै बन्छन्। तिनीहरूलाई के कुराले बिरामी बनाउँछ सो यी मानिसहरूलाई थाहा छैन; तिनीहरूसँग धेरै कुराहरू हुन सक्छन् र भित्री रूपमा सम्पन्न रूपमा भरिएका हुन सक्छन्, तर त्यसको कुनै प्रयोग छ र? के तँसँग साँच्चिकै पछ्याउने मार्ग छ? के तँसँग कुनै प्रकाश वा ज्ञान छ? के तँसँग कुनै नयाँ अन्तर्ज्ञानहरू छन्? के तँ अघि बढेको छस् कि पछि हटेको छस्? के तँ नयाँ ज्योतिलाई पछ्याउन सक्छस्? तँसँग कुनै अधीनता छैन; तैँले प्रायजसो उल्लेख गर्ने अधीनता गफ बाहेक केही पनि होइन। के तैँले आज्ञाकारी जीवन जिएको छस्?

मानिसहरूको आत्म-धार्मिकता, प्रसन्नता, आत्मसन्तुष्टि, र अहङ्कारले ल्याएको बाधा कति ठूलो छ? तँ वास्तविकतामा प्रवेश गर्न नसक्दा कसलाई दोष दिने? तँ सहि व्यक्ति होस् कि होइनस् सो देख्नको लागि तैँले आफैलाई होसियारीको साथ जाँच गर्नुपर्छ। के मलाई मनमा राखेर तेरा उद्देश्यहरू र अभिप्रायहरू बनाएका छस्? के तेरा हरेक वचन र कार्यहरू मेरो उपस्थितिमा भनिन्छन् र गरिन्छन्? म तेरा सारा सोचाइ र विचारहरूलाई जाँच्छु। के तँ दोषी अनुभूति गर्दैनस्? अरूलाई देखाउनको लागि तैँले गलत आवरण धारण गर्छस् र तँ चुपचाप आत्म-धार्मिकताको भावलाई धारण गर्छस्; तैँले आफैलाई रक्षा गर्नको लागि यसो गर्छस्। तँ तेरो दुष्टतालाई ढाक-छोप गर्न यसो गर्छस्, र तँ त्यो दुष्टतालाई अरूमा लाद्नको लागि उपायहरू समेत सोच्छस्। तेरो हृदयमा के षड्यन्त्रले बास गर्छ! तैँले भनेका सबै कुराहरूको बारेमा विचार गर्। तैँले शैतानलाई लुकाएर राखिस् र तैँले तेरा दाजुभाइ र दिदीबहिनीहरूबाट तिनीहरूको खाने र पिउने कुरा जबरजस्ती लुटिस्, के त्यो तेरै फाइदाको लागि, तेरो प्राणलाई हानी हुनेछ भनेर डराएको कारणले नै होइन र? आफ्नो लागि तँलाई के भन्नु छ? के शैतानले यस पटक खोसेको खाने र पिउने कुरालाई तैँले अर्को पटक पूर्ति गर्न सक्नेछस् भन्ने तँलाई लाग्छ? तसर्थ, तँ अब यसलाई स्पष्ट रूपमा देख्छस्; के यो तैँले क्षतिपूर्ति दिन सक्ने कुरा हो? के तैँले खेर गएको समयलाई पूर्ति गर्न सक्छस्? विगत केही भेलाहरूमा किन खाने र पिउने काम भएन, र यो समस्या कसले पैदा गऱ्यो त्यसलाई देख्नको लागि तैँले आफैलाई लगनशीलताको साथ जाँच गर्नुपर्छ। जबसम्म यो स्पष्ट हुँदैन तबसम्म तैँले पालैपालो गरी सङगति गर्नुपर्छ। यदि यस्तो व्यक्तिलाई कडाइको साथ काबुमा राखिएन भने, तेरा दाजुभाइ र दिदीबहिनीहरूले बुझ्नेछैनन्, र फेरि यस्तै हुनेछ। तेरो आत्मिक आँखा बन्द छ; तिमीहरूमध्ये धेरै जना अन्धा छौ! यति मात्र होइन, देख्नेहरू पनि यसप्रति लापरवाह छन्। तिनीहरू खडा भएर बोल्दैनन्, अनि तिनीहरू पनि अन्धा नै छन्। देख्ने तर नबोल्नेहरू गूँगा हुन्। यहाँ धेरै जना अपाङ्गहरू छन्।

सत्यता के हो, जीवन के हो, र बाटो के हो भनेर कतिपय मानिसहरूले बुझ्दैनन्, र तिनीहरूले

आत्मालाई बुझ्दैनन्। तिनीहरूले मेरो वचनलाई सूत्रको रूपमा मात्रै लिन्छन्। त्यो अत्यन्तै कठोर छ। साँचो कृतज्ञता र प्रशंसा के हो भन्ने तिनीहरू बुझ्दैनन्। कतिपय मानिसहरू महत्त्वपूर्ण र प्राथमिक कुराहरूलाई बुझ्न असक्षम छन्; बरु, तिनीहरूले द्वितिय कुराहरूलाई मात्रै बुझ्छन्। परमेश्वरको व्यवस्थापनलाई अवरोध गर्नु भनेको के हो? मण्डलीको निर्माणलाई नष्ट गर्नु भनेको के हो? पवित्र आत्माको कामलाई अवरोध गर्नु भनेको के हो? शैतानको दास के हो? यी सत्यताहरूलाई स्पष्ट रूपमा बुझिनैपर्छ, अस्पष्ट रूपमा व्याख्या मात्रै गर्ने होइन। यस पटक के कुराले खाने र पिउने काम नहुने तुल्यायो? कतिपय मानिसहरूले तिनीहरूले आज परमेश्वरलाई उच्च सोरमा प्रशंसा गर्नुपर्छ भन्ने ठान्छन्, तर तिनीहरूले उहाँलाई कसरी प्रशंसा गर्नुपर्छ? के तिनीहरूले भजन गएर अनि नाचेर त्यसो गर्नुपर्छ? के अरू शैलीहरू प्रशंसाको रूपमा गन्ती हुँदैनन्? कतिपय मानिसहरू उल्लसित प्रशंसा नै परमेश्वरलाई प्रशंसा गर्ने तरिका हो भन्ने धारणा लिएर भेलाहरूमा आउँछन्। मानिसहरूसँग यी धारणाहरू छन्, र तिनीहरूले पवित्र आत्माको कामलाई ध्यान दिँदैनन्; यसको अन्तिम परिणामस्वरूप अझै अवरोधहरू आइपर्छन्। यो भेलामा खाने र पिउने काम भएन; तिमीहरू परमेश्वरको भारलाई बुझ्छौ र मण्डलीको गवाहीको प्रतिरक्षा गर्छौ भनी तिमीहरू सबै भन्छौ, तर तिमीहरूमध्ये कसले परमेश्वरको बोझलाई साँच्चै बुझेका छौ? आफैलाई सोध: के तँ उहाँको बोझलाई बुझ्ने व्यक्ति होस्? के तैँले उहाँको निम्ति धार्मिकतालाई अभ्यास गर्न सक्छस्? के तँ मेरो लागि खडा भएर बोल्न सक्छस्? के तँ दृढताको साथ सत्यतालाई अभ्यास गर्न सक्छस्? के तँ शैतानका सारा कार्यहरूको विरुद्धमा लड्न सक्ने जत्तिको साहसी छस्? के तँ आफ्ना भावनाहरूलाई पन्छ्याएर मेरो सत्यताको खातिर शैतानको खुलासा गर्न सक्षम छस्? के तँ मेरा अभिप्रायहरूलाई तँमा पूरा हुन दिन सक्छस्? के तैँले सबैभन्दा महत्त्वपूर्ण पलहरूमा आफ्नो हृदयलाई समर्पण गरेको छस्? के तँ मेरो इच्छा पूरा गर्ने व्यक्ति होस्? आफैलाई यी प्रश्नहरू सोध्, र तिनीहरूको बारेमा बारम्बार सोच्ने गर्। शैतानका उपहारहरू तँभित्र छन्, र त्यसको लागि तँ नै दोषी छस्–किनभने तैँले मानिसहरूलाई बुझ्दैनस्, र तँ शैतानको विषलाई पहिचान गर्न असफल छस्; तैँले आफैलाई मृत्युतर्फ डोर्याउँदैछस्। शैतानले तँलाई पूर्णरूपमा धोका दिएको छ, यति हदसम्म कि तँ पूर्ण रूपमा भ्रमित भएको छस्; तँ छाडापनको मद्यले मातेको छस्, र यता र उता ढल्किँदै स्थिर दृष्टिकोणलाई पक्रिन सक्दैनस्, अनि तेरो अभ्यासको लागि तँसँग कुनै मार्ग छैन। तैँले उचित रूपमा खाने र पिउने गर्दैनस्, तँ उग्र कुटाकुट र झगडामा संलग्न हुन्छस्, गलतबाट सहि छुट्याउन तँलाई आउँदैन, र अगुवाइ गर्ने जो कोहीलाई तँ पछ्याउँछस्। के तँमा कुनै सत्यता छ र? कतिपय मानिसहरूले आफ्नै प्रतिरक्षा गर्छन् र धोकामा संलग्न पनि हुन्छन्। तिनीहरूले अरूसँग सङ्गति गर्छन्, तर त्यसले तिनीहरूलाई मृतान्तमा मात्रै पुऱ्याउँछ। के यी मानिसहरूले आफ्ना अभिप्रायहरू, उद्देश्यहरू, उत्प्रेरणाहरू, र स्रोत मबाट प्राप्त गर्छन्? के तेरा दाजुभाइ र दिदीबहिनीहरूलाई तिनीहरूको खाने र पिउने कुरा तिनीहरूबाट खोसिएको तथ्यप्रति तैँले क्षतिपूर्ति दिन सक्छस् भन्ने तँलाई लाग्छ? सङ्गति गर्नको निम्ति केही मानिसहरू खोज्, अनि तिनीहरूलाई सोध्; तिनीहरू आफैले भनून्: के तिनीहरूलाई कुनै कुरा प्रदान गरिएको छ? अथवा पछ्याउनको निम्ति तिनीहरूलाई कुनै मार्ग नै छोडी नराखी, तिनीहरूका पेट फोहोर

पानी र काम नलाग्ने कुराले भरिएका छन्? के त्यसले मण्डलीलाई नष्ट गर्दैन र? दाजुभाइ र दिदीबहिनीहरूका बीचमा प्रेम कहाँ छ? को सहि छ र को गलत छ भनेर तँ गोप्य रूपमा अनुसन्धान गर्छस्, तर मण्डलीको लागि तैँले किन बोझ उठाउँदैनस्? सामान्यतया, तँ प्रचलित भनाइहरू प्रयोग गरेर चिच्याउन सिपालु छस्, तर जब घटनाहरू वास्तवमा घट्छन्, तिनको बारेमा तँ अनिश्चित हुन्छस्। कतिपय मानिसहरूले बुझ्छन् तर गनगन मात्रै गर्छन्, जबकि कसैले एक शब्द पनि नबोल्दा अरूहरू भने आफूले बुझेको कुरा बोली हाल्छन्। परमेश्‍वरबाट के आउँछ र शैतानको काम के हो सो तिनीहरूलाई थाहा छैन। जीवनको बारेमा तेरा भित्री भावनाहरू कहाँ छन्? तँ पवित्र आत्माको कामलाई बुझ्नै सक्दैनस्, न त यसलाई पहिचान गर्न सक्छस्, अनि नयाँ कुराहरूलाई स्वीकार गर्न तँलाई कठिनाइ हुन्छ। तँ मानिसहरूको धारणाहरूसँग मिल्ने धार्मिक र सांसारिक कुराहरूलाई मात्रै स्वीकार गर्छस्। परिणामस्वरूप, तँ सेखी पूर्वक लड्छस्। कति मानिसहरूले पवित्र आत्माको कामलाई बुझ्न सक्छन्? कति मानिसहरूले मण्डलीको लागि साँच्चै भार उठाएका छन्? के तँ यसलाई बुझ्छस्? भजनहरू गाउनु परमेश्‍वरलाई प्रशंसा गर्ने एउटा तरिका हो, तर परमेश्‍वरलाई प्रशंसा गर्नुको सत्यतालाई तँ स्पष्ट रूपमा बुझ्दैनस्। यसको साथै, उहाँलाई प्रशंसा गर्ने तरिकामा तँ कठोर छस्। के त्यो तँसँग भएको धारणा होइन र? तँ सँधै आफ्नै धारणाहरूमा कठोरताको साथ टाँसिन्छस्, अनि तँ पवित्र आत्माले आज के गर्न लाग्नुभएको कुरामा ध्यान केन्द्रित गर्न असमर्थ छस्, तेरा दाजुभाइ र दिदीबहिनीहरूले के अनुभूति गरिरहेका कुरालाई अनुभूति गर्न असमर्थ छस्, र परमेश्‍वरको इच्छालाई चुपचाप खोज्न असक्षम छस्। तैँले काम-कुराहरूलाई अन्धाधुन्ध गर्छस्; तँ गीतहरू राम्ररी गाउन सक्छस् होला, तर परिणाम भने पूर्ण रूपमा भताभुङ्ग हुन्छ। के त्यो साँच्चै खवाइ र पियाइ हो त? कसले वास्तवमा अवरोधहरू पैदा गरिरहेको छ सो के तँ देख्न सक्छस्? तँ पटक्कै आत्मामा जिउँदैनस्; बरु, तँमा विभिन्न धारणाहरू छन्। कुन हिसाबमा त्यो मण्डलीको लागि भार उठाउनु हो? पवित्र आत्माको काम अहिले झनै तीव्र गतिमा अघि बढिरहेको छ भन्ने तैँले देख्नैपर्छ। त्यसकारण यदि तँ आफ्नै धारणाहरूलाई पक्रिरहन्छस् र पवित्र आत्माको कामलाई इन्कार गरिरहन्छस् भने, के तँ अन्धा होइनस् र? के त्यो झिँगा पर्खालमा ठोक्किँदै यता-उता उडिरहनुजस्तै होइन र? यदि तँ यसरी नै दृढ रहन्छस् भने, तँलाई पन्छ्याइनेछ।

विपत्तिभन्दा पहिले पूर्ण बनाइएकाहरू परमेश्‍वरप्रति समर्पित हुन्छन्। तिनीहरू ख्रीष्टमा निर्भर भएर जिउँछन्, तिनीहरूले उहाँको साक्षी दिन्छन्, र तिनीहरूले उहाँलाई उचाल्छन्। तिनीहरू विजयी पुरुष बालकहरू र ख्रीष्टका असल सिपाहीहरू हुन्। अब तैँले आफैलाई शान्त पार्नु, परमेश्‍वरको नजिक आउनु, र उहाँसँग सङ्गति गर्नु महत्त्वपूर्ण छ। यदि तँ परमेश्‍वरको नजिक आउन असक्षम छस् भने, तँ शैतानद्वारा कब्जा गरिने खतरामा छस्। यदि तँ मेरो नजिक आएर मसँग सङ्गति गर्न सक्छस् भने, तँलाई सबै सत्यताहरू प्रकट गरिनेछ, र तँसँग जिउन र काम गर्नको लागि मापदण्ड हुनेछ। तँ मेरो नजिक छस् त्यसैले, मेरो वचनले तेरो पक्ष कहिल्यै छोड्नेछैन, न त तेरो जीवनभरि तँ कहिल्यै मेरो वचनबाट बाहिर जानेछस्; तँबाट फाइदा लिने कुनै बाटो शैतानसँग हुनेछैन, बरु त्यो लाजमा पर्नेछ र हारेर भाग्नेछ। तँभित्र कमी भएको कुराको लागि यदि तँ बाहिरी

रूपमा हेर्छस् भने, कहिलेकहीँ तैँले यसलाई भेट्टाउन सक्छस्, तर तैँले भेट्टाउने धेरैजसो कुराहरू तँलाई नचाहिने नियमहरू र थोकहरू हुनेछन्। तैँले आफैलाई त्याग्नुपर्छ, मेरा अझ बढी वचनहरूलाई खाने र पिउने गर्नुपर्छ, र तिनलाई कसरी मनन गर्ने सो जान्नुपर्छ। यदि तैँले केही कुरा बुझ्दैनस् भने, बारम्बार मेरो नजिक आइज अनि मसँग सङ्गति गर्; यसरी, तैँले बुझ्ने कुराहरू वास्तविक र साँचो हुनेछन्। तैँले मेरो निकट बनेर यो थालनी गर्नुपर्छ। यो अत्यन्तै महत्त्वपूर्ण छ! अन्यथा, कसरी खाने र पिउने सो तँलाई थाहा हुनेछैन। तैँले आफै खान र पिउन सक्दैनस्; साँच्चै नै, तेरो कद निकै सानो छ।

## अध्याय १४

अहिले, समय वास्तवमै छोटो छ। पवित्र आत्माले हामीलाई परमेश्‍वरका वचनहरूतर्फ डोऱ्याउन विभिन्‍न प्रकारका विधिहरूको प्रयोग गर्नुहुन्छ। तँ सबै सत्यहरूद्वारा सुसज्जित हुनुपर्छ, शुद्ध बन्‍नुपर्छ, र मसँग साँच्चिकै नजिक हुनुपर्छ र मसँग सङ्गत गर्नुपर्छ, र तँलाई कुनै कुरा छान्‍ने र रोज्ने अनुमति दिइनेछैन। पवित्र आत्माको काम भावनारहित हुन्छ, र तँ कस्तो प्रकारको व्यक्ति होस् भनेर परवाह गर्दैन। तँ खोज्न र पछुताउन—बहाना नबनाइ, र तेरो प्राप्ति र नोक्सानका बारेमा बहस नगरी—बरु धार्मिकताको लागि भोक र तिर्खासहित खोज्न इच्छुक छस् भने, म तँलाई अन्तर्दृष्टि दिनेछु। तँ जतिसुकै मूर्ख र अज्ञानी भए पनि, म यी कुरामा ध्यान दिन्‍न। म तैँले सकारात्मक पक्षमा कति मेहनत गर्छस् भनेर हेर्छु। यदि तँ अझै पनि, तेरो सानो संसारमा घुम्दै, आफ्नै धारणामा अझै अडिग हुन्छस् भने, मेरो विचारमा तँ खतरामा छस्...। उठाइ भनेको के हो? त्यागिनुको अर्थ के हो? तँ आज परमेश्‍वरको अगाडि कसरी बाँच्नुपर्छ? तैँले मसँग कसरी सक्रिय भएर सहकार्य गर्नुपर्छ? तेरो आफ्ना धारणाहरूलाई त्यागिदे, आफैलाई चिरफार गर्, तेरो मकुन्डो उतार्, आफ्नो वास्तविक रङ्ग स्पष्टसँग हेर्, आफूलाई घृणा गर्, धार्मिकतालाई भोकाउँदै र तिर्खाउँदै खोज्ने हृदय बना, तेरो मूल्य वास्तवमा केही पनि छैन भनेर विश्‍वास गर्, आफूलाई अर्पण गर्न इच्छुक बन्, काम-कुरा गर्ने तेरा सबै तरिकाहरूलाई रोक्न सक्ने बन्, मेरो अगाडि आफूलाई शान्त बना, अझ धेरै प्रार्थना गर्, गम्भीरताका साथ मप्रति झुक्, मलाई आदर गर्, मप्रति नजिक हुन र मसँग सञ्चार गर्न कहिल्यै नछोड्—यी कुराहरूमा, कुञ्जी भेटिन्छ। मानिसहरू प्रायजसो आफैभित्र जिउँछन्, त्यसैले परमेश्‍वरको अगाडि हुँदैनन्।

पवित्र आत्माको अहिलेको कामका बारेमा कल्पना गर्न मानिसहरूलाई वास्तवमै गाह्रो छ, र यो सबै वास्तविकमा प्रवेश हुन्छ; यसको बारेमा नसोच्नु राम्रो कुरा होइन। यदि तेरो हृदय र मन गलत स्थानमा छन् भने, तँसँग कुनै भावी कार्यदिशा हुनेछैन। सुरुदेखि अन्त्यसम्म, तँ सबै समयमा सतर्क हुनुपर्छ, र लापरवाही भइन्छ कि भनेर सावधान हुने कुरालाई निश्‍चित गर्नुपर्छ। नियमित रूपमा चनाखो हुने र पर्खाइमा रहने अनि मेरो अगाडि शान्त रहनेहरू धन्यका हुन्। आफ्नो हृदयमा सधैँ मलाई आदर गर्ने, मेरो आवाजलाई नजिकबाट सुन्‍न ध्यान दिने, मेरो कार्यहरूमा ध्यान दिने, र मेरा वचनहरूलाई अभ्यास गर्नेहरू धन्यका हुन्! समयले वास्तवमा कुनै

पनि ढिलाइ सहँदैन; तिमीहरू सबैलाई बाढीले निलेजस्तो निल्नका लागि भयङ्कर, खुनी मुख खोल्दै, सबै किसिमका विपत्तिहरू व्यापक रूपमा फैलिनेछन्। मेरा पुत्रहरू! समय आएको छ! विचारमग्न हुनका लागि अब समय छैन। तिमीहरूलाई मेरो सुरक्षामा ल्याउने एक मात्र तरिका भनेको तिमीहरू मेरो अगाडि फर्किनु हो। तँसँग पुरुष-बालकको बलियो चरित्र हुनुपर्छ; कमजोर वा निरुत्साहित नबन्। तिमीहरू मेरो कदमसँगै अघि बढ्नुपर्छ, नयाँ ज्योतिलाई नकार्नु हुँदैन, र, मैले तिमीहरूलाई मेरा वचनहरू कसरी खाने र पिउने भनेर बताउँदै गर्दा, तिमीहरू समर्पित हुनुपर्छ र वचनहरूलाई राम्ररी खानु र पिउनुपर्छ। के मनोमानी रूपमा एक-अर्कासँग झगडा वा विवाद गर्ने समय अझै छ र? के तैँले तेरो भाग खाइनस् र सत्यताले पूर्ण रूपमा सुसज्जित भइनस् भने के तँ युद्ध गर्न सक्छस्? यदि तँ धर्ममाथि विजय प्राप्त गर्न चाहन्छस् भने, तँ सत्यताले पूर्ण रूपमा सुसज्जित हुनुपर्छ। मेरा वचनहरू अझै धेरै खा र पिई, र वचनमा थप विचारमग्न बन्। तैँले स्वतन्त्र भएर मेरा वचनहरू खानु र पिउनुपर्छ, र परमेश्वरको नजिक भएर यो कार्य सुरु गर्नुपर्छ। यो तेरो लागि चेतावनी होस्! तैँले ध्यान दिनैपर्छ! बुद्धिमानीहरू सत्यताप्रति चाँडै जाग्नुपर्छ! तँलाई छुट्टिन मन नभएको कुनै पनि कुरालाई त्यागिदे। म तँलाई फेरि पनि भन्छु, त्यस्ता कुराहरू तेरो जीवनका लागि वास्तवमै हानिकारक छन्, र तिनीहरूबाट कुनै लाभ हुँदैन! म आशा गर्छु तेरो कार्यहरूमा तँ मप्रति निर्भर रहन सक्छस्; अन्यथा, अगाडिको मार्ग भनेको मृत्युको मार्ग हो— त्यसपछि, जीवनको मार्ग खोज्न तँ कहाँ जानेछस्? बाहिरी कुराहरूमा व्यस्त रहन मन पराउने तेरो हृदयलाई निकाल्! अरू मानिसहरूको अवज्ञा गर्ने तेरो हृदयलाई निकाल्! यदि तेरो जीवन परिपक्व बन्न सक्दैन र यदि तँ त्यागिन्छस् भने, के तँ आफैलाई गल्ती गराउने व्यक्ति बन्दैनस् त? पवित्र आत्माको हालको काम तैँले कल्पना गरेको जस्तो छैन। यदि तैँले तेरा धारणाहरूलाई त्याग्न सक्दैनस् भने, तैँले ठूलो नोक्सानी बेहोर्नेछस्। यदि कामहरू मानिसका धारणाहरू अनुसार हुनेथिए भने, के तेरा पुराना प्रकृति र धारणाहरू प्रकट हुन सक्नेथिए? के तैँले आफूलाई चिन्न सक्नेथिइस्? तँ धारणाहरूबाट मुक्त छस् भनेर तँ अझै पनि सोच्छस् होला, तर अबको समयमा तेरो सबै विभिन्न कुरूप पक्षहरू स्पष्ट रूपमा प्रकट हुनेछन्। आफूलाई ध्यानपूर्वक सोध्:

के तँ मप्रति समर्पित हुने व्यक्ति होस्?

के तँ आफूलाई त्यागेर मलाई पछ्याउन इच्छुक र तयार छस्?

के तँ मेरो अनुहारलाई शुद्ध हृदयले खोज्ने व्यक्ति होस्?

के तँलाई मेरो नजिक कसरी आउने र मसँग कसरी सञ्चार गर्ने भन्ने थाहा छ?

के तँ आफूलाई मेरो अगाडि शान्त बनाउन र मेरो इच्छा खोज्न सक्छस्?

के तँ मैले तँलाई प्रकट गरेका वचनहरू अभ्यास गर्न सक्छस्?

के तँ मेरा अगाडि सामान्य अवस्था कायम राख्न सक्छस्?

के तैँले शैतानका धूर्त योजनाहरू देख्न सक्छस्? के तँ तिनीहरूको खुलासा गर्ने हिम्मत गर्छस्?

तँ परमेश्वरको बोझप्रति कति विचारशील छस्?

के तँ परमेश्वरको बोझप्रति विचारशील व्यक्ति होस्?

पवित्र आत्माको कार्यलाई तैँले कसरी बुझेको छस्?

परमेश्वरको परिवारभित्रको समन्वयमा तैँले कसरी सेवा गर्छस्?

मेरो लागि तैँले कसरी बलियो गवाही दिन्छस्?

तैँले सत्यताको लागि कसरी असल लडाइँ लड्छस्?

यी सत्यहरूको बारेमा विचार-विमर्श गर्नका लागि तैँले समय लिनुपर्छ। दिन एकदमै नजिकै छ भन्ने कुरा प्रमाणित गर्नका लागि यी तथ्यहरू पर्याप्त छन्। तँलाई विपत्ति आउनुभन्दा अगाडि नै पूर्ण बनाइनुपर्छ—यो महत्त्वपूर्ण विषय हो, समाधान गर्नुपर्ने निकै आतुर विषय हो! म तिमीहरूलाई पूर्ण बनाउन चाहन्छु, तर तिमीहरू केही मात्रामा अनियन्त्रित छौ भन्ने मैले देखेको छु। तँसँग उत्साह छ, तर पनि तँ त्यसलाई सर्वोत्कृष्ट प्रयोगमा ल्याउँदैनस्, र तैँले सबैभन्दा महत्त्वपूर्ण कुराहरू बुझेको छैनस्; बरु, तैँले बुझेका सबै कुराहरू सानातिना विषय हुन्। यी कुराहरू बुझ्नुको अर्थ के नै छ र? के यो समयको बरबादी होइन र? म तिमीहरूलाई यसरी कृपा देखाउँछु, तर तिमीहरू कुनै पनि सराहना देखाउन विफल हुन्छौ; तिमीहरू एक-अर्कासँग लड्छौ मात्रै—त्यसोभए के मेरा सबै परिश्रमी प्रयासहरू व्यर्थ भएका छैनन् र? यदि तिमीहरू यसरी नै अगाडि बढिरहन्छौ भने, म तिमीहरूलाई मनाउनका लागि समय खर्च गर्नेछैन! म तिमीहरूलाई भन्छु कि तिमीहरू सत्यताप्रति बिउँझँदैनौ भने, तिमीहरूबाट पवित्र आत्माको काम हटाइनेछ! तिमीहरूलाई खानाका लागि थप केही पनि दिइनेछैन, र तिमीहरूले आफूलाई जसरी ठीक लाग्छ त्यसरी विश्वास गर्न सक्नेछौ। मैले मेरा वचनहरू सविस्तार रूपमा बोलिसकेको छु; यी वचनहरूलाई सुन्ने वा नसुन्ने कुरा तिमीहरूकै हातमा छ। तिमीहरू अन्योलग्रस्त, दिशाहीन र ज्योति देख्न नसक्ने समय आउँदा, के तिमीहरूले मलाई दोष लगाउनेछौ? कस्तो अज्ञानता! तिमीहरू आफैप्रति यति दरिलोसँग टाँसिरह्यौ भने, यदि तिमीहरू यसलाई छोड्न मान्दैनौ भने, यसको परिणाम के हुनेछ? के तिमीहरूको कार्य व्यर्थको अभ्यास मात्रै बन्दैन र? विपत्ति आएको बेला पन्छ्याइनु कति दयनीय हुन्छ!

अहिले मण्डलीको निर्माणको महत्त्वपूर्ण चरण हो। यदि तैँले सक्रिय भएर मसँग सहकार्य गर्न र पूर्ण हृदयले आफूलाई मप्रति अर्पण गर्न सक्दैनस् भने, र यदि तैँले सबै कुरा त्याग्न सक्दैनस् भने, तैँले नोक्सानी बेर्होनेछस्। के तैँले अझै पनि अन्य धारणाहरूलाई आश्रय दिनसक्छस्? तिमीहरूले पश्चात्ताप गर्ने र नयाँ सुरुवात गर्ने पर्खाइमा, मैले तिमीहरूलाई यसरी छुट दिएको छु। तैपनि, अब समयले यसो गर्न दिँदैन, र मैले समग्र रूपमा सोच्नैपर्छ। परमेश्वरको व्यवस्थापन योजनाको उद्देश्यका लागि, सबै कुरा अगाडि बढ्दैछन्, र मेरा कदमहरू त्यही दिशामा दिनानुदिन, प्रत्येक घण्टा, प्रत्येक क्षण, अघि बढ्दैछन्—यो गतिलाई पछ्याउन नसक्नेहरू त्यागिनेछन्। प्रत्येक दिन नयाँ ज्योति हुन्छ; प्रत्येक दिन नयाँ कर्महरू गरिन्छन्। प्रत्येक दिन नयाँ कुराहरू उदाउँछन्, र उक्त ज्योति देख्न नसक्नेहरू अन्धा हुन्! नपछ्याउनेहरूलाई हटाइनेछ...।

# अध्याय १५

परमेश्वर देखा पर्ने घटना अघिबाटै सबै मण्डलीहरूमा प्रकट भइसकेको छ। बोल्नुहुने आत्मा नै हुनुहुन्छ; उहाँ प्रचण्ड रूपले फैलिएको आगो हुनुहुन्छ, उहाँले प्रताप धारण गर्नुहुन्छ र न्याय गर्नुहुन्छ। उहाँ मानिसको पुत्र हुनुहुन्छ, उहाँले खट्टासम्म झुण्डिएको वस्त्र लगाउनुभएको छ, उहाँको छाती वरिपरि सुनौलो पेटी बाँधिएको छ। उहाँको टाउको र केश ऊनजस्तो सेता छन्; उहाँका आँखाहरू ज्वालाहरू जस्ता छन्; उहाँका पाउहरू टल्काएका काँसाजस्ता छन्, मानौं ती भट्टीमा खारिएका हुन्, र उहाँको सोर उर्लँदो पानीहरूको आवाजजस्तै छ। उहाँले आफ्नो दाहिने हातमा सातवटा ताराहरू पक्रनुहुन्छ र उहाँको मुखबाट धारिलो दुईधारे तरवार छ, र उहाँको अनुहार जलिरहेको सूर्यजस्तो चम्किरहन्छ!

मानिसको पुत्रलाई देखिएको छ, र परमेश्वर स्वयम्‌लाई खुल्लमखुल्ला प्रकट गरिएको छ। परमेश्वरको महिमा प्रकट भएको छ, जलिरहेको सूर्यजस्तो चम्किरहेको छ! उहाँको महिमित अनुहार चहकिलो प्रकाशले चम्कन्छ; कसको आँखाले उहाँसँग विरोधको व्यवहार गर्ने आँट गर्छ? विरोधले मृत्युमा पुऱ्याउँछ! तैंले आफ्नो हृदयमा सोच्ने, तैंले बोल्ने कुनै शब्द वा तैंले गर्ने कुनै पनि कामका निम्ति रत्तीभर पनि दया देखाइँदैन। तिमीहरूले पाएको कुरा के हो सो तिमीहरूले बुझ्नेछौ र देख्नेछौ–त्यो मेरो न्याय बाहेक अरू केही होइन! जब तिमीहरू मेरा वचनहरू खाने र पिउने कोसिस गर्दैनौ र त्यसको साटो स्वेच्छाले बाधा दिन्छौ र मेरो निर्माणलाई ध्वस्त पार्छौ भने के म त्यसलाई सहन सक्छु? यस्तो व्यक्तिसँग म कोमल व्यवहार गर्नेछैनँ! यदि तेरो व्यवहार अझ बढी गम्भीरतासाथ पतित हुन्छ भने, तँ आगोमा नष्ट हुनेछस्! सर्वशक्तिमान् परमेश्वर आत्मिक शरीरमा प्रकट हुनुहुन्छ, जो शिरदेखि खुट्टाको औँलासम्म मासु वा रगतले अलिकति पनि जोडिएको हुनुहुन्न। उहाँले ब्रह्माण्डको संसारलाई पार गर्नुहुन्छ, तेस्रो स्वर्गमा महिमित सिंहासनमा विराजमान हुनुहुन्छ, र सबै थोकलाई व्यवस्थापन गर्नुहुन्छ! ब्रह्माण्ड र सबै थोक मेरो हातमा छन्। यदि मैले बोलेँ भने, यो त्यस्तै हुनेछ। यदि मैले यो ठहराउँछु भने, यो यस्तै हुनेछ। शैतान मेरो खुट्टामुनि छ; त्यो अतल कुण्डमा छ! जब मेरो आवाज बाहिर निस्कन्छ, स्वर्ग र पृथ्वी बितेर जानेछ र केही पनि रहनेछैन! सबै थोक नयाँ तुल्याइनेछन्; यो एक अपरिवर्तनीय सत्य हो जुन पूर्ण सही छ। मैले संसारलाई, साथै सबै दुष्टहरूलाई पनि जितेको छु। म यहाँ तिमीहरूसँग कुराकानी गर्दै बस्छु, र जसको कान छ उनीहरू सबैले सुन्नुपर्छ र जो जीवित छन् उनीहरूले स्वीकार गर्नुपर्छ।

ती दिनहरू समाप्त हुनेछन्; यस संसारमा भएका सबै थोक समाप्त हुनेछन्, र सबै कुरा नयाँ गरी जन्मनेछन्। यो याद राख! नबिर्सी! कुनै अस्पष्टता हुन सक्दैन! स्वर्ग र पृथ्वी बितेर जानेछ, तर मेरा वचनहरू रहिरहनेछन्! म एकचोटि फेरि तिमीहरूलाई सल्लाह दिन्छु: व्यर्थमा नदगुर! बिउँझ! पश्चात्ताप गर, र मुक्ति नजिकै छ! म पहिले नै तिमीहरूको बीचमा देखा परेको छु, र मेरो आवाज उठेको छ। मेरो आवाज तिमीहरूको अघि उठेको छ; प्रत्येक दिन यसले तेरो सामना गर्छ, तिमीहरूको आमनेसामने हुन्छ, र प्रत्येक दिन ताजा र नयाँ हुन्छ। तैंले मलाई देख्छस् र म तँलाई देख्छु; म तँसँग निरन्तर कुरा गर्छु, र म तेरो आमनेसामने नै छु। तैपनि, तैंले मलाई स्वीकार

गर्दैनस् र मलाई चिन्दैनस्। मेरा भेडाहरूले मेरो आवाज सुन्छन्, तर अझै तिमीहरू हिचकिचाउँछौ! तिमीहरू हिचकिचाउँछौ! तिमीहरूको हृदय बोधो भएको छ, तिमीहरूका आँखाहरूलाई शैतानले अन्धो बनाएको छ, र तिमीहरू मेरो महिमित अनुहार देख्न सक्दैनौ–तिमीहरू कति दयनीय छौ! कस्तो दयनीय!

मेरो सिंहासनको सामनेका सातवटा आत्मालाई पृथ्वीका सबै कुनामा पठाइएका छन् र म मेरो सन्देशवाहकलाई मण्डलीहरूसँग बोल्न पठाउँछु। म धर्मी र विश्वासयोग्य छु; म त्यो परमेश्वर हुँ जसले मानिसको हृदयका अन्तस्करणहरूलाई जाँच गर्दछ। पवित्र आत्माले मण्डलीहरूसँग बोल्नुहुन्छ, र मेरा पुत्रबाट निस्कने मेरा वचनहरू नै हुन्; जसको कान छ तिनीहरूले सुन्नुपर्छ! जो जीवित छन् तिनीहरू सबैले स्वीकार गर्नुपर्छ। केवल तिनलाई खा र पिई, र शङ्का नगर्। जो-जो अधीनमा बस्छन् र मेरा वचनहरू सुन्छन् तिनीहरूले ठूला आशिषहरू पाउनेछन्! जो कसैले गम्भीरतासाथ मेरो मुहारको खोजी गर्छन् तिनीहरूले निश्चय नयाँ प्रकाश, नयाँ ज्ञान र नयाँ अन्तर्दृष्टिहरू प्राप्त गर्नेछन्; सबै ताजा र नयाँ हुनेछन्। मेरा वचनहरू तँकहाँ कुनै पनि समयमा देखा पर्नेछ, र तिनले तेरो आत्माको आँखा खोल्नेछन्, यसरी तैँले आत्मिक क्षेत्रका सबै रहस्यहरू देख्न सक्छस् र परमेश्वरको राज्यलाई मानिसहरूको बीचमा आएको देख्नेछस्। शरण स्थानमा प्रवेश गर्, र सबै अनुग्रह र आशिषहरू तँमाथि आउनेछ; अनिकाल र महामारीले तँलाई छुन सक्नेछैन, र ब्वाँसाहरू, सर्पहरू, बाघहरू र चितुवाहरूले तँलाई हानि गर्न सक्नेछैनन्। तँ मेरो साथमा जानेछस्, मसँग हिँड्नेछस्, र मसँग महिमामा प्रवेश गर्नेछस्!

सर्वशक्तिमान् परमेश्वर! उहाँको महिमित शरीर खुला ठाउँमा देखा पर्दछ, पवित्र आत्मिक शरीर खडा हुन्छ, र उहाँ पूर्ण परमेश्वर स्वयम् हुनुहुन्छ! संसार र देह दुवै परिवर्तन भएको छ, र पर्वतमा परिवर्तन भएको उहाँको रूप परमेश्वरको व्यक्तित्व हो। उहाँले आफ्नो शिरमा सुनको मुकुट लगाउनुहुन्छ, उहाँको वस्त्र शुद्ध सेतो छ, उहाँको छाती वरिपरि सुनौलो पेटी बाँधिएको छ र संसार र सबै थोक उहाँको पाउदान हुन्। उहाँका आँखाहरू आगोको ज्वालाजस्ता छन्, उहाँको मुखमा एउटा धारिलो दुईधारे तरवारजस्तो छ, र उहाँको दाहिने हातमा सातवटा ताराहरू छन्। परमेश्वरको राज्यको बाटो असीमित रूपमा चहकिलो छ, र उहाँको महिमा उठ्छ र चम्किन्छ; पर्वतहरू आनन्दित छन् र समुद्र हाँस्छ, र सूर्य, चन्द्रमा र ताराहरू सबै तिनीहरूका आ-आफ्नो नियमित क्रममा घुम्छन्, अद्‌वितीय, साँचो परमेश्वरको स्वागत गर्दैछन्, जसको विजयी वापसीले उहाँको छ हजार वर्षको व्यवस्थापन योजनाको समापनको वर्णन गर्दछ। सबै उफ्रन्छन् र आनन्दले नाच्छन्! हर्षोल्लास गर्छन्! सर्वशक्तिमान् परमेश्वर आफ्नो महिमित सिंहासनमा विराजमान हुनुहुन्छ! गाओ! सर्वशक्तिमान्को विजयी झन्डा महिमित, भव्य सियोन पर्वतमा उचालिएको छ! सबै जातिहरूले जयजयकार गरिरहेका छन्, सबै मानिसहरू गाउँदैछन्, सियोन पर्वत आनन्दले हाँस्दैछ, र परमेश्वरको महिमा उत्पन्न भएको छ! मैले परमेश्वरको अनुहार देख्नेछु भनी सपनामा पनि सोचेको थिइनँ, तर आज मैले यो देखेको छु। हरेक दिन उहाँसँग आमनेसामने हुन्छु, म उहाँको अगि मेरो हृदय उदाङ्गो पार्छु। उहाँले प्रशस्त खाने र पिउने कुराहरू प्रदान गर्नुहुन्छ। जीवन, वचनहरू, कामहरू, विचारहरू, सोचाइहरू–उहाँको महिमित ज्योतिले ती सबैलाई उज्यालो पार्दछ।

उहाँले बाटोको हरेक कदममा डोऱ्याउनुहुन्छ, र कुनै पनि विद्रोही हृदयमाथि उहाँको दण्ड तुरुन्तै आउँछ।

परमेश्वरको साथमा खाँदै, सँगै बस्दै, र एकसाथ जिउँदै, उहाँको साथमा हुँदै, सँगसँगै हिँड्दै, सँगै रमाइलो गर्दै, सँगसँगै महिमा र आशिष्‌हरू प्राप्त गर्दै, उहाँसँग राजसत्तामा सहभागी हुँदै, र परमेश्वरको राज्यमा सँगसँगै अस्तित्वमा रहँदै–अहो, यो कस्तो सुखद छ! अहो, यो कति मीठो छ! हामी हरेक दिन उहाँसँग आमनेसामने हुन्छौं, उहाँसँग हरेक दिन बोल्छौं र नियमित कुराकानी गर्छौं, र हरेक दिन नयाँ ज्ञान र नयाँ अन्तर्दृष्टि प्राप्त हुन्छ। हाम्रा आत्मिक आँखाहरू खोलिएका छन्, र हामी सबै कुरा देख्छौं; आत्माका सबै रहस्यहरू हामीलाई प्रकट गरिएका छन्। पवित्र जीवन साँच्चै चिन्ता मुक्त हुन्छ; चाँडो-चाँडो दगुर र नरोकिओ, र लगातार अगाडि बढिरहो–अगाडि एउटा अझै अचम्मको जीवन छ। केवल मीठो स्वादमा मात्र सन्तुष्ट नबन; परमेश्वरमा प्रवेश गर्ने निरन्तर कोसिस गरिराख। उहाँ सबैलाई समेट्ने र प्रशस्त हुनुहुन्छ, र हामीसँग नभएका सबै प्रकारका थोकहरू उहाँसँग छन्। सक्रिय रूपमा सहकार्य गर र उहाँमा प्रवेश गर, र कुनै पनि थोक फेरि पहिलेको जस्तो रहनेछैन। हाम्रो जीवन सर्वोत्कृष्ट हुनेछ, र कुनै पनि व्यक्ति, पदार्थ, वा थोकले हामीलाई बाधा दिन सक्नेछैन।

सर्वोत्कृष्ट! सर्वोत्कृष्ट! साँचो रूपमा सर्वोत्कृष्ट! परमेश्वरको सर्वोत्कृष्ट जीवन भित्रै छ, र सबै थोक साँच्चै शान्त छन्। हामी संसार र सांसारिक थोकहरूलाई पार गर्दै, पति वा छोराछोरीसँग बाँधिएको कुनै महसुस गर्दैनौं। हामी बिमारी र वातावरणको नियन्त्रणभन्दा पार पुग्छौं। शैतानले हामीलाई बाधा दिने आँट गर्दैन। हामी सबै विपत्तिहरूलाई पूर्ण रूपमा नाघ्छौं। यसो गर्नु परमेश्वरलाई राजसत्ता लिन दिनु हो। हामी शैतानलाई पैतालामुनि कुल्चन्छौं, मण्डलीका लागि गवाही दिन्छौं र शैतानको कुरूप अनुहारलाई पूर्ण रूपमा पर्दाफास गर्छौं। मण्डलीको निर्माण ख्रीष्टमा हुन्छ, र महिमित शरीर खडा भएको छ–उठाइको समयमा जिउनु भनेको यही हो।

## अध्याय १६

मानिसको पुत्रको गवाहीपछि, सर्वशक्तिमान् परमेश्वरले आफैलाई धार्मिकताको सूर्यको रूपमा सार्वजनिक तवरले हामीकहाँ प्रकट गर्नुभयो। यो डाँडामा भएको रूप परिवर्तन हो! यो अहिले बढ्दो रूपमा वास्तविक हुँदैछ, धेरै वास्तविकता हुँदैछ। पवित्र आत्माले कसरी काम गर्नुहुन्छ भनी हामीले देखेका छौं, अनि परमेश्वर स्वयम् देहबाट उत्पन्न हुनुभएको छ। उहाँ न त मानिस, न त ठाउँ, न त भूगोलको नियन्त्रणमा हुनुहुन्छ; उहाँले पृथ्वी र समुद्रका सीमाहरूलाई उछिन्नुहुन्छ, उहाँ सम्पूर्ण ब्रह्माण्ड र पृथ्वीको अन्त्यसम्म फैलिनुहुन्छ, अनि सबै जातिहरू र सबै मानिसहरूले उहाँको आवाज शान्त भएर सुनिरहेका छन्। हामीले आफ्ना आत्मिक आँखाहरू खोल्ने क्रममा, हामी परमेश्वरको वचन उहाँको महिमित देहबाट उत्पन्न भएको छ भन्ने देख्छौं; यो परमेश्वर स्वयम् देहबाट उत्पन्न हुनु हो। उहाँ वास्तविक र पूर्ण परमेश्वर स्वयम् हुनुहुन्छ। उहाँले हामीसित सार्वजनिक रूपमा बोल्नुहुन्छ, उहाँ हामीसित आमने-सामने हुनुहुन्छ, उहाँले हामीलाई सल्लाह

दिनुहुन्छ, उहाँले हामीलाई टिठ्याउनुहुन्छ, उहाँले हामीलाई पर्खिनुहुन्छ, उहाँले हामीलाई सान्त्वना दिनुहुन्छ, उहाँले हामीलाई अनुशासित तुल्याउनुहुन्छ अनि उहाँले हामीलाई न्याय गर्नुहुन्छ। उहाँले हात समातेर डोर्याउनुहुन्छ अनि हामीप्रतिको उहाँको चासो उहाँभित्र आगो जस्तै दन्कन्छ; उहाँले उत्सुक हृदयले हामीलाई जगाउन र उहाँभित्र प्रवेश गर्न प्रेरित गर्नुहुन्छ। उहाँको सर्वोच्च जीवन हामी सबैभित्र बनिएको छ, अनि उहाँभित्र प्रवेश गर्ने सबैले त्यही सर्वोच्च जीवन हासिल गर्नेछन् र संसार अनि सबै दुष्टहरूमाथि विजय पाउनेछन् अनि उहाँसँगै राजाहरू भएर राज्य गर्नेछन्। सर्वशक्तिमान् परमेश्वर परमेश्वरको आत्मिक शरीर हो। यदि उहाँले यसलाई नियुक्त गर्नुहुन्छ भने त्यो त्यस्तै हुनेछ; यदि उहाँले बोल्नुभयो भने, त्यो त्यस्तै हुनेछ, अनि उहाँले त्यसलाई आज्ञा दिनुभयो भने, त्यो त्यस्तै हुनेछ। उहाँ एउटै साँचो परमेश्वर हुनुहुन्छ! शैतान उहाँको पाउमुनि अतल कुण्डमा छ। ब्रह्माण्ड र सबै थोक उहाँको हातमा छन्; समय आएको छ, अनि सबै कुरा शून्यतामा फर्कनेछन् र नयाँ प्रकारले जन्मनेछन्।

## अध्याय १७

मण्डली निर्माणाधीन अवस्थामा छ, र यसलाई ध्वस्त गर्नको लागि शैतानले सक्दो प्रयास गरिरहेको छ। यसले मेरो निर्माणलाई सम्भावित कुनै पनि माध्यमद्वारा नष्ट गर्न चाहन्छ; यस कारणले गर्दा, मण्डलीलाई तुरुन्तै शुद्ध पारिनुपर्छ। दुष्टताको अलिकति फोहोर पनि बाँकी रहनु हुँदैन; मण्डलीलाई यसरी शुद्ध पारिनुपर्छ कि यो खोटरहित बन्न सकोस् र विगतमा जस्तै शुद्ध रहिरहोस्। तिमीहरू सँधै जागा र पर्खिरहनुपर्छ, र तिमीहरूले मेरो सामु अझै बढी प्रार्थना गर्नुपर्छ। तिमीहरूले शैतानका विभिन्न षड्यन्त्रहरू र धूर्त चलाकीहरूलाई पहिचान गर्नुपर्छ, आत्माहरूलाई चिन्नुपर्छ, मानिसहरूलाई जान्नुपर्छ, र हरेक प्रकारका मानिसहरू, घटनाहरू, र थोकहरूलाई छुट्याउन सक्नुपर्छ; तिमीहरूले मेरो वचनलाई अझै बढी खानु र पिउनु पनि पर्छ र, अझै महत्त्वपूर्ण कुरा के छ भने, तिमीहरूले ती आफै खान र पिउन सक्नुपर्छ। आफैलाई सारा सत्यताले सुसज्जित गर, र मेरो सामने आओ, ताकि म तिमीहरूका आत्मिक आँखा खोल्न सकूँ र तिमीहरूलाई आत्माभित्र भएका सबै रहस्यहरूलाई देख्न सक्ने तुल्याउन सकूँ...। जब मण्डली यसको निर्माणको चरणमा प्रवेश गर्छ, सन्तहरू युद्धमा अघि बढ्छन्। शैतानका विभिन्न घृणित विशेषताहरूलाई तिमीहरूका अघि राखिएका छन्: तिमीहरू रोकिएर पछि फर्कन्छौ कि खडा भएर मप्रति भरोसा गर्दै निरन्तर अघि बढ्छौ? शैतानको भ्रष्ट र कुरूप विशेषताहरूलाई पूर्ण रूपमा खुलासा गर, कुनै पनि भावना बाँकी नराख, र कुनै दया नदेखाओ! मृत्युसम्मै शैतानसँग लडाइँ गर! म तेरो मद्दत हुँ, र तँसँग पुरुषार्थको आत्मा हुनैपर्छ! शैतानले त्यसको अन्तिम मृत्यु वेदनामा आक्रमण गर्दैछ, तर यो अझै पनि मेरो न्यायबाट उम्कन सक्नेछैन। शैतान मेरो खुट्टामुनि छ र तिमीहरूका आफ्नै खुट्टाले पनि यसलाई कुल्चँदै छ–यही नै तथ्य हो!

ती सबै धार्मिक बाधकहरू, र मण्डलीको निर्माण-कार्य भत्काउनेहरूलाई अलिकति पनि सहनशीलता देखाउनेछैन तर तुरुन्तै न्याय गरिनेछ; शैतानलाई खुलासा गरिनेछ, कुल्चीमिल्ची

गरिनेछ, पूर्ण रूपमा नष्ट गरिनेछ, र लुक्ने कुनै ठाउँ छोडिनेछैन। सबै प्रकारका दुष्ट आत्माहरू र भूतहरू मेरै सामने निश्चय नै तिनीहरूका वास्तविक रूप प्रकट गरिनेछ, र म तिनीहरू सबैलाई अतल कुण्डमा फ्याँकिदिनेछु जसबाट तिनीहरू कहिल्यै उम्कनेछैनन्; तिनीहरू सबै हाम्रा खुट्टामुनि हुनेछन्। यदि तिमीहरू सत्यको लागि असल लडाइ लड्न चाहन्छौ भने, सबैभन्दा पहिले, तिमीहरूले शैतानलाई काम गर्ने कुनै मौका दिनु हुँदैन—यस हदसम्म, तिमीहरू एउटै मनका हुनुपर्छ र समन्वयमा काम गर्नुपर्छ, तिमीहरूका आफ्ना धारणाहरू, विचारहरू, दृष्टिकोणहरू, र काम गर्ने शैलीहरूलाई त्याग्नुपर्छ, तिमीहरूको हृदयलाई मभित्र शान्त राख्नुपर्छ, पवित्र आत्माको आवाजमा ध्यान दिनुपर्छ, पवित्र आत्माको काममा ध्यान दिनुपर्छ, र परमेश्‍वरको वचनहरूलाई विस्तृत रूपमा अनुभव गर्नुपर्छ। तिमीहरूको अभिप्राय एउटै मात्र हुनुपर्छ, जुन त्यो मेरो इच्छा पूरा हुनेछ। यस बाहेक तिमीहरूमा अरू कुनै अभिप्राय हुनुहुँदैन। तिमीहरूले मलाई तिमीहरूका सारा हृदयले हेर्नुपर्छ, मेरा कार्यहरू र काम गर्ने मेरो शैलीलाई नजिकबाट नियाल्नुपर्छ, र तिमीहरू बिलकुलै लापरवाही हुनुहुँदैन। तिमीहरूको आत्मा चनाखो हुनुपर्छ, तिमीहरूका आँखा खुला हुनुपर्छ। सामान्यतया, जब तिनीहरूको कुरा आउँछ जसका अभिप्राय र उद्देश्यहरू सहि छैनन्, साथै जो अरूले देखेको मन पराउँछन्, जो काम-कुराहरू गर्न उत्कट इच्छा गर्छन्, जो वाधाहरू पैदा गर्नमा उन्मुख हुन्छन्, जो धार्मिक सिद्धान्तलाई उमार्नमा सिपालु हुन्छन्, जो शैतानका दासहरू हुन्, र इत्यादि—जब यी मानिसहरू खडा हुन्छन्, तिनीहरू मण्डलीका लागि कठिनाइहरू बन्छन्, र यसले गर्दा तिनीहरूका दाजुभाइ र दिदीबहिनीहरूको परमेश्‍वरको वचन खाने र पिउने कामलाई व्यर्थ तुल्याइदिन्छ। जब यस्ता मानिसहरूले नाटक गरिरहेको देख्छौ, तिनीहरूलाई तुरुन्तै निषेध गरिहाल। यदि, बारम्बार उपदेशहरू दिँदा पनि, तिनीहरू परिवर्तन हुँदैनन् भने, तिनीहरूले नोक्सानी बेहोर्नेछन्। यदि जिद्दी भएर आफ्नै बाटोमा लाग्नेहरूले आफ्नै प्रतिरक्षा गर्ने प्रयास गर्छन् र आफ्नो पापलाई ढाक-छोप गर्ने प्रयास गर्छन् भने, मण्डलीले तिनीहरूलाई तुरुन्तै बहिस्कार गर्नुपर्छ र तिनीहरूलाई युक्ति गर्ने कुनै ठाउँ दिनु हुँदैन। थोरैलाई बचाउनको लागि धेरै नगुमाओ; आफ्नो नजरलाई समग्र चित्रमा केन्द्रित गर।

तिमीहरूका आत्मिक आँखा अब खोलिनैपर्छ, र मण्डलीका विभिन्न प्रकारका मानिसहरूलाई पहिचान गर्न सक्नुपर्छ:

कस्तो प्रकारका मानिसहरूले आत्मिक विषयहरूलाई बुझ्छन् र आत्मालाई चिन्छन्?

कस्तो प्रकारका मानिसहरूले आत्मिक विषयहरूलाई बुझ्दैनन्?

कस्तो प्रकारका मानिसहरूमा दुष्ट आत्मा हुन्छ?

कस्तो प्रकारका मानिसहरूमा तिनीहरूमा शैतानको काम हुन्छ?

कस्तो प्रकारका मानिसहरू अवरोधहरू पैदा गर्न उन्मुख हुन्छन्?

कस्तो प्रकारका मानिसहरूमा तिनीहरूमा पवित्र आत्माको काम हुन्छ?

कस्तो प्रकारका मानिसहरूले परमेश्‍वरको बोझलाई बुझ्छन्?

कस्तो प्रकारका मानिसहरूले मेरो इच्छा पूरा गर्न सक्छन्?

मेरा निष्ठावान साक्षीहरू को हुन्?

आजको सबैभन्दा उच्च दर्शन भनेको पवित्र आत्माले मण्डलीहरूमा ल्याउनुहुने अन्तर्दृष्टि नै हो भन्ने जान। यी कुराहरूका बारेमा बेवकुफ नबन; बरु, तिनलाई पुर्ण रूपमा पत्ता लगाउन समय लेऊ–तिमीहरूको जीवनको प्रगतिको लागि यो अत्यन्तै महत्त्वपूर्ण छ! तिमीहरूकै आँखा अगाडिका यी कुराहरूलाई तिमीहरू बुझ्दैनौ भने, तिमीहरू अघिको मार्गमा हिँड्न सक्नेछैनौ; परीक्षाहरू र दासत्वमा पर्ने निरन्तर खतरामा तिमीहरू हुनेछौ, अनि सायद तिमीहरू निलिनेछौ। अहिले गर्नु पर्ने मुख्य कुराहरू भनेका तिमीहरूका हृदयमा मेरो नजिक आउन र मसँग अझै बढी कुराकानी गर्नमा ध्यान केन्द्रित गर्नु हो। त्यस किसिमको घनिष्ठता र कुराकानीले तँमा जे कमी छ वा तँ जे खोज्छस् त्यसलाई तँमा पूर्ण तुल्याउनेछ। तेरो जीवनको लागि अवश्य नै जुटाइनेछ, अनि तँसँग नयाँ अन्तर्दृष्टि हुनेछ। तँ विगतमा कति अज्ञानी थिइस् त्यसलाई म कहिल्यै हेर्नेछैन, न त तिमीहरूको विगतका अपराधहरूलाई नै मेरो मनमा राखिरहनेछु। तैँले मलाई कसरी प्रेम गर्छस् म त्यसलाई हेर्छु: के तैँले अरू कुनै पनि कुरालाई जति प्रेम गर्छस् त्योभन्दा बढी मलाई प्रेम गर्न सक्छस्? तँ पछि फर्कन्छस् कि फर्कँदैनस् र तेरा अज्ञानताहरूलाई हटाउनका लागि ममा भर पर्छस् कि पर्दैनस् भनेर म हेर्छु। कतिपय मानिसहरूले मेरो विरोध गर्छन्, खुलेआम मलाई चुनौती दिन्छन्, अनि अरूलाई न्याय गर्छन्; तिनीहरूलाई मेरा वचनहरू थाहा छैन, र तिनीहरूले मेरो अनुहारलाई भेट्टाउने सम्भावना झनै कम छ। मेरो अगाडिका सबै जसले मलाई इमानदारीताका साथ खोज्छन्, जोसँग धार्मिकताको निम्ति भोकाउने र तिर्खाउने हृदय छ–म तँलाई अन्तर्दृष्टि दिनेछु, तेरो निम्ति प्रकट गर्नेछु, तेरो आफ्नै आँखाले मलाई हेर्न र मेरो इच्छालाई व्यक्तिगत रूपमै बुझ्न दिनेछु; मेरो हृदय तेरो निम्ति अवश्य नै प्रकट गरिनेछ, ताकि तैँले बुझ्न सक्। मैले मेरो वचनहरूअनुसार तँभित्र अन्तर्दृष्टि दिएको कुरालाई तैँले अभ्यास गर्नैपर्छ; अन्यथा, तँलाई न्याय गरिनेछ। मेरो इच्छालाई पछ्याओ, अनि तिमीहरूले आफ्नो बाटोलाई गुमाउनेछैनौ।

मेरा वचनहरू, अनुग्रह र आशिषहरूमा प्रवेश गर्न खोज्नेहरू सबैलाई दुई गुना दिइनेछ, तिनीहरूले हरेक दिन नयाँ अन्तर्दृष्टि र अन्तर्ज्ञान पाउनेछन्, र दैनिक रूपमा मेरा वचनहरू खाने र पिउने क्रममा तिनीहरूले ताजा महसुस गर्नेछन्। तिनीहरूले तिनीहरूका आफ्नै मुखले ती चाख्नेछन्: यो कति मीठो छ! ... जब तिमीहरूले केही अन्तर्दृष्टि र मिठासको स्वाद पाएका हुनेछौ, तिमीहरू होशियार हुनुपर्छ, र सन्तुष्ट हुनुहुँदैन; मुख्य कुरा भनेको खोज्दै अघि जान जारी राख्नु हो! पवित्र आत्माको काम साँच्चै अचम्मको र वास्तविक छ भन्ने कतिपय मानिसहरूले विचार गर्छन्–यो अवश्य नै सर्वशक्तिमान् परमेश्‍वरको व्यक्तित्व खुला रूपमा प्रकट भएको हो, र अगाडि अझै ठूला-ठूला चिन्हहरू र आश्‍चर्यका कामहरू हुनेछन्। सँधै होशियार रहो र जागा रहो, आफ्नो आँखालाई स्रोतमा नै केन्द्रित गर, मेरो अघि शान्त रहो, ध्यान देओ अनि होशियार साथ सुन, र मेरा वचनहरूप्रति निश्‍चित बन। कुनै पनि अस्पष्टता हुन सक्दैन; यदि तिमीहरूले शङ्का गर्‍यौ भने, तिमीहरूलाई ढोका बाहिर फ्याँकिनेछ भन्ने मलाई डर छ। स्पष्ट दर्शनहरू लेऊ, ठोस धरातलमा खडा होओ, जीवनको यो प्रवाहलाई पछ्याओ, र यो जता बहन्छ यसलाई नजिकबाट पछ्याओ; तिमीहरूले पूर्ण रूपले कुनै पनि मानवीय हिचकिचाहटलाई आन्तरिककरण गर्नुहुँदैन। खाओ, पिओ, अनि प्रशंसा गर; चोखो हृदयले खोज, अनि कहिल्यै हरेस नखाओ। तिमीहरूले जे बुझ्दैनौ त्यसलाई

बारम्बार मेरो सामने ल्याओ, र तिमीहरूले कुनै पनि शङ्का नबोक्ने निश्चित गर, ताकि तिमीहरूले ठूलो घाटाको सामना गर्न नपरोस्। लागि रहो! लागि रहो! नजिक बस! आफ्ना बाधाहरूबाट आफैलाई मुक्त गर, अनि भ्रष्ट नहोओ। अघि बढ र पूर्ण हृदयले खोजी गर, अनि पछि नहट। तैँले आफ्नो हृदयलाई सँधै अर्पण गर्नुपर्छ र एक क्षण पनि छुटाउनु हुँदैन। पवित्र आत्मासँग उहाँले निरन्तर गर्नुपर्ने नयाँ काम हुन्छ, उहाँले हरेक दिन नयाँ काम गर्नुहुन्छ, र हरेक दिन उहाँसँग नयाँ अन्तर्दृष्टिहरू पनि हुन्छन्; पर्वतमा भएको रूप परिवर्तनको घटना, परमेश्‍वरको पवित्र शरीर देखा परेको छ! धार्मिकताको सूर्यले ज्योति छर्छ र चम्कन्छ; तपाईंको महिमित मुहारलाई सारा राष्ट्रहरू र सारा मानिसहरूले देखेका छन्। मेरो सामने आउने सबैमा मेरो ज्योति चम्कनेछ। मेरा वचनहरू तिमीहरूलाई अघि डोर्‍याउने ज्योति हुन्। तिमीहरू हिँड्ने क्रममा देब्रे वा दाहिनेतिर लाग्नेछैनौ, तर मेरो ज्योतिभित्रै हिँड्नेछौ, अनि तिमीहरूको दौड व्यर्थको परिश्रम हुनेछैन। तिमीहरूले पवित्र आत्माको कामलाई स्पष्ट रूपमा देख्नैपर्छ; मेरो इच्छा यही भित्र छ। सबै रहस्यहरूलाई लुकाइएको छ, तर ती बिस्तारै तँलाई प्रकट गरिनेछ। सँधै मेरो वचनहरूलाई आफ्नो मनमा राख्, र मसँग थप कुराकानी गर्न मेरो सामने आइज। पवित्र आत्माको काम अघि बढ्छ। मेरा पाइलाहरूमा हिँड्; ठूला-ठूला आश्‍चर्यकर्महरू अगाडि छन्, र यिनलाई एक-एक गरी तेरो निम्ति प्रकट गरिनेछ। ध्यान दिने, प्रतीक्षा गर्ने, र जागा रहनेहरूले मात्रै ती देख्नेछन्। सुस्त नहोओ। परमेश्‍वरको व्यवस्थापन योजना यसको अन्तिम चरणमा पुग्न लागेको छ; मण्डलीको निर्माण सफल हुनेछ, विजयीहरूको सङ्ख्या पहिले नै तय गरिएको छ, विजयी पुरुष बालक निर्माण गरिनेछ, र तिनीहरू मसँग राज्यमा प्रवेश गर्नेछन्, मसँग राजसत्ता लिनेछन्, फलामको राजदण्डले सारा राष्ट्रहरूलाई शासन गर्नेछन् र सँगै महिमामा हुनेछन्!

## अध्याय १८

मण्डली निर्माण गर्नु साँच्चिकै सजिलो कुरा गर्नु होइन! मैले मेरो सारा हृदय यसको निर्माणमा लगाउँछु अनि शैतानले यसलाई भत्काउन त्यसको शक्तिमा भएको सबै कुरा गर्छ। यदि तँ निर्माण हुन चाहन्छस् भने, तँ दर्शन भएको व्यक्ति हुनैपर्छ; तँ ममाथि भर परेर जिउनैपर्छ, ख्रीष्टको गवाही हुनैपर्छ, उहाँलाई ठूलो आदर गर्नैपर्छ अनि मप्रति वफादार हुनैपर्छ। तैँले बहानाहरू बनाउनु हुँदैन; बरु तैँले निःशर्त आज्ञा मान्नुपर्छ। तैँले कुनै पनि परीक्षाहरू सहनैपर्छ र मबाट आउने सबै कुरालाई स्वीकार गनैपर्छ। पवित्र आत्माले तँलाई जसरी डोर्‍याउनु भए तापनि तैँले उहाँलाई पछ्याउनैपर्छ। तँसित एउटा उत्सुक आत्मा र कामकुरालाई छुट्ट्याउने क्षमता हुनैपर्छ। तैँले मानिसहरूलाई बुझ्नैपर्छ, अनि तिनीहरूलाई अन्धो भएर पछ्याउनु हुँदैन; तेरा आत्मिक आँखाहरू उज्ज्वल राख्, अनि सबै कुराहरूको सम्पूर्ण ज्ञान हासिल गर्। मेरो जस्तै मन भएका मानिसहरू मेरो गवाही भएर खडा हुनैपर्छ अनि शैतानको विरुद्‌धमा निर्णायक युद्‌ध लड्नैपर्छ। तिमीहरू दुवै निर्माण हुने कार्य र युद्‌धमा भाग लिनुपर्छ। म तिमीहरूको माझमा छु; म तिमीहरूलाई आड दिन्छु, अनि म तिमीहरूको शरणस्थान हुँ।

तिमीहरूले गर्नैपर्ने पहिलो कुराहरू भनेको आफैलाई शुद्ध गर्नु, परिवर्तित मानिस बनाउनु अनि स्थिर मिजासको हुनु हो। तिमीहरूको वातावरण राम्रो भए पनि नभए पनि, तिमीहरूले आफ्नो जीवनमा ममाथि भर पर्नैपर्छ; तिमीहरू घरमा भए पनि वा अरू कुनै ठाउँमा भए पनि, तिमीहरू अरू कसैको कारण वा कुनै घटना वा मामलाको कारण डगमगाउनु हुँदैन। यसको अतिरिक्त, तँ दृढ भइ खडा हुनैपर्छ, अनि सधैँ जस्तै ख्रीष्टको जीवन जिउनैपर्छ अनि परमेश्वर स्वयम्लाई प्रकट गनैपर्छ। तैँले आफ्नो कार्य गर्नैपर्छ अनि तेरा कर्तव्यहरूलाई सामान्य रूपमा पूरा गर्नैपर्छ; यसलाई एक पटक मात्र गर्नु हुँदैन, तर यसलाई लामो समयसम्म जारी राख्नुपर्छ। तैँले मेरो हृदयलाई आफ्नै जस्तो गरी लिनैपर्छ, मेरा अभिप्रायहरू तेरा विचारहरू बन्नैपर्छ, तैँले ठूलो चित्रलाई तेरो सोचविचारमा लिनैपर्छ, तैँले आफूबाट ख्रीष्टलाई प्रकट हुन दिनैपर्छ, अनि तैँले अरूसितको सहकार्यमा सेवा गर्नैपर्छ। तैँले पवित्र आत्माको कामको गतिलाई कायम राख्नैपर्छ, अनि आफैलाई उहाँको मुक्तिको विधिमा अर्पण गर्नैपर्छ। तैँले आफैलाई रित्याउनैपर्छ, अनि निर्दोष र खुला व्यक्ति बन्नैपर्छ। तैँले सामान्यतया आफ्ना दाजुभाइ-दिदीबहिनीहरूसित सङ्गति गर्नुपर्छ र संलग्न हुनुपर्छ, आत्मामा कामकुराहरू गर्न सक्नुपर्छ, एक-अर्कालाई प्रेम गर्नुपर्छ, तिनीहरूका शक्तिहरूलाई तेरा कमजोरीहरूसित सन्तुलन मिलाउन दिनुपर्छ, अनि मण्डलीभित्र निर्माण हुन खोज्नुपर्छ। तब मात्रै, राज्यमा तैँले साँच्चिकै उत्तराधिकारको भाग पाउनेछस्।

## अध्याय १९

पवित्र आत्माको काम अघि बढ्ने क्रममा, परमेश्वरले हामीलाई एकपल्ट फेरि एउटा नयाँ मार्गमा प्रवेश गराउनुभएको छ जसमा पवित्र आत्माले काम गर्नुहुन्छ। परिणामस्वरूप, केही मानिसहरूले अपरिहार्य रूपमा नै मलाई गलत बुझेका छन् र मलाई गुनासोहरू पोखेका छन्। केहीले मलाई विरोध र प्रतिरोध गरेका छन्, अनि मलाई छानबिन गरेका छन्। तैपनि, तिमीहरूले पश्चाताप गर र आफैलाई सुधार गर भनेर म अझै कृपापूर्वक पर्खन्छु। पवित्र आत्माको कामको विधिमा आएको परिवर्तन यो हो कि परमेश्वर स्वयम् खुल्लमखुल्ला प्रकट हुनुभएको छ। मेरो वचन अपरिवर्तित रहनेछ! मैले मुक्ति दिने व्यक्ति तँ नै भएकोले, म तँलाई आधि बाटोमै छोड्ने इच्छा बिलकुल गर्दिनँ। यति मात्र हो कि तिमीहरू शङ्काहरू पाल्छौ अनि खालि हात पछाडि फर्कन चाहन्छौ। तिमीहरूमध्ये कति त अघि बढ्नै छोडेका छौ, जब कि अरू केवल पर्खिरहेका र हेरिरहेका छन्। अझ अरू निष्क्रिय भएर परिस्थितिको निराकरण गरिरहेका छन्, जब कि कति चाहिँ केवल काम गरेजस्तो मात्र गरिरहेका छन्। तिमीहरूले आफ्नो हृदय साँच्चै कठोर पारेका छौ! मैले तिमीहरूलाई भनेको कुरालाई तैँले लिएको छस् अनि त्यसलाई तैँले घमन्ड गर्ने वा शेखी गर्ने कुरामा परिवर्तन गरेको छस्। यस कुरालाई अझै चिन्तन गर्: यो तिमीहरू माथि आउँदै गरेको कृपा र न्यायका वचनहरू बाहेक अरू केही होइन। तिमीहरू वास्तवमै विद्रोही भएका देखेर पवित्र आत्माले प्रत्यक्ष रूपले बोल्ने र चिरफार गर्ने काम सुरु गर्नुहुन्छ। तिमीहरू डराउनुपर्छ। अन्धाधुन्ध काम नगर वा सोचविचारै नगरी केही नगर, अनि व्यर्थको, अहङ्कारी वा हठधर्मी नहोऊ! तैँले मेरा

वचनहरूलाई व्यवहारमा उतार्ने कुरामा बढी ध्यान केन्द्रित गर्नुपर्छ अनि जहाँ जान्छस्, त्यसअनुसार जीवन बिताउनुपर्छ, ताकि त्यसले तँलाई साँच्चिकै भित्रबाटै परिवर्तन गर्न सकोस् अनि तँसित मेरो स्वभाव होस्। त्यस्ता प्रकारका परिणामहरू मात्र साँचो हुन्छन्।

मण्डली निर्माण हुनको लागि, तिमीहरू एउटा निश्चित कदको हुनैपर्छ र तिमीहरूले पूर्ण हृदयले र लगातार खोजी गर्नैपर्छ। यसको अतिरिक्त, परिवर्तित मानिस हुनको निम्ति तिमीहरूले पवित्र आत्माको ज्वलन र शोधनलाई स्वीकार गर्नैपर्छ। केवल त्यस्ता परिस्थितिहरूमा मात्रै मण्डली निर्माण हुनसक्छ। पवित्र आत्माको कामले अहिले तिमीहरूलाई मण्डलीको निर्माण गर्ने काम प्रारम्भ गर्न डोऱ्याएको छ। यदि तिमीहरूले विगतमा गरे झैँ त्यही भ्रमित र सुस्त ढङ्गले व्यवहार गर्न जारी राख्छौ भने तिमीहरूको निम्ति कुनै आशा हुँदैन। तिमीहरूले आफूलाई सबै सत्यताले सुसज्जित गर्नुपर्छ, तिमीहरूसित आत्मिक भेदशक्ति हुनुपर्छ, अनि तिमीहरू मेरो बुद्धिअनुसार सिद्ध प्रकारले हिँड्नैपर्छ। मण्डली निर्माणको निम्ति तिमीहरू जीवनको आत्माभित्र हुनैपर्छ, अनि तिमीहरूले सतही किसिमले मात्र नक्कल गर्नुहुँदैन। तिमीहरूको जीवनमा हुनै वृद्धिको प्रक्रिया त्यही प्रक्रिया हो जुन प्रक्रियामा तिमीहरू निर्माण हुन्छौ। तथापि, याद गर, वरदानहरूमाथि भर पर्नेहरू वा आत्मिक विषयहरू बुझ्न नसक्नेहरू वा वास्तविकताको कमी भएकाहरूलाई निर्माण गरिन सकिँदैन न त मसित सधैँ नजिक हुन र कुराकानी गर्न नसक्नेहरूलाई नै निर्माण गर्न सकिन्छ। आफ्नो मनलाई धारणाहरूले भर्ने मानिसहरू वा धर्मसिद्धान्तहरू अनुसार जिउनेहरूलाई निर्माण गर्न सकिँन, न त भावनाहरूले डोर्याइएकाहरूलाई नै निर्माण गर्न सकिन्छ। परमेश्वरले तँलाई जसरी व्यवहार गर्नुभए तापनि, तैँले आफूलाई पूर्ण रूपमा उहाँको अधीनतामा सुम्पिनुपर्छ; नत्रभने, तँलाई निर्माण गर्न सकिँदैन। आफ्नै अहमता, स्व-धार्मिकता, घमन्ड अनि सन्तुष्टिमा मग्न रहनेहरू, अनि जसले वरिष्ठता देखाउन र देखावटी काम गर्न मन पराउँछन्, तिनीहरूलाई निर्माण गर्न सकिँदैन। जसले अरूसित समन्वय गर्दै सेवा गर्न सक्दैनन्, तिनीहरूलाई पनि निर्माण गर्न सकिँदैन, अनि आत्मिक भेदशक्ति नभएकाहरू र जोसुकैले डोऱ्याए पनि अन्धो भएर पछ्याउनेहरूको सम्बन्धमा पनि यही कुरा लागू हुन्छ। त्यस्तै गरी, जो मेरा अभिप्रायहरू बुझ्न असफल हुन्छन् अनि जसले चल्तीमै नरहेको अवस्थामा जीवन जिउँछन्, तिनीहरूलाई पनि निर्माण गर्न सकिँदैन, न त नयाँ ज्योति पक्रन अति ढिलो गर्नेहरू अनि जोसित जगको रूपमा कुनै दर्शन हुँदैन, तिनीहरूलाई नै निर्माण गर्न सकिन्छ।

कुनै ढिलाइ नगरीकन मण्डलीलाई निर्माण गरिनुपर्छ; यो मेरो निम्ति अत्यावश्यक चासोको विषय हो। तिमीहरूले सकारात्मक कुरामाथि ध्यान केन्द्रित गरेर थालनी गर्नुपर्छ अनि आफैलाई आफ्नो पूरा शक्तिले अर्पण गरेर निर्माणको प्रवाहमा सम्मिलित हुनुपर्छ। अन्यथा, तँलाई इन्कार गरिनेछ। त्यागिनुपर्ने कुरालाई तिमीहरूले पूर्ण रूपले त्याग्नुपर्छ, अनि जुन कुरा खानु र पिउनुपर्छ, त्यसलाई उचित रूपले खानु र पिउनुपर्छ। तिमीहरू मेरो वचनको वास्तविकतालाई जिउनुपर्छ, अनि तिमीहरूले सतही र महत्त्वहीन कुराहरूमाथि ध्यान केन्द्रित गर्न छोड्नुपर्छ। आफैलाई यो कुरा सोध्: तैँले मेरो वचनलाई कति लिएको छस्? तँ यसमा कति जिउँछस्? तैँले स्पष्ट समझ कायम गर्नुपर्छ, अनि हतार गरेर कुनै कुरा गर्नदेखि परै रहनुपर्छ; नत्रभने, त्यस्तो व्यवहारले तँलाई

जीवनमा वृद्धि हासिल गर्न सहायता गर्नेछैन, तर त्यसले वास्तवमा तेरो वृद्धिलाई हानि गर्नेछ। तैँले सत्यतालाई बुझ्नुपर्छ, यसलाई कसरी अभ्यास गर्ने हो भनी जान्नुपर्छ, अनि मेरो वचनलाई साँचो रूपले तेरो जीवन बनाउनुपर्छ। यही नै कुरोको चुरो हो!

अहिले मण्डलीको निर्माणको काम महत्त्वपूर्ण क्षणमा पुगेकोले, शैतानले योजनाहरू रच्दैछ र यसलाई तहसनहस गर्न भएभरको बल लगाउँदैछ। तिमीहरू लापरवाह बन्नु हुँदैन तर सतर्कतासहित अघि बढ्नुपर्छ अनि आत्मिक भेदशक्तिको अभ्यास गर्नुपर्छ। त्यस्तो भेदशक्तिविना, तिमीहरूले ठूला नोक्सानीहरू भोग्नुपर्नेछ। यो मामुली विषय होइन; तिमीहरूले यसलाई ठूलो महत्त्वको विषय ठान्नुपर्छ। शैतानले पनि झूटा रूपहरू निर्माण गर्न अनि जालसाजी प्रचार गर्न सक्छ, तर यी कुराहरूको अन्तर्निहित गुण फरक छ। मानिसहरू कति मूर्ख र लापरवाह छन्, र तिनीहरूले भिन्नता देख्न सक्दैनन्। यसले तिनीहरूले सधैँ स्पष्ट समझ र निस्तब्धता कायम गर्न सक्दैनन् भन्ने कुरालाई पनि देखाउँछ। तिमीहरूको हृदय कतै पनि भेट्टाउन सकिँदैन। सेवा एकातिर एउटा आदर हो भने अर्कोतिर, यो नोक्सानी पनि हुनसक्छ। यसले कि त आशिषहरू कि त दुर्भाग्यतिर डोऱ्याउन सक्दछ। मेरो उपस्थितिमा शान्त होऊ अनि मेरो वचनअनुसार जिऊ, अनि आत्मिक रूपले, तिमीहरूले वास्तवमै जागरूकता कायम राख्नेछौ र भेदशक्तिको अभ्यास गर्नेछौ। जब शैतान आइपुग्छ, तिमीहरूले तुरुन्तै आफैलाई त्यसको विरुद्धमा बचाउ गर्न सक्नेछौ र त्यसको आगमनलाई महसुस गर्न सक्नेछौ; तिमीहरूले आफ्नो आत्माभित्र साँच्चिकैको असहजता महसुस गर्नेछौ। प्रचलनहरू परिवर्तन भएसँगै शैतानको हालको काम पनि परिवर्तन हुन्छ। जब मानिसहरूले अन्यौलतापूर्वक व्यवहार गर्छन् र तिनीहरूमा जागरूकताको कमी हुन्छ, तब तिनीहरू कैदमा नै रहनेछन्। तँ हर समय जागा रहनुपर्छ, अनि तैँले तेरा आँखाहरू सजग राख्नुपर्छ। तेरो आफ्नै फाइदाहरू र नोक्सानीहरूलाई लिएर लडाईं-झगडा नगर् वा तेरो आफ्नै फाइदाको खातिर हिसाबकिताब नगर्; त्यसको साटोमा, मेरो इच्छा पूरा गर्न खोज्।

वस्तुहरू एउटै जस्तो देखिन सक्छन् तर तिनीहरू गुणस्तरमा फरक हुन सक्छन्। यसकारण, तैँले व्यक्तिहरू र साथै आत्माहरूलाई पहिचान गर्नुपर्छ। तैँले भेदशक्तिको अभ्यास गर्नुपर्छ र आत्मिक रूपमा स्पष्ट समझ कायम राख्नुपर्छ। जब शैतानको विष देखा पर्छ, तैँले त्यसलाई झट्टै चिन्न सक्नुपर्छ; त्यो परमेश्‍वरको न्यायको ज्योतिबाट उम्किन सक्दैन। तैँले आफ्नो आत्मामा पवित्र आत्माको आवाजलाई नजिकबाट सुन्ने कुरालाई अझ बढी ध्यान दिनुपर्छ, अरूलाई अन्धो भएर नपछ्या वा जुन कुरा झूट हो, त्यसलाई साँचो हो भनी ठान्ने भुल नगर्। जोसुकैले अगुवाइ गरे पनि त्यत्तिकै नपछ्या, नत्रभने तैँले ठूला नोक्सानीहरू भोग्छस्। यसले तँलाई कस्तो अनुभूति गर्ने तुल्याउँछ? के तिमीहरूले यसका परिणामहरू अनुभव गरेका छौ? तैँले अन्धाधुन्ध सेवामा हस्तक्षेप गर्नु हुँदैन वा त्यसभित्र तेरा आफ्ना विचारहरू घुसाउनु हुँदैन, नत्रभने म तँलाई प्रहार गरेर ढाल्नेछु। अझ खराब कुरा, यदि तैँले अधीनतामा बस्न इन्कार गरिस्, र तैँले इच्छा गरेअनुसार भन्न र गर्न जारी राखिस् भने, म तँलाई काटेर फ्याँकिदिनेछु! मण्डलीले दुःख गरेर धेरै मानिसहरू बटुल्न आवश्यक छैन; यसले परमेश्‍वरलाई इमान्दारितापूर्वक प्रेम गर्नेहरू र वास्तवमा मेरो वचनअनुसार जिउनेहरूलाई मात्र चाहन्छ। तँलाई आफ्नो वास्तविक अवस्थाको बारेमा थाहा हुनुपर्छ।

के कुनै गरिबले आफूलाई धनी ठान्छ भने त्यो आफैलाई धोकामा पार्नु होइन र? मण्डली निर्माण हुनको निम्ति, तैँले आत्मालाई पछ्याउनुपर्छ; अन्धा जस्तै भएर अघि नबढ्। बरु, आ-आफ्नो ठाउँमा बस, अनि तिमीहरूका आ-आफ्नै कार्यहरू पूरा गर। तिमीहरू आफ्नो भूमिकाभन्दा बाहिर जानु हुँदैन; तिमीहरूले गर्नसक्ने जुनसुकै कार्य पूरा गर्न जतिसक्दो गर, अनि मेरो हृदय सन्तुष्ट हुनेछ। यो होइन कि तिमीहरू सबैले उही कार्य गर्नेछौ। बरु, तिमीहरूमध्ये हरेकले आ-आफ्नै भूमिका खेल्नुपर्छ, अनि मण्डलीमा अरूसितको सहकार्यमा आफ्नो सेवा समर्पण गर्नुपर्छ। तेरो सेवा यी दुईमध्ये कुनै दिशातिर पनि मोडिनु हुँदैन।

# अध्याय २०

पवित्र आत्माको काम तिमीहरूलाई पूर्ण रूपमा नयाँ राज्यमा ल्याउँदै निरन्तर अगाडि बढिरहेको छ, जसको अर्थ यो हो कि यस राज्यको जीवनको वास्तविकता तिमीहरूको सामु देखा परेको छ। पवित्र आत्माले बोल्नुभएका वचनहरूले तेरो मुटु भित्रको गम्भीरतालाई प्रत्यक्ष रूपमा प्रकट गरेको छ, र एक पछि अर्को स्वरूप तिमीहरूको सामु देखा पर्दैछ। सत्यताको निम्ति भोकाउने र तिर्खाउनेहरू र अधीनमा बस्ने मनसाय भएका सबै सियोनमा रहनेछन् र नयाँ यरूशलेममा बस्नेछन्; मसँग हुँदा तिनीहरूले पक्कै पनि महिमा र सम्मान प्राप्त गर्नेछन् र सुन्दर आशिषहरू बाँड्नेछन्। हाल आत्मिक संसारका केही रहस्यहरू छन् जुन तिमीहरूले अहिलेसम्म देखेका छैनौ किनकि तिमीहरूको आत्मिक आँखा खुलेका छैनन्। सबै कुराहरू एकदम अचम्मका छन्; आश्चर्यकर्महरू र आश्चर्यका कामहरू र मानिसहरूले कहिल्यै सोच-विचार नगरेका कुराहरू पनि बिस्तारै प्रकट हुनेछन्। सर्वशक्तिमान परमेश्वरले आफ्ना ठूला-ठूला आश्चर्यकर्महरू देखाउनुहुनेछ ताकि ब्रह्माण्ड र पृथ्वीको कुना-कुना र सबै राष्ट्रहरू र सारा मानिसहरूले आफ्नै आँखाले देख्न सकून्, र मेरो प्रताप, धार्मिकता, र सर्वशक्तिमान्ता कहाँ छ सो पनि देखून्। दिन नजिकै आउँदैछ! यो अत्यन्त महत्त्वपूर्ण क्षण हो: के तँ पछि हट्नेछस्, कि तँ कहिल्यै पछाडि नफर्किकन अन्तसम्म दृढ रहनेछस्? कुनै पनि व्यक्ति, घटना वा वस्तुलाई नहेर्; संसार, आफ्ना पति-पत्नी, आफ्ना बाल-बच्चा, वा जीवनप्रति आफ्ना शङ्काहरूलाई नहेर्। केवल मेरो प्रेम र कृपालाई हेर, र तिमीहरूलाई प्राप्त गर्नको लागि मैले कति मूल्य चुकाएको छु त्यसलाई हेर। यी तिमीहरूलाई प्रोत्साहित गर्न यी कुराहरू नै पर्याप्त हुनेछन्।

समय धेरै नजिक छ, र मेरा सबै इच्छाहरूलाई सकेसम्म छिटो हासिल गरिनु पर्छ। मेरो नाममा हुनेहरूलाई म त्याग्ने छैन; म तिमीहरू सबैलाई मेरो महिमामा ल्याउनेछु। तैपनि अहिले यसलाई हेर्दा, यो महत्त्वपूर्ण क्षण हो; त्यो अर्को कदम चाल्न असमर्थ सबैले आफ्नो बाँकी जीवनको निम्ति विलाप गर्नेछन् र पछुतो महसुस गर्नेछन्, यद्यपि यस्तो भावनाको लागि ढीला भइसकेको हुनेछ। अहिले, मण्डली निर्माण गर्न सकिन्छ कि सकिन्न र तिमीहरूले एक-अर्काको आज्ञापालन गर्न सक्छौ कि सक्दैनौ सो जान्नको लागि तिमीहरूको कदलाई व्यावहारिक परीक्षामा राखिएको छ। यस दृष्टिकोणबाट हर्दा, तेरो आज्ञाकारीतामा नै तैँले छनौट गर्छस् र चुन्छस्; तैँले एक

व्यक्तिको आज्ञा पालन गर्न सक्षम भए पनि, अर्को व्यक्तिको आज्ञा पालन गर्न तँलाई गाह्रो हुन्छ। जब तँ मानव धारणाहरूमा भर पर्छस् तब वास्तवमा तँ आज्ञाकारी हुन सक्ने कुनै तरिका छैन। तैपनि, परमेश्‍वरको विचारहरू सधैँ मानिसको भन्दा श्रेष्‍ठ हुन्छन्! ख्रीष्‍ट पनि मृत्युसम्मै समर्पित हुनुभयो, र क्रूसमा मारिनुभयो। उहाँले कुनै पनि अवस्था वा कारणहरूको बारेमा केही भन्‍नुभएन; जबसम्म यो उहाँको पिताको इच्छा थियो, तबसम्म उहाँले राजीखुसीले आज्ञा पालन गर्नुभयो। तेरो आज्ञाकारिताको हालको अवस्था अत्यन्तै सीमित छ। म तिमीहरू सबैलाई भन्छु, आज्ञाकारीता भनेको मान्छेको आज्ञा पालन गर्नु होइन; बरु, यसको अर्थ त पवित्र आत्माको कामलाई पालन गर्नु र परमेश्‍वर स्वयमको आज्ञा पालन गर्नु हो। मेरो वचनहरूले तिमीहरूलाई भित्रबाट नवीकरण र परिवर्तन गर्दैछ; यदि यस्तो थिएन, भने कसको आज्ञा कसले मान्‍नेथियो? तिमीहरू सबै अरू मानिसहरूप्रति अनाज्ञाकारी छौ। तिमीहरूले यो पत्ता लगाउनै पर्छ–आज्ञाकारीता के हो र तिमीहरूले कसरी आज्ञाकारीताको जीवन जिउन सक्छौ। तिमीहरू मेरो अगाडी अझ बढी आउनुपर्छ अनि यस विषयमा सङ्गति गर्नुपर्छ, त्यसपछि बिस्तारै तिमीहरूले आफ्ना भित्री धारणा र छनौटहरूलाई त्याग्दै यसलाई बुझ्न थाल्नेछौ। जुन तरिकाले म कार्यहरू गर्दछु त्यसलाई राम्ररी बुझ्न मानिसहरूलाई गाह्रो हुन्छ। यो कुन तरिकामा मानिस राम्रो वा सक्षम छ भन्‍ने बारेमा होइन; म परमेश्‍वरको सर्वशक्तिमान्‌तालाई देखाउन सबैभन्दा अज्ञानी र सबभन्दा तुच्छलाई पनि प्रयोग गर्दछु, यसको साथै केही मानिसहरूको धारणा, विचार र छनौटहरू उल्टाउँछु। परमेश्‍वरको कार्यहरू आश्‍चर्यजनक छन्; तिनीहरू मानव दिमागको ज्ञानको क्षमताभन्दा बाहिर छन्!

यदि तँ वास्तवमै मेरो लागि साक्षी बन्‍न चाहन्छस् भने तैँले सत्यतालाई गल्तीपूर्ण रूपमा होइन तर शुद्ध रूपमा ग्रहण गर्नुपर्छ। तैँले मेरा वचनहरूलाई अभ्यास गर्नमा ध्यान केन्द्रित गर्नुपर्दछ, र आफ्नो जीवन छोटो समयमै परिपक्‍व बनाउन खोज्नु पर्छ। कुनै मूल्य नभएका थोकहरूको खोजी नगर्; तिमीहरूको जीवनको प्रगतिमा तिनको कुनै फाइदा छैन। तिमीहरूको जीवन परिपक्‍व भएपछि मात्र तिमीहरूलाई निर्माण गर्न सकिन्छ; त्यसपछि मात्र तँलाई राज्यमा ल्याउन सकिन्छ–यसलाई नकार्न मिल्दैन। म अझै पनि तँसँग केही कुरा गर्न चाहन्छु; मैले तँलाई धेरै दिएको छु, तर वास्तवमा तैँले कति बुझ्छस्? मैले भनेको कति कुरा तेरो जीवनको वास्तविकता भएको छ? मैले भनेको कति कुराहरूमा तँ जिइरहेको छस्। डोकोले पानी उघाउने प्रयास नगर्; तैँले अन्त्यमा शून्यता बाहेक केही पनि प्राप्त गर्नेछैनस्। अरूले अत्यन्तै सजिलो गरी वास्तविक लाभ प्राप्त गरेका छन्; तेरो के छ? के तैँले निःशस्त्र र कुनै हतियार नबोकी शैतानलाई हराउन सक्छस्? तैँले जीवनमा मेरा वचनहरूमा अझै बढी भर पर्नु पर्छ, किनकि तिनीहरू आत्मरक्षाको लागि उत्तम हतियारहरू हुन्। तैँले एउटा कुरा याद राख्नु पर्छ: मेरा वचनहरूलाई तेरो सम्पत्तिको रूपमा नलिनू; यदि तैँले ती बुझ्दैनस् भने, तिनको खोजी गर्दैनस् भने, यदि तँ तिनलाई पत्ता लगाउन वा तिनको बारेमा मसँग कुराकानी गर्न कोसिस गर्दैनस् तर यसको सट्टामा आत्मसन्तुष्‍टि र आत्म-प्रसन्‍न छस् भने, तैँले नोक्सान भोग्नुपर्नेछ। अहिले तैँले यो पाठबाट सिक्नुपर्दछ, र तैँले आफैलाई अलग राख्नुपर्छ र आफ्नो कमी-कमजोरीहरूलाई पूरा गर्न अरूको सामर्थ्यलाई तान्‍नु पर्छ; आफूले चाहे अनुसार जेसुकै नगर्। समयले कसैलाई पर्खँदैन। तेरा दाजुभाइ-दिदीबहिनीहरूको जीवन

दिनदिनै वृद्धि हुँदैछ; तिनीहरू सबैले दैनिक रूपमा परिवर्तन र नवीकरणलाई अनुभव गरिरहेका छन्। तेरा दाजुभाइ-दिदीबहिनीहरूको शक्ति बढ्दै छ, र यो एउटा ठूलो कुरा हो! अन्तिम रेखामा दौडी; कोही कसैका लागि पनि उपस्थित हुन सक्षम हुनेछैनन्। मसँग सहकार्य गर्न तेरा आफ्नै व्यक्तिपरक प्रयासहरू लगा। जोसँग दर्शनहरू छन्, अगाडि जाने बाटो जसको छ, जो निराश छैनन्, र जो सधैँ अगाडि हेर्छन्, उनीहरू विजय हुने निश्चित छ। यो महत्त्वपूर्ण क्षण हो। निरुत्साहित वा निराश नहुने प्रति निश्चित बन्; तैँले सबै कुराको लागि अगाडि हेर्नुपर्छ, र पछाडि फर्कनु हुँदैन। तैँले सबै कुरा बलिदान दिनुपर्छ, सबै आकांक्षा त्याग्नुपर्छ, र आफ्ना सबै शक्तिसाथ प्रयास गर्। जबसम्म तँमा एक सास रहन्छ, तबसम्म तँ अन्तसम्म दृढ रहनुपर्छ; तँ प्रशंसायोग्य हुने तरिका यही मात्रै हो।

## अध्याय २१

पवित्र आत्माको कामले अब तिमीहरूलाई नयाँ स्वर्ग र नयाँ धर्तीमा ल्याएको छ। सबै कुरा नवीकरण हुँदैछ, सबै कुरा मेरो हातमा छ, सबै कुराको नयाँ सुरूवात् हुँदैछ। मानिसहरू आफ्नो धारणाले गर्दा यो कुरा बुझ्न असमर्थ छन्, यो कुरा उनीहरूको बुझाइभन्दा पर छ तर यो सबै मेरो काम हो र यस भित्रै मेरो ज्ञान छ। त्यसकारण तिमीहरूले आफ्ना सबै धारणा र विचारहरू त्यागेर परमेश्वरको वचन खाने र पिउने कुरा मात्र स्वीकार्नु पर्दछ; यसमा कुनै शंकै छैन। म यस्तो तरीकाले काम गर्दैछु त्यसैले म पवित्र जिम्मेवारी वहन गर्नेछु। वास्तवमा, मानिसहरू निश्चित किसिमको हुनु आवश्यकता छैन। बरु, यो त परमेश्वरले चमत्कारपूर्ण कार्यहरू गर्दै हुनुहुन्छ र उहाँ आफ्नो सर्वशक्तिमान क्षमता प्रकट गर्दैहुनुहुन्छ भन्ने हो। परमेश्वरमा गर्ने बाहेक मानिसले गर्व गर्नु हुँदैन। अन्यथा तैँले घाटा बेहोर्नु पर्नेछ। परमेश्वरले असहायहरूलाई धरातलदेखि उठाउनुहुन्छ; नम्रलाई सम्मान् गर्नुहुन्छ। म मेरो सम्पूर्ण ज्ञान, विश्वव्यापी मण्डलीलाई संचालन गर्न, सारा संसार र मानिसहरूमाथि शासन गर्न प्रयोग गर्नेछु, ताकि तिनीहरू सबै मभित्र होऊन् र मण्डलीका तिमीहरू सबै मप्रति समर्पित होऊ। जसले पहिले मेरो गरेनन् अब उनीहरू आज्ञाकारी हुनैपर्छ, एक-अर्कामा समर्पित हुनुपर्छ, एक-अर्कालाई सहनुपर्छ; तिमीहरूको जीवन एक-अर्कामा गाँसिएको हुनुपर्दछ, र तिमीहरूले एक-अर्कालाई प्रेम गर्नुपर्दछ, सबैले एक अर्काको राम्रो गुणहरूलाई आत्मसात् गरेर आफ्नो कमजोरीहरूलाई पन्छाउँदै, समन्वयमा सेवा गर्दै जानु पर्दछ। यस तरिकाले चर्चको निर्माण हुनेछ र शैतानले शोषण गर्ने कुनै अवसर पाउँदैन। त्यसो भएपछि मेरो व्यवस्थापन योजना असफल भएको हुनेछैन। म तिमीहरूलाई यहाँ अर्को कुरा सम्झाउन चाहन्छु। फलानो व्यक्ति यस्तो छ वा त्यस्तो व्यवहार गर्दछ भनेर तिमीहरू आफूभित्र कुविचार उत्पन्न हुन नदेऊ, यसले तिमीहरूको आत्मिक अवस्थामा पतन ल्याउँछ। यो उपयुक्त होइन र यो बेकार हो भन्ने म देख्छु। के तिमीहरूले विश्वास गर्ने परमेश्वर नै हुनुहुन्न र? उहाँ कुनै व्यक्ति होइन। कार्यहरू उस्तै छैनन्। एउटा शरीर छ। यसरी नै प्रत्येकले आ-आफ्नो स्थानमा आफ्नो कर्तव्य उत्तम तरिकाले पालना गर्छ–प्रत्येक झिल्कामा एउटा प्रकाशको चमक हुन्छ–र जीवनमा परिपक्वता फैलाउँदछ। यसो गरेमा म सन्तुष्ट हुनेछु।

तिमीहरूले मेरो सामु शान्तिपूर्ण भएर बस्ने बारेमा मात्र चासो लिनुपर्छ। मसँग घनिष्ट सम्बन्ध राख, नबुझेको कुराको खोजी गर, प्रार्थना गर, र मेरो समयको प्रतीक्षा गर। आत्माबाट सबै कुरा स्पष्ट रूपमा हेर। आफैलाई बाटो बिराउनबाट बचाउनको लागि लापरवाही व्यवहार नगर। केवल यस तरिकाले मात्र तैँले मेरो वचन खाएको र पिएको कार्यले सार्थक फल फलाउँछ। मेरा वचनहरू खाओ र पिओ, मैले भनेका कुरामा चिन्तन-मनन् गर, मेरा वचनहरूलाई व्यवहारमा उतार र मेरो वचनका वास्तविकतामा जिओ। मुख्य कुरा यही हो। मण्डली निर्माण गर्ने प्रक्रिया जीवन वृद्धिको प्रक्रिया पनि हो। यदि तेरो जीवन वृद्धि हुन रोकिन्छ भने, तेरो विकास पनि सम्भव छैन। प्राकृतिकता, शरीर, जोश, योगदान, योग्यतामा भर परिस् भने, तँ जति असल किन नहोस्, तेरो विकास हुनेछैन। तँ जीवनका वचनहरू भित्रै जिउनुपर्छ, पवित्र आत्माबाट प्राप्त भएको भित्रि ज्ञान र ज्योतिभित्रै जिउनुपर्छ, आफ्नो वास्तविक अवस्थालाई जानेर, बदलिनु पर्दछ। तँसँग आत्मामा उही अन्तर्दृष्टि हुनुपर्दछ, नौलो भित्रि ज्ञान प्राप्त गर्नुपर्दछ, र नयाँ प्रकाश पाउन सक्षम हुनुपर्छ। तँ निरन्तर मेरो नजिक हुन र मसँग कुराकानी गर्न सक्षम हुनुपर्दछ, आफ्नो दैनिक जीवन मेरा वचनहरूमा आधारित गर्न सक्षम हुनु, मेरो शब्दहरूमा आधारित भइ सबै प्रकारका मानिसहरू, घटनाहरू र चीजहरू ठीकसँग सम्हाल्न सक्षम हुनुपर्छ र मेरो वचनहरूलाई आफ्नो मापदण्डको रूपमा राख् र आफ्नो जीवनका सबै गतिविधिहरू मेरो स्वभाव अनुसार जि।

यदि तँ मेरो इच्छालाई बुझ्न र त्यसको कदर गर्न चान्छस् भने, तैँले मेरा वचनहरूमा ध्यान दिनुपर्दछ। हतारमा केही पनि नगर्। मैले स्वीकृत नगरेको सबै कुराको खराब अन्त हुनेछ। मैले प्रशंसा गरेको कुराले मात्रै आशिष पाइन्छ। म जे बोल्छु त्यही हुनेछ। यदि मैले आदेश दिएँ भने, त्यो दृढ हुनेछ। मलाई रिस नउठाउन, तिमीहरूले त्यस्तो बिलकुलै गर्नु हुँदैन जुन मैले अनुमति दिएको छैन। तैपनि तिमीहरूले त्यसो गर्‍यौ भने, तिमीहरूसंग पछुताउने समय पनि हुँदैन!

## अध्याय २२

परमेश्‍वरमा विश्‍वास गर्नु सहज कुरा होइन। सबै थोक खाएर र यसलाई यति रुचिकर, यति स्वादिलो ठानेर तैँले अस्तव्यस्त पार्छस्! अझै प्रशंसा गरिरहनेहरू पनि केही छन्—उनीहरूको आत्मामा कुनै विवेक हुँदैन। यो तिमीहरूको सविस्तार स्पष्टीकरण दिन योग्य अनुभव हो। आखिरी दिनहरूमा, परमेश्‍वरका सन्तानको प्रगतिको खुलेआम विरोध गर्दै र मण्डली निर्माण कार्यलाई तहसनहस पार्दै, सबै प्रकारका आत्माहरू उनीहरूको भूमिका निभाउन प्रकट हुन्छन्, र यदि तैँलेले यो कुरालाई हल्कासँग लिइस् र शैतानलाई काम गर्ने अवसर दिइस् भने, यसले मण्डलीलाई अस्तव्यस्त बनाउँछ, मानिसहरू त्रासित हुनेछन् र हताश बन्नेछन्, र अझ गम्भीर अवस्थाहरू आउनेछन्, मानिसहरूको दर्शनहरू हराएर जानेछ। तसर्थ, मैले धेरै वर्षसम्म परिश्रम गरेर चुकाएको मूल्य व्यर्थ भएको हुनेछ।

मण्डली निर्माण हुने समयमा शैतान आफ्नो उन्मादको उच्चतम विन्दुमा पुगेको हुन्छ। शैतानले केही मानिसहरूको माध्यमबाट बारम्बार बाधा र अवरोध ल्याउँछ, र यी मानिसहरू तिनै हुन

जसलाई आत्माको बारेमा थाहा हुँदैन र यी नयाँ विश्वासीहरू हुन जसले शैतानको भूमिका सबैभन्दा सजिलो गरी निर्वाह गर्न सक्छन्। प्रायजसो, मानिसहरूले पवित्र आत्माको कार्यको बारेमा नबुझ्नाले उनीहरूले पूर्ण रूपमा उनीहरूको आफ्नै रुचिअनुसार, उनीहरूको आफ्नै गर्ने शैलीअनुसार र उनीहरूको आफ्नै धारणाअनुसार स्वेच्छाचारी ढङ्गले गर्दछन्। आफ्नो जिब्रोलाई सम्हाल्–यो तेरो आफ्नै सुरक्षाका लागि हो। राम्ररी सुन् र आज्ञा पालन गर्। मण्डली समाजभन्दा भिन्न हुन्छ। तँलाई जे असल लाग्छ सो भन्न सक्छस्; तैँले जे सोच्छस् सो भन्न सक्छस्। यहाँ यस्तो चल्दैन, किनभने यो परमेश्वरको घर हो। मानिसले काम गर्ने तरिकालाई परमेश्वरले स्वीकार गर्नुहुन्न। तैँले आत्मालाई पछ्याउँदै कार्यहरू गर्नुपर्दछ; तैँले परमेश्वरका वचनहरू अनुसार जिउनुपर्छ, र अनि अरूले तेरो सराहना गर्नेछन्। पहिले तैँले परमेश्वरमा निर्भर रहँदै आफूभित्र रहेका सबै कठिनाइहरूको समाधान गर्नुपर्छ। आफ्नो विकृत स्वभावको अन्त्य गर् र आफ्नो अवस्थालाई साँचो रूपमा बुझ्न सक्षम बन् र तैँले कसरी काम गर्नुपर्छ सो जान्; तैँले नबुझेका कुनै पनि कुराहरूबारे सङ्गतिलाई निरन्तरता दे। कुनै पनि व्यक्तिले आफूलाई नचिन्नु स्वीकार्य हुँदैन। पहिले आफ्नै रोग निको पार्, र मेरा वचनहरू अझै धेरै पटक खाएर र पिएर र चिन्तन गर्दै, आफ्नो जीवन जि र आफ्ना कार्यहरू मेरा वचनअनुसार हुने गरी गर्; तँ घरमा वा अन्यत्र जहाँ भए पनि, तैँले परमेश्वरलाई तँभित्र शक्ति चलाउन दिनुपर्छ। देह र स्वाभाविकतालाई त्याग्। परमेश्वरका वचनहरूले तँभित्र सधैँ प्रभुत्व जमाउन दे। तेरो जीवन परिवर्तन भइरहेको छैन भनेर तैँले चिन्ता लिनुपर्दैन; समयसँगै, तैँले आफ्नो स्वभावमा व्यापक परिवर्तन आएको महसुस गर्नेछस्। पहिले, तँ चर्चामा आउन आतुर थिइस्, तैँले कि त कसैको आज्ञाको पालना गर्थिस् वा एकदमै महत्वाकांक्षी, स्व-धर्मी वा घमण्डी थिइस्–यी कुराहरूबाट तैँले बिस्तारै छुटकारा पाउनेछस्। यदि तैँले यी कुराहरूलाई अहिले त्याग्न चाहन्छस् भने, यो सम्भव छैन। तेरो पुरानो मनुष्यत्वको जराहरू धेरै गहिराइसम्म पुगेकोले यसले अरूहरूलाई छुन दिँदैन। त्यसैले तैँले एक आत्मपरक प्रयास गर्नुपर्छ, सकारात्मक र सक्रिय रूपमा पवित्र आत्माको कार्यको आज्ञा पालन गर्नुपर्छ, परमेश्वरसँग सहकार्य गर्न तिमीहरूको इच्छाको प्रयोग गर्नुपर्छ र मेरा वचनहरूलाई अभ्यास गर्न इच्छुक हुनुपर्छ। यदि तैँले कुनै पाप गरिस् भने, परमेश्वरले तँलाई अनुशासनमा राख्नुहुनेछ। जब तँ पछाडि फर्किन्छस् र सहमतिमा आउँछस्, तब तँभित्र एकाएक राम्रो हुनेछ। यदि तैँले अभिलाषा पूर्वक बोलिस् भने, तँलाई तत्कालै तँभित्रै ताडना दिइनेछ। तैँले हेर्, परमेश्वर यस्ता कुरामा प्रसन्न हुनुहुन्न, त्यसैले तैँले यसो गर्न तत्कालै बन्द गरिस् भने, तैँले भित्री शान्तिको अनुभव गर्नेछस्। केही नयाँ विश्वासीहरू छन् जसले जीवनको भावना कस्तो हुन्छ वा यी भावनामा रहेर कसरी जिउने भनेर बुझ्दैनन्। कहिलेकाहीँ तँलाई लाग्छ, आफूले केही नभने पनि, भित्र-भित्रै म किन व्याकुल भइरहेको छु? यस्ता समयहरूमा, तेरो सोच र तेरो मन गलत हुन्छ। कहिलेकाहीँ तेरो आफ्नो रोजाइ, आफ्नै मत र विचार हुन्छ; कहिलेकाहीँ तँ अरूलाई आफूभन्दा कम ठान्छस्, कहिलेकाहीँ तैँले आफ्नै स्वार्थी हिसाब गर्छस् र प्रार्थना गर्दैनस् वा आफैँलाई जाँच्दैनस्। त्यसैले तँ भित्र भित्रै व्याकुल बन्छस्। शायद, समस्या के हो भनेर तँलाई थाहा छ, त्यसैले, आफ्नो हृदयमा परमेश्वरको नाउँ तुरुन्तै पुकार्, परमेश्वरको नजिक आइज, र तँ ठीक हुनेछस्। जब तेरो हृदय अधिक मात्रामा हडबडाउँछ र व्याकुल हुन्छ, परमेश्वरले तँलाई

बोल्न दिँदैहुनुहुन्छ भनेर तैँले कदापि सोच्नु हुँदैन। यो विषयमा परमेश्वरको आज्ञा पालन गर्नका लागि नयाँ विश्वासीहरूले विशेष रूपमा ध्यान दिनु पर्दछ। परमेश्वरले मानिसभित्र राखिदिने भावनाहरू शान्ति, हर्ष, स्पष्टता तथा निश्चितता हुन्। प्रायजसो, नबुझ्ने मानिसहरू हुन्छन्, जसले गडबड गर्छन् र स्वेच्छाचारी ढङ्गले काम गर्छन्—यी सबै अवरोधहरू हुन्; यस विषयमा विशेष ध्यान दे। यदि तँ यो अवस्थाप्रति उन्मुख छस् भने, यसलाई हटाउनका लागि तैँले "निवारक औषधि" लिनुपर्छ; अन्यथा, तैँले अवरोधको सिर्जना गर्नेछस् र परमेश्वरले तँलाई प्रहार गर्नुहुनेछ। स्व-धर्मी नबन्; आफ्ना कमजोरीहरूलाई सन्तुलनमा ल्याउन अरूको सबल पक्षहरू लि, अरू परमेश्वरको वचनअनुसार कसरी जिउँछन् भनेर हेर्; र उनीहरूको जीवन, कार्य तथा बोलीवचनहरू अनुकरण योग्य छ, छैन हेर्। यदि तैँले अरूलाई आफूभन्दा कम ठान्छस् भने, तँ स्व-धर्मी, अभिमानी र कसैलाई लाभ नगर्ने व्यक्ति होस्। अहिलेका लागि सबैभन्दा जरुरी कुरा भनेको जीवनमा ध्यान दिनु, मेरा वचनहरू सेवन र पिउनु, मेरा वचनहरूको अनुभव लिनु, मेरा वचनहरू थाहा पाउनु, मेरा वचनहरू वास्तविक रूपमा तेरो जीवन बन्नु हो—यी मुख्य कुराहरू हुन्। यदि कसैले परमेश्वरका वचनअनुसार जिउन सक्दैन भने, के उनीहरूको जीवन परिपक्व हुन्छ? अहँ, हुन सक्दैन। तैँले सबै समयमा मेरो वचनअनुसार जिउनुपर्ने हुन्छ र मेरा वचनहरू जीवनका आचार संहिताको रूपमा अङ्गीकार गर्नुपर्दछ ताकि तैँले उक्त संहिताअनुसार गर्दा परमेश्वरलाई आनन्दित तुल्याउँछस् र अन्यथा गरेमा परमेश्वरले घृणा गर्नुहुन्छ भनेर महसुस गर्नेछस्, अनि बिस्तारै, तँ सही मार्गमा हिँड्नेछस्। के कुरा परमेश्वरबाट आउँछ र के कुरा शैतानबाट आउँछ भनेर तैँले बुझ्नुपर्छ। परमेश्वरबाट आउने कुराले तँलाई सदाको भन्दा स्पष्ट दर्शन दिनेछ र परमेश्वरको अझ समीप ल्याउनेछ; तैँले आफ्ना दाजुभाइ तथा दिदीबहिनीहरूसँग साँचो प्रेम बाँड्नेछस्, तँ परमेश्वरको बोझका लागि ध्यान दिएको देखाउन सक्षम हुनेछस्, र तँसँग कहिल्यै क्षीण नहुने परमेश्वरलाई प्रेम गर्ने हृदय हुनेछ। तँलाई अगाडि हिँड्नका लागि एउटा मार्ग छ। शैतानबाट आउने कुराले तँसँग भएको दर्शन लोप हुनेछ, तँसँग पहिले भएका सबै कुराहरू गुम्नेछन्; तँ परमेश्वरबाट विमुख हुनेछस्, तँमा आफ्ना दाजुभाइ दिदीबहिनीप्रति कुनै माया हुनेछैन, र तेरो हृदय घृणाले भरिएको हुनेछ। तँ हताश बन्नेछस्, तँ मण्डलीको जीवनको जिउन चाहँदैनस्, र तँमा परमेश्वरलाई प्रेम गर्ने हृदय हुँदैन। यो शैतानको कार्य हो, र दुष्ट आत्माले नेतृत्व गर्ने कार्यतर्फ उन्मुख हुने परिणाम पनि हो।

अहिलेको समय एक महत्वपूर्ण समय हो। अन्तिम पालीसम्म तँ आफ्नो स्थानमा नै बस्नुपर्छ, असल र दुष्ट बीचको भिन्नता छुट्याउन तेरो आत्माको आँखालाई स्पष्ट बनाउनुपर्छ, र तिमीहरूका सबै प्रयासलाई मण्डली निर्माणमा लगाउनुपर्छ। शैतानका नोकरहरू, धार्मिक अवरोधहरू र दुष्ट आत्माका कार्यहरूलाई पाखा लगाओ। मण्डलीलाई शुद्ध बनाओ, मेरो इच्छालाई निर्विघ्न रूपमा सञ्चालन गर, र साँच्चै, विपत्तिभन्दा अघिको यो छोटो समयमा, म तिमीहरूलाई यथाशीघ्र पूर्ण बनाउनेछु, र तँमा महिमा ल्याइदिनेछु।

## अध्याय २३

मेरो सोर सुन्ने सबै भाइ-बहिनीहरूलाई: तिमीहरूले मेरो कठोर न्यायको आवाज सुनेका छौ र तिमीहरूले चरम कष्ट भोगेका छौ। तापनि मेरो कठोर सोरको पछाडि मेरा अभिप्रायहरू लुकेका छन् भन्ने तिमीहरूले जान्नुपर्छ! तिमीहरूले मुक्ति पाउन सक भनेर म तिमीहरूलाई अनुशासनमा राख्छु। तिमीहरूले जान्नुपर्छ, म मेरा प्रिय छोराहरू, तिमीहरूलाई निश्‍चय अनुशासनमा राख्छु र तिमीहरूलाई छिँवल्छु र चाँडै नै तिमीहरूलाई पूर्ण बनाउँछु। मेरो हृदय अत्यन्तै उत्सुक छ, तर तिमीहरू मेरो हृदयलाई बुझ्दैनौ र तिमीहरू मेरो वचनअनुसार काम गर्दैनौ। मेरा वचनहरू आज तिमीहरूमाथि आउँछन्, जसद्वारा तिमीहरू परमेश्‍वर साँच्चै एक प्रेमिलो परमेश्‍वर हुनुहुन्छ भनी जान्नेछौ र तिमीहरू सबैलाई परमेश्‍वरको साँचो प्रेम अनुभव गराउँछ। तापनि, थोरै सङ्ख्याका मानिसहरू पनि छन् जसले बहाना गरिरहेका छन्। जब तिनीहरू अरू मानिसहरूको दु:ख देख्छन्, तिनीहरूले उनीहरूको नक्कल गर्छन्, अनि तिनीहरूले पनि आँखामा आँसु झार्छन्। अरू पनि छन्—जो बाहिरी रूपमा परमेश्‍वरप्रति ऋणी भएको जस्तो देखिन्छन् र तिनीहरू पछुताएका जस्ता देखिन्छन्, तर भित्री रूपमा, तिनीहरूले साँचो रूपमा परमेश्‍वरलाई चिन्दैनन्, न त तिनीहरू उहाँबारे निश्‍चित नै छन्; बरु, तिनीहरूले बाहिरी रूप मात्र प्रस्तुत गर्दैछन्। म यी मानिसहरूलाई सबैभन्दा बढी घृणा गर्छु! ढिलो चाँडो, यी मानिसहरूलाई मेरो सहरबाट अलग गरिनेछ। मेरो अभिप्राय यही हो: म ती मानिसहरू चाहन्छु, जसले उत्कटताको साथ मेरो चाहना गर्छन्, र मलाई साँचो हृदयले पछ्याउनेहरूले मात्र मलाई खुसी पार्न सक्छन्। यी त्यस्ता मानिसहरू हुन् जसलाई म निश्‍चित रूपले आफ्नै हातले सहायता गर्नेछु, र तिनीहरूले कुनै विपत्तिको सामना गर्नु नपरोस् भन्ने म निश्‍चित गर्नेछु। साँचो रूपमा परमेश्‍वरलाई चाहने मानिसहरूले परमेश्‍वरको हृदयलाई ध्यान दिन र मेरो इच्छा पूरा गर्न इच्छुक हुनेछन्। यसैले, तिमीहरू चाँडै वास्तविकतामा प्रवेश गर्नुपर्छ र मेरो वचनलाई तिमीहरूको जीवनको रूपमा स्वीकार गर्नुपर्छ—यही नै मेरो सबैभन्दा ठूलो बोझ हो। यदि मण्डलीहरू र सन्तहरू सबै वास्तविकतामा प्रवेश गर्छन् र सबैले प्रत्यक्ष रूपमा मसँग सङ्गति गर्न, मेरो आमनेसामने हुन र सत्यता र धार्मिकताको अभ्यास गर्न सक्छन् भने मात्र तिनीहरू मेरा प्रिय छोराहरू हुनेछन्, जसमा म प्रसन्‍न हुन्छु। यिनै मानिसहरूलाई म सबै महान् आशिषहरू प्रदान गर्दछु।

## अध्याय २४

समय झन्-झन् नजिकिँदै छ। जाग! सबै सन्तहरू! म तिमीहरूसित बोल्नेछु, अनि सुन्नेहरू सबै जाग्नेछन्। म त्यही परमेश्‍वर हुँ जसमा तिमीहरूले यति धेरै वर्षसम्म विश्‍वास गरेका छौ। आज, म देह बनेको छु अनि तिमीहरूको आँखाको सामु आएको छ, र यसरी म मलाई कसले साँचो रूपले चाहन्छन्, को मेरो निम्ति कुनै मूल्य चुकाउन इच्छुक छन्, कसले साँचो रूपले मेरो वचन सुन्छन्, अनि को सत्यतालाई व्यवहारमा उतार्न इच्छुक छन् तिनीहरूलाई प्रकट गर्दै आएको

छु। किनकि म सर्वशक्तिमान् परमेश्वर हुँ–म मानिसहरूको अन्धकारमा लुकेर रहेका सबै रहस्यहरूलाई देख्न सक्छु, कसले मलाई साँचो रूपले चाहन्छन्, म जान्दछु अनि कसले मलाई विरोध गर्छन्, म जान्दछु। म सबै कुराहरूलाई नियाल्छु।

अब, जति सक्दो चाँडो हुन्छ, म मेरो हृदय अनुसारका मानिसहरूको झुण्ड बनाउन चाहन्छु, मेरा बोझहरूलाई बुझ्न सक्ने मानिसहरूको झुण्ड। तथापि, म मेरो मण्डलीलाई शुद्ध गर्ने र पवित्र तुल्याउने कामलाई रोक्न सक्दिनँ; मण्डली मेरो मुटु हो। म ती सबै खराब मानिसहरूलाई तिरस्कार गर्छु जसले तिमीहरूलाई मेरो वचन खान र पिउनदेखि रोक्छन्। किनकि केही मानिसहरू यस्ता छन् जसले मलाई साँचो रूपले चाहँदैनन्। यी मानिसहरू छलले भरिएका छन्, तिनीहरू साँचो हृदयले मसँग नजिक हुँदैनन्; तिनीहरू दुष्ट छन्, अनि तिनीहरू नै मेरो इच्छालाई पूरा गर्ने अवरोध खडा गर्ने मानिसहरू हुन्; तिनीहरू सत्यतालाई अभ्यास गर्ने मानिसहरू होइनन्। यी मानिसहरू स्व-धार्मिकता र अहङ्कारले भरिपूर्ण हुन्छन्, तिनीहरू असभ्य रूपले महत्वाकांक्षी हुन्छन्, तिनीहरू आफ्नो वरिष्ठता देखाउन मन पराउँछन्, अनि तिनीहरूले बोल्ने वचनहरू सुन्दा राम्रो लागे पनि, गुप्तमा तिनीहरू सत्यताको अभ्यास गर्दैनन्। यी खराब मानिसहरू सबैलाई काटेर हटाइनेछ र मेटाइनेछ; तिनीहरू विपत्तिको माझमा कमजोर हुनेछन्। यी वचनहरू तिमीहरूलाई मेरो हृदयअनुसारको मार्गमा आफ्ना पाउलाई राख्न याद गराउन र चेतावनी दिनका निम्ति हुन्। सधैँ आफ्नो आत्मातिर फर्क, किनकि मलाई आफ्नो सारा हृदयले प्रेम गर्नेहरूलाई म प्रेम गर्छु। तिमीहरू मेरो नजिक आएको हुनाले, म तिमीहरूलाई सुरक्षा गर्नेछु अनि तिमीहरूलाई ती खराब मानिसहरूदेखि टाढा राख्नेछु; म तिमीहरूलाई मेरो घरमा दृढ भई खडा हुने तुल्याउनेछु अनि अन्त्यसम्म तिमीहरूलाई रक्षा गर्नेछु।

## अध्याय २५

सर्वशक्तिमान् परमेश्वर, अनन्त पिता, शान्तिका राजकुमार, हाम्रा परमेश्वर राजा हुनुहुन्छ! सर्वशक्तिमान् परमेश्वरले जैतून डाँडामा आफ्ना पाइला टेक्नुहुन्छ। यो कति सुन्दर छ! सुन्नुहोस्! हामी पहरादारहरूले हाम्रो आवाज माथि उठाउँछौं; हामी एकै सोरमा गाउनेछौं किनकि परमेश्वर सियोनमा फर्कनुभएको छ। हामी आफ्नै आँखाले यरूशलेम उजाड भएको देख्छौं। आनन्दको सोरसहित कराओ र एकै सोरमा गीत गाओ, किनकि परमेश्वरले हामीलाई सान्त्वना दिनुभएको छ, र यरूशलेमलाई छुटाउनुभएको छ। परमेश्वरले आफ्नो पवित्र बाहुबल सारा जातिहरूको नजरमा प्रकट गर्नुभएको छ, परमेश्वरको वास्तविक व्यक्तित्व देखा परेको छ! पृथ्वीको अन्तसम्म सबै मानिसहरूले हाम्रा परमेश्वरको मुक्ति देखेका छन्।

अहो, सर्वशक्तिमान् परमेश्वर! तपाईंका सारा रहस्यहरू प्रकट गर्न तपाईंको सिंहासनबाट सात आत्मा सबै मण्डलीमा पठाइएको छ। तपाईंको महिमाको सिंहासनमा बसेर तपाईंले आफ्नो राज्यको व्यवस्थापन गर्नुभएको छ र त्यसलाई न्याय र धार्मिकताद्वारा बलियो र स्थिर बनाउनुभएको छ, र तपाईंले आफ्नो अगाडि सबै जातिहरूलाई वशमा पार्नुभएको छ। हे, सर्वशक्तिमान् परमेश्वर!

तपाईंले राजाहरूको पेटी फुकाल्नुभएको छ, तपाईंले शहरका ढोकाहरू फेरि कहिल्यै बन्द नहुने गरी तपाईंको अगाडि खोल्नुभएको छ। किनकि तपाईंको ज्योति आएको छ र तपाईंको महिमा उदय हुन्छ र चहकिलो भई चम्कन्छ। पृथ्वीलाई अन्धकारले ढाक्छ र मानिसहरूमाथि घोर अन्धकार छ। हे परमेश्वर! तापनि, तपाईं देखा पर्नुभएको छ र हामीमा तपाईंको ज्योति चम्काउनुभएको छ, र तपाईंको महिमा हामीमाथि देखिनेछ; सबै जातिहरू तपाईंको ज्योतिमा आउनेछन्, राजाहरू तपाईंको चमकमा आउनेछन्। तपाईं आफ्ना नजर उठाउनुहुन्छ र वरिपरि हेर्नुहुन्छ: तपाईंका छोराहरू तपाईंको अगाडि भेला हुन्छन् र तिनीहरू टाढाबाट आउँछन्; तपाईंका छोरीहरूलाई अङ्गालोमा बोकिन्छन्। हे, सर्वशक्तिमान् परमेश्वर! तपाईंको महान् प्रेमले हामीलाई समातेको छ; तपाईंले नै हामीलाई तपाईंको राज्यको बाटोमा अगाडि बढाउनुहुन्छ, र तपाईंका पवित्र वचनहरू हामीमा व्याप्त हुन्छन्।

हे, सर्वशक्तिमान् परमेश्वर! हामी तपाईंलाई धन्यवाद दिन्छौं र हामी तपाईंको प्रशंसा गर्दछौं। हामीलाई तपाईंलाई हेर्न, तपाईंको साक्षी दिन, तपाईंलाई उच्च पार्न, र साँचो हृदयले, शान्त र अविभाजित हृदयले गाउन दिनुहोस्। हामीलाई एउटै मन दिनुहोस् र एक साथ निर्माण गर्नुहोस्, र तपाईंद्वारा प्रयोगमा ल्याइनका लागि हामीलाई चाँडै त्यस्ता व्यक्तिहरू बनाउनुहोस् जसलाई तपाईंको हृदयले रुचाउँछ। पृथ्वीमा तपाईंको इच्छा कुनै बाधाविना पूरा हुन सकोस्!

## अध्याय २६

मेरा सन्तान हो, मेरा वचनहरूलाई ध्यान देओ, चुपचाप मेरो आवाजलाई सुन अनि म तँलाई प्रकाशहरू दिनेछु। मभित्र शान्त बन्, किनभने म तेरा परमेश्वर हुँ, तिमीहरूका एक मात्र उद्धारकर्ता। तिमीहरूले सँधै आफ्नो हृदयलाई शान्त गर्नुपर्दछ र मभित्र जिउनुपर्छ; म तेरो चट्टान, तिमीहरूका सहायक हुँ। अरू कुनै विचार नगर्, तर तेरो सारा हृदयले ममा भरोसा गर् अनि म अवश्य नै तिमीहरूकहाँ देखा पर्नेछु—म तिमीहरूका परमेश्वर हुँ! अनि, ती शङ्कालुहरू! तिनीहरू दह्रिलो गरी खडा हुन अवश्य नै सक्दैनन् र तिनीहरूले केही पनि प्राप्त गर्नेछैनन्। अहिले कुन समय हो भन्ने तिमीहरूलाई थाहा हुनैपर्छ, यो कति महत्त्वपूर्ण क्षण हो! यो कति महत्त्वपूर्ण छ! बेकारका कुराहरूमा आफैलाई व्यस्त नबनाओ; तुरुन्तै मेरो नजिक आओ, मसँग सङ्गति गर, अनि म तिमीहरूलाई मेरा सारा रहस्यहरू प्रकट गर्नेछु।

तिमीहरूले पवित्र आत्माको अगुवाइको हरेक वचनलाई सुन्नुपर्छ; तिनलाई एकातिर नफ्याँक। धेरै पटक तिमीहरूले मेरा वचनहरू सुनेका छौ अनि तिनलाई बिर्सेका छौ। अहो, कति समझ नै नभएकाहरू! तिमीहरूले धेरै आशिषहरू गुमाएका छौ! अब तिमीहरूले ध्यान दिएर सुन्नुपर्छ र मेरा वचनहरूलाई ध्यान दिनुपर्छ, मसँग अझै बढी सङ्गति गर्नुपर्छ र अझै बढी मेरो नजिक आउनुपर्छ। तैँले नबुझ्ने सबै कुरामा, म तँलाई अगुवाइ गर्नेछु, र म तिमीहरूलाई अगाडि डोर्याउनेछु। अरूसँग अझै बढी सङ्गति गर्ने बारेमा ध्यानै नदेओ। अहिले अक्षरहरू र धर्मसिद्धान्तहरू प्रचार गर्ने धेरै छन्, तर मेरो वास्तविकतालाई साँचो रूपमा धारण गरेकाहरू निकै थोरै छन्। तिनीहरूका सङ्गतिले

अन्योल र बोधो बनाउँछ, अघि कसरी बढ्ने थाहा हुँदैन। तिनीहरूलाई सुनेपछि, अक्षरहरू र धर्मसिद्धान्तहरूलाई अलिक बढी रूपमा मात्रै बुझ्न सकिन्छ। तिमीहरूले आफ्नो कदममा ध्यान दिनुपर्छ र तिमीहरूको हृदयलाई सँधै मेरो सामने बसाइ राख्नुपर्छ; तिमीहरूले मसँग कुराकानी गर्नैपर्छ र तिमीहरू मेरो नजिक आउनुपर्छ, अनि तिमीहरूले नबुझेको कुरामा तिमीहरूलाई देख्ने तुल्याउनेछु। सँधै आफ्नो बोली-वचनमा ध्यान देओ, आफ्नो हृदयलाई सँधै अवलोकन गर, र मैले हिँड्ने बाटो हिँड।

अब समय त्यति टाढा छैन; अझै थोरै समय बाँकी छ। म बाहेक सबै कुरालाई त्याग्न हतार गर अनि आऊ मलाई पछ्याओ! म तिमीहरूलाई दुर्व्यवहार गर्नेछैन! धेरै पटक तिमीहरूले मेरा कार्यहरूलाई गलत रूपमा बुझेका छौ, तैपनि म तिमीहरूलाई कति प्रेम गर्छु के तँलाई थाहा छ? अँ, तैँले मेरो हृदयलाई भुइँदै-बुझ्दैनस्। तिमीहरूले जति शङ्का गरे पनि, तिमीहरू मप्रति जति नै ऋणी भए पनि, म त्यसलाई सम्झनेछैन, तैपनि अघि बढ्न र मेरो इच्छा अनुसार काम गर्न लगाउनको लागि म तिमीहरूलाई चुन्छु।

आज विलम्ब गर्ने समय होइन। अबदेखि उसो, तिमीहरूले केही गोप्य अभिप्राय राख्छौ भने, मेरो न्याय तिमीहरूमाथि आइपर्नेछ। तिमीहरूले मलाई एक क्षणको लागि पनि छोड्यौ भने, तिमीहरू लोतकी पत्नीझैँ हुनेछौ। अब पवित्र आत्माको काम शीघ्र हुन्छ, र नयाँ ज्योतिलाई पछ्याउन नसक्नेहरू खतरामा पर्छन्। ध्यान नदिनेहरूलाई त्यागिनेछ; तिमीहरूले आफैलाई सुरक्षित गर्नुपर्छ। तँ जान्दछस् कि तेरो वरिपरि वातावरणमा भएका सबै कुराहरू मेरो अनुमतिमा त्यहाँ छन्, सबै मैले नै योजना बनाएको हुँ। स्पष्ट रूपमा हेर र मैले तँलाई दिएको वातावरणमा मेरो हृदयलाई सन्तुष्ट बना। नडरा, सेनाहरूका सर्वशक्तिमान् परमेश्‍वर अवश्य नै तेरो साथमा हुनेछ; उहाँ तेरो पछाडि खडा हुनुहुन्छ र उहाँ तेरो ढाल हुनुहुन्छ। आज, मानिसहरूमा अत्यन्तै धेरै धारणाहरू छन्, जसले मलाई अभिमानीहरू र आत्म-धर्मी, घमण्डी, महत्त्वाकांक्षी, अनि आफूलाई उच्च ठान्नेहरूलाई शर्ममा पार्नका लागि, अरूले नीच ठानेका मानिसहरूद्वारा मेरो इच्छालाई व्यक्त गर्न बाध्य गर्छ। त्यसकारण जबसम्म तिमीहरूले मेरो बोझलाई इमानदारसाथ बुझ्छौ, म तिमीहरूका लागि सबै कुरा तयारी गर्नेछु। मलाई पछ्याऊ!

## अध्याय २७

ब्रह्माण्ड र सबै थोकमाथि शासन गर्नुहुने एक मात्र साँचो परमेश्‍वर—सर्वशक्तिमान् परमेश्‍वर, आखिरी दिनहरूका ख्रीष्ट! यो पवित्र आत्माको गवाही, निर्विवाद प्रमाण हो! पवित्र आत्माले जतातत‍ै गवाही दिन काम गरिरहनुभएको छ, ताकि कोही पनि शङ्कामा नहोऊन्। विजयी राजा, सर्वशक्तिमान् परमेश्‍वर! उहाँ संसारमाथि प्रबल हुनुभएको छ, उहाँ पापमाथि प्रबल हुनुभएको छ, र उहाँले आफ्नो छुटकाराको काम पूरा गर्नुभएको छ। उहाँले शैतानद्वारा भ्रष्ट तुल्याइएका मानिसहरूको यो समूह, हामीलाई मुक्ति दिनुभएको छ, र उहाँको इच्छा पूरा गर्नको लागि हामीलाई पूर्ण तुल्याउनुभएको छ। उहाँले यो भूमिलाई फेरि कब्जा गर्दै र शैतानलाई अतल कुण्डमा लखेट्दै,

उहाँले सारा पृथ्वीभरि राजकीय शक्तिको प्रयोग गर्नुहुन्छ। उहाँ संसारमाथि न्याय गर्न बस्नुहुन्छ, र उहाँको हातबाट कोही पनि उम्कन सक्दैन। उहाँले राजाको रूपमा शासन गर्नुहुन्छ।

सारा पृथ्वीले उच्च सोरमा हर्षोल्लास गर्छ! यसले विजयी राजाको–सर्वशक्तिमान् परमेश्वरको प्रशंसा गर्छ! सदासर्वदा! तपाईं आदर र प्रशंसाका योग्य हुनुहुन्छ। ब्रह्माण्डका महान राजालाई नै अख्तियार र महिमा होस्।

समय छोटो छ। सर्वशक्तिमान् परमेश्वरका पाइलाहरू पछ्याऊ र अघि बढिरहो। गल्ती नगर्नलाई अति सावधान बन, उहाँको बोझप्रति विचारशील होओ, उहाँसँग एकै मनका होओ, र उहाँको व्यवस्थापन योजनाको लागि आफूलाई अर्पण गर। तिमीहरूले आफ्ना सम्पत्तिहरूलाई आफ्नो निम्ति साँच्नु हुँदैन। समय निकै थोरै छ। तिनलाई चढाइहाल! तिनलाई साँचेर नराख! तिनलाई चढाइहाल! तिनलाई साँचेर नराख!

## अध्याय २८

जब तैँले समय अत्यन्तै क्षणिक छ र पवित्र आत्माको कार्य तँलाई त्यति महान् आशिषहरू प्राप्त गर्न र चम्किरहने सूर्य, राज्यका राजा हुनुहुने ब्रह्माण्डका राजा, सर्वशक्तिमान् परमेश्वर ग्रहण गर्न दिँदै अघि बढेको छ भन्ने देख्छस्–यो सबै मेरो अनुग्रह र कृपा हो। तँलाई मेरो प्रेमबाट अलग गराउन सक्ने अरू के छ र? ध्यान दिएर मनन गर्, उम्कने प्रयास नगर्, हरेक क्षण मेरो सामने शान्त भई प्रतीक्षा गर् र सधैँ बाहिर भौतारिने नगर्। तेरो हृदय मेरो हृदयको नजिक हुनुपर्छ, र जे भए पनि, अन्धाधुन्ध वा स्वेच्छाले काम नगर्। तैँले मेरो इच्छालाई नै हेर्नुपर्छ, मैले जे इच्छा गर्छु त्यही गर्नुपर्छ, र मैले इच्छा नगर्ने कुरालाई त्याग्ने अठोट गर्नुपर्छ। तैँले आफ्ना भावनाहरूको आधारमा काम गर्नु हुँदैन, बरु मैले जस्तै तेरा बाबुआमाको लागि समेत कुनै भावनाविना धार्मिकताको अभ्यास गर्नुपर्छ। तैँले सत्यताअनुरूप नरहेका सबै कुरालाई त्याग्नुपर्छ र तैँले मलाई प्रेम गर्ने शुद्ध हृदयसहित आफूलाई मेरो लागि चढाउनुपर्छ र अर्पण गर्नुपर्छ। कुनै पनि व्यक्ति, घटना, वा कुराको नियन्त्रणमा नबस्; जबसम्म कुनै कुरा मेरो इच्छाअनुरूप हुन्छ, तबसम्म यसलाई मेरा वचनहरूअनुसार अभ्यास गर्। नडरा, किनभने मेरा हातले तँलाई साथ दिन्छ, र म तँलाई दुष्ट काम गर्नेहरूबाट टाढा राख्नेछु। तैँले आफ्नो हृदयलाई रक्षा गर्नुपर्छ, सधैँ मभित्रै रहनुपर्छ, किनभने तेरो जीवन ममा निर्भर भएर जिउँछ; यदि तँ मलाई छोडेर गइस् भने, तँ तुरुन्तै सुक्नेछस्।

तैँले यी आखिरी दिनहरू हुन् भन्ने कुरालाई जान्नुपर्छ। गर्जने सिंहजस्तै दियाबलस शैतान मानिसहरूलाई निल्नको लागि खोजी गर्दै यता-उता घुम्छ। अब सबै प्रकारका विपत्तिहरू आइपर्छन्, र हरेक प्रकारका दुष्ट आत्माहरू छन्। म मात्रै साँचो परमेश्वर हुँ; म मात्रै तेरो शरणस्थान हुँ। अब मेरो गुप्त स्थानमा, मभित्र मात्रै लुक्ने बाहेक तैँले केही पनि गर्न सक्दैनन्, र तँमाथि विपत्तिहरू आइपर्नेछैनन्, र तेरो पालको नजिक कुनै पनि विपत्ति आउनेछैन। तँ अझै बढी मेरो नजिक आउनुपर्छ र गुप्त स्थानमा मसँग सङ्गति गर्नुपर्छ; अरूसँग हल्का रूपले सङ्गति नगर्।

तैँले मेरा वचनहरूको अर्थलाई बुझ्नैपर्छ–तँलाई सङ्गति गर्ने अनुमति छैन भनेर मैले भनिरहेको छैन, तर तँसँग अझै पनि भेदशक्ति छैन भनेर भनिरहेको छु। यस अवधिमा, दुष्ट आत्माहरूको काम छ्यासछ्यासती हुन्छन्। तँलाई सङ्गति दिनको लागि तिनीहरूले सबै किसिमका मानिसहरूको प्रयोग गर्छन्। तिनीहरूका शब्दहरू मनोहर सुनिन्छ, तर तीभित्र विष हुन्छन्। ती त चिनीको आवरण हालिएका गोली हुन् अनि तैँले थाहा पाउनुअघि, तिनीहरूले तँभित्र तिनीहरूको विष हालिदिनेछन्। आजका धेरैजसो मानिसहरू अस्थिर छन्, मानौं तिनीहरू मातेका छन् भन्ने कुरालाई तैँले जान्नुपर्छ। जब तैँले अरूसँग तेरा कठिनाइहरूका बारेमा सङ्गति गर्छस्, त्यस बेला तिनीहरूले तँलाई बताउने कुरा नियमहरू र धर्मसिद्धान्त मात्रै हुन्, र यो मसँगै सिधै सङ्गति गरेको जस्तो राम्रो हुँदैन। मेरो अघि आइज र तँभित्र भएका पुराना कुराहरूलाई निकाल्; मेरो लागि तेरो हृदय खोल् अनि तेरो लागि मेरो हृदय अवश्य नै प्रकट गर्नेछु। तेरो हृदय मेरो अघि लगनशील हुनैपर्छ। अल्छी नबन्, तर मकहाँ बारम्बार आइज्–तेरो जीवन वृद्धि हुने सबैभन्दा छिटो तरिका यही हो। तँ मभित्र जिउनुपर्छ र म तँभित्र जिउनेछु, अनि तँलाई सबै कुरामा अगुवाइ गर्दै म तँभित्र राजा बन्नेछु, र तँ राज्यको भाग बन्नेछस्।

तँ जवान छस् भन्दैमा आफूलाई कम नसम्झी। तैँले आफैलाई ममा समर्पित गर्नुपर्छ। मानिसहरू बाहिरी रूपमा कस्तो देखिन्छन् भन्ने कुरालाई म ध्यान दिँदिन, न त तिनीहरू कति वर्षका भए भन्ने कुरालाई नै ध्यान दिन्छु। तिनीहरूले मलाई इमानदार रूपमा प्रेम गर्छन् कि गर्दैनन्, र तिनीहरूले मेरो मार्ग पछ्याउने र अरू सबै कुरालाई बेवास्ता गरेर सत्यतालाई अभ्यास गर्ने गर्छन् कि गर्दैनन् भन्ने कुरालाई मात्रै म ध्यान दिन्छु। भोलिको दिन कस्तो हुनेछ भनेर चिन्ता नगर्, न त भविष्य कस्तो हुनेछ भनेर नै। जबसम्म तँ हरेक दिन मेरो भरोसामा जिउँछस्, तबसम्म म अवश्य नै तँलाई डोऱ्याउनेछु। “मेरो जीवन अत्यन्तै सानो छ, म त केही पनि बुझ्दिन” भन्ने विचारमा लागी नराख्, यो त शैतानले पठाएको विचार हो। सधैँ मेरो नजिक आउनको लागि, बाटोको अन्त्यसम्मै मेरा पाइलाहरूलाई पछ्याउनको लागि तैँले तेरो हृदय मात्रै प्रयोग गर्नुपर्छ। जब तैँले मेरा हप्की र चेतावनीका वचनहरू सुन्छस्, तुरुन्तै ब्यूँझेर अघि दौडी; नरोकिकन मेरो नजिक आइज, बगालको गतिलाई पछ्याइराख, र तेरो नजर अगाडि लगा। मेरो उपस्थितिमा हुँदा, तैँले आफ्नो परमेश्‍वरलाई तेरो सारा हृदय र प्राणले प्रेम गर्नुपर्छ। सेवाको मार्गमा, बारम्बार मेरा वचनहरूलाई ध्यान दे। अभ्यास गर्ने क्रममा, कमजोर हृदयको नबन्–पुरुष बालकको सङ्कल्प र दृढ निश्‍चयताको साथ हृदयलाई शक्तिशाली बना; ठूलो हृदय भएको मानिस बन्। यदि तँ मलाई प्रेम गर्न चाहन्छस् भने, तैँले तँमा मैले पूरा गर्न चाहेको सबै कुरालाई ममा पूरा गर्नुपर्छ। यदि तँ मलाई पछ्याउन चाहन्छस् भने, तैँले आफूसँग भएको सबै कुरालाई, तैँले प्रेम गर्ने सबै कुरालाई त्याग्नुपर्छ; तँ सरल मन लिएर मेरो सामने नम्र भई समर्पित हुनुपर्छ। जथाभाबी अन्वेषण गर्ने वा विचार गर्ने नगर्, तर पवित्र आत्माको कार्यलाई नै पछ्याइराख्।

यहाँ, म तँलाई यो सल्लाह दिन्छु: मैले अन्तर्दृष्टि दिएर तँभित्र राखिदिएको सबै कुरालाई दह्रिलो गरी पक्रिराख्, अनि यसलाई निश्‍चित रूपमा अभ्यास गर्!

## अध्याय २९

समय झन्-झन् छोट्टिँदैछ भन्ने के तँलाई थाहा छ? त्यसकारण, छोटो अवधिमा, तैँले ममा भरोसा गर्नुपर्छ र मेरो स्वभावसँग नमिल्ने सबै कुरालाई तँबाट पन्छ्याउनुपर्छ: अज्ञानता, प्रतिक्रिया दिनमा ढिलाइ गर्ने बानी, अस्पष्ट विचारहरू, कोमल-हृदयता, कमजोर इच्छा, मूर्खता, अतिरंजित भावनाहरू, अन्योलता, र भेदशक्तिको कमी। यी कुराहरूलाई जति सक्दो चाँडो हटाउनुपर्छ। म सर्वशक्तिमान् परमेश्‍वर हुँ! जबसम्म तँ मसँग सहकार्य गर्न इच्छुक हुन्छस्, तबसम्म म तँलाई समस्यामा पार्ने सबै कुरालाई समाधान गर्न सक्छु। म मानिसहरूको हृदयको गहिराइ देख्न सक्ने परमेश्‍वर हुँ; मलाई तिमीहरूका सबै रोगहरू र तिमीहरूका खराबीहरू कहाँ छन् भन्ने सबै थाहा छ। यी कुराहरू तिमीहरूलाई जीवनमा अघि बढ्नबाट रोक्ने कुराहरू हुन्, र तिनलाई तुरुन्तै हटाइनुपर्छ। नत्र भने, तँमा मेरो इच्छालाई अघि बढाउन सकिनेछैन। मैले प्रकाशित गर्ने तँमा भएको सबै कुरालाई त्याग्नको लागि ममाथि भरोसा गर्, सधैं मद्वारा जिऊ, मेरो नजिक बस्, र मेरै अनुरूपमा सबै काम र बानीबेहोरालाई अघि बढा। तैँले नबुझ्ने कुराको बारेमा मसँग धेरैजसो बारम्बार सङ्गति गर्, अनि तँ अगाडि बढ्न सक्ने गरी म तँलाई अगुवाइ गर्नेछु। यदि तँ अनिश्‍चित छस् भने, हतारमा काम नगर्, तर मेरो समयको प्रतीक्षा गर्। आफ्नो स्वभावलाई स्थिर राख् र तेरो जोसलाई घरी तातो र घरी चिसो हुन नदे; तँसँग मलाई सधैँ आदरसाथ हेर्ने हृदय हुनुपर्छ। तैँले मेरो अघि र मेरो नजरभन्दा बाहिर जे गर्छस् त्यो सधैँ मेरै इच्छा अनुरूप हुनुपर्छ। मेरो खातिर कसैसँग पनि उदार नबन्, चाहे त्यो तेरो पति होस् वा तेरो परिवार; तिनीहरू जति नै असल भए पनि यस्तो कुरा स्वीकार्य हुँदैन। तैँले सत्यता अनुरूप नै काम गर्नुपर्छ। यदि तँ मलाई प्रेम गर्छस् भने, म तँलाई महान् आशिषहरू दिनेछु। विरोध गर्ने कसैलाई पनि म सहनेछैन। मैले प्रेम गर्नेहरूलाई प्रेम गर्, र मैले घृणा गर्नेहरूलाई घृणा गर्। कुनै पनि मानिस, घटना, वा कुरालाई ध्यान नदे। तेरो आत्माद्वारा हेर् अनि मैले प्रयोग गर्ने मानिसहरूलाई स्पष्ट रूपमा देख्; आत्मिक मानिसहरूसँग अझै बारम्बार सम्पर्कमा बस्। अज्ञानी नबन्–तैँले कुराहरू छुट्याउनैपर्छ। गहूँ सधैँ गहूँ नै हुनेछ, अनि सामा कहिल्यै पनि गहूँ भई हुर्कनेछैन–तैँले फरक-फरक प्रकारका मानिसहरूलाई पहिचान गर्नैपर्छ। तँ आफ्नो बोली-वचनमा विशेष होशियार हुनुपर्छ र तैँले आफ्नो पाइलालाई मैले चाहेको मार्गमा नै राख्नुपर्छ। यी सबै वचनहरूलाई ध्यान दिएर विचार गर्। तैँले तेरो विद्रोहीपनलाई तुरुन्तै त्याग्नुपर्छ र मेरो प्रयोगयोग्य बन्नुपर्छ, ताकि तैँले मेरो हृदयलाई सन्तुष्ट तुल्याउन सक्।

## अध्याय ३०

भाइ हो, व्यूँउझ! बहिनी हो, व्यूँउझ! मेरो दिन आउन विलम्ब हुनेछैन; समय नै जीवन हो, अनि समय आफ्नो हातमा लिनु भनेकै जीवन बचाउनु हो! समय त्यति टाढा छैन! यदि तिमीहरू कलेजको प्रवेश-परीक्षामा असफल भयौ भने, तिमीहरूले अध्ययन गरेर तिमीहरूलाई जति पटक मन लाग्यो त्यति पटक परीक्षा दिन सक्छौ। तैपनि, मेरो दिनले थप ढिलाई सहनेछैन। सम्झना

गर! सम्झना गर! म तिमीहरूलाई यी असल वचनहरूद्वारा अनुरोध गर्छु। तिमीहरूकै आँखाको अघि संसारको अन्त्य हुन्छ, अनि ठूला विपत्तिहरू तीव्र गतिमा नजिक आउँछन्। कुनचाहिँ बढी महत्त्वपूर्ण हो: तिमीहरूको जीवन, कि तिमीहरूको निद्रा, तिमीहरूको भोजन र पेय पदार्थ र वस्त्र? तिमीहरूले यी कुराहरूलाई तौलने बेला आएको छ। अबदेखि शङ्कालु नहोओ, र सुनिश्चितताबाट सर्माएर नजाओ!

कति दयनीय! कति दरिद्र! कति अन्धो! मानवजाति कति निर्दयी छ! वास्तवमा नै, तिमीहरूले मेरो वचनको निम्ति कान थुन्छौ—के म तिमीहरूसँग व्यर्थमा बोलिरहेको छु? तिमीहरू अझै पनि अति असावधान छौं—किन? किन त्यसो भयो? के तिमीहरूमा कहिल्यै यस्तो विचार आएन? म कसको लागि यी कुराहरू भन्छु? मलाई विश्वास गर! म तिमीहरूका मुक्तिदाता हुँ! म तिमीहरूका सर्वशक्तिमान् जन हुँ! जागा रहो! जागा रहो! गएको समय फेरि कहिल्यै फर्केर आउँदैन—यो कुरालाई याद राख! पछुतोलाई निको पार्ने औषधि संसारमा कहीँ छैन! त्यसकारण, मैले तिमीहरूसँग कसरी बोल्नुपर्छ? के मेरो वचन तिमीहरूको होसियार, बारम्बार विचारको योग्य छैन? तिमीहरू मेरो वचनप्रति कति बेपरवाह छौ र आफ्नो जीवनप्रति कति अजिम्मेवार छौं; म यसलाई कसरी सहन सक्छु? कसरी सक्छु?

किन यतिको समयमा पनि तिमीहरूका बीचमा उचित मण्डली जीवन पैदा हुन सकेको छैन? किनभने तिमीहरूमा विश्वासको कमी छ; तिमीहरू मूल्य चुकाउन, आफैलाई अर्पण गर्न, आफैलाई मेरो अघि समर्पण गर्न अनिच्छुक छौ। हे मेरा पुत्रहरू हो, बिउँझ! मेरा पुत्रहरू, मलाई विश्वास गर! मेरा प्रियहरू, तिमीहरू किन मेरो हृदयमा के छ भनी विचार गर्दैनौ?

## अध्याय ३१

मलाई सच्चा रूपमा चाहनेहरू सबैलाई म प्रेम गर्छु। यदि तिमीहरूले मलाई प्रेम गर्ने कार्यमा ध्यान केन्द्रित गर्‍यौ भने, म तिमीहरूलाई अवश्य नै प्रशस्त आशिष दिनेछु। के तिमीहरूले मेरा अभिप्रायहरूलाई बुझ्यौ? मेरो घरमा, उच्च र न्यून हैसियत बीचमा कुनै भिन्नता छैन। सबै मेरा पुत्र हुन्, र म तिमीहरूका पिता, तिमीहरूका परमेश्वर हुँ। म सर्वोच्च र अद्वितीय छु। म ब्रह्माण्ड र सबै थोकलाई नियन्त्रण गर्छु!

तैँले मेरो घरमा "मलाई नम्रता र दीनतामा सेवा" गर्नुपर्छ। यो वाक्यांश तेरो नारा हुनुपर्छ। रूखको पात नबन्, तर रूखको जरा बनेर जीवनमा गहिरो जरा हाल्। जीवनको सच्चा अनुभवमा प्रवेश गर्, मेरा वचनहरूअनुसार जी, हरेक कुरामा मलाई अझै बढी खोजी गर्, र मेरो नजिक आएर मसँग सङ्गति गर्। कुनै पनि बाहिरी कुराहरूलाई ध्यान नदे, र कुनै पनि व्यक्ति, घटना, वा वस्तुको नियन्त्रणमा नबस्, तर म के हुँ भन्ने विषयमा आत्मिक मानिसहरूसँग मात्रै सङ्गति गर्। मेरा अभिप्रायहरूलाई बुझ्, मेरो जीवन तिमीहरूको बीचमा बगोस्, र मेरा वचनहरूमा जिएर मेरा मागहरूलाई पालन गर्।

तेरा सबै सामर्थ्य मैले तँलाई आज्ञा गरेका विषयहरूमा समर्पित गर्; मेरो हृदयलाई सन्तुष्ट

तुल्याउनको निम्ति तैँले गर्न सक्ने जति सबै गर्। म तेरो शक्ति हुँ र म तेरो आनन्द हुँ...। म तेरो सबै थोक हुँ। मेरो पछि लाग्। तेरो हृदयको साँचो इच्छाहरूका बारेमा र तैँले आफैलाई मेरो निम्ति इमानदारीताको साथ समर्पित गर्छस् भन्ने मलाई थाहा छ, तर मेरो घरमा मलाई कसरी बफादारीता देखाउनुपर्छ र मलाई कसरी अन्त्यसम्मै पछ्याउनुपर्छ भन्ने कुरा तँलाई थाहा हुनुपर्छ।

मण्डली मेरो मुटु हो र मेरो मण्डली निर्माणको लागि मलाई आतुरीले पोलिरहेको छ। तैँले अलिकति पनि बाँकी नराखी आफूलाई मप्रति समर्पित गर्नुपर्छ, र मेरा अभिप्रायहरूलाई बुझ्नुपर्छ, ताकि मेरो हृदय सन्तुष्ट हुन सकोस्।

## अध्याय ३२

ज्योति भनेको के हो? विगतमा, तिमीहरूले पवित्र आत्माको कार्यको रूपान्तरणलाई वास्तवमा ज्योतिको रूपमा लिएका थियौ। यसमा सधैँ साँचो ज्योति हुन्छ: अर्थात्, मेरो नजिक आएर अनि मसँग सङ्गति गरेर परमेश्‍वर के हुनुहुन्छ सो प्राप्त गर्नु। परमेश्‍वरका वचनहरूको अन्तर्ज्ञान प्राप्त गर्नु र उहाँका वचनहरूमा उहाँको इच्छालाई बोध गर्नु–अर्थात्, ती वचनहरू खाने र पिउने क्रममा, परमेश्‍वरका वचनहरूमा आत्माको अनुभूति गर्नु र आफूभित्र परमेश्‍वरका वचनहरूलाई ग्रहण गर्नु; उहाँ के हुनुहुन्छ भन्ने कुरालाई तैँले अनुभवबाट बोध गर्न सक्छस्, र उहाँसँग कुराकानी गर्ने क्रममा परमेश्‍वरको प्रकाश प्राप्त गर्न सक्छस्; सबै कुरा ज्योति नै हो। चिन्तन र मनन गर्ने क्रममा कुनै पनि क्षणमा तिमीहरूले अन्तर्दृष्टि प्राप्त गर्न र परमेश्‍वरका वचनहरूको नयाँ अन्तर्ज्ञान प्राप्त गर्न सक्छौ। यदि तैँले परमेश्‍वरको वचनलाई बोध गरिस् र तैँले नयाँ ज्योतिलाई अनुभव गर्छस् भने, के तेरो सेवामा तँसँग शक्ति हुनेछैन र? तिमीहरूले सेवा गर्ने क्रममा अत्यन्तै चिन्ता गर्छौ! तिमीहरूले वास्तविकतालाई छोएका छैनौ, र तिमीहरूसँग साँचो अनुभव वा अन्तर्ज्ञान नभएको हुनाले यस्तो भएको हो। यदि तँसँग साँचो अन्तर्ज्ञान भएको भए, के कसरी सेवा गर्नुपर्छ भन्ने तँलाई थाहा हुनेथिएन र? जब तँमाथि निश्‍चित कुराहरू आइपर्छन्, तैँले तिनलाई लगनशीलताको साथ अनुभव गर्नुपर्छ। यदि सजिलो र सहज वातावरणमा पनि तँ परमेश्‍वरको मुहारको ज्योतिमा जिउन सक्छस् भने, तैँले हरेक दिन परमेश्‍वरको मुहार देख्नेछस्। यदि तैँले परमेश्‍वरको मुहार देखेको छस् र परमेश्‍वरसँग कुराकानी गरेको छस् भने, के तँसँग ज्योति हुनेछैन र? तिमीहरू वास्तविकतामा प्रवेश गर्दैनौ, र तिमीहरू सधैँ बाहिर खोजी गरिरहेका हुन्छौ; परिणामस्वरूप, तिमीहरूले केही पनि भेट्टाउँदैनौ र तिमीहरूको जीवन प्रगतिमा ढिलाइ हुन्छ।

बाहिरी कुरामा ध्यान नदेओ; बरु, भित्री रूपमा परमेश्‍वरको सामने आओ, गहन रूपमा सङ्गति गर र परमेश्‍वरको इच्छालाई बुझ; के त्यसपछि तिमीहरूले तिमीहरूको सेवामा मार्ग प्राप्त गर्नेछैनौ र? तिमीहरूले लगनशीलताको साथ ध्यान दिएर आज्ञा पालन गर्नुपर्छ। यदि तिमीहरूले सबै कुरा मेरा वचनहरूअनुसार मात्रै गर्छौ र मैले औँल्याएको मार्गहरूमा प्रवेश गर्छौ भने, के तिमीहरूसँग मार्ग हुनेछैन र? यदि तैँले वास्तविकतामा प्रवेश गर्ने मार्ग भेट्टाइस् भने, तैँले परमेश्‍वरको सेवा गर्ने मार्ग पनि भेट्टाएको हुनेछस्। यो कुरा सरल छ! अझै बढी परमेश्‍वरको उपस्थितिमा आओ, परमेश्‍वरका

वचनहरूलाई अझै बढी मनन गर, अनि तिमीहरूले आफुमा कमी भएको कुरा प्राप्त गर्नेछौ। तिमीहरूले नयाँ अन्तर्ज्ञान, नयाँ अन्तर्दृष्टि पनि प्राप्त गर्नेछौ, र तिमीहरूले ज्योति प्राप्त गर्नेछौ।

## अध्याय ३३

मेरो राज्यका निम्ति त्यस्ता मानिसहरू चाहिन्छ जो इमानदार छन्, जो पाखण्डी वा छली छैनन्। के इमानदार र निष्कपट मानिसहरू संसारमा अलोकप्रिय छैनन् र? म ठीक विपरीत छु। इमानदार मानिसहरू मकहाँ आउनु स्वीकार्य छ; म यस किसिमको व्यक्तिसँग खुशी हुन्छु, र मलाई यस किसिमको व्यक्ति चाहिन्छ। मेरो धार्मिकता ठीक यही हो। कतिपय मानिसहरू अज्ञानी छन्; तिनीहरूले पवित्र आत्माको कार्यलाई अनुभूति गर्न सक्दैनन् र तिनीहरूले मेरो इच्छालाई बुझ्न सक्दैनन्। तिनीहरूको परिवार र तिनीहरूको आसपासका कुराहरू अस्तित्वमा रहेको वातावरणलाई तिनीहरूले स्पष्ट रूपमा देख्न सक्दैनन्, र तिनीहरूले अन्धाधुन्ध कामकुराहरू गर्छन् र अनुग्रह प्राप्त गर्ने धेरै अवसरहरू गुमाउँछन्। बारम्बार तिनीहरू आफ्नो कार्यहरूप्रति खेद मान्छन् र जब तिनीहरूले कुनै मामलाको सामना गर्छन्, तिनीहरूले त्यसलाई स्पष्ट रूपमा देख्न सक्दैनन्। कहिलेकहीँ तिनीहरूले मुस्किलले विजय प्राप्त गर्न परमेश्वरमा भरोसा गर्न सक्छन्, तर जब तिनीहरूले पछि त्यस्तै प्रकारको समस्याको सामना गर्छन्, पुरानो बिमारी फेरि आइपर्छ, र तिनीहरूले मेरो इच्छालाई बुझ्न सक्दैनन्। तर म यी कुराहरूलाई हेर्दिनँ, र म तिमीहरूका अपराधहरूलाई स्मरण गर्दिनँ। बरु, म तिमीहरूलाई यो बाँझो भूमिबाट मुक्त गर्न र तिमीहरूलाई तिमीहरूको जीवन नवीकरण गराउन चाहन्छु। मैले तिमीहरूलाई बारम्बार माफी दिएको छु। तैपनि, सबैभन्दा महत्त्वपूर्ण चरण अहिले नै हो। उप्रान्त तिमीहरू दोधार बन्नु हुँदैन र त्यसरी उप्रान्त तिमीहरू रोकिँदै र हिँड्दै अघि बढ्नु हुँदैन। तिमीहरू कहिले गन्तव्यमा पुग्न सक्नेछौ? तिमीहरू नरोकिकन अन्तिम रेखातर्फ दौडनको लागि सक्दो गर्नुपर्छ। सबैभन्दा महत्त्वपूर्ण समयमा सुस्त नबन, साहसको साथ अघि बढ, र तिमीहरूको अघि प्रशस्त भोज राखिएको छ। तुरुन्तै आफ्नो विवाह-भोजको वस्त्र र धार्मिकताको वस्त्र लगाऊ, र ख्रीष्टको विवाह-भोजमा सहभागी बन; अनन्तसम्म पारिवारिक परमानन्द उपभोग गर! तँ पहिलेजस्तो उप्रान्त निराश, दुःखित हुनेछैनस् र सुस्केरा हाल्नेछैनस्। त्यो बेलाको सबै कुरा धुवाँजस्तो हराउनेछ र तँमाथि ख्रीष्टको पुनरूत्थित जीवनको शक्ति मात्रै हुनेछ। तँभित्र, शुद्धीकरण र धुवाइले शुद्ध पारेको मन्दिर हुनेछ, र तैँले प्राप्त गरेको पुनरुत्थानको जीवन सदासर्वदा तँमा बास गर्नेछ!

## अध्याय ३४

सर्वशक्तिमान् परमेश्वर सर्वशक्तिमान, सर्वप्रापक र पूर्ण रूपमा साँचो परमेश्वर हुनुहुन्छ! उहाँले सात ताराहरू धारण गर्नुहुन्छ, उहाँ सात आत्माहरू, सात आँखाहरूद्वारा सुसज्जित हुनुहुन्छ, उहाँले सात मोहरहरू, सात चर्मपत्रहरू खोल्नुहुन्छ, तर त्यति मात्र होइन, उहाँले सात महामारीहरू र सात

कचौराहरूको प्रशासन गर्नुहुन्छ र सात मेघगर्जनहरूलाई प्रकट गर्नुहुन्छ। धेरै पहिले उहाँले सात तुरही पनि बजाउनुभयो! उहाँले सृष्टि गर्नुभएका र पूर्ण बनाउनुभएका सबै थोकले उहाँको प्रशंसा गर्नुपर्छ, उहाँको महिमा गाउनुपर्छ र उहाँको सिंहासनको बढाइ गर्नुपर्छ। हे, सर्वशक्तिमान् परमेश्वर! तपाईं सबै थोक हुनुहुन्छ। तपाईंले सबै थोक हासिल गर्नुभएको छ, र तपाईंको साथमा सबै थोक पूर्ण, चम्किला, मुक्त, स्वतन्त्र, बलिया, र शक्तिशाली छन्! केही पनि लुकाइएका वा गुप्त राखिएका छैनन्; तपाईंको साथमा, सबै रहस्यहरू प्रकटित हुन्छन्। यसअलावा, तपाईंले आफ्ना शत्रुहरूको भीडलाई न्याय गर्नुभएको छ, तपाईंले आफ्नो प्रताप प्रकट गर्नुहुन्छ, आफ्नो प्रचण्ड ज्वाला दर्साउनुहुन्छ, तपाईंले आफ्नो क्रोध प्रदर्शन गर्नुहुन्छ, र त्यो भन्दा पनि बढी, तपाईंले आफ्नो अभूतपूर्व, चिरस्थायी, पूर्ण अनन्त महिमा प्रकट गर्नुहुन्छ। सबै मानिसहरू विनासन्देह जय-जयकार गर्न र गाउन अनि यी सर्वशक्तिमान्, पूर्ण रूपमा सच्चा, सर्वजीवी, प्रचुरतापूर्ण, महिमित र अनन्तदेखि अनन्तसम्म रहनुहुने साँचो परमेश्वरको स्तुति गर्न बिउँझनुपर्छ। उहाँको सिंहासनको अटुट बढाइ गरिनुपर्छ, उहाँको पवित्र नाउँको प्रशंसा र महिमा गान गाइनुपर्छ। यो मेरो–परमेश्वरको–अनन्त इच्छा हो, र उहाँले हामीलाई प्रकट र प्रदान गर्नुहुने असीमित आशिष् हो! हामीमध्ये कसले यसको उत्तराधिकार पाउँदैन र? परमेश्वरको आशिष्को उत्तराधिकार पाउनको लागि आराधना गर्दै उहाँको पवित्र नाउँलाई बढाइ गर्नुपर्छ र उहाँको सिंहासनलाई फन्को मार्नुपर्छ। उहाँसमक्ष अरू नै आशय र अभिप्रायहरू बोकेर जानेहरू सबैलाई उहाँको प्रचण्ड ज्वालाले पगाल्नेछ। आजको दिन उहाँका शत्रुहरूको न्याय गरिने दिन हो र आजकै दिनमा तिनीहरू नाश पनि हुनेछन्। यसअलावा, यो दिन म, सर्वशक्तिमान् परमेश्वर प्रकट हुने अनि मैले महिमा र मान प्राप्त गर्ने दिन पनि हो। हे, सबै मानिसहरू! चिरकालदेखि अनन्तसम्मै हामीलाई प्रेमिलो-दयालुपन बर्साउनुहुने, मुक्ति र आशिष् दिनुहुने, उहाँका छोराहरूलाई पूर्ण बनाउनुहुने, र सफलतापूर्वक उहाँको राज्य हासिल गर्नुहुने सर्वशक्तिमान् परमेश्वरको स्तुति र स्वागत गर्नलाई झट्टै उठ! यो परमेश्वरको सानदार काम हो! यो परमेश्वरको अनन्त पूर्वनिर्धारित गन्तव्य र बन्दोबस्त हो–त्यसैले, उहाँ स्वयम् हामीलाई मुक्ति दिन, हामीलाई पूर्ण बनाउन, र हामीलाई महिमामा ल्याउनको लागि आउनुभएको छ।

जो उठ्दैनन् र साक्षी दिँदैनन् ती सबै अन्धाहरूका पूर्वजहरू र अज्ञानताका राजाहरू हुन्। तिनीहरू अनन्तसम्मै अज्ञानी, चिरस्थायी मूर्ख रहिरहनेछन्; अन्धाहरू अनन्तसम्मै मृतक रहिरहनेछन्। यही कारणले गर्दा हाम्रा आत्माहरू जागृत हुनुपर्छ! सबै मानिसहरू जाग्नुपर्छ। प्रतापी प्रचण्ड आगो र धर्मी न्याय ल्याउनुहुने र सम्पूर्ण रूपले पर्याप्त, प्रचुर, सर्वशक्तिमान र पूर्ण रहनुभएका महिमाका राजा, कृपाका पिता, छुटकाराका छोरा, प्रचुरतापूर्ण सात आत्माहरू, सर्वशक्तिमान् परमेश्वरको अटुट रूपमा जय-जयकार, प्रशंसा र स्तुति गाओ। उहाँको सिंहासनको सदासर्वदा बढाइ गरिनेछ। सबै मानिसहरूले यो परमेश्वरको ज्ञान-बुद्धि हो भनी देख्नुपर्छ; यो उहाँको मुक्तिको सुन्दर मार्ग र उहाँको महिमावान् इच्छाको उपलब्धि हो। यदि हामी उठ्दैनौं र साक्षी दिँदैनौं भने, समय बितिसकेपछि फेरि पछाडि फर्केर जान सकिनेछैन। हामीले आशिष् पाउँछौं कि दुर्दशा भन्ने कुरा हामीले के गर्छौं, हामीले के सोच्छौं र हामीले अहिले के-कस्तो जीवन बाँचिरहेका छौं भन्ने आधारमा हाम्रो यात्राको यो वर्तमान चरणको अवधिमै निर्णय गरिँदैछ।

तिमीहरूले के-कसरी व्यवहार गर्नुपर्छ त? सदासर्वदा परमेश्‍वरको लागि साक्षी दिनुपर्छ र उहाँको बढाइ गर्नुपर्छ; सर्वशक्तिमान् परमेश्‍वर, आखिरी दिनहरूका ख्रीष्टको—अनन्त, अद्‌वितीय, सच्चा परमेश्‍वरको—बढाइ गर्नुपर्छ!

अब उप्रान्त, तिमीहरूले के स्पष्टसित देख्नुपर्छ भने परमेश्‍वरका लागि साक्षी नदिनेहरू सबै—यस अद्‌वितीय, सच्चा परमेश्‍वरका लागि साक्षी नदिनेहरू र उहाँको बारेमा सन्देह राख्नेहरू—तिनीहरू सबै बिरामी र मृतकहरू हुन्, र तिनीहरू परमेश्‍वरलाई चुनौती दिनेहरू हुन्! परमेश्‍वरका वचनहरू प्राचीनकालदेखि नै प्रमाणित हुँदै आइरहेका छन्: जसले मसँग बटुल्दैन, त्यसले छरपष्ट पार्छ, जो मेरो साथ छैन, त्यो मेरो विरुद्‌धमा छ; यो ढुङ्‌गामा कुँदिएको अपरिवर्तनीय सत्यता हो! परमेश्‍वरका लागि साक्षी नदिनेहरू सबै शैतानका दासहरू हुन्। त्यस्ता मानिसहरू परमेश्‍वरका छोराछोरीहरूलाई बाधा पुर्‍याउन र धोका दिन अनि उहाँको व्यवस्थापन बिथोल्न आएका छन्; तिनीहरूलाई तरवारले प्रहार गरिनुपर्छ! तिनीहरूमाथि असल अभिप्राय देखाउनेहरू सबैले आफ्नै विनाश निम्त्याउँछन्। तिमीहरूले परमेश्‍वरका आत्माका वाणीहरूलाई सुन्ने र तिनमा विश्‍वास गर्ने गर्नुपर्छ, परमेश्‍वरका आत्माको मार्गमा हिँड्नुपर्छ र परमेश्‍वरका आत्माका वचनहरूअनुरूप जिउनुपर्छ। यसअलावा, तिमीहरूले समयको अन्त्यसम्मै सर्वशक्तिमान् परमेश्‍वरको सिंहासनको बढाइ गर्नुपर्छ!

सर्वशक्तिमान् परमेश्‍वर सात आत्माहरूका परमेश्‍वर हुनुहुन्छ! सात आँखाहरूका र सात ताराहरूका परमेश्‍वर पनि उहाँ नै हुनुहुन्छ; उहाँले सात मोहोरहरू खोल्नुहुन्छ, र सम्पूर्ण चर्मपत्रहरू उहाँले फिँजाउनुभएको छ! उहाँले सात तुरहीहरू बजाउनुभएको छ, र उहाँको इच्छाअनुसार बर्साउनको लागि उहाँको पकडमा सात कचौराहरू र सात महामारीहरू छन्। ओहो, सधैँ सिलबन्दी गरी राखिएका सात मेघगर्जनहरू! तिनीहरूलाई प्रकट गर्ने समय आएको छ! ती सात मेघगर्जनहरूलाई ल्याउनुहुने उहाँ त तिमीहरूको आँखैअगाडि आइपुगिसक्नुभएको छ!

सर्वशक्तिमान् परमेश्‍वर! तपाईंको साथमा सबै थोक मुक्त र स्वतन्त्र छन्; कुनै पनि कठिनाइहरू छैनन्, र सबै थोक सहजताका साथ चलिरहेका छन्! कुनै कुराले पनि तपाईंलाई अवरोध वा विघ्नवाधा गर्ने आँट गर्दैन, र सबै नै तपाईंसामु समर्पित हुन्छन्। समर्पित नहुने जोकोही मरेर जानेछन्!

सर्वशक्तिमान् परमेश्‍वर, सात आँखाहरू हुने परमेश्‍वर! सबै कुरा अत्यन्तै स्पष्ट छन्, सबै कुरा उज्याला र अनावृत छन्, अनि सबै कुरा खुलासा र उदाङ्‌गो भएका छन्। उहाँको साथमा सबै कुरा घामझैं छर्लङ्‌ग हुन्छन्, अनि परमेश्‍वर मात्र होइन, तर उहाँका छोराहरू पनि यस्तै छन्। उहाँ र उहाँका छोराहरूको सामुन्ने कुनै पनि व्यक्ति, कुनै पनि वस्तु वा कुनै पनि विषयलाई लुकाउन सकिँदैन!

सर्वशक्तिमान् परमेश्‍वरका सात ताराहरू चम्किला छन्! उहाँले मण्डलीलाई सिद्‌ध तुल्याउनुभएको छ; उहाँले मण्डलीका आफ्ना सन्देशवाहकहरू स्थापित गर्नुभएको छ, अनि सम्पूर्ण मण्डली नै उहाँको भरणपोषणमा छ। उहाँले सबै सात वटै मोहोरहरू खोल्नुहुन्छ र उहाँ स्वयम्‌ले उहाँको व्यवस्थापन योजना र उहाँको इच्छालाई समापनतर्फ लैजानुहुन्छ। चर्मपत्र उहाँको व्यवस्थापनको रहस्यमयी आत्मिक भाषा हो, र उहाँले यसलाई फिँजाउनुभएको र प्रकट गर्नुभएको छ!

सबै मानिसहरूले यी गुञ्जायमान सात तुरहीहरूलाई सुन्नुपर्छ। उहाँको साथमा, सबै थोक सर्वविदित हुन्छन्, फेरि कहिल्यै लुप्त हुँदैनन्, र कुनै पनि दुःखकष्ट बाँकी रहँदैनन्। सबै थोक प्रकट गरिन्छन् र सबै नै विजयी हुन्छन्!

सर्वशक्तिमान् परमेश्वरका सात तुरहीहरू खुला, महिमावान् र विजयी तुरहीहरू हुन्! तिनीहरू उहाँका शत्रुहरूलाई न्याय गर्ने तुरहीहरू पनि हुन्। उहाँको विजय-उत्सवमाझ उहाँको तुरहीलाई उचालिन्छ! उहाँले सम्पूर्ण ब्रह्माण्डमाथि शासन गर्नुहुन्छ!

उहाँले महामारीका सात कचौराहरू तयार गर्नुभएको छ, उहाँका शत्रुहरू निशाना भएका छन्, र ती महामारीहरूलाई अत्याधिक प्रवाहका साथ छोडिएको छ र ती शत्रुहरू उहाँको प्रचण्ड ज्वालामा नष्ट हुनेछन्। सर्वशक्तिमान् परमेश्वरले आफ्नो अख्तियारको शक्ति देखाउनुहुन्छ र उहाँका शत्रुहरू सबै नाश हुन्छन्। अन्तिम सात मेघगर्जनहरूलाई सर्वशक्तिमान् परमेश्वरको अगाडि अबउप्रान्त सिलबन्दी गरेर राखिँदैन; तिनीहरू सबैलाई प्रकट गरिन्छ। तिनीहरू सबैलाई प्रकट गरिन्छ! उहाँले सात मेघगर्जनहरूद्वारा, पृथ्वीलाई स्थिर गरेर र यसलाई उहाँको सेवा गर्न लगाएर र अबउप्रान्त यसलाई उजाड नहुने तुल्याएर, उहाँका शत्रुहरूलाई मृत्युको मुखमा पुर्‍याउनुहुन्छ!

धर्मी सर्वशक्तिमान् परमेश्वर! हामी सदासर्वदा तपाईंको स्तुति गाउनेछौं! तपाईं अटुट प्रशंसा, र अनन्त जय-जयकार र तारिफको योग्य हुनुहुन्छ! तपाईंका सात मेघगर्जनहरू तपाईंको न्यायका लागि मात्र प्रयोग गरिनु हुँदैन, बरु सबै कुराहरूलाई पूरा गर्नको लागि तपाईंको महिमा र अख्तियारको लागि अझै धेरै प्रयोग गरिनुपर्छ।

सबै मानिसहरू सर्वशक्तिमान् परमेश्वर, आखिरी दिनहरूका ख्रीष्टको स्तुति र प्रशंसा गान गाउँदै सिंहासनको अगाडि हर्षोल्लास मनाउँछन्! तिनीहरूको आवाजले मेघगर्जनले जस्तै सम्पूर्ण ब्रह्माण्डलाई थर्काउँछ! पूर्णतया सबै थोक उहाँको कारण अस्तित्वमा छन् र उहाँकै कारण देखा पर्छन्। सबै महिमा, मान-सम्मान, अख्तियार, ज्ञान-बुद्धि, पवित्रता, विजय र प्रकाशहरू उहाँकै हुन् भनेर नमान्ने आँट कसले गर्छ र? यो उहाँको इच्छाको उपलब्धि हो, र यो उहाँको व्यवस्थापनको निर्माण-कार्यको अन्तिम समाप्ति हो!

## अध्याय ३५

सात मेघगर्जनहरू सिंहासनबाट निस्कन्छन् अनि तिनले ब्रह्माण्ड हल्लाउँछन्, स्वर्ग र पृथ्वीलाई उलटपुलट पार्छन्, र आकाशहरूमा गुञ्जन्छन्। त्यो गर्जनले कानै छेडिदिन्छ, र मानिसहरू यसबाट उम्कनै सक्दैनन्, न त तिनीहरू यसबाट लुक्न नै सक्छन्। मेघगर्जन र चट्याङ्ग विस्फोट भई निस्कन्छन् र एकै क्षणमा स्वर्ग र पृथ्वी रूपान्तरित हुन्छन्, र मानिसहरू मृत्युको नजिक पुग्छन्। त्यसपछि, बिजुली चम्केको गतिमा, सम्पूर्ण ब्रह्माण्ड नै स्वर्गबाट झर्ने हिंस्रक आँधीबेहरीमा ढाकिन्छ! पृथ्वीको सबैभन्दा पल्लो छेउका कुनाहरूमा, बाक्लो वर्षात्ले जस्तै पूर्ण रूपले, यसले शिरदेखि पाउसम्म एउटै पनि दाग नराखीकन सबै कुरालाई धुन्छ; यसबाट कुनै पनि कुरालाई लुकाउन सकिँदैन, न त कुनै पनि व्यक्तिलाई यसबाट टाढा बन्द गरेर राख्न नै सकिन्छ। मेघगर्जनका

गड्याङगुडुङहरू, बिजुली चम्केझैं, चिसो ज्योतिसँगै प्रतिबिम्बित हुन्छन् र डरले मानिसहरू थरथरी काम्छन्! धारिलो दुई-धारे तरवारले विद्रोहका छोराहरूलाई प्रहार गर्छ, र शत्रुले विपत्तिको सामना गर्छ तर लुक्ने ठाउँ नै पाउँदैन; तिनीहरू हुरी र वर्षाको तेज बहावमा आतिन्छन् र उक्त प्रहारले रन्थनिँदै तत्कालै एकै सासमा खुत्रुक्कै हुन्छन् र भलमा खसेर बगिजान्छन्। त्यहाँ मृत्यु मात्र छ, र तिनीहरू जीवित रहने कुनै उपाय नै छैन। ती सात मेघगर्जनहरू मबाट निस्कन्छन् र तिनले मेरो अभिप्रायलाई जनाउँछन्, र मेरो अभिप्राय भनेको मिश्रको जेठो छोरोलाई प्रहार गर्नु हो, दुष्टहरूलाई दण्ड दिई मेरा मण्डलीहरूलाई शुद्ध पार्नु हो, ताकि सबैमाझ एक-अर्काप्रति आफ्नोपनको आभास होस्, सबैले आफ्नो सच्चा व्यवहार प्रस्तुत गरून्, र सबै मसँग एकै मनका होऊन्, ताकि ब्रह्माण्डका सारा मण्डलीहरूलाई एक बनाउन सकियोस्। यो मेरो उद्देश्य हो।

मेघगर्जन गर्जन्छ, अनि त्यसपछि बिलौना गुन्जन्छ। कतिपय व्यक्तिहरू आफ्नो चिरनिद्राबाट ब्यूँझन्छन्, अनि तिनीहरूले अत्यन्तै भयभीत भएर आफ्ना प्राणभित्र अन्तरकुन्तरमा खोजी गर्छन् र सिंहासनसामु दौडँदै फर्की आउँछन्। तिनीहरूले आफ्नो व्यापक छलहरू र उपद्रवी कार्यहरूलाई बन्द गर्छन्; यस्ता मानिसहरू यसरी ब्यूझँनको लागि त्यति ढिलो भइसकेको हुँदैन। म सिंहासनबाट हेर्छु। म मानिसको हृदयको भित्री अन्तस्करणमा हेर्छु। जसले इमानदारितापूर्वक र उत्कट रूपले मलाई चाहन्छन्, तिनीहरूलाई म मुक्ति दिन्छु, र तिनीहरूमाथि दया देखाउँछु। जसले आफ्नो हृदयमा मलाई अरू जुनसुकै कुराभन्दा बढी प्रेम गर्छन्, जसले मेरो इच्छालाई बुझ्छन् र बाटोको अन्त्यसम्मै मलाई पछ्याउँछन् तिनीहरूलाई म मुक्ति दिएर अनन्तमा लैजान्छु। तिनीहरूलाई मेरा हातहरूले सुरक्षित रूपमा समाउनेछन् ताकि तिनीहरूले यो घटनास्थलको सामना गर्न नपरोस् र तिनीहरूलाई कुनै हानि नहोस्। बिजुली चम्केको दृश्य देख्दा कतिपयका हृदयमा अकथनीय पीडा हुन्छ र तिनीहरू अति नै पछुतो गर्छन्। यदि तिनीहरूले निरन्तर यसरी नै व्यवहार गर्छन् भने, तिनीहरूको लागि धेरै ढिलो भइसकेको हुन्छ। ए, सबै र हरेक थोकहरू! सबै कुरा समाप्त हुनेछन्। यो पनि मुक्ति सम्बन्धी मेरा माध्यमहरूमध्ये एउटा हो। म मलाई प्रेम गर्नेहरूलाई मुक्ति दिन्छु र दुष्टहरूलाई प्रहार गर्छु, म पृथ्वीमा मेरो राज्यलाई अटल र स्थिर बनाउँछु, अनि सबै राष्ट्र र सबै मानिसहरू, ब्रह्माण्ड र पृथ्वीका छेउहरूका सबैलाई म प्रताप हुँ, म प्रचण्ड ज्वाला हुँ र म हरेक मानिसको सबैभन्दा भित्री हृदयको खोजी गर्ने परमेश्वर हुँ भनी जानून्। यसउप्रान्त महान् सेतो सिंहासनको न्याय खुल्लमखुल्ला रूपमा जनमानसमाझ प्रकट गरिन्छ र सबै मानिसहरूसमक्ष न्याय सुरु भएको छ भनी घोषणा गरिन्छ! जसका वचनहरू हृदयबाट निस्केका छैनन्, जसले शङ्का गर्छन् र जसले निश्चित हुन आँट गर्दैनन् ती सबैले, मेरा चाहनाहरू बुझ्ने तर तिनलाई अभ्यास गर्न नचाहने ती सबै समय खेर फाल्नेहरूलाई—ती सबैको न्याय गरिनुपर्छ भन्ने कुरामा कुनै शङ्का छैन। तिमीहरूले आफ्ना अभिप्राय र आशयहरूको ध्यान दिएर जाँच गर्नुपर्छ, र आफ्नो उचित स्थान लिनुपर्छ; मेरा वचनहरूलाई इमानदारितापूर्वक अभ्यास गर, आफ्नो जीवन अनुभवलाई महत्त्व देओ, र सतही उत्साहका साथ कार्य नगर, बरु आफ्नो जीवनलाई विकसित, परिपक्व, स्थिर र अनुभवी बनाओ—अनि मात्र तिमीहरू मेरो हृदयअनुरूपका हुनेछौ।

विघ्नवाधा उत्पन्न गर्ने र मैले सृजना गरेका अवसरहरूलाई आफ्नै फाइदाको लागि प्रयोग गर्ने

शैतानका दासहरू र दुष्ट आत्माहरूलाई इन्कार गर। तिनीहरूलाई गम्भीर रूपले सीमित र नियन्त्रित गरिनुपर्छ; तिनीहरूलाई धारिलो तरबारले मात्र निराकरण गर्न सकिन्छ। भविष्यका समस्याहरूलाई रोकथाम गर्नको लागि सबैभन्दा दुष्टहरूलाई पूर्ण रूपमा उखेलेर फाल्नुपर्छ। अनि, मण्डली सिद्ध हुनेछ, सबै कुरूपताबाट मुक्त हुनेछ र यो स्वस्थ, जीवनशक्ति र उर्जाले भरिपूर्ण बन्नेछ। बिजुली चम्केपछि, मेघगर्जनको गड्याङगुड्ङ गुन्जन्छ। तिमीहरू बेपरवाह बन्नु हुँदैन, र तिमीहरूले हरेस खानु हुँदैन, बरु तिमीहरूले छुटेका कुरा पूरा गर्न आफूले सक्दो गर्नुपर्छ, अनि तिमीहरूले मेरा हातहरूले के गर्छन्, म के प्राप्त गर्न चाहन्छु, म के फाल्न चाहन्छु, म केलाई सिद्ध तुल्याउन चाहन्छु, म केलाई जरैदेखि उखेलेर फाल्न चाहन्छु, म केलाई प्रहार गर्न चाहन्छु भन्ने कुरा देख्न सक्नेछौ—यी सबै कुरा तिमीहरूको आँखैअघि घट्नेछन् अनि तिमीहरूले मेरो सर्वशक्तिमान्ता स्पष्ट रूपमा देख्नेछौ।

सिंहासनदेखि ब्रह्माण्ड र पृथ्वीका छेउहरूसम्म सात मेघगर्जनहरू गुञ्जन्छन्। मानिसहरूको ठूलो समूहलाई मुक्ति दिइनेछ र तिनीहरू मेरो सिंहासनअघि समर्पित हुनेछन्। जीवनको यो ज्योतिपश्चात, मानिसहरूले बाँच्ने उपायको खोजी गर्छन् र तिनीहरू मकहाँ नआई, आराधनामा घुँडा नटेकी, र आफ्नो मुखले सर्वशक्तिमान् सच्चा परमेश्‍वरको नाउँ नपुकारी र बिन्तीहरू नबिसाई रहन सक्दैनन्। तर मलाई प्रतिरोध गर्नेहरू, आफ्नो हृदयलाई झन् कठोर बनाउनेहरूको हकमा, मेघगर्जन तिनीहरूको कानैमा गञ्जनेछ र शङ्कै छैन, तिनीहरू नाश हुनु नै पर्छ। यो त केवल तिनीहरूको लागि प्रतीक्षामा रहेको परिणाम हो। मेरा विजयी प्रिय छोराहरू सियोनमा बस्नेछन्, र तिनीहरूले के प्राप्त गर्नेछन् भनी सबै मानिसहरूले देख्नेछन् अनि तिमीहरूको अगाडि अथाह महिमा देखा पर्नेछ। साँच्चै नै, यो एक महान आशिष् हो, र यो वर्णन गर्नै गाह्रो हुने एक मिठास हो।

सात मेघगर्जनहरूको गड्याङगुड्ङ देखा पर्नु भनेको मलाई प्रेम गर्नेहरू, मलाई हृदयदेखि नै चाहनेहरूको मुक्ति हो। ती व्यक्तिहरू जो मेरा हुन् र जसको नियति मैले पूर्वनिर्धारित गरेको छु र जसलाई मैले चुनेको छु, तिनीहरू मेरो नाउँमा आउन सक्षम हुन्छन्। तिनीहरूले मेरो सोर सुन्न सक्छन्, जुन परमेश्‍वरले तिनीहरूलाई बोलाउनुभएको हो। पृथ्वीको छेउहरूमा रहेकाहरूले म धर्मी छु, म विश्‍वासयोग्य छु, म प्रेमिलो-दयालुपन हुँ, म करुणा हुँ, म प्रताप हुँ, म प्रचण्ड आगो हुँ र आखिरमा, म निर्दयी न्याय हुँ भनी देखून्।

संसारका सबैले म वास्तविक र पूर्ण परमेश्‍वर स्वयम् हुँ भनी देखून्। सबै मानिसहरू पूर्ण रूपमा विश्‍वस्त हुन्छन् र कसैले पनि फेरि मेरो प्रतिरोध गर्दैनन्, न त मेरो आलोचना गर्ने वा मेरो निन्दा गर्ने आँट नै गर्छन्। होइन भने, तिनीहरूमाथि तत्कालै श्राप आइपर्छ, र तिनीहरूमाथि विपत्ति खस्छ। तिनीहरूले तिनीहरूको आफ्नै विनाश ल्याएकोमा रुन र दाह्रा किट्न मात्र सक्नेछन्।

सबै मानिसहरूले जानून्, ब्रह्माण्ड र पृथ्वीको छेउहरूसम्म, हरेक घर-परिवारमा, र सबै मानिसहरूले यो जानून्: सर्वशक्तिमान् परमेश्‍वर नै एक मात्र साँचो परमेश्‍वर हुनुहुन्छ। सबै जनाले, एक-एक गरी घुँडा टेक्नेछन् र मेरो आराधना गर्नेछन्, र भर्खरै बोल्न सिकेका बालबालिकाहरूले समेत "सर्वशक्तिमान् परमेश्‍वर" भनी पुकार्नेछन्! शक्ति हातमा भएका अधिकारीहरूले पनि आफ्नै आँखाले साँचो परमेश्‍वर तिनीहरूको अगाडि देखा पर्नुभएको देख्नेछन्, र तिनीहरूले पनि कृपा र

क्षमा माग्दै, आराधना गर्न साष्टाङ्ग दण्डवत् गर्नेछन्, तर वास्तवमा यो धेरै ढिलो भइसकेको हुनेछ, किनभने तिनीहरूको मृत्युको घडी आइसकेको हुनेछ। तिनीहरूलाई समाप्त पारी सजायस्वरूप अथाह नरक कुण्डमा पठाउन मात्र सकिनेछ। म सम्पूर्ण युगलाई समापन गर्नेछु र मेरो राज्यलाई झन् दह्रिलो बनाउनेछु। सबै राष्ट्र र मानिसहरू सदासर्वदाको लागि मेरो सामु समर्पित हुनेछन्।

## अध्याय ३६

सर्वशक्तिमान साँचो परमेश्‍वर, सिंहासनमा विराजमान राजाले, सबै राष्ट्रहरू र सबै मानिसहरूको सामना गर्दै, सारा ब्रह्माण्डमा शासन गर्नुहुन्छ र स्वर्गमुनिका सबै कुराहरू परमेश्‍वरको महिमाले चम्किन्छन्। ब्रह्माण्ड र पृथ्वीको अन्तिम छेउसम्म भएका सबै जीवित वस्तुहरूले देख्नेछन्। पर्वतहरू, नदीहरू, तालहरू, जमिनहरू, समुद्रहरू, र सबै जीवित प्राणीहरूले साँचो परमेश्‍वरको चेहराको ज्योतीमा तिनीहरूको पर्दाहरू खुलागरि तानिएको छ, र तिनीहरू सपनाबाट व्युझे झैँ, तिनीहरू माटोमार्फत फुटीनिस्कने टुसाहरू झैँ, पुनर्जीवित भएका छन्!

आह! एक सत्य परमेश्‍वर संसार सामुन्ने देखा पर्नुहुन्छ। कसले प्रतिरोधसाथ उहाँको समिप आउने साहस गर्छ? सबै डरले काम्दछन्। सबै पूर्ण रूपले विश्‍वस्त भएका छन्, र सबैले बारम्बार क्षमा माग्छन्। सबै मानिसहरू उहाँको अघि आफ्ना घुँडा टेक्छन्, र सबै मुखहरूले उहाँको आराधना गर्छन्! सबै महाद्वीपहरू, सागरहरू र, पर्वतहरू, नदीहरू—सबै थोकहरूले अनन्त रूपमा उहाँको प्रशंसा गर्दछन्! वसन्त ऋतु शुद्ध वसन्त झरी ल्याउँदै आफ्नो न्यानो वायुसँगै आउँछ। सबै मानिसहरू जस्तै, खोलाको प्रवाहहरू कृतज्ञता र आत्म-निन्दाको आँसु झार्दै, दुःख र आनन्दसँगै, बग्दछ। नदीहरू, तालहरू, लहर र तरङ्गहरू सबैले सत्य परमेश्‍वरको पवित्र नाउँको स्तुतिगान गर्दै, गाउँदैछन्! प्रशंसाको ध्वनि यस्तो स्पष्टसँग बज्दछ! एक चोटि शैतानद्वारा भ्रष्ट बनाइएका पुराना वस्तुहरू, तिनीहरूमध्ये प्रत्येक र हरेक नवीकरण र परिवर्तित हुनेछन् र पूर्णरूपमा एउटा नयाँ क्षेत्रमा प्रवेश गर्नेछन् ...

यो पवित्र तुरही हो, र यो गुञ्जिन थालेको छ! यसलाई सुन्। त्यो धेरै सुमधुर आवाज सिंहासनको वाणी हो, जसले समय आएको छ, अन्तिम अन्त्य आएको छ भनी हरेक राष्ट्र र मानिसलाई घोषणा गर्दछ। मेरो व्यवस्थापनको योजना सकिएको छ। मेरो राज्य पृथ्वीमा खुला रूपमा देखिएको छ। संसारका राज्यहरू मेरो राज्य भएका छन्, जो म परमेश्‍वर हुँ। मेरा सात तुरहीहरू सिंहासनबाट गुञ्जिन्छन्, र उदेकका कुराहरू देखा पर्नेछन्! पृथ्वीको अन्तिम छेउहरूबाट मानिसहरू कोही समुद्रमा पानीजहाज चलाउँदै, कोही हवाइजहाजमा उड्दै, कोही हरेक आकार र आकृतिको गाडीहरूमा चढ्दै, कोही घोडाको पिठ्युँमा चढ्दै, हिमपहिरोको बल र मेघ गर्जनको शक्तिसँगै हरेक दिशाबाट सँगसँगै हतारिँदै आउनेछन्। ध्यान दिएर हेर्। ध्यानपुर्वक सुन्। हरेक रंगका यी घोडाहरूका सवारहरूका शक्तिशाली र भव्य, आत्माहरू जागिउठ्यो, युद्धको मैदान जिते झैँ, मृत्युप्रति उदासीन छन्। साथमा घोडाहरूको हिनहिनाई र साँचो परमेश्‍वरको लागि मानिसहरू कराएको हल्ला, धेरै पुरुषहरू, महिलाहरू, र बालबालिकाहरू एकछिनमै तिनीहरूका खुरहरूले

कुल्चिएका हुनेछन्। केही मरेका हुनेछन्, केही आफ्नो अन्तिम श्वास लिइरहेका हुनेछन्, केही टुक्रिएका हुनेछन्, तिनीहरूलाई रेखदेख गर्ने कोही हुनेछैनन्, अनियन्त्रित रूपमा कराउँदै, पीडामा चिच्याउनेछन्। विद्रोहका छोराहरू! के यो तिमीहरूको अन्तिम नतिजा होइन र?

मेरो आवाज सुन्ने र हरेक राष्ट्र र भूमिबाट एकत्र हुने मेरा मानिसहरूमाथि म आनन्दसाथ नजर लगाउँछु। सबै मानिसहरू साँचो परमेश्‍वरलाई सधैँ आफ्नो सामुन्ने राख्दै आनन्दले निरन्तर प्रशंसा गर्छन् र उफ्रन्छन्! उनीहरू संसारको लागि साक्षी हुन्छन्, र साँचो परमेश्‍वरप्रति उनीहरूको साक्षीको आवाज धेरै पानीको गर्जनको आवाज जस्तै हुन्छन्। सबै मानिसहरू मेरो राज्यभित्र भेला हुनेछन्।

मेरा सात तुरहीहरू बज्छन्, जसले सुतिरहेकाहरू ब्युँताउछन्! छिटो उठ्, अझै पनि ढिलो भएको छैन। तेरो जीवनलाई हेर्! तेरा आँखाहरू खोल् र अहिले यो कुन समय हो, हेर्! खोज्नुपर्ने के कुरा छ? विचार गर्नुपर्ने के कुरा छ? र पक्रिराख्नुपर्ने के कुरा छ? के तैँले मेरो जीवन प्राप्त गर्नु र तैँले माया गरेका र पक्रिराखेका सबै कुरा प्राप्त गर्नुको मूल्यका बीचमा पाइने भिन्नताका बारेमा कहिल्यै विचार गरेका छस्? अब उप्रान्त हठी नहोओ न त खेलबाड गर्। यो मौकालाई नगुमाओ। यो समय फेरी आउनेछैन! यही घडी उठ, तेरो आत्मालाई कसरत गर्ने अभ्यास गर्, शैतानको सबै युक्ति र योजनालाई हेर्न र रोक्नलाई विभिन्न किसिमका संयन्त्रहरू प्रयोग गर्, र शैतानमाथि विजय गर्, ताकि तेरो जीवन अनुभव अझ बलियो हुन सकोस् र तैँले मेरो स्वभाव जियाउन सक्, ताकि तेरो जीवन परिपक्व र अनुभवी हुन सकोस् र तैँले सधैँ मेरो पाइलाहरू पछ्याउन सक्। निडर, कमजोर नभई, पाइला पाइलामा सधैँ अघि बढिरह, सडकको अन्त्य नआएसम्म सिधा बढिरह!

जब सात तुरहीहरू फेरि बज्छन्, यो न्यायको लागि बोलाइएको हुनेछ, विद्रोहीका छोराहरूको न्याय, सबै राष्ट्रहरू र सबै मानिसहरूको न्याय हुनेछ, र हरेक राष्ट्रले परमेश्‍वरको अघि आत्मसमर्पण गर्नेछन्। परमेश्‍वरको महिमित चेहरा सबै राष्ट्रहरू र सबै मानिसहरूको अघि अवश्य देखा पर्नेछ। सबै जना पूर्णरूपमा विश्‍वस्त हुनेछन्, र साँचो परमेश्‍वरसँग अनन्तसम्म प्रशंसा गर्नेछन्। सर्वशक्तिमान परमेश्‍वर अझ धेरै महिमित हुनुहुनेछ, र मेरा छोराहरू र मैले सबै राष्ट्रहरू र सबै मानिसहरूको न्याय गर्दै, दुष्टलाई दण्ड दिँदै, मेरा जतिलाई कृपा देखाउँदै र मुक्त हुँदै, र राज्यलाई बलियो र स्थायी बनाउँदै महिमामा भाग लिनेछौं र राज्याधिकार बाँडनेछौं। सात तुरहीहरूको आवाजद्वारा, धेरै मानिसहरू मुक्त हुनेछन्, मेरो अघि घुँडा टेक्न र निरन्तर प्रशंसाका साथ आराधना गर्न फर्किआउनेछन्!

जब सात तुरहीहरू फेरि एकचोटि बज्नेछन्, यो युगको अन्त्य हुनेछ, दियाबलस शैतानमाथिको विजयको तुरही चर्को आवाज बज्छ, सलाम छ जसले पृथ्वीको राज्यमा खुल्ला रूपले जियाई सुरु गर्नलाई घोषणा गर्दछ! एउटा आवाज कति उच्च छ, यो आवाज सिंहासनको वरिपरि प्रतिध्वनित हुन्छ, स्वर्ग र पृथ्वी हल्लाउँदै यो तुरही चर्को आवाजमा बज्छ, जुन मेरो व्यवस्थापन योजनाको विजयको चिन्ह हो, जुन शैतानको न्याय हो; यसले यो पुरानो संसारलाई अतल कुण्डमा फर्किन, पूर्ण रूपले मृत्युको दण्ड सुनाउँछ! यो तुरहीको चर्को आवाजले अनुग्रहको ढोका बन्द हुन लागेको कुरा दर्शाउँछ कि राज्यको जीवन पृथ्वीमा सुरु हुनेछ, जुनचाँहि सही र उचित छ। परमेश्‍वरले

उहाँलाई प्रेम गर्नेहरूलाई मुक्ति दिनुहुन्छ। एक पटक तिनीहरू उहाँको राज्यमा फर्किएपछि, पृथ्वीमा भएका मानिसहरूले अनिकाल र महामारी सामना गर्नेछन्, र परमेश्‍वरको सात कचौराहरू र सात विपत्तिहरूले प्रभावकारी हुनेछन्। स्वर्ग र पृथ्वी बितेर जानेछन्, तर मेरा वचन बित्नेछैन!

## अध्याय ३७

मेरो उपस्थितिमा तिमीहरूसँग साँच्चै नै विश्‍वासको अभाव हुन्छ र तिमीहरू प्रायजसो कार्य गर्न आफैमाथि भरोसा गर्छौ। "मविना तिमीहरूले केही पनि गर्न सक्दैनौ!" तैपनि तिमी भ्रष्ट मानिसहरूले सधैँ मेरा वचनहरू एउटा कानले सुनेर अर्को कानले उडाउँछौ। आजभोलिको जीवन वचनहरूको जीवन हो; वचनहरूविना, कुनै जीवन हुँदैन र कुनै अनुभव हुँदैन, अनि कुनै विश्‍वास हुँदैन भनेर त उल्लेख गर्नु नै पर्दैन। विश्‍वास वचनहरूबाट आउँछ; आफूलाई परमेश्‍वरका वचनहरूमा समर्पित गरेर मात्रै तिमीहरूले सबै कुरा प्राप्त गर्न सक्छौ। तिमीहरू वृद्धि हुनेछैनौ भनेर चिन्ता नगर: जीवन वृद्धि हुन्छ नै, तर यो मानिसहरूको फिक्रीबाट वृद्धि हुँदैन।

तिमीहरू सधैँ व्याकुल बन्‍न तयार हुन्छौ, र तिमीहरूले मेरा निर्देशनहरूलाई सुन्दैनौ। तिमीहरूले सधैँ मेरो गतिलाई उछिन्‍न चाहन्छौ। यो के हो? यो मानव महत्वाकांक्षा हो। परमेश्‍वरबाट जे आउँछ र तिमीहरूबाट जे आउँछ त्यसलाई तिमीहरूले स्पष्ट रूपमा छुट्याउनुपर्छ। मेरो उपस्थितिमा कहिल्यै पनि उत्साहको प्रशंसा गरिनेछैन। म तिमीहरूले मलाई अपरिवर्तनीय बफादारीतलको साथ अन्तिमसम्मै पछ्याऊ भन्‍ने चाहन्छु। यसरी काम गर्नु परमेश्‍वरको निम्ति भक्ति हो भन्‍ने तिमीहरूलाई लाग्छ। तिमीहरू अन्धा मानिसहरू हौ! किन तिमीहरू बारम्बार खोजी गर्न मकहाँ आउँदैनौ, तर सधैँ आफै अलमलिँदै काम गर्छौ? तिमीहरूले स्पष्ट रूपमा हेर्नुपर्छ! जसले काम गर्दैहुनुहुन्छ उहाँ अवश्य नै मानव हुनुहुन्‍न, तर सबैभन्दा सार्वभौम, एक मात्र साँचो परमेश्‍वर–सर्वशक्तिमान् हुनुहुन्छ! तिमीहरू लापरवाही हुनु हुँदैन, तर तिमीहरूसँग भएको सबै कुरालाई अटुट रूपमा समाइराख्नुपर्छ, किनभने मेरो दिन आउन लागेको छ। के तिमीहरू साँच्चै यस्तो समयमा पनि बिउँझँदैनौ? के तिमीहरूले स्पष्ट रूपमा देखेका छैनौ? तिमीहरू अझै पनि संसारसँग सङ्गत गरिरहेका छौ; तिमीहरू यसबाट अलग हुनै सक्दैनौ। किन? के तिमीहरूले साँच्चै नै मलाई प्रेम गर्छौ? के तिमीहरूले मैले देख्ने गरी मेरो सामने आफ्नो हृदयलाई उदाङ्गो पार्न सक्छौ? के तिमीहरूले मलाई तिमीहरूको सम्पूर्ण अस्तित्व समर्पण गर्न सक्छौ?

मेरा वचनहरूको बारेमा थप विचार गर, अनि तिनको बारेमा सधैँ स्पष्ट बुझाइ प्राप्त गर। दोधार वा आधा-अधुरो नबन। मेरो उपस्थितिमा अझै बढी समय बिताओ, मेरा विशुद्ध वचनहरू अझै प्राप्त गर, र मेरा अभिप्रायहरूलाई गलत रूपमा नबुझ। मैले तिमीहरूलाई अरू के भनेको तिमीहरू चाहन्छौ? मानिसहरूका हृदय कठोर छन्; मानिसहरू धारणाहरूको गह्रौं बोझले लादिएका छन्। तिनीहरूले अल्याङटल्याङ गरेर अघि बढ्नु पनि पर्याप्त हुन्छ भनेर विचार गर्छन्, र तिनीहरूले सधैँ आफ्नो जीवनको बारेमा मजाक गर्छन्। मूर्ख बच्चाहरू! समय ढीला भइसकेको छ; यो मनोरञ्जन गर्ने समय होइन। तिमीहरूले आफ्नो आँखा खोलेर अहिले कुन समय हो भनेर

हेर्नुपर्छ। सूर्यले क्षितिज पार गरेर पृथ्वीलाई उज्यालो दिन लागेको छ। आफ्नो आँखा राम्ररी खोल र हेर; लापरवाह नबन।

यो निकै ठूलो विषय हो, तैपनि तिमीहरूले यसलाई हल्कासाथ लिन्छौ र यसलाई यसरी व्यवहार गर्छौ! म व्याकुल छु, तर मेरो हृदयलाई बुझ्ने, मेरा असल अर्ती-उपदेशलाई सुन्ने र मेरो सल्लाहलाई सुन्ने थोरै छन्! मिसन निकै कठिन छ, तर मेरो खातिर बोझमा सहभागी हुन सक्ने तिमीहरूमध्येमा थोरै मात्र छन्। तिमीहरूले अझै पनि यस्तो आचरण कायम राख्छौ। विगतको तुलनामा, तिमीहरूले केही प्रगति गरेका भए पनि, तिमीहरू सधैँ यही चरणमा रहन सक्दैनौ! मेरा पाइलाहरू निरन्तर अघि बढिरहेका छन्, तैपनि तिमीहरूको गति जस्ताको त्यस्तै रहन्छ। तिमीहरूले आजको ज्योति र मेरा पाइलाहरूलाई कसरी पछ्याउन सक्छौ? उप्रान्त नहिचकिचाओ। मैले तिमीहरूका निम्ति फेरि पनि यो कुरालाई जोड दिएको छु: उप्रान्त मेरो दिनको विलम्ब गरिनेछैन!

आजको ज्योति, आजको स्वामित्वमा रहेको ज्योतिलाई हिजोको ज्योतिसँग तुलना गर्न सकिँदैन, न त यसलाई भोलिको ज्योतिसँग नै तुलना गर्न सकिन्छ। बितेर जाने हरेक दिनसँगै, नयाँ प्रकाश र नयाँ ज्योति अझै मजबुत र अझै चम्किलो हुँदै जान्छ। उप्रान्त बेहोस अवस्थामा नबस; उप्रान्त मूर्ख नबन; पुराना मार्गहरूमा उप्रान्त नटाँसिरहो; र उप्रान्त ढिलाइ गर्ने वा मेरो समय खेर फाल्ने नगर।

जागा रहो! जागा रहो! मसँग अझै बढी प्रार्थना गर र मेरो उपस्थितिमा अझै बढी समय बिताओ, अनि तिमीहरूले अवश्य नै सबै कुरा प्राप्त गर्नेछौ! त्यसो गरेर, तिमीहरूले अवश्य नै सबै कुरा प्राप्त गर्नेछौ भन्ने विश्वास गर!

## अध्याय ३८

तेरो विश्वास असल वा शुद्ध छ भन्ने होइन, बरु मेरो काम आश्चर्यजनक छ! सबै कुरा मेरो कृपाले गर्दा नै भएको हो! तँसँग स्वार्थ वा अहङ्कारको अलिकति पनि भ्रष्ट स्वभाव हुनु हुँदैन, नत्र म तँमा काम गर्ने छैन। तैँले के कुरा स्पष्ट रूपमा बुझ्नुपर्छ भने, मानिस पतन हुन्छ कि दह्रिलो गरी खडा हुन्छ भन्ने कुरा तिनीहरूको कारणले गर्दा होइन; यो मेरो कारणले गर्दा हो। आज, यदि तैँले यो चरणलाई स्पष्ट रूपमा बुझ्दैनस् भने, तँ अवश्य नै राज्यमा प्रवेश गर्न असफल हुनेछस्! तैँले के कुरा बुझ्नुपर्छ भने, आज गरिँदै गरिएको काम परमेश्वरको अचम्मको काम हो; मानिससँग यसको कुनै सम्बन्ध छैन। मानिसका कार्यहरूको मूल्य के नै छ र? तिनीहरू स्वार्थी, अहङ्कारी, र घमण्डी नहुँदा, तिनीहरूले परमेश्वरको व्यवस्थापनमा वाधा पुऱ्याइरहेका र उहाँको योजनालाई नष्ट गरिरहेका हुन्छन्। ए, भ्रष्टहरू! तँ आज ममाथि भरोसा गर्न आउनैपर्छ; यदि तँ आउँदैनस् भने, आज म तँलाई तैँले केही पनि हासिल गर्नेछैनस् भनेर भन्छु! सबै कुरा व्यर्थमा गरिएको हुनेछ र तिमीहरूका काम-कार्यवाही व्यर्थ हुनेछन्!

सङ्कोच मान्ने वा हिचकिचाउने नगर; आज मलाई प्रेम गर्ने हरेकमा मेरो अचम्मको काम अघि बढाइनेछ। आफूलाई नम्र तुल्याउनेहरूको निम्ति कुनै काम छैन, र आज पूर्ण रूपमा नम्र

भएका व्यक्तिहरूलाई मात्रै म प्रयोग गर्छु। मलाई साँचो हृदयले प्रेम गर्ने, अरूले नीच रूपमा हेरेकाहरू, र आफूलाई मेरो निम्ति पूर्ण रूपमा खुलस्त गर्नेहरूका निम्ति मात्रै म पूर्ण रूपमा खुलस्त हुनेछु। म तँलाई मेरा धारणाहरू बुझाउनेछु, र तँ सधैँ मेरा आशिषहरू प्राप्त गर्दै मेरो अघि हुनेछस्। आज मेरो लागि आफूलाई समर्पित गर्नेहरू, आज मेरो लागि आफूलाई चढाउने, र आज मेरो लागि बोझ बोक्नेहरूलाई म पूर्णतया दुर्व्यवहार गर्नेछैन–यसरी मेरो धार्मिकता प्रकट हुन्छ। मेरो बारेमा गुनासो नगर; मेरो अनुग्रह नै तिमीहरूका निम्ति पर्याप्त छ। तँ आएर यसलाई चाख्दा राम्रो हुन्छ, ताकि तैँले अतुलनीय मिठास चाख्न सक्। यसले तँभित्र मेरो निम्ति प्रेम मात्रै निर्माण गर्नेछैन, तर यसले तिमीहरूको यस प्रेमलाई गहन पनि बनाउनेछ।

मेरो काम चरणबद्ध रूपमा अघि बढाइन्छ, र यो पूर्ण रूपमा निस्फिक्री वा भ्रमित छैन। मलाई पछ्याउनको लागि, तिमीहरूले कुराहरू यसरी गर्नु पनि पर्छ। मेरो व्यवहारलाई हेरेर मबाट सिक; यसरी, यदि तिमीहरूले मेरा पाइलाहरूलाई पछ्यायौ भने, तिमीहरूलाई राज्यको प्रकटीकरणमा ल्याइनेछ। एउटै स्वरमा हर्षोल्लास गर! मेरा पुत्रहरू! परमेश्‍वरको काम तिमीहरूमा, मानिसहरूको यो समूहमा पूरा गरिनेछ। के तिमीहरू आशिषित महसुस गर्दैनौ?

वास्तवमा नै यो बुझ्न कठिन छ! आज मैले तिमीहरूलाई यहाँ ल्याएको छु, ताकि तिमीहरूले मेरो आश्‍चर्यजनक कार्यलाई देख्न सक!

## अध्याय ३९

आफ्ना आँखा खोलेर हेर, अनि तिमीहरूले मेरो महान् शक्ति जताततै देख्न सक्छौ! म जताततै छु भन्ने कुरामा तिमीहरू निश्‍चित हुनसक्छौ। आकाशमण्डल र वायुमण्डलले मेरो महान् शक्तिलाई फैलाइरहेका छन्। मैले बोलेका वचनहरू मौसम तातिने क्रममा, जलवायु परिवर्तन हुने क्रममा, मानिसहरूका बीचमा भएका असामान्य कुराहरूमा, सामाजिक गतिशीलतामा रहेका अराजकता, र मानिसहरूको हृदयभित्रका छलमा सत्य साबित भएका छन्। सूर्य चम्किलो हुन्छ र चन्द्रमा रातो हुन्छ; यो सबै सन्तुलनभन्दा बाहिर छन्। के तिमीहरू अझै पनि यी कुराहरूलाई देख्दैनौ?

यहाँ परमेश्‍वरको महान् शक्ति प्रकट हुन्छ। कुनै शङ्कै छैन, उहाँ नै एउटै साँचो परमेश्‍वर–सर्वशक्तिमान्–हुनुहुन्छ, जसलाई मानिसहरूले धेरै वर्षदेखि पछ्याएका छन्! शब्दहरू उच्चारण गरेर मात्र कसले थोकहरूलाई अस्तित्वमा ल्याउन सक्छ? हाम्रो सर्वशक्तिमान् परमेश्‍वरले मात्र। उहाँले बोल्नुहुने बित्तिकै, सत्यता देखा पर्छ। उहाँ साँचो परमेश्‍वर हुनुहुन्छ भनेर तिमीहरूले कसरी भन्न सक्दैनौ?

मलाई, भित्रैबाट थाहा छ, कि तिमीहरू सबै मसँग सहकार्य गर्न इच्छुक छौ, र मलाई विश्‍वास छ, कि मेरा चुनिएका जनहरू, मेरा प्रिय दाजुभाई-दिदीबहिनीहरू सबैसँग यस किसिमको आकाङ्क्षा छ, तर प्रवेश गर्न वा वास्तविक रूपमा अभ्यास गर्न सक्दैनन्, र वास्तविकताहरू देखा पर्दा नरिसाइ बस्न र शान्त रहन सक्दैनन्। तिमीहरूले परमेश्‍वरका अभिप्रायहरूलाई कुनै ध्यान दिँदैनौ, र तिमीहरूले तिमीहरूका आफ्नै व्यक्तिगत चासोहरूलाई पहिलो प्राथमिकता दिन्छौ र प्रतीक्षा

नगरी आफै काम गर्छौ। म तिमीहरूलाई भन्छु, यो तरिकाले कहिल्यै पनि मेरा अभिप्रायहरूलाई सन्तुष्ट तुल्याउनेछैन! ए बालक! मलाई तेरो हृदय पूर्ण रूपमा दे। स्पष्ट बन्! मलाई तेरो पैसा चाहिँदैन, न त तेरो सम्पत्ति नै, अनि न त तँ मेरो अघि सेवा गर्न जोशिलो, छलपूर्वक वा कुण्ठित भएर आइज भन्ने नै चाहन्छु। शान्त र शुद्ध हृदयको बन्, समस्याहरू पैदा हुँदा प्रतीक्षा र खोजी गर्, र म तँलाई उत्तर दिनेछु। शङ्कामा नबस्! किन तैँले मेरा वचनहरू सत्यता हुन् भनेर कहिल्यै विश्वास गर्दैनस्? तैँले किन मेरा वचनहरूमा विश्वास गर्न सक्दैनस्? तँ यति चरम हदसम्म जिद्दी छस्, र यस्तो बेला पनि तँ यस्तै हुन्छस्; तँ अत्यन्तै अज्ञानी छस्, र तैँले अन्तर्दृष्टि पाएकै छैनस्! तिमीहरूले कति धेरै महत्त्वपूर्ण सत्यतालाई सम्झन्छौ? के तिमीहरूले साँच्चै नै यसको अनुभव गरेका छौ? तिमीहरू समस्याहरूको सामना गर्दा अन्योलमा पर्छौ र लापरवाही र हतारमा काम गर्छौ! तिमीहरूको आफ्नो हृदयले प्रश्नहरूमा जसरी मनन गर्छ त्यसरी नै तिमीहरू आत्मामा र मसँगको सङ्गतिमा अझै बढी प्रवेश गर्नु नै आजको मुख्य कुरा हो। के तिमीहरूले बुझ्यौ? मुख्य कुरा यही हो! अभ्यासलाई थाती राख्नु साँच्चै नै समस्या हो। छिटो गर, र ढिलाइ नगर! मेरा वचनहरू सुनेर ढिलाइ नगर्ने तर तिनलाई तुरुन्तै अभ्यास गरिहाल्ने मानिसहरू अत्यन्तै आशिषित् हुनेछन्! म तिमीहरूलाई दुई गुणा बढी दिनेछु! चिन्ता नगर! एक सेकेन्ड समेत ढिलाइ नगरी, मैले भनेजस्तै गर! तिमीहरूको मानव धारणाहरू प्रायजसो यस्तै हुन्छन्, र आज गर्नुपर्ने कुरा भोलिलाई साँच्दै तिमीहरू कामकुराहरूलाई थाती राख्ने गर्छौ। कति अल्छी अनि कति लोसो। यसलाई शब्दले व्याख्या गर्न सकिँदैन! मैले बढाइ-चढाइ गरेर भनिरहेको छैन–तथ्य यही नै हो। यदि तँलाई विश्वास लाग्दैन भने, आफैलाई होसियारसाथ जाँच् र आफ्नो परिस्थितिलाई नियाल्, अनि तैँले अवस्था यस्तै छ भन्ने कुरा पत्ता लगाउनेछस्!

## अध्याय ४०

तँ किन सुस्त छस्? तँ किन अचेत छस्? धेरै चेतावनीहरूले तिमीहरूलाई जगाउन सकेको छैन अनि यो मलाई दुःखित तुल्याउने कुरा हो। मसित साँच्चै मेरा छोराहरूलाई यस्तो अवस्थामा हेर्ने इच्छा छैन। कसरी मेरो हृदयले यसलाई सहन सक्छ? ओहो! मैले तिमीहरूलाई मेरो आफ्नै हातले सिकाउनु परेको छ! मेरो गति निरन्तर तीव्र हुन्छ। मेरा छोराहरू! छिट्टै उठ अनि मसित सहकार्य गर। कसले मेरो निम्ति इमानदारी रूपमा आफैलाई अहिले समर्पित गर्छ? कसले एउटै शब्द गुनासो नगरीकन आफैलाई पूर्ण रूपले समर्पण गर्न सक्छ? तिमीहरू सधैँ अचेत र बुद्धू छौ! तिमीहरूमध्ये कति जनाले मेरा भावनाहरूलाई ध्यान दिन सक्छौ अनि कसले मेरा वचनहरूको आत्मालाई साँच्चिकै राम्रोसित बुझ्न सक्छौ? मैले गर्न सक्ने कुरा भनेको व्याकुल भएर पर्खनु र आशा गर्नु मात्र हो; तिमीहरूको हरेक चालले मेरो हृदयलाई सन्तुष्ट पार्न नसकेको देखेर म के नै भन्न सक्छु र? मेरा छोराहरू! तिमीहरूका पिताले आज गर्नुहुने हरेक कुरा उहाँका छोराहरूका निम्ति हो। किन मेरा छोराहरूले कहिल्यै पनि मेरो हृदयलाई बुझ्दैनन्, अनि किन मेरा छोराहरूले सधैँ मलाई, तिमीहरूका पितालाई, चिन्तित तुल्याउँछन्? कहिले मेरो छोराहरू बढ्नेछन्, मलाई

चिन्तित नतुल्याउने हुनेछन्, अनि तिनीहरूको बारेमा मलाई ढुक्क हुन दिनेछन्? कहिले मेरा छोराहरूले स्वाधीन भएर जिउन सक्नेछन्, खडा हुन सक्नेछन् अनि तिनीहरूका पिताको काँधमा भएको बोझलाई हल्का पार्न सक्नेछन्? म चुपचाप मेरा छोराहरूको निम्ति आँशु बगाउँछु, अनि मेरा छोराहरू, मेरा प्रियहरूलाई मुक्त गर्न मेरो सबै कुरा परमेश्‍वरको व्यवस्थापनको योजनाभित्र राख्छु। मसित अर्को कुनै विकल्प छैन।

मेरा प्रतिज्ञाहरू पूरा हुन आएका छन् अनि तिमीहरूका आँखाको सामु प्रकट भएका छन्। किन तिमीहरू मेरो हृदयलाई ध्यान दिन सक्दैनौ? किन? किन? अहिलेको क्षणसम्म, के तैँले गणना गरेको छस्: मेरो हृदयलाई सन्तुष्ट पार्ने कति वटा कुराहरू तैँले गरेको छस् अनि मेरो मण्डलीलाई पोषित तुल्याउने र खुवाउने कति वटा कुराहरू तैँले गरेको छस्? यसलाई ध्यानपूर्वक विचार गर्; लापरवाही नगर्। सत्यताको एउटै अंशलाई पनि हातबाट जान नदे। तैँले बाहिरी रूपहरूमाथि ध्यान केन्द्रित गरेर सारलाई चाहिँ बेवास्ता गर्नु हुँदैन। सबै समयमा, तेरो हरेक वचन र क्रिया अनि तेरो हरेक चाल ख्रीष्टको आसनसामु न्यायबाट भएर गएको छ कि छैन अनि तँ नयाँ व्यक्तिको स्वरूपमा रूपान्तरण भएको छस् कि छैनस् भनी तैँले जाँच्नुपर्छ—अनुकरण गरेर होइन तर जीवनको अभिव्यक्ति सहित भित्र गहिराइबाट उत्पन्न भएको हुनुपर्छ। तेरो जीवनमा ढिलाइ नगर्, ताकि तँ हानि भोग्नदेखि बच्न सक्। हतार गरेर यस अवस्थालाई समाधान गर्, मेरो हृदयलाई सन्तुष्ट गर्, अनि चाल-ढङ्गका सिद्धान्तहरूलाई ध्यान दे: धार्मिकता र सोझोपनको कुराहरू गर्, अनि मेरो हृदयलाई सन्तुष्ट गर्। हडबडे नहो। के तँ यस कुरालाई सम्झन सक्छस्?

## अध्याय ४१

मण्डलीमा उठ्ने समस्याहरूबारे यस्ता अत्याधिक शङ्काले नभरिऔं। मण्डली निर्माण गर्ने क्रममा, गल्तीहरूलाई टार्न सकिन्न, तर समस्याहरू झेल्न पर्दा नअत्तालिओ, बरु शान्त अनि आत्म-नियन्त्रित होऊ। के मैले अघि नै तिमीहरूलाई भनेको होइन र? मकहाँ निरन्तर आइज र प्रार्थना गर अनि म तँलाई मेरो मनसायबारे बताउनेछु। मण्डली मेरो मुटु हो अनि यो मेरो परम उद्‌देश्य हो, यसैले कसरी यसलाई म मन नपराउन सक्छु? नडराऊ-मण्डलीमा जब यस प्रकारका कुराहरू हुन्छन्, ती सबै मेरा अनुमतिले नै हुन्छन्। खड़ा होऊ अनि मेरो पक्षमा बोल। विश्‍वास गर कि सबै कुरा र परिस्थितिहरूलाई मेरो सिंहासनद्वारा अनुमति दिइन्छ अनि ती थोकहरूमा मेरो मनसाय हुन्छ। यदि तिमीहरू अनुशासन विहीन ढङ्गमा सङ्गति गर्न लागिरहन्छौ भने, समस्या हुनेछ। के तैँले यसका परिणामहरूबारे सोचेको छस्? यस प्रकारको कुरामा नै शैतानले फाइदा लिनेछ। मकहाँ निरन्तर आइराख्। म सरल तरिकाले बोल्नेछु: यदि तँ मकहाँ नआई नै केही गर्न लागिरहेको छस् भने, तैँले त्यसलाई पूरा गर्न सक्छस् भन्ने कल्पना पनि नगर्नू। मलाई यस स्थितिमा आउन बाध्य गराउने तिमीहरू नै हौ।

निराश नबन्, कमजोर नबन्, अनि म तेरो लागि सबै कुरो स्पष्ट बनाउनेछु। राज्यमा पुग्ने मार्ग सहज छैन; कुनै पनि कुरो त्यति साधारण छैन! तिमीहरूकहाँ आशिष सहजै आएको नै तिमीहरू

चाहन्छौ, होइन र? आज सबैले कठिन परीक्षाको सामना गर्नु पर्नेछ। यस्तो परीक्षाविना मेरो निम्ति तिमीहरूसँग भएको प्रेम बलियो हुन सक्दैन अनि तिमीहरूमा मेरो निम्ति साँचो प्रेम हुनेछैन। यस्ता परीक्षाहरू स-साना परिस्थितिहरूले भरिएका भए तापनि सबैले यसबाट पार भएर नै जानुपर्नेछ, केवल परीक्षाको कठिनाइ व्यक्ति अनुरूप फरक हुनेगर्छ। परीक्षाहरू मैले दिएका आशिषहरू हुन्, अनि तिमीहरूमध्ये कति जना मकहाँ बारम्बार आएर मेरो आशीर्वादको निम्ति घुँड़ा टेकेर प्रार्थना गर्छौ? मूर्ख बालकहरू! तिमीहरू सधैँ यो सोच्छौ कि केही ठूलठूला शब्दहरू मेरा आशीर्वादहरू हुन्। तरै पनि तिक्तता पनि आशीर्वादहरू हुन् भन्ने तिमीहरू जान्दैनौ। तिनीहरू, जसले मेरा तिक्तताहरू बाँड्छन्, तिनीहरूले पक्कै पनि मेरा मिठासपना पनि बाँड्नेछन्। तिमीहरूको निम्ति मेरो प्रतिज्ञा अनि आशीर्वाद यही हो। मेरा वचन खान अनि पिउन र आनन्द लिन नहिचकिचाऊ। अन्धकार बितेर गएपछि प्रकाश प्रवेश गर्नेछ। बिहान हुनभन्दा अघि पूर्ण अन्धकार हुन्छ; त्यसपछि आकाश बिस्तारै प्रकाशमय बन्दै जान्छ अनि सूर्य उदाउँछ। नडराऊ वा कमजोर नहोऊ। आज, म मेरा सन्तानलाई सहयोग गर्नेछु अनि मेरो शक्ति तिनीहरूको निम्ति प्रयोग गर्नेछु।

मण्डली विषयक कुरा उठ्दा, सधैँ आफ्नो उत्तरदायित्वलाई टाल्ने कोसिस नगर। यदि मकहाँ समस्या इमानदारी पूर्वक ल्यायौ भने, तिमीहरूले कुनै उपाय पाउनेछौ। जब यस्तो कठिन समस्या आइपर्छ, के तिमीहरू अब के गर्नु भन्ने सम्झेर डराउँछौ अनि अत्तालिन्छौ? मैले धेरै चोटि भनिसकेको छु, “मकहाँ निरन्तर आऊ!” मैले तिमीहरूलाई गर्नू भनेको कुरो के तिमीहरूले इमानदारीसाथ व्यवहारमा प्रयोग गरेका छौ? तिमीहरूले कति चोटि मेरो वचनमा मनन गरेका छौ? यदि तिमीहरूले गरेका छैनौ भने, तिमीहरूमा पक्का अन्तर्दृष्टि छैन। के यो तिमीहरूको करतुत होइन? तिमीहरू अरूलाई दोष दिन्छौ, तर किन आफैमा विद्रोह महसुस गर्दैनौ? तिमीहरू काम बिगार्छौ अनि लापरवाह र बेवास्ता रहन्छौ, तिमीहरूले मेरा वचनहरूमा ध्यान दिनै पर्छ।

आज्ञाकारी अनि नम्रले महान आशिषहरू प्राप्त गर्नेछन्। मण्डलीमा, मप्रतिको साक्षीमा दृढ होऊ, सत्यलाई समर्थन गर; सही कुरो सही नै हो अनि गलत कुरो गलत नै हो। कालो अनि सेतोमा नअलमलिओ। तिमीहरू शैतानसँग लड्नु पर्नेछ अनि तिमीहरूले त्यसलाई पूर्ण रूपले पराजित गर्नुपर्नेछ, ताकि त्यो फेरि कहिले पनि नउठोस्। तिमीहरूले मेरो साक्षीको सुरक्षा गर्न तिमीहरूमा भएको सबै कुरो अवश्यै दिनुपर्नेछ। यो तिमीहरूको कामको लक्ष्य हुनुपर्नेछ-यो नभुल। तर अहिले, तिमीहरू विश्वासमा अनि कुराहरू छुट्याउने योग्यतामा कमजोर छौ र तिमीहरू सधैँ मेरा कुराहरू र मेरा अभिप्रायहरू बुझ्न असमर्थ छौ। जे भए तापनि, व्याकुल नहोओ; मेरा पाइलाहरू अनुरूप सबै कुराहरू हुँदैजानेछन् अनि चिन्ताले केवल समस्या उत्पन्न गर्नेछ। मसँग धेरै समय बिताऊ अनि खानेकुरो र लुगाफाटोलाई महत्त्व नदेऊ, जो भौतिक शरीरको निम्ति हो। बारम्बार मेरो मनसाय खोज, अनि ती के हुन् म तिमीहरूलाई बताउनेछु। क्रमैसँग प्रत्येक कुरोमा तिमीहरूले मेरा मनसाय पाउनेछौ, ताकि प्रत्येक मानवको निम्ति, मेरो मार्ग बाधा विहीन हुनेछ। यसले मेरो हृदयलाई सन्तुष्ट पार्नेछ, अनि तिमीहरूले मबाट सदा-सर्वदा आशीर्वाद प्राप्त गर्नेछौ!

# अध्याय ४२

सर्वशक्तिमान् परमेश्वरका कामहरू महान् छन्! कति उदेकको! कति अद्‌भुत! सात वटा तुरहीहरू बज्छन्, सात वटा गर्जनहरू बाहिर निस्कन्छन् अनि सात वटा कचौराहरू खन्याइन्छन्—यिनलाई तुरुन्तै खुल्लमखुल्ला प्रकट गरिनेछन्, र कुनै शङ्का हुन सक्दैन। परमेश्वरको प्रेम दिनहुँ हामीकहाँ आउँदछ। सर्वशक्तिमान् परमेश्वरले मात्रै हामीलाई बचाउन सक्नुहुन्छ; हामीले दुर्भाग्यको सामना गर्छौं कि आशिषको सामना गर्छौं भन्ने कुरा पूर्ण रूपले उहाँमै निर्भर रहन्छ, अनि हामी मानवजातिको यसमा निर्णय गर्ने कुनै उपाय छैन। सम्पूर्ण हृदयले आफैलाई अर्पण गर्नेहरूले निश्चय नै प्रशस्त आशिषहरू प्राप्त गर्नेछन्, जबकि आफ्नो जीवन बचाउन खोज्नेहरूले आफ्नो जीवन मात्रै गुमाउनेछन्; सबै कुराहरू र सबै मामलाहरू सर्वशक्तिमान् परमेश्वरको हातमा छन्। अब उपरान्त तेरा कदमहरूलाई नरोक्। स्वर्ग र पृथ्वीमा विशाल परिवर्तन आउँदैछ जसबाट मानिस लुक्न सक्दैन। उसको निम्ति तीतो पीडामा विलाप गर्ने बाहेक अरू कुनै विकल्प हुनेछैन। पवित्र आत्माले आज गरिरहनुभएको कामलाई पछ्याऊ। उहाँको काम अघि बढेको कदमको बारेमा कसैले याद दिलाउन आवश्यक नपर्ने गरी तँ आफैभित्र स्पष्ट हुनुपर्छ। अब सर्वशक्तिमान् परमेश्वरको उपस्थितिमा तँ जति चोटि सक्छस् त्यति चोटि फर्की। सबै कुराको निम्ति उहाँलाई नै अनुरोध गर्। उहाँले निश्चय नै तँलाई भित्रैबाट अन्तर्दृष्टि दिनुहुनेछ अनि संकटकालीन क्षणहरूमा, उहाँले तँलाई सुरक्षा दिनुहुनेछ। नडरा! उहाँले तेरो सम्पूर्णतालाई अधिकार गरिसक्नुभएको छ। उहाँको सुरक्षा र उहाँको वास्ता छ भने, तेरो निम्ति डराउने के कुरा हुन्छ र? आज परमेश्वरको इच्छाको नतिजा नजिकै छ, र भयभीत हुन्छ, त्यसले गुमाउने सम्भावना हुन्छ। मैले तँलाई जे भनिरहेको छु, त्यो सत्यता हो। तेरा आत्मिक आँखाहरू खोल्: स्वर्ग एकै क्षणमा परिवर्तन हुनसक्छ, तर तैँले केको डर मान्नुपर्छ र? उहाँको हातको थोरै चालले, स्वर्ग र पृथ्वी पूर्ण रूपले तुरुन्तै नष्ट हुन्छन्। त्यसैकारण, व्यर्थको चिन्ता गरेर मानिसलाई के लाभ हुन्छ र? के सबै कुरा परमेश्वरको हातमा छैन र? यदि उहाँले स्वर्ग र पृथ्वीलाई परिवर्तन हुन आज्ञा गर्नुभयो भने ती परिवर्तन हुनेछन्। यदि उहाँले हामी पूर्ण बनाइनुपर्छ भनी भन्नुभयो भने, हामी पूर्ण बनाइनेछौं। मानिसले चिन्ता गर्न आवश्यक छैन, तर शान्त भई अघि बढ्नुपर्छ। तथापि, तैँले जति सक्छस् त्यति ध्यान दे र सतर्क हो। स्वर्ग एकै क्षणमा परिवर्तन हुनसक्छ! मानिसले आफ्नो नाङ्गो आँखा जतिसुकै चौडा खोल्न सके पनि, उसले केही पनि देख्न सक्नेछैन। अहिले जागा रहो। परमेश्वरको इच्छा पूरा भएको छ, उहाँको परियोजना पूर्ण भइसकेको छ, उहाँको योजना सफल भएको छ, अनि उहाँका पुत्रहरू सबै उहाँको सिंहासनमा पुगिसकेका छन्। तिनीहरू एकसाथ सर्वशक्तिमान् परमेश्वरको साथमा सबै जातिहरू र सबै मानिसहरूमाथि न्याय गर्न आउँछन्। जसले मण्डलीलाई सतावट दिँदै आइरहेका छन् र परमेश्वरका छोराहरूलाई चोट पुर्याउँदै आइरहेका छन्, तिनीहरूले कडा दण्डको सामना गर्नेछन्: त्यो निश्चय हुन्छ! आफैलाई इमानदारीताको साथ परमेश्वर, अर्थात् सबै थोकलाई थाम्नुहुने परमेश्वरमा समर्पित गर्छ, तिनीहरूलाई परमेश्वरले निश्चय नै कहिल्यै पनि परिवर्तन नभई सारा अनन्तभरि प्रेम गर्नुहुनेछ!

# अध्याय ४३

के मैले तिमीहरूलाई याद दिलाएको छैन र? तिमीहरू शङ्कालु नहोऊ; तिमीहरू मेरो कुरा नै सुन्दैनौ, तिमीहरू कस्तो विचारहीन मानिसहरू हौ! कहिले तिमीहरूले मेरो हृदयलाई बुझ्न सक्षम हुनेछौ? हरेक दिन नयाँ अन्तर्दृष्टि आउँछ, अनि हरेक दिन नयाँ ज्योति आउँछ। कति पल्ट तिमीहरूले आफ्नो निम्ति यसलाई राम्रोसित बुझेका छौ? के म आफैले तिमीहरूलाई भनेको छैन र? तिमीहरू छोएपछि मात्रै चल्ने कीराहरू जस्तै अझै निष्क्रिय छौ, अनि तिमीहरूले मसित सहकार्य गर्न र मेरो बोझको निम्ति वास्ता देखाउन पहल गर्न सक्दैनौ। म तिमीहरू सबैको जीवन्त र मायालु मुस्कानहरू देख्न चाहन्छु, मेरा छोराहरूको सक्रिय र जीवन्त चालचलनहरू देख्न चाहन्छु तर म त्यसो गर्न सक्दिनँ। त्यसको साटो, तिमीहरू कमजोर बुद्धिका छौ–बेवकुफ र मूर्ख छौ। तिमीहरूले खोजी गर्न पहल गर्नुपर्छ। साहस पूर्वक पछ्याऊ! आफ्नो हृदयलाई खोल अनि मलाई तिमीहरूभित्र बस्न देऊ। सचेत र जागा होऊ! मण्डलीका केही मानिसहरूले मानिसहरूलाई धोका दिन्छन्, अनि तैँले यी वचनहरूलाई सधैँ ठूलो महत्त्व दिनुपर्छ, नत्र भने तेरो जीवन प्रभावित हुनेछ वा तैँले केही हानि भोग्नुपर्नेछ। निश्चिन्त बन्–तँसित जबसम्म खडा भएर मेरो निम्ति बोल्ने साहस हुन्छ, तबसम्म म त्यसको सबै बोझ बोक्नेछु अनि तँलाई शक्ति दिनेछु! जबसम्म तैँले तेरो हृदयलाई सन्तुष्ट तुल्याउँछस्, तबसम्म म सधैँ तँलाई मेरो मुस्कान र मेरो इच्छा देखाउनेछु। जबसम्म तँसित बलियो मेरुदण्ड हुन्छ र तँ नरबालकको स्वभाव जिउँछस्, तबसम्म म तँलाई सहायता गर्नेछु र तँलाई महत्वपूर्ण पदमा राख्नेछु। जब तँ मेरो सामु आउँछस्, तब मेरो नजिक आइज्। तैँले बोल्न नसके पनि नडरा। जबसम्म तँसित खोजी गर्ने हृदय हुन्छ, तबसम्म म तँलाई वचनहरू दिनेछु। मलाई मधुर सुनिने वचनहरू चाहिँदैन अनि मलाई तेरो चापलुसी चाहिँदैन; यस्तो प्रकारको कुरालाई म सबैभन्दा बढी घृणा गर्छु। यस्तो प्रकारको मानिसलाई नै म सबैभन्दा बढी घृणा गर्छु। तिनीहरू मेरो आँखामा पसेको छेस्को जस्तो वा मेरो शरीरमा बिझेको काँडा जस्तो हो जसलाई निकाल्नैपर्छ। नत्र भने मेरा छोराहरूले मेरो निम्ति शक्ति चलाउन सक्दैनन् अनि तिनीहरू निसासिने नियन्त्रणको वशमा हुनेछन्। म किन आएको छु? म मेरा छोराहरूलाई आड दिन र उत्साह दिन आएको छु, ताकि उत्पीडन, हेपाइ, निर्दयता र दुर्व्यवहार सहनु पर्ने तिनीहरूका दिनहरू सधैँको निम्ति जाऊन्!

साहसी होऊ। म सधैँ तिमीहरूसित हिँड्नेछु, तिमीहरूसित जिउनेछु, तिमीहरूसित बोल्नेछु र तिमीहरूसित काम गर्नेछु। नडराऊ। बोल्नका निम्ति नहिचकिचाऊ। तिमीहरू सधैँ भावुक, कायर र भयभीत हुन्छौ। जो मण्डलीको निर्माणको निम्ति हितकारी हुँदैनन्, तिनीहरूलाई हटाइनुपर्छ। यसमा मण्डलीमा भएका ती मानिसहरू पनि समावेश हुन्छन् जसको अवस्था राम्रो छैन, अनि जसले मेरा वचनहरू अनुसार काम गर्न सक्दैनन्, तिमीहरूका अविश्वासी आमाबाबुको त कुरै नगरौं। म ती कुराहरू चाहँदिन। तिनीहरूलाई जरैसहित उखालिनुपर्छ अनि कोही पनि रहनु हुँदैन। तेरो हात र पाउको बन्धनहरूलाई मुक्त गरिदे। जबसम्म तैँले तेरा आफ्नै अभिप्रायहरूलाई जाँच्छस् अनि ती अभिप्रायहरू फाइदा र हानिसित सम्बन्धित हुँदैनन्, ख्याति र धनसित, व्यक्तिगत

सम्बन्धहरूसित पनि सम्बन्धित हुँदैनन्, तब म तँलाई साथ दिनेछु, तँलाई कामकुराहरू औँल्याइदिनेछु र सधैँ स्पष्ट मार्गदर्शन गर्नेछु।

ए, मेरा छोराहरू! मैले के भन्ने? मैले यी कुराहरू भने तापनि, तिमीहरू अझै मेरो हृदयलाई ध्यान दिने भएका छैनौ, अनि तिमीहरू अझै कायर छौ। तिमीहरू केदेखि डराउँछौ? किन तिमीहरू अझै व्यवस्था र नियमहरूद्वारा बाँधिएका छौ? मैले तिमीहरूलाई मुक्त गरिदिएको छु तर तिमीहरूसित अझै स्वतन्त्रता छैन। किन यस्तो भयो? मसित अझ धेरै कुराकानी गर् अनि म तँलाई बताउनेछु। मलाई नजाँच। म वास्तविक छु। मसित कुनै बहाना छैन; सबै वास्तविक छ! मैले जे भन्छु, त्यो साँचो हुन्छ। म कहिल्यै मेरो वचन फिर्ता गर्दिनँ।

## अध्याय ४४

म धर्मी छु, म भरोसायोग्य छु, र म मानिसको अन्तस्करण जाँच गर्ने परमेश्वर हुँ! को साँचो हो र को झूटो हो सो म तुरुन्तै प्रकट गर्नेछु। नआत्तिओ; सबै थोकले मेरो समयअनुसार काम गर्दछन्। कसले मलाई इमानदारीसाथ चाहन्छ, र कसले चाहँदैन, त्यो एक-एक गरी म तिमीहरूलाई बताउनेछु। तिमीहरू केवल खाने, पिउने र मेरो उपस्थितिमा आउँदा मेरो नजिक आउने कुरामा मात्रै ध्यान देओ, र मेरो काम म आफै गर्नेछु। तुरुन्तै परिणामहरू प्राप्त गर्नको लागि अनावश्यक रूपमा चिन्तित नहोओ; मेरो काम झट्टै एकै पटक सम्पन्न गर्न सकिने काम होइन। त्यसभित्र मेरा चरणहरू र मेरो बुद्धि छन्, त्यसैले मेरो बुद्धि प्रकट गर्न सकिन्छ। म तिमीहरूलाई मेरा हातहरूले के गरेका छन् त्यो देखाउनेछु—दुष्टलाई दण्ड र असललाई इनाम दिनु। म अवश्य नै कसैको पनि पक्ष लिँदिनँ। तँ, जसले इमानदारीसाथ मलाई प्रेम गर्छस्, म तँलाई इमानदारीसाथ प्रेम गर्दछु, जसले मलाई इमानदारीसाथ प्रेम गर्दैनन्, मेरो क्रोध सधैँ तिनीहरूसित रहनेछ, ताकि तिनीहरूले सारा अनन्तताभरि यो स्मरण गरून् कि म नै साँचो परमेश्वर, मानिसको अन्तस्करण जाँच्ने परमेश्वर हुँ। अरूको सामुन्ने एक प्रकारको र तिनीहरूका पिठिउँपछाडि अर्को प्रकारको व्यवहार नगर; तैँले गर्ने सबै कुरा म स्पष्ट रूपमा देख्न सक्छु, र तिमीहरूले अरूलाई मूर्ख बनाउन सके पनि, मलाई मूर्ख बनाउन सक्दैनौ। म यो सबै स्पष्ट देख्दछु। तैँले कुनै पनि कुरा लुकाउनु सम्भव छैन; सबै थोक मेरा हातमा छन्। आफैलाई धेरै चतुर सम्झँदै तेरो क्षुद्र साना युक्तिहरूले तेरोको फाइदा गराउँछ भन्ने नठान्। म तँलाई भन्छु: मानिसहरूले जति धेरै योजनाहरू बनाए पनि, चाहे ती हजारौँ वा लाखौँ भए पनि, आखिरीमा ती मेरो हत्केलाबाट उम्कन सक्दैनन्। सबै थोक र सबै वस्तुहरू मेरा हातहरूद्वारा नियन्त्रित छन्, एक जना व्यक्तिको त कुरै नगरौं! मलाई छल्ने वा मबाट लुक्ने कोसिस नगर्, फुस्लाउने वा लुकाउने कोसिस नगर्। के मेरो महिमित अनुहार, मेरो क्रोध र मेरो न्यायलाई सार्वजनिक रूपमा प्रकट गरिएको छ भन्ने तैँले अझै देखेको छैनस् भन्ने हुन सक्छ? ज-जसले मलाई इमानदारीसाथ चाहँदैन, म तिनीहरूलाई तुरुन्तै र कृपा नगरी न्याय गर्नेछु। मेरो दयाको अन्त्य भएको छ; अब केही बाँकी छैन। अब उप्रान्त पाखण्डीहरू नबन्, र तेरा असभ्य र लापरवाह चालहरूलाई बन्द गर्।

हे मेरो छोरो, होसियार बस्; मेरो उपस्थितिमा धेरै समय बिता अनि म तेरो जिम्मा लिनेछु। नडरा, मेरो दुईधारे तरवार लिएर आइजा, र–मेरो इच्छाअनुसार–कठिनाइ भए पनि शैतानसित अन्तिमसम्म लडाइँ गर्। म तँलाई रक्षा गर्नेछु; कुनै चिन्ता नगर्। लुकेका सबै कुराहरू खोलिनेछन् र प्रकट गरिनेछन्। म सूर्य हुँ जसले प्रकाश दिन्छ, निर्दयतापूर्वक सबै अन्धकारलाई उज्यालो पार्छ। मेरो न्याय पूर्ण रूपले आफ्नो सम्पूर्णतामा ओर्लिएको छ; मण्डली लडाइँको एक मैदान हो। तिमीहरू सबैले आफैलाई तयार पार्नुपर्छ र तेरो सम्पूर्ण अस्तित्व अन्तिम, निर्णायक लडाइँमा समर्पित गर्नुपर्छ; म तँलाई निश्चित रूपमा रक्षा गर्नेछु ताकि तैंले मेरो लागि असल र विजयी लडाइँ लड्न सक्।

सावधान हो–हिजोआज मानिसहरूका हृदयहरू छली अनि पूर्वानुमान गर्न नसकिने छन् र उनीहरूसँग अन्य मानिसहरूको विश्वास जित्ने कुनै तरिका छैन। केवल म पूर्ण रूपमा तिमीहरूका लागि छु। ममा कुनै छल छैन; केवल ममाथि भर पर्! मेरो छोराहरू निश्चय त्यो अन्तिम, निर्णायक लडाइँमा विजयी हुनेछन्, र शैतान निश्चय नै मृत्यु-संघर्षका लागि बाहिर आउनेछ। नडरा! म तेरो शक्ति हुँ, र म तेरो सबै थोक हुँ। तँ ती कुराहरूको विषयमा घरीघरी विचार नगर्, तैँले त्यति धेरै कुराहरूमा एकसाथ विचार गर्न सक्दैनस्। मैले पहिले नै भनेको छु, म तिमीहरूलाई अब फेरि बाटोमा तान्ने छैन, किनकि समय धेरै दबाबपूर्ण अवस्थामा छ। मसँग तिमीहरूलाई कानमा समातेर हरेक मोडमा तिमीहरूलाई सावधान गराउने समय छैन–यो सम्भव छैन! लडाँइका निम्ति तेरा तयारीहरू समाप्त गर्। म तेरो लागि पूर्ण जिम्मेवारी लिन्छु; सबै कुराहरू मेरो हातमा छन्। यो मृत्युसम्मकै लडाइँ हो, र एक वा अर्को पक्ष नष्ट हुने निश्चित छ। तर तँ यस विषयमा स्पष्ट हुनुपर्छ: म सधैं विजयी र अपराजित छु, र शैतान निश्चय नै नाश हुनेछ। यो मेरो पद्धति हो, मेरो काम, मेरो इच्छा, र मेरो योजना हो!

काम भइसक्यो! सबै काम भइसक्यो! डरपोक वा भयभीत नहो। म तँसँग, र तँ मसँग, हामी सधैंभरि राजाहरू हुनेछौं! मेरा वचनहरू, एकपटक बोलिएपछि कहिल्यै बदलिंदैनन्, र घटनाहरू चाँडै तिमीहरूमाथि घट्नेछन्। होसियार रहो! तैंले प्रत्येक पंक्तिमाथि राम्ररी विचार गर्नुपर्छ; मेरा वचनहरूको बारेमा अब फेरि अनिश्चित नहो। तँ तिनको बारेमा स्पष्ट हुनुपर्छ! तैंले याद राख्नुपर्छ– मेरो उपस्थितिमा जतिसक्दो धेरै समय बिता!

## अध्याय ४५

तैँले आफ्ना दाजुभाइ र दिदीबहिनीहरूलाई सार्वजनिक रूपले यसरी न्याय गर्छस् मानौं यो केही पनि होइन। तैँले साँच्चिकै असल र खराब के हो भन्ने जान्दैनस्; तैँले लाज-शर्म भन्ने के हो जान्दैनस्! के यो व्यवहार डरलाग्दो गरी दुःसाहसी र स्वेच्छाचारी छैन र? तिमीहरूमध्ये हरेक अन्योल र धेरै उदास छौ; तैँले यति धेरै बोझ बोक्छस् कि तँभित्र मेरो लागि कुनै ठाउँ छैन। अन्धा मानिसहरू! तेरो निर्दयीपन त्यस्तो चरम हदसम्म पुगेको छ–यसको अन्त्य कहिले हुनेछ?

म तिमीहरूसँग बारम्बार मेरो हृदयदेखि बोल्छु अनि म तिमीहरूलाई मसँग भएको सबै कुरा

दिन्छु, तर तिमीहरू यति कन्जुस छौ अनि तिमीहरूसित मानवताको थोरै अंश पनि छैन; यो बुझ्न साँच्चिकै गाह्रो छ। तँ किन आफ्नै धारणाहरूमै टाँसिरहन्छस्? तँ किन मलाई तँभित्र कुनै ठाउँ दिँदैनस्? म कसरी तिमीहरूलाई हानि पुर्‍याउन सक्थेँ र? तिमीहरूले यस प्रकारले व्यवहार गर्न जारी राख्नु हुँदैन–अब मेरो दिन वास्तवमै टाढा छैन। जथाभाबी बोल्ने, अन्धाधुन्ध व्यवहार गर्ने वा झगडा गर्ने र समस्या उत्पन्न गर्ने नगर; यसले तिमीहरूको जीवनमा के असल कुरा ल्याउन सक्छ र? म तिमीहरूलाई साँचो रूपमा बताइरहेको छु, मेरो दिन आउँदा यदि एउटै व्यक्तिले मुक्ति नपाए पनि, म अझै पनि मेरो योजनाअनुसार मामलाहरू सम्हाल्नेछु। म सर्वशक्तिमान् परमेश्वर हुँ भन्ने कुरा तिमीहरूले जान्नुपर्छ! कुनै वस्तु, कुनै व्यक्ति, कुनै विषयले मेरो अगाडिको कदमहरूमा बाधा दिने साहस गर्न सक्दैन। तिमीहरूविना मैले मेरो इच्छा पूरा गर्न सक्दिनँ भनेर तिमीहरूले सोच्नु हुँदैन। म तँलाई के भन्न सक्छु भने, यदि तैँले यस्तो नकारात्मक प्रकारले आफ्नो जीवनलाई लिइस् भने तैँले आफ्नो जीवन नष्ट मात्र गर्नेछस्; यो मेरो चासोको विषय हुनेछैन।

पवित्र आत्माको काम एउटा निश्चित चरणसम्म अगि बढेको छ अनि गवाही शिखरमा पुगेको छ। यो स्पष्ट सत्यता हो। छिटो गरेर, तिमीहरूका धमिला आँखाहरू खोल; तिमीहरूमा लगाइएका मेरा मेहनती प्रयासहरूलाई व्यर्थ हुन नदेऊ, अनि अब उपरान्त आफ्नै इच्छापूर्तिमा लीन नहोऊ। तिमीहरूले खुशीसाथ मेरो अगाडि राम्रा कामहरू गर्छौ, तर जब म उपस्थित हुँदिन, तब के तिमीहरूका कार्य तथा व्यवहारहरूलाई मैले देख्ने गरी मेरो सामु राख्न सकिन्छ? तिमीहरूलाई दुष्टबाट असल कुरालाई छुट्याउन आउँदैन! तिमीहरू मेरो कुरा सुन्दैनौ, तिमीहरू मेरो अगाडि एउटा कुरा गर्छौ अनि मेरो पछाडि अर्को कुरा गर्छौ। तिमीहरूले अझै पनि म मानिसको हृदयको गहिराइलाई हेर्न सक्ने परमेश्वर हुँ भन्ने तिमीहरूले महसुस गरेका छैनौ। तिमीहरू चरम रूपमा अज्ञानी छौ!

पछि, अगाडिको बाटोमा, तैँले युक्ति रच्नु हुँदैन वा छल र कुटिलतामा लाग्नु हुँदैन, नत्र भने परिणामहरू अकल्पनीय हुनेछन्! तिमीहरूले अझै पनि छल र कुटिलता के हुन् भन्ने कुरा जान्दैनौ। तिमीहरूले मलाई हेर्न नदिने, तिमीहरूले खुलासा गर्न नसक्ने कुनै पनि कार्य र व्यवहारहरू छल र कुटिलता हुन्। अब, तिमीहरूले यो कुरा बुझ्नुपर्छ! यदि भविष्यमा तिमीहरू छल र कुटिलतामा लाग्यौ भने, नबुझेको जस्तो बहाना नगर–यदि तिमीहरूले यस्तो कार्य गर्‍यौ, तिमीहरूले जानी-जानी गलत काम गरिरहेका हुन्छौ, अनि तिमीहरू दोबर दोषी हुन्छौ। यसले तिमीहरूलाई आगोद्वारा जलाइने अवस्थातिर मात्रै डोर्‍याउनेछ वा त्योभन्दा पनि खराब, यसले तिमीहरूलाई बरबाद गरिरहेको हुनेछ! तिमीहरूले यो कुरा बुझ्नैपर्छ! तिमीहरूले आज सामना गरिरहेको कुरा भनेको प्रेमको ताडना हो; यो पक्कै पनि निर्दयी न्याय होइन। यदि तिमीहरूले यो कुरालाई देख्न सक्दैनौ भने, तिमीहरू अत्यन्तै दयनीय छौ, अनि तिमीहरू आशारहित छौ। यदि तिमीहरू प्रेमको ताडना स्वीकार गर्न इच्छुक छैनौ भने, तिमीहरूमाथि आइपर्ने भनेको निर्दयी न्याय हुनेछ। जब त्यसो हुन्छ, तब मैले तिमीहरूलाई भनिनँ भनेर गुनासो नगर। म आफ्नो जिम्मेवारीहरूदेखि पन्सिएको हो भन्ने होइन, तर तिमीहरूले मेरा वचनहरू सुनेका छैनौ

र मेरा वचनहरूलाई पूरा गरेका छैनौ। म अहिले तिमीहरूलाई यो भन्दैछु, नत्र भने मानिसहरूले मलाई पछि दोष लगाउनेछन्।

## अध्याय ४६

ज-जसले आफैलाई मेरो निम्ति अर्पण गर्छ र चढाउँछ, म निश्चय नै तँलाई अन्त्यसम्मै रक्षा गर्नेछु; तँ सधैँ शान्तिमा हुन सक् र सधैँ आनन्दित हुन सक्, र तँसित मेरो ज्योति र प्रकाश हुन सकोस् भनेर मेरो हातले निश्चय नै तँलाई थाम्नेछ। म निश्चय नै तँमाथि मेरा आशिषहरूलाई दोबर वर्षाउनेछु, ताकि मसित जे छ, त्यो तँसित होस् र म जे छु, त्यो तैँले प्राप्त गर्। तँलाई जे दिइएको छ, त्यो तेरो जीवन हो, अनि कसैले त्यसलाई तँबाट खोस्न सक्दैन। आफूलाई समस्यामा नपार् वा निराशामा नपर्; मभित्र शान्ति र आनन्द मात्रै छ। छोरा, तँ जसले मेरो कुरामा ध्यान दिन्छस् र आज्ञा मान्छस्, म तँलाई साँचो रीतिले प्रेम गर्छु। मैले सबैभन्दा घृणा गर्नेहरू भनेका कपटीहरू हुन्; म निश्चय नै तिनीहरूलाई मेटिदिनेछु। म मेरो घरबाट संसारको सानो निशाना पनि हटाइदिनेछु, अनि ती सबै कुराहरूलाई हटाइदिनेछु जसलाई म हेर्न सक्दिनँ।

कसले मलाई साँचो रीतिले चाहन्छ र कसले चाहँदैन भन्ने कुरा मलाई मेरो हृदयभित्र ठ्याक्कै थाहा हुन्छ। तिनीहरूले राम्रोसित भेष बद्लेर परिस्थिति अनुकूल रूप बदले पनि, र तिनीहरू संसारकै उत्कृष्ट अभिनेताहरू हुन् भनेर भन्न सकिए पनि तिनीहरूले आफ्नो हृदयमा राखेका कुराहरूलाई सबै स्पष्ट देख्दछु। तेरो हृदयमा के छ मलाई थाहा छैन भनी नसोच्; वास्तवमा मैले जतिको स्पष्ट प्रकारले अरू कसैले बुझ्दैन। तेरो हृदयमा के छ मलाई थाहा हुन्छ; तँ परमेश्‍वरको निम्ति आफैलाई अर्पण गर्न र परमेश्‍वरको निम्ति समर्पित हुन इच्छुक छस्, यति मात्र हो कि तँ अरूलाई आनन्दित तुल्याउन मीठो कुरा बोल्न चाहँदैनस्। स्पष्टसित हेर्! आजको राज्य मानिसको शक्तिद्वारा निर्माण हुँदैन, तर मेरो बहुबुद्धि र मेहनती प्रयासको प्रयोग गरेर नै सफलतापूर्वक निर्माण गरिनेछ। ज-जसले बुद्धि प्राप्त गर्दछन् र म जे छु त्यसलाई आफूभित्र प्राप्त गर्दछन्, तिनीहरू राज्यको निर्माणमा सहभागी हुनेछन्। उप्रान्त चिन्ता नगर्; तैँले तँभित्र आउने मेरो इच्छाको प्रकाश वा अन्तर्दृष्टिको कुनै वास्ता नगरी सधैँ अत्याधिक चिन्ता गरिरहन्छस्। अब उपरान्त यसो नगर्। जेसुकै मामला भए पनि, यसको बारेमा मसँग अझै बढी सङ्गति गर्, ताकि तँ तेरो आफ्नै कार्यहरूबाट आउने कष्टबाट बच्न सक्।

सायद, बाहिरबाट हेर्दा, यस्तो लाग्छ मानौं म सबैप्रति उदासीन छु, तर म भित्री रूपमा के सोच्छु, के तँलाई थाहा छ? म सधैँ नम्रहरूलाई उचाली रहन्छु, अनि जो घमन्डी र अभिमानी छन् तिनीहरूलाई सधैँ तल झारिरहेको हुन्छु। मेरो इच्छालाई नबुझ्नेहरूले ठूलो हानि भोग्नेछन्। म यस्तो छु, अनि यो नै मेरो स्वभाव हो भनेर तैँले जान्नुपर्छ–कसैले यसलाई परिवर्तन गर्न सक्दैन अनि कसैले यसलाई पूर्ण रीतिले बुझ्न सक्दैन। केवल मेरो प्रकाशद्वारा मात्रै तैँले यसलाई बुझ्न सक्छस्, नत्र भने तैँले यसलाई पूर्ण रूपले पनि बुझ्नेछैनस्; अहङ्कारी नबन्। केही मानिसहरूले राम्रोसित बोल्न सके पनि, तिनीहरूको हृदय मप्रति कहिल्यै वफादार हुँदैन, अनि गुप्तमा सधैँ मेरो

खण्डन गरिरहेका हुन्छन्; म यस्तो प्रकारको व्यक्तिलाई न्याय गर्नेछु।

अरूबाट सङ्केतहरू लिने कुरामा मात्रै ध्यान केन्द्रित नगर्, तैँले मेरो व्यहोरा र मेरो व्यवहारलाई ध्यान दिनुपर्छ। यस प्रकारले मात्रै तैँले विस्तारै मेरो इच्छालाई बुझ्दै जानेछस्; तब तेरा कार्यहरू मेरो इच्छा अनुरूप हुनेछन्, अनि तैँले कुनै गल्तीहरू गर्नेछैनस्। बिलौना गर्ने वा शोकित हुने काम नगर्; म तैँले गर्ने सबै कुरा, तेरा सबै व्यवहार र तैँले सोच्ने सबै कुरालाई स्पष्ट रूपमा देख्दछु, अनि म तेरो साँचो इच्छा र चाहनाहरूलाई जान्दछु; म तँलाई प्रयोग गर्नेछु। अहिलेको समय महत्त्वपूर्ण समय हो; तँलाई जाँच्ने समय आइपुगेको छ। के तैँले अझै देखेको छैनस्? के तैँले अहिलेसम्म महसुस गरेको छैनस्? म किन तँप्रति यस्तो आचरण राख्छु? के तँलाई थाहा छ? मैले तँलाई यी कुराहरू प्रकट गरेको छु र तँसित थोरै अन्तर्ज्ञान छ। तर, नरोकी–तेरो प्रवेशमा अघि बढ्ने कार्यलाई जारी राख्, अनि म तँलाई लगातार अन्तर्दृष्टि दिइरहनेछु। तैँले जति बढी मेरो आज्ञा मान्छस् र मेरा कुरामा ध्यान दिन्छस्, तँ भित्री रूपमा त्यति नै उज्यालो हुन्छस् र तँभित्र त्यति नै बढी प्रकाश हुन्छ भन्ने कुरालाई के तैँले महसुस गरेको छस्? तैँले जति बढी मेरो आज्ञापालन गर्छस् र मेरो कुरामा ध्यान दिन्छस्, तँसित मेरो ज्ञान त्यति नै बढी हुन्छ अनि तैँले त्यति नै धेरै अनुभव प्राप्त गर्छस् भन्ने के तँलाई थाहा छ? सधैँ तेरा धारणाहरूमा नै लागिरहने नगर्; यसो गर्दा यसले मेरो जीवित पानीको प्रवाहलाई अवरुद्ध गर्नेछ अनि मेरो इच्छालाई अघि बढाउने कार्यमा बाधा दिन्छ। कुनै व्यक्तिलाई पूर्ण रूपमा प्राप्त गर्नु सजिलो विषय होइन भनी तैँले जान्नुपर्छ। जटिल विचारहरूमा बहकिएर नजा। केवल पछ्याउने कार्य गर्, अनि धेरै सोचमग्न नबन्!

## अध्याय ४७

धार्मिकताका सर्वशक्तिमान् परमेश्वर–सर्वशक्तिमान्! तपाईंमा कुनै पनि कुरा लुकेको छैन। अति अनन्तदेखि अनन्तसम्मका, मानिसहरूले कहिल्यै खुलासा नगरेका हरेक रहस्य तपाईंमा प्रकट हुन्छ र पूर्ण रूपले स्पष्ट हुन्छ। हामीले उपरान्त खोजी गर्नु र छामछाम-छुमछुम गर्नु पर्दैन किनकि आज तपाईंको व्यक्तित्व हाम्रो निम्ति खुल्लमखुल्ला प्रकट भएको छ, तपाईं प्रकट गरिएको रहस्य हुनुहुन्छ, तपाईं व्यवहारिक परमेश्वर स्वयम् हुनुहुन्छ; किनकि आज तपाईं हाम्रो आमने-सामने आउनुभएको छ, अनि जब हामीले तपाईंको व्यक्तित्वलाई देख्छौं, हामी आत्मिक क्षेत्रको हरेक रहस्यलाई देख्छौं। साँच्चै, यो कसैले कल्पना गर्न नसक्ने कुरा हो! तपाईं आज हाम्रो माझमा हुनुहुन्छ, हामीभित्र समेत हुनुहुन्छ, यसैले हाम्रो अत्यन्तै नजिक हुनुहुन्छ; यसलाई बयान गर्न कठिन छ! भित्रको रहस्य अतुलनीय छ!

सर्वशक्तिमान् परमेश्वरले उहाँको व्यवस्थापन योजना पूरा गर्नुभएको छ। उहाँ ब्रम्हाण्डका विजयी राजा हुनुहुन्छ। सबै कुराहरू र सबै मामलाहरू उहाँको हातमा नियन्त्रित हुन्छन्। सबै मानिसहरूले साँचो परमेश्वर–सर्वशक्तिमान्को नाउँलाई पुकारा गर्दै आराधनामा घुँडा टेक्छन्। उहाँको मुखका वचनहरूद्वारा सबै कुराहरू गरिन्छन्। किन तिमीहरू यति सुस्त छौ, साँचो मनले आफैलाई उहाँसित काम गर्ने तुल्याउन, उहाँसित नजिक भएर जोडिन अनि उहाँसित महिमाभित्र जान

सक्दैनौ? के तिमीहरू कष्ट भोग्न इच्छुक भएर हो? फ्याँकिनको निम्ति इच्छुक भएर हो? के को मप्रति इमान्दारीपूर्वक अर्पित छ र कसले इमान्दारीपूर्वक मेरो निम्ति आफैलाई अर्पण गरेका छन् भन्ने कुरा म जान्दिनँ भन्ने तिमीहरूलाई लाग्छ? अज्ञानीहरू! मूर्खहरू! तिमीहरूले मेरा अभिप्रायहरूलाई बुझ्न सक्दैनौ, अनि मेरा बोझहरूलाई वास्ता गर्ने कुरा त झन् परको कुरा हो, यसरी तिमीहरूको बारेमा मलाई सधैँ चिन्तित हुने तुल्याउँछौ, तिमीहरूको निम्ति मेहनत गर्न लगाउँछौ। यसको अन्त्य कहिले हुनेछ?

सबै कुराहरूमा ममा जिउनु, सबै कुराहरूमा मेरो गवाही हुनु—के यसो गर्नु भनेको आफ्नो मुख खोलेर केही शब्दहरू बरर बोल्नु जस्तो हो त? तिमीहरूले असल र खराबको बीचमा कुनै भिन्नता जान्दैनौ! तिमीहरू जे गर्छौ, त्यसमा तिमीहरू म रहित छौ, र तिमीहरूको दैनिक जीवनमा म हुने कुरा त परै जाओस्। तिमीहरूले परमेश्‍वरलाई विश्‍वास गर्ने कुरालाई गम्भीर रूपमा लिँदैनौ भन्ने म जान्दछु, त्यसैले तिमीहरूले फलाउने फल यिनै हुन्! तिमीहरू अझै बिउँझेका छैनौ, अनि यदि यसरी नै तिमीहरू अघि बढिरह्यौ भने, तिमीहरूले मेरो नाउँलाई अपमानित तुल्याउनेछौ।

आफैलाई सोध्, जब तँ बोल्छस्, के म तँसित हुन्छु? जब तैँले खान्छस् वा लुगा लगाउँछस्, के त्यहाँ मेरो प्रतिज्ञा हुन्छ? साँच्चै, तिमीहरू विचारहीन छौ! जब-जब तिमीहरूका समस्याहरूलाई प्रत्यक्ष रूपमा सम्बोधन गरिँदैन, तब-तब तैँले तेरो साँचो रङ देखाउँछस्, अनि तिमीहरूमध्ये कोही पनि आज्ञाकारी छैनौ। यदि यस्तो नभएको भए, तिमीहरूले आफैलाई महान् सोच्नेथियौ, अनि आफूभित्र धेरै राम्रो कुराहरू छन् भनी सोच्नेथियौ। के तँभित्र शैतानको घिनलाग्दो मुखाकृतिले तँलाई भरेको छ भन्ने तँलाई थाहा छैन? यी सबै कुराहरू खन्याउन मसित काम गर्। म जे हुँ र मसित जे छ त्यसले तँलाई पूर्ण रूपले भर्न दे; त्यसरी मात्रै तैँले ममा जीवन जिउन सक्छस्, अझै बढी वास्तविक रूपमा मेरो गवाही दिन सक्छस्, अनि मेरो सिंहासनसामु धेरै मानिसहरू अर्पण हुनुको कारण बन्न सक्छस्। तेरो काँधमा कति भारी बोझ छ भनी तैँले जान्नुपर्छ: ख्रीष्टलाई उच्च पार्नु, ख्रीष्टलाई प्रकट गर्नु, ख्रीष्टको गवाही दिनु, ताकि असंख्य मानिसहरूले मुक्ति पाउन सकून्, ताकि मेरो राज्य दृढ र अचल रहोस्। तिमीहरू आजको कामको महत्त्वलाई नबुझी अस्तव्यस्त नहोओ भनेर मैले यो सबै कुरा औंल्याएको हो।

समस्याहरूको सामना गर्दा तातो कराहीमा परेर वरिपरि घुम्ने कमिलाहरूजस्तै विवश: यो नै तिमीहरूको स्वभाव हो। बाहिरी रूपले, तिमीहरू प्रौढहरूजस्ता देखिन्छौ तर तिमीहरूको भित्री जीवन बच्चाको जस्तो छ; तिमीहरूले जानेको एउटै कुरा भनेको कसरी समस्या उत्पन्न गर्ने अनि मेरो बोझ बढाउने भन्ने नै हो। यदि मैले चासो नराख्ने कुनै सानो कुरा छ भने, तिमीहरूले समस्या खडा गर्छौ। के त्यस्तै होइन र? धेरै आत्म-धर्मी नहोओ। म जे भन्छु, त्यो सत्यता हो। मैले लगातार तिमीहरूलाई भाषण दिइरहेको छु, मानौं मैले धेरै भव्य वचनहरू प्रयोग गरिरहेको छु भनेर सधैँ नसोच; तिमीहरूको वास्तविक अवस्था यही हो।

# अध्याय ४८

म चिन्तित छु तर तिमीहरूमध्ये कति जना मसित एउटै मन र एउटै विचारको हुन सक्छौ? तिमीहरूले मेरा वचनहरूलाई ध्यानै दिँदैनौ, यस क्रममा त्यसलाई बेवास्ता गर्छौ र ध्यान केन्द्रित गर्न असफल हुन्छौ, बरु तिमीहरूका आफ्नै सतही कुराहरूमा मात्र ध्यान केन्द्रित गर्छौ। तिमीहरूले मेरो मेहनती वास्ता र प्रयासलाई खेर गएको कुरा ठान्छौ; के तिमीहरूको विवेक दोषी ठहरिएको छैन र? तिमीहरू अज्ञानी छौ र तिमीहरूमा तर्कशक्तिको कमी छ; तिमीहरू सबै मूर्ख हौ, अनि मलाई बिलकुल सन्तुष्ट पार्न सक्दैनौ। म सम्पूर्ण रूपले तिमीहरूको निम्ति नै हुँ–तिमीहरू मेरो निम्ति कति धेरै हुन सक्छौ? तिमीहरूले मेरो अभिप्रायलाई गलत प्रकारले बुझेका छौ, र यो साँच्चिकै तिमीहरूको अन्धोपन र कामकुरालाई राम्रोसित बुझ्न नसक्ने क्षमता हो, जसले मलाई सधैँ तिमीहरूको बारेमा चिन्तित तुल्याउँछ र तिमीहरूमा समय खर्चने तुल्याउँछ। अब, तिमीहरूले आफ्नो कति समय ममाथि खर्च गर्न र अर्पित गर्न सक्छौ? तिमीहरूले आफैलाई अझै बढी यी प्रश्नहरू सोध्नुपर्छ।

मेरो अभिप्राय पूर्ण रूपले तिमीहरूसँग नै सम्बन्धित छ–के तिमीहरूले यसलाई साँच्चै बुझ्यौ? यदि तिमीहरूले यसलाई साँच्चिकै बुझेका भए, तिमीहरूले मेरो अभिप्रायलाई लामो समयअघि नै बुझिसकेका हुन्थ्यौ अनि मेरो बोझलाई बुझ्नेथियौ। फेरि लापरवाही नहोऊ, नत्र भने तिमीहरूभित्र पवित्र आत्माले काम गर्नुहुनेछैन, जसले तिमीहरूको आत्मालाई मर्ने तुल्याउनुहुनेछ र पातालमा पठाउनुहुनेछ। के यो तिमीहरूका निम्ति अति डरलाग्दो कुरा होइन र? मैले फेरि तिमीहरूलाई याद दिलाउनुपर्ने कुनै खाँचो छैन। तिमीहरूले आफ्ना विवेकमा खोजी गर्नुपर्छ र आफैलाई सोध्नुपर्छ: म तिमीहरूको निम्ति अति दुःखित भएको हो कि तिमीहरू मप्रति धेरै ऋणी भएको हो? असल र खराबमा तिमीहरू नझुक्किओ; समझ रहित नहोऊ! अहिले शक्ति र नाफाको निम्ति लडाइँ लड्ने वा षडयन्त्रमा सामेल हुने समय होइन। बरु, जीवनको निम्ति यति घातक यी कुराहरूलाई तैँले चाँडै एकातिर पन्साउनुपर्छ अनि वास्तविकताभित्र प्रवेश गर्नुपर्छ। तँ एकदम लापरवाह छस्! तैँले मेरो हृदयलाई बुझ्न सक्दैनस् वा मेरो अभिप्रायलाई महसुस गर्न सक्दैनस्। त्यस्ता कुराहरू धेरै छन् जुन मैले नभनेको भए हुनेथियो, तर तिमीहरू कुरै नबुझ्ने अन्योलग्रस्त मानिसहरू हौ, त्यसैले मैले तिनीहरूलाई बारम्बार भन्नु परेको छ, तैपनि, तिमीहरूले अझै मेरो हृदयलाई सन्तुष्ट पार्न सकेका छैनौ।

तिमीहरूलाई एक-एक गरी गणना गर्दा, तिमीहरूमध्ये कति जनाले मेरो हृदयलाई साँच्चिकै बुझ्न सक्छौ?

# अध्याय ४९

समन्वयमा सेवा गर्नेको, व्यक्तिले सही प्रकारले, ऊर्जासहित अनि जीवन्त प्रकारले समन्वय गर्नुपर्छ। यसको अतिरिक्त, व्यक्तिमा उत्साह, जोश हुनुपर्छ र आत्मविश्वासले भरिपूर्ण हुनुपर्छ, ताकि अरूले देख्दा तिनीहरूको भरणपोषण होस् र तिनीहरू भरिपूर्ण होऊन्। मेरो सेवा गर्नेको लागि तैँले केवल मेरो हृदयअनुरूप चलेर मात्र होइन, तर त्योभन्दा पनि बढी, मेरा अभिप्रायहरूलाई सन्तुष्ट पारेर नै मैले चाहेअनुसार नै सेवा गर्नुपर्छ, ताकि मैले तँभित्र जे सम्पन्न गर्छु, त्यसद्वारा म सन्तुष्ट हुन सकूँ। मेरो वचनले तेरो जीवनलाई भर्, मेरो शक्तिले तेरो बोली-वचनलाई भर्—मैले तँलाई अनुरोध गर्ने यही नै हो। तेरो आफ्नै चाहनाहरूलाई पछ्याउँदा के त्यसले मेरो प्रतिरूपलाई प्रकट गर्छ र? के त्यसले मेरो हृदयलाई सन्तुष्ट पार्नेछ र? के तँ मेरा अभिप्रायहरूलाई इमानदारीता पूर्वक पालन गर्ने व्यक्ति होस्? के तँ साँच्चै मेरो हृदयलाई साँचो रूपमा बुझ्ने प्रयास गर्ने व्यक्ति होस्? के तैँले वास्तवमै आफूलाई मेरो निम्ति अर्पण गरेको छस्? के तैँले मेरा वचनहरूलाई मनन गरेको छस्?

हामीले हरेक पक्षमा बुद्धिको प्रयोग गर्नुपर्छ अनि मेरो सिद्ध बाटोमा हिँड्नको निम्ति बुद्धिको प्रयोग गर्नुपर्छ। मेरो वचनभित्र रहेर काम गर्नेहरू सबैभन्दा बुद्धिमान् हुन्, अनि मेरो वचनअनुसार काम गर्नेहरू, सबैभन्दा आज्ञाकारी हुन्। मैले जे भन्छु त्यही हुन्छ, अनि तैँले मसित वाद-विवाद गर्ने वा तर्कवितर्क गर्ने प्रयास गर्नु आवश्यक छैन। मैले भन्ने सबै कुरा, म तँलाई ध्यानमा राखेर भन्छु (म कडा भए पनि वा नम्र भए पनि)। यदि तैँले आज्ञाकारी हुने कुरामा ध्यान केन्द्रित गर्छस् भने, त्यो उत्तम हुनेछ, अनि यो नै साँचो बुद्धिको बाटो हो (अनि तँमाथि परमेश्वरको न्याय पर्नदेखि जोगाउने बाटो हो)। आज, मेरो घरमा, मेरो अगाडि विनम्र हुने र मेरो पिठ्यूँपछाडि अरू कुराहरू भन्ने नगर्। तँ व्यवहारिक भएको म चाहन्छु; तैँले भड्किलो उपमा प्रयोग गर्नु आवश्यक छैन। व्यवहारिक हुनेहरूका निम्ति सबै कुरा हुन्छ। नहुनेहरूका निम्ति केही पनि हुँदैन। तिनीहरूको शरीर समेत तिनीहरूसँगै शून्यतामा फर्किनेछ किनकि व्यवहारिकताविना, केवल रित्तोपना मात्रै हुन्छ: अरू कुनै व्याख्या छैन।

परमेश्वरमाथिको तिमीहरूको विश्वासमा, म तिमीहरू जोशिलो भएको चाहन्छु अनि तिमीहरूले के प्राप्त गर्छौ वा गुमाउँछौ त्यस बारेमा विचार नगर, अनि तिमीहरूसित भएको कुराको बारेमा पनि विचार नगर; तिमीहरूले आफ्नो पाइला साँचो मार्गमा चाल्ने र कसैको बहकाउमा नपर्ने वा कसैको नियन्त्रणमा नहुने कुराको मात्र खोजी गर। मण्डलीको खम्बा हुनु, राज्यको विजेता हुनु भनेको यही हो; योभन्दा अरू कुरा गर्नु भनेको तँ मेरो सामु जिउन योग्य छैनस् भन्ने हो।

विभिन्न परिस्थितिहरूमा, मेरो नजिक हुने तरिका त्यस्तै प्रकारले भिन्न हुन्छ। कतिपय मानिसहरू सुन्दर शब्दहरू बोल्न अनि मेरो अघि भक्तिपूर्ण भएको देखाउन मन पराउँछन्। तैपनि, दृश्यपछाडि तिनीहरू पूर्ण रूपले गोलमाल अवस्थामा हुन्छन् अनि तिमीहरूमा मेरा वचनहरू हुँदैनन्। तिनीहरू घिनलाग्दा र रिस उठाउने खालका छन्; तिनीहरूले कसैलाई सुधार गर्न वा कसैलाई भरणपोषण गर्न सक्छन् भन्ने कुरा अशोचनीय कुरा हो। तिमीहरूले मेरो हृदयलाई ध्यान दिन नसक्नुको एउटै कारण के हो भने तिमीहरू मसित घनिष्ठ हुन वा सङ्गति गर्न सक्दैनौ; तिमीहरूले

मलाई निरन्तर तिमीहरूको निम्ति चिन्ता गर्ने तुल्याउँछौ अनि तिमीहरूको निम्ति परिश्रम गर्ने तुल्याउँछौ।

## अध्याय ५०

सबै मण्डलीहरू र सबै सन्तहरूले विगतको कुरा याद गर्नुको साथै भविष्यलाई पनि हेर्नुपर्छः विगतका तेरा कति वटा कार्यहरू योग्य थिए, अनि तीमध्ये कति वटा राज्यको निर्माणमा सहभागी थिए? आफैलाई चलाक नठान्! तैँले तेरा आफ्नै कमी कमजोरीहरूलाई स्पष्ट प्रकारले देख्नुपर्छ, अनि तैँले तेरो आफ्नै अवस्थालाई बुझ्नुपर्छ। तिमीहरूमध्ये कोही पनि यस सम्बन्धमा कुनै प्रयास गर्न वा केही समय खर्च गर्न इच्छुक छैनौ भन्ने म जान्दछु, त्यसैले तिमीहरूले कुनै उपलब्धिहरू प्राप्त गर्न सक्दैनौ। तिमीहरू आफ्नो सबै समय खान, पिउन र रमाइलो गर्नमा नै खेर फाल्छौ। जब तिमीहरूमध्ये केही भेला हुन्छौ, तब जीवनका आत्मिक विषयहरूमा सङ्गति गर्ने कार्यमा वा एक-अर्कालाई जीवन प्रदान गर्ने कार्यमा कुनै ध्यान नदिई तिमीहरू ख्यालठट्टा गर्छौ। तिमीहरू कुरा गर्दा तिमीहरू हाँसेको वा ठट्टा गरेको म सहन सक्दिनँ, तापनि तिमीहरू कति हास्यास्पद छौ। मैले धैरै पल्ट भनेको छु, तर तिमीहरूलाई मैले भनेको कुराको अर्थ थाहा छैन–के यो तेरो आँखाकै सामने रहेको स्पष्ट कुरा होइन र? मैले यस्तो कुराहरू पहिले पनि भनेको छु, तापनि तिमीहरू अझै पनि विश्वस्त भएका छैनौ र मैले तिमीहरूलाई गलत बुझेको छु, मैले भनेको कुरा वास्तविक छैन भन्ने सोचेर तिमीहरूले मैले भनेको कुरालाई स्वीकार गर्दैनौ। कि मामला यो होइन भन्ने हुनसक्छ?

यदि तिमीहरू मसित झारा टार्ने काम गर्छौ भने, म तिमीहरूलाई एकातिर पन्साइदिनेछु। तैँले फेरि लापरवाह हुने साहस त गर्! तैँले बेपरवाह र असावधान हुने साहस त गर्! मेरा वचनहरू कुँद्ने चक्कु हो; मेरो इच्छाअनुरूप नहुने कुनै पनि कुरालाई यस चक्कुद्वारा काटेर फ्याँकिनेछ, अनि तैँले आफ्नै आत्म-सम्मानको निम्ति धेरै विचार गर्नु आवश्यक छैन। म तँलाई कुँद्छु, ताकि तैँले मेरो इच्छाअनुसार आकार र प्रतिरूप लिन सक्। मेरो हृदयलाई गलत प्रकारले नबुझ्; तँ मेरो हृदयप्रति जति सम्भव हुन्छ त्यति विचारशील भइस् भने मात्रै यो स्वीकारयोग्य हुनेछ। यदि तैँले अलिकति पनि वास्ता गरिनस् भने, म उपेक्षा गरेर तँबाट फर्किनेछैन। यसलाई विचारै नगरी बेवास्ता नगर्; तँमा मेरो इच्छालाई निरन्तर पूरा हुन दे।

असंख्य सन्तहरू विभिन्न पदहरूमा अवस्थित छन्, त्यसैले, अवश्य तिमीहरू सबैका विभिन्न कार्यहरू छन्। तर मेरो निम्ति साँचो रूपले आफैलाई अर्पण गर्न तिमीहरूले आफ्नो शक्तिले भ्याउने सबै कुरा गर्नुपर्छ; तिमीहरूको कर्तव्य भनेको तिमीहरूले गर्नसक्ने सबै कुरा गर्नु हो। तिमीहरू यसमा वफादार हुनुपर्छ, र खुशीसाथ इच्छुक हुनुपर्छ। तिमीहरू आधा हृदयको हुनु हुँदैन! नत्र भने, तिमीहरूमाथि सधैँ मेरो न्याय आइपर्नेछ; तिमीहरूको देह, आत्मा र प्राणले यसलाई सहन सक्नेछैन, अनि तिमीहरूले बिलौना र दाह्रा किटाइ गर्नेछौ।

# अध्याय ५१

अहो! सर्वशक्तिमान् परमेश्वर! आमेन! तपाईंमा, सबै कुरा मुक्त हुन्छ, सबै कुरा स्वतन्त्र हुन्छ, सबै कुरा खुला हुन्छ, सबै कुरा प्रकट हुन्छ अनि सबै कुरा प्रकाशमान हुन्छ, अलिकति पनि लुकेको वा गुप्त हुँदैन। तपाईं देहधारी सर्वशक्तिमान् परमेश्वर हुनुहुन्छ। तपाईंले राजाको रूपमा राज्य गर्नुभएको छ। तपाईं खुल्लमखुल्ला प्रकट हुनुभएको छ–तपाईं उपरान्त रहस्य हुनुहुन्न तर तपाईं पूर्ण रूपले सदासर्वदाको निम्ति प्रकट हुनुभएको छ! म साँचो रीतिले पूर्ण रूपले प्रकट गरिएको छु, म सार्वजनिक रूपमा आइपुगेको छु, अनि म धार्मिकताको सूर्यको रूपमा देखा परेको छु, किनकि आजदेखि उपरान्त बिहानको तारा देखा पर्ने युग होइन, न त यो अझै गोप्यताको चरण हो। मेरो काम चम्किलो बिजुली जस्तै हो; यो गर्जनको आकस्मिक ध्वनि जस्तै तत्कालै पूरा हुन्छ। मेरो काम यस वर्तमान अवस्थासम्म अगि बढेको छ, अनि ज-जसले समय नष्ट गर्छन् वा जो-जो सुस्त छन्, तिनीहरूले निर्दयी न्यायको मात्र सामना गर्नेछन्। निश्चित रूपमा, म प्रताप र न्याय हुँ, अनि तिमीहरूले कल्पना गरेजस्तै म उपरान्त करुणा र प्रेम होइन भन्ने बारेमा तिमीहरूसँग स्पष्ट बुझाइ हुनुपर्छ। यदि तँ अझै यस बुँदामा स्पष्ट छैनस् भने, तैँले पाउने भनेको न्याय हुनेछ, किनकि तैँले स्वीकार नगरेको कुरा तँ आफैले चाख्नेछस्; नत्र भने तँसित निरन्तर शङ्काहरू हुनेछन् अनि तैँले आफ्नो विश्वासमा दृढ हुन साहस गर्न सक्नेछैनस्।

मैले तिमीहरूलाई सुम्पेको कुराको सम्बन्धमा चाहिँ, के तिमीहरूले त्यसलाई भक्तिसहित पूरा गर्न सक्छौ? म भन्छु, कुनै पनि कामको लागि बुद्धि चाहिन्छ, तापनि केही कुरा गर्दा तिमीहरूले कति पल्ट मेरा अर्तीहरूलाई दोहोर्याएर छानबिन र थप विचार गरेका छौ? यदि तिमीहरूसित मेरो मेरा अर्तीका वचनहरूमध्ये एउटाको बारेमा केही बुझाइ भएको भए पनि, र त्यसलाई सुन्दा तिमीहरूले ठीकै सोचे तापनि, तिमीहरूले पछि त्यसलाई बेवास्ता गर्छौ। जब तिमीहरू त्यसलाई सुन्छौ, तब तिमीहरूले त्यसलाई आफ्नो वास्तविक अवस्थामा लक्षित गर्छौ र आफैलाई घृणा गर्छौ–तर पछि तिमीहरूले त्यसलाई मामुली विषय ठान्छौ। आजको प्रश्न भनेको तेरो जीवनले प्रगति गर्छ कि गर्दैन भन्ने हो; यो तँ बाहिरी रूपले कतिको आभूषित छस् भन्ने प्रश्न होइन। तिमीहरूमध्ये कसैको कुनै संकल्प छैन, अनि तिमीहरू दृढ हुन अनिच्छुक छौ। तिमीहरू मूल्य चुकाउन चाहँदैनौ, अनि तिमीहरू क्षणिक सांसारिक सुखविलाशलाई छोडिदिन चाहँदैनौ, तापनि तिमीहरू स्वर्गबाट आउने आशिषहरू गुमाउन डर मान्छौ। तँ कस्तो प्रकारको व्यक्ति होस्? तँ मूर्ख होस्! तिमीहरूले खिन्न अनुभव गर्नु हुँदैन; के मैले भनेको कुरा तथ्यपूर्ण छैन र? के यसले तिमीहरूले पहिले नै सोचिसकेको विचारलाई औँल्याएको छैन र? तिमीहरूसित मानवता छैन! तिमीहरूसित एउटा सामान्य व्यक्तिको गुण पनि छैन। यसको साथै, यो यस्तो नै हुने भए तापनि, तिमीहरूले अझै पनि आफैलाई दरिद्रको रूपमा देख्दैनौ। तिमीहरू सारा दिन फुर्सदिलो र निष्फिक्री छौ अनि पूर्ण रूपले आत्मसन्तुष्ट छौ! तिमीहरूका कमी-कमजोरीहरू कति धेरै छन् वा तिमीहरूमा के कमी छन् भनी तिमीहरू जान्दैनौ। कति मूर्ख!

मेरो काम त्यस्तो बिन्दुमा आइसकेको छ भन्ने के तिमीहरू जान्दैनौ? मेरो सबै इच्छा

तिमीहरूमा छ। कहिले तिमीहरूले यसलाई बुझ्न सक्नेछौ र यसलाई केही विचार गर्न सक्नेछौ? तिमीहरू अल्छी छौ! तिमीहरू मूल्य चुकाउन अनिच्छुक छौ, कठिन परिश्रम गर्न अनिच्छुक छौ, समय लिन अनिच्छुक छौ, र प्रयास लगाउन अनिच्छुक छौ। मलाई तँलाई केही भन्छु! तँ कष्ट भोग्न जति बढी डराउँछस्, तेरो जीवनले त्यति नै थोरै फाइदाहरू कटनी गर्नेछन्, यसको साथै, तेरो जीवन वृद्धि हुँदै जाँदा तैँले त्यति नै बढी अर्चनहरूको सामना गर्नेछस् अनि तेरो जीवनले प्रगति गर्ने सम्भावना निकै कम हुनेछन्। म तँलाई फेरि एक पल्ट स्मरण गराउँछु (म यो कुरा फेरि भन्नेछैन)! आफ्नो जीवनको निम्ति जिम्मेवारी नलिने जोसुकैप्रति पनि म उदासीन हुनेछु र उसलाई त्यागिदिनेछु। मैले यसलाई कार्यान्वयन गर्न सुरु गरिसकेको छु; के तैँले यसलाई स्पष्ट रूपमा देखेको छैनस्? यो व्यावसायिक कारोबार होइन, न त यो व्यापार नै हो; यो त जीवन हो। के यो कुरा स्पष्ट भयो?

## अध्याय ५२

म धार्मिकताको सूर्यको रूपमा प्रकट हुन्छु, अनि तिमीहरू र म सदासर्वदा महिमा र असल आशिषहरूमा सहभागी हुन्छौं! यो एउटा अपरिवर्तनीय तथ्य हो, र यो तिमीहरूमा पुष्टि हुन सुरु भइसकेको छ। किनकि मैले प्रतिज्ञा गरेको सबै कुरा, म तिमीहरूको निम्ति पूरा गर्नेछु; मैले भन्ने सबै कुरा वास्तविकता हुन्छ, र यो कहिल्यै रित्तो हुनेछैन। यी असल आशिषहरू तिमीहरूमाथि छन्, अनि अरू कसैले त्यसलाई दाबी गर्न सक्दैन; ती मसित एउटै मनको भएर सहकार्य गर्दा तिमीहरूले गरेको सेवाका फलहरू हुन्। तिमीहरूका सबै धार्मिक धारणाहरूलाई पन्साइदेओ; मेरा वचनहरूको सच्चाइलाई विश्वास गर, अनि शङ्कालु नहोओ! म तिमीहरूसित ठट्टा गर्दिनँ; म जे भन्छु मेरो तात्पर्य त्यही हुन्छ। जसलाई म आशिषहरू प्रदान गर्छु, तिनीहरूले यसरी ती पाउँछन्, जबकि जसलाई म आशिषहरू प्रदान गर्दिनँ, तिनीहरूले केही पनि पाउँदैनन्। यो सबै मद्वारा निर्धारित हुन्छ। सांसारिक सम्पत्ति साँच्चै महत्त्वहीन छ! मेरो विचारमा, यो केही नभई गोबर मात्र हो, त्यसको एक पैसाको जति पनि मोल हुँदैन। त्यसकारण, तिमीहरूले सांसारिक सुखचैनलाई अति धेरै मूल्य दिनु हुँदैन। के मसित स्वर्गीय आशिषहरूमा आनन्दित हुनु योभन्दा धेरै अर्थपूर्ण र फलदायी हुँदैन र?

यसभन्दा पहिले, सत्यता प्रकट गरिएको थिएन, अनि म खुल्लमखुल्ला देखा परेको थिइनँ; त्यो बेला, तिमीहरूले मलाई शङ्का गर्यौ अनि मेरो बारेमा सुनिश्चित हुने साहस गरेनौ। तैपनि, अब सबै कुराहरू प्रकट गरिएका छन्, अनि म धार्मिकताको सूर्यको रूपमा प्रकट भएको छु–त्यसैले यदि तिमीहरू अझै पनि शङ्कामा छौ भने, के भन्ने र? जब अन्धकारले पृथ्वीलाई ढाक्यो, तब तिमीहरूले ज्योति देख्न नसक्नु क्षमा दिन योग्य नै थियो, तर अहिले सूर्यले सबै अन्धकार कुनाहरूलाई प्रज्ज्वलित पारिसकेको हुनाले, लुकेको कुरा उपरान्त लुकेको छैन, र गुप्त कुरा उपरान्त गुप्त छैन–यदि तिमीहरू अझै शङ्कामा छौ भने, म तिमीहरूलाई सजिलैसित क्षमा गर्नेछैन! अहिलेको समय मेरो बारेमा पूर्ण रूपले सुनिश्चित हुने समय हो, आफैलाई मेरो निम्ति

अर्पण गर्न इच्छुक हुने र सुम्पने समय हो। ज-जसले मलाई अलिकति पनि विरोध गर्छ, तिनीहरूमाथि एकै छिन समेत सोचविचार नगरी वा एकै छिन पनि ढिलाइ नगरी तुरुन्तै न्यायको आगो झर्नेछ—किनकि अहिले निर्दयी न्यायको समय आएको छ, अनि जसको मन र हृदय ठीक छैन, तिनीहरूमाथि न्याय छिटो आइपर्नेछ। "मेरो काम चम्किलो बिजुली जस्तै हो" भन्नुको साँचो अर्थ यही हो।

यो छिटो अगि बढ्दैछ; यसले मानिसहरूलाई आश्चर्यमा नपारी रहन सक्दैन, यसले मानिसहरूलाई भयभीत नबनाई रहन सक्दैन, यसलाई अझ लामो समय ढिलाइ गर्न सकिँदैन, र यसलाई रोक्न सकिँदैन। जति बढी मेरो काम पूरा हुन्छ, यो त्यति नै छिटो अगि बढ्छ, जो-जो जागा र तयार छैनन्, तिनीहरू सधैँ फ्याँकिने खतरामा हुन्छन्। तिमीहरू उपरान्त परीक्षाको आवेगमा पर्न सक्दैनौ। मेरो काम पूर्ण रूपले सुरु भएको छ र अन्यजाति देशहरू र सारा संसारमा फैलिरहेको छ। न्यायको आगोहरू निष्ठुर छन् र यसले कसैप्रति कुनै दया वा प्रेम देखाउँदैन। परमेश्वरप्रति वफादार हुने, तापनि बेठीक विचारहरू र धारणाहरू पाल्ने वा अलिकति समेत विरोध गर्नेहरूलाई पनि न्याय गरिनेछ; यसमा कुनै शङ्का छैन। जसमाथि मेरो ज्योति पर्नेछ, तिनीहरू ज्योतिभित्र जिउनेछन् अनि तिनीहरूले ज्योतिमा काम गर्नेछन्, र तिनीहरूले अन्तिम बिन्दुसम्मै मेरो सेवा गर्नेछन्। जो ज्योतिभित्र जिउँदैनन्, तिनीहरू अन्धकारमा जिइरहेका हुन्छन्। तिनीहरूलाई न्याय गरिसकेपछि म तिनीहरूको आफ्नो पछुतो सम्बन्धी तिनीहरूका आफ्नै आचरणहरूको आधारमा निर्णय गर्नेछु।

मेरो दिन आएको छ। "मेरो दिन" जसको बारेमा मैले उल्लेख गरेँ, त्यो अहिले तिमीहरूको आँखा सामु छ, किनकि तिमीहरू मसँगै तल ओर्लेका छौ। म तँसँग छु, तँ मसँग छस्; हामी आकाशमा भेटेका छौँ, र हामी सँगै महिमा सहभागी हुनेछौं। मेरो दिन वास्तवमै पूर्ण रूपले आएको छ!

## अध्याय ५३

सुरुआत म नै हुँ, र अन्त्य म नै हुँ। म पुनरुत्थान भएको र पूर्ण एक मात्र साँचो परमेश्वर हुँ। म तिमीहरूको अगाडि मेरा वचनहरू बोल्छु, र म जे भन्छु त्यो तिमीहरूले दृढतापूर्वक विश्वास गर्नुपर्छ। स्वर्ग र पृथ्वी बितेर जानसक्छ, तर मैले भनेको कुराको एउटा अक्षर वा एउटा बिन्दुसमेत बितेर जानेछैन। यो याद राख! यो याद राख! मैले बोलेपछि एउटा शब्द समेत कहिल्यै फिर्ता लिइएको छैन, र प्रत्येक शब्द पूरा हुनेछ। अब समय आइपुगेको छ, र तिमीहरू तुरुन्तै वास्तविकतामा प्रवेश गर्नुपर्छ। ज्यादा समय छैन। म मेरा पुत्रहरूलाई महिमित राज्यमा डोऱ्याउनेछु, र तिमीहरूले चाहेको र तृष्णा गरेको कुरा पूरा हुनेछ। मेरा पुत्रहरू हो! छिटो उठ र मलाई पछ्याऊ! तिमीहरू अझै यसमा अलमल्ल परिरहने समय छैन। गुमेको समय कहिल्यै फर्केर आउनेछैन; अन्धकारपछि उज्यालो हुनेछ, र उठाई लगिने काम तिमीहरूकै आँखा अगाडि यहीँ छ। के तिमीहरूले बुझ्यौ? तिमीहरूका आँखा खोल! तुरुन्तै बिउँझ! एक-अर्कासँग कुराकानी गर्दा अहिले तिमीहरूलाई फोकटको गफमा भुल्न वा मण्डलीको निर्माणको लागि लाभदायक नरहेको कुनै पनि कुराकानी

भन्न अनुमति छैन। तैँले आफ्ना दाजुभाइ-दिदीबहिनीहरूलाई तैँले परमेश्‍वरको अघि कसरी प्रकाश पाइस् र आफैलाई कसरी चिनिस् त्यस सम्बन्धी आफ्ना व्यावहारिक अनुभवहरू वा त्यसका विवरणहरू प्रदान गर्नु नै महत्त्वपूर्ण कुरा हो। यी कुराहरू प्रदान गर्न सक्‍नेहरूसँग कद हुनेछ! आजभोलि, तिमीहरूमध्ये कति जना अझै भयभीत छैनौ, र मैले जे भने पनि वा मैले जति नै चिन्ता गरे पनि, तँ निडर रहन्छस्; तेरो पुरानो मनुष्यताले आफैलाई अलिकति पनि छुन दिँदैन। त्यसो भए त, त्यसरी नै अघि बढिराख्! को बरबाद हुनेरहेछ पर्ख र हेर्! तैँले सधैँ संसारप्रति लालचको विचार राखिरहेको हुन्छस्, सम्पत्तिको लोभ गरिरहेको हुन्छस्, र आफ्ना छोरा, छोरी र पतिका निम्ति अत्यन्तै ठूलो घनिष्ठताको अनुभूति गर्छस्। ठीकै छ, तैँले घनिष्ठताको अनुभूति गरिराख्! यो त यस्तो भएको छ मानौं मेरा वचनहरू तिमीहरूका निम्ति सम्बोधन गरिएको होइन, र तिमीहरू आफूलाई जस्तो मन लाग्छ त्यसरी नै अघि बढिरहन सक्छौ! भविष्यमा चाँडै नै, तिमीहरूले सबै कुरा बुझ्नेछौ, तर त्यो बेलासम्म अत्यन्तै ढीला भइसकेको हुनेछ। तिमीहरूलाई न्यायले मात्रै पर्खिरहेको हुन्छ।

## अध्याय ५४

म हरेक मण्डलीको अवस्थाको बारेमा पूर्ण रूपले परिचित छु। म त्यसको बारेमा बुझ्दिनँ वा स्पष्ट छैन भनी नसोच्। मण्डलीका विभिन्‍न मानिसहरूको बारेमा चाहिँ, मसित अझ स्पष्ट बुझाइ र ज्ञान छ। तँलाई तालीम दिनु नै अहिले मेरो अत्यावश्यक इच्छा हो, ताकि तँ धेरै छिटो प्रौढतामा बढ्न सक; ताकि मेरो निम्ति तँ प्रयोग हुन सकिने दिन चाँडै आएको होस्; ताकि तिमीहरूका कार्यहरू मेरो बुद्धिले भरिएको होस्, ताकि तिमीहरू जहाँसुकै भए पनि तिमीहरूले परमेश्‍वरलाई प्रकट गर्न सक। यसरी मेरो आखिरी उद्देश्य हासिल गरिनेछ। मेरा छोराहरू! तिमीहरूले मेरो इच्छाको निम्ति वास्ता देखाउनुपर्छ। मैले तिमीहरूलाई सिकाउँदा मलाई तिमीहरूको हात पक्रनुपर्ने नबनाऊ। तिमीहरूले मेरो इच्छालाई राम्रोसित बुझ्न र मामलाहरूको केन्द्रबिन्दुलाई हेर्न सिक्नुपर्छ। यसले तिमीहरूलाई तिमीहरूले सामना गर्ने हरेक मामलालाई सहजताका साथ एक चुट्कीको भरमा सम्हाल्न सक्षम बनाउनेछ। तिमीहरूको तालीममा, तिमीहरूले यसलाई पहिलोपल्ट बुझ्न नसकौला–तर दोस्रो चोटि र तेस्रो चोटिपछि अनि त्यस्तै अवस्थापछि, तिमीहरूले अन्ततः मेरो इच्छालाई बुझ्न सक्नेछौ।

तिमीहरूका वचनहरूको सधैँ अभेद्य गुण हुन्छ। तिमीहरू यसलाई बुद्धि हो भनी भन्छौ, होइन र? कहिलेकाहीँ, तिमीहरूका वचनहरू अवज्ञाकारी हुन्छन्; कहिलेकाहीँ, तिमीहरू ठट्टाको मुद्रामा बोल्छौ; अनि कहिलेकाहीँ, तिमीहरू मानव धारणाहरू र डाहाको तत्वसहित बोल्छौ...। समग्रमा, तिमीहरू दृढताविना बोल्छौ, यस क्रममा अरूलाई जीवन पूर्ति कसरी गर्ने वा तिनीहरूको अवस्थाहरू कसरी बुझ्ने भनी जान्दैनौ, तर लापरवाहीपूर्वक बातचित गर्छौ। तिमीहरूको सोच अस्पष्ट छ र तिमीहरूलाई बुद्धि के हो र छल के हो भन्ने बारेमा कुनै ज्ञान छैन। तिमीहरू कति भ्रमित छौ! तिमीहरूले छल र कुटिलतालाई बुद्धि भनी ठान्छौ; के यसले मेरो नामलाई बदनाम

गर्दैन र? के यो मेरो विरुद्धमा गरिने ईश्वरनिन्दा होइन र? के यसले मेरो विरुद्धमा झूटा अभियोग ल्याउँदैन र? त्यसैले, तिमीहरूले खोजी गर्ने लक्ष्य के हो? के त्यसको बारेमा तिमीहरूले होशियारपूर्वक सोचेका छौ? के तिमीहरूले यसको बारेमा कुनै खोजी गरेका छौ? म तँलाई बताउँछु, तिमीहरूले खोजी गर्ने मार्गदर्शन र उद्देश्य नै मेरो इच्छा हो। यदि यस्तो नभएको भए, सबै कुरा व्यर्थ हुनेथियो। मेरो इच्छालाई नजान्नेहरू त्यस्ता हुन् जसले कसरी खोजी गर्ने भनी जान्दैनन्, जसलाई परित्याग गरिनेछ, उखालिनेछ! स्पष्ट रूपले, मेरो इच्छालाई बुझ्नु नै तिमीहरूले सिक्नुपर्ने पहिलो पाठ हो। यो कार्यहरूमध्ये सबैभन्दा अत्यावश्यक कार्य हो, र यसमा कुनै ढिलाइ हुनु हुँदैन! मैले तिमीहरूलाई एक-एक गरेर काममा बोलाइन्जेल तिमीहरू मेरो निम्ति नपर्ख! तिमीहरू सारा दिन मन्द-बुद्धिपूर्ण अचेत अवस्थामा बिताउँछौ। कति मूर्खतापूर्ण! तिमीहरूको अन्योलता अचम्मको छ; आफैलाई सोध: काम गर्दा तिमीहरूले कति पटक मेरो इच्छालाई बुझेका छौ? अहिले तिमीहरूले आफैलाई तालीम दिने समय हो! एउटा सम्भावना भनेको तिमीहरूलाई मैले एक-एक गरेर निराकरण गर्नु हो! काम गर्दा तिमीहरूले अनुभव प्राप्त गर्न र अन्तर्दृष्टि तथा बुद्धि हासिल गर्न सिक्नुपर्छ। तिमीहरूका मुखबाट निस्केका वचनहरू असल र राम्रा छन्, तर तिमीहरूको वास्तविकता के हो? जब तिमीहरूले वास्तविकताको सामना गर्छौ, तब तिमीहरूले यसको बारेमा केही गर्न सक्दैनौ। तिमीहरूले जे भन्छौ त्यो वास्तविकतासित कहिल्यै मेल खाँदैन। साँच्चै, म तिमीहरूले जे गर्दैछौ त्यो हेर्न सक्दिन; जब म हेर्छु, म भयानक रूपमा दुःखी हुन्छु। यसलाई याद गर! भविष्यमा, मेरो इच्छालाई राम्ररी बुझ्न सिक!

## अध्याय ५५

कथित सामान्य मानवता मानिसहरूले सोचे झैँ अलौकिक छैन। बरु, यसले सबै मानव, घटना, अनि वस्तुहरूका बन्धनहरू, र हाम्रो वातावरणबाट उत्पन्न हुने सतावटहरूलाई उछिन्न सक्छ। यो कुनै पनि स्थान वा परिस्थितिमा मेरो नजिक हुनसक्छ र मसित सङ्गति गर्नसक्छ। तिमी मानवहरू जहिले पनि मेरा अभिप्रायहरूलाई गलत व्याख्या गर्छौ। जब म तिमीहरूले सामान्य मानवताको जीवन जिउनुपर्छ भनी भन्छु, तब तिमीहरूले आत्मसंयमताको अभ्यास गर्छौ र आफ्नो शरीरलाई वशमा ल्याउँछौ, तर तिमीहरूले आफ्नै आत्माभित्र होशियारीपूर्वक खोजी गर्ने कार्यमा कुनै ध्यान दिँदैनौ। मैले तँभित्र पैदा गर्ने प्रकाशहरू र उत्प्रेरणाहरूलाई बेवास्ता गर्दै, तँ आफ्नै बाहिरी स्वरूपमा ध्यान केन्द्रित गर्छस्। तँ कति लापरवाह छस्! अति लापरवाह! मैले तँलाई सुम्पेको कुरा पूरा गर्ने कार्यलाई तैँले ठूलो उपलब्धि ठान्छस् कि? तँ मूर्ख होस्! तैँले गहिरो जरा हाल्ने कार्यलाई ध्यान दिइरहेको छैनस्! "रूखमा भएको पात नहोऊ, तर रूखको जरा होऊ"—के तेरो नारा त्यही हो? विचारहीन! लापरवाह! तैँले सानातिना लाभहरू पाएको छस् भनी सोच्नेबित्तिकै तँ सन्तुष्ट हुन्छस्। तैँले मेरो इच्छाको बारेमा कति थोरै वास्ता गर्छस्! अबदेखि, ध्यान दे, निष्क्रिय नबन्, अनि नकारात्मक नबन्! तैँले सेवा गर्दा, धेरै पटक मेरो नजिक आइज, अनि मसित अझै बढी कुराकानी गर्: यो मात्रै तेरो समस्याको समाधान हो। तैँले आफैलाई पहिले नै इन्कार गरिसकेको

छस्, तेरा आफ्नै कमी कमजोरीहरूको बारेमा तँलाई थाहा छ, र तेरा आफ्नै दुर्बलताहरूको बारेमा तँलाई थाहा छ भन्ने मलाई थाहा छ। तथापि, जान्नु मात्रै पर्याप्त छैन। तैँले मसित सहकार्य गर्न आवश्यक छ, अनि तैँले मेरा अभिप्रायहरू बुझिसकेपछि, त्यसलाई तुरुन्तै कार्यान्वयन गरिहाल्नुपर्छ। मेरो बोझको निम्ति तेरो चासो देखाउने सबैभन्दा राम्रो तरिका, अनि समर्पित हुने सर्वोत्तम तरिका यही हो।

तैँले मलाई जसरी व्यवहार गरे पनि, म तँभित्र अनि सबै सन्तहरूभित्र मेरो इच्छा पूरा गर्न चाहन्छु, अनि सम्पूर्ण देशभरि नै यसलाई निर्विघ्न अघि बढाइएको चाहन्छु। यसको बारेमा पूर्ण रूपमा सचेत बन्! यसले मेरो प्रशासनिक आदेशहरूसित सम्बन्ध राख्छ! के तँ अलिकति पनि डराउँदैनस्? तेरा आफ्नै कार्य तथा व्यवहारहरूप्रति के तँ डरले कामिरहेको छैनस्? सबै सन्तहरूको माझमा, मेरा अभिप्रायहरूलाई बुझ्ने बिरलै छन्। के तँ त्यस्तो व्यक्तिको रूपमा अलग देखिन चाहँदैनस् जो साँच्चिकै मेरो इच्छाप्रति सचेत छ? के तँ सचेत छस्? मेरो हालको अत्यावश्यक अभिप्राय भनेको मेरो इच्छाको बारेमा पूर्ण रूपले सचेत हुन सक्ने मानिसहरूको समूहको खोजी गर्नु हो। के तँ तिनीहरूमध्ये एक हुन चाहँदैनस्? के तँ मेरो खातिर आफैलाई समर्पित गर्न र मेरो निम्ति आफैलाई अर्पण गर्न चाहँदैनस्? तँ सबैभन्दा सानो मूल्य चुकाउन वा सबैभन्दा सानो प्रयास पनि लगाउन चाहँदैनस्! यदि मामला निरन्तर यही भइरह्यो भने, तिमीहरूमाथिको मेरो मेहनती प्रयास सबै खेर जानेछन्। अब मैले तँलाई यो कुरा औँल्याइदिइसकेको हुनाले, के तँ यो मामलाको गम्भीरतालाई अझै बुझ्दैनस्?

"मेरो लागि इमानदारपूर्वक खर्चिनेहरूलाई म अवश्य नै धेरै आशिष् दिनेछु।" तैँले देखिस्! मैले तँलाई यो कुरा धेरै पल्ट भनिसकेको छु, तापनि तँसित अझै तेरो पारिवारिक परिस्थितिहरू र बाहिरी परिस्थितिसँग सम्बन्धित थुप्रै आशङ्का र डरहरू छन्। तेरो निम्ति के असल छ भनी तँलाई साँच्चिकै थाहा छैन! म इमान्दार, सरल र खुला मानिसहरूलाई मात्र प्रयोग गर्छु। मैले तँलाई प्रयोग गर्दा तँ खुशी र इच्छुक रहेको छस्–तर किन तँ अझै यति चिन्तित छस्? मेरा वचनहरूले तँमाथि बिलकुल प्रभाव नपारेको हुन सक्ला त? मैले तँलाई प्रयोग गरिरहेको छु भनेर मैले भनेको छु, तापनि तँ अझै त्यसमा दृढतापूर्वक निर्धक्क छैनस्। तैँले सधैँ शङ्का गरिरहेको छस्, अनि मैले तँलाई त्याग्नेछु भनेर तँ डराउँछस्। तेरा धारणाहरूले तँलाई गाँजेका छन्! जब म तँलाई प्रयोग गरिरहेको छु भनी भन्छु, यसको अर्थ, मैले तँलाई प्रयोग गरिरहेको छु भन्ने हुन्छ। तँ किन सधैँ शङ्कालु हुन्छस्? के मैले पर्याप्त रूपले स्पष्टसित बोलेको छैन र? मैले भनेको हरेक शब्द साँचो हुन्छ; एउटै वाणी समेत झूटो छैन। मेरो छोरा! मलाई भरोसा गर्। मेरो खातिर समर्पित बन्, अनि म पनि निश्चय नै तँप्रति समर्पित हुनेछु!

# अध्याय ५६

मैले दुष्कर्म गर्नेहरू र शक्ति प्रयोग गरेर परमेश्वरका छोराहरूलाई सताउनेहरूलाई दण्ड दिने काम सुरु गरेको छु। अबउप्रान्त, मेरा प्रशासनिक आदेशहरूको हात सधैं तिनीहरूमाथि हुनेछ जसका हृदयहरू मेरो विरोधमा छन्। यो कुरा जान्। यो मेरो न्यायको सुरुआत हो, र कसैलाई पनि दया देखाइनेछैन, न त कसैलाई नै सजायबाट बचाइनेछ, किनकि म भावनामा नडुब्ने निष्पक्ष परमेश्वर हुँ जसले धार्मिकताको अभ्यास गर्छ, र तिमीहरू सबैले यो कुरा बुझेको राम्रो हुनेछ।

यो होइन कि म खराब काम गर्नेलाई दण्ड दिने इच्छा राख्छु; बरु, यो त तिनीहरूका आफ्नै खराब कामहरूले तिनीहरूमाथि उचित दण्ड ल्याएको कुरा हो। म कसैलाई पनि दण्ड दिन हतार गर्दिनँ, न त म कसैलाई अन्यायपूर्वक व्यवहार गर्छु—म सबैका लागि धार्मिक छु। म निश्चय नै मेरा छोराहरूलाई प्रेम गर्छु, र मलाई चुनौती दिने दुष्ट मानिसहरूलाई निश्चय नै घृणा गर्छु; मेरा कामहरूपछाडिको सिद्धान्त यही हो। तिमीहरू प्रत्येकसित मेरो प्रशासनिक आदेशहरूको बारेमा केही जानकारी हुनुपर्दछ; यदि यो नभए तिमीहरूमा रत्तीभर पनि डर हुनेछैन, र मेरो सामु लापरवाहीसाथ काम गर्नेछौ। म के हासिल गर्न चाहन्छु, म के सम्पन्न गर्न चाहन्छु, के प्राप्त गर्न चाहन्छु वा मेरो राज्यलाई कस्तो किसिमको व्यक्ति चाहिन्छ सो पनि तिमीहरूले जान्नेछैनौ।

मेरो प्रशासनिक आदेशहरू यी हुन्:

१. तँ जो-सुकै भए पनि, यदि तेरो हृदयमा मप्रति विरोधाभास छ भने, तेरो न्याय गरिनेछ।

२. जसलाई मैले चुनेको छु, तिनीहरूले कुनै पनि गलत विचार गर्नसाथ तिनीहरूलाई तुरुन्तै अनुशासनमा राखिनेछ।

३. मलाई विश्वास नगर्नेहरूलाई म पन्छ्याउनेछु। म तिनीहरूलाई आखिरी समयसम्म लापरबाहीसँग बोल्न र काम गर्न दिनेछु, त्यसपछि म तिनीहरूलाई पूर्ण रूपले दण्ड दिनेछु र छुट्याउनेछु।

४. ममा विश्वास गर्नेहरूलाई म हरसमय हेरचाह र सुरक्षा गर्नेछु। हरसमय म तिनीहरूलाई मुक्तिको मार्गद्वारा जीवन प्रदान गर्नेछु। यी मानिसहरूसित मेरो प्रेम हुनेछ, र तिनीहरू निश्चय पतन हुनेछैनन् वा तिनीहरूले आफ्ना बाटो गुमाउनेछैनन्। तिनीहरूसँग भएको कुनै कमजोरी अस्थायी मात्र हुनेछ, र म तिनीहरूका कमजोरीहरूलाई निश्चय सम्झनेछैनँ।

५. तिनीहरू, जसले ममा विश्वास गरेकोजस्तो देखिन्छ, तर वास्तवमा त्यसो गर्दैनन्—जसले परमेश्वर हुनुहुन्छ भनी विश्वास गर्छन् तर ख्रीष्टलाई खोज्दैनन्, तापनि जसले पनि विरोध गर्दैनन्—यिनीहरू अति दयनीय किसिमका मानिसहरू हुन्, र मेरा कामहरूद्वारा म तिनीहरूलाई स्पष्ट देख्ने बनाउनेछु। मेरा कामहरूद्वारा, म त्यस्ता मानिसहरूलाई मुक्ति दिनेछु र तिनीहरूलाई फर्काएर ल्याउनेछु।

६. जेठा छोराहरू, मेरो नाउँ स्वीकार गर्ने पहिलो व्यक्तिहरू, आशिषित हुनेछन्! म निश्चय तिमीहरूलाई सर्वोत्तम आशिषहरू दिनेछु, तिमीहरूका हृदयको सन्तुष्टिका निम्ति ती उपभोग गर्न

दिनेछु; कसैले पनि यसमा बाधा दिने आँट गर्नेछैन। यो सबै तिमीहरूका लागि पूर्ण रूपमा तयार छ, किनकि यो मेरो प्रशासनिक आदेश हो।

तिमीहरूले हरेक हिसाबमा मेरा हातका सबै काम र मेरो हृदयका सबै विचारहरूलाई देख्न सक्नुपर्छ। के यो सबै तिमीहरूकै लागि होइन र? तिमीहरूमध्ये को मेरो निम्ति छ? के तिमीहरूले आफ्नो हृदयका विचारहरू वा आफ्ना ओठका शब्दहरूलाई जाँचेका छौ? के तिमीहरूले यी कुराहरूको बारेमा विवेकशील शैली अपनाएका छौ? बेवकुफहरू! अपभ्रष्टहरू! तिमीहरू पवित्र आत्माको बन्धनहरूलाई स्वीकार गर्दैनौ! मैले तँभित्र बारम्बार मेरो आवाज निकालिरहेको छु, तैपनि यसले बिल्कुलै कुनै प्रतिक्रिया पैदा गरेको छैन। उप्रान्त सुस्त नबन्! तेरो कर्तव्य भनेको मेरो इच्छालाई बुझ्नु हो; यसको साथै, यो तँ प्रवेश गर्नुपर्ने मार्ग हो। तँ अलमल्ल परेको छस्, तँसँग कुनै अन्तर्ज्ञान छैन, र तँमा मैले के पूरा गर्न चाहन्छु वा तँबाट के प्राप्त गर्न चाहन्छु सो कुरा तैँले स्पष्टसाथ देख्दैनस्! मेरो इच्छालाई बुझ्नको लागि, तैँले मेरो नजिक आएर अनि मसँग अझै बढी कुराकानी गरेर सुरु गर्नुपर्छ। तँ सधैँ तैँले मेरो इच्छालाई बुझ्न सक्दैनस् भनेर भन्छस्। यदि तँ पहिले नै आफ्नो कुराहरूले भरिएको छस् भने, मैले कसरी तँमा काम गर्न सक्छु? तँ अग्रसरता जनाएर मकहाँ आउँदैनस्, तर निष्क्रिय रूपमा पर्खिन्छस् मात्र। म त भन्छु तँ गँड्यौला जस्तै होस्, तैपनि तँलाई अन्याय गरियो भन्ने लाग्छ र यस कुरालाई स्वीकार गर्न मान्दैनस्। यस पटक तैँले खडा भएर मसँग सहकार्य गर्नुपर्छ! निष्क्रिय नबन्! त्यसले तेरो जीवनलाई पछि पार्नेछ। सक्रिय बनिस् भने यसले तँलाई फाइदा गर्नेछ, अरूलाई होइन। के तैँले अझै पनि यस कुरालाई पहिचान गरेको र बुझेको छैनस्? मेरो इच्छा निरन्तर तँमा प्रकट हुन्छ। के तैँले यसलाई अवगत गरेको छैनस्? तैँले किन यसमा कहिल्यै ध्यान दिएको छैनस्? किन तैँले कहिल्यै पनि मेरो इच्छालाई बुझ्न सकेको छैनस्? के मेरो इच्छा बुझेर यसले साँच्चै तँलाई कुनै फाइदा गर्न सक्दैन?

तैँले सर्वथा मेरो इच्छाप्रति चासो देखा भन्ने म चाहन्छु ताकि तँद्वारा मसँग अघि बढ्ने बाटो र विश्राम गर्ने घर हुनेछ। मलाई उप्रान्त बाधा नदे—त्यो त अत्यन्तै निर्दयी कार्य हो! तँसँग मेरा वचनहरूको कुनै बुझाइ छैन, र तैँले तीप्रति कुनै प्रतिक्रिया दिँदैनस्। अहिले कुन समय हो हेर; योभन्दा बढी प्रतीक्षा हुन सक्दैन! यदि तैँले मेरा पाइलाहरूलाई नजिकबाट पछ्याउँदैनस् भने, ढीला भइसकेको हुनेछ, यसलाई तैँले छुटकारा गर्न सक्नेछस् भन्ने कुरा त परै जाओस्!

## अध्याय ५७

के तैँले आफ्ना हरेक विचार र धारणाहरू, अनि तेरा हरेक कार्यलाई जाँचेको छस्? के तँसित यीमध्ये कुन मेरो इच्छा अनुरूप छन् र कुन चाहिँ छैनन् भन्ने स्पष्ट ज्ञान छ? यसलाई छुट्याउन तँ पूर्ण रूपले असमर्थ छस्! तँ किन मेरो सामु आएको छैनस्? के यो मैले तँलाई बताउनेछैन भन्ने कारणले हो कि, अरू कुनै कारणले हो? तैँले यस कुरालाई जान्नुपर्छ! लापरवाहहरूले मेरो इच्छालाई अवश्य नै बुझ्न सक्दैनन् वा कुनै ठूलो ज्योति वा प्रकाश पाउन सक्दैनन्।

मण्डलीले किन कुनै पोषण प्राप्त गर्न सक्दैन अनि किन यसमा सच्चा सङ्गतिको कमी छ

के तैँले त्यसका कारणहरू पत्ता लगाएको छस्? के यो पैदा गर्ने कारकतत्वहरूमध्ये तँसित कति वटा सम्बन्ध छस् भन्ने तँलाई थाहा छ? मैले तँलाई जीवन प्रदान गर्न अनि मेरो आवाजलाई जारी गर्न निर्देशन दिएको छु। के तैँले यी कुराहरू गरेको छस्? के तैँले तेरा दाजुभाइ तथा दिदीबहिनीहरूको जीवनको प्रगतिमा ढिलाइ गरेको निम्ति जिम्मेवारी लिन सक्छस्? जब तैँले समस्याहरूको सामना गर्छस्, तँ शान्त र संयमित हुनुको साटोमा व्याकुल हुन्छस्। तँ साँच्चिकै अज्ञानी छस्! मेरो आवाज सबै सन्तहरूसम्म जारी हुनुपर्छ। पवित्र आत्माको कामलाई नदबा, र काम थाती राखेर मलाई ढिलो नगर्; त्यस्ता कुनै पनि कुराले कसैलाई फाइदा गर्दैन। तैँले शरीर र मनमा पूर्ण रूपले आफैलाई ममा अर्पण गरेको म चाहन्छु, ताकि तेरो हरेक सोचाइ र विचार मेरै निम्ति होस्, ताकि तँ मेरा विचारहरू र फिक्रीहरूमा सहभागी हुन सक्, ताकि तैँले गर्ने सबै कुरा आजको राज्य र मेरो व्यवस्थापनको निम्ति होस्, तेरो निम्ति होइन। त्यसले मात्रै मेरो हृदयलाई सन्तुष्ट बनाउनेछ।

मैले गरेको कुनै पनि कुरा प्रमाण विहीन छैन। तैँले किन मेरो अनुकरण गरेको छैनस्? तैँले आफूले गर्ने कुरामा किन प्रमाण खोजेको छैनस्? तैँले मलाई अरू के कुरा भन्न लगाउँछस्? तँलाई सिकाउन मैले तेरो हात समातेर ल्याएँ, तापनि तैँले सिक्न सकेको छैनस्। तँ कति मूर्ख छस्! के तँ सबै कुरा फेरि सुरु गर्न चाहन्छस्? निरुत्साहित नबन्। तँ एकपल्ट फेरि सम्हालिनुपर्छ, अनि आफैलाई सन्तहरूको साझा आशाहरू र चाहनाहरूको खातिर पूर्ण रूपले अर्पण गर्नुपर्छ। यी वचनहरू सम्झी: "मेरो लागि इमानदारपूर्वक खर्चिनेहरूलाई म अवश्य नै धेरै आशिष् दिनेछु।"

तैँले जेसुकै गर्छस्, त्यो व्यवस्थित प्रकारले गर्नुपर्छ, जथाभाबी प्रकारले होइन। के तैँले सन्तहरूको अवस्थालाई राम्ररी जानेको छस् भनेर साँच्चिकै दाबी गर्ने साहस गर्न सक्छस्? त्यसले तँसित बुद्धिको कमी छ, तैँले यस मामलालाई बिलकुल गम्भीरतापूर्वक लिएको छैनस्, अनि तैँले त्यसमा कुनै समय खर्च गरेको छैनस् भन्ने देखाउँछ। यदि तैँले यसमा साँच्चै तेरो सारा समय खर्च गर्न सकेको भए, तैँले तेरो भित्री अवस्था कस्तो हुनेथियो भनेर देख्न सक्थिस्। तैँले आत्मपरक प्रयासहरू लगाउन खोज्दैनस्; मेरो इच्छालाई रत्तीभर समेत वास्ता नगरी तँ वस्तुपरक कारणहरू मात्र खोज्छस्। त्यसले मलाई गहिरो प्रकारले चोट पुर्‍याएको छ! यस्तो कार्यलाई जारी नराख्! कतै मैले तँलाई दिएका आशिषहरूलाई तैँले स्वीकार नगरेको हो कि?

हे परमेश्वर! तपाईंको छोरा तपाईंको ऋणमा छ। मैले तपाईंको कामलाई गम्भीरतापूर्वक लिएको छैन वा तपाईंको इच्छाको निम्ति वास्ता देखाएको छैन, न त म तपाईंका अर्तीहरूप्रति विश्वासयोग्य नै भएको छु। तपाईंको छोराले यो सबै कुरालाई पूरै परिवर्तन गर्न चाहन्छ। मलाई नत्याग्नुभएको होस् अनि मद्वारा तपाईंको कामलाई पूरा गर्न जारी राख्नुभएको होस्। हे परमेश्वर! तपाईंको छोरालाई एक्लै नछोड्नुहोला! बरु, हरेक क्षण मेरो साथमा रहनुहोस्। हे परमेश्वर! तपाईंले मलाई प्रेम गर्नुहुन्छ भनी तपाईंको छोराले जान्दछ, तापनि मैले तपाईंको इच्छालाई राम्ररी बुझ्न सक्दिनँ; तपाईंको बोझको निम्ति कसरी वास्ता देखाउने वा तपाईंले मलाई सुम्पिनुभएको कुरालाई कसरी पूरा गर्ने भन्ने म जान्दिनँ। मण्डलीलाई कसरी रखवाली गर्ने भनेर त म झन् जान्दिनँ। यसको बारेमा म खिन्न र चिन्तित छु भनी तपाईं सचेत हुनुहुन्छ। हे परमेश्वर! मलाई हर समय मार्गदर्शन

दिनुहोस्। मसित कति धेरै कुराको कमी छ भनेर अहिले मात्रै मलाई थाहा भयो–मसित अति धेरै कुराको कमी छ! कति धेरै कुराको कमी छ भनेर म बयानै गर्न सक्दिनँ। तपाईंको सर्वशक्तिशाली हातले तपाईंको छोरालाई अनुग्रह देखाएको होस्, मलाई हरसमय सहायता गरेको होस्, अनि उपरान्त आफै छनौटहरू नगरी अनि आफ्नै विचार र धारणाहरू नराखी म तपाईंको सामु पूर्ण रूपले लम्पसार पर्न मलाई सक्षम तुल्याउनुहोस्। हे परमेश्‍वर! तपाईंको छोराले सबै कुरा पूर्ण रूपले तपाईंको खातिर अनि आजको राज्यको खातिर गर्न चाहन्छ। मैले यस क्षणमा के सोचिरहेको छु र के गरिरहेको छु भनी तपाईं जान्नुहुन्छ। हे परमेश्‍वर! तपाईं आफैले मलाई जाँचपडताल गर्नुहोस्। तपाईं केवल मसित हिँड्नुहोस् र जीवनमा हर समय मसित रहनुहोस् भनी म बिन्ती गर्दछु ताकि म जे गर्छु, त्यसमा तपाईंको शक्ति साथै रहेको होस्।

## अध्याय ५८

मेरो अभिप्रायलाई राम्ररी बुझिसकेपछि, तँ मेरो बोझलाई वास्ता गर्न सक्षम हुनेछस्, अनि तैँले ज्योति र प्रकाश प्राप्त गर्नेछस् अनि छुटकारा र स्वतन्त्रता पाउनेछस्। यसले मलाई सन्तुष्ट तुल्याउनेछ र तेरो निम्ति मेरो इच्छालाई पूरा हुने तुल्याउनेछ, सबै सन्तहरूलाई सुधार गर्नेछ, अनि पृथ्वीको मेरो राज्यलाई दृढ र स्थिर बनाउनेछ। अहिलेको लागि सबैभन्दा महत्त्वपूर्ण कुरा भनेको मेरो अभिप्रायलाई बुझ्नु नै हो; तिमीहरू प्रवेश गर्नुपर्ने मार्ग यही नै हो, यसको साथै, यो हरेक व्यक्तिले पूरा गर्नुपर्ने कर्तव्य हो।

मेरो वचन असल औषधी हो जसले सबै प्रकारका बिमारीहरू निको पार्दछ। तँ मेरो सामु आउन इच्छुक हुन्छस् भने, म तँलाई निको पार्नेछु अनि मेरो सर्वशक्ति, मेरा उदेकका कामहरू, मेरो धार्मिकता अनि मेरो प्रताप देखाउनेछु। यसको साथै, म तँलाई तेरो आफ्नै भ्रष्टता र कमजोरीहरूको एक झलक देखाउनेछु। म तँभित्रको हरेक अवस्था पूर्ण रूपले बुझ्दछु; तैँले सधैँ आफ्नो हृदयभित्र नै कामकुरा गर्दछस्, अनि त्यसलाई बाहिर देखाउँदैनस्। तैँले गर्ने हरेक कुराको बारेमा म झन् बढी स्पष्ट छु। तथापि, मैले कुन-कुन कुरालाई प्रशंसा गर्छु अनि कुन-कुन कुरालाई प्रशंसा गर्दिनँ भनेर तैँले जान्नुपर्छ; तैँले यी कुराहरूबीच स्पष्ट प्रकारले छुट्ट्याउनुपर्छ, अनि यसप्रति साधारण आचरण राख्नु हुँदैन।

“हामीले परमेश्‍वरको बोझलाई वास्ता देखाउनुपर्छ” भनेर भन्दा तैँले केवल ओठे सेवा दिइरहेको हुन्छस्। तथापि, जब तैँले तथ्यहरूको सामना गर्छस्, तब तैँले परमेश्‍वरको बोझ के हो भनी राम्ररी जाने तापनि तैँले यसलाई कुनै वास्ता गर्दैनस्। तँ साँच्चिकै भ्रमित र मूर्ख छस्, यसको साथै, तँ चरम रूपमा अज्ञानी छस्। यसले मानिसहरूसित व्यवहार गर्नु कति कठिन छ भन्ने कुरालाई स्पष्ट पार्दछ; तिनीहरूले गर्ने कुरा भनेको राम्रो सुनिने वचनहरू बोल्नु मात्रै हो, जस्तै “म परमेश्‍वरको अभिप्रायलाई राम्ररी बुझ्नै सक्दिनँ, तर यदि मैले यसलाई राम्ररी बुझ्न सफल भएँ भने, म यसलाई पालन गर्न अवश्य काम गर्नेछु।” के तिमीहरूको वास्तविक अवस्था यही होइन र? तिमीहरू सबैले परमेश्‍वरको अभिप्रायलाई जाने पनि, अनि तिमीहरूको बिमारको कारण के हो

भनी तिमीहरूले जाने पनि, मुख्य कुरा भनेको, तिमीहरू यसलाई अभ्यास गर्न बिलकुल इच्छुक छैनौ; यो नै तिमीहरूको सबैभन्दा ठूलो कठिनाइ हो। यदि तिमीहरूले यसलाई तुरुन्तै समाधान गरेनौ भने, यो तिमीहरूको निम्ति सबैभन्दा ठूलो अवरोध हुनेछ।

## अध्याय ५९

तैँले सामना गर्ने वातावरणहरूमा मेरो इच्छालाई अझै बढी खोजी गर्, अनि तैँले निश्चय नै मेरो अनुमोदन प्राप्त गर्नेछस्। तँ खोजी गर्न र मेरो निम्ति आदर कायम गर्न इच्छुक भएसम्म, म तँलाई तँमा कमी भएका सबै कुरा दिनेछु। अहिले मण्डली औपचारिक तालीममा प्रवेश गरिरहेको छ, र हरेक कुरा ठीक मार्गमा छ। कामकुरा आउने कुराहरूको पूर्वस्वाद हुँदा पहिले जस्तो थियो उप्रान्त त्यस्तो छैन; तिमीहरू उपरान्त अन्योल हुनु हुँदैन वा तिमीहरूसित भेदशक्तिको कमी हुनु हुँदैन। किन म तिमीहरू सबै कुरामा वास्तविकताभित्र प्रवेश गरेको चाहन्छु? के तैँले यसलाई सच्चा रूपमा अनुभव गरेको छस्? मैले तिमीहरूबाट जे अपेक्षा राख्छु, त्यसमा जसरी म तिमीहरूलाई सन्तुष्ट पार्छु, के तिमीहरू मलाई त्यसरी सन्तुष्ट पार्न सक्छौ? छली नहोऊ! म तिमीहरूलाई बारम्बार सहिरहन्छु, तापनि तिमीहरू असल र खराबको बीचमा भिन्नता बताउन अनि आफ्नो सराहना देखाउन बारम्बार चुक्छौ।

मेरो धार्मिकता, मेरो प्रताप, मेरो न्याय र मेरो प्रेम–मसित भएका यी सबै कुराहरू, म जे हुँ ती कुराहरू–के तैँले साँच्चिकै त्यसलाई चाखेको छस्? तँ साँच्चिकै अत्यन्तै विचारहीन छस्, अनि तैँले मेरो इच्छालाई महसुस नगर्ने हठपूर्ण अडान लिन्छस्। मैले तयार गर्ने भोजहरूको स्वाद तिमीहरू आफैले चाख्नुपर्छ भनेर मैले बारम्बार भनेको छु, तापनि तिमीहरू त्यसलाई बारम्बार उल्टाइदिन्छौ, अनि असल र खराब वातावरण के हो भनी बताउन सक्दैनौ। यी वातावरणहरूमध्ये कुन चाहिँ तिमीहरू आफैले निर्माण गरेका थियौ? मेरो हातहरूद्वारा कुन-कुन व्यवस्थित गरियो? आफैलाई प्रतिरक्षा गर्न छोडिदेऊ! म सबै कुरा पूर्ण रूपले स्पष्ट देख्छु, अनि तथ्य यो हो कि तैँले खोजी गर्दै गर्दैनस्। म अरू के भन्न सक्छु र?

मेरो इच्छालाई बुझ्ने सबैलाई म सधैँ सान्त्वना दिन्छु, अनि म तिनीहरूलाई कष्ट भोग्न वा हानिमा पर्न दिनेछैनँ। मेरो इच्छाअनुसार कामको पहल गर्नु नै अहिलेको लागि निकै महत्त्वपूर्ण कुरा हो। यसो गर्नेहरूले निश्चय नै मेरा आशिषहरू प्राप्त गर्नेछन् अनि तिनीहरू मेरो सुरक्षामुनि आउनेछन्। कसले साँचो रूपले अनि पूर्ण रूपले मेरो निम्ति आफैलाई समर्पित गर्न अनि मेरो खातिर तिनीहरूको सबै कुरा अर्पण गर्न सक्छन्? तिमीहरू सबै आधा हृदयका छौ; तिमीहरूका विचारहरू घर, बाहिरी संसार, खाना र वस्त्रको बारेमा सोचेर नै घुमिरहन्छन्। तँ यहाँ मेरो सामु मेरो निम्ति कामकुरा गर्दैछस् भन्ने तथ्यको बाबजुद पनि, मनको गहिराइमा तैँले अझै घरकी श्रीमती, बच्चाहरू अनि बाबुआमाको बारेमा सोचिरहेको छस्। के यी सबै कुराहरू तेरो सम्पत्ति हुन् र? किन तँ तिनीहरूलाई मेरो हातमा सुम्पिदैनस्? के तँसित ममाथि पर्याप्त विश्वास छैन? कि तँ मैले तेरो निम्ति अनुचित व्यवस्था गरिदिनेछु भनी डराउँछस्? किन तँ तेरो देहको परिवारको

बारेमा सधैँ चिन्ता गर्छस्? तँ किन तेरा प्रियजनहरूको लागि लालायित हुन्छस्! के तेरो हृदयमा मेरो निम्ति निश्चित ठाउँ छ? तँ अझै आफूभित्र मलाई प्रभुत्व गर्न दिने र तेरो सम्पूर्ण व्यक्तित्व ओगट्न दिने बारेमा कुरा गर्छस्–यी छलपूर्ण झूटहरू हुन्! तिमीहरूमध्ये कति जना मण्डलीप्रति सम्पूर्ण हृदयले समर्पित छौ? अनि तिमीहरूमध्ये कसले आफ्नो बारेमा सोच्दैनौ, तर आजको राज्यको खातिर काम गरिरहेका छौ? यसको बारेमा होसियारी पूर्वक सोच।

तिमीहरूले मलाई यतिसम्म घचेटेका छौ कि मैले तिमीहरूलाई हिर्काउन र अगाडि लैजान मेरा हातहरू मात्र प्रयोग गर्न सक्छु; म उपरान्त तिमीहरूलाई फकाइरहन सक्नेछैन। किनकि म बुद्धिमान् परमेश्वर हुँ, अनि तिमीहरू मप्रति कति वफादार छौ त्यसअनुसार म भिन्न-भिन्न मानिसहरूलाई भिन्न-भिन्न तरिकाले व्यवहार गर्छु। म सर्वशक्तिमान् परमेश्वर हुँ–मेरो अगाडिका पाइलाहरूलाई रोक्ने आँट कसले गर्छ? अबदेखि, ती जसले मलाई अवफादारितासहित व्यवहार गर्ने साहस गर्छन्, तिनीहरू निश्चय नै मेरो प्रशासनिक आदेशहरूको हातमा पर्नेछन्, ताकि तिनीहरूलाई मेरो सर्वशक्तिमान्ताको बारेमा जान्ने तुल्याइन सकियोस्। मैले चाहने भनेका मानिसहरूको धेरै सङ्ख्या होइन तर सर्वोत्कृष्टता हो। जो-जो अवफादार, बेइमान छन् अनि कुटिल व्यवहार र छलमा संलग्न छन्, म तिनीहरूलाई त्याग्नेछु र दण्ड दिनेछु। म कृपालु छु वा म प्रेमिलो र दयालु छु भनेर उपरान्त नसोच्; त्यस्ता विचारहरू आत्मतृप्तिहरू मात्र हुन्। म जान्दछु कि जति बढी म तँलाई प्रसन्न तुल्याउँछु, त्यति नै बढी तँ नकारात्मक र निष्क्रिय हुन्छस् अनि त्यति नै बढी तँ आफैलाई त्याग्न अनिच्छुक हुन्छस्। जब मानिसहरू त्यस हदसम्म कठिन हुन्छन्, मैले तिनीहरूलाई निरन्तर उत्प्रेरित गरिरहन र घिस्याइरहन मात्र सक्छु। यो कुरा जान! अबदेखि, म न्याय गर्ने परमेश्वर हुँ; मानिसहरूले कल्पना गरेजस्तो, म उपरान्त कृपालु, दयालु र प्रेमिलो परमेश्वर होइन।

## अध्याय ६०

जीवन वृद्धि हुनु सजिलो कुरा होइन; यसलाई एउटा प्रक्रिया चाहिन्छ, यसको साथै, तिमीहरूले मूल्य चुकाउन सक्नुपर्छ, र तिमीहरूले एउटै हृदयले मसित सहकार्य गर्नुपर्छ, र त्यसद्वारा तिमीहरूले मेरो प्रशंसा पाउँछौ। स्वर्ग र पृथ्वी र सबै थोक मैले उच्चारण गर्ने वचनहरूद्वारा स्थापित हुन्छन् अनि पूर्ण बनाइन्छन्, र ममा कुनै पनि कुरा सम्पन्न हुन सक्छ। तिमीहरू चाँडै बढेको, मेरो काँधहरूबाट बोझ लिएर, आफैमाथि राखेको, अनि मेरो खातिर मेरो परिश्रम गरेको म चाहन्छु; तब मात्रै म सन्तुष्ट हुनेछु। कुन छोराले आफ्नो पिताका बोझहरू बोक्न इन्कार गर्छ? कुन पिताले आफ्नो छोराको निम्ति दिन र रात परिश्रम गर्दैन? तथापि, तिमीहरूसित मेरो इच्छाको कुनै बुझाइ छैन, अनि मेरा बोझहरूलाई तिमीहरू बेवास्ता गर्छौ; मेरो वचनहरूले तिमीहरूलाई कुनै असर गर्दैन, अनि तिमीहरूले मैले भनेअनुसार गर्दैनौ। तिमीहरू सधैँ आफ्नै मालिकहरू हौ; कति स्वार्थी! तिमीहरू आफ्नै बारेमा मात्रै सोच्दछौ!

तैँले साँच्चिकै मेरो इच्छालाई बुझ्छस् कि तैँले नबुझेको बहाना गर्दैछस्? किन तँ सधैँ त्यस्तो आवारा व्यवहारमा तल्लीन हुन्छस्? के त्यसो गरेर तैँले मेरो नजरमा ठीक काम गरिरहेको छस्

भनेर तेरो विवेकले भन्छ र? तेरो रोगको कारण पत्ता लगाइसकेपछि पनि तँ किन उपचारको निम्ति मसित कुराकानी गर्दैनस्? म तँलाई बताउँछु: आजको दिनदेखि, तिमीहरूको शरीरमा कुनै रोगहरू हुनेछैन। यदि तिमीहरूको शरीरको कुनै भाग अस्वास्थ्य भएमा, बाहिरी कारण खोजी गर्नमा व्यस्त नहोऊ; बरु मेरो सामु आऊ र मेरो अभिप्राय जान्ने प्रयास गर। के तिमीहरूले यसलाई सम्झिनेछौ? यो मेरो प्रतिज्ञा हो: आजको दिनदेखि, तिमीहरू पूर्ण रूपले आफ्नो भौतिक शरीरदेखि निस्केर आत्मिक संसारभित्र प्रवेश गर्नेछौ; अर्थात्, अब उपरान्त तिमीहरूको शरीर रोगले बोझिलो हुनेछैन। के तिमीहरू त्यसमा खुशी छौ? के तिमीहरू आनन्दित अनुभूति गर्छौ? यो मेरो प्रतिज्ञा हो। यसको अतिरिक्त, यो तिमीहरूले लामो समयदेखि आशा गरेको कुरा हो। आज, तिमीहरू आशिषित जनहरूमा यो पूरा भएको छ। कति उदेकको र अथाह कुरा!

मेरो काम दिन र रात; पल-पल अघि बढ्छ। यो कहिल्यै रोकिँदैन। किनकि मेरो अत्यावश्यक चाहना भनेको तँलाई मेरो हृदयअनुसारको मानिस बनाउनु हो, ताकि मेरो हृदयले तिमीहरूद्वारा चाँडै नै सान्त्वना पाउन सकेको होस्। मेरो छोराहरू! तिमीहरू मेरो भलाइको आशिषहरूमा सहभागी हुने समय आएको छ! विगतमा, तिमीहरूले मेरो नामको निम्ति कष्ट भोग्यौ, तर अहिले तिमीहरूको परीक्षाका दिनहरू सिद्धिएको छ। कसैले मेरा छोराहरूको शिरमाथि भएको रौँलाई हानि पुर्याउने साहस गरेमा म तिनीहरूलाई सहजै क्षमा गर्नेछैनँ, न त तिनीहरू कहिल्यै फेरि उठ्न सक्नेछन्। यो मेरो प्रशासनिक आदेश हो, र जसले यसलाई भङ्ग गर्छ, तिनीहरूले आफ्नै खतराको लागि त्यसो गर्दछ। मेरा छोराहरू! तेरो हृदय सन्तुष्ट हुने गरी आनन्द मनाऊ! गाऊ र आनन्दसहित पुकारा गर! तिमीहरू उपरान्त त्रासित र उत्पीडित हुनेछैनौ, अनि तिमीहरू उपरान्त सतावटमा पर्नेछैनौ। ममाथिको विश्वासको कारण तिमीहरू उपरान्त भयभीत हुनेछैनौ; तिमीहरूले आफ्नो विश्वासलाई सार्वजनिक रूपले घोषणा गर्नुपर्छ। ब्रह्माण्ड र पृथ्वीका कुनाकाप्चाहरू थर्कने गरी मेरो पवित्र नाउँलाई ठूलो सोरमा पुकारा गर। तिनीहरूले तिरस्कार गर्ने, तिनीहरूले विध्वंस र यातना गर्ने गरेकाहरू, आज तिनीहरूभन्दा माथि खडा छन् र तिनीहरूलाई प्रभुत्व गर्छन्, शासन गर्छन्, र अझै महत्त्वपूर्ण कुरा, तिनीहरूलाई न्याय गर्छन् भन्ने कुरा तिनीहरूले देखून्।

तिमीहरू केवल प्रवेशमा चासो राख, अनि म तिमीहरूलाई अझ उत्तम आशिषहरू दिनेछु, जुन आशिषले तिमीहरूको आनन्दको निम्ति पर्खिरहेका छन्, र तिमीहरूले अतुलनीय मिठास, असीम रहस्यहरू, अनि अगाध गहिराइको उत्तम स्वाद लिन सक्नेछौ।

## अध्याय ६१

जब तँ आफ्नै अवस्थाको बारेमा सचेत हुन्छस्, तब तैँले मेरो इच्छा पूरा गर्न सक्नेछस्। वास्तवमा, मेरो इच्छा बुझ्न कठिन छैन; यति मात्र हो कि, तैँले विगतमा मेरो अभिप्रायहरूअनुसार कहिल्यै खोजी गरिनस्। म मानिसहरूका धारणाहरू वा विचारहरू चाहँदिनँ, तेरो पैसा वा तेरो सम्पत्तिहरूको कुरा त परै छोडौं। मैले चाहने भनेको तेरो हृदय हो। के तैँले बुझिस्? मेरो इच्छा यही हो; यसको साथै, मैले प्राप्त गर्न चाहने यही हो। मानिसहरूले मलाई न्याय गर्न सधैँ आफ्नै

धारणाहरू प्रयोग गर्छन् अनि मेरो कदलाई मूल्याङ्कन गर्ने तिनीहरूको मानकलाई प्रयोग गर्छन्। मानवजातिको सम्बन्धमा, यो निराकरण गर्न सबैभन्दा कठिन कुरा हो, अनि मैले सबैभन्दा घिनाउने र घृणा गर्ने कुरा यही नै हो। के तिमीहरूले अब देख्यौ? किनकि यो शैतानको सबैभन्दा स्पष्ट स्वभाव हो। यसभन्दा बढी, तिमीहरू यति सानो कदका छौ कि, तिमीहरू शैतानको धूर्त युक्तिहरूमा बारम्बार परिरहन्छौ। तिमीहरू त्यसलाई छुट्ट्याउन असमर्थ छौ! शैतानद्वारा छलमा नपर्नको निम्ति मैले तिमीहरूलाई धेरै पल्ट हर समय अनि हर प्रकारले सतर्क रहनु भनेको छु। तथापि, तिमीहरू सुन्दैनौ, बरु, म जे भन्छु, त्यसलाई हाँसोमा उडाउँछौ। परिणामस्वरूप, तिमीहरू जीवनमा नोकसानीहरू भोग्छौ, त्यसपछि पछुतो गर्न धेरै ढीला हुन्छ। के यसलाई तिमीहरूको भविष्यको खोजीको निम्ति एउटा पाठको रूपमा लिनु राम्रो कार्य हुनेथिएन र? म तँलाई भन्छु! नकारात्मकताको जोखिममा रहँदा यसले तिमीहरूको जीवनमा अत्यन्तै प्रचण्ड हानिहरू ल्याउनेछ। यसलाई जानेर, के यो जाग्ने समय होइन र?

मानिसहरू शीघ्र परिणामहरूको निम्ति अधीर हुन्छन्, अनि तिनीहरूले आफ्नो अगाडि जे छ, त्यसलाई मात्रै देख्छन्। मैले ती सत्तामा रहेकाहरूलाई सजाय दिन सुरु गरेको छु भनेर भन्दा, तिमीहरू झन् बढी चिन्तित हुन्छौ अनि सोध्छौ: "किन ती मानिसहरू अझै सत्तामा छन्? के यसको अर्थ, परमेश्‍वरका वचनहरू रित्ता छन् भन्ने हुँदैन र?" मानव धारणाहरू यति गहिरोसित गडेका छन्! म जे भन्छु त्यसको अर्थ तिमीहरू बुझ्दैनौ। मैले दण्ड दिने मानिसहरू खराब छन्, जसले मलाई विरोध गर्छन् अनि जसले मलाई चिन्दैनन् र म तिनीहरूलाई बेवास्ता गर्छु जसले सत्यतालाई खोजी नगरी केवल मलाई विश्‍वास गर्छन्। तिमीहरू साँच्चिकै अज्ञानी छौ! मैले जे भनेको छु, तिमीहरूले त्यसको सानो अंश पनि बुझेका छैनौ! तथापि, तिमीहरूले आफू परिपक्व भइसकेका छौ, कामकुराहरू बुझ्न सक्छौ, अनि मेरो इच्छालाई बुझ्न सक्छौ भनी अझै आफैलाई स्याबासी दिन्छौ। म प्रायजसो भन्ने गर्छु, सबै कुराहरू र मामलाहरूले ख्रीष्टलाई सेवा प्रदान गर्छन्, तर के तैँले साँचो रीतिले यी वचनहरूलाई बुझ्छस्? त्यसको अर्थ के हो भनी के तँलाई साँच्चिकै थाहा छ? मैले पहिले नै भनेको छु कि म कसैलाई अन्धाधुन्ध दण्ड दिँदिनँ। ब्रम्हाण्डका हरेक व्यक्तिले मेरो उचित बन्दोबस्तहरूलाई पछ्याउँछन्। मेरो दण्डका पात्रहरू, ख्रीष्टलाई सेवा प्रदान गर्नेहरू (जसलाई म मुक्ति दिनेछैन), अनि मद्वारा चुनिएकाहरू तर पछि मेरो निष्कासनका पात्रहरू हुन्छन्—म यी सबैलाई मेरो हातमा थाम्छु, मैले बुझ्ने, अनि चुनिएकाहरूमध्येको एक रहेको तँ त झन् अवश्य नै मेरै हातमा छस्। यस चरणमा अनि अर्को चरणमा मैले गर्ने सबै कुरा मेरो बुद्धिमानी बन्दोबस्तहरू अनुरूप नै हुन्छन्। तैँले मेरो निम्ति अग्रिम रूपमा बन्दोबस्तहरू गर्नुपर्दैन; केवल पर्खी र आनन्द ले! यो तैँले पाउन योग्य कुरा हो। जे मेरो हो, म त्यसमाथि आधिपत्य जमाउँछु, अनि जसले मलाई गुनासो गर्छन् वा मेरो बारेमा अरू विचारहरू राख्छन्, म तिनीहरूलाई त्यत्तिकै छोड्नेछैन। मैले मिलाएका प्रशासनिक आदेशहरू यस चरणसम्म अघि बढ्ने क्रममा, म आजभोलि प्रायजसो क्रोधले जल्छु। मसित भावनाहरू छैन भनी नठान। किनकि, मैले पहिले पनि भनेको छु कि कुनै वस्तु, व्यक्ति, वा घटनाले मेरा कदमहरूलाई अगि बढ्नदेखि बाधा दिने साहस गर्न सक्दैन। म जे भन्छु, त्यही गर्छु अनि म त्यही हुँ; यसको साथै, यो नै मेरो स्वभावको

सबैभन्दा स्पष्ट प्रकटीकरण हो। म सबै मानिसहरूलाई उस्तै व्यवहार गर्छु, किनकि तिमीहरू सबै मेरा छोराहरू हौ, अनि म तिमीहरूमध्ये हरेकलाई प्रेम गर्छु। कुन पिताले आफ्नो छोराको जीवनको जिम्मेवारी लिँदैन र? कुन पिताले आफ्नो छोराको भविष्यको निम्ति दिन र रात कडा मेहनत गर्दैन र? तिमीहरूको माझमा कसले यो कुरालाई पहिचान गर्छ? कसले मेरो हृदयलाई बुझ्न सक्छ? तिमीहरूले आफ्नो शारीरिक सुखविलाशहरूका निम्ति निरन्तर योजना तथा बन्दोबस्तहरू गर्दछौ, अनि मेरो हृदयको जुनसुकै कुराको निम्ति तिमीहरूसित कुनै अनुभूति छैन। मेरो हृदय नै चूर्ण हुने गरी म तिमीहरूको निम्ति चिन्ता गर्छु, तर तिमीहरू शारीरिक सुखविलाशहरू, खाने र पिउने, सुत्ने अनि लुगाफाटाको लालसा गर्ने गर्छौ। के तिमीहरूसित अलिकति पनि विवेक छैन? यदि यस्तो हो भने, तिमीहरू मानव वस्त्रमा रहेका पशुहरू मात्रै हौ। म जे भन्छु, त्यो अनुचित होइन, अनि तिमीहरूले यी वचनहरूलाई सहन सक्नुपर्छ। यो नै तिमीहरूलाई मुक्ति दिने सर्वोत्तम उपाय हो, अझ यसभन्दा बढी, यसैमा नै मेरो बुद्धि लुकेको हुन्छ: शैतानको मुख्य कमजोरीलाई प्रहार गर, त्यसलाई पूरै पराजित गर, अनि पूरै नष्ट गरेर छोड। जहिलेसम्म तैँले पश्चाताप गर्छस् अनि तेरो पुरानो स्वभावलाई हटाउन ममाथि भर पर्छस् र नयाँ व्यक्तिको प्रतिरूपमा जिउँछस् भनी सुनिश्चित तुल्याउँछस् भने, म पूर्ण रूपले सन्तुष्ट हुनेछ किनकि सामान्य मानवताको जीवन जिउनु अनि मेरो नाउँको गवाही हुनुको अर्थ यही नै हो। यो भन्दा बढी मलाई कुनै कुराले खुशी तुल्याउँदैन।

तँ मसित सधैँ नजिक रहनुपर्छ। मेरो पाइला दिनदिनै तीव्र हुँदैछ भन्ने कुरा स्पष्ट छ। यदि एक क्षणको निम्ति पनि तेरो आत्मिक सङ्गतिमा कमी भयो भने, तुरुन्तै मेरो न्याय तँमाथि आइपर्नेछ। यस बुँदामा, तैँले गहन अनुभूति प्राप्त गरेको छस्। म तँलाई ताडना दिन्छु, तँलाई मैले प्रेम नगरेको कारणले होइन; बरु, प्रेमको कारणले म तँलाई अनुशासनमा राख्छु। नत्रभने, तँ बढ्नेछैनस्, अनि तँ सधैँ पवित्र आत्माको बन्देजहरूविना पथभ्रष्ट हुनेछस्। यसले मेरो बुद्धिलाई थप प्रकट गर्छ।

## अध्याय ६२

मेरो इच्छालाई बुझ्नु भनेको तैँले यसलाई जान्न सक् भनेर मात्रै होइन, तर तैँले मेरा अभिप्रायहरू अनुरूप कार्य गर्न सक् भन्नको लागि हो। मानिसहरू मेरो हृदयलाई बुझ्दैनन्। जब दिशा पूर्व हो भनी म भन्छु, तब तिनीहरू विचार गर्ने बाहेक केही गर्न सक्दैनन्, र सोच्छन्: "के यो साँच्चिकै पूर्व हो? सायद यो होइन। म विश्वासै गर्न सक्दिन; म आफैले खोज्नु पर्छ।" तिमीहरूलाई सम्हाल्नुको कठिनाइको हद यतिसम्म छ; वस्तविक समर्पणता के हो तिमीहरूलाई थाहै छैन। जब तिमीहरूले मेरो अभिप्राय बुझ्छौ, तब तिनीहरूलाई व्यवहारमा उतार्नमा मात्रै आफूलाई केन्द्रित गर–नसोच। तिमीहरू सँधै मैले भनेको कुरामा पूर्ण विश्वास गर्दैनौ र त्यसलाई मूर्ख तरिकाले स्वीकार्छौ। यसले कसरी वास्तविक अन्तर्दृष्टि दिन्छ? तिमीहरू मेरा वचनहरूमा कहिल्यै प्रवेश गर्दैनौ। मैले पहिले भनेझैँ मलाई चाहिएको कुरा मानिसहरूको धेरै संख्या होइन तर

तिनीहरूमा उत्कृष्टता होस् भन्ने हो। जो मेरा वचनहरूमा प्रवेश गर्नुमा ध्यान केन्द्रित गर्दैन ऊ ख्रीष्टको असल सिपाही हुन अयोग्य हुन्छ; यसको सट्टा, तिनीहरू शैतानको नोकर बन्छन् र मेरो काममा अवरोध ल्याउँछन्। यसलाई सानो कुरा नठान। जसले मेरो कामलाई अवरोध गर्दछ उसले मेरो प्रशासनिक आदेशहरूलाई उल्लंघन गर्दछ, र यो निश्चित छ कि म त्यस्ता मानिसहरूलाई कडाइका साथ ताडना दिनेछु। यसको मतलब के हो भने, अबदेखि यदि तँ एक क्षणको लागि पनि मबाट टाढा भइस् भने, तँमाथि न्याय आइपर्नेछ। यदि तँ मेरा वचनहरूमा विश्वास गर्दैनस् भने, तँ स्वयम् हेर् कि मेरो मुहारको ज्योतिमा जिउनु र मलाई छोडेर जिउनुमा के फरक छ।

तँ आत्मामा जिउँछस् कि जिउँदैनस् भन्ने बारेमा मलाई चासो छैन। मेरो काम हालको चरणमा आइपुगेको छ, तैँले के गर्न सक्छस्? चिन्तित नबन्, किनकि मैले गर्ने सबै कामहरूका चरणहरू हुन्छन् र म आफ्नो काम आफै नै गर्छु। मैले काम गर्ने बित्तिकै, सबै पूर्ण रूपमा विश्वस्त हुन्छन्; यदि हुँदैनन् भने, म तिनीहरूलाई गम्भीर रूपमा सजाय दिनेछु, यो मेरो प्रशासनिक आदेशहरू अन्तर्गत पर्दछ। मेरो प्रशासनिक आदेशहरू प्रचारित र लागू गरिसकिएको छ र अब उप्रान्त लुकेको छैन। तिमीहरूले यसलाई स्पष्टसँग देख्नु पर्छ! सबै कुरा अब मेरो प्रशासनिक आदेशहरू भित्र पर्छ र जसले यसको उल्लंघन गर्छ उसले घाटा बेहोर्नुपर्छ। यो कुनै सानो कुरा होइन। के तँमा यसबारेमा केही अन्तर्दृष्टि छ? के तिमीहरू यसलाई स्पष्टसँग देख्न सक्छौ? म सङगति सुरु गर्नेछु: सबै राष्ट्रहरू र संसारका सबै मानिसहरू मेरो हातबाट प्रशासित छन्, र तिनीहरूको धर्म जे भए पनि उनीहरू सबै मेरो सिंहासनमा फर्कनुपर्छ। अवश्य नै, केहीलाई न्याय गरिएपछि, अतल कुण्डमा फालिनेछन् (बरबादीका वस्तुहरू जस्तै जुन पूर्ण रूपमा जलाइनेछ र अस्तित्व नै रहनेछैनन्), जबकी केहीलाई न्याय गरिएपछि, तिनीहरूले मेरो नाम ग्रहण गर्नेछन् र मेरो राज्यका प्रजा हुनेछन् (जसमा तिनीहरूले केवल एक हजार वर्षको लागि आनन्द गर्नेछन्)। तैपनि, तिमीहरू सदाको लागि मेरो साथ मेरो राज्यमा रहनेछौ र तिमीहरूले पहिले मेरो लागि कष्ट भोगेका हुनाले, म तिमीहरूको कष्टहरूलाई अनन्त आशीर्वादमा बदल्नेछु। जो मेरा मानिसहरू हुन् उनीहरूले निरन्तर ख्रीष्टको सेवा मात्रै गर्नेछन्। यहाँ जे कुरालाई आनन्द भनिएको छ त्यो केवल आनन्द मात्र होइन, तर ती मानिसहरूलाई प्रकोपहरूको कष्ट भोग्नबाट पनि बचाइनेछ। तिमीहरूलाई मैले दिएका मागहरू त्यति कठोर हुनु, र सबै कुरालाई अहिले मेरा प्रशासनिक आदेशहरूले छोइरहेको छ भन्ने कुराको भित्री अर्थ यही नै हो। यसको कारण यो हो कि यदि मेरो प्रशिक्षण स्वीकार गर्दैनौ भने, म तिमीहरूले उत्तराधिकार पाउने कुरा तिमीहरूलाई कुनै पनि हालतमा दिन सक्दिन। त्यसो भए तापनि, तिमीहरू सँधै शरीरको लागि सोच्छौ र सँधै आफ्नो लागि मात्रै बन्दोबस्तहरू र योजनाहरू बनाउँदै, पीडाबाट भयभीत हुन्छौ र तिमीहरूका आत्मालाई चोट लाग्नेछ भनेर डराउँछौ। के मैले तिमीहरूको लागि गरेका प्रबन्धहरू अनुपयुक्त छन्? त्यसो भए तँ किन आफै निरन्तर प्रबन्धहरू गर्छस्? मलाई बदनाम गर्छस्! त्यही होइन र? म तेरो लागि केही व्यवस्था गर्छु, तर तँ त्यसलाई पूर्ण रूपमा खण्डन गर्छस् र आफ्नै योजनाहरू बनाउँछस्।

तिमीहरू बोल्नमा सिपालु हुन सक्छौ, तर वास्तवमा तिमीहरूले कुनै पनि हालतमा मेरो इच्छाको पालन गर्दैनौ। मेरो कुरा सुन! म निश्चित रूपमा भन्दिन कि तिमीहरू मध्येमा एक जना

मेरो इच्छाको कदर गर्न सक्षम छौ। तेरा कार्यहरू मेरो इच्छा अनुरूप भए पनि म तँलाई निश्चित रूपमा प्रशंसा गर्नेछैन। यो मुक्ति सम्बन्धी मेरो विधि हो। यद्यपि, तिमीहरू अझै पनि कहिलेकाहीँ आत्मसंतुष्ट हुन्छौ, आफूलाई सर्वोत्तम ठान्दै अरूलाई तुच्छ ठान्छौ। यो मानिसको भ्रष्ट स्वभावको एउटा पक्ष हो। तिमीहरू सबैले यो कुरा सतही हो भनेर स्वीकार्छौ। साँच्चै परिवर्तन हुनको लागि तिमीहरू मेरो नजिक आउनै पर्छ। मसँग सङ्गत गर् र म तँलाई अनुग्रह दिन्छु। केही अल्छी मानिसहरू केवल अरूले गरेको परिश्रमको फल प्राप्त गर्न चाहन्छन्, लुगा लगाउन आफ्ना पाखुराहरू तन्काए पुग्छ, र खानको लागि केवल आफ्नो मुख खोले पुग्छ, अझ अरूले चपाएर निल्न अघि उनीहरूको मुखमा राखिदिए हुन्थ्यो भनी सोच्छन्। त्यस्ता मानिसहरू महामूर्ख हुन्छन्, जो अरूले चपाएको खानेकुरा खान मन पराउँछन्। यो मानिसको सबैभन्दा आलस्यपनको अभिव्यक्ति हो। मेरा यी वचनहरू सुनेपछि तिमीहरूले यसलाई नाघ्नु हुँदैन। तैँले तब मात्रै सही गर्नेछस् जब ममा दोहोरो रूपमा ध्यान केन्द्रित गर्नेछस् र त्यसपछि मात्रै तैँले मेरो इच्छालाई सन्तुष्ट पार्नेछस्। यो सबै भन्दा राम्रो समर्पणता र आज्ञाकारीता हो।

## अध्याय ६३

तैँले आफ्नै अवस्थालाई बुझ्नुपर्छ, यसको साथै, तँ हिँड्नुपर्ने बाटोको बारेमा स्पष्ट हुनुपर्छ; मैले तेरा कानहरू उठाएर तँलाई कामकुरा औँल्याएर देखाइदिनको निम्ति तैँले उपरान्त मलाई नपर्खी। म मानिसको अन्तस्करणलाई अवलोकन गर्ने परमेश्‍वर हुँ, अनि म तेरो हरेक सोचाइ र विचारलाई जान्दछु। यति मात्र होइन, म तेरा कार्यहरू र व्यवहारलाई बुझ्दछु—तर के यी सबैमा मेरो प्रतिज्ञा सामेल हुन्छ? के ती सबैमा मेरो इच्छा सामेल हुन्छ? के तैँले यसभन्दा पहिले यी कुराहरूलाई साँच्चिकै खोजेको छस्? के तैँले साँच्चिकै यसमा कुनै समय बिताएको छस्? के तैँले यसमा साँच्चिकै कुनै प्रयास लगाएको छस्? मैले तँलाई आलोचना गरिरहेको छैन; तिमीहरूले यस पक्षलाई बेवास्ता गरेका छौ! तिमीहरू सधैँ अति भ्रमित छौ, अनि स्पष्टसित कुनै कुरा देख्न सक्दैनौ। के तँलाई यसको कारण के हो भन्ने थाहा छ? तिमीहरूका विचारहरू अस्पष्ट छन् र तिमीहरूका धारणाहरू अति दृढ भई गडिएका छन्; यसबाहेक, तैँले मेरो इच्छाको लागि कुनै वास्ता देखाउँदैनस्। कतिपय मानिसहरूले भन्नेछन्, “हामीले तपाईंको इच्छालाई कुनै वास्ता देखाउँदैनौ भनेर कसरी तपाईंले दाबी गर्न सक्नुहुन्छ? हामी लगातार तपाईंको इच्छालाई राम्ररी बुझ्ने प्रयास गरिरहन्छौ, तर कहिल्यै सफल हुँदैनौँ—त्यसैले, हामीले के गर्नुपर्छ? के हामीले कुनै प्रयास गर्दैनौँ भनेर साँच्चिकै तपाईंले भन्न सक्नुहुन्छ?” म तँलाई यो कुरा सोध्छु: के तँ मप्रति साँच्चिकै वफादार छस् भनेर दाबी गर्ने साहस गर्न सक्छस्? अनि कसले आफैलाई मप्रति पूर्ण वफादारितासहित अर्पण गरेका छन् भनेर भन्ने साहस गर्न सक्छन्? तिमीहरूमध्ये एउटाले पनि यो भन्न सक्दैन भन्ने मलाई चिन्ता लाग्छ किनकि यो मैले भनिरहन आवश्यक छैन, कि तिमीहरूमध्ये हरेकको आफ्नै छनौटहरू, आफ्नै रुचिहरू, यसभन्दा बढी, आफ्नै अभिप्रायहरू छन्। छली नहोऊ! मैले धेरै लामो समयअघि नै तिमीहरूको सबै अन्तर्मनका विचारहरूको पूरा बुझाइ

प्राप्त गरिसकेको छु। के मैले यसलाई अझै स्पष्ट पार्नुपर्छ? तिमीहरूले हरेक पक्षबाट अझै बढी जाँच्नुपर्छ (तिमीहरूका विचारहरू र धारणाहरू, तिमीहरूले भन्ने हरेक कुरा, हरेक शब्द, अनि तिमीहरूले चल्ने हरेक चालको पछाडि रहेका हरेक अभिप्राय र उत्प्रेरणा); यस प्रकारले, तिमीहरूले हरेक पक्षमा प्रवेश प्राप्त गर्नेछौ। त्यसको अतिरिक्त, तिमीहरूले आफैलाई पूर्ण सत्यताले सुसज्जित पार्न सक्नेछौ।

यदि मैले तिमीहरूलाई त्यस्ता कुराहरू नभनेको भए, तिमीहरू अझै पनि भ्रमित हुनेथियौ, सारा दिन शारीरिक सुखविलाशहरूकै तीव्र लालसा गरिरहनेथियौ अनि तिमीहरूमा मेरो इच्छालाई वास्ता देखाउने कुनै प्रकारको चाहना हुनेथिएन। तिमीहरूलाई मुक्ति दिन मैले निरन्तर मेरो प्रेमिलो हात प्रयोग गरिरहेको छु। के तिमीहरूलाई त्यो कुरा थाहा छ? के तिमीहरूले यसलाई अनुभूति गरेका छौ? म तँलाई इमान्दारीपूर्वक प्रेम गर्छु। के तैँले मलाई इमानदारी रूपमा प्रेम गर्छु भनेर भन्ने साहस गर्न सक्छस्? आफैलाई बारम्बार यो सोध्: के तँ साँच्चिकै मेरो सामु आएर आफ्नो हरेक कार्यलाई मेरो निरीक्षणको निम्ति सुम्पिन सक्छस्? के तँ मलाई साँचो रीतिले तेरो हरेक कार्य जाँच्न दिन सक्छस्? म भन्छु, तँ भ्रष्ट छस् अनि तँ तुरुन्तै आफ्नै प्रतिरक्षामा लागिहाल्छस्। मेरो न्याय तँमाथि आउँछ; अहिले तँ सत्यताको निम्ति बिउँझनुपर्छ! मैले बोल्ने एउटै कुरा सत्यता हो; मेरा वचनहरूले तँभित्रको वास्तविक अवस्थालाई औँल्याउँछन्। ए, मानवजाति! तिमीहरूसित व्यवहार गर्न कति कठिन छ। मैले तेरो वास्तविक अवस्थालाई औँल्याएपछि मात्रै तिमीहरूले मैले जे भन्छु त्यसलाई पूरा हृदयले स्वीकार गर्छौ। यदि मैले त्यसो नगरेको भए, तिमीहरू यस पृथ्वीमा तिमीहरूभन्दा अरू कोही बाठो छैन भन्ने कल्पना गर्दै सधैँ आफ्ना अप्रचलित धारणाहरू पक्रिरहनेथियौ अनि आफ्नै विचारधाराहरूमा टाँस्सिरहनेथियौ। के तिमीहरू यसमा स्व-धर्मी भएनौ र? के तिमीहरू आत्म-सन्तुष्टि अनि आत्मप्रसन्नता अनि अहङ्कार र दम्भमा लिप्त भइरहेका छैनौ र? अहिलेसम्म तिमीहरूले यसलाई पहिचान गर्नुपर्छ! तिमीहरूले आफैलाई बाठो वा असाधारण छु भनेर सोच्नु हुँदैन? बरु, तिमीहरू आफ्ना कमी कमजोरीहरू र कमजोर पक्षहरूको बारेमा निरन्तर सचेत हुनुपर्छ। यस प्रकारले, मलाई प्रेम गर्ने तिमीहरूको अठोट घट्नेछैन, बरु झन्-झन् बलियो हुनेछ, र तिम्रो आफ्नै अवस्था सुधार हुँदै जानेछ। अझै महत्त्वपूर्ण कुरा, तिमीहरूको जीवन दिन प्रतिदिन सदा प्रगति हुनेछ।

जब तिमीहरूले मेरो इच्छालाई राम्ररी बुझ्छौ, तब तिमीहरूले आफैलाई चिन्नेछौ, यसद्वारा तिमीहरूले मेरो बारेमा अझ उत्तम बुझाइ प्राप्त गर्नेछौ र मेरो बारेमा तिमीहरूको निश्चयतामा अझ प्रगति गर्नेछौ। हाल, यदि कसैले मेरो बारेमा नब्बे प्रतिशत निश्चयता पनि प्राप्त गर्न सक्दैन, तर तिनीहरू घरी तातो र घरी चिसो हुँदै तुरुन्तै परिवर्तन भइरहन्छन् भने म भन्छु, त्यस्तो व्यक्तिलाई निश्चय नै फ्याँकिनेछ। बाँकी दश प्रतिशत पूर्ण रूपले मेरो अन्तर्दृष्टि र प्रकाशमा निर्भर हुन्छ; यसद्वारा मानिसहरूले मेरो बारेमा सय प्रतिशत निश्चयता प्राप्त गर्न सक्छन्। अहिले–अर्थात्, आज–कति जनाले यस प्रकारको कद प्राप्त गर्न सक्छन्? मैले लगातार तँलाई मेरो इच्छा प्रकट गरिरहेको छु, अनि तँभित्र जीवनका भावनाहरू निरन्तर दौडिरहन्छन्। त्यसोभए, किन तँ आत्मासित मेल खाने गरी काम गर्दैनस्? के तँ गल्तीहरू गर्छु कि भनेर डराउँछस्? यदि त्यसोभए, तँ किन

तालीममा कुनै ध्यान केन्द्रित गर्दैनस्? म तँलाई भन्छु, मानिसहरूले एक वा दुई पल्ट प्रयास गर्दैमा मेरो इच्छालाई राम्ररी बुझ्न सक्दैनन्; तिनीहरू एउटा प्रक्रिया भएर जानैपर्छ। मैले धेरै पल्ट यस कुरालाई औँल्याइदिएको छु, त्यसैकारण, किन तैँले यसलाई अभ्यास गर्दैनस्? के तँ अनाज्ञाकारी भएको छस् भन्ने तँलाई लाग्दैन? तिमीहरू सबै कुरा तुरुन्तै सिध्याउन चाहन्छौ अनि कुनै कुरामा कुनै प्रयास वा समय लगाउन कहिल्यै इच्छुक हुँदैनौ। तिमीहरू कति मूर्ख छौ अनि त्यसभन्दा बढी, तिमीहरू कति अज्ञानी छौ!

म किन मेरा वचनहरूलाई ध्यान दिएर नसोचिकन सधैँ यसकै बारेमा कुरा गरिरहेको छु भनी के तिमीहरूलाई थाहा छैन? किन तिमीहरू मूर्ख, अचेत अनि मन्दबुद्धिका भइरहन्छौ? तिमीहरूले आफैलाई अझै बढी जाँच्नुपर्छ, र यदि तिमीहरूले नबुझेको कुनै कुरा छ भने तिमीहरू मेरो सामु बारम्बार आउनुपर्छ। म तँलाई यो कुरा बताउँछु: मैले तिमीहरूलाई यस प्रकारले वा त्यस प्रकारले बोल्नुको मेरो उद्देश्य भनेको तिमीहरूलाई मेरो सामु डोर्‍याउनु हो। किन यति लामो समयपछि पनि, तिमीहरूले यसलाई अझै महसुस गर्दैनौ? के यसको कारण मेरा वचनहरूले तिमीहरूलाई पूरै अन्योलमा पारेकोले हो? कि तैँले मेरो हरेक वचनलाई गम्भीरतापूर्वक नलिएकोले हो? जब तिमीहरू त्यसलाई पढ्छौ, तब तिमीहरूले आफ्नो बारेमा राम्रो समझ पाउँछौ, अनि तिमीहरूले आफू मप्रति ऋणी भएको अनि मेरो इच्छालाई राम्ररी बुझ्न नसकेको बारेमा कुरा गर्दै हिँड्नेछौ। तैपनि, त्यसपछिको बारेमा के भन्छौ? कुरा यस्तो हुन्छ मानौं यस्ता कुराहरूसँग तिमीहरूको केही सम्बन्ध छैन; कुरा यस्तो हुन्छ मानौं तँ केवल यस्तो व्यक्ति होइनस्, जसले परमेश्वरमा विश्वास गर्छ। के तैँले जानकारीलाई राम्ररी बुझ्न समय लिनको सट्टा त्यसलाई हतार-हतार स्वीकार गरिरहेको छैनस् र? जब तिमीहरू मेरा वचनहरूमा आनन्दित हुन्छौ, यो त केवल घोडामा चढेर दौडाउने क्रममा फूलहरूलाई झलक्क हेरेको जस्तो मात्रै हो; तिमीहरूले वास्तवमै मेरो वचनहरूबाट कहिल्यै पनि मेरो इच्छा के हो भनेर बुझ्ने कोसिस गर्दैनौ। मानिसहरू यस्तै छन्: तिनीहरू सधैँ नम्र देखिन मन पराउँछन्। त्यस्ता मानिसहरू सबैभन्दा घृणित प्रकारका मानिसहरू हुन्। जब तिनीहरू अरूसित सङ्गति गर्न भेला हुन्छन्, तब तिनीहरूले सधैँ अरूको अगाडि आफ्नो ज्ञान बाँड्न मन पराउँछन्, यसरी मेरो बोझको निम्ति वास्ता देखाउने तिनीहरू नै हुन् भनेर अरूलाई देखाउँछन्—जब कि वास्तविकतामा, तिनीहरू सबैभन्दा बेवकुफहरू हुन्। (तिनीहरूले मेरो बारेमा तिनीहरूका भाइबहिनीहरूसित आफ्नो साँचो अन्तर्दृष्टि वा ज्ञानको बारेमा सङ्गति गर्दैनन्; त्यसको साटो, तिनीहरूले आफैलाई प्रदर्शन गर्छन् र अरू मानिसहरूको अगाडि धाक देखाउँछन्; म त्यस्ता मानिसहरूलाई घृणा गर्छु, किनकि तिनीहरूले मलाई बदनाम र निन्दा गर्छन्।)

म बारम्बार तिमीहरूभित्र मेरो सबैभन्दा महान् आश्चर्यकर्महरू प्रकट गर्छु। के तिमीहरू त्यसलाई देख्न सक्दैनौ? कथित "वास्तविकता" को जीवन तिनीहरूले जिउँछन् जसले मलाई इमान्दारीपूर्वक प्रेम गर्छन्। के तिमीहरूले यसलाई देखेको छैनौ? के यो सबैभन्दा उत्तम प्रमाण होइन र, जसद्वारा तिमीहरूले मलाई चिन्न सक्छौ? के यसले मेरो निम्ति उत्तम गवाही दिँदैन र? तापनि तिमीहरू यसलाई पहिचान गर्दैनौ। मलाई बताऊ: कसले यस कामुकतापूर्ण पृथ्वीमा वास्तविकताको जीवन जिउन सक्छन् जुन फोहोरी, अशुद्ध अनि शैतानद्वारा भ्रष्ट पारिएको छ? के सबै मानव भ्रष्ट र

रित्तो छैनन् र? जे सुकै होस्, मेरा वचनहरू तिनीहरूको शिखरमा पुगेका छन्; कुनै पनि वचनहरू यीभन्दा सजिलै बुझ्न सकिँदैन। अत्यन्तै बेवकुफले पनि मेरा वचनहरू पढ्न र बुझ्न सक्छ–त्यसैले, के यो तिमीहरूले पर्याप्त प्रयास लगाएका छैनौ भन्ने होइन र?

## अध्याय ६४

तैँले मेरा वचनहरूलाई पूर्वाग्रहपूर्ण र भ्रमपूर्ण किसिमले बुझ्नु हुँदैन; तैँले यसलाई सबै पक्षबाट बुझ्नुपर्छ, र त्यसलाई अझ सोचविचार गरेर बुझ्नुपर्छ अनि त्यसमाथि बारम्बार विचार-विमर्श गर्नुपर्छ–एक दिन वा रातको निम्ति मात्र होइन। तँलाई मेरो इच्छा के मा छ वा कुन पक्षहरूमा मैले मेहनत गरेर मूल्य चुकाएको छु भन्ने कुरा थाहा छैन; कसरी तैँले मेरो इच्छाको निम्ति वास्ता देखाउन सक्छस्? तिमी मानिसहरू यस्तै छौ–विवरणहरू राम्ररी खोतल्न पूरै असमर्थ छौ, केवल सतहमा केन्द्रित हुन्छौ, अनि केवल नक्कल गर्न मात्र सक्छौ। कसरी यसलाई आत्मिकता भन्न सकिन्छ? यो मानिसको जोश मात्र हो; यो यस्तो कुरा हो जसलाई म सराहना गर्दिनँ, यसभन्दा बढी, यो यस्तो कुरा हो जसलाई म घृणा गर्छु। म तँलाई यो भन्छु: मैले घृणा गर्ने सबै कुराहरूलाई हटाइनुपर्छ, विपत्तिमा पारिनुपर्छ, अनि मेरो ज्वलन र न्यायमा पारिनुपर्छ। नत्र भने, मानिसहरूले भय मान्नुको अर्थ के हो भनी जान्नेछैनन्, अनि अति पथभ्रष्ट हुनेछन्, यसरी मलाई सधैँ मानव दृष्टिले हेर्नेछन्–तिनीहरू अति मूर्ख छन्! शैतानका धारणाहरूबाट आफैलाई मुक्त गर्ने सर्वोत्तम उपाय मसित घनिष्ठ हुनु र मसित कुराकानी गर्नु हो। म तिमीहरू सबै यस नियमअनुसार चलेको चाहन्छु ताकि तिमीहरू न्यायमा पर्नदेखि र तिमीहरूको जीवनमा हानि भोग्नदेखि बच्न सक।

मानिसहरूको निराकरण गर्न अति कठिन छ, तिनीहरू सधैँ बाहिरी मानिसहरू, घटनाहरू अनि कुराहरू, साथसाथै आफ्नै धारणाहरूको अधीनमा हुन्छन्। परिणामस्वरूप, तिनीहरू मेरो निम्ति असल गवाही हुन असमर्थ छन्, र मसित राम्ररी सहकार्य गर्न असमर्थ छन्। मैले लगातार तिमीहरूलाई सहयोग र प्रोत्साहित गरिरहेको छु, तापनि तिमीहरू मसित सहकार्य गर्न आफूले सक्दो गर्न सक्दैनौ। यी सबै कुराहरूले तिमीहरूसित मेरो बुझाइको कमी भएको कुरालाई प्रचुर रूपले देखाउँछ। जब समय आउँछ–जब तँसित मेरो बारेमा उपरान्त कुनै शङ्काहरू हुँदैन–तब साँचो बाटो हिँड्नबाट तँलाई कसैले पनि बाधा दिन सक्नेछैन, र तँमाथि कुनै मानव धारणाहरूको प्रभुत्व हुनेछैन। किन म यो कुरा भन्छु? के तैँले साँच्चै मेरो वाणीहरूको अर्थ बुझ्छस्? मैले यस्ता वचनहरू स्पष्ट पारेपछि मात्रै तैँले अलिकति बुझाइ प्राप्त गर्दछन्। मानिसहरू अति मूर्ख छन् र मगजमा कमजोर छन्। सियोले तिनीहरूको हड्डीलाई घोचेपछि मात्रै तिनीहरूले अलिकति पीडा महसुस गर्न थाल्छन्। भनाइको अर्थ, जब मेरा वचनहरूले तेरो रोगको श्रोत औँल्याउँछ, तब मात्रै तँ पूरै विश्वस्त हुन्छस्। तथापि, तिमीहरू कहिलेकहीँ मेरा वचनहरूलाई अभ्यास गर्न र आफैलाई चिन्न अनिच्छुक हुन्छौ। किन, यस बिन्दुमा, मानिसहरूको निराकरण गर्न कठिन हुन्छ भनी तिमीहरूले अझै बुझेका छैनौ? मेरा वचनहरू पर्याप्त रूपले स्पष्ट वा पारदर्शी नभएर हो कि? तिमीहरूबाट मैले चाहने कुरा भनेको, तिमीहरूले मसित गम्भीरतापूर्वक र इमानदारपूर्वक सहकार्य

गर भन्ने हो; तिमीहरूले मसित कुनै आनन्ददायक लाग्ने वचनहरू बोले पनि, नबोले पनि, जहिलेसम्म तिमीहरू मसित सहकार्य गर्न इच्छुक हुन्छौ अनि इमान्दारीपूर्वक मलाई आराधना गर्न सक्छौ, तिमीहरू मेरो सुरक्षामुनि आउनेछौ। यस्तो प्रकारको व्यक्ति अत्यन्तै अज्ञानी भएतापनि, म तिनीहरूलाई अन्तर्दृष्टि दिनेछु ताकि तिनीहरूले आफ्नो अज्ञानतालाई हटाउन सकोस्। किनकि मेरा कार्यहरू अनिवार्य रूपले मेरा वचनहरूसित मेल खान्छन्; म सर्वशक्तिमान् परमेश्वर हुँ जसले कहिल्यै पूरा गर्न नसक्ने प्रतिज्ञा गर्दैन।

म मण्डलीहरू र सबै ज्येष्ठ पुत्रहरूलाई तुरुन्तै मेरो इच्छाहरू प्रकट गर्नेछु, अनि कुनै पनि थोक फेरि लुकेको हुनेछैन, किनकि सबै कुरा प्रकट हुने दिन आएको छ। भनाइको अर्थ, "लुकेको" भन्ने शब्द अबदेखि फेरि प्रयोग हुनेछैन, कुनै पनि लुकेको कुरा अस्तित्वमा रहिरहनु त झन् परको कुरा हुनेछ। सबै लुकेका मानिसहरू, घटनाहरू, अनि कुराहरूलाई निश्चय नै एक-एक गरी उदाङ्गो पारिनेछन्। म बुद्धिमान् परमेश्वर हुँ जसले पूरा अख्तियार चलाउँछ। सबै घटनाहरू, कुराहरू र हरेक व्यक्ति मेरा हातहरूभित्र सम्हालिएका छन्। म तिनीहरूलाई उदाङ्गो पार्न मेरो आफ्नै कदमहरू लिन्छु, र म तिनीहरूलाई व्यवस्थित ढङ्गले एक-एक गरी उदाङ्गो पार्नेछु। ज-जसले मलाई छलपूर्वक मनाउन खोज्छन् वा कुनै कुरा मबाट लुकाउने कोसिस गर्छन्, तिनीहरू कहिल्यै फेरि उठ्ने छैनन् भनेर म सुनिश्चित गर्नेछु। म यस मामलामा कदम उठाउनेछु ताकि तिमीहरू सबैले देख्ने गरी यो स्पष्ट होस्। राम्रोसित हेर! मेहनत गरेर मैले चुकाएको मूल्य व्यर्थमा गएको छैन; यसले फल फलाउनेछ। ज-जसले ध्यान दिँदैनन् वा आज्ञा मान्दैनन्, तिनीहरूले तुरुन्तै मेरो न्यायको सामना गर्नेछन्। को अझै मेरो विरुद्धमा जाने साहस गर्नसक्छ? तिमीहरू सबैले मेरो आज्ञा मान्नुपर्छ। म तँलाई यो कुरा बताउँछु: मैले भन्ने र गर्ने सबै कुरा, अनि आज मसित भएको हरेक कार्य, धारणा, सोच र योजना सबै पूर्ण रूपले सही छन्; तिनीहरूले मानिसको लागि कुनै आगामी सोचविचारको ठाउँ छोड्दैनन्। तिमीहरूले गर्नुपर्ने कुरा भनेको पछ्याउनु मात्र हो, अनि यसको बारेमा थप केही सोच्नु आवश्यक छैन भनेर किन मैले तिमीहरूलाई बारम्बार भन्ने गर्छु? यो यही कारणको निम्ति हो। के मैले यसलाई अझै स्पष्ट पारेको तिमीहरू चाहन्छौ?

तिमीहरूमाथि तिमीहरूका धारणाहरूको प्रभुत्व छ, तापनि तिमीहरू यो सोच्दैनौ कि यो तिमीहरू आफैले पर्याप्त प्रयास नगरेको कारणले हो। यसको साटो, तँ कारणहरूको निम्ति मलाई हेर्छस्, अनि मैले तँलाई अन्तर्दृष्टि दिएको छैन भनी भन्छस्। यो कस्तो किसिमको कुरा हो? तँ आफैले जिम्मेवारी लिँदैनस् अनि सधैँ मलाई गुनासो गरिरहन्छस्। यदि तैँले यसरी जारी राखेर कुनै मूल्य नचुकाई अघि बढिरहन्छस् भने तँलाई फ्याँकिनेछ! तिमीहरूलाई भयभीत पार्न म सारा दिन ठूलो कुरा गरेर हिँड्दिनँ। यो वास्तवमै तथ्य हो: म जे भन्छु, त्यो गर्छु। मेरा वचनहरूले मेरो मुख छोड्ने बित्तिकै, तिनीहरू तुरुन्तै पूरा हुन थाल्छन्। यसभन्दा अघि, मैले उच्चारण गरेको वचनहरू विस्तारै पूरा हुन्थे; अहिले कामकुराहरू फरक भए पनि उपरान्त ढिलो हुनेछैन। अझ स्पष्ट रूपले कुरा गर्दा, म उपरान्त बाध्य गर्दिनँ वा फुस्ल्याउँदिनँ; त्यसको साटोमा, म तिमीहरूलाई प्रेरित गर्छु अनि करमा पारिरहन्छु। अझ बढी स्पष्ट रूपले भन्दा, ती जसले गतिलाई कायम राख्छन्, तिनीहरूले यसो गर्नेछन् जबकि ती जसले गतिलाई कायम राख्न सक्दैनन्, अनि जो निरन्तर अघि

बढ्न सक्दैनन्, तिनीहरूलाई हटाइनेछ। मैले तिमीहरूलाई हरसम्भव प्रकारले धीरज भएर बोल्ने प्रयास गर्थें तर तिमीहरूले सुन्दै सुनेनौ। काम यो चरणसम्म जारी रहेको कारणले तिमीहरूले के गर्नेछौ? के तिमीहरूले साँच्चिकै आफ्नै इच्छापूर्ति गर्न जारी राख्नेछौ? त्यस्ता मानिसहरूलाई पूर्ण तुल्याउन सकिँदैन तर तिनीहरूलाई निश्चय नै मद्‌वारा हटाइनेछ!

## अध्याय ६५

मेरा वचनहरूले सधैँ तिमीहरूका कमजोरीहरूमा प्रहार गर्छन्, अर्थात्, तिनले तिमीहरूका घातक कमजोरीलाई औंल्याउँछन्; अन्यथा, अहिले समय कति भएको छ भन्ने थाहा नभएर, तिमीहरू अझै पनि अल्याङटल्याङ गरिरहेका हुनेथियौ। यो कुरा जान! तिमीहरूलाई मुक्ति दिन म प्रेमको मार्ग प्रयोग गर्छु। तिमीहरूले जे-जसरी काम गरे पनि, मैले स्वीकृति गरेका कुराहरूलाई म पूरा गर्नेछु, र कुनै पनि गल्तीहरू गर्नेछैन। के म, धर्मी सर्वशक्तिमान् परमेश्‍वरले गल्ती गर्न सक्छु? के त्यो मानवीय धारणा होइन र? मलाई भन: के मैले गर्ने र भन्ने सबै कुरा तिमीहरूकै खातिर होइनन् र? कतिपय मानिसहरूले नम्रताको साथ यसो भन्नेछन्, "हे परमेश्‍वर! तपाईंले गर्नुहुने हरेक कुरा हाम्रै लागि हुन्, तर तपाईं अनुरूप कसरी काम गर्ने हामीलाई थाहा छैन।" कस्तो अज्ञानता! तिमीहरू यति हदसम्म जान्छौ कि तिमीहरूलाई मसँग सहकार्य कसरी गर्ने सो समेत थाहा छैन भनी भन्छौ! यी सबै लाजमर्दो झूट हुन्! तिमीहरूले यस्ता कुराहरू व्यक्त गरेकाले, वास्तवमा किन तिमीहरूले देहलाई बारम्बार ध्यान दिन्छौ? तिमीहरूका वचनहरू असल सुनिन्छन्, तर तिमीहरूले सहज र रोचक तरिकाले काम गर्दैनौ। तिमीहरूले यो कुरा बुझ्नैपर्छ: आज म तिमीहरूबाट त्यति धेरै माग्दिनँ, न त मेरा मागहरू तिमीहरूको समझभन्दा बाहिर छन्; बरु, ती मानवले हासिल गर्न सक्ने कुरा हुन्। म तिमीहरूलाई अलिकति पनि कम ठान्दिन। के मलाई मानिसका क्षमताहरूको हदको बारेमा थाहा छैन र? मलाई यस बारेमा स्पष्ट थाहा छ।

मेरा वचनहरूले तिमीहरूलाई निरन्तर अन्तर्दृष्टि दिन्छ, तैपनि तिमीहरूको हृदय अत्यन्तै कठोर छन्, र तिमीहरूले आफ्नो आत्माभित्र मेरो इच्छालाई बुझ्न सक्दैनौ! मलाई भन: मैले तिमीहरूलाई कति पटक, भोजन, वस्त्र वा तिमीहरूको बाहिरी आकृतिमा ध्यान नदेऊ, तर तिमीहरूको भित्री जीवनलाई ध्यान देऊ भनेर याद गराएको छु? तिमीहरूले सुन्दै सुन्दैनौ। म बोल्दा-बोल्दा वाक्क भइसकेँ। के तिमीहरू यति अबुझ बनेका छौ? के तिमीहरू पूर्ण रूपमा चेतनासुन्य बनेका छौ? के मेरा वचनहरू व्यर्थमा बोलिएका छन् भन्ने लाग्छ? के मैले कुनै गल्ती बोलेँ? मेरा पुत्रहरू हो! मेरा उत्सुक अभिप्रायहरूलाई बुझ! तिमीहरूको जीवन परिपक्व भएपछि, तिमीहरूले उप्रान्त चिन्ता गर्नुपर्नेछैन, र सबै कुराको बन्दोवस्त गरिनेछ। अहिले यी कुराहरूमा ध्यान दिनुको कुनै महत्त्व छैन। मेरो राज्य पूर्ण रूपमा वास्तविक भइसकेको छ, र यो सार्वजनिक रूपमा पृथ्वीमा ओर्लिसकेको छ; यसले अझै बढी मेरो न्याय पूर्ण रूपमा आएको छ भन्ने कुरालाई जनाउँछ। के तिमीहरूले यसको अनुभव गरेका छौ? म तिमीहरूलाई न्याय गर्न मन पराउँदिन, तर तिमीहरूले मेरो हृदयलाई कुनै पनि हालतमा बुझ्दैनौ। तिमीहरूलाई निर्दयी न्यायको सट्टा निरन्तर

मेरो प्रेमको वास्ता र सुरक्षा दिइयोस् भन्ने मेरो इच्छा छ। के तिमीहरू न्याय गरिन इच्छुक छौ? होइन भने, किन तिमीहरू बारम्बार मेरो नजिक हुँदैनौ, मसँग सङ्गति गर्दैनौ, र मसँग संबद्ध हुँदैनौ? तैँले मसँग यति रूखो व्यवहार गर्छस्, तैपनि जब शैतानले तँलाई विचारहरू दिन्छ, ती तेरो आफ्नै इच्छाअनुसार छन् भनेर तँ उत्साहित हुन्छस्–तैपनि तँ मेरो खातिर केही पनि गर्दैनस्। के तँ सधैँ मलाई यति निर्दयीसाथ व्यवहार गर्ने इच्छा गर्छस्?

मैले तँलाई दिन नचाहेकोले होइन, तर तिमीहरू मूल्य चुकाउन तयार छैनौ। त्यसैले, तिमीहरूसँग केही पनि छैन, रित्तो हात छौ। के तिमीहरू पवित्र आत्माको कार्य कति छिटो अघि बढिरहेको छ भन्ने देख्दैनौ? के तिमीहरू मेरो हृदय चिन्ताले जल्छ भन्ने देख्दैनौ? म तिमीहरूलाई मसँग सहकार्य गर भनी भन्छु, तर तिमीहरू अनिच्छुक रहन्छौ। सबै किसिमका प्रकोपहरू एकपछि अर्को गरी आइपर्नेछन्; सबै राष्ट्रहरू र ठाउँहरूले विपत्तिहरू अनुभव गर्नेछन्: विपत्ति, अनिकाल, बाढी, खडेरी, र भूकम्प सबैतिर हुनेछन्। यी प्रकोपहरू एक वा दुई ठाउँहरूमा मात्र घट्नेछैनन्, न त यो एक वा दुई दिनमा सकिनेछन्; बरु, यी प्रकोपहरू अझ ठूला ठूला ठाउँहरूमा फैलिनेछन्, र अझ बढी कठोर हुँदै जानेछन्। यस समयावधिमा, सबै किसिमका किटजन्य विपत्तिहरू एकपछि अर्को गरी बढ्दै जानेछन्, नरभक्षी घटना जताततै हुनेछ। सबै राष्ट्रहरू र मानिसहरूमाथि यो मेरो न्याय हो। मेरा छोराहरू हो! तिमीहरूले विपत्तिहरूको पीडा वा कठिनाइ भोग्नु पर्दैन। मेरो यही चाहना छ, कि तिमीहरू चाँडै वयस्क बन, र सकेसम्म चाँडो तिमीहरूका काँधमा परेका बोझ उठाओ। तिमीहरू किन मेरो इच्छा बुझ्दैनौ? अगाडिको काम झन्-झन् कठिन हुँदैजानेछ। के तिमीहरूका हृदय यति कठोर छ कि तिमीहरू सबै काम मेरो हातभरि छोडेर, यो म आफैले कठिनाइसाथ गर्नका निम्ति मलाई छोडिदिन्छौ? म यसलाई अझ स्पष्ट रूपमा भन्छु: जसको जीवन परिपक्व हुन्छ तिनीहरू आश्रय स्थलमा प्रवेश गर्नेछन्, र कुनै पीडा वा कठिनाइ भोग्नेछैनन्। जसको जीवन परिपक्व भएको छैन तिनीहरूले पीडा र हानि भोग्नेछन्। मेरा वचनहरू स्पष्ट छन्, के ती छैनन् र?

मेरो नाउँ सबै दिशातिर र सबै स्थानमा फैलिनुपर्छ, यसैले कि सबैले मेरो पवित्र नाउँलाई चिन्न सकून् र मलाई चिन्न सकून्। अमेरिका, जापान, क्यानाडा, सिंगापूर, सोभियत रसिया, मकाउ, हङकङ र अन्य देशहरूका सबै क्षेत्रका मानिसहरू साँचो मार्गको खोजी गर्दै एकसाथ चीनमा भेला हुनेछन्। तिनीहरूलाई अघि नै मेरो नाउँको साक्षी दिइएको छ; अब तिमीहरू हरसम्भव चाँडो परिपक्व हुनु मात्र बाँकी छ, यसैले कि तिमीहरूले गोठालो बनेर उनीहरूलाई डोऱ्याउन सक। यसैले म भन्छु, कि गर्नुपर्ने काम अझ धेरै छ। विपत्ति सुरु हुँदा मेरो नाउँ व्यापक रूपमा प्रसारित हुनेछ, र यदि तिमीहरू होसियार भएनौ भने, तिमीहरूले आफ्नो आधिकारिक हिस्सा गुमाउनेछौ। के तँ डराउँदैनस्? मेरो नाउँ सबै धर्म, जीवनका सबै क्षेत्र, सबै जाति, र सबै सम्प्रदायमा फैलिनेछ। यो व्यवस्थित तरिकामा भइरहेको, नजिकबाट जोडिएको काम हो; यो सबै मेरो बुद्धिमानी व्यवस्थाद्वारा हुन्छ। म केवल यो इच्छा गर्दछु कि तिमीहरू मेरा पाइलाहरू नजिकबाट पछ्याउँदै प्रत्येक चरणको साथमा अगाडि बढ्न सक।

# अध्याय ६६

मेरो काम यो अवस्थासम्म जारी रहेको छ, अनि यी सबैले मेरा हातको बुद्धिमानी बन्दोबस्तहरूलाई पछ्याएको छ, र यो सबै मेरो ठूलो सफलताको रूपमा रहेको छ। मानिसजातिको माझमा कसले त्यस्तो कुरा गर्न सक्थ्यो? बरु मानिसहरूले मेरो व्यवस्थापनलाई हस्तक्षेप गर्छन् भन्ने कुरा साँचो होइन र? तथापि, तैँले के जान्नुपर्छ भने, मेरो साटोमा कसैले मेरो काम गर्न सक्दैन, यसलाई बाधा दिने त परको कुरा हो, किनकि मैले भन्ने र गर्ने कुराहरू गर्न सक्ने एउटै व्यक्ति पनि छैन। कुरा यो भए तापनि, मानिसहरूले अझै मलाई, म बुद्धिमान सर्वशक्तिमान् परमेश्वरलाई चिन्दैनन्! बाहिरी रूपले, तिमीहरूले मलाई खुल्लमखुल्ला विरोध गर्ने साहस नगरे तापनि, तिमीहरूको हृदय र तिमीहरूको मनमा, तिमीहरूले आफैलाई मेरो विरुद्धमा खडा गर्छौ। मूर्खहरू! म परमेश्वर मानिसको अन्तस्करणलाई नियाल्ने परमेश्वर हुँ भन्ने के तिमीहरूलाई थाहा छैन? के तेरो हरेक वचन र कामलाई म ध्यानपूर्वक हेर्छु भन्ने तँलाई थाहा छैन? म तँलाई यो भन्छु: मेरो ओठहरूबाट फेरि अन्यजातिका शब्दहरू उच्चारण गरिनेछैन। त्यसको साटोमा, मेरा सबै वचनहरू कठोर न्यायका वचनहरू हुन्, अनि तिमीहरूले त्यसलाई सहन सक्छौ कि सक्दैनौ भनी म हेर्नेछु। अबदेखि, जसको हृदय मेरो नजिक छैन—अर्थात्, जोसित मप्रति साँचो प्रेम छैन—तिनीहरू मलाई खुल्लमखुल्ला विरोध गर्नेहरू हुन्।

आज, पवित्र आत्माको काम यस्तो बिन्दुमा आएको छ कि जसमा पहिलेको विधि उपरान्त प्रयोग गरिनेछैन; त्यसको साटोमा, एउटा नयाँ विधि कार्यान्वयन गरिँदैछ। जसले मसित सकारात्मक र सक्रिय रूपले सहकार्य गर्दैनन्, तिनीहरू अधोलोकमा, मृत्युको अतल कुण्डमा खस्नेछन् (अनि यी मानिसहरूले सदाको निम्ति विनाश सहनेछन्)। नयाँ विधि यसप्रकार छ: यदि तेरो हृदय र मन ठीक छैन भने, तँमाथि तुरुन्तै मेरो न्याय आइपर्नेछ। यसमा संसार, धन, आफ्नो परिवार, श्रीमान्, श्रीमती, खानेकुरा, कपडा अनि त्यस्तै कुराहरूमा लिप्त हुने कार्य सम्मिलित हुन्छ, जुन आत्मिक क्षेत्रको भाग होइनन्। सन्तहरूको अन्तर्दृष्टि बढ्दो रूपमा प्रष्ट हुनेछ; भनाइको अर्थ, जीवनका भावनाहरू झन्-झन् बढी प्रष्ट हुनेछन्, अनि निरन्तर गतिमा रहनेछन्। जसले अलिकति मात्रै हस्तक्षेप गर्नेछ, त्यसले एउटा विनाशकारी ठक्कर खानेछ अनि जीवनको दौड-मैदानमा धेरै पछाडि पर्नेछ। जो उदासीन छन्, जसले भक्तिको साथ खोजी गर्दैनन्, म तिनीहरूलाई पूरै त्यागिदिनेछु, अनि म तिनीहरूलाई विनाअपवाद बेवास्ता गर्नेछु। तिनीहरूलाई हजार वर्षहरूसम्म विपत्तिहरूमा रहन बाध्य बनाइनेछन्। जोशिलो भएर खोजी गर्नेहरूलाई चाहिँ—भनाइको अर्थ, जसले सधैँ हस्तक्षेपहरू गरिरहन्छन्—म तिनीहरूको अज्ञानतालाई फ्याँकिदिनेछु र मप्रति वफादार बनाउनेछु। त्यसको अतिरिक्त, तिनीहरूसित बुद्धि र समझ हुनेछ, अनि त्यसद्वारा तिनीहरूले झन् ठूलो विश्वाससहित खोजी गर्नेछ। म मेरा सबै ज्येष्ठ पुत्रहरूलाई दोबर आशिष दिन्छु, अनि मेरो प्रेम सधैँ तिमीहरूमाथि आउँछ। म सधैँ तिमीहरूलाई देखरेख गरिरहन्छु र सुरक्षा गरिरहन्छु, अनि म तिमीहरूलाई शैतानको जालमा पर्न दिनेछैन। मैले मेरो काम सबै मानिसहरूको माझमा थाल्न गर्न सुरु गरेको छु; अर्थात्, मैले मेरो अर्को परियोजना थपेको छु। यिनीहरू हजार वर्षसम्म

ख्रीष्टलाई सेवा प्रदान गर्ने मानिसहरू हुन्, अनि धेरै संख्यामा मानिसहरू मेरो राज्यभित्र भीड लाग्नेछन्।

मेरा छोराहरू, तिमीहरूले आफ्नो तालीमलाई तीव्र बनाउनुपर्छ। तिमीहरूलाई धेरै कामले पर्खिरहेको छ, जुन तिमीहरूले गर्नुपर्छ र पूरा गर्नुपर्छ। म तिमीहरूले हतार गरेर परिपक्व भएको मात्र चाहना गर्छु, ताकि मैले तिमीहरूलाई सुम्पेको काम तिमीहरूले सिध्याउन सक। यो तिमीहरूको पवित्र उत्तरदायित्व हो, अनि यो तिमीहरू, अर्थात्, मेरा ज्येष्ठ पुत्रहरूले गर्नुपर्ने काम हो। तिमीहरू बाटोको अन्त्यसम्म नपुगेसम्म म तिमीहरूलाई रक्षा गर्नेछु, अनि म तिमीहरूलाई सुरक्षित राख्नेछु ताकि तिमीहरू मेरो साथ-साथ सदा परमानन्दमा रमाउन सक! तिमीहरूमध्ये हरेकसित यो तथ्यको अन्तर्ज्ञान हुनुपर्छ कि तिमीहरूलाई सिद्ध तुल्याउन मैले धेरै बलिदानहरू र धेरै वातावरणहरू व्यवस्थित गरेको छु। यी सबै मेरा आशिषहरू हुन् भनेर तिमीहरूलाई थाहा छ नि, छैन र? तिमीहरू सबै मेरा प्रिय छोराहरू हौ। जहिलेसम्म तिमीहरूले मलाई इमानदारीता पूर्वक प्रेम गर्छौ, म तिमीहरूमध्ये एउटैलाई पनि त्याग्नेछैन–यद्यपि यो तिमीहरूले मसित सामञ्जस्यतापूर्वक सहकार्य गर्न सक्छौ कि सक्दैनौ भन्ने कुरामा भर पर्छ।

## अध्याय ६७

मेरा पुत्रहरू खुलेआम र सबै मानिसहरूका सामने देखा पर्छन्। तिनीहरूलाई खुलेआम चुनौती दिन आँट गर्ने जोसुकैलाई म गम्भीर रूपमा सजाय दिनेछु; त्यो निश्चित छ। आज, खडा भएर मण्डलीलाई गोठाला गर्नेहरू सबैले ज्येष्ठ पुत्रको हैसियत पाउन सकेका छन्, र अहिले मसँग महिमामा छन्–जुन मेरा हुन् ती सबै तिमीहरूका पनि हुन्। ममा तत्परताको साथ समर्पित हुने सबैलाई म प्रशस्त अनुग्रह बर्साउनेछु, ताकि तँ अरू मानिसहरूको सामर्थ्यले उछिन्न नसक्ने गरी शक्तिशाली बन्न सक्। मेरो इच्छा यसको पूर्णतामा तिमीहरू, अर्थात् ज्येष्ठ पुत्रहरूकहाँ जान्छ, र म तिमीहरू चाँडोभन्दा चाँडो परिपक्व बन र मैले तिमीहरूलाई सुम्पेको काम समाप्त गर भन्ने मात्रै चाहना गर्छु। यो कुरा जान! मैले तिमीहरूलाई जुन कुरा सुम्पेको छु त्यो मेरो व्यवस्थापन योजनाको अन्तिम परियोजना हो। म तिमीहरूले मलाई आफ्नो सारा हृदय, मन, र शक्ति लगायत आफ्नो सम्पूर्णता मलाई सुम्प, र यसलाई मेरो निम्ति अर्पण गर भन्ने मात्रै आशा गर्छु। समयले साँच्चै कसैलाई पर्खँदैन, र कुनै व्यक्ति, घटना, वा थोकले मेरो कार्यलाई बाधा दिन सक्दैन। यो कुरा जान! हरेक चरणमा कुनै बाधाविना मेरो काम सहजताको साथ अघि बढ्छ।

मेरा पाइलाहरूले ब्रह्माण्ड र पृथ्वीका छेउहरूसम्म टेक्छन्, मेरा नजरहरूले हरेक व्यक्तिलाई निरन्तर जाँच गर्छन्, यसअलावा, म सम्पूर्ण ब्रम्हाण्डलाई नियाल्छु। मेरा वचनहरूले वास्तवमा ब्रह्माण्डको हरेक कुनामा काम गरिरहेका छन्। ज-जसले मेरो लागि सेवा नगर्ने आँट गर्छ, ज-जसले मप्रति बफादार नरहने आँट गर्छ, ज-जसले मेरो नाउँमाथि न्यायनिसाफ गर्ने आँट गर्छ, र ज-जसले मेरा छोराहरूको गाली-बेइज्जती र निन्दा गर्ने आँट गर्छन्–त्यस्ता कार्यहरू गर्न सक्नेहरू गम्भीर न्यायमार्फत गुज्रनैपर्छ। मेरो न्याय सम्पूर्ण रूपमा आउनेछ, यसको मतलब अहिले न्यायको

समय हो र सावधानीपूर्वक अवलोकन गर्‍यौ भने, तिमीहरूले मेरो न्याय पूरै ब्रह्माण्डभरि फैलिन्छ भन्ने देख्नेछौ। अवश्य नै, मेरो घरलाई पनि छुट हुनेछैन; मेरो न्याय तिनीहरूमाथि खनिनेछ जसका सोचविचार, वचन वा कार्यहरू मेरो इच्छाअनुरूपका छैनन्। यो कुरा बुझ! मेरो न्याय सम्पूर्ण ब्रह्माण्डप्रति लक्षित छ, केवल मानिसहरू वा अन्य कुराहरूको एक समूहप्रति मात्र लक्षित छैन। के तिमीहरूले यो कुरालाई महसुस गरेका छौ? यदि भित्र अन्तस्करणमा तँ आफ्ना सोचहरूमा मेरो बारेमा अन्योल वा विरोधाभासपूर्ण छस् भने, तँलाई तुरुन्तै आन्तरिक रूपमा न्याय गरिनेछ।

मेरा न्यायहरू सबै आकार र स्वरूपमा आउँछन्। यो कुरा जान! म यो ब्रह्माण्डरूपी संसारको अद्वितीय र बुद्धिमान परमेश्वर हुँ! मेरो शक्तिभन्दा बाहिर केही पनि छैन। मेरा सबै न्यायहरू तिमीहरूसमक्ष प्रकट गरिन्छन्। यदि तिमीहरू आफ्ना सोचहरूमा मेरो बारेमा अन्योल वा विरोधाभासपूर्ण छौ भने म तँलाई चेतावनीको रूपमा अन्तर्दृष्टि दिनेछु। यदि तैँले सुन्दैनस् भने, म तँलाई तुरुन्तै त्याग्नेछु (यसमा म मेरो नाउँमा शङ्का गर्ने कुरालाई होइन बरु दैहिक मोजमस्तीहरूसँग सम्बन्धित बाह्य व्यवहारको बारेमा कुरा गरिरहेको छु)। यदि मेरो बारेमा तेरा सोचहरू अवज्ञाकारी छन् भने, यदि तैँले मसँग गुनासो गर्छस् भने, यदि तैँले बारम्बार शैतानका विचारहरूलाई स्वीकार गर्छस् भने, र यदि तैँले जीवनका भावनाहरूलाई अनुसरण गर्दैनस् भने, तेरो आत्मा अन्धकारमा हुनेछ र तेरो देहले पीडा भोग्नेछ। तँ मेरो नजिक हुनुपर्छ। तैँले एक वा दुई दिनमा आफ्नो सामान्य अवस्थालाई पुनर्स्थापित गर्न सक्दैनस्, अनि तेरो जीवन हेर्दा-हेर्दै धेरै पछि पर्नेछ। जहाँसम्म आफ्ना बोलीहरूमा स्वच्छन्द रहेका व्यक्तिहरूको सवाल छ, म तिमीहरूको मुख र जिब्रोहरूलाई अनुशासनमा ल्याउँछु, र तिमीहरूका जिब्रोहरूलाई तह लगाउँछु। कार्यहरूमा अनियन्त्रित रूपमा स्वच्छन्द रहेका व्यक्तिहरूको हकमा, म तिमीहरूलाई तिमीहरूका आत्माहरूमा चेतावनी दिनेछु, र मेरो कुरा नसुन्नेहरूलाई गम्भीर सजाय दिनेछु। खुला रूपमा मेरो आलोचना गर्ने वा मलाई चुनौती दिनेहरूको सवालमा, म तिनीहरूलाई पूर्ण रूपमा निष्कासित गर्नेछु र त्याग्नेछु, तिनीहरूलाई नाश पार्नेछु र सर्वोच्च आशिष्‌हरू गुमाउने तुल्याउनेछु; चुनिएपछि निष्कासित हुनेहरू यिनीहरू नै हुन्। जो अज्ञानी छन्, तिनीहरू आफ्ना दृष्टिकोणहरूमा स्पष्ट नभएका व्यक्तिहरू भएकाले, म तिनीहरूलाई अन्तर्दृष्टि दिनेछु र मुक्ति दिनेछु; तथापि, सत्यता बुझेर पनि त्यसलाई अभ्यास नगर्नेहरूको हकमा, माथि उल्लेखित नियमहरूअनुरूप काम-कारबाही गरिनेछ, चाहे तिनीहरू अज्ञानी होऊन् वा नहोऊन्। सुरुदेखि नै पथभ्रष्ट अभिप्रायहरू भएका मानिसहरूको हकमा, म तिनीहरूलाई कहिल्यै पनि वास्तविकतामा पकड हासिल गर्न नसक्ने तुल्याउँछु, र अन्ततः तिनीहरूलाई एक-एक गरी हटाइनेछ। अहिले तिनीहरू मेरो बन्दोबस्तअन्तर्गत रहे पनि, एक जना पनि बाँकी रहनेछैन (किनभने म हतारमा काम गर्दिन, बरु व्यवस्थित तवरमा काम गर्छु)।

मेरो न्याय पूर्ण रूपमा प्रकट गरिएको छ; यसले आ-आफ्नो उचित स्थान लिनुपर्ने विभिन्न मानिसहरूलाई सम्बोधन गर्छ। म मानिसहरूले कुन-कुन नियमहरू उल्लंघन गरे भन्ने तथ्यबमोजिम तिनीहरूमाथि काम-कारबाही र न्याय गर्नेछु। जहाँसम्म यो नाउँमा नभएकाहरू र आखिरी दिनहरूका ख्रीष्टलाई स्वीकार नगर्नेहरूको सवाल छ, तिनीहरूको लागि एउटै मात्र नियम लागू हुन्छ: म मलाई

चुनौती दिनेहरूको आत्मा, प्राण र शरीरहरू तुरुन्तै लिनेछु र तिनीहरूलाई पातालमा फाल्नेछु; मलाई त्यसरी चुनौती नदिनेहरूको हकमा भने, म दोस्रो न्याय गर्नको लागि तिमीहरू परिपक्व भइञ्जेल प्रतीक्षा गर्नेछु। मेरा वचनहरूले सबै कुराहरू पूर्ण स्पष्टताका साथ बयान गर्छ, र कुनै पनि कुरा लुप्त रहेको छैन। तिमीहरूले तिनलाई सधैँभरि मनमस्तिष्कमा राख्न सक भन्ने मात्र मेरो आशा छ!

# अध्याय ६८

मेरो वचनलाई हरेक देश, ठाउँ, राष्ट्र र सम्प्रदायमा लागू गरिँदैछ, र यो कुनै पनि समय हरेक कुनामा पूरा भइरहेको छ। हरेक ठाउँमा हुने विपदहरू मानिसहरू बीचको लडाइँ होइन, न त ती हतियारहरूद्वारा लडिने युद्धहरू नै हुन्। त्यसपछि, युद्धहरू हुने छैनन्। सबै मेरो पकडभित्र छन्। सबैले मेरो न्यायको सामना गर्छन् र तिनीहरू विपत्तिमा शिथिल हुन्छन्। जो मेरो विरोध गर्छन्, साथै जो मसँग सहकार्य गर्न पहल गर्दैनन्, उनीहरू विभिन्न विपदको पीडा झेलून्; उनीहरू रोऊन् र सधैँको लागि अँध्यारोमा रहेर उनीहरू अन्तकालसम्म दाह्रा किटून्। तिनीहरू बाँच्दैनन्। म सोझो हिसाबले र स्फूर्तिसाथ काम गर्छु, र विगतमा तँ मप्रति कति बफादार थिइस् त्यस कुरामा कुनै ध्यान दिन्नँ; जबसम्म तँ मेरो विरोध गर्छस्, मेरो न्याय फैसलाको हातले तँमाथि कुनै विलम्ब नगरी—एक सेकेन्ड पनि होइन—कुनै कृपा नराखी तेज रूपमा क्रोध बर्साउनेछ। मैले सबैलाई भन्दै आइरहेको छु कि म आफ्नो वचनलाई पूरा गर्ने परमेश्‍वर हुँ गर्छु। मैले बोल्ने हरेक वचन पूरा गरिनेछ, र म तिमीहरूलाई ती प्रत्येक पूरा भएको देखाउनेछु। हरेक कुरामा वास्तविकता प्रवेश गराउनुको अर्थ यही हो।

ठूला विपदहरू पक्कै पनि मेरा सन्तान, मेरो प्रियजनहरूमाथि बर्सँदैन; म हरेक क्षण र हरेक सेकेन्ड मेरा सन्तानको रेखदेख गर्नेछु। तिमीहरूले पक्कै पनि यस प्रकारको कष्ट र पीडा सहनु पर्नेछैन। यसको साटो, मुख्य कुरा भनेको मैले मेरा सन्तानलाई सिद्ध पार्नु हो, र उनीहरूमा मेरो वचन पूरा गर्नु हो। परिणामस्वरूप, तिमीहरूले मेरो सर्वशक्तिमान्‌तालाई पहिचान गर्न सक्नेछौ, जीवनमा अगाडि बढ्न सक्नेछौ, मेरो लागि चाँडै काँधमा बोझ थाप्नेछौ, र मेरो व्यवस्थापन योजना पूरा गर्नेतर्फ आफूलाई पूर्णरूपमा समर्पण गर्नेछौ। तिमीहरू यसको कारणले प्रसन्नता र खुशीसाथ आनन्दित हुनुपर्छ। म तिमीहरूलाई सबै कुरा सुम्पनेछु, तिमीहरूलाई नियन्त्रण गर्न दिनेछु; म यो तिमीहरूको हातमा राख्नेछु। यदि एउटा छोराले आफ्नो पिताको सबै सम्पत्तिको उत्तराधिकार पाउँछ भन्ने कुरा सत्य हो भने, मेरा ज्येष्ठ पुत्रहरू, तिमीहरूका लागि यो झन् कति सत्य होला? तिमीहरू वास्तवमा धन्य छौ। ठूला विपदहरूबाट पीडित हुनुको साटो, तिमीले सधैँको लागि आनन्द लिनेछौ। कस्तो महिमा! कस्तो महिमा!

आफ्नो गति बढाऊ, र हरेक ठाउँमा हरेक समय मेरो पाइलाहरूलाई पछ्याऊ; पछाडि नपर। तिमीहरूको हृदयले मेरो हृदयलाई पछ्याऊन्, र तिमीहरूको मनले मेरो मनलाई पछ्याऊन्। मसँग सहकार्य गर, र हृदय र मनमा एक बन। मसँग खाऊ, मसँग बस, र मसँग आनन्द लेऊ। आनन्द

लिन र प्राप्त गर्नको लागि तिमीहरूका लागि अद्‌भुत आशिषहरूले प्रतीक्षा गरिरहेका छन्। यस्तो अतुलनीय प्रशस्तता मभित्र विद्‌यमान छ। यसको थोरै भाग पनि अरू कसैको लागि तयार गरिएको छैन; म यो पूर्णरूपमा मेरा सन्तानको लागि गर्छु।

वर्तमानमा, मेरो मनमा जे छ त्यो पूरा हुनेछ। जब म तिमीहरूसँग कुरा गरिसक्नेछु, त्यो बेलासम्म ती कुराहरू पहिले नै पूरा भैसकेका हुनेछन्। काम वास्तवमा त्यति छिटो अघि बढ्छ र हरेक पल यो बदलिरहन्छ। यदि तिमीहरूको ध्यान एक पलको लागि मात्र पनि भड्किन्छ भने, केन्द्रबाट बाहिरिने काम हुनेछ, र तिमीहरूलाई धेरै पर फ्यालिनेछ, यसरी तिमी यो प्रवाहबाट बाहिर जानेछौ। यदि तिमीहरूले मनैदेखि खोज्दैनौ भने, तिमीले मेरो कष्टपूर्ण प्रयास खेर जाने बनाउनेछौ। भविष्यमा विभिन्न मुलुकहरूका मानिसहरूले कुनै पनि समय भीड गर्नेछन्: तिमीहरूको हालको स्तरमा, के तिमीहरूले उनीहरूलाई नेतृत्व गर्न सक्नेछौ? म मेरो आज्ञा पूरा गर्न यो छोटो समयावधि भित्रै राम्रो सिपाहीहरू बन्न म तिमीहरूलाई पूर्ण रूपमा तालिम दिनेछु। तिमीहरूले सबै पक्षहरूमा मेरो नामलाई महिमित तुल्याऊ, र मेरो लागि अद्‌भुत साक्षीहरू बन भन्ने म चाहन्छु। जसले उनीहरूलाई तिरस्कार गरेका थिए, तिनीहरूलाई नै नेतृत्व गर्न र उनीहरूमाथि शासन गर्नका लागि उनीहरू तिनीहरूभन्दा माथि खडा होऊन्। के तिमीहरूले मेरो अभिप्रायहरू बुझ्छौ? के तिमीहरूले मैले गरेको कष्टपूर्ण प्रयासहरूलाई महसुस गरेका छौ? म यो सबै तिमीहरूको लागि गर्छु। यो केवल यो कुरामा निर्भर हुन्छ कि तिमीहरू मेरो आशिषहरूको आनन्द लिन सक्षम छौ वा छैनौ।

म, परमेश्‍वर जो मानवताको मन र हृदय खोजी गर्दछु, पृथ्वीको अन्तसम्म यात्रा गर्छु। कसले मेरो लागि सेवा गर्ने हिम्मत गर्दैन? सबै मुलुकहरू बीचको तनाव धेरै उच्च छ, र तिनीहरू तिक्ततापूर्ण तरिकाले संघर्ष गर्दछन्; तथापि अन्तमा उनीहरू मेरो पकडबाट भाग्न सक्दैनन्। म पक्कै पनि उनीहरूलाई सजिलै छोड्नेछैन। म उनीहरूलाई उनीहरूको कार्य, सांसारिक हैसियतहरू र सांसारिक सुखभोग अनुसार नै एक-एक गरी न्याय फैसलाको कसीमा ल्याउनेछु। म कसैलाई पनि छोड्नेछैन। मेरो क्रोध प्रकट हुन सुरु भएको छ, र यो सबै उनीहरूमाथि बर्सिनेछ। सबै एक-एक गरी उनीहरूमा नै पूरा हुनेछ, र उनीहरूले नै यो सबै उनीहरूमाथि ल्याएका हुनेछन्। जो मानिसहरू मेरो बारेमा जान्न असफल भए वा विगतमा मलाई घृणा गर्थे, तिनीहरूले अब मेरो न्यायको सामना गर्नेछन्। जसले मेरा सन्तानलाई सताएका छन्, म उनीहरूलाई उनीहरूको विगतको बोली र कार्यहरूको लागि खास सजाय दिनेछु। म बच्चाहरूलाई पनि छोड्नेछैन; यी सबै मानिसहरू शैतानका दूत हुन्। उनीहरूले केही नभने व नगरे पनि, यदि उनीहरूले भित्र मनमा मेरा सन्तानका लागि घृणा पाल्छन् भने, म उनीहरूमध्ये एउटालाई पनि छोड्नेछैन। म उनीहरू सबैलाई देखाउनेछु कि हामी-मानिसहरूको यो समूहले नै-आज शासन गर्छौं र सत्तामा पकड राख्छौं; यो पक्कै पनि उनीहरू होइनन्। यस कारणले, यो अझै धेरै महत्त्वपूर्ण छ कि तिमीहरूले मेरो लागि आफ्नो पूरै शक्ति समर्पित गर र आफूलाई मनैदेखि खर्च गर, ताकि तिमीहरूले हरेक ठाउँ, कुना, धर्म र सम्प्रदायमा मेरो नामलाई महिमित गर्न सक र मेरो नामको साक्षी दिन सक, र सम्पूर्ण ब्रह्‍माण्ड र पृथ्वीको पल्लो छेउसम्म यसलाई फैलाउन सक!

# अध्याय ६९

जब मेरो इच्छा जारी हुन्छ, तब ज-जसले विरोध गर्ने साहस गर्छ अनि ज-जसले न्याय र शङ्का गर्ने साहस गर्छ, तिनीहरूलाई म तुरुन्तै छाँट्नेछु। आज, ज-जसले मेरो इच्छाअनुसार काम गर्दैन वा ज-जसले मेरो इच्छालाई गलत रूपले बुझ्छन्, तिनीहरूलाई मेरो राज्यबाट हटाइनुपर्छ र फ्याँकिनुपर्छ। मेरो राज्यमा अरू कोही पनि छैनन्, सबै मेरा पुत्रहरू हुन्–ती मानिसहरू जसलाई म प्रेम गर्छु अनि जसले मलाई वास्ता गर्छन्। यसको अतिरिक्त, तिनीहरू मेरो वचनअनुसार काम गर्ने अनि सबै जातिहरू र मानिसहरूलाई मेरो पक्षमा न्याय गर्ने शक्तिमा राज्य गर्न सक्छन्। यसको साथै, तिनीहरू ज्येष्ठ पुत्रहरू हुन्, जो निर्दोष र जीवन्त छन्, सरल र खुला छन्, अनि इमान्दार र बुद्धिमान दुवै छन्। मेरो इच्छा तिमीहरूमा पूरा हुन्छ, अनि जुन कुरा गर्न म चाहन्छु, त्यो तिमीहरूमा कुनै गल्तीविना, पूर्ण रूपमा खुला र प्रकट भएको अवस्थामा पूरा हुन्छ। गलत अभिप्राय र उद्देश्यहरू भएकाहरूलाई, मैले परित्याग गर्न सुरु गरेको छु, अनि म तिनीहरूलाई एक-एक गरेर ढल्ने तुल्याउनेछु। म तिनीहरूलाई एक-एक गरेर त्यस बिन्दुसम्म नष्ट गर्नेछु कि तिनीहरू बाँच्न सक्दैनन्–अनि यसले तिनीहरूको आत्मा, तिनीहरू प्राण र तिनीहरूको शरीरलाई जनाउँछ।

मेरा हातका क्रियाहरूलाई बुझ–गरिबलाई सहायता गर्नु, मलाई प्रेम गर्नेहरूलाई वास्ता र सुरक्षा गर्नु, अज्ञानी र जोशिलाहरूलाई बचाउनु जसले मेरो व्यवस्थापनलाई हस्तक्षेप गर्दैनन्, मलाई विरोध गर्नेहरूलाई अनि जसले मसित सक्रिय रूपले सहकार्य गर्दैनन्, तिनीहरूलाई दण्ड दिनु–यी सबै कुराहरू मेरो वाणीहरूअनुसार एक-एक गरेर पुष्टि गरिनेछन्। के तँ मलाई साँचो रूपमा प्रेम गर्ने व्यक्ति होस्? के तँ मेरो निम्ति आफैलाई विश्वासयोग्य ढङ्गले समर्पित गर्ने व्यक्ति होस्? के तँ मेरो वचनलाई ध्यान दिने र त्यसअनुसार काम गर्ने व्यक्ति होस्? के तँ मेरो विरुद्धको व्यक्ति होस् वा के तँ मेरो अनुरूपको व्यक्ति होस्? हृदयको गहिराईमा, के तँसित यी कुराहरूको बारेमा स्पष्ट ज्ञान छ? के मैले भनेको हरेक कुराको बारेमा तैँले उत्तर दिन सक्छस्? यदि तैँले उत्तर दिन सक्दैनस् भने, तँ उत्साहका साथ खोजी गर्ने व्यक्ति होइन तर मेरो इच्छालाई नबुझ्ने व्यक्ति होस्। त्यस्ता मानिसहरूले सजिलै मेरो व्यवस्थापनलाई हस्तक्षेप गर्नेछन् र मेरो इच्छालाई गलत प्रकारले बुझ्नेछन्। यदि तिनीहरूसित एक क्षणको लागि पनि गलत अभिप्राय छ भने तिनीहरू मेरो छँटाइ र विनाशमा रहनेछन्।

ममा अन्त्यहीन रहस्यहरू छन्, जुन अथाह छन्। म मेरो योजनाअनुसार मानिसहरूलाई ती एक-एक गरेर प्रकट गरिदिनेछु। अर्थात्, म ती मेरा ज्येष्ठ पुत्रहरूलाई प्रकट गरिदिनेछु। अविश्वासीहरू र मलाई विरोध गर्नेहरूलाई म तिनीहरूकै चालमा जानदिनेछु; तैपनि, अन्त्यमा, मैले तिनीहरूलाई म नै प्रताप र न्याय हुँ भन्ने कुरा बुझाउनुपर्छ। आजका अविश्वासीहरूसित तिनीहरूको आँखाको सामु जे हुन्छ, त्यसको मात्र ज्ञान हुन्छ, तापनि तिनीहरूले मेरो इच्छालाई जान्दैनन्। मेरा छोराहरूले–जसलाई म प्रेम गर्दछु–मात्र मेरो इच्छालाई जान्दछन् र बुझ्दछन्। मेरा छोराहरूका निम्ति, म खुल्लमखुल्ला प्रकट भएको छु; शैतानको निम्ति, म प्रताप र न्याय हुँ,

अनि म लुकेको छँदै छैन। आजभोलि, केवल मेरा ज्येष्ठ पुत्रहरू मात्रै मेरो इच्छालाई जान्न योग्य छन्; अरू कोही पनि योग्यका छैनन्–अनि मैले सृष्टिअगावै यो सबै कुरालाई पूर्वव्यवस्थित गरेको थिएँ। सुरुमा, कसले आशिष पाउनेछन्, अनि कसले कोर्रा खानेछन् भनी मैले उचित रूपले व्यवस्थित गरेँ; म यसको बारेमा स्पष्ट थिएँ अनि आज यो पूर्ण रूपले प्रकट भएको छ: आशिषितहरूले आफ्ना आशिषहरूको आनन्द लिन सुरु गरिसकेका छन्, जबकि कोर्रा लगाइनेहरूले विपत्ति भोग्न सुरु गरिसकेका छन्। कोर्रा खान नचाहनेहरूले खानेछन् नै, किनकि यो मैले नै नियुक्त गरेँ, अनि मेरो प्रशासनिक आदेशहरूको हातहरूले नै यो व्यवस्थित गरेको हो। ठ्याक्कै, कस्तो प्रकारको व्यक्ति आशिषित हुन्छ, अनि कस्तो प्रकारको मानिसले कोर्रा खान्छ? मैले यी कुराहरू प्रकट गरिसकेको छु; यो तिमीहरूको निम्ति रहस्य होइन, बरु यो पूरै प्रकट भएको छ: मलाई स्वीकार गर्ने तर गलत अभिप्राय भएकाहरू; मलाई स्वीकार त गर्ने तर मलाई खोजी नगर्ने; मलाई चिन्ने तर ममा समर्पित नहुने, मलाई छल गर्न कुटिलता र धोकामा तल्लीन हुनेहरू; मेरा वचनहरू पढ्ने तर नकारात्मकता ओकल्नेहरू, अनि आफैलाई नचिन्नेहरू, आफू के हुँ भनेर नजान्नेहरू, आफैलाई महान् ठान्नेहरू, अनि आफू परिपक्वतामा पुगिसकेको छु भनी ठान्नेहरू (शैतानको उदाहरण)–त्यस्ता सबै व्यक्तिहरू कोर्राका पात्रहरू हुन्। मलाई स्वीकार गर्नेहरू अनि मेरो खातिर अभिप्राय बोक्नेहरू (अनि, यदि तिनीहरूले हस्तक्षेप गरे भने, म तिनीहरूका अपराधहरू सम्झनेछैन–तर तिनीहरूको अभिप्रायहरू ठीक हुनैपर्छ, अनि तिनीहरू सधैँ सचेत, होशियार हुनुपर्छ, स्वच्छन्द होइन; र तिनीहरूले सधैँ मेरो कुरा सुन्ने र मेरो अधीनमा रहने इच्छा राखिराख्नुपर्छ); शुद्धहरू; खुला मन भएकाहरू; इमानदारहरू; कुनै व्यक्ति, वस्तु वा मामलाद्वारा नियन्त्रित नहुनेहरू; र जीवनमा परिपक्व भए पनि हेर्दा बालक जस्तो देखिनेहरू–यिनीहरू नै मेरा प्रियहरू हुन्, मेरा आशिषका पात्रहरू हुन्। अहिले, तिमीहरू हरेकले तिमीहरूको अवस्थाअनुसार आफ्नो स्थान लिनुपर्छ। यसको साथै, तँ आशिषित होस् कि कोर्रा लगाइने होस् भनी तैँले जान्नेछस्; मैले यसलाई स्पष्ट भन्नु खाँचो छैन। आशिषितहरू आनन्दित हुनुपर्छ र खुशी हुनुपर्छ, जबकि कोर्रा भोग्नुपर्नेहरू व्याकुल हुनु हुँदैन। दुवै मेरो हातद्वारा मिलाइएका हुन्, यद्यपि म त्यसको दोषी होइन: यो मसित तिमीहरूको आफ्नै सक्रिय सहकार्यको अभाव, साथै म मानिसको अन्तस्करणलाई खोजी गर्ने परमेश्वर हुँ भनी बुझ्ने कार्यमा तिमीहरूको असफलता हो। मैले पहिले नै निर्धारित गरेको कुरा यही हो, अनि तैँले आफैलाई तेरो क्षुद्र छलकपटले हानि गरेको छस्; तैँले यो आफैमाथि ल्याइस्! तँ अधोलोकमा खस्नु भनेको तँलाई दुर्व्यवहार गरिएको होइन्! यो तेरो अन्त्य हो: यो तेरो परिणाम हो!

ज्येष्ठ पुत्रहरू धन्यका हुन्! झट्टै उठ र आनन्द मनाओ! झट्टै उठ र प्रशंसा देओ! आजदेखि, कुनै तीतोपना हुनेछैन अनि कुनै कष्ट हुनेछैन; सबै थोक हाम्रो हातमा छन्। जसका विचारहरू मसित सामञ्जस्यमा छन्, त्यो मैले प्रेम गर्ने व्यक्ति हो, अनि त्यसले कुनै विपत्ति भोग्नुपर्ने छैन। तेरो हृदयको इच्छा जेसुकै भएतापनि, म त्यसलाई पूरा गर्नेछु (यद्यपि, यो स्वेच्छाचारी हुन सक्दैन); यो मेरो कार्य हो।

# अध्याय ७०

मेरा रहस्यहरू प्रकट भएका छन् र खुला रूपमा प्रदर्शित भएका छन्, र अब लुकेका छैनन्, यो सबै पूर्ण रूपमा मेरो अनुग्रह र कृपाको कारणले भएको हो। यसबाहेक, मेरो वचन मानिसहरूमाझ देखा परेको छ, र यसलाई अब फेरि गुप्त राखिएको छैन, यो पनि मेरो अनुग्रह र कृपाको कारणले भएको हो। म ती सबैलाई प्रेम गर्दछु जसले इमानदारीसाथ आफैलाई मेरो निम्ति समर्पित गर्छन्, र आफैलाई ममा अर्पण गर्छन्। मबाट जन्मेर, पनि मलाई नचिन्ने र मेरो विरोध समेत गर्ने सबैलाई म घृणा गर्छु। जो मेरो लागि इमानदार छ म उसलाई त्याग्नेछैनँ; बरु, म त्यो व्यक्तिका आशिषहरू दोबर गरिदिनेछु। जो अकृतज्ञ छन् र मेरो दयालाई उल्लङ्घन गर्दछन् म तिनीहरूलाई दोबर दण्ड दिनेछु, र म तिनीहरूलाई सजिलै छोड्नेछैनँ। मेरो राज्यमा कुनै कुटिलता वा छलकपट छैन, र कुनै सांसारिकता छैन; अर्थात्, त्यहाँ मृतकको कुनै दुर्गन्ध छैन। बरु, सबै विशुद्धता र धार्मिकता छन्; सबै शुद्धता र खुलापन छ, जसमा कुनै कुरा लुकाइएको वा गुप्त राखिएको छैन। सबै कुरा ताजा छन्, सबै थोक रमाइला छन्, र सबै थोक सुधार गर्ने किसिमका छन्। जो कसैसित अझै पनि मृतकको दुर्गन्ध छ त्यो कुनै पनि प्रकारले मेरो राज्यमा रहन सक्दैन, र यसको सट्टामा मेरो फलामको डन्डाले त्योमाथि शासन गरिनेछ। अनादिकालदेखि अहिलेको दिनसम्म सबै अन्त्यहीन रहस्यहरूलाई तिमीहरूको लागि अर्थात् आखिरी दिनहरूमा मद्वारा प्राप्त गरिने मानसिहरूको समूहको लागि पूर्ण रूपमा प्रकट गरिएको छ। के तँ आशिषित महसुस गर्दैनस्? यसको साथै, सबै कुराहरू खुल्लमखुल्ला प्रकट गरिने ती दिनहरू तिमीहरूले मेरो शासनमा साझेदारी गर्ने दिनहरू हुनेछन्।

मानिसहरूको जुन समूहले साँच्चै राजाहरूको रूपमा शासन गर्छन् तिनीहरू मेरो पूर्वनिर्धारति गन्तव्य र छनौटमा निर्भर गर्दछ, र यसमा मानवीय इच्छा रत्तिभर पनि छैन। यसमा भाग लिन हिम्मत गर्ने जोकोहीले मेरो हातको प्रहार सहनुपर्नेछ, र त्यस्ता मानिसहरू मेरो दन्किरहेको आगोमा पर्ने वस्तुहरू हुनेछन्; यो मेरो धार्मिकता र महिमाको अर्को पक्ष हो। मैले भनेको छु, म सबै कुरामाथि शासन गर्दछु, म त्यो बुद्धिमान् परमेश्‍वर हुँ जसले पूर्ण अख्तियार प्रयोग गर्दछ, र म कसैप्रति दयालु छैनँ; म पूर्ण रूपमा निष्ठुर छु, व्यक्तिगत भावनाहरूबाट पूर्ण रूपमा वञ्चित छु। म जोसुकैसँग (चाहे ऊ जत्ति नै राम्ररी बोलोस्, म उसलाई छोड्ने छैनँ) मेरो धार्मिकता, शुद्धता र प्रतापद्वारा व्यवहार गर्दछु, यस अवधिमा सबैलाई मेरा कामहरूको चमत्कार देख्न सक्ने, साथै मेरा कामहरूको अर्थ बुझ्न सक्ने तुल्याउँछु। मैले एक-एक गरी दुष्टात्माहरूलाई तिनीहरूले गरेका हरप्रकारका कार्यहरूका लागि दण्ड दिएँ र तिनीहरू प्रत्येकलाई अतल कुण्डमा फ्याँकिदिएँ। यो काम मैले समय सुरु हुनुभन्दा अघि समाप्त गरें, तिनीहरूको निम्ति कुनै स्थिति छोडिनँ, तिनीहरूका निम्ति काम गर्ने कुनै ठाउँ छोडिनँ। मेरो चुनिएका मानिसहरू–मद्वारा पूर्वनिर्धारण गरिएकाहरू र छनौट गरिएकाहरू–कोही पनि कहिल्यै दुष्टात्माद्वारा ग्रस्त हुन सक्दैन, र त्यस्तो सट्टामा, तिनीहरू सधैँ पवित्र रहनेछन्। मैले पूर्वनिर्धारण नगरेका र नचुनेकाहरूलाई चाहिँ म शैतानको हातमा दिनेछु, र तिनीहरूलाई उप्रान्त रहन दिनेछैनँ। सबै पक्षहरूमा, मेरो प्रशासनिक आदेशहरूमा

मेरो धार्मिकता र मेरो प्रताप सम्मिलित छन्। जस-जसमा शैतानले काम गर्दछ तिनीहरू एकै जनालाई पनि म छोड्नेछैनँ, तर तिनीहरूका शरीरसितै तिनीहरूलाई पातालमा फालिदिनेछु, किनकि म शैतानलाई घृणा गर्दछु। म कुनै पनि प्रकारले त्यसलाई सजिलै बचाउनेछैन, तर त्यसलाई आफ्नो काम गर्ने थोरै मौका समेत नदिइकन पूर्ण रूपमा नाश पार्नेछु। शैतानले केही हदसम्म भ्रष्ट बनाएका व्यक्तिहरू (अर्थात्, विपत्तिमा पर्ने मानिसहरू) मेरो आफ्नै हातको बुद्धिमत्तापूर्ण व्यवस्थापनअन्तर्गत हुन्छन्। यो शैतानको उग्र क्रोधको परिणाम हो भन्ने नसोच्; यो जान् कि म सर्वशक्तिमान् परमेश्वर हुँ, जसले ब्रह्माण्ड र सबै थोकमाथि शासन गर्छ! मैले समाधान गर्न नसक्ने समस्याहरू कुनै पनि छैन, मैले पूरा गर्न नसक्ने काम वा मैल बोल्न नसक्ने कुनै शब्द हुनु त झन् परै जओस्। मानिसले मेरो सल्लाहकारको काम गर्नु हुँदैन। होसियार हो, मेरा हातको प्रहार परी पातालमा खस्लास्। म तँलाई भन्छु! आज मसँग ज-जसले सक्रिय रूपमा सहयोग गर्दैछन् उनीहरू बुद्धिमान् हुन्, र उनीहरू हानि हुनबाट जोगिनेछन् र न्यायको कष्टबाट बच्नेछन्। यी सबै मैले पूर्वनिर्धारण गरेका मेरा प्रबन्धहरू हुन्। आफूलाई अति नै महान् सम्झेर कुनै अविवेकी टिप्पणी नगर् र ठूला-ठूला कुराहरू नगर्। के यो सबै मेरो पूर्वनिर्धारणद्वारा भएका होइनन् र? तँ जो मेरो सल्लाहकार हुन खोज्छस्, तलाईं कुनै सरम नै छैन! तँलाई आफ्नो कद नै थाहा छैन; तँलाई के थाहा यो कति दयनीय रूपमा सानो छ! तैपनि, तँ यो कुनै ठूलो कुरा होइन भनी सोच्छस्, र आफैलाई चिन्दैनस्। बारम्बार, तँ मेरा वचनहरू सुन्न इन्कार गर्छस्, र त्यसरी मेरा कडा मेहनतहरूलाई व्यर्थ बनाउँछस् र ती मेरो अनुग्रह र दयाका अभिव्यक्ति हुन् भनी महसुस नै गर्दैनस्। बरु, तँ बारम्बार आफ्नो चलाखी देखाउने कोसिस गर्छस्। के यो कुरा तँलाई याद छ? आफूलाई त्यति चलाख ठान्ने मानिसहरूले कस्तो दण्ड पाउनुपर्छ? मेरा वचनहरूप्रति उदासीन र अविश्वसनीय रहने, र ती वचनहरूलाई आफ्नो हृदयमा नराख्ने, तिमीहरूले यो अनि त्यो गर्न मलाई एउटा बहानाको रूपमा प्रयोग गर्छौ। दुष्कर्मीहरू! तिमीहरू कहिले मेरो हृदयलाई पूर्ण रूपमा विचार गर्न सक्ने हुनेछौ? तिमीहरू यसबारेमा कुनै विचार नै गर्दैनौ, त्यसैले तिमीहरू "दुष्कर्मीहरू" भन्नु तिमीहरूलाई दुर्व्यवहार गर्नु होइन। यो तिमीहरूलाई एकदमै सुहाउँछ!

कुनै बेला लुकेर रहेका कुराहरूलाई एक-एक गरी आज म तिमीहरूलाई देखाउँदैछु। त्यो ठूलो रातो अजिङ्गर अतल कुण्डमा फालिएको छ र पूर्ण रूपमा नाश पारिएको छ, किनकि त्यसलाई राख्नु कुनै फाइदा छैन; यसको अर्थ, त्यसले ख्रीष्टको सेवा गर्न सक्दैन। यस दिनपछि, राता चीजहरूको कुनै अस्तित्व रहनेछैन; तिनीहरू खिइँदै बिस्तारै नाश हुनेछन्। म जे भन्छु त्यो गर्छु; मानवीय धारणाहरूलाई फाल्; मैले भनेका सबै कुरा मैले गरेको छु। जसले चतुर हुने कोसिस गर्छ उसले आफैमाथि विनाश र घृणा ल्याउँछ, र ऊ जिउन चाहँदैन। त्यसकारण, म तँलाई सन्तुष्ट पार्नेछु, र निश्चित रूपमा त्यस्ता मानिसहरूलाई राख्नेछैन। अबउप्रान्त जनसङ्ख्या सर्वोत्तम रूपमा वृद्धि हुनेछ, तर मसँग सक्रिय सहकार्य नगर्ने सबैलाई बढारेर शून्यतामा पुऱ्याइनेछ। मैले स्वीकृति दिएका व्यक्तिहरू तिनीहरू हुन् जसलाई म सिद्ध पार्नेछु, र म तिनीहरूमध्ये एक जनालाई पनि फाल्नेछैन। मैले भनेको कुरामा कुनै विरोधाभासहरू छैनन्। जसले मसँग सक्रिय सहकार्य गर्दैनन् तिनीहरूले अझ बढी सजाय भोग्नुपर्नेछ, तैपनि अन्त्यमा, म तिनीहरूलाई अवश्य नै मुक्ति दिनेछु।

तैपनि त्यतिन्जेलसम्ममा, तिनीहरूको जीवनको हद अति नै फरक हुनेछ। के तँ त्यस्तो व्यक्ति बन्न चाहन्छस्? उठ् र मसँग सहकार्य गर्! मेरो लागि आफूलाई अर्पित गर्नेहरूसित निश्चय पनि म तुच्छ व्यवहार गर्नेछैन। ज-जसले गम्भीरतासाथ आफैलाई ममा समर्पण गर्छन् तिनीहरूलाई म मेरा सबै आशिष्हरू प्रदान गर्नेछु। आफैलाई पूर्ण रूपमा ममा अर्पण गर्! तँ जे खान्छस्, तँ जे लगाउँछस्, र तेरो भविष्य सबै मेरो हातमा छ; म सबै कुराको उचित व्यवस्था गर्नेछु ताकि तैँले अनन्त आनन्द पाउन सक्, जुन तैँले प्रयोग गरेर कहिल्यै समाप्त गर्न सक्नेछैनस्। किनकि मैले भनेको छु, "मेरो लागि इमानदारपूर्वक खर्चिनेहरूलाई म अवश्य नै धेरै आशिष् दिनेछु।" मेरो निम्ति आफैलाई इमानदारीसाथ अर्पण गर्ने प्रत्येक व्यक्तिलाई सबै आशिष्हरू प्राप्त हुनेछन्।

## अध्याय ७१

मैले पूर्ण रूपले आफैलाई तिमीहरू सबैमा प्रकट गरिदिएको छु, तर किन तिमीहरूले मेरा वचनहरू तिमीहरूको सारा हृदय र प्राणले मनन गर्न सक्दैनौ? किन तिमीहरू मेरा वचनहरूलाई फोहोर-मैलाको रूपमा लिन्छौ? के मैले भन्ने कुरा गलत हो र? के मेरा वचनहरूले तिमीहरूको कमीकमजोरीहरूलाई प्रहार गरेको छ? तिमीहरूले निरन्तर ढिलाइ गरिरहेका छौ र हिचकिचाइरहेका छौ। किन तिमीहरू यस प्रकारले काम गर्छौ? के मैले स्पष्ट रूपले बोलेको छैन र? मैले धेरै पल्ट भनेको छु, मेरा वचनहरूलाई होशियारीपूर्वक मनन गरिनुपर्छ, अनि तिमीहरूले त्यसलाई नजिकबाट ध्यान दिनुपर्छ। के तिमीहरूमध्ये कोही आज्ञाकारी र समर्पित छोराछोरीहरू हौ? के मेरा वचनहरू व्यर्थमा गएका छन्? के त्यसले कुनै प्रभाव परेको छैन? तेरो कति भाग मेरो इच्छाअनुरूप छ? यदि, एक क्षणको लागि, म तँसित बोलिनँ भने, तँ स्वच्छन्द र अनियन्त्रित हुनेछस्। यदि मैले स्पष्टसित तैँले कसरी चल्नु र बोल्नुपर्ने हो भनी बताइनँ भने, तेरो हृदयको गहिराइमा यसको बारेमा तँलाई केही थाहा हुँदैनथियो भन्ने हुनसक्छ? म तँलाई बताउँछु! हानि सहने त्यो हो जो अनाज्ञाकारी हुन्छ, जो अधीनमा रहँदैन, अनि जसले मूर्खतापूर्ण विश्वास गर्छ! मैले भनेको कुरालाई ध्यान नदिनेहरू अनि विवरणहरूलाई बुझ्न नसक्नेहरूले मेरा अभिप्रायहरूलाई बुझ्न सक्नेछैनन्, न त तिनीहरूले मेरो सेवा नै गर्न सक्नेछन्। यस्ता मानिसहरूलाई म निराकरण गर्नेछु, अनि तिनीहरूले मेरो न्यायको सामना गर्नेछन्। विवरणहरू नबुझ्नु भनेको अत्यन्तै धृष्ट हुनु, साथै जानी-जानी दुःसाहसी हुनु हो; त्यसकारण, म त्यस्ता मानिसहरूलाई घृणा गर्नेछु, अनि तिनीहरूसित सहजतापूर्वक व्यवहार गर्नेछैन। म तिनीहरूलाई कुनै कृपा देखाउनेछैन; म तिनीहरूलाई केवल मेरो प्रताप र न्याय मात्रै देखाउनेछु। त्यसैले, तैँले अझै मलाई धोका दिने साहस गर्छस् कि हेर्। म मानव हृदयको अन्तस्करणको गहिराइलाई जाँच्ने परमेश्वर हुँ। यो कुरा सबैको निम्ति स्पष्ट हुनुपर्छ; नत्रभने, तिनीहरूले गैरजिम्मेवार तरिकाले आफ्नो काम गर्नेछन् अनि मसित लापरवाहीपूर्वक व्यवहार गर्नेछन्। त्यही कारणले गर्दा कतिपय मानिसहरू अन्जानमा मद्‌वारा प्रहार गरिन्छन्। मैले भनेको छु, कि म कसैलाई अन्यायपूर्ण ढङ्गले व्यवहार गर्ने छैन, म कसैलाई गलत व्यवहार गर्दिनँ, अनि मेरा सबै कार्यहरू मेरो हातको बुद्‌धिमानी व्यवस्थापनहरूद्‌वारा गरिन्छन्।

मलाई साँचो प्रकारले प्रेम नगर्ने सबै मानिसहरूमाथि मेरो न्याय परेको छ। ठ्याक्कै यही समयमा, कसलाई मैले पूर्वनियुक्त गरेको छु र चुनेको छु अनि को चाहिँ मेरो निष्कासनको निशाना हुनेछन् भन्ने कुरा स्पष्ट हुन्छ। यी सबै एक-एक गरेर प्रकट हुनेछन् अनि केही पनि लुकेर रहनेछैनन्। सबै मानिसहरू, घटनाहरू, अनि कुराहरू मेरा वचनहरूको परिपूर्णतामा ल्याउनको निम्ति खडा र अस्तित्वमा छन्, र ती सबै मेरो मुखबाट उच्चारण भएका वचनहरूलाई साँचो बनाउन व्यस्त छन्। ब्रह्माण्ड र पृथ्वीका कुनाकाप्चाहरू केवल मद्वारा नियन्त्रित छन्। मेरा वचनहरूलाई अवज्ञा गर्न साहस गर्ने वा मेरा कामहरूलाई प्रदर्शित गर्न इन्कार गर्नेलाई मैले प्रहार गर्नैपर्छ, अनि त्यस व्यक्तिलाई अधोलोकमा डुब्न लगाएर अस्तित्व नै नरहने तुल्याउनुपर्छ। मेरा सबै वचनहरू सुहाउँदो र उचित छन्, अनि पूर्ण रूपले अशुद्धतारहित छन्। के तिमीहरूको बोल्ने तरिका मेरो जस्तो छ? तँ अति शब्दाडम्बरी छस्; तेरो कुरा तर्कसङ्गत छैन, अनि तैँले आफैलाई स्पष्ट प्रकारले व्याख्या गर्दैनस्–तापनि, तँ अझै तैँले केही कुराहरू हासिल गरेको छस्, अनि त्यसलाई तैँले लगभग पाएको छस् भन्ने सोच्छस्। म तँलाई भन्छु! मानिसहरू जति बढी आत्म-सन्तुष्ट हुन्छन्, तिनीहरू मेरा मापदण्डहरू पूरा गर्नदेखि त्यति नै टाढा हुन्छन्। तिनीहरू मेरो इच्छाको निम्ति कुनै वास्ता देखाउँदैनन्, अनि तिनीहरूले मलाई छल्छन् अनि मेरो नाउँलाई गम्भीरतापूर्वक अनादर गर्छन्! कति निर्लज्ज! तँ आफूसित कस्तो प्रकारको कद छ भन्ने कुरालाई हेर्दैनस्। तँ कति मूर्ख र अज्ञानी छस्!

मेरा वचनहरूले लगातार अनि हर प्रकारले कामकुराहरूलाई औँल्याइरहेका छन्। तैँले अझै यसलाई बुझ्न नसकेको हो कि? के तैँले अझै बुझिनस्? के तेरो अभिप्राय मलाई निराश तुल्याउनु हो? तेरो आत्मालाई माथि उठा अनि तेरो साहसलाई माथि खिँच। मलाई प्रेम गर्ने एउटै व्यक्तिलाई पनि म दरिद्रतापूर्वक व्यवहार गर्दिन। म मानव हृदयको अन्तर्मनको गहिराइलाई जाँचपडताल गर्दछु, अनि सबै मानिसहरूको हृदयमा के छ भनी म सबै कुरा जान्दछु। यी सबै कुराहरू एक-एक गरेर प्रकट हुनेछ, अनि ती सबै मद्वारा जाँचिनेछन्। मलाई साँचो प्रकारले प्रेम गर्ने एउटैलाई पनि म कहिल्यै बेवास्ता गर्नेछैन; तिनीहरू सबै आशिषका प्रापकहरू हुन्, अनि ज्येष्ठ पुत्रहरूको समूह हुन् जसलाई मैले राजाहरूको रूपमा पूर्वनियुक्त गरेको हुँ। मलाई साँचो प्रकारले प्रेम नगर्नेहरूको सम्बन्धमा चाहिँ, तिनीहरू आफ्नै छलहरूको निशाना हुन्, अनि तिनीहरूले दुर्भाग्य भोग्नेछन्; यो पनि मद्वारा पूर्वनियुक्त गरिएको कुरा हो। चिन्ता नगर; म तिनीहरूलाई एक-एक गरेर प्रकट गर्नेछु। मैले पहिले नै यो काम राम्ररी तयार गरेको छु, अनि मैले यो गर्न सुरु गरिसकेको छु। यो सबै व्यवस्थित ढङ्गले गरिँदैछ; यो अस्तव्यस्त छँदै छैन। कसलाई चुनिनेछ, कसलाई हटाइनेछन् भनी मैले पहिल्यै निर्णय गरेको छु। तिमीहरूले देख्नै गरी तिनलाई एक-एक गरेर प्रकट गरिनेछ। यी समय अवधिमा, मेरो हातले के गर्दैछ भनी तिमीहरूले देख्नेछौ। सबै मानिसहरूले देख्नेछन्, कि मेरो धार्मिकता र प्रतापले कसैबाट कुनै उल्लङ्घन वा विरोध आउन दिनेछैन, र ज-जसले ठेस उल्लङ्घन गर्छ, त्यसलाई कडा दण्ड दिइनेछ।

म हरेकको हृदयको अन्तर्मनको गहिराइलाई खोजी गर्ने परमेश्‍वर हुँ। मलाई केवल बाहिरबाट नहेर। अन्धा मानिसहरू! तिमीहरूले मैले अति स्पष्टसित बोलेको वचनहरूलाई सुन्दैनौ, अनि

तिमीहरूले मलाई–पूर्ण परमेश्वर स्वयम्‌लाई–विश्वास गर्दैनौ। जसले मलाई छलपूर्ण रूपमा फुस्ल्याउने गर्छ वा मबाट केही लुकाउँछ, म निश्चय नै त्यसलाई सहनेछैन।

के तैँले मेरो वाणीहरूमध्ये हरेकलाई सम्झन्छस्? “मलाई देख्नु अनन्तदेखि अनन्तसम्म लुकेको हरेक रहस्यलाई देख्नु जस्तै हो।” के तैँले यो कथनलाई होशियारीपूर्वक मनन गरिस्? म परमेश्वर हुँ, अनि मेरा रहस्यहरू तैँले देख्ने गरी प्रकट गरिएका छन्। के तिमीहरूले त्यसलाई देखेका छैनौ। किन तिमीहरूले मलाई ध्यान दिँदैनौ? अनि किन तैँले तेरो मनमा भएको त्यस अस्पष्ट परमेश्वरलाई त्यति आराधना गर्छस्? कसरी म–एउटा साँचो परमेश्वर–ले कुनै गल्ती गर्न सक्छ? यसलाई तिमीहरूको मगजभित्र जान देऊ! यसको बारेमा सुनिश्चित होऊ! मेरो हरेक वचन र कार्य, मेरो हरेक काम र चाल, मेरो मुस्कान, मेरो खवाइ, मेरो लवाइ, मेरो सबै कुरा परमेश्वर स्वयम्‌द्‌वारा हुन्छ। तिमीहरूले मेरो आलोचना गर्छौ: के तिमीहरूले मेरो आगमनअघि नै परमेश्वरलाई देखिसकेका छौ? यदि होइन भने, किन तँ सधैँ म र तेरो परमेश्वरको बीच मानसिक तुलना गर्छस्? यो पूर्ण रूपले मानव धारणाहरूको उपज हो! मेरा क्रिया तथा व्यवहारहरू तेरा कल्पनाहरूसित मिल्दैनन्, मिल्छन् त? मेरा क्रिया तथा व्यवहारहरू साँचो छन् कि छैनन् भनी म कुनै व्यक्तिलाई पनि विचार गर्न दिँदिनँ। म एक मात्र साँचो परमेश्वर हुँ, अनि यो अपरिवर्तनशील र अकाट्य सत्यता हो! तेरा आफ्नै छलहरूको शिकार नहोऊ। मेरा वचनहरूले यसलाई पूर्ण स्पष्टतासहित औँल्याएका छन्। मभित्र एक टुक्रा मानवता पनि छैन, म सम्पूर्ण रूपले परमेश्वर स्वयम् हुँ, अनि एउटै कुरा पनि नलुकाई तिमीहरूका निम्ति पूरै प्रकट गरिएको छ।

## अध्याय ७२

यदि तिमीहरूले आफैमा कुनै कमी कमजोरी वा दुर्बलता पत्ता लगायौ भने, त्यसबाट छुटकारा पाउन तिमीहरू तुरुन्तै ममाथि निर्भर रहनुपर्छ। ढिलो नगर; नत्रभने, पवित्र आत्माको काम तँबाट निकै टाढा हुनेछ, अनि तँ निकै पछि पर्नेछस्। मैले तँलाई सुम्पेको काम मसित बारम्बार नजिक भएर, प्रार्थना गरेर अनि मेरो उपस्थितिमा सङ्गति गरेर मात्र सम्पन्न गर्न सकिन्छ। यदि तैँले यी कुराहरू गरिनस् भने, कुनै परिणामहरू हासिल गरिनेछैन अनि सबै कुरा व्यर्थमा गरिएको हुनेछ। आजको मेरो काम विगतको जस्तो होइन; मैले प्रेम गर्ने मानिसहरूमा जीवनको हद पहिलेको भन्दा धेरै फरक हुन्छ। तिनीहरू सबैसँग मेरो वचनहरूको स्पष्ट बुझाइ र साथै त्यसभित्रको तीक्ष्ण अन्तर्दृष्टि छ। यो सबैभन्दा स्पष्ट पक्ष हो, जसले मेरो कामको आश्चर्यलाई सबैभन्दा बढी प्रतिबिम्बित गर्न सक्छ। मेरो कामको गति तीव्र भएको छ, अनि यो काम निश्चय नै विगतको भन्दा फरक छ। यो मानिसहरूले कल्पना गर्नु असम्भव छ, अनि यसबाहेक, तिनीहरूले गहिरो प्रकारले बुझ्न असम्भव छ। तिमीहरूको निम्ति उपरान्त कुनै कुरा रहस्यको रूपमा छैन; त्यसको साटोमा, सबै कुरा ज्ञात तुल्याइएको र प्रकट गरिएको छ। यो पारदर्शी छ, यसलाई खुलासा गरिएको छ अनि यसभन्दा बढी, यो पूर्ण रूपले स्वतन्त्र छ। मैले प्रेम गर्नेहरू निश्चय नै कुनै पनि व्यक्ति, घटना वा कुराद्‌वारा प्रतिबन्धित हुनेछन्, न त कुनै स्थान वा भूगोलद्‌वारा प्रतिबन्धित हुनेछन्;

सबै वातावरणहरूद्वारा लादिएको नियन्त्रणलाई तिनीहरूले उछिन्नेछन् अनि तिनीहरू देहबाट माथि उठ्नेछन्। यो मेरो महान् कामको पूर्णता हो। त्यसपछि, थप केही गर्नु आवश्यक हुनेछैन; यो पूर्ण रूपले समाप्त हुनेछ।

महान् कामको पूर्णता मैले प्रेम गर्ने सबै ज्येष्ठ पुत्रहरू र मानिसहरूको सन्दर्भमा उल्लेखित गरिएको हो। यसपछि, तिमीहरू कुनै, व्यक्ति, घटना वा कुराद्वारा नियन्त्रित हुनेछैनौ। तिमीहरू ब्रम्हाण्डको विभिन्न देशहरूभरि यात्रा गर्नेछौ, सम्पूर्ण जगतको वारपार यात्रा गर्नेछौ अनि सबै ठाउँमा आफ्ना पाइलाहरू छोड्नेछौ। यो अझै निकै टाढा छ भनी नसोच; यो जुन चाँडै नै तिमीहरूको आँखाको सामुन्ने पूरा हुन आउने कुरा हो। म जे गर्छु, त्यो तिमीहरूलाई सुम्पिनेछ, अनि मैले टेकेका ठाउँहरूमा तिमीहरूको पाइलाहरू हुनेछन्। यसको साथै, यो हामी–तिमीहरू र मैले–राजाहरूको रूपमा सँगै राज्य गर्नुको साँचो अर्थ हो। के तिमीहरूले मैले प्रदान गर्ने प्रकाशहरू, अलिकति पनि नलुकी, किन झन्-झन् स्पष्ट हुँदैछन् भनी मनन गरेका छौ? किन मैले सबैभन्दा उच्च गवाही दिएको छु, अनि यी सबै रहस्यहरू र यी सबै वचनहरू तिमीलाई बताएको छु? कारण अरू केही नभई पूर्वउल्लेखित काम नै हो। तथापि, अहिले तिमीहरूको कामको प्रगति अत्यन्त ढिलो छ। तिमीहरूले मेरो लामो फड्कोको गतिलाई पछ्याउन सक्दैनौ, तिमीहरूले मसँग राम्ररी सहकार्य गर्न सक्दैनौ, र अहिलेको लागि, तिमीहरूले अझै मेरो इच्छा हासिल गर्न सक्दैनौ। मैले तिमीहरूलाई अझ तीव्रताका साथ तालीम दिनुपर्छ अनि तिमीहरूलाई पूर्ण गर्ने मेरो कामको गतिलाई बढाउनुपर्छ, ताकि तिमीहरूले मेरो हृदयलाई जति सक्दो चाँडो सन्तुष्टि ल्याउन सक।

हाल, सबैभन्दा स्पष्ट कुरा के हो भने, ज्येष्ठ पुत्रहरू पूर्ण रूपले निर्माण भएका छन्। सबै मद्वारा अनुमोदित भएका थिए, अनि संसारको सृष्टिदेखि नै मद्वारा पूर्वनियुक्त भएका र चुनिएका पनि थिए। हरेक मेरो आफ्नै हातद्वारा बढुवा भएका थिए। यसमा कुनै मानव विचारको लागि कुनै ठाउँ छैन। यो तेरो नियन्त्रणभन्दा पर छ। घमन्डी नबन्; यो सबै मेरो दया र करुणा हो। मेरो दृष्टिकोणमा, सबै कुरा सम्पन्न भइसकेको छ। यति मात्र हो कि तिम्रा आँखा अति धमिला भएका छन्, अनि अहिले पनि, तिमीहरूले मेरा कामहरूको आश्चर्यको स्पष्ट दृश्य देख्न सक्दैनौ। तिमीहरूमध्ये कोहीसँग पनि मेरो सर्वशक्ति, मेरो बुद्धि, मेरो हरेक कार्य वा मेरो हरेक वचन र कामको पूर्ण रूपमा स्पष्ट वा साँचो बुझाइ छैन। त्यसैकारण, म स्पष्टसित बोल्छु। किनकि मेरा छोराहरू, मेरो प्रियहरू, म सबै मूल्य तिर्न, परिश्रम गर्न र आफैलाई अर्पिन इच्छुक छु। के तैँले मेरा वचनहरूद्वारा मलाई चिन्छस्? के त्यसलाई मैले अझ स्पष्ट रूपले व्यक्त गरेको तँ चाहन्छस्? अब उपरान्त धेरै स्वच्छन्द नबन; मेरो हृदयलाई बुझ! अहिले तिमीहरूलाई त्यस्तो ठूलो रहस्य बताइएको हुनाले, तिमीहरूसित भन्नुपर्ने के कुरा छ? के तिमीहरूसित कुनै गुनासाहरू छन्? यदि तिमीहरूले मूल्य चुकाएनौ र कडा परिश्रम गरेनौ भने, के तिमीहरू मैले गरेको सबै मेहनती प्रयासको योग्य हुनसक्छौ त?

हिजोआज मानिसहरूले आफैलाई नियन्त्रण गर्न सक्दैनन्। मैले कृपा नगरेका मानिसहरूले चाहे पनि तिनीहरूमा मप्रतिको प्रेम उत्पन्न हुन सक्दैनन्। तैपनि, मैले पूर्वनियुक्त गरेका र चुनेका मानिसहरू चाहेर पनि उम्कन सक्नेछैनन्; तिनीहरू जहाँसुकै गए पनि, तिनीहरू मेरो हातबाट बच्न

सक्दैनन्। मेरो प्रताप त्यस्तो छ, अनि यसको साथै, मेरो न्याय पनि त्यस्तै छ। सबै मानिसहरूले मेरो योजना र मेरो इच्छाअनुसार आफ्नो कामधन्धा गर्नुपर्छ। आजदेखि उता, पूर्ण रूपले सबै कुरा मेरो हातमा आउँछन् अनि त्यो तिनीहरूको नियन्त्रणभन्दा पर छ। सबै कुरा मद्वारा नियन्त्रित र व्यवस्थित छन्। यदि मानिसहरू सानोतिनो तरिकाले सहभागी हुन्छन् भने म तिनीहरूलाई त्यतिकै जान दिनेछैन। आजदेखि सुरु गरेर, म सबै मानिसहरूलाई मलाई चिन्ने तुल्याउन थाल्नेछु–एक मात्र साँचो परमेश्वरलाई, जसले सबै कुरा सृष्टि गर्नुभयो, जो मानिसहरूको माझमा आउनुभयो र तिनीहरूद्वारा इन्कारिनुभयो र निन्दित हुनुभयो, अनि जसले सबै कुरालाई पूर्ण रूपमा नियन्त्रण र व्यवस्थापन गर्नुहुन्छ; त्यो राजा जो राज्यको प्रभारी हुनुहुन्छ; परमेश्वर स्वयम् जसले सम्पूर्ण जगतलाई व्यवस्थापन गर्नुहुन्छ; अनि त्यसभन्दा बढी, त्यो परमेश्वर जसले मानिसहरूको जीवन तथा मृत्युलाई नियन्त्रण गर्नुहुन्छ अनि जोसँग अधोलोकको साँचो छ। म सबै मानिसहरूलाई (प्रौढ र बच्चाहरू, चाहे तिनीहरूसित आत्मा भए पनि नभए पनि, अनि तिनीहरू मूर्ख वा अपाङ्ग भए पनि नभए पनि) मलाई चिन्ने तुल्याउनेछु। म कसैलाई यस कार्यबाट छुट दिनेछैन; यो सबैभन्दा गम्भीर कार्य हो, एउटा कार्य जुन मैले राम्रोसित तयार गरेको छु अनि जुन कामलाई अहिलेदेखि सुरु भएर अघि बढाइँदैछ। म जे भन्छु, त्यो पूरा हुनेछ। तेरा आत्मिक आँखाहरू खोल्, तेरा व्यक्तिगत धारणाहरूलाई त्याग्, अनि म एक मात्र साँचो परमेश्वर हुँ जसले ब्रम्हाण्डको प्रबन्ध मिलाउँछ भनी चिन्! म कोहीबाट पनि लुकेको छैन अनि म सबैमाथि मेरा प्रशासनिक आदेशहरू अघि बढाउँछु।

तेरा आफ्ना सबै कुराहरू एकातिर पन्साइ दे। के तैँले मबाट प्राप्त गर्ने कुराहरू अझ बढी मूल्यको अनि झन् धेरै महत्वपूर्ण छैन र? के तिनीहरू र तिमीहरूको मूल्यहीन थोकहरूको बीचमा आकाश-पातालको अन्तर छैन र? छिटो गरेर सबै मूल्यहीन थोकलाई फ्याँकिदे! तैँले आशिषहरू पाउनेछस् कि दुर्भाग्यको सामना गर्नेछस् भनी अहिले नै निर्णय हुँदैछ। यो एउटा निर्णायक क्षण हो; यो अत्यन्तै महत्त्वपूर्ण क्षण पनि हो। के तैँले साँच्चिकै यसलाई देख्न सक्छस्?

## अध्याय ७३

मैले मेरा वचनहरू बोल्नेबित्तिकै ती पूरा हुन्छन्; ती कहिल्यै परिवर्तन हुँदैनन् अनि ती पूर्ण रूपले सत्य छन्। यसलाई याद राख। तैँले मेरो मुखबाट बाहिर निस्कने हरेक वचन र वाक्यांशलाई होशियारपूर्वक विचार गर्नुपर्छ। थप होशियार बन्, नत्रभने तैँले हानि भोग्नेछस् र मेरो न्याय, मेरो क्रोध अनि मेरो भष्मीकरण मात्रै पाउनेछस्। मेरो काम अहिले द्रुत गतिमा अघि बढिरहेको छ, यद्यपि यो सतही भने छैन; यो यति सूक्ष्म रूपले प्रशोधित गरिएको छ कि, यो नाङ्गो आँखाको लागि लगभग अदृश्य छ, अनि मानिसको हातद्वारा यसलाई पक्रन सकिँदैन। यो विशेष रूपमा सविस्तारपूर्ण छ। म कहिल्यै रित्ता शब्दहरू उच्चारण गर्दिनँ; मैले भन्ने सबै कुरा साँचो हुन्छ। मेरो हरेक शब्द विशुद्ध र ठीक छ भनी तैँले विश्वास गर्नुपर्छ। लापरवाह नबन्; यो निर्णायक क्षण हो! तैँले आशिषहरू पाउनेछस् कि दुर्भाग्य पाउनेछस्, त्यो कुराको निर्णय अहिले नै गरिनेछ,

अनि भिन्नता स्वर्ग र पृथ्वीबीचको जतिको हुन्छ। तँ स्वर्ग जानेछस् वा अधोलोकमा जानेछस्, त्यो पूर्ण रूपमा मेरो नियन्त्रणमा छ। अधोलोकतिर अघि बढ्नेहरू आफ्नो मृत्युको अन्तिम संघर्षमा सामेल भइरहेका छन्, जब कि स्वर्गमा जानेहरू तिनीहरूको कष्टको अन्तिम भागमा सामेल भएका छन् अनि अन्तिम पटक मेरो निम्ति अर्पित हुँदैछन्। भविष्यमा, तिनीहरूले गर्ने सबै कुरामा आनन्द र प्रशंसा संलग्न हुनेछन्, जसमा मानिसहरूलाई कष्ट दिने मामुली कुराहरू हुनेछैनन् (विवाह, काम, कष्टदायक धनसम्पत्ति, ओहोदा, आदि इत्यादि)। तथापि, अधोलोकतिर जानेहरूका निम्ति, तिनीहरूको कष्ट अनन्त छ (यसले तिनीहरूको आत्मा, प्राण र शरीरलाई जनाउँछ); तिनीहरू कहिल्यै मेरो दण्ड दिने हातबाट उम्कनेछैनन्। यी दुई पक्षहरू आगो र पानी जतिकै मेल नखाने किसिमका छन्: जसले दुर्भाग्य भोग्छन्, तिनीहरूले दुर्भाग्य नै भोगिरहनेछन्, जबकि आशिषित हुनेहरूले तिनीहरूको हृदय सन्तुष्ट हुने गरी आनन्द भेट्टाउनेछन्।

सबै घटनाहरू र कुराहरू मद्वारा नियन्त्रित छन्, तिमीहरू–मेरा पुत्रहरू, मेरा प्रियहरू मेरा हुन् भनी उल्लेख गरिरहनु पर्दैन। तिमीहरू नै मेरो छ हजार वर्षीय व्यवस्थापनको योजनाको चरम रूप हौ; तिमीहरू नै मेरो धन हौ। मैले प्रेम गर्ने मानिसहरू सबै, तिनीहरू मेरो आँखाको निम्ति मनोहर छन्, किनकि तिनीहरूले मलाई प्रकट गर्छन्; मैले घृणा गर्नेहरूलाई म हेर्दै नहेरी घृणा गर्छु, किनकि तिनीहरू शैतानका सन्तान हुन् अनि शैतानकै हुन्। आज सबै मानिसहरूले आफैलाई जाँचपडताल गर्नुपर्छ: यदि तेरा अभिप्रायहरू ठीक छन्, अनि तैँले मलाई साँचो प्रकारले प्रेम गर्छस् भने तँलाई म अवश्य नै प्रेम गर्नेछु। तिमीहरूले मलाई साँचो रूपले प्रेम गर्नुपर्छ, अनि मलाई धोका दिनु हुँदैन! म मानिसहरूको अन्तस्करणलाई जाँच्ने परमेश्‍वर हुँ! यदि तेरा अभिप्रायहरू गलत छन्, अनि यदि तँ मप्रति कठोर र अवफादार छस् भने, तँलाई म अवश्य नै घृणा गर्नेछु; मैले तँलाई न त चुनेँ, न त पूर्वनियुक्त गरेँ। तँ नर्क नगएसम्मको लागि पर्खिराख्! अरू मानिसहरूले यी कुराहरू देख्न नसक्लान्, तर केवल तैँले अनि मैले, अर्थात् परमेश्‍वर जसले मानिसहरूको हृदयभित्र गहिरो गरी हेर्नुहुन्छ, त्यसलाई जान्दछौँ। एउटा निश्‍चित समयमा ती सबै प्रकट गरिनेछन्। इमानदारहरू चिन्तित हुनुपर्दैन, अनि कपटीहरू डराउन खाँचो छैन। यो सबै मेरो बुद्धिमानी बन्दोबस्तहरूको भाग हुन्।

अहिलेको कार्य जरुरी र कष्टदायक छ, र यो आखिरी कामलाई पूरा गर्न तिमीहरूले अन्तिम पल्ट आफैलाई समर्पित गर्नुपर्छ। मेरा मापदण्डहरू वास्तवमा धेरै कठोर छैनन्: म केवल तिमीहरूले मसित राम्ररी सहकार्य गर्न सक, सबै कुरामा मलाई सन्तुष्ट गर, अनि मैले भित्रबाट तँलाई गर्ने अगुवाइलाई पछ्याऊ भन्ने चाहन्छु। अन्धो नहोओ; लक्ष्य राख्, अनि सबै पक्षहरूमा र सबै कुरामा मेरा अभिप्रायहरूलाई अनुभूति गर। किनकि म तिमीहरूको निम्ति अब लुकेको परमेश्‍वर होइन, अनि मेरा अभिप्रायहरूलाई बुझ्नको निम्ति तँ यसको बारेमा धेरै स्पष्ट हुनुपर्छ। अति छोटो समयावधिमा, तिमीहरूले सत्य बाटो खोजी गर्ने विदेशीहरूलाई मात्रै भेट्नेछैनौ, तर अझ महत्वपूर्ण कुरा, तिमीहरूसित तिनीहरूलाई मार्गदर्शन गर्ने क्षमता हुनुपर्छ। त्यो नै मेरो अत्यावश्यक अभिप्राय हो; यदि तैँले यो देख्न सक्दैनस् भने यो स्वीकारयोग्य हुनेछैन। तथापि, तैँले मेरो सर्वशक्तिलाई विश्‍वास गर्नुपर्छ। जहिलेसम्म मानिसहरू ठीक छन्, म निश्‍चय नै तिनीहरूलाई असल सिपाहीहरू

हुन तालीम दिनेछु। सबै कुरा मद्वारा नै उचित रूपले व्यवस्थित गरिएको छ। यो निर्णायक घडी हो। यसलाई हातबाट जान नदेऊ! तिमीहरूले विगतमा गरेका कुराहरूलाई म धेरै सोच्नेछैनँ। तैँले सधैँ मेरो सामु प्रार्थना गर्नुपर्छ र बिन्ती चढाउनुपर्छ; म तेरो आनन्द र प्रयोगको निम्ति तँमाथि पर्याप्त अनुग्रह खन्याउनेछु। अनुग्रह र आशिषहरू उही होइनन्। तैँले अहिले आनन्द लिइरहेको कुरा मेरो अनुग्रह हो, अनि मेरो नजरमा, यो उल्लेख गर्न योग्य छैन, जबकि आशिषहरू चाहिँ तैँले भविष्यमा अनन्तसम्म आनन्द लिने कुरा हुन्। ती मानिसहरूको मनमा आइ नसकेका आशिषहरू हुन्, अनि जसलाई तिनीहरूले कल्पना गर्न सक्दैनन्। त्यसैकारण, म तिमीहरू आशिषित छौ, अनि यी आशिषहरू सृष्टि भएदेखि कहिल्यै पनि मानिसहरूले अनुभव गरेका छैनन् भनेर भन्छु।

मैले तिमीहरूलाई मेरो सबै कुरा प्रकट गरेको छु। म केवल यो आशा गर्छु, कि तिमीहरूले मेरो हृदयलाई बुझ्न सक, तिमीहरूले गर्ने सबै कुरामा मप्रति तिमीहरूका विचारहरू समर्पित गर्न सक, अनि हर प्रकारले मप्रति विचारशील हुन सक, अनि मैले सधैँ तिमीहरूको मुस्काइरहेको मुहारहरू देख्न सकूँ। अबदेखि, ज्येष्ठ पुत्रहरूको हैसियत प्राप्त गर्नेहरू म सँगसँगै राजाहरूको रूपमा राज्य गर्नेहरू नै हुन्। तिनीहरूलाई अर्को भाइद्वारा धम्काइनेछैन, न त मद्वारा ताडना दिइने वा निराकरण गरिनेछ, किनकि म यही सिद्धान्त अनुसार काम गर्छु: ज्येष्ठ पुत्रहरूको समूहमा हुनेहरू ती मानिसहरू हुन् जो अरूद्वारा तुच्छ ठानिएका छन् अनि हेपिएका छन्, र जसले जीवनको सबै प्रकारका उतार-चढाउहरू भोगेका छन्। (तिनीहरूलाई मैले अग्रिम रूपमा नै निराकरण गरेको र तोडेको छु, अनि अग्रिम रूपमा मैले पूर्ण तुल्याएको छु)। यी मानिसहरूले पहिल्यै मसित आशिषहरूको आनन्द लिइसकेका छन्, जुन तिनीहरूको अधिकार हो। म धर्मी छु, अनि कसैप्रति पक्षपाती छैन।

## अध्याय ७४

जसले मेरा वचनहरू पढेका छन् र ती पूरा हुनेछन् भनी विश्वास गर्छन्, तिनीहरू आशिषित् हुन्। म तँलाई बिलकुलै दुर्व्यवहार गर्नेछैन; म तैँले विश्वास गरेका कुराहरूलाई तँमा पूरा गराइदिनेछु। यो तँमा आउँदै गरेको मेरो आशिष् हो। मेरा वचनहरूले हरेक व्यक्तिमा लुकेका रहस्यहरूलाई प्रहार गर्नेछन्; हरेक व्यक्तिसँग प्राणघातक घाउहरू हुन्छन् र म ती घाउ निको पार्ने कुशल चिकित्सक हुँ: केवल मेरो छेउ आइज। मैले किन भविष्यमा कुनै पनि दुःखकष्ट वा कुनै पनि आँसु हुनेछैन भनी भनेँ त? मैले यही कारणले भनेको हुँ। ममा सबै थोक सिद्ध छन्, तर मानिसहरूमा सबै थोक भ्रष्ट, रित्तो र मानिसहरूप्रति धोकापूर्ण छन्। मेरो उपस्थितिमा, तैँले सबै थोक प्राप्त गर्ने कुरा निश्चित हुन्छ, र अवश्य नै तैँले आफूले कहिल्यै कल्पना पनि गर्न नसकेका आशिष्हरू देख्न र उपभोग गर्न सक्नेछस्। मेरो सामु नआउनेहरू निश्चय नै विद्रोही स्वभावका छन्, र तिनीहरू पूर्णतया मेरो प्रतिरोध गर्ने व्यक्तिहरू हुन्। म तिनीहरूलाई हल्कैसित जान दिनेछैन; म त्यस्ता मानिसहरूलाई गम्भीर रूपमा सजाय दिनेछु। यो कुरा याद राख्! मानिसहरू जति धेरै मेरो सामु आउँछन्, तिनीहरूले त्यति नै धेरै प्राप्त गर्नेछन्–तैपनि त्यो केवल अनुग्रह मात्र हुनेछ। पछि, तिनीहरूले अझै ठूला आशिष्हरू पाउनेछन्।

संसारको सृष्टि भएदेखि नै मैले मानिसहरूको यो समूहलाई चुन्ने र तिनीहरूको नियति पूर्वनिर्धारित गर्ने काम सुरु गरेको हुँ—नामै लिँदा, आजका तिमीहरूलाई। तिमीहरूको मनोभाव, क्षमता, रूप, र कद, तिमीहरू कुन परिवारमा जन्म्यौ, तेरो जागिर, र तेरो विवाह—तेरो सम्पूर्णतामा तँ, तेरो कपाल र तेरो छालाको रङ्ग, र तेरो जन्मको समयलगायत—सबै कुराहरू मेरा हातहरूले बन्दोबस्त गरेका थिए। मैले आफ्नै हातले तैँले हरेक दिन गर्ने कुराहरू र भेट्ने मानिसहरूको समेत बन्दोबस्त गरेँ, र तँलाई आज मेरो छेउमा ल्याइएको तथ्य पनि वास्तवमै मेरो बन्दोबस्तद्वारा गरिएको हो भनी उल्लेख गरिरहनु नपर्ला। आफूलाई अस्तव्यस्ततामा नफाल्; तँ शान्तसँग अघि बढ्नुपर्छ। मैले तँलाई जे उपभोग गर्न दिएको छु त्यो तँले पाउनैपर्ने तेरो हिस्सा हो, र यसलाई मैले संसारको सृष्टि भएदेखि नै पूर्वनिर्धारित गरेको हुँ। मानिसहरू सबै अत्यन्तै चरम अवस्थामा पुगेका छन्: तिनीहरू कि त अत्यन्तै हठी कि त पूर्ण रूपमा लाजहीन छन्। तिनीहरूले मेरा योजना र बन्दोस्तहरूअनुरूप काम-कुरा गर्न सक्दैनन्। अबउप्रान्त यस्तो नगर्। ममा सबै थोक मुक्त छन्; आफूलाई नबाँध्, किनकि यसबाट तेरो जीवनसम्बन्धी कुराहरूमा हानि हुनेछ। यो कुरा याद राख्!

सबै कुरा मेरै हातमा छ भनेर विश्वास गर। विगतमा तिमीहरूका निम्ति जुन कुरा रहस्यहरू थिए, आज ती सबैलाई खुलस्त प्रकट गरिएका छन्; ती उप्रान्त लुकेका छैनन् (किनभने मैले भनेकै छु, भविष्यमा कुनै कुरा पनि लुकाइनेछैन)। मानिसहरू प्रायजसो अधीर हुन्छन्; कामकुराहरू पूरा गर्नको लागि तिनीहरू अत्यन्तै व्याकुल हुन्छन्, र मेरो हृदयमा के छ सो तिनीहरूले बुझ्दैनन्। तिमीहरू मेरो बोझमा सहभागी हुन सक र मेरो परिवारको व्यवस्थापन गर्न सक भनेर मैले तिमीहरूलाई तालिम दिइरहेको छु। म तिमीहरू चाँडै नै वृद्धि होओ भन्ने चाहन्छु ताकि तिमीहरूभन्दा जवान तिमीहरूका भाइहरूलाई तिमीहरूले अगुवाइ गर्न सक्नेछौ, ताकि कहिल्यै पनि नछुट्टिने गरी हामी बाबु र छोराहरूको चाँडै नै मिलाप होस्। यसले मेरा अभिप्रायहरूलाई पूरा गर्नेछ। सबै मानिसहरूका निम्ति रहस्यहरू पहिले नै प्रकट गरिसकिएको छ, र कुनै पनि कुरा गुप्त रहँदैन: म—पूर्ण परमेश्वर स्वयम्, जोसँग सामान्य मानवता र पूर्ण ईश्वरीयता दुवै छ—आज तिमीहरूको आँखै अघि प्रकट भएको छु। मेरो सम्पूर्ण अस्तित्व (वस्त्र, बाहिरी रूप, र शारीरिक रूप) परमेश्वर स्वयम्को सिद्ध प्रकटीकरण हो; यो संसारको सृष्टिदेखि नै मानिसहरूले कल्पना गरेको, तर कसैले नदेखेको परमेश्वरको व्यक्तित्वको मूर्तरूप यही हो। मेरा कार्यहरू मेरा वचनहरूजस्तै असल हुनुको कारण के हो भने मेरो सामान्य मानवता र पूर्ण ईश्वरीयताले एक-अर्काको पूरक बन्छन्; यसको साथै, यसले गर्दा सबै मानिसहरूले सामान्य व्यक्तिमा त्यति अथाह शक्ति लुकेको छ भन्ने देख्छन्। तैँले मलाई प्रेम गर्न सक भनेर मलाई साँचो रूपमा विश्वास गर्नेहरू हरेकलाई मैले सच्चा हृदय दिएको हुनाले तैँले मलाई साँच्चै त्यसरी विश्वास गर्छस्। जब म तँलाई निराकरण गर्छु, तब म तँलाई ज्योति दिन्छु र तँलाई अन्तर्दृष्टि दिन्छु, र यसद्वारा नै तैँले मलाई चिन्नेछस्। परिणामस्वरूप, मैले तँलाई जसरी निराकरण गरे पनि, तँ भागेर जानेछैनस्; बरु, तँ मेरो बारेमा झन्-झन् निश्चित बन्नेछस्। जब तँ कमजोर बन्छस्, त्यो पनि मेरो बन्दोबस्तले गर्दा नै हो, र यदि तैँले मलाई छोडिस् भने, तँ मर्नेछस् र सुक्नेछस् भन्ने यसले तँलाई देखाउँछ। त्यसबाट तैँले म तेरो जीवन हुँ भन्ने सिक्न सक्छस्। कमजोर बनेपछि तँ दह्रिलो बन्दै जाँदा,

तँलाई कमजोर वा दह्रिलो बन्ने कार्य तेरो हातको कुरा होइन भन्ने तैँले देख्नेछस्; यो पूर्ण रूपमा मेरै हातको कुरा हो।

सबै रहस्यहरू पूर्ण रूपमा प्रकट हुन्छन्। तिमीहरूको भविष्यका क्रियाकलापहरूमा, म तिमीहरूलाई हरेक काममा मेरा निर्देशनहरू दिनेछु। म अस्पष्ट हुनेछैन; म पूर्ण रूपमा स्पष्ट हुनेछु, र तिमीहरूसँग प्रत्यक्ष रूपमा समेत बोल्नेछु; ताकि तिमीहरूले काम-कुराहरूको बारेमा आफै मनन गर्नु नपरोस्, नत्र तिमीहरूले मेरो व्यवस्थापनमा बाधा पुऱ्याउछौ। यही कारणले गर्दा म अबदेखि कुनै पनि कुरालाई लुकाइनेछैन भनेर बारम्बार जोड दिइरहन्छु।

## अध्याय ७५

मेरा वचनहरू बोलिने बित्तिकै अलिकति हेरफेरविना सबै पूरा हुनेछन्। अबदेखि, सबै लुकेका रहस्यहरू अस्पष्ट वा गुप्त हुनेछैनन्, अनि तिमीहरूलाई प्रकट गरिनेछन्–मेरा प्रिय पुत्रहरू। म तँलाई ममा ठूला-ठूला चिन्ह र अचम्मका कामहरू पनि देखाउनेछु, अनि ठूला रहस्यहरू पनि। यी कुराहरूले निश्चय नै तिमीहरूलाई चकित पार्नेछन् अनि तिमीहरूलाई मेरो, सर्वशक्तिमान् परमेश्‍वरको, उत्तम बुझाइ दिनेछ, अनि त्यसमा रहेको मेरो बुद्‌धिलाई सराहना गर्न दिनेछ। आज तिमीहरू साँचो परमेश्‍वरको आमनेसामने भएका छौ जसलाई मानिसहरूले सृष्टिदेखि कहिल्यै देखेका छैनन्, अनि मेरो बारेमा केही पनि विशेष छैन। म तिमीहरूसँगै खान्छु, जिउँछु, बोल्छु अनि हाँस्छु, अनि म सधैँ तिमीहरूभित्रै जिउँछु, जबकि त्यही समयमा तिमीहरूको माझमा पनि हिँडडुल गरिरहेको हुन्छु। मलाई विश्‍वास नगर्नेहरू वा आफ्नै भयानक धारणाहरू बोक्नेहरू, तिनीहरूका निम्ति यो एउटा ठेस लाग्ने ढुङ्गा हो। यो मेरो बुद्‌धि हो। म केही मानिसहरूलाई मेरो सामान्य मानवताले नजानेको कुराहरू पनि प्रकट गर्नेछु, तर यसको अर्थ म परमेश्‍वर स्वयम् होइन भन्ने हुँदैन। यसको विपरीत, यो बुँदा म सर्वशक्तिमान् परमेश्‍वर हुँ भनी प्रमाणित गर्न पर्याप्त हुन्छ। विश्‍वास गर्ने मानिसहरूका निम्ति, यो बुँदाको निर्णायक प्रभाव हुन्छ, अनि यही बुँदाकै कारणले तिनीहरूसित मेरो बारेमा सय प्रतिशत निश्‍चयता हुन्छ। धेरै व्याकुल नहोऊ; म तिमीहरूलाई एक-एक गरेर कुराहरू प्रकट गर्नेछु।

तिमीहरूका निम्ति, म खुला छु अनि लुकेको छैन। तथापि, अविश्‍वासीहरूका निम्ति–ती जो छली छन्, जो केही हदसम्म शैतानद्‌वारा भ्रष्ट पारिएका छन्–म लुकेको अवस्थामा रहनेछु। तथापि, जब यसभन्दा पहिले मैले आफैलाई सबै मानिसहरूकहाँ प्रकट गर्ने बारेमा बोलेँ, मैले मेरो धार्मिकता, न्याय, अनि प्रतापको बारेमा उल्लेख गरिरहेको थिएँ, ताकि तिनीहरूले प्राप्त गर्ने परिणामबाट तिनीहरूले म ब्रह्माण्ड र सबै कुराको मालिक हुँ भनेर जान्न सकून्। साहसी भएर काम गर! तेरा शिरहरू उच्च पार! नडराऊ: म–तिमीहरूका पिता–तिमीहरूलाई साथ दिन यहाँ छु अनि तिमीहरूले कष्ट भोग्नेछैनौ। जहिलेसम्म तिमीहरूले मेरो सामु निरन्तर प्रार्थना र निवेदन गर्छौ, म तिमीहरूमाथि सबै विश्‍वास खन्याइदिनेछु। सत्तामा हुनेहरू बाहिरबाट द्‌वेषपूर्ण देखिन सक्छन्, तर नडराऊ, किनकि तिनीहरूसित थोरै विश्‍वास छ। जहिलेसम्म तिमीहरूको विश्‍वास

बढ्छ, कुनै पनि कुरा अति कठिन हुनेछैन। तिमीहरूको हृदयले चाहेसम्म आनन्द मनाऊ र उफ्र! सबै कुरा तिमीहरूका पाउमुनि र तिमीहरूकै पकडमा छन्। के परिपूर्णता वा विनाशको बारेमा मेरो एउटै वचनद्वारा निर्णय हुँदैन र?

जसलाई मैले अहिले प्रयोग गरिरहेको छु, ती सबै एक-एक गरेर धेरै पहिले नै मद्वारा अनुमोदित भएका थिए। अर्थात्, ज्येष्ठ पुत्रहरूको समूहमा रहेका ती मानिसहरू पहिल्यै निर्धारित भएसकेका छन्, र मैले संसार सृष्टि गर्नुभन्दा अघि देखि नै निर्धारित भइसकेका छन्। यसलाई कसैले परिवर्तन गर्न सक्दैन, अनि यो सबै मेरो हुकुममा हुनुपर्छ। कुनै पनि मानिसले यो काम गर्न सक्दैन; यो सबै मेरो बन्दोबस्तहरू हुन्। ममा सबै कुरा स्थिर र सुरक्षित रहनेछन्; अलिकति प्रयास गरिकनै, ममा सबै कुरा उपयुक्त र उचित प्रकारले गरिनेछ। म बोल्छु र यो स्थापित हुनेछ; म बोल्छु र यो पूरा हुन्छ। अन्तर्राष्ट्रिय स्थिति खलबली हुँदा, किन तिमीहरू आफ्नो तालीम सुरु गर्न हतारिएका छैनौ? कहिलेसम्म तिमीहरू पर्खिनेछौ? के तिमीहरूलाई भेट्न चीनमा विदेशीहरू ओइरिने दिनसम्म तिमीहरू पर्खिनेछौ? तिमीहरू अघि अलि ढिलो भएका थियौ होला, तर तिमीहरू आफैमा लीन भइरहनु हुँदैन! मेरा पुत्रहरू! मेरो परिश्रमी अभिप्रायहरूलाई बुझ! जो मसित धेरैभन्दा धेरै नजिक हुन्छन्, तिनीहरूले सबै कुरा प्राप्त गर्नेछन्। के तिमीहरू मलाई अविश्वास गर्छौ?

मेरो कामको गति बिजुलीको चमक जस्तै छ, तर निश्चय नै मेघगर्जनको चर्को आवाज होइन। के तिमीहरूले यी वचनहरूको साँचो अर्थ बुझ्छौ? तिमीहरूले मसित अझ राम्रोसित सहकार्य गर्न सक्नुपर्छ, अनि मेरा अभिप्रायहरूलाई बुझ्नुपर्छ। तिमीहरू आशिष पाउन चाहन्छौ तर कष्टहरूदेखि पनि डराउँछौ; के यो तिमीहरूको परस्पर विरोधी प्रवृत्ति होइन र? म तँलाई भन्छु! यदि कसैले आज आशिषहरू प्राप्त गर्न चाहन्छन्, तर त्यस उद्देश्यप्रति सबै बलिदानहरू गर्दैन भने, तिनीहरूले प्राप्त गर्ने भनेका दण्ड र मेरो न्याय हो। तैपनि, जसले सबै बलिदानहरू गर्छन्, तिनीहरूले सबै कुराहरूमा शान्ति अनुभव गर्नेछन् र तिनीहरूसित सबै कुरा प्रशस्त हुन्छ, अनि तिनीहरूले प्राप्त गर्ने सबै कुरा मेरा आशिषहरू हुनेछन्। आज अत्यावश्यक रूपले चाहिएको कुरा भनेको, तिमीहरूको विश्‍वास अनि तिमीहरूले चुकाउनुपर्ने मूल्य हो। मेरा अभिप्रायहरूलाई गलत प्रकारले व्याख्या नगर। सबै कुरा हुन आउनेछ, अनि तिमीहरूको आफ्नै आँखाले यसलाई देख्नेछौ अनि यसलाई व्यक्तिगत रूपले अनुभव गर्नेछौ। ममा कुनै एउटा पनि गलत शब्द वा झूट छैन; मैले भन्ने सबै कुरा पूर्ण रूपले सत्य हुन्छन्, अनि त्यसमा बुद्धिको कमी हुँदैन। आधा विश्‍वास र आधा शङ्का नगर। तिमीहरूको माझमा सबै कुरा पूरा गर्ने अनि न्याय गर्ने र खराबी गर्नेहरूलाई छुट्याउने पनि म नै हुँ। म तिमीहरूलाई प्रेम गर्छु, अनि म तिमीहरूलाई सिद्ध पार्छु। तथापि, तिनीहरूको निम्ति म पूर्ण रूपले विपरीत छु: तिनीहरूले घृणा र विनाश भोग्नेछन्, अनि कुनै छुट दिइनेछैन र कुनै नाम-निशाना छोडिनेछैन। मैले भन्ने र गर्ने सबै कुरामा मेरो प्रशस्तता व्याप्त हुन्छ। के तिमीहरूले त्यसलाई एक-एक गरेर जाँचेका छौ? मैले केही वचनहरू धेरै पल्ट भनेको छु, त्यसैले किन तिमीहरूले मैले भन्न खोजेको कुरा बुझ्दैनौ? तिमीहरूले मेरा वचनहरू पढिसकेपछि, के सबै कुरा जस्तो हुनुपर्ने त्यस्तो हुनेछन् र? तब सबै कुरा सम्पन्न हुन्छन् र? तिमीहरूसित मेरो हृदयलाई बुझ्ने कुनै अभिप्राय छैन। म पूर्ण रूपले अधिकारपूर्ण, सर्वबुद्धिमान, एक मात्र साँचो परमेश्‍वर हुँ

जसले मानिसहरूको हृदयहरूको गहिराइभित्र हेर्दछ भनेर किन भन्छु? के तैँले यी वचनहरूको अर्थ अझै बुझ्दैनस्? के मैले जोड दिएको हरेक वचनलाई तैँले कण्ठ गरेको छस्? के ती तैँले काम गर्ने सिद्धान्तहरू बनेका छन्?

म सारा ब्रम्हाण्डलाई नियाल्दै सबै कुरामाथि खडा छु। म हरेक जाति र मानिसहरूलाई मेरो महान् शक्ति र मेरो सारा बुद्धि प्रदर्शन गर्नेछु। आनन्दको खोजी गर्न भनेर अहिले तिमीहरूले जे सक्छौ, त्यही मात्र नगर। जब संसारका सबै जातिहरू एक हुनेछन्, कुन कुरा तिमीहरूको हुनेछैन र? तैपनि, म अहिले तिमीहरूलाई कमी हुन दिनेछैन, न त म तिमीहरूलाई कष्ट भोग्न नै दिनेछु। म सर्वशक्तिमान् परमेश्‍वर हुँ भनेर विश्‍वास गर! सबै कुरा पूरा हुनेछन् अनि झन्-झन् असल हुनेछन्! मेरा ज्येष्ठ पुत्रहरू! तिमीहरूमा सबै आशिषहरू आउनेछन्! तिमीहरूले अटुट रूपमा त्यसको आनन्द लिनेछौ, जुन आपूर्तिमा अटुट, भरपूर र प्रशस्तता छन्, अनि पूर्णतामा पूरा भएका छन्।

## अध्याय ७६

मेरा वाणीहरू सबै मेरो इच्छाका अभिव्यक्ति हुन्। कसले मेरो बोझलाई बुझ्न सक्छ? कसले मेरो अभिप्रायलाई बुझ्न सक्छ? के मैले तिमीहरूलाई सोधेको हरेक प्रश्‍नहरूका बारेमा तिमीहरूले विचार गरेका छौ? कस्तो लापरवाही! तिमीहरूले कसरी मेरा योजनालाई बाधा दिने आँट गर्‍यौ? तिमीहरू त ठेगानमा नभएको जस्तो व्यवहार गर्छौ! यदि दुष्ट आत्माहरूको त्यस्तो कार्य जारी रहिरहन्छ भने, म तिनीहरूलाई तुरुन्तै अतल कुण्डमा फ्यालेर मार्नेछु! मैले धेरै पहिलेदेखि दुष्टात्माका विभिन्‍न कार्यहरू स्पष्टसँग देखेको छु। र दुष्टात्माद्वारा प्रयोग गरिएका मानिसहरू (गलत मनसाय भएका व्यक्तिहरू, देह र धनको लालसा गर्नेहरू, आफूलाई बढुवा दिनेहरू, मण्डलीलाई बाधा दिनेहरू, आदि) प्रत्येकलाई पनि मैले देखेको छु। दुष्टात्मा बाहिर निकालिएपछि सबै समाप्त हुन्छ भनेर नसोच्। म तँलाई भन्दछु! अबदेखि, म यी व्यक्तिहरूलाई कहिल्यै प्रयोग नगर्ने गरी एक-एक गर्दै हटाउनेछु! भन्नुको अर्थ, दुष्टात्माद्वारा भ्रष्ट पारिएको कुनै पनि व्यक्तिलाई म प्रयोग गर्नेछैन, अनि त्यसलाई बाहिर निकालिनेछ! मसँग भावनाहरू छैनन् भनेर नसोच्! यो जान्! म पवित्र परमेश्‍वर हुँ, र म फोहोर मन्दिरमा बस्दिनँ। म ती इमानदार र बुद्धिमान् मानिसहरूलाई मात्र प्रयोग गर्दछु जो मप्रति पूर्ण बफादार छन् र मेरो बोझको बारेमा सोच्छन्। किनकि त्यस्ता मानिसहरू मद्वारा पूर्वनियुक्त गरिएका थिए, र तिनीहरूमा दुष्टात्माहरूले अलिकति पनि काम गरिरहेका हुँदैनन्। म एउटा कुरा स्पष्ट पार्छु: अबदेखि उसो पवित्र आत्माको काम नभएकाहरू सबैमा दुष्टात्माहरूको काम हुन्छ। म फेरि दोहोर्‍याएर भन्छु: म त्यस्तो एक जना व्यक्ति पनि चाहन्‍नँ जसमा दुष्टात्माहरूले काम गर्दछ। तिनीहरू सबैलाई तिनीहरूका देहसहित पातालमा फालिनेछन्।

मैले विगतमा तिमीहरूलाई दिएका मापदण्डहरू अलिक हल्का थिए, र देहको विषयमा तिमीहरू भ्रष्ट भएका छौ। आजको दिनदेखि उसो, म तिमीहरूलाई यसरी अघि बढिरहन दिनेछैन। यदि तिमीहरूका बोलीवचन र कार्यहरूले हरेक हिसाबमा मलाई प्रकट गर्दैन भने, वा यदि ती मेरो प्रतिरूप

भन्दा अलिकति पनि भिन्न भए भने, म तिमीहरूलाई अवश्य नै हल्कासित छोडिजान दिनेछैन। नत्र भने, तिमीहरू सधैँ हाँसिरहेका र ठट्यौली गरिरहेका, कुनै संयमताविना, मरणासन्न हुने गरी हाँसिरहेका हुने थियौ। जब तैँले कुनै गलत काम गर्छस्, के तँलाई मैले तँलाई त्यागेको छु भन्ने लाग्दैन? तँलाई यो कुरा थाहा हुँदाहुँदै पनि, तँ किन अझै भ्रष्ट हुन्छस्? के तँ मेरो हातको न्यायको छुवाइ पर्खिरहेको छस्? आजदेखि, एक क्षण समेत मेरो अभिप्रायअनुसार नहुने जोकोहीलाई म तुरुन्तै दण्ड दिनेछु। यदि तँ कुरा काट्दै बसिस् भने, म तँलाई त्याग्नेछु। यदि तैँले आत्मिक आपूर्ति दिँदैनस् भने, नबोल्। मैले तिमीहरूलाई नियन्त्रित गर्नको लागि यसो भनेको होइन, तर मेरो आसय के हो भने मेरो काम अहिलेको बिन्दुसम्म अघि बढिसकेको हुनाले, म मेरो योजना अनुसार जारी राख्नेछु। यदि तिमीहरू जीवनका आत्मिक कुराहरूको बारेमा कुराकानी गर्दै एकसाथ बस्छौ भने, म अवश्य नै तिमीहरूको साथमा हुनेछु। म तिमीहरूमध्ये कसैलाई पनि अनुचित व्यवहार गर्नेछैन। यदि तैँले आफ्नो मुख खोलिस् भने, म तँलाई उचित वचनहरू प्रदान गर्नेछु। तैँले मेरा वचनहरूभित्रैबाट मेरो हृदयलाई बुझ्नुपर्छ। म तिमीहरूलाई गूँगो भएको बहाना गर भनेर भनिरहेको छैन, न त म तिमीहरूलाई सानातिना कुराहरूमा संलग्न होओ भनेर भनिरहेको छु।

म किन धेरै समय बाँकी छैन, र मेरो दिनढिलाइ गर्नु हुँदैन भनिरहेको छु? के तिमीहरूले यसको बारेमा कहिल्यै होसियारीताको साथ विचार गरेका छौ? के तिमीहरूले मेरा वचनहरूको अर्थलाई साँच्चै बुझ्छौ? अर्थात्, मैले बोल्न थालेदेखि नै मैले काम गर्दै आइरहेको छु। तिमीहरू प्रत्येक नै मेरो कामको पात्र बनेका छौ। निश्चित रूपमा कुनै व्यक्ति होइन; र साथै, अरू कुनै व्यक्ति पनि होइन। तिमीहरू आशिषहरूको आनन्द प्राप्त नगरेको बारेमा मात्रै चिन्ता गर्छौ, तर तिमीहरूले आफ्नो जीवनको बारेमा विचार गर्दैनौ। तिमीहरू कति मूर्ख छौ! तिमीहरू कति दयनीय छौ! तिमीहरूले मेरो बोझलाई बुझ्दै बुझ्दैनौ!

मेरा सबै परिश्रमी प्रयासहरू र मैले चुकाएको मूल्य तिमीहरूकै खातिर थिए। यदि तिमीहरूले मेरो बोझलाई बुझ्दैनौ भने, तिमीहरू तिमीहरूबाट मैले गरेका अपेक्षाहरूअनुसार जिएका छैनौ! तिमीहरूले शासन गरोस् भनेर सबै राष्ट्रले प्रतीक्षा गरिरहेका छन्, र आफूमाथि शासन गरियोस् भनेर सबै मानिसहरूले पर्खिरहेका छन्। मैले सबै कुरा तिमीहरूका हातमा दिएको छु। अहिले, सत्तामा हुनेहरू सबैले पद त्याग गर्न थालेका छन् र गिरेका छन्, अनि तिनीहरूमाथि मेरो न्याय परोस् भनेर मात्रै तिनीहरूले पर्खिरहेका छन्। स्पष्ट रूपमा हेर्! संसार अहिले गिर्दैछ, जबकि मेरो राज्य सफलतापूर्वक निर्माण भएको छ। मेरा पुत्रहरू देखा परेका छन् र विभिन्न राष्ट्रहरू र मानिसहरूमाथि शासन चलाउँदै मेरा ज्येष्ठ पुत्रहरू मसँगै राजाहरूका रूपमा शासन गर्छन्। यो अस्पष्ट कुरा हो भन्ने नठान्; यो स्पष्ट देखिने सत्यता हो। होइन र? तिमीहरूले मलाई प्रार्थना र बिन्ती गर्ने बित्तिकै, म तुरुन्तै कारबाही अघि बढाउनेछु र तिमीहरूलाई सताउनेहरूलाई दण्ड दिनेछु, तिमीहरूलाई बाधा दिनेहरूलाई निराकरण गर्नेछु, तिमीहरूलाई घृणा गर्नेहरूलाई नष्ट गर्नेछु, र तिमीहरूको सेवा गर्ने मानिसहरू, घटनाहरू, र काम-कुराहरूको व्यवस्थापन गर्नेछु। मैले यो कुरा धेरै पटक भनेको छु: ख्रीष्टको लागि सेवा गर्ने जोकोहीलाई (अर्थात्, मेरो पुत्रलाई सेवा दिने जोकोहीलाई) म मुक्ति दिनेछैन। मेरो पुत्रलाई सेवा गर्छन् भन्दैमा तिनीहरू असल

मानिसहरू हुन् भन्ने हुँदैन; यो पूर्ण रूपमा मेरो शक्ति र अचम्मका कार्यहरूको परिणाम हो। मानवतालाई अति धेरै महत्त्व नदेओ। त्यस्ता मानिसहरूसँग अवश्य नै पवित्र आत्माको कार्य हुँदैन र आत्मिक कुराहरूलाई बुझ्दै बुझ्दैनन्। तिनीहरूसँगको मेरो काम सकेपछि तिनीहरूको कुनै काम हुनेछैन। यो कुरालाई याद राख! यो मैले तिमीहरूलाई दिएको सुनिश्चितता हो। यसलाई उग्र किसिमले नबुझ, बुझ्यौ?

मानिसहरू झन्-झन् कम हुँदै गाएका छन्, तर सदस्यहरू पहिलेभन्दा बढी परिष्कृत छन्। यो मेरो काम, मेरो व्यवस्थापन योजना, र साथै मेरो बुद्धि र मेरो सर्वशक्ति हो। यो मेरो सामान्य मानवता र मेरो पूर्ण ईश्वरीयताको समन्वय हो। के तिमीहरू यसलाई स्पष्ट रूपमा देख्छौ? के तिमीहरूसँग यस बुँदाको बारेमा कुनै बुझाइ छ? मैले मेरो सामान्य मानवताबाट बोलेका कुराहरू हरेकलाई म मेरो ईश्वरीयताद्वारा एक-एक गरी पूरा गर्नेछु। यही कारणले गर्दा मैले जे भन्छु त्यो कुनै अस्पष्टताविना पूरा हुनेछ भनेर बारम्बार दोहोर्याइरहन्छु; बरु, यो अत्यन्तै स्पष्ट र निश्चित हुनेछ। मैले भन्ने हरेक कुरा पूरा हुनेछ, र अवश्य नै लापरवाही रूपमा हुनेछैन। म खोक्रा शब्दहरू बोल्दिनँ र म गल्तीहरू गर्दिनँ। जसले मलाई मापन गर्ने आँट गर्छ त्यसलाई न्याय गरिनेछ, र त्यो अवश्य नै मेरो हत्केलाबाट उम्कन सक्नेछैन। मेरा वचनहरू बोलिने बित्तिकै, कसले विरोध गर्ने आँट गर्छ? कसले मलाई फुस्ल्याउने वा मबाट कुनै कुरा लुकाउने आँट गर्छ? मैले पहिले नै यो कुरा भनिसकेको छु: म बुद्धिमानी परमेश्वर हुँ। सबै मानिसहरूलाई र शैतानी बानीबेहोरालाई प्रकट गर्न, गलत अभिप्राय भएकाहरूलाई खुलासा गर्न, अरूको अघि एक किसिमले र तिनीहरूको पिठ्यूँपछाडि अर्को किसिमले व्यवहार गर्नेहरू, मलाई विरोध गर्नेहरू, मप्रति विश्वासघाती हुनेहरू, पैसाको पछि लालसा गर्नेहरू, मेरो बोझलाई नबुझ्नेहरू, आफ्ना दाजुभाइ-दिदीबहिनीहरूसँग छल र कुटिलपनको प्रयोग गर्ने, मानिसहरूलाई आनन्दित तुल्याउन चिप्ले घस्ने, र आफ्ना दाजुभाइ-दिदीबहिनीहरूसँग हृदय र मनमा सर्वसम्मत रूपमा समन्वय गर्न नसक्नेहरूलाई खुलासा गर्न म मेरो सामान्य मानवताको प्रयोग गर्छु। मेरो सामान्य मानवतालाई थाहा हुँदैन भन्ने ठान्दै, मेरो सामान्य मानवताको कारण धेरै मानिसहरूले गुप्तमा मेरो विरोध गर्छन् र छल र कुटिलपनमा सहभागी हुन्छन्। अनि मलाई असल कुरा खान पिउन दिँदै, सेवकहरूले जस्तो मेरो सेवा गर्दै, र आफ्नो हृदयमा भएको कुरा मसँग बोल्दै, तर मेरो पिठ्यूँ पछाडि पूर्ण रूपमा फरक व्यवहार गर्दै धेरै मानिसहरूले मेरो सामान्य मानवतामा विशेष ध्यान दिन्छन्। अन्धा मानवहरू! तिमीहरूले मलाई–मानिसहरूको हृदयको गहिराइ देख्न सक्ने परमेश्वरलाई कति थोरै चिनेका छौ। अहिले समेत तिमीहरूले मलाई चिनेकै छैनौ; तैँले जे गरिरहेको छस् त्यसको बारेमा मलाई थाहा छैन भन्ने तँलाई लाग्छ। पछाडि फर्केर हेर्: मेरो सामान्य मानवताको कारण कति जना मानिसहरूले आफूलाई बरबाद गरेका छन्? बिउँझ! उप्रान्त मलाई छल नगर्। तैँले मेरो अघि तेरो सबै चालचलन र व्यवहार, तेरो हरेक वचन र कार्यलाई प्रस्तुत गर्नुपर्छ, र मैले गर्ने छानबिनलाई स्वीकार गर्नुपर्छ।

# अध्याय ७७

मेरा वचनहरूको बारेमा अनिश्चित हुनु भनेको मेरा कार्यहरूलाई इन्कार गर्ने आचरणलाई पक्रिराख्नु बराबर हो। भनाइको अर्थ, मेरा वचनहरू मेरो पुत्रभित्रबाट प्रवाहित भएका छन्, तापनि तिमीहरूले त्यसलाई कुनै महत्त्व दिँदैनौ। तिमीहरू कति चञ्चल छौ! मेरो पुत्रबाट धेरै वचनहरू प्रवाहित भएका छन्, तापनि तिमीहरू शङ्कालु र अनिश्चित नै रहन्छौ। तिमीहरू अन्धा हौ! मैले गरेको हरेक कुराको पछाडि रहेको उद्देश्यलाई तिमीहरूले बुझ्दैनौ। के मेरो पुत्रद्वारा मैले प्रकट गर्ने वचनहरू मेरो आफ्नै वचनहरू होइनन् र? केही यस्ता कुराहरू छन्, जसलाई म प्रत्यक्ष रूपले उच्चारण गर्न चाहन्न, त्यसैकारण म मेरो पुत्रद्वारा बोल्छु। तैपनि, मैले प्रत्यक्ष रूपले बोल्नुपर्छ भन्ने अडान लिएर किन तिमीहरू अति हास्यास्पद हुन्छौ? तिमीहरूले मलाई बुझ्दैनौ, अनि तिमीहरूसित मेरा कार्यहरू र कर्महरूको बारेमा शङ्काहरू हुन्छन्! मेरो हरेक चाल अनि मेरो हरेक कार्य र कर्म सही हुन्छन् भनेर के मैले पहिल्यै भनेको छैन र? मानिसहरूले त्यसलाई छानबिन गर्न छोड्नुपर्छ। तेरा अशुद्ध हातहरू झिक्! म तँलाई केही कुरा भन्छु: मैले प्रयोग गर्ने सबै मानिसहरू मैले संसारलाई सृष्टि गर्नुअघि नै पूर्वनियुक्त गरिएका हुन्, अनि तिनीहरूलाई आज मैले अनुमोदन गरेको हुँ। तिमीहरू निरन्तर म कस्तो व्यक्ति हुँ भनी छानबिन गर्ने अनि मेरा कार्यहरूलाई अध्ययन गर्ने जस्ता कुराहरूमा प्रयास गरिरहेका छौ। तिमीहरू सबैसित कारोबारको मानसिकता छ। यदि फेरि यस्तो भयो भने, म तिमीहरूलाई निश्चय नै मेरो हातले प्रहार गर्नेछु। मैले यसो भन्न खोजिरहेको छु: मलाई शङ्का नगर, अनि मैले गरेका कुराहरूको विश्लेषण वा मनन नगर। त्यस्ता कुराहरूमा तिमीहरूले झन् दखल दिनु हुँदैन, किनकि यो मेरा प्रशासनिक आदेशहरूसित सम्बन्धित छ। यो सानोतिनो विषय होइन!

मैले निर्देशन दिएको सबै कुरा गर्न तिमीहरूसित भएको सबै समय प्रयोग गर। म फेरि यो कुरा भन्छु, अनि एउटा चेतावनीको रूपमा भन्छु: विदेशीहरू चीनमा ओइरिन लागेका छन्। यो पूर्ण रूपले सत्य हो! धेरै मानिसहरू यसको बारेमा शङ्कालु छन् अनि निश्चित छैनन् भन्ने मलाई थाहा छ, त्यसैले म तिमीहरूलाई घरीघरी याद दिलाउँछु कि तिमीहरूले छिट्टै जीवनको वृद्धिलाई खोजी गर, अनि मेरा इच्छालाई सन्तुष्ट पार्न सक्ने बन। आजदेखि उता, अन्तर्राष्ट्रिय अवस्था झन् तनावग्रस्त हुनेछ, अनि थुप्रै देशहरू भित्रबाटै धराशायी हुन थाल्नेछन्। चीनमा, खुशीका दिनहरू अन्त्य हुन लागेका छन्। यसको अर्थ, कामदारहरू हडतालमा जानेछन्, विद्यार्थीहरू आ-आफ्नो कक्षाबाट बाहिरिनेछन्, व्यापारीहरूले आफ्नो व्यापार रोक्नेछन्, अनि कलकारखानाहरू सबै बन्द हुनेछन् र संचालन हुन सक्नेछैनन्। उम्किनको निम्ति ती संवर्गहरूले रकम तयार गर्न थाल्नेछन् (यसले पनि मेरो व्यवस्थापनको योजनालाई पूरा गर्नेछ) अनि केन्द्रीय सरकारका सबै तहका नेताहरूले तयारी गर्ने क्रममा अरू कुराहरूलाई बेवास्ता गरी निश्चित कुराहरूमाथि ध्यान केन्द्रित गर्न तिनीहरू अति व्यस्त रहनेछन् (यो अर्को कदम पूरा गर्नको निम्ति हो)। राम्रोसित दृष्टि लगाऊ! यो समस्त ब्रम्हाण्डलाई नै समेट्ने कुरा हो, चीनलाई मात्र होइन, किनकि मेरो काम पूरै विश्वप्रति लक्षित छ। तथापि, यो मानिसहरूको समूह, अर्थात् मेरा ज्येष्ठ पुत्रहरूबाट राजाहरू

बनाउने कामको सेवामा पनि छ। के तँ यसलाई स्पष्ट रूपमा देख्छस्? छिटो गर् र खोजी गर्! म तिमीहरूलाई अन्यायपूर्ण ढङ्गले व्यवहार गर्नेछैन; म तिमीहरूलाई तिमीहरूको हृदय सन्तुष्ट हुने गरी आनन्द अनुभव गर्न दिनेछु।

मेरा कार्यहरू उदेकका छन्। संसारमा ठूला विपत्तिहरू फैलिँदै जाँदा, अनि खराबी गर्नेहरू र शासकहरूले दण्ड पाउँदै गर्दा–अझ स्पष्ट भन्नुपर्दा, मेरो नाउँभन्दा बाहिर रहेर, खराबी गर्नेहरूले कष्ट भोग्छन्–म तिमीहरूलाई मेरा आशिषहरू प्रदान गर्न सुरु गर्नेछु। "तिमीहरूले निश्चय नै विपत्तिहरूको पीडा र हानि भोग्नेछैनौ" भनेर मैले विगतमा बारम्बार भनेका यी वचनहरूको मूलभूत अर्थ यही हो। के तिमीहरू यसलाई बुझ्न सक्छौ? मैले भनेको "यो समय" ले मेरा वचनहरू मेरो मुखबाट बाहिर निस्कने समयलाई जनाउँछ। पवित्र आत्माको काम निकै तीव्र गतिमा हुन्छ; म एक मिनेट वा एक सेकेण्ड पनि ढिलाइ गर्नेछैन वा खेर फाल्नेछैन। बरु, मेरा वचनहरू जुन बेला बोलिन्छन्, त्यही क्षणमा म त्यसअनुरूप काम गर्नेछु। यदि मैले आज कसैलाई हटाउँदैछु वा म कसैलाई घृणा गर्छु भनेर भनेँ भने, यो त्यस व्यक्तिको लागि तुरुन्तै पूरा हुन्छ। अर्को शब्दमा, मेरो पवित्र आत्मा तिनीहरूबाट तुरुन्तै फर्काइन्छ, अनि तिनीहरू पूरै काम नलाग्ने जिउँदा लास हुनेछन्। त्यस्ता मानिसहरू अझै पनि सास फेरिरहेको, हिँडिरहेको अनि कुरा गरिरहेको हुन सक्ला, अनि तिनीहरूले मेरो सामु अझै पनि प्रार्थना गर्लान्, तर मैले तिनीहरूलाई छोडिसकेको छु भनी तिनीहरूले कहिल्यै महसुस गर्नेछैनन्। तिनीहरू सारतत्वमै बेकम्मा मानिसहरू हुन्। यो पूर्ण रूपले सत्य र विशुद्ध कुरा हो!

मेरा वचनहरूले म जुन मानिस हुँ त्यसलाई प्रतिनिधित्व गर्दछ। यसलाई याद गर! शङ्का नगर; तँ पूर्ण रूपले निश्चित हुनुपर्छ। यो जीवन र मृत्युको विषय हो! यो अत्यन्तै गम्भीर कुरा हो! मेरा वचनहरू बोलिएकै क्षणमा, मैले गर्न चाहेको कुरा तुरुन्तै पूरा भइसकेको हुन्छ। यी सबै वचनहरू मेरो पुत्रद्वारा बोलिनुपर्छ। तिमीहरूमध्ये कसले यस विषयमा गम्भीर ध्यान दिएको छ? अरू कसरी म यसलाई बयान गर्न सक्छु? हर समय अति भयभीत हुन र कायर हुन छोडिदेऊ। के मसित साँच्चिकै मानिसहरूका भावनाहरूका निम्ति कुनै वास्ता छैन? के मैले स्वीकृत गरेका मानिसहरूलाई म त्यत्तिकै बहिष्कार गर्नेछु र? म जे छु, त्यो सिद्धान्तसम्मत् हुन्छ। म आफैले स्थापित गरेको करारलाई म तोड्नेछैन, न त म मेरो आफ्नै योजनालाई बिथोल्नेछु। म तिमीहरू जस्तो मूर्ख छैन। मेरो काम एउटा महान् कुरा हो; यो कुनै मानिसले सम्पन्न गर्न नसक्ने कुरा हो। मैले भनेको छु, कि म धर्मी छु अनि मलाई प्रेम गर्ने मानिसहरूको निम्ति म प्रेम हुँ। के तँ यो साँचो हो भनी विश्वास गर्छस्? तँसित आशङ्काहरू निरन्तर हुन्छन्! यदि तँसित सबै कुराको बारेमा शुद्ध विवेक छ भने, तँ किन अझै यति धेरै डराउँछस्? तैँले आफैलाई बाँधेको हुनाले नै यो सबै भएको हो। मेरो छोरा! मैले धेरै पल्ट तँलाई दुःखी नहुनु वा आँशु नझार्नु अनि म तँलाई अफाल्नेछैनँ भनी सम्झाएको छु। के तँ मलाई अझै भरोसा गर्न सक्दैनस्? म तँलाई थाम्नेछु अनि जान दिनेछैन; मेरो प्रेममा म तँलाई सधैँ अँगाल्नेछु। म तँलाई हेरचाह गर्नेछु, रक्षा गर्नेछु, अनि हरेक कुरामा, म तँलाई प्रकाशहरू र अन्तर्ज्ञानहरू दिनेछु ताकि तैँले म तेरा पिता हुँ, र तँलाई साथ दिने म नै हुँ भनेर तैँले देख्न सक्छस्। तेरा पिताको काँधमा भएको बोझलाई कसरी हल्का

पार्ने भनेर तँ सधैँ सोचिरहेको हुन्छस् भन्ने मलाई थाहा छ। मैले तँलाई दिएको बोझ यही नै हो। यसलाई पन्साउने कोसिस नगर्! कति मानिसहरू यी दिनहरूमा मप्रति वफादार हुन सक्छन्? मलाई आशा छ, कि तैँले आफ्नो तालीमको गति बढाउन सक्छस् र चाँडै वृद्धि भएर मेरो हृदयलाई सन्तुष्ट पार्न सक्छस्। पिताले पुत्रको निम्ति दिन र रात मेहनत गर्नुहुन्छ, त्यसैले, पुत्रले हरेक क्षण अनि हर सेकेण्ड पिताको व्यवस्थापनको योजनालाई पनि विचार गर्नुपर्छ। मैले भन्ने गरेको मसितको सक्रिय सहकार्य यही हो।

सबै मेरो कार्य हो। म आज मैले प्रयोग गर्ने मानिसहरूमाथि बोझ राखिदिनेछु अनि तिनीहरूलाई बुद्धि दिनेछु ताकि तिनीहरूका सबै कार्यहरू मेरो इच्छाअनुरूप हुन सकून्, ताकि मेरो राज्य साकार हुन सकोस्, अनि ताकि एउटा नयाँ स्वर्ग र पृथ्वी उत्पन्न होऊन्। मैले प्रयोग नगरिरहेका मानिसहरू पूर्ण रूपले विपरीत छन्; तिनीहरू सधैँ बेहोस अवस्थामा हुन्छन्, तिनीहरू खाएपछि सुत्छन्, अनि तिनीहरू सुतेर उठेपछि खान्छन्, अनि बोझ भनेको के हो त्यसको बारेमा तिनीहरूलाई केही पनि थाहा हुँदैन। त्यस्ता मानिसहरूमा पवित्र आत्माको कामको कमी हुन्छ, अनि मेरो मण्डलीबाट तिनीहरूलाई जति सक्दो चाँडो छाँटिनुपर्छ। अब, म दर्शनहरूसित सम्बन्धित केही विषयहरू बताउनेछु: मण्डली राज्यको निम्ति पूर्वसर्त हो; मण्डलीको निर्माण केही हदसम्म गरिएपछि मात्रै मानिसहरू राज्यभित्र प्रवेश गर्छन्। कोही पनि राज्यभित्र प्रत्यक्ष रूपले प्रवेश गर्न सक्दैन (यदि मद्वारा प्रतिज्ञा गरिएको छैन भने)। मण्डली पहिलो कदम हो, तर राज्य नै मेरो व्यवस्थापनको योजनाको लक्ष्य हो। मानिसहरू राज्यभित्र प्रवेश गरेपछि सबै कुराले निश्चित रूप धारण गर्नेछ, अनि डराउनुपर्ने कुनै पनि कुरा हुनेछैन। वर्तमानमा, मेरा ज्येष्ठ पुत्रहरू र म मात्र राज्यभित्र प्रवेश गरेका छौँ अनि सबै जातिहरू र मानिसहरूलाई शासन गर्न थालेका छौँ। भनाइको अर्थ, मेरो राज्य सङ्गठित हुन सुरु हुँदैछ, अनि जो राजाहरू वा मेरा मानिसहरू हुनेछन्, तिनीहरूलाई सार्वजनिक रूपले घोषणा गरिएको छ। तिमीहरूलाई भविष्यका घटनाहरू चरणबद्ध रूपमा र क्रमिक रूपले बताइनेछ; धेरै व्याकुल वा चिन्तित नहोऊ। के मैले तँलाई भनेको हरेक वचन तँलाई याद छ? यदि तँ साँच्चिकै मेरो निम्ति नै होस् भने, म तँसँग साँचो रीतिले बोल्नेछु। जसले छल र कुटिलताको अभ्यास गर्छन्, तिनीहरूलाई चाहिँ म उदासीनतापूर्वक व्यवहार गर्छु अनि त्यस्तो व्यवहारले कसमाथि बरबादी ल्याउने रहेछ भनी तिनीहरूलाई स्पष्ट रूपले देखाउनेछु।

## अध्याय ७८

काम गर्ने म नै हुँ, कुनै पनि मानव होइन भनेर मैले पहिले नै भनेको छु। मेरो हकमा, सबै कुरा ढुक्क र खुशी हुन्छ तर तिमीहरूका हकमा, कुराहरू अत्यन्तै फरक हुन्छन्; तिमीहरूले गर्ने हरेक कुरामा चरम कठिनाइको सामना गर्छौ। मैले अनुमोदन गर्ने सबै कुरालाई निश्चित रूपमा पूरा गर्नेछु; मैले अनुमोदन गर्ने जो-कसैलाई म सिद्ध बनाउनेछु। मानिसहरू हो: मेरो काममा हस्तक्षेप नगर! तिमीहरूले त मैले प्रेम गर्ने कुरालाई प्रेम गर्दै, मैले घृणा गर्ने सबै कुरालाई इन्कार गर्दै, आफूलाई पापबाट मुक्त गर्दै र आफूलाई मेरो मायालु अङ्गालोमा राख्दै मेरो अगुवाइलाई

पछ्याएर काम गर्नुपर्छ। म तिमीहरूसँग धाक लगाइरहेको छैन, न त मैले बढाइ-चढाइ नै गरिरहेको छु; वास्तवमा यही सत्यता हो। यदि मैले संसारलाई नष्ट गर्न लागेको छु भनेर भन्छु भने, तिमीहरूले आँखा झिमिक्क गर्दा, संसार खरानीमा परिवर्तन हुनेछ। तिमीहरू प्रायजसो अत्यन्तै व्याकुल हुन्छौ र मेरा वचनहरू रित्तो छन् भनेर डराएको कारण आफ्नो बोझमा थप बोझ थप्छौ। तसर्थ, तिमीहरू मेरो लागि "उम्कने बाटो पत्ता लगाउने" प्रयास गर्दै यता-उता दगुर्छौ। अन्धाहरू! मूर्खहरू! तिमीहरूलाई आफ्नै मूल्य समेत थाहा छैन, तैपनि तिमीहरू मेरो सल्लाहकार बन्ने प्रयास गर्छौ। के तँ योग्य छस्? ऐनामा राम्ररी हेर्!

म तँलाई एउटा कुरा भन्छु! डरपोकहरूलाई तिनीहरूको कातरपनको लागि सजाय दिइनैपर्छ, जब कि अत्यन्तै विश्‍वासयोग्य व्यक्तिले आफ्नो विश्‍वासको कारण आशिषहरू कमाउनेछन्। स्पष्ट रूपमा भन्दा, अहिलेको लागि सबैभन्दा महत्त्वपूर्ण कुरा भनेको विश्‍वास नै हो। तिमीहरूमाथि आउने आशिषहरूलाई प्रकट गर्नुभन्दा पहिले, तिमीहरूले आफूलाई मेरो निम्ति खर्च गर्नको लागि अहिले नै सबै कुरा त्यागगर्नुपर्छ। "आशिषहरू प्राप्त गर्नु" र "संकष्ट भोग्नु" ले ठीक यही पक्षलाई जनाउँछ। मेरा पुत्रहरू! के मेरा वचनहरू अझै पनि तिमीहरूका हृदयमा कुँदिएका छन्? "मेरो लागि इमानदारपूर्वक खर्चिनेहरूलाई म अवश्य नै धेरै आशिष् दिनेछु।" आज, के तैँले तँभित्र रहेको अर्थलाई साँचो रूपमा बुझ्छस्? म खोक्रा शब्दहरू बोल्दिनँ; अबदेखि कुनै पनि कुरा लुकाइनेछैन। अर्थात्, मेरा वचनहरूभित्र लुकाइने गरिएका कुराहरू अब तिमीहरूलाई एक-एक गरी, कुनै पनि कुरा नलुकाइकन बताइनेछ। यसको साथै, हरेक वचन मेरो साँचो अर्थ हुनेछ। यसबाहेक मेरो अघि लुकेका सबै मानिसहरू, घटनाहरू र कुराहरूलाई प्रकट गर्ने कार्य सहजै गरिनेछ र त्यो मेरो लागि कुनै पनि हालतमा कठिन हुनेछैन। मैले गर्ने सबै कुरामा मेरो सामान्य मानवताको एउटा पक्ष र साथै मेरो पूर्ण ईश्‍वरीयताको एउटा पक्ष समावेश हुन्छ। के तैँले यी वचनहरूलाई साँच्चै स्पष्ट रूपमा बुझेको छस्? यही कारणले गर्दा म तँलाई तैँले धेरै हतार गर्नु हुँदैन भनेर भनिरहन्छु। व्यक्ति वा वस्तुलाई प्रकट गर्ने कार्य मेरो लागि कठिन हुँदैन र यसको लागि सधैँ समय हुन्छ। त्यस्तै होइन र? धेरै जना मानिसहरूको साँचो रूप मेरो अघि प्रकट भइसकेको छ। चाहे तिनीहरू स्यालका आत्मा, कुकुरहरू वा ब्वाँसाहरू हुन्, तिनीहरू सबैले तिनीहरूको साँचो रूप तोकिएको समयमा प्रकट गर्छन्, किनभने मैले गर्ने हरेक कुरा मेरो योजनाको भाग हो। यस विषयमा तिमीहरूसँग पूर्ण रूपमा स्पष्ट बुझाइ हुनैपर्छ!

"समय टाढा छैन" भन्ने वाक्यांशले केलाई जनाउँछ भन्ने कुरा तैँले साँच्चै बुझेको छस्? विगतमा, तिमीहरूले सधैँ यसले मेरो दिनलाई जनाउँछ भन्ने सोच्थ्यौ, तर तिमीहरू सबैले आफ्ना धारणाहरूका आधारमा मेरा वचनहरूको अर्थ लगाइरहेका थियौ। म तिमीहरूलाई भन्छु! अबदेखि, मेरा वचनहरूको गलत अर्थ लगाउने जोकोही व्यक्ति निश्‍चय नै मूर्ख हो! "समय टाढा छैन" भनी मैले बोलेका वचनहरूले आशिषहरूमा रमाउने तिमीहरूको दिनहरूलाई जनाउँछ; अर्थात्, सबै दुष्ट आत्माहरूलाई नष्ट गर्ने र मेरो चर्चबाट निकाल्ने अनि कामकुरा गर्ने सबै मानव तौरतरिकालाई इन्कार गर्ने दिनहरू हुन्। यसको साथै, यो अभिव्यक्तिले सबै ठूला-ठूला विपत्तिहरू आइपर्ने दिनहरूलाई जनाउँछ। यो कुरा याद राख! यो सबै ठूला-ठूला विपत्तिहरू हुन्; यसलाई अबदेखि गलत

अर्थ नलगाओ। मेरा हातबाट मेरा ठूला-ठूला विपत्तिहरू एकसाथ सम्पूर्ण संसारमा आइपर्नेछन्। मेरो नाम प्राप्त गर्नेहरू आशिषित हुनेछन् र तिनीहरूले त्यस्तो कष्ट अवश्य नै भोग्नुपर्नेछैनन्। के तिमीहरूलाई अझै यो कुरा याद छ? मैले भनिरहेको कुरा के त्यो तिमीहरूले बुझ्यौ? मैले बोल्ने समय नै मैले काम गर्न सुरु गर्ने समय हो (जुन बेला ठीक समयमा ठूला-ठूला विपत्तिहरू आइपरेको हुन्छ)। तिमीहरूले मेरा अभिप्रायहरूलाई साँचो रूपमा बुझ्दैनौ। म तिमीहरूप्रति कुनै पनि उदारता नदेखाइकन किन तिमीहरूसित यस्ता कठोर मागहरू गर्छु के तिमीहरूलाई थाहा छ? अन्तरराष्ट्रिय अवस्था तनावपूर्ण हुँदा र चीनमा (तथाकथित) शक्तिमा हुनेहरूले सबै तयारीहरू गरिरहेका बेला नै, टाइम बम पड्किन लागेको समय हुन्छ। सात राष्ट्रका मानिसहरू जस्तोसुकै मूल्य चुकाउनु परे पनि साँचो मार्गको खोजी गर्न जलद्वारबाट बगी निस्कने पानीजस्तै चीनमा आतुरीका साथ ओइरिनेछन्। कतिलाई मैले चुनेको छु र अरू चाहिं मेरो सेवा गर्नका लागि हुन्, तर तिनीहरूका बीचमा कुनै पनि ज्येष्ठ पुत्र छैन। यो काम मेरो हो! यस कुराको सम्झौता मैले संसारको सृष्टि गर्दा नै भएको थियो। तिमीहरूका मानव धारणाहरूलाई त्याग। मैले निरर्थक कुरा बोलिरहेको छु भन्ने नठान! म जे सोच्छु त्यो मैले पहिले नै पूरा गरिसकेको हुन्छु र मेरो योजना जे हुन्छ त्यो पनि मैले पहिले नै पूरा गरिसकेको हुन्छु। के यसबारे तिमीहरू स्पष्ट भयौ?

सबै कुरा मेरै विचार र मेरो योजनामा निर्भर हुन्छन्। मेरो छोरा! मैले तँलाई तेरै खातिर, साथै मैले प्रेम गर्ने हुनाले चुनेको छु। ज-जसले अवज्ञा गर्ने विचार गर्छ वा डाह गर्छ, त्यो मेरो श्राप र ज्वालाले मर्नेछ। यसमा मेरो राज्यका प्रशासनिक आदेशहरू समावेश छन्, किनभने यस दिनको राज्य पहिले नै स्थापित भइसकेको छ। तैपनि, मेरो छोरा, तँ सतर्क हुनैपर्छ र यसलाई पूँजीको रूपमा लिनु हुँदैन। तिमीहरूले तिमीहरूको पिताको हृदयलाई बुझ्नुपर्छ र यसद्वारा तिमीहरू पिताको परिश्रमी प्रयासहरूप्रति आभारी हुनुपर्छ। यसबाट, मेरो छोराले म कस्तो प्रकारको व्यक्तिलाई सबैभन्दा बढी प्रेम गर्छु, कस्तो प्रकारको व्यक्तिलाई म दोस्रो रूपमा प्रेम गर्छु, कस्तो प्रकारको व्यक्तिलाई म सबैभन्दा बढी घृणा गर्छु र कस्तो प्रकारको व्यक्तिलाई म घिनाउँछु भन्ने कुरा बुझ्नैपर्छ। आफैमाथि ज्यादा दबाब नथुपार। तँसँग जे-जस्तो स्वभाव छ त्यसलाई मैले नै सुनियोजित गरेको थिएँ र त्यो मेरो ईश्वरीय स्वभावको एउटा पक्षको प्रकटीकरण हो। तेरो गलतफहमीहरूलाई त्याग! आफूप्रति घृणा बोकेर नबस। मैले यो कुरा कसरी भन्नुपर्छ? के तैँले अझै पनि बुझिनस्? के तँ अझै पनि तेरा डरहरूको बन्धनमा छस्? को निष्ठावान छ, को जोशिलो छ, को इमानदार छ, को छली छ–मलाई यी सबै थाहा छ, किनभने अघि भनेजस्तै, म सन्तहरूको अवस्थालाई आफ्नो हत्केलालाई जत्तिकै चिन्छु।

मेरो नजरमा, सबै कुरा धेरै पहिले नै पूरा गरिएको र प्रकट गरिएको छ। (म मानिसहरूको भित्री हृदयलाई छानबिन गर्ने परमेश्वर हुँ; मेरो उद्‌देश्य भनेको मेरो सामान्य मानवताको पक्ष तिमीहरूलाई देखाउनु नै हो।) तैपनि, तिमीहरूको दृष्टिकोणबाट हेर्दा, सबै कुरा अझै पनि गुप्त छन् र केही पनि पूरा गरिएको छैन। यो पूर्ण रूपमा तिमीहरूले मलाई चिन्दैनौ भन्ने तथ्यको कारणले गर्दा नै हो। सबै कुरा मेरै हातमा छन्, सबै कुरा मेरो खुट्टामुनि छन् र मेरो नजरले सबै कुराको छानबिन गर्छ; मेरो न्यायबाट को उम्कन सक्छ? अशुद्धहरू, कुरा लुकाउनेहरू, मेरो

पिठ्यूँपछाडि न्याय गर्नेहरू, आफ्नो हृदयमा विरोध बोक्नेहरू र यस्तै यस्तै–मेरो नजरमा बहुमूल्य नठानिएका यी सबै मानिसहरूले मेरो अघि घुँडा टेक्नैपर्छ र आफ्नो बोझ उतार्नैपर्छ। सायद यो कुरा सुनिसकेपछि, कतिपय मानिसहरू हल्का उत्प्रेरित हुनेछन् भने अरूले चाहिँ यसलाई गम्भीर विषयको रूपमा लिनेछैनन्। म तिमीहरूलाई चेतावनी दिन्छु! बुद्धिमानले पश्चात्ताप गर्न हतार गरून्! यदि तँ मूर्ख होस् भने, प्रतीक्षा मात्रै गर्! जब समय आउँछ, विपत्ति भोग्ने को हुनेछ त्यो देख्छस्!

स्वर्ग अझै पनि मूल स्वर्ग हो र पृथ्वी अझै पनि मूल पृथ्वी हो, तर मेरो नजरमा दुवै परिवर्तन भइसकेका छन् अनि पहिलेका स्वर्ग र पृथ्वी होइनन्। स्वर्गले केलाई जनाउँछ? के तिमीहरूलाई थाहा छ? अनि आजको स्वर्गले केलाई जनाउँछ? विगतको स्वर्गले केलाई जनाउँथ्यो? म तिमीहरूलाई यसबारे बताउँछु: विगतको स्वर्गले तिमीहरूले विश्वास गर्ने गरेको तर कसैले पनि नदेखेको परमेश्वरलाई जनाउँथ्यो र मानिसहरूले सच्चा इमानदारीताको साथ विश्वास गर्ने परमेश्वर उहाँ नै हुनुहुन्थ्यो (किनभने तिनीहरूले उहाँलाई देख्न सकेनन्)। अर्कोतर्फ, आजको स्वर्गले मेरो सामान्य मानवता र मेरो पूर्ण ईश्वरीयता दुवैलाई जनाउँछ। अर्थात्, यसले व्यावहारिक परमेश्वर स्वयम्लाई जनाउँछ। दुवै एउटै परमेश्वर हुनुहुन्छ। त्यसोभए, म किन नयाँ स्वर्ग म नै हुँ भनी भन्छु? यो सबै मानिसका धारणाहरूप्रति निर्देशित छन्। आजको पृथ्वीले तिमीहरू रहेको स्थानलाई जनाउँछ। विगतको पृथ्वीमा एउटै पनि पवित्र स्थान थिएन तर आज तिमीहरू जाने स्थानहरूलाई पवित्र भनी अलग गरिएका छन्। यही कारणले गर्दा म यो नयाँ पृथ्वी हो भनी भन्छु। यहाँ "नयाँ" भनेको "पवित्र" हो। अहिले नयाँ स्वर्ग र पृथ्वी पूर्ण रूपमा महसुस गरिसकिएको साकार भइसकेको छ। के अब तिमीहरूले यो बुझ्यौ? म तिमीहरूलाई एक-एक गरी सबै रहस्यहरू प्रकट गर्नेछु। हतार नगर र तिमीहरूलाई अझै ठूला-ठूला रहस्यहरू प्रकट गरिनेछन्!

## अध्याय ७९

अन्धाहरू! अज्ञानीहरू! बेकम्मा फोहोरका थुप्रो! तिमीहरूले मेरो सामान्य मानवतालाई मेरो पूर्ण ईश्वरीयताबाट अलग गर्छौ! के यो म विरुद्धको पाप हो भन्ने तिमीहरूलाई थाहा छैन? यसको साथै, यो क्षमा दिन कठिन कुरा हो! आज तिमीहरूका बीचमा व्यावहारिक परमेश्वर आउनुभएको छ, तैपनि तिमीहरूलाई मेरो एउटा पक्षको–मेरो सामान्य मानवताको–बारेमा मात्र थाहा छ र पूर्ण रूपमा ईश्वरीय हुने मेरो त्यो पक्षलाई तिमीहरूले देखेकै छैनौ। के मेरो पिठ्यूँ पछाडि मलाई ठग्ने प्रयास गर्नेलाई म चिन्दिन भन्ने तँलाई लाग्छ? मैले तेरो आलोचना गरिरहेको छैन; मैले त तँ कुन स्तरमा सक्दछस्, र तँ अन्त्यमा कसरी समाप्त हुनेछस् भनेर मात्रै हेरिरहेको छु। मैले हजार वचनहरू बोलेको छु, तै पनि तिमीहरूले धेरैभन्दा धेरै दुष्कर्म गरेका छौ। तिमीहरूले किन मलाई बारम्बारर ठग्ने प्रयास गर्छौ? आफ्नो जीवन गुमाउने बारेमा होसियार बन्! यदि तैँले मेरो क्रोधलाई निश्चित स्तरसम्म क्रोधित तुल्याइस् भने, म तँलाई कुनै दया देखाउनेछैन, र तँलाई निकालिनेछ। तँ पहिले कस्तो थिइस्, तँ निष्ठावान थिइस् कि जोशिलो थिइस्, तैँले कति दौडधूप गरेको छस्,

वा तैँले मेरो लागि कति अर्पण गरेको छस् त्यस कुरालाई म ध्यान दिनेछैन; म यी कुराहरूलाई पटक्कै हेर्नेछैन। तैँले मलाई अहिले मात्रै क्रोधित तुल्याउनुपर्छ, अनि म तँलाई अतल कुण्डमा फ्याँक्नेछु। कसले अझै मलाई ठग्ने प्रयास गर्ने आँट गर्छ? यो कुरा याद राख! अबदेखि, जब-जब म रिसाउँछु, जोसुकै होस्, म तँलाई तुरुन्तै निकालिदिनेछु, ताकि भविष्यमा कुनै समस्या नहोस्, ताकि मैले तँलाई उप्रान्त देख्न नपरोस्। यदि तैँले मेरो अवहेलना गरिस् भने, म तँलाई तुरुन्तै सजाय दिनेछु। के तिमीहरूले यो कुरालाई याद गर्नेछौ? तिमीहरूमध्ये जो-जो बाठो छौ तिमीहरूले तुरुन्तै पश्चात्ताप गर्नुपर्छ।

आज–अर्थात्, अहिले–म क्रोधित छु। तिमीहरू सबै मप्रति निष्ठावान बन्नुपर्छ र तेरो सम्पूर्णता मलाई सुम्पनुपर्छ। तैँले उप्रान्त कुनै ढिलाइ गर्नु हुँदैन। यदि तैँले मेरा वचनहरू सुनिनस् भने, म मेरो हात फैलाउनेछु र तँलाई प्रहार गर्नेछु। यसो गरेर, म सबैलाई म को हुँ भन्ने देखाउनेछु; आजको दिन, म हरेकप्रति क्रोधित र प्रतापी छु (जुन मेरो न्यायभन्दा पनि गम्भीर छ)। मैले धेरै वचनहरू बोलेको छु, तैपनि तिमीहरूले प्रतिक्रिया नै दिएका छैनौ; के तिमीहरू साँच्चै यति बोधो छौ? तिमीहरू त्यस्ता छौ भन्ने मलाई लाग्दैन। यो कुकर्म गर्ने त तिमीहरूभित्र लुकेको त्यो पुरानो दियाबलस हो। के तिमीहरू यसलाई स्पष्ट रूपमा देख्छौ? हत्तपत्त आमूल परिवर्तन ल्याइहाल! आज, पवित्र आत्माको काम यो चरणसम्म अघि बढेको छ; के तिमीहरूले यसलाई देखेका छैनौ? मेरो नाम घर-घरमा, सबै राष्ट्रहरूमा र सबै दिशामा फैलिनेछ, र ब्रह्माण्डभरि वयस्कहरू र बच्चाहरूको मुखले एकैसाथ पुकार्नेछन्; यो एउटा ठोस सत्य हो। म अद्‌वितीय परमेश्‍वर स्वयम् हुँ र यसको अतिरिक्त, म एक र परमेश्‍वरको एक मात्र व्यक्ति हुँ। त्यो भन्दा पनि, म, शरीरको पूर्णता, परमेश्‍वरको पूर्ण प्रकटीकरण हुँ। जसले मेरो आदर नगर्ने आँट गर्छ, जसले तिनीहरूका आँखाहरूमा प्रतिरोध प्रकट गर्ने आँट गर्छ, र जसले मेरो विरुद्‌धमा चुनौती दिने कुराहरू बोल्ने आँट गर्छ त्यो निश्‍चित रूपमा मेरो श्राप र क्रोधबाट मर्नेछ (मेरो क्रोधको कारण श्राप आउनेछ)। यसबाहेक, जो मप्रति बफादार नहुने वा जसले छोराछोरीले जस्तो आदर नगर्ने आँट गर्छ, र जसले मलाई छक्काउने कोसिस गर्छ, त्यो निश्चय मेरो घृणाको कारण मर्नेछ। मेरो धार्मिकता, प्रताप र न्याय सदासर्वदा रहिरहनेछ। सुरुमा, म प्रेमिलो र दयालु थिएँ, तर यो मेरो सम्पूर्ण ईश्‍वरत्वको स्वभाव होइन; धार्मिकता, प्रताप र न्यायले मात्र म स्वयम् पूर्ण परमेश्‍वरको स्वभाव बनेको छ। अनुग्रहको युगको अवधिमा म प्रेमिलो र दयालु थिएँ। मैले समाप्त गर्नुपर्ने कामको कारण मैले दया र कृपा धारण गरेको थिएँ; तापनि पछिबाट त्यस्ता कुराहरूको कुनै आवश्यकता परेन (र त्यस बेलादेखि यता ती कुनै पनि छैनन्)। यो सबै धार्मिकता, महिमा र न्याय हो, र यो मेरो सम्पूर्ण ईश्‍वरत्वसँग जोडिएको मेरो सामान्य मानवताको पूर्ण स्वभाव हो।

मलाई नचिन्नेहरू अतल कुण्डमा नाश हुनेछन् भने जसलाई मेरो बारेमा दृढ़ विश्‍वास छ तिनीहरू सदासर्वदा जीवित रहनेछन्, तिनीहरूलाई मेरो प्रेमभित्र हेरचाह र सुरक्षा प्रदान गरिनेछ। मैले एक शब्द मात्र बोल्दा, सम्पूर्ण ब्रह्माण्ड र पृथ्वीका अन्तिम छेउहरू काँप्छन्। को मेरो वचन सुनेर डरले काँप्दैन? कसले मप्रति बढ्ने श्रद्‌धालाई रोक्न सक्छ? अनि मेरा कामहरूबाट मेरो धार्मिकता र महिमाको बारेमा जान्न असक्षम को छ र! अनि मेरा कामहरूभित्र मेरो सर्वशक्तिमान्‌ता र मेरो

महान्ता देख्न असक्षम को छ र! ज-जसले ध्यान दिँदैनन् तिनीहरू निश्चय नै मर्नेछन्। किनकि ध्यान नदिनेहरू तिनीहरू हुन् जसले मेरो विरोध गर्छन् र मलाई चिन्दैनन्; तिनीहरू प्रधानदूत हुन्, र तिनीहरू अति स्वेच्छाचारी छन्। आफैलाई जाँच्: जो स्वेच्छाचारी, स्व-धर्मी, घमन्डी र अहङ्कारी छ, त्यो निश्चय नै मेरो घृणाको पात्र हुन्छ र त्यो विनाशतिर बढ्दै गरेको हुन्छ!

अब म मेरो राज्यको प्रशासकीय आदेशहरू घोषणा गर्दछु: सबै कुरा मेरो न्यायको अधीनमा छन्, सबै कुरा मेरो धार्मिकताभित्र छन्, सबै कुरा मेरो प्रतापभित्र छन्, र म सबैप्रति मेरो धार्मिकताको अभ्यास गर्दछु। जसले मलाई विश्वास गर्छु भन्छ, तर जसको भित्र गहिराइमा मप्रति विरोधाभास छ, वा जसको हृदयले मलाई त्यागेको छ, तिनीहरूलाई निकालिनेछ–तर सबै मेरो आफ्नै ठीक समयमा हुनेछ। जुन मानिसहरू अरूले थाहा नपाउने तरिकाले मेरो बारेमा व्यङ्ग्यात्मक कुरा गर्छन्, तिनीहरू तुरुन्तै मर्नेछन् (तिनीहरू आत्मा, शरीर र प्राणमा नाश हुनेछन्)। जसले मेरो प्रियलाई थिचोमिचो गर्छन् वा उपेक्षा गर्छ तिनीहरूलाई तुरुन्तै मेरो क्रोधद्वारा न्याय गरिनेछ। यसको मतलब यो हो कि मैले प्रेम गरेकाहरूसँग जसले ईर्ष्या गर्छन्, र जसले मलाई अधर्मी ठान्छन्, तिनीहरूलाई मेरो प्रियद्वारा न्याय गरिनका लागि सुम्पिनेछन्। असल व्यवहार गर्ने, सरल र इमानदार हुनेहरू सबै (बुद्धि नहुनेहरू लगायत), र जसले मसँग एकचित्त भई व्यवहार गर्दछन्, तिनीहरू सबै मेरो राज्यमा रहनेछन्। जसले तालीम पाएका छैनन्–अर्थात् ती इमानदार मानिसहरू जसमा बुद्धि र अन्तर्दृष्टिको अभाव हुन्छ–मेरो राज्यमा तिनीहरूसित शक्ति हुनेछ। यद्यपि, तिनीहरूलाई पनि निराकरण गरिएको र तोडिएको हुन्छ। तालिमबाट भएर नगएकाहरू पूर्ण हुँदैनन्। बरु, यिनै कुराहरूद्वारा म सबैलाई मेरो सर्वशक्तिमान्ता र मेरो बुद्धि देखाउनेछु। म ती सबैलाई बाहिर निकाल्नेछु जसले अझै पनि मलाई शङ्का गर्छन्; म तिनीहरूमध्ये एकै जनालाई पनि चाहन्नँ (यस्तो समयमा पनि मलाई शङ्का गर्ने मानिसहरूलाई म घृणा गर्दछु)। मैले सम्पूर्ण ब्रह्माण्डमा गर्ने कार्यहरूद्वारा म इमानदार मानिसहरूलाई मेरा कामहरूको आश्चर्यता देखाउनेछु, त्यसरी म उनीहरूको बुद्धि, अन्तर्दृष्टि र विवेकलाई वृद्धि गराउनेछु। म छलकपट गर्ने मानिसहरूलाई मेरो चमत्कारपूर्ण कार्यहरूको फलस्वरूप एकै क्षणमा नाश पार्नेछु। मेरा नाउँ पहिले ग्रहण गर्ने सबै ज्येष्ठ पुत्रहरू (अर्थात्, ती पवित्र र निष्कलङ्क र इमानदार मानिसहरू) तिनीहरू राज्यमा प्रवेश गर्ने पहिलो मानिसहरू हुनेछन् र मसँगै सबै जातिहरू र सबै मानिसहरूमाथि शासन गर्नेछन्, र सबै जातिहरू र सबै मानिसहरूको न्याय गर्दै राज्यमा राजाको रूपमा शासन गर्नेछन् (यसले राज्यका सबै ज्येष्ठ पुत्रहरूलाई दर्साउँछ र अरू कसैलाई होइन)। सबै जातिहरू र सबै मानिसहरूमध्ये जो न्याय गरिएका छन्, र जसले पश्चाताप गरेका छन्, तिनीहरू मेरो राज्यमा प्रवेश गर्नेछन् र मेरा प्रजा हुनेछन्, अनि अटेरी र अपश्चात्तापी मानिसहरू अतल कुण्डमा फालिनेछन् (सदाका लागि नाश हुनलाई)। राज्यमा हुने न्याय अन्तिम हुनेछ, र त्यो मैले गर्ने संसारको पूर्ण शुद्धीकरण हुनेछ। त्यसपछि त्यहाँ कुनै अन्याय, शोक, आँसु वा सुस्केराहरू हुनेछैन, र त्योभन्दा बढी, त्यहाँ फेरि संसार हुनेछैन। सबै कुरा ख्रीष्टको प्रकटीकरण हुनेछ, र सबै ख्रीष्टको राज्य हुनेछन्। कस्तो महिमा! कस्तो महिमा!

# अध्याय ८०

सबै कुरामा, अन्तर्ज्ञान र ज्योति पाउनको लागि व्यक्तिले मसँग वास्तविक सञ्चार गर्नु अत्यावश्यक छ; यसरी मात्रै आत्मा शान्तिमा हुन सक्छ। अन्यथा, आत्मासँग कुनै शान्ति हुनेछैन। अहिले, तिमीहरूबीच रहेको सबैभन्दा गम्भीर रोग भनेको मेरो सामान्य मानवतालाई मेरो पूर्ण ईश्वरीयताबाट अलग गर्ने कार्य हो; यसको साथै, तिमीहरूमध्ये धेरैजसोले मेरो सामान्य मानवतालाई जोड दिन्छौ, मानौं तिमीहरूलाई मसँग पूर्ण ईश्वरीयता पनि छ भन्ने कहिल्यै थाहा थिएन। यसले मेरो निन्दा हुन्छ! के तिमीहरूलाई त्यो थाहा छ? तिमीहरूको रोग यति गम्भीर छ कि यदि तिमीहरूले हतार गरेर निको भएनौ भने, मेरो हातद्वारा तिमीहरू मारिनेछौ। मेरो अघि तिमीहरू एक किसिमको व्यवहार गर्छौ (सम्मानजनक व्यक्ति; नम्र र धैर्य देखिन्छौ), यद्यपि मेरो पिठ्यूँपछाडि पूर्ण रूपमा फरक व्यवहार गर्छौ (तिमीहरूले आफूलाई जे मन लाग्छ त्यही गर्दै, गुटबन्दी गर्दै, स्वतन्त्र राज्यहरू स्थापना गर्दै, मलाई धोका दिने चाहना गर्दै पूर्ण रूपमा ढोङ्गी, छाडा र नियन्त्रणबाहिरको व्यवहार गर्छौ)। तिमीहरू अन्धा हौ! शैतानले भ्रमित पारेको तेरो आँखा खोल्! म वास्तवमा को हुँ हेर्! तँसँग कुनै लाज छैन! मेरा कार्यहरू आश्चर्यजनक छन् भन्ने कुरा तँलाई थाहा छैन! मेरो सर्वशक्तिमान्‌ताबारे तिमीहरूलाई थाहा छैन! अहिलेसम्म मुक्ति नपाएको अवस्थामा कसले ख्रीष्टको सेवा गर्छ भन्न सकिन्छ? तैँले कुन भूमिका खेल्दैछस् भन्ने तँलाई थाहा छैन! वास्तवमा तँ मेरो सामुन्ने भेस बदलेर आफ्नो आकर्षक रूप देखाउँदै आउँछस्–नीच मानिस! म तँलाई मेरो घरबाट निकाल्नेछु; म यस्तो प्रकारको व्यक्तिलाई प्रयोग गर्दिनँ, किनभने मैले तिनीहरूलाई न त पूर्वनिर्धारित न त छनौट नै गरेको छु।

म जे भन्छु त्यही गर्छु। दुष्ट काम गर्नेहरू डराउनै पर्दैन; म कुनै पनि व्यक्तिलाई गलत गर्दिनँ। म सधैँ मेरो योजनाअनुसार कार्य गर्छु र मेरो धार्मिकताअनुसार काम-कुरा गर्छु। दुष्ट काम गर्नेहरू सृष्टिदेखि नै शैतानका सन्तान रहिआएका हुनाले, मैले तिनीहरूलाई चुनिनँ; "पहाड-पर्वत र नदीनाला स्थानान्तर र रूपान्तर हुने भए पनि, व्यक्तिको प्रकृति परिवर्तन हुनेछैन" भन्ने भनाइको अर्थ यही हो। मानवजातिले बुझ्न नसक्ने विषयहरूमा, सबै कुरा स्पष्ट पारिएको छ र ममा कुनै कुरा लुकेको छैन। तैँले थोरै मानिसहरूको नजरबाट केही कुरा लुकाउन सक्छस् होला र निकै मानिसहरूको भरोसा पनि जित्न सक्छस् होला, तर मसँग यसो गर्नु सजिलो छैन। अन्तिममा, तँ मेरो न्यायबाट उम्कन सक्दैनस्। मानवजातिको दृष्टि सीमित छ र वर्तमान परिस्थितिको सानो अंश बुझ्न सक्नेहरूलाई समेत केही सीप भएका व्यक्तिको रूपमा गन्ती गरिन्छ। मेरो लागि, सबै कुरा सहजताको साथ अघि बढ्छ र मेरो बाटोमा कुनै कुरा अलिकति पनि बाधा बन्दैन, किनभने सबै कुरा मेरै नियन्त्रण र बन्दोबस्तमा छन्। मेरो नियन्त्रणमा समर्पित नहुने आँट कसले गर्नेथियो र! मेरो व्यवस्थापनलाई बाधा दिने आँट कसले गर्नेथियो र! मप्रति बफादार वा कर्तव्यनिष्ठ नहुने कसले आँट गर्नेथियो र! कसले मलाई सत्य नरहेको कुरा, र मलाई झूटहरू बताउने आँट कसले गर्नेथियो र! तिनीहरूमध्ये कोही पनि मेरो क्रोधपूर्ण हातबाट उम्कनेछैनन्। तैँले अहिले हार स्वीकार गरेको र तँ सजाय पाउन अनि अतल कुण्डमा प्रवेश गर्न इच्छुक भए तापनि म तँलाई अझै पनि

सहजै छोड्नेछैन। तँ फेरि पनि मेरो क्रोधपूर्ण दण्डमा (चरम घृणा) पर् भनी मैले तँलाई अतल कुण्डबाट फर्काउनैपर्छ। तँ भागेर जान सक्ने कुनै ठाउँ छ? मेरो सामान्य मानवतालाई मेरो पूर्ण ईश्‍वरीयताबाट अलग गर्ने मानिसहरूको कार्यलाई नै म सबैभन्दा बढी घृणा गर्छु।

मप्रति निष्ठावान हुनेहरू धन्य छन्; अर्थात्, मलाई नजिकबाट मानव हृदय जाँच्ने परमेश्‍वर स्वयम्‌को रूपमा साँचो रूपमा पहिचान गर्नेहरू धन्य छन्। म अवश्य नै तेरा आशिष्‌हरूको गुणानात्मक वृद्‌धि गर्नेछु, यसरी तैँले मेरो राज्यका असल आशिष्‌हरू सदासर्वदा नै उपभोग गर्न सक्छस्। शैतानलाई लाजमा पार्ने सबैभन्दा प्रभावकारी तरिका यो पनि हो। तैपनि, अत्यन्तै अधीर वा व्याकुल नबन्; म सबै कुराको लागि समय तोक्छु। यदि मैले पूर्वनिर्धारित गरेको समय अहिलेसम्म आइसकेको छैन भने, एक सेकेन्डअघि समेत म काम गर्नेछैन। म ठीक-ठीक र तालमा काम गर्छु; म कारणविना काम गर्दिनँ। मानव दृष्टिकोणबाट हेर्दा, म चिन्ताले ग्रसित हुँदै हुँदिनँ; म ताइ पर्वतजस्तै स्थिर छु–तर के म सर्वशक्तिमान् परमेश्‍वर स्वयम् हुँ भन्ने कुरा तँलाई थाहा छैन? अत्यन्तै अधीर नबन्; सबै कुरा मेरै हातमा छन्। सबै कुरा धेरै पहिले नै तयार गरिएको छ र हरेक कुरा मेरो लागि सेवा गर्न आतुर छन्। बाहिरबाट हेर्दा सम्पूर्ण ब्रह्माण्ड अस्तव्यस्त देखिन्छ तर मेरो दृष्टिकोणमा, सबै कुरा सुव्यवस्थित छ। मैले तिमीहरूको लागि जे तयार गरेको छु त्यो तिमीहरूको आनन्दको लागि मात्रै हो। के तिमीहरूलाई यो थाहा छ? आफैलाई मेरो व्यवस्थापनमा प्रवेश नगराऊ। म मेरा कार्यहरूद्‌वारा सबै मानिसहरू र सबै राष्ट्रहरूलाई मेरो सर्वशक्ति हेर्न लगाउनेछु र मेरा अचम्मका कार्यहरूका निम्ति तिनीहरूलाई मेरो पवित्र नामको महिमा र प्रशंसा गाउन लगाउनेछु। किनभने मैले भने झैँ, मैले गर्ने कुनै पनि काम आधारहीन हुँदैन; बरु, सबै कुरा मेरो बुद्‌धि र शक्तिले, मेरो धार्मिकता र प्रतापले, अनि अझ बढी भन्दा, मेरो क्रोधले भरिएको हुन्छ।

मेरा वचनहरू सुन्नेबित्तिकै बिउँझनेहरूले अवश्य नै मेरा आशिष्‌हरू प्राप्त गर्नेछन् र अवश्य नै मबाट सुरक्षा र देखभाल प्राप्त गर्नेछन्। तिनीहरूले सजायको पीडा अनुभव गर्नेछैनन्; बरु, तिनीहरूले परिवारको खुसी प्राप्त गर्नेछन्। के तिमीहरूलाई यो कुरा थाहा छ? पीडा अनन्त हुन्छ र आनन्द त झनै अनन्त हुन्छ; अबदेखि ती दुवैको अनुभव गरिनेछ। तैँले पीडा भोग्छस् कि आनन्द अनुभव गर्छस् भन्ने कुरा तैँले आफ्नो पाप कस्तो मनोवृत्तिले स्वीकार्छस् त्यसैमा भर पर्छ। तँ मैले पूर्वनिर्धारित गरेको र चुनेको व्यक्ति होस् कि होइनस् भन्ने कुराको हकमा भने, तैँले जे भनेको छस् त्यसको आधारमा तँ यसबारे निश्‍चित हुनुपर्छ। तैँले मानिसहरूलाई मूर्ख तुल्याउन सक्छस् तर मलाई सक्दैनस्। मैले पूर्वनिर्धारित गरेका र चुनेकाहरूलाई अबदेखि प्रशस्त आशिष् दिन थालिनेछ; मैले पूर्वनिर्धारित नगरेका र नचुनेकाहरूका हकमा भने, म अबदेखि तिनीहरूलाई कठोर सजाय दिनेछु। यो तिमीहरूलाई मेरो प्रमाण हुनेछ। अहिले आशिष् पाउनेहरू अवश्य नै मेरा प्रियहरू हुन्; जहाँसम्म सजाय पाउनेहरूको कुरा छ, अवश्य नै तिनीहरूलाई मैले पूर्वनिर्धारित गरेको र चुनेको छैन। यस कुरामा तिमीहरू स्पष्ट हुनुपर्छ! भन्नुको अर्थ, यदि तैँले अहिले पाउने कुरा भनेको मबाट तेरो निराकरण हुनु मात्र हो भने र यदि तैँले मेरो कठोर न्यायका वचनहरू प्राप्त गर्छस् भने, तँलाई मेरो हृदयले घृणा गर्छ र घिनाउँछ अनि तँ मैले पन्छाउनेहरूमध्येको एक हुनेछस। यदि तैँले मेरो सान्त्वना र जीवनसम्बन्धी प्रावधान प्राप्त गर्छस् भने, तँ मेरो स्वामित्वमा

छस्; तँ मेरा प्रियहरूमध्येको एक होस्। तैँले मेरो बाहिरी रूप हेरेर यो कुरा निर्धारण गर्न सक्दैनस्। यस विषयमा आफ्नो दिमाग नखिया!

मेरा वचनहरूले हरेक व्यक्तिको वास्तविक अवस्थाबारे बताउँछन्। के तिमीहरूलाई म जुन पायो त्यही विषयमा कुरा गर्छु वा मलाई जे मन लाग्छ म त्यही भन्छु भन्ने लाग्छ? अवश्य त्यस्तो होइन! मेरो हरेक वचनमा मेरो बुद्धि लुकेको हुन्छ। तिमीहरूले मेरा वचनहरूलाई सत्यताको रूपमा स्वीकार मात्रै गर्नुपर्छ। अत्यन्तै छोटो समयमा, साँचो मार्ग खोज्ने विदेशीहरू आइपुग्नेछन्। जब त्यसो हुन्छ, तिमीहरू अक्क न बक्क हुनेछौ र सबै कुरा कुनै कठिनाइबिना नै पूरा हुनेछ। म सर्वशक्तिमान् परमेश्‍वर हुँ भन्ने तिमीहरूलाई थाहा छैन? मेरा यी वचनहरू सुनेपछि, तिमीहरूले दृढ्तापूर्वक त्यसमा विश्‍वास गर्छौ, होइन र? म कुनै गल्ती गर्दिनँ, गलत अभिव्यक्तिहरू बोल्ने कुरा त परै जाओस्। के तिमीहरूलाई यो कुरा थाहा छ? त्यसकारण, तिनीहरूलाई अगुवाइ गर्न र तिनीहरूको गोठालो गर्न तिमीहरूले तुरुन्तै मेरो तालिम स्वीकार गर्नुपर्छ भन्ने कुरालाई मैले बारम्बार जोर दिएको छु। के तिमीहरूलाई यो कुरा थाहा छ? तिमीहरूमार्फत म तिनीहरूलाई सिद्ध तुल्याउनेछु। अझै महत्त्वपूर्ण कुरा के हो भने, तिमीहरूमार्फत म मेरा ठूला-ठूला चिन्ह र चमत्कारहरू प्रकट गर्नेछु; अर्थात्, मानवजातिले नीच ठानेका मानिसहरूका बीचबाट मैले मलाई प्रकट गर्न, मेरो नाउँलाई महिमित तुल्याउन, मेरो लागि सबै कुरा सम्हाल्न र मसँग राजाहरूका रूपमा शासन गर्नको निम्ति मानिसहरूको एउटा समूहलाई चुनेको छु। तसर्थ, मैले अहिले तिमीहरूलाई दिने तालिम संसारको सबैभन्दा ठूलो व्यवस्थापन हो; यो मानवजातिले पूरा गर्न नसक्ने अचम्मको कुरा हो। तिमीहरूलाई सिद्ध तुल्याउने कार्यद्वारा, म शैतानलाई आगो र गन्धकको कुण्ड अनि अतल कुण्डमा फ्याँक्नेछु, ठूलो रातो अजिङ्गरलाई फेरि कहिल्यै पनि नउठ्ने गरी मृत्युमा खसालिदिनेछु। त्यसकारण, अतल कुण्डमा फ्याँकिने सबै जना ठूलो रातो अजिङ्गरका सन्तान हुन्। म तिनीहरूलाई चरम घृणा गर्छु। यो कुरा मैले ल्याएको छु। के तिमीहरू देख्न सक्दैनौ? बेइमान र कुटिल र छली सबैलाई खुलासा गरिएको छ। घमण्डी, अभिमानी, आत्म-धर्मी र धूर्त मानिसहरू प्रधान स्वर्गदूतका सन्तान हुन् र तिनीहरू नै ठेट शैतानहरू हुन्–तिनीहरू सबै मेरा कट्टर शत्रु, विरोधीहरू हुन्। मैले आफ्नो हृदयको घृणालाई निभाउन तिनीहरूलाई एक-एक गरी दण्ड दिनैपर्छ। म यो काम एकपटकमा एउटा गरी गर्नेछु, र क्रमैसँग हरेकलाई ठीक गर्नेछु।

अब, आगो र गन्धकको कुण्ड र अतल कुण्ड भनेका वास्तवमा के हुन् त? मानव कल्पनाअनुसार, आगो र गन्धकको कुण्ड भौतिक कुरा हो तर यो एकदमै गलत व्याख्या हो भन्ने कुरा मानवजातिलाई थाहा छैन। तैपनि, यसले मानिसहरूको मनमस्तिष्कमा निश्‍चित स्थान लिन्छ। आगो र गन्धकको कुण्ड भनेको मानवजातिलाई सजाय दिने मेरो हात हो; ज-जसलाई आगो र गन्धकको कुण्डमा फ्याँकिन्छ तिनीहरू मेरो हातद्वारा मारिएका हुन्छन्। यी मानिसहरूको आत्मा, प्राण र शरीरले सदासर्वदा कष्ट भोगिरहन्छ। सबै कुरा मेरै हातमा छन् भनेर मैले भनेका वचनहरूको साँचो अर्थ यही हो। त्यसो भए, अतल कुण्डले चाहिँ केलाई जनाउँछ त? मानिसहरूले यो अन्त्यहीन र अथाह गहिरो ठूलो कुण्ड हो भनेर विचार गर्छन्। वास्तविक अतल कुण्ड भनेको शैतानको प्रभाव हो। यदि व्यक्ति शैतानको हातमा पर्छ भने, त्यो व्यक्ति अतल कुण्डमा परेको हुन्छ; तिनीहरूमा

पखेटा नै उम्रियो भने पनि तिनीहरू उडेर बाहिर निस्कन सक्दैनन्। यही कारणले गर्दा, यसलाई अतल कुण्ड भनिएको हो। त्यस्ता मानिसहरू अनन्त सजायको भागीदार हुनेछन्; यही तरिकामा मैले यसलाई प्रबन्ध गरेको छु।

## अध्याय ८१

यो पुरानो युग कति दुष्ट र अनैतिक छ! म तँलाई निल्नेछु! ए सियोन पर्वत! मलाई दण्डवत् गर्न खडा होओ! मेरो व्यवस्थापन योजनाको पूर्णताको लागि, मेरो महान् कार्यको सफलताको लागि, खडा भएर हर्षोल्लास गर्ने आँट कसले गर्दैन र! खडा भएर आनन्दले यता-उता उफ्रिरहने आँट कसले गर्दैन र? तिनीहरूले मेरो हातमा तिनीहरूको मृत्युलाई भेट्नेछन्! म अलिकति पनि कृपा वा दया नदेखाई प्रत्येकमाथि धार्मिकताको काम अघि बढाउनेछु, र म पूर्ण रूपमा अपक्षपाती भएर त्यसो गर्नेछु। सबै मानिसहरू हो! मलाई प्रशंसा दिन, र मलाई महिमा दिन खडा होओ! अनन्तदेखि अनन्तसम्मका सबै असीम महिमा मेरै कारणले अस्तित्वमा छन्, र तिनलाई मैले स्थापित गरेको थिएँ। कसले आफ्नै निम्ति महिमा लिने आँट गर्छ? कसले मेरो महिमालाई भौतिक कुराको रूपमा लिने आँट गर्छ? तिनीहरूलाई मेरो हातले मार्नेछ! ए, निर्दयी मानव हो! मैले तिमीहरूलाई सृष्टि गरेँ र तिमीहरूको लागि भरणपोषण गरेँ, अनि मैले तिमीहरूलाई आजको दिनसम्म ल्याएको छु, तैपनि तिमीहरूलाई मेरो बारेमा अलिकति पनि थाहा छैन, र तिमीहरूले मलाई प्रेम गर्दै गर्दैनौ। म कसरी तिमीहरूलाई फेरि कृपा देखाउन सक्छु? म तिमीहरूलाई कसरी मुक्ति दिन सक्छु? म त तिमीहरूलाई मेरो क्रोधद्वारा मात्रै व्यवहार गर्न सक्छु! म तिमीहरूसँग विनाश, र अनन्त सजायद्वारा बदला लिनेछु। धार्मिकता यही हो; यो यस्तो मात्रै हुनसक्छ।

मेरो राज्य ठोस र स्थिर छ; यो कहिल्यै पनि ढल्नेछैन। यो अनन्तसम्म रहिरहनेछ! मेरा पुत्रहरू, मेरा ज्येष्ठ पुत्रहरू, र मेरा मानिसहरूले मसँग सदासर्वदा आशिषहरूको आनन्द लिनेछन्! आत्मिक कुराहरूलाई नबुझ्नेहरू र पवित्र आत्माका प्रकाशहरू नदिइएकाहरूलाई ढिलो-चाँडो मेरो राज्यबाट हटाइनेछ। तिनीहरूले आफ्नो चाललाई छोड्नेछैनन्, तर मेरो फलामको लौरोको शासन र मेरो प्रतापले तिनीहरूलाई जबरजस्ती निकाल्नेछन्; यसको साथै, तिनीहरूलाई मेरो खुट्टाले लात हानेर निकालिनेछ। केही समयसम्म (अर्थात्, जन्मदेखि नै) दुष्ट आत्मा लागेकाहरू सबैलाई अब खुलासा गरिनेछ। म तँलाई निकाल्नेछु! मैले भनेको कुरा के तिमीहरूलाई अझै याद छ? म—पवित्र र निष्खोट परमेश्वर—घिनलाग्दो र फोहोरी मन्दिरमा बास गर्दिन। दुष्ट आत्मा लागेका मानिसहरूलाई यो कुरा थाहा छ, र मैले स्पष्ट पार्नु पर्दैन। मैले तँलाई पूर्वनियुक्ति गरेको छैन! तँ पुरानो शैतान होस्, तैपनि तँ मेरो राज्यमा हस्तक्षेप गर्न चाहन्छस्! अवश्य हुँदैन! म तँलाई भन्दैछु! आज म तँलाई यो कुरा अत्यन्तै स्पष्ट पार्नेछु: मानवजातिको सृष्टिको बेला मैले चुनेकाहरूमा मैले मेरो गुण र मेरो स्वभाव हालिदिएको छु; त्यसकारण, तिनीहरू मप्रति मात्रै बफादार छन्, तिनीहरूले मण्डलीको लागि बोझ उठाउन सक्छन्, र तिनीहरू आफूलाई मेरो निम्ति अर्पण गर्न र तिनीहरूको सम्पूर्ण अस्तित्व मलाई समर्पित गर्न तयार छन्। त्यसकारण, मैले छनौट नगरेकाहरूलाई शैतानले

निश्चित हदसम्म भ्रष्ट तुल्याएको छ, र तिनीहरूसँग मेरो कुनै पनि गुण र मेरो कुनै पनि स्वभाव छैन। तिमीहरूलाई लाग्छ कि मेरा वचनहरू विरोधाभासपूर्ण छन्, तर "तिमीहरूलाई मैले पूर्वनियुक्ति गरेको र छनौट गरेको हुँ, तैपनि तिमीहरूले तिमीहरूका कार्यहरूको परिणामहरू भोग्नुपर्छ" भन्ने वचनहरू सबैले शैतानलाई जनाउँछ। अब म एउटा कुरा व्याख्या गर्छु: आज, खडा भएर मण्डलीहरूमाथि अख्तियार लिन सक्ने, मण्डलीहरूको गोठाला गर्ने, मेरो बोझलाई बुझ्ने, र विशेष कार्यहरू पूरा गर्नेहरू–यिनीहरूमध्ये एक जना पनि ख्रीष्टको सेवामा हुँदैनन्; तिनीहरू सबै मैले पूर्वनियुक्ति गरेका र चुनेकाहरू हुन्। तिमीहरूले धेरै चिन्ता गरेर आफ्नो जीवनको प्रगतिलाई ढिलाइ नगर भनेर मैले तिमीहरूलाई यो कुरा बताएको हुँ। कति जनाले ज्येष्ठ पुत्रको हैसियत जित्न सक्छन्? के यो डिप्लोमा प्राप्त गर्नु जत्तिकै सजिलो हुनसक्छ? असम्भव कुरा! यदि मैले तिमीहरूलाई सिद्ध नतुल्याएको भए, तिमीहरूलाई शैतानले धेरै पहिले नै निश्चित हदसम्म भ्रष्ट तुल्याइसकेको हुनेथियो। यही कारणले गर्दा मैले बारम्बार के कुरालाई जोड दिएको छु भने मप्रति निष्ठावान हुनेहरूलाई मैले सधैँ हेरचाह र रक्षा गर्नेछु र तिनीहरूलाई हानी र कष्टबाट जोगाउनेछु। मैले पूर्वनियुक्ति नगरेकाहरू दुष्ट आत्मा लागेकाहरू हुन्; तिनीहरू अचेत, सुस्त, र आत्मिक रूपमा कमजोर भएकाहरू हुन्, र जसले मण्डलीहरूको गोठाला गर्न सक्दैनन् (अर्थात्, जोश भएका तर दर्शनहरूको बारेमा स्पष्ट नभएकाहरू)। तिमीहरूलाई तुरुन्तै मेरो नजरबाट हटाइनुपर्छ, र जति चाँडो गर्‍यो उति राम्रो हुन्छ, नत्र तँलाई देखेर मलाई घिन लाग्नेछ र रिस उठ्नेछ। यदि तँ चाँडै गइस् भने, तैँले थोरै सजाय पाउनेछस्–तर तँलाई जति धेरै समय लाग्छ, सजाय त्यति नै कठोर बन्नेछ। के तैँले यो कुरा बुझिस्? यति लाजमर्दो तवरले काम गर्न छोड्! तँ पथभ्रष्ट र अनियन्त्रित छस्, सोच्नै नसकिने र लापरवाही छस्, र तँ कस्तो प्रकारको फोहोर होस् भन्ने तँलाई थाहा छैन! तँ अन्धो होस्!

मेरो राज्यमा सत्ता लिनेहरूलाई मैले होशियारीको साथ चुनेको छु र तिनीहरू बारम्बार परीक्षाहरूबाट भएर गएका छन्; तिनीहरूलाई कसैले पनि जित्न सक्दैन। मैले तिनीहरूलाई सामर्थ्य दिएको छु, त्यसकारण तिनीहरू कहिल्यै पनि पतन हुने वा पथभ्रष्ट हुनेछैनन्। तिनीहरूले मेरो स्वीकृती प्राप्त गरेका छन्। आजदेखि उसो, कपटीहरूले तिनीहरूको साँचो रङ्ग देखाउनेछन्। तिनीहरूले सबै किसिमका लाजमर्दो कुराहरू गर्न सक्छन्, तर अन्तिममा, तिनीहरू मेरो हातबाट उम्कनेछैनन्, जुन हातले शैतानलाई सजाय दिन्छ र भस्म गर्छ। मेरो मन्दिर पवित्र र निष्खोट हुनुपर्छ। यी सबै मेरो गवाही, मेरो प्रकटीकरण, र मेरो नामको लागि महिमा हो। मेरो मन्दिर मेरो अनन्त वासस्थान र मेरो अनन्त प्रेमको पात्र हो; म प्रायजसो यसलाई प्रेमको हातले प्यार गर्छु, यसलाई प्रेमको भाषाले सान्त्वना दिन्छु, मेरो प्रेमको आँखाले यसको वास्ता गर्छु, अनि यसलाई प्रेमको काखमा अङ्गाल्छु, ताकि यो दुष्टहरूको पासोमा नपरोस् वा शैतानको छलमा नपरोस्। आज, मेरो लागि सेवा गर्ने तर मुक्ति नपाएकाहरूलाई म अन्तिम पटक प्रयोग गर्नेछु। म किन यी कुराहरूलाई मेरो राज्यबाट बाहिर फ्याँक्नको लागि हतार गर्छु? मैले तिनीहरूलाई मेरो नजरबाट खेदाउनैपर्छ? म तिनीहरूलाई पूर्ण रूपमा घृणा गर्छु! मैले किन तिनीहरूलाई मुक्ति दिएको छैन? म किन तिनीहरूलाई तिरस्कार गर्छु? मैले किन तिनीहरूलाई प्रहार गरेर मार्नैपर्छ? मैले किन

तिनीहरूलाई नष्ट गर्नैपर्छ? (तिनीहरूको खरानी लगायत तिनीहरूको एक टुक्रा पनि मेरो नजरमा रहन सक्दैन।) किन? ठूलो रातो अजिङ्गर, प्राचीन सर्प, र पुरानो शैतानले समेत मेरो राज्यमा सितैमा भरण-पोषण खोज्छ! उप्रान्त सपना नदेख्! ती सबै बेकार हुनेछन् र खरानीमा परिवर्तन हुनेछन्!

म यो युगलाई नष्ट गर्नेछु, यसलाई मेरो राज्यमा रूपान्तरण गर्नेछु, र मैले प्रेम गर्ने मानिसहरूसँग अनन्तसम्म जिउने र आनन्द गर्नेछु। ती अशुद्ध कुराहरूले तिनीहरू मेरो राज्यमा रहन सक्छन् भनेर कल्पना गर्नु हुँदैन। के तिमीहरूले धमिलो पानीमा माछा मार्न सक्छौ भन्ने तिमीहरूलाई लाग्छ? त्यस्ता सपनाहरूलाई बिर्सिदेओ! मेरा नजरहरूले सबै कुरालाई देख्छन् भन्ने तिमीहरूलाई थाहा छैन! सबै कुरा मेरै हातले मिलाउँछन् भन्ने कुरा तिमीहरूलाई थाहा छैन! तिमीहरू उच्च रूपमा सम्मानित छौ भन्ने विचार नगर! तिमीहरूमध्ये हरेकले तिमीहरूको आफ्नै उचित स्थान लिनुपर्छ। नम्र बनेको बहाना नबनाओ (मैले आशिषित हुनेहरूलाई उल्लेख गरिरहेको छु) वा काँप्ने र डराउने नगर (मैले दुर्भाग्य भोग्नेहरूलाई उल्लेख गरिरहेको छु)। अहिले नै, मानिसहरू सबैले आफ्नो हृदयको कुरा जान्नुपर्छ। मैले तिमीहरूलाई नामले नबोलाएता पनि, तिमीहरूले अझै सुनिश्चितताको अनुभूति गर्नुपर्छ, किनभने मैले मेरा वचनहरू प्रत्येक व्यक्तिप्रति लक्षित गरेको छु। तिमीहरू मेरा चुनिएकाहरू भए पनि नभए पनि, मेरा वचनहरू तिमीहरू सबैको हालका स्थितिहरूप्रति लक्षित छन्। भन्नुको अर्थ, यदि तिमीहरू मेरा चुनिएकाहरूमध्येका हौ भने, तिमीहरूले आफूलाई कसरी प्रस्तुत गरेका छौ त्यसअनुसार मैले चुनेकाहरूको स्थितिको बारेमा म बोल्छु; जो मेरा चुनिएकाहरू होइनन्, तिनीहरूका हकमा भन्दा म तिनीहरूको स्थितिहरूअनुसार पनि बोल्छु। त्यसकारण, मेरा वचनहरू निश्चित विन्दुसम्म बोलिएका छन्; तिमीहरू प्रत्येकले त्यस कुरालाई राम्ररी बोध गरेको हुनुपर्छ। आफैलाई धोका नदेओ! नडराओ! किनभने मानिसहरूको सङ्ख्या अत्यन्तै थोरैमा सीमित भएको हुनाले, छलले काम गर्नेछैन! मैले जसलाई चुनिएको हो भनी भन्छु ऊ चुनिएको हो, र बहाना गर्ने कार्यमा तँ जति नै सिपालु भए पनि, मेरो गुणविना तँ असफल हुनेछस्। मैले मेरो वचन पूरा गर्ने हुनाले, म लापरवाही रूपमा आफ्नो योजनालाई वाधा दिँदिन; म जे गर्न चाहन्छु त्यही गर्छु, किनभने मैले गर्ने सबै कुरा सही छ। म सर्वोच्च हुँ, र म अद्वितीय छु। के यसको बारेमा तिमीहरू स्पष्ट भयौ? के तिमीहरूले यो कुरा बुझ्यौ?

अब मेरा वचनहरू पढिसकेपछि, दुष्ट र कुटिल अनि छलीहरूले पनि प्रगतिको खोजी गर्न र तिनीहरूका आफ्नै व्यक्तिगत प्रयासहरू लगाउनको लागि कठिन प्रयास गरिरहेका छन्। आफूलाई मेरो राज्यमा प्रवेश गराउनको लागि तिनीहरूले थोरै मात्रै मूल्य चुकाउन चाहन्छन्। तिनीहरूले त्यस्ता विचारहरूलाई पन्छ्याउनुपर्छ! (यस्ता मानिसहरूसँग कुनै आशा छैन किनभने मैले तिनीहरूलाई पश्चात्ताप गर्ने मौका दिएको छैन।) म मेरो राज्यको प्रवेशद्वारलाई रक्षा गर्छु। के मानिसहरू आफूले जसरी चाह्यो त्यसरी मेरो राज्यमा प्रवेश गर्न सक्छन् भन्ने तँलाई लाग्छ? के मेरो राज्यले जस्तोसुकै फोहोरलाई स्वीकार गर्नेछ भन्ने तँलाई लाग्छ? के मेरो राज्यले जस्तोसुकै व्यर्थ कुरालाई स्वीकार गर्नेछ? तँ भूलमा परेको छस्! आज, राज्यमा हुनेहरू मसँगै राजकीय शक्ति भएकाहरू हुन्; मैले तिनीहरूलाई होसियारीको साथ पालनपोषण गरेको छु। यो चाहेर मात्रै पनि

हासिल गर्ने सकिने कुरा होइन; तिमीहरूले मेरो स्वीकृती प्राप्त गर्नैपर्छ। यसको साथै, यो कसैसँग छलफल गर्ने कुरा होइन; यो मैले आफैले मिलाउने कुरा हो। मैले जे भन्छु त्यही हुन्छ। मैले प्रेम गर्नेहरूलाई मेरा रहस्यहरू प्रकट गरिन्छन्। दुष्ट काम गर्नेहरू–अर्थात्, मैले नचुनेकाहरू–ती प्राप्त गर्ने हकदारहरू होइनन्। तिनीहरूले यी रहस्यहरूलाई सुने पनि, तिनीहरूले तिनलाई बुझ्नेथिएनन्, किनभने शैतानले तिनीहरूको आँखा ढाकिदिएको छ र तिनीहरूको हृदयलाई पकडमा लिएको छ, यसरी तिनीहरूको सम्पूर्ण अस्तित्वलाई बरबाद गरेको छ। मेरा कार्यहरू अचम्मका र बुद्धिमानी छन्, र म सबै कुरालाई मेरो सेवाको निम्ति परिचालन गर्छु भनेर किन भनिन्छ? मैले पूर्वनियुक्ति नगरेका र नचुनेका मानिसहरूलाई म दण्ड दिन र भ्रष्ट तुल्याउनका निम्ति शैतानको हातमा सुम्पिनेछु, र तिनीहरूलाई दण्ड दिने कार्यमा म कसैको हस्तक्षेप लिनेछैन; म यति बुद्धिमानी छु! यसको बारेमा कसले विचार गरेको छ? कुनै पनि प्रयासैविना, मेरो महान् कार्य पूरा भएको छ, होइन र?

# अध्याय ८२

मेरा वचनहरू सुनेर, सबै भयभीत हुन्छन्; हरेक व्यक्ति डरले थरथर काम्छ। तिमीहरूलाई केको डर लाग्छ? मैले तिमीहरूलाई मार्नेछैन! यो त तिमीहरूलाई ग्लानि भएकोले गर्दा हो; तिमीहरूले मेरो पछाडि जे गर्छौ त्यो अत्यन्तै तुच्छ र व्यर्थ छ। यसले गर्दा मलाई तिमीहरूप्रति यति घृणा लागेको छ कि मलाई मैले पूर्वनिश्चित नगरेका र नचुनेका प्रत्येकलाई अतल कुण्डमा टुक्रा-टुक्रा हुने गरी फ्याँकिदिन पाएको भए नि हुनेथियो भन्ने उत्कट इच्छा लाग्छ। तैपनि, मसँग मेरो योजना छ; मेरा आफ्नै लक्ष्यहरू छन्। अहिलेको लागि म तेरो दयनीय जीवनलाई केही पनि गर्नेछैन, र मप्रतिको तेरो सेवा पूरा नभइञ्जेलसम्म तँलाई निकाल्नेछैन। म त्यस्ता प्राणीहरूलाई हेर्न चाहन्न; तिनीहरू मेरो नामको अपमान हुन्! के तँलाई यो कुरा थाहा छ? के तैँले बुझिस्? काम नलाग्ने अभागीहरू! यो कुरालाई तेरो खोपडीमा हाल्! जब तँलाई प्रयोग गरिन्छ, त्यसो गर्ने म नै हुँ, र जब तँलाई प्रयोग गरिँदैन, त्यो पनि मैले गर्दा नै हुन्छ। सबै कुरालाई म नै योजनाबद्ध गर्छु, र मेरा हातमा सबै कुराले ठीक-ठीक व्यवहार गर्छन् र सुव्यवस्थित हुन्छन्। ज-जसले तलमाथि गर्ने आँट गर्छ त्यसलाई तुरुन्तै मेरो हातले प्रहार गर्नेछ। म प्रायजसो “प्रहार गर्छ” भनेर भन्छु; के मैले त्यो मेरो आफ्नै हातले गर्छु भन्ने तँलाई लाग्छ? मैले त्यसो गरिरहनु पर्दैन! मेरा कार्यहरू मानवले कल्पना गरेजस्तो मूर्ख छैनन्। सबै कुरा मेरा वचनहरूले स्थापित हुन्छन् र पूरा गरिन्छन् भनेर भन्नुको अर्थ के हो? मैले औंला समेत नउचालीकन सबै कुरा पूरा गरिन्छ। के तैँले मेरा वचनहरूको साँचो अर्थलाई बुझिस् त?

मेरो सेवा गर्ने कसैलाई पनि म मेरो मुक्ति दिनेछैन; मेरो राज्यमा तिनीहरूको कुनै पनि हिस्सा छैन। किनभने यी मानिसहरू मेरो इच्छालाई पूरा गर्नको सट्टा, बाहिरी कुराहरूमा मात्रै व्यस्त हुन्छन्। मैले अहिले तिनीहरूलाई प्रयोग गरिरहेको भए पनि, वास्तविकतामा, मैले सबैभन्दा बढी घृणा गर्ने मानिसहरू तिनीहरू नै हुन्; मलाई सबैभन्दा बढी घिन लाग्ने मानिसहरू। आज,

ज-जसले मेरो इच्छा पूरा गर्न सक्छन्, ज-जसले मेरा बोझहरूलाई उचित ध्यान दिन सक्छन्, र ज-जसले साँचो हृदय र इमानदारिताको साथ आफ्नो सम्पूर्णता मलाई दिन सक्छन् तिनीहरूलाई म प्रेम गर्छु। म तिनीहरूलाई निरन्तर रूपमा अन्तर्दृष्टि दिनेछु, र तिनीहरूलाई मबाट फुत्केर टाढा हुन दिनेछैन। म प्रायजसो भन्ने गर्छु, "मेरो लागि इमानदारपूर्वक खर्चिनेहरूलाई म अवश्य नै धेरै आशिष् दिनेछु।" "आशिष्" ले केलाई जनाउँछ? के तँलाई थाहा छ? पवित्र आत्माको वर्तमान कार्यको प्रसङ्गमा, यसले मैले तिमीहरूलाई दिने बोझहरूलाई जनाउँछ। मण्डलीको लागि बोझ बोक्न सक्ने, र मेरो खातिर आफूलाई इमानदारितापूर्वक अर्पण गर्न सक्नेहरू सबैका लागि, तिनीहरूका बोझ र तिनीहरूको तत्परता दुवै मबाट आउने आशिष् हुन्। यसको साथै, मैले तिनीहरूलाई दिने प्रकाशहरू पनि मबाट तिनीहरूले पाउने आशिष् नै हुन्। किनभने जोसँग हाल बोझ छैन तिनीहरूलाई मैले पूर्वनिश्चित र छनौट गरेको होइन; तिनीहरूमाथि मेरो श्रापहरू परिसकेका छन्। अर्को शब्दमा भन्दा, मैले पूर्वनिश्चित गरेका र छनौट गरेकाहरू मैले भनेका कुराहरूको सकरात्मक पक्षहरूमा सहभागी हुन्छन्, जबकि मैले पूर्वनिर्धारति नगरेका र छनौट नगरेकाहरू मेरा वाणीहरूका नकरात्मक पक्षहरूमा मात्रै सहभागी हुन्छन्। मेरा वचनहरू जति धेरै बोलिन्छन्, तिनीहरूको अर्थ त्यति नै बढी स्पष्ट हुन्छ; म ती जति धेरै बोल्छु, ती त्यति नै बढी पारदर्शी बन्छन्। कुटिल र छलीहरू, र मैले पूर्वनिश्चित नगरेकाहरू हरेकलाई संसारको सृष्टि गर्नुभन्दा पहिले नै मैले श्राप दिइसकेको थिएँ। तिमीहरूको जन्मको वर्ष, महिना, दिन, र घण्टा, मिनेट, र सेकेन्डसमेत सबैलाई मैले उपयुक्त रूपमा योजनाबद्ध गरेको छु भनेर किन भनिन्छ? कसले ज्येष्ठ पुत्रहरूको हैसियत प्राप्त गर्नेछन् भनेर मैले धेरै पहिले नै पूर्वनिश्चित गरेको छु। तिनीहरू सबै मेरो नजरमा छन्; तिनीहरूलाई मैले बहुमूल्य ठानेको धेरै भइसक्यो, र मेरो हृदयमा राखेएको धेरै भइसक्यो। मैले बोल्ने हरेक वचनमा गहनता छ र तिनमा मेरा विचारहरू छन्। मानिस के हो त? मैले प्रेम गर्ने, ज्येष्ठ पुत्रहरूको हैसियत पाएकाहरूले बाहेक अरूले मेरो इच्छाप्रति कति थोरै वास्ता राख्छन्? मेरा पुत्रहरूको मूल्य कति छ? मेरा मानिसहरूको मूल्य कति छ? विगतमा, "मेरा पुत्रहरू" ले मेरा ज्येष्ठ पुत्रहरूलाई जनाउँथ्यो, तर कुनै लाज नभएका मेरा पुत्रहरू र मेरा मानिसहरूले यो तिनीहरू आफैका निम्ति आदरणीय नाम हो भन्ने ठाने। लाजविहीन भई मेरा ज्येष्ठ पुत्रहरूको भूमिका निर्वाह नगर्। के तँ यो नाम-पदवीको योग्य छस्? आज, मेरो सामुन्ने महत्त्वपूर्ण स्थानहरूमा राखिएका मानिसहरू मात्रै प्रमाणित भएकाहरू हुन्; यी मानिसहरूले ज्येष्ठ पुत्रहरूको हैसियत प्राप्त गरेका छन्। तिनीहरूले पहिले नै मेरो सिंहासन, मेरो मुकुट, मेरो महिमा, र मेरो राज्यमा उत्तराधिकार प्राप्त गरिसकेका छन्। मैले सबै कुराहरूको सावधानीका साथ बन्दोबस्त मिलाएको छु। आज ज्येष्ठ पुत्रहरूको हैसियत प्राप्त गरेकाहरू सबै ठूलो पीडा, सतावट, र सङ्कष्टबाट गुज्रेका छन्, जसमा तिनीहरूले जन्मदेखि आफ्नो परिवारमा, आफ्नो व्यक्तिगत सम्भाव्यताना, काम, र विवाहमा जे अनुभव गरेका छन्, त्यो पनि पर्छ। यी ज्येष्ठ पुत्रहरूले मूल्य नचुकाईकन यो हैसियत पाएका होइनन्; बरु, तिनीहरू पहिले नै जीवनको सबै पक्षहरूबाट गुज्रेर आइसकेका छन्: असल र खराब, उकाली र ओराली। पहिले संसारका मानिसहरूले उच्च आदरको दृष्टिकोणले हेर्ने, र घरमा सहजताको जीवन जिइरहेकाहरूसँग, ज्येष्ठ पुत्रहरूको उत्तराधिकार छैन।

तिनीहरू ज्येष्ठ पुत्र बन्न योग्य छैनन्; तिनीहरूले मेरो नाममा अपमान ल्याउँछन्, र म तिनीहरूलाई बिलकुलै चाहँदिनँ। मैले चुनेका मेरा पुत्रहरू र मेरा मानिसहरूको संसारमा राम्रो मान-मर्यादा पनि छ, तर तिनीहरू मेरो ज्येष्ठ पुत्रहरूको स्तरभन्दा निकै तल छन्। मैले अहिले निश्चित मानिसहरूलाई प्रयोग गरिरहेको छु, तर तिनीहरूमध्ये धेरै त मेरा मानिसहरू बन्न योग्य समेत छैनन्। तिनीहरू अनन्त विनाशका पात्रहरू मात्रै हुन्; तिनीहरूलाई कही समय मेरो सेवाको निम्ति प्रयोग गरिएको छ, तर तिनीहरू दीर्घकालीन प्रयोगको लागि होइनन्। मेरो हृदयको गहिराइमा, मैले क-कसलाई दीर्घकालीन रूपमा प्रयोग गरिने हो सो निर्णय गरिसकेको छु। अर्थात्, मैले जसलाई महत्त्वपूर्ण स्थानमा राख्छु, तिनीहरू नै मैले प्रेम गर्नेहरू हुन्, र मैले तिनीहरूलाई धेरै पहिलेदेखि नै प्रयोग गर्न सुरु गरेको हुँ। अर्को शब्दमा भन्दा, तिनीहरूका कार्यहरू पहिले नै तय गरिसकिएको छ। मैले तिरस्कार गर्ने मानिसहरूका हकमा भन्दा, हालको चरणमा, तिनीहरूलाई अस्थायी रूपमा मात्रै प्रयोग गरिँदैछ। जब विदेशीहरू आउँछन्, त्यही बेला तिमीहरूको सामुन्ने ज्येष्ठ पुत्रहरूलाई स्पष्ट रूपमा प्रकट गरिनेछ।

अहिले भने म तिमीहरूलाई शीघ्र रूपमा वृद्धि होओ र मेरो बोझलाई बुझ भनेर निर्देशन दिन्छु। यो बोझ त्यति ठूलो छैन, र म तिमीहरूलाई आफ्नो क्षमताअनुसार मात्रै काम गराउनेछु। मलाई तिमीहरूको कद थाहा छ; तिमीहरूले प्रस्तुत गर्न सक्ने कार्य मलाई थाहा छ। यो सबै मलाई थाहा छ, र म यी कुराहरूलाई बुझ्छु; मेरा पुत्रहरू, म तिमीहरूबाट के मात्रै चाहन्छु भने, तिमीहरूले स्वेच्छिक रूपमा आफैलाई इन्कार गर्न र मैले प्रेम गर्ने कुरालाई सच्चा रूपमा प्रेम गर्न, मैले जे घृणा गर्छु त्यसलाई घृणा गर्न, मैले जे गर्छु त्यो गर्न, र मैले जे भन्छु त्यो भन्न सक। अन्तरिक्ष, भूगोल, समय, वा अरू कुनै पनि व्यक्तिद्वारा नियन्त्रित नहोओ। तिमीहरूका आत्मा जतातातै स्वतन्त्र होओस्, र तिमीहरू प्रत्येक नै मेरा ज्येष्ठ पुत्रहरूको स्थानमा खडा हुन सक भन्ने नै मेरो कामना हो। आज कसले आफ्नो सम्पूर्णता मलाई सुम्पन सक्छ? कसले निष्ठावान रूपमा आफूलाई अर्पण गर्न सक्छ? को दिन-रात मेरो खातिर जागा रहन्छ? कसले मेरो खातिर मेरो घरका मामलाहरूलाई सञ्चालन गर्छ? कसले मेरो काँधका बोझहरूलाई मेरो खातिर हल्का गराउँछ? के तिनीहरू मेरा पुत्रहरू होइनन् र? मेले गर्ने सबै कुरा मेरा पुत्रहरूलाई सिद्ध पार्नको लागि हो र मेरा पुत्रहरूको सेवाको लागि गरिन्छ। के तिमीहरूले बुझ्यौ त? सबै कुरा मेरा ज्येष्ठ पुत्रहरूको लागि हो, र म कुनै गल्ती गर्दिनँ। म मानिसहरूलाई गलत रूपमा मूल्याङ्कन गर्छु भनेर निरन्तर गलत बुझाइ नगर्, र म तँलाई नीच नजरले हेर्छु भन्ने नसोच्। म महान् प्रतिभालाई कम रूपमा प्रयोग गर्छु, वा तँलाई पूर्वनिश्चित नगरेर मैले गल्ती गरेँ भनी अनुमान नगर्। यो त्यस्तो होइन; कुरा के हो भने तँ यसको योग्य छैनस्! के तँलाई त्यो कुरा थाहा छ? अब म तिमीहरूका लागि केही कुराहरू स्पष्ट गर्नेछु: ज-जसले बारम्बार मेरो क्रोध जगाउँछन् र जो-जो मेरो आलोचना वा निराकरणको पात्र बन्छन्, तिनीहरू अवश्य नै मेरो घृणाको पात्र हुन्छन्। त्यस्ता मानिसहरू अवश्य नै मर्नेछन्—यो कुरा शिलालेख गरिएको छ। मैले भनिसकेको छु, म अबउप्रान्त मेरा ज्येष्ठ पुत्रहरूलाई निराकरण गर्नेछैन, किनभने यी मानिसहरूले पहिले नै मेरो गम्भीर जाँचहरूमार्फत गुज्रिसकेका छन् र मेरो स्वीकृती प्राप्त गरिसकेका छन्। मैले जसलाई कठोर नजरले हेरेको छु

त्यो खतरामा हुन्छ। के तिमीहरूलाई डर लागेको छैन? मेरो मुखबाट मेरा वचनहरू निस्कनेबित्तिकै धेरै मानिसहरू मर्नेछन्। तैपनि, कतिले चहिँ अझै पनि आफ्नो देहलाई कायम राख्नेछन्; यति मात्रै हो कि तिनीहरूका आत्मा मरिसकेका हुनेछन्। तिनीहरूको सबैभन्दा स्पष्ट सूचक के हो भने तिनीहरूसँग पवित्र आत्माको कार्य हुँदैन र तिनीहरूलाई पछाडि तानेर ल्याउने कुनै कुरा नै हुँदैन। (तिनीहरूलाई पहिले नै शैतानले गहन रूपमा भ्रष्ट तुल्याइसकेको हुन्छ।) जब-जब तिनीहरूको देहलाई नष्ट गरिन्छ, तब यो मेरो उचित योजनापछि र मैले तोकेको समयमा हुन्छ। तिनीहरूको आत्मिक मृत्युले मेरो लागि कुनै पनि ठूलो सेवा गर्न सक्दैन; म मेरा कार्यहरूको अद्‌भूतता प्रदर्शन गर्नको लागि तिनीहरूको देह प्रयोग गर्नेछु। यसबाट, मानिसहरू विश्‍वस्त हुनेछन्; तिनीहरूले अटुट प्रशंसा दिनेछन्, र मेरो आदर नगर्ने र डर नमान्ने एक जना पनि हुनेछैनन्। म कुनै पनि विवरणलाई हल्कासँग लिँदिनँ; सबै मेरो लागि नै जिउनु वा मर्नुपर्छ, र मेरो निम्ति आफ्नो सेवा प्रस्तुत नगरेसम्म कोही पनि जान पाउँदैन। मेरो निम्ति आफ्नो सेवा पूरा नगरेसम्म शैतान समेत अतल कुण्डमा फर्कन सक्दैन। मैले लिने हरेक कदम स्थिर र सुरक्षित हुन्छ, र ठोस जगमा हुन्छ; मैले लिने कुनै पनि कदम अव्यवहारिक हुँदैन—अलिकति पनि अव्यवहारिक हुँदैन।

कसले मसँग तुलना गर्ने आँट गर्छ? कसले मेरो विरोध गर्ने आँट गर्छ? म तँलाई तुरुन्तै प्रहार गर्नेछु! म कुनै पनि नाम-निशाना छोड्नेछैन, र तेरो देहलाई मेटाइदिइनेछ; यो पूर्णतया सत्य कुरा हो। जब म यी कुराहरू भन्छु, म ती कार्य तुरुन्तै गरिहाल्छु, र फर्कने कुनै उपाय हुनेछैन। संसार दिन-प्रतिदिन टुक्रा-टुक्रा हुँदैछ, र मानवजाति दिन-प्रतिदिन नष्ट हुँदैछ। बितेर जाने हरेक दिनसँगै मेरो राज्यले आकार लिँदैछ, र मेरा ज्येष्ठ पुत्रहरू वृद्‌धि हुँदैछन्। दिन-प्रतिदिन, मेरो क्रोध बढ्‌दैछ, मेरा सजायहरू झन्-झन् प्रचण्ड हुँदैछन्, र मेरा वचनहरू झन्-झन् कठोर हुँदैछन्। तिमीहरू अझै पनि मैले तिमीहरूसँग नरम बोलूँ, र मेरो स्वर नरम होस् भनेर पर्खिरहेका छौ, तर फेरि सोच! मेरो स्वर मैले कस्ता मानिसहरूको सामना गरिरहेको छु त्यही कुरामा निर्भर हुन्छ। मैले प्रेम गर्नेहरूका लागि, मेरो स्वर कोमल र सधैँ सान्त्वना दिने किसिमको हुन्छ, तर तिमीहरूलाई त म कठोरता र न्याय मात्रै देखाउन सक्छु, त्यसमाथि म सजाय र क्रोध थप्छु। कसैलाई थाहै नभई, संसारको हरेक देशको स्थिति झन्-झन् तनावग्रस्त भइरहेको छ, र दिन-प्रतिदिन टुक्रिँदै कोलाहलमा गिरिरहेको छ। हरेक देशका नेताहरूले अन्त्यमा शक्ति पाउने आशा गर्छन्। मेरो सजाय तिनीहरूमा पहिले नै आइसकेको छ भन्ने तिनीहरूलाई थाहै छैन। तिनीहरू मेरो शक्ति जफत गर्न चाहन्छन्—तर तिनीहरूको त्यो इच्छा त कल्पना मात्र हो! संयुक्त राष्ट्रसंघको अगुवाले समेत मलाई माफीको लागि बिन्ती गर्नुपर्छ। उसले गरेका दुष्ट कार्यहरू अनगिन्ती छन्। अहिले सजायको समय हो, र म उसलाई सहजै जान दिनेछैन। शक्तिमा हुनेहरू सबैले आ-आफ्ना मुकुट फुकाउनुपर्छ; सबै थोकमाथि शासन गर्न योग्य म मात्र छु। सबै कुराले ममा नै भर पर्छ—एक-दुई जना विदेशीहरूलगायत, यो सबै मेरै भरमा छ। मेरो छानबिन गर्ने जो-कसैलाई म तुरुन्तै प्रहार गर्नेछु, किनभने मेरो काम यहाँसम्म आइपुगेको छ। हरेक दिन नयाँ प्रकाश देखिन्छ; हरेक दिन नयाँ ज्योति आउँछ। सबै थोक झन्-झन् पूर्ण हुँदैछन्। शैतानको अन्तिम दिन झन्-झन् नजिक आउँदैछ र यो झन्-झन् स्पष्ट हुँदैछ।

# अध्याय ८३

म सर्वशक्तिमान् परमेश्वर हुँ भन्ने तिमीहरूलाई थाहा छैन, न त सबै घटना र कुराहरू मेरै नियन्त्रणमा छन् भन्ने कुरा नै तिमीहरूलाई थाहा छ! सबै कुरालाई स्थापित गर्ने र पूरा गर्ने म नै हुँ भन्नुको अर्थ के हो? हरेक व्यक्तिका आशिषहरू वा दुर्भाग्यहरू मेरो पूर्णतामा र मेरा कार्यहरूमा निर्भर हुन्छन्। मानिसले के गर्न सक्छ? मानिसले विचार गरेर के कुरा हासिल गर्न सक्छ? यो अन्तिम युगमा, यस पथभ्रष्ट युगमा, शैतानले निश्चित हदसम्म भ्रष्ट तुल्याएको यो अन्धकारपूर्ण संसारमा, कति थोरै मानिसहरू मेरो इच्छा अनुरूप हुन सक्छन्? चाहे आज होस्, भोली होस्, वा निकट भविष्यमा होस्, सबैको जीवन निर्धारित गर्ने म नै हुँ। तिनीहरूले आशिषहरू प्राप्त गरून् वा दुर्भाग्य भोगून्, र तिनीहरूलाई मैले प्रेम गरूँ वा घृणा गरूँ, सबै कुरालाई मैले नै एकै पटक सटीक रूपमा निर्धारित गरेको थिएँ। तिमीहरूमध्ये कसले तेरा कदमहरू आत्मनिर्धारित हुन् र तेरो भाग्य तेरै नियन्त्रणमा छ भनेर जोड दिन सक्छ? कसले त्यसो भन्ने आँट गर्छ? कसले अवज्ञाकारी बन्ने आँट गर्छ? मेरो डर कसले मान्दैन? मप्रति को हृदयदेखि अनाज्ञाकारी हुन्छ? कसले आफ्नो खुशी लागेअनुसार काम गर्ने आँट गर्छ? म तिनीहरूलाई तुरुन्तै सजाय दिनेछु, र कसले मानवजातिप्रति पूर्ण रूपमा कुनै कृपा गर्नेछैन वा थप कुनै मुक्ति दिनेछैन? यस पटक–अर्थात्, तिमीहरूले मेरो नाम स्वीकार गरेको क्षणमा–मैले मानवजातिप्रति कुनै कोमलता देखाउने अन्तिम समय त्यही हुनेछ। भन्नुको अर्थ, मैले मानवजातिको एउटा भागलाई छनौट गरेको छु, जसका आशिषहरू अनन्त नभए पनि, तिनीहरूले मेरो धेरै अनुग्रह प्राप्त गरेका छन्; त्यसकारण, तैँले अनन्त रूपमा आशिष प्राप्त गर्नेछस् भनेर पूर्वनिर्धारित नगरेको भए पनि, त्यसको अर्थ तँलाई दुर्व्यवहार गरिनेछ भन्ने हुँदैन, र प्रत्यक्ष रूपमा दुर्भाग्य भोग्नेहरूभन्दा तेरो अवस्था निकै राम्रो हुनेछ।

साँच्चै नै, मेरो न्याय पहिले नै यसको चरम विन्दुमा पुगिसकेको छ, र यो अभूतपूर्व क्षेत्रमा प्रवेश गर्दैछ। मेरो न्याय हरेक व्यक्तिमाथि आइपर्छ, र अब यो क्रोधपूर्ण न्याय हो। विगतमा यो प्रतापी न्याय थियो, तर अहिले यो फरक छ। विगतमा, मानिसहरूले मेरो फैसला सुनाइएको कुराको सामना नगरिञ्जेलसम्म मानिसहरूले अलिकति पनि डर मान्दैनथिए; तैपनि अहिले, तिनीहरूले एउटा वचन समेत सुन्ने बित्तिकै, तिनीहरू अत्यन्तै भयभीत हुन्छन्। कति त मैले मुख खोल्ने बित्तिकै सबै भयभीत हुन्छन्। मैले बोल्न सुरु गरेपछि जब मेरो आवाज मात्रै निस्कन्छ, तब तिनीहरू यति भयभीत हुन्छन् कि के गर्ने भन्ने तिनीहरूलाई थाहा हुँदैन त्यसकारण तिनीहरू आफूलाई भूँइमा लुकाउन वा सबैभन्दा अँध्यारो कुनामा रहन अत्यन्तै चाहना गर्छन्। त्यस्ता मानिसहरूलाई मुक्ति दिन सकिँदैन किनभने तिनीहरूलाई भूत आत्मा लागेको हुन्छ। जब म ठूलो रातो अजिङ्गर र प्राचीन सर्पलाई न्याय गर्छु, तिनीहरू डरपोक बन्छन् र अरूले देख्छन् कि भन्ने डर समेत मान्छन्; साँच्चै नै, तिनीहरू अन्धकारमा जन्मेका शैतानका सन्तान हुन्।

मैले प्रायजसो “पूर्वनियति र छनौट” भन्ने वचनहरू बोल्ने गर्थें। यी वचनहरूको अर्थ वास्तवमा के हो? मैले कसरी पूर्वनिर्धारित गर्छु र छनौट गर्छु? कुनै व्यक्ति किन पूर्वनिर्धारित गरिएका र

छानिएकाहरूमध्येमा हुँदैन? तिमीहरूले यो कुरालाई कति बुझ्न सक्छौ? यी कुराहरूलाई मैले केही रूपमा स्पष्ट व्याख्या गर्नुपर्छ, र तिनको विषयमा मैले तिमीहरूसँग प्रत्यक्ष रूपमा कुरा गर्नुपर्छ। यदि मैले तिमीहरूभित्रका यी कुराहरूलाई प्रकट गरेँ भने, सुस्त मानिसहरूले यो शैतानले दिएको विचार हो भनेर गलत रूपमा बुझ्नेथियो! मलाई अनुचित रूपमा अपमानित ठानिनेथियो! अब म सीधै बोल्छु, र म कुनै पनि कुरा लुकाउँदिन। जब मैले सबै थोकको सृष्टि गरेँ, मैले सुरुमा मानवजातिको निम्ति काम लाग्ने यी कुराहरूको सृष्टि गरेँ (फूल, घाँस, रूख, काठ, पहाड-पर्वत, खोला-नाला, ताल-तलैया, भूमि र समुद्र, सबै किसिमका कीरा-फट्याङ्ग्रा, चराचुरुङ्गी, र पशु-प्राणी; कति मानवजातिले खानका लागि हुन्, र कति मानवजातिले हेर्नका लागि हुन्)। फरक-फरक क्षेत्रका भिन्नताहरूअनुसार मानवजातिको निम्ति फरक-फरक प्रकारका अन्नहरूको सृष्टि गरियो; यी सबै कुराहरू बनाइसकेपछि मात्रै मैले मानवलाई सृष्टि गर्न सुरु गरेँ। मानिसहरू दुई प्रकारका हुन्छन्: पहिलो मैले चुनेका र पूर्वनिर्धारित गरेकाहरू हुन्; दोस्रोमा शैतानका गुणहरू हुन्छ, र यस प्रकारका मानिसहरूलाई मैले संसारको सृष्टि गर्नुभन्दा पहिले सृष्टि गरिएका थिएँ, तर तिनीहरूलाई शैतानले पूर्ण रूपमा भ्रष्ट तुल्याएको हुनाले, मैले तिनीहरूलाई त्यागेको छु। मैले त्यसपछि मैले चुनेका र पूर्वनिर्धारित गरेका मानिसहरूको प्रकारको सृष्टि गरेँ, र प्रत्येकमा फरक-फरक तहमा मेरा गुणहरू छन्: त्यसकारण मैले आज चुनेका मानिसहरू प्रत्येकमा फरक-फरक तहमा मेरा गुणहरू छ। तिनीहरूलाई शैतानले भ्रष्ट तुल्याएको भए तापनि, तिनीहरू अझै पनि मेरो स्वामित्वमा छन्; हरेक चरण मेरो व्यवस्थापन योजनाको भाग हो। यो राज्यको सच्चा नियम हो किनभने यस बारेमा मैले अग्रिम रूपमा योजना बनाएको थिएँ। कुटिल र छली मानिसहरू कहिल्यै पनि इमानदार बन्न सक्दैनन्, किनभने तिनीहरू शैतानका बच्चा हुन् र तिनीहरूलाई शैतानले स्वामित्व गरेका हुन्छन्; तिनीहरू त्यसका सेवक हुन् र सुरुदेखि अन्त्यसम्म नै यसको हुकुममा हुन्छन्। तैपनि, यो सबैको उद्‌देश्य मेरो इच्छालाई पूरा गर्नु हो। तिमीहरूले अनुमान गर्न नपरोस् भनेर मैले यो कुरालाई स्पष्ट पारेको छु। मैले सिद्ध पार्नेहरूलाई म हेरचाह र रक्षा गर्नेछु; जहाँसम्म मैले घृणा गर्नेहरूको कुरा छ, तिनीहरूको सेवा पूरा भएपछि, तिनीहरू मेरो स्थानबाट निस्केर जानेछन्। जब यी मानिसहरूको कुरा उठ्छ, म क्रोधित हुन्छु; तिनीहरूको कुरा गर्दा समेत मात्रै पनि, म तिनीहरूलाई तुरुन्तै निराकरण गरिहाल्न चाहन्छु। तैपनि, म मेरा कार्यहरूको बन्धनमा छु; मेरा कार्यहरू र बोली-वचनमा मेरो मापन हुन्छ। म मेरो रिसमा आइकन संसारलाई दबाउन सक्छु, तर मैले पूर्वनियुक्ति गरेकाहरू यसका अपवाद हुन्; शान्त भएपछि, मैले संसारलाई मेरो हत्केलामा पक्रेर राख्न सक्छु। अर्को शब्दमा भन्दा, म सबै कुरालाई नियन्त्रण गर्छु। जब म मानिसहरूले सहनै नसक्ने हदसम्म संसार भ्रष्ट भएको छ भन्ने देख्छु, म तुरुन्तै यसलाई नष्ट गर्नेछु। के म एक शब्द उच्चारण गरेर मात्रै पनि यसो गर्न सक्दिन र?

म व्यावहारिक परमेश्‍वर स्वयम् हुँ; म अलौकिक चिन्ह वा अचम्मका कामहरू गर्दिन—तर मेरा अचम्मका कामहरू जताततै हुन्छन्। अगाडिको बाटो अतुलनीय रूपमा उज्ज्वल बन्नेछ। मैले हरेक कदमको बारेमा दिने प्रकाश मैले तिमीहरूलाई देखाउने मार्ग हो र यो मेरो व्यवस्थापन योजना हो। भन्नुको अर्थ, भविष्यमा, यी प्रकाशहरू झन्-झन् अनगिन्ती र झन्-झन् स्पष्ट हुँदै जानेछन्।

हजार वर्षीय राज्यमा पनि–निकट भविष्यमा–तिमीहरू मेरा प्रकाशहरूअनुसार अघि बढ्नुपर्छ र मेरा पाइलाहरूलाई पछ्याउनुपर्छ। सबै कुराले आकार लिएको छ र सबै कुराको तयारी गरिएको छ; आशिषितहरूका माझमा तिमीहरूलाई अनन्त आशिषहरूले पर्खिरहेको हुन्छ भने दण्डितहरूलाई अनन्त सजायले पर्खिरहेको हुन्छ। मेरा रहस्यहरू तिमीहरूका लागि अत्यन्तै अनगिन्ती छन्; मेरो लागि जुन कुरा सरल वचनहरू हुन्, त्यो तिमीहरूका लागि सबैभन्दा कठिन हुन्छ। त्यसकारण, म झन्-झन् बढी बोल्छु, किनभने तिमीहरूले अत्यन्तै थोरै कुरा बुझ्छौ र मैले हरेक शब्द व्याख्या गरिदिनुपर्छ। तैपनि, धेरै चिन्ता नगर; म तिमीहरूसँग मेरो कामअनुसार बोल्नेछु।

## अध्याय ८४

मेरो बारे मानवलाई ज्ञानको कमी भएको हुनाले, तिनीहरूले अनगिन्ती पटक मेरो व्यवस्थापनलाई वाधा दिएको छ र मेरा योजनाहरूलाई अवमूल्यन गरेको छ, तर तिनीहरूले मेरो अघि बढिरहेका पाइलाहरूलाई कहिल्यै पनि रोक्न सकेका छैनन्। किनभने म बुद्धिमानी परमेश्‍वर हुँ। मसँग असीमित बुद्धि छ अनि मभित्र अपार र बुझ्न नसकिने रहस्यहरू छन्। अनन्त-अनन्तदेखि, मानवले यी कुराहरूलाई कहिल्यै पनि थाहा पाउन र पूर्ण रूपमा बुझ्न सकेको छैन। त्यस्तै होइन र? मैले उच्चारण गर्ने हरेक वचनमा बुद्धि हुने मात्र होइन, तर हरेक वचनमा मेरा गुप्त रहस्यहरू पनि हुन्छन्। मसँग भएका सबै कुरा रहस्य हो; मेरो हरेक भाग रहस्य हो। आज तिमीहरूले मेरो व्यक्तित्वमा रहेको रहस्यलाई मात्रै देखेका छौ–तर भित्री रूपमा लुकेको यो रहस्यलाई तिमीहरूले खोल्न बाँकी नै छ। मानव मेरो अगुवाइलाई पछ्याएर मात्रै मेरो राज्यमा प्रवेश गर्न सक्छ; अन्यथा, तिनीहरू संसारसँगै नष्ट भएर खरानी बन्नेछन्। म पूर्ण परमेश्‍वर स्वयम् हुँ; म अरू कोही होइन, तर परमेश्‍वर स्वयम् नै हुँ। "परमेश्‍वरको प्रकटीकरण" जस्ता पहिलेका भनाइहरू पुरानो भइसकेका छन्; ती त च्यातिएका थोत्रा कुरा हुन् जुन अब उप्रान्त काम लाग्दैनन्। तिमीहरूमध्ये कति जनाले यसलाई बुझेका छौ? तिमीहरूमध्ये कति जना मबारे यति हदसम्म निश्‍चित भएका छौ? सबैले मबाट स्पष्ट रूपमा व्याख्या र निर्देशन पाउनैपर्छ।

शैतानको राज्यलाई नष्ट गरिएको छ र यसका मानिसहरूले चाँडै नै मप्रतिको आफ्नो सेवा पूरा गरिसक्नेछन्। पालैपालो गरी तिनीहरूलाई मेरो घरबाट निकालिनेछन्, जसको अर्थ विभिन्न भूमिकाहरू निभाएको बहाना गर्दै आइरहेकाहरूको साँचो रूप प्रकट गरिनेछ, र तिनीहरू सबैलाई मेरो राज्यबाट हटाइनेछन्। यो कुरा नबिर्स! आजदेखि उसो, मैले विगतमा त्यागेकाहरू लगायत, मैले त्याग्ने सबै जना केवल अभिनय र देखावटी गर्नेहरू मात्रै हुन्; तिनीहरूले मेरो लागि काम गरेको जस्तो मात्रै गर्दै आएका छन् र यो नाटक सकिएपछि, तिनीहरू मञ्चबाट छोडीजानैपर्छ। जो साँचो रूपमा मेरा पुत्रहरू हुन् तिनीहरू मेरो प्रेम प्राप्त गर्न र मैले तिमीहरूका लागि तयार गरिसकेका आशिषहरूको आनन्द लिनको लागि आधिकारिक रूपमा नै मेरो राज्यमा हुनेछन्। ज्येष्ठ पुत्रहरू धन्यका हुन्! किनभने तिमीहरूलाई मैले अग्रिम रूपमा तालिम दिइसकेको हुनाले, अहिले तिमीहरू मेरो प्रयोगको लागि योग्य छौ। म सर्वशक्तिमान् परमेश्‍वर हुँ भनेर विश्‍वास गर।

मानिसहरूले पूरा गर्न नसक्ने कुराहरू, म कुनै बाधाविना गर्न सक्छु, र प्रतियोगिताको बिल्कुलै कुनै ठाउँ छैन। तिमीहरूले केही पनि गर्न सक्दैनौ वा तिमीहरू मेरा ज्येष्ठ पुत्रहरू हुन योग्य छैनौ भन्ने नसोच। तिमीहरू पूर्णतया योग्य छौ! यो यसैले हो किनभने सबै कुरा पूरा हुनको लागि ममा नै भर पर्छन्; ती सबै पूरा हुनको लागि मैरै भर पर्छन्। अहिले तिमीहरूलाई त्यस्तो हैसियतका छौ भनेर किन लाग्छ? यसको सरल कारण के हो भने मैले तिमीहरूलाई साँचो रूपमा प्रयोग गर्ने समय आएको छैन। महान् प्रतिभाहरूलाई तुच्छ उद्‌देश्यहरूका लागि प्रयोग गर्न सकिँदैन; के तिमीहरूले बुझ्यौ? सारा ब्रह्माण्डको संसारमा, के तिमीहरू यति सानो चीनमा मात्रै सीमित छौ? अर्थात्, सारा ब्रह्माण्डका संसारका मानिसहरूलाई गोठाला गर्ने र अगुवाइ गर्ने जिम्मा तिमीहरूलाई दिइनेछ, किनभने तिमीहरू ज्येष्ठ पुत्रहरू हौ, र आफ्ना भाईहरूलाई डोऱ्याउनु तिमीहरूले पूरा गर्नुपर्ने कर्तव्य हो। यो कुरा जान! म सर्वशक्तिमान् परमेश्वर हुँ! म फेरि जोड दिन्छु, मैले तिमीहरूलाई आफैमा रमाउन दिइरहेको छु। काम गरिरहने म नै हुँ–पवित्र आत्माले जहाँतहीँ काम गरिरहनुभएको छ र व्यक्तिगत रूपमा अगुवाइ गरिरहनुभएको छ।

विगतमा, मानिसहरूले मैले दिने मुक्तिलाई बुझेकै थिएनन्। के अहिले तिमीहरूले बुझ्यौ? मैले दिने मुक्तिका विभिन्न पक्षहरू छन्: एउटा पक्ष यो हो कि, कतिपय मानिसहरूका लागि, अघिबाटै निर्धारित गन्तव्य बिल्कुलै छँदै छैन, त्यसको अर्थ तिनीहरूले मेरो अनुग्रहको आनन्द लिन बिल्कुल सक्दै सक्दैनन् भन्ने हुन्छ; अर्को पक्ष यो हो कि, सुरुमा पूर्वनिर्धारित गरिएकाहरू हुन्छन्, जसले केही समयको लागि मेरो अनुग्रहको आनन्द लिन्छन्, तर केही समयपछि अर्थात् मैले पूर्वनिर्धारित गरेको समयमा, म तिनीहरूलाई हटाउनेछु, त्यसपछि तिनीहरूको जीवन सम्पूर्ण रूपमा समाप्त हुनेछ। अझ अर्को पक्ष यो हो कि मैले पूर्वनिर्धारित गरेका र चुनेकाहरू छन् र जसले अनन्त आशिषहरूको आनन्द लिन्छन्; तिनीहरूले मलाई स्वीकार गर्नुभन्दा पहिले र त्यसपछि भोग्ने दुःखकष्टहरू, मलाई स्वीकार गरेपछि तिनीहरूले प्राप्त गरेका अन्तर्दृष्टि र प्रकाशलगायत सुरुदेखि अन्त्यसम्मै मेरो अनुग्रहको उपभोग गर्छन्। अबदेखि, तिनीहरूले आशिषहरूको आनन्द लिन्छन्–अर्थात्, मैले पूर्ण रूपमा मुक्ति दिने तिनीहरू नै हुन्। मेरो महान् कामको पूर्णताको सबैभन्दा स्पष्ट अभिव्यक्ति यही नै हो। त्यसो भए आशिषहरूले केलाई जनाउँछन्? म तिमीहरूलाई सोध्छु: तिमीहरू सबैभन्दा बढी के गर्न चाहन्छौ? तिमीहरू सबैभन्दा बढी केलाई घृणा गर्छौ? तिमीहरू सबैभन्दा बढी के प्राप्त गर्ने आशा गर्छौ? तिमीहरूले मलाई प्राप्त गर्नको खातिर र तिमीहरूको जीवन वृद्‌धि हुन सकोस् भनेर विगतमा पीडा र कठिनाईहरू भोगेका छौ; त्यो अनुग्रहको एउटा भाग हो। "आशिषहरू" को अर्थ भविष्यमा तिमीहरूमा तिमीहरूले घृणा गर्ने कुराहरू हुनेछैन, जसको अर्थ ती कुराहरू तिमीहरूको वास्तविक जीवनमा आउनेछैनन् भन्ने हुन्छ; ती तिमीहरूकै आँखाको अगाडि पूर्ण रूपले हटाइएको हुनेछन्। परिवार, काम, पत्नी, पति, छोराछोरी इष्ट-मित्र र आफन्त, र दिनको तीन पटकको भोजन जसलाई तिमीहरू हरेक दिन घृणा गर्छौ ती पनि हट्‌नेछन्। (यसको अर्थ समयद्‌वारा नियन्त्रित हुँदैनौ, शरीरबाट पूर्ण रूपमा बाहिर निस्कनेछौ। केवल तेरो तृप्त आत्माले मात्रै तेरो शरीरलाई कायम राख्न सक्छ, तर यसले तेरो शरीरलाई जनाउँछ, देहलाई होइन। तँ पूर्ण रूपमा स्वतन्त्र र उच्च स्तरको बन्नेछस्। यो परमेश्वरले संसारको सृष्टि भएदेखि यता

प्रकट गर्नुभएको सबैभन्दा ठूलो र सबैभन्दा स्पष्ट आश्चर्यकर्म हो।) तिमीहरूका शरीरबाट माटोका सबै तत्वहरूलाई हटाइनेछ, र तिमीहरू पूर्णतया आत्मिक शरीर हुनेछौ जुन पवित्र र निष्खोट हुन्छ, तिमीहरूले ब्रह्माण्ड र पृथ्वीको अन्त्यसम्म सम्पूर्ण यात्रा गर्न सक्नेछौ। त्यस समयदेखि उप्रान्त तैंले सबै कठिनाइसाथ धुवाइ र सफाइबाट छुटकारा पाउनेछस्, र तिमीहरूले आफैमा पूर्ण आनन्द पाउनेछौ। त्यस बेलादेखि उप्रान्त तिमीहरूले विवाहको बारेमा सोच्नेछैनौ (किनकि मैले संसार सृष्टि गरिरहेको हुनेछैनँ, बरु युगको अन्त्य गरिरहेको हुनेछु), र महिलाले ठूलो यातना सहनुपर्ने त्यो प्रसव पीडा हुनेछैन। न त तिमीहरूले भविष्य कुनै काम वा परिश्रम गर्नेछौ। तँ मैले तिमीहरूलाई दिएका आशिषहरूमा रमाउँदै आफैलाई मेरो प्रेमको अङ्गालोमा पूरै डुबाउनेछौ। यो निश्चित छ। जब तिमीहरूले यी आशिषहरूको आनन्द लिइरहेको हुन्छौ, अनुग्रहले तिमीहरूलाई पछ्याइरहनेछ। मैले तिमीहरूका लागि तयारी गरेका सबै–अर्थात् संसारभरिका दुर्लभ र बहुमूल्य सम्पत्तिहरू–तिमीहरूलाई दिइनेछ। अहिले, तिमीहरूले न त यी सबै बुझ्न सक्छौ न कल्पना नै गर्न सक्छौ, र कसैले पनि पहिले ती उपभोग गरेको छैन। जब यी आशिषहरू तिमीहरूमाथि आउँछन्, तिमीहरू अन्त्यहीन रूपमा उल्लसित हुनेछौ–तर यो नबिर्स, कि यी सबै मेरो शक्ति, मेरा कार्यहरू, मेरो धार्मिकता, त्योभन्दा बढी मेरो प्रतापको कारण भएको हो। (म जुन मानिसहरूप्रति अनुग्रही हुने निर्णय गर्छु, तिनीहरूप्रति अनुग्रही हुनेछु, र म जुन मानिसहरूप्रति कृपालु हुने निर्णय गर्छु, म तिनीहरूप्रति कृपालु हुनेछु।) त्यस बेला तिमीहरूको कुनै आमाबुबा हुनेछैन, र त्यहाँ रगतको कुनै सम्बन्ध हुनेछैन। तिमीहरू सबै मैले प्रेम गर्ने, मेरा प्रिय छोराहरू हौ। त्यस समयदेखि उसो, कसैले पनि तिमीहरूलाई थिचोमिचो गर्ने आँट गर्नेछैन। त्यो तिमीहरूका निम्ति बढेर वयस्कहरू हुने समय हुनेछ, साथै तिमीहरूले फलामको डन्डाले शासन गर्ने समय हुनेछ! मेरा प्रिय छोराहरूलाई कसले बाधा दिने आँट गर्छ? कसले तिनीहरूमाथि आक्रमण गर्ने आँट गर्छ? सबैले मेरा प्रिय छोराहरूलाई आदर गर्नेछन् किनकि पिताले महिमा प्राप्त गर्नुभएको छ। कसैले कल्पना गर्न नसक्ने सबै कुराहरू तिमीहरूका आँखा अगाडि देखा पर्नेछन्; ती असीमित, कहिल्यै नसकिने र अन्त्यहीन हुनेछन्। चाँडै नै तिमीहरू निश्चय घामले फेरि डढ्नु पर्दैन वा पीडादायी ताप सहनु आवश्यक पर्दैन, न त तिमीहरूले ठन्डा भोग्नुपर्नेछ वा वर्षा, हिउँ, वा बतासको स्पर्श महसुस गर्नुपर्नेछ। किनभने म तिमीहरूलाई प्रेम गर्छु, र त्यो पूर्ण रूपमा मेरो प्रेमको संसार हुनेछ। म तिमीहरूले चाहने सबै थोक तिमीहरूलाई दिनेछु, र तिमीहरूलाई चाहिने सबै थोक म तिमीहरूको निम्ति तयार पार्नेछु। म धर्मी छैन भनेर कसले दाबी गर्ने आँट गर्छ? म तँलाई तुरुन्तै मार्नेछु, किनभने मैले पहिलेबाट भनिसकेको छु कि, (दुष्टहरू विरुद्ध) मेरो क्रोध अनन्तसम्म रहनेछ, र म अलिकति पनि नरम हुनेछैनँ। तापनि, (मेरा प्रिय छोराहरूप्रतिको) मेरो प्रेम पनि सदासर्वदा रहिरहनेछ; म यसलाई अलिकति पनि रोकेर राख्नेछैन।

आज, मेरा वचनहरूलाई न्यायको रूपमा सुन्नेहरू सही स्थितिमा नहुनेहरू हुन्। तथापि, तिनीहरूले त्यो कुरा पत्ता लगाउँदा सम्म, पवित्र आत्माले अघि नै तिनीहरूलाई त्यागिसक्नुभएको हुनेछ। सारा ब्रह्माण्डको संसारमध्ये, तिमीहरूका बीचबाट ज्येष्ठ पुत्रहरूलाई छनौट गरिएका छन्, जबकि पुत्रहरू र मानिसहरूको सानो हिस्सा मात्र तिमीहरूको हुन्छ। म सम्पूर्ण ब्रह्माण्डको

संसारलाई जोड दिन्छु, जसको अर्थ संसारका सबै राष्ट्रहरूबाट पुत्रहरू र मानिसहरूको छनौट गरिन्छ भन्ने हुन्छ। के तिमीहरूले बुझ्यौ? ज्येष्ठ पुत्रहरू चाँडै वृद्धि हुनुपर्छ अनि गएर विदेशीहरूलाई डोर्‍याउनुपर्छ भनेर म किन जोड दिइरहन्छु? के तिमीहरूले मेरा वचनहरूको साँचो अर्थ बुझ्यौ? किनभने चीन मैले श्राप दिएको राष्ट्र हो; यसले मलाई सबैभन्दा बढी सताएको छ र म यसलाई सबैभन्दा बढी घृणा गर्छु। तिमीहरूले यो जान्नैपर्छ कि मेरा ज्येष्ठ पुत्रहरू र म स्वर्गबाट आउँछौं र हामी विश्वव्यापी मानिसहरू हौं; हामी कुनै एक राष्ट्रका मात्र होइनौं। मानव धारणाहरूमाटाँसिरहन बन्द गर! किनभने मैले तिमीहरूलाई मेरो व्यक्तित्व प्रकट गरेको छु। सबै कुरा मेरै हातमा छ। के तिमीहरूलाई मेरा वचनहरू याद छ? तिमीहरूका बीचमा झन्-झन् थोरै मानिसहरू हुँदै गएका छन् र जनसङ्ख्या झन्-झन् परिष्कृतबन्दै गएको छ भनेर म किन भन्छु? किनभने मैले दिने मुक्ति क्रमिक रूपमा ब्रह्माण्ड संसारतर्फ अघि बढिरहेको छ। हटाइएकाहरू, मेरो नाम स्वीकार गर्नेहरू नै ज्येष्ठ पुत्रहरूलाई सिद्ध पार्नको खातिर सेवा गर्नेहरू हुन्। के तिमीहरूले बुझ्यौ? तिनीहरू सबै मेरा पुत्रहरूका लागि सेवा गर्नेहरू हुन भनेर म किन भन्छु? अब तिमीहरूले सच्चा रूपमा बुझ्छौ, होइन त? सङ्ख्या साँच्चै नै कम छ; ती अवश्य नै थोरै छन्। तैपनि, मेरा पुत्रहरूको कारण ती मानिसहरूले निकै लाभ पाएका छन् र मेरो अनुग्रहको धेरै आनन्द लिएका छन्—त्यही कारणले त म मानवजातिलाई अन्तिम पटक मुक्ति दिँदैछु भनेर मैले भनेको हुँ। अब तिमीहरूले मेरा वचनहरूको साँचो अर्थथाहा पायौ! मलाई विरोध गर्ने जोसुकैलाई म गम्भीर रूपमा सजाय दिनेछु र ज-जसले मेरो विरोध गर्छ म तिनीहरूबाट म आफ्नो मुख फर्काउनेछु। किनभने सुरुदेखि नै म सधैँ प्रतापी र धर्मी परमेश्वर रहँदै आएको छु र सबै कुरा तिमीहरूलाई प्रकट गरिनेछ। म अचम्म तरिकाले शीघ्र रूपमा काम गर्छु र चाँडै नै मानवको लागि अकल्पनीय रहेका अचम्मका कुराहरू हुनेछन्। भन्नुको अर्थ तुरुन्तै र चाँडै हो। के तिमीहरूले बुझ्यौ? ढीलो नगरी जीवन प्रवेशको खोजी गर! मेरा प्रिय पुत्रहरू, तिमीहरूका लागि सबै कुरा यहीँ छन् र सबै कुरा तिमीहरूकै खातिर अस्तित्वमा छन्।

## अध्याय ८५

म मेरो इच्छा हासिल गर्नको लागि फरक-फरक प्रकारका मानिसहरूको प्रयोग गर्छु: मैले सजाय दिनेहरूमा मेरा श्रापहरू पूरा हुन्छन्, त्यसरी नै मैले प्रेम गर्नेहरूमा मेरा आशिषहरू पूरा हुन्छन्। अब, तिमीहरूमध्ये कसले मेरा आशिषहरू प्राप्त गर्नेछन् र कसले मेरा श्रापहरू भोग्नेछन् भन्ने कुरा पूर्ण रूपमा मेरो एउटै शब्दमा निर्भर हुन्छ; यो सबै मेरा वाणीहरूले निर्धारित गर्छ। अहिले मैले जोप्रति राम्रो व्यवहार गर्छु, उसले सधैँ मेरा आशिषहरू पाउने निश्चित हुन्छ (अर्थात्, क्रमिक रूपमा मलाई चिन्ने र मप्रति अझै बढी निश्चित हुँदै जाने, नयाँ ज्योति र प्रकाशहरू प्राप्त गर्ने, र मेरो कामको गतिलाई पछ्याउन सक्ने)। म जसलाई तिरस्कार गर्छु (यो मभित्र हुने कुरा हो जुन कुरालाई मानिसहरूले बाहिरबाट देख्न सक्दैनन्) तिनीहरू निश्चित रूपमा मेरा श्रापहरू भोग्ने मानिसहरू हुन्, र तिनीहरू पक्कै पनि ठूलो रातो अजिङ्गरका सन्तान मध्येका हुन्; त्यसकारण, यसलाई मैले दिने श्रापमा तिनीहरू पनि भागीदार बन्नेछन्। मैले देख्नै नसक्ने, अर्थात् जसको

गुणमा धेरै कुराको कमी भएको म देख्छु, र मैले सिद्ध बनाउन वा प्रयोग गर्न नसक्नेहरूको हकमा भन्दा, तिनीहरूले अझै पनि मुक्ति पाउने मौका पाउनेछन्, र तिनीहरू मेरा पुत्रहरूमध्येको एक हुनेछन्। यदि कसैसँग मेरो एउटै पनि गुण छैन, आत्मिक मामलाहरूलाई बुझ्न सक्दैन, र मलाई चिन्दैन तर उत्साहित मानसिकता छ भने, त्यस व्यक्तिलाई मेरा मानिसहरूमध्येको एक भनेर नामाङ्कित गरिनेछ। मेरो श्रापमा पर्नेहरूलाई म मुक्तिभन्दा बाहिरका मानिसहरू ठान्छु, र दुष्ट आत्माहरू लागेका तिनीहरू नै हुन्। म तिनीहरूलाई निकाल्न उत्कट इच्छा गर्छु। तिनीहरूलाई ठूलो रातो अजिङ्गरले जन्माएको थियो, र तिनीहरू मैले सबैभन्दा बढी घृणा गर्ने मानिसहरू हुन्। अबदेखि उसो, मलाई तिनीहरूको सेवा चाहिँदैन। म तिनीहरूलाई उप्रान्त चाहँदिन! म तिनीहरूमध्ये कसैलाई पनि चाहँदिन! मेरो अघि तिनीहरूको रुवाइ र दाह्रा किटाइले पनि कुनै प्रभाव पार्दैन; म तिनीहरूमध्ये कसैलाई पनि हेर्दिन। म केवल तिनीहरूलाई निकाल्छु। तँ कस्तो किसिमको थोक होस्? के तँ मेरो अघि हुन योग्य छस्? के तँ योग्य छस्? तिमीहरूले अझै पनि असल मानिसहरू भएको बहाना र विनम्रताको नाटक गरिरहेका छौ! तैँले ती सबै अनगिन्ती दुष्ट कार्यहरू गरेपछि, के म तँलाई छोड्न सक्छु? त्यसपछि, तँ मेरो अघि खडा हुन नपाउँदै तैँले फेरि अवज्ञा गर्न थाल्छस्। तँसँग कहिल्यै कुनै असल अभिप्रायहरू थिएन; तैँले मलाई छल मात्रै गर्न चाहन्छस्! के तँ ठूलो रातो अजिङ्गरको सन्तान भएर तँ साँच्चै असल बन्न सक्छस्? असम्भव कुरा! तँलाई मैले पहिले नै श्राप दिइसकेको छु, र मैले तँलाई पूर्ण रूपमा न्याय गरेको छु! मलाई पूर्ण हृदयले, इमान्दारीपूर्वक, र अनुशासित ढङ्गले सेवा गर्, त्यसपछि तेरो अतल कुण्डमा फर्की! के तँ मेरो राज्यमा सहभागी हुन चाहन्छस्? तैँले त सपना देखिरहेको छस्! कस्तो लाज पचेको? तेरो घिनलाग्दो र फोहोरी शरीरको साथमा तँ निश्चित हदसम्म भ्रष्ट भएको छस्, तैपनि तँसँग अझै मेरो अघि खडा हुने आँट छ! छोडी दे! यदि तैँले थप ढिलाइ गरिस् भने, म तँलाई गम्भीर रूपमा दण्ड दिनेछु! मेरो अघि कुटिलपन र छली काममा संलग्न हुने सबैलाई खुलासा गरिनुपर्छ। तँ कहाँ लुक्न सक्छस्? तैँले आफूलाई कहाँ लुकाउन सक्छस्? तैँले जति नै छले पनि वा ढाके पनि, के तँ साँच्चै मेरो नियन्त्रणबाट उम्कन सक्छस्? यदि तैँले मलाई उचित रूपमा सेवा गरिनस् भने, तेरो आयु झनै छोटो हुनेछ; तेरो बरबादी तुरुन्तै हुनेछ!

मेरा ज्येष्ठ पुत्रहरू कस्ता प्रकारका मानिसहरू हुन् भन्ने कुरा म तिमीहरूलाई स्पष्ट रूपमा बताउँछु, र म तिमीहरूलाई सटीक प्रमाण दिन्छु। नत्र भने, तिमीहरूले आफ्नो उचित स्थान लिन सक्नेथिएनौ, र तिमीहरूको स्थान के हुनुपर्छ भन्ने बारेमा आफै अविवेकी निर्णयहरू गर्नेथियौ। कतिपय मानिसहरू अत्यन्तै नम्र हुनेथिए, र कतिपय अत्यन्तै असंयमित हुनेथिए; अनि मेरो गुण नभएकाहरू वा गुणमा धेरै कुराको कमी भएकाहरू सबैले मेरा ज्येष्ठ पुत्र बन्ने इच्छा गर्नेथिए। मेरा ज्येष्ठ पुत्रहरूले के-कस्ता अभिव्यक्तिहरू दिन्छन्? सर्वप्रथम, तिनीहरू मेरो इच्छालाई बुझ्ने र यसलाई ध्यान दिने कार्यमा ध्यान केन्द्रित गर्छन्। यसको साथै, तिनीहरू सबैमा पवित्र आत्माले काम गरिरहनुभएको हुन्छ। दोस्रो, तिनीहरूले आफ्नो आत्मामा निरन्तर रूपमा खोजी गर्छन्, तिनीहरू लम्पटताबाट टाढा बस्छन्, र सधैँ मेरा सीमाहरूभित्र बस्छन्; तिनीहरू अत्यन्तै सामान्य हुन्छन्। यसको साथै, यसरी तिनीहरूले अनुकरण गरिरहेका हुँदैनन्। (किनभने तिनीहरूले पवित्र

आत्माको कार्यलाई अनुभूति गर्ने कार्यमा ध्यान दिन्छन्, र तिनीहरूप्रतिको मेरो प्रेमलाई बुझ्छन्, तिनीहरू सधैँ सतर्क रहन्छन्, र मेरो विरुद्धको धोका वा अनाज्ञाकारिताको मानसिकतामा पर्ने बारेमा गहन रूपमा डराउँछन्।) तेस्रो, तिनीहरूले मेरो लागि पूर्ण हृदयले काम गर्छन्, आफ्नो सम्पूर्णतालाई दिन सक्छन्, र तिनीहरूको आफ्नै भविष्यका सम्भावनाहरू, तिनीहरूको जीवन, तिनीहरूले के खान्छन्, लगाउँछन्, र प्रयोग गर्छन्, अनि तिनीहरू कहाँ जिउँछन् त्यससम्बन्धी कुनै पनि विचारलाई पहिले नै हटाइसकेका हुन्छन्। चौथो, तिनीहरू धार्मिकताको निम्ति निरन्तर रूपमा भोकाउँछन् र तिर्खाउँछन्, र तिनीहरूमा धेरै कुराको कमी छ र तिनीहरू कदको हिसाबमा अत्यन्तै अपरिपक्व छन् भन्ने तिनीहरू विश्वास गर्छन्। पाचौं, मैले पहिले नै उल्लेख गरे झैं, संसारमा तिनीहरूको राम्रो मान-मर्यादा हुन्छ, तर संसारका मानिसहरूले तिनीहरूलाई त्यागेको हुन्छ। विपरीत लिङ्गी मानिसहरूसँगको तिनीहरूको सम्बन्धमा, तिनीहरूसँग नैतिक सत्यनिष्ठा हुन्छ। यी सबै कुरा प्रमाण हुन्, तर म अहिले तिमीहरूलाई तिनको बारेमा पूर्ण रूपमा प्रकाश पार्न सक्दिन, किनभने मेरो काम अहिलेसम्म त्यो चरणमा पुगेको छैन। ज्येष्ठ पुत्रहरू, याद राख! तिमीहरूभित्रको जीवन अनुभूतिहरू, मप्रतिको तिमीहरूको श्रद्धाभाव, मप्रतिको तिमीहरूको प्रेम, म बारेको तिमीहरूको ज्ञान, मप्रतिको तिमीहरूको खोजी, तिमीहरूको विश्वास–यी सबै कुराले तिमीहरूप्रतिको मेरो प्रेमलाई आकार दिन्छन्; यी सबै मैले तिमीहरूलाई दिने प्रमाण हुन् ताकि तिमीहरू साँच्चै मेरा प्रिय पुत्रहरू बन्न सक र अतुलनीय महिमामा रहेर मसँगै खाने, जिउने, र आशिषहरूको आनन्द लिने कार्य गर्दै, मजस्तै बन।

मलाई सताउनेहरू, (मेरो नामको गवाही दिनुभन्दा पहिलेका मानिसहरू लगायत) मेरो बारेमा कुनै ज्ञान नभएकाहरू, मलाई मानव ठान्नेहरू, वा विगतमा मेरो ईश्वर-निन्दा गर्ने र मलाई गिल्ला गर्ने जोकोहीलाई म कोमलता देखाउन सक्दिन। तिनीहरूले मेरो लागि अहिले नै सबैभन्दा सानदार गवाही दिए भने पनि, त्यसले अझै पनि कुनै भिन्नता ल्याउनेथिएन। विगतमा मलाई सताउनु भनेको मेरो लागि सेवा गर्ने एउटा तरिका थियो, र तिनीहरूले आज मेरो लागि गवाही दिए पनि, तिनीहरू अझै पनि मेरा औजारहरू हुनेथिए। आज मैले सच्चा रूपमा सिद्ध पारेकाहरू मात्रै मेरो लागि कुनै किसिमले प्रयोग योग्य हुन्छन्, किनभने म धर्मी परमेश्वर स्वयम् हुँ, र किनभने म देहबाट निस्केर आएको छु र पृथ्वीका सबै सम्बन्धहरूबाट आफूलाई अलग गरेको छु। म परमेश्वर स्वयम् हुँ, र मेरो वरिपरि हुने गरेका सबै मानिसहरू, मामलाहरू, र कुराहरू मेरै हातमा छन्। म भावुकता विहीन छु, र म सबै कुरामा धार्मिकताको अभ्यास गर्छु। म सीधा छु, र अशुद्धताद्वारा अलिकति पनि कलङ्कित छैन। के तिमीहरूले मेरा वचनहरूको अर्थ बुझ्यौ? के तिमीहरूले पनि यसलाई हासिल गर्न सक्छौ? मानिसहरूले मसँग पनि सामान्य मानवता छ, र मेरो परिवार छ र मसँग भावनाहरू छन् भन्ने ठान्छन्–तर के तिमीहरू पूर्ण रूपमा गलत छौ भन्ने तिमीहरूलाई थाहा छ? म त परमेश्वर हुँ! के तिमीहरूले यो कुरालाई बिर्सेका छौ? के तिमीहरू अन्योलमा परेका छौ? तिमीहरूले अझै मलाई चिनेकै छैनौ!

मेरो धार्मिकता तिमीहरूलाई पूर्ण रूपमा प्रकट गरिएको छ। कुनै प्रकारको मानिसलाई मैले गर्ने निराकरणको तरिकाले मेरो धार्मिकता र मेरो प्रताप दुवैलाई देखाउँछ। म आफूसँग क्रोध ल्याउने

परमेश्वर स्वयम् भएको हुनाले, मलाई सताएको वा मलाई गाली गरेको कुनै पनि व्यक्तिलाई म त्यसै छोड्नेछैन। त्यस्तो कडा मापदण्डमा रहेर, के तिमीहरूले यसलाई पहिचान गर्छौ? मैले चुनेका र पूर्वनियुक्ति गरेकाहरू दुर्लभ मोती वा बहुमूल्य पत्थरजस्तै हुन्; तिनीहरू थोरै र दुर्लभ छन्। किनभने मेरा मानिसहरू बन्नेहरूभन्दा राजाहरूका रूपमा शासन गर्नेहरू थोरै सङ्ख्यामा हुने निश्चित छ, र यो मेरो शक्ति र अचम्मका कार्यहरूको प्रमाण हो। म तिमीहरूलाई इनाम दिनेछु र तिमीहरूलाई मुकुट प्रदान गर्नेछु, र मसँग अटुट महिमा छ भनेर धेरै पटक भन्ने गर्छु। मैले इनामहरू, मुकुटहरू, र महिमा भन्नुको अर्थ के हो? इनामहरू भनेका खाना, वस्त्र, र अरू कुराहरू जस्ता प्रयोग गर्न सकिने भौतिक कुराहरू हुन् भन्ने मानिसहरूको धारणा छ, तर यो पूर्ण रूपमा पुरानो सोचाइ हो; मैले यी शब्दहरू बताउनुको अर्थ यो होइन, बरु यो त गलत धारणा हो। इनामहरू भनेका अहिले प्राप्त गरिने कुराहरू हुन्, र तिनीहरू अनुग्रहका भाग हुन्। तैपनि, भौतिक सुखसँग सम्बन्धित केही इनामहरू पनि छन्, र मेरो लागि सेवा प्रदान गर्ने तर मैले मुक्ति नदिएकाहरूले पनि केही भौतिक आनन्द प्राप्त गर्न सक्छन् (यद्यपि, ती अझै पनि मेरो लागि सेवा गर्ने भौतिक कुराहरू मात्र हुन्)। मुकुट भनेको पदको तक्मा होइन; अर्थात्, यो तिमीहरूले आनन्द लिन सक भनेर मैले तिमीहरूलाई प्रदान गर्ने भौतिक कुरा होइन। बरु, यो तिमीहरूलाई दिइने नयाँ नाम हो, र आफ्नो नयाँ नामको स्तरमा जिउन सक्ने जोकोही व्यक्ति मुकुट पाएको व्यक्ति बन्नेछ, जुन मेरो आशिषहरू प्राप्त गर्नु हो। इनाम र मुकुटहरू आशिषहरूको भाग हो, तर आशिषहरूको तुलनामा, ती स्वर्ग र पृथ्वी जत्तिकै फरक हुन्छन्। मानव धारणाहरूद्वारा महिमाको कल्पना समेत गर्न सकिँदैन, किनभने महिमा भौतिक कुरा होइन। तिनीहरूका लागि, यो पूर्ण रूपमा अमूर्त अवधारणा हो। त्यसोभए, महिमा भनेको ठ्याक्कै के हो त? तिमीहरू मसँग महिमामा एकसाथ ओर्लनेछौ भन्नुको अर्थ के हो? मेरो सम्पूर्णता–अर्थात्, म जे हुँ र मसँग जे छ, (मेरा पुत्रहरूको लागि) कृपा र दया, र (सबै मानिसहरूप्रति) धार्मिकता, प्रताप, न्याय, क्रोध, श्राप, र जलन–मेरो व्यक्तित्व नै महिमा हो। किन मसँग अटुट महिमा छ भनेर म भन्छु? किनभने ममा असीमित बुद्धि, साथै अतुलनीय पर्याप्तता छ। त्यसकारण, मसँग महिमामा ओर्लनुको अर्थ तिमीहरूलाई मैले पहिले नै पूर्ण तुल्याइसकेको छु, म जे हुँ र मसँग जे छ सो तिमीहरूले पहिले नै प्राप्त गरिसकेका छौ, तिमीहरूलाई मैले पूर्ण तुल्याएको छु, तिमीहरूले मलाई आदर गर्छौ, र मलाई विरोध गर्दैनौ भन्ने हुन्छ। अवश्य नै अहिलेसम्म त यो कुरा तिमीहरूलाई स्पष्ट भइसकेको छ!

पृथ्वीका सबै राष्ट्रहरूको तनावपूर्ण अवस्था चरम विन्दुमा पुगेको छ, र तिनीहरू सबैले मेरो लागि सेवा गर्न र मैले तिनीहरूलाई गर्ने भस्मलाई स्वीकार गर्न बारम्बार रूपमा तयारी गरिरहेका छन्। जब मेरो क्रोध र जलन आइपुग्छ, त्योभन्दा पहिले कुनै सङ्केत देखिएको हुनेछैन। तैपनि, मैले के गर्छु भन्ने कुरा मलाई थाहा छ, र यसको बारेमा म पूर्ण रूपमा स्पष्ट छु। मेरा वचनहरूप्रति तिमीहरू निश्चित हुनुपर्छ, र तिमीहरूले सबै कुरा तयारी गर्नको लागि हतार गर्नुपर्छ। विदेशबाट खोजी गर्दै आउनेहरूलाई गोठाला गर्नको लागि तयार रहो। यो कुरा याद राख! चीन–अर्थात्, चीनभित्रको हरेक व्यक्ति र स्थान–मेरो श्रापको लक्षित थोक हो। के तिमीहरूले मेरा वचनहरूको अर्थ बुझ्यौ?

# अध्याय ८६

मानिसहरूले म कृपालु परमेश्वर हुँ भनी भन्छन्; तिनीहरू भन्छन्, मैले सृष्टि गरेका सबैलाई म मुक्ति दिनेछु। यी सबै कुराहरू मानव धारणाहरूअनुसार भनिएका हुन्। म कृपालु परमेश्वर हुँ भनेर मेरा ज्येष्ठ पुत्रहरूलाई भनिएको हो, र म सबैलाई मुक्ति दिनेछु भनेर मेरा पुत्रहरू र मेरा मानिसहरूलाई भनिएको हो। म बुद्धिमानी परमेश्वर भएको हुनाले, मेरो मनमा कुन-कुन मानिसहरूलाई म प्रेम गर्छु र कुन-कुन मानिसहरूलाई म घृणा गर्छु, म त्यस विषयमा स्पष्ट छु। मैले प्रेम गर्नेहरूका हकमा, म तिनीहरूलाई सधैँ अन्त्यसम्मै प्रेम गर्नेछु, र त्यो प्रेम कहिल्यै परिवर्तन हुनेछैन। मैले घृणा गर्नेहरूका हकमा भन्दा, तिनीहरूले जस्तो राम्रो व्यवहार गरे पनि म अलिकति पनि प्रभावित हुँदिन। किनभने तिनीहरू मबाट जन्मिएका थिएनन् र तिनीहरूसँग मेरा गुणहरू वा मेरो जीवन छैन। अर्को शब्दमा भन्दा, तिनीहरूलाई मैले पूर्वनियुक्ति गरेको र चुनेको थिइन–किनभने म गल्ती गर्दिन। अर्थात्, मेरा सबै कार्यहरूलाई पवित्र र आदरणीय भनेर भनिन्छ, र मसँग कहिल्यै कुनै पछुतोहरू छैन। मानिसहरूका नजरमा, म अत्यन्तै निर्दयी छु–तर म धर्मी र प्रतापी परमेश्वर स्वयम् हुँ भन्ने कुरा तैँले पहिचान गर्दैनस्? मेरो हरेक कुरा ठीक हुन्छ; मैले घृणा गरेकाहरूले अवश्य नै मेरा श्रापहरू पाउनेछन्, र मैले प्रेम गरेकाहरूले अवश्य नै मेरा आशिषहरू प्राप्त गर्नेछन्। यो मेरो पवित्र र तोड्न नसकिने स्वभाव हो, र यसलाई कसैले पनि परिवर्तन गर्नेछैन। यो ठोस कुरा हो!

आज, साँचो रूपमा मेरा अभिप्रायहरू अनुरूप हुनेहरूलाई म अवश्य नै पूर्ण तुल्याउनेछु, किनभने मेरो काम स्पष्ट र पूर्ण दुवै छ, र म कुनै पनि कुरालाई स्पष्ट नपारी छोड्दिन। मैले श्राप दिएकाहरूलाई जलाइनेछ। त्यसोभए किन मैले श्राप दिइएका धेरैजसो मानिसहरूमा अझै पनि पवित्र आत्माले काम गरिरहनुभएको छ (म फोहोरी मन्दिरमा बस्दिन भन्ने विषयमा यसो भनिएको हो)? के तिमीहरूले सबै मामलाहरू र सबै कुराहरूले ख्रीष्टको लागि सेवा गर्छन् भन्ने भनाइको साँचो अर्थलाई बुझेका छौ? मैले तिनीहरूको सेवाको प्रयोग गर्दा पवित्र आत्माले तिनीहरूद्वारा काम गर्नुहुन्छ, तर सामान्यतया, जब तिनीहरू मेरो सेवामा हुँदैनन्, तिनीहरूले आधारभूत रूपमा आत्मिक हिसाबले अन्तर्दृष्टि पाएका हुँदैनन्। तिनीहरूले खोजी नै गरे पनि, तिनीहरूले जोशको आधारमा त्यसो गर्छन्, र यो शैतानको छल हो–किनभने साधारणतया तिनीहरूले मेरो काममा कुनै ध्यान नै दिँदैनन् र मेरा बोझहरूलाई कुनै ध्यान दिँदैनन्। अब मेरा ज्येष्ठ पुत्रहरू ठूला भइसकेका हुनाले, म तिनीहरूलाई लात हानेर निकाल्दैछु; यही कारणले गर्दा, मेरो आत्मा जहाँसुकैबाट निस्कनुभएको छ र मेरा ज्येष्ठ पुत्रहरूलाई विशेष जोड दिइएको छ। के तिमीहरूले यो कुरा बुझ्यौ? सबै कुरा मेरा कार्यहरू, मेरो पूर्वनियतिमा निर्भर हुन्छन्, र सबै वचनहरू मेरो मुखबाट निस्कन्छन्। मेरा आशिषहरू प्राप्त गरेका सबै स्थानहरू अवश्य नै मैले काम गर्ने स्थानहरू हुन् र ती मेरो काम अघि बढाइने ठाउँहरू हुन्। चीन शैतानलाई सबैभन्दा बढी आराधना गरिने राष्ट्र हो, त्यसकारण मैले यसलाई श्राप दिएको छु। यसको साथै, यो मलाई सबैभन्दा बढी सताउने राष्ट्र बनेको छ। ठूलो रातो अजिङ्गरको प्रभावमा रहेका मानिसहरूमा म मेरो काम अवश्य नै गर्नेछैन। के तिमीहरूले

मेरा वचनहरूको साँचो अर्थ बुझ्यौ? आखिर, मेरा पुत्रहरू र मेरा मानिसहरू थोरै छन्। पूर्ण रूपमा सबै कुरा मेरै हातमा छन्; मैले चुनेका र पूर्वनियुक्ति गरेका मानिसहरूमा ऊर्जा केन्द्रित गर्नुपर्छ र थप प्रयास लगाउनुपर्छ। अर्को शब्दमा भन्दा, मेरा ज्येष्ठ पुत्रहरूले हतार गरेर अभ्यास गर्नुपर्छ ताकि तिनीहरू चाँडोभन्दा चाँडो मेरा बोझहरूमा सहभागी हुन सकून्, र तिनीहरूका सारा प्रयास मेरो काममा समर्पित गर्न सकून्।

मेरो लागि सेवा गर्नेहरू, सुन! तिमीहरूले मेरो लागि सेवा गर्ने क्रममा मेरा केही अनुग्रह प्राप्त गर्न सक्छौ। अर्थात्, तँलाई मेरो पछिको काम र भविष्यमा हुने कुराहरूको बारेमा अस्थाई रूपमा थाहा हुनेछ–तर तैँले ती कुराको अवश्य नै आनन्द लिनेछैनस्। यो मेरो अनुग्रह हो। जब तेरो सेवा पूरा हुन्छ, तुरुन्तै गइहाल्, र ढिलो नगर्। तिमीहरूमध्ये जो मेरा ज्येष्ठ पुत्रहरू हौ तिमीहरू अहङ्कारी हुनु हुँदैन, तर तिमीहरूलाई गर्व गर्ने अनुमति छ, किनभने मैले तिमीहरूलाई असीमित आशिषहरू दिएको छु। तिमीहरूमध्ये जो विनाशको निसाना हौ, तिमीहरूले आफूमा समस्या ल्याउने वा आफ्नो गन्तव्यको बारेमा दुःखी महसुस गर्ने गर्नु पर्दैन। तँलाई कसले शैतानको सन्तान बनायो? तैँले मेरो निम्ति तेरो सेवा गरिसकेपछि, तँ अतल कुण्डमा फर्कन सक्छस्, किनभने उप्रान्त मेरो लागि तँ कुनै प्रयोगको योग्य हुनेछैनस्। त्यसपछि म तँलाई मेरो सजायद्वारा निराकरण गर्न थाल्नेछु। मैले काम गर्न सुरु गरेपछि, म यसलाई अन्त्यसम्मै जारी राख्नेछु; मेरा कार्यहरू पूरा हुनेछन्, र मेरा उपलब्धीहरू सदासर्वदा रहिरहनेछन्। यो सबै मेरा ज्येष्ठ पुत्रहरू, मेरा पुत्रहरू, र मेरा मानिसहरूमा लागू हुन्छ, र यो तँमा पनि लागू हुन्छ: तँलाई मैले दिने सजाय अनन्तसम्म रहिरहनेछन्। मलाई विरोध गर्ने दुष्टहरूलाई म अवश्य नै सजाय दिनेछु भनेर मैले यसभन्दा पहिले तिमीहरूलाई धेरै पटक बताएको छु। यदि तैँले मलाई विरोध गरिसकेपछि पवित्र आत्माले तँलाई हप्काउनुभयो भने, तँ पहिले नै श्रापित भइसकेको हुन्छस्, त्यसपछि तँलाई मेरो हातले प्रहार गर्नेछ। मेरो बारेमा खराब विचारहरू गर्दा यदि पवित्र आत्माले तँलाई अनुशासनमा राख्नुभयो भने, तैँले मेरा आशिषहरू प्राप्त गरेको छस्; तैपनि, तँ सधैँ सतर्क हुनुपर्छ, कहिल्यै पनि लापरवाही र असावधान हुनुहुँदैन।

## अध्याय ८७

तैँले तेरो गति बढाउनुपर्छ र मैले चाहेअनुरूपको काम गर्नुपर्छ–तिमीहरूका लागि मैले ठूलो उत्सुकताका साथ चाहेको कुरा यही हो। के तिमीहरूले अहिलेसम्म पनि, मेरा वचनहरूको अर्थ नबुझेको हुनसक्छ? के तिमीहरूले अहिलेसम्म पनि मेरो अभिप्राय नबुझेको हुनसक्छ? मैले बढ्दो स्पष्टताका साथ बोलेको छु, र बढीभन्दा बढी कुरा बताएको छु, तर मेरा वचनहरूको अर्थ बुझ्नका लागि तिमीहरूले अझै कुनै पनि प्रयास गरेका छैनौ? शैतान, तैँले मेरो योजना नष्ट गर्नसक्छस् भन्ने कल्पना नगर्! शैतानका लागि सेवा गर्नेहरू–अर्थात्, शैतानका सन्ततिहरू (यसले शैतानको वशमा भएकाहरूलाई जनाउँछ, तसर्थ, जोसँग निश्चित रूपमा शैतानको जीवन हुन्छ, त्यसैले यसको सन्तति भनेर भनिएको हो)–रुँदै र आफ्ना दाह्रा किट्दै, मेरो चरणमा

कृपाको भीख माग्छन्। तर, म यस्तो मूर्ख काम गर्दिन! के म शैतानलाई माफी दिन सक्छु? के म शैतानलाई मुक्ति दिलाउन सक्छु? त्यो असम्भव छ! म जे भन्छु त्यही गर्छु, र म यसको बारेमा कहिल्यै पश्‍चात्ताप गर्नेछैन!

मैले बोल्ने कुनै पनि कुरा जीवन्त बन्छ। के यसो हुँदैन र? तथापि, तिमीहरू मलाई अविश्‍वास गरिरहन्छौ, मेरा वचनहरूप्रति शङ्का गर्छौ, र म तिमीहरूसँग मजाक गरिरहेको छु जस्तो सोच्छौ। यो एकदमै वाहियात कुरा हो। म परमेश्‍वर स्वयम् हुँ। के तैँले बुझिस्? म परमेश्‍वर स्वयम् हुँ! यदि मसँग कुनै बुद्‌धि वा शक्ति नभएको भए, के मैले मलाई इच्छा लागे जस्तो बोल्न र गर्न सक्थेँ होला? तर पनि तँ अझै मलाई विश्‍वास गर्दैनस्। यी कुराहरूलाई मैले तेरो लागि बारम्बार जोड दिएको छु, र मैले तिनीहरू यी कुरा बारम्बार बताएको छु। तिमीहरूमध्ये धेरैजसोले अझैसम्म पनि किन विश्‍वास गर्दैनौ? तँ अझै किन आशङ्का गर्छस्? तँ प्रिय जीवनका लागि किन आफ्नै धारणामा झुन्डिन्छस्? के तिनले तँलाई मुक्त गर्न सक्छन्? म जे भन्छु त्यही गर्छु। मैले तिमीहरूलाई धेरै पटक भनेको छु: मेरा वचनहरूलाई सत्यताको रूपमा लेऊ, र शङ्का नगर। के तिमीहरूले यसलाई गम्भीर रूपमा लिएका छौ? तैँले आफैले, केही पनि गर्न सक्दैनस्, तर पनि तँ मैले गरेको काममा विश्‍वास गर्न सक्दैनस्। यस्तो व्यक्तिको विषयमा के नै भन्न सकिन्छ र? स्पष्ट रूपमा भन्‍नुपर्दा, यो मैले तिमीहरूको सृष्टि नै नगरेको जस्तै भयो। अर्को शब्दमा, तँ मेरा लागि सेवा-कर्ता हुन, हरेक पक्षमा अयोग्य छस्। प्रत्येकले मेरा वचनहरूमा विश्‍वास गर्नुपर्छ! सबै जना परीक्षामा उत्तीर्ण हुनैपर्छ; म कसैलाई पनि चिप्लिन दिनेछैन। पक्कै पनि, विश्‍वास गर्नेहरू अपवाद हुन्। मेरा वचनहरूमा विश्‍वास राख्ने मानिसहरूले निश्‍चय नै मेरा आशिषहरू पाउनेछन्, जुन तैँले जे विश्‍वास गर्छस् त्यसअनुसार तँलाई प्रदान गरिनेछ र तँमा पूरा गरिनेछ। मेरा ज्येष्ठ पुत्रहरू! अहिले म तिमीहरूलाई मेरा आशिषहरू दिन सुरु गर्दैछु। थोरै-थोरै गर्दै, तिमीहरूले देहका ती सबै घृणित बन्धनहरू त्याग्न सुरु गर्नेछौ: विवाह, परिवार, खुवाइ, लुगा लगाइ, सुताइ, र सबै प्राकृतिक विपद्‌हरू (हावा, सूर्य, वर्षा, चिसो सिरेटो, हिमपातको कष्ट, र तिमीहरूले घृणा गर्ने अन्य सबै कुराहरू)। तिमीहरूले स्थान, समय, वा भूगोलको अड्चनबिना, मेरो प्रेमिलो अँगालोमा हृदयदेखि नै आनन्द उठाउँदै र मेरो प्रेमिलो स्याहार अन्तर्गत रहेको सबै कुराको अधीनमा रहेर समुद्रपार, जमिनमाथि, र आकाशमा यात्रा गर्नेछौ।

मैले पूर्ण तुल्याएका ज्येष्ठ पुत्रहरूलाई लिएर को गर्व गर्दैन र? आफ्ना लागि कसले मेरो नामको प्रशंसा गर्दैन र? मैले अहिले किन तिमीहरूलाई यति धेरै रहस्यहरूको खुलासा गर्ने इच्छा गरेँ? अहिले नै किन, र विगतमा किन थिएन? यो आफैमा एउटा रहस्य हो; के तँलाई यो कुरा थाहा छ? चीन मैले श्राप दिएको राष्ट्र हो भनेर किन मैले विगतमा उल्लेख गरिन? र मैले मेरा लागि सेवा गर्नेहरूलाई किन प्रकट गरिन? आज, म तिमीहरूलाई यो कुरा भन्नेछु: आज, मेरो विचारमा, सबै कुरा पूरा भइसकेको छ, र म यो मेरा ज्येष्ठ पुत्रहरूको सम्बन्धमा भन्छु। (किनकी आज, मेरा ज्येष्ठ पुत्रहरू मेरो साथ शासन गर्न आएका छन्—र तिनीहरूले आकार मात्रै लिएका छैनन्, बरु वास्तवमा म सँगसँगै शासन गरिरहेका छन्। अहिले, पवित्र आत्माले कार्य गर्नुहुने मानिसहरू मेरो साथमा निश्‍चित रूपमा शासन गर्छन्—र यो अहिले नै खुलासा भइरहेको छ; हिजो

होइन, र भोलि होइन।) आज म सामान्य मानवताको सबै रहस्यहरूको खुलासा गर्दैछु, किनभने मैले खुलासा गर्न इच्छा गरेका मानिसहरूको खुलासा भइसकेको छ, र यो मेरो बुद्धि हो। मेरा कार्य यो चरणसम्म अघि बढिसकेको छ: अर्थात्, मैले अहिले, यो अवधिका लागि भनेर विशेष रूपमा तोकेको प्रशासनिक आदेशहरूको योजनालाई लागू गर्नुपर्छ। तसर्थ, म ज्येष्ठ पुत्रहरू, पुत्रहरू, मानिसहरू, र सेवा-कर्ताहरूमा उपयुक्त प्रमाणीकरणहरू प्रदान गर्दैछु, किनभने मसँग अख्तियार छ र म न्याय जारी गर्नेछु, र म फलामको डन्डाले शासन गर्नेछु। आज्ञाकारी भएर मेरा लागि सेवा नगर्ने दुस्साहस कसले गर्नसक्छ? मेरो विरुद्धमा उजुरी गर्ने दुस्साहस कसले गर्नसक्छ? म धार्मिकताको परमेश्‍वर होइन भनेर भन्ने दुस्साहस कसले गर्नसक्छ? मलाई थाहा छ, तिमीहरूको राक्षसी स्वभाव मेरो सामने धेरैअघि खुलासा भएको हो: म जोप्रति राम्रो छु त्योप्रति पनि तिमीहरूलाई ईर्ष्या र घृणा लाग्छ। यो निश्‍चय नै शैतानको प्रकृति हो! म मेरा पुत्रहरूप्रति असल छु; के तँ म अधर्मी हुँ भनेर दाबी गर्ने दुस्साहस गर्छस्? म तँलाई पूर्ण रूपमा बाहिर फ्याँकिदिन सक्छु, तर भाग्यवश, तैँले मेरा लागि सेवा गरिरहेको छस्, र अहिले त्यसो गर्ने समय पनि होइन; अन्यथा, मैले तँलाई बाहिर फ्याँकिसकेको हुनेथिए।

शैतानको प्रजाति! जङ्गली हुन बन्द गर्! अब नबोल्! अब काम नगर्! मैले छानेका पुत्रहरू र मानिसहरूमा मेरो काम सुरु भइसकेको छ, र यो सबै राष्ट्र, सम्प्रदाय, धर्म, र चीनबाहिरका जीवनका सबै कालखण्डका मानिसहरूमा फैलँदैछ। मेरा लागि सेवा प्रदान गर्नेहरू आत्मिक रूपमा सधैँ किन अवरुद्ध हुन्छन्? किन तिनीहरूले कहिल्यै पनि आत्मिक कुराहरू बुझ्दैनन्? मेरो आत्माले यी मानिसहरूमा किन कहिल्यै काम गर्नुहुन्न? सामान्य रूपमा भन्नुपर्दा, मैले पूर्वनियुक्त वा छनौट नगरेका मानिसहरूउपर म धेरै प्रयास खर्च गर्न सक्दिन। विगतका मेरा सबै कठिनाइहरू, र मेरा सबै पीडादायक स्याहार र प्रयासहरू, मेरा ज्येष्ठ पुत्रहरू र पुत्रहरू र मानिसहरूको सानो हिस्साका लागि रहेका छन्; साथै, मेरो भविष्यको काम अवरोधबिना सम्पन्न होस् र मेरा इच्छामा अड्चन नआओस् भन्ने हेतुले मैले यी कुराहरू गरेको हुँ। म बुद्धिमानी परमेश्‍वर स्वयम् भएकाले, मैले प्रत्येक चरणका लागि उपयुक्त प्रबन्धहरू मिलाएको छु। कुनै पनि व्यक्तिलाई रोकेर राख्न म कुनै प्रयास गर्दिन (यो पूर्वनियुक्ति वा छनौटमा नपरेकाहरूका लागि निर्देशित छ), न कुनै मानिसलाई यत्तिकै आक्रमण नै गर्छु (यो पूर्वनियुक्त वा छनौट भएकाहरूका लागि निर्देशित छ): यो मेरो प्रशासनिक आदेश हो, जसलाई कसैले पनि परिवर्तन गर्न सक्दैन! मैले घृणा गर्नेहरूप्रति, म निर्दयी छु; मैले प्रेम गर्नेहरूप्रति, म सतर्क र रक्षात्मक छु। तसर्थ, म जे भन्छु त्यो गर्छु (मैले छनौट गरेकाहरू, छनौट भएका हुन्छन्, र मैले पूर्वनियुक्त गरेकाहरू, पूर्वनियुक्त भएका हुन्छन्; यी सृष्टिभन्दा पहिले मैले मिलाएका मेरा मामिलाहरू हुन्)।

मेरो हृदय कसले परिवर्तन गर्न सक्छ? मेरो इच्छाअनुसार मैले बनाएका योजनाअनुसार मैले कार्य गर्ने बाहेक, हतारमा कार्य गर्ने र मेरा आज्ञाहरूको पालना नगर्ने दुस्साहस कसले गर्नसक्छ? यी सबै मेरा प्रशासनिक आदेशहरू हुन्; यीमध्ये एउटा पनि मबाट निकाल्ने दुस्साहस कसले गर्नसक्छ? सबै कुरा मेरो हुकुम मुताबिक हुनुपर्छ। केही मानिसहरूले कुनै निश्‍चित मानिसले अति नै दुःख पाएको छ, र ऊ इमानदार छ अनि मेरो हृदयलाई ध्यान दिन्छ भन्ने कुरा गर्छन्।

त्यसोभए, किन मैले त्यसलाई छनौट गरिन त? यो पनि, मेरो प्रशासनिक आदेश हो। यदि कोही मानिस मेरा अभिप्रायहरूअनुसारको छ भनेर म भन्छु भने, त्यो मानिस मेरा अभिप्रायहरूअनुरूप छ र मैले प्रेम गर्ने मानिस हो; यदि मैले कुनै मानिस शैतानको सन्तान हो भनेर बताएँ भने, त्यो मानिस मैले घृणा गर्ने मानिस हो। कसैलाई पनि निगाह नगर्! के तैँले त्यो मानिसको वास्तविकतालाई देख्न सक्छस् र? यी सबै कुराहरू मैले निर्धारित गरेका कुराहरू हुन्। पुत्र सधैँ पुत्र नै हुन्छ, र शैतान सधैँ शैतान नै हुन्छ; अर्को शब्दमा, मानिसको प्रकृति परिवर्तन हुँदैन। मैले परिवर्तन नगरेसम्म, सबैले आ-आफ्नो प्रजातिको अनुसरण गर्छन्, र अडिग हुन्छन्!

मेरो कामको प्रगति हुँदै गर्दा म तिमीहरूलाई रहस्यहरूको खुलासा गर्छु। मेरो कार्यको प्रगति कुन चरणमा पुगेको छ भनेर के तिमीहरूलाई थाहा छ? के तिमीहरू साँच्चिकै मेरो आत्माको अगुवालाई पछ्याउँछौ, मैले भनेजसो गर्छौ र मैले बोलेजसो बोल्छौ? चीन मैले श्राप दिएको राष्ट्र हो भनेर किन उल्लेख गरेँ? पहिलो कुरा, मैले आजका चिनियाँ मानिसहरूलाई मेरो स्वरूपमा सृष्टि गरेँ। तिनीहरूसँग आत्मा थिएन, र प्रारम्भमा, तिनीहरू शैतानबाट भ्रष्ट भएका थिए र तिनीहरूलाई मुक्त गर्न सकिँदैनथियो। यही कारणले गर्दा, म यी मानिसहरूप्रति क्रोधित भएँ र तिनीहरूलाई श्राप दिएँ। म यी मानिसहरूलाई सबैभन्दा बढी घृणा गर्छु, र तिनीहरूको उल्लेख हुँदा मात्र पनि म क्रोधित हुन्छु, किनकी तिनीहरू ठूलो रातो अजिङ्गरका सन्ततिहरू हुन्। यसले संसारका देशहरूले चीनमाथि आधिपत्य जमाएको त्यो युगलाई सम्झाउँछ। त्यो आजसम्म पनि उस्तै छ, र यो सबै मेरो श्राप हो—ठूलो रातो अजिङ्गरविरुद्धको मेरो सबैभन्दा शक्तिशाली न्याय हो। अन्ततः, मैले अर्को प्रकारका मानिसहरू बनाएँ, जसभित्र मेरा पूर्वनियुक्त गरिएका ज्येष्ठ पुत्रहरू, मेरा पुत्रहरू, मेरा मानिसहरू, र मेरा लागि सेवा प्रदान गर्नेहरू पर्छन्। तसर्थ, आज मैले गर्ने सबै कुराहरू धेरै पहिले मबाट प्रबन्ध गरिएका हुन्। चीनमा शक्तिमा भएका मानिसहरूले तिमीहरूमाथि किन बारम्बार अत्याचार र दमन गर्छन्? यसको कारण ठूलो रातो अजिङ्गर मेरो श्रापप्रति बेखुशी छ, र मेरो विरोध गर्छ। तर, ठ्याक्कै यही प्रकारको सतावट र धम्कीमा म मेरा ज्येष्ठ पुत्रहरूलाई पूर्ण बनाउँछु, ताकि यसले ठूलो रातो अजिङ्गर र त्यसका सन्ततिहरूलाई बलियो प्रत्याक्रमण गर्न सकोस्। म तिनीहरूको निवारण पछि गर्नेछु। अहिले, मेरा वचनहरू सुनेपछि, मैले तिमीहरूलाई मेरो साथमा रहेर शासन गर्न अनुमति दिएको कुराको महत्त्व वास्तवमै बुझ्छौ? ठूलो रातो अजिङ्गरलाई त्यसको मृत्युसम्म पूर्ण रूपमा झारिएको भनेर मैले भनेको समय नै मेरो ज्येष्ठ पुत्रहरूले मसँगै शासन गर्ने समय पनि हो। मेरा ज्येष्ठ पुत्रहरूको ठूलो रातो अजिङ्गरले गर्ने अत्याचारले मलाई ठूलो सेवा गर्छ, र जब मेरा पुत्रहरू हुर्किसकेका हुनेछन् र मेरो घरको मामिलालाई व्यवस्थापन गर्न सक्छन्, ती दुष्ट दासहरू (सेवा-कर्ताहरू) लाई पाखा लगाइनेछ। मेरा ज्येष्ठ पुत्रहरू मसँगै शासन गरिरहेका हुनेछन् र मेरा अभिप्रायहरू पूरा गरेका हुनेछन्, त्यसकारण म, एक-एक गरी, सेवा-कर्ताहरूलाई आगो र गन्धकको कुण्डमा धकेल्नेछु: तिनीहरू, जसरी पनि जानैपर्छ! शैतानका प्रजातिहरूले पनि मेरो आशीर्वादको आनन्द उठाउन खोज्छन्, र शैतानको क्षेत्रमा फर्कन चाहँदैनन् भनेर मलाई राम्ररी थाहा छ; तैपनि, मसँग मेरा प्रशासनिक आदेशहरू छन्, जसको सबैले पालना गर्नुपर्छ र जसलाई लागू गरिनुपर्छ—र कसैलाई

पनि छुट हुनेछैन। पछि, तिमीहरूलाई मेरा प्रशासनिक आदेशहरूको उल्लङ्घन गर्न नदिनको लागि, म तिमीहरूलाई मेरा प्रशासनिक आदेशहरू एकपछि अर्को गर्दै बताउनेछु।

## अध्याय ८८

मेरा कदमहरू कति तेज गतिमा चल्छन् भनेर मानिसहरूले कल्पना गर्न सक्दैनन्: यो घटेको एउटा अचम्मको काम हो जुन मानिसले बुझ्नै नसक्ने छ। मेरो गति संसारको सृष्टिदेखि नै जारी छ, र मेरो काम कहिल्यै रोकिएको छैन। सारा ब्रह्माण्डको संसार दिन प्रतिदिन परिवर्तन हुँदै जान्छ, र मानिसहरू पनि निरन्तर परिवर्तन हुँदैछन्। यी सबै मेरो कामका भाग हुन्, सबै मेरो योजनाका भागहरू हुन् र त्यसबाहेक ती मेरो व्यवस्थापनमा पर्छन्, र कुनै पनि मानिसले यी कुराहरू जान्दैन वा बुझ्दैन। म आफैले तिमीहरूलाई भनें भने मात्र, मैले तिमीहरूसित आमने-सामने कुरा गरें भने मात्र तिमीहरूले अति सानो कुरा जान्दछौ; अन्यथा, कसैसँग पनि मेरो व्यवस्थापन योजनाको खाका हुन सक्दैन। मेरो महान् शक्ति त्यस्तो छ, त्यसबाहेक, मेरा अचम्मका कामहरू त्यस्ता छन्। यी कसैले पनि बदल्न नसक्ने कुराहरू हुन्। त्यसकारण, आज म जे भन्छु, त्यो अगि बढ्दछ, र यो सजिलै परिवर्तन हुन सक्दैन। मानिसका धारणाहरूमा मेरो बारेमा रत्तीभर पनि ज्ञान छैन–तर ती सबै निरर्थक बकबक मात्र हुन्! तँसँग पर्याप्त छ वा तँ सन्तुष्ट छस् भनी नसोच्! म तँलाई यो भन्छु: तँ अझै धेरै टाढा जानु छ! मेरो सम्पूर्ण व्यवस्थापन योजनाबारे तिमीहरूलाई थोरै मात्र थाहा छ, त्यसैले मैले भन्ने कुरालाई तिमीहरूले सुन्नुपर्छ र मैले अह्राएको काम तिमीहरूले गर्नुपर्छ। सबै कुरामा मेरो इच्छाअनुसार काम गर्, र तैंले निश्चय नै मेरा आशिषहरू पाउनेछस्; जसले विश्वास गर्दछ त्यसले पाउन सक्छ, तर जसले विश्वास गर्दैन त्यसले पूरा होस् भनी कल्पना गरेको "केही" पनि पूरा हुनेछैन। यो मेरो धार्मिकता हो, र योभन्दा पनि बढी यो मेरो महिमा, मेरो क्रोध र मेरो सजाय हो। म कसैलाई पनि एउटा विचार वा कामबाट उम्कन दिनेछैनँ।

मेरा वचनहरू सुनेर धेरैजसो मानिसहरू डराउँछन् र काँप्छन्, उनीहरूको अनुहार चिन्ताले खुम्चिन्छन्। के मैले वास्तवमा तँलाई अन्याय गरेको छु? तँ ठूलो रातो अजिङ्गरको एउटा सन्तान होइनस् भन्ने हुनसक्छ? तैंले असल छु भन्ने बहाना पनि गरिस्! तैंले मेरो जेठो छोरा भएको बहाना पनि गरिस्! के म अन्धो छु भन्ने तँलाई लाग्छ? के म मानिसहरूको बीचमा भिन्नता छुट्याउन सक्दिनँ भन्ने तँलाई लाग्छ? म परमेश्वर हुँ जसले मानिसका भित्री हृदयलाई खोतल्छ: म मेरा छोराहरूलाई यही भन्छु, र त्यस ठूलो रातो अजिङ्गरको बच्चाहरू, तिमीहरूलाई पनि म यही नै भन्छु। म सानोभन्दा सानो कुरालाई पनि गल्ती नगरी सबै कुरा स्पष्टसँग देख्छु। मैले के गर्छु भनी मलाई कसरी थाहा हुँदैन र? म के गर्छु त्यसबारे मलाई स्पष्ट थाहा छ! म परमेश्वर स्वयम्, ब्रह्माण्ड र सबै थोकका सृष्टिकर्ता हुँ भनी म किन भन्छु? म मानिसहरूको भित्री हृदय जाँच गर्ने परमेश्वर हुँ भनी किन भन्छु? म हरेक व्यक्तिको परिस्थितिलाई राम्ररी जान्दछु। मैले के गर्नुपर्छ वा के भन्नुपर्छ सो जान्दिनँ भन्ने तिमीहरूलाई लाग्छ? यो तेरो चिन्ताको विषय होइन।

मेरो हातद्वारा नमारिनका निम्ति होसियार बस्; त्यस तरिकाले त तैँले घाटा बेहोर्नेछस्। मेरा प्रशासनिक आदेशहरूले क्षमा गर्दैन। के तँ बुझ्छस्? माथिका सबै कुरा मेरो प्रशासनिक आदेशहरूका भाग हुन्। जुन दिनदेखि म तिमीहरूलाई ती कुरा बताउँछु, यदि तिमीहरू अझ अरू अपराधहरू गर्छौ भने त्यसको फल भोग्नेछौ, किनकि पहिले तिमीहरूले बुझेका थिएनौ।

अब म तिमीहरूका लागि मेरो प्रशासनिक आदेशहरू जारी गर्दछु (जुन ती घोषणा गरिएकै दिनदेखि प्रभावकारी हुन्छन्, जसले विभिन्न व्यक्तिहरूका निम्ति विभिन्न सजायहरू भोग्नेछ):

म मेरा प्रतिज्ञाहरू पालन गर्दछु, र सबै कुरा मेरै हातमा छ: ज-जसले शङ्का गर्छन्, तिनीहरू निश्चय मारिनेछन्। छूट दिने कुनै ठाउँ छैन; तिनीहरू तुरुन्तै मेटाइनेछन्, यसरी मेरो हृदयबाट घृणा हटाइन्छ। (अबदेखि यो पक्का छ कि जो मारिन्छ त्यो मेरो राज्यको सदस्य हुनुहुँदैन, र शैतानको सन्तान हुनुपर्दछ।)

जेठा छोराहरूको रूपमा तिमीहरू आफ्नै हैसियतमा बस्नुपर्छ र आफ्ना कर्तव्यहरूलाई राम्रोसँग पूरा गर्नुपर्छ, र अनावश्यक रूपमा अति जिज्ञासु हुनुहुँदैन। तैंले मेरो प्रबन्ध योजनाको लागि आफैलाई समर्पण गर्नुपर्छ, र तँ जहाँ-जहाँ जान्छस्, तैंले मेरो असल गवाही दिनुपर्छ र मेरो नाउँलाई महिमित गर्नुपर्छ। लाजमर्दो कामहरू नगर्, मेरा सबै सन्तान र मेरा मानिसहरूका लागि उदाहरण बन्। एकैछिनको लागि पनि अनैतिक नबन्: तँ सधैँ सबैका अगि जेठो छोराको पहिचान बोकेर उपस्थित हुनुपर्छ, र सेवा गर्नेजस्तो हुनुहुँदैन; बरु, तँ शिर ठाडो पारेर अगाडि बढ्नुपर्छ। म तँलाई मेरो नाउँ बदनाम गर्न होइन, मेरो नाउँको महिमा गर्न लगाउँदैछु। जो जेठा छोराहरू हुन् तिनीहरूका आ-आफ्नै काम हुन्छन्, र तिनीहरूले सबै कुरा गर्न सक्दैनन्। यो मैले तिमीहरूलाई दिएको जिम्मेवारी हो, र यो जिम्मेवारीबाट भाग्नुहुँदैन। मैले तिमीहरूलाई सुम्पिएको जिम्मेवारी पूरा गर्न तिमीहरूले आफैलाई सारा हृदयले, सारा मनले र सारा शक्तिले समर्पण गर्नुपर्छ।

आजको दिनदेखि उसो, सारा ब्रह्माण्डको संसारभरि, मेरा सबै सन्तान र मेरा सबै मानिसहरूका गोठालो गर्ने जिम्मेवारी पूरा गर्ने भार मेरो जेठा छोराहरूलाई दिइनेछ, र जस-जसले त्यो पूरा गर्न आफ्नो सम्पूर्ण हृदय र मन समर्पण गर्न सक्दैनन् तिनीहरूलाई म सजाय दिनेछु। यो मेरो धार्मिकता हो। म मेरा जेठा छोराहरूलाई पनि सजिलै छोड्ने छैनँ न त नरम व्यवहार नै गर्नेछु।

यदि मेरा छोराहरूको बीचमा वा मेरो मानिसहरूको बीचमा मेरो जेठा छोराहरूलाई खिसी वा अपमान गर्ने कोही भने म तिनीहरूलाई कठोर दण्ड दिनेछु, किनकि मेरा जेठा छोराहरूले मेरै प्रतिनिधित्व गर्छन्; कसैले तिनीहरूलाई केही गऱ्यो भने तिनीहरूले त्यो मलाई पनि गरेका हुन्छन्। यो मेरो सबैभन्दा कडा प्रशासकीय आदेश हो। यो आदेश उल्लङ्घन गर्ने मेरो कुनै पनि सन्तान र मेरा मानिसहरूको विरुद्धमा म मेरा जेठा छोराहरूलाई तिनीहरूका इच्छाअनुसार मेरो धार्मिकता प्रयोग गर्ने अनुमति दिन्छु।

कसैले मलाई गम्भीरतासाथ लिँदैन अनि मेरो भोजन, वस्त्र र निद्रामा मात्रै ध्यान दिन्छ, मेरो बाहिरी कार्यहरूमा मात्र उपस्थिति हुन्छ, र मेरो बोझलाई कुनै विचार गर्दैन र तिनीहरूका आफ्नै कामहरू पूरा गर्नुमा ध्यान दिँदैनन् भने म बिस्तारै तिनीहरूलाई त्यागिदिन्छु। यो कान हुनेहरू सबैलाई लक्षित छ।

जसले मेरो सेवा गरिसक्छ तिनीहरू आज्ञाकारी भएर विनाकोलाहल पछि हट्नुपर्छ। होसियार बस्, नत्र म तँलाई छाँट्छु। (यो एक अतिरिक्त आदेश हो।)

अबदेखि उसो मेरा जेठा छोराहरूले फलामको राजडन्डा उठाउनेछन् र सबै जाति र मानिसहरूमाथि शासन गर्न, सबै जातिहरू र मानिसहरूको माझ हिँड्न, र मेरो न्याय, धार्मिकता र प्रताप सबै जाति र मानिसहरूको बीचमा अघि बढाउन मेरो अधिकार चलाउन सुरु गर्नेछन्। मेरा सन्तान र मेरा मानिसहरूले मेरो भय मान्नेछन्, मेरो प्रशंसा गर्नेछन्, मेरो हौसला बढाउनेछन्, र नरोकी मेरो महिमा गर्नेछन्, किनकि मेरो व्यवस्थापन योजना पूरा भएको छ र मेरा जेठा छोराहरूले मसँग राज्य गर्न सक्छन्।

यो मेरो प्रशासनिक आदेशको एक हिस्सा हो; यसपछि, कामको प्रगति हुँदैजाँदा तीबारे म तिमीहरूलाई बताउनेछु। माथिका प्रशासनिक आदेशहरूबाट, तिमीहरू म कुन गतिमा काम गर्छु, साथै मेरो काम कुन चरणमा पुगेको छ सो बुझ्नेछौ। यो एक पुष्टीकरण हुनेछ।

मैले शैतानको न्याय अघिबाटै गरिसकेको छु। मेरो इच्छामा कुनै बाधा नभएकोले, र मसँगै मेरा जेठा पुत्रहरूको महिमा प्राप्त गरेका हुनाले, मैले संसारमा आफ्नो धार्मिकता र प्रताप संसार अनि शैतानको अधिकारमा रहेका सबै थोकमाथि अघिबाटै प्रयोग गरेको छु। म शैतानमाथि औंला उठाउँदिन वा त्यसमा बिलकुल ध्यान दिँदिनँ (किनकि त्यो मसँग कुराकानी गर्न लायक पनि छैन)। म जे गर्न चाहन्छु त्यही नै गर्दैजान्छु। मेरो काम एक-एक चरण गर्दै सुचारु रूपले अगाडि बढ्छ, र सारा पृथ्वीभरि मेरो इच्छालाई कुनै बाधा हुँदैन। यसले शैतानलाई एक हदसम्म सर्ममा पारेको छ, र त्यो पूर्ण रूपमा ध्वस्त भएको छ, तर त्यसैमा मेरो इच्छालाई पूरा भएको छैन। म मेरा जेठा छोराहरूलाई पनि मेरा प्रशासनिक आदेशहरू पूरा गर्न दिन्छु। एकातिर, म शैतानलाई त्यसप्रतिको मेरो क्रोध देख्न दिन्छु, अर्कोतिर, म मेरो महिमा देख्न दिन्छु (मेरो जेठा छोराहरू शैतानको अपमानको निम्ति सबैभन्दा जोरदार गवाही हुन् भन्ने देख्न दिन्छु)। म त्यसलाई व्यक्तिगत रूपमा दण्ड दिँदिनँ; बरु, म मेरा जेठा छोराहरूलाई मेरो धार्मिकता र प्रताप पूरा गर्न दिन्छु। शैतानले मेरा छोराहरूलाई दुर्व्यवहार गर्थ्यो, मेरा छोराहरूलाई सताउँथ्यो, र मेरा छोराहरूमाथि थिचोमिचो गर्थ्यो, त्यसैले आज त्यसको सेवा समाप्त भएपछि, म आफ्ना परिपक्व जेठा छोराहरूलाई त्यो मिलाउने अनुमति दिनेछु। शैतान पतनको विरुद्ध शक्तिहीन भएको छ। संसारका सबै जातिहरू पक्षाघात हुनु यसको सबैभन्दा राम्रो गवाही हो; मानिसहरू झगडा गरिरहेका छन् र राष्ट्रहरू लडाइँमा फसेका छन्, यी सब शैतानको राज्यको पतन भएको स्पष्ट प्रकटीकरणहरू हुन्। विगतमा मैले कुनै चिन्ह र अचम्मका कामहरू नदेखाउनुको कारण शैतानको अपमान गर्नु र एक-एक चरण गर्दै मेरा नाउँको महिमा गर्नुथियो। जब शैतान पूर्ण रूपमा समाप्त हुन्छ, म मेरो शक्ति देखाउन सुरु गर्छु: म जे भन्छु त्यो हुन आउँछ, र मानिसका धारणाहरूसँग मेल नखाने अलौकिक कुराहरू पूरा हुनेछन् (यी कुराले चाँडै आउने आशिषहरूलाई जनाउँछन्)। म व्यावहारिक परमेश्वर स्वयम् हुँ र मेरो कुनै नियमहरू छैनन् र म मेरो प्रबन्ध योजनामा हुने परिवर्तनहरू अनुसार बोल्छु, त्यसकारण विगतमा मैले भनेका कुरा वर्तमानमा लागू हुनै पर्छ भन्ने हुँदैन। तेरा आफ्नै धारणाहरूमा टाँसिएर नबस्! म नियमहरू पालन गर्ने परमेश्वर होइनँ; मेरो निम्ति सबै कुरा

स्वतन्त्र, अनुभवभन्दा पर र पूर्ण रूपमा मुक्त छन्। सायद हिजो भनिएको कुरा आज पुरानो भएको छ, वा सायद त्यसलाई आज पर पन्साउन सकिन्छ (तापनि, मेरा प्रशासनिक आदेशहरू, घोषणा गरिएकोले ती कहिल्यै पनि परिवर्तन हुँदैनन्)। यी मेरो व्यवस्थापन योजनाका चरणहरू हुन्। नियमहरूमा अल्झेर नबस्। प्रत्येक दिन नयाँ ज्योति छ र नयाँ प्रकाशहरू हुन्छन्, र त्यो मेरो योजना हो। प्रत्येक दिन मेरो ज्योति तँभित्र प्रकट गरिनेछ र मेरो आवाजलाई ब्रह्माण्ड संसारमा जारी गरिने छ। के तँ बुझ्छस्? यो तेरो कर्तव्य हो, मैले तँलाई सुम्पिएको जिम्मेवारी हो। तैँले एकै क्षणका लागि पनि यसलाई बेवास्ता गर्नुहुँदैन। मैले स्वीकार गरेका मानिसहरूलाई म अन्त्यसम्म प्रयोग गर्नेछु, र यो कहिल्यै परिवर्तन हुँदैन। किनकि म सर्वशक्तिमान् परमेश्वर हुँ, कस्तो किसिमको व्यक्तिले के काम गर्नुपर्छ, साथै कुन किसिमको व्यक्तिले कस्तो काम गर्न सक्छ सो म जान्दछु। यो मेरो सर्वशक्तिमान्ता हो।

## अध्याय ८९

सबै कुरा मेरा अभिप्रायहरूअनुरूप गर्नु सजिलो छैन। यो बहाना देखाउँदै आफूलाई जबरजस्ती गर्ने कुरा होइन; बरु मैले यो संसारको सृष्टि गर्नुभन्दा पहिले तँलाई मेरा गुणहरू प्रदान गरेको थिएँ वा थिइनँ भन्नेमा निर्भर रहन्छ। सबै कुराहरू ममा निर्भर रहन्छन्। यी कुराहरू मानिसहरूले हासिल गर्न सक्ने कुराहरू होइनन्। म जसलाई चाहन्छु त्यसैलाई प्रेम गर्छु, र जो ज्येष्ठ पुत्र हो भनेर म भन्छु, त्यो नै निश्चित रूपमा ज्येष्ठ पुत्र हो। त्यो ठ्याक्कै सही हो! तँ यसको बहाना गर्न चाहन्छस् होल, तर त्यसो गर्नु व्यर्थ छ! तँ के होस् भनेर म तँलाई चिन्दिन जस्तो तँलाई लाग्छ? मेराअगाडि आउँदा केही राम्रो व्यवहार प्रदर्शन गर्नु तेरो लागि पर्याप्त हुन्छ र? के यो यति सरल छ र? अवश्य छैन; तँसँग मेरो प्रतिज्ञा हुनुपर्छ, र तँसँग मेरो पूर्वनियुक्ति हुनुपर्छ। तैँले मेरो पिठ्यूँपछाडि के गर्छस् भन्ने विषयमा म अनभिज्ञ छु जस्तो तँलाई लाग्छ? तँ भ्रष्ट भएको छस्! तैँले मेरो सेवा गरिसकेपछि, आगो र गन्धकको कुण्डमा छिटो फर्केर जा! तँलाई देख्दा मलाई घिन लाग्छ र म तँलाई एकदमै घृणा गर्छु। मेरो सेवामा रहेका सबै, मेरा लागि इमानदार भएर आफूलाई अर्पण नगर्ने सबै, स्वच्छन्द र अनियन्त्रित सबै, र मेरा अभिप्रायहरू बुझ्न नसक्ने सबै–तिमीहरूको सेवा सकिएपछि, चाँडो गरेर मेरो नजरबाट दूर भइहाल! अन्यथा, म तँलाई बाहिर निकाल्नेछु! यी मानिसहरू मेरो घरमा (अर्थात्, मण्डलीमा) एक क्षणका लागि पनि बस्न सक्ने छैनन्। तिनीहरू सबै यहाँबाट बाहिरिनुपर्छ ताकि मेरा नाम बदनाम नहोस् र मेरो इज्जतमा दा नलागोस्। यी सबै मानिसहरू ठूलो रातो अजिङ्गरका सन्ततिहरू हुन्; मेरो व्यवस्थापनमा बाधा पुऱ्याउन तिनीहरूलाई ठूलो रातो अजिङ्गरले पठाएको हो। तिनीहरूले मेरा काममा बाधा पुऱ्याउनको लागि छल गर्नमा विज्ञता हासिल गरेका हुन्छन्। मेरो पुत्र! तैँले यसलाई छर्लङ्गै देख्नुपर्छ! यस्ता मानिसहरूसँग सङ्गत नगर्! जब तँ यस प्रकारका मानिसहरूलाई देख्छस्, तिनीहरूको जालमा फस्नबाट जोगिनका लागि तिनीहरूबाट तत्कालै टाढा बस्; यसले तेरो जीवनमा क्षति पुऱ्याउँछ! जथाभाबी बोल्ने, नसोची काम गर्ने, मजाक गर्ने र हाँस्ने, र तुच्छ कुराकानीमा अल्झिनेहरूलाई म

सबैभन्दा बढी घृणा गर्छु। म यी कुनै पनि मानिसहरूलाई चाहँदिन; तिनीहरू सबै शैतानका प्रजाति हुन्! तिनीहरू विनाकारण नै जिस्काउने काममा संलग्न रहन्छन्। यी कस्ता प्राणीहरू हुन्? तिनीहरू वाहियात कुराकानी गर्छन् र उन्मत्त भएर हिँड्छन्। के तिनीहरूलाई अझै पनि कुनै लाज लाग्दैन? वास्तवमा, यस्ता मानिसको मूल्य सबैभन्दा कम हुन्छ, र मैले लामो समयदेखि तिनीहरूलाई राम्ररी चिनेको र परित्याग गरेको छु। यदि मैले त्यसो नगरेको भए, तिनीहरू मेरो अनुशासनको भागीदार नभई बारम्बार वाहियात कुरा किन गर्थे? तिनीहरू वास्तवमै ठूलो रातो अजिङ्गरका सन्ततिहरू हुन्! अब, मैले यी कुराहरूलाई एक-एक गरी हटाउन सुरु गरेको छु। के म शैतानका सन्ततिहरूलाई मेरा ज्येष्ठ पुत्र, मेरा पुत्र र मेरा मानिसहरूको रूपमा प्रयोग गर्न सक्छु? त्यति बेला के म अव्यवस्थित हुँदिन र? म त्यो काम निश्चय नै गर्नेछैन। के तिमीहरूसँग यस विषयमा स्पष्ट बुझाइ छ?

असल होस् वा खराब, तिमीहरूले आज सामना गर्ने सबै कुराहरू, मेरा बुद्धिमानी हातहरूबाट प्रबन्ध गरिएका हुन्; सबै कुराहरूलाई मैले नै योजनाबद्ध गरेको हुँ र ती मेरो नियन्त्रणमा छन्। यो मानवजातिले सहजै हासिल गर्नसक्ने कुरा होइन। मेरो बारेमा चिन्ता लिएको कारण केही मानिसहरूको हातमा अझै पसिना बाँकी छ, तर तिनीहरूले वास्तवमा चिन्ता गर्नुपर्ने आवश्यकता छैन! तिनीहरूले आफ्नो मुख्य कार्यलाई उपेक्षा गर्छन्, र आत्मामा प्रवेश गर्न खोज्दैनन्, तर पनि तिनीहरू अझै जीवनमा वृद्धि चाहन्छन्। तिनीहरू व्यर्थैमा आशा राख्छन्! तिनीहरू अलिकति पनि व्याकुल छैनन्, तर तिनीहरू अझै पनि मेरो इच्छा पूरा गर्ने इच्छा राख्छन्! तँ मेरा निमित्त चिन्ता लिन्छस्, तर म चिन्ता लिँदिन। तँ के विषयलाई लिएर चिन्तित छस्? तैँले मेरो लागि गर्ने काम लापरवाही हुन्छ, र तँ सोझै झूट बोल्छस्। म तँलाई बताउँछु! यो क्षण उप्रान्त, म तँ जस्ता मानिसहरूलाई मेरो घरबाट बाहिर निकाल्छु। यस्ता मानिसहरू मेरो घरमा सेवा गर्न योग्य छैनन्। म तिनीहरूलाई घृणा गर्छु किनभने तिनीहरूले आफ्ना कार्यहरूद्वारा मेरो ईश्वर निन्दा गर्छन्। जब "मेरो विरुद्ध गरिने ईश्वर निन्दा क्षमा गर्न नसकिने पाप हो" भनेर भन्दा यसले कसलाई जनाउँछ? के तिमीहरू यो विषयमा स्पष्ट छौ? यस्तो मानिसले समस्या अझै गम्भीर भइसकेको छैन भनेर विश्वास गर्छ, यद्यपि उसले पहिले नै यो पाप गरिसकेको हुन्छ। वास्तवमा, यो भ्रमित मानिस अन्धो र अज्ञानी हुन्छ, र त्यसको आत्मा रोकिएको हुन्छ! म तँलाई बाहिर निकाल्नेछु! (यो शैतानले मलाई गरेको परीक्षा भएको हुनाले, म यसलाई एकदमै घृणा गर्छु, र प्रत्येक पटक मलाई क्रोधित बनाउँदै, यो विषयको उल्लेख बारम्बार भएको छ। म मेरो क्रोधलाई थाम्न सक्दिन, र यसलाई कसैले पनि रोक्न सक्दैन। समय अहिले आइसकेको छैन, अन्यथा मैले त्यो व्यक्तिलाई उहिल्यै निराकरण गरिसकेको हुनेथिएँ!) (यो अहिले, विदेशीहरू चीनमा भेला हुन खोज्नेछन् भनेर अझै पनि विश्वास नगर्ने धेरै मानिसहरू छन् भन्ने तथ्यको बारेमा हो; अहिले पनि तिनीहरूले अझै विश्वास गर्दैनन्, र यो मेरो क्रोध हल्लाउने र उमाल्ने कारण बन्दै छ।)

मेरो घरभित्र, ठ्याक्कै कस्तो प्रकारको व्यक्ति मेरो हृदय अनुसारको हो? अर्थात्, सृष्टिपूर्व, मेरो घरमा सदैव जिउनका लागि मैले कस्तो प्रकारका मानिसहरूलाई पूर्वनियुक्त गरेँ? के

तिमीहरूलाई थाहा छ? म कस्तो प्रकारको मानिसहरूलाई प्रेम गर्छु र कस्तो प्रकारका मानिसहरूलाई घृणा गर्छु भनेर के तिमीहरूले ध्यान दिएका छौ? मेरो घर मेरो जस्तै मन हुनेहरू, र मसँग सुख र दुःख बाँड्नेहरूका लागि हो–अर्को शब्दमा, आशिष र कठिनाइ दुवै बाँड्ने व्यक्तिहरूका लागि हो। यी मानिसहरूले मैले प्रेम गर्ने जति सबैलाई प्रेम गर्न सक्छन् र मैले घृणा गर्ने जति सबैलाई घृणा गर्न सक्छन्। मैले घृणा गर्नेहरूलाई तिनीहरूले त्याग्न सक्छन्। यदि मैले तिनीहरूले खान मिल्दैन भनेँ भने, मेरा अभिप्रायहरूलाई सन्तुष्ट बनाउन तिनीहरू आफ्ना पेटलाई खाली राख्न इच्छुक हुन्छन्। यस्तो प्रकारको मानिस मप्रति वफादार रहन र मेरा लागि आफूलाई समर्पित गर्न इच्छुक हुन्छ, र मेरा कठिन प्रयासहरूको आदर देखाउन सक्छ, मेरा निम्ति सधैँ कठिन परिश्रम गर्न सक्छ। त्यसैले, यस्ता मानिसहरूका लागि, मसँग भएको सबै कुरा तिनीहरूलाई दिँदै, म ज्येष्ठ पुत्रहरूको हैसियत प्रदान गर्छु: मसँग सबै मण्डलीहरूको नेतृत्व गर्ने क्षमता छ, र म यो तिनीहरूलाई दिन्छु; मसँग बुद्धि छ, र यो पनि म तिनीहरूलाई दिन्छु; म सत्यको अभ्यास गर्नका लागि दुःख भोग्न सक्छु, र मेरा खातिर सबै कुरा भोग्न तिनीहरूलाई सक्षम बनाउँदै म यी मानिसहरूलाई यो दृढता प्रदान गर्नेछु; मसँग असल गुणहरू छन्, र अलिकति पनि भिन्नताविना तिनीहरूलाई ठ्याक्कै म जस्तै बनाउँदै म यी तिनीहरूलाई दिनेछु, ताकि अरूले यी मानिसहरूलाई हेर्दा मलाई देख्नेछन्। अब, तिनीहरूलाई मेरो सम्पूर्ण ईश्वरत्वको एउटा पक्ष जिउन लगाउनको लागि, म यी मानिसहरूमा मेरो सम्पूर्ण ईश्वरत्व हाल्दैछु, ताकि तिनीहरूले मलाई पूर्ण रूपमा व्यक्त गर्न सकून्; यो मेरो अभिप्राय हो। बाहिरी कुराहरूको सम्बन्धमा म जस्तो हुन नखोज (मैले जस्तै खाने, वा मैले लगाएको जस्तै लुगा लगाउने); ती सबै कुरा अनर्थक हुन्, र यदि तिमीहरूले यस्ता कुरा गर्न खोज्यौ भने तिमीहरूले आफूलाई बरबाद मात्रै गर्नेछौ। किनभने मलाई बाहिरी रूपमा नक्कल गर्न खोज्नेहरू शैतानका अनुचरहरू हुन्, र यस्तो प्रकारको प्रयास शैतानको युक्ति हो; यो शैतानको महत्वाकांक्षाको प्रतिबिम्ब हो। तँ म जस्तै हुन खोज्छस्, तर के तँ योग्य छस्? म तँलाई कुल्चेर मृत्युमा पुऱ्याउनेछु! मेरो काम संसारका प्रत्येक राष्ट्रहरूमा विस्तार हुँदै, निरन्तर रूपमा चलिरहेको छ। चाँडो गर्, मेरा कदमहरूको अनुसरण गर्!

## अध्याय ९०

जो अन्धो अन्धा छन्, तिनीहरू सबै मबाट गइसकेको हुनुपर्छ र एक क्षण पनि रहनु हुँदैन, किनभने मैले चाहने भनेका मलाई चिन्न सक्ने, मलाई देख्न सक्ने र मबाट सबै कुरा प्राप्त गर्न सक्ने मानिसहरू हुन्। अनि कसले मबाट साँचो रूपमा सबै कुरा प्राप्त गर्न सक्छ? यस प्रकारक का व्यक्ति पक्कै पनि निकै थोरै छन् र तिनीहरूले अवश्य नै मेरा आशिषहरू आशिष्हरू प्राप्त गर्नेछन्। म यी मानिसहरूलाई प्रेम गर्छु र म तिनीहरूलाई मेरो दाहिने हात बन्न, मेरो प्रकटीकरण बन्न एक-एक गरी टिप्नेछु। म सबै राष्ट्रहरू र सबै मानिसहरूलाई निरन्तर रूपमा हर्षोल्लास गर्दै मेरो प्रशंसा गर्न र यी मानिसहरूका खातिर त्यसो गर्न लगाउनेछु। ए सियोन पर्वत! विजयको झण्डा उठाएर मेरो लागि हर्ष मना! किनभने म यहाँ फेरि फर्केर आउनुभन्दा पहिले पहाड-पर्वतका

हरेक कुनाकाप्चा, खोलानाला र सबै थोकहरू चहार्दै सम्पूर्ण ब्रह्माण्ड र पृथ्वीको पल्लो छेउसम्म जान्छु। म धार्मिकता, न्याय, क्रोध र ज्वाला सहित, र त्योभन्दा पनि बढी मेरा ज्येष्ठ पुत्रहरूसँग विजयको साथ फर्कन्छु। मैले घृणा गर्ने सबै कुरा र मैले घिनाउने सबै मानिस, मामला, र वस्तुहरूलाई म टाढा फ्याँक्छु। म विजयी छु र मैले गर्न चाहेक का सबै कुरा मैले पूरा गरेको छु। मैले मेरो काम पूरा गरेको छैन भनेर कसले भन्ने आँट गर्छ? मैले मेरा ज्येष्ठ पुत्रहरूलाई प्राप्त गरेको छैन भनेर कसले भन्ने आँट गर्छ? म विजयको साथ फर्केको छैन भनेर कसले भन्ने आँट गर्छ? त्यस्ता मानिसहरू अवश्य नै शैतानको प्रकार हुन्; तिनीहरू त्यस्ता मानिसहरू हुन् जसले मेरो माफी पाउन कठिन ह छ। तिनीहरू अन्धा हुन्, तिनीहरू फोहोरी भूतहरू हुन् र म तिनीहरू सँग नै सबैभन्दा बढी घिनाउँछु। ती कुराहरूमा म मेरो क्रोध र मेरो सम्पूर्ण न्याय प्रकट गर्न थाल्नेछु, र मेरो ज्वलन्त आगोले ब्रह्माण्ड र पृथ्वीलाई एउटा कुनादेखि अर्को कुनासम्म सल्काउनेछ, हरेक कुनालाई प्रकाश दिनेछ–मेरो प्रशासनिक आदेश यही हो।

तैँले मेरा वचनहरू बुझेपछि, तैँले तीबाट सान्त्वना लिनुपर्छ; तैँले तिनलाई नसुनीकन जान दिनु हुँदैन। न्यायका वाणीहरू हरेक दिन आइपर्छन्, त्यसोभए किन तिमीहरू यति बोधो र सुस्त छौ? तिमीहरू किन मसँग सहकार्य गर्दैनौ? के तिमीहरूलाई नरक जान यति धेरै मन छ? म भन्छु, म मेरा ज्येष्ठ पुत्रहरू, मेरा पुत्रहरू र मानिसहरूका निम्ति कृपाको परमेश्वर हुँ, तब तिमीहरूले यसलाई कसरी बुझ्छौ? यो त्यति सरल अभिव्यक्ति होइन, र यसलाई सकारात्मक दृष्टिकोणले बुझ्नुपर्छ। ए अन्धा मानव हो! तिमीहरूले मेरो प्रतिज्ञा प्राप्त गर्न सक भनेर मैले तिमीहरूलाई शैतानको पकडबाट छुटाउँदै र सजायबाट निकाल्दै धेरै पटक मुक्ति दिएको छु, तब किन तिमीहरूले मेरो हृदयलाई कुनै ध्यान दिँदैनौ? के तिमीहरूमध्ये एक जनाले समेत यसरी मुक्ति पाउन सक्छ? मेरो धार्मिकता, प्रताप र न्यायले शैतानलाई कुनै दया देखाउँदैन। तर तिमीहरूको हकमा भने, यी कुराहरूको उद्‌देश्य भनेको तिमीहरूलाई मुक्ति दिनु हो, तैपनि तिमीहरूले मेरो स्वभावलाई बुझ्नै सक्दैनौ, न त तिमीहरूले मेरा कार्यहरू पछाडिका सिद्धान्तहरूलाई नै बुझ्छौ। मैले मेरा विभिन्न कार्यहरूको गम्भीरताको बीचमा कुनै भिन्नता छुट्याउँदिन, र मैले मेरो कामका निसानाहरूको बीचमा कुनै भिन्नता छुट्याउँदिन भन्ने तिमीहरूलाई लाग्छ–कति अबुझ! म सबै मानिसहरू, घटना, र कामकुराहरूलाई स्पष्ट देख्न सक्छु। म हरेक व्यक्तिको सारलाई पूर्ण स्पष्टताको साथ बुझ्न सक्छु, भन्नुको अर्थ, व्यक्तिले आफूभित्र लुकाएर राख्ने राख्ने कुराहरूलाई म पूर्ण रूपमा देख्न सक्छु। कुनै व्यक्ति ईजेबेल हो कि वेश्या हो म स्पष्ट रूपमा देख्न सक्छु, र कसले गुप्तमा के गर्छ मलाई थाहा हुन्छ। मेरो अघि तिमीहरू फाइँफुट्टी नलगाओ, घृणित व्यक्तिहरू! अहिले नै यहाँबाट गइहाल! मेरो नाम बदनाम नगर्नको लागि, म त्यस्तो व्यक्तिलाई कुनै रीतिले प्रयोग गर्दिनँ! तिनीहरू मेरो नाउँको गवाही दिन सक्दैनन्, बरु उल्टो काम गर्छन् र मेरो परिवार को अपमान गर्छन्! तिनीहरूलाई तुरुन्तै मेरो घरबाट निकालिनुपर्छ। म तिनीहरूलाई चाहन्नँ। म एक सेकेन्ड समेत ढिलो भएको सहनेछै नँ! ती मानिसहरूले जसरी खोजी गरे पनि त्यो व्यर्थ हुन्छ, किनभने मेरो राज्यमा सबै हरेक किसिमले पवित्र र निष्खोट छन्। यदि म कसैलाई चाहन्नँ भनी भन्छु भने–र त्यसमा मेरा आफ्नै मानिसहरू

पनि पर्छन्—मैले त्यो साँच्चै भनेको हुन्छु; मैले मेरो मन परिवर्तन गर्छु कि भनेर नपर्खी। तँ पहिले मप्रति कति असल थिइस्, मलाई त्यसको मतलब छैन!

म तिमीहरूलाई हरेक दिन रहस्यहरू प्रकट गर्छु। के तिमीहरूलाई मेरो बोल्ने शैली थाहा छ? मैले मेरा रहस्यहरू प्रकट गर्ने आधार के हो? के तिमीहरूलाई थाहा छ? म बारम्बार भन्ने गर्छु, म तिमीहरूको निम्ति ठीक समयमा जुटाउने परमेश्‍वर हुँ, त्यसो भए तिमीहरूले यी पक्षहरूलाई कसरी बुझ्छौ? म मेरो काम का चरणहरू अनुसार तिमीहरूलाई एक-एक गरी मेरा रहस्यहरू खुलासा गर्छु, र म तिमीहरूलाई मेरो योजना अनुसार प्रदान गर्छु, अनि अझै बढी तिमीहरूको वास्तविक कद अनुसार प्रदान गर्छु (जब-जब मेरो प्रबन्धको बारेमा उल्लेख गरिन्छ, यो मेरो राज्यको हरेक व्यक्तिसँग सम्बन्धित कुरा हो)। मेरो बोल्ने शैली यस्तो छ: मेरो घरका मानिसहरूलाई म सान्त्वना दिन्छु—म तिनीहरूका निम्ति जुटाउँछु र म तिनीहरूको न्याय गर्छु; शैतानको लागि, म कुनै कृपा देखाउँदि नँ, अलिकति पनि देखाउँदि नँ, र सबै क्रोध र ज्वाला मात्र हुन्छ। मैले पूर्वनियुक्ति नगरेका वा नचुनेका मानिसहरूलाई म मेरा प्रशासनिक आदेशहरूले मेरो घरबाट एक-एक गरी निकाल्नेछु। चिन्तित हुनुपर्ने कुनै कारण छैन। मैले तिनीहरूलाई तिनीहरूको खास रूप प्रकट गर्न लगाएपछि (तिनीहरूले मेरा पुत्रहरूलाई सेवा दिइसकेर अन्त्य आएपछि), तिनीहरू अतल कुण्डमा फर्कनेछन्, नत्र म यस मामलालाई कहिल्यै थाती राख्दि नँ र कहिल्यै जान दिनेछै नँ। मानिसहरूले प्रायजसो नरक र पातालको बारेमा उल्लेख गर्छन्। तर यी दुई शब्दले के बुझाउँछन् र ती दुईबीच के भिन्नता छ? के तिनले साँच्चै केही चिसो, अँध्यारो कुनालाई जनाउँछन्? मानिसको दिमागले जहिले पनि उनीहरूको आफ्नै अनियमित सोच-विचारहरू अति नै उत्तम छ भन्ने सोचेर मेरो व्यवस्थापनमा बाधा पुर्‍याइरहेको छ! तर ती तिनीहरूका आफ्नै कल्पना बाहेक अरू केही होइनन्। पाताल र नरक दुवैले फोहोरको मन्दिरलाई जनाउँछ जहाँ पहिले शैतान वा दुष्टात्मा बस्थे। भन्नुको अर्थ, पहिले ज-जसमा शैतान वा दुष्टात्माहरूले ठाउँ ओगटेको थियो—तिनीहरू नै पाताल हुन् र नरक पनि तिनीहरू नै हुन्—त्यसमा कुनै गल्ती छैन! यसैकारण मैले विगतमा म फोहोरको मन्दिरमा बस्दिनँ भनी बारम्बार जोड दिएको छु। के म (परमेश्‍वर स्वयम्) पातालमा, वा नरकमा बस्न सक्छु? के यो हास्यास्पद मूर्खता हुनेछैन र? मैले यो धेरै पटक भनेको छु, तर तिमीहरू अझै पनि मैले भनेको कुरा बुझ्दैनौ। नरकको तुलनामा पाताललाई शैतानले अझ बढी भ्रष्ट पारेको हुन्छ। ती मानिसहरू जो पातालका लागि हुन् तिनीहरूको अवस्था सबैभन्दा गम्भीर हुन्छ, र मैले यी मानिसहरूलाई पूर्वनियुक्ति गरेको छैनँ; जुन मानिसहरू नरकको लागि हुन् तिनीहरू मैले पूर्वनियुक्त गरेको, र त्यसपछि हटाइएका मानिसहरू। सरल शब्दमा भन्दा, मैले यी मानिसहरूमध्ये एकै जनालाई पनि चुनेको छैनँ।

मानिसहरूले प्रायजसो मेरा वचनहरूलाई गलत रूपले बुझ्नमा आफू विज्ञ रहेको जनाउँछन्। यदि मैले स्पष्ट रूपमा औँल्याइन र एक-एक गरी कुराहरूलाई स्पष्ट पारिनँ भने, तिमीहरूमध्ये कसले बुझ्नेथियौ? मैले बोल्ने वचनहरूलाई समेत तिमीहरूले आधा मात्रै विश्‍वास गर्छौ, पहिले उल्लेख गरिए का कुराहरूको बारेमा त उल्लेख नै नगरौं। अब, सबै राष्ट्रहरूभित्र आन्तरिक विवादहरू सुरु भएका छन्: मजदुरहरू नेताहरूसँग विवाद गर्दैछन्, विद्यार्थीहरू शिक्षकहरूसँग, जनता सरकारी

अधिकारीहरूसँग विवाद गर्दैछन्, र यस्ता अशान्ति पैदा गर्ने सबै क्रियाकलापहरू सुरुमा हरेक राष्ट्रमा पैदा हुन्छन्, र यो सबै मलाई दिइने सेवाको भाग मात्रै हो। अनि म किन यी कुराहरूद्वारा मलाई सेवा गरिन्छ भनेर भन्छु? के मानिसहरूको दुर्दशा हुँदा म खु सी हुन्छु? म केही नसुनी बस्छु? अवश्य होइन! किनभने यो त आफ्नो मृत्युको वेदनामा शैतानले अचानक आक्रमण गरेको हो, र यी सबै कुराको उद्देश्य भनेको नकारात्मक कुरालाई मेरो शक्ति र मेरा अचम्मका कार्यहरूको प्रतिभारको रूपमा काम गर्ने तुल्याउनु हो। यो सबै मेरो निम्ति गवाही दिने दह्रिलो साक्षी र शैतानलाई आक्रमण गर्ने हतियार हो। जब संसारका सबै राष्ट्रहरू भूमि र प्रभावको लागि लडाइ गरिरहे का हुन्छन्, तब मेरा ज्येष्ठ पुत्रहरू र म सँगै मिलेर राजाहरूका रूपमा शासन गर्नेछौं र तिनीहरूको निराकरण गर्नेछौं, अनि यस्तो खेदलाग्दो वातावरण सम्बन्धी अवस्थाहरूमा, मेरो राज्य मानिसको बीचमा पूर्ण रूपमा पूरा भएको छ भन्ने कुरा तिनीहरूको कल्पनाभन्दा बिलकुल बाहिरको कुरा हुन्छ। यसको साथै, जब तिनीहरूले शक्तिको लागि होड गरिरहेका र अरूलाई न्याय गर्ने चाहना गरिरहेका बेला, अरूले तिनीहरूको न्याय गर्नेछन् र तिनीहरू मेरो क्रोधले जल्छन्—कस्तो दयनीय! कस्तो दयनीय! मानिसको बीचमा मेरो राज्य प्रकट भएको छ—यो कस्तो वैभवपूर्ण घटना!

मानव भएर (चाहे मेरो राज्यका मानिसहरू होऊन् वा शैतानका सन्तान होऊन्), तिमीहरू सबैले मेरा अचम्मका कामहरू हेर्नुपर्छ, नत्र म यो मामलालाई कहिल्यै पनि थाती राख्नेछैनँ। यदि तँ मेरो न्याय स्वीकार गर्न इच्छुक भए पनि, मेरा अचम्मका कामहरू हेरेको छैनस् भने यसले काम गर्नेछैन। सबै मानिसहरू मेरो हृदयद्वारा वचन र दृश्य दुवैमा विश्वस्त हुनुपर्छ, अनि कसैलाई पनि हलुकासाथ छोड्न सकिँदैन। सबै मानिसहरूले मलाई महिमा दिनुपर्छ। अन्त्यमा, म ठूलो रातो अजिङ्गरलाई समेत खडा भएर मेरो विजयको लागि प्रशंसा ग गर्न लगाउनेछु। यो मेरो प्रशासनिक आदेश हो—के तँ यस कुरालाई याद गर्नेछस्? सबै मानिसहरूले मलाई अटुट रूपमा प्रशंसा गर्नुपर्छ र मलाई महिमा दिनुपर्छ!

## अध्याय ९१

मेरो आत्मा बोल्छ र नियमित रूपमा मेरो आवाज निकाल्छ—तिमीहरूमध्ये कति जनाले मलाई चिन्न सक्छौ? म किन देह बन्नुपर्छ र तिमीहरूको माझ आउनुपर्छ? यो ठूलो रहस्य हो। तिमीहरू दिनभरि मेरो बारेमा सोच्छौ र मेरा लागि लालायित हुन्छौ, र तिमीहरू मेरो प्रशंसा गर्छौ, मेरो आनन्द लिन्छौ, दैनिक रूपमा मबाट खान्छौ र पिउँछौ, र आजसम्म पनि तिमीहरू मलाई अझै चिन्दैनौ। तिमीहरू कति अज्ञानी र अन्धो छौ! तिमीहरूले मलाई कति थोरै चिन्छौ! मेरो इच्छालाई तिमीहरूमध्ये कति जनाले बुझ्छौ? अर्थात्, तिमीहरूमध्ये कति जना मलाई चिन्न सक्छौ? तिमीहरू सबै दियाबलस जस्ता छौ, तैपनि तिमीहरू मेरो इच्छालाई सन्तुष्ट बनाउन चाहन्छौ? यो कुरालाई बिर्सिदे! म तँलाई यो भन्छु: शैतानका कार्यहरू जतिसुकै राम्रा भए पनि, ती कार्यहरू मेरो निर्माणलाई विनाश गर्ने र मेरो व्यवस्थापनमा बाधा पुर्‍याउने आशयका हुन्छन्। त्यसका कार्यहरू जतिसुकै राम्रा भए पनि, यसको सार परिवर्तन हुँदैन—यसले मेरो विरोध गर्छ। तसर्थ, धेरै मानिसहरू

अनिच्छामै मेरो हातबाट आक्रमणमा परेका छन् र मेरो परिवारबाट अन्जानमा बाहिर निकालिएका छन्। आज, मानिसले एउटा कुरा पनि (ठूलो वा सानो जस्तो भए पनि) योजनाबद्ध गर्दैन; सबै कुरा मेरो हातमा छन्। यदि सबै कुरा मानिसको नियन्त्रणमा छ भनेर कसैले भन्छ भने, तैँले मेरो विरोध गर्छस् भनेर म भन्छु, र म तँलाई निश्चित रूपमा कठिन सजाय दिनेछु र तेरो शिर लुकाउने ठाउँ पनि नपाउने गरी तँलाई छोडिदिन्छु। सबै घटना र कुराहरूमध्ये, कुन चाहिँ मेरो हातमा छैनन्? कुन कुरा चाहिँ मबाट निश्चित, वा मबाट निर्धारित गरिएको होइन? र अझै पनि तँ मलाई चिन्ने कुरा गर्छस्! यी दियाबलसका शब्दहरू हुन्। तैँले अरूलाई ठगेको छस्, त्यसैले तैँले मलाई पनि ठग्न सक्छस् भन्ने तँलाई लाग्छ? तैँले गरेको कुरा यदि कसैलाई थाहा छैन भने, त्यसबाट केही प्रतिफल आउनेछैन भन्ने तँलाई लाग्छ? तँ सजिलै फुत्केर जान पाउँछस् भनेर नसोच्! मैले तँलाई मेरो अगाडि घुँडा टेकाउनु र बोल्न लगाउनु पर्छ। नबोल्नु स्वीकार्य हुँदैन; यो मेरो प्रशासनिक आदेश हो!

के तिमीहरूले मेरो आत्मा को हो र मेरो देहको रूप को हो भनेर वास्तवमै बुझ्छौ? मेरो देहधारणको महत्त्व के हो? यो महान् विषयमा तिमीहरूमध्ये कसले ध्यानपूर्वक चिन्तन गरेको र मबाट केही खुलासा प्राप्त गरेको छ? तिमीहरूले सबै आफैँलाई मूर्ख बनाइरहेका छौ! तिमीहरू ठूलो रातो अजिङ्गरका सन्ततिहरू हौ भनेर म किन भन्छु? आज, म तिमीहरूलाई मेरो देहधारणको रहस्य खुलासा गर्छु, एउटा यस्तो रहस्य जसलाई मानिसले संसारको सृष्टि भएयता सुल्झाउन सकेको छैन, जसले मेरो घृणाका धेरै पात्रहरूलाई बरबाद तुल्याएको छ। र आज पनि यो यस्तै छ। मेरो देहको कारण, मैले प्रेम गरेकाहरू धेरै जना सिद्ध भएका छन्। म वास्तवमा देह किन बन्नुपर्छ? म जस्तो देखिन्छु त्यसरी म किन देखा पर्छु (सबै कुरामा, मेरो उचाइ, स्वरूप, कद र आदि इत्यादि लगायत कुरामा)? यसका बारेका कसलाई के भन्नु छ? मेरो देहधारणमा यति धेरै महत्त्व छ कि ती सबै कुरालाई भन्नै सकिन्न। अब म तिमीहरूलाई यसको केही भाग बताउँछु (मेरो कामका चरणहरू यहाँसम्म आइपुगेका छन्, मैले यो कुरा भन्नै र बोल्नैपर्छ): मेरो देहधारण प्राथमिक रूपमा मेरा ज्येष्ठ पुत्रहरूप्रति निर्देशित छ, ताकि मैले तिनीहरूलाई गोठालो गर्न सकूँ, ताकि तिनीहरू मसँग आमनेसामने भएर, छलफल गर्न र बोल्न सकून्; साथै यसले म र मेरा ज्येष्ठ पुत्रहरू एक-अर्काप्रति घनिष्ठ छौं भनेर पनि देखाउँछ (अर्थात् हामी सँगै खान्छौं, सँगै बस्छौं, सँगै जिउँछौं, र सँगै कार्य गर्छौं), ताकि वास्तविकतामा तिनीहरू मद्वारा खुवाइन सकून्—यी रित्ता वचनहरू होइनन्, बरु वास्तविकता हुन्। पहिले, मानिसहरूले ममा विश्वास गर्थे तर वास्तविकतालाई बुझ्न सक्दैनथिए, किनभने त्यो बेला मैले देहधारण गरेको थिइन। आज, मेरो बोली र व्यवहार र मैले मामलाहरूलाई व्यवस्थापन गर्ने सिद्धान्तहरूमार्फत मेरो देहधारणले तिमीहरूलाई सबै वास्तविकता बुझ्न दिन्छ र मलाई साँचो रूपमा प्रेम गर्नेहरूलाई मलाई—बुद्धिमानी परमेश्‍वर स्वयम्‌लाई—चिन्ने तुल्याउँछ। मलाई इमानदार भएर नखोज्नेहरूलाई यसले मेरो अव्यक्त कार्यहरू अर्थात् मेरो मानवता देखाउँछ, र त्यसपछि मेरो विरोध गर्ने, र मेरो आक्रमणमा परेर "कुनै कारणविना नै मृत्यु वरण गर्ने" तुल्याउँछ। शैतानको बेइज्जत गर्दा, देहधारणले मेरो लागि सबैभन्दा गुञ्जायमान गवाही दिन्छ; म देहबाट अगाडि आउन मात्रै सक्दिन, बरु म देहभित्र जिउन पनि

सक्छु। मलाई कुनै स्थान विशेष वा भौगोलिक अर्चनले रोक्दैन; मेरा लागि, त्यस्ता कुनै पनि अवरोधहरू छैनन्, र सबै कुरा निर्बाध रूपमा बग्छन्। यसमा नै शैतान सबैभन्दा बढी लज्जित हुन्छ, र जब म देहबाट अगाडि आउँछु, म मेरो देहमा अझै काम गर्छु, र म अलिकति पनि प्रभावित हुँदिन। म अझै पनि हिमाल, नदी, ताल, र ब्रह्माण्डका प्रत्येक कुनाका साथै त्यसमा भएका बहुसङ्ख्यक कुराहरूउपर सवार हुन्छु। मबाट जन्मिएका तर मेरो विरोध गर्नका लागि खडा भएका सबैको खुलासा गर्न मैले देहधारण गरेको हुँ। यदि म देह नभएको भए, तिनीहरूको खुलासा गर्ने कुनै उपाय हुँदैनथियो (यसले मेरो अनुहार अगाडि एउटा तरिकाले कार्य गर्ने र मेरो ढाड पछाडि अर्कै तरिकाले कार्य गर्नेहरूलाई जनाउँछ)। यदि म आत्मा नै रहेको भए, मानिसहरूले तिनीहरूको धारणाहरूमा मेरो आराधना गर्थे, र म निराकार र अगम्य परमेश्वर हुँ भनेर सोच्नेथिए। आज मेरो देहधारण मानिसहरूको धारणाको ठीक विपरीत छ (मेरो उचाइ र स्वरूपको कुरा गर्दा), किनभने उहाँ सामान्य देखिनुहुन्छ र धेरै अग्लो हुनुहुन्न। शैतानलाई सबैभन्दा बढी अपमानित बनाउने र मानिसहरूको धारणाहरू (शैतानको ईश्वर निन्दा) विरुद्ध सबैभन्दा शक्तिशाली प्रत्याक्रमण यही बुँदा हो। यदि मेरो स्वरूप अरूको भन्दा भिन्न थियो भने, त्यो कष्टप्रद हुनेथियो–सबै जना तिनीहरूको आफ्नै धारणाहरूमार्फत मेरो आराधना गर्न र मलाई बुझ्न आउनेथिए, र तिनीहरूले मेरो लागि सुन्दर गवाही दिन सक्नेथिएनन्। तसर्थ, मसँग आज भएको छविलाई नै मैले आत्मसात् गरेँ, जुन बुझ्नलाई गाह्रो छैन। सबै जना मानव धारणाहरूबाट बाहिर आउनुपर्छ र शैतानका धूर्त योजनाहरूबाट झुक्किनु हुँदैन। मेरो कामको आवश्यकताअनुसार म तिमीहरूलाई भविष्यमा, एक-एक गरी, थप कुरा बताउनेछु।

आज, मेरो महान् कामले सफलता हासिल गरेको छ, र मेरो योजना पूरा भएको छ। मैले एकल, संयुक्त मनले मसँग सहकार्य गर्ने मानिसहरूको समूह प्राप्त गरेको छु। यो मेरा लागि सबैभन्दा महिमावान् समय हो। मेरा प्रिय पुत्रहरू (मलाई प्रेम गर्ने सबै), मसँगै, मैले गर्नुपर्ने सबै कुराहरू पूरा गर्न, मसँगै एउटा हृदय र मनको हुन सक्छन्। यो आश्चर्यजनक कुरा हो। आज उप्रान्त, मैले प्रतिकूल रूपमा लिनेहरूसँग पवित्र आत्माको कार्य हुनेछैन, जसको अर्थ मैले विगतमा भनेका कुराहरू अनुरूप नहुनेहरूलाई म त्याग्नेछु। मैले भनेको कुराहरूलाई मानिसहरूले सिद्ध रूपमा अनुसरण गर्नुपर्छ। यो कुरालाई याद राख्! तैँले सिद्ध रूपमा अनुसरण गर्नुपर्छ। गलत रूपमा नबुझ्; सबै कुरा ममा निर्भर छन्। मानिसहरू–मसँग सर्तहरूको कुरा नगर। यदि मैले तँ योग्य छस् भनेर भनेँ भने, त्यो अकाट्य हुन्छ; यदि मैले तँ योग्य छैनस् भनेर भनेँ भने, पीडित जस्तो नबन् र स्वर्ग र पृथ्वीलाई आरोप नलगा! यो सबै मेरो प्रबन्ध हो। आफैलाई अनादर गर्न तँलाई कसले अह्रायो? निन्दनीय मूर्ख काम गर्न तँलाई कसले अह्रायो? तैँले केही भनिनस् भने पनि, तैँले मबाट सत्य लुकाउन सक्दैनस्। मानिसको अन्तस्करणको परीक्षण गर्ने म परमेश्वर स्वयम् हुँ भनेर मैले भन्दा मेरा वचनहरू कसका लागि भनिएका हुन्? मैले यो बेइमानहरूका लागि भनेको हो। कति निर्लज्ज–मेरो ढाड पछाडि यस्तो कुरा गर्ने! के तँ झूट बोलेर मलाई झुक्याउन चाहन्छस्? यो यति सजिलो छैन! तुरुन्तै यहाँबाट निस्किहाल्! विद्रोहीको छोरो! तैँले आफूलाई प्रेम गर्दैनस्, र तैँले आफूलाई आदर गर्दैनस्! तैँले आफ्नो बारेमा विचार गर्दैनस्, तर पनि मैले तँलाई

प्रेम गरेको चाहन्छस्? यस्तो कुरा बिर्सिदे! यस्तो प्रतिरूपको एउटा पनि दुष्ट मलाई चाहिँदैन। तिमीहरू सबै जना मबाट टाढा जाओ! यसले मेरो नाममा सबैभन्दा गम्भीर अपमान ल्याउँछ; यदि तिमीहरूले यसलाई स्पष्ट रूपमा देख्दैनौ भने, यसले केही हुनेवाला छैन। यो दुष्ट र चरित्रहीन पुरानो युगमा भएको कुनै पनि फोहोरबाट प्रदूषित हुनबाट तैँले आफूलाई बचाउनुपर्छ; तँ पूर्ण रूपमा पवित्र र निष्कलङ्क हुनुपर्छ। आज, मसँगै राजाको रूपमा शासन गर्न योग्य भएकाहरू कुनै पनि फोहोरबाट प्रदूषित छैनन्, किनकी म परमेश्‍वर स्वयम् हुँ, र म मेरो नाममा कुनै पनि अपमान चाहँदिन। यस्ता मानिसहरू मेरो परीक्षा लिन शैतानबाट पठाइएका हुन्, र तिनीहरू शैतानका अनुचरहरू हुन् जसलाई प्रत्याक्रमण गरिनुपर्छ (तिनीहरूलाई अतल कुण्डमा फ्याँकिनुपर्छ)।

मेरो परिवार पवित्र र निष्कलङ्क छ, र मेरो मन्दिर भव्य र प्रतापी छ (अर्थात् म जे हुँ र मसँग जे छ तिनीहरूसँग त्यही छ)। आफूलाई इच्छा लागेअनुसार प्रवेश गर्ने र समस्या निम्त्याउने दुस्साहस कसले गर्छ? म तिनीहरूलाई पक्कै क्षमा दिनेछैन। तिनीहरूलाई पूर्ण विनाश गरिनेछ र ठूलो अपमान गरिनेछ। म बुद्धिमानी भएर कार्य गर्छु। तरवारविना, बन्दुकविना, र एउटा औँला पनि नउठाई, म मेरो विरोध गर्ने र मेरो अपमान गर्नेहरूलाई पूर्ण रूपमा परास्त गर्नेछु। म सदाशयी छु, र यतिका हदसम्म शैतानले अवरोधहरूको सिर्जना गर्दा पनि, म स्थिर गतिमा मेरो कामलाई निरन्तरता दिन्छु; म त्यसमा ध्यान दिन्न र म त्यसलाई मेरो व्यवस्थापन योजनाको समापनबाट परास्त गर्नेछु। यो मेरो शक्ति र मेरो बुद्धि हो, र अझ यसभन्दा बढी, यो मेरो अन्त्यहीन महिमाको एक सानो हिस्सा हो। मेरो नजरमा, मेरो विरोध गर्नेहरू मेरा अभिप्रायहरूअनुरूप मैले, कुनै पनि समयमा, पैतालामुनि कुल्चेर मार्न सक्ने धूलोमा घस्रि रहेका कीराहरू जस्तै हुन्। तर, म काम-कुराहरू बुद्धिसाथ गर्छु। तिनीहरूको सामना गर्न म मेरा ज्येष्ठ पुत्रहरूलाई लगाउँछु; मलाई कुनै हतार छैन। म व्यवस्थित रूपमा र सूक्ष्म त्रुटिविना, विधिवत् रूपमा काम गर्छु। मबाट जन्मिएका ती ज्येष्ठ पुत्रहरूसँग म जे हुँ त्यो छ, र तिनीहरूले मेरा कार्यहरूमा अन्त्यहीन बुद्धि देख्न सक्छन्!

## अध्याय ९२

हरेक व्यक्तिले मेरा वचनहरू र कार्यहरूमा मेरो सर्वशक्तिमान्ता र मेरो बुद्धिलाई देख्न सक्छ। म जहाँ-जहाँ जान्छु, मेरो काम त्यहीँ हुन्छ। मेरा पाइलाहरू चीनमा मात्र छैनन्; अझै महत्त्वपूर्ण कुरा त के हो भने, ती संसारका सबै राष्ट्रमा छन्। तैपनि, सुरुमा यो नाम प्राप्त गर्नेहरू यसभन्दा पहिले उल्लेख गरिएका सात राष्ट्रहरू मात्रै हुन्, किनभने मेरो कामको परिणाम यही हो; भविष्यमा चाँडै, तिमीहरूले यसलाई पूर्ण रूपमा बुझेर यसको बारेमा निकै धेरै स्पष्टता प्राप्त गर्नेछौ। यदि मैले अहिले तिमीहरूलाई बताएँ भने, परिणामस्वरूप धेरैजसो लड्नेछन् भन्ने मलाई डर छ, किनभने मैले पहिले भनेजस्तै म तिमीहरूको कदअनुसार तिमीहरूसँग बोल्छु र मेरो आवाज निकाल्छु, र मैले गर्ने हरेक कुराभित्र मेरो असीमित बुद्धि हुन्छ, जसलाई कसैले पनि बुझ्न सक्दैन; एउटै उपाय भनेको तिमीहरूलाई भाग-भाग गरी बताउनु हो। यो कुरा जान! तिमीहरू मेरो

नजरमा सधैँ बालबालिकाहरू हौ; तिमीहरूले लिने हरेक कदममा, तिमीहरूलाई मैले नै अगुवाइ गर्नुपर्छ र निर्देशन दिनुपर्छ। मानिसहरू–मेरो मार्गनिर्देशनको अधीनमा मात्रै तिमीहरूले आफ्नो जीवनमा अघि बढ्न सक्छौ; योविना, कोही पनि जिइरहन सक्दैन थियो। सम्पूर्ण ब्रह्माण्डीय संसार मेरो हातमा छ, तैपनि मैले यताउता हलचल गरिरहेको तैँले देख्दैनस्। यसको विपरीत, म शान्त र खुशी छु। मानिसहरूलाई मेरो सर्वशक्तिमान्ताको बारेमा थाहा छैन, र तिनीहरू मेरो लागि व्याकुल हुन्छन्–तिमीहरूले आफैलाई कति थोरै चिनेका छौ! तैँले आफ्नै सराहना गर्दै, मेरो अघि आफ्नो व्यर्थका कुराहरू प्रदर्शन गर्छस्! मैले यसको बारेमा धेरै पहिले नै थाहा पाइसकेको छु। र पनि तँ मेरो अघि चालकी गर्छस्, तँ घृणास्पद दुर्भाग्यपूर्ण मानिस! मेरो घरबाट अहिले नै निस्किहाल्! म तँजस्ता घृणित कुरालाई चाहँदिन। म तँजस्तालाई राख्नुभन्दा त मेरो राज्यमा कोही नहोस् भन्ने चाहन्छु–तँ घृणित दुर्भाग्यपूर्ण मानिस! के तैँले सामान्य रूपमा नै अझै खाने र वस्त्र लगाउने गरिरहेको भए पनि, मैले तँमा काम गर्न छोडिसकेँ भन्ने तँलाई थाहा छ? तर के तँ शैतानको लागि जिइरहेको छस्, र तैँले शैतानको लागि सेवा गरिरहेको छस् भन्ने तँलाई थाहा थियो? तैपनि तँसँग मेरो अघि खडा हुने साहस छ! तँ साँच्चै नै लाजविहीन व्यक्ति होस्!

विगतमा, मैले प्रायजसो यसो भन्ने गर्थें, "ठूला-ठूला विपत्तिहरू चाँडै आउनेछन्; ठूला-ठूला विपत्तिहरू मेरो हातबाट झरिसकेका छन्।" "ठूला-ठूला विपत्तिहरू" ले केलाई जनाउँछ, र यो "झरिसकेको" कुरालाई कसरी व्याख्या गर्ने? यी ठूला-ठूला विपत्तिहरूले मानिसको आत्मा, प्राण र शरीरलाई घाइते बनाउने किसिमको उम्कनै नसक्ने विपत्तिहरूलाई जनाउँछ भन्ने तिमीहरूलाई लाग्छ, र मैले उल्लेख गरेका "भूकम्प, अनिकाल र महामारी" नै यी ठूला-ठूला विपत्तिहरू हुन् भन्ने तिमीहरूलाई लाग्छ। तर तिमीहरूले मेरा वचनहरूलाई गलत रूपले अर्थ लगाएका छौ भन्ने तिमीहरूलाई थाहा छैन। र यो "झरिसकेका" ले ठूला-ठूला विपत्तिहरू सुरु भइसकेका छन् भन्ने तिमीहरूलाई लाग्छ–यो हाँसउठ्दो कुरा हो! वास्तवमा तिमीहरूले यसलाई यसरी नै बुझ्छौ, र तिमीहरूका व्याख्याहरूलाई सुनिसकेपछि, मलाई साँच्चै नै रिस उठेको छ। मानिसहरूले प्रकट गर्न सकेको रहस्य (जुन सबैभन्दा गुप्त रहस्य हो) नै युगौं-युगदेखि सबैभन्दा गम्भीर रूपमा अर्थ्याइएको रहस्य हो, र यो त्यस्तो रहस्य हो जसलाई कसैले पनि कहिल्यै व्यक्तिगत रूपमा अनुभव गरेको छैन (किनभने यसलाई आखिरी दिनहरूमा मात्रै प्रकाशमा ल्याइएको छ, र अन्तिम युगमा मात्रै मानिसले यसलाई देख्न सक्छ, तैपनि तिनीहरूले यसलाई पहिचान गर्नेछैनन्), किनभने मैले यसलाई सबैभन्दा कसिलो गरी मोहर लगाई राखेको छु, (यसको स-साना भागलाई समेत) कुनै मानिसले हेर्न नसक्ने गरी राखेको छु। अब मेरो काम यो चरणमा अघि बढाइसकिएको हुनाले, म तिमीहरूलाई मेरो कामका आवश्यकताहरूअनुसार अन्तर्दृष्टि दिन्छु; अन्यथा, मानिसहरूसँग बुझ्ने कुनै उपाय हुनेथिएन। अब म सङ्गति गर्न सुरु गर्छु; सबैले ध्यान दिनुपर्छ, किनभने मेरा ज्येष्ठ पुत्रहरू लगायत जो-जो सावधान हुँदैनन्, तिनीहरूले मेरो न्याय भोग्नेछन्, र सबैभन्दा गम्भीर मामलाहरूमा तिनीहरूलाई मेरा हातले प्रहार गर्नेछन् (जसको अर्थ, तिनीहरूका आत्मा, प्राण र शरीर लिइनेछ)। मेरो राज्यको हरेक प्रशासनिक आदेशहरूका सम्बन्धमा ठूला-ठूला विपत्तिहरूको बारेमा उल्लेख गरिएको हो, र मेरो हरेक प्रशासनिक आदेश ठूला-ठूला विपत्तिहरूको भाग हो। (मेरा

प्रशासनिक आदेशहरू पूर्ण रूपमा तिमीहरूको निम्ति खुलासा गरिएको छैन, तर तिमीहरू आफै चिन्ता नगर वा यसको बारेमा नआत्तिओ; कतिपय कुराहरू तिमीहरूले अत्यन्तै चाँडै थाहा पायौ भने तिमीहरूलाई त्यति फाइदा गर्नेछैन। यो कुरा याद राख! म बुद्धिमानी परमेश्‍वर हुँ।) त्यसोभए, अर्को भाग के हो? ठूला-ठूला विपत्तिहरूका दुई भाग हुन्छन्: मेरा प्रशासनिक आदेशहरू, र मेरो क्रोध। ठूला-ठूला विपत्तिहरू आउने समय नै म रिसले चूर भई मेरा प्रशासनिक आदेशहरू लागू गर्ने समय पनि हो। यहाँ, म मेरा ज्येष्ठ पुत्रहरूलाई भन्छु: तिमीहरू यसको कारण अपभ्रष्ट बन्नु हुँदैन। के सबै कुरा र सबै मामलालाई मैले पूर्वनियुक्ति गरेको छु भन्ने तैँले बिर्सिस्? मेरो पुत्र, नडरा! म तँलाई अवश्य नै रक्षा गर्नेछु; तैँले मसँग सदा असल आशिषहरू प्राप्त गर्नेछस्, र मसँग सदासर्वदा एकसाथ रहिरहनेछस्। किनभने तँ मेरो प्रियजन भएको हुनाले, म तँलाई त्याग्नेछैन। म कुनै पनि मूर्ख कुराहरू गर्दिनँ, तैपनि यदि मैले कठिनताका साथ पूरा गरेको कुनै कुरालाई तोडेर ढालेँ भने, के मैले आफूलाई खुट्टामा गोली हानिरहेको हुनेथिइनँ र? तैँले आफ्नो हृदयमा के विचार गर्छस् सो मलाई थाहा छ। के तैँले यो कुरालाई याद गरिस्? तँ अरू के कुरा मलाई बन्न लगाउँछस्? म ठूला-ठूला विपत्तिहरूका बारेमा थप कुरा गर्नेछु। जब ठूला-ठूला विपत्तिहरू आउँछन्, यो सबैभन्दा डरलाग्दो समय हुनेछ, र तिनले मानिसको कुरूपतालाई सबैभन्दा चरम हदसम्म प्रकट गर्नेछन्। मेरो अनुहारको ज्योतिमा सबै किसिमका दुष्ट अनुहारहरू प्रकट हुनेछन्, र तिनीहरूको लुक्ने ठाउँ, आफूलाई ढाक्ने ठाउँ कहीँ हुनेछैन; तिनीहरूलाई पूर्ण रूपमा खुलासा गरिनेछ। ठूला-ठूला विपत्तिहरूको प्रभाव भनेको जो मेरा चुनिएका वा पूर्वनियुक्ति गरिएका होइनन्, तिनीहरूलाई मेरो अघि घुँडा टेक्न र रुँदै र दाह्रा किट्दै मलाई क्षमादान माग्न लगाउनु हो। मैले शैतानलाई गर्ने न्याय यही हो, मेरो क्रोधपूर्ण न्याय। म अहिले यो कार्यमा संलग्न छु, र सायद कतिपय त्यस्ता मानिसहरू छ होलान् जसले योग्यताहरू भएको बहाना गर्न र छल गरेर अघि बढ्न चाहन्छन्; तिनीहरूले जति त्यसो गर्छन्, तिनीहरूको मूल रूप प्रकट नभइञ्जेलसम्म शैतानले तिनीहरूमा त्यति नै काम गर्नेछ।

मलाई मेरो काम गर्न हतार छैन, र म आफै हरेक व्यक्तिलाई योजनाबद्ध रूपमा चलाउँछु (तिनीहरू ठूलो रातो अजिङ्गरका सन्तान हुन् भन्ने तथ्यलाई ध्यानमा राख्दा, यो तिनीहरूको गिल्ला हो, र म तिनीहरूलाई कुनै ध्यान दिँदिन, त्यसकारण "योजनाबद्ध" भन्ने शब्दको प्रयोग गर्नु अत्योक्ति हुँदैन), र हरेक काम म आफै गर्छु। सबै कुरा मसँगै सफल हुन्छ, र यो सुरक्षित र स्थिर सफलता हो; मैले गर्ने सबै कुराको बन्दोबस्त पहिले नै चरणबद्ध रूपमा गरिएको हुन्छ। म तिमीहरूलाई मेरो इच्छा र मेरो बोझको बारेमा अलि-अलि गर्दै बताउनेछु। अबदेखि उसो, मेरा वचनहरू सबै राष्ट्रहरू र सबै मानिसहरूकहाँ देखा पर्न थाल्नेछ। मेरा ज्येष्ठ पुत्रहरूलाई पहिले नै पूर्ण तुल्याइसकिएको हुनाले (मेरा वचनहरू मेरा पुत्रहरू र मेरा मानिसहरूमा केन्द्रित छन्), मैले काम गर्ने तरिका फेरि पनि परिवर्तन हुन थालेको छ। के तिमीहरू यसलाई स्पष्ट रूपमा देख्न सक्छौ? के तिमीहरूले यी विगत केही दिनहरूमा मेरा वचनहरूको शैलीलाई अनुभव गरेका छौ? म मेरा ज्येष्ठ पुत्रहरूलाई मार्गको हरेक कदममा सान्त्वना दिन्छु, तर अबदेखि (मेरा ज्येष्ठ पुत्रहरू पहिले नै पूर्ण भइसकेका हुनाले), म मेरो हातमा चक्कु बोक्छु ("चक्कु" को अर्थ "सबैभन्दा तीक्ष्ण

वचनहरू” हुन्छ)। ज-जसले मलाई एक क्षणको लागि समेत नकरात्मक रूपमा लिन्छ (यसले पूर्वनियुक्ति वा छनौट नभएकाहरूलाई जनाउँछ, र त्यसकारण यसमा कुनै विरोधाभास छैन), तिनीहरूले मलाई सेवा गरे पनि वा तिनीहरू अरू जेसुकै भए पनि मलाई त्यसको मतलब हुँदैन; म तिनीहरूलाई तुरुन्तै लखेट्नेछु। म सर्वशक्तिमान् परमेश्वर हुँ, र म सबै मानिसहरूलाई मेरो सेवा गर्न लगाउन सक्छु। म त्यस्ता मानिसहरूबाट अलग हुन अनिच्छुक छैन; यदि म तिनीहरूलाई चाहन्नँ भनी भन्छु भने, म तिनीहरूलाई चाहन्नँ। अब यो समय आइसकेको हुनाले, मलाई बेखुशी तुल्याउने कसैलाई देख्ने बितिकै कुनै अनुसन्धान नगरिकन म तिनीहरूलाई तुरुन्तै हटाउनेछु, किनभने म उहाँका वचनहरू जत्तिकै असल परमेश्वर हुँ। मैले मेरो सेवाको लागि पूर्वनियुक्ति गरेकाहरूको हकमा भन्दा–तँ जति नै असल भए पनि, तैँले मेरो अवज्ञा गर्ने कुनै कुरा गरेको भए पनि नभए पनि, यदि तैँले मलाई बेखुशी तुल्याइस् भने, म तँलाई निकालिदिनेछु। मलाई कुनै पनि भविष्यको समस्याको डर छैन। मसँग मेरा प्रशासनिक आदेशहरू छन्, म मेरा वचनहरू जत्तिकै असल छु, र मेरो वचन पूरा हुनेछ। के म शैतानलाई रहन दिनेछु? मेरो कुरा सुन, मानिसहरू! तिमीहरू डराउनु पर्दैन; मैले तँलाई जहिले निस्केर जा भन्छु तँ निस्केर जानुपर्छ। मलाई बहानाहरू नदेखा; मसँग तँलाई भन्ने कुनै शब्द छैन! किनभने मैले त्यस्तो धैर्यताको अभ्यास गरेको छु, र मेरा प्रशासनिक आदेशहरू लागू गर्ने समय आइपुगेको छ, र तिमीहरूको आखिरी दिन पनि आइपुगिसकेको छ। हजारौं वर्षसम्म, तिमीहरू पथभ्रष्ट थियौ र सधैँ हठी भई, मनोमानी रूपमा कामकुरा गऱ्यौ, तर म सधैँ सहनशील रहेँ (किनभने म उदार छु र तेरो भ्रष्टतालाई केही हदसम्म अनुमति दिन्छु)। तर अब त, मेरो सहनशीलताको समय सकिएको छ, र तिमीहरूलाई लिएर आगो र गन्धकको कुण्डमा फ्याँक्ने समय आएको छ। छिटो गरेर बाटो छोड। म मेरो न्यायलाई औपचारिक रूपमा लागू गर्न सुरु गर्छु, र म मेरो क्रोध पोखाउन सुरु गर्छु।

संसारका सबै राष्ट्र र ठाउँमा बारम्बार भूकम्प, अनिकाल, महामारी, र सबै किसिमका विपत्तिहरू भइरहन्छन्। मैले सबै राष्ट्र र सबै ठाउँमा मेरो काम गर्ने क्रममा, यी विपत्तिहरू संसारको सृष्टिको समयदेखिको कुनै पनि समयमा भएको भन्दा अझै बढी गम्भीरताको साथ देखा पर्नेछन्। यो सबै मानिसहरूलाई मैले गर्ने न्यायको सुरुवात हो, तर मेरा पुत्रहरू सहजताको साथ विश्राम गर्न सक्छन्; तिमीहरूमाथि कुनै विपत्ति आइपर्नेछैन, र म तिमीहरूलाई सुरक्षित राख्नेछु। (यसको अर्थ तिमीहरू उप्रान्त देहमा होइन, तर शरीरमा जिउनेछौ, यसरी तिमीहरूले कुनै पनि विपत्तिको पीडा भोग्नेछैनौ।) मसँगै मिलेर, तिमीहरूले राजाहरूका रूपमा शासन गर्नेछौ र ब्रह्माण्डमा र पृथ्वीको पल्लो छेउसम्म मसँग सदासर्वदा असल आशिषहरूमा रमाउँदै सबै राष्ट्रहरू र सबै मानिसहरूलाई न्याय गर्नेछौ। यी वचनहरू पूरा हुनेछन्, र तिनलाई चाँडै नै तिमीहरूको आँखा अघि हासिल गरिनेछन्। म एक घण्टा पनि ढिलाई गर्दिन न त एक दिन नै; म कामकुराहरू अविश्वसनीय ढङ्गले तुरुन्तै गर्छु। चिन्ता गर्ने वा व्याकुल हुने नगर्; मैले तँलाई दिने आशिष तँबाट कसैले लिन नसक्ने कुरा हो–यो मेरो प्रशासनिक आदेश हो। मेरा कार्यहरूको कारण सबै मानिसहरू मप्रति आज्ञाकारी हुनेछन्; तिनीहरू नरोकीकन हर्षोल्लास गर्नेछन्, र त्योभन्दा पनि बढी अन्त्यहीन रूपमा आनन्दले उफ्रनेछन्।

# अध्याय १३

वास्तविकता आँखा अगाडि प्राप्त हुन्छ, र प्रत्येक कुरा पहिले नै हासिल गरिएको छ; मेरो कामको गति, भर्खरै प्रक्षेपण गरिएको रकेटको जस्तै, माथि उक्लँदै बढ्छ। यो कसैले कहिल्यै पनि अपेक्षा गरेको थिएन। कुराहरू बित्न थालेपछि मात्रै तिमीहरूले मेरा वचनहरूको साँचो अर्थ बुझ्नेछौ। ठूलो रातो अजिङ्गरका सन्ततिहरू पनि यसका अपवाद होइनन्, र तिनीहरूले आफ्नै आँखा अगाडि मेरो आश्चर्यजनक कार्यहरू देख्नुपर्छ। मेरा कामहरू देखेपछि मेरो बारेमा तँ निश्चित भएको कारण, म तँलाई छोड्नेछैन भन्ने नसोच्–यो यति सरल छैन! मैले भनेका वचनहरू र मैले निर्णय गरेका घटनाहरूलाई म निश्चय नै पूरा गर्नेछु, र तिनीहरू व्यर्थैमा मकहाँ फर्की आउनेछैनन्। चीनमा, अल्पसङ्ख्यकहरू बाहेक जो मेरा ज्येष्ठ पुत्रहरू हुन्, तिनीहरू बाहेक मेरा मानिसहरू थोरै छन्। त्यसैले आज, म तिमीहरूलाई (ठूलो रातो अजिङ्गरका सन्ततिहरू, जसले मलाई सबैभन्दा कठोरतासाथ अत्याचार गरेका छौ) स्पष्ट रूपमा भन्छु, कि तिमीहरूले कुनै ठूलो आशा राख्नु हुँदैन, र मेरो कामको केन्द्र (संसारको सृष्टि भएयता) मेरा ज्येष्ठ पुत्रहरू र चीनबाहेका धेरै राष्ट्रहरू नै रहेका छन्। यही कारणले गर्दा, जब मेरा ज्येष्ठ पुत्रहरू हुर्किन्छन्, मेरो इच्छा हासिल हुनेछ। (जब मेरा ज्येष्ठ पुत्रहरू हुर्किसक्नेछन्, सबै कुराहरू गरिनेछ, किनकी अगाडिको काम तिनीहरूलाई नै दिइएको छ।) ठूलो रातो अजिङ्गरलाई अपमानित गर्नका लागि अब म यी मानिसहरूलाई मेरा आश्चर्यजनक कामहरूका केही हिस्सा देखाउनेछु। यी मानिसहरूले त्यसमा आनन्द उठाउन त सक्दैनन् तर तिनीहरू मेरा लागि सेवा प्रदान गरेकोमा खुशी मात्र हुन सक्छन्। र तिनीहरूसँग कुनै विकल्प छैन, किनकी मसँग मेरा प्रशासनिक आदेशहरू छन् र तिनीहरूको उल्लङ्घन गर्ने दुस्साहस कसैले गर्न सक्दैन।

अब म विदेशीहरूको आगमनसँग सम्बन्धित केही अवस्थाहरूका बोरमा सङ्गति गर्नेछु, ताकि तिमीहरूसँग पूर्वज्ञान होस्, तिमीहरूले मेरो नामको गवाही दिनका लागि राम्ररी तयारी गर्न सक, र तिनीहरूभन्दा माथि गएर खडा हुन र तिनीहरूमाथि शासन गर्न सक। (मैले “तिनीहरूभन्दा माथि खडा हुन र तिनीहरूमाथि शासन गर्न सक” भनें किनभने, तिनीहरूमध्येको सर्वोकृष्ट पनि तिमीहरूमध्येको सबैभन्दा कमजोर नै हुन्छ।) यी मानिसहरूले पवित्र आत्माको सबै खुलासाहरू प्राप्त गरेका हुन्छन्, र भविष्यमा, पूर्वव्यवस्था गरिएको जस्तै गरी, तिनीहरू सबै चीनमा भेला हुनेछन्। ठूलो रातो अजिङ्गर आश्चर्यमा पर्छ र यसले विरोध गर्ने सक्दो प्रयास गर्छ, तर एउटा कुरा याद राख! मेरो व्यवस्थापन योजना पूर्ण रूपमा हासिल भइसकेको छ, र कुनै पनि कुरा र कुनै पनि मानिसले मेरा चरणहरूमा अवरोध पुऱ्याउने दुस्साहस गर्न सक्दैन। म तिनीहरूलाई सदैव प्रकाश दिनेछु, र तिनीहरू पवित्र आत्माको मार्गदर्शनलाई अनुसरण गर्दै कार्य गर्छन्। तिनीहरूले पक्कै पनि ठूलो रातो अजिङ्गरको कैद भोग्नुपर्नेछैन, किनकी ममा, सबै कुरा मुक्त बनाइएको र स्वतन्त्र छोडिएको हुन्छ। तिनीहरूलाई गोठालो गर्नका लागि तिमीहरूले गर्ने तयारी कार्यको प्रतीक्षा गर्दै, मैले यावत् थोकहरूको उपयुक्त ढङ्गले प्रबन्ध मिलाएको छु। मैले यो सधैँ भनेको छु, तर तिमीहरू अझै आधा मात्रै विश्वास गर्छौ। अहिले कस्तो होला? तिमीहरू अवाक् छौ, होइन त?

यी सबै कुराहरू द्‌वितीय छन्; मुख्य कुरा तिमीहरूले जति सक्दो चाँडो तयारीका सबै कामहरू सक्नु नै हो। नआत्तिओ। काम गर्ने म हुँ र, जब समय आउँछ, म मेरो काम आफै गर्छु। मैले ठूलो रातो अजिङ्गरलाई टुक्रा-टुक्रा बनाएर नष्ट गरेको छु। यसो भन्नुको अर्थ, मेरो आत्मा, मेरा ज्येष्ठ पुत्रहरूबाहेक, सबै मानिसहरूबाट बाहिर निक्लिएको छ (र अहिले ठूलो रातो अजिङ्गरका सन्ततिहरू को हुन् भनेर खुलासा गर्न झनै सहज भएको छ)। यी मानिसहरूले मेरो सेवा गरेर सकाएका छन्, र म तिनीहरूलाई अतल कुण्डमा फिर्ता पठाउनेछु। (यसको अर्थ म तिनीहरू कसैलाई पनि प्रयोग गर्नेछैन। अबदेखि, मेरा ज्येष्ठ पुत्रहरूको पूर्ण रूपमा खुलासा हुनेछ, र मेरा पक्षमा रहेका र मेरा निम्ति प्रयोगयोग्यहरू नै मेरा ज्येष्ठ पुत्रहरू हुनेछन्।) मेरा ज्येष्ठ पुत्रहरू, मैले तिमीहरूलाई प्रदान गर्ने आशीर्वादहरूको तिमीहरूले आधिकारिक रूपमा आनन्द उठाउनेछौ (किनकी मैले घृणा गर्ने सबैले तिनीहरूको सही रङ्ग देखाएका छन्), र अबदेखि, तिमीहरूमाझ मेरो विरोधको कुनै पनि घटनाहरू हुनेछैन। तिमीहरू वास्तवमै, सत प्रतिशत मेरो बारेमा निश्चित छौ। (आज मात्रै यो पूर्ण रूपमा पूरा भएको छ, र मैले यो समय पूर्वनियुक्त गरेको हुँ।) तिमीहरूले आफ्नो हृदय र मनमा राखेका सबै कुराहरू मेरा लागि अन्त्यहीन प्रेम र सम्मान नै हो, र तिमीहरूले सधैँ मेरो प्रशंसा गर्छौ र मलाई महिमा दिन्छौ। तिमीहरू मेरो प्रेमको स्याहार र सुरक्षा अन्तर्गत तेस्रो स्वर्गमा वास्तवमै जिइरहेका छौ। कस्तो अद्‌वितीय हर्ष र खुशी! यो अर्कै क्षेत्र हो, मानिसहरूलाई कल्पना गर्न कठिन हुने क्षेत्र—साँचो, आत्मिक संसार!

सबै विपत्तिहरू क्रमबद्‌ध रूपमा उदाउँछन्, अघिल्लोभन्दा पछिल्लो अझ कठिन हुन्छ, र दैनिक रूपमा अवस्था झनै कठिन हुँदै जान्छ। यो विपत्तिहरूको सुरुवात मात्रै हो; आउनेवाला अझै कठिन विपत्तिहरू मानिसले कल्पना गर्न सक्दैन। तिनीहरूलाई सुल्झाउने काम मेरा पुत्रहरूलाई छोडिदेऊ; यो मेरो प्रशासनिक आदेश हो, र मैले यसलाई धेरै अघि प्रबन्ध गरेको हुँ। मानिसले पहिले कहिल्यै नदेखेका, सबै चिन्ह र अचम्मका कामहरू, सबै मानिसहरू (अर्थात् मेरो राज्यका सबै मानिसहरू) का अघि एकपछि अर्को गर्दै देखा पर्दै मबाट आउँछन्। तर यो निकट भविष्यमा हुने कुरा हो। चिन्तित नबन्। प्रत्येकले बताएको, राज्यको यो प्रवेश—राज्यमा प्रवेश गर्ने स्थिति के हो? र राज्य के हो? के यो भौतिक सहर हो? तिमीहरूले गलत बुझेका छौ। उक्त राज्य पृथ्वीमा छैन, न भौतिक आकाशमा नै छ, बरु मानिसले देख्न वा छुन नसक्ने आत्मिक संसारमा छ। मेरो नाम स्वीकार गरेका, मबाट सम्पूर्ण रूपमा पूर्ण बनाइएका र मेरा आशीर्वादहरूको आनन्द उठाइरहेकाहरू मात्रै यसमा प्रवेश गर्न सक्नेछन्। पहिले बारम्बार उल्लेख गरिएजस्तै, आत्मिक संसार भनेको राज्यको सतह हो। तर, राज्यमा साँचो रूपमा प्रवेश गर्नु सहज विषय होइन। त्यसमा प्रवेश गर्नेहरूले मेरो प्रतिज्ञा प्राप्त गर्नुपर्छ र मैले पूर्वनियुक्त गरेका र मैले आफैले छनौट गरेका मानिसहरू हुनुपर्छ। तसर्थ, आत्मिक संसार मानिसहरूले आफ्नो इच्छाअनुसार आउने र जाने गर्नसक्ने स्थान होइन। यस विषयमा मानिसहरूको बुझाइ सतही हुने गर्थ्यो, र यसमा पूर्ण रूपमा मानिसहरूको धारणाहरू समावेश हुन्थे। राज्यमा प्रवेश गर्नेहरूले मात्रै आशिषहरूको आनन्द उठाउन सक्छन्, त्यसैले मानिस यी आशिषहरूको आनन्द उठाउन असमर्थ मात्रै छैन, बरु यसभन्दा पनि बढी, ऊ त्यो हेर्न असमर्थ छ। यो मेरा अन्तिम प्रशासनिक आदेश हो।

# अध्याय १४

म मेरा ज्येष्ठ पुत्रहरूसँग सियोन फर्किन्छु–के तिमीहरू यी वचनहरूको साँचो अर्थ बुझ्छौ? म तिमीहरूलाई एक पटक र फेरि स्मरण गराउँदैछु, म तिमीहरू चाँडै हुर्केको र मसँग शासन गरेको हेर्न चाहन्छु। के तिमीहरूलाई याद छ? यी कुराहरू सबै मेरो देहधारणसँग प्रत्यक्ष रूपमा सम्बन्धित छन्: देहमार्फत मेरो जस्तै मन भएका मानिसहरूको समूह प्राप्त गर्न, सियोनबाट म यो संसारमा देहमा आएँ, र त्यसो गरेपछि, म सियोन फर्किनेछु। यसको अर्थ हामी देहबाट वास्तविक शरीरमा अझै फर्किनु आवश्यक छ। "सियोनमा फर्किनु" को साँचो अर्थ यही हो। यो मेरो सम्पूर्ण व्यवस्थापन योजनाको साँचो अर्थ र केन्द्र पनि हो, र यसभन्दा बढी, यो मेरो व्यवस्थापन योजनाको सबैभन्दा महत्त्वपूर्ण हिस्सा हो, जसलाई कसैले पनि छेक्न सक्दैन, र जुन तत्कालै हासिल गरिनेछ। देहमा हुँदा, मानवीय धारणाहरू र सोचाइलाई कहिल्यै त्याग्न सकिँदैन, र सांसारिक हावा वा धूलोलाई त्याग्न सकिने कुरा त परै जाओस्, र व्यक्ति सधैँ माटो नै रहनेछ; शरीरमा मात्रै व्यक्ति आशिषहरूको उपभोग गर्न योग्य हुन्छ। आशिषहरू भनेका के हुन्? के तिमीहरूलाई थाहा छ? देहमा, आशिषहरूको कुनै चिन्तन हुँदैन, त्यसैले प्रत्येक ज्येष्ठ पुत्रले देहबाट शरीरको मार्गलाई पछ्याउनुपर्छ। देहमा, तँलाई ठूलो रातो अजिङ्गरले दमन र अत्याचार गर्छ (तँसँग कुनै शक्ति नभएर र तैँले कुनै महिमा प्राप्त नगरेकोले त्यसो हुन्छ), तर शरीरमा, यो एकदमै फरक हुनेछ, र तँ गर्वित र अत्यन्तै खुशी हुनेछस्। दमनका दिनहरू पूर्ण रूपमा सकिनेछन्, र तँ सधैँका लागि मुक्त र स्वतन्त्र हुनेछस्। यस माध्यमबाट मात्रै म तिमीहरूमा म जे हुँ र मसँग जे छ त्यसमा जोडिन सक्नेछु। अन्यथा, तँसँग मेरो गुण मात्रै हुनेछ। बाहिरी रूपमा कुनै मानिसले अर्को मानिसको जसरी नक्कल गरे पनि, तिनीहरू दुरुस्तै उस्तै हुन सक्दैनन्। पवित्र आत्मिक शरीर (अर्थात् शरीर) मा मात्रै हामी दुरुस्तै हुन सक्छौं (जसबाट उस्तै गुण, उस्तै अस्तित्व, उस्तै सम्पत्ति, र एउटै मनको, एकत्रित, अविभाज्य, र अखण्डित हुन सक्छौं, किनकी सबै पवित्र आत्मिक शरीर नै हो)।

तिमीहरूले संसारलाई घृणा गर्न, खान, लुगा लगाउन र यस्ता प्रकारका सबै चिढ्याउने कुराहरूबाट आजित हुन किन सुरु गरेका छौ, र साथै तिनीहरूबाट छुटकारा पाउन अब किन प्रतीक्षा गर्न सक्दैनौ? यो तिमीहरू आत्मिक संसार (शरीर) मा प्रवेश गर्नेछौ भन्ने कुराको सङ्केत हो। तिमीहरू सबैसँग यसको बारेमा पूर्वसूचनाहरू छन् (यद्यपि तिनीहरूको स्तर भने भिन्न-भिन्न छन्)। म मेरो सबैभन्दा महत्त्वपूर्ण चरणको सेवामा विभिन्न मानिस, घटना, र कुराहरूलाई प्रयोगमा ल्याउनेछु, र यी सबैले मेरा लागि सेवा प्रदान गर्नेछन्। मैले यसो गर्नैपर्छ। (पक्कै पनि, म यो कुरा देहमा पूरा गर्न सक्दिन, र मेरो आत्मा स्वयम्ले मात्रै यो कार्य गर्न सक्छ, किनभने त्यो समय अझै आएको छैन।) यो सम्पूर्ण ब्रह्माण्डले सेवा गर्ने कार्यको अन्तिम हिस्सा हो। प्रत्येकले मेरो प्रशंसा गर्नेछ र हर्षोल्लासका साथ जयकार गर्नेछ। मेरो महान् काम पूरा भएको छ। महामारीका सात कचौराहरू मेरो हातबाट पोखिन्छन्, सात बिजुली चम्किन्छन्, सात तुरहीहरूको आवाज सुनिन्छ, र सात मोहरहरू खोलिन्छन्–ब्रह्माण्ड संसारका लागि, सबै राष्ट्र र सबै मानिसहरूका लागि, र हिमाल, नदी, र यावत् थोकहरूका लागि। महामारीका सात कचौराहरू के हुन्? तिनीहरूको

निश्चित लक्ष्य के हो? तिनीहरू मेरो हातबाट पोखिन्छन् भनेर मैले किन भनेँ? सबै जना पूर्ण रूपमा विश्वस्त हुँदासम्म, सबै जनाले पूर्ण रूपमा बुझ्दासम्म, लामो समय बित्नेछ। मैले तिमीहरूलाई अहिले बताएँ भने पनि, तिमीहरूले एउटा सानो हिस्सा मात्रै बुझ्नेछौ। मानिसको कल्पनाअनुसार, महामारीका सात कचौराहरू सबै देश र संसारका मानिसहरूप्रति लक्षित छन्, तर, मामिला यो होइन। "महामारीका सात कचौराहरू" ले शैतान दियाबलसको प्रभाव, र ठूलो रातो अजिङ्गर (मेरा लागि सेवा प्रदान गर्न मैले प्रयोग गर्ने वस्तु) को षडयन्त्रलाई जनाउँछ। त्यो समयमा, पुत्रहरू र मानिसहरूलाई सजाय दिनका लागि म शैतान र ठूलो रातो अजिङ्गरलाई छोडिदिनेछु, र त्यस बेला पुत्रहरू को हुन् र मानिसहरू को हुन् भनेर खुलासा हुनेछ। मेरो पूर्वनियुक्तिका लक्ष्यमा नपरेकाहरू ठगिएका हुन् भने, जब कि त्यो बेला मेरा ज्येष्ठ पुत्रहरू मसँगै शासन गरिरहेका हुनेछन्। यसरी, म पुत्र तथा मानिसहरूलाई पूर्ण बनाउनेछु। महामारीका सात कचौराहरू सबै राष्ट्र र मानिसहरूमा पर्नेछैन, बरु मेरा पुत्र र मेरा मानिसहरूमा मात्रै पर्नेछ। आशिषहरू सजिलै आउँदैनन्; पूर्ण मूल्य चुकाइनुपर्छ। जब पुत्र र मानिसहरू हुर्किन्छन्, महामारीका सात कचौराहरू पूर्णरूपमा हटेर जानेछन्, र त्यसपछि, तिनीहरूको अस्तित्व रहनेछैन। "सात बिजुली चम्किनु" भनेको के हो? यो बुझ्न गाह्रो छैन। मेरा ज्येष्ठ पुत्रहरू र म जुन क्षण शरीर बन्छौं, सात बिजुली चम्किनेछन्। यसले सम्पूर्ण ब्रह्माण्डलाई हल्लाउनेछ, मानौं स्वर्ग र पृथ्वी उलटपुलट भएको छ। यो प्रत्येकलाई थाहा हुनेछ; यसको विषयमा कोही पनि अनभिज्ञ रहनेछैन। त्यो समयमा, मेरा ज्येष्ठ पुत्रहरू र म महिमामा सँगै हुनेछौं र मेरो कार्यको नयाँ चरण सुरु गर्नेछौं। सात बिजुली चम्काइको कारणले गर्दा धेरै मानिसहरूले कृपा र माफीका लागि घुँडा टेक्नेछन्। तर त्यो समय अनुग्रहको युग हुनेछैन: त्यो समय क्रोधको हुनेछ। दुष्ट कार्य गर्ने सबैको हकमा (व्यभिचार गर्ने, वा कालो धनमा संलग्न हुने, वा विपरीत लिङ्गीसँग अस्पष्ट दायरा भएका, वा मेरो व्यवस्थापनमा बाधा अथवा क्षति पुऱ्याउने, वा आत्मिक कुराहरू नबुझ्ने, वा दुष्ट आत्माहरूको वशमा भएकाहरू, र यी जस्तै–मेरो चुनिएकाहरू बाहेक), कसैलाई पनि छोडिनेछैन, न कसैलाई माफी दिइनेछ, बरु, ती प्रत्येकलाई पातालसम्म तल झारिनेछ, जहाँ तिनीहरू सदैव नष्ट हुनेछन्। "सात तुरहीहरूको आवाज" ले ठूलो, प्रतिकूल वातावरणलाई जनाउँदैन, न यसले संसारका लागि हुने कुनै घोषणालाई नै जनाउँछ; यी सबै पूर्ण रूपमा मानव धारणाहरू हुन्। "सात तुरहीहरू" ले मेरो क्रोधले भरिएको वाणीलाई जनाउँछ। जब मेरो आवाज (प्रतापी न्याय र क्रोधित न्याय) जारी हुन्छ, सात तुरहीहरूको आवाज आउनेछ। (अहिलेको सन्दर्भमा, मेरो घरमा, यो नै सबैभन्दा कठोर कुरा हो, र यसबाट कोही पनि उम्किन सक्दैन।) र पाताल र नर्कमा भएका, ठूला वा साना, सबै राक्षसहरूले आफ्नो टाउको हातले ढाकेर रुँदै र आफ्नो दाह्रा किट्दै, लज्जित भएर र लुक्ने कुनै ठाउँ नपाएर, सबै दिशातिर भाग्नेछन्। त्यो क्षणमा, सात तुरहीहरूको आवाज आउन थाल्नेछ भन्ने होइन, बरु कोही पनि उम्किन नसक्ने र सबैले पार गर्नैपर्ने, मेरो प्रचण्ड क्रोध र मेरो सबैभन्दा गम्भीर न्यायको आवाज आउनेछ। यो क्षणमा, खुलासा गरिने कुरा ती सात मोहरहरूको विषयवस्तु होइन। सात मोहरहरू तिमीहरूले भविष्यमा आनन्द उठाउने आशीर्वादहरू हुन्। "खोल्नु" ले तिमीहरूलाई तिनीहरूको बारेमा जानकारी दिने कार्यलाई मात्रै जनाउँछ, तर तिमीहरूले ती आशिषहरूको

अहिलेसम्म आनन्द उठाएका छैनौ। जब तिमीहरू यी आशिषहरूको आनन्द उठाउँछौ, त्यस बेला तिमीहरूलाई सात मोहरहरूको विषयवस्तुका बारेमा थाहा हुनेछ। तिमीहरू अहिलेसम्म पूरा नभएको एउटा हिस्सालाई मात्रै स्पर्श गरिरहेका छौ। मैले प्रत्येक चरणका बारेमा भविष्यमा कामको दौरान ती देखा पर्दै जाँदा मात्रै बताउन सक्छु, ताकि तिमीहरूले यसलाई व्यक्तिगत रूपमा अनुभव गर्न सक र अतुलनीय महिमा महसुस गर्न सक, र तिमीहरू अन्त्यहीन परमानन्दको स्थितिमा अस्तित्वमा हुनेछौ।

ज्येष्ठ पुत्रहरूको आशिषहरूको प्राप्त गर्न सक्नु न सजिलो कुरा नै हो न औसत मानिसले हासिल गर्नसक्ने कुरा नै। म एक पटक फेरि जोड दिन्छु र अझै जोड दिएर भन्छु कि मैले मेरा ज्येष्ठ पुत्रहरूबाट झनै कठोर माग गर्नुपर्छ। अन्यथा, तिनीहरूले मेरो नामको महिमा गर्न सक्दैनन्। संसारमा जो कोही बदनाम छ मैले त्यसलाई त्याग्नैपर्छ, र चरित्रहीनलाई त मैले झनै धेरै त्याग गर्छु। (परमेश्‍वरका मानिसहरू बन्न तिनीहरूसँग कुनै हिस्सा छैन–यसमा म विशेष जोड दिन्छु।) तैँले विगतमा गरेका कुरा सकियो र सुल्झाइयो भनेर नसोच्–यस्तो राम्रो कुरा कसरी हुन सक्छ! के ज्येष्ठ पुत्रको हैसियत प्राप्त गर्नु यति सजिलो छ र? मेरो विरुद्ध हुने, मलाई मेरो देहमा नचिन्ने, मेरो इच्छा मैले लागू गर्दा बाधा पुऱ्याउने, र ममाथि अत्याचार गर्नेहरूलाई म उही तरिकाले त्याग्छु–म यत्तिको कठोर छु (किनभने मैले मेरो शक्ति पूर्णरूपमा फिर्ता लिएको छु)! अन्त्यमा, जीवनमा कहिल्यै कुनै पनि असफलताहरू नभोगेका जोसुकैलाई पनि म सोही तरिकाले त्याग्छु। म जस्तै, आफ्ना कष्टबाट माथि उठेकाहरूलाई चाहन्छु, चाहे ती कष्ट सानै किन नहोऊन्। यदि तिनीहरू आएका छैनन् भने, तिनीहरू मैले फ्याँक्ने प्रकारका हुन्। मेरो ज्येष्ठ पुत्र हुने चाहना राख्ने, मेरो अगाडि आफूलाई प्रदर्शन गर्ने, निर्लज्ज नबन्। मबाट चाँडै टाढा जा! मेरो आनन्द जित्नका लागि, तैँले मलाई पहिले तुच्छ कुराहरू बताएको छस्! यो अन्धोपन हो! म तँलाई घृणा गर्छु भन्ने के तँलाई थाहा छैन, हे महत्त्वहीन अभागी? मलाई तेरो कपटी चालहरूको बारेमा थाहा छैन जस्तो तँलाई लाग्छ? तँ बारम्बार लुक्छस्! तैँले तेरो दियाबलस अनुहार देखाएको छस् भन्ने कुरा के तँलाई थाहा छैन? मानिसहरूले यसलाई देख्न नसके पनि, के तँलाई म पनि देख्न सक्दिन जस्तो लाग्छ? मलाई सेवा प्रदान गर्नेहरू राम्रा छैनन्; तिनीहरू महत्त्वहीन अभागीहरूको झुण्ड हुन्। मैले तिनीहरूको निराकरण गर्नैपर्छ। म तिनीहरूलाई अतल कुण्डमा फ्याँक्नेछु र तिनीहरूलाई जलाउनेछु!

तँ अधर्मी तरिकाले बोल्छस्, अविश्‍वासी तरिकाले कार्य गर्छस्, र अरूसँग राम्ररी सहकार्य गर्दैनस्; यस्तो मानिसले अझै राजा हुने इच्छा राख्छ–के तैँले सपना देखिरहेको छैनस् र? के तँ भ्रमित होइनस्? तँ के होस् भनेर के तँ देख्दैनस्? तँ महत्त्वहीन अभागी होस्! यस्तो मानिसको के कुनै काम हुन्छ र? मेरो नजरबाट चाँडो दूर भइहाल्! मैले भनेको कुरा सबैले स्पष्ट रूपमा बुझ्नुपर्छ, मेरा वचनहरूबाट प्रेरणा लिनुपर्छ, र मेरा बुद्धिको बारेमा थाहा पाउनुपर्छ। पवित्र आत्मिक शरीर देखा परेको छ भनेर बारम्बार भनिएको छ। आखिरमा, तिमीहरू पवित्र आत्मिक शरीर देखा परेको छ कि छैन भन्छौ? के मैले बोल्ने कुरा बकम्फुसे कुरा हुन्? पवित्र आत्मिक शरीर भनेको के हो? पवित्र आत्मिक शरीर कस्तो परिस्थितिमा अस्तित्वमा हुन्छ? मानिसहरूका लागि, यो

कल्पना गर्न नसकिने र बुझ्न नसकिने कुरा हो। म तिमीहरूलाई बताउँछु: म दोषरहित छु, र ममा सबै कुरा खुला छ, र सबै कुरा मुक्त छ (किनभने म बुद्धिमानी भएर कार्य गर्छु र स्वतन्त्र रूपमा बोल्छु)। मेरा कार्यहरू, कुनै पनि लज्जाजनक छैन, र सबै कुरा उज्यालोमा गरिन्छन्, ताकि सबै जना पूर्ण रूपमा विश्वस्त हुन सकून्। साथै, कुनै पनि मानिसले उसँग भएको कुनै पनि कुरा मेरो विरुद्ध प्रयोग गर्नको लागि कायम राख्न सक्दैन। "पवित्र आत्मिक शरीर" भन्ने वाक्यांशको "पवित्र" भन्ने शब्दको व्याख्या यही हो। त्यसैले, मैले बारम्बार जोड दिएको छु, कि लज्जाजनक कार्य गर्ने कोही पनि मलाई चाहिँदैन। यो मेरो प्रशासनिक आदेशहरूको एक हिस्सा हो, र यो मेरो स्वभाव पनि हो। "आत्मिक शरीर" ले मेरा वाणीहरूलाई जनाउँछ। म जे बताउँछु त्यसमा सधैँ उद्देश्य हुन्छ, सधैँ बुद्धि हुन्छ, र त्यो नियन्त्रणको अधीनमा हुँदैन। (मलाई जे बोल्न मन लाग्छ म त्यही बोल्छु, र उहाँको आवाज बोल्ने मेरो आत्मा हो, र यो मेरो व्यक्तित्व बोलिरहेको हो।) मैले बालेका कुरा स्वतन्त्र रूपमा जारी हुन्छन्, र जब यो मानिसहरूको धारणाहरूसँग मिल्दैन, त्यो नै मानिसहरूलाई खुलासा गर्ने समय हो। यो मेरो उपयुक्त व्यवस्थापन हो। तसर्थ, म भएको व्यक्तित्वले जब बोल्छ वा कार्य गर्दछ, त्यो सधैँ नै शैतानको सारलाई खुलासा गर्ने राम्रो अवसर बन्छ। जब म भएको व्यक्तित्वको अभिषेक हुन्छ, पवित्र आत्मिक शरीर उदाउँछ। भविष्यमा, "पवित्र आत्मिक शरीर" ले शरीरलाई जनाउनेछ, र यो अर्थका दुई वटा पक्ष छन्। अर्थको एउटा पक्ष वर्तमानको हो, अर्थको अर्को पक्ष भविष्यको हो। तर भविष्यमा, पवित्र आत्मिक शरीर अहिलेको भन्दा एकदमै भिन्न हुनेछ–स्वर्ग र पृथ्वी बीचको भिन्नता जस्तै। यसलाई कसैले पनि बुझ्न सक्दैन, र यस कुराबारे मैले तिमीहरूलाई व्यक्तिगत रूपमा खुलासा गर्नुपर्ने हुनेछ।

## अध्याय ९५

मानिसहरू सबै कुरा एकदमै सरल हुन्छ भन्ने कल्पना गर्छन्, तर वास्तवमा त्यस्तो हुँदैन। प्रत्येक कुरामा लुकेका रहस्यहरू साथै मेरो बुद्धि र मेरो बन्दोबस्त समावेश हुन्छन्। कुनै पनि विवरणलाई छुटाइँदैन, र सबै कुरा मद्वारा प्रबन्ध गरिएका हुन्छन्। मलाई निष्ठापूर्वक प्रेम नगर्ने सबैमा महान् दिनको न्याय पर्नेछ (याद राख्, महान् दिनको न्याय यो नाम प्राप्त गर्ने प्रत्येक व्यक्तिमा लक्षित छ) र तिनीहरूलाई रुने र आफ्ना दाह्रा किट्ने बनाउँछ। रुवाइको आवाज पाताल र नर्कबाट आउँछ; यो मानिसहरूको रुवाइ होइन, बरु भूतहरूको हो। यो रुवाइ मेरो न्यायले ल्याउँछ, जसले मानिसहरूका लागि दिइने मेरो व्यवस्थापन योजनाको अन्तिम मुक्ति ल्याउँछ। मैले कतिपय मानिसहरूमा आशा राख्ने गर्थें। तर अहिले हेर्दा, मैले यी मानिसहरूलाई एक-एक गरी त्याग्नुपर्छ, किनकी मेरो काम यो चरणमा आइपुगेको छ, र यो कसैले परिवर्तन गर्न नसक्ने कुरा हो। जो मेरा ज्येष्ठ पुत्र वा मेरा मानिसहरू होइनन् तिनीहरू सबैलाई त्यागिनुपर्छ र तिनीहरू मबाट टाढा जानैपर्छ! तैँले यो बुझ्नुपर्छ कि, चीनमा, मेरा ज्येष्ठ पुत्रहरू र मेरा मानिसहरू बाहेक, अरू सबै ठूलो रातो अजिङ्गरका सन्ततिहरू हुन् र तिनलाई हटाइनुपर्छ। तिमीहरू सबैले बुझ्नुपर्छ, चीन आखिर मबाट श्रापित राष्ट्र हो, र त्यहाँ भएका मेरा केही मानिसहरू अरू कोही नभएर मेरो

भविष्यको काममा सेवा प्रदान गर्नेहरू हुन्। यसलाई अर्को शब्दमा भन्नुपर्दा, मेरा ज्येष्ठ पुत्रहरूबाहेक, त्यहाँ अरू कोही छैनन्–तिनीहरू सबैको विनाश हुन्छ। म मेरा कार्यहरूमा एकदमै ज्यादती गर्छु भनेर नसोच्–यो मेरो प्रशासनिक आदेश हो। मेरा श्रापहरू भोग्ने मेरो घृणाका पात्रहरू हुन्, र यो कुरालाई मेट्न सकिँदैन। म कुनै गल्ती गर्दिन; यदि मलाई अप्रसन्न बनाउने कसैलाई मैले देखेँ भने, म तिनीहरूलाई निकाल्नेछु; त्यो तँ मबाट श्रापित हुन्छस् र ठूलो रातो अजिङ्गरको सन्तति होस् भन्ने कुराको पर्याप्त प्रमाण हो। म यो कुरालाई तेरो लागि पुनः जोड दिएर भन्छु–चीनमा मेरा ज्येष्ठ पुत्रहरू मात्रै छन् (मलाई सेवा प्रदान गर्ने मेरा मानिसहरू बाहेक) र यो मेरो प्रशासनिक आदेश हो। तर मेरा ज्येष्ठ पुत्रहरू एकदमै थोरै छन् र मबाट पूर्वनियुक्त भएका छन्–म के गर्छु भनेर मलाई थाहा छ। मलाई तेरो नकारात्मकतादेखि डर लाग्दैन र तँ फर्किनेछस् र मलाई टोक्नेछस् भन्नेमा पनि मलाई डर लाग्दैन, किनकी मसँग मेरो प्रशासनिक आदेशहरू र मेरो क्रोध छन्। यसो भन्नुको अर्थ, मेरो हातमा ठूला विपत्तिहरू छन् र मलाई केही कुराको पनि डर लाग्दैन, किनकी म यावत् थोकहरू हासिल भइसकेको ठान्छु, र जब त्यो दिन आउँछ म तेरो पूर्ण रूपमा सामना गर्नेछु। मेरो ज्येष्ठ पुत्र बन्नका लागि कसैलाई सिद्ध बनाउन सकिँदैन वा मानिसले शिक्षित बनाउन सक्दैन–यो कुरा पूर्ण रूपमा मेरो पूर्वनियुक्तिमा निर्भर रहन्छ। म जसलाई ज्येष्ठ पुत्र भन्छु त्यो ज्येष्ठ पुत्र हो; यसका लागि प्रतिस्पर्धा गर्न वा यसलाई कब्जा गर्न नखोज्। सबै कुरा म, सर्वशक्तिमान् परमेश्वर स्वयम्मा निर्भर रहन्छ।

एक दिन म तिमीहरूलाई मेरा प्रशासनिक आदेश र मेरो क्रोध के हुन् भनेर देखाउनेछु (सबैले मेरोअगाडि घुँडा टेक्नेछन्, सबैले मेरो आराधना गर्नेछन्, सबैले मसँग माफीको भीख माग्नेछन् र सबै जना आज्ञाकारी हुनेछन्; म अहिले मेरो ज्येष्ठ पुत्रहरूलाई मात्रै यसको एक हिस्सा देखाउँछु)। मेरा ज्येष्ठ पुत्रहरूलाई सिद्ध गर्नका लागि मैले बलिदानका लागि धेरैलाई छनौट गरेको छु, मैले ठूलो रातो अजिङ्गर आफ्नै धूर्त योजनाका शिकार हुन बाध्य बनाएको भनेर म ठूलो रातो अजिङ्गरका सन्ततिहरू (मेरा ज्येष्ठ पुत्रहरूबाहेक सबै जना) लाई देखाउनेछु। (मेरो व्यवस्थापन योजनामा बाधा पुर्‍याउन, मेरो व्यवस्थापन योजनामा, ठूलो रातो अजिङ्गरले मेरा लागि सेवा प्रदान गर्नेहरूलाई–मेरा ज्येष्ठ पुत्रहरूबाहेक सबै जनालाई–अगाडि पठाउँछ; तर पनि यो आफ्नै धूर्त योजनाको शिकार भएको छ, र तिनीहरू सबै मेरो कामका लागि सेवा प्रदान गर्छन्। मेरा लागि सेवा प्रदान गर्न सबैको परिचालन गर्नुको साँचो अर्थको एउटा हिस्सा यही हो।) आज, जब सबै कुराहरू हासिल भएका छन्, म तिनीहरू सबैलाई फ्याँकिदिनेछु, मेरो पैतालामुनि कुल्चिनेछु, र यसमार्फत म ठूलो रातो अजिङ्गरलाई अपमानित बनाउनेछु र त्यसलाई एकदमै लज्जित बनाउनेछु (आशिषहरू प्राप्त गर्नको लागि तिनीहरूले मूर्ख बनाउने प्रयास गर्नेछन्, तर तिनीहरूले मेरो लागि सेवा प्रदान गर्नेछन् भनेर कहिल्यै सोचेनन्)–यो मेरो बुद्धि हो। यो सुनेपछि, मानिसहरूले मसँग भावना वा कृपा छैन, र मसँग कुनै मानवता छैन भनेर सोच्छन्। मसँग शैतानप्रति साँच्चै कुनै भावना वा कृपा छैन, साथै म मानवतालाई उछिन्ने परमेश्वर स्वयम् हुँ। म मानवता भएको परमेश्वर हुँ भनेर तैँले कसरी भन्न सक्छस्? म यो संसारको होइन भनेर के तँलाई थाहा छैन? म यावत् थोकभन्दा माथि छु भनेर के तँलाई थाहा छैन? मेरा ज्येष्ठ पुत्रहरूबाहेक, म जस्तो अरू

कोही छैन, मेरो स्वभाव (मानव नभएर ईश्वरीय स्वभाव) भएको अरू कोही छैन, र मेरा गुणहरू भएको कोही छैन।

जब आत्मिक संसारको द्‌वार खुलेको हुन्छ, तिमीहरूले सबै रहस्यहरू देख्नेछौ, जसले तिमीहरूलाई स्वतन्त्र क्षेत्रमा पूर्ण रूपमा प्रवेश गर्न, मेरो मायालु अँगालोमा र मेरो अनन्त आशिषहरूमा प्रवेश गर्न सक्षम बनाउनेछ। मेरो हातले मानवजातिलाई सधैँ सहयोग गरेको छ। तर मैले मुक्त गर्ने र मैले मुक्त नगर्ने मानवजातिका हिस्सा छन्। (मैले "सहयोग" भनेँ किनभने मेरो सहयोगविना, सम्पूर्ण संसार धेरै पहिले पातालमा झरिसकेको हुनेथियो।) यो कुरा बोध गर्! यो मेरो व्यवस्थापन योजना हो। र मेरो व्यवस्थापन योजना भनेको के हो? मैले मानवजातिको सृष्टि गरेँ, तर मैले प्रत्येक जना मानिसलाई प्राप्त गर्ने कहिल्यै योजना बनाइन, बरु मानवजातिको एक सानो हिस्सा प्राप्त गर्ने योजना बनाएँ। त्योभए मैले किन यति धेरै मानिसहरूको सृष्टि गरेँ? मैले यसभन्दा अघि भनेको छु, मेरो निम्ति, सबै कुरा स्वतन्त्र र मुक्त छ, र म मेरो इच्छानुसार जे पनि गर्छु। जब मैले मानवजातिको सृष्टि गरेँ, तिनीहरूले सामान्य जीवन जिउन सकून् र मानवजातिको एक सानो हिस्सा उदाउन सकून् जुन मेरा ज्येष्ठ पुत्र, मेरा पुत्र र मेरा मानिसहरू बनून् भनेर मात्रै गरेको थिएँ। सबै मानिस, घटना, र वस्तुहरू–मेरा ज्येष्ठ पुत्र, मेरा मानिस, र मेरा पुत्रहरू बाहेक–सबै सेवा-कर्ताहरू हुन् र सबैको विनाश हुनुपर्छ भनेर भन्न सकिन्छ। यसरी, मेरा सम्पूर्ण व्यवस्थापन योजनाको समापन हुनेछ। यो मेरो व्यवस्थापन योजना हो, यो मेरो कार्य हो र यी मैले कार्य गर्ने चरणहरू हुन्। जब सबै कुरा समाप्त हुनेछन् म पूर्ण रूपमा आराममा हुनेछु। त्यो समयमा, सबै कुरा ठीक हुनेछ; सबै कुरा शान्त र सुरक्षित हुनेछ।

मेरो कामको गति यति छिटो छ कि यो मानिसको कल्पनाभन्दा माथि छ। यो दैनिक रूपमा परिवर्तन हुन्छ र यसलाई पछ्याउन नसक्नेहरूले ठूलो क्षति बेहोर्नुपर्ने हुन्छ; कसैले पनि प्रत्येक दिन नयाँ ज्योतिलाई मात्रै थाम्न सक्छ (यद्‌यपि मेरा प्रशासनिक आदेशका साथै मेरा परिकल्पना र मैले सङ्‌गति गर्ने सत्यतामा कहिल्यै कुनै परिवर्तन हुँदैन)। म दैनिक रूपमा किन बोल्छु? म तँलाई किन निरन्तर अन्तर्दृष्टि प्रदान गर्छु? के तँ भित्री साँचो अर्थलाई बुझ्छस्? धेरैजसो मानिसहरू अझै हाँसिरहेका र मजाक गरिरहेका छन् र गम्भीर हुन सक्दैनन्। तिनीहरूले मेरा वचनहरूमा ध्यानै दिँदैनन्, तर वचनहरू सुन्दा चिन्तित महसुस गर्छन्। पछि, मेरा वचनहरू चाँडै बिर्सन्छन् र तिनीहरू चाँडै आफ्नै पहिचानका बारेमा अनभिज्ञ हुन्छन् र तिनीहरू लापरवाही बन्छन्। के तँलाई तेरो हैसियत के हो भन्ने थाहा छ? मेरा लागि कसले सेवा प्रदान गर्छ वा को मबाट पूर्वनियुक्त र छनौट भएको छ भन्ने कुराको निर्धारण मेरो हातले मात्रै गरेको हुन्छ; यसलाई कसैले पनि परिवर्तन गर्न सक्दैन–मैले यो आफै गर्नुपर्ने हुन्छ, तिनीहरूलाई मैले आफै छनौट र पूर्वनियुक्त गर्नुपर्ने हुन्छ। म निर्बुद्‌धि परमेश्वर हुँ भनेर भन्ने दुस्साहस कसले गर्न सक्छ? मैले बोल्ने प्रत्येक वचन र मैले गर्ने प्रत्येक कार्य मेरा बुद्‌धि हुन्। मेरा व्यवस्थापनमा बाधा पुर्‍याउने वा मेरा योजनालाई नष्ट गर्ने दुस्साहस फेरि कसले गर्नसक्छ? म तिनीहरूलाई पक्कै क्षमा दिनेछैन! समय मेरो हातमा निर्भर रहन्छ र मलाई कुनै ढिलाइदेखि डर लाग्दैन; मेरो व्यवस्थापन योजना कहिले समापन हुन्छ भनेर समयको निर्धारण गर्ने के म नै होइन र? के यी सबै मेरो एउटा

सोचाइमा निर्भर रहँदैन र? जब म यो भयो भन्छु, त्यो भएको हुन्छ, र जब म यो समापन भयो भन्छु, त्यो सकिन्छ। मलाई कुनै हतारो छैन र म उपयुक्त प्रबन्धहरू मिलाउनेछु। मानिसहरूले मेरा कार्यमा बाधा पुऱ्याउनु हुँदैन र तिनीहरूले आफ्नो इच्छा मुताबिक मेरा लागि काम-कुरा गर्नु हुँदैन। बाधा पुऱ्याउने जो-कोहीलाई पनि म श्राप दिनेछु—यो मेरा प्रशासनिक आदेशहरूमध्येको एक हो। म मेरो काम आफै गर्छु र मलाई अरू कसैको आवश्यकता पर्दैन (म ती सेवा-कर्ताहरूलाई कार्य गर्न अनुमति दिन्छु, अन्यथा तिनीहरूले अविवेकी भएर वा अन्धाधुन्ध काम गर्ने दुस्साहस गर्न सक्दैनन्)। सबै कामहरूको प्रबन्ध र निर्णय मद्वारा हुन्छ, किनकी म परमेश्वर स्वयम् हुँ।

संसारका सबै राष्ट्रहरू एक-आपसमा शक्ति र नाफाका लागि प्रतिस्पर्धा गर्छन्, र जमिनका लागि लड्छन्, तर नआत्ती, किनकी यी सबै कुराहरू मेरो सेवामा छन्। र मैले तिनीहरू मेरो सेवामा छन् भनेर किन भनेँ? म एउटा औँला पनि नउठाइ काम गर्छु। शैतानहरूलाई न्याय गर्नका लागि, सुरुमा म तिनीहरूमा द्वन्द्व सिर्जना गर्छु र अन्त्यमा तिनीहरूलाई पतनमा ल्याउँछु र तिनीहरूलाई तिनीहरूको आफ्नै धूर्त योजनाहरूको शिकार बनाउँछु (तिनीहरू शक्तिका लागि मसँग प्रतिस्पर्धा गर्ने इच्छा राख्छन्, तर अन्त्यमा तिनीहरू मेरा लागि सेवा गर्न पुग्छन्)। म बोल्ने र आदेश दिने काम मात्रै गर्छु, र सबैले मैले तिमीहरूलाई भनेको कुरा गर्छन्, अन्यथा म तँलाई एकै पटकमा विनाश गरिदिनेछु। यी कुराहरू सबै मेरो न्यायको हिस्सा हुन्, किनकी म सबै कुरालाई चलाउँछु, र सबै कुरा मद्वारा नियुक्त भएका हुन्छन्। जो-कोहीले जे गरे पनि अनिच्छामा गर्छ, मेरो आफ्नै प्रबन्ध मुताबिक गर्छ। चाँडै आउने घटनाहरूमा तिमीहरू मेरो बुद्धिले भरिपूर्ण हुनसक्छौ भनेर मैले आशा गरेको छु। लापरवाही विधि लागू नगर्, बरु जब कुराहरू तँमाथि आइपर्छन् बारम्बार तँ मेरो झनै नजिक आइज; मेरो सजायलाई नबिर्गान, र शैतानका धूर्त योजनाहरूको शिकार बन्नबाट रोकिनका लागि सबै हिसाबमा झनै बढी सचेत र सावधान बन्। तिमीहरूले मेरा वचनहरूबाट ज्ञान प्राप्त गर्नुपर्छ, म जे हुँ त्यो थाहा पाउनुपर्छ, र मसँग जे छ त्यसलाई हेर्नुपर्छ। तैँले मेरो अर्थपूर्ण हेराइहरूअनुसार कुराहरू गर्नुपर्छ र लापरवाही भएर काम गर्नु हुँदैन। म जे भन्छु त्यो गर्, र म जे भन्छु त्यो भन्। म यी कुराहरू तिमीहरूलाई अगाडि नै बताउँछु ताकि तिमीहरू गल्ती गर्न र आकर्षित हुनबाट जोगिन सक। "मेरो अस्तित्व" र "ममा निहित कुराहरू" के हुन्? के तिमीहरूलाई वास्तवमै थाहा छ? मैले भोग्ने पीडा मेरो अस्तित्वको एक हिस्सा हो, त्यसैगरी मेरो सामान्य मानवताको एक हिस्सा हो, र मेरो अस्तित्व मेरा पूर्ण ईश्वरत्वमा पनि पाउन सकिन्छ—के तिमीहरूलाई यो कुरा थाहा छ? मेरा अस्तित्व दुई वटा पक्षहरूले बनिएको छ: एउटा पक्ष मेरो मानवता हो भने, अर्को पक्ष मेरो पूर्ण ईश्वरत्व हो। यी दुई पक्षहरूलाई जब आपसमा जोडिन्छ पूर्ण परमेश्वर स्वयम् बन्नुहुन्छ। मेरो पूर्ण ईश्वरत्वमा धेरै राम्रा कुराहरू पनि समावेश छन्: म कुनै पनि व्यक्ति, वस्तु, वा कुराबाट कुनै पनि बाधाको सामना गर्दिन; म सबै वातावरणहरूलाई उछिन्छु; म कुनै पनि समय वा स्थान वा भूगोलको सीमितताभन्दा माथि छु; मेरो लागि सबै मानिस, वस्तु, वा कुराहरू मेरो हात जतिकै परिचित हुन्छन्; तथापि म अझै देह र हाड हुँ, र म साकार स्वरूपमा अस्तित्वमा छु; म मानिसहरूको नजरमा अझै यही व्यक्तित्व हुँ, तर प्रकृति परिवर्तन भएको छ—यो देह होइन, बरु शरीर हो। यी कुराहरू यसको सानो भाग मात्रै हुन्। भविष्यमा

मेरा सबै ज्येष्ठ पुत्रहरू पनि यस्तै हुनेछन्; हिँडिनुपर्ने मार्ग यही हो, र नाश हुन निश्चित भएकाहरू उम्किन सक्दैनन्। मैले यो गरिरहँदा, पूर्वनियुक्त नभएका सबैलाई हटाइनेछ (किनकी मेरा वचनहरू सटीक छन् वा छैनन् भनेर हेर्नका लागि यो शैतानले मेरो परीक्षा लिएको हो)। पूर्वनियुक्त नभएकाहरू जहाँसुकै गए तापनि यसबाट उम्किन सक्दैनन्, र त्यहाँ तिमीहरूले मेरो यो कामपछाडिको सिद्धान्तहरू देख्नेछौ। "ममा निहित कुराहरू" ले मेरो बुद्धि, मेरो ज्ञान, मेरो स्रोत सम्पन्नता र मैले बताउने प्रत्येक वचनहरूलाई जनाउँछ। मेरो मानवता र मेरो ईश्वरत्व दुवैमा यो निहित छ। यसको अर्थ, मेरो मानवता र मेरो ईश्वरत्वले गरेका सबै कुराहरू ममा निहित कुराहरू हुन्; यी कुराहरूलाई न कसैले लान सक्छ न हटाउन नै सक्छ; तिनीहरू ममा निहित छन्, र त्यसलाई कसैले पनि परिवर्तन गर्न सक्दैन। यो मेरो सबैभन्दा गम्भीर प्रशासनिक आदेश हो (मानिसहरूको धारणाहरूका लागि, मैले गर्ने धेरै कुराहरू तिनीहरूको धारणाहरू अनुरूप हुँदैनन् र मानव बुझाइभन्दा माथि हुन्छन्; प्रत्येक मानिसले एकदमै सजिलो तरिकाले उल्लङ्घन गर्ने आदेश यही हो र यो सबैभन्दा गम्भीर आदेश पनि हो। तसर्थ त्यसमा तिनीहरूको जीवनले क्षति बेहोर्छन्)। म फेरि भन्नेछु, मैले तिमीहरूले यो गर भनेर सम्झाएको कुरामा तिमीहरूले इमानदार विधि अपनाउनुपर्छ–तिमीहरू लापरवाही हुनु हुँदैन!

## अध्याय ९६

म आफ्नो सम्पूर्ण क्रोध, मेरो महान् शक्ति र मेरो सम्पूर्ण बुद्धि प्रकट गर्न तिनीहरू प्रत्येकलाई सजाय दिन्छु, जो मद्वारा जन्मेर पनि मलाई चिन्दैनन्। ममा, सबै धर्मी छ, र कुनै अधर्म, कुनै छल र कुनै कुटिलपन हुँदैन; जो कुटिल र छली छ त्यो पातालबाट जन्मेको नरकको छोरो हुनुपर्छ। ममा सबै कुरा खुल्ला छ; म जे-जे भन्छु ती पूरा हुनेछन्, साँच्चै पूरा हुनेछन्; मैले जे-जे स्थापित हुनेछन् भनी भन्छु ती स्थापित हुनेछन्, र कसैले पनि यी कुराहरू बदल्न वा अनुकरण गर्न सक्दैनन्, किनकि म एक मात्र परमेश्वर स्वयम् हुँ। जे आउन लागेको छ त्यसमा, मेरो पूर्वनियुक्ति गरिएका र चुनिएका ज्येष्ठ पुत्रहरूको समूहमा हुने हरेकलाई एक-एक गरी प्रकट गरिनेछ, र ज्येष्ठ पुत्रहरूको समूहमा नभएकाहरूलाई म यसबाट हटाउनेछु। म मेरो काम यसरी गर्छु र पूरा गर्छु। अहिले, मेरा ज्येष्ठ पुत्रहरूले मेरा अद्भुत कामहरू देख्न सकून् भनेर मात्रै म कतिपय मानिसहरूलाई खुलासा गर्छु, तर पछि म यसरी काम गर्नेछैन। बरु, तिनीहरूलाई एक-एक गरी तिनीहरूको साँचो प्रकृति देखाउनुभन्दा म सामान्य अवस्थाबाट अघि बढ्छु (किनभने भूतहरू सबै आधारभूत रूपमा उही हुन्छन्, थोरैलाई मात्रै उदाहरणको लागि लिनु पर्याप्त हुन्छ)। मेरा सबै ज्येष्ठ पुत्रहरू तिनीहरूको हृदयमा स्पष्ट छन्, र मैले विस्तृत व्याख्या गर्नुपर्ने कुनै आवश्यकता पर्दैन (किनभने तोकिएको समयमा, तिनीहरूलाई अवश्य नै एकपछि अर्को गरी प्रकट गरिनेछ)।

मेरा प्रतिज्ञाहरू पूरा गर्नु मेरो स्वभाव हो, र ममा कुनै पनि कुरा लुकाइएको वा ढाकिएको छैन। म तिमीहरूलाई तिमीहरूले बुझ्नुपर्ने हरेक कुराहरूका बारेमा बताउनेछु, र म तिमीहरूलाई तिमीहरूले जान्न नहुने कुराहरूको बारेमा केही पनि बताउनेछैन, नत्र भने तिमीहरू दह्रिलो गरी

खडा हुन सक्नेछैनौ। सानातिना कुराहरूमा अल्मलिएर त्यसद्वारा महत्त्वपूर्ण कुराहरूलाई नगुमाओ–यसो गर्नु साँच्चै नै योग्य हुँदैन। म सर्वशक्तिमान् परमेश्वर हुँ भनेर विश्वास गर, र त्यसपछि सबै कुरा पूरा हुनेछ र सबै कुरा सहज र रोचक हुनेछ। म कामकुरा यसरी नै गर्छु। ज-जसले विश्वास गर्छ, म उसलाई देख्ने अनुमति दिन्छु, र ज-जसले विश्वास गर्दैन, म उसलाई जान्ने अनुमति दिन्नँ, र म उसलाई कहिल्यै पनि बुझ्न दिँदिन। ममा कुनै अनुभूति वा कृपा छैन, र मेरो सजायलाई जसले उल्लङ्घन गर्छ, म त्यसलाई मेरो हात नराखी मार्नेछु, र म तिनीहरू सबैलाई उही किसिमले व्यवहार गर्नेछु। म सबैप्रति उस्तै छु–मसँग कुनै व्यक्तिगत अनुभूतिहरू छैनन् र म कुनै पनि हिसाबमा भावनात्मक रूपमा काम गर्दिनँ। मानिसहरूले कसरी यसद्वारा मेरो धार्मिकता र प्रतापलाई देख्न सक्दैनन्? मेरो बुद्धि र मेरो स्वभाव यही हो, जसलाई कसैले पनि परिवर्तन गर्न सक्दैन र कसैले पनि पूर्ण रूपमा जान्न सक्दैन। मेरा हातहरूले सधैँ सारा समय सबै कुरामाथि हुकुम चलाउँछ, र मैले इसारा गर्दा मेरो सेवा गर्ने गरी सधैँ सबै कुरालाई बन्दोबस्त गर्छु। मेरो व्यवस्थापन योजनालाई पूरा गर्नको लागि अनगिन्ती मानिसहरूले मेरो खातिर सेवा दिइरहेका छन्, तर अन्त्यमा तिनीहरूले आशिषहरू त देख्छन् तर तिनको उपभोग गर्न सक्दैनन्–कस्तो दयनीय! तर कसैले पनि मेरो हृदय परिवर्तन गर्न सक्दैन। यो मेरो प्रशासनिक आदेश हो (जब-जब प्रशासनिक आदेशहरूको बारेमा उल्लेख गरिन्छ, यसले कसैले पनि परिवर्तन गर्न नसक्ने कुरालाई जनाउँछ, त्यसकारण जब म भविष्यमा बोल्छु, यदि मैले कुनै कुरा गर्नेतिर मेरो मन लगाएको छु भने, त्यो निश्‍चित रूपमा नै मेरो प्रशासनिक आदेश हुन्छ। यो कुरा याद गर! यसको विरुद्धमा उल्लङ्घन नगर्, नत्र तैँले नोक्सानी बेहोर्नुपर्छ), र यो मेरो व्यवस्थापन योजनाको भाग पनि हो। यो मेरो आफ्नै काम हो, कुनै पनि मानिसले गर्न सक्ने कुरा होइन। मैले यो गर्नैपर्छ–मैले यसको बन्दोबस्त गर्नैपर्छ, जुन मेरो सर्वशक्ति देखाउन र मेरो क्रोध प्रकट गर्नको लागि पर्याप्त छ।

धेरैजसो मानिसहरूलाई अझै पनि मेरो मानवताको बारेमा थाहा छैन र यसबारे स्पष्ट छैनन्। मैले यो कुरा धेरै पटक भनिसकेको छु, तर तिमीहरू अझै पनि अस्पष्ट छौ र यसबारे तिमीहरूले त्यति धेरै बुझेका छैनौ। तर यो मेरो काम हो, र अब, यस पटक, ज-जसले जान्दछन्, जान्दछन्, र ज-जसले जानेका छैनन्, म बाध्य गर्दिनँ। म यसरी मात्रै व्यवहार गर्न सक्छु। मैले यसको बारेमा स्पष्टसाथ बोलेको छु, र म यसको बारेमा पछि फेरि कुरा गर्नेछैन (किनभने मैले धेरै कुरा बताइसकेको छु, अनि मैले अत्यन्तै स्पष्ट रूपमा बोलिसकेको छु। मलाई चिन्ने व्यक्तिसँग अवश्य नै पवित्र आत्माको काम हुन्छ, र ऊ मेरो ज्येष्ठ पुत्रहरू मध्येको एक हो भन्नेमा कुनै शङ्का हुँदैन। मलाई नचिन्नेसँग निश्‍चित रूपमा नै पवित्र आत्माको काम हुँदैन, र यसले ऊबाट मेरो आत्मा हटाइसकिएको छ भन्ने प्रमाणित गर्छ)। तर अन्त्यमा, म सबैलाई मलाई चिन्ने–मेरो मानवतामा र मेरो ईश्‍वरीयतामा दुवैमा मलाई पूर्ण रूपमा चिन्ने तुल्याउनेछु। मेरा कामका चरणहरू यिनै हुन्, र मैले यसरी नै काम गर्नुपर्छ। यो मेरो प्रशासनिक आदेश पनि हो। हरेकले मलाई एक मात्र साँचो परमेश्‍वर भनी पुकार्नुपर्छ, र नरोकिकन मलाई प्रशंसा र आनन्दको साथ जयजयकार गर्नुपर्छ।

मेरो व्यवस्थापन योजना पूर्ण रूपमा पूरा भइसकेको छ, र धेरै समय अघि नै सबै कुरा पूरा गरिएको छ। मानव आँखाको लागि, मेरो धेरै काम अझै जारी छ जस्तो देखिन्छ, तर मैले पहिले नै यसलाई उचित रूपमा मिलाइसकेको छु, र मेरा चरणहरू अनुसार एक-एक गरी पूरा हुन मात्र बाँकी छ (किनभने संसारको सृष्टिभन्दा पहिले नै परीक्षामा को अडिग रहन सक्छ, को मद्वारा चुनिन र पूर्वनियुक्ति हुन सक्दैन, र को मेरो कष्टमा सहभागी हुन सक्दैन भनेर मैले पूर्वनिर्धारित गरिसकेको छु। मेरो कष्टमा सहभागी हुन सक्नेहरू–अर्थात्, मैले पूर्वनियुक्ति गरेका र चुनेकाहरूलाई म अवश्य नै सुरक्षित राख्नेछु र तिनीहरूलाई सबै कुरालाई उछिन्ने तुल्याउनेछु)। हरेक भूमिकामा को हुनेछ भन्ने बारेमा म मेरो हृदयमा स्पष्ट छु। कसले मलाई सेवा गर्छ, को ज्येष्ठ पुत्र हो, र को मेरा पुत्रहरू र मेरा मानिसहरूमध्येका हुन् भन्ने बारेमा मलाई राम्ररी थाहा छ। मेरो लागि यो कुरा मेरो हतकेला जत्तिकै परिचित छ। मैले विगतमा ज-जसलाई मेरो ज्येष्ठ पुत्र भनी भनेको छु तिनीहरू अहिले पनि मेरा ज्येष्ठ पुत्र हुन्, र मैले विगतमा ज-जसलाई मेरा ज्येष्ठ पुत्र होइनन् भनी भने अहिले पनि तिनीहरू मेरा ज्येष्ठ पुत्र होइनन्। म जे गर्छु, म पछुताउँदिन, र म यसलाई सहजै परिवर्तन गर्दिनँ। म जे भन्छु मेरो आसय त्यही हुन्छ (ममा कुनै पनि व्यर्थता छैन), र यो कुरा कहिल्यै पनि परिवर्तन हुँदैन! मलाई सेवा गर्नेहरूले सधैँ नै मेरो सेवा गर्नेछन्: तिनीहरू मेरा चौपाया हुन्; तिनीहरू मेरा घोडा हुन् (तर यी मानिसहरूले तिनीहरूका आत्मामा कहिल्यै अन्तर्दृष्टि पाउदैनन्; जब म तिनीहरूलाई प्रयोग गर्छु, तिनीहरू उपयोगी हुन्छन्, तर जब म तिनीहरूलाई प्रयोग गर्दिनँ, म तिनीहरूलाई मार्छु। जब म चौपाया र घोडाहरूको कुरा गर्छु, तब मैले आफ्ना आत्मामा अन्तर्दृष्टि नपाएका, मलाइ नचिन्ने, र मेरो अवज्ञा गर्नेहरूको बारेमा कुरा गरिरहेको हुन्छु, र तिनीहरू आज्ञाकारी र समर्पित अनि सरल र इमानदार भए पनि, तिनीहरू अझै पनि वास्तविक चौपाया र घोडाहरू नै हुन्)। अब, उपद्रवी रूपमा कुराकानी गर्दै र हाँस्दै, तिरस्कारी ढङ्गले व्यवहार गर्दै धेरैजसो मानिसहरू मेरो अघि निर्दयी र छाडा हुन्छन्–तिनीहरूले मेरो मानवता मात्रै देख्छन्, मेरो ईश्वरीयतालाई देख्दैनन्। मेरो मानवतामा यी बानीबेहोराहरूलाई त्यतिकै छाडिदिन सकिन्छ र म तिनीहरूलाई माफी दिन बाध्य हुन्छु, तर मेरो ईश्वरीयतामा त्यसो गर्नु सजिलो छैन। भविष्यमा, म तिमीहरूले ईश्वर-निन्दाको पाप गरेका छौ भन्ने निर्णय गर्नेछु। अर्को शब्दमा भन्दा, मेरो मानवतालाई उल्लङ्घन गर्न सकिन्छ, तर मेरो ईश्वरीयतालाई होइन, र मसँग अलिकति पनि द्वन्द्व गर्ने जोकोहीलाई म कुनै ढिलाइ नगरिकन तुरुन्तै न्याय गर्नेछु। तैँले मसँग धेरै वर्षसम्म सङ्गत गरेको र तँ मसँग परिचित बनेको छस् भन्दैमा, तैँले निर्दयीपूर्वक बोल्न र काम गर्न सक्छस् भन्ने नसोच्। मलाई साँच्चै यो कुराको मतलब छैन! यो व्यक्ति जो भए पनि, म त्यससँग धार्मिकताको साथ व्यवहार गर्नेछु। यो मेरो धार्मिकता हो।

मेरा रहस्यहरू मानिसहरूका निम्ति दिन-प्रतिदिन प्रकट गरिन्छ, र तिनीहरू प्रकाशका चरणहरूलाई पछ्याउँदै दिन-प्रतिदिन झन्-झन् स्पष्ट हुँदै जान्छन्, जुन मेरो कामको गति देखाउनको लागि पर्याप्त छ। यो मेरो बुद्धि हो (म यो कुरा सीधै बताउँदिन। म मेरा ज्येष्ठ पुत्रहरूलाई अन्तर्दृष्टि दिन्छु र ठूलो रातो अजिङ्गरका सन्तानलाई अन्धो तुल्याउँछु)। यसको साथै, मेरो पुत्रद्वारा म तिमीहरूलाई आज मेरो रहस्य प्रकट गर्नेछु। मानिसहरूका निम्ति अकल्पनीय

कुराहरू म तिमीहरूलाई आज प्रकट गर्नेछु, म तिमीहरूलाई पूर्ण रूपमा जान्न र स्पष्ट रूपमा बुझ्न लगाउनेछु। यसको साथै, मेरा ज्येष्ठ पुत्रहरूभन्दा बाहिरका हरेकमा यो रहस्य अस्तित्वमा हुन्छ, तर कसैले पनि यसलाई बुझ्न सक्दैन। यो कुरा हरेक व्यक्तिभित्र हुने भए पनि, कसैले पनि यसलाई पहिचान गर्न सक्दैन। मैले के भनिरहेको छु? यस अवधिको मेरो काम र मेरा वाणीहरूमा, म बारम्बार ठूलो रातो अजिङ्गर, शैतान, दियाबलस, र प्रधान स्वर्गदूतको बारेमा उल्लेख गर्छु। तिनीहरू के हुन्? तिनीहरूको सम्बन्ध के हो? यी कुराहरूमा के प्रकट हुन्छन्? ठूलो रातो अजिङ्गरका प्रकटीकरणहरू मप्रतिको विरोध हुन्, मेरा वचनहरूको अर्थको ज्ञान र समझको कमी हुन्, मलाई गरिएको बारम्बारको सतावट र मेरो व्यवस्थापनमा बाधा पुऱ्याउने योजनाहरू प्रयोग गर्ने प्रयास हुन्। शैतान यसरी प्रकट हुन्छः शक्तिको लागि मसँग सङ्घर्ष गर्ने, मेरा चुनिएका मानिसहरूलाई लिन चाहने, र मेरा मानिसहरूलाई छल गर्न नकरात्मक वचनहरू जारी गर्ने। दियाबलसका प्रकटीकरणहरू (मेरो नामलाई स्वीकार नगर्ने, विश्वास नगर्ने सबै दियाबलसहरू हुन्) यसप्रकार छन्: देहको सुख-चैनको लालच गर्ने, दुष्ट अभिलाषाहरूमा लिप्त हुने, शैतानको बन्धनमा जिउने, केहीले मलाई विरोध गर्छन् र केहीले मलाई समर्थन गर्छन् (तर तिनीहरू मेरा प्रिय पुत्रहरू हुन् भन्ने प्रमाणित हुँदैन)। प्रधान स्वर्गदूतका प्रकटीकरणहरू यसप्रकार छन्: अटेरी भई बोल्ने, अधर्मी बन्ने, मानिसहरूलाई भाषण दिन प्रायजसो मेरो स्वरशैलीको अनुकरण गर्ने, मेरो अनुकरण गर्दा बाहिरी कुरामा मात्रै ध्यान दिने, मैले जे खान्छु त्यही खाने र मैले जे प्रयोग गर्छु त्यही प्रयोग गर्ने; छोटकरीमा भन्दा, मेरै स्तरको बन्न चाहना गर्ने, महत्त्वाकांक्षी बन्ने तर मेरो क्षमताको कमी भएको र मेरो जीवन नभएको, र खेर गएको कुरा बन्ने। शैतान, दियाबलस, र प्रधान स्वर्गदूत सबै ठूलो रातो अजिङ्गरलाई प्रतिनिधित्व गर्ने प्रदर्शनहरू हुन्, त्यसकारण मैले पूर्वनियुक्ति नगरेका र नचुनेका मानिसहरू सबै ठूलो रातो अजिङ्गरका सन्तान हुन्: यो पूर्णतया यस्तै हो! यी सबै मेरा शत्रुहरू हुन्। (तैपनि, शैतानका वाधाहरूलाई यसमा समावेश गरिएको छैन। यदि तेरो प्रकृति मेरो गुण जस्तो छ भने, कसैले पनि यसलाई परिवर्तन गर्न सक्दैन। अहिले तँ अझै पनि देहमा जिउने भएको हुनाले, तैँले बेला-बेलामा शैतानका परीक्षाहरूको सामना गर्नेछस्–त्यो अपरिहार्य छ–तर तँ सधैँ होशियार रहनुपर्छ।) त्यसकारण, म ठूलो रातो अजिङ्गरका सबै सन्तानलाई मेरा ज्येष्ठ पुत्रहरूको समूहभन्दा बाहिर निकालेर त्याग्नेछु। तिनीहरूको प्रकृति कहिल्यै परिवर्तन हुन सक्दैन–यो शैतानको गुण हो। तिनीहरूले प्रकट गर्ने दियाबलसलाई नै हो, र तिनीहरूले जिउने प्रधान स्वर्गदूतको जीवन हो। यो पूर्ण रूपमा साँचो कुरा हो। मैले कुरा गरेको त्यो ठूलो रातो अजिङ्गर एउटा ठूलो रातो अजिङ्गर होइन; बरु यो मेरो विरुद्धको दुष्टात्मा हो, जसको लागि "ठूलो रातो अजिङगर" एक पर्यायवाची शब्द हो। यसैले, पवित्र आत्माबाहेकका अरू सबै आत्माहरू दुष्टात्माहरू हुन्, र तिनलाई ठूलो रातो अजिङ्गरको सन्तान पनि भन्न सकिन्छ। यो कुरा सबैले स्पष्ट रूपमा बुझ्नुपर्दछ।

# अध्याय १७

म प्रत्येक मानिसलाई मेरो आश्‍चर्यजनक कार्य देखाउनेछु र मेरा बुद्‌धिमानी वचनहरू सुनाउनेछु। यसमा प्रत्येक मानिस समावेश हुनुपर्छ, र यो प्रत्येक कुरा मार्फत हुनुपर्छ। यो मेरो प्रशासनिक आदेश हो, र यो मेरो क्रोध हो। म प्रत्येक मानिस र मामलालाई छुनेछु ताकि ब्रह्‍माण्डमा जताततै र पृथ्वीको कुनाहरूसम्म भएका सबै मानिसहरूले आफ्नै आँखाले हेर्नेछन्; यो हासिल नहुँदासम्म म कहिल्यै रोकिनेछैन। मेरो क्रोधलाई अलिकति पनि बाँकी नराखी पूर्ण रूपमा पोखिएको छ। यो नाम स्वीकार गर्ने प्रत्येक मानिसप्रति यो लक्षित छ (यसलाई चाँडै संसारका सबै राष्ट्रहरूमाथि खन्याइनेछ)। र मेरो क्रोध भनेको के हो? यो कति गम्भीर छ? मेरो क्रोध कस्तो प्रकारका मानिसहरूमाथि खनिन्छ? अधिकतर मानिसहरूले क्रोध भनेको रिसको सबैभन्दा गम्भीर स्तर हो भन्ने सोच्छन्, तर यसले पूर्ण रूपमा व्याख्या गर्दैन। मेरो क्रोध र मेरा प्रशासनिक आदेशहरू दुई अभिन्न पक्षहरू हुन्; जब म मेरा प्रशासनिक आदेशहरू लागू गर्छु, त्यसलगत्तै क्रोध आउँछ। त्यसोभए क्रोध भनेको ठ्याक्कै के हो त? क्रोध मैले मानिसहरूलाई दिने न्यायको स्तर हो र यो मेरा प्रशासनिक आदेशहरू मध्येको कुनै पनि आदेश लागू गर्दा मैले प्रयोग गर्ने सिद्‌धान्त हो। मेरो आदेशहरूको उल्लङ्‍घन गर्नेलाई, उल्लङ्‍घनको स्तर अनुसार नै मेरो क्रोधको मात्रा पनि हुनेछ। जब मेरो क्रोध उपस्थित हुन्छ, तब मेरा प्रशासनिक आदेशहरू पनि उपस्थित रहन्छन् वा मेरा प्रशासनिक आदेशहरू उपस्थित हुँदा मेरो क्रोध पनि उपस्थित हुन्छ भन्ने कुरा निश्‍चित छ। मेरा प्रशासनिक आदेशहरू र मेरो क्रोध मिलेर अविभाज्य पूर्ण बन्छन्। यो न्यायहरूमध्येको सबैभन्दा गम्भीर न्याय हो, जसलाई कसैले पनि उल्लङ्‍घन गर्न सक्दैन। सबै मानिसहरूले यसलाई पालना गर्नुपर्छ, अन्यथा तिनीहरू मेरा हातबाट हुने प्रहारबाट सजिलै बच्न सक्दैनन्। युगौंसम्म मानिसहरूलाई यसको विषयमा कहिल्यै थाहा भएन (महान् विपत्तिहरूले निम्त्याएका पीडा भोग्ने केही मानिसहरू भए तापनि, तिनीहरूलाई अझै पनि थाहा थिएन; यद्‌यपि, यो प्रशासनिक आदेशको कार्यान्वयन मुख्य रूपमा अब सुरु हुन्छ), तर आज म तिमीहरूलाई सबै खुलासा गर्छु, ताकि तिमीहरू उल्लङ्‍घन गर्नबाट जोगिन सक।

सबै मानिसहरूले मेरो आवाज सुन्‍नुपर्छ र मेरा वचनहरूमा विश्‍वास गर्नुपर्छ। अन्यथा, म कार्य गर्नेछैन, न कुनै काम नै गर्नेछु। मेरो प्रत्येक वचन र कार्यहरू तिमीहरूले पछ्याउनुपर्ने उदाहरणहरू हुन्; ती तिमीहरूका आदर्श हुन् र तिमीहरूले पछ्याउनुपर्ने नमूना हुन्। म देहधारी बन्नुको कारण भनेको तिमीहरूले म जे हुँ र मेरा मानवतामा मसँग जे छ त्यो देख्न सक भनेर हो। भविष्यमा, म तिमीहरूलाई म जे हुँ र मेरो ईश्‍वरत्वमा मसँग जे छ त्यो देखाउनेछु। यही तरिकाले कुराहरू चरणबद्‌ध रूपमा अघि बढ्नुपर्छ। अन्यथा, मानिसहरूले यसलाई बुझ्न सक्नेछैनन्, र तिनीहरूसँग मेरो बारेमा कुनै ज्ञान हुनेछैन। बरु, तिनीहरू अस्पष्ट र अव्यक्त दर्शनका लागि मात्रै सक्षम हुनेछन्, र तिनीहरू मेरो बारेमा स्पष्ट बुझाइ प्राप्त गर्न असमर्थ हुनेछन्। मेरो वचनहरूले मेरो व्यक्तित्व तिमीहरूको अगाडि पूर्ण रूपमा देखा परेको छ भन्ने कुरा देखाएको छ, तर पनि मानिसहरू मेरा वचनहरू सुन्छन् र अझै पनि मलाई चिन्दैनन्–यसको एक मात्र कारण तिनीहरू

मूर्ख र अज्ञानी भएकोले हो। अहिले म देहधारी भएको भए पनि, मानिसहरूले अझै मेरो विरोध गर्छन्, तसर्थ यो दुष्ट र चरित्रहीन पुरानो युगलाई सजाय दिन र शैतान र दियाबलसलाई एकदमै लज्जित बनाउनका लागि म मेरो क्रोध र प्रशासनिक आदेशहरूको प्रयोग गर्छु। यो नै एक मात्र तरिका हो; मानवजातिको गन्तव्य यही हो, र मानवजातिलाई प्रतीक्षा गरिरहेको अन्त्य यही हो। यसको प्रतिफल पूर्वविदित परिणाम हो जसलाई कसैले परिवर्तन गर्न वा बोलेर पार लगाउन सक्दैन। अन्तिम निर्णय गर्ने म मात्रै हुँ; यो मेरो व्यवस्थापन र मेरो योजना हो। मानिसहरूले सबै कुरामा विश्‍वास गर्नुपर्छ र हृदय र बोलीमा विश्‍वस्त हुनुपर्छ। यो जीवनमा सौभाग्य हासिल गर्नेहरूले सम्पूर्ण अनन्तकालसम्म दुःख पाउनेछन् भने, यो जीवनमा दुःख भोग्नेहरूले सम्पूर्ण अनन्तकालसम्म सुखी हुनेछन्—यो कुरालाई मैले पूर्वनिश्‍चित गरेको छु, र यसलाई कसैले परिवर्तन गर्न सक्दैन। मेरो हृदयलाई परिवर्तन गर्न सक्ने कोही छैनन्, र मेरा वचनहरूमा एक वचन पनि थप्न सक्ने कोही छैनन्, र मेरो एउटा पनि वचनलाई मनोमानी रूपमा हटाउन त झनै तिनीहरूलाई अनुमति नै छैन; यदि कसैले यसको उल्लङ्घन गरेमा, म तिनीहरूलाई पक्कै सजाय दिनेछु।

मेरा रहस्यहरू तिमीहरूका लागि दैनिक रूपमा खुलासा हुन्छन्—के तिमीहरू यी रहस्यहरूलाई वास्तवमै बुझ्छौ? के तँ यसबारेमा साँच्चै निश्‍चित छस्? जब तँलाई शैतानले धोका दिइरहेको हुन्छ, के त्यति बेला तैँले त्यो थाहा पाउन सक्छस्? यो कुरा जीवनमा तिमीहरूको कद अनुसार निर्धारण हुन्छ। सबै कुराहरू मबाट पूर्वनिश्‍चित भएका हुन्छन् भनेर मैले भनेको हुँदाहुँदै पनि, मेरो ज्येष्ठ पुत्रहरूलाई सिद्ध बनाउन मैले किन व्यक्तिगत रूपमा देहधारण गरेँ? साथै, मानिसहरूले अनावश्यक भनेर सोच्ने यति धेरै काम मैले किन गरेँ? के अन्योलग्रस्त भएको म नै हुँ? यो कुरा याद राख्! मैले गर्ने सबै कुरा मेरा ज्येष्ठ पुत्रहरूलाई प्राप्त गर्नका लागि मात्रै होइनन्, बरु सबैभन्दा महत्त्वपूर्ण कुरा, शैतानलाई लज्जित बनाउनका लागि हो। शैतानले मेरो अवज्ञा गरे तापनि, मसँग यसका सन्ततिहरूलाई यसैका विरुद्ध विद्रोह गर्ने र मेरो प्रशंसा गर्ने बनाउने शक्ति छ। साथै, मैले यो सबै गर्नुको कारण भनेको मेरो कामको अर्को चरण सहज रूपमा अगाडि बढोस् भन्नका लागि हो, र सम्पूर्ण संसारले मेरो जयकार र प्रशंसा गर्नेछ र सास फेर्ने सबै कुराहरूले मेरो अगाडि घुँडा टेक्नेछन् र मेरो महिमा गाउनेछन् भनेर हो; त्यो दिन वास्तवमै महिमाको दिन हुनेछ। सबै कुरा मेरै हातमा छन्, र जब सात बिजुली चम्किन्छन्, कहिल्यै परिवर्तन नहुने गरी सबै कुराहरू पूर्ण रूपमा समापन भएको हुनेछ, सबै कुरा स्थायी हुनेछ। त्यो बिन्दुदेखि, नयाँ स्वर्ग र पृथ्वीको नयाँ जीवनमा प्रवेश गरिनेछ, र राज्यको जीवनको सुरुवात हुनेछ। तर राज्यमा कस्तो हुन्छ? मानिसहरूले यसलाई सजिलै बुझ्न सक्दैनन् (किनभने यसभन्दा अघि कसैले पनि राज्यको जीवनको स्वाद लिन पाएको छैन, त्यसैले यसलाई मानिसहरूको मनमा कल्पना र तिनीहरूको हृदयमा विचार मात्रै गरिएको छ)। मण्डलीको जीवनबाट, वर्तमान स्थितिबाट भविष्यको स्थितिमा परिवर्तन हुने राज्यको जीवनमा परिवर्तन हुँदा, यो समयमा धेरै कुराहरू हुनेछन् जसका बारेमा मानिसहरूले पहिले कहिल्यै कल्पना गरेका छैनन्। राज्यको जीवनमा प्रवेश गर्ने पूर्ववर्ती स्थिति मण्डलीको जीवन हो, त्यसैले राज्यको जीवनको उदय हुनुभन्दा पहिले, म मण्डलीको जीवनलाई सुदृढ बनाउन कुनै कसर बाँकी राख्नेछैन। मण्डलीको जीवन भनेको के हो? यो यस्तो हो: मेरा

ज्येष्ठ पुत्रहरूसहित सबै जनाले खान्छन्, पिउँछन् र मेरा वचनहरूको आनन्द उठाउँछन् र मलाई चिन्छन्, त्यसरी मेरो दहन र शुद्धीकरण प्राप्त गरिरहेका हुन्छन्, ताकि तिनीहरूले मेरो प्रशासनिक आदेशहरू, न्याय र क्रोधलाई बुझ्न सक्नेछन्, र राज्यको जीवनमा उल्लङ्घन गर्नबाट जोगिन सक्नेछन्। र "राज्यको जीवन" भनेको के हो? राज्यको जीवन भनेको सबै मानिस र राष्ट्रहरू उपर शासन गर्दै मेरा ज्येष्ठ पुत्रहरू मसँगै राजाहरूको रूपमा शासन गर्ने स्थान हो (म र मेरा ज्येष्ठ पुत्रहरूले मात्रै राज्यको जीवनको आनन्द उठाउन सक्छौं।) सबै राष्ट्र र मानिसहरूबीच रहेका मेरा पुत्र र मानिसहरू राज्यमा प्रवेश गर्ने भए पनि, तिनीहरूले राज्यको जीवनको आनन्द उठाउन सक्दैनन्। राज्यको जीवनको आनन्द आत्मिक संसारमा प्रवेश गर्नेहरूले मात्रै उठाउन सक्छन्। त्यसैले मेरा ज्येष्ठ पुत्रहरू र म मात्रै शरीरमा जिउन सक्छौं भने, मेरा पुत्र र मानिसहरूले देहमा जिउने कामलाई नै निरन्तरता दिन्छन्। (तर यो शैतानले भ्रष्ट बनाएको देह होइन। यो मेरा ज्येष्ठ पुत्रहरूले मसँगै राजाको रूपमा गर्ने शासनको महत्त्व हो।) अरू सबै मानिसहरूबाट तिनीहरूको आत्मा, प्राण र शरीर लिइनेछ र तिनीहरूलाई पातालमा फ्याँकिनेछ। यसो भन्नुको अर्थ, यी मानिसहरूलाई पूर्ण रूपमा विनाश गरिनेछ र तिनीहरूको अस्तित्व मेटिनेछ (तर पनि तिनीहरूले कठिनाइ र विपत्तिहरू जस्ता शैतानका सबै बन्धन र क्रूरताको सामना गर्नुपर्ने हुन्छ।) यो भएपछि, राज्यको जीवन आधिकारिक रूपमा सही मार्गमा हुनेछ, र म आधिकारिक रूपमा मेरा कार्यहरूको खुलासा गर्न सुरु गर्नेछु (खुला रूपमा खुलासा गरिएको हुने र लुकाइएको नहुने)। त्यसपछि, पक्कै पनि थप सुस्केरा र आँशु हुनेछैन। (किनकी मानिसहरूलाई पीडा दिने, वा तिनीहरूलाई रुवाउने वा दुःख दिने कुनै पनि कुरा हुनेछैन, अनि यो मेरा पुत्र र मानिसहरूका लागि पनि लागू हुन्छ; तर त्यसमा जोड दिइनुपर्ने एउटा कुरा छ, जुन के हो भने मेरा पुत्र र मानिसहरू सदैव देह नै रहनेछन्।) सबै जना खुशी रहनेछन्–प्रसन्नताको एक दृश्य। यो कुनै भौतिक कुरा हुनेछैन, बरु भौतिक आँखाले देख्न नसकिने कुरा हुनेछ। जो मेरो ज्येष्ठ पुत्रहरू हुन् तिनीहरूले पनि यसको आनन्द उठाउन सक्नेछन्; यो मेरो आश्चर्यजनक कार्य, र मेरा महान् शक्ति हो।

म तिमीहरूले मेरो इच्छालाई खोजी गर्न सकेको र सधैँ मेरो हृदयलाई बुझेको चाहन्छु। क्षणिक सुखले तेरो सम्पूर्ण जीवनलाई विनाश गर्नसक्छ भने, क्षणिक दुःखले अनन्त आशिषहरूको ल्याउन सक्छ। खिन्न नबन्; यो हिँड्नै पर्ने मार्ग हो। मैले पहिले बारम्बार भनेको छु: "मेरो लागि इमानदारपूर्वक खर्चिनेहरूलाई म अवश्य नै धेरै आशिष् दिनेछु।" र "आशिषहरू" भनेका के हुन्? तिनीहरू आज प्राप्त हुने कुराहरू मात्रै होइनन्, बरु अझै बढी ती त भविष्यमा आनन्द उठाइने कुराहरू हुन्–यी मात्रै साँचो आशिषहरू हुन्। जब तिमीहरू सियोन डाँडामा फर्किनेछौ, तिमीहरूले हालको दुःखका लागि अनन्त कृतज्ञता देखाउनेछौ, किनकी यो मेरा आशीर्वाद हो। अहिले देहमा जिउनु भनेको सियोन पर्वतमा हुनु हो (अर्थात् तँ मभित्र जिउँछस्) भने, भोलि शरीरमा जिउनु भनेको त्यो महिमाको दिन हुनेछ, र यो, अझै धेरै, सियोन पर्वतमा हुनु हो। मैले बताएका यी वचनहरू सुनेपछि, तिमीहरूले "सियोन डाँडा" भनेको के हो भनेर बुझ्छौ। सियोन पर्वत राज्यको पर्यायवाची शब्द हो, र यो आत्मिक संसार पनि हो। आजको सियोन पर्वतमा, तँ आराम र मेरा अनुग्रह प्राप्त गर्दै देहमा रहन्छस्; भविष्यको सियोन पर्वतमा, तँ राजाहरूका रूपमा शासन गर्दै

शरीरमा आशिषहरूको आनन्द उठाइरहेको हुनेछस्। यसलाई वर्गीय हिसाबले उपेक्षा गरिनु हुँदैन। र कुनै पनि तरिकाले आशीर्वादहरू प्राप्त हुने समयलाई चिप्लिन दिनु हुँदैन; आखिर आज भनेको आज हो, र यो भोलिभन्दा एकदमै भिन्न छ। जब तैँले आशिषहरू प्राप्त गर्न थाल्छस्, तैँले आजको अनुग्रह उल्लेख गर्न पनि योग्य छैन भन्ने सोच्नेछस्। मैले तँलाई सुम्पने कुरा यही हो, र यो मेरो अन्तिम परामर्श हो।

## अध्याय ९८

तिमीहरू प्रत्येकमा सबै कुरा आउनेछन्, र तिनीहरूले तिमीहरूलाई मेरो बारेमा अझै धेरै थाहा पाउन र मेरो बारेमा थप निश्चित हुन सहयोग गर्नेछन्। तिनीहरूले तँलाई मेरो, परमेश्वर स्वयम्‌को बारेमा, म, सर्वशक्तिमान्‌को बारेमा, म, देहधारी परमेश्वर स्वयम्‌को बारेमा थाहा पाउन सहयोग गर्नेछन्। त्यसपछि, म देहबाट बाहिर आउनेछु, कनानको असल जमिन, सियोन फर्कनेछु, जुन मेरो निवास र मेरो गन्तव्य हो, मैले सबै कुराको सृष्टि गरेको आधार हो। अब, मैले बताइरहेका कुनै पनि वचनहरूको अर्थ तिमीहरूले बुझ्दैनौ; यी वचनहरूको अर्थ बुझ्ने एक जना व्यक्ति पनि छैन। तिमीहरूलाई सबै कुराको खुलासा गरिएपछि मात्रै मैले यी वचनहरू किन बताइरहेको छु भनेर तिमीहरूले बुझ्छौ। म संसारको होइन, ब्रह्माण्डको त झनै होइन, किनकी म परमेश्वर स्वयम् हुँ। सम्पूर्ण ब्रह्माण्ड संसार मेरो हातमा छ, म स्वयम् यसको प्रमुख हुँ, र मानिसहरूले मेरो अख्तियारप्रति समर्पित हुन, मेरो पवित्र नाम उच्चारण गर्न, मेरो लागि जयकार गाउन र मेरो प्रशंसा गर्न मात्रै सक्छन्। हरेक कुरा तिमीहरूका निम्ति क्रमबद्ध रूपमा प्रकट गरिनेछ। कुनै पनि कुरा लुकेको नभए पनि, तिमीहरूले मेरो बोलीको तरिका वा मेरा वचनहरूको शैलीलाई अझै बुझेका छैनौ। मेरो व्यवस्थापन योजना केको बारेमा हो भनेर तिमीहरूले अझै बुझेका छैनौ। त्यसैले, म तिमीहरूलाई मेरा वचनहरूमा भनेका तर तिमीहरूले नबुझेका सबै कुराहरूका बारेमा पछि बताउनेछु, किनभने, मेरा लागि सबै कुरा सरल र स्पष्ट छन्, र तिमीहरूका लागि, यो एकदमै गाह्रो छ, र तिमीहरू यसलाई अलिकति पनि बुझ्दैनौ। यस कुराका लागि, म मेरो बोल्ने तरिका परिवर्तन गर्नेछु, र अब-जब म बोल्छु म कुराहरूलाई जोड्नेछैन, बरु प्रत्येक कुरालाई एक-एक गरी स्पष्ट बनाउनेछु।

मृत्युबाट पुनरुत्थान हुनु भनेको के हो? के यसको अर्थ देहमा मृत्यु हुनु र मृत्युपछि शरीरमा फर्किनु हो? मृत्युबाट पुनरुत्थान हुनु भन्नुको अर्थ यही हो? के यो यति सरल छ? म सर्वशक्तिमान् परमेश्वर हुँ; यसको बारेमा तँलाई के थाहा छ? तँ यसलाई कसरी बुझ्छस्? मेरो पहिलो देहधारणको दौरान मृत्युबाट भएको मेरो पुनरुत्थानलाई के शाब्दिक रूपमा मात्रै लिन सकिन्थ्यो? ती पाठहरूमा व्याख्या गरिएको प्रक्रिया वास्तवमा के थियो? यदि मैले खुला रूपमा बोलिन र तिमीहरूलाई स्पष्ट बताइन भने, मेरा वचनहरूको अर्थ कसैले पनि बुझ्न सक्दैन भनेर मैले भनेको छु। युगहरूभरि, मृत्युबाट भएको पुनरुत्थान त्यस्तो थियो भनेर नसोच्ने एक जना पनि मानिस रहेको छैन। संसारको सृष्टि भएयता, यसको वास्तविक अर्थ कसैले पनि बुझेको छैन। के मलाई वास्तवमै

क्रूसमा टाँगिएको थियो? र, मृत्युपछि, के म चिहानबाट बाहिर आएँ? के यो वास्तवमै यस्तै भएको थियो? युगहरूभरि यसमा कसैले पनि कुनै प्रयास गरेको छैन, यसबाट मलाई कसैले पनि चिनेको छैन र यसलाई विश्वास नगर्ने व्यक्ति एक जना पनि छैन; सबैलाई यो सत्य हो भन्ने लाग्छ। मेरो प्रत्येक वचनको भित्री अर्थ हुन्छ भनेर तिनीहरूलाई थाहा छैन। त्यसोभए, मृत्युबाट पुनरुत्थान हुनु भनेको वास्तवमा के हो? (निकट भविष्यमा, तिमीहरूले यसको अनुभव गर्नेछौ, त्यसैले म तिमीहरूलाई यसको बारेमा अगाडि नै बताउँदैछु।) सृष्टि भएको कुनै पनि प्राणीलाई मर्ने इच्छा हुँदैन; तिनीहरू सबैलाई जिउने इच्छा हुन्छ। मेरो दृष्टिकोणबाट, देहको मृत्यु वास्तविक मृत्यु होइन। जब मेरो आत्मालाई कुनै मानिसबाट पुनः दाबी गरिन्छ, त्यो मानिसको मृत्यु हुन्छ। तसर्थ, म शैतानद्वारा भ्रष्ट तुल्याइएका ती सबै भूतहरू (विश्वास नभएकाहरू, सबै अविश्वासीहरू) लाई मृतक भन्छु। संसारको सृष्टि भएयता, मैले छनौट गरेका प्रत्येकलाई मैले मेरो आत्मा दिएको छु। यद्यपि, सृष्टिलगत्तैको चरणपछि, मानिसहरूलाई केही समयका लागि शैतानले कब्जा गरेको थियो। त्यसैले म गाएँ, र मानिसहरूले दुःख पाउन थाले (पहिले भनिएको जस्तै, म देहधारी हुँदा र मलाई क्रूसमा टाँगिदा मैले भोगेको दुःख जस्तै)। तर, मैले पूर्वनिर्धारित गरेको समयमा (मानिसहरूलाई मैले त्याग्ने समयको अन्त्य हुने समय), मैले पूर्वनियुक्त गरेका मानिसहरूलाई मैले पुनः प्राप्त गरेँ, र तिमीहरू जीवनमा फर्कन सक भनेर फेरि एक पटक मैले तिमीहरूमा मेरो आत्मा हालिदिएँ। यसलाई "मृत्युबाट पुनरुत्थान हुनु" भनिन्छ। अहिले, मेरो आत्मामा जिउनेहरू पहिले नै सर्वोत्कृष्ट छन्, र तिनीहरू सबै शरीरमा जिउँछन्। तैपनि, धेरै समय नै नबिती, तिमीहरूले आफ्नो सोचाइ, धारणा, र सबै सांसारिक बन्धनहरू त्याग्नेछौ। तर, मानिसहरूले कल्पना गरे जस्तो, यो दुःखपछि मृत्युबाट जिई उठ्नु होइन। तिमीहरू अहिले जिउनु भनेको शरीरमा जिउनुको पूर्वसर्त हो; आत्मिक संसारमा प्रवेश गर्नका लागि यो आवश्यक मार्ग हो। मैले कुरा गर्ने सामान्य मानवतालाई उछिन्नुको अर्थ परिवार, श्रीमती, बालबच्चा, र कुनै मानवीय आवश्यकता नहुनु हो। यो पूर्ण रूपमा मेरो छविअनुसार जिउनु हो, मभित्र प्रवेश गर्न एकल रूपमा एकाग्र हुनु हो र मभन्दा बाहिरका कुनै पनि कुराहरूका बारेमा नसोच्नु हो; तँ जहाँ गए पनि त्यो तेरो घर हुन्छ। सामान्य मानवतालाई उछिन्नु भनेको यही हो। तैँले मेरा यी वचनहरूलाई एकदमै गलत तरिकाले बुझेको छस्; तेरो बुझाइ एकदमै सतही छ। सबै राष्ट्र र मानिसहरूको सामु म ठ्याक्कै कसरी देखा पर्नेछु? आजको देहमा? होइन! जब समय आउँछ, म ब्रह्माण्डको प्रत्येक राष्ट्रमा मेरो शरीरमा देखा पर्छु। विदेशीहरूको गोठालो गर्न तिनीहरूलाई तिमीहरूको आवश्यकता पर्ने समय आएको छैन। त्यो समयमा, तिनीहरूको गोठालो गर्नका लागि तिमीहरू आफ्नो देहबाट बाहिर निस्किएर शरीरमा प्रवेश गर्नुपर्छ। सत्यता यही हो, तर यो मानिसहरूले कल्पना गरे जस्तो "मृत्युबाट पुनरुत्थान हुनु" होइन। तोकिएको समयमा, तिमीहरू देहबाट थाहा नपाई बाहिर आउनेछौ र आत्मिक संसारमा प्रवेश गर्नेछौ र मसँग सबै राष्ट्रहरूमाथि शासन गर्नेछौ। त्यो समय अहिले होइन। जब म तिमीहरू देहमा भएको चाहन्छु, तिमीहरू देहमा हुनेछौ (मेरो कामको आवश्यकता अनुरूप, तिमीहरूले अहिले सोचिरहेको हुनुपर्छ र अझै पनि देहमा नै जिउनुपर्छ, त्यसैले तिमीहरूले मेरो चरणहरू अनुसार देहमा गर्नुपर्ने कुराहरू अझै गर्नुपर्छ; निष्क्रिय भएर प्रतीक्षा नगर, किनभने यसले ढिलाई हुनसक्छ)। जब म

तिमीहरूले शरीरमा मण्डलीको गोठालोको रूपमा काम गरेको चाहन्छु, तिमीहरू देहबाट निस्कनेछौ, आफ्नो सोचाइलाई त्याग्नेछौ, र जिउनका लागि पूर्ण रूपमा ममा निर्भर रहनेछौ। मेरो शक्तिमा र बुद्धिमा विश्वास राख। म सबै कुरा व्यक्तिगत रूपमा गर्नेछु। तिमीहरूले मात्र पर्खनु र आनन्द उठाउनुपर्छ। सबै आशिषहरू तिमीहरूसम्म आइपुग्नेछन्, र तिमीहरूसँग अटूट र अन्तहीन आपूर्ति हुनेछ। जब त्यो दिन आउँछ, तिमीहरूले म यो कसरी गर्छु भन्ने सिद्धान्त बुझ्नेछौ, तिमीहरूले मेरा आश्चर्यजनक कार्यहरू थाहा पाउनेछौ, र तिमीहरूले म मेरा ज्येष्ठ पुत्रहरूलाई सियोनमा कसरी फर्काउँछु भनेर बुझ्नेछौ। यो तिमीहरूले कल्पना गरे जति जटिल छैन, तर तिमीहरूले सोचे जति सरल पनि छैन।

मैले तिमीहरूलाई यो कुरा बताउँदा मेरा वचनहरू पछाडिको उद्देश्य बुझ्न तिमीहरू अझै कम सक्षम हुन्छौ र अझै धेरै अन्योलग्रस्त हुन्छौ भन्ने मलाई थाहा छ। तिमीहरूले ती कुराहरूलाई तिमीहरूलाई मैले पहिले भनेका कुराहरूसँग मिसाउनेछौ, त्यसैले तिमीहरूले कुनै कुरा बुझ्न सक्दैनौ, र यसको समाधान केही छैन कि जस्तो देखिनेछ। तर, चिन्ता नगर्! म तिमीहरूलाई सबै कुरा बताउनेछु। मैले बताउने प्रत्येक कुराको अर्थ हुन्छ। अस्तित्वमा रहेका कुराहरूलाई म अस्तित्वहीन बनाउन सक्छु र सून्यताबाट बहुसङ्ख्यक कुराहरू बनाउन सक्छु भनेर मैले भनिसकेको छु। मानिसको कल्पनामा, देहबाट शरीरमा प्रवेश गर्नका लागि, कुनै पनि मानिस मृत्युबाट पुनरुत्थान हुनैपर्छ। विगतमा, मैले यो विधिको प्रयोग गरेँ र मेरो सबैभन्दा महान् आश्चर्यकर्म प्रकटीकरण गरेँ, तर आजको दिन विगतको जस्तो छैन। म तिमीहरूलाई देहबाट सीधै शरीरमा लिएर जानेछु। के यो अझै महान् चिन्ह र आश्चर्यकर्म होइन र? के यो मेरो सर्वशक्तिको अझ महान् प्रकटीकरण होइन र? मसँग मेरो योजना छ, र मसँग मेरा अभिप्रायहरू छन्। मेरा हातहरूमा को छैन? मैले गर्ने काम मलाई थाहा छ। आखिरमा, मेरो आजको कार्यविधिहरू, हिजोका भन्दा फरक छन्। युगहरूको परिवर्तन भएसँगै म मेरो कार्यविधिलाई परिमार्जन गर्छु। जब मलाई क्रूसमा टाँगियो, त्यो अनुग्रहको युग थियो, तर अहिले अन्तिम युग हो। मेरो कामको गति तीव्र हुँदैछ; यो विगतकै गतिमा अघि बढ्दैन, अनि विगतको भन्दा ढिलो त झन् छँदै छैन। बरु, यो विगतको भन्दा एकदमै तीव्र गतिमा अघि बढ्छ। यसलाई व्याख्या गर्ने कुनै तरिका छैन, र त्यस्ता जटिल प्रक्रियाहरूको आवश्यकता छैन। म कुनै पनि कुरा गर्न स्वतन्त्र छु। के मेरो इच्छा कसरी पूरा हुनेछ र म तिमीहरूलाई कसरी सिद्ध बनाउँछु भन्ने कुराको निर्धारण गर्नका लागि मैले मेरो अख्तियारको एक वचन मात्रै बोले पुग्छ भन्ने कुरा सत्य होइन र? मैले भनेका प्रत्येक कुराहरू पक्कै पनि पूरा हुनेछ। विगतमा, मैले दुःख भोग्नेछु भनेर मैले बारम्बार भनेँ, र मैले पहिले भोगेको दुःखको बारेमा मानिसहरूलाई उल्लेख गर्न मैले अनुमति दिइन; यसको बारेमा कुरा गर्नु मप्रतिको ईश्वर निन्दा हो। यसको कारण के हो भने, म परमेश्वर स्वयम् हुँ र मेरा लागि कुनै कठिनाइ हुँदैन; जब तैँले यो कष्टको बारेमा उल्लेख गर्छस् तैँले मानिसहरूलाई रुवाउँछस्। भविष्यमा सुस्केरा र आँशु हुनेछैन भनेर मैले भनेको छु। यसलाई यस पक्षबाट व्याख्या गरिनुपर्छ, र अनि मेरा वचनहरूको अर्थ बुझ्न सकिन्छ। "यो कष्टलाई मानवले बुझ्न सक्दैन" को अर्थ म सबै मानव धारणा र सोचाइहरूलाई तोड्न सक्छु, देहको भावनालाई तोड्न सक्छु, सांसारिकपनका सबै सङ्केतहरूलाई तोड्न सक्छु र

देहबाट बाहिर निस्किएर हिँड्न सक्छु, र सबैले मेरो विरोध गर्दा पनि म खडा रहिरहन सक्छु। म एक मात्र परमेश्‍वर स्वयम् हुँ भन्‍ने कुरालाई प्रमाणित गर्ने यो नै पर्याप्‍त छ। मैले भनेको छु, “प्रत्येक ज्येष्ठ पुत्र देहबाट आत्मिक संसारमा प्रवेश गर्नुपर्छ; मसँग राजाहरूको रूपमा शासन गर्नका लागि तिनीहरूले हिँड्नैपर्ने मार्ग यही हो।” यस वाक्यको अर्थ के हो भने, विगतमा तिमीहरूले कल्पना गरे जस्तो, जब तिमीहरू आफूसँग भएका कुराहरूको सामना गर्छौ, तिमीहरू देहबाट आधिकारिक रूपमा बाहिर आउनेछौ र ती राजकुमार र राजाहरूलाई न्याय गर्न आधिकारिक रूपमा सुरु गर्न शरीरमा प्रवेश गर्नेछौ। यस बेला हुने कुराहरूको आधारमा नै तिनीहरूलाई न्याय गरिनेछ। तर, यो तिमीहरूले कल्पना गरे जस्तो जटिल छैन–यो क्षणभरमै गरिनेछ। तिमीहरू मृतकहरूबाट बिउँतनु पर्नेछैन र तिमीहरूले दुःख पनि भोग्नु पर्नेछैन (किनभने पृथ्वीमा तिमीहरूको दुःख र कठिनाइहरूको अन्त्य भइसकेको हुन्छ र त्यसपछि म मेरा ज्येष्ठ पुत्रहरूको निराकरण गर्नेछैन भनेर मैले भनिसकेको छु)। पहिले बताइए झैँ, तँ अनजानमा नै आत्मिक संसारमा प्रवेश गर्नेछस् भन्‍ने तथ्यको आधारमा ज्येष्ठ पुत्रहरूले तिनीहरूको आशिषहरूको आनन्द उठाउनेछन्। यो मेरो कृपा र अनुग्रह हो भनेर मैले किन भनेँ? यदि कुनै पनि मानिस मृतकहरूबाट जिई उठेर मात्रै आत्मिक संसारमा प्रवेश गर्नसक्छ भने, यो कृपालु र दयालु हुनु हुँदै होइन। त्यसैले यो मेरो कृपा र अनुग्रहको सबैभन्दा स्पष्ट अभिव्यक्ति हो, साथै, यसले मानिसहरूलाई मैले गर्ने मेरो पूर्वनियुक्ति र छनौटको पनि खुलासा गर्छ। यसले मेरा प्रशासनिक आदेशहरू कति कठोर छन् भन्‍ने कुरालाई पर्याप्‍त रूपमा देखाउन सक्छ। मलाई जोप्रति इच्छा लाग्छ त्यसैप्रति म दयालु हुन्छु, र जोप्रति इच्छा लाग्छ त्यसैप्रति कृपालु हुन्छु। कसैले पनि सङ्घर्ष वा लडाइँ गर्नु हुँदैन। यी सबै कुराको निर्णय म नै लिनेछु।

मानिसहरूले यसलाई ठम्याउन सक्दैनन्, र तिनीहरूले आफूलाई यति दबाब दिनेछन् कि तिनीहरूले सास समेत फेर्न सक्दैनन्, र पनि तिनीहरूलाई अन्धो बनाउने तिनीहरू आफैँ हुन्छन्। मानिसहरूको सोचाइ वास्तवमै सीमित छ, त्यसैले तिनीहरू मानव सोचाइ र धारणाहरूबाट अलग हुनुपर्छ। त्यसैले, सबै कुराको नियन्त्रण गर्न, सबै कुराको व्यवस्थापन गर्न, म देहबाट बाहिर निस्किनुपर्छ र आत्मिक संसारमा प्रवेश गर्नुपर्छ। सबै मानिस र राष्ट्रहरूमाथि शासन गर्ने र मेरो इच्छा पूरा गर्ने एक मात्र तरिका यही हो। यो धेरै दूर छैन। तिमीहरूलाई मेरो सर्वशक्तिप्रति विश्‍वास छैन, र म को हुँ भनेर तिमीहरूलाई थाहा छैन। तिमीहरू म एक मानव मात्र हुँ भन्‍ने सोच्छौ, र तिमीहरूले मेरो ईशरत्वलाई देख्न सक्दैनौ। जब म कुराहरू पूरा होऊन् भन्‍ने इच्छा राख्छु ती पूरा हुन्छन्। यसका लागि चाहिने भनेको मेरो मुखबाट निस्किने एउटा वचन मात्र हो। मैले हालै भनेका कुराहरू, र मेरो प्रत्येक कदममा, तिमीहरूले मेरा मानवताको पक्षलाई मात्रै ध्यान दिएका छौ, तर तिमीहरूले मेरो ईश्‍वरत्वको पक्षलाई ध्यान दिएका छैनौ। यसो भन्‍नुको अर्थ, तिमीहरूले मसँग पनि सोचाइ र धारणाहरू छन् भनेर सोच्छौ। तर मेरो सोचाइ, विचार र मन, मेरा प्रत्येक चाल, मैले गर्ने प्रत्येक कुरा र मैले बताउने प्रत्येक वचन, परमेश्‍वर स्वयम्‌को पूर्ण प्रकटीकरण हुन् भनेर मैले बताइसकेको छु। के तिमीहरूले यी सबै बिर्सियौ? तिमीहरू सबै भ्रमित मानिसहरू हौ! तिमीहरूले मेरा वचनहरूको अर्थ बुझ्दैनौ। मैले बताएका कुराहरूबाट मैले तिमीहरूलाई

मेरो सामान्य मानवताको पक्ष देखाएको छु (मैले मेरो दिनचर्यामा तिमीहरूलाई मेरो सामान्य मानवता देखाएको छु, तर वास्तवमा, किनभने यो अवधिको दौरान मैले बताएका कुराहरूबाट मेरो सामान्य मानवताको पक्षलाई तिमीहरूले अझै बुझेका छैनौ), तर पनि तिमीहरू मेरो सामान्य मानवतालाई बुझ्न सक्दैनौ, र तिमीहरू मेरो विरुद्ध प्रयोग हुन सक्ने कुरालाई पकड जमाउने प्रयास गर्छौ, र तिमीहरू मेरोअगाडि अनियन्त्रित छौ। तिमीहरू अन्धा हौ! तिमीहरू अज्ञानी हौ! तिमीहरूले मलाई चिन्दैनौ! मैले यति लामो समयसम्म व्यर्थमा बोलेको छु! तिमीहरू मलाई अलिकति पनि चिन्दैनौ, र तिमीहरूले मेरो सामान्य मानवतालाई पूर्ण परमेश्वर स्वयम्को एउटा हिस्साको रूपमा लिँदैनौ। म किन क्रोधित हुँदिन र? म फेरि कृपालु कसरी हुनसक्छु? यी अवज्ञाका सन्ततिहरूलाई म मेरो क्रोधले मात्रै प्रतिक्रिया दिन सक्छु? तिमीहरू यति धेरै घमण्डी छौ कि, तिमीहरूले मलाई चिन्दै चिन्दैनौ! मैले गलत गरेको छु भन्ने तिमीहरूलाई लाग्छ! के म गलत गर्नसक्छु? देहधारणका लागि के म कुनै देहलाई लापरवाही तरिकाले छनौट गर्छु होला? मेरो मानवता र मेरो ईश्वरत्व दुई अभिन्न अङ्‌ग हुन् जसबाट पूर्ण परमेश्वर स्वयम् बन्छ। अब तिमीहरू यसका बारेमा पूर्ण रूपमा स्पष्ट हुनुपर्छ! मेरा वचनहरू आफ्नो क्षितिज पुगिसकेका छन्, र मेरा वचनहरूको अब लामो व्याख्या हुन सक्दैन!

# अध्याय ९९

मेरो कामको गति तीव्र हुँदै गइरहेको हुनाले, मेरा पाइलाहरूको गति कसैले पनि पछ्याउन सक्दैन, र मेरो मनमा के छ कसैले पनि पत्ता लगाउन सक्दैन, तर पनि अगाडि बढ्ने एकमात्र तरिका यही हो। यो "मृतकबाट पुनरुत्थान" भन्ने वाक्यांशमा समावेश "मृतक" यही हो (यसले मेरो इच्छा बुझ्न नसक्ने, मेरा वचनहरूबाट मैले भन्न खोजेको कुरा बुझ्न नसक्नेलाई जनाउँछ; यो "मृतक" को अर्को व्याख्या हो, र यसले "मेरो आत्माबाट त्यागिएको भन्ने जनाउँदैन"), जसका बारेमा पहिले नै बताइएको छ। जब तिमीहरू र म यस चरणबाट शरीरमा परिवर्तन भयौं, त्यही बेला "मृतकबाट पुनरुत्थान हुनु" को वास्तविक अर्थ पूर्ण हुनेछ (अर्थात्, मृतकबाट पुनरुत्थान हुनुको वास्तविक अर्थ यही हो)। अहिले, तिमीहरू सबै अस्तित्वमा रहेको अवस्था यही हो: तिमीहरूले मेरो इच्छा बुझ्न र मेरा पाइलाहरू भेट्टाउन सक्दैनौ। अझ, तिमीहरू आफ्नो आत्मामा शान्त रहन सक्दैनौ, त्यसैले तिमीहरूलाई मनमा असहज लाग्छ। मैले उल्लेख गरेको "कष्ट" ठ्याक्कै यही अवस्था हो, र मानिसहरूले सहन नसक्ने यो कष्टभित्र, तिमीहरूले एकातिर तिमीहरूको आफ्नै भविष्यको बारेमा सोचिरहेका हुन्छौ भने, अर्कोतिर तिमीहरूले मेरो जलन र न्यायलाई स्वीकार गरिरहेका हुन्छौ, जसले तिमीहरूलाई सबै दिशाहरूबाट प्रहार गरिरहेको र आक्रमण गरिरहेको हुन्छ। यसको साथै, मैले बोल्ने शैली र तरिकाबाट तिमीहरूले कुनै पनि नियम बुझ्न सक्दैनस्, र एक दिनको वाणीमा विभिन्न प्रकारका शैलीहरू हुन्छन्, त्यसकारण तिमीहरूले धेरै दुःख पाउँछौ। यी मेरो कामका चरणहरू हुन्। यो मेरो बुद्धि हो। भविष्यमा, तिमीहरूले यो मामिलामा ठूलो कष्ट भोग्नेछौ, जुन सबै पाखण्डी मानिसहरूको खुलासा गर्नको लागि हो—यो कुरा अब स्पष्ट भएको

हुनुपर्छ! मैले काम गर्ने तरिका यही हो। यस प्रकारको दुःखको प्रेरणाबाट, र तिमीहरूले मृत्यु समानको यस्तो दुःख भोगेपछि, तिमीहरू अर्कै क्षेत्रमा प्रवेश गर्नेछौ। तिमीहरू शरीरमा प्रवेश गर्नेछौ, र मसँग सबै राष्ट्र र मानिसहरूमाथि शासन गर्नेछौ।

म आजभोलि किन अझ गम्भीर शैलीमा बोलिरहेको छु? मेरो शैली किन यति धेरै पटक परिवर्तन भएको छ, र मेरो काम गर्ने तरिका पनि किन यति धेरै पटक परिवर्तन भएको छ? यी कुराहरूमा मेरो बुद्‌धि रहेको छ। यो नामलाई स्वीकार गर्ने सबैका लागि मेरा वचनहरू बोलिएका हुन् (मेरा वचनहरू पूरा हुन्छन् भनेर तिनीहरूले विश्वास गरून् या नगरून्), ताकि मेरा वचनहरू सबैले सुन्न र देख्न सकून्, र तिनीहरू दमनमा नपरून्, किनकी मेरो आफ्नै काम गर्ने तरिका छ र मसँग मेरो बुद्‌धि छ। म मेरा वचनहरूलाई मानिसहरूको न्याय गर्न, मानिसहरूको खुलासा गर्न, र मानव स्वभावलाई खुलासा गर्न प्रयोग गर्छु। फलस्वरूप, मबाट चुनिएकाहरूलाई म छनौट गर्छु, र मबाट छनौट वा पूर्वनियुक्त नभएकाहरूलाई म हटाउँछु। यो सबै मेरो बुद्‌धि हो, र यो मेरो कार्यको आश्चर्य हो। मेरो कामको यो चरणको मेरो तरिका यही हो। मानिसहरूमध्ये, मेरो इच्छालाई बुझ्न सक्ने कोही छ? मानिसहरूमध्ये, मेरो बोझलाई बुझ्ने कोही छ? काम गर्ने म, परमेश्वर स्वयम् हुँ। तिमीहरूले मेरा यी वचनहरूको महत्त्व राम्ररी बुझ्ने दिन आउनेछ, र म यी वचनहरू किन बोल्न चाहन्छु भनेर तिमीहरू पूर्ण रूपमा स्पष्ट हुनेछौ। मेरो बुद्‌धि अनन्त, असीम, र अथाह छ, र मानवका लागि यो पूर्ण रूपमा अगम्य छ। मानवले मैले गर्ने कुराहरूको एक हिस्सा मात्र देख्न सक्छन्, तर तिनीहरूले देख्ने कुरा अझै त्रुटिपूर्ण र अपूर्ण नै हुन्छ। जब तिमीहरू यो चरणबाट अर्को चरणमा पूर्ण रूपमा परिवर्तन भएका हुन्छौ, तब तिमीहरूले यसलाई स्पष्ट रूपमा देख्न सक्नेछौ। याद राख! सबैभन्दा मूल्यवान् युग अहिले नै हो–तिमीहरू देहमा हुने आखिरी चरण यही हो। अहिलेको तिमीहरूको जीवन तिमीहरूको आखिरी भौतिक जीवन हो। जब तिमीहरू देहबाट आत्मिक संसारमा प्रवेश गर्छौ, उक्त समयमा सबै पीडाले तिमीहरूलाई छाड्नेछन्। तिमीहरू धेरै खुशी र हर्षित हुनेछौ, र तिमीहरू निरन्तर हर्षका साथ उफ्रिनेछौ। तर मैले बोल्ने यी वचनहरू ज्येष्ठ पुत्रहरूका लागि मात्रै हुन् भनेर तिमीहरू स्पष्ट हुनुपर्छ, किनभने यो आशिष्को योग्य ज्येष्ठ पुत्रहरू मात्र छन्। आत्मिक संसारमा प्रवेश गर्नु सबैभन्दा महान्, सबैभन्दा ठूलो आशिष्, र आनन्द उठाउन सकिने सबैभन्दा मूल्यवान् कुरा हो। तिमीहरूले खान र लाउनका लागि अहिले प्राप्त गर्ने कुराहरू देहको सुखभन्दा अरू केही होइन; तिनीहरू अनुग्रह हुन्, र यी कुराहरूप्रति मसँग कुनै कदर छैन। मेरो कामको ध्यान अर्को चरणमा (आत्मिक संसारमा प्रवेश र ब्रह्माण्ड संसारको सामना गर्ने) केन्द्रित छ।

मैले ठूलो रातो अजिङ्गरलाई पहिले नै फ्याँकिसकेको छु र पराजित गरेको छु भनेर मैले बताएको छु। कसरी तिमीहरूले मेरा वचनहरूमा विश्वास गर्न सक्दैनौ? किन तिमीहरू अझै मेरो लागि अत्याचार र दुःख भोग्ने इच्छा गर्छौ? के यो तैँले चुकाउनु नपर्ने मूल्य होइन र? म आफै, व्यक्तिगत रूपमा काम गरिरहँदा, तिमीहरूले आनन्द मात्रै गर्नुपर्छ भनेर मैले तिमीहरूलाई धेरै पटक स्मरण गराएको छु। तिमीहरू कार्य गर्न किन यति धेरै आतुर हुन्छौ? कसरी रमाउनुपर्छ भन्ने तिमीहरूलाई थाहा छैन! मैले तिमीहरूका लागि सबै कुरा पूर्ण रूपमा तयार गरेको छु–यसको

दाबी गर्नका लागि तिमीहरूमध्ये कोही पनि किन मकहाँ आएका छैनौ? मैले बताएको कुराप्रति तिमीहरू अझै अनिश्‍चित छौ! तिमीहरूले मलाई बुझ्दैनौ! तिमीहरूलाई म राम्रो सुनिने खोक्रा कुराहरू बोलिरहेको छु भन्‍ने लाग्छ; वास्तवमा, तँ साँच्चै भ्रमित छस्! (मैले भनेको पूर्ण तयारीको अर्थ, तिमीहरूले अझै मेरो भरोसा गर्नुपर्छ र मेरोअगाडि अझ धेरै प्रार्थना गर्नुपर्छ भन्‍ने हो, जब कि मेरो विरोध गर्ने सबैलाई श्राप दिन, र तिमीहरूमाथि अत्याचार गर्ने सबैलाई सजाय दिन म व्यक्तिगत रूपमा काम गर्नेछु।) तिमीहरूलाई मेरा वचनहरूका बारेमा केही पनि थाहा छैन! म तिमीहरूलाई मेरा सबै रहस्यहरू खुलासा गर्छु, तर तिमीहरूमध्ये कति जनाले तिनलाई वास्तवमै बुझ्छौ? तिमीहरूमध्ये कति जनाले तिनलाई गहन रूपमा बुझ्छौ? मेरो सिंहासन भनेको के हो? मेरो फलामको डन्डा भनेको के हो? तिमीहरूमध्ये कसलाई थाहा छ? जब मेरो सिंहासनको बारेमा उल्लेख हुन्छ, धेरैजसो मानिसहरूले यो म बस्‍ने ठाउँ हो, वा यसले मेरो वासस्थान, वा यसले म, अर्थात् म जे हुँ त्यो व्यक्तित्वलाई जनाउँछ भनेर सोच्छन्। यी सबै गलत बुझाइ हुन्—गलत बुझाइहरूको झमेला! यी कुनै पनि अर्थ-अनुवादहरू सही छैनन्, छन् त? तिमीहरू सबैले यसलाई बुझ्ने र ठम्याउने तरिका यही हो—यो बुझाइबाट पूर्ण बाहिर गएको कुरा हो! अख्तियार भनेको के हो? अख्तियार र सिंहासन बीचको सम्बन्ध के हो? सिंहासन नै मेरो अख्तियार हो। जब मेरा ज्येष्ठ पुत्रहरूले सिंहासनलाई माथि उठाउँछन्, त्यो मेरा ज्येष्ठ पुत्रहरूले मबाट अख्तियार प्राप्त गर्ने समय हो। मसँग मात्रै अख्तियार छ, त्यसैले मसँग मात्रै सिंहासन छ। अर्को शब्दमा, मेरा ज्येष्ठ पुत्रहरूले मैले जस्तै कष्ट भोगेपछि, तिनीहरूले म जे हुँ र मसँग जे छ त्यसलाई स्विकार्नेछन्, र मबाट सबै कुरा प्राप्त गर्नेछन्; तिनीहरूले यही प्रक्रियाबाट ज्येष्ठ पुत्रहरूको हैसियत प्राप्त गर्नेछन्। यो मेरा ज्येष्ठ पुत्रहरूले मेरो सिंहासनलाई माथि उठाउने समय हुनेछ, र यो तिनीहरूले मबाट अख्तियार स्वीकार गर्ने समय पनि हुनेछ। अब तिमीहरूले यो बुझ्नुपर्छ! मैले भन्‍ने सबै कुराहरू स्पष्‍ट र पूर्ण रूपमा प्रस्ट हुन्छन्, ताकि सबैले बुझून्। आफ्ना धारणाहरूलाई पन्छ्याओ, र मैले तिमीहरूलाई खुलासा गर्ने रहस्यहरूलाई स्वीकार गर्न पर्ख! त्यसोभए फलामको डन्डा भनेको के हो? अघिल्लो चरणमा, यसले मेरा कडा वचनहरूलाई जनाउँथ्यो, तर यो अहिले विगतभन्दा भिन्‍न भएको छ: अहिले फलामको डन्डाले मेरा कार्यहरूलाई जनाउँछ, जुन अख्तियार सहितका ठूला विपत्तिहरू हुन्। त्यसैले, जब फलामको डन्डाको बारेमा उल्लेख हुन्छ, यो सधैँ मेरो अख्तियारसँग जोडिएको हुन्छ। फलामको डन्डाको वास्तविक अर्थ ठूला विपत्तिहरूको अर्थमा बताइन्छ—यो अख्तियारको हिस्सा हो। सबैले यसलाई स्पष्‍ट रूपमा देख्नुपर्छ अनि मात्रै तिनीहरूले मेरो इच्छा बुझ्न र मेरा वचनहरूबाट प्रकाश प्राप्त गर्न सक्छन्। पवित्र आत्माको काम जोसँग छ उसैले फलामको डन्डालाई हातमा लिन्छ, र अख्तियार बोक्ने र ठूला विपत्तिमध्ये कुनै पनि विपत्तिलाई लागू गर्ने अधिकार उसैसँग हुन्छ। यो मेरो प्रशासनिक आदेशहरूमध्येको एक हो।

तिमीहरूका लागि प्रत्येक र सबै कुरा खुला छ (यसले स्पष्‍ट रूपमा औँल्याइएको हिस्सालाई जनाउँछ), र प्रत्येक र सबै कुरा तिमीहरूबाट लुकाइएको छ (यसले मेरा वचनहरूको गोप्य हिस्सालाई जनाउँछ)। म बुद्धिको साथ बोल्छु: म तिमीहरूलाई मेरा केही वचनका शाब्दिक अर्थ मात्रै बुझाउँछु भने, म तिमीहरूलाई अरू वचनहरूको अर्थ बुझाउँछु (तर धेरैजसो मानिसहरू यसलाई बुझ्न

सक्दैनन्), किनभने यो मेरो कामको क्रम हो। तिनीहरू निश्चित कदमा पुगेपछि मात्रै म तिमीहरूलाई मेरा वचनहरूको साँचो अर्थ बताउन सक्छु। यो मेरो बुद्धि हो, र यी मेरा आश्चर्यजनक कार्यहरू हुन् (तिमीहरूलाई सिद्ध बनाउन र शैतानलाई नराम्ररी परास्त गर्न र दियाबलसहरूलाई लज्जित बनाउनका लागि)। तिमीहरू अर्को क्षेत्रमा प्रवेश गरेपछि मात्रै तिमीहरूले पूर्ण रूपमा बुझ्न सक्छौ। मैले यसलाई यसरी नै गर्नुपर्छ किनभने मानव धारणाहरूमा मानिसहरूले बुझ्न नसक्ने धेरै कुराहरू छन्, र यदि मैले स्पष्ट रूपमा बोले भने पनि तिमीहरूले अझै बुझ्नेछैनौ। आखिर, मानिसहरूको मन, सीमित छन्, र तिमीहरू आत्मिक संसारमा प्रवेश गरेपछि मात्रै मैले तिमीहरूलाई बताउन सक्ने धेरै कुराहरू छन्; अन्यथा, मानव देहको कुनै काम हुँदैन, र यसले मेरो व्यवस्थापनमा बाधा मात्रै पुऱ्याउन सक्छ। यो मैले बताएको "मेरो कामको क्रम" को वास्तविक अर्थ हो। तिमीहरूको धारणाहरूमा, तिमीहरूले मलाई कति बुझ्छौ? के तिमीहरूको बुझाइ दोषरहित छ? के त्यो आत्माभित्रको ज्ञान हो? तसर्थ, तिमीहरूले मेरो कामलाई पूरा गर्न र मेरो इच्छाको काम गर्न मैले तिमीहरूलाई अर्को क्षेत्रमा स्थानान्तर हुन दिनुपर्छ। यो अर्को क्षेत्र भनेको ठ्याक्कै के हो? के यो, मानिसहरूले सोचेको जस्तै, सर्वोत्कृष्ट दृश्यको प्रकार हो? के यो हावा जस्तै हो, जसलाई हेर्न वा छुन सकिँदैन तर पनि अस्तित्वमा हुन्छ? मैले भनेको जस्तै, शरीरमा हुने स्थिति भनेको देह र हड्डी हुनु, आकार र स्वरूप हुनु हो। यो एकदमै सत्य र निःसन्देह कुरा हो, र सबैले यसमा विश्‍वास गर्नुपर्छ। यो शरीरको वास्तविक स्थिति हो। साथै, शरीरमा मानिसहरूले घृणा गर्ने कुनै पनि वस्तु रहँदैनन्। तर यो स्थिति भनेको ठ्याक्कै के हो? जब मानिसहरू देहबाट शरीरमा आउँछन्, एउटा ठूलो समूह देखा पर्नुपर्छ। यसो भन्नुको अर्थ, तिनीहरू आफ्ना देहरूपी घरबाट मुक्त हुन्छन्, र प्रत्येकले आफ्नै प्रकारलाई पछ्याउनेछन् भनेर भन्न सकिन्छ: देह देहतिर जम्मा हुन्छ र शरीर शरीरतिर जम्मा हुन्छ। अब, आफ्ना घर, बाबुआमा, श्रीमती, श्रीमान्, छोरा र छोरी छोड्नेहरू, आत्मिक संसारमा प्रवेश गर्न थाल्छन्। अन्त्यमा, यो यस्तो हुन्छ: आत्मिक संसारको अवस्था यस्तो छ कि ज्येष्ठ पुत्रहरू भेला भएर गाउँदै र नाच्दैछन्, मेरो पवित्र नामको प्रशंसा र जयगान गाउँदैछन्। यो सुन्दर र सधैँ नयाँ हुने दृश्य हो। सबै प्रिय पुत्रहरू हुन्, जसले सधैँ अनवरत मेरो प्रशंसा गरिरहन्छन्, मेरो नामलाई सधैँ उच्च राखिरहन्छन्। यो आत्मिक संसारमा प्रवेश गरेपछिको अवस्था हो, यो आत्मिक संसारमा प्रवेश गरेपछिको कार्य पनि हो, र यो मैल बताएको, आत्मिक संसारमा मण्डलीको गोठालो गर्ने अवस्था पनि हो। साथै, ब्रह्माण्डको प्रत्येक राष्ट्र र सबै राष्ट्रहरूमाझ, मेरो अख्तियार, मेरो क्रोध, र मेरो न्याय, र अझै बढी, सबै राष्ट्र र मानिसहरूमाथि शासन गर्न मेरो फलामको डन्डा लिएर देखा पर्ने मेरो व्यक्तित्व हो। सबै मानिसहरू र सम्पूर्ण ब्रह्माण्डको बीचमा, यसले मेरो गवाही दिन्छ जसले स्वर्ग र पृथ्वी हल्लाउँछ, सबै मानिसहरू र हिमाल, नदी, ताल, र पृथ्वीको कुनासम्म रहेका सबै कुरालाई म, सबै कुराको सृष्टिकर्ता, र सबै कुराको मार्गनिर्देशन, व्यवस्थापन, न्याय गर्ने, सबै कुरा हासिल गर्ने, सबै कुरालाई सजाय दिने, र सबै कुरालाई नष्ट गर्ने, परमेश्‍वर स्वयम्‌को प्रशंसा र महिमा गाउन, मलाई चिन्न लगाउँछ। त्यसैले यही नै मेरो व्यक्तित्वको साँचो देखा पराइ हो।

# अध्याय १००

मद्‌वारा पूर्वनियुक्ति नगरिएका र नचुनिएकाहरू सबैलाई म घृणा गर्छु। त्यसकारण मैले ती मानिसहरूलाई मेरो घरबाट एक-एक गरी निकालेर मेरो मन्दिरलाई पवित्र र निष्खोट, मेरो घरलाई सधैँ नयाँ र कहिल्यै पुरानो नहुने तुल्याउनुपर्छ, मेरो पवित्र नामलाई सदासर्वदा फैलन सक्ने, र मेरा पवित्र जनहरूलाई मेरा प्रिय मानिसहरू बन्न सक्ने तुल्याउनुपर्छ। यस प्रकारको राज्य नै मेरो लक्ष्य र मेरो वासस्थान हो; मैले सबै थोक सृष्टि गर्नुको आधार यही हो। कसैले पनि यसलाई प्रभाव पार्न वा परिवर्तन गर्न सक्दैन। यसभित्र म र मेरा प्रियहरू पुत्रहरू मात्रै एकसाथ जिइरहेका हुनेछौं, र यसलाई पैतालामुनि कुल्चने अनुमति कसैलाई पनि हुनेछैन, यसलाई ओगट्‌ने अनुमति कसैले पनि हुनेछैन, र कुनै पनि अप्रिय घटना घट्‌न दिने कुरा त परै जाओस्। सबै कुरा प्रशंसा र हर्षोल्लासमय हुनेछ, र सबै कुरा मानिसले कल्पना गर्न नसक्ने दृश्य हुनेछ। तिमीहरूले तिमीहरूका सारा हृदय र मनले, अनि तिमीहरूको क्षमताले भ्याउने गरी तिमीहरूको सारा शक्ति मलाई अर्पण गर भन्ने मात्रै म चाहन्छु। आज होस् या भोली, तिमीहरू मलाई सेवा दिने व्यक्ति भए पनि वा आशिषहरू प्राप्त गर्ने व्यक्ति भए पनि, तिमीहरूले मेरो राज्यको लागि आफ्नो सारा शक्ति खर्च गर्नुपर्छ। यो सृष्टि गरिएका सारा मानिसहरूले लिनुपर्ने दायित्व हो, र यसलाई यसरी नै गरिनुपर्छ र कार्यान्वयन गरिनुपर्छ। मेरो राज्यको सुन्दरता सदा नयाँ बनाउनको लागि, र मेरो घरलाई मैत्रीपूर्ण र एकीकृत तुल्याउनको लागि सेवा प्रदान गर्न म सबै कुरालाई परिचालन गर्नेछु। कसैलाई पनि मेरो अवज्ञा गर्ने अनुमति छैन, र त्यसो गर्ने जो-कोहीले न्याय भोग्नैपर्छ र श्रापित हुनैपर्छ। अब मेरो श्रापहरू सबै राष्ट्रहरू र सबै मानिसहरूमाथि आइपर्न थालेका छन्, र मेरा श्रापहरू मेरो न्यायभन्दा पनि गम्भीर छन्। अब सबै मानिसहरूलाई दोषारोपण गर्नसुरु गर्ने समय हो, ताकि यसलाई सराप मानियोस्। किनभने यो अन्तिम युग हो, र सृष्टिको समय होइन। युगहरू परिवर्तन भएको हुनाले, अहिले मेरो कामको गति अत्यन्तै फरक छ। मेरो कामका खाँचोहरूको कारण, मलाई चाहिने मानिसहरू पनि फरक नै छन्; त्यागिनुपर्ने मानिसहरूलाई त्यागिनेछ; हटाइनुपर्ने मानिसहरूलाई हटाइनेछ; मारिनुपर्ने मानिसहरूलाई मारिनेछ, र रहन दिनुपर्ने मानिसहरूलाई रहन दिइनेछ। यो मानिसको इच्छाबाट मुक्त अपरिहार्य प्रवाह हो, र कुनै मानिसले यसलाई परिवर्तन गर्न सक्दैन। यसलाई मेरो इच्छाअनुसार नै गरिनुपर्छ! मैले त्याग्न चाहेकाहरूलाई म त्याग्छु, र मैले हटाउन चाहेकाहरूलाई म हटाउँछु; कसैले पनि मनोमानी ढङ्गले काम गर्नेछैन। मैले रहन दिन चाहेकाहरूलाई म रहन दिन्छु र मैले प्रेम गर्न चाहेकाहरूलाई म प्रेम गर्छु; यो मेरो इच्छाअनुसार नै गरिनुपर्छ! म भावनाहरूअनुरूप काम गर्दिनँ; मेरो लागि त धार्मिकता, न्याय र क्रोध मात्रै हुन्छन्कुनै भावना–बिल्कुल छैन। ममा मानवको सानो छाप पनि छैन, किनभने म परमेश्‍वर स्वयम् हुँ, परमेश्‍वरको व्यक्तित्व हुँ। किनभने सबै मानिसहरूले मेरो मानवताको पक्षलाई मात्रै देख्छन्, र तिनीहरूले मेरो ईश्‍वरीयताको पक्षलाई देखेका छैनन्। साँच्चै नै, तिनीहरू अन्धा र भ्रमित छन्!

म तिमीहरूलाई जे भन्छु त्यसलाई तिमीहरूले आफ्नो हृदयमा सुरक्षित राख्नुपर्छ, तिमीहरूले

मेरा वचनहरूद्वारा मेरो हृदयलाई बुझ्नुपर्छ र मेरो बोझतिर ध्यान दिनुपर्छ। त्यसपछि, तिमीहरूले मेरो सर्वशक्तिमान्तालाई जान्नेछौ र मेरो व्यक्तित्वलाई देख्नेछौ। किनभने मेरा वचनहरू बुद्धिका वचन हुन्, र मेरा वचनहरू पछाडिका सिद्धान्तहरू वा नियमहरूलाई कसैले पनि बुझ्न सक्दैनन्। मानिसहरूले म छल र कुटिलपनको अभ्यास गर्छु भन्ने ठान्छन् र तिनीहरूले मेरा वचनहरूबाट मलाई चिन्दैनन्, तर यसको विपरीत, तिनीहरूले मेरो विरुद्धमा ईश्वर-निन्दा गर्छन्। तिनीहरू अत्यन्तै अन्धा र अज्ञानी छन्! तिनीहरूमा अलिकति पनि भेदशक्ति छैन। मैले बोल्ने प्रत्येक वाक्यमा अख्तियार र न्याय हुन्छ, र मेरा वचनहरू कसैले पनि परिवर्तन गर्न सक्दैन। मेरा वचनहरूलाई जारी गरिएपछि, काम-कुराहरू मेरा वचनहरू अनुसार सम्पन्न हुने निश्चित हुन्छ; मेरो स्वभाव यही हो। मेरा वचनहरू अख्तियार हुन् र जसले ती संशोधन गर्छ त्यसले मेरो सजाय निम्त्याउँछ, र मैले तिनीहरूलाई प्रहार गर्नैपर्छ। गम्भीर मामिलाहरूमा तिनीहरूले आफ्नो जीवनमा विनाश ल्याउँछन् र तिनीहरू पातालमा, वा अतल कुण्डमा जान्छन्। मैले मानव जातिलाई निराकरण गर्ने एक मात्र तरिका यही हो, र मानिससँग यसलाई परिवर्तन गर्ने कुनै उपाय छैन—यो मेरो प्रशासनिक आदेश हो। यो याद राख! कसैलाई पनि मेरो आदेश उल्लङ्घन गर्ने अनुमति छैन; कामहरू मेरो इच्छाअनुसार नै गरिनुपर्छ! विगतमा, मैले तिमीहरूप्रति सहज व्यवहार गरेको थिएँ र तिमीहरूले मेरा वचनहरूको मात्र सामना गर्‍यौ। मैले मानिसहरूलाई प्रहार गरेर ढाल्ने सम्बन्धमा बोलेका वचनहरू अझै पूरा भएका छैनन्। तर मेरो इच्छाअनुसार नचल्नेहरूलाई दण्ड दिन आजदेखि उसो सबै विपत्तिहरू (यी मेरो प्रशासनिक आदेशहरूको सम्बन्धमा हुन्) एकपछि अर्को गर्दै आउनेछन्। तथ्यहरूको आगमन हुनुपर्दछ—अन्यथा मानिसहरूले मेरो क्रोध देख्न सक्नेथिएनन्, तर आफैलाई बारम्बार भ्रष्ट पार्नेथिए। यो मेरो व्यवस्थापन योजनाको एउटा चरण हो, र मैले मेरो कामको अर्को चरण गर्ने तरिका यही हो। म तिमीहरूलाई अग्रिम रूपमा यो भन्छु, यसैले कि तिमीहरू अपराधहरू गर्नबाट र अनन्त विनाश भोग्नबाट बच्न सक। भन्नुको अर्थ, आजको दिनदेखि, म मेरा ज्येष्ठ पुत्रहरूबाहेक सबै मानिसहरूलाई मेरो इच्छाअनुसार तिनीहरूका उचित स्थान लिन लगाउनेछु, र म एकपछि अर्को गर्दै तिनीहरूलाई सजाय दिनेछु। म तीमध्ये एउटालाई पनि उम्कन दिनेछैनँ। तिमीहरूले फेरि भ्रष्ट हुने आँट मात्र गरेर त हेर! तिमीहरूले फेरि विद्रोही हुने मात्र आँट गरेर त हेर! मैले म सबैका निम्ति धर्मी छु, ममा रत्तीभर पनि भावुकता छैन भनेर मैले पहिले नै भनेको छु र यसले मेरो स्वभावलाई उल्लङ्घन गर्नु हुँदैन भन्ने देखाउँछ। मेरो व्यक्तित्व यही हो। यसलाई कसैले पनि परिवर्तन गर्न सक्दैन। सबै मानिसहरूले मेरा वचनहरू सुन्छन् र सबै मानिसहरूले मेरो महिमित अनुहार देख्छन्। सबै मानिसहरूले पूर्ण रूपमा र ठोस रूपमा मेरो आज्ञापालन गर्नुपर्छ—मेरो प्रशासनिक आदेश यही हो। ब्रह्माण्डभरिका र पृथ्वीको पल्लो छेउका सबै मानिसहरूले मेरो प्रशंसा र महिमा गर्नुपर्छ, किनकि म अद्वितीय परमेश्वर स्वयम् हुँ, किनकि म परमेश्वरको व्यक्तित्व हुँ। कसैले पनि मेरा वचनहरू र वाणीहरू, मेरो बोलीवचन र चाल-चलनहरू परिवर्तन गर्न सक्दैन, किनकि यी मेरो मात्र विषयहरू हुन्, र यी ती कुराहरू हुन् जुन मैले प्राचीनकालदेखि धारण गरेको छु र जुन अनन्तसम्म रहिरहन्छ।

मानिसहरू मलाई जाँच्ने अभिप्राय बोकेर हिँड्छन्, र तिनीहरूले मेरा वचनहरूभित्र त्यस्तो कुनै

कुरा भेट्टाउन चाहन्छन्, जसलाई तिनीहरूले मेरो निन्दा गर्न मेरो विरुद्धमा प्रयोग गर्न सकून्। के तँद्वारा म निन्दित हुनुपर्छ? के मलाई लापरवाही रूपमा आलोचना गरिनुपर्छ? के मेरा काम-कुराको बारेमा लापरवाही रूपमा छलफल गरिनुपर्छ? तिमीहरू साँच्चै नै आफ्नो लागि जुन कुरा असल छ त्यो नगर्ने झुण्ड हौं! तिमीहरूले मलाई चिनेकै छैनौ! सियोन पर्वत के हो? मेरो वासस्थान के हो? कनानको असल भूमि भनेको के हो? सृष्टिको आधार के हो? किन विगत केही दिनदेखि मैले यी वचनहरू बारम्बार उल्लेख गरिरहेको छु? सियोन पर्वत, मेरो वासस्थान, कनानको असल भूमि, सृष्टिको आधार–यी सबै मेरो व्यक्तित्वको सन्दर्भमा उल्लेख गरिएका छन् (शरीरको सन्दर्भमा)। सबै मानिसहरूले यी भौतिक रूपमा अस्तित्वमा रहेका स्थानहरू हुन् भन्ने ठान्छन्। मेरो व्यक्तित्व सियोन पर्वत हो; यो मेरो वासस्थान हो। जो-जो आत्मिक संसारमा प्रवेश गर्छन् तिनीहरू सियोन पर्वतमा उक्लनेछन् र मेरो वासस्थानमा प्रवेश गर्नेछन्। मैले सबै कुरा मेरो व्यक्तित्वमा सृष्टि गरें; अर्थात्, सबै थोक शरीरभित्र सृष्टि गरिएका थिए, त्यसकारण आधार यही हो। तिमीहरू मसँगै शरीरमा एकसाथ फर्कनेछौ भनेर म किन भन्छु? यसको मूल अर्थ यसैमा छ। “परमेश्वर” भन्ने पदवी नामजस्तै, यी नामपदहरूको आफैमा कुनै अर्थ छैन, बरु ती मैले फरक-फरक स्थानलाई दिने फरक-फरक नाम हुन्। त्यसकारण तिनको ठेड अर्थहरूमा त्यति धेरै ध्यान नदेओ, तर मेरा वचनहरू सुन्ने कार्यमा मात्रै ध्यान देओ। तिमीहरूले तिनलाई यसरी हेर्नुपर्छ, त्यसपछि तिमीहरूले मेरो इच्छा बुझ्न सक्नेछौ। म तिमीहरूलाई किन मेरा वचनहरूमा बुद्धि छ भनेर बारम्बार स्मरण गराउँछु? तिमीहरूमध्ये कति जनाले यस पछाडिको अर्थलाई पत्ता लगाउने प्रयास गरेका छौ? तिमीहरू सबै अन्धाधुन्ध विश्लेषण गरिरहेका छौ र अव्यवहारिक बनिरहेका छौ!

विगतमा मैले बताएका धेरैजसो कुराहरूलाई तिमीहरूले अझै पनि बुझ्दैनौ। तिमीहरू शङ्काको स्थितिमा रहन्छौ र मेरो हृदयलाई सन्तुष्ट पार्न सक्दैनौ। तिमीहरू जुन बेला मैले बोलेका हरेक वाक्यप्रति निश्चित बन्न सक्छौ, तिमीहरूको जीवन परिपक्व हुने समय त्यही हुनेछ। मेरो लागि, एक दिन हजार वर्ष जस्तो हो र हजार वर्ष एक दिन जस्तो हो; मैले उल्लेख गर्ने समयको बारेमा तिमीहरूले कसरी विचार गर्छौ? तिमीहरूले यसलाई कसरी व्याख्या गर्छौ? तिमीहरूले यसलाई गलत रूपमा अर्थ लगाउँछौ! यसको साथै, मेरो विरुद्धमा प्रयोग गर्न केही भेट्टाउन सकिन्छ कि भनेर धेरैजसो मानिसहरू मसँग यसको बारेमा तर्क-वितर्क गर्छन्–तिमीहरूको लागि के असल हो सो तिमीहरूलाई थाहा छैन! होशियार बस्, नत्र म तँलाई प्रहार गर्नेछु! जब सबै कुरालाई स्पष्ट पार्ने दिन आउँछ, तब तिमीहरूले सबै कुरा पूर्ण रूपमा बुझ्नेछौ। म तिमीहरूलाई अझै अहिले केही भन्दिनँ (अहिले मानिसहरूलाई खुलासा गर्ने समय हो; मेरो इच्छा पूरा गर्नको लागि हरेक व्यक्ति होसियार र सतर्क हुनुपर्छ)। म मेरा वचनहरूद्वारा सबै मानिसहरूलाई खुलासा गर्नेछु, र तिनीहरू साँचो हुन् कि होइनन् भन्ने कुरालाई देखाउन तिनीहरूको मूल रूपलाई प्रकट गरिनेछन्। यदि कुनै व्यक्ति वेश्या वा ईजेबेल हो भने, मैले तिनीहरूलाई खुलासा गर्नैपर्छ। मैले पहिले नै भनिसकेको छु, कि म औँलो नउठाई काम-कुरा गर्छु, र मानिसहरूलाई खुलासा गर्नको लागि म मेरा वचनहरू मात्र प्रयोग गर्छु। म भेषदेखि डराउँदिन; मेरा वचनहरू उच्चारण भएपछि, तैँले तेरो मूल रूपलाई प्रकट गर्नैपर्छ, र तैँले आफूलाई जसरी भेष बदले पनि म यस कुरालाई अवश्य नै छर्लङ्गै देख्न

सक्छु। मेरा कार्यहरूको सिद्धान्त यही हो–वाणीहरूको मात्र प्रयोग गर्ने र कुनै पनि शक्तिको प्रयोग नगर्ने। मेरा वचनहरू पूरा हुनेछन् कि हुनेछैनन् भन्ने विषयमा मानिसहरू अत्यन्तै बेचैन बन्छन्, र तिनीहरू मेरो खातिर व्याकुल बन्छन् र मेरो लागि चिन्ता गर्छन्, तर यी प्रयासहरूको वास्तवमा आवश्यकता छैन; ती तिर्नु नपर्ने मूल्य हुन्। तँ मेरो विषयमा चिन्ता गर्छस्, तर के तेरो आफ्नै जीवन परिपक्व भएको छ? तेरो आफ्नै गन्तव्य कस्तो छ? बारम्बार आफैलाई प्रश्न गर् र लापरवाही नबन्। मानिसहरू सबैले मेरो कार्यलाई ध्यान दिनुपर्छ–मेरा कार्यहरू र मेरा वचनहरूद्वारा–मेरो व्यक्तित्वलाई देख्नुपर्छ, मेरो बारेमा अझै बढी ज्ञान प्राप्त गर्नुपर्छ, मेरो सर्वशक्तिमान्तालाई जान्नुपर्छ, मेरो बुद्धिलाई जान्नुपर्छ र मैले जुन माध्यम र विधिहरूद्वारा सबै थोकको सृष्टि गरेँ तिनलाई जान्नुपर्छ, यसरी मलाई अटुट प्रशंसा चढाउनुपर्छ। म कसमाथि मेरा प्रशासनिक आदेशहरूको हात बढाउँछु, मैले कसमाथि काम गर्छु, म के गर्न चाहन्छु र म के पूरा गर्न चाहन्छु त्यो कुरा म सबै मानिसहरूलाई देखाउनेछु। यो हरेक व्यक्तिले हासिल गर्नुपर्ने कुरा हो, किनभने मेरो प्रशासनिक आदेश यही हो। म जे भन्छु त्यो म पूरा गर्नेछु। कसैले पनि लापरवाही तरिकाले मेरा वचनहरूको विश्लेषण गर्नु हुँदैन; सबैले मेरा वचनहरूद्वारा मेरा कामहरू पछाडि रहेका सिद्धान्तहरूलाई देख्नुपर्छ, र मेरा वचनहरूद्वारा मेरो क्रोध के हो, मेरो श्राप के हो र मेरो न्याय के हो सो देख्नुपर्छ। यी सबै कुराहरू मेरा वचनहरूमा निर्भर हुन्छन् र मेरा हरेक वचनहरूभित्र हरेक व्यक्तिले देख्नुपर्ने कुराहरू हुन्।

## अध्याय १०१

मेरो व्यवस्थापनमा बाधा पुऱ्याउने वा मेरा योजनाहरूलाई बिगार्न खोज्ने जो-सुकैप्रति म अलिकति पनि नरम हुनेछैन। मैले बोलेका वचनहरूबाट सबैले मेरो अर्थ बुझ्नुपर्छ, र म के बारेमा बोलिरहेको छु भनेर स्पष्ट रूपमा बुझ्नुपर्छ। अहिलेको अवस्थाको सन्दर्भमा, तिमीहरू प्रत्येकले आफूलाई जाँच्नुपर्छ: तैँले कस्तो भूमिका खेलिरहेको छस्? तँ मेरा लागि बाँचिरहेको छस्, कि तैँले शैतानको सेवा गरिरहेको छस्? तेरो प्रत्येक कार्यहरू मबाट निस्किन्छन्, कि दियाबलसबाट? मेरा प्रशासनिक आदेशहरू उल्लङ्घन गरी मेरो बढ्दो क्रोध पैदा गर्नबाट जोगिन यी सबै कुरामा तँ स्पष्ट हुनुपर्छ। विगतका बारेमा विचार गर्दा, मप्रति मानिसहरू सधैँ बेइमान र गैर-पारिवारिक भएका छन्; तिनीहरूले अनादर गरेका छन् र, मलाई धोका दिएका छन्। यिनै कारणहरूले गर्दा, यी मानिसहरूले आज मेरो न्यायको सामना गर्छन्। म एउटा मानिस जस्तो मात्रै देखिए पनि, मैले स्वीकार नगर्ने सबै (तैँले यसमा मेरो अर्थ बुझ्नुपर्छ: यो तँ कति सुन्दर वा आकर्षक देखिन्छस् भन्ने बारेमा होइन, बरु मैले तँलाई पूर्वनियुक्त र छनौट गरेको छु कि छैन भन्ने बारेमा हो) मेरो निष्कासनका पात्रहरू हुनेछन्। यो पूर्ण रूपमा साँचो कुरा हो। किनकी म बाहिरबाट मानवजस्तो देखिन सक्छु, तर तैँले मेरो ईश्वरत्वलाई बुझ्न मानवताभन्दा पर हेर्नुपर्छ। मैले धेरै पटक बताएको जस्तै, "सामान्य मानवता र पूर्ण ईश्वरत्व पूर्ण परमेश्वर स्वयम्का दुई अविभाज्य हिस्साहरू हुन्।" तैपनि, तिमीहरूले मलाई अझै बुझ्दैनौ; तैँले आफ्नो अस्पष्ट परमेश्वरमा मात्रै महत्त्व दिन्छस्।

तिमीहरू आत्मिक कुराहरू नबुझ्ने मानिसहरू हौ। यद्यपि, यस्ता मानिसहरू अझै मेरा ज्येष्ठ पुत्रहरू हुने इच्छा राख्छन्। कति निर्लज्ज! तिनीहरूले आफ्नो हैसियत के छ भनेर पनि हेर्दैनन्। तिनीहरूसँग मेरा मानिसहरूको रूपमा सेवा गर्ने पनि हैसियत छैन, तब तिनीहरू कसरी मेरा ज्येष्ठ पुत्र हुनसक्छन् र मसँगै राजा बन्न सक्छन्? यस्ता मानिसहरूले आफूलाई चिन्दैनन्; तिनीहरू शैतानका प्रजाति हुन्, र मेरा घरको स्तम्भ बन्नका लागि त योग्य छैनन्, मेरोअगाडि सेवा गर्नु त झन् परको कुरा हो। तसर्थ म तिनीहरूलाई एक-एक गरी आफैँ हटाउनेछु, र एक-एक गरी तिनीहरूको साँचो अनुहारको खुलासा गर्नेछु।

मेरो कार्य चरणबद्ध रूपमा, बिनाअवरोध र अलिकति पनि बाधाको सामना नगरिकन अगाडि बढ्छ, किनभने मैले जीत प्राप्त गरेको छु र सम्पूर्ण ब्रह्माण्डभरि मैले राजाको रूपमा शासन गरेको छु। (मैले यहाँ जनाइरहेको कुरा भनेको शैतानलाई परास्त गरेपछि, मैले मेरो शक्तिलाई नयाँ रूपमा पुनःप्राप्त गरेँ भन्ने हो।) मैले सबै ज्येष्ठ पुत्रहरूलाई प्राप्त गर्ने क्रममा, सियोन पर्वतमाथि विजयको ध्वजा उठ्नेछ। यसो भन्नुको अर्थ, मेरा ज्येष्ठ पुत्रहरू नै मेरो जीतको ध्वजा, मेरो महिमा हुन्, र जसको बारेमा म गर्व गर्छु; ती मैले शैतानलाई लज्जित बनाएको सङ्केत हुन्, र ती मैले कार्य गर्ने विधि हुन्। (मैले पूर्वनियुक्त गरेपछि शैतानबाट भ्रष्ट बनाइएका, तर फेरि मतिर फर्किएका मानिसहरूको एक समूहद्वारा, म ठूलो रातो अजिङ्गरलाई लज्जित बनाउँछु र विद्रोहीका सबै पुत्रहरूमाथि शासन गर्छु।) मेरा ज्येष्ठ पुत्रहरूमा नै मेरो सर्वशक्ति निहित छ; तिनीहरू मेरो महान् सफलता, अपरिवर्तनीय र निर्विवादित सफलता हुन्। म तिनीहरूमार्फत नै मेरो व्यवस्थापन योजना पूरा गर्नेछु। मैले विगतमा "तिमीहरूद्वारा नै म सबै राष्ट्र र मानिसहरूलाई मेरो सिंहासनअगाडि फर्काउनेछु" भनेर बताउनुको अर्थ यही हो। मैले "तिमीहरूको काँधमा भएको गह्रौँ भारी" भन्ने वचन बताउँदा मैले जनाउन खोजेको कुरा पनि यही हो। के यो स्पष्ट छ? के तैँले बुझिस्? ज्येष्ठ पुत्रहरू मेरो सम्पूर्ण व्यवस्थापन योजनाको सार्थकता हुन्; यही कारणले गर्दा, मैले यो समूहलाई कहिल्यै नम्र रूपमा व्यवहार गरेको छैन, र मैले तिनीहरूलाई सधैँ निर्दयी भएर अनुशासित बनाएको छु (त्यो निर्दयी अनुशासन भनेको संसारमा भोगिएको कष्ट, परिवारका दुर्भाग्य, र बाबुआमा, श्रीमान्, श्रीमती र बालबच्चाहरूले त्यागेको कुरा हुन्–छोटकरीमा, संसारले तिरस्कार गरेको र युगले त्यागेको कुरा हो), त्यसैले तैँले मेरोअगाडि आउने सौभाग्य पाएको छस्। तिमीहरूले धेरै पटक सोचेको प्रश्न यही हो: "अरूले यो नामलाई किन स्वीकार गरेनन्, तर मैले गरेँ?" अब तँलाई थाहा भयो!

आज कुनै कुरा विगतको जस्तो छैन। मेरो व्यवस्थापन योजनाले नयाँ विधिहरू अपनाएको छ, मेरो काम पहिलेको भन्दा पनि अझ धेरै भिन्न छ, र मेरा वचनहरू अझै धेरै अद्भुत छन्। त्यसैले मैले तिमीहरूलाई बारम्बार जोड दिएर बताएको छु कि तिमीहरूले मेरो सेवा राम्ररी गर्नुपर्छ (यो सेवा-कर्ताहरूलाई भनिएको हो)। आफूलाई नकारात्मक ढङ्गले व्यवहार नगर्, बरु गम्भीर खोजीलाई कायम राख्। के केही अनुग्रह प्राप्त गर्नु आनन्दमय कुरा होइन र? यो संसारको दुःखभन्दा धेरै नै असल हो। म तँलाई बन्छु! यदि तैले पूर्ण हृदयले मेरो सेवा गरिनस् भने, र म अधर्मी भएको छु भनेर गुनासो गरिस् भने, भोलि तँ पातालमा र नर्कमा झर्नेछस्। कुनै पनि

व्यक्तिलाई चाँडै मर्ने मन हुँदैन—के कुरा यही होइन र? जीवनमा एक दिनको पनि महत्त्व हुन्छ, त्यसैले तैँले आफूलाई पूर्ण रूपमा मेरो व्यवस्थापन योजनामा अर्पण गर्नुपर्छ र, त्यसपछि, मैले गर्ने तेरो न्याय र तँमाथि पर्ने मेरो धर्मी सजाय पर्खनुपर्छ। मैले भनेका कुरा वाहियात हुन् भनेर अनुमान नगर्; म मेरो धार्मिकता र स्वभावबाट बोल्छु। साथै, म प्रताप र धार्मिकतासहित काम गर्छु। मलाई धर्मी छैन भनी भन्ने मानिसहरू सबैले मलाई नचिनेर त्यसो भनेको हुन्; यो तिनीहरूको विद्रोही स्वभावको स्पष्ट अभिव्यक्ति हो। मेरा लागि, कुनै पनि भावना छैन; बरु धार्मिकता, प्रताप, न्याय, र क्रोध मात्रै छ। समय जति व्यतीत हुन्छ, तैँले मेरो स्वभावलाई त्यति नै धेरै देख्नेछस्। अहिलेको समय सङ्क्रमणकालीन चरण हो, र तिमीहरूले यसको एउटा सानो हिस्सालाई मात्रै देख्न सक्छौ; तिमीहरूले बाहिरी रूपमा व्यक्त भएका केही कुराहरू मात्र देख्न सक्छौ। जब मेरा ज्येष्ठ पुत्रहरू देखा पर्छन्, म तिमीहरूलाई सबै कुरा देखाउनेछु र बुझाउनेछु। सबै जना आफ्नो हृदय र बोलीमा विश्वस्त हुनेछन्। म तिमीहरूलाई मेरो लागि गवाहीमा बोल्न, सदैव मेरो प्रशंसा गर्न, र सदैव मेरो स्तुति गाउन लगाउनेछु। यो निश्चित छ, र यसलाई कसैले पनि परिवर्तन गर्न सक्दैन। मानिसहरूले यसको बारेमा कल्पना त विरलै गर्न सक्छन्, झन् विश्वास गर्नु त परको कुरा हो।

जो ज्येष्ठ पुत्रहरू हुन् दर्शनहरू सम्बन्धी तिनीहरूको बुझाइ बढ्दै गइरहेको छ, र मेरा लागि तिनीहरूको प्रेम अझ बढ्दै छ। (यो रुमानी प्रेम होइन, जुन मलाई शैतानले देखाउने प्रलोभन हो र जसलाई चिनिनुपर्छ। त्यसैले, मेरोअगाडि आफ्नो सौन्दर्य देखाउनेहरू छन् भनेर मैले यसभन्दा अगाडि भनेको छु। म तिनीहरूको रूपप्रति आकर्षित हुन्छु भनेर विश्वास राख्ने यस्ता मानिसहरू, शैतानका अनुचरहरू हुन्। लाज पचेकाहरू! तिनीहरू दुष्टहरूमध्येका पनि दुष्ट हुन्!) तैपनि, जो ज्येष्ठ पुत्रहरू होइनन् तिनीहरू, यो अवधिमा मैले बताएका वचनहरूमार्फत, दर्शनहरूका बारेमा झनै अस्पष्ट भएका छन् र तिनीहरूले म जे हुँ त्यो व्यक्तित्वप्रति विश्वास गुमाएका छन्। तसर्थ, तिनीहरू अन्ततः पतन नभएसम्म, बिस्तारै तटस्थ बन्छन्। यस्ता मानिसहरूले आफूलाई बसमा राख्न सक्दैनन्। मैले यो अवधिमा बोलेका कुराहरूको लक्ष्य यही हो; यो कुरा सबैले देख्नुपर्छ (म मेरा ज्येष्ठ पुत्रहरूसँग बोलिरहेको छु), र मेरा वाणी र कार्यहरूमार्फत, मेरो आश्चर्यलाई देख्नुपर्छ। म शान्तिका राजकुमार हुँ, सनातनका पिता, आश्चर्य, र सल्लाहकार हुँ भनेर किन भनिएको हो? यसलाई मेरो परिचय, मेरा वाणीहरू, वा मैले गर्ने कार्यहरूको दृष्टिकोणबाट व्याख्या गर्दा त्यो एकदमै सतही हुन जान्छ; यो उल्लेख गर्न पनि योग्य हुँदैन। मलाई शान्तिका राजकुमार भनिनुको कारण ज्येष्ठ पुत्रहरूलाई पूरा गर्ने मेरो शक्ति, शैतानप्रतिको मेरो न्याय, र ज्येष्ठ पुत्रहरूलाई मैले दिएको अथाह आशिष्हरूबाट उत्पन्न हुन्छ। अर्को शब्दमा, ज्येष्ठ पुत्रहरू मात्रै मलाई शान्तिका राजकुमार भनेर बोलाउन योग्य छन्, किनकी म मेरा ज्येष्ठ पुत्रहरूलाई प्रेम गर्छु, र "शान्तिका राजकुमार" को उपाधि तिनीहरूको मुखबाट मात्रै निस्किनुपर्छ। तिनीहरूका लागि, म शान्तिको राजकुमार हुँ। मेरा पुत्र र मानिसहरूका लागि, म सनातनका पिताको रूपमा परिचित छु। मेरा ज्येष्ठ पुत्रहरूको अस्तित्वका कारण, र तिनीहरूसँग मसँगै राजत्वको शक्ति लिन र सबै राष्ट्र र मानिसहरू (अर्थात्, पुत्र र मानिसहरू) उपर शासन गर्ने भएकाले, पुत्र र मानिसहरूले मलाई सनातनका पिता—अर्थात् परमेश्वर स्वयम् भन्नुपर्छ, जो ज्येष्ठ पुत्रहरूभन्दा माथि हुनुहुन्छ। जो

मेरा पुत्र, मानिस, वा ज्येष्ठ पुत्रहरू होइनन्, तिनीहरूका लागि म आश्चर्यजनक हुँ। मेरो कामको आश्चर्यजनक प्रकृतिले गर्दा, गैर-विश्वासीहरूले मलाई देख्नै सक्दैनन् (किनकी मैले तिनीहरूको आँखा धमिलो बनाइदिएको छु), र मेरो कामको स्पष्ट दृश्य देख्न सक्दैनन्। तसर्थ, तिनीहरूका लागि, म आश्चर्यजनक हुँ। सबै दियाबलस र शैतानका लागि, म सल्लाहकार हुँ, किनभने मैले गर्ने सबै कामले तिनीहरूलाई लज्जित बनाउँछ; मेरा कार्यहरू सबै मेरा ज्येष्ठ पुत्रहरूका लागि हुन्। मेरो प्रत्येक चरण निर्विघ्न अघि बढ्छ, र म प्रत्येक चरणमा जीत प्राप्त गर्छु। साथै, म शैतानका सबै योजनाहरू स्पष्ट देख्नसक्छु र तिनीहरूलाई नकारात्मक दिशाबाट मेरा उद्‌देश्यहरूलाई सेवा गर्ने वस्तु बनाउँदै, मेरो सेवा गर्न प्रयोग गर्छु। म "सल्लाहकार" हुनुको अर्थ यही हो, जसलाई कसैले परिवर्तन गर्न सक्दैन र जसलाई कसैले पूर्ण रूपमा बुझ्न सक्दैन। तैपनि, मेरो व्यक्तित्वको मामिलामा, म शान्तिको राजकुमार र सनातनको पिता हुँ, साथै सल्लाहकार र आश्चर्य पनि हुँ। यसमा भएको कुरा कुनै पनि झूटो होइन। यो एक अखण्डनीय र अपरिवर्तनीय सत्य हो!

मलाई धेरै कुरा भन्नु छ; यसबाट कुनै पनि उपमा निकाल्न सकिँदैन। त्यसैले तिमीहरू धैर्य हुनुपर्छ र पर्खनुपर्छ भन्ने म चाहन्छु। तैँले जे गरे पनि, आवेशमा नछोड्। किनभने तिमीहरूले विगतमा बुझेको कुरा अहिले पुरानो भइसकेको छ, त्यो कुरा अब लागू हुँदैन, र अहिलेको समय परिवर्तनको समय हो–राजकुलहरूबीचमा हुने परिवर्तन जस्तै। यही कारणले गर्दा, म तिमीहरूले आफ्नो सोचाइ परिवर्तन गरेको र तिमीहरूको पुरानो धारणाहरूलाई त्यागेको चाहन्छु। "धार्मिकताको पवित्र पोसाक लगाउनु" को साँचो अर्थ यही हो। मैले मात्रै मेरा वचनहरूको व्याख्या गर्न सक्छु, र मैले के गर्न सुरु गरेको छु भनेर मलाई मात्रै थाहा छ। तसर्थ, मेरा वचनहरू मात्रै अशुद्‌धतारहित र पूर्ण रूपमा मैले चाहेको जस्ता छन्, त्यसैले यो धार्मिकताको पवित्र पोशाक लगाउनु हो। मानव मस्तिष्कको बुझाइ कल्पना मात्र हो; मानव बुझाइ अशुद्‌ध छ र मेरा अभिप्रायहरू हासिल गर्न नसक्ने प्रकारको छ। तसर्थ, म आफै बोल्छु, र म आफै व्याख्या गर्छु, "म आफै काम गर्छु" भनेर भन्दा मैले भन्न खोजेको अर्थ यही हो। यो मेरो व्यवस्थापन योजनाको एक अत्यावश्यक हिस्सा हो, र सबै मानिसहरूले मेरो महिमा गाउनु र मेरो प्रशंसा गर्नुपर्छ। मेरा वचनहरूको बुझाइको सन्दर्भमा, मैले मानिसहरूलाई कहिल्यै त्यो शक्ति दिएको छैन, न यसका लागि तिनीहरूसँग कुनै योग्यता नै छ। दियाबलसलाई लज्जित बनाउने मेरा विधिहरूमध्येको एउटा यही हो। (यदि मानवले मेरा वाणीहरू बुझे र प्रत्येक चरणमा मेरा अभिप्रायहरू परीक्षण गर्न सके भने, शैतानले तिनीहरूलाई आफ्नो इच्छाअनुसार वशमा ल्याउन सक्थ्यो, र फलस्वरूप, तिनीहरू मेरो विरोधमा उत्रिनेथिए र ज्येष्ठ पुत्रहरूको छनौट गर्ने मेरो लक्ष्य हासिल गर्न असम्भव हुनेथियो। यदि मैले प्रत्येक रहस्य बुझेँ भने, र म भएको व्यक्तित्वले कसैले बुझ्न नसक्ने वाणीहरू बोलेँ भने, म, पनि, शैतानको वशमा आउन सक्छु। यही कारणले गर्दा जब म देहमा हुन्छु, म अलौकिक हुँदै हुँदिन।) यी वचनहरूको महत्त्वको बारेमा सबैले स्पष्ट बुझाइ राख्नु र मेरो कुराहरूलाई पछ्याउनु अत्यावश्यक छ। गम्भीर वचन र शिक्षाहरू सबै आफैले बुझ्ने कोसिश नगर्।

# अध्याय १०२

मैले केही हदसम्म बोलेको छु र मेरो कार्य निश्चित बिन्दुसम्म पुगेको छ; तिमीहरू प्रत्येकले, मेरो इच्छालाई बुझ्नुपर्छ र विभिन्न हदसम्म मेरो बोझका बारेमा विचारशील हुन सक्षम हुनुपर्छ। देह आत्मिक संसारमा स्थानान्तर हुने समयको मोड अहिले नै हो–तिमीहरू युगहरूलाई पार गर्ने, ब्रह्माण्ड र पृथ्वीको अन्त्यबीच वारिपारि गर्ने अग्रवर्ती व्यक्तिहरू हौ। तिमीहरू मेरो सबैभन्दा प्रियहरू हौ; मैले प्रेम गर्ने तिमीहरू नै हौ। मैले तिमीहरूबाहेक अरू कसैलाई प्रेम गर्दिन भन्दा हुन्छ, किनभने मेरो कठिन प्रयास तिमीहरूका लागि नै रहेको छ। तिमीहरूलाई यसका बारेमा थाहा नहुने हुनसक्छ र? मैले यावत् थोकको सृष्टि गर्नेथिएँ? तिमीहरूको सेवाका खातिर मैले तिनीहरूलाई किन चहलपहल गराउथें? यी सबै कार्यहरू तिमीहरूप्रतिको मेरो प्रेमको अभिव्यक्ति हो। पहाड-पर्वत र पहाड-पर्वतमा भएका यावत् थोकहरूले, पृथ्वी र पृथ्वीमा भएका यावत् थोकहरूले, मैले तिमीहरूलाई प्राप्त गरेकोमा मेरो प्रशंसा गर्छन् र मेरो महिमा गर्छन्। वास्तवमा, सबै कुरा गरिसकिएको छ; साथै, सबै कुरा पूर्ण रूपमा गरिसकिएको छ। तिमीहरूले मेरो गुञ्जायमान गवाही दिएका छौ, र तिमीहरूले मेरो लागि दियाबलसहरू र शैतानलाई अपमानित गरेका छौ। मभन्दा बाहिरका सबै मानिस, मामिला, अनि थोकहरू मेरा अख्तियारप्रति समर्पित हुन्छन्, र सबै, मेरो व्यवस्थापन योजनाको समापनका कारण, आफ्नै प्रजातिलाई पछ्याउँछन् (मेरो मानिसहरू मेरा हुन्, र शैतानका प्रजातिहरू आगोको कुण्डका हुन्–तिनीहरू अतल कुण्डमा खस्नेछन्, जहाँ तिनीहरू अनन्तसम्म कराउनेछन् र सदैव नष्ट हुनेछन्)। जब म "नष्ट हुने" र "त्यसो समयदेखि, तिनीहरूको आत्मा, प्राण, र शरीर लिने" बारेमा कुरा गर्छु, मैले तिनीहरूलाई शैतानको जिम्मा लगाउने र तिनीहरूलाई कुल्चन अनुमति दिने कुरा सूचित गरिरहेको हुन्छु। अर्को शब्दमा, मेरो घरमा नभएका सबै विनाशको पात्र हुनेछन्, र तिनहरूको अस्तित्व समाप्त हुनेछ। यसको अर्थ, मानिसहरूले कल्पना गरे जस्तो, तिनीहरू जानेछन् भन्ने होइन। यसलाई यसरी पनि भन्न सकिन्छ कि मभन्दा बाहिरका यावत् थोकहरू, मेरो विचारमा, अस्तित्वमा हुँदैनन्, र नष्ट हुनुको साँचो अर्थ यही नै हो। मानवको नजरका लागि यिनीहरूको अस्तित्व अझै देखापरिरहनेछ, तर मेरो नजरमा, तिनीहरू अनस्तित्वमा परिणत भएका हुन्छन् र सम्पूर्ण अनन्तसम्म नष्ट हुनेछन्। (म जोसँग अहिले काम गर्दिन तिनीहरू नै मभन्दा बाहिरका हुन् भनेर जोड दिन्छु।) मानवमा, तिनीहरूले जसरी सोचे पनि, यो कुरा तिनीहरूले पत्ता लगाउन सक्दैनन्, र तिनीहरूले जतिसुकै राम्ररी हेरे पनि, तिनीहरूले यसभित्र घुस्न सक्दैनन्। मैले मानिसहरूलाई अन्तर्दृष्टि, ज्योति नदिएसम्म, र तिनीहरूलाई स्पष्ट रूपमा नदेखाइदिएसम्म, तिनीहरूले यसलाई स्पष्ट रूपमा बुझ्न सक्दैनन्। साथै, तिनीहरू सबै थप रित्तो महसुस गर्दै, यसका बारेमा झन्-झन् अस्पष्ट हुन्छन्, र बढ्दो क्रममा, पछ्याउने कुनै मार्ग हुँदैन–तिनीहरू लगभग मृतक मानिसहरू जस्तै हुन्। अहिले, धेरैजसो मानिसहरू (जसको अर्थ ज्येष्ठ छोराहरू बाहेक) यस्तो अवस्थामा छन्। मैले यी कुरा अति स्पष्टताका साथ बताएको छु, तापनि यी मानिसहरूको कुनै प्रतिक्रिया हुँदैन र अझै पनि तिनीहरूको देहगत आनन्दको वास्ता गर्दछन्। तिनीहरूले खान्छन् र सुत्छन्; तिनीहरू सुत्छन् र त्यसपछि खान्छन्। तिनीहरूले मेरा

वचनहरूमाथि चिन्तन गर्दैनन्। तिनीहरू ऊर्जाशील हुँदा पनि त्यो केही समयका लागि मात्र हुन्छ; पछि, तिनीहरू अझै पनि पहिलेका जस्तै पूर्ण रूपमा अपरिवर्तित रहन्छन्, मानौं तिनीहरूले मलाई पटक्कै सुनेका छैनन्। यी प्रतिनिधिमूलक नमुनाहरू हुन्, निकम्मा मानिसहरू, जोसित कुनै बोझ हुँदैन; तिनीहरू सित्तैँमा भोगचलन गर्नेहरू हुन् भन्ने अत्यन्तै स्पष्ट छ। पछि, म तिनीहरूलाई एक-एक गरी छोडिदिन्छु; चिन्ता नगर! म तिनीहरूलाई एक-एक गरी अतल कुण्डमा पठाउनेछु। पवित्र आत्माले त्यस्ता मानिसहरूमा कहिल्यै काम गर्नुभएको छैन, र तिनीहरूले गर्ने सबै कुरा तिनीहरूले पाएका वरदानहरूबाट प्रवाहित हुन्छन्। जब म वरदानको कुरा गर्छु, मेरो भनाइको अर्थ यी जीवनरहित मानिसहरू हुन्, जो मेरा सेवा-कर्ताहरू हुन् भन्ने हो; म तिनीहरूमध्ये कसैलाई पनि चाहन्नँ, र म तिनीहरूलाई हटाउनेछु (तर अहिलेचाहिं, तिनीहरू थोरै उपयोगी छन्)। तिमीहरू जो-जो सेवा-कर्ताहरू हौ, सुन! यो नसोच कि मैले तँलाई प्रयोग गर्नुको अर्थ म तँलाई निगाह गर्छु भन्ने होइन; यो त्यति सरल छैन। यदि तँ मैले तँलाई निगाह गरेको चाहन्छस् भने, तँ त्यस्तो व्यक्ति हुनुपर्छ जसलाई म स्वीकार गर्छु र जसलाई म व्यक्तिगत रूपमा सिद्ध पार्छु। यो मैले प्रेम गर्ने प्रकारको व्यक्ति हो। मानिसहरूले मैले गल्ती गरेको छु भनेर भने पनि म कहिल्यै पनि मन परिवर्तन गर्नेछैन। के तँलाई यो थाहा छ? सेवा प्रदान गर्नेहरू केवल गाईवस्तु र घोडाहरू मात्र हुन्; तिनीहरू कसरी मेरो ज्येष्ठ छोराहरू हुन सक्छन्? के यो मूर्खतापूर्ण हुनेछैन र? के यो प्रकृतिको नियम उल्लङ्घन हुनेछैन र? जोसँग मेरो जीवन र मेरो गुण छ, तिनीहरू मेरा ज्येष्ठ छोराहरू हुन्। यो एउटा व्यावहारिक कुरा हो; यसलाई कसैले पनि खण्डन गर्न सक्दैन। यो यस्तै हुनुपर्छ; नत्र, यो भूमिका खेल्न सक्ने कोही पनि हुनेथिएन, र कसैले पनि यसको प्रतिस्थापना गर्न सक्नेथिएन। यो कुनै भावनाको भरमा गरिने कार्य होइन, किनकि म स्वयम् धार्मिक परमेश्‍वर हुँ; म पवित्र परमेश्‍वर स्वयम् हुँ। म प्रतापी, उल्लङ्घन गर्न नसकिने परमेश्‍वर स्वयम् हुँ!

मानवका लागि असम्भव भएका सबै कुरा मेरा लागि निर्विघ्न र स्वतन्त्र भएर अघि बढ्छन्। त्यसलाई कसैले पनि रोक्न सक्दैन, र कसैले पनि परिवर्तन गर्न सक्दैन। यो संसार, यसको सम्पूर्ण महापापसहित, पूर्ण रूपमा मेरा हातमा छ, सानो दियाबलस शैतानको बारेमा त झन् कुरै गर्नु परेन। यदि मेरो व्यवस्थापन योजना नभएको भए, र यदि मेरा ज्येष्ठ पुत्रहरू नभएका भए, मैले यो पुरानो दुष्टका साथै मृत्युको दुर्गन्धले भरिएको यो चरित्रहीन युगको अन्त्य उहिल्यै गरिसकेको हुन्थें। तर, म औचित्यसहित काम गर्छु, र म हल्कासाथ बोल्दिन। जब म कुनै कुरा भन्छु, त्यो पूरा हुन्छ; यदि यस्तो हुँदैनथियो भने पनि, मेरा लागि सबै कुरा पूरा गर्ने र मेरा कार्यका लागि मार्ग खोल्ने, मेरो बुद्धिको एउटा हिस्सा सधैँ नै हुनेछ। यसो हुनुको कारण मेरा वचनहरू नै मेरो बुद्धि हो; मेरा वचनहरू सबै कुरा हुन्। आधारभूत रूपमा मानिसहरूले तिनलाई बुझ्न सक्दैनन्, र तिनलाई पत्ता लगाउन सक्दैनन्। म प्रायजसो “आगोको कुण्ड” को बारेमा उल्लेख गर्छु। त्यसको अर्थ के हो? यो आगो र गन्धकको कुण्डभन्दा कसरी भिन्न छ? आगो र गन्धकको कुण्डले शैतानको प्रभावलाई जनाउँछ भने, आगोको कुण्डले शैतानको राज्यक्षेत्र अन्तर्गतको सम्पूर्ण संसारलाई जनाउँछ। संसारमा भएका सबै जना आगोको कुण्डमा जलेर मर्नुपर्छ (भन्नुको अर्थ, तिनीहरू थप भ्रष्ट हुँदै जान्छन्, र तिनीहरूको भ्रष्टता निश्‍चित तहमा पुगेपछि, तिनीहरू मद्वारा

एक-एक गरी नाश हुनेछन्, जुन कार्य म एउटै शब्द उच्चारण गरेर सजिलै गर्न सक्छु)। मेरो क्रोध जति ठूलो हुन्छ, आगोको कुण्डभरि त्यति नै ठूलो ज्वाला हुन्छ। यसले मानिसहरू कसरी झन्-झन् बढी दुष्ट भइरहेका छन् भन्ने कुरालाई जनाउँछ। मेरो क्रोध विस्फोट हुने समयमा आगोको कुण्ड पनि विस्फोट हुनेछ; अर्थात्, सम्पूर्ण ब्रह्माण्ड संसार नष्ट हुने समय यही हो। त्यो दिन, मेरो राज्य पृथ्वीमा पूर्ण रूपमा पूरा हुनेछ र नयाँ जीवन सुरु हुनेछ। यो चाँडै पूरा हुने कुरा हो। मैले बोलेपछि, सबै कुरा पूर्ण दृश्यमा आउनेछन्। यो कुराहरूलाई हेर्ने मानवीय नजर हो, तर मेरो दृष्टिमा, कुराहरू पहिले नै पूरा भइसकेका छन्, किनकी मेरा लागि, सबै कुरा सहज छन्। म बोल्छु, र काम बन्छ; म बोल्छु, र त्यो स्थापित हुन्छ।

प्रत्येक दिन, तिमीहरू मेरा वचनहरू खान्छौ, मेरो मन्दिरमा प्रशस्तताको आनन्द उठाउँछौ, मेरो जीवनको नदीबाट पानी पिउँछौ, र मेरो जीवनको रुखबाट फल टिप्छौ। त्यसोभए, मेरो मन्दिरमा भएको प्रशस्तता के हो? मेरो जीवनको नदीको पानी के हो? जीवनको रुख के हो? जीवनको रुखको फल के हो? यी वाक्यांशहरू सामान्य हुन सक्छन्, यद्यपि, सबै अन्योलग्रस्त मानवका लागि यी अबोधगम्य छन्। तिनीहरूले यी वाक्यांशहरूलाई गैरजिम्मेदार भएर बोल्छन्, जथाभाबी प्रयोग गर्छन्, र यत्तिकै लागू गर्छन्। मन्दिरमा भएको उदारताले न मैले बोलेका वचनहरूलाई जनाउँछ न मैले तिमीहरूलाई प्रदान गरेको अनुग्रहलाई नै जनाउँछ। त्यसोभए, यसको अर्थ के हो त? आदिकालदेखि नै, मेरो मन्दिरमा भएको प्रशस्तताको आनन्द उठाउने भाग्यमानी कोही छैन। आखिरी दिनहरूमा मात्रै, मेरा ज्येष्ठ पुत्रहरूले, मेरो मन्दिरमा भएको यो प्रशस्ततालाई देख्न सक्छन्। यो वाक्यांशमा भएको "मन्दिरले" मेरो व्यक्तिलाई जनाउँछ; यसले सियोन डाँडा, मेरो निवासलाई जनाउँछ। मेरो अनुमतिविना, यसमा कोही प्रवेश गर्न वा यसबाट बाहिरिन सक्दैन। "प्रशस्तता" भनेको के हो? यसको अर्थ मसँग रही शरीरमा शासन गर्न सक्षम हुने आशीर्वाद हो। सामान्य रूपमा भन्दा, यसले शरीरमा मसँगै शासन गर्न सक्षम हुने ज्येष्ठ पुत्रहरूको आशीर्वादलाई जनाउँछ, र यो बुझ्न गाह्रो छैन। जीवनको नदीको पानीको दुई वटा अर्थ छन्: एकातिर, यसले मेरो हृदयबाट बग्ने जीवन दिने खोलाहरूलाई जनाउँछ–अर्थात्, मेरो मुखबाट जारी हुने प्रत्येक वचनहरू। अर्कोतिर, यसले मेरा कार्यहरू पछाडिको बुद्धि र रणनीतिका साथै म को हुँ र मसँग के छ भन्ने कुरालाई जनाउँछ। मेरा वचनहरूमा अन्त्यहीन, लुकेका रहस्यहरू सम्मिलित छन् (र विगतको तुलनामा ती रहस्यहरू लुकेका छैनन् भनेर उल्लेख गरिएको हो, तर भविष्यमा हुने सार्वजनिक खुलासासँग तुलना गर्दा, ती अझै लुकेका नै छन्। यहाँ "लुकेका" भनेको निरपेक्ष होइन; यो सापेक्ष हो।) अर्को शब्दमा, जीवनको नदीको पानी सधैँ बगिरहन्छ। मभित्र अनन्त बुद्धि छ, र मानिसहरूले म के हुँ र मसँग के छ भनेर पूर्ण रूपमा बुझ्न सक्दैनन्; अर्थात्, जीवनको नदीको पानी सधैँ बगिरहन्छ। मानव नजरमा, धेरै प्रकारका भौतिक रुखहरू छन्, तर जीवनको रुखलाई अहिलेसम्म कसैले पनि देखेको छैन। तर, आज यसलाई देखेर पनि, मानिसहरूले यसलाई अझै चिन्न सक्दैनन्–र अझै पनि, उनीहरू जीवनको रुखबाट खाने कुरा समेत गर्छन्। यो एकदमै हास्यास्पद कुरा हो! तिनीहरूले यसबाट अन्धाधुन्ध खान्छन्! मानिसहरूले यसलाई देख्छन् तर चिन्दैनन् भनेर मैले आज किन भनेँ? मैले किन त्यसो भनेँ? के तँ मेरा वचनहरूको अर्थ बुझ्छस्?

आजको व्यावहारिक परमेश्‍वर नै म हुँ, र उहाँ जीवनको रुख हुनुहुन्छ। मलाई नाप्नका लागि मानवीय धारणाको प्रयोग नगर्। बाहिरबाट, म रुख जस्तो देखिन्‍न, तर म नै वास्तवमा जीवनको रुख हुँ भनेर के तँलाई थाहा छ? मेरो प्रत्येक कदम, मेरो बोली-वचन, र मेरो व्यवहार जीवनको रुखका फल हुन्, र तिनीहरू नै मेरो व्यक्ति हुन्–मेरा ज्येष्ठ पुत्रहरूले खानुपर्ने कुरा तिनै हो, ताकि, अन्ततोगोत्वा, मेरो ज्येष्ठ पुत्रहरू र म बिलकुल उस्तै हुनेछौं। तिनीहरूले ममा जिउन सक्नेछन् र मेरा लागि गवाही दिन सक्नेछन्। (यी यस्ता कुरा हुन् जुन हामी आत्मिक संसारमा प्रवेश गरेपछि हुनेछन्। हामी शरीरमा मात्रै ठ्याक्कै उस्तै हुनसक्छौं; देहमा, हामी झन्डै उस्तै हुनसक्छौं, तर पनि हामीसँग हाम्रा प्राथमिकताहरू अझै हुनेछन्।)

म मेरा ज्येष्ठ पुत्रहरूलाई मात्रै मेरो शक्तिको खुलासा गर्नेछैन, तर सबै राष्ट्र र सबै मानिसहरूउपर तिनीहरूको शासनमा पनि म खुलासा गर्नेछु। यो मेरो कार्यको एउटा कदम हो। मुख्य समय अहिले नै हो, साथै, समयको मोड अहिले नै हो। जब सबै कुरा पूरा भएको हुन्छ, तिमीहरूले मेरा हातहरूले के काम गरिरहेका छन् भनेर देख्नेछौ, र तिमीहरूले म कसरी योजना बनाउँछु र म कसरी व्यवस्थापन गर्छु भनेर देख्नेछौ–तर, यो अस्पष्ट कुरा होइन। संसारका प्रत्येक देशहरूको गतिशीलताको सन्दर्भमा, यो धेरै पर छैन; यो मानिसहरूले कल्पना गर्न नसक्ने कुरा हो, साथै, यो तिनीहरूले पूर्वानुमान गर्न नसक्ने कुरा हो। तँ कुनै पनि हालतमा लापरवाह वा असावधान हुनु हुँदैन, ताकि तैँले आशीर्वाद र इनाम प्राप्त गर्ने मौका गुमाउनु नपरोस्। राज्यको दृश्य आँखाअगाडि छ, र सम्पूर्ण संसार बिस्तारै मर्दै झर्दैछ। अतल कुण्डबाट र आगो र गन्धकको कुण्डबाट, रुवाइका चीत्कार प्रस्फुटित भई निस्कन्छ, आफूलाई लुकाउन कुनै ठाउँ नहुने अवस्थामा, मानिसहरूलाई भयभीत बनाउँदै र तिनीहरूलाई त्रासित बनाउँदै गरेको हुन्छ। मेरो नाममा जो छनौटमा पर्छ र त्यसपछि हटाइन्छ त्यो अन्ततः अतल-कुण्डमा पर्नेछ। त्यसैले, मैले धेरै पटक भनेको जस्तै, म यी हटाइने वस्तुहरूलाई अन्त्यहीन खाल्डोमा तलतिर फालिदिनेछु। जब सम्पूर्ण संसार विनाश भएको हुन्छ, विनाश भएका सबै कुराहरू आगो र गन्धकको कुण्डमा खस्नेछन्। अर्को शब्दमा भन्दा, यी कुराहरूलाई आगोको कुण्डबाट आगो र गन्धकको कुण्डमा स्थानान्तर गरिनेछन्। त्यो बेला, सबै जनाले अनन्त विनाश (अर्थात्, मभन्दा बाहिर भएका सबै) वा अनन्त जीवन (अर्थात्, मभित्र भएका सबै) को विषयमा निर्णय लिएका हुनेछन्। त्यो बेला, म र मेरा ज्येष्ठ पुत्रहरू राज्यबाट उठाउनेछौं र अनन्तकालमा प्रवेश गर्नेछौं। यो पछि गएर परिपूर्ण हुने कुरा हो; यदि तिमीहरूलाई मैले अहिले नै बताए पनि, तिमीहरूले यो कुरा बुझ्नेछैनौ। तिमीहरूले मेरो सङ्केतलाई पछ्याउन, मेरो ज्योतिमा हिँड्न, मेरो घरमा मसँग आनन्दको महसुस गर्न, मेरो राज्यमा मसँग शासन गर्न, र मेरो अख्तियारीमा सबै राष्ट्र र सबै मानिसहरूउपर शासन गर्न मात्रै सक्नेछौ। मैले तिमीहरूलाई दिने अन्त्यहीन आशिष्‌हरूमा मैले माथि व्याख्या गरेका सबै कुराहरू पर्छन्।

# अध्याय १०३

सम्पूर्ण ब्रह्माण्डलाई नै हल्लाउँदै एउटा गर्जनयुक्त आवाज बाहिर निस्कन्छ। यो यति कर्णभेदी छ कि मानिसहरू यसबाट समयमै छलेर उम्किन सक्दैनन्। कोही मारिन्छन्, कोही नष्ट हुन्छन् अनि कोही चाहिँ न्यायमा पर्छन्। यो साँच्चै एउटा रमिता हो, यस्तो कसैले कहिल्यै देखेको छैन। ध्यानपूर्वक सुन: गर्जनको गडगडाहटहरूको साथमा विलापको आवाज छ अनि यसको आवाज पातालबाट आउँछ। यो नर्कबाट आउँछ। यो ती विद्रोहका पुत्रहरूको तीतो आवाज हो जसलाई मैले न्याय गरेको छु। मैले भनेको नसुन्नेहरू र मेरा वचनहरूलाई व्यवहारमा नउतार्नेहरूलाई कडा प्रकारले न्याय गरिएको छ र तिनीहरूले मेरो क्रोधको श्राप पाएका छन्। मेरो आवाज न्याय र क्रोध हो, म कसैलाई नरम व्यवहार गर्दिनँ अनि कसैलाई कृपा देखाउँदिन कारण म स्वयम् धर्मी परमेश्वर हुँ अनि म क्रोधले भरिएको छु, अनि म ज्वलनले, शुद्धीकरणले, अनि विनाशले भरिएको छु। ममा केही पनि लुप्त अथवा भावनात्मक छैन तर यसको विपरीत, हरेक कुरा खुला, धर्मी तथा निष्पक्ष छ। मेरा सबै ज्येष्ठ पुत्रहरू सबै जातिहरू र मानिसहरूलाई न्याय गर्दै मसित मेरो सिंहासनमा भएकाले अहिले ती अन्यायी र अधर्मी कुराहरू तथा मानिसहरूको न्याय हुन सुरु हुँदैछ। म तिनीहरूलाई एक-एक गरेर जाँचपडताल गर्नेछु र कसैलाई नछुटाइकन तिनीहरूलाई पूर्ण रूपले प्रकट गरिदिनेछु। किनकि मेरो न्याय पूर्ण रूपले प्रकट गरिएको छ र पूर्ण रूपले खुला गरिएको छ, मैले कुनै कुरा बाँकी राखेको छैन; मेरो इच्छासित मेल नखाने कुनै पनि कुरालाई म फ्याँकिदिनेछु, र यसलाई अतल कुण्डमा सारा अनन्तसम्मै नष्ट भएको होस्। म त्यसलाई त्यहाँ सदाभरिको लागि जल्न दिनेछु। मेरो धार्मिकता यही हो र मेरो निष्ठा यही हो। कसैले यसलाई बदल्न सक्दैन र सबै मेरो हुकुममुनि आउनैपर्छ।

धेरैजसो मानिसहरूले वचनहरू केवल वचनहरू मात्रै हुन् अनि तथ्यहरू भनेका तथ्यहरू नै हुन् भन्ने ठान्दै मेरा वाणीहरूलाई बेवास्ता गर्छन्। तिनीहरू अन्धा हुन्। के म स्वयम् विश्वासयोग्य परमेश्वर हुँ भन्ने तिनीहरूलाई थाहा छैन? मेरा वचनहरू र तथ्यहरू एकै समयमा अस्तित्वमा आउँछन्। के यो कुरा साँच्चै होइन र? मानिसहरूले मेरा वचनहरू बुझ्दै-बुझ्दैनन् अनि जसले अन्तर्दृष्टि पाएका छन्, केवल तिनीहरूले मात्रै साँचो रीतिले बुझ्न सक्छन्। तथ्य यहि नै हो। मेरा वचनहरू देख्नेबित्तिकै मानिसहरू अकलगुम नै हुने गरी डराउँछन् अनि लुक्नका लागि चारैतिर भागदौड गर्छन्। जब मेरो न्याय आउँछ यो झन् बढी लागू हुन्छ। जब मैले सबै थोक सृष्टि गरेँ, जब म संसार नष्ट गर्छु अनि जब म ज्येष्ठ पुत्रहरूलाई पूर्ण गर्छु—यी सबै कुराहरू मेरो मुखको एउटै वचनबाट सम्पन्न हुन्छन्। किनभने मेरो वचन आफैमा अधिकार हो, यो न्याय हो। यस्तो भन्न सकिन्छ कि व्यक्तिको रूपमा म न्याय र प्रताप हुँ; अपरिवर्तनीय तथ्य यही हो। मेरो प्रशासनिक आदेशहरूमध्येको एउटा पक्ष यही हो; मानिसहरूलाई न्याय गर्ने मेरो एउटा तरिका यही हो। मेरो दृष्टिमा हरेक कुरा—सबै मानिसहरू, सबै मामिलाहरू र सबै कुरा लगायत—मेरै हातमा छ र मेरो न्यायको अधीनमा छ। कसैले र कुनै कुराले अन्धाधुन्ध वा स्वेच्छाले व्यवहार गर्ने साहस गर्दैन, अनि सबै कुरा मैले बोल्ने वचनहरू अनुरूप सम्पन्न हुनुपर्छ। मानव धारणाहरू भित्रबाट,

हरेकले मेरो अस्तित्वबाट निस्केका वचनहरूलाई विश्वास गर्छन्। जब मेरो आत्माले आवाज दिन्छ, तब हरेक जना दोधार हुन्छन्। मेरो सर्वशक्तिमान्ताको बारेमा मनिसहरूसित अलिकति पनि ज्ञान छैन, अनि तिनीहरूले मेरो विरुद्धमा अभियोग समेत लगाउँछन्। म तँलाई अहिले भन्दछु, ज-जसले मेरा वचनहरूलाई शङ्का गर्दछन् अनि ज-जसले मेरा वचनहरूलाई तुच्छ ठान्दछन्, नष्ट गरिने तिनीहरू नै हुन्; विनाशका अनन्त पुत्रहरू तिनै हुन्। यसबाट यो देख्न सकिन्छ कि ज्येष्ठ पुत्र बन्नेहरू थोरै मात्र छन् किनकि म यसरी नै काम गर्छु। मैले अघि भनेझैँ, म औंला नचलाइकनै सबै कुरा सम्पन्न गर्छु; म केवल मेरा वचनहरू मात्र प्रयोग गर्छु। यसैमा नै मेरो सर्वशक्तिमान्ता निहित रहन्छ। मेरा वचनहरूमा, कसैले मैले भन्ने कुराको श्रोत र उद्देश्य पत्ता लगाउन सक्दैन। मानिसहरूले यो हासिल गर्न सक्दैनन्, अनि तिनीहरूले तब मात्र काम गर्न सक्छन्, जब तिनीहरूले मेरो अगुवाइलाई पछ्याउँछन् अनि मेरो धार्मिकताअनुसार मेरो इच्छासित मेल हुने गरी हरेक कुरा गर्छन् अनि मेरो परिवारले धार्मिकता र शान्ति पाउने तुल्याउँछन्, सदाको निम्ति जिउने र अनन्तसम्मै दृढ र अचल हुने तुल्याउँछन्।

मेरो न्याय हरेककहाँ आउँछ, मेरो प्रशासनिक आदेशले हरेकलाई छुन्छ, अनि मेरा वचनहरू र मेरो व्यक्तित्व हरेकलाई प्रकट गरिन्छ। मेरो आत्माको महान् कामको निम्ति समय यही नै हो (यो समयमा, जो आशिषित हुनेछन् र जसले विपत्ति भोग्नेछन्, तिनीहरूलाई एक-अर्काबाट अलग गरिन्छ)। मेरा वचनहरू बाहिर निस्कनेबित्तिकै मैले जसले आशिष पाउनेछन् तिनीहरूलाई, साथै जसले विपत्ति भोग्नेछन् तिनीहरूलाई अलग गरेको हुन्छु। यो पूर्ण रूपले स्पष्ट छ र म सबै कुरालाई एकै झलकमा देख्नसक्छु। (म यो कुरा मेरो मानवतालाई ख्याल राखेर भन्दैछु, त्यसैले यी वचनहरूले मेरो पूर्वनियुक्ति तथा छनौटलाई खण्डन गर्दैन।) म पहाडहरूहुँदो र नदीहरूहुँदो घुम्छु अनि हरेक कुरालाई नियाल्दै र शुद्ध गर्दै ब्रह्माण्डको अन्तरिक्षको सबैतिर, घुम्छु ताकि मेरा वचनहरूको परिणामस्वरूप ती हरेक अशुद्ध स्थानहरू र छाडा भूमिहरू अस्तित्वमा रहन छोडून् र शून्यतामा भस्म होऊन्। मेरो निम्ति सबै कुरा सजिलो छ। यदि अहिले यो समय संसारको विनाशको निम्ति मैले पूर्वनियुक्त गरेको समय भएको भए मैले एउटै शब्दको उच्चारणले यसलाई निल्न सक्नेथिएँ। तथापि, समय अहिले होइन। यो काम गर्नु अघि सबै कुरा तयार हुनुपर्छ ताकि मेरो योजना नखल्बलियोस् अनि मेरो व्यवस्थापनमा बाधा नपुगोस्। यसलाई न्यायसङ्गत ढङ्गले कसरी गर्ने हो, मलाई थाहा छ: मसित मेरो बुद्धि छ, अनि मसित मेरा आफ्ना तयारीहरू छन्। मानिसहरूले एउटा औंला समेत चलाउनु हुँदैन; मेरो हातमा नमर्नको लागि होशियार होओ। यसले मेरो प्रशासनिक आदेशहरूलाई छोइसकेको छ। यसैबाट, कसैले मेरो प्रशासनिक आदेशहरूको कठोरतालाई र साथसाथै तिनीहरूपछाडि रहेका सिद्धान्तहरूलाई पनि देख्नसक्छ, जसको दुई पक्षहरू छन्: एकातिर, म तिनीहरू सबैलाई मार्छु, जो मेरो इच्छाअनुरूप छैनन् र जसले मेरा प्रशासनिक आदेशहरूलाई भङ्ग गर्छन्; अर्कोतिर, मेरो क्रोधमा मेरा प्रशासनिक आदेशहरूलाई भङ्ग गर्ने सबैलाई म श्राप दिन्छु। यी दुई पक्षहरू अपरिहार्य छन् र ती मेरा प्रशासनिक आदेशहरू पछाडिका कार्यकारी सिद्धान्तहरू हुन्। हरेकलाई यिनै दुई सिद्धान्तहरू अनुसार विनाभावना व्यवहार गरिन्छ, चाहे त्यो व्यक्ति जतिसुकै वफादार किन नहोस्। मेरो धार्मिकता, मेरो वैभव र

मेरो क्रोध देखाउन पर्याप्त छ जसले सबै पार्थिव कुराहरू, सबै सांसारिक कुराहरू र मेरो इच्छासित मेल नखाने सबै कुरालाई भस्म गर्नेछन्। मेरा वचनहरूमा रहस्यहरू लुकेर रहेका छन्, अनि मेरा वचनहरूमा प्रकट गरिएका रहस्यहरू पनि छन्। यसरी मानव धारणाअनुसार, अनि मानव समझमा, मेरा वचनहरू सदा अबोधगम्य छन्, अनि मेरो हृदय सदा अथाह छ। यसको अर्थ, मैले मानिसहरूलाई तिनीहरूको धारणा र विचारदेखि बाहिर निकाल्नै पर्छ। यो मेरो व्यवस्थापन योजनाको सबैभन्दा महत्वपूर्ण तत्व हो। मेरा ज्येष्ठ पुत्रहरूलाई हासिल गर्नको निम्ति र मैले गर्न चाहेको कुराहरू सम्पन्न गर्नको निम्ति मैले यसलाई यही तरिका गर्नुपर्छ।

संसारका महाविपत्तीहरू प्रतिदिन झन् ठूलो भई बढ्दछन् र मेरो घरमा विनाशकारी महाविपत्तीहरू झन् शक्तिशाली रूपले बढ्दछन्। मानिसहरूको साँच्चै लुक्ने ठाउँ कतै छैन, आफैलाई लुकाउने ठाउँ कतै छैन। अहिले सङ्क्रमणकाल भइरहेको हुनाले मानिसहरूले आफ्नो अर्को कदम कहाँ राख्ने हो, तिनीहरूलाई थाहा छैन। यो मेरो न्यायपछि मात्रै स्पष्ट हुनेछ। याद राख! मेरो कामका कदमहरू यिनै हुन् र मैले काम गर्ने तरिका यहि नै हो। मेरा ज्येष्ठ पुत्रहरूलाई एक-एक गरेर म सान्त्वना दिनेछु र कदम-कदम गरी तिनीहरूलाई माथि उठाउनेछु। सेवाकर्ताहरूको सम्बन्धमा चाहिँ, म तिनीहरू सबैलाई एक एक-गरेर नामेट गरिदिनेछु र त्यागिदिनेछु। मेरो व्यवस्थापन योजनाको एउटा भाग यही हो। सबै सेवाकर्ताहरूलाई प्रकट गरिसकिएपछि मेरा ज्येष्ठ पुत्रहरूलाई प्रकट गरिनेछन्। (मेरो निम्ति यो अत्यन्तै सजिलो छ। तिनीहरूले मेरा वचनहरू सुनेपछि, न्याय र मेरा वचनहरूको त्रासको सामु ती सबै सेवाकर्ताहरू विस्तारै पछि हट्नेछन् र केवल मेरा ज्येष्ठ पुत्रहरू मात्र बाँकी रहनेछन्। यो कुनै स्वैच्छिक कुरा होइन, न त मानव इच्छाले परिवर्तन गर्न सक्ने कुरा नै हो, बरु यो त आत्माले व्यक्तिमा काम गर्नु हो।) यो कुनै परको घटना होइन अनि तिमीहरूले मेरो काम र मेरा वचनहरूको स्थिति भित्रबाट केही हदसम्म यसलाई अनुभूति गर्न सक्नुपर्ने हो। यति धेरै कुराहरू र पूर्वानुमान गर्न नसकिने प्रकृति भएका मेरा वाणीहरू मानिसहरूको निम्ति अगम्य छन् भनेर म किन भन्थें। मेरा ज्येष्ठ पुत्रहरूसँग म सान्त्वना, कृपा र प्रेमको भाकामा बोल्छु (किनभने म यिनीहरूलाई सधैँ अन्तर्दृष्टि दिन्छु अनि म तिनीहरूलाई छोड्नेछैन कारण मैले तिनीहरूलाई पूर्वनियुक्त गरेँ), तर म मेरा ज्येष्ठ पुत्रहरूबाहेक अरूलाई कठोर न्याय, धम्की र त्राससहित व्यवहार गर्नेछु र तिनीहरूलाई निरन्तर त्यस बिन्दुसम्म डरको अनुभूति गराउनेछु कि तिनीहरू सधैँ व्याकुल अवस्थामा रहेका होऊन्। परिस्थिति एउटा निश्चित हदसम्म पुगेपछि, तिनीहरू यस अवस्थाबाट उम्कनेछन् (जब म संसारलाई नष्ट गर्छु, यी मानिसहरू अतल कुण्डमा हुनेछन्), तापनि तिनीहरू मेरो हातको न्यायदेखि उम्कनेछैनन् वा यस परिस्थितिदेखि कहिल्यै मुक्त हुनेछैनन्। तिनहरूको न्याय यही हो, तिनीहरूको सजाय पनि यो नै हो। विदेशीहरू आइपुग्ने दिनमा म यी मानिसहरूलाई एक-एक गरेर प्रकट गर्नेछु। मेरो कामका कदमहरू यिनै हुन्। के मेरा ती वचनहरूको अघिल्लो वाणीहरूपछाडि रहेको अभिप्रायलाई तिमीहरू अहिले बुझ्छौ? मेरो विचारमा पूरा नभएको कुनै पनि कुरा समेत पूरा भइसकेको कुरा हो, तर पूरा भइसकेको कुनै कुरा हासिल गरिएको कुरा हो भन्ने छैन। यसको कारण मसित आफ्नै बुद्धि छ र मेरो आफ्नै काम गर्ने तरिका छ, जुन मानिसहरूका निम्ति केवल रहस्यमय छन्। यस चरणद्वारा मैले परिणामहरू

हासिल गरिसकेपछि (जब मेरो विरोध गर्ने सबै दुष्टहरूलाई मैले प्रकट गरेको हुन्छ), म अर्को कदम सुरु गर्नेछु, किनभने मेरो इच्छा निर्विघ्न छ र मेरो व्यवस्थापन योजनालाई अवरुद्ध गर्ने साहस गर्न कसैले सक्दैन, अनि कुनै कुराले बाधाअड्चन खडा गर्ने साहस गर्न सक्दैन–तिनीहरू सबैले बाटो सफा गर्नुपर्छ! ठूलो रातो अजिङ्गरका सन्तानहरू, मेरो कुरा सुन। मेरा ज्येष्ठ पुत्रहरूलाई हासिल गर्न, तिमीहरूका पितालाई लज्जित तुल्याउन (यी वचनहरू ठूलो रातो अजिङ्गरका सन्तानहरूलाई लक्षित गरिएका हुन्), मेरा ज्येष्ठ पुत्रहरूलाई आड दिन र मेरा ज्येष्ठ पुत्रहरूमाथि गरिएको खराबीलाई सच्याउन म सियोनबाट आएँ र मैले संसारमा देहधारण गरेँ। त्यसैकारण, फेरि पशु जस्तो नहोऊ; म मेरा ज्येष्ठ पुत्रहरूलाई तिमीहरूसित निराकरण गर्न लगाउनेछु। विगतमा मेरा पुत्रहरूलाई दमन गरिएको थियो र थिचोमिचो गरिएको थियो अनि पिताले उहाँका पुत्रहरूका निम्ति शक्ति चलाउनुहुने भएकोले मेरा पुत्रहरू मेरो प्रेमिलो अङ्गालोमा फर्केर आउनेछन् र अब उप्रान्त तिनीहरू दमन र थिचोमिचोमा पर्नेछैनन्। म अधर्मी छैन, यसले मेरो धार्मिकतालाई देखाउँछ र यो साँच्चै "मैले प्रेम गर्नेलाई प्रेम गर्नु र घृणा गर्नेलाई घृणा गर्नु हो"। यदि तिमीहरू म अधर्मी हुँ भनी भन्छौ भने तिमीहरू हतार गरेर बाहिर निस्कनुपर्छ। निर्लज्ज भएर मेरो उदारताको फाइदा लिएर मेरो घरमा नबस। तँ हतार गरेर आफ्नो घरमा फर्कनुपर्छ ताकि मैले अब उप्रान्त तेरो मुहार देख्न नपरोस्। अतल कुण्ड नै तिमीहरूको गन्तव्य हो अनि त्यही नै तिमीहरूले विश्राम लिनेछौ। यदि तिमीहरू मेरो घरमा छौ भने तिमीहरूका निम्ति अब उप्रान्त त्यहाँ कुनै ठाउँ छैन किनकि तिमीहरू भारी बोक्ने पशुहरू हौ; तिमीहरू केवल मैले प्रयोग गर्ने औजारहरू मात्रै हौ। जब मैले तिमीहरूलाई प्रयोग गर्नुपर्ने कुनै खाँचो हुँदैन, तब तिमीहरूलाई भस्म गर्न म तिमीहरूलाई आगोभित्र फ्याँकिदिनेछु। यो मेरो प्रशासनिक आदेश हो; मैले यसलाई यसरी नै गर्नुपर्छ, अनि केवल यसले मात्र मैले काम गर्ने तरिका प्रकट गर्नेछ र मेरो धार्मिकता र मेरो वैभव प्रकट गर्दछ। अझ महत्वपूर्ण कुरा, यसरी मात्रै मेरा ज्येष्ठ पुत्रहरू मसित शक्तिका साथ राज्य गर्न पाउनेछन्।

## अध्याय १०४

मभन्दा बाहिर रहेका सबै मानिस, घटना, अनि थोकहरू शून्यतामा जानेछन् भने, मभित्र रहेका सबै मानिस, घटना, र थोकहरूले मबाट सबै कुरा प्राप्त गर्नेछन् र मसँग महिमामा प्रवेश गर्नेछन्, सियोन डाँडामा प्रवेश गर्नेछन्, मेरो निवासमा प्रवेश गर्नेछन्, र मसँगै सदैव अस्तित्वमा रहनेछन्। मैले प्रारम्भमा सबै कुराको सृष्टि गरेँ, र अन्त्यमा म मेरो कार्यलाई पूरा गर्नेछु। म सधैँ अस्तित्वमा पनि रहनेछु र राजाको रूपमा शासन गर्नेछु। हस्तक्षेपको समयमा, म सम्पूर्ण ब्रम्हाण्डको नेतृत्व गर्ने र त्यसमाथि हुकुम चलाउने पनि गर्नेछु। मेरो अख्तियार मबाट कसैले लान सक्दैन, किनकी म परमेश्वर स्वयम् हुँ। साथै, मसँग मेरो अख्तियार मेरा ज्येष्ठ पुत्रहरूलाई हस्तान्तरण गर्ने शक्ति छ ताकि तिनीहरूले मसँगै शासन गर्न सकून्। यी कुराहरू सधैँ अस्तित्वमा रहनेछन्, र कहिल्यै पनि परिवर्तन गर्न सकिँदैन। यो मेरो प्रशासनिक आदेश हो। (जब म मेरो प्रशासनिक आदेशको बारेमा कुरा गर्छु, मैले मेरो राज्यमा के हुन्छ र के सदैव अस्तित्वमा रहन्छ र कहिल्यै पनि

परिवर्तन गर्न सकिँदैन भन्ने कुरालाई सूचित गरिरहेको हुन्छु।) सबै जना पूर्ण हृदयबाटै विश्वस्त हुनुपर्छ, र तिनीहरूले मैले प्रेम गर्नेहरूमा मेरो महान् शक्तिलाई देख्नुपर्छ। मेरो नाम कसैले पनि बदनाम गर्न सक्दैन; जसले त्यसो गर्छ त्यो यहाँबाट बाहिरिनुपर्छ! म त्यति धेरै दयाहीन पनि होइन, तर तँ चाहिँ अधर्मी होस्। यदि तैले मेरो सजायलाई उल्लङ्घन गरिस् भने, म तेरो निराकरण गर्नेछु र अनन्तकालका लागि तँलाई नष्ट हुने बनाइदिन्छु। (पक्कै पनि, यो सबै मेरा ज्येष्ठ पुत्रबाहेक अरूतर्फ निर्देशित छ।) मेरो घरमा यस्तो फोहोरलाई स्वागत गरिँदैन, त्यसैले चाँडो गर् र यहाँबाट निस्की जा! एक मिनेट, वा एक क्षणका लागि पनि विलम्ब नगर्! मैले जे भन्छु तैँले त्यही गर्नुपर्छ, नत्र म एउटै शब्दले तेरो विनाश गर्नेछु। अझै पनि तँ नहिचकिचाउनु नै तेरो लागि राम्रो हुन्थ्यो, र अझै पनि छल गर्न नखोज्नु नै तेरो लागि राम्रो हुन्थ्यो। मेरो अगाडि, तँ नचाहिँदो कुरा बनाउँछस्, र मेरो मुखैमा झूट बोल्छस्। चाँडो गर् र निस्की! यस्ता कुराका लागि मसँग सीमित समय छ। (जब सेवा गर्ने समय हुन्छ, यी मानिसहरूले सेवा गर्नेछन्, र जब बाहिरिने समय हुन्छ, तिनीहरू बाहिरिनेछन्। म बुद्धि पुऱ्याएर काम गर्छु, समयभन्दा एक मिनेट वा एक सेकेन्ड पनि तलमाथि गर्दिन; कहिले पनि अलिकति तलमाथि हुँदैन। मेरा सबै कार्यहरू धर्मी र सटीक हुन्छन्।) तर जब मेरो ज्येष्ठ पुत्रहरूको कुरा आउँछ, म असीमित रूपमा सहिष्णु हुन्छु, र तेरो लागि मेरो प्रेम अनन्त छ, जसले तँलाई सदैव राम्रो आशिष्हरूको र मसँगको जीवनको आनन्द उठाउन सक्षम बनाउँछ। यही समयमा, तैँले कुनै पनि रोकावट सहनु पर्दैन वा, मेरो न्याय भोग्नु पर्दैन। (यसले तैँले आशिष्हरूको उपभोग गर्न थाल्ने समयलाई जनाउँछ।) मैले संसारको सृष्टि गर्दा मैले मेरा ज्येष्ठ पुत्रहरूका लागि दिएको अनन्त आशीर्वाद र प्रतिज्ञा हो। तिमीहरूले त्यसमा मेरो धार्मिकतालाई देख्नुपर्छ: मैले पूर्वनियुक्त गरेकाहरूलाई म प्रेम गर्छु, र मैले, त्यागेकाहरूलाई म सदासर्वदा घृणा गर्छु।

मेरा ज्येष्ठ पुत्रहरूका रूपमा, तिमीहरूले तेरा सबै कर्तव्यहरूलाई कायम राख्नुपर्छ र तिमीहरू आफ्नो पदमा बलियो भएर खडा हुनुपर्छ। मेरो अगाडि उठाइएका पहिलो पटक पाकेका फलहरू बन र मेरो व्यक्तिगत छानबिनलाई स्वीकार गर ताकि तिमीहरू मेरो महिमावान् छविमा जिउन सक, ताकि मेरो महिमाको ज्योति तिमीहरूको अनुहारबाट चम्किन सकोस्, ताकि मेरा वाणीहरू तिमीहरूको मुखबाट फैलिऊन्, ताकि मेरो राज्य तिमीहरूबाट शासित हुन सकोस्, ताकि मेरा मानिसहरू तिमीहरूबाट शासित हुन सकून्। यहाँ मैले "पहिलो पटक पाकेका फलहरू" का साथै "चुँडिएका" जस्ता शब्दावलीहरू उल्लेख गरेको छु। "पहिलो पाकेका फलहरू" भनेका के हुन्? मानिसहरूको धारणाअनुसार, तिनीहरूले यसलाई उठाइ लगिने पहिलो चरणका मानिसहरू वा विजेताहरू, वा ज्येष्ठ पुत्रहरू हुन् भन्ने सोच्छन्। यी सबै मेरा वचनहरूको मिथ्या र गलत अर्थानुवाद हुन्। पहिलो पटक पाकेका फलहरू मबाट प्रकाश प्राप्त गरेका र मबाट अख्तियार प्रदान गरिएका मानिसहरू हुन्। "पहिलो पटक पाकेका" भन्ने शब्दावलीले, मेरो स्वामित्वमा रहेको, र मबाट पूर्वनियुक्त र छनौट भएकालाई जनाउँछ। "पहिलो पटक पाकेका" भन्नाले "क्रममा पहिलो हुनु" भन्ने जनाउँदैन। "पहिलो पटक पाकेका" मानव आँखाले देख्ने भौतिक कुराहरू होइनन्। यी तथाकथित "फलहरू" ले सुवास फैलाउने कुराहरूलाई जनाउँछन् (यो साङ्केतिक अर्थ हो); अर्थात्,

ममा जिउने, ममा प्रकट हुने, र सदैव मसँगै जिउने मानिसहरूलाई जनाउँछ। जब म “फलहरू” को बारेमा कुरा गर्छु, म मेरा सबै पुत्र तथा मानिसहरूलाई उल्लेख गरिरहेको हुन्छु भने, “पहिलो पटक पाकेका फलहरू” ले मसँगै राजाको रूपमा शासन गर्ने मेरा ज्येष्ठ पुत्रहरूलाई जनाउँछ। तसर्थ, “पहिलो पटक पाकेका” लाई अख्तियार भएकाहरूको रूपमा व्याख्या गरिनुपर्छ; यसको वास्तविक अर्थ नै त्यही हो। “उठाइलगिनु” भनेको मानिसहरूले कल्पना गरेका जस्तो तल्लो स्थानबाट माथिल्लो स्थानमा लगिनु होइन; त्यो एउटा ठूलो भ्रम हो। “उठाइलगिनु” ले मैले गर्ने पूर्वनियुक्तिलाई र त्यसपछि छनौटलाई बुझाउँछ। यो मैले पूर्वनियुक्त र चुनाउ गरेको सबैमा निर्देशित हुन्छ। उठाइलगिने सबै जना ती मानिसहरू जसले ज्येष्ठ छोरा वा छोराहरूको दर्जा पाएका छन्, वा जो परमेश्‍वरका मानिसहरू हुन्। यो मानिसहरूको धारणासँग सबैभन्दा नमिल्ने कुरा हो। भविष्यमा मसँग मेरो घरमा बस्ने तिनीहरू नै हुन् जो मेरो सामने उठाइलगिएका छन्। यो पूर्ण, कहिल्यै परिवर्तन नहुने र खण्डन गर्न नसकिने सत्य हो। यो शैतानको विरुद्ध जबाफी हमला हो। मैले पूर्वनियुक्त गरेको जो कोही पनि मेरो अघि उठाइलगिनेछ।

“पवित्र तुरही” लाई कसरी व्याख्या गर्ने? यसको विषयमा तिमीहरूको बुझाइ के छ? यसलाई किन पवित्र र पहिले नै बजाइसकिएको छ भनेर भनिएको हो? यसलाई मेरो कार्यका चरणहरूबाट व्याख्या गरिनुपर्छ र मैले काम गर्ने विधिबाट बुझिनुपर्छ। मेरो न्याय सार्वजनिक रूपमा घोषणा हुने समय नै मेरो स्वभाव सबै राष्ट्र र मानिसहरूलाई खुलासा गरिने समय हो। पवित्र तुरही बजाइने समय त्यही हो। अर्थात्, म मेरो स्वभाव पवित्र र उल्लङ्घन गर्न नसकिने छ भनेर प्रायजसो भन्छु, त्यही कारणले “तुरही” लाई व्याख्या गर्न “पवित्र” शब्दको प्रयोग गरिएको हो। यसबाट “तुरही” ले मेरो स्वभाव र म के हुँ र मसँग के छ भन्ने कुरालाई जनाउँछ। मेरो न्याय प्रत्येक दिन प्रगतिमा छ, मेरो क्रोध प्रत्येक दिन जारी गरिन्छ, र मेरो श्राप दैनिक रूपमा मेरो स्वभावसँग मेल नखाने प्रत्येक कुराउपर पर्छ भनेर पनि भन्न सकिन्छ। त्यसोभए मेरो न्याय सुरु हुने समयमा तुरही बजाइन्छ, र यो प्रत्येक दिन, एकछिन पनि नबिराइ र एक मिनेट वा एक सेकेन्ड पनि नरोकी निरन्तर बज्छ भनेर भन्न सकिन्छ। अब उप्रान्त, पवित्र तुरहीको आवाज ठूलो-ठूलो हुँदै जान्छ, जस सँगसँगै महान् विपत्तिहरू पनि बिस्तारै झर्दै जान्छन्। अर्को शब्दमा, मेरो धर्मी न्यायको खुलासा हुँदै गर्दा, मेरो स्वभावलाई थप सार्वजनिक बनाइनेछ, र मे जे हुँ र मसँग जे छ ती मेरा ज्येष्ठ पुत्रहरूमा झनै थपिँदै जानेछ। भविष्यमा म यसरी नै काम गर्नेछु: एकातिर, मैले प्रेम गर्नेहरूलाई भरणपोषण गर्ने र मुक्ति दिने, अर्कोतिर, मैले घृणा गर्नेहरूलाई खुलासा गर्न मेरा वचनहरूको प्रयोग गर्ने। याद राख! मेरो कार्यको विधि, मेरो कार्यको चरण यही हो, जुन एकदमै सत्य छ। मैले यसको योजना सृष्टिको समयदेखि गर्दै आएको हुँ, र यसलाई कसैले पनि परिवर्तन गर्न सक्दैन।

मेरा वचनहरूका अझै धेरै खण्डहरू छन् जुन मानिसहरूलाई बुझ्न गाह्रो पर्छ, त्यसैले मैले मेरा बोल्ने शैली र रहस्यहरू खुलासा गर्ने मेरो विधिहरूलाई थप सुधार गरेको छु। अर्थात्, दैनिक नयाँ तरिका र विधिहरूसहित, मेरो बोल्ने शैली प्रत्येक दिनसँगै परिवर्तन र सुधार हुँदैछ। यी मेरो कार्यका चरणहरू हुन्, र यिनलाई कसैले पनि परिवर्तन गर्न सक्दैन। मानिसहरूले म जे भन्छु

त्यसअनुसार मात्रै बोल्न र कार्य गर्न सक्छन्। यो एकदमै साँचो कुरा हो। मैले मेरो व्यक्ति र मेरो देह दुवैमा उपयुक्त प्रबन्ध मिलाएको छु। मेरो मानवताको प्रत्येक कार्य र क्रियाबाट मेरो ईश्वरत्वको बुद्धिको एक हिस्सा आउँछ। (मानवजातिसँग बिलकुलै कुनै पनि बुद्धि नभएको हुनाले, मेरा ज्येष्ठ पुत्रहरूसँग मेरो बुद्धि छ भन्नुले तिनीहरूसँग तिनीहरूभित्र मेरो ईश्वरीय स्वभाव छ भन्ने तथ्यलाई जनाउँछ।) जब मेरा ज्येष्ठ पुत्रहरूले कुनै मूर्खतापूर्ण काम गर्छन्, यसको कारण भनेको तिमीहरूभित्र अझै पनि मानव पक्षहरू भएर हो। त्यसैले, तैँले त्यस्तो मानव मूर्खताबाट छुटकारा पाउनुपर्छ, र म जे कुरालाई प्रेम गर्छु त्यो गर्नुपर्छ र जे कुरालाई म घृणा गर्छु त्यसलाई नकार्नुपर्छ। मबाट आउने जोकोही पनि मभित्र फर्किनुपर्छ, र मबाट जन्मेका जोकोही पनि मेरो महिमाभित्र फर्किनुपर्छ। मैले घृणा गर्नेहरूलाई एक-एक गरी मबाट बहिष्कार र छुटाइनुपर्छ। मेरो कार्यका चरणहरू यिनै हुन्; यो मेरो व्यवस्थापन हो र यो मेरो छ हजार वर्षको सृष्टिको योजना हो। मैले प्रेम गर्नेहरूले, मैले तिनीहरूलाई प्रदान गरेको आशीर्वादका कारण, मेरो प्रशंसा गर्नुपर्छ, ताकि मेरो नाम अझै महिमासहित ठूलो होस्, र मेरो महिमावान् छविमा महिमावान् ज्योति थपियोस्, ताकि मेरो महिमामा तिनीहरू मेरो बुद्धिले भरिपूर्ण होऊन्, र मेरो महिमावान् ज्योतिमा मेरो नामलाई महिमित गरून्।

## अध्याय १०५

मेरा वचनका सिद्धान्तहरू र मैले काम गर्ने शैलीको कारण मानिसहरूले मलाई अस्वीकार गर्छन्; मैले यति धेरै समय बोल्नु पछिको उद्देश्य यही हो (यो ठूलो रातो अजिङ्गरका सारा सन्तानहरूप्रति निर्देशित छ)। यो मेरो कामको बुद्धिमानी तरिका हो; यो ठूलो रातो अजिङ्गरप्रतिको मेरो न्याय हो। यो मेरो रणनीति हो, र कुनै पनि व्यक्तिले यसलाई पूर्ण रूपमा बुझ्न सक्दैन। प्रत्येक मोडमा–अर्थात्, मेरो व्यवस्थापनको हरेक सङ्क्रमणकालीन चरणमा–केही मानिसहरूलाई निष्कासन गरिनु नै पर्छ; तिनीहरूलाई मेरो कामको क्रमअनुसार निष्कासन गरिन्छन्। यही, र केवल यही मात्रै मेरो सारा व्यवस्थापनको योजनाको काम गर्ने तरिका हो। मैले हटाउन चाहेका मानिसहरूलाई एक-एक गरेर फ्यालेपछि म मेरो अर्को चरणको काम सुरु गर्छु। तथापि, यो अन्तिम पटकको निष्कासन हुनेछ (र यसको अर्थ चीनका मण्डलीहरू भित्र हुने कुरा हो), अनि यो पृथ्वीको सृष्टिपछि सङ्क्रमणकालीन चरणको दौरानको यस्तो समय हो जहाँ धेरै मात्रामा मानिसहरूलाई निष्कासन गरिनेछ। इतिहासभरि मानिसहरू निष्कासन गरिँदा हरेक पटक पछिको काममा सेवा गर्नको निम्ति केही हिस्सा छोडिएको छ। तैपनि, यो पछिल्लो पटकको जस्तो होइन; यो स्वच्छ र प्रभावकारी छ। यो अहिलेसम्मको सबैभन्दा महत्त्वपूर्ण र सबैभन्दा व्यापक छ। धेरैजसो मानिसहरूले मेरा वचनहरू पढेपछि आफ्ना मनबाट शङ्का लाद्न खोज्छन्, अन्ततः तिनीहरूले यसलाई जित्न सक्दैनन्, र अन्त्यमा तिनीहरू आफ्ना संघर्षमा पतन हुन्छन्। यो तिनीहरूले निर्णय गर्ने कुरा होइन, किनकि जसलाई मैले अघिबाटै नियुक्त गरेको छु त्यो उम्कन सक्दैन र जसलाई मैले अघिबाटै नियुक्त गरेको छैन त्यसलाई म तिरस्कार मात्रै गर्नसक्छु। म केवल मैले निगाह

गरेर हेर्ने मानिसहरूलाई मात्र प्रेम गर्छु; नत्रता कुनै पनि व्यक्ति स्वतन्त्रसाथ मेरो राज्य छोड्न र त्यसभित्र प्रवेश गर्न सक्दैन। यो मेरो फलामको डन्डा हो, र केवल यो मात्र मेरो प्रशासनिक आदेश लागू गर्ने कार्यको शक्तिशाली गवाही र पूर्ण प्रकटीकरण हो। यो केवल उत्साहित हुनु सम्बन्धी विषय मात्र होइन। शैतान पतनको विरुद्ध शक्तिहीन भएको छ भनेर मैले किन भनेको हुँ? सुरुमा त्यससँग शक्ति थियो, तर यो मेरो हातमा छ; यदि मैले त्यसलाई सुत भनेँ भने त्यो सुत्नुपर्छ, अनि यदि मैले त्यसलाई मेरो सेवा गर्नलाई उठ् भनेँ भने त्यसले उठेर मेरो सेवा गर्नुपर्छ, र राम्ररी यसो गर्नुपर्छ। शैतान यसो गर्न राजी भएर होइन; मेरो फलामको डन्डाले शैतानमाथि शासन गर्ने भएकोले यसो भएको हो, र यसरी मात्र त्यो हृदय र वचनमा विश्‍वस्त हुन्छ। मेरो प्रशासनिक आदेशले यसलाई शासन गर्छ र मसँग मेरो शक्ति छ, यसैले शैतान बिलकुल आश्‍वस्त हुन बाहेक अरू केही गर्न सक्दैन; कुनै प्रतिरोधको निशानाविना त्यसलाई मेरो पाउदानमुनि कुल्चीमिल्ची पारिनुपर्छ। विगतमा, जब त्यसले मेरा छोराहरूको निम्ति सेवा प्रदान गरिरहेको थियो, शैतान अति दुस्साहसी भयो र मलाई शर्ममा पार्ने आशाले र म असक्षम छु भन्ने कुरा दाबी गर्नको निम्ति स्वेच्छाले तिनीहरूलाई हेप्ने गर्थ्यो। कति अन्धो! म तँलाई कुल्चीमिल्ची गरेर मार्नेछु! अघि बढ्; फेरि एक पटक क्रूर बन्ने हिम्मत गर्! मेरा छोराहरूसँग फेरि उदासीनताका साथ कठोर व्यवहार गरेर त हेर्! मानिसहरू जति इमान्दार हुन्छन् र तिनीहरूले जति मेरा वचनहरू सुन्छन् र मप्रति समर्पित हुन्छन्, तैँले तिनीहरूलाई त्यति नै हेप्छस् र एक्लो पार्छस् (मैले यहाँ विभाजन ल्याउनको निम्ति तैँले तेरा मित्रहरू जम्मा गरेको कुरालाई उल्लेख गरिरहेको छु।) अब तेरो क्रूरताका दिनहरूको अन्त हुन्छ र म थोरै-थोरै गरेर तँसँग हिसाबकिताब गर्दैछु; तैँले जे जति गरेको छस्, म त्यसको एक कण पनि हिसाब नगरी तँलाई छाड्दिनँ। अब शक्ति लिने तँ–शैतान–होइन; बरु, मैले त्यो शक्ति फिर्ता लिएको छु, अनि तेरो निराकरण गर्न मेरा छोराहरूलाई आह्वान गर्ने समय आएको छ। तँ आज्ञाकारी हुनुपर्छ र तैँले थोरै पनि प्रतिरोध गर्नु हुँदैन। विगतमा मेरो अगाडि हुँदा तैँले जति नै असल व्यवहार गरेको भए तापनि त्यसले आज तेरो मदत गर्नेछैन। यदि तँ मैले प्रेम गर्नेहरूमध्ये एक होइनस् भने, म तँलाई चाहँदिनँ। धेरै सङ्ख्या स्वीकार्य छैन; त्यो मैले अघिबाटै नियुक्त गरेको सङ्ख्या हुनुपर्छ र त्योभन्दा पनि थोरै झन् खराब हो। शैतान–विघटनकारी नहो! मैले कसलाई प्रेम गर्छु र कसलाई घृणा गर्छु भन्ने कुरामा के म मेरो आफ्नै हृदयभित्र स्पष्ट नहुन सक्छु? के मलाई सम्झना दिलाउनको निम्ति मलाई तेरो आवश्यकता पर्छ र? के शैतानले मेरा छोराहरूलाई जन्म दिन सक्छ? सबै व्यर्थ छन्! सबै खराब छन्! म सबैलाई सर्वथा र पूर्ण रूपमा परित्याग गर्छु। एक जनाको पनि चाहना छैन; सबै बाहिर जानुपर्छ! छ हजार वर्षको व्यवस्थापन योजना अन्तिम अवस्थामा छ, मेरो काम सकियो र यस जनावर र पशुको झुण्डलाई मैले हटाउनुपर्छ!

मेरा वचनहरू पालना गर्ने र तिनलाई व्यवहारमा उतार्नेहरूलाई नै म प्रेम गर्छु; म तिनीहरूमध्ये एक जनालाई पनि त्याग्नेछैनँ, र कुनै एउटालाई पनि म जान दिनेछैनँ। यसैले ज्येष्ठ पुत्रहरूले चिन्ता गर्नुपर्ने आवश्यकता छैन। यसलाई मैले प्रदान गरेको हुनाले, यसलाई कसैले पनि टाढा लैजान सक्दैन र म यो मैले आशिष् दिएकाहरूलाई प्रदान गर्न बाध्य छु। मैले स्वीकृत गरेकाहरूलाई

(संसारको सृष्टिभन्दा अघि), म आशिष् दिन्छु (आज)। मैले काम गर्ने तरिका यही हो, र मेरा प्रशासनिक आदेशका हरेक दफाहरूपछिको प्रमुख सिद्धान्त पनि यही हो, अनि यसलाई कसैले पनि परिवर्तन गर्न सक्दैन; एउटा पनि शब्द थप्न सकिँदैन, न त थप एक वाक्य नै, न त कुनै एउटा शब्द वा वाक्य नै हटाउन सकिन्छ। विगतमा मैले प्रायजसो भन्ने गर्थें, मेरो व्यक्तित्व तिमीहरू सामु देखापर्छ। त्यसो भए मेरो “व्यक्तित्व” के हो र यो कसरी देखापर्छ? के यसले सामान्य रूपमा त्यस व्यक्तिलाई जनाउँछ जो म हुँ? के यसको अर्थ मैले भन्ने हरेक वाक्य नै हो? यी अपरिहार्य दुई पक्षहरूले एउटा सानो भागलाई मात्र निर्माण गर्छ; अर्थात्, तिनमा मेरो व्यक्तित्वको पूर्ण व्याख्या समावेश छैन। मेरो व्यक्तित्वमा मेरो देहगत अस्तित्व, मेरा वचनहरू र मेरा कार्यहरू पनि समावेश हुन्छन्, तर सबैभन्दा सटीक व्याख्या भनेको, मेरा ज्येष्ठ पुत्रहरू र म नै मेरो व्यक्तित्व हौं। भन्नुको तात्पर्य, राज्य गर्ने र शक्ति भएका इसाईहरूको समूह मेरो व्यक्तित्व हुन्। यसैले, हरेक ज्येष्ठ पुत्रहरू अपरिहार्य छन् र मेरो व्यक्तित्वका भाग हुन्, यसैले म जोड दिन्छु कि मानिसहरूको सङ्ख्या न त धेरै (मेरो नाउँको अपमान गर्ने), अझ महत्त्वपूर्ण, न त थोरै (मलाई प्रकट गर्न असक्षम हुने गरी) हुनसक्छ। यसबाहेक, म पटक-पटक जोड दिन्छु कि मेरा ज्येष्ठ पुत्रहरू मेरा सबैभन्दा प्यारा, मेरा सम्पत्ति र मेरो छ हजार वर्षको व्यवस्थापन योजनाको निश्‍चितता हुन्; तिनले मात्र मेरो सिद्ध र पूर्ण प्रकटीकरण धारण गर्छन्। म स्वयम् मात्र मेरो व्यक्तित्वको पूर्ण प्रकटीकरण हुन सक्छु; मेरा ज्येष्ठ पुत्रहरूको साथमा मात्र म आफै सिद्ध र पूर्ण प्रकटीकरण हुँ ठहरिन सक्छु। यसैले मेरा ज्येष्ठ पुत्रहरूसँग कुनै पनि कुरालाई उपेक्षा नगरी म कठोर मागहरू राख्छु, र पटक-पटक मेरा ज्येष्ठ पुत्रहरूबाहेकका सबैलाई काट्छु र मार्छु; मैले भनेका सबै कुराहरूको जरा यही हो र मैले भनेका सबै कुराहरूको अन्तिम लक्ष्य यही हो। यसबाहेक, समय-समयमा म के जोड दिन्छु भने, तिनीहरू मैले स्वीकृत गरेका मानिसहरू हुनुपर्छ, जसलाई मैले संसारको उत्पत्ति भएदेखि व्यक्तिगत रूपमा चुनेको छु। तब “देखापर्नु” भन्ने शब्दलाई कसरी व्याख्या गरिन्छ? के यो कुनै व्यक्ति आत्मिक संसारमा प्रवेश गर्ने समयको बारेमा हो? यो मेरो शारीरिक अस्तित्व अभिषेक हुँदाको समय हो भनेर धेरै मानिसहरूले विश्‍वास गर्छन्, तर यो सबै झूटो हो; यो अलिकति पनि सत्य होइन। यसको मूल अर्थ अनुसार “देखापर्नु” लाई बुझ्न कुनै पनि हालतमा कठिन छैन, तर यसलाई मेरो अभिप्रायअनुसार बुझ्न अझ कठिन छ। यसर्थ, यसो भन्न सकिन्छ: जब मैले मानवजातिलाई बनाएँ, मैले प्रेम गरेका मानिसहरूको समूहभित्र मेरो गुण हाल्दैथिएँ, अनि यही मानिसहरूको समूह नै मेरो व्यक्तित्व थियो। यसलाई अर्को तरिकाले भन्नुपर्दा, त्यस बेलासम्म मेरो व्यक्तित्व पहिले नै देखापरेको थियो। यो नाम स्वीकार गरेपछि मेरो व्यक्तित्व देखापरेको होइन; बरु, मानिसको यो समूहलाई मैले अघिबाटै नियुक्त गरेपछि यो देखा पर्‍यो, किनकि तिनीहरूमा मेरो गुण थियो (तिनीहरूको प्रकृति परिवर्तन हुँदैन र तिनीहरू अझ पनि मेरो व्यक्तित्वको भाग हुन्)। यसैले, सृष्टिको समयदेखि वर्तमान समयसम्म मेरो व्यक्तित्व सधैँ देखापरेको छ। धेरै मानिसहरू यो धारणामा विश्‍वास राख्छन् कि मेरो देहगत अस्तित्व मेरो व्यक्तित्व हो, जुन पूर्ण रूपले त्यसो होइन; त्यो विचार तिनीहरूको विचार र धारणाहरूमा उत्पन्न भएको हुन्छ। यदि मेरो देहगत अस्तित्व मात्रै मेरो व्यक्तित्व भएको भए,

शैतानलाई शर्ममा पार्न त्यो पर्याप्त हुनेथिएन। यसले मेरो नामलाई महिमित पार्न सक्नेथिएन र यसले वास्तवमा मेरो नामलाई शर्ममा पार्दै विपरीत असर पार्नेथियो, अनि यो युगहरूभरि शैतानले मेरो नामलाई शर्ममा पार्ने चिन्ह बन्नेथियो। म बुद्धिमान परमेश्वर स्वयम् हुँ र म यस्तो मूर्ख कुरा कहिले गर्नेथिइनँ।

मेरो कामको परिणाम हुनुपर्छ र यसबाहेक, मैले विधिपूर्वक वचनहरू बोल्नुपर्छ र मेरा सबै वचन र वाणीहरू मेरो आत्माद्वारा बोलिन्छन् र म मेरो आत्माले गरेबमोजिम बोल्छु। यसैले, सबैले मेरा वचनहरूद्वारा मेरो आत्मालाई अनुभव गर्नुपर्छ, मेरो आत्माले के गरिरहनुभएको छ भनेर देख्नुपर्छ; तिनीहरूले मैले ठ्याक्कै के गर्न चाहन्छु भन्ने देख्नुपर्छ, तिनीहरूले मेरा वचनहरूमा आधारित भएर मैले काम गर्ने विधि देख्नुपर्छ र मेरो समस्त प्रशासनिक योजनाका सिद्धान्तहरू के छन् भन्ने देख्नुपर्छ। म ब्रह्माण्डको सारा तस्विर हेर्छु: हरेक व्यक्ति, हरेक घटना र हरेक स्थान मेरा हुकुमभित्र पर्छन्। मेरो योजनालाई विफल पार्न हिम्मत गर्ने कोही छैन; सबै मैले अघिबाटै नियुक्त गरेको क्रमअनुसार चरणबद्ध रूपमा अगाडि बढ्छन्। यो मेरो शक्ति हो; मेरो सारा योजनाको व्यवस्थापन गर्ने बुद्धि यहाँ छ। कसैले पनि पूर्ण रूपमा बुझ्न र स्पष्टसँग बोल्न सक्दैन; सबै काम मैले व्यक्तिगत रूपमा गर्छु र मैले मात्र नियन्त्रण गर्छु।

## अध्याय १०६

मेरा वचनहरू नजान्नेहरू, मेरो सामान्य मानवतालाई नचिन्नेहरू र मेरो ईश्वरत्वको अवज्ञा गर्नेहरू ध्वस्त भएर शून्यतामा पुग्नेछन्। यसबाट कसैलाई पनि छूट छैन र सबै जना यस पक्षको उचित मापदण्डमा पुग्नुपर्छ किनकि यो मेरो प्रशासनिक आदेश हो र यो अभ्यास गर्नुपर्ने सबैभन्दा गम्भीर कुरा हो। मेरा वचन नजान्नेहरू तिनै हुन् जसले मैले स्पष्टसँग सूचित गरेका कुराहरूलाई सुनेर पनि तिनको बारेमा ज्ञान हुँदैन; अर्को शब्दमा, ती मानिसहरूले आत्मिक कुराहरू बुझ्दैनन् (मैले आत्मिक कुराहरूसँग मेल खाने मानव पक्षहरूको सृष्टि नगरेको हुनाले, म तिनीहरूबाट धेरै माग गर्दिनँ; तिनीहरूले केवल मेरा वचनहरू सुनेको र व्यवहारमा लागू गरेको म चाहन्छु)। तिनीहरू मेरा घरका मानिसहरू होइनन्, न त तिनीहरू म जस्ता नै हुन्; तिनीहरू शैतानका देशका हुन्। यसैले म आत्मिक कुराहरू नबुझ्ने यी मानिसहरूमध्ये एक जना पनि चाहँदिनँ। पहिले मैले अति हद गरेको छु भनेर तिमीहरूले सोच्यौ, तर अब तिमीहरूले बुझ्नुपर्छ। जनावरहरूले कसरी परमेश्वरसँग कुराकानी गर्न सक्छन् र? के त्यो हास्यास्पद हुँदैन र? मेरो सामान्य मानवता नजान्ने मानिसहरू तिनै हुन् जसले मेरो मानवतामा मैले गर्ने काम नाप्नलाई आफ्नै धारणाहरूको प्रयोग गर्छन्। समर्पित हुनुको साटो तिनीहरू आफ्ना देहका आँखाले मेरो आलोचना गर्छन्। सायद मैले बोलेका वचनहरू व्यर्थ भएका छन्? मैले भनेको छु कि मेरो सामान्य मानवता मेरो, पूर्ण परमेश्वर स्वयम्‌को, अपरिहार्य भाग हो, अनि यही सही तरिकाले मेरो सामान्य मानवता र पूर्ण ईश्वरत्व एक-अर्कासँगै मिलेर काम गर्छन्: जब मैले मेरो सामान्य मानवताद्वारा गरेका कुराहरू मानव धारणाहरूसँग मेल खाँदैनन्, मेरो अवज्ञा गर्नेहरू र मसँग नमिल्नेहरू प्रकट गरिन्छन्।

त्यसपछि, मेरो पूर्ण ईश्वरत्व मानवताद्वारा बोल्छ अनि यसरी मैले केही मानिसहरूको सामना गरेको छु। यदि मैले गर्ने कुरा तैँले बुझ्दैनस् तथापि तँ समर्पित हुन्छस् भने, तँ यस्तो किसिमको व्यक्ति हो जसलाई म दोषी ठहर्दिनँ; म यस्ता मानिसहरूलाई मात्र अन्तर्दृष्टि दिन्छु। म यस्ता मानिसहरूलाई प्रेम गर्छु, र तेरो समर्पणको कारण म तँलाई अन्तर्दृष्टि दिन्छु। मेरो ईश्वरत्वको अवज्ञा गर्ने व्यक्तिहरूमा मेरो वचन नजान्ने, मेरो सामान्य मानवतासँग मेल नखाने र मैले ईश्वरत्वमा गरेको कामलाई अस्वीकार गर्ने (उदाहरणको लागि, म रिसाउनु वा मैले मण्डली निर्माण गर्नु र अन्य यस्तै) व्यक्तिहरू पर्छन्। यी सबै मेरो ईश्वरत्वप्रतिको प्रतिरोधका अभिव्यक्तिहरू हुन्। यद्यपि, मैले जोड दिनुपर्ने एउटा कुरा छ, र तिमीहरू हरेकले ध्यान दिनुपर्छः आज जुन व्यक्ति छु त्योसँग मेल नखानेहरूले मेरो ईश्वरत्वको प्रतिरोध गरिरहेका हुन्छन्। अहिले म जुन व्यक्ति छु त्यही नै पूर्ण परमेश्वर स्वयम् हो भनेर किन म निरन्तर भनिरहेको छु? म जो हुँ त्यस व्यक्तिको स्वभावमा ईश्वरीय स्वभावको सम्पूर्णता समेटिएको छ; मेरो मापन गर्नको निम्ति मानवीय धारणाहरूको प्रयोग नगर। अहिले पनि मसँग सामान्य मानवता छ र मैले गरेका सबै कुराहरू सही नै हुनुपर्छ भन्ने छैन भनेर धेरै मानिसहरूले अझै भन्छन्। जब मानिसहरू यस्तो हुन्छन् के तैँले मर्नको निम्ति माग गरिरहेको हुँदैनस् र? तिनीहरू मैले बोलेको एउटा पनि शब्द जान्दैनन् र तिनीहरू पूर्ण रूपमा अन्धकारका सन्तानहरू र ठूलो रातो अजिङ्गरको अण्डा हुन्! म हरेकलाई फेरि एक पटक भन्छु (र पछि म यो फेरि भन्नेछैनँ, अनि फेरि यो अपराध गर्ने निश्चय नै श्रापित हुनेछ): मेरा वचनहरू, मेरो हाँसो, मेरो खानपान, मेरो रहनसहन, मेरो वाणी र मेरो व्यवहार मद्वारा गरिन्छ–परमेश्वर स्वयम्–अनि त्यहाँ मानवताको अलिकति पनि निशान छैन। कुनै पनि छैन! पटक्कै छैन! सबै मानिसहरूले दिमागी खेलहरू खेल्न छोड्नुपर्छ, र आफ्ना क्षुद्र हिसाबकिताब गर्न छोड्नुपर्छ। मानिसहरूले जति यसलाई निरन्तरता दिन्छन्, तिनीहरू त्यति नै बरबाद हुनेछन्। मेरो सल्लाहमा ध्यान दे!

म सधैँ हरेकको भित्री हृदयको खोजी गरिरहेको छु, हरेक व्यक्तिको प्रत्येक शब्द र कामको खोजी गरिरहेको छु। म मैले मन पराउने र मैले मन नपराउनेलाई एक-एक गरेर स्पष्ट देख्छु। यो मानिसहरूले कल्पना गर्न नसक्ने कुरा हो र यसबाहेक, यो तिनीहरूले पुरा गर्न नसक्ने कुरा हो। मैले यति धेरै कुरा भनेको छु र मैले यति धेरै काम-कुरा गरेको छु; मेरा वचनहरूको उद्देश्य के हो र म के गर्छु भनेर के कसैले छुट्याउन सक्छ? कसैले पनि सक्दैन। अबदेखि, म अझ धेरै वचनहरू बोल्नेछु; एकातिर यसले मैले मन नपराउने मानिसहरूलाई हटाउनेछ भने अर्कोतिर, यसले तिमीहरूलाई यस सम्बन्धमा अलिकति धेरै कष्ट दिन्छ, ताकि तिमीहरूले थप गम्भीरताको साथमा मात्र फेरि एक पटक पुनरुत्थान चाख्नेछौ। यसलाई मानिसहरूले निर्धारण गर्न सक्दैनन् न त कसैले यसलाई हुनबाट रोक्न नै सक्छ। तिमीहरूले यसको बारेमा अहिले थाहा पाए पनि, जब समय आउँछ तिमीहरू यस्तो किसिमको कष्टबाट बच्न सक्नेछैनौ किनकि यो मेरो कामको विधि हो। मैले मेरा लक्ष्यहरू प्राप्त गर्नको लागि यसरी काम गर्नुपर्छ, ताकि मेरो इच्छा तिमीहरूमा पूरा होस्। यसैले यसलाई "तिमीहरूले सहनुपर्ने अन्तिम कष्ट" भनेर भनिन्छ। त्यसपछि, तिमीहरूको देह फेरि कष्टमा पर्नेछैन, किनकि ठूलो रातो अजिङ्गर मद्वारा पूर्ण रूपमा नष्ट पारिएको हुनेछ

र त्यसले फेरि दङ्गा गर्ने साहस गर्नेछैन। यो देहमा प्रवेश गर्नुअघिको अन्तिम चरण हो; यो सङ्क्रमणकालीन चरण हो। तर नडराओ—म हरेक कठिनाइमा तिमीहरूलाई अगुवाइ गर्नेछु। विश्‍वास गर, म धर्मी परमेश्‍वर स्वयम् हुँ र मैले भनेका कुराहरू निश्‍चय नै हुन आउनेछन्। म भरोसायोग्य परमेश्‍वर स्वयम् हुँ। सबै देश, सबै भूमि र सबै सम्प्रदायहरू मकहाँ फर्कंदैछन् र मेरो सिंहासनतर्फ एकत्र हुँदैछन्। यो मेरो महान् शक्ति हो र म विद्रोहका हरेक सन्तानको न्याय गर्नेछु र कुनै अपवादविना तिनीहरूलाई आगो र गन्धकको कुण्डमा फ्याँक्नेछु। सबै पछि हट्नुपर्नेछ। यो मेरो व्यवस्थापन योजनाको अन्तिम चरण हो, र यो समाप्त भएपछि म विश्राममा प्रवेश गर्नुपर्छ, किनकि हरेक कुरा गरिसकिएको हुनेछ र मेरो व्यवस्थापनको योजनाको अन्त्य भएको हुनेछ।

किनकि मेरो कामको गतिमा वृद्धि भएको हुनाले (यद्यपि म कति पनि चिन्तित महसुस गर्दिनँ), म प्रतिदिन मेरा वचनहरू तिमीहरू सामु प्रकट गर्छु र हरेक दिन मैले रोकेर राखेका रहस्यहरू उजागर गर्छु, ताकि तिमीहरूले मेरा पाइलाहरूलाई नजिकबाट पछ्याउन सक। (यो मेरो बुद्धि हो; मानिसहरूलाई सिद्ध तुल्याउन र मानिसहरूलाई प्रहार गर्नको निम्ति म मेरा वचनहरू प्रयोग गर्छु। सबैले मेरा वचनहरू पढ्छन् र मेरा वचनहरूमा भएको मेरो इच्छाअनुसार काम गर्न सक्छन्। नकारात्मक हुनेहरू नकारात्मक नै हुनेछन्, र प्रकट गरिनुपर्नेहरूले आफ्नो साँचो रङ देखाउनेछन्; अटेरीहरूले प्रतिरोध गर्नेछन् र मलाई वफादार भएर प्रेम गर्नेहरू अझ वफादार हुनेछन्। यसरी सबै जना मेरा पाइलाहरू पछ्याउन सक्षम हुनेछन्। मैले वर्णन गरेका यी सबै परिस्थितिहरू मैले काम गर्ने विधिहरू र मैले प्राप्त गर्न इच्छा गरेका लक्ष्यहरू हुन्।) विगतमा, मैले यस्ता किसिमका कुराहरू भनेको छु: मैले तिमीहरूलाई जसरी अगुवाइ गर्छु, तिमीहरूले पनि सोही तरिकाले खोजी गर्नुपर्छ; मैले जे बोल्छु त्यो तिमीहरूले सुन्नुपर्छ। यसको अर्थ के हो? के तिमीहरूलाई थाहा छ? मेरो वचनको उद्‌देश्य र महत्त्व के हो? के तिमीहरू बुझ्छौ? कति जना मानिसहरूले यसलाई पूर्ण रूपमा व्यक्त गर्न सक्छन्? जब म भन्छु, "मैले तिमीहरूलाई जसरी अगुवाइ गर्छु, तिमीहरूले पनि सोही," मैले केवल म जुन व्यक्ति हुँ त्यसको रूपमा प्रदान गर्ने मार्गदर्शनलाई मात्र इङ्गित गरिरहेको छैन; यसबाहेक मैले आफूले बोल्ने वचनहरू र मैले लिने मार्गलाई इङ्गित गरिरहेको छु। आज, यी वचनहरू साँच्चै नै पूरा भएका छन्। मैले मेरा वचनहरू बोलिसक्ने बित्तिकै मेरो उपस्थितिको ज्योतिको अगाडि सबै किसिमका दुष्ट अनुहारहरू तिमीहरूले सबैलाई स्पष्टसँग देख्न सक्ने गरी उजागर हुनेछन्। यी मेरा वाणीहरू शैतानका निम्ति मेरा घोषणा मात्र होइनन् तर तिमीहरू सबैलाई सुम्पिएको कुरा पनि हो। तिमीहरूमध्ये धेरैले यी वचनहरूलाई तिमीहरूलाई सुम्पिएको कुरा हो भन्ने ठानेर तिनलाई बेवास्ता गर्छौ; ती न्यायका वचनहरू र अधिकार सहितका वचनहरू हुन् भन्ने तिमीहरूलाई लाग्दैन। मेरा वचनहरूको उद्‌देश्य भनेको मेरो उचित सेवा गर्न र ममा पूर्ण रूपमा समर्पण गर्नको निम्ति शैतानलाई आज्ञा दिनु हो। मैले विगतमा प्रकट गरेका रहस्यहरूमध्ये अझ पनि तिमीहरूले बुझ्न नसक्ने धेरै कुरा छन्। तसर्थ, भविष्यमा म तिमीहरूलाई अझै धेरै कुरा प्रकट गर्नेछु, ताकि तिमीहरूले अझ स्पष्ट र विस्तृत बुझाइ प्राप्त गर्न सक।

जब प्रकोप आउँछ, प्रत्येक व्यक्ति डराउँछ। मानिसहरू सबै दुःखका साथ रुन्छन् र आफूले विगतमा गरेको दुष्ट कुराहरूप्रति घृणा महसुस गर्छन्, तर त्यति बेलासम्म धेरै ढिलो भइसकेको

हुन्छ, किनकि यो क्रोधको युग हो। यो मानिसहरूलाई मुक्ति दिने र अनुग्रह प्रदान गर्ने समय होइन, तर सबै सेवाकर्तालाई हटाउने र मेरा छोराहरूलाई मेरो निम्ति शासन गर्न लगाउने समय हो। वास्तवमा यो विगतको समयभन्दा फरक छ; संसारको सृष्टिदेखि कहिले पनि यसो गरिएको छैन। मैले संसारलाई एक पटक सृष्टि गरेको हुनाले, म यसलाई एक पटक नष्ट गर्नेछु, र मैले अघिबाटै नियुक्त गरेको कुरालाई कसैले पनि परिवर्तन गर्न सक्दैन। "सामूहिक इसाई मानिसहरू" र "सामूहिक विश्वव्यापी नयाँ मानिसहरू" भन्ने वाक्यांशहरू पहिले धेरै पटक प्रयोग गरिन्थ्यो। तिनलाई कसरी व्याख्या गर्ने? के "सामूहिक इसाई मानिसहरू" ले ज्येष्ठ पुत्रहरूलाई जनाउँछ? के "सामूहिक विश्वव्यापी नयाँ मानिसहरू" ले पनि ज्येष्ठ पुत्रहरूलाई जनाउँछ? जनाउँदैन; मानिसहरूले यी वाक्यांशहरूलाई सही तरिकाले व्याख्या गरेका छैनन्। मानवीय धारणाहरूले तिनीहरूलाई यही हदसम्म मात्र बुझ्न मद्दत गर्ने हुनाले, म तिनलाई अहिले यहाँ नै तिमीहरूको निम्ति स्पष्ट पारिदिन्छु। सामूहिक इसाई मानिसहरू र सामूहिक विश्वव्यापी नयाँ मानिसहरू उस्तै होइनन्; तिनका अर्थ फरक छन्। यी दुबै वाक्यांशका शब्दहरू अत्यन्तै समान भए पनि, र ती उस्तै जस्ता देखिए पनि, साँचो परिस्थिति पूर्ण रूपमा विपरीत छ। "सामूहिक इसाई मानिसहरू" ले कसलाई जनाउँछ। वा यसले केलाई जनाउँछ। इसाई मानिसहरूको बारेमा कुरा गर्दा, हरेकले सर्वसम्मतिले मलाई सोच्छन्। तिनीहरू यसो गर्नु बिलकुलै गलत भने होइन। यसका अतिरिक्त, मानवीय धारणामा "मानिसहरू" शब्दले निश्चित रूपमा मानवलाई जनाउँछ; कुनै पनि व्यक्तिले यसलाई अर्को कुरासँग जोड्दैन। "सामूहिक" शब्दको बारेमा कुरा गर्दा, मानिसहरूले यसलाई एकै इकाई भएर भेला भएका धेरै मानिसहरूको रूपमा बुझ्छन्, यसैले "सामूहिक" भनिएको हो। यहाँ मानव मन अति धेरै सामान्य छ भन्ने जस्तो देखिन सक्छ; तिनीहरूले मेरो अर्थलाई बुझ्नै सक्दैनन्। अब, म औपचारिक रूपमा सामूहिक इसाई मानिसहरू के हो भन्ने बारेमा सङ्गति सुरु गर्नेछु (तर मानिसहरूले तिनीहरूका आफ्ना धारणाहरूलाई हटाउनुपर्छ; नत्रता तिनीहरूमध्ये कसैले पनि बुझ्न सक्नेछैनन् र यदि मैले उक्त शब्दको व्याख्या नै गरेँ भने पनि, तिनीहरूले न त विश्वास गर्नेछन् न त बुझ्न नै सक्नेछन्): मेरा वचनहरू बोलिने बित्तिकै, मेरा ज्येष्ठ पुत्रहरूले मेरा इच्छाअनुसार कार्य गर्न सक्नेछन् र मेरो इच्छा व्यक्त गर्नेछन्, यसैले तिनीहरू एकै हृदय र एकै मुखका हुन्। तिनीहरूले सारा जातीहरू र सारा मानिसहरूको न्याय गर्दैगर्दा, तिनीहरूले मेरो धार्मिकतालाई अघि बढाउनेछन् र मेरा प्रशासनिक आदेशहरूलाई लागू गर्नेछन्; तिनीहरू मेरा अभिव्यक्ति हुन्, र तिनीहरू मेरा प्रकटीकरण हुन्। यसैले यसो भन्न सकिन्छ कि सामूहिक इसाई मानिसहरू मेरा ज्येष्ठ पुत्रहरूले मेरा प्रशासनिक आदेशहरू लागू गरेको तथ्य हो; ती ज्येष्ठ पुत्रहरूका हातमा भएका अधिकार हुन्। यो सबै ख्रीष्टसँग सम्बन्धित छ–यसैले "इसाई मानिसहरू" भन्ने शब्दहरू प्रयोग गरिएको हो। यसका अतिरिक्त, सबै ज्येष्ठ पुत्रहरूले मेरो इच्छाअनुसार काम गर्न सक्छन् अनि यही कारणले गर्दा, म "सामूहिक" शब्द प्रयोग गर्छु। "सामूहिक विश्वव्यापी नयाँ मानिसहरू" को अर्थ मेरा नामका सबै मानिसहरू हो; अर्को शब्दमा, मेरा ज्येष्ठ पुत्रहरू, मेरा पुत्रहरू र मेरा मानिसहरू। "नयाँ" शब्दले मेरो नामलाई जनाउँछ। तिनीहरू मेरा नाममा भएको कारण (मेरो नामले सबै कुरा बहन गर्छ, र यो अनन्तसम्म नयाँ छ र कहिले पनि पुरानो हुँदैन; यसलाई मानिसले

परिवर्तन गर्न सक्दैन), अनि तिनीहरू भविष्यमा सदाको लागि जीवित रहने भएको कारण, तिनीहरू विश्वव्यापी नयाँ मानिसहरू हुन्। यहाँ “सामूहिक” शब्द मानिसहरूको सङ्ख्या जनाउनको निम्ति हो, र यो पहिलेको कुरा जस्तो होइन। जब मेरो वचन बोलिन्छ, सबैले यसमा विश्वास गर्नुपर्छ। शङ्का नगर। आफ्ना मानवीय धारणा र मानवीय विचारहरूबाट आफूलाई मुक्त गर। रहस्यहरू प्रकट गर्ने मेरो वर्तमान प्रक्रिया ठ्याक्कै मानवीय धारणा र विचारहरूलाई हटाउने प्रक्रिया नै हो (मानिसहरूले मलाई र मैले भनेको कुराको मापन गर्नको निम्ति आफ्नै धारणाहरूको प्रयोग गर्ने भएको कारण, मानवीय धारणा र विचारहरू हटाउनको निम्ति म मेरा आफ्नै प्रकट भइसकेका रहस्यहरूको प्रयोग गर्छु)। यो काम चाँडै नै पूरा हुनेछ। जब मेरा रहस्यहरू निश्चित हदसम्म प्रकट गरिन्छन्, मानिसहरूमा मेरा वचनहरूको बारेमा लगभग कुनै पनि विचार प्रक्रिया हुनेछैन, र तिनीहरूले मलाई आफ्ना मानवीय धारणाद्वारा मापन गर्न छोड्नेछन्। तिनीहरूले हरेक दिन जे सोच्छन्, म प्रकट गर्नेछु र म प्रतिकार गर्नेछु। कुनै निश्चित बिन्दुमा, मानिसहरूले सोच्न छोड्नेछैनन्; तिनीहरूका मस्तिष्क सोचविनाका खोक्रा हुनेछन्, र तिनीहरू मेरा वचनहरूमा पूर्ण रूपमा समर्पित हुनेछन्। त्यो तिमीहरू आत्मिक क्षेत्रमा प्रवेश गर्ने समय पनि हुनेछ। यो मेरो कामको यो चरण हो जुन मैले तिमीहरूलाई आत्मिक क्षेत्रमा प्रवेश गर्न दिनुभन्दा अगाडि आउँछ। तिमीहरू पवित्र, निष्खोट भएर आत्मिक क्षेत्रमा प्रवेश गर्नु अगाडि आफ्ना सबै मानवीय धारणाहरूबाट मुक्त हुनुपर्छ। “म पवित्र आत्मिक देह हुँ” भन्नुको अर्थ यही हो। तैपनि, तिमीहरूले मेरा चरणहरूबमोजिम काम गर्नुपर्छ र तिमीहरूलाई थाहा हुनुभन्दा अगाडि नै मेरो समय आउनेछ।

## अध्याय १०७

जब मेरा वचनहरू निश्चित तहको कठोरतामा पुग्छन्, तिनको कारण धेरै मानिसहरूले छोड्नेछन्—ठ्याक्कै यही समयमा नै मेरा ज्येष्ठ पुत्रहरू प्रकट गरिनेछन्। यी सबै कुराहरू हासिल गर्नको निम्ति म औंला उठाउँदिनँ, तर मेरा वचनहरूको मात्र प्रयोग गर्छु भनेर मैले भनिसकेको छु। मैले घृणा गर्ने सबैलाई म मेरा वचनहरूले नष्ट गर्छु, र मेरा ज्येष्ठ पुत्रहरूलाई सिद्ध गर्नको निम्ति पनि म तिनको प्रयोग गर्छु। (जब मेरा वचनहरू बोलिन्छन्, सात मेघ गर्जनको आवाज सुनिनेछ, र त्यस बेला मेरा ज्येष्ठ पुत्रहरू र मैले स्वरूप बदल्नेछौँ अनि आत्मिक क्षेत्रमा प्रवेश गर्नेछौं।) मैले मेरो आत्माले व्यक्तिगत रूपमा काम अगाडि बढाउँछ भनेर मैले भन्नुको अर्थ यही हो, कि मेरा वचनहरूले सबै कुराहरू हासिल गर्छन् र यसबाट म सर्वशक्तिमान् छु भन्ने कुरा स्पष्ट हुन्छ। यसैले मैले व्यक्त गरेका हरेक वाक्यपछिका लक्ष्य र उद्देश्यलाई कुनै पनि व्यक्तिले अझ बढी स्पष्टताको साथ देख्न सक्छ। मैले अगाडि भनेझैं, मेरो मानवताभित्र मैले बोलेका हरेक कुरा मेरो प्रकटीकरणको एउटा पक्ष हो। यसैले, निश्चित हुन नसकेका र मेरो सामान्य मानवताभित्र मैले बोलेका कुराहरूमा साँचो तरिकाले विश्वास नगर्नेहरूलाई हटाइनुपर्छ। मेरो सामान्य मानवता मेरो पूर्ण ईश्वरत्वको अपरिहार्य पक्ष हो भनेर मैले बारम्बार जोड दिएको छु, तापनि धेरै मानिसहरूले पहिलोलाई बेवास्ता गरेर पछिल्लोमा निरन्तर ध्यान दिन्छन्। तँ अन्धो छस्! तैंले म तेरो धारणाहरू

अनुरूप छैन, र म जुन मानव हुँ त्यो तेरो परमेश्‍वर अनुरूप हुँदैन भनेर भन्छस्। के यी मानिसहरू मेरो राज्यमा रहन सक्छन्? म तँलाई मेरा खट्टाहरूमुनि कुल्चनेछु! मेरो विरुद्ध अझ विद्रोह गर्ने साहस गरेर त हेर्! त्यस्तै मनमानीलाई निरन्तर दिने साहस गरेर त हेर्। मेरो मुस्कान तेरा धारणाहरूसँग मेल खाँदैन, मेरो वाणी तेरो कानको लागि आनन्ददायी छैन, र मेरा कार्यहरूले तँलाई फाइदा गर्दैनन्–के मैले भनेको कुरा सही छ? यी सबै कुराहरू तँलाई मन पर्ने कुरा हुनुपर्छ। के परमेश्‍वर त्यस्तो हुनुहुन्छ? के यी मानिसहरू अझ पनि मेरो घरमा रहन र मेरो राज्यमा आशिष्‌हरू प्राप्त गर्न चाहन्छन्? के तैँले दिवास्वप्न त देखिरहेको छैनस्? कहिलेदेखि कुराहरू अद्‌भुत बनेका छन्! तँ मेरो अवज्ञा गर्न चाहन्छस्, तापनि तँ मबाट आशिष् प्राप्त गर्न चाहन्छस्। म तँलाई भन्छु: बिलकुल हुँदैन! मैले धेरै पटक भनेको छु, मेरो राज्यमा प्रवेश गर्ने र आशिष् प्राप्त गर्नेहरू मैले प्रेम गरेका मानिसहरू नै हुनुपर्छ। यी वचनहरूमा म किन जोड दिन्छु? हरेकले के सोचिरहेका छन् भन्ने मलाई थाहा छ र म बुझ्छु; मैले तिनीहरूका सोचाइलाई एक-एक गरेर औंल्याउनु आवश्यक छैन। तिनीहरूका साँचो स्वरूप मेरा न्यायका वचनहरूद्‌वारा प्रकट हुनेछन्, र मेरो न्यायको आसनको अगाडि सबै जना रुनेछन्। यो कसैले परिवर्तन गर्न नसक्ने एउटा स्पष्ट तथ्य हो! अन्तमा, म तिनीहरू सबैलाई एक-एक गरेर अतल कुण्डमा हाल्नेछु। दियाबलस शैतानको न्याय गरेर अन्तमा मैले हासिल गर्ने आशा गरेको परिणाम यही हो। यस्ता व्यक्तिहरूसँग व्यवहार गर्नको निम्ति मैले न्याय र प्रशासनिक आदेशहरूको प्रयोग गर्नुपर्छ, र म यसरी नै मानिसहरूलाई सजाय दिन्छु। के यस बारेमा तिमीहरूसँग कुनै साँचो अन्तर्ज्ञान छ? मैले शैतानलाई कुनै कारण दिनु आवश्यक छैन; केवल त्यसको मृत्युसम्मै र त्यसले कृपाको भीख मागुन्जेलसम्म म त्यसलाई पिट्न मेरो फलामको डन्डाको प्रयोग गर्छु। यसैले, जब मानिसहरूले मेरा न्यायका वचनहरू पढ्छन्, तिनीहरूले अलिकति पनि बुझ्दैनन्, तर मेरो दृष्टिकोणमा, हरेक पङ्‌क्ति र हरेक वाक्य मेरो प्रशासनिक आदेशहरूको कार्यान्वयन हो। यो एक स्पष्ट तथ्य हो।

आज मैले न्यायको बारेमा उल्लेख गरेको हुनाले, यस विषयले न्याय आसनलाई पनि छुन्छ। विगतमा, तिमीहरूले अक्सर भन्ने गरेका छौ कि तिमीहरूले ख्रीष्टको आसन अगाडि न्याय प्राप्त गर्नेछौ। तिमीहरूमा न्यायको बारेमा केही बुझाइ छ, तर तिमीहरूले न्याय आसनको बारेमा कल्पना गर्न सक्दैनौ। सायद कतिपय मानिसहरूले न्याय आसन भौतिक वस्तु हो भन्ने सोच्छन्, वा तिनीहरूले त्यो एउटा ठूलो टेबुल हो भनी कल्पना गर्लान्, वा सायद लौकिक संसारमा हुने न्यायाधीशको आसनको रूपमा कल्पना गर्लान्। अवश्य, यस पटकको मेरो व्याख्यामा, म तिमीहरूले भनेको कुरालाई इन्कार गर्दिनँ, तर मेरो निम्ति मानिसहरूको कल्पनामा भएका कुराहरूले अझ पनि प्रतीकात्मक अर्थ बोक्छन्। यसैले मानिसहरूले कल्पना गरेको कुरा र मेरो अर्थको बीचको खाडल अझ पनि स्वर्ग र पृथ्वी जति नै ठूलो छ। मानिसहरूको धारणाहरूमा, धेरै मानिसहरू न्याय आसनको अगाडि दुःखमा रुँदै दयाको भीख माग्दै दण्डवतका साथ पसि्ररहेका हुन्छन्। यसमा मानवीय कल्पना शिखरमा पुगेको छ, र कसैले पनि त्यसभन्दा धेरै कल्पना गर्न सक्दैन। त्यसो भए, न्यायको आसन के हो? मैले यो रहस्यलाई प्रकट गर्नु अगाडि, तिमीहरूले तिमीहरूका पहिलेका सबै गलत अवधारणाहरूलाई इन्कार गर्नुपर्छ; तब मात्र मेरो लक्ष्य प्राप्त हुन सक्छ। यस विषयमा

तिमीहरूका धारणा र सोचहरूलााई हटाउन सकिने तरिका भनेको यही मात्र हो। जब तिमीहरू बोल्छौ तिमीहरूले ध्यान दिनुपर्छ। तिमीहरू अबदेखि लापरवाह नहोओ। मेरो न्याय आसन संसारको सृष्टिदेखि नै स्थापित गरिएको छ। विगतका युग र पुस्ताहरूमा, यसको अगाडि धेरै मरेका छन् र धेरै यसको अगाडि जीवनमा फर्केर उठेका पनि छन्। यसो पनि भन्न सकिन्छ कि सुरुदेखि अन्तसम्म मेरो न्याय कहिले पनि रोकिँदैन, यसैले मेरो न्यायको आसन सधैँ अस्तित्वमा रहन्छ। जब न्यायको आसनलाई उल्लेख गरिन्छ सबै मानवले डरको महसुस गर्छन्। अवश्य, मैले माथि भनेका कुराबाट यो न्यायको आसन भनेको के हो भन्ने तिमीहरूलाई थाहा छैन। न्यायको आसन न्यायसँगै अस्तित्वमा रहन्छ, तर ती दुई भिन्न प्रकारका तत्वहरू हुन्। (यहाँ "तत्व" ले भौतिक वस्तुलाई होइन, तर वचनलाई जनाउँछ। मानवले यस तत्वलाई बिलकुल देख्न सक्दैनन्।) न्यायले मेरा वचनहरूलाई जनाउँछ। (तिनीहरू कडा भए पनि, नरम भए पनि, ती सबै मेरो न्यायमा समेटिन्छन्। यसैले, मेरो मुखबाट जे निस्कन्छ त्यो न्याय हो।) पहिले मानिसहरूले न्यायका वचनहरू, कोमलताका वचनहरू र जीवन दिने वचनहरू सहित गरेर मेरा वचनहरूलाई विभिन्न वर्गहरूमा बाँड्थे। आज, म न्याय र मेरा वाणीहरू एकअर्कामा जोडिएका छन् भनेर स्पष्ट पार्छु। अर्थात्, न्याय मेरा वचनहरू हो, र मेरा वचनहरू न्याय हो; तिमीहरूले तिनलाई छुट्टाछुट्टै भनेर ठान्नु हुँदैन। कडा वचनहरू न्याय हुन् भनी मानिसहरू सोच्छन्, तर तिनीहरूको बुझाइ पूर्ण छैन। मैले बोल्ने हरेक कुरा न्याय हो। विगतमा बोलिएको न्यायको सुरुवातले मेरो आत्माले औपचारिक रूपमा हरेक ठाउँमा काम गर्न र मेरो प्रशासनिक आदेशहरूलाई कार्यान्वयन गर्न थालेको कुरालाई जनाउँछ। यस वाक्यमा "न्याय" ले वास्तविक यथार्थतालाई जनाउँछ। अब म न्यायको आसनको व्याख्या गर्नेछु: म किन न्यायको आसन अनन्तदेखि अनन्तसम्म अस्तित्वमा छ र मेरो न्यायसँगै जान्छ भनेर भन्छु? के तिमीहरूले मेरो न्यायको व्याख्याबाट केही बुझाइ प्राप्त गरेका छौ? न्यायको आसनले म जुन मनुष्य हुँ त्यसलाई जनाउँछ। अनन्तदेखि अनन्तसम्म, म सधैँ आवाज दिइरहेको र बोलिरहेको छु। म सधैँ जिउँछु, यसैले मेरो न्यायको आसन र मेरो न्याय अनन्तदेखि सहअस्तित्वमा रहेका छन्। अबसम्म त यो स्पष्ट हुनुपर्ने! मानिसहरूका कल्पनाहरूमा, तिनीहरूले मलाई कुनै एक वस्तुको रूपमा व्यवहार गर्छन्, तर यसको निम्ति न त म तिमीहरूलाई दोष दिन्छु न त निन्दा नै गर्छु। तिमीहरू आज्ञाकारी होओ र मेरो प्रकटीकरणलाई स्वीकार गर अनि यसबाट म सबैलाई समेट्ने परमेश्वर स्वयम् हुँ भनेर जान भन्ने आशा मात्र म गर्छु।

मेरा वचनहरू मानवको निम्ति अबोध्य छन्, मेरा पाइलाहरू तिनीहरूले पत्ता लगाउन असम्भव छन् र मेरो इच्छा तिनीहरूले बुझ्न असम्भव छन्। यसैले, तिमीहरू आज जुन हालतमा छौ (मेरो प्रकाश प्राप्त गर्न, यसभित्रको मेरो इच्छा बुझ्न र यसद्वारा मेरा पाइलाहरू पछ्याउन सक्षम हुनु) त्यो मेरा चमत्कारी कार्यहरू, मेरो अनुग्रह र मेरो दयाको परिणाम हुन्। एक दिन, म मानिसहरूलाई मेरो बुद्धि हेर्न, मैले मेरा हातहरूले गरेका कुराहरू हेर्न र मेरा काममा अद्भुत कुराको झलक हेर्न दिनेछु। जब त्यो समय आउँछ, मेरो सारा व्यवस्थापन योजनाका कार्ययोजनाहरू पूर्ण रूपमा तिमीहरूका आँखा अगाडि प्रकट हुनेछन्। ब्रह्माण्ड संसारभरि र हरेक दिन मेरा अद्भुत कार्यहरूका भागहरू प्रकट हुन्छन्, र मेरो व्यवस्थापनको योजना पूरा होस् भनेर सबैले सेवा प्रदान गर्छन्।

जब यो पूर्ण रूपमा प्रकट भएको हुन्छ, मैले सेवा गर्नको निम्ति कस्ता किसिमका मानिसहरूको प्रबन्ध गरेको छु, मेरो इच्छा पूरा गर्नको निम्ति मैले कस्ता किसिमका मानिसहरूको प्रबन्ध गरेको छु, शैतानको शोषण गरेर मैले के प्राप्त गरेको छु, म आफैले के कुरा सम्पन्न गरेको छु, कस्ता किसिमका मानिसहरू रोइरहेका छन्, कस्ता किसिमका मानिसहरूले दाह्रा किटिरहेका छन्, कस्ता किसिमका मानिसहरूले विनाश भोग्नेछन्, र कस्ता किसिमका मानिसहरूले नरकको दण्ड भोग्नेछन् भन्ने तिमीहरूले देख्नेछौ। "विनाश" भनेर मैले आगो र गन्धकको कुण्डमा फालिनेहरू र पूर्ण रूपमा जल्नेहरूलाई जनाइरहेको छु; "नरकको दण्ड" भनेर मैले अतल कुण्डमा फालिएर त्यहाँ सारा अनन्तसम्म सड्नेहरूलाई जनाइरहेको छु। यसैले विनाश र नरकको दण्डलाई एउटै हुन् भन्ने गल्ती नगर; यसको विपरीत, ती दुई धेरै भिन्न छन्। मेरो नाउँलाई त्याग्ने सेवाकर्ताहरूले नरकको दण्ड भोग्नेछन् र मेरा नाउँका नभएकाहरूले विनाश भोग्नेछन्। यही कारणले नरकको दण्ड भोग्नेहरूले मेरो न्यायपछि सदाको मलाई निम्ति प्रशंसा दिनेछन् भनेर म भन्छु; तापनि ती मानिसहरू मेरो सजायबाट उम्कनेछैनन् र तिनीहरूले मेरो नियमलाई सधैँ स्वीकार गर्नेछन्। यही कारणले अतल कुण्ड भनेको मैले मानिसहरूलाई सजाय दिने हात हो भनेर म भन्छु। म यो पनि भन्छु कि सबै कुरा मेरो हातमा छन्। "अतल कुण्ड" ले शैतानको प्रभावलाई जनाउँछ भनेर मैले भनेको भए तापनि, यो मेरो हातमा पनि छ जसको प्रयोग मानिसहरूलाई सजाय दिनको निम्ति गर्छु। यसैले सबै कुरा मेरो हातमा छन् र त्यहाँ कुनै विरोधाभास छैन। मेरा वचनहरू गैरजिम्मेवारपूर्ण छैनन्; ती सबै उचित र युक्तिसंगत छन्। ती न त बनाइएका हुन् न त निरर्थक नै छन्, र सबैले मेरा वाणीहरूलाई विश्‍वास गर्नुपर्छ। भविष्यमा, तिमीहरूले यसको कारण दुःख पाउनेछौ। मेरा वचनहरूको कारण, धेरै मानिसहरू चिसा हुन्छन् वा तिनीहरू निराश हुन्छन् वा हताश हुन्छन् वा धुरुधुरु रुन्छन् वा विलाप गर्छन्। प्रतिक्रियाहरू सबै किसिमका हुनेछन्। एक दिन मैले घृणा गर्ने सबै मानिसहरू हट्नेछन्, मेरो महान काम पूरा हुनेछ। भविष्यमा, ज्येष्ठ पुत्रहरूको कारण धेरै मानिसहरू गिर्नेछन् र अन्तमा एक-एक कदम गरेर तिनीहरू जानेछन्। अर्को शब्दमा, मेरो घर बिस्तारै पवित्र हुनेछ र सबै प्रकारका राक्षसहरू बिस्तारै शान्तसँग, समर्पित हुँदै र कुनै पनि गुनासो नगरीकन मेरो छेउबाट पछि हट्नेछन्। त्यसपछि, मेरा सबै ज्येष्ठ पुत्रहरू प्रकट गरिनेछन् र म मेरो अर्को चरणको काम सुरु गर्नेछु। तब मात्र ज्येष्ठ पुत्रहरू मसँगै राजाहरू हुनेछन् र सारा ब्रह्माण्डमाथि राज्य गर्नेछन्। यी मेरा कामका चरणहरू हुन् र तिनले मेरो व्यवस्थापन योजनाको महत्त्वपूर्ण भागको निर्माण गर्छन्। यसलाई बेवास्ता नगर; नत्रता, तिमीहरूले गल्ती गरिरहेका हुनेछौ।

तिमीहरूकहाँ मेरा वचनहरू प्रकट गरिने समय नै मेरो काम सुरु गर्ने समय हो। मेरा कुनै पनि वचनहरू पूरा नभई रहनेछैनन्। मेरो निम्ति एक दिन सय वर्ष जस्तो हो, र हजार वर्ष एक दिन जस्तो हो। तिमीहरू यसलाई कसरी हेर्छौ? समयको बारेमा तिमीहरूको धारणा मेरोभन्दा धेरै भिन्न छ, किनकि म ब्रह्माण्ड संसारलाई नियन्त्रण गर्छु, र म सबै कुरा पूरा गर्छु। मेरो काम दैनिक रूपमा, पाइला-पाइला र चरणबद्ध रूपमा हुन्छ; यसको अतिरिक्त, मेरो कामको प्रगति एक सेकेन्ड पनि रोकिँदैन: हरेक क्षण, यो निरन्तर भइरहेको हुन्छ। संसारको सृष्टि भएदेखि मेरा वचनहरू कहिले पनि अवरुद्ध भएको छैन। मैले आजको दिनसम्म बोल्ने र मेरा वाणीहरूलाई

व्यक्त गर्ने कार्यलाई निरन्तरता दिएको छु; यो भविष्यमा पनि परिवर्तन हुँदैन। तैपनि, मेरो समय होसियारीपूर्वक प्रबन्ध र व्यवस्थित गरिएको छ, र यो अत्यन्तै सुव्यवस्थित छ। मैले गर्नु पर्ने काम, सो काम गर्नुपर्ने बेलामा गर्नेछु (मद्वारा, सबै कुरालाई मुक्त गरिनेछन्; सबै जना स्वतन्त्र हुनेछन्), अनि मेरो कामको चरणहरूको हकमा म अलिकति पनि अवरुद्ध भएको छैनँ। म मेरो घरको हरेकलाई व्यवस्थित गर्न सक्छु; म संसारको हरेक जनालाई व्यवस्थित गर्न सक्छु–तथापि, म बिलकुल व्यस्त छैनँ, किनकि मेरो आत्माले काम गरिरहेको। मेरो आत्माले हरेक ठाउँ भर्छ, किनकि म अद्वितीय परमेश्‍वर स्वयम् हुँ, अनि सारा ब्रह्माण्ड संसार मेरो हातमा छ। यसैले, म सर्वशक्तिमान् छु, म बुद्धिमान छु र मेरो महिमाले ब्रह्माण्डको हरेक कुना भर्छ भन्ने कुरालाई देख्न सकिन्छ।

## अध्याय १०८

मभित्र, सबैले विश्राम प्राप्त गर्न सक्छन्, र स्वतन्त्रता प्राप्त गर्न सक्छन्। मभन्दा बाहिर रहेकाहरूले न स्वतन्त्रता प्राप्त गर्नसक्छन् न खुशी नै, किनभने मेरो आत्मा तिनीहरूसँग हुँदैन। यस्ता मानिसहरूलाई आत्मारहित मृत भनिन्छ, जबकी मभित्र रहेकाहरूलाई म “आत्मा भएका जीवित प्राणीहरू” भन्दछु। तिनीहरू मेरा हुन्, र तिनीहरू मेरो सिंहासनमा फर्किने निश्‍चित छ। सेवा गर्ने र दियाबलसका मानिसहरू आत्मारहित मृतकहरू हुन्, र तिनीहरू सबैलाई उन्मूलन गरिनुपर्छ र शून्यतामा पठाइनुपर्छ। यो मेरो व्यवस्थापन योजनाको रहस्य हो, र मानवजातिले ठम्याउन नसक्ने मेरो व्यवस्थापन योजनाको हिस्सा हो; तैपनि, यही बेला, मैले यो सबैका लागि सार्वजनिक गरिदिएको छु। जो मेरा होइनन् ती मेरो विरुद्धमा छन्; जो मेरा हुन् तिनीहरू मेरो अनुकूल छन्। यो एकदमै अपरिवर्तनीय कुरा हो, र यो शैतानप्रतिको मेरो न्याय पछाडिको सिद्धान्त हो। यो सिद्धान्त सर्वविदित हुनुपर्छ ताकि तिनीहरूले मेरो धार्मिकता र निष्पक्षता देख्न सकून्। शैतानबाट आउने जोकोहीको पनि न्याय गरिनेछ, निजलाई जलाइनेछ, र खरानीमा रूपान्तरित गरिनेछ। यो पनि मेरो क्रोध हो, र यसबाट मेरो स्वभाव थप स्पष्ट हुन्छ। अब उप्रान्त, मेरो स्वभाव खुला रूपमा घोषणा हुनेछ; यो सबै मानिस र सबै राष्ट्रहरू, सबै धर्महरू, सबै व्यक्तिगत सम्प्रदायहरू, र जीवनका सबै कालखण्डका व्यक्तिहरूका लागि प्रकट हुनेछ। कुनै पनि कुरा लुकाइनेछैन; सबै कुराको खुलासा हुनेछ। मेरा कार्यहरू पछाडिका मेरा स्वभाव तथा सिद्धान्तहरू मानवजातिका लागि सबैभन्दा बढी लुकेका रहस्यहरू भएकाले मैले यो काम गर्नैपर्छ (ताकि ज्येष्ठ पुत्रहरूले मेरो प्रशासनिक आदेशहरूको उल्लङ्घन नगरून्, र सबै मानिस तथा सबै राष्ट्रहरूलाई न्याय गर्नका लागि मेरो खुलासा भएको स्वभावको प्रयोग गर्न सकियोस्)। यो मेरो व्यवस्थापन योजना हो, र मेरा कार्यका चरणहरू यिनै हुन्। यसलाई कसैले पनि हल्का रूपमा परिवर्तन गर्नेछैन। मैले मेरो मानवताभित्र मेरो ईश्‍वरत्वको स्वभावलाई पूर्ण रूपमा जिइसकेको छु, त्यसैले मेरो मानवत्वलाई चिढ्याउन म कसैलाई अनुमति दिन्न। (मैले जिउने सबै कुरा ईश्‍वरीय स्वभाव हो; त्यसैले त मैले म सामान्य मानवत्व पार गर्नुभएको परमेश्‍वर स्वयम् हुँ भनेर पहिले नै भनेको

हो।) मलाई चिढ्याउनेलाई म पक्कै क्षमा दिनेछैन, र म त्यसलाई अनन्तसम्म नष्ट हुन दिनेछु! याद राख्! मैले गरेको निर्णय यही हो; अर्को शब्दमा, यो मेरो प्रशासनिक आदेशको एक अत्यावश्यक हिस्सा हो। सबैले यो कुरालाई देख्नुपर्छ: म भएको व्यक्ति परमेश्‍वर हुनुहुन्छ, यसको साथै, परमेश्‍वर स्वयम् हुनुहुन्छ। अहिलेसम्म यो कुरा स्पष्ट हुनुपर्छ! म कुनै पनि कुरा लापरवाही भएर बोल्दिन। तैँले पूर्ण बुझाइ प्राप्त नगरिन्जेलसम्म, म सबै कुरा स्पष्ट रूपमा बोल्छु र देखाउँछु।

यो परिस्थिति एकदमै तनावपूर्ण छ; मेरो घरमा मात्रै होइन, बरु योभन्दा बढी, मेरो घरबाहिर, तिमीहरूले मेरो नामको गवाही दिएको, मलाई जिएको, र सबै पक्षमा मेरो गवाही दिएको म चाहन्छु। यी अन्त्यका समय हुन्, त्यसकारण अहिले सबै कुरा तयार छन् र सबै कुराले आफ्नो मौलिक स्वरूप कायम राखेका छन्, र यी कुनै पनि कुरा कहिल्यै परिवर्तन हुनेछैन। निकालिनु पर्ने मानिसहरूलाई निकालिनेछ, र राखिनुपर्ने मानिसहरूलाई राखिनेछ। बलपूर्वक पक्री राख्न वा पर धकेल्न नखोज्; मेरो व्यवस्थापनमा बाधा पुर्‍याउने वा मेरो योजनालाई नष्ट गर्ने प्रयास नगर्। मानवीय दृष्टिकोणबाट, म मानवजातिप्रति सधैँ प्रेमिलो र करुणामय छु, तर मेरो दृष्टिकोणबाट, मेरो कार्यको चरणअनुसार मेरो स्वभाव फरक हुन्छ, किनभने म व्यावहारिक परमेश्‍वर स्वयम् हुँ; म अद्‌वितीय परमेश्‍वर स्वयम् हुँ। म अपरिवर्तनीय र सदा परिवर्तनीय दुवै हुँ। यो कसैले पनि ठम्याउन नसक्ने कुरा हो। मैले तिमीहरूलाई यसको बारेमा बताउँदा र व्याख्या गर्दा मात्रै तिमीहरूले यसको बारेमा स्पष्ट बुझाइ प्राप्त गर्नेछौ र बुझ्न सक्नेछौ। मेरो पुत्रहरूका लागि, म प्रेमिलो, करुणामय, धर्मी, र अनुशासन कायम गर्ने हुँ, तर पूर्वाग्रही होइन (र मैले यसो भन्नुको अर्थ, म ज्येष्ठ पुत्रहरूको विनाश गर्दिन भन्ने हो)। मेरा पुत्रहरूबाहेकका मानिसहरूका लागि, युगहरूको चालअनुसार म कुनै पनि समयमा परिवर्तन हुन्छु: म प्रेमिलो, करुणामय, धर्मी, प्रतापी, पूर्वाग्रही, क्रोधले भरिएको, श्राप दिने, जलाउने, र अन्ततः, तिनीहरूको देहको विनाश गर्ने हुनसक्छु। विनाश हुनेहरू आफ्नो आत्मा र प्राणसँगै नष्ट हुनेछन्। तैपनि, सेवा प्रदान गर्नेहरूका लागि, तिनीहरूको आत्मा र प्राण मात्रै कायम राखिनेछ (र म यसको अभ्यास कसरी गर्छु भन्ने विषयको विवरणको सम्बन्धमा, म तिमीहरूलाई पछि भन्नेछु, ताकि तिमीहरूले बुझ्न सक)। तर, तिनीहरूसँग कहिले पनि स्वतन्त्रता हुनेछैन र तिनीहरूलाई कहिले पनि रिहा गरिनेछैन, किनकी तिनीहरू मेरा मानिसहरूभन्दा तल छन्, र मेरो मानिसहरूको नियन्त्रणमा छन्। सेवा गर्नेहरूप्रति मैले यति धेरै घृणा गर्नुको कारण तिनीहरू ठूलो रातो अजिङ्गरका सन्ततिहरू भएकाले हो, र सेवा नगर्नेहरू पनि ठूलो रातो अजिङ्गरकै सन्तति हुन्। अर्को शब्दमा, ज्येष्ठ पुत्रहरूबाहेक सबै मानिसहरू ठूलो रातो अजिङ्गरका सन्ततिहरू हुन्। जब मैले अनन्त विनाश भोगेकाहरूले मेरो चिरस्थायी प्रशंसा गर्छन् भनेर भन्छु, मेरो भनाइको अर्थ तिनीहरूले मलाई सदैव सेवा प्रदान गर्नेछन् भन्ने हो। यो कुरा ढुङ्गामा लेखिए सरह छ। ती मानिसहरू सधैँ दास, वस्तुभाउ, र घोडाहरू हुनेछन्। म तिनीहरूलाई कुनै पनि समयमा बद गर्न सक्छु, र मेरो इच्छाअनुरूप तिनीहरूलाई दबाउन सक्छु, किनकी तिनीहरू ठूलो रातो अजिङ्गरका सन्ततिहरू हुन् र तिनीहरूसँग मेरो स्वभाव छैन। साथै तिनीहरू ठूलो रातो अजिङ्गरका सन्ततिहरू भएकाले, तिनीहरूसँग त्यसकै स्वभाव हुन्छ; अर्थात्, तिनीहरूसँग जनावरको स्वभाव हुन्छ। यो कटु सत्य हो, र अनन्तसम्म परिवर्तन हुँदैन! यसो हुनुको कारण यी

सबै मद्वारा पूर्वनिर्धारित छन्। यसलाई कसैले पनि परिवर्तन गर्न सक्दैन (मेरो भनाइको अर्थ, यो नियम विपरीत कार्य गर्न म कसैलाई पनि अनुमति दिनेछैन); यदि तैँले प्रयास गरिस् भने, म तँलाई आक्रमण गर्नेछु।

मेरो व्यवस्थापन योजना र मेरो कार्य कुन चरणमा पुगेको छ भनेर हेर्न तिमीहरूले मैले खुलासा गरेका रहस्यहरूलाई हेर्नुपर्छ। मैले मेरा हातहरूले के गर्छु, र मेरा न्याय र क्रोध कस्ता मानिसउपर पर्छन् भनेर हेर्। यो मेरो धार्मिकता हो। म मेरो कार्यको खाका र मेरो योजनाको व्यवस्थापन मैले खुलासा गरेका रहस्यहरूअनुसार गर्छु। यो कसैले परिवर्तन गर्न सक्दैन; यो मेरो इच्छाअनुसार, चरणबद्ध रूपमा गरिनुपर्छ। मेरो कार्य सञ्चालन हुने मार्ग रहस्यहरू हुन्, र तिनीहरू मेरो व्यवस्थापन योजनाका चरणहरूको बारेमा सूचना दिने सङ्केतहरू हुन्। मेरो रहस्यहरूमा कसैले जोड घटाउ गर्नेछैन, किनकी यदि रहस्य गलत भएमा, मार्ग गलत हुन्छ। मैले मेरा रहस्यहरू तिमीहरूका लागि किन खुलासा गर्दैछु? यसको कारण के हो? तिमीहरूमध्ये कसले स्पष्ट रूपमा भन्न सक्छ? यसका साथै, मैले रहस्यहरू मेरा मार्ग हुन् भनेर भनेको छु, उसोभए यी मार्गहरू भनेका के हुन्? यो तिमीहरू देहबाट शरीरमा जाने प्रक्रिया हो, र यो महत्वपूर्ण चरण हो। मैले मेरा रहस्यहरूको खुलासा गरेपछि, मानिसहरूको धारणाहरू बिस्तारै हट्छ र तिनीहरूको सोच बिस्तारै कमजोर हुन्छ। यो आत्मिक क्षेत्रमा प्रवेश गर्ने प्रक्रिया हो। त्यसैले, म मेरा कामहरू चरणबद्ध रूपमा हुन्छन् भनेर भन्छु, र यो अस्पष्ट छैन; यो वास्तविकता हो, र मेरो काम गर्ने तरिका यही हो। यसलाई कसैले पनि परिवर्तन गर्न सक्दैन, न कसैले हासिल नै गर्नसक्छ, किनकी म अद्वितीय परमेश्वर स्वयम् हुँ! मेरो काम मबाटै व्यक्तिगत रूपमा सम्पन्न हुन्छ। सम्पूर्ण ब्रह्माण्ड मद्वारा मात्रै नियन्त्रित हुन्छ, र मद्वारा मात्रै प्रबन्ध हुन्छ। मलाई नसुन्ने साहस कोसँग छ? ("मद्वारा मात्रै" भन्नुको अर्थ परमेश्वर स्वयम् हो, किनभने म रहेको व्यक्ति परमेश्वर स्वयम् हो–त्यसैले तेरो धारणाहरूमा यति धेरै अडिग नबन्।) मेरो विरुद्धमा जाने साहस कसको छ? तिनीहरूलाई कडा दण्ड दिइनेछ! तिमीहरूले ठूलो रातो अजिङ्गरको प्रतिफल देखेका छौ! त्यो त्यसको अन्त्य हो, तर यो अपरिहार्यता पनि हो। उक्त कार्य म स्वयम्‌ले नै गर्नुपर्छ ताकि ठूलो रातो अजिङ्गर लज्जित होस्। त्यो कहिल्यै फेरि उठ्न सक्दैन, र त्यो अनन्तकालका लागि विनाश हुनेछ! अब म रहस्यहरूको खुलासा गर्न जाँदैछु। (याद राख! खुलासा गरिएका धेरैजसो रहस्यहरू तिमीहरूले प्रायजसो बोल्ने गरेका तर कसैले नबुझ्ने कुराहरू हुन्।) मानिसहरूले सम्पन्न नभएको भनेर देख्ने सबै कुराहरू मेरो नजरमा पूरा भइसकेका छन् भनेर मैले भनेको छु, र मैले सुरु हुँदै गरेको रूपमा देखेका कुराहरू, मानिसहरूका लागि पूरा भएको जस्तो देखिन्छ। के यो विरोधाभास हो? होइन। मानिसहरूले यसरी सोच्छन् किनभने तिनीहरूको आफ्नै धारणा तथा सोचाइहरू छन्। मैले योजना बनाउने कुराहरूलाई मेरा वचनहरूबाट नै पूरा गरिन्छ (मैले स्थापित हुनू भन्दा ती स्थापित हुन्छन्, र मैले सम्पन्न हुनू भन्दा ती सम्पन्न हुन्छन्।) तर मैले भनेका कुराहरू पूर्ण भएका छन् भनेर मलाई लाग्दैन। यसको कारण के हो भने, मैले गर्ने कामहरूमा समयको सीमितता हुन्छ। त्यसैले, म यी कुराहरूलाई अपूर्ण देख्छु, यद्यपि मानिसहरूको देहको नजरमा (समयको बारेमा तिनीहरूको बुझाइमा रहेको भिन्नताका कारण), यी कुराहरू पूरा भइसकेका छन्। आजकल,

मैले खुलासा गर्ने रहस्यहरूका कारण धेरै मानिसहरू मेरो बारेमा शङ्कालु छन्। वास्तविकताको सुरुवातका कारण, र मेरा अभिप्रायहरू मानिसहरूको धारणासँग मेल नखाने भएकाले, तिनीहरू मप्रति प्रतिरोधी छन् र मलाई नकार्छन्। यो शैतान आफ्नै युक्तिको पासोमा पर्नु हो। (तिनीहरू आशीर्वाद प्राप्त गर्न चाहन्छन्, तर तिनीहरूको आफ्नै धारणहरूभन्दा परमेश्वर यति हदसम्म बाहिर पुग्नुहुनेछ भनेर तिनीहरूले अपेक्षा गरेका हुँदैनन्, त्यसैले तिनीहरू पछि हट्छन्)। यो मेरो कार्यको प्रभाव पनि हो। सबै मानिसहरूले मेरो प्रशंसा गर्नुपर्छ, मेरो लागि जयकार लगाउनुपर्छ, र मलाई महिमा दिनुपर्छ। सम्पूर्ण कुरा नै मेरो हातमा छ, र सम्पूर्ण कुरा नै मेरा न्यायभित्र छ। जब सबै मानिसहरू मेरो पर्वतमा प्रवाहित हुन्छन्, र जब ज्येष्ठ पुत्रहरू विजयी भएर फर्किन्छन्, त्यो नै मेरो योजनाको अन्तिम बिन्दु हुनेछ। त्यो मेरो छ हजार वर्षको व्यवस्थापन योजनाको समापनको क्षण हुनेछ। सबै कुरालाई मैले व्यक्तिगत रूपमा मिलाएको हुन्छु; मैले पहिले नै यो कुरा धेरै पटक भनेको छु। तिमीहरू अझै पनि आफ्नै धारणाहरूभित्र जिउने भएकाले, मेरो योजनामा बाधा पुग्ने गरी तिमीहरूबाट कुनै गल्ती नहोस् भन्नका लागि मैले यो कुरामा बारम्बार जोड दिनुपर्छ। मानिसहरूले मलाई सहयोग गर्न सक्दैनन्, न तिनीहरू मेरो व्यवस्थापनमा सहभागी नै हुनसक्छन्, किनभने तिनीहरू अझै पनि देह र रगतका हुन् (तँ मेरो भए पनि, तँ अझै देहमा नै जिउँछस्)। तसर्थ, देह र रगतका मानिसहरूले मेरो उत्तराधिकार प्राप्त गर्न सक्दैनन्। आत्मिक क्षेत्रमा तिमीहरूले प्रवेश गर्नुपर्ने मुख्य कारण पनि यही हो।

संसारमा, भूकम्पहरू जानु विपत्तिको सुरुवात हो। सुरुमा, म संसार, अर्थात्, पृथ्वीलाई परिवर्तन गर्छु, त्यसपछि केही महामारी र अनिकाल ल्याउँछु। मेरो योजना यही हो, र मैले लिने चरणहरू यिनै हुन्, अनि मेरो व्यवस्थापन योजनालाई पूरा गर्नको लागि म सबै कुरालाई मेरो सेवाको निम्ति परिचालन गर्नेछु। यसरी, मेरो प्रत्यक्ष हस्तक्षेपविना पनि सम्पूर्ण ब्रह्माण्ड नष्ट हुनेछ। मैले पहिलो पटक देहधारण गर्दा र मलाई क्रूसमा टाँगिदा, पृथ्वी भयङ्कर रूपले कम्पित भएको थियो, र अन्त्य आउँदा पनि यस्तै नै हुनेछ। मैले देहबाट आत्मिक क्षेत्रमा प्रवेश गर्नेबित्तिकै भूकम्पहरू सुरु हुनेछन्। यसरी, जेठा छोराहरूले बिलकुलै विपत्तिहरूको कष्ट भोग्नेछैनन्, जबकि जो जेठा छोराहरू होइनन् तिनीहरूलाई भने विपत्तिमाझ कष्ट सहन छोडिनेछ। त्यसकारण, मानव दृष्टिकोणबाट हरेक व्यक्ति जेठो छोरो बन्न इच्छुक छन्। मानिसहरूको पूर्वबोधमा, यो आशिष्‌को आनन्द लिनको लागि होइन, बरु विपत्तिको कष्टबाट उम्कनको लागि हो। यो ठूलो रातो अजिङ्गरको युक्ति हो। तथापि, म त्यसलाई कहिल्यै पनि त्यसै भाग्न दिनेछैन; म त्यसलाई मेरो कठोर दण्ड भोग्न लगाउनेछु र मेरो निम्ति खडा हुन र मलाई सेवा प्रदान गर्न लगाउनेछु (यसले मेरा छोराहरू र मेरा मानिसहरूलाई पूर्ण बनाउने कार्यलाई जनाउँछ), र यसरी यसलाई सदासर्वदा आफ्नै षडयन्त्रको जालोमा आफै पर्ने, सदासर्वदा मेरो न्याय स्वीकार गर्ने, र सदासर्वदा मद्‌वारा जलाइने तुल्याउँछु। सेवा-कर्ताहरूलाई मेरो प्रशंसा गर्न लगाउनुको साँचो अर्थ यही हो (यसको मतलब, मेरो महान् शक्ति प्रकट गर्नको लागि तिनीहरूलाई प्रयोग गर्नु हो)। म ठूलो रातो अजिङ्गरलाई मेरो राज्यमा लुसुक्क छिर्न दिनेछैन, न त यसलाई मेरो प्रशंसा गर्ने अधिकार नै प्रदान गर्नेछु! (किनकि यो योग्य छैन; यो कहिल्यै पनि योग्य हुनेछैन!) म यो ठूलो रातो अजिङ्गरलाई अनन्तसम्म मेरो

सेवा गर्न मात्र लगाउनेछु! म यसलाई मेरो अगाडि लम्पसार पर्न मात्र लगाउनेछु। (अनन्त दण्डमा भएकाहरूभन्दा नाश भएकाहरू राम्रो अवस्थामा हुन्छन्; विनाश भनेको कठोर सजायको अस्थायी स्वरूप मात्र हो, जबकि अनन्त दण्डमा भएकाहरूले अनन्तकालसम्मै कठोर दण्ड भोग्नेछन्। यही कारणले गर्दा, मैले "लम्पसार पर्नु" भन्ने शब्दको प्रयोग गरेँ। यी मानिसहरू मेरो घरमा लुसुक्क छिर्ने र मेरो धेरै अनुग्रहको आनन्द उठाउने, अनि तिनीहरूसँग मेरो बारेमा केही ज्ञान हुने भएकोले, म कठोर दण्डहरू प्रयोग गर्छु। मेरो घरभन्दा बाहिर भएकाहरूको हकमा भने, ती अज्ञानीहरूले कष्ट भोग्नुपर्दैन भनेर भन्न सकिन्छ।) मानिसहरूको धारणाहरूमा, तिनीहरूले अनन्त दण्डमा भएकाहरूभन्दा विनाश भएकाहरू खराब अवस्थामा हुन्छन् भन्ने ठान्छन्, तर यसको विपरीत, अनन्त दण्डमा भएकाहरू सदासर्वदा दण्डित भइरहन्छन् अनि विनाश भएकाहरू भने अनन्तसम्मै शून्यतामा फर्कन्छन्।

## अध्याय १०९

प्रत्येक दिन म वाणीहरू दिइरहेको हुन्छु, बोलिरहेको हुन्छु, र मेरा महान् चिन्ह र अचम्मका कामहरूको खुलासा देखाइरहेको हुन्छु। यी सबै कुराहरू मेरो आत्माको कार्यमा समावेश हुन्छन्। मानिसहरूको नजरमा, म एक मानव मात्र हुँ, तर ठ्याक्कै यही मानवमा म मेरा सबै कुरा साथै, मेरो महान् शक्तिको खुलासा गर्छु।

मानिसहरूले मेरो मानवीय पक्षलाई उपेक्षा गर्ने र मेरो कार्यहरूलाई ध्यान नदिने भएकाले, तिनीहरूले यी कुराहरू मानवले गरेका हुन् भनेर अनुमान गर्छन्। तैपनि, मैले जे हासिल गरिरहेको छु त्यो मानवले गर्न सक्छ कि सक्दैन भनेर एकछिन रोकिएर तँ किन सोच्दैनस्? मानिसहरूले मलाई यो हदसम्म चिन्दैनन्; तिनीहरूले मेरा वचनहरूलाई बुझ्दैनन्, न मेरा कार्यहरूलाई नै बुझ्छन्। दुष्ट, भ्रष्ट मानिसहरू! म तँलाई कहिले निल्नेछु? म तँलाई कहिले आगो र गन्धकको कुण्डमा पुर्नेछु? तिमीहरूको समूहबाट म यति धेरै पटक अलग्गिएको छु, मानिसहरूले मलाई यति धेरै पटक अपमान, उपहास, र निन्दा गरेका छन्, र मानिसहरूले मलाई खुला रूपमा यति धेरै पटक न्याय र विरोध गरेका छन्। अन्धा मानिसहरू! तिमीहरू मेरो हातमा भएको एक मुठ्ठी हिलो मात्र हौ भनेर के तिमीहरूलाई थाहा छैन? तिमीहरू मेरो सृष्टिको वस्तुहरू मात्रै हौ भनेर के तिमीहरूलाई थाहा छैन? मेरो क्रोध अहिले प्रकट हुँदैछ, र कसैले पनि यसको विरुद्ध प्रतिरक्षा गर्न सक्दैन। मानिसहरूले कृपाका लागि बारम्बार याचना मात्रै गर्न सक्छन्। तर, मेरो कार्य यो हदसम्म अघि बढिसकेको हुनाले, यसलाई कसैले पनि परिवर्तन गर्न सक्दैन। सृष्टि भएकाहरू हिलोमा फर्कनुपर्छ। म अधर्मी भएकोले होइन, तर तिमीहरू अति धेरै भ्रष्ट र हिंसक भएर हो, र तिमीहरू शैतानको कब्जामा परेर यसका साधनहरू बनेकाले हो। म पवित्र परमेश्‍वर स्वयम् हुँ; म अशुद्ध हुन सक्दिन, न त ममा अशुद्ध मन्दिर नै हुनसक्छ। अब उप्रान्त, मेरो प्रचण्ड क्रोध (क्रोधभन्दा अझ धेरै गम्भीर) सबै राष्ट्र र मानिसहरूमा पोखिन थाल्नेछ र मबाट आएका तर म को हुँ भनेर नचिन्ने ती सबै नीचहरूलाई सजाय दिन थाल्नेछ। म मानवलाई एकदमै धेरै घृणा

गर्छु, र मसँग थप कृपा हुनेछैन; बरु म मेरा सबै श्रापहरूको वर्षा गराउनेछु। अब थप करुणा र कृपा हुनेछैन, सबै कुरा जलेर शून्यतामा परिणत हुनेछन्, र मेरो राज्य मात्रै बाँकी रहनेछ, ताकि मेरा मानिसहरूले मेरो घरमा मेरो प्रशंसा गरून्, मलाई महिमा दिऊन्, र सदैव मेरो लागि हर्षबढाइँ गरून् (यो मेरा मानिसहरूको कार्य हो)। मेरो हातले मेरो घरभित्र र बाहिर रहेका दुवैलाई आधिकारिक रूपमा सजाय दिन सुरु गर्नेछ। कुनै पनि दुष्कर्मी मेरो पकड र न्यायबाट उम्किन सक्नेछैन; सबै जना यो कठिन परीक्षाबाट भएर जानुपर्छ र मेरो आराधना गर्नुपर्छ। यो मेरो प्रताप हो, यसका साथै, यो मैले दुष्कर्मीहरूका लागि घोषणा गर्ने प्रशासनिक आदेश हो। कसैले पनि कसैलाई मुक्त गर्न सक्नेछैन। मानिसहरूले आफूले आफूलाई मात्रै हेरचाह गर्न सक्छन्, तर तिनीहरूले जेसुकै गरे तापनि, तिनीहरू मेरो सजायको हातबाट उम्किन सक्नेछैनन्। यसलाई मेरा प्रशासनिक आदेशहरू कठोर हुन्छन् भनेर भन्नुको कारण यहाँबाट खुलासा भएको छ; यो सबै मानिसहरूले आफ्नै आँखाले देख्न सक्ने तथ्य हो।

जब म रिसाउन थाल्छु, ठूला र साना सबै भूतहरू मेरो हातले तिनीहरूलाई आक्रमण गरी मृत्यु दिनेछ भनेर एकदमै डराएर, उथलपुथलमा भाग्नेछन्–तर मेरो हातबाट कोही पनि उम्किन सक्नेछैनन्। म सजायका सबै साधनहरू मेरो हातमा बोक्छु; मेरो हातले सबै कुराको नियन्त्रण गर्छ, सबै कुरा मेरो पकडभित्र छ, र कोही पनि उम्किएर स्वतन्त्र हुन सक्दैन। यो मेरो बुद्धि हो। जब म मानव क्षेत्रमा आएँ, मैले मानवको बीचमा मैले गर्ने मेरो कामको लागि जग बसाल्दै तयारीका कामका सबै तरिकाहरू पूरा गरिसकेको थिएँ (किनभने म बुद्धिमानी परमेश्‍वर हुँ, र जे गरिनुपर्छ र जे गरिनु पर्दैन त्यसलाई म उपयुक्त तरिकाले निराकरण गर्छु)। सबै कुरालाई उपयुक्त ढङ्गले मिलाइसकेपछि, म देह बनेँ र मानव क्षेत्रमा आएँ। तर, मलाई कसैले पनि चिनेन। मैले अन्तर्दृष्टि दिएकाहरू बाहेक, विरोधका सबै पुत्रहरूले मेरो विरोध गरे, मेरो अपमान गरे, र मलाई शत्रुवत् व्यवहार गरे। यद्यपि, अन्त्यमा, म तिनीहरूलाई शिष्ट र समर्पित बनाउनेछु। मानवलाई मैले धेरै काम गरिरहेको छैन भन्ने लाग्न सक्ने भए पनि, मेरो महान् कार्य भने पहिले नै सकिएको छ। (मानिसहरूले मेरो मानवतालाई वचन र हृदय दुवैमा पूर्ण रूपमा आज्ञापालन गर्छन्; यो एउटा सङ्केत हो)। आज, म उठ्छु र मेरो विरोध गर्ने सबै दुष्ट आत्माहरूलाई सजाय दिन्छु। तिनीहरूले मलाई जतिसुकै समय पछ्याएको भए तापनि, तिनीहरूले मेरो साथ छोड्नुपर्छ। मेरो विरुद्धको कसैलाई म चाहँदिन (तिनीहरू ती हुन् जसमा आत्मिक बुझाइ छैन, जसलाई दुष्ट आत्माहरूले अस्थायी रूपमा अधीनमा राखेका छन्, र जसलाई मेरो बारेमा ज्ञान छैन)। मलाई तिनीहरूमध्ये एक जना पनि चाहिँदैन! सबै जनालाई हटाइनेछ र विनाशका पुत्रहरू बन्नेछन्! आज मेरो सेवा गरेर, तिनीहरू सबै जानुपर्नेछ! मेरो घरमा आलटाल नगर्; तेरो निर्लज्ज भई सित्तैँमा लिने प्रक्रिया बन्द गर्! शैतानका सबै मानिसहरू दियाबलसका पुत्रहरू हुन्, र तिनीहरू अनन्तको लागि विनाश हुनेछन्। मलाई विरोध गर्नेहरूले चुपचाप मेरो साथ छोड्नेछन् ताकि मेरो कामको गतिमा अलि कम बाधा पुगोस्, थप बाधा नहोस्। यावत् थोक कुनै बाधा वा अड्चनविना मेरो हुकुममा चल्नेछन्। मेरो नजरको अगाडि सबै ढल्नेछन् र मेरो दाहमा विनाश हुनेछन्। यसले मेरो सर्वशक्तिमान्ता र मेरो सिद्ध बुद्धिलाई (मैले मेरा ज्येष्ठ पुत्रहरूमा गरेको कुरा) देखाउँछ। यसले मेरो नाममा महान्

महिमा थप्नेछ, र यसले ममा महान् महिमा थप्नेछ। म जे गर्छु र मेरो आवाजको ध्वनि जस्तो छ त्यसबाट, तिमीहरू सबैले मैले मेरो घरमा काम सकाएको छु, र गैर-यहूदी राष्ट्रतिर अभिमुख हुन सुरु गरेको छु भनेर देख्न सक्छौ। म मेरो काम यहाँ सुरु गर्दैछु, र मेरो कामको अर्को चरण सञ्चालन गर्दैछु।

मेरा धेरैजसो वचनहरू तिमीहरूको धारणाहरूसँग मिल्दैनन्—तर नजाओ, मेरा पुत्रहरू। तिनीहरू मानव धारणाहरूसँग मेल खाएनन् भन्दैमा ती मेरा वाणीहरू होइनन् भन्ने अर्थ लाग्दैन। यसले मैले नै ती बोलेको हुँ भन्ने कुरालाई ठ्याक्कै प्रमाणित गर्छ। यदि मेरा वचनहरू मानव धारणाअनुरूप हुन्थे भने, त्यो दुष्ट आत्माहरूको काम हुन्थ्यो। तसर्थ, तिमीहरूले मेरो वचनहरूमा थप प्रयास गर्नुपर्छ, म जे गर्छु, त्यो गर्नुपर्छ, र मैले प्रेम गर्ने कुरालाई प्रेम गर्नुपर्छ। यो अन्तिम युग भनेको सबै विपत्तिहरू फेरि उठ्ने युग पनि हो र, यसका साथै, यो मैले मेरा सारा स्वभावहरू खुलासा गर्ने युग पनि हो। जब मेरा सबै पवित्र तुरहीहरू बज्न थाल्छन्, मानिसहरू साँच्चै डराउनेछन्; त्यो समयमा, दुष्ट काम गर्न कसैले साहस गर्नेछैन, बरु तिनीहरूले मेरो सामु, मेरो बुद्धि र सर्वशक्तिमान्ताको प्रशंसा गर्दै साष्टाङ्ग दण्डवत् गर्नेछन्। आखिर, म बुद्धिमानी परमेश्वर स्वयम् हुँ! मलाई कसले खण्डन गर्न सक्छ? मेरो विरुद्ध खडा हुने साहस कसले गर्न सक्छ? मेरो बुद्धिलाई अस्वीकार गर्ने साहस कसले गर्न सक्छ? मेरो सर्वशक्तिमान्तालाई नचिन्ने साहस कसले गर्न सक्छ? जब मेरो आत्माले सबै स्थानमा महान् काम गरिरहेको हुन्छ, सबैलाई मेरो सर्वशक्तिमान्ताको बारेमा थाहा हुन्छ, तर मेरो लक्ष्य अझै भेटिएको हुँदैन। मेरो क्रोधको फलस्वरूप म मानिसहरूले मेरो सर्वशक्तिमान्ता, मेरो व्यक्तित्वको महिमा हेरेको देख्न चाहन्छु। (यी सबै कुराहरू ज्येष्ठ पुत्रहरूमा प्रकटीकरण हुन्छन्; यो एकदमै सत्य हो। यसबाहेक, कोही पनि मेरो व्यक्तित्वको हिस्सा बन्न सक्दैन; यो मबाट आदेश भएको हो।) मेरो घरमा, मानिसहरूले ठम्याउन नसक्ने अन्त्यहीन रहस्यहरू छन्। जब म बोल्छु, मानिसहरूले म एकदमै दयाहीन छु भनेर भन्छन्। तिनीहरूले धेरै मानिसहरूले मलाई पहिलेदेखि नै निश्चित हदसम्म प्रेम गर्छन् भनेर भन्छन्। त्यसोभए, म तिनीहरू ठूलो रातो अजिङ्गरको सन्ततिहरू हुन् भनेर किन औँल्याउँछु त? साथै, म तिनीहरूलाई किन एक-एक गर्दै परित्याग गर्नेछु? के मेरो घरमा धेरै मानिसहरू हुनु राम्रो होइन त? तर पनि, म यही तरिकाले काम गरिरहन्छु। मैले पूर्वनियुक्त गरेको सङ्ख्याभन्दा एक अङ्क पनि तलमाथि हुनेछैन। (यो मेरो प्रशासनिक आदेश हो। यो कुनै मानवले परिवर्तन गर्न नसक्ने मात्रै होइन, तर म आफैले पनि यसलाई परिवर्तन गर्न सक्दिन, किनकी मैले शैतानको अगाडि हार मान्नु हुँदैन। मेरो बुद्धि र प्रतापलाई प्रमाणित गर्न यो नै पर्याप्त छ। म परमेश्वर स्वयम् हुँ। मानव मेरो अगाडि झुक्छन्; म मानवको अगाडि झुक्दिन।) शैतानलाई सबैभन्दा बढी अपमानित बनाउने कुरा ठ्याक्कै यही हो। मैले छनौट गरेका सबै विनम्र, समर्पित, आज्ञाकारी, र इमानदार छन्, र तिनीहरूले विनम्रतापूर्वक र गहन भएर मेरो सेवा गर्न सक्छन्। (यो तथ्यलाई प्रयोग गरेर शैतानले मेरो अपमान गर्न चाहेको थियो, तर मैले शैतानलाई पराजित गरिदिएँ।) यी मानिसहरूमा, मेरो स्वभाव देख्न सकिन्छ। युद्धमा विजयी भएर फर्किएपछि, म मेरो ज्येष्ठ पुत्रहरूलाई मेरो राज्यको राजा बन्नका लागि अभिषेक गर्नेछु, र त्यसपछि मात्रै म विश्राम गर्न

थाल्नेछु, किनभने तिनीहरूले राजाको रूपमा मसँगै शासन गर्नेछन्। मेरा ज्येष्ठ पुत्रहरूले मेरो प्रतिनिधित्व गर्छन्, तिनीहरूले मलाई व्यक्त गर्छन्। तिनीहरूको विनम्र र गहन सेवामा, तिनीहरू मप्रति समर्पित हुन्छन्; तिनीहरूको इमानदारीतामा, तिनीहरू मेरा वचनहरूको पालना गर्छन्; तिनीहरूको इमानदारीतामा, तिनीहरूले म जे भन्छु, त्यही गर्छन्; र तिनीहरूको विनम्रतामा, तिनीहरूले मेरो नाममा महिमा ल्याउँछन् (धृष्टता वा अशिष्टतामा होइन, तर प्रताप र क्रोधका साथ)। मेरा ज्येष्ठ पुत्रहरू! ब्रह्माण्ड संसारलाई न्याय गर्ने समय आएको छ! म तिमीहरूलाई आशीर्वाद दिन्छु, म तिमीहरूलाई अख्तियार दिन्छु, र म तिमीहरूलाई आशिषहरूको हिस्सा दिन्छु! सबै कुरा पहिले नै पूरा गरिएको छ, र यो सबै तिमीहरूबाट नियन्त्रित र प्रबन्ध गरिएको छ, किनकी म तिमीहरूको पिता हुँ; म तिमीहरूको दरिलो धरहरा हुँ, म तिमीहरूको वासस्थान हुँ, र म तिमीहरूको समर्थक हुँ। साथै, म तिमीहरूको सर्वशक्तिमान् हुँ; म तिमीहरूको सबै थोक हुँ! यावत् थोक मेरो हातमा छ, र यावत् थोक तिमीहरूको हातमा पनि छ। यसमा आज मात्रै होइन, बरु हिजो पनि, र भोलि समेत पर्छ! के यो उत्सव मनाउन लायक छैन? के यो तिमीहरूले हर्षबढाइँको लायक छैन? तिमीहरू सबैले, तिमीहरूको हकको भाग मबाट स्वीकार गर! आफ्ना लागि अलिकति पनि नराखी म तिमीहरूलाई मसँग भएको सबै कुरा दिन्छु, किनभने मेरो सबै सम्पत्ति तिमीहरूको हो, र मेरा धनहरू तिमीहरूमै छ। त्यसैले त तिमीहरूको सृष्टि गरेपछि मैले "यो एकदमै असल छ" भनी भनेँ।

तिमीहरूले आज गर्ने काम, सोचाइ, र बोलीमा तिमीहरूलाई कसले निर्देशित गर्छ भनेर के तिमीहरूलाई थाहा छ? तिमीहरूका कार्य पछाडिको उद्‌देश्य के हो? म तिमीहरूलाई सोध्छु: तिमीहरूले थुमाको विवाहको भोजमा कसरी उपस्थिति जनाउँछौ? के त्यो आज हो? वा त्यो भविष्यमा छ? थुमाको विवाहको भोज भनेको के हो? तिमीहरूलाई थाहा छैन, होइन त? त्यसोभए, म तिमीहरूका लागि व्याख्या गर्नेछु: जब म मानवको क्षेत्रमा आएँ, मैले म आज भएको मानवको सेवा गर्नका लागि सबै प्रकारका मानिस, वस्तु, र थोकहरूलाई मिलाएको थिएँ। अब सबै कुरा पूरा भएको छ, त्यसैले म सेवाकर्ताहरूलाई पाखा लगाउँदैछु। विवाहको भोजसँग यसको के सम्बन्ध छ? जब यी मानिसहरूले मलाई सेवा गर्छन्–अर्थात्, जब म थुमा बनाइन्छु–मैले विवाहको भोजको स्वादको अनुभव गर्छु। अर्को शब्दमा, मैले भोगेको सबै पीडा, मैले गरेका सबै कामहरू, मैले बोलेका सबै कुरा, मैले भेटेका सबै मानिसहरू, र मैले मेरो जीवनकालमा गरेका सबै कुराहरूले नै विवाहको भोजको निर्माण गर्छन्। म भएको मानवको रूपमा मेरो अभिषेक भएपछि, तिमीहरूले मलाई पछ्याउन थाल्यौ (र त्यस बेला म थुमा बनेँ); तसर्थ, मेरो नेतृत्वमा, तिमीहरूले सबै प्रकारका पीडा र विपत्तिको अनुभव गर्यौ, संसारबाट त्यागियौ र तिरस्कृत भयौ, परिवारबाट त्यागियौ, र मेरो आशीर्वादमा जिएका छौ। यी सबै कुराहरू थुमाको विवाहको भोजका हिस्सा हुन्। मैले "विवाहको भोज" को प्रयोग गरेँ किनभने मैले तिमीहरूलाई गर्न लगाउने सबै कुरा तिमीहरूलाई प्राप्त गर्ने उद्‌देश्यका लागि हो। तर, यो सबै भोजको हिस्सा हो। भविष्यमा–वा, यसरी पनि भन्न सकिन्छ, आज–तिमीहरूले आनन्द उठाउने सबै कुरा, तिमीहरूले प्राप्त गर्ने यावत् थोक, र तिमीहरूले मसँग साझे रूपमा प्राप्त गर्ने सबै राजकीय शक्ति भोजको हिस्सा हो। मलाई प्रेम गर्नेहरू सबैमा मेरो

प्रेम आउँछ। मैले प्रेम गर्नेहरू सदैव रहिरहनेछन्, कहिल्यै पनि हटाइनेछैनन्, र अनन्तसम्म मेरो प्रेमभित्र हुनेछन्। यो सधैँका लागि हो।

## अध्याय ११०

जब सबै कुराको खुलासा हुनेछ, त्यो समय म आराम गर्नेछु, र, साथै, सबै कुरा सुव्यवस्थित हुनेछ। म व्यक्तिगत रूपमा आफ्नो काम गर्छु; म यावत् थोक आफैँ योजनाबद्ध गर्छु र प्रबन्ध मिलाउँछु। जब म सियोनबाट बाहिर आउँछु र जब म फर्किन्छु, र जब मेरा ज्येष्ठ पुत्रहरू मबाट पूर्ण भएका हुन्छन्, मैले मेरो महान् काम सम्पन्न गरेको हुनेछु। मानिसहरूको धारणाहरूमा, गरिने कुनै पनि कुरा देखिने र छुन सकिने हुनुपर्छ, तर मेरो नजरमा त, मैले योजना गरेको क्षणमा सबै कुरा पूर्ण हुन्छ। सियोन मेरो निवास हो, र यो मेरो गन्तव्य पनि हो; म मेरो सर्वशक्ति चरित्र त्यही खुलासा गर्नेछु, र म र मेरा ज्येष्ठ पुत्रहरूले परिवारको रूपमा खुशी साट्ने स्थान पनि त्यही हो। म तिनीहरूसँग सबै अनन्तसम्म जिउने स्थान पनि त्यही हो। त्यो सुन्दर ठाउँ, सियोन, जसका लागि मानिसहरू मरिहत्ते गर्छन्। युगौँदेखि असङ्ख्य मानिसहरूले सियोनको आकांक्षा राखेका छन्, तर सुरुवातदेखि नै, एक जना पनि प्रवेश गरेको छैन। (विगतका युगदेखिका कुनै सन्त र अगमवक्ताहरूले पनि प्रवेश गरेका छैनन्; यसको कारण के हो भने, म आखिरी दिनहरूमा मेरा ज्येष्ठ पुत्रहरूको छनौट गर्दैछु, र तिनीहरू सबै यही समयको दौरान जन्मिएका हुन्; यसबाट, मेरो कृपा र मेरो अनुग्रह, जसका बारेमा मैले बोलेको छु, त्यो झन् स्पष्ट हुन्छन्।) अहिले ज्येष्ठ पुत्रको रूपमा रहेको प्रत्येक मानिस मसँग सियोनमा प्रवेश गर्नेछ र उसले आशीर्वादको आनन्द उठाउनेछ। म मेरो ज्येष्ठ पुत्रहरूलाई केही हदसम्म माथि उठाउँदैछु किनभने तिनीहरूमा मेरो क्षमता र मेरा महिमित स्वरूप छ, र किनभने तिनीहरूसँग मेरा लागि गवाही दिने, मलाई महिमा दिने, र ममा जिउने क्षमता छ। साथै, तिनीहरू शैतानलाई परास्त गर्न र ठूलो रातो अजिङ्गरलाई अपमान गर्न सक्षम छन्। यसो हुनुको कारण मेरा ज्येष्ठ पुत्रहरू विशुद्ध रूपमा कुमार छन्; मैले प्रेम गर्ने तिनीहरूलाई नै हो, र मैले छनौट गरेको र पक्ष लिएको तिनीहरू नै हो। मैले तिनीहरूलाई उठाउनुको कारण तिनीहरू आफ्नो पदमा खडा हुन सक्छन् र मलाई निष्ठापूर्वक र अन्धकारमा सेवा गर्न सक्छन्, र मेरा लागि शक्तिशाली गवाही दिन सक्छन्। मैले मेरो सबै ऊर्जा मेरा ज्येष्ठ पुत्रहरूमा खर्च गरेको छु, र मैले सबै प्रकारका मानिस, घटना, र थोकहरूलाई तिनीहरूको सेवा गर्ने गरी ध्यानपूर्वक प्रबन्ध गरेको छु। अन्त्यमा, म मेरा ज्येष्ठ पुत्रहरूमार्फत सबैलाई मेरो पूर्ण महिमा देखाउनेछु, र तिनीहरूको कारण मेरो बारेमा सबै जना पूर्ण रूपमा राजी विश्वस्त हुनेछन्। म कुनै पनि भूतलाई बलजफती गर्नेछैन, र म तिनीहरू अनियन्त्रित भएर दौडने वा तिनीहरूको लापरवाही कार्यबाट डराएको छैन, किनकी मसँग गवाही दिनेहरू छन् र मसँग मेरो हातमा अख्तियार छ। मलाई अहिले सुन, शैतानको प्रजातिका मानिसहरू! मैले बोल्ने प्रत्येक वचन र मैले गर्ने प्रत्येक कार्यको उद्‌देश्य मेरा ज्येष्ठ पुत्रहरूलाई सिद्‌ध बनाउनु हो। त्यसैले तैँले मेरो र मेरा ज्येष्ठ पुत्रहरूको आज्ञापालन गर्नुपर्छ; अन्यथा म तँलाई तत्कालै विनाश भोग्न लगाई तेरो निराकरण गर्नेछु! मेरा

ज्येष्ठ पुत्रहरूले मेरो प्रशासनिक आदेशहरू लागू गर्न सुरु गरिसकेका छन्, किनभने मेरो सिंहासनलाई कायम राख्ने योग्य तिनीहरू मात्रै हुन्; मैले तिनीहरूलाई पहिले नै अभिषेक गरिसकेको छु। मेरा ज्येष्ठ पुत्रहरूप्रति समर्पित नहुनेहरू पक्कै पनि असल होइनन्, र निःसन्देह, मेरो व्यवस्थापन योजनालाई बिथोल्न शैतानबाट प्रेषित भएका हुन्। यस्ता नीचहरूलाई मेरो घरबाट तत्काले निकालिनेछ। मेरो लागि सेवा गर्न त्यस्ता प्रकारका वस्तुहरूको चाहना मलाई छैन; तिनीहरूले बाहिरी विनाशको सामना गर्नेछन्—र तिनीहरूले कुनै ढिलाइ नगरी, यो कुरा चाँडै भोग्नेछन्! मेरो सेवामा रहेकाहरूले मेरो स्वीकृति पाइसकेको हुनुपर्छ; तिनीहरू चुकाउन पर्ने मूल्यको चिन्ता नगरीकन आज्ञाकारी हुनुपर्छ। यदि तिनीहरू विद्रोही छन् भने, तिनीहरू मलाई सेवा प्रदान गर्न योग्य छैनन्; मलाई त्यस्ता प्राणीहरू चाहिँदैन। तिनीहरूले चाँडो गर्नुपर्छ र यहाँबाट बाहिरिनुपर्छ; म तिनीहरूलाई पटक्कै चाहँदिन! तँ यस विषयमा स्पष्ट हुनुपर्छ! मेरो लागि सेवा गर्नेहरूले राम्ररी गर्नुपर्छ र कुनै समस्याको कारण बन्नु हुँदैन। यदि तँसँग कुनै पनि आशा छैन भन्ने तँलाई लाग्छ भने, म कुनै हिचकिचाहट नगरी तेरो अन्त्य गर्नेछु! के मेरो सेवामा भएकाहरू यस विषयमा स्पष्ट छन्? यो मेरो प्रशासनिक आदेश हो।

मेरा लागि गवाही दिनु मेरा ज्येष्ठ पुत्रहरूको कर्तव्य हो, त्यसैले तिमीहरूले मेरो लागि केही गर्नुपर्छ भनेर म तिमीहरूलाई सर्त-माग गर्दिन; तिमीहरूले आफ्ना कर्तव्यहरूको पालना राम्ररी गरेसम्म र मैले तिमीहरूलाई प्रदान गर्ने आशिष्हरूको आनन्द उठाएसम्म म सन्तुष्ट हुनेछु। जब मैले सम्पूर्ण ब्रह्माण्ड र पृथ्वीको कुनाहरूसम्मको यात्रा गरेँ, मैले मेरा ज्येष्ठ पुत्रहरूको छनौट गरेँ र तिनीहरूलाई पूर्ण बनाएँ। यो मैले संसारको सृष्टि गर्नुअगावै पूरा गरेको कुरा हो; मानवजातिमध्ये कसैलाई पनि यसको बारेमा थाहा छैन, तर मेरो काम मौनतामा हासिल भयो। यो तथ्य मानव धारणाअनुरूप छैन! तैपनि, तथ्यहरू भनेका तथ्यहरू नै हुन्, र तिनलाई कसैले पनि परिवर्तन गर्न सक्दैन। सानो र ठूलो दुवै प्रकारका भूतहरूले, आफ्नो ढोँगहरूमार्फत, तिनीहरूको असली रूप प्रकट गरेका छन्, र विभिन्न हदसम्म मेरो सजायको भागीदार बनेका छन्। मेरा कामका चरणहरू छन्, र मेरा वचनहरूमा बुद्धि छ। मेरा कार्य तथा वचनहरूबाट, के तिमीहरूले केही देखेका छौ? के म कुराहरू गरिरहेको र बोलिरहेको मात्रै छु? के मेरा वचनहरू कठोर, पूर्वाग्रही, वा सान्त्वना दिने खालका मात्र छन्? यो एकदमै सरल छ, तर मानवजातिका लागि, यसलाई हेर्नु कठिन मात्र छ। मेरा वचनहरूमा बुद्धि, न्याय, धार्मिकता, प्रताप, र सान्त्वना मात्रै छैनन्, बरु त्यसभन्दा बढी, तिनीहरूमा मसँग के छ र को हुँ भन्ने कुरा समावेश छन्। मेरो प्रत्येक वचन मानवजातिले खुलासा गर्न नसक्ने रहस्य हो; मेरा वचनहरू एकदमै अगम्य छन्, र रहस्यहरूको खुलासा भइसकेको भए पनि, ती अझै मानवजातिको क्षमतामा आधारित रहेका, मानवजातिको कल्पना र बुझाइको क्षेत्रभन्दा बाहिर छन्। मेरो लागि बुझ्न सबैभन्दा सहज शब्द मानिसहरूका लागि बुझ्न सबैभन्दा गाह्रो हुन्छ, त्यसैले तिनीहरू र मबीचको भिन्नता स्वर्ग र पृथ्वीको जस्तो छ। यही कारणले म मेरा ज्येष्ठ पुत्रहरूको स्वरूपलाई पूर्ण रूपमा परिवर्तन गर्न र तिनीहरू शरीरमा पूर्ण रूपमा प्रवेश गरेको हेर्न चाहन्छु। भविष्यमा, तिनीहरू देहबाट शरीरभित्र प्रवेश मात्रै गर्नेछैनन्, बरु त्यसभित्र तिनीहरूले विभिन्न स्तरमा आफ्नो स्वरूप परिवर्तन गर्नेछन्। यो मेरो योजना हो। यो यस्तो कुरा हो जुन

मानिसहरूले गर्न सक्दैनन्; तिनीहरूसँग यसलाई गर्ने कुनै उपाय छैन। त्यसैले, मैले तिमीहरूलाई विस्तारमा बताए पनि, तिमीहरूले अझै बुझ्नेथिएनौ; तिमीहरूले आलौकिताको बोधमा प्रवेश गर्न मात्रै सक्नेथियौ। यसो हुनुको कारण म बुद्धिमानी परमेश्वर स्वयम् हुँ।

जब तिमीहरूले रहस्यहरू देख्छौ, तिमीहरू सबै कुनै न कुनै तरिकाले प्रतिक्रिया जनाउँछौ। भित्री रूपमा तैँले यी रहस्यहरूलाई स्वीकार वा अङ्गीकार गर्न नसके पनि, तँ यसलाई बोलीले भने स्वीकार गर्छस्। यस्ता मानिसहरू सबैभन्दा छली हुन्छन्, र जब म रहस्यहरूको खुलासा गर्छु, म तिनीहरूलाई एक-एक गरी हटाउनेछु र त्याग्नेछु। तैपनि, मैले गर्ने सबै कुराहरू चरणबद्ध रूपमा हुन्छन्। म हतार गरेर कुनै पनि कुरा गर्दिन, न म अन्धाधुन्ध निष्कर्ष नै निकाल्छु; यसो हुनुको कारण भनेको मसँग ईश्वरीय स्वभाव भएर हो। मैले अहिले के गरिरहेको छु, वा मेरो आगामी चरणमा म के गर्दैछु भन्ने विषयमा स्पष्ट दृष्टिकोण प्राप्त गर्न मानिसहरू एकदमै असमर्थ छन्। जब म एक चरणको बारेमा वचनहरू बोल्छु, मसँगै मैले काम गर्ने तरिका एक चरण अगाडि बढ्छ। सबै कुरा मेरा वचनहरूभित्रै हुने गर्छन्, र सबै कुरा मेरा वचनहरूबाट खुलासा हुन्छन्, त्यसैले कोही पनि अधैर्य हुनु हुँदैन; मलाई राम्ररी सेवा प्रदान गर्नु पर्याप्त हुन्छ। युगहरूभन्दा पहिले, मैले अञ्जीरको बोटको बारेमा अगमवाणी गरेको थिएँ, तर युगहरू बित्दै आउँदा, कसैले पनि अञ्जीरको रुख देखेन र कसैले पनि यसलाई व्याख्या गर्न सकेन, र पहिलेका प्रशंसाहरूमा यी वचनहरू उल्लेख गरिएको भए तापनि, कसैलाई पनि यसको वास्तविक अर्थ थाहा थिएन। यी वचनहरूले मानिसहरूलाई अलमल बनाए, र "महान विपत्ति" भन्ने वाक्यांशले पनि अलमल बनाए, र यसले मैले मानवजातिका लागि कहिल्यै खुलासा नगरेको रहस्य खडा गर्‍यो। मानिसहरूले अञ्जीरको रुखलाई शायद राम्रो प्रकारको फल दिने रुख होला भनेर सोचे, वा शायद, अझै एक कदम अघि बढाएर, तिनीहरूले यसले सन्तहरूलाई जनाउँछ भन्ने ठाने–तैपनि, तिनीहरू अझै पनि यी वचनहरूको साँचो अर्थबाट धेरै टाढा थिए। जब आखिरी दिनहरूमा म मेरो चर्मपत्रको मुट्ठो खोल्छु तब म तिमीहरूलाई यो बताउनेछु। ("चर्मपत्रको मुट्ठो" ले मैले बोलेका सबै वचनहरूलाई बुझाउँदछ–आखिरी दिनहरूको मेरा वचनहरू; यसमा ती सबै समावेश हुन्छ।) "अञ्जीरको रुख" ले मेरा प्रशासनिक आदेशहरूलाई जनाउँछ–प्रत्येक आदेशलाई। तर यो यसको अर्थको एउटा भाग मात्रै हो। अञ्जीरको रुखको पालुवाले देहमा हुने मेरो काम र बोल्ने कार्यको सुरुवातलाई जनाउँछ, तर मेरो प्रशासनिक आदेशहरू अझै पनि ज्ञात बनाइएका छैनन् (र यसको कारण, त्यो समयमा, मेरो नाममा गवाही दिने कुनै पनि नाम जन्मिएको थिएन र मेरा प्रशासनिक आदेशहरूका बारेमा कसैलाई थाहा थिएन)। जब मेरो नाममा गवाही दिइन्छ र फैलिन्छ, जब यसलाई सबै मानिसहरूले प्रशंसा गर्छन्, र जब मेरा प्रशासनिक आदेशहरूले नतिजा हासिल गर्छन्, अञ्जीरको रुखमा फल लाग्ने समय त्यही हुनेछ। यो नै केही नछुटाई गरिएको पूर्ण व्याख्या हो; सबै कुरा यहाँ खुलासा भएको छ। (मैले यसो भन्नुको कारण के हो भने, मेरा पहिलेका वचनहरूमा, मैले पूर्ण रूपमा खुलासा नगरेको एउटा खण्ड थियो; तसर्थ तिमीहरूले धैर्यतापूर्वक पर्खनु र खोज्नुपर्ने भएको थियो।)

जब म मेरा ज्येष्ठ पुत्रहरूलाई पूर्ण बनाउँछु, तब म सम्पूर्ण ब्रह्माण्ड संसारलाई मेरो पूर्ण महिमा र मेरो उपस्थिति प्रकट गर्नेछु। यो शरीरमा गरिनेछ, र यो सबै मानिसहरूभन्दा माथि,

अर्थात् मेरो आफ्नै व्यक्तित्वमा हुनेछ; यो मेरो सियोन डाँडा र मेरो महिमामा हुनेछ, र निश्चित रूपमा, यो प्रशंसाको गुञ्जनबीचमा गरिनेछ। साथै, अतल कुण्ड र आगो र गन्धकको कुण्डमा खस्दै वरिपरि रहेका मेरा वैरीहरू पछि हट्नेछन्। मानिसहरूले आज कल्पना गर्नसक्ने कुरा सीमित छ, र यो मेरो वास्तविक अभिप्रायअनुरूप छैन; मैले प्रत्येक दिन बोल्दा मानिसहरूको धारणा र सोचहरूलाई लक्षित गर्नुको कारण यही हो। यस्तो दिन आउनेछ (शरीरमा प्रवेश गर्ने दिन) जब मैले बोल्ने कुराहरू तिमीहरूका लागि पूर्ण रूपमा अनुकूल हुनेछ, र तिमीहरूले कुनै पनि विरोध गर्नेछैनौ। त्यो समयमा, तिमीहरूसँग तिमीहरूको सोचाइहरू हुनेछैन, र त्यसपछि म वाणीहरू बताउन बन्द गर्नेछु। तिमीहरूसँग आफ्नो सोचाइ नहुने भएकोले, म तिमीहरूलाई सीधै अन्तर्दृष्टि दिनेछु—यो ज्येष्ठ पुत्रहरूले आनन्द उठाउने आशिष् हो, र यो तब हुनेछ जब तिनीहरूले मसँगै राजाको रूपमा शासन गर्नेछन्। मानिसहरू आफूले कल्पना गर्न नसक्ने कुरामा विश्वास गर्दैनन्, र तिनीहरूमध्ये कसैले विश्वास गरे तापनि, मैले तिनीहरूलाई विशेष रूपमा अन्तर्दृष्टि दिएको कारण तिनीहरूले त्यसो गर्छन्। अन्यथा, कसैले पनि विश्वास गर्दैन, र यो अनुभव गरिनुपर्ने कुरा हो। (यो चरण पार नगरी, मेरो महान् शक्तिको खुलासा हुन सक्दैन, र यसको अर्थ मेरा वचनहरूको वाणीबाट मात्रै, म मानिसहरूलाई तिनीहरूको धारणाहरूबाट छुटकारा दिलाउँछु। यो कार्य कसैले पनि गर्न सक्दैन, र मलाई कसैले पनि प्रतिस्थापन गर्न सक्दैन। यो काम गर्नसक्ने म मात्रै हुँ; तैपनि, त्यो निरपेक्ष होइन। मैले यो काम मानवजातिमार्फत नै गर्नुपर्छ।) मेरा वचनहरू सुनेपछि मानिसहरूले उत्साहित महसुस गर्छन्, तर अन्त्यमा, तिनीहरू सबै पछि हट्छन्। तिनीहरूले यसो नगरी बस्न सक्दैनन्। साथै, मानिसहरूले बुझ्न नसक्ने रहस्यहरू छन्। के हुनेछ भनेर कसैले पनि कल्पना गर्न सक्दैन, र म जे कुराको खुलासा गर्छु त्यसमा म तिमीहरूलाई यो कुरा देखाउँछु। त्यसबाट, मेरा यी वचनहरूको वास्तविक अर्थ प्रमाणित हुनेछन्: "मेरो प्रयोगका लागि अयोग्य सबैको म जरा उखेल्नेछु।" मेरा ज्येष्ठ पुत्रहरूसँग विभिन्न प्रकटीकरणहरू छन्, त्यसैगरी मेरा शत्रुहरूका पनि विभिन्न प्रकटीकरणहरू छन्। ती सबै तिमीहरूका लागि एक-एक गरी खुलासा हुनेछन्। याद राख! ज्येष्ठ पुत्रबाहेक जो कोहीसँग पनि दुष्ट आत्माको कार्य हुन्छ; तिनीहरू सबै शैतानका नोकर हुन्। (एक-एक गरी तिनीहरूको चाँडै खुलासा हुनेछ, तर कतिपयले अन्त्यसम्म सेवा गर्नुपर्ने हुन्छ, र अरूले केही समयावधिका लागि मात्रै सेवा गर्नुपर्छ)। मेरा वचनहरू अन्तर्गत, सबैले तिनीहरूको वास्तविक रूप देखाउनेछन्।

प्रत्येक राष्ट्र, प्रत्येक स्थान, र प्रत्येक सम्प्रदायले मेरो नामको समृद्धिको आनन्द उठाउँछ। अहिले विपत्ति निर्माण हुँदै गरेकाले, र मेरो पकडमा भएकाले, र मैले यसलाई वर्षा जसरी झार्नका लागि तयारी गर्दै गरेकाले, प्रत्येकले साँचो मार्गलाई तत्कालै खोज्दैछ, जसलाई खोज्दा चुकाउनुपर्ने मूल्य सबै कुरा त्याग्नुपर्ने नै भए तापनि त्यसको खोजी गर्नुपर्छ। सबै कुरामा, मेरो आफ्नै समय हुन्छ। मैले जहिले यो पूरा हुनेछ भनेर भन्छु, ठ्याक्कै त्यही बेला, त्यही मिनेटमा, र अझ त्यही सेकेन्डमा यो पूरा हुनेछ। यसलाई कसैले बाधा पुर्‍याउन वा रोक्न सक्दैन। आखिर, ठूलो रातो अजिङ्गर मेरो पराजित भएको शत्रु हो; यो मेरा लागि सेवा-कर्ता हो, र मैले जे भन्यो यसले कुनै विरोधविना त्यही गर्छ। यो वास्तवमै मेरो भारी बोक्ने जनावर हो। जब मेरो काम पूरा हुन्छ, म

यसलाई अतल कुण्डमा र आगो र गन्धकको कुण्डमा फालिदिनेछु। (मैले विनाश हुनेहरूको बारेमा उल्लेख गरिरहेको छु)। विनाश भएकाहरूले मृत्यु मात्रै चाख्नेछैनन्, बरु तिनीहरूलाई मेरो विरुद्धको अत्याचारका लागि कडा सजाय दिइनेछ। मैले सेवा-कर्ताहरूद्वारा जारी राख्ने कार्य यही हो। ठूलो रातो अजिङ्गरका सन्ततिहरूलाई पूर्ण रूपमा विनाश गर्दै, म शैतानको बद गराउनेछु र आफैलाई विनाश गर्न लगाउनेछु। यो मेरो कार्यको एउटा भाग हो; यसपछि, म गैर-यहूदी राष्ट्रतिर फर्किनेछु। यी मेरा कामका चरणहरू हुन्।

## अध्याय १११

तपाईंको कारण सबै जातिहरू निश्चय नै आशिषित् हुनेछन्; तपाईंको कारण सबै मानिसहरूले मेरो जयजयकार र प्रशंसा गर्नेछन्। मेरो राज्य फस्टाउनेछ र विकसित हुनेछ, र सदाको निम्ति रहनेछ। यसलाई कुल्चने अनुमति कसैलाई छैन र मसँग अनुरूप नहुने कुनै पनि कुरालाई अस्तित्वमा रहने अनुमति छैन, किनकि म कुनै पनि अपमान नसहने प्रतापी परमेश्वर स्वयम् हुँ। म कसैलाई पनि मेरो न्याय गर्ने अनुमति दिन्नँ, र म कसैलाई पनि मसँग असङ्गत हुने अनुमति दिन्नँ। यो मेरो स्वभाव र प्रताप देखाउनको निम्ति पर्याप्त छ। जब कसैले मेरो प्रतिरोध गर्छ, म त्यसलाई मेरो आफ्नै समयमा दण्ड दिनेछु। मैले कसैलाई दण्ड दिएको किन कसैले पनि देखेको छैन? मेरो समय अझै नआएको हुनाले र मेरो हातले अझ पनि साँचो तरिकाले कारबाही नगरे हुनाको कारणले मात्र यसो भएको हो। ठूला विपत्तिहरूको वर्षा भएको भए तापनि, यसमा ठूला प्रकोपहरूमा के हुन्छ भन्ने बारेका कुरा मात्र समावेश छ, जबकि ठूला विपत्तिहरूको वास्तविकता मानवमाथि आइपरेको छैन। के तिमीहरूले मेरा वचनहरूबाट केही कुरा बुझ्यौ? आज म ठूला प्रकोपहरूको वास्तविकतालाई प्रदर्शन गर्न सुरु गर्नेछु। यसपछि मेरो प्रतिरोध गर्नेलाई मेरा हातद्वारा प्रहार गरिनेछ। विगतमा, मैले केही मानिसहरूको पर्दाफास गर्ने काम मात्र गरेँ; अहिलेसम्म कुनै पनि ठूलो विपत्ति आएको छैन। आजको दिन विगतभन्दा फरक छ। ठूला विपत्तिहरूमा के समावेश हुन्छ भनेर मैले तिमीहरूलाई भनिसकेको हुनाले, म तोकिएको समयमा सर्वसाधारणलाई ठूला विपत्तिहरूको वास्तविकता घोषणा गर्नेछु। यसअघि, कसैलाई पनि ठूलो विपत्तिले छोएको छैन, यसैले धेरै मानिसहरूले (अर्थात्, ठूलो रातो अजिङ्गरका छोराहरूले) लापरवाह र मनमानी गर्ने कार्यलाई जारी राखेका छन्। जब वास्तविकता आउँछ, यी नीच प्राणीहरू पूर्ण रूपमा विश्वस्त हुनेछन्। नत्रता, हरेक जना मेरो बारेमा अनिश्चित हुनेछन् र कोही पनि मेरो बारेमा स्पष्ट हुनेछैनन्। यो मेरो प्रशासनिक आदेश हो। यसबाट, मेरो काम गर्ने तरिका (सबै मानिसहरूमा मेरो काम गर्ने तरिकालाई जनाउँछ) परिवर्तन हुन थालेको छ: मैले मेरो क्रोध, मेरो न्याय र मेरो क्रोध ठूलो रातो अजिङ्गरका सन्तानद्वारा देखाइरहेको छु, र मेरो हातले मेरो प्रतिरोध गर्नेहरूलाई सजाय दिन थालेको छ। मैले मेरा ज्येष्ठ पुत्रहरूद्वारा मेरो दया र मेरो करुणा देखाइरहेको छु। योभन्दा पनि बढी, मेरा ज्येष्ठ पुत्रहरूद्वारा मैले मेरो पवित्र स्वभाव देखाइरहेको छु, जसले कुनै अपमान सहँदैन; मैले मेरो अख्तियार देखाइरहेको छु र मैले मेरो व्यक्तित्व

देखाइरहेको छु। सेवाकर्ताहरू मलाई सेवा पुऱ्याउनको निम्ति बसेका छन् र मेरा ज्येष्ठ पुत्रहरू बढीभन्दा बढी चिनाइँदैछ। मेरो प्रतिरोध गर्नेहरूलाई प्रहार गरेर, म मेरा सेवाकर्ताहरूलाई मेरो दयाहीन हात देखाउँछु, ताकि तिनीहरूले डर र कम्पका साथ मेरो सेवा गरून्। यसको साथै, तिनीहरू जीवनमा वृद्धि होऊन् भनेर, मेरा ज्येष्ठ पुत्रहरूलाई म मेरो अख्तियार देखाउँछु र मलाई अझ राम्रोसँग चिन्न लगाउँछु। गत अवधिमा मैले बोलेका वचनहरू (प्रशासनिक आदेशहरू, अगमवाणीहरू, र सबै किसिमका मानिसहरूको न्याय लगायत) क्रमैसँग पूरा हुन थालेका छन्; अर्थात्, मानिसहरूले मेरा वचनहरू आफ्नै अगाडि पूरा भएको देख्नेछन्, मेरा वचनहरू फलहीन हुनेछैनन् तर ती हरेक वचन व्यवहारिक छन् भन्ने देख्नेछन्। मेरा वचनहरू पूरा हुनुअघि ती पूरा भएका छैनन् भनेर धेरै मानिसहरू छोडेर जानेछन्। मैले काम गर्ने तरिका यही हो–यो मेरो फलामको डन्डाको मात्र कार्य होइन, तर योभन्दा बढी यो मेरा वचनहरूको बुद्धि हो। यीबाट, कसैले पनि मेरो सर्वशक्ति र ठूलो रातो अजिङ्गरप्रति रहेको मेरो घृणालाई देख्नसक्छ। (मैले मेरो काम सुरु गरेपछि मात्र यसलाई देख्न सकिन्छ। अहिले केही मानिसहरू प्रकट गरिएका छन्–यो मेरो सजायको सानो भाग मात्र हो, तर यसलाई ठूलो विपत्तिमा समावेश गर्न सकिँदैन। यो बुझ्नलाई कठिन छैन। यसर्थ अबदेखि मेरो काम गर्ने तरिका मानिसहरूको निम्ति बुझ्नलाई अझ कठिन हुने कुरा देख्न सकिन्छ। आज मैले तिमीहरूलाई यो बताइरहेको छु, ताकि समय आउँदा तिमीहरू यसको कारणले कमजोर नहोऊ। मैले तिमीहरूलाई सुम्पिँदै गरेको कुरा यही हो, किनकि प्राचीन समयदेखि मानिसहरूले नदेखेका कुराहरू र मानिसहरूका निम्ति आफ्ना भावनाहरू र आफ्ना स्वधार्मिकताहरूलाई पन्छ्याउने कार्यलाई कठिन बनाउने कुराहरू हुन आउनेछन्।) मैले ठूलो रातो अजिङ्गरलाई दण्ड दिनका लागि विभिन्न माध्यमहरूको प्रयोग गर्नुको कारण यही हो कि, त्यो मेरो शत्रु हो र मेरो वैरी हो। मैले त्यसका सबै सन्तानहरूलाई नष्ट गर्नुपर्छ–तब मात्र मैले मेरो हृदयबाट घृणा हटाउन सक्छु र तब मात्र मैले ठूलो रातो अजिङ्गरको अपमान उचित तरिकाले गर्नसक्छु। ठूलो रातो अजिङ्गरलाई पूर्ण रूपमा नष्ट गर्ने र त्यसलाई आगो र गन्धकको कुण्डमा, अतल कुण्डमा फ्याल्ने कार्य यही मात्र हो।

मैले मेरा ज्येष्ठ पुत्रहरूलाई मसँग राज्य गर्न र सबै जातिहरूमाथि राज्य गरेर आशिष्हरूमा आनन्द मनाउन दिएको हिजो मात्र होइन; म आज पनि त्यसै गर्छु, र अझ महत्त्वपूर्ण कुरा त म भोलि पनि त्यसै गर्नेछु। मैले मेरो काम सफलतापूर्वक पूरा गरेको छु–मैले सधैँ यही भन्दै आएको छु, र यसो पनि भन्न सकिन्छ, कि मैले सृष्टिको सुरुदेखि नै यो भन्न सुरु गरेको हुँ, तर मानिसहरूले मैले के भनिरहेको छु भन्ने कुरा बुझ्दैनन्। सृष्टिको समयदेखि अहिलेसम्म, मैले व्यक्तिगत रूपमा काम गरेको छैन; अर्को शब्दमा, मानिसमा बोल्न र काम गर्न मेरो आत्मा कहिल्यै पनि पूर्ण रूपमा ओर्लेको छैन। तर आज विगतभन्दा फरक छ: मेरो आत्माले व्यक्तिगत रूपमा ब्रह्माण्ड संसारमा सबैतिर काम गरिरहेको छ। आखिरी दिनहरूमा मैले आफूसँग शक्तिमा राज्य गर्ने मानिसहरू प्राप्त गर्न चाहने हुनाले, म पहिले मसँग एकै मन भएको मेरो बोझलाई बुझ्ने व्यक्ति प्राप्त गर्छु। त्यसपछि, मेरो आवाज व्यक्त गर्न र मेरा प्रशासनिक आदेशहरू जारी गर्न र ब्रह्माण्ड संसारलाई मेरा रहस्यहरू प्रकट गर्न मेरो आत्मा पूर्ण रूपमा उहाँमाथि उत्रनेछ।

मेरो आत्माले व्यक्तिगत रूपमा उहाँलाई सिद्ध पार्नेछ; मेरो आत्माले उहाँलाई व्यक्तिगत रूपमा अनुशासन गर्नेछ। उहाँ सामान्य मनुष्यत्वमा जिउनुहुने हुनाले, कसैले पनि उहाँलाई स्पष्ट रूपमा देख्न सक्दैन। जब मेरा ज्येष्ठ पुत्रहरू शरीरमा प्रवेश गर्छन्, तब अहिले मैले वास्तविकतामा के गर्छु भन्ने कुरा पूर्ण रूपमा स्पष्ट हुनेछ। निश्चय नै मानवको नजरमा, मानवका धारणाहरूमा, कसैले पनि विश्वास गर्दैन र कोही पनि आज्ञाकारी हुँदैन। तर मानिसहरूप्रतिको मेरो सहनशीलता यस्तो छ। वास्तविकता अझ नआएको हुनाले, मानिसहरूले विश्वास गर्न वा बुझ्न सक्दैनन्। आफ्ना मानवीय धारणाहरूका बीचमा मेरा वचनहरूलाई विश्वास गर्ने कोही पनि छैन। मानिसहरू सबै यस्ता छन्: कि त तिनीहरू मेरो देहले भनेको कुरामा विश्वास गर्छन् कि त तिनीहरूले मेरो आत्माको आवाजलाई मात्र विश्वास गर्छन्। यो नै मानिसहरूमा सामना गर्नुपर्ने सबैभन्दा कठिन कुरा हो। यदि तिनीहरूले आफ्नै आँखाले केही भएको देखेका छैनन् भने, कसैले पनि आफ्ना धारणाहरूलाई छोड्दैनन् र कसैले पनि मैले भनेको कुरामा विश्वास गर्दैनन्। त्यसैले म अनाज्ञाकारिताका छोराहरूलाई दण्ड दिनका निम्ति मेरा प्रशासनिक आदेशहरूको प्रयोग गर्छु।

मैले यसभन्दा पहिले यस्तो कुरा भनेको छु: म सुरु र अन्त्य हुँ, र म सुरुदेखि अन्तसम्म सबै कुराको मालिक हुँ। आखिरी दिनहरूमा मैले १४४,०० विजयी पुरुष बालकहरू प्राप्त गर्नेछु। तिमीहरूसँग यी शब्दहरूका केही शाब्दिक बुझाइ छ–"विजयी पुरुष बालकहरू"–तर तिमीहरू १४४,००० सङ्ख्याको बारेमा स्पष्ट छैनौ। मानवीय धारणाहरूमा, कुनै सङ्ख्याले मानिसहरूको सङ्ख्या वा कुनै वस्तुहरूको सङ्ख्यालाई जनाउँछ। "विजयी पुरुष बालकहरू" को विशेषक "१४४,०००" को बारेमा भन्दा–"१४४,००० विजयी पुरुष बालकहरू"–१४४,००० जना विजयी पुरुष बालकहरू छन् भनेर मानिसहरूले सोच्छन्। यसका अतिरिक्त, यस सङ्ख्याको तथ्यभित्र केही साङ्केतिक अर्थ छ भनी केही मानिसहरूले विचार गर्छन्, र तिनीहरूले १४०,००० र ४,००० लाई अलग-अलग भागको रूपमा लिन्छन्। तर यी दुई अर्थ-अनुवाद गलत छन्। यसले कुनै वास्तविक सङ्ख्यालाई जनाउँदैन, साङ्केतिक अर्थको त कुरै नगरौं। मानवको बीचमा यसलाई भेद गर्न सक्ने कोही पनि छैन–विगत पुस्ताका मानिसहरू सबैले यसले साङ्केतिक अर्थलाई जनाउँछ होला भन्ने सोच्थे। "१४४,०००" सङ्ख्या विजयी पुरुष बालकहरूसँग सम्बन्धित छ। तसर्थ, १४४,००० ले आखिरी दिनहरूमा राज्य गर्ने मानिसहरूको समूहलाई र मैले प्रेम गर्नेहरूलाई जनाउँछ। अर्थात्, १४४,००० लाई सियोनबाट आउने र सियोनमा फर्कने मानिसहरूको समूहको रूपमा व्याख्या गरिनुपर्छ। १४४,००० जना विजयी पुरुष बालकहरूको पूर्ण व्याख्या निम्नानुसार छ: ती सियोनबाट संसारमा आएका र शैतानद्वारा भ्रष्ट पारिएका मानिसहरू हुन्, र मैले अन्त्यमा पुनः प्राप्त गर्ने र मसँगै सियोनमा फर्कने मानिसहरू यिनीहरू नै हुन्। मेरा वचनहरूबाट, मेरो कामका चरणहरू देख्न सकिन्छ, अर्थात्, तिमीहरू शरीरमा प्रवेश गर्ने समय धेरै टाढा छैन। यसैले मैले यस पक्षको बारेमा बारम्बार तिमीहरूको निम्ति व्याख्या गरेको छु, र तिमीहरूलाई यसको बारेमा स्मरण गराएको छु। तिमीहरूले स्पष्टसँग देख्नेछौ, र मेरा वचनहरूबाट तिमीहरूले अभ्यास गर्ने बाटो पत्ता लगाउनेछौ; मेरा वचनहरूबाट तिमीहरूले मेरो कामको गति पत्ता लगाउनेछौ। पवित्र आत्माको कामको गति पत्ता लगाउन, तिमीहरूले त्यसलाई मैले प्रकट गर्ने रहस्यहरूबाट छुट्याउनुपर्छ (किनकि पवित्र आत्माको

कामलाई कसैले पनि देख्न सक्दैन र कसैले पनि भेद गर्न सक्दैन)। यसैले म आखिरी दिनहरूमा रहस्यहरू प्रकट गर्नेछु।

मेरो घरमा, मसँग मेल नखाने कुनै कुरा पनि हुनेछैन, र अबदेखि म अली-अली शुद्ध गर्न र सफा गर्न थाल्नेछु। मानिसहरूको माझमा, कसैले पनि अवरोध गर्न सक्दैन, र कसैले पनि यो काम गर्न सक्दैन। यसैले मैले तिमीहरूलाई धेरै पटक भनेको छु, कि तिमीहरूले आफै आनन्द मनाउनु आवश्यक छ र औँलो चलाउने आवश्यकता छैन। यसैद्वारा मेरो शक्ति प्रकट गरिन्छ, मेरो धार्मिकता र मेरो प्रताप प्रकट हुन्छन् र मानिसहरूले खोल्न नसक्ने रहस्यहरू प्रकट गरिन्छ। (मानिसहरूसँग मेरो व्यवस्थापन योजनाको बारेमा कुनै ज्ञान नभएको वा मेरो कामका चरणहरूको बारेमा कुनै बुझाइ नभएको हुनाले, तिनलाई “रहस्यहरू” भनिएको हो।) आखिरी दिनहरूमा मैले के प्राप्त गर्नेछु र मैले के गर्नेछु भन्ने कुराहरू रहस्यहरू हुन्। मैले संसारको सृष्टि गरेको समय अगाडि, मैले आज गर्ने कुरा कहिले गरिनँ र मैले मानिसहरूलाई मेरो महिमित मुहार वा मेरो व्यक्तित्वको कुनै पनि भाग देखाइनँ; मेरो आत्माले मात्र केही मानिसहरूमा काम गर्‍यो। (सृष्टिको समयदेखि मलाई कसैले पनि प्रकट गर्न नसकेको हुनाले र मलाई कसैले कहिल्यै पनि व्यक्त गर्न नसकेको हुनाले, मैले कहिल्यै पनि मानिसहरूलाई मेरो व्यक्तित्व देखाइनँ, र मेरो आत्माले केही मानिसहरूमा काम गरेको छ।) मैले आज मात्रै मेरो महिमित स्वरूप र मेरो व्यक्तित्वलाई मानवजाति समक्ष प्रकट गरेको छु, र अहिले मात्र तिनीहरूले यी कुराहरू देखेका छन्। तर आज तिमीहरूले देखेका कुराहरू अझ पनि अपूर्ण छन्, र अझ पनि तिमीहरूले देख भनेर मैले चाहेको कुरा यो होइन। मैले तिमीहरूलाई देखाउन चाहेको कुरा शरीरमा मात्र छ, र अहिले कसैले पनि यो सर्त पूरा गर्दैन। अर्को शब्दमा, कसैले पनि शरीरमा प्रवेश गर्नुभन्दा अगाडि मेरो व्यक्तित्वलाई देख्न सक्दैन। यसैले, सियोन पर्वतमा म मेरो व्यक्तित्व ब्रह्माण्ड संसारलाई प्रकट गर्नेछु भनेर म भन्छु। यसबाट यो देख्न सकिन्छ, कि सियोन पर्वतमा प्रवेश गर्ने कार्य मेरो परियोजनाको अन्तिम भाग हो। सियोन पर्वतमा प्रवेश गर्ने समयमा, मेरो राज्य सफलतापूर्वक निर्माण गरिनेछ। अर्को शब्दमा, मेरो व्यक्तित्व नै राज्य हो। ज्येष्ठ पुत्रहरू शरीरमा प्रवेश गर्ने समय नै ठ्याक्कै राज्यको प्रकट हुने समय हो, यसैले ज्येष्ठ पुत्रहरू सियोन पर्वतमा प्रवेश गर्ने विषयमा मैले बारम्बार बोलेको छु। मेरो सारा व्यवस्थापन योजनाको केन्द्रबिन्दु यही हो, जसलाई कसैले पनि यस अगाडि बुझेको छैन।

मैले मेरो काम गर्ने तरिका परिवर्तन गरेपछि, मानव सोचको पहुँचभन्दा बाहिरका कुराहरू अझ धेरै हुनेछन्, यसैले यस विषयमा होसियार होओ। मानव सोचको पहुँचभन्दा बाहिरका कुराहरू पनि छन्, तर मैले भनेको कुरा गलत हुनेछ भन्ने यसको अर्थ होइन। यति मात्रै हो कि मानिसहरूले दुःख भोग्नु अझ धेरै आवश्यक छ, र मानिसहरूले मसँग सहकार्य गर्नु अझ धेरै आवश्यक छ। विलासी लम्पट नबन, र तिमीहरूका आफ्नै धारणाहरूलाई मात्र नपछ्याओ। किनकि मलाई सेवा प्रदान गर्नेमध्ये धेरै जना यस सम्बन्धमा गिर्छन्। मानव प्रकृतिलाई पर्दाफास गर्न र मानव धारणाहरूलाई खुलासा गर्नको निम्ति मैले मेरा वचनहरूको प्रयोग गरिरहेको छु। (तर मलाई सेवा प्रदान गर्नेहरू गिर्नेछन्, किनकि म तिनीहरूका धारणाहरू परिवर्तन गर्दिनँ, जबकि मेरा ज्येष्ठ

पुत्रहरूका धारणाहरूचाहिँ म परिवर्तन गर्नेछु र यसद्वारा तिनीहरूका सोच हटाउनेछु।) यसैले अन्तमा, मैले प्रकट गरेका रहस्यहरूका कारण मेरा ज्येष्ठ पुत्रहरू सिद्ध बनाइनेछन्।

## अध्याय ११२

"वचनहरू र वास्तविकता सँगसँगै अगाडि बढ्छन्" भन्ने कुरा मेरो धर्मी स्वभावको भाग हो। यी वचनहरूबाट, म निश्चय नै हरेकलाई पूर्ण रूपमा मेरो स्वभाव देखाउनेछु। यो हासिल गर्न सकिँदैन भनेर मानिसहरूले सोच्छन्, तर मेरो निम्ति यो सजिलो र सुखद छ, र यसको निम्ति कुनै प्रयासको आवश्यकता पर्दैन। मेरा वचनहरू मेरो मुखबाट बाहिर निस्कने बित्तिकै, सबैले देख्न सक्ने तथ्य आउँछ। यो मेरो स्वभाव हो। मैले निश्चित कुराहरूको बारेमा बोलेको हुनाले, ती कुराहरू निश्चय नै सम्पन्न गरिनेछन्। नत्रता, म बोल्नेथिइनँ। मानवीय धारणाहरूमा, "मुक्ति" भन्ने शब्द सबै मानिसहरूको निम्ति हो भनेर भनिन्छ, तर यो मेरो अभिप्रायसँग मेल खाँदैन। विगतमा मैले भनें, "म अबोधहरू र जोसिला खोजी-कर्ताहरूलाई सधैँ मुक्ति दिन्छु।" यहाँ, "मुक्ति दिनु" भन्ने शब्द मलाई सेवा प्रदान गर्नेहरूको बारेमा बोलिएको थियो, र यसको अर्थ म त्यस्ता सेवाकर्ताहरूसँग विशेष व्यवहार गर्नेछु भन्ने हुन्छ। अर्को शब्दमा, म त्यस्ता मानिसहरूको दण्ड घटाउनेछु। तैपनि, विनाश हुनेहरूमा कुटिल र धोखेबाज सेवाकर्ताहरू पर्नेछन्, भन्नुको अर्थ, म तिनीहरूलाई कडा सजाय दिनेछु। (ती विनाश गरिनेहरू मध्येमा पर्ने भए तापनि, ती विनाश गरिनेहरूभन्दा धेरै फरक छन्: तिनीहरूले अनन्तको कडा सजाय पाउनेछन्, र ती मानिसहरूले प्राप्त गर्ने सजाय दियाबलस, शैतानको सजाय हो। मैले ती मानिसहरू ठूलो रातो अजिङ्गरका सन्तानहरू हुन् भनेर भनेको कुराको साँचो अर्थ पनि यही हो।) यसैले, मेरा ज्येष्ठ पुत्रहरूका हकमा यस प्रकारका शब्दहरूको प्रयोग नगर; तिनीहरूका विषयमा, म के भन्छु भने, म मेरा ज्येष्ठ पुत्रहरूलाई पुनर्स्थापित गर्नेछु र तिनीहरू फेरि पनि सियोनमा फर्कनेछन्। त्यसकारण, मेरा ज्येष्ठ पुत्रहरू मेरा अघिबाटै चुनिएका र छानिएका हुन् भनेर मैले सधैँ भनेको छु। मेरा ज्येष्ठ पुत्रहरू मूल रूपले मेरा थिए र तिनीहरू मबाट आए, यसैले तिनीहरू मकहाँ फर्केर आउनुपर्छ। छोराहरू र मानिसहरूलाई ज्येष्ठ पुत्रहरूसँग तुलना गर्दा–साँच्चै यो स्वर्ग र पृथ्वीको भिन्नता हो: छोराहरू र मानिसहरू सेवाकर्ताहरूभन्दा धेरै असल भए तापनि तिनीहरू कुनै पनि हालतमा मेरा होइनन्। छोराहरू र मानिसहरू मानवजातिका बीचबाट अतिरिक्त रूपमा छानिएका हुन् भनेर पनि भन्न सकिन्छ। यसैले, मैले सधैँ मेरो शक्ति ज्येष्ठ पुत्रहरूमा केन्द्रित गरेको छु, तब म ज्येष्ठ पुत्रहरूलाई ती छोराहरू र मानिसहरूलाई पूर्ण बनाउने जिम्मा दिनेछु। यी मेरो भविष्यका कामका चरणहरू हुन्। अब तिमीहरूलाई भनेर केही फाइदा छैन, यसैले मैले छोराहरू र मानिसहरूलाई यो विरलै मात्र उल्लेख गरेको छु, तर ज्येष्ठ पुत्रहरूसँग मात्र मैले बारम्बार यी कुराहरू बताएको छु र यी विषयहरूको बारेमा उल्लेख गरेको छु। मैले बोल्ने र काम गर्ने तरिका यही हो। यसलाई कसैले पनि बदल्न सक्दैन–हरेक कुराको बारेमा अन्तिम निर्णय म मात्र गर्छु।

हरेक दिन, म तिनीहरूका धारणाहरूसँग लडाइँ गरिरहेको छु, र दिन प्रतिदिन, तिमीहरू हरेकको

चिरफार गरिरहेको छु। मैले निश्चित बिन्दुसम्म बोलिसकेको हुन्छु, तिमीहरू पुनः पतन हुन्छौ र तिमीहरूले मेरो मानवता र ईश्वरत्वलाई अलग गर्छौ। यस बिन्दुमा, मानिसहरू प्रकट हुने समय आएको छ: म अझ पनि देहमा जिउँछु र म परमेश्वर स्वयम् होइन, म अझ पनि मानव नै हुँ र परमेश्वर अझ पनि परमेश्वर नै हुनुहुन्छ, अनि म जुन व्यक्ति हुँ त्यससँग परमेश्वरको कुनै सम्बन्ध छैन भनेर मानिसहरूले सोच्छन्। यो मानवजाति कति भ्रष्ट छ! मैले पहिले धेरै वचनहरू बोलेको छु, तर तिमीहरूले तिनलाई अस्तित्वमा नै नभएझैं व्यवहार गर्‍यौ र यसले ममा तिमीहरूप्रति घृणाले भर्छ किनकि त्यो मेरा हाडहरूमा कुँदिएका छन्। साँच्चै, यसले मलाई तिमीहरूप्रति घृणा जगाउँछ! मलाई, अर्थात्, पूर्ण परमेश्वर स्वयम्, जोसँग मानवता र ईश्वरत्व दुवै छन्, उहाँलाई कसले लापरवाही रूपमा चिढ्याउने हिम्मत गर्छ? आफ्ना सोचहरूमा कसले मेरो प्रतिरोध गर्ने हिम्मत गर्छ? मेरो भीषण विपत्ति तल आएपछि, म तिनीहरूलाई एक-एक गरेर सजाय दिन्छु, कसैलाई पनि छाड्दिनँ, तर तिनीहरू सबैलाई कडा सजाय दिन्छु। मेरो आत्माले व्यक्तिगत रूपमा काम गर्छ। यसको अर्थ म परमेश्वर स्वयम् होइनँ भन्ने हुँदैन; यसको विपरीत, यसले त झन् बढी म सर्वशक्तिमान् परमेश्वर हुँ भन्ने अर्थ दिन्छ। मानिसहरूले मलाई चिन्दैनन्–तिनीहरू सबैले मेरो प्रतिरोध गर्छन् र मेरा वचनहरूद्वारा मेरो सर्वशक्तिलाई देख्दैनन्, बरु तिनीहरूले मेरा वचनहरूमा मेरो विरुद्ध प्रयोग गर्न र ममा दोष पत्ता लगाउनको लागि कुराहरू खोज्छन्। जब एक दिन म मेरा ज्येष्ठ पुत्रहरूसँग सियोनमा देखा पर्छु, म यी नीच प्राणीहरूको निराकरण गर्न सुरु गर्नेछु। यस अवधिमा, मैले प्राथमिक रूपमा यो काम गरिरहेको छु। निश्चित बिन्दुसम्म बोलिसकेपछि, सेवाकर्ताहरूको ठूलो सङ्ख्या पछि हटिसकेको हुनेछ, र ज्येष्ठ पुत्रहरूले पनि सबै किसिमका कठिनाइहरू भोगिसकेका हुनेछन्। यी दुई चरणका कामको प्रगतिसँगै मेरो कामको चरण समाप्त हुनेछ। यसको साथै, म मेरा ज्येष्ठ पुत्रहरूलाई सियोनमा फिर्ता लानेछु। यी मेरो कामका चरणहरू हुन्।

मेरा ज्येष्ठ पुत्रहरू मेरो राज्यका अपरिहार्य हिस्सा हुन्, यसबाट वास्तवमा मेरो व्यक्तित्व नै वास्तवमा राज्य हो भन्ने कुरा देख्न सकिन्छ–मेरो राज्यको जन्म मेरा ज्येष्ठ पुत्रहरूको जन्मपछि हुन्छ। अर्को शब्दमा, मेरो राज्य संसारको सृष्टिदेखि नै अस्तित्वमा छ, अनि मेरा ज्येष्ठ पुत्रहरूलाई प्राप्त गर्नु (यसको अर्थ मेरा ज्येष्ठ पुत्रहरूलाई पुनः प्राप्त गर्नु भन्ने हो) नै मेरो राज्यको पुनर्स्थापना गर्नु हो। यसबाट, ज्येष्ठ पुत्रहरू विशेष महत्त्वका छन् भन्ने तिमीहरूले देख्न सक्छौ। मेरा ज्येष्ठ पुत्रहरू अस्तित्वमा आएपछि मात्र राज्य अस्तित्वमा आउनेछ, शक्तिमा राज्य गर्ने वास्तविकता अस्तित्वमा आउनेछ, नयाँ जीवन आउनेछ र पुरानो युगको पूर्ण अन्त्य हुन सक्छ। यो अपरिहार्य प्रवृत्ति हो। ज्येष्ठ पुत्रहरू यस स्थानमा भएको कारण, तिनीहरूले प्रतीकात्मक रूपमा संसारको विनाश, शैतानको विनाश, सेवाकर्ताहरूको साँचो रङ, अनि ठूलो रातो अजिङ्गरका सन्तानहरू हुनेछैनन् र त्यो आगो र गन्धकको कुण्डमा जानेछ भन्ने तथ्यलाई जनाउँछन्–यसैले शक्तिको प्रयोग गर्ने र ठूलो रातो अजिङ्गरका सन्तानहरू बारम्बार अवरोध, प्रतिरोध र विनाशमा संलग्न हुन्छन्। यसै बीच, म बारम्बार मेरा ज्येष्ठ पुत्रहरूलाई उचाल्छु, तिनीहरूको निम्ति गवाही बन्छु र तिनीहरूलाई प्रकट गर्छु। मबाट आएकाहरू मात्र मेरो निम्ति गवाही बन्ने योग्यका छन्;

तिनीहरू मात्र ममा जीवन जिउन योग्य छन्, र तिनीहरूसँग मात्र युद्धमा लड्ने र मेरो निम्ति सुन्दर विजय हासिल गर्ने जग छ। मबाट अलग भएकाहरू मेरो हातका माटोभन्दा बढी केही पनि होइनन्—ती हरेक सृष्टि गरिएका वस्तुहरू हुन्। छोराहरू र मानिसहरू सृष्टिका प्राणीहरूमध्येबाट चुनिएका अझ असल कुराभन्दा बढी केही होइनन्, तर तिनीहरू मेरा होइनन्। यसैले, ज्येष्ठ पुत्रहरू र छोराहरूमा धेरै भिन्नता छ। छोराहरू ज्येष्ठ पुत्रहरूसँग तुलना गरिनको निम्ति बिलकुल योग्य छैनन्—तिनीहरू ज्येष्ठ पुत्रहरूद्वारा शासित छन् र प्रभुत्वमा राखिएका छन्। अब तिमीहरू यसको बारेमा एकदमै स्पष्ट हुनुपर्छ! मैले बताएको हरेक वचन सत्य छ र कुनै पनि हालतमा झूटो छैन। यो सबै मेरो व्यक्तित्वको अभिव्यक्ति हो र यो मेरो वाणी हो।

म खोक्रा वचनहरू बोल्दिनँ भनेर मैले भनेको छु, र म गल्ती गर्दिनँ; यो नै मेरो प्रताप देखाउनको निम्ति पर्याप्त छ। तर मानिसहरू खराबबाट असल छुट्याउन सक्षम छैनन् र तिनीहरूमाथि मेरो सजाय परेपछि मात्र तिनीहरू पूर्ण रूपमा विश्वस्त हुनेछन्; नत्रता तिनीहरू विद्रोही र हठी रहन्छन्। यसैले सारा मानवजातिको विरुद्धमा प्रहार गर्नको निम्ति म सजायको प्रयोग गर्छु। परमेश्वर स्वयम् एक मात्र हुनुभएको हुनाले, मानवीय धारणाहरूबाट हेर्दा, मबाट किन यति धेरै ज्येष्ठ पुत्रहरू आउँछन्? यसलाई म यसरी बताउन सक्छु: मेरा आफ्नै मामिलाहरूको हकमा, म जसरी इच्छा गर्छु त्यसरी बोल्छु। मानिसले मलाई के गर्न सक्छ? यसलाई म यसरी पनि भन्न सक्छु: मेरा ज्येष्ठ पुत्रहरू र म एउटै स्वरूपका नभए तापनि, हामी एउटै आत्माका हौं, यसैले तिनीहरूले मसँग सहकार्य गर्ने क्रममा तिनीहरू सबै मसँग एउटै मनका हुन सक्छन्। सबै मानिसहरूले मेरो व्यक्तित्वको हरेक भाग असाधारण स्पष्टताका साथ देखून् भनेर हामी एउटै स्वरूपका छैनौं। यही कारणले गर्दा मैले मेरा ज्येष्ठ पुत्रहरूलाई मसँग सारा जाति र मानिसहरूमाथि अधिकार गर्न दिएँ। यो मेरो प्रशासनिक आदेशको अन्तिम टिप्पणी हो (मैले बताएको "अन्तिम टिप्पणी" को अर्थ मेरो बोल्ने शैली नरम छ र मैले छोराहरू र मानिसहरूसँग बोल्न सुरु गरेको छु भन्ने हुन्छ)। यस पक्षको सन्दर्भमा धेरैजसो मानिसहरूमा शङ्का छ, तर तिनीहरू यति धेरै शङ्काले भरिनु आवश्यकता छैन। मानिसहरूलाई लुक्ने ठाउँ नपाउने गरी शर्ममा पार्नको निम्ति, म सबै मानिसहरूका धारणाहरू एक-एक गरेर पर्दाफास गर्नेछु। म ब्रह्माण्डभरि र पृथ्वीको अन्तसम्मै भ्रमण गर्छु, र ब्रह्माण्डको सारा मुहारको अवलोकन गर्छु। म हरेक प्रकारका मानिसहरूको जाँच गर्छु—मेरो हातबाट उम्कन सक्ने कोही पनि छैन। म हरेक किसिमका कुराहरूमा भाग लिन्छु, र मैले व्यक्तिगत रूपमा नसमाल्ने कुरा केही पनि छैन। मेरो सर्वशक्तिलाई अस्वीकार गर्ने कसको हिम्मत? मेरो बारेमा पूर्ण रूपमा विश्वस्त नहुने हिम्मत कसले गर्छ? मेरो अगाडि पूर्ण रूपमा साष्टाङ्ग दण्डवत् नगर्ने हिम्मत कसको छ? मेरा ज्येष्ठ पुत्रहरूको कारण सारा स्वर्गहरू परिवर्तन हुनेछन्, र त्योभन्दा बढी मेरो र मेरा ज्येष्ठ पुत्रहरूको कारण सारा पृथ्वी जोडसँग काम्नेछ। मेरो व्यक्तित्वको अगाडि सबै मानिसहरूले घुँडा टेक्नेछन् र निश्चय नै सबै थोकहरू मेरो हातको नियन्त्रणमा आउनेछन्—त्यसमा थोरै पनि त्रुटि हुनेछैन। हरेक व्यक्ति पूर्ण रूपले विश्वस्त हुनुपर्छ र हरेक वस्तु मेरो घरमा आउनुपर्छ र मेरो सेवा गर्नुपर्छ। यो मेरो प्रशासनिक आदेशहरूको अन्तिम भाग हो। अबदेखि उसो, विभिन्न मानिसहरूलाई लक्षित गरिएका मेरा प्रशासनिक आदेशहरूका

लेखहरूले परिणाम हासिल गर्न थाल्नेछन् (किनभने मेरा प्रशासनिक आदेशहरू पूर्ण रूपमा सार्वजनिक गरिएका छन् र हरेक किसिमको व्यक्ति र हरेक थोकको निम्ति उचित बन्दोबस्त गरिएको छ। हरेक मानिसहरू आफ्नै उचित स्थानमा हुनेछन्, र मेरा प्रशासनिक आदेशहरूको कारण हरेक किसिमका व्यक्तको साँचो रङ पर्दाफास हुनेछ)। यसरी साँचो र वास्तविक प्रशासनिक आदेशहरूको आगमन हुनेछ।

अब मेरो कामका चरणहरूअनुसार, मैले भन्न चाहेको कुरा म भन्छु र सबैले मेरा वचनहरूलाई गम्भीरतापूर्वक लिनुपर्छ। युगहरूभरि हरेक सन्तले "नयाँ यरूशलेम" को बारेमा बोलेका छन् र हरेकलाई यसको बारेमा थाहा छ, तर कसैले पनि यो शब्दको साँचो अर्थ बुझ्दैन। आजको काम यस चरणमा पुगेको छ, तिमीहरूले बुझ्न सक भनेर म यस शब्दको साँचो अर्थ तिमीहरूकहाँ प्रकट गर्नेछु। तर मेरो प्रकटीकरणमा सीमितता छ–मैले यसलाई जसरी व्याख्या गरे पनि, र मैले यसलाई जति स्पष्टसँग भने पनि, तिमीहरूले कहिले पनि पूर्ण रूपमा बुझ्न सक्दैनौ, किनकि कुनै मानवले यस शब्दको वास्तविकतालाई छुन सक्दैन। विगतमा, यरूशलेमले पृथ्वीमा मेरो वासस्थान, अर्थात् म हिँड्ने र चलहल गर्ने स्थानलाई जनाउँथ्यो। तर "नयाँ" भन्ने शब्दले यस शब्दलाई परिवर्तन गर्दछ र यो पहिलेको जस्तो छैन। मानिसहरूले यसलाई अलिकति पनि बुझ्दैनन्। कतिपय मानिसहरू यसले मेरो राज्यलाई जनाउँछ भन्ने सोच्छन्; कतिपय मानिसहरू यसले म जुन व्यक्ति हुँ त्यसलाई जनाउँछ भन्ने सोच्छन्; कतिपय मानिसहरू यसले नयाँ स्वर्ग र पृथ्वीलाई जनाउँछ भन्ने सोच्छन्; र कतिपय मानिसहरूले यो मैले यस संसारलाई नष्ट गरेपछि आउने नयाँ संसार हो भन्ने सोच्छन्। व्यक्तिको मन अत्यन्तै जटिल र प्रचुर कल्पना गर्न सक्षम भए पनि, तिनीहरूले अझ पनि यसको बारेमा केही पनि बुझ्न सक्दैनन्। युगहरूभरि मानिसहरूले यस शब्दको साँचो अर्थ जान्ने वा देख्ने आशा राखिरहेका छन्, तर तिनीहरूले आफ्ना इच्छा पूरा गर्न सकेका छैनन्–तिनीहरू सबै आफ्ना आकांक्षाहरू पछाडि छोडेर निराश भएका छन् र मरेका छन्; मेरो समय नआइपुगेको कारण, मैले कसैलाई पनि सजिलै बताउन सकिनँ। मेरो काम यस चरणसम्म गरिसकिएको हुनाले, म तिमीहरूलाई सबै थोक बताउँछु। नयाँ येरुशलेममा यी चार कुराहरू पर्छन्: मेरो क्रोध, मेरा प्रशासनिक आदेशहरू, मेरो राज्य र मैले मेरा ज्येष्ठ पुत्रहरूलाई दिने अन्तहीन आशिष्हरू। यी चार भागहरू लुकाइएका हुनाले न "नयाँ" भन्ने शब्दको प्रयोग गर्छु। कसैले पनि मेरो क्रोधको बारेमा थाहा नपाएको, मेरा प्रशासनिक आदेशहरू कसैले पनि थाहा नपाएको र कसैले पनि मेरा आशिष्हरूको आनन्द नउठाएको कारण "नयाँ" भन्ने शब्दले लुकाइएको कुरालाई जनाउँछ। मैले भनेका कुराहरू कसैले पनि पूर्ण रूपमा बुझ्न सक्दैन, किनकि नयाँ यरूशलेम पृथ्वीमा झरेको छ, तर कसैले पनि नयाँ यरूशलेमको वास्तविकतालाई व्यक्तिगत रूपमा अनुभव गरेको छैन। मैले यसको बारेमा जति नै पूर्ण रूपमा बोले तापनि, मानिसहरूले पूर्ण रूपमा बुझ्नेछैनन्। यदि कसैले बुझ्यो भने पनि यो बुझाइ तिनीहरूका शब्दहरू, तिनीहरूका मन र तिनीहरूका धारणाहरू मात्रै हुन्। यो अपरिहार्य प्रवृत्ति हो; अगाडि बढ्ने बाटो यही मात्रै हो र कसैले पनि आफूलाई छुटाउन सक्दैन।

# अध्याय ११३

मैले गर्ने प्रत्येक कार्यमा मेरो बुद्धि छ, तर यो बुद्धिलाई ठम्याउन मानव आधारभूत रूपमा असमर्थ छ; मानिसले मेरो कार्य र वचनहरूलाई मात्रै देख्छ, मेरो महिमा वा देखा परेको व्यक्तित्वलाई देख्न सक्दैन, किनकी मानिससँग आधारभूत रूपमै यो क्षमताको अभाव हुन्छ। त्यसैले, मानिसमा मेरा परिवर्तनहरू नगरिकनै, मेरा ज्येष्ठ पुत्रहरू र म सियोन फर्किनेछौं र स्वरूप परिवर्तन गर्नेछौं, ताकि मानिसले मेरो बुद्धि तथा सर्वशक्ति देख्न सकोस्। मानिसले अहिले देख्ने, मेरो बुद्धि र सर्वशक्ति, उल्लेख गर्न पनि लायक नभएका, मेरो महिमाको एक सानो हिस्सा मात्रै हुन्। यसबाट, मेरो बुद्धि र मेरो महिमा असीमित–नाप्नै नसकिने गरी गहन–छ भन्ने देख्न सकिन्छ, र मानिसको मस्तिष्कले आधारभूत रूपमा यो कुरालाई विचार गर्न वा बुझ्न सक्दैन। राज्यको निर्माण गर्नु ज्येष्ठ पुत्रहरूको कर्तव्य हो, र यो मेरो पनि काम हो। यसो भन्नुको अर्थ, यो मेरो व्यवस्थापन योजनाको एउटा थोक हो। राज्यको निर्माण मण्डलीको निर्माण जस्तो होइन; मेरा ज्येष्ठ पुत्रहरू र म मेरो व्यक्ति र राज्य हौँ, त्यसकारण जब मेरा ज्येष्ठ पुत्रहरू र म सियोन डाँडामा प्रवेश गर्छौं, राज्यको निर्माण सम्पन्न भएको हुनेछ। अर्को शब्दमा भन्नुपर्दा, राज्यको निर्माण कार्यको एक चरण हो–आत्मिक संसारमा प्रवेश गर्ने चरण। (तर, यो संसारको सृष्टि गरेदेखि यता मैले गरेको सबै कुरा यो चरणका लागि नै हुन्। मैले यसलाई चरण भने पनि, वास्तवमा, यो चरण हुँदै होइन।) तसर्थ, म सबै सेवाकर्ताहरूलाई यो चरणको सेवामा प्रयोग गर्छु, र अन्ततः, आखिरी दिनहरूमा, ठूलो सङ्ख्यामा मानिसहरू पछि हट्नेछन्; तिनीहरू सबैले ज्येष्ठ पुत्रहरूलाई सेवा प्रदान गर्नेछन्। यी सेवाकर्ताप्रति दया गर्ने जो-कोहीको पनि मेरो श्रापबाट मृत्यु हुनेछ। (सेवाकर्ताहरूले ठूलो रातो अजिङ्गरको षड्यन्त्रलाई प्रतिनिधित्व गर्छन् र तिनीहरू सबै शैतानकै दास हुन्, त्यसैले तिनीहरूप्रति दया देखाउनेहरू ठूलो रातो अजिङ्गरका मतियारहरू हुन् र शैतानका हुन्।) मैले प्रेम गर्ने सबैलाई म प्रेम गर्छु, र मेरा श्राप र ज्वालाका पात्रहरू सबैलाई घृणा गर्छु। के तिमीहरू पनि यसो गर्न सक्छौ? मेरो विरुद्धमा खडा हुने कसैलाई पनि म निश्चय नै माफी दिनेछैन, न म तिनीहरूलाई छोड्ने नै छु! प्रत्येक कार्य गर्दा, मेरो सेवा गर्नका लागि म ठूलो सङ्ख्यामा सेवाकर्ताहरूको प्रबन्ध मिलाउँछु। तसर्थ, इतिहासभरि सबै अगमवक्ता र प्रेरितहरूले आजको चरणका लागि सेवा गरेका हुन्, र तिनीहरू मेरो हृदय अनुसारका छैनन्, तिनीहरू मबाट आएका होइनन् भन्ने कुरा देख्न सकिन्छ। (तिनीहरूमध्ये धेरै जना मप्रति निष्ठावान् भए पनि, तिनीहरू मेरा होइनन्। तसर्थ, तिनीहरूको दौडधूप मेरो लागि यो अन्तिम चरणको आधारशिला निर्माण गर्नका लागि हो, तर तिनीहरू स्वयम्को सरोकारमा भने तिनीहरूका सबै प्रयासहरू व्यर्थ हुन्।) त्यसैले आखिरी दिनहरूमा पछि हट्नेको सङ्ख्या अझै ठूलो हुनेछ। (मैले "ठूलो सङ्ख्या" भन्नुको कारण के हो भने, मेरो व्यवस्थापन योजना अन्त्यमा पुगेको छ, मेरो राज्यको निर्माण सुसम्पन्न भएको छ, र ज्येष्ठ पुत्रहरू सिंहासनमा बसिसकेका छन्।) यो सबै ज्येष्ठ पुत्रहरू देखा परेको कारणले नै हो। ज्येष्ठ पुत्रहरू देखा परिसकेका हुनाले, ठूलो रातो अजिङ्गरले क्षति पुर्‍याउन र सबै मार्गहरू समाप्त गर्न हुनसक्ने सबै माध्यमहरूको प्रयोग गर्ने प्रयास गर्छ। मेरो सेवा गर्ने

आउनेहरूप्रति, अहिलेको अवधिमा साँचो रङ्ग देखाउनेहरूप्रति, र मेरो व्यवस्थापनमा बाधा पुर्‍याउन प्रयास गर्नेहरूप्रति यसले सबै प्रकारका दुष्ट आत्माहरू पठाउनेछ। यसलाई नाङ्गो आँखाले देख्न सकिँदैन; यी सबै कुराहरू आत्मिक संसारका कुराहरू हुन्। तसर्थ, पछि हट्ने मानिसहरूको सङ्ख्या ठूलो हुनेछ भनेर मानिसहरूले विश्वास गर्दैनन्; तर पनि म के गर्छु भनेर मलाई थाहा छ, म मेरो व्यवस्थापनलाई बुझ्छु; हस्तक्षेप गर्ने मानिसहरूलाई नदिनुको कारण यही हो। (प्रत्येक प्रकारका नीच दुष्ट आत्माहरूले आफ्नो सही स्वरूप देखाउने दिन आउनेछ, र सबै मानिसहरू साँचो रूपमा विश्वस्त हुनेछन्।)

म मेरा ज्येष्ठ पुत्रहरूलाई प्रेम गर्छु, तर मलाई ठूलो इमानदारीसाथ प्रेम गर्ने ठूलो रातो अजिङ्गरका सन्ततिहरूलाई, म प्रेम गर्दै गर्दिन; वास्तवमा, म तिनीहरूलाई झन् धेरै घृणा गर्छु। (यी मानिसहरू मेरा होइनन्, र तिनीहरूले असल अभिप्रायहरू देखाए र मधुर शब्दहरू बोले पनि, यो सबै ठूलो रातो अजिङ्गरको एउटा योजना हो, त्यसैले म तिनीहरूलाई मेरो अन्तस्करणदेखि नै घृणा गर्छु।) यो मेरो स्वभाव हो, र सम्पूर्णतामा यो मेरो धार्मिकता हो। यसलाई मानिसले अलिकति पनि ठम्याउन सक्दैन। मेरो धार्मिकताको सम्पूर्णता यहाँ किन खुलासा गरिन्छ? यसबाट, मेरो पवित्र स्वभाव बुझ्न सकिन्छ, जसले कुनै उल्लङ्घन सहँदैन। म मेरा ज्येष्ठ पुत्रहरूलाई प्रेम गर्नसक्छु र मेरा ज्येष्ठ पुत्रहरूबाहेक अरू सबैलाई (तिनीहरू निष्ठावान् मानिसहरू नै भए पनि) घृणा गर्छु। मेरो स्वभाव यही हो। के तिमीहरू देख्न सक्दैनौ? मानिसहरूको धारणामा, म सधैँ कृपालु परमेश्वर हुँ, र मलाई प्रेम गर्ने सबैलाई म प्रेम गर्छु; के यो विवेचना मेरो विरुद्धको ईश्वर निन्दा होइन र? के म जनावर र पशुहरूलाई प्रेम गर्न सक्छु? के म शैतानलाई आफ्नो ज्येष्ठ पुत्रको रूपमा लिन र आनन्द उठाउन सक्छु? वाहियात! मेरो कार्य मेरा ज्येष्ठ पुत्रहरूबाट अगाडि बढ्छ, र मेरा ज्येष्ठ पुत्रहरू बाहेक, मैले प्रेम गर्ने अरू केही छैन। (पुत्र र मानिसहरू थप हुन्, तर महत्त्वपूर्ण होइनन्)। मैले धेरै अर्थहीन काम गर्थे भनेर मानिसहरूले भन्ने गर्छन्, तर मेरो दृष्टिकोणमा, वास्तवमा, त्यो काम सबैभन्दा अमूल्य, र सबैभन्दा अर्थपूर्ण थियो। (यसले मैले दुई वटा देहधारणको दौरान गरेको कार्यलाई जनाउँछ; मैले मेरो शक्तिको खुलासा गर्न चाहने भएकाले, म मेरो काम पूरा गर्नका लागि देह बन्नुपर्छ।) काम गर्नका लागि मेरो आत्मा व्यक्तिगत रूपमा आउँछ भनेर मैले भन्नुको कारण मेरो काम देहमा पूरा हुन्छ। यसो भन्नुको अर्थ, म र मेरा ज्येष्ठ पुत्रहरू विश्राममा प्रवेश गर्न सुरु गर्छौं भन्ने हो। शैतानसँग देहमा हुने युद्ध आत्मिक संसारमा शैतानसँग हुने युद्धभन्दा भयानक हुन्छ; यसलाई सबै मानिसहरूले देख्न सक्छन्, त्यसकारण शैतानका सन्ततिहरूले समेत मेरो लागि सुन्दर गवाही दिनसक्छन्, र छोड्न मान्दैनन्; मैले देहमा काम गर्नुको अर्थ यही हो। यसको मुख्य उद्‌देश्य दियाबलसका सन्ततिले दियाबलसलाई नै अनादर गरुन् भन्ने हो; दियाबलस शैतानलाई सबैभन्दा ठूलो लाजमा पार्नु भनेको यही हो, यति शक्तिशाली कि शैतानलाई आफ्नो बेइज्जती लुकाउने कुनै ठाउँ हुँदैन, र मेरोअगाडि बारम्बार कृपाका लागि याचना गर्छ। मैले जितेको छु, सबै कुरा उपर म प्रबल भएको छु, मैले तेस्रो स्वर्गभित्रबाट तोडेको छु र मेरा ज्येष्ठ पुत्रहरूसँग पारिवारिक आनन्द उठाउन, स्वर्गको राज्यको महान् उत्सवमा सधैँका लागि डुब्न म सियोन डाँडा पुगेको छु!

ज्येष्ठ पुत्रहरूका लागि, मैले प्रत्येक मूल्य चुकाएको छु र मेरा प्रयासहरूमा सबै पीडा लिएको छु। (मैले गरेको सबै कुरा, मैले बोलेका सबै कुरा, म प्रत्येक दुष्ट आत्मालाई छर्लङ्ग देख्न सक्छु भन्ने तथ्य, र मैले प्रत्येक प्रकारका सेवाकर्ताहरूलाई निकालिदिएको छु तथ्यको बारेमा मानिसलाई केही थाहा छैन–यो सबै ज्येष्ठ पुत्रहरूको खातिर भएको हो।) तर, मेरो धेरैजसो कामभित्र, मेरो प्रबन्ध विधिसम्मत छ; उक्त काम अन्धाधुन्ध पक्कै गरिँदैन। प्रत्येक दिन मेरा वचनहरूमा, तिमीहरूले मेरो कामको विधि र यसका चरणहरू देख्न सक्नु पर्छ; प्रत्येक दिन मेरा कार्यहरूमा, तिमीहरूले कुराहरूको निराकरण गर्ने मेरो बुद्धि र मेरा सिद्धान्तहरू देख्नु पर्छ। मैले भनेझैं, शैतानले मेरो सेवा गर्ने ती मानिसहरूलाई मेरो व्यवस्थापनमा बाधा दिने उद्देश्यले पठाएको छ। यी सेवा-कर्ताहरू सामा हुन्, तापनि “गहुँ” शब्दले ज्येष्ठ पुत्रहरूलाई जनाउँदैन, तर ती सबै छोरा र मानिसहरूलाई सङ्केत गर्छ जो ज्येष्ठ छोराहरू होइनन्। “गहुँ सधैँ गहुँ नै रहन्छ, सामाहरू सधैँ सामा नै रहन्छन्”; यसको अर्थ यही हो कि जो शैतानका हुन् तिनीहरूको स्वभाव कहिल्यै पनि परिवर्तन हुन सक्दैन। त्यसैले, संक्षेपमा भन्नुपर्दा तिनीहरू शैतान नै रहन्छन्। “गहुँ” ले पुत्र तथा मानिसहरूलाई जनाउँछ, किनभने संसारको सृष्टिभन्दा पहिले नै मैले यी मानिसहरूमा मेरो गुण राखेको थिएँ। मानिसको स्वभाव परिवर्तन हुँदैन भनेर मैले पहिले नै भनिसकेको छु, त्यसैले गहुँ सधैँ गहुँ नै रहन्छ। त्यसोभए, ज्येष्ठ पुत्रहरू के हुन् त? ज्येष्ठ पुत्रहरू मबाट आउँछन्; तिनीहरू मबाट सृष्टि भएका होइनन्, त्यसैले तिनीहरूलाई गहुँ भन्न मिल्दैन (गहुँको विषयमा जे उल्लेख गरिँदा पनि त्यसमा “बीउ छर्ने” कार्य जोडिएर आउँछ, र “बीउ छर्नु” को अर्थ “सृष्टि गर्नु” हो; सबै सामाहरू सेवाकर्ताको रूपमा काम गर्नका लागि, शैतानले गोप्य रूपमा छरेका हुन्)। ज्येष्ठ पुत्रहरू मेरो व्यक्तित्वको सुन्दर र पूर्ण अभिव्यक्ति हुन् भनेर मात्रै भन्न सकिन्छ; तिनीहरूको प्रतिनिधित्व सुन र चाँदी र बहुमूल्य पत्थरबाट हुनुपर्छ। यसले मेरो आगमन चोरको रूपमा भएको, र म सुन र चाँदी र बहुमूल्य पत्थरहरू चोर्न आएको हुँ भन्ने तथ्यलाई यसले छुन्छ (किनकी यो सुन र चाँदी र बहुमूल्य पत्थरहरू मूल रूपमा मेरा हुन, र म तिनलाई मेरो घरमा फिर्ता लान चाहन्छु)। जब ज्येष्ठ पुत्रहरू र म सियोनमा सँगै फर्किन्छौं, तब म यो सुन, यो चाँदी, र यी बहुमूल्य पत्थरहरू चोर्नेछु। यो समयमा, शैतानको बाधा र अर्चनहरू आउनेछन्, र म सुन, चाँदी, र बहुमूल्य पत्थरहरू लिएर जानेछु र शैतान विरुद्ध निर्णायक युद्ध छेड्नेछु। (मैले यहाँ कुनै कथा पक्कै पनि भनिरहेको छैन; यो आत्मिक संसारमा हुने एक घटना हो, त्यसैले मानिसहरू यसका बारेमा अस्पष्ट छन्, र यसलाई एउटा कथाको रूपमा मात्रै सुन्न सक्छन्। तर मेरो छ हजार वर्षको व्यवस्थापन योजना के हो भनेर तिमीहरूले हेर्नका लागि हो, र तिमीहरूले यसलाई मजाकको रूपमा पटक्कै लिनु हुँदैन। अन्यथा, मेरो आत्मा सबै मानिसहरूबाट बाहिरिनेछ।) आज, यो लडाइँ पूर्ण रूपमा सम्पन्न भएको छ, र म मेरा ज्येष्ठ पुत्रहरूलाई (मेरा सुन, चाँदी, र बहुमूल्य पत्थरहरू ल्याउँदै) सियोन डाँडामा मसँगै फिर्ता ल्याउनेछु। सुन, चाँदी, र बहुमूल्य पत्थरहरूको अभावका कारण, र तिनीहरूको उच्च किम्मतका कारण, शैतानले तिनीहरूलाई खोसेर लान सबै माध्यमहरूको प्रयोग गर्छ, तर म बारम्बार भन्छु जे मेरो हो त्यो मसम्म फर्किनुपर्छ, जसको अर्थ माथि उल्लेख गरिएको छ। ज्येष्ठ पुत्रहरू मबाट आएका हुन र मेरा हुन् भन्ने मेरो भनाइ शैतानका लागि

गरिएको घोषणा हो। यसलाई कसैले बुझ्न सक्दैन, र यो पूर्ण रूपमा आत्मिक संसारको घटना हो। तसर्थ, म बारम्बार ज्येष्ठ पुत्रहरू मेरा हुन् भनेर किन जोड दिइरहेको छु भनेर मानिसले बुझ्दैन; आज, तैँले यो कुरा बुझ्नुपर्छ! मेरा वचनहरूको उद्‌देश्य र बुद्‌धि छ भनेर मैले भनेको छु, तर तिमीहरूले यसलाई बाहिरी रूपमा मात्रै बुझ्छौ–यसलाई आत्मामा कसैले पनि स्पष्ट रूपमा देख्न सक्दैन।

म झन्-झन् बढी बोल्छु, र म जति धेरै बोल्छु, मेरा वचनहरू त्यति नै गम्भीर बन्छन्। जब यो एक निश्चित स्तरमा पुग्छ, म निश्चित स्तरसम्म मानिसहरूमा काम गर्न, मानिसहरूलाई हृदयमा र वचनमा मात्रै राजी बनाउन होइ, बरु त्यसभन्दा बढी, तिनीहरूलाई जीवन र मृत्युको बीचमा यता-उता गर्न लगाउनको लागि मेरा वचनहरूको प्रयोग गर्नेछु; यो मेरो कामको विधि र मेरो काम यसका चरणहरूमा कसरी अघि बढ्छ भन्ने कुरा हो। यो त्यसै हुनुपर्छ; अनि मात्र यसले शैतानलाई लाजमा पार्न सक्छ र ज्येष्ठ पुत्रहरूलाई पूर्ण बनाउँछ (यसरी ज्येष्ठ पुत्रहरूलाई सिद्‌ध बनाउन, उनीहरूलाई देहबाट छुटकारा दिन र आत्मिक संसारमा प्रवेश गराउन मेरो वचनहरूलाई अन्ततः प्रयोग गर्छु)। मानिसले मेरा वचनहरूको विधि र शैलीलाई बुझ्दैन। मेरो व्याख्याबाट तिमीहरू सबैमा केही विचारहरू आउनुपर्छ, र तिमीहरूले गर्नुपर्ने कामलाई पूरा गर्न तिमीहरूले मेरा वचनहरूलाई पछ्याउनुपर्छ। मैले तिमीहरूलाई हस्तान्तरण गरेको यही हो। बाहिरी संसारबाट मात्रै नभई, अझ महत्त्वपूर्ण रूपमा, आत्मिक संसारबाट पनि तिमीहरू यसबारेमा सचेत हुनुपर्छ।

## अध्याय ११४

मैले ब्रह्माण्ड संसार सृष्टि गरेँ; मैले पहाड-पर्वत, खोला-नाला र सबै थोकहरू बनाएँ; मैले ब्रह्माण्ड र पृथ्वीको अन्तलाई आकार दिएँ; मैले मेरा छोराहरू र मेरा मानिसहरूलाई अगुवाइ गरेँ; मैले सबै थोक र पदार्थहरूमाथि हुकुम चलाएँ। अब, मेरा ज्येष्ठ पुत्रहरूलाई मेरो सियोन पर्वतमा फिर्ता लैजान, म बस्ने ठाउँमा फर्काउनलाई अगुवाइ गर्नेछु, र यो मेरो कामको अन्तिम चरण हुनेछ। मैले गरेको सबै कुरा (सृष्टिदेखि अहिलेसम्म गरेका कुराहरू) आजको मेरो कामको चरणको निम्ति थियो, अझ बढी, यो भोलिको शासन, भोलिको राज्य, र म र मेरा पुत्रहरूको अनन्त आनन्दको निम्ति हो। सबै थोक सृष्टि गर्नुको मेरो उद्‌देश्य यही हो, र मेरो सृष्टिद्‌वारा अन्तमा मैले हासिल गर्ने कुरा यही हो। मैले भन्ने र गर्ने कुरामा उद्‌देश्य र योजना हुन्छ; कुनै पनि कुरा जथाभाबी तरिकाले गरिँदैन। ममा सबै स्वतन्त्र र स्वाधीन छ भनेर मैले भने तापनि, मैले गर्ने हरेक कुरा सैद्‌धान्तिक हुन्छ र मैले गर्ने सबै कुरा मेरो बुद्‌धि र स्वभावमा आधारित हुन्छन्। के तिमीहरूसँग यसको बारेमा कुनै अन्तर्दृष्टि छ? सृष्टिको समयदेखि अहिलेसम्म, मेरा ज्येष्ठ पुत्रहरू बाहेक, कसैले पनि मलाई चिनेको छैन, र कसैले पनि मेरो साँचो मुहार देखेको छैन। मेरा ज्येष्ठ पुत्रहरू मेरो व्यक्तित्वको भाग भएका हुनाले मैले तिनीहरूका निम्ति अपवाद बनाएको हुँ।

जब मैले संसारको सृष्टि गरेँ, मैले मानिसहरूलाई मेरो आवश्यकताअनुसार चार तहमा वर्गीकरण गरेँ, ती हुन्: मेरा पुत्रहरू, मेरा मानिसहरू, सेवा प्रदान गर्नेहरू र नष्ट गरिनेहरू। मेरा ज्येष्ठ

पुत्रहरूलाई किन यस सूचीमा समावेश गरिएन? यो मेरा ज्येष्ठ पुत्रहरू सृष्टिका प्राणीहरू नभएको कारणले हो; तिनीहरू मबाट आएका हुन् र मानवजातिबाट होइन। म देह हुनुभन्दा अगाडि मैले मेरा ज्येष्ठ पुत्रहरूको निम्ति बन्दोबस्त गरेँ; तिनीहरू कुन घरानामा जन्मनेछन् र तिनीहरूको निम्ति सेवा पुऱ्याउनेहरू को हुनेछन्–यी सबै थोकहरू मद्वारा योजना गरिएका हुन्। मैले तिनीहरूमध्ये कसलाई म कुन समयमा प्राप्त गर्नेछु भन्ने कुराको पनि योजना गरेँ। अन्तमा, हामी सियोनमा सँगै फर्कनेछौं। यो सबै सृष्टिभन्दा अगाडि योजना गरियो, कुनै पनि मानिसले यसको बारेमा जान्दैन र यो कुनै पनि पुस्तकमा अभिलिखित छैन किनकि यी सियोनका कुराहरू हुन्। यसको अतिरिक्त, म जब देह बनेँ, मैले मानिसलाई यो पक्ष दिइनँ, यसैले कसैले पनि ती कुराहरू थाहा पाएनन्। जब तिमीहरू सियोनमा फर्कन्छौ, तिमीहरू विगतमा कस्ता थियौ, अहिले कस्ता छौ र यस जीवनमा तिमीहरूले के गरेका छौ भन्ने कुरा तिमीहरूले थाहा पाउनेछौ। अहिले मैले तिमीहरूलाई सामान्य रूपमा यी कुराहरू स्पष्ट र अलिअलि गरेर भनिरहेको छु, नत्रता तिमीहरूले जति धेरै प्रयास गरे पनि बुझ्नेथिएनौ, र तिमीहरूले मेरो व्यवस्थापनलाई बाधा दिनेथियौ। आज मेरा धेरैजसो ज्येष्ठ पुत्रहरूबाट देहमा अलग भए तापनि, हामी एउटै आत्माका हौं, र हाम्रो भौतिक स्वरूप अलग भए तापनि, हामी सुरुदेखि अन्तसम्म एउटै आत्माका हौँ। तैपनि, शैतानका सन्तानहरूले यसलाई शोषण गर्ने मौकाको रूपमा प्रयोग गर्नुहुन्न। तिमीहरूले आफ्नो भेष जति नै बदले पनि, यो सतही रूपमा मात्रै रहन्छ, र म यसलाई अनुमोदन गर्दिनँ। यसैले यसबाट के देख्न सकिन्छ भने, सतही कुरामा ध्यान दिने र बाहिरी रूपले मेरो नक्कल गर्नेहरू शत प्रतिशत शैतान हुन् भन्ने निश्चित छ। तिनीहरूको आत्मा फरक भएको र तिनीहरू मेरा प्रियहरू नभएका हुनाले, तिनीहरूले जसरी मेरो नक्कल गरे पनि, तिनीहरू मजस्ता छैनन्। यसको साथै, मेरा ज्येष्ठ पुत्रहरू वास्तवमा मसँग एउटै आत्माका भएको कारण, तिनीहरूले मेरो नक्कल नगरे तापनि, तिनीहरूले म जस्तै बोल्छन् र व्यवहार गर्छन्, अनि तिनीहरू सबै इमान्दार, शुद्ध र खुला हुन्छन् (यी मानिसहरूमा बुद्धिको अभाव छ किनकि तिनीहरूसँग संसारको सीमित अनुभव छ, यसैले बुद्धिको अभाव हुनु मेरा ज्येष्ठ पुत्रहरूको कमजोरी होइन; जब तिनीहरू शरीरमा फर्कन्छन्, सबै कुरा ठीक हुनेछ)। यसैले माथि वर्णन गरिएको कारणले, मैले तिनीहरूसँग जसरी व्यवहार गरे पनि धेरैजसो मानिसहरूले अझ पनि आफ्नो पुरानो प्रकृतिलाई परिवर्तन गर्दैनन्। तैपनि मैले ज्येष्ठ पुत्रहरूलाई निराकरण नै नगरे पनि तिनीहरू मेरा इच्छाहरूमा सहमत हुन्छन्। यो हामी एउटै आत्माको भएको कारणले हो। तिनीहरूले आफ्ना आत्मामा मेरो निम्ति पूर्ण रूपमा समर्पित हुने तत्परताको महसुस गर्छन्। यसैले मेरा ज्येष्ठ पुत्रहरूबाहेक, मेरो इच्छाको बारेमा साँचो तवरले र इमान्दारीपूर्वक बुझ्ने कोही पनि छैन; मैले शैतानमाथि विजय प्राप्त गरेपछि मात्र तिनीहरू मेरो सेवा गर्न राजी हुन्छन्।

मेरो बुद्धि र मेरा ज्येष्ठ पुत्रहरू सबैभन्दा माथि हुन्छन् र सबैमाथि प्रबल हुन्छन्, र कुनै पनि थोक वा व्यक्ति वा पदार्थ बाटोमा खडा हुने हिम्मत गर्दैन। यसको साथै, कुनै पनि व्यक्ति, पदार्थ वा थोक तिनीहरूमाथि प्रबल हुन सक्दैन, बरु सबै मेरो व्यक्तित्वको अगाडि आज्ञाकारी भएर समर्पित हुन्छन्। यो कुनै पनि व्यक्तिको आँखा अगाडि हुने र मैले पहिले नै हासिल

गरिसकेको तथ्य हो। अनाज्ञाकारितामा लागिरहने जोसुकैलाई (अनाज्ञाकारीहरूले अझ पनि शैतानलाई जनाउँछ र शैतानद्वारा ओगटिएकाहरू शैतानभन्दा अरू कोही होइनन् भन्नेमा कुनै शङ्का छैन), निश्चय नै म तिनीहरूलाई पूर्ण रूपमा नष्ट पार्नेछु, ताकि भविष्यमा कुनै पनि समस्या नहोस्; तिनीहरू मेरो सजायबाट तत्कालै मर्नेछन्। यस किसिमका शैतानहरू नै मेरो निम्ति सेवा प्रदान गर्न नचाहनेहरू हुन्। यी कुराहरू सृष्टिदेखि नै मेरो विरुद्धमा सधैँ हठी भएर खडा भएका छन्, र आज तिनीहरू मेरो अनाज्ञाकारितामा लागिरहन्छन्। (मानिसहरूले यसलाई देख्न सक्दैनन् किनकि यो आत्मासँग सम्बन्धित कुरा हो। यस किसिमको व्यक्तिले यस किसिमको शैतानको प्रतिनिधित्व गर्दछ।) अरू सबै कुरा तयार हुनु अगाडि तिनीहरूलाई सदाको निम्ति कडा दण्ड प्राप्त गर्ने गरी तिनीहरूलाई नष्ट गर्नेछु। (यहाँ प्रयोग गरिएको "नष्ट गर्नु" ले "तिनीहरूलाई अस्तित्व नरहने बनाउनु" भन्ने अर्थ दिँदैन, बरु यसले तिनीहरूमाथि ल्याइने कठोरताको हदलाई जनाउँछ। यहाँ प्रयोग गरिएको "नष्ट गर्नु" शब्द नष्ट गरिनेहरूको निम्ति प्रयोग गरिने "नष्ट गर्नु" भन्ने शब्दभन्दा फरक छ।) तिनीहरू सदासर्वदा नरोकी रुनेछन् र दाह्रा किट्नेछन्। मानिसको कल्पनाले त्यो दृश्यलाई परिकल्पना गर्न सक्दैन। मानवजातिको मरणशील सोचमा, तिनीहरूले आत्मिक कुराहरूको कल्पना गर्न सक्दैनन्, यसैले तिमीहरूले थप कुराहरू सियोनमा फर्केपछि मात्र बुझ्नेछौ।

मेरो भविष्यको घरमा, मेरा ज्येष्ठ पुत्रहरू र मबाहेक कोही पनि हुनेछैनन्, र त्यस बेला मात्र मेरो लक्ष्य पूरा हुनेछ र मेरो योजनाले पूर्ण फलदायी हुनेछ, किनकि सबै आफ्नो मूल अवस्थामा फर्कनेछन् र सबै कुरालाई त्यसको प्रकारअनुसार वर्गीकरण गरिनेछ। मेरा ज्येष्ठ पुत्रहरू मेरा हुनेछन्, मेरा छोरा र मानिसहरू सृष्टि गरिएका प्राणीहरूमध्येका हुनेछन्, र सेवाकर्ताहरू र नष्ट गरिएकाहरू शैतानका हुनेछन्। संसारको न्याय गरेपछि, म र मेरा ज्येष्ठ पुत्रहरूले फेरि ईश्वरीय जीवन सुरु गर्नेछन्, र तिनीहरूले मलाई कहिले पनि छोड्नेछैनन् र सधैँ मेरो साथमा हुनेछन्। मानवीय दिमागले बुझ्न सकिने रहस्यहरू अलिअलि गरेर तिमीहरूलाई प्रकट गरिनेछन्। इतिहासभरि, मेरो कारणले शहीद भई आफैलाई पूर्ण रूपमा ममा चढाउने अनगिन्ती मानिसहरू छन्, तर मानिसहरू जे भए पनि सृष्टि गरिएका प्राणीहरू न हुन् अनि तिनीहरू जति नै असल भए तापनि तिनीहरूलाई परमेश्वरको रूपमा वर्गीकरण गर्न सकिँदैन; यो घटनाहरूको अपरिहार्य क्रम हो, र यसलाई कसैले पनि परिवर्तन गर्न सक्दैन। जे भए पनि, सबै थोकको सृष्टि परमेश्वरले गर्नुभएको हो, जब कि मानिसहरू सृष्टि गरिएका प्राणीहरू हुन्, अनि शैतानचाहिँ मेरो विनाशको निशाना र मैले घृणा गर्ने शत्रु हो–"पहाड-पर्वत र नदी-नाला सर्लान् र रूपान्तरण होलान्, तर कुनै व्यक्तिको प्रकृति परिवर्तन हुँदैन" भन्ने शब्दहरूको सबैभन्दा साँचो अर्थ यही हो। यो अवस्थामा र अहिलेको यो चरणमा हुनु भनेको म र मेरा ज्येष्ठ पुत्रहरू विश्राममा प्रवेश गर्नेछौं भन्ने कुराको निशान हो। किनभने संसारको मेरो काम पूर्ण रूपमा सम्पन्न भएको छ, र मेरो कामको अर्को चरण सम्पन्न गर्नको निम्ति म देहमा फर्कनु आवश्यक छ। यी मेरो कामका चरणहरू हुन्, जसको योजना मैले धेरै अगाडि गरेको हुँ। यो कुरालाई स्पष्ट रूपमा देखिनुपर्छ, नत्र धेरैजसो मानिसहरूले मेरो प्रशासनिक आदेशहरूलाई उल्लङ्घन गर्नेछन्।

# अध्याय ११५

तेरो कारण, मेरो हृदयले अति आनन्द गर्नेछ; तेरो कारण, मेरो हात आनन्दले नाच्नेछ, र म तँलाई अन्तहीन आशिष्हरू दिनेछु, किनकि सृष्टिको समय अगाडि नै तँ मबाट आइस्। आज तँ मेरो पक्षमा फर्कनुपर्छ, किनकि तँ संसार वा पृथ्वीको होइनस् तर मेरो होस्। म तँलाई सदा प्रेम गर्नेछु, म तँलाई सदा आशिष् दिनेछु, र म तँलाई सदा सुरक्षा गर्नेछु। मबाट आएकाले मात्र मेरो इच्छा जान्दछन्; तिनीहरूले मात्र मेरो बोझप्रति ध्यान पुर्‍याउनेछन्, र तिनीहरूले मात्र मैले चाहेको कुरा गर्नेछन्। आज, सबै कुरा सम्पन्न भएको छ। मेरा प्रिय पुत्रहरू चाँडै मसँग पुनर्मिलन हुने र मेरो व्यक्तित्व चाँडै नै पूर्ण रूपमा सियोनमा फर्कने कुराको तृष्णा गर्दै मेरो हृदय आगोको गोला जस्तै भएको छ। तँसँग यसको केही ज्ञान छ। हामीले एकअर्कालाई आत्मामा अक्सर पछ्याउन नसके तापनि, हामीले आत्मामा एकअर्कालाई साथ दिन र देहमा भेट्न भने सक्छौं। पिता र पुत्रहरू सदा अविभाज्य छन्; तिनीहरू घनिष्ट रूपमा जोडिएका छन्। सियोनमा फर्कने दिनसम्म तँलाई कसैले पनि मेरो पक्षबाट लैजान सक्दैन। मकहाँ आउने सबै ज्येष्ठ पुत्रहरूलाई म प्रेम गर्छु, र मेरो विरोध गर्ने शत्रुहरूलाई म घृणा गर्छु। मैले प्रेम गर्नेहरूलाई म सियोनमा फर्काएर ल्याउनेछु र मैले घृणा गर्नेहरूलाई पातालमा, नरकमा फालिदिनेछु। मेरा सबै प्रशासनिक आदेशहरूको मुख्य सिद्धान्त यही हो। मेरा ज्येष्ठ पुत्रहरूले भन्ने वा गर्ने हरेक कुरा मेरो आत्माको अभिव्यक्ति हो। यसलाई स्पष्ट बुझेर हरेकले मेरा ज्येष्ठ पुत्रहरूको गवाही दिनुपर्छ। यो मेरो कामको अर्को चरण हो, र यदि कसैले प्रतिरोध गर्‍यो भने मेरा प्रिय छोराहरूलाई तिनीहरूको सामना गर्न लगाउनेछु। अहिले पहिलेभन्दा भिन्न छ। मैले प्रेम गरेकाहरूले न्यायको वचन बोले भने शैतान तुरुन्तै पातालमा मर्नेछ किनकि मैले पहिले नै मेरा ज्येष्ठ पुत्रहरूलाई अधिकार दिएको छु। भन्नुको तात्पर्य, अबदेखि उसो मेरा ज्येष्ठ पुत्रहरू र मैले सँगै शासन गर्ने समय हो। (यो देहको चरणमा हो, जुन देहमा सँगै शासन गर्नुभन्दा थोरै फरक छ।) विचारमा आज्ञा पालन नगर्नेले म जुन व्यक्ति हुँ त्यसको प्रतिरोध गर्नेले जस्तै दुर्भाग्य भोग्नुपर्छ। मेरा ज्येष्ठ पुत्रहरूलाई मलाई जस्तै व्यवहार गरिनुपर्छ, किनकि हामी एकै शरीरका हौँ र हामी कहिले पनि अलग हुन सक्दैनौं। विगतमा जसरी मेरो साक्षी बन्ने काम गरिएको थियो, आज पनि त्यसरी नै मेरा ज्येष्ठ पुत्रहरूको निम्ति साक्षी दिइनुपर्छ। यो मेरा प्रशासनिक आदेशहरूमध्ये एउटा हो; हरेक व्यक्ति खडा हुनुपर्छ र साक्षी बन्नुपर्छ।

मेरो राज्य पृथ्वीको अन्तसम्म फैलन्छ, र मेरा ज्येष्ठ पुत्रहरू मसँगै पृथ्वीको अन्तसम्म यात्रा गर्छन्। तिमीहरूका देहको वाधाहरूको कारण, यस्ता धेरै वचनहरू छन् जसलाई मैले बोले तापनि तिमीहरू बुझ्दैनौ, यसैले अधिकांश काम सियोनमा फर्केपछि सम्पन्न गरिनुपर्छ। मेरा वचनहरूबाट देख्न सकिन्छ कि यो फर्काइ टाढा छैन—वास्तवमा त्यो बेला लगभग आइसकेको छ। यसैले मैले सियोन र सियोनका मामलाहरूको बारेमा एकनासले कुरा गरिरहेको छु। मेरा वचनहरूको उद्देश्य के हो भन्ने के तिमीहरूलाई थाहा छ? मेरो हृदयमा के छ भन्ने के तिमीहरूलाई थाहा छ? मेरो हृदय चाँडै सियोनमा फर्कन, पुरानो युगलाई पूर्ण रूपमा समाप्त गर्न, पृथ्वीको हाम्रो जीवन समाप्त गर्न (किनकि म सांसारिक मानिसहरू, पदार्थहरू र थोकहरूलाई घृणा गर्छु र देहको जीवनलाई झन्

बढी घृणा गर्छु, अनि देहका बाधाहरू ठूला छन्; सियोनमा फर्केपछि मात्र सबै कुरा समृद्धि हुनेछ), र राज्यमा हाम्रो जीवन पुनः प्राप्ति गर्न लालायित छ। मेरो पहिलो देहधारण मेरो दोस्रो देहधारणको जग बनाउनको निम्ति थियो। यो यात्रा गरिनुपर्ने बाटो थियो। मैले आफैलाई शैतानको हातमा पूर्ण रूपमा दिएर मात्र तिमीहरूलाई उद्धार गर्न सक्थेँ, ताकि अन्तिम चरणमा तिनीहरू मेरो शरीरमा फर्कन सक। (यदि मेरो पहिलो देहधारण नभएको भए, मैले महिमा प्राप्त गर्न सक्नेथिइनँ, र मैले पाप बलीलाई फिर्ता गर्न सक्नेथिइनँ, यसैले तिमीहरू संसारमा पापी कै रूपमा आउनुपर्थ्यो।) मसँग अनन्त बुद्धि भएको कारण, तिमीहरूलाई सियोन बाहिर मैले अगुवाइ गरी ल्याएको कुराले तिमीहरूलाई निश्चय नै सियोनमा फर्काएर ल्याउनेछु भन्ने अर्थ दिन्छ। बाटो बन्द गर्ने शैतानका प्रयासहरू सफल हुनेछैनन्, किनकि मेरो महान् काम धेरै पहिले सम्पन्न भएको थियो। मेरा ज्येष्ठ पुत्रहरू म जस्तै छन्–तिनीहरू पवित्र र शुद्ध छन्, यसैले म अझ पनि मेरा ज्येष्ठ पुत्रहरूसँग सियोनमा फर्कनेछु, र हामी कहिले पनि अलग हुनेछैनौं।

मेरो सम्पूर्ण व्यवस्थापनको योजना तिमीहरूकहाँ क्रमिक रूपले प्रकट गरिँदैछ। मैले मेरो कामलाई सबै जाति र सबै मानिसहरूकहाँ लागू गर्न सुरु गरेको छु। सियोनमा मेरो फर्काइ धेरै टाढा छैन भन्ने कुरा प्रमाणित गर्नको निम्ति यो पर्याप्त छ, किनकि सबै जाति र सबै मानिसहरूकहाँ मेरो काम लागू गर्ने काम सियोनमा फर्किएपछि गरिनुपर्ने काम हो। मेरो गति चाँडो बढिरहेको छ। (सियोनमा म फर्कने दिन नजिक आइरहेको कारण म फर्कनुभन्दा पहिले म मेरो काम सम्पन्न गर्न चाहन्छु।) म मेरो काममा झन् बढी व्यस्त हुँदै छु, तापनि पृथ्वीमा मैले गर्ने काम झन्-झन् कम हुँदै गइरहेको छ–छैन भन्दा पनि हुन्छ। (मेरो व्यस्तता आत्माको कामप्रति लक्षित छ, जसलाई मानिसका नाङ्गा आँखाले देख्न सकिन्न तर मेरा वचनबाट मात्र देख्न सकिन्छ; मेरो व्यस्तता देहमा हुँदाको जस्तो हुँदैन, तर यसले धेरै कार्यहरूको योजनालाई जनाउँछ।) यो यस कारणले हो, मैले भनेको जस्तै, पृथ्वीमा मेरो काम अगाडि नै पूर्ण रूपमा सम्पन्न भएको छ, र बाँकी कामले म सियोनमा फर्कने बेलासम्म पर्खनुपर्छ। (म काम गर्न सियोनमा फर्कनुको कारण यो हो कि भविष्यको काम देहमा सम्पन्न हुँदैन, र यदि यो काम देहमा गरिनेथियो भने यसले मेरो नामको अपमान गर्नेथियो।) जब म आफ्ना शत्रुहरूलाई परास्त गरेर सियोनमा फर्कन्छु, युगहरू पहिलेको भन्दा जीवन अझ सुन्दर र शान्तिमय हुनेछ। (यो मैले पूर्ण रूपमा संसारलाई जितेको कारणले हो, र मेरो पहिलो र दोस्रो देहधारणको कारण, मैले पूर्ण महिमा प्राप्त गरेको छु। मेरो पहिलो देहधारणमा, मैले मेरो महिमाको एक भाग मात्र प्राप्त गरेको छु, तर मेरो दोस्रो देहधारणमा, मेरो व्यक्तित्वले पूर्ण महिमा प्राप्त गरेको छ, यसैले उप्रान्त शोषण गर्ने अवसर शैतानले पाउँदैन। यसैले, सियोनमा भविष्यको जीवन अझ सुन्दर र शान्तिमय हुनेछ।) ठूलो रातो अजिङ्गरलाई शर्ममा पार्नको निम्ति मेरो व्यक्तित्व संसार र शैतानको अगाडि अझ महिमित भएर देखा पर्नेछ; यो मेरो सबै बुद्धिको केन्द्र बिन्दु हो। म जति बढी बाहिरी कुराहरूको बारेमा बोल्छु, तिमीहरूले त्यति नै धेरै बुझ्छौ; म जति बढी मानवले देख्न नसक्ने सियोनका कुराहरूको बारेमा बोल्छु, तिमीहरूले यी कुराहरूलाई त्यति नै बढी खोक्रा छन् भनी सोच्छौ, अनि तिमीहरूको निम्ति कल्पना गर्न त्यति कठिन हुनेछ; मैले तिमीहरूलाई दन्त्य कथाहरू भन्दैछु भन्ने तिमीहरूले

सोच्नेछौ। तैपनि, तिमीहरू सावधान हुनुपर्छ। मेरो मुखमा खोक्रा वचनहरू छैनन्; मेरा मुखबाट निस्कने वचनहरू भरोसायोग्य छन्। तिमीहरूका सोचाइका तरिकाले यसलाई बुझ्न कठिन भए तापनि यो पूर्ण रूपमा सत्य छ। (देहका सीमाहरूको कारण, मैले भनेका कुराहरू पूर्ण रूपमा र राम्ररी बुझ्न मानवलाई कठिन छ, र मैले भनेका धेरै कुराहरू मैले पूर्ण रूपमा प्रकट गरेको छैनँ। तापनि, जब हामी सियोनमा फर्कन्छौँ, मैले वर्णन गर्नुपर्ने आवश्यकता पर्नेछैन; तिमीहरूले स्वभाविक रूपमा बुझ्नेछौ।) यसलाई हल्का रूपमा लिनु हुँदैन।

मानव देह र धारणाहरूमा सीमितता भए पनि, म तिमीहरूको शारीरिक सोचमा सुधार ल्याउन र प्रकट भएका रहस्यहरूद्वारा तिमीहरूका धारणाहरूको विरुद्ध लड्न चाहन्छु, किनकि मैले धेरै पटक भने जस्तै, यो मेरो कामको एउटा चरण हो (र सियोनमा प्रवेश नभएसम्म यो काम रोकिनेछैन)। हरेक व्यक्तिको मनमा एउटा “सियोन पर्वत” छ र यो हरेकको निम्ति भिन्न छ। मैले सियोन पर्वतको बारेमा उल्लेख गर्ने काम गरिरहेको हुनाले, म तिमीहरूलाई यसको बारेमा सामान्य जानकारी दिन्छु, ताकि तिमीहरूले यसको बारेमा थोरै जानकारी प्राप्त गर्न सक। सियोन पर्वतमा हुनु भनेको आत्मिक संसारमा फर्कनु हो। यसले आत्मिक संसारलाई जनाउने भए तापनि, यो मानवले देख्न वा छुन नसक्ने ठाउँ होइन; यसले शरीरलाई जनाउँछ। यो पूर्ण रूपमा अदृष्य वा अमूर्त छैन, किनकि जब शरीर देखा पर्छ, यसको स्वरूप र आकार हुन्छ, तर जब शरीर देखा पर्दैन यसको स्वरूप र आकार हुँदैन। सियोन पर्वतमा खाना, कपडा र दैनिक आवश्यकताहरू, वा आश्रयको चिन्ता हुनेछैन, न त त्यहाँ विवाह र परिवार नै हुनेछ, र त्यहाँ लैङ्गिक विभाजन हुनेछैन (सियोन पर्वतमा हुनेहरू एक शरीरमा मेरा व्यक्तित्व हुन्, यसैले त्यहाँ विवाह, परिवार वा लैङ्गिक विभाजन हुँदैन), अनि मेरो व्यक्तित्वले बोल्ने हरेक कुरा प्राप्त गरिनेछ। जब मानिसहरू होसियार नभएको अवस्थामा हुन्छन्, मेरो व्यक्तित्व तिनीहरूका बिचमा देखा पार्नेछ, र मानिसहरूले ध्यान नदिएको बेला मेरो व्यक्तित्व हराउनेछ। (यो देह र रगत भएका मानिसहरूले प्राप्त गर्न सक्ने कुरा होइन, यसैले तिमीहरूले अहिले यसको बारेमा कल्पना गर्न कठिन छ।) भविष्यमा सूर्य, चन्द्रमा र भौतिक स्वर्ग र पृथ्वी अझै रहनेछ, तर मेरो व्यक्तित्व सियोनमा हुने हुनाले त्यहाँ सूर्यको प्रखर गर्मी हुनेछैन, दिन हुनेछैन र प्राकृतिक प्रकोपहरूको कष्ट हुनेछैन। जब मैले परमेश्वरले हामीलाई प्रकाश दिनुहुने भएकोले हामीलाई बत्ती वा सूर्यको प्रकाश चाहिनेछैन भनी भनेँ, मैले सियोनमा रहने विषयमा कुरा गरिरहेको थिएँ। मानवीय धारणाहरूअनुसार, ब्रह्माण्डमा भएका हरेक कुरा नष्ट गरिनुपर्छ र सबै मानिसहरू मेरो प्रकाशमा बस्नुपर्छ। “परमेश्वरले हामीलाई प्रकाश दिनुहुने भएकोले हामीलाई बत्ती वा सूर्यको प्रकाश चाहिनेछैन” भन्ने कुराको वास्तविक अर्थ यही हो भन्ने तिनीहरू सोच्छन्, तर वास्तवमा यो गलत व्याख्या हो। “हरेक महिना, रूखले बाह्र प्रकारका फलहरू दिनेछ” भनेर मैले भन्दा, मैले सियोनका विषयमा कुरा गरिरहेको थिएँ। यस वाक्यले सियोनमा हुने जीवनको अवस्थालाई पूर्ण रूपमा प्रतिनिधित्व गर्छ। सियोनमा, समयको सीमा हुनेछैन, न त त्यहाँ भूगोल र स्थानको नै सीमा हुनेछ। त्यसैले मैले “हरेक महिना” भनेँ। “बाह्र प्रकारका फलहरू” ले तिमीहरूले आजको दिनमा जिएको व्यवहारको प्रतिनिधित्व गर्दैन; बरु, यसले सियोनको स्वतन्त्रतालाई जनाउँछ। यी वचनहरू सियोनको जीवनको सामान्यीकरण हुन्।

यसबाट, कसैले सियोनको जीवन सम्पन्न र विविध हुनेछ भन्ने कुरा देख्न सक्छ (किनकि यहाँ "बाह्र" ले पूर्णतालाई जनाउँछ)। यो शोक र आँसुबिनाको जीवन हुनेछ, र त्यहाँ कुनै शोषण वा थिचोमिचो हुनेछैन, यसैले सबै जना स्वतन्त्र पारिनेछन् र स्वतन्त्र हुनेछन्। हरेक कुरा मेरो व्यक्तित्व भित्र अस्तित्वमा रहने भएको कारण यसो भएको हो, यसलाई कुनै पनि व्यक्तिले छुटाउन सक्दैन, र हरेक कुरा सुन्दर र अनन्त नयाँपनको दृष्य हुनेछ। यो सबै कुरा तयार हुने, र सियोनमा फर्किए पछिको हाम्रो जीवनको सुरुवात हुने समय हुनेछ।

पृथ्वीको मेरो काम पूर्ण रूपमा सम्पन्न भएको भए पनि, मलाई पृथ्वीमा काम गर्नको निम्ति मेरा ज्येष्ठ पुत्रहरूको आवश्यकता छ, यसैले म अझै सियोनमा फर्कन सक्दिनँ। म सियोनमा एक्लै फर्कन सक्दिनँ। मेरा ज्येष्ठ पुत्रहरूले पृथ्वीको आफ्ना काम सम्पन्न गरिसके पछि म तिनीहरूसँगै म सियोन फर्कन्छु। यसैले, हामीले सँगै महिमा प्राप्त गरिरहेका छौँ भनेर भन्ने ठिकै हुन्छ; यो मेरो व्यक्तित्वको पूर्ण प्रकटीकरण हो। (पृथ्वीमा मेरा ज्येष्ठ पुत्रहरूको काम अझ सकिएको छैन भनेर म भन्छु किनकि मेरा ज्येष्ठ पुत्रहरूलाई अहिलेसम्म प्रकट गरिएको छैन। यो काम अझ पनि वफादार र इमान्दार सेवाकर्ताहरूद्वारा नै गरिनुपर्छ।)

## अध्याय ११६

मेरा वचनहरूमध्ये, मानिसहरूलाई भयभीत बनाउने वचनहरू धेरै छन्। मेरो धेरै वचनहरूले मानिसहरूलाई त्रासले काँप्ने बनाउँछन्, र मेरा धेरै वचनहरूले मानिसहरूलाई कष्ट भोग्ने र आशा मार्ने बनाउँछन्, र अझ बढी मानिसहरूको विनाश निम्त्याउँछन्। मेरा वचनहरूको प्रचुरतालाई कसैले ठम्याउन सक्दैन वा स्पष्ट रूपमा बुझ्न सक्दैन। जब मैले तिमीहरूलाई वाक्य-वाक्य गरेर मेरा वचनहरू बताउँछु र तिमीहरूलाई खुलासा गर्छु, तब मात्रै तिमीहरूले निश्चित तथ्यहरूको साँचो अभिव्यक्तिप्रति अस्पष्ट रहँदै मामिलाको सामान्य अवस्थाको बारेमा सिक्छौ। तसर्थ, मेरा सबै वचनहरूको खुलासा गर्नका लागि म तथ्यहरूको प्रयोग गर्नेछु, जसबाट तिमीहरूलाई अझ गहन बुझाइ प्राप्त हुनेछ। मेरो बोली-वचनको तरिकालाई ध्यानमा राख्दा, म मेरा वचनहरू मात्रै बोलिरहेको छैन, बरु अझ बढी, म मेरा वचनहरूउपर काम गरिरहेको छु; "वचन र उपलब्धिहरू एकसाथ भइरहेका छन्" भन्नुको वास्तविक अर्थ यही हो। मेरा लागि सबै कुरा स्वतन्त्र छन् र सबै कुरा मुक्त छन्, र यही जगमा, मैले गर्ने सबै कुराहरू बुद्धिले भरिएका छन्। म लापरवाही भएर बोल्दिन, न लापरवाही तरिकाले काम नै गर्छु। (मानवता वा ईश्वरत्व जे-सुकैमा भए तापनि, मेरा मानवता मेरो एक अविभाज्य अङ्ग हो।) तैपनि जब म बोल्छु, मेरो बोलीको शैलीमा कसैले ध्यान दिँदैन; जब म कार्य गर्छु, मेरो कामको विधिको बारेमा कसैले ध्यान दिँदैन। यो मानवको कमजोरी हो। म सबै मानवका निम्ति मेरो शक्तिको खुलासा गर्नेछु, मेरा ज्येष्ठ पुत्रहरूमा मात्रै नभएर, म सबै राष्ट्रहरूभित्र र सबै मानिसहरूका बीचमा मेरो शक्तिको खुलासा गर्नेछु; यही गरेर मात्रै शैतानलाई लज्जित बनाउने शक्तिशाली गवाही हुन्छ। म मूर्खताका साथ कार्य गर्दिन। धेरैजसो मानिसहरूले ज्येष्ठ पुत्रहरूका लागि रहेको मेरो गवाही गल्ती हो भन्ने सोच्छन्; तिनीहरूले मभन्दा बाहिर पनि

अन्य परमेश्वरहरू छन्, म समझबिना कार्य गर्छु, आफूलाई नीच तुल्याउँछु भनेर भन्छन्; र यसमा मानिसको भ्रष्टता झनै धेरै प्रकट हुन्छ। ज्येष्ठ पुत्रहरूका लागि गवाही दिँदा के मैले गल्ती गरेको हुन सक्छ? तिमीहरूले मलाई गलत भन्छौ, त्यसोभए के तिमीहरूले गवाही दिन सक्छौ? यदि मेरो उठाई, मेरो गवाही नभएको भए, तिमीहरूले मेरो पुत्रलाई कुल्चनेथियौ, उहाँलाई अझै कठोर उदासीनतासहित व्यवहार गर्थ्यौ, र अझै तिमीहरूको दासको रूपमा व्यवहार गर्थ्यौ। सुँगुरका झुण्ड हो! म पालैपालो तिमीहरू प्रत्येकलाई समाप्त गर्नेछु! कोही पनि छोडिनेछैन! मलाई बताओ, सामान्य मानवता भएको मानिस अनुरूप नहुने कुराहरू कस्ता हुन्छन्? निःसन्देह, तिनीहरू सुँगुर हुन्! म तिनीहरूलाई हेर्न सक्दिन। मैले तिमीहरूको गवाहीको प्रतीक्षा गरेको भए, मेरो काम पहिले नै ढीला भइसकेको हुनेथियो! सुँगुरका झुण्डहरू हो! तिमीहरूसँग कुनै पनि मानवता छैन! मलाई तेरो सेवाको आवश्यकता छैन! यहाँबाट अहिले नै निस्किहाल्! तैँले मेरो पुत्रलाई लामो समयसम्म सताएको र दबाएको छस्; म तँलाई कुल्चेर तेरो गुदी निकालिदिनेछु। तैँले फेरि जङ्गली हुने दुस्साहस गरिस् भने के हुन्छ भनेर हेर्; मलाई फेरि लज्जित बनाउने दुस्साहस गरिस् भने के हुन्छ भनेर हेर्! मैले मेरो महान् काम पूरा सकिसकेको छु; म फर्किएर यो जनावरहरूको झुण्डलाई मैले समाप्त गर्नैपर्छ!

सबै कुरा मेरा हातमा पूरा हुन्छन् (जहाँसम्म मैले प्रेम गर्नेहरूको कुरा छ), र सबै कुरा मेरै हातमा विनाश हुन्छन् (जहाँसम्म मैले घृणा गर्ने ती जनावरहरू, र मैले घृणा गर्ने मानिस, वस्तु, र कुराहरूको कुरा छ)। मैले गर्ने सबै कुराहरू म मेरा ज्येष्ठ पुत्रहरूलाई हेर्न दिन्छु, तिनीहरूलाई राम्ररी बुझ्न दिन्छु र त्यहाँ सियोनबाट बाहिर आएयता मैले गरेका सबै कुराहरू हेर्न दिन्छु। त्यसपछि, हामी सियोन डाँडामा सँगै प्रवेश गर्नेछौं, युगहरूभन्दा पहिले हामी जहाँ थियौँ त्यहाँ प्रवेश गर्नेछौं, र आफ्नो जीवन नयाँ रूपमा जिउनेछौं। त्यसपछि, यो संसार र सुँगुरहरूको झुण्डसँग थप सम्पर्क हुनेछैन, तर पूर्ण स्वतन्त्रता हुनेछ; सबै कुरामा बाधा र अड्चन हुनेछैन। मेरा ज्येष्ठ पुत्रहरूमध्ये कसैलाई बाधा पुऱ्याउने दुस्साहस कसले गर्छ? मेरा ज्येष्ठ पुत्रहरूलाई विरोध गरिरहने दुस्साहस कसले गर्छ? म तिनीहरूलाई सजिलै छाड्नेछैन! तैँले विगतमा मेरो सम्मान जसरी गरेको थिइस्, तैँले आज पनि त्यसरी नै मेरा ज्येष्ठ पुत्रहरूलाई सम्मान गर्नुपर्छ। मेरो अगाडि एक प्रकारको हुने र मेरो पछाडि अर्कै प्रकारको हुने काम नगर्; म प्रत्येक मानिस कस्तो छ भनेर एकदमै स्पष्टसँग देख्छु। मेरो पुत्रप्रति निष्ठावान् नहुनु भनेको मप्रति पारिवारिक नहुनु हो, जुन एक स्पष्ट तथ्य हो, किनकी हामी एकै शरीरका हौँ। यदि कोही मप्रति राम्रो छ तर मेरा ज्येष्ठ पुत्रहरूप्रति अर्कै आचरण राख्छ भने, तिनीहरू, निःसन्देह, ठूलो रातो अजिङ्गरका विशेष सन्तति हुन्, किनकी तिनीहरूले ख्रीष्टको शरीरलाई तोड्छन्; यो कहिल्यै क्षमा दिन नसकिने पाप हो! तिमीहरू प्रत्येकले यो कुरालाई देख्नुपर्छ। तिमीहरूको कर्तव्य भनेको मेरो गवाही दिनु हो, र त्यसभन्दा बढी, ज्येष्ठ पुत्रहरूको गवाही दिनु नै तिमीहरूको दायित्व हो। तिमीहरू कोही पनि आफ्नो कर्तव्यबाट भाग्नु हुँदैन; अवरोध पुऱ्याउनेलाई म एकै पटकमा विनाश गर्नेछु! आफूलाई केही विशेष भनेर नसम्झी! म तँलाई अहिले भन्छु: जो सबैभन्दा बढी यस्तो हुन्छ, त्यो मेरो सबैभन्दा कडा सजायको भागीदार हुन्छ! यस्तो जो हुन्छ त्योसँग सबैभन्दा कम आशा हुन्छ, र त्यो विनाशको पुत्र हो। म तँलाई सदैव सजाय दिनेछु!

मेरो सबै कामहरू मेरो आत्माले व्यक्तिगत रूपमा गर्नुहुन्छ र म कुनै पनि प्रकारको शैतानलाई अवरोध पुऱ्याउन दिन्न। मेरो योजनामा विघ्न पुऱ्याउने कुरालाई रोक्न यसो गरिन्छ। अन्त्यमा, म वयस्क र बालबालिका दुवैलाई उठ्न र मेरो र मेरा ज्येष्ठ पुत्रहरूको प्रशंसा गर्न, मेरा अद्भुत कामहरूको प्रशंसा गर्न, र मेरो व्यक्तित्वको प्रकटीकरणको प्रशंसा गर्न लगाउनेछु। प्रशंसाको ध्वनि सम्पूर्ण ब्रह्माण्ड र पहाड-पर्वत, नदी-नाला, र सबै कुराहरूलाई थर्काउँदै पृथ्वीको कुनाहरूसम्म गुञ्जयमान बनाउनेछु, र म शैतानलाई पूर्ण रूपमा अपमान गर्नेछु। पूर्ण रूपमा फोहोर र नीच पुरानो संसारको विनाश गर्न म मेरो गवाहीको प्रयोग गर्नेछु, र पवित्र र शुद्ध नयाँ संसारको निर्माण गर्नेछु। (सूर्य, जून, ताराहरू, र खगोलीय पिण्डहरू भविष्यमा परिवर्तन हुनेछैनन् भनी भन्ने क्रममा मेरो अर्थ पुरानो संसार अझै बाँकी रहन्छ भन्ने होइन, बरु सम्पूर्ण संसार नै प्रतिस्थापन हुनेछ भन्ने हो। म सम्पूर्ण ब्रह्माण्डको प्रतिस्थापन गर्न चाहँदिन।) त्यसपछि मात्रै यो मेरो इच्छाअनुसारको संसार हुनेछ; त्यसभित्र, आजको जस्तो दमन हुनेछैन, न एक-अर्काको शोषण गर्ने मानिसहरूको अहिलेको जस्तो प्रक्रिया नै हुनेछ। बरु, देहभित्र पूर्ण निष्पक्षता र विवेक हुनेछ। (मैले निष्पक्षता र विवेक हुनेछ भनेर भनेको भए तापनि, त्यो देहभित्र हुनेछ; यो मेरो राज्यभन्दा एकदमै फरक हुनेछ–स्वर्ग र पृथ्वी जस्तै फरक; यी दुई कुरालाई तुलना गर्ने कुनै तरिका छैन–आखिर, मानव संसार भनेको मानव संसार नै हो, र आत्मिक संसार भनेको आत्मिक संसार नै हो।) त्यो बेला, मेरा ज्येष्ठ पुत्रहरू र मैले त्यस्तो संसारमाथि क्षेत्राधिकारको प्रयोग गर्नेछौं (यो संसारमा, शैतानको कुनै अवरोध हुनेछैन, किनभने शैतान मबाट पूर्ण रूपमा विनाश भएको हुनेछ), तर हाम्रो जीवन अझै राज्यको जीवन हुनेछ, जसलाई कसैले पनि नकार्न सक्दैन। युगहरूभरि, (जतिसुकै निष्ठावान् भए पनि) यस्तो प्रकारको जीवनको अनुभव गर्ने कुनै पनि मानव छैन, किनभने युगहरूभरि, मेरो ज्येष्ठ पुत्रको रूपमा काम गर्ने कोही पनि रहेन, र तिनीहरूले पछि मेरो लागि अझै सेवा प्रदान गर्नेछन्। यी सेवा-कर्ताहरू वफादार भए पनि, तिनीहरू आखिर शैतानका सन्नतिहरू हुन् जो मबाट पराजित भएका छन्, त्यसकारण देहको मृत्युपछि, तिनीहरू मेरो सेवा गर्नका लागि मानव संसारमा अझै फेरि जन्मिनेछन्; "पुत्रहरू आखिर पुत्रहरू नै हुन् र सेवा-कर्ताहरू शैतानका सन्ततिहरू हुन्" भन्नुको साँचो अर्थ यही हो। युगहरूभरि, आजका ज्येष्ठ पुत्रहरूका लागि सेवा गर्ने मानिसहरू कति छन् भनेर ज्ञात छैन; सबै सेवा-कर्ताहरूमध्ये, कोही पनि भाग्न सक्दैनन्, र म तिनीहरूलाई सदैव मेरो सेवा गर्न लगाइरहनेछु। तिनीहरूको स्वभावलाई विचार गरी हेर्दा, तिनीहरू सबै शैतानका छोराछोरीहरू हुन्, र तिनीहरू सबैले मेरो विरोध गर्छन्, र तिनीहरूले मेरो सेवा गरे तापनि, तिनीहरू त्यसो गर्न बाध्य पारिएका छन्, र कसैसँग पनि कुनै विकल्प छैन। किनभने सबै कुरा मेरो हातबाट नियन्त्रित छ, र मैले प्रयोग गर्ने सबै सेवा-कर्ताहरूले मेरा लागि अन्त्यसम्म सेवा गरिरहनुपर्छ। तसर्थ, युगहरूको अगमवक्ता र प्रेरितहरूको जस्तै स्वभाव भएका मानिसहरू आज पनि अझै धेरै छन्, किनभने तिनीहरू एकै आत्माका हुन्। तसर्थ, मेरा लागि दौडधूप गर्ने अझै पनि धेरै सेवा-कर्ताहरू छन्, तर अन्त्यमा (छ हजार वर्षसम्म, तिनीहरूले मेरा लागि निरन्तर सेवा गरिरहेका छन्, त्यसैले यी मानिसहरू सेवा-कर्तामा नै पर्छन्), कसैले पनि युगौंसम्म आशा गरिएको कुरा प्राप्त गर्न सक्दैनन्, किनभने मैले तयार गरेको कुरा तिनीहरूका लागि होइन।

मेरो सबै कुरा मेरो आँखाअगाडि सम्पन्न भइसकेका छन्; म मेरा ज्येष्ठ पुत्रहरूलाई पुनर्मिलापको लागि मेरो घर र मेरो साथमा फर्काउनेछु। म जयवन्त र विजयी भएर फर्किएको हुनाले र मैले पूर्ण रूपमा महिमा प्राप्त गरेको हुनाले, म तिमीहरूलाई फिर्ता लान आएको हुँ। विगतमा, केही मानिसहरूले "पाँच जना बुद्धिमती कन्या र पाँच जना निर्बुद्धि कन्याहरू" को बारेमा अनुमान लगाएका थिए। यो अनुमान सटीक नभए पनि, यो पूर्ण रूपमा गलत भने होइन–तसर्थ, म तिमीहरूका लागि केही व्याख्या गर्न सक्छु। "पाँच जना बुद्धिमती कन्या र पाँच निर्बुद्धि कन्या" दुवैले न मानिसहरूको सङ्ख्यालाई, न त मानिसहरूको प्रकारलाई प्रतिनिधित्व गर्छन्। "पाँच जना बुद्धिमती कन्या" ले धेरै व्यक्तिलाई जनाउँछ, र "पाँच जना निर्बुद्धि कन्या" ले एक प्रकारको व्यक्तिलाई प्रतिनिधित्व गर्दछ, तर ती दुवैले ज्येष्ठ छोराहरूलाई जनाउँदैनन्। बरु, तिनीहरूले सृष्टिलाई प्रतिनिधित्व गर्छन्। यसैकारण तिनीहरूलाई आखिरी दिनहरूमा तेल तयार पार्नू भनिन्छ। (सृष्टिसँग मेरो गुण छैन; यदि तिनीहरू बुद्धिमान् हुन चाहन्छन् भने, तिनीहरूले तेल तयार पार्नुपर्छ, त्यसकारण तिनीहरू मेरा वचनहरूद्वारा सुसज्जित हुनुपर्छ।) "पाँच बुद्धिमती कन्या" ले मैले सृष्टि गरेका मानिसहरूको माझमा रहेका मेरा छोराहरू र मेरा मानिसहरूलाई प्रतिनिधित्व गर्छन्। तिनीहरूलाई "कन्या" भनिन्छ, किनभने तिनीहरू संसारमा जन्मेका भए पनि मद्वारा प्राप्त गरिएका हुन्; कसैले तिनीहरूलाई पवित्र भन्न सक्छ, त्यसैले तिनीहरूलाई "कन्या" भनिन्छ। माथि उल्लेखित "पाँच" ले मैले पूर्वनियुक्त गरेका मेरा छोराहरू र मेरो मानिसहरूको सङ्ख्यालाई प्रतिनिधित्व गर्दछ। "पाँच निबुद्धि कन्या" ले सेवा-कर्ताहरूलाई जनाउँछ, किनकि तिनीहरूले जीवनलाई थोरै पनि महत्त्व नदिई मेरो लागि सेवा गर्दछन्, केवल बाहिरी थोकहरूको पछि लाग्छन् (किनकि तिनीहरूमा मेरो कुनै गुण हुँदैन, तिनीहरूले जेसुकै गरे पनि, यो बाहिरी कुरा हुन्छ), र तिनीहरू मेरो योग्य सहयोगी हुन सक्दैनन्, त्यसैले तिनीहरूलाई "निर्बुद्धि कन्या" भनिन्छ। माथि उल्लेखित "पाँच" ले शैतानलाई प्रतिनिधित्व गर्दछ, र तिनीहरूलाई "कन्या" भनिनुको कारण भनेको तिनीहरू मद्वारा जितिएका हुन्छन् र तिनीहरूले मेरो निम्ति सेवा गर्न सक्छन्, त्यसैले हो–तर त्यस्ता मानिसहरू पवित्र हुँदैनन्, त्यसैले तिनीहरूलाई सेवा-कर्ताहरू भनिन्छ।

## अध्याय ११७

तपाईं नै त्यो व्यक्ति हुनुहुन्छ जसले चर्मपत्रको मुट्ठो खोल्नुहुन्छ, अनि तपाईं नै त्यो व्यक्ति हुनुहुन्छ जसले सात मोहोरहरू तोड्नुहुन्छ, किनकि सबै रहस्यहरू तपाईंबाट आउँछन् अनि सबै आशिषहरू तपाईंद्वारा प्रकट हुन्छन्। म तपाईंलाई अनन्तसम्मै प्रेम गर्न विवश छु, अनि म सबै मानिसहरूलाई तपाईंलाई आराधना गर्ने तुल्याउन विवश छु, किनकि तपाईं मेरो व्यक्तित्व हुनुहुन्छ; तपाईं मेरो प्रचुर तथा पूर्ण प्रकटीकरणको भाग हुनुहुन्छ, मेरो शरीरको अपरिहार्य भाग। त्यसैकारण, मैले विशेष गवाही दिनुपर्छ। मेरो व्यक्तित्वभित्र हुनुहुने व्यक्तिबाहेक अरू को मेरो हृदयअनुसारको छ र? तपाईंको निम्ति गवाही दिने तपाईं स्वयम् होइन, तर मेरो आत्माले तपाईंको निम्ति गवाही

दिन्छ, अनि तपाईंको विरोध गर्न साहस गर्ने जोसुकैलाई म निश्चय नै क्षमा गर्नेछैन, किनकि यो मेरो प्रशासनिक आदेशहरूसित सम्बन्धित छ। तपाईंले भन्नुहुने सबै कुरा म निश्चय नै सम्पन्न गर्नेछु, अनि तपाईंले सोच्नुहुने सबै कुरा, म निश्चय नै स्वीकार गर्नेछु। यदि कुनै व्यक्ति तपाईंप्रति वफादार छैन भने, तिनीहरूले खुल्लमखुल्ला मेरो विरोध गरिरहेका हुन्छन्, अनि म निश्चय नै तिनीहरूलाई क्षमा गर्नेछैन। मेरो पुत्रलाई विरोध गर्ने सबैलाई म कठोरतापूर्वक ताडना दिनेछु, अनि तपाईंसित मेलमा रहने सबैलाई म आशिष दिनेछु। म तपाईंलाई यो अधिकार प्रदान गर्दछु। जहाँसम्म विगतमा बोलिएको जुन कुरा छ–ज्येष्ठ पुत्रहरूमाथि राखिएका मागहरू र मापदण्डहरू–तपाईं पथप्रदर्शक हुनुहुन्छ। भनाइको अर्थ, जस्तो तपाईं हुनुहुन्छ, त्यस्तै हुनका निम्ति म ज्येष्ठ पुत्रहरूबाट अपेक्षा राख्छु। यो मानिसहरूले गर्न सक्ने कुरा होइन, तर यो मेरो आत्मा स्वयम्ले गर्ने कुरा हो। यदि मानिसहरूले तपाईंको निम्ति गवाही दिइरहेका छन् भनी कसैले विश्वास गर्दछ भने, त्यो व्यक्ति निःसन्देह शैतानकै वंशको हो अनि मेरो शत्रु हो! त्यसैकारण, गवाही निर्णयात्मक छ, अनन्तकालसम्म अपरिवर्तनीय छ, अनि यो पवित्र आत्माले पुष्टि गर्ने कुरा हो! कसैले पनि यसलाई हल्का रूपले परिवर्तन गर्न मिल्दैन, अनि ज-जसले गर्छ, म क्षमा दिनेछैन! मानिसहरूले मेरो निम्ति गवाही दिन नसक्ने भएकोले म स्वयम्ले मेरो व्यक्तित्वको निम्ति गवाही दिन्छु अनि मानिसहरूले मेरो काममा हस्तक्षेप गर्नु हुँदैन! यी कठोर न्यायका वचनहरू हुन्, अनि हरेक व्यक्ति त्यसको बारेमा सचेत हुनुपर्छ!

तिमीहरूले मैले भन्ने कुराको हरेक विवरण विचार गर्नुपर्छ र ध्यान दिनुपर्छ। मेरा वचनहरूलाई साधारण रीतिले नलेऊ, तर होशियारपूर्वक सुन। किन ज्येष्ठ पुत्रहरू मेरो व्यक्तित्व हुन् अनि मेरो राज्यको अपरिहार्य भाग हुन् भनी म भन्छु? सबै युगहरूभन्दा अघि, हामी सँगै बस्थ्यौं अनि हामी कहिल्यै अलग भएनौं। शैतानको उपद्रवको कारणले, म पहिलोपल्ट देहधारी भइसकेपछि म सियोनमा फर्कें। यहाँबाट अगि बढेर, हामी सबै संसारमा आयौं, अनि आखिरी दिनहरूमा मैले विजय पाएपछि–अर्थात्, शैतानले भ्रष्ट पारेको देहबाट तिमीहरूलाई पुनर्प्राप्त गरेपछि–म तिमीहरूलाई सियोनमा फर्काई ल्याउनेछु ताकि मेरो व्यक्तित्व कहिल्यै अलग नहुने गरी फेरि एक हुन सकोस्। त्यसपछि, म फेरि कहिल्यै देहधारी हुनेछैन, अनि तिमीहरू निश्चय नै मेरो शरीरबाट बाहिर आउनेछैनौ। भनाइको अर्थ, त्यसपछि, म फेरि संसार सृष्टि गर्नेछैनँ, तर मेरा ज्येष्ठ पुत्रहरूबाट कहिल्यै अलग नहुने गरी म सदाको निम्ति सियोनमा रहनेछु, किनकि अहिले सबै कुरा पूर्ण रूपले सिद्धिसकेको छ, अनि मैले सम्पूर्ण पुरानो युगलाई समाप्त गर्न लागेको छु। केवल सियोनमा मात्रै स्वर्ग र पृथ्वीको जीवन छ, किनकि मेरो व्यक्तित्व सियोनमा छ। यसलाई छोडेर, कुनै नयाँ स्वर्गहरू वा नयाँ पृथ्वीहरू अस्तित्वमा छैनन्। म नै नयाँ स्वर्ग हुँ, अनि म नयाँ नै पृथ्वी पनि हुँ, किनकि मेरो व्यक्तित्वले सम्पूर्ण सियोनलाई भरिदिन्छ। यसो पनि भन्न सकिन्छ, कि मेरा ज्येष्ठ पुत्रहरू नयाँ स्वर्ग हुन्, मेरा ज्येष्ठ पुत्रहरू नै नयाँ पृथ्वी हुन्। मेरा ज्येष्ठ पुत्रहरू र म अलग गर्न नसकिने एउटै शरीर हौं। उल्लेख्य छ, कि ममा अनिवार्य रूपले ज्येष्ठ पुत्रहरू सम्मिलित छन्, अनि जसले हामीलाई अलग गर्ने प्रयास गर्छ, म त्यसलाई निश्चय नै क्षमा गर्नेछैन। जब म सबै जाति तथा मानिसहरूलाई मेरो सिंहासनको सामु फर्काउनेछु, तब सबै शैतानहरू पूर्ण रूपले अपमानित हुनेछन्

अनि सबै अशुद्ध दुष्टात्माहरू मबाट पछि हट्नेछन्। त्यसोभए, यो निश्चित छ कि सबै मानिसहरूको माझमा धार्मिकताको अस्तित्व हुनेछ (मेरा छोराहरू र मानिसहरूको माझमा), अनि यो निश्चित छ कि सबै जातिहरूको माझमा शैतानको केही उपद्रव हुनेछैन किनकि म सबै जातिहरू र मानिसहरूलाई शासन गरिरहेको हुनेछु, अनि म सम्पूर्ण ब्रह्माण्ड जगतमाथि आफ्नो शक्तिलाई काममा लगाइरहेको हुनेछु, अनि सबै शैतानहरू पूर्ण रूपले नष्ट हुनेछन्, पूर्ण रूपले पराजित हुनेछन्, अनि मेरो प्रशासनिक आदेशहरूको दण्ड प्राप्त गरिरहेका हुनेछन्।

म सबै मानिसहरूको माझमा मेरो कामको थालनी गर्दैछु, तर तिनीहरूसित मेरो आत्माको अन्तर्दृष्टि मात्र छ, अनि तिनीहरूको माझमा मेरा रहस्यहरूलाई खुलासा गर्ने कोही योग्य छैन, मलाई व्यक्त गर्ने कोही योग्य छैन। मबाट आउनुहुने व्यक्ति मात्रै मेरो काम गर्ने योग्य हुनुहुन्छ—बाँकीको सम्बन्धमा चाहिँ, म तिनीहरूलाई अस्थायी रूपले मात्रै प्रयोग गर्छु। मेरो आत्मा कुनै व्यक्तिमाथि जथाभाबी ओर्लनेछैन, किनकि ममा सबै कुरा बहुमूल्य छ। कुनै व्यक्तिमाथि मेरो आत्मा ओर्लनु र कुनै व्यक्तिमाथि मेरो आत्माले काम गर्नु पूर्ण रूपले फरक कुरा हुन्। मेरो आत्माले मभन्दा बाहिर भएका मानिसहरूमाथि काम गर्छ, तर मेरो आत्मा मबाट आउने व्यक्तिमाथि ओर्लन्छ। यी दुई पूर्ण रूपले असम्बन्धित विषयहरू हुन्। किनकि मबाट आउने व्यक्ति पवित्र हुनुहुन्छ, तर मबाट बाहिर भएकाहरू पवित्र छैनन्, चाहे तिनीहरू जतिसुकै असल होऊन्। मेरो आत्मा कुनै सानो कारणको निम्ति कसैमाथि ओर्लनेछैन। मानिसहरू चिन्तित हुनु हुँदैन। म गल्ती गर्दिनँ, अनि म जे गर्छु, त्यसको बारेमा म सय प्रतिशत निश्चित छु! मैले उहाँको निम्ति गवाही दिएजस्तै, म निश्चय नै उहाँलाई रक्षा गर्नेछु; त्यो व्यक्ति निश्चित रूपले मबाट आउनुहुन्छ अनि मेरो व्यक्तित्वको अपरिहार्य भाग हुनुहुन्छ। त्यसैकारण, म आशा गर्छु, कि मानिसहरूले आफ्ना धारणाहरूलाई एकातिर पन्साउँछन्, शैतानद्वारा दिइएका कुनै पनि विचारहरूलाई त्यागिदिन्छन्, मेरो हरेक वाणीलाई साँचो भनी विश्वास गर्छन्; अनि आफ्नो मनमा कुनै शङ्काहरूलाई स्थान दिँदैनन्। मानवजातिप्रतिको मेरो आदेश, मानवजातिप्रतिको मेरो अर्ती यही हो। सबैले यी कुराहरूलाई पालन गर्नुपर्छ, सबै जनाले इमान्दारीपूर्वक त्यसको आज्ञा मान्नुपर्छ, अनि सबै जनाले मैले मापदण्ड हो भनी भन्ने कुरालाई ग्रहण गर्नुपर्छ।

मैले मेरो काम सबै जाति र मानिसहरूको माझमा मात्र होइन, तर ब्रह्माण्ड जगतको सबै ठाउँमा पनि मेरो काम सुरु गर्नुपर्छ, अनि यसले सियोनमा फर्कने मेरो दिन टाढा छैन भन्ने कुरालाई अझै देखाउँछ (किनकि मैले मानिसहरू र सारा ब्रह्माण्ड जगतभरि काम सुरु गर्न सक्नुभन्दा अघि म सियोनमा फर्किनु आवश्यक छ)। के मेरो कामका कदमहरू र मैले काम गर्ने तरिकालाई गहिरोसँग बुझ्ने कोही छ? म विदेशीहरूलाई आत्मामा भेट्नेछु भनी मैले भन्नुको कारणहरू के हुन् भने, यसलाई आधारभूत रूपले देहमा गर्न सकिँदैन, र म दोस्रो पटक पनि जोखिम उठाउन अनिच्छुक छु। विदेशीहरूसित आत्मामा सङ्गति गर्नुका कारणहरू यिनै हुन्। यो साँचो आत्मिक संसारमा हुने कुरा हो, देहमा जिउने मानिसहरूले कल्पना गरे झैँ[क] कुनै अस्पष्ट

क. मूल पाठमा "मानिसहरूले कल्पना गरे झैँ" भन्ने वाक्यांश समावेश छैन।

आत्मिक संसारमा होइन। त्यस समयमा मैले भन्ने कुरा मैले बोल्ने तरिकाको हिसाबमा मात्रै भिन्न हुनेछ, किनकि म एउटा भिन्न युगसँग बोलिरहेको हुनेछु। त्यसैकारण, मैले मानवजातिलाई मैले बोल्ने तरिकालाई ध्यान दिनु भनेर बारम्बार सम्झना दिलाइरहेको छु, अनि म मानवजातिलाई यो पनि सम्झना दिलाउँछु कि मैले भन्ने कुरामा मानिसहरूले खुलासा गर्न नसक्ने रहस्यहरू छन्। तर म यी कुराहरू किन भन्छु भनेर कसैले पनि बुझ्न सक्दैनन्, अनि मैले आज यो कुरा तिमीहरूलाई बताएको कारणले मात्रै तिमीहरूले अलिकति बुझ्न सक्छौ, तर अझै पनि पूर्ण रूपले भने सक्दैनौ। मेरो काममा यो चरणपछि, म तिमीहरूलाई चरणबद्ध रूपमा जानकारी दिनेछु। (यसद्वारा म केही मानिसहरूलाई अझै हटाउन चाहन्छु, त्यसैले अहिलेको लागि म केही पनि भन्नेछैन)। यो मेरो कामको अर्को कदमको विधि हो। म बुद्धिमानी परमेश्‍वर स्वयम् हुँ भनी सबैले ध्यान दिनुपर्छ र स्पष्ट रूपले देख्नुपर्छ।

## अध्याय ११८

मेरो पुत्रको निम्ति गवाही दिन जोसुकै उठे पनि, म तिनीहरूमाथि अनुग्रह खन्याउनेछु; जो-जो मेरो छोराको निम्ति गवाही दिन उठ्दैन तर त्यसको साटो, विरोध गर्छन् अनि तिनीहरूका आफ्नै मूल्याङ्कनहरू गर्न मानव धारणाहरूको प्रयोग गर्छन्, म तिनीहरूलाई नष्ट गर्नेछु। सबैले स्पष्ट रूपले देख्नुपर्छ! मेरो छोराको निम्ति गवाही दिनु मेरो निम्ति आदरको कुरा हो, अनि यसले मेरो इच्छालाई सन्तुष्ट गर्दछ। पुत्रलाई हेपेर, अनि दबाएर, पितालाई मात्र आदर गर्ने नगर। जसले यसो गर्छन्, तिनीहरू ठूलो रातो अजिङ्गरका सन्तान हुन्। मेरो छोराको निम्ति गवाही दिनको निम्ति मलाई यस्ता अभागी व्यक्तिहरू चाहिँदैन; म तिनीहरूलाई अतल कुण्डमा नष्ट गरिदिनेछु। मेरो पुत्रलाई सेवा पुर्‍याउन म वफादार र इमान्दार सेवाकर्ताहरू चाहन्छु; बाँकीको सम्बन्धमा, मलाई तिनीहरूको आवश्यकता पर्दैन। यो मेरो धर्मी स्वभाव हो, अनि यसले म पवित्र र निष्कलङ्क परमेश्‍वर स्वयम् हुँ भन्ने देखाउन सहायता गर्दछ। मेरो प्रशासनिक आदेशहरूलाई ठेस पुर्‍याउने कसैलाई पनि म क्षमा गर्नेछैनँ। ज-जसले विगतमा तपाईंलाई विरोध गरे वा सताए, चाहे त्यो परिवारमा होस् वा संसारमा होस्, म तिनीहरूलाई एक-एक गरेर सजाय दिनेछु अनि कोही पनि छोडिनेछैन, किनकि ममा देह र रगतको कुनै भाग छैन। आज तपाईंको निम्ति गवाही दिने कार्यले ती सेवाकर्ताहरूले मेरो निम्ति सेवा पुर्‍याउने कार्यलाई समाप्त गरेका छन् भन्ने देखाउँछ, त्यसैले कुनै पनि प्रकारको सङ्कोच वा चिन्ताहरू नगर। आखिर, तिनीहरू तपाईंका सेवाकर्ताहरू हुन्, अनि आखिर, तपाईं स्वर्गको हुनुहुन्छ, र अन्त्यमा तपाईं मेरो शरीरमा फर्किनुहुनेछ किनकि मेरो शरीर तपाईंविना रहन सक्दैन। विगतमा जसले तपाईंको विरोध गरे र जो तपाईं अनुरूप रहेनन् (यो अरूले देख्न नसक्ने कुरा हो; तपाईंले मात्रै यस कुरालाई आफ्नो हृदयमा जान्नुहुन्छ) तिनीहरूले अहिले आफ्ना असली रूप देखाएका छन् अनि पतित भएका छन्, किनकि तपाईं परमेश्‍वर स्वयम् हुनुहुन्छ र कसैले तपाईंलाई विरोध गरेको वा ठेस पुर्‍याएको तपाईंले सहन सक्नुहुन्न। यो कुरालाई बाहिरबाट देख्न नसकिए पनि, मेरो आत्मा तपाईंभित्र छ; यसमा शङ्कै छैन। सबै मानिसहरूले यो

विश्वास गर्नुपर्छ, नत्रभने मलाई विरोध गर्ने सबैलाई मेरो फलामे छडले प्रहार गरेर ढाल्नेछु! मैले तपाईंको निम्ति गवाही दिने हुनाले, निश्चय नै तपाईंको नै अख्तियार छ, र तपाईंले भन्नुहुने सबै कुरा मेरो अभिव्यक्ति हो, र तपाईंले गर्नुहुने सबै कुरा मेरो प्रकटीकरण हो, किनकि तपाईं मेरो प्रिय हुनुहुन्छ अनि तपाईं त्यो भाग हुनुहुन्छ जुन भागविना मेरो व्यक्तित्व रहन सक्दैन। त्यसैकारण, तपाईंको हरेक काम, तपाईंले जे पहिरिनुहुन्छ, तपाईंले जे प्रयोग गर्नुहुन्छ अनि जहाँ तपाईं रहनुहुन्छ–ती सबै पनि निश्चय मेरा कामहरू हुन्। कसैले पनि तपाईंको विरुद्धमा केही पत्ता लगाउने प्रयास गर्नु हुँदैन, र कसैले पनि तपाईंमा गल्तीहरू खोज्नु हुँदैन। यदि कसैले यसो गर्छ भने, म तिनीहरूलाई क्षमा गर्नेछैन!

म मेरो घरबाट सबै दुष्ट सेवकहरूलाई निकालिदिनेछु, अनि मेरो घरभित्र म मेरा वफादार सेवकहरूलाई मेरा ज्येष्ठ पुत्रहरूको निम्ति गवाही दिन लगाउनेछु; यो मेरो योजना हो, अनि मैले काम गर्ने तरिका यही नै हो। जब दुष्ट सेवकहरूले मेरो छोराको निम्ति गवाही दिन्छन्, त्यहाँ मरेको मान्छेको दुर्गन्ध हुन्छ, र यो मेरो लागि घिनलाग्दो हुन्छ। जब मेरा वफादार सेवकहरूले मेरो छोराको निम्ति गवाही दिन्छन्, यो गम्भीर र इमान्दार हुन्छ, अनि यो मेरो निम्ति ग्रहणयोग्य हुन्छ। त्यसैकारण, जो-जो मेरो छोराको निम्ति गवाही दिन अनिच्छुक छौ, अहिले नै यहाँबाट बाहिर निस्किहाल! म तिमीहरूलाई त्यसो गर्न बाध्य गर्नेछैन–यदि मैले तँलाई निस्केर जा भन्छु भने, तँ निस्केर जानैपर्छ। तेरा निम्ति के कस्ता परिणामहरू छन्, अनि तँमाथि के कुरा आइपर्नेछ भनी हेर्; तँलाई सेवा पुर्‍याउनेहरूले नै यो कुरालाई अरू कसैले भन्दा बढी बुझ्छ। मेरो न्याय, मेरो क्रोध, मेरा श्रापहरू, मेरो जलन, अनि मेरो दन्किरहेको रिस मलाई विरोध गर्ने कसैमाथि कुनै पनि बेला पर्नसक्छ। मेरो हातले कसैलाई कृपा देखाउँदैन; मलाई सेवा पुर्‍याउने व्यक्ति पहिले जतिसुकै वफादार भए पनि, यदि तिनीहरूले मेरो पुत्रलाई आज विरोध गर्छ भने म तिनीहरूलाई तुरुन्तै नष्ट गरिदिनेछु, अनि म तिनीहरूलाई मेरो सामु रहन दिनेछैन। यसबाट, कसैले पनि मेरो निर्दयी हातलाई देख्न सक्छ। मानिसहरूले मलाई नचिन्ने हुनाले, र तिनीहरूको स्वभावले मलाई विरोध गर्ने हुनाले, जो-जो मप्रति वफादार छन्, तिनीहरू पनि तिनीहरूको आफ्नै खुशीको खातिर मात्रै मप्रति वफादार भएका हुन्छन्। यदि तिनीहरूलाई प्रतिकूल असर पार्ने कुनै घटना घट्यो भने, तिनीहरूको हृदय एक्कासि परिवर्तन हुन्छ र तिनीहरू मेरो पक्षबाट पछि हट्न चाहन्छन्। यो शैतानको प्रकृति हो। आफैलाई वफादार सोचेर तिमीहरू हठधर्मी हुनु हुँदैन! यदि त्यसमा तिनीहरूका निम्ति केही पनि छैन भने, पशुहरूको यो बथान मप्रति वफादार हुन सक्दैनन्। यदि मैले मेरा प्रशासनिक आदेशहरूलाई घोषणा नगरेको भए, तिमीहरू धेरै अघि नै पछि हटिसकेका हुनेथियौ। अहिले तिमीहरू सबै कराही र आगोबीच फसेका छौ, यसरी तिमीहरू मेरो निम्ति सेवा पुर्‍याउन अनिच्छुक छौ तर मेरो हातको मार खान पनि अनिच्छुक नै छौ। यदि मलाई विरोध गर्ने कसैमाथि कुनै पनि समय पर्न सक्ने ठूला विध्वंसहरूको बारेमा मैले घोषणा नगरेको भए, तिमीहरू धेरै अघि नै पछि हटिसक्नेथियौ। के मलाई मानिसहरूले कस्ता अफसोसहरूको सहारा लिनसक्छ भन्ने बारेमा थाहा छैन र? धेरै मानिसहरूले मनमा अहिले एउटा सानो आशालाई स्थान दिन्छन्, तर जब त्यो आशा नैराश्यतामा बद्लिन्छ, तब तिनीहरू अलिकति अगाडि बढ्न पनि अनिच्छुक

हुन्छन्, र तिनीहरू पछाडि फर्कन चाहन्छन्। मैले पहिल्यै भनिसकेको छु कि, म यहाँ कसैलाई पनि तिनीहरूको इच्छाको विरुद्धमा राख्दिनँ, तर तेरो निम्ति के-कस्ता परिणामहरू हुनेछन् भन्ने बारेमा ध्यान दिएर सोच्। यसद्वारा मैले तँलाई धम्क्याइरहेको छैन; यो तथ्यहरूसँग सम्बन्धित कुरा हो। म बाहेक, कसैले पनि मानिसको साँचो प्रकृतिलाई गहिरो प्रकारले बुझ्न सक्दैन; सबै मानिसहरूले तिनीहरू मप्रति वफादार छन् भनी सोच्छन्, तर तिनीहरूको बफादारीता अशुद्ध छन् भन्ने तिनीहरूलाई थाहा हुँदैन। यी अशुद्धताहरूले मानिसहरूलाई नष्ट पार्नेछन्, किनकि ती ठूलो रातो अजिङ्गरको युक्ति हुन्। यसलाई धेरै पहिले नै मैले उदाङ्गो पारिदिएको थिएँ; म सर्वशक्तिमान् परमेश्वर हुँ, त्यसैले त्यस्तो साधारण कुरा मैले कसरी बुझ्न सक्दिन थिएँ र? म तेरो रगत र देहलाई भेद गरेर तेरा अभिप्रायहरूलाई देख्न सक्छु। मानिसको अभिप्रायलाई राम्ररी बुझ्न मलाई कठिन छैन, तर मानिसहरू आफूलाई चलाक ठान्छन्, आफूबाहेक कसैले पनि तिनीहरूको अभिप्राय जान्दैनन् भन्ने विश्वास गर्छन्। के तिनीहरूलाई सर्वशक्तिमान् परमेश्वर स्वर्ग र पृथ्वी र सबै कुराहरूमा अस्तित्व रहनुहुन्छ भनी थाहा छैन?

म मेरो पुत्रलाई अन्त्यसम्मै प्रेम गर्नेछु, अनि म रातो अजिङ्गर र शैतानलाई सदासर्वदाको निम्ति घृणा गर्नेछु। मलाई विरोध गर्ने सबैमाथि मेरो सजाय आइपर्नेछ अनि एउटै शत्रुलाई पनि छोडिनेछैन। मैले पहिले नै भनेको छु, “म सियोनमा ठूलो ढुङ्गा राख्छु। विश्वासीहरूको निम्ति, यो ढुङ्गा तिनीहरूको निर्माणको जग हो। विश्वास नगर्नेहरूका निम्ति, यो तिनीहरू ठक्कर खाने चट्टान हो। दियाबलसका छोराहरूको निम्ति, यो तिनीहरूलाई मर्ने गरी धूलोपीठो पार्ने चट्टान हो।” मैले यी वचनहरू पहिले बोलेको मात्र होइन, तर ती धेरै मानिसहरूद्वारा अगमवाणी पनि गरिएका थिए, अनि धेरै मानिसहरूले यस युगमा वचनहरूको यो खण्ड पढेका छन्। यसको अतिरिक्त, कतिपय मानिसहरूले यी वचनहरूलाई व्याख्या गर्ने प्रयास गरेका छन्, तर यो रहस्यलाई यसभन्दा पहिले कसैले पनि खुलासा गर्न सकेको छैन, किनभने यो काम आखिरी दिनहरूको वर्तमान समय अवधिमा मात्रै गरिन्छ। त्यसकारण, कतिपय मानिसहरूले यी वचनहरूलाई व्याख्या गर्ने प्रयास गरेका भए पनि, तिनीहरूका व्याख्याहरू सबै भ्रम हुन्। आज, म तिमीहरूलाई सम्पूर्ण अर्थ प्रकट गर्छु ताकि तिमीहरूले मेरा ज्येष्ठ पुत्रहरूका निम्ति मैले गवाही दिनुको गम्भीरता अनि त्यसो गर्नुको मेरो उद्देश्यलाई बुझून्। म सियोनमा ठूलो ढुङ्गा राख्छु, अनि यस ढुङ्गाले मेरा ज्येष्ठ पुत्रहरूको निम्ति गवाही दिने कार्यलाई जनाउँछ। “ठूलो” को अर्थ यो गवाही अत्यन्त ठूलो स्तरमा दिइन्छ भन्ने होइन, बरु, मेरा ज्येष्ठ पुत्रहरूको निम्ति गवाही दिइँदा, ठूलो संख्यामा सेवाकर्ताहरू पछि हट्नेछन् भन्ने अर्थ हो। यहाँ, “जसले विश्वास गर्दैनन्” भन्ने वाक्यांशले पछि हट्नेहरूलाई सङ्केत गर्दछ, किनकि मेरो पुत्रको निम्ति गवाही दिइन्छ। त्यसैकारण, यो ढुङ्गा त्यस्तो व्यक्तिको निम्ति ठक्कर खाने ढुङ्गा हुन्छ। यो चट्टान हो भनेर म भन्छु, किनकि यस्तो प्रकारको व्यक्तिले मेरो हातको मार खानेछ, त्यसैकारण “मानिसहरूलाई ठक्कर खान लगाउने चट्टान” लड्ने वा कमजोर हुने सम्बन्धमा भनिएको होइन, तर मेरो हातको मार खाने सम्बन्धमा भनिएको हो। “विश्वासीहरूको निम्ति, यो ढुङ्गा तिनीहरूको निर्माणको जग हो” मा “विश्वासीहरू” भन्ने शब्दले ती सेवाकर्ताहरूलाई सङ्केत गर्दछ जो वफादार छन् अनि “निर्माणको जग” ले

तिनीहरूले मलाई वफादार सेवा पुर्याइसकेपछि तिनीहरूले पाउने अनुग्रह र आशिषहरूलाई सङ्केत गर्दछ। ज्येष्ठ पुत्रहरूको निम्ति गवाही दिनुले सम्पूर्ण पुरानो युग चाँडै बितेर जानेछ भन्ने कुरालाई दर्शाउँदछ; अर्थात्, यसले शैतानको राज्यको विनाशलाई सङ्केत गर्दछ; त्यसैकारण, अन्यजातिहरूको निम्ति यो तिनीहरूलाई मर्ने गरी धूलोपीठो पार्ने चट्टान हो। त्यसैले सबै जातिहरूलाई चकनाचूर पार्नुले सारा संसारको पूर्ण नवीकरणलाई सङ्केत गर्दछ; पुरानो बित्नेछ अनि नयाँ स्थापित हुनेछ–यो नै "चकनाचूर पार्नु" को साँचो अर्थ हो। के तिमीहरूले बुझ्यौ? मैले यस अन्तिम चरणमा गर्ने कामलाई यी थोरै शब्दहरूमा सारांशित गर्न सकिन्छ। यो मेरो उदेकको कार्य हो, र तैँले मेरा वचनहरूभित्रको मेरो इच्छालाई राम्ररी बुझ्नुपर्छ।

## अध्याय ११९

तिमीहरू सबैले मेरा अभिप्रायहरूलाई बुझ्नुपर्छ, अनि तिमीहरू सबैले मेरो मनस्थितिलाई बुझ्नुपर्छ। अहिले नै सियोनमा फर्किन तयार हुने समय हो। मलाई यो बाहेक अरू केही गर्ने विचार छैन। म तिमीहरूसित चाँडै एक दिन एक हुने अनि हरेक मिनेट र हरेक सेकेन्ड तिमीहरूसित सियोनमा बिताउने आशा मात्रै गर्छु। म संसारलाई घृणा गर्छु, म देहलाई घृणा गर्छु अनि त्यसभन्दा बढी, म पृथ्वीमा हरेक मानिसलाई घृणा गर्छु। म तिनीहरूलाई हेर्न इच्छुक छैन, किनकि तिनीहरू सबै मानव स्वभावको अलिकति पनि लक्षण नभएका भूतहरू जस्ता हुन्। म पृथ्वीमा बस्न इच्छुक छैन; म सबै सृष्टिहरूलाई घृणा गर्छु, म मासु र रगतका सबैलाई घृणा गर्छु। सम्पूर्ण पृथ्वीबाट लासहरूको दुर्गन्ध आउँछ; पृथ्वीबाट लासको दुर्गन्ध हटाउन अनि सबै पृथ्वी मेरो प्रशंसाको ध्वनिले भरिदिन म तुरुन्तै सियोनमा फर्किन चाहन्छु। म सियोनमा फर्किनेछु, म देह र संसारबाट दूर रहनेछु अनि कोही पनि मेरो बाटोमा खडा हुन पाउनेछैन। मानिसलाई मार्ने मेरो हातमा कुनै भावना छैन! आजदेखि, कसैले पनि मण्डलीको निर्माणको बारेमा बोल्न पाउनेछैन। यदि कसैले बोल्छ भने, म तिनीहरूलाई क्षमा दिनेछैनँ। (किनभने अहिले मेरो ज्येष्ठ पुत्रहरूको निम्ति गवाही दिने समय हो, अनि अहिले राज्य निर्माण गर्ने समय हो; ज-जसले मण्डलीको निर्माणको बारेमा बोल्छन्, तिनीहरूले राज्यको निर्माणलाई भत्काउँदैछन्, अनि मेरो व्यवस्थापनलाई हस्तक्षेप गर्दैछन्)। सबै तत्पर छन्, सब तयार छन्; बाँकी रहेको एउटै कुरा ज्येष्ठ पुत्रहरू उचालिनु र तिनीहरूको गवाही दिइनु हो। जब त्यो हुन्छ, तब म एकैछिन ढिलो नगरी अनि रूपलाई विचार नगरी तुरुन्तै सियोनमा फर्किनेछु–त्यो ठाउँ जुन तिमीहरूले रात र दिन आफ्ना मनमा राख्छौ। अहिलेको संसार कसरी निर्विघ्न र स्थिर रूपमा चलिरहेको छ भनेर मात्र नहेर। यो सबै काम सियोनमा फर्किने काम हो, त्यसैले अहिले यी कुराहरूलाई ध्यान नदेओ; जब सियोन फर्किने दिन आउँछ, सबै पूर्ण हुनेछ। को चाँडै सियोन फर्किन चाहँदैन? को पिता र पुत्रहरू चाँडै एक भएको चाहँदैन? पृथ्वीका सुखविलासहरू जतिसुकै आनन्ददायक भए पनि तिनीहरूले हाम्रो देहमाथि पकड जमाउन सक्दैन; हामी हाम्रो देहलाई उछिन्नेछौं अनि सँगै सियोनमा फर्कनेछौ। कसले यसलाई बाधा दिने साहस गर्छ? कसले बाधाहरू खडा गर्न साहस गर्छ? म तिनीहरूलाई निश्चय नै क्षमा गर्नेछैन! म सबै ठेस लाग्ने

ढुङ्गाहरूलाई हटाइदिनेछु (त्यसैकारण, म भन्छु, म सीधै सियोनमा फर्किन सक्दिनँ। म यो शुद्ध गर्ने कामलाई पूरा गर्दैछु अनि त्यस सँगसँगै मेरा ज्येष्ठ पुत्रहरूको निम्ति गवाही दिँदैछु; यी दुवै कामहरू एकसाथ अगि बढिरहेका छन्। जब शुद्ध गर्ने काम पूर्ण हुन्छ, तब मेरो निम्ति ज्येष्ठ पुत्रहरू प्रकट गर्ने समय हुनेछ। "ठेस लाग्ने ढुङ्गाहरू" ठूलो संख्यामा रहेका सेवाकर्ताहरू हुन्, त्यसैकारण म भन्छु कि यी दुई कामहरू सँगसँगै भइरहेका छन्)। म मेरा ज्येष्ठ पुत्रहरूलाई मसँगै ब्रह्माण्डभरि अनि पृथ्वीको कुनाकाप्चाहरूमा, पहाडहरू र नदीहरू अनि सबै कुराहरूमा पाइला टेकाउनेछु; कसले यसलाई बाधा दिने साहस गर्नसक्छ? कसले यसलाई रोक्ने साहस गर्नसक्छ? मेरो हातले कुनै मानिसलाई सजिलोसँग छोड्दैन; मेरा ज्येष्ठ पुत्रहरू बाहेक, म सबैको विरुद्धमा क्रुद्ध हुन्छु अनि सबैलाई श्राप दिन्छु। सारा देशमा मेरा आशिषहरू प्राप्त गर्ने एउटै मरणशील मानिस छैन; सबैले मेरो श्राप पाउनेछन्। सृष्टिको सुरुदेखि, मैले कसैलाई आशिषित तुल्याएको छैनँ; मैले आशिषहरू दिँदा पनि, ती केवल वचनहरू मात्र रहेका छन्, वास्तविकता होइन, किनकि म शैतानलाई पूर्ण रूपले घृणा गर्छु; म त्यसलाई कहिल्यै आशिषित तुल्याउनेछैन, त्यसलाई दण्ड मात्र दिनेछु। केवल अन्त्यमा, मैले शैतानलाई पूर्ण रूपले जितिसकेपछि अनि मेरो पूरा विजय भइसकेपछि, म मेरा सबै वफादार सेवाकर्ताहरूलाई भौतिक आशिषहरू दिनेछु अनि मलाई प्रशंसा गर्नमा आनन्द लिन दिनेछु, किनकि मेरो सबै काम सम्पन्न भइसकेको हुनेछ।

वास्तवमा, मेरो समय धेरै पर छैन। छ हजार वर्षीय व्यवस्थापनको योजना तिमीहरूको आँखाको सामु पूर्णताको नजिक पुग्दैछ। (वास्तवमा, यो तिमीहरूको आँखाको सामु छ। यो कुनै पूर्वलक्षण होइन; तिमीहरूले मेरो मनस्थितिबाट यो देख्न सक्छौ।) म तुरुन्तै मेरा ज्येष्ठ पुत्रहरूलाई सियोनको घरमा लैजानेछु। कतिपय मानिसहरूले यसो भन्नेछन्, "यो ज्येष्ठ पुत्रहरूका निम्ति मात्र हो भने किन यसको लागि छ हजार वर्ष लाग्छ? अनि किन यति धेरै मानिसहरू सृष्टि गरिए?" मैले अघि नै भनेको छु, कि मेरो सबै कुरा बहुमूल्य छ। कसरी मेरा ज्येष्ठ पुत्रहरू झन् कति बढी बहुमूल्य नहोलान् र? म सबैलाई मेरो सेवा गर्न परिचालन गर्नेछु, अनि यसको साथै, म मेरो शक्ति प्रकट गर्नेछु, ताकि हरेक मानिसले देख्न सकोस् कि सारा ब्रह्माण्डमा, एउटै वस्तु पनि हाम्रो हातमा छैन अनि एउटै व्यक्ति पनि हाम्रो सेवामा छैन, अनि एउटै व्यक्ति पनि हाम्रो उपलब्धिको लागि छैन। म सबै कुरा हासिल गर्नेछु। मेरो निम्ति, समयको कुनै अवधारणा छैन; मैले छ हजार वर्षमा योजना र मेरो काम सिध्याउने उद्देश्य राखे पनि, मेरो लागि सबै बन्धनमुक्त र स्वतन्त्र छ। यदि यो छ हजार वर्षभन्दा कम नै भए तापनि, मेरो दृष्टिमा समय आएको छ भने, कसले विरोधको वचन उच्चारण गर्ने साहस गर्थ्यो? कसले इच्छानुसार खडा हुने र न्याय गर्ने साहस गर्थ्यो? मेरो काम म आफै गर्छु; मेरो समय म आफै व्यवस्थित गर्छु। कुनै व्यक्ति, कुनै विषय, कुनै कुराले स्वेच्छाले काम गर्ने साहस गर्न सक्दैन; म सबैलाई मलाई पछ्याउने तुल्याउनेछु। मेरो निम्ति कुनै सही वा गलत छैन; यदि म कुनै कुरा सही छ भनी भन्छु भने, त्यो निश्चय नै सही हुन्छ; यदि म यो बेठीक छ भनी भन्छु भने त्यो पनि ठीक नै हुन्छ। तैँले मलाई सधैँ मानव धारणाहरूले नाप्नु हुँदैन! म भन्छु ज्येष्ठ पुत्रहरू र म सँगै आशिषित छौँ–कसले समर्पित हुन इन्कार गर्ने साहस गर्छ? म तँलाई तत्कालै नष्ट गर्नेछु! तँ समर्पित हुन इन्कार गर्छस्! तँ विद्रोही

होस्! म कुनै पनि मानिसजातिको निम्ति दयारहित छु, अनि मेरो घृणाले पहिल्यै सीमा नाघिसकेको छ; म अब बढी सहनशील हुन सक्दिनँ। जहाँसम्म मेरो कुरा छ, सबै ब्रह्माण्ड जगत् तुरुन्तै नष्ट गरिनुपर्छ—तब मात्रै मेरो महान् काम पूरा हुनेछ; अनि तब मात्रै मेरो व्यवस्थापनको योजना पूरा हुनेछ; अनि तब मात्रै मेरो हृदयको घृणा दूर हुनेछ। अब म मेरा ज्येष्ठ पुत्रहरूको बारेमा गवाही दिने बारेमा मात्र वास्ता गर्छु। म अरू सबै मामलाहरू एकातिर पन्साइदिनेछु; म पहिले महत्वपूर्ण कुराहरू गर्नेछु, त्यसपछि म द्‌वितीय कुराहरू गर्नेछु। यी मेरो कामका कदमहरू हुन् जसलाई कसैले भङ्ग गर्नु हुँदैन; सबैले मैले भनेअनुसार गर्नुपर्छ नत्रभने तिनीहरू मेरा श्रापका निशानाहरू बन्छन्।

अब मेरो काम सम्पन्न भइसकेको हुनाले, म विश्राम लिनसक्छु। अबदेखि, म अरू बढी काम गर्नेछैन, तर मैले पूरा गर्न चाहेको सबै कुरा म मेरा ज्येष्ठ पुत्रहरूलाई गर्न लगाउनेछु, किनभने मेरा ज्येष्ठ पुत्रहरू म नै हुन्; मेरा ज्येष्ठ पुत्रहरू मेरो व्यक्तित्व हुन्। यो अलिकति पनि गलत होइन; न्यायहरू गर्न धारणाहरूको प्रयोग नगर। ज्येष्ठ पुत्रहरूलाई हेर्नु भनेको मलाई हेर्नु हो, किनकि हामी एकै हौँ र उही हौँ। हामीलाई अलग गर्ने जोकोहीले मलाई विरोध गरिरहेको हुन्छ, अनि म तिनीहरूलाई क्षमा दिनेछैनँ। अर्को शब्दमा, मानिसको निम्ति अबोधगम्य रहस्यहरू छन्। जसलाई म प्रेम गर्छु, केवल तिनीहरूले मात्रै मलाई व्यक्त गर्नसक्छन्, अरू कसैले त्यसो गर्न सक्दैनन्; यो मद्‌वारा निर्धारित गरिएको हो, अनि कसैले यसलाई परिवर्तन गर्न सक्दैन। मेरा वचनहरू समृद्‌ध, वृहत् र अथाह छन्। सबैले मेरा वचनहरूमाथि ठूलो प्रयास लगाउनुपर्छ, बारम्बार त्यसलाई मनन गर्नुपर्छ, अनि एउटै शब्द वा वाक्यलाई पनि हटाउनु हुँदैन—नत्र भने, मानिसहरूले भूलमा परेर परिश्रम गर्नेछन्, अनि मेरा वचनहरूलाई गलत रूपमा बुझिनेछ। मैले भनेकै छु, कि मेरो स्वभावले अपमान सहँदैन, भनाइको अर्थ, मेरो गवाहीप्राप्त ज्येष्ठ पुत्रहरूलाई विरोध गर्न सकिँदैन। मेरा ज्येष्ठ पुत्रहरूले मेरो स्वभावको हरेक पक्षलाई प्रतिनिधित्व गर्छ, त्यसैकारण जब पवित्र तुरही बज्छ, त्यसबेला म ज्येष्ठ पुत्रहरूको गवाही दिन सुरु गर्छु अनि यसरी, त्यसपछि पवित्र तुरही भीडको लागि मेरो स्वभावको क्रमिक घोषणा हुनेछ। अर्को शब्दमा, जब मेरा ज्येष्ठ पुत्रहरूलाई प्रकट गरिन्छ, त्यसबेला मेरो स्वभाव प्रकट हुन्छ। कसले यसलाई गहिरो प्रकारले बुझ्न सक्छ? म भन्छु कि मैले प्रकट गरेका रहस्यहरूभित्र पनि मानिसहरूले सुल्झाउन नसकेका रहस्यहरू बाँकी हुन्छन्। कसले तिमीहरूको माझमा यी वचनहरूको साँचो अर्थलाई साँच्चिकै ठम्याउने प्रयास गरेका छन्? के मेरो स्वभाव तिमीहरूले कल्पना गरे झैँ एउटा व्यक्तिको व्यक्तित्व हो? त्यस्तो सोच्नु गम्भीर गल्ती हो! आज, ज-जसले मेरा ज्येष्ठ पुत्रहरूलाई देख्छन्, तिनीहरू आशिषका पात्र हुन्, अनि तिनीहरूले मेरो स्वभाव देख्छन्—यो पूर्ण रूपले साँचो कुरा हो। मेरा ज्येष्ठ पुत्रहरूले मेरो सम्पूर्णतालाई प्रतिनिधित्व गर्छ; तिनीहरू मेरो व्यक्तित्व हुन् भन्नेमा कुनै शङ्का छैन। यसको बारेमा कसैसित कुनै शङ्का नहोस्! आज्ञाकारीहरू अनुग्रहले आशिषित छन्, अनि विद्रोहीहरू श्रापित छन्। मैले हुकुम दिएको यही नै हो, अनि कुनै व्यक्तिले यसलाई परिवर्तन गर्न सक्दैन!

# अध्याय १२०

सियोन! रमाऊ! सियोन! गीत गाऊ! म महा-विजेता बनेर फर्केको छु, म विजयी बनेर फर्केको छु! सबै मानिसहरू! पङ्क्तिमा मिलेर बस्न हतार गर! सृष्टिका सबै थोकहरू! अब रोकिओ, किनकि मेरो व्यक्तित्वले सम्पूर्ण ब्रह्माण्डको सामना गर्दछ र संसारको पूर्वमा देखा पर्दछ! आराधनामा घुँडा नटेक्ने आँट कसले गर्छ? मलाई साँचो परमेश्‍वर भनी पुकार नगर्ने आँट कसले गर्छ? कसले आदरसाथ माथि नहेर्ने आँट गर्छ? कसले प्रशंसा नदिने हिम्मत गर्दछ? कसले नरमाउने आँट गर्छ? मेरा मानिसहरूले मेरो सोर सुन्नेछन्, र मेरा छोराहरू मेरो राज्यमा जीवित रहनेछन्! पहाड-पर्वत, नदी-नाला र सबै थोकहरूले अनन्त रूपमा जयजयकार गर्नेछन्, नरोकिकन उफ्रन्छन्। यस बेला, कसैले पनि पछाडि फर्कने हिम्मत गर्नेछैन, र कसैले पनि प्रतिरोध गर्नका निम्ति खडा हुने आँट गर्नेछैन। यो मेरो अचम्मको काम हो, र त्योभन्दा बढी, यो मेरो महान् शक्ति हो! म सबै थोकलाई त्यसको हृदयमा मेरो आदर गर्ने बनाउँछु, त्योभन्दा उता म सबै कुरालाई मेरो प्रशंसा गर्ने बनाउँछु! यो छ हजार वर्षको मेरो व्यवस्थापन योजनाको अन्तिम लक्ष्य हो, र मैले नियुक्त गरेको कुरा यही हो। कुनै व्यक्तिले न वस्तुले नत घटनाले मेरो प्रतिरोध गर्न वा मेरो विरोध गर्न खडा हुने आँट गर्छ। मेरा सबै मानिसहरू मेरो पर्वतमा प्रवाहित हुनेछन् (अर्को शब्दमा भन्नुपर्दा, मैले पछि सृष्टि गर्ने संसार) र तिनीहरू मेरो सामु समर्पित हुनेछन्, किनकि मसँग प्रताप र न्याय छ, र मसँग अख्तियार छ। (यसले म मेरो शरीरमा भएको बेलालाई बुझाउँछ। देहमा पनि मसँग अधिकार छ, तर देहमा समय र स्थानको सीमिततालाई उछिन्‍न नसकिने भएकोले मैले सम्पूर्ण महिमा पाएको छु भन्‍न सकिँदैन। मैले देहमा ज्येष्ठ छोराहरूलाई प्राप्त गर्ने भए पनि, मैले महिमा प्राप्त गरेको छु भन्‍न सकिँदैन। म सियोनमा फर्केपछि र मैले आफ्नो रूप परिवर्तन गरेपछि मात्र मैले अधिकार प्राप्त गरेको हुन्छु भनेर भन्‍न सकिन्छ–अर्थात्, मैले महिमा प्राप्त गरेको हुन्छु।) मेरो निम्ति कुनै पनि कुरा गाह्रो हुनेछैन। मेरो मुखको वचनले सबै नाश हुनेछन्, र मेरो मुखको वचनद्वारा सबै थोक अस्तित्वमा आउनेछन् र पूर्ण हुनेछन्। मेरो महान् शक्ति यस्तै छ र मेरो अधिकार यस्तै छ। म सामर्थ्यले पूर्ण र अधिकारले भरिपूर्ण भएकोले कुनै व्यक्तिले मलाई बाधा दिने हिम्मत गर्न सकेन। म पहिले नै सबै कुरामाथि विजेता भएको छु, र मैले विद्रोहका सबै छोराहरूमाथि पहिले नै विजय प्राप्त गरेको छु। म मेरा ज्येष्ठ छोराहरूलाई मेरो साथमा सियोनमा फर्काएर ल्याउँदैछु। म एकलै सियोन फर्किरहेको छैनँ। त्यसकारण, सबैले मेरा ज्येष्ठ छोराहरूलाई देख्नेछन् र यसरी मप्रति आफ्नो हृदयमा आदर राख्नेछन्। ज्येष्ठ छोराहरू प्राप्त गर्ने मेरो लक्ष्य यही हो, र संसारको सृष्टिदेखि नै यो मेरो योजना रहेको छ।

जब सबै कुरा तयार हुन्छन्, त्यो म सियोनमा फर्कने दिन हुनेछ, र यो दिनको सम्झनामा सबै मानिसले उत्सव मनाउनेछन्। जब म सियोनमा फर्कन्छु, पृथ्वीका सबै थोक मौन रहनेछन, र पृथ्वीमा भएका सबै थोकलाई शान्ति हुनेछ। जब म सियोनमा फर्कन्छु, सबै थोकले आफ्नो मूल स्वरूप फेरि प्राप्त गर्नेछन्। तब, म सियोनमा मेरो काम थाल्नेछु। म दुष्टहरूलाई दण्ड दिनेछु र असललाई इनाम दिनेछु, म मेरो धार्मिकतालाई लागू गर्नेछु, म मेरो न्याय अघि बढाउनेछु। म

सबै थोक सम्पन्न गर्न मेरा वचनहरूको प्रयोग गर्नेछु, यसरी सबै मानिस र सबै थोकलाई सजाय दिने मेरो हातको अनुभव गराउनेछु, र सबै मानिसहरूलाई मेरो सम्पूर्ण महिमा, मेरो पूर्ण बुद्धि र मेरो पूर्ण उदारता देख्ने बनाउनेछु। न्यायमा कसैले पनि खडा हुने आँट गर्नेछैन, किनकि ममा सबै थोक सम्पन्न हुँदछ; अनि यहाँ सबै मानिसले मेरो पूर्ण मर्यादा देखून् र मेरो पूर्ण विजयको स्वाद लिऊन्, किनकि ममा सबै कुरा प्रकट हुन्छन्। यसबाट, मेरो महान् शक्ति र मेरो अख्तियारलाई देख्नु सम्भव हुन्छ। कसैले पनि मलाई चिढ्याउने आँट गर्नेछैन, र कसैले मलाई बाधा दिने आँट गर्नेछैन। ममा, सबै थोकलाई खुला गरिन्छ। कसले कुनै कुरा लुकाउने आँट गर्छ र? म अवश्य नै त्यस्ता व्यक्तिहरूलाई कुनै दया देखाउँदिनँ! त्यस्ता दुष्टहरूले मेरो कठोर दण्ड पाउनै पर्दछ, र त्यस्ता निकम्मा मानिसहरू मेरो नजरबाट हटाउनु पर्छ। म फलामको डन्डाले उनीहरूमाथि शासन गर्नेछु र अलिकति पनि दया नदेखाइ र तिनीहरूका भावनाहरूलाई विचार नगरी तिनीहरूको न्याय गर्न म आफ्नो अधिकार प्रयोग गर्नेछु, किनकि म परमेश्‍वर स्वयम् हुँ, जो भावनाहीन र प्रतापी हुनुहुन्छ र जसलाई चिढ्याउन सकिँदैन। सबैले यो बुझ्नुपर्छ र हेर्नुपर्छ, नत्र तिनीहरू मद्वारा कुनै "उद्देश्य वा कारणविना" प्रहार गरी ढालिनेछन् र नाश पारिनेछन्, किनकि चिढ्याउनेहरू सबैलाई मेरो डन्डाले प्रहार गरी ढाल्नेछ। तिनीहरूले मेरा प्रशासनिक आदेशहरू जान्दछन् कि जान्दैनन् त्यसको मलाई कुनै मतलब छैन; त्यो मेरो निम्ति कुनै परिणामको हुनेछैन, किनकि मेरो व्यक्तित्वले कसैले चिढ्याएको सहन गर्दैन। त्यसैकारण म एक सिंह हुँ भनी भनिएको हो; म जसलाई छुन्छु, म प्रहार गरी ढाल्छु। त्यसैकारण म करुणा र दयाका परमेश्‍वर हुँ भन्नु ईश्‍वरनिन्दा हो भनेर भनिएको हो। सारमा, म थुमा होइनँ, तर सिंह हुँ। कसैले मलाई चिढ्याउने आँट गर्दैन; जो कसैले मलाई चिढ्याउँछ, म तुरुन्तै र कुनै दया नगरी मृत्युले दण्ड दिनेछु। मेरो स्वभाव देखाउनका लागि यो पर्याप्त छ। त्यसकारण, अन्तिम युगमा मानिसहरूको एउटा ठूलो समूह फिर्ता जानेछ, र यो कुरा मानिसहरूलाई सहन गाह्रो हुनेछ, तर जहाँसम्म मेरो कुरा छ, म त ढुक्क र आनन्दित छु, र म यसलाई कुनै गाह्रो कामको रूपमा हेर्दिनँ। मेरो स्वभाव नै यही हो।

मलाई आशा छ सबै मानिसहरूसँग मेरो कुराहरूको पालना गर्ने विनम्र हृदय हुनेछ; यदि तिनीहरूसँग त्यस्तो हृदय भयो भने, म मानवजातिलाई असीम रूपमा आशिष दिनेछु, किनभने, मैले भनेको जस्तै, मेरो अनुरूप हुनेहरू संरक्षित हुनेछन् भने, मप्रति शत्रुवत् हुनेहरू श्रापित हुनेछन्। मैले यो कुरालाई निश्‍चित गरेको छु, र यसलाई कसैले पनि परिवर्तन गर्न सक्दैन। मैले निर्धारण गरेका कुराहरू मैले पूरा गरेका कुरा हुन्, र तिनीहरूको विरुद्ध जाने जोसुकैलाई पनि तुरुन्तै सजाय दिइनेछ। मलाई सियोनमा चाहिने र मैले इच्छा गरेका सबै कुराहरू मसँग छन्। सियोनमा संसारको कुनै सङ्केत छैन, र संसारको तुलनामा, यो महल हो, यो समृद्ध र भव्य छ; तर अहिलेसम्म कोही पनि यसमा प्रवेश गरेको छैन, त्यसैले, मानिसको कल्पनामा, यो अस्तित्वमा नै छैन। सियोनको जीवन पृथ्वीको जस्तो छैन; पृथ्वीमा, जीवन भनेको खानु, लुगा लगाउनु, खेल्नु र आनन्द खोज्नु हो भने, सियोनमा यो एकदमै फरक छ। यो हर्षमा डुबेका, ब्रम्हाण्डको सम्पूर्ण स्थानलाई सधैँ भर्ने, तर मेलका लागि सधैँ एकसाथ आउने पिता र पुत्रहरूको जीवन हो। अहिले यो यहाँ आइपुगेको छ, त्यसकारण म तिमीहरूलाई सियोन कहाँ अवस्थित छ भनेर बताउनेछु।

सियोन भनेको म बस्ने ठाउँ हो; यो मेरो व्यक्तित्वको स्थान हो। तसर्थ, सियोन पवित्र स्थान हुनुपर्छ, र यो पृथ्वीभन्दा टाढा हुनुपर्छ। यही कारणले म मानिस, कुरा, र पृथ्वीका वस्तुहरूलाई घृणा गर्छु, र म देहले खाने, पिउने, खेल्ने र आनन्द खोज्ने कुरालाई तिरस्कार गर्छु भनेर भन्छु, किनभने सांसारिक आनन्दहरू जतिसुकै सुखद भए पनि, तिनीहरूलाई सियोनमा भएको जीवनसँग तुलना गर्न सकिँदैन; स्वर्ग र पृथ्वीमा भएको भिन्नता यही हो, र यी दुई कुरालाई तुलना गर्ने कुनै आधार छैन। पृथ्वीमा मानिसले सुल्झाउन नसक्ने धेरै उल्झनहरू हुनुको कारण भनेको मानिसहरूले सियोनका बारेमा केही पनि नसुनेर नै हो। उसोभए, सियोन ठ्याक्कै कहाँ छ त? के मानिसहरूले कल्पना गरेजस्तो यो अर्को ग्रहमा छ त? छैन! यो मानिसको मनमा भएको भ्रम मात्रै हो। मैले उल्लेख गरेको तेस्रो स्वर्गलाई, मानिसहरूले पूर्वसाङ्केतिक अर्थ सहितको कुरा भनेर लिन्छन्, तर मानिसहरूले आफ्नो धारणाहरूभित्र जे बुझ्छन्, त्यो मेरो अर्थको ठ्याक्कै विपरीत छ। यहाँ उल्लिखित तेस्रो स्वर्ग अलिकति पनि झूटो होइन। त्यसैले म सूर्य, जून, तारा, र खगोलीय पिण्डहरूको विनाश गर्नेछैन, र म स्वर्ग र पृथ्वीलाई हटाउँदिन भनेर भन्छु। के म मेरो वासस्थानको विनाश गर्न सक्छु? के म सियोन पर्वतलाई हटाउन सक्छु? के यो हास्यास्पद छैन र? तेस्रो स्वर्ग मेरो वासस्थान हो; त्यो सियोन पर्वत हो, र यो निश्चित छ। (मैले यो निश्चित छ भनेर किन भनेँ? किनकी मैले अहिले भनेको कुरा मानिसले बुझ्दै-बुझ्दैनन्; उसले सुन्न मात्र सक्छ। मानिसको सोचाइको दायरले यसलाई समेट्न सक्दैन, र त्यसैले म सियोनको बारेमा अब धेरै बोल्नेछैन, नत्र मानिसहरूले यसलाई काल्पनिक ठान्नेछन्।)

म सियोनमा फर्केपछि, पृथ्वीमा भएकाहरूले मलाई विगतमा जस्तै प्रशंसा गरी रहनेछन्। मेरो सेवा गर्न ती वफादार सेवाकर्ताहरू सधैँ झैं पर्खिनेछन्, तर तिनीहरूको कामको पनि अन्त्य आउनु पर्ने हुन्छ। तिनीहरूले गर्नसक्ने सबैभन्दा राम्रो कुरा भनेको पृथ्वीमा मेरो उपस्थितिको परिस्थितिको बारेमा चिन्तन गर्नु हो। त्यो समयमा, म विपत्ति भोग्नेहरूमाथि विपत्ति ल्याउन सुरु गर्नेछु; तैपनि सबैले म धर्मी परमेश्‍वर हुँ भनेर विश्‍वास गर्छन्। म ती वफादार सेवाकर्ताहरूलाई निश्‍चय नै सजाय दिनेछैन, तर मेरो अनुग्रह मात्रै प्राप्त गर्न दिनेछु। किनकी म स्वयम् धार्मिकता र निष्ठाको परमेश्‍वर स्वयम् हुँ भन्ने कुरा प्रदर्शन गर्दै, म दुष्कर्मीहरूलाई सजाय दिनेछु, र असल कार्य गर्नेहरूले मैले दिने भौतिक आनन्द प्राप्त गर्नेछन् भनेर मैले भनेको छु। म सियोन फर्केपछि, म संसारका प्रत्येक राष्ट्रतर्फ अभिमुख हुन सुरु गर्नेछु; म इस्राएलीहरूका लागि मुक्ति ल्याउनेछु र मिश्रीहरूलाई सजाय दिनेछु। यो मेरो कार्यको नयाँ चरण हो। त्यस बेला मेरो काम अहिलेको जस्तो हुनेछैन: यसले देहको काम हुनेछैन, बरु यसले देहलाई पूर्ण रूपमा उछिन्नेछ—र मैले बोलेको हुनाले, यो त्यस्तै हुनेछ; र मैले आदेश दिएको हुनाले, त्यो त्यस्तै हुनेछ। जे बोलिन्छ, त्यो मेरो मुखबाट बोलिएको हो बने, त्यो तत्कालै वास्तविकतामा पूरा हुनेछ; मेरो मुखबाट वचन बोलिनु र त्यही समयमा यो पूरा हुनुको अर्थ यही हो, किनकी मेरो वचन आफैँमा अख्तियार हो। अहिले म पृथ्वीका मानिसहरूलाई केही सङ्केत दिनका लागि केही सामान्य कुराको बारेमा बोल्दैछु, ताकि तिनीहरूले यसलाई अन्धाधुन्ध रूपमा नबुझुन्। जब त्यो समय आउँछ, म सबै कुराको प्रबन्ध गर्नेछु, र कसैले पनि मनोमानी रूपमा काम गर्नेछैन, अन्यथा तिनीहरूलाई मेरो हातले प्रहार गर्नेछ। मानिसहरूको

कल्पनाहरूमा, मैले बोलेका सबै कुराहरू अस्पष्ट हुन्छन्, किनभने, आखिर, मानिसको सोच्ने तरिका सीमित रहेको छ, र मानिसको सोच स्वर्गबाट पृथ्वी जति टाढा छ त्यति नै टाढा छ। तसर्थ, यसलाई कसैले बुझ्न सक्दैन। गर्न सकिने एकमात्र कुरा भनेको मैले बोलेअनुरूप हुनु हो; यो कुराहरूको अपरिहार्य मार्ग हो। मैले भनेको छु: "आखिरी दिनहरूमा, मेरा मानिसहरूउपर अत्याचार गर्न जनावरहरूको उदय हुनेछ, र मृत्युसँग डराउनेहरूलाई जनावरले लिएर जाने गरी छाप लागाइनेछ। मलाई देखेकाहरूलाई जनावरले मार्नेछ।" यी वचनहरूमा "जनावर" ले अवश्य नै शैतान, मानवजातिको धोकेबाजलाई जनाउँछ। यसो भन्नुको अर्थ, जब म सियोनमा फर्किनेछु, सेवाकर्ताको ठूलो समूह निस्किनेछन्; अर्थात्, तिनीहरूलाई जनावरले लिएर जानेछ। यी प्राणीहरू मेरो अनन्त सजाय प्राप्त गर्नका लागि अतल कुण्डमा जानेछन्। "मलाई देखेकाहरू" ले मैले विजय गरेका वफादार सेवाकर्ताहरूलाई जनाउँछ। "मलाई देखेपछि" ले मैले विजय गर्दै गरेका मानिसहरूलाई जनाउँछ। "जनावरले मार्नेछ" ले मैले विजय गरेपछि, मेरो विरोध गर्न फेरि उठ्न साहस नगर्ने शैतानलाई जनाउँछ। अर्को शब्दमा, शैतानले यी सेवाकर्ताहरूउपर कुनै पनि कार्य गर्न साहस गर्नेछैन, तसर्थ, यी मानिसहरूको प्राणहरू मुक्त भएका हुनेछन्; मसँग निष्ठ हुने तिनीहरूको क्षमताका कारण यसो भनिएको हो, र यसको अर्थ ती निष्ठ सेवाकर्ताहरू मेरो अनुग्रह र मेरो आशीर्वाद प्राप्त गर्न सक्षम हुनेछन् भन्ने ह। तसर्थ, तिनीहरूको प्राणहरू मुक्त भएको हुनेछ भनेर म भन्छु। (यसले तेस्रो स्वर्गसम्मको आरोहणलाई जनाउँदैन, जुन मानिसको एउटा धारणा मात्र हो।) तर ती दुष्ट सेवकहरूलाई शैतानले फेरि बाँध्नेछ, त्यसपछि अतल कुण्डमा फाल्नेछ। यो तिनीहरूका लागि मेरो सजाय हो; यो तिनीहरूका लागि दण्ड हो, र तिनीहरूको पापका लागि इनाम हो।

जब मेरो कार्यको गति बढ्छ, पृथ्वीमा मेरो समय बिस्तारै घट्दै जान्छ। म सियोन फर्कने मिति नजिकिँदै जान्छ। जब पृथ्वीको मेरो काम अन्त्यमा आइपुगेको हुन्छ, त्यो म सियोन फर्किने समय हो। मलाई पृथ्वीमा जिउने इच्छा छँदै छैन, तर मेरो व्यवस्थापनका खातिर, मेरो योजनाका खातिर, मैले सबै कठिनाइ समेत सहेको छु। आज, त्यो समय आइसकेको छ। म मेरो गतिलाई बढाउँछु, र मेरो गतिसँग तालमेल मिलाउन कसैले सक्नेछैन। मानिसले यो बुझे पनि वा नबुझे पनि, मानिसले बुझ्न नसक्ने सबै कुरा म तिमीहरूलाई विस्तारमा बताउँछु, तैपनि पृथ्वीमा भएकाहरूले यो कुरालाई थाहा पाउनुपर्छ। तसर्थ, म भन्छु कि समय र अन्तरिक्षलाई नाघ्न सक्ने म परमेश्‍वर स्वयम् हुँ। ज्येष्ठ पुत्रहरू प्राप्त गरेर तसर्थ शैतानलाई परास्त गर्ने मेरो उद्‌देश्य नभएको भए, म पहिले नै सियोन फर्किसकेको हुनेथिएँ; यदि अन्यथा भएको भए, मैले मानवजातिको सृष्टि नै गर्दिनथिएँ। म मानिसको संसार, र मभन्दा अलग रहेका मानिसहरूलाई घृणा गर्छु, यहाँसम्म कि मलाई सम्पूर्ण मानवजातिलाई एकै झट्कामा विनाश गर्ने विचार हुन्छ। तर, मेरो कार्यको विधि र संरचना छ, अनुपात र सन्तुलनको बोध छ, र यो अव्यवस्थित छैन। मैले गर्ने सबै कुराको उद्‌देश्य शैतानलाई परास्त गर्नु हो, र अझै यसको उद्‌देश्य म मेरा ज्येष्ठ पुत्रहरूसँग चाँडोभन्दा चाँडो सँगै हुन सकूँ भन्ने हो। मेरो लक्ष्य यही हो।

# भाग दुई

# सम्पूर्ण ब्रह्माण्डको लागि परमेश्वरका वचनहरू

(फेब्रवरी २०, १९९२ देखि जुन १, १९९२ सम्म)

# परिचय

"सम्पूर्ण ब्रह्माण्डको लागि परमेश्वरका वचनहरू" परमेश्वर स्वयम्को पहिचानमा ख्रीष्टले व्यक्त गर्नुभएका वाणीहरूको दोस्रो भाग हो। यसले फेब्रवरी २०, १९९२ देखि जुन १, १९९२ को अवधिलाई समावेश गर्छ, र यसमा जम्मा सतचालीस वटा अध्याय छन्। यी वाणीहरूमा समावेश परमेश्वरका वचनहरूको शैली, विषयवस्तु, र दृष्टिकोण "प्रारम्भमा ख्रीष्टका वाणीहरू" को भन्दा पूर्ण रूपमा फरक छन्। "प्रारम्भमा ख्रीष्टका वाणीहरू" ले मानिसहरूको बाहिरी बानीबेहोरा, र तिनीहरूको साधारण आत्मिक जीवनलाई खुलासा र अगुवाइ गर्छ। अन्तिममा, यो "सेवाकर्ताहरूको परीक्षा" मा गएर टुङ्गिन्छ। तर "सम्पूर्ण ब्रह्माण्डको लागि परमेश्वरका वचनहरू," भने सेवाकर्ताहरूको रूपमा रहेको मानिसहरूको पहिचानको समाप्ति र परमेश्वरका मानिसहरूको रूपमा तिनीहरूको जीवनको सुरुवातसँगै सुरु हुन्छ। यसले मानिसहरूलाई परमेश्वरको कामको दोस्रो चरमोत्कर्षतर्फ डोऱ्याउँछ, जुन अवधिमा तिनीहरू अग्नि-कुण्डको परीक्षा, मृत्युको परीक्षा, र परमेश्वरलाई प्रेम गर्ने समय भएर जान्छन्। यी विभिन्न चरणहरूले परमेश्वरको अघि मानिसको कुरूपताका साथै उसको साँचो अनुहारलाई पूर्ण रूपमा खुलासा गर्छन्। अन्तिममा, परमेश्वरले त्यो अध्यायसँगै समापन गर्नुहुन्छ जहाँ उहाँ मानिसबाट बिदा भएर जानुहुन्छ, यसरी मानिसहरूको पहिलो समूहमाथिको देहधारी परमेश्वरको विजयको सबै चरणहरूलाई समाप्त गर्नुहुन्छ।

"सम्पूर्ण ब्रह्माण्डको लागि परमेश्वरका वचनहरू," मा परमेश्वरले आत्माको दृष्टिकोणबाट आफ्ना वचनहरू व्यक्त गर्नुभएको छ। उहाँले जुन तरिकाले बोल्नुहुन्छ, त्यो सृष्टि गरिएको मानवजातिको निम्ति अप्राप्य छ। यसका अतिरिक्त, उहाँका वचनहरूका शब्दावली र शैली सुन्दर र हृदय स्पर्शी छन् र कुनै पनि प्रकारको मानव साहित्यले तिनको स्थान लिन सक्दैन। उहाँले जुन वचनहरूद्वारा मानिसको पर्दाफास गर्नुहुन्छ ती सटीक छन्, कुनै पनि दर्शनद्वारा तिनको खण्डन गर्न सकिँदैन र तिनले सबै मानिसहरूलाई अधीनतामा ल्याउँछन्। धारिलो तरवारले जस्तै, मानिसको न्याय गर्न परमेश्वरले प्रयोग गर्नुहुने वचनहरूले मानिसहरूका आत्माका गहिराइसम्मै काट्छन्, यति गहिरो काट्छन् कि तिनीहरूका निम्ति लुक्ने ठाउँ रहँदैन। उहाँले मानिसहरूलाई सान्त्वना दिन प्रयोग गर्नुहुने वचनहरूमा कृपा र प्रेममय दया हुन्छन्, ती मायालु आमाको अँगालो झैँ न्याना छन्, अनि तिनले मानिसहरूलाई पहिले कहिले नभएको सुरक्षाको महसुस गराउँछन्। यी अभिव्यक्तिहरूको सबैभन्दा ठूलो गुण भनेको यही हो कि, यस युगमा, परमेश्वरले यहोवा वा येशू ख्रीष्टको पहिचानको प्रयोग गरेर बोल्नुहुन्न न त आखिरी दिनहरूका ख्रीष्टको। बरु, उहाँको अन्तर्निहित पहिचान, अर्थात् सृष्टिकर्ताको प्रयोग गरेर उहाँलाई पछ्याउने र उहाँलाई पछ्याउन बाँकी रहेकाहरूसँग बोल्नुहुन्छ र तिनीहरूलाई सिकाउनुहुन्छ। संसारको सृष्टिपछि परमेश्वरले सारा मानवजातिलाई सम्बोधन गर्नुभएको यो पहिलो पटक हो भन्दा अत्योक्ति नहोला। यसअघि सृष्टि गरिएको मानवजातिसँग परमेश्वरले कहिले पनि यस्तो विस्तृत रूपमा र व्यवस्थित रूपले बोल्नुभएको थिएन। निश्चय नै, उहाँले मानवजातिसँग यति धेरै र यति लामो समयसम्म बोल्नुभएको पनि यो पहिलो पटक नै हो। यो पूर्ण रूपले अभूतपूर्व छ। यति मात्र कहाँ हो र, यी

वाणीहरूले परमेश्वरले मानवजाति माझमा व्यक्त गर्नुभएको प्रथम लिखित वचन निर्माण गर्छन्, जसमा उहाँले मानिसहरूको पर्दाफास गर्नुहुन्छ, तिनीहरूलाई मार्गनिर्देशन दिनुहुन्छ, तिनीहरूको न्याय गर्नुहुन्छ र तिनीहरूसँग आत्मीय तरिकाले बोल्नुहुन्छ, यसैले ती प्रथम वाणीहरू हुन्, जसमा परमेश्वरले मानिसहरूलाई उहाँका पाइलाहरू, उहाँ ढल्कनुहुने स्थान, परमेश्वरको स्वभाव, परमेश्वरसँग जे छ र उहाँ जो हुनुहुन्छ, परमेश्वरका विचारहरू र मानवजातिप्रति उहाँको चासोको बारेमा जान्न दिनुहुन्छ। यिनीहरूलाई सृष्टिदेखि यता तेस्रो स्वर्गबाट मानवजातिसँग परमेश्वर बोल्नुभएको प्रथम वाणीहरू हुन्, र देखा पर्ने र वचनहरूद्वारा मानवजातिकहाँ उहाँका हृदयका आवाज व्यक्त गर्नको निम्ति आफ्नो अन्तर्निहित पहिचानको प्रयोग गर्नुभएको पहिलो पटक हो भनेर भन्न सकिन्छ।

यी वाणीहरू अत्यन्तै गहन र अथाह छन्; तिनलाई सहजै बुझ्न सकिँदैन, न त परमेश्वरका वचनहरूको उत्पत्ति र उद्देश्यहरूलाई बुझ्न नै सम्भव छ। तसर्थ, ख्रीष्टले हरेक अध्यायपछि यी वाणीहरूको मुख्य भागलाई स्पष्ट पार्दै मानिसको लागि बुझ्न सहज हुने भाषामा व्याख्या थप्नुभएको छ। वाणीहरूको साथमा, यस व्याख्याले परमेश्वरका वचनहरूलाई सबैको लागि बुझ्न र जान्न अलि सहज तुल्याउँछ। हामीले यी वचनहरूलाई "सम्पूर्ण ब्रह्माण्डको लागि परमेश्वरका वचनहरू" को परिशिष्टको रूपमा समावेश गरेका छौं। तिनमा, ख्रीष्टले सजिलै बुझ्न सकिने शब्दहरूको प्रयोग गरी व्याख्याहरू प्रदान गर्नुभएको छ। यी दुईको संयोजन मानवतामा हुनुभएको परमेश्वर र ईश्वरीयताबीचको सिद्ध मिलान हो। परिशिष्टमा परमेश्वरले तेस्रो व्यक्तिको दृष्टिकोणबाट बोल्नुभएको भए तापनि, यी वचनहरू परमेश्वरले व्यक्तिगत रूपमा नै बोल्नुभएको हो भन्ने कुरालाई कसैले पनि इन्कार गर्न सक्दैन, किनभने कुनै पनि मानिसले परमेश्वरका वचनहरूलाई स्पष्ट रूपमा व्याख्या गर्न सक्दैन; परमेश्वर स्वयम्‌ले मात्रै उहाँका वाणीहरूका उत्पत्ति र उद्देश्यहरूलाई स्पष्ट पार्न सक्नुहुन्छ। यसर्थ, परमेश्वरले विभिन्न माध्यमहरूको प्रयोग गरेर बोल्नुभए पनि, उहाँका कामहरूको उद्देश्य कहिल्यै परिवर्तन हुँदैन, न त उहाँको योजनाको उद्देश्य नै कहिल्यै हेरफेर हुन्छ।

"सम्पूर्ण ब्रह्माण्डको लागि परमेश्वरका वचनहरू" परमेश्वर मानिसबाट बिदा हुनुभएको अध्यायमा समाप्त भए पनि, वास्तवमा, मानिसको बीचमा परमेश्वरले गर्नुभएको विजय र मुक्तिको काम, अनि मानिसलाई सिद्ध पार्ने उहाँको काम औपचारिक रूपमा प्रारम्भ गरिएको समय नै यही हो। तसर्थ, हामीले "सम्पूर्ण ब्रह्माण्डको लागि परमेश्वरका वचनहरू" लाई परमेश्वरको आखिरी दिनहरूको कामको अगमवाणीको रूपमा लिनु अझै उचित हुन्छ। यो समयदेखि पछि मात्रै मानिसको देहधारी पुत्रले मण्डलीहरूका बीचमा हिँड्डुल गर्दै र जीवन प्रदान गर्दै, अनि उहाँका सबै मानिसहरूलाई सिञ्चन र गोठाला गर्दै औपचारिक रूपमा ख्रीष्टको पहिचान लिएर काम गर्न र बोल्न थाल्नुभयो, जसको परिणामस्वरूप "मण्डलीहरूमा हिँड्ने क्रममा ख्रीष्टले दिनुभएका वचनहरू" का धेरै वाणीहरूको उदय भयो।

# अध्याय १

के मेरा वचनहरू देख्नेहरूले तिनलाई साँचो रूपमा स्वीकार गर्छन्? के तिमीहरूले मलाई साँच्चै चिनेका छौ? के तिमीहरूले साँच्चै नै आज्ञापालन गर्न सिकेका छौ? के तिमीहरूले साँच्चै नै आफूलाई मेरो निम्ति समर्पित गर्छौ? के तिमीहरूले ठूलो रातो अजिङ्गरको सामुन्ने मेरो लागि साँच्चै नै दह्रिलो र दृढ गवाही दिएका छौ? के तिमीहरूको भक्तिले साँच्चै नै ठूलो रातो अजिङ्गरलाई सरममा पार्छ? मेरा वचनहरूको परीक्षाद्वारा मात्रै मैले मण्डलीलाई शुद्ध पार्ने र मलाई साँचो रूपमा प्रेम गर्नेहरूलाई छनौट गर्ने मेरो उद्देश्य हासिल गर्न सक्छु। यदि मैले यसरी काम नगरेको भए, के कसैले मलाई चिन्न सक्नेथियो? मेरा वचनहरूमार्फत कसले मेरो प्रताप, मेरो क्रोध, र मेरो बुद्धिलाई जान्न सक्थ्यो? मैले मेरो कार्य सुरु गरिसकेको हुनाले, म यसलाई अवश्य नै पूरा गर्नेछु, तर मानिसको हृदयलाई गहिराइसम्म नाप्ने अझै पनि म नै हुँ। साँचो कुरा भन्ने हो भने, मानिसहरूको बीचमा मलाई साँचो रूपमा चिन्ने कोही पनि छैन, त्यसकारण सबै मानिसहरूलाई अगुवाइ गर्न, तिनीहरू सबैलाई नयाँ युगमा डोऱ्याइल्याउन म वचनहरूको प्रयोग गर्छु। अन्त्यमा, म मेरा सबै कार्य पूरा गर्नको लागि म वचनहरूको प्रयोग गर्नेछु, र यसरी मलाई साँचो रूपमा प्रेम गर्नेहरूलाई समर्पणताको साथमा मेरो राज्यमा फर्काउनेछु, मेरो सिंहासनको अघि जिउन लगाउनेछु। अहिलेको परिस्थिति पहिलेको जस्तो छैन, र मेरो काम एउटा नयाँ सुरुआतको बिन्दुमा प्रवेश गरेको छ। त्यसो भएको हुनाले, पहुँचको शैली पनि नयाँ नै हुनेछ: जस-जसले मेरो वचन देख्छन् र यसलाई तिनीहरूका आफ्नै जीवनको रूपमा स्वीकार गर्छन् तिनीहरू मेरो राज्यका मानिसहरू हुन्, र मेरो राज्यमा भएकाले तिनीहरू मेरो राज्यका मानिसहरू हुन्। तिनीहरूले मेरा वचनहरूको मार्गदर्शनलाई स्वीकार गर्ने हुनाले, तिनीहरूलाई मेरा मानिसहरू भनी सम्बोधन गरिए पनि, तर यो उपाधि मेरा "छोराहरू" कहलिनुभन्दा कम महत्त्वको होइन। परमेश्‍वरका मानिसहरू बनाइएपछि सबैले मेरो राज्यमा पूर्ण भक्तिका साथ सेवा गर्नुपर्नेछ र मेरो राज्यमा तिनीहरूको कर्तव्यहरू पूरा गर्नुपर्नेछ। यदि कसैले मेरो प्रशासनिक आदेशको विरुद्ध अपराध गर्दछ भने उसले मेरो दण्ड पाउनुपर्छ। सबैलाई मेरो सल्लाह यही हो।

एउटा नयाँ शैली प्रवेश गरिसकेको छ, र विगतको बारेमा फेरि उल्लेख गर्नु आवश्यक छैन। तैपनि, मैले पहिले नै यो कुरा भनिसकेको छु: म जे भन्छु, त्यसैमा खडा हुन्छु र म जुन कुरामा खडा हुन्छु, त्यसलाई सधैँ पूरा गर्छु, र कसैले पनि त्यसलाई परिवर्तन गर्न सक्दैन–यो पूर्ण हुन्छ। चाहे ती मैले विगतमा भनेका वचनहरू हुन् वा मैले भविष्यमा बोल्ने वचनहरू हुन्, म ती सबैलाई एक-एक गरी पूरा गर्नेछु, र सबै मानिसहरूलाई ती पूरा भएको देखाउनेछु। मेरो वचन र काम पछाडिको सिद्धान्त यही हो। मण्डली निर्माणको काम पहिले नै हासिल गरिसकिएको हुनाले, अब यो मण्डली निर्माणको युग होइन, तर सफलतापूर्वक राज्य निर्माण गर्ने युग हो। तैपनि, तिमीहरू अझै पनि पृथ्वीमा नै रहेका हुनाले, पृथ्वीका मानिसहरूको भेलाहरूलाई "मण्डली" को रूपमा नै चिनिनेछ। तैपनि, मण्डलीको सार पहिलेको जस्तो छैन–यो सफलतापूर्वक निर्माण गरिएको मण्डली हो। त्यसकारण, म मेरो राज्य पहिले नै पृथ्वीमा ओर्लिसकेको छ भनेर भन्छु। कसैले पनि मेरा

वचनहरूको जड पत्ता लगाउन सक्दैन, न त तिनीहरूले मैले ती वचन बोल्नुको उद्देश्यलाई जान्न सक्छन्। आज मैले बोल्ने शैलीबाट, तिमीहरूले ईश्वरीय प्रकटीकरणको अनुभव गर्नेछौ। कतिपय मानिसहरू चिच्याउँदै नराम्ररी बिलौना गर्न सक्छन्; मैले बोल्ने तरिका यस्तो पो रहेछ भनेर कतिपय मानिसहरू डराउन सक्छन्; कतिपय मानिसहरूले मेरा हरेक चाललाई नियाल्ने क्रममा आफ्ना परम्परागत दृष्टिकोणहरूलाई नै मानिरहन सक्छन्; कतिपय मानिसहरूले त्यो बेला आफ्ना गुनासोहरू पोखाएकोमा वा मलाई विरोध गरेकोमा खेद प्रकट गर्न सक्छन्; कतिपय मानिसहरू मेरो नामबाट कहिल्यै टाढा नगएकोले, तिनीहरूले आफूलाई पुनर्जीवित गरिएको छ भनेर गुप्त रूपमा आनन्द मनाउन सक्छन्। कतिपय मानिसहरू यस्ता पनि हुन सक्छन्, जसलाई मेरा वचनहरूले धेरै पहिले नै अधमरो हुने गरी "कष्ट दिएको", असहाय र निराश तुल्याएको हुनाले, मैले मेरो अभिव्यक्ति शैलीलाई परिवर्तन गरेको भए पनि तिनीहरूसँग मैले बोल्ने वचनहरूलाई सुन्ने साहस छैन; वा अरू त्यस्ताहरू पनि हुन सक्छन्, जसले कहिल्यै गुनासो नगरीकन, कहिल्यै शङ्का नगरीकन, निश्चित बिन्दुसम्म भक्तिको साथ मेरो सेवा गरेका थिए, र आज स्वन्त्रता हासिल गर्ने र आफ्नो हृदयमा मप्रति शब्दहरूले व्याख्या गर्न नसकिने गरी कृतज्ञता अनुभूति गर्ने सौभाग्य पाएका छन्। माथिका सबै परिस्थितिहरू विभिन्न हदसम्म हरेक मानव-प्राणीमा लागू हुन्छ। तर विगत त विगत नै भइसकेको, र वर्तमान आइसकेको हुनाले, विगतको यादमा उदास हुँदै डुब्नुपर्ने वा भविष्यको लागि विचार गर्नुपर्ने कुनै आवश्यक छैन। मानिस भएको हुनाले, जो-जो वास्तविकताको विरुद्धमा जान्छन् र ज-जसले मेरो निर्देशनअनुसार कामकुरा गर्दैनन्, तिनीहरूको अन्त्य राम्रो हुनेछैन, तर तिनीहरूले आफैमाथि समस्या मात्रै ल्याउनेछन्। ब्रह्माण्डमा हुने सबै कुरामध्ये, त्यहाँ यस्तो केही छैन जसमा मेरो निर्णय हुँदैन। के त्यस्तो कुनै कुरा छ जुन मेरो हातमा छैन? जे म भन्छु त्यो गरिन्छ, र मानिसहरूमध्ये कसले मेरो मन परिवर्तन गर्न सक्छ? के यो पृथ्वीमा मैले गरेको करार हुन सक्छ? अगाडि बढ्ने मेरो योजनालाई कुनै पनि कुराले बाधा दिन सक्दैन; म मेरो काममा साथसाथै मेरो व्यवस्थापन योजनामा सधैँ उपस्थित हुन्छु। मानिसहरूको बीचमा कसले हस्तक्षेप गर्न आफ्नो हात पसार्न सक्दछ? के व्यक्तिगत रूपले यी प्रबन्धहरू मिलाउने म नै होइन र? आज यस क्षेत्रमा प्रवेश गर्दा त्यसले भड्काएर मेरो योजना वा मैले पहिले देखेको कुराभन्दा बाहिर लैजाँदैन; यो सबैलाई मैले धेरै पहिले नै निर्धारित गरेको थिएँ। तिमीहरूमध्ये कसले मेरो योजनाको यो चरण बुझ्न सक्छौ? मेरा मानिसहरूले निश्चय मेरो सोर सुन्नेछन्, र मलाई इमानदारीपूर्वक प्रेम गर्नेहरू प्रत्येक व्यक्ति निश्चय नै मेरो सिंहासनको अगाडि फर्केर आउनेछन्।

फेब्रुवरी २०, १९९२

# अध्याय २

नयाँ शैलीतर्फ प्रवेश गर्नेबाहेक, मेरो काममा नयाँ चरणहरू पनि हुनेछन्। राज्यमा जस्तै, म मानव अभिप्रायहरू अलिकति पनि नमिसाईकन, हरेक विवरण नछुटाईकन, मार्गको हरेक चरणमा अगुवाइ गर्दै सबै कुरा सीधै ईश्वरीयतामा गर्नेछु। यसपछि समावेश गरिएको कुरा वास्तविक अभ्यासका मार्गहरूको रूपरेखा हो: तिनीहरूले कठिनाइ र शोधनबाट “प्रजा” भन्ने नाम कमाएका हुनाले र तिनीहरू मेरो राज्यका प्रजा भएका हुनाले, मैले तिनीहरूलाई कडा आवश्यक सर्तहरू प्रदान गर्नुपर्छ, जसको मापदण्ड अघिल्ला पुस्ताहरूमा मैले गरेको कामका विधिहरूभन्दा उच्च छ। यो वचनहरूको वास्तविकता मात्रै होइन; अझै महत्त्वपूर्ण कुरा, यो अभ्यासको वास्तविकता हो। सुरुमा यिनै कुराहरू हासिल गरिनुपर्छ। सबै वचन र कार्यहरूमा, राज्यका प्रजाले पूरा गर्नुपर्ने मापदण्डहरूलाई पूरा गर्नुपर्छ, र कुनै पनि उल्लङ्घनकर्तालाई तुरुन्तै हटाइनुपर्छ, नत्र तिनीहरूले मेरो नाममा सर्म ल्याउनेछन्। तैपनि, स्पष्ट रूपमा देख्न वा बुझ्न नसक्ने अनजानहरू यसका अपवाद हुन्। मेरो राज्य निर्माण गर्ने क्रममा, मेरा वचनहरू खाने र पिउने, मेरो बुद्धिलाई पहिचान गर्ने, र मेरो कार्यमार्फत सुनिश्चितता प्राप्त गर्ने कार्यमा ध्यान देओ। यदि कसैले मेरा वचनहरू समावेश भएको बाहेकका पुस्तकहरूलाई ध्यान दिन्छन् भने, म अवश्य नै तिनीहरूलाई चाहँदिन; त्यस्ता मानिसहरू मेरो अवहेलना गर्ने वेश्याहरू हुन्। प्रेरित भएर, व्यक्तिले घरमा अति धेरै समय बिताउनु हुँदैन। यदि कसैले त्यसो गर्छ भने, म तिनीहरूलाई जबर्जस्ती गर्नेछैन, तर त्यस व्यक्तिलाई त्याग्नेछु र अबउप्रान्त प्रयोग गर्नेछैन। प्रेरितहरूले घरमा त्यति धेरै समय नबिताउने हुनाले, तिनीहरूले सुधार हुनको लागि मण्डलीमा धेरै लामो समय अवधि बिताउँछन्। प्रेरितहरूले मण्डलीहरूमा हुने दुई वटा भेलामध्ये कम्तीमा पनि एउटामा सहभागिता जनाउनुपर्छ। तसर्थ, (सबै प्रेरितीय भेला, सबै मण्डली अगुवाका भेला, र स्पष्ट अन्तर्ज्ञान पाएका सन्तहरूको सबै भेलालगायत) सहकर्मीहरूका भेलाहरू बारम्बार हुनुपर्छ। कम्तीमा पनि तिमीहरूमध्ये केहीले हरेक भेलामा सहभागिता जनाउनुपर्छ, र प्रेरितहरूले मण्डलीहरूको रेखदेख गर्ने कार्यमा मात्रै ध्यान दिनुपर्छ। यसभन्दा पहिले सन्तहरूका निम्ति दिइएका सर्तहरू अझै गहन बनेका छन्। मैले मेरो नामको गवाही दिनुभन्दा पहिले उल्लङ्घनका कार्यहरू गर्नेहरूका हकमा, मप्रति तिनीहरूको भक्तिको कारण, म तिनीहरूलाई जाँचेर अझै प्रयोग गर्नेछु। तैपनि, मेरो गवाहीपछि थप उल्लङ्घनका कार्यहरू गर्ने तर पश्चात्ताप गरेर पीडा सही ताजा सुरुवात गर्ने अठोट गरेकाहरूका हकमा, त्यस्ता मानिसहरूलाई मण्डलीभित्र रहन मात्रै दिइन्छ। तर, तिनीहरू लापरवाही र स्वेच्छाचारी हुनु हुँदैन, बरु अरूभन्दा थप संयमी हुनुपर्छ। मैले बोलेपछि आफ्ना मार्गहरूलाई सुधार नगर्नेहरूका हकमा, मेरो आत्माले तिनीहरूलाई तुरुन्तै त्याग्नेछ, र मण्डलीसँग मेरो न्याय लागू गरेर तिनीहरूलाई निकाल्ने अधिकार हुनेछ। यो निरपेक्ष कुरा हो, र यसमा ढिलाइ गरिरहने कुनै ठाउँ हुन सक्दैन। यदि कुनै व्यक्ति परीक्षाहरूको बीचमा ढल्छ भने–अर्थात्, ऊ छोडेर जान्छ भने–मलाई जाँच गर्ने कार्य र शैतानलाई पागलझैं हतारमा मण्डलीभित्र प्रवेश गर्न दिने कार्यबाट जोगिनको लागि कसैले पनि त्यस व्यक्तिलाई कुनै ध्यान दिनु हुँदैन। त्यस्तो व्यक्तिलाई मैले गर्ने न्याय यही हो। यदि छोडेर जाने

व्यक्तिप्रति कसैले धार्मिकताविहीन रूपमा र भावनामा बगेर व्यवहार गर्छ भने, छोडेर जाने व्यक्तिले आफ्नो स्थान गुमाउने मात्र होइन, तर अर्को व्यक्तिलाई पनि मेरा मानिसहरूमध्येबाट निकालिनेछ। प्रेरितहरूको अर्को काम भनेको सुसमाचार प्रचार गर्ने कार्यमा ध्यान दिनु हो। अवश्य नै, सन्तहरूले पनि यो काम गर्न सक्छन्, तर तिनीहरूले यसो गर्ने क्रममा तिनीहरू बुद्धिमानी हुनैपर्छ, र समस्या पैदा गर्ने कामबाट टाढा बस्नुपर्छ। उपर्युक्त कुराहरू अभ्यास गर्ने वर्तमान मार्गहरू हुन्। यसको साथै, तिमीहरूलाई के स्मरण गराउँछु भने, तिमीहरूले आफ्ना प्रवचनहरूलाई अझै गहन बनाउने कार्यमा ध्यान दिनुपर्छ, ताकि सबै जना मेरा वचनहरूको वास्तविकतामा प्रवेश गर्न सकून्। तिमीहरूले मेरा वचनहरूलाई नजिकबाट पछ्याउनुपर्छ, र यसलाई यसरी प्रस्तुत गर्नुपर्छ कि सबै मानिसहरूले ती वचनहरूलाई स्पष्ट रूपमा र अस्पष्टताविना बुझ्न सकून्। यो अत्यन्तै महत्त्वपूर्ण कुरा हो। मेरा मानिसहरूका बीचमा धोका दिने विचारहरू बोकेर हिँड्नेहरूलाई बहिष्कार गरिनुपर्छ, र अबउप्रान्त मेरो घरमा बस्न दिनु हुँदैन, नत्र तिनीहरूले मेरो नामलाई बदनाम गर्नेछन्।

फेब्रुवरी २१, १९९२

## अध्याय ३

तिमीहरूलाई मेरा मानिसहरू भनेर बोलाइने हुनाले, परिस्थिति पहिलेजस्तो छैन; तिमीहरूले मेरो आत्माका वाणीहरूलाई सुन्नुपर्छ र पालना गर्नुपर्छ, र मेरो कार्यलाई नजिकबाट पछ्याउनुपर्छ; तिमीहरूले मेरो आत्मा र मेरो देहलाई अलग गर्न सक्दैनौ, किनभने हामी अन्तर्निहित रूपमा एउटै हौं, र प्रकृतिले नै अखण्डित छौं। जसले आत्मा र व्यक्तिलाई अलग गर्छ र व्यक्ति वा आत्मामध्ये एक जनामा ध्यान केन्द्रित गर्छ, उसले घाटा बेहोर्नेछ, र तिनीहरूले आफ्नै तीतो कचौराबाट मात्रै पिउन सक्नेछन्, र तिनीहरूसँग कुनै विकल्प हुँदैन। आत्मा र व्यक्तिलाई अखण्डित सम्पूर्णताको रूपमा हेर्न सक्नेहरूसँग मात्रै मेरो बारेमा पर्याप्त ज्ञान हुन्छ; तिनीहरूको भित्री जीवन क्रमिक रूपमा परिवर्तन हुनेछ। मेरो कामको अर्को चरण सहजताको साथ र कुनै बाधाविना अघि बढ्न सकोस् भनेर, म मेरो घरका सबैलाई जाँच्न वचनहरूको शोधन प्रयोग गर्छु, अनि मलाई पछ्याउनेहरूलाई जाँच्नको लागि कामका विधिहरूको प्रयोग गर्छु। यी परिस्थितिहरूमा, तिनीहरू सबैले आशा गुमाउन सक्छन् भनेर भन्न सकिन्छ; मानिसहरूका रूपमा, तिनीहरूका बीचमा नकरात्मक र निष्क्रिय अवस्थाहरू नभएको एक जना पनि छैन, मानौं सम्पूर्ण स्थान नै परिवर्तन भएको छ। कतिपय मानिसहरूले स्वर्ग र पृथ्वीको निन्दा गर्छन्; कतिपय मानिसहरू आफ्नो नैराश्यतामा आफैलाई दह्रिलो बनाउँछन् र मेरा वचनहरूको जाँचलाई स्वीकार गर्छन्; कतिपय मानिसहरूले आकाशतिर हेर्छन् र आँखाभरि आँसु झार्दै सुस्केरा हाल्छन्, मानौं तिनीहरू नवजात शिशुको अकाल मृत्युले व्याकुल भएका छन्; कतिलाई यसरी जिउनु लाजमर्दो कुरा हो भन्ने पनि लाग्छ, अनि आफूलाई चाँडै लैजानको लागि परमेश्वरसँग प्रार्थना गर्छन्; कतिपय मानिसहरू दिनभरि बेहोसीमा नै बिताउँछन्, मानौँ तिनीहरू घातक रूपमा बिरामी परेका छन् र तिनीहरू होसमा आउनै बाँकी छ; कतिपय मानिसहरू गनगन गरिसकेपछि, चुपचाप जान्छन्; अनि कतिपयले

अझै मलाई तिनीहरूको आफ्नै स्थानबाट प्रशंसा गर्छन्, यद्यपि तिनीहरू केही हदसम्म नकरात्मक नै रहन्छन्। आज, जब सबै कुरा प्रकट गरिन्छ, मैले विगतको बारेमा अबउप्रान्त बोल्नु पर्दैन; सबैभन्दा महत्त्वपूर्ण कुरा भनेको, तिमीहरूलाई आज मैले दिएको स्थानबाट अझै पनि तिमीहरू सबैभन्दा धेरै बफादारिता प्रस्तुत गर्न सक्ने हुनुपर्छ, ताकि तिमीहरूले गर्ने हरेक कुराले मेरो स्वीकृती प्राप्त गर्न सकोस्, र तिमीहरूले भन्ने सबै कुरा मेरो अन्तर्दृष्टि र प्रकाशको परिणाम बनोस्, ताकि तिमीहरूले जिउने कुरा अन्तिममा मेरो स्वरूप बनोस्, अनि पूर्ण रूपमा मेरो प्रकटीकरण बनोस्।

मेरा वचनहरूलाई कुनै पनि समय वा स्थानमा प्रस्फूटन र व्यक्त गरिन्छ, त्यसकारण तिमीहरूले मेरो सामुन्ने सधैँ आफूलाई जान्नुपर्छ। किनभने, आखिर आज पहिले आएको कुराजस्तो होइन, र तैँले जे इच्छा गर्छस् त्यो अबउप्रान्त प्राप्त गर्न सक्दैनस्। बरु, मेरा वचनहरूको मार्गनिर्देशनमा, तिमीहरू आफ्नो शरीरलाई वशमा राख्न सक्ने बन्नुपर्छ; तिमीहरूले मेरा वचनहरूलाई तिमीहरूको मुख्य आधारको रूपमा प्रयोग गर्नुपर्छ, र तिमीहरूले लापरवाही रूपमा काम गर्नु हुँदैन। मण्डलीको लागि वास्तविक अभ्यासका सबै मार्ग मेरा वचनहरूमा भेट्टाउन सकिन्छ। मेरा वचनहरूअनुसार काम नगर्नेहरूले मेरो आत्मालाई प्रत्यक्ष रूपमा उल्लङ्घन गरिरहेका हुन्छन्, र म तिनीहरूलाई नष्ट गर्नेछु। आजको अवस्थामा परिस्थिति आइपुगेको हुनाले, तिमीहरूले आफ्ना विगतका कर्म र कार्यहरूको बारेमा अत्यन्तै पीडा र पछुतो मान्नु पर्दैन। मेरो उदारता समुद्र र आकाशजस्तै असीमित छ—मानिसका क्षमताहरू र मेरो बारेमा उसको ज्ञान कसरी मेरो लागि मेरा हतकेलाको पछाडिको भागजस्तै परिचित नहुन सक्थ्यो र? मानिसहरूमाझ को मेरो हातमा छैन र? के तँलाई तेरो कद कति ठूलो छ भन्ने मलाई थाहा छैन, म यसको बारेमा पूर्ण रूपमा अनजान छु भन्ने लाग्छ? त्यो असम्भव कुरा हो! तसर्थ, जब सबै मानिसहरू आफ्नो सबैभन्दा निराशाजनक अवस्थामा हुन्छन्, जब तिनीहरूले अबउप्रान्त प्रतीक्षा गर्न सक्दैनन् र नयाँ सुरुवात गर्न चाहन्छन्, जब तिनीहरूले मलाई के भइरहेको छ भनेर सोध्न चाहन्छन्, जब कतिपय मानिसहरू विलासितामा मग्न हुन्छन् र कतिलाई विद्रोह गर्न मन लाग्छ, जब कतिपयले अझै निष्ठावान सेवा गरिरहेका हुन्छन्, तब म न्यायको युगको दोस्रो भागलाई सुरु गर्छु: मेरा मानिसहरूलाई शुद्ध पार्ने र न्याय गर्ने काम। भन्नुको अर्थ के हो भने म मेरा मानिसहरूलाई औपचारिक रूपमा तालिम दिन सुरु गर्छु, र यसरी तिमीहरूलाई मेरो सुन्दर गवाही दिने मात्र तुल्याउँदिन, त्योभन्दा पनि बढी, तिमीहरूलाई मेरा मानिसहरूको आसनबाट मेरो लागि युद्धमा सुन्दर विजय हासिल गर्न सक्षम समेत तुल्याउँछु।

मेरा मानिसहरू मेरो निम्ति मेरो घरको ढोकाको सुरक्षा गर्दै हर समय शैतानका धूर्त युक्तिहरूप्रति सावधान रहनुपर्छ गर्नुपर्छ; तिनीहरूले एक-अर्कालाई सहयोग गर्नुपर्छ र एक-अर्काको लागि प्रबन्ध गर्न सक्नुपर्छ, ताकि शैतानको पासोमा पर्न नपरोस्, जुन बेला पछुतो गर्नको लागि धेरै ढिलो भइसकेको हुनेछ। म किन तिमीहरूलाई यति जरुरीको साथ तालिम दिँदैछु? किन म तिमीहरूलाई आत्मिक संसारको तथ्यहरू बताउँछु? किन म तिमीहरूलाई बारम्बार सम्झाउँछु र सल्लाह दिन्छु? के तिमीहरूले यसमाथि कहिल्यै विचार गरेका छौ? के तिमीहरूका सोच विचारले

कहिल्यै स्पष्टता ल्याएको छ? यसरी, तिमीहरूले केवल विगतको जगमाथि निर्माण गरेर आफैलाई उपयोगी बनाउन मात्र सक्ने होइन, तर, त्योभन्दा पनि बढी, मेरो प्रत्येक वचनलाई तिमीहरूका आत्माभित्र जरा हाल्न अनि फक्रन दिँदै, र त्योभन्दा अझ महत्त्वपूर्ण धेरै फल फलाउनका निम्ति आजका वचनहरूको मार्गदर्शनमा रहेर तिमीहरू भित्रको अशुद्धतालाई हटाउनुपर्छ। किनकि मैले चहकिला, लहलहाउँदा फूलहरू मागेको होइनँ, तर प्रशस्त फल मागेको हुँ, त्यस्तो फल जसले आफ्नो पाकेको रूप हराउँदैन। के तैँले मेरा वचनहरूको वास्तविक अर्थ बुझ्छस्? हरित गृहका फूलहरू ताराहरू जत्तिकै असङ्ख्य छन्, र तिनले तारिफ गर्ने भीडहरूलाई खिँच्छन्, तैपनि तिनीहरू ओइलिएपछि, तिनीहरू शैतानका छलपूर्ण युक्तिहरू जस्तै नष्ट हुन्छन्, र कसैले पनि तिनमा कुनै चासो देखाउँदैन। तर ती सबै जसले हावाको झोक्का र सूर्यको तापमा डढेर मेरो गवाही दिन्छन् ती फक्रेर सुन्दर नभए पनि तिनका फूलहरू ओइलाएपछि तिनले फल फलाउँछन्, किनकि म तिनीहरू त्यस्तै होस् भन्ने चाहन्छु। जब म यी वचनहरू बोल्छु, तिमीहरूले कतिसम्म बुझ्दछौ? फूलहरू ओइलिए फल फलेपछि, र यी सबै फल मेरो आनन्दका लागि उपलब्ध गराउन सकिएपछि, म पृथ्वीमा मेरा सबै काम समाप्त गर्नेछु, र मेरो बुद्धिलाई यथार्थमा बदलेकोमा आनन्द लिन थाल्नेछु!

फेब्रुवरी २२, १९९२

## अध्याय ४

मेरो अगाडि सेवा गर्ने मेरा सबै मानिसहरूले विगतको विषयमा फेरि सोच्नुपर्छ: के मप्रतिको तिमीहरूको प्रेम अशुद्धताले कलङ्कित थियो? के मप्रति तिमीहरूको बफादारीता शुद्ध र सम्पूर्ण हृदयको थियो? के मेरो बारेमा तिमीहरूको ज्ञान सत्य थियो? तिमीहरूको हृदयमा मैले कति ठाउँ ओगट्थेँ? के मैले तिमीहरूको हृदय पूर्ण रूपमा भरेको थिएँ? मेरा वचनहरूले तिमीहरूभित्र कति कुरा पूरा गऱ्यो? मलाई मूर्ख नठान्! यी कुराहरू मेरा निम्ति पूरा स्पष्ट छन्! आज, मेरो उद्धारको आवाज निस्कने क्रममा, के मप्रतिको तिमीहरूको प्रेममा केही वृद्धि भएको छ? के मप्रतिको तिमीहरूको वफादारीताको अंश शुद्ध भएको छ? के मबारे तिमीहरूको ज्ञान गहिरो भएको छ? के विगतमा चढाइएको प्रशंसाले आज तिमीहरूको ज्ञानका लागि एक ठोस आधार बसालेको छ? तिमीहरू कतिसम्म मेरो आत्माद्वारा ओगटिएका छौ? मेरो स्वरूपले तिमीहरूभित्र कति स्थानमा ओगट्छ? के मेरा भनाइहरूले तिमीहरूको केन्द्रमै प्रहार गरेको छ? के तिमीहरूलाई साँच्चै तिमीहरूका सर्म लुकाउने ठाउँ कहीँ पनि छैन भन्ने लाग्छ? के तिमीहरू मेरा मानिसहरू हुन अयोग्य छौ भन्ने साँच्चै विश्वास गर्छौ? यदि तिमीहरू माथिका प्रश्नहरूबारे पूर्ण रूपमा अनजान छौ भने, त्यसले तिमीहरू धमिलो पानीमा माछा मार्दैछौ, तिमीहरू केवल सङ्ख्या थप्न मात्र उपस्थित छौ भन्ने देखाउँछ, र त्यस बेला मद्वारा पूर्वनिर्धारित भएर तिमीहरू निश्चय नै हटाइनेछौ र दोस्रो चोटि अतल कुण्डमा फालिनेछौ। यी मेरा चेतावनीका वचनहरू हुन्, र यसलाई हल्का रूपमा लिने जो-कोहीलाई पनि मेरो न्यायद्वारा प्रहार गरिनेछ, र तोकिएको समयमा विनाशको

सामना गराइनेछ। के यो यस्तै होइन र? के यो कुरा बुझाउन मैले अझै अरू उदाहरण दिनु आवश्यक छ? तिमीहरूलाई उदाहरण दिन के म अझ स्पष्ट बोल्नुपर्छ? सृष्टिको समयदेखि आजको दिनसम्म, धेरै मानिसले मेरा वचनहरू उल्लङ्घन गरेका छन्, यसैले फेरि मेरो पुनर्बहालीको प्रवाहबाट हटाइएका छन्; अन्त्यमा, तिनीहरूका शरीरहरू नष्ट हुन्छन् र तिनीहरूका आत्माहरूलाई पातालमा फालिनेछ र अहिले पनि तिनीहरू गम्भीर दण्डको अधीनमा छन्। धेरै मानिसहरूले मेरा वचनहरू अनुसरण गरेका छन्, तर तिनीहरू मेरो ज्ञान र प्रकाशको विरुद्धमा गएका छन्, र यसरी तिनीहरू मद्वारा लत्याइएका छन्, शैतानको अधीनमा परेका छन् र मेरा विरोध गर्नेहरूमध्ये एक बनेका छन्। (आज मेरो सिधा विरोध गर्नेहरू सबैले मेरा वचनहरू सतही रूपमा मात्र पालन गर्छन् र मेरा वचनहरूको सारलाई उल्लङ्घन गर्दछन्।) मैले हिजो बोलेका वचनहरू मात्र सुनेकाहरू, विगतका “मूल्यहीन” थोकहरू समात्ने र वर्तमानको “उत्पादन” लाई कदर नगर्नेहरू धेरै रहेका छन्। यी मानिसहरू शैतानद्वारा कैद गरिएका मात्र छैनन्, तिनीहरू त अनन्त पापीहरू र मेरा शत्रुहरू भएका छन्, र तिनीहरूले सीधै मेरो विरोध गर्छन्। त्यस्ता मानिसहरू मेरो क्रोधको पराकाष्ठामा मेरो न्यायका पात्रहरू हुन्, र आज पनि तिनीहरू अन्धा छन्, अझै पनि अँध्यारो कालकोठरीमा छन् (जसको अर्थ, त्यस्ता मानिसहरू सडेका हुन्छन्, लट्टिएका लासहरू हुन्, जो शैतानद्वारा नियन्त्रित छन् भन्ने हुन्छ; किनकि तिनीहरूको आँखामा मैले घुम्टो हालिदिएको छु, म भन्छु, कि तिनीहरू अन्धा छन्।) तिमीहरूका सन्दर्भका लागि उदाहरण प्रदान गर्नु राम्रो हुन्छ, यसैले कि तैंले त्यसबाट शिक्षा लिन सक्:

पावलको उल्लेख गर्दा, तिमीहरू तिनको इतिहास र तिनका बारेमा रहेका केही कथाहरू विचार गर्छौ जुन गलत छन् र वास्तविकतासँग मिल्दैनन्। तिनलाई बाल्यकालदेखि नै तिनका आमाबुबाले शिक्षा दिएका थिए, र मेरो जीवन प्राप्त गरेका थिए, र मेरो पूर्वनियुक्तिको परिणामस्वरूप तिनी मलाई चाहिने योग्यताले भरिएका थिए। तिनले १९ वर्षको उमेरमा जीवनको बारेमा विभिन्न पुस्तकहरू पढे; अहिले मैले यसको पूर्ण जानकारी दिनु आवश्यक छैन, तिनको योग्यताका कारण अनि मेरो ज्ञान र प्रकाशको कारण तिनी केही आत्मिक कुराको विषयमा केही जानकारीसहित बोल्न मात्र सकेनन्, तर मेरा अभिप्रायहरू बुझ्न पनि सक्षम भए। अवश्य, यसले आन्तरिक र बाह्य तत्वहरूको मिश्रणलाई हटाउँदैन। तापनि, तिनको एउटा असिद्धता यो थियो, कि तिनका योग्यताहरूको कारण तिनले प्रायः चापलुसी र शेखी गर्थे। फलस्वरूप, तिनको अनाज्ञाकारिताको कारण जसको एक भागले प्रत्यक्ष रूपमा प्रधान स्वर्गदूतको प्रतिनिधित्व गर्‍यो, जब म पहिलो पटक देहधारी बनें, तब तिनले मलाई चुनौती दिने हरप्रकारको कोसिस गरे। तिनी तीमध्ये एक थिए जसले मेरा वचनहरू जान्दैनन्, र तिनको हृदयमा अगिबाटै मेरो स्थान हराइसकेको थियो। त्यस्ता मानिसहरूले सीधै मेरो ईश्‍वरत्वको विरोध गर्छन्, र मद्वारा प्रहार गरेर ढालिएका छन्, र अन्त्यमा मात्र निहुरिन्छन् र आफ्ना पापहरू स्वीकार गर्छन्। यसैले, मैले तिनको बलिया पक्षहरू प्रयोग गरिसकेपछि–भन्नुको अर्थ, तिनले केही समय मेरा लागि काम गरिसकेपछि–तिनी फेरि एक पटक पुराना चालहरूमा फसे, र तिनले सीधै मेरा वचनहरू उल्लङ्घन नगरे पनि मेरो भित्री अगुवाइ र ज्ञानलाई उल्लङ्घन गरे, तसर्थ तिनले विगतमा गरेका सबै काम व्यर्थ भए; अर्को

शब्दमा भन्नुपर्दा, तिनले कुरा गरेका महिमाको मुकुट खाली खोक्रा शब्दहरू, तिनका आफ्नै कल्पनाको उपज बनेका थिए किनभने आजको दिनमा पनि तिनी मेरा बन्धनहरूका कैदमा मेरो दण्डको अधीनमा छन्।

माथिको उदाहरणबाट यो देख्न सकिन्छ कि जसले मेरो (मेरो देहगत अस्तित्व मात्र होइन तर अझ महत्त्वपूर्ण कुरा, मेरा वचनहरू र मेरो आत्मा, अर्थात्, मेरो ईश्वरत्वलाई समेत विरोध गर्नु) विरोध गर्छ, त्यसले आफ्नो देहमा मेरो दण्ड भोग्दछ। जब मेरा आत्माले तिमीहरूलाई छोडनुहुन्छ, तिमीहरू अचानक तल झर्छौं, सिधा पातालमा ओर्लिन्छौ। अनि तिमीहरूको मासुको शरीर पृथ्वीमा भए पनि तिमीहरू मानसिक रोगबाट पीडित व्यक्तिजस्तै हुन्छौ: तैंले आफ्नो विवेक हराएको छस्, तैंले तुरुन्तै आफू एक लासजस्तो भएको महसुस गर्छस्, यस्तो हुन्छ कि तैंले तेरो देहलाई ढिलो नगरी समाप्त गर्न मसँग बिन्ती गर्नेछस्। तिमीहरूमध्ये धेरै जना जोसँग आत्मा छ तिमीहरूले यी परिस्थितिहरूको गहिरो बुझाइ पाएका छौ, र मैले यसको पूरा वर्णन गर्नु आवश्यक छैन। विगतमा, जब मैले सामान्य मानवतामा काम गरें, धेरै मानिसहरूले मेरो क्रोध र प्रतापको तुलनामा आफैलाई मापन गरिसकेका थिए, र मेरो बुद्धि र स्वभावको बारेमा यसअघि नै अलिअलि जानेका थिए। आज, म सीधै ईश्वरत्वमा बोल्छु र काम गर्छु, र अझै पनि कोही मानिसहरू छन् जसले मेरो क्रोध र न्यायलाई आफ्नै आँखाले देख्नेछन्; यसबाहेक, न्यायको युगको दोस्रो चरणको मुख्य काम भनेको सबै मानिसलाई मेरो देहका कामहरू प्रत्यक्ष रूपमा जान्न दिनु र तिमीहरू सबैलाई प्रत्यक्ष रूपमा मेरो स्वभाव हेर्न दिनु हो। तापनि, म देहमा भएकोले, म तिमीहरूका कमजोरीहरूलाई बुझ्छु। मेरो आशा यो हो कि तिमीहरू आफ्नो आत्मा, प्राण र शरीरलाई खेलौनासँग जस्तो व्यवहार गर्नेछैनौ, र कुनै सोचविचार नगरी ती शैतानलाई सुम्पनेछैनौ। तिमीहरूसँग भएका सबै कुरालाई सम्हालेर राख्नु राम्रो हुन्छ, किनकि त्यस्ता कुराहरू तिमीहरूको भाग्यसित सम्बन्धित हुन्छन्। के तिमीहरू साँच्चै मेरा वचनहरूको सही अर्थ बुझ्न सक्छौ? के तिमीहरू साँच्चै मेरा वास्तविक भावनाहरूलाई बुझ्न सक्छौ?

के तिमीहरू पृथ्वीमा मेरा आशिषहरू उपभोग गर्न इच्छुक छौ, ती आशिषहरू जुन स्वर्गका आशिषहरू जस्ता छन्? के मसम्बन्धी बुझाइलाई, मेरा वचनहरूको आनन्द, र मेरो विषयको ज्ञान तिमीहरूको जीवनको सबैभन्दा मूल्यवान् र अर्थपूर्ण थोकको रूपमा सम्हालेर राख्न इच्छुक छौ? के तिमीहरू आफ्नै सम्भावनाहरूलाई विचार नगरी साँच्चै पूर्ण रूपमा आफैलाई ममा समर्पण गर्न इच्छुक छौ? के तिमीहरू साँच्चै आफैलाई मद्वारा मारिन, भेडाझैं मद्वारा डोऱ्याइनका लागि सुम्पन सक्छौ? के तिमीहरूको माझमा कोही यस्तो छ जसले यी कुराहरू प्राप्त गर्न सक्छ? के मैले स्वीकार गरेका र मेरा प्रतिज्ञाहरू प्राप्त गर्नेहरू सबै मेरा आशिषहरू प्राप्त गर्नेहरू हुन् भन्ने हुनसक्छ? के तिमीहरूले यी वचनहरूबाट केही बुझेका छौ? यदि मैले तिमीहरूलाई जाँच गरें भने, के तिमीहरू आफैलाई मेरो कृपामा छोड्न सक्छौ, र यी परीक्षाहरूको बीचमा, के मेरा अभिप्रायहरूको खोजी गर्न र मेरो हृदयलाई बुझ्न सक्छौ? तँ हृदयस्पर्शी वचनहरू बोल्न, वा धेरै वटा रोमाञ्चक कथाहरू भन्न सक्षम भएको म चाहन्नँ; बरु, तँ मेरो राम्रो गवाही बन्न सक्, र तँ पूर्ण र गहन रूपमा वास्तविकतामा प्रवेश गर्न सक् भनेर म तँलाई अह्राउँछु। यदि म सिधा बोल्दिनँ थिएँ भने

के तैंले आफ्नो वरिपरिका सबै थोकहरू त्याग्न सक्थिस् र आफैलाई मद्वारा प्रयोग हुन दिन सक्थिस्? के मैले चाहेको वास्तविकता यही होइन र? मेरा वचनहरूमा भएको अर्थ कसले बुझ्न सक्दछ? तापनि म तिमीहरूलाई भन्छु, अब उप्रान्त शङ्काको भारले नथिचिनू, तिमीहरू आफ्नो प्रवेशमा सक्रिय हुनू र मेरा वचनहरूको सार बुझ्नू। यसले तिमीहरूलाई मेरा वचनहरू गलत प्रकारले बुझ्नबाट, र मेरो अर्थमा अस्पष्ट भएर मेरो प्रशासनिक आदेशहरूको उल्लङ्घन गर्नबाट बचाउँछ। म आशा गर्छु, मेरा वचनहरूमा तिमीहरूका निम्ति मेरा अभिप्रायहरूलाई तिमीहरूले बुझ्नेछौ। उप्रान्त तिमीहरूका आफ्नै सम्भावनाहरूका बारेमा नसोच र परमेश्‍वरका योजनाबद्ध कार्यहरूमा समर्पित हुनको लागि तिमीहरूले मेरो अघि गरेका सङ्कल्पहरू अनुसार सबै कुरामा व्यवहार गर। मेरो परिवारभित्र उभिने सबै जनाले आफूले सक्ने जति गर्नुपर्दछ; तैंले पृथ्वीमा मेरो कामको अन्तिम भागका निम्ति आफ्नो सबैभन्दा उत्तम थोक चढाउनुपर्छ। के तँ साँच्चै यी कुरालाई अभ्यास गर्न इच्छुक छस्?

फेब्रुवरी २३, १९९२

# अध्याय ५

मेरो आत्माको आवाज मेरो स्वभावको सम्पूर्णताको अभिव्यक्ति हो। तिमीहरू बुझ्छौ? यस बुँदामा अस्पष्ट हुनु भनेको मलाई प्रत्यक्ष रूपमा विरोध गर्नु बराबर हुनेछ। के तिमीहरूले यसमा रहेको महत्त्वलाई साँच्चिकै देखेका छौ? मैले तिमीहरूमा कति धेरै मेहनत, कति धेरै शक्ति खर्च गर्छु के तिमीहरूलाई वास्तवमै थाहा छ? तिमीहरूले जे गरेका छौ र मेरा सामुन्ने तिमीहरूले कसरी व्यवहार गरेका छौ त्यसलाई उदाङ्गो राख्न के तिमीहरू वास्तवमै हिम्मत गर्छौ? र आफैलाई मेरो अगाडि मेरा जनहरू भनी भन्ने साहस तिमीहरूसँग छ–तिमीहरूसँग लाज छैन, कुनै समझ हुने कुरा त परै जाओस्! ढिलो वा चाँडो, तिमीहरू जस्ता मानिसहरू मेरो घरबाट निष्कासित हुनेछौ! मेरो लागि तँ साक्षी बनेको छस् भन्ने ठानेर मेरो अघि अनेक बहानाहरू बनाउँदै नआइज! के मानवजाति यसो गर्न सक्षम छ? यदि तेरा अभिप्रायहरू र तेरा लक्ष्यहरूका केही पनि बाँकी नरहेको भने, तँ लामो समयदेखि फरक मार्गमा अल्झिएको हुनेथिइस्। के मानव हृदयले कति लिन सक्छ सो मलाई थाहा छैन भन्ने तँलाई लाग्छ? यो समयदेखि उसो, सबै कुराहरूमा, तँ अभ्यासको वास्तविकतामा प्रवेश गर्नुपर्छ; विगतमा तैँले गरे जस्तो तेरो मुख चलाएर मात्र तँ अघि बढ्न सक्दैनस्। विगतमा, तिमीहरूमध्ये अधिकांशले मेरो छानो मुनि निःशुल्क खायौ-पियौ; आज तिमीहरू अटल रूपमा उभिन सक्षम हुनुको कारण मेरा वचनहरूका कठोरताले गर्दा मात्र हो। के म जथाभाबी र विना उद्‌देश्य बोल्छु भन्ने तँलाई लाग्छ? असम्भव! म सबै कुराहरूलाई उच्च-स्थानबाट तल हेर्छु, र सबै कुराहरूमाथि उच्च-स्थानबाट प्रभुत्वको अभ्यास गर्छु। यसै गरी मैले मेरो मुक्तिलाई यस पृथ्वीमा ठीक ठाउँमा राखेको छु। मानिसका हरेक चाल र उनीहरूले भन्ने र गर्ने सबै कुरा मेरो गोप्य स्थलबाट मैले नहेर्ने त्यस्तो कुनै क्षण छैन। मानिसहरू मेरो लागि खुला किताब हुन्: उनीहरू प्रत्येकलाई र सबैलाई म हेर्छु र चिन्छु। गोप्य स्थल मेरो निवास हो, र समग्र

आकाश-मण्डल म सुत्ने ओछ्यान हो। म प्रताप, धार्मिकता, र न्यायद्वारा परिपूर्ण भएकाले शैतानका फौजले मलाई भेट्न सक्दैनन्। मेरा वचनहरूमा अवर्णनीय रहस्य रहन्छ। जब म बोलिरहेको हुन्छु, तिमीहरू, केही थाहा नभए जस्तो, भर्खरै पानीमा फालिएका अन्योलग्रस्त चराहरू जस्ता वा भर्खरै त्रासित बच्चाहरू जस्ता बन्छौ किनकि तिमीहरूको आत्मा हक्का न बक्कको स्थितिमा झरेको छ। गोप्य स्थल मेरो निवास हो भनेर म किन भन्छु? के तँलाई मेरा वचनहरूका गहन अर्थ थाहा छ? मानिसहरूमध्ये मलाई चिन्न को सक्षम छन्? आफ्नै पिता र मातालाई चिने जसरी मलाई चिन्न को सक्षम छन्? मेरो निवासमा विश्राम गर्दै म नजिकबाट अवलोकन गर्छु: पृथ्वीमा सबै मानिसहरू आफ्ना गन्तव्य र आफ्ना भविष्यको लागि मात्र "संसारभरि यात्रा गर्ने" र यताउता दगुर्ने दौडधूप गर्छन्। तर, मेरो राज्य निर्माणको लागि दिनलाई अलिकति पनि ऊर्जा छैन, सास फेर्नको लागि चाहिने जति ऊर्जा समेत छैन। मैले मानिसहरूको सृष्टि गरेँ, र मैले उनीहरूलाई धेरै पटक विपत्तिबाट बचाएको छु; तथापि, यी मानिसहरू सबै अकृतज्ञ छन्: तिनीहरूमध्ये एक जना पनि मेरो मुक्तिका सबै घटनाहरू गणना गर्न सक्षम छैनन्। संसारको सृष्टिदेखि वर्तमानसम्म आइपुग्दा यति धेरै वर्षहरू–यति धेरै शताब्दीहरू–भइसकेको छ; मैले यति धेरै आश्चर्यकर्महरू गरेको छु र यति धेरै पटक मेरो बुद्धिलाई प्रकट गरेको छु। यति हुँदाहुँदै पनि, मानिसहरू मेरा मामिलाहरूमा ध्यान दिने थोरै पनि मनसाय नभएका, मानसिक रोगी जस्तो पागल र सुस्त, र अझ कहिलेकहीँ त जङ्गलमा दगुरिहिँड्ने जङ्गली जनावरहरू जस्ता छन्। धेरै पटक, मैले मानिसलाई मृत्युको सजाय दिएको छु र उनीहरूलाई मृत्यु-दण्ड दिएको छु, तर मेरो व्यवस्थापनको योजनालाई कसैले पनि हेरफेर गर्न सक्दैन। त्यसैले, आफू टाँसिएका पुराना कुराहरूलाई मानिसहरू मेरा हातहरूमा प्रकट गर्न जारी राख्छन्। मेरा कामका चरणहरूले गर्दा पतित, भ्रष्ट, अश्लील, र घृणित भएको ठूलो परिवारमा जन्मिएका तिमीहरूको अस्तित्वलाई मैले पुनः एक पटक उद्धार गरेको छु।

एक क्षण पनि नथामिईकन मेरो योजनाबद्ध काम अगाडि बढिरहेको छ। राज्यको युगमा सरेपछि, र मेरा जनहरूका रूपमा तिमीहरूलाई मेरो राज्यमा ल्याएपछि, तिमीहरूलाई मैले गर्ने अरू मागहरू हुनेछन्; भन्नुको अर्थ, म तिमीहरूको सामुन्ने विधान जारी गर्न सुरु गर्नेछु, जसद्वारा म यो युगलाई सञ्चालन गर्नेछु:

तिमीहरूलाई मेरा जनहरू भनिएको हुनाले, मेरो नामलाई महिमायुक्त बनाउन तिमीहरू सक्षम हुनुपर्छ; यसको अर्थ, परीक्षाको घडीमा साक्षीको रूपमा खडा हुन सक्नुपर्छ। यदि कसैले मलाई फुस्ल्याउने र मबाट सत्य लुकाउने प्रयास गर्छ, वा मेरा पछाडि अशोभनीय क्रियाकलापहरूमा संलग्न हुन्छ भने, तिनीहरूलाई मैले निराकरण नगरुन्जेलसम्म, यस्ता मानिसहरूलाई मेरो घटबाट लखेटिनेछ र निकालिनेछ, यसमा कुनै अपवाद छैन। विगतमा जो मसँग बेइमान र अपुत्रोचित थिए, र मलाई खुला रूपमा जाँच्न जो आज फेरि खडा छन्–तिनीहरू पनि मेरो घरबाट लखेटिइनेछन्। जो मेरा जनहरू हुन् उनीहरूले मेरा बोझहरूको लागि निरन्तर चासो देखाउनु पर्छ साथै मेरा वचनहरू बुझ्न खोज्नुपर्छ। यस प्रकारका मानिसहरूलाई मात्र म अन्तर्दृष्टि दिनेछु, र कहिल्यै सजाय नपाउने गरी उनीहरू निश्चय नै मेरो मार्गदर्शन र अन्तर्दृष्टि अन्तर्गत जिउनेछन्।

मेरा बोझहरूको लागि चासो देखाउन असफल हुनेहरू उनीहरूको आफ्नै भविष्यहरूको लागि योजना बनाउन दत्तचित्त हुन्छन्–यसको अर्थ, जो आफ्ना कार्यहरूद्वारा मेरो हृदयलाई सन्तुष्ट पार्ने लक्ष्य राख्दैन, तर सहयोगका हातहरूको खोजी गर्छन्–ती मगन्ते जस्ता प्राणीहरूलाई प्रयोग गर्न म पूर्णरूपमा इन्कार गर्छु किनकि मेरा बोझहरूको लागि चासो देखाउनु भनेको के हो तिनीहरू जन्मिएको समयदेखि तिनीहरूले जानेका छैनन्। तिनीहरू सामान्य समझ नभएका मानिसहरू हुन्; यस्ता मानिसहरू मस्तिष्कको "कुपोषण" बाट ग्रसित छन्, र केही "पोषण" को लागि उनीहरू घर जान आवश्यक छ। यस्ता मानिसहरू मेरो लागि व्यर्थ छन्। मेरा जनहरूका माझमा, खानु, कपडा लगाउनु, र सुत्नु जस्ता कुनै व्यक्तिले एकै क्षणको लागि पनि कहिल्यै नबिर्सिने कुराहरूलाई जस्तै, मलाई चिन्ने कार्य पनि अन्तिमसम्म नै देखिने बाध्यात्मक कर्तव्यको रूपमा सबैबाट माग गरिनेछ, ता कि मलाई चिन्ने काम पनि, आखिरमा, खानपान गर्नु जस्तै परिचित कुरा बन्नेछ– जुन कुरालाई तैँले अभ्यस्त भइसकेको हातले कुनै प्रयत्न विना नै गर्छस्। मैले बोलेका वचनहरूलाई हरेक व्यक्तिले उच्चतम विश्वासका साथ लिनुपर्छ र पूर्णरूपमा आत्मसात् गर्नुपर्छ; झाराटारुवा अर्ध-मापन हुन सक्दैन। मेरा वचनहरूलाई ध्यान नदिनेलाई सीधै मेरो प्रतिरोध गरेको मानिने छ; मेरा वचनहरूलाई नखाने वा तिनलाई बुझ्न नखोज्नेलाई मेरो ध्यान नदिएको मानिने छ, र मेरो घरको ढोकाबाट सीधै बाहिर बढारिने छ। यसो गर्नुको कारण, विगतमा मैले भने जस्तै, म मानिसहरूको ठूलो सङ्ख्या होइन श्रेष्ठता चाहन्छु। सय जना मानिसहरूमध्ये मेरा वचनहरूद्वारा यदि एक जनाले मात्र मलाई चिन्न सक्षम भयो भने त्यसपछि उक्त एक जनालाई अन्तर्दृष्टि दिने र प्रकाश छर्ने काममा ध्यान केन्द्रित गर्न म स्वेच्छाले अरू सबैलाई फालिदिनेछु। यसबाट तैँले देख्न सक्छस् धेरै सङ्ख्याले मात्र मलाई प्रकट गर्न र ममा जिउन सक्छन् भन्ने सत्य होइन। मैले चाहेको गहूँ हो (यद्यपि दानाहरू पोटिला नहुन सक्छन्) र सामा होइन (दानाहरू प्रशंसनीय रूपमा पोटिला भए पनि)। जो खोजीलाई वास्ता गर्दैनन्, तर सुस्त तरिकाले व्यवहार गर्छन् उनीहरूले स्वेच्छाले छोड्नु पर्छ; तिनीहरूलाई हेर्ने मेरो कति पनि चाहना छैन, नत्र तिनीहरूले मेरो नाम बदनाम गराउने कार्यलाई जारी राख्छन्। मेरा जनहरूबाट म के चाहन्छु भन्ने सन्दर्भमा, अहिलेको लागि म यी उपदेशहरूमा रोकिनेछु, र परिस्थितिहरू कसरी बदलिन्छन् त्यसको आधारमा अरू प्रतिबन्धहरू बनाउनको लागि पर्खिनेछु।

विगतका दिनहरूमा, मानिसहरूको ठूलो जमातले सोच्यो म बुद्धिको परमेश्वर स्वयम् थिएँ, मानिसहरूका हृदयहरूमा गहिरिएर हेर्ने म त्यही परमेश्वर थिएँ, तथापि, यो केवल सतही गफ थियो। यदि मानिसहरूले साँच्चिकै मलाई चिनेका थिए भने हतारमा निष्कर्षहरूमा पुग्ने आँट उनीहरूले गर्ने थिएनन्, तर मेरा वचनहरूद्वारा मलाई चिन्ने प्रयत्न जारी राख्ने थिए। जब उनीहरू मेरा कामहरूलाई साँच्चिकै देख्न सक्ने चरणमा पुगेका थिए भने मात्रै, उनीहरू मलाई बुद्धिमान र अद्भुत भन्न लायक हुनेथिए। मेरो बारेमा तिमीहरूको ज्ञान अति सतही छ। युगहरूभरि, यति धेरै मानिसहरूले यति धेरै वर्षहरूसम्म मेरो सेवा गरेका छन् र, मेरा कामहरू देखेर, मेरा बारे साँच्चिकै केही बुझ्न पाएका छन्। यही कारणले गर्दा, मेरा पाइलाहरू खोजी गर्न अति कठिन भएको कारणले, मेरो विरोध गर्ने न्यूनतम मनसायलाई आश्रय दिने आँट नगरी, उनीहरूसँग सधैँ

मप्रति समर्पित हृदय हुने गर्थ्यो। यदि ती मानिसहरूमाझ मेरो मार्गदर्शन अनुपस्थित थियो भने, उनीहरूले अन्धाधुन्ध काम गर्ने आँट गर्ने थिएनन्। तसर्थ, धेरै वर्षहरूको अनुभवमा जिएपछि, उनीहरूले अन्ततः मलाई बुद्धिमान, अद्भुत, र परामर्शदाता भन्दै मेरा वचनहरू दोहोरो धार भएका तरवार जस्ता छन्, मेरा कामहरू महान्, विस्मयकारी, र आश्चर्यजनक छन्, म प्रतापी पहिरनमा छु, मेरो ज्ञान आकाशभन्दा माथि पुग्छ भन्दै, र अन्य अन्तर्ज्ञानहरू बताउँदै मेरो बारेको ज्ञानको एक अंशलाई सामान्य तुल्याए। यद्यपि, आज, मेरो बारेको तिमीहरूको ज्ञान उनीहरूले हालेको जगमा मात्र आधारित छ, तसर्थ तिमीहरूमध्ये धेरैजसोले–सुगाहरूले जस्तै–उनीहरूले बोलेका वचनहरूलाई केवल सुनाइरहेका छौ। तिमीहरूले मलाई चिन्ने तरीका कति सतही छ र तिमीहरूको "शिक्षा" कति दयनीय छ, जसले गर्दा यति धेरै सजायबाट मैले तिमीहरूलाई माफी दिएको छु त्यस कुरालाई मैले ध्यानमा राख्ने हुनाले मात्रै यसो भएको हो। यति हुँदा पनि, तिमीहरूमध्ये धेरैजसोले आफैलाई अझै चिन्दैनौ वा तिमीहरूले आफ्ना काममा मेरो इच्छाको आकाङ्क्षालाई अगाडि नै राखिसकेका छौ, र यही कारणले न्यायबाट उन्मुक्ति पाएका छौ भन्ने सोच्छौ; वा देहधारी भएपछि मानवताका क्रियाकलापहरूबारे भेउ पाउन मैले पूर्णरूपमा छोडेको छु, र यही कारणले तिमीहरूले पनि सजायबाट उन्मुक्ति पाएका छौ; वा तिमीहरूले विश्‍वास गर्ने परमेश्‍वर ब्रह्माण्डका अन्तरिक्षहरूमा अस्तित्वमा छैनन् भन्ने विचार गर्छौ र त्यसैले परमेश्‍वरमा विश्‍वासलाई अन्यथा आलस्यमा व्यतीत गरिने समयलाई कटाउने माध्यमको रूपमा प्रयोग गर्दै, तिमीहरूले परमेश्‍वरलाई जान्ने कामलाई पूरा गर्नै पर्ने कर्तव्यको रूपमा आफ्नो हृदयमा राख्ने कुराभन्दा आफ्नो खाली समयमा गरिने कामकाजको रूपमा घटाएर झारेका छौ। यदि मैले तिमीहरूका योग्यताहरू, विवेक, र अन्तर्दृष्टिहरूको कमीमा सहानुभूति नराखेको भए, मेरो सजायको बीचमा तिमीहरू सबै नष्ट हुने थियौ, अस्तित्वबाटै मेटिनेथियौ। यद्यपि, पृथ्वीमा मेरो काम नसिद्धिएसम्म, मानवजातिप्रति म क्षमाशील रहनेछु। तिमीहरू सबैसँग हुनुपर्ने ज्ञान यही हो र असल र खराब कुन हो त्यसबारे दोधारमा पर्न छोड।

फेब्रुवरी २५, १९९२

## अध्याय ६

आत्माका कुराहरूप्रति सचेत बन्, मेरो वचनमा ध्यान दे, र मेरो आत्मा र मेरो अस्तित्वलाई, मेरो वचन र मेरो अस्तित्वलाई एउटा अविभाज्य सम्पूर्णताको रूपमा मान्न साँच्चै सक्षम बन्, ताकि सबै मानिसहरूले मेरो उपस्थितिमा मलाई सन्तुष्ट पार्न सकून्। जे-जति छन् ती सबैमाथि मैले मेरो पाउ राखेको छु, मैले ब्रह्माण्डको अथाह क्षेत्रको वारपार हेरेको छु, र म सबै मानिसहरूको बीचमा, तिनीहरू माझको मिठास र तीतोपना चाख्दै, हिँडेको छु–तापनि मानिसले मलाई कहिल्यै पनि साँचो रूपले चिनेको छैन, मैले यात्राहरू गरेको बेला त्यसले ममा कहिल्यै पनि ध्यान दिएको छैन। म चुप रहेकोले, र मैले कहिल्यै पनि अलौकिक कार्यहरू नगरेकोले, कसैले मलाई कहिल्यै पनि साँचो रूपले देखेन। आज विगत जस्तो छैन: सृष्टिको समयदेखि अहिलेसम्म कहिल्यै

नदेखिएका कार्यहरू म गर्नेछु, युगौँसम्म कहिल्यै नसुनिएका वचनहरू बोल्नेछु, किनकि सबै मानिसहरूले मलाई शरीरमा चिन्नलाई म भन्नेछु। यी मेरा व्यवस्थापनका कदमहरू हुन्, तर मानिसलाई किञ्चित् आभास छैन। मैले स्पष्ट रूपमा बोलेको छु, तापनि मानिसहरू अबुझ नै रहन्छन्; तिनीहरूलाई बुझाउनु गाह्रो छ। के यो मानिसको तुच्छता होइन र? के मैले बिलकुलै ठीक बनाउन खोजेको कुरा यही होइन र? वर्षौंसम्म, मैले मानिसमा केही पनि गरिनँ; वर्षौंसम्म, मेरो देहधारी भएको शरीरसँग सोझै सम्पर्कमा भएर पनि मेरो ईश्वरत्वबाट सीधै पठाइएको त्यो आवाज कसैले पनि कहिल्यै सुनेन। तसर्थ, निश्चित रूपमा मानिसहरूमा मेरो विषयको ज्ञानको कमी छ, तापनि यसले युगौँदेखि मेरो निम्ति तिनीहरूको प्रेमलाई असर पारेको छैन। तैपनि आज, मैले तिमीहरूमा आश्चर्यपूर्ण काम गरेको छु, त्यस्तो काम जुन बुझ्न नसकिने र बिना नापको छ, र मैले धेरै वचनहरू बोलेको छु। तापनि, यस्ता परिस्थितिहरूमा, मेरो उपस्थितिमा सीधै मलाई विरोध गर्नेहरू अझै धेरै छन्। अब म तँलाई केही उदाहरणहरू दिन्छु।

तँ दिनहुँ मेरो इच्छा बुझ्ने र जीवनको अर्थ प्राप्त गर्ने कोसिस गर्दै अस्पष्ट परमेश्‍वरसँग प्रार्थना गर्छस्। तापनि मेरा वचनहरूको सामना गर्दा, तँ तिनलाई भिन्नै प्रकारले हेर्छस्; तैंले मेरा वचनहरू र आत्मालाई सम्पूर्णताको रूपमा लिन्छन्, तापनि म यस्ता वचनहरू बोल्न मूलभूत रूपमा असक्षम छु भन्ने व्यक्तिलाई विश्‍वास गर्दै मेरो अस्तित्वलाई लात मारेर पन्साउँछन्, ती त मेरो आत्माद्वारा निर्देशित छन्। यस्ता परिस्थितिहरूमा तेरो ज्ञानलाई के हुन्छ? तँ एक हदसम्म मेरा वचनहरूमा विश्‍वास गर्छस्, तापनि म आफैले वस्त्र धारण गर्ने शरीरप्रति विभिन्न कठोर धारणाहरू राख्छस्। तँ त्यो अध्ययन गर्दै हरेक दिन बिताउँछस् र भन्छस्, "उहाँले किन त्यस्तो प्रकारले काम गर्नुहुन्छ? के ती साँच्चै परमेश्‍वरबाट आएका हुन्? असम्भव! उहाँ मभन्दा त्यति फरक हुनुहुन्न–उहाँ पनि त एक सामान्य, साधारण व्यक्ति हुनुहुन्छ।" यस्तो परिस्थितिको व्याख्या कसरी गर्न सकिन्छ?

तिमीहरूमध्ये कोसँग माथिका कुराहरू छैनन्? को त्यस्ता कुराहरूमा तल्लीन भएको छैन? ती तैंले च्याप्प पक्रेर राख्ने व्यक्तिगत सम्पत्तिका वस्तुहरू जस्ता देखिन्छन्, ती छोड्ने इच्छा कहिल्यै राख्दैनस्। तापनि तँ विषयगत कोसिसहरूको पछि त अझ कम लाग्छस्; त्यसको साटो, म आफैले यसलाई गरेको होस् भनी तँ पर्खन्छस्। सत्य कुरा भन्नुपर्दा, खोजी नगर्ने एकै जना व्यक्तिले पनि मलाई सजिलोसँग चिन्नलाई आउँदैन। मैले तिमीहरूलाई सिकाएका यी वचनहरू ख्याल-ठट्टाका होइनन्। किनकि म तेरो सन्दर्भको लागि अर्को दृष्टिकोणबाट अर्को एउटा उदाहरण दिन सक्छु।

पत्रुसको बारेमा उल्लेख गर्दा, मानिसहरूले उसको बारेमा भन्ने असल कुराहरूको अन्त हुँदैन। तिनीहरू तुरुन्तै उसले परमेश्‍वरलाई तीन पटक इन्कार गरेको, उसले शैतानको सेवा गरेर कसरी परमेश्‍वरको परीक्षा गरेको, र आखिरीमा ऊ परमेश्‍वरको खातिर कसरी क्रूसमा उँधोमुन्टो पारी झुन्ड्याइएको, आदि कुराहरू सम्झन्छन्। अब म तिमीहरूलाई पत्रुसले मलाई कसरी चिने र उसको अन्तिम अवस्था कस्तो थियो भन्ने कुरामा जोड दिन जाँदैछु। पत्रुस असल क्षमता भएको व्यक्ति थियो, तर उसका परिस्थितिहरू पावलका जस्तै थिएनन्: उसका बाबुआमाले मलाई सताए, उनीहरू शैतानको अधिकारमुनि रहने भूतात्माहरू थिए, त्यसैको फलस्वरूप, उनीहरूले पत्रुसलाई परमेश्‍वरको

बारेमा कुनै शिक्षा दिएनन्। पत्रुस बुद्धिमान्, प्रतिभाशाली, र सानै उमेरदेखि उसका बाबुआमाद्वारा पुलपुलाइएको थियो। तापनि वयस्क बनेपछि, ऊ उनीहरूका शत्रु बने, किनकि उसले मेरो बारेमा ज्ञानको खोजी गर्न कहिल्यै छोडेन, र फलतः उनीहरूलाई त्यागे। यस्तो किन भयो भने, सबै कुराहरूभन्दा माथि, उसले स्वर्ग र पृथ्वी र त्यसमा भएका सबै थोकहरू सर्वशक्तिमानको हातमा छन् र सबै सकारात्मक कुराहरू परमेश्वरबाट आउँछन् र शैतानको प्रक्रियाबाट भएर जानुभन्दा पहिले सीधै उहाँबाट जारी हुन्छन् भनी विश्वास गर्यो। पत्रुसका बाबुआमाको विरोधाभासले उसलाई मेरो दया र कृपाको अझ ठूलो ज्ञान दियो, यसरी मलाई खोज्ने उसको चाहना अझ बढ्यो। उसले मेरो वचन केवल खाने र पिउनेमा मात्र होइन, तर त्यसबाहेक, मेरो इच्छा बुझ्नमा पनि ध्यान दियो, र ऊ आफ्नो हृदयमा सधैँ सतर्क थियो। फलस्वरूप, आफ्नो आत्मामा ऊ सधैँ संवेदनशील थियो, र यसरी, उसले गर्ने सबै कार्यमा ऊ मेरो हृदयअनुसारको व्यक्ति थियो। आफैलाई प्रोत्साहन दिनका निम्ति उसले विगतमा मानिसहरूको असफलताहरूलाई निरन्तर ध्यान दिने काम गर्थ्यो, असफलताको पासोमा परिएला भनी धेरै डराउथ्यो। त्यसैगरी, उसले युगौं-युगदेखि परमेश्वरलाई प्रेम गर्ने सबैको विश्वास र प्रेम आत्मसात् गर्ने कुरामा पनि ध्यान दियो। यसरी–नकारात्मक पक्षहरूमा मात्र होइन, तर अझ महत्त्वपूर्ण रूपमा, सकारात्मक पक्षहरूमा पनि–ऊ धेरै चाँडो वृद्धि भयो, यहाँसम्म कि मेरो उपस्थितिमा उसको ज्ञान सबैभन्दा महान् बन्यो। तब, उसले आफूसँग भएका सबै थोकहरू कसरी मेरो हातमा दियो, खाने, लाउने, सुत्ने र ऊ कहाँ बस्ने भन्ने विषयमा लिने निर्णय समेत पनि कसरी समर्पण गर्यो, र त्यसको साटो, सबै कुराहरूमा मलाई सन्तुष्ट पार्ने आधारमा मेरा सम्पत्तिहरूको आनन्द उपभोग गर्यो भन्ने कुरा कल्पना गर्नु गाह्रो छैन। मैले उसलाई अनगन्ती परीक्षाहरू अनुभव गर्न लगाएँ–त्यस्ता परीक्षाहरू, जसले स्वाभाविक रूपमा उसलाई अर्ध मृत बनायो–तर यी सयौं परीक्षाहरूको बीचमा पनि उसले मप्रतिको आफ्नो विश्वास कहिल्यै एक पटक पनि गुमाएन वा ममा कहिल्यै निराश भएन। मैले उसलाई त्यागिदिएको छु भन्दा समेत पनि ऊ निरुत्साहित भएन, र व्यावहारिक रूपमा र विगतको अभ्यासको सिद्धान्तहरू अनुसार मलाई प्रेम गरिरह्यो। उसले मलाई प्रेम गरे तापनि म उसको प्रशंसा गर्दिनँ, अन्त्यमा म उसलाई शैतानको हातमा सुम्पिदिनेछु भनेर मैले उसलाई भनेँ। तर त्यस्ता परीक्षाहरूको बीचमा पनि, उसको शरीरमा आएका परीक्षाहरू त होइनन्, तर वचनका परीक्षाहरूको बीचमा, उसले अझै पनि मसँग प्रार्थना गर्दै भन्यो, "हे परमेश्वर! स्वर्ग र पृथ्वी र सबै थोकहरूको माझमा, तपाईंको हातमा नभएको के कुनै यस्तो मानिस, कुनै प्राणी वा कुनै थोक छ र, हे सर्वशक्तिमान्? जब तपाईं मप्रति कृपालु बन्नुहुन्छ, तब तपाईंको कृपाले गर्दा मेरो हृदय अति आनन्दित हुन्छ। जब तपाईंले मेरो न्याय गर्नुहुन्छ, तब म जत्ति नै अयोग्य भएतापनि तपाईंका कामहरूको बुझ्न नसकिने अवस्थाको अझ अधिक ज्ञान प्राप्त गर्छु, किनकि तपाईं अधिकार र बुद्धिले भरिनुभएको छ। मेरो शरीरले कष्टहरू भोगे तापनि मेरो आत्माले सान्त्वना पाएको छ। म तपाईंको बुद्धि र कार्यहरूलाई प्रशंसा नगरी कसरी रहन सकुँला र? तपाईंलाई चिनेपछि म मर्नुपर्छ भने पनि, म खुसी र आनन्दसाथ किन त्यसो गर्न नसकुँला र? हे सर्वशक्तिमान्! मैले तपाईंलाई देखेको के तपाईं साँच्चै चाहनुहुन्न र? के म साँच्चै तपाईंको न्याय पाउन योग्य छैन र? के ममा कुनै यस्तो कुरा छ जुन

तपाईं देख्न चाहनुहुन्न?” त्यस्ता परीक्षाहरूको समयमा, पत्रुस मेरो इच्छा विशुद्ध प्रकारले बुझ्न सक्षम नभए पनि, यो स्पष्ट थियो कि (उसले मेरो इन्साफ प्राप्त गरेको भएतापनि मानव जातिले मेरो प्रताप र क्रोध देख्न सकोस् भनेर) मद्वारा प्रयोग हुने कुरामा ऊ गौरवान्वित र सम्मानित भयो, र ती परीक्षाहरूद्वारा ऊ दुःखी भएन। मेरो सामुन्ने उसको निष्ठाको कारण र मैले उसमाथि राखिदिएको मेरो आशीषको कारण ऊ हजारौं वर्षसम्म मानिसको निम्ति एउटा उदाहरण र नमुना बनेको छ। के तिमीहरूले अनुकरण गर्नुपर्ने कुरा पनि बिलकुल यही होइन र? मैले पत्रुसको बारेमा यति लामो वृत्तान्त किन बताएँ, त्यसबारे राम्ररी र घनीभूत विचार गर; तिमीहरू जिउनु पर्ने सिद्धान्तहरू यी नै हुनुपर्छ।

मलाई थोरै मानिसहरूले चिने तापनि म मानिसमाथि मेरो क्रोध प्रकट गर्दिनँ, किनकि मानिसहरू अति घटी-कमीमा छन्, र मैले तिनीहरूसँग माग गरेको स्तरमा पुग्नु तिनीहरूको निम्ति कठिन छ। यसैले, म हजारौं वर्षदेखि, ठीक आजको दिनसम्म पनि, मानिसप्रति सहनशील भएको छु, तापनि म आशा गर्छु कि तिमीहरू मेरो सहनशीलताको कारण आफू हल्का भएर जानेछैनौ। पत्रुस मार्फत तिमीहरूले मलाई चिन्न र मलाई खोज्न आउनुपर्छ; उसका उपलब्धिहरूबाट तिमीहरूले पहिला कहिल्यै प्राप्त नगरेको अन्तर्दृष्टि प्राप्त गरेको हुनुपर्छ, र यसरी मानिस पहिले कहिल्यै नपुगेका क्षेत्रहरूलाई हात पार्नुपर्छ। यो ब्रह्माण्ड र आकाश-मण्डलभरि, पृथ्वीमाथि र आकाशमा भएका हरेक थोकको बीचमा, पृथ्वीमाथि र आकाशमा भएका सबै कुराहरूले मेरो कामको अन्तिम चरणको निम्ति भरमग्दुर कोसिस गर्छन्। निश्चय नै तिमीहरू शैतानको सेनाद्वारा दिइएको आदेशलाई पालन गर्ने दर्शक बन्ने इच्छा गर्दैनौ। शैतान मानिसहरूको हृदयमा भएको मेरो ज्ञान निल्दै, आफ्ना दाह्राहरू किट्दै र त्यसको अन्तिम मृत्युको यातनामा नङ्ग्राहरू गाड्दै सधैँ हाजिर छ। के तिमीहरू यो समयमा त्यसका धूर्त युक्तिहरूको सिकार बन्न चाहन्छौ? मेरो काम अन्ततः पूरा हुने यो समयमा के तिमीहरू आफ्नो जीवन नाश पार्न चाहन्छौ? के तिमीहरू अझ एकचोटि मैले मेरो सहनशीलता देखाओस् भनी पर्खिरहेका छौ? मेरो बारेमा ज्ञानको खोजी गर्नु नै मुख्य कुरा हो, तर अभ्यासमा ध्यान दिनु अपरिहार्य कुरा हो। मेरा वचनहरू तिमीहरूलाई सीधै प्रकट गरिएका छन्, र म आशा गर्छु कि तिमीहरूले मेरो अगुवाइ पछ्याउन सक्छौ, र अबदेखि उसो तिमीहरूको आफ्नै लागि योजनाहरू र महत्त्वाकाङ्क्षाहरू हुनेछैनन्।

फेब्रुवरी २७, १९९२

# अध्याय ७

सबै पश्चिमी शाखाले मेरो आवाज सुन्नुपर्छ:

के तिमीहरू विगतमा मप्रति विश्वासयोग्य थियौ? के तिमीहरूले मेरा उत्कृष्ट सल्लाहका वचनहरू सुन्यौ? के तिमीहरूका आशा यथार्थवादी छन्, अस्पष्ट र अनिश्चित छैनन्? मानवजातिको बफादारीता, मानवजातिको प्रेम, मानवजातिको विश्वास—यी केही नभएर मबाट आउने कुरा हो, मद्वारा प्रदान गरिने कुरा हो। मेरा मानिसहरू, जब तिमीहरू मेरो वचन सुन्छौ, तब के तिमीहरू

मेरो इच्छा बुझ्छौ? के तिमीहरू मेरो हृदयलाई देख्छौ? विगतमा, सेवाको मार्गमा हुँदा तिमीहरूले थुप्रै उतावचडाव, प्रगति र असफलताको सामना गऱ्यौ, र पतन हुने र मलाई धोका दिने खतरामा पनि पुग्यौ, त्यसको बाबजुत पनि त्यस्ता हरेक क्षण मैले तिमीहरूलाई निरन्तर बचाइरहेको थिएँ भन्ने के तिमीहरूलाई थाह छ? त्यस्ता हरेक क्षणमा म तिमीहरूलाई बोलाउन र उद्धार गर्न निरन्तर मेरो आवाज निकाली रहेको थिएँ भन्ने थाह छ? तिमीहरू धेरै पटक शैतानको जालमा पऱ्यौ; तिमीहरू धेरै पटक मानवताको पासोमा फस्यौ; तिमीहरू धेरै पटक आफूलाई त्याग्न नसकेर अर्कासँग अन्त्यहीन कलहमा हरायौ। धेरै पटक, तिमीहरूको शरीर मेरो घरभित्र थियो जबकी तिमीहरूको हृदय कहीँ भेट्टाउन सकिएन। यद्यपि, तिमीहरूलाई सहारा दिएर उठाउन धेरै पटक मैले मेरा हात तिमीहरूसम्म पऱ्याएको छु, मैले धेरै पटक तिमीहरूका बीचमा कृपाको टुक्रा छरेको छु। मैले धेरै पटक कष्टपछिको तिमीहरूको हैरानीलाई हेर्न सकेको छैन; धेरै पटक...। के तिमीहरूलाई यो थाहा छ?

तैपनि, आज मेरो बन्दोबस्तमा, तिमीहरूले अन्ततः सबै कठिनाइ पार गरेका छौ, र म तिमीहरूको साथमा रमाएको छु; यो मेरो बुद्धिको मणिभ हो। जे होस्, यो राम्रोसँग सम्झ! तिमीहरू आफै बलियो हुँदा को पतन भएको छ? कहिल्यै एकै क्षण कमजोरी नभइकन को बलियो भएको छ? मानिसहरूमध्ये, कसले त्यस्तो आशीर्वाद पाएको छ जुन मबाट आएको होइन? के कसैले कुनै दुर्भाग्य भोगेको छ जुन मबाट आएको होइन? मलाई प्रेम गर्ने सबैले केवल आशीर्वाद मात्र पाउने हुनसक्छ? के अय्यूबलाई आइपरेको दुर्भाग्यको कारण उसले मलाई प्रेम गर्न असफल भयो, त मेरो विरोध गर्ने बाटो रोजेको हुनसक्छ? के पावलले मलाई साँच्चिकै प्रेम गर्न सकेकोले उसले मलाई मेरो उपस्थितिमा वफादारीसाथ सेवा गर्न सकेको थियो भन्ने हुनसक्छ? तिमीहरू मेरो गवाहीलाई दृढ विश्वास गर्छौ भने पनि, के तिमीहरू बीच कोही हुन सक्छ, जसको गवाही विशुद्ध सुन झैँ छ? के मानिसहरूले साँचो बफादारीता दिन सक्छन्? तिमीहरूको गवाहीले मलाई आनन्द दिन्छ भन्ने कुरा तिमीहरूको "बफादारीता" सँग विरोधाभास युक्त छैन, किनकि मैले कहिल्यै कसैबाट धेरै कुरा माग गरेको छैन। मेरो योजना पछाडिको मूल अभिप्रायमा जाँदा, तिमीहरू सबै "दोषपूर्ण सामान" हुनेछौ–अपेक्षित स्तर नभएका। मैले तिमीहरूलाई "कृपाको दाना छर्ने" बारे जे भनेको थिएँ के यो त्यसको एउटा उदाहरण होइन? के तिमीहरूले देख्ने यो मेरो मुक्ति होइन?

तिमीहरू सबैले विगतलाई स्मरण गर्न र सोच्नुपर्छ: मेरो घर फर्केदेखि, के तिमीहरूमध्ये कसैले मलाई पत्रुसले जस्तै फाइदा वा नोक्सान विचार नगरिकन चिन्न सकेका छौ? तिमीहरूले सतही रूपमा बाइबल कण्ठ गरेका छौ, तर के तिमीहरूले यसको मर्मलाई आत्मसाथ गरेका छौ? जस्तो कि, तिमीहरू अझै पनि आफ्नो "पुँजी" त्यागेर आफूलाई साँचो रूपमा छोड्न अस्वीकार गर्छौ। जब म उच्चारण गर्छु, जब म तिमीहरूसँग आमनेसामने कुरा गर्छु, तिमीहरूमध्ये कसले मैले खुलासा गर्ने जीवनको वचन प्राप्त गर्न कहिल्यै आफ्ना बन्द बहीखाता त्यागेका छौ? तिमीहरूमा मेरा वचनप्रति कुनै सम्मान छैन, न त तिमीहरू तिनलाई माया नै गर्छौ। बरु, तिमीहरू आफ्नो स्थान कायम राख्न मेरा वचनलाई मेसिनगन जस्तै आफ्ना दुस्मनमाथि प्रहार गर्न प्रयोग गर्छौ; मलाई चिन्नका लागि थोरै मात्रामा पनि तिमीहरू मेरो न्याय स्वीकार्ने प्रयास गर्दैनौ। तिमीहरू हरेक नै

अरू कसैमाथि हतियार ताकिरहेका छौ; तिमीहरू सबै “निःस्वार्थ” छौ र हरेक परिस्थितिमा “अरूको हितको खातिर सोच्छौ”। तिमीहरूले हिजो गरिरहेको कुरा ठ्याक्कै यही होइन र? र आज? तिमीहरूको “बफादारीता” केही अङ्कले माथि गएको छ र तिमीहरू अलिकति बढी अनुभवी र अलिकति बढी परिपक्व भएका छौ; यसकारणले गर्दा, मप्रतिको तिमीहरूको डर केही बढेको छ र कोही पनि “हल्का रूपले काम” गर्दैन। तिमीहरू किन सदा निष्क्रियताको यो अवस्थामा रहन्छौ? किन तिमीहरूभित्र कतै पनि सकारात्मक पक्ष कहिल्यै फेला पर्दैन? हे मेरा मानिसहरू हो! विगत त धेरै अघि नै सकिसक्यो; तिमीहरू त्यसमा अझै पनि टाँसिएर बस्नु हुँदैन। हिजो तिमीहरू दृढ बसेकाले आज मलाई तिमीहरूले निष्कपट बफादारीता प्रदान गर्नुपर्छ; यसबाहेक, भोलि तिमीहरूले मेरा लागि राम्रो गवाही वहन गर्नुपर्छ र तिमीहरू भविष्यमा मेरो आशीर्वादको उत्तराधिकारी हुनेछौ। यो तिमीहरूले बुझ्नुपर्छ।

म तिमीहरू समक्ष उपस्थित नभए तापनि मेरो आत्माले तिमीहरूलाई निश्चय नै अनुग्रह प्रदान गर्नेछ। म आशा गर्दछु कि तिमीहरूले मेरो आशीर्वादलाई महत्त्वपूर्ण ठान्नेछौ र त्यसैमा भर पर्दै आफूलाई जान्न सक्षम हुनेछौ। तिमीहरूले त्यसलाई आफ्नो पुँजीको रूपमा लिनु हुँदैन, बरु तिमीहरूले मेरा वचन तिमीहरूमा भएको अभाव पुरा गर्न प्रयोग गर्नुपर्छ र यसले तिमीहरूका सकारात्मक तत्व निकाल्छ। म तिमीहरूलाई यही सन्देश दिन्छु!

फेब्रुवरी २८, १९९२

## अध्याय ८

जब मेरा प्रकाशहरू तिनका उत्कर्षमा पुग्छन्, र जब मेरो न्याय अन्त्यतिर आइपुग्छ, तब मेरा सबै मानिसहरू प्रकट हुने र पूर्ण बनाइने समय यो हुनेछ। म मेरो आशयसँग मेल खाने र मेरो प्रयोगको लागि योग्य मानिसहरूको निरन्तर खोजीमा ब्रह्माण्डको सबै कुनाहरूमा यात्रा गर्छु। को माथि उठ्न र मसँग सहकार्य गर्न सक्छ? मानिसहरूले मलाई गर्ने प्रेम सूक्ष्म छ, र ममाथिको तिनीहरूको विश्वास पनि दया लाग्दो रूपमा सानो छ। यदि मैले मानिसहरूका कमजोरीहरूमा मेरा वचनहरूको प्रहार निर्देशित गरिनँ भने, तिनीहरूले धाक लगाउँदै र आडम्बरी सिद्धान्तहरूसँगै उठ्दै, घमन्ड र अतिरञ्जन गर्लान्, मानौं तिनीहरू नै सांसारिक मामिलाहरूको सवालमा सर्वज्ञानी र सर्वज्ञाता हुन्। विगतमा मप्रति “निष्ठावान्” हुनेहरूमध्येमा, र आज मेरो सामुन्ने “स्थिर खडा” हुनेहरूमध्येमा, कसले अझै फूर्ति लगाएर बोल्ने आँट गर्छ? को आफ्ना भावी सफलताहरूमा गोप्य रूपमा खुसी हुँदैन र? जब मैले मानिसहरूलाई सीधै पर्दाफास गरिँन, तब तिनीहरू लुक्ने कुनै ठाउँ भएन र सर्मद्वारा उत्पीडित भए। यदि मैले फरक तरिकामा बोलेँ भने, यो अझ कति धेरै भयङ्कर होला? मानिसहरूसँग अझ अधिक कृतज्ञताको भाव होला, कुनै पनि कुराले तिनीहरूलाई निको पार्न सक्दैन भन्ने कुरामा तिनीहरूले विश्वास गर्लान्, र सबै जना तिनीहरूको निष्क्रियताद्वारा कसिएर बाँधिएका होलान्। जब मानिसहरूले आशा गुमाउँछन्, तब राज्यको सलामी औपचारिक रूपमा चर्को हुन्छ, जस्तो कि, मानिसहरूले भनेका छन्, “त्यस्तो समय जब सात गुणा तीव्र

आत्माले काम गर्न थाल्छ।” अर्को शब्दमा, यो तब हुन्छ जब राज्यको यो जीवन आधिकारिक रूपमा यस पृथ्वीमा सुरु हुन्छ; यो तब हुन्छ जब मेरो ईश्वरत्व सीधै (कुनै मानसिक “प्रक्रिया” बिना) काम गर्न निस्कन्छ। सबै मानिसहरू व्यस्त रूपमा हतारो गर्छन्, मानौं तिनीहरू कुनै एउटा सपनाबाट बिउँताइका वा उठाइएका छन्, र उठ्दै गर्दा, यस्ता परिस्थितिहरूमा आफैलाई पाएकोमा चकित पर्छन्। विगतमा, मैले मण्डली निर्माणको बारेमा धेरै भनें; मैले धेरै रहस्यहरू प्रकट गरें, तर जब त्यो काम यसको शिखरमा पुग्यो, तब यो एक आकस्मिक अन्त्यमा आइपुग्यो। तथापि, राज्यको निर्माण फरक कुरा हो। जब आत्मिक क्षेत्रको युद्ध यसको अन्तिम चरणमा पुग्छ, तब मात्र म मेरो काम यस पृथ्वीमा नवीन प्रकारले गर्न सुरु गर्छु। भन्नुको मतलब, सबै मानिसहरू पछि हट्ने अवस्थाको सङ्घारमा आइपुग्दा मात्र म औपचारिक रूपमा मेरो नयाँ कार्य थाल्छु र खडा गर्छु। राज्य निर्माण र मण्डली निर्माणबीचको भिन्नता यो हो कि मण्डली निर्माणमा, मैले मानवतामार्फत काम गरें जुन ईश्वरत्वद्वारा शासित थियो; मैले तिनीहरूको विकृत अवस्थाहरू सीधै प्रकट गर्दै र तिनीहरूको सारको पर्दाफास गर्दै मानिसको पुरानो प्रकृतिमा प्रत्यक्ष काम गरें। परिणाम स्वरूप, यही आधारमा तिनीहरूले आफैलाई चिन्न पाए, र त्यसैले आफ्ना हृदयहरूमा र आफ्ना वचनहरूमा सुनिश्चित भए। राज्य निर्माणमा, म सीधै मेरो ईश्वरत्वमार्फत काम गर्छु, र अन्ततः वचन देहधारी हुन आएको सन्दर्भमा मेरो बारेमा ज्ञान प्राप्त गर्ने मौका दिँदै मसँग के छ र मेरा वचनहरूको ज्ञानको जगमा म को हुँ भन्ने कुरा सबै मानिसहरूलाई बुझ्ने मौका प्रदान गर्छु। यसरी सबै मानव जातिले गरेको अस्पष्ट परमेश्वरको खोजी समाप्त हुन्छ, र यसरी तिनीहरूले स्वर्गमा हुनुहुने परमेश्वरको लागि आफ्ना हृदयहरूमा ठाउँ राख्न छोड्छन्; भन्नुको मतलब, म देहधारी हुँदाखेरि मैले गर्ने कार्य मानव जातिलाई बुझ्न दिन्छु, र यसरी पृथ्वीमा मेरो समयलाई टुङ्ग्याउँछु।

राज्यको निर्माण सीधै आत्मिक क्षेत्रमा लक्षित छ। भन्नुको मतलब, आत्मिक क्षेत्रको युद्धको अवस्थालाई सबै मेरा मानिसहरूको माझमा प्रस्ट गरिएको छ, र मण्डलीभित्र मात्र होइन, तर राज्यको युगमा अझ धेरै, हरेक व्यक्ति नै नित्य युद्धमा छ भन्ने कुरा देखाउन यो पर्याप्त छ। तिनीहरूका पार्थिव शरीरहरूको बाबजुत पनि, यो आत्मिक क्षेत्र सीधै प्रकट गरिन्छ, र तिनीहरू यस आत्मिक क्षेत्रको जीवनसँगको संसर्गमा आउँछन्। यसरी, जब तिमीहरू विश्वासयोग्य हुन सुरु गर्छौ, तब तिमीहरूले मेरो कामको अर्को भागको निम्ति ठीक प्रकारले तयारी गर्नुपर्छ। तिमीहरूले आफ्नो हृदयको सम्पूर्णता नै त्याग्नुपर्छ; अनि मात्र तिमीहरूले मेरो हृदयलाई सन्तुष्ट पार्न सक्छौ। मण्डलीमा अगाडि के भयो सोबारे म केही मतलब राख्दिनँ; आज, यो यही राज्यमा छ। मेरो योजनामा, शैतानले, अहिलेसम्म नै, पाइलैपिच्छे पछ्याउँदै आएको छ र, मेरो बुद्धिको प्रतिभारको रूपमा, मेरो मौलिक योजनालाई अवरोध शैलीहरू र माध्यमहरू पत्ता लगाउने कोसिस गर्दै आएको छ। तापनि के म त्यसका छली युक्तिहरूमा फस्न सकुँला र? स्वर्गमा र पृथ्वीमाथि हरेक थोकले मेरो सेवा गर्छ; के शैतानका छली युक्तिहरू केही फरक हुन सक्लान् र? ठीक यहाँनेर नै मेरो बुद्धिले प्रतिछेदन गर्छ; मेरा कार्यहरूको बारेमा भएको आश्‍चर्य ठीक यही नै हो, र मेरो सारा व्यवस्थापन योजनाको सञ्चालनको सिद्धान्त नै यही हो। राज्य निर्माणको युगको समयमा, अझै

पनि म शैतानको छली युक्तिहरूलाई पन्छ्याउँदिन, तर मैले गर्नैपर्ने कार्यलाई जारी राख्छु। ब्रह्माण्ड र सारा थोकहरूको माझमा, मैले शैतानका कार्यहरूलाई मेरो प्रतिभारको रूपमा छानेको छु। के यो मेरो बुद्धिको प्रदर्शन होइन र? मेरो कार्यको बारेमा रहेको आश्चर्य नै ठीक यही होइन र? राज्यको युगभित्र प्रवेश गर्ने अवसरमा, स्वर्गमा र पृथ्वीमाथि भएका सबै थोकहरू पूर्ण रूपमा रूपान्तरित हुन्छन्, र तिनले उत्सव र आनन्द मनाउँछन्। के तिमीहरू केही फरक छौ? कसको हृदयमा महको मिठास छैन? को आनन्दले भरिएर छताछुल्ल भएको छैन? को उल्लासले नाच्दैन? कसले प्रशंसाका शब्दहरू उच्चारण गर्दैन?

मैले माथि चर्चा र छलफल गरेका कुराहरू सबैका लक्ष्यहरू र उत्पत्ति तिमीहरू बुझ्छौ, वा बुझ्दैनौ? यदि मैले यो नसोधेको भए, मैले केवल बकबक गर्दै थिएँ भन्ने अधिकांश मानिसहरूले विश्वास गर्थे होलान्, र मेरा वचनहरूको स्रोतलाई नाप्न असक्षम हुन्थे होलान्। यदि तिमीहरूले तिनलाई ध्यान दिएर विचार गर्छौ भने, तिमीहरूले तिनको महत्त्वको बारेमा बुझ्नेछौ। तैंले तिनलाई नजिकबाट पढ्नु बेस हुन्थ्यो: मेरा वचनहरूमध्ये कुन तेरो लागि लाभदायक छैन? कुनले तेरो जीवन वृद्धि गर्ने आशय राख्दैन? कुनले आत्मिक क्षेत्रको यथार्थको बारेमा बोल्दैन? मेरा वचनहरूमा अनुप्रास वा तर्क छैन, कि तिनमा व्याख्या र अर्थ खोलाइको अभाव छ भनी अधिकांश मानिसहरू विश्वास गर्छन्। के मेरा वचनहरू साँच्चै यति अमूर्त र अभेद्य छन्? के तिमीहरू साँच्चै मेरा वचनहरूप्रति समर्पित छौ? के तिमीहरू साँच्चै मेरा वचनहरू स्विकार गर्छौ? के तिमीहरूले तिनलाई खेलौनाको रूपमा व्यवहार गर्दैनौ? के तैंले तिनलाई तेरो आफ्नो कुरूपतालाई ढाक्ने कपडाको रूपमा प्रयोग गर्दैनस्? यस विशाल संसारमा, को मद्वारा व्यक्तिगत रूपमा जाँच गरिएको छ? कसले व्यक्तिगत रूपमा मेरो आत्माका वचनहरू सुनेको छ? धेरै मानिसहरू छामछुम गर्छन् र अन्धकारमा खोज्छन्; धेरैले आपदको बीचमा प्रार्थना गर्छन्; भोका र कठ्याङ्ग्रिएका धेरैले आशामा हेर्छन्; र धेरै शैतानद्वारा बन्धित छन्; तापनि धेरैलाई कहाँ फर्कने थाहा छैन, धेरैले आफ्नो खुसीको बीचमा मलाई त्याग्छन्, धेरै अकृतज्ञ छन्, र धेरै शैतानको छली युक्तिहरूप्रति निष्ठावान् छन्। तिमीहरूमध्येमा अय्यूब को हो? पत्रुस को हो? किन मैले अय्यूबलाई बारम्बार उल्लेख गरेको छु? किन मैले पत्रुसलाई यति धेरै पटक जनाएको छु? के तिमीहरूले तिमीहरूको लागि मेरा आशाहरू के हुन् भनी कहिल्यै निश्चित गरेका छौ? तिमीहरूले यस्ता कुराहरूमा मनन गर्न अधिक समय खर्च गर्नुपर्छ।

पत्रुस धेरै वर्षसम्म मप्रति विश्वासयोग्य थिए, तापनि उसले कहिल्यै गनगन गरेन न त कुनै गुनासो गरे; अय्यूब समेत पनि उसको बराबरीमा थिएन, र युगहरूभरि नै, सन्तहरू पत्रुसको तहसम्म पुग्नबाट चुकेका छन्। उसले केवल मलाई जान्न मात्र खोजेन, तर शैतानले त्यसका छली युक्तिहरू मञ्चन गर्दै गरेको समयावधिमा पनि उसले मलाई जान्न आयो। यसले, सदैव मेरो इच्छाको धारमा रहेर, धेरै वर्षसम्म मेरो सेवा गर्न पत्रुसलाई अभिप्रेरित गर्यो र यस कारणले गर्दा, ऊ शैतानद्वारा कहिल्यै शोषित भएन। पत्रुसले अय्यूबको विश्वासबाट पाठहरू सिके, तापनि अय्यूबका कमजोरीहरूलाई पनि प्रस्टै देखे। यद्यपि अय्यूबसँग ठूलो विश्वास थियो, उससँग आत्मिक क्षेत्रमा भएका कुराहरूको बारेमा ज्ञानको अभाव थियो, त्यसैले उसले धेरै कुराहरू भने जुन वास्तविकतासँग मेल खाएनन्;

यसले देखाउँछ कि अय्यूबको ज्ञान सतही र सिद्धताको निम्ति असक्षम थियो। त्यसैले, पत्रुसले सदैव आत्माको भाव प्राप्त गर्ने कुरामा ध्यान केन्द्रित गर्‍यो, र आत्मिक क्षेत्रका गतिशीलताहरूलाई अवलोकन गर्न सदैव ध्यान दियो। परिणाम स्वरूप, ऊ मेरो चाहनाका कुराहरू पत्ता लगाउन मात्र सक्षम भएन, तर उसले शैतानको छली युक्तिहरूको बारेमा पनि थोरै ज्ञान पाए। यसले गर्दा, मेरो बारे उसको ज्ञान युगहरूभरिका जोसुकैको भन्दा पनि महान् भएर बढ्यो।

पत्रुसले गरेको अनुभवबाट, यो कुरा देख्न कठिन छैन कि यदि मानिसहरूले मलाई जान्न चाहन्छन् भने, तिनीहरूले आफ्ना आत्माहरूभित्र नै सचेत भएर हेक्का राख्ने कुरामाथि जोड दिनुपर्छ। तैंले आफ्नो निश्चित मात्रा मलाई बाह्य रूपमा “समर्पण” गर भनेर म भन्दिनँ; यो त द्‌वितीय सरोकारको विषय हो। यदि तैंले मलाई चिन्दैनस् भने, सबै विश्‍वास, प्रेम, र निष्ठा जसको विषयमा तँ कुरा गर्छस् ती भ्रमहरू मात्र हुन्छन्; ती बकबक हुन्छन्, र तँ मेरो सामुन्ने निकै ठूलो गर्व गर्ने तर आफैलाई नचिन्ने व्यक्ति बन्ने निश्चित छस्। यसको मतलब, तँ फेरि एक पटक शैतानद्‌वारा पासोमा फसाइने छस् र आफैलाई मुक्त गर्न असमर्थ हुनेछस्; तँ अनन्त विनाशको पुत्र र विध्वंसको पात्र हुनेछस्। तापनि, यदि तँ मेरा वचनहरूप्रति मन्द र बेमतलबी हुन्छस् भने, तैंले निःसन्देह मेरो विरोध गर्छस्। यो वास्तविकता हो, र मद्‌वारा सजाय प्राप्त गरेका धेरै र विविध आत्माहरूलाई तैंले आत्मिक क्षेत्रको द्‌वारबाट चियाएर हेर्नु बेस होला। मेरा वचनहरूसँग सामना गर्दा, तिनीहरूमध्ये को निष्क्रिय, बेमतलबी, र अस्वीकारी थिएन र? तिनीहरूमध्ये को मेरा वचनहरूको बारेमा निन्दनीय थिएन र? तिनीहरूमध्ये कसले मेरा वचनहरूमा खोट पत्ता लगाउने कोसिस गरेन र? तिनीहरूमध्ये कसले आफैलाई “रक्षा” गर्न मेरा वचनहरूलाई “प्रतिरक्षात्मक शस्त्रहरू” को रूपमा प्रयोग गरेन र? तिनीहरूले मलाई जान्ने माध्यमको रूपमा मेरा वचनहरूमा भएका विषयवस्तुहरूलाई प्रयोग गरेनन्, तर केवल खेल्ने खेलौनाहरूको रूपमा प्रयोग गरे। यसमा, के तिनीहरूले मलाई सीधै विरोध गर्दै थिएनन् र? मेरा वचनहरू को हुन्? मेरो आत्मा को हो? मैले तिमीहरूलाई यस्ता प्रश्‍नहरू धेरै पटक सोधेको छु, तापनि के तिमीहरूले तीबारे कहिल्यै कुनै अझ उच्चतम र स्पष्ट अन्तर्दृष्टिहरू पाएका छौ? तिमीहरूले कहिल्यै तिनलाई साँच्चै अनुभव गरेका छौ? म तिमीहरूलाई फेरि एक पटक स्मरण गराउँछु: यदि तिमीहरूले मेरा वचनहरू जान्दैनौ, वा तिनलाई स्विकार गर्दैनौ, वा तिनलाई अभ्यासमा लगाउँदैनौ भने, तिमीहरू पक्कै पनि मेरो सजायका पात्रहरू बन्नेछौ! तिमीहरू पक्कै पनि शैतानका सिकारहरू बन्नेछौ!

फेब्रुवरी २९, १९९२

## अध्याय ९

तँ मेरो घरानाका मानिसहरूमाझ भएकोले, र तँ मेरो राज्यमा विश्‍वासी भएकोले, तैंले गर्नुपर्ने सबै कुराहरूमा मेरो आवश्यकताका मापदण्डहरू पालन गर्नैपर्छ। म तँलाई उड्ने बादलभन्दा बढी केही नबनेस् भनेर भन्दिन, तर तँ चम्किलो हिउँ बनेस्, र त्यसको सार पाएस् र अझ भन्दा, यसको मान पाएस्। म पवित्र भूमिबाट आएको हुनाले, म त्यो कमलको फूलजस्तो होइन, जसको

केवल नाउँ छ तर कुनै सार छैन, किनकि त्यो हिलोबाट आएको हो, पवित्र भूमिबाट होइन। नयाँ स्वर्ग पृथ्वीमा झर्ने र नयाँ पृथ्वी आकाशहरूमा फैलने समय ठीक त्यै समय पनि नै हो, जुन बेला म औपचारिक रूपमा मानिसहरूमाझ काम गरिरहेको हुन्छु। मानवजातिमाझ कसले मलाई चिन्छ? मेरो आगमनको क्षण कसले देख्यो? मेरो नाउँ मात्र छैन, तर त्यसबाहेक ममा सार पनि छ भनी कसले देखेको छ? म मेरो हातले सेता बादलहरू हटाउँछु र आकाशलाई नजिकबाट नियालेर हेर्दछु; अन्तरिक्षमा मेरो हातले नमिलाएको कुनै कुरा नै छैन, र त्यसको मुनि, मेरो शक्तिशाली उद्‌यमको कामका लागि आफ्नो सानो प्रयास योगदान नगर्ने कोही छैन। म सधैं व्यावहारिक परमेश्‍वर रहिआएको हुनोले, र म मानिसहरूलाई सृष्टि गर्ने र तिनीहरूलाई राम्ररी चिन्ने सर्वशक्तिमान् भएकोले म पृथ्वीका मानिसहरूबाट कठिन माग गर्दिनँ। सबै मानिसहरू सर्वशक्तिमानको आँखाको सामुन्ने छन्। पृथ्वीको दुर्गम किनारमा भएका मानिसहरू पनि कसरी मेरो आत्माको जाँचबाट बच्न सक्छन्? मानिसहरूले मेरो आत्मालाई "चिने" पनि तिनीहरूले अझै पनि मेरो आत्मालाई दुःखी बनाउँछन्। मेरा वचनहरूले सबै मानिसको कुरूप अनुहारका साथै उनीहरूका भित्री विचारहरूलाई उदाङ्गो पार्दछन्, र पृथ्वीमा भएका सबैलाई मेरो ज्योतिद्‌वारा मामुली पार्ने र मेरो सूक्ष्म जाँचको दौरान असफल तुल्याउने गर्दछन्। तथापि, असफल भए पनि तिनीहरूका हृदयले मबाट टाढा जाने साहस गर्दैन। सृष्टि गरिएका वस्तुहरू मध्येमा, को चाहिँ मेरा कामहरूको फलस्वरूप मलाई प्रेम गर्न आउँदैन र? मेरा वचनहरूको परिणामस्वरूप कसले मेरो चाहना गर्दैन र? मेरो प्रेमको परिणामस्वरूप कसमा अनुरागको भावनाहरू उत्पन्न हुँदैन र? शैतानको भ्रष्टताको कारणले मात्र मानिसहरू मैले अनिवार्य गरेको अवस्थामा पुग्न असमर्थ भएका छन्। मैले अनिवार्य गरेको न्यूनतम मापदण्डहरूले समेत मानिसहरूमा सन्देह उत्पन्न गर्दछ, आजको विषयमा त केही नभने हुन्छ—यो युग, जहाँ शैतानले दङ्गा गर्दछ र एकदमै निरङ्कुश भएको छ—वा त्य समय जसममा मानिसहरूलाई शैतानले यति सम्म कुल्चिको छ कि तिनीहरूका शरीरहरू पूरै फोहोरमा लतपत छन्। मानिसहरूका भ्रष्टताको फलस्वरूप तिनीहरू मेरो हृदयको वास्ता गर्न असफल भएका कुराले मलाई कहिले दुःखी बनाएको छैन र? के म शैतानलाई टिठ् गर्ने सक्छु? के मैले आफ्नो प्रेममा गल्ती गरेको हुन सक्छु? जब मानिसहरूले मेरो अवज्ञा गर्छन्, मेरो हृदय चुपचाप रुन्छ; जब तिनीहरू मेरो प्रतिरोध गर्छन् म तिनीहरूलाई दण्ड दिन्छु; जब तिनीहरू मद्‌वारा बचाइन्छन् र मरेकाहरूबाट पुनरुत्थान हुन्छन्, म अधिकतम ध्यान दिएर तिनीहरूलाई पोषित गर्दछु; जब तिनीहरू मेरो अधीनमा बस्छन्, मेरो हृदय ढुक्क हुन्छ र म तुरुन्त स्वर्ग र पृथ्वी अनि सबै कुराहरूमा ठूला परिवर्तनहरू भएको महसुस गर्दछु। जब मानिसहरूले मेरो प्रशंसा गर्छन्, म त्यसको आनन्द नलिई कसरी बस्न सक्छु र? जब तिनीहरू मेरो साक्षी बन्छन् र मद्‌वारा प्राप्त हुन्छन्, तब मैले कसरी महिमा प्राप्त गर्दिन र? के मानिसले जे-जसरी कार्य र व्यवहार गर्छन् सो मद्‌वारा संचालित र आपूर्ति नगरिएको हुन सक्छ र? जब म दिशानिर्देश गर्दिनँ, मानिसहरू निष्क्रिय र सुस्त हुन्छन्; यसबाहेक, मेरो पिठिउँपछाडि तिनीहरू ती "प्रशंसनीय" फोहोर कारोबारमा संलग्न हुन्छन्। के तँलाई जुन देह मैले आफैलाई ओढाएको छु त्यसले तेरा कार्यहरू, तेरा व्यवहारहरू र तेरा बोलीवचनहरू केही पनि जान्दैन भनी सोच्छस्? मैले धेरै वर्ष बतास र वर्षा सहेको छु, अनि

त्यसरी नै मैले मानवीय संसारको तीतोपना अनुभव गरेको छु; तापनि, ध्यान दिएर विचार गर्दा, जति नै धेरै दु:ख-कष्टले पनि देहीय मानवजातिलाई ममाथि आशा मार्ने बनाउन सक्दैन, कुनै पनि मिठासले देहीय मानवलाई मप्रति चिसो, निराश वा तिरस्कारपूर्ण पार्ने त कुरै नगरौं। के मप्रतिको तिनीहरूको प्रेम साँच्चै दु:खको कमी वा मिठासको कमीमा सीमित छ?

आज, म शरीरमा बास गर्दछु, र मैले गर्नुपर्ने काम आधिकारिक रूपमा गर्न थालेको छु। मानिसहरू मेरो आत्माको आवाजसँग डराए तापनि तिनीहरू मेरो आत्माको सार विरुद्धमा जान्छन्। मानव जातिका निम्ति मेरा वचनहरूमा मलाई देहमा चिन्नु कति गाह्रो छ भनी मैले विस्तारपूर्वक वर्णन गर्नु आवश्यक छैन। मैले पहिले नै भनिसकेको छु, म मेरा आवश्यकताहरूमा कठोर भइरहेको छैनँ, र तिमीहरूले मेरो बारेमा पूर्ण ज्ञान प्राप्त गर्नु आवश्यक छैन (किनकि मानिसहरूमा कमी छ; यो एक अन्तर्निहित अवस्था हो, र प्राप्त गरिने कुनै पनि अवस्थाले त्यो कमी पूरा गर्न सक्दैन)। तिमीहरूले केवल देहीय रूपमा मद्वारा जे गरिएका र भनिएका छन् ती मात्र जान्नुपर्छ। मेरा आवश्यकताहरू कठोर नभएकाले, म आशा गर्दछु तिमीहरूले यी सबै काम र वचनहरूको बारेमा जान्नेछौ, र उपलब्धि हासिल गर्नेछौ। तिमीहरूले यस फोहोरी संसारमा आफैलाई अशुद्धताहरूबाट मुक्त गर्नुपर्दछ, तिमीहरूले यो पछौटे “सम्राटहरूको परिवार” मा प्रगति गर्ने प्रयास गर्नुपर्दछ, र तिमीहरूले आफैलाई गम्भीर रूपमा नलिने कार्य कहिल्यै पनि गर्नु हुँदैन। तँ आफैसित अलिकति पनि दयालु हुनुहुँदैन। मैले एक दिनमा भन्ने कुरा जान्नका निम्ति तैंले धेरै समय र कोसिस लगाउनुपर्दछ, र मद्वारा बोलिएको केबल एउटा वाक्यलाई अनुभव गर्न र त्यसबाट ज्ञान लिन पूरै जीवनभरको समय लाग्दछ। मैले बोल्ने वचनहरू अस्पष्ट र अमूर्त छैनन्; तिनीहरू खोक्रा कुराहरू होइनन्। धेरै जना मानिसहरू मेरो वचन प्राप्त गर्ने आशा गर्छन्, तर म तिनीहरूमा कुनै ध्यान दिँदिन; धेरै मानिसहरू मेरो सम्पत्तिका निम्ति तिर्खाउँछन्, तर म तिनीहरूलाई त्यो अलिकति पनि दिँदिनँ; धेरै मानिसहरू मेरो अनुहार हेर्ने इच्छा गर्छन्, तैपनि मैले यो सधैं लुकाएको छु; धेरै मानिसहरू ध्यानपूर्वक मेरो स्वर सुन्छन्, तर म मेरा आँखाहरू बन्द गर्दछु र मेरो शिर पछिल्तिर झुकाउँछु, तिनीहरूको “लालसा” द्वारा प्रभावित हुँदिनँ; धेरै मानिसहरू मेरो स्वरको आवाजसँग डराउँछन्, तर मेरा वचनहरू सधैं आक्रामक नै हुन्छन्; धेरै मानिसहरू मेरो अनुहार देखेर डराउँछन्, तर म जानाजानी तिनीहरूलाई प्रहार गर्न त्यस्तो देखिन्छु। मानिसहरूले मेरो अनुहार वास्तविक रूपमा कहिल्यै देखेका छैनन्, नत तिनीहरूले साँच्चै नै मेरो स्वर नै सुनेका छन्; किनभने तिनीहरूले मलाई साँचो रूपले चिन्दैनन्। तिनीहरू मद्वारा प्रहार गरी ढालिए पनि, तिनीहरूले मलाई छोडे पनि, र तिनीहरू मेरो हातद्वारा दण्डित भए पनि, तिनीहरू अझै पनि तिनीहरूले गर्ने सबै कुरा साँच्चै नै मेरो हृदय अनुरूप छन् वा छैनन् भनी जान्दैनन् र मैले मेरो हृदय वास्तवमा कसलाई प्रकट गर्दछु भन्ने कुरामा अनजान हुन्छन्। संसारको सृष्टि भएदेखि नै, कसैले पनि मलाई साँचो रूपले जानेको वा देखेको छैन, अनि आज म एक देहीय बनेको भए पनि तिमीहरूले मलाई अझै चिन्दैनौ। के यो सत्य तथ्य होइन र? के तैंले कहिल्यै शरीरमा मेरा कार्य र स्वभाव थोरै मात्र भए पनि देखेको छस्?

स्वर्गमा, जहाँ म ढल्कन्छु, र स्वर्गको मुनि, जहाँ म आराम पाउँछु। मैले कहीं त बस्नुपर्छ, र

मसित कुनै समय त हुन्छ जुनबेला मैले मेरो शक्ति प्रदर्शन गर्नुपर्छ। यदि म पृथ्वीमा नभएको भए, यदि मैले आफैलाई देहमा नलुकाएको भए, र यदि म नम्र र लुकेको नभए, के स्वर्ग र पृथ्वी धेरै पहिले नै परिवर्तन भइसकेको हुने थिएन र? के तिमीहरू, मेरा मानिसहरू, मद्वारा पहिले नै प्रयोग गरिएको हुने थिएनौ र? तापनि, मेरा कामहरूमा बुद्धि हुन्छ, र मैले मानिसको कपटताको बारेमा पूर्ण रूपले जाने पनि, म तिनीहरूको उदाहरण अनुसरण गर्दिनँ, बरु त्यसको बदलामा तिनीहरूलाई केही कुरा दिन्छु। आत्मिक क्षेत्रमा मेरो बुद्धिको असमाप्य छ, र देहमा मेरो बुद्धि अनन्त छ। के यो त्यही क्षण होइन जुन बेला मेरा कामहरू स्पष्ट पारिन्छन्? मैले आजको दिनसम्म, राज्यको युगमा मानिसहरूलाई धेरैचोटि माफ र क्षमा गरेको छु। के मैले मेरो समयलाई साँच्चै नै अझ ढिलो गर्न सक्छु? कमजोर मानिसहरूप्रति केही बढी दयालु भएको भए पनि एक पल्ट मेरो काम पूरा भएपछि के मैले अझै पुरानै काम गरेर म आफैमाथि कठिनाइ ल्याउन सक्छु र? के मैले जानाजानी शैतानलाई ममाथि दोष लगाउन दिन्छु र? मलाई केही गर्नका निम्ति मानिसहरू चाहिँदैन, बरु मैत त केबल मेरा वचनहरूको वास्तविकता र तिनको मूल अर्थलाई स्वीकार गरे पुग्छ। मेरा वचनहरू सरल भए पनि, सारमा ती जटिल छन्, किनकि तिमीहरू अति साना छौ, र अति बोधो बनेका छौ। जब म मेरा रहस्यहरू प्रत्यक्ष रूपमा प्रकट गर्दछु र देहमा मेरो इच्छा स्पष्ट गर्दछु, तर तिमीहरूले देख्दैनौ; तिमीहरूले आवाज सुन्छौ, तर तिनीहरूको अर्थ बुझ्दैनौ। म दुःखमा परेको छु। म देहमा भएको भए तापनि, म देहको सेवाको काम गर्न असमर्थ छु।

मेरा वचनहरू र व्यवहारहरूबाट देहमा गरिएका मेरा कामहरू कसले जान्न सकेको छ र? जब म मेरा रहस्यहरू लिखित रूपमा प्रकट गर्छु, वा ठूलो स्वरमा तिनलाई बोल्छु, सबै मानिसहरू अचम्मित भएर बोल्नै सक्दैनन्; तिनीहरू चुपचाप आफ्ना आँखा बन्द गर्छन्। मैले भन्ने कुराहरू मानिसहरूलाई किन बुझ्न नसकिने छन्? मेरा वचनहरू तिनीहरूका निम्ति किन त्यति विघ्न बुझ्न नसकिने छन्? मेरा कामहरूप्रति तिनीहरू किन त्यति अन्धो छन्? को चाहिँ मलाई देख्न र कहिल्यै नभुल्न सक्षम छ? तिनीहरूमध्ये को-को चाहिँ मेरो आवाज सुन्न र त्यसलाई त्यसै जान नदिन सक्षम छन्? को मेरो इच्छालाई बुझ्न र मेरो हृदयलाई खुशी पार्न सक्षम छ? म मानिसहरूको माझमा बस्दछु र उनीहरूमाझ घुमफिर गर्दछु; मैले तिनीहरूको जीवनको अनुभव गरेको छु—मैले मानवताका निम्ति सृष्टि गरेपछि सबै कुरा राम्रै रहेको महसुस गरे पनि, मैले मानिसहरूमाझको जीवनबाट कुनै आनन्द पाउँदिनँ, र तिनीहरूमाझको खुसीद्वारा म कुनै आनन्द पाउँदिनँ। म तिनीहरूलाई घृणा र अस्वीकार गर्दिनँ, न त तिनीहरूप्रति म भावुक नै छु—मानिसहरूले मलाई नचिनेकाले, अन्धकारमा मेरो अनुहार देख्न तिनीहरूलाई कठिन हुन्छ; होहल्लाहरूको बीचमा, तिनीहरूलाई मेरो आवाज सुन्न गाह्रो भएको भएको छ र मैले जे भन्छु त्यो बुझ्न तिनीहरू असमर्थ भएका छन्। यसैले, बाहिरी रूपमा, तिमीहरूले गर्ने सबै कुरा मप्रतिको समर्पण हो, तर तिमीहरूको हृदयमा, अझै पनि तिमीहरूले मेरो अवज्ञा गर्छौ। यो भन्न सकिन्छ कि मानव जातिको पुरानो स्वभावको सम्पूर्णता नै यस्तै छ। यसमा को अपवाद छ? को मेरो दण्डको पात्र छैन? तापनि, को मेरो सहनशीलताअन्तर्गत जिउँदैन? यदि मानव जाति सबै मेरो क्रोधले नष्ट हुन्थ्यो भने, मैले स्वर्ग र पृथ्वी सृष्टि गर्नुको महत्त्व के हुनेछ? मैले एकचोटि धेरै मानिसलाई चेतावनी दिएँ, धेरै

मानिसहरूलाई प्रोत्साहन दिएँ, र धेरैलाई खुल्लमखुल्ला दण्ड दिएँ–के यो मानवजातिलाई सिधै नाश गर्नुभन्दा उत्तम होइन र? मेरो उद्देश्य मानिसहरूलाई मार्नु होइन, बरु मेरा दण्डहरूको बीचमा पनि तिनीहरूलाई मेरा कार्यहरूको बारेमा जान्न लगाउनु हो। जब तिनीहरू अतल कुण्डबाट माथि आउँछौ–भन्नुको अर्थ, जब तिमीहरूले मेरो दण्डबाट आफूलाई मुक्त गर्छौ–तिमीहरूको व्यक्तिगत विचार र योजनाहरू सबै हराउनेछन्, र सबैले मलाई सन्तुष्ट पार्ने इच्छा गर्नेछन्। यसमा, के मैले मेरो लक्ष्य प्राप्त गरेको हुँदिनँ र?

मार्च १, १९९२

# अध्याय १०

आखिर, राज्यको युग विगतका समयहरूभन्दा फरक छ। मानवजातिले कस्तो व्यवहार गर्छ त्यससँग यसले सरोकार राख्दैन; बरु, म मेरो काम गर्नको लागि व्यक्तिगत रूपमै पृथ्वीमा ओर्लेको छु, जुन कुरालाई न त मानवजातिले बुझ्न सक्छ न त पूरा गर्न नै सक्छ। धेरै वर्षसम्म, संसारको सृष्टि भएदेखि नै, मण्डली निर्माण गर्ने बारेमा मात्रै काम सम्बन्धित रहेको छ, तर राज्य निर्माण गर्ने बारेमा कसैले कहिल्यै सुन्दैन। मैले आफ्नै मुखले यो बोले पनि, यसको सारलाई बुझ्ने कोही छ? एक पटक म मानवको संसारमा ओर्लिएँ र तिनीहरूको कष्ट अनुभव गरेँ र अवलोकन गरेँ, तर मेरो देहधारणको उद्देश्यलाई पूरा नगरिकन त्यसो गरेँ। राज्यको निर्माण सुरु भएपछि, मेरो देहधारी शरीरले मेरो सेवकाइलाई औपचारिक रूपमा सुरु गऱ्यो; अर्थात्, राज्यका राजाले आफ्नो सार्वभौम शक्तिलाई औपचारिक रूपमा लिनुभयो। यसबाट के कुरा स्पष्ट हुन्छ भने मानव संसारमा राज्यको अवतरण–जुन वास्तविक प्रकटीकरणमा मात्रै सीमित थिएन–एउटा खास वास्तविकता हो; यो “अभ्यासको वास्तविकता” को अर्थको एउटा पक्ष हो। मानवले मेरो कार्यहरूमध्ये एउटा पनि देखेका छैनन्, न त तिनीहरूले मेरा वाणीहरूमध्ये एउटा नै सुनेका छन्। तिनीहरूले मेरा कार्यहरू देखे भने पनि, तिनीहरूले के पत्ता लगाउनेथिए र? अनि तिनीहरूले म बोलेको सुनेका भए पनि, तिनीहरूले के बुझेका हुनेथिए र? संसारभरि, सबै मेरो कृपा र दयाभित्र अस्तित्वमा छन्, तर सारा मानवजाति मेरो न्यायमा पर्छन्, त्यसरी नै तिनीहरूले मेरा परीक्षाहरूको सामना गर्छन्। मानिसहरू निश्चित हदसम्म भ्रष्ट भएको अवस्थामा पनि, म तिनीहरूप्रति कृपालु र प्रेमिलो भएको छु; तिनीहरू सबै मेरो सिंहासनको सामने समर्पित हुँदा पनि, मैले तिनीहरूलाई सजाय दिएको छु। तैपनि, के मैले पठाएको कष्ट र शोधनमा नपर्ने कुनै मानव छ? धेरै मानिसहरू ज्योतिको लागि अन्धकारमा छामछुम गरिरहेका छन्, र धेरै आफ्ना परीक्षाहरूमा तीतो संघर्ष गरिरहेका छन्। अय्यूबमा विश्‍वास थियो, तर के तिनले आफ्नो उम्कने बाटो खोजिरहेका थिएनन् र? परीक्षाहरूका सामने मेरा मानिसहरू दह्रिलो गरी खडा हुन सक्ने भए पनि, यसलाई उच्चारण नगरिकन भित्र अन्तस्करणमा विश्‍वास गर्ने कोही छ? के बरु आफ्नो हृदयमा शङ्काहरू बोकेर मानिसहरूले आफ्नो विश्‍वासको आवाज निकाल्दैनन् र? परीक्षामा दह्रिलो गरी खडा हुने वा परीक्षा गरिँदा सच्चा रूपमा समर्पित हुने कुनै मानवजाति छैन। यदि मैले यो संसारलाई नहेरूँ भनेर मेरो अनुहार छोपिन भने,

सारा मानवजाति मेरो ज्वलन्त हेराइमा गिर्नेथिए, किनभने म मानवजातिबाट केही पनि चाहन्‍न।

जब राज्यप्रतिको सलामी बज्छ–जुन सात गर्जनहरू गर्जिने समय पनि हो–यो आवाजले स्वर्ग र पृथ्वीलाई थर्काउँदै, आकाशलाई हल्लाउँछ र हरेक मानवजातिको मुटु धड्कने तुल्याउँछ। मैले त्यो राष्ट्रलाई नष्ट गरेको छु र मेरो राज्य स्थापना गरेको छु भन्‍ने प्रमाणित गर्दै, राज्यको राष्ट्रिय-गान ठूलो रातो अजिङ्गरको भूमिमा विधिवत् रूपमा खडा हुन्छ। अझै महत्त्वपूर्ण कुरा के छ भने, पृथ्वीमा मेरो राज्य स्थापना हुन्छ। यस क्षणमा, म मेरा स्वर्गदूतहरूलाई संसारका हरेक राष्ट्रहरूमा पठाउन सुरु गर्छु ताकि तिनीहरूले मेरा पुत्रहरूलाई, मेरा मानिसहरूलाई गोठाला गरून्; यो मेरो कामको अर्को चरणका मागहरूलाई पूरा गर्नको लागि पनि हो। तैपनि, व्यक्तिगत रूपमा म त्यो ठाउँमा जानेछु जहाँ ठूलो रातो अजिङ्गर बेरिएर बसिरहेको छ, अनि त्यससँग प्रतिस्पर्धा गर्छु। सारा मानवजातिले मलाई मेरो शरीरमा चिनेपछि र शरीरमा मेरा कार्यहरूलाई देख्‍न सक्षम भइसकेपछि, ठूलो रातो अजिङ्गरको अखडालाई खरानीमा परिणत गरिनेछ र यसलाई नाम-निशाना नछोडीकन मेटाइनेछ। मेरा राज्यका मानिसहरूका रूपमा, तिमीहरूले मनैदेखि ठूलो रातो अजिङ्गरलाई घृणा गर्छौ, त्यसो हुनाले तिमीहरूले आफ्नो कार्यहरूद्वारा मेरो हृदयलाई सन्तुष्ट पार्नैपर्छ, र यसरी तिमीहरूले अजिङ्गरलाई शर्ममा पार्छौ। के तिमीहरू ठूलो रातो अजिङ्गर घृणित छ भन्‍ने साँच्‍चै अनुभूति गर्छौ? के तिमीहरूले यो राज्यको राजाको शत्रु हो भन्‍ने साँच्‍चै अनुभव गर्छौ? के तिमीहरूले मेरो लागि सुन्दर गवाही दिन सक्छौ भन्‍ने तिमीहरूमा साँच्‍चै विश्‍वास छ? के तिमीहरूले ठूलो रातो अजिङ्गरलाई जित्‍न सक्छौ भन्‍नेमा तिमीहरू साँच्‍चै निश्‍चित छौ? तिमीहरूलाई मैले माग्‍ने कुरा यही हो; मलाई चाहिने एउटै कुरा भनेको तिमीहरू यो चरणमा पुग्‍न सक भन्‍ने हो। के तिमीहरूले यसो गर्न सक्‍नेछौ? के यो हासिल गर्न सक्छौ भन्‍ने तिमीहरूमा विश्‍वास छ? मानव वास्तवमा के गर्न सक्षम छन्? के बरु म आफैले गर्नुपर्ने होइन र? युद्धमा संलग्‍न हुने स्थानमा नै म व्यक्तिगत रूपमा ओर्लन्छु भनेर म किन भन्छु? मलाई तिमीहरूको विश्‍वास चाहिन्छ, तिमीहरूका काम होइन। मानवजाति मेरा वचनहरूलाई सोझो रूपमा स्वीकार गर्न सबै असमर्थ छन्, बरु तिनीहरू तिनलाई छड्के नजरले मात्रै हेर्छन्। के यसले तिमीहरूका उद्देश्यहरू पूरा गर्न सहयोग गरेको छ? के तिमीहरूले यसरी मलाई चिन्‍न पुगेका छौ? इमानदारीपूर्वक भन्‍नुपर्दा, पृथ्वीका मानवमध्ये, मलाई मेरो अनुहारमा सिधा नजरले हेर्न सक्‍ने क्षमता भएको एक जना पनि छैन, र मेरा वचनहरूका शुद्ध र विशुद्ध अर्थलाई प्राप्‍त गर्न सक्‍ने क्षमता भएको एक जना पनि छैन। त्यसकारण मैले मेरा लक्ष्यहरूलाई पूरा गर्न र मानिसहरूका हृदयमा मेरो आफ्नो साँचो स्वरूप स्थापना गर्नको लागि, पृथ्वीमा मैले अभूतपूर्व परियोजनालाई अगि बढाएको छु। यसरी, मानिसहरूमाथि धारणाहरूले शक्ति चलाउने युगलाई म अन्त्य गर्नेछु।

आज, म ठूलो रातो अजिङ्गरको देशमा ओर्लिरहेको मात्रै छैन, तर सारा आकाशलाई हल्लाउँदै, म सम्पूर्ण ब्रह्माण्डको रूपलाई पनि परिवर्तन गर्दैछु। के मेरो न्यायको सामना नगर्ने कहीँ त्यस्तो कुनै ठाउँ छ? के मैले वर्षाउने विपत्तिहरू नपर्ने कुनै एउटा ठाउँ छ? म जहाँ-जहाँ जान्छु, मैले “विपत्तिका अनेक बीउहरू” छरेको छु। मैले काम गर्ने एउटा तरिका यही हो, र यो मानवजातिको मुक्तिको कार्य हो भन्‍नेमा कुनै शङ्का छैन, अनि मैले तिनीहरूलाई दिने कुरा भनेको एक प्रकारको

प्रेम नै हो। अझै धेरै मानिसहरूलाई मलाई चिन्ने र मलाई देख्न सक्ने तुल्याउने मेरो इच्छा छ, अनि, यसरी, तिनीहरूले धेरै वर्षसम्म देख्न नसकेका तर जो अहिले वास्तविक हुनुहुन्छ, उहाँ परमेश्वरलाई तिनीहरूले सम्मान गर्न पुग्छन्। के कारणले मैले संसारको सृष्टि गरेँ? मानव भ्रष्ट भएर पनि, मैले किन तिनीहरूलाई पूर्ण रूपमा सर्वनाश गरिनँ? के कारणले गर्दा सारा मानवजाति विपत्तिहरूको बीचमा जिउँछन्? देह धारण गर्नुमा मेरो उद्‌देश्य के थियो? जब म मेरो काम गरिरहेको हुन्छु, मानवजातिले तीतोलाई चाख्न मात्र होइन, तर मीठोलाई पनि चाख्न सिक्छ। संसारका सारा मानिसहरूमध्ये, को मेरो अनुग्रहभित्र जिउँदैन र? यदि मैले मानवजातिलाई भौतिक आशिषहरू प्रदान नगरेको भए, संसारको प्रशस्तताको आनन्द कसले लिन सक्थ्यो र? के मेरा प्रजाका रूपमा रहेको तिमीहरूको स्थान तिमीहरूलाई लिन दिनु आशिष हुन सक्छ? तिमीहरू मेरा प्रजा नभएको, तर सेवाकर्ता भएको भए, के तिमीहरू मेरा आशिषहरूभित्र अस्तित्वमा रहिरहेका हुने थिएनौ र? मेरा वचनका उत्पत्तिलाई बुझ्न सक्ने तिमीहरूमध्येमा एक जना पनि छैन। मानवता–मैले तिनीहरूलाई प्रदान गरेको पदवी नामहरूलाई बहुमूल्य ठान्नु त कता हो कता, तिनीहरूमध्ये धेरैले आफ्नो हृदयमा "सेवा गर्ने" पदवी नामको कारण द्‌वेष राख्छन्, र धेरैले आफ्नो हृदयमा "मेरा मानिसहरू" भन्ने पदवी नामको कारण मेरो लागि प्रेम पैदा गर्छन्। कसैले पनि मलाई मूर्ख बनाउने प्रयास गर्नु हुँदैन; मेरा आँखाहरू सर्वदर्शी छन्! तिमीहरूमध्ये कसले तत्परतासाथ ग्रहण गर्छौ, तिमीहरूमध्ये कसले पूर्ण आज्ञापालन दिन्छौ? यदि राज्यको सलामी बजेन भने, के तिमीहरू साँच्चै अन्त्यसम्मै समर्पित हुने थियौ र? मानव जे गर्न र विचार गर्न सक्षम छन्, र तिनीहरू जति हदसम्म जान सक्छन्–यी सबै कुरालाई मैले धेरै पहिले नै अघिबाटै नियुक्त गरिसकेको छु।

मेरो मुहारको ज्योतिको मेरो ज्वालालाई धेरैजसो मानिसहरूले स्वीकार गर्छन्। मेरो प्रोत्साहनद्‌वारा उत्प्रेरित भएर, धेरैजसो मानिसहरू खोजी कार्यमा आफैलाई अघि बढाउन तत्पर बनाउँछन्। जब शैतानका शक्तिहरूले मेरा जनहरूलाई आक्रमण गर्छन्, म तिनीहरूलाई धपाउन त्यहीँ हुन्छु; जब शैतानका षडयन्त्रहरूले तिनीहरूका जीवनमा बरबादी ल्याउने गर्छ, म त्यसलाई लुरुक्क परी भाग्ने तुल्याउँछु, र यो एक पटक गएपछि कहिल्यै फर्कँदैन। पृथ्वीमा, अनेक किसिमका दुष्ट आत्माहरू सँधै नै विश्राम स्थलको खोजीमा हुन्छन्, र उपभोग गर्नको लागि सँधै मानव लासहरू खोजिरहन्छन्। ए मेरा मानिसहरू हो! तिमीहरू मेरो वास्ता र सुरक्षाभित्र नै रहनुपर्छ। कहिल्यै भ्रष्ट नहोओ! कहिल्यै पनि लापरवाहीसाथ व्यवहार नगर! मेरो घरमा तैँले आफ्नो बफादारीता प्रदान गर्नुपर्छ, र बफादारीताद्‌वारा मात्रै तैँले दियाबलसका चलाकीहरूका विरुद्‌धमा प्रतिकार हमला गर्न सक्छस्। कुनै पनि हालतमा तैँले विगतमा जस्तो मेरो अगाडि एउटा कुरा गर्ने र मेरो पछाडि अर्को कुरा गर्ने व्यवहार गर्नु हुँदैन; यदि तैँले यस्तो व्यवहार गरिस् भने, तँ पहिले नै छुटकारा भन्दा पर हुन्छस्। के मैले पर्याप्त रूपमा यस्ता वचनहरू उच्चारण गरिसकेको छैन र? मानवजातिको पुरानो स्वभाव सुधार गर्न नसकिने भएकोले नै मैले मानिसहरूलाई बारम्बार स्मरण गराउनु परेको छ। न्यास्रो नबन्! मैले भन्ने सबै कुरा तिमीहरूको गन्तव्यलाई निश्‍चित गर्नको खातिर नै हो! शैतानलाई चाहिने भनेकै बेइमानी र फोहोरी स्थान हो; तिमीहरू निषेधाज्ञाप्रति

समर्पित हुन इन्कार गर्दै, जति उद्धार गर्न नसकिने छौ र तिमीहरू जति भ्रष्ट हुन्छौ, ती अशुद्ध आत्माहरू तिमीहरूलाई आक्रमण गर्ने कुनै पनि मौकाको लागि त्यति नै लागि पर्छन्। यदि तिमीहरू यस विन्दुसम्म आइपुगेका छौ भने, तिमीहरूको बफादारीता कुनै पनि वास्तविकता विनाको फोकट गफ बाहेक केही पनि होइन, अनि अशुद्ध आत्माहरूले तिमीहरूको संकल्पलाई सर्लक्कै निल्नेछन् र यसलाई मेरो काममा वाधा दिनको लागि प्रयोग गरिन अनाज्ञाकारिता र शैतानिक षड्यन्त्रमा रूपान्तरण गर्छन्। त्यहाँबाट, तिमीहरूलाई म कुनै पनि बेला प्रहार गर्न सक्छु। यो अवस्थाको गम्भीरतालाई कसैले बुझ्न सक्दैन; आफूले सुन्ने कुरामा मानिसहरू कानमा तेल हालेर बस्छन्, र अलिकति पनि सचेत हुँदैनन्। विगतमा गरिएको कुरालाई म स्मरण गर्दिनँ; के तँ अझै पनि मैले फेरि एक पटक "बिर्सेर" तँप्रति उदार हुनको लागि प्रतीक्षा गरिरहेको छस्? मानवले मेरो विरोध गरे तापनि, म यसलाई ईख बनाउनेछैन, किनभने तिनीहरू अत्यन्तै साना कदका छन्, र मैले तिनीहरूबाट अत्यन्तै उच्च माग गरेको छैन। मैले माग गर्ने कुरा भनेको तिनीहरू भ्रष्ट नहोऊन्, र तिनीहरू निषेधप्रति समर्पित होऊन् भन्ने हो। यो सर्त पूरा गर्नु अवश्य नै तिमीहरूको क्षमताभन्दा बाहिरको कुरा होइन, हो त? धेरैजसो मानिसहरू तिनीहरूका आँखाको अभिलाषा पूरा गर्नको लागि मैले अझै बढी रहस्यहरू प्रकट गर्छु भन्ने प्रतीक्षा गरिरहेका छन्। तैपनि, तैँले स्वर्गका सारा रहस्यहरू बुझिस् भने पनि, त्यो ज्ञानद्वारा तैँले के नै गर्न सक्छस् र? के यसले मप्रतिको तेरो प्रेमलाई बढाउनेथियो र? के यसले मप्रतिको तेरो प्रेमलाई जगाउनेथियो? म मानवलाई कम सम्झँदिन, न त तिनीहरूको बारेमा म हल्का रूपमा फैसला नै गर्छु। यदि यी मानवका वास्तविक परिस्थितिहरू थिएनन् भने, म तिनीहरूलाई त्यस्ता पदवी नामहरूको मुकुटले कहिल्यै पहिऱ्याउनेछैन। विगतको बारेमा विचार गर: मैले तिमीहरूलाई कति पटक निन्दा गरेको छु? मैले तिमीहरूलाई कति पटक कम सम्झेको छु? तिमीहरूको वास्तविक परिस्थितिहरूलाई ध्यानै नदिइ मैले तिमीहरूलाई कति पटक नियालेको छु? मेरा वाणीहरूले कति पटक तिमीहरूलाई पूरा हृदयबाट जित्न असफल भएको छ? तिमीहरूभित्रको गुंजायमान रागको तारलाई प्रहार नगरीकन म कति पटक बोलेको छु? तिमीहरूमध्ये कसले, मैले तिमीहरूलाई प्रहार गरेर अतल कुण्डमा फ्याँक्नेछु भनी अत्यन्तै डराएर, भय र कम्पको साथ मेरो वचनलाई पढेका छौ? मेरा वचनहरूका परीक्षाहरूमा को स्थिर हुँदैन? मेरा वाणीहरूभित्र अख्तियार छन्, तर यो मानवलाई लापरवाहीको साथ न्याय गर्नको लागि होइन; बरु, तिनीहरूको वास्तविक परिस्थितिहरूलाई ध्यान दिँदै, म तिनीहरूलाई मेरा वचनभित्र रहेका अर्थ निरन्तर प्रकट गरिदिन्छु। वास्तवमा, के मेरा वचनहरूमा रहेका मेरो सर्वशक्तिमान् शक्तिलाई पहिचान गर्न सक्ने कोही छ? विशुद्ध सुन, जसद्वारा मेरा वचनहरू बनिएका छन्, तिनलाई प्राप्त गर्न सक्ने कोही छ? कति वटा वचन मैले बोलिसकेको छु? के कसैले तिनलाई कहिल्यै बहुमूल्य ठानेका छन्?

मार्च ३, १९९२

# राज्यको स्तुतिगान

भीडहरूले मेरो जयजयकार गर्छन्, भीडहरूले मेरो प्रशंसा गर्छन्; सबै मुखले एउटै साँचो परमेश्वरको नाउँ लिन्छन्, सबै मानिसहरूले मेरा कामहरू हेर्न आ-आफ्नो आँखा माथि उठाउँछन्। परमेश्वरको राज्य मानिसहरूको संसारमा ओर्लिन्छ, मेरो व्यक्ति धनी र प्रशस्त छ। यसमा को आनन्दित हुँदैन र? आनन्दले को नाच्दैन? ए, सियोन! ममा हर्षोल्लास गर्ने तेरो विजयको झन्डा उठा! मेरो पवित्र नाउँलाई फैलाउन तेरो विजयको गीत गा! पृथ्वीको अन्त्यसम्मका सबै सृष्टि! आफैलाई शुद्ध पार्न हतार गर, यसैले कि तिमीहरू मेरो निम्ति बलि बन्न सक। माथि स्वर्गका तारा मण्डलहरू! आकाशमा मेरो पराक्रमी शक्ति प्रकट गर्न आफ्नो स्थानमा तुरुन्तै फर्किहाल। म पृथ्वीका मानिसहरूका आवाज सुन्न मेरो कान थाप्छु, जसले गीतमा मेरो निम्ति आफ्नो असिम प्रेम र सम्मान खन्याउँछन्। यस दिन, जब सबै सृष्टिहरू जीवनमा फर्कन्छन्, म मानिसहरूको संसारमा ओर्लिन्छु। यो क्षणमा, यस बेला, सबै फूलहरू उन्मत्त बनेर फक्रँदै फक्रिन्छन्, सबै पक्षीहरू एकै सोरमा गाउँछन्, सबै थोक आनन्दले धड्कन्छन्। परमेश्वरको राज्यको सलामीको आवाजमा, शैतानको राज्य ढल्छ, राज्यको स्तुतिगानको गर्जनमा कहिल्यै नउठ्ने गरी नाश हुन्छ।

पृथ्वीमा कसले खडा हुने र विरोध गर्ने हिम्मत गर्छ? जब म पृथ्वीमा ओर्लिन्छु, म आगो ल्याउँछु, क्रोध ल्याउँछु, र हरकिसिमका प्राकृतिक विपत्तिहरू ल्याउँछु। अहिले सांसारिक राज्यहरू मेरो राज्य हुन्! माथि आकाशमा, बादलहरू छताछुल्ल र तरङ्गित हुन्छन्; आकाशमुनि, ताल र नदीहरू उर्लेर बढ्छन् र खुसीको साथ एक उत्तेजक धुन निकाल्छन्। विश्राम गरिरहेका जनावरहरू उनीहरूका ओडारहरूबाट निस्किन्छन्, र सबै मानिसहरू मद्‌वारा उनीहरूको निद्राबाट जगाइन्छन्। असङ्ख्य मानिसहरूले पर्खेका दिन आखिरमा आइपुगेको छ! तिनीहरूले आफ्ना सबैभन्दा सुन्दर गीतहरू मलाई चढाउँछन्।

यो सुन्दर क्षणमा, यो आनन्दको समयमा,
चारैतिर प्रशंसा गुन्जिन्छ, माथि आकाशमा अनि तल पृथ्वीमा। यसमा को उत्साहित हुँदैन र?
कसको हृदय फुरुङ्ग हुँदैन र? यो दृश्यमा रुने को छैन र?
आकाश पुरानो समयको आकाश होइन, अब यो परमेश्वरको राज्यको आकाश हो।
पृथ्वी त्यो पृथ्वी होइन जुन पहिले थियो, अब त यो पवित्र भूमि हो।
ठूलो वर्षा बितिसकेपछि, त्यो फोहोर पुरानो संसार पूर्ण रूपमा नयाँ बनाइएको छ।
पर्वतहरू परिवर्तन हुँदैछन् ... समुद्रहरू परिवर्तन हुँदैछन् ...
मानिसहरू पनि परिवर्तन हुँदैछन् ... सबै थोकहरू परिवर्तन हुँदैछन्...।
हे, तिमी मौन पर्वतहरू हो! उठ र मेरो लागि नाच!
हे, तिमी शान्त समुद्र हो, स्वतन्त्र रूपमा बग्दै जाओ!
सपना देख्ने मानिसहरू हो! बिउँझ र पछि लाग!
म आएको छु ... म राजा हुँ...।

सबै मानव जातिले तिनीहरूका आँखाले मेरो अनुहार देख्नेछन्, र तिनीहरूको कानले मेरो आवाज सुन्नेछन्,

आफ्नै लागि परमेश्‍वरको राज्यको जीवन जिउनेछन्...।

कस्तो मीठो ... कति सुन्दर...।

अविस्मरणीय ... बिर्सनु असम्भव...।

मेरो क्रोध दन्किँदा ठूलो रातो अजिङ्गरले संघर्ष गर्दछ;

मेरो राजसी न्यायमा, दियाबलसहरूले तिनीहरूको आफ्नो वास्तविक रूपहरू देखाउँछन्;

मेरा कठोर वचनहरूमा, सबै मानिसहरूले गहिरो लाज महसुस गर्दछन्, र आफूलाई लुकाउने ठाउँ कहीँ पाउनेछैनन्।

तिनीहरूले विगतलाई सम्झन्छन्, तिनीहरूले कसरी मेरो उपहास गरेथे, र मेरो खिल्ली उडाएका थिए।

तिनीहरूले आफैलाई प्रदर्शन नगरेको, कुनै समय थिएन, तिनीहरूले मलाई चुनौती नदिएको कुनै समय थिएन।

आज, को रुँदैन? कसलाई पछितो लाग्दैन?

सम्पूर्ण ब्रह्माण्डको संसार रोदनले भरिएको छ ...

आनन्दको आवाजहरूले भरिएको ... हाँसोका आवाजहरूले भरिएको...।

अतुलनीय आनन्द ... तुलना गर्नै नसकिने खुसी...।

एक सानो वर्षाले पटटट गर्दैछ ... हिउँका गह्रौं टुक्राहरू फुरुरु चल्दैछन्...।

मानिसहरूभित्र, दु:ख र आनन्द आपसमा मिसिंदैछन् ... कोही हाँस्दैछन् ...

कोही सुँक्कसुँक्क गर्दैछन् ... कोही आनन्द मनाइरहेका छन्...।

मानौं, सबैले बिर्सेका छन् ... यो वर्षा र बादलहरू सहितको वसन्त हो कि,

फूलहरू फक्रिरहेको ग्रीष्म, प्रशस्त फसलहरूको शरद ऋतु हो,

वा तुसारो र हिउँजस्तो चिसो हिउँद हो, सो कसैले जान्दैन...।

आकाशमा बादलहरू बग्दैछन्, पृथ्वीमा समुद्रहरू घोलिएर धमिलिँदैछन्।

छोराहरूले आफ्ना पाखुरा हल्लाउँछन् ... मानिसहरू नाच्नका निम्ति आफ्ना खुट्टाहरू चलाउँछन्...।

स्वर्गदूतहरूले काम गर्दैछन् ... स्वर्गदूतहरू गोठालो गरिरहेका छन्...।

पृथ्वीमा मानिसहरू सबै दौडधूप गरिरहेका छन्, र पृथ्वीमा सबै थोकहरू वृद्धि हुन्छन्।

# अध्याय ११

मानवजातिको हरेक व्यक्तिले मेरो आत्माद्वारा सूक्ष्म रूपमा जाँचिन स्वीकार गर्नुपर्छ, उसको हरेक वचन र कार्यलाई नजिकबाट निरीक्षण गर्नुपर्छ, यसअलावा मेरा अचम्मका कार्यहरूलाई आदरसाथ हेर्नुपर्छ। पृथ्वीमा राज्यको आगमन हुँदाको समयमा तिमीहरूले कस्तो अनुभूति गर्छौ? जब मेरा छोराहरू र मानिसहरू मेरो सिंहासनतर्फ हूलका हूल अघि बढ्छन्, तब म ठूलो सेतो सिंहासनअघि औपचारिक रूपमा न्यायको आरम्भ गर्नेछु। भन्नुको मतलब, जब मैले स्वयम् उपस्थित भई पृथ्वीमा आफ्नो काम गर्न सुरु गर्छु र जब न्यायको युग अन्त्यतर्फ नजिकिन्छ, तब म मेरा वचनहरूलाई सम्पूर्ण ब्रह्माण्डतर्फ लक्षित गर्छु र मेरो आत्माको वाणीलाई सम्पूर्ण ब्रह्माण्डतर्फ छोडिदिन्छु। मेरा वचनहरूमार्फत, म सबै मानिसहरू र स्वर्ग र पृथ्वीमा रहेका सबै थोकलाई धोइपखाली गरी सफा पार्छु, ताकि यो भूमि अबउप्रान्त फोहोरी र छाडा नहोस्, बरु पवित्र राज्य होस्। म सबै थोकलाई नवीकरण गर्नेछु, ताकि तिनीहरू मेरो प्रयोगको लागि उपलब्ध होऊन्, ताकि तिनीहरूले अबउप्रान्त पार्थिव सास नबोकून्, र अबउप्रान्त भुइँको कुनै पनि विशेषताद्वारा दूषित नबनून्। पृथ्वीमा, मानिसले मेरा वचनहरूको लक्ष्य र उत्पत्तिको बारेमा छामछाम-छुमछुम गर्दै खोजी गरेको छ, र मेरा कार्यहरूलाई अवलोकन गरेको छ, तर कसैले पनि कहिल्यै मेरा वचनहरूको उत्पत्तिको बारेमा साँचो रूपमा जानेको छैन र कसैले पनि कहिल्यै मेरा कार्यहरूको आश्चर्यपनलाई साँचो रूपमा देखेको छैन। आज मात्रै म व्यक्तिगत रूपमा मानिसमाझ आउँदा र मैले मेरा वचनहरू बोल्दा मानिसले मेरो बारेमा थोरै ज्ञान प्राप्त गरेको छ, र यसरी उसको सोचहरूमा भएको "म" द्वारा ओगटेको स्थान खाली गरेको छ र यसको सट्टामा तिनीहरूको विवेकमा व्यावहारिक परमेश्वरको लागि एउटा ठाउँ सृजना गरेको छ। मानिससँग धारणाहरू छन् र ऊ उत्सुकताले भरिपूर्ण छ; कसले पो परमेश्वरलाई देख्न चाहँदैनथियो र? कसले पो परमेश्वरको सामना गर्न चाहँदैनथियो र? तैपनि मानिसहरूको हृदयमा ठाउँ ओगट्ने एउटै कुरो भनेको मानिसले अस्पष्ट र अमूर्त ठान्ने परमेश्वर हो। यदि मैले स्पष्टसित नबताएको भए, कसले पो यो कुरा महसुस गर्न सक्थ्यो र? कसले पो म वास्तवमै अस्तित्वमा छु भनेर निश्चयताका साथ र कुनै पनि शङ्काविना साँचो रूपमा विश्वास गर्थ्यो र? मानिसको हृदयमा भएको "म" र वास्तविकताको "म" बीचमा धेरै ठूलो भिन्नता छ, र कसैले पनि तिनीहरूको बीचमा तुलना गर्न सक्दैन। यदि म देह नबनेको भए, मानिसले कहिल्यै पनि मलाई चिन्दैनथ्यो, र उसले मलाई चिनेको नै थियो भने पनि, के त्यस्तो ज्ञान अझै धारणा नै हुँदैनथियो र? हरेक दिन म मानिसहरूको अटुट प्रवाहमाझ हिँड्छु, र हरेक दिन म हरेक व्यक्तिभित्र कार्य सञ्चालन गर्छु। जब मानिसले मलाई साँचो रूपमा देख्छ, तब उसले मेरा वचनहरूमा मलाई चिन्न सक्नेछ, र मैले जुन साधनहरूमार्फत बोल्छु ती साधनहरूका साथै मेरा अभिप्रायहरूको बारेमा बोध गर्नेछ।

जब राज्य औपचारिक रूपमा पृथ्वीमा आइपुग्छ, तब सबै थोकमाझ केचाहिँ चुपचाप रहँदैन र? सबै मानिसहरूमाझ कोचाहिँ डराउँदैन र? म ब्रह्माण्डरूपी संसारभरि जतातत‍ै हिँड्छु, र हरेक कुरालाई मैले व्यक्तिगत रूपमा बन्दोबस्त गरेको छु। यस समयमा, कसलाई मेरा कामहरू अद्भुत

छन् भनी थाहा छैन र? मेरा हातहरूले सबै थोकलाई थाम्छन्, तैपनि म सबै थोकभन्दा माथि छु। आज, के मानिसको बीचमा भएको मेरो देहधारण र मेरो व्यक्तिगत उपस्थिति मेरो विनम्रता र लुप्तपनको साँचो अर्थ होइन र? बाह्य रूपमा, धेरै मानिसहरूले मलाई असल भनी सराहना गर्छन् र मलाई सुन्दर भनी प्रशंसा गर्छन्, तर कसले मलाई साँचो रूपमा चिन्छ र? आज, मैले किन तिमीहरूलाई मलाई चिन भनी भनिरहेको छु त? के मेरो उद्देश्य ठूलो रातो अजिङ्गरलाई सर्ममा पार्नु होइन र? म मानिसलाई मेरो प्रशंसा गर्न बाध्य पार्न चाहन्न, बरु म उसलाई मलाई चिन्न लगाउन चाहन्छु, जसमार्फत उसले मलाई प्रेम गर्नेछ र यसरी मेरो प्रशंसा गर्नेछ। त्यस्तो प्रशंसाचाहिँ प्रशंसा भन्न लायक हुन्छ, र त्यो खोक्रो कुराकानी हुँदैन; त्यस्तो प्रशंसा मात्र मेरो सिंहासनसम्म आइपुग्छन् र आकाशतिर उचालिन्छन्। मानिसलाई शैतानले परीक्षा लिएको र भ्रष्ट तुल्याएको छ, उसले धारणा र सोचहरू अपनाएको छ, त्यसैले सारा मानवजातिलाई विजय गर्नको लागि, मानिसका सबै धारणाहरूलाई खुलासा गर्नको लागि, र मानिसका सोचहरूलाई च्यात्नको लागि म देह बनेको छु। परिणामस्वरूप, मानिस मेरो अगाडि पहिले झैँ अहिले हिँड्दैन, उसले पहिले झैँ अहिले उसका आफ्नै धारणाहरू प्रयोग गरी मेरो सेवा गर्दैन, र यसरी मानिसको धारणाहरूको “म” पूर्ण रूपमा हराएको छ। जब राज्य आउँछ, तब मैले गर्ने सबैभन्दा पहिलो काम भनेको कामको यो चरणलाई सुरु गर्नु हो र म मेरा मानिसहरूमाझ यस्तो काम गर्छु। ठूलो रातो अजिङ्गरको देशमा जन्मेका मेरा मानिसहरूको रूपमा, तिमीहरूभित्र निश्‍चय नै त्यो ठूलो रातो अजिङ्गरको विषको अलिकति वा एक भाग मात्र पनि छैन। त्यसैले, मेरो कामको यो चरण प्राथमिक रूपमा तिमीहरूमा केन्द्रित छ, र चीनमा मेरो देहधारण हुनुको महत्त्वको एउटा पक्ष यही हो। धेरैजसो मानिसहरूले मैले बोल्ने वचनहरूको सानो टुक्रालाई समेत बुझ्न सक्दैनन्, जब तिनीहरूले बुझ्छन्, तब तिनीहरूको बुझाइ धमिलो र भ्रमपूर्ण हुन्छ। यो मैले बोल्ने शैलीको परिवर्तनको निर्णायक मोड हो। यदि सबै मानिसहरूले मेरा वचनहरू पढ्न र तिनका अर्थहरू बुझ्न सक्ने भए त, मानिसमाझ कसलाई मुक्ति दिन, र नरकमा नफाल्न सकिन्थ्यो र? जब मानिसले मलाई चिन्छ र मेरो आज्ञा पालन गर्छ, त्यो समय मैले विश्राम गर्ने समय हुनेछ र त्यही समय मानिसले मेरा वचनहरूको अर्थ बुझ्न सक्षम भएको समय पनि हुनेछ। आज, तिमीहरूको कद अति सानो छ—यो दयनीय रूपमा सानो छ, उचाल्न पनि लायक छैन—मेरो बारेमा तिमीहरूको ज्ञानको त कुरै नगरौं।

मेरा छोराहरू र मानिसहरूलाई गोठाला गर्नको लागि स्वर्गदूतहरूलाई पठाउन थालिएको छ भनी मैले भने पनि, कसैले पनि मेरा वचनहरूको अर्थ बुझ्न सक्दैनन्। जब म व्यक्तिगत रूपमा मानिसमाझ आउँछु, स्वर्गदूतहरूले गोठाला-कार्य सुरु गर्नेछन् र स्वर्गदूतहरूले गोठाला गर्दाको समय अवधिमा, सबै छोराहरू र मानिसहरूले परीक्षाहरू मात्र प्राप्त गर्नेछैनन्, बरु तिनीहरूले त आफ्नै आँखाले सबै प्रकारका ईश्‍वरीय दर्शनहरू देखा परेका पनि देख्न सक्नेछन्। मैले प्रत्यक्ष रूपले ईश्‍वरत्वमा काम गर्ने हुनाले, हरेक थोक नयाँ सुरुवातमा प्रवेश गर्नेछन्, र यो ईश्‍वरत्वले प्रत्यक्ष रूपले काम गर्ने भएकोले यसलाई मानवताले अलिकति पनि नियन्त्रित गर्नेछैन, र मानिसलाई यो स्वतन्त्र रूपले अलौकिक परिस्थितिमा सञ्चालित भएको जस्तो लाग्नेछ। तैपनि, मेरो लागि यो पूर्ण रूपले सामान्य हुन्छ (मानिसले यसलाई अलौकिक हो भन्ने विश्‍वास गर्छ किनभने उसले

कहिल्यै पनि ईश्वरत्वलाई प्रत्यक्ष रूपमा सामना गरेको छैन); यसमा मानिसको कुनै पनि धारणाहरू हुँदैनन्, र मानव विचारहरूद्वारा यो दूषित भएको हुँदैन। मानिसहरू सबै सही बाटोमा प्रवेश गरेपछि मात्रै तिनीहरूले यसलाई देख्नेछन्; आज सुरुवात भएकोले, जब उसको प्रवेशको कुरा आउँछ, तब मानिसमा धेरै कमजोरी छन्, अनि ऊ असफलता, र अपारदर्शिताबाट विरलै टाढा हुन सक्छ। आज, मैले तिमीहरूलाई यो बिन्दुसम्म डोऱ्याएको हुनाले, मैले सुहाउँदो बन्दोबस्तहरू गरेको छु र मसँग मेरा आफ्नै उद्देश्यहरू छन्। यदि आज मैले तिनको बारेमा तिमीहरूलाई बताएँ भने, के तिमीहरूले तिनलाई साँचो रूपमा जान्न सक्थ्यौ? म मानिसको मस्तिष्कमा भएका सोचहरू र मानिसको हृदयमा भएका चाहनाहरूसँग राम्ररी नै परिचित छु: कसले चाहिँ कहिल्यै आफ्नै लागि उम्कने बाटो खोजेको छैन र? कसले चाहिँ कहिल्यै आफ्नै सम्भावनाको बारेमा सोचेको छैन र? तैपनि, मानिससँग प्रचुर र चम्किलो दिमाग भए पनि, युगौंयुगपछि वर्तमान जे-जस्तो देखा परेको छ त्यस्तो हुनेछ भनेर कसले नै भविष्यवाणी गर्न सक्थ्यो र? के यो साँच्चै तेरो आफ्नै व्यक्तिगत प्रयत्नहरूको प्रतिफल हो त? के यो तेरो अथक मेहनतको भुक्तानी हो त? के यो तैँले आफ्नो मस्तिष्कमा कल्पना गरेको सुन्दर झाँकी हो त? यदि मैले सारा मानवजातिलाई मार्गदर्शन नगरेको भए, कसले मेरा बन्दोबस्तहरूबाट आफैलाई छुट्याएर उम्कने नयाँ बाटो पत्ता लगाउन सक्थ्यो र? के उसलाई आजको दिनसम्म ल्याउने मानिसको कल्पना र चाहनाहरू नै हो त? धेरै मानिसहरू आफ्नो पूरै जीवनभर चाहनाहरू पूरा नभइकनै जिउँछन्। के यो वास्तवमै तिनीहरूको सोचमा भएको त्रुटिको कारणले हुन्छ र? धेरै मानिसहरूका जीवन अप्रत्याशित खुसी र सन्तुष्टिले भरिन्छन्। के यो वास्तवमै तिनीहरूले अति कम अपेक्षा गरेको कारणले हुन्छ र? सर्वशक्तिमान्‌को नजरमा, पूरै मानवजातिको कसलाई चाहिँ वास्ता गरिएको छैन र? सर्वशक्तिमान्‌को पूर्वनिर्धारित प्रबन्धमाझ कोचाहिँ जिउँदैन र? के मानिसको जीवन र मृत्यु उसको आफ्नै रोजाइमा हुन्छ र? के मानिसले आफ्नो भवितव्य आफैले नियन्त्रण गर्न सक्छ र? धेरै मानिसहरूले चिच्याएर मृत्युलाई बोलाउँछन्, तर यो तिनीहरूबाट धेरै टाढा हुन्छ; धेरै मानिसहरू जीवनमा बलिया रहेका व्यक्तिहरूजस्तो बन्न चाहन्छन् र मृत्युदेखि डराउँछन्, तर तिनीहरूलाई थाहै नभई तिनीहरूको मृत्युको दिन नजिक आउँछ र तिनीहरूलाई मृत्य-कुण्डमा धकेल्छ; धेरै मानिसहरूले आकाशमा हेर्छन् र गहिरो सुस्केरा हाल्छन्; धेरै मानिसहरूले ठूलो रोदन निकाल्छन्, बिलौनामा सुँक्कसुँक्क गर्छन्; धेरै मानिसहरू परीक्षाहरूको माझमा ढल्छन्; अनि धेरै मानिसहरू परीक्षाहरूको बन्दी बन्छन्। मानिसलाई स्पष्टसित मलाई देख्ने अवसर दिन म व्यक्तिगत रूपमा देखा पर्दिन, तैपनि धेरै मानिसहरू मेरो अनुहार हेर्न नै डराउँछन्, तिनीहरू मैले तिनीहरूलाई प्रहार गरी ढलाउँछु, मैले तिनीहरूलाई सिध्याइदिन्छु भनी एकदमै डराउँछन्। मानिसले मलाई साँचो रूपमा चिन्छ कि चिन्दैन? कसैले पनि निश्चयताका साथ भन्न सक्दैन। के यो यस्तै होइन र? तिमीहरू म र मेरो सजाय दुवैदेखि डराउँछौ, तैपनि तिमीहरू खडा हुन्छौ र खुल्लमखुल्ला मेरो विरोध गर्छौ र मेरो आलोचना गर्छौ। के अवस्था यही होइन र? मानिसले मलाई कहिल्यै पनि चिनेको छैन किनभने उसले मेरो अनुहार देखेको छैन वा मेरो सोर सुनेको छैन। यसरी, म मानिसको हृदयभित्र भए पनि, के कोही यस्ता पनि छन् जसको हृदयमा म धमिलो र अस्पष्ट छैन? के कोही यस्ता छन् जसको हृदयमा म

एकदमै स्पष्ट छु? म मेरा मानिसहरूले पनि मलाई अस्पष्ट वा धमिलो रूपमा देखून् भन्ने चाहन्न, र यसरी म यो महान् काम प्रारम्भ गर्छु।

म चुपचाप मानिसमाझ आउँछु, र त्यसपछि बिस्तारै टाढा जान्छु। के कसैले कहिल्यै मलाई देखेको छ त? के सूर्यले यसको बलिरहेको ज्वालाको कारण मलाई देख्न सक्छ त? के चन्द्रले यसको उज्ज्वल स्पष्टताको कारण मलाई देख्न सक्छ त? के तारापुञ्जहरूले तिनीहरूको आकाशको स्थानको कारण मलाई देख्न सक्छन् त? जब म आउँछु, तब मानिसले थाहा पाउँदैन, र सबै थोक अज्ञानी नै रहन्छन्, र जब म प्रस्थान गर्छु, तब पनि मानिस अझै अनभिज्ञ नै रहन्छन्। कसले मेरो साक्षी दिन सक्छ त? के यो पृथ्वीको मानिसले गरेको प्रशंसा हुन सक्छ त? के यो जङ्गलमा फुलिरहेका कमलको फूलहरू हुन सक्छ त? के यो आकाशमा उड्ने चराहरू हुन सक्छ त? के यो पहाडहरूमा गर्जने सिंहहरू हुन सक्छ त? कसैले पनि मेरो साक्षी पूर्ण रूपमा दिन सक्दैन। कसैले पनि मैले गर्ने काम गर्न सक्दैन! तिनीहरूले यो काम गरे पनि, यसको के प्रभाव हुन्थ्यो र? हरेक दिन म धेरै मानिसहरूको हरेक कार्य अवलोकन गर्छु, र हरेक दिन म धेरै मानिसहरूका मन र मस्तिष्कहरू जाँच गर्छु; कोही पनि मेरो न्यायबाट उम्केको छैन, र कसैले पनि आफूलाई मेरो न्यायको वास्तविकताबाट वञ्चित गरेको छैन। म आकाशमाथि उभिन्छु र टाढा-टाढा हेर्छु: मैले असंख्य मानिसहरूमाथि प्रहार गरेको छु, तर अनगिन्ती मानिसहरू पनि मेरो कृपा र प्रेमिलो-दयामा जिउँछन्। के तिमीहरू पनि यस्तै परिस्थितिहरूमा जिउँदैनौ र?

मार्च ५, १९९२

## अध्याय १२

जब पूर्वबाट बिजुलीका चमकहरू आउँछन्, जुन म मेरा वचनहरू बोल्न थाल्ने समय पनि हो—जब बिजुलीका चमकहरू आउँछन् तब सम्पूर्ण आकाश उज्यालो हुन्छ, र सबै ताराहरूमा एक रूपान्तरण हुन्छ। यस्तो हुन्छ, कि मानौं सम्पूर्ण मानव जाति वर्गीकरण गरिएको छ। पूर्वबाट आउने यो ज्योतिको किरणमा सम्पूर्ण मानव जातिलाई उनीहरूको असली रूपमा प्रकट गरिन्छ, उनीहरूका आँखाहरू तिरमिराउँछन्, के गर्ने भनेर अनिश्चित हुन्छन्, र उनीहरूका कुरूप अनुहारहरू कसरी लुकाउने होला भनी अझै अनिश्चित हुन्छन्। तिनीहरू ती पशुहरूजस्ता छन् जो मेरो ज्योतिबाट भाग्छन् र पहाडका गुफाहरूमा शरण लिन्छन्—तर तीमध्ये एकै जना पनि मेरो ज्योतिबाट नष्ट हुन सक्दैन। सबै मानिसहरू चकित हुन्छन्, सबैले पर्खिरहेका हुन्छन्, सबैले हेरिरहेका हुन्छन्; मेरो ज्योतिको आगमनको साथमा सबै जना आफू जन्मेको दिनमा रमाउँछन्, र त्यस्तै गरी सबैले आफ्नो जन्मेको दिनलाई सराप्छन्। विवादास्पद भावनाहरू व्यक्त गर्न असम्भव हुन्छ; आत्म-निन्दाका आँसुहरूको नदीहरू बग्छन्; र तीव्र प्रवाहमा बगेर जान्छन्, एकै क्षणमा नाम-निसाना मेटिने गरी हराउँछन्। एक पटक फेरि, मेरो दिन सारा मानव जातिको नजिक पुग्छ, एक पटक फेरि मानव जातिलाई उत्तेजित गराउँछ, मानव जातिलाई अर्को एउटा नयाँ सुरुआत दिँदछ। मेरो मुटु धड्किन्छ र, मेरो मुटुको धड्कनको ताल अनुसरण गर्दै, पहाडहरू आनन्दले

उफ्रन्छन्, समुद्रहरू आनन्दले नाच्छन्, र छालहरूले चट्टानका पहराहरूमा हान्छन्। मेरो हृदयमा जे छ त्यो व्यक्त गर्न गाह्रो हुन्छ। सबै अशुद्ध थोकहरूलाई म मेरो नजरमा जलाएर खरानी बनाउन चाहन्छु; म अनाज्ञाकारिताका सबै छोराहरूलाई मेरो आँखाको अगाडिबाट कहिल्यै अस्तित्वमा नरहने गरी विलुप्त पार्न चाहन्छु। त्यो ठूलो रातो अजिङ्गरको बास बस्ने ठाउँमा मैले नयाँ सुरुवात मात्र गरेको छैनँ, मैले ब्रह्माण्डमा पनि नयाँ काम सुरु गरेको छु। चाँडै, पृथ्वीका राज्यहरू मेरो राज्य हुनेछन्; चाँडै, मेरो राज्यको कारण यस पृथ्वीका राज्यहरूको अस्तित्व सदाका लागि समाप्त हुनेछ, किनकि मैले अघिबाटै विजय हासिल गरिसकेको छु, किनकि म विजयी बनेर फर्केको छु। त्यो ठूलो रातो अजिङ्गरले पृथ्वीमा मेरो काम मेटाउने आशामा मेरो योजनामा बाधा पुऱ्याउनका लागि सबै साधनहरू समाप्त गरिसक्यो, तर के म त्यसको कपटपूर्ण चालका कारण निराश हुन सक्छु? के म त्यसको धम्कीबाट आत्मविश्वास गुमाउँला भनी डराउँछु? स्वर्गमा वा पृथ्वीमा कहिल्यै कुनै यस्तो प्राणी भएको छैन जसलाई मैले मेरो हतकेलामा लिएको छैन; त्यो ठूलो रातो अजिङ्गरको बारेमा झन् यो कति धेरै सत्य छ, यो युक्ति जसले मेरो निम्ति प्रतिभारको रूपमा काम गर्दछ? के यो पनि मेरो हातमा खेलबाड गर्नुपर्ने एक वस्तु होइन र?

मानिसको संसारमा भएको मेरो देहधारणको अवधिमा मानव जाति अनजानमा नै आजको दिनसम्म मेरो मार्गनिर्देशनको अधीनमा आएको छ, अनजानमा नै मलाई चिन्न सकेको छ। तर अगाडि आउने बाटोमा कसरी हिँड्ने भन्नेबारे कसैलाई थाहा छैन, कोही पनि सचेत छैन–र त्यो बाटोले तिनीहरूलाई कुन दिशातिर लैजान्छ भन्ने कुरा थाहा पाउने त कुरै नगरौं। केवल सर्वशक्तिमान्‌ले उनीहरूमाथि नजर राख्नुभयो भने मात्र कुनै व्यक्ति त्यो बाटोको अन्त्यसम्म पुग्न सक्नेछ; पूर्वमा चम्केको ज्योतिको अगुवाइमा मात्र कसैले मेरो राज्यमा पुऱ्याउने प्रवेशद्वार पार गर्न सक्छ। मानिसहरू माझ कुनै यस्तो व्यक्ति छैन जसले मेरो अनुहार देखेको छ, जसले पूर्वमा ज्योति चम्केको देखेको छ; मेरो सिंहासनबाट बोलिएको वाणीहरू सुन्ने त झन् कति थोरै होलान्? वास्तवमा, प्राचीन कालदेखि कुनै पनि व्यक्ति मेरो व्यक्तित्वसँग प्रत्यक्ष सम्पर्कमा आएको छैन; केवल आज, म यस संसारमा आएपछि मात्रै मानिसहरूले मलाई देख्ने मौका पाएका छन्। तर अहिले पनि मानिसहरूले मलाई चिन्दैनन्, जसरी उनीहरूले मेरो अनुहार हेर्छन् र मेरो आवाज मात्र सुन्छन् तर मेरो अर्थ बुझ्दैनन्। सबै मानिसहरू यस्तै प्रकारका छन्। मेरा मानिसहरूमध्ये एक भएको नाताले मेरो अनुहार देख्दा के तिमीहरू गर्व महसुस गर्दैनौं र? र के मलाई नचिनेको कारण अति नै ठूलो सरम महसुस गर्दैनौ र? म मानिसहरू माझ हिँड्छु र म मानिसहरू माझ बस्छु, किनकि म देह बनेको छु र म मानव संसारमा आएको छु। मेरो उद्देश्य भनेको मानव जातिलाई मेरो देहलाई हेर्ने क्षमता दिनु मात्र होइन; अझ महत्त्वपूर्ण कुरा, मलाई चिन्न मानिसहरूलाई सक्षम बनाउनु हो। यसबाहेक, म मेरो देहधारी शरीरबाट मानिसहरूलाई तिनीहरूका पापहरूका लागि दोषी ठहराउनेछु; म मेरो देहधारी शरीरद्वारा, त्यो ठूलो रातो अजिङ्गरलाई हराउनेछु र त्यसको झूटलाई नष्ट गर्नेछु।

पृथ्वीमा बसोबास गर्ने मानिसहरू ताराहरू जत्तिकै असङ्ख्य भए पनि, म ती सबैलाई मेरो आफ्नै हत्केलाजस्तो स्पष्टसँग चिन्छु। अनि मलाई “प्रेम” गर्ने मानिसहरू समुद्रमा हुने बालुवाका

कणहरूजस्तै अनगिन्ती भए पनि, थोरै मात्र मद्‌वारा चुनिएका छन्: तिनीहरू जो उज्ज्वल ज्योतिको पछि लाग्छन्, तिनीहरू मलाई "प्रेम" गर्नेहरू भन्दा अलग हुन्। म मानिसलाई अति ठूलो ठान्दिनँ, न त उसलाई कम महत्त्व दिनेछु; बरु म मानिसको प्राकृतिक गुणहरू अनुसार ऊबाट माग गर्दछु, त्यसैले मलाई चाहिने भनेको त्यस्तो व्यक्ति नै हो जसले मलाई इमानदारीसाथ खोज्छ, यसैले कि म मानिसहरूलाई छनौट गर्ने मेरो लक्ष्य हासिल गर्न सकूँ। पहाडहरूमा जङ्गली जनावरहरू धेरै सङ्ख्यामा छन्, तर मेरो अघि ती सबै सधाएका भेडाहरू जस्ता छन्। छालहरूमुनि बुझ्न नसकिने रहस्यहरू छन्, तर तिनीहरू पृथ्वीका सबै थोकझैं मेरो निम्ति स्पष्ट छन्; क्षेत्रहरूदेखि माथि आकाशमा मानिस कहिल्यै पुग्न सक्दैन, तापनि ती दुर्गम क्षेत्रहरूमा म स्वतन्त्र हिँड्छु। मानिसले मलाई ज्योतिमा कहिल्यै चिनेको छैन, तर मलाई अन्धकारको संसारमा मात्र देखेको छ। के तिमीहरू आज त्यस्तै परिस्थितिमा छैनौ र? यो ठूलो रातो अजिङ्गरको उपद्रवको कारण मैले आफ्नो काम गर्न औपचारिक रूपमा देहधारण गर्नुपर्‍यो। जब ठूलो रातो अजिङ्गरले पहिलो पटक त्यसको वास्तविक रूप प्रकट गर्‍यो, मैले मेरो नाउँको साक्षी दिएँ। जब म मानव जातिको सडकहरूमा हिँडेँ, न त एउटा प्राणी, न एक जना व्यक्ति चकित भएर जागृत भयो, यसैले जब म देहधारण गरी मानव संसारमा आएँ त्यो कसैले पनि थाहा पाएन। तर जब, मेरो देहधारणको शरीरमा, मैले आफ्नो काम गर्न थालें, मेरो गर्जनको आवाजले मानिसहरू बिउँझे र उनीहरूको सपनाबाट चकित भए, र त्यस क्षणदेखि तिनीहरूले मेरो मार्गनिर्देशनमा आफ्नो जीवनको सुरुआत गरे। मेरा मानिसहरूको माझमा मैले फेरि नयाँ काम सुरु गरेको छु। पृथ्वीमा मेरो काम समाप्त भएको छैन भन्नु नै मेरा मानिसहरू जोसँग म बोलेँ ती मैले मेरो हृदयमा चाहेकाहरू होइनन् भनी देखाउन पर्याप्त छ, तर जे भए पनि म तिनीहरू मध्येबाटै कोही-कोहीलाई चुन्छु। यसबाट यो प्रस्ट हुन्छ कि मैले मेरा मानिसहरूलाई देहधारी परमेश्‍वर चिन्न सक्षम मात्र बनाइरहेको छैन, तर तिनीहरूलाई शुद्‌ध पनि पार्दैछु। मेरो प्रशासनिक आदेशको कठोरताका कारण धेरै मानिसहरू अझै पनि मद्‌वारा हटाइने खतरामा छन्। जबसम्म तैंले आफैले आफैलाई निराकरण गर्ने, तेरो आफ्नै शरीरलाई वशमा राख्ने कोसिस गर्दैनस्—जबसम्म तँ यो गर्दैनस्, तबसम्म तँ पनि जसरी पावलले सीधै मेरो हातबाट सजाय पायो, जसबाट उम्कने कुनै उपाय थिएन, त्यसरी नै निश्‍चय मेरो घृणा र अस्वीकारको पात्र हुनेछस्। के तिमीहरूले मेरा वचनहरूबाट केही कुरा बटुलेका छौ? पहिले जस्तै, चर्चलाई शुद्‌ध पार्ने, मलाई चाहिने मानिसहरूलाई शुद्‌ध पार्दै जाने मेरो चाहना छ, किनकि म स्वयम् परमेश्‍वर हुँ, जो पूर्ण रूपमा पवित्र र निष्कलङ्क छ। म मेरो मन्दिरलाई इन्द्रेनीका रङ्गहरूले रङ्गीबिरङ्गी मात्र बनाउँदिन, तर कुनै दाग नभएको सफा, त्यसको भित्री भाग पनि बाहिरी भागसँग मिल्दो बनाउँछु। मेरो उपस्थितिमा, तिमीहरू सबैले विगतमा के गरेका छौ त्यो विचार गर्नुपर्छ, र आज तिमीहरूले मेरो हृदयमा पूर्ण सन्तुष्टि दिन सक्छौ कि सो निर्णय गर्ने सङ्कल्प गर्नुपर्छ।

मानिसले मलाई मेरो देहमा नचिन्ने मात्र होइन, त्योभन्दा बढी ऊ आफ्नै शरीरभित्र रहने आफ्नो अस्तित्वलाई बुझ्न असफल भएको छ। धेरै वर्षदेखि मानव जातिले मलाई धोका दिँदै आएको छ, मसँग बाहिरबाट आएको पाहुना जस्तो व्यवहार गरेको छ। धेरै चोटि, तिनीहरूले

“आफ्नो घरका ढोकाहरू” मेरो निम्ति बन्द गरेका छन्; धेरै चोटि तिनीहरू मेरो सामु उभिँदा मलाई ध्यान दिँदैनन्; धेरै पल्ट तिनीहरूले अरूको अगि मलाई इन्कार गरेका छन्; यसरी धेरै पटक, तिनीहरूले दियाबलसको अगि मलाई इन्कार गरेका छन्; र धेरै पटक तिनीहरूले आफ्ना झगडालु मुखले मलाई आक्रमण गरेका छन्। तापनि म मानिसका कमजोरीहरूको लेखा राख्दिनँ, न त म उसको अनाज्ञाकारिताको कारण दाँतको सट्टा दाँत माग्छु। उसको असाध्य रोग निको पार्न मैले उसका बिमारीहरूमा औषधी प्रयोग गरेको छु, त्यसरी उसलाई फेरि स्वास्थ्य बनाएको छु, यसैले कि उसले मलाई चिन्न सकोस्। के मैले गरेका सबै कार्य मानिसहरूलाई जीवित राख्न, मानिसहरूलाई जीवनमा एउटा मौका दिनका निम्ति होइन र? म धेरै चोटि मानिसहरूको संसारमा आएको छु, तर मानिसहरू आएनन्, किनकि म आफ्नै व्यक्तित्वमा यस संसारमा आएको थिएँ, मलाई ध्यान दिनुको साटो प्रत्येक व्यक्तिले उसलाई जे उचित लाग्यो त्यही गऱ्यो र बाहिर निस्कने आफ्नै बाटो खोज्यो। आकाशमुनिको प्रत्येक बाटो मेरो हातबाट आउँदछ भनी तिनीहरूले पत्तो पाएका थिएनन्! आकाशमुनिको प्रत्येक थोक मेरो विधानको अधीनमा छन् भनी तिनीहरू थोरै मात्र जान्दछन्! तिमीहरूमध्ये कसले आफ्नो हृदयमा अप्रसन्नता राख्ने हिम्मत गर्छौ? तिमीहरूमध्ये कसले हलकासाथ सम्झौतामा आउने हिम्मत गर्छौ? म भर्खरै चुपचाप मानिसहरूको बीचमा मेरो काम गर्दैछु–बस त्यत्ति मात्र हो। यदि, मेरो देहधारणको अवधिमा, मैले मानिसका कमजोरीहरूप्रति सहानुभूति नराखेको भए मेरो देहधारणको कारणले मात्र पनि सारा मानव जाति उनीहरूको बुद्धिले गर्दा डराउने थिए र फलस्वरूप, पातालमा पर्नेथिए। मैले आफैलाई नम्र तुल्याएकोले र आफैलाई लुकाएकोले मात्र मानव जाति विपत्तिबाट बच्यो, मेरो दण्डबाट छुटकारा पायो, र यस किसिमले आजको दिनमा आइपुग्यो। आजको दिनसम्म आइपुग्नु कति गाह्रो थियो भनी याद गर्दा के तिमीहरूले अझै आई नसकेको भोलिलाई अझ धेरै कदर गर्नुपर्दैन र?

मार्च ८, १९९२

# अध्याय १३

मेरा वचन र वाणीहरूमा मेरा धेरै आशयहरू लुकेका हुन्छन्, तर मानिसहरूले यी कुराहरू जान्दैनन् र बुझ्दैनन्; उनीहरूले मेरा वचनहरूलाई बाह्य रूपमा ग्रहण गर्छन् र बाह्य रूपमै तिनको अनुसरण गर्छन्, र उनीहरूले मेरो हृदयलाई बुझ्दैनन् वा मेरा वचनहरूबाट मेरो इच्छाको अन्तर्ज्ञान लिँदैनन्। मैले मेरा शब्दहरू स्पष्ट पारे पनि, तिनलाई बुझ्ने कोही छ त? म स्वर्गको सहर सियोनबाट मानव जगतमा आएँ। मैले सामान्य मानव वस्त्र र मानव छाला धारण गरेको हुनाले मानिसहरूले मेरो बाह्य रूप मात्रै चिन्छन्–तर उनीहरूले मभित्र रहेको जीवन चिन्दैनन्, न त उनीहरूले आत्मारूपी परमेश्‍वरलाई नै चिन्छन्, उनीहरूले त केवल देहवाला मान्छेलाई मात्र चिन्छन्। के वास्तविक प्रभु उहाँलाई बुझ्ने तिमीहरूको प्रयासको पनि लायक हुन सक्नुहुन्न र? के वास्तविक प्रभु उहाँलाई “विश्लेषण गर्ने” तिमीहरूको प्रयासको पनि लायक हुन सक्नुहुन्न र? म समग्र मानव जातिको भ्रष्टतालाई घृणा गर्छु, तर मलाई उनीहरूको कमजोरीप्रति करुणा लाग्छ। मैले समग्र

मानव जातिको पुरानो स्वभावको पनि निराकरण गरिरहेको छु। चीनमा रहेका मेरा मानिसहरूका रूपमा, के तिमीहरू मानव जगतको पनि एक हिस्सा हौ होइन र? मेरा सबै मानिसहरूमाझ र मेरा सबै सन्तानका माझ, मतलब, मैले सम्पूर्ण मानवजातिबाट छानेका व्यक्तिहरूमाझ, तिमीहरू सबैभन्दा तल्लो समूहमा छौ। यसकारण, मैले तिमीहरूको लागि सबैभन्दा बढी तागत खर्चिरहेको छु, सबैभन्दा बढी प्रयत्न गरिरहेको छु। के अझै पनि तिमीहरूलाई आफूले आज खुशीसाथ बाँचिरहेको आशिषित जीवन प्यारो लाग्दैन? के तिमीहरू अझै पनि म विरुद्ध विद्रोह गर्न र आफ्नै षडयन्त्रहरू अघि सार्नका लागि हृदयलाई कठोर पार्दैछौ? मेरो निरन्तर कृपा र प्रेम नभएको भएदेखि धेरै पहिले नै सम्पूर्ण मानवजगत शैतानको बन्धनमा फस्ने थियो र त्यसको मुखमा "स्वादिष्ठ गाँस" बन्ने थियो। आज, सबै मानिसहरूमाझ, मेरो लागि साँच्चिकै जीवन खर्चने र मलाई साँच्चिकै माया गर्ने व्यक्तिहरू एकदमै कम, औंलामा गन्न सकिने मात्र छन्। आज, के "मेरा मानिसहरू" भन्ने पदवी नाम तिमीहरूको व्यक्तिगत सम्पत्ति हुनसक्छ? के तिमीहरूको विवेक हिउँ झैं चिसो भएको छ? के तिमीहरू मलाई चाहिने मानिसहरू बन्न साँच्चिकै नै लायक छौ? विगतलाई सोचिहेर र फेरि आजलाई हेर–तिमीहरूमध्ये कसले मेरो हृदयलाई सन्तुष्ट पारेको छ? तिमीहरूमध्ये कसले मेरा आशयहरूको वास्तविक ख्याल गरेको छ? मैले तिमीहरूलाई नझकझकाएको भए, तिमीहरू अझै बिउँझने थिएनौ, बरु जमेजस्तै गरी र अझै शीतनिद्रामा भएजस्तै गरी रहिरहनेथियौ।

अशान्त छालहरूको बीचमा, मानिसहरूले मेरो क्रोध देख्छन्; काला बादलहरूको मडारिँदो लहरमा मानिसहरू छक्क पर्नेछन् र भयभीत हुनेछन्, र मेघ गर्जन र वर्षाले बगाई लाने डर लागेको बेलामा झैँ कहाँ भागि जाने हो भन्ने कुरा थाहै पाउनेछैनन्। त्यसपछि, चक्रीय हिमपात अन्यत्र उडीगएपछि उनीहरूको मनस्थिति सहज र हल्का बन्छ र उनीहरू प्रकृतिको सुन्दर दृश्यमा रमाउन थाल्छन्। तर त्यस्ता क्षणहरूमा, उनीहरूमध्ये कसले चाहिँ मानवताको लागि ममा भएको असीम प्रेम अनुभव गरेको छ? उनीहरूको हृदयमा मेरो चित्र मात्र छ, तर मेरो आत्माको सारतत्व नै छैन: के मानिसहरूले मलाई खुला रूपमा अवहेलना गरिरहेका छैनन्? जब तुफान आई शान्त हुन्छ, सबै मानवजाति नवीकरण भए झैँ लाग्छ; विपत्तिपछि शोधन भए जस्तै गरी, उनीहरूले पुनः ज्योति र जीवन पाए झैँ लाग्छ। तर जब आज बित्छ र भोलि आउँछ, के तिमीहरूले मुसलधारे झरीपछिको शुद्धता कायम राख्न सक्छौ? के तिमीहरूले आफ्नो शोधनपछिको भक्तिलाई कायम राख्न सक्छौ? के तिमीहरूले आजको आज्ञापालनलाई कायम राख्न सक्छौ? के तिमीहरूको आज्ञापालन दृढ र अपरिवर्तनीय रहन सक्छ? के यो माग मानिसहरूले पूरा गर्न सक्ने क्षमताभन्दा बाहिरको कुरा हो? म हरेक दिन मानवजातिमाझ बस्छु, मानवजातिसँगै सहकार्य गर्छु, उनीहरूमाझै हुन्छु, तर यो कुरा हालसम्म कसैले पनि देखेको छैन। मेरो आत्माको मार्गनिर्देशन नभएको भए, समग्र मानवजातिमा को चाहिँ आजको युगसम्म अझै बाँचेको हुन्थ्यो र? मैले म मानिसहरूको माझमा बस्छु र कार्य गर्छु भनिरहँदा, के मैले बढाइचढाइ गरिरहेको छु त? विगतमा, "मैले मानवजातिको सृजना गरेँ, र सम्पूर्ण मानवजगतलाई मार्गनिर्देशन गरेँ, र सम्पूर्ण मानवजगतलाई नै काबूमा राखेँ" भनेर मैले भनेँ, के यस्तै भएको होइन र? के यी कुराहरू सम्बन्धी तिमीहरूको अनुभव अपर्याप्त रहेको हुन सक्छ? केवल एउटै वाक्य "सेवा-कर्ता" लाई स्पष्ट पार्नको लागि तिमीहरूको

पूरा जीवन लाग्छ। वास्तविक अनुभव बिना मानवले मलाई कहिल्यै बुझ्न सक्नेछैन–उनीहरूले मेरा वचनहरूको माध्यमबाट मलाई कहिल्यै बुझ्न सक्नेछैनन्। तैपनि, आज म तिमीहरूको माझमा व्यक्तिगत रूपमा आएको छु–के यो तिमीहरूको बुझाइको लागि थप लाभदायी हुनेछैन र? के मेरो देहधारण भनेको तिमीहरूको मुक्ति पनि होइन र? यदि म आफ्नै व्यक्तिगत रूपमा मानव जगतमा नआएको भए, सम्पूर्ण मानवजाति धेरै वर्ष पहिले नै गलत धारणाहरूले भरिन्थ्यो, जुन आफैमा शैतानको काबूमा हुनु हो, किनकि यस्तो बेला तैँले जे कुरामा विश्वास गर्छस् त्यो केवल शैतानको आकृति मात्र हुन्छ र परमेश्वर स्वयम्सँग भने यसको कुनै सम्बन्ध हुँदैन। के यो मेरो मुक्ति होइन र?

जब शैतान मेरो अगाडि आउँछ, म यसको प्रचण्ड भयंकरतासँग डराएर पछि हट्नेछैन, न त म यसको बीभत्स रूपदेखि नै डराउनेछु। म त यसलाई केवल बेवास्ता गर्नेछु। जब शैतानले मलाई प्रलोभनमा पार्न खोज्छ, म यसको छलकपटको साँचो रूपलाई उदाङ्गो पारिदिन्छु, जसले गर्दा त्यो लाज र अपमानले पछि हट्न बाध्य हुन्छ। जब शैतानले मसँग लडाइँ गरेर मेरा चुनिएका मानिसहरूलाई खोसेर लैजान खोज्छ, म आफ्नो शरीरमा त्यसको विरुद्ध युद्ध सुरु गर्छु; र म आफ्नो शरीरमा नै मेरा मानिसहरूलाई सहारा प्रदान गर्छु र उनीहरूलाई अगुवाइ गर्दै उनीहरूको हरेक कदममा नेतृत्व प्रदान गर्छु। र जब शैतान पराजित भई फर्कन्छ, तब मैले मेरा मानिसहरूबाट महिमा प्राप्त गरेको हुनेछु, र मेरा मानिसहरूले मलाई सुन्दर र शानदार साक्षी दिनेछन्। यसर्थ, म मेरो व्यवस्थापनको योजनामा असर पुर्‍याउनेहरूलाई समातेर सधैं-सधैंको लागि अतल कुण्डमा फालिदिन्छु। यो मेरो योजना हो; यो मेरो कार्य हो। तिमीहरूको जीवनमा, एक दिन यस्तो समय आउनसक्छ, तब तिमीहरूले त्यस्तै परिस्थितिको सामना गर्नेछौ: के तैँले जानी-जानी आफूले आफूलाई शैतानको बन्धनमा फस्न दिन्छस्, वा तँलाई प्राप्त गर्न मलाई अनुमति दिन्छस्? तेरो दुर्भाग्य यही हो, र तैँले यसलाई ध्यानपूर्वक विचार गर्नुपर्छ।

राज्यमा भएको जीवन भनेको मानिसहरू र परमेश्वर स्वयम्को जीवन हो। सबै मानवजाति मेरो हेरचाह र संरक्षण अन्तर्गत पर्दछन् र सबै जना ठूलो रातो अजिङ्गरसँग मृत्यु हुन्जेलसम्म लड्नैपर्ने युद्दमा संलग्न छन्। यो अन्तिम युद्धमा विजयी हुनको लागि, ठूलो रातो अजिङ्गरलाई सिध्याउनको लागि, सबै मानिसहरूले आफ्नो सम्पूर्ण अस्तित्वलाई मेरो राज्यमा मलाई अर्पण गर्नुपर्छ। यहाँ कुरा गरिएको "राज्य" भन्नाले ईश्वरीयताको प्रत्यक्ष शासन अन्तर्गत बाँचिएको जीवन हो, जहाँ म सम्पूर्ण मानव जगतको गोठालो हुँ र जहाँ मानिसहरूले प्रत्यक्ष रूपमा मेरो तालिम स्वीकार गर्छन् ताकि उनीहरूले पृथ्वीमै हुँदा पनि उनीहरूको जीवन स्वर्गमै भएको जस्तो हुन्छ–तेस्रो स्वर्गमा भएको जीवनको वास्तविक आभास हुन्छ। म मेरो शारीरिक भेषमा भएको भए तापनि मैले देहको सीमाहरू सहन गर्नुपर्दैन। मानिसको प्रार्थना सुन्नको लागि म धेरै पल्ट मानिसहरूका माझमा आएको छु, र मानिसहरू सँगसँगै हिँडेर उनीहरूले गरेको प्रशंसा सुनी आनन्द लिएको छु; मानिसहरूलाई मेरो अस्तित्वको बारेमा कहिल्यै थाहा नभएको भए तापनि म अझै पनि आफ्नो काम यसरी नै गर्छु। मेरो बास स्थानमा, जुन त्यो स्थान हो जहाँ म लुकेको छु–जे भए तापनि, मेरो बास स्थानमा मैले मेरा सबै दुस्मनहरूलाई पराजित गरेको छु; मेरो बास स्थानमा मैले

पृथ्वीमा बाँच्नुको वास्तविक अनुभव प्राप्त गरेको छु; मेरो बास स्थानमा, मैले मानिसका हरेक शब्द र कार्य अवलोकन गरिरहेको छु, र सम्पूर्ण मानवजगतलाई नियाल्ने र सञ्चालन गर्ने कार्य गरिरहेको छु। यदि मानवजातिले मेरा आशयहरूको ख्याल गरेर मेरो हृदयलाई सन्तुष्टि र मलाई खुशी प्रदान गर्छ भने म सम्पूर्ण मानवजातिलाई आशीर्वाद प्रदान गर्नेथिएँ। के मानवजातिको लागि मैले चाहेको यही नै होइन र?

मानवजाति कोमामा रहेको हुनाले, मेरा मेघ गर्जनको आवाजहरूले मात्र उनीहरूलाई सपनाबाट ब्यूँताउँछ। र जब उनीहरूले आफ्ना आँखाहरू खोल्छन्, कठोर प्रकाशका यी विस्फोटहरूले उनीहरूको आँखामा यसरी चोट लाग्छ कि उनीहरूले दिशा बोध गर्न सक्दैनन् र उनीहरूले आफू कहाँबाट आएको अनि कहाँ जाँदै गरेको हो भन्ने कुरा थाहा पाउन सक्दैनन्। धेरैजसो मानिसहरूलाई लेजर जस्तो किरणहरूले हिर्काउँछ र उनीहरू तुफानमा थुप्रोका थुप्रो जस्तो ढल्छन् र कुनै नामनिसान बाँकी नराखी उनीहरूको शरीरलाई जलप्रवाहले बगाएर लैजान्छ। प्रकाशको ज्योतिमा, बाँच्नेहरूले अन्ततः मेरो अनुहार स्पष्टसँग देख्न सक्छन् र अनि मात्र उनीहरूले मेरो बाह्य रूपको बारेमा केही ज्ञान प्राप्त गर्छन्, यस्तो ज्ञान जसको कारण उनीहरूले मेरो अनुहारमा सोझै हेर्ने आँट गर्न सक्दैनन्, मैले उनीहरूको देहमा थप सजाय र श्रापहरू प्रदान गर्छु कि भनेर उनीहरू औधी नै डराउँछन्। असंख्य मानिसहरू चिच्याउँछन् र डाँको छाडेर रुन्छन्; कैयौं मानिसहरू हताश हुन्छन्; कैयौँले आफ्नो रगतको खोलो बगाउँछन्; कैयौँले प्रकाशको ज्योतिमा आफ्नो स्थान देख्छन् र अचानक मुटुभित्र च्वास्स दुखेको महसुस गर्छन् र वर्षौंदेखिको आफ्नो बेखुशीको लागि आँशु झार्छन्। प्रकाशको ज्योतिले बाध्य पारेपछि असंख्य मानिसहरूले आफ्नो अपवित्रताको स्वीकारोक्ति गर्छन् र आफू सुध्रिने बाचा गर्छन्। अन्धो भएका कैयौं मानिसहरूले जीवन बाँच्नुको आनन्द नै गुमाइसकेका हुन्छन् र फलस्वरूप उनीहरूले प्रकाशको ज्योतिको बारेमा कुनै वास्ता पनि गर्दैनन्, निरन्तर रूपमा निष्क्रिय रहन्छन् र आफ्नो अन्त्य कुर्छन्। र कैयौँ मानिसहरूले आफ्ना जीवनको डुँगाको पाल उठाउँदैछन् र प्रकाशको ज्योतिको मार्गनिर्देशनमा उत्साह पूर्वक रूपमा भोलिको प्रतिक्षा गर्दछन्। ... आज, मानवजातिमा कोचाहिँ यस्तो अवस्थामा बाँचेका छैनन् र? को मेरो प्रकाशको ज्योतिभित्र बाँचेको छैन र? तिमीहरू बलिष्ठ नै भए पनि, वा तिमीहरू कमजोर नै भए तापनि, मेरो आउँदै गरेको प्रकाशको ज्योतिलाई तिमीहरूले कसरी छल्न सक्छौ र?

मार्च १०, १९९२

## अध्याय १४

सम्पूर्ण युगहरूमा, कुनै पनि मानव राज्यमा प्रवेश गरेको छैन, यसर्थ कसैले पनि राज्यको युगको अनुग्रह उपभोग गरेको छैन, न त कसैले राज्यको राजालाई नै देखेको छ। मेरो आत्माको ज्योतिको प्रभावमा धेरै मानिसहरूले राज्यको सौन्दर्यको बारेमा भविष्यवाणी गरेका भए तापनि, तिनीहरूले यसको बाह्य रूपको बारेमा मात्रै जान्दछन्, तर यसको भित्री सारको बारेमा जान्दैनन्। आज, राज्य औपचारिक रूपले पृथ्वीमा अस्तित्वमा आएको छ, तर अधिकांश मानवजातिलाई अझै

पनि राज्यको युगको अवधिमा के कुरा हासिल गर्नुपर्छ वा अन्तमा मानिसहरूलाई कुन क्षेत्रमा ल्याइनुपर्छ भन्ने बारेमा केही थाहा छैन। यस बारेमा हरेक व्यक्ति अलमलमा परेको छ कि भन्ने मलाई डर छ। राज्यको पूर्ण प्रकटीकरणको दिन अझै आएको छैन, त्यसकारण सबै मानिसहरू संभ्रमित छन् र तिनीहरूले यसलाई स्पष्टसँग बुझ्न सक्दैनन्। मेरो ईश्‍वरत्वको कार्य औपचारिक रूपमा राज्यको युगदेखि सुरु हुन्छ, र राज्यको युगको यही औपचारिक सुरुवातदेखि नै मानवजातिमाझ मेरो स्वभाव प्रगतिशील रूपमा आफै देखा पर्न सुरु भइरहेको छ। त्यसकारण, यही पलदेखि, सबैसामु घोषणा गर्दै पवित्र तुरही औपचारिक रूपमा बज्न सुरु हुन्छ। जब मैले औपचारिक रूपमा राज्यको राजाको रूपमा मेरो सत्ता र शासन ग्रहण गर्छु, तब मेरा मानिसहरू समयसँगै मद्वारा पूर्ण बनाइनेछन्। जब संसारका सबै राष्ट्रहरू भङ्‍ग हुन्छन्, ठीक त्यही समयमा मेरो राज्य स्थापित हुनेछ अनि यसले आकार लिनेछ, साथसाथै त्यही बेला म रूपान्तरित हुनेछु अनि सम्पूर्ण ब्रम्हाण्डको सामना गर्न त्यसतर्फ फर्कनेछु। त्यो समयमा, सबै मानिसहरूले मेरो महिमामय अनुहार देख्नेछन् र मेरो साँचो मुखाकृतिको साक्षात्कार गर्नेछन्। संसारको सृष्‍टिदेखि नै, शैतानले मानिसहरूलाई भ्रष्‍ट बनाएदेखि आजको दिनमा तिनीहरू जति भ्रष्‍ट छन् त्यो हदसम्म, तिनीहरूको भ्रष्‍टताको कारण म तिनीहरूको दृष्‍टिकोणबाट झन्-झन् गुप्‍त र बढ्दो रूपमा अथाह बनेको छु। मानवजातिले कहिल्यै पनि मेरो साँचो अनुहार देखेको छैन र मसँग कहिल्यै पनि प्रत्यक्ष रूपमा अन्तरक्रिया गरेको छैन। जनश्रुति र मिथ्या कथाहरूमा मात्र, मानव कल्पनामा एउटा "म" रहेको पाइन्छ। त्यसैले, मानिसहरूको मस्तिष्कमा भएको "म" लाई सामना गर्न म यो मानव कल्पनासँग–अर्थात मानव धारणाहरूसँग–समरूप हुन्छु ताकि मैले तिनीहरूले वर्षौंसम्म अँगालेर राखेको "म" को अवस्थामा परिवर्तन ल्याउन सकूँ। मेरो कार्यको सिद्‌धान्त यही हो। एक जना व्यक्तिले पनि सम्पूर्ण रूपमा यो कुरा बुझ्न सकेको छैन। मानिसहरूले मलाई लम्पसार परेर दण्डवत् गरेका भए तापनि, मेरो उपासना गर्न मकहाँ आएका भए तापनि, म त्यस्ता मानव कार्यहरूबाट आनन्द लिन सक्दिन, किनकि मानिसहरूले तिनीहरूको हृदयमा मेरो तस्विर राख्दैनन् बरु मेरो बाहेक अरूकै तस्विर राख्छन्। त्यसकारण, तिनीहरूमा मेरो स्वभावको बारेमा कुनै बुझाइ नै नभएको हुँदा मानिसहरूले मेरो साँचो अनुहार चिन्दै चिन्दैनन्। फलस्वरूप, जब तिनीहरू आफूले मेरो प्रतिरोध वा मेरा प्रशासनिक विधिहरूको उल्लंघन गरेको ठान्छन्, तब म देखे पनि नदेखे झैं गर्छु–त्यसैले, तिनीहरूको स्मृतिमा म या त तिनीहरूलाई सजाय दिनुको सट्टा कृपा गर्ने परमेश्‍वर हुँ या त आफूले बोलेको कुरालाई गम्भीर रूपमा लिने परमेश्‍वर स्वयम् नै हुँ। यी सबै कुराहरू मानव सोचबाट जन्मिएका काल्पनिक कुराहरू हुन्, र तिनीहरू तथ्यसँग मेल खाँदैनन्।

म दिन प्रतिदिन अवलोकन गर्दै ब्रह्माण्डमाथि उभिन्छु, र मानव जीवनको अनुभव लिँदै अनि मानवजातिको प्रत्येक कार्यलाई नजिकबाट अध्ययन गर्दै म आफूलाई विनम्रतापूर्वक मेरो वासस्थानभित्र लुकाउँछु। कसैले पनि साँचो रूपले आफूलाई मसमक्ष अर्पित गरेको छैन; कसैले पनि सत्यको खोजी गरेको छैन। कोही पनि कहिल्यै मप्रति कर्तव्यनिष्ठ भएको छैन वा कसैले पनि मेरो समक्ष संकल्प गर्ने अनि आफ्नो कर्तव्य पालन गर्ने कार्य गरेको छैन। कसैले पनि मलाई कहिल्यै तिनीहरूभित्र बास बस्न दिएको छैन, न त मलाई तिनीहरूले आफ्नो जीवनलाई महत्त्व

दिए झैं महत्त्व नै दिएका छन्। कसैले पनि कहिल्यै व्यवहारिक यथार्थमा मेरो ईश्वरत्व जे हो त्यो सब देखेको छैन; कोही पनि कहिल्यै व्यवहारिक परमेश्वर स्वयम्सँग सम्पर्कमा रहन इच्छुक रहेको छैन। जब मानिसहरूलाई पानीले सींगै निल्छ, तब म तिनीहरूलाई स्थिर पानीबाट बचाउँछु र नवजीवन जिउने मौका दिन्छु। जब मानिसहरूले जिउने आत्मविश्वास गुमाउँछन्, तब म तिनीहरूलाई जीवन जारी राख्ने साहस प्रदान गर्दै मृत्युको मुखबाट तानेर माथि ल्याउँछु ताकि तिनीहरूले मलाई आफ्नो अस्तित्वको जगको रूपमा प्रयोग गर्न सकून्। जब मानिसहरूले मेरो अवज्ञा गर्छन्, तब म तिनीहरूलाई तिनीहरूको आफ्नै अवज्ञाभित्रबाट मलाई चिन्न लगाउँछु। मानवजातिको पुरानो स्वभावको आधारमा, र मेरो कृपाको आधारमा कुरा गर्दा, मानिसहरूलाई मृत्युमा धकेल्नुको साटो म तिनीहरूलाई पश्चाताप गर्न र नयाँ सुरुवात गर्न दिन्छु। जब तिनीहरूले भोकमरीको सामना गर्छन्, तिनीहरूसँग तिनीहरूको शरीरमा एकै सास मात्र बाँकी रहँदा पनि, म तिनीहरूलाई शैतानको छलको शिकार हुनबाट जोगाउँदै मृत्युबाट खोसेर ल्याउँछु। धेरै पल्ट मानिसहरूले मेरो हात देखेका छन्, धेरै पल्ट तिनीहरूले मेरो दयालु मुखाकृति र मुस्कुराउने अनुहारको साक्षात्कार गरेका छन्, र धेरै पल्ट तिनीहरूले मेरो प्रताप र क्रोध देखेका छन्। मानिसहरूले मलाई कहिल्यै पनि नचिनेको भए तापनि, म जानाजान उत्तेजक बन्न तिनीहरूको कमजोरीहरूलाई अवसरको रूपमा लिँदिनँ। मानवजातिका कठिनाइहरूको अनुभव गर्दा त्यसले मलाई मानव कमजोरीप्रति सहानुभूति राख्न सक्षम तुल्याएको छ। मानिसहरूको अवज्ञा र अकृतज्ञताको प्रत्युत्तरमा मात्र मैले तिनीहरूलाई विविध मात्राका सजायहरू दिने गर्छु।

जब मानिसहरू व्यस्त हुन्छन् म आफूलाई लुकाउँछु, र उनीहरूको फुर्सदको समयमा म आफूलाई प्रकट गर्छु। मानिसहरूले मलाई सबै कुरा जान्ने भनेर कल्पना गर्छन्; तिनीहरूले मलाई परमेश्वर स्वयम्को रूपमा लिन्छन् जसले सबै अनुनय-विनयहरूलाई स्वीकार गर्नुहुन्छ। त्यसकारण, धेरैजसो मानिसहरू परमेश्वरको सहायता माग्न मात्र मकहाँ आउँछन्, तर मलाई चिन्ने इच्छाको कारणले आउँदैनन्। बिरामको वेदनामा हुँदा मानिसहरूले अत्यावश्यक रूपमा मेरो सहयोगको याचना गर्छन्। अप्ठ्यारो परिस्थितिको समयमा, आफ्नो दुःखबाट मुक्त हुनको लागि, तिनीहरूले पूरै शक्ति लगाएर आफ्ना कठिनाइहरू मलाई बताउँछन्। तथापि, सहजताको अवस्थामा हुँदा एकै जना मानवले पनि मलाई प्रेम गर्न सकेको छैन; शान्ति र खुशीको समयमा एक जना मान्छेले पनि तिनीहरूको खुशीमा म पनि सामेल हुन सक्छु कि भनी मलाई खोज्दै आएको छैन। जब तिनीहरूका साना परिवारहरू खुशी र ठीकठाक हुन्छन्, तब मानिसहरूले आफ्ना परिवारहरूका आशिषित् खुशीयालीको आनन्द लिनको लागि मलाई भित्र जान निषेध गर्दै लामो समयअघिदेखि मलाई पन्छाइसकेका हुन्छन् वा मेरो लागि ढोका बन्द गरिसकेका हुन्छन्। मान्छेको मस्तिष्क एकदमै साँगुरो छ; यो त म जस्तो प्रेमिलो, कृपालु, र पहुँचयोग्य परमेश्वरलाई राख्न पनि नअट्ने गरी अति नै साँगुरो छ। आनन्ददायी हाँसोका क्षणहरूमा मानिसहरूले मलाई धेरै पल्ट अस्वीकार गरेका छन्; ठेस लाग्दा मानिसहरूले मलाई धेरै पल्ट बैसाखी झैं आड बनाइएका छन्; रोगले ग्रसित भएका मानिसहरूले धेरै पल्ट मलाई जबरजस्ती चिकित्सकको भूमिकामा हालिदिएका छन्। कति क्रूर छन् मानिसहरू! तिनीहरू सम्पूर्ण रूपले अमर्यादित र अनैतिक छन्। जुन भावनाहरूद्वारा

मानिसहरू ओतप्रोत हुनुपर्ने हो तिनीहरूमा ती भावनाहरू पनि छैनन्; तिनीहरू लगभग सम्पूर्ण रूपले मानवताको नामनिशानविहीन छन्। विगतको बारेमा सोच र वर्तमानसँग तुलना गर त: के तिमीहरूमा कुनै परिवर्तन आइरहेको छ? के तिमीहरूले आफ्नो विगतका केही कुरालाई फालेका छौ? वा कि त्यो विगत अझै पनि प्रतिस्थापित हुन बाँकी छ?

मानव संसारका उकालीओरालीहरू अनुभव गर्दै मैले हिमश्रृङ्खलाहरू र नदीका घाटीहरू पार गरेको छु। तिनीहरूमाझ म घुम्दै हिँडेको छु र धेरै वर्ष म तिनीहरूमाझ बसेको छु, तैपनि मानवजातिको स्वभाव कमै मात्र परिवर्तन भएको जस्तो देखिन्छ। अनि मानिसहरूको पुरानो स्वभावले जरा गाडिसकेको र त्यसबाट टुसा पलाएको हो कि जस्तो देखिन्छ। तिनीहरूले त्यो पुरानो प्रकृतिलाई कहिल्यै पनि बदल्न सक्दैनन्; तिनीहरूले त्यसको मौलिक जगमा मात्रै यसलाई अलिअलि सुधार गर्छन्। मानिसहरूले भने झैं, सार बदलिएको छैन, तर स्वरूप चाहिँ धेरै नै बदलिएको छ। मानिसहरू सबै मलाई मूर्ख बनाउन र तामझामद्वारा प्रभावित गर्न खोजिरहेका छन् भन्ने देखिन्छ ताकि तिनीहरूले झुक्याएर मेरो प्रशंसा जित्न सकून्। म मानव छललाई न त प्रशंसा गर्छु न त यसलाई ध्यान नै दिन्छु। रिसले आगो हुनुको साटो म देखे पनि नदेखे झैं गर्ने प्रवृत्ति अँगाल्छु। मैले मानवजातिलाई केही निश्चित हदसम्मको छुट दिने, त्यसपछि सबै मानिसहरूलाई एकैचोटि सामना गर्ने योजना बनाएको छु। मानिसहरू सबै आफूलाई प्रेम नगर्ने अनि आफ्नो ख्याल राख्दै नराख्ने व्यर्थका तुच्छ व्यक्तिहरू भएको हुँदा, किन मैले तिनीहरूलाई फेरि पनि कृपा र प्रेम गर्नु आवश्यक हुन्थ्यो र? कुनै अपवाद विना नै, मानिसहरूले आफूलाई नै चिन्दैनन्, न त तिनीहरूलाई आफ्नो मूल्य कति धेरै छ भन्ने कुरा नै थाहा छ। तिनीहरूले आफूलाई जोख्नको लागि तराजुमा राख्नुपर्छ। मानिसहरूले मलाई वास्ता गर्दैनन्, त्यसैले म पनि तिनीहरूलाई गम्भीर रूपमा लिँदिनँ। तिनीहरूले मलाई ध्यान दिँदैनन्, त्यसैले मैले पनि तिनीहरूउपर अझ परिश्रमसित काम गर्नु पर्दैन। के यो दुवै संसारका सर्वोत्तम कुरा होइन र? के यसले तिमीहरू, अर्थात् मेरा मानिसहरूलाई व्याख्या गर्दैन र? तिमीहरूमध्ये कसले चाहिँ मेरो समक्ष संकल्पहरू गरेर पछि तिनलाई त्याग गरेको छैन र? बारम्बार विभिन्न कुराहरूमा मन डुलाउनुको सट्टा, कसले चाहिँ मेरो अगाडि दीर्घकालीन संकल्पहरू गरेको छ र? सधैँ, मानिसहरूले सहज परिस्थितिमा मेरो अगाडि संकल्पहरू गर्छन्, र कठिन परिस्थितिमा ती सबैलाई रद्द गर्छन्; अनि पछि, तिनीहरूले फेरि त्यही संकल्पलाई लिन्छन् र मेरो अगाडि राख्छन्। के म त्यति धेरै अपमानयोग्य छु र मानवजातिले फोहोरको थुप्रोबाट टिपेको कवाड वस्तु यसै स्वीकार गरूँ? कमै मात्र मानिसहरू आफ्ना संकल्पहरूमा दृढ रहन्छन्, केही मात्र पवित्र छन्, र केहीले मात्र तिनीहरूको लागि अमूल्य रहेका वस्तुहरू मलाई बलि चढाउँछन्। के तिमीहरू सबै उस्तै छैनौ र? यदि तिमीहरूले राज्यका मेरा मानिसहरूको सदस्यको रूपमा आफ्नो कर्तव्य निभाउन सक्दैनौ भने, तिमीहरूलाई घृणा र अस्वीकार गर्नेछु!

मार्च १२, १९९२

# अध्याय १५

मानवजाति सबै यस्ता प्राणीहरू हुन् जसमा आत्म-ज्ञानको कमी छ, र तिनीहरूले आफैलाई चिन्न सक्दैनन्। यद्यपि, तिनीहरू अरू सबैलाई तिनीहरूका हतकेलाजस्तै गरी जान्दछन्, मानौं, अरूले गरेका र भनेका सबै कुरा तिनीहरूकै सामु, उनीहरूद्वारा अघिबाटै "निरीक्षण" गरिएका हुन्, अनि त्यो गर्नुभन्दा अघि उनीहरूबाट स्वीकृति लिएको हो। फलस्वरूप, तिनीहरूका मनोवैज्ञानिक स्थितिहरू लगायत तिनीहरूले सबैको नाप गरेका छन् भन्ने जस्तै भएको छ। मानवजाति सबै यस्तै छन्। आज तिनीहरू परमेश्वरको राज्यको युगमा प्रवेश गरेका भए पनि, तिनीहरूको स्वभाव अपरिवर्तित रहन्छ। तिनीहरू अझै पनि मेरो अगाडि मैले गरेको कार्य गर्छन्, तर मेरो पिठिउँ पछाडि तिनीहरू आफ्नै अनौठो "व्यवसाय" तिर लाग्छन्। तापनि, पछि, जब तिनीहरू मेरो अगि आउँछन्, तिनीहरू शान्त अनुहार र स्थिर धड्कनसहितका स्पष्ट रूपमा शान्त र निर्भीक भई पूर्ण फरक व्यक्तिहरू जस्तो हुन्छन्। के यही कुराले मानवजातिलाई यति घृणित बनाउँदैन र? धेरै मानिसहरूले दुई फरक प्रकारका अनुहार बोकेर हिँड्छन्–मेरो अगाडि हुँदा एउटा र मेरो पिठिउँ पछाडि हुँदा अर्को। तिनीहरूमध्ये धेरैले मेरो अगाडि भर्खर जन्मेको थुमाले जस्तो व्यवहार गर्दछन्, तर मेरो पिठिउँ पछाडि तिनीहरू हिंस्रक बाघहरूमा परिणत हुन्छन्, र पछि डाँडाहरूमा आनन्दसाथ उड्ने स-साना चराचुरुङ्गीहरूले जस्तो व्यवहार गर्दछन्। धेरैले मेरो सामु उद्देश्य र संकल्प देखाउँछन्। धेरै जना तृष्णा र चाहनासहित मेरा वचनहरू खोज्दै आउँछन्, तर जब मेरो पिठिउँ पछाडि हुन्छन्, तिनीहरू ती कुरासँग दिक्क हुन्छन् र तिनलाई त्याग्छन्, मानौं मेरो मुखबाट निस्केका वचनहरू एउटा भार हुन्। धेरै पटक, मेरो शत्रुले भ्रष्ट पारेको मानवजातिलाई हेर्दा, मैले मानवजातिमा आशा राख्न छोडिदिएको छु। धेरै चोटि तिनीहरू मेरो सामुन्ने आएर आँसु झार्दै माफी मागेका देखेर पनि, तिनीहरूका हृदय सच्चा र तिनीहरूका उद्देश्य इमानदार भए पनि तिनीहरूमा रहेको आत्म-सम्मानको अभाव र सुधार्न नसकिने जिद्दीको कारण रिसमा मैले तिनीहरूका कामप्रति आफ्ना आँखाहरू चिम्लेको छु। धेरै पटक, मैले मानिसहरू मसँग सहकार्य गर्न विश्वस्त भएका देखेको छु, जो, मेरो सामु मेरो अङ्गालोमा, त्यसको न्यानोपन चाख्दै बसेको जस्तो देखिन्छ। धेरै पटक, मेरो चुनिएका मानिसहरूको निर्दोषता, सजीवता, र श्रद्धाभाव देखेर यी थोकहरूको खातिर म कसरी ठूलो आनन्द लिन सक्दिनँ? मानवजातिले तिनीहरूका निम्ति मेरा हातहरूमा भएका पूर्वनियुक्त आशिषहरू कसरी उपभोग गर्न सकिन्छ त्यो जान्दैनन्, किनकि तिनीहरू "आशीर्वाद" र "दुःखकष्ट" दुवैको अर्थ के हो सो बुझ्दैनन्। यसकारण, मेरो खोजीमा मानवजाति इमानदार हुँदैनन्। यदि भोलीको दिन अस्तित्वमा थिएन भने, तिमीहरूमध्ये को मेरो सामु उभिंदा चलिरहेको हिउँजस्तो शुद्ध र हिराजस्तो निष्कलङ्क हुन सक्यो? के मप्रतिको तिमीहरूको प्रेम कुनै स्वादिष्ठ भोजन, सुन्दर वस्त्र, धेरै तलब भएको पदजस्ता कुरासँग साट्न सकिने वस्तुजस्तो हुन सक्छ? के यसलाई तेरो निम्ति अरूसँग भएको प्रेमसँग साट्न सकिन्छ? के कष्टमा परेकाहरूले वास्तवमा मानिसहरूलाई मप्रतिको तिनीहरूका प्रेमलाई त्याग्ने प्रेरणा दिन्छ? के दुःख-कष्ट र सङ्कष्टहरूको कारण तिनीहरूले मेरो व्यवस्थाको बारेमा गुनासो गर्नेछन्? कसैले पनि मेरो मुखमा भएको धारिलो तरबारलाई साँच्चै कदर गरेको छैन:

त्यसको भित्री जड नबुझी तिनीहरू त्यसको बाहिरी अर्थ मात्र जान्दछन्। यदि मानवजातिले साँच्चै मेरो तरवारको धार देख्न सक्थ्यो भने, तिनीहरू आफ्ना प्वालहरूमा मुसो दगुरे झैँ दगुर्नेथिए। तिनीहरूको बोधोपनको कारण, मानिसहरूले मेरा वचनका कुनै सही अर्थ बुझ्न सक्दैनन्, त्यसैले तिनीहरू मैले वाणीहरू कतिको भयानक छन् वा ती वचनहरूले मानिसको कति धेरै प्रकृति प्रकट गर्छन् र तिनीहरूका भ्रष्टतालाई कसरी न्याय गरेका छन् त्यसको बारेमा तिनीहरूलाई अत्तो-पत्तो छैन। यसकारण, मैले जे भन्छु त्यस विषयमा तिनीहरूका अधकल्चो पाकेका विचारहरूको फलस्वरूप, धेरैजसो मानिसहरूले मनतातो आचरण अपनाएका छन्।

परमेश्वरको राज्यभित्र, मेरो मुखबाट निस्केका वचनहरू मात्र होइन, तर मेरा खुट्टाहरू पनि सबै देशहरूमा औपचारिक रूपमा हिँड्छ। यसरी, मैले सबै अशुद्ध र फोहोर ठाउँहरूलाई विजय गरेको छु, यसरी स्वर्ग मात्र परिवर्तन भइरहेको छैन, तर पृथ्वी पनि परिवर्तनको प्रक्रियामा छ, र पछि नवीकरण हुन्छ। ब्रह्माण्डभित्र, मेरो महिमाको चमकमा सबै थोक नयाँ जस्तै गरी चम्कन्छन्, इन्द्रियहरूलाई आनन्दित तुल्याउने र मानिसहरूका आत्मालाई उचाल्ने हृदयस्पर्शी पक्ष प्रस्तुत गर्दछ, मानौं यो अहिले मानव कल्पनामा पैदा भएजस्तो शैतानद्वारा नछोइएको र बाहिरी शत्रुको आक्रमणबाट स्वतन्त्र रही आकाशहरूभन्दा माथिको स्वर्गमा अवस्थित छ। ब्रह्माण्डको सबैभन्दा माथिल्लो ठाउँमा, असङ्ख्य ताराहरूले मेरो आदेशमा आफ्ना तोकिएका स्थानहरू लिन्छन्, अन्धकारको घडीमा ताराहरूका क्षेत्रहरूमा तिनीहरूको ज्योति फैलाउँछन्। कुनै पनि प्राणीले आज्ञा नमान्ने विचारहरू मनमा राख्ने हिम्मत गर्दैन, र यसरी, मेरो प्रशासनिक आदेशहरूको सारअनुसार सम्पूर्ण ब्रह्माण्ड राम्रोसँग संचालित र सही क्रममा हुन्छ: कहिल्यै पनि कुनै बाधा उत्पन्न भएको छैन, र न त ब्रह्माण्ड कहिले विभाजन भएको छ। म ताराहरूभन्दा माथि उड्दै उफ्रन्छु, र जब सूर्यले आफ्ना किरणहरू निकाल्छ, मेरो हातबाट हाँसका प्वाँखहरू जत्रा हिउँका कणहरूका ठूलो वर्षा पठाएर म तिनीहरूको न्यानोपन मेटाउँछु। तापनि जब म मेरो मन परिवर्तन गर्दछु, ती सबै हिउँ नदीमा पग्लन्छ, र एकै क्षणमा आकाशहरूमुनि सबै ठाउँमा वसन्त आउँछ र हरियो तहले पृथ्वीको सम्पूर्ण परिदृश्यलाई रूपान्तरण गरेको छ। म आकाशभन्दा माथि जान्छु, र तुरुन्तै, मेरो स्वरूपको कारण पृथ्वीलाई अत्यन्तै कालो अन्धकारले ढाक्छ: चेतावनीविना “रात” आइपुगेको छ, र संसारभरि यति अँध्यारो हुन्छ कि कसैले आफ्नो अनुहारको अगि आफ्नै हातसमेत देख्न सक्दैन। ज्योति निभेपछि, मानिसहरू एक-अर्कोलाई नाश पार्दै, एक-अर्कोबाट खोस्दै र लुट्दै साझे विनाशको हिंसात्मक कार्य गर्न यस मौकाको फाइदा उठाउँछन्। पृथ्वीका राष्ट्रहरू छुटकाराभन्दा बाहिर नपुगुन्जेल अस्तव्यस्त अमेलतामा पर्दछन् र फोहोर अशान्तिको स्थितिमा प्रवेश गर्छन्। मानिसहरू आफ्नो पीडा बीच दु:ख, कष्ट र विलापको दलदलमा सङ्घर्ष गर्दछन् र वेदनामा दयनीय रूपले विलाप गर्दछन्, मानिसको संसारमा एकचोटि फेरि अचानक ज्योति आओस् र अन्धकारका दिनहरू समाप्त होऊन् र एकचोटि अस्तित्वमा रहेको त्यो शक्ति फेरि स्थापित होस् भन्ने इच्छा गर्छन्। तापनि, मैले मेरा बाहुलोहरू झट्कारेर मानवजातिलाई छोडेको धेरै भइसक्यो, संसारका गल्तीहरूका लागि फेरि कहिल्यै तिनीहरूलाई दया देखाउनेछैन: मैले धेरै अघि नै सम्पूर्ण पृथ्वीका मानिसहरूलाई घृणा र तिरस्कार गरेको छु, त्यहाँका अवस्थाहरूप्रति मेरा आँखाहरू चिम्लेको छु, मानवताको हरेक

चाल र हाउभाउबाट मेरो अनुहार लुकाएको छु, र यसको अपरिपक्वता र निर्दोषतामा प्रसन्न हुन छोडेको छु। म संसारलाई फेरि नयाँ बनाउने अर्को योजनामा लागेको छु, ताकि यो नयाँ संसारको चाँडै नै पुनर्जन्म हुन सकोस्, यो फेरि कहिल्यै नडुबोस्। मानवजातिको बीचमा, मैले तिनीहरूलाई सही तुल्याऊँ भनेर धेरै वटा अनौठा देशहरूले गर्दैछन्, त्यस्ता गल्तीहरू छन् जसलाई हुन दिनबाट मैले व्यक्तिगत रूपले रोक्नुपर्छ, मैले बढार्नुपर्ने धूलो धेरै छ, र मैले खुलासा गर्नुपर्ने रहस्यहरू धेरै छन्। सबै मानवजातिले मेरो प्रतीक्षा गर्दछ, र मेरो आगमनको तृष्णा गर्दछ।

पृथ्वीमा, म व्यावहारिक परमेश्‍वर स्वयम् हुँ जो मानिसहरूका हृदयमा बस्छ; स्वर्गमा, म सारा सृष्टिको मालिक हुँ। म पर्वतहरूमा चढेको छु र नदीहरूको जङ्घार तरेको छु, र म मानवजातिको बीचमा पसेको छु र बाहिर निस्केको छु। कसले व्यावहारिक परमेश्‍वर स्वयम्‌को खुल्लमखुल्ला विरोध गर्ने साहस गर्छ? कसले सर्वशक्तिमानको सार्वभौमिकताबाट टाढा जाने हिम्मत गर्न सक्छ? कसले कुनै शङ्का नगरी म स्वर्गमा छु भनी भन्न सक्छ? यसबाहेक, म निर्विवाद पृथ्वीमा छु भनेर कसले दाबी गर्न सक्छ र? सारा मानवजातिमा यस्तो कोही छैन जसले म बस्ने प्रत्येक ठाउँहरूको बारेमा विस्तृत रूपमा ठिकठिक बताउन सक्छ। के स्वर्गमा हुँदा म अलौकिक परमेश्‍वर स्वयम् र पृथ्वीमा हुँदा, म व्यवहारिक परमेश्‍वर स्वयम् हुनसक्छु? निश्‍चय नै, म सारा सृष्टिका व्यावहारिक परमेश्‍वर हो कि होइन भन्ने कुरा म सम्पूर्ण सृष्टिको शासक भएकोले वा मैले मानिसको संसारको पीडा अनुभव गरेकोले निर्धारित गर्दैन, गर्छ त? यदि निर्धारित गर्ने भए त, के मानिसहरू आशा नै हराउने गरी अज्ञानी भएका छैनन् र? म स्वर्गमा छु, तर म पृथ्वीमा पनि छु; म सृष्टिका असङ्ख्य वस्तुहरूका बीच र मानिसहरूका भीडहरूको बीचमा छु। मानिसहरूले मलाई प्रत्येक दिन छुन सक्छन्; यसबाहेक, तिनीहरूले मलाई प्रत्येक दिन देख्न सक्छन्। जहाँसम्म मानवजातिले मलाई देख्ने कुरा छ, तिनीहरूको लागि म कहिलेकहीँ गुप्त जस्तो देखिन्छ र कहिले देख्न सकिने जस्तो हुन्छु; म वास्तवमा अस्तित्वमा छु जस्तो देखिन्छु, तर म अस्तित्वमा नभएको जस्तो पनि देखिन्छु। ममा मानिसहरूले बुझ्न नसक्ने रहस्यहरू छन्। मानौं, सबै मानिसले तिनीहरूका हृदयभित्रको असहज भावनाहरू हटाउनका निम्ति ममा भएको अझ अरू रहस्यहरू पत्ता लाउन माइक्रोस्कोपद्‌वारा हेरिरहेका छन्। तापनि, यदि तिनीहरू एक्स-रे नै प्रयोग गरे भने पनि, मसँग भएका कुनै पनि रहस्यहरूलाई मानवजातिले कसरी खुलासा गर्न सक्छ र?

मेरो कामको परिणामस्वरूप मेरा मानिसहरूले मसँग-सँगै महिमा प्राप्त गरेको क्षणमा, त्यो ठूलो रातो अजिङ्गरको बास खोजेर पत्ता लगाइनेछ, सबै हिलो र फोहोर हटाएर सफा गरिनेछ, र अनगिन्ती वर्षदेखि जमेका सबै प्रदूषित पानी उप्रान्त कहिल्यै अस्तित्वमा नरहने गरी मेरो दन्केको आगोमा सुक्खा हुनेछ। त्यसपछि, ठूलो रातो अजिङ्गर आगो र गन्धकको कुण्डमा नष्ट हुनेछ। त्यो अजिङ्गरले तिमीहरूलाई खोसेर नलैजाओस् भनी के तिमीहरू साँच्चै मेरो प्रेमिलो वास्तामुनि बस्न तयार छौ? के तिमीहरूले साँच्चै त्यसका कपटपूर्ण चाललाई घृणा गर्छौ? कसले मेरो लागि बलियो साक्षी दिनसक्छ? मेरो नाउँको खातिर, मेरो आत्माको खातिर र मेरो सम्पूर्ण व्यवस्थापन योजनाका लागि कसले आफ्ना सबै सामर्थ्यको बलिदान दिनसक्छ? आज, जब यो राज्य मानव संसारमा छ, यही समय हो, जुन बेला म मानिसहरूको बीचमा आएको छु। यदि त्यस्तो नभएको

भए, के कोही कुनै चिन्ता नगरी मेरो पक्षमा लडाइँको मैदानमा उत्रिन सक्थ्यो र? त्यस राज्यले आकार लिओस्, मेरो हृदय सन्तुष्ट होस्, अनि त्यसबाहेक अझ मेरो दिन आओस्, मेरो सृष्टिका असङ्ख्य थोकहरूको पुनर्जन्म हुन र प्रशस्त मात्रामा बढ्ने समय आओस्, मानिसहरूलाई तिनीहरूका दुःखको समुद्रबाट छुटकारा दिन सकियोस्, भोलिको दिन आओस् र यो आश्चर्यजनक होस्, फुलोस् र समृद्ध होस्, र त्यसबाहेक, भविष्यको आनन्द पूरा हुन सकोस् भनेर, सबै मानिसले आफ्नो पूरा शक्तिका साथ संघर्ष गर्दैछन्, मेरो लागि आफैलाई बलिदान गर्न केही बाँकी राखेका छैनन्। के यो विजय पहिले नै मेरो भइसकेको छ भन्ने कुराको चिह्न होइन र? के यो मेरो योजना पूरा भएको छ भन्ने कुराको चिह्न होइन?

आखिरी दिनहरूमा जति धेरै मानिसहरू अस्तित्वमा हुन्छन्, तिनीहरूले संसारको शून्यता त्यति नै धेरै महसुस गर्नेछन्, र उनीहरूसित जीवन जिउने साहस त्यति नै थोरै हुनेछ। यस कारणले गर्दा, अनगिन्ती मानिसहरू निराश भएर मरेका छन्, अरू असङ्ख्य मानिसहरूले आफ्नो खोजमा हरेस खाएका छन्, र अरू अनगिन्ती मानिसहरूले शैतानको हातको नियन्त्रणमा पीडा भोग्छन्। मैले धेरै मानिसहरूलाई बचाएँ र तीमध्ये धेरैलाई सहायता गरें, र मानिसहरूले ज्योति गुमाएको बेला धेरै पटक मैले तिनीहरूलाई ज्योतिको ठाउँमा फर्काएर ल्याएको छु, यसैले कि तिनीहरूले मलाई ज्योतिमा चिनून् र खुसीले ममा रमाऊन्। मेरो ज्योति आएको कारण, मेरो राज्यमा बसोबास गर्ने मानिसहरूका हृदयमा भक्ति बढ्छ, किनकि म मानवजातिले प्रेम गर्नुपर्ने परमेश्‍वर हुँ—त्यो परमेश्‍वर, जोसँग मानिसहरू स्नेहसाथ जोडिन्छन्—तिनीहरू मेरो स्वरूपको प्रभावको छापद्वारा भरिएका हुन्छन्। यद्यपि, सबै कुरा भनिसकिएपछि र गरिसकिएपछि, यो आत्माको काम हो कि देहको काम हो भनेर बुझ्ने कोही हुँदैन। यो एउटा कुरा पूर्ण रूपमा अनुभव गर्न मानिसहरूलाई जीवनभरिको समय लाग्छ। मानिसहरूले तिनीहरूका हृदयभित्रका स्थानहरूमा मलाई कहिल्यै पनि तुच्छ ठानेका छैनन्; बरु तिनीहरू आफ्ना आत्माको गहिराइमा मसँग टाँसिरहन्छन्। मेरो बुद्धिले उनीहरूका प्रशंसा बढाउँछ, मैले गर्ने आश्चर्यकर्महरू तिनीहरूका आँखाका लागि भोज हो, र मेरा वचनहरूले तिनीहरूका मनलाई चकित तुल्याउँछ, तापनि तिनीहरूले तिनलाई प्रेम पूर्वक सम्हालेर राख्छन्। मेरो वास्तविकताले मानिसहरूलाई अन्योल तुल्याउँछ, अवाक् बनाउँछ र छक्क पार्छ, र तापनि तिनीहरू तिनलाई स्वीकार्न तयार हुन्छन्। के यो मानिसहरू जस्ता छन् त्यसको सही नाप होइन र?

मार्च १३, १९९२

## अध्याय १६

म मानिसलाई धेरै कुरा भन्न चाहन्छु, मैले उसलाई बताउनुपर्ने धेरै कुरा छन्। तर मानिसमा स्वीकार गर्ने क्षमताको धेरै नै कमी छ; मानिसले मैले प्रदान गरेअनुसार मेरा वचनहरूलाई पूर्ण रूपमा बुझ्न सक्दैन, र एउटा पक्षलाई मात्रै बुझ्छ, अरू पक्षको बारेमा अनजान रहन्छ। तैपनि म मानिसलाई उसको शक्तिविहीनताको कारण मृत्युदण्ड दिँदिन, न त उसको कमजोरीको कारण म शोकमा नै डुब्छु। मानिसले मेरो इच्छालाई नबुझे पनि, सधैँ झैं, म मेरो काम गर्छु, र बोल्छु मात्रै;

जब त्यो दिन आउँछ, मानिसहरूले तिनीहरूको हृदयको गहिराइबाट मलाई चिन्नेछन्, र तिनीहरूले आफ्ना विचारहरूमा मलाई याद गर्नेछन्। जब म यो पृथ्वीबाट प्रस्थान गर्छु, तब म मानिसको हृदयको सिंहासनमा उक्लिने दिन पनि ठीक त्यही नै हुनेछ, भन्नुको अर्थ, यो सबै मानिसहरूले मलाई चिन्ने दिन हुनेछ। त्यसकारण, यो मेरा पुत्रहरू र मानिसहरूले पृथ्वीमाथि शासन गर्न थाल्ने दिन पनि हुनेछ। मलाई चिन्नेहरू निश्‍चय नै मेरो राज्यका खम्बाहरू बन्नेछन्, र मेरो राज्यमा शासन गर्न र शक्ति चलाउनको लागि तिनीहरूबाहेक अरू कोही पनि योग्य हुनेछैनन्। मलाई चिन्नेहरू सबैसँग मेरो सारत्व हुन्छ, र तिनीहरू सबै मानिसहरूका बीचमा मेरो अनुरूप जिउन सक्छन्। मानिसले मलाई कुन हदसम्म चिन्छ भन्ने कुराको मलाई फिक्री छैन: कसैले कुनै पनि हालतमा मेरो काममलाई बाधा गर्न सक्दैन, र मानिसले मलाई कुनै सहयोग गर्न सक्दैन र मेरो लागि उसले केही पनि गर्न सक्दैन। मानिसले मेरो ज्योतिमा मेरो अगुवाइ पछ्याउन, र यो ज्योतिमा मेरो इच्छा खोज्न मात्रै सक्छन्। आज, मानिसहरूसँग योग्यताहरू छन्, र तिनीहरूले मेरो अघि घमण्डको साथ खडा हुन, र कुनै रोकटोकविना मसँग हाँसो र ठट्टा गर्न, अनि मलाई उसकै स्तरको मानिसलाई जस्तो सम्बोधन गर्न सक्छ भन्ने तिनीहरू विश्‍वास गर्छन्। अझै पनि मानिसले मलाई चिन्दैन, उसले अझै पनि हामीमा उस्तै प्रकृति छ, हामी दुवै देह र रगत हौं, र हामी दुवै मानव संसारमा जिउँछौं भन्ने विश्‍वास गर्छ। मप्रतिको उसको श्रद्‌धाभाव अत्यन्तै थोरै छ; ऊ मेरो सामुन्ने हुँदा उसले मलाई आदर गर्छ, तर उसले आत्माको अघि मेरो सेवा गर्न सक्दैन। मानौं मानिसको लागि आत्मा अस्तित्वमा नै हुनुहुन्न। परिणामस्वरूप, कुनै पनि मानिसले आत्मालाई कहिल्यै चिनेको छैन; मेरो देहधारणमा, मानिसहरूले देह र रगतको शरीर मात्रै देख्छन्, र परमेश्‍वरको आत्मालाई अवगत गर्दैनन्। के यसरी मेरो इच्छालाई साँच्चै पूरा गर्न सकिनेछ? मलाई छल गर्ने कार्यमा मानिसहरू विशेषज्ञ बनेका छन्; मलाई मूर्ख तुल्याउनको लागि तिनीहरूलाई शैतानले विशेष रूपमा तालिम दिएको हो भन्ने देखिन्छ। तैपनि म शैतानद्‌वारा समस्यामा पर्दिनँ। पृथ्वीमा मेरो राज्य स्थापित गर्न सकियोस् भनेर, सारा मानवजातिलाई जित्नको लागि र सारा मानवजातिलाई भ्रष्ट तुल्याउनेलाई पराजय गर्नको लागि म अझै पनि मेरो बुद्‌धिको प्रयोग गर्नेछु।

मानिसको बीचमा, ताराहरूको आकार वा अन्तरिक्षको आकारलाई निधो गर्न प्रयास गर्नेहरू पनि छन्। तैपनि तिनीहरूको अनुसन्धान कहिल्यै पनि सफल प्रमाणित भएको छैन, र तिनीहरूले बेचैन भई शिर निहुराउने र आफैलाई असफलतामा पार्नेबाहेक केही पनि गर्न सक्दैनन्। सबै मानिसहरूका बीचमा खोजी गरिसकेपछि अनि मानिसको असफलताहरूमा उसको गतिशीलतालाई अवलोकन गरिसकेपछि, म मप्रति पूर्ण रूपमा विश्‍वस्त भएको, मेरो आज्ञापालन गर्ने र ममा समर्पित हुने कसैलाई पनि देख्दिनँ। मानिसका महत्वाकांक्षाहरू कति अनियन्त्रित छन्! जब गहिराइको सम्पूर्ण अनुहार अँध्यारो थियो, तब मैले मानिसको बीचमा संसारको तीतो स्वाद चाख्न थालें। मेरो आत्माले संसारभरि यात्रा गर्छ र सबै मानिसहरूको हृदयलाई नियाल्छ, तैपनि म पनि त्यसरी नै मेरो देहधारी शरीरमा मानवजातिलाई जित्छु। मानिसले मलाई देख्दैन, ऊ अन्धो छ; मानिसले मलाई चिन्दैन, किनभने ऊ अचेत छ; मानिसले मेरो विरोध गर्छ, किनभने ऊ अवज्ञाकारी छ; मानिस मेरो अघि घुँडा टेक्न आउँछ, किनभने उसमाथि मैले विजय गरेको छु; मानिसले मलाई

प्रेम गर्छ, किनभने म अन्तर्निहित रूपमा नै मानिसको प्रेम पाउन योग्य छु; मानिस मेरो अनुरूप जिउँछ र उसले मेरो प्रकटीकरण गर्छ, किनभने मेरो शक्ति र मेरो बुद्धिले उसलाई मेरो हृदयअनुसारको तुल्याउँछ। मानिसको हृदयमा मेरो निम्ति एउटा ठाउँ छ, तर मैले मानिसको आत्मामा बसेको मानिसबाट मप्रतिको प्रेम कहिल्यै प्राप्त गरेको छैन। मानिसको आत्मामा साँच्चै नै उसले अरू सबै कुरालाई भन्दा बढी प्रेम गरेका कुराहरू छन्, तर तीमध्ये म एक होइन, त्यसकारण मानिसको प्रेम साबुनको फिँजजस्तै हो: जब बतास चल्छ, र यो फुटेर कहिल्यै नदेखिने गरी हराउँछ। मानिसप्रतिको मेरो मनोवृत्तिमा म सधैँ स्थिर र अपरिवर्तनीय रही आएको छु। के मानवजातिको बीचमा कसैले यस्तै गर्न सक्थ्यो र? मानिसको नजरमा, म हावाजस्तै अस्पृश्य र अदृश्य छु, र यही कारणले गर्दा धेरैजसो मानिसहरूले असीमित आकाशमा, वा बटारिएर यताउता चल्ने समुद्रमा, वा शान्त तालमा, वा खोक्रा अक्षर र धर्मसिद्धान्तहरूमा मात्रै खोजी गर्न सक्छन्। मानवजातिको सारलाई जान्ने एक व्यक्ति पनि छैन, मभित्रको रहस्यको बारेमा केही भन्न सक्ने कुनै व्यक्ति हुने कुरा त परै जाओस्, त्यसकारण म मानिसलाई मैले मानिसको लागि तय गरेको भनी मानिसले कल्पना गरेका सबैभन्दा उच्च मापदण्डहरू पूरा गर्न लगाउँदिन।

मेरा वचनहरूमाझ, पहाड-पर्वत ढल्छन्, पानीहरू उल्टो बग्छन्, मानिसहरू समर्पित बन्छन्, र तालहरू नरोकिईकन बगिरहन्छन्। समुद्रहरू बटारिएर रिसाउँदै आकाशतिर गए पनि, मेरा वचनहरूमाझ त्यस्ता समुद्रहरू तालको सतहजस्तै शान्त बन्छन्। मेरो हातको थोरै हल्लाइले पनि, प्रखर तुफानहरू तुरुन्तै हराउँछन् र मबाट हटेर जान्छन्, अनि मानव संसार तुरुन्तै सौहार्दतामा फर्किन्छ। तर जब म मेरो क्रोध पोखाउँछु, पर्वतहरू तुरुन्तै अलग हुन्छन्, भूमि तुरुन्तै हल्लन थाल्छ, पानी तुरुन्तै सुक्छ, र मानिस तुरुन्तै विपत्तिको चपेटामा पर्छ। मेरो क्रोधको कारण, म मानिसको चिच्याहटलाई कुनै ध्यान दिँदिन, उसका चिच्याहटहरू सुनेर उसलाई कुनै सहयोग गर्दिनँ, किनभने मेरो रिस बढिरहेको छ। जब म स्वर्गहरूका बीचमा हुन्छु, मेरो उपस्थितिले कहिल्यै पनि ताराहरू आत्तिएका छैनन्। बरु, तिनीहरूले मेरो लागि गर्ने काममा आफ्नो हृदय लगाउँछन्, त्यसकारण म तिनीहरूमाथि ज्योति खन्याउँछु, र तिनीहरूलाई अझै चम्किलो गरी चम्कने बनाउँछु, ताकि तिनीहरूले मेरो लागि अझै ठूलो महिमा प्राप्त गरून्। स्वर्गहरू जति चम्किला हुन्छन्, मुनिको संसार त्यति नै अँध्यारो हुन्छ; त्यसकारण धेरै मानिसहरूले मेरा बन्दोबस्तहरू उपयुक्त छैनन् भनेर गुनासो गरेका छन्, धेरैले आफ्नै राज्य निर्माण गर्नको लागि मलाई छोडेका छन्, जसलाई तिनीहरूले मलाई धोका दिन र अन्धकारको स्थिति पुन: ल्याउन प्रयोग गर्छन्। तैपनि कसल पो आफ्नो सङ्कल्पद्वारा यो कुरा हासिल गरेको छ र? अनि को नै पो आफ्नो संकल्पमा सफल भएको छ र? मेरो हातले मिलाएको कुरालाई कसले पो उल्ट्याउन सक्छ र? जब भूमिमा वसन्त फैलन्छ, म गोप्य रूपमा र शान्त भई संसारमा ज्योति पठाउँछु, ताकि संसारमा मानिसले हावामा अचानक ताजापनको महसुस गर्न सकोस्। तैपनि ठीक त्यही क्षणमा, म मानिसको आँखा ढाकिदिन्छु, ताकि उसले कुहिरो मात्रै घुमिरहेको देखोस्, र सबै मानिस र कामकुराहरू अस्पष्ट बनून्। मानिसहरूले मनमनै सुस्केरा हाल्दै यस्तो विचार मात्रै गर्न सक्छन्, “किन ज्योति एक क्षणसम्म मात्रै रह्यो? किन परमेश्‍वरले मानिसलाई कुहिरो र तुवाँलो मात्रै दिनुहुन्छ?” मानिसहरूको

नैराश्यताको बीचमा, तुरुन्तै कुहिरो हट्छ, तर जब तिनीहरूले ज्योतिको झलक देखेका मात्र के हुन्छन्, म तिनीहरूमाथि वर्षाको भेल खन्याइदिन्छु, र तिनीहरू सुतिरहेको बेला आँधीबेहरीको मेघगर्जनले तिनीहरूको कानको जाली फुट्छन्। आत्तिएर स्तब्ध भएको कारण, तिनीहरूसँग शरण लिने कुनै समय हुँदैन, र भारी वर्षाले तिनीहरूलाई निल्छ। एकै क्षणमा, मेरो क्रोधको दन्कोले स्वर्गहरूमुनिका सबै थोकलाई सफाचट पारिदिन्छ। मानिसहरूले त्यसउप्रान्त भारी वर्षाको बारेमा गुनासो गर्दैनन्, र तिनीहरू सबैमा श्रद्धाभावको जन्म भएको हुन्छ। यो अचानक भएको भारी वर्षाको कारण, धेरै मानिसहरू आकाशबाट परेको पानीमा डुबेर मर्छन्, र पानीमा लास बन्छन्। म सम्पूर्ण पृथ्वीलाई नियाल्छु र धेरै मानिसहरू बिउँझिरहेका, धेरैले पश्चात्ताप गरिरहेका, धेरै जना स-साना डुङ्गामा चढेर पानीको मुहान खोजी रहेका, मेरो क्षमादानको लागि बिन्ती गर्न धेरै जनाले घुँडा टेकिरहेका, धेरैले ज्योति देखेका, धेरैले मेरो अनुहार देखेका, र धेरैसँग जिउने साहस भएको, र सम्पूर्ण संसार नै रूपान्तरण भएको देख्छु। यो भारी वर्षापछि, सबै थोक मेरो मनमा जस्ता थिए त्यस्तै अवस्थामा फर्कन्छन्, र अबउप्रान्त अवज्ञाकारी छैनन्। चाँडै नै, सारा भूमि हाँसोको आवाजले भरिन्छ, पृथ्वीमा जताततै प्रशंसाको वातावरण हुन्छ, र कुनै ठाउँ पनि मेरो महिमाविहीन हुँदैन। मेरो बुद्धि पृथ्वीमा जताततै र सम्पूर्ण ब्रह्माण्डभरि छ। सबै थोकहरूको बीचमा मेरो बुद्धिका फलहरू छन्, सबै मानिसहरूको बीचमा मेरो बुद्धिका कृतिहरू भरिपूर्ण छन्; मेरो राज्यमा हरेक थोक सबै थोकहरू जस्ता छन् र मेरा चरनहरूका भेडाहरू झैं सबै मानिसहरू मेरा स्वर्गहरूमुनि आरामसँग बसोबास गर्छन्। म सबै मानिसहरू माझ हिँडडुल गर्छु र जताततै हेरिरहेको छु। कुनै पनि कुरा पुरानो देखिन्न र कुनै पनि व्यक्ति पहिले जस्तो छैन। म सिंहासनमा आराम गर्छु, म सारा ब्रह्माण्डमाथि अडेस लाग्छु, र म पूर्ण रूपमा सन्तुष्ट छु किनकि सबै थोकहरूले आफ्ना पवित्रता पुनः प्राप्त गरेका छन् र म फेरि एक पटक शान्त तरिकाले सियोनभित्र बसोबास गर्न सक्छु, अनि पृथ्वीका मानिसहरूले मेरो मार्गदर्शनमा निर्मल र सन्तुष्ट जीवन जिउन सक्छन्। सबै मानिसहरूले मेरा हातमा सबै कुराहरूको व्यवस्थापन गरिरहेका छन्, सबै मानिसहरूले आफ्ना पहिलेको बुद्धि र मौलिक स्वरूप प्राप्त गरेका छन्; तिनीहरू अब उप्रान्त धूलोले ढाकिएका छैनन्, तर मेरो राज्यमा ती हिरा जस्तै पवित्र छन्, हरेकको मुहार मानिसको हृदयभित्र हुनुभएका परमपवित्रको जस्तै, किनकि मेरो राज्य मानिसहरूको बीचमा स्थापित गरिएको छ।

मार्च १४, १९९२

# अध्याय १७

मेरा वाणीहरू चारै दिशामा र सम्पूर्ण पृथ्वीमा प्रकाश छर्दै मेघगर्जनजस्तै गुन्जन्छन्, मेघगर्जन र बिजुलीको चमकको बीचमा, मानवजातिलाई प्रहार गरी ढालिन्छ। कुनै पनि मानिस मेघगर्जन र बिजुलीको चमकको बीचमा कहिल्यै पनि दृढ रहन सकेको छैन; मेरो ज्योति आउँदा धेरै मानिसहरूको सातोपुत्लो उड्छ र तिनीहरूलाई के गर्ने भन्ने नै थाहा हुँदैन। जब पूर्वमा मधुरो ज्योति चम्कन थाल्छ, धेरै जना मानिसहरू, त्यो मधुरो ज्योतिद्वारा उत्प्रेरित भएर आफ्ना भ्रमबाट

तुरुन्तै जाग्छन्। तर पृथ्वीमा मेरो ज्योति ओर्लने दिन आएको छ भनी कसैले पनि कहिल्यै बुझेको छैन। धेरैजसो मानिसहरू अचानक प्रकाश आउँदा आश्‍चर्यचकित बन्छन्, र कतिले उत्सुकताको पूर्ण मोहसहित ज्योतिका चालहरू र त्यो जाने दिशालाई नियाल्छन् भने, कोही-कोही ज्योतिको स्रोतलाई स्पष्ट रूपमा बुझ्न सकूँ भनेर त्यसको सामना गर्न तयार भएर खडा हुन्छन्। जेसुकै भए पनि, आजको ज्योति कति बहुमूल्य छ भनेर के कसैले पत्ता लगाएको छ? के आजको प्रकाशको पृथक्‍ताको लागि कोही जागृत छ? धेरैजसो मानिसहरू केवल अचम्मित मात्र हुन्छन्; तिनीहरूका आँखामा चोट लागेको छ र तिनीहरू ज्योतिद्वारा हिलोमा फालिन्छन्। यस अस्पष्ट ज्योतिमुनि, कसैले भन्‍न सक्ला, यो पृथ्वीलाई अव्यवस्थाले ढाक्छ, जुन एक असहय दु:खद दृश्य हो, जसलाई राम्ररी जाँच्दा, अझ ठूलो दुःखले आक्रमण गर्छ। त्यसबाट एक व्यक्तिले यो निष्कर्ष निकाल्छ कि, जब प्रकाश बलियो हुन्छ, पृथ्वीको अवस्था मानिसहरूलाई मेरो सामु उभिन दिनु अझै कम समर्थ हुन्छ। मानवजाति ज्योतिको चमकमा रहन्छ; फेरि, सम्पूर्ण मानवजाति ज्योतिको मुक्तिमा रहन्छ, तैपनि यसको चोटमा पनि रहन्छ: के ज्योतिको मार्ने प्रहारको बीचमा नरहने को कोही छ? के ज्योतिको जलनबाट उम्कन सक्ने कोही छ? म आफ्नो हातले मेरा आत्माको बीउ छर्दै म सम्पूर्ण ब्रह्‍माण्डभरि हिँडेको छु, यसैले कि पृथ्वीका सारा मानवजाति यस कुरालाई देखेर मद्वारा उत्प्रेरित होऊन्। स्वर्गको अल्गो उँचाइबाट, म सम्पूर्ण पृथ्वीका प्राणीहरूको विचित्र र अनौठा घटनाहरूलाई नियाल्दै सम्पूर्ण पृथ्वीलाई हेर्छु। समुद्रको सतह भूकम्पको प्रकोपबाट पीडित भएको जस्तो देखिन्छ: समुद्री पक्षीहरू माछाहरू निल्नका निम्ति यता-उता उड्छन्। यसै बीच समुद्रको पिँध अनजान रहन्छ, अनि सतहको अवस्था त्यसलाई चेतनामा ल्याउन अति नै असमर्थ हुन्छ, किनकि समुद्रको पिँध तेस्रो स्वर्ग जस्तै शान्त हुन्छ: यहाँ ठूला-साना जीवित प्राणीहरू एकसाथ मिलेर बस्छन् र कहिल्यै पनि “मुख र जिब्रोको झगडा” मा संलग्न हुँदैनन्। असङ्ख्य विचित्र कुराहरू र अनौठा घटनामध्ये, मानवजातिले मलाई प्रसन्‍न तुल्याउन गाह्रो छ। मैले मानिसलाई दिएको स्थान धेरै उच्च छ, र उसको महत्वाकांक्षा त्यस्तै उच्च छ, र उसको नजरमा, जहिल्यै कुनै न कुनै अनाज्ञाकारिताको भाग हुन्छ। मैले मानिसलाई अनुशासन कारबाही गर्दा, मैले गर्ने उसको न्यायभित्र, धेरै कष्टदायी कुराहरू हुन्छन्, धेरै भलाइका कुराहरू पनि हुन्छन्, तर यी कुराहरूको बारेमा मानवजातिलाई अलिकति पनि आभास हुँदैन। मैले कहिल्यै कुनै मानिससँग कठोर व्यवहार गरेको छैनँ; मानवजाति अनाज्ञाकारी हुँदा मैले उचित सुधारहरू मात्र गरेको छु, र ऊ कमजोर हुँदा उचित सहायता मात्र गरेको छु। तर, जब मानवजाति मबाट टाढा रहन्छ, साथै उसले मेरो विरुद्धमा विद्रोह गर्न शैतानका छली युक्तिहरू प्रयोग गर्छ, म तुरुन्तै मानवजातिलाई उन्मूलन गर्नेछु, यसरी उनीहरूलाई मसँग तिनीहरूका सीपहरूको ठूलो प्रदर्शन गर्ने अर्को मौका रहन दिनेछैन, यसैले कि तिनीहरू पृथ्वीमा फेरि आडम्बरी भई घमन्डी भएर अनि अरूलाई धम्काउँदै हिँड्न सक्नेछैनन्।

म पृथ्वीमा मेरो कामलाई त्यसको सम्पूर्णतामा प्रकट गर्दै आफ्नो अधिकार प्रयोग गर्दछु। मेरो काममा जे जति छन् ती सबै पृथ्वीमा प्रतिबिम्बित हुन्छन्; स्वर्गमा हुने मेरा गतिविधिहरूलाई पृथ्वीमा मानवजातिले कहिल्यै पनि बुझ्न सकेको छैन, न त मेरो आत्माको कक्ष र मार्गहरूलाई विस्तृत रूपमा विचार गर्न सकेको छ। अधिकांश मानिसहरू आत्माको बाहिर रहेका सानातिना

कुराहरूलाई मात्र बुझ्छन्, आत्माको वास्तविक अवस्थालाई बुझ्न सक्दैनन्। मैले मानिसहरूसँग गरेका मागहरू स्वर्गमा रहेको मेरो अस्पष्ट अस्तित्वबाट वा यस पृथ्वीमा रहेको सोच्नै नसकिने अस्तित्वबाट निस्कँदैन; म पृथ्वीमा मानिसको कदको आधारमा उपयुक्त मापदण्ड तय गर्छु। मैले कसैलाई कहिल्यै पनि कठिनाइहरूमा पारेको छैनँ, न त मैले कहिल्यै कसैलाई मेरो खुसीका लागि "उसको रगत निचोर्न" लगाएको छु—के मेरा मागहरू त्यस्तो अवस्थामा मात्र सीमित हुन सक्छन्? पृथ्वीका असङ्ख्य प्राणीहरूमध्ये कुनचाहिँ मेरो मुखका वचनहरूद्वारा भस्म हुँदैन? यी प्राणीहरूमध्ये कुनचाहिँ मेरो सामने आएर, मेरा वचनहरू र मेरो जल्दो आगोले पूर्ण रूपमा नष्ट हुँदैन र? यी प्राणीहरूमध्ये कुनचाहिँ मेरो सामु "गजक्क परेर" घमन्ड गर्दै रमाउन सक्छ? यी प्राणीहरूमध्ये कुनचाहिँ मेरो सामु निहुरिँदैन? के म केवल सृष्टिमा मौनता थप्ने परमेश्वर हुँ? सृष्टिका असङ्ख्य थोकहरूमध्ये, म ती चुन्छु, जसले मेरो अभिप्रायलाई पूरा गर्दछ; असङ्ख्य मानिसहरूमध्ये म तिनीहरूलाई चुन्छु जसले मेरो हृदयलाई वास्ता गर्दछ। म सम्पूर्ण ताराहरूमध्ये सबैभन्दा उत्तमलाई चुन्छु, त्यसरी मेरो राज्यमा प्रकाशको मधुरो ज्योति थप्छु। म आफ्नो सुवासना जतातत‌ै फैलाउँदै पृथ्वीमा हिँड्दै जान्छु, र हरेक ठाउँमा म आफ्नो स्वरूप छोड्छु। प्रत्येक स्थानले मेरो आवाजलाई गुञ्जाउँछ। मानिसहरू जतातत‌ै हिजोको सुन्दर दृश्यमा रहन्छन्, किनकि सबै मानिसले विगतलाई सम्झिरहेका छन् ...

सबै मानिसहरू मेरो अनुहार हेर्न चाहन्छन्, तर जब म एक व्यक्ति बनेर यस पृथ्वीमा ओर्लन्छु, तिनीहरू सबै मेरो आगमनको विपरीत हुन्छन्, र तिनीहरूले ज्योतिको आगमनलाई निषेध गर्दछन्, मानौं कि म स्वर्गमा बस्ने मानिसको शत्रु हुँ। मानिसले उसको आँखामा प्रतिरक्षाको भाव राखेर मलाई अभिवादन गर्छ, र लगातार सचेत रहन्छ, मसँग उसका निम्ति अर्को योजना होला भनी गम्भीर रूपमा डराउँछ। मानवजातिले मलाई अपरिचित साथी ठानेको कारण, उनीहरू आफ्ना मनमा मैले उनीहरूलाई अन्धाधुन्ध मार्ने उद्देश्य राखेको छु भनी विचार गर्छन्। मानिसको नजरमा, म एक भयानक विरोधी हुँ। विपत्तिको बीचमा मेरो न्यानो स्वाद चाखेपछि पनि मानिस मेरो प्रेमको बारेमा अनजान रहन्छ, र मलाई अझै रोक्न र चुनौती दिन दृढ बन्छ। उसको अवस्थाको फाइदा उठाउँदै ऊ विरुद्ध कदम चाल्नु त कता हो कता, तर म मानिसलाई मेरो न्यानो अङ्गालोमा लिन्छु, उसको मुख मिठासले भरिदिन्छु, र उसको पेटमा आवश्यक भोजन हालिदिन्छु। तर जब मेरो भयानक क्रोधले पहाड र नदीहरू हल्लाउँछ, मानिसको कायरतालाई ध्यानमा राखेर अब उसो म उसलाई कुनै प्रकारको सहायता गर्नेछैनँ। यस घडी, म क्रोधित हुनेछु र सबै जीवित प्राणीहरूलाई पश्चात्ताप गर्ने अवसर दिन इन्कार गर्नेछु र मानिसप्रतिका मेरा सबै आशाहरू त्यागेर म त्यसलाई अत्यन्तै योग्य बदला लिनेछु। यस समयमा गर्जन र बिजुलीको चमक चम्कन्छ र गर्जन्छ, समुद्रका छालहरू क्रोधमा उठेजस्तै, हजारौं-हजार पर्वतहरू भत्केर ढलेझैं। मानिस उसको विद्रोहीपनको कारण गर्जन र बिजुलीको चमकद्वारा ढल्छ, अनि अरू प्राणीहरू गर्जन र बिजुलीको चमकको विस्फोटद्वारा पूर्ण रूपले नष्ट हुन्छन्, र सारा ब्रह्माण्ड अचानक अराजकतामा ओर्लन्छ, र सृष्टि जीवनको मूल सास फेरि प्राप्त गर्न असमर्थ हुन्छ। मानिसहरूका असङ्ख्य भीडहरू त्यो गर्जनको आवाजबाट उम्कन सक्दैनन्; बिजुलीको चमकको बीचमा, मानिसहरू भीडका भीड पहाडबाट

झरेको प्रचण्ड वर्षाको प्रवाहमा बगेर नष्ट हुन्छन्। अचानक, “मानिसहरू” को संसार मानिसको “गन्तव्य” को रूपमा परिवर्तित हुन्छ। लासहरू समुद्रको सतहमा बग्छन्। मेरो क्रोधको कारण सबै मानिसहरू मबाट टाढा जान्छन्, किनकि मानिसले मेरो आत्माको अस्तित्वको विरुद्ध पाप गरेका छन् र उसको विद्रोहले मलाई अप्रसन्न तुल्याएको छ। तर, पानी नभएका खाली ठाउँहरूमा, अरू मानिसहरू मैले कृपासाथ प्रदान गरेका प्रतिज्ञाहरूमा हाँस्दै र गाउँदै आनन्द मनाउँछन्।

जब सबै मानिसहरू मौन हुन्छन्, म तिनीहरूका आँखाको अगाडि एक मन्द ज्योति निकाल्छु। त्यसपछि, मानिसहरू स्वच्छ मन र आँखामा चमक भएका हुन्छन्, अब चुप लागी बस्न राजी हुँदैनन्; यसरी उनीहरूका हृदयमा तुरुन्तै आत्मिक भावना उत्पन्न हुन्छ। यस्तो भएपछि, सारा मानवजाति पुनरुत्थान हुन्छन्। तिनीहरूको अव्यक्त गुनासाहरू पन्साउँदै सबै मानिसहरू मेरो सामने आउँछन्, मैले घोषणा गरेको वचनद्वारा जिउने अर्को मौका पाउँछन्। किनकि सबै मानिसहरू पृथ्वीमा जिउने इच्छा गर्छन्। तर तिनीहरूमध्ये कसले कहिले मेरो खातिर जिउने उद्देश्य राखेको छ? तिनीहरूमध्ये कसले मेरो आनन्दका निम्ति आफैमा भव्य थोकहरू प्रकट गरेको छ? तिनीहरूमध्ये कसले मेरो आकर्षक सुगन्ध पत्ता लगाएको छ? सबै मानिसहरू असभ्य र अशुद्ध थोकहरू हुन्: बाहिरी रूपमा, तिनीहरू आँखा टिल्ल बनाउँछन्, तर तिनीहरूको सारतत्व मलाई साँचो हृदयले प्रेम गर्ने हुँदैन, किनकि मानिसको हृदयको गहिरो स्थानमा मेरो कुनै तत्व कहिल्यै रहेको छैन। मानिसमा धेरै कुराको कमी छ: उसलाई मसँग तुलना गर्दा स्वर्ग र पृथ्वीको बीचमा भएको जस्तो ठूलो धाँदो प्रकट हुन्छ। त्यसो भए पनि, म मानिसको दुर्बल र कमजोर ठाउँहरूमा प्रहार गर्दिनँ, न त म उसका कमी-कमजोरीहरूको कारण उसलाई हाँसोमा उडाउँछु। मेरा हातहरूले पृथ्वीमा हजारौं वर्षदेखि काम गर्दैआएका छन्, र ती सँगसँगै, मेरा आँखाहरूले सम्पूर्ण मानवजातिमाथि नजर राखेका छन्। तापनि मैले एउटै पनि मानव जीवनलाई सामान्य रूपमा लिएर त्योसँग एउटा खेलौनाजस्तो खेलेको छैनँ। मानिसले लिने पीडा मैले देखेको छु र म उसले तिरेको मूल्य बुझ्छु। ऊ मेरो सामु खडा हुँदा, म उसलाई दण्ड दिनका निम्ति उसलाई अचानक पक्रन चाहन्नँ, न त म उसलाई अप्रिय थोकहरू नै दिन चाहन्छु। यसको सट्टामा, मैले हरसमय मानिसका लागि प्रबन्ध गरेको छु र उसलाई दिएको छु। यसैले मानिसले प्राप्त गर्ने भनेको मेरो अनुग्रह नै हो, मेरो हातबाट आउने सबै इनाम यही हो। म यस पृथ्वीमा भएकोले, मानिसले कहिल्यै भोकका कष्टहरू भोग्नु परेको छैन। बरु, उपभोग गर्नका निम्ति म मानिसलाई मेरो हातका चीजहरू दिन्छु, र म मानवजातिलाई मेरा आशिषहरूभित्र जिउन दिन्छु। के सबै मानिस मेरो सजायमा परेर जिउँदैनन्? जसरी पर्वतहरूका गहिराइहरूमा प्रशस्तता छ र समुद्रमा उपभोग गर्ने प्रशस्त थोकहरू छन्, त्यसरी नै के आज मेरो वचनभित्र जिउने मानिसहरूसँग उपभोग गर्न र चाख्नका निम्ति त्योभन्दा प्रशस्त खाने कुराहरू छैनन् र? म पृथ्वीमा छु, र मानिसहरूले पृथ्वीमा मेरा आशिषहरू उपभोग गर्छन्। जब म पृथ्वी छोडेर जान्छु, त्यस बेला मेरो काम पनि त्यसको पूर्णतामा पुग्दछ, मानवजातिले तिनीहरूका कमजोरीको कारण मेरो कृपा प्राप्त गर्न छोड्नेछ।

मार्च १६, १९९२

# अध्याय १८

बिजुलीको एक चमकमा, प्रत्येक पशुलाई त्यसको वास्तविक रूपमा प्रकट गरिन्छ। त्यसरी नै, मेरो ज्योतिले प्रज्वलित भएर, मानिसले फेरि त्यो पवित्रता प्राप्त गरेको छ, जुन एकचोटि ऊसँग थियो। अहो, प्राचीन भ्रष्ट संसार! अन्त्यमा, यो फोहोर पानीमा लडेको छ, र सतहमुनि डुब्दै हिलोमा पुरिएको छ। ए, सारा मानव जाति, मेरो आफ्नै सृष्टि! अन्त्यमा तिनीहरू फेरि ज्योतिमा रही जीवनमा फर्केर आएका छन्, अस्तित्वको लागि जग भेट्टाएका छन् र हिलोमा संघर्ष गर्न छोडेका छन्। ए, सृष्टिका असंख्य थोकहरू जसलाई म मेरा हातहरूमा समात्छु! तिनीहरू मेरा वचनहरूद्वारा कसरी नयाँ बन्न सक्दैनन्? ज्योतिमा तिनीहरू आफ्ना कामहरू कसरी गर्न सक्दैनन् र? पृथ्वी अब मरेतुल्य शान्त र चुप छैन, स्वर्ग अब उजाड् र दुःखी छैन। स्वर्ग र पृथ्वी, एक शून्यताद्वारा अब अलग छैन, ती फेरि कहिल्यै अलग नहुने गरी, एक भएर जोडिएका छन्। हर्षोल्लासको यो अवसरमा, उमङ्गको यस क्षणमा, मेरो धार्मिकता र मेरो पवित्रता सारा ब्रह्माण्डमा फैलिएको छ, र सारा मानव जातिले नरोकिकन तिनको ज्यादै गुणगान गर्छन्। स्वर्गका सहरहरू आनन्दले हाँस्दैछन्, र पृथ्वीको राज्य खुसीले नाच्दैछ। यस बेला, को खुसी छैन, र को रोइरहेको पनि छैन? पृथ्वी त्यसको सुरुको अवस्थामा स्वर्गको स्वामित्वमा हुन्छ, र स्वर्ग पृथ्वीसँग एक भएको छ। मानिस स्वर्ग र पृथ्वीलाई जोड्ने डोरी हो, र मानिसको पवित्रताको कारण, मानिसको नवीकरणको कारण, स्वर्ग उप्रान्त पृथ्वीबाट लुकाइएको छैन, र पृथ्वी अब स्वर्गप्रति मौन छैन। मानिसहरूका अनुहारमा प्रसन्नताको मुस्कान छाएको छ, र तिनीहरूका हृदयमा असीमित मिठास लुकेको छ। मानिसले मानिससँग झगडा गर्दैन, न त मानिसले एक-अर्कासित घुस्सा प्रहार गर्छ। के मेरो ज्योतिमा अरूसित मिलापमा नबस्ने कोही छन्? के मेरो दिनमा मेरो नाउँको बदनाम गर्ने कोही छन्? सबै मानिसहरूले आफ्ना श्रद्धालु नजर मतिर लगाउँछन्, र तिनीहरूका हृदयमा, तिनीहरूले मलाई गुप्तमा पुकार्छन्। मैले मानव जातिका सबै कार्यहरू खोजेको छु: शुद्ध पारिएका मानिसहरूमध्ये कोही पनि मेरो अनाज्ञाकारी छैनन्, कसैले पनि ममाथि दोष लाउँदैनन्। सबै मानिसहरू मेरो स्वभावले भरिएका छन्। सबै मानिसहरू मलाई चिन्न आइरहेका छन्, मेरो नजिक आउँदैछन् र मेरो भक्ति गरिरहेका छन्। म मानिसको आत्मामा दृढ भएर खडा हुन्छु, मानिसको नजरमा म सर्वोच्च शिखरमा उभिएको छु, र म मानिसको रगतको नसामा बहन्छु। मानिसको हृदयमा भएको आनन्दपूर्ण प्रशंसाले पृथ्वीका सबै ठाउँ भरिन्छ, हावा तेज र ताजा छ, बाक्लो कुहिराहरूले अब जमिनलाई ढाक्दैन, र सूर्य अति उज्ज्वल भएर चम्कन्छ।

अब, मेरो राज्यलाई हेर, जहाँ म सबै माथिका राजा हुँ, र जहाँ म सबैमाथि शक्ति चलाउँछु। सृष्टिको सुरुदेखि अहिलेसम्म, मद्वारा निर्देशित मेरा छोराहरूले जीवनका धेरै कठिनाइहरू, संसारका धेरै अन्यायहरू, मानव क्षेत्रका धेरै उतावचडावहरू भोगेका छन्, तर अहिले तिनीहरू मेरो ज्योतिमा बस्छन्। हिजोको अन्यायका लागि को रुँदैन र? आजसम्म आइपुग्नका निम्ति सहेका कठिनाइहरूका निम्ति कसले आँसु बगाउँदैन र? र फेरि, यस अवसरमा आफैलाई ममा समर्पण गर्ने कोही छन्? यो मौकामा आफ्नो हृदयमा बढिरहेको जोश व्यक्त नगर्ने कोही छ? यस घडीमा,

आफूले अनुभव गरेका कुराहरू नभन्ने कोही छ? यस बेला, सबै मानिसहरूले तिनीहरूका आफ्नो सबैभन्दा उत्तम भाग मलाई समर्पित गरिरहेका छन्। कति जना हिजोको आफ्नो मूर्खताका लागि अफसोस गर्दै पीडामा बसिरहेका छन्, कति जनाले हिजोको आफ्ना खोजहरूका निम्ति आफैलाई घृणा गर्छन्! मानिसहरू सबैले आफैलाई चिनेका छन्, तिनीहरू सबैले शैतानका कामहरू र मेरो अद्भुत कार्यलाई देखेका छन्, र तिनीहरूका हृदयभित्र, अब मेरो लागि ठाउँ छ। अब म मानिसहरू माझको घृणा वा अस्वीकृतिको सामना गर्नेछैन, किनकि मेरो महान् काम पहिले नै पूरा भइसकेको छ, र अब त्यसमा कुनै बाधा छैन। आज, मेरो राज्यका छोराहरूमध्ये, के कोही त्यस्तो छ जसले आफ्नै चिन्ताहरूमा ध्यान दिएका छैनन्? मेरो काम गर्ने तरिकाहरूको कारणको बारेमा धेरै ध्यान नदिने कोही छ? मेरो खातिर इमानदारीसाथ आफूलाई अर्पण गर्ने कोही छन्? के तिमीहरूको हृदय भित्रका अशुद्धताहरू कम भएका छन्? वा के ती बढेका छन्? यदि तिमीहरूको हृदयमा भएका अशुद्ध कुराहरू कम भएका छैनन्, र ती बढेका पनि छैनन् भने, म तिमीहरूजस्ता मानिसहरूलाई निश्चित रूपमा फालिदिनेछु। म मेरो आफ्नै हृदय अनुसारका पवित्र मानिसहरू चाहन्छु, मेरो विरुद्ध विद्रोह गर्ने अशुद्ध भूतात्माहरू होइनन्। मानवजातिसँग मैले गरेका मागहरू उच्च नभए पनि, मानिसका हृदयभित्रको संसार यति जटिल छ कि मानवजाति सजिलै मेरो इच्छामा सहमत हुन सक्दैन वा उसले तुरुन्तै मेरा अभिप्रायहरू पूरा गर्न सक्दैन। धेरै जना मानिसहरूले अन्तिम विजयको माला कब्जा गर्ने आशामा आफैलाई गुप्त रूपमा अर्पित गरिरहेका छन्। धेरै जना मानिसहरू उनीहरूको सम्पूर्ण शक्ति लगाएर संघर्ष गरिरहेका छन्, यसरी दोस्रो पटक शैतानको कब्जामा परिएला भनी डराएर, एकै क्षणका लागि पनि सुस्त हुने आँट समेत गर्दैनन्। तिनीहरूले अब मेरो विरुद्धमा गुनासोहरू गर्ने आँट गर्दैनन्, तर मेरो अगि अटल रूपमा आफ्नो बफादारी देखाउँछन्। मैले धेरै मानिसहरूले बोलेका हृदयस्पर्शी शब्दहरू, धेरै मानिसहरूले पीडाको बीचमा उनीहरूको पीडादायी अनुभवहरूको बारेमा बताएको सुनेको छु; मैले डरलाग्दो सङ्कटमा पनि मप्रति बफादार रहने धेरैलाई देखेको छु, र मैले ढुङ्गेनी बाटोमा हिँड्दै बाहिर निस्कने बाटो खोज्ने धेरैलाई देखेको छु। यस्ता परिस्थितिहरूमा, तिनीहरूले कहिल्यै गुनासो गरेका छैनन्; यहाँसम्म कि, उनीहरूले ज्योति भेट्टाउन नसक्दा केही हदसम्म निराश भए पनि उनीहरूले एक पटक पनि गुनासो गरेनन्। तर धेरै मानिसहरूले आफ्नो हृदयको गहिराइबाट सराप्दै बोलेका स्वर्गको बारेमा दुर्वाच्य बोलेका र पृथ्वीलाई आरोप लगाएका पनि मैले सुनेको छु, र धेरै जना मानिसहरू आफ्नो हैरानीको बीचमा आफैलाई निराशा अवस्थामा छोडिदिएको, फोहोर र मैलाले ढाकिनको लागि आफैलाई बेकम्मा ठानेर फोहोरको भाँडोमा फालिदिएको पनि मैले देखेको छु। मैले धेरै जना मानिसहरूले तिनीहरूको हैसियत परिवर्तनको कारण एक-अर्कासँग झगडा गरेको सुनेको छु, जसले उनीहरूको अनुहारमा परिवर्तन ल्याउँदछ, यसरी उनीहरूका सङ्गी मानवहरूसँगको उनीहरूको सम्बन्ध बदलिन्छ, अनि मित्रहरू मित्र बन्न छोड्छन् र शत्रु बन्छन्, तिनीहरूका जिब्रोले एकअर्कालाई आक्रमण गर्छन्। धेरै जना मानिसहरूले मेरा वचनहरूलाई मेशिनगनका गोलीहरू जस्तै प्रयोग गर्दछन्, जबसम्म मानिसहरूको शान्त संसार जतातत‍ै होहल्लाले भरिँदैन तबसम्म थाहै नपाई अरूलाई गोली हान्छन्। भाग्यवश, अब यो दिन आएको छ; नत्र यो मेशिनगनको निष्ठुर

मारमा परेर कति जना नाश हुनेथिए कसलाई थाहा छ।

मेरा वचनहरू जारी गरिएपछि, र सबै मानव जातिको अवस्थाको गतिलाई कायम राख्दै, मेरो राज्य एकपछि अर्को चरण गर्दै पृथ्वीमा ओर्लन्छ। अब मानिसले चिन्तापूर्ण विचारहरू मनमा राख्नेछैन, वा आफैलाई अन्य मानिसहरूले "लिप्त" बनाउँदैन, वा तिनीहरूको पक्षमा "विचार लिँदैन।" यसैले, पृथ्वीमा निरन्तर विवादहरू हुन छोड्छन्, र मेरा वचनहरू जारी गरिएपछि, आधुनिक युगका विभिन्न "हात-हतियारहरू" हटाइन्छन्। मानिस फेरि मानिससँग मिलापमा बस्छ, फेरि मानव हृदयले सद्भावनाको भावना चम्काउँछ, र अब कसैले पवि आफैलाई गोप्य आक्रमणबाट जोगाउनु पर्दैन। सबै मानवजाति सामान्य अवस्थामा फर्किएको छ र एउटा नयाँ जीवन सुरु गरेको छ। नयाँ परिवेशमा बसोबास गर्दै, धेरै सङ्ख्यामा मानिसहरू आफ्ना वरिपरि हेर्छन्, उनीहरू पूर्ण नयाँ संसारमा प्रवेश गरेजस्तो महसुस गर्छन्, यसकारणले गर्दा, तिनीहरू तत्कालै आफ्नो वर्तमान वातावरणमा घुलमेल हुन सक्दैनन् वा झट्टै सही मार्गमा प्रवेश गर्न सक्दैनन्। अनि यसैले, जहाँसम्म मानवजातिको कुरा छ, यो "आत्मा त साँच्चै तयार छ, तर शरीर दुर्बल छ" भन्ने अवस्था हुन्छ। म आफैले मानिसले जस्तै दुःखको तीतोपना अनुभव गरेको छैनँ, तापनि मानिसको अपर्यप्तताहरूको बारेमा जान्नु पर्ने सबै कुरा म जान्दछु। म मानिसका आवश्यकताहरूसँग घनिष्ठ रूपमा परिचित छु, र उसका कमजोरीहरूको बारेमा मैले पूर्ण रूपमा बुझेको छु। यस कारणले गर्दा, म मानिसको कमीकमजोरीको कारण उसको हाँसो उडाउँदिन; म उसको अधर्मको आधारमा सबैलाई सही मार्गमा पुग्न सक्षम तुल्याउन उपयुक्त मात्रामा "शिक्षा" प्रदान मात्र गर्छु, यसैले कि मानवजाति घुमिहिँड्ने अनाथहरू हुन छोडोस् र घर भएका शिशुहरू बनून्। तापनि, मेरो कार्यहरू सिद्धान्तहरूद्वारा संचालित छन्। यदि मानिसहरू ममा रहेको आनन्द उपभोग गर्न चाहँदैनन् भने म उनीहरूले आफ्ना हृदयमा जे राखेका छन् त्यसैसित अगाडि बढ्न र तिनीहरूलाई अतल कुण्डमा पठाउन मात्र सक्छु। यस बिन्दुमा, कुनै पनि व्यक्तिले उनीहरूका हृदयमा गुनासोहरू राख्नु हुँदैन, तर सबै जनाले मैले गरेको प्रबन्धमा मेरो धार्मिकता देख्न सक्नुपर्छ। म मानवजातिलाई मलाई प्रेम गर्न कर गर्दिनँ, न त मलाई प्रेम गरेको कारण कुनै मानिसलाई म प्रहार नै गर्दछु। ममा पूर्ण स्वतन्त्रता छ, पूर्ण छुटकारा छ। मानिसको भाग्य मेरो हातमा भए पनि, मैले मानिसलाई स्वतन्त्र इच्छा दिएको छु, जुन मेरो नियन्त्रणमा छैन। यस तरिकाले, मेरो प्रशासनिक आदेशको कारण मानिसहरूले "समस्या" मा फस्ने तरिकाहरू आविष्कार गर्दैनन्, बरु, मेरो महानतामा निर्भर हुँदै, "छुटकारा" प्राप्त गर्नेछन्। यसरी, धेरै मानिसहरूले मेरो नियन्त्रणमा रहनुभन्दा बरु आफ्नो स्वतन्त्रताभित्र तिनीहरूका आफ्नै बाहिर निस्कने बाटो खोज्छन्।

मैले मानवजातिसँग सधैँ उदार हातले व्यवहार गरेको छु, मानिसहरूमाथि कहिल्यै पनि समाधान गर्न नसकिने समस्या लादेको छैनँ, एकै जना व्यक्तिलाई पनि कहिल्यै कठिनाइमा पारेको छैनँ। के कुरा यही होइन र? धेरै मानिसहरूले मलाई प्रेम नगरे पनि, यस किसिमको आचरणले धेरै दु:खी हुनुको साटो मैले उनीहरूलाई स्वतन्त्रता दिएको छु, र उनीहरूलाई कटुता र कष्टको समुद्रमा स्वतन्त्र रूपमा पौडिन दिएको छु। किनभने मानिस एक अनादरको भाँडो हो; मैले आफ्नो हातमा समातेको आशिष् उसले देखे पनि, उसले त्यो उपभोग गर्ने कुनै चासो राख्दैन, बरु

शैतानको हातबाट कोर्रा लिन्छ, यसद्वारा “पोषण” को रूपमा शैतानद्वारा उपभोग हुनका निम्ति आफैलाई विनाशमा लैजान्छ। निश्चय नै, मेरो ज्योतिलाई आफ्नै आँखाले देख्नेहरू पनि छन्, र यसरी तिनीहरू वर्तमान समयको अस्पष्ट तुवाँलोमा जिइरहेका भए पनि, तिनीहरूले यी तुवाँलोको कारण ज्योतिमा विश्वास गुमाएका छैनन्, बरु बाधाहरूको छरपस्टिएको बाटोको तुवाँलोमा पनि छामछुम गर्ने र खोज्ने कार्यलाई जारी राखेका छन्। जब मानिसले मेरो विरुद्धमा विद्रोह गर्छ, म ऊमाथि आफ्नो भीषण क्रोध बर्साउँछु, यसरी मानिस आफ्नै अनाज्ञाकारितादवारा नाश हुन सक्छ। जब उसले मेरो आज्ञापालन गर्छ, म उहाँबाट लुकेर रहन्छु, यसरी उसको हृदयको गहिराइमा यस्तो प्रेम जगाउँछु, जुन प्रेमले मलाई फुस्ल्याउँदैन, तर मलाई आनन्द दिन खोज्छ। यसरी धेरै चोटि, मानिसले मेरो खोजी गर्दा, मैले उसको साँचो विश्वास प्रकट हुन सकोस् भनेर आफ्ना आँखाहरू बन्द गरेर मौन बसेको छु। तर जब म बोल्दिनँ, मानिसको विश्वास तुरुन्तै परिवर्तन हुन्छ, र म उसका सबै “झूटा भोलापनहरू” मात्र देख्दछु, किनकि मानिसले मलाई कहिल्यै इमानदारीपूर्वक प्रेम गरेको छैन। जब म आफैलाई प्रकट गर्छु तब मात्र सबै मानिसहरूले ठूलो “विश्वास” देखाउँछन्; तर जब म मेरो गोप्य ठाउँमा लुकेको हुन्छु, तिनीहरू हृदयमा कमजोर र दुर्बल हुन्छन्, मानौं तिनीहरू म अप्रसन्न हुन्छु कि भनी डराउँछन्; त्यहाँ कोही यस्ता पनि छन्, जसले मेरो अनुहार हेर्न नसकेर मलाई “गहन प्रशोधन” गर्छन्, यसरी मेरो अस्तित्वको सत्यतालाई अस्वीकार गर्छन्; धेरै जना मानिसहरू यस्तो अवस्थामा रहन्छन्; धेरै जनामा यो मानसिकता छ। यो आफैमा भएको कुरूपतालाई ढाक्न खोज्ने सबै मानिसहरूको निजी प्रवृत्ति मात्र हो। यसकारण, तिनीहरू आफ्नै अपर्याप्ततामा ध्यान दिन अनिच्छुक हुन्छन्, र दाँत किट्दै र अनुहार लुकाउँदै मेरा वचनहरूको सत्यतालाई मात्र स्वीकार गर्छन्।

मार्च १७, १९९२

# अध्याय १९

मेरो वचनहरूलाई आफ्ना अस्तित्वको लागि आधारको रूपमा लिनु–मानवजातिको दायित्व यही नै हो। मेरा वचनहरूका प्रत्येक र हरेक भागमा मानिसहरूले तिनीहरूका आफ्नो भागलाई स्थापित गर्नुपर्छ; यसो नगर्नु भनेको तिनीहरूको आफ्नै विनाश खोज्नु र आफैमा तिरस्कार निम्त्याउनु हुनेछ। मानवजातिले मलाई चिन्दैन, र यसकारणले गर्दा, तिनीहरूले आफ्नो जीवनहरू लेनदेनको लागि चढाउन मकहाँ ल्याउनुको सट्टा, आफ्ना हातमा रद्दी टोकरी बोकेर मेरो अगाडि यता-उता गरिरहन्छन्, जसद्वारा मलाई सन्तुष्टि दिने प्रयास गर्छन्। तैपनि, ती कुराहरू जस्ता कुराहरूबाट सन्तुष्ट हुनुको सट्टा, म निरन्तर रूपमा मानवजातिबाट मागहरू गरिरहन्छु। म मानिसहरूका योगदानहरू मन पराउँछु, तर तिनीहरूका मागहरूलाई घृणा गर्छु। सबै मानवसँग लोभले भरिएका हृदयहरू छन्; यो यस्तो अवस्थामा छ मानौं मानव हृदय शैतानको बन्धनमा छ, र त्यसबाट छुटेर कसैले पनि मलाई आफ्नो हृदय दिन सक्दैनन्। जब म बोल्छु, मानिसहरूले मन्त्रमुग्ध भई मेरो आवाजलाई सुन्छन्; तैपनि जब म चुप बस्छु, तब तिनीहरूले आफ्नै “काम-कुरा” सुरु गर्न थाल्छन्

र मेरा वचनहरूलाई सुन्न पूर्ण रूपमा बन्द गर्छन्, मानौं मेरा वचनहरू तिनीहरूका “उद्यमहरू” का पूरक मात्रै थिए। म मानवजातिप्रति कहिल्यै फितलो भएको छैन, र तैपनि मानवजातिप्रति म धैर्य र सहनशील रहेको छु। त्यसकारण, मेरो उदारताको परिणामस्वरूप, मानवजाति सबैले आफैलाई ठूलो ठान्न थाल्छन् र आत्म-ज्ञान र आत्म-मनन गर्न तिनीहरू असक्षम छन्; तिनीहरूले मलाई धोका दिनका लागि मेरो धैर्यताको फाइदा मात्रै उठाउँछन्। तिनीहरूमध्ये एक जनाले पनि मलाई इमानदारी रूपमा वास्ता गरेका छैनन्, र तिनीहरूमध्ये एक जनाले पनि तिनीहरूको हृदयको लागि प्रिय वस्तुको रूपमा मलाई कहिल्यै पनि साँचो रूपमा बहुमूल्य ठानेका छैनन्; काम नभएको क्षणहरू हुँदा मात्रै तिनीहरूले मलाई बेपरवाह रूपमा सम्मान दिन्छन्। मैले मानवजातिको निम्ति गरेको प्रयास पहिले नै अथाह भइसकेको छ; यसको साथै, मैले मानवहरूमा अभूतपूर्व तरिकाले काम गरेको छु, र यस बाहेक, मसँग जे छ र म जो हुँ, त्यसद्वारा तिनीहरूले केही ज्ञान प्राप्त गर्न सकून् र तिनीहरू केही परिवर्तन भएर जान सकून् भनेर मैले तिनीहरूलाई थप भार दिएको छु। म मानिसहरूलाई “उपभोक्ताहरू” मात्रै बन्न अनुरोध गर्दिन; म तिनीहरूलाई “उत्पादकहरू” बन्न पनि अनुरोध गर्छु, जसले शैतानलाई हराउँछन्। मैले मानवजातिलाई कुनै पनि कुरा गर्नको लागि माग नगर्ने भए तापनि, मैले गर्ने मागहरूका निम्ति मसँग मापदण्डहरू भने छन्, किनभने मैले जे गर्छु त्यसमा एउटा उद्देश्य हुन्छ, साथै मेरा कार्यहरूका लागि एउटा आधार हुन्छ: मानिसहरूले कल्पना गरेजस्तो, म जथाभाबी काम गर्दिन, न त मैले स्वर्ग र पृथ्वी अनि सृष्टिका यावत् थोकलाई नै आफूखुसी बनाएँ। मेरो कार्यमा, मानवले केही न केही देख्नुपर्छ, र यसबाट केही न केही प्राप्त गर्नुपर्छ। तिनीहरूले आफ्नो जवान अवस्थाको वसन्तलाई जथाभाबी खेर फाल्नु-हुँदैन, वा आफ्नो जीवनलाई जथाभाबी फोहोर हुन दिने लुगालाई जस्तो व्यवहार गर्नुहुँदैन; बरु, मेरो कारणले गर्दा, जबसम्म तिनीहरू फर्केर शैतानतर्फ अघि बढ्न सक्दैनन्, र मेरो कारणले तिनीहरूले शैतानको विरुद्ध आक्रमण सुरु गर्न सक्दैनन्, तबसम्म, तिनीहरूको आफ्नो आनन्दको लागि मेरो उदारताबाट लिँदै आफ्नो सुरक्षाको लागि तिनीहरू कडाइका साथ खडा हुनुपर्छ। के मानवजातिबाट मैले गर्ने मागहरू अत्यन्तै सरल छैनन् र?

जब पूर्वमा ज्योतिको धिपधिपे प्रकाश उदाउँछ, तब ब्रह्माण्डका सारा मानिसहरूले यसमा अलिक बढी ध्यान दिन्छन्। उप्रान्त झुल्न छोडेका मानिसहरू यो पूर्वीय ज्योतिको स्रोतलाई हेर्न अघि बढ्छन्। तिनीहरूको सीमित क्षमताको कारण, ज्योति कहाँबाट आएको हो भन्ने कुरालाई कसैले पनि देख्न सक्षम भएका छैनन्। जब ब्रह्माण्डभित्रका सबैमा पूर्ण प्रकाश पुग्छ, तब मानिसहरू निन्द्रा र सपनाबाट बिउँझन्छन्, र त्यसपछि मात्रै मेरो दिन तिनीहरूकहाँ बिस्तारै आएको छ भन्ने कुरालाई तिनीहरूले महसुस गर्छन्। ज्योतिको आगमनको कारणले गर्दा सारा मानवजातिले उत्सव मनाउँछन्, र यसकारण उप्रान्त गहिरो निद्रामा वा अचेत अवस्थामा हुँदैनन्। मेरो ज्योतिको चमकमा, सारा मानवजाति मन र दृष्टिमा स्पष्ट बन्छन्, र अचानक जिउनुको आनन्दमा बिउँझन्छन्। कफनको कुहिरोले ढाकेको अवस्थामा, म संसारलाई हेर्छु। पशुहरू सबै विश्राममा छन्; ज्योतिको धिपधिपे प्रकाशको उदयको कारण, नयाँ जीवन आउँदैछ भन्ने कुराप्रति सबै सचेत बन्छन्। यसकारणले गर्दा, पशुहरूसमेत खानेकुरा खोज्न आफ्ना वासस्थानबाट घस्रँदै निस्कँदैछन्।

पक्कै पनि बोट-बिरुवाहरू पनि अपवाद होइनन्, र म पृथ्वीमा हुँदा नै तिनीहरूको आफ्नै भूमिका निर्वाह गर्नको लागि प्रतीक्षा गर्दै ज्योतिको चमकमा तिनीहरूका हरिया पातहरू ज्योतिले धपक्क देखिन्छन्। सारा मानवजातिले ज्योतिको आगमनको कामना गर्छन्, र तैपनि तिनीहरूको आफ्नै कुरूपतालाई उप्रान्त लुकाउने ठाउँ हुनेछैन भन्ने कुराप्रति गहिरो चिन्ता गर्दै तिनीहरू यो ज्योतिको उदयप्रति डराउँछन्। यसको कारण के हो भने मानवहरू पूर्ण रूपमा नाङ्गै छन्, र तिनीहरूलाई ढाक्नको लागि केही पनि छैन। त्यसकारण ज्योतिको आगमनको परिणामस्वरूप, धेरै मानिसहरू आत्तिएका छन्, र यो देखा परेको कारण तिनीहरू चकित भएको अवस्थामा छन्। ज्योतिलाई देखेपछि, धेरै मानिसहरू आफ्नै अशुद्धताप्रति घिनाए पनि, वास्तविकतालाई परिवर्तन गर्न असमर्थ भएका कारण असीमित ग्लानिले भरिएका हुन्छन्, तैपनि, तथ्यहरूलाई परिवर्तन गर्न नसक्ने हुनाले, मैले गर्ने दण्डाज्ञाको घोषणाको लागि प्रतीक्षा गर्न बाहेक केही पनि गर्न सक्दैनन्। अन्धकारमा कष्ट भोगेर शोधन भएको कारण, धेरै मानिसहरूले ज्योतिलाई देखेपछि, यसको गहन अर्थको प्रहारले तिनीहरूलाई लाग्छ, र ज्योतिलाई फेरि गुमाउने गहिरो डरले गर्दा आफ्नो काखको नजिक रहेको ज्योतिलाई अङ्गालो हाल्छन्। अचानक भएको ज्योतिको आगमनद्वारा परिक्रमा पथबाट बाहिर फ्याँकिनुको सट्टा, धेरैजसो मानिसहरू आफ्नो हातमा रहेको दैनिक काममा नै व्यस्त बन्छन् किनभने तिनीहरू धेरै वर्षसम्म अन्धा भएका छन् र ज्योती आएको छ भन्ने कुरा पत्ता लगाउन नसकेका मात्र होइनन्, तर यसद्वारा प्रसन्न हुन समेत तिनीहरू सकेका छैनन्। मानिसहरूको हृदयमा, म न त उच्च छु न त नीच नै छु। तिनीहरूको लागि त, म भए पनि नभए पनि त्यसले केही फरक पार्दैन; यो यस्तो छ मानौं म अस्तित्वमा थिइन भने पनि मानिसहरूको जीवन अलिकति पनि एकलो हुने थिएन, र म अस्तित्वमा थिए भने पनि, तिनीहरूको जीवनहरू अलिकति बढी आनन्दपूर्ण समेत हुनेछैन। मानवजातिले मलाई कदर नगर्ने हुँदा, मैले तिनीहरूलाई दिने आनन्दहरू थोरै छन्। तैपनि, मानिसहरूले मलाई अलिकति समेत भक्ति दिने बित्तिकै, मैले तिनीहरूप्रति राख्ने आचरणलाई म पनि परिवर्तन गर्नेछु। यसकारणले गर्दा, मानवहरूले यो नियमलाई बुझेपछि मात्र आफैलाई ममा समर्पित गर्नका लागि र मैले हातमा लिएर राखेका कुराहरू माग्नका लागि तिनीहरू पर्याप्त मात्रामा सौभाग्य हुनेछन्। के मप्रतिको तिनीहरूको प्रेम निश्चय नै तिनीहरूका आफ्नै रुचिहरूद्वारा मात्रै बाँधिएको छ? के मप्रतिको तिनीहरूको विश्वास निश्चय नै मैले दिने कुराहरूद्वारा मात्रै बाँधिएको छ? के मेरो ज्योति नदेखेसम्म आफ्नो विश्वासद्वारा मलाई सच्चा रूपमा प्रेम गर्न मानवहरू असक्षम हुन सक्छन्? के तिनीहरूको क्षमता र जोस आजका अवस्थाहरूद्वारा वास्तवमा नै सीमित गरिएका छैनन्? के मलाई प्रेम गर्नको लागि मानवजातिलाई साहसको खाँचो पर्छ?

मेरो अस्तित्वको परिणामस्वरूप, सृष्टिका असंख्य थोकहरू आफू बस्ने ठाउँबाट आज्ञाकारीतामा समर्पित हुन्छन्, र मेरो अनुशासनको अनुपस्थितिमा, अनैतिक परित्यागमा लिप्त हुँदैन। त्यसकारण, पहाडहरू भूमिमा राष्ट्रहरूको बीचका सिमानाहरू बन्छन्, नदी र समुद्रहरू फरक-फरक ठाउँका मानिसहरूलाई अलग राख्ने अवरोधहरू बन्छन्, र हावा पृथ्वी माथिको अन्तरिक्षमा व्यक्ति-व्यक्तिबीच बहने कुरा बन्छ। मानवजाति मात्रै मेरो इच्छाका मापदण्डहरूलाई साँचो रूपमा पालन

गर्न असक्षम छ; सारा सृष्टिमध्ये, मानव मात्रै अनाज्ञाकारीको वर्गमा पर्छ भनेर मैले भन्नुको कारण यही नै हो। मानवजाति कहिल्यै पनि मप्रति साँचो रूपमा समर्पित भएको छैन, र यस कारणले गर्दा, सुरुदेखि नै मैले मानवजातिलाई कठोर अनुशासनमा राखेको छु। मानवजातिको बीचमा यदि मेरो महिमा सारा ब्रहमाण्डभरि फैलन पुग्छ भने, तब म मेरा सम्पूर्ण महिमालाई लिनेछु र यसलाई मानवजातिको अगाडि प्रकट गर्न लगाउनेछु। आफ्ना अशुद्धिमा रहेका कारण मानव मेरो महिमालाई हेर्न योग्य छैनन्, किनभने हजारौं वर्षसम्म म कहिल्यै पनि बाहिर आएको छैन, बरु गुप्तमा नै बसेको छु; यसकारणले गर्दा, तिनीहरूका अगि मेरो महिमा कहिल्यै पनि प्रकट भएको छैन, र तिनीहरू सँधै नै पापको अतल-कुण्डमा खसेका छन्। तिनीहरूका अधार्मिकताको लागि मैले मानवलाई क्षमा गरेको छु, तर आफैलाई कसरी संरक्षण गर्ने सो कुरा तिनीहरू सबैलाई थाहा छैन, बरु तिनीहरूले आफैलाई पापमा खुला रूपमा छोड्छन् र तिनीहरूलाई हानी गर्न यसलाई दिन्छन्। के यसले मानवजातिको आत्म-सम्मान र आत्म-प्रेमलाई देखाउँदैन र? के मानवजातिको बीचमा, कसैले साँचो रूपमा प्रेम गर्न सक्छ र? मानवजातिको भक्तिको तौल कति नै हुन्छ र? के मानिसहरूको तथाकथित विशुद्धतामा अशुद्ध थोकहरू मिसिएका छैनन् र? के तिनीहरूको भक्ति पूर्ण रूपमा मिश्रित छैन र? मैले चाहने कुरा तिनीहरूको अखण्डित प्रेम नै हो। मानवले मलाई चिन्दैनन्, र तिनीहरूले मलाई जान्ने प्रयास गरे पनि, तिनीहरूले मलाई तिनीहरूको साँचो र एकाग्रचित्त हृदयहरू दिँदैनन्। मैले मानवबाट तिनीहरू जे दिन इच्छुक छैनन् त्यो कुरा लिन सक्दिन। यदि तिनीहरूले मलाई तिनीहरूको भक्ति दिए भने, म यसलाई शिष्ट विनय नदेखाइकन स्वीकार गर्नेछु। तैपनि, यदि तिनीहरूले मलाई भरोसा गर्दैनन्, र आफ्नो सानोभन्दा सानो भाग पनि मलाई दिन इन्कार गर्छन्, तर पनि त्यस विषयमा अझै विवाद गर्दै जान्छन् भने, म तिनीहरूलाई कुनै अर्को तरिकाले खुलासा गर्नेछु र तिनीहरूका लागि उचित गन्तव्य मिलाउनेछु। आकाशमा बटारिने चट्याङ्गले तलका मानिसलाई प्रहार गर्नेछ; पहाडहरू झर्ने क्रममा, तिनले तिनीहरूलाई पुर्नेछन्; भोकाएका जङ्गली जनावरहरूले तिनीहरूलाई निल्नेछन्; र समुद्रहरू उर्लेर आई तिनीहरूका शिरमा बजारिनेछन्। मानवजाति फूटको सङ्घर्षमा संलग्न हुने क्रममा, सारा मानिसहरूले तिनीहरूका बीचमा पैदा हुने विपत्तिहरूमा आफ्नै विनाशको खोजी गर्नेछन्।

मानवजातिको बीचमा राज्य विस्तार भइरहेको छ, यो मानवजातिको बीचमा निर्माण भइरहेको छ, र यो मानवजातिको बीचमा खडा भइरहेको छ; मेरो राज्यलाई नष्ट गर्ने कुनै शक्ति छैन। आज राज्यमा हुने मेरा मानिसहरूमा, तिमीहरूमध्ये को मानवजातिका बीचमा रहेको मानव होइनौ र? तिमीहरूमध्ये को मानव अवस्थाभन्दा बाहिर छौ? जब मेरो नयाँ सुरुवाती बिन्दुको बारेमा भीडमा घोषणा गरिन्छ, तब कसरी मानवजातिले प्रतिक्रिया दिनेछ? मानवजातिको अवस्थालाई तिमीहरूले आफ्नै नजरले देखेका छौ; यो संसारमा सदासर्वदा रहने आशालाई तिमीहरूले पक्कै पनि अझै राखेका छैनौ? म अहिले मेरा मानिसहरूका बीचमा हिँडडुल गरिरहेको छु र म तिनीहरूका बीचमा जिउँछु। आज, मप्रति सच्चा प्रेम गर्नेहरू–त्यस्ता मानिसहरू धन्यका हुन्। मप्रति समर्पित हुनेहरू धन्यका हुन्, अवश्य नै तिनीहरू मेरो राज्यमा रहनेछन्। मलाई चिन्नेहरू धन्यका हुन्, अवश्य नै तिनीहरूले मेरो राज्यमा शक्तिको प्रयोग गर्नेछन्। मलाई खोजी गर्नेहरू धन्यका हुन्, निश्चय नै

तिनीहरू शैतानको बन्धनहरूबाट उम्कनेछन् र तिनीहरूले मेरा आशिषहरूको आनन्द लिनेछन्। आफैलाई त्याग्न सक्षम हुनेहरू धन्यका हुन्, तिनीहरू अवश्य नै ममा निहित हुन सक्षम हुनेछन् र तिनीहरूले मेरो राज्यको उदारताको उत्तराधिकार प्राप्त गर्नेछन्। मेरो वरिपरि दौडनेहरूलाई म सम्झनेछु, मेरो लागि खर्च गर्नेहरूलाई म आनन्दसाथ अङ्गाल्नेछु, र मलाई भेटी चढाउनेहरूलाई म आनन्द प्रदान गर्नेछु। मेरो वचनमा आनन्द प्राप्त गर्नेहरूलाई म आशिष दिनेछु; तिनीहरू अवश्य नै मेरो राज्यका धुरीहरूलाई अड्याउने खम्बाहरू हुनेछन्, मेरो घरमा तिनीहरूले अवश्य नै असीम प्रशस्तता प्राप्त गर्नेछन्, र तिनीहरूसँग कसैलाई पनि तुलना गर्न सकिँदैन। के तिमीहरूलाई दिइएको आशिषहरूलाई तिमीहरूले कहिल्यै स्वीकार गरेका छौ? के तिमीहरूका निम्ति गरिएका प्रतिज्ञाहरूलाई तिमीहरूले कहिल्यै खोजी गरेका छौ? मेरो ज्योतिको अगुवाइमा, तिमीहरूले अवश्य नै अन्धकारको शक्तिको पकडलाई तोड्नेछौ। अन्धकारको बीचमा तिमीहरूलाई अगुवाइ गर्ने ज्योतिलाई तिमीहरूले अवश्य नै गुमाउनेछैनौ। तिमीहरू अवश्य नै सारा सृष्टिका मालिक बन्नेछौ। तिमीहरू अवश्य नै शैतानको अघि विजय बन्नेछौ। ठूलो रातो अजिङ्गरको पतनमा तिमीहरू अवश्य नै मेरो विजयको साक्षी बन्नका लागि धेरै भीडहरूका बीचमा खडा हुनेछौ। सिनिमको देशमा तिमीहरू अवश्य नै दह्रिलो गरी र अटल रूपमा खडा हुनेछौ। तिमीहरूले सामना गरेका कष्टहरूद्वारा, तिमीहरू मेरा आशिषहरूका उत्तराधिकारी हुनेछौ, र अवश्य नै सम्पूर्ण ब्रह्माण्डमा मेरो महिमालाई चम्काउनेछौ।

मार्च १९, १९९२

## अध्याय २०

मेरो परिवारका सम्पत्तिहरू अनगिन्ती र अथाह छन्, तैपनि तिनको आनन्द लिन मानिस कहिल्यै मकहाँ आएको छैन। मानिस आफै एकलै आनन्द लिन असमर्थ छ, न त उसले आफ्नै प्रयासहरूको प्रयोग गरेर आफूलाई रक्षा गर्न सक्छ; बरु, उसले सधैँ अरूमा भरोसा गरेको छ। मैले नियाल्ने सबैमध्ये, कसैले पनि मलाई जानी-जानी र प्रत्यक्ष रूपमा खोजी गरेको छैन। तिनीहरू सबै अरूले कर गरेको कारण मकहाँ आउँछन्, बहुसंख्यकलाई पछ्याउँछन्, अनि तिनीहरू आफ्नो जीवनलाई समृद्ध तुल्याउन मूल्य चुकाउन वा समय बिताउन अनिच्छुक छन्। त्यसकारण, मानिसको बीचमा कसैले पनि कहिल्यै वास्तविकतामा जिएको छैन, र सबै मानिसहरूले अर्थविहीन जीवन जिउँछन्। मानिसका पहिलेदेखि चलिआएका तौरतरिका र रीतिरिवाजहरूका कारण, मानिसहरूका शरीर सांसारिक माटोको गन्धले भरिएको छ। परिणामस्वरूप, मानिस संसारको बरबादीप्रति अचेत, असंवेदनशील बनेको छ, बरु उसले यो चिसोले जमेको संसारमा आफैसँग आनन्द गर्ने कार्यमा आफूलाई व्यस्त राख्छ। मानिसको जीवनमा अलिकति पनि न्यानोपन छैन, र उसमा मानवता वा ज्योतिको अलिकति पनि छाप छैन–तैपनि केही पनि हासिल नगरीकन दौडधूप गर्दै मूल्यहीन जीवनकाल बिताउँदै, ऊ सधैँ आफैमा लुप्त हुन्छ। आँखा झिमिक्क गर्दा, मृत्युको दिन नजिक आइपुग्छ, र मानिस तीतो मृत्यु मर्छन्। यस संसारमा, उसले कहिल्यै पनि कुनै उपलब्धि गरेको वा कुनै कुरा प्राप्त गरेको हुँदैन–ऊ हतारमा आउँछ, र हतारमा जान्छ। मेरो

नजरमा, तिनीहरूमध्ये कसैले पनि कहिल्यै केही पनि ल्याएका छैनन्, वा कुनै पनि कुरा लगेका छैनन्, त्यसकारण मानिसलाई संसार न्यायसंगत छैन भन्ने लाग्छ। तैपनि कोही पनि हतारमा जान चाहँदैनन्। तिनीहरूले तिनीहरू बाटो बिराएर गएको बेला तिनीहरूलाई फेरि एकपटक अनन्त जीवनको मार्ग देखाउँदै स्वर्गबाट अचानक मेरो प्रतिज्ञा मानिसमाझ आउने दिनको प्रतीक्षा मात्रै गरिरहन्छन्। यसरी, मैले मानिसलाई गरेको मेरो प्रतिज्ञा मैले साँच्चै पूरा गरेको छु कि छैन भनेर हेर्नको लागि उसले मेरो हरेक कर्म र कार्यलाई नियाल्छ। जब मानिस कष्टको बीचमा वा चरम पीडामा, वा परीक्षाहरूले पिरोलेर ढल्न लागेको अवस्थामा हुन्छ, तब ऊ आफ्ना कष्टहरूबाट चाँडै उम्केर अर्को आदर्श संसारमा स्थानान्तर हुन सकोस् भनेर उसले आफ्नो जन्मेको दिनलाई सराप्छ। तर जब परीक्षाहरू पार भइसकेका हुन्छन्, तब मानिस आनन्दले भरिपूर्ण हुन्छ। उसले पृथ्वीमा ऊ जन्मेको दिनको निम्ति उत्सव मनाउँछ र उसको जन्म दिनलाई आशिष् दिन मलाई बिन्ती गर्छ; यसपटक, मानिसले उसमाथि दोस्रोपटक मृत्यु आइपर्नेछ भन्ने गहन डरको कारण, विगतका शपथहरूलाई अबउप्रान्त उल्लेख गर्दैन। जब मेरा हातले संसारलाई माथि उठाउँछ, तब मानिसहरू आनन्दले नाच्छन्, तिनीहरू अबउप्रान्त शोकाकुल हुँदैनन्, र तिनीहरू सबैले ममाथि भरोसा गर्छन्। जब म मेरा हातले मेरो अनुहार छोप्छु, र मानिसहरूलाई भूमिभन्दा मुनि थिच्छु, तिनीहरू तुरुन्तै सास फेर्न असमर्थ हुन्छन्, र जसोतसो बाँच्छन्। मैले तिनीहरूलाई नष्ट गर्नेछु भनेर डरले थरथर काम्दै तिनीहरू सबैले मलाई पुकार्छन्, किनभने तिनीहरू सबैले मैले महिमा प्राप्त गर्ने दिनलाई देख्न चाहन्छन्। मानिसले मेरो दिनलाई उसको अस्तित्वको पूँजीको रूपमा लिन्छ, र मानिसहरूले मेरो महिमा आइपुग्ने दिनको तृष्णा गर्ने हुनाले मात्रै मानवजाति आजसम्म बाँचेको छ। मेरो मुखले जारी गरेको आशिष् के हो भने आखिरी दिनहरूको अवधिमा जन्मनेहरूले मेरो सबै महिमा देख्ने सौभाग्य पाउँछन्।

युगहरूभरि, धेरै जना निराशामा र अनिच्छाको साथ यस संसारबाट बिदा भएका छन् र धेरै जना आशा र विश्वासको साथ यहाँ आएका छन्। मैले धेरैको निम्ति आउने बन्दोबस्त गरेको छु र धेरैलाई पठाएको छु। अनगिन्ती मानिसहरू मेरा हातहरू भएर गएका छन्। धेरै आत्माहरूलाई पातालमा फालिएका छन्, धेरैले शरीरमा जिए र धेरै मरेका छन् र यस पृथ्वीमा पुनः जन्मेका छन्। तथापि तिनीहरूमध्ये कसैले पनि राज्यका आशिष्‌हरूको आनन्द लिने मौका पाएका छैनन्। मैले मानिसलाई धेरै नै दिएको छु, तापनि उसले थोरै प्राप्त गरेको छ, किनकि शैतानका शक्तिहरूको आक्रमणले उसलाई मेरा सबै सम्पत्तिहरूको आनन्द लिन नसक्ने बनाएका छन्। उसले तिनलाई देख्ने सौभाग्य मात्र पायो, तर पूर्ण रूपमा तिनको आनन्द लिन कहिल्यै पाएको छैन। मानिसले स्वर्गका सम्पत्तिहरू प्राप्त गर्न आफ्नो शरीरमा कहिले पनि खजाना घर भेट्टाएको छैन, यसैले मैले उसलाई प्रदान गरेका आशिष्‌हरू उसले गुमाएको छ। के मानिसको आत्मा उसलाई मेरो आत्मासँग जोड्ने कुरा होइन र? मानिस किन उसको आत्माद्‌वारा ममा कहिले पनि लीन भएको छैन? ऊ किन देहमा मेरो नजिक आउँछ, तैपनि आत्मामा त्यसो गर्न असक्षम छ? के मेरो साँचो मुहार देहको मुहार हो? मानिसले किन मेरो सार जान्दैन? के वास्तवमा मानिसको आत्मामा मेरो कुनै पनि चिन्ह छैन? के म मानिसको आत्मादेखि पूर्ण रूपमा हराएको छु? यदि मानिस आत्मिक

क्षेत्रमा प्रवेश गर्दैन भने, उसले कसरी मेरा अभिप्रायहरूलाई राम्ररी बुझ्न सक्छ? मानिसका नजरमा, आत्मिक क्षेत्रलाई प्रत्यक्ष रूपमा छेड्न सक्ने कुरो छ? धेरै पटक मैले मेरो आत्माद्वारा मानिसलाई बोलाएको छु, तापनि मैले उसलाई घोचेको जस्तो मानिसले अभिनय गर्छ, अनि मैले उसलाई अर्कै संसारमा डोऱ्याउँछ कि भन्ने ठूलो डरमा मलाई टाढैबाट सम्मान गर्छ। मैले धेरै पटक मानिसको आत्मामा सोधपुछ गरेँ, तापनि म उसको घरमा पस्नेछु र उसका सबै सरसामानहरू उठाउने मौका छोप्नेछु भनेर अत्यन्तै डराउँदै ऊ पूर्णतया बेखवर रहन्छ। यसैले मजबुत तरिकाले बन्द गरिएको ढोका बाहिर मलाई जाडो सहनको लागि छोडेर, उसले मलाई बाहिरै राख्छ। मानिस धेरै पटक लडेको छ र मैले उसलाई बचाएको छु, तापनि उठेपछि उसले मलाई तुरुन्तै छोड्छ, अनि मेरो प्रेमले उसलाई छोएकै हुँदैन, मतर्फ सावधानीपूर्वक नजर लाउँछ; मैले मानिसको हृदयलाई कहिल्यै पनि न्यानो पारेको छैन। मानिस भावना विनाको चिसो रक्तधारी जनावर हो। ऊ मेरो अङ्गालोले न्यानो पारिएको भए तापनि, ऊ यसद्वारा कहिले पनि गहिरो रूपले प्रभावित भएको छैन। मानिस हिंस्रक पहाड जस्तो छ। मैले मानवजातिको निम्ति गरेको सबै हेरचाहलाई उसले कहिले पनि महत्त्व दिएको छैन। ऊ मेरो नजिक आउन अनिच्छुक छ, पर्वतहरूको माझमा बस्न रुचाउँछ, जहाँ उसले जङ्गली पशुहरूको खतरालाई सहन्छ—तापनि ऊ ममा शरण लिन अझै अनिच्छुक छ। म कुनै पनि मानिसलाई कर लगाउँदिनँ: म मेरो काम मात्र गर्छु। त्यो दिन आउने छ जब मानिस शक्तिशाली समुद्रको बीचबाट मेरो छेउमा पौडन्छ, ताकि उसले पृथ्वीका सबै सम्पत्तिहरूको आनन्द लिन सकोस् र समुद्रद्वारा निलिने खतरालाई पछाडि छाडोस्।

मेरा वचनहरू पूर्ण भएपछि, पृथ्वीमा क्रमिक रूपमा राज्य स्थापना हुन्छ र मानिस क्रमिक रूपमा सामान्य अवस्थामा फर्कन्छ, यसरी मेरो हृदयको राज्य पृथ्वीमा स्थापित हुन्छ। राज्यमा, परमेश्वरका सबै मानिसहरूले सामान्य मानिसको जीवन पुनः प्राप्त गर्छन्। कठ्याङ्ग्रिँदो हिउँद जान्छन्, वसन्तका सहरहरूको संसारले प्रतिस्थापित हुन्छ जहाँ वर्षभरि वसन्त नै रहिरहन्छ। मानिसहरूले अब उसो मानिसको उदास, दयनीय संसारको सामना गर्नुपर्दैन र तिनीहरूले अब उसो मानिसको ठन्डा चिसो संसारलाई सहनुपर्दैन। मानिसहरू एक-अर्कासँग झगडा गर्दैनन्, देशहरू एक-अर्काको विरुद्धमा लडाइँ गर्दैनन्, अब उसो नरसंहार र नरसंहारबाट बग्ने रगत हुँदैन; सारा भूमि खुसीले भरिन्छ र मानिसहरूको बीचको न्यानोले जतातत्तै न्यानो पार्छ। म संसारभरि परिभ्रमण गर्छु, म मेरो सिंहासनमाथि आनन्द लिन्छु र म ताराहरूका माझ बस्छु। स्वर्गदूतहरूले मलाई नयाँ गीतहरू र नयाँ नाचहरू अर्पण गर्छन्। तिनीहरूको अनुहारहरूमा अब उसो तिनीहरूको आफ्नै नाजुकताले आँसु बगाउँदैन। अब उसो मेरो अगाडि स्वर्गदूतहरूको रोदनको आवाज म सुन्दिनँ र कसैले पनि मसँग कठिनाइको गुनासो गर्दैन। आज, तिमीहरू सबै मेरो सामुन्ने जिउँछौ; भोलि, तिमीहरू सबै मेरो राज्यमा अस्तित्वमा रहनेछौ। के मैले मानिसलाई प्रदान गरेको सबैभन्दा ठूलो आशिष् यही होइन र? आज तैंले तिर्ने मूल्यको कारण तैंले भविष्यका आशिष्हरू पाउनेछस् र मेरो महिमामा जिउनेछस्। के तिमीहरू अझै पनि मेरा आत्माको सारमा संलग्न हुन चाहँदैनौ? के तिमीहरू अझै पनि आफूलाई मार्न चाहन्छौ? मानिसहरू देख्न सक्ने प्रतिज्ञाहरू क्षणिक प्रकृतिकै भए पनि तिनकै पछि लाग्न इच्छुक छन्, भोलिका प्रतिज्ञाहरू अनन्तका निम्ति भए पनि ती

स्वीकार गर्न कोही पनि तयार छैनन्। मानिसले देख्न सक्ने कुराहरू नै मैले नाश गर्ने कुराहरू हुन् अनि जुन मानिसहरूले सजिलै देख्न-छुन नसक्ने कुराहरू नै मैले हासिल गर्ने कुराहरू हुन्। परमेश्‍वर र मानिसबीचको भिन्नता नै यही हो।

मेरो दिन कहिले आउनेछ भनेर मानिसले हिसाब गरेको छ, तर कसैले पनि कहिल्यै ठीक मिति जानेको छैन, त्यसकारण मानिस अचेत अवस्थामा मात्रै जिउन सक्छ। मानिसको तृष्णाहरू असीमित आकाशहरूसम्म गुञ्जिएर हराउने हुनाले, मानिसले बारम्बार आशा गुमाएको छ, यहाँसम्म कि ऊ उसको वर्तमान परिस्थितिहरूमा झरेको छ। मेरा वाणीहरूको उद्‌देश्य मानिसलाई मितिहरूको खोजी गर्न लगाउनु होइन, न त उसको नैराश्यताको कारण उसलाई उसको आफ्नै विनाशतर्फ धकेल्नु नै हो। म मानिसलाई मेरो प्रतिज्ञा स्वीकार गर्न लगाउन चाहन्छु, र म संसारभरिका मानिसहरूलाई मेरो प्रतिज्ञाको हिस्सा पाऊन भन्‍ने चाहन्छु। म जीवनले भरिपूर्ण जीवित प्राणीहरू चाहन्छु, मृत्युमा जाकिएका लासहरू होइन। म राज्यको टेबलमा बसेको हुनाले, म पृथ्वीका सबै मानिसहरूलाई मेरो निरीक्षण ग्रहण गर्न लगाउनेछु। म मेरो अघि कुनै पनि अशुद्ध कुराको उपस्थिति हुन दिँदिन। मेरो काममा म कुनै पनि मानिसको हस्तक्षेप सहँदिन; मेरो कामलाई हस्तक्षेप गर्ने सबैलाई कालकोठरीहरूमा फालिन्छ, र तिनीहरू रिहाइ भएपछि पनि पृथ्वीका प्रचण्ड ज्वालाहरू सामना गर्दै विपत्तिद्‌वारा पिरोलिइरहन्छन्। जब म मेरो देहधारी शरीरमा हुन्छु, तब ज-जसले मेरो देहसँग मेरो कामको बारेमा विवाद गर्छन् तिनीहरूलाई म घृणा गर्नेछु। धेरैपटक मैले सबै मानिसहरूलाई के कुरा याद गराएको छु भने, पृथ्वीमा मेरो नातेदार कोही पनि छैन, र ज-जसले मलाई आफू समान ठान्छन्, र मसँग विगतको यादमा डुब्नको लागि मलाई आफूतिर तान्छन्, तिनीहरू विनाशमा पर्नेछन्। मेरो आदेश यही हो। यस्ता कुराहरूमा म मानिसप्रति अलिकति पनि दयालु छैन। मेरो काममा हस्तक्षेप गर्ने र मलाई परामर्श दिने सबैलाई म सजाय दिनेछु, र म तिनीहरूलाई कहिल्यै क्षमा दिनेछैन। यदि मैले स्पष्‍ट रूपमा बोलिन भने, मानिस कहिल्यै पनि होसमा आउनेछैन, र अनजानमा मेरो सजायमा पर्नेछ–किनभने मानिसले मेरो देहमा रहेको मलाई चिन्दैन।

मार्च २०, १९९२

## अध्याय २१

मेरो ज्योतिको बीचमा मानिस ढल्छ, र मेरो मुक्तिको कारण दह्रिलो गरी खडा हुन्छ। जब म सम्पूर्ण ब्रह्माण्डमा मुक्ति ल्याउँछु, मानिसले मेरो पुनर्स्थापनाको बहावमा प्रवेश गर्ने मार्गहरू भेट्टाउने प्रयास गर्छ, तैपनि पुनर्स्थापनाको यो भेलले कुनै नामनिसान बाँकी नराखी बगाइनेहरू धेरै हुन्छन्; भेलहरूको पानीमा डुब्ने र पुरिनेहरू धेरै हुन्छन्; अनि भेलको बीचमा दह्रिलो गरी खडा हुने, आफ्नो दिशाबोध कहिल्यै पनि नगुमाउने, अनि आजको दिनसम्मै भेललाई पछ्याउनेहरू पनि धेरै नै हुन्छन्। म पाइला-पाइला गर्दै मानिससँग अघि बढ्छु, तैपनि, मानिसले मलाई कहिल्यै चिनेको छैन; उसले मैले बाहिरबाट लगाएको वस्त्र मात्रै चिन्छ, तर मभित्र लुकेका प्रशस्तताहरूको

बारेमा ऊ अनजान छ। मैले मानिसलाई भरणपोषण गर्ने र उसलाई हरेक दिन दिने भए पनि, ऊ साँचो रूपमा स्वीकार गर्न असक्षम छ, मैले दिने सबै प्रशस्ततताहरू प्राप्त गर्न असक्षम छ। मानिसको भ्रष्टताको कुनै कुरा पनि मेरो नजरबाट उम्कन सक्दैन; उसको भित्री संसार मेरो लागि पानीमा देखिने पूर्णिमाको जूनजस्तै स्पष्ट छ। म मानिसलाई लापरवाही ढङ्गले व्यवहार गर्दिनँ, न त ऊसँग झारा टार्ने काम गर्छु; के मात्रै हो भने, मानिसले आफ्नो लागि जिम्मेवारी लिन सक्दैन, यसरी सारा मानवजाति सधैँ पतित भएको छ, र आज पनि आफैलाई भ्रष्टताबाट मुक्त गर्न नसक्ने अवस्थामा छ। दयनीय, तुच्छ मानवजाति! मानिसले किन मलाई प्रेम गर्छ, तर मेरो आत्माका अभिप्रायहरूलाई पछ्याउन सक्दैन? के मैले साँच्चै मानवजातिको निम्ति आफूलाई प्रकट गरेको छैन? के मानवजातिले साँच्चै मेरो अनुहार कहिल्यै देखेको छैन? के मैले मानवजातिप्रति अत्यन्तै थोरै कृपा देखाएको हुन सक्छ? ए सबै मानवजातिका विद्रोहीहरू हो! तिनीहरूलाई मेरा पाइतालामुनि किच्याइनैपर्छ; तिनीहरू मेरो सजायद्वारा लोप हुनैपर्छ, र मेरो महान् कार्य समाप्त भएको दिनमा तिनीहरूलाई मानवजातिको बीचबाट हटाइनैपर्छ, ताकि सारा मानवजातिले तिनीहरूको कुरूप अनुहार जान्न सकून्। मानिसले मेरो अनुहार विरलै देख्नु वा मेरो आवाज विरलै सुन्नुको कारण के हो भने सारा संसार नै तुवाँलोले ढाकेको छ, र यसको होहल्ला अत्यन्तै ठूलो छ, यसर्थ मेरो अनुहारको खोजी गर्न र मेरो हृदयलाई बुझ्ने प्रयास गर्नको लागि मानिस अत्यन्तै अल्छी छ। के मानिसको भ्रष्टताको कारण यही होइन र? यही कारणले मानिस खाँचोमा परेको होइन र? सम्पूर्ण मानवजाति सधैँ नै मेरो बन्दोबस्तको बीचमा रहेको छ; यदि यस्तो नभएको भए, यदि म कृपालु नभएको भए, आजसम्म को बाँच्नेथियो र? मभित्रका सम्पत्ति अतुलनीय छन्, तैपनि सबै विपत्तिहरू पनि मेरै हातमा छन्–अनि आफूलाई जहिले मन लाग्छ तहिले विपत्तिबाट उम्कन सक्ने को छ र? के मानिसका प्रार्थनाहरू वा उसको हृदयको रुवाइले उसलाई त्यसो गर्न सक्षम बनाउँछ त? मानिसले मसँग कहिल्यै पनि साँचो रूपमा प्रार्थना गरेको छैन, त्यसकारण सबै मानवजातिको बीचमा, कोही पनि आफ्नो सम्पूर्ण जीवन सत्यताको ज्योतिमा जिएको छैन; मानिसहरू अस्थिर रूपमा घरी-घरी देखा पर्ने ज्योतिको बीचमा मात्रै जिउँछन्। के यसले गर्दा मानवजातिको आजको अपूर्णता निम्त्याएको होइन र?

मबाट केही कुरा प्राप्त गर्नको लागि मेरो लागि तनमन लगाउन इच्छुक हुँदै हरेक व्यक्तिले अलिअलि चपाइरहेका छन्, त्यसकारण, मानिसको मानसिकतालाई ध्यानमा राख्दै, म ऊभित्र साँचो प्रेम जगाउन उसलाई प्रतिज्ञाहरू दिन्छु। के मानिसलाई सामर्थ्य दिने उसको साँचो प्रेम नै हो त? के स्वर्गमा मेरो आत्मालाई छुने मानिसको मप्रतिको बफादारिता नै हो त? मानिसको कार्यहरूद्वारा स्वर्ग कहिल्यै पनि अलिकति समेत प्रभावित भएको छैन, अनि यदि मैले मानिसलाई गर्ने व्यवहार उसको हरेक कार्यमा आधारित रहेको भए, सारा मानवजाति मेरो सजायको बीचमा जिउनेथिए। मैले धेरै मानिसहरूलाई तिनीहरूको गलाबाट आँसु बगिरहेको अवस्थामा देखेको छु, र मेरा सम्पत्तिहरूको सट्टा धेरैले आफ्नो हृदय मलाई दिइरहेको मैले देखेको छु। त्यस्तो “भक्तिपन” को बावजूद पनि, मैले मानिसलाई उसका गुप्त इच्छाहरूको परिणामस्वरूप कहिल्यै पनि खुलस्त रूपमा दिएको छैन, किनभने मानिस कहिल्यै पनि आफूलाई मेरो सामुन्ने समर्पित गर्न इच्छुक

भएको छैन। मैले सबै मानिसहरूको मुकुन्डोलाई उतारेको छु र यी मुकुन्डोहरूलाई अग्निकुण्डमा फ्याँकेको छु, परिणामस्वरूप, मानिसका तथाकथित निष्ठा र बिन्तीहरू मेरो सामुन्ने कहिल्यै पनि दह्रिलो गरी खडा भएका छैनन्। मानिस आकाशको बादलजस्तै छ: जब बतासको आवाज आउँछ, ऊ यसको शक्तिको तीव्रताप्रति डराउँछ, त्यसकारण उसलाई उसको अवज्ञाको कारण प्रहार गरिन्छ भन्ने डरले त्यसको पछि हतार-हतार दौडन्छ। के यो मानिसको कुरूप अनुहार होइन र? के यो मानिसको तथाकथित आज्ञापालन होइन र? के यो मानिसको "साँचो भावना" र जाली सद्भाव होइन र? धेरैजसो मानिसहरू मेरो मुखबाट जारी भएका सबै वाणीहरूबाट विश्वस्त हुन इन्कार गर्छन्, र धेरैले मेरो मूल्याङ्कन स्वीकार गर्दैनन्, यसरी तिनीहरूका वचन र कार्यहरूले तिनीहरूका अभिप्रायहरूको विद्रोहीपनलाई प्रकट गर्छन्। के मैले जे बोल्छु त्यो मानिसको पुरानो प्रकृतिको विपरीत छ? के मैले मानिसलाई "प्रकृतिका नियमहरू" अनुसारको उचित परिभाषा दिएको छैन र? मानिसले साँचो रूपमा मेरो आज्ञापालन गर्दैन; यदि उसले मलाई साँचो रूपमा खोजेको भए, मैले त्यति धेरै कुरा बताउनुपर्ने थिएन। मानिस व्यर्थको फोहोर हो, र मैले उसलाई जबरजस्ती अघि बढाउनको लागि मेरो सजायको प्रयोग गर्नैपर्छ; यदि मैले त्यसो नगरेको भए, कसरी—मैले उसलाई दिएका प्रतिज्ञाहरू उसको आनन्दको लागि पर्याप्त भए पनि—उसको हृदयलाई प्रभाव पार्न सकिन्थ्यो र? मानिस सधैँ धेरै वर्षसम्म पीडादायी संघर्षमा जिएको छ; ऊ सधैँ हताश अवस्थामा जिएको छ भनेर भन्न सकिन्छ। परिणामस्वरूप, ऊ आशाहीन अवस्थामा रहेको छ, र शारीरिक र मानसिक रूपमा थकित छ, त्यसकारण मैले उसलाई दिने सम्पत्तिहरू उसले आनन्दसाथ स्वीकार गर्दैन। आज समेत, मबाट आउने आत्माका सबै मिठासलाई कसैले पनि स्वीकार गर्न सक्दैन। मानिसहरू दरिद्र अवस्थामा रहँदै अन्तिम दिनको प्रतीक्षा मात्रै गर्न सक्छन्।

धेरै जना मानिसहरूले मलाई साँचो रूपमा प्रेम गर्ने इच्छा गर्छन्, तर तिनीहरूका हृदय तिनीहरूका आफ्नै नभएकोले, आफैमाथि तिनीहरूको कुनै नियन्त्रण हुँदैन; धेरै मानिसहरू मैले दिएका परीक्षाहरू अनुभव गर्दा, मलाई साँचो रूपले प्रेम गर्छन्, तापनि म साँच्चै अस्तित्वमा छु भन्ने तिनीहरूले बुझ्न सक्दैनन्, र मेरो वास्तविक अस्तित्वको कारणले होइन, तर रित्तोपनमा मात्र मलाई प्रेम गर्छन्; धेरै मानिसहरूले आफ्नो हृदय मेरो सामने राख्छन् र त्यसपछि आफ्ना हृदयलाई कुनै ध्यान दिँदैनन्, त्यसकारण मौका पाउनसाथ शैतानले तिनीहरूका हृदय खोसेर लैजान्छ, र तिनीहरूले मलाई त्याग्छन्; मैले मेरा वचनहरू प्रदान गर्दा धेरै मानिसहरूले मलाई साँचो रूपमा प्रेम गर्छन्, तापनि तिनीहरूले मेरा वचनहरूलाई तिनीहरूका आत्मामा राख्दैनन्, त्यसको साटो तिनीहरूले ती वचनहरूलाई अनौपचारिक रूपमा सार्वजनिक सम्पत्ति जस्तो गरेर प्रयोग गर्छन् र जब तिनीहरूलाई इच्छा हुन्छ तब ती वचनहरू जहाँबाट आएका थिए त्यतै हुत्याउँछन्। मानिसले पीडाको बीचमा मलाई खोज्छ, र परीक्षाहरूको बीचमा उसले मलाई हेर्दछ। शान्तिको समयमा उसले ममा आनन्द गर्दछ, जब जोखिममा हुन्छ उसले मलाई इन्कार गर्छ, ऊ व्यस्त हुँदा मलाई भुल्छ र जब ऊ खाली हुन्छ, मेरो निम्ति केही काम गरेको जस्तो गर्छ—तापनि कसैले मलाई तिनीहरूका जीवनभरि प्रेम गरेको छैन। मानिस मेरो सामने गम्भीर होस् भन्ने म चाहन्छु: उसले मलाई केही कुरा दिओस् भनी म माग गर्दिन, तर तिनीहरूले मलाई गम्भीर रूपमा

लिऊन्, तिनीहरूले मलाई फुस्ल्याउन् छोडेर बरु मलाई मानिसको इमानदारीता फर्काएर ल्याउन देऊन्। मेरो अन्तर्दृष्टि, प्रकाश, र मेरो प्रयासको मूल्य सबै मानिसहरूमा व्याप्त छ, यद्यपि मानिसको प्रत्येक कामको वास्तविक तथ्य तिनीहरूले मलाई गरेको छल जस्तै सबै मानिसहरूमा व्याप्त छ। मानौं, मानिसको छलकपटका तत्त्वहरू गर्भदेखि नै ऊसँगै रहेको छ, मानौं, छलकपटका यी विशेष सीपहरू ऊसँग जन्मदेखि नै छ। यसबाहेक, उसले आफ्नो रहस्यलाई कहिल्यै प्रकट गरेको छैन; यी कपटपूर्ण सीपहरूको स्रोतलाई कसैले कहिल्यै देखेको छैन। फलस्वरूप, मानिस आफूले थाहै नपाई छलकपटमा बाँचिरहेको छ, र यस्तो लाग्छ, मानौं, उसले आफैलाई क्षमा गर्दछ, मानौं, यो उसले जानी-जानी मसँग गरेको छल नभएर परमेश्‍वरको प्रबन्ध हो। के मानिसले मसँग गरेको छलको स्रोत यही होइन र? के यो उसको चलाक युक्ति होइन र? मानिसको चापलुसी र छलपूर्ण कुराद्वारा म कहिल्यै पनि म लट्ठ भएको छैनँ, किनकि मैले धेरै अघि नै उसको वास्तविक गुण पत्ता लगाएको थिएँ। उसको रगतमा कति धेरै अशुद्धता छ, र उसको हड्डीको मासीमा शैतानको कति धेरै विष छ भन्ने कसलाई के थाहा? प्रत्येक दिन बित्दैजाँदा मानिसहरूलाई अझ बढी यसमा बानी पर्दै जान्छ, यहाँसम्म कि शैतानले पुर्‍याएको हानि समेत उसले महसुस गर्दैन, र "स्वस्थ अस्तित्वको कला" पत्ता लगाउन उसले कुनै चासो राख्दैन।

जब मानिस मबाट टाढा हुन्छ, र जब उसले मलाई जाँच्छ, म बादलहरूको बीचमा ऊबाट लुक्छु। परिणामस्वरूप, उसले मेरो नाम-निशाना समेत भेट्टाउन सक्दैन, र दुष्टले जे भन्छ त्यो मान्दै तिनीहरूको हातमा जिउँछ। जब मानिस मेरो नजिक हुन्छ, तब म ऊकहाँ देखा पर्छु र म ऊबाट मेरो अनुहार लुकाउँदिन, र यस बेला, मानिसले मेरो दयालु अनुहार देख्छ। ऊ अचानक होसमा आउँछ, र उसले थाहा नपाए पनि, ऊभित्र मप्रतिको प्रेम जन्मन्छ। उसको हृदयमा, उसले अचानक अतुलनीय मिठासको अनुभूति गर्छ, र कसरी आफूले ब्रह्माण्डमा मेरो अस्तित्वलाई जान्न सकिन भनी अचम्मित हुन्छ। तसर्थ, मानिससँग मेरो प्रेमिलोपनको साथै मेरो बहुमूल्यताको बारेमा अझै ठूलो अनुभूति हुन्छ। यसको परिणामस्वरूप, उसले मलाई फेरि कहिल्यै पनि नछोड्ने कामना गर्छ, उसले मलाई उसको अस्तित्वको ज्योतिको रूपमा हेर्छ, र मैले उसलाई छोड्नेछु भनेर अत्यन्तै डराएको कारण उसले मलाई कसिलो गरी अङ्गालो हाल्छ। मानिसको जोसद्वारा म प्रभावित हुँदिन, तर उसको प्रेमको कारण म उप्रति कृपालु हुन्छु। यो बेला, मानिस तुरुन्तै मेरा परीक्षाहरूको बीचमा जिउँछ। मेरो अनुहार उसको हृदयबाट हराउँछ, र उसलाई तुरुन्तै उसको जीवन रित्तो छ भन्ने लाग्छ, र उसका विचारहरू भाग्नेतर्फ मोडिन थाल्छन्। यही क्षणमा, मानिसको हृदयलाई उदाङ्गो पारिन्छ। मेरो स्वभावको कारण उसले मलाई अङ्गाल्दैन, तर मेरो प्रेमको कारण मैले उसलाई रक्षा गर्नुपर्छ भनेर मलाई अनुरोध गर्छ। तैपनि जब मेरो प्रेमले मानिसलाई प्रतिप्रहार गर्छ, उसले तुरुन्तै आफ्नो मन परिवर्तन गर्छ; उसले मसँगको आफ्नो करारलाई तोड्छ र मेरो कृपालु अनुहारमा कहिल्यै नहेर्ने इच्छा गर्दै मेरो न्यायबाट छुटेर जान्छ, र यसरी उसले मप्रतिको आफ्नो दृष्टिकोण परिवर्तन गर्छ र मैले मानिसलाई कहिल्यै मुक्ति दिएको छैन भनेर भन्छ। के साँच्चै नै साँचो प्रेममा कृपाबाहेक केही पनि हुँदैन? के मेरो चम्किरहने ज्योतिमुनि जिउँदा मात्रै मानिसले मलाई प्रेम गर्छ? उसले हिजोको दिनलाई फर्केर हेर्छ तर आजको दिनमा जिउँछ—के यो मानवको

अवस्था होइन र? के तिमीहरू भोलि पनि यस्तै हुनेछौ? म मानिसमा भित्रैबाट मेरो तृष्णा गर्ने हृदय होस् भन्ने चाहन्छु, सतही रूपमा मलाई सन्तुष्ट पार्ने हृदय होइन।

मार्च २१, १९९२

# अध्याय २२

मानिस ज्योतिको बीचमा जिउँछ, तर उसलाई ज्योतिको मूल्य थाहा छैन। उसलाई ज्योतिको सार, र ज्योतिको स्रोत, र त्यति मात्र होइन, ज्योति कसको हो भन्ने कुरा थाहा छैन। जब म मानिसलाई ज्योति दिन्छु, म तुरुन्तै मानिसहरू बीचका अवस्थाहरूलाई जाँच गर्दछु: ज्योतिको कारण सबै मानिसहरू परिवर्तन हुँदैछन् र वृद्धि हुँदैछन्, र अन्धकारलाई छोडेका छन्। म ब्रह्माण्डका हरेक कुनामा हेर्छु, र पहाडहरू कुहिरोले ढाकिएको, ठन्डामा पानी जमेको देख्छु र ज्योति आएको कारण, मानिसहरूले पूर्वतिर हेर्छन्, कि उनीहरूले केही मूल्यवान् कुरा पत्ता लगाउन सकून्—तापनि मानिसले तुवाँलोभित्र स्पष्ट दिशा छुट्ट्याउन सक्दैन। सम्पूर्ण संसार कुहिरोले ढाकिएको हुनाले जब म बादलहरूको बीचबाट हेर्छु, मेरो अस्तित्वलाई पत्ता लगाउने कुनै मानिस हुँदैन। मानिसले पृथ्वीमा केही कुराको खोजी गरिरहेको छ; उसले भोजनको खोजी गरिरहेको जस्तो देखिन्छ; यस्तो लाग्छ, उसले मेरो आगमन पर्खिरहेको छ—तापनि उसले मेरो दिनको बारेमा जान्दैन, र प्रायजसो पूर्वको मधुरो उज्यालो मात्र हेर्न सक्छ। सबै मानिसहरूमध्ये, साँचो रूपमा मेरो हृदयसित मेल खानेहरूलाई म खोजी गर्छु। म सबै मानिसहरूको बीचमा हिँडडुल गर्दछु, र सबै मानिसहरूको बीचमा जिउँछु, तर पृथ्वीमा मानिस सुरक्षित र सकुशल छ, र यसैले साँचो रूपमा मेरो हृदयसँग मेल खाने कोही पनि छैन। मेरो इच्छाबारे कसरी वास्ता गर्नुपर्छ भन्ने मानिसहरूलाई थाहा छैन, तिनीहरूले मेरा कामहरू देख्न सक्दैनन्, र तिनीहरू ज्योतिमा जान र ज्योतिबाट चमक प्राप्त गर्न सक्दैनन्। मानिसले मेरा वचनहरूलाई सधैँ मूल्यवान् ठाने पनि, उसले शैतानका छलपूर्ण युक्तिहरूलाई देख्न सक्दैन; किनकि मानिसको कद अति सानो छ, उसले आफ्नो हृदयका इच्छाहरू अनुसार गर्न सक्दैन। मानिसले मलाई कहिल्यै पनि इमानदार पूर्वक प्रेम गरेको छैन। जब म उसलाई उच्च पार्छु, उसले आफैलाई अयोग्य ठान्छ, तर यसको कारण उसले मलाई सन्तुष्ट पार्ने कोसिस गर्दैन। ऊ केवल, मैले उसको हातमा दिएको निश्चित "स्थान" लाई समातेर बस्छ र त्यसलाई जाँच्दछ; मेरो प्रेमिलोपनसँग अनभिज्ञ भएर, बरु ऊ आफ्नो स्थानका आशिषहरू हड्प्ने कुरामा लागिरहन्छ। के यो मानिसको कमजोरी होइन र? जब पहाडहरू सर्छन्, के तिनीहरूले तेरो स्थानको लागि घुमाउरो बाटो लिन सक्छन्? जब पानी बग्छ, के ती मानिसको स्थानभन्दा अघि नै समाप्त हुन्छ? के मानिसको स्थानद्वारा आकाश र पृथ्वी उल्टिन सक्छन्? म एक पटक मानिसप्रति दयालु थिएँ, अनि बारम्बार नै यो क्रम चलिरह्यो—तर कसैले पनि यसलाई वास्ता गर्दैन र मूल्यवान् ठान्दैन। तिनीहरूले यसलाई केवल कथाको रूपमा सुने, वा उपन्यासको रूपमा पढे। के मेरा वचनहरूले साँच्चै मानिसको हृदयलाई छुँदैन? के मेरा वाणीहरूको साँच्चै कुनै प्रभाव छैन? के कसैले मेरो अस्तित्वमा विश्वास गर्दैनन् भन्ने हुनसक्छ? मानिसले आफैलाई प्रेम गर्दैन;

बरु, मलाई आक्रमण गर्न ऊ शैतानसित एक हुन्छ, र मेरो सेवा गर्न शैतानलाई एउटा “सम्पत्ति” को रूपमा प्रयोग गर्छ। म शैतानका सबै छली योजनाहरूलाई छेड्नेछु, र पृथ्वीका मानिसहरूलाई शैतानका छलहरू स्वीकार गर्नबाट रोक्नेछु, यसैले कि त्यसको अस्तित्वको कारण तिनीहरूले मेरो विरोध नगरून्।

राज्यमा, म नै राजा हुँ–तर मलाई राज्यको राजाको रूपमा व्यवहार गर्नुको सट्टा, मानिसले मलाई “स्वर्गबाट ओर्लनुभएको मुक्तिदाता” को रूपमा व्यवहार गर्छ। परिणामस्वरूप, मैले त्यसलाई दान दिएको चाहन्छ त्यसले त्यसले मेरो बारेमा ज्ञानको खोजी गर्दैन। धेरै जनाले मेरो अघि भिखारीले जस्तो बिन्ती गरेका छन्; धेरैले मेरो अघि आफ्ना “बोराहरू” खोलेका छन् र बाँच्नका लागि मलाई खानेकुरा मागेका छन्; धेरैले मलाई निलेर पेट भरूँ भन्ने चाहना गर्दै भोको ब्वाँसाहरूले जस्तो मलाई लोभी आँखाले हेरेका छन्; धेरैले आफ्ना अपराधहरूको कारण मेरो दयाको भीख माग्दै, वा मेरो सजाय सहर्ष स्वीकार गर्दै चुपचाप आफ्ना शिर झुकाएका छन् र लज्जित भएका छन्। जब म मेरा वाणीहरू जारी गर्छु, मानिसका धेरै मूर्खताहरू निरर्थक देखिन्छन्, र ज्योतिमा उसको साँचो स्वरूप प्रकट हुन्छ; अनि चम्किरहेको ज्योतिमा, मानिसले आफूलाई माफी दिन सक्दैन। तसर्थ, ऊ घुँडा टेकेर आफ्ना पापहरू स्वीकार गर्न हतार-हतार मकहाँ दगुर्छ। मानिसको “इमानदारिता” को कारण, म उसलाई फेरि पनि मुक्तिको रथमा चढाउँछु, यसरी ऊ मप्रति कृतज्ञ बन्छ, र मलाई मायालु नजरले हेर्छ। तैपनि ऊ साँचो रूपमा ममाथि शरण लिन अनिच्छुक नै रहन्छ, र उसले मलाई अझै उसको हृदय पूर्ण रूपमा दिएको हुँदैन। उसले मप्रति गर्व मात्रै गर्छ, तर उसले मलाई साँचो रूपमा प्रेम गर्दैन, किनभने उसले मप्रति आफ्नो मन फर्काएको छैन; उसको शरीर मेरो अघि छ, तर उसको हृदय मेरो पछाडि छ। नियमहरूसम्बन्धी मानिसको बुझाइ अत्यन्तै कमजोर रहेकोले र उसँग मेरो सामुन्ने आउने कुनै चासो नभएकोले, म उसलाई उचित साथ प्रदान गर्छु, ताकि ऊ उसको हठी अज्ञानताको बावजूद मतिर फर्कन सकोस्। मैले मानिसलाई दिने कृपा, र मैले उसलाई मुक्ति दिन प्रयास गर्ने तरिका ठीक यही नै हो।

सारा ब्रह्माण्डका मानिसहरूले मेरो आगमनको दिनको उत्सव मनाउँछन्, र स्वर्गदूतहरू मेरा सबै मानिसहरूको बीचमा हिँड्छन्। जब शैतानले समस्या उत्पन्न गर्छ, तब स्वर्गदूतहरूले स्वर्गमा तिनीहरूले गर्ने सेवाको कारण सधैं मेरा मानिसहरूलाई सहयोग गर्छन्। तिनीहरूले मानव कमजोरीका कारण दियावलसद्वारा धोका खाँदैनन् बरु अन्धकारका शक्तिहरूको ठूलो आक्रमणको कारणले कुहिरो पार गर्दै मानिसको जीवनको अनुभव गर्न अझ बढी कोसिस गर्छन्। मेरा सबै मानिसहरू मेरो नाममुनि समर्पित हुन्छन्, कोही पनि खुल्लमखुल्ला मेरो विरुद्धमा उत्रदैन। स्वर्गदूतहरूको मेहनतको कारण मानिस मेरो नाम स्वीकार गर्छन्, र सबै मेरो कार्यप्रवाहको बीचमा रहन्छन्। संसार पतन भइरहेको छ! बेबिलोन पक्षाघातको चपेटामा छ! ओ, धार्मिक संसार! पृथ्वीमा मेरो अख्तियारद्वारा कसरी यो नष्ट हुन सक्दैन? कसले अझै मेरो आज्ञा पालन नगर्ने र मेरो विरोध गर्ने हिम्मत गर्छ? शास्त्रीहरूले? हरेक धार्मिक अधिकारीहरूले? पृथ्वीमा भएका शासक र अधिकारीहरूले? स्वर्गदूतहरूले? कसले मेरो शरीरको सिद्धता र पूर्णताको उत्सव मनाउँदैन? सबै मानिसहरूमध्ये, कसले निरन्तर मेरो प्रशंसा नगर्ला, को लगातार आनन्दित नहोला? म ठूलो रातो

अजिङ्गरको गुफा भएको देशमा बस्छु, तैपनि यसले मलाई डरले काम्ने वा भाग्ने बनाउँदैन, किनकि यहाँका सबै मानिसहरूले यसलाई घृणा गर्न थालेका छन्। कुनै कुराले पनि अजिङ्गरको अगाडि अजिङ्गरकै लागि कहिल्यै आफ्नो "कर्तव्य" गरेको छैन; यसको सट्टामा, सबै कुराले तिनीहरूलाई जे उचित लाग्छ त्यो गरेका छन्, र हरेकले आफ्नै बाटोमा हिँडेको छ। पृथ्वीका देशहरू कसरी विनाश हुन सक्दैनन्? पृथ्वीका देशहरू कसरी पतन हुन सक्दैनन्? मेरा मानिसहरू कसरी आनन्दित हुन सक्दैनन्? तिनीहरूले कसरी खुसीले गाउन सक्दैनन्? के यो मानिसले गरेको काम हो? के यो मानिसका हातहरूले गरेको काम हो? मैले मानिसलाई उसको अस्तित्वको जड दिएँ, र उसको निम्ति भौतिक वस्तुहरू जुटाइदिएँ, तैपनि ऊ आफ्नो वर्तमान अवस्थासँग असन्तुष्ट छ र मेरो राज्यमा प्रवेश गर्न बिन्ती गर्छ। तर ऊ कुनै मूल्य नचुकाई, उसको निःस्वार्थ भक्ति चढाउन तयार नभई त्यत्ति सजिलै कसरी मेरो राज्यमा प्रवेश गर्न सक्छ? मानिसबाट कुनै कुरा लिनुको सट्टा, म ऊसले पूरा गर्नुपर्ने मापदण्डहरू तय गर्छु, ताकि पृथ्वीमा मेरो राज्य महिमाले भरियोस्। मानिस मद्वारा डोऱ्याइएर आजको युग आइपुगेको छ, ऊ यस अवस्थामा अस्तित्वमा छ, र ऊ मेरो ज्योतिको मार्गनिर्देशनमाझ जिउँछ। यदि यस्तो हुँदैनथ्यो भने, पृथ्वीका मानिसहरूमध्ये कसलाई आफ्ना सम्भाव्यताहरू थाहा हुनेथियो र? कसले मेरो इच्छा बुझ्नेथियो? म मानिसहरूको लागि तय गरिएका मापदण्डहरूमा मेरा प्रबन्धहरू थपिदिन्छु; के यो प्रकृतिको नियमअनुरूप छैन र?

हिजो, तिमीहरू बतास र झरीको बीचमा जिउथ्यौ; आज, तिमीहरू मेरो राज्यमा प्रवेश गरेका छौ र यसका प्रजा बनेका छौ; र भोलि, तिमीहरूले मेरा आशिष्हरू उपभोग गर्नेछौ। यस्ता कुराहरूको बारेमा कसले कहिल्यै कल्पना गरेको छ? तिमीहरूले आफ्नो जीवनमा कति संकष्ट र कठिनाइको अनुभव गर्नेछौ—के तिमीहरूलाई थाहा छ? म बतास र झरीको बीचमा अघि बढ्छु, र मैले मानिसको बीचमा वर्षौं-वर्ष बिताएको छु, अनि समयमा नै आजको दिनमा आइपुगेको छु। के मेरो व्यवस्थापन योजनाका चरणहरू ठीक यिनै होइनन् र? मेरो योजनामा कसले कहिल्यै कुनै योगदान दिएको छ? मेरो योजनाका चरणहरूबाट को मुक्त भएर जान सक्छ? म करोडौँ-करोड मानिसहरूको हृदयमा बस्छु, म करोडौँ-करोड मानिसहरूका राजा हुँ, र मलाई करोडौँ-करोड मानिसहरूले इन्कार र निन्दा गरेका छन्। मेरो स्वरूप साँच्चै मानिसको हृदयमा छैन। मानिसले मेरा वचनहरूमा मेरो महिमामयी रूपलाई धमिलो रूपमा मात्रै देख्न सक्छ, तर उसका विचारहरूको हस्तक्षेपको कारण, उसले आफ्नै भावनाहरूलाई विश्‍वास गर्दैन; उसको हृदयमा मेरो अस्पष्ट रूप मात्रै छ, तर यो त्यहाँ त्यति लामो समयसम्म रहँदैन। त्यसकारण, मप्रतिको उसको प्रेम यस्तो हुन्छ: मेरो अघि उसको प्रेम अस्थिर देखिन्छ, मानौं हरेक मानिसले उसको आफ्नै मनोवृत्तिअनुसार प्रेम गर्छ, मानौं उसको प्रेम धमिलो जुनेली रातमा घरी यता र घरी उता देखा पर्छ। आज, मेरो प्रेमको कारणले मात्रै मानिस रहिरहन्छ र बाँच्ने सौभाग्य पाएको छ। यदि यस्तो नभएको भए, तिनीहरूको दुर्बल शरीरको परिणामस्वरूप मानिसको बीचमा कसलाई लेजरले ढालिनेथिएन र? मानिसले अझै आफूलाई चिन्दैन। ऊ मेरो सामुन्ने धाक देखाउँछ, र मेरो पिठ्यूँपछाडि फाइँफुट्टी लगाउँछ, तैपनि मेरो अघि कसैले पनि मेरो विरोध गर्ने आँट गर्दैन। तैपनि, मैले उल्लेख गर्ने विरोधको अर्थ मानिसलाई थाहा छैन; बरु, उसले मलाई मूर्ख बनाउने प्रयासलाई जारी राख्छ, र आफूलाई उचाल्ने कार्यलाई जारी राख्छ—यसमा, के

उसले मलाई खुलेआम विरोध गर्दैन र? म मानिसको कमजोरीलाई सहन्छु, तर उसले आफै गर्ने विरोधलाई म अलिकति पनि सहँदिन। उसलाई यसको अर्थ थाहा भए पनि, ऊ यो अर्थअनुसार काम गर्न इच्छुक छैन र मलाई छल गर्दै उसकै रुचिहरूअनुसार मात्रै काम गर्छ। म सधैँ मेरा वचनहरूमा मेरो स्वभावलाई स्पष्ट पार्छु, तैपनि मानिसले हार खान मान्दैन–बरु यही समय, उसले आफ्नो स्वभाव प्रकट गर्छ। मेरो न्यायमा, मानिस पूर्ण रूपमा विश्वस्त हुनेछ, र मेरो सजायमा परेपछि, ऊ बल्ल मेरो स्वरूपमा जिउनेछ र पृथ्वीमा मेरो प्रकटीकरण बन्नेछ!

मार्च २२, १९९२

# अध्याय २३

जब मेरो आवाज गुन्जन्छ, मेरा आँखाहरूले आगो निकाल्छन्, मैले सारा पृथ्वीलाई हेरिरहेको हुन्छु, म सम्पूर्ण ब्रह्माण्डलाई नियालिरहेको हुन्छु। सारा मानवजातिले आफ्ना नजरहरू मतिर एकटक लगाउँदै मसँग प्रार्थना गरिरहेका छन्, मेरो क्रोध समाप्त गर्न मसित बिन्ती गरिरहेका छन्, फेरि मेरो विरुद्ध विद्रोह नगर्ने शपथ खान्छन्। तर यो अब विगतको कुरा होइन; अहिले नै यस्तो छ। मेरो इच्छालाई कसले उल्ट्याउन सक्छ? निश्चय, मानिसहरूको हृदयभित्रका प्रार्थनाहरूले सक्दैनन्, न उनीहरूका मुखका वचनहरूले सक्छन्। मबिना अहिलेसम्म को जीवित रहन सकेको छ? मेरो मुखका वचनहरूद्वारा बाहेक को जीवित रहन सकेको छ? मेरो आँखाले कसको निरीक्षण गरेको छैन? म सारा पृथ्वीमा मेरो नयाँ काम गर्छु, र यसबाट अहिलेसम्म को बच्न सकेको छ? के पहाडहरूले उनीहरूका उँचाइद्वारा त्यसलाई टार्न सक्छन्? के समुद्रले तिनका बहु-विशालताद्वारा यसलाई बचाउन सक्छ? मेरो योजनामा, मैले कहिल्यै कुनै कुरालाई हलकासाथ छोडिदिएको छैन, त्यसैले मेरो हातको पकडबाट उम्केको कुनै व्यक्ति छैन, न त कुनै थोक छ। आज, सारा मानवजातिमा मेरो पवित्र नाउँको प्रशंसा भएको छ, र अर्कोतर्फ, सारा मानवजातिमा मेरो विरुद्धमा विरोधका शब्दहरू उठ्छन्, र पृथ्वीमा मेरो अस्तित्वको बारेमा किंवदन्तीहरू सारा मानवजातिमा फैलिएको छ। म मानिसहरूले मेरो आलोचना गरेको सहँदिन, न त उनीहरूले मेरो देहलाई विभाजन गरेका सहन सक्छु, र उनीहरूले मेरो विरुद्धमा गरेका गालीहरू मैले सहने कुरा त परै जाओस्। मानिसले मलाई साँचो रूपले नचिनेको कारण, उसले सधैँ मेरो विरोध गरेको र मलाई धोका दिएको छ, मेरो आत्मालाई मनमा राख्न वा मेरा वचनहरू सम्हालेर राख्न असफल बनेको छ। किनकि उसको प्रत्येक काम र व्यवहार साथै मप्रति भएको उसको आचरणको कारण, म मानिसलाई उसले पाउनु पर्ने उचित “इनाम” दिन्छु। यसैले, सबै मानिसले आफ्नो इनाममा आँखा लगाएर काम गर्छन्, र एकै जनाले पनि कहिल्यै आत्म-त्याग गरेर कुनै पनि काम गरेको छैन। मानिसहरू निःस्वार्थ रूपमा समर्पित हुन इच्छुक छैनन्, तर केही नगरी पाइने इनामहरूमा खुसी हुन्छन्। पत्रुसले आफैलाई मेरो सामने अर्पण गरेको भए पनि त्यो भोलिको इनामका लागि थिएन, तर आजको ज्ञानका लागि थियो। मानवजातिले मसँग कहिल्यै पनि साँचो सङ्गति गरेको छैन, तर बारम्बार मसित बाहिरी रूपमा व्यवहार गरेको छ, त्यसरी कुनै प्रयास नगरी मेरो स्वीकृति प्राप्त

गर्न सकिन्छ भनी सचेको छ। मैले मानिसको हृदयको गहिराइभित्र हेरेको छु, त्यसरी मैले त्यसको भित्री भागहरूमा रहेका "धेरै धनको खानी" खोतलेको छु, जसको बारेमा मानिस आफैलाई पनि अझै थाहा छैन, तर मैले नयाँ कुरा पत्ता लगाएको छु। यसैले, "भौतिक प्रमाणहरू" देखेपछि मात्र मानिसहरूले उनीहरूका पाखण्डी आत्मतिरस्कार त्याग्छन् अनि हतकेलाहरू फैलाएर, उनीहरूका आफ्नो अशुद्ध अवस्थालाई स्वीकार्छन्। मानिसहरूको माझमा अझ धेरै नयाँ कुराले मलाई पर्खिरहेका छन्, जुन मैले सबै मानिसहरूको आनन्दका निम्ति "निकाल्नु" पर्छ। मानिसको असक्षमताको कारण मेरो काम रोक्नुभन्दा, म मेरो मौलिक योजनाअनुसार उसलाई छिँवल्छु। मानिस एउटा फलको बोटजस्तै हो: छिँवल्ने कार्य नगरी बोटले फल फलाउन सक्दैन, र आखिरीमा, सबैले ओइलाएका हाँगाहरू र झरेका पातहरू मात्र देख्छन्, अनि भुइँमा कुनै फल झर्दैनन्।

मैले दिनदिनै मेरो राज्यको "भित्री कोठा" सजाउँदा कहिल्यै कोही पनि मेरो काममा बाधा दिन मेरो "काम गर्ने कोठा" मा अचानक आएको छैन। सबै मानिसहरूले आफू "खारेज हुने" र "आफ्नो ओहदा गुमाउने" डरले मसँग सहकार्य गर्ने सक्दो प्रयास गरिरहेका छन् र यसरी उनीहरूको जीवनको बन्द-बाटोमा पुग्छन्, जहाँ उनीहरू शैतानले कब्जा गरेको "मरुभूमि" मा पनि पर्न सक्छन्। मानिसको डरको कारण, म उसलाई हरेक दिन सान्त्वना दिन्छु, प्रेम गर्न उसलाई प्रत्येक प्रेरित गर्दछु, र यसबाहेक उसको दैनिक जीवनमा उसलाई निर्देशन दिन्छु। मानौं, सबै मानिसहरू केवल भर्खर जन्मेका शिशुहरू हुन्; जसलाई यदि दूध दिइएन भने उनीहरू यस पृथ्वीबाट चाँडै बिदा हुनेछन्, र फेरि कहिल्यै देखिँदैनन्। मानिसहरूको अन्तर्बिन्तीहरूको बीचमा, म मानिसहरूको संसारमा आउँछु र, तुरुन्तै, मानवजाति ज्योतिको संसारमा जिउँछ, अब उनीहरू एउटा "कोठा" भित्र बन्द गरिएका हुँदैनन्, जहाँबाट उनीहरू स्वर्गतर्फ आफ्ना प्रार्थनाहरू चढाउँछन्। मलाई देख्ने बित्तिकै मानिसहरूले उनीहरूका हृदयमा थुप्रिएका "गुनासाहरू" जोरदार रूपमा पोख्छन्, उनीहरूको मुखमा भोजन हालिओस् भनी आग्रह गर्न आफ्नो मुख खोल्छन्। तर त्यसपछि, उनीहरूको डर कम हुन्छ र मानसिक सन्तुलन पुनर्स्थापित भएपछि, उनीहरूले मसँग केही माग्दैनन्, तर सुतेर मस्त निदाउँछन्, अथवा मेरो अस्तित्वलाई इन्कार गर्दै उनीहरू आफ्नै मामलाहरूतिर लाग्छन्। मानवजातिको "परित्याग" मा स्पष्ट देख्न सकिन्छ, कि मानिसहरूले कसरी "भावना" रहित भएर मप्रति तिनीहरूका आफ्नो "निष्पक्ष न्याय" गर्छन्। त्यसकारण, मानिसलाई उसको नराम्रो स्थितिमा देखेर, म चुपचाप प्रस्थान गर्छु र उसको गम्भीर बिन्तीमा समेत म सहजै फेरि ओर्लनेछैन। मानिसलाई उसका समस्याहरू दिन प्रतिदिन बढ्दै जान्छ भनी थाहा हुँदैन, यसैले उसको कडा परिश्रमको बीचमा जब उसले अचानक मेरो अस्तित्वको बारेमा थाहा पाउँछ, उसले "हुँदैन" भन्ने उत्तर लिन इन्कार गर्छ र मेरो झोला समात्छ र मलाई एक पाहुनाको रूपमा उसको घरभित्र ल्याउँछ। तर, उसले मेरो आनन्दका लागि शानदार भोजन तयार गरे पनि, म उसको आफ्नै हुँ भनी उसले एक पटक पनि विचार गरेको छैन, त्यसको साटो, मबाट थोरै सहायता प्राप्त गर्नका निम्ति मसँग पाहुनालाई जस्तो व्यवहार गर्छ। र यसरी, यो बेला मानिसले मेरो "हस्ताक्षर" पाउने आशाले अशिष्ट प्रकारले आफ्नो दुःखद अवस्था मेरो अगि प्रस्तुत गर्दछ, र व्यापारका निम्ति ऋण चाहिएको व्यक्तिले जस्तै उसले आफ्नो सारा शक्तिले आफ्नो "युक्ति" लगाउँछ। उसको

प्रत्येक हाउभाउ र चालमा, म मानिसको अभिप्रायको सानो झलक देख्छु: मानौं, उसको दृष्टिकोणमा त मलाई व्यक्तिको अनुहारको भावमा वा उसका कुराहरूको पछाडि समेटिएका शब्दहरूमा लुकेको अर्थलाई कसरी जान्ने सो थाहा छैन, वा व्यक्तिको हृदयको गहिराइमा कसरी हेर्नुपर्छ त्यो म जान्दिनँ। यसैले मानिसले कुनै गल्ती नगरी वा केही नछुटाई आफ्नो प्रत्येक अनुभव मलाई बताउँछ, त्यसपछि मेरो अघि आफ्ना मागहरू राख्छ। म मानिसको हरेक काम र व्यवहारलाई घृणा गर्छु। मानवजातिको बीचमा, मलाई मन पर्ने काम गरेको एक जना पनि छैन, मानौं मानवजातिले जानाजानी मेरो विरोध गर्दैछ, र जानाजानी मेरो क्रोधलाई जगाउँदैछ: उनीहरू सबै मेरो अगाडि र पछाडि हिँड्छन्, मेरै आँखाको अगाडि आफ्नो इच्छामा लिप्त हुन्छन्। मानिसहरूको बीचमा मेरो निम्ति जिउने एकै जना पनि छैन, त्यसको फलस्वरूप, सम्पूर्ण मानवजातिको अस्तित्वको न त कुनै महत्त्व छ, न अर्थ छ, जसले गर्दा मानिसहरू शून्य स्थानमा जिउँछन्। त्यसरी नै, मानिसहरू अझै पनि बिउँझन इन्कार गर्दछन्, तर आफ्नो घमन्डमा अडिग रहँदै मेरो विरुद्ध विद्रोह गरिरहन्छ।

उनीहरूले अनुभव गरी आएका सबै कठिनाइमा, मानवजातिले मलाई एक पल्ट पनि खुसी पारेको छैन। उनीहरूको क्रूर अधर्मको कारण, मानवजातिले मेरो नाउँको साक्षी दिने लक्ष्य राख्दैन; बरु, उनीहरू भरणपोषणको लागि ममा भर पर्दै "अर्को बाटो दौडन्छन्"। मानिसको हृदय पूर्ण रूपले मतिर फर्कंदैन, यसैकारण जबसम्म ऊ घाउहरूको थुप्रो बन्दैन र उसको शरीर फोहोरले ढाक्दैन तबसम्म शैतानले उसलाई हानि गरिरहन्छ। तर मानिसले उसको अनुहार कति घृणित छ भनी अझै पनि बुझ्दैन: उसले अहिलेसम्म मेरो पिठिउँ पछाडि शैतानको आदर गरिरहेको छ। यसैकारण, क्रोधको कारण म मानिसलाई अतल कुण्डमा फालिदिन्छु, त्यो यस्तो हुनेछ कि उसले आफूलाई कहिल्यै स्वतन्त्र पार्न सक्नेछैन। तापनि, आफ्नो दयनीय विलापको बीचमा, मानिसले अझै पनि आफ्नो मनलाई सुधार गर्न अस्वीकार गर्दछ, आखिरीसम्म मेरो विरोध गर्ने अभिप्राय राख्छ, र त्यसरी जानाजानी मेरो क्रोध जगाउने आशा गर्छ। उसले जे गरेको छ त्यसको कारण म त्यसलाई पापीलाई जस्तो व्यवहार गर्दछु, र मेरो अङ्गालोको न्यानोपन त्यसलाई दिन इन्कार गर्छु। सुरुदेखि नै, स्वर्गदूतहरूले परिवर्तन नभई र विश्राम नगरी मेरो सेवा गरेका छन्, तर मानिसले सधैँ यसको ठीक विपरीत गरेको छ, मानौं ऊ मबाट आएको होइन, तर शैतानबाट जन्मेको हो। स्वर्गदूतहरूले उनीहरूका आ-आफ्ना ठाउँहरूमा मलाई उनीहरूको सम्पूर्ण भक्ति चढाउँछन्; उनीहरू शैतानका सेनाद्वारा नियन्त्रित हुँदैनन्, र आफ्नो कर्तव्य मात्र पूरा गर्छन्। स्वर्गदूतहरूद्वारा पिलाइएका र पोषण गरिएका मेरा छोराहरू र मेरा मानिसहरूको भीड सबै बलियो र स्वस्थ भएर वृद्धि हुन्छन्, तीमध्ये कुनै एक जना पनि कमजोर वा अशक्त हुँदैन। यो मेरो काम हो, मेरो चमत्कार हो। जसरी तोपको एकपछि अर्को गोलाबारीले मेरो राज्यको स्थापनाको उद्घाटन गर्दछ, स्वर्गदूतहरू लयबद्ध रूपमा सँगै हिँड्दै, मेरो निरीक्षणमा समर्पित हुन मेरो सामु आउँछन्, किनकि उनीहरूका हृदय अशुद्धता र मूर्तिहरूबाट मुक्त छन्, र उनीहरू मेरो निरीक्षणबाट पछि हट्दैनन्।

हुरी बतासको लामो आवाजमा स्वर्ग तुरुन्तै जोडले झर्छ अनि सबै मानिसहरूलाई निसासिदिन्छ, यसैले उनीहरूले आफूले चाहेजस्तो मलाई पुकार्न सक्दैनन्। यो थाहा नपाई, सारा मानवजाति ध्वस्त

भएको छ। रूखहरू बतासमा अगाडि-पछाडि हल्लिन्छन्, बेला-बेलामा हाँगाहरू भाँचिएको सुनिन्छ, र सुकेका सबै पातहरू उडाइन्छन्। पृथ्वीले अचानक आशारहित र उजाड महसुस गर्दछ, र शरद ऋतुपछि कुनै पनि बेला उनीहरूमाथि आइपर्ने विपत्तिका निम्ति मानिसहरूले आफैलाई कसिलो गरी अँगाल्छन्। डाँडाहरूका पक्षीहरू यताउता उड्छन्, मानौं तिनीहरूले कसैलाई आफ्नो दुःख व्यक्त गर्दैछन्; पहाडका गुफामा सिंहहरू गर्जन्छन्, त्यो आवाजले मानिसहरूलाई तर्साउँछ, उनीहरूका हड्डीभित्रका मासीलाई ठन्डा बनाउँछ, र उनीहरूका कपाल ठाडो हुन्छ, र यो मानौं, त्यस्तो अशुभ भावना, मानवजातिको अन्त्यको पूर्वसूचना आएको छ। मेरो इच्छा अनुसार उनीहरूलाई निराकरण गर्ने कार्यको प्रतीक्षा गर्न अनिच्छुक हुँदै, सबै मानिसहरूले स्वर्गमा हुनुहुने सार्वभौम परमप्रभुलाई चुपचाप प्रार्थना गर्दछन्। तर सानो खोलामा बग्ने पानीको आवाजले हुरी बतासलाई कसरी रोक्न सक्छ? मानिसहरूको पुकारद्वारा त्यसलाई अचानक कसरी रोक्न सकिन्छ र? मानिसको कायरताको खातिर मेघ गर्जनको केन्द्रमा रहेको क्रोधलाई कसरी रोक्न सकिन्छ? मानिस बतासमा अगाडि र पछाडि हुत्तिन्छ; ऊ झरीबाट आफूलाई लुकाउन यताउता दगुर्छ; र मेरो क्रोधको बीचमा, मानवजाति थरथराउँछ र काँप्छ, मैले तिनीहरूका शरीरमा मेरो हात राख्नेछु भनी धेरै डराउँछ, मानौं, म हरसमय मानिसको छातीमा ताकिएको बन्दुकको नाल हुँ, अनि फेरि मानौं, ऊ मेरो शत्रु हो, तैपनि ऊ र मेरो मित्र हो। मानिसले उसको निम्ति मेरो वास्तविक उद्देश्य के हो भन्ने कहिल्यै पनि थाहा पाएको छैन, उसले मेरो साँचो उद्देश्य कहिल्यै पनि बुझेको छैन, र यसरी अनजानमा उसले मेरो विरुद्धमा अपमान गर्दछ; अनजानमा, उसले मेरो विरोध गर्दछ; तापनि कुनै अर्थविना उसले मेरो प्रेम पनि देखेको छ। मेरो क्रोधको बीचमा मेरो अनुहार देख्न मानिसलाई गाह्रो हुन्छ। म मेरो क्रोधको कालो बादलमा लुकेको हुन्छु, र मानिसहरूका निम्ति मेरो कृपा पठाउँदै म मेघ गर्जनको बीचमा, सम्पूर्ण ब्रह्माण्डभन्दा माथि उभिन्छु। मानिसले मलाई चिन्दैन त्यसकारण, मेरो अभिप्राय बुझ्न असफल भएको कारण म उसलाई सजाय दिँदिनँ। मानिसहरूको नजरमा, म बेला-बेलामा मेरो क्रोध प्रकट गर्दछु, बेला-बेला म आफ्नो मुस्कान देखाउँछु, तर मानिसले मलाई देख्दा पनि उसले मेरो सम्पूर्ण स्वभाव कहिल्यै पनि देखेको हुँदैन र ऊ अझै पनि तुरहीको त्यो सुमधुर आवाज सुन्न असमर्थ हुन्छ; किनकि ऊ चेतनाशून्य र असंवेदनशील भएको हुन्छ। मानौं, मेरो स्वरूप मानिसका स्मरणहरूमा विद्यमान छ, र मेरो आकार उसका विचारहरूमा छ। तापनि, आज दिनसम्मको मानवजातिले गरेका प्रगतिपछि पनि कुनै पनि व्यक्तिले मलाई साँच्चै देखेको छैन, किनकि मानिसको दिमागलाई ज्यादै कमजोर बनाइएको छ। ती सबैका निम्ति मानिसले मलाई "छानबिन" गरेको छ, किनकि उसको विज्ञानको अपर्याप्त रूपमा विकसित भएको छ, उसको वैज्ञानिक अनुसन्धानले अहिलेसम्म कुनै परिणाम प्राप्त गरेको छैन। यसैले, "मेरो स्वरूप" को विषय सधैँ नै पूर्ण रूपमा खाली रहेको छ, त्यसमा भर्ने कोही छैन, विश्व कीर्तिमान तोड्न सक्ने कोही पनि छैन, किनकि मानवजातिले वर्तमानमा आफ्नो खुट्टा टेक्ने ठाउँ कायम राख्नु पनि ठूलो विपत्तिको बीचमा अनुमान नै गर्न नसकिने सान्त्वना हो।

मार्च २३, १९९२

# अध्याय २४

मेरो सजाय सबै मानिसहरूमाथि आइपर्छ, तैपनि यो सबै मानिसहरूबाट टाढा पनि रहन्छ। हरेक व्यक्तिको सम्पूर्ण जीवन मप्रतिको प्रेम र घृणाले भरिएको हुन्छ, र कसैले पनि मलाई कहिल्यै चिनेको छैन—त्यसकारण मप्रतिको मानिसको मनोवृत्ति तातो र चिसो हुन्छ, र यो सामान्य बन्न सक्दैन। तैपनि मैले सधैँ मानिसको वास्ता र रक्षा गरेको छु, र उसको सुस्तताको कारणले गर्दा मात्र ऊ मेरा सबै कामहरू देख्न र मेरा उत्सुक अभिप्रायहरू बुझ्न असमर्थ छ। सबै राष्ट्रहरूका बीचमा नेतृत्व गर्ने एउटै म हुँ, र सबै मानिसहरूमाझ सर्वोच्च म नै हुँ; के मात्रै हो भने मानिसहरूले मलाई चिन्दैन। धेरै वर्षदेखि म मानिसको बीचमा जिएको छु र मानिसको संसारको जीवन अनुभव गरेको छु, तैपनि उसले मलाई सधैँ बेवास्ता गरेको छ र मलाई अन्तरिक्षबाहिरको प्राणीको रूपमा व्यवहार गरेको छ। परिणामस्वरूप, स्वभाव र भाषामा रहेका भिन्नताहरूको कारणले मानिसहरूले मलाई सडकमा भेट्ने बिरानो मानिसलाई जस्तो व्यवहार गर्छन्। मेरो वस्त्र पनिसायद सन्कीको जस्तो देखिन्छ, जसको कारण मानिससँग मकहाँ आउने आत्मविश्वासको कमी छ। अनि पो मैले मानिसको बीचमा जीवनको उजाड अवस्थाको अनुभूति गरिरहेको छु, अनि पो मैले मानिसको संसारको अन्यायलाई अनुभूति गरिरहेको छु। म यताउता हिँड्ने मानिसहरूका बीचमा तिनीहरूका अनुहार अवलोकन गर्दै हिँड्छु। यस्तो देखिन्छ मानौं तिनीहरू बिरामी भएर जिइरहेका छन्, तिनीहरूको अनुहारलाई उदासीले भर्ने बिरामका सात जिइरहेका छन्; र यस्तो देखिन्छ मानौं तिनीहरू सजायको बीचमा जिउँछन्, जसले तिनीहरूको रिहाइलाई रोक्छ। मानिसले आफैलाई बन्धनमा पार्छ, र विनम्रताको बहाना गर्छ। धेरैजसो मानिसहरू मैले प्रशंसा गर्छु भन्ने आशा गर्दै मेरो अघि झूटो छवि प्रस्तुत गर्छन्, र मेरो सहायता प्राप्त गर्न सकूँ भनेर धेरैजसो मानिसहरू जानी-जानी मेरो अघि दयनीय बनेर प्रस्तुत हुन्छन्। मेरो पिठ्यूँपछाडि, मानिसहरू सबैले जालझेल गर्छन् र मेरो अवज्ञा गर्छन्। के मैले ठीक भनिन र? के यो मानिसको जिउँदो रहने रणनीति होइन र? को कहिल्यै आफ्नो जीवनमा मेरो अनुरूप जिएको छ? कसले कहिल्यै अरूको बीचमा मेरो बढाइ गरेको छ? कसले कहिल्यै आत्माको अघि आफूलाई काबुमा राखेको छ? को कहिल्यै शैतानको अघि मेरो गवाहीमा दह्रिलो गरी खडा भएको छ? कसले कहिल्यै मप्रतिको तिनीहरूको “बफादारिता” मा विश्वसनीयता थपेको छ? को मेरो कारण कहिल्यै ठूलो रातो अजिङ्गरद्वारा निष्काशित भएको छ? मानिसहरू शैतानको समर्थनमा लागेका छन् र अहिले यससँगै दुष्कर्मको दलदलमा खेलिरहेका छन्; मेरो अवहेलना गर्ने कार्यमा तिनीहरू पोख्त बनेका छन्, तिनीहरू मेरो विरोध गर्ने कार्यका प्रतिपादकहरू हुन्, र तिनीहरू मसँग औपचारिकताको लागि मात्र व्यवहार गर्ने “अग्र पङ्क्तिका विद्यार्थीहरू” हुन्। आफ्नै नियतिको खातिर, मानिसले पृथ्वीमा यताउता खोजी गर्छ, र जब म उसलाई इसारा गर्छु, ऊ मेरो बहुमूल्यतालाई अनुभूति गर्न नसक्ने अवस्थामा नै रहन्छ, र अरूको निम्ति “बोझ” बन्न अनिच्छुक भएर आफैमाथिको निर्भरतामा उसले निरन्तर “विश्वास” गरिरहन्छ। मानिसका “महत्त्वकाक्षाहरू” बहुमूल्य छन्, तैपनि कसैको आकांक्षाहरूले पूर्णाङ्क हासिल गरेका छैनन्: तिनीहरू सबै मेरो अघि चकनाचुर हुन्छन्, र बिनाआवाज फ्यास्स ढल्छन्।

म हरेक दिन बोल्छु, र हरेक दिन म नयाँ कामहरू गर्छु। यदि मानिसले आफ्नो सबै सामर्थ्यलाई प्रयोग गर्दैन भने, उसलाई मेरो आवाज सुन्न कठिन हुनेछ, र उसलाई मेरो अनुहार हेर्न मुस्किल पर्नेछ। प्रियजन अत्यन्तै सकुशल हुन सक्नुहुन्छ, र उहाँको बोली-वचन सबैभन्दा भद्र हुन सक्छ, तर मानिसले सजिलै उहाँको महिमामयी अनुहारलाई हेर्न र उहाँको आवाजलाई सुन्न सक्दैन। यगौँयुगसम्म, कसैले पनि कहिल्यै सहज रूपमा मेरो अनुहारलाई देखेको छैन। एकपटक म पत्रुससँग बोलेको थिएँ र पावलकहाँ "देखा परेँ," तर इस्राएलीहरूबाहेक अरू कसैले पनि मेरो अनुहारलाई साँचो रूपमा देखेको छैन। आज, म व्यक्तिगत रूपमा नै मानिसको बीचमा एकसाथ जिउन आएको छु। के यो तिमीहरूलाई लागि दुर्लभ र बहुमूल्य नलाग्ने हुन सक्छ? के तिमीहरूले आफ्नो समयलाई सबैभन्दा राम्ररी सदुपयोग गर्न चाहँदैनौ र? के तिमीहरूले यसलाई यसरी जान दिन चाहन्छौ? के समय घडीका सुईहरू मानिसहरूको मनमस्तिष्कमा अचानक रोकिन सक्छ? अथवा, के समय पछाडि फर्केर चल्न सक्छ? वा के मानिस अझै जवान बन्न सक्छ? के आजको आशिषित जीवन फेरि कहिल्यै आउन सक्छ? म मानिसलाई उसले "बरबाद" गरेको कुराको लागि उचित "इनाम" दिँदिन। म अरू सबै कुराबाट अलग भए मेरो कार्यमा नै लागिरहन्छु, र मानिस व्यस्त भयो भन्दैमा, वा उसको रुवाइ सुनेर म समयको बहावलाई रोक्दिनँ। हजारौं हजार वर्षसम्म, कसैले पनि मेरो सामर्थ्यलाई विभाजन गर्न सकेको छैन, र कसैले पनि मेरो मूल योजनालाई तलमाथि गर्न सकेको छैन। म अन्तरिक्षलाई नाघ्न सक्छु, र युगहरूमा फट्को मार्न सक्छु, अनि म मेरो सम्पूर्ण योजनाको मूल भागलाई सबै थोकमाथि र सबै थोकको बीचमा अघि बढाउन सक्छु। विशेष व्यवहार र "इनामहरू" को लागि तिनीहरूले आफ्ना मुख खोलेर प्रार्थना गरे पनि, तिनीहरूले आफ्ना हात पसारेर, अरू सबै कुरालाई बिर्सेर मलाई यी कुराहरू मागे पनि, मबाट एक जना व्यक्तिले पनि यस्तो विशेष व्यवहार वा मेरा हातका "इनामहरू" प्राप्त गर्न सकेको छैन। यी मानिसहरूमध्ये एक जनाले पनि मलाई हलचल गर्ने तुल्याएको छैन, र तिनीहरू सबैलाई मेरो "हृदयविहीन" आवाजले पछाडि ठेलेको छ। धेरैजसो मानिसहरूले अझै आफू "अत्यन्तै जवान" भएको विश्वास गर्छन्, त्यसकारण तिनीहरू मैले ठूलो कृपा देखाउँछु, दोस्रोपटक तिनीहरूप्रति करुणामय बन्छु भनेर मेरो प्रतीक्षा गर्छन्, अनि तिनीहरूले मलाई पछाडिको ढोकाबाट प्रवेश गर्न पाऊँ भनी अनुरोध गर्छन्। तैपनि म कसरी मेरो योजनालाई लापरवाही ढङ्गले हस्तक्षेप गर्न सक्छु र? के मानिस पृथ्वीमा थप केही वर्ष जिउन सकोस् भनेर उसको जवानीको लागि म पृथ्वीलाई घुम्नबाट रोक्न सक्छु र? मानिसको मष्तिष्क साँच्चै जटिल छ, तैपनि यसमा केही कुराहरूको कमी छ भन्ने देखिन्छ। परिणामस्वरूप, मानिसको मनमा मेरो कामलाई जानी-जानी बाधा दिने "सुन्दर तरिकाहरू" धेरैपटक देखा पर्छन्।

मैले धेरैपटक मानिसलाई उसका पापहरूबाट क्षमा दिएको र उसलाई उसको कमजोरीको कारण विशेष निगाह देखाएको भए पनि, मैले धेरैपटक उसको अज्ञानताको कारण उसँग उचित व्यवहार पनि गरेको छु। कुरा के मात्रै हो भने मानिसले मेरो दयाको कदर कसरी गर्ने भन्ने कहिल्यै जानेको छैन, यहाँसम्म कि ऊ उसको वर्तमान स्थितिमा डुबेको छ: ऊ धूलोले ढाकिएको, लुगाहरू झुत्रा परेको, कपाल बढेर दूबोले जस्तै सिरलाई ढाकेको, अनुहार फोहोरले भरिएको, खुट्टा फाटेको, आफैले

बनाएको जुत्ता लगाएको, हातहरू मरेको चीलका नङ्ग्राहरूझैं कमजोर भई झुण्डिरहेको अवस्थामा छ। जब म मेरो आँखा खोलेर हेर्छु, तब यस्तो देखिन्छ मानौं मानिस अतल कुण्डबाट भर्खरै उक्लेर बाहिर निस्केको छ। म नरिसाई बस्न सक्दिनँ: म मानिसप्रति सधैँ सहनशील भएको छु, तैपनि म कसरी मेरो पवित्र राज्यमा दियाबलसलाई त्यसको खुशीअनुसार आउन-जान दिन सक्छु र? म कसरी भिखारीलाई मेरो परिवारमा सित्तैँमा खान दिन सक्छु र? म कसरी मेरो परिवारमा अशुद्ध भूतलाई पाहुनाको रूपमा सहन सक्छु र? मानिस सधैँ "आफैप्रति कट्टर" र "अरूप्रति उदार" रहेको छ, तैपनि मप्रति ऊ कहिल्यै अलिकति पनि शिष्ट बनेको छैन, किनभने म त स्वर्गको परमेश्वर हुँ, त्यसकारण उसले मलाई फरक तरिकाले व्यवहार गर्छ, र मप्रति कहिल्यै पनि अलिकति समेत स्नेह दर्साएको छैन। मानौं मानिसका आँखाहरू विशेष रूपमा चतुर छन्: उसले मलाई भेट्टाउनेबित्तिकै, उसको अनुहारको स्वरूप तुरुन्तै परिवर्तन हुन्छ र उसको कठोर, भावहीन अनुहारमा उसले अलि बढी अभिव्यक्ति थप्छ। म मानिसलाई मप्रतिको उसको मनोवृत्तिको कारण उचित प्रतिबन्ध लगाउँदिन, तर ब्रह्माण्डदेखि माथिबाट आकाशहरूमा हेर्छु अनि पृथ्वीको मेरो कार्यलाई अघि बढाउँछु। मानिसका यादहरूमा, मैले कुनै व्यक्तिलाई कहिल्यै दया गरेको छैन, न त मैले कसैलाई कहिल्यै दुर्व्यवहार गरेको छु। मानिसले आफ्नो हृदयमा मेरो लागि "रित्तो आसन" नछोड्ने हुनाले, जब म मेरो होसियारीपनलाई पन्छ्याएर ऊभित्र बस्छु, तब उसले मलाई कुनै आदर नगरी जबरजस्ती बाहिर निकाल्छ, त्यसपछि उसमा अत्यन्तै धेरै कुराको कमी भएको र मेरो आनन्दको लागि आफूलाई समर्पित गर्न ऊ असक्षम रहेको भन्दै चिप्लो घस्दै र चापलुसी गर्दै बहाना बनाउँछ। उसले बोल्ने क्रममा, उसको अनुहारलाई बारम्बार "कालो बादलले ढाक्छ" मानौं मानिसको बीचमा कुनै पनि बेला विपत्ति आइपर्न सक्छ। तैपनि आइपर्ने खतराको बारेमा कुनै विचार नै नगरी उसले अझै पनि मलाई जान अनुरोध गर्छ। मैले मानिसलाई मेरा वचनहरू र मेरो अङ्गालोको न्यानोपन दिए पनि, उसँग कुनै सुन्ने अङ्ग छैन जस्तो देखिन्छ, त्यसकारण उसले मेरो आवाजमा अलिकति पनि ध्यान दिँदैन, बरु आफ्नो शिर समात्दै ऊ तुरुन्तै निस्केर गइहाल्छ। अलिक निराश अनुभूति गर्दै, अनि अलिक क्रोधित पनि हुँदै म मानिसबाट बिदा हुन्छु। यसबीच, मानिस तुरुन्तै विशाल तुफान र शक्तिशाली छालहरूको आक्रमणमा परी हराउँछ। त्यसपछि तुरुन्तै, उसले मलाई पुकार्छ, तर उसले कसरी बतास र छालको गतिविधिलाई प्रभाव पार्न सक्छ र? क्रमिक रूपमा, मानिसका सबै नाम-निशाना मेटिन्छ, र अन्त्यमा उसलाई कहीँकतै भेटिँदैन।

युगहरूभन्दा पहिले, मैले ब्रह्माण्डभन्दा माथिबाट सबै भूमिहरूलाई हेर्थें। मैले पृथ्वीमा ठूलो काम गर्ने योजना बनाएँ: मेरो आफ्नै हृदयअनुसारको मानवजातिको सृष्टि गर्ने, र स्वर्गमा जस्तै पृथ्वीमा पनि एउटा राज्य निर्माण गर्ने, अनि मेरो शक्तिले आकाश भर्ने अनि मेरो बुद्धिलाई सम्पूर्ण ब्रह्माण्डमा फैलाउने। त्यसकारण आज, हजारौं वर्षपछि, म मेरो योजनालाई जारी राख्दै छु। तैपनि, पृथ्वीमा कसैले पनि मेरो योजना वा व्यवस्थापनलाई जान्दैन, तिनीहरूले पृथ्वीमा मेरो राज्य देख्ने कुरा त परै जाओस्। यसरी, मानिसले छायालाई पछ्याउँछ, र स्वर्गका मेरा आशिष्हरू लागि "शान्त मूल्य" चुकाउने चाहना गर्दै मलाई मूर्ख बनाउने प्रयास गर्न मेरो अघि आउँछ। परिणामस्वरूप, उसले मेरो क्रोध जगाउँछ र म ऊमाथि न्याय बर्साउँछु, तर ऊ अझै बिउँझिँदैन।

मानौं उसले आफ्नै सम्भावनाहरूको खोजीबाहेक अरू कार्य नगर्ने क्रममा भूमिभन्दा माथि के छ भन्ने बारेमा पूर्ण अनजान हुँदै उसले भूमिगत रूपमा काम गरिरहेको छ। सबै मानिसहरूका बीचमा, मेरो चम्किरहेको ज्योतिमुनि जिउने कसैलाई मैले कहिल्यै देखेको छैन। तिनीहरू अन्धकारको संसारमा जिउँछन्, र तिनीहरूलाई अँध्यारोमा बस्ने बानी परिसकेको देखिन्छ। जब ज्योति आउँछ, तिनीहरू टाढै बस्छन्, र मानौं ज्योतिले तिनीहरूको कार्यमा बाधा दिएको छ; परिणामस्वरूप, तिनीहरू अलिक झर्को मानेको देखिन्छ, मानौं ज्योतिले तिनीहरूका सबै शान्ति भङ्ग गरिदिएको छ र तिनीहरूलाई राम्ररी सुत्न नसक्ने अवस्थामा पुऱ्याएको छ। परिणामस्वरूप, ज्योतिलाई लखेट्न मानिसले आफ्नो सारा शक्ति बटुल्छ। ज्योतिमा पनि चेतनाको कमी छ जस्तो देखिन्छ, त्यसकारण यसले मानिसलाई उसको निद्राबाट बिउँझाउँछ, अनि जब मानिस बिउँझन्छ, उसले आफ्ना आँखाहरू बन्द गर्छ, र रीसले चूर बन्छ। ऊ मबाट अलिक बेखुसी हुन्छ, तैपनि मलाई यसको हद थाहा हुन्छ। सबै मानिसहरूलाई ज्योतिमा जिउन लगाउँदै म ज्योतिको तीव्रतालाई क्रमिक रूपमा बढाउँछु, र यसरी चाँडै नै तिनीहरूलाई ज्योतिमा उठबस गर्ने बानी परिसकेको हुन्छ, यसको साथै सबैले ज्योतिलाई बहुमूल्य ठान्न थालिसकेका हुन्छन्। यस बेला, मेरो राज्य मानिसको बीचमा आएको हुन्छ, सबै मानिसहरू आनन्दले नाच्छन् र उत्सव मनाउँछन्, पृथ्वी अचानक हर्षोल्लासले भरिन्छ, र ज्योतिको आगमनद्वारा हजारौं वर्षको मौनता तोडिन्छ …

मार्च २६, १९९२

# अध्याय २५

समय बितेर जान्छ, र आँखा झिमिक्क गर्दा, आजको दिन आइपुगेको छ। मेरो आत्माको मार्गनिर्देशनमा, सबै मानिसहरू मेरो ज्योतिमा जिउँछन्, र अबउप्रान्त विगतको बारेमा विचार गर्दैनन् वा हिजोको दिनलाई कुनै ध्यान दिँदैनन्। को आजको दिनमा कहिल्यै जिएको र अस्तित्वमा रहेको छैन र? कसले राज्यमा सुन्दर दिन र महिनाहरू बिताएको छैन र? को सूर्यमुनि जिएको छैन र? राज्य मानिसको बीचमा ओर्लिसकेको भए पनि, कसैले पनि यसको न्यानोपनलाई साँचो रूपमा अनुभव गरेको छैन; मानिसले यसलाई बाहिरबाट मात्रै लिन्छ, यसको सारलाई बुझ्दैन। मेरो राज्य निर्माण भएको अवधिमा, यसको कारण कसले आनन्द मनाउँदैन र? के पृथ्वीका देशहरू साँच्चै नै उम्कन सक्छन् त? के ठूलो रातो अजिङ्गर साँच्चै त्यसको धूर्तताद्वारा उम्कन सफल हुन्छ त? मेरा प्रशासनिक आदेशहरू समस्त ब्रह्माण्डभरि घोषणा गरिएको छ, तिनले सबै मानिसहरूका बीचमा मेरो अख्तियार स्थापित गर्छन्, र ती सम्पूर्ण ब्रह्माण्डभरि लागू हुन्छन्; तैपनि, मानिसले भने कहिल्यै यसलाई साँचो रूपमा जानेको छैन। जब मेरा प्रशासनिक आदेशहरूलाई ब्रह्माण्डमा प्रकट गरिन्छ, त्यही नै पृथ्वीमा मेरो काम पूरा हुन लागेको समय पनि हो। जब म सबै मानिसहरूका बीचमा शासन गर्छु र शक्ति प्रयोग गर्छु र जब मलाई परमेश्वर स्वयम्को रूपमा पहिचान गरिन्छ, मेरो राज्य पूर्ण रूपमा पृथ्वीमा ओर्लेको हुनेछ। आज, सबै मानिसहरूसँग नयाँ मार्गको नयाँ सुरुवात छ। तिनीहरूले नयाँ जीवनको सुरुवात गरेका छन्, तैपनि

पृथ्वीमा कसैले पनि स्वर्गको जस्तो जीवनको साँचो अनुभव गरेको छैन। के तिमीहरू साँच्चै नै मेरो ज्योतिमा जिउँछौ त? के तिमीहरू साँच्चै नै मेरा वचनहरूका बीचमा जिउँछौ त? कसले आफ्नै सम्भावनाहरूको बारेमा विचार गर्दैन? को आफ्नै नियतिको बारेमा व्याकुल हुँदैन? कसले कष्टको सागरको बीचमा संघर्ष गर्दैन? कसले आफैलाई स्वतन्त्र तुल्याउन चाहँदैन? के राज्यका आशिष्हरू मानिसले पृथ्वीमा गरेको कठिन परिश्रमको साटो दिइन्छ? के मानिसका सबै इच्छाहरू उसले कामना गरेजस्तै गरी पूरा हुन सक्छन्? मैले एकपटक मानिसको अघि राज्यको सुन्दर दृश्य प्रस्तुत गरिसकेको छु, तैपनि उसले यसलाई लोभी नजरले मात्रै हेर्‍यो, यसमा प्रवेश गर्ने चाहना भएकाहरू कोही पनि थिएनन्। मैले एकपटक पृथ्वीको साँचो स्थितिको बारेमा मानिसलाई “खबर दिएँ” तर उसले सुन्नेबाहेक अरू केही पनि गरेन, र मेरो मुखबाट आएका वचनहरूलाई उसले हृदयद्वारा सामना गरेन; मैले एकपटक मानिसलाई स्वर्गका परिस्थितिहरूका बारेमा बताएँ, तैपनि उसले मेरा वचनहरूलाई सुन्दर कथाहरूका रूपमा लियो, र मेरो मुखले व्याख्या गरेको कुरालाई साँचो रूपमा स्वीकार गरेन। आज, राज्यका दृश्यहरू मानिसको अघि झल्किन्छन्, तर के यसको खोजीमा कसैले कहिल्यै “पर्वत र उपत्यका” पार गरेको छ? मेरो अनुरोधविना, मानिस अझै पनि उसको सपनाबाट बिउँझेको हुनेथिएन। के उसलाई पृथ्वीको उसको जीवनले त्यति मोहनी लगाएको छ? के उसको हृदयमा कुनै उच्च मापदण्डहरू छैनन्?

मैले मेरा मानिसहरूका रूपमा पूर्वनिश्चित गरेकाहरूले आफैलाई ममा समर्पित गर्न र मसँग सदभावमा जिउन सक्छन्। मेरो नजरमा तिनीहरू बहुमूल्य छन्, र मेरो राज्यमा मप्रतिको प्रेमले तिनीहरू चम्कन्छन्। आजका मानिसहरूका बीचमा, कसले त्यस्ता सर्तहरूलाई पूरा गर्छ? कसले मेरा मापदण्डहरूअनुसारको स्तर पूरा गर्न सक्छ? के मेरा मापदण्डहरूले साँच्चै नै मानिसका लागि कठिनाइहरू पैदा गर्छन्? के म उसलाई जानी-जानी गल्तीहरू गर्न लगाउँछु? म सबै मानिसहरूप्रति सहनशील छु, र तिनीहरूलाई राम्रो व्यवहार गर्छु। तैपनि, यो चीनका मेरा मानिसहरूप्रति मात्रै हो। मैले तिमीहरूलाई कम सम्झेको छु भन्ने होइन, न त म तिमीहरूलाई शङ्काको नजरले नै हेर्छु, तर म तिमीहरूप्रति व्यावहारिक र यथार्थपरक छु। मानिसहरूले आफ्नो जीवनमा अपरिहार्य रूपमा नै प्रतिरोधहरूको सामना गर्छन्, चाहे तिनीहरूका परिवारमा होस् वा वृहत् संसारको हकमा होस्। तैपनि कसका कठिनाइ तिनीहरूका आफ्नै हातले ल्याएका हुन्छन् र? मानिसले मलाई चिन्न सक्दैन। मेरो बाहिरी स्वरूपको बारेमा उसँग केही बुझाइ छ, तैपनि मेरो सारको बारेमा ऊ अनजान छ; उसलाई उसले खाने कुराका तत्वहरूको बारेमा थाहा छैन। कसले मेरो हृदयलाई होसियारीसाथ बुझ्न सक्छ? कसले मेरो उपस्थितिमा मेरो इच्छालाई साँचो रूपमा बुझ्न सक्छ? जब म पृथ्वीमा ओर्लेर आउँछु, यो अन्धकारले ढाकिएको हुन्छ र मानिस “गहिरो निद्रामा” परेको हुन्छ। म सबै ठाउँमा हिँडडुल गर्छु, र मैले सबै कुरा च्यातिएको र छरपष्ट भएको देख्छु र यसलाई हेर्न गाह्रो हुन्छ। यस्तो देखिन्छ मानौं मानिस आनन्द गर्न मात्र इच्छुक छ, र “बाहिरी संसारका कुराहरू” सुन्ने कुनै इच्छा छैन। सबै मानिसहरूले थाहा नपाई, म सम्पूर्ण पृथ्वीको अवलोकन गर्छु, तैपनि जीवनले भरिएको स्थान कहीँ पनि देख्दिनँ। तुरुन्तै, म ज्योति र ताप पैदा गर्छु र तेस्रो स्वर्गबाट पृथ्वीलाई हेर्छु। ज्योति भूमिमा परेर यसमा ताप फैलिए पनि, ज्योति र तापले मात्रै आनन्द

गरिरहेको देखिन्छ; तिनले मानिसमा केही पनि पैदा गर्दैन, जो सुखसयलमा मस्त छ। यो देखेर, म तुरुन्तै आफूले तयार गरेको "लौरो" मानिसमाथि बर्साउँछु। लौरो बर्सने क्रममा, ज्योति र ताप क्रमिक रूपमा हटेर जान्छ, अनि पृथ्वी तुरुन्तै उजाड र अन्धकार बन्छ–र अन्धकारको कारण, मानिसले आफैमा आनन्द लिने अवसर लिन्छ। मानिसलाई मेरो लौरोको आगमनको बारेमा थोरै, अस्पष्ट ज्ञान हुन्छ, तर उसले प्रतिक्रिया दिँदैन, र "पृथ्वीमा पाएका आशिष्हरू" को आनन्द लिइरहन्छ। त्यसपछि, मेरो मुखले सबै मानिसहरूको सजायको घोषणा गर्छ, र समस्त ब्रह्माण्डका मानिसहरूलाई क्रूसमा उधोमुन्टो गरी टाँगिने छ। जब मेरो सजाय आउँछ, मानिस पर्वतहरू लडेको र पृथ्वी च्यातिएको आवाजले हल्लिन्छ, त्यसपछि ऊ झस्केर बिउँझन्छ। झस्केर डरले थरथर काम्दै, ऊ भाग्न चाहन्छ, तर अत्यन्तै ढिला भइसकेको हुन्छ। मेरो सजाय आइपर्दा, मेरो राज्य पृथ्वीमा ओर्लन्छ, र सबै देशहरू टुक्रा-टुक्रा हुन्छन्, अनि कुनै नामनिशान र अवशेषबिना विलय हुन्छन्।

म हरेक दिन ब्रह्माण्डको अनुहार हेर्छु, र हरेक दिन मानिसको बीचमा म नयाँ काम गर्छु। तैपनि सबै मानिसहरू आफ्नो काममा एक धुनले लागिरहन्छन्, र मेरो कामको गतिशीलतालाई कसैले पनि ध्यान दिँदैनन् वा तिनीहरूको पहुँचभन्दा बाहिरका कुराहरूको स्थितिलाई देख्दैनन्। मानौं मानिसहरू तिनीहरूले आफै निर्माण गरेको नयाँ स्वर्ग र नयाँ पृथ्वीमा जिउँछन्, र अरू कसैले हस्तक्षेप गरेको चाहँदैनन्। तिनीहरू सबै आफैमा रमाउने कार्यमा लागेका छन्, र तिनीहरूले आफ्नो "शारीरिक तालिमको अभ्यास" गर्ने क्रममा आफ्नो प्रशंसा आफै गर्नमा उद्यत छन्। के मानिसको हृदयमा मेरो लागि कुनै स्थान नै छैन? के म साँच्चै नै मानिसको हृदयको शासक बन्न असक्षम छु? के मानिसको आत्माले साँच्चै उसलाई त्यागेको छ? कसले कहिल्यै मेरो मुखका वचनहरूलाई साँच्चै ध्यान दिएर विचार गरेको छ? कसले कहिल्यै मेरो हृदयको इच्छालाई बुझेको छ? के मानिसको हृदयलाई साँच्चै अरू कुनै कुराहरूले ओगटेको छ? धेरैपटक मैले मानिसलाई बोलाएको छु, तैपनि कसले कहिल्यै करुणाको अनुभूति गरेको छ? के कसैले कहिल्यै मानवतामा जिएको छ? मानिस देहमा जिउन सक्छ, तर ऊ मानवताविहीन छ। के ऊ पशु-प्राणीको राज्यमा जन्मिएको थियो? कि ऊ स्वर्गमा जन्मको हो, र उसँग ईश्वरीयता छ? म मानिसलाई मेरा मापदण्डहरू दिन्छु, तैपनि यो यस्तो हुन्छ मानौं उसले मेरा वचनहरूलाई बुझ्दैन, तैपनि लाग्छ म उसको लागि नजिक जानै नसकिने परा-प्राणी हुँ। धेरैपटक म मानिसद्वारा निराश भएको छु, धेरैपटक उसको खराब कार्यप्रदर्शनको कारण म रिसाएको छु, र धेरैपटक म उसको कमजोरीले दुःखित भएको छु। म किन मानिसको हृदयमा आत्मिक भावना पैदा गर्न सक्दिनँ? म किन मानिसको हृदयमा प्रेम जगाउन सक्दिनँ? किन मानिस मलाई उसको आँखाको नानीको रूपमा व्यवहार गर्न अनिच्छुक छ? के मानिसको हृदय उसको आफ्नै होइन? के उसको आत्मामा अरू कुनै कुराले वास गरेको छ? किन मानिस नरोकिईकन विलाप गर्छ? ऊ किन दयनीय छ? किन विरहमा हुँदा उसले मेरो अस्तित्वलाई इन्कार गर्छ? के मैले उसलाई घोचेको हुन सक्छ? के मैले उसलाई जानी-जानी त्यागेको हुन सक्छ?

मेरा नजरमा, मानिस सबै थोकको शासक हो। मैले उसलाई पृथ्वीमा सबै थोक व्यवस्थापन गर्न दिएर कम मात्रामा अख्तियार दिएको छैन–हिमालका घाँसलाई, वनजङ्गलका जीव-जनावरहरूलाई, र

पानीका माछाहरूलाई व्यवस्थापन गर्न दिएको छु। तैपनि यसको कारण खुसी हुनुको साटो, मानिस चिन्ताले व्याकुल बनेको छ। उसको सम्पूर्ण जीवन मानसिक चिन्ता र दौडधूप, रिक्ततामा थपिएको मस्ती बनेको छ; उसको पूरै जीवनभरि कुनै पनि नवीन आविष्कार र सृजना भएका छैनन्। कसैले पनि यो खोक्रो जीवनबाट आफूलाई मुक्त गराउन सक्दैन, कसैले पनि कहिल्यै अर्थपूर्ण जीवन पत्ता लगाएको छैन, र कसैले पनि कहिल्यै वास्तविक जीवनको अनुभव गरेको छैन। आजका मानिसहरू मेरो चम्किलो ज्योतिमुनि जिउने भए तापनि तिनीहरूलाई स्वर्गको जीवनको बारेमा केही पनि थाहा छैन। यदि म मानिसप्रति कृपालु नहुने हो भने र मैले मानवजातिलाई मुक्ति नदिने हो भने, मानिसहरू निरर्थकतामा आइपुगेका छन्, पृथ्वीमा तिनीहरूको जीवन अर्थहीन छ, र गर्व गर्न लायक कुनै पनि कुराविना तिनीहरू निरर्थक रूपमै संसार छाडी जानेछन्। हरेक धर्म, समाजका हरेक क्षेत्र, हरेक राष्ट्र, र हरेक सम्प्रदायका मानिसहरू सबैलाई पृथ्वीमा हुने रिक्तताको बारेमा थाहा छ, र तिनीहरू सबैले मेरो खोजी गर्छन् र मेरो पुनरागमनको प्रतीक्षा गर्छन्–तैपनि म आइपुग्दा कसले पो मलाई चिन्न सक्छ र? मैले सबै थोक बनाएँ, मैले मानवजातिको सृजना गरेँ, र आज म मानवमाझ ओर्लिएको छु। तैपनि, मानिसले मविरुद्ध प्रत्याक्रमण गर्छ र मलाई बदला लिन्छ। के मैले मानिसमा गर्ने काम उसको निम्ति कुनै फाइदाको छैन र? के म साँच्चै नै मानिसलाई सन्तुष्ट पार्न असमर्थ छु त? किन मानिसले मलाई अस्वीकार गर्छ? किन मानिस मप्रति त्यति रूखो र उदासीन छ? किन पृथ्वी लासहरूले ढाकिएको छ? के मैले मानिसको लागि बनाएको संसारको अवस्था वास्तवमै यस्तै हो त? किन होला मैले मानिसलाई अतुलनीय सरसम्पत्तिहरू दिएको भए तापनि त्यसको सट्टामा उसले मलाई उसका रित्ता दुई हात अर्पण गर्छ? किन मानिसले मलाई साँचो रूपमा प्रेम गर्दैन? किन ऊ मेरो अगाडि कहिल्यै आउँदैन? के मेरा सबै वचनहरू व्यर्थका लागि हुन् त? के मेरा वचनहरू पानीबाट ताप हराएजस्तै गरी हराएकै हुन् त? किन मानिस मसँग सहकार्य गर्न अनिच्छुक छ? के मेरो दिनको आगमन वास्तवमै मानिसको मृत्युको क्षण हो त? के मेरो राज्य निर्मित हुँदा वास्तवमै मैले मानिसलाई नाश पार्छु त? मेरो सम्पूर्ण व्यवस्थापन योजनाको अवधिमा किन कसैले पनि मेरा अभिप्रायहरू बुझेका छैनन्? मेरा मुखबाट निस्किएका वाणीहरूलाई प्यारो ठान्नुको सट्टा किन मानिसले तिनलाई घृणा र तिरस्कार गर्छ? म कसैलाई पनि दोष दिन्न, म त केवल सबै मानिसहरूलाई शान्तपनमा फर्कन र आत्म-चिन्तनको काम गर्न लगाउँछु।

मार्च २७, १९९२

# हे सबै मानिस हो, आनन्दित होओ!

मेरो ज्योतिमा, मानिसहरूले फेरि ज्योति देख्छन्। मेरो वचनमा, मानिसहरूले तिनीहरूलाई आनन्द लाग्ने थोकहरू भेट्टाउँछन्। म पूर्वबाट आएको हुँ, म पूर्वबाट आउँछु। जब मेरो महिमा चम्कन्छ, सबै राष्ट्रहरू उज्यालो हुनेछन्, सबैलाई ज्योतिमा ल्याइन्छ, एउटै पनि कुरा अन्धकारमा रहनेछैन। राज्यमा, परमेश्‍वरका मानिसहरूले परमेश्‍वरसँग जिउने जीवन नाप्नै नसकिने गरी

आनन्दमय हुन्छ। ती मानिसहरूको आशिषित जीवनमा समुद्रहरू आनन्दले नाच्छन्, पहाडहरू मेरो प्रशस्ततामा मानिसहरूसँगै आनन्दित हुन्छन्। सबै मानिसहरूले प्रयास गरिरहेका छन्, कडा परिश्रम गरिरहेका छन्, मेरो राज्यमा उनीहरूको बफादारी देखाइरहेका छन्। परमेश्वरको राज्यमा उप्रान्त विद्रोह हुँदैन, कुनै विरोध हुँदैन; आकाश र पृथ्वी एक-अर्कामा निर्भर हुन्छन्, मानिस र म एक-अर्कामा अडेस लाग्दै मीठो सुखको गहिरो भावनामा घनिष्ठ हुन्छौं...। यस समयमा, म औपचारिक रूपमा स्वर्गमा मेरो जीवन सुरु गर्दछु। उप्रान्त शैतानको बाधा हुँदैन, र मानिसहरू विश्राममा प्रवेश गर्छन्। सम्पूर्ण ब्रह्माण्डमा, मेरा चुनिएका मानिसहरू मेरो महिमामा, तुलना नै गर्न नसकिने आशिषमा जिउँछन्, मानिसहरूको बीच बस्ने मानिसहरू जस्तो होइन, तर परमेश्वरसँग बस्ने मानिसहरू जस्तो भएर। सारा मानव जाति शैतानको भ्रष्टताबाट भएर गएको छ, अनि थेग्रोमा पुगिन्जेल जीवनको तीतो र पीठो पिएको छ। अब, मेरो ज्योतिमा जिउँदा को आनन्दित हुन नसक्ला? यो सुन्दर क्षणलाई कसले हलकासाथ छोडिदिन र उम्कन दिनसक्छ? हे मानिसहरू हो! तिमीहरूका हृदयमा गीत गाओ र मेरो लागि आनन्दले नाच। तिमीहरूका निष्कपट हृदय उचाल र ती मलाई चढाओ! तिमीहरूको ढोल बजाओ र आनन्दसाथ मेरो निम्ति बजाओ। म सारा ब्रह्माण्डमा मेरो आनन्द चम्काउँछु! मानिसहरूलाई म मेरो महिमित अनुहार प्रकट गर्छु! म चर्को स्वरमा बोलाउनेछु! म ब्रह्माण्ड पार गर्नेछु! मैले पहिले नै मानिसहरू माझ शासन गरें। म मानिसहरूद्वारा उच्च पारिएको छु! म माथि नीलो आकाशमा तैरिन्छु र मानिसहरू मसँग हिंड्नलाई जान्छन्। म मानिसहरूको माझ हिँड्छु र मेरा मानिसहरू मेरा वरिपरि हुन्छन्! मानिसहरूका हृदय आनन्दित छन्, तिनीहरूका गीतहरूले अन्तरिक्षलाई चिर्दै ब्रह्माण्डलाई हल्लाउँछन्! ब्रह्माण्ड अब कुहिरोमा ढाकिएको छैन; त्यहाँ अब हिलो छैन, फोहोर थुप्रिएको छैन। ब्रह्माण्डका पवित्र मानिसहरू! मेरो निरीक्षणमा तिमीहरू आफ्नो वास्तविक अनुहार देखाओ। तिमीहरू फोहोरले ढाकिएका मानिसहरू होइनौ, तर पवित्र मोतीजस्ता शुद्ध सन्तहरू हौ, तिमीहरू सबै मेरा प्रियहरू हौ, तिमीहरू सबै मेरो खुसी हौ! सबै थोकहरू फेरि जीवित हुन्छन्! सन्तहरू सबै मेरो न्यानो अङ्गालोमा प्रवेश गर्दै स्वर्गमा मेरो सेवा गर्न फर्केका छन्, अब रुवाइ हुनेछैन, अब चिन्ता हुनेछैन, आफूलाई ममा अर्पण गर्दै, मेरो घर फर्किरहेका छन्, र तिनीहरूको आफ्ना मातृ भूमिमा तिनीहरूले मलाई कुनै बाधाविना प्रेम गर्नेछन्! सारा अनन्तताभरि कहिल्यै परिवर्तन हुँदैन! दुःख कहाँ छ! आँसुहरू कहाँ छन्! देह कहाँ छ! पृथ्वी बितेर जान्छ, तर स्वर्ग सदासर्वदा रहन्छ। म सबै मानिसमा देखा पर्दछु, र सबै मानिसले मेरो प्रशंसा गर्छन्। यो जीवन, यो सुन्दरता, अनन्त कालदेखि समयको अन्त्यसम्म परिवर्तन हुनेछैन। राज्यको जीवन यही हो।

## अध्याय २६

मेरो घरमा को वास गरेको छ? मेरो खातिर को खडा भएको छ? मेरो पक्षमा कसले कष्ट भोगेको छ? कसले मेरो अघि आफ्नो वचनको प्रतिज्ञा दिएको छ? मलाई वर्तमानसम्म पछ्याएर पनि को उदासीन भएको छैन? किन सबै मानिस चीसो र असंवेदनशील छन्? किन मानवजातिले

मलाई त्यागेको छ? किन मानवजाति मप्रति थकित भएको छ? किन मानव संसारमा कुनै न्यानोपन छैन? सियोनमा हुँदा, मैले स्वर्गको न्यानोपनलाई चाखेको छु, र सियोनमा हुँदा मैले स्वर्गको आशिष्‌को आनन्द लिएको छु। फेरि, म मानवजातिको बीचमा जिएको छु, मैले मानवजातिको संसारको तीतोपनलाई चाखेको छु, र मानिसहरूका बीचमा रहेका सबै फरक-फरक अवस्थाहरूलाई मैले मेरै आँखाले देखेको छु। जसरी म "परिवर्तन भएको छु" त्यसरी नै थाहै नपाई मानवजाति परिवर्तन भएको छ र यसरी मात्रै ऊ वर्तमानको दिनमा आइपुगेको छ। मानिसले मेरो खातिर कुनै पनि कुरा गर्न सकोस् भन्ने माग म गर्दिनँ, नत मेरो लेखामा उसले कुनै वृद्‌धि गरोस् भन्ने माग नै म गर्छु। उसले मेरो योजनाअनुसार काम गर्न सकोस्, मेरो अवज्ञा नगरोस् वा मेरो लागि लाजको प्रतीक नबनोस्, तर मेरो लागि सानदार साक्षी बनोस् भन्ने मात्रै म चाहन्छु। मानिसहरूका बीचमा, मेरो लागि असल साक्षी दिने र मेरो नामलाई महिमित तुल्याउने मानिसहरू पनि छन्, तर मानिसको अभ्यासहरू वा आचरणले मेरो हृदयलाई कसरी सन्तुष्ट तुल्याउन सक्छ र? उसले कसरी मेरो हृदयअनुसार हुन वा मेरो इच्छालाई सन्तुष्ट गर्न सक्छ र? पृथ्वीका पहाडहरू अनि समुद्र र नदीहरू, र पृथ्वीका फूलहरू, घाँसपात र रूखहरू सबैले मेरा हातका कार्यलाई देखाउँछन्, सबै मेरो नामको खातिर अस्तित्वमा छन्। तैपनि मानिसले किन मेरो मागको मापदण्डलाई पूरा गर्न सक्दैन? के त्यसको घृणित नीचपनले गर्दा हो? के त्यसलाई मैले उचालेकोले हो? के म त्योप्रति अत्यन्तै निर्दयी भएकोले हो? किन मानिस सँधै मेरा मागहरूप्रति भयभीत हुन्छ? आज, राज्यका धेरै मानिसहरूमध्ये, किन तँ मात्रै मेरो आवाजलाई सुन्छस् तर मेरो अनुहारलाई हेर्न चाहँदैनस्? किन तँ मेरा वचनहरूलाई हेर्छस् मात्रै तर त्यसलाई मेरो आत्मासँग मिलाउँदैनस्? किन तैँले मलाई यसरी स्वर्गमा र पृथ्वीमा अलग गर्छस्? के पृथ्वीमा हुँदा, म स्वर्गमा जस्तो हुन्छु त्यस्तो नभएकोले हो? के स्वर्गमा हुँदा म पृथ्वीमा आउन नसक्ने हुनाले हो? के पृथ्वीमा हुँदा, म स्वर्गमा सर्न योग्य नभएकोले हो? यो त पृथ्वीमा हुँदा, म नीच प्राणी हुँ झैँ, स्वर्गमा हुँदा म उच्च प्राणी हुँ झैँ, र स्वर्ग र पृथ्वीको बीचमा जोडिन नसक्ने दरार छ झैँ भो। तैपनि मानिसको संसारमा यी कुराहरूको व्युत्पत्तिको बारेमा तिनीहरूलाई केही पनि थाहा छैन जस्तो देखिन्छ, तर मेरा वचनहरू आवाज मात्रै हुन् र कुनै अर्थ नै छैन झैँ गरी तिनीहरू सँधै मेरो विरुद्‌धमा हिँडिरहेका हुन्छन्। मेरो बाहिरी स्वरूपमा आफै अनुसन्धान गर्दै, सारा मानवजातिले मेरा वचनहरूमा प्रयास गर्छन्, तर तिनीहरू सबै असफल हुन्छन्, तिनीहरूका प्रयासहरूले कुनै फल फलाउँदैन, बरु तिनीहरू मेरा वचनहरूको प्रहारद्‌वारा लड्छन् र फेरि उठ्ने आँट गर्दैनन्।

जब म मानवजातिको विश्वासलाई जाँच गर्छु, साँचो साक्षी दिने एक जना पनि हुँदैन, आफ्नो सम्पूर्णता समर्पित गर्नको लागि एक जना पनि सक्षम हुँदैन; बरु, मैले त्यसको हृदयलाई मोहित गर्न गइरहेको थिएँ झैँ गरी मानिस निरन्तर रूपमा आफूलाई लुकाउँछ र आफूलाई खुलासा गर्न इन्कार गर्छ, मानौं। आफ्नो परीक्षाको बेला अय्यूब समेत कहिल्यै पनि साँचो रूपमा दृढ भएर खडा हुन सकेन, न त कष्टको बेला उसले मिठास छर्न नै सक्यो। वसन्तको न्यानोपनमा सबै मानिसहरूले हरियालीको फिक्का झलक पैदा गर्छन्; हिउँदको चिसो प्रहारमा तिनीहरू कहिल्यै पनि हरियाली

रहँदैनन्। आफ्नो हाडे र दुर्बल कदद्वारा, मानिसले मेरो अभिप्रायलाई पूरा गर्न सक्दैन। सारा मानवजातिमा, अरूको लागि नमुनाको रूपमा काम गर्न सक्ने कोही पनि छैन, किनभने सबै मानिस आधारभूत रूपमा उस्तै छन् र तिनीहरू एक-अर्काबाट फरक छैनन् अर्थात् तिनीहरूलाई एक अर्कामा छुट्टाउने कुरा नगन्य छ। यसकारणले गर्दा, आज पनि मानिसहरू मेरा कार्यहरूलाई पूर्ण रूपमा जान्न असमर्थ छन्। मेरो सजाय सारा मानवजातिमाथि परेपछि मात्रै तिनीहरू थाहा नपाई मेरा कार्यहरूको बारेमा सचेत हुन्छन्, र मैले केही नगरिकन वा कसैलाई बाध्य नगरिकन, मानिसले मलाई जान्नेछ, र त्यसद्वारा मेरा कार्यहरूलाई देख्नेछ। मेरो योजना यही नै हो, प्रकट गरिएको मेरो कार्यहरूको पक्ष यही नै हो, र मानिसहरूले जान्नुपर्ने कुरा यही नै हो। राज्यमा, सृष्टिका असंख्य थोकहरू पुनर्जीवित हुन र आफ्नो जीवनको शक्तिलाई फेरि प्राप्त गर्न थाल्छन्। पृथ्वीको अवस्थाको परिवर्तनहरूको कारण, एउटा मुलुक र अर्को मुलुक बीचको सिमानाहरू पनि सर्न थाल्छन्। जब एउटा मुलुकबाट अर्को मुलुक विभाजित हुन्छ, र एउटा मुलुक अर्को मुलुकसँग जोडिन्छ, सारा राष्ट्रहरूलाई टुक्रा-टुक्रा हुने गरी मैले प्रहार गर्ने समय यही नै हुनेछ भनेर मैले अगमवाणी गरेको छु। यो समयमा, म सारा सृष्टिलाई नवीकरण गर्नेछु र सम्पूर्ण ब्रह्माण्डलाई भाग-भाग गर्नेछु, जसद्वारा ब्रह्माण्डलाई व्यवस्थित गर्नेछु र पुरानोलाई नयाँमा रूपान्तरण गर्नेछु–मेरो योजना यही नै हो र मेरा कामहरू यिनै हुन्। जब संसारका राष्ट्रहरू र मानिसहरू मेरो सिंहासन अघि फर्कन्छन्, तब म स्वर्गका सारा उदारता लिनेछु र मानव संसारलाई यो प्रदान गर्नेछु, ताकि मैले गर्दा संसार अतुलनीय उदारताले भरिनेछ। तर जबसम्म पुरानो संसार निरन्तर अस्तित्वमा रहन्छ, यसका राष्ट्रहरूमाथि म मेरो क्रोध बर्साउनेछु, ब्रह्माण्डभरि म मेरा प्रशासनिक आदेशहरूलाई जारी गर्नेछु, र तिनलाई उल्लङ्घन गर्ने जोकोहीलाई सजाय दिनेछु:

बोल्नको लागि ब्रह्माण्डतर्फ मैले मेरो मुहार फर्काउने क्रममा, सारा मानवजातिले मेरो आवाज सुन्छन्, र ब्रह्माण्डभरि मैले गरेका सबै कामहरूलाई देख्छन्। मेरो इच्छा विरुद्ध आफैलाई खडा गर्नेहरू, अर्थात्, मानिसका कार्यहरूद्वारा मलाई विरोध गर्नेहरू मेरो सजायमा पर्नेछन्। म आकाशका अनगिन्ती ताराहरूलाई लिएर तिनलाई नयाँ बनाउनेछु, र मैले गर्दा नै घाम र जुन पनि नवीकरण हुनेछन्–आकाशहरू यस उप्रान्त जस्तो थिए त्यस्तो रहनेछैनन् र संसारका यावत् थोकहरूलाई नवीकरण गरिनेछन्। मेरा वचनहरूद्वारा सबै थोक पूर्ण हुनेछन्। ब्रह्माण्डका धेरै राष्ट्रहरूलाई नयाँ गरी भाग-भाग गरिनेछ र मेरो राज्यद्वारा तिनलाई प्रतिस्थापन गरिनेछ, ताकि पृथ्वीका राष्ट्रहरू सदाको लागि हराएर जानेछन् र सबै नै मलाई आराधना गर्ने राष्ट्र बन्नेछन्; पृथ्वीका सारा राष्ट्रहरूलाई नष्ट गरिनेछ र ती अस्तित्वमा रहनेछैनन्। ब्रह्माण्डका मानिसहरूमध्ये, दियाबलसका स्वामित्वमा रहेकाहरू सबैलाई समाप्त गरिनेछ, र शैतानको पूजा गर्ने सबैलाई मेरो ज्वलन्त आगोद्वारा पतन गरिनेछ–अर्थात्, अहिले मूल प्रवाहभित्र रहेकाहरू बाहेक, सबैलाई खरानीमा परिणत गरिनेछ। जब म धेरै मानिसहरूलाई विभिन्न हदमा दण्ड दिन्छु, धार्मिक संसारमा हुनेहरू मेरो राज्यमा फर्कनेछन्, मेरा कार्यहरूद्वारा विजय गरिनेछन्, किनभने तिनीहरूले सेतो बादलमा सवारी भई आउनुहुने पवित्र जनको आगमनलाई देखेका हुनेछन्। सबै मानिसहरूलाई तिनीहरूका आफ्नै प्रकारअनुसार अलग गरिनेछ, र तिनीहरूले आफ्ना कार्यहरू अनुसारको सजाय पाउनेछन्।

म विरुद्ध खडा भएका सबै नष्ट हुनेछन्; आफ्नो कार्यहरूमा मलाई समावेश नगर्नेहरूका बारेमा कुरा गर्दा, तिनीहरूले आफैलाई कसरी अपराधमुक्त गरेका छन् त्यसको कारणले गर्दा तिनीहरू मेरा सन्तान र मेरा मानिसहरूको अधीनमा पृथ्वीमा अस्तित्वमा नै रहिरहनेछन्। म आफैलाई असंख्य मानिसहरू, र असंख्य राष्ट्रहरूकहाँ प्रकट गर्नेछु, र तिनीहरूका आफ्नै आँखाले देख्ने गरी, सारा मानवजातिको निम्ति मैले गरेको मेरो महान् कार्य पूरा भएको घोषणा गर्दै मेरो आफ्नै आवाजद्वारा पृथ्वीतर्फ म उच्च सोरमा कराउनेछु।

मेरो आवाज तीव्रताको साथ गहिरो हुँदै जाने क्रममा, म ब्रह्माण्डको अवस्थालाई पनि अवलोकन गर्छु। मेरा वचनहरूद्वारा, सृष्टिका यावत् थोकहरू सबैलाई नयाँ तुल्याइन्छ। पृथ्वीजस्तै स्वर्ग पनि परिवर्तन हुन्छ। मानवजातिलाई यसको मूल रूपमा प्रकट गरिन्छ र, बिस्तारै, हरेक व्यक्तिलाई उसको प्रकारअनुसार अलग गरिन्छ, र थाहै नपाई तिनीहरू आफ्नो परिवारको काखमा फर्कन्छन्। यसले मलाई अत्यन्तै खुशी तुल्याउनेछ। म अवरोधबाट मुक्त छु र, थाहै नहुने गरी, मेरो महान् कार्य पूरा हुन्छ, र सृष्टिका यावत् थोकहरू सबै परिवर्तन हुन्छन्। जब मैले संसारलाई सृष्टि गरेँ, सबै कुराहरूलाई तिनीहरूको प्रकारअनुसार राख्दै, मैले सबै कुराहरूलाई तिनीहरूकै प्रकारअनुसार आकार दिएँ। मेरो व्यवस्थापनको योजनाको समाप्ति नजिकिँदै गर्दा, म सृष्टिको पहिलेको स्थितिलाई पुर्नस्थापित गर्नेछु; म हरेक कुरालाई उल्लेखनीय रूपमा परिवर्तन गर्दै, सबै कुरालाई त्यसको पहिलेकै रूपमा पुनर्स्थापित गर्छु, ताकि सबै कुरा मेरो योजनाको सामिप्यमा फर्कनेछन्। समय आइपुगेको छ! मेरो योजनाको अन्तिम चरण पूरा गर्न लागेको छ। ए अशुद्ध पुरानो संसार! तँ निश्चय नै मेरो वचनहरूमुनि खस्नेछस्! तँलाई मेरो योजनाले अवश्य नै सुन्यतामा झार्नेछ! ए सृष्टिका यावत् थोकहरू! मेरा वचनहरूभित्र तैँले नयाँ जीवन प्राप्त गर्नेछस्–तैँले आफ्ना सार्वभौम प्रभुलाई पाउनेछस्! ए शुद्ध र निष्खोट नयाँ संसार! तँ अवश्य नै मेरो महिमाभित्र पुनर्जीवित हुनेछस्! ए सियोन पर्वत! अब उप्रान्त चुप नबस्–म विजयसाथ फर्केको छु! सृष्टिको बीचबाट, म सारा पृथ्वीलाई नियाल्छु। पृथ्वीमा, मानवजातिले नयाँ जीवनको सुरुवात गरेको छ र नयाँ आशा जितेको छ। ए मेरा मानिसहरू हो! तिमीहरू किन मेरो ज्योतिभित्रको जीवनमा फर्केर आउन सक्दैनौ? मेरो अगुवाइमा तिमीहरू किन खुशीले उफ्रन सक्दैनौ? भूमिहरू हर्षोल्लासमा चिच्याइरहेका छन्, समुद्र र खोलाहरू प्रफुल्लित हाँसोले गर्जिरहेका छन्! ए पुनरुत्थान भएको इस्राएल! मैले अघिबाटै नियुक्त गरेको विवरणमा तँ किन गर्व गर्न सक्दैनस्? कसले बिलौना गरेको छ? कसले विलाप गरेको छ? पुरानो दिनको इस्राएल अब रहेन, र आजको इस्राएल संसारमा ठाडो हुँदै र उच्च हुँदै खडा भएको छ, र सारा मानवजातिको हृदय-हृदयमा खडा भएको छ। आजको इस्राएलले अवश्य नै मेरा मानिसहरूद्वारा अस्तित्वको स्रोत प्राप्त गर्नेछ! हे घृणास्पद मिश्र! अवश्य नै तँ मेरो विरुद्धमा स्थिर रूपमा खडा हुँदैनस्? कसरी तैँले मेरो कृपाबाट फाइदा उठाएर मेरो सजायबाट उम्कने प्रयास गर्छस्? तँ मेरो सजायभित्र कसरी अस्तित्वमा नरहन सक्छस्? मैले प्रेम गर्ने सबै जना अवश्य नै अनन्तसम्म जिउनेछन्, र मेरो विरुद्ध खडा हुने सबै जनालाई म अवश्य नै अनन्तसम्म सजाय दिनेछु। किनभने म डाहा गर्ने परमेश्‍वर हुँ र तिनीहरूले गरेका सबै कुराको निम्ति म मानिसहरूलाई हल्कासँग छाड्नेछैन। म सारा पृथ्वीलाई रेखदेख गर्नेछु र धार्मिकता,

प्रताप, क्रोध, र सजायसहित संसारको पूर्वमा देखा पर्दै, असंख्य मानवजातिका बीचमा आफैलाई प्रकट गर्नेछु!

मार्च २९, १९९२

# अध्याय २७

मानव आचरणले मेरो हृदयलाई कहिल्यै छोएको छैन, नत मेरो लागि यो कहिल्यै बहुमूल्य रूपमा नै देखा परेको छ। मानिसको नजरमा, म जहिल्यै पनि त्यसको विरुद्धमा कडा हुन्छु, र म सधैँ त्यसको विरुद्धमा अधिकारको प्रयोग गरिरहेको हुन्छु। मानिसका सबै कार्यहरूमा, मेरो खातिर गरिने कुरा बिरलै हुन्छ, मेरो नजर अगाडि दह्रिलो गरी खडा हुने कुरा बिरलै हुन्छ। अन्तिममा, मानिसले कुनै कानेखुसी समेत नगरिकन मेरो अगाडि सबै कुरा थुपार्छन्; त्यसपछि मात्रै हरेकलाई तिनीहरूका आफ्नै असफलताद्वारा मलाई चिन्ने तुल्याउँदै म मेरा कार्यहरूलाई प्रकट गर्छु। मानव स्वभाव अपरिवर्तित रहन्छ। तिनीहरूका हृदयमा जे छ, त्यो मेरो इच्छा अनुसार छैन–मलाई चाहिने कुरा यो होइन। मैले सबैभन्दा बढी घृणा गर्ने कुरा भनेको मानिसको जिद्दीपन र अपराध दोहोर्‍याउने प्रवृत्ति हो, तर मलाई जान्न बारम्बार असफल गराउन, मलाई सधैँ टाढा राख्न, र मेरो इच्छा अनुसार कहिल्यै काम नगर्ने तर मेरो पिठ्यूँ पछाडि मेरो विरोध गर्ने तुल्याउन मानवजातिलाई बाध्य बनाउने शक्ति के हो? के तिनीहरूको निष्ठा यही हो? के मप्रतिको तिनीहरूको प्रेम यही हो? किन तिनीहरू पश्चात्ताप गरेर नयाँ गरी जन्मन सक्दैनन्? किन मानिसहरू हिलो नभएको ठाउँमा बस्नुको सट्टा दलदलमा नै सदासर्वदा बसिरहन इच्छुक हुन्छन्? के मैले तिनीहरूलाई दुर्व्यवहार गरेकोले हो? के मैले तिनीहरूलाई गलत दिशातर्फ इसारा गरेकोले हो? के मैले तिनीहरूलाई नरकतिर डोर्‍याएकोले हो? हरेक व्यक्ति नै “नरक” मा जिउन इच्छुक हुन्छन्। जब ज्योति आउँछ, तिनीहरूको आँखा तुरुन्तै दृष्टिविहीन हुन्छ, किनभने तिनीहरूमा भएको हरेक कुरा नरकबाट आउँछ। तैपनि मानिसहरू यसको बारेमा अनभिज्ञ छन्, र यी “नरकीय आशिषहरू” मा नै तिनीहरू आनन्द लिन्छन्। तिनीहरूलाई “तिनीहरूको अस्तित्वको मूलविना” नै छोडेर, मैले ती सम्पत्तिहरूलाई खोसेर लिनेछु भन्ने डरले तिनीहरूले तिनलाई सम्पत्तिको रूपमा आफ्ना छातीमा मुठ्ठी कसेर समेत लुकाएर राख्छन्। मानिसहरूले मेरो डर मान्छन्, त्यही कारणले गर्दा, जब म पृथ्वीमा आउँछु, मेरो नजिक आउने कार्यलाई घृणा गर्दै तिनीहरू मबाट टाढा बस्छन्, किनभने “आफैमाथि समस्याहरू ल्याउन” तिनीहरू अनिच्छुक छन्, तर आफ्नो परिवारभित्र सद्भाव कायम गर्ने कामना गर्छन् ताकि तिनीहरू “पृथ्वीको खुसी” मा रमाउन सकून्। तर म मानवजातिलाई तिनीहरूले चाहे अनुसार गर्न दिन सक्दिन, किनभने मानिसको परिवारलाई नष्ट गर्नकै लागि म यहाँ आएको छु। म आइपुगेकै क्षणबाट तिनीहरूका घरहरूबाट शान्ति गइसकेको हुन्छ। सारा राष्ट्रहरूलाई धूलो-पीठो हुने गरी चकनाचूर गर्ने मेरो अभिप्राय छ, मानिसको परिवारको बारेमा त कुरै नगरौं। मेरो पकडबाट को उम्कन सक्छ र? के आशिषहरू प्राप्त गर्ने सबै आफ्ना अनिच्छाको सद्गुणद्वारा उम्कने हुन सक्छ? के सजाय भोग्नेहरूले आफ्नो डरको सद्गुणद्वारा मेरो सहानुभूति

प्राप्त गर्ने कहिल्यै हुन सक्छ? मेरा सबै वचनहरूमा, मानिसहरूले मेरो इच्छा र मेरा कार्यहरूलाई देखेका छन्, तर आफ्नै विचारहरूको जालबाट को स्वतन्त्र हुन सक्छ? मेरा वचनहरूबाट वा बाहिरबाट उम्कने बाटो कसले कहिल्यै पत्ता लगाउन सक्छ?

मानिसले मेरो न्यानोपनलाई अनुभव गरेको छ, मानिसले मलाई इमानदारीताको साथ सेवा गरेको छ, र मेरो उपस्थितिमा सबै कुरा गर्दै मानिस मेरो अघि इमानदारीताको साथ समर्पित भएको छ। तैपनि आजका मानिसहरूद्वारा यो प्राप्त गर्नु असम्भव छ; तिनीहरूले आत्मामा बिलौना गर्ने बाहेक केही पनि गर्दैनन्, मानौं तिनीहरूलाई भोको ब्वाँसोले लुछेको छ, र नरोकिइकन मेरो अगाडि रुँदै तिनीहरूले विवश भएर मलाई हेर्न मात्रै सक्छन्। तर अन्त्यमा, तिनीहरू आफ्नो दुःखद अवस्थाबाट उम्कन सक्दैनन्। विगतका मानिसहरूले आफ्नो स्नेहद्वारा मेरो दयाको ऋण तिर्नको लागि मेरो उपस्थितिमा स्वर्ग र पृथ्वीको शपथ खाँदै, मेरै उपस्थितिमा कसरी प्रतिज्ञा गरेका थिए त्यसको बारेमा म विचार गर्छु। तिनीहरू मेरो अगाडि शोकले बिलौना गरे, र तिनीहरूको रुवाइको आवाज हृदयस्पर्शी, सहनै नसकिने किसिमको थियो। तिनीहरूको संकल्पको कारण, म प्रायजसो मानिसहरूलाई सहयोग प्रदान गर्छु। धेरै पटक, मानिसहरू ममा समर्पित हुनका लागि मेरो सामने आएका छन्, तिनीहरूको प्रेमिलो आचरण बिर्सनै नसकिने किसिमको छ। धेरै पटक, तिनीहरूको अटल वफादारितामा तिनीहरूले मलाई प्रेम गरेका छन्, तिनीहरूको उत्सुकता सराहनीय छन्। धेरै पटक, तिनीहरूले आफ्नै ज्यानको समेत बलिदान दिने हदसम्म तिनीहरूले मलाई प्रेम गरेका छन्, तिनीहरूले आफैलाई भन्दा बढी मलाई प्रेम गरेका छन्–र तिनीहरूको इमानदारीता देखेर, मैले तिनीहरूको प्रेमलाई स्वीकार गरेको छु। धेरै पटक, मृत्युको मुखमा समेत मेरो खातिर तटस्थ बस्दै तिनीहरूले मेरो उपस्थितिमा आफैलाई प्रदान गरेका छन्, र मैले तिनीहरूका परेलाहरूबाट चिन्ताहरूलाई पुछिदिएको छु र तिनीहरूको मुहारबाट फोहोरहरूलाई बिस्तारै हटाइदिएको छु। धेरै पटक मैले तिनीहरूलाई संरक्षण गरी राखेको सम्पत्तिलाई जस्तै प्रेम गरेको छु, र धेरै पटक मैले तिनीहरूलाई मेरा आफ्नै शत्रुहरूका रूपमा घृणा गरेको छु। तैपनि, मेरो मनमा जे छ, त्यो मानिसको पकडभन्दा बाहिर रहन्छ। जब मानिसहरू दुःखित हुन्छन्, म तिनीहरूलाई सान्त्वना दिन आउँछु, र जब तिनीहरू कमजोर छन्, म तिनीहरूलाई सहयोग गर्न आउँछु। जब तिनीहरू हराउँछन्, म तिनीहरूलाई दिशा-निर्देशन दिन्छु। जब तिनीहरू रुन्छन्, म तिनीहरूको आँसु पुछिदिन्छु। तर जब म दुःखित हुन्छु, कसले मलाई आफ्नो हृदयबाट सान्त्वना दिन सक्छ? जब म अत्यन्तै चिन्तित हुन्छु, मेरा भावनाहरूका बारेमा कसले विचार गर्छ? जब म शोकमा पर्छु, मेरो हृदयको चोटलाई कसले उपचार गर्छ? जब मलाई कसैको खाँचो पर्छ, मसँग सहकार्य गर्नलाई कसले स्वयंसेवकको काम गर्छ? के मानिसहरूको पहिलेको आचरण कहिल्यै नफर्किने गरी अब हराएको हो भन्ने हुन सक्छ? किन तिनीहरूको स्मरणमा केही पनि रहँदैन? कसरी मानिसहरूले यी सबै कुराहरू बिर्सेका छन्? के यी सबै मानवजातिको शत्रुले उसमा ल्याएको भ्रष्टताको कारणले होइन र?

जब मेरो प्रशंसामा स्वर्गदूतहरूले सङ्गीत बजाउँछन्, यसले ममा मानिसप्रतिको सहानुभूतिलाई जगाएरै छाड्छ। मेरो हृदय तुरुन्तै उदासीनताले भरिन्छ, र यो पीडादायी भावनाबाट आफैलाई मुक्त गर्नु असम्भव छ। मानिसबाट अलग गरिनु र फेरि मिल्नुको आनन्द र शोकमा, हामी भावनाको

आदनप्रदान गर्न असक्षम छौं। स्वर्गमा माथि र पृथ्वीमा मुनि अलग गरिएको कारण, म र मानिस बिरलै भेट्छौं। अतीतका यादहरूबाट को उम्कन सक्छ? अतीतका मीठा यादहरूलाई कसले रोक्न सक्छ र? विगतका भावनाहरू जारी रहोस् भन्ने आशा कसले गर्दैन र? मेरो आगमनको यादमा कसले पीडा सहँदैन र? मानिससँगको मेरो मिलापको लागि कसले तृष्णा गर्दैन र? मेरो हृदय बेचैन छ, र मानिसको आत्मा अत्यन्तै चिन्तित छ। आत्मामा उस्तै भए पनि, हामी त्यति एकसाथ हुन सक्दैनौं, र हामी त्यति एक-अर्कालाई भेट्न सक्दैनौं। त्यसैले सारा मानवजातिको जीवन शोकले भरिएको छ र यसमा जोशको कमी छ, किनभने मानिसले सधैँ मेरो तृष्णा गरेको छ। यो यस्तो छ मानौं मानवजाति स्वर्गबाट फ्याँकिएका वस्तुहरू हुन्; तिनीहरू भुइँबाट नजर उठाएर मलाई हेर्दै पृथ्वीबाट मेरो नाम पुकार्छन्—तर तिनीहरू भोको ब्वाँसोको मुखबाट कसरी उम्कन सक्छन् र? यसका खतराहरू र यसका परीक्षाहरूबाट तिनीहरूले आफैलाई कसरी मुक्त गर्न सक्छन् र? मेरो योजनाको प्रबन्धको पालनको कारण कसरी मानवजातिले आफैलाई बलिदान गर्न सक्दैन? जब तिनीहरूले उच्च सोरमा बिन्ती गर्छन्, म तिनीहरूबाट मेरो अनुहार लुकाउँछु, म उप्रान्त तिनीहरूलाई हेर्न सक्दिन; तर तिनीहरूको आँसु सहितको रुवाइलाई नसुनी म कसरी बस्न सक्छु र? म मानव संसारका अन्यायहरूलाई सच्याउनेछु। मेरा मानिसहरूलाई फेरि हानी गर्नबाट शैतानलाई रोक्दै, फेरि आफू खुसी गर्नबाट शत्रुहरूलाई रोक्दै, म संसारभरि मेरै हातद्वारा मेरो काम गर्नेछु। मेरा सबै शत्रुहरूलाई भुइँमा लडेर मेरो अगाडि आफ्ना अपराधहरू स्वीकार गर्ने तुल्याउँदै म पृथ्वीमा राजा बन्नेछु र मेरो सिंहासनलाई त्यहाँ सार्नेछु। उदासीनता, साथै रिसको बेलामा, कसैलाई पनि बाँकी नराखी अनि मेरा शत्रुहरूको हृदयमा आतङ्क पैदा गर्दै म सारा ब्रह्माण्डलाई कुल्चि-मिल्ची गर्नेछु। म सारा पृथ्वीलाई अवशेषमा परिवर्तन गर्नेछु, र मेरा शत्रुहरूलाई त्यही अवशेषमा खसाल्नेछु, ताकि उप्रान्त तिनीहरूले मानवजातिलाई भ्रष्ट बनाऊन्। मेरो योजना पहिले नै निश्चित भइसकेको छ, र कसैले पनि यसलाई परिवर्तन गर्दैन, चाहे तिनीहरू जोसुकै होऊन्। म ब्रह्माण्डमाथिको प्रतापी वैभवमा डुलिहिँड्ने क्रममा, सारा मानवजातिलाई नयाँ बनाइनेछ, र सबैलाई पुनर्जीवित पारिनेछ। मानिसले उप्रान्त कहिल्यै पनि बिलौना गर्नेछैन, सहयोगको लागि मलाई पुकार्नेछैन। त्यसपछि मेरो हृदय आनन्दित हुनेछ, र मानिसहरू हर्सोल्लासमा मकहाँ फर्कनेछन्। टुप्पादेखि फेदसम्म, सारा ब्रह्माण्ड हर्षोल्लासमा उर्लनेछ ...

संसारका राष्ट्रहरूका बीचमा आज, म आफूले पूरा गर्ने भनी तय गरेको काम गरिरहेको छु। मेरा योजनाभित्रका सारा काम गर्दै म मानवजातिको बीचमा हिँड्डुल गरिरहेको छु, र सारा मानवजातिले मेरो इच्छा अनुसार फुटकर राष्ट्रहरूलाई तोडिरहेका छन्। पृथ्वीका मानिसहरूले आफ्नो गन्तव्यमा ध्यान केन्द्रित गरेका छन्, किनभने त्यो दिन वास्तवमा नै नजिक आइरहेको छ र स्वर्गदूतहरूले आफ्ना तुरहीहरूलाई फुकिरहेका छन्। अब उप्रान्त ढिलाइ हुनेछैन, र सारा सृष्टि नै त्यस बेला हर्षोल्लासमा नाच्न थाल्नेछ। कसले आफ्नो इच्छा अनुसार मेरो दिनलाई लम्ब्याउन सक्छ? के पृथ्वीको प्राणीले? वा आकाशका ताराहरूले? वा स्वर्गदूतहरूले? जब इस्राएलका मानिसहरूको मुक्तिको पहल गर्नको लागि म वाणी बोल्छु, तब सारा मानवजातिको सामने मेरो दिन आउँछ। इस्राएल फर्की आउने घटनाप्रति हरेक मानिस डराउँछ। जब इस्राएल फर्केर आउँछ,

त्यो मेरो महिमाको दिन हुनेछ, र त्यो यस्तो दिन पनि हुनेछ, जुन दिन सबै कुरा परिवर्तन हुन्छ र नवीकरण हुन्छ। धर्मी न्याय सारा ब्रह्माण्डमा आउन लागेको बेला, सबै मानिसहरू डरपोक बन्छन् र भयभीत हुन्छन्, किनभने मानव संसारमा धार्मिकता त नसुनिएको कुरा हो। जब धर्मी सूर्य देखा पर्छ, पूर्व प्रकाशित हुनेछ, र हरेक व्यक्तिलाई ज्योति दिँदै यसले सारा ब्रम्हाण्डलाई प्रकाशित गर्नेछ। यदि मानिसले साँच्चै नै मेरो धार्मिकतालाई अघि बढाउन सक्छ भने, डराउनु पर्ने कारण के हुनेछ र? मेरा सबै मानिसहरू मेरो दिनको आगमनको लागि प्रतिक्षारत छन्, तिनीहरू सबै मेरो दिनको आगमनको तृष्णा गर्छन्। सारा मानवजातिमा दण्ड ल्याउन र धार्मिकताको सूर्यको रूपमा रहेको मेरो भूमिकामा मानवजातिको गन्तव्यलाई मिलाउनको लागि तिनीहरू मेरो प्रतीक्षा गर्छन्। सारा ब्रह्माण्डभन्दा माथि मेरो राज्य आकारमा आइरहेको छ, र मेरो सिंहासनले करोडौँ मानिसहरूको हृदयमा शासन गर्छ। स्वर्गदूतहरूको सहयोगमा, मेरो महान् उपलब्धिलाई चाँडै नै पूरा गरिनेछ। तिनीहरूबाट फेरि कहिल्यै अलग नहुने गरी, तिनीहरूसँग मिलाप गर्ने दिनको लागि मेरा सन्तान र मेरा मानिसहरू मेरो आगमनको उत्कट इच्छाको साथ प्रतीक्षा गर्छन्। म तिनीहरूसँग भएको कारण मेरा राज्यका कैयौं निवासीहरू आनन्दको हर्षोल्लास मनाउन एक-अर्कासँग किन नदौडी बस्न सक्छन् र? के यो त्यस्तो मिलाप हो जसको लागि कुनै मूल्य चुकाउनु आवश्यक छैन? म सबै मानिसहरूको नजरमा सम्मानित छु, म सबैका वचनहरूमा घोषित छु। तैपनि, जब म फर्कनेछु, तब म शत्रुका सबै शक्तिहरूलाई विजय गर्नेछु। समय आइपुगेको छ! म मेरो कार्यलाई अघि बढाउनेछु, म मानिसहरूका बीचमा राजाको रूपमा शासन गर्नेछु! म फर्कन लागेको अवस्थामा छु! र म बिदा हुन लागेको छु! सबैले आशा गरेको यही नै हो, तिनीहरूले कामना गर्ने यही नै हो। सारा मानवजातिलाई म मेरो दिनको आगमनलाई अवलोकन गराउनेछु, र तिनीहरूले मेरो दिनको आगमनलाई आनन्दको साथ स्वागत गर्नेछन्।

अप्रिल २, १९९२

# अध्याय २८

जब म सियोनबाट आएँ, मलाई सबै थोकले पर्खिरहेका थिए, र जब म सियोनमा फर्कें, मलाई सबै मानिसहरूले अभिवादन गरे। म आउने-जाने क्रममा, मेरा पाइलाहरूलाई मेरो निम्ति शत्रुवत रहेका कुनै पनि कुराले कहिल्यै बाधा दिएन, र त्यसरी मेरो काम सहजताको साथ अघि बढ्यो। आज, जब म सबै प्राणीहरूका बीचमा आउँछु, सबै कुराले म फेरि पनि बिदा भएर जानेछु र साथको लागि तिनीहरूले भरोसा गर्ने कुरा तिनीहरूले गुमाउनेछन् भन्ने डरले मलाई मौनताले अभिवादन गर्छन्। सबै कुराले मेरो अगुवाइलाई पछ्याउँछन्, र सबैले मेरो हातले सङ्केत गर्ने दिशालाई हेर्छन्। मेरो मुखबाट निस्केका वचनहरूले धेरै प्राणीहरूलाई सिद्ध बनाएका छन् र अवज्ञाका धेरै पुत्रहरूलाई सजाय दिएका छन्। तसर्थ, सबै मानिसहरूले मेरा वचनहरूलाई तत्परतासाथ नियाल्छन्, र मेरो मुखबाट निस्केका वाणीहरूलाई ध्यान दिएर सुन्छन्, र यो सुनौलो अवसर गुमाइन्छ कि भनेर औधी डराउँछन्। यही कारणले गर्दा नै मैले बोल्ने कामलाई जारी

राखेको छु, ताकि मेरो काम अझै शीघ्र रूपमा अघि बढ्न सकोस्, ताकि प्रसन्न पार्ने अवस्थाहरू पृथ्वीमा चाँडै देखा परोस् र पृथ्वीको उजाड दृश्यहरूलाई हटाओस्। जब म आकाशतिर नियाल्छु, मैले मानवजातितर्फ फेरि पनि मेरो अनुहार फर्काउने समय पनि त्यही नै हुन्छ; सारा भूमि तुरुन्तै जीवनले भरिन्छ, त्यसउप्रान्त हावामा धूलो हुँदैन, र भूमिलाई त्यसउप्रान्त लेदोले ढाक्दैन। मेरो आँखाहरू चम्कन्छन्, र सबै भूमिका मानिसहरूले मतिर हेर्छन् र ममा शरण लिन्छन्। मेरो घरानामा उपस्थित सबैलगायत, आजको संसारका मानिसहरूमध्ये कसले साँचो रूपमा ममा शरण लिन्छ? मैले चुकाएको मूल्यको लागि कसले आफ्नो हृदय दिन्छ? मेरो परिवारभित्र को कहिल्यै शान्तिमा वास गरेको छ? को कहिल्यै साँचो रूपमा ममा समर्पित भएको छ? जब म मानिसलाई मापदण्डहरू दिन्छु, उसले तुरुन्तै आफ्नो "सानो ढुकुटी" बन्द गर्छ। जब म मानिसलाई दिन्छु, तब मेरा सम्पत्तिहरू चुपचाप लिनलाई उसले तुरुन्तै आफ्नो मुख खोल्छ, र मैले उसलाई प्रहार गर्नेछु कि भनेर ऊ आफ्नो हृदयमा प्राय डरले थरथर काम्छ। तसर्थ मानिसको मुख आधा खोलिएको र आधा बन्द भएको हुन्छ, र त्यसकारण उसले मैले दिने सम्पत्तिहरू साँचो रूपमा उपभोग गर्न सक्दैन। म सहजै मानिसलाई दोषी ठहऱ्याउँदिन, तैपनि उसले सधैँ मेरो हात तान्छ र उसलाई कृपा दिन मलाई अनुरोध गर्छ; मानिसले मलाई बिन्ती गर्दा मात्रै म फेरि उमाथि "कृपा" वर्साउँछु, र म उसलाई मेरो मुखबाट निस्कने कठोर वचनहरू दिन्छु, जसले गर्दा उसलाई तुरुन्तै लाज लाग्छ, र मेरो "कृपा" सीधै लिन नसकेर उसले अरूलाई हस्तान्तरण गर्न लगाएर अरूको हातबाट लिन्छ। जब उसले मेरा सबै वचनहरूलाई पूर्ण रूपमा बुझेको हुन्छ, मानिसको कद मेरो चाहनाअनुरूप हुन्छ, र उसका बिन्तीहरू फलवान् हुन्छन्, व्यर्थ वा बेकम्मा हुँदैनन्; म मानिसका इमानदार, बहानारहित बिन्तीहरूलाई आशिष् दिन्छु।

मैले युगौंयुग काम गर्दै र बोल्दै आइरहेको छु, तैपनि मानिसले मैले आज बोलेको जस्ता वाणीहरू कहिल्यै सुनेको छैन, र उसले मेरो प्रताप र न्यायलाई कहिल्यै चाखेको छैन। विगतको संसारका कतिपय मानिसहरूले मेरो बारेमा किंवदन्तीहरू सुनेको भए पनि, मेरो प्रचुरताको हदलाई कसैले कहिल्यै पनि साँचो रूपमा पत्ता लगाउन सकेको छैन। आजका मानिसहरूले मेरो मुखबाट निस्केका वचनहरू सुन्ने भए पनि, मेरो मुखमा कति धेरै रहस्यहरू छन् भन्नेबारेमा तिनीहरू अनजान नै रहन्छन्, तसर्थ मेरो मुखलाई प्रशस्तताको प्रतीक ठान्छन्। सबै मानिसहरूले मेरो मुखबाट केही न केही प्राप्त गर्ने चाहना गर्छन्। चाहे यो राज्यका रहस्यहरू होऊन् वा स्वर्गका रहस्यहरू होऊन्, वा आत्मिक संसारका गतिशीलता होस् वा मानवजातिको गन्तव्य होस्, सबै मानिसहरूले त्यस्ता कुरा प्राप्त गर्न चाहन्छन्। तसर्थ, यदि मैले मानिसहरूलाई भेला गरेँ र तिनीहरूलाई "कथाहरू" सुनाएँ भने, तिनीहरू मेरो मार्ग सुन्नको लागि "बिरामी शय्या" बाट तुरुन्तै उठ्नेथिए। मानिसमा धेरै कुराको कमी छ: उसलाई "पोषण पूरकहरू" को मात्र आवश्यक छैन, तर त्योभन्दा पनि बढी, उसलाई "मानसिक साथ" र "आत्मिक आपूर्ति" चाहिन्छ। सबै मानिसहरूमा यही कुराको कमी छ; यो सबै मानिसहरूको "रोग" हो। अझै राम्रो प्रभाव हासिल गर्न सकियोस् भनेर म मानिसको रोगको उपचार प्रदान गर्छु, ताकि सबैले स्वास्थ्य लाभ गर्न सकून्, ताकि मेरो उपचारको कारण, तिनीहरू आफ्नो सामान्य अवस्थामा फर्कन सकून्। के तिमीहरू साँच्चिकै ठूलो

रातो अजिङ्गरलाई घृणा गर्छौ? के तिमीहरू साँच्चै, इमानदारीसाथ घृणा गर्छौ? मैले किन तिमीहरूलाई धेरै पटक सोधेको छु? म किन तिमीहरूलाई बारम्बार यो प्रश्‍न सोध्ने गर्छु? तिमीहरूको हृदयमा ठूलो रातो अजिङ्गरको कस्तो स्वरूप छ? के यसलाई साँच्चै हटाई फालिएएको छ? के तँ त्यसलाई साँच्चै आफ्नो बुबा ठान्दैनस्? सबै मानिसहरूले मेरो प्रश्‍नहरूमा रहेको मेरो अभिप्रायलाई बुझ्नुपर्छ। यो मानिसको रिस उठाउनका निम्ति होइन, न त मानिसमाझ विद्रोह सुरु गर्नका लागि, न त मानिसले आफू उम्कने बाटो पाओस् भनेर नै हो, बरु यो त मानिसहरूलाई ठूलो रातो अजिङ्गरको बन्धनबाट छुटकारा दिनलाई हो। तर कोही पनि चिन्तित हुनुपर्दैन। मेरा वचनहरूद्वारा सबै कुरा सम्पन्‍न हुनेछन्; मैले गर्ने काममा कुनै मानिस सहभागी हुन सक्दैन, र त्यो कुनै पनि मानिसले गर्न सक्दैन। म सबै देशहरूको हावा सफा गर्नेछु र पृथ्वीमा भएका भूतात्माहरूका सबै छापहरू मेटाउनेछु। मैले अघिबाटै सुरु गरिसकेको छु, र ठूलो रातो अजिङ्गरको वासस्थानमा म मेरो सजायको कामको पहिलो चरण सुरु गर्नेछु। यसैले मेरो ताडना सम्पूर्ण ब्रह्माण्डमाथि आइलागेको छ, र त्यो ठूलो रातो अजिङ्गर र सबै किसिमका अशुद्ध आत्माहरू मेरो सजायबाट उम्कन असक्षम हुनेछन् भन्‍ने देख्‍न सकिन्छ, किनकि म सबै देशहरूमाथि नजर लगाउनेछु। जब पृथ्वीमा मेरो काम समाप्त हुन्छ, अर्थात्, जब न्यायको युगको अन्त्य हुन्छ, ठूलो रातो अजिङ्गरलाई म औपचारिक रूपमा सजाय दिनेछु। मेरा मानिसहरूले मैले ठूलो रातो अजिङ्गरलाई दिइएको मेरो धार्मिक सजाय निश्‍चय देख्नेछन्, मेरो धार्मिकताको कारण निश्‍चय प्रशंसाको गीत गाउनेछन्, र मेरो धार्मिकताको कारण सदासर्वदा मेरो पवित्र नाउँको प्रशंसा गर्नेछन्। यसैले तिमीहरूले औपचारिक रूपले आफ्नो कर्तव्य पूरा गर्नेछौ, र सारा देशहरूभरि औपचारिक रूपमा मेरो सदासर्वदा प्रशंसा गर्नेछौ!

जब न्यायको युग त्यसको चरम सीमामा पुग्दछ, म आफ्नो कामलाई निष्कर्षमा पुऱ्याउन हतार गर्नेछैनँ, तर यसमा सजायको युगको प्रमाण मिलाउनेछु र यो प्रमाण मेरा सबै मानिसहरूलाई देखाउनेछु; यसमा धेरै फल फलाइनेछ। यो प्रमाण नै मैले ठूलो रातो अजिङ्गरलाई दण्ड दिने माध्यम हुनेछ, र म मेरा मानिसहरूलाई यो उनीहरूका आफ्नै आँखाले हेर्न लगाउनेछु, यसैले कि तिनीहरूले मेरो स्वभावको बारेमा अझ धेरै जानून्। मेरा मानिसहरूले ममा त्यसबेला धेरै आनन्द पाउनेछन् जब त्यो ठूलो रातो अजिङ्गरलाई सजाय दिइन्छ। ठूलो रातो अजिङ्गरका मानिसहरूलाई मेरो योजना अनुसार खडा गरिन्छ र त्यसको विरुद्ध विद्रोह गर्न लगाइन्छ, र यही विधिद्वारा म मेरा मानिसहरूलाई सिद्ध बनाउँछु, र यो मेरा सबै मानिसहरूका निम्ति जीवनमा वृद्धि हुने एउटा ठूलो मौका हो। जब चम्किलो चन्द्रमा उदाउँछ, शान्तिमय रात तुरुन्तै नष्ट हुन्छ। चन्द्रमा खण्डहर अवस्थामा भए पनि मानिस आत्मिक खुसीको अवस्थामा हुन्छ, र चन्द्रमाले बनाएको सुन्दर दृश्यको प्रशंसा गर्दै चन्द्रमाको प्रकाशमुनि शान्तिपूर्वक बस्छ। मानिसले आफ्ना भावनाहरूको वर्णन गर्न सक्दैन; यस्तो लाग्छ उसले आफ्ना विचारहरू विगततिर फर्काउन चाहन्छ, मानौं ऊ भविष्यतिर हेर्न चाहन्छ, मानौं उसले वर्तमानको आनन्द लिँदैछ। उसको अनुहारमा मुस्कान देखा पर्छ, र मनोहर हावामाझ ताजा सुवास छरिन्छ; कोमल हावा चल्न थाल्दा मानिसले प्रचुर सुगन्ध पत्ता लगाउँछ र ऊ होसमा आउनै नसक्ने गरी त्यसमा लट्ठ परेको जस्तो देखिन्छ। यही समयमा म

व्यक्तिगत रूपमा मानिसको बीच आएको छु, र मानिसहरूले प्रचुर सुगन्धको तीव्र अनुभूति गर्न सक्छन्, र यसरी सबै मानिसहरू यो सुगन्धको बीचमा जिउँछन्। मेरो र मानिसको बीचमा शान्ति छ, मानिस मसँगको समाञ्जस्यतामा जिउँछ, ऊ अब फेरि कहिल्यै मप्रतिको श्रद्धामा विचलित हुँदैन, अबउप्रान्त म मानिसको कमी-कमजोरीलाई छाँटकाँट गर्दिनँ, अब मानिसको अनुहारमा कुनै चिन्ता बाँकी छैन, अनि अब फेरि कहिल्यै पनि मृत्युले सम्पूर्ण मानवजातिलाई भयभीत बनाउँदैन। आज म मानिस सँगसँगै सजायको युगमा अगाडि बढ्दछु, उसको छेउमा रहेर अगि बढदछु। म मेरो काम गर्दैछु, भन्नुको अर्थ, म मानिसको माझमा मेरो लौरो प्रहार गर्दछु र त्यो मानिसको विद्रोही कुरामाथि पर्छ। मानिसको नजरमा, मेरो लौरोमा विशेष शक्ति भएको जस्तो देखिन्छः यो ती सबैमाथि आउँछ जो मेरा शत्रुहरू हुन् र तिनीहरूलाई सहजै छोड्दैन; मेरो विरोध गर्नेहरू सबै माझ यो लौरोले यसको अन्तर्निहित काम गर्दछ; मेरो हातमा हुनेहरू सबैले मेरो अभिप्रायअनुसार आफ्नो कर्तव्य पूरा गर्छन्, र तिनीहरूले कहिल्यै मेरो इच्छाहरूलाई उल्लङ्घन गरेका छैनन् वा आफ्नो दृढतालाई बदलेका छैनन्। फलस्वरूप, समुद्रहरू गर्जनेछ, पहाडहरू ढल्नेछन्, ठूल्ठुला नदिहरू भङ्गालिनेछन्, मानिसलाई सधैं परिवर्तन हुन दिइन्छ, सूर्य मधुरो हुँदैजानेछ, चन्द्रमा अँध्यारो हुनेछ, मानिसको निम्ति शान्तिमा जिउने धेरै दिन हुँदैन, भूमिमा फेरि कहिल्यै अरू शान्तिको समय हुनेछैन, स्वर्ग फेरि कहिल्यै शान्त र मौन रहनेछैन, र अझ धेरै सहनेछैन। सबै थोक नवीकरण हुनेछन् र तिनीहरूले आफ्नो मूल स्वरूप फेरि प्राप्त गर्नेछ। पृथ्वीका सबै परिवारहरू भत्कनेछन्, र पृथ्वीका सबै जातिहरूलाई च्यातेर टुक्रा-टुक्रा पारिनेछ; पति र पत्नी बीच फेरि मिलन हुने दिन हुनेछैन, आमा र छोरा फेरि कहिल्यै भेट्नेछैन, फेरि कहिल्यै बाबु र छोरी भेट हुनेछैन। पृथ्वीमा जे हुने गर्थे ती सबैलाई म नष्ट पार्नेछु। म मानिसहरूलाई उनीहरूका भावनाहरू व्यक्त गर्ने अवसर दिंदिनँ, किनकि म भावनाविहीन छु, र मानिसहरूका भावनाहरूलाई हदैसम्म घृणा गर्ने बनेको छु। मानिसहरूबीचका भावनाहरूको कारण नै म एकातिर पन्साइएको छु, र यसैले म तिनीहरूका आँखामा “अरू” भएको छु; मानिसहरूबीचका भावनाहरूकै कारण मलाई बिर्सिइएको छ; मानिसहरूका भावनाहरूको कारणले नै उसले आफ्नो “अन्तस्करण” लाई चुन्ने मौका पाउँदछ; मानिसहरूका भावनाहरूको कारणले नै ऊ सधैं मेरो ताडनाबाट दिक्क हुन्छ; मानिसहरूका भावनाहरूको कारणले नै उसले मलाई अनुचित र अन्यायपूर्ण भन्छ, र परिस्थितिहरूको सामना गर्दा मैले मानिसहरूका भावनाहरूमा ध्यान दिँदिनँ भन्छ। के मेरो पनि पृथ्वीमा आफन्त छन्? मैले जस्तो कसले खाने र पिउने कुरामा ध्यान नदिई मेरो सम्पूर्ण व्यवस्थापन योजनाको निम्ति दिन र रात काम गरेको छ? मानिस कसरी परमेश्वरसित तुलनायोग्य हुन सक्छ? मानिस कसरी परमेश्वरसित सामञ्जस्य हुन सक्छ? सृष्टि गर्नुहुने परमेश्वर कसरी सृष्टि गरिएको मानिससँग उस्तै प्रकारको हुन सक्नुहुन्छ? मैले कसरी सधैं पृथ्वीमा मानिससँग बस्न र व्यवहार गर्न सक्छु? मेरो हृदयको चिन्ता कसले महसुस गर्न सक्छ? के त्यसो गर्न सक्ने मानिसका प्रार्थनाहरू हुन्? म एकपटक मानिसमाझ सामेल हुन र उसको साथमा हिँड्न राजी भएँ–अनि हो, आजको दिनसम्म मानिस मेरो वास्ता र सुरक्षामा बाँचिरहेको छ, तर के त्यस्तो दिन कहिल्यै आउनेछ जब मानिसले मेरो वास्ताबाट आफैलाई अलग गर्न सक्छ? मानिसले कहिल्यै पनि मेरो मनको चिन्ता लिएको

छैन, तैपनि उज्यालोबिनाको देशमा को जीवित रहिरहन सक्छ? मेरो आशिष्को कारण मात्र मानिस आजको दिनसम्म बाँचेको छ।

अप्रिल ४, १९९२

# अध्याय २९

जुन दिन सबै कुराको पुनरुत्थान भएका थिए, म मानिसको बीचमा आएँ र मैले उसँग सुन्दर दिन र रातहरू बिताएको छु। यस अवस्थामा मात्र मानिसले मेरो पहुँचको बारेमा थोरै महसुस गर्न सक्छ, र मसँग बारम्बार कुराकानी हुँदैजाँदा उसले मसित के छ र म को हुँ भन्ने बारे केही देख्छ– फलस्वरूप, उसले मेरो बारेमा केही ज्ञान प्राप्त गर्दछ। सबै मानिसहरूमाझ म मेरो शिर उठाउँछु र हेर्छु, र तिनीहरू सबैले मलाई देख्छन्। तर जब संसारमा विपत्ति आउँछ, तिनीहरू तुरुन्त चिन्तित बन्छन् र तिनीहरूका हृदयबाट मेरो स्वरूप हराउँछ; विपत्ति आएकोले त्रासित बनेर तिनीहरूले मेरो अर्तीमा कुनै ध्यान दिँदैनन्। धेरै वर्षदेखि म मानिसको माझबाट भएर गएको छु, तर ऊ सधैँ अनभिज्ञ रहेको छ, उसले मलाई कहिल्यै चिनेको छैन। मेरो आफ्नै मुखले आज म उसलाई यो भन्छु, र सबै मानिसहरूलाई मबाट केही प्राप्त गर्नलाई मकहाँ आउने बनाउँछु, तर अझै पनि उनीहरू मबाट टाढा बस्छन्, यसैले तिनीहरूले मलाई चिन्दैनन्। जब मेरा पाइलाहरूले ब्रह्माण्डको वारपार र पृथ्वीको अन्तिम छेउसम्म टेक्छन्, तब मानिसले आफ्नै बारेमा सोच्न थाल्छ, र सबै मानिसहरू मकहाँ आउनेछन् र मेरो अगाडि झुकेर मेरो आराधना गर्नेछन्। यो मैले महिमा प्राप्त गर्ने दिन, मेरो पुनरागमनको दिन, साथै मेरो प्रस्थानको दिन पनि हुनेछ। अब मैले सारा मानव जातिको बीचमा मेरो काम सुरु गरेको छु, औपचारिक रूपमा सम्पूर्ण ब्रह्माण्डमा मेरो व्यवस्थापन योजनाको अन्तिम काम सुरु गरेको छु। यस क्षणदेखि उसो, सतर्क नहुने जो-कोही व्यक्ति निर्दयी सजायको बीचमा डुब्न जिम्मेवार हुन्छन्, र कुनै पनि क्षणमा यो हुन सक्छ। म निर्दयी भएकोले यस्तो हुने होइन, बरु यो मेरो व्यवस्थापन योजनाको एउटा चरण हो; सबै कुरा मेरो योजनाको चरणहरू अनुसार अगाडि बढ्नु पर्छ, र कुनै पनि मानिसले यसलाई परिवर्तन गर्न सक्दैन। जब म औपचारिक रूपमा मेरो काम सुरु गर्दछु, म अघि बढ्दा सबै मानिसहरू पनि अघि बढ्छन्, यहाँसम्म कि सारा ब्रह्माण्डभरिका मानिसहरू आफै मेरा पाइलाहरूमा मसँगै हिँड्छन्, सारा ब्रह्माण्डभरि "हर्षोल्लास" हुन्छ, र मानिस मद्‌वारा अझै उत्साहित हुन्छ। त्यसको फलस्वरूप, ठूलो रातो अजिङ्गर आफै मद्‌वारा भयानक आवेश र अलमल्ल अवस्थामा पुग्छ, र त्यसले मेरो काम गर्छ र अनिच्छुक भए पनि त्यो आफ्नै चाहनाहरूको पछि लाग्न असमर्थ हुन्छ, तर मेरो नियन्त्रणमा बस्नु बाहेक त्योसित अरू कुनै विकल्प हुँदैन। मेरा सबै योजनाहरूमा, त्यो ठूलो रातो अजिङ्गर मेरो प्रतिभार हो, मेरो शत्रु र मेरो नोकर पनि हो; त्यसैले, मैले त्यसबाट मेरा "मागहरू" कहिल्यै खुकुलो पारेको छैन। यसैकारण मेरो देहधारणको कामको अन्तिम चरण त्यसको परिवारमा समाप्त भएको छ। यसरी, ठूलो रातो अजिङ्गर ठीक सँगले मेरो सेवा अझै गर्न सक्षम छ, जसको माध्यमबाट म त्यसलाई जित्नेछु र मेरो योजना पूरा गर्नेछु। जब म काम गर्दछु, सबै स्वर्गदूतहरू

मसँग निर्णायक लडाइँमा लाग्छन् र अन्तिम चरणमा मेरा इच्छाहरू पूरा गर्ने संकल्प गर्दछन्, जसको कारण पृथ्वीका मानिसहरू पनि स्वर्गदूतहरू झैं मेरो सामुन्ने झुक्नेछन्, र तिनीहरूमा मेरो विरोध गर्ने कुनै इच्छा हुँदैन, र मेरो विरुद्धमा केही पनि गर्दैनन्। यी सबै सारा ब्रह्माण्डभरिमा हुने मेरो कामका गतिविधिहरू हुन्।

मानिस बीचको मेरो आगमनको उद्देश्य र महत्त्व सम्पूर्ण मानव जातिलाई मुक्ति दिनु, सबै मानव जातिलाई मेरो परिवारमा फर्काउनु, स्वर्गलाई पृथ्वीसँग पुनर्मिलन गराउनु, र मानिसलाई स्वर्ग र पृथ्वीको बीचमा "सङ्केत" व्यक्त गर्नु हो, किनकि मानिसको अन्तर्निहित कार्य त्यही हो। मैले मानव जातिलाई सृष्टि गरेको समयमा, मैले मानव जातिका लागि सबै थोक तयार गरेको थिएँ र पछि, मैले मानव जातिलाई मेरो आवश्यकताहरू अनुसार दिएका सम्पत्तिहरू प्राप्त गर्न दिएँ। यसैले, म भन्छु कि मेरो मार्गदर्शन अन्तर्गत नै सबै मानवजाति आजको दिनमा आइपुगेको छ। र यो सबै मेरो योजना नै हो। सबै मानव जातिमा असङ्ख्य मानिसहरू मेरो प्रेमको संरक्षण अन्तर्गत अस्तित्वमा छन्, र अरू असङ्ख्य मेरो घृणाको सजाय अन्तर्गत बाँचिरहेका छन्। सबै मानिसहरूले मलाई प्रार्थना गर्ने भए तापनि, उनीहरू आफ्नो वर्तमान अवस्था परिवर्तन गर्न असमर्थ छन्; आशा गुमाइसकेपछि तिनीहरूले प्रकृतिलाई आफ्नै बाटो लाग्न दिनसक्छन् र मेरो अनाज्ञाकारी बन्न छोड्छन्, किनकि यी सबै कुराहरू मानिस आफैले प्राप्त गर्न सक्छ। जब मानिसको जीवनको अवस्थाको कुरा आउँछ, मानिसले वास्तविक जीवन पाउनु अझै बाँकी नै छ, उसले अझै पनि संसारका अन्याय, उजाडता, र दयनीय अवस्थाहरूलाई देखेको छैन—यसैले, यो विपत्तिको आगमनको लागि थिएन भने, अधिकांश मानिसहरूले अझै पनि प्रकृति आमालाई अङ्गालो हाल्नेथियो, र अझै पनि आफूलाई "जीवन" का स्वादहरूमा डुबाउनेथियो। के यो संसारको वास्तविकता होइन र? के यो मैले मानिसको लागि बोल्ने मुक्तिको आवाज होइन र? किन मानिसहरूको बीचमा मलाई साँच्चिकै माया गर्ने कोही छैन? मानिसले मलाई किन सजाय र परीक्षाको बेला मात्र प्रेम गर्छ, तैपनि मेरो सुरक्षामुनि हुँदा कसैले पनि मलाई प्रेम गर्दैन? मैले धेरै चोटि मानिसहरूलाई मेरो सजाय दिएको छु। तिनीहरू त्यसलाई एकचोटि हेर्छन्, तर त्यसपछि त्यसलाई बेवास्ता गर्दछन्, र तिनीहरू यस बेला यसको अध्ययन र चिन्तन गर्दैनन्, त्यसैले मानिसमाथि आउने कुरा निर्दयी न्याय मात्र हो। यो मेरो काम गर्ने तरिकाहरूमध्येको एउटा मात्रै हो, तर अझै पनि यो मानिसलाई परिवर्तन गर्न र उसलाई मलाई प्रेम गर्ने बनाउनका निम्ति हो।

म राज्यमा शासन गर्दछु, र यसबाहेक म सम्पूर्ण ब्रह्माण्डमा शासन गर्दछु: म राज्यको राजा र ब्रह्माण्डका प्रमुख, दुवै हुँ। यस समयदेखि उसो म तिनीहरू सबैलाई भेला गर्नेछु जो चुनिएकाहरू होइनन् र अन्यजातिहरूको माझमा काम सुरु गर्नेछु, र म मेरो प्रशासनिक आदेशहरू सम्पूर्ण ब्रह्माण्डमा घोषणा गर्नेछु, यसैले कि मैले आफ्नो कार्यको अर्को चरण सफलतापूर्वक सुरु गर्न सकूँ। अन्यजातिहरूमाझ मेरो कामहरू फैलाउन म सजायको प्रयोग गर्नेछु, भन्नुको अर्थ, म ती सबै अन्यजातिहरूको विरुद्धमा शक्ति प्रयोग गर्नेछु। स्वाभाविक रूपमा, यो काम त्यत्ति बेला नै गरिन्छ जब चुनिएकाहरूको बीचमा मेरो काम हुन्छ। जब मेरा मानिसहरूले पृथ्वीमा शासन गर्छन् र शक्ति प्रयोग गर्छन्, त्यो त्यस दिन पनि हुनेछ जब पृथ्वीका सबै मानिसहरू जितिएका हुनेछन्, र

यसबाहेक, यो त्यही समय हुनेछ जब म विश्राम गर्छु—र त्यसपछि मात्र म जितिएकाहरू सबैकहाँ देखा पर्नेछु। म पवित्र राज्यमा देखा पर्छु, र म आफैलाई फोहोरको देशबाट लुकाउँछु। जितिएकाहरू र मेरो सामु आज्ञाकारी हुनेहरू सबैले आफ्नै आँखाले मेरो मुहार देख्न सक्नेछन्, र तिनीहरूका आफ्नै कानले मेरो सोर सुन्न सक्नेछन्। आखिरी दिनहरूमा जन्मनेहरूको आशिष् यही नै हो, यो मद्वारा पूर्वनिर्धारित आशिष् हो, र यसलाई कुनै पनि मानिसले परिवर्तन गर्न सक्दैन। आज म भविष्यको कामका लागि यस तरिकाले काम गर्दछु। मेरा सबै काम एक-अर्कोसित सम्बन्धित छ, यी सबैमा एउटा बोलावट र जबाफ हुन्छ: कुनै चरण कहिल्यै पनि अचानक रोकिएको छैन र कुनै पनि चरण अर्कोबाट स्वतन्त्र भएर पूरा भएको छैन। के यो यस्तै होइन र? के विगतको काम आजको कार्यको आधार होइन? के विगतका वचनहरू आजका वचनहरूका लागि अग्रदूत होइनन् र? के विगतका चरणहरू आजका चरणहरूको सुरुआत होइनन् र? जब मैले औपचारिक रूपमा चर्मपत्रको मुट्ठो खोल्छु, त्यसै बेला ब्रह्माण्डभरिका मानिसहरूले सजाय पाउँछन्, त्यसै बेला विश्वभरिका मानिसहरू परीक्षाको सिकार हुन्छन्, र यो मेरो कामको चरम सीमा हो; सबै मानिसहरू ज्योति विनाको भूमिमा बस्छन्, र सबै मानिसहरू उनीहरूको वातावरणले ल्याएको जोखिमहरूका बीचमा जिउँछन्। अर्को शब्दमा भन्नुपर्दा, यो त्यस्तो जीवन हो जुन मानिसले सृष्टिको समयदेखि अहिलेसम्म कहिल्यै पनि अनुभव गरेका छैन र युगौंयुगसम्म कसैले पनि यस प्रकारको जीवन "उपभोग" गरेको छैन, र त्यसैले म भन्छु कि मैले त्यस्तो काम गरें जुन पहिले कहिल्यै गरिएको थिएन। यो वास्तविक स्थिति हो, र भित्री अर्थ यही हो। मेरो दिन सबै मानव जातिको नजिक आउने हुनाले, यो टाढा देखिँदैन तर मानिसकै आँखाको सामु भएकोले, फलस्वरूप, भयभीत नहुने को होला र? र यसमा खुशी हुन नसक्ने को होला? फोहोरी सहर बेबिलोन त्यसको अन्त्यमा आइपुगेको छ; मानिसले फेरि एउटा नयाँ संसारलाई भेटेको छ, र आकाश र पृथ्वी परिवर्तन भएको र नयाँ बनाइएको छ।

जब म सबै राष्ट्रहरू र सबै मानिसहरू सामु देखा पर्छु, आकाशमा सेता बादलहरू निस्केर मलाई घेर्छन्। त्यसरी नै पृथ्वीमा पक्षीहरू पनि पृथ्वीको वातावरणको मुख्य कुराहरू झल्काउँदै मेरो निम्ति गाउँछन् र खुसीले नाच्छन्, र यसरी पृथ्वीका सबै थोकहरूलाई जीवित बनाउँछन्, अब "बिस्तारै तल झर्दैनन्," तर बरु यसको साटो सजिवताको वातावरण बीच जिउँछन्। जब म बादलहरूमाझ हुन्छु, मानिसले मेरो अनुहार र मेरो आँखालाई मधुरो गरी चिन्दछ, र यस बेला उसले अलिअलि डर महसुस गर्दछ। विगतमा, उसले मेरो बारेमा किम्बदन्ती ऐतिहासिक विवरणहरू सुनेको छ, त्यसको फलस्वरूप ऊ आधा विश्वासी र आधा शङ्कालु छ। म कहाँ छु वा मेरो अनुहार कति ठूलो छ भनी उसले जान्दैन—के यो समुद्रजस्तै चौडा छ, वा हरिया चौरहरूजस्तै असीम छ? यी कुराहरू कसैले पनि जान्दैन। आज जब मानिसले बादलमा मेरो अनुहार देख्छ तब मात्र किम्बदन्तीको म वास्तविक हुँ भनी महसुस गर्छ, यसैले ऊ मप्रति केही बढी अनुकूल हुन थाल्छ, र मेरो कामका कारणले गर्दा मात्र मप्रतिको उसको प्रशंसा केही ठूलो हुन्छ। तर मानिसले अझै पनि मलाई चिन्दैन, र उसले बादलहरूमा मेरो एक भाग मात्र देख्छ। त्यसपछि म मेरा बाहुलीहरू बढाउँछु र ती मानिसहरूलाई देखाउँछु। मानिस छक्क पर्छ, र मेरो हातद्वारा प्रहार गरिएला भनी

गहन रूपमा डराउँदै उसको मुख छोप्छ, त्यसैले उसले आफ्नो प्रशंसामा थोरै श्रद्धा थप्छ। मानिसले मेरो चालमा ध्यान दिएर हेर्छ, किनभने उसले ध्यान दिएन भने ऊ मबाट प्रहार गरिनेछ भनी ऊ गम्भीर रूपमा डराएको हुन्छ—तर म मानिसले मलाई हेर्ने कुरामा मात्र सीमित छैन, र म मेरो हातमा भएको काम गरिरहन्छु। मैले गर्ने सबै कामहरूको कारणले मात्र मानिससँग मप्रति केही निगाह हुन्छ, र यसरी मसँग सम्बन्ध स्थापित गर्न बिस्तारै मतिर आउँछ। जब म मेरो पूर्णतामा मानिसकहाँ प्रकट हुन्छु मानिसले मेरो अनुहार देख्नेछ र त्यस बेलादेखि उसो म मानिसबाट म आफैलाई लुकाउने वा अस्पष्ट बनाउनेछैन। सारा ब्रह्माण्डमा म सबै मानिसहरूका सामु खुल्लमखुल्ला देखा पर्नेछु, अनि मासु र रगतका सबैले मेरा कामहरू देख्नेछन्। जो आत्माका हुन्, तिनीहरू सबै शान्तिसाथ मेरो परिवारमा बस्नेछन् र निश्चित रूपमा मसँग अद्‌भुत आशिषहरूको आनन्द लिनेछन्। ती सबै जसलाई म वास्ता गर्छु तिनीहरू दण्डबाट उम्कनेछन् र आत्माको पीडा र शरीरको वेदनाबाट बच्नेछन्। म सबै मानिसहरूको सामु खुल्लमखुल्ला देखा पर्नेछु अनि शासन गर्नेछु र शक्ति प्रयोग गर्नेछु, जसले गर्दा लासको दुर्गन्ध ब्रह्माण्डमा व्याप्त हुनेछैन, त्यसको साटो मेरा ताजा सुगन्ध सारा संसारमा फैलिनेछ, किनकि मेरो दिन नजिक आउँदैछ, मानिस ब्युँझिँदै छ, पृथ्वीमा सबै कुरा ठीक क्रममा छ, र पृथ्वीको बाँच्ने दिन अब छैन, किनकि म आइपुगेको छु!

अप्रिल ६, १९९२

## अध्याय ३०

मानिसको माझमा, मैले एक पल्ट मानिसको अनाज्ञाकारिता र कमजोरीको सारांश बताएँ, यसरी मैले मानिसको कमजोरी बुझेँ र उसको अनाज्ञाकारितालाई जानेँ। मानिसको माझमा पुग्नुभन्दा अघि, मैले मानिसका आनन्दहरू र दुःखलाई धेरै पहिलेदेखि नै बुझेको थिएँ—यसैकारणले गर्दा, म मानिसले गर्न नसक्ने कुरा गर्न सक्छु र मानिसले भन्न नसक्ने कुरा सजिलै भन्न सक्छु। के यो म र मानिस बीचको भिन्नता होइन र? र के यो स्पष्ट भिन्नता होइन? के मेरो काम मासु र रगतका मानिसहरूले हासिल गर्न सक्छन् होला? के म सृष्टि गरिएका प्राणीहरू जस्तै प्रकारको हुन सक्छु होला? मानिसहरूले मलाई "उही वर्ग" को श्रेणीमा राखेका छन्—र के यो उनीहरूले मलाई नचिनेका कारणले गर्दा होइन र? किन म मानिसहरूको बीचमा उचालिनुको सट्टा मैले आफूलाई नम्र बनाउनुपर्छ? किन मानवजातिले मलाई त्यागिरहन्छ, किन मानवजाति मेरो नाउँ घोषणा गर्नु असमर्थ छ? मेरो हृदयमा ठूलो दुःख छ, तर मानिसहरूले त्यो कसरी जान्न सक्छन्? उनीहरूले कसरी देख्न सक्छन्? मलाई चिन्तित बनाउने कुरालाई उनीहरूका जीवनको सबैभन्दा महत्त्वपूर्ण कुरा नठानेकोले मानिसहरू स्तब्ध र अलमल्ल परेका छन्, मानौं उनीहरूले भर्खरै निद्राको चक्की खाएका छन्; जब म उनीहरूलाई बोलाउँछु उनीहरू केवल सपना देखिरहन्छन्, त्यसैले मेरा कामहरूको बारेमा कसैलाई पनि थाहा छैन। आज, अधिकांश मानिसहरू अझै मस्त निद्रामा छन्। जब राज्यको स्तुतिगान गुन्जन्छ तब मात्र तिनीहरू आफ्ना निन्द्रालु आँखाहरू

खोल्छन् र आफ्ना हृदयमा केही उदासी महसुस गर्छन्। जब मेरो डन्डाले मानवजातिको माझमा प्रहार गर्छ, उनीहरू अझै पनि थोरै मात्र ध्यान दिन्छन्, मानौं उनीहरूको भाग्य समुद्रका बालुवाजस्तै मूल्यहीन छ। उनीहरूमध्ये धेरै जनामा केही जागरूकता भए पनि, मेरा पाइलाहरू कति टाढासम्म आइपुगेका छन् भनी उनीहरू जान्दैनन्–किनकि मानिसहरूले मेरो हृदयलाई बुझ्ने कुनै परवाह गर्दैनन्, त्यसैले उनीहरूले आफूलाई शैतानको दासत्वबाट कहिल्यै पनि छुटाउन सकेका छैनन्। म सबै थोकहरूभन्दा माथि जान्छु, र सबै थोकहरूको बीचमा जिउँछु, यसको साथै म सबै मानिसहरूको हृदयमा मुख्य स्थान लिन्छु। यसकारण, मानिसहरू मलाई भिन्न रूपमा हेर्छन्, म असाधारण छु, वा त म बुझ्न नसकिने छु भनी विश्‍वास गर्छन्–र परिणामस्वरूप, मप्रतिको उनीहरूको विश्‍वास दिन-प्रतिदिन झन् बलियो बन्छ। एक पटक म सबै मानिसहरूलाई र ब्रह्माण्डका थोकहरूलाई अवलोकन गर्दै तेस्रो स्वर्गमा ढल्किएँ। जब म सुत्छु, तब मेरो विश्राममा बाधा पुग्ला भनी धेरै डराएर मानिसहरू चुपचाप हुन्छन्। जब म बिउँझन्छु, उनीहरू तुरुन्तै जोसपूर्ण हुन्छन्, मानौं कि उनीहरूले मलाई स्पष्ट रूपमा खुसी पार्ने काम गरिरहेका छन्। के मप्रति पृथ्वीका मानिसहरूको आचरण यस्तै छैन र? आजका मानिसहरूमध्ये कसले स्वर्गमा र पृथ्वीमा भएको मलाई एउटै व्यक्तिको रूपमा हेर्छ? स्वर्गमा भएको मलाई कसले आदर गर्दैन? अनि पृथ्वीमा भएको मलाई कसले तुच्छ ठान्दैन? मानिसले किन सधैँ मलाई अलग गर्छन्? मानिसहरूमा मप्रति किन सधैँ दुई किसिमका फरक आचरण हुन्छ? के पृथ्वीका देहधारी परमेश्‍वर स्वर्गमा सबैमाथि हुकुम चलाउने परमेश्‍वर हुनुहुन्न र? के स्वर्गमा बस्ने म अहिले पृथ्वीमा छैनँ र? किन मानिसहरूले मलाई देख्छन्, तर मलाई चिन्दैनन्? स्वर्ग र पृथ्वीको बीचमा किन यति ठूलो दूरी छ? के यी कुराहरू मानिसद्वारा गहिरो जाँच गरिन योग्यका छैनन् र?

जब म मेरो काम गर्छु, र मैले बोलिरहेको समयमा मानिसहरू सधैँ यसमा "स्वाद" थप्न चाहन्छन्, मानौं उनीहरूको सुँघ्ने इन्द्रिय मेरोभन्दा तेज छ, मानौं उनीहरूले कडा स्वाद मन पराउँछन्, र मानौं मानिसलाई के चाहिन्छ त्यो मलाई थाहा छैन, र मेरो काममा "परिपूरण गर्न" का निम्ति मैले मानिसलाई "दुःख" दिनै पर्छ। म जानाजानी मानिसको सकारात्मकतालाई निरुत्साहित गर्दिनँ, तर मलाई चिन्ने कार्यको आधारमा तिनीहरूले आफैलाई शुद्ध पारून् भनेर आग्रह गर्दछु। तिनीहरूमा धेरै कुराको कमी भएको हुनाले, म के सुझाव दिन्छु भने, तिनीहरूले धेरै मेहनत गरून्, यसरी हृदयलाई सन्तुष्ट पार्नका निम्ति तिनीहरूका कमी-कमजोरीहरूलाई सन्तुलित बनाऊन्। मानिसहरूले एक पटक तिनीहरूको धारणामा मलाई चिनेका थिए, तैपनि यो कुरा थाहा नपाएर, तिनीहरूको कदर बालुवालाई सुनजस्तो ठानेझैं भएको थियो। जब मैले तिनीहरूलाई सम्झाएँ, तिनीहरूले केवल यसको भागलाई मात्र हटाए, तर गएको भागलाई चाँदी र सुनका चीजहरूले प्रतिस्थापन गर्नुको साटो, तिनीहरू अझै पनि आफ्नो हातमा बाँकी रहेको त्यो भागमा नै आनन्द लिइरहेका छन्–र यसको परिणामस्वरूप तिनीहरू मेरो सामु सधैँ नम्र र धैर्यवान् हुन्छन्; तिनीहरू मसँग मिलेर बस्न सक्दैनन्, किनकि तिनीहरूसँग धेरै धारणाहरू छन्। यसैकारण, मैले मानिससँग जे छ र मानिस जो हो ती सबै खोस्ने र टाढा फालिदिने विचार गरेको छु, यसैले कि सबै जना मेरो साथमा जिउन सकून् र फेरि मसँग टाढा नहोऊन्। किनकि मेरो कामको कारणले गर्दा मानिसले

मेरो इच्छा बुझ्दैन। कसै-कसैले म दोस्रो पटक मेरो काम समाप्त गर्नेछु र तिनीहरूलाई नरकमा फालिदिनेछु भनी विश्वास गर्छन्। कसै-कसैले म बोल्ने नयाँ तरिका अपनाउनेछ भनी विश्वास गर्छन् र तिनीहरूमध्ये धेरै जना डरले काम्छन्: म मेरो काम समाप्त गर्नेछु र तिनीहरूलाई घरको न घाटको बनाएर छोड्नेछु भनी गहिरो रूपमा डराउँछन्, र म फेरि तिनीहरूलाई त्याग्नेछु भनी साह्रै डराउँछन्। मानिसहरूले मेरो नयाँ कामलाई नाप्न सधैँ पुराना धारणाहरूको प्रयोग गर्छन्। मैले भनें, मानिसहरूले मेरो काम गर्ने तरिका कहिल्यै बुझेका थिएनन्—के यस पटक तिनीहरूले आफ्नै बारेमा राम्रो हिसाब दिन सक्छन्? के मानिसहरूको पुराना धारणाहरू मेरो काममा बाधा पुऱ्याउने हतियारहरू होइनन् र? जब म मानिसहरूसँग बोल्छु, तब मेरा नजरहरू तिनीहरूमा अडिनेछन् भन्ने अत्यन्तै डरको कारण तिनीहरू सधैँ मेरो नजरबाट तर्किन्छन्। यसैले, तिनीहरूले आफ्नो शिर झुकाउँछन्, मानौं मबाट तिनीहरूको निरीक्षण हुँदैछ—र के यो तिनीहरूका धारणाहरूको कारण भएको होइन? किन आजसम्म मैले आफूलाई नम्र तुल्याएको छु, तर पनि कसैले ध्यान दिएको छैन? के म मानिसको निम्ति झुक्नुपर्छ? म स्वर्गबाट पृथ्वीमा आएको हुँ, म उच्च स्थानबाट एउटा गुप्त स्थानमा ओर्लिएँ, र मानिसका बीचमा आएँ र मसँग भएका सबै कुरा र म को हुँ त्यो प्रकट गरें। मेरा वचनहरू साँचो र गम्भीर, धैर्यवान् र दयालु छन्—तर म को हुँ र मसँग के छ भन्ने कुरा कसले कहिले देखेको छ? के म अझै पनि मानिसदेखि लुकेको छु? मैले मानिसहरूसँग भेट्नु किन यति गाह्रो छ? के मानिसहरू आफ्नो काममा अत्यन्तै व्यस्त भएकाले गर्दा हो? के मैले मेरा कर्तव्यहरूलाई बेवास्ता गरिरहेकोले र मानिसहरू सबै सफलताको पछि लाग्न चाहेकाले गर्दा हो?

मानिसहरूको मनमा, परमेश्वर त परमेश्वर नै हुनुहुन्छ, जोसँग सजिलै संलग्न हुन सकिँदैन, जबकि मानिस भनेको मानिस नै हो, र सजिलै भ्रष्ट हुनु हुँदैन—तापनि मानिसहरूका कार्यहरूलाई मेरो सामु ल्याउन सकिँदैन। के मेरा मागहरू धेरै उच्च भएकोले हो? के मानिस धेरै कमजोर भएकोले गर्दा हो? मानिसहरू किन सधैँ मैले माग गरेका मापदण्डहरूलाई टाढाबाट हेर्छन्? के ती साँच्चै मानिसले प्राप्त गर्न नसक्ने छन्? मेरा मागहरूलाई मानिसहरूको "शरीरको अवस्था" को आधारमा गणना गरिन्छ, र त्यसैले मानिसको क्षमताभन्दा कहिल्यै बढेको छैन—तर पनि, मानिसहरू मैले माग गरेका मापदण्डहरू प्राप्त गर्न असमर्थ रहन्छन्। अनगिन्ती पटक म मानिसको माझमा त्यागिएको छु, असङ्ख्य पटक मानिसहरूले मलाई गिल्लाको नजरले हेरेका छन्, मानौं मेरो शरीर काँडाले ढाकिएको छ र म तिनीहरूका निम्ति घृणित छु, यसरी मानिसहरूले मलाई घृणा गर्छन्, र म मूल्यहीन छु भन्ने विश्वास गर्छन्। यसरी, मानिसले मलाई यता र उता धकेल्छ। अनगिन्ती पटक मानिसहरूले मलाई थोरै मूल्यमा घरमा ल्याएका छन्, र अनगिन्ती पटक तिनीहरूले मलाई उच्च मूल्यमा बेचेका छन्, यही कारणले गर्दा म आजको परिस्थितिमा आइपुगेको छु। मानौं, मानिसहरू अझै पनि मेरो लागि युक्तिहरू रच्दैछन्; अझै पनि तिनीहरूमध्ये धेरैले लाखौँ हजार डलर लाभ कमाउनका लागि मलाई बेच्न चाहन्छन्, किनकि मानिसले मलाई कहिल्यै कदर गरेको छैन। मानौं म मानिसहरूको बीचमा मध्यस्थ भएको छु, वा आणविक हतियार भएको छु, जसद्वारा तिनीहरू आपसमा लड्छन्, वा तिनीहरूको बीचमा हस्ताक्षर गरिएको सम्झौता हुँ—यसको फलस्वरूप, समग्रमा म मानिसको हृदयमा पूर्ण रूपमा मूल्यहीन हुन्छु, एक अनावश्यक घरेलु सामान बन्छु।

तर यसको कारण म मानिसलाई दोषी ठहराउँदिन; म मानिसलाई मुक्ति दिने कार्य गर्नुबाहेक अरू केही गर्दिनँ, र सधैँ मानिसप्रति दयालु भएको छु।

मानिसहरू मैले तिनीहरूलाई नरकमा फाल्दा म सहज महसुस गर्नेछु भन्ने विश्वास गर्छन्, मानौं नरकसित मैले विशेष सम्झौता गर्दैछु, र मानौं म एक प्रकारको विभाग हुँ जसको विशेषता मानिसहरूलाई बेच्नु हो, मानौं, म मानिसहरूलाई ठग्ने कार्यको विशेषज्ञ हुँ, र मैले तिनीहरूलाई आफ्नो हात पारेपछि तिनीहरूलाई म उच्च मूल्यमा बेच्नेछु। मानिसहरूका मुखले यो भन्दैन, तर तिनीहरूको हृदयमा तिनीहरू यस्तै विश्वास गर्छन्। तिनीहरू सबैले मलाई प्रेम गरे पनि गोप्य रूपमा प्रेम गर्छन्। के मैले तिनीहरूबाट पाएको यति थोरै प्रेमको बदलीमा यति ठूलो मूल्य तिरेको छु र यति धेरै योगदान दिएको छु? मानिसहरू छली छन्, र म सधैँ ठगिएको व्यक्तिको भूमिका खेल्छु। मानौं, म अति नै सोझो छु: तिनीहरूले यो कमजोरीको विन्दु देखेपछि मलाई धोका दिइरहन्छन्। मेरो मुखबाट निस्कने वचनहरूको उद्देश्य मानिसलाई मार्नु वा निरुद्देश्य तिनीहरूलाई कुनै पदवी नाम दिनु होइन–ती त मानिसका वास्तविकता हुन्। हुन सक्छ, मेरा केही वचनहरू “अति हदसम्म जान्छन्,” जुन अवस्थामा म केवल मानिसहरूको क्षमाका लागि “बिन्ती” मात्र गर्न सक्छु; म मानिसको भाषामा “निपुण” नभएकोले, मैले भन्ने धेरै कुराहरूले मानिसहरूका मागहरू पूरा गर्न सक्दैनन्। सायद मेरा केही वचनहरूले मानिसहरूको हृदय छेड्छन्, त्यसैले म तिनीहरू सहनशील बनून् भनी “बिन्ती” मात्र गर्न सक्छु; म मानिसको जीवन दर्शनमा निपुण छैनँ र बोल्ने तरिकाको बारेमा विशेष पनि छैनँ, त्यसैले मेरा धेरैजसो वचनले मानिसहरूलाई लाजमा पार्छ। सायद मेरा केही वचनहरू मानिसहरूको बिमारीपनको जडसम्म पुग्छ र तिनीहरूको बिमारीपन प्रकट गर्दछ, त्यसैले म तँलाई मैले तेरो निम्ति तयार पारेको केही औषधीहरू लिने सल्लाह दिन्छु, किनकि तँलाई चोट पार्ने मेरो कुनै उद्देश्य छैन र यो औषधीको कुनै अरू प्रतिकूल असर हुँदैन। सायद मेरा केही वचनहरू “वास्तविक” सुनिँदैनन् होला, तर म मानिसहरूलाई नआत्तिओ भनी “निवेदन” गर्दछु–मेरो हात र खुट्टा “फुर्तिला” छैनन्, त्यसैले मेरा वचनहरूलाई पूरा गर्नु अझै बाँकी छ। म मानिसहरूलाई मप्रति “सहनशील” हुन बिन्ती गर्छु। के यी वचनहरूले मानिसलाई सहायता गर्छन्? मलाई आशा छ, कि मानिसहरूले यी वचनहरूबाट केही हासिल गर्न सक्छन्, यसैले कि मेरा वचनहरू सधैँ व्यर्थ नहोऊन्!

अप्रिल ९, १९९२

## अध्याय ३१

मैले मानिसहरूका हृदयमा कहिल्यै स्थान पाएको छैन। जब म साँच्चै मानिसहरूलाई खोज्छु, तिनीहरूले आफ्ना आँखाहरू चिम्म गरी बन्द गर्छन् र मेरा कार्यहरूलाई बेवास्ता गर्छन्, मानौं, मैले गर्ने सबै काम तिनीहरूलाई खुसी पार्ने कोसिस हो, जसको फलस्वरूप मेरो कामहरूद्वारा तिनीहरूमा सधैँ घृणा उत्पन्न हुन्छ। यस्तो लाग्छ, कि ममा कुनै आत्म-जागरूकता छैन, मानौं म सधैँ मानिसको सामु आफ्नो फुर्ती देखाइरहेको छु, त्यसो गरेर तिनीहरूलाई रिस उठाउँदैछु, जो

"इमानदार र धर्मी" छन्। तापनि म त्यस्ता प्रतिकूल परिस्थितिहरूमा पनि सहन्छु, र म आफ्नो काम जारी राख्छु। यसैले, म भन्छु कि मैले मानव अनुभवको मीठो, अमिलो, तीतो र चर्को स्वादहरू चाखेको छु, र म बतासमा आउँछु र वर्षासँगै जान्छु; म भन्छु, कि मैले परिवारको सतावट भोगेको छु, जीवनका उतारचढाउ अनुभव गरेको छु, र शरीरबाट अलग हुनुको पीडा पनि अनुभव गरेको छु। तापनि, जब म पृथ्वीमा आएँ, मैले तिनीहरूका लागि भोगेको कष्टको कारण मलाई स्वागत गर्नुको सट्टा मानिसहरूले "विनम्रतासाथ" मेरा असल अभिप्रायहरूलाई अस्वीकार गरे। म कसरी यसबाट पीडित हुन सक्दिनँ? म कसरी दु:खी हुन सक्दिनँ? के म यो यस्तै प्रकारले अन्त्य होस् भनेर मात्रै म देह बनेको हुँ? मानिसले मलाई किन प्रेम गर्दैनन्? किन मेरो प्रेमको बदलीमा मानिसको घृणा दिइएको छ? के मैले यस्तै प्रकारले दु:ख भोग्नु पर्छ भन्ने हुनसक्छ? पृथ्वीमा मेरो कठिनाइको कारण मानिसहरूले सहानुभूतिका आँसु बगाएका छन् र मानिसहरूले मेरो दुर्भाग्यको अन्यायको विरोध गरेका छन्। तापनि कसले मेरो हृदयलाई साँच्चै जानेको छ? कसले मेरा भावनाहरूलाई बुझ्न सक्छ? कुनै बेला मानिसमा मप्रति गहिरो स्नेह थियो र कुनै बेला उसले आफ्ना सपनाहरूमा बारम्बार मेरो चाहना गर्थ्यो–तर पृथ्वीका मानिसहरूले स्वर्गको मेरो इच्छालाई कसरी बुझ्न सक्थे र? मानिसहरूले कुनै बेला मेरो पीडाको भावना महसुस गरेका भए पनि, मसँगै कष्ट भोग्ने व्यक्तिहरूको रूपमा मेरा कष्टहरूप्रति कहिल्यै कसैले सहानुभूति दिएको छ? के पृथ्वीका मानिसहरूको विवेकले मेरो दु:खी हृदयलाई उत्प्रेरित गर्न र परिवर्तन गर्न सक्छ? के पृथ्वीका मानिसहरू आफ्ना हृदयभित्रका अव्यक्त कठिनाइ मलाई बताउन असमर्थ छन्? आत्माहरू र पवित्र आत्मा एक-अर्कामा निर्भर छन्, तर देहका बाधाहरूका कारण मानिसको दिमागले "नियन्त्रण गुमाएको" छ। मैले एक पटक मानिसहरूलाई मेरो सामु आउन स्मरण गराएँ, तर मेरा बोलावटहरूले मानिसहरूलाई मैले भनेको कुरा पूरा गर्ने बनाएन; तिनीहरू केवल आँसुले भरिएका आँखाहरूले आकाशमा हेरे मानौं तिनीहरूले अवर्णनीय कठिनाइ भोगिरहेका छन्, मानौं तिनीहरूको बाटोमा केही उभिरहेको छ। यसैले तिनीहरूले आफ्ना हातहरू समाते र स्वर्गमुनि मसँग प्रार्थना गर्दै निहुरिए। म कृपालु भएकोले, म मानिसहरूको माझमा मेरा आशिषहरू दिन्छु, र आँखाको एक झिमिकमा, मानिसको माझमा मेरो व्यक्तिगत आगमनको क्षण आउँछ–तैपनि मानिसले स्वर्गसँग गरेको आफ्नो शपथ लामो समयदेखि भुलेको छ। के मानिसको अनाज्ञाकारिता यही नै होइन र? किन मानिस सधैँ "बिर्सने रोग" बाट ग्रस्त हुन्छ? के मैले उसलाई छुरी हानेको छु? के मैले उसको शरीरमा प्रहार गरेर उसलाई ढालेको छु? म मानिसलाई मेरो हृदयभित्रका भावनाहरू बताउँछु; किन ऊ सधैँ मबाट टाढा हुन्छ? यस्तो लाग्छ, कि मानिसहरूले तिनीहरूका स्मरणशक्तिहरूमा केही कुरा गुमाएका छन् र त्यसलाई कहीँ पनि भेट्टाइँदैन, तर यो यस्तो पनि छ मानौं तिनीहरूका स्मरणहरू गलत छन्। यसैले गर्दा, मानिसहरूले आफ्नो जीवनमा सधैँ बिर्सने बानीको समस्या भोग्छन्, र सारा मानवजातिको जीवनका दिनहरू लथालिङ्ग छन्। तैपनि यसको समाधान गर्न कसैले केही पनि गर्दैन; मानिसहरू एकले अर्कोलाई कुल्चनु र हत्या गर्नुबाहेक अरू केही गर्दैनन्, जसले गर्दा आज विनाशकारी हार भएको छ र ब्रह्माण्डमा भएका सबै थोकहरूलाई फोहोर पानी र दलदलमा डुबाएको छ, जहाँ मुक्तिको कुनै मौका छैन।

जब म सबै मानिसहरूको माझमा आइपुगेँ, त्यो त्यही क्षण थियो जब मानिसहरू मप्रति बफादार भएका थिए। यस पटक, ठूलो रातो अजिङ्गरले पनि त्यसका हत्या गर्ने हातहरू मानिसहरूमाथि राख्न थालेको छ। मैले "निमन्त्रणा" स्वीकार गरें, अनि मानवजातिले मलाई दिएको "निमन्त्रणा पत्र" बोकेर म मानिसको माझमा "भोजको टेबलमा" बस्न आएँ। जब मानिसहरूले मलाई देखे, तिनीहरूले मलाई कुनै ध्यान दिएनन्, किनकि मैले आफैलाई भव्य वस्त्रहरूले सिँगारेको थिइनँ र मानिससँग टेबलमा बस्नका लागि मेरो "परिचय-पत्र" मात्र ल्याएको थिएँ। मेरो अनुहारमा कुनै महँगो श्रृंगार थिएन, मेरो शिरमा कुनै मुकुट थिएन, र मैले आफ्नो खुट्टामा घरमा बनाइएको साधारण जुत्ता लगाएको थिएँ। मेरो मुखमा लिपस्टिक नभएको कुराले मानिसहरूलाई सबैभन्दा व्याकुल बनायो। यसबाहेक, मैले विनम्र शब्दहरू बोलिनँ, र मेरो जिब्रो तत्पर लेखकको कलम थिएन; यसको सट्टामा, मेरो प्रत्येक शब्दले मानिसको भित्री हृदयलाई छेड्यो, जसले मेरो मुख सम्बन्धी मानिसहरूको "अनुकूल" छविलाई थप प्रभाव थपेको छ। माथि भनिएको स्वरूप नै मानिसहरूले मसँग "विशेष व्यवहार" गर्नका लागि पर्याप्त थियो, यसैले तिनीहरूले मसँग संसारको कुनै ज्ञान नभएको, र कुनै बुद्धि नभएको साधारण गाउँको पाखे व्यक्तिको रूपमा व्यवहार गरे। तापनि जब सबैलाई "पैसाका उपहारहरू" हस्तान्तरण गरियो, त्यस बेला पनि मानिसहरूले मलाई प्रतिष्ठित ठानेनन्, तर कुनै सम्मानविना, तिनीहरूका कुर्कुच्चो घिसार्दै र झनक्क रिसाउँदै मेरो सामु आए। जब मेरो हात अगि बढ्यो, तिनीहरू तुरुन्तै चकित भए, र तिनीहरूले घुँडा टेके, र ठूलो आवाज निकालेर कराए। तिनीहरूले मेरा सबै "पैसाका उपहारहरू" सङ्कलन गरे। रकम ठूलो भएकोले, तिनीहरूले तुरुन्त मलाई एक करोडपति ठाने र मेरो सहमतिविना नै मेरो शरीरबाट फाटेका कपडाहरू च्याते, र तिनका सट्टामा नयाँ कपडाहरू लगाइदिए—तैपनि यसले मलाई खुसी बनाएन। म त्यस्तो सहज जीवनसित अभ्यस्त नभएकोले र मैले यो "प्रथम श्रेणी" को व्यवहारलाई तुच्छ ठानेकोले, म पवित्र घरमा जन्मेकोले, अनि, यो भन्न सकिन्छ, कि मेरो जन्म "गरिबी" मा भएकोले, मलाई सेवकहरूसहितको विलासिताको जीवनमा जिउने बानी परेको थिएन। म यति मात्र चाहन्छु कि मानिसहरूले मेरो हृदयका भावनाहरू बुझ्न सकून्, मेरो मुखबाट निस्कने असजिला सत्यताहरूलाई स्वीकार गर्न तिनीहरूले थोरै कठिनाइहरू सहन सकून्। मैले कहिल्यै पनि सिद्धान्तको कुरा गर्न नसकेकोले, समाजमा मानिससित संलग्न हुनका लागि आफैलाई संचालन गर्ने गोप्य तरिकाहरू प्रयोग गर्न पनि सक्षम नभएकोले, अनि मैले मानिसहरूको अनुहार वा तिनीहरूका मनोविज्ञानअनुसार मेरा कुराहरू अनुकूल बनाउन नसक्ने भएकोले, मानिसहरूले सधैँ मलाई घृणा गरेका छन्, म अन्तरक्रिया गर्न अयोग्य छु भनी विश्वास गरेका छन्, र मसँग धारिलो जिब्रो छ र म सधैँ मानिसहरूलाई चोट पुर्‍याउँछु भनेका छन्। तापनि, मसँग कुनै विकल्प छैन: मैले एक पटक मानिसको मनोविज्ञान "अध्ययन" गरें, एकचोटि मैले मानिसको जीवन दर्शनको "अनुकरण गरें", र एकचोटि मानिसको भाषा सिक्न "भाषाको कलेज" मा गएँ, यसैले कि म मानिसहरू जसरी बातचित गर्छन् त्यसमा म निपुण हुन सकूँ, अनि तिनीहरूको अनुहार सुहाउँदो बोल्नु सकूँ—तर मैले धेरै मेहनत गरे पनि, र धेरै "विशेषज्ञहरू" लाई भेटे पनि, त्यो सब व्यर्थ भए। ममा कहिल्यै मानवताको केही कुरा रहेको छैन। यी सबै वर्षहरूमा, मेरा सारा प्रयासहरूले अलिकति

पनि प्रभाव उत्पन्न गरेको छैन, र मैले मानिसको भाषामा कहिल्यै थोरै पनि क्षमता प्राप्त गरेको छैनँ। यसैले "कडा परिश्रमले फल ल्याउँछ" भन्ने मानिसको कुरा मबाट "फर्किएको" छ, फलस्वरूप यी पृथ्वीमा यी शब्दहरू समाप्त हुन्छन्। मानिसहरूले थाहै नपाई, त्यस्ता उक्तिहरू समर्थन गर्न नसकिने छन् भनेर पर्याप्त रूपमा प्रमाणित गरी त्यसलाई परमेश्वरले स्वर्गबाट अस्वीकार गर्नुभएको छ। यसैले म मानिससँग क्षमा माग्छु, तर गर्न बाँकी रहेको केही छैन—कसले मलाई यति "मूर्ख" बनायो? म मानिसको भाषा सिक्न, जीवन दर्शनमा दक्ष हुन, मानिसहरूसित घुलमेल गर्न असमर्थ छु। म मानिसहरूलाई केवल धैर्यवान् हुने, तिनीहरूका हृदयको क्रोधलाई दबाउने, मेरो कारण तिनीहरू आफैलाई चोट नपुर्‍याउने सल्लाह मात्र दिन्छु। कसले हामीलाई एकअर्कासँग अन्तरक्रिया गर्ने बनायो? कसले हामीलाई यस क्षणमा भेट्ने बनायो? कसले हामीलाई उस्तै आदर्शहरू बाँड्ने बनायो?

मेरो स्वभाव मेरा सबै वचनहरूमा व्याप्त छ, तापनि मानिसहरू मेरा वचनहरूमा त्यसलाई बुझ्न असमर्थ छन्। मैले भनेका कुरालाई तिनीहरूले नचाहिँदो छानबिन मात्र गर्छन्—त्यसो गर्नुको के काम? के मेरो बारेमा तिनीहरूको धारणाले तिनीहरूलाई सिद्ध बनाउँछ? के पृथ्वीमा भएका थोकहरूले मेरो इच्छालाई पूरा गर्न सक्छन्? म मानिसहरूलाई मेरा वचनहरू कसरी बोल्ने सो सिकाउने कोसिस गरिरहन्छु, तर यस्तो लाग्छ, कि मानिस बोल्न सक्दैन, र ऊ कहिल्यै पनि मैले चाहेको जस्तो प्रकारले मेरा वचनहरू बोल्न सक्ने भएको छैन। मैले उसलाई आमने-सामने सिकाएँ, तापनि उसले कहिल्यै सिक्न सकेको छैन। त्यसपछि मात्र मैले नयाँ कुरा पत्ता लगाएँ: पृथ्वीका मानिसहरूले कसरी स्वर्गका वचनहरू बोल्न सक्थे? के यसले प्रकृतिको नियम उल्लङ्घन गर्दैन र? तर, मप्रति मानिसहरूको जोस र जिज्ञासाको कारण, मैले मानिसमा कामको अर्को भाग सुरु गरें। मैले मानिसलाई उसका अभावहरूको कारण कहिल्यै लज्जित तुल्याएको छैनँ, बरु उसको अभावको आधारमा उसको निम्ति प्रबन्ध गरेको छु। यसले गर्दा मात्र मानिसहरूमा मेरो केही अनुकूल प्रभाव छ, र म यो मौकालाई एकचोटि फेरि मानिसहरूलाई भेला गर्नका निम्ति प्रयोग गर्दछु, यसैले कि तिनीहरूले मेरो सम्पत्तिहरूको अर्को भाग उपभोग गर्न सकून्। यस क्षणमा, मानिसहरू आकाशमा रङ्गीबिरङ्गी बादलहरूमा बग्दै फेरि एकचोटि खुसी, प्रसन्नता र हाँसोमा डुब्छन्। म मानिसको हृदय खोल्छु, र मानिसले तुरुन्तै नयाँ शक्ति पाउँछ, र ऊ मबाट फेरि-फेरि लुक्न चाहँदैन, किनकि उसले महको मीठो स्वाद चाखेको छ, र त्यसैले उसले साट्नका लागि आफ्नो सबै मूल्यहीन वस्तुहरू बाहिर निकाल्छ—मानौं, म फोहोर संग्रह गर्ने स्थान वा फोहोर फाल्ने ठाउँ बनेको छु। यसैले, टाँसिएको "विज्ञापनहरू" देखेपछि, मानिसहरू मेरो सामु आउँछन् र उत्सुकतासाथ भाग लिन्छन्, किनकि तिनीहरूले केही "निशानीहरू" प्राप्त गर्न सकिन्छ कि भनी सोचेका हुन्छन्, त्यसैले मैले सुरु गरेका कार्यक्रमहरूमा भाग लिन तिनीहरू सबैले मलाई "पत्रहरू" पठाउँछन्। यस समयमा तिनीहरू घाटा होला कि भनी डराउँदैनन्, किनकि यी गतिविधिहरूमा संलग्न "पूँजी" ठूलो छैन, त्यसकारण तिनीहरूले सहभागी हुने जोखिम उठाउने हिम्मत गर्छन्। यदि सहभागी हुँदा निशानीहरू प्राप्त नहुने भए मानिसहरू मैदान छोडेर जानेथिए र तिनीहरूको पैसा फिर्ता माग्नेथिए, र तिनीहरू मैले तिनीहरूलाई तिर्नुपर्ने "ब्याज" को पनि हिसाब गर्छन्।

आजको जीवनस्तर वृद्धि भएकोले “समृद्धिको सामान्य स्तर” मा पुग्नको लागि, र “आधुनिकीकरण” प्राप्त गर्नको लागि, ग्रामीण क्षेत्रमा काम मिलाउन “वरिष्ठ अधिकारी” सँग व्यक्तिगत रूपमा जाने कार्यले गर्दा, मानिसहरूको विश्वास तुरुन्त धेरै गुणा बढेको छ–र तिनीहरूको “शारीरिक क्षमता” झन्-झन् राम्रो हुँदै गइरहेकोले तिनीहरूले मलाई आदरका साथ हेर्छन्, र मेरो विश्वास प्राप्त गर्न मसँग संलग्न हुन इच्छुक हुन्छन्।

अप्रिल ११, १९९२

# अध्याय ३२

जब मानिसहरू मसँग भेला हुन्छन्, मेरो हृदय आनन्दले भरिन्छ। तुरुन्तै, म मेरो हातका आशिषहरू मानिसको बीचमा वर्षाउँछु, यसैले कि मानिसहरू मसँग भेला हुन सकून्, र मेरो आज्ञा नमान्ने शत्रु नहोऊन् तर मसँग मिलेर बस्ने मित्रहरू बनून्। यसैले, म मानिसहरूसँग हार्दिक व्यवहार पनि गर्छु। मेरो काममा मानिसलाई उच्च-स्तरीय संगठनको सदस्यको रूपमा हेरिन्छ, त्यसैले म उसलाई धेरै ध्यान दिन्छु, किनकि ऊ सधैँ मेरो कामको पात्र भएको छ। मैले मानिसका हृदयमा मेरो स्थान बनाएको छु, यसैले कि तिनीहरूको हृदयले मलाई आदर गर्न सकून्–तापनि म किन त्यसो गर्छु भन्ने बारेमा तिनीहरू पूर्ण रूपमा अनभिज्ञ छन्, र तिनीहरूले पर्खने बाहेक अरू केही पनि गर्दैनन्। मैले मानिसहरूको हृदयमा एउटा स्थान बनाएको भए पनि, तिनीहरूले म त्यहाँ बसेको चाहँदैनन्। यसको सट्टामा, तिनीहरू आफ्नो हृदयमा “पवित्र जन” अचानक आउनुभएको होस् भनी प्रतीक्षा गर्छन्। मेरो पहिचान अति “निम्न” भएकोले, म मानिसहरूका मागहरूसँग मेल खाँदिनँ, त्यसैले मलाई तिनीहरूले बाहिर फालिदिन्छन्। तिनीहरूले चाहेका कुरा भनेको त्यो उच्च र शक्तिशाली “म” हो, तर जब म आएँ म मानिसकहाँ त्यसरी देखा परिनँ, त्यसैले तिनीहरूले आफ्नो हृदयमा आउने व्यक्तिलाई पर्खँदै टाढा-टाढा नजर लगाइरहे। जब म मानिसहरूको सामु आएँ, तब तिनीहरूले मलाई भीडहरूको सामु इन्कार गरे। म मानिसद्वारा “निराकरण हुन” का निम्ति पर्खँदै र मानिसहरूले म, यो न्यून “उपज” लाई आखिरमा कस्तो व्यवहार गर्लान् भनी हेर्दै एक छेउमा उभिन मात्र सकेँ। म मानिसहरूका दागहरूलाई हेर्दिनँ, तर तिनीहरूका दाग नलागेका भागहरूलाई हेर्छु, र त्यसबाट म सन्तुष्टि पाउँछु। मानिसहरूका नजरमा, म आकाशबाट झरेको एउटा “सानो तारा” मात्र हुँ; स्वर्गमा म अति तुच्छ मात्र हुँ, र आज पृथ्वीमा भएको मेरो आगमनको आदेश परमेश्वरले दिनुभएको थियो। फलस्वरूप, मानिसहरूले “म” र “परमेश्वर” शब्दहरूका धेरै वटा व्याख्याहरू गरेका छन्, यस क्रममा परमेश्वर र मलाई एउटै र उस्तै ठान्न अत्यन्तै डराउँछन्। मेरो स्वरूपमा परमेश्वरको कुनै पनि रूपरङ्ग नभएकोले मानिसहरू म त्यो सेवक हुँ जो परमेश्वरको परिवारको होइन भनी विश्वास गर्छन्, अनि तिनीहरू यो परमेश्वरको स्वरूप होइन भनी भन्छन्। सायद केही व्यक्तिहरू छन् जसले परमेश्वरलाई देखेका छन्–तर पृथ्वीमा मेरो अन्तर्ज्ञानको कमी भएकोले, परमेश्वर मकहाँ कहिल्यै पनि “देखा पर्नु” भएको छैन। सायद मसँग “विश्वास” थोरै छ, त्यसकारण मानिसहरूले मलाई निम्न व्यक्तिको रूपमा हेर्छन्। मानिसहरूले के सोच्छन् भने, यदि

कुनै व्यक्ति साँच्चै परमेश्‍वर हुन् भने, ऊ निश्‍चय मानिसको भाषामा दक्ष हुनेछ, किनकि परमेश्‍वर सृष्टिकर्ता हुनुहुन्छ। तर तथ्यहरू ठीक विपरीत छन्: म मानिसको भाषामा विशेषज्ञ नरहेको मात्र होइन, तर कहिलेकहीँ म मानिसका "कमीहरू" का लागि "प्रबन्ध" पनि गर्न सक्दिनँ। फलस्वरूप, मलाई थोरै "ग्लानि" महसुस हुन्छ, किनकि म मानिसहरूले "माग" गरेअनुसार कार्य गर्दिनँ, तर सामग्रीहरू तयार गरेर तिनीहरूको "अभाव" अनुसार काम मात्रै गर्दछु। मैले मानिससँग गरेको माग कुनै पनि प्रकारले ठूलो छैन, तापनि मानिसहरूले यस्तो होइन भनी विश्‍वास गर्छन्। त्यसैले तिनीहरूको "नम्रता" तिनीहरूको हरेक चालमा प्रकट हुन्छ। तिनीहरू सधैँ मेरो अगाडि हिँड्न, मेरो लागि बाटोमा अगुवाइ गर्न तयार हुन्छन्, किनभने तिनीहरू म हराउनेछु भन्‍ने डरले भुतुक्क भएका हुन्छन्, म पहाडहरू भित्रको प्राचीन जङ्गलहरूमा भौंतारिनेछु भनी त्रासित भएका हुन्छन्। फलस्वरूप, म कालकोठरीमा पस्नेछु भनी अति डराउँदै मानिसहरूले मलाई सधैँ अगाडि बढाउँछन्। मसँग मानिसहरूको विश्‍वासको बारेमा केही "सकरात्मक दृष्टिकोण" छ, किनकि तिनीहरूले मेरो लागि भोजन वा निद्राको बारेमा नसोची "मेहनत" गरेका छन्, यहाँसम्म कि, मेरो लागि तिनीहरूले गरेका श्रमहरूले तिनीहरूलाई दिन र रात सुत्‍न दिएको छैन र कपाल सेतो बनेको छ—तिनीहरूको विश्‍वास ब्रह्माण्डलाई "उछिनेको" छ र युगौंयुगका प्रेरितहरू र अगमवक्ताहरूलाई "उछिनेको" छ भनेर देखाउन यो नै पर्याप्त छ।

म मानिसहरूको महान् सीपको कारण हर्षसाथ ताली बजाउँदिनँ, न त तिनीहरूको कमीहरूको कारण म तिनीहरूलाई कठोर बनेर नै हेर्छु। म त्यो मात्र गर्छु जुन मेरा हातहरूमा छ। म कसैलाई विशेष व्यवहार गर्दिनँ, तर मेरो योजनाअनुसार काम मात्र गर्छु। तापनि मानिसहरू मेरो इच्छाप्रति अनजान छन् र मबाट आउने कुराहरूका लागि प्रार्थना गरिरहन्छन्, मानौं मैले तिनीहरूलाई दिएका धन-सम्पत्तिहरूले तिनीहरूको आवश्यकताहरूलाई पूरा गर्न सक्दैनन्, मानौं मागले आपूर्तिलाई उछिनेको छ। तर आजको युगमा, मानिसहरू सबैले "मुद्रास्फीति" भइरहेको छ भन्‍ने महसुस गर्छन्—फलस्वरूप, तिनीहरूका हातहरू मैले तिनीहरूलाई उपभोग गर्न दिएका कुराहरूले भरिएका छन्। यसैकारणले गर्दा नै तिनीहरू मदेखि थकित हुन्छन्, त्यसैले तिनीहरूको जीवन अराजकताले भरिन्छ र तिनीहरूले के खानु हुन्छ र के खानु हुँदैन भन्‍ने सम्बन्धमा अनभिज्ञ हुन्छन्। कसै-कसैले त मैले तिनीहरूलाई उपभोग गर्न दिएका कुराहरूलाई नजिकबाट हेर्दै लुछेर लिन्छन्। मानिसहरूले अनिकाल भोग्ने गरेका हुनाले, र तिनीहरूले आजको आनन्द हात पार्नु सजिलो नभएको हुनाले, तिनीहरू सबै "निरन्तर कृतज्ञ" छन्, र मप्रतिको तिनीहरूको आचरणमा केही परिवर्तन आएको छ। तिनीहरू मेरो सामु पुकारा गरिरहन्छन्; मैले तिनीहरूलाई धेरै कुरा दिएको हुनाले, तिनीहरू मेरो हात समातेर "कृतज्ञताका आवाजहरू" निकालिरहन्छन्। म ब्रह्माण्डभन्दा माथि हिँड्डुल गर्छु, र म हिँड्दा सम्पूर्ण ब्रह्माण्डका मानिसहरूलाई अवलोकन गर्छु। पृथ्वीमा मानिसहरूका भीडहरूको माझमा, कहिल्यै मेरो कामको लागि योग्य वा मलाई साँचो रूपले प्रेम गर्ने कोही आएको छैन। त्यसैले, यस क्षणमा म निराशामा सुस्केरा हाल्छु, र मैले "तिनीहरू सबैलाई एउटै जालमा समात्‍ने" छु भनी साह्रै डराएर मानिसहरू फेरि कहिल्यै भेला नहुने गरी तुरुन्तै छरपष्ट हुन्छन्। म यो मौकालाई मानिसकहाँ आउन, मेरो काम गर्नका निम्ति प्रयोग गर्दछु—जुन काम उपयुक्त छ—यी

छरपष्ट भएका यी मानिसहरूबाट तिनीहरूलाई अर्थात्, जोभित्र काम गर्न मेरो निम्ति उपयुक्त हुन्छ तिनीहरूलाई चुन्छु। म मानिसहरूलाई कहिल्यै उम्कन नसक्ने गरी मेरो सजायको बीचमा "नजरबन्द" गरेर राख्न चाहन्नँ। म केवल त्यो काम गर्छु जुन मैले गर्नैपर्छ। म मानिसको "सहायता" माग्न आएको छु; मेरो व्यवस्थापनमा मानिसको कार्यहरूको अभाव भएकोले, मेरो काम सफलतासाथ पूरा गर्नु सम्भव छैन, त्यसले मेरो कार्यलाई प्रभावकारी ढङ्गमा अगाडि बढ्नबाट रोक्दछ। मलाई के मात्रै आशा छ भने, मानिसहरूमा मसँग सहकार्य गर्ने दृढ सङ्कल्प होस्। म तिनीहरूले मेरो निम्ति राम्रा भोजन पकाऊन्, वा तिनीहरूले कतै मेरो शिर अडाउने राम्रो ठाउँको व्यवस्था गरून्, वा तिनीहरूले मेरो लागि राम्रा लुगाहरू बनाऊन् भनी भन्दिनँ–यी थोकहरूको म अलिकति पनि परवाह गर्दिनँ। जब मानिसहरूले मेरो इच्छालाई बुझेर मेरो छेउमा रहेर मसँगै अगाडि बढ्न सक्छन्, तब म मेरो हृदयमा सन्तुष्ट हुनेछु।

पृथ्वीमा कसले मलाई कहिल्यै आफ्नो हृदयले ग्रहण गरेको छ? कसले मलाई कहिल्यै आफ्नो हृदयले प्रेम गरेको छ? मानिसहरूको प्रेम सधैँ पातलो हुन्छ; मलाई पनि थाहा छैन कि किन तिनीहरूको प्रेम सुक्दैन र पातलोपनबाट विशुद्ध हुन सक्दैन। यसैले, मानिसभित्र धेरै "रहस्यहरू" पनि रहेका छन्। सृष्टि गरिएका प्राणीहरूमध्ये मानिसलाई "चमत्कारी" र "बुझ्न नसकिने" प्राणीको रूपमा हेरिएको छ, त्यसैले मेरो सामु उसका "योग्यताहरू" छन्, मानौं ऊ हैसियतमा म समान छ– तर उसले आफ्नो यो "हैसियत" को विषयमा केही पनि अनौठो कुरा देख्दैन। यसमा, म मानिसहरूलाई यो स्थानमा खडा हुन र त्यसको आनन्द लिन दिँदिनँ भन्ने होइन, तर म चाहन्छु, कि तिनीहरूमा मर्यादाको बोध होस्, तिनीहरूले आफैलाई अति नै उच्च नठानून्; स्वर्ग र पृथ्वीबीच दूरी छ, परमेश्‍वर र मानिसको बीचको दूरीको त कुरै नगरौं। के परमेश्‍वर र मानिस बीचको दूरी अझ ठूलो छैन र? पृथ्वीमा, मानिस र म "एउटै डुङ्गामा" छौं, र हामी "आँधीबेहरीमा सँगै बचेर निस्कन्छौं।" मेरो पहिचानले मलाई मानव संसारको कठिनाइ अनुभव गर्नुबाट छुट् दिँदैन, र यसै कारणले गर्दा म आजको परिस्थितिमा परेको छु। पृथ्वीमा मैले शान्तिपूर्वक बस्ने ठाउँ कहिल्यै पाइनँ, त्यसैले मानिसहरू भन्छन्, "मानिसको पुत्रले कहिल्यै आफ्नो शिर अडाउने ठाउँ पाउनुभएन।" फलस्वरूप, मानिसहरू मेरो लागि करुणाको आँसु खसाल्दै रोएका पनि छन् र मेरो लागि "राहत कोष" मा केही दर्जन युआन छुट्ट्याएका छन्। यसकारणले गर्दा मात्र मसँग विश्राम गर्ने ठाउँ छ; यदि मानिसहरूको "सहायता" नपाएको भए म कहाँ पुग्नुपर्नेथियो भनी कसले जान्दछ!

जब मेरो काम समाप्त हुन्छ, म मानिसबाट यो "आर्थिक राहत" खोज्नेछैनँ; यसको सट्टामा, म मेरो अन्तर्निहित काम गर्नेछु, र मानिसहरूको आनन्दको लागि "मेरो घरका सबै थोकहरू" म तल ल्याउनेछु। आज, मेरो परीक्षाको बीचमा सबै जना जाँचिएका छन्। जब मेरो हात औपचारिक रूपले मानिसमाथि आउँछ, त्यसबेला मानिसहरूले मलाई प्रशंसाको आँखाले हेर्न छोड्नेछन्, तर मसँग घृणाको व्यवहार गर्नेछन्, र यस बेला एउटा नमुना देखाउनका निम्ति म तिनीहरूका हृदय काटेर तुरुन्तै नाश पार्नेछु। म मानिसको हृदयलाई "सुक्ष्मदर्शक यन्त्र" को मुनि राखेर जाँच्छु–त्यहाँ मेरो लागि साँचो प्रेम छैन। वर्षौंदेखि, मानिसहरूले मलाई धोका दिइरहेका छन् र मलाई मूर्ख बनाइरहेका छन्–तिनीहरूको मुटुको दाहिने भाग र देब्रेतिरको खाली भाग दुवैमा मप्रतिको घृणाको

विष रहेछ। यसैले तिनीहरूप्रति ममा यस्तो आचरण हुनु कुनै अचम्मको कुरा होइन। तापनि, तिनीहरू यसबारे पूर्ण रूपमा अनजान रहन्छन्, र यसलाई स्वीकार पनि गर्दैनन्। जब म तिनीहरूलाई मेरो अनुसन्धानका परिणामहरू देखाउँछु, तब पनि तिनीहरू जाग्दैनन्; मानौं, तिनीहरूका मनमा यी सबै विगतका कुराहरू छन्, र आज फेरि तिनलाई कोट्ट्याउनु हुँदैन। त्यसैले, मानिसहरू रुचि नदेखाइ केवल “प्रयोगशालाका परिणामहरू” लाई हेर्छन्। तिनीहरूले तालिकाहरूलाई फिर्ता गर्छन् र फड्को मारेर जान्छन्। यसबाहेक, तिनीहरूले यस्ता कुराहरू भन्छन्, “यी महत्त्वपूर्ण छैनन्, ती कुराले मेरो स्वास्थ्यमा कुनै प्रभाव पार्दैनन्।” तिनीहरू तिरस्कारको फिस्स हाँसो हाँस्छन्, त्यसपछि तिनीहरूको आँखामा हल्का धम्कीको हेराइ हुन्छ, मानौं, म त्यति धेरै जान्ने हुनुहुँदैन, र म लापर्बाह हुनैपर्छ। मानौं, मैले तिनीहरूका भित्री रहस्य प्रकट गरेर मानिसको “व्यवस्था” तोडेको छु, यसैले तिनीहरू मलाई अझ बढी घृणा गर्ने बन्छन्। तब मात्र म मानिसहरूको घृणाको स्रोतलाई देख्छु। किनकि जब म हेरिरहेको हुन्छु, तब तिनीहरूको रगत बगिरहेको हुन्छ, र तिनीहरूको शरीरमा धमनीहरूको माध्यमबाट भएर गएपछि त्यो मुटुमा प्रवेश गर्दछ, र त्यस बेला मात्र मैले नयाँ कुरा “पत्ता लगाएको” हुन्छु। तैपनि मानिसहरूले यसको बारेमा केही पनि सोच्दैनन्। तिनीहरू पूर्ण रूपमा लापरवाह हुन्छन् र तिनीहरूले के पाए वा के गुमाए भन्नेबारे केही पनि सोच्दैनन्, जुन तिनीहरूको “निःस्वार्थ” भक्तिको भावनालाई देखाउन पर्याप्त हुन्छ। तिनीहरूले आफ्नै स्वास्थ्यको स्थितिलाई कुनै ध्यान दिँदैनन्, र मेरो लागि “हतार गर्छन्।” यो पनि तिनीहरूको “विश्वासयोग्यता” हो, र तिनीहरूको “प्रशंसनीय” कुरा हो, त्यसैले म तिनीहरूलाई फेरि “प्रशंसा” को एउटा पत्र पठाउँछु, यसैले कि तिनीहरू यसबाट खुसी होऊन्। तर जब तिनीहरूले यो “पत्र” पढ्छन्, तिनीहरूले तुरुन्तै अलिक चिढिएको महसुस गर्छन्, किनकि तिनीहरूले गरेका सबै कुरा मेरो मौन पत्रले अस्वीकार गरेको हुन्छ। मानिसहरूले काम गर्दा मैले सधैँ निर्देशित गरेको छु, तैपनि तिनीहरूले मेरा वचनहरूलाई घृणा गर्छन् भन्ने देखिन्छ; यसैले, मैले आफ्नो मुख खोल्ने बित्तिकै तिनीहरूले आफ्ना आँखाहरू चिम्म पारी बन्द गर्छन् र आफ्ना हातहरूले आफ्ना कानहरू बन्द गर्छन्। तिनीहरूले मेरो प्रेमको कारण मलाई आदरको नजरले हेर्दैनन्, तर मलाई सधैँ घृणा गरेका छन्, किनकि मैले तिनीहरूका कमी-कमजोरीहरू देखाएर, तिनीहरूको स्वामित्वमा रहेका सबै थोकहरू प्रकट गरें, यसैले तिनीहरूले आफ्नो व्यवसायमा नोक्सान भोग्नुपरेको छ, र तिनीहरूको जीविका पनि हराएको छ। त्यसैले गर्दा, मप्रतिको तिनीहरूका घृणा बढ्दछ।

अप्रिल १४, १९९२

## अध्याय ३३

मेरो घरमा, एक पटक ती मानिसहरू थिए जसले मेरो पवित्र नाउँको प्रशंसा गर्थे, जसले पृथ्वीमा मेरो महिमाले आकाश ढाकोस् भनेर अथक काम गर्थे। यस कारणले गर्दा, म अति आनन्दित भएँ, र मेरो हृदय आनन्दले भरियो—तैपनि रात र दिन सुत्न छोडेर मेरो सट्टामा कसले काम गर्न सक्छ? मानिसले मेरो अगाडि गरेको सङ्कल्पले मलाई खुसी दिन्छ, तर उसको विद्रोहले

मेरो क्रोध जगाउँछ, यसैले, मानिसले आफ्नो कर्तव्य कहिल्यै पनि पालन गर्न नसक्ने हुनाले, ऊप्रतिको मेरो शोक झन्-झन् ठूलो बन्छ। मानिसहरू किन सधैँ आफूलाई मप्रति समर्पण गर्न असमर्थ छन्? तिनीहरू किन सधैँ मसँग सौदाबाजी गर्ने कोसिस गर्छन्? के म व्यापार केन्द्रको महा-प्रबन्धक हुँ? मानिसहरूले मैले भनेका कुरा केही नगरे पनि म किन मानिसहरूले मबाट मागेका कुरा सम्पूर्ण हृदयले पूरा गर्दछु, तापनि, मैले मानिससँग गरेको माग व्यर्थ हुन्छ? के म व्यापारका तरिकाहरूमा दक्ष नभएकोले तर मानिसचाहिँ दक्ष भएकोले यस्तो भएको हो? मानिसहरू किन सधैँ चिप्लो र चापलुसीपूर्ण कुरा गरेर मलाई धोका दिन्छन्? मानिसहरू किन सधैँ "उपहार" बोकेर आउँछन्, पछाडिबाट प्रवेश गर्ने बाटो सोध्छन्? के मैले मानिसलाई यही गर्न सिकाएको छु? मानिसहरू किन चाँडै र स्पष्टसँग त्यस्ता कुराहरू गर्छन्? मानिसहरू किन सधैँ मलाई धोका दिन उत्प्रेरित हुन्छन्? जब म मानिसहरूको माझमा हुन्छु, मानिसहरू मलाई सृष्टि गरिएको प्राणीको रूपमा हेर्छन्; जब म तेस्रो स्वर्गमा हुन्छु, तिनीहरूले मलाई सर्वशक्तिमान् मान्छन्, जसले सबै थोकहरूमाथि प्रभुत्व गर्नुहुन्छ; जब म आकाशमा हुन्छु, तिनीहरू मलाई सबै कुरालाई भर्ने आत्माको रूपमा हेर्छन्। समग्रमा, मानिसहरूका हृदयमा मेरो निम्ति उपयुक्त ठाउँ छैन। मानौं, म एक अनिमन्त्रित अतिथि हुँ, मानिसहरूले मलाई घृणा गर्छन्, र यसैले जब म टिकट लिन्छु र मेरो ठाउँमा बस्छु, तिनीहरूले मलाई त्यहाँबाट धपाउँछन्, र त्यहाँ मेरो निम्ति बस्ने कुनै ठाउँ छैन, र म गलत ठाउँमा आएको छु, म त्यहाँबाट जानुबाहेक मेरो निम्ति अरू कुनै विकल्प छैन भन्दै क्रोधित हुन्छन्। यसैले म मानिससँग फेरि संलग्न नहुने संकल्प गर्छु, किनकि मानिसहरू अति सानो-मनका छन्, तिनीहरूको उदारता थोरै छ। म अब तिनीहरूसँग एउटै टेबलमा खानेछैनँ, म पृथ्वीमा तिनीहरूसँग अरू समय बिताउनेछैनँ। तर जब म बोल्छु, मानिसहरू छक्क पर्छन्; म जानेछु भनी तिनीहरू डराउँछन्, र तिनीहरूले मलाई रोकिराख्छन्। तिनीहरूका ढोंगहरू देखेर म तुरुन्तै मेरो हृदयमा केही उदासी र एकलो महसुस गर्छु। म तिनीहरूलाई छोडेर जान्छु भनी मानिसहरू डराउँछन्, र यसैले जब म तिनीहरूसँग छुट्टिन्छु, तब तुरुन्तै रोएको आवाजले देशलाई ढाक्छ, र मानिसहरूका अनुहार आँसुले भरिन्छन्। म तिनीहरूका आँसुहरू पुछिदिन्छु, म तिनीहरूलाई फेरि एकचोटि उठाउँछु, र तिनीहरूले मतिर हेर्छन्, तिनीहरूको बिन्ती गरिरहेका आँखाहरूले मलाई नजान बिन्ती गर्दछ, र तिनीहरूको "इमानदारी" को कारण म तिनीहरूसँग छु। तापनि, मेरो हृदयको पीडा कसले बुझ्न सक्छ? मैले बोल्न नसकेका मेरा कुराहरूमा कसले ध्यान दिन्छ? मानिसहरूका नजरमा, यस्तो लाग्छ मानौं म भावनारहित छु, र त्यसैले हामी सधैँ दुई फरक परिवारबाट आएका छौं। तिनीहरूले मेरो हृदयभित्रको शोकको भावना कसरी देख्न सक्छन्? मानिसहरू केवल आफ्नै सुखविलासको लालच गर्छन्, र तिनीहरू मेरो इच्छालाई ध्यान दिँदैनन्, किनकि अहिलेसम्म मानिसहरू मेरो व्यवस्थापन योजनाको उद्‌देश्यप्रति अनजान छन्, र यसैले आज पनि उनीहरू मौन बिन्ती गर्छन्—र यसबाट के फाइदा हुन्छ?

जब म मानिसको माझ जिउँछु, म मानिसको हृदयमा निश्चित स्थान लिन्छु; म देहमा देखा परेकोले र मानिसहरू पुरानो देहमा जिउने हुनाले, तिनीहरूले सधैँ मलाई देहद्‌वारा व्यवहार गर्छन्। मानिसहरूसँग देह मात्र हुने भएकोले र अरू कुनै थप पूरक नहुने भएकाले, तिनीहरूले "आफूसित

भएका सबै थोक" मलाई दिएका छन्। तापनि तिनीहरूले केही पनि जान्दैनन्; तिनीहरूले मेरो सामु केवल "आफ्नो भक्ति चढाउँछन्।" मैले जे कटनी गर्छु, त्यो मूल्यहीन कसिंगर हो–तैपनि मानिसहरू त्यस्तो सोच्दैनन्। जब मानिसहरूले मेरा थोकहरूलाई दिएका "उपहारहरू" को तुलना गर्दछु, मानिसहरूले तुरुन्तै मेरो अनमोलता थाहा पाउँछन्, तब मात्र तिनीहरूले मेरो अपरिमेयता देख्छन्। म तिनीहरूको प्रशंसाको कारण गर्व महसुस गर्दिनँ, तर मानिसकहाँ निरन्तर देखा परिरहन्छु, यसैले कि मानिसहरूले मलाई पूर्ण रूपमा राम्ररी चिन्न सकून्। जब म उनीहरूलाई मेरो सम्पूर्णता देखाउँछु, तिनीहरू मेरो अगि गतिहीन, नुनको खामो जस्तो खडा भएर आँखा फुकाल्दै मलाई हेर्छन्। अनि जब म तिनीहरूको विचित्रता देख्छु, म मेरो हाँसो रोक्न सक्दिनँ। तिनीहरू मबाट थोकहरू माग्न आउने हुनाले, म मेरो हातमा भएका थोकहरू तिनीहरूलाई दिन्छु, र तिनीहरूले ती कुराहरूलाई आफ्नो छातीमा टाँस्छन्, ती कुरालाई नवजात शिशुलाई झैं माया गर्छन्, तिनीहरू एक क्षण मात्र त्यस्ता भावनाहरूमा संलग्न हुन्छन्। जब म तिनीहरू बस्ने वातावरणलाई परिवर्तन गर्दछु, तिनीहरूले तुरुन्तै "शिशु" लाई एक छेउमा धकेल्छन् र आफ्नो हातले टाउको ढाकेर दगुर्छन्। मानिसहरूको नजरमा, म कुनै पनि समय वा स्थानमा उपस्थित हुने सहायक हुँ; मानौं, म बोलाउन साथ आउने एक बेयरा हुँ। यसैले, मानिसहरू सधैँ मसँग प्राकृतिक विपत्तिसँग लड्ने असीम शक्ति छ जस्तै गरी मलाई "हेर्छन्", त्यसैले तिनीहरूले सधैँ मेरो हात समातेका छन्, र मलाई देशभरि यात्रामा डोऱ्याइरहेका छन्, यसैले कि सबै कुराहरूले तिनीहरूका एक शासक छन् भनी देख्न सकून् र कसैले पनि तिनीहरूलाई धोका दिने आँट नगरोस्। मैले धेरै समयदेखि मानिसहरूको "बाघको ऐश्वर्य धारण गर्ने स्याल" को चाल देखेको छु, किनकि तिनीहरू सबै छलद्वारा नाफा कमाउने इच्छा राख्दै "सूचना पाटीहरू झुन्ड्याइरहेका" छन्। मैले लामो समयदेखि उनीहरूको कपटपूर्ण, द्वेषपूर्ण युक्ति देखेको छु, र यति मात्र हो कि म हाम्रो सम्बन्धमा चोट पुऱ्याउन चाहन्नँ। म कुनै कुराविना समस्या पैदा गर्दिनँ–त्यसो गर्नुको कुनै मूल्य वा महत्त्व हुँदैन। म मानिसहरूका कमजोरीहरूलाई ध्यानमा राखेर गर्नुपर्ने काम मात्र गर्दछु; होइन भने, म तिनीहरूलाई खरानीमा परिणत गर्नेछु र उप्रान्त तिनीहरूलाई अस्तित्वमा रहन दिनेछैनँ। तर मैले गर्ने कामको अर्थ छ, र त्यसैले म मानिसलाई हल्का रूपमा दण्ड दिँदिन। यही कारणले गर्दा मानिसहरूले सधैँ तिनीहरूका देहलाई स्वतन्त्र रूपमा छोडेका छन्। तिनीहरूले मेरो इच्छालाई अवलोकन गर्दैनन्, तर मेरो न्याय-आसनको अगि मसँग खुसामदी गरेका छन्। मानिसहरू धेरै साहसी छन्: जब सबै "यातना दिने उपकरणहरू" ले तिनीहरूलाई डर-धम्की दिन्छन्, तिनीहरू अलिकति पनि डगमगाउँदैनन्। तथ्यहरूको अघि, तिनीहरू कुनै पनि तथ्यहरू उपलब्ध गराउन असमर्थ बन्छन्, र हठी बन्दै मेरो विरोध गर्नुबाहेक अरू केही गर्दैनन्। जब म तिनीहरूलाई फोहोर थोकहरू सबै बाहिर ल्याउन लगाउँछु, तिनीहरूले अझै पनि मलाई दुई खाली हातहरू देखाउँछन्–अरूले यसलाई "उदाहरणीय" को रूपमा कसरी प्रयोग नगर्लान् र? मानिसहरूको "विश्वास" अति ठूलो भएकोले तिनीहरू "प्रशंसनीय" भएका हुन्।

मैले ब्रह्माण्डमा आफ्नो काम सुरु गरेको छु; ब्रह्माण्डका मानिसहरू अचानक बिउँझन्छन् र केन्द्रको वरिपरि घुम्छन्, जुन मेरो काम हो, र जब म तिनीहरूमा "यात्रा" गर्छु, सबै जना शैतानको

बन्धनबाट उम्कन्छन्, र शैतानको कष्टको बीचमा यातना भोगिरहेका हुन्छन्। मेरो दिनको आगमन भएको कारण, मानिसहरू आनन्दले भरिन्छन्, तिनीहरूको हृदयभित्रका शोक हराउँछ, आकाशमा उदासीका बादलहरू हावामा अक्सिजनको रूपमा परिणत हुन्छन् र त्यहाँ तैरिन्छन्, र यस घडी, म मानिससँग एक हुँदाको आनन्द लिन्छु। मानिसको कार्यले मलाई स्वाद लिने केही कुरा दिन्छ, यसैले म अब चिन्तित हुँदिन। अनि मेरो दिनको आगमनको साथमा, जीवन-शक्ति भएका पृथ्वीका थोकहरूले आफ्नो अस्तित्वको जरा फेरि प्राप्त गर्छन्, पृथ्वीमा भएका सबै थोकहरू फेरि जीवित हुन्छन्, र तिनीहरूले मलाई आफ्नो अस्तित्वको आधारको रूपमा लिन्छन्, किनकि म सबै थोकलाई जीवनद्वारा चम्काउने बनाउँछु, र यसरी नै, म तिनीहरूलाई चुपचाप हराउने बनाउँछु। यसैले, सबै कुराले मेरो मुखका आज्ञाहरू पर्खन्छन्, र म जे गर्छु र भन्छु त्यसद्वारा प्रसन्न हुन्छन्। सबै कुराहरूको बीचमा, म नै सर्वोच्च हुँ–तैपनि म सबै मानिसहरूको बीचमा जिउँछु, र म मानिसका कामहरूलाई स्वर्ग र पृथ्वीको मेरो रचनालाई व्यक्त गर्नका निम्ति प्रयोग गर्दछु। जब मानिसहरूले मेरो अगाडि ठूलो प्रशंसा गर्छन्, म सबै थोकहरूको बीचमा उच्च हुन्छु, र यसरी पृथ्वीका फूलहरू तातो सूर्यको मुनि अझ सुन्दर हुन्छन्, घाँस अझ हराभरा हुन्छ, र आकाशका बादलहरू अझ बढी नीलो देखिन्छन्। मेरो आवाजको कारण, मानिसहरू यता-उति भाग्छन्; आज मेरो राज्यका मानिसहरूको अनुहार खुसीले भरिएको छ, र तिनीहरूको जीवन बढ्दैछ। म मेरा सबै चुनिएका मानिसहरूका बीचमा काम गर्छु, र मेरो कामलाई मानवीय विचारहरूद्वारा दाग लाग्न दिँदिनँ, किनकि म मेरो काम व्यक्तिगत रूपले आफै गर्छु। जब म काम गर्दछु, आकाश र पृथ्वी अनि तिनमा भएका सबै थोक परिवर्तन हुन्छन् र नयाँ हुन्छन्, र जब म आफ्नो काम पूरा गर्दछु, मानिस पूर्ण रूपमा नवीकरण हुन्छ, म जे माग्छु त्यसको कारण ऊ अब दुःखमा जिउँदैन, किनकि खुसीका आवाजहरू सारा पृथ्वीभरि सबैले सुन्न सक्छन्, र यो मौकामा मैले मानिसलाई दिने आशिषहरू म तिनीहरूलाई प्रदान गर्दछु। जब म राज्यको राजा हुन्छु, मानिसहरू मसँग डराउँछन्, तैपनि जब म मानिसको माझमा राजा हुन्छु, र मानिसहरूको बीचमा बस्छु, मानिसहरू ममा कुनै आनन्द पाउँदैनन्, किनकि मप्रति तिनीहरूका धारणाहरू अति गम्भीर हुन्छन्, यतिसम्म कि तिनले गहिरो जरा गाडेको हुन्छ जसलाई हटाउन गाह्रो हुन्छ। मानिसको प्रकटीकरणको कारण, म मेरो काम गर्छु, जुन उपयुक्त छ, र जब म आकाशमा माथि उक्लन्छु र मानिसमाथि मेरो क्रोध खन्याउँछु, मानिसहरूका विभिन्न विचारहरू तुरुन्तै खरानीमा परिणत हुन्छन्। म भन्छु, कि तिनीहरूले मप्रति तिनीहरूका धेरै वटा धारणाहरू बताऊन्, तर तिनीहरू आश्चर्यचकित हुन्छन्, मानौं कि तिनीहरूसँग केही पनि छैन, र मानौं तिनीहरू नम्र छन्। म जति धेरै मानिसहरूको धारणाअनुसार जिउँछु, तिनीहरूले मलाई त्यति धेरै प्रेम गर्न आउँछन्, र म जति धेरै मानिसहरूको धारणाभन्दा बाहिर जिउँछु, तिनीहरू मबाट उति नै टाढा जान्छन्, र तिनीहरूसँग मेरो बारेमा अझ बढी धारणाहरू हुन्छन्, किनभने संसार सृष्टि गरेदेखि आजको दिनसम्म म सधैँ मानिसहरूका धारणाहरूमा जिएको छु। जब आज म मानिसको बीच आउँछु, म सबै मानिसहरूको धारणा हटाउँछु, त्यसैले मानिसहरूले सजिलै इन्कार गर्छन्–तापनि, मसँग तिनीहरूका धारणाहरूको निराकरण गर्ने उपयुक्त विधिहरू छन्। मानिसहरू बेचैन वा चिन्तित हुनु हुँदैन; म सबै मानिसहरूलाई मलाई प्रेम

गर्ने बनाउँदै, र स्वर्गमा तिनीहरूलाई मेरा आशिषहरूको आनन्द लिन दिँदै सारा मानवजातिलाई मेरो आफ्नै तरिकाले बचाउनेछु।

अप्रिल १७, १९९२

# अध्याय ३४

एक पटक मैले मानिसलाई मेरो घरको पाहुनाको रूपमा बोलाएँ, तैपनि मेरो बोलावटको कारण ऊ जतातत‌ै दगुर्यो—यो त यस्तो लाग्थ्यो, मानौं मैले उसलाई पाहुनाको रूपमा बोलाउनुको सट्टा, मैले उसलाई मृत्युदण्ड दिने स्थानमा ल्याएको छु। यसर्थ, मेरो घर रित्तो नै रह्यो, किनभने मानिस सधैँ मबाट टाढा बस्यो, र सधैँ मप्रति सचेत रहन्थ्यो। यसले गर्दा मेरो कार्यको भागलाई अघि बढाउने कुनै माध्यम रहेन, भन्नुको अर्थ, यस्तो भयो कि मैले उसको लागि तयार गरेको भोज फिर्ता लिएँ, किनभने मानिस यो भोज खान अनिच्छुक थियो, त्यसकारण मैले उसलाई जबरजस्ती त्यसो गर्न लगाइन। तैपनि मानिस अचानक भोकले पिरोलिन्छ, त्यसकारण ऊ मेरो सहयोग माग्दै मेरो ढोका ढकढक्याउन आउँछ—उसलाई त्यस्तो भयानक अवस्थामा देखेर, मैले उसलाई कसरी मुक्ति नदिन सक्छु र? तसर्थ, म फेरि पनि मानिसको लागि भोज तयार गर्छु, ताकि उसले यसको आनन्द लिन सकोस्, त्यसपछि मात्रै म कति सराहनीय छु भन्ने कुरा उसले अनुभूति गर्छ, र यसरी उसले मलाई भरोसा गर्न थाल्छ। क्रमिक रूपमा, ऊप्रतिको मेरो मनोवृत्तिको कारण, उसले "बिना कुनै सन्देह" मलाई प्रेम गर्छ, र मैले उसलाई "घाट" भूमिमा पठाउनेछु भनेर उसले अबउप्रान्त शङ्का गर्न छोड्छ, किनभने यो मेरो इच्छा होइन। त्यसकारण, मेरो हृदयलाई देखेपछि मात्रै मानिसले पूर्ण रूपमा ममाथि भरोसा गर्छ, जसले ऊ कति "सतर्क" रहेको छ भन्ने कुरालाई देखाउँछ। म मानिसको छलको कारण उप्रति सतर्क छैन, बरु म मेरो न्यानो अङ्गालोले मानिसहरूको हृदय छुन्छु। के अहिले मैले यही गरिरहेको छैन र? के वर्तमान चरणमा मानिसहरूमा यही कुरा प्रकट हुँदैन र? किन तिनीहरू यस्ता कुराहरू गर्न समर्थ छन्? किन तिनीहरूमा यस्तो भावना छ? के तिनीहरूले मलाई साँचो रूपमा चिनेको कारण यस्तो भएको हो? के तिनीहरूसँग मप्रति असीमित प्रेम भएकै कारण यस्तो भएको हो? म कसैलाई पनि मलाई प्रेम गर्न जबरजस्ती गर्दिनँ, बरु तिनीहरूलाई आफ्नै निर्णय गर्नको लागि स्वतन्त्र इच्छा मात्रै दिन्छु; यसमा, म हस्तक्षेप गर्दिन, न त म तिनीहरूलाई आफ्नो भवितव्यको बारेमा निर्णय गर्न नै सहयोग गर्छु। मानिसहरूले मेरो अघि सङ्कल्प गरेका छन्, मैले तिनीहरूको सङ्कल्पलाई निरीक्षण गरूँ भनेर तिनीहरूले त्यसलाई मेरो सामुन्ने ल्याएका छन्, र जब मैले "मानिसको सङ्कल्प" ले भरिएको झोला खोलेँ, तब मैले भित्रका कुराहरू देखेँ, जुन मिसमास भएको सरसामग्रीको थुप्रोजस्तो भए पनि, निकै "प्रशस्त" थियो। मैले तिनीहरूको सङ्कल्पलाई निकालेर फालिदिन्छ भन्ने डर मान्दै, मानिसहरूले मलाई ठूला-ठूला आँखाले हेर्छन्। तर मानिसको कमजोरीको कारण, मैले सुरुमा नै कुनै निर्णय लिइनँ, बरु झोला बन्द गरेँ र मैले गर्नुपर्ने कामलाई जारी राखेँ। तैपनि, मेरो कामको सुरुवातपछि मानिस मेरो मार्गनिर्देशनमा प्रवेश गर्दैन, बरु उसको सङ्कल्पलाई मैले प्रशंसा गरेको छु कि छैन भन्ने

कुरामा नै उसले चिन्ता लिइरहन्छ। मैले धेरै काम गरेको छु र धेरै वचन बोलेको छु, तर आजको दिनसम्म, मानिस मेरो इच्छालाई बुझ्न असक्षम रहेको छ, तसर्थ उसको हरेक आश्‍चर्यजनक कार्यले मेरो दिमाग घुमाउँछ। किन ऊ सधैँ मेरो इच्छालाई बुझ्न असमर्थ छ, र उसले आफ्नो खुशीले हतारमा काम गर्छ? के उसलाई मष्तिष्कघात भएको छ? के मैले बोल्ने वचनहरू उसले नबुझेको हुन सक्छ? उसले किन सधैँ सीधा अगाडि मात्र हेर्दै काम गर्छ तर भविष्यका मानिसहरूको निम्ति मार्ग तयार गर्ने र उदाहरण निर्माण गर्न सक्दैन? के पत्रुसभन्दा पहिले कसैले उदाहरण निर्माण गरेको छ? के मेरै मार्गनिर्देशनमा रहेर पत्रुस बचेका थिएनन् र? किन आजका मानिसहरू यो काम गर्न असमर्थ छन्? पछ्याउने उदाहरण पाएपछि पनि किन तिनीहरूले मेरो इच्छालाई पूरा गर्न सक्दैनन्? यसले के देखाउँछ भने मानिसलाई अझै पनि मप्रति भरोसा छैन, र यसले आजको दयनीय परिस्थितिहरू पैदा गरेको छ।

आकाशमा उड्ने स-साना चराचुरुङ्गीलाई हेर्दा म प्रसन्‍न हुन्छु। तिनीहरूले मेरो अघि आफ्नो सङ्कल्प प्रस्तुत नगरेका भए पनि र तिनीहरूसँग मलाई "प्रदान गर्ने" कुनै वचनहरू नभए पनि, तिनीहरू मैले तिनीहरूलाई दिएको संसारमा आनन्द लिन्छन्। तर, मानिसले यसो गर्न सक्दैन, र उसको अनुहार विरहले भरिएको छ—के मैले उसलाई तिर्न नसक्ने ऋण तिर्न बाँकी हुन सक्छ? किन उसको अनुहार सधैँ आँसुले भिजेको हुन्छ? म पहाडमा फुल्ने लिली फूलहरूप्रति सराहना गर्छु; भिरालो भूमिभरि फूलहरू र घाँस फैलिएका छन्, तर वसन्त आउनुभन्दा पहिले लिली फूलहरूले पृथ्वीमा मेरो महिमामा शोभा थप्छन्—के मानिसले त्यस्ता कुराहरू हासिल गर्न सक्छ? के उसले मेरो पुनरागमनभन्दा पहिले पृथ्वीमा मेरो गवाही दिन सक्छ? के ठूलो रातो अजिङ्गरको देशमा उसले मेरो नामको खातिर आफूलाई समर्पित गर्न सक्छ? यस्तो लाग्छ मानौं मेरा वाणीहरू मानिसप्रतिका मेरा सर्तहरूले भरिएका छन्—यी सर्तहरूको परिणामस्वरूप उसले मलाई घृणा गर्छ; उसले मेरा वचनहरूको डर मान्छ किनभने उसको शरीर अत्यन्तै कमजोर छ, र मैले मागेको कुरा प्राप्त गर्न ऊ आधारभूत रूपमा नै असमर्थ छ। जब म मेरो मुख खोल्छु, म पृथ्वीका मानिसहरू सबै दिशामा बागिरहेको देख्छु, मानौं तिनीहरू अनिकालबाट भाग्ने प्रयास गर्दैछन्। जब म मेरो अनुहार छोप्छु र मेरो शरीरलाई फर्काउँछु, मानिसहरू तुरुन्तै आत्तिन्छन्। के गर्ने भन्‍ने तिनीहरूलाई थाहा हुँदैन, किनभने मेरो प्रस्थानप्रति तिनीहरू डराउँछन्; तिनीहरूका धारणाहरूअनुसार, म बिदा भएर जाने दिन नै स्वर्गबाट विपत्तिहरू झर्ने दिन, तिनीहरूको दण्डको सुरु हुने दिन हुनेछ। तैपनि मैले जे गर्छु त्यो मानिसका धारणाहरूभन्दा पूर्ण विपरीत हुन्छ; मैले कहिल्यै पनि मानिसका धारणाहरूअनुसार काम गरेको छैन, र मैले आफूलाई उसका धारणाहरूअनुरूप हुने कहिल्यै तुल्याएको छैन। मैले काम गर्ने समय नै मानिसलाई उदाङ्गो पारिने समय हो। अर्को शब्दमा भन्दा, मेरा कार्यहरूलाई मानव धारणाहरूद्वारा मापन गर्न सकिँदैन। सृष्‍टि भएको समयदेखि आजको दिनसम्म, मैले गर्ने कुराहरूमा कसैले पनि "नयाँ महाद्वीप" पत्ता लगाएको छैन; मैले काम गर्ने नियमहरूलाई कहिल्यै कसैले बुझेको छैन, र कसैले कहिल्यै पनि नयाँ मार्ग खोलेको छैन। तसर्थ, आजका मानिसहरू सही मार्गमा प्रवेश गर्न असमर्थ रहेका छन्—तिनीहरूमा ठीक यही कुराको कमी छ, र तिनीहरूले प्रवेश गर्नुपर्ने कुरा यही हो। सृष्‍टि भएको समयदेखि आजको दिनसम्म, मैले पहिले

कहिल्यै पनि त्यस्तो काम गरेको छैन। मैले आखिरी दिनहरूको मेरो काममा धेरै वटा नयाँ खण्डहरू मात्रै थपेको छु। यस्तो स्पष्ट परिस्थितिहरूमा पनि, मानिसहरूले अझै पनि मेरो इच्छालाई बुझ्न सक्दैनन्—के तिनीहरूमा ठीक यही कुराको कमी छ, होइन र?

म नयाँ काममा प्रवेश गरेपछि, मसँग मानिसको निम्ति नयाँ सर्तहरू छन्। मानिसको लागि, यस्तो देखिन्छ मानौं विगतका सर्तहरूले कुनै प्रभाव पारेको छैन, त्यही कारणले तिनीहरूले तिनलाई बिर्सन्छन्। मैले काम गर्ने नयाँ माध्यम के हो? म मानिसलाई के माग्छु? मानिसहरूले विगतमा जे गरे त्यो मेरो इच्छाअनुसार थियो कि थिएन, र तिनीहरूका कार्यहरू मैले मागेका कुराहरूको सीमाभित्र थिए कि थिएनन् भन्ने कुरालाई तिनीहरू आफैले मापन गर्न सक्छन्। मैले सबै कुरा व्यक्तिगत रूपमा जाँच्नुको कुनै आवश्यकता छैन; तिनीहरूले आफ्नै कदलाई बुझेका छन्, त्यसकारण, तिनीहरू आफ्नो मनमा आफूले कति हदसम्म काम गर्न सक्छु भन्नेबारेमा स्पष्ट छन्, र मैले तिनीहरूलाई स्पष्ट रूपमा बताइरहनुको कुनै आवश्यकता छैन। जब म बोल्छु, सायद कतिपय मानिसहरू लड्छन्; तसर्थ, मेरा वचनहरूको परिणामस्वरूप मानिसहरूलाई कमजोर बन्नबाट रोक्नको लागि, मैले मेरा वचनहरूको यो भागलाई बोल्नबाट आफूलाई रोकेको छु। के यो मानिसको खोजीको लागि अझै ठूलो फाइदा होइन र? के यो मानिसको प्रगतिको लागि अझै ठूलो फाइदाको कुरा होइन र? कसले आफ्नो विगतलाई बिर्सेर अघि बढ्ने प्रयास गर्न चाहँदैन र? मेरो “विचारशीलता” को कारण, मैले बोल्ने माध्यमहरू पहिले नै नयाँ क्षेत्रमा प्रवेश गरिसकेका छन् भन्ने कुरालाई मानिसहरूले बुझ्छन् कि बुझ्दैनन् भन्नेबारेमा म अनजान छु। यसको साथै, मेरो कामले मलाई “व्यस्त तुल्याउने” हुनाले, मैले बोल्ने शैलीलाई मानिसहरूले बुझ्छन् कि बुझ्दैनन् भन्नेबारेमा सोधपुछ गर्ने मौका मैले पाएको छैन। तसर्थ, मानिसहरू मप्रति अझै बढी समझदार बनून् भनेर मात्रै म तिनीहरूलाई अनुरोध गर्छु। मेरो कामले मलाई “व्यस्त तुल्याउने” हुनाले, म मानिसहरूलाई निर्देशन दिन म मेरो कामका आधार-स्थलहरूमा व्यक्तिगत रूपमा जान सक्दिन, त्यसकारण मसँग तिनीहरूको बारेमा “थोरै बुझाइ” मात्र छन्। समग्रमा भन्दा, अरू जेसुकै भए पनि, मैले अहिले मानिसलाई नयाँ सुरुवात र नयाँ विधिमा औपचारिक रूपमा प्रवेश गर्नको लागि अगुवाइ गर्न थालिसकेको छु। मेरा सबै वाणीहरूमा, मानिसहरूले मैले बोल्ने कुराहरूमा हास्यभाव, हँस्यौली, र गिल्लाको खास कठोर शैली रहेको देखेका छन्। तसर्थ, मेरो र मानिसको बीचको सदभावमा अनजानमै वाधा पुगेको छ, यसले गर्दा मानिसहरूको अनुहारमा कालो बादल छाउँछ। तैपनि, म यसद्वारा रोकिँदिन, बरु मेरो कामलाई जारी राख्छु, किनभने मैले भन्ने र गर्ने सबै कुरा मेरो योजनाको अत्यावश्यक भाग हुन्; मैले मेरो मुखबाट बोल्ने सबै कुराले मानिसलाई सहयोग गर्छ, र मैले गर्ने कुनै पनि कुरा सानो छैन; मैले गर्ने सबै कुराले सबै मानिसहरूलाई सुधार गर्छ। मानिसमा कमीकमजोरी भएकोले नै म खुलस्त भएर बोलिरहन्छु। सायद कतिपय मानिसहरू मबाट नयाँ मापदण्डहरू पाउन तड्पिरहेका छन्। त्यसो हो भने, म तिनीहरूका खाँचोलाई पूरा गरिदिन्छु। तर मैले तिमीहरूलाई एउटा कुरा स्मरण गराउनैपर्छ: जब म बोल्छु, मानिसहरूले थप अन्तर्ज्ञान प्राप्त गरून् भन्ने आशा गर्छु। तिनीहरू अझै विवेकशील बनून्, ताकि तिनीहरूले मेरा वचनहरूबाट थप कुरा प्राप्त गरून्, र त्यसरी मेरा मापदण्डहरूलाई पूरा गरून् भन्ने आशा

गर्छु। यसभन्दा पहिले, मण्डलीहरूमा मानिसहरूले निराकरण गरिने र तोडिने कार्यमा ध्यान दिन्थे। मेरा वचनहरू खाने र पिउने कार्य ती वचनहरूका उद्देश्यहरू र स्रोतलाई बुझ्ने कार्यको आधारमा गरिन्थ्यो–तर आज विगतको जस्तो छैन, र मानिसहरू मेरा वाणीहरूका स्रोतलाई बुझ्न असमर्थ छन्, तसर्थ तिनीहरूको लागि मद्वारा निराकरण गरिने र तोडिने कुनै मौका छैन, किनभने तिनीहरूले मेरा वचनहरू खाने र पिउने कार्यमा नै आफ्ना सारा ऊर्जा खर्च गरेका छन्। तर यी परिस्थितिहरूमा समेत, तिनीहरू मेरा मापदण्डहरूलाई पूरा गर्न असमर्थ रहन्छन्, त्यसकारण म तिनीहरूलाई नयाँ मापदण्डहरू दिन्छु: तिनीहरू मसँगै परीक्षाहरूमा प्रवेश गरून्, तिनीहरू सजायमा प्रवेश गरून् भनी अनुरोध गर्छु। तैपनि म तिमीहरूलाई एउटा कुरा स्मरण गराउँछु: यो कार्य मानिसलाई मृत्युमा लैजाने कार्य होइन, तर यो वर्तमान चरणमा मेरो कामले मागेको कुरा हो, मेरा वचनहरू मानिसको समझबाहिर छन्, र मानिसले मसँग सहकार्य गर्न सक्दैन–यसमा गर्नुपर्ने केही पनि छैन! म मानिसलाई मसँग नयाँ विधिमा प्रवेश गराउनेबाहेक केही पनि गर्न सक्दिन। यसमा गर्नुपर्ने अरू के नै छ र? मानिसका कमीकमजोरीहरूका कारण, म पनि मानिस प्रवेश गर्ने प्रवाहमै प्रवेश गर्नुपर्छ–मानिसहरूलाई पूर्ण बनाउनको लागि मलाई बोलाइएको थियो, होइन र? अनि मलाई यो योजना बनाउनको लागि बोलाइएको थियो, होइन र? अरू मापदण्डहरू कठिन नभए पनि, यो पहिलोको अतिरिक्त मापदण्ड होइन। आखिरी दिनहरूका मानिसहरूको समूहमाझ मैले गर्ने काम अभूतपूर्व उद्यम हो, तसर्थ, मेरो महिमाले आकाशमण्डललाई ढाक्न सकोस् भनेर, सबै मानिसहरूले मेरो लागि अन्तिम कष्ट भोग्नुपर्छ। के तिमीहरूले मेरो इच्छालाई बुझ्यौ त? मैले मानिसलाई दिने अन्तिम सर्त यही हो, भन्नुको अर्थ, सबै मानिसहरूले ठूलो रातो अजिङ्गरको अघि मेरो लागि बलियो, सानदार गवाही दिन सकून्, तिनीहरूले अन्तिमपटक मेरो लागि आफूलाई अर्पण गर्न सकून्, र अन्तिम एकपटक मेरो मापदण्डहरूलाई पूरा गर्न सकून् भन्ने मेरो आशा छ। के तिमीहरूले साँच्चै यसो गर्न सक्छौ त? विगतमा तिमीहरू मेरो हृदयलाई सन्तुष्ट तुल्याउन असमर्थ थियौ–के तिमीहरूले अन्तिमपटक यो ढाँचालाई तोड्न सक्छौ? म मानिसहरूलाई मनन गर्ने मौका दिन्छु; तिनीहरूले मलाई अन्तिममा उत्तर दिनुभन्दा पहिले म तिनीहरूलाई ध्यान दिएर चिन्तन गर्ने मौका दिन्छ–के यसो गर्नु गलत हुन्छ त? म मानिसको प्रतिक्रिया पर्खन्छु, म उसको "प्रतिक्रियाका शब्दहरू" पर्खिन्छु–के तिमीहरूसँग मेरा सर्तहरूलाई पूरा गर्ने विश्वास छ?

अप्रिल २०, १९९२

## अध्याय ३५

मानिसहरूलाई म जिएकै प्रवाहमा जिउन दिँदै मैले मानवजातिमाझ मेरो कामलाई अघि बढाउन सुरु गरेको छु; जब म मेरो काम पूरा गर्छु, म मानवजातिको बीचमै हुनेछु, किनभने मेरो सम्पूर्ण व्यवस्थापन योजनाभरि व्यवस्थापन गरिएका तिनीहरू नै हुन्, र तिनीहरू सबै थोकका मालिक बनून् भन्ने मेरो इच्छा छ। यही कारणले गर्दा, म मानवजातिमाझ निरन्तर हिँडडुल गर्छु। मानवजाति र म वर्तमान युगमा प्रवेश गर्दा, मलाई निकै सहज लागेको छ, किनभने मेरो कामको

गति वृद्धि भएको छ। मानिसहरूले कसरी यो गतिलाई पछ्याउन सक्छन्? मैले अचेत र बोधा मानिसहरूमा धेरै काम गरेको छु, तैपनि तिनीहरूले लगभग केही पनि प्राप्त गरेका छैनन्, किनभने तिनीहरूले मेरो कदर नै गर्दैनन्। मैले सबै मानिसहरूमा बास गरेको छु र तिनीहरू जहाँ भए पनि, जमिनमाथि र जमिनमुनि दुवै ठाउँमा मैले तिनीहरूको हरेक चाल अवलोकन गरेको छु। "मानव" का रूपमा वर्गीकरण गरिएकाहरू सबैले मलाई विरोध गरिरहेका छन्, मानौं "मलाई विरोध गर्ने कार्य" मानिसको काम नै हो, मानौं यो काम नगर्दा तिनीहरू कसैले अङ्गीकार नगर्ने घुमन्ते टुहुरा-टुहुरी बन्छन्। तैपनि, म मानिसहरूलाई तिनीहरूका कार्य र व्यवहारको आधारमा मनोमानी हिसाबले सजाय सुनाउँदिन। बरु, तिनीहरूको कदअनुसार म तिनीहरूलाई साथ दिन्छु र तिनीहरूको लागि भरणपोषण गर्छु। मानव मेरो सम्पूर्ण व्यवस्थापन योजनाको मुख्य पात्रहरू भएका हुनाले, "मानव" को भूमिकामा परेकाहरूलाई म थप अगुवाइ प्रदान गर्छु, ताकि तिनीहरूले त्यो भूमिका हृदयदेखि नै र तिनीहरूको क्षमताले भ्याएसम्म राम्ररी निर्वाह गर्न सकून्, र ताकि मैले निर्देशन गरिरहेको यो नाटकले शानदार सफलता प्राप्त गर्न सकोस्। मानवजातिप्रति मेरो अनुरोध यही हो। यदि मैले मानवजातिको लागि प्रार्थना नगरेको भए, के तिनीहरूले आफ्नो भूमिका निर्वाह गर्न सक्नेथिए? तब के मानिसहरूले मलाई मागेका कुरा मैले गर्न सक्ने, तर तिनीहरूलाई मैले मागेका कुराहरू तिनीहरूले पूरा गर्न नसक्ने अवस्था हुनेथियो? के भन्न सकिन्छ भने, मानवजातिलाई दमन गर्न म मेरो शक्तिको प्रयोग गर्दिन। बरु, यो मेरो अन्तिम अनुरोध हो, जुन म तिनीहरूलाई सारा तत्परता र इमानदारिताको साथ बिन्ती गर्छु। के तिनीहरूले साँच्चै मैले अनुरोध गरेको कुरा गर्न सक्दैनन्? मैले मानिसहरूलाई धेरै वर्षदेखि दिँदै आइरहेको छु, तैपनि मैले यसको सट्टामा केही पनि प्राप्त गरेको छैन। कसले मलाई कहिल्यै केही दिएको छ? के मेरो रगत, पसिना, र आँसु पहाडको कुहिरोजस्तै छन्? मैले मानिसहरूलाई धेरैपटक "खोप" दिएको छु, र मैले तिनीहरूलाई दिएका सर्तहरू कडा छैनन् भनेर भनेको छु। तब किन मानिसहरू मदेखि सधैँ टाढा हुन्छन्? के मैले तिनीहरूलाई समातिनेबित्तिकै मारिने चल्लाहरूलाई जस्तै व्यवहार गरेकोले हो? के म साँच्चै त्यति निर्दयी र अमानवीय छु? मानिसहरूले सधैँ मलाई तिनीहरूका आफ्नै धारणाहरूले मापन गर्छन्। के तिनीहरूको धारणाहरूमा रहेको म, स्वर्गमा रहेको मजस्तै छ त? म मानिसहरूका धारणाहरूलाई मेरो आनन्दका वस्तुहरूको रूपमा लिँदिन। बरु, म तिनीहरूका हृदयलाई सराहना गरिनुपर्ने कुराको रूपमा लिन्छु। तैपनि, मलाई तिनीहरूको विवेकप्रति निकै दिक्क लाग्छ, किनभने तिनीहरूका अनुसार, मसँग समेत विवेक छैन। त्यसकारण, तिनीहरूको विवेकको बारेमा मसँग अझै बढी विचारहरू छन्। तैपनि, म प्रत्यक्ष रूपमा तिनीहरूको विवेकको आलोचना गर्न इन्कार गर्छु; बरु, म तिनीहरूलाई धैर्यताको साथ र व्यवस्थित ढङ्गले अगुवाइ गरिरहन्छु। आखिर, मानिसहरू कमजोर छन्, र तिनीहरूले कुनै पनि काम गर्न सक्दैनन्।

आज, म असीमित सजायको क्षेत्रमा औपचारिक रूपमा प्रवेश गर्छु, जसमा म मानवसँगै रमाउँछु। मेरो हातद्वारा, म हुकुम पनि जारी गर्छु, र मेरो हुकुमअन्तर्गत, मानवजाति शिष्ट बन्छ; कसैले पनि मलाई विरोध गर्ने आँट गर्दैन। मैले सुम्पेको काम गर्दै सबै मेरै अगुवाइमा रहन्छन् किनभने यो तिनीहरूको "काम" हो। स्वर्गमा र स्वर्गमुनिका सबै थोकमाझ, कोचाहिँ मेरा योजनाहरूमा

समर्पित हुँदैन र? को मेरो पकडमा छैन र? मेरा वचनहरू र मेरो कामको लागि कसले प्रशंसा र बढाइ गर्दैन र? मानिसहरूले मेरा कर्म र कार्यहरूलाई सराहना गर्छन्, त्यसकारण, मेरो हरेक चालको कारण, तिनीहरूले आफैलाई मेरो कामको प्रवाहमा समर्पित गर्छन्। कसले आफूलाई मुक्त गर्न सक्छ र? मैले बन्दोबस्त गरेको कामबाट को उम्कन सक्छ र? मेरो प्रशासनिक आदेशद्वारा, मानिसहरू बस्न बाध्य हुन्छन्; योविना, तिनीहरू सबै "अग्र-पङ्क्ति" बाट पछि हट्नेथिए र "भगुवा" बन्नेथिए। मृत्युबाट नडराउने को छ र? के मानिसहरूले साँच्चै आफ्नो जीवनको बाजी लगाउन सक्छन् त? म कसैलाई पनि जबरजस्ती गर्दिन, किनभने मैले धेरै पहिले नै मानव प्रकृतिको बारेमा पूर्ण बुझाइ प्राप्त गरिसकेको छु। तसर्थ, मैले सधैँ मानिसहरूले पहिले कहिल्यै नगरेका परियोजनाहरूलाई अघि बढाइरहेको छु। मेरो काम कसैले अघि बढाउन नसकेका हुनाले, म शैतानसँग जीवन र मृत्युको युद्धमा सहभागी हुनको लागि म व्यक्तिगत रूपमा युद्धभूमिमा खडा भएको छु। आजभोलि, शैतान चरम रूपमा व्याप्त भएको छ। मैले मेरो कार्यको मुख्य विषयलाई प्रदर्शन गर्न र मेरो शक्ति प्रदर्शन गर्नको लागि यो मौका किन नलिने? मैले यसभन्दा पहिले बताएजस्तै, म शैतानको चाललाई मेरो प्रतिभारको रूपमा प्रयोग गर्छु; के यो उत्कृष्ट अवसर होइन र? अहिले मात्रै म मेरो प्रसन्न मुस्कान प्रकट गर्छु, किनभने मैले मेरो उद्देश्य हासिल गरेको छु। म अबउप्रान्त यता-उता दौडेर मानिसहरूलाई "सहयोग" माग्ने काम गर्नेछैन। मैले दौडधूप गर्न छोडेको छु, र फिरन्ते जीवन जिउन छोडेको छु। अबदेखि, म शान्तिमा जिउनेछु। मानिसहरू पनि सुरक्षित र तन्दुरुस्त हुनेछन्, किनभने मेरो दिन आएको छ। पृथ्वीमा, मैले मानवको व्यस्त जीवन जिएको छु, यस्तो जीवन जसमा धेरै अन्यायहरू भएको देखिन्छ। मानिसको नजरमा, म तिनीहरूको सुख र दूःखमा, साथै तिनीहरूका आपत्-विपदमा सहभागी भएको छु। मानिसहरूजस्तै, म पनि पृथ्वीमा र स्वर्गमुनि जिएको छु। त्यसकारण, तिनीहरूले मलाई सधैँ सृष्टि गरिएको प्राणीको रूपमा हेरेका छन्। मानिसहरूले मलाई स्वर्गमा म जस्तो छु त्यस्तो नदेखेका हुनाले, तिनीहरूले मेरो खातिर त्यति धेरै प्रयास लगाएका छैनन्। तैपनि, आजको परिस्थितिलाई ध्यानमा राख्दा, मानिसहरूसँग तिनीहरूको नियतिको मालिक र बादलहरूबाट बोल्ने वक्ता म नै हुँ भन्ने कुरालाई स्वीकार गर्नेबाहेक अरू कुनै विकल्प छैन। त्यसकारण, मानिसहरूले आफ्नो शिर भुइँमा घोप्ट्याएर मेरो आराधना गरेका छन्। के यो मेरो विजयी पुनरागमनको प्रमाण होइन र? के यो सबै शत्रुवत शक्तिहरूमाथिको मेरो विजयको चित्रण होइन र? संसारको अन्त्य हुन लागेको छ, मानवजातिमाझ ठूलो सफाया हुनेछ भन्ने आभास सबै मानिसहरूलाई भएको छ। तैपनि, सत्य भन्ने हो भने, मैले तिनीहरूलाई सचेत रूपमा भनेको कुरा तिनीहरूले गर्न सक्दैनन्, त्यसकारण मेरो सजायमा बिलौना गर्नेबाहेक तिनीहरूसँग कुनै विकल्प छैन। के नै गर्न सकिन्छ र? कसले मानिसहरूलाई अवज्ञाकारी बन्नु भनेको छ र? कसले तिनीहरूलाई अन्तिम युगमा प्रवेश गर्नु भनेको छ र? तिनीहरू किन आखिरी दिनहरूमा मानव संसारमा जन्मिए त? हरेक कुरा मैले नै व्यक्तिगत रूपमा बन्दोबस्त र योजना गरेको हुन्छु। कसले गुनासोको आवाज निकाल्न सक्छ र?

संसारको सृष्टिदेखि नै, म मानवजातिलाई तिनीहरूको सांसारिक अस्तित्वमा साथ दिँदै तिनीहरूको बीचमा हिँडडुल गरेको छु। तैपनि, अघिल्ला पुस्ताहरूमा, मैले एक जना व्यक्तिलाई

समेत कहिल्यै छनौट गरिन; मेरो मौन पत्रद्वारा सबै इन्कार गरिए। किनभने विगतका मानिसहरूले मलाई मात्रै पूर्ण रूपमा सेवा गर्दैनथिए, त्यसकारण, यसको सट्टामा, मैले पनि तिनीहरूलाई मात्रै पूर्ण रूपमा प्रेम गरिन। तिनीहरूले शैतानका "उपहारहरू" लिए अनि फर्केर ती मलाई दिए। के यो मेरो विरुद्धको निन्दा थिएन र? अनि तिनीहरूले आफ्नो भेटी दान चढाउँदा, मैले मेरो घिनलाई प्रकट गरिन; बरु, यी "उपहारहरू" लाई मेरो व्यवस्थापनका सामग्रीहरूमा समावेश गरेर मैले तिनीहरूको युक्तिलाई मेरो आफ्नै फाइदाको लागि प्रयोग गरेँ। पछि, तिनलाई मेसिनले प्रशोधन गरिसकेपछि, म त्यस भित्रको खतरनाक वस्तुहरूलाई डढाउनेथिएँ। वर्तमान युगमा, मानिसहरूले मलाई धेरै "उपहारहरू" चढाएका छैनन्, तैपनि म तिनीहरूलाई यसको लागि धिक्कार गर्दिन। यी मानिसहरू सधैँ नै कङ्गाल र रित्तो हातका रहिआएका छन्; तसर्थ, तिनीहरूको परिस्थितिको वास्तविकतालाई अवलोकन गरिसकेपछि, म मानव संसारमा आएदेखि मैले तिनीहरूलाई कुनै पनि अनुचित सर्तहरू थोपरेको छैन। बरु, तिनीहरूलाई "सामग्रीहरू" दिइसकेपछि, मैले आफूले चाहेको "अन्तिम उत्पादन" पाउन खोजेको छु, किनभने मानिसहरूले हासिल गर्न सक्ने हद यही नै हो। मैले उपयुक्त सर्त राख्नुभन्दा पहिले, मानवको रूपमा जिउनुको अर्थ के हो सो सिक्दै धेरै वर्ष कठिनाइमा बिताएको छु। मैले मानव जीवनको अनुभव नगरेको भए, मानिसहरूलाई छलफल गर्न कठिन लाग्ने मामलाहरूलाई मैले कसरी बुझ्न सक्नेथिएँ र? तैपनि, मानिसहरूले यसलाई यसरी हेर्दैनन्; तिनीहरूले मलाई सर्वशक्तिमान्, र अलौकिक परमेश्‍वर स्वयम् हो भनी भन्छन्। इतिहासभरि सबै मानिसहरूले बोकेको धारणा नै तिनीहरूले आज बोक्ने धारणा होइन र? पृथ्वीमा मलाई साँचो रूपमा र पूर्ण रूपमा चिन्ने एक जना पनि छैन भनेर मैले भनेको छु। यो टिप्पणीका आफ्नै अर्थहरू छन्; यो बकम्फुसे गफ होइन। मैले यो कुरालाई आफै अनुभव र अवलोकन गरेको छु, त्यसकारण मसँग यसका विवरणहरूको बुझाइ छ। म मानव संसारमा नआएको भए, मलाई चिन्ने मौका कसले पाउनेथियो र? कसले व्यक्तिगत रूपमा मेरा वचनहरू सुन्न सक्थ्यो र? कसले तिनीहरूको बीचमा मेरो आकृति देख्न सक्थ्यो र? युगौंयुगसम्म, म सधैँ बादलहरूको बीचमा लुप्त रहेँ। प्रारम्भतिर नै, मैले भविष्यवाणी गरेको थिएँ: "म आखिरी दिनहरूमा मानिसहरूको निम्ति उदाहरण हुन मानव संसारमा ओर्लनेछु।" यही कारणले गर्दा नै आजका मानिसहरूले मात्र आफ्ना क्षितिजहरू फराकिलो बनाउन सक्ने सौभाग्य पाएका छन्। के मैले तिनीहरूलाई दिएको दया यही होइन र? के तिनीहरूले साँच्चै मेरो अनुग्रहलाई पटक्कै बुझ्न सक्दैनन् र? मानिसहरू किन यति मन्द र मूर्ख छन्? तिनीहरू यति टाढासम्म आइपुगेका छन्; किन तिनीहरू अझै नबिउँझेका होलान्? म यो संसारमा बसेको धेरै भइसक्यो, तर मलाई कसले चिन्छ? मैले मानिसहरूलाई सजाय दिनु स्वाभाविकै हो। यस्तो लाग्छ, मेरो अख्तियार प्रयोगको पात्रहरू तिनीहरू नै हुन्; तिनीहरू मेरो बन्दुकका गोली हुन्, जसलाई हानेपछि सबै "उम्कने" छन्। मानिसहरूले यस्तै हो भन्ने कल्पना गर्छन्। मैले मानिसहरूलाई सधैँ सम्मान गरेको छु; मैले मनोमानी ढङ्गले तिनीहरूबाट कहिल्यै नाजायज फाइदा उठाएको छैन वा तिनीहरूलाई दासहरूलाई जस्तो बेच-बिखन गरेको छैन। किनभने म तिनीहरूलाई छोड्न सक्दिन, न त तिनीहरूले मलाई छोड्न सक्छन्। तसर्थ, हामीबीचमा जीवन र मृत्युको एक बन्धन निर्माण भएको छ। मैले मानवजातिलाई सधैँ

कदर गरेको छु। मानवजातिले मलाई कहिल्यै कदर नगरेको भए पनि, तिनीहरूले मलाई सधैँ आशाका साथ हेरेका छन्, यही कारणले गर्दा मैले तिनीहरूमाथि निरन्तर प्रयत्न लगाएको छु। म मानिसहरूलाई मेरो आफ्नै सम्पत्तिजस्तै गरी प्रेम गर्छु, किनभने तिनीहरू पृथ्वीमा रहेका मेरो व्यवस्थापनका "पूँजी" हुन्; त्यसकारण, म तिनीहरूलाई अवश्य नै हटाउनेछैन। मानिसहरूप्रतिको मेरो इच्छा कहिल्यै पनि परिवर्तन हुनेछैन। के तिनीहरूले साँच्चै मेरो शपथमा विश्वास गर्न सक्छन्? तिनीहरूले मेरो खातिर मलाई कसरी सन्तुष्ट तुल्याउन सक्छन्? सबै मानवजातिको निम्ति तय गरिएको काम यही हो; मैले तिनीहरूलाई दिएको "गृहकार्य" यही हो। यसलाई पूरा गर्न तिनीहरू सबैले कठिन परिश्रम गर्नेछन् भन्ने मेरो आशा छ।

अप्रिल २३, १९९२

## अध्याय ३६

सबै कुरा मेरै हातले बन्दोबस्त गर्छ। कसले आफ्नो मन खुशी गर्ने आँट गर्छ र? कसले यसलाई सहजै परिवर्तन गर्न सक्छ र? मानिसहरू हावामा धूलो उडेझैँ तैरिहिँड्छन्, तिनीहरूका अनुहार मैलोले ढाकेको छ र तिनीहरू शिरदेखि पाउसम्म घिनलाग्दा छन्। म गह्रौं हृदय लिएर बादलहरूका बीचबाट हेर्छु: किन कुनै बेला जीवनशक्तिले भरिएको मानिस यस्तो बनेको छ? र किन ऊ यसको बारेमा अनभिज्ञ, र असंवेदनशील छ? उसले किन "आफैलाई परित्याग गर्छ" र आफूलाई फोहोरले ढाक्न दिन्छ? उसमा आफूप्रतिको प्रेम र सम्मानको कमी यस्तै छ। मानिस किन मैले अनुरोध गरेको कुराबाट टाढा बस्छ? के म ऊप्रति साँच्चै निर्दयी र अमानवीय छु? के म साँच्चै बाध्यकारी र अनुचित छु? अनि, किन मानिसहरूले सधैँ मलाई आँखा तरेर हेर्छन्? तिनीहरूले किन मलाई सधैँ घृणा गर्छन्? के मैले तिनीहरूलाई बाटोको अन्त्यमा ल्याएको छु? मेरो सजायमा मानिसले कहिल्यै पनि केही पत्ता लगाएको छैन, किनभने उसले मलाई दुवै आँखाले एक टक लगाएर हेर्दै दुवै हातले आफ्नो काँधमा भएको जुवालाई पक्रिने मात्रै गर्छ—अनि यस क्षणमा मात्रै म ऊ कति दुर्बल छ भन्ने अनुभूति गर्छु। यही कारणले गर्दा, म परीक्षाहरूको बीचमा कोही पनि कहिल्यै दह्रिलो गरी खडा भएको छैन भनेर भन्छु। के मानिसको कद यस्तै छैन र? के मैले उसलाई उसको "नापका" अङ्कहरू बताउन आवश्यक छ र? मानिसको "उचाइ" जमिनमा यता-उता हिँड्ने सानो गड्यौंलाभन्दा अग्लो छैन, र उसको "छाती" को चौडाइ सर्पको जति मात्रै छ। यसमा, मैले मानिसलाई हेला गरिरहेको छैन—के यी उसको कदका वास्तविक नापहरू होइनन् र? के मैले मानिसलाई भ्रष्ट तुल्याएको छु र? मानिस त उल्लसित बालक जस्तै हो। कहिलेकहीँ उसले पशुहरूसँग समेत खेल्छ, तैपनि ऊ खुशी नै हुन्छ; अनि ऊ चिन्ता वा फिक्रीविनाको जीवन जिउने बिरालो जस्तै हुन्छ। सायद यो आत्माको प्रभावको कारण वा स्वर्गमा हुनुहुने परमेश्‍वरको भूमिकाको कारण मलाई पृथ्वीका मानिसहरूको अतिव्ययी जीवन-शैलीदेखि अत्यन्तै दिक्क लाग्छ। मानिसको जीवनको कारणले गर्दा—जुन परजीवीको जस्तो छ—"मानव जीवन" भन्ने शब्दहरूप्रतिको मेरो "रुचि" केही हदसम्म बढेको छ, त्यसकारण मानव जीवनप्रति म अलिक "आदरणीय" बनेको

छु। किनभने मानिसले मात्रै अर्थपूर्ण जीवनको रचना गर्न सक्ने देखिन्छ, जबकि म यसो गर्न असमर्थ छु। त्यसकारण “पहाडहरू” तिर फर्कनेबाहेक म केही पनि गर्न सक्दिन, किनभने म मानिसको बीचमा कठिनाइको अनुभव गर्न र अवलोकन गर्न सक्दिन। तैपनि मानिसले मलाई तत्कालै त्यसो गर्न जबरजस्ती गर्छ—मसँग कुनै विकल्प छैन! ऊसँग समग्र अनुभव गर्दै र उसकै साथमा मानव जीवनमा अघि बढ्दै म मानिसका बन्दोबस्तहरूलाई पालन गर्नेबाहेक केही पनि गर्न सक्दिन। स्वर्गमा, मैले एकपटक सारा सहरको भ्रमण गरेको छु, र स्वर्गमुनि, मैले एकपटक सबै देशको भ्रमण गरेको छु। तैपनि मलाई कसैले कहिल्यै पनि पत्ता लगाएन; तिनीहरूले म यता-उता हिँडेको आवाज मात्रै सुने। मानिसहरूको नजरमा, म कुनै नामनिसान वा छायाबिनै आउने र जाने गर्छु। यस्तो लाग्छ मानौं म तिनीहरूको हृदयको अदृश्य मूर्ति बनेको छु, तैपनि मानिसहरूले त्यस्तो विश्वास गर्दैनन्। के यी सबै मानिसको मुखले स्वीकार गरेका तथ्यहरू नभएको हुन सक्छ? यस बिन्दुमा, आफूलाई सजाय दिइनुपर्छ भनेर कसले स्वीकार गर्दैन र? के ठोस सबुतको अघि अझै पनि मानिसहरूले आफ्नो शिर ठाडो पार्न सक्छन् त?

म मानिसको बीचमा “व्यापारिक सम्झौता” गर्दैछु, म उसका सबै अशुद्धता र अधर्मलाई पुछेर फ्याँक्छु, र यसरी उसलाई “प्रशोधन” गर्छु, ताकि ऊ मेरो हृदयअनुरूपको हुन सकोस्। अझै पनि मानिसको सहकार्य कामको यो चरणको लागि अपरिहार्य छ, किनभने ऊ भर्खरै पक्रेको माछाजस्तो सधैँ फुतफुत्त उफ्रने मात्रै गर्छ। त्यसकारण, कुनै पनि दुर्घटनाहरू हुन नदिनको लागि, मैले पक्रिएको सबै “माछा” मारेँ, त्यसपछि माछा आज्ञाकारी भयो, र त्यससँग अलिकति पनि गुनासो थिएन। जब मलाई मानिसको खाँचो हुन्छ, त्यस बेला ऊ सधैँ लुकेको हुन्छ। यस्तो लाग्छ मानौं उसले कहिल्यै पनि आश्चर्यजनक दृश्यहरू देखेको छैन, मानौं ऊ गाउँमा जन्मेको हो र सहरका मामलाहरूको बारेमा उसलाई केही पनि थाहा छैन। म मानिसका कमजोर पक्षहरूमा मेरो बुद्धि थप्छु, र उसलाई मलाई चिन्ने बनाउँछु; मानिस अत्यन्तै गरिब भएको हुनाले, म व्यक्तिगत रूपमा मानिसको बीचमा आउँछु र उसको आँखा खोल्दै उसलाई “सम्पत्तिको मार्ग” दिन्छु। के यसो गरेर मैले उसलाई मुक्त दिइरहेको हुँदिन र? के यो मानिसप्रतिको मेरो करुणा होइन र? के प्रेम भनेको सर्तरहित रूपमा दिनु होइन र? त्यसो भए, के घृणा भनेको सजाय हो त? मैले मानिसको लागि फरक-फरक दृष्टिकोणहरूबाट व्याख्या गरेको छु, तर उसले यसलाई शब्द र धर्मसिद्धान्तहरूको रूपमा मात्रै लिन्छ। यस्तो लाग्छ मानौं मेरा वाणीहरू बिग्रेका सामान हुन्, जसलाई मानिसको हातमा घट्दो दाममा बिक्री गरिँदै छ। त्यसकारण, जब म मानिसहरूलाई पहाडको गाउँ निल्ने ठूलो आँधी आउँदैछ भनेर भन्छु, कसैले पनि यसको बारेमा केही विचार गर्दैनन्, एक-दुई जनाले मात्रै हृदयमा शङ्का गर्दै आफ्नो घर सार्छन्। अरू बाँकी सर्दै सर्दैनन्, मानौं तिनीहरू उदासीन छन्, मानौं म आकाशको गौंथली हुँ जसले बोलेको तिनीहरूले केही पनि बुझ्दैनन्। जब पर्वतहरू लड्छन् र पृथ्वी च्यातिन थाल्छ, तब मात्रै मानिसहरूले मेरा वचनहरूको बारेमा विचार गर्छन्, तब मात्रै तिनीहरू आफ्नो सपनाबाट बिउँझन्छन्, तर समय आइसकेको हुन्छ, तिनीहरू ठूलो बाढीमा डुब्छन्, तिनीहरूका लासहरू पानीको सतहमा तैरिरहेको हुन्छ। संसारको दुर्गतिलाई देखेर, म मानिसको दुर्भाग्यप्रति सुस्केरा हाल्छु। मैले मानिसको नियतिको खातिर धेरै समय खर्च गरेको, र ठूलो मूल्य

चुकाएको छु। मानिसहरूको नजरमा, मसँग कुनै अश्रुनली छैन–तर अश्रुनली नै नभएको म "कुरूप" ले मानिसको लागि धेरै आँसु झारेको छु। तैपनि मानिसलाई यसको बारेमा केही पनि थाहा छैन, ऊ त पृथ्वीमा बसेर आफ्नो हातका खेलौना खेलिरहन्छ, मानौं म अस्तित्वमा नै छैन। तसर्थ, आजको परिस्थितिहरूमा, मानिसहरू अचेत र सुस्त अवस्थामा रहेका छन्; तिनीहरू भुइँतलामा "जमेका" छन्, मानौं तिनीहरू अझै पनि गुफामा सुतिरहेका छन्। मानिसका गतिविधिहरूलाई हेरेर, मसँग जानेबाहेक कुनै विकल्प हुँदैन ...

मानिसहरूको नजरमा, मैले मानिसको लागि धेरै भलाइको काम गरेको छु, त्यसकारण तिनीहरूले मलाई वर्तमान युगको आदर्श व्यक्तिको रूपमा हेर्छन्। तैपनि तिनीहरूले मलाई मानिसको नियतिको सार्वभौम परमेश्वर र सबै थोकका सृष्टिकर्ताको रूपमा कहिल्यै पनि लिएका छैनन्। यस्तो लाग्छ तिनीहरूले मलाई बुझ्दैनन्। मानिसहरूले एकपटक "बुझाइको दीर्घायु होस्" भनेर चिच्याएका भए पनि, "बुझाइ" भन्ने शब्दलाई अनुसन्धान गर्न कसैले पनि समय बिताएको छैन, र यसले मानिसहरूसँग मलाई प्रेम गर्ने कुनै इच्छा छैन भन्ने देखाउँछ। आजको समयमा, मानिसहरूले मलाई कहिल्यै पनि बहुमूल्य ठानेका छैनन्, तिनीहरूको हृदयमा मेरो कुनै स्थान छैन। के आउनेवाला कष्टका दिनहरूमा तिनीहरूले मलाई साँचो प्रेम देखाउन सक्छन्? मानिसको धार्मिकता आकारहीन वस्तुको रूपमा, देख्न वा छुन नसकिने वस्तुको रूपमा रहन्छ। मैले चाहने भनेको मानिसको हृदय हो, किनभने मानव शरीरमा, हृदय नै सबैभन्दा बहुमूल्य छ। के मेरा कार्यहरूको ऋण मानिसको हृदयद्वारा तिरिनको लागि योग्य छैन? किन मानिसहरूले मलाई तिनीहरूको हृदय दिँदैनन्? किन तिनीहरू आफ्नो हृदयलाई छातीमै टाँसिराख्छन्, र यसलाई छोड्न चाहँदैनन्? के मानिसको हृदयले मानिसहरूको जीवनभरि शान्ति र खुशीको सुनिश्चितता दिन सक्छ? मैले मानिसहरूलाई मापदण्ड पूरा गर भन्दा किन तिनीहरूले सधैँ मलाई भुइँबाट एक मुठ्ठी धूलो उठाएर मतिर फाल्छन्? के यो मानिसको धूर्त युक्ति हो? यो लाग्छ मानौं तिनीहरूले जाने ठाउँ कतै नभएको बटुवालाई चलाकी गरी लोभ्याएर तिनीहरूको आफ्नै घरमा ल्याउने प्रयास गरिरहेका छन्, जहाँ तिनीहरू भयानक बन्छन् र तिनीहरूको हत्या गर्छन्। मानिसहरूले मसँग पनि यस्तै कुराहरू गर्न चाहेका छन्। मानौं तिनीहरू आँखासमेत नझिम्काई मान्छे मार्ने जल्लाद हुन्, मानौं तिनीहरू दियाबलसहरूका राजा हुन्, जसलाई मान्छे मार्ने बानी परेको छ। अहिले मानिसहरू अझै पनि त्यस्ता माध्यमहरूको प्रयोग गर्ने इच्छा गर्दै मकहाँ आउँछन्–तर तिनीहरूको आफ्नै योजना छन्, र मसँग मेरा प्रतिकारहरू छन्। मानिसहरूले मलाई प्रेम नगरे पनि, यसपटक मैले मानिसमाझ मेरा प्रतिकारहरू कसरी सार्वजनिक गर्न सक्दिन र? मसँग मानिसलाई सम्हाल्ने असीमित, अमापनीय सीप छ; म उसको हरेक भाग व्यक्तिगत रूपमा सम्हाल्छु, र त्यसलाई म व्यक्तिगत रूपमा प्रशोधन गर्छु। अन्तिममा, म मानिसलाई उसले प्रेम गरेको कुराबाट अलग हुँदाको पीडा सहन लगाउँछु, र म उसलाई मेरा बन्दोबस्तहरूमा समर्पित हुन लगाउँछु, र त्यो बेला, मानिसहरूसँग गुनासो गर्ने कुरा के नै हुनेछ र? के मैले गर्ने सबै कुरा मानिसकै खातिर होइन र? विगतको समयमा, मैले मानिसलाई मेरो कामका चरणहरूको बारेमा कहिल्यै बताइन–तर आज, विगतको भन्दा फरक समयमा, मेरो कामको विषयवस्तु फरक भएकोले, मैले मानिसहरूलाई यसको

कारण तिनीहरूलाई पतन हुनबाट रोक्नको लागि अग्रिम रूपमा मेरो कामको बारेमा बताएको छु। के यो मैले मानिसलाई लगाइदिएको खोप होइन र? कुनै न कुनै कारणले, मानिसहरूले मेरा वचनहरूलाई कहिल्यै पनि गम्भीर रूपमा लिएका छैनन्; यस्तो लाग्छ मानौं तिनीहरूको पेटमा भोक छ र तिनीहरू के खाने भन्नेबारेमा निश्चित छैनन्, जसले गर्दा तिनीहरूको पेट कमजोर भएको छ। तर मानिसहरूले तिनीहरूको "स्वस्थ बनावट" लाई पूँजीको रूपमा लिन्छन् र "डाक्टरको" सल्लाहलाई कुनै ध्यान दिँदैनन्। तिनीहरूको अभेद्यपनलाई देखेर, म मानिसप्रति चिन्तित हुन्छु। मानिसहरू अपरिपक्व रहेका हुनाले, र तिनीहरूले मानव जीवनको अनुभव गर्न बाँकी नै रहेको हुनाले, तिनीहरूसँग कुनै डर छैन; तिनीहरूको हृदयमा, "मानव जीवन" भन्ने शब्दहरू अस्तित्वमा नै हुँदैन, तिनको बारेमा तिनीहरूसँग कुनै कदर हुँदैन, र तिनीहरू मेरा वचनहरूप्रति थकित मात्रै हुन्छन्, मानौं म गनगनाउने बुढी स्त्री बनेको छु। समग्रमा, जेसुकै भए पनि, मानिसहरूले मेरो हृदयलाई बुझ्न सक्छन् भन्ने मेरो आशा छ, किनभने मसँग मानिसलाई मृत्युभूमिमा पठाउने कुनै इच्छा छैन। यस क्षणमा मेरो मनस्थिति कस्तो छ त्यसलाई मानिसले बुझ्न सक्छन्, र ठीक यही समयमा मैले बोकेको बोझलाई पनि बुझ्न सक्छन् भन्ने मेरो आशा छ।

अप्रिल २६, १९९२

## अध्याय ३७

युगौंयुगसम्म, मैले गरेका सबै कामको हरेक चरणमा मेरो उचित काम गर्ने शैली समावेश छ। यही कारणले गर्दा, मेरा प्रिय मानिसहरूलाई झन्-झन् शुद्ध र मेरो कामको लागि झन्-झन् उपयुक्त तुल्याइएको छ। तर यही कारणले गर्दा नै "दूर्भाग्यको कुरा", मेरो कामका विधिहरू तीव्र हुने क्रममा, मानिसहरूको सङ्ख्या घट्छ, र यसले तिनीहरूलाई गहिरो विचारमा डुबाउँछ। अवश्य नै, आजको यो काम पनि अपवाद होइन, र धेरैजसो मानिसहरू फेरि पनि गहन विचारमा लागिपरेका छन्; यसरी, मेरा विधिहरूको परिवर्तनको कारण, पछि हट्ने कतिपय मानिसहरू अझै पनि छन्। यस कुरालाई यसरी व्याख्या गर्न सकिन्छ: यो मैले पूर्वनिश्चित गरेको कुरा हो, तर मैले गरेको कुरा होइन। सृष्टिदेखि नै, मेरो कामका विधिहरूको परिणामस्वरूप, धेरैभन्दा धेरै मानिसहरू पतन भएका छन्, र धेरैभन्दा धेरै मानिसहरूले आफ्नो मार्ग गुमाएका छन्। तैपनि, मानिसहरूले के गर्छन्–तिनीहरूले मलाई दयालु ठाने पनि वा अति निर्दयी ठाने पनि–तिनीहरूको बुझाइ सही भए पनि नभए पनि, म व्याख्या गर्ने कार्यबाट टाढा बस्छु। हामी सुरुमा यो छलफलको मुख्य बुँदाको बारेमा सङ्गति गरौं ताकि सबैले विस्तृत बुझाई प्राप्त गर्न सकून्, र यसरी तिनीहरूलाई आफूले किन कष्ट भोग्नुपर्छ भन्ने कुरा नबुझ्नबाट रोक्न सकियोस्। म मानिसहरूलाई बक्क लाटाहरूले जस्तो चुपचाप कष्ट भोग्न बाध्य पार्दिनँ; बरु, तिनीहरूलाई मेरो विरुद्धमा गुनासो गर्नबाट रोक्नको लागि म सबै कुरा स्पष्ट रूपमा व्याख्या गर्नेछु। एक दिन, म सबैलाई तिनीहरूको सजायको बीचमा इमानदार प्रशंसाको आवाज निकाल्न लगाउनेछु। के यो विधिमा तिमीहरू सहमत छौ? के त्यसले मानिसहरूका सर्तहरूलाई पूरा गर्छ?

सजायको युगको आरम्भमा, मैले सबैभन्दा पहिले मानिसहरूलाई यो “युग” को आम अर्थको बारेमा बताउनुपर्छ, ताकि तिनीहरूले मलाई नचिढ्याऊन्। अझै निर्दिष्ट रूपमा भन्दा, म मेरो कामका निम्ति बन्दोबस्तहरू गर्नेछु, जसलाई कसैले पनि परिवर्तन गर्नेछैन, र तिनलाई परिवर्तन गर्ने कसैलाई पनि म अवश्य नै त्यतिकै छोड्नेछैन: म तिनीहरूलाई दोषी ठहऱ्याउनेछु। के तिमीहरूले त्यस कुरालाई स्मरण गर्नेछौ? यी सबै “खोपहरू” हुन्। नयाँ विधिहरूमा, सबै मानिसहरूले सुरुमा के कुरालाई बुझ्नुपर्छ भने तिनीहरूले हासिल गर्नुपर्ने सबैभन्दा पहिलो र सर्वश्रेष्ठ उद्देश्य भनेको तिनीहरूका आफ्नै अवस्थाहरूको बुझाइ प्राप्त गर्नु हो। आफ्नो बारेमा केही ज्ञान प्राप्त नगरेसम्म, कसैलाई पनि मण्डलीमा लापरवाही रूपमा बोल्न दिइनेछैन, र यो नियम उल्लङ्घन गर्ने जोकोहीलाई म अवश्य नै सजाय दिनेछु। आजको दिनपछि, मण्डलीहरूमा सबै प्रेरितहरूको नाम सूचीकृत गर्नुपर्छ र आफ्नो इच्छाअनुसार यता-उता हिँड्ने कार्य गर्न निषेधित गरिनुपर्छ–त्यसले त्यति धेरै फल दिनेछैन। तिनीहरू सबैले आफ्ना कर्तव्यहरू पूरा गरिरहेजस्तो देखिन्थ्यो, तर तिनीहरूले वास्तवमा मलाई छल गरिरहेका थिए। जेसुकै भएको भए तापनि, आज यो सबै कुरा विगतको कुरा भइसकेको छ, र यो कुरालाई फेरि खोतलिरहनु पर्दैन। यसकारण, “प्रेरित” भन्ने शब्दलाई हटाइनुपर्छ र यसलाई फेरि कहिल्यै पनि प्रयोग गरिनु हुँदैन, ताकि सबै मानिसहरू आफ्नो “पद” बाट ओर्लिएर आफैलाई चिनून्। अवश्य नै, यो तिनीहरूको मुक्तिको खातिर हो। “पद” भनेको मुकुट होइन; यो त सम्बोधन गर्ने शब्द मात्रै हो। के तिमीहरूले मेरो तात्पर्य बुझ्दै छौ? मण्डलीहरूको अगुवाइ गर्नेहरू तिनीहरूका आफ्नै मण्डलीहरूभित्र मण्डली जीवन जिउनेछन्, तैपनि यो अवश्य नै कठोर नियम होइन। आवश्यक पर्दा, तिनीहरूले अरू पूर्व-प्रेरितहरूको समन्वयमा मण्डलीहरूमा यात्रा गर्न सक्छन्। सबैभन्दा महत्त्वपूर्ण कुरा, मण्डलीहरूमा हुने सङ्गतिहरूलाई बढाइनुपर्छ–तिनीहरूका कुनै पनि सदस्यहरूले वास्तवमा मण्डली जीवन जिइरहेका छैनन् भने मात्रै यो कुरा लागू हुँदैन। तैपनि, मैले के कुरालाई जोड दिनैपर्छ भने, आत्मज्ञान र ठूलो रातो अजिङ्गरविरुद्धको विद्रोहमा तिमीहरू सबै एकीकृत हुनुपर्छ: मेरो इच्छा यही हो। मानिसहरूले कति भन्छन् भन्ने कुरा महत्त्वपूर्ण होइन; बरु, मेरा सबै मानिसहरू एउटै भएर अघि बढ्न सक्नु नै सबैभन्दा महत्त्वपूर्ण कुरा हो, किनभने साँचो रूपमा गवाही दिने एक मात्र तरिका त्यही हो। विगतमा, सबै मानिसहरूले हामीले आफैलाई चिन्नेछौँ भनेर भनेका थिए, तर मैले त अनगिन्ती वचनहरू बोलेको छु–अनि तिमीहरूले चाहिँ आफूलाई कति बुझेका छौ त? व्यक्तिको स्थान वा पद जति उच्च हुन्छ, उसले आफूलाई पन्छाउनु त्यति नै कठिन हुन्छ, उसको आशा त्यति नै ठूलो हुन्छ, र सजाय दिइँदा उसले त्यति नै धेरै कष्ट भोग्नेछ। मैले मानवजातिलाई दिने मुक्ति यही हो। के तिमीहरूले बुझ्यौ? तिमीहरूले यस कुरालाई जस्तो छ त्यस्तै रूपमा स्वीकार मात्रै नगर; त्यसो गर्नु अत्यन्तै सतही र मूल्यहीन कुरा हुनेछ। के तिमीहरूले यसमा रहेको अन्तर्निहित अर्थलाई बुझ्यौ? यदि मण्डलीका सदस्यहरू आफूलाई बुझ्न साँचो रूपमा समर्थ छन् भने, त्यस प्रकारका मानिसहरूले मलाई साँच्चै प्रेम गर्छन् भन्ने कुरा यसले प्रदर्शन गर्नेछ। भन्नुको अर्थ, यदि तैँले मानिसहरूसँग सँगै खानपान गर्दैनस् भने, तैँले तिनीहरूको कठिनाइहरूलाई बुझ्नेछैनस्। तैँले यो भनाइको अर्थ कसरी लगाउँछस्? अन्त्यमा, म सबै मानिसहरूलाई तिनीहरूको सजायको समयमा आफूलाई चिन्ने तुल्याउनेछु, र

त्यस्तो भइरहेको बेलामा तिनीहरूलाई हाँस्न-गाउन लगाउनेछु। के तिमीहरूसँग साँच्चै मलाई सन्तुष्ट तुल्याउने विश्वास हुनेछ त? त्यसकारण, तिमीहरूले आफ्नो अभ्यासमा के गर्नुपर्छ त? अबदेखि, हरेको मण्डलीका मामलाहरूलाई त्यस मण्डलीका उचित व्यक्तिहरूले सम्हाल्नेछन्, र प्रेरितहरूले मण्डली जीवन जिउने कार्य मात्रै गर्नेछन्। "जीवन अनुभव गर्नु" भनेको यही हो। के तिमीहरूले बुझ्यौ त?

मानवजातिकहाँ औपचारिक रूपमा सजाय आउनुअघि, मैले पहिले मानिसहरूमा "स्वागत गर्ने काम" गर्नुपर्छ, ताकि अन्त्यमा, तिनीहरू सबैले मलाई सन्तुष्ट पार्न सकून्। पछि हट्नेवालाहरूको हकमा समेत, तिनीहरू जानुभन्दा पहिले तिनीहरूले पनि कष्ट भोग्नैपर्छ र गवाही दिनैपर्छ, नत्र म तिनीहरूलाई त्यतिकै छोड्नेछैन। यसले मानिसहरूको उल्लङ्घनलाई सहन नसक्ने मेरो स्वभाव, साथै मैले जे भन्छु त्यसलाई पूरा गर्ने मेरो स्वभाव प्रदर्शन गर्छ। यसरी, मैले "म जे भन्छु मेरो तात्पर्य त्यही हुन्छ, मैले जे भन्छु त्यो पूरा हुनेछ, र मैले जे गर्छु त्यो सदासर्वदा रहिरहनेछ" भन्ने मेरो प्रतिज्ञालाई पूरा गरेको हुनेछु। वचनहरू मेरो मुखबाट निस्कने क्रममा, मेरो आत्माले आफ्नो काम गर्न थाल्छ। कसले आफ्नो हातका "खेलौनाहरू" दुराग्रहसाथ खेलाउने आँट गर्छ र? हरेकले सम्मानपूर्वक र आज्ञाकारिताको साथ मेरो सजायलाई स्वीकार गर्नुपर्छ। यसबाट को उम्कन सक्छ र? के मैले दिएको मार्गबाहेक अर्को मार्ग हुन सक्छ र? आज मैले तँलाई पृथ्वीमा रहन दिएको छु, र तैँले आनन्द लिन्छस्; भोलि म तँलाई स्वर्गमा प्रवेश गर्न दिनेछु, र तैँले प्रशंसा गर्नेछस्। त्यसको अर्को दिन, म तँलाई जमिनमुनि राख्नेछु, जहाँ तँलाई सजाय दिइनेछ। के यी सबै मेरो कामका मापदण्डहरू होइनन् र? कसले मेरा मापदण्डहरूका खातिर दुर्भाग्य भोग्ने र आशिषहरू प्राप्त गर्ने गर्दैन र? के तिमीहरू यसको अपवाद बन्न सक्छौ? पृथ्वीमा रहेका मेरा मानिसहरू भएकाले, मेरा मापदण्डहरू र मेरो इच्छाको खातिर तिमीहरूले के गर्नुपर्छ? के तिमीहरूले आफ्नो हृदयमा मलाई घृणा गर्दै मेरो पवित्र नामको मौखिक रूपमा मात्र प्रशंसा गर्न सक्छौ? मेरो लागि काम गर्नु र मेरो हृदयलाई सन्तुष्ट पार्नु, साथै आफैलाई बुझ्नु र ठूलो रातो अजिङ्गरको विरुद्धमा विद्रोह गर्नु—यी सजिलो काम होइनन्, तर तिमीहरूले त्यसो गरेर मूल्य चुकाउनुपर्छ। जब म "मूल्य" को कुरा गर्छु, यसको अर्थ के हो भन्ने तिमीहरूलाई लाग्छ? अहिले म यसको बारेमा छलफल गर्नेछैन र म मानिसहरूलाई सीधा उत्तरहरू दिनेछैन। बरु, म तिनीहरूलाई यसको बारेमा आफै मनन गर्न दिन्छु, त्यसपछि तिनीहरूलाई आफ्ना कार्य र व्यवहारद्वारा व्यवहारिक रूपमा मेरा प्रश्नहरूको उत्तर दिन लगाउँछु। के तिमीहरूले त्यसो गर्न सक्छौ?

अप्रिल २७, १९९२

## अध्याय ३८

मानिसले अनुभव गरेको कुरामा, मेरोनामनिसान पनि कहिल्यै रहेको छैन, मेरा वचनहरूको अगुवाइ पनि कहिल्यै रहेको छैन। परिणामस्वरूप, मैले मानिसलाई सधैँ टाढा राखेँ, र पछि गएर मैले उसलाई त्यागेँ। म मानवजातिको अवज्ञालाई घृणा गर्छु। किन हो भन्ने मलाई थाहा छैन;

यस्तो लाग्छ मैले मानिसलाई सुरुदेखि नै घृणा गरेको छु, तैपनि मलाई उप्रति गहन सहानुभूति छ। तसर्थ, मैले मानिसहरूलाई सधैँ मप्रति दुई प्रकारको मनोवृत्ति धारण गर्ने तुल्याएको छु–किनभने म मानिसलाई प्रेम गर्छु, र म उसलाई घृणा पनि गर्छु। मानिसहरूको बीचमा को मेरो प्रेमप्रति साँचो रूपमा सचेत छ? अनि मेरो घृणाप्रति को सचेत छ? मेरो नजरमा, मानिस सबै थोकमाझ रहेको माटोको मूर्तिजस्तै, जीवनरहित, मृत वस्तु हो। उसको अवज्ञाको कारण, मानिसले समय-समयमा मलाई क्रोधित तुल्याउँछ। जब म मानिसहरूका बीचमा जिउँछु, तब म अचानक आइपुग्दा तिनीहरूले मलाई मन्द मुस्कान दिन्छन्, किनभने तिनीहरूले सधैँ मलाई सचेत रूपमा "खोजी" गरिरहेका हुन्छन्, मानौं म पृथ्वीको मानवजातिसँग खेलिरहेको छु। तिनीहरूले मलाई कहिल्यै पनि गम्भीर रूपमा लिँदैनन्, र मप्रतिको तिनीहरूको मनोवृत्तिको कारण, मसँग मानवजातिको "कार्य एकाइ" बाट "अवकाश लिने" बाहेक अरू कुनै विकल्प छैन। तैपनि, म के कुरा उल्लेख गर्न चाहन्छु भने, मैले "अवकाश लिए" पनि मेरो "पेन्सन" मा एक पैसा पनि कमी हुनु हुँदैन। मानवजातिको "कार्य एकाइ" मा रहेको मेरो "वरिष्ठता" को कारण, मैले तिनीहरूबाट पाउनुपर्ने रकम म निरन्तर मागिरहन्छु। तिनीहरूले मलाई त्यागेका भए पनि, तिनीहरू मेरो पकडबाट कसरी उम्कन सक्छन् र? मैले एकपटक मानिसहरूलाई तिनीहरूको देहका इच्छाहरूमा स्वतन्त्र भई लिप्त हुन दिँदै निश्चित हदसम्म तिनीहरूमाथिको पकडलाई खुकुलो बनाएको थिएँ–अनि यसैको कारण तिनीहरूले कुनै संयमता नअपनाई बेलगाम रूपमा व्यवहार गर्ने आँट गरे, जसबाट तिनीहरूले मलाई साँचो रूपमा प्रेम गर्दैनन् भन्ने देखिन्छ, किनभने तिनीहरू सबै देहमा जिइरहेका छन्। के साँचो प्रेम देहको सट्टामा दिइन्छ भन्ने हुन सक्छ? के मैले मानिसलाई माग्ने भनेको देहको "प्रेम" मात्रै हो भन्ने हुन सक्छ? यदि यो कुरा साँच्चै यस्तै थियो भने, मानिसको मूल्य के हुनेथियो र? मानिसहरू सबै रद्दीका टोकरी हुन्! मेरो सहनशीलताको "विशेष शक्तिहरू" नभएको भए, मैले धेरै पहिले नै मानवजातिलाई छोडिसकेको हुनेथिएँ–तिनीहरूसँग बसेर "हेपाइ" सहने झमेला किन गर्नुपर्थ्यो र? म अझै सहन्छु। म मानिसको "व्यवसाय" को पिँधमा पुग्न चाहन्छु। पृथ्वीको मेरो काम समाप्त भएपछि, म सबै थोकको "मालिक" को न्याय गर्न उच्च आकाशमा आरोहण गर्नेछु; मेरो प्राथमिक कार्य यही हो, किनभने मानिसप्रतिको मेरो तिरस्कार पहिले नै निश्चित बिन्दुमा पुगिसकेको छ। कसले आफ्नो दुश्मनलाई घृणा गर्दैन र? कसले आफ्नो शत्रुलाई नाश गर्दैन र? स्वर्गमा, मेरो शत्रु शैतान नै हो; पृथ्वीमा, मेरो शत्रु मानिस नै हो। स्वर्ग र पृथ्वीबीचको एकताको कारण, म तिनीहरू सबैलाई नौं पुस्तासम्म दोषी ठहऱ्याउनेछु, अनि एक जनालाई पनि माफी हुनेछैन। कसले तिनीहरूलाई मेरो विरोध गर्नु भनी भनेको थियो र? कसले तिनीहरूलाई मेरो अवज्ञा गर्नु भनी भनेको थियो र? किन मानिसहरूले आफ्नो पुरानो प्रकृतिसँगको रहिरहेको सम्बन्धलाई तोड्न सक्दैनन्? किन तिनीहरूको देह सधैँ तिनीहरूभित्र फस्टाइरहन्छ? यो सबै मैले मानिसलाई गर्ने मेरो न्यायको प्रमाण हो। तथ्यहरूमा समर्पित नहुने आँट कसले गर्छ? मेरो न्याय भावुकताले रङ्गिएको छ भनेर भन्ने आँट कसले गर्छ? म मानिसभन्दा फरक छु, त्यसकारण म उसलाई त्याग्छु, किनभने म मानवजातिमध्ये एक होइन।

मैले गर्ने सबै कुराको लागि एक आधार हुन्छ, एउटा जग हुन्छ; जब मानिसले आफ्नो मुखले

"साँचो तथ्यहरू" "प्रकट गर्छ", म उसलाई "मृत्युदण्ड दिइने ठाउँ" मा लैजान्छु, किनभने मानवजातिको अपराध मेरो सजाय पाउनको लागि पर्याप्त छ। अनि, म अन्धाधुन्ध सजाय दिँदिन, तर मानिसहरूलाई तिनीहरूको अपराधको साँचो परिस्थितिको आधारमा सजाय दिन्छु। नत्र, तिनीहरूको विद्रोहीपनको कारण, मानवजातिले कहिल्यै पनिमेरो सामु झुकेर आफ्नो दोष स्वीकार गर्नेथिएनन्। तिनीहरू मामलाहरूको वर्तमान स्थितिमा आइपुगेका हुनाले, मानिसहरू सबैले मन नलागी-नलागी आफ्नो शिर झुकाउँछन्–तर तिनीहरूको हृदयमा, तिनीहरू अविश्वस्त अवस्थामा नै रहन्छन्। मैले मानिसहरूलाई "बेरियम घोल" पिउन दिएको छु, त्यसकारण तिनीहरूका भित्री अङ्गहरू "फ्लोरोस्कोप" मा राम्रो र स्पष्ट देखिन्छन्। मानिसहरूको पेटबाट फोहोर र अशुद्धता हटाइएको छैन; तिनीहरूको नसामा अनेक किसिमका फोहोरहरू बग्छन्, तसर्थ तिनीहरूको शरीरभित्रको विष झन्-झन् बढ्दै जान्छ। मानिसहरू यस्तो परिस्थितिमा धेरै वर्षदेखि जिएका हुनाले, तिनीहरूलाई ती कुराको बानी परिसकेको छ र तिनीहरूलाई ती कुरा अनौठो लाग्न छोडेको छ। परिणामस्वरूप, तिनीहरूभित्रका कीटाणुहरू परिपक्व भई तिनीहरूको प्रकृति बन्छन्, र सबै जना ती कीटाणुहरूको नियन्त्रणमा जिउँछन्। यही कारणले गर्दा, मानिसहरू जङ्गली घोडाहरूजस्तो जताततै दौडिहिँड्छन्। तैपनि, तिनीहरूले यस कुरालाई पूर्ण रूपमा स्वीकार गर्दैनन्; तिनीहरूले आफ्नो सहमति जनाउन आफ्नो शिर मात्रै हल्लाउँछन्। सत्यता के हो भने, मानवजातिले मेरा वचनहरूलाई हृदयमा राख्दैनन्। यदि तिनीहरूले मेरा वचनहरूलाई राम्रो निवारणको रूपमा लिन्थे भने, तिनीहरूले "डाक्टरका आज्ञाहरूलाई पालन" गर्नेथिए, र तिनीहरूले आफूभित्रको रोग निको पार्न यो उपचार लागू गर्नेथिए। तर, मेरो विचारमा, तिनीहरूले गर्ने व्यवहारले यस इच्छालाई पूरा गर्न सक्दैन, त्यसकारण मैले गर्न सक्ने भनेको "फलामको चिउरा चपाउनु" र तिनीहरूले सुने पनि नसुने पनि बोल्ने कार्यलाई जारी राख्नु मात्रै हो: मैले मेरो कर्तव्य मात्रै पूरा गरिरहेको छु। मानवजाति मेरा आशिष्हरूमा आनन्द लिन इच्छुक छैनन्, बरु नरकको कष्ट भोग्न चाहन्छन्– त्यसकारण, मैले गर्न सक्ने भनेको तिनीहरूको अनुरोधलाई स्वीकार गर्नु मात्रै हो। तैपनि, नरकमा मेरो नाम र मेरो आत्मा लज्जित नहोस् भनेर, म तिनीहरूलाई सुरुमा अनुशासन कारबाही गर्नेछु, त्यसपछि तिनीहरू "प्रसन्नताले भरिऊन्" भनेर तिनीहरूको इच्छामा "समर्पित" हुनेछु। मानिसलाई मेरो झण्डा बोकेर कुनै पनि समय वा स्थानमा मलाई लज्जित पार्न दिन म इच्छुक छैन, त्यसकारण म उसलाई बारम्बार अनुशासन कारबाही गर्नेछु। मेरा कडा वाणीहरूको पावन्दीविना, मानिस कसरी आजको दिनसम्म मेरो अघि निरन्तर खडा हुन सक्नेथियो र? के म गइहाल्नेछु भनेर डराएको कारण मात्रै मानिसहरू पापबाट अलग बस्दैनन् र? तिनीहरूले सजायको डर मान्ने हुनाले मात्रै तिनीहरूले गुनासो गर्दैनन् भन्ने कुरा साँचो होइन र? के पूर्ण रूपमा मेरो योजनाको खातिर नै संकल्प गर्ने कोही छ? सबै मानिसहरूले मेरो प्रकृति ईश्वरीय प्रकृति हो जसमा "बौद्धिक गुण" को कमी छ भन्ने ठान्छन्, तर मेरो मानवताद्वारा म सबै कुरा देख्न सक्छु भन्ने कुरालाई कसले बुझ्न सक्छ? मानिसहरूको भनाइ छ, "काँटी ठोक्नको लागि किन ढुङ्गा फुटाउने घनको प्रयोग गर्ने?" मानिसहरूले मप्रतिको तिनीहरूको प्रेम जन्मजात भएर होइन, बरु सजायको डरले मलाई "प्रेम" गर्छन्। मानिसहरूका बीचमा कसले मलाई जन्मदै प्रेम गर्थ्यो र? के मलाई आफ्नै

हृदयजस्तो गरी व्यवहार गर्ने कोही छ र? त्यसकारण, म यस कुरालाई मानव संसारको लागि यो उक्तिद्वारा सारांशित गर्छु: मानिसहरूका बीचमा, मलाई प्रेम गर्ने कोही पनि छैन।

मैले पृथ्वीको मेरो कार्यलाई समाप्त गर्न चाहेको हुनाले मात्रै मैले मेरो कामको गतिलाई यसरी तीव्र बनाएको हुँ, नत्र म मानिसहरूलाई टाढा फ्याँक्नेथिएँ, यति टाढा कि तिनीहरू असीमित सागरमा पर्नेथिए। मैले मामलाको सत्यता अग्रिम रूपमा बताएको हुनाले नै तिनीहरू केही हदसम्म सतर्क छन्। यसो नभएको भए, के आँधी आउन लागेको मौसममा जहाजको पाल फिँजाउने को हुनेथियो र? सबै जना सावधानी अपनाउने कार्यमा लागेका छन्। यो यस्तो छ मानौं तिनीहरूको हृदयमा, म डाँकु बनेको छु। मैले तिनीहरूको घरबाट सबै कुरा जफत गर्छु भन्ने डर तिनीहरूलाई छ, त्यसकारण म अचानक भित्र पस्नेछु भन्ने भयले तिनीहरूले निकाल्न सक्ने सबै सामर्थ्य निकालेर भित्रबाट आफ्नो घरको ढोका ठेल्छन्। तिनीहरूले डरपोक मुसाहरूजस्तो व्यवहार गरेको देख्दा, म चुपचाप बिदा हुन्छु। मानिसहरूको कल्पनामा, संसार विनाश हुन लागेको देखिन्छ, त्यसकारण तिनीहरू डरले थर-थर काम्दै आतिएर भागिहिँड्छन्। यति बेला मात्रै म पृथ्वीमा जतातत्तै प्रेतहरू हिँडडुल गरिरहेको देख्छु। म मेरो हाँसो रोक्न सक्दिन, र मेरो हाँसोको आवाज सुनेर मानिस चकित र भयभीत हुन्छ। त्यसपछि मात्रै मैले मामलाको सत्यतालाई बुझ्छु, त्यसकारण म मेरो मुस्कानलाई रोक्छु, अनि पृथ्वीमा के भइरहेको छ त्यसलाई हेर्न छोड्छु, बरु यसको साटो मेरो मूल योजनाअनुसार काम गर्न फर्कन्छु। अबउप्रान्त म मानवजातिलाई मेरो अनुसन्धानको वस्तुको रूपमा काम गर्ने नमुनाको रूपमा लिँदिन, किनभने तिनीहरू फोहोरबाहेक केही पनि होइनन्। मैले तिनीहरूलाई त्यागेपछि, त्यसउप्रान्त तिनीहरूको कुनै प्रयोग हुँदैन—तिनीहरू फोहोरका टुक्राहरू हुन्। यस बिन्दुमा, म तिनीहरूलाई सर्वनाश गर्छु र तिनीहरूलाई आगोमा हालिदिन्छु। मानवजातिको नजरमा, मेरो कृपा र प्रेमिलो-दयालुपन मेरो न्याय, प्रताप, र क्रोधभित्र लुकेका हुन्छन्। तर तिनीहरूलाई के कुरा थाहा छैन भने, तिनीहरूका कमजोरीहरूलाई मैले बेवास्ता गरेको धेरै भइसक्यो, र मैले मेरो कृपा र प्रेमिलो-दयालुपनलाई फिर्ता गरेको धेरै भइसक्यो, त्यही कारणले गर्दा तिनीहरू अहिलेको स्थितिमा छन्। कसैले मलाई चिन्न सक्दैन, न त तिनीहरूले मेरा वचनहरूलाई बुझ्न वा मेरो अनुहारलाई देख्न वा मेरो इच्छालाई बोध गर्न नै सक्छन्। के मानिस यस्तै स्थितिहरूमा छैनन् र? अनि, मसँग कृपा र प्रेमिलो-दयालुपन छ भनेर कसरी भन्न सकिन्छ? म मानिसको कमजोरीलाई ध्यान दिँदिन, न त म उसका अपर्याप्तताहरूलाई नै "वास्ता गर्छु।" के यो अझै पनि मेरो कृपा र प्रेमिलो-दयालुपन हुन सक्छ? कि यो मानवजातिप्रतिको मेरो प्रेम हुन सक्छ? सबै मानिसहरूलाई मैले "खोक्रा तर सुखद सुनिने शब्दहरू" बोलिरहेको छु भन्ने लाग्छ, त्यसकारण तिनीहरू मैले बोल्ने वचनहरूमा विश्‍वास गर्दैनन्। तर यो कुरा जान्ने कोही छ: "यो फरक युग भएको हुनाले, मेरो कृपा र प्रेमिलो-दयालुपन वर्तमान दिनमा अस्तित्वमा छैन; तैपनि, म सदासर्वदा आफूले भनेको कुरा गर्ने परमेश्‍वर नै रहिरहन्छु"? जब म मानवजातिको बीचमा हुन्छु, मानिसहरूले आफ्नो मनमा मलाई सबैभन्दा सर्वोच्च ठान्छन्, त्यसकारण म मेरो बुद्धिबाट बोल्न मन पराउँछु भन्ने तिनीहरूलाई लाग्छ। यसले गर्दा, तिनीहरूले सधैँ मेरो वचनलाई गलत ठान्छन्। तर के मेरो बोली-वचनभित्रका नियमहरूलाई बुझ्न सक्ने कोही छ? अथवा मेरा वचनहरूको

उत्पत्तिलाई बुझ्न सक्ने कोही छ? के मैले वास्तवमा के हासिल गर्न चाहन्छु त्यस कुरालाई बुझ्न सक्ने कोही छ? अथवा मेरो व्यवस्थापन योजनाको समाप्तिका विवरणहरूलाई बुझ्न सक्ने को छ? को मेरो विश्‍वासपात्र बन्न सक्छ? सबै थोकमाझ, मैले वास्तवमा के गरिरहेको छु भन्ने कुरा कसले जान्न सक्छ? अनि, मेरो अन्तिम उद्‌देश्य के हो भनेर कसले जान्न सक्छ?

अप्रिल ३०, १९९२

## अध्याय ३९

हरेक दिन म मेरो हातले सृष्टि गरेका सबै थोकलाई अवलोकन गर्दै ब्रह्माण्डको माथि हिँडडुल गर्छु। स्वर्गहरूभन्दा माथि मेरो विश्राम स्थल छ, र मुनि म हिँडडुल गर्ने भूमि छ। म अस्तित्वमा भएका सबैको बीचमा रहेका सबै कुरालाई शासन गर्छु, म सबै थोकका बीचमा रहेका सबै कुरामाथि हुकुम चलाउँछ, त्यसरी अस्तित्वमा भएका सबै कुराले प्रकृतिको मार्गलाई पछ्याउने र प्रकृतिको आज्ञालाई मान्ने तुल्याउँछु। अनाज्ञाकारीहरूलाई म घृणा गर्ने हुनाले, र मलाई विरोध गर्ने र तिनीहरूका आफ्नै वर्गमा नपर्नेहरूलाई घृणा गर्ने हुनाले, म हरेकलाई कुनै प्रतिरोध नगरिकन मेरा बन्दोबस्तहरूमा समर्पित हुने तुल्याउनेछु, म ब्रह्माण्डमाथि र त्यसभित्रका सबैलाई सुव्यवस्थित तुल्याउनेछु। कसले मलाई अझै पनि स्वेच्छाचारी रूपमा विरोध गर्ने आँट गर्नेछ? कसले मेरा हातको बन्दोबस्तहरूको आज्ञापालन नगर्ने आँट गर्नेछ? कसरी मानिससँग मेरो विरुद्‌धमा विद्रोह गर्नमा कुनै "रुचि" हुनसक्छ? म मानिसहरूलाई तिनीहरूका "पुर्खाहरू" को अघि ल्याउनेछु, तिनीहरूका पुर्खाहरूद्‌वारा तिनीहरूलाई तिनीहरूको परिवारमा फर्काउन लगाउनेछु, र तिनीहरूलाई तिनीहरूका पुर्खाहरूको विरुद्‌ध विद्रोह गरेर मेरो पक्षमा आउन दिइनेछैन। मेरो योजना यही हो। आज, मेरो आत्मा सबै प्रकारका मानिसहरूलाई अङ्क प्रदान गर्दै, हरेक प्रकारको व्यक्तिमा फरक-फरक चिन्ह लगाउनुहुन्छ, ताकि तिनीहरूका पुर्खाहरूले तिनीहरूलाई तिनीहरूका परिवारहरूतर्फ डोऱ्याएर सफलतापूर्वक फर्काउन सकून् र मैले तिनीहरूको बारेमा निरन्तर "चिन्ता" गरिरहनु पर्दैन, जुन कार्य अत्यन्तै झमेलामय छ; तसर्थ, मैले श्रम पनि विभाजन गर्छु, र प्रयासहरू वितरण गर्छु। यो मेरो योजनाको भाग हो, र यसमा कुनै पनि मानिसले वाधा दिन सक्दैन। म अस्तित्वमा रहेका सबैबाट सबै थोकको व्यवस्थापन गर्नको लागि उचित प्रतिनिधिहरू छान्नेछु, यसरी मेरो सामने सबैको सुव्यवस्थित समर्पणता ल्याउनेछु। म बारम्बार स्वर्गहरूभन्दा माथि यता-उता गर्छु, र धेरै पटक तिनको मुनि हिँडडुल गर्छु। ठूलो संसार, जसमा मानिसहरू आउँछन् र जान्छन्, त्यसलाई हेर्दै, पृथ्वीमा खचाखच भएर बसेको मानवजातिलाई अवलोकन गर्दै, अनि पृथ्वीमा जिउने चराचुरुङ्गी र पशुप्राणीहरूलाई हेर्दै, म मेरो हृदयमा भावुक नभई रहन सक्दिनँ। किनभने, सृष्टिको समयमा, मैले सबै थोक सृष्टि गरेँ, र मेरा बन्दोबस्तहरूमा रही सबै थोकले आ-आफ्नो कर्तव्य पूरा गर्छन्, म उच्च स्थानबाट हाँस्छु, र जब स्वर्गहरूमुनिका सबै थोकले मेरो हाँसो सुन्छन्, तिनीहरू तुरुन्तै उत्प्रेरित हुन्छन्, किनभने यस क्षणमा मेरो महान् कार्य समाप्त हुन्छ। म मानिसलाई स्वर्गको बुद्‌धि दिएर उसलाई सबै थोकको बीचमा मेरो प्रतिनिधित्व गर्न लगाउँछु,

किनभने मैले मानिसलाई मेरो अवज्ञा गरेर होइन तर उसको हृदयको गहिराइबाट मलाई प्रशंसा गर्दै, मेरो प्रतिनिधि बन्नको लागि सृष्टि गरेको हुँ। अनि कसले यी सरल वचनहरूलाई हासिल गर्न सक्छ? किन मानिसले सधैँ आफ्नो हृदय आफ्नै लागि राख्छ? के उसको हृदय मेरो लागि होइन? यस्तो होइन कि मैले मानिसलाई सर्तरहित रूपमा कुराहरू माग्छु, तर ऊ सधैँ मेरो स्वामित्वमा रहेको छ। मेरो स्वामित्वमा रहेका कुराहरू म कसरी अरूलाई लापरवाही रूपमा दिन सक्छु? मैले अरू कसैले लगाओस् भनी बनाएको "वस्त्र" म कसरी दिन सक्छु? मानिसहरूको नजरमा, यस्तो लाग्छ मानौं मैले मानसिक रोगबाट पीडित भई मेरो दिमागको होस गुमाएको छु, र मानव मार्गहरूको बारेमा केही पनि बुझ्दिन; मानौं म एक अल्पबुद्धी भएको व्यक्ति हुँ। त्यसकारण मानिसहरूले मलाई सधैँ सीधा-सादा ठान्छन्, तर तिनीहरूले मलाई कहिल्यै पनि साँचो रूपमा प्रेम गर्दैनन्। मानिसले गर्ने सबै कुरा मलाई जानी-जानी मूर्ख बनाउनको लागि नै हुने भएकोले, म क्रोधित भईसबै मानवजातिलाई हटाउँछु। मैले सृष्टि गरेको सबै थोकको बीचमा, मानवजातिले मात्रै मलाई छल गर्नको लागि अनेक उपायहरू रच्ने प्रयास गर्छ, र यही कारणले गर्दा मात्रै म मानिस सबै थोकका "शासक" हो भनी भन्छु।

आज, म सबै मानिसहरूलाई शुद्ध हुनको लागि "ठूलो भट्टी" मा फ्याँक्छु। मानिसहरू आगोमा नष्ट हुँदै गर्दा म उच्चमा बसेर हेरिरहेको हुन्छु र, ज्वालाहरूको बाध्यतामा परेर मानिसहरूले तथ्यहरू प्रस्तुत गर्छन्। मैले काम गर्ने माध्यमहरूमध्ये एउटा यही हो। यदि यस्तो नभएको भए, मानिसहरूले आफूलाई "नम्र" भएको दाबी गर्थे, र आफ्ना अनुभवहरूको बारेमा बताउनको लागि कोही पनि मुख खोल्न इच्छुक हुनेथिएनन्, तर सबैले एक-अर्कालाई हेर्ने मात्रै थिए। मेरो बुद्धिको उत्कृष्टता ठीक यही नै हो, किनभने मैले आजका विषयहरूलाई युगौंयुग पहिले नै पूर्वनिर्धारित गरेको थिएँ। तसर्थ, मानिसहरू अनजानमा भट्टीमा प्रवेश गर्छन्, मानौं तिनीहरूलाई डोरीले तानिएको छ, मानौं तिनीहरू अचेत भएका छन्। ज्वालाको आक्रमणबाट कोही पनि उम्कन सक्दैन, तिनीहरूले एक-अर्कालाई "आक्रमण" गर्छन्, तिनीहरू डडेर मर्नेछन् भनेर अत्यन्तै डराउँदै, अझै पनि तिनीहरू भट्टीभित्र पनि आफ्नो गन्तव्यको बारेमा चिन्ता गर्दै तिनीहरू "आनन्द गर्दै यता-उता दगुर्छन्।" जब म आगो बाल्छु, यो तुरुन्तै आकाशसम्म उर्लिंदै तुरुन्तै दन्किन्छ, र ज्वालाहरूले बारम्बार मेरा वस्त्रहरूलाई छुन्छन्, मानौं तिनले यसलाई भट्टीमा तान्न खोज्दैछन्। मानिसहरूले मलाई ठूला-ठूला आँखाले हेर्छन्। तुरुन्तै, म भट्टीको आगो भएतिर जान्छु, र त्यस क्षणमा, ज्वालाहरू बढ्छन्, र मानिसहरू पुकार्न थाल्छन्। म ज्वालाको बीचमा यताउता गर्छु। ज्वालाहरू बढ्छन्, तर मलाई हानी गर्ने कुनै अभिप्राय तिनको छैन, र म फेरि पनि मेरो शरीरका वस्त्रहरूलाई ज्वालाहरूमा हाल्छु–तैपनि तिनले मबाट दूरी कायम राख्छन्। त्यसपछि मात्रै ज्वालाहरूको ज्योतिले गर्दा मानिसहरूले मेरो साँचो अनुहार स्पष्ट रूपमा देख्छन्। तिनीहरू जलाउने भट्टीको बीचमा भएकोले, मेरो अनुहारको कारण तिनीहरू सबै दिशातिर भाग्छन्, र भट्टी तुरुन्तै "उम्लन" थाल्छ। ज्वालामा हुनेहरू सबैले मानिसको पुत्रलाई देख्छन्, जो ज्वालामा शोधन भएको हुन्छ। उहाँको शरीरका वस्त्रहरू सामान्य नै भए पनि, तिनमा सबैभन्दा बढी सुन्दर छन्; उहाँको खुट्टाका जुत्ताहरू अउल्लेखनीय भए पनि, तिनले ठूलो डाहा पैदा गर्छन्; उहाँको अनुहारबाट ज्वलन्त शोभा चम्किन्छ,

उहाँका आँखाहरू झिलमिल छन्, र उहाँको आँखाका ज्योतिले गर्दा मानिसहरूले उहाँको अनुहारलाई स्पष्ट रूपमा देख्छन् भन्ने देखिन्छ। मानिसहरू भयभीत हुन्छन्, र तिनीहरूले उहाँको शरीरको सेतो वस्त्र देख्छन्, र उन जस्तै सेतो उहाँको कपाल काँधसम्म झुन्डिन्छ। स्पष्ट रूपमा नै, उहाँको छातीको सुनौलो पेटी चहकिलो ज्योतिले चम्किन्छ, जबकि उहाँको खुट्टाको जुत्ता अझै प्रभावशाली छन्। अनि मानिसको पुत्रले लगाउनुभएको जुत्ता आगोको बीचमा रहने हुँदा, मानिसहरूले तिनलाई आश्चर्यजनक छन् भन्ने ठान्छन्। पीडाको प्रस्फुटनको बेला मात्रै मानिसहरूले मानिसको पुत्रको मुखलाई देख्छन्। तिनीहरू शोधन गर्ने आगोको बीचमा भए पनि, तिनीहरूले मानिसको पुत्रको मुखबाट निस्केको कुनै पनि वचनहरू बुझ्दैनन्, तसर्थ, यस क्षणमा, तिनीहरूले मानिसको पुत्रको कुनै पनि मनोहर आवाज सुन्दैनन्, तर उहाँको मुखमा धारिलो तरवार देख्छन्, अनि उहाँले उप्रान्त बोल्नुहुन्न, तर उहाँको तरवारले मानिसलाई चोट पुर्‍याउँछ। ज्वालाहरूमा परेर, मानिसहरूले पीडा भोग्छन्। तिनीहरूको उत्सुकताको कारण, तिनीहरूले मानिसको पुत्रको असाधारण स्वरूपलाई हेरिरहन्छन्, यस क्षणमा मात्रै तिनीहरूले उहाँको हातमा भएका साता तारा हराएका छन् भन्ने पत्ता लगाउँछन्। मानिसको पुत्र पृथ्वीमा होइन तर भट्टीमा हुनुभएकोले, उहाँको हातका सात ताराहरूलाई हटाइएका छन्, किनभने ती रूपक मात्रै हुन्। यस क्षणमा, तिनको बारेमा उप्रान्त उल्लेख गरिँदैन, तर मानिसको पुत्रका विभिन्न भागमा विभाजित गरिन्छ। मानिसहरूको स्मरणमा, सात ताराहरूको अस्तित्वले तिनीहरूमा पीडा ल्याउँछ। आज, मैले मानिसको लागि कुराहरू कठिन बनाउन छोडेको छु, म मानिसको पुत्रबाट सात तारा हटाउँछु, र मानिसको पुत्रको सबै भागलाई एउटै पूर्णतामा जोड्छु। यस क्षणमा मात्रै मानिसले मेरो सम्पूर्ण स्वरूप देख्छ। उप्रान्त मानिसहरूले मेरो आत्मालाई मेरो देहबाट अलग गर्नेछैनन्, किनभने म पृथ्वीबाट उच्च स्थानमा उक्लेको छु। मानिसहरूले मेरो साँचो अनुहारलाई हेरेका छन्, तिनीहरूले उप्रान्त मलाई तोड्दैनन्, र म उप्रान्त मानिसको तिरस्कार सहँदिन। म मानिससँग ठूलो भट्टीमा हिँड्ने हुनाले, उसले अझै पनि ममाथि भरोसा गर्छ, उसले आफ्नो विवेकमा मेरो अस्तित्वको अनुभूति गर्छ। तसर्थ, जो शुद्ध सुन् हुन् तिनीहरू सबै मेरो ज्वलन्त आगोको बीचमा एकट्ठा हुन्छन्, र हरेकलाई उसको प्रकार अनुसार वर्गीकरण गर्ने क्षण पनि त्यही नै हो। म हरेक प्रकारको "धातु" लाई तिनीहरूको परिवारमा फर्काउँदै वर्गीकरण गर्छु, र अब मात्रै सबै कुरा नवीकरण हुन थाल्छन् ...

मानिस अत्यन्तै कलङ्कित भएको हुनाले म उसलाई जलोस् भनेर हो भट्टीमा फ्याँकिदिन्छु। तैपनि उसलाई ज्वालाले खतम पार्दैन, तर शोधन गर्छ, ताकि म उप्रति प्रसन्न हुन सकूँ–किनभने मैले चाहने भनेको शुद्ध सुनले बनेको, अशुद्धता विहीन कुरा चाहन्छु, फोहोरी, दूषित कुराहरू होइन। मानिसहरूले मेरो मनस्थितिलाई बुझ्दैनन्, त्यसकारण "अप्रेसन टेबल" मा चढ्नुभन्दा पहिले, तिनीहरू चिन्ताले व्याकुल हुन्छन, मानौं, तिनीहरूलाई चिरफार गरेपछि, तिनीहरू अप्रेसन टेबलमा पल्टिरहेको ठाउँमा नै म तिनीहरूको हत्या गर्नेछु। म मानिसहरूको मनस्थिति बुझ्छु, त्यसकारण म मानवजातिको सदस्य हुँ भन्ने देखिन्छ। मानिसको "दुर्भाग्य" प्रति मसँग ठूलो दया छ, र मानिस किन "बिरामी परेको" छ सो मलाई थाहा छैन। यदि ऊ स्वास्थ्य, र अपाङ्गता विहीन भए त, मूल्य चुकाउनुको, र अप्रेसन टेबलमा समय बिताउनुको के खाँचो हुन्थ्यो र? तर

तथ्यहरूलाई रद्द गर्न सकिँदैन—कसले मानिसलाई “खानेकुराको सरसफाइ” मा ध्यान नदिनु भन्यो? कसले उसलाई स्वास्थ्य रहने कुरामा ध्यान नदिनु भनेर भन्यो? आज, मसँग अरू के-कस्ता उपायहरू छन्? मानिसप्रतिको मेरो करुणालाई देखाउनको लागि, म उसँगै “अप्रेसन कोठा” मा प्रवेश गर्छु—र कसले मलाई मानिसलाई प्रेम गर्नु भनी भन्यो? तसर्थ, म आफै “सर्जनको चक्कु” लिन्छु र कुनै पनि नतिजालाई रोक्नको लागि म मानिसलाई “अप्रेसन” गर्न थाल्छु। मानिसप्रतिको मेरो बफादारिताको कारण, मानिसहरूले मप्रतिको आफ्नो कृतज्ञता व्यक्त गर्नको लागि पीडाको बीचमा आँसु बगाउँछन्। मानिसहरूले के विश्वास गर्छन् भने, मैले धार्मिकतालाई बहुमूल्य ठान्छु, मेरा “मित्रहरू” कठिनाइमा हुँदा मैले मेरो हात बढाउनुपर्छ, र मेरो दयाप्रति मानिसहरू अझै कृतज्ञ छन्, र तिनीहरूको रोग निको भएपछि तिनीहरूले मलाई “उपहारहरू” पठाउनेछन् भनी तिनीहरू भन्छन्—तर अभिप्रायको त्यस्तो अभिव्यक्तिलाई म कुनै ध्यान दिँदिन, बरु मानिसलाई अप्रेसन गर्ने कार्यमा ध्यान केन्द्रित गर्छु। मानिसको शारीरिक कमजोरीको कारण, अप्रेसनको छुरी चलाउँदा, ऊ आफ्नो आँखा चिम्लेर अप्रेसन टेबलमा चकित भई पल्टिरहन्छ—तैपनि म कुनै ध्यान दिँदिन, म मेरो हातको कामलाई जारी मात्रै राखिरहन्छु। जब अप्रेसन पूरा भएको हुन्छ, मानिसहरू “बाघको मुख” बाट उम्केका हुन्छन् र म तिनीहरूलाई पोषणयुक्त कुरा खुवाउँछु, र तिनीहरूलाई यो कुरा थाहा नभए पनि, तिनीहरूभित्रको पोषण तत्व क्रमिक रूपमा बढिरहेको हुन्छ। त्यसपछि म तिनीहरूप्रति मुस्कुराउँछु, र तिनीहरूले आफ्नो स्वास्थ्य पुन; प्राप्त गरेपछि मात्रै तिनीहरूले मेरो अनुहारलाई स्पष्ट रूपमा देख्छन्, त्यसकारण तिनीहरूले मलाई अझै बढी प्रेम गर्छन्, तिनीहरूले मलाई आफ्नो पिताको रूपमा लिन्छन्—के स्वर्ग र पृथ्वी बीचको सम्बन्ध यही होइन र?

मे ४, १९९२

# अध्याय ४०

मानिसहरूले मेरो हरेक चाललाई नियाल्छन्, मानौं मैले स्वर्गहरूलाई झार्न लागेको छु, र तिनीहरू सधैँ मेरो काम गराइबाट चकित हुन्छन्, मानौं मेरा कामहरू तिनीहरूका निम्ति पूर्ण रूपमा अबोधगम्य छन्। तसर्थ, तिनीहरू आफूले स्वर्गलाई चिढ्याइएला र “मरणशीलहरूको संसार” मा आफूलाई फ्याँकिएला भनी अत्यन्तै डराउँछन र आफूले गर्ने सबै काममा मबाट सङ्केत लिन्छन्। म मानिसहरूको विरुद्धमा मैले प्रयोग गर्न सक्ने कुनै कुराको खोजी गर्ने वा तिनीहरूका कमीकमजोरीहरूलाई मेरो कामको निसाना बनाउने प्रयास गर्दिनँ। यस क्षणमा, तिनीहरू अत्यन्तै खुशी छन्, र मलाई भरोसा गर्न आउँछन्। जब म मानिसलाई दिन्छु, मानिसहरूले मलाई आफ्नै जीवनलाई जस्तै प्रेम गर्छन्, तर जब म तिनीहरूबाट कुनै कुरा माग्छु, तिनीहरू मबाट टाढा बस्छन्। यस्तो किन हुन्छ? के तिनीहरूले मानव संसारको “निष्पक्षता र उचितपन” अभ्यास गर्न सक्दैनन्? म किन मानिसहरूलाई बारम्बार त्यस्ता कुराहरू मागिरहन्छु? के यो साँच्चै नै मसँग केही नभएको अवस्था हो? मानिसहरूले मलाई भिखारीलाई झैँ व्यवहार गर्छन्। जब म तिनीहरूबाट कुनै कुरा माग्छु, तिनीहरूले मैले “उपभोग” गर्न सकूँ भनेर तिनीहरूका “बचेखुचेका कुराहरू” मेरो

अघि उठाएर ल्याउँछन्, र तिनीहरूले मेरो विशेष हेरचाह गरिरहेका छन् भनेर समेत भन्छन्। म तिनीहरूको कुरूप अनुहारहरू र अनौठा स्थितिहरूलाई हेर्छु, अनि म फेरि पनि मानिसबाट बिदा हुन्छु। त्यस्ता परिस्थितिहरूमा, मानिसहरू अबुझ अवस्थामा नै रहन्छन्, र मेरो फिर्तीको प्रतीक्षा गर्दै तिनीहरूले मैले तिनीहरूलाई इन्कार गरेका कुराहरू फेरि पनि फिर्ता लिन्छन्। मैले मानिसको खातिर धेरै समय खर्च गरेको छु र ठूलो मूल्य चुकाएको छु–तर यसपटक, अज्ञात कारणले गर्दा, मानिसहरूको विवेक तिनीहरूको मूल कार्य गर्न नसक्ने अवस्थामा छ। परिणामस्वरूप, मैले यो "अटुट शङ्का" लाई भविष्यका पुस्ताहरूका लागि "सन्दर्भ" होस् भनेर "रहस्यका वचनहरू" मा सूचीकृत गरेको छु, किनभने यी कुराहरू मानिसहरूको "कडा परिश्रम" बाट आएका "वैज्ञानिक सर्वेक्षणका परिणामहरू" हुन्; मैले तिनलाई कसरी त्यतिकै मेटाउन सक्छु र? के यो मानिसहरूका असल अभिप्रायहरूलाई "धोका दिने" कार्य हुनेथिएन र? आखिर, मसँग विवेक छ, त्यसकारण म मानिससँग छली, धूर्त कार्यमा संलग्न हुँदिन–के मेरा कार्यहरू यस्तै छैनन् र? के मानिसले उल्लेख गर्ने "निष्पक्षता र उचितपन" यही होइन र? मानिसको बीचमा, मैले आजसम्मै अटुट रूपमा काम गरेको छु। आजको जस्तो समयको आगमनसँगै, मानिसहरूले अझै पनि मलाई चिन्दैनन्, तिनीहरूले अझै पनि मलाई अपरिचितजस्तो व्यवहार गर्छन्, अनि मैले तिनीहरूलाई "बन्द बाटो" मा लगेको हुनाले, तिनीहरूले मलाई अझै बढी घृणा गर्छन्। यसपटक, तिनीहरूको हृदयको प्रेम नामनिसानबिनै विलय भएको धेरै भइसकेको हुन्छ। मैले धाक लगाइरहेको छैन, मैले मानिसलाई हेला गर्ने कुरा त परै जाओस्। म मानिसलाई अनन्तसम्म प्रेम गर्न सक्छु, र म उसलाई अनन्तसम्म नै घृणा पनि गर्न सक्छु, र यो कुरा कहिल्यै परिवर्तन हुनेछैन, किनभने ममा धैर्यता छ। तर मानिसमा यो धैर्यता छैन, मप्रति ऊ सधैँ घरी रुखो र घरी उत्साहित हुन्छ, मैले मेरो मुख खोल्दा उसले मलाई थोरै मात्र ध्यान दिन्छ, र जब म मेरो मुख बन्द गर्छु र केही पनि भन्दिन, ऊ ठूलो संसारका छालहरूका बीचमा हराइहाल्छ। तसर्थ, यसलाई म अर्को एउटा उक्तिको रूपमा प्रस्तुत गर्छु: मानिसहरूसँग धैर्यताको कमी छ, त्यसकारण तिनीहरू मेरो हृदयलाई सन्तुष्ट तुल्याउन असक्षम छन्।

मानिसहरूले सपना देखिरहेका बेलामा, म मानिसहरूमाझ मेरो हातमा भएको "मृत्युको गन्ध" छर्दै संसारका देशहरूको यात्रा गर्छु। सबै मानिसहरू तुरुन्तै जीवनशक्तिलाई त्यागेर मानव जीवनको अर्को श्रेणीमा प्रवेश गर्छन्। मानवजातिको बीचमा, अबउप्रान्त कुनै पनि जीवित कुराहरू देख्न सकिँदैन, जतातत्तै लासहरू छरपष्ट छन्, जीवनशक्तिले भरिएका कुराहरू तुरुन्तै नामनिसानबिनै हराएर जान्छन्, र लासहरूको उकुसमुकुस गन्धले भूमिलाई ढाक्छ। म तुरुन्तै आफ्नो अनुहार छोप्छु र मानिसबाट बिदा हुन्छु, किनभने मैले कामको अर्को चरण सुरु गर्न लागेको छु, र यसरी म जीवितै रहेकाहरूका लागि बस्ने ठाउँ दिन्छु र सबै मानिसहरूलाई आदर्श भूमिमा जिउन दिन्छु। यो मैले मानिसको लागि तयार गरेको आशिषित भूमि हो–एक यस्तो भूमि जहाँ शोक वा चिन्ता छँदै छैन। उपत्यकाबाट बगिरहेको पानीको मूल अत्यन्तै सफा छ, यो अटुट रूपमा बगिरहन्छ र यो कहिल्यै सुक्दैन; मानिसहरू परमेश्‍वरसँग सद्‌भावमा जिउँछन्, चराचुरुङ्गीले गीत गाउँछन्, र मन्द हावा र सूर्यको किरणको बीचमा, स्वर्ग र पृथ्वी दुवैले विश्राम लिइरहेका छन्। यहाँ, आज

सबै मानिसका लासहरू लथालिङ्ग छरिएका छन्। मानिसहरूले थाहै नपाई, म मेरो हातका महामारी छोडिदिन्छु, र मानिसको लास कुहिन्छ, र यसरी शिरदेखि पाउसम्म देहको नामनिसान कतै रहँदैन, र म मानिसबाट धेरै टाढा जान्छु। म फेरि कहिल्यै पनि मानिससँग भेला हुँदिन, म फेरि कहिल्यै मानिसकहाँ आउँदिन, किनभने मेरो सम्पूर्ण व्यवस्थापनको अन्तिम चरण समाप्त भएको छ, र म फेरि कहिल्यै पनि मानवजातिको सृष्टि गर्नेछैन, म फेरि कहिल्यै पनि मानिसलाई ध्यान दिनेछैन। मेरो मुखका वचनहरू पढिसकेपछि, मानिसहरू सबैले आशा गुमाउँछन्, किनभने तिनीहरू मर्न चाहँदैनन्—तर "जीवित हुन" को खातिर को "मर्दैन" र? जब म मानिसहरूलाई जीवित पार्ने जादु मसँग छैन भनी भन्छु, तिनीहरू पीडाले भक्कानो फुटाउँदै रुन्छन्; वास्तवमै, म सृष्टिकर्ता भए पनि, मसँग मानिसहरूलाई मर्न लगाउने शक्ति मात्रै छ, रर मसँग तिनीहरूलाई जीवित पार्ने क्षमताको छैन। यसमा, म मानिससँग क्षमा माग्छु। तसर्थ, मैले मानिसलाई अग्रिम रूपमा यसो भनेको छु "मैले ऊबाट तिर्न नसकिने ऋण लिएको छु"—तर उसलाई भने म नम्र हुँदै छु भन्ने लाग्यो। आज, तथ्यहरूको आगमनसँगै, म अझै यही भन्छु। जब म बोल्छु, म तथ्यहरू प्रकट गर्दिनँ। तिनीहरूका धारणाहरूमा, मानिसहरूले मैले बोल्ने तरिकाहरू धेरै छन् भन्ने विश्वास गर्छन्, त्यसकारण मैले दिने वचनहरूलाई तिनीहरूले सधैँ पक्रेर राख्छन्, र यस क्रममा अर्को कुनै कुराको आशा गर्छन्। के यी मानिसका गलत हेतुहरू होइनन् र? यिनै परिस्थितिहरूमा म मानिसले मलाई साँचो रूपमा प्रेम गर्दैन भनी "साहसको साथ" भन्छु। म विवेकलाई त्यागेर तथ्यहरूलाई बङ्ग्याउनेछैन, किनभने म मानिसहरूलाई तिनीहरूको आदर्शभूमिमा लानेछैन; आखिरमा, जब मेरो काम समाप्त हुन्छ, म तिनीहरूलाई मृत्युभूमिमा लैजानेछु। त्यसकारण, मानिसहरूले मसँग गुनासो नगरेकै राम्रो—के यो मानिसहरूले मलाई "प्रेम" गर्ने हुनाले भएको होइन र? के आशिष्‌हरूसम्बन्धी तिनीहरूको इच्छा अत्यन्तै धेरै भएकोले यसो भएको होइन र? यदि मानिसहरूले आशिष्‌हरूको खोजी गर्न नचाहेका भए, कसरी यस्तो "दुर्भाग्य" आउन सक्थ्यो र? मप्रतिको मानिसहरूको "बफादारिता" को कारणले गर्दा, तिनीहरूले कुनै योगदान नदिईकनै भए पनि कठिन परिश्रम गर्दै मलाई धेरै वर्षसम्म पछ्याएको हुनाले, "गोप्य कक्ष" मा के हुदै छ भन्नेबारेमा म तिनीहरूको निम्ति थोरै कुरा प्रकट गर्छु: आज मेरो काम निश्चित बिन्दुमा पुग्न बाँकी छ र मानिसहरूलाई आगोको खाडलमा फ्याँक्न बाँकी नै छ, र त्यस कुरालाई ध्यानमा राख्दै म तिनीहरूलाई जतिसक्दो चाँडो छोडिजान सल्लाह दिन्छु—बसिरहनेहरू सबैले दुर्भाग्य र अशुभ भोग्ने सम्भावना हुन्छ, र तिनीहरू अन्त्यमा पनि अझै मृत्युबाट बच्न सक्नेछैनन्। म तिनीहरूको लागि "सम्पत्तिको ढोका" पूरै खोलिदिन्छु; जो-जो जान चाहन्छन् तिनीहरू जतिसक्दो चाँडो बाटो लागेको राम्रो—यदि तिनीहरूले सजाय आउञ्जेलसम्म पर्खिरहे भने, ढिलो भइसकेको हुनेछ। यी वचनहरू गिल्लाका वचनहरू होइनन्—यी साँचो तथ्य हुन्। मानिसको निम्ति स्वच्छ विवेकद्‌वारा मेरा वचनहरू बोलिएका छन्, र यदि तिमीहरू अहिले जाँदैनौ भने, कहिले जानेछौ? के मानिसहरूले साँच्चै नै मेरा वचनहरूमा भरोसा गर्न सक्छन्?

मैले मानिसको भवितव्यको बारेमा कहिल्यै पनि त्यति ध्यान दिएको छैन; म मानिसहरूको बाधाविना, मेरो आफ्नै इच्छालाई मात्रै पछ्याउँछु। तिनीहरू डराएको कारण म कसरी मेरो हातलाई

पछि हटाउन सक्छु र? मेरो सम्पूर्ण व्यवस्थापन योजनाभरि, मैले मानिसका अनुभवहरूका लागि कहिल्यै पनि थप बन्दोबस्तहरू गरेको छैन। म मेरो मूल योजनाअनुसार मात्रै काम गर्छु। विगतमा, मानिसहरूले आफैलाई मेरो खातिर "अर्पण गरे" र म तिनीहरूप्रति न त उत्साहित न त उदासीन थिएँ। आज, तिनीहरूले आफैलाई मेरो निम्ति "बलिदान गरेका" छन्, र म तिनीहरूप्रति न त उत्साहित न त उदासीन नै छु। मानिसहरूले मेरो लागि आफ्नो जीवन बलिदान दिएको कारण म आत्मसन्तुष्ट हुँदिन, न त म अथाह आनन्दमा नै डुब्छु, बरु मेरो योजनाअनुसार तिनीहरूलाई मृत्युदण्ड दिने भूमिमा पठाइरहन्छु। पाप-स्वीकारको बेला तिनीहरूले देखाउने मनोवृत्तिलाई म कुनै ध्यान दिँदिन–कसरी मेरो हिउँले जमेको, चिसो हृदयलाई मानिसको हृदयले छुन सक्छ? के म मानवजातिको बीचको एक भावनात्मक प्राणी हुँ र? धेरैपटक मैले मानिसहरूलाई म भावनारहित छु भनेर स्मरण गराएको छु, तर म नम्र मात्रै बनिरहेको छु भन्ने ठानेर तिनीहरू केवल मुस्कुराउँछन्। मैले "म मानवजातिको जीवन-दर्शनको बारेमा अनजान छु" भनेर भनेको छु, तर मानिसहरूले कहिल्यै पनि त्यस्तो विचार गरेका छैनन्, बरु मैले बोल्ने तरिकाहरू धेरै छन् भनेर भन्छन्। मानिसको यो धारणाका बन्धनहरूका कारण, मैले मानिसहरूसँग कुन शैली र कस्ता तरिकाहरूले बोल्ने भन्ने मलाई थाहा छैन–त्यसकारण, अरू कुनै विकल्प नभएको हुनाले, म सीधा कुरा मात्र गर्न सक्छु। मैले अरू के गर्न सक्छु र? मानिसहरू बोल्ने तरिका धेरै छन्–तिनीहरू भन्छन्, "हामी भावनामा डुब्नु हुँदैन बरु हामीले धार्मिकताको अभ्यास गर्नुपर्छ," जुन तिनीहरूले धेरै वर्षदेखि लगाउँदैआएको नारा जस्तै हो, तर तिनीहरूले आफ्ना वचनहरूअनुसार काम गर्न सक्दैनन्, तिनीहरूका वचनहरू रित्तो छन्–त्यसकारण म मानिसहरूमा "तिनीहरूका वचनहरू लागू गर्ने र उपलब्धिहरू प्राप्त गर्ने" क्षमताको कमी छ भनेर भन्छु। मानिसहरूले आफ्नो हृदयमा के विश्वास गर्छन् भने, त्यसरी काम गर्नु भनेको मेरो अनुकरण गर्नु हो–तर तिनीहरूको अनुकरणमा मलाई कुनै चासो छैन, म यसप्रति दिक्क र थकित भएको छु। मानिसहरू किन सधैँ तिनीहरूलाई खुवाउनेकै विरुद्धमा खडा हुन्छन्? के मैले मानिसलाई अत्यन्तै थोरै दिएको छु? किन मानिसहरूले सधैँ मेरो पिठ्यूँपछाडि गोप्य रूपमा शैतानको पूजा गर्छन्? यस्तो लाग्छ मानौं तिनीहरूले मेरो लागि काम गर्छन् र मैले तिनीहरूलाई दिने मासिक तलब तिनीहरूको दैनिक खर्च टार्नको लागि पर्याप्त छैन, त्यसकारण तिनीहरूले आफ्नो कमाइ दुई गुणा बढाउनको लागि काम गर्ने समयबाहिर अर्को काम खोज्छन्–किनभने मानिसहरूको खर्च अत्यन्तै धेरै छ, र कसरी जीवन धान्ने तिनीहरूलाई थाहा छैन जस्तो देखिन्छ। यदि अवस्था यस्तै हो भने, म तिनीहरूलाई मेरो "कारखाना" बाट निस्केर जान आज्ञा दिन्छु। धेरै पहिले, मैले मानिसलाई मेरो लागि काम गर्दा विशेष व्यवहार प्राप्त हुनेछैन भनेर भनेको थिएँ: म "कठिन परिश्रम गर अनि धेरै प्राप्त गर, थोरै काम गर अनि थोरै नै प्राप्त गर, अनि काम नगर, र केही पनि प्राप्त नगर" भन्ने प्रणाली लागू गर्दै म सबै मानिसहरूसँग निष्पक्ष र उचित व्यवहार गर्छु, र यसमा कुनै अपवाद छैन। जब म बोल्छु, तब म कुनै कुरा लुकाउँदिन; यदि कसैलाई मेरो "कारखानाका नियमहरू" कडा छन् भन्ने लाग्यो भने, तिनीहरू तुरुन्तै निस्केर जान सक्छन्, म तिनीहरूलाई सहरबाट बाहिर जाने "भाडा" दिनेछु। त्यस्ता मानिसहरूलाई सम्हाल्ने कार्यमा म "उदार" छु, म तिनीहरूलाई बस्नको लागि जबरजस्ती गर्दिनँ।

यी अनगिन्ती मानिसहरूमध्ये, के मैले मेरो आफ्नै हृदयअनुरूपको “कामदार” पाउन सक्दिन? मानिसहरूले मलाई कम सम्झनु हुँदैन! यदि मानिसहरूले अझै पनि मेरो अवज्ञा गर्छन् र अर्कै ठाउँमा “जागिर” खोज्छन् भने, म तिनीहरूलाई जबरजस्ती गर्नेछैन–म यो कुरालाई स्वागत गर्नेछु, मसँग कुनै विकल्प छैन! के मेरा “नीति र नियमहरू” धेरै भएकोले यस्तो भएको होइन र?

मे ८, १९९२

# अध्याय ४१

मैले एकपटक मानिसहरूको बीचमा ठूलो प्रयास गरेको छु, तर तिनीहरूले यो कुराको पत्तो पाएनन्, त्यसकारण मैले तिनीहरूको निम्ति यो कुरालाई चरणबद्ध रूपमा प्रकट गर्न मेरो वचन प्रयोग गर्नुपऱ्यो। तैपनि, मानिसले मेरा वचनहरूलाई बुझ्न सकेन, अनि मेरो योजनाको उद्‌देश्यप्रति अनजान रह्यो। त्यसकारण, तिनीहरूका त्रुटि र कमीकमजोरीहरूका कारण, मानिसहरूले मेरो योजनालाई बाधा पुऱ्याउने काम गरे, र यसले सबै किसिमका अशुद्‌ध आत्माहरूलाई प्रवेश गर्ने मौका दियो, त्यसकारण मानवजाति तिनीहरूको सिकार बने र तिनीहरूलाई यी अशुद्‌ध आत्माहरूले तिनीहरू पूर्ण रूपमा दूषित भइन्जेल यातना दिए। त्यसपछि मात्रै मैले मानिसका अभिप्राय र उद्‌देश्यहरूलाई राम्ररी देखेँ। मैले बादलहरूका बीचबाट सुस्केरा लिएँ: किन मानिसहरू सधैँ आफ्नै लागि काम गर्छन्? के मेरा सजाय तिनीहरूलाई सिद्‌ध तुल्याउनको लागि होइनन् र? के मैले जानी-जानी तिनीहरूको सकारात्मक मनोवृत्तिमा प्रहार गरिरहेको छु? मानिसको भाषा सुन्दर र कोमल भए पनि, उसका कार्यहरू पूर्ण रूपमा भताभुङ्‌ग छन्। किन मैले मानिसलाई दिएका मापदण्डहरूको सधैँ कुनै परिणाम आउँदैन? के यो मैले कुकुरलाई रूख चढ्‌न सिकाएको जस्तै भएको हुन सक्छ? के मैले व्यर्थमा धेरै कष्ट गरिरहेको छु? मेरो सम्पूर्ण व्यवस्थापन योजनाको अवधिमा, मैले विभिन्न प्रकारका “प्रयोगात्मक युक्तिहरू” को योजना बनाएको छु; तैपनि, यसको नाजुक अवस्था र यसले धेरै वर्षसम्म सुर्यको ज्योति नपाएकोले यो भूभाग निरन्तर परिवर्तन भइरहेको छ, जसले गर्दा भूमिमा “क्षय” हुन्छ। त्यसकारण, मेरो स्मरणमा मैले त्यस्ता भूमिका अनगिन्ती टुक्राहरूलाई त्यागेको छु। अहिले समेत, भूमिको धेरैजसो भाग परिवर्तन भइरहन्छ। यदि कुनै दिन, भूमि पूर्ण रूपमा अर्को प्रकारमा परिवर्तन भयो भने, म मेरो हातको एकै झट्‌काद्‌वारा त्यसलाई पन्छाउनेछु–के अहिलेको चरणमा मैले गर्ने काम ठीक यही होइन र? तर मानवजातिलाई यसको बारेमा अलिकति पनि थाहा छैन; तिनीहरूलाई मेरो “मार्गनिर्देशन” अन्तर्गत “सजाय” मात्रै दिइन्छ। त्यो के राम्रो भयो र? के म मानिसलाई सजाय दिनकै लागि आउने परमेश्‍वर हुन सक्छु? माथिको स्वर्गहरूमा, मैले म मानिसहरूका बीचमा आएपछि, म तिनीहरूमध्येकै एक बन्नेछु, ताकि मैले प्रेम गर्नेहरू सबै मेरो नजिक हुन सकून् भनेर एकपटक योजना बनाएको थिएँ। तैपनि, अहिले आजको यो चरणमा आइपुगिसकेपछि, मानिस मेरो सम्पर्कमा नभएको मात्र होइन, बरु मेरो सजायको कारण मबाट टाढै बस्छ। ऊ टाढा बसेको कारण म बिलौना गर्दिनँ। यसको बारेमा के के गर्न सकिन्छ र? मानिसहरू सबै जुन धुन बज्यो त्यही धुनमा गाउने प्रस्तोताहरू हुन्। मानिसलाई

मेरो पकडबाट “चिप्लन” दिने मेरो क्षमताप्रति म ढुक्क छु, र तिनीहरूलाई “अरू भागहरू” बाट मेरो “कारखाना” मा फर्काएर ल्याउने मेरो क्षमतामा म अझै बढी ढुक्क छु। यस मोडमा, मानिससँग के गुनासो हुन सक्छ र? अनि मानिसले मलाई के नै गर्न सक्छ र? के मानिसहरू पर्खालको माथि बढिरहेका घाँसहरू जस्तै होइनन् र? तैपनि, म मानिसलाई यो गल्तीको लागि हानि गर्दिनँ, बरु तिनीहरूलाई मेरा पोषणहरू दिन्छु। कसले मानिसलाई यति कमजोर र शक्तिविहीन बनायो? कसले तिनीहरूलाई पोषण अभावको अवस्थामा पुर्‍यायो? म मानिसको चिसो हृदयलाई मेरो न्यानो अङ्गालोले रूपान्तरण गर्छु: अरू कसले त्यस्तो कुरा गर्न सक्छ र? मैले मानिसको बीचमा त्यस्तो काम गरेको छु? के मानिसले साँच्चै मेरो हृदयलाई बुझ्न सक्छ त?

मैले छनौट गरेका सबै मानिसहरूका बीचमा, म एउटा “व्यवसायमा” संलग्न भएको छु, त्यसकारण मेरो घरमा सधैँ कहिल्यै अन्त्य नहुने गरी मानिसहरूको आवतजावत भइरहन्छ। तिनीहरू सबै मेरो स्थानमा विभिन्न औपचारिकतामा संलग्न हुन्छन्, मानौं तिनीहरूले मसँग व्यापार-व्यवसायको कुरा गरिरहेका छन्, जसले मेरो कार्यलाई भारी रूपमा व्यस्त तुल्याउँछ, यहाँसम्म कि कहिलेकहीँ त म तिनीहरूबीचको कलहलाई सम्हाल्नै सक्दिनँ। म मानिसहरूलाई मेरो बोझमा थप बोझ नथप्न आग्रह गर्छु; सधैँ मेरै भरोसा गरिरहनुभन्दा तिनीहरूले आफ्नै बाटो बनाएको भए राम्रो हुनेथियो। तिनीहरू सधैँ मेरा घरमा बालबच्चाजस्तो भएर जिउनु हुँदैन; त्यसो गर्दा के नै फाइदा हुन्छ र? मैले जे गर्छु त्यो निकै महत्त्वपूर्ण व्यवसाय हो; मैले कुनै “छिमेकी खाजा पसल” वा अर्को कुनै सानो “सुलभ भण्डार” चलाउँदिन। मानिसहरू सबै मेरो मनको स्थितिलाई बुझ्न असफल छन्, मानौं तिनीहरूले जानी-जानी मसँग ठट्टा गरिरहेका छन्, मानौं तिनीहरू खेल्ने अतृप्त चाहना भएका, गम्भीर विषयहरूलाई कहिल्यै विचार नगर्ने चकचके बालबच्चा हुन्, जसले धेरैलाई मैले तिनीहरूलाई दिएको “गृहकार्य” गर्न असफल बनाएका छन्। कसरी त्यस्ता मानिसहरूलाई तिनीहरूको “शिक्षक” को अघि आफ्नो अनुहार देखाउने आँट हुन्छ? किन तिनीहरू कहिल्यै तिनीहरूले गर्नुपर्ने काममा ध्यान दिँदैनन्? मानिसको हृदय कस्तो प्रकारको वस्तु हो? आजको दिनसम्म, म यस विषयमा अस्पष्ट नै छु। किन मानिसको हृदय अटुट रूपमा परिवर्तन भइरहन्छ? यो त जुन महिनाको दिनजस्तै छ: अहिले नै घाम चर्किरहेको हुन्छ, अहिले नै बाक्लो बादल लाग्छ, र अहिले नै बतास चल्छ। त्यसकारण, मानिसले किन अनुभवबाट सिक्न सक्दैन? सायद मैले जे भनेँ त्यो अत्युक्ति हुन सक्छ। वर्षाको मौसममा छाता बोक्नुपर्छ भन्नेसमेत मानिसलाई थाहा छैन, त्यसकारण, तिनीहरू आफ्नो अज्ञानताको कारण धेरैपटक अचानक भारी वर्षामा परी पूर्ण रूपमा भिजेका छन्, मानौं मैले तिनीहरूलाई जानी-जानी गिज्याइरहेको छु र तिनीहरू सधैँ स्वर्गबाट झर्ने वर्षाको आक्रमणमा परिरहेका छन्। अथवा, सायद म अत्यन्तै “निर्दयी” छु, र मानिसको ध्यान खलबल्याएर के गर्ने भनी थाहा नहुने गरी सधैँ अलमल्याउँछु। कुनै पनि मानिसले कहिल्यै पनि मेरो कामको उद्‌देश्य वा महत्त्वलाई साँचो रूपमा बुझेको छैन। यस्तो भएको हुनाले, तिनीहरू सबैले आफैलाई बाधा दिने र सजाय दिने काम गरिरहेका छन्। के म साँच्चै तिनीहरूलाई सजाय दिन निस्कन्छु त? किन मानिसहरूले आफ्नो लागि आफै समस्या पैदा गर्छन्? तिनीहरू किन सधैँ फन्दातिर हिँड्छन्?

किन तिनीहरूले मसँग वार्तालाप गर्दैनन्, बरु सधैँ आफ्नो लागि काम गर्ने बाटोहरूको खोजी गर्छन्? के मैले मानिसलाई दिने सबै कुरा पर्याप्त नभएको हुन सक्छ?

मैले मेरो "पहिलो काम" सबै मानवजातिको बीचमा प्रकाशन गरेको छु, र मेरो प्रकाशनले मानिसमाझ निकै ठूलो आदरभाव पैदा गर्ने हुनाले, तिनीहरू सबैले यसलाई विस्तृत रूपमा र होशियारीसाथ अध्ययन गर्छन्, अनि यो ध्यानपूर्ण अध्ययनद्वारा, तिनीहरूले धेरै कुरा प्राप्त गरेका छन्। मेरो लिखित कार्य अचम्मको, अत्यन्तै जटिल उपन्यासजस्तो देखिन्छ; यो रोमान्टिक गद्य कविताजस्तो देखिन्छ; यो राजनीतिक कार्यक्रमको छलफलजस्तो देखिन्छ; यो आर्थिक बुद्धिको सार-संग्रहजस्तो देखिन्छ। मेरो लिखित कार्य अत्यन्तै प्रचुर भएको हुनाले, यसको बारेमा विभिन्न फरक-फरक विचारहरू छन्, र मेरो यो कार्यलाई सारांशित गर्ने प्रस्तावना कसैले पनि प्रदान गर्न सकेको छैन। मानिसहरूसँग "असाधारण" ज्ञान र प्रतिभा हुन सक्छ, तर मेरो यो कार्य सक्षम र प्रतिभावान् मानिसहरू सबैलाई असमञ्जसमा पार्नको लागि पर्याप्त छ। "रगत बग्न सक्छ, आँसु झर्न सक्छ, तर शिर कहिल्यै पनि झुकाउनु हुँदैन" भन्ने तिनीहरूको भनाइजस्तै, मेरो लिखित कामको अघि आत्मसमर्पणता व्यक्त गर्नको लागि तिनीहरूले पहिले नै अचेत रूपमा आफ्नो शिर निहुऱ्याइसकेका छन्। मानिसले आफ्नो अनुभवका पाठहरूद्वारा, मेरो लिखित कार्यलाई आकाशबाट खसेको स्वर्गीय पुस्तक हो भनी सारांशित गरेको छ। तैपनि म मानिसलाई त्यति धेरै संवेदनशील नहुन आग्रह गर्छु। मेरो दृष्टिकोणमा, मैले जे भने त्यो सबै साधारण नै छन्; तैपनि, मेरो आशा के छ भने, मेरो कार्यमा समावेश जीवनको विश्वकोशमा, मानिसहरूले जीविकोपार्जनको कुनै उपाय पत्ता लगाउन सक्नेछन्; मानिसको गन्तव्यमा, तिनीहरूले जीवनको अर्थको खोजी गर्न सक्छन्; स्वर्गका रहस्यहरूमा, तिनीहरूले मेरो इच्छाको खोजी गर्न सक्छन्; अनि मानवजातिको मार्गमा, तिनीहरूले जीउने कला खोजी गर्न सक्छन्। के यसरी काम-कुराहरू अझै असल हुँदैनन् र? म मानिसलाई जबरजस्ती गर्दिन; यदि कुनै व्यक्तिलाई मेरो लिखित कार्यप्रति "चासो छैन" भने, म तिनीहरूलाई मेरो पुस्तकको रकमका साथै "सेवा शुल्क" "फिर्ता" दिनेछु। म कसैलाई पनि जबरजस्ती गर्दिनँ। यो पुस्तकको लेखकको रूपमा, पाठकहरूले मेरो कार्यलाई मन पराउनेछन् भन्ने मेरो एउटै आशा छ, तर मानिसहरूले सधैँ फरक-फरक कुरा मन पराउँछन्। त्यसकारण, म मानिसहरूलाई के आग्रह गर्छु भने तिनीहरूले अनुहारसम्बन्धी विचारहरू त्याग्न नसकेकै कारण तिनीहरूको भावी सम्भावनाहरूमा सम्झौता नगरून्। यदि तिनीहरूले त्यसो गरे भने, दयालु मन भएको मैले कसरी त्यस्तो ठूलो अपमान सहन सक्छु र? यदि तिमीहरू मेरो कार्य मन पराउने पाठकहरू हौ भने, मलाई आशा छ, तिमीहरूले मलाई तिमीहरूका आफ्नै बहुमूल्य सुझावहरू प्रदान गर्नेछौ, र मेरो लेखाइलाई अझै सुधार गर्नेछौ भन्ने मेरो आशा छ, र यसरी मानिसका गल्तीहरूद्वारा मेरो लेखाइको विषयवस्तुमा सुधार आउनेछ। यसले लेखक र पाठक दुवैलाई फाइदा पुऱ्याउनेछ, होइन र? मलाई थाहा छैन, मेरो भनाइ सही छ कि छैन, र सायद यसरी मैले मेरो लेख्ने क्षमतालाई सुधार गर्न सक्छु, वा सायद हामीबीचको सम्बन्धलाई बलियो बनाउन सक्छु। समग्रमा, मलाई आशा छ, सबै मानिसहरूले मेरो काममा कुनै बाधा नदिई मसँग सहकार्य गर्न सक्छन्, ताकि मेरो वचन हरेक परिवार र घरमा पुऱ्याउन सकियोस्, ताकि पृथ्वीका सबै मानिसहरू मेरा वचनहरूमा जिउन सकून्।

मेरो लक्ष्य यही नै हो। मलाई आशा छ, “मेरा वचनहरूमा जीवन” भन्ने अध्याय पढिसकेपछि, सबैले केही न केही प्राप्त गर्न सकून्, चाहे त्यो जीवनका नीति वचन वा मानव संसारमा आइपर्ने गल्तीको ज्ञान, वा मैले मानिसबाट के चाहन्छु त्यो कुरा, वा आजको राज्यका मानिसहरूका “रहस्यहरू” नै किन नहोस्। तैपनि, म मानिसहरूलाई आजका मानिसहरूको काण्डहरू भन्ने खण्डलाई हेर्न आग्रह गर्छु; यो सबैको लागि फाइदाजनक हुनेछ। नयाँ रहस्यहरू भन्ने खण्डबाट पढ्दा पनि त्यसले हानि गर्नेछैन, जुन मानिसहरूको जीवनको लागि अझै फाइदाजनक हुनेछ। फेरि, ताजा विषयहरू भन्ने स्तम्भ नियमित रूपमा पढ्नू–के यो मानिसहरूको जीवनको लागि अझै बढी लाभदायक हुनेछैन र? मेरो सल्लाह लिने, यसले कुनै प्रभाव पार्छ कि पार्दैन हेर्ने, त्यसपछि यसलाई पढेपछि तिमीहरूलाई कस्तो लाग्यो सो मलाई बताउने गर्दा कुनै हानि हुँदैन, र त्यसरी मैले सही औषधि प्रदान गर्न सक्छु, र अन्तिममा, मानवजातिको रोग-बिमारहरू सबैलाई पूर्ण रूपमा हटाउन सक्छु। मेरा सुझावहरू तिमीहरूलाई कस्तो लाग्यो मलाई थाहा छैन, तर तिमीहरूले तिनलाई सन्दर्भ सामग्रीको रूपमा लिनेछौ भन्ने मेरो आशा छ। त्यसो गरे कसो होला?

मे १२, १९९२

# अध्याय ४२

नयाँ कामको सुरुवात हुनेबित्तिकै, सबै मानिसहरूको नयाँ प्रवेश हुन्छ, र तिनीहरू मसँगै हातमा हात मिलाएर अघि बढ्छन्। हामी राज्यको महान सडकमा सँगै हिँड्छौं, र मानिस र मेरो बीचमा यस्तो नजिकको घनिष्ठता हुन्छ। मानिसप्रतिका मेरा भावनाहरू देखाउन र मेरो मनोवृत्ति प्रदर्शित गर्न, म सधैँ मानिससँग बोलेको छु। तैपनि, यीमध्ये कतिपय वचनहरूले मानिसहरूलाई चोट पुऱ्याउन सक्छन्, जबकि कतिपय वचनहरूले तिनीहरूको लागि ठूलो सहयोग गर्न सक्छन्, त्यसकारण म मानिसहरूलाई मेरो मुखहरूबाट निस्कने वचनहरू अझै बढी सुन्न सल्लाह दिन्छु। मेरा वाणीहरू खासै सुन्दर नहुन सक्छन्, तर ती सबै मेरो हृदयको गहिराइबाट आउने वचनहरू हुन्। मानवजाति मेरो मित्र भएको हुनाले, म मेरो कार्यलाई मानिसको बीचमा अघि बढाउने कार्यलाई जारी राख्छु, अनि मानिसले पनि मेरो काममा हस्तक्षेप हुन्छ कि भनेर अत्यन्तै डराउँदै मसँग सहकार्य गर्न सक्दो गर्छ। अहिले, मेरो हृदय ठूलो प्रसन्नताले भरिएको छ किनभने मैले मानिसहरूको एउटा समूहलाई प्राप्त गरेको छु, त्यसकारण मेरो “उद्‌यम” अबउप्रान्त मन्दीमा छैन; यसमा अबउप्रान्त रित्तो शब्दहरू समावेश छैनन्, र मेरो “विशिष्ट उत्पादन बजार” ले सुस्त व्यापार गर्न छोडेको छ। आखिर मानिसहरू समझदार नै छन्–तिनीहरू सबै मेरो नाम र मेरो महिमाको लागि “आफैलाई अर्पण गर्न” तत्पर छन्, र यसरी मात्रै मेरो “विशिष्ट पसल” ले केही नयाँ “सरसामानहरू” प्राप्त गर्छ, त्यसकारण आत्मिक क्षेत्रमा धैरै “ग्राहकहरू” मेरा “सरसामानहरू” किन्न आउँछन्। यस क्षणदेखि पछि मात्रै मैले महिमा प्राप्त गर्छु; त्यसपछि मात्रै मेरो मुखबाट निस्केका वचनहरू रित्ता हुन छोड्नेछन्। मैले विजय प्राप्त गरेको छु र विजयसहित फर्केर आएको छु, अनि सबै मानिसहरूले मेरो हर्षोल्लास गर्छन्। यस बेला ठूलो रातो अजिङ्गर मप्रतिको त्यसको आदर देखाउन, त्यो मेरो

पाउमुनि छ भनेर देखाउन "हर्षोल्लास गर्न" आउनेछ, जुन कुरालाई म महिमाको रूपमा लिन्छु। सृष्टि भएको समयदेखि आजको दिनसम्म, मैले धेरै विजयी युद्धहरू लडेको छु, र धेरै सराहनीय कामहरू गरेको छु। एकपटक धेरै मानिसहरूले मेरो निम्ति हर्षोल्लास गरे, मलाई प्रशंसा चढाए, र मेरो लागि नाचे। यी बेजोड र बिर्सन नसकिने दृश्यहरू थिए, तैपनि मैले मेरो मुस्कान कहिल्यै देखाइन, किनभने मैले मानिसलाई जित्न बाँकी नै थियो, र मैले सृष्टिजस्तै कामको केही भाग मात्रै गरिरहेको थिएँ। आज विगतको जस्तो समय छैन। म सिंहासनबाट मुस्कुराउँछु, मैले मानिसलाई जितेको छु, र सबै मानिसहरू मेरो आराधना गर्न मेरो अघि निहुरिन्छन्। आजका मानिसहरू विगतका मानिसहरू होइनन्। मेरो काम कसरी वर्तमानको लागि बाहेक अरू कुनै कुराको लागि हुन सक्छ र? यो मेरो महिमाको लागि बाहेक अरू केको लागि हुन सक्छ र? भोलिको उज्यालो भविष्यको खातिर, म मानिसमाथिको मेरो कामलाई धेरैपटक स्पष्ट पार्नेछु, ताकि मेरो महिमाले सृष्टि गरिएको मानिसमा "विश्राम" गर्न सकोस्। म यसलाई मेरो कामको सिद्धान्तको रूपमा लिनेछु। मसँग सहकार्य गर्न इच्छुकहरू, उठ र कठिन परिश्रम गर, ताकि मेरो अझै बढी महिमाले आकाशमण्डललाई भर्न सकोस्। ठूला-ठूला योजनाहरूलाई अघि बढाउने समय अहिले नै हो। मेरो प्रेमको वास्ता र सुरक्षामा हुनेहरू सबैसँग यहाँ मसँग आफ्ना क्षमताहरू प्रयोग गर्ने मौका छ, र म सबै कुरालाई मेरो कामको खातिर "परिक्रमा" गर्न लगाउनेछु। आकाशमा उड्ने चराहरू आकाशको मेरो महिमा हुन्, पृथ्वीका समुद्रहरू पृथ्वीमा मैले गरेका काम हुन्, सबै थोकको बीचमा म सबै थोकका मालिकको रूपमा प्रकटीकरण भएको छु, र सबै थोकलाई जीवनसँगै वृद्धि हुन, फस्टाउन, र चम्कन लगाउँदै, म पृथ्वीमा भएका सबै कुरालाई मेरो व्यवस्थापनको पूँजीको रूपमा प्रयोग गर्छु।

सृष्टिको समयमा, मैले पृथ्वीको मेरो काम अन्तिम युगमा पूरा हुनेछ भनेर निर्धारित गरिसकेको थिएँ। मेरो काम समाप्त हुने समय नै मेरा सबै कार्यहरूलाई आकाशमण्डलमा प्रकट गरिने समय हुनेछ। म पृथ्वीका मानिसहरूलाई मेरा कामहरू स्वीकार गर्न लगाउनेछु, र मेरा कामहरू "न्यायआसनको अगाडि" प्रमाणित हुनेछन्, ताकि पृथ्वीका मानिसहरूले तिनलाई स्वीकार गरेर, घोप्टो परून्। तसर्थ, यो सबै कुरापछि म विगतका युगहरूमा पहिले कहिल्यै नगरिएको एउटा उद्यम प्रारम्भ गर्नेछु। आजदेखि पछि, म मेरा कामहरूलाई चरणबद्ध रूपमा स्पष्ट पार्नेछु, ताकि समाजको हरेक क्षेत्रमा मेरो बुद्धि, मेरो आश्चर्यपन, र मेरो अथाहपन स्वीकार र प्रमाणित होऊन्। खास गरी, पृथ्वीका सबै सत्तासीन दलहरूलाई मेरा कार्यहरू स्वीकार गर्न लगाइनेछ, ताकि मेरा कार्यहरूमाथि "न्यायाधीशहरू" ले न्याय गरून् र "वकिलहरू" ले "प्रतिरक्षा" गरून्, यसरी सबै मानिसहरूलाई शिर निहुराएर घोप्टो पर्ने तुल्याउँदै मेरा कार्यहरू स्वीकार हुनेछन्। यो समयदेखि पछि, मेरा कार्यहरूलाई समाजको हरेक क्षेत्रले पहिचान गर्नेछ, र यो मैले पृथ्वीको सबै महिमा प्राप्त गर्ने समय पनि हुनेछ। त्यो बेला, म मानिसकहाँ देखा पर्नेछु र त्यसउप्रान्त गुप्त रहनेछैन। वर्तमानमा, मेरा कामहरू चरमतामा पुग्न बाँकी नै छ। मेरो काम अघि बढिरहेको छ, र जब यो शीर्ष विन्दुमा पुग्छ, यो पूरा हुनेछ। म सबै राष्ट्रका मानिसहरूलाई पूर्ण रूपमा विजय गर्नेछु, म भयङ्कर जनावरहरूलाई मेरो अघि थुमाजस्तै सधाउनेछु, र म ठूलो रातो अजिङ्गरलाई पृथ्वीका मानिसहरूजस्तै मेरो अघि समर्पित हुन लगाउनेछु। म स्वर्गका मेरा सबै शत्रुहरूलाई हराउनेछु, र

म पृथ्वीका मेरा सबै विरोधीहरूलाई जित्नेछु। मेरो योजना यही हो, र यो मेरो कामको अद्‌भूतपन हो। मानिसले मेरो अगुवाइमा प्रकृतिको प्रभावमा जिउनेबाहेक केही पनि गर्न सक्दैन—उसले आफ्नै निर्णयहरू गर्न सक्दैन! मेरो हातबाट को उम्कन सक्छ र? मैले प्रकृतिका सबै कुरालाई नियमहरूभित्र अस्तित्वमा रहने गरी विभिन्न वर्गमा वर्गीकरण गरेको छु, र यही कारणले गर्दा पृथ्वीमा वसन्तको न्यानोपन र शरदको शीतलताजस्ता नियमहरू छन्। पृथ्वीका फूलहरू हिउँदमा सुक्नु र ग्रीष्ममा फुल्नुको कारण मेरो हातको आश्चर्यपनले गर्दा हो; हिउँदमा कऱ्याङकुरुङ दक्षिणतिर उडेर जानुको कारण मैले तापक्रमलाई सन्तुलन गर्ने हुनाले हो; अनि विभिन्न कुराहरूलाई पानीको सतहमा डुबाउन चाहेको कारण नै समुद्र गर्जन्छ। मैले बन्दोबस्त नगरेको के छ र? यो क्षणदेखि पछि, मानिसको "प्रकृतिको भौतिक परिस्थितिलाई" पूर्ण रूपमा मेरा वचनहरूले नै परास्त गरेको हुन्छ, र मानिसहरूले "प्राकृतिक नियमहरू" को अस्तित्वको कारण मेरो उपस्थितिलाई हटाउँदैनन्। कसले फेरि कहिल्यै सबै थोकका शासकको अस्तित्वलाई इन्कार गर्नेछ? स्वर्गमा, म नै प्रमुख हुँ; सबै थोकको बीचमा, म नै प्रभु हुँ; र सबै मानिसहरूका बीचमा म नै सर्वोच्च हुँ। यसमाथि हल्कासाथ केरमेट गरी "चित्र" कोर्ने आँट कसले गर्छ? के झूटले सत्यताको अस्तित्वलाई भङ्‌ग गर्न सक्छ? यो बहुमूल्य अवसरमा, अबउप्रान्त मानिसको हस्तक्षेपविना, र मेसिनहरू निरन्तर "चलाउने" काम नगरीकनै म फेरि पनि मेरो हातको कार्यलाई सुरु गर्छु।

मैले मेरा वचनहरूमा विभिन्न प्रकारका "मरमसला" हालेको छु, र यसरी यस्तो देखिन्छ मानौं म मानवजातिको एक उत्कृष्ट शेफ हुँ। मानिसहरूलाई तिनीहरूको खानामा मसला कसरी हाल्ने भन्ने थाहा नभए पनि, तिनीहरू स्वादहरूमा रमाउँछन्; "थाल" बोकेर तिनीहरू सबै मैले तयार गरेको "खानेकुरा" को स्वाद लिन्छन्। मलाई कारण थाहा छैन, तर मानिसहरू सधैँ मैले व्यक्तिगत रूपमा तयार गरेका खानेकुराहरू अझै बढी खान चाहन्छन्। मानौं तिनीहरूले मलाई आदरका साथ हेर्छन्, मानौं तिनीहरूले मलाई मसलाहरूमध्ये सबैभन्दा उत्कृष्ट ठान्छन्, र अरूप्रति तिनीहरूसँग कुनै आदरभाव नै छैन। मेरो आत्मसम्मान अत्यन्तै धेरै भएकोले, म मेरा आफ्नै कारणहरूले अरूका "फलामको भात खाने थाल" लाई कुच्याइदिन चाहन्नँ। तसर्थ, म "भान्सा-कोठा" बाट पछि हटेर अरूलाई आफ्नो पृथकता देखाउन दिन्छु। यसरी मात्रै मेरो हृदय अटल बन्छ; मानिसहरूले मलाई आदर गरेको र अरूलाई नीच ठानेको म चाहन्न; त्यो सही कुरा हुनेछैन। मानिसहरूको हृदयमा हैसियत प्राप्त गर्नुको मूल्य के हुन्छ र? के म त्यति असभ्य र त्यति अनुचित छु? के म साँच्चै हैसियत माग्न इच्छुक छु? यदि त्यसो हो भने, मैले किन त्यति ठूलो उद्‌यम प्रारम्भ गरेँ त? म अरूको विरुद्‌धमा ख्याति र सम्पत्तिको लागि संघर्ष गर्न चाहन्न, र म सांसारिक ख्याति र सम्पत्तिलाई घृणा गर्छु; मैले खोजी गर्ने कुरा यो होइन। म मानिसलाई आदर्श नमूनाको रूपमा हेर्दिनँ, म लडाइँ गर्ने वा खोस्ने काम गर्दिन, र म मेरो "हस्तकला" मा भर परेर जिउँछु, र म अविवेकी कार्यहरू गर्दिनँ। तसर्थ, जब म पृथ्वीमा हिँडडुल गर्छु, सुरुमा काम गर्छु अनि पछि मात्र "मेरो हातको कार्यको पारिश्रमिक" माग्छु—मानिसले बताउने निष्पक्षता र तर्कशीलता यही मात्रै हो। यसमा कुनै अत्युक्ति छैन, न त यसलाई कम रूपमा नै उल्लेख गरिएको छ; म तथ्यहरूको साँचो अर्थअनुसार बोल्छु। म निष्पक्ष र उचित मानिसहरूको खोजी गर्दै मानिसको बीचमा यता-उता

हिँड्छु, तैपनि यसले कुनै परिणाम ल्याएको छैन। मानिसहरूले मोलतोल गर्न मन पराउने हुनाले, मूल्य कि त अति धेरै कि त अति कम छ, त्यसकारण म अझै पनि “मैले गर्नुपर्ने गरी” मेरो हातमा परेको काम गरिरहेको छु। आज, मानिसले किन आफ्नो कर्तव्य पालन नगरेको हो र उसको कद कति ठूलो छ भन्ने किन उसलाई थाहा नभएको हो मलाई अझै पनि थाहा छैन। मानिसहरूलाई तिनीहरूको कद धेरै ग्राम छ कि वा धेरै लियाङ्ग[क] छ सो समेत थाहा छैन। तसर्थ, तिनीहरूले अझै मलाई फुस्ल्याउँछन्। यो त मेरो सबै काम व्यर्थ भएको जस्तै हो, मेरा वचनहरू विशाल पर्वतहरूको गुन्जन मात्रै हुन् जस्तै हो, र मेरा वचन र वाणीहरूका जडलाई कसैले कहिल्यै पनि बुझेको छैन। त्यसकारण तेस्रो उक्तिलाई सारांशित गर्नको लागि म यसलाई जगको रूपमा प्रयोग गर्छु: “मानिसहरूले मलाई चिन्दैनन्, किनभने तिनीहरूले मलाई देख्दैनन्।” मानौं मेरा वचनहरू खाइसकेपछि, मानिसहरूले पाचनमा सहायता पुऱ्याउन केही औषधि पिउँछन्, अनि औषधिको प्रतिकूल प्रभाव अत्यन्तै कडा भएकोले, तिनीहरूले स्मरण शक्ति गुमाउँछन्, त्यसकारण मेरा वचनहरू मानवजातिले बिर्सेको कुरा बन्छ, र म आउने स्थान तिनीहरूले बिर्सने घुम्ती बन्छ। यसकारण, म सुस्केरा हाल्छु। मैले यति धेरै काम गरेको छु, तैपनि किन मानिसहरूमा यसको कुनै प्रमाण छैन? के मैले पर्याप्त प्रयास लगाएको छैन? कि मानिसलाई के चाहिन्छ भन्ने कुरा मैले नबुझेकोले यसो भएको हो? यस विषयमा मैले गर्न सक्ने केही पनि छैन, र मेरो एउटै विकल्प बनेको सबै मानिसहरूलाई जित्नको लागि मेरा प्रशासनिक आदेशहरू प्रयोग गर्नु हो। म अबउप्रान्त प्रेमिलो आमा बन्नेछैन, तर सबै मानवजातिलाई कठोर बुबाले जस्तो व्यवस्थापन गर्नेछु!

मे १५, १९९२

# अध्याय ४३

सायद मानिसहरूले मेरो प्रशासनिक आदेशहरूलाई ध्यानमा राखेर मात्रै मेरा वचनहरूमा “ठूलो चासो” दिएका हुन्। यदि तिनीहरूलाई मेरा प्रशासनिक आदेशहरूले शासन नगरेका भए, तिनीहरू व्याकुल भएका बाघहरूजस्ता गर्जिरहेका हुनेथिए। दौडधूप गर्दै पृथ्वीलाई ढाक्ने, मेरा प्रशासनिक आदेशहरूको अधीनमा रहेका मानवजातिलाई हेर्दै, दिनहुँ म बादलहरूका बीचमा यताउता गर्छु। यसरी, मानव जातिलाई सुव्यवस्थित अवस्थामा राखिन्छ, र म मेरा प्रशासनिक आदेशहरूलाई चिरस्थायी तुल्याउँछु। यो समयदेखि पछि, पृथ्वीमा हुनेहरूले मेरा प्रशासनिक आदेशहरूमा रहेका सबै किसिमको सजाय पाउँछन्, र यो सजाय तिनीहरूमाथि ओइरिने क्रममा, सबै मानवजाति ठूलो होहल्ला गर्दै हरदिशामा भाग्छन्। यही क्षणमा नै, पृथ्वीका राष्ट्रहरू तुरुन्तै नष्ट हुन्छन्, राष्ट्रहरूबीचका सीमाहरू अस्तित्वमा रहँदैनन्, त्यसउप्रान्त एउटा स्थानदेखि अर्को स्थान विभाजित हुँदैन, र मानिसहरूको बीचमा त्यसउप्रान्त मनमुटाव हुँदैन। म मानिसहरूका बीचमा “वैचारिक कार्य” गर्न सुरु गर्छु, ताकि मानिसहरू एक-अर्कासँग शान्तिपूर्ण रूपमा सहअस्तित्वमा रहन सकून्,

क. “लियाङ्ग” भनेको तौल नाप्ने एक चिनियाँ मापन हो; एक लियाङ्ग बराबर ५० ग्राम हुन्छ।

अबउप्रान्त झैझगडा नगरून्, र मैले मानवजातिको बीचमा सेतु निर्माण गर्ने र सम्बन्धहरू स्थापित गर्ने क्रममा, मानिसहरू एकीकृत बन्छन्। म सर्वोच्च स्वर्गलाई मेरा कार्यहरूको प्रकटीकरणद्वारा भर्नेछु र पृथ्वीका सबै थोकलाई मेरो शक्तिसामु लम्पसार पर्न लगाउनेछु, यसरी "विश्‍व एकता" को लागि मेरो योजना कार्यान्वयन गर्नेछु र मेरो यो चाहनालाई सफलतामा पुऱ्याउनेछु, ताकि मानवजाति अबउप्रान्त पृथ्वीमा "यताउता भौँतरिने" छैनन्, बरु तिनीहरूले कुनै ढिलाइ नगरिकन सुहाउँदो गन्तव्य भेट्नेछन्। म हरेक किसिमले मानव जातिको लागि सोचविचार गर्छु, यस्तो गर्नेछु ताकि सारा मानवजाति चाँडै नै शान्ति र खुसीको भूमिमा जिउन आऊन्, ताकि तिनीहरूका जीवनका दिनहरू अबउप्रान्त दुःखी र उजाड नहोऊन्, र ताकि पृथ्वीमा मेरा योजना शून्यतामा नपुगोस्। मानिस त्यहाँ अस्तित्वमा रहने भएकोले, म मेरो राष्ट्र पृथ्वीमा निर्माण गर्नेछु, किनभने मेरो महिमाको प्रकटीकरणको एक अंश पृथ्वीमा रहेको छ। माथि स्वर्गमा, म मेरो सहरलाई उचित तुल्याउनेछु र त्यसरी नै माथि र तलका सबै थोकलाई नवीन बनाउनेछु। म स्वर्गको माथि र तल अस्तित्वमा रहेका सबै थोकलाई एकतामा ल्याउनेछु ताकि, पृथ्वीका हरेक थोक स्वर्गमा भएका सबै थोकसँग एकीकृत होस्। यो मेरो योजना हो; अन्तिम युगमा मैले हासिल गर्ने उपलब्धि नै यही हो—मेरो कामको यो भागमा कसैलाई पनि हस्तक्षेप नगरोस्! अविश्‍वासी राष्ट्रहरूमाझ मेरो कामलाई फैलाउनु नै पृथ्वीमा मैले गर्ने मेरो कामको अन्तिम भाग हो। मैले गर्ने कामलाई कसैले पनि बोध गर्न सक्दैन, र यही कारणले गर्दा, मानिसहरू निकै नै भ्रममा परेका छन्। अनि म पृथ्वीमा मैले गर्ने मेरो काममा पूरै व्यस्त भएको हुनाले, मानिसहरूले यसलाई "खेल खेल्ने" अवसर बनाउँछन्। तिनीहरूलाई अत्यन्तै उपद्रवी बन्नबाट रोक्नको लागि, मैले तिनीहरूलाई अग्निकुण्डको अनुशासन कारबाही सहन गर्नको लागि मेरो सजायअन्तर्गत राखेको छु। यो मेरो कामको एउटा चरण हो, र म मेरो कामको यो चरणलाई पूरा गर्नको लागि उक्त अग्निकुण्डको सामर्थ्य प्रयोग गर्नेछु; अन्यथा, मेरो कामलाई अघि बढाउन नै असम्भव हुन्छ। म सारा ब्रह्माण्डभरिका मानवजातिलाई मेरो सिंहासनअघि समर्पित हुन लगाउनेछु, मेरो न्यायअनुरूप तिनीहरूलाई विविध श्रेणीमा विभाजन गर्नेछु, ती श्रेणीहरूअनुसार तिनीहरूलाई वर्गीकरण गर्नेछु, र अझै तिनीहरूलाई तिनीहरूको परिवारमा विभाजन गर्नेछु, ताकि सम्पूर्ण मानवजातिले मलाई अवज्ञा गर्न छाडून्, यसको साटो तिनीहरू मैले नामाकरण गरेका श्रेणीहरूअनुसार स्पष्ट र व्यवस्थित बन्दोबस्तमा रहून्—कोही पनि यतिकै जहीँतहीँ चलफिर नगरोस्! सारा ब्रह्माण्डभरि नै मैले नयाँ काम गरेको छु; सारा ब्रह्माण्डभरि नै मेरो आकस्मिक देखा पराइबाट सारा मानवजाति अचम्मित र अक्क न बक्क भएका छन्, र मेरो देखा पराइद्वारा खुला अन्तरिक्षमा तिनीहरूको क्षितिज बृहत् रूपमा विस्तारित भएको छ। के आज यस्तै त छ नि होइन र?

मैले सबै राष्ट्र र सबै मानिसहरूका बीचमा पहिलो छलाङ्ग मारेको छु, र मैले मेरो कामको पहिलो भागको सुरुवात गरेको छु। म नयाँ सुरुवात गर्नको लागि मेरो योजनालाई भङ्ग गर्नेछैन: अन्य जातिका राष्ट्रहरूका बीचमा हुने श्रेणीबद्ध कार्य मैले स्वर्गमा गर्ने मेरो कामको पद्धतिहरूमा आधारित छ। जब सारा मानवजातिले मेरा हरेक हाउभाउ र कार्यहरू हेर्नको लागि आफ्ना आँखा उठाउँछ, त्यही बेला म पृथ्वीमा कुहिरो पठाउँछु। मानिसहरूका आँखाहरू तुरुन्तै धमिलिन्छ, र

मरुभूमिमा अलमलिएका भेडाहरूले जस्तै तिनीहरूले कुनै दिशा निर्क्योल गर्न सक्दैनन्, र जब तुफानको गर्जन सुनिन थाल्छ, तिनीहरूको चिच्याहटलाई बतासको गर्जनले ढाकिदिन्छ। हावाका झोक्काहरूको बीचमा, मानव आकृतिहरूलाई अलिअलि देख्न सकिन्छ, तर कुनै पनि मानव आवाज सुन्न सकिँदैन, र मानिसहरूले सक्दो बल लगाई चिच्याए पनि, तिनीहरूको प्रयास व्यर्थ हुन्छ। यसपटक, तिनीहरूलाई सीमाहीन मरुभूमिबाट डोऱ्याएर लैजानको लागि मुक्तिदाता अचानक आकाशबाट ओर्लनुहुन्छ कि भन्ने आशा गर्दै मानवजाति डाँको छोडी रुन्छ र विलाप गर्छ। तर, तिनीहरूको विश्वास जति नै ठूलो भए पनि, मुक्तिदाता हल्लिनु समेत हुनेछैन, र मानिसको आशामा तुषारापात हुनेछ: बालिएको विश्वासको बत्तीलाई मरुभूमिको तुफानले निभाइदिएको छ, र बलिरहेको राँको फेरि कहिल्यै नउठाउने गरी, मानिस बाँझो र निर्जन स्थानमा घोप्टो पर्छ, अनि अचेत हुन्छ...। त्यस क्षणलाई प्रयोग गर्दै, म मानिसको आँखैअघि मरुद्यान देखा पर्न लगाउँछु। तर, त्यो मानिसको हृदय उल्लसित भएको हुनसक्ने भए पनि, उसको शरीर अत्यन्तै कमजोर, हातखुट्टा कमजोर र लल्याकलुलुक भएको कारण उसले प्रतिक्रिया दिन सक्दैन; अनि उसले मरुद्यानमा सुन्दर फलफूल फलिरहेको देखे पनि, ऊसँग ती फल टिप्ने सामर्थ्य हुँदैन, किनभने मानिसको "आन्तरिक स्रोत-साधन" पूर्ण रूपमा रित्तिएको हुन्छ। म मानिसलाई चाहिने कुराहरू टिप्छु र उसलाई दिन्छु, तर उसले क्षणिक मुस्कान मात्रै छोड्छ, उसको अनुहार पूर्ण रूपमा हर्षरहित छ: मानवजातिको हरेक सामर्थ्य नामनिसानविना नै चलिरहेको बतासमा विलय भएको छ। यसकारण, मानिसको अनुहार पूर्ण रूपमा अभिव्यक्तिविहीन हुन्छ, र उसको रक्ताम्मे आँखाहरूबाट, आफ्नो बच्चालाई नियालिरहेकी आमाको जस्तै कोमल दयासहित स्नेहको एउटै मात्र किरण चम्किन्छ। समय-समयमा, मानिसको सुकेको, फुटेका ओठहरू चल्छन्, मानौं उसले बोल्न लागेको छ तर उसँग बोल्ने सामर्थ्य छैन। म मानिसलाई अलिकति पानी दिन्छु, तर उसले होइन भन्ने भावमा आफ्नो शीर मात्रै हल्लाउँछ। यी अनिश्चित र अप्रत्याशित कार्यहरूबाट, म मानिसले पहिले नै आफूप्रतिको सबै आशा गुमाइसकेको छ, र उसले मलाई आफ्नो प्रार्थी नजर ममाथि लगाइरहन्छ, मानौं उसले अर्को कुनै कुराको लागि अनुरोध गरिरहेको छ। तर, मानवजातिको रीतिरिवाज र चलनप्रति अनजान रहेको कारण, म मानवजातिको अनुहारको हाउभाउ र व्यवहारप्रति छक्क पर्छु। यस क्षणमा मात्रै मलाई मानिसको अस्तित्वका दिनहरू चाँडै अन्त्य हुँदै छन् भन्ने अचानक थाहा हुन्छ, अनि म उसमा सहानुभूतिपूर्ण नजर लगाउँछु। अनि यस क्षणमा मात्रै मानिसले खुशीको मुस्कान देखाउँछ, र मप्रति हो भावमा शीर हल्लाउँछ, मानौं उसको चाहना पूरा भएको छ। मानवजाति अबउप्रान्त दुःखित हुँदैन; पृथ्वीमा, मानिसहरूले अबउप्रान्त जीवनको रिक्तताको बारेमा गुनासो गर्दैनन्, र "जीवन" का सबै कामकाजहरू छोड्छन्। त्यसपछि, पृथ्वीमा थप कुनै सुस्केराहरू हुँदैनन्, र मानवजातिको जीवनका दिनहरू प्रसन्नताले भरिनेछन् ...

मेरो आफ्नै कामलाई अघि बढाउनुभन्दा पहिले मैले मानिसका मामलाहरूको उचित व्यवस्थापन गर्नेछु, नत्र मानवजातिले निरन्तर मेरो काममा अतिक्रमण गर्नेछ। मेरो लागि, मानिसका मामलाहरू मुख्य समस्या होइनन्; मानवजातिका मामलाहरू महत्वहीन छन्। मानिसको आत्मा अत्यन्तै सानो भएको हुनाले—मानिस कमिलालाई समेत कृपा गर्न अनिच्छुक देखिन्छ, वा कमिलाहरू मानिसका

शत्रुहरू हुन् भन्ने देखिन्छ—मानिसको बीचमा सधैँ कलह हुन्छ। मानिसहरूका कलह सुनेर, म फेरि पनि बिदा भएर जान्छु अनि तिनीहरूका कथा सुन्न छोडिदिन्छु। मानवजातिको नजरमा, म "निवासीहरूको समिति" हुँ, "निवासीहरूका" बीचमा हुने "पारिवारिक विवादहरू" लाई समाधान गर्ने विशेषज्ञ हुँ। जब मानिसहरू मेरो सामुन्ने आउँछन्, तिनीहरू अपरिहार्य रूपमा नै तिनीहरूका आफ्नै तर्कहरू लिएर आउँछन् र भारी आतुरीको साथ "असामान्य अनुभवहरू" वर्णन गर्छन्, र त्यस क्रममा तिनीहरूका आफ्नै टिप्पणी प्रदान गर्छन्। म मानवजातिको असाधारण व्यवहारलाई हेर्छु: तिनीहरूका अनुहारहरू धूलोले ढाकेका छन्—पसिनाको "सिँचाइ" पाएको धूलो, जसले पसिनासँग मिसिएपछि आफ्नो "स्वाधीनता" गुमाउँछ, र मानिसको अनुहार समुद्र किनारको बलौटे सतहजस्तै थप "समृद्ध" बन्छ, जहाँ कहिलेकहीँ पाइलाका डोबहरू देख्न सकिन्छ। तिनीहरूका कपाल ग्लोबमा टाँसिएको परालझैं चमकविहीन, ठाडा-ठाडा, मृतकको कालो छायाजस्तो छन्। उसको रिस अत्यन्तै उत्तेजित भएको छ, यहाँसम्म कि उसका कपालहरू समेत ठाडा-ठाडा भएका छन्, त्यसैले उसको अनुहारले घरी-घरी "तातो बाफ" फ्याँक्छ, मानौं उसका पसिना "उम्लिरहेका" छन्। उसलाई नजिकबाट नियालेर हेर्दा, म मानिसको अनुहार जलिरहेको सूर्यजस्तै "ज्वालाहरू" मा ढाकिएको देख्छु, त्यही कारणले त्यसबाट तातो ग्याँस निस्कँदो रहेछ, अनि उसको रिसले उसको अनुहार नै जलाउँछ कि भनेर म साँच्चै चिन्ता गर्छु, यद्यपि उसले भने यसबारेमा कुनै ध्यान दिँदैन। यस विन्दुमा, म मानिसलाई उसको रिस अलिक सेलाउन आग्रह गर्छु, किनभने यसले के नै फाइदा गर्छ र? आफैलाई किन यसरी यातना दिने? रिसको लागि, यो "ग्लोब" को सतहमा टाँसिएका परालहरूलाई व्यवहारिक रूपमै सूर्यका ज्वालाहरूले डढाउँछन्; यस्ता परिस्थितिहरूमा, "चन्द्रमा" समेत रातो हुन्छ। म मानिसलाई उसको रिसलाई काबुमा राख्न आग्रह गर्छु—किनभने उसको स्वास्थ्य स्थितिलाई रक्षा गर्नु महत्त्वपूर्ण कुरा हो। तर मानिसले मेरो सल्लाह सुन्दैन; बरु, उसले मसँग "गुनासोहरू राख्ने" कार्यलाई जारी राख्छ। यसको के काम छ र? के मेरो उदारता मानिसले आनन्द गर्नको लागि पर्याप्त छैन र? कि मैले दिने कुरालाई मानिसले इन्कार गर्छ? रिसको झोकमा म टेबल पल्टाउँछु, र मानिसले त्यसउप्रान्त आफ्नो कथाका रोचक भागहरू सुनाउने आँट गर्दैन; मैले उसलाई केही दिन पर्खाउनको लागि "थुना केन्द्र" मा लैजान्छु भनेर ऊ डरले थरथर काम्छ, र मेरो रिसले दिएको अवसरलाई खुस्काई पठाउँछ। अन्यथा, मानिस त्यस्ता कुराहरूलाई खुस्काउन कहिल्यै इच्छुक हुँदैन, बरु आफ्नै चासोका विषयहरूका बारेमा बकबक गरिरहन्छ। यसको आवाजले समेत मलाई चिढ्याउँछ। किन मानवजातिको हृदयको केन्द्र त्यति जटिल छ? के मैले मानिसभित्र धेरै "भागहरू" समावेश गरेको हुन सक्छ? उसले किन मेरो अघि सधैँ तमासा देखाउँछ? अवश्य नै, म "नागरिक विवाद" को समाधान गर्ने "परामर्शदाता" होइन? के मैले मानिसलाई मकहाँ आउन अनुरोध गरेको थिएँ? अवश्य नै, म प्रान्तको दण्ड-अधिकारी होइन। किन मानिसहरूका मामलाहरू सधैँ मेरो अघि ल्याइन्छ? मलाई आशा छ, मानिसलेआफूले आफैलाई सम्हाल्न उचित देख्नेछ र मलाई बाधा दिनेछैन, किनभने मैले गर्नुपर्ने काम धेरै छ।

मे १८, १९९२

# अध्याय ४४

मानिसहरूले मेरो कार्यलाई परिपूरक कुराको रूपमा लिन्छन्; तिनीहरूले यसको खातिर खान छोड्ने वा निद्रा त्याग्ने गर्दैनन्, त्यसकारण मैले मानिसलाई मप्रतिको उसको आचरण अनुसार उचित मागहरू गर्ने बाहेक मसँग अरू कुनै विकल्प छैन। मलाई याद छ, मैले एक पटक मानिसलाई धेरै अनुग्रह र धेरै आशिष दिएँ, तर यी कुराहरू खोसी लिएर ऊ तुरुन्तै गइहाल्यो। यो यस्तो थियो मानौं मैले ती अचेत रूपमा उसलाई दिएको थिएँ। त्यसकारण, मानिसले मलाई सधैँ उसका आफ्नै धारणाहरूको माध्यमद्वारा प्रेम गरेको छ। मानिसले मलाई साँचो रूपमा प्रेम गरोस् भन्ने म चाहन्छु; तैपनि, आज मानिसहरूले मलाई तिनीहरूको साँचो प्रेम दिन नसकेर अझै पनि आफ्नो खुट्टा घिस्याउँछन्। तिनीहरूका कल्पनामा, तिनीहरूले के विश्वास गर्छन् भने यदि तिनीहरूले मलाई साँचो प्रेम दिए भने, तिनीहरूसँग केही पनि बाँकी रहनेछैन। जब म यो कुराको विरोध गर्छु, तिनीहरूको सम्पूर्ण शरीर काम्छ—तैपनि तिनीहरू मलाई तिनीहरूको साँचो प्रेम दिन असमर्थ नै रहन्छन्। यस्तो लाग्छ मानौं तिनीहरूले केही कुराको प्रतीक्षा गरिरहेका छन्, त्यसकारण के भइरहेको छ त्यसको सत्यता मलाई कहिल्यै नबताई तिनीहरू अगाडि हेर्छन्। यस्तो लाग्छ मानौं तिनीहरूको मुखमा टेप लगाइएको छ, त्यसकारण तिनीहरूको बोली लगातार लडबडिरहन्छ। यस्तो लाग्छ, मानिसको अघि म निर्दयी पुँजीपति बनेको छु। मानिसहरूले सधैँ मप्रति डर मान्छन्: मलाई देखेपछि, तिनीहरूको परिस्थितिहरूको बारेमा मैले तिनीहरूलाई के सोध्नेछु भनेर भयभीत हुँदै तिनीहरू तुरुन्तै नाम-निशाना नै नछोडी विलय हुन्छन्। मानिसहरू आफ्ना "सङ्गी गाउँलेहरू" लाई किन इमानदार प्रेम गर्न सक्छन् भन्ने मलाई थाहा छैन, तैपनि आत्मामा सीधा रहेको मलाई तिनीहरू प्रेम गर्न सक्दैनन्। यसको कारण, म सुस्केरा हाल्छु: मानिसहरूले किन सधैँ मानिसको संसारमा आफ्नो प्रेम पोखाउँछन्? किन म मानिसको प्रेमलाई चाख्न सक्दिनँ? के म मानवजातिमध्येको एक नभएकोले हो? मानिसहरूले मलाई पहाडतिरको जङ्गलीलाई जस्तो व्यवहार गर्छन्। यस्तो लाग्छ, मानौं मसँग सामान्य व्यक्तिमा हुने सबै भागहरूको कमी छ, त्यसकारण, मेरो अघि मानिसहरूले उच्च नैतिक शैलीको बहाना गर्छन्। तिनीहरूले प्रायजसो मलाई हप्काउन तिनीहरूको अघि घिस्याएर लैजान्छन्, यस क्रममा तिनीहरूले पूर्वस्कूली उमेरको बच्चालाई जस्तै मलाई गाली गर्छन्; मानिसहरूले सधैँ मेरो अघि शिक्षकको भूमिका खेल्छन्, किनभने, तिनीहरूको यादहरू अनुसार, म तर्कहीन र अशिक्षित व्यक्ति हुँ। म मानिसहरूलाई तिनीहरूका असफलताको लागि सजाय दिँदिन, तर तिनीहरूलाई नियमित "आर्थिक सहयोग" प्राप्त गर्न दिँदै तिनीहरूलाई उचित सहयोग गर्छु। मानिस सधैँ महाविपत्तिको बीचमा जिएको र यसबाट उम्कन उसलाई कठिन भएको हुनाले, र यो महाविपत्तिको बीचमा, उसले मलाई सधैँ पुकारेको हुनाले, म उसको हातमा सामयिक रूपमा "खाद्य आपूर्तिहरू" राखिदिन्छु, यसरी सबै मानिसहरूलाई नयाँ युगको ठूलो परिवारमा जिउन, र ठूलो परिवारको न्यानोपन अनुभव गर्न दिन्छु। जब म मानिसको बीचमा हुने कामलाई अवलोकन गर्छु, म उसका विभिन्न दोषहरूलाई पत्ता लगाउँछु, परिणाम स्वरूप, म उसलाई सहयोग गर्छु। यस बेला पनि, मानिसको बीचमा अझै पनि असाधारण गरिबी लागेको छ, त्यसकारण

तिनीहरूलाई गरिबीबाट माथि उठाउँदै मैले "विपन्न क्षेत्रहरू" मा उचित हेरचाह प्रदान गरेको छु। सबै मानिसहरूलाई सकेसम्म धेरै अनुग्रह प्रदान गर्दै मैले काम गर्ने माध्यमहरू यही हो।

पृथ्वीका मानिसहरूले अचेत रूपमा सजाय भोग्छन्, त्यसकारण तिनीहरूलाई पृथ्वीमा मेरो अनुग्रहको उपभोग गर्ने सौभाग्य प्रदान गर्दै म तिनीहरूलाई मेरो ठूलो हात बढाएर तिनीहरूलाई मेरो छेउमा तानेर ल्याउँछु। पृथ्वीमा रित्तो र मूल्य विहीन कुरा के छैन? म मानिसको संसारका सबै स्थानहरूमा हिँड्छु, र मानिसको निम्ति मनोहर हुने धेरै चर्चित स्मारकहरू र प्राकृतिक दृश्यहरू कैयौं भए पनि, म जहाँ जान्छु त्यहाँ जीवनशक्तिको अभाव भएको धेरै भइसकेको देख्छु। त्यसपछि मात्रै पृथ्वी त अन्धकारमय र उजाड रहेछ भन्ने मलाई लाग्छः पृथ्वीमा, जीवन विलोप भएर गएको धेरै भइसक्यो। त्यहाँ मृत्युको गन्ध मात्रै छ, त्यसकारण मैले सधैँ मानिसलाई छिटो गरेर यो कष्टको स्थान त्याग्न आह्वान गरेको छु। म रिक्तताको सूचक मात्रै देख्छु। म मैले छनौट गरेकाहरूलाई मेरो हातमा भएको जीवन हुत्याएर दिने मौका लिन्छु; तुरुन्तै, भूमिमा हरियालीको सानो टुक्रा देखा पर्छ। मानिसहरू पृथ्वीको जीवन्त कुराहरूको आनन्द लिन इच्छुक छन्, तर यसमा मलाई कुनै चैन मिल्दैन; मानिसहरूले सधैँ पृथ्वीका कुराहरूलाई बहुमूल्य ठान्छन्, र तिनीहरूको रिक्ततालाई कहिल्यै देख्दैनन्, यहाँसम्म कि आजको दिनसम्म आइपुगेर पनि, तिनीहरूले अझै पनि पृथ्वीमा किन कुनै जीवन अस्तित्वमा छैन भनेर बुझ्दैनन्। आज, म ब्रह्माण्डमा हिँड्ने क्रममा, सबै मानिसहरूले म जहाँ छु त्यस स्थानको अनुग्रहको आनन्द लिन सक्छन्, र तिनीहरूले जीवनको स्रोतको खोजी कहिल्यै नगरिकन यसलाई सम्पत्तिको रूपमा प्रयोग गर्छन्। मैले दिने कुरालाई तिनीहरू सबैले सम्पत्तिको रूपमा प्रयोग गर्छन्, तैपनि तिनीहरूमध्ये कसैले पनि जीवनशक्तिको मूल कार्यलाई गर्ने प्रयास गर्दैनन्। प्राकृतिक स्रोत-साधनहरूको प्रयोग वा विकास कसरी गर्ने तिनीहरूलाई थाहा छैन, त्यसकारण तिनीहरू कङ्गाल अवस्थामा रहन्छन्। म मानिसको बीचमा बस्छु, म मानिसको बीचमा जिउँछु, तैपनि आज मानिसले अझै मलाई चिन्दैन। म घरबाट धेरै टाढा भएको कारण मानिसहरूले मलाई धेरै सहयोग गरे पनि, यस्तो लाग्छ मानौं मैले मानिससँग ठीक मित्रता गाँस्न बाँकी नै छ, त्यसकारण म अझै पनि मानव संसारको अनुचितपनलाई अनुभव गर्छुः मेरो नजरमा आखिर मानवजाति रित्तो नै छ, र मानिसको बीचमा कुनै पनि मूल्यको कुनै सम्पत्ति छैन। मानव जीवनको बारेमा मानिसहरूसँग कस्तो दृष्टिकोण छ मलाई थाहा छैन, तर, समग्रमा, मेरो आफ्नै दृष्टिकोणलाई भने "रित्तो" भन्ने शब्दबाट अलग गर्न सकिँदैन। आशा छ मानिसहरूले मलाई यसको कारण नराम्रो सोच्दैनन्, किनभने म निकै स्पष्ट छु, र म विनम्र हुने प्रयास गर्दिन। तैपनि, म मानिसहरूलाई मैले जे विचार गर्छु त्यसमा निकै ध्यान दिन सल्लाह दिन्छु, किनभने मेरा वचनहरू आखिर तिनीहरूका लागि उपयोगी छन्। "रिक्तता" को बारेमा मानिसहरूको बुझाइ के छ सो मलाई थाहा छैन। मेरो आशा के छ भने, तिनीहरूले यो काममा थोरै भए पनि प्रयास लगाऊन्। तिनीहरूले मानव जीवनलाई व्यावहारिक रूपमा अनुभव गर्नु र यसमा कुनै मूल्यवान् "कच्चा धातुको लुकेको गुण" भेट्टाउन सक्छन् कि भनेर हेर्नु नै राम्रो हुन्छ। म मानिसहरूको सकारात्मकतालाई निरुत्साहित गर्न खोजिरहेको छैन; म तिनीहरूले मेरा वचनहरूबाट केही ज्ञान प्राप्त गरून् भन्ने मात्रै चाहन्छु। मानव मामलाहरूको

खातिर म सधैँ दौडधूप गर्छु, तर अहिले कुराहरू जस्तो अवस्थामा छन्, त्यसको लागि पनि मानिसहरूले अझै पनि धन्यवादको एक शब्द बोलेका छैनन्, मानौं तिनीहरू अत्यन्तै व्यस्त थिए र त्यसो गर्न बिर्सिए। आज समेत, मानिस दिनभरि दौडधूप गरेर त्यसले के प्रभाव पारेको छ त्यो कुरा मैले अझै बुझ्दिन। आज समेत, मानिसहरूको हृदयमा मेरो लागि कुनै स्थान छैन, त्यसकारण, फेरि पनि म अझै गहिरो विचारमा पर्छु। म आफै "मानिसहरूसँग किन मलाई साँचो रूपमा प्रेम गर्ने हृदय छैन" भन्ने कुराको अनुसन्धानमा लाग्न थालेको छु। म मानिसलाई "अप्रेसन टेबल" मा राख्नेछु, म उसको "हृदय" लाई चिरफार गर्नेछु, र उसको हृदयको मार्गलाई केले रोकेको छ र उसलाई के कुराले मलाई प्रेम गर्नबाट रोकेको छ सो हेर्नेछु। "छुरा" को प्रभावमा, मानिसहरूले आफ्नो आँखा चिम्लन्छन्, र मैले कहिले सुरु गर्ला भनेर पर्खन्छन्, किनभने यस बेला, तिनीहरू पूर्ण रूपमा समर्पित भएका हुन्छन्; तिनीहरूको हृदयमा, म अरू धेरै अशुद्धताहरू भेट्टाउँछु। तिनीहरूमध्ये सबैभन्दा मुख्य कुरा मानिसहरूका आफ्नै कुराहरू हुन्। तिनीहरूको शरीरभन्दा बाहिर तिनीहरूसँग थोरै कुरा भए पनि, तिनीहरूको शरीरभित्रका कुराहरू अनगिन्ती छन्। यस्तो छ मानौं मानिसको हृदय भण्डारण गर्ने ठूलो बाकस हो, जुन सम्पत्ति र मानिसहरूलाई चाहिने सबै कुराले भरिएको छ। यस क्षणमा मात्रै म मानिसहरूले मलाई किन कुनै आदर गर्दैन भन्ने कुरालाई बुझ्छु: यसको कारण के हो भने तिनीहरूमा ठूलो आत्म-पर्याप्तता छ–तिनीहरूलाई मेरो सहायताको के खाँचो? त्यसकारण, म मानिसबाट बिदा हुन्छु, किनभने मानिसहरूलाई मेरो सहायताको कुनै खाँचो छैन; म किन "लाज विहीन भई काम गर्नु" र तिनीहरूको घृणा कमाउनु?

किन भनेर कसलाई थाहा छ र, तर म सधैँ मानिसको बीचमा बोल्न इच्छुक रहिआएको छु, मानौं मैले आफैलाई नियन्त्रण गर्न सक्दिनँ। तसर्थ, मानिसहरूले मलाई व्यर्थको ठानेका छन्, र तिनीहरूले मलाई तामाको सिक्काभन्दा पनि कम मूल्यको छु भन्नेजस्तै गरी व्यवहार गर्छन्; तिनीहरूले मलाई आदर गर्नुपर्ने कुराको रूपमा व्यवहार गर्दैनन्। तिनीहरूले मेरो कदर गर्दैनन्, र तिनीहरूले मलाई जहिले मन लाग्छ तब घरमा घिस्याएर लैजान्छन्, त्यसपछि फेरि पनि मलाई सार्वजनिक रूपमा "खुलासा" गर्दै बाहिर फ्याँक्छन्। मानिसको नीच व्यवहारलाई नै म सबैभन्दा बढी घृणा गर्छु, तसर्थ म मानिस विवेक रहित छ भनेर खुलस्त भन्छु। तर मानिसहरू दुराग्रही छन्; तिनीहरूले आफ्ना "तरवार र भाला" लिन्छन् र मेरा वचनहरू वास्तविकता विपरीत छन् भन्दै, मैले तिनीहरूलाई गुन्डा बनाउँछु भन्दै मसँग लडाइँ गर्छन्–तर तिनीहरूको हिंसात्मक व्यवहारको कारण म तिनीहरूमाथि प्रतिकार दण्ड ल्याउँदिन। मानिसहरूलाई जित्न र तिनीहरूलाई आफैप्रति लज्जित तुल्याउनको लागि म मेरा सत्यताहरूको प्रयोग मात्रै गर्छु, अनि तिनीहरू चुपचाप पछि हट्छन्। म मानिससँग प्रतिस्पर्धा गर्दिन, किनभने त्यसको कुनै फाइदा छैन। म मेरो कर्तव्य पालन गर्छु, र मानिसले पनि आफ्नो कर्तव्य पालन गर्न सक्छ र मेरो विरुद्धमा काम गर्दैन भन्ने आशा गर्छु। के यसरी मिलेर बस्नु अझै राम्रो होइन र? हाम्रो सम्बन्धमा किन चोट पुर्‍याउने? हामी यतिका वर्षसम्म मिलेर बसेका छौं–हामी दुवैको लागि समस्या पैदा गर्नुको के आवश्यक छ र? के त्यो हाम्रो इज्जतको लागि कुनै फाइदा नहुने कुरा हुनेथिएन र? हाम्रो वर्षौंको "पुरानो मित्रता," "पुरानो चिनजान"–रूखो तरिकाले छुटिनुको के आवश्यक छ र? के त्यसो गर्नु असल हुन्छ?

मानिसहरूले परिणामलाई ध्यान दिऊन्, तिनीहरूले आफ्नो लागि के असल छ भन्ने कुरा जानून् भन्ने म आशा गर्छु। आज मानिसप्रतिको मेरो आचरण उसको जीवनकालभरिको छलफलको लागि पर्याप्त छ–किन मानिसहरूले सधैँ मेरो दयालाई पहिचान गर्न सक्दैनन्? के तिनीहरूसँग अभिव्यक्तिको शक्तिको कमी भएकोले हो? के तिनीहरूसँग पर्याप्त शब्दभण्डार नभएकोले हो? किन तिनीहरूसँग सधैँ बोल्ने शब्द हुँदैन? मैले कस्तो व्यवहार गर्छु भन्ने बारेमा को अनजान छ? मेरा कामहरूको बारेमा मानिसहरूलाई पूर्ण रूपमा थाहा छ–यति मात्रै हो कि, तिनीहरूले सधैँ अरूबाट फाइदा लिन चाहन्छन्, त्यसकारण तिनीहरू कहिल्यै पनि आफ्ना चासोहरूलाई पन्छ्याउन इच्छुक हुँदैनन्। यदि कुनै वाक्यांशले तिनीहरूको आफ्नै रुचिहरूलाई छोयो भने, तिनीहरूले नियन्त्रणको हात प्राप्त नगरुन्जेल तिनीहरू ढुक्क हुन मान्दैनन्–त्यसको के नै अर्थ हुन्छ र? मानिसहरूले योगदान दिन सक्ने कुरामा प्रतिस्पर्धा गर्न सक्दैनन्, तर तिनीहरूले प्राप्त गर्न सक्ने कुरामा तिनीहरू संघर्ष गर्छन्। तिनीहरूको हैसियतमा कुनै आनन्द नभए पनि, तिनीहरूले यसलाई अत्यन्तै बहुमूल्य ठान्छन्, यहाँसम्म कि तिनीहरूले यसलाई बहुमूल्य सम्पत्तिको रूपमा समेत लिन्छन्–त्यसकारण, तिनीहरू आशिषको ओहोदालाई त्याग्नुभन्दा मेरो सजायलाई भोग्न तयार हुन्छन्। मानिसहरूले आफूलाई आवश्यकताभन्दा बढी उच्च ठान्छन्, त्यसकारण तिनीहरू आफूलाई पन्छ्याउन कहिल्यै तयार हुँदैनन्। मानिस सम्बन्धी मेरो मूल्याङ्कनमा सायद केही साना गल्तीहरू हुन सक्छन्, वा सायद मैले उसलाई त्यस्तो पदवी नाम दिएको छु जुन कठोर पनि छैन वा कोमल पनि छैन, तर समग्रमा, मेरो आशा भनेको मानिसहरूले यसलाई चेतावनीको रूपमा लिऊन् भन्ने हो।

मे २१, १९९२

# अध्याय ४५

एक पटक मैले मेरो घरमा राख्नको लागि असल वस्तुहरू छनौट गरेँ, ताकि त्यसभित्र अतुलनीय सम्पत्तिहरू होस् र यसलाई त्यसरी नै सिँगारिएको होस्, अनि यसबाट मैले आनन्द प्राप्त गरेँ। तर मप्रतिको मानिसको आचरणको कारण, र मानिसहरूको हेतुका कारण, यस कार्यलाई पन्छ्याएर अर्को काम गर्ने बाहेक मसँग कुनै विकल्प थिएन। म मेरो काम पूरा गर्नको लागि मानिसका उत्प्रेरणाहरू प्रयोग गर्नेछु, म सबै कुरालाई मेरो सेवा गर्नको लागि मिलाउनेछु, र यसको परिणाम स्वरूप, उप्रान्त मेरो घरलाई त्यति अन्धकारमय र निराश नरहने तुल्याउँछु। मैले एक पटक मानिसको बीचमा नियालेको थिएँ: देह र रगतले बनेका सबै अचेत अवस्था थिए, र एउटै कुराले पनि मेरो अस्तित्वको आशिष् अनुभव गरेन। मानिसहरू आशिषहरूका बीचमा जिउँछन् तर तिनीहरू कति आशिषित् छन् सो तिनीहरूलाई थाहा छैन। यदि मानवजातिप्रतिका मेरा आशिषहरू आजको दिनसम्म अस्तित्वमा नरहेका भए, मानवजातिको बीचमा को आजको दिनसम्म दृढ रहनेथियो र नाश हुनेथिएन? मानिस मेरो आशिषमा जिउँछ, यसको अर्थ ऊ मेरा आशिषहरूको बीचमा जिउँछ भन्ने हुन्छ, किनभने सुरुमा उसँग केही पनि थिएन, र सुरुमा उसँग पृथ्वीमा र स्वर्गमुनि जिउने पुँजी थिएन; आज म मानिसलाई सहायता गर्ने कार्यलाई जारी राख्छु, र यसको कारणले मात्रै

मृत्युबाट उम्कने सौभाग्य पाएर मानिस मेरो सामने खडा हुन्छ। मानिसहरूले मानव अस्तित्वका रहस्यहरू भेला गरेका छन्, तर यो मेरो आशिष हो भन्ने कुरालाई कहिल्यै पनि कसैले बुझेको छैन। परिणामस्वरूप, सबै मानिसहरूले संसारको अन्यायलाई सराप्छन्, र तिनीहरू सबैले आफ्नो जीवनका अप्रसन्नताको निम्ति मलाई गुनासो गर्छन्। मेरा आशिषहरू नभएका भए, आजको दिनलाई कसले देख्नेथियो र? सबै मानिसहरूले मेरो बारेमा गुनासो गर्छन्, किनभने तिनीहरू सहजताको बीचमा जिउन सक्दैनन्। यदि मानिसको जीवन उज्यालो र प्रसन्न भएको भए, यदि मानिसको हृदयमा न्यानो “वसन्तको मन्द हावा” पठाएर उसको सम्पूर्ण शरीरलाई असीमित मनोहर अनुभूति दिइयो र उसँग अलिकति पनि पीडा बाँकी रहेन भने, मानिसको बीचमा को गुनासो गर्दै मर्थ्यो? मानिसको पूर्ण इमानदारीता प्राप्त गर्न मलाई निकै कठिन भएको छ, किनभने मानिसहरूसँग धेरै नै धूर्त युक्तिहरू छन्–स्पष्ट रूपमा नै, ती दिमाग खराब गर्नको लागि पर्याप्त छन्। तर जब म तिनीहरूलाई विरोध जनाउँछु, तिनीहरूले मलाई रूखो व्यवहार गर्छन् र मलाई कुनै ध्यान दिँदैनन्, किनभने मेरा विरोधहरूले तिनीहरूको प्राणलाई छोएर तिनीहरूलाई शिरदेखि पाउसम्मै सुधार हुन असमर्थ तुल्याएको हुन्छ, त्यसकारण मानिसहरूले मेरो अस्तित्वलाई घृणा गर्छन्, किनभने म सधैँ तिनीहरूलाई “कष्ट दिन” मन पराउँछु। मेरा वचनहरूको कारण, मानिसहरू गाउँछन् र नाच्छन्; मेरा वचनहरूका कारण, तिनीहरू चुपचाप शिर झुकाउँछन्; अनि मेरा वचनहरूको कारण, तिनीहरू भक्कानो फुटाउँदै रुन्छन्। मेरा वचनहरूमा, मानिसहरू हरेस खान्छन्; मेरा वचनहरूमा, तिनीहरूले जिउने ज्योति प्राप्त गर्छन्। मेरा वचनहरूका कारण तिनीहरू दिन-रात सुत्न नसकी कोल्टे फेर्छन्, अनि मेरा वचनहरूको कारणले, तिनीहरू जताततै दौडधूप गर्छन्। मेरा वचनहरूले मानिसहरूलाई पातालमा फ्याँक्छन्, त्यसपछि तिनीहरूलाई सजायमा जाक्छन्–तर थाहै नपाई, मानिसहरूले मेरा आशिषहरू पनि प्राप्त गर्छन्। के मानिसले यो कुरा हासिल गर्न सक्छ? के मानिसहरूको अथक प्रयासको सट्टामा यो प्राप्त हुन्छ? मेरा वचनहरूको योजनाबद्ध कार्यहरूबाट को उम्कन सक्छ? तसर्थ, मानिसहरूको असफलताको कारण, म मानवजातिलाई मेरा वचनहरू दिन्छु, अनि मेरा वचनहरूको कारण मानवजातिको जीवनमा अतुलनीय सम्पत्तिहरू ल्याउँदै मानिसका कमीकमजोरीहरूलाई हटाउने गरी भरणपोषण दिन्छु।

म मानिसहरूका वचनहरू र कार्यहरूलाई प्रायजसो छानबिन गर्छु। तिनीहरूको बानीबेहोरा र अनुहारको हाउभाउमा, मैले धेरै “रहस्यहरू” पत्ता लगाएको छु। अरूसँगको मानिसहरूको अन्तरक्रियाहरूमा, “गुप्त विधिहरू” ले नै मुख्य स्थान लिन्छन्–तसर्थ, जब म मानिससँग संलग्न हुन्छु, मैले प्राप्त गर्ने भनेका “मानव अन्तरक्रियाका गुप्त विधिहरू” हुन्, जुन कुराले मानिसले मलाई प्रेम गर्दैन भन्ने देखाउँछ। म मानिसलाई उसका असफलताहरूका कारण हप्काउँछु, तैपनि मैले उसको भरोसा जित्न सक्दिनँ। मानिसले मलाई मार्न दिन इच्छुक छैनन्, किनभने मानिसको “मानव अन्तरक्रियाका गुप्त विधिहरू” मा, मानिसले घातक विपत्ति भोगेको छ भनेर कहिल्यै पत्ता लगाइएको छैन–उसले दुर्भाग्यको अवधिमा केही वाधा-व्यवधानहरू मात्रै भोगेको छ। मेरा वचनहरूको कारण मानिसहरू पुकार्छन्, र तिनीहरूका बिन्तीहरूमा सधैँ मेरो रूखोपन बारेमा गुनासाहरू हुन्छन्। यो यस्तो हुन्छ मानौं तिनीहरू सबैले मानिसप्रतिको मेरो साँचो “प्रेम” लाई खोजिरहेका छन्–तर

मेरा कडा वचनहरूमा तिनीहरूले कसरी मेरो प्रेम भेट्टाउन सक्छन्? परिणामस्वरूप, मेरा वचनहरूको कारण तिनीहरूले जहिल्यै आशा गुमाउँछन्। यो यस्तो हुन्छ, मानौं तिनीहरूले मेरा वचनहरू पढ्ने बित्तिकै, तिनीहरूले “भयङ्कर मृत्यु” देख्छन्, त्यसकारण डरले काम्छन्। यसले मलाई बेखुशी तुल्याउँछ: किन मृत्युको बीचमा जिउने देहका मानिसहरू सधैँ मृत्युदेखि डराउँछन्? के मानिस र मृत्यु तीता शत्रुहरू हुन्? किन मृत्युको डरले मानिसहरूमा सधैँ हैरानी पैदा गर्छ? तिनीहरूको जीवनका “असाधारण” अनुभवहरूभरि, के तिनीहरूले थोरै मृत्यु मात्रै अनुभव गर्छन्? किन आफूले बताउने कुरामा, मानिसहरूले सधैँ मेरो बारेमा गुनासो गर्छन्? तसर्थ, म मानव जीवनको चौथो भनाइलाई सारांशित गर्छु: मानिसहरू मप्रति थोरै मात्रै आज्ञाकारी छन्, तसर्थ, तिनीहरूले सधैँ मलाई घृणा गर्छन्। मानिसको घृणाको कारण, म प्रायजसो बिदा हुन्छु। मैले किन सधैँ आफूलाई यस अवस्थामा पार्नुपर्छ? मैले किन मानिसहरूमा सधैँ घृणा पैदा गर्नुपर्छ? मानिसहरूले मेरो अस्तित्वलाई स्वागत नगर्ने हुनाले, म किन विनालाज मानिसको घरभित्र जिउनुपर्छ? मैले मेरो “भारी” लिइकन मानिसलाई छोडेर जानु बाहेक मसँग कुनै विकल्प छैन। तर मानिसहरूले मलाई जान दिन सक्दैनन्, र तिनीहरूले मलाई कहिल्यै बिदा गर्न चाहँदैनन्। म बिदा भएर जानेछु भनेर अनि जिउनको लागि तिनीहरू भर परेको कुरालाई तिनीहरूले गुमाउनेछन् भनेर डराएको कारण तिनीहरू बिलौना गर्छन् र रुन्छन्। तिनीहरूको अनुरोधको हेराइलाई हेरेर, मेरो हृदय कोमल बन्छ। संसारका सबै सागरहरूका बीचमा, मलाई प्रेम गर्न सक्ने को छ? मानिस समुद्रको शक्तिले डुबेर फोहोर पानीले ढाकिएको अवस्थामा छ। म मानिसको अनाज्ञाकारीतालाई घृणा गर्छु, तैपनि मानवजातिको सबै दुर्भाग्यको निम्ति मलाई मानवजातिप्रति दया पनि लाग्छ–आखिर मानिस अझै पनि पीडित नै हो। म कसरी मानिसलाई पानीमा फ्याँक्न सक्छु, जब ऊ कमजोर र शक्तिहीन छ? के ऊ जमिनमा हुँदा उसलाई लात मार्ने गरी म त्यति निर्दयी छु र? के मेरो हृदय त्यति दया विहीन छ? मानवजातिप्रतिको मेरो आचरणको कारण मानिस मसँगै यो युगमा प्रवेश गर्छ, र यही कारणले गर्दा उसले मसँगै यी असाधारण दिन र रातहरू मसँगै बिताएको छ। आज, मानिसहरू आनन्दको वेदनामा छन्, तिनीहरूसँग मेरो स्नेहको अझै ठूलो बोध भएको छ, र तिनीहरूले मलाई अझै ठूलो जोसको साथ प्रेम गर्छन्, किनभने तिनीहरूको जीवनमा जीवनशक्ति छ, र तिनीहरू पृथ्वीको पल्लो छेउसम्म भौतारिने उडन्ते पुत्रहरू बन्न छोडेका छन्।

मानिससँग जिउँदाका मेरा दिनहरूमा, मानिसहरू मेरो भर पर्छन्, र मैले मानिसलाई सबै कुरामा वास्ता गर्ने र ऊप्रतिको मेरो वास्तामा मैले अत्यन्तै ध्यान दिने हुनाले, मानिसहरू प्रहार गर्ने बतास, प्रखर वर्षा, वा पोल्ने घाममध्ये कुनै नसहिकन मेरो अङ्गालोको न्यानोपनमा नै सधैँ जिउँछन्; मानिसहरू आनन्दको बीचमा जिउँछन् र मलाई प्रेमिलो आमाको रूपमा लिन्छन्। मानिसहरू “प्राकृतिक विपत्तिहरू” को प्रहारलाई कहिल्यै सहन नसक्ने, दह्रिलो गरी कहिल्यै खडा हुन नसक्ने हरितगृहका फूलहरू जस्तै छन्। तसर्थ म तिनीहरूलाई गर्जने समुद्रका परीक्षाहरूको बीचमा पार्छु, र तिनीहरू अटुट रूपमा “डगमगाउने” बाहेक केही पनि गर्न सक्दैनन्। तिनीहरूसँग वस्तुतः प्रतिरोध गर्न सक्ने कुनै शक्ति नै छैन–अनि तिनीहरूको कद अत्यन्तै सानो र तिनीहरूको शरीर अत्यन्तै कमजोर भएको हुनाले, मलाई बोझको अनुभूति हुन्छ। तसर्थ, थाहै नपाई, मानिसहरू

मेरा परीक्षाहरूमा पर्छन्, किनभने तिनीहरू अत्यन्तै कमजोर छन्, र तिनीहरू गर्जने बतास र पोल्ने घाममा खडा हुन सक्दैनन्। के वर्तमानमा मेरो काम यही होइन र? मेरा परीक्षाहरूको सामना गर्दा मानिसहरू किन सधैँ आँसु झार्छन्? के मैले तिनीहरूलाई अन्याय गरिरहेको छु? के मैले तिनीहरूलाई जानी-जानी मारिरहेको छु? किन मानिसको प्रेम गर्न योग्य स्थिति कहिल्यै नजाग्ने गरी मर्छ? मानिसहरूले सधैँ मलाई हात फैलाएर समात्छन् र कहिल्यै छोड्दैनन्; तिनीहरू कहिल्यै पनि आफै जिउन नसक्ने भएका हुनाले, अरू कसैले लैजान्छन् कि भन्ने कुराको अत्यन्तै डर मान्दै तिनीहरूले सधैँ मेरो हातको अगुवाइलाई पछ्याएका छन्। के तिनीहरूको सम्पूर्ण जीवनलाई मैले नै अगुवाइ गरेको छैन र? तिनीहरूको जीवन उथलपुथल हुँदा, तिनीहरूले उतावचडाव पार गर्ने क्रममा, तिनीहरूले निकै धेरै कोलाहल अनुभव गरेका छन्—के यो मेरो हातबाट आएको थिएन र? किन मानिसहरूले मेरो हृदयलाई कहिल्यै पनि बुझ्न सक्दैनन्? किन मेरा असल अभिप्रायहरूलाई तिनीहरूले सधैँ गलत रूपमा बुझ्छन्? किन मेरो काम पृथ्वीमा सहजताको साथ अघि बढ्न सक्दैन? मानिसको कमजोरीको कारण, म मानिसबाट सधैँ टाढा बसेको छु, जुन कुराले मलाई शोकले भर्छ: किन मेरो कामको अर्को चरण मानिसमा अघि बढाउन सकिँदैन? तसर्थ, उसलाई होसियारीको साथ मुल्याङ्कन गर्दै म शान्त हुन्छु: म किन सधैँ मानिसको दोषहरूद्वारा लाचार हुन्छु? किन मेरो काममा सधैँ अवरोधहरू आउँछन्? आज, मैले मानिसमा पूरा उत्तर भेट्टाउन बाँकी नै छ, किनभने मानिस सधैँ घरी तातो र घरी चिसो बन्छ, ऊ कहिल्यै पनि सामान्य हुँदैन; उसले मलाई कि त अत्यन्तै घृणा गर्छ कि त उसँग मप्रति धेरै प्रेम हुन्छ। म सामान्य परमेश्वर स्वयम्ले मानिसले सताएको सहन सक्दिन। मानिसहरू सधैँ मानसिक रूपमा असामान्य हुने हुनाले, म मानिसप्रति अलिक डराएको जस्तो देखिन्छु, त्यसकारण उसको हरेक चाललाई हेर्दा म उसको असामान्यताको बारेमा विचार गर्छु। मैले अनजानमै मानिसको रहस्य पत्ता लगाएको छु: उसको पछाडि युक्ति गर्ने व्यक्ति रहेछ; परिणाम स्वरूप, मानिसहरू सधैँ साहसिक र आत्मविश्वासी हुन्छन्, मानौं तिनीहरूले कुनै उचित काम गरेका छन्। तसर्थ, मानिसहरूले सधैँ वयस्क भएको बहाना गर्छन्, अनि तिनीहरू “सानो बालक” ले जस्तै मीठो बोल्छन्। मानिसको पहेलीलाई हेरेर, म क्रोधित नभई रहन सक्दिनँ: मानिसहरू किन आफैप्रति यति निर्दयी र अनादरणीय बन्छन्? किन तिनीहरूले आफैलाई चिन्दैनन्? के मेरा वचनहरू बितेर गएका छन्? के मेरा वचनहरू मानिसका शत्रु हुन्? किन तिनीहरूले मेरा वचनहरू पढ्दा, तिनीहरू मप्रति आक्रोशित बन्छन्? किन मानिसहरूले सधैँ मेरा वचनहरूमा आफ्नै विचारहरू थप्छन्? के म मानिसप्रति अत्यन्तै अनुचित छु? यसको बारेमा, मेरा वचनहरूमा समावेश भएका कुराको बारेमा सबै मानिसहरूले गहन विचार गर्नुपर्छ।

मे २४, १९९२

# अध्याय ४६

मानिसहरू मेरा वचनहरूलाई आफ्नो अस्तित्वको आधार बनाउने कार्यमा कतिको सफल भइरहेका छन् भन्ने मलाई थाहा छैन। म मानिसको गन्तव्यको बारेमा सधैँ व्याकुल भएको छु, तैपनि मानिसहरूसँग यसको बारेमा कुनै चेतना छैन भन्ने देखिन्छ–परिणामस्वरूप, तिनीहरूले मेरा कार्यलाई कुनै ध्यान दिएका छैनन्, र मानिसप्रतिको मेरो आचरणबाट निस्कने मप्रतिको कुनै स्नेहको विकास गरेको छैन। मानौं उसले मेरो हृदयलाई सन्तुष्ट गर्नको लागि धेरै पहिले नै भावना पोखाइसकेको छ। त्यस्ता परिस्थितिहरूको सामना गरेपछि, म फेरि पनि मौन हुन्छु। किन मेरा वचनहरू मानिसहरूको सोचाइको, थप प्रवेशको योग्य छैनन्? के मसँग कुनै वास्तविकता नभएर अनि मानिसहरूको विरुद्धमा प्रयोग गर्नको लागि म कुनै कुरा भेट्टाउने प्रयास गरिरहेकोले यसो भएको हो? मानिसहरूले किन मलाई सधैँ "विशेष व्यवहार" गर्छन्? के म आफ्नै विशेष कक्षमा यथावत् रहने अशक्त मानिस हुँ? कुराहरू आज तिनीहरू रहेको विन्दुमा आइपुग्दा किन मानिसहरूले अझै पनि मलाई फरक तरिकाले हेर्छन्? के मानिसप्रतिको मेरो आचरणमा कुनै भूल छ? आज, मैले ब्रह्माण्डभन्दा माथि नयाँ काम सुरु गरेको छु। मैले पृथ्वीका मानिसहरूलाई नयाँ सुरुवात दिएको छु, र मैले तिनीहरूलाई मेरो घरबाट निस्केर जान अनुरोध गरेको छु। अनि मानिसहरूलाई सधैँ आफैमा लिप्त हुन मन पर्ने हुनाले, म तिनीहरूलाई आत्म-सचेत हुने, र सधैँ मेरो काममा वाधा नदिने सल्लाह दिन्छु। मैले खोलेको "पाहुना-घर" मा, मानिसले जत्तिको अरू कुनै कुराले ममा घृणा पैदा गर्दैन, किनभने मानिसहरूले सधैँ मेरो निम्ति समस्या पैदा गर्छन् र मलाई निराश तुल्याउँछन्। तिनीहरूका बानीबेहोराले मलाई लाजमा पार्छ र मैले कहिल्यै पनि मेरो शिर ठाडो पार्न सकेको छैन। तसर्थ, तिनीहरूलाई मेरो घर चाँडोभन्दा चाँडो छोडेर जान र सित्तैमा मेरो घरको खानेकुरा खान छोड्न अनुरोध गर्दै म तिनीहरूसँग शान्त भई बोल्छु। यदि तिनीहरू बसिरहन चाहन्छन् भने, तिनीहरूले कष्ट भोग्नुपर्छ र मेरो ताडना सहनुपर्छ। तिनीहरूका विचारमा, तिनीहरूको काम गराइको बारेमा म पूर्ण रूपमा अनभिज्ञ र अनजान छु, तसर्थ असफलताको कुनै लक्षण नदेखाई, आफूले पूरा गर्न नसकेको सङ्ख्याको परिपूर्ण गर्नको लागि मानव भएको बहाना मात्रै गर्दै, तिनीहरू मेरो अघि सधैँ उच्च भई खडा हुन्छन्। जब म मानिसहरूलाई मागहरू गर्छु, तिनीहरू चकित हुन्छन्: धेरै वर्षसम्म राम्रो प्रकृतिकार दयालु व्यवहार गर्नुहुने परमेश्वरले त्यस्ता वचनहरू, अर्थात्, निर्दयी र अनुचित वचनहरू बोल्न सक्नुहुन्छ भनेर तिनीहरूले कहिल्यै सोचेका हुँदैनन्, त्यसकारण तिनीहरू अवाक् बन्छन्। त्यस्तो बेला, म मानिसहरूको हृदयमा मप्रतिको घृणा फेरि बढेको छ भन्ने देख्छु, किनभने तिनीहरूले फेरि गुनासो गर्ने कार्य सुरु गरेका हुन्छन्। तिनीहरूले सधैँ पृथ्वीको विरुद्धमा आलोचना गर्छन् र स्वर्गको विरुद्धमा सराप बोल्छन्। तैपनि म तिनीहरूका शब्दहरूमा तिनीहरू आफैलाई सराप्ने केही पनि भेट्टाउँदिन, किनभने आफूप्रतिको तिनीहरूको प्रेम अत्यन्तै ठूलो छ। तसर्थ, मानव जीवनको अर्थलाई म यसरी सारांशित गर्छु: मानिसहरूले आफैलाई अत्यन्तै प्रेम गर्ने हुनाले, तिनीहरूको सारा जीवन वेदनापूर्ण र रित्तो हुन्छन्, अनि मप्रतिको तिनीहरूको घृणाको कारण तिनीहरूले आफ्नै शिरमाथि बरबादी ल्याउँछन्।

मानिसका वचनहरूमा मप्रति अकथित “प्रेम” हुने भएकोले, जब म यी वचनहरूलाई जाँचको लागि “प्रयोगशाला” मा ल्याउँछु र तिनलाई सूक्ष्मदर्शक यन्त्रमा हेर्छु, तब तिनीहरूभित्र रहेको कुरा स्पष्ट रूपमा प्रकट हुन्छन्। अहिलेको लागि, म मानिसहरूलाई तिनीहरूको “मेडिकल रेकर्डहरू” हेर्न दिएर तिनीहरूलाई इमानदार रूपमा विश्वस्त तुल्याउनको लागि मानिसको बीचमा फेरि आउँछु। जब मानिसहरूले ती रेकर्डहरू हेर्छन्, तिनीहरूको अनुहार उदास बन्छन्, तिनीहरूले हृदयमा पछुतो मान्छन्, र तिनीहरूले मलाई खुशी पार्न तुरुन्तै आफ्ना दुष्ट मार्गहरूलाई त्यागेर सही मार्गमा नफर्केकोमा तिनीहरू अझै बढी व्याकुल हुन्छन्। तिनीहरूको संकल्पलाई देखेर, म अत्यन्तै प्रसन्न हुन्छु; म आनन्दले प्रफुल्लित हुन्छु: “पृथ्वीमा, मानिस बाहेक अरू कसले मसँग आनन्द, शोक, र कठिनाइ बाँढ्न सक्छ र? के यसो गर्न सक्ने मानिस मात्रै होइन र?” तैपनि जब म तिनीहरूको सामनेबाट जान्छु, तिनीहरूले आफ्ना मेडिकल रेकर्डहरू च्यात्छन् र तिनलाई भूँइमा फ्याँकेर अहङ्कारको साथ हिँड्छन्। त्यहाँदेखि यताका दिनहरूमा, मैले मानिसहरूमा मेरो हृदय अनुरूपका कुराहरू त्यति देखेको छैन। तैपनि मेरो अगाडि तिनीहरूले गरेका संकल्पहरू जम्मा भएर धेरै नै भइसकेका छन्, अनि तिनीहरूका संकल्पहरूलाई हेर्दा मलाई घृणा लाग्छ, किनभने तिनीहरूमा मलाई आनन्द दिने केही पनि छैन; तिनीहरू अत्यन्तै कलङ्कित छन्। तिनीहरूको संकल्पप्रतिको मेरो अवहेलनालाई देखेर, मानिसहरू कठोर बन्छन्। त्यसपछि त तिनीहरूले बिरलै “निवेदन” पेस गर्छन्, किनभने मानिसको हृदयलाई मेरो अघि कहिल्यै प्रशंसा गरिएको छैन, र त्यसलाई जहिल्यै पनि मैले इन्कार गरेको छु—मानिसहरूको जीवनमा उप्रान्त कुनै आत्मिक सहायता छैन, त्यसकारण तिनीहरूको जोश हराएर जान्छ, अनि उप्रान्त मौसम “जलाउने गरी तातो” छ भन्ने मलाई लाग्दैन। मानिसहरूले आफ्नो जीवनभरि धेरै नै कष्ट भोग्छन्, यहाँसम्म कि आजको परिस्थितिको आगमनसँगै, तिनीहरूलाई म यति “कष्ट” दिन्छु कि तिनीहरू जीवन र मृत्युको बीचमा पर्छन्। परिणामस्वरूप, तिनीहरूको अनुहारको ज्योति हराउँछ र तिनीहरूले आफ्नो “जीवन्तपन” लाई गुमाउँछन्, किनभने तिनीहरू सबै “ठूला भइसकेका” छन्। सजायको अवधिमा शोधन गरिँदा म मानिसहरूको दयनीय स्थितिलाई हेर्न सक्दिनँ—तैपनि मानवजातिको दुःखदायी हारबाट उसलाई कसले छुटकारा दिनसक्छ? दयनीय मानव जीवनबाट मानिसलाई कसले मुक्त गर्न सक्छ? मानिसहरूले किन कहिल्यै आफूलाई कष्टको समुद्रको अतल-कुण्डबाट मुक्त गर्न सकेको छैन? के म जानी-जानी मानिसहरूलाई फन्दामा पार्छु? मानिसहरूले कहिल्यै पनि मेरो मनस्थितिलाई बुझेका छैनन्, त्यसकारण स्वर्ग र पृथ्वीका सबै थोकमध्ये कुनै पनि कुराले मेरो हृदयलाई कहिल्यै बुझेको छैन, र कुनै पनि कुराले मलाई साँचो रूपमा प्रेम गर्दैन भनेर ब्रह्माण्डको सामने म विलाप गर्छु। आज समेत, मानिसहरूले किन मलाई प्रेम गर्न सक्दैनन् त्यो कुरा अझै पनि मलाई थाहा छैन। तिनीहरूले मलाई आफ्नो हृदय दिन सक्छन्, तिनीहरूले मेरो लागि आफ्नो गन्तव्य परित्याग गर्न सक्छन्, तर तिनीहरूले मलाई किन आफ्नो प्रेम दिन सक्दैनन्? के तिनीहरूसँग मैले मागेको कुरा छैन? मानिसहरूले म बाहेक अरू सबै कुरालाई प्रेम गर्न सक्छन्—तब किन तिनीहरूले मलाई प्रेम गर्न सक्दैनन्? तिनीहरूको प्रेम किन सधैँ लुकेको हुन्छ? आजको दिनसम्म तिनीहरू मेरो अघि जसरी उभिएका छन्, त्यसलाई हेर्दा मैले किन कहिल्यै तिनीहरूको प्रेम देखेको छैन? के यो

तिनीहरूमा नभएको कुरा हो? के मैले जानी-जानी मानिसहरूका लागि काम-कुराहरूलाई कठिन बनाइरहेको छु? के तिनीहरूको हृदयमा अझै पनि हिचकिचाहट छ? के तिनीहरू गलत व्यक्तिलाई प्रेम गर्न, र आफैलाई सुधार गर्न असमर्थ हुन्छन् भन्ने कुरादेखि डराउँछन्? मानिसहरूमा अनगिन्ती बुझ्न नसकिने रहस्यहरू छन्, त्यसकारण मानिसको अघि म सधैँ "डरपोक र भयभीत" हुन्छु।

आज, राज्यको प्रवेशद्वारतर्फ अघि बढ्ने समयमा, सबै मानिसहरू अघि बढ्न थाल्छन्—तर जब तिनीहरू प्रवेशद्वारको अघि पुग्छन्, तब म प्रवेशद्वार बन्द गर्छु, म मानिसहरूलाई बाहिर थुनिदिन्छु, र तिनीहरूलाई आफ्नो प्रवेश अनुमतिपत्र देखाउन माग गर्छु। त्यस्तो अनौठो कार्य पूर्ण रूपमा मानिसहरूका अपेक्षाहरू विपरीत हुन पुग्छन्, र तिनीहरू सबै चकित हुन्छन्। आज किन प्रवेशद्वार—जुन सधैँ पूर्ण रूपमा खुला रहेको छ—अचानक बन्द गरिएको छ? मानिसहरूले आफ्नो खुट्टाले भूँइमा धक्का दिन्छन् र यता-उता गर्छन्। तिनीहरूले तिनीहरू भित्र प्रवेश गर्न सक्छन् भन्ने कल्पना गर्छन्, तर जब तिनीहरूले आफ्नो झूटो प्रवेश अनुमतिपत्र दिन्छन्, तब म तिनीहरूलाई तुरुन्तै त्यहीँ नै आगोको कुण्डमा फ्याँकिदिन्छु, र तिनीहरूले आफ्ना "परिश्रमी प्रयासहरू" लाई ज्वालामा देख्दा, तिनीहरूले आशा गुमाउँछन्। प्रवेश गर्न नपाएकाले तिनीहरू रुँदै, राज्यभित्रको सुन्दर दृश्यहरू हेर्दै टाउको समात्छन्। तर तिनीहरूको दयनीय अवस्थाको कारण म तिनीहरूलाई प्रवेश गर्न दिँदिन—कसले मेरो योजनालाई आफ्नो इच्छाअनुसार बिथोल्न सक्छ र? के भविष्यका आशिषहरू मानिसहरूको जोसको साटो दिइन्छ? के मानव अस्तित्वको अर्थ मेरो राज्यमा आफ्नो इच्छाअनुसार प्रवेश गर्ने कार्यमा अडिएको हुन्छ र? के म त्यति नीच छु? यदि मैले मेरा कठोर वचनहरू नबोलेको भए, के मानिसहरू धेरै पहिले नै राज्यमा प्रवेश गरेका हुनेथिएनन् र? तसर्थ, मेरो अस्तित्वले पैदा गरेका सबै झमेलाहरूका निम्ति मानिसहरूले मलाई सधैँ घृणा गर्छन्। यदि म अस्तित्वमा नभएको भए, तिनीहरूले वर्तमान दिनको अवधिमा राज्यका आशिषहरू प्राप्त गर्न सक्नेथिए—यो कष्ट भोग्नुको आवश्यकता के हुनेथियो र? त्यसकारण म मानिसहरूलाई तिनीहरू छोडेर गएकै राम्रो हुन्छ, तिनीहरूले आफ्नो उम्कने बाटो पत्ता लगाउनको लागि वर्तमानमा कामकुराहरू कति राम्ररी अघि बढिरहेका छन् त्यसको फाइदा लिनुपर्छ; तिनीहरूले तिनीहरू जवान हुँदै केही सीप सिक्नको लागि वर्तमानको फाइदा लिनुपर्छ। यदि तिनीहरूले त्यसो गरेनन् भने, भविष्यमा धेरै ढीला भइसकेको हुनेछ। मेरो घरमा, कसैले कहिल्यै पनि आशिषहरू प्राप्त गरेको छैन। म मानिसहरूलाई "गरिबी" मा जिइरहने कार्यलाई रोक्नको लागि, छिटो गरेर जान आज्ञा गर्छु; भविष्यमा पछुताउनको लागि धेरै ढीला भइसकेको हुनेछ। आफैप्रति धेरै कठोर नहोऊ; आफ्नो लागि किन कुराहरू कठिन बनाउने? तैपनि म मानिसहरूलाई यदि तिनीहरूले आशिषहरू प्राप्त गर्न सकेनन् भने, मेरो बारेमा कसैले पनि गुनासो गर्न सक्दैनन् भनेर पनि भन्छु। मेरा वचनहरू मानिसमा खेर फाल्नको लागि मसँग कुनै समय छैन। आशा छ, यो कुरा मानिसहरूको मनमा रहनेछ, तिनीहरूले यस कुरालाई बिर्सँदैनन्—यी वचनहरू मैले दिने असहज सत्यता हुन्। मैले मानिसमा विश्वास गुमाएको धेरै भइसक्यो र मैले मानिसहरूमाथि आशा गुमाएको धेरै भइसक्यो, किनभने तिनीहरूमा ठूलो लक्ष्यको कमी छ, मलाई तिनीहरूले परमेश्वरलाई प्रेम गर्ने हृदय कहिल्यै दिन सकेनन्, बरु तिनीहरूले सधैँ मलाई तिनीहरूका उत्प्रेरणाहरू दिन्छन्। मैले

मानिसलाई धेरै कुरा भनेको छु, अनि आजका मानिसहरूले अझै पनि मेरो सल्लाहलाई बेवास्ता गर्ने हुनाले, भविष्यमा तिनीहरूले मेरो हृदयलाई गलत रूपमा नबुझून् भनेर म तिनीहरूलाई मेरो दृष्टिकोण बताउँछु; आउने समयमा तिनीहरू मर्छन् कि बाँच्छन् बन्ने कुरा तिनीहरूको हातको कुरा हो; म यस कुरालाई नियन्त्रण गर्न सक्दिनँ। मलाई आशा छ तिनीहरूले बाँच्ने तिनीहरूको आफ्नै मार्ग भेट्टाउँछन्। यसमा म शक्तिहीन छु। मानिसले मलाई साँचो रूपमा प्रेम नगर्ने हुनाले, हामी छुट्टिन्छौं; भविष्यमा, हाम्रो बीचमा कुनै वचनहरू हुनेछैन, हामीसँग कुराकानी गर्नेलाई केही पनि हुनेछैन, हामी एक-अर्कालाई हस्तक्षेप गर्नेछैनौं, हामी आ-आफ्नै बाटो लाग्नेछौं, मानिसहरू मलाई खोज्दै आउनु हुँदैन, र म फेरि कहिल्यै पनि मानिसको "सहयोग" माग्नेछैन। यो हामी बीचको कुरा हो, र भविष्यमा कुनै समस्या नहोस् भनेर हामीले कुनै छलछाम नगरी कुरा गरेका छौं। के यस कुराले कामकुरालाई सहज बनाउँदैन र? हामी प्रत्येक आ-आफ्नै बाटो लाग्छौं र एक-अर्कासँग कुनै सरोकार राख्दैनौं–त्यसमा के गलत छ र? आशा छ मानिसहरूले यस कुरालाई केही विचार गर्छन्।

मे २८, १९९२

# अध्याय ४७

मानवजातिको जीवनलाई परिपक्व बनाउनको लागि, र साझे लक्ष बोकेर मानवजाति र मैले परिणामहरू प्राप्त गर्न सकौं भनेर, मैले मानवलाई मेरो वचनको खुराक र भरण-पोषण प्राप्त गर्न र मेरो सबै प्रशस्तता प्राप्त गर्न दिँदै तिनीहरूको निम्ति सधैँ भत्ता प्रदान गरेको छु। मैले मानवजातिलाई कहिल्यै पनि लाजको कारण दिएको छैन, तैपनि मानवले मेरा भावनाहरूलाई कहिल्यै पनि बुझ्दैनन्। किनभने मानव असंवेदनशील छन् र म बाहेकका सबै कुरालाई "घृणा गर्छन्।" तिनीहरूका कमीकमजोरीहरूका कारण, म तिनीहरूलाई धेरै नै सहानुभूति गर्छु; त्यसकारण मैले मानवमा अलिक बढी प्रयास लगाएको छु, ताकि तिनीहरूले संसारमा समय बिताउँदाको अवधिमा पृथ्वीका सबै प्रशस्ततालाई आफ्नो हृदय सन्तुष्ट हुने गरी आनन्द लिनसकून्। म मानिसहरूलाई अनुचित रूपमा व्यवहार गर्दिन, र तिनीहरूले मलाई धेरै वर्षसम्म पछ्याएको कुरालाई विचार गर्दै, मेरो हृदय तिनीहरूको निम्ति कोमल बनेको छ। यो यस्तो छ मानौं म यी मानिसहरूमा मेरो कामलाई अघि बढाउन सक्दिनँ। तसर्थ, मलाई आफूलाई जस्तै प्रेम गर्ने यी कमजोर मानिसहरूलाई देखेर, मेरो हृदयमा सधैँ नै अवणनीय पीडा हुन्छ। तर यसको कारण कसले प्रचलनलाई तोड्न सक्छ र? कसले यसको कारण आफूलाई वाधा दिनेछ र? तैपनि, मैले मेरो सारा इनाम मानवजातिलाई दिएको छु, ताकि तिनीहरूले यसमा पूर्ण रूपमा आनन्द गरून्, र मैले यस विषयमा मानवलाई दुर्व्यवहार गरेको छैन। यही कारणले मानवजातिले अझै पनि मेरो करुणामय र दयालु अनुहारलाई देख्छ। म सधैँ नै धैर्य हुँदै आएको छु, र म सधैँ नै प्रतीक्षामा छु। जब मानवले पर्याप्त रूपमा आनन्द लिएर दिक्क हुन्छन्, तब त्यस बेला म तिनीहरूका अनुरोधहरूलाई "पूरा गर्न" थाल्छु र सबै मानवलाई आफ्नो रित्तो जीवनबाट उम्कनदिन्छु, र मानवजातिसँग उप्रान्त कुनै सम्बन्ध राख्दिनँ। पृथ्वीमा, मैले मानवजातिलाई निल्नको लागि समुद्री

जल प्रयोग गरेको छु, तिनीहरूलाई अनिकालद्वारा नियन्त्रण गरेको छु, तिनीहरूलाई कीरा-फट्याङ्ग्राका महामारीद्वारा चेतावनी दिएको छु, र तिनीहरूलाई “पानी दिन” भारी वर्षको प्रयोग गरेको छु, तैपनि तिनीहरूले जीवनको रिक्ततालाई कहिल्यै अनुभव गरेका छैनन्। अहिले समेत, मानिसहरूले पृथ्वीमा जिउनुको महत्त्वलाई बुझ्दैनन्। के मेरो उपस्थितिमा जिउनु नै मानव जीवनको सबैभन्दा गहन महत्त्व हुनसक्छ? के मभित्र जिएर व्यक्ति विपत्तिको खतराबाट उम्कन सक्छ? पृथ्वीमा देहका कति वटा शरीरहरूले आत्म-आनन्दको स्वतन्त्रताको स्थितिमा जिएको छ? देहमा जिउनुको रिक्तताबाट को उम्केको छ? तैपनि यसलाई कसले पहिचान गर्न सक्छ? मैले मानवजातिको सृष्टि गरेपछि, पृथ्वीमा कसैले पनि सबैभन्दा महत्त्वपूर्ण जीवन जिउन सकेको छैन, त्यसकारण मानवजातिले सधैँ सबैभन्दा महत्त्वहीन जीवन फोकटमा बिताएका छन्। तैपनि, यस प्रकारको दुःखद अवस्थाबाट कोही पनि उम्कन इच्छुक छैन, र यो रित्तो र थकित जीवनबाट टाढा बस्न कोही पनि इच्छुक छैन। मानवजातिको अनुभवमा, ममा रमाउने कुरालाई पूँजी बनाए पनि, देहमा जिउने कोही पनि मानव संसारका प्रचलनहरूबाट उम्कन सकेका छैनन्। बरु, तिनीहरूले सधैँ प्रकृतिलाई यसको गति लिन दिएका छन् र आफैलाई निरन्तर धोका दिइरहेका छन्।

मैले मानवजातिको अस्तित्वलाई पूर्ण रूपमा समाप्त गरेपछि, पृथ्वीको “सतावट” भोग्नको लागि पृथ्वीमा कोही पनि बाँकी रहनेछैन; त्यसपछि मात्रै मेरो महान् काम पूर्ण रूपमा पूरा भएको छ भनेर भन्न सम्भव हुन्छ। आखिरी दिनहरूमा जब म देहधारी हुन्छु, त्यस बेला मैले पूरा गर्न चाहने काम भनेको मानिसहरूलाई देहमा जिउनुको रिक्तताको बारेमा बुझाउनु हो, र म देहलाई नष्ट गर्नको लागि यो अवसर लिनेछु। त्यसपछि, पृथ्वीमा कुनै मानिस अस्तित्वमा हुनेछैन, पृथ्वीको रिक्तताको बारेमा फेरि कहिल्यै पनि कुनै व्यक्ति चिच्याउनेछैन, देहका कठिनाइहरूका बारेमा फेरि कसैले कहिल्यै कुरा गर्नेछैन, म अनुचित छु भनेर फेरि कसैले कहिल्यै पनि गुनासो गर्नेछैन, र सबै मानिसहरू र कुराहरू विश्राममा प्रवेश गर्नेछन्। त्यसपछि उसो, मानव उप्रान्त दौडधूप गर्ने, अटुट रूपमा व्यस्त हुने गर्नेछैन, न त तिनीहरू पृथ्वीमा घरी यता र घरी उता खोजी नै गर्नेछन्, किनभने तिनीहरूले आफ्नो लागि उचित गन्तव्य प्राप्त गरिसकेका हुनेछन्। त्यो बेला, तिनीहरू सबैको अनुहारमा मुस्कान देखा पर्नेछ। त्यसपछि म मानवजातिदेखि उप्रान्त केही कुरा माग्नेछैन, र उप्रान्त तिनीहरूसँग मेरो कुनै विवाद हुनेछैन; हाम्रो बीचमा उप्रान्त कुनै पनि शान्ति सम्झौता हुनेछैन। म पृथ्वीमा अस्तित्वमा हुन्छु र मानव पृथ्वीमा जिउँछन्; म तिनीहरूसँगै जिउँछु र बसोबास गर्छु। तिनीहरू सबैले मेरो उपस्थितिको आनन्द अनुभूति गर्छन्, त्यसकारण तिनीहरूले कुनै कारणविना छोडेर जाने इच्छा गर्दैनन्, बरु, म अझै बढी बसूँ भन्ने चाहन्छन्। म सहयोगको औँलो समेत नउठाई कसरी पृथ्वीको बरबादीलाई हेर्न सक्छु र? म पृथ्वीबाटको होइन; मैले धैर्यताद्वारा मात्रै आफूलाई आजको दिनसम्म जबरजस्ती राखेको छु। मानवजातिले अटुट निवेदन नगरेका भए, म धेरै पहिले नै गइसकेको हुनेथिएँ। आजभोली मानिसहरूले आफ्नो हेरचाह आफै गर्न सक्छन्, र तिनीहरू परिपक्व भएका हुनाले तिनीहरूलाई मेरो सहयोगको खाँचो हुँदैन र मैले तिनीहरूलाई खुवाएको तिनीहरू चाहँदैनन्। त्यसकारण, म मानवजातिसँग “विजय उत्सव” मनाउने योजना बनाउँदैछु, जुन उत्सवपछि म तिनीहरूबाट बिदा भएर जानेछु, ताकि तिनीहरू अनभिज्ञ

नहोऊन्। अवश्य नै, नराम्रो भएर बिदा हुनु राम्रो कुरा होइन, किनभने हाम्रो बीचमा कुनै शत्रुता छैन। तसर्थ, हामी बीचको मित्रता अनन्त हुनुपर्छ। मलाई आशा छ, हामी बिदा भएपछि, मानवले मेरो “उत्तराधिकार” लाई अघि बढाइरहन सक्नेछन्, र मेरो जीवनकालमा मैले प्रदान गरेका शिक्षाहरूलाई बिर्सनेछैनन्। मलाई आशा छ, तिनीहरूले मेरो बदनाम गर्ने कुनै कुरा गर्नेछैनन्, र तिनीहरूले मेरो वचनलाई ध्यान दिनेछन्। मलाई आशा छ, म छोडेर गइसकेपछि तिनीहरूले मलाई सन्तुष्ट पार्नको लागि सक्दो प्रयास गर्नेछन्; मलाई आशा छ, तिनीहरूले मेरो वचनलाई आफ्नो जीवनको जगको रूपमा प्रयोग गर्छन्, र तिनीहरू मेरा आशाहरूअनुरूप जिउन असफल हुँदैनन्, किनभने मानवको लागि मेरो हृदय सधैँ चिन्तित रहेको छ, र म तिनीहरूसँग जहिल्यै पनि घनिष्ठ रहेको छु। मानवजाति र म एक पटक भेलाभएका थियौं, अनि हामीले स्वर्गमा पाइने उही आशिषहरूको पृथ्वीमा आनन्द लियौं। म मानवसँग एकसाथ जिएँ र तिनीहरूसँग बसोबास गरेँ; मानवले मलाई सधैँ प्रेम गरेको छ, र मैले तिनीहरूलाई सधैँ प्रेम गरेको छु। एक-अर्कासँग हाम्रो आत्मीयता थियो। मानवसँग बिताएको मेरो समयलाई फर्केर हेर्दा, मलाई हाम्रा दिनहरू हाँसो र खुशीले भरिएका थिए, अनि झगडा पनि हुन्थे भन्ने याद आउँछ। तैपनि, यही आधारमा हामी बीचको प्रेम स्थापना भएको थियो, र एक-अर्कासँगको हाम्रो व्यवहार कहिल्यै टुटेन। हाम्रो धेरै वर्षको सम्पर्कमा, मानवजातिले मलाई ठूलो प्रभाव पारेको छ, र मैले पनि मानवलाई आनन्द गर्नको लागि धेरैभन्दा धेरै कुरा दिएको छु, जुन कुराहरूका निम्तितिनीहरू सधैँ नै अत्यन्तै कृतज्ञ भएका छन्। अब, हाम्रा भेटघाटहरू कहिल्यै पनि पहिलेको जस्ता हुँदैनन्; हाम्रो बिछोडको यस घडीबाट को भागेर जान सक्छ र? मप्रति मानवसँग गहन स्नेह छ, र तिनीहरूप्रति मसँग अटुट प्रेम छ–तर त्यसको बारेमा के नै गर्न सकिन्छ र? स्वर्गमा हुनुहुने पिताका मागहरूलाई कसले उल्लङ्घन गर्ने आँट गर्छ र? म मेरो वासस्थानमा फर्कनेछु, जहाँ म मेरो कामको अर्को भाग पूरा गर्नेछु। सायद हामीले फेरि भेट्ने मौका पाउनेछौं। मेरो आशा के छ भने मानिसहरूलाई अत्यन्तै विरह लाग्नेछैन, र तिनीहरूले पृथ्वीमा मलाई सन्तुष्ट तुल्याउनेछन्; स्वर्गबाट मेरो आत्माले तिनीहरूमाथि प्राय अनुग्रह वर्षाउनेछ।

सृष्टिको समयमा, मैले आखिरी दिनहरूमा मसँग एकै मनका मानिसहरूको एउटा समूह निर्माण गर्नेछु भनेर अगमवाणी गरेको थिएँ। आखिरी दिनहरूमा पृथ्वीमा एक जना उदाहरण स्थापित गरेपछि, म मेरो वासस्थानमा फर्कनेछु भनेर मैले भविष्यवाणी गरेको थिएँ। सारा मानवजातिले मलाई सन्तुष्ट तुल्याइसकेपछि, मैले तिनीहरूबाट माग गरेको कुरातिनीहरूले हासिल गरेका हुनेछन्, र उप्रान्त म तिनीहरूलाई कुनै पनि काम गर्न लगाउनेछैन। बरु, मानिसहरू र म हाम्रा पुराना दिनका कथाहरू बाँड्नेछौं, त्यसपछि हामी बिदाइ भएर जानेछौं। मैले यो काम सुरु गरेको छु, र मैले मानिसहरूलाई मानसिक रूपमा आफू तयारी बन्न र मेरा अभिप्रायहरूलाई बुझ्न लगाएको छु, नत्र तिनीहरूले मलाई गलत रूपमा बुझेर मलाई निर्दयी वा कठोर मनको भनेर ठान्नेछन्, जुन मेरो अभिप्राय होइन। के मानिसहरूले मलाई प्रेम गर्छन्, तैपनि मलाई उचित विश्राम स्थलमा बस्न दिँदैनन्? के तिनीहरू मेरो खातिर स्वर्गमा हुनुहुने पितालाई विन्ती गर्न अनिच्छुक छन्? के मानिसहरूले मसँगसहानुभूतिको आँसु बगाएका छैनन्? के तिनीहरूले हामी, पिता र पुत्र बीचको

प्रारम्भिक मिलाप हासिल गर्न सहायता गरेका छैनन् र? त्यसो भए किन तिनीहरू अहिले यसो गर्न मान्दैनन्? पृथ्वीको मेरो सेवकाइ पूरा भएको छ, र मानवजातिबाट बिदा भएर गएपछि, म तिनीहरूलाई अझै पनि सहायता गरिरहनेछु; के यो असल कुरा होइन र? मेरो कामले अझै राम्रा परिणामहरू हासिल गर्नको लागि, र यो साझे रूपमा लाभदायक हुनको लागि, यो कुरा पीडादायी हुने भए पनि, हामी बिदा हुनैपर्छ। हाम्रा आँसुहरू मौनतामा झरून्; म उप्रान्त मानवजातिलाई तिरस्कार गर्नेछैन। विगतमा, मैले मानिसहरूलाई धेरै कुरा भनेको छु, र ती सबै कुराहरूले तिनीहरूको हृदय छेडेको छ, अनि तिनीहरूले दुःखका आँसु झारेका छन्। त्यसको लागि म अहिले मानवजातिसँग माफी माग्छु र तिनीहरूलाई क्षमा माग्छु। तिनीहरूले मलाई घृणा नगरून् भनी म अनुरोध गर्छु, किनभने यो सबै तिनीहरूको आफ्नै भलाइको लागि हो। त्यसकारण, मानिसहरूले मेरो हृदयलाई बुझ्नेछन् भन्ने मेरो आशा छ। विगतका समयमा हामी बीचमा विवादहरू भएका थिए, तर फर्केर हेर्दा, हामी दुवै पक्षलाई फाइदा भएको छ। यी विवादहरूका कारण, परमेश्‍वर र मानवजातिले मित्रताको पुल निर्माण गरेका छन्। के यो हाम्रो सहकारी प्रयासहरूको फल होइन र? हामी सबै यसमा रमाउनुपर्छ। मेरा पहिलेका "गल्तीहरू" लाई क्षमा गरिदेओ भनी म मानिसहरूलाई अनुरोध गर्छु। तिनीहरूका अपराधहरूलाई पनि क्षमा गरिनेछन्। तिनीहरूले भविष्यमा यसको साटो मलाई तिनीहरूको प्रेम दिन सक्छन् भने, त्यसले स्वर्गमा मेरो आत्मालाई सान्त्वना दिनेछ। यस विषयमा मानवजातिको संकल्प के छ—मानिसहरू मेरो अन्तिम अनुरोधलाई पूरा गर्न इच्छुक छन् कि छैनन् सो मलाई थाहा छैन। म तिनीहरूबाट अरू केही पनि मागिरहेको छैन, तिनीहरूले मलाई प्रेम गरून् भन्ने मात्रै म चाहन्छु। त्यही नै पर्याप्त छ। के यो कुरा हासिल गर्न सकिन्छ? हामी बीचमा भएका अप्रिय सबै कुराहरूलाई हामीले विगतमा नै छोडिदिऔं; हामी बीचमा सधैँ प्रेम होस्। मैले मानिसहरूलाई धेरै प्रेम दिएको छु, र तिनीहरूले मलाई प्रेम गर्न त्यस्तो ठूलो मूल्य चुकाएका छन्। तसर्थ, मानवजातिले हामी बीचको अमिश्रित र विशुद्ध प्रेमलाई बहुमूल्य ठानेर राख्छन् भन्ने मलाई आशा छ, ताकि हाम्रो प्रेम सारा मानव संसारभरि फैलिनेछ र यसलाई सदासर्वदा हस्तान्तरण गरिँदै लगिनेछ। जब हामी फेरि भेट्छौं, हामी प्रेममा जोडियौं, ताकि हाम्रो प्रेम अनन्तसम्म रहिरहोस् र सबै मानिसहरूले यसको प्रशंसा र प्रचार-प्रसार गरून्। मलाई यसले सन्तुष्ट तुल्याउनेछ, र म मेरो हँसिलो अनुहार मानवजातिलाई देखाउनेछु। मलाई आशा छ, मानिसहरूले मेरा अर्तीहरूलाई स्मरण गर्नेछन्।

जुन १, १९९२

परिशिष्ट

# सम्पूर्ण ब्रह्माण्डको निम्ति परमेश्वरका वचनहरूका रहस्यहरूको अर्थ-अनुवादहरू

(केही अध्यायहरूको अर्थ-अनुवादहरू)

# अध्याय १

"कसैले पनि मेरा वचनहरूको जड पत्ता लगाउन सक्दैनन्, न त तिनीहरूले मैले ती वचन बोल्नुको उद्देश्य नै जान्दछन्" भनेर परमेश्वरले भन्नुभएजस्तै, परमेश्वरको आत्माको मार्गदर्शन नभएको भए, र उहाँका वाणीहरूको आगमन नभएको भए, सबै मानिसहरू उहाँको सजायमा नास हुनेथिए। परमेश्वरले सबै मानिसहरूलाई जाँच गर्नको लागि किन यति धेरै समय लिनुभयो? अनि पाँच महिना जति लामो समय लाग्यो? यो हाम्रो सङ्गतिको मुख्य विषय साथै परमेश्वरको बुद्धिको महत्वपूर्ण विषय हो। हामी कल्पना गर्न सक्छौं: मानिसलाई जाँच्ने यो अवधिविना, र यदि परमेश्वरले भ्रष्ट मानवजातिलाई जोरदार रूपमा प्रहार गर्ने, मार्ने, र तोड्ने नगर्नुहुने हो भने, यदि मण्डली निर्माणको काम आजको दिनसम्म नै जारी रहेको भए, परिणाम के हुनेथियो? त्यसकारण, परमेश्वरले पहिलो वाक्यमा नै मुख्य कुरा बताउनुहुन्छ, यी धेरै महिनाको कामको लक्षित प्रभावको बारेमा सीधै कुरा उठाउनुहुन्छ–उहाँले साँच्चै नै पहिलो प्रहारमै लक्ष्यभेद गर्नुहुन्छ! धेरै महिनाको यो अवधिमा परमेश्वरले गर्नुभएका कामहरूमा रहेको बुद्धिलाई देखाउन यो नै पर्याप्त छ: ती कार्यहरूले हरेकलाई परीक्षाको माध्यमबाट कसरी समर्पित हुने र आफूलाई इमानदारीपूर्वक कसरी अर्पण गर्ने, पीडादायी शोधनबाट परमेश्वरलाई अझै राम्ररी कसरी चिन्ने भनेर सिक्न सक्षम तुल्याएका छन्। मानिसहरूले अनुभव गर्ने नैराश्यता जति ठूलो हुन्छ, तिनीहरूले आफैलाई त्यति नै राम्ररी चिन्न पुग्छन्। अनि सत्य कुरा भन्दा, तिनीहरूले कष्टले भरिएको शोधनको सामना जति गर्छन्, तिनीहरूले आफ्नो भ्रष्टतालाई त्यति नै बढी चिन्छन्, यहाँसम्म कि तिनीहरू परमेश्वरको निम्ति सेवाकर्ता बन्नसमेत योग्य छैनन्, र तिनीहरूले सेवा गर्न पाउनु भनेको उहाँले तिनीहरूलाई उत्थान गर्नुभएको हो भन्ने तिनीहरूले पहिचान गर्छन्। त्यसकारण, यो परिणाम हासिल गरेपछि, जब मानिसले आफ्नो हरेक भागको प्रयोग गरिसकेको हुन्छ, तब परमेश्वरले कुनै कुरालाई नलुकाईकन प्रत्यक्ष रूपमा नै कृपाका आवाजहरू निकाल्नुहुन्छ। यी केही महिनापछि, परमेश्वरको काम गर्ने विधिले आजको दिनलाई सुरुवाती विन्दुको रूपमा लिन्छ भन्ने कुरा स्पष्ट रूपमा देख्न सकिन्छ; उहाँले यो कुरा सबैले देख्ने गरी स्पष्ट पार्नुभएको छ। विगतमा परमेश्वरले प्रायजसो "परमेश्वरका मानिसहरूको रूपमा बोलाइने अधिकार प्राप्त गर्न सजिलो छैन" भन्नुभएको हुनाले, उहाँले उहाँका सेवाकर्ताहरूका रूपमा उल्लेख गरिने मानिसहरूलाई यी वचनहरू दिनुभएको छ, जुन कुरा परमेश्वर विश्वासयोग्य हुनुहुन्छ, जसमा कुनै शङ्का छैन भन्ने कुरालाई देखाउन पर्याप्त छ। परमेश्वरले जे-जे भन्नुहुन्छ, ती कुराहरू विभिन्न हदमा पूरा हुनेछन्, र यो कुनै पनि हालतमा बकम्फुसे गफ होइन।

जब सबै मानिसहरू सुर्ता र शोकले भरिएर व्याकुल भएका हुन्छन्, परमेश्वरका यस्ता वचनहरूले तिनीहरूको मुटु छुन्छ, तिनीहरूको निराशामाझ तिनीहरू सबैलाई उत्साह दिएर जगाउँछ। मानिसको मनबाट थप कुनै शङ्का हटाउनको लागि, परमेश्वरले यी वचनहरू थप्नुभयो: "तिनीहरूलाई मेरा मानिसहरू भनी सम्बोधन गरिए पनि, तर यो उपाधि मेरा 'छोराहरू' कहलिनुभन्दा कम महत्त्वको होइन।" परमेश्वरले मात्रै आफ्नो अख्तियारको रक्षा गर्न सक्नुहुन्छ

भन्ने कुरालाई देखाउन यो नै पर्याप्त छ, र मानिसहरूले यो कुरा पढेपछि, तिनीहरूले यो त काम गर्ने विधि मात्रै होइन, बरु तथ्य हो भन्ने कुरालाई अझै दृढ रूपमा विश्वास गर्नेछन्। अझै थप रूपमा भन्दा, मानिसहरूका ईश्वरीय दर्शनहरू अस्पष्ट नहोऊन् भनेर, उहाँको नयाँ शैलीमा हरेकको पहिचानलाई स्पष्ट रूपमा उल्लेख गरिएको हुन्छ। परमेश्वरको बुद्धिलाई देखाउनको लागि यो नै पर्याप्त छ र यसले मानिसहरूलाई परमेश्वरले मानिसहरूको हृदय देख्न सक्नुहुन्छ भनेर अझै राम्ररी जान्ने तुल्याउँछ; मानिसहरू आफ्ना विचार र काममा कठपुतली हुन्, जसको धागो चलाउने परमेश्वर हुनुहुन्छ, र यो कुरा निश्चित छ र यसमा कुनै शङ्का छैन।

सुरुवातमा फर्केर जाँदा, परमेश्वरले सुरुदेखि नै उहाँको कामको पहिलो चरण, अर्थात् "मण्डलीलाई शुद्ध पार्ने काम" पहिले नै समाप्त भइसकेको छ भनेर प्रत्यक्ष रूपमा औंल्याउनुभएको छ। "अहिलेको परिस्थिति पहिलेको जस्तो छैन, र मेरो काम एउटा नयाँ सुरुआतको बिन्दुमा प्रवेश गरेको छ।" यो अभिव्यक्तिबाट, के देख्न सकिन्छ भने परमेश्वरको कार्य नयाँ सुरुवात बिन्दुमा प्रवेश गरेको छ, र यसपछि तुरुन्तै उहाँले हामीलाई उहाँको कामको अर्को चरणको खाका सूचित गर्नुभएको छ–मण्डली निर्माणको काम समाप्त भएपछि, राज्यको युगको जीवन सुरु हुनेछ, "किनभने अब यो मण्डली निर्माणको युग होइन, तर सफलतापूर्वक राज्य निर्माण गर्ने युग हो।" यसको साथै, उहाँले के उल्लेख गर्नुभएको छ भने, मानिसहरू अझै पनि पृथ्वीमा नै रहेकाले, तिनीहरूका भेलाहरूलाई अझै पनि मण्डलीको रूपमा उल्लेख गरिनेछ, यसरी सबैले कल्पना गरेको जस्तो अवास्तविक "राज्य" लाई अनुभव गर्ने कार्यबाट टाढा बस्न सकिन्छ। यसपछि ईश्वरीय दर्शनहरूसम्बन्धी सङ्गतिको कुरा आउँछ।

अहिले राज्य निर्माणको युग हो र मण्डली निर्माणको समाप्ति हो, तैपनि किन सबै भेलाहरूलाई अझै पनि मण्डली नै भनिन्छ त? विगतमा के भनिन्थ्यो भने मण्डली राज्यको पूर्ववर्ती अवस्था हो, र मण्डलीविना राज्यको कुरै गर्न सकिँदैन। राज्यको युगको सुरुवात देहमा परमेश्वरले गर्नुहुने सेवकाइको सुरुवात हो, र राज्यको युगको सुरुवात देहधारी परमेश्वरले गर्नुहुन्छ। उहाँले जे ल्याउनुहुन्छ त्यही नै राज्यको युग हो, राज्यको आधिकारिक अवरोहण होइन। यो कुराको कल्पना गर्न त्यति कठिन छैन; मैले परमेश्वरका मानिसहरू भनेर राज्यको युगका मानिसहरूलाई उल्लेख गरिरहेको छु, राज्य स्वयम्का मानिसहरूलाई होइन। यही कारणले गर्दा पृथ्वीका भेलाहरूलाई अझै पनि मण्डली भनेर उल्लेख गर्नु उचित हुन्छ। विगतमा, उहाँले उहाँको सामान्य मानवतामा काम गर्नुभयो जबकि त्यस बेलासम्म उहाँले परमेश्वर स्वयम्को रूपमा गवाही दिनुभएको थिएन, त्यसकारण मानिसहरूका बीचमा राज्यको युगको सुरुवात भएको थिएन; अर्थात्, मैले भनेजस्तै, मेरो आत्माले मेरो देहधारी शरीरमा औपचारिक रूपमा काम गर्न थालेको थिएन। अहिले परमेश्वर स्वयम्ले गवाही दिइसक्नुभएको हुनाले, मानिसहरूका बीचमा राज्य पूरा भएको छ। यसले के जनाउँछ भने म मेरो ईश्वरीयतामा काम गर्न सुरु गर्नेछु, त्यसकारण मेरो ईश्वरीयतामा मैले बोल्ने वचनहरू र मैले गर्ने कामहरूलाई बुझ्न सक्ने ती मानव-प्राणीहरू राज्यको युगका मेरा मानिसहरूका रूपमा चिनिनेछन्। यसैबाट "परमेश्वरका मानिसहरू" को उदय भएको हो। यस चरणमा, काम गर्ने र बोल्ने मुख्यतया मेरो ईश्वरीयता नै हुन्छ। मानिसले मेरो योजनामा हस्तक्षेप गर्न सक्दैन, न

त उसले यसमा बाधा नै दिन सक्छ। परमेश्‍वर आफ्नो बोल्ने कार्यको निश्‍चित चरणमा पुगिसक्नुभएपछि, उहाँको नाउँको गवाही दिइन्छ, अनि यस बिन्दुदेखि मानवजातिको परीक्षाको सुरुवात हुनेछ। परमेश्‍वरको कार्यमा हुने बुद्‌धिको शिखर यही हो। यसले अर्को चरणको सुरुवातको लागि दह्रिलो जग बसाल्छ र जरा गाड्छ, साथै पछिल्लो चरणलाई पनि समाप्त गर्छ। यो मानव-प्राणीको रूपमा कसैले अपेक्षा गर्न नसकेको कुरा हो; यो न्यायको युगको पहिलो र दोस्रो भागको सङ्गम विन्दु हो। मैले यी केही महिना मानिसलाई शोधन नगरेको भए, मेरो ईश्‍वरीयताले काम गर्ने कुनै उपाय हुनेथिएन। यी धेरै महिनाको शोधनले मेरो कामको अर्को चरणको लागि मार्ग खोलिदियो। यी केही महिनाको कामको समाप्ति कामको अर्को चरण अझै प्रगाढ हुनेछ भन्ने कुराको चिन्ह हो। यदि कसैले परमेश्‍वरका वचनहरूलाई साँचो रूपमा बुझ्छ भने, उसले उहाँले धेरै महिनाको अवधि उहाँको कामको अर्को चरणको सुरुवात गर्न प्रयोग गरिरहनुभएको छ, र त्यसरी यसलाई अझै उत्तम परिणामहरू हासिल गर्ने तुल्याइरहनुभएको छ भनेर बुझ्न सक्छ। मेरो मानवताको अवरोधले मेरो कामको अर्को चरणमा वाधा पैदा गरेको हुनाले, कष्टद्‌वारा गरिएको यी केही महिनाको शोधनबाट, दुवै पक्षमा सुधार भएको छ र ठोस लाभ ल्याएको छ। यसको परिणामस्वरूप, अहिले मात्रै मैले मानिसलाई उल्लेख गर्ने तरिकालाई उसले कदर गर्न थालेको छ। त्यसकारण, जब आफ्नो कलमद्‌वारा परमेश्‍वरले मानिसहरूलाई अबउप्रान्त तिनीहरूलाई "सेवाकर्ता" भनी भन्नेछैन, तर "परमेश्‍वरका मानिसहरू" भनी भन्नेछु भनी भन्नुभयो, तब तिनीहरू सबै अत्यन्तै खुशी भए। यो मानिसको कमजोरीको बिन्दु थियो। मानिसको यो मुख्य कमजोरीलाई हात पार्नको लागि नै परमेश्‍वरले त्यसरी बोल्नुभएको थियो।

सबै मानिसहरूलाई जित्न र तिनीहरूको पूर्ण हृदयको विश्‍वास प्राप्त गर्नको लागि, र कतिपय मानिसहरूको भक्तिमा अशुद्‌धता मिसिएको छ भनेर औँल्याउनको लागि, परमेश्‍वरले विभिन्न प्रकारका मानव कुरूपताहरूलाई प्रकट गर्न थप कदमहरू चाल्नुभएको छ, र यस क्रममा उहाँले आफ्ना वचनहरू पूरा गर्नुभएको छ: "मलाई प्रेम गर्ने कार्यमा कति जना इमानदार छन्? कसले आफ्नै भविष्यलाई ध्यानमा राख्दै काम गरिरहेको छैन? आफ्ना परीक्षाहरूको अवधिमा कसले गुनासो गरेको छैन?" यस्ता वचनहरूद्‌वारा, हरेक व्यक्तिले आफ्नै अवज्ञा, विश्‍वासघात, र पूर्ण भक्तिको कमीलाई पहिचान गर्न सकेका छन्, त्यसरी उहाँलाई खोजी गर्ने हरेक व्यक्तिलाई हरेक कदममा परमेश्‍वरको कृपा र प्रेमिलो-दयालुपनले पछ्याउँछ भन्ने देखेका छन्। यस कुरालाई यी वचनहरूबाट देख्न सकिन्छ: "जब कतिपय मानिसहरू पछि फर्कन लागेका हुन्छन्, जब मैले मेरो बोल्ने शैलीलाई परिवर्तन गर्ने आशा गरिरहनेहरू सबैले आशा गुमाएका हुन्छन्, त्यो बेला म मुक्तिको आवाजहरू निकाल्छु, र मलाई इमानदारीसाथ प्रेम गर्नेहरूलाई मेरो राज्यमा, मेरो सिंहासनको अघि फर्काएर ल्याउँछु।" यहाँ "मलाई इमानदारीसाथ प्रेम गर्नेहरू" भन्ने वाक्यांश र "कति जनाले मलाई इमानदारीसाथ प्रेम गर्छन्?" भन्ने आलंकारिक प्रश्‍न एक-अर्कासँग बाझिँदैनन्। तिनले यस प्रसंगमा कसरी "इमानदारी" मा अशुद्‌धताहरू समावेश छन् भन्ने कुरालाई देखाउँछन्। परमेश्‍वरलाई केही पनि थाहा छैन भन्ने होइन; बरु, परमेश्‍वरले मानिसहरूको हृदयको अन्तस्करणलाई देख्न सक्नुहुने हुनाले नै, उहाँले "इमानदारी" जस्ता शब्दहरूको प्रयोग गर्नुभएको

छ, जुन हरेक व्यक्तिलाई परमेश्‍वरप्रतिको तिनीहरूको ऋणीपनलाई महसुस गर्न लगाउन र आफैलाई अझै कठोरताको साथ धिक्कार्न लगाउन, साथै तिनीहरूको हृदयका गुनासाहरू पूर्ण रूपमा शैतानबाट आएका हुन् भन्‍ने तथ्यलाई पहिचान गर्न लगाउनको लागि भ्रष्‍ट मानवजातिप्रति केन्द्रित व्यङ्ग्योक्ति हो। "भक्ति" जस्ता शब्द देख्दा हरेक व्यक्ति अचम्ममा पर्छ, र मनमनै विचार गर्छ: "धेरैपटक मैले स्वर्ग र पृथ्वीको विरुद्धमा काम गरेको छु, र मैले धेरैपटक छोडेर जान चाहेको छु, तर मलाई परमेश्‍वरको प्रशासनिक आदेशहरूको डर भएको हुनाले, म काम-कुरालाई जसोतसो सकाउन मात्रै समस्याहरूको सामना गर्थें र अरूले जसो गर्छन् त्यसै गर्थें, यदि काम-कुराहरू साँच्‍चै नै निराशलाग्दो हुन पुगे भने, बिस्तारै पछि हट्नको लागि मलाई अझै पर्याप्‍त समय हुनेछ भनेर विचार गर्दै म परमेश्‍वरको निराकरणलाई पर्खिन्थें। तर अहिले परमेश्‍वरले हामीलाई उहाँका भक्त मानिसहरू भनेर बोलाइरहनुभएको छ। के परमेश्‍वर साँच्‍चै नै मानिसहरूको अन्तस्करणलाई देख्‍ने परमेश्‍वर हुनुहुन्छ त?" यस किसिमको गलत बुझाइलाई आउन नदिनको निम्ति नै परमेश्‍वरले विभिन्‍न प्रकारका मानिसहरूको मानसिक स्थितिहरूलाई अन्तिममा मात्रै सम्बोधन गर्नुभयो, यसरी हरेक व्यक्तिलाई भित्री रूपमा शङ्का गर्ने तर बाहिरी रूपमा प्रसन्‍नता देखाउने अवस्थाबाट हृदय, वचन, र दृश्यबाट विश्‍वस्त हुने अवस्थामा रूपान्तरण गराउनुभयो। यसरी, परमेश्‍वरको वचनले मानिसमा पार्ने प्रभाव अझै गहन भएको छ, र यसको प्राकृतिक परिणामस्वरूप मानिस अलि बढी डर मान्‍ने, अलि बढी आदर गर्ने बनेको छ, र अझ भन्‍ने हो भने उसले परमेश्‍वरको बारेमा अझै राम्रो बुझाइ प्राप्‍त गरेको छ। अन्तिममा, मानिसका चिन्ताहरूलाई कम गर्नको लागि, परमेश्‍वरले भन्‍नुभएको छ: "... तर विगत त विगत नै भइसकेको, र वर्तमान आइसकेको हुनाले, विगतको यादमा उदास हुँदै डुब्नुपर्ने वा भविष्यको लागि विचार गर्नुपर्ने कुनै आवश्यक छैन।" यस किसिमको दबाबपूर्ण, मैत्रीपूर्ण, तर अर्थपूर्ण बोल्ने शैलीको अझै ठूलो प्रभाव हुन्छ, यसरी यसले उहाँका वचनहरू पढ्ने सबैलाई विगतको नैराश्यताको बीचमा फेरि पनि ज्योति देखेर, परमेश्‍वरको बुद्धि र कार्यहरूलाई देख्‍न, "परमेश्‍वरका मानिसहरू" भन्‍ने पदवी नाम प्राप्‍त गर्न, आफ्नो हृदयमा भएका शङ्काका बादलहरूलाई हटाउन, र तिनीहरूको मानसिक स्थितिका बदलिरहने ढाँचाहरूबाट आफैलाई चिन्‍न सक्‍ने तुल्याउँछ। परिणामस्वरूप, यी अवस्थाहरू घट्छन् र बढ्छन्, र दुःख र शोक, खुशी र आनन्द पैदा गर्छन्। यस अध्यायमा, परमेश्‍वरले यति जीवन्त र स्पष्‍ट रूपमा मानिसहरूको रूपरेखा चित्रण गर्नुभएको छ कि यो सिद्धताको विन्दुमा नै आइपुगेको छ। यो साँच्‍चै नै मानिसले हासिल गर्न नसक्‍ने कुरा हो, मानव हृदयको गहिराइका गुप्‍त स्थानहरूको रहस्यहरूलाई साँच्‍चै नै खुलासा गर्ने कुरा हो। के यो मानिसले गर्न सक्‍ने कुरा हुन सक्छ त?

यसपछि तुरुन्तै आउने, र अझै महत्त्वपूर्ण खण्ड तल दिइएको अनुच्छेद हो, जसले मानिसलाई प्रत्यक्ष रूपमा दिइएको परमेश्‍वरको प्रशासनिक आदेशलाई प्रकट गर्छ, यति मात्र होइन, यो सबैभन्दा महत्त्वपूर्ण खण्ड पनि हो: "मानिस भएको हुनाले, जो-जो वास्तविकताको विरुद्धमा जान्छन् र ज-जसले मेरो निर्देशनअनुसार कामकुरा गर्दैनन्, तिनीहरूको अन्त्य राम्रो हुनेछैन, तर तिनीहरूले आफैमाथि समस्या मात्रै ल्याउनेछन्। ब्रह्माण्डमा हुने सबै कुरामध्ये, त्यहाँ यस्तो केही छैन जसमा मेरो निर्णय हुँदैन।" के यो परमेश्‍वरको प्रशासनिक आदेश होइन र? यो प्रशासनिक आदेशलाई

अवहेलना गर्ने मानिसहरूको उदाहरणहरू धेरै छन् भन्ने कुरालाई देखाउन यो नै पर्याप्त छ। माथि उल्लेख गरिएअनुसार, परमेश्‍वरले हरेकलाई आफ्नै गन्तव्यको बारेमा नसोच्न अनुरोध गर्नुभएको छ। यदि कसैले परमेश्‍वरको योजनाबद्ध कार्यबाट मुक्त हुने आँट गर्‍यो भने, त्यसका परिणामहरू कल्पना गर्न नसकिने गरी भयानक हुनेछन्। त्यसपछि यसले यी वचनहरूमा अन्तर्दृष्टि र ज्योति प्राप्त गरेकाहरू सबैलाई परमेश्‍वरको प्रशासनिक आदेश अझै राम्ररी बुझ्ने साथै उहाँको प्रतापलाई उल्लङ्घन गर्न सकिँदैन भन्ने बुझ्न सक्षम तुल्याउँछ, र यसरी उसलाई बतास र तुसारोको सामना गरेर, कठोर सर्दीको खतरामा पनि खडा भइरहने अनि प्रकृतिको भरिभराउ हरियालीपूर्ण जीवनशक्तिमा योगदान दिइरहने देवदारजस्तै अझै अनुभवी र स्थिर बनाउँछ। यो खण्ड पढेपछि, धेरैजसो मानिसहरू चकित बन्छन्, मानौं तिनीहरू कुनै भूलभूलैयामा परेका छन्; यसको कारण के हो भने, परमेश्‍वरका वचनहरूको विषयवस्तु तुलनात्मक रूपमा चाँडै परिवर्तन हुन्छन्, त्यसकारण आफ्नै भ्रष्ट स्वभावहरूलाई बुझ्ने प्रयास गर्दा दश जनामध्ये नौ जना मानिसहरू भूलभूलैयामा पर्छन्। भविष्यमा काम अझै सहजताको साथ अघि बढ्न सकोस् भनेर, सबै मानिसहरूको हृदयमा भएका शङ्काहरू हट्न सकून् भनेर, अनि परमेश्‍वरमाथिको विश्‍वासमा सबै जना एक कदम अघि बढ्न सकून् भनेर, उहाँले त्यस खण्डको अन्तिममा यो कुरालाई जोड दिनुभएको छ: “मलाई इमानदारीपूर्वक प्रेम गर्नेहरू प्रत्येक व्यक्ति निश्‍चय नै मेरो सिंहासनको अगाडि फर्केर आउनेछन्।” तसर्थ, उहाँको कामका धेरै महिनामा सहभागी भएका मानिसहरूको मनमस्तिष्क तुरुन्तै तिनीहरूको डरको केही भागबाट मुक्त हुन्छन्। यति मात्र कहाँ हो र, यता न उता भएर हावामा अड्केको तिनीहरूको हृदय ठूलो ढुङ्गा भुइँमा खसेजस्तै यथास्थितिमा फर्कन्छ। तिनीहरूले अबउप्रान्त आफ्नो गन्तव्यको बारेमा विचार गर्नु पर्दैन; यसको साथै, परमेश्‍वरले अबउप्रान्त कुनै खोक्रा शब्दहरू बोल्नुहुनेछैन भन्ने तिनीहरूले विश्‍वास गर्छन्। मानिसहरू आत्म-धर्मी भएका हुनाले, परमेश्‍वरलाई सबैभन्दा बढी भक्ति मैले नै देखाउँछु भनेर विश्‍वास नगर्ने एक जना पनि छैन; यही कारणले गर्दा, अझै उत्तम परिणाम हासिल गर्नको लागि परमेश्‍वरले ध्यान दिएर नै “इमानदारीपूर्वक” भन्ने शब्दलाई जोड दिनुभएको छ। यो उहाँको कामको अर्को चरणको लागि मार्ग तयार गर्न र जग बसाल्नको लागि हो।

## अध्याय ३

आज अनुग्रहको युग होइन, न त कृपाको युग नै हो, यो त राज्यको युग हो, जसमा परमेश्‍वरका मानिसहरूलाई प्रकट गरिन्छ, यो त परमेश्‍वरले ईश्‍वरीयताद्वारा प्रत्यक्ष रूपमै काम गर्नुहुने युग हो। तसर्थ, परमेश्‍वरका वचनहरूको यो अध्यायमा, परमेश्‍वरले उहाँका वचनहरूलाई स्वीकार गर्ने सबैलाई आत्मिक क्षेत्रमा डोर्‍याएर लैजानुहुन्छ। प्रारम्भिक अनुच्छेदमा, उहाँले अग्रिम रूपमा नै यी तयारीहरू गर्नुहुन्छ, र यदि व्यक्तिसँग परमेश्‍वरका वचनहरूको ज्ञान छ भने, उसले दाखको फल पाउन दाखकै बोटलाई पछ्याउँछ, र परमेश्‍वरले आफ्ना मानिसहरूमा के हासिल गर्न चाहनुहुन्छ त्यसलाई उसले प्रत्यक्ष रूपमा बुझ्नेछ। पहिले, मानिसहरूलाई “सेवाकर्ताहरू” भन्ने पदवी नामद्वारा

जाँच गरिएको थियो, र आज, तिनीहरूलाई परीक्षामा पारिसकेपछि, तिनीहरूको तालिम औपचारिक रूपमा सुरु भएको छ। यसको साथै, विगतका वचनहरूको जगको आधारमा मानिसहरूसँग परमेश्‍वरको कार्यको कामको बारेमा अझै ठूलो ज्ञान हुनुपर्छ, र तिनीहरूले वचनहरू र व्यक्तिलाई, अनि आत्मा र व्यक्तिलाई अखण्डित पूर्णताको रूपमा हेर्नुपर्छ—एउटै मुख, एउटै हृदय, एउटै कार्य, र एउटै स्रोतको रूपमा हेर्नुपर्छ। यो मापदण्ड सृष्टिपछि परमेश्‍वरले मानिसलाई दिनुभएको सबैभन्दा ठूलो मापदण्ड हो। यसबाट के देख्‍न सकिन्छ भने, परमेश्‍वरले आफ्ना प्रयासका केही भाग आफ्ना मानिसहरूलाई समर्पित गर्न चाहनुहुन्छ, उहाँले तिनीहरूमा केही चिन्ह र अचम्मका कामहरू देखाउन चाहनुहुन्छ, र सबैभन्दा महत्त्वपूर्ण कुरा, उहाँले सबै मानिसहरूलाई परमेश्‍वरका काम र वचनहरूको सम्पूर्णता पालन गर्न लगाउन चाहनुहुन्छ। एक हिसाबमा, परमेश्‍वर स्वयम्‌ले आफ्नो गवाही दिनुहुन्छ, र अर्को हिसाबमा, उहाँले आफ्ना मानिसहरूलाई मापदण्डहरू दिनुभएको छ, र मानिसहरूका निम्ति प्रत्यक्ष रूपमा परमेश्‍वरका प्रशासनिक आदेशहरू जारी गर्नुभएको छ: तसर्थ, तिमीहरूलाई मेरा मानिसहरू भनेर बोलाइने हुनाले, परिस्थिति पहिलेजस्तो छैन; तिमीहरूले मेरो आत्माका वाणीहरूलाई सुन्‍नुपर्छ र पालना गर्नुपर्छ, र मेरो कार्यलाई नजिकबाट पछ्याउनुपर्छ; तिमीहरूले मेरो आत्मा र मेरो देहलाई अलग गर्न सक्दैनौ, किनभने हामी अन्तर्निहित रूपमा एउटै हौं, र प्रकृतिले नै अखण्डित छौं। यसमा, मानिसहरूलाई देहधारी परमेश्‍वरको बेवास्ता गर्नबाट रोक्नको लागि, फेरि पनि "किनभने हामी अन्तर्निहित रूपमा एउटै हौं, र प्रकृतिले नै अखण्डित छौं" भन्‍ने वचनहरूमा जोड दिइएको छ; त्यस्तो बेवास्ता मानिसको कमजोरी हुने भएकोले, यसलाई फेरि एकपटक परमेश्‍वरका प्रशासनिक आदेशहरूमा सूचीकृत गरिएको छ। यसपछि, परमेश्‍वरले मानिसहरूलाई परमेश्‍वरका प्रशासनिक आदेशहरू उल्लङ्घन गर्नुका परिणामहरूको बारेमा कुनै कुरा नलुकाई यसरी बताउनुभएको छ, "उसले घाटा बेहोर्नेछ, र तिनीहरूले आफ्नै तीतो कचौराबाट मात्रै पिउन सक्नेछन्।" मानिस कमजोर भएको हुनाले, यी वचनहरू सुनेपछि, ऊ आफ्नो हृदयमा अझै बढी सावधान नभई रहन सक्दैन, किनभने "तीतो कचौरा" मानिसहरूलाई केही समयको लागि चिन्तन गर्ने बनाउन पर्याप्त हुन्छ। परमेश्‍वरले उल्लेख गर्नुभएको यो "तीतो कचौरा" को बारेमा मानिसहरूसँग विभिन्‍न अर्थ-अनुवादहरू हुन सक्छन्: वचनहरूको न्यायमा पर्नु वा राज्यबाट निष्कासित हुनु, वा केही समयको लागि अलग गरिनु, वा आफ्नो देह शैतानद्वारा भ्रष्ट तुल्याइनु र दुष्ट आत्माहरूको वशमा पर्नु, वा परमेश्‍वरका आत्माद्वारा त्यागिनु, वा आफ्नो देहलाई समाप्त पारिनु र पातालमा फ्याँकिनु। यी अर्थ-अनुवादहरू मानिसहरूका सोचले हासिल गर्न सक्ने कुरा हुन्, त्यसकारण आफ्नो कल्पनामा, मानिसहरू तीभन्दा बाहिर जान सक्दैनन्। तर परमेश्‍वरका विचारहरू मानिसका जस्ता छैनन्; भन्‍नुको अर्थ, "तीतो कचौरा" ले माथिका मध्ये कुनै कुरालाई जनाउँदैन, बरु यसले त परमेश्‍वरको निराकरण प्राप्त गरिसकेपछि परमेश्‍वरसम्बन्धी मानिसहरूको ज्ञानको हदलाई जनाउँछ। यसलाई अझै स्पष्ट रूपमा भन्दा, जब कसैले परमेश्‍वरका आत्मा र उहाँका वचनहरूलाई स्वेच्छाचारी ढङ्गले अलग गर्छ, वा वचनहरू र व्यक्तिलाई, वा आत्मा र उहाँले धारण गर्नुभएको देहलाई अलग गर्छ, उसले परमेश्‍वरका वचनहरूमा परमेश्‍वरलाई चिन्‍न मात्र नसक्ने होइन, ऊ त आफूलाई परमेश्‍वरको बारेमा थोरै शङ्का लाग्दा, हरबिन्दुमा अन्धो समेत

बन्नेछ। मानिसहरूले कल्पना गरेजस्तो तिनीहरूलाई सीधै विच्छेद गरिँदैन; बरु, तिनीहरू क्रमिक रूपमा परमेश्वरको सजायमा पर्छन्—भन्नुको अर्थ, तिनीहरू ठूलो महाविपत्तिमा पर्छन्, र तिनीहरूसँग मिल्ने कोही पनि हुन सक्दैन, मानौँ तिनीहरूलाई दुष्ट आत्माहरू लागेको छ, र मानौं तिनीहरू जता उड्यो त्यतै ठोक्किने टाउको नभएका झिंगाहरू हुन्। यसको बाबजुत पनि, तिनीहरूले अझै पनि छोडेर जान सक्दैनन्। तिनीहरूको हृदयमा, कामकुराहरू व्याख्या गर्नै नसकिने गरी कठिन हुन्छन्, मानौँ तिनीहरूको हृदयमा व्याख्या गर्नै नसकिने कष्ट छ—तैपनि, तिनीहरूले आफ्नो मुख खोल्न सक्दैनन्, र तिनीहरूले परमेश्वरलाई अनुभव गर्न नसकेर दिनभरि एकोहोरोपनमा बिताउँछन्। यस्ता परिस्थितिहरूमा परमेश्वरका प्रशासनिक आदेशहरूले तिनीहरूलाई चुनौती दिन्छन्, ताकि तिनीहरू कुनै पनि आनन्द नभए पनि मण्डलीलाई छोडेर जाने आँट नगरून्—यसैलाई "आन्तरिक र बाहिरी आक्रमण" भनेर भनिन्छ, र मानिसहरूलाई यो सहनु अत्यन्तै कठिन हुन्छ। यहाँ भनिएको कुरा मानिसहरूका धारणाहरूभन्दा फरक छ—किनभने, ती परिस्थितिहरूमा पनि तिनीहरूले परमेश्वरको खोजी गर्न जान्दछन्, र परमेश्वरले तिनीहरूप्रति पिठ्यूँ फर्काउनुभएपछि, यस्तो हुन्छ, र अझै महत्त्वपूर्ण कुरा के हो भने, अविश्वासीजस्तै, तिनीहरू पनि परमेश्वरलाई अनुभूति गर्न पूर्ण रूपमा असमर्थ हुन्छन्। परमेश्वरले त्यस्ता मानिसहरूलाई सीधै मुक्ति दिनुहुन्न; जब तिनीहरूको तीतो कचौरा रित्तो हुन्छ, त्यही समय नै तिनीहरूको आखिरी दिन आइपुगेको हुन्छ। तर अहिले, तिनीहरूले थप अलिकति आनन्द लिने चाहना गर्दै अझै पनि परमेश्वरको इच्छाको खोजी गर्छन्—तर विशेष परिस्थितिहरू छैनन् भने, यो समय विगतको भन्दा फरक हुन्छ।

यसपछि, परमेश्वरले सबैको निम्ति सकारात्मक पक्षहरूको बारेमा पनि व्याख्या गर्नुभएको छ, यसरी तिनीहरूले फेरि पनि जीवन प्राप्त गर्छन्—किनभने, विगतको समयमा, परमेश्वरले सेवाकर्ताहरूको कुनै जीवन छैन भनेर भन्नुभएको थियो, तर परमेश्वरले आज अचानक "भित्री जीवन" को बारेमा कुरा गर्नुभएको छ। जीवनसम्बन्धी यो कुराकानीद्वारा मात्रै मानिसहरूले तिनीहरूभित्र अझै पनि परमेश्वरबाट प्राप्त जीवन हुन सक्छ भनेर जान्न सक्छन्। यसरी, परमेश्वरप्रतिको तिनीहरूको प्रेम धेरै हदसम्म वृद्धि हुन्छ, र तिनीहरूले परमेश्वरको प्रेम र कृपाको बारेमा अझै ठूलो ज्ञान प्राप्त गर्छन्। तसर्थ, यी वचनहरू देखिसकेपछि, सबै मानिसहरूले आफ्ना पहिलेका गल्तीहरूको पश्चात्ताप गर्छन्, र गुप्त रूपमा पछुतोको आँसु बगाउँछन्। धेरैजसोले तिनीहरूले परमेश्वरलाई सन्तुष्ट तुल्याउनैपर्छ भनेर चूपचाप निर्णय गर्छन्। कहिलेकहीँ, परमेश्वरका वचनहरूले मानिसहरूको हृदयको अन्तस्करणलाई छेड्छ, जसले गर्दा मानिसहरूलाई ती वचनहरू स्वीकार गर्न कठिन हुन्छ, र मानिसहरूलाई शान्तिमा रहन कठिन हुन्छ। कहिलेकहीँ, परमेश्वरका वचनहरू इमानदार र तत्पर हुन्छन्, र तिनले मानिसहरूको हृदयलाई न्यानो बनाउँछन्, र त्यसरी मानिसहरूले ती वचनहरू पढेपछि, यो धेरै वर्ष हराएपछि थुमाले आफ्नी आमालाई देखेको जस्तै हुन्छ। तिनीहरूको आँखा आँसुले भरिन्छन्, तिनीहरू भावनाले ओतप्रोत हुन्छन्, र सुँक्क-सुँक्क गर्दै विक्षिप्त भएर, परमेश्वरको अङ्गालोमा आउन आतुर हुन्छन्, धेरै वर्षदेखि तिनीहरूको हृदयमा लुकेर बसेको अवर्णनीय पीडाबाट मुक्त भएर परमेश्वरको निम्ती तिनीहरूको बफादारिता देखाउन चाहन्छन्। धेरै महिनाको जाँचको कारण, तिनीहरू अति संवेदनशील बनेका छन्, मानौं तिनीहरूलाई

भर्खरै स्नायुघात भएको छ, धेरै वर्षदेखि ओछ्यान परेको अशक्त जस्तो बनेका छन्। परमेश्‍वरका वचनहरूसम्बन्धी तिनीहरूको विश्‍वासमा तिनीहरूलाई दह्रिलो बनाउनको लागि, परमेश्‍वरले निम्न वचनहरूलाई जोड दिनुहुन्छ: "मेरो कामको अर्को चरण सहजताको साथ र कुनै बाधाविना अघि बढ्‌न सकोस् भनेर, म मेरो घरका सबैलाई जाँच्‍न वचनहरूको शोधन प्रयोग गर्छु।" यहाँ परमेश्‍वर भन्‍नुहुन्छ, "मेरो घरका सबैलाई जाँच्‍न"; नियालेर पढ्दा यसले हामीलाई के बताउँछ भने जब मानिसहरूले सेवाकर्ताको रूपमा काम गरिरहेका हुन्छन्, तब तिनीहरू अझै पनि परमेश्‍वरको घरभित्रका मानिसहरू हुन्छन्। यसको साथै, यी वचनहरूले "परमेश्‍वरका मानिसहरू" भन्‍ने पदवी नामप्रति परमेश्‍वरको सच्‍चापनलाई जोड दिन्छन्, अनि यसले मानिसहरूको हृदयलाई केही हदसम्म ढुक्‍क तुल्याउँछ। त्यसकारण, मानिसहरूले परमेश्‍वरका वचनहरू पढेपछि, वा "परमेश्‍वरका मानिसहरू" भन्‍ने पदवी नामलाई प्रकट गर्न अझै बाँकी भएको बेला तिनीहरूमा आउने विभिन्‍न प्रकटीकरणहरूको बारेमा परमेश्‍वरले किन बारम्बार औंल्याउनुहुन्छ? के यो परमेश्‍वर मानिसहरूको हृदयको गहिराइलाई देख्‍नुहुने परमेश्‍वर हुनुहुन्छ भनेर देखाउनको लागि मात्रै हो? यो त कारणको एउटा भाग मात्रै हो–र यहाँ, यसको अतिरिक्त महत्त्व मात्रै छ। सबै मानिसहरूलाई पूर्ण रूपमा विश्‍वस्त तुल्याउनको लागि, हरेक व्यक्तिले परमेश्‍वरका वचनहरूबाट तिनीहरूका आफ्नै अपर्याप्तताहरू र आफ्नो जीवनसम्बन्धी तिनीहरूका पहिलेका त्रुटिहरूलाई जान्‍न सकून्, र अझै महत्त्वपूर्ण कुरा, कामको अर्को चरणको लागि जग निर्माण गर्नको निम्ति परमेश्‍वरले त्यसो गर्नुहुन्छ। मानिसहरूले आफूलाई चिन्‍ने कार्यको आधारमा मात्रै परमेश्‍वरलाई चिन्‍ने प्रयास गर्न र परमेश्‍वरको अनुकरण गर्न सक्छन्। यी वचनहरूका कारण, मानिसहरू नकारात्मक र निष्क्रिय अवस्थाबाट सकारात्मक र सक्रिय अवस्थामा परिवर्तन हुन्छन्, र यसले परमेश्‍वरको कार्यको दोस्रो भागलाई जरा गाड्‌न सक्षम तुल्याउँछ। के भन्‍न सकिन्छ भने, कामको यो चरणलाई जगको रूपमा लिएर, परमेश्‍वरको कार्यको दोस्रो भाग सरल विषय बन्छ, जसको लागि थोरै प्रयासको मात्रै आवश्यकता पर्छ। तसर्थ, जब मानिसहरूले आफ्नो हृदयमा भएको दुःखी भावनालाई हटाएर सकारात्मक र सक्रिय बन्छन्, तब परमेश्‍वरले यसलाई उहाँका मानिसहरूबाट अरू मापदण्डहरू पूरा गराउने अवसरको रूपमा प्रयोग गर्नुहुन्छ: "मेरा वचनहरूलाई कुनै पनि समय वा स्थानमा प्रस्फूटन र व्यक्त गरिन्छ, त्यसकारण तिमीहरूले मेरो सामुन्‍ने सधैँ आफूलाई जान्‍नुपर्छ। किनभने, आखिर आज पहिले आएको कुराजस्तो होइन, र तैँले जे इच्छा गर्छस् त्यो अबउप्रान्त प्राप्‍त गर्न सक्दैनस्। बरु, मेरा वचनहरूको मार्गनिर्देशनमा, तिमीहरू आफ्नो शरीरलाई वशमा राख्‍न सक्‍ने बन्‍नुपर्छ; तिमीहरूले मेरा वचनहरूलाई तिमीहरूको मुख्य आधारको रूपमा प्रयोग गर्नुपर्छ, र तिमीहरूले लापरवाही रूपमा काम गर्नु हुँदैन।" यसमा, परमेश्‍वरले "मेरा वचनहरू" भन्‍ने पदावलीलाई मुख्य रूपमा जोड दिनुभएको छ; विगतमा पनि, उहाँले "मेरा वचनहरू" भन्‍ने पदावलीको प्रयोग धेरैपटक गर्नुभयो, त्यसकारण हरेक व्यक्तिले यसलाई केही ध्यान नदिई रहन सक्दैन्। यसरी, परमेश्‍वरको कार्यको अर्को चरणको केन्द्रबिन्दुको बारेमा सूचित गरिएको छ: सबै मानिसहरूले परमेश्‍वरका वचनहरूप्रति आफ्नो ध्यान केन्द्रित गर्नुपर्छ, र तिनीहरूसँग अरू कुनै कुराप्रतिको प्रेम हुनु हुँदैन। सबैले परमेश्‍वरका मुखबाट बोलिएका वचनहरूलाई कदर गर्नुपर्छ, र तिनलाई हल्कासाथ लिनु हुँदैन;

यसरी मण्डलीको पहिलेका परिस्थितिहरूलाई समाप्त गरिनेछ, जुन अवस्थामा एक जना व्यक्तिले परमेश्‍वरका वचनहरू पढ्थे र धेरैले आमेन भनेर आज्ञापालन गर्थे। त्यो बेला, मानिसहरूले परमेश्‍वरका वचनहरूलाई जानेका थिएनन्, बरु ती वचनहरूलाई आफ्नो प्रतिरक्षा गर्ने हतियारको रूपमा लिएका थिए। यस कुरालाई उल्ट्याउनको लागि, पृथ्वीमा हुनुहुने परमेश्‍वरले मानिसलाई एउटा नयाँ, उच्च आज्ञा गर्नुभएको छ। परमेश्‍वरका उच्च मापदण्डहरू र कडा सर्तहरूलाई देखेर नकारात्मक र निष्क्रिय बन्नबाट मानिसहरूलाई रोक्नको लागि, परमेश्‍वरले मानिसहरूलाई धेरैपटक यसो भन्दै प्रोत्साहन दिनुभएको छः "आजको अवस्थामा परिस्थिति आइपुगेको हुनाले, तिमीहरूले आफ्ना विगतका कर्म र कार्यहरूको बारेमा अत्यन्तै पीडा र पछुतो मान्नु पर्दैन। मेरो उदारता समुद्र र आकाशजस्तै असीमित छ–मानिसका क्षमताहरू र मेरो बारेमा उसको ज्ञान कसरी मेरो लागि मेरा हतकेलाको पछाडिको भागजस्तै परिचित नहुन सक्थ्यो र?" यी तत्पर र इमानदार वचनहरूले अचानक मानिसहरूको मनमस्तिष्क खोलिदिन्छ र तिनीहरूलाई तुरुन्तै हताश अवस्थाबाट परमेश्‍वरलाई प्रेम गर्ने अवस्थामा, सकारात्मक र सक्रिय अवस्थामा लैजान्छ, किनभने परमेश्‍वरले मानिसहरूको हृदयमा भएको कमजोरीलाई हटाउँदै बोल्नुहुन्छ। यो कुरालाई थाहै नपाई, मानिसहरूले तिनीहरूको विगतका कार्यहरूको कारण परमेश्‍वरको अघि सधैँ लज्जित महसुस गर्छन्, र तिनीहरूले बारम्बार ग्लानि व्यक्त गर्छन्। यसर्थ, परमेश्‍वरले यी वचनहरूलाई विशेष गरी प्राकृतिक र सामान्य रूपमा प्रकट गर्नुहुन्छ, ताकि मानिसहरूले परमेश्‍वरका वचनहरू कठोर र निरस छन् भन्ने अनुभूति नगरून्, बरु ती कडा र कोमल, अनि स्पष्ट र जीवन्त दुवै छन् भन्ने अनुभव गरून्।

सृष्टिदेखि आजको दिनसम्म, परमेश्‍वरले आत्मिक संसारबाट नै मानिसको निम्ति सबै कुरा चुपचाप मिलाउनुभएको छ, र आत्मिक संसारको सत्यताको बारेमा मानिसलाई कहिल्यै व्याख्या गरिदिनुभएको छैन। तैपनि, आज, परमेश्‍वरले आन्तरिक रूपमा हुने युद्धको छोटो विवरण दिनुहुन्छ, जसले प्राकृतिक रूपमा नै मानिसहरूलाई अन्योल तुल्याउँछ, परमेश्‍वर प्रगाढ र बुझ्न नसकिने हुनुहुन्छ भन्ने तिनीहरूको बोधलाई अझै गहन तुल्याउँछ, र परमेश्‍वरका वचनहरूको स्रोत पत्ता लगाउन तिनीहरूको लागि अझै कठिन तुल्याउँछ। आत्मिक संसारको युद्धरत स्थितिले सबै मानिसहरूलाई आत्मामा ल्याउँछ भनेर भन्न सकिन्छ। यो भविष्यको कामको पहिलो महत्त्वपूर्ण भाग हो, र यो मानिसहरूलाई आत्मिक क्षेत्रमा प्रवेश गर्न समर्थ तुल्याउने इसारा हो। यसबाट, के देख्न सकिन्छ भने, परमेश्‍वरको कार्यको अर्को चरण मुख्य रूपमा आत्मामा केन्द्रित छ, जसको मुख्य उद्देश्य भनेको देहमा रहनुभएका परमेश्‍वरको आत्माको आश्‍चर्ययुक्त कार्यहरूको बारेमा सबै मानिसहरूलाई अझै ठूलो ज्ञान दिएर परमेश्‍वरप्रति निष्ठावान रहनेहरू सबैलाई शैतानको मूर्खता र प्रकृतिको अझै ठूलो ज्ञान दिनु हो। तिनीहरू आत्मिक क्षेत्रमा जन्मेका नभए पनि, तिनीहरूलाई यस्तो लाग्छ मानौं तिनीहरूले शैतानलाई देखेका छन्, र तिनीहरूमा यो अनुभूति आएपछि, परमेश्‍वरले तुरुन्तै बोल्ने अर्को शैलीको प्रयोग गर्नुहुन्छ–र मानिसहरूले यस्तो किसिमको सोचाइ प्राप्त गरिसकेपछि, परमेश्‍वरले सोध्नुहुन्छः "म किन तिमीहरूलाई यति जरुरीको साथ तालिम दिँदैछु? किन म तिमीहरूलाई आत्मिक संसारको तथ्यहरू बताउँछु? किन म तिमीहरूलाई बारम्बार

सम्झाउँछु र सल्लाह दिन्छु?" अनि यस्तै-यस्तै प्रश्नहरूको श्रृंखला, जसले मानिसहरूको मनमा विभिन्न प्रश्नहरू उठाउँछन्: परमेश्वर किन यो शैलीमा बोल्नुहुन्छ? उहाँले किन आत्मिक संसारका विषयहरूको बारेमा बोल्नुहुन्छ, र मण्डली निर्माणको अवधिमा उहाँले मानिसहरूलाई दिनुभएका मापदण्डहरूको बारेमा बोल्नुहुन्न? परमेश्वरले किन रहस्यहरू प्रकट गरेर मानिसहरूको धारणाहरूलाई प्रहार गर्नुहुन्न? अलिकति बढी विचारशील बनेर मात्रै, मानिसहरूले परमेश्वरको कार्यका चरणहरूको बारेमा अलिकति ज्ञान प्राप्त गर्छन्, यसरी जब भविष्यमा तिनीहरूले परीक्षाहरूको सामना गर्छन्, तिनीहरूमा शैतानप्रति वास्तविक घृणाबोध पैदा हुन्छ। अनि तिनीहरूले भविष्यमा परीक्षाहरूको सामना गर्नु परे पनि, तिनीहरूले अझै पनि परमेश्वरलाई चिन्न र अझै गहन रूपमा शैतानलाई घृणा गर्न, र शैतानलाई सराप्न सक्छन्।

अन्त्यमा, परमेश्वरको इच्छा पूर्ण रूपमा मानिसलाई प्रकट गरिन्छ: "मेरो प्रत्येक वचनलाई तिमीहरूका आत्माभित्र जरा हाल्न अनि फक्रन दिँदै, अनि फल फलाउन र त्योभन्दा अझ महत्त्वपूर्ण धेरै फल फलाउन दिन। किनकि मैले चहकिला, लहलहाउँदा फूलहरू मागेको होइनँ, तर प्रशस्त फल मागेको हुँ, त्यस्तो फल जसले आफ्नो पाकेको रूप हराउँदैन।" परमेश्वरले आफ्ना मानिसहरूलाई बारम्बार दिनुभएका मापदण्डहरूमध्ये, सबैभन्दा वृहत् यही नै हो, यो महत्वपूर्ण बुँदा हो, र यसलाई सीधा रूपमा प्रस्तुत गरिएको छ। म सामान्य मानवतामा काम गर्ने अवस्थाबाट पूर्ण ईश्वरीयतामा काम गर्ने अवस्थामा स्थानान्तर भएको छु; तसर्थ, विगतमा, मेरा सरल रूपमा बोलिएका वचनहरूमा, मैले थप कुनै व्याख्याहरू थप्न आवश्यक थिएन, र धेरैजसो मानिसहरूले मेरा वचनहरूको अर्थलाई बुझ्न सकेका थिए। परिणाम के भएको थियो भने, त्यो बेला मानिसहरूको लागि आवश्यक सर्त भनेको मानिसहरूले मेरा वचनहरू जानून् र वास्तविकताको बारेमा बोल्न सकून् भन्ने मात्रै थियो। तर, यो चरण भने अत्यन्तै फरक छ। मेरो ईश्वरीयताले पूर्ण रूपमा स्थान लिएको छ, र मानवताले सहभागिता जनाउने कुनै स्थान बाँकी छैन। तसर्थ, मेरा मानिसहरूमध्येका व्यक्तिहरूले मेरा वचनहरूको साँचो अर्थ बुझ्न चाहन्छन् भने, तिनीहरूलाई अत्यन्तै कठिन हुन्छ। मेरा वाणीहरूबाट मात्रै तिनीहरूले अन्तर्दृष्टि र ज्योति प्राप्त गर्न सक्छन्, र यदि यो प्रणालीको प्रयोग गरिएन भने, मेरा वचनहरूको उद्‌देश्यलाई बुझ्ने कुनै पनि सोच दिवास्वप्न मात्रै हुन्छन्। जब सबै मानिसहरूले मेरा वाणीहरूलाई स्वीकार गरेर मेरो बारेमा ठूलो ज्ञान प्राप्त गरिसकेका हुन्छन्, त्यो समय मेरा मानिसहरूले मेरो अनुरूप जीवन जिउने समय हो, त्यो मैले देहमा गर्ने मेरो काम समाप्त भएको समय हो, र मेरो ईश्वरीयताले देहमा पूर्ण रूपमा जिएको समय हो। यस बेला, सबै मानिसहरूले देहमा जिएको मलाई चिन्नेछन्, र परमेश्वर देहमा देखा पर्नुहुन्छ भनेर साँचो रूपमा भन्न सक्नेछन्, अनि यो नै यसको फल हुनेछ। यो मण्डली निर्माणको कार्यद्‌वारा परमेश्वर दिक्क हुनुभएको छ भन्ने कुराको थप प्रमाण हो–अर्थात्, "हरित गृहका फूलहरू ताराहरू जत्तिकै असङ्ख्य छन्, र तिनले तारिफ गर्ने भीडहरूलाई खिँच्छन्, तैपनि तिनीहरू ओइलिएपछि, तिनीहरू शैतानका छलपूर्ण युक्तिहरू जस्तै नष्ट हुन्छन्, र कसैले पनि तिनमा कुनै चासो देखाउँदैन।" मण्डली निर्माणको कार्यको अवधिमा परमेश्वरले व्यक्तिगत रूपमा काम गर्नुभएको भए पनि, उहाँ सधैँ नयाँ रहनुहुने र कहिल्यै पुरानो नरहनुहुने परमेश्वर हुनुभएकोले,

उहाँलाई विगतका कुराहरूको यादले कहिल्यै सताउँदैन। मानिसहरूलाई विगतको बारेमा विचार गर्नबाट रोक्नको लागि, उहाँले "तिनीहरू शैतानका छलपूर्ण युक्तिहरू जस्तै नष्ट हुन्छन्," भन्ने वचनहरूको प्रयोग गर्नुहुन्छ, जसले परमेश्‍वरले धर्मसिद्धान्तहरूको पालन गर्नुहुन्न भन्ने कुरालाई देखाउँछ। कतिपय मानिसहरूले परमेश्‍वरको इच्छालाई गलत रूपले अर्थ लगाउन सक्छन्, र यस्तो प्रश्‍न गर्न सक्छन्: यो परमेश्‍वर स्वयम्‌ले नै गर्नुभएको काम भएको हुनाले, उहाँले किन "फूलहरू ओइलिएपछि, कसैले पनि तिनमा कुनै चासो देखाउँदैन" भनी भन्नुभयो? यी वचनहरूले मानिसहरूलाई प्रकाश दिन्छ। सबैभन्दा महत्त्वपूर्ण कुरा के हो भने, तिनले मानिसहरूलाई नयाँ, र सही सुरुवाती बिन्दु प्रदान गर्छन्; तब मात्रै तिनीहरूले परमेश्‍वरको इच्छालाई पूरा गर्न सक्नेछन्। आखिरमा, परमेश्‍वरका मानिसहरूले परमेश्‍वरलाई साँचो, बाध्यताले होइन तर स्वेच्छाले, र तिनीहरूको हृदयबाट निस्केको प्रशंसा चढाउन सक्छन्। परमेश्‍वरको ६,०००-वर्षे व्यवस्थापन योजनाको केन्द्रमा यही कुरा छ। अर्थात्, यो ६,०००-वर्षे व्यवस्थापन योजनाको चरम बिन्दु त्यही नै हो: सबै मानिसहरूलाई परमेश्‍वरको देहधारणको महत्त्वको बारेमा जान्ने तुल्याउनु–तिनीहरूलाई परमेश्‍वर कसरी देह बन्नुहुन्छ, भन्नुको अर्थ, परमेश्‍वरले देहमा गर्नुहुने कर्महरूको बारेमा जान्ने तुल्याउनु–ताकि तिनीहरूले अस्पष्ट परमेश्‍वरलाई इन्कार गरून्, र आजका परमेश्‍वर, र हिजोका परमेश्‍वर, र त्योभन्दा पनि मुख्य कुरा, भोलिका परमेश्‍वर लाई चिनून, जो वास्तवमै र साँचो रूपमा अनन्तदेखि अनन्तसम्म अस्तित्वमा हुनुहुन्छ। त्यसपछि मात्रै परमेश्‍वर विश्राममा प्रवेश गर्न सक्नुहुन्छ!

## अध्याय ४

सबै मानिसहरूलाई नकारात्मकताबाट सकारात्मकतामा परिवर्तन भएपछि उन्मादपूर्ण हुन र बहकिएर जान नदिनको लागि, परमेश्‍वरले उहाँका मानिसहरूप्रतिको उहाँका सबैभन्दा ठूला आवश्यक मापदण्डहरूका बारेमा बोलिसक्नुभएपछि–उहाँले व्यवस्थापन योजनाको यो चरणमा उहाँको इच्छा के छ सोबारेमा मानिसहरूलाई बताइसक्नुभएपछि–अन्त्यमा परमेश्‍वरको इच्छालाई सन्तुष्ट तुल्याउन मनैदेखि तयार हुन तिनीहरूलाई सहयोग गर्न उहाँले तिनीहरूलाई उहाँका वचनहरूको मनन गर्ने अवसर दिनुहुन्छ। जब मानिसहरूका अवस्थाहरू सकारात्मक हुन्छन्, तब परमेश्‍वरले तिनीहरूलाई तुरुन्तै समस्याको अर्को पक्षका बारेमा प्रश्‍नहरू गर्न थाल्नुहुन्छ। उहाँले मानिसहरूले पत्ता लगाउन कठिन प्रश्‍नहरू एकपछि अर्को गरी सोध्नुहुन्छ: "के मप्रतिको तिमीहरूको प्रेम अशुद्धताले कलङ्कित थियो? के मप्रति तिमीहरूको बफादारीता शुद्ध र सम्पूर्ण हृदयको थियो? के मेरो बारेमा तिमीहरूको ज्ञान सत्य थियो? तिमीहरूको हृदयमा मैले कति ठाउँ ओगट्थें?" र यस्तै-यस्तै अन्य प्रश्‍नहरू। यो अनुच्छेदको पहिलो आधा भागमा, दुई हप्कीहरूबाहेक, बाँकी सबै प्रश्‍नहरू मात्रै छन्। खास गरी–"के मेरा भनाइहरूले तिमीहरूको केन्द्रमै प्रहार गरेको छ?"–भन्ने प्रश्‍न अत्यन्तै उचित छ। यसले मानिसहरूको हृदयको गहिराइको सबैभन्दा गुप्त कुरालाई प्रहार गर्छ, यसरी तिनीहरूलाई अचेत रूपमा आफैलाई यो प्रश्‍न सोध्ने तुल्याउँछ: "के म परमेश्‍वरप्रतिको

मेरो प्रेममा साँच्चै बफादार छु?” मानिसहरूले आफ्नो हृदयमा अचेत रूपमा, सेवा गर्दाका आफ्ना विगतका अनुभवहरूलाई स्मरण गर्छन्: तिनीहरू आत्म-माफी, आत्म-धार्मिकता, आत्म-महत्त्व, आत्मसन्तुष्टि, प्रसन्नता, र अहङ्कारले भरिएका थिए। तिनीहरू जालमा परेको ठूलो माछाजस्तै थिए–जालमा परेपछि, तिनीहरूले आफूलाई मुक्त गर्न सहज थिएन। यसको साथै, तिनीहरू बारम्बार अनियन्त्रित हुन्थे, तिनीहरूले पटकपटक परमेश्‍वरको सामान्य मानवतालाई धोका दिन्थे, र आफूले गर्ने सबै कुरामा आफैलाई पहिलो प्राथमिकता दिन्थे। “सेवाकर्ताहरू” भनेर बोलाइनुभन्दा पहिले, तिनीहरू सामर्थ्यले भरिएका भर्खर जन्मेका सिंहका बच्चाहरू जस्ता थिए। तिनीहरूले केही हदसम्म आफ्नो ध्यान जीवनमा केन्द्रित गर्ने गरे पनि, प्रायजसो तिनीहरू अल्याङटल्याङ मात्रै गरिरहेका हुन्थे; दासहरूजस्तो, तिनीहरूले परमेश्‍वरप्रति झारातिरुवा शैलीमा काम गर्थे। सेवाकर्ताको रूपमा खुलासा भएको समयमा, तिनीहरू नकरात्मक भए, तिनीहरू पछि हटे, तिनीहरू शोकले भरिएका थिए, तिनीहरूले परमेश्‍वरको बारेमा गनगन गरे, तिनीहरूले खिन्नतामा शिर निहुर्‍याए, अनि यस्तै-यस्तै काम गरे। तिनीहरूको हरेक कदममा तिनीहरूको मनमस्तिष्कमा तिनीहरूका आफ्नै सुन्दर, हृदयस्पर्शी कथाहरू गुन्जिरहन्छन्। तिनीहरूलाई सुत्न समेत कठिन हुन्छ, र तिनीहरूले दिनको समय अचेत अवस्थामा नै बिताउँछन्। तिनीहरूलाई दोस्रोपटक परमेश्‍वरले हटाउनुभएको छ जस्तो देखिन्छ, तिनीहरू कहिल्यै उम्कन नसक्ने गरी पातालमा खसेका छन जस्तो देखिन्छ। पहिलो अनुच्छेदमा केही कठिन प्रश्‍नहरू प्रस्तुत गर्नेबाहेक परमेश्‍वरले केही पनि नगर्नुभएको भए पनि, ध्यान दिएर पढ्दा यसले के देखाउँछ भने, यी प्रश्‍नहरू सोध्ने परमेश्‍वरको उद्‌देश्य प्रश्‍नहरू सोध्नमा मात्रै सीमित छैन; तिनमा गहन स्तरको अर्थ लुकेको छ, जसलाई अझै विस्तृत रूपमा व्याख्या गरिनुपर्छ।

परमेश्‍वरले किन एकपटक आज आखिर आज नै हो, र हिजोको दिन बितिसकेको हुनाले, अतीतको यादमा डुब्नु पर्ने कुनै आवश्यक छैन भनेर भन्‍नुभयो, तैपनि यहाँ पहिलो वाक्यमा नै उहाँले मानिसहरूलाई प्रश्‍नहरू गर्नुहुन्छ, र तिनीहरूलाई विगतको याद गर्न लगाउनुहुन्छ? यसबारेमा विचार गर: परमेश्‍वरले मानिसहरूलाई अतीतको याद नगर भनी भन्‍नुहुन्छ, तर फेरि किन तिनीहरूले विगतको बारेमा मनन गर्नुपर्छ भनेर पनि भन्‍नुहुन्छ? के परमेश्‍वरका वचनहरूमा गल्ती हुन सक्छ? के यी वचनहरूको स्रोत गलत हुन सक्छ? प्राकृतिक रूपमै, परमेश्‍वरका वचनहरूलाई ध्यानै नदिनेहरूले त्यस्तो गहन प्रश्‍नहरू गर्नेथिएन। तर केही क्षणको लागि, यसबारेमा बताउने कुनै आवश्यकता छैन। पहिलो, म माथिको पहिलो प्रश्‍नलाई व्याख्या गर्छु–“किन” भन्‍ने प्रश्‍न। अवश्य नै, परमेश्‍वरले म रित्तो शब्दहरू बोल्दिन भनी भन्‍नुभएको छ भन्‍ने कुरा सबैलाई थाहा छ। यदि परमेश्‍वरको मुखबाट वचनहरू बोलिन्छन् भने, तिनमा उद्‌देश्य र महत्त्व हुन्छ–यसले प्रश्‍नको केन्द्रबिन्दु छुन्छ। मानिसहरूको सबैभन्दा ठूलो असफलता भनेको तिनीहरूले आफ्ना दुष्ट मार्गहरू परिवर्तन गर्न नसक्नु र तिनीहरूको पुरानो प्रकृतिलाई हटाउन नसक्नु हो। सबै मानिसहरूलाई अझै पूर्ण र वास्तविक रूपमा आफूलाई चिन्‍ने अवसर दिनको लागि, परमेश्‍वरले तिनीहरूलाई तिनीहरूले आफ्नो बारेमा अझै गहन रूपमा मनन गर्न सकून्, र यसरी परमेश्‍वरका वचनहरूमध्ये एउटा पनि रित्तो छैन, र परमेश्‍वरका सबै वचनहरू फरक-फरक मानिसहरूमा फरक-फरक हदमा पूरा हुन्छन्

भनेर जानून् भनेर सुरुमा विगतको बारेमा मनन गर्न लगाउनुहुन्छ। विगतमा, परमेश्‍वरले मानिसहरूलाई जसरी निराकरण गर्नुहुन्थ्यो त्यसले तिनीहरूलाई परमेश्‍वरको बारेमा थोरै ज्ञान दिन्थ्यो र परमेश्‍वरप्रतिको तिनीहरूको इमानदारितालाई अलिक बढी हृदयस्पर्शी बनाउथ्यो। "परमेश्‍वर" भन्‍ने शब्दले ०.१ प्रतिशत मानिसहरू र तिनीहरूको हृदयलाई ओगट्छ। यति कुरा हासिल गरेको तथ्यले परमेश्‍वरले निकै धेरै मात्रामा मुक्तिको काम गर्नुभएको छ भन्‍ने देखाउँछ। ठूलो रातो अजिङ्गरले नाजायज फाइदा उठाएको र शैतानले कब्जा गरेको यो समूहमा परमेश्‍वरले यति कुरा पूरा गर्नु भनेको यस्तो अवस्था हो जसमा तिनीहरूले आफूलाई जस्तो मन पर्‍यो त्यस्तो गर्ने आँट गर्दैनन् भनेर भन्दा अत्युक्ति हुँदैन। किनभने शैतानले काबुमा राखेका मानिसहरूको सत प्रतिशत हृदय ओगट्नु परमेश्‍वरको निम्ति असम्भव हुन्छ। अर्को चरणको अवधिमा परमेश्‍वरसम्बन्धी मानिसहरूको ज्ञानलाई बढाउनको लागि, परमेश्‍वरले विगतका सेवाकर्ताहरूको अवस्थालाई आजका परमेश्‍वरका मानिसहरूको अवस्थासँग तुलना गरेर एउटा स्पष्ट भिन्‍नता प्रस्तुत गर्नुहुन्छ, जसले मानिसहरूलाई अझै लज्जित तुल्याउँछ। परमेश्‍वरले भन्‍नुभएजस्तै, "तिमीहरूका सर्म लुकाउने ठाउँ कहीँ पनि छैन।"

त्यसो भए, परमेश्‍वरले तिनीहरूलाई प्रश्‍न गर्नकै लागि मात्रै प्रश्‍न गरिरहनुभएको छैन भनेर मैले किन भनेँ त? सुरुदेखि अन्तिमसम्म यसलाई ध्यान दिएर पढ्दा यसले के देखाउँछ भने, परमेश्‍वरले गर्नुभएका प्रश्‍नहरूलाई विस्तृत रूपमा व्याख्या नगरिएको भए पनि, ती सबैले परमेश्‍वरप्रतिको मानिसहरूको बफादारिता र परमेश्‍वरसम्बन्धी तिनीहरूको ज्ञानको हदलाई जनाउँछन्; अर्को शब्दमा भन्दा, ती प्रश्‍नहरूले मानिसहरूको वास्तविक अवस्थाहरूलाई जनाउँछन्, जुन दयनीय छ, र तिनीहरूलाई यसको बारेमा खुलेर करा गर्न कठिन हुन्छ। यसबाट के देख्न सकिन्छ भने, मानिसहरूको कद अत्यन्तै सानो छ, परमेश्‍वरसम्बन्धी तिनीहरूको ज्ञान अत्यन्तै सतही छ, र उहाँप्रतिको तिनीहरूको बफादारिता कलङ्कित र अशुद्ध छ। परमेश्‍वरले भन्‍नुभएजस्तै, लगभग सबै मानिसहरूले धमिलो पानीमा माछा मार्छन् र नाममात्रको काम गर्छन्। जब परमेश्‍वरले "के तिमीहरू मेरा मानिसहरू हुन अयोग्य छौ भन्‍ने साँच्चै विश्‍वास गर्छौ?" भनी भन्‍नुहुन्छ, यी वचनहरूको साँचो अर्थ के हो भने, सारा मानिसहरूमाझ, कोही पनि परमेश्‍वरका मानिसहरू बन्‍न योग्यका छैनन्। तर अझै ठूलो प्रभाव हासिल गर्नको लागि, परमेश्‍वरले प्रश्‍न सोध्ने विधि प्रयोग गर्नुहुन्छ। यो विधि मानिसहरूको हृदयलाई छेड्ने हदसम्म जाने गरी तिनीहरूलाई निर्दयी रूपमा आक्रमण गर्ने, प्रहार गर्ने, र मार्ने विगतका वचनहरूभन्दा निकै नै प्रभावकारी छ। मानौं परमेश्‍वरले निरस र खल्लो कुरा यसरी बताउनुभयो, "तिमीहरू मप्रति निष्ठावान छैनौ, र तिमीहरूको निष्ठा कलङ्कित छ, तिमीहरूको हृदयमा मेरो निम्ति कुनै ठोस स्थान छैन...। म तिमीहरूलाई तिमीहरू आफैदेखि लुक्ने कुनै ठाउँ दिनेछैन, किनभने तिमीहरूमध्ये कोही पनि मेरा मानिसहरू बन्‍नका लागि पर्याप्त छैनौ।" तिमीहरूले यी दुवैलाई तुलना गर्न सक्छौ, र विषयवस्तु एउटै भए पनि, हरेकको शैली फरक छ। प्रश्‍नहरूको प्रयोग अझै बढी प्रभावकारी छ। तसर्थ, बुद्धिमानी परमेश्‍वरले पहिलो शैलीको प्रयोग गर्नुहुन्छ, जसले उहाँले बोल्दा प्रयोग गर्नुहुने कलालाई देखाउँछ। यो कुरा मानिसले हासिल गर्न नसक्ने कुरा हो, त्यसकारण परमेश्‍वरले यसो भन्‍नुभएको कुरा उचितै हो,

"मानिसहरू मैले प्रयोग गर्ने भाँडाकुँडा मात्रै हुन्। तिनीहरूबीचको एउटै मात्र भिन्नता के हो भने कतिचाहिँ अत्यन्तै न्यून महत्त्वका छन् र कति भने बहुमूल्य छन्।"

मानिसहरूले पढ्दै जाने क्रममा, परमेश्वरका वचनहरू गहन र शीघ्र हुँदै जान्छन्, तिनीहरूले सास फेर्ने मौका पनि बिरलै पाउँछन्, किनभने कुनै पनि हालतमा परमेश्वरले मानिससँग खुकुलो व्यवहार गर्नुहुन्न। जब मानिसहरूलाई सबैभन्दा बढी पछुतो भइरहेको हुन्छ, परमेश्वरले फेरि पनि तिनीहरूलाई यसो भनेर चेतावनी दिनुहुन्छ: "यदि तिमीहरू माथिका प्रश्नहरूबारे पूर्ण रूपमा अनजान छौ भने, त्यसले तिमीहरू धमिलो पानीमा माछा मार्दैछौ, तिमीहरू केवल सङ्ख्या थप्न मात्र उपस्थित छौ भन्ने देखाउँछ, र त्यस बेला मद्वारा पूर्वनिर्धारित भएर तिमीहरू निश्चय नै हटाइनेछौ र दोस्रो चोटि अतल कुण्डमा फालिनेछौ। यी मेरा चेतावनीका वचनहरू हुन्, र यसलाई हल्का रूपमा लिने जो-कोहीलाई पनि मेरो न्यायद्वारा प्रहार गरिनेछ, र तोकिएको समयमा विनाशको सामना गराइनेछ।" यी वचनहरू पढेपछि, मानिसहरूले तिनीहरू अतल कुण्डमा फ्याँकिएको समयको बारेमा विचार नगरी बस्न सक्दैनन्: महाविपत्ति आउँछ भन्ने डर, परमेश्वरका प्रशासनिक आदेशहरूको शासन, तिनीहरूका आफ्नै अन्त्यले तिनीहरूलाई पर्खिरहेको अवस्था, लामो समयसम्म हैरान, निराश, व्याकुल भएको, तिनीहरूको हृदयको उदास अवस्थाको बारेमा कसैलाई बताउन नपाएको अवस्था–यसको तुलनामा त तिनीहरूको देहलाई हटाइदिएकै भए राम्रो हुनेथियो भन्ने तिनीहरूलाई लाग्छ...। तिनीहरूको सोचाइ यो बिन्दुमा पुगेपछि, तिनीहरू व्याकुल नभई रहन सक्दैनन्। तिनीहरू विगतमा कस्ता थिए, तिनीहरू आज कस्ता छन्, र भोलि तिनीहरू कस्ता हुनेछन् भनेर विचार गर्दा, तिनीहरूको हृदयमा शोक-सुर्ता बढ्छ, तिनीहरू थाहै नभई काँप्न थाल्छन्, तसर्थ तिनीहरू परमेश्वरका प्रशासनिक आदेशहरूप्रति झन्झन् भयभीत हुन्छन्। "परमेश्वरका मानिसहरू" भन्ने शब्द बोल्ने माध्यम मात्रै हुन सक्छ भन्ने तिनीहरूलाई थाहा भएपछि, तिनीहरूको हृदयको हर्ष तुरुन्तै हैरानीमा परिवर्तन हुन्छ। परमेश्वरले तिनीहरूलाई प्रहार गर्न तिनीहरूकै घातक कमजोरीको प्रयोग गरिरहनुभएको छ, र यस बिन्दुमा, उहाँले मानिसहरूको नशाहरू निरन्तर चलायमान हुने गरी र परमेश्वरका कार्यहरू अथाह छन्, परमेश्वर पहुँचभन्दा बाहिर हुनुहुन्छ, परमेश्वर पवित्र र शुद्ध हुनुहुन्छ, र तिनीहरू परमेश्वरका मानिसहरू बन्न योग्य छैनन् भन्ने तिनीहरूको बोधलाई बढाउने गरी, उहाँको कामको अर्को चरणको सुरुवात गर्दै हुनुहुन्छ। परिणामस्वरूप, तिनीहरूले पछि पर्ने दुस्साहस नगरी आफूलाई सुधार गर्ने आफ्ना प्रयासहरूलाई दुईगुणा बढाउँछन्।

त्यसपछि, मानिसहरूलाई एउटा पाठ सिकाउन, र तिनीहरूलाई आफूलाई चिन्ने, परमेश्वरको आदर गर्ने, र परमेश्वरको डर मान्ने तुल्याउनको लागि, परमेश्वरले आफ्नो नयाँ योजना सुरु गर्नुहुन्छ: "सृष्टिको समयदेखि आजको दिनसम्म, धेरै मानिसले मेरा वचनहरू उल्लङ्घन गरेका छन्, यसैले फेरि मेरो पुनर्बहालीको प्रवाहबाट हटाइएका छन्; अन्त्यमा, तिनीहरूका शरीरहरू नष्ट हुन्छन् र तिनीहरूका आत्माहरूलाई पातालमा फालिनेछ र अहिले पनि तिनीहरू गम्भीर दण्डको अधीनमा छन्। धेरै मानिसहरूले मेरा वचनहरू अनुसरण गरेका छन्, तर तिनीहरू मेरो ज्ञान र प्रकाशको विरुद्धमा गएका छन् ... र कतिचाहिँ ...।" यी वास्तविक उदाहरणहरू हुन्। यी वचनहरूमा,

परमेश्वरले परमेश्वरका मानिसहरूलाई उहाँका सबै युगका कार्यहरू जान्न लगाउनको लागि वास्तविक चेतावनी मात्र दिनुहुन्न, आत्मिक संसारमा के भइरहेको छ त्यसको एउटा भागको अप्रत्यक्ष चित्रण पनि प्रदान गर्नुहुन्छ। यसले गर्दा मानिसहरूले परमेश्वरप्रतिको तिनीहरूको अवज्ञाबाट कुनै पनि असल कुरा आउन सक्दैन भन्ने जान्दछन्। तिनीहरू लाजको अनन्त चिन्ह बन्नेछन्, र तिनीहरू शैतानको मूर्तरूप, र शैतानको प्रतिलिपि बन्नेछन्। परमेश्वरको हृदयअनुसार त, अर्थको यो पक्ष गौण महत्त्वको छ, किनभने यी वचनहरूले मानिसहरूलाई पहिले नै थरथर काम्ने र के गर्ने भन्ने अन्योलमा पारिसकेका छन्। यसको सकारात्मक पक्ष के हो भने, मानिसहरू डरले काम्ने क्रममा, तिनीहरूले आत्मिक संसारका केही विवरणहरू पनि प्राप्त गर्छन्–तर केही मात्रै, त्यसकारण मैले थोरै व्याख्या प्रदान गर्नैपर्छ। आत्मिक संसारको प्रवेशद्वारबाट के देख्न सकिन्छ भने, त्यहाँ हरप्रकारका आत्माहरू छन्। तर, कतिपय पातालमा छन्, कतिपय नरकमा छन्, कतिपय अग्नि-कुण्डमा छन्, र कतिपय अतलकुण्डमा छन्। म यसमा केही कुरा थप्न चाहन्छु। सतही रूपमा भन्दा, यी आत्माहरूलाई स्थानअनुसार विभाजन गर्न सकिन्छ; तैपनि, विशिष्ट रूपमा भन्दा, कतिलाई परमेश्वरको सजायले सीधै निराकरण गर्छ, र कति भने शैतानको बन्धनमा हुन्छन्, जुन बन्धनलाई परमेश्वरले प्रयोग गर्नुहुन्छ। अझै विशिष्ट रूपमा भन्दा, तिनीहरूको सजाय तिनीहरूका परिस्थितिहरूको गम्भीरताअनुसार फरक-फरक हुन्छन्। यस बिन्दुमा, म अझै थप व्याख्या गर्न चाहन्छु। परमेश्वरको हातले प्रत्यक्ष रूपमा नै सजाय दिइएकाहरूको पृथ्वीमा कुनै आत्मा हुँदैन, जसको अर्थ तिनीहरूलाई पुनर्जन्म हुने कुनै मौका हुँदैन। शैतानको अधिकार क्षेत्रका आत्माहरू–"मेरा शत्रुहरू भएका छन्" भनेर परमेश्वरले बताउनुभएका शत्रुहरू–सांसारिक तत्वहरूसँग जोडिएका हुन्छन्। पृथ्वीका विभिन्न दुष्ट आत्माहरू सबै परमेश्वरका शत्रुहरू, शैतानका सेवकहरू हुन्, र तिनीहरू अस्तित्वमा हुनुको कारण सेवा गर्नु, परमेश्वरका कार्यहरूका प्रतिभार हुने गरी सेवा गर्नु हो। तसर्थ, परमेश्वर भन्नुहुन्छ, "यी मानिसहरू शैतानद्वारा कैद गरिएका मात्र छैनन्, तिनीहरू त अनन्त पापीहरू र मेरा शत्रुहरू भएका छन्, र तिनीहरूले सीधै मेरो विरोध गर्छन्।" त्यसपछि, परमेश्वरले यस किसिमको आत्माको कस्तो अन्त्य हुन्छ भनेर मानिसहरूलाई बताउनुहुन्छ: "तिनीहरू मेरो क्रोधको पराकाष्ठामा मेरो न्यायका पात्रहरू हुन्।" परमेश्वरले तिनीहरूको वर्तमान अवस्थाहरूको बारेमा पनि स्पष्ट पार्नुहुन्छ: "आज पनि तिनीहरू अन्धा छन्, अझै पनि अँध्यारो कालकोठरीमा छन्।"

मानिसहरूलाई परमेश्वरका वचनहरूको सच्चापनको बारेमा बताउन, परमेश्वरले प्रमाणको रूपमा वास्तविक उदाहरण प्रयोग गर्नुहुन्छ (उहाँले बताउनुभएको पावलको घटना) ताकि उहाँको चेतावनीले मानिसहरूमा गहन प्रभाव पारोस्। पावलको बारेमा बताइएको कुरालाई कथाको रूपमा लिनबाट मानिसहरूलाई रोक्न र आफूलाई दर्शकहरू ठान्नबाट तिनीहरूलाई रोक्न–यसको साथै, तिनीहरूले परमेश्वरबाट सिकेका हजारौं वर्ष पहिले भएका कुराहरूलाई गर्व गर्दै देखाउनबाट तिनीहरूलाई रोक्न–परमेश्वरले पावलले आफ्नो जीवनभरि भोगेका अनुभवहरूमा ध्यान केन्द्रित गर्नुहुन्न। बरु, परमेश्वरले पावलको लागि के-कस्ता परिणामहरू आए र उनको अन्त्य कस्तो भयो, पावलले किन परमेश्वरको विरोध गरे, र कसरी पावल त्यस्तो अवस्थामा पुगे भन्ने कुरामा ध्यान केन्द्रित

गर्नुहुन्छ। पावलले चाहना गरेका आशाहरूलाई अन्त्यमा उहाँले कसरी इन्कार गर्नुभयो त्यस कुरालाई जोड दिने, र आत्मिक क्षेत्रमा पावलको अवस्था कस्तो थियो त्यसलाई उदाङ्गो पार्ने कुरामा परमेश्वरले ध्यान केन्द्रित गर्नुहुन्छ: "पावललाई परमेश्वरले प्रत्यक्ष रूपमा नै सजाय दिनुभयो।" मानिसहरू अचेत र परमेश्वरका वचनहरूको कुनै पनि कुरा बुझ्न नसक्ने अवस्थामा रहेकाले, परमेश्वरले एउटा व्याख्या समावेश गर्नुहुन्छ (वाणीको अर्को भाग), र फरक पक्षसँग सम्बन्धित विषयको बारेमा बोल्न थाल्नुहुन्छ: "जसले मेरो (मेरो देहगत अस्तित्व मात्र होइन तर अझ महत्त्वपूर्ण कुरा, मेरा वचनहरू र मेरो आत्मा, अर्थात्, मेरो ईश्वरत्वलाई समेत विरोध गर्नु) विरोध गर्छ, त्यसले आफ्नो देहमा मेरो दण्ड भोग्दछ।" सतही रूपमा भन्दा, यी वचनहरू माथिका वचनहरूसँग सम्बन्धित नरहेका र यी दुईबीचमा कुनै सम्बन्ध नरहेको देखिए पनि, नआत्तिओ: परमेश्वरका आफ्नै उद्देश्यहरू छन्; "माथिका उदाहरणहरूले के प्रमाणित गर्छ भने" भन्ने सरल शब्दहरूले यी हेर्दा सम्बन्धित नदेखिने विषयहरूलाई प्राकृतिक रूपमा जोड्छन्–परमेश्वरका वचनहरूको निपुणता यही हो। तसर्थ, पावलको विवरणबाट मानिसहरूले अन्तर्दृष्टि प्राप्त गर्छन्, र अघिल्लो र पछिल्लो खण्डबीचको सम्बन्धको कारण, पावलले दिएको पाठबाट, तिनीहरू परमेश्वरलाई चिन्ने कार्यमा थप लागिपर्छन्, अनि यी वचनहरू बोलेर परमेश्वरले हासिल गर्न चाहनुभएको प्रभाव ठीक त्यही नै हो। त्यसपछि, परमेश्वरले मानिसहरूको जीवन प्रवेशमा सहयोग र अन्तर्दृष्टि प्रदान गर्ने केही वचनहरू बोल्नुहुन्छ: यसबारेमा मैले बोल्नु आवश्यकता छैन; यी कुराहरू बुझ्न सजिलो छ भन्ने तँलाई लाग्नेछ। तैपनि परमेश्वरले भन्नुभएका यी वचनहरूलाई मैले व्याख्या गर्नैपर्छ, "जब मैले सामान्य मानवतामा काम गरें, धेरै मानिसहरूले मेरो क्रोध र प्रतापको तुलनामा आफैलाई मापन गरिसकेका थिए, र मेरो बुद्धि र स्वभावको बारेमा यसअघि नै अलिअलि जानेका थिए। आज, म सीधै ईश्वरत्वमा बोल्छु र काम गर्छु, र अझै पनि कोही मानिसहरू छन् जसले मेरो क्रोध र न्यायलाई आफ्नै आँखाले देख्नेछन्; यसबाहेक, न्यायको युगको दोस्रो चरणको मुख्य काम भनेको सबै मानिसलाई मेरो देहका कामहरू प्रत्यक्ष रूपमा जान्न दिनु र तिमीहरू सबैलाई प्रत्यक्ष रूपमा मेरो स्वभाव हेर्न दिनु हो।" यी थोरै वचनहरूले नै सामान्य मानवतामा परमेश्वरले गर्नुहुने कामलाई समापन गर्छन् र न्यायको युगमा गरिने परमेश्वरको कामको दोस्रो भागलाई औपचारिक रूपमा सुरु गर्छन्, जुन कार्यलाई ईश्वरीयतामा अघि बढाइन्छ, साथै यी वचनहरूले मानिसहरूको एक समूहको अन्त्यको बारेमा भविष्यवाणी पनि गर्छन्। यस बिन्दुमा, के कुरा स्पष्ट पार्नु उचित हुन्छ भने, मानिसहरू परमेश्वरका मानिसहरू बन्दा परमेश्वरले तिनीहरूलाई यो न्यायको युगको दोस्रो भाग हो भनेर भन्नुभएको थिएन। बरु, मानिसहरूलाई परमेश्वरको इच्छा र यो युगमा परमेश्वरले हासिल गर्न चाहनुभएका उद्देश्यहरू, र परमेश्वरले पृथ्वीमा गर्नुहुने अन्तिम चरणको कार्यको बारेमा बताइसक्नुभएपछि मात्रै यो न्यायको युगको दोस्रो भाग हो भनेर व्याख्या गर्नुहुन्छ। अवश्य नै, यसमा पनि परमेश्वरको बुद्धि छ। जब मानिसहरू भर्खरै बिरामीको शय्याबाट उठ्छन्, तिनीहरूले तिनीहरू मर्नेछन् कि मर्नेछैनन्, वा त्यो रोगलाई तिनीहरूको शरीरबाट हटाउन सकिन्छ कि सकिँदैन भन्नेबारेमा मात्रै मतलब गर्छन्। तिनीहरू मोटाउनेछन् कि छैनन्, वा तिनीहरूले सही वस्त्र पहिरिनेछन् कि छैनन् भन्नेबारेमा तिनीहरूले कुनै

ध्यान दिँदैनन्। तसर्थ, मानिसहरूले आफूहरू परमेश्वरका मानिसहरू हौं भनेर पूर्ण विश्वास गरिसकेपछि मात्रै परमेश्वरले मानिसहरूलाई उहाँका मापदण्डहरूका बारेमा चरणबद्ध रूपमा बताउनुहुन्छ, र आजको युग कुन हो भनेर बताउनुहुन्छ। किनभने मानिसहरू निको भएको केही दिनपछि मात्रै तिनीहरूसँग परमेश्वरको व्यवस्थापनका चरणहरूमा ध्यान केन्द्रित गर्ने ऊर्जा हुन्छ, त्यसकारण तिनीहरूलाई यसको बारेमा बताउने सबैभन्दा उचित समय यही नै हुन्छ। मानिसहरूले बुझेपछि मात्रै विश्लेषण गर्न थाल्छन्: यो न्यायको युगको दोस्रो भाग भएको हुनाले, परमेश्वरका मापदण्डहरू अझै कडा बनेका छन्, र म परमेश्वरका मानिसहरूमध्ये एक बनेको छु। यसरी विश्लेषण गर्नु सही हुन्छ, र यस प्रकारको विश्लेषण मानिसले प्राप्त गर्न सक्ने कुरा हो; यही कारणले गर्दा, परमेश्वरले बोल्ने यो शैली प्रयोग गर्नुहुन्छ।

मानिसहरूले अलि-अलि बुझिसकेपछि, परमेश्वर फेरि पनि बोल्नको लागि आत्मिक क्षेत्रमा प्रवेश गर्नुहुन्छ, र त्यसपछि तिनीहरू फेरि एकपटक पासोमा पर्छन्। प्रश्नहरूको यो श्रृंखलामा, हरेक व्यक्तिले अन्योल भई, परमेश्वरको इच्छा कहाँ छ, परमेश्वरका कुन-कुन प्रश्नहरूको उत्तर दिने, साथै परमेश्वरका प्रश्नहरूको उत्तर दिनको लागि कुन भाषाको प्रयोग गर्ने भन्ने थाहा नभएर आफ्नो टाउको कन्याउँछन्। उसलाई हाँस्ने कि रुने, थाहा हुँदैन। मानिसहरूका लागि, यी वचनहरूमा अत्यन्तै गहन रहस्यहरू छन् जस्तो देखिन्छ—तर तथ्यहरू ठीक विपरीत छन्। मैले तेरो लागि यहाँ सानो व्याख्या थप्नुपर्छ होला—यसले तेरो मस्तिष्कलाई विश्राम दिनेछ, र यो त सरल कुरा हो र यसको बारेमा सोचिरहनुपर्ने कुनै आवश्यकता छैन भन्ने तँलाई लाग्नेछ। वास्तवमा, वचनहरू धेरै भए पनि, तिनमा परमेश्वरको एउटै मात्र उद्देश्य छ: यी प्रश्नहरूमार्फत मानिसहरूको बफादारिता प्राप्त गर्नु। तर यसलाई सीधै बताउनु फाइदाजनक छैन, त्यसकारण परमेश्वरले फेरि पनि प्रश्नहरूको प्रयोग गर्नुहुन्छ। तैपनि उहाँले बोल्नुहुने शैली विशेष गरी नरम छ, जुन सुरुको भन्दा विपरीत हो। तिनीहरूलाई परमेश्वरले प्रश्न गर्नुभएको भए तापनि, यस प्रकारको फरक शैलीले मानिसहरूलाई केही हदसम्म सहजता दिन्छ। तैँले पनि हरेक प्रश्नलाई एक-एक गरी पढ्न सक्छस्; के यी कुराहरूलाई विगतमा धेरैपटक उल्लेख गरिएको छैन र? यी केही सरल प्रश्नहरूमा, धेरै प्रचुर विषयवस्तु लुकेको छ। कतिचाहिँ मानिसहरूको मानसिकताको व्याख्या हुन्: "के तिमीहरू पृथ्वीमा जीवन उपभोग गर्न चाहन्छौ जुन स्वर्गको जस्तो छ?" कति भने मानिसहरूले गरेको "लडाकू-शपथ" हुन्, जुन तिनीहरूले परमेश्वरको अघि खाएका हुन्छन्: "के तिमीहरू साँच्चै आफैलाई मद्वारा मारिन, भेडाझैं मद्वारा डोऱ्याइनका लागि सुम्पन सक्छौ?" र तिनीहरूमध्ये कतिचाहिँ परमेश्वरले मानिसलाई दिनुभएका मापदण्डहरू हुन्: "यदि म सिधा बोल्दिनँ थिएँ भने के तैंले आफ्नो वरिपरिका सबै थोकहरू त्याग्न सक्थिस् र आफैलाई मद्वारा प्रयोग हुन दिन सक्थिस्? के मैले चाहेको वास्तविकता यही होइन र? ..." तिनमा परमेश्वरले मानिसलाई दिनुभएको अर्ती र आश्वासनहरू पनि छन्: "तापनि म तिमीहरूलाई भन्छु, अब उप्रान्त शङ्काको भारले नथिचिनू, तिमीहरू आफ्नो प्रवेशमा सक्रिय हुनू र मेरा वचनहरूको सबैभन्दा प्रगाढ गहिराइहरूलाई बुझ्नू। यसले तिमीहरूलाई मेरा वचनहरू गलत प्रकारले बुझ्नबाट, र मेरो अर्थमा अस्पष्ट भएर मेरो प्रशासनिक आदेशहरूको उल्लङ्घन गर्नबाट बचाउँछ।" अन्तिममा, परमेश्वरले मानिसप्रतिको आफ्नो

आशाको बारेमा बताउनुहुन्छ: “म आशा गर्छु, मेरा वचनहरूमा तिमीहरूका निम्ति मेरा अभिप्रायहरूलाई तिमीहरूले बुझ्नेछौ। उप्रान्त तिमीहरूका आफ्नै सम्भावनाहरूका बारेमा नसोच र परमेश्वरका योजनाबद्ध कार्यहरूमा समर्पित हुनको लागि तिमीहरूले मेरो अघि गरेका सङ्कल्पहरू अनुसार सबै कुरामा व्यवहार गर।” अन्तिम प्रश्नको गहन अर्थ छ। यो विचार-उत्तेजक छ, यसले मानिसहरूको हृदयमा गहन प्रभाव पार्छ र कानको नजिक बजाइएको घण्टीजस्तै अटुट रूपमा बजिरहन्छ, त्यसकारण यसलाई भुल्न कठिन हुन्छ ...

माथि उल्लेखित कुराहरू तैँले सन्दर्भको रूपमा प्रयोग गर्न सक्ने व्याख्याका केही शब्दहरू हुन्छ।

## अध्याय ५

जब परमेश्वरले मानवलाई व्याख्या गर्न कठिन हुने मापदण्डहरू दिनुहुन्छ, र जब उहाँका वचनहरूले सीधै मानव हृदयमा प्रहार गर्छ र मानिसहरूले उहाँलाई आनन्द दिनको लागि आफ्नो इमानदार हृदय प्रदान गर्छन्, तब परमेश्वरले तिनीहरूलाई मनन गर्ने, संकल्प गर्ने, र अभ्यासको मार्ग खोजी गर्ने अवसर दिनुहुन्छ। यसरी, उहाँका मानिसहरू सबैले फेरि पनि संकल्पमा मुठ्ठी कसेर आफ्नो सम्पूर्णता नै परमेश्वरलाई अर्पण गर्नेछन्। सायद कतिपयले परमेश्वरको व्यवस्थापन योजनाको निम्ति महिमा ल्याउन र यसको समाप्तितिर यसलाई धकेल्नको लागि यसतर्फ आफ्नो सानोभन्दा सानो सामर्थ्य समेत समर्पित गर्दै कठिन परिश्रम गर्न आफैलाई परिचालन गर्ने तयारीको क्रममा एउटा योजना बनाउन र दैनिक कार्य-तालिका स्थापित गर्न सक्छन्। मानिसहरूले आफ्ना दैनिक क्रियाकलापलाई अघि बढाउने क्रममा, तिनीहरूले कुराकानी र काम गर्ने क्रममा, यी कुराहरूलाई मनमा राख्दै जब मानिसहरूले यो मानसिकता राख्न थालेका हुन्छन्, तब परमेश्वर फेरि बोल्न थाल्नुहुन्छ: “मेरो आत्माको आवाज मेरो स्वभावको सम्पूर्णताको अभिव्यक्ति हो। तिमीहरू बुझ्छौ?” मानवले जति धेरै सङ्कल्प गरेको हुन्छ, परमेश्वरको इच्छालाई बुझ्नको लागि तिनीहरू त्यति नै लागिपरेर तृष्णा गर्छन् र परमेश्वरले तिनीहरूलाई मापदण्डहरू दिऊन् भनेर तिनीहरूले त्यति नै तत्परताको साथ तृष्णा गर्छन्। यही कारणले गर्दा, लामो समयदेखि तयार रहेको उहाँका वचनहरूलाई तिनीहरूको अस्तित्वको सबैभन्दा भित्री भागमा राखिदिनको लागि यो अवसरको फाइदा उठाउँदै परमेश्वरले मानिसहरूको चाहना पूरा गरिदिनुहुनेछ। यी वचनहरू रूखो वा कठोर सुनिने भए तापनि, मानवजातिको लागि ती अतुलनीय रूपमा मीठो सुनिन्छ। अचानक, तिनीहरूको हृदय आनन्दले फक्रिन्छन्, मानौं तिनीहरू स्वर्गमा छन्, वा तिनीहरूलाई अर्को क्षेत्रमा स्थानान्तरण गरिएको छ–कल्पनाको एउटा साँचो स्वर्गलोक–जहाँ बाहिरी संसारका मामलाहरूले मानवजातिलाई अबउप्रान्त अतिक्रमण गर्दैन। मानिसहरूले विगतमा बानी परेझैं बाहिरबाट बोल्ने र बाहिरबाट काम गर्ने र उचित जरा गाड्न असफल हुने सम्भावनालाई टार्नको लागि, मानिसहरूले आफ्नो हृदयमा चाहना गरेको कुरा हासिल गरेपछि, यसको साथै, तिनीहरूले जोसिलो उत्साहका साथ काम गर्ने तयारी गरेपछि, परमेश्वरले अझै पनि तिनीहरूको मानसिकताअनुसार बोल्नको

लागि आफ्नो बोल्ने शैलीलाई अनुकूल बनाउनुहुन्छ, अनि तिनीहरूले आफ्नो हृदयमा राखेको सबै आवेग र धार्मिक संस्कारलाई तुरुन्तै र कुनै कुरा बाँकी नराखी झूटो ठहऱ्याउनुहुन्छ। परमेश्‍वरले भन्‍नुभएको छ, "के तिमीहरूले यसमा रहेको महत्त्वलाई साँच्‍चिकै देखेका छौ?" मानिसहरूले कुनै कुराको बारेमा सङ्कल्प गर्नुभन्दा अघि होस् वा पछि, तिनीहरूले परमेश्‍वरलाई उहाँका कार्यहरू वा उहाँका वचनहरूमा चिन्‍ने कार्यलाई त्यति धेरै महत्त्व दिँदैनन्, तर यस्ता प्रश्‍नहरू सोचिरहन्छन्, "मैले परमेश्‍वरको लागि के गर्न सक्छु? यो नै मुख्य समस्या हो!" यसैले परमेश्‍वर भन्‍नुहुन्छ, "र आफैलाई मेरो अगाडि मेरा जनहरू भनी भन्‍ने साहस तिमीहरूसँग छ—तिमीहरूसँग लाज छैन, कुनै समझ हुने कुरा त परै जाओस्!" परमेश्‍वरले यी वचनहरू बोलिसक्‍नुभएपछि, तुरुन्तै मानिसहरू होसमा आउँछन्, अनि दोस्रोपटक परमेश्‍वरलाई क्रोधित तुल्याउने गहन डरले करेन्ट लागेझैँ तिनीहरूले हतारहतार आफ्नो हात तानेर छातीको सुरक्षित भागमा लुकाउँछन्। यसबाहेक, परमेश्‍वरले यो पनि भन्‍नुभएको छ, "ढिलो वा चाँडो, तिमीहरू जस्ता मानिसहरू मेरो घरबाट निष्कासित हुनेछौ! मेरो लागि तँ साक्षी बनेको छस् भन्‍ने ठानेर मेरो अघि अनेक बहानाहरू बनाउँदै नआइज!" यस्ता वचनहरू सुनेर, मानिसहरू सिंहलाई देखेझैँ अझै बढी डराउँछन्। तिनीहरूलाई आफ्नो हृदयमा यो कुरा राम्ररी थाहा हुन्छ। तिनीहरू सिंहको आहारा बन्‍न चाहँदैनन्, अर्कोतर्फ तिनीहरूलाई कसरी उम्कने भन्‍ने पनि थाहा हुँदैन। ठीक यही क्षणमा, मानव हृदयभित्र रहेको योजना कुनै नाम-निशाना नै नरहने गरी पूर्ण रूपमा हराउँछ। परमेश्‍वरका वचनहरूद्वारा, मलाई यस्तो लाग्छ, मानौं मैले मानवजातिको लाजको हरेक पक्षलाई देख्‍न सक्छु: सन् २००० सम्ममा चार आधुनिकीकरण पूरा गर्ने लगायत, ठूला-ठूला सपनाहरू, सुखी परिवार, सुन्दर भविष्य, र यस्तै अन्य आकांक्षा बोकेर कलेजको प्रवेश परीक्षा दिँदा, त्यसमा असफल भएर सबै कुरालाई खोक्रो गफ र विज्ञान-कल्पना चलचित्रको एउटा काल्पनिक दृश्यमा परिणत गरेको, टाउको निहुऱ्याउँदै लुरुक्क परेको विद्यार्थीजस्तै। यो मानिसहरूलाई तिनीहरूको निष्क्रियतामाझ परमेश्‍वरले तिनीहरूलाई तोक्‍नुभएको पदमा खडा हुन लगाउँदै सक्रिय तत्वहरूको ठाउँमा निष्क्रियता साट्ने कार्य हो। अत्यन्तै महत्त्वपूर्ण कुरा के छ भने मानवजाति यो पदवी नाउँलाई गुमाउँछौ भनेर अति डराउँछन्; त्यसकारण, कसैले तिनलाई खोसेर लैजान्छ कि भनेर डराउँदै तिनीहरूले आफ्नो पदको तक्मालाई आफ्नै ज्यान जत्तिकै प्यारो ठान्छन्। जब मानवजाति यस्तो मनस्थितिमा हुन्छ, परमेश्‍वरले मानिसहरू निष्क्रिय हुनेछन् भनेर चिन्ता गर्नुहुन्‍न, त्यसकारण उहाँले सोहीअनुरूप उहाँका न्यायका वचनहरूलाई सोधपुछका वचनहरूमा परिवर्तन गर्नुहुन्छ। उहाँले मानिसहरूलाई सास फेर्ने मौका मात्रै दिनुहुन्‍न, उहाँले त तिनीहरूलाई तिनीहरूका पहिलेका आकांक्षाहरूलाई लिने र तिनलाई भविष्यको सन्दर्भको लागि व्यवस्थित गर्ने मौका पनि दिनुहुन्छ: अनुपयुक्त सबै कुरालाई परिवर्तन गर्न सकिन्छ। किनभने परमेश्‍वरले अहिलेसम्म आफ्नो काम सुरु गर्नुभएको छैन—यो ठूलो दशाको बीचमा सौभाग्यको सानो अंश हो—यसअलावा, उहाँले तिनीहरूलाई दोषी ठहऱ्याउनुहुन्‍न। त्यसकारण, म उहाँलाई मेरो सम्पूर्ण भक्ति दिने कार्यलाई जारी राख्छु!

त्यसपछि, तैँले डर मानेर परमेश्‍वरका वचनहरूलाई पन्छाउनु हुँदैन। परमेश्‍वरसँग कुनै नयाँ मापदण्डहरू छन् कि छैनन् त्यसलाई हेर्। अवश्य नै, तैँले यस्तो कुरा पत्ता लगाउनेछस्: "यो

समयदेखि उसो, सबै कुराहरूमा, तँ अभ्यासको वास्तविकतामा प्रवेश गर्नुपर्छ; विगतमा तैँले गरे जस्तो तेरो मुख चलाएर मात्र तँ अघि बढ्न सक्दैनस्।" यहाँ अझै पनि परमेश्वरको बुद्धि प्रकट हुन्छ। परमेश्वरले सधैँ आफ्नै गवाहीहरूलाई रक्षा गर्नुभएको छ, र जब विगतका वचनहरूको वास्तविकता यसको समाप्तिमा आइपुगेको हुन्छ, कसैले पनि "अभ्यासको वास्तविकता" को ज्ञानलाई बुझ्न सक्दैन। परमेश्वरले भन्नुभएको कुराको सत्यतालाई प्रमाणित गर्न यो नै पर्याप्त छः "म मेरै काम गर्न यो भार उठाउँछु।" यो ईश्वरीयतामा हुने कामको साँचो अर्थ, र मानवजाति नयाँ सुरुवातको बिन्दुमा पुगेपछि पनि अझै परमेश्वरका वचनहरूको साँचो अर्थलाई बुझ्न असमर्थ हुनुको कारणसँग सम्बन्धित छ। यस्तो किन हुन्छ भने, विगतमा बहुसंख्यक मानिसहरू परमेश्वरका वचनहरूको वास्तविकतामा अड्केका थिए, जबकि आज तिनीहरूले यी वचनहरूका सारलाई होइन सतही पक्षहरूलाई मात्रै बुझेकाले तिनीहरूसँग अभ्यासको वास्तविकताको बारेमा केही पनि ज्ञान छैन। अझै महत्त्वपूर्ण के छ भने, राज्यको निर्माण गर्ने कार्यमा आज कसैलाई पनि हस्तक्षेप गर्ने अनुमति छैन, बरु स्वचालित यन्त्रले जस्तो परमेश्वरको आज्ञापलन मात्रै गर्नुपर्ने हुन्छ। यो कुरालाई राम्ररी याद गर! जब-जब परमेश्वरले विगतको बारेमा कुरा उठाउनुहुन्छ, उहाँले आजको वास्तविक अवस्थाको बारेमा बोल्न थाल्नुहुन्छ; यो अघि जे आयो र पछि जे आउँछ ती दुईबीचमा ठूलो भिन्नता पैदा गर्दै बोल्ने शैली हो, र यही कारणले गर्दा। यसले मानिसहरूलाई विगतसँग वर्तमानलाई तुलना गर्न सक्षम तुल्याउँदै अझै राम्रो परिणाम हासिल गर्न सक्छ, र यसरी यी दुईबीचको अन्योलता हट्छ। यो परमेश्वरको बुद्धिको एउटा पक्ष हो, र यसको उद्देश्य भनेको कामको फल प्राप्त गर्नु हो। यसपछि, मानवजातिले दैनिक रूपमा उहाँका वचनहरू खान र पिउन कहिल्यै नबिर्सून् भनेर, अनि अझै महत्त्वपूर्ण कुरा, तिनीहरूले आफूलाई चिन्न सकून् र तिनीहरूले यसलाई दैनिक रूपमा आफूले सिक्नुपर्ने पाठको रूपमा लिन सकून् भनेर परमेश्वरले फेरि पनि मानवजातिको कुरूपतालाई प्रकट गर्नुहुन्छ।

यी वचनहरू बोलिसकेपछि, परमेश्वरले आफ्नो मूल उद्देश्यमा रहेको प्रभावहरूलाई हासिल गरिसक्नुभएको छ। त्यसकारण, मानवजातिले बुझ्यो कि बुझेन भनेर थप ध्यान नै नदिईकन, उहाँले एक-दुई वाक्यमा यी कुराहरू बताउनुहुन्छ, किनभने शैतानको कामसँग मानिसको कुनै लेनदेन छैन—जसको बारेमा मानजातिलाई केही पनि थाहा छैन। अब, आत्माको संसारलाई छोड्दै, हामी परमेश्वरले कसरी मानवजातिलाई मापदण्डहरू दिनुहुन्छ त्यसको बारेमा थप हेरौं: "मेरो निवासमा विश्राम गर्दै म नजिकबाट अवलोकन गर्छु: पृथ्वीमा सबै मानिसहरू आफ्ना गन्तव्य र आफ्ना भविष्यको लागि मात्र 'संसारभरि यात्रा गर्न' र यताउता दगुर्न दौडधूप गर्छन्। तर, मेरो राज्य निर्माणको लागि दिनलाई अलिकति पनि ऊर्जा छैन, सास फेर्नको लागि चाहिने जति ऊर्जा समेत छैन।" यी प्रचलनहरूका बारेमा मानवसँग कुराकानी गरिसकेपछि पनि परमेश्वरले तिनीहरूलाई कुनै ध्यान दिनुहुन्न, बरु आत्माको दृष्टिकोणबाट बोल्ने कार्यलाई जारी राख्नुहुन्छ, अनि, यी वचनहरूमार्फत मानवजातिको जीवनका आम परिस्थितिहरूलाई पूर्ण रूपमा प्रकट गर्नुहुन्छ। "संसारभरि यात्रा गर्न" र "यताउता दगुर्न" भन्ने वाक्यांशहरूबाट मानव जीवनमा अलिकति पनि अन्तर्वस्तु छैन भन्ने स्पष्ट देखिन्छ। परमेश्वरको सर्वशक्तिमान् मुक्ति नभएको भए, र चीनको

पतन हुँदै गइरहेको ठूलो सम्राट परिवारमा जन्मेकाहरू नभएको भए, मानिसहरूले सम्पूर्ण जीवन व्यर्थमा बिताउने सम्भावना अझै बढी हुनेथियो, र तिनीहरू संसारमा आउनुभन्दा पाताल वा नरकमा खस्नु नै असल हुनेथियो। ठूलो रातो अजिङ्गरको प्रभुत्वमा रहेर तिनीहरूले थाहै नपाई परमेश्‍वरलाई रिस उठाएका छन्, त्यसकारण स्वतः र अनजानमा परमेश्‍वरको सजायमा परेका छन्। यही कारणले गर्दा, परमेश्‍वरले "बचाएको छु" र "अकृतज्ञ" भन्ने वाक्यांशहरूलाई लिनुहुन्छ र तिनलाई एक-अर्काको विपरीत राख्नुहुन्छ, ताकि मानवजातिले यसबाट उहाँको उद्‌धारक अनुग्रहको प्रतिभार सिर्जना गर्दै आफूलाई अझै स्पष्ट रूपमा चिन्न सकून्। के यसले अझै प्रभावकारी परिणाम दिँदैन र? अवश्य नै, परमेश्‍वरका वाणीहरूको विषयवस्तुबाट मानिसहरूले धिक्कारको तत्व, मुक्ति र अपीलको तत्व, र उदासीनताको केही सङ्केत लिन सक्छन् भनेर मैले स्पष्ट रूपमा भनिरहनु नपर्ला। यी वचनहरू पढ्दा, मानिसहरूले अचेत रूपमा नै व्याकुलता अनुभव गर्न थाल्छन्, र आँसु नझारी बस्न सक्दैनन्...। तैपनि, केही शोकजन्य भावनाहरूको कारण परमेश्‍वर सीमित हुनुहुनेछैन, न त सम्पूर्ण मानवजातिको भ्रष्टतालाई हेरेर उहाँका मानिसहरूलाई अनुशासनमा राख्ने र तिनीहरूलाई मापदण्डहरू दिने उहाँको कार्यलाई नै त्याग्नुहुन्छ। यसकारणले गर्दा, उहाँको विषयहरूले सीधै आजका जस्ता परिस्थितिहरूलाई छुन्छ, र यसअलावा, उहाँले मानवजातिकहाँ उहाँका प्रशासनिक आदेशहरूको प्रतापको घोषणा गर्नुहुन्छ, ताकि उहाँको योजना अघि बढिरहन सकोस्। यही कारणले गर्दा, आवश्यक गतिमा यसलाई पछ्याउँदै र सही समयमा कामकुरा अघि बढाउँदै, परमेश्‍वरले यो महत्त्वपूर्ण बिन्दुमा यस समयको लागि संविधान स्थापना गर्नुहुन्छ—यस्तो संविधान जसको हरेक धारालाई मानवले परमेश्‍वरको इच्छालाई बुझ्नुभन्दा पहिले होशियारीसाथ ध्यान दिँदै पढ्नैपर्छ। अहिले यस विषयमा थप अघि बढ्नुपर्ने आवश्यक छैन; मानिसहरूले थप ध्यान दिएर पढ्नु मात्रै आवश्यक छ।

आज, तिमीहरू—यहाँ उपस्थित मानिसहरूको यो समूह—मात्रै परमेश्‍वरका वचनहरूलाई साँचो रूपमा देख्न सक्ने मानिसहरू हौ। तर पनि, परमेश्‍वरलाई चिन्ने क्रममा, आजका मानिसहरू विगतका युगहरूको कुनै व्यक्तिभन्दा निकै पछि परेका छन्। यसले यी हजारौं वर्षको अवधिमा शैतानले मानिसहरूमा कति धेरै प्रयास लगाएको छ, साथै यसले मानवजातिलाई कुन हदसम्म भ्रष्ट तुल्याएको छ भन्ने कुरा स्पष्ट पार्छ—त्यो हद यति ठूलो छ कि परमेश्‍वरले धेरै वचनहरू बोल्नुभएको भए पनि, मानवजातिले न त उहाँलाई बुझ्छ न त चिन्छ, बरु उहाँलाई सार्वजनिक रूपमा खडा भई विरोध गर्ने आँट गर्छ। त्यसकारण, आजका असंवेदनशील र सुस्त मानिसहरूलाई सन्दर्भको यथार्थ बुँदाहरू प्रदान गर्नका लागि परमेश्‍वरले आजका मानिसहरूलाई विगतको युगका मानिसहरूसँग तुलना गर्नुहुन्छ। मानजातिसँग परमेश्‍वरको कुनै ज्ञान नभएकोले, र तिनीहरूमा उहाँप्रतिको सच्चा ज्ञानको कमी भएको हुनाले, परमेश्‍वरले मानवजातिसँग योग्यता र तर्क-शक्तिको कमी छ भनेर ठहर गर्नुभएको छ; त्यसकारण उहाँले मानिसहरूलाई बारम्बार सहनशीलता देखाउनुभएको छ र तिनीहरूलाई मुक्ति दिनुभएको छ। आत्मिक क्षेत्रमा यस्तै किसिमको युद्ध लडिन्छ: शैतानले मानवजातिलाई निश्‍चित हदसम्म भ्रष्ट तुल्याउने, संसारलाई अत्यन्तै खराब र दुष्ट तुल्याउने, र मानिसहरूलाई आफूसँग दलदलमा तानेर परमेश्‍वरको योजनालाई नष्ट गर्ने आशा

गर्नु व्यर्थ छ। तैपनि, परमेश्‍वरको योजना भनेको सबै मानवजातिलाई उहाँलाई चिन्‍ने मानिसहरू बनाउनु होइन, बरु सम्पूर्णतालाई प्रतिनिधित्व गर्ने एउटा भाग छनौट गरेर, बाँकीलाई खेर गाएका उत्पादन, फोहोरको थुप्रोमा फ्याँकिनुपर्ने बिग्रेको समानको रूपमा छोड्नु हो। तसर्थ, शैतानको दृष्टिकोणबाट हेर्दा एक-दुई जना व्यक्तिहरूलाई पकडमा लिनु परमेश्‍वरको योजनालाई नष्‍ट गर्ने राम्रो अवसरको रूपमा देखिने भए पनि, शैतानजस्तो मूर्खलाई परमेश्‍वरको अभिप्रायको बारेमा के थाहा हुन सक्छ र? यही कारणले गर्दा, परमेश्‍वरले धेरै पहिले यसो भन्‍नुभएको थियो, "मैले यो संसारलाई हेर्न नपरोस् भनेर मेरो अनुहार छोपेको छु।" हामीलाई यसबारेमा अलि-अलि थाहा छ, र परमेश्‍वरले मानवजातिलाई कुनै काम गर्न सक्षम हुनू भनेर भन्‍नुहुन्‍न; बरु, तिनीहरूले उहाँले जे गर्नुहुन्छ त्यो आश्‍चर्यपूर्ण र बुझ्‍न नसकिने छ भनेर पहिचान गरून्, र उहाँलाई आफ्नो हृदयमा श्रद्‌धा गरी राखून् भन्‍ने चाहनुहुन्छ। यदि मानवले कल्पना गरेजस्तै, परमेश्‍वरले तिनीहरूलाई परिस्थितिहरूको बारेमा कुनै परवाह नगरीकन सजाय दिनुहुन्थ्यो भने, सम्पूर्ण संसार धेरै पहिले नै नष्‍ट भइसक्नेथियो। के यो शैतानको फन्दामा पर्नुसरह हुनेथिएन र? त्यसकारण, परमेश्‍वरले आफ्नो मनमस्तिष्कमा राख्‍नुभएका परिणामहरूलाई प्राप्‍त गर्नको लागि मात्रै आफ्ना वचनहरूको प्रयोग गर्नुहुन्छ, तर त्यसमा तथ्यहरूको उदय विरलै हुन्छन्। के यो उहाँका यी वचनहरूको एउटा उदाहरण होइन र, "यदि मैले तिमीहरूका योग्यताहरू, विवेक, र अन्तर्दृष्‍टिहरूको कमीमा सहानुभूति नराखेको भए, मेरो सजायको बीचमा तिमीहरू सबै नष्‍ट हुने थियौ, अस्तित्वबाटै मेटिनेथियौ। यद्‌यपि, पृथ्वीमा मेरो काम नसिद्‌धिएसम्म, मानवजातिप्रति म क्षमाशील रहनेछु"?

## अध्याय ६

परमेश्‍वरका वाणीहरू पढ्‌दा मानिसहरू तीन छक्क पर्छन्, र तिनीहरूले आत्मिक क्षेत्रमा परमेश्‍वरले महान् काम गर्नुभएको छ, जुन काम गर्न मानिस असमर्थ छ, र त्यसलाई परमेश्‍वर स्वयम्‌ले व्यक्तिगत रूपमा पूरा गर्नुपर्छ भन्‍ने सोच्छन्। त्यसकारण, परमेश्‍वरले फेरि पनि मानवजातिप्रति सहनशीलताका वचनहरू बोल्नुहुन्छ। तिनीहरूको हृदयमा अन्तर्सङ्‌घर्ष चलिरहेको हुन्छ: "परमेश्‍वर कृपा र प्रेमिलो-दयालुपनको परमेश्‍वर हुनुहुन्‍न, उहाँ मानिसलाई प्रहार मात्रै गर्ने परमेश्‍वर हुनुहुन्छ। उहाँ किन हामीप्रति सहनशील भइरहनुभएको छ? के परमेश्‍वर फेरि पनि त्यही विधिमा सर्नुभएको हुन सक्छ?" जब यी धारणाहरू, यी विचारहरू तिनीहरूको हृदयमा प्रवेश गर्छन्, तिनीहरूले तिनको विरुद्‌धमा संघर्ष गर्नको लागि कठिन प्रयास गर्छन्। तर परमेश्‍वरको काम केही समयसम्म अघि बढिसकेपछि, पवित्र आत्माले मण्डलीमा ठूलो काम गर्नुहुन्छ, अनि हरेकले आ-आफ्नो कर्तव्य निर्वाह गर्न थाल्छन्, सबै मानिसहरू परमेश्‍वरको विधिमा प्रवेश गर्छन्, किनभने परमेश्‍वरले जे भन्‍नुहुन्छ र जे गर्नुहुन्छ त्यसमा कसैले पनि कुनै असिद्‌धता देख्दैनन्। परमेश्‍वरको अर्को कदम के हुनेछ भन्‍ने विषयमा भन्दा, यसको बारेमा कसैलाई केही पनि थाहा छैन: परमेश्‍वरले भन्‍नुभएकै छ: "स्वर्गमुनिका सबैमध्ये को मेरो हातमा छैन र? कसले मेरो मार्गनिर्देशनमा काम गर्दैन र?" तैपनि म तिमीहरूलाई केही सल्लाह प्रदान गर्छु: तिमीहरूलाई स्पष्‍ट नभएका विषयहरूमा,

तिमीहरूमध्ये कसैले पनि केही भन्नु वा गर्नु पर्दैन। मैले तँलाई निरुत्साहित पार्नको लागि होइन बरु तँलाई आफ्ना कार्यहरूमा परमेश्‍वरको मार्गनिर्देशन पछ्याउने अवसर दिनको लागि यसो भनेको हुँ। मैले "असिद्धताहरू" को बारेमा उल्लेख गरेको कारण तैँले कुनै पनि हालतमा साहस गुमाउनु वा शङ्का गर्नु हुँदैन; मेरो उद्देश्य भनेको मुख्य रूपमा तँलाई परमेश्‍वरका वचनहरूमा ध्यान दिनू भनी स्मरण गराउनु हो। मानिसहरू फेरि पनि चकित हुन्छन् जब तिनीहरूले परमेश्‍वरका यस्ता वचनहरू पढ्छन्, "आत्माका कुराहरूप्रति सचेत बन्, मेरो वचनमा ध्यान दे, र मेरो आत्मा र मेरो अस्तित्वलाई, मेरो वचन र मेरो अस्तित्वलाई एउटा अविभाज्य सम्पूर्णताको रूपमा मान्न साँच्चै सक्षम बन्, ताकि सबै मानिसहरूले मेरो उपस्थितिमा मलाई सन्तुष्ट पार्न सकून्।" हिजो, तिनीहरूले चेतावनीका वचनहरू, परमेश्‍वरको सहनशीलतासम्बन्धी वचनहरू पढिरहेका थिए–तर आज, परमेश्‍वरले अचानक आत्मिक विषयहरूको बारेमा कुरा गरिरहनुभएको छ। के भइरहेको छ? परमेश्‍वरले किन आफू बोल्ने तरिकालाई परिवर्तन गरिरहनुहुन्छ? किन यी सबैलाई अलग गर्न नसकिने सम्पूर्णताको रूपमा लिइन्छ? के परमेश्‍वरका वचनहरू व्यवहारिक नभएका हुन सक्छन्? परमेश्‍वरका वचनहरूलाई ध्यान दिएर पढ्दा, के पत्ता लाग्छ भने जब परमेश्‍वरको देह र उहाँको आत्मा अलग हुन्छन्, देह देहगत गुणहरूसहितको भौतिक शरीर बन्छ–जसलाई मानिसहरूले जिउँदो लास भन्छन्। देहधारी शरीर आत्माबाट आउँछ: उहाँ पवित्र आत्माको मूर्तरूप, देह बन्नुभएको वचन हुनुहुन्छ। अर्को शब्दमा भन्दा, परमेश्‍वर स्वयम् नै देहमा जिउनुहुन्छ। परमेश्‍वरको आत्मा उहाँको अस्तित्वबाट अलग हुनुको गम्भीरता त्यस्तो हुन्छ। परिणामस्वरूप, उहाँलाई मानव भनिए पनि, उहाँ मानवजाति हुनुहुन्न। उहाँ मानव गुणहरू विहीन हुनुहुन्छ, उहाँ परमेश्‍वरले धारण गर्नुभएको प्राणित्व, परमेश्‍वरले स्वीकार गर्नुहुने प्राणित्व हुनुहुन्छ। परमेश्‍वरका वचनहरूमा परमेश्‍वरको आत्माको मूर्तरूप हुन्छ, र परमेश्‍वरको वचन प्रत्यक्ष रूपमा देहमा प्रकट हुन्छ–अझ भन्ने हो भने, यसले परमेश्‍वर देहमा जिउनुहुन्छ र उहाँ अझै व्यावहारिक परमेश्‍वर हुनुहुन्छ भन्ने देखाउँछ, र यसरी यसले परमेश्‍वरको अस्तित्वलाई प्रमाणित गर्छ र परमेश्‍वरप्रतिको मानिसको विद्रोहीपनको युगलाई समाप्त गर्छ। परमेश्‍वरलाई चिन्ने मार्गको बारेमा मानिसहरूलाई बताइसकेपछि, विषयको अर्को पक्षलाई सम्बोधन गर्दै परमेश्‍वरले फेरि पनि विषय परिवर्तन गर्नुहुन्छ।

"जे-जति छन् ती सबैमाथि मैले मेरो पाउ राखेको छु, मैले ब्रह्माण्डको अथाह क्षेत्रको वारपार हेरेको छु, र म सबै मानिसहरूको बीचमा, तिनीहरू माझको मिठास र तीतोपना चाख्दै, हिँडेको छु।" यी वचनहरू सरल भए पनि, मानवजातिले यी वचनहरूलाई सहजै बुझ्दैनन्। विषय परिवर्तन भएको छ, तर सारगत हिसाबमा, यो उस्तै छ: यसले अझै पनि मानिसहरूलाई देहधारी परमेश्‍वर चिन्ने तुल्याउँछ। परमेश्‍वरले किन मैले तिनीहरू माझको मिठास र तीतोपना चाखेको छु भनी भन्नुहुन्छ? उहाँले किन म सबै मानिसहरूको बीचमा हिँडेको छु भनी भन्नुहुन्छ? परमेश्‍वर आत्मा हुनुहुन्छ, र उहाँ देहधारी प्राणी पनि हुनुहुन्छ। देहधारी प्राणीका सीमितताहरूमा नबाँधिने हुनाले आत्माले जे-जति छन् ती सबैमाथि पाउ राख्न सक्नुहुन्छ, आत्माले ब्रह्माण्डको अथाह क्षेत्रको वारपार हेर्न सक्नुहुन्छ, र यसरी उहाँले परमेश्‍वरको आत्माले सारा ब्रह्माण्डलाई भर्नुहुन्छ, उहाँले पृथ्वीको एक ध्रुवदेखि अर्को ध्रुवसम्म ढाक्नुहुन्छ, परमेश्‍वरको हातले व्यवस्थित नपारेको केही पनि

छैन र परमेश्‍वरका पाइलाहरू भेट्टाउन नसकिने कुनै ठाउँ पनि छैन भन्‍ने देखाउनुहुन्छ। आत्मा देह बन्‍नुभएको र मानवको रूपमा जन्मनुभएको भए पनि, आत्माको अस्तित्वले सबै मानव आवश्यकताहरूलाई शून्य पार्दैन; परमेश्‍वरको प्राणित्वले सामान्य रूपमा नै खानपान गर्नुहुन्छ, वस्त्र लगाउनुहुन्छ, सुत्‍नुहुन्छ, र बसोबास गर्नुहुन्छ, र सामान्य रूपमा मानिसहरूले जे गर्नुपर्छ उहाँले त्यही गर्नुहुन्छ। तैपनि उहाँको भित्री सार फरक भएको हुनाले, उहाँ कुनै व्यक्तिले बताउनेजस्तो "मानिस" हुनुहुन्‍न। उहाँले मानवजातिको बीचमा कष्ट भोग्‍नुहुने भए पनि, उहाँले यो कष्टको कारण आत्मालाई त्याग्‍नुहुन्‍न। उहाँ आशिषित हुनुभए पनि, यी आशिष्‌हरूको कारण उहाँले आत्मालाई बिर्सनुहुन्‍न। आत्मा र उहाँको प्राणित्वले मौन सम्बन्धमा रही काम गर्नुहुन्छ। पवित्र आत्मा र उहाँको प्राणित्वलाई अलग गर्न सकिँदैन, न त उहाँहरूलाई कहिल्यै अलग नै गरिएको छ, किनभने प्राणित्व आत्माको मूर्तरूप हो, उहाँ आत्माबाट आउनुभएको हो, त्यस्तो आत्माबाट जसको स्वरूप छ। त्यसकारण, देहमा हुनुभएको आत्माको लागि अलौकिक असीमितता असम्भव हुन्छ; अर्थात्, आत्माले अलौकिक कुराहरू गर्न सक्‍नुहुन्‍न, भन्‍नुको अर्थ, आत्मा भौतिक शरीरबाट बाहिर जान सक्‍नुहुन्‍न। यदि उहाँ देहको शरीरबाट बाहिर जान सक्‍नुहुथ्यो भने, परमेश्‍वरको देहधारणको सबै अर्थ गुम्‍नेथियो। आत्मा भौतिक शरीरमा पूर्ण रूपमा प्रकट हुनुभएपछि मात्रै मानिसले व्यावहारिक परमेश्‍वर स्वयम्‌लाई चिन्‍न सक्छ, र त्यसपछि मात्रै परमेश्‍वरको इच्छा हासिल हुनेछ। देहको शरीर र आत्मालाई अलग-अलग रूपमा परिचित गरिसकेपछि मात्रै परमेश्‍वरले मानिसको अन्धोपन र अवज्ञा औँल्याउनुहुन्छ: "तापनि मानिसले मलाई कहिल्यै पनि साँचो रूपले चिनेको छैन, मैले यात्राहरू गरेको बेला त्यसले ममा कहिल्यै पनि ध्यान दिएको छैन।" एकतर्फ, परमेश्‍वरले मानिसहरूले देख्‍ने गरी कुनै अलौकिक काम नगरीकन आफूलाई देहको शरीरमा गोप्य रूपमा लुकाउनुहुन्छ भनेर भनिरहनुभएको छ; अर्कोतर्फ, मानिसले उहाँलाई चिन्दैन भनी उहाँले गुनासो गर्नुहुन्छ। यसमा कुनै विरोधाभास छैन। वास्तवमा, विस्तृत दृष्टिकोणबाट हेर्दा, परमेश्‍वरले यी दुई पक्षबाट आफ्ना उद्‌देश्‍यहरू पूरा गर्नुहुन्छ भनेर देख्‍नु कठिन छैन। यदि परमेश्‍वरले अलौकिक चिन्ह र अचम्मका कामहरू देखाउनुभयो भने, उहाँले ठूलो काम गर्नु आवश्यक हुनेथिएन। उहाँको आफ्नै मुखले, उहाँले मानिसहरूलाई सरापेर मार्नुहुनेथियो र तिनीहरू तुरुन्तै मर्नेथिए, यसरी सबै मानिसहरू विश्‍वस्त हुनेथिए–तर यसले देह बन्‍नुको पछाडि रहेको परमेश्‍वरको उद्‌देश्य हासिल गर्दैन। यदि परमेश्‍वरले साँच्चै त्यसरी काम गर्नुभयो भने, मानिसहरूले उहाँको अस्तित्वमा कहिल्यै पनि सचेत रूपमा विश्‍वास गर्न सक्‍नेथिएनन्। तिनीहरूले साँचो रूपमा विश्‍वास गर्न सक्‍नेथिएनन्, यसको साथै दियाबलसलाई परमेश्‍वर हो भनी झुक्किनेथिए। अझै महत्त्वपूर्ण कुरा, मानिसहरूले परमेश्‍वरको स्वभावलाई कहिल्यै जान्‍न सक्‍नेथिएनन्–अनि के परमेश्‍वर देहमा हुनुको महत्त्वको एउटा पक्ष यही होइन र? यदि मानिसहरू परमेश्‍वरलाई चिन्‍न असमर्थ थिए भने, त्यो अस्पष्ट परमेश्‍वर, त्यो अलौकिक परमेश्‍वरले मानिसहरूको बीचमा सधैँ अधिकार जमाउनेथियो। अनि यसमा, के मानिसहरू आफ्नै धारणाहरूको नियन्त्रणमा हुनेथिएनन् र? यसलाई अझै सरल रूपमा भन्दा, के तिनीहरूमाथि अधिकार जमाउने शैतान, दियाबलस हुनेथिएन र? "मैले शक्ति फिर्ता लिएको छु भनेर म किन भन्छु त? म किन देहधारणको महत्त्व धेरै छ भनेर भन्छु त?" परमेश्‍वर

देह बन्नुभएकै क्षण उहाँले आफ्नो शक्ति फिर्ता लिनुहुने क्षण हो, र काम गर्नको लागि उहाँको ईश्वरीयता प्रत्यक्ष रूपमा प्रकट हुने समय पनि यही हो। सबै मानिसहरूले क्रमिक रूपमा व्यावहारिक परमेश्वरलाई चिन्न पुग्छन्, त्यसरी तिनीहरूको हृदयमा भएको शैतानको स्थानलाई पूर्ण रूपमा हटाएर, तिनीहरूको हृदयमा परमेश्वरलाई अझै गहन स्थान दिन्छन्। विगतमा, मानिसहरूले तिनीहरूको मनको शैतानको स्वरूपमा रहेको परमेश्वरलाई अदृश्य र अस्पृश्य परमेश्वरको रूपमा हेर्थे; यो परमेश्वर अस्तित्वमा भएको मात्र होइन, बर यसले त सबै किसिमका चिन्ह र अचम्मका कामहरू गर्न, र भूतहरू लागेका मानिसहरूको कुरूप अनुहार प्रकट गर्नेजस्ता विभिन्न रहस्यहरू प्रकट गर्न सक्छ भन्ने पनि तिनीहरूले विश्वास गर्थे। यसले मानिसहरूको मनको परमेश्वर परमेश्वरको स्वरूप होइन, बरु परमेश्वरबाहेक अरू कुनै कुराको स्वरूप हो भन्ने कुरालाई पर्याप्त रूपमा प्रमाणित गर्छ। मानिसहरूको हृदयको ०.१ प्रतिशत भाग ओगट्न चाहन्छु भनेर परमेश्वरले भन्नुभएको छ। उहाँले मानिसलाई दिनुभएको सबैभन्दा उच्च मापदण्ड यही हो। सतही अर्थबाहेक, यी वचनहरूको व्यवहारिक पक्ष पनि छ। यसलाई यसरी व्याख्या नगरिएको भए, मानिसहरूले परमेश्वरले तिनीहरूलाई दिनुभएको मापदण्ड अत्यन्तै न्यून छ भनेर विचार गर्नेथिए, मानौं परमेश्वरले मानिसलाई अत्यन्तै थोरै मात्रामा मात्रै बुझ्नुहुन्छ। के मानिसको मानसिकता यही होइन र?

उपर्युक्त तथ्य र तल दिइएको पत्रुसको उदाहरणलाई जोडेर हेर्दा, के पत्ता लाग्नेछ भने, पत्रुसले साँच्चै नै परमेश्वरलाई अरूले भन्दा राम्ररी चिनेका थिए किनभने तिनले अस्पष्ट परमेश्वरलाई त्यागेर व्यावहारिक परमेश्वरको ज्ञानको खोजी गरेका थिए। किन उनका बुबाआमा परमेश्वरलाई विरोध गर्ने भूतहरू थिए भनेर विशेष रूपमा उल्लेख गरिएको छ? पत्रुसले आफ्नो हृदयमा परमेश्वरको खोजी गरिरहेका थिएनन् भन्ने कुरालाई यसले प्रमाणित गर्छ। तिनका आमाबाबु अस्पष्ट परमेश्वरको प्रतिनिधित्व गर्नेहरू थिए; परमेश्वरले तिनीहरूलाई उल्लेख गर्नुको आशय यही हो। धेरैजसो मानिसहरूले यस तथ्यलाई त्यति ध्यान दिँदैनन्। बरु, तिनीहरूले पत्रुसका प्रार्थनाहरूमा ध्यान केन्द्रित गर्छन्। कतिपय मानिसहरूमा त पत्रुसका प्रार्थनाहरू सधैँ तिनीहरूकै ओठमा, अटुट रूपमा तिनीहरूकै मनमस्तिष्कमा हुन्छन्, तैपनि तिनीहरूले अस्पष्ट परमेश्वरलाई पत्रुसको ज्ञानसँग कहिल्यै तुलना गर्दैनन्। किन पत्रुसले आफ्ना आमाबाबुको विरुद्धमा गएर परमेश्वरको ज्ञानको खोजी गरे त? किन पत्रुसले असफल भएकाहरूको पाठहरूबाट आफूलाई उत्साहित गरे त? उनले किन युगौं-युगदेखि परमेश्वरलाई प्रेम गर्ने सबैको विश्वास र प्रेमलाई स्वीकार गरे त? सबै सकारात्मक कुराहरू परमेश्वरबाट आउँछन् र शैतानको प्रक्रियाबाट भएर जानुभन्दा पहिले सीधै उहाँबाट जारी हुन्छन् भन्ने कुरा पत्रुसले जान्न पुगे। यसले के देखाउँछ भने उनले चिनेका परमेश्वर व्यावहारिक परमेश्वर हुनुहुन्थ्यो, अलौकिक परमेश्वर होइन। युगौं-युगदेखि परमेश्वरलाई प्रेम गर्ने सबैको विश्वास र प्रेमलाई आत्मसात् गर्ने कार्यमा पत्रुसले ध्यान केन्द्रित गरेका थिए भनेर किन भनिन्छ त? यसबाट के देख्न सकिन्छ भने, युगौं-युगका मानिसहरूको असफलताको मुख्य कारण भनेको तिनीहरूसँग विश्वास र प्रेम मात्रै हुनु, तर तिनीहरूले व्यावहारिक परमेश्वरलाई चिन्न नसक्नु थियो। परिणामस्वरूप, तिनीहरूको विश्वास अस्पष्ट नै रहिरहयो। अय्यूबले परमेश्वरलाई

चिनेका थिए भनेर उल्लेख नगरीकन किन परमेश्‍वरले तिनको विश्‍वासको बारेमा धेरैपटक उल्लेख गर्नुहुन्छ, र अय्यूब पत्रुस बराबर थिएनन् भनेर परमेश्‍वरले किन भन्‍नुहुन्छ? "मेरो कानको सुनाइद्वारा मैले तपाईंको बारेमा सुनेको छु: तर अब मेरा आँखाले तपाईंलाई देख्छ" भन्‍ने अय्यूबका वचनहरूले तिनीसँग विश्‍वास मात्रै थियो, तर कुनै ज्ञान थिएन भन्‍ने कुरालाई देखाउँछन्। "पत्रुसका बाबुआमाको विरोधाभासले उसलाई मेरो दया र कृपाको अझ ठूलो ज्ञान दियो" भन्‍ने वचनहरूले धेरैजसो मानिसहरूमा धेरै प्रश्‍नहरू उब्जाउँछ: किन परमेश्‍वरलाई चिन्‍नको लागि पत्रुसलाई विरोधाभासको आवश्यकता पऱ्यो त? किन तिनी परमेश्‍वरलाई प्रत्यक्ष रूपमा चिन्‍न असमर्थ थिए त? किन उनले परमेश्‍वरको कृपा र प्रेमिलो-दयालुपनलाई मात्रै चिनेका थिए र परमेश्‍वरले अरू कुनै कुराको बारेमा बताउनुभएन? अस्पष्‍ट परमेश्‍वरको अवास्तविकतालाई पहिचान गरेपछि मात्रै व्यवहारिक परमेश्‍वरको ज्ञानको खोजी गर्नु सम्भव हुन्छ; यी वचनहरूको उद्देश्य भनेको मानिसहरूलाई आफ्नो हृदयको अस्पष्‍ट परमेश्‍वरलाई हटाउन लगाउनु हो। यदि सृष्‍टिको समयदेखि आजसम्म मानिसहरूले सधैँ परमेश्‍वरको साँचो अनुहारलाई चिनेका भए, तिनीहरूले शैतानका कार्यहरूलाई पत्ता लगाउन सक्‍नेथिएनन्, किनभने "पहाड पार नगरुन्जेलसम्म भुइँको तह पत्ता लगाउन सकिँदैन" भन्‍ने मानिसको आम भनाइले परमेश्‍वरले यी वचनहरू बोल्नुको उद्देश्य दर्साउँछ। उहाँले मानिसहरूलाई आफूले दिएको उदाहरणको सत्यताको बारेमा गहन बुझाइ प्रदान गर्न चाहनुभएको हुनाले, परमेश्‍वरले पत्रुस जिएको युग अनुग्रहको युग थियो भनेर प्रमाणित गर्दै जानी-जानी कृपा र प्रेमिलो-दयालुपनमा जोड दिनुभएको छ। अर्को दृष्‍टिकोणबाट हेर्दा, यसले दियाबलसको घृणित अनुहारलाई अझै बढी प्रकट गर्छ जसले मानिसलाई हानि गर्ने र भ्रष्‍ट तुल्याउनेबाहेक केही पनि गर्दैन र यसरी परमेश्‍वरको कृपा र प्रेमिलो-दयालुपन अझै स्पष्‍ट देखिन्छन्।

परमेश्‍वरसँग कृपा र करुणा मात्रै छैन, प्रताप र क्रोध पनि छ, र शान्तिमा जिउने मानिसहरू परमेश्‍वरका आशिष्‌हरूमा जिउँछन् नै भन्‍ने छैन भनेर मानिसहरूलाई थप संकेत गर्दै परमेश्‍वरले पत्रुसका परीक्षाहरूको तथ्यहरूको रूपरेखा पनि प्रस्तुत गर्नुहुन्छ र तिनीहरूको वास्तविक परिस्थितिहरूको बारेमा पनि व्याख्या गर्नुहुन्छ। पत्रुसका परीक्षाहरूपछि तिनले पाएका अनुभवहरूको बारेमा मानिसहरूलाई बताउनु अय्यूबका यी वचनहरूको सत्यताको अझै ठूलो प्रमाण हो "के हामीले परमेश्‍वरको हातबाट असल कुराचाहिँ ग्रहण गर्ने र खराबीचाहिँ ग्रहण नगर्ने?" यसरी परमेश्‍वरसम्बन्धी पत्रुसको ज्ञानले वास्तवमा नै अभूतपूर्व क्षेत्रहरू, अर्थात्, विगत युगका मानिसहरूले कहिल्यै हासिल नगरेका क्षेत्रहरू प्राप्त गरेको थियो, जुन युगहरूभरि परमेश्‍वरलाई प्रेम गर्ने सबै मानिसहरूको विश्‍वास र प्रेमलाई तिनले आत्मसात् गरेको र विगतमा असफल भएका मानिसहरूको पाठहरूलाई प्रयोग गरी आफैलाई प्रोत्साहन गरेको कार्यको परिणाम पनि थियो भन्‍ने कुरालाई प्रदर्शन गरिएको छ। यही कारणले गर्दा, परमेश्‍वरको साँचो ज्ञान प्राप्त गर्ने सबैलाई "फल" भनेर भनिन्छ, र त्यसमा पत्रुस पनि समावेश छन्। पत्रुसले परमेश्‍वरलाई गरेका प्रार्थनाहरूले परीक्षाको अवधिमा तिनीसँग परमेश्‍वरको बारेमा साँचो ज्ञान थियो भन्‍ने कुरालाई देखाउँछ। तैपनि हलुवामा बालुवा के थियो भने तिनले परमेश्‍वरको इच्छालाई पूर्ण रूपमा बुझ्‍न सकेका थिएनन्, त्यही कारणले गर्दा उहाँसम्बन्धी पत्रुसको ज्ञानको आधारमा परमेश्‍वरले "मानव हृदयको ०.१ प्रतिशत

ओगट्ने” भनी भन्नुभयो। परमेश्वरलाई उत्कृष्ट रूपमा चिनेका मानिस, अर्थात् पत्रुसले समेत परमेश्वरको इच्छालाई सही रूपमा बुझ्न सकेका थिएनन् भन्ने कुराले मानिसमा परमेश्वरलाई चिन्ने क्षमता छैन, किनभने तिनीहरूलाई शैतानले भ्रष्ट तुल्याएको छ भन्ने देखाउँछ; यसले सबै मानिसहरूलाई मानिसको सार जान्ने अवसर दिन्छ। यी दुई पूर्वसर्तहरू–मानिसहरूमा रहेको परमेश्वरलाई चिन्ने क्षमताको कमी र शैतान तिनीहरूमा पूर्ण रूपमा व्याप्त रहेको कुरा–परमेश्वरको महान् शक्तिका लागि प्रतिभार हुन्, किनभने परमेश्वरले वचनहरूद्वारा मात्रै काम गर्नुहुन्छ, उहाँले कुनै पनि उद्यम अघि बढाउनुहुन्न, र यसरी उहाँले मानिसहरूको हृदयमा निश्चित स्थान लिनुहुन्छ। तर परमेश्वरको इच्छालाई पूरा गर्नको लागि किन मानिसहरूले ०.१ प्रतिशत मात्रै हासिल गर्नु आवश्यक हुन्छ त? परमेश्वरले मानिसमा यो क्षमताको सृष्टि नगर्नुभएको तथ्यद्वारा यसलाई व्याख्या गर्न सकिन्छ। यदि यो क्षमता नभए पनि मानिसले परमेश्वरको १०० प्रतिशत ज्ञान प्राप्त गर्थ्यो भने, तिनीहरूको लागि परमेश्वरको हरेक चाल दिनको उज्यालो जस्तै स्पष्ट हुनेथियो–अनि मानिसहरूको अन्तर्निहित प्रकृतिको कारण, मानिसहरूले तुरुन्तै परमेश्वरको विरुद्धमा विद्रोह गर्नेथिए, तिनीहरूले उहाँविरुद्ध खडा भई खुलेआम उहाँको विरोध गर्नेथिए, यही कारणले गर्दा नै शैतान पतन भएको थियो। त्यसकारण, परमेश्वरले मानिसहरूलाई कहिल्यै पनि कम आँक्नुहुन्न, किनभने यही कारणले गर्दा नै उहाँले तिनीहरूको पूर्ण चिरफार गरिसक्नुभएको छ, र तिनीहरूको बारेमा सबै कुरा स्पष्ट रूपले जान्नुहुन्छ, यहाँसम्म कि उहाँले तिनीहरूको शरीरमा कति पानी छ भन्ने समेत सही रूपमा जान्नुहुन्छ। त्यसो भए, उहाँको लागि मानवजातिको प्रकृति झन् कति स्पष्ट होला त? परमेश्वरले कहिल्यै पनि गल्तीहरू गर्नुहुन्न, र उहाँले आफ्ना वाणीका वचनहरू सबैभन्दा बढी सटीकताको साथ छनौट गर्नुहुन्छ। यसकारण, पत्रुसले परमेश्वरको इच्छाको बारेमा सही रूपमा नजान्नु र तिनीसँग परमेश्वरको बारेमा सबैभन्दा धेरै ज्ञान हुनुको बीचमा कुनै विरोधाभास छैन; यसको साथै, यी दुई कुरा पूर्ण रूपमा असम्बन्धित छन्। मानिसहरूको ध्यान पत्रुसतिर खिच्नको लागि उहाँले तिनलाई उदाहरणको रूपमा प्रस्तुत गर्नुभएको होइन। किन अय्यूबजस्तो व्यक्तिले परमेश्वरलाई चिन्न सकेनन्, तर पत्रुसले चिन्न सके त? परमेश्वरले किन मानिसले यो प्राप्त गर्न सक्दैन भनेर भन्नुभयो तैपनि यो उहाँको महान् शक्तिले गर्दा नै हो भनेर भन्नुहुन्छ त? के मानिसहरू साँच्चै नै प्राकृतिक रूपमा नै असल छन् त? यो कुरा जान्नु मानिसहरूको लागि सहज छैन; यदि मैले यसको बारेमा नबताएको भए, कसैले पनि यसको भित्री महत्त्वलाई पत्ता लगाउनेथिएन। यी वचनहरूको उद्देश्य मानिसहरूलाई अन्तर्ज्ञान दिनु हो, ताकि तिनीहरूसँग परमेश्वरसँग सहकार्य गर्ने विश्वास होस्। त्यसपछि मात्रै परमेश्वरले मानिसको सहकार्यमा काम गर्न सक्नुहुन्छ। आत्मिक क्षेत्रको वास्तविक अवस्था यस्तै छ, र यो कुरा मानिसको लागि पूर्ण रूपमा अथाह छ। मानिसहरूको हृदयमा रहेको शैतानको स्थानलाई हटाएर त्यो स्थान परमेश्वरलाई दिनु–शैतानको अतिक्रमणलाई पर धकेल्नुको अर्थ यही हो, त्यसरी मात्रै ख्रीष्ट पृथ्वीमा ओर्लनुभएको छ भनेर भन्न सकिन्छ, त्यसरी मात्रै पृथ्वीका राज्यहरू ख्रीष्टको राज्य बनेका छन् भनेर भन्न सकिन्छ।

यस बिन्दुमा, पत्रुस हजारौं वर्षसम्म एक नमुना र उदाहरणीय व्यक्तित्व थिए भनेर उल्लेख

गर्नुको उद्देश्य तिनी नमुना र उदाहरणीय व्यक्तित्व थिए भनेर भन्नु मात्र होइन; यी वचनहरू त आत्मिक क्षेत्रमा लडिने लडाइँको प्रतिबिम्ब हुन्। शैतानले यो सबै समय मानिसलाई निल्ने, र त्यसरी परमेश्‍वरलाई संसार नष्ट गर्न र उहाँका साक्षीहरू गुमाउन लगाउने व्यर्थको आशा लिएर काम गर्दैआएको छ। तैपनि परमेश्‍वरले भन्‍नुभएको छ, "म सुरुमा नमुना निर्माण गर्नेछु ताकि मैले मानव हृदयमा सबैभन्दा सानो स्थान लिन सकूँ। यो चरणमा, मानवजातिले मलाई न त प्रसन्‍न तुल्याउँछ छ न त मलाई पूर्ण रूपमा चिन्छ; तैपनि, मेरो महान् शक्तिको कारण मानव पूर्ण रूपमा ममा समर्पित हुन र मेरो विरुद्धमा विद्रोह गर्न छोड्नेछ, र म शैतानलाई जित्‍नको लागि यसलाई एउटा उदाहरणको रूपमा प्रयोग गर्नेछु। भन्‍नुको अर्थ, म मानव हृदयमा मैले ओगट्ने ०.१ प्रतिशत भागलाई मानवजातिमाथि शैतानले चलाइरहेको सबै शक्तिहरूलाई दमन गर्नको लागि प्रयोग गर्नेछु।" त्यसकारण, परमेश्‍वरले पत्रुसलाई एउटा उदाहरणको रूपमा उल्लेख गर्नुहुन्छ, ताकि तिनले सबै मानवजातिले अनुकरण गर्ने र अभ्यास गर्ने खाकाको रूपमा काम गर्न सकून्। प्रारम्भिक अनुच्छेदसँग जोड्दा, यसले आत्मिक क्षेत्रको अवस्थाको बारेमा परमेश्‍वरले के भन्‍नुभएको छ त्यसको सत्यतालाई प्रदर्शन गर्छ: "आज विगत जस्तो छैन: सृष्टिको समयदेखि अहिलेसम्म कहिल्यै नदेखिएका कार्यहरू म गर्नेछु, युगौँसम्म कहिल्यै नसुनिएका वचनहरू बोल्नेछु, किनकि सबै मानिसहरूले मलाई शरीरमा चिन्‍नलाई म भन्‍नेछु।" यसबाट के कुरा स्पष्ट हुन्छ भने परमेश्‍वरले आज आफ्ना वचनहरूमा काम गर्न थाल्नुभएको छ। मानिसहरूले बाहिरी रूपमा के भइरहेको छ त्यो मात्रै देख्न सक्छन्, तिनीहरूले आत्मिक रूपमा वास्तवमा के भइरहेको छ भनेर देख्न सक्दैनन्, त्यसकारण परमेश्‍वर भन्‍नुहुन्छ, "यी मेरा व्यवस्थापनका कदमहरू हुन्, तर मानिसलाई किञ्चित् आभास छैन। मैले स्पष्ट रूपमा बोलेको छु, तापनि मानिसहरू अबुझ नै रहन्छन्; तिनीहरूलाई बुझाउनु गाह्रो छ। के यो मानिसको तुच्छता होइन र?" यी वचनहरूभित्र थप वचनहरू छन्: माथि व्याख्या गरिएजस्तै ती वचनहरूले आत्मिक क्षेत्रमा युद्ध भइरहेको छ भनेर बताउँछन्।

पत्रुसको कथाको छोटकरी व्याख्यापछि पनि परमेश्‍वरको इच्छा पूर्ण रूपमा हासिल भएको छैन, त्यसकारण परमेश्‍वरले पत्रुसको विषयमा मानिसको लागि निम्न मापदण्ड तोक्नुहुन्छ: "यो ब्रह्माण्ड र आकाश-मण्डलभरि, पृथ्वीमाथि र आकाशमा भएका हरेक थोकको बीचमा, पृथ्वीमाथि र आकाशमा भएका सबै कुराहरूले मेरो कामको अन्तिम चरणको निम्ति भरमग्दुर कोसिस गर्छन्। निश्‍चय नै तिमीहरू शैतानको सेनाद्वारा दिइएको आदेशलाई पालन गर्ने दर्शक बन्‍ने इच्छा गर्दैनौ?" पत्रुसको ज्ञानको बारेमा पढिसकेपछि मानिसहरूले गहन अन्तर्दृष्टि पाउँछन्, र अझै प्रभावकारी बन्‍नको लागि, परमेश्‍वरले मानिसहरूलाई तिनीहरूको छाडापन, असंयमता, र परमेश्‍वरसम्बन्धी ज्ञानको कमीका परिणामहरू देखाउनुहुन्छ; यसको साथै, उहाँले—फेरि पनि र अझै बढी सटीकताको साथ—मानवजातिलाई आत्मिक क्षेत्रको युद्धमा वास्तवमा के भइरहेको छ त्यस बारेमा बताउनुहुन्छ। यसरी मात्रै मानिसहरू शैतानद्वारा लगिनेविरुद्ध अझै बढी सतर्क हुन्छन्। यसको साथै, यदि मानिसहरू यसपटक असफल भए भने, परमेश्‍वरले तिनीहरूलाई यसपटक जस्तै मुक्ति दिनुहुनेछैन भन्‍ने कुरालाई पनि यसले स्पष्ट पार्छ। समग्रमा, यी चेतावनीहरूले परमेश्‍वरका वचनहरूले

मानवजातिलाई पार्ने प्रभावलाई अझै गहन बनाउँछन्, तिनले मानिसहरूलाई परमेश्‍वरको कृपालाई अझै बढी मूल्यवान् मान्‍ने, र परमेश्‍वरका चेतावनी वचनहरूलाई कदर गर्ने तुल्याउँछन्, ताकि मानवजातिलाई मुक्ति दिने परमेश्‍वरको उद्‌देश्य साँचो रूपमा हासिल हुन सकोस्।

## पत्रुसको जीवनको बारेमा

पत्रुस मानवजातिको लागि परमेश्‍वरद्वारा खडा गरिएका आदर्श व्यक्ति थिए, सबैको निम्ति परिचित नक्षत्र थिए। परमेश्‍वरले किन त्यस्तो अनुल्लेखनीय व्यक्तिलाई उदाहरणको रूपमा खडा गर्नुभयो र पछिका पुस्ताहरूले गुणगान गरियो त? स्पष्टै छ, यो कुरालाई परमेश्‍वरप्रतिको तिनको प्रेमको अभिव्यक्ति र परमेश्‍वरलाई प्रेम गर्ने सङ्कल्पबाट अलग गर्न सकिँदैन। परमेश्‍वरलाई प्रेम गर्ने पत्रुसको हृदय कसरी प्रकट भयो, र तिनका जीवन अनुभवहरू वास्तवमा कस्ता थिए भन्‍ने विषयमा भन्‍नुपर्दा, त्यो समयका प्रथाहरूलाई हेर्न र त्यस युगका पत्रुसलाई अवलोकन गर्नको लागि हामी अनुग्रहको युगमा फर्केर जानुपर्छ।

पत्रुसको जन्म साधारण यहूदी किसान परिवारमा भएको थियो। तिनका बाबुआमाले खेतीपाती गरेर नै सम्पूर्ण परिवारको पालनपोषण गर्थे, र तिनी सबैभन्दा जेठो थिए र तिनका चार जना भाइबहिनीहरू थिए। अवश्य पनि, हाम्रो कथाको मुख्य भाग यो होइन; पत्रुस हाम्रो मुख्य पात्र हुन्। पाँच वर्षका हुँदा, पत्रुसको बुबाआमाले उनलाई पढ्न सिकाउन थाले। त्यो बेला, यहूदी मानिसहरू निकै पढालेखा थिए, र विशेष गरी कृषि, उद्योग, र व्यापारजस्ता क्षेत्रमा अघि थिए। तिनीहरूको सामाजिक वातावरणको कारण, पत्रुसको बुबाआमा दुवैले उच्‍च शिक्षा प्राप्त गरेका थिए। गाउँमा जन्मेका भए पनि, तिनीहरू शिक्षित नै थिए र आजका औसत विश्‍वविद्यालयका विद्यार्थीहरू जत्तिकै थिए। के देखिन्छ भने, पत्रुस त्यस्तो अनुकूल सामाजिक अवस्थाहरूमा जन्मन पाउनु आशिष्‌को कुरा थियो। चलाख र छिटो सिक्न सक्ने भएकाले, तिनले नयाँ विचारहरूलाई सहजै आत्मसात् गर्थे। आफ्नो अध्ययन सुरु गरिसकेपछि, तिनले कक्षाको दौरान तुरुन्तै कुरा बुझ्थे। त्यस्तो तेजिलो दिमाग भएको छोराप्रति तिनका बुबाआमाले निकै गर्व गर्थे, र तिनी उत्कृष्‍ट बन्‍नेछन् र समाजमा कुनै आधिकारिक पद प्राप्त गर्नेछन् भन्‍ने आशामा, तिनलाई स्कूल पठाउनको लागि भरमग्दुर प्रयास गर्थे। थाहै नपाई, पत्रुसलाई परमेश्‍वरप्रति चासो जागेको थियो, जसको अर्थ, तिनी चौध वर्षको हुँदा, अर्थात् उच्‍च विद्यालयमा हुँदा, तिनी आफूले अध्ययन गरिरहेको प्राचीन ग्रीक संस्कृतिको पाठ्यक्रमप्रति वाक्क भए, विशेष गरी प्राचीन ग्रीक इतिहासका काल्पनिक मानिसहरू र बनावटी घटनाहरूको बारेमा तिनी वाक्क भएका थिए। त्यसपछिदेखि, पत्रुसले–जो भर्खरै आफ्नो जवानीको वसन्तमा प्रवेश गरेका थिए–मानव जीवन र वृहत् संसारको बारेमा थप कुरा पत्ता लगाउने प्रयास गर्न थाले। तिनको विवेकले तिनलाई बुबाआमाले आफ्नो लागि भोगेका पीडाहरूको पैँचो तिर्न बाध्य गरेन, किनभने मानिसहरू सबै आत्म-धोकाको स्थितिमा जिइरहेका छन्, तिनीहरूले सम्पत्ति र पहिचानको लागि गरेको सङ्घर्षको क्रममा आफ्नै जीवनलाई बरबाद गर्दै तिनीहरू सबै अर्थहीन जीवन जिइरहेका छन् भन्‍ने तिनले स्पष्‍ट रूपमा देखेका थिए। तिनले

प्राप्त गरेको सामाजिक वातावरणको कारणले नै मुख्य रूपमा तिनले त्यस्तो अन्तर्ज्ञान प्राप्त गरेका थिए। मानिसहरूसँग जति धेरै ज्ञान हुन्छ, तिनीहरूको अन्तर्वैयक्तिक सम्बन्ध र भित्री संसार त्यति नै जटिल हुन्छ, त्यसकारण तिनीहरू अझै बढी शून्यतामा जिउँछन्। यी परिस्थितिहरूमा, पत्रुसले आफ्नो खाली समय विभिन्न भेटघाटहरू गरेर बिताउँथे, जुन भेटघाटहरूमध्ये सबैभन्दा बढी धार्मिक व्यक्तित्वहरूसँगको भेटघाट हुन्थ्यो। आफ्नो हृदयमा, तिनलाई मानव संसारका सबै अवर्णनीय कुरालाई धर्मले व्याख्या गर्न सक्छ भन्ने अस्पष्ट अनुभूति थियो भन्ने देखिन्छ, त्यसकारण तिनी सेवाहरूमा सहभागी हुन प्रायजसो नजिकैको सभाघरमा जान्थे। तिनका आमाबाबुलाई यसको बारेमा थाहा थिएन, अनि चाँडै नै, असल चरित्रका र राम्रो ज्ञान भएका पत्रुसलाई स्कूल जान मन पर्न छाड्यो। आफ्ना आमाबाबुको रेखदेखमा, तिनले बल्लतल्ल उच्च विद्यालय पूरा गरे। ज्ञानको सागरबाट पौडँदै किनारमा आइसकेपछि, तिनले लामो सास फेरे; त्यसपछि, उनलाई त्यसउप्रान्त कसैले पनि शिक्षा दिने वा बन्धनमा राख्ने काम गरेन।

स्कूल समाप्त गरेपछि, तिनले सबै किसिमका पुस्तक-पुस्तिका पढ्न थाले, तर सत्र वर्षको उमेरमा पनि, बाहिरी संसारको बारेमा तिनीसँग त्यति धेरै अनुभव थिएन। स्कूलबाट दीक्षान्त प्राप्त गरिसकेपछि, तिनी खेतीपाती गरेर आफ्नो पेट पाल्थे, यस क्रममा पुस्तक-पुस्तिका पढ्न र धार्मिक सेवाहरूमा सहभागी हुन सक्दो समय निकाल्थे। तिनीबाट ठूलो आशा गरेका तिनका बाबुआमाले आफ्नो “विद्रोही छोरा” को लागि प्रायजसो स्वर्गलाई सराप्थे, तर यो कुरा समेत धार्मिकताको निम्ति तिनको भोक र तिर्खाको मार्गमा खडा हुन सकेन। पत्रुसले आफ्ना अनुभवहरूको क्रममा धेरै प्रतिरोधहरूको सामना गरे, तर तिनको हृदय तृषित थियो, र तिनी झरीपछिको घाँसजस्तै वृद्धि भए। चाँडै नै, तिनले धार्मिक संसारका केही ठूला व्यक्तित्वहरूलाई भेट्ने “सौभाग्य” पाए, अनि तिनको तृष्णा अत्यन्तै बलियो भएको हुनाले, तिनले तिनीहरूसँग झन्-झन् बढी समय बिताउँथे, अन्त्यमा तिनले आफ्नो लगभग सबै समय तिनीहरूका बीचमा नै बिताउन थाले। खुशीको सन्तुष्टिमा डुबेर, तिनले अचानक यी मानिसहरूमध्ये धेरैजसोले त ओठले मात्र विश्‍वास गर्दा रहेछन्, र तिनीहरूले आफ्नो विश्‍वासमा हृदय नै दिएका रहेनछन् भन्ने पत्ता लगाए। सीधा र शुद्ध प्राण भएका पत्रुसले कसरी त्यस्तो धक्का सहन सक्थे र? तिनले आफूले सङ्गत गरेका लगभग सबै मानिसहरू मानव भेषमा रहेका पशुहरू रहेछन्–तिनीहरू मानव अनुहार भएका पशुहरू रहेछन् भन्ने पत्ता लगाए। त्यो बेला, पत्रुस अत्यन्तै सोझो थिए, त्यसकारण धेरैपटक तिनीहरूसँग तिनले हृदयबाट नै बिन्ती गरे। तर यी कुटिल, धूर्त धार्मिक व्यक्तित्वहरूले यस जोशिलो जवान मानिसको बिन्तीलाई सुन्न सक्थे र? यस बेला पत्रुसले मानव जीवनको साँचो रिक्तता अनुभव गरे: जीवन मञ्चको पहिलो कदममा नै, तिनी असफल भएका थिए...। एक वर्षपछि, तिनी सभाघरबाट निस्के र स्वतन्त्र भएर बस्‍न थाले।

त्यो धक्काले १८ वर्षे पत्रुसलाई निकै परिपक्व र परिष्कृत तुल्यायो। तिनमा अब आफ्नो जवानीको मूर्खताको कुनै छाप बाँकी थिएन; तिनले खाएको खाएको धक्काले जवानीको निर्दोषता र कौशलहीनतालाई कडा रूपमा दबाएको थियो, र तिनले मछुवाको रूपमा आफ्नो जीवनलाई सुरु गरे। त्यसपछि, तिनले आफ्नो डुङ्गामा प्रचार गरेको मानिसहरूले सुन्दै गरेको देखिन्थ्यो। माछा

मारेर आफ्नो जीविकोपार्जन गर्ने क्रममा, तिनी जता-जता जान्थे त्यता-त्यता तिनले सन्देश फैलाउँथे, र तिनले प्रचार गरेका सबै मानिसहरू तिनका प्रवचनहरूबाट मन्त्रमुग्ध हुन्थे, किनभने तिनले बोलेका कुराहरूले सर्वसाधारण मानिसहरूको हृदयको तारमा प्रहार गर्थ्यो, र तिनको इमानदारितादवारा तिनीहरू सबै गहन रूपमा प्रभावित हुन्थे। तिनले मानिसहरूलाई प्रायजसो अरूसँग हृदयबाट व्यवहार गर्न, स्वर्ग र पृथ्वी अनि यावत् थोकमाथिको सार्वभौम शासकलाई पुकार्न, र आफ्नो विवेकलाई इन्कार नगर्न र लाजमर्दो कुराहरू नगर्न, सबै कुरामा तिनीहरूले आफ्नो हृदयमा प्रेम गरेका परमेश्‍वरलाई सन्तुष्ट तुल्याउन सिकाउँथे...। तिनका प्रवचनहरू सुनेर मानिसहरू प्रायजसो गहन रूपमा प्रभावित हुन्थे; तिनीहरूले तिनीद्‌वारा आफूहरू उत्प्रेरित भएको अनुभव गर्थे र प्रायजसो आँसु झार्थे। त्यो बेला, उनका सबै अनुयायीहरूले उनलाई निकै आदर गर्थे, जो सबै दरिद्र थिए र त्यो बेलाको समाजको स्थिति अनुसार, तिनीहरूको संख्या प्राकृतिक रूपमा नै थोरै थियो। पत्रुसलाई त्यस बेलाका धार्मिक तत्वहरूले पनि सताएका थिए। यो सबैको कारण, दुई वर्षसम्म, तिनी एक ठाउँदेखि अर्को ठाउँमा जाँदै एकान्त जीवन बिताइरहेका थिए। दुई वर्षको यो असाधारण अनुभवहरूपछि, उनले धेरै अन्तर्ज्ञान प्राप्त गरे र तिनले पहिले नजानेका कुराहरूको बारेमा धेरै कुरा सिके, यहाँसम्म कि तिनी १४ वर्षको हुँदाको तुलनामा पहिचान नै गर्न नसकिने भएका थिए, यसरी अहिले तिनीसँग उनी १४ वर्षको हुँदाको अवस्थासँग मिल्ने कुरा केही पनि थिएन। यी दुई वर्षको अवधिमा तिनले सबै किसिमका मानिसहरूलाई भेटेका थिए र समाजको बारेमा सबै किसिमका सत्यताहरू देखेका थिए, परिणामस्वरूप, तिनले धार्मिक संसारका सबै किसिमका विधिविधानहरूबाट आफूलाई क्रमिक रूपमा मुक्त गर्न थाले। त्यो बेलाको पवित्र आत्माको कार्यमा आएको विकासद्‌वारा पनि तिनी गहन रूपमा प्रभावित भएका थिए; त्यो बेलासम्म, येशूले काम गर्दै आउनुभएको धेरै वर्ष भइसकेको थियो, त्यसकारण पत्रुस पवित्र आत्माको त्यो बेलाको कामद्‌वारा पनि प्रभावित थिए, यद्‌यपि तिनले येशूलाई भेटेका भने थिएनन्। यही कारणले गर्दा, जब पत्रुसले प्रचार गरिरहेका थिए, त्यो बेला तिनले अघिल्ला पुस्ताका सन्तहरूले कहिल्यै प्राप्त नगरेका धेरै कुरा प्राप्त गरे। अवश्य नै, त्यो बेला, तिनलाई येशूको बारेमा अलिअलि थाहा थियो, तर तिनले उहाँलाई आमने-सामने भेट्ने मौका कहिल्यै पाएका थिएनन्। तिनले पवित्र आत्माबाट जन्मनुभएका स्वर्गीय व्यक्तित्वलाई देख्ने आशा र तृष्णा मात्रै गरेका थिए।

एक साँझ, पत्रुसले आफ्नो डुङ्गाबाट माछा मारिरहेका थिए (त्यो बेला गालीलको समुद्र भनिने ठाउँको किनार छेउमा)। तिनको हातमा बल्छीको टाँगो थियो, तर तिनको मनमा अरू नै कुराहरू खेलिरहेका थिए। डुब्दै गरेको घामले पानीको सतह रगतको ठूलो सागरजस्तो देखिन्थ्यो। पत्रुसको जवान तर शान्त र डटिलो अनुहारमा ज्योति प्रतिबिम्बित भएको थियो; तिनी गहिरो सोचमा परेको जस्तो देखिन्थे। त्यो बेला, मन्द हावा चल्यो, र तिनले तुरुन्तै आफ्नो जीवनको एकलोपनको महसुस गरे, जसले तिनलाई निराशाको अनुभूति गरायो। समुद्रका छालहरू ज्योतिमा टल्किरहेको बेला, तिनलाई आफू माछा मार्ने मनस्थितिमा नभएको स्पष्ट भयो। तिनी विचारमा डुबिरहेका बेला, तिनले अचानक पछाडिबाट कसैले यसो भनेको सुने, “यहूदी योनाका छोरा सिमोन, तिम्रो जीवनका दिनहरू एकलो छन्। के तिमी मलाई पछ्याउँछौ?” छक्क परेर, पत्रुसले आफूले पक्रिरहेको

बल्छीको टाँगोलाई छोडिपठाए, र त्यो टाँगो तुरुन्तै समुद्रमा डुब्यो। पत्रुस आफ्नो डुङ्गामा उभिरहेको मानिसलाई हेर्न तुरुन्तै पछाडि फर्के। उनले माथिदेखि तलसम्म हेरे: ती मानिसको कपाल काँधसम्म झुण्डिएका र सूर्यको प्रकाशले सुनौलो रङ्गका देखिन्थे, उहाँले खैरो लुगा लगाउनुभएको थियो, उहाँको उचाइ मध्यम थियो, र शिरदेखि पाउसम्म यहूदीले जस्तो वस्त्र लगाउनुभएको थियो। अँध्यारिँदै गइरहेको ज्योतिमा, मानिसको खैरो वस्त्र अलिक कालो देखिन्थ्यो, र उहाँको अनुहार अलिअलि चम्किएको देखिन्थ्यो। धेरैपटक, पत्रुसले येशूलाई भेट्न खोजेका थिए, तर कहिल्यै पनि सफल भएका थिएनन्। त्यो क्षण, पत्रुसले आफ्नो प्राणको गहिराइमा, यही मानिस नै आफ्नो हृदयको पवित्र जन हुनुहुन्छ भन्ने विश्वास गरे, त्यसकारण माछा मार्ने डुङ्गामा लम्पसार पर्दै तिनले भने, "के तपाईं स्वर्गको राज्यको सुसमाचार प्रचार गर्न आउनुभएका प्रभु हुनुहुन्छ? मैले तपाईंका अनुभवहरूका बारेमा सुनेको छु, तर मैले तपाईंलाई कहिल्यै देखेको छैन। मैले तपाईंलाई पछ्याउन चाहन्थेँ, तर मैले तपाईंलाई कहिल्यै भेट्टाउन सकेको थिइनँ।" त्यो बेलासम्म येशू डुङ्गाको कोठासम्म आइसक्नुभएको थियो, जहाँ उहाँ शान्त भई बसिरहनुभएको थियो। "उठेर आऊ अनि मेरो छेउमा बस!" उहाँले भन्नुभयो। "म यहाँ मलाई साँचो प्रेम गर्नेहरूलाई खोज्न आएको छु। म विशेष गरी स्वर्गको राज्यको सुसमाचार प्रचार गर्न आएको छु, र मसँग एउटै मनका हुनेहरूको खोजी गर्न म विभिन्न ठाउँमा जानेछु। के तिमी तयार छौ?" पत्रुसले जवाफ दिए: "स्वर्गमा हुनुहुने पिताले पठाउनुभएको व्यक्तिलाई मैले पछ्याउनैपर्छ। पवित्र आत्माले चुन्नुभएकोलाई मैले स्वीकार गर्नैपर्छ। मैले स्वर्गमा हुनुहुने पितालाई प्रेम गर्ने हुनाले, म कसरी तपाईंलाई पछ्याउन अनिच्छुक हुन सक्छु र?" पत्रुसका वचनहरू धार्मिक धारणाहरूले भरिएको भए पनि, येशू मुस्कुराउनुभयो र सन्तुष्टिको साथ आफ्नो शिर हल्लाउनुभयो। त्यो बेला, उहाँभित्र पत्रुसको निम्ति पिताको प्रेम प्रकट भयो।

पत्रुसले धेरै वर्षसम्म येशूलाई पछ्याए र उहाँमा धेरै कुराहरू देखे जुन अन्य मानिसहरूमा थिएनन्। एक वर्षसम्म उहाँलाई पछ्याएपछि, येशूले पत्रुसलाई बाह्र चेलाहरूमध्येबाट चुन्नुभयो। (अवश्य पनि येशूले यो कुरालाई उच्च स्वरमा बोल्नुभएन र अरूले यसबारेमा बिलकुलै थाहा पाएनन्।) जीवनमा, पत्रुसले आफूलाई येशूले गर्नुभएका हरेक कुराद्वारा मापन गरे। सबैभन्दा महत्वपूर्ण रूपमा, येशूले प्रचार गर्नुभएका सन्देशहरू तिनको हृदयमा गढेर बसे। तिनी सम्पूर्ण रूपले समर्पित र बफादार थिए, र तिनले उहाँविरुद्ध कहिल्यै कुनै पनि गुनासो व्यक्त गरेनन्। परिणामस्वरूप, तिनी येशू जानुहुने हरेक ठाउँमा उहाँको विश्वासयोग्य साथी बने। पत्रुसले येशूका शिक्षाहरू, उहाँका भद्र वचनहरू, उहाँले आफ्नो भोजनमा खानुहुने कुराहरू, उहाँका वस्त्रहरू, उहाँको आश्रय, र उहाँको यात्राको तौरतरिका अवलोकन गरे। तिनले सबै कुरामा येशूको अनुकरण गरे। तिनी कहिल्यै पनि स्व-धर्मी बनेनन्, बरु तिनले त पुराना भइसकेका सबै कुराहरूलाई फालिदिए, र वचन र कर्म दुवैमा येशूको उदाहरणलाई पछ्याए। यसै समयमा पत्रुसले स्वर्ग र पृथ्वी अनि सबै थोक सर्वशक्तिमान्को हातमा छन् र यही कारणले गर्दा तिनले आफूसँग कुनै व्यक्तिगत विकल्प छैन भन्ने अनुभूति गरे। पत्रुसले येशू जे हुनुहुन्थ्यो त्यो सबै आफूमा समाहित गरे र त्यसलाई एक उदाहरणको रूपमा प्रयोग गरे। येशूको जीवनले उहाँले गर्नुभएका काम-कुराहरूमा

स्व-धर्मी हुनुहुन्नथ्यो भन्ने देखाउँछ; उहाँले आफ्नै बारेमा ठूलाठूला कुरा गर्नुको साटो मानिसहरूलाई प्रेमद्वारा प्रेरणा दिनुहुन्थ्यो। विविध काम-कुराहरूले येशू जे हुनुहुन्थ्यो त्यो देखायो, र यही कारणले गर्दा, पत्रुसले उहाँसम्बन्धी हरेक कुराहरू अनुसरण गरे। पत्रुसलाई आफ्ना अनुभवहरूले येशूको प्रमिलोपनको झन्-झन् बढी बोध गराए, र तिनले यस्ता कुराहरू भने, “मैले सारा ब्रह्माण्डभरि सर्वशक्तिमान्लाई खोजेको छु, र मैले स्वर्गमा र पृथ्वीमा अनि सबै थोकमा अचम्मका कामहरू देखेको छु, यसरी मैले सर्वशक्तिमान्को प्रेमिलोपनको गहन बोध हासिल गरेको छु। तर, मेरो आफ्नै हृदयमा यति साँचो प्रेम कहिल्यै थिएन, र मैले सर्वशक्तिमान्को प्रेमिलोपनलाई आफ्नै आँखाले कहिल्यै देखेको थिइन। आज सर्वशक्तिमान्का नजरहरूमा, उहाँले मलाई निगाहको साथ हेर्नुभएको छ, र मैले बल्ल परमेश्‍वरको प्रेमिलोपन अनुभूति गरेको छु। मैले अन्त्यमा के पत्ता लगाएको छु भने, परमेश्‍वरले सबै थोक सृष्टि गर्नुभएको तथ्यले मात्र मानवजातिलाई उहाँलाई प्रेम गर्ने तुल्याउँदैन; मैले त मेरो दैनिक जीवनमा उहाँको असीमित प्रेमिलोपन भेटेको छु। कसरी यो अहिले तत्काल देख्न सकिने कुराहरूमा मात्र सीमित हुन सक्छ र?” समय बित्दै जाँदा, धेरै प्रेमिलो कुराहरू पत्रुसमा देखा पर्दै गए। तिनी येशूप्रति एकदमै आज्ञाकारी बने, र अवश्य नै, तिनले केही धक्का पनि खाए। जब येशूले तिनलाई विभिन्न स्थानहरूमा प्रचार गर्नको लागि लैजानुहुन्थ्यो, तब पत्रुसले आफूलाई सधैँ विनम्र तुल्याएर येशूका उपदेशहरू सुन्थे। वर्षौंसम्म येशूलाई पछ्याएको कारणले तिनी कहिल्यै पनि अहङ्कारी बनेनन्। येशूले उहाँ आउनुको कारण भनेको उहाँको काम सम्पन्न गर्नको खातिर क्रूसमा टाँगिनको लागि हो भनी भन्नुभएपछि पत्रुसले आफ्नो हृदयमा धेरै पटक पीडा अनुभूति गर्थे र एकान्तमा एक्लै रुन्थे। तैपनि, अन्तमा त्यो “दुर्भाग्यपूर्ण” दिन आयो। येशू पक्राउ पर्नुभएपछि, पत्रुस माछा मार्ने आफ्नो डुङ्गामा गएर एक्लै रोए र यसको लागि धेरै प्रार्थनाहरू गरे। तर तिनलाई आफ्नो हृदयमा यो परमेश्‍वर पिताको इच्छा हो र यसलाई कसैले पनि बदल्न सक्दैन भन्ने थाहा थियो। तिनी आफ्नो प्रेमको कारण पीडामै रहिरहे र तिनले आँखाभरि आँसु बोकिरहे। यो अवश्य पनि मानवीय कमजोरी हो। यसरी, जब तिनले येशूलाई क्रूसमा टाँगिँदैछ भन्ने थाहा पाए, तब तिनले येशूलाई सोधे, “तपाईंले संसार छाड्नुभएपछि, के तपाईं हामीमाझ हाम्रो रखवाली गर्न फर्कनुहुनेछ त? के हामी अझै पनि तपाईंलाई देख्न सक्नेछौं त?” यी वचनहरू एकदमै अज्ञानतापूर्ण र मानव धारणाहरूले भरिएको भए तापनि, येशूले पत्रुसको पीडाको तिक्तता बुझ्नुभयो, यसकारण उहाँको प्रेममार्फत पत्रुसको कमजोरीलाई वास्ता गर्नुभयो: “पत्रुस, मैले तँलाई प्रेम गरेको छु। के त्यो तँलाई थाहा छ? तैँले जे भन्छस् त्यसको पछाडि कुनै कारण नभएको भए तापनि, पिताले के प्रतिज्ञा गर्नुभएको छ भने म ४० दिनमा मानिसहरूसमक्ष देखा पर्नेछु। के तँ मेरो आत्माले तिमीहरू सबैलाई बारम्बार अनुग्रह प्रदान गर्नेछ भनी विश्‍वास गर्दैनस् र?” पत्रुसले यसबाट केही सान्त्वना महसुस गरेको भए तापनि, तिनले अझै पनि एउटा कुरा छुटेको महसुस गरे, त्यसैले पुनरुत्थान हुनुभएपछि, येशू तिनीकहाँ पहिलोपल्ट खुला रूपमा देखा पर्नुभयो। तथापि, पत्रुसलाई निरन्तर आफ्ना धारणाहरूमा अल्झिनबाट रोक्नको लागि येशूले उहाँको लागि पत्रुसले तयार पारेको खर्चिलो खाना अस्वीकार गर्नुभयो र एकै निमेषमा बिलाउनुभयो। त्यस क्षणपछि, पत्रुसले अन्ततः प्रभु येशूको बारेमा गहन बुझाइ प्राप्त गरे र उहाँलाई अझ बढी

प्रेम गरे। उहाँको पुनरुत्थानपश्चात, येशू बारम्बार पत्रुसकहाँ देखा पर्नुभयो। त्यो चालीस दिन बितेपछि र उहाँले स्वर्ग-आरोहण गर्नुभएपछि, उहाँ फेरि तीन पटक पत्रुसकहाँ देखा पर्नुभयो। हरेक देखा पराइ ठीक त्यो बेलामा हुन्थ्यो जुन बेलामा पवित्र आत्माको एउटा काम पूरा हुन लागेको हुन्थे अनि नयाँ कामको सुरुवात हुन लागेको हुन्थ्यो।

पत्रुसले जीवनभरि नै जीविकाको लागि माछा मार्ने काम गरे, तर त्योभन्दा पनि बढी तिनी प्रचार गर्नलाई जिए। आफ्ना पछिल्ला दिनहरूमा, तिनले पत्रुसका पहिलो र दोस्रो पत्रहरूका साथै तत्कालीन फिलाडेल्फियाको मण्डलीका लागि धेरै पत्रहरू लेखे। त्यो समयका मानिसहरू तिनीद्वारा गहन रूपमा प्रभावित भएका थिए। आफ्नै योग्यताको प्रयोग गरी मानिसहरूलाई प्रवचन सुनाउनुको सट्टा, तिनले तिनीहरूलाई जीवनको सुहाउँदो आपूर्ति प्रदान गरे। तिनले येशूले संसार छाड्नुअघि उहाँले दिनुभएका शिक्षाहरूलाई कहिल्यै भुलेनन्, र आफ्नो जीवनभरि नै तिनै शिक्षाहरूद्वारा प्रेरणा प्राप्त गरिरहे। येशूलाई पछ्याउँदाको समयमा, तिनले प्रभुको प्रेमको पैँचो मृत्युले तिर्ने र सबै काम-कुराहरूमा उहाँको उदाहरण अनुसरण गर्ने संकल्प लिए। येशूले यो कुरामा सहमति जनाउनुभयो, त्यसकारण पत्रुस ५३ वर्षको हुँदा (येशूले स्वर्ग-प्रस्थान गर्नुभएको २० वर्षन्दा पछि), तिनलाई तिनको आकांक्षा पूरा गर्न मद्दत गर्नको लागि येशू तिनीकहाँ देखा पर्नुभयो। त्यसपछिका सात वर्षहरूमा, पत्रुसले आफैलाई चिन्ने प्रयास गर्दै समय बिताए। ती सात वर्षहरूपछि एक दिन, तिनलाई उँधोमुन्टो पारी क्रूसमा टाँगियो, यसरी तिनको असाधारण जीवनको अन्त्य भयो।

## अध्याय ८

जब परमेश्वरले आत्माको दृष्टिकोणबाट बोल्नुहुन्छ, उहाँको शैली सबै मानवजातिप्रति लक्षित हुन्छ। जब उहाँ मानव दृष्टिकोणबाट बोल्नुहुन्छ, उहाँको शैली उहाँको आत्माको मार्गनिर्देशनलाई पछ्याउने सबैप्रति लक्षित हुन्छ। जब परमेश्वरले तेस्रो व्यक्तिको दृष्टिकोणबाट (मानिसहरूले अवलोकनकर्ताको दृष्टिकोण भनी भन्ने दृष्टिकोणबाट) बोल्नुहुन्छ, उहाँले मानिसहरूलाई सीधै आफ्ना वचनहरू देखाउनुहुन्छ, ताकि तिनीहरूले उहाँलाई एक टिप्पणीकर्ताको रूपमा हेरून्, र तिनीहरूलाई उहाँको मुखबाट असीमित कुराहरू आउँछन् भन्ने लागोस्, जुन कुराको बारेमा मानिससँग कुनै ज्ञान छैन र जुन कुरालाई तिनीहरूले बुझ्न सक्दैनन्। कुरा यही हो नि होइन र? जब परमेश्वरले आत्माको दृष्टिकोणबाट बोल्नुहुन्छ, सबै मानवजाति अचम्मित हुन्छन्। “मानिसहरूले मलाई गर्ने प्रेम सूक्ष्म छ, र ममाथिको तिनीहरूको विश्वास पनि दया लाग्दो रूपमा सानो छ। यदि मैले मानिसहरूका कमजोरीहरूमा मेरा वचनहरूको प्रहार निर्देशित गरिनँ भने, तिनीहरूले धाक लगाउँदै र आडम्बरी सिद्धान्तहरूसँगै उठ्दै, घमन्ड र अतिरञ्जन गर्लान्, मानौं तिनीहरू नै सांसारिक मामिलाहरूको सवालमा सर्वज्ञानी र सर्वज्ञाता हुन्।” यी वचनहरूले मानवजातिलाई तिनीहरू वास्तवमा जस्ता छन् त्यही रूपमा प्रकट गर्ने र मानव हृदयमा रहेको परमेश्वरको स्थानलाई प्रकट गर्ने मात्रै गर्दैनन्, बरु तिनले त मानवजातिको सम्पूर्ण जीवनलाई पनि उदाङ्गो पार्छन्। हरेक व्यक्तिले आफू असाधारण छु भन्ने ठान्छ, तैपनि “परमेश्वर” भन्ने

शब्द पनि छ भन्ने समेत जान्दैन। त्यसकारण, तिनीहरूले आडम्बरी सिद्धान्तहरूसँगै उठ्ने आँट गर्छन्। तैपनि, "आडम्बरी सिद्धान्तहरूसँगै उठ्ने" कार्य मानिसहरूले बुझ्ने अर्थमा "बोल्ने" कार्य होइन। बरु, यसको अर्थ मानवलाई शैतानले भ्रष्ट तुल्याएको छ भन्ने हुन्छ। तिनीहरूले गर्ने हरेक काम, तिनीहरूले उठाउने हरेक कार्यभार परमेश्‍वरको विपरीत हुन्छ र त्यसले उहाँलाई प्रत्यक्ष रूपमा नै विरोध गर्छ, अनि तिनीहरूको कामको सार शैतानबाट आउँछ र परमेश्‍वरको विरुद्धमा हुन्छ, अनि त्यसको अभिप्राय भनेको परमेश्‍वरको इच्छाविपरीत स्वतन्त्रता हासिल गर्ने हुन्छ। यही कारणले गर्दा, परमेश्‍वर भन्नुहुन्छ, सबै मानिसहरू आडम्बरी सिद्धान्तहरूसँगै उठ्ने गर्छन्। उहाँका वचनहरूको प्रभाव मानवका कमजोरीहरूप्रति लक्षित छ भनेर परमेश्‍वरले किन भन्नुहुन्छ? किनभने, परमेश्‍वरको अभिप्रायअनुसार, यदि उहाँले मानिसहरूको हृदयको गहिराइमा लुकेका कुराहरूलाई प्रकट गर्नुभएन भने, कोही पनि समर्पित हुनेछैनन्; त्यसकारण, मानिसहरूले आफूलाई बुझ्नेछैनन्, र तिनीहरूले परमेश्‍वरलाई आदरको साथ हेर्नेछैनन्। अर्को शब्दमा भन्दा, यदि मानिसहरूका धारणाहरूलाई उदाङ्गो पारिएन भने, तिनीहरूले जेसुकै गर्ने आँट गर्नेछन्–तिनीहरूले सीधै स्वर्ग वा परमेश्‍वरलाई सराप्ने काम समेत गर्नेछन्। यी मानवजातिका कमजोरीहरू हुन्। त्यसकारण, परमेश्‍वर यसरी बोल्नुहुन्छ: "म मेरो आशयसँग मेल खाने र मेरो प्रयोगको लागि योग्य मानिसहरूको निरन्तर खोजीमा ब्रह्माण्डको सबै कुनाहरूमा यात्रा गर्छु।" पछि औपचारिक रूपमा राज्यको सलामी चढाइने बारेमा जे बताइएको छ त्यससँग यो अभिव्यक्तिलाई जोडेर हेर्दा, यसले पृथ्वीमा पवित्र आत्मा नयाँ काममा संलग्न हुनुहुन्छ भन्ने कुरालाई स्पष्ट पार्छ; यति मात्रै हो कि मानवले यसलाई आफ्नो भौतिक आँखाले देख्न सक्दैन। पवित्र आत्माले पृथ्वीमा नयाँ काम गरिरहनुभएको छ भनेर भनिएको हुनाले, सम्पूर्ण ब्रह्माण्डमा ठूलो परिवर्तन हुन्छ: परमेश्‍वरका पुत्रहरू र परमेश्‍वरका मानिसहरूले परमेश्‍वरको देहधारणको गवाहीलाई स्वीकार गर्न थाल्छन्, तर त्योभन्दा पनि महत्त्वपूर्ण कुरा, हरेक धर्म र सम्प्रदाय, हरेक पेशा र हरेक स्थानमा रहेका मानिसहरूले यसलाई विभिन्न हदसम्म स्वीकार गर्छन्। यो आत्मिक क्षेत्रको ब्रह्माण्ड संसारमा हुने ठूलो गतिविधि हो। यसले सम्पूर्ण धार्मिक संसारलाई यसको केन्द्रबिन्दुबाटै हल्लाउँछ, र यसभन्दा पहिले उल्लेख गरिएको "भूकम्प" ले आंशिक रूपमा यसैलाई जनाउँछ। अर्को कुरा, स्वर्गदूतहरूले औपचारिक रूपमा नै आफ्नो काम सुरु गर्छन् र इस्राएलका मानिसहरू फेरि कहिल्यै नभौँतारिने गरी आफ्नो घर फर्केर आउँछन्, र समावेश भएका सबैले गोठालोको अगुवाइ स्वीकार गर्छन्। यसको विपरीत, मिश्रीहरू मेरो मुक्तिको क्षेत्रलाई तोडेर बाहिर जान थाल्छन्; अर्थात्, तिनीहरूले मेरो सजाय प्राप्त गर्छन् (तर त्यो काम अहिलेसम्म औपचारिक रूपमा सुरु भएको छैन)। त्यसकारण, जब संसारमा यी सबै ठूला-ठूला परिवर्तनहरू भइरहेको बेला नै औपचारिक रूपमा राज्यको सलामी चढाइनेछ, जुन समय "त्यस्तो समय जब सात गुणा तीव्र आत्माले काम गर्न थाल्छ" भनी उल्लेख गरिएको समय हो। परमेश्‍वरले जब-जब पुनर्प्राप्तिको कार्य गर्नुहुन्छ, यी चरणहरूमा (यी परिवर्तनका अवधिहरूमा), कसैले पनि पवित्र आत्माको कार्यलाई अनुभूति गर्न सक्दैनन्। त्यसकारण, "जब मानिसहरूले आशा गुमाउँछन्" भन्ने वचनहरू साँचो ठहरिन्छन्। यसको साथै, परिवर्तनका यी

हरेक चरणहरूको अवधिमा, जब मानिसहरूले आशा गुमाउँछन्, वा जब तिनीहरूले यो गलत प्रवाह हो भन्ने अनुभूति गर्छन्, परमेश्‍वरले नयाँ सुरुवात गर्नुहुन्छ र आफ्नो कामको अर्को चरणलाई अघि बढाउनुहुन्छ। सृष्टिदेखि अहिलेसम्म, परमेश्‍वरले यसरी नै आफ्नो कामको पुनर्प्राप्ति गर्नुभएको छ र आफ्नो कामका विधिहरूलाई परिवर्तन गर्नुभएको छ। धेरैजसो मानिसहरूले यो कामको केही पक्षलाई विभिन्‍न हदसम्म बुझ्न सक्ने भए पनि, तिनीहरूलाई अन्त्यमा पानीको भेलले बगाएर लैजान्छ, किनभने तिनीहरू अत्यन्तै सानो कदका छन्; तिनीहरूले परमेश्‍वरको कामका चरणहरूलाई बुझ्न सक्दैनन्, त्यसकारण तिनीहरूलाई हटाइन्छ। तैपनि, परमेश्‍वरले मानिसहरूलाई शुद्ध पार्ने पनि यसरी नै हो, र यो मानवजातिका पुरानो भइसकेका धारणाहरूलाई परमेश्‍वरले गर्नुहुने न्याय हो। मानिसहरूसँग जति धेरै जग हुन्छ, तिनीहरूसँग परमेश्‍वरसम्बन्धी तिनीहरूको धार्मिक धारणाहरू पनि त्यति नै धेरै हुन्छन्, र ती धारणाहरू पन्छाउन तिनीहरूलाई कठिन हुन्छ; तिनीहरूले सधैँ पुरानै कुराहरूलाई मानिरहन्छन्, र नयाँ ज्योति स्वीकार गर्न तिनीहरूलाई कठिन हुन्छ। अर्कोतर्फ, यदि कुनै व्यक्ति खडा भइरहेको छ भने, उसँग खडा हुने जग हुनैपर्छ, तैपनि आफ्ना धारणाहरू त्याग्‍न धेरैजसो मानिसहरूलाई समस्या हुन्छ। आजका देहधारी परमेश्‍वरसम्बन्धी तिनीहरूको धारणाहरूमा यो विशेष गरी लागू हुन्छ, जुन स्पष्टै देख्‍न सकिने कुरा हो।

आजका वचनहरूमा, परमेश्‍वरले ईश्‍वरीय दर्शनहरूको बारेमा धेरै बोल्नुहुन्छ, र यसलाई विस्तारमा व्याख्या गर्नुपर्ने कुनै आवश्यकता हुँदैन। परमेश्‍वरले मण्डली निर्माणले कसरी राज्यको निर्माणको लागि जग खडा गर्छ भन्‍नेबारेमा नै मुख्य रूपमा बोल्नुहुन्छ। अझै विशिष्ट रूपमा भन्दा, जब मण्डलीको निर्माण हुँदैथियो, मानिसहरूले आफ्नै आँखाले देहधारी परमेश्‍वरलाई चिनेका नभए पनि, यसको मुख्य उद्‌देश्य तिनीहरूलाई हृदय र वचन दुवैमा विश्‍वस्त तुल्याउनु थियो। तिनीहरूले आफ्नो हृदयमा विश्‍वास राखेको भए पनि, तिनीहरूले देहधारी परमेश्‍वरलाई चिनेका थिएनन्, किनभने त्यो चरणमा उहाँलाई व्यक्तिबाट छुट्ट्याउन सकिँदैनथियो। राज्यको युगमा, सबैले आफ्नो हृदय, आफ्नो बोली-वचन, र आफ्नो आँखामा दृढ निश्‍चयता देखाउनुपर्छ। यो कुरा के देखाउनको लागि पर्याप्त छ भने, सबैले आफ्नो हृदय, बोली-वचन, र आँखामा दृढ निश्‍चयता देखाउनको लागि, तिनीहरूलाई तिनीहरूको शारीरिक आँखाले नै देहमा जिइरहनुभएको परमेश्‍वर देख्‍न दिनुपर्छ—जबरजस्तीले होइन, अनि लापरवाही विश्‍वासले पनि होइन, बरु तिनीहरूको हृदय र मुखबाट आउने दृढ निश्‍चयताबाट आउने ज्ञानद्‌वारा देख्‍न दिनुपर्छ। त्यसकारण, निर्माणको यो चरणमा, कुनै लडाइँ र मारकाट हुँदैन। बरु, मानिसहरूलाई परमेश्‍वरका वचनहरूको मार्गद्‌वारा अन्तर्दृष्टितर्फ डोऱ्याइनेछ, अनि यसमार्फत तिनीहरूले खोजी र अन्वेषण गर्न सक्छन्, ताकि तिनीहरूले अर्धचेतन रूपमा नै देहधारी परमेश्‍वरलाई चिन्‍न सकून्। त्यसकारण, यसले प्रकृतिलाई यसको दिशा लिन दिन्छ र मानवजातिलाई प्रतिरोध गर्दैन भन्‍ने अर्थमा कामको यो चरण निकै सजिलो छ। अन्त्यमा, यसले प्राकृतिक रूपमा नै मानवलाई परमेश्‍वरको ज्ञानतर्फ डोऱ्याउनेछ, त्यसकारण चिन्तित वा व्याकुल नबन। जब परमेश्‍वरले "आत्मिक क्षेत्रको युद्धको अवस्थालाई सबै मेरा मानिसहरूको माझमा प्रस्ट गरिएको छ" भनी भन्‍नुभयो, उहाँले के भनिरहनुभएको थियो

भने जब मानिसहरू सही मार्गमा हिँड्छन् र परमेश्‍वरलाई चिन्‍न थाल्छन्, हरेक व्यक्तिलाई शैतानले आन्तरिक रूपमा परीक्षा गर्ने मात्रै होइन, बरु तिनीहरूलाई मण्डलीमा समेत शैतानले परीक्षा गर्न सक्छ। तैपनि, यो हरेकले लिनुपर्ने मार्ग हो, त्यसकारण कोही पनि तर्सिनु पर्दैन। शैतानको परीक्षा विभिन्‍न रूपमा आउन सक्छ। कतिले परमेश्‍वरले भन्‍नुहुने कुरालाई बेवास्ता गर्ने वा त्याग्ने गर्न सक्छन्, र अरू मानिसहरूको सकारात्मकतालाई निरुत्साहित गर्नको लागि नकरात्मक कुराहरू भन्‍न सक्छन्; तैपनि, त्यस्तो व्यक्तिले सामान्यतया अरूलाई जितेर आफ्नो पक्षमा पार्न सक्नेछैनन्। यो कुरालाई पत्ता लगाउन कठिन हुन्छ। यसको मुख्य कारण यही हो: त्यस्तो व्यक्ति भेलाहरूमा सहभागी हुने कार्यमा अझै पनि सक्रिय हुन सक्छ, तर तिनीहरू ईश्‍वरीय दर्शनहरूका बारेमा अनिश्‍चित हुन्छन्। यदि मण्डली तिनीहरूबाट सचेत भई बस्दैन भने, तिनीहरूको नकारात्मकताले सम्पूर्ण मण्डलीलाई नै परमेश्‍वरप्रतिको प्रतिक्रिया हतारमा दिन लगाउँदै, परमेश्‍वरका वचनहरूमा ध्यान नदिने तुल्याउन सक्छ—अनि यसको अर्थ सीधै शैतानको परीक्षामा पर्नु हो। त्यस्तो व्यक्तिले परमेश्‍वरको विरुद्‌धमा सीधै विद्रोह गर्न नसक्ला, तर तिनीहरूले परमेश्‍वरका वचनहरूलाई बुझ्‍न नसक्ने र परमेश्‍वरलाई नचिन्‍ने हुनाले, तिनीहरू गुनासो वा द्‌वेषभावले भरिएको हृदय बोकेर हिँड्ने अवस्थासम्म पुग्‍न सक्छन्। तिनीहरूले आफूलाई परमेश्‍वरले त्याग्‍नुभएको छ र आफूहरू अन्तर्दृष्टि र ज्योति प्राप्त गर्न नसक्ने अवस्थामा छौं भनेर भन्‍न सक्छन्। तिनीहरूले छोडेर जाने इच्छा गर्न सक्छन्, तर तिनीहरू अलिक डराएका हुन्छन्, अनि तिनीहरूले परमेश्‍वरको काम परमेश्‍वरबाट आएको होइन, बरु यो त दुष्ट आत्माहरूको काम हो भनेर भन्‍न सक्छन्।

किन परमेश्‍वरले पत्रुसको बारेमा बारम्बार उल्लेख गर्नुहुन्छ? अनि किन उहाँले अय्यूबसमेत तिनको स्तरमा पुगेनन् भनेर भन्‍नुहुन्छ? त्यस कुराले मानिसहरूलाई पत्रुसका कार्यहरूमा ध्यान केन्द्रित मात्र गराउँदैन, यसले त तिनीहरूलाई तिनीहरूको हृदयमा भएको सबै उदाहरणहरू पनि पन्छाउन लगाउँछ, किनभने अय्यूबको उदाहरण—जोसँग सबैभन्दा ठूलो विश्‍वास थियो—समेत अपर्याप्त छ। यसरी मात्रै अझै राम्रो परिणाम हासिल गर्न सकिन्छ, किनभने यसमा मानिसहरूले पत्रुसको अनुकरण गर्ने प्रयासमा सबै कुरालाई पन्छाउन सक्छन्, अनि त्यसो गर्ने क्रममा, तिनीहरू परमेश्‍वरसम्बन्धी आफ्नो ज्ञानमा एक कदम अघि बढ्छन्। परमेश्‍वरलाई चिन्‍नका लागि पत्रुसले लिएको अभ्यासको मार्ग परमेश्‍वरले मानिसहरूलाई देखाउनुहुन्छ, र त्यसो गर्नुको उद्‌देश्य मानिसहरूलाई सन्दर्भ बिन्दु प्रदान गर्नु हो। त्यसपछि, परमेश्‍वरले यसो भन्दै शैतानले मानिसहरूलाई परीक्षा गर्ने एउटा मार्गको पूर्वानुमान गर्नुहुन्छ, "तापनि, यदि तँ मेरा वचनहरूप्रति मन्द र बेमतलबी हुन्छस् भने, तैंले निःसन्देह मेरो विरोध गर्छस्। यो वास्तविकता हो।" यी वचनहरूमा, परमेश्‍वरले त्यस्ता धूर्त युक्तिहरूको बारेमा बताउनुहुन्छ, जुन युक्तिहरू प्रयोग गर्न शैतानले प्रयास गर्नेछ; ती चेतावनीका रूपमा रहेका छन्। हरेक व्यक्ति परमेश्‍वरका वचनहरूप्रति उदासीन हुनसक्ने कुरा सम्भव छैन, तैपनि, यो परीक्षाले कतिपयलाई बन्धनमा पार्नेछ। त्यसकारण, अन्त्यमा, उहाँले यो कुरालाई जोड दिँदै दोहोर्‍याउनुभएको छ, "यदि तिमीहरूले मेरा वचनहरू जान्दैनौ, वा तिनलाई स्विकार गर्दैनौ, वा तिनलाई अभ्यासमा लगाउँदैनौ भने, तिमीहरू पक्कै पनि

मेरो सजायका पात्रहरू बन्नेछौ! तिमीहरू पक्कै पनि शैतानका सिकारहरू बन्नेछौ!" यो परमेश्‍वरले मानवजातिलाई दिनुभएको सल्लाह हो–तैपनि अन्त्यमा, परमेश्‍वरले भविष्यवाणी गर्नुभएजस्तै, मानिसहरूको एउटा समूह अपरिहार्य रूपमा नै शैतानको सिकार बन्नेछन्।

# अध्याय ९

मानिसहरूको कल्पनाअनुसार, परमेश्‍वर भनेको परमेश्‍वर नै हुनहुन्छ र मानिसहरू भनेका मानिसहरू नै हुन्। परमेश्‍वरले मानवको भाषा बोल्नुहुन्न, न त मानिसहरूले नै परमेश्‍वरको भाषा बोल्न सक्छन्। परमेश्‍वरको लागि, मानवजातिले उहाँसँग गरेका मागहरू पूरा गर्नु केक खानुझैँ सहज छ–एकपटकमा सजिलो एक गाँस–जबकि मानवजातिलाई परमेश्‍वरले दिनुभएका मापदण्डहरू मानवजातिको लागि अप्राप्य र असोचनीय हुन्छन्। तर, सत्यता यसको ठीक विपरीत छ: परमेश्‍वरले मानवको "०.१ प्रतिशत" मात्रै माग्नुहुन्छ। यो कुरा मानिसहरूको लागि अचम्मको मात्रै छैन, यसले त तिनीहरूलाई विलखबन्दमा पनि पार्छ, मानौं तिनीहरू समुद्रमा छन्। परमेश्‍वरको अन्तर्दृष्टि र अनुग्रहको कारणले मात्रै मानिसहरूले परमेश्‍वरको इच्छाको बारेमा थोरै ज्ञान प्राप्त गरेका छन्। तैपनि मार्च १ मा सबै मानिसहरू फेरि पनि विलखबन्दमा परे र तिनीहरूले अन्योलतामा टाउको कन्याए; परमेश्‍वरले उहाँका मानिसहरूलाई चमकदार हिउँ बन्नू, उडिहिँड्ने बादल होइन भनेर भन्नुभयो। त्यसो भए, यो "हिउँ" ले केलाई जनाउँछ त? अनि "उडिहिँड्ने बादल" ले केलाई संकेत गर्छ त? यस बिन्दुमा, परमेश्‍वरले जानी-जानी नै यी वचनहरूको कुनै गहन अर्थ प्रकट गरिरहनुभएको छैन। यसले मानिसहरूलाई अन्योलतामा डुबाउँछ, र यसरी तिनीहरूले ज्ञानको खोजी गर्ने क्रममा तिनीहरूको विश्‍वासलाई बढाउँछ–किनभने यो त परमेश्‍वरका मानिसहरूलाई दिइएको विशिष्ट मापदण्डबाहेक केही पनि होइन; त्यसकारण मानिसहरू सबैले यी बुझ्न नसकिने वचनहरूको बारेमा चिन्तन गर्दै अनजानमा धेरै समय बिताइरहेका हुन्छन्। परिणामस्वरूप, तिनीहरूको मस्तिष्कमा विभिन्न विचारहरू पैदा हुन्छन्, तिनीहरूको आँखाअगाडि हिउँका टुक्राहरू उड्छन्, र आकाशमा उडिहिँड्ने बादलहरू तुरुन्तै तिनीहरूको मस्तिष्कमा देखा पर्छन्। उहाँका मानिसहरूलाई चमकदार हिउँ बन्नू, उडिहिँड्ने बादल होइन भनेर परमेश्‍वरले किन भन्नुभयो त? यसको साँचो अर्थ के हो? यी वचनहरूले निश्‍चित रूपमा केलाई जनाउँछ? "हिउँ" ले प्रकृतिलाई सुन्दर मात्रै बनाउँदैन, यो त खेती गर्ने जमिनको लागि पनि राम्रो हुन्छ; ब्याक्टेरिया मार्नको लागि यो राम्रो हुन्छ। भारी हिउँ परेपछि, सबै ब्याक्टेरियालाई चमकदार हिउँले ढाक्छ, र सम्पूर्ण क्षेत्र नै तुरुन्तै जीवनले भरिपूर्ण हुन्छ। त्यसरी नै, परमेश्‍वरका मानिसहरूले देहधारी परमेश्‍वरलाई चिन्नुपर्ने मात्र होइन, तिनीहरूले त परमेश्‍वरको देहधारणको तथ्यमा आफूलाई अनुशासनमा पनि राख्नुपर्छ; त्यसो गरेर, तिनीहरू सामान्य मानवतामा जिउनेछन्। हिउँले प्रकृतिलाई यसरी नै सुन्दर बनाउँछ; अन्तिममा, परमेश्‍वरका मानिसहरूको परिपक्वताले पृथ्वीमा परमेश्‍वरको राज्य स्थापना गर्दै, र परमेश्‍वरको पवित्र नामको प्रचार गर्दै र महिमा गाउँदै ठूलो रातो अजिङ्गरको अन्त्य गर्नेछ, ताकि पृथ्वीको सम्पूर्ण राज्य परमेश्‍वरको धार्मिकताले भरियोस्, उहाँको चमकले चम्कियोस्, र उहाँको

महिमाले उज्वल होस्। हरेक ठाउँमा शान्ति र सन्तुष्टि, खुशी र परिपूर्णता, अनि निरन्तर नयाँ भइरहने सुन्दरताका दृश्यहरू हुनेछन्। अहिले अस्तित्वमा रहेका विभिन्न महामारीहरू–अधर्म, कुटिलपन र छलीपन, दुष्ट इच्छाहरू, आदि-इत्यादि जस्ता भ्रष्ट शैतानी स्वभावहरू–निर्मूल गरिएका हुनेछन्, र यसरी स्वर्ग र पृथ्वी दुवैलाई नवीकरण गरिएको हुनेछ। "ठूलो हिमपातपछि" भन्ने वाक्यांशको साँचो अर्थ यही हो। उडिहिँड्ने बादलजस्ता मानिसहरू परमेश्वरले उल्लेख गर्नुभएका भीडको पछि लाग्ने मानिसहरू जस्तै हुन्; यदि शैतानबाट कुनै परीक्षा वा परमेश्वरबाट कुनै जाँच आयो भने, तिनीहरू अस्तित्वमा नै नरहने गरी तुरुन्तै उडेर गइहाल्छन्। तिनीहरूको कुनै सारसमेत धेरै पहिले नै मेटिएर अस्तित्वविहीन भइसकेको हुनेछ। यदि मानिसहरू उडिहिँड्ने बादलजस्ता हुन्छन् भने, तिनीहरू परमेश्वरको स्वरूपमा जिउन नसक्ने मात्र होइन, तिनीहरूले त उहाँको नामलाई बदनाम समेत गर्छन्, किनभने त्यस्ता मानिसहरू कुनै पनि समय वा कुनै पनि स्थानमा खोसेर लगिने खतरामा हुन्छन्; तिनीहरू शैतानका आहारा हुन्–अनि जब शैतानले तिनीहरूलाई कैदी बनाउँछ, तिनीहरूले परमेश्वरलाई धोका दिनेछन् र शैतानको सेवा गर्नेछन्। यसले अवश्य नै परमेश्वरको नामलाई बदनाम गर्छ, र परमेश्वरले सबैभन्दा बढी अफसोस गर्नुहुने कुरा यही हो; त्यस्ता मानिसहरू परमेश्वरका शत्रु हुन्। तसर्थ, तिनीहरूमा सामान्य मानिसहरूको सार पनि हुँदैन र व्यावहारिक मूल्य पनि हुँदैन। यही कारणले गर्दा, परमेश्वरले आफ्ना मानिसहरूको लागि यस्ता सर्तहरू तोक्नुहुन्छ। तैपनि, यी वचनहरूबाट केही कुरा बुझिसकेपछि, मानिसहरूलाई अब के गर्ने भन्ने कुरामा अन्योल हुन्छ, किनभने परमेश्वरका वचनहरूको विषय परमेश्वर स्वयम्‌तर्फ फर्किएका छन्, जसले तिनीहरूलाई कठिन परिस्थितिमा राख्छ: "म पवित्र भूमिबाट आएको हुनाले, म त्यो कमलको फूलजस्तो होइन, जसको केवल नाउँ छ तर कुनै सार छैन, किनकि त्यो हिलोबाट आएको हो, पवित्र भूमिबाट होइन।" उहाँले आफ्ना मानिसहरूका लागि तोक्नुभएका सर्तहरूको बारेमा बताइसक्नुभएपछि, परमेश्वरले किन उहाँको आफ्नै जन्मको बारेमा व्याख्या गर्नुभयो? के यी दुईबीचमा कुनै सम्बन्ध हुन सक्छ? वास्तवमा, यी दुई कुराहरूको बीचमा अन्तर्निहित सम्बन्ध छ; नत्र, परमेश्वरले मानिसहरूलाई त्यसको बारेमा बताउनुहुनेथिएन। हरियो पातहरूको बीचमा, मन्द हावामा कमलको फूल यता-उता हल्लन्छ। यो हेर्दा मनोहर देखिन्छ, र अत्यन्तै प्यारो लाग्छ। मानिसहरू यसलाई हेरेर थाक्दैनन्, र फूलेको कमल टिपेर त्यसलाई नजिकबाट हेर्नको लागि मानिसहरूलाई पानीमा पौडेर जाऊँ-जाऊँ लाग्छ। तैपनि, कमलको फूल हिलोबाट आउँछ, र यसको नाम मात्रै छ तर सार छैन भनेर परमेश्वर भन्नुहुन्छ; के देखिन्छ भने, परमेश्वरले कमलको फूललाई त्यति महत्त्व दिनुहुन्न, र यसप्रति उहाँको निश्चित घृणा छ भन्ने कुरालाई उहाँका वचनहरूले स्पष्ट पार्छन्। युगौंयुगसम्म, धेरैले कमलको फूललाई धेरै प्रशंसा गरेका छन्, किनभने ती फोहोरबाट निष्खोट रूपमा देखा पर्छन्, र कमलको फूलसँग कुनै फूललाई तुलना गर्न सकिँदैन र ती व्याख्या गर्नै नसकिने गरी सुन्दर छन् भनेर इङ्गित गरेको समेत देखिन्छ। तैपनि परमेश्वरको नजरमा, कमलको फूलको कुनै महत्त्व छैन–परमेश्वर र मानवको बीचमा रहेको भिन्नता पनि ठीक यही नै हो। तसर्थ परमेश्वर र मानवको बीचको भिन्नता स्वर्गको फैलावट र पृथ्वीको जगको बीचमा रहेको दूरी जत्तिकै व्यापक छ भनेर देख्न सकिन्छ। कमलको फूल हिलोबाट आउने हुनाले,

यसलाई आवश्यक पर्ने पोषण पनि त्यहीँबाट आउँछ। यति मात्र हो कि कमलले आफ्नो भेष बदल्न सक्छ र यसरी यसले आँखाको तृष्णा मेटाउँछ। धेरै मानिसहरूले कमलको बाहिरी सुन्दरतालाई मात्रै देख्छन्, तर यसको फोहोरी र अशुद्धताभित्र लुकेको यसको जीवनलाई कसैले पनि देख्दैन। तसर्थ, परमेश्‍वरले यसको नाम मात्रै छ तर सार छैन भनेर भन्‍नुहुन्छ—जुन पूर्ण रूपमा सही र साँचो कुरा हो। के परमेश्‍वरका मानिसहरू आज ठीक यस्तै छैनन् र? परमेश्‍वरप्रतिको तिनीहरूको समर्पणता र विश्‍वास सतही मात्रै छ। परमेश्‍वरको अघि, तिनीहरूले उहाँलाई तिनीहरूप्रति सन्तुष्ट तुल्याउनको लागि चापलुसी गर्छन् र स्वाङ पार्छन्; तैपनि, भित्री रूपमा भने तिनीहरू भ्रष्ट, शैतानी स्वभावले भरिएका हुन्छन्, र तिनीहरूका पेट अशुद्धताले भरिएका हुन्छन्। यही कारणले गर्दा, परमेश्‍वरले मानवलाई परमेश्‍वरप्रतिको तिनीहरूको बफादारिता अशुद्धताले कलङ्कित छ कि छैन वा यो शुद्ध र पूर्ण हृदयको छ कि छैन भनेर सोध्दै प्रश्‍नहरू गर्नुहुन्छ। जब तिनीहरू सेवाकर्ताहरू थिए, धेरै मानिसहरूले परमेश्‍वरलाई मुख खोलेर नै प्रशंसा गर्थे, तर तिनीहरूको हृदयमा भने उहाँलाई सराप्थे। तिनीहरूका शब्दहरूमा तिनीहरू परमेश्‍वरमा समर्पित हुन्थे, तर तिनीहरूका हृदयमा भने तिनीहरूले उहाँको अवज्ञा गर्थे। तिनीहरूको मुखले नकारात्मक शब्दहरू उच्चारण गर्थे, र तिनीहरूले आफ्नो हृदयमा परमेश्‍वरप्रतिको विरोधलाई राखेका हुन्थे। षड्यन्त्रकारी तरिकाले आफ्ना कार्यहरू अघि बढाउनेहरू समेत थिए: तिनीहरूले आफ्नो मुखबाट अश्‍लीलता निकाल्थे र अत्यन्तै भ्रष्ट भएर आफ्ना हातका हाउभाउ प्रस्तुत गर्थे, अनि ठूलो रातो अजिङ्गरको साँचो अनुहारको स्पष्ट र सजीव अभिव्यक्ति दिन्थे। त्यस्ता मानिसहरू ठूलो रातो अजिङ्गरका बच्चा भनिन साँच्चै नै योग्य हुन्छन्। तैपनि, आज तिनीहरू निष्ठावान सेवाकर्ताहरूको स्थानमा खडा हुन्छन् र तिनीहरूले आफू परमेश्‍वरका निष्ठावान मानिसहरू भएजस्तो गरी व्यवहार गर्छन्—कस्तो लाज पचेकाहरू! तर यसमा अचम्म मान्‍नु पर्दैन; तिनीहरू हिलोबाट आएका हुन्, त्यसकारण तिनीहरूले आफ्नो साँचो रङ्ग नदेखाई बस्न सक्दैनन्। परमेश्‍वर पवित्र र शुद्ध, अनि साँचो र वास्तविक हुनुहुन्छ, त्यसकारण उहाँको देह आत्माबाट आएको हो। यो ठोस र निर्विवाद कुरा हो। उहाँले परमेश्‍वर स्वयम्‌को लागि गवाही मात्र दिन सक्‍नुहुन्‍न, आफूलाई परमेश्‍वरको इच्छा पूरा गर्न पूर्ण रूपमा समर्पित गर्न पनि सक्‍नुहुन्छ: यी कार्यले परमेश्‍वरको सारको एउटा पक्षलाई प्रतिनिधित्व गर्छन्। देह स्वरूपसहितको आत्माबाट आउँछ भन्‍नुको अर्थ आत्माले धारण गर्नुहुने देह मानवको देहभन्दा ठोस रूपमा फरक छ, र यो भिन्‍नता प्राथमिक रूपमा तिनीहरूको आत्मामा रहन्छ। “स्वरूपसहितको आत्मा” ले सामान्य मानवताको आवरणभित्र रहेको परिणामस्वरूप ईश्‍वरीयताले कसरी भित्रबाट सामान्य रूपमा काम गर्न सक्‍नुहुन्छ त्यस कुरालाई जनाउँछ। यो अलिकति पनि अलौकिक छैन, र यो मानवताद्वारा सीमित छैन। “आत्माको स्वरूप” ले पूर्ण ईश्‍वरीयतालाई जनाउँछ, र यो मानवताद्वारा सीमित छैन। त्यसकारण, परमेश्‍वरको अन्तर्निहित स्वभाव र साँचो स्वरूपलाई पूर्ण रूपमा देहधारी शरीरमा जिउन सकिन्छ, जुन सामान्य र स्थिर मात्र हुँदैन, त्यसमा त प्रताप र क्रोध पनि हुन्छ। पहिलो देहधारी शरीरले मानिसहरूले विचार गर्न सक्ने परमेश्‍वरलाई मात्रै प्रस्तुत गर्न सक्यो; अर्थात्, उहाँले चिन्ह र अचम्मका कामहरू गर्न र अगमवाणीहरू बोल्न मात्रै सक्‍नुभयो। तसर्थ, उहाँ परमेश्‍वरको वास्तविकतामा पूर्ण रूपमा जिउनुभएन, त्यसकारण उहाँ

स्वरूपसहितको आत्माको मूर्तरूप हुनुहुन्नथियो; उहाँ ईश्वरीयताको प्रत्यक्ष स्वरूप मात्रै हुनुहुन्थ्यो। यसको साथै, उहाँ सामान्य मानवताभन्दा माथि हुनुभएको हुनाले, उहाँलाई पूर्ण व्यावहारिक परमेश्वर स्वयम् भनेर भनिएन, र उहाँमा स्वर्गको अस्पष्ट परमेश्वरको थोरै भाग थियो; उहाँ मानिसहरूका धारणाहरूको परमेश्वर हुनुहुन्थ्यो। यी दुई देहधारणहरूबीचको ठोस भिन्नता यही हो।

ब्रह्माण्डको सबैभन्दा उच्च स्थानबाट, परमेश्वरले मानवको हरेक चाललाई हेर्नुहुन्छ र मानिसहरूले भन्ने र गर्ने सबै कुरालाई हेर्नुहुन्छ। उहाँले तिनीहरूको सबै अन्तस्करणका विचारहरूलाई स्पष्टताका साथ अवलोकन गर्नुहुन्छ, तिनलाई कहिल्यै पनि बेवास्ता गर्नुहुन्न; त्यसकारण, उहाँका वचनहरूले मानिसहरूको हरेक विचारलाई प्रहार गर्दै तिनीहरूको हृदयलाई छेड्छ, र परमेश्वरका वचनहरू बुद्धिमानीपूर्ण र गल्तीविहीन हुन्छन्। "मानिसहरूले मेरो आत्मालाई 'चिने' पनि तिनीहरूले अझै पनि मेरो आत्मालाई दुःखी बनाउँछन्। मेरा वचनहरूले सबै मानिसको कुरूप अनुहारका साथै उनीहरूका भित्री विचारहरूलाई उदाङ्गो पार्दछन्, र पृथ्वीमा भएका सबैलाई मेरो सूक्ष्म जाँचको दौरान असफल तुल्याउने गर्दछन्।" यसबाट के कुरा स्पष्ट हुन्छ भने परमेश्वरले मानवजातिलाई दिनुभएका मापदण्डहरू अत्यन्तै भारपूर्ण नभए पनि, मानिसहरूले अझै पनि परमेश्वरको आत्माको छानबिनलाई सहन सक्दैनन्। "तथापि, असफल भए पनि तिनीहरूका हृदयले मबाट टाढा जाने साहस गर्दैन। सृष्टि गरिएका वस्तुहरू मध्येमा, को चाहिँ मेरा कामहरूको फलस्वरूप मलाई प्रेम गर्न आउँदैन र?" यो परमेश्वरको पूर्ण बुद्धि र सर्वशक्तिमान्‌ताको अझै बढी सूचक हो, र यसले यसरी परमेश्वरका मानिसहरू सेवाकर्ताको स्थानमा हुँदा तिनीहरूले विचार गरेका सबै कुरा प्रकट गर्छ: "व्यापार" असफल भएपछि, तिनीहरूको मनका "लाखौं" वा "करोडौं" शून्यतामा परिणत हुन्छ। तैपनि, परमेश्वरको प्रशासनिक आदेशहरूको कारण र परमेश्वरको प्रताप र क्रोधको कारण–तिनीहरूले शोकमा आफ्नो शिर निहुराउने भए पनि–तिनीहरूले अझै पनि नकारात्मक मनोवृत्तिका साथ परमेश्वरको सेवा गरे, र तिनीहरूका विगतका सबै अभ्यासहरू बकम्फुसे गफ बने र तिनलाई बिर्सिइयो। बरु, आफूलाई मनोरञ्जन दिन, आलस्यमा समय बिताउनको लागि, तिनीहरूले आफूलाई र अरू सबैलाई खुशी बनाउने कुराहरू स्वेच्छाले गरे। ... मानवको बीचमा वास्तवमा यही भइरहेको थियो। तसर्थ, परमेश्वरले मानवजातिलाई मन खोलेर भन्नुहुन्छ, "मेरा वचनहरूको परिणामस्वरूप कसले मेरो चाहना गर्दैन र? मेरो प्रेमको परिणामस्वरूप कसमा अनुरागको भावनाहरू उत्पन्न हुँदैन र?" इमानदारीसाथ भन्दा, सबै मानव परमेश्वरका वचनहरूलाई स्वीकार गर्न इच्छुक छन्, र तिनीहरूका बीचमा परमेश्वरको वचन मन नपराउने एक जना पनि छैन; यति मात्रै हो कि तिनीहरूले परमेश्वरका वचनहरूलाई अभ्यास गर्न सक्दैनन्, किनभने तिनीहरूलाई तिनीहरूको प्रकृतिले बाधा दिन्छ। परमेश्वरका वचनहरूलाई पढिसकेपछि, धेरै मानिसहरू ती वचनहरूबाट अलग हुन सक्दैनन्, र परमेश्वरप्रतिको तिनीहरूको प्रेम तिनीहरूभित्र भरिन्छ। तसर्थ, परमेश्वरले फेरि पनि शैतानलाई सराप दिनुहुन्छ, फेरि पनि यसको कुरूप अनुहारलाई खुलासा गर्नुहुन्छ। "यो युग, जहाँ शैतानले दङ्गा गर्दछ र एकदमै निरङ्कुश भएको छ", त्यो युग परमेश्वरले पृथ्वीमा आफ्नो आधिकारिक महान् काम सुरु गर्ने युग पनि हो। यसपछि, उहाँले संसारलाई विध्वंस गर्ने कार्य सुरु गर्नुहुन्छ। अर्को शब्दमा भन्दा, शैतान पागलझैँ जति

दौडन्छ, परमेश्‍वरको दिन त्यति नै चाँडै आउनेछ। तसर्थ, परमेश्‍वरले शैतानको छाडापनको बारेमा जति धेरै बोल्नुहुन्छ, परमेश्‍वरले संसारलाई सर्वनाश गर्ने दिन त्यति नै नजिक आउँछ। परमेश्‍वरले शैतानलाई गर्नुभएको घोषणा यही हो।

परमेश्‍वरले किन बारम्बार, "... यसबाहेक, मेरो पिठिउँपछाडि तिनीहरू ती 'प्रशंसनीय' फोहोर कारोबारमा संलग्न हुन्छन्। के तँलाई जुन देह मैले आफैलाई ओढाएको छु त्यसले तेरा कार्यहरू, तेरा व्यवहारहरू र तेरा बोलीवचनहरू केही पनि जान्दैन भनी सोच्छस्?" उहाँले यस्ता वचनहरू एक-दुईपटक मात्रै बोल्नुभएन। किन त्यसो भयो त? परमेश्‍वरले मानिसहरूलाई सान्त्वना दिनुभएपछि, र तिनीहरूलाई मानवजातिको लागि परमेश्‍वरको शोकको बारेमा थाहा भएपछि, तिनीहरूलाई आफू अघि बढ्ने क्रममा विगतलाई बिर्सन सहज हुन्छ। तैपनि, परमेश्‍वर मानवप्रति अलिकति पनि नरम हुनुभएको छैन: उहाँले तिनीहरूका विचारहरूलाई निशाना बनाउन जारी राख्नुभएको छ। तसर्थ, उहाँले मानिसहरूलाई आफैलाई चिन्न, आफ्नो व्यभिचार रोक्न, त्यस्तो "प्रशंसनीय" फोहोर कारोबारमा अबउप्रान्त नलाग्न, र देहमा हुनुभएका परमेश्‍वरलाई फेरि कहिल्यै धोका नदिन बारम्बार आज्ञा गर्नुहुन्छ। मानिसहरूको प्रकृति परिवर्तन नभए तापनि, तिनीहरूलाई एक-दुईपटक स्मरण गराउनु फाइदाजनक नै हुन्छ। यसपछि, तिनीहरूको हृदयका रहस्यहरूलाई प्रकट गर्नको लागि परमेश्‍वरले मानव दृष्टिकोणबाट बोल्नुहुन्छ: "मैले धेरै वर्ष बतास र वर्षा सहेको छु, अनि त्यसरी नै मैले मानवीय संसारको तीतोपना अनुभव गरेको छु; तापनि, ध्यान दिएर विचार गर्दा, जत्ति नै धेरै दुःख-कष्टले पनि देहीय मानवजातिलाई ममाथि आशा मार्ने बनाउन सक्दैन, कुनै पनि मिठासले देहीय मानवलाई मप्रति चिसो, निराश वा तिरस्कारपूर्ण पार्ने त कुरै नगरौं। के मप्रतिको तिनीहरूको प्रेम साँच्चै दु:खको कमी वा मिठासको कमीमा सीमित छ?" "सूर्यमुनि सबै कुरा रित्तो छ"–यी वचनहरूको साँच्चै नै भित्री अर्थ छ। तसर्थ, कुनै पनि कुराले मानिसलाई उहाँप्रतिको आशा गुमाउने वा उहाँप्रति रुखो बन्ने तुल्याउन सक्दैन भनेर परमेश्‍वरले भन्दै हुनुहुन्छ। यदि मानिसहरूले परमेश्‍वरलाई प्रेम गर्दैनन् भने, तिनीहरू मरेकै जाती हुन्छ; तिनीहरूले परमेश्‍वरलाई प्रेम गर्दैनन् भने, तिनीहरूको कष्ट-भोग व्यर्थ हुन्छ र तिनीहरूले प्राप्त गर्ने खुसी रित्तो हुन्छ, र तिनीहरूको पाप थपिन्छ। उहाँलाई एक जना व्यक्तिले पनि साँचो रूपमा प्रेम नगर्ने हुनाले, उहाँ भन्नुहुन्छ, "के मप्रतिको तिनीहरूको प्रेम साँच्चै दु:खको कमी वा मिठासको कमीमा सीमित छ?" मानवजातिको संसारमा, कष्ट वा मिठास नभोगी कसरी कुनै व्यक्ति अस्तित्वमा रहन सक्छ र? परमेश्‍वरले बारम्बार यसो भन्नुहुन्छ, "एक जना मानिसले पनि कहिल्यै मेरो अनुहारलाई साँचो रूपमा देखेको छैन वा साँचो रूपमा मेरो आवाज सुनेको छैन, किनभने मानवले मलाई साँचो रूपमा चिन्दैन।" परमेश्‍वर भन्नुहुन्छ, मानवले उहाँलाई साँचो रूपमा चिन्नुहुन्न, तर उहाँले मानिसलाई किन उहाँलाई चिन्न लगाउनुहुन्छ? के यो विरोधाभास होइन र? परमेश्‍वरको हरेक वचनको निश्‍चित उद्‌देश्य हुन्छ। मानव अचेत अवस्थामा पुगेको हुनाले, परमेश्‍वरले अन्त्यमा तिनीहरूको हरेक हृदयको ०.१ प्रतिशत ओगट्नको लागि मानवमार्फत उहाँको १००% काम गर्ने सिद्‌धान्त प्रयोग गर्नुहुन्छ। परमेश्‍वरले काम गर्ने विधि यही हो, र उहाँका लक्ष्यहरूलाई पूरा गर्नको लागि परमेश्‍वरले यसरी नै काम गर्नुपर्छ। परमेश्‍वरका वचनहरूमा समावेश

बुद्धि पनि ठीक यही नै हो। के तिमीहरूले यो कुरालाई बुझ्यौ?

परमेश्वर भन्नुहुन्छ: “जब म मेरा रहस्यहरू प्रत्यक्ष रूपमा प्रकट गर्दछु र देहमा मेरो इच्छा स्पष्ट गर्दछु, तर तिमीहरूले देख्दैनौ; तिमीहरूले आवाज सुन्छौ, तर तिनीहरूको अर्थ बुझ्दैनौ। म दुःखमा परेको छु। म देहमा भएको भए तापनि, म देहको सेवाको काम गर्न असमर्थ छु।” एक हिसाबमा, मानिसहरूको अचेत अवस्थाको कारण यी वचनहरूले तिनीहरूलाई परमेश्वरसँग सहकार्य गर्न अग्रसर हुने तुल्याउँछ; अर्को हिसाबमा, परमेश्वरले देहधारी शरीरमा आफ्नो ईश्वरीयताको साँचो अनुहार प्रकट गर्नुहुन्छ। मानिसहरू कदको हिसाबले अत्यन्तै साना भएका हुनाले, परमेश्वर देहमा हुनुभएको अवधिमा दिइने ईश्वरीयताको प्रकाश यसलाई स्वीकार गर्ने तिनीहरूको क्षमताअनुसार मात्रै आउँछ। कामको यो चरणमा, धेरैजसो मानिसहरू यसलाई पूर्ण रूपमा स्वीकार गर्न नसक्ने अवस्थामा नै रहन्छन्, जुन कुराले तिनीहरू कति अग्रहणशील छन् भन्ने देखाउँछ। तसर्थ, यो कामको अवधिमा, ईश्वरीयताले यसका मूल कार्यहरू सबै पूरा गर्दैन; यसले ती कार्यको एउटा सानो भाग मात्रै पूरा गर्छ। यसले के देखाउँछ भने, भविष्यको काममा, मानवजातिको पुनर्प्राप्तिको स्थितिअनुसार ईश्वरीयतालाई क्रमिक रूपमा प्रकट गरिनेछ। तैपनि, ईश्वरीयता क्रमिक रूपमा वृद्धि हुँदैन; बरु, यो त देहधारी परमेश्वरको सारमा रहेको कुरा हो, र यो मानिसको कद जस्तो हुँदैन।

परमेश्वरले मानव सृष्टि गर्नुको उद्देश्य र अर्थ छ, त्यही कारणले गर्दा, परमेश्वरले भन्नुभयो, “यदि मानव जाति सबै मेरो क्रोधले नष्ट हुन्थ्यो भने, मैले स्वर्ग र पृथ्वी सृष्टि गर्नुको महत्त्व के हुनेछ?” मानव भ्रष्ट भइसकेपछि, परमेश्वरले आफ्नो आनन्दको लागि तिनीहरूको एउटा समूहलाई प्राप्त गर्ने योजना बनाउनुभयो; सबै मानव नष्ट होस् भन्ने उहाँको अभिप्राय थिएन, न त परमेश्वरको प्रशासनिक आदेशहरूलाई अलिकति उल्लंघन गर्दासमेत तिनीहरूलाई नास गर्ने उहाँको अभिप्राय थियो। परमेश्वरको इच्छा त्यस्तो छैन; परमेश्वरले भन्नुभएजस्तै, त्यसको कुनै अर्थ हुनेथिएन। यो “अर्थविहीनता” कै कारणले परमेश्वर बुद्धिलाई स्पष्ट पारिएको छ। सबै मानिसहरूलाई सजाय दिने, न्याय गर्ने, र प्रहार गर्ने कार्य गरेर अन्तिममा उहाँलाई साँचो रूपमा प्रेम गर्नेहरूलाई मात्रै छनौट गर्नको लागि परमेश्वरले विभिन्न माध्यममा बोल्नु र काम गर्नुको अझै ठूलो महत्त्व हुँदैन र? ठीक यही किसिमले परमेश्वरका कार्यहरूलाई प्रकट गरिन्छ, र यसरी मानवको सृष्टि अझै महत्त्वपूर्ण बन्छ। तसर्थ, परमेश्वरका धेरैजसो वचनहरू तिनीहरू छेवैबाट तैरिएर जान्छन् भनेर भनिन्छ; यो एउटा उद्देश्य हासिल गर्नको लागि हो, र उहाँका वचनहरूको एउटा भागको वास्तविकता ठीक यही नै हो।

**परिशिष्ट:**

# अध्याय १

म तिमीहरूलाई जे गर भन्छु त्यो मैले बताउने गरेको अस्पष्ट र रित्तो सिद्धान्त होइन, न त यो मानिसको मस्तिष्कले कल्पना गर्नै नसक्ने वा मानिसको देहले हासिल गर्नै नसक्ने कुरा नै हो। मेरो घरभित्र को पूर्ण रूपमा बफादार रहन सक्छ? अनि मेरो राज्यभित्र कसले आफ्नो सम्पूर्णता अर्पण गर्न सक्छ? मेरो इच्छा प्रकट नभएको भए, के तिमीहरूले आफैलाई मेरो हृदय सन्तुष्ट तुल्याउने मापदण्ड दिनेथियौ? कसैले पनि मेरो हृदयलाई कहिल्यै बुझेको छैन, अनि कसैले पनि मेरो इच्छालाई कहिल्यै बुझेको छैन। कसले मेरो अनुहार कहिल्यै देखेको वा मेरो आवाज कहिल्यै सुनेको छ? के पत्रुसले मेरो अनुहार देखे वा मेरो आवाज सुने? वा पावलले मेरो अनुहार देखे वा मेरो आवाज सुने? वा यूहन्नाले मेरो अनुहार देखे वा मेरो आवाज सुने? वा याकूबले मेरो अनुहार देखे वा मेरो आवाज सुने? कसलाई मैले कहिल्यै भेष प्रदान गरेको छु, वा मैले प्राप्त गरेको छु, वा मैले प्रयोग गरेको छु? पहिलोपटक म देह बनेको घटना ईश्वरीयतामा भएको भए पनि, मैले धारण गरेको देहले मानिसका कष्टहरूलाई जानेको थिएन, किनभने म एउटा रूप लिएर देहधारी भएको थिइन, त्यसकारण देहले पूर्ण रूपमा मेरो इच्छा पूरा गऱ्यो भनेर भन्न सकिँदैन। जब मेरो ईश्वरीयताले कुनै वाधा वा अवरोधविना सामान्य मानवताको व्यक्तित्वमा मैले गरेजस्तो गर्न र मैले बोलेजस्तो बोल्न सक्छ, तब मात्रै देहमा मेरो इच्छा पुरा भएको छ भनेर भन्न सकिन्छ। मेरो सामान्य मानवताले मेरो ईश्वरीयतालाई ढाक्न सक्ने भएको हुनाले, यसरी नम्र र गुप्त रहने मेरो इच्छा हासिल हुन्छ। देहमा गरिने कामको चरणको अवधिमा, ईश्वरीयताले प्रत्यक्ष रूपमा नै काम गर्ने भए पनि, त्यस्ता कार्यहरूलाई मानिसहरूले सहजै देख्न सक्दैनन्, जुन सामान्य मानवताको जीवन र कार्यहरूको कारणले गर्दा मात्रै हो। यो देहधारणले पहिलो देहधारणले जस्तो ४० दिन उपवास बस्न सक्दैन, तर सामान्य रूपमा काम गर्न र बोल्न सक्छ; उहाँले रहस्यहरू प्रकट गर्नुभए पनि, उहाँ अत्यन्तै सामान्य हुनुहुन्छ; यो मानिसले कल्पना गरेजस्तो छैन–उहाँको आवाज मेघगर्जनको जस्तो छैन, उहाँको अनुहार ज्योतिले चम्किँदैन, र उहाँ हिँड्नुहुँदा स्वर्ग थर्किँदैन। यदि त्यस्तो भएको भए, त्यसमा मेरो कुनै बुद्धि हुनेथिएन, र शैतानलाई लज्जित पार्न र हराउन असम्भव हुनेथियो।

जब म सामान्य मानवताको आवरण भित्रबाट मेरो ईश्वरीयता प्रकट गर्छु, मैले पूर्ण महिमा प्राप्त गर्छु, मेरो महान् काम पूरा हुन्छ, र कुनै पनि कुराले कुनै कठिनाइ ल्याउँदैन। यसको कारण के हो भने मेरो देहधारणको मुख्य उद्देश्य मलाई विश्वास गर्ने सबैलाई देहमा रहेको मेरो ईश्वरीयताका कामहरू देखाउनु, र व्यावहारिक परमेश्वर स्वयम्लाई देखाउनु हो, यसरी अदृश्य र अस्पृश्य परमेश्वरले मानिसहरूको हृदयमा लिएको स्थानलाई हटाउनु हो। मसँग पूर्ण ईश्वरीयताको सार भए पनि, मैले सामान्य व्यक्तिले जस्तै खाने, वस्त्र लगाउने, सुत्ने, बास गर्ने, र काम गर्ने भएकोले, म सामान्य व्यक्तिजस्तै बोल्ने र हाँस्ने हुनाले र मसँग सामान्य व्यक्तिको जस्तै खाँचोहरू भएको हुनाले, मलाई "व्यावहारिक परमेश्वर" भनेर भनिन्छ। यो अमूर्त छैन, र यो बुझ्न

सजिलो छ; यसमा मेरो कामको केन्द्रबिन्दु कुन भागमा छ, र मेरो ध्यान कामको कुन चरणमा केन्द्रित छ भन्ने कुरालाई देख्न सकिन्छ। मेरो देहधारणको मुख्य उद्‌देश्य भनेको सामान्य मानवताद्‌वारा मेरो ईश्वरीयतालाई प्रकट गर्नु हो। मेरो कामको केन्द्रबिन्दु न्यायको युगको दोस्रो भागमा छ भन्ने कुरालाई देख्न कठिन छैन।

ममा, कहिल्यै मानव जीवन रहेको छैन, न त मानव जीवनको कुनै अवशेष नै रहेको छ। मानव जीवनले ममा कहिल्यै कुनै स्थान लिएको छैन, र मेरो ईश्वरीयताको प्रकाशलाई कहिल्यै दबाएको छैन। तसर्थ, स्वर्गको मेरो आवाज र मेरो आत्माको इच्छा जति धेरै व्यक्त हुन्छन्, शैतान त्यति नै लज्जित हुन सक्छ, र यसरी सामान्य मानवतामा मेरो इच्छालाई पूरा गर्ने काम त्यति नै सहज हुन्छ। यसले मात्रै पनि शैतानलाई हराएको छ; शैतानलाई पहिले नै पूर्ण रूपमा लज्जित पारिएको छ। म लुप्त भए पनि, यसले मेरो ईश्वरीयताका वाणी र कार्यहरूमा वाधा दिँदैन–म विजयी बनेको छु र मैले पूर्ण महिमा प्राप्त गरेको छु भन्ने कुरालाई देखाउन यो नै पर्याप्त छ। देहको मेरो काम वाधारहित भएकोले, र अहिले व्यावहारिक परमेश्वरले मानिसहरूको हृदयमा स्थान प्राप्त गर्नुभएको र तिनीहरूको हृदयमा जरा गाड्नुभएको हुनाले, मैले शैतानलाई हराएको छु भन्ने कुरा पूर्ण रूपमा प्रमाणित भएको छ। अनि मानिसको बीचमा शैतानले थप कुनै पनि काम गर्न नसक्ने भएकोले, र मानिसको देहमा शैतानको गुण हाल्न कठिन भएको हुनाले, मेरो इच्छा कुनै बाधाविना नै अघि बढ्नेछ। मेरो कामको विषयवस्तु मुख्य रूपमा सबै मानिसहरूलाई मेरा आश्चर्यजनक कार्यहरू र मेरो साँचो अनुहार देखाउनको लागि हो: म पहुँचभन्दा बाहिर छैन, म आकाश छुने गरी उभिँदिन, र म स्वरूपविहीन र आकारविहीन छैन। म हावाजस्तो अदृश्य छैन, न त म सहजै उडेर जाने र तैरिरहने बादलजस्तो नै छु; बरु, म मानिसको बीचमा जिउने र मैले मानिसको बीचमा मिठास, अमिलो, तीतो, र पिरो अनुभव गर्ने भए पनि, मेरो देह सारगत रूपमा मानिसको भन्दा फरक छ। धेरैजसो मानिसहरूलाई मसँग उठबस गर्न कठिन हुन्छ, तैपनि धेरैजसोले मसँग उठबस गर्ने चाहना गर्छन्। यो त यस्तो भयो कि मानौं देहधारी परमेश्वरभित्र, विशाल, अथाह रहस्यहरू छन्। ईश्वरीयताको प्रत्यक्ष प्रकाशको कारण, र मानव स्वरूपको आवरणको कारण, मानिसहरूले मलाई कृपालु र प्रेमिलो परमेश्वर ठान्दै मबाट आदरणीय दूरी कायम राख्छन्, तर मेरो प्रताप र क्रोधप्रति भयभीत पनि हुन्छन्। तसर्थ, तिनीहरूले आफ्नो हृदयमा मसँग उत्सुकताको साथ बोल्न चाहन्छन्, तैपनि तिनीहरूले आफूले चाहेजस्तो गर्न सक्दैनन्–तिनीहरूको हृदयले जे इच्छा गर्छ, तिनीहरूको सामर्थ्यमा त्यसैको कमी हुन्छ। यी परिस्थितिहरूमा हुने हरेकका स्थितिहरू यस्तै हुन्छन्–मानिसहरू जति यस्तो हुन्छन्, मेरो स्वभावका विभिन्न पक्षको प्रकाशको प्रमाण त्यति नै ठूलो हुन्छ, यसरी परमेश्वरलाई चिन्ने मानिसहरूको उद्‌देश्य हासिल हुन्छ। तर यो गौण कुरा हो; मुख्य कुरा भनेको मानिसहरूलाई मेरो देहले गरेका आश्चर्यजनक कार्यहरू जान्न लगाउनु, तिनीहरूलाई परमेश्वरको सार चिनाउनु हो; म मानिसहरूले कल्पना गरेजस्तो मअसामान्य र अलौकिक छैन। बरु, म सबै कुरामा सामान्य रहेको व्यावहारिक परमेश्वर हुँ। मानिसहरूका धारणाहरूभित्र मेरो स्थानलाई हराउँछ, र तिनीहरूले मलाई यथार्थमा चिन्न पुग्छन्। त्यसपछि मात्रै मैले मानिसहरूको मनमा मेरो साँचो स्थान लिन्छु।

सबै मानिसहरूका अघि, मानिसहरूले कदर गर्ने कुनै अलौकिक काम मैले कहिल्यै नगरेको मात्रै होइन, म त अत्यन्तै सामान्य र सर्वसाधारण पनि छु; मैले जानीजानी मानिसहरूलाई मेरो देहधारी शरीरमा परमेश्वरको सङ्केत दिने कुनै पनि कुरा देखाउँदिन। तर मेरा वचनहरूको कारण, मानिसहरू पूर्ण रूपमा जितिएका छन्, र तिनीहरू मेरो गवाहीमा समर्पित हुन्छन्। त्यसरी मात्रै मानिसहरूले कुनै गलत बुझाइविना र परमेश्वर वास्तवमा नै अस्तित्वमा हुनुहुन्छ भन्ने पूर्ण विश्वासको आधारमादेहमा रहेको मलाई चिन्छन्। यसरी, मेरो बारेमा रहेको मानिसहरूको ज्ञान अझै वास्तविक, अझै स्पष्ट, र तिनीहरूको असल बानीबेहोराबाट पूर्ण रूपमा निष्खोट बन्छ; यो सबै मेरो ईश्वरीयताको बारेमा मानिसहरूलाई अझै ठूलो ज्ञान दिँदै मेरो ईश्वरीयताले प्रत्यक्ष रूपमा काम गरेको परिणामबाट आउँछ, किनभने ईश्वरीयता मात्रै परमेश्वरको साँचो अनुहार र परमेश्वरको अन्तर्निहित गुण हो। मानिसहरूले यो कुरालाई देख्नुपर्छ। मैले चाहने भनेका ईश्वरीयतामा रहेका वचन, कर्म, र कार्यहरू हुन्–म मानवतामा रहेका वचन र कार्यहरूका बारेमा वास्ता गर्दिनँ। मेरो उद्‌देश्य भनेको ईश्वरीयतामा जिउनु र काम गर्नु हो–म मानवतामा जरा गाड्‌न र उम्रन चाहन्नँ, र म मानवतामा वास गर्न चाहन्नँ। के मैले भनिरहेको कुरा तिमीहरूले बूझ्दै छौ? म मानव रूपमा आएको पाहुना भए पनि, म यो चाहँदिनँ; म पूर्ण रूपमा ईश्वरीयतामा व्यवहार गर्छु, र यसरी मात्रै मानिसहरूले मेरो साँचो अनुहारलाई राम्ररी बुझ्न सक्छन्।

## अध्याय १०

मण्डली निर्माणको अवधिमा, परमेश्वरले राज्य निर्माणको बारेमा बिरलै उल्लेख गर्नुभयो। उहाँले यसको बारेमा उल्लेख गर्नुहुँदा पनि, उहाँले त्यो बेलाको भाषामा उल्लेख गर्नुभयो। राज्यको युगको आगमन भइसकेपछि, परमेश्वरले मण्डली निर्माणको समयका निश्चित विधि र चासोहरूलाई एकै धर्को कोरी मेटाइदिनुभयो, र तिनको बारेमा फेरि कहिल्यै एउटै शब्द समेत बोल्नुभएन। “परमेश्वर स्वयम्” भन्ने पदावलीको आधारभूत अर्थ ठीक यही हो, जो सधैँ नयाँ हुनुहुन्छ र कहिल्यै पनि पुरानो बन्नुहुन्न। विगतमा काम-कुराहरू जति नै राम्ररी गरिएको भए पनि, आखिर ती बितेको युगका भाग हुन्, त्यसकारण परमेश्वरले त्यस्ता विगतका घटनाहरूलाई ख्रीष्टको समयभन्दा पहिले घटेका घटनाहरूको रूपमा वर्गीकरण गर्नुहुन्छ, जबकि वर्तमान दिनलाई ख्रीष्टभन्दा पछिको समयको रूपमा चिनिन्छ। यसबाट के देख्न सकिन्छ भने मण्डलीको निर्माण राज्यको निर्माणको पूर्वसर्त थियो; यसले परमेश्वरको निम्ति उहाँको राज्यमा आफ्नो सार्वभौम शक्ति प्रयोग गर्ने जग स्थापना गर्‍यो। मण्डलीको निर्माण आजको समयको झलक हो; पृथ्वीमा परमेश्वरले गर्नुहुने कार्य मुख्य रूपमा यही भागमा, अर्थात् राज्य निर्माणको काममा केन्द्रित छ। उहाँले मण्डली निर्माणको काम समाप्त गर्नुभन्दा पहिले, उहाँले गर्नुपर्ने सबै कार्यका निम्ति तयारीहरू गरिसक्नुभएको थियो, अनि जब ठीक समय आयो, उहाँले औपचारिक रूपमा आफ्नो काम सुरु गर्नुभयो। यही कारणले गर्दा परमेश्वरले भन्नुभयो, “आखिर, राज्यको युग विगतका समयहरूभन्दा फरक छ। मानवजातिले कस्तो व्यवहार गर्छ त्यससँग यसले सरोकार राख्दैन; बरु,

म मेरो काम गर्नको लागि व्यक्तिगत रूपमै पृथ्वीमा ओर्लेको छु, जुन कुरालाई न त मानवजातिले बुझ्न सक्छ न त पूरा गर्न नै सक्छ।” वास्तवमा नै, यो काम परमेश्‍वरले नै व्यक्तिगत रूपमा गर्नुपर्छ–कुनै पनि मानवले त्यस्तो काम गर्न सक्दैन; तिनीहरू यसको स्तरमा पुगेकै छैनन्। परमेश्‍वरबाहेक, अरू कसले मानवजातिको बीचमा त्यति महान् काम गर्न सक्थ्यो र? सम्पूर्ण मानवजातिलाई अधमरो हुने गरी “कष्ट” दिन अरू कसले सक्छ र? के मानवले त्यस्तो कामको बन्दोबस्त गर्न सक्छ र? किन उहाँले यसो भन्नुहुन्छ, “म मेरो काम गर्नको लागि व्यक्तिगत रूपमै पृथ्वीमा ओर्लेको छु”? के परमेश्‍वरका आत्मा साँच्चै सबै स्थानबाट हराउनुभएको हुन सक्छ? “म मेरो काम गर्नको लागि व्यक्तिगत रूपमै पृथ्वीमा ओर्लेको छु” भन्ने हरफले परमेश्‍वरको आत्मा काम गर्न देहमा देहधारी हुनुभएको छ भन्ने तथ्य, र परमेश्‍वरको आत्माले स्पष्ट रूपमा नै मानवजातिको बीचमा काम गरिरहनुभएको छ भन्ने तथ्य दुवैलाई जनाउँछ। व्यक्तिगत रूपमा आफ्नो काम गरेर, उहाँले धेरै मानिसहरूलाई आफ्नो नाङ्गो आँखाले परमेश्‍वर स्वयम्‌लाई देख्ने तुल्याउनुहुन्छ; तिनीहरूले आफ्नो आत्मामा उहाँलाई होशियारीसाथ खोजी गर्नु आवश्यक छैन। यसको साथै, उहाँले सबै मानवलाई आत्माले काम गर्नुभएको नाङ्गो आँखाले देख्न दिनुहुन्छ, यसरी मानिसको देह र परमेश्‍वरको देहको बीचमा विशेष भिन्नता छ भन्ने कुरा देखाउनुहुन्छ। यसको साथै, सबै अन्तरिक्षमा, ब्रह्माण्ड संसारमा परमेश्‍वरको आत्माले काम गरिरहनुभएको हुन्छ। अन्तर्दृष्टि पाएका परमेश्‍वरका सबै मानिसहरूले परमेश्‍वरको नामलाई स्वीकार गरेपछि, परमेश्‍वरको आत्माले कसरी काम गर्नुहुन्छ भन्ने देख्छन्, त्यसरी तिनीहरू देहधारी परमेश्‍वरप्रति अझै बढी परिचित बन्छन्। त्यसकारण, परमेश्‍वरको ईश्‍वरीयताले प्रत्यक्ष रूपमा काम गर्छ भने मात्र–अर्थात्, जब परमेश्‍वरको आत्माले कुनै पनि बाधाविना काम गर्न सक्नुहुन्छ तब मात्र–मानवजाति व्यवहारिक परमेश्‍वर स्वयम्‌प्रति परिचित बन्न सक्छन्। राज्य निर्माणको सार यही हो।

परमेश्‍वर कतिपटक देहमा देहधारी हुनुभएको छ? के यो धेरैपटक हुन सक्छ? किन परमेश्‍वरले धेरैपटक यसो भनेर टिप्पणी दिनुभएको छ, “एक पटक म मानवको संसारमा ओर्लिएँ र तिनीहरूको कष्ट अनुभव गरेँ र अवलोकन गरेँ, तर मेरो देहधारणको उद्‌देश्‍यलाई पूरा नगरिकन त्यसो गरेँ”? के परमेश्‍वर धेरैपटक देहधारी हुनुभएको छ, तर मानिसलाई कहिल्यै थाहा नभएको हो? यो अभिव्यक्तिको अर्थ त्यो होइन। पहिलोपटक परमेश्‍वर देहधारी बन्नुहुँदा, उहाँको उद्‌देश्‍य भनेको मानिसले उहाँलाई चिनून् भन्ने थिएन; बरु, उहाँले आफ्नो काम गर्नुभयो, त्यसपछि कसैले थाहै नपाई वा उहाँलाई चिन्ने मौका कसैलाई नदिई उहाँ विलय हुनुभयो। उहाँले मानिसहरूलाई पूर्ण रूपमा उहाँलाई चिन्न दिनुभएन, न त उहाँसँग देहधारणको पूर्ण महत्त्व नै थियो; त्यसकारण, उहाँ पूर्ण रूपमा देहधारी हुनुभएको थियो भनेर भन्न सकिँदैन। पहिलो देहधारणमा, त्यो काम अघि बढाउनको लागि परमेश्‍वर पापी प्रकृतिबाट मुक्त रहेको भौतिक शरीरको प्रयोग मात्रै गर्नुभयो; यो पूरा भएपछि, थप कुराको उल्लेख गर्नु आवश्यक थिएन। युगौंयुग परमेश्‍वरले प्रयोग गर्नुभएका मानवका हकमा, त्यस्ता घटनाहरू “देहधारणहरू” भन्न त्यति योग्य छैनन्। सामान्य मानवताको आवरणभित्र रहनुभएका र भित्री पूर्ण ईश्‍वरीयता बोक्नुभएका, र मानवजातिको सामुन्ने आफूलाई चिनाउने उद्‌देश्‍य बोक्नुभएका आजका व्यावहारिक परमेश्‍वर स्वयम्‌लाई मात्रै पूर्ण रूपमा “देहधारण”

भनेर भन्‍न सकिन्छ। परमेश्‍वरले पहिलोपटक गर्नुभएको यो संसारको भ्रमणको महत्त्व भनेको आज देहधारण जेलाई भनिन्छ त्यसको महत्त्वको एउटा पक्ष हो—तर यो भ्रमणमा देहधारण भनेर चिनिने कुराको पूर्ण अर्थ समावेश छैन। यसैले परमेश्‍वरले "मेरो देहधारणको उद्‌देश्यलाई पूरा नगरिकन" भनेर भन्‍नुभयो। परमेश्‍वरका वचनहरूले भनेजस्तै, मानव कष्‍ट अनुभव र अवलोकन गर्ने कार्यले परमेश्‍वरको आत्मा र दुई देहधारणहरूलाई जनाउँछ। यही कारणले परमेश्‍वरले भन्‍नुभयो, "राज्यको निर्माण सुरु भएपछि, मेरो देहधारी शरीरले मेरो सेवकाइलाई औपचारिक रूपमा सुरु गर्‍यो; अर्थात्, राज्यका राजाले आफ्नो सार्वभौम शक्तिलाई औपचारिक रूपमा लिनुभयो।" मण्डली निर्माणको कार्य परमेश्‍वरको नामको गवाही थियो, तैपनि काम अझै पनि औपचारिक रूपमा सुरु भएको थिएन; आजको कार्यलाई मात्रै राज्य निर्माणको कार्य भनेर भन्‍न सकिन्छ। यसभन्दा अघि गरिएका सबै कुरा नमुना मात्र थियो; त्यो वास्तविक कुरो थिएन। राज्यको सुरुवात भएको छ भनेर भनिए पनि, यसभित्र अझै कुनै काम गरिएको थिएन। आज मात्रै, अहिले परमेश्‍वरको ईश्‍वरीयताभित्रकाम गरिँदै गरिएको हुनाले र परमेश्‍वरले आफ्नो काम औपचारिक रूपमा सुरु गर्नुभएको हुनाले, मानवजाति बल्ल राज्यमा प्रवेश गरेको छ। तसर्थ, "मानव संसारमा राज्यको अवतरण—जुन वास्तविक प्रकटीकरणमा मात्रै सीमित थिएन—एउटा खास वास्तविकता हो; यो 'अभ्यासको वास्तविकता' को अर्थको एउटा पक्ष हो।" यो उद्धरण माथिको व्याख्याको उपयुक्त सारांश हो। यो व्याख्या प्रदान गरेर, परमेश्‍वरले मानवजातिको आम स्थितिलाई चित्रण गर्नुभएको छ, जसले मानिसहरूलाई व्यस्तताको अटुट स्थितिमा छोड्छ। "संसारभरि, सबै मेरो कृपा र दयाभित्र अस्तित्वमा छन्, तर सारा मानवजाति मेरो न्यायमा पर्छन्, त्यसरी नै तिनीहरूले मेरा परीक्षाहरूको सामना गर्छन्।" मानव जीवन परमेश्‍वरले मिलाउनुभएका निश्‍चित सिद्धान्त र नियमहरूअनुसार सञ्चालित हुन्छ, र ती यसप्रकार छन्: खुशीका समयहरू आउनेछन्, निराशाका क्षणहरू हुनेछन्, यसको साथै, सामना गर्नैपर्ने कठिनाइहरूद्वारा हुने शोधनका समयहरू आउनेछन्। तसर्थ, कसैले पनि पूर्ण खुशी वा पूर्ण कष्‍टको जीवन जिउनेछैनन्; हरेक जीवनको आ-आफ्नै उकाली-ओरालीहरू हुनेछन्। सम्पूर्ण मानवजातिका बीचमा परमेश्‍वरको कृपा र प्रेमिलो-दयालुपन स्पष्‍ट रहेको मात्र होइन, उहाँको न्याय र उहाँको स्वभावको पूर्णता पनि स्पष्‍ट छन्। सारा मानव परमेश्‍वरका परीक्षाहरूका बीचमा जिउँछन् भनेर भन्‍न सकिन्छ, होइन र? यो विशाल संसारभरि, सबै मानव आ-आफ्नो लागि बाटो खोज्न व्यस्त छन्। तिनीहरूले के भूमिका खेल्छन् सो विषयमा तिनीहरू निश्‍चित छैनन्, र कतिले त नियतिको लागि आफ्नो जीवन समेत बिगार्छन् वा गुमाउँछन्। अय्यूब समेत यो नियमको अपवाद थिएनन्: तिनले पनि परमेश्‍वरका परीक्षाहरू सामना गरेका भए पनि, तिनले आफ्नो निम्ति उम्कने बाटोको खोजी गरे। परमेश्‍वरका परीक्षाहरूका बीचमा कोही पनि कहिल्यै टिक्‍न सकेको छैन। मानव लोभ र प्रकृतिको कारण, कोही पनि आफ्नो वर्तमान अवस्थाप्रति सन्तुष्‍ट छैनन्, र कोही पनि परीक्षाहरूको बीचमा खडा रहिरहन सक्दैनन्; परमेश्‍वरको न्यायमा पर्दा सबै जना टुक्रा-टुक्रा हुन्छन्। यदि परमेश्‍वर मानवजातिसँग गम्भीर हुनुभयो भने, र यदि उहाँले अझै पनि मानिसहरूलाई कडा मापदण्ड दिनुभयो भने, यो त उहाँले भन्‍नुभएको यो वचनजस्तै हुनेथियो: "सारा मानवजाति मेरो ज्वलन्त हेराइमा गिर्नेथिए।"

राज्यको निर्माण औपचारिक रूपमा सुरु भइसकेको भए पनि त्यो राज्यको औपचारिक अभिवादन गुञ्जन अझै बाँकी छ; अब यो पछि हुनआउने कुराको एउटा अगमवाणी मात्र हो। जब मानिसहरू सबैलाई पूर्ण बनाइ सकिन्छन् र पृथ्वीका सबै राष्ट्रहरू ख्रीष्टको राज्य बन्छन्, तब यो सात मेघ गर्जन गर्जने समय हुनेछ। वर्तमान समयचाहिँ त्यस चरणतर्फको लम्काइ हो; त्यस दिनतर्फ आक्रमण जारी गरिएको छ। यो परमेश्वरको योजना हो र निकट भविष्यमा यो साकार हुनेछ। यद्यपि, परमेश्वरले बोल्नुभएका हरेक कुरा उहाँले पहिले नै पूरा गरिसक्नुभएको छ। यसैले, पृथ्वीका सबै राष्ट्रहरू उच्च छालहरू नजिक आउँदा हल्लिने बालुवामा बनाइएका महलहरू मात्र हुन्: अन्तिम दिन नजिकै छ र ठूलो रातो अजिङ्गर परमेश्वरको वचनमुनि गिर्नेछ। उहाँको योजनालाई सफलतापूर्वक अघि बढाइएको छ भन्ने कुराको सुनिश्चित गर्न, स्वर्गका दूतहरू पृथ्वीमा ओर्लेका छन्, अनि परमेश्वरलाई सन्तुष्ट पार्नको निम्ति सक्दो गर्दैछन्। देहधारी हुनुभएका परमेश्वर स्वयम् शत्रुको विरुद्धमा युद्ध सुरु गर्न युद्धको मैदानमा तैनाथ हुनुभएको छ। जहाँ-जहाँ देहधारण देखापर्नुहुन्छ, त्यहाँबाट शत्रुलाई नष्ट गरिन्छ। विनाश हुनेमा चीन पहिलो हुनेछ; परमेश्वरको हातद्वारा यसलाई निर्जन पारिनेछ। परमेश्वरले कुनै दया देखाउनुहुनेछैन। ठूलो रातो अजिङ्गरको बिस्तारै हुने पतनको प्रमाण मानिसहरूमा निरन्तर हुने परिपक्वतामा देख्न सकिन्छ; यो सबैको लागि स्पष्ट र देख्न सकिने हुन्छ। मानिसहरूको परिपक्वता शत्रुको निधनको चिन्ह हो। "प्रतिस्पर्धा गर्छु" को अर्थको बारेमा छोटो व्याख्या यही हो। यसरी, धेरै वटा अवसरहरूमा, परमेश्वरले मानिसहरूलाई उनीहरूको हृदयमा धारणाहरूले बनाएको स्थितिलाई अर्थात् ठूलो रातो अजिङ्गरको कुरुपतालाई हटाउनको लागि उहाँको सुन्दर गवाहीहरू दिनुपर्छ भनी स्मरण गराउनुभएको छ। परमेश्वरले त्यस्ता ताकेताहरू मानिसहरूको विश्वासलाई सजीव बनाउन प्रयोग गर्नुहुन्छ, त्यसो गररे उहाँको आफ्नो काममा उपलब्धिहरू प्राप्त गर्नुहुन्छ। किनकि परमेश्वरले भन्नुभएको छ, "मानव वास्तवमा के गर्न सक्षम छन्? के बरु म आफैले गर्नुपर्ने होइन र?" सबै मानिसहरू यस्तै प्रकारका छन्; तिनीहरू असक्षम मात्र छैनन्, तिनीहरू त सजिलै निराश र दुःखी पनि हुन्छन्। यसकारण, तिनीहरूले परमेश्वरलाई चिन्न सक्दैनन्। परमेश्वरले मानवजातिको विश्वास पुनर्जीवित मात्र पार्नुहुन्न; उहाँले गोप्य र निरन्तर रूपमा मानिसहरूलाई बल पनि प्रदान गर्नुहुन्छ।

त्यसपछि, परमेश्वरले सम्पूर्ण ब्रह्माण्डसँग बोल्न थाल्नुभयो। परमेश्वरले चीनमा आफ्नो नयाँ काम सुरु गर्नुभएको मात्र छैन, उहाँले त सारा ब्रह्माण्डभरि नै आजको नयाँ काम गर्न थाल्नुभएको छ। कामको यस चरणमा, परमेश्वरले उहाँलाई धोका दिने सबै मानिसहरू फेरि उहाँको सिंहासनको अधीनमा बस्न आउन सकून भनी आफ्ना सारा कामहरू संसारभरि प्रकट गर्न चाहनुभएको हुनाले परमेश्वरको न्यायमा अझै पनि उहाँको कृपा र प्रेमिलो-दयालुपन सम्मिलित हुनेछ। परमेश्वरले संसारभरिका वर्तमान घटनाहरूलाई मानिसहरूलाई त्रसित महसुस गराइ, तिनीहरूलाई परमेश्वरलाई खोज्न प्रेरित गर्ने मौकाहरूको रूपमा प्रयोग गर्नुहुन्छ ताकि तिनीहरू उहाँको सामु वापस आउन सकून्। त्यसैले परमेश्वर भन्नुहुन्छ, "मैले काम गर्ने एउटा तरिका यही हो, र यो मानवजातिको मुक्तिको कार्य हो भन्नेमा कुनै शङ्का छैन, अनि मैले तिनीहरूलाई दिने कुरा भनेको एक प्रकारको प्रेम नै हो।" यहाँ परमेश्वरले मानवको साँचो प्रकृतिलाई सटीक रूपमा खुलासा गर्नुहुन्छ, जुन प्रयास

तिखो, पृथक, र सहज छ। यसले गर्दा मानिसहरू लाजले भुतुक्कै भएर अनुहार लुकाउँछन्। जब-जब परमेश्वर बोल्नुहुन्छ, तब-तब उहाँले सधैँ कुनै न कुनै हिसाबमा मानवजातिको लाजमर्दो प्रस्तुतिको कुनै न कुनै पक्षलाई औँल्याउनुहुन्छ, ताकि सहजतामा हुँदा पनि मानवजातिले आफूलाई चिन्न नभुलून र आफूलाई चिन्ने कार्यलाई थोत्रो काम नसोचून्। मानव प्रकृतिअनुसार, यदि परमेश्वरले एक क्षणको लागि पनि तिनीहरूको गल्ती औँल्याउन छोड्नुभयो भने, तिनीहरू छाडा र अहङ्कारी बन्न सक्छन्। यही कारणले परमेश्वर आज फेरि यसो भन्नुहुन्छ, "मानवता—मैले तिनीहरूलाई प्रदान गरेको पदवी नामहरूलाई बहुमूल्य ठान्नु त कता हो कता, तिनीहरूमध्ये धेरैले आफ्नो हृदयमा 'सेवा गर्ने' पदवी नामको कारण द्वेष राख्छन्, र धेरैले आफ्नो हृदयमा 'मेरा मानिसहरू' भन्ने पदवी नामको कारण मेरो लागि प्रेम पैदा गर्छन्। कसैले पनि मलाई मूर्ख बनाउने प्रयास गर्नु हुँदैन; मेरा आँखाहरू सर्वदर्शी छन्!" मानवले यो अभिव्यक्तिलाई पढ्नेबित्तिकै, तिनीहरूलाई तुरुन्तै असहज महसुस हुन्छ। तिनीहरूका विगतका कार्यहरू अत्यन्तै अपरिपक्व थिए भन्ने तिनीहरूलाई लाग्छ—परमेश्वरलाई चिढ्याउने फोहोरी कार्यहरू थिए भन्ने लाग्छ। तिनीहरूले हालै परमेश्वरलाई सन्तुष्ट तुल्याउने चाहना गर्न थालेका हुन्छन्, तर तिनीहरू यसो गर्न तत्पर भए पनि, तिनीहरूसँग त्यसो गर्ने शक्तिको कमी हुन्छ, र तिनीहरूले के गर्नुपर्ने हो सो तिनीहरूलाई थाहा हुँदैन। थाहै नपाई, तिनीहरू नयाँ सङ्कल्पले भरिन्छन्। व्यक्ति सहज बनेपछि यी वचनहरूलाई पढ्दा त्यसले पार्ने प्रभाव यही हो।

एकतर्फ, परमेश्वरले शैतान चरम रूपमा बौलाहा छ भनेर भन्नुहुन्छ, र अर्कोतर्फ उहाँले धेरैजसो मानिसहरूमा आम रूपमा हुने प्रकृति परिवर्तन भएको छैन भनेर औँल्याउनुहुन्छ। यसबाट, शैतानका कार्यहरू मानवताद्वारा प्रकट हुन्छन् भन्ने कुरा स्पष्ट हुन्छ। त्यसकारण, परमेश्वरले मानवलाई छाडा बन्नु हुँदैन, नत्र तिनीहरूलाई शैतानले निल्छ भनेर बारम्बार स्मरण गराउनुहुन्छ। यो कतिपय मानवले विद्रोह गर्नेछन् भन्ने कुराको भविष्यवाणी मात्र होइन; त्योभन्दा पनि महत्त्वपूर्ण कुरा, सबै मानिसहरूलाई विगतको कुरालाई चाँडोभन्दा चाँडो पन्छ्याएर वर्तमान दिनको खोजी गर्न सचेत गराउने चेतावनीको घण्टी हो। कोही पनि भूतपिशाचहरूको वशमा वा दुष्ट आत्माहरूको नियन्त्रणमा पर्न चाहँदैनन्, त्यसकारण परमेश्वरका वचनहरू तिनीहरूका लागि अझै बढी चेतावनी र अर्ती हुन्छन्। तैपनि, जब धेरैजसो मानिसहरू परमेश्वरको हरेक वचनलाई अत्यन्तै धेरै महत्त्व दिँदै विपरीत चरमतातर्फ जान्छन्, तब परमेश्वर भन्नुहुन्छ, "धेरैजसो मानिसहरू तिनीहरूका आँखाको अभिलाषा पूरा गर्नको लागि मैले अझै बढी रहस्यहरू प्रकट गर्छु भन्ने प्रतीक्षा गरिरहेका छन्। तैपनि, तैँले स्वर्गका सारा रहस्यहरू बुझिस् भने पनि, त्यो ज्ञानद्वारा तैँले के नै गर्न सक्छस् र? के यसले मप्रतिको तेरो प्रेमलाई बढाउनेथियो र? के यसले मप्रतिको तेरो प्रेमलाई जगाउनेथियो?" यसबाट के कुरा स्पष्ट हुन्छ भने मानवले परमेश्वरलाई चिन्न र परमेश्वरलाई प्रेम गर्नको लागि परमेश्वरको वचनको प्रयोग गर्दैनन्, बरु तिनीहरूको "सानो ढुकुटी" बढाउनको लागि प्रयोग गर्छन्। तसर्थ, मानवजातिको चरमवादलाई व्याख्या गर्नको लागि "तिनीहरूका आँखाको अभिलाषा पूरा गर्न" भन्ने पदावलीको प्रयोग गर्नुभएको छ, जुन कुराले परमेश्वरप्रति मानवजातिको प्रेम पूर्ण रूपमा शुद्ध छैन भन्ने कुरालाई प्रतिबिम्बित गर्छ। यदि परमेश्वरले रहस्यहरू नखोल्नुभएको भए,

मानवले उहाँका वचनहरूलाई त्यति महत्त्व दिने थिएनन्, बरु तिनलाई सतही रूपमा झलक्क हेर्थे, घोडामा चढेर फूलहरूको सुन्दरतालाई हेरेजस्तै पुलुक्क हेर्थे। तिनीहरूले परमेश्‍वरका वाणीहरूलाई साँचो रूपमा चिन्तन गर्न वा विचार-विमर्श गर्न समय निकाल्नेथिएनन्। धेरैजसो मानिसहरूले उहाँको वचनलाई साँचो रूपमा कदर गर्दैनन्। तिनीहरूले उहाँका वचनहरू खान र पिउनको लागि त्यति धेरै प्रयास गर्दैनन्; बरु, तिनीहरूले औपचारिकताको लागि मात्र नजर लगाउँछन्। परमेश्‍वर किन अहिले विगतको भन्दा फरक तरिकाले बोल्नुहुन्छ? किन उहाँका सबै वचनहरू बुझ्न नसकिने छन्? यसका केही उदाहरणहरू "म तिनीहरूलाई त्यस्ता पदवी नामहरूको मुकुटले कहिल्यै पहिऱ्याउनेछैन" भन्ने वाक्यांशमा रहेको "मुकुट" भन्ने शब्द, "विशुद्ध सुन, जसद्वारा मेरा वचनहरू बनिएका छन्, तिनलाई प्राप्त गर्न सक्ने कोही छ" भन्ने वाक्यांशको "विशुद्ध सुन" भन्ने शब्द "शैतानको प्रक्रिया भएर नगई" भन्ने वाक्यांशको "प्रक्रिया" भन्ने शब्द, र यस्ता अरू वाक्यांशहरू हुन्। परमेश्‍वर किन यसरी बोल्नुहुन्छ भनेर मानवले बुझ्दैनन्; उहाँ किन यस्तो ठट्यौली, हाँसउठ्दो, र उत्तेजक तरिकाले बोल्नुहुन्छ सो तिनीहरूले बुझ्न सक्दैनन्। परमेश्‍वरको बोलाइको उद्देश्यका प्रकटीकरणहरू ठीक यिनै हुन्। प्रारम्भदेखि नै, मानव परमेश्‍वरको वचन बुझ्न असमर्थ रहिआएको छ, र उहाँका वाणीहरू निकै गम्भीर र कठोर छन् भन्ने देखिएको छ। उहाँले अलिकति हास्य रस समावेश गरेर–यताउता अलिअलि ठट्टा थपथाप गरेर–उहाँले आफ्नो वचनद्वारा मन हल्का गराउन अनि मानिसलाई तनाव कम गर्न दिनुभएको छ। त्यसो गर्ने क्रममा, हरेक मानवलाई परमेश्‍वरको वचनमा मनन गर्न बाध्य गर्दै उहाँले अझै ठूलो प्रभाव हासिल गर्नुभएको छ।

## अध्याय ११

मानिसको नाङ्गो आँखाले हेर्दा, यो अवधिमा परमेश्‍वरका वाणीहरूमा कुनै परिवर्तन आएको छैन भन्ने जस्तो देखिन्छ, किनभने मानिसहरूले परमेश्‍वर जुन नियमद्वारा बोल्नुहुन्छ त्यसलाई बुझ्न सक्दैनन्, र उहाँका वचनहरूको प्रसंगलाई बुझ्दैनन्। परमेश्‍वरका वचनहरू पढिसकेपछि, मानिसहरूले यी वचनहरूमा कुनै नयाँ रहस्यहरू छन् भन्ने विश्‍वास गर्दैनन्; त्यसकारण, तिनीहरूले असाधारण रूपमा ताजा जीवन जिउन सक्दैनन्, बरु मन्द र निर्जीव जीवन जिउँछन्। तर परमेश्‍वरका वाणीहरूमा, हामी गहिरो स्तरको अर्थ छ, मानिसले बुझ्न र पहुँच गर्न नसक्ने अर्थ छ भन्ने देख्छौं। आज, मानिसले परमेश्‍वरका त्यस्ता वचनहरू पढ्ने सौभाग्य पाउनु सबैभन्दा ठूलो आशिष् हो। यदि कसैले पनि यी वचनहरू पढ्दैनथ्यो भने, मानिस सदासर्वदा नै अज्ञानी, आत्म-धर्मी, आफूप्रति अनजान, र उसका असफलताहरू कति छन् भन्ने कुराको बारेमा अनभिज्ञ नै रहनेथियो। परमेश्‍वरका प्रगाढ, अबोधगम्य वचनहरू पढिसकेपछि, मानिसहरूले तिनलाई गुप्त रूपमा सराहना गर्छन्, अनि तिनीहरूको हृदयमा झूटले खोट नलाएको, साँचो दृढ निश्‍चयता हुन्छ; तिनीहरूको हृदय सच्चा वस्तु बन्छ, नक्कली सामान होइन। मानिसहरूको हृदयमा वास्तवमै घटित हुने कुरा यही हो। हरेकको हृदयमा आफ्नै कथा हुन्छ। मानौं तिनीहरूले आफैलाई यसो भनिरहेका छन्: "सम्भवतः यो परमेश्‍वर स्वयम्‌ले नै बोल्नुभएको हो–यदि परमेश्‍वरले बोल्नुभएको होइन भने,

अरू कसले यस्ता वचनहरू बोल्न सक्थे र? म किन ती वचनहरू बोल्न सक्दिन? म किन यस्तो काम गर्न असमर्थ छु? यस्तो लाग्छ, परमेश्‍वरले उल्लेख गर्नुभएको देहधारी परमेश्‍वर साँच्चै वास्तविक हुनुहुन्छ, र उहाँ परमेश्‍वर स्वयम्‌ हुनुहुन्छ! म अबउप्रान्त शङ्का गर्नेछैन। अन्यथा, जब परमेश्‍वरको हात आइपुग्छ, त्यस बेला पछुतो गर्न ढिला भइसकेको हुनेछ! ...” धेरैजसो मानिसहरूले आफ्नो हृदयमा यस्तै विचार गर्छन्‌। परमेश्‍वरले बोल्न थाल्नुभएदेखि आजसम्म, परमेश्‍वरका वचनहरूको साथविना, सबै मानिसहरू पतन भएर जानेथिए भनेर भन्दा अत्युक्ति हुँदैन। किन यो सबै काम परमेश्‍वर स्वयम्‌ले गर्नुभएको हो, मानिसले होइन भनेर भनिन्छ? यदि परमेश्‍वरले मण्डली जीवनलाई साथ दिन वचनहरू प्रयोग नगर्नुभएको भए, सबै जना नाम-निशाना नै नरहने गरी हराउनेथिए। के यो परमेश्‍वरको शक्ति होइन र? के यो साँच्चै नै मानिसको वाक्पटुता हो र? के यो मानिसको एकल प्रतिभा हो त? अवश्य नै होइन! जाँच नगरीकन, कसैले पनि आफ्नो नशामा कुन प्रकारको रगत बग्दै छ भन्ने थाहा पाउनेथिएन, तिनीहरूसँग कति वटा मुटु छ, वा कति वटा मष्तिष्क छ भन्नेबारेमा तिनीहरू अनभिज्ञ हुनेथिए, र तिनीहरू सबैले हामी परमेश्‍वरलाई चिन्छौं भनी सोच्नेथिए। के तिनीहरूको ज्ञानभित्र अझै पनि विरोध समावेश छ भन्ने कुरा तिनीहरूलाई थाहा छैन? परमेश्‍वरले यसो भन्नुभएको स्वभाविकै हो, “मानवजातिको हरेक व्यक्तिले मेरो आत्माद्‌वारा सूक्ष्म रूपमा जाँचिन स्वीकार गर्नुपर्छ, उसको हरेक वचन र कार्यलाई नजिकबाट निरीक्षण गर्नुपर्छ, यसअलावा मेरा अचम्मका कार्यहरूलाई आदरसाथ हेर्नुपर्छ।” यसबाट के कुरा देख्न सकिन्छ भने, परमेश्‍वरका वचनहरू उद्‌देश्यरहित र आधारहीन छैनन्‌। परमेश्‍वरले कहिल्यै पनि कुनै मानिसलाई अनुचित व्यवहार गर्नुभएको छैन; अय्यूबका त्यत्रो विश्‍वासको बावजूद पनि, तिनलाई समेत त्यतिकै छोडिएन–तिनलाई पनि चिरफार गरियो, र लाजबाट लुक्ने कुनै ठाउँ छोडिएन। अनि आजका मानिसहरूमा यही कुरा लागू हुन्छ भनी उल्लेख गरिरहनु नपर्ला। तसर्थ, परमेश्‍वरले त्यसपछि तुरुन्तै यो प्रश्‍न गर्नुहुन्छ: “पृथ्वीमा राज्यको आगमन हुँदाको समयमा तिमीहरूले कस्तो अनुभूति गर्छौ?” परमेश्‍वरको प्रश्‍नको महत्त्व त्यति धेरै छैन, तर यसले मानिसहरूलाई तीन छक्क पार्छ: “हामीले कस्तो अनुभूति गर्छौं? राज्य कहिले आउनेछ भन्ने नै हामीलाई अझै थाहा छैन, हामीले कसरी अनुभवहरूको बारेमा कुरा गर्न सक्छौं? यति मात्र होइन, हामीले त यसको सुइँको सम्म पाएका छैनौँ। यदि मैले केही अनुभूति गर्नु थियो भने, यो ‘आश्‍चर्य’ को अनुभूति हुनेथियो, अरू केही पनि हुनेथिएन।” वास्तवमा, परमेश्‍वरका वचनहरूको उद्‌देश्य यो प्रश्‍न होइन। सबैभन्दा मुख्य कुरा, यो एउटै वाक्यले–“जब मेरा छोराहरू र मानिसहरू मेरो सिंहासनतर्फ हूलका हूल अघि बढ्छन्‌, तब म ठूलो सेतो सिंहासनअघि औपचारिक रूपमा न्यायको आरम्भ गर्नेछु”–सम्पूर्ण आत्मिक संसारका घटनाक्रमहरूलाई सारांशित गर्छ। यो समय अवधिमा परमेश्‍वरले आत्मिक क्षेत्रमा के गर्न चाहनुहुन्छ त्यसको बारेमा कसैलाई पनि थाहा छैन, र परमेश्‍वरले यी वचनहरू बोल्नुभएपछि मात्रै मानिसहरूमा थोरै जागरूकता आएको छ। परमेश्‍वरको कामका विभिन्‍न चरणहरू रहेकाले, सम्पूर्ण ब्रह्‌माण्डभरि परमेश्‍वरको काम पनि फरक-फरक नै हुन्छन्‌। यस अवधिमा, परमेश्‍वरले मुख्य रूपमा परमेश्‍वरका पुत्रहरू र उहाँका मानिसहरूलाई नै मुक्ति दिनुहुन्छ, भन्‍नुको अर्थ, स्वर्गदूतहरूको हेरचाहमा रहेर, परमेश्‍वरका पुत्रहरू र मानिसहरूले

आफूलाई निराकरण गरिने र तोडिने कार्यलाई स्वीकार गर्छन्, तिनीहरूले आधिकारिक रूपमा नै आफ्ना विचार र धारणाहरूलाई हटाउन, र यो संसारको कुनै पनि छापलाई बिदा गर्न थाल्छन्; अर्को शब्दमा भन्दा, परमेश्‍वरले बताउनुभएको "ठूलो सेतो सिंहासनअघिको न्याय" औपचारिक रूपमा नै सुरु हुन्छ। यो परमेश्‍वरले गर्नुहुने न्याय भएको हुनाले, परमेश्‍वरले आफ्नो आवाज निकाल्नैपर्छ–र विषयवस्तु फरक हुनेभए तापनि, उद्‌देश्य सधैँ एउटै हुन्छ। आज, परमेश्‍वरले बोल्नुभएको शैलीको आधारमा मूल्याङ्‌कन गर्दा, उहाँका वचनहरू निश्‍चित समूहका मानिसहरूप्रति लक्षित छ भन्ने देखिन्छ। वास्तवमा, सबैभन्दा मुख्य कुरा, ती वचनहरूले सबै मानवजातिको प्रकृतिलाई सम्बोधन गर्छन्। ती वचनहरूले मानिसको मेरुदण्डमा नै प्रहार गर्छन्, तिनले मानिसहरूको भावनाहरूलाई छूट दिँदैनन्, र तिनले कुनै पनि कुरा नछुटाई, कुनै कुरालाई प्रवेश गर्न नदिई उसको सारको पूर्णतालाई प्रकट गर्छन्। आजदेखि सुरु गरेर, परमेश्‍वरले औपचारिक रूपमा मानिसको साँचो अनुहार प्रकट गर्नुहुन्छ, र त्यसरी "मेरो आत्माको वाणीलाई सम्पूर्ण ब्रह्‍माण्डतर्फ छोडिदिनुहुन्छ।" आखिरमा हासिल गरिने प्रभाव यही हो: "मेरा वचनहरूमार्फत, म सबै मानिसहरू र स्वर्ग र पृथ्वीमा रहेका सबै थोकलाई धोइपखाली गरी सफा पार्छु, ताकि यो भूमि अबउप्रान्त फोहोरी र छाडा नहोस्, बरु पवित्र राज्य होस्।" यी वचनहरूले राज्यको भविष्य प्रस्तुत गर्छन्, जुन सम्पूर्ण रूपमा ख्रीष्टको राज्य हो, किनभने परमेश्‍वरले यसो भन्‍नुभएको छ, "सबै असल फल हुन्, सबै लगनशील किसानहरू हुन्।" प्राकृतिक रूपमा नै, यो सम्पूर्ण ब्रह्‍माण्डमा नै हुनेछ, र चीनमा मात्रै सीमित हुनेछैन।

परमेश्‍वरले जब बोल्न र काम गर्न सुरु गर्नुहुन्छ तब मात्र मानिसहरूले आफ्ना धारणाहरूमा उहाँको बारेमा थोरै ज्ञान प्राप्त गर्छन्। सुरुमा, यो ज्ञान तिनीहरूको धारणामा मात्रै हुन्छ, तर समय बित्दै जाँदा, मानिसहरूका सोचाइहरू अत्यन्तै व्यर्थ र मानव प्रयोगको लागि अनुपयुक्त हुँदै जान्छन्; तसर्थ, परमेश्‍वरले भन्‍नुहुने सबै कुरा तिनीहरूले विश्‍वास गर्न पुग्छन्, यहाँसम्म कि तिनीहरूले आफ्नो "विवेकमा व्यावहारिक परमेश्‍वरको लागि एउटा ठाउँ सृजना गर्छन्।" मानिसहरूको चेतनामा मात्रै व्यावहारिक परमेश्‍वरको लागि ठाउँ हुन्छ। तैपनि, वास्तविकतामा, तिनीहरूले परमेश्‍वरलाई चिनेका हुँदैनन्, र तिनीहरूले खोक्रा शब्दहरूबाहेक केही पनि बोल्दैनन्। तैपनि, व्यावहारिक परमेश्‍वर स्वयम्‌को तुलनामा निकै ठूलो भिन्‍नता हुँदाहुँदै पनि, विगतको तुलनामा तिनीहरूले उल्लेखनीय प्रगति गरेका हुन्छन्। परमेश्‍वरले किन सधैँ "हरेक दिन म मानिसहरूको अटुट प्रवाहमाझ हिँड्छु, र हरेक दिन म हरेक व्यक्तिभित्र कार्य सञ्चालन गर्छु" भनी भन्‍नुहुन्छ? परमेश्‍वरले यस्ता कुराहरू जति धेरै भन्‍नुहुन्छ, मानिसहरूले तिनलाई आजका व्यावहारिक परमेश्‍वर स्वयम्‌का कार्यहरूसँग त्यति नै धेरै तुलना गर्न सक्छन्, र त्यसरी तिनीहरूले वास्तविकतामा व्यावहारिक परमेश्‍वरलाई अझै राम्ररी जान्‍न सक्छन्। परमेश्‍वरका वचनहरू देहको दृष्टिकोणबाट बोलिएका र मानव भाषाको प्रयोग गरी उच्चारण गरिएका हुनाले, मानिसहरूले परमेश्‍वरका वचनहरूलाई भौतिक कुराहरूको आधारमा मापन गरेर तिनलाई बुझ्न सक्छन्, र त्यस तरिकाले अझै ठूलो प्रभाव हासिल गरिन्छ। यसको साथै, परमेश्‍वरले बारम्बार मानिसहरूको हृदयमा रहेको "म" र वास्तविकताको "म" को बारेमा बताउनुहुन्छ, जुन कुराले मानिसहरूलाई आफ्नो हृदयमा

परमेश्वरको स्वरूपलाई शुद्ध पार्न अझै इच्छुक तुल्याउँछ, यसरी व्यावहारिक परमेश्वर स्वयम्‌लाई चिन्न र उहाँसँग सङ्गत गर्न इच्छुक तुल्याउँछ। परमेश्वरका वचनहरूको बुद्धि यही हो। परमेश्वरले यस्ता कुराहरू जति भन्नुहुन्छ, त्यसले परमेश्वरसम्बन्धी मानिसहरूको ज्ञानलाई अझै बढी फाइदा पुऱ्याउँछ, तसर्थ परमेश्वर भन्नुहुन्छ, "यदि म देह नबनेको भए, मानिसले कहिल्यै पनि मलाई चिन्दैनथ्यो, र उसले मलाई चिनेको नै थियो भने पनि, के त्यस्तो ज्ञान अझै धारणा नै हुँदैनथियो र?" यदि वास्तवमा, मानिसहरूलाई तिनीहरूका धारणाहरूअनुसार परमेश्वरलाई चिन्न लगाइन्थ्यो भने, तिनीहरूको लागि सजिलो हुनेथियो; तिनीहरू ढुक्क र खुशी हुनेथिए, र यसरी मानिसहरूको हृदयमा परमेश्वर सदासर्वदा अस्पष्ट हुनुहुनेथियो, व्यवहारिक परमेश्वर हुनुहुनेथिएन, जुन कुराले सम्पूर्ण ब्रह्माण्डमाथि परमेश्वरको होइन शैतानको प्रभुत्व छ भन्ने कुरालाई प्रमाणित गर्नेथियो; यसप्रकार, "मैले मेरो शक्ति फिर्ता लिएको छु" भन्ने परमेश्वरका वचनहरू सदासर्वदा नै रित्तो रहनेथिए।

जब ईश्वरीयताले प्रत्यक्ष रूपमा काम गर्न थाल्छ, त्यो क्षण औपचारिक रूपमा राज्य मानिसको संसारमा ओर्लने समय पनि हुनेछ। तर यहाँ राज्य मानिसको बीचमा ओर्लिन्छ भनेर भनिएको छ, राज्य मानिसको बीचमा निर्माण हुनेछ भनेर भनिएको छैन—तसर्थ, आज जे बताइएको छ त्यो राज्यको निर्माणको बारेमा बताइएको छ, यो कसरी निर्माण हुनेछ भनेर बताइएको छैन। परमेश्वरले किन सधैँ "सबै थोक चुपचाप हुन्छन्" भनी भन्नुहुन्छ त? के यसको अर्थ सबै थोक रोकिन्छन् र स्थिर हुन्छन् भन्ने हो? के यसको अर्थ ठूला-ठूला पर्वतहरू साँच्चै शान्त हुनेछन् भन्ने हो? त्यसो भए, मानिसहरूलाई किन यसको कुनै बोध छैन त? के परमेश्वरको वचन गलत हुन सक्छ? कि परमेश्वरले बढाइ-चढाइ गरिरहनुभएको छ? परमेश्वरले गर्नुहुने सबै कुरा निश्चित वातावरणमा अघि बढाइने हुनाले, कसैलाई पनि यसको बारेमा थाहा छैन वा यसलाई आफ्नै आँखाले देख्न सक्ने कोही पनि छैन, र परमेश्वरले बोल्नुभएको सुन्नेबाहेक मानिसहरूले केही पनि गर्न सक्दैनन्। परमेश्वरले जुन प्रतापको साथ काम गर्नुहुन्छ त्यसको कारण, जब परमेश्वर आइपुग्नुहुन्छ, तब यस्तो हुनेछ मानौं स्वर्ग र पृथ्वीमा अत्यन्त ठूलो परिवर्तन आएको छ; र सबैले यो क्षणलाई अवलोकन गरिरहेको जस्तो परमेश्वरलाई लाग्छ। आज, तथ्यहरू आइपुग्न बाँकी नै छन्। परमेश्वरका वचनहरूको शाब्दिक अर्थको केही भागबाट मानिसहरूले थोरै मात्र सिकेका छन्। जब तिनीहरूले आफैलाई आफ्ना धारणाहरूबाट मुक्त गर्छन् तब मात्रै साँचो अर्थ प्राप्त हुन्छ; तब मात्रै तिनीहरूलाई देहधारी परमेश्वरले आज पृथ्वीमा र स्वर्गमा के गरिरहनुभएको छ भन्ने कुरा थाहा हुनेछ। चिनमा, परमेश्वरका मानिसहरूमा ठूलो रातो अजिङ्गरको विष मात्रै छैन। तिनीहरूमा त ठूलो रातो अजिङ्गरको प्रकृति अझै प्रशस्त र अझै स्पष्ट रूपमा प्रकट हुन्छ। तर परमेश्वरले यसको बारेमा प्रत्यक्ष रूपमा कुरा गर्नुहुन्न, बरु ठूलो रातो अजिङ्गरको विषको बारेमा थोरै मात्र उल्लेख गर्नुहुन्छ। यसरी, उहाँले मानिसका दागहरूलाई प्रत्यक्ष रूपमा खुलासा गर्नुहुन्न, र यो कार्य मानिसको प्रगतिको लागि अझै लाभदायक हुन्छ। ठूलो रातो अजिङ्गरको बच्चालाई अरूको छेउमा ठूलो रातो अजिङ्गरको सन्तान भनेको मन पर्दैन। मानौं "ठूलो रातो अजिङ्गर" शब्दहरूले तिनीहरूको बदनाम गर्छ; तिनीहरूमध्ये कोही पनि यी शब्दहरू बोल्न चाहँदैनन्, तसर्थ परमेश्वरले

यति मात्रै भन्नुहुन्छ, “मेरो कामको यो चरण प्राथमिक रूपमा तिमीहरूमा केन्द्रित छ, र चीनमा मेरो देहधारण हुनुको महत्त्वको एउटा पक्ष यही हो।” अझै सटीक रूपमा भन्दा, परमेश्‍वर ठूलो रातो अजिङ्गरको प्रारूपीय प्रतिनिधिहरूमाथि विजय गर्नको लागि नै मुख्य रूपमा आउनुहुन्छ, जुन परमेश्‍वरले चीनमा गर्नुभएको देहधारणको महत्त्व पनि हो।

“जब म व्यक्तिगत रूपमा मानिसमाझ आउँछु, स्वर्गदूतहरूले गोठाला-कार्य सुरु गर्नेछन्।” वास्तवमा, स्वर्गदूतहरूले सबै मानिसहरूका बीचमा आफ्नो काम सुरु गर्दा मात्रै परमेश्‍वरको आत्मा मानिसको संसारमा आउनुहुन्छ भनेर शाब्दिक रूपमा बुझ्नु हुँदैन। बरु, कामका यी दुई भागलाई–ईश्‍वरीयताको काम र स्वर्गदूतहरूले गर्ने गोठालोको काम–एकसाथ अघि बढाइन्छ। यसपछि, परमेश्‍वरले स्वर्गदूतहरूको गोठालो गर्ने कार्यको बारेमा थोरै बताउनुहुन्छ। उहाँले “सबै छोराहरू र मानिसहरूले परीक्षाहरू मात्र प्राप्त गर्नेछैनन्, बरु तिनीहरूले त आफ्नै आँखाले सबै प्रकारका ईश्‍वरीय दर्शनहरू देखा परेका पनि देख्‍न सक्‍नेछन्” भनी भन्‍नुहुँदा, धेरैजसो मानिसहरूले “ईश्‍वरीय दर्शनहरू” भन्‍ने शब्दको बारेमा प्रशस्त कल्पना गर्छन्। मानिसहरूको कल्पनाहरूमा ईश्‍वरीय दर्शनहरूले अलौकिक घटनाहरूलाई जनाउँछ। तर परमेश्‍वरको कामको विषयवस्तु व्यावहारिक परमेश्‍वर स्वयम्‌को काम नै रहन्छ। ईश्‍वरीय दर्शनहरू स्वर्गदूतहरूले काम गर्ने माध्यम हुन्। तिनले मानिसहरूलाई अनुभूतिहरू वा सपनाहरू दिन सक्छन्, अनि तिनीहरूलाई स्वर्गदूतहरूको अस्तित्व थाहा पाउन सक्षम तुल्याउँछन्। तर मानिसको लागि स्वर्गदूतहरू अदृश्य नै रहन्छन्। परमेश्‍वरका पुत्रहरू र मानिसहरूका बीचमा तिनीहरूले गर्ने कामको विधि भन्‍नु नै तिनीहरूलाई प्रत्यक्ष रूपमा अन्तर्दृष्‍टि दिनु र ज्योति दिनु हो, त्यसमा तिनीहरूलाई निराकरण गर्ने र तिनीहरूलाई तोड्ने कार्य पनि थपिन्छ। तिनीहरूले बिरलै प्रवचनहरू दिन्छन्। प्राकृतिक रूपमा नै, मानिसहरूबीचको सङ्गति यसको अपवाद हो; चीनभन्दा बाहिरका देशहरूमा यही भइरहेको छ। परमेश्‍वरका वचनहरूभित्र सबै मानवजातिको जिउने परिस्थितिहरूको प्रकाश समावेश छ–प्राकृतिक रूपमा नै, यो प्राथमिक रूपमा ठूलो रातो अजिङ्गरको सन्तानहरूप्रति लक्षित छ। मानवजातिका विभिन्‍न स्थितिहरूमध्ये, परमेश्‍वरले नमुनाको रूपमा काम गर्ने स्थितिहरूलाई मात्रै प्रतिनिधित्वको लागि छनौट गर्नुहुन्छ। तसर्थ, परमेश्‍वरका वचनहरूले मानिसहरूलाई उदाङ्गो पार्छन्, र तिनीहरूलाई कुनै लाज हुँदैन, वा तिनीहरूसँग चम्किलो ज्योतिबाट लुक्‍ने कुनै समय हुँदैन, र तिनीहरू आफ्नै खेलमा हारेका हुनेछन्। मानिसका विभिन्‍न शैलीहरू भनेका ती असंख्य चित्रहरू हुन्, जसलाई परमेश्‍वरले प्राचीन समयदेखि आजको दिनसम्म बनाउनुभएको छ, र जसलाई उहाँले आजदेखि भोलिसम्म पनि बनाउनुहुनेछ। उहाँले कोर्नुहुने सबै चित्रहरू मानिसका कुरूपता हुन्: कति आफ्नो आँखाबाट हटेर गएको दृष्‍टिको कारण शोक गरेझैं गरी अँध्यारोमा बिलौना गर्छन्, कति हाँस्छन्, कतिलाई ठूला छालहरूले धक्का दिन्छन्, कति पहाडका नागबेली बाटोमा हिड्छन्, कतिले धनुषको आवाज सुन्दा नै तर्सिएको चराजस्तो डरले थर-थर काँप्दै र पहाडका जङ्गली जनावरहरूको आहारा हुने अत्यधिक डर मान्दै निर्जन घना जङ्गलमाझ खोजी गर्छन्। परमेश्‍वरको हातमा, यी विभिन्‍न कुरूप शैलीहरू छोऊँ-छोऊँ लाग्ने, झाँकीहरू बन्छन्, तिनीहरूमध्ये धेरैजसो त हेर्दा नै डरलाग्दा हुन्छन्, वा मानिसहरूको रौं ठाडो पार्ने र तिनीहरूलाई चकित र अन्योल पार्ने हदसम्म भयानक हुन्छन्। परमेश्‍वरको नजरमा,

मानिसमा प्रकट हुने सबै कुरा कुरूपताबाहेक केही पनि हुँदैन, र यसले करुणा जगाउन सक्ने भए पनि, यो आखिर कुरूपता नै हो। मानिस र परमेश्‍वरको स्थितिबीचको फरक के हो भने, मानिसको कमजोरी अरूप्रति दया देखाउने उसको प्रवृत्तिमा लुकेको हुन्छ। तर, परमेश्‍वर मानिसप्रति सधैँ उस्तै रहनुभएको छ, जसको अर्थ उहासँग जहिल्यै पनि उही मनोवृत्ति रहेको छ। मानिसहरूले कल्पना गरेजस्तो, आफ्नो बच्चाहरूकै बारेमा सधैँ विचार गरिरहने अनुभवी आमाजस्तो उहाँ सधैँ दयालु हुनुहुन्‍न। यथार्थमा, यदि ठूलो रातो अजिङ्गरमाथि विजय गर्नको लागि परमेश्‍वरले विविध विधिहरू प्रयोग गर्न नचाहनुभएको भए, उहाँले आफूलाई मानिसका सीमिततताहरूमा पार्दै त्यस्तो बदनामी सहनुहुनेथिएन। परमेश्‍वरको स्वभावअनुसार त, मानिसहरूले गर्ने र भन्‍ने सबै कुराले परमेश्‍वरलाई क्रोधित तुल्याउँछ, र तिनीहरूलाई सजाय दिइनुपर्छ। परमेश्‍वरको नजरमा, तिनीहरूमध्ये एक जना पनि मापदण्डअनुसारका छैनन्, र तिनीहरू सबै परमेश्‍वरद्वारा प्रहार गरिनेहरू हुन्। चीनमा परमेश्‍वरले गर्नुहुने कामका सिद्धान्तहरूको कारण, यसको साथै, ठूलो रातो अजिङ्गरको प्रकृतिको कारण, अनि चीन ठूलो रातो अजिङ्गरको देश अनि देहधारी परमेश्‍वर बास गर्नुहुने देश भएको कारण, परमेश्‍वरले आफ्नो रिसलाई दबाएर ठूलो रातो अजिङ्गरका सबै सन्तानहरूलाई विजय गर्नुपर्छ; तैपनि उहाँले ठूलो रातो अजिङ्गरका सन्तानहरूलाई सधैँ घृणा गर्नुहुनेछ–अर्थात्, ठूलो रातो अजिङ्गरबाट आउने सबै कुरालाई उहाँले सधैँ घृणा गर्नुहुनेछ–र यो कुरा कहिल्यै पनि परिवर्तन हुनेछैन।

परमेश्‍वरका कार्यहरूका बारेमा कसैलाई कहिल्यै थाहा भएको छैन, न त उहाँका कार्यहरूलाई कुनै कुराले आदरका साथ नै हेरेको छ। उदाहरणको लागि, जब परमेश्‍वर सियोनमा फर्कनुभयो, तब यसको बारेमा कसलाई थाहा भयो र? तसर्थ "म चुपचाप मानिसमाझ आउँछु, र त्यसपछि बिस्तारै टाढा जान्छु। के कसैले कहिल्यै मलाई देखेको छ त?" भन्‍ने जस्ता वचनहरूले मानिसमा आत्मिक क्षेत्रमा हुने घटनाक्रमहरूलाई स्वीकार गर्ने क्षमताको कमी छ भन्‍ने कुरालाई देखाउँछ। विगतमा, परमेश्‍वरले जब उहाँ सियोनमा फर्कनुहुन्छ, तब "सूर्य प्रज्वलित हुन्छ, चन्द्रमा चम्किलो हुन्छ" भनेर भन्‍नुभयो। मानिसहरू अझै पनि परमेश्‍वरको सियोन फिर्तीबारेमै तल्लीन रहेका हुनाले–तिनीहरूले यसलाई त्याग्‍न अझै बाँकी नै रहेको हुनाले–मानिसहरूका धारणाहरूअनुरूप नै परमेश्‍वरले प्रत्यक्ष रूपमा "सूर्य प्रज्वलित हुन्छ, चन्द्रमा चम्किलो हुन्छ" भन्‍ने वचनहरू बोल्नुहुन्छ। परिणामस्वरूप, जब मानिसहरूका धारणाहरूलाई परमेश्‍वरका वचनहरूले प्रहार गर्छन्, तिनीहरूले परमेश्‍वरका कार्यहरू अत्यन्तै अद्‌भुत छन् भन्‍ने देख्छन्, र उहाँका वचनहरू सबैका लागि प्रगाढ, बुझ्‍न नसकिने, र अर्थ लगाउन नसकिने छन् भन्‍ने देख्छन्; तसर्थ, तिनीहरूले यो मामलालाई पूर्ण रूपमा पन्छाउँछन्, र तिनीहरूको आत्मामा थोरै स्पष्टताको अनुभूति गर्छन्, मानौं परमेश्‍वर पहिले नै सियोनमा फर्कनुभएको छ, त्यसकारण मानिसहरूले यस मामलालाई त्यति धेरै ध्यान दिँदैनन्। त्यसपछिदेखि, तिनीहरूले परमेश्‍वरका वचनहरूलाई एउटै हृदय र एउटै मनले स्वीकार गर्छन्, र परमेश्‍वर सियोनमा फर्कनुभएपछि महाविपत्ति आइपर्नेछ भनेर अबउप्रान्त चिन्ता गर्दैनन्। त्यसपछि मात्रै आफ्नो सम्पूर्ण ध्यान परमेश्‍वरका वचनहरूमा केन्द्रित गर्दै, अरू कुनै कुरालाई विचार गर्ने इच्छालाई हटाएर, परमेश्‍वरका वचनहरू स्वीकार गर्न मानिसहरूलाई सहज हुन्छ।

**परिशिष्ट:**

# अध्याय २

जब मानिसहरूले व्यावहारिक परमेश्‍वरलाई देख्छन्, जब तिनीहरूले परमेश्‍वर स्वयम्‌सँग नै व्यक्तिगत रूपमा आफ्नो जीवन जिउँछन्, उहाँसँगै हिँड्छन्, र बसोबास गर्छन्, तब तिनीहरूले वर्षौंदेखि आफ्नो हृदयमा रहेको उत्सुकतालाई पन्छाउँछन्। यसभन्दा पहिले उल्लेख गरिएको परमेश्‍वरसम्बन्धी ज्ञान पहिलो कदम मात्रै हो; मानिसहरूसँग परमेश्‍वरको बारेमा ज्ञान भए पनि, तिनीहरूको हृदयमा अटुट शङ्काहरू रहिरहेका हुन्छन्: परमेश्‍वर कहाँबाट आउनुभयो? के परमेश्‍वरले खानपान गर्नुहुन्छ? के परमेश्‍वर सर्वसाधारण मानिसहरूभन्दा अत्यन्तै फरक हुनुहुन्छ? के परमेश्‍वरको लागि सबै मानिसहरूसँग व्यवहार गर्ने कार्य सहज कार्य, केटाकेटीको खेल जस्तै हो? के परमेश्‍वरको मुखबाट बोलिएका सबै कुरा स्वर्गका रहस्यहरू हुन्? के उहाँले भन्‍नुहुने सबै कुरा सृष्टि गरिएका सबै प्राणीहरूले भन्‍ने कुराभन्दा उच्च हुन्छ? के परमेश्‍वरको आँखाबाट ज्योति चम्किन्छ? यस्तै-यस्तै आदि इत्यादि कुराहरू... यी सबै मानिसहरूका धारणाहरूले कल्पना गर्न सक्ने कुरा हुन्। तिमीहरूले सबै कुराभन्दा पहिले बुझ्नुपर्ने र प्रवेश गर्नुपर्ने कुराहरू यिनै हुन्। मानिसहरूका धारणाहरूमा, देहधारी परमेश्‍वर अझै पनि अस्पष्ट परमेश्‍वर नै हुनुहुन्छ। व्यवहारिक ज्ञानद्वारा नबुझेका भए, मानिसहरूले मलाई कहिल्यै पनि बुझ्न सक्नेथिएनन्, र तिनीहरूले आफ्ना अनुभवहरूमा कहिल्यै पनि मेरा कर्महरूलाई देख्नेथिएनन्। म देह बनेको हुनाले मात्रै मानिसहरूले मेरो इच्छालाई "बुझ्न सक्दैनन्।" यदि म देह नबनेको भए, र अझै पनि स्वर्गमा नै भएको भए, अझै पनि आत्मिक क्षेत्रमा नै भएको भए, मानिसहरूले मलाई "चिन्‍ने" थिए; तिनीहरूले घुँडा टेकेर मेरो आराधना गर्नेथिए, र तिनीहरूले आफ्ना अनुभवहरूद्वारा मेरो बारेमा रहेको तिनीहरूको "ज्ञान" को बारेमा कुरा गर्नेथिए–तर त्यस्तो ज्ञानको के नै काम हुनेथियो र? सन्दर्भको बुँदाको रूपमा यसको मूल्य के नै हुनेथियो र? के मानिसहरूका धारणाहरूबाट आउने ज्ञान यथार्थ हुन सक्छ र? म मानिसहरूको मष्तिष्कको ज्ञान चाहँदिनँ–म व्यावहारिक ज्ञान चाहन्छु।

तिमीहरूका बीचमा सधैँ मेरो इच्छा प्रकट हुन्छ, र सधैँ मेरो ज्योति र अन्तर्दृष्टि हुन्छ। जब म प्रत्यक्ष रूपमा ईश्‍वरीयतामा काम गर्छु, यसलाई मस्तिष्कमा छानेर प्रस्तुत गरिएको हुँदैन, र "मसला" थप्नु पर्ने कुनै आवश्यकता हुँदैन–यो त ईश्‍वरीयताको प्रत्यक्ष कार्य हुन्छ। मानिसहरूसँग के गर्ने क्षमता छ? के सृष्टिको समयदेखि आजको दिनसम्म सबै कुरा मैले नै व्यक्तिगत रूपमा गरेको छैन र? विगतमा, मैले सातगुणा तीव्र आत्माको बारेमा कुरा गरेको थिएँ, र उहाँको सारलाई कसैले पनि बुझ्न सकेको थिएन–तिनीहरूलाई यसको बारेमा थाहा भए पनि, तिनीहरूले यसलाई पूर्ण रूपमा बुझ्न सकेका थिएनन्। जब म ईश्‍वरीयताद्वारा सञ्चालित मानवतामा रहेर काम गर्छु, यो कामलाई मानिसहरूले अलौकिक होइन, बरु सामान्य ठानेका परिस्थितिहरूमा अघि बढाइने हुँदा, यसलाई पवित्र आत्माको कार्य भनेर भनिन्छ। जब म प्रत्यक्ष रूपमा ईश्‍वरीयतामा काम गर्छु, म मानिसहरूका धारणाहरूको बन्धनभित्र नहुने हुनाले, र तिनीहरूको धारणाहरूमा रहेको "अलौकिकता" का सीमितताहरूमा नपर्ने हुनाले, यस कामले तुरुन्तै प्रभाव हासिल गर्छ;

यसले मामलाको केन्द्रबिन्दुलाई छेड्छ र मुख्य कुरालाई सम्बोधन गर्छ। परिणामस्वरूप, कामको यो चरण अझै विशुद्ध हुन्छ; यो दुईगुणा छिटो हुन्छ, मानिसहरूको बुझाइ शीघ्र हुन्छ र मेरा वचनहरू वृद्धि हुन्छन्, र यसरी यसको गतिलाई पछ्याउन यसले सबै मानिसहरूलाई हतार लगाउँछ। यसको प्रभाव फरक हुने भएको हुनाले, मेरो कामका माध्यमहरू, प्रकृति र विषयवस्तु उही नरहने हुनाले–यसको साथै, मैले औपचारिक रूपमा नै देहमा काम गर्न सुरु गरेको हुनाले, अघि बढ्ने कार्यलाई ध्यानमा राख्दै, कामको यो चरणलाई "सातगुणा बढी तीव्र आत्माको काम" भनेर उल्लेख गरिन्छ। यो कुनै अमूर्त कुरा होइन। मैले तिमीहरूमा काम गर्ने माध्यमहरूको विकासपछि, र राज्यको आगमनपछि, सातगुणा बढी तीव्र आत्माले काम गर्न सुरु गर्नुहुन्छ, र यो काम अटुट रूपमा अझै गहिरो र अझै तीव्र हुँदै जान्छ। जब सबै मानिसहरूले परमेश्‍वरलाई देख्छन् र तिनीहरू सबैले परमेश्‍वरको आत्मा मानिसको बीचमा हुनुहुन्छ भनेर बुझ्छन्, तब मेरो देहधारणको पूर्ण महत्त्व स्पष्ट हुन्छ। यसको सारांश दिनुपर्ने कुनै कारण हुँदैन–मानिसहरूले यसलाई प्राकृतिक रूपमा नै जान्दछन्।

विभिन्न कुराहरूलाई ध्यानमा राख्दा–मैले काम गर्ने विधिहरू, मेरो कामका चरणहरू, आजको मेरा वचनहरूको शैली, आदि इत्यादि कुरा–अब मेरो मुखबाट निस्कने कुराहरू मात्रै साँचो अर्थमा "सात आत्माहरूका वाणीहरू" हुन्। मैले विगतमा बोलेको भए पनि, त्यो मण्डली निर्माणको चरणको अवधिमा थियो। यो त उपन्यासको प्रस्तावना र विषयसूची जस्तो थियो–यसमा कुनै सार थिएन; सारको हिसाबमा आजका वाणीहरूलाई मात्रै सात आत्माका वाणीहरू भनेर भन्न सकिन्छ। "सात आत्माका वाणीहरू" ले सिंहासनबाट आएका वाणीहरूलाई जनाउँछ, भन्नुको अर्थ, ती वाणीहरू सीधै ईश्‍वरीयतामा बोलिएका हुन्। मेरा वाणीहरूले स्वर्गका रहस्यहरू प्रकट गर्न थालेकै क्षण मैले सीधै ईश्‍वरीयतामा बोल्न थालेको क्षण थियो। अर्को शब्दमा भन्दा, मानवताद्‌वारा नबाँधिएको हुनाले, मैले आत्मिक क्षेत्रका सबै रहस्य र परिस्थितिहरूलाई प्रत्यक्ष रूपमा नै प्रकट गरेँ। म यसभन्दा पहिले मानवताका सीमितताहरूमा थिएँ भनेर म किन भन्दै छु त? यसको लागि स्पष्टीकरणको आवश्यकता छ। मानिसहरूका नजरमा, स्वर्गका रहस्यहरू प्रकट गर्न सक्ने कोही पनि छैन; यदि परमेश्‍वर स्वयम् नहुनुभएको भए, पृथ्वीका कसैले पनि यी रहस्यहरूलाई जान्न सक्नेथिएनन्। यसरी, म मानिसहरूका धारणाहरूलाई सम्बोधन गर्छु र भन्छु, मैले विगतमा कुनै पनि रहस्यहरू प्रकट नगर्नुको कारण के थियो भने म मानवताका सीमितताहरूमा थिएँ। तैपनि, अझै खास रूपमा भन्दा, कुरा यस्तो होइन: मेरा कामहरू फरक-फरक भएजस्तै मेरा वचनहरूका विषयवस्तु पनि फरक-फरक नै हुन्छन्, त्यसकारण जब मैले ईश्‍वरीयतामा मेरो सेवकाइ सुरु गर्न थालेँ, मैले रहस्यहरू प्रकट गरेँ; विगतमा, मैले सबै मानिसहरूले सामान्य ठानेका परिस्थितिहरूमा काम गर्नुपर्थ्यो, र मैले बोलेका वचनहरू मानिसहरूका धारणाहरूमा हासिल हुन सक्ने किसिमका थिए। जब मैले रहस्यहरू प्रकट गर्न थालेँ, यीमध्ये कुनै पनि कुरा मानिसहरूका धारणाहरूले प्राप्त गर्न सक्ने किसिमका थिएनन्–ती मानव सोचाइभन्दा फरक थिए। त्यसकारण, मैले आधिकारिक रूपमा ईश्‍वरीयतामा बोल्न थालेँ, र साँचो अर्थमा यिनै वचनहरू सात आत्माका वाणीहरू थिए। विगतका वचनहरू सिंहासनबाट आएका वाणीहरू नै भएको भए पनि, ती वाणीहरू मानिसले के प्राप्त गर्न सक्छन्

त्यसैमा आधारित भई बोलिएका थिए, तसर्थ ती सीधै ईश्वरीयतामा बोलिएका वाणीहरू थिएनन्–परिणामस्वरूप, ती साँचो अर्थमा सात आत्माका वाणीहरू थिएनन्।

## अध्याय १२

जब सबै मानिसहरूले ध्यान दिन्छन्, जब सबै थोकले नयाँ जीवन र सजीवता पाउँछन्, जब हरेक व्यक्ति कुनै फिक्री नगरी परमेश्वरमा समर्पित बन्छ र ऊ परमेश्वरको बोझको गहन जिम्मेवारी उठाउन इच्छुक हुन्छ–पूर्वबाट पश्चिमतर्फ चम्किँदै, यो ज्योतिको आगमनद्वारा पृथ्वीका सबैलाई भयभीत तुल्याउँदै पूर्वीय ज्योति चम्की निस्कन्छ; अनि, यो मोडमा, परमेश्वरले फेरि पनि नयाँ जीवन सुरु गर्नुहुन्छ। भन्नुको अर्थ, यस क्षणमा, सम्पूर्ण ब्रह्माण्डका मानिसहरूलाई "जब पूर्वबाट बिजुलीका चमकहरू आउँछन्, जुन म मेरा वचनहरू बोल्न थाल्ने समय पनि हो–जब बिजुलीका चमकहरू आउँछन् तब सम्पूर्ण आकाश उज्यालो हुन्छ, र सबै ताराहरूमा एक रूपान्तरण हुन्छ" भनेर घोषणा गर्दै परमेश्वरले पृथ्वीमा नयाँ काम सुरु गर्नुहुन्छ। त्यसो भए, त्यो ज्योति पूर्वबाट झुल्कने समय कहिले हो त? जब स्वर्ग अँध्यारो हुन्छ र पृथ्वी धमिलिन्छ, तब परमेश्वरले संसारबाट आफ्नो मुहार लुकाउनुहुन्छ, अनि सारा स्वर्गमुनि ठूलो आँधी आउने क्षण पनि ठीक यही हो। तैपनि यसपटक, चट्याङ्प्रति भयभीत हुँदै, चहकिलो बिजुलीदेखि डराउँदै सबै मानिसहरू आत्तिन्छन्, र प्रलयको आक्रमणप्रति अझै भयभीत हुन्छन्, यहाँसम्म कि तिनीहरूमध्ये धेरैले आफ्ना आँखा बन्द गर्छन् र परमेश्वरले आफ्नो क्रोध खन्याउँदै तिनीहरूलाई प्रहार गर्नुहुनेछ भनेर पर्खेर बस्छन्। अनि विभिन्न स्थितिहरू बित्दै जाने क्रममा, तुरुन्तै पूर्वीय ज्योति चम्की निस्कन्छ। यसको अर्थ, संसारको पूर्वमा, परमेश्वर स्वयम्‌को गवाही सुरु भएदेखि, उहाँले आफ्नो काम सुरु गरुञ्जेलसम्म, उहाँको ईश्वरीयताले पृथ्वीभरि सार्वभौमिकता प्रदर्शन गर्न थालुञ्जेलसम्म–यो पूर्वीय ज्योतिको चम्किलो किरण हो, जुन सम्पूर्ण ब्रह्माण्डमा सधैँ चम्किएको छ। जब पृथ्वीका देशहरू ख्रीष्टको राज्य बन्छन्, सम्पूर्ण ब्रह्माण्ड ज्योतिर्मय हुने समय पनि त्यही नै हो। अहिले पूर्वीय ज्योति चम्की निस्कने समय हो। देहधारी परमेश्वरले काम गर्न सुरु गर्नुभएको छ, अझ भन्ने हो भने, उहाँले सीधै ईश्वरीयतामा बोल्न थाल्नुभएको छ। के भन्न सकिन्छ भने, जब परमेश्वरले पृथ्वीमा बोल्न थाल्नुहुन्छ, पूर्वीय ज्योति चम्की निस्कने समय पनि त्यही नै हो। अझै सटीक रूपमा भन्दा, जब सिंहासनबाट जिउँदो पानी बगी निस्कन्छ–जब सिंहासनका वाणीहरू सुरु हुन्छन्–सात आत्माका वाणीहरू औपचारिक रूपमा सुरु हुने समय पनि त्यही नै हो। यस बेला, पूर्वीय ज्योति चम्कन सुरु गर्छ, र यसको अवधिको कारण, यसको प्रकाशको हद पनि फरक-फरक हुन्छ, र यसको चमकको क्षेत्रमा पनि सीमितता हुन्छ। तैपनि परमेश्वरको कामको गतिविधिद्वारा, उहाँको योजनाका परिवर्तनहरूद्वारा–परमेश्वरका पुत्रहरू र मानिसहरूमाथिको कार्यका भिन्नताहरूद्वारा–त्यस ज्योतिले त्यसको अन्तर्निहित कार्यलाई झन्-झन् बढी प्रस्तुत गर्न थाल्छ, यहाँसम्म कि सम्पूर्ण ब्रह्माण्ड ज्योतिर्मय हुन्छ, र कुनै पनि मैला वा अशुद्धता बाँकी रहँदैन। यो परमेश्वरको ६,००० वर्षे व्यवस्थापन योजनाको शिखर, र परमेश्वरले आनन्द लिनुहुने फल हो। "ताराहरू" ले

आकाशका ताराहरूलाई जनाउँदैन, यसले त परमेश्वरका निम्ति काम गर्ने उहाँका पुत्रहरू र मानिसहरूलाई जनाउँछ। तिनीहरूले परमेश्वरको राज्यमा परमेश्वरको गवाही दिने र उहाँको राज्यमा उहाँको प्रतिनिधित्व गर्ने हुनाले, र तिनीहरू सृष्टिहरू भएका हुनाले, तिनीहरूलाई "ताराहरू" भनेर भनिएको हो। "रूपान्तरण" ले पहिचान र हैसियतमा आउने रूपान्तरणलाई जनाउँछ। मानिसहरू पृथ्वीका मानिसहरूबाट राज्यका मानिसहरूमा परिवर्तन हुन्छन्, यसको साथै, परमेश्वर तिनीहरूका साथमा रहनुहुन्छ, र परमेश्वरको महिमा तिनीहरूभित्र हुन्छ। परिणामस्वरूप, तिनीहरूले परमेश्वरको खातिर सार्वभौम शक्तिको प्रयोग गर्छन्, र परमेश्वरको कामले तिनीहरूभित्रका विष र अशुद्धतालाई धोएर तिनीहरूलाई आखिरमा परमेश्वरको निम्ति प्रयोगयोग्य तुल्याउँछ र परमेश्वरको हृदयअनुरूपका मानिसहरू बनाउँछ–यी वचनहरूको अर्थको एउटा पक्ष यही हो। जब परमेश्वरबाट आएको ज्योतिको किरणले सबै भूमिलाई उज्यालो पार्छ, स्वर्ग र पृथ्वीका सबै थोक विभिन्न हदसम्म परिवर्तन हुनेछन्, र आकाशका ताराहरू पनि परिवर्तन हुनेछन्, सूर्य र चन्द्रमा पनि नवीकरण हुनेछन्, त्यसपछि पृथ्वीका मानिसहरूले पुनर्जीवन पाउनेछन्–स्वर्ग र पृथ्वीको बीचमा परमेश्वरले गर्नुहुने काम यही हो, र यसमा कुनै आश्चर्य छैन।

जब परमेश्वरले मानिसहरूलाई मुक्ति दिनुहुन्छ–यसले प्राकृतिक रूपमा छनौट नगरिएकाहरूलाई जनाउँदैन–परमेश्वरले मानिसहरूलाई धुनुहुने र न्याय गर्नुहुने समय पनि त्यही नै हो, अनि परमेश्वरका वचनहरूको कारणले सबै मानिसहरूले नराम्ररी बिलौना गर्छन्, वा आफ्ना ओछ्यानमा सिकिस्त पर्छन्, वा प्रहारमा परेर मृत्युको नरकमा डुब्छन्। परमेश्वरका वाणीहरूले गर्दा मात्रै मानिसहरूले आफैलाई चिन्न थालेका छन्। यदि यस्तो नभएको भए त, तिनीहरूसँग भ्यागुताको जस्तो आँखा हुनेथियो–तिनीहरूले माथि हेर्नेथिए, कोही पनि विश्वस्त हुनेथिएनन्, तिनीहरूमध्ये कसैले पनि आफैलाई चिनेका हुनेथिएनन्, तिनीहरूले आफ्नो वजन कति छ भन्नेबारेमा अनजान हुनेथिए। शैतानले साँच्चै नै मानिसहरूलाई धेरै हदसम्म भ्रष्ट तुल्याएको छ। परमेश्वरको सर्वशक्तिकै कारण, मानिसको कुरूप अनुहारलाई त्यति स्पष्ट रूपमा चित्रण गरिएको छ, यसको परिणामस्वरूप मानिसले यसलाई पढेपछि आफ्नै साँचो अनुहारसँग यसलाई तुलना गर्छ। सबै मानिसहरूलाई के थाहा हुन्छ भने, परमेश्वरले तिनीहरूको टाउकोमा कति वटा मष्तिष्क-कोषहरू छन् भन्ने कुरालाई स्पष्ट रूपमा जान्नुहुन्छ, तिनीहरूका कुरूप अनुहार वा तिनीहरूको अन्तस्करणका विचारहरूसम्बन्धी उहाँको ज्ञानको बारेमा त बताइरहनु नपर्ला। अर्को शब्दमा भन्दा "यस्तो हुन्छ, कि मानौं सम्पूर्ण मानव जाति वर्गीकरण गरिएको छ। पूर्वबाट आउने यो ज्योतिको किरणमा सम्पूर्ण मानव जातिलाई उनीहरूको असली रूपमा प्रकट गरिन्छ, उनीहरूका आँखाहरू तिरमिराउँछन्, के गर्ने भनेर अनिश्चित हुन्छन्," जब एक दिन परमेश्वरको काम समाप्त हुन्छ, परमेश्वरले सबै मानिसहरूलाई न्याय गर्नुहुन्छ भनी देख्न सकिन्छ। कोही पनि उम्कन सक्नेछैन; परमेश्वरले सबै मानवजातिका सबै मानिसहरूलाई तिनीहरूमध्ये एक जनालाई पनि नछुटाई एक-एक गरी सामना गर्नुहुनेछ, अनि यसरी मात्रै परमेश्वरको हृदय सन्तुष्ट हुनेछ। त्यसकारण परमेश्वर भन्नुहुन्छ, "तिनीहरू ती पशुहरूजस्ता छन् जो मेरो ज्योतिबाट भाग्छन् र पहाडका गुफाहरूमा शरण लिन्छन्–तर तीमध्ये एकै जना पनि मेरो ज्योतिबाट नष्ट हुन सक्दैन।" मानिसहरू नीच र कमसल पशु हुन्। शैतानको हातमा जिएर,

तिनीहरूको अवस्था यस्तो छ कि मानौं तिनीहरूले पर्वतहरूभित्रका प्राचीन जङ्गलहरूमा शरण लिएका छन्—तर, परमेश्वरका ज्वालाहरूबाट जलेर भस्म हुनबाट कोही पनि उम्कन नसक्ने हुनाले, शैतानका शक्तिहरूको "सुरक्षा" मा हुँदा पनि, तिनीहरूलाई परमेश्वरले कसरी बिर्सन सक्नुहुन्छ र? जब मानिसहरूले परमेश्वरका वचनहरू आएको कुरालाई स्वीकार गर्छन्, तब परमेश्वरको कलमले सबै मानिसहरूका विभिन्न विचित्र स्वरूप र कुरूप स्थितिहरूलाई चित्रण गर्छ; परमेश्वरले मानिसका आवश्यकताहरू र मानसिकताअनुरूप बोल्नुहुन्छ। त्यसकारण, मानिसहरूका नजरमा, परमेश्वर मनोविज्ञानमा पोख्त देखिनुहुन्छ। मानौं परमेश्वर मनोवैज्ञानिक नै हुनुहुन्छ, तर यस्तो पनि हुन्छ, मानौं परमेश्वर आन्तरिक औषधि विशेषज्ञ नै हुनुहुन्छ—उहाँसँग "जटिल" मानिससम्बन्धी त्यस्तो बुझाइ हुनु स्वाभाविकै हो। मानिसहरूले जति धेरै त्यस्तो विचार गर्छन्, परमेश्वरको अनमोलतासम्बन्धी तिनीहरूको बोध त्यति नै ठूलो हुन्छ, र तिनीहरूलाई त्यति नै परमेश्वर प्रगाढ र अथाह हुनुहुन्छ भन्ने लाग्छ। यो त यस्तो हुन्छ, मानौं मानिस र परमेश्वरको बीचमा, पार गर्नै नसकिने स्वर्गीय सीमा छ, तर यो यस्तो पनि हुन्छ, मानौं उहाँहरू चू नदी[क] को विपरीत किनारमा हुनुहुन्छ, दुवैले एक-अर्कालाई हेर्नेबाहेक अरू केही पनि गर्न सक्नुहुन्न। भन्नुको अर्थ, पृथ्वीका मानिसहरूले आफ्नो आँखाले मात्रै परमेश्वरलाई हेर्छन्; तिनीहरूले उहाँलाई नजिकबाट अध्ययन गर्ने मौका कहिल्यै पाएका छैनन्, र तिनीहरूसँग उहाँप्रति घनिष्ठताको अनुभूतिबाहेक अरू केही पनि छैन। तिनीहरूको हृदयमा, सधैँ नै परमेश्वर प्रेमिलो हुनुहुन्छ भन्ने अनुभूति हुन्छ, तर परमेश्वर अत्यन्तै "निर्दयी र असंवेदनशील" हुनुहुने भएकोले, तिनीहरूले उहाँको अघि आफ्नो हृदयको वेदनाको बारेमा बोल्ने मौका कहिल्यै पनि पाएका छैनन्। तिनीहरू पतिको अघि पतिको सत्यनिष्ठाको कारण आफ्नो साँचो भावनाहरू पोखाउने मौका कहिल्यै नपाएकी सुन्दर जवान पत्नी जस्तै हुन्। मानिसहरू आफैलाई घृणा गर्ने नीचहरू हुन्, त्यसकारण, तिनीहरूको नाजुकता, तिनीहरूको आत्मसम्मानको अभावको कारण, मानिसप्रतिको मेरो घृणा कसरी-कसरी अझै तीव्र रूपमा वृद्धि हुन्छ, अनि मेरो हृदयको क्रोध फुटेर निस्कन्छ। मेरो सोचाइमा, यो मैले पीर सहेको जस्तै हुन्छ। मैले मानिसप्रति आशा गुमाएको धेरै भयो, तर "एक पटक फेरि, मेरो दिन सारा मानव जातिको नजिक पुग्छ, एक पटक फेरि मानव जातिलाई उत्तेजित गराउँछ, मानव जातिलाई अर्को एउटा नयाँ सुरुआत दिँदछ" त्यसकारण, सबै मानवजातिलाई जित्न, ठूलो रातो अजिङ्गरलाई पक्रन र पराजय गर्नको लागि फेरि म साहस बटुल्छु। परमेश्वरको सुरुको अभिप्राय यस्तो थियो: चीनको ठूलो रातो अजिङ्गरका सन्तानहरूलाई जित्नेबाहेक अरू केही पनि नगर्नु; यसलाई मात्रै ठूलो रातो अजिङ्गरको हार, ठूलो रातो अजिङ्गरमाथिको विजय भनेर भन्न सकिन्छ। परमेश्वरले सारा पृथ्वीमा राजाको रूपमा शासन गर्नुहुन्छ, परमेश्वरको महान् कार्य पूरा भएको छ, परमेश्वरले पृथ्वीमा नयाँ सुरुवात गर्नुभएको छ र पृथ्वीमा महिमा प्राप्त गर्नुभएको छ भन्ने कुरालाई प्रमाणित गर्न यो मात्रै पर्याप्त छ। अन्तिम, सुन्दर दृश्यको कारण, परमेश्वरले आफ्नो हृदयमा दया व्यक्त नगरी बस्न सक्नुहुन्न: "मेरो मुटु धड्किन्छ र, मेरो मुटुको धड्कनको ताल अनुसरण गर्दै, पहाडहरू

---

क. "चू नदी" ले साङ्केतिक रूपमा विपरीत शक्तिहरूबीचको सिमानालाई जनाउँछ।

आनन्दले उफ्रन्छन्, समुद्रहरू आनन्दले नाच्छन्, र छालहरूले चट्टानका पहराहरूमा हान्छन्। मेरो हृदयमा जे छ त्यो व्यक्त गर्न गाह्रो हुन्छ।" यसबाट के देख्न सकिन्छ भने, परमेश्‍वरले जे योजना गर्नुभएको थियो त्यो पहिले नै पूरा गरिसक्नुभएको छ; यसलाई परमेश्‍वरले पूर्वनिर्धारित गर्नुभएको थियो, र परमेश्‍वरले मानिसहरूलाई ठीक यही कुरा अनुभव गर्न र हेर्न लगाउनुहुन्छ। राज्यको भविष्य सुन्दर छ; राज्यको राजा विजेता हुनुहुन्छ, जसको शिरदेखि पाउसम्म कुनै देह वा रगतको नाम-निशाना छैन, उहाँ पूर्ण रूपमा ईश्‍वरीय तत्वहरूले निर्मित हुनुहुन्छ। उहाँको सम्पूर्ण शरीर पवित्र महिमाले चम्किन्छ, र यो पूर्ण रूपमा मानव विचारहरूको खोटरहित छ; शिरदेखि पाउसम्म उहाँको सम्पूर्ण शरीर धार्मिकता र स्वर्गको स्वर्गीय-ज्योतिले चम्किन्छ, र मनोहर बास्ना छरिन्छ। कुनै श्रेष्‍ठगीतको प्रियजनजस्तै, उहाँ सबै सन्तहरूभन्दा सुन्दर, प्राचीन सन्तहरूभन्दा उच्च हुनुहुन्छ; उहाँ सबै मानिसहरूका बीचमा उदाहरण हुनुहुन्छ, र उहाँलाई मानिससँग तुलना गर्न सकिँदैन; मानिसहरू उहाँलाई सीधै हेर्न योग्य छैनन्। परमेश्‍वरको महिमावान् मुहार, परमेश्‍वरको स्वरूप, वा उहाँको प्रतिरूपलाई कसैले पनि प्राप्त गर्न सक्दैन; ती कुराहरूसँग कसैले पनि प्रतिस्पर्धा गर्न सक्दैन, र कसैले पनि आफ्नो मुखले तिनको बारेमा सहजै प्रशंसा गर्न सक्दैन।

परमेश्‍वरका वचनहरूको कुनै अन्त्य छैन—मुहानबाट बगी निस्कने पानीजस्तै ती कहिल्यै पनि सुक्दैनन्, तसर्थ परमेश्‍वरको व्यवस्थापन योजनाका रहस्यहरूलाई कसैले पनि बुझ्न सक्दैन। तैपनि परमेश्‍वरको लागि, त्यस्ता रहस्यहरू असीमित छन्। फरक-फरक माध्यम र भाषाको प्रयोग गर्दै, परमेश्‍वरले आफूले गरेको सम्पूर्ण ब्रह्माण्डको नवीकरण र पूर्ण रूपान्तरणको बारेमा धेरैपटक बोल्नुभएको छ, र त्यो वाणी हरेकपटक पहिलेको भन्दा गहन हुन्छ: "सबै अशुद्ध थोकहरूलाई म मेरो नजरमा जलाएर खरानी बनाउन चाहन्छु; म अनाज्ञाकारिताका सबै छोराहरूलाई मेरो आँखाको अगाडिबाट कहिल्यै अस्तित्वमा नरहने गरी विलुप्त पार्न चाहन्छु।" परमेश्‍वरले किन त्यस्ता कुराहरू बारम्बार भन्नुहुन्छ त? के उहाँलाई मानिसहरू तीप्रति थकित हुनेछन् भन्ने डर छैन र? मानिसहरूले परमेश्‍वरलाई यसरी चिन्ने आशा गर्दै जहिल्यै पनि परमेश्‍वरका वचनहरूमा छामछामछुमछुम मात्रै गर्छन्, तर आफूलाई जाँच्नुपर्छ भनेर तिनीहरूले कहिल्यै याद गर्दैनन्। तसर्थ, तिनीहरूले आफैबाट मानिसको अवज्ञालाई जान्न सकून्, अनि परमेश्‍वरको अघि आफ्नो अवज्ञालाई हटाउन सकून् भनेर तिनीहरूलाई स्मरण गराउन, तिनीहरूलाई आफैलाई चिन्ने तुल्याउनको लागि परमेश्‍वरले यो विधिको प्रयोग गर्नुहुन्छ। परमेश्‍वरले "वर्गीकरण गर्ने" चाहना राख्नुहुन्छ भन्ने कुरा पढ्दा, मानिसहरूको मनस्थिति तुरुन्तै चिन्तित बन्छ, र तिनीहरूको मांसपेशीहरू पनि चल्न छोडेको देखिन्छ। तिनीहरू आफूलाई आलोचना गर्न अनि यसमार्फत परमेश्‍वरलाई चिन्नको लागि तुरुन्तै परमेश्‍वरको अघि फर्किन्छन्। यसपछि—तिनीहरूले मनमा निर्णय गरिसकेपछि—परमेश्‍वरले यो अवसरको प्रयोग गर्दै तिनीहरूलाई ठूलो रातो अजिङ्गरको सार देखाउनुहुन्छ; यसरी, मानिसहरू प्रत्यक्ष रूपमा आत्मिक क्षेत्रमा संलग्न हुन्छन्, अनि तिनीहरूको सङ्कल्पले खेलेको भूमिकाको कारण, तिनीहरूको मनमस्तिष्कले पनि भूमिका खेल्न थाल्छ, जसले मानिस र परमेश्‍वरबीचको मनोभावलाई वृद्धि गराउँछ—जुन परमेश्‍वरको देहको कामको लागि अझै बढी फाइदाजनक छ। यसरी, मानिसहरूसँग अचेत रूपमा नै विगतको समयलाई फर्केर हेर्ने मनस्थिति हुन्छ: विगतमा,

मानिसहरूले धेरै वर्षसम्म अस्पष्ट परमेश्वरलाई विश्वास गरे; वर्षौंसम्म, तिनीहरूको हृदय मुक्त भएको थिएन, तिनीहरू महान् आनन्द प्राप्त गर्ने अवस्थामा थिएनन्, अनि तिनीहरूले परमेश्वरलाई विश्वास गरे पनि, तिनीहरूको जीवनमा कुनै सुव्यवस्था थिएन। यो विश्वासमा आउनुभन्दा पहिले जस्तो थियो त्यस्तै देखिन्थ्यो–तिनीहरूको जीवन अझै रित्तो र निराश थियो, र त्यो बेला तिनीहरूको विश्वास एक प्रकारको जालजस्तै देखिन्थ्यो, अविश्वाससरह देखिन्थ्यो। तिनीहरूले आजका व्यावहारिक परमेश्वरलाई देखेका हुनाले, यस्तो देखिन्छ मानौं स्वर्ग र पृथ्वी नवीकरण भएका छन्; तिनीहरूको जीवन तेजस्वी भएको छ, तिनीहरू अबउप्रान्त आशाहीन छैनन्, अनि व्यावहारिक परमेश्वरको आगमनको कारण, तिनीहरूले हृदयमा दृढता र आत्मामा शान्ति महसुस गर्छन्। तिनीहरूले अबउप्रान्त आफूले गर्ने सबै काममा अँध्यारोमा छामछाम-छुमछुम गर्न छोडेका छन्; तिनीहरूको खोजी उद्देश्यहीन हुन छोडेको छ, र तिनीहरूले अँध्यारोमा झटारो हान्न छोडेका छन्। आजको जीवन अझै सुन्दर छ, र मानिसहरू अनपेक्षित रूपमा राज्यमा प्रवेश गरेका छन् र तिनीहरू परमेश्वरका मानिसहरू बनेका छन्, र त्यसपछि...। मानिसहरूले आफ्नो हृदयमा यसबारेमा जति धेरै विचार गर्छन्, मिठास पनि त्यति नै ठूलो हुन्छ; तिनीहरूले यसबारेमा जति धेरै विचार गर्छन्, तिनीहरू त्यति नै खुशी बन्छन्, र तिनीहरू परमेश्वरलाई प्रेम गर्न त्यति नै उत्प्रेरित हुन्छन्। तसर्थ, तिनीहरूले थाहै नपाई, परमेश्वर र मानिसबीचको मित्रता बलियो बन्छ। मानिसहरूले परमेश्वरलाई अझै बढी प्रेम गर्छन्, र परमेश्वरलाई अझै बढी चिन्छन्, र मानिसमा गरिने परमेश्वरको काम झन्-झन् सजिलो बन्दै जान्छ, र यसले अबउप्रान्त मानिसहरूलाई जबरजस्ती वा कर गर्ने गर्दैन, बरु प्रकृतिको गतिलाई पछ्याउँछ, अनि मानिसले आफ्नै पृथक कार्य प्रस्तुत गर्छ–यसरी मात्रै मानिसहरू क्रमिक रूपमा परमेश्वरलाई चिन्न समर्थ बन्दै जान्छन्। यही मात्र परमेश्वरको बुद्धि हो–यसमा अलिकति पनि प्रयास समावेश छैन, र यसलाई मानिसको प्रकृतिअनुसार ल्याइन्छ। तसर्थ, यस क्षणमा, परमेश्वर भन्नुहुन्छ, "मानिसको संसारमा भएको मेरो देहधारणको अवधिमा मानव जाति अनजानमा नै आजको दिनसम्म मेरो मार्गनिर्देशनको अधीनमा आएको छ, अनजानमा नै मलाई चिन्न सकेको छ। तर अगाडि आउने बाटोमा कसरी हिँड्ने भन्नेबारे कसैलाई थाहा छैन, कोही पनि सचेत छैन–र त्यो बाटोले तिनीहरूलाई कुन दिशातिर लैजान्छ भन्ने कुरा थाहा पाउने त कुरै नगरौं। केवल सर्वशक्तिमान्‌ले उनीहरूमाथि नजर राख्नुभयो भने मात्र कुनै व्यक्ति त्यो बाटोको अन्त्यसम्म पुग्न सक्नेछ; पूर्वमा चम्केको ज्योतिको अगुवाइमा मात्र कसैले मेरो राज्यमा पुऱ्याउने प्रवेशद्वार पार गर्न सक्छ।" के मानिसको हृदयमा भएको कुराको बारेमा मैले माथि व्याख्या गरेको कुराको सारांश ठीक यही नै होइन र? यसैमा परमेश्वरका वचनहरूको रहस्य छ। मानिसले आफ्नो हृदयमा जे विचार गर्छ परमेश्वरले आफ्नो मुखबाट त्यही कुरा बोल्नुहुन्छ, र परमेश्वरले आफ्नो मुखले जे बोल्नुहुन्छ, मानिसले तृष्णा गर्ने कुरा ठीक त्यही हो। मानिसको हृदय खुलासा गर्ने कार्यमा परमेश्वर ठीक यहीँ नै निपुण हुनुहुन्छ; नत्रभने, सबै मानिसहरू इमानदार रूपमा कसरी विश्वस्त हुनेथिए र? के ठूलो रातो अजिङ्गरलाई विजय गरेर परमेश्वरले हासिल गर्न चाहनुभएको कुरा यही होइन र?

वास्तवमा, यस्ता धेरै वचनहरू छन् जसमा परमेश्वरको अभिप्राय ती वचनहरूको सतही अर्थलाई

सूचित गर्नु हुँदैन। उहाँका धेरै वचनहरूमा, परमेश्वरले केवल सीधै मानिसहरूको धारणाहरू परिवर्तन गर्ने र तिनीहरूको ध्यान खिच्ने अभिप्राय राख्नुहुन्छ। परमेश्वरले यी वचनहरूमा कुनै महत्त्व समावेश गर्नुहुन्न, त्यसकारण धेरै वचनहरू व्याख्या गर्न योग्य छैनन्। जब परमेश्वरका वचनहरूले मानिसहरूलाई आजको हदसम्म जितेको हुन्छ, मानिसहरूका सामर्थ्य निश्चित विन्दुमा पुगेको हुन्छ, तब त्यसपछि परमेश्वरले थप चेतावनीका वचनहरू बोल्नुहुन्छ अर्थात् परमेश्वरका मानिसहरूका लागि उहाँले संविधान जारी गर्नुहुन्छ: "पृथ्वीमा बसोबास गर्ने मानिसहरू ताराहरू जत्तिकै असङ्ख्य भए पनि, म ती सबैलाई मेरो आफ्नै हत्केलाजस्तो स्पष्टसँग चिन्छु। अनि मलाई 'प्रेम' गर्ने मानिसहरू समुद्रमा हुने बालुवाका कणहरूजस्तै अनगिन्ती भए पनि, थोरै मात्र मद्वारा चुनिएका छन्: तिनीहरू जो उज्ज्वल ज्योतिको पछि लाग्छन्, तिनीहरू मलाई 'प्रेम' गर्नेहरू भन्दा अलग हुन्।" वास्तवमा, परमेश्वरलाई प्रेम गर्छु भन्ने मानिसहरू धेरै छन्, तर आफ्नो हृदयमा परमेश्वरलाई प्रेम गर्नेहरू थोरै छन्। यो कुरा आँखा बन्द गरेर पनि स्पष्ट रूपमा पत्ता लगाउन सकिने देखिन्छ। परमेश्वरमा विश्वास गर्नेहरूको सम्पूर्ण संसार यस्तै हुन्छ। यसमा, हामी के देख्छौं भने, अहिले परमेश्वर "मानिसहरूलाई वर्गीकरण गर्ने" काममा नै लाग्नुभएको छ, र यसले परमेश्वरले चाहनुहुने, र परमेश्वरलाई सन्तुष्ट तुल्याउने आजको मण्डली होइन, बरु वर्गीकरण गरिएपछिको राज्य हो भन्ने देखाउँछ। यस क्षणमा, उहाँले सबै "खतरनाक सामानहरू" लाई थप चेतावनी दिनुहुन्छ: परमेश्वरले काम नगर्नुभएमा, उहाँले काम गर्न थाल्नुहुनेबित्तिकै यी मानिसहरूलाई राज्यबाट हटाइनेछ। परमेश्वरले कहिल्यै पनि झारा टार्न काम-कुरा गर्नुहुन्न। उहाँले सधैँ "एक, एक हो र दुई, दुई हो" भन्ने सिद्धान्तअनुसार काम गर्नुहुन्छ, अनि यदि हेर्न नचाहने मानिसहरू छन् भने, तिनीहरूलाई हटाउनको लागि, भविष्यमा समस्या पैदा गर्नबाट तिनीहरूलाई रोक्नको लागि उहाँले सम्भव भएको सबै कुरा गर्नुहुनेछ। "फोहोर फ्याँक्नु र पूर्ण रूपमा सफा गर्नु" भनेको यही हो। परमेश्वरले मानिसलाई प्रशासनिक आदेशहरूको घोषणा गर्ने क्षण नै उहाँले आफ्ना आश्चर्यजनक कार्यहरू र उहाँभित्र भएका सबै कुरा प्रस्तुत गर्ने क्षण हो, तसर्थ यसपछि परमेश्वर भन्नुहुन्छ: "पहाडहरूमा जङ्गली जनावरहरू धेरै सङ्ख्यामा छन्, तर मेरो अघि ती सबै सधाएका भेडाहरू जस्ता छन्। छालहरूमुनि बुझ्न नसकिने रहस्यहरू छन्, तर तिनीहरू पृथ्वीका सबै थोकझैं मेरो निम्ति स्पष्ट छन्; क्षेत्रहरूदेखि माथि आकाशमा मानिस कहिल्यै पुग्न सक्दैन, तापनि ती दुर्गम क्षेत्रहरूमा म स्वतन्त्र हिँड्छु।" परमेश्वरले यसमा बताउन चाहनुभएको कुरा यही हो: मानिसको हृदय सबै कुराभन्दा बढी छली भए पनि, र मानिसहरूका धारणाहरूको नरकजस्तै असीमित रूपमा रहस्यमय देखिए पनि, परमेश्वरको लागि मानिसका अवस्थाहरू आफ्नै हतकेलाजत्तिकै परिचित हुन्छन्। सबै कुरामध्ये, मानिस जङ्गली पशुभन्दा पनि भीषण र घातक जनावर हो, तैपनि परमेश्वरले मानिसलाई यति हदसम्म विजय गर्नुभएको छ कि कसैले पनि खडा भएर विरोध गर्ने आँट गर्दैन। वास्तवमा, परमेश्वरको अभिप्रायअनुसार, मानिसहरूले आफ्नो हृदयमा जे विचार गर्छन् त्यो सबै थोकमाझ सबै कुराभन्दा जटिल छ; यो बुझ्न नसकिने छ, तैपनि परमेश्वरसँग मानिसको हृदयप्रति कुनै आदर छैन। उहाँले यसलाई उहाँको आँखाअघि देखा पर्ने सानो गड्यौलाको रूपमा हेर्नुहुन्छ। उहाँको मुखबाट निस्केको वचनद्वारा उहाँले यसलाई जित्नुहुन्छ; उहाँले चाहनुभएको

जुनसुकै बेला, यसलाई प्रहार गर्नुहुन्छ; उहाँको हातको थोरै चालद्वारा, यसलाई सजाय दिनुहुन्छ; उहाँको इच्छाअनुसार उहाँले यसलाई दोषी ठहऱ्याउनुहुन्छ।

आज, सबै मानिसहरू अन्धकारभित्र जिउँछन्, तर परमेश्वरको आगमनको कारण, उहाँलाई देखेपछि तिनीहरूले बल्ल ज्योतिको सारलाई चिनेका छन्। संसारलाई पूर्ण रूपमा ठूलो कालो भाँडोले छोपिएको जस्तै भएको छ, त्यसकारण कसैले पनि सास फेर्न सक्दैनन्; तिनीहरू सबैले यो परिस्थितिलाई उल्ट्याउन चाहन्छन्, तैपनि कसैले पनि कहिल्यै भाँडो उचालेका छैनन्। परमेश्वरको देहधारणको कारणले मात्रै मानिसहरूको आँखा अचानक खोलिएको छ, र तिनीहरूले व्यावहारिक परमेश्वरलाई देखेका छन्। तसर्थ, परमेश्वरले तिनीहरूलाई प्रश्नको शैलीमा सोध्नुहुन्छ: "मानिसले मलाई ज्योतिमा कहिल्यै चिनेको छैन, तर मलाई अन्धकारको संसारमा मात्र देखेको छ। के तिमीहरू आज त्यस्तै परिस्थितिमा छैनौ र? यो ठूलो रातो अजिङ्गरको उपद्रवको कारण मैले आफ्नो काम गर्न औपचारिक रूपमा देहधारण गर्नुपऱ्यो।" परमेश्वरले आत्मिक क्षेत्रका वास्तविक परिस्थितिहरूलाई लुकाउनुहुन्न, न त उहाँले मानिसको हृदयको वास्तविक स्थितिलाई नै लुकाउनुहुन्छ, तसर्थ उहाँले मानिसहरूलाई बारम्बार यो कुराबारे स्मरण गराउनुहुन्छ: "मैले मेरा मानिसहरूलाई देहधारी परमेश्वर चिन्न सक्षम मात्र बनाइरहेको छैन, तर तिनीहरूलाई शुद्ध पनि पार्दैछु। मेरो प्रशासनिक आदेशको कठोरताका कारण धेरै मानिसहरू अझै पनि मद्वारा हटाइने खतरामा छन्। जबसम्म तैंले आफैले आफैलाई निराकरण गर्ने, तेरो आफ्नै शरीरलाई वशमा राख्ने कोसिस गर्दैनस्–जबसम्म तँ यो गर्दैनस्, तबसम्म तँ पनि जसरी पावलले मेरो हातबाट सजाय पायो, जसबाट उम्कने कुनै उपाय थिएन, त्यसरी नै निश्चय मेरो घृणा र अस्वीकारको पात्र हुनेछस्।" परमेश्वरले यस्ता कुराहरू धेरै बताउनुभएपछि मात्रै, मानिसहरूले होसियारीसाथ आफ्ना कदमहरू चाल्न थाल्छन् र परमेश्वरका प्रशासनिक आदेशहरूप्रति अझै बढी डर मान्न थाल्छन्; त्यसपछि मात्रै परमेश्वरको अख्तियारलाई लागू गर्न र उहाँको प्रतापलाई स्पष्ट पार्न सकिन्छ। यहाँ, फेरि पनि पावलको बारेमा उल्लेख गरिएको छ, ताकि मानिसहरूले परमेश्वरको इच्छालाई बुझ्न सकून्: तिनीहरू परमेश्वरको सजायमा पर्नेहरू हुनु हुँदैन, बरु परमेश्वरको इच्छालाई जान्ने मानिसहरू हुनुपर्छ। यसले मात्रै मानिसहरूलाई, तिनीहरूको डरसँगै, तिनीहरूले विगतमा परमेश्वरलाई पूर्ण रूपमा सन्तुष्ट तुल्याउन उहाँसामु गरेका अठोटहरू अपूरो रहेको बारेमा मनन गर्ने तुल्याउन सक्छ, जसले तिनीहरूलाई अझै ठूलो पछुतो अनि व्यावहारिक परमेश्वरको अझै धेरै ज्ञान दिन्छ। यसरी, त्यसपछि मात्रै परमेश्वरका वचनहरूप्रति तिनीहरूसँग कुनै शङ्का हुँदैन।

"मानिसले मलाई मेरो देहमा नचिन्ने मात्र होइन, त्योभन्दा बढी ऊ आफ्नै शरीरभित्र रहने आफ्नो अस्तित्वलाई बुझ्न असफल भएको छ। धेरै वर्षदेखि मानव जातिले मलाई धोका दिँदै आएको छ, मसँग बाहिरबाट आएको पाहुना जस्तो व्यवहार गरेको छ। धेरै चोटि...।" यी "धेरै चोटि" ले मानिसहरूलाई सजायको वास्तविक उदाहरणहरू देखाउँदै परमेश्वरप्रतिको मानिसको विरोधका वास्तविकताहरूलाई सूचीकृत गर्छ; यो पापको प्रमाण हो, र यसको बारेमा कसैले पनि खण्डन गर्न सक्दैन। सबै मानिसहरूले परमेश्वरलाई दैनिक जीवनमा प्रयोग गरिने कुनै सामग्रीजस्तो, तिनीहरूले चाहेजसरी प्रयोग गर्न सक्ने कुनै घरायसी अत्यावश्यक सामग्री हुनुहुन्छ जस्तो गरी प्रयोग गर्छन्।

कसैले पनि परमेश्वरलाई प्यारो ठान्दैनन्; कसैले पनि परमेश्वरको सुन्दरतालाई चिन्ने प्रयास गरेको छैन, न त उहाँको महिमावान् अनुहारलाई चिन्ने प्रयास गरेको छ, परमेश्वरमा समर्पित हुने अभिप्राय कसैले राख्ने कुरा त परै जाओस्। कसैले पनि कहिल्यै परमेश्वरलाई तिनीहरूको हृदयको प्रियजनको रूपमा हेरेको छैन; उहाँको खाँचो पर्दा तिनीहरूले उहाँलाई घिस्याएर निकाल्छन्, र उहाँको खाँचो नहुँदा तिनीहरू उहाँलाई एकातिर फ्याँकेर बेवास्ता गर्छन्। मानौं मानिसको लागि परमेश्वर धेरैले चाहेअनुसार खेलाउन मिल्ने कठपुतली हुनुहुन्छ, र तिनीहरूले आफूलाई जे चाहियो वा आफ्नो इच्छा जे छ उहाँलाई त्यही माग गर्छन्। तर परमेश्वर भन्नुहुन्छ, "यदि, मेरो देहधारणको अवधिमा, मैले मानिसका कमजोरीहरूप्रति सहानुभूति नराखेको भए मेरो देहधारणको कारणले मात्र पनि सारा मानव जाति उनीहरूको बुद्धिले गर्दा डराउने थिए र फलस्वरूप, पातालमा पर्नेथिए," जसले परमेश्वरको देहधारणको महत्त्व कति महान् छ भन्ने कुरालाई देखाउँछ। सबै मानवजातिलाई आत्मिक क्षेत्रबाट नष्ट गर्नुको साटो, उहाँ मानवजातिलाई देहमा जित्नको लागि आउनुभएको छ। तसर्थ, वचन कहिले देह बन्नुभयो, त्यो कसैलाई पनि थाहा छैन। यदि मानिसको दुर्बलताको बारेमा परमेश्वरसँग कुनै फिक्री नभएको भए, उहाँ देह बन्नुहुँदा यदि स्वर्ग र पृथ्वीलाई उलटपुलट तुल्याइएको भए, सबै मानिसहरूलाई भस्म पारिनेथियो। नयाँलाई मन पराउने र पुरानोलाई घृणा गर्ने मानिसहरूको प्रकृति नै भएको हुनाले, र सबै कुरा ठीकठाक अघि बढिरहेको बेला तिनीहरूले विगतका दुःखका दिनहरूलाई प्राय बिर्सने, र तिनीहरू कति आशिषित छन् भन्ने कुरा तिनीहरू कसैलाई थाहा नहुने हुनाले, परमेश्वरले तिनीहरूलाई आजको दिनसम्म कति कठिन गरी आइपुगिएको छ त्यसलाई कदर गरेर राख्नुपर्छ भनेर बारम्बार स्मरण गराउनुहुन्छ; भोलिको खातिर, तिनीहरूले आजको दिनलाई अझै बढी बहुमूल्य ठान्नुपर्छ, र मालिकलाई पहिचान नगरी उचाइमा चढ्ने पशुजस्तो हुनु हुँदैन, अनि तिनीहरू जुन आशिष्हरूका बीचमा जिउँछन् तिनको बारेमा अनजान रहनु हुँदैन भनेर स्मरण गराउनुहुन्छ। यसरी, मानिसहरू शिष्ट बने, त्यसउप्रान्त घमण्डी वा अहङ्कारी रहेनन्, र मानिसको प्रकृति असल छैन तर परमेश्वरको कृपा र प्रेम मानिसमाथि आएको छ भन्ने तिनीहरूले जाने; तिनीहरू सबैले सजायको डर मान्छन्, त्यसकारण तिनीहरू अबउप्रान्त केही गर्ने आँट गर्दैनन्।

## अध्याय १३

परमेश्वरले ठूलो रातो अजिङ्गरका सबै सन्तानलाई घृणा गर्नुहुन्छ, र उहाँले ठूलो रातो अजिङ्गर स्वयम्लाई अझै बढी घृणा गर्नुहुन्छ: परमेश्वरको हृदयभित्र रहेको क्रोधको स्रोत यही हो। के देखिन्छ भने, परमेश्वरले जलाएर नष्ट पार्नको लागि ठूलो रातो अजिङ्गरका सबै कुरालाई आगो र गन्धकको कुण्डमा फ्याँक्न चाहनुहुन्छ। कतिपय समयमा त परमेश्वरले ठूलो रातो अजिङ्गरलाई व्यक्तिगत रूपमै हटाउनको लागि आफ्नो हात पसार्न चाहनुहुन्छ भन्ने देखिन्छ– त्यसरी मात्रै उहाँको हृदयको घृणा हट्न सक्नेथियो। ठूलो रातो अजिङ्गरको घरका हरेक व्यक्ति मानवताहीन पशु हुन्, र परमेश्वरले निम्न कुरा बताउनको लागि आफ्नो रिसलाई कठोरताको साथ

दबाउनको कारण यही हो: “मेरा सबै मानिसहरूमाझ र मेरा सबै सन्तानका माझ, मतलब, मैले सम्पूर्ण मानवजातिबाट छानेका व्यक्तिहरूमाझ, तिमीहरू सबैभन्दा तल्लो समूहमा छौ। ...” परमेश्‍वरले ठूलो रातो अजिङ्गरसँग त्यसको आफ्नै देशमा निर्णायक युद्ध लड्न थाल्नुभएको छ, र उहाँको योजना पूरा भएपछि उहाँले यसलाई जित्नुहुनेछ, र त्यसउप्रान्त मानवजातिलाई भ्रष्ट तुल्याउन वा तिनीहरूका प्राण नाश गर्न दिनुहुनेछैन। हरेक दिन, परमेश्‍वरले उहाँका निदाइरहेका मानिसहरूलाई मुक्ति दिनको लागि बोलाउनुहुन्छ, तैपनि तिनीहरू बेहोस अवस्थामा छन्, मानौं तिनीहरूले निन्द्रा लाग्ने चक्की खाएका छन्। यदि परमेश्‍वरले तिनीहरूलाई एक क्षणको लागि समेत जगाउन छोड्नुभयो भने, तिनीहरू आफ्नो निदाएको, पूर्ण अचेत अवस्थामा फर्कन्छन्। के देखिन्छ भने उहाँका सबै मानिसहरूको एक-तिहाइ भागमा पक्षाघात भएको छ। तिनीहरूलाई आफ्ना खाँचोहरू वा आफ्ना कमीकमजोरीहरूको बारेमा थाहा छैन, न त तिनीहरूलाई आफुले के लाउनुपर्छ वा के खानुपर्छ भन्ने नै थाहा छ। ठूलो रातो अजिङ्गरले मानिसहरूलाई भ्रष्ट तुल्याउनको लागि निकै धेरै प्रयास लगाएको छ भन्ने कुरालाई देखाउन यो नै पर्याप्त छ। यसको कुरूपता, चीनको हरेक क्षेत्रमा फैलिएको छ, र यसले मानिसहरूलाई यति व्याकुल बनाएको छ कि तिनीहरू यो पतित, असभ्य देशमा अबउप्रान्त बस्न चाहँदैनन्। परमेश्‍वरले सबैभन्दा बढी ठूलो रातो अजिङ्गरको सारलाई नै घृणा गर्नुहुन्छ, त्यही कारणले गर्दा, उहाँको क्रोधमा उहाँले मानिसहरूलाई हरेक दिन स्मरण गराउनुहुन्छ, र तिनीहरूले उहाँको क्रोधपूर्ण नजरमुनि हरेक दिन बिताउँछन्। तैपनि, धेरैजसो मानिसहरूलाई परमेश्‍वरको खोजी कसरी गर्ने भन्ने अझै थाहा छैन; बरु, तिनीहरू अरूले हातैले खुवाउनुपर्ने अवस्थामा, प्रतीक्षा गर्दै बसिरहन्छन्, हेरिरहन्छन्। यदि तिनीहरू भोकले मरणासन्न भए पनि, तिनीहरूले अझै पनि आफ्नो खानेकुरा आफै खोज्न इच्छुक हुनेछैनन्। मानिसको विवेकलाई शैतानले धेरै पहिले नै भ्रष्ट तुल्याइसकेको छ र यसको सार बदलेर कठोर तुल्याएको छ। परमेश्‍वरले यसो भन्नु स्वाभाविकै हो, “मैले तिमीहरूलाई नझकझकाएको भए, तिमीहरू अझै बिउँझने थिएनौ, बरु जमेजस्तै गरी र अझै शीतनिद्रामा भएजस्तै गरी रहिरहनेथियौ।” मानिसहरूको अवस्था यस्तो छ मानौं तिनीहरू खाद्य वा पेय पदार्थको आवश्यकता नपर्ने गरी हिउँदको समय बिताइरहेका शितनिद्रामा रहेका पशु-प्राणी हुन्; परमेश्‍वरका मानिसहरूको हालको अवस्था ठीक यस्तै छ। यही कारणले गर्दा, परमेश्‍वरले मानिसहरूलाई ज्योतिमा देहधारी परमेश्‍वर स्वयम्‌लाई चिन्न सक भनेर मात्रै भन्नुहुन्छ; उहाँले मानिसहरूलाई धेरै परिवर्तन होओ भनेर भन्नुहुन्न, न त तिनीहरूको जीवनमा ठूलो वृद्धि होस् भन्ने नै सर्त राख्नुहुन्छ। फोहोरी, घिनलाग्दो ठूलो रातो अजिङ्गरलाई हराएर, अझै बढी परमेश्‍वरको महान् शक्तिलाई प्रकटीकरण गर्नको लागि त्यो नै पर्याप्त हुनेछ।

जब मानिसहरूले परमेश्‍वरका वचनहरू पढ्छन्, तब तिनीहरूले तिनको शाब्दिक अर्थ मात्रै बुझ्छन्, र तिनीहरूको आत्मिक महत्त्वलाई बोध गर्न सक्दैनन्। “अशान्त छालहरू” भन्ने शब्दहरूले नै हरेक नायक र शुरवीरलाई समेत तीन छक्क पारेको छ। जब परमेश्‍वरको क्रोध प्रकट हुन्छ, के उहाँका वचनहरू, कार्यहरू, र स्वभाव अशान्त छालहरू जस्तै हुँदैनन् र? जब परमेश्‍वरले सबै मानवजातिलाई न्याय गर्नुहुन्छ, के त्यो उहाँको क्रोधको प्रकटीकरण होइन र? के यो अशान्त

छालहरू शक्तिमा आउने समय होइन र? आफ्नो भ्रष्टताको कारणले, मानिसमध्ये को यस्तो अशान्त छालहरूको बीचमा जिउँदैन र? अर्को शब्दमा भन्दा, को परमेश्वरको क्रोधको बीचमा जिउँदैन र? जब परमेश्वरले मानवजातिलाई महाविपत्तिमा पार्न चाहनुहुन्छ, के मानिसहरूले “काला बादलहरूको मडारिँदो लहर” देख्ने समय त्यही होइन र? कुन व्यक्ति महाविपत्तिबाट भाग्दैन र? परमेश्वरको क्रोध भीषण वर्षा जस्तै ओइरिन्छ र तीव्र बतासले जस्तै मानिसहरूलाई उडाउँछ। हिम-आँधीको भुमरीमा परेजस्तै सबै मानिसहरू परमेश्वरका वचनहरूद्वारा शुद्ध तुल्याइन्छन्। परमेश्वरका वचनहरू मानवजातिले बुझ्न कठिन छन्। उहाँले आफ्ना वचनहरूद्वारा संसार सृष्टि गर्नुभयो, र उहाँले आफ्ना वचनहरूद्वारा सबै मानवजातिलाई अगुवाइ गर्नुहुन्छ र शुद्ध पार्नुहुन्छ। आखिरमा, उहाँले सम्पूर्ण ब्रह्माण्डलाई आफ्ना वचनहरूले शुद्ध पार्नको लागि पुनर्स्थापित गर्नुहुनेछ। उहाँले बताउनुहुने सबै कुरामा परमेश्वरको आत्मा खोक्रो हुनुहुन्न भन्ने देख्न सकिन्छ, र उहाँका वचनहरूमा मात्रै मानिसहरूले कसरी जिउने भन्ने कुराको झलक देख्न सक्छन्। सबै मानिसहरूले उहाँका वचनहरूलाई बहुमूल्य ठान्छन्, किनभने तिनमा जीवनका प्रावधान छन्। मानिसहरूले परमेश्वरका वचनहरूमा जति धेरै ध्यान दिन्छन्, परमेश्वरले तिनीहरूलाई त्यति नै धेरै प्रश्न गर्नुहुन्छ–यस्ता प्रश्नहरू जसले तिनीहरूलाई अलमलमा पार्छन् र तिनीहरूलाई उत्तर दिने कुनै मौका नै दिँदैनन्। परमेश्वरको यसपछिका प्रश्नहरू मात्रै पनि मानिसहरूलाई केही समय विचारमग्न हुनको लागि पर्याप्त छन्, उहाँका बाँकी वचनहरूको त कुरै नगरौं। परमेश्वरमा, सबै कुरा साँचो रूपमा पूर्ण र प्रशस्त छन्, र कुनै पनि कुराको कमी छैन। तैपनि, मानिसहरूले यसबाट त्यति धेरै आनन्द लिन सक्दैनन्; कुखुराको छाला देख्ने तर त्यसको मासु खान नसक्ने मानिसजस्तै तिनीहरूले उहाँका वचनहरूको सतह मात्रै जानेका हुन्छन्। यसको अर्थ, मानिसहरूले सम्पत्ति भए पनि भोकमरीमा जीवन बिताइरहेका छन्, त्यसकारण तिनीहरूले परमेश्वरमा आनन्द लिन सक्दैनन्। हरेक व्यक्तिका धारणाहरूमा, तिनीहरूका आफ्नै परमेश्वरको स्वरूप हुन्छ, त्यही कारणले गर्दा अस्पष्ट परमेश्वर भनेको के हो वा शैतानको स्वरूप भनेको के हो सो कसैलाई पनि थाहा छैन। त्यसकारण, जब परमेश्वरले “किनकि यस्तो बेला तैँले जे कुरामा विश्वास गर्छस् त्यो केवल शैतानको आकृति मात्र हुन्छ र परमेश्वर स्वयम्सँग भने यसको कुनै सम्बन्ध हुँदैन,” भनी भन्नुभयो, हामी सबै अक्क न बक्क भयौं: तिनीहरूले धेरै वर्षदेखि विश्वास गरेका थिए, तैपनि तिनीहरूले जे विश्वास गरेका थिए, त्यो परमेश्वर स्वयम् हुनुहुन्नथ्यो, बरु शैतान थियो भन्ने तिनीहरूलाई थाहा थिएन। तिनीहरूले अचानक आफूभित्र रिक्तताको अनुभव गरे, तर के भन्ने सो तिनीहरूलाई थाहा थिएन। तिनीहरू फेरि पनि अन्योलमा पर्न थाले। यसरी काम गरेर मात्रै मानिसहरूले नयाँ ज्योतिलाई अझै राम्ररी स्वीकार गर्न सक्छन्, र त्यसप्रकार पुराना कुराहरूलाई इन्कार गर्न सक्छन्। यी कुराहरू जति नै असल देखिए पनि, ती कुराहरूले काम गर्नेछैनन्। मानिसहरूले व्यावहारिक परमेश्वर स्वयम्लाई बुझ्नु अझै बढी फाइदाजनक हुन्छ; यसले तिनीहरूको धारणाले तिनीहरूको हृदयमा लिएको हैसियतलाई हटाउँछ, र त्यसमा परमेश्वर स्वयम्लाई मात्रै स्थान लिन दिन्छ। यसरी मात्रै देहधारणको महत्त्वलाई हासिल गर्न सकिन्छ, जसले मानिसहरूलाई आफ्नै भौतिक आँखाले व्यावहारिक परमेश्वर स्वयम्लाई चिन्न सक्षम तुल्याउँछ।

परमेश्वरले मानिसहरूलाई धेरैपटक आत्मिक संसारको अवस्थाको बारेमा बताउनुभएको छ: “जब शैतान मेरो अगाडि आउँछ, म यसको प्रचण्ड भयंकरतासँग डराएर पछि हट्नेछैन, न त म यसको बीभत्स रूपदेखि नै डराउनेछु। म त यसलाई केवल बेवास्ता गर्नेछु।” यसबाट मानिसहरूले वास्तविकताको अवस्था मात्रै बुझेका छन्; तिनीहरूलाई आत्मिक संसारको सत्यताको बारेमा थाहा छैन। परमेश्वर देह बन्नुभएको हुनाले, शैतानले परमेश्वरलाई आक्रमण गर्ने प्रयास गर्दै हरकिसिमका दोषारोपणहरू प्रयोग गरेको छ। तैपनि, परमेश्वर पछि हट्नुहुन्न; आफ्नो देहधारी शरीरबाट आफूलाई मानिसहरूमाझ चिनाउँदै, उहाँले मानवजातिको बीचमा बोल्ने र काम गर्ने मात्रै गर्नुहुन्छ। यस कुराप्रति शैतान रिसले चूर हुन्छ, र परमेश्वरका मानिसहरूलाई नकरात्मक बनाउन, पछि हट्न लगाउन, र आफ्नो मार्ग गुमाउने तुल्याउनको लागि धेरैभन्दा धेरै प्रयास गरेको छ। तैपनि, परमेश्वरका वचनहरूको प्रभावको कारण, शैतान पूर्ण रूपमा असफल भएको छ, र यसले यसको उग्रतालाई अझ बढाएको छ। त्यसकारण, परमेश्वरले हरेकलाई यो कुरा स्मरण गराउनुहुन्छ, “एक दिन यस्तो समय आउनसक्छ, तब तिमीहरूले त्यस्तै परिस्थितिको सामना गर्नेछौ: के तैँले जानी-जानी आफूले आफूलाई शैतानको बन्धनमा फस्न दिन्छस्, वा तँलाई प्राप्त गर्न मलाई अनुमति दिन्छस्?” आत्मिक संसारमा के हुन्छ भन्ने कुरा मानिसहरूलाई थाहा नभए पनि, तिनीहरूले परमेश्वरबाट यस्ता वचनहरू सुन्नेबित्तिकै, तिनीहरू सावधान र भयभीत हुन्छन्। यसले शैतानका आक्रमणहरूलाई प्रहार गर्छ, जुन परमेश्वरको महिमा देखाउनको लागि पर्याप्त छ। धेरै पहिले नै काम गर्ने नयाँ विधिमा प्रवेश गरिसकेको भए पनि, मानिसहरू अझै पनि राज्यमा बिताइने जीवनको बारेमा अस्पष्ट नै छन्, अनि तिनीहरूले यसलाई बुझे पनि, तिनीहरूमा स्पष्टता छैन। त्यसकारण, मानिसहरूलाई चेतावनी दिइसकेपछि, परमेश्वरले तिनीहरूलाई राज्यमा बिताइने जीवनको सारसँग परिचित गराउनुभयो: “राज्यमा भएको जीवन भनेको मानिसहरू र परमेश्वर स्वयम्‌को जीवन हो।” परमेश्वर स्वयम् नै देहमा देहधारी हुनुभएको हुनाले, तेस्रो स्वर्गको जीवन पृथ्वीमा ठोस रूपमा देखा परेको छ। यो परमेश्वरको योजना मात्रै होइन–उहाँले त यसलाई पूरा गरिसक्नुभएको छ। समय बित्दै जाँदा, मानिसहरूले परमेश्वर स्वयम्‌लाई अझै राम्ररी चिन्छन्, र त्यसरी तिनीहरूले स्वर्गको जीवनलाई अझै बढी चाख्न सक्छन्, किनभने तिनीहरूले स्वर्गमा अस्पष्ट परमेश्वर हुनुहुन्छ भन्ने अनुभूति गर्नुको साटो, परमेश्वर त पृथ्वीमै नै हुनुहुन्छ भन्ने साँचो अनुभव गर्न सक्छन्। तसर्थ, पृथ्वीको जीवन स्वर्गको जीवन जस्तै छ। वास्तविकता के हो भने देहधारी परमेश्वरले मानव संसारको तिक्ततालाई चाख्नुहुन्छ, र उहाँले जति धेरै यसो गर्न सक्नुहुन्छ, त्यति नै यसले उहाँ देहधारी परमेश्वर स्वयम् हुनुहुन्छ भन्ने कुरालाई प्रमाणित गर्छ। त्यसकारण “मेरो बास स्थानमा, जुन त्यो स्थान हो जहाँ म लुकेको छु–जे भए तापनि, मेरो बास स्थानमा मैले मेरा सबै दुस्मनहरूलाई पराजित गरेको छु; मेरो बास स्थानमा मैले पृथ्वीमा बाँच्नुको वास्तविक अनुभव प्राप्त गरेको छु; मेरो बास स्थानमा, मैले मानिसका हरेक शब्द र कार्य अवलोकन गरिरहेको छु, र सम्पूर्ण मानवजगतलाई नियाल्ने र सञ्चालन गर्ने कार्य गरिरहेको छु” भन्ने वचनहरू आजका परमेश्वर व्यावहारिक परमेश्वर हुनुहुन्छ भन्ने तथ्यलाई प्रमाणित गर्नको लागि पर्याप्त छन्। साँच्चै देहमा जिएर, देहमा रही साँच्चै नै मानव जीवनको अनुभव

गरेर, देहमा रही साँच्चै नै सबै मानवजातिलाई बुझेर, देहमा रही साँच्चै नै मानवजातिलाई विजय गरेर, देहमा रही साँच्चै नै ठूलो रातो अजिङ्गरको विरुद्धमा निर्णायक युद्ध गरेर, अनि देहमा रही परमेश्‍वरको सबै काम गरेर–के यो व्यावहारिक परमेश्‍वर स्वयम्‌को अस्तित्व होइन र? तैपनि परमेश्‍वरले बोल्नुभएका यी साधारण हरफहरूमा सन्देश देख्न सक्ने मानिसहरू बिरलै छन्; तिनीहरूले तिनलाई सरसरती हेर्छन्, तर परमेश्‍वरका वचनहरूको बहुमूल्यता वा दुर्लभतालाई अनुभूति गर्दैनन्।

परमेश्‍वरका वचनहरू विशेष रूपमा एक विषयदेखि अर्को विषयमा परिवर्तन भएका छन्। “मानवजाति कोमामा रहेको हुनाले” भन्ने वाक्यांशले परमेश्‍वर स्वयम्‌को व्याख्यालाई लिन्छ र यसलाई सारा मानवजातिको स्थितिको व्याख्यामा परिवर्तन गर्छ। यहाँ “कठोर प्रकाशका यी विस्फोटहरू” ले पूर्वको ज्योतिलाई प्रतिनिधित्व गर्दैन; बरु, यसले परमेश्‍वरका वचनहरूलाई अर्थात्, उहाँले काम गर्ने नयाँ विधिलाई जनाउँछ। त्यसकारण, यसमा सबै किसिमका मानव गतिशीलताहरूलाई देख्न सकिन्छ: नयाँ विधिमा प्रवेश गरेपछि, सबै मानिसहरूले आफ्नो दिशा-बोध गुमाउँछन्, अनि न त तिनीहरूलाई तिनीहरू कहाँबाट आए भन्ने थाहा हुन्छ न त तिनीहरू कता जाँदैछन् भन्ने नै थाहा हुन्छ। “धेरैजसो मानिसहरूलाई लेजर जस्तो किरणहरूले हिर्काउँछ” भन्ने वाक्यांशले नयाँ विधिमा हटाइएकाहरूलाई जनाउँछ; तिनीहरू परीक्षाहरूमा खडा हुन नसक्ने वा कष्टको शोधनलाई सहन नसक्नेहरू हुन्, त्यसकारण तिनीहरूलाई फेरि पनि अतल कुण्डमा फ्याँकिन्छ। परमेश्‍वरका वचनहरूले मानवजातिलाई यति हदसम्म खुलासा गर्छ कि परमेश्‍वरका वचनहरू देख्दा मानिसहरू डराएका देखिन्छन्, र तिनीहरूले आफ्नो मुटुमा मेसिनगन ताकिएको देखेझैँ केही पनि बोल्ने आँट गर्दैनन्। तैपनि, तिनीहरूलाई परमेश्‍वरका वचनहरूमा असल कुराहरू छन् भन्ने पनि लाग्छ। तिनीहरूको हृदयमा ठूलो अन्तर्द्वन्द्व हुन्छ, र तिनीहरूलाई आफूले के गर्नुपर्ने हो थाहै हुँदैन। तैपनि तिनीहरूको विश्‍वासले गर्दा, तिनीहरूले आफैलाई दह्रिलो बनाउँछन् र परमेश्‍वरले तिनीहरूलाई त्याग्नुहुन्छ भन्ने डरले उहाँका वचनहरूको गहिराइमा डुब्छन्। यो परमेश्‍वरले भन्नुभएको यो वचनजस्तै हुन्छ, “मानवजातिमा कोचाहिँ यस्तो अवस्थामा बाँचेका छैनन् र? को मेरो प्रकाशको ज्योतिभित्र बाँचेको छैन र? तिमीहरू बलिष्ठ नै भए पनि, वा तिमीहरू कमजोर नै भए तापनि, मेरो आउँदै गरेको प्रकाशको ज्योतिलाई तिमीहरूले कसरी छल्न सक्छौ र?” यदि परमेश्‍वरले कसैलाई प्रयोग गर्नुहुन्छ भने, तिनीहरू कमजोर नै भए पनि, परमेश्‍वरले उहाँको सजायमा तिनीहरूलाई अझै पनि प्रकाश र अन्तर्दृष्टि दिनुहुन्छ; त्यसकारण, मानिसहरूले परमेश्‍वरका वचनहरू जति धेरै पढ्छन्, तिनीहरूले उहाँलाई त्यति नै बुझ्छन्, तिनीहरूले उहाँलाई त्यति नै आदर गर्छन्, र तिनीहरूले लापरवाही हुने आँट त्यति नै कम गर्छन्। परमेश्‍वरको महान् शक्तिकै कारणले गर्दा नै मानिसहरू तिनीहरू आज जहाँ छन् त्यहाँ आइपुगेका छन्। उहाँका वचनहरूको अख्तियारको कारणले गर्दा–अर्थात्, उहाँका वचनहरूमा प्रकट हुनुहुने आत्माको परिणामस्वरूप–मानिसहरूले परमेश्‍वरको डर मान्छन्। परमेश्‍वरले मानवजातिको साँचो अनुहार प्रकट गर्नुहुँदा, उहाँप्रतिको तिनीहरूको आदरपूर्ण डर ठूलो हुन्छ, त्यसरी उहाँको अस्तित्वको वास्तविकताको बारेमा तिनीहरू अझै बढी निश्‍चित बन्छन्। यो परमेश्‍वरलाई बुझ्ने मानवजातिको

मार्गको दीप-स्तम्भ हो, उहाँले तिनीहरूलाई दिनुभएको मार्ग हो। यसको बारेमा ध्यान दिएर विचार गर: के कुरा यही होइन त?

माथि उल्लेख गरिएको कुरा मानवजातिलाई उसको मार्गमा ज्योति दिने दीप-स्तम्भ होइन र?

# अध्याय १४

मानिसहरूले परमेश्वरका वचनहरूबाट कहिल्यै केही थाहा पाएका छैनन्। बरु, तिनीहरूले तिनको साँचो अर्थ नबुझी तिनलाई सतही रूपमा मात्रै "कदर" गर्छन्। त्यसकारण, धेरैजसो मानिसहरूले उहाँका वाणीहरूलाई प्रिय ठाने पनि, तिनीहरूले वास्तवमा ती वाणीहरूलाई कदर गर्दैनन् भनेर परमेश्वरले औंल्याउनुभएको छ। यसको कारण के हो भने, परमेश्वरको दृष्टिकोणमा, उहाँका वचनहरू बहुमूल्य भए तापनि, मानिसहरूले तिनको साँचो मिठासलाई चाखेका छैनन्। त्यसकारण, तिनीहरूले "मनको लड्डु घिउसित खान" मात्रै सक्छन्, र त्यसरी आफ्नो लोभी हृदयलाई शान्त पार्न सक्छन्। परमेश्वरको आत्माले सबै मानवका बीचमा काम मात्र गरिरहनुभएको छैन, तिनीहरूलाई पनि अवश्य नै परमेश्वरको वचनको अन्तर्दृष्टि प्राप्त भएको छ; के मात्रै हो भने, तिनीहरू अत्यन्तै लापर्बाह भएकाले तिनीहरूले यसको सारलाई साँचो रूपमा बुझ्न सकेका छैनन्। मानिसहरूका विचारमा, राज्य पूरा हुने युग अहिले नै हो, तर वास्तविकतामा, कुरा त्यो होइन। परमेश्वरले जे भविष्यवाणी गर्नुभएको थियो त्यो उहाँले पूरा गरिसक्नुभएको भए पनि, वास्तविक राज्य अहिलेसम्म पृथ्वीमा आइसकेको छैन। बरु, मानवजाति परिवर्तन हुने क्रममा, काम अघि बढ्ने क्रममा, र पूर्वबाट बिजुली चम्कने क्रममा–अर्थात्, परमेश्वरको वचन गहन हुँदै जाने क्रममा–राज्य पृथ्वीमा बिस्तारै आउनेछ, क्रमिक रूपमा तर पूर्ण रूपमा यस संसारमा ओर्लिनेछ। राज्यको आगमनको प्रक्रिया पृथ्वीमा हुने ईश्वरीय कामको प्रक्रिया पनि हो। यसबीचमा, पृथ्वीलाई यसको पूर्णतामा पुर्नव्यवस्थित गर्नको लागि, सम्पूर्ण ब्रह्माण्डमा परमेश्वरले सम्पूर्ण इतिहासका कुनै पनि युगमा कहिल्यै नगरिएको काम सुरु गर्नुभएको छ। उदाहरणको लागि, ब्रह्माण्डभरि व्यापक परिवर्तनहरू सुरु भएका छन्, जस्तै इस्राएल राज्यमा आउने परिवर्तन, संयुक्त राज्य अमेरिकाको शासन-सत्ता जफत, इजिप्टका परिवर्तनहरू, सोभियत युनियनका परिवर्तनहरू, र चीनको पतन। सम्पूर्ण ब्रह्माण्ड शान्त भएपछि र सामान्य स्थितिमा पुनर्स्थापित भएपछि, पृथ्वीमा परमेश्वरले गर्नुहुने काम पूरा हुनेछ; त्यही बेला पृथ्वीमा राज्य आउनेछ। "जब संसारका सबै राष्ट्रहरू भङ्ग हुन्छन्, ठीक त्यही समयमा मेरो राज्य स्थापित हुनेछ अनि यसले आकार लिनेछ, साथसाथै त्यही बेला म रूपान्तरित हुनेछु अनि सम्पूर्ण ब्रम्हाण्डको सामना गर्न त्यसतर्फ फर्कनेछु" भन्ने वचनहरूको साँचो अर्थ यही हो। परमेश्वरले मानवजातिबाट केही पनि लुकाउनुहुन्न; उहाँले मानिसहरूलाई उहाँको प्रशस्तताको बारेमा निरन्तर बताउनुभएको छ–तैपनि उहाँले भन्नुभएको कुराको अर्थ के हो तिनीहरूले पत्ता लगाउन सक्दैनन्, र मूर्खले जस्तो उहाँको वचनलाई स्वीकार मात्रै गर्छन्। कामको यो चरणमा, मानवले परमेश्वरको अथाहपनलाई जानेका छन्, यसको साथै, उहाँलाई बुझ्ने कार्यको कठिनतालाई बुझ्न सकेका छन्; यही कारणले गर्दा, आज-भोलि परमेश्वरमा विश्वास गर्नु नै सबैभन्दा कठिन कार्य हो, सुँगुरलाई

गीत गाउन सिकाउनु जस्तै हो भन्ने तिनीहरूले अनुभूति गरेका छन्। तिनीहरू पासोमा परेको मुसाजस्तै पूर्ण रूपमा विवश हुन्छन्। वास्तवमा, व्यक्तिसँग जति नै धेरै शक्ति भए पनि वा व्यक्तिको सीप जति नै कुशल भए पनि, वा व्यक्तिमा असीमित क्षमताहरू भए पनि, जब परमेश्‍वरको वचनको कुरा आउँछ, त्यस्ता कुराहरूको कुनै अर्थ हुँदैन। मानौं परमेश्‍वरको नजरमा मानवजाति कागजको खरानीको थुप्रो हो—कुनै मूल्य नभएको कुरा, कुनै प्रयोजनको त कुरै नगरौं। यो "म तिनीहरूको दृष्टिकोणबाट झन्-झन् गुप्त र बढ्दो रूपमा अथाह बनेको छु" भन्ने वचनहरूको साँचो अर्थको सटीक चित्रण हो। यसबाट के कुरा स्पष्ट हुन्छ भने, परमेश्‍वरको कार्यले प्राकृतिक प्रगतिलाई पछ्याउँछ, र मानवका अनुभूति गर्ने अङ्गहरूले लिन सकेअनुसार यसलाई प्रस्तुत गरिन्छ। जब मानवजातिको प्रकृति दह्रिलो र दृढ हुन्छ, तब परमेश्‍वरका वचनहरू पूर्ण रूपमा तिनीहरूका धारणाहरूअनुरूप हुन्छन्, र यी धारणाहरू लगभग परमेश्‍वरअनुरूप नै भइसकेका हुन्छन्, थोरै पनि भिन्नता हुँदैन। यसले मानिसहरूलाई "परमेश्‍वरको वास्तविकता" को बारेमा केही हदसम्म सचेत तुल्याउँछ, तर त्यो उहाँको प्राथमिक उद्‌देश्य होइन। परमेश्‍वरले औपचारिक रूपमा पृथ्वीमा आफ्नो साँचो काम सुरु गर्नुभन्दा पहिले मानिसहरूलाई शान्त हुन दिइरहनुभएको छ। त्यसकारण, मानवको लागि अत्यन्तै अन्योलपूर्ण रहेको यो सुरुवातको अवधिमा, तिनीहरूले तिनीहरूका पहिलेका विचारहरू गलत थिए, र परमेश्‍वर र मानवजाति स्वर्ग र पृथ्वी जस्तै फरक छन्, र अलिकति पनि समान छैनन् भन्ने कुरालाई महसुस गरिरहेका छन्। परमेश्‍वरका वचनहरूलाई मानव धारणाहरूको आधारमा अबउप्रान्त मूल्याङ्कन गर्न नसकिने भएकोले, मानवले तुरुन्तै परमेश्‍वरलाई नयाँ दृष्टिकोणले हेर्न सुरु गरेका छन्; परिणामस्वरूप, तिनीहरूले परमेश्‍वरलाई अचम्म मानेर नियाल्छन्, मानौं व्यवहारिक परमेश्‍वर पनि अदृश्य र अस्पर्श परमेश्‍वरजस्तै पहुँचभन्दा बाहिर हुनुहुन्छ, र मानौं देहधारी परमेश्‍वरको देह उहाँको सारविनाको बाहिरी भेस मात्रै हो। उहाँ आत्माको देहधारण हुनुभए पनि, उहाँ आत्मिक रूपमा परिवर्तन भएर कुनै पनि समयमा विलय भएर जान सक्नुहुन्छ; त्यसकारण, मानिसहरूले केही हदसम्म आरक्षी मनोवृत्तिको विकास गरेका छन्। परमेश्‍वर भनेर उल्लेख गर्नेबित्तिकै, तिनीहरूले उहाँलाई तिनीहरूका धारणाहरू पहिर्‍याउँछन्, उहाँ बादल र कुहिरोमा सवार हुन सक्नुहुन्छ, पानीमा हिँड्न सक्नुहुन्छ, र मानिसहरूका बीचमा अचानक देखा पर्न र हराउन सक्नुहुन्छ भनेर दाबी गर्छन्। अरू कसै-कसैसँग त अझै विस्तृत व्याख्या समेत हुन्छ। मानिसहरूको अज्ञानताको कारण र तिनीहरूमा अन्तर्ज्ञानको अभावको कारण, परमेश्‍वरले भन्नुभयो, "जब तिनीहरू आफूले मेरो प्रतिरोध वा मेरा प्रशासनिक विधिहरूको उल्लंघन गरेको ठान्छन्, तब म देखे पनि नदेखे झैं गर्छु।"

परमेश्‍वरले अलिकति पनि नचुकी, निसाना कहिल्यै नचुकाई मानवजातिको कुरूप अनुहार र तिनीहरूको भित्री संसारलाई प्रकट गर्नुहुन्छ। उहाँले कुनै पनि गल्ती गर्नुहुन्न भनेर समेत भन्न सकिन्छ। यो मानिसहरूलाई पूर्ण रूपमा विश्‍वस्त तुल्याउने प्रमाण हो। परमेश्‍वरको कार्यपछाडिको सिद्धान्तको कारण, उहाँका धेरैजसो वचन र कार्यहरूले मेट्न असम्भव प्रभाव पार्छन्, र त्यसकारण मानिसहरूले उहाँको बारेमा अझै गहन बुझाइ प्राप्त गर्छन् भन्ने देखिन्छ, मानौं तिनीहरूले उहाँमा अझै बहुमूल्य कुराहरू पत्ता लगाएका छन्। "तिनीहरूको स्मृतिमा म या त तिनीहरूलाई सजाय

दिनुको सट्टा कृपा गर्ने परमेश्‍वर हुँ या त आफूले बोलेको कुरालाई गम्भीर रूपमा लिने परमेश्‍वर स्वयम् नै हुँ। यी सबै कुराहरू मानव सोचबाट जन्मिएका काल्पनिक कुराहरू हुन्, र तिनीहरू तथ्यसँग मेल खाँदैनन्।" मानवजातिले परमेश्‍वरको साँचो अनुहारमा कहिल्यै पनि कुनै महत्त्व नदिएका हुनाले, तिनीहरूले "उहाँको स्वभावको गौण पक्ष" लाई तिनीहरूले आफ्नो हतकेलाको पछाडिको भागलाई जत्तिकै जानेका हुन्छन्; तिनीहरूले परमेश्‍वरका वचन र कार्यहरूमा सधैँ गल्ती खोतलिरहेका हुन्छन्। यसको कारण के हो भने, मानिसहरू परमेश्‍वरका वचनहरूलाई तुच्छ ठान्दै सधैँ नकारात्मक कुराहरूलाई ध्यान दिन, अनि सकारात्मक कुराहरूलाई बेवास्ता गर्न अत्यन्तै इच्छुक हुन्छन्। उहाँ आफ्नो वासस्थानमा नम्रतापूर्वक लुक्नुहुन्छ भनेर परमेश्‍वरले जति भन्नुहुन्छ, मानवजातिले उहाँबाट त्यति नै धेरै कुराहरू माग गर्छन्। तिनीहरू भन्छन्, "यदि देहधारी परमेश्‍वरले मानवजातिको हरेक कार्यको अवलोकन र मानव जीवनको अनुभव गरिरहनुभएको छ भने, किन प्रायजसो समय परमेश्‍वरले हाम्रो वास्तविक अवस्थालाई जान्नुहुन्‍न? के यसको अर्थ परमेश्‍वर साँच्चै नै लुक्नुभएको छ भन्‍ने हो?" परमेश्‍वरले मानव हृदयको गहिराइमा हेर्नुहुने भए पनि, उहाँले अझै पनि मानवजातिको वास्तविक अवस्थाहरूअनुसार काम गर्नुहुन्छ, त्यस क्रममा उहाँ न त स्पष्ट बन्नुहुन्छ न त अलौकिक नै। मानवजातिबाट तिनीहरूको पुरानो स्वभावलाई पूर्ण रूपमा हटाउनको लागि, परमेश्‍वरले मानिसहरूको साँचो प्रकृतिलाई खुलासा गर्दै, र तिनीहरूको अवज्ञाको निम्ति न्यायको घोषणा गर्दै, एक क्षणमा उहाँले सबैको निराकरण गर्छु भन्दै, र अर्को क्षणमा उहाँले मानिसहरूको एउटा समूहलाई मुक्ति दिन्छु भनेर घोषणा गर्दै; कि त मानवलाई मापदण्डहरू दिँदै कि त तिनीहरूलाई चेतावनी दिँदै; अनि वैकल्पिक रूपमा तिनीहरूका भित्री अङ्गहरू चिरफार गर्दै र उपचार प्रदान गर्दै विभिन्‍न दृष्टिकोणहरूबाट बोल्न कुनै पनि कसर बाँकी राख्नुभएको छैन। यसरी, परमेश्‍वरको वचनहरूको अगुवाइमा, मानौं मानवले पृथ्वीको हरेक कुना-कुनामा यात्रा गरेका छन् र हराभरा बगैँचामा प्रवेश गरेका छन् जहाँ हरेक फूलले सबैभन्दा सुन्दर बन्‍नको लागि होडबाजी गरिरहेका छन्। परमेश्‍वरले जे भन्‍नुभए पनि, मानवजाति उहाँको वचनमा प्रवेश गर्नेछन्, मानौं परमेश्‍वर फलामले बनेको हरेक कुरा तान्‍ने चुम्बक हुनुहुन्छ। "मानिसहरूले मलाई वास्ता गर्दैनन्, त्यसैले म पनि तिनीहरूलाई गम्भीर रूपमा लिँदिनँ। तिनीहरूले मलाई ध्यान दिँदैनन्, त्यसैले मैले पनि तिनीहरूउपर अझ परिश्रमसित काम गर्नु पर्दैन। के यो दुवै संसारका सर्वोत्तम कुरा होइन र?" भन्‍ने वचनहरू पढिसकेपछि, परमेश्‍वरका सबै मानिसहरू फेरि पनि अतल कुण्डमा फ्याँकिन्छन्, वा तिनीहरूको संवेदनशील विन्दुमा फेरि प्रहार गरिन्छ, र यसरी तिनीहरूलाई अत्यन्तै झट्का लाग्ने भन्‍ने देखिन्छ। यसप्रकार, तिनीहरू फेरि विधिमा प्रवेश गर्छन्। तिनीहरू "यदि तिमीहरूले राज्यका मेरा मानिसहरूको सदस्यको रूपमा आफ्नो कर्तव्य निभाउन सक्दैनौ भने, तिमीहरूलाई घृणा र अस्वीकार गर्नेछु!" भन्‍ने वचनहरूको सम्बन्धमा विशेष गरी अन्योल बन्छन्। धेरैजसो मानिसहरूलाई यति चोट लाग्छ कि तिनीहरू यस्तो सोच्दै आँसु बगाउँछन्, "अतल कुण्डबाट उक्लन मलाई निकै कठिन भएको थियो, त्यसकारण म फेरि यसमा खसेँ भने ममा कुनै आशा हुनेछैन। मानव संसारमा मैले केही पनि प्राप्त गरेको छैन, र मेरो जीवनमा सबै किसिमका कठिनाइ र संकष्टहरू भोगेको छु। खास गरी, विश्‍वासमा आएपछि, म प्रियजनबाट त्यागिएको छु, मैले मेरो

परिवारबाट सतावट, र समाजका अरूबाट निन्दा भोगेको छु, र म संसारको कुनै पनि खुशीमा रमाएको छैन। म फेरि अतल कुण्डमा खसेँ भने, के मेरो जीवन अझै बढी व्यर्थमा जिएको हुनेछैन र?" (व्यक्तिले यो कुरा जति सोच्छ, उसले त्यति नै बढी शोक अनुभव गर्छ।) "मेरा सारा आशा परमेश्‍वरका हातमा सुम्पिएको छु। यदि उहाँले मलाई त्याग्नुभयो भने, म त अहिले नै मरे पनि हुन्छ...। सबै कुरालाई परमेश्‍वरले नै पूर्वनिर्धारित गर्नुभएको हुनाले, म अहिले परमेश्‍वरलाई प्रेम गर्ने प्रयास मात्रै गर्न सक्छु; अरू सबै गौण कुरा हुन्। कसले यसलाई मेरो नियति बनाउनुभएको हो?" मानिसहरूले यसरी जति विचार गर्छन्, तिनीहरू परमेश्‍वरको मापदण्ड र उहाँका वचनहरूका उद्‌देश्यको त्यति नै नजिक आउँछन्। यसरी, उहाँका वचनहरूको उद्‌देश्य हासिल गरिन्छ। मानिसहरूले परमेश्‍वरका वचनहरूलाई देखेपछि, तिनीहरू सबैले आन्तरिक वैचारिक संघर्षको अनुभव गर्छन्। तिनीहरूको एउटै विकल्प भनेको नियतिले जे निर्धारित गर्छ त्यसमा समर्पित हुनु हो, अनि यसरी परमेश्‍वरको उद्‌देश्य हासिल हुन्छ। परमेश्‍वरका वचनहरू जति कठोर हुन्छन्, त्यसको परिणामस्वरूप मानवको भित्र संसार त्यति नै जटिल बन्छ। यो घाउमा छुनुजस्तै हो; जति थिचेर छोइन्छ, त्यति नै पीडा हुन्छ, यहाँसम्म कि मानिसहरू जीवन र मृत्युको दोसाँधमा पुग्छन् र तिनीहरूले बाँच्ने आत्मविश्‍वास समेत गुमाउन सक्छन्। तसर्थ, मानवले सबैभन्दा बढी कष्ट भोगेको बेला र तिनीहरू निराशाको गहिराइमा हुँदा मात्रै, तिनीहरूले परमेश्‍वरलाई आफ्नो साँचो हृदय दिन सक्छन्। मानव प्रकृति कस्तो हुन्छ भने, यदि थोरै आशा मात्र पनि बाँकी छ भने, तिनीहरू सहयोगको लागि परमेश्‍वरकहाँ जानेछैनन्, बरु प्राकृतिक रूपमा बाँच्नको लागि आत्म-निर्भरताका विधिहरू अपनाउँछन्। यसको कारण के हो भने मानवजातिको प्रकृति आत्म-धर्मी हुन्छ, र मानिसहरूमा अरू सबैलाई नीच नजरले हेर्ने प्रवृत्ति हुन्छ। त्यसकारण, परमेश्‍वरले भन्नुभयो, "एकै जना मानवले पनि मलाई प्रेम गर्न सकेको छैन; शान्ति र खुशीको समयमा एक जना मान्छेले पनि तिनीहरूको खुशीमा म पनि सामेल हुन सक्छु कि भनी मलाई खोज्दै आएको छैन।" यो वास्तवमा निराशाजनक छ; परमेश्‍वरले मानवजातिको सृष्‍टि गर्नुभयो, तर उहाँ मानव संसारमा आउनुहुँदा मानिसहरूले उहाँको प्रतिरोध गर्न र उहाँलाई तिनीहरूको क्षेत्रबाट धपाउन खोजे, मानौं कि उहाँ संसारमा यताउता भौतारिरहेको कुनै टुहुरो व्यक्ति वा आफ्नो देश नभएको सांसारिक व्यक्ति हुनुहुन्छ। परमेश्‍वरप्रति कसैले पनि आत्मीयता अनुभूति गर्दैन, उहाँलाई कसैले पनि साँचो रूपमा प्रेम गर्दैन, र उहाँको आगमनलाई कसैले पनि कहिल्यै स्वागत गरेको छैन। यसको सट्टा, परमेश्‍वरको आगमनलाई देख्दा, खुसीपूर्ण मुहारहरूलाई एकै क्षणमा बादलको छाँयाले ढाकिदिन्छ, मानौं कि अकस्मात् आँधीहुरी आउन लागेको छ वा परमेश्‍वरले तिनीहरूका परिवारका खुसीहरू खोसी लैजान सक्नुहुन्छ, र मानौं कि परमेश्‍वरले मानिसहरूलाई कहिल्यै पनि आशिष् दिनुभएकै छैन, बरु उहाँले सधैँ तिनीहरूमा केवल दुर्भाग्य ल्याउनुभएको छ। त्यसैले, मानिसहरूको मनमा परमेश्‍वर सौभाग्य हुनुहुन्न, बरु तिनीहरूलाई सधैँ श्राप दिने व्यक्ति हुनुहुन्छ। यस कारणले गर्दा, मानिसहरूले उहाँप्रति ध्यान दिँदैनन् वा उहाँलाई स्वागत गर्दैनन्; तिनीहरू उहाँप्रति सधैँ रूखो रहन्छन्, र अवस्था सधैँ यस्तै रहँदै आएको छ। मानिसहरूले आफ्नो हृदयमा यस्ता कुराहरू राख्ने भएकोले, परमेश्‍वर भन्नुहुन्छ, मानवजाति अमर्यादित र अनैतिक छन्, र जुन भावनाहरूद्‌वारा

मानिसहरू ओतप्रोत हुनुपर्ने हो तिनीहरूमा ती भावनाहरू पनि छैनन्। मानिसहरूले परमेश्वरका भावनाहरूप्रति अलिकति पनि आदर देखाउँदैनन्, बरु परमेश्वरलाई सामना गर्नको लागि तथाकथित "धर्मीपन" को प्रयोग गर्छन्। तिनीहरू वर्षौंदेखि यस्तै रहँदै आएका छन्, र यही कारणले गर्दा, परमेश्वरले तिनीहरूको स्वभाव बदलिएको छैन भनी भन्नुभएको छ। यसले तिनीहरूभित्र अलिकति पनि सार छैन भन्ने देखाउँछ। मानव व्यर्थका तुच्छहरू हुन् भनेर भन्न सकिन्छ किनकि तिनीहरूले आफैलाई मूल्यवान् ठान्दैनन्। यदि तिनीहरूले आफैलाई समेत प्रेम गर्दैनन्, बरु आफैलाई कुल्चन्छन् भने, तब के यसले तिनीहरूको व्यर्थतालाई देखाउँदैन र? मानवजाति आफैमाथि खेल खेल्ने र अपवित्र पारिनको निम्ति स्वेच्छाले आफूलाई अरूकहाँ सुम्पने अनैतिक स्त्री झैं छ। यति हुँदाहुँदै पनि, मानिसहरूले तिनीहरू कति नीच छन् भनेर अझै पहिचान गर्न सक्दैनन्। तिनीहरूले आफैँलाई अरूको नियन्त्रणमा राखेर अरूको निम्ति काम गर्न वा अरूसँग कुरा गर्नुमा आनन्द प्राप्त गर्छन्; के मानवजातिको फोहोरीपन ठीक यही नै होइन र? मैले मानवजाति माझमा जीवन अनुभव गरेको छैन र साँचो रूपले मानव जीवनको अनुभव गरेको छैन तैपनि, मैले मानवको हरेक चाल, हरेक कार्य, हरेक शब्द र हरेक कामको स्पष्ट बुझाइ हासिल गरेको छु। मानवलाई सबैभन्दा गहिरो सर्ममा पार्दै, तिनीहरूले आफ्नै गुप्तका गलत कामहरू प्रकट गर्न साहस गर्न वा तिनीहरूको अभिलाषामा लाग्न नसक्ने अवस्थासम्म हुने गरी तिनीहरूलाई खुलासा गर्न पनि म सक्षम छु। आफ्नै खोलहरूमा फर्कने सङ्खे कीराहरू जस्तै, तिनीहरूले अब उप्रान्त आफ्नो कुरूप अवस्थालाई प्रकट गर्ने साहस गर्दैनन्। मानवले आफैलाई नचिन्ने हुनाले, आफ्ना आकर्षणहरूलाई अरूको अगाडि प्रदर्शन गर्ने, आफ्नो कुरूप मुहारहरू प्रदर्शन गर्ने तिनीहरूको इच्छुकता नै तिनीहरूको सबैभन्दा ठूलो कमजोरी हो; परमेश्वरले सबैभन्दा बढी घृणा गर्नुहुने कुरा यही हो। किनभने मानिसहरू बीचको सम्बन्धहरू असामान्य छन् र मानिसहरूको बीचमा सामान्य पारस्परिक सम्बन्धहरूको अभाव छ, तिनीहरू र परमेश्वरको बीच सामान्य सम्बन्धहरू हुने कुरा त परै जाओस्। परमेश्वरले धेरै कुरा बताउनुभएको छ र उहाँले यसो गर्नुहुँदा उहाँको मुख्य उद्देश्य मानिसहरूको हृदयमा एउटा ठाउँ ओगटेर बस्नु हो ताकि तिनीहरूले त्यहाँ बास गरेका अन्य सबै आदर्शहरूलाई निकालेर फाल्न सकून्। त्यसपछि, परमेश्वरले सारा मानवजातिमाथि शक्ति देखाउन सक्नुहुन्छ र पृथ्वीमा उहाँको अस्तित्वको उद्देश्य हासिल गर्न सक्नुहुन्छ।

## अध्याय १५

परमेश्वर र मानिसबीचको सबैभन्दा ठूलो भिन्नता के हो भने परमेश्वरका वचनहरू कुनै कुरा नलुकाई मामलाको केन्द्र विन्दुमा पुग्छन्। तसर्थ, परमेश्वरको स्वभावको यो पक्षलाई आजको पहिलो वाक्यमा देख्न सकिन्छ। साथैसाथै यसले मानिसको साँचो रङ्गलाई खुलासा गर्छ र परमेश्वरको स्वभावलाई खुल्ला रूपमा प्रकट गर्छ। परिणामहरू हासिल गर्नको लागि परमेश्वरका वचनहरूका विभिन्न पक्षहरूको स्रोत यही हो। तैपनि, मानिसहरूले यसलाई बुझ्न सक्दैनन्; तिनीहरूले सधैँ परमेश्वरको "विश्लेषण" नगरीकन परमेश्वरका वचनहरूमार्फत आफूलाई चिन्न मात्रै

पुग्छन्। तिनीहरूको अवस्था यस्तो हुन्छ मानौं तिनीहरू उहाँलाई रिस उठाइन्छ, वा तिनीहरूको "गम्भीरता" को कारण उहाँले तिनीहरूलाई मार्नुहुनेछ कि भनी डराएका छन्। वास्तवमा, जब धेरैजसो मानिसहरूले परमेश्वरको वचन खाने र पिउने गर्छन्, तिनीहरूले नकारात्मक पक्षबाट त्यसो गर्छन्, सकारात्मक पक्षबाट होइन। के भन्न सकिन्छ भने, अहिले मानिसहरूले उहाँका वचनहरूको मार्गनिर्देशनअन्तर्गत "नम्रता र समर्पणतामा ध्यान केन्द्रित" गर्न थालेका छन्। यसबाट, मानिसहरू अर्को चरमतासम्म–उहाँका वचनहरूलाई ध्यान नदिने स्थितिबाट तिनलाई अनावश्यक रूपमा ध्यान दिने स्थितिसम्म–जान थालेका छन् भन्ने कुरा स्पष्ट हुन्छ। तैपनि, एक जना व्यक्ति समेत सकारात्मक परिप्रेक्ष्यबाट प्रवेश गरेको छैन, न त मानवलाई उहाँका वचनहरूमा ध्यान दिन लगाउनुपछाडिको परमेश्वरको उद्देश्यलाई नै कसैले साँचो रूपमा बुझ्न सकेका छन्। परमेश्वरले भन्नुभएको कुराबाट के थाहा पाउन सकिन्छ भने, मण्डलीका सबै मानिसहरूको वास्तविक स्थितिहरूलाई सही रूपमा र कुनै गल्ती नगरीकन बुझ्नको लागि उहाँले मण्डली जीवनलाई व्यक्तिगत रूपमा नै अनुभव गर्न आवश्यक छैन। मानिसहरूले भर्खरै नयाँ विधिमा प्रवेश पाएका हुनाले, तिनीहरूले आफूलाई आफ्ना नकरात्मक तत्वहरूबाट मुक्त गर्न बाँकी नै छ; लासहरुका गन्धले अझै पनि मण्डली पूरै दुर्गन्धित छ। मानौं मानिसहरूले भर्खरै औषधि खाएका छन् र तिनीहरू अझै पनि बेहोस अवस्थामा छन्, तिनीहरूको होस पूरै आउन अझै बाँकी नै छ। मानौं तिनीहरू मृत्युको डरमा छन्, त्यसकारण तिनीहरू आतङ्कित अवस्थामा रहेर, आफैभन्दा माथि उठ्न सक्दैनन्। "मानवजाति सबै यस्ता प्राणीहरू हुन् जसमा आत्म-ज्ञानको कमी छ": यो अभिव्यक्ति प्रस्तुत गरिएको तरिका अझै पनि मण्डली निर्माणमा आधारित छ। मण्डलीका मानिसहरू सबैले परमेश्वरका वचनहरूमा ध्यान दिन्छन् भन्ने तथ्यको बावजूद पनि, तिनीहरूको प्रकृति अझै पनि गहन रूपमा जरा गाडिएको र हलचल नहुने अवस्थामा छ। त्यही कारणले गर्दा, परमेश्वरले मानिसहरूलाई न्याय गर्नको लागि अघिल्लो चरणमा त्यसरी बोल्नुभयो, ताकि तिनीहरूले आफ्नो घमण्डको बावजूद उहाँका वचनहरूको प्रहारलाई स्वीकार गर्न सकून्। मानिसहरू अतल कुण्डमा पाँच महिनाको शोधनबाट गुज्रे पनि, तिनीहरूको अवस्था अझै पनि परमेश्वरलाई नचिन्ने स्थितिमा छ। तिनीहरू अझै पनि छाडा नै छन्; तिनीहरू केही हदसम्म अझै पनि परमेश्वरविरुद्ध अझै बढी आरक्षी बनेका छन्। परमेश्वरका वचनहरूलाई चिन्ने मार्गमा मानिसहरूले लिने पहिलो उचित कदम यही हो; तसर्थ, परमेश्वरका वचनहरूको सारसँग जोडेर हेर्दा, कामको अघिल्लो भागले आजको लागि मार्ग निर्माण गर्‍यो, र अहिले मात्रै सबै कुरा सामान्य भएको छ भन्ने कुरा देख्न कठिन छैन। मानिसहरूको घातक कमजोरी भनेको व्यक्तिगत स्वतन्त्रता प्राप्त गर्न र निरन्तर बन्धनबाट बच्नको लागि परमेश्वरको आत्मालाई उहाँको देहगत अस्तित्वबाट अलग गर्ने प्रवृत्ति हो। परमेश्वरले मानवलाई "डाँडाहरूमा आनन्दसाथ उड्ने" स-साना चराहरूको रूपमा व्याख्या गर्नुको कारण यही हो। सबै मानवजातिको वास्तविक स्थिति यही हो। सबै मानिसहरू सहजै गिर्नुको कारण पनि यही हो, र तिनीहरूले आफ्नो मार्ग गुमाउन सक्ने सम्भावना रहेको स्थान पनि यही हो। यसमा के कुरा स्पष्ट हुन्छ भने मानवजातिमाझ शैतानले गरेको काम योभन्दा अरू केही होइन। शैतानले मानिसहरूमा यो काम जति धेरै गर्छ, तिनीहरूप्रतिको परमेश्वरको मापदण्ड त्यति

नै कडा बन्छ। उहाँले मानिसहरूलाई उहाँका वचनहरूमा आफ्नो पूरा ध्यान लगाउन अनिवार्य गर्नुहुन्छ, जबकि शैतानले यसलाई तोड्न कठिन परिश्रम गर्छ। तैपनि, परमेश्वरले मानिसहरूलाई सधैँ उहाँका वचनहरूमा अझै बढी ध्यान दिनुपर्छ भनी स्मरण गराउनुहुन्छ; आत्मिक संसारमा भइरहेको युद्धको चरम विन्दु यही हो। यस कुरालाई यसरी बताउन सकिन्छ: परमेश्वरले मानिसमा जे गर्न चाहनुहुन्छ, त्यसलाई शैतान नष्ट गर्न चाहन्छ, र शैतानले जे नष्ट गर्न चाहन्छ, त्यो अलिकति पनि नलुकी मानिसमार्फत व्यक्त हुन्छ। परमेश्वरले मानिसहरूमा के गर्नुहुन्छ त्यसका स्पष्ट उदाहरणहरू छन्: तिनीहरूका अवस्थाहरू झन्-झन् राम्रा हुँदैछन्। शैतानले मानवजातिमा गरेका विनाशको पनि स्पष्ट उदाहरणहरू छन्: तिनीहरू झन्-झन् पतित हुँदैछन्, र तिनीहरूका अवस्थाहरू झन्-झन् तल जाकिँदैछन्। तिनीहरूको अवस्था काफी भयानक भएपछि, तिनीहरू शैतानको कब्जामा पर्ने सम्भावना हुन्छ। परमेश्वरका वचनहरूमा प्रस्तुत गरिएअनुसार मण्डलीको वास्तविक अवस्था यही हो, र आत्मिक संसारको वास्तविक अवस्था पनि यही हो। यो आत्मिक संसारको गतिशीलताको प्रतिबिम्ब हो। यदि मानिसहरूसँग परमेश्वरसँग सहकार्य गर्ने आत्मविश्वास छैन भने, तिनीहरू शैतानको कब्जामा हुने खतरामा हुन्छन्। तथ्य यही हो। यदि मानिसहरूले आफ्नो हृदय परमेश्वरलाई बास गर्नको लागि पूर्ण रूपमा प्रदान गर्न सक्छन् भने, यो परमेश्वरले भन्नुभएको यो वचनजस्तै हुन्छ, “तिनीहरू मेरो सामु मेरो अङ्गालोमा, त्यसको न्यानोपन चाख्दै बसेको जस्तो देखिन्छ।” यसले मानवजातिलाई परमेश्वरले दिनुभएका सर्तहरू त्यति उच्च छैनन् भन्ने देखाउँछ; उहाँ तिनीहरूले खडा भएर उहाँसँग सहकार्य गरेको मात्रै चाहनुहुन्छ। के यो सहज र खुशीको कुरा होइन र? के हरेक नायक र हरेक महान मानिसलाई अलमल्याउने एउटा कुरा यही होइन र? यो त यस्तो अवस्था हो, मानौं सेनापतिहरूलाई युद्धभूमिबाट निकालेर धागोका सामग्री बुन्न लगाइएको छ—यी “नायकहरू” कठिनाइद्वारा हल न चलको अवस्थामा छन् र तिनीहरूलाई के गर्ने भन्ने नै थाहा छैन।

परमेश्वरले मानवजातिलाई दिनुभएका मापदण्डहरूको जुन पक्ष सबैभन्दा ठूलो छ, मानवजातिप्रति शैतानका आक्रमणहरू तिनै पक्षमा सबैभन्दा भीषण हुन्छन्, तसर्थ, सबै मानिसहरूका स्थितिहरूलाई त्यहीअनुसार प्रकट गरिन्छ। “तिमीहरूमध्ये को मेरो सामु उभिंदा चलिरहेको हिउँजस्तो शुद्ध र हिराजस्तो निष्कलङ्क हुन सक्यो?” सबै मानिसहरू अझै पनि परमेश्वरलाई फुस्ल्याउने काम गर्छन् र उहाँबाट कुराहरू लुकाउँछन्; तिनीहरूले अझै पनि तिनीहरूका आफ्नै विशेष युक्तिहरू अघि बढाउँछन्। तिनीहरूले परमेश्वरलाई सन्तुष्ट तुल्याउन आफ्नो हृदय सम्पूर्ण रूपमा उहाँको हातमा दिएका छैनन्, तैपनि तिनीहरूले उत्साहित भएर उहाँका इनामहरू प्राप्त गर्न चाहन्छन्। जब मानिसहरूले मीठो खाना खान्छन्, तिनीहरूले परमेश्वरलाई पन्छाएर कोही “सम्हाल्न” आउने भनी प्रतीक्षा गराउँदै उभ्याएर राख्छन्; जब मानिसहरूसँग सुन्दर वस्त्र हुन्छ, तिनीहरू आफ्नै सुन्दरतामा रमाउँदै ऐनाअघि उभिन्छन् र तिनीहरूको हृदयभित्र तिनीहरूले परमेश्वरलाई सन्तुष्ट तुल्याउँदैनन्। जब तिनीहरूसँग राम्रो हैसियत हुन्छ, जब तिनीहरूसँग विलासी आनन्दमा हुन्छन्, तिनीहरू आफ्नो हैसियतमाथि उठेर आनन्द लिन थाल्छन्, तैपनि परमेश्वरको उत्थानको परिणामस्वरूप तिनीहरूले आफूलाई नम्र तुल्याउँदैनन्। बरु, तिनीहरू आफ्ना ठूला-ठूला

गफ सुनाउँदै आफ्ना उच्च स्थानमा खडा हुन्छन्, र परमेश्‍वरको उपस्थितिप्रति कुनै ध्यान दिँदैनन्, न त तिनीहरूले उहाँको अनमोलताको नै खोजी गर्छन्। जब मानिसहरूको हृदयमा कोही आदर्श हुन्छ, वा जब तिनीहरूको हृदयलाई अरू कसैले जफत गरेको हुन्छ, यसको अर्थ तिनीहरूले परमेश्‍वरको उपस्थितिलाई पहिले नै इन्कार गरिसकेका छन् भन्‍ने हुन्छ, मानौं उहाँ तिनीहरूको हृदयमा अनधिकृत रूपमा प्रवेश गर्न खोज्ने व्यक्तिबाहेक अरू कोही हुनुहुन्‍न। तिनीहरू अरूद्वारा आफूलाई गरिने प्रेम परमेश्‍वरले चोरेर लैजानुहुनेछ, र आफूले एकलो महसुस गर्नुपर्नेछ भनेर डराएका हुन्छन्। परमेश्‍वरको मूल अभिप्राय भनेको पृथ्वीका कुनै पनि कुराले मानिसहरूलाई उहाँलाई बेवास्ता गर्ने तुल्याउनु हुँदैन भन्‍ने हो, र मानिसहरूका बीचमा प्रेम भए पनि, परमेश्‍वरलाई यो “प्रेम” बाट लखेट्‌न सकिँदैन। सबै सांसारिक कुराहरू रित्तो हुन्छन्—मानिसहरूबीचको भावनाहरूलाई समेत देख्‍न वा छुन सकिँदैन। परमेश्‍वरको अस्तित्वविना, सबै सृष्टिहरू सुन्यतामा फर्कनेछन्। पृथ्वीमा, सबै मानिसहरूसँग तिनीहरूले प्रेम गर्ने कुरा हुन्छ, तर कसैले पनि परमेश्‍वरका वचनहरूलाई तिनीहरूले प्रेम गर्ने कुराको रूपमा लिएका छैनन्। यसले उहाँका वचनहरूलाई बुझ्ने मानिसहरूको हद निर्धारित गर्छ। उहाँका वचनहरू रूखो भए पनि, ती वचनले कसैलाई चोट पुर्‍याउँदैन, किनभने मानिसहरूले तिनलाई साँचो रूपमा ध्यान नै दिँदैनन्; बरु, तिनीहरूले तिनलाई फूललाई जस्तै झलक्क मात्रै हेर्छन्। तिनीहरूले उहाँका वचनहरूलाई आफूले चाख्नुपर्ने फलको रूपमा हेर्दैनन्, त्यसकारण तिनीहरूले परमेश्‍वरका वचनहरूको सारलाई जान्दैनन्। “यदि मानवजातिले साँच्चै मेरो तरवारको धार देख्न सक्थ्यो भने, तिनीहरू आफ्ना प्वालहरूमा मुसो दगुरे झैं दगुर्नेथिए।” सामान्य व्यक्तिको स्थितिमा हुने व्यक्ति, परमेश्‍वरका वचनहरूका वचनहरू पढिसकेपछि, चकित, लाजले भरिएको, र अरूको अनुहार हेर्न नसक्ने अवस्थामा हुनेथियो। तैपनि, आजभोलि, मानिसहरू यसको ठीकविपरीत अवस्थामा छन्—तिनीहरूले एकअर्कालाई प्रहार गर्ने हतियारको रूपमा परमेश्‍वरका वचनहरूको प्रयोग गर्छन्। तिनीहरूलाई साँच्चै कुनै लाज-सरम हुँदैन!

परमेश्‍वरका वाणीहरूद्वारा, हामीलाई अस्तित्वको यो स्थितिमा ल्याइएको छ: “परमेश्‍वरको राज्यभित्र, मेरो मुखबाट निस्केका वचनहरू मात्र होइन, तर मेरा खुट्टाहरू पनि सबै देशहरूमा औपचारिक रूपमा हिँड्छ।” परमेश्‍वर र शैतानबीचको युद्धमा, परमेश्‍वरले हरेक चरण जितिरहनुभएको छ। उहाँले सम्पूर्ण ब्रह्माण्डभरि आफ्नो कार्यलाई व्यापक रूपमा फैलाइरहनुभएको छ, र के भन्‍न सकिन्छ भने, हरेक ठाउँमा उहाँका पाइलाहरू र उहाँको विजयका चिन्हहरू छन्। आफ्ना युक्तिहरूमा, शैतानले देशहरूलाई टुक्रा पारेर परमेश्‍वरको व्यवस्थापन योजनालाई नष्ट गर्ने आशा गर्छ, तर यस्तो विभाजनलाई परमेश्‍वरले सम्पूर्ण ब्रह्माण्डलाई पुनर्व्यवस्थित गर्नको लागि अवसरको रूपमा लिनुभएको छ—तैपनि यसलाई नामेट पार्ने अवसरको रूमा लिनुभएको छैन। परमेश्‍वरले हरेक दिन कुनै न कुनै नयाँ काम गर्नुहुन्छ, तर मानिसहरूले यो कुरालाई पत्ता लगाएका छैनन्। तिनीहरूले आत्मिक संसारका गतिशीलताहरूलाई कुनै ध्यान दिएका छैनन्, त्यसकारण तिनीहरूले परमेश्‍वरको नयाँ कार्यलाई देख्‍न सक्दैनन्। “ब्रह्माण्डभित्र, मेरो महिमाको चमकमा सबै थोक नयाँ जस्तै गरी चम्कन्छन्, इन्द्रियहरूलाई आनन्दित तुल्याउने र मानिसहरूका आत्मालाई उचाल्ने हृदयस्पर्शी पक्ष प्रस्तुत गर्दछ, मानौं यो अहिले मानव कल्पनामा पैदा भएजस्तो शैतानद्वारा

नछोइएको र बाहिरी शत्रुको आक्रमणबाट स्वतन्त्र रही आकाशहरूभन्दा माथिको स्वर्गमा अवस्थित छ।" यसले पृथ्वीमा हुने ख्रीष्टको राज्यको आनन्दमय दृश्यको बारेमा भविष्यवाणी गर्छ, र यसले मानवजातिलाई तेस्रो स्वर्गको स्थितिसँग पनि परिचित गराउँछ: परमेश्वरको स्वामित्वमा रहेका पवित्र कुराहरू मात्रै त्यहाँ अस्तित्वमा हुन्छन्, अनि त्यहाँ शैतानका शक्तिहरूको कुनै आक्रमण हुँदैन। तर परमेश्वर स्वयम्ले पृथ्वीमा गर्नुहुने कामका परिस्थितिहरू मानिसहरूलाई देखाउनु नै सबैभन्दा महत्त्वपूर्ण कुरा हो: स्वर्ग नयाँ स्वर्ग हो, र यसपछि, पृथ्वीलाई पनि त्यसरी नै नवीकरण गरिन्छ। यो परमेश्वरको आफ्नै मार्गनिर्देशन अन्तर्गतको जीवन भएकोले, मानिसहरू सबै अतुलनीय रूपमा खुशी हुन्छन्। तिनीहरूको चेतनामा, शैतान मानवजातिको "कैदी" हुन्छ र तिनीहरू यसको अस्तित्वको कारण अलिकति पनि भयभीत भएका वा डराएका हुँदैनन्। ईश्वरीयताको प्रत्यक्ष निर्देशन र मार्गदर्शनको कारण, शैतानका सबै युक्तिहरू व्यर्थ भएका हुन्छन्, र यो कुरा शैतान अब अस्तित्वमा छैन, परमेश्वरको कामले यसलाई नामेट पारेको छ भनी प्रमाणित गर्न पर्याप्त छ। यही कारणले गर्दा, "आकाशहरूभन्दा माथिको स्वर्गमा अवस्थित छ" भनेर भनिएको हो। "कहिल्यै पनि कुनै बाधा उत्पन्न भएको छैन, र न त ब्रह्माण्ड कहिले विभाजन भएको छ" भनी भन्ने क्रममा, परमेश्वरले आत्मिक संसारको अवस्थाको बारेमा उल्लेख गरिरहनुभएको थियो। यो परमेश्वरले शैतानमाथि विजयको घोषणा गर्नुहुन्छ भन्ने कुराको प्रमाण हो, र यो परमेश्वरको अन्तिम विजयको चिन्ह हो। कुनै पनि मानिसले परमेश्वरको मन परिवर्तन गर्न सक्दैन, न त कसैले यसलाई जान्न नै सक्छ। मानिसहरूले परमेश्वरका वचनहरू पढेका र तिनलाई गम्भीरताका साथ जाँचेका भए पनि, तिनीहरू तिनका सार व्यक्त गर्न असक्षम रहेका छन्। उदाहरणको लागि, परमेश्वरले भन्नुभयो, "म ताराहरूभन्दा माथि उड्दै उफ्रन्छु, र जब सूर्यले आफ्ना किरणहरू निकाल्छ, मेरो हातबाट हाँसका प्वाँखहरू जत्रा हिउँका कणहरूका ठूलो वर्षा पठाएर म तिनीहरूको न्यानोपन मेटाउँछु। तापनि जब म मेरो मन परिवर्तन गर्दछु, ती सबै हिउँ नदीमा पग्लन्छ, र एकै क्षणमा आकाशहरूमुनि सबै ठाउँमा वसन्त आउँछ र हरियो तहले पृथ्वीको सम्पूर्ण परिदृश्यलाई रूपान्तरण गरेको छ।" मानिसहरूले आफ्नो मनमस्तिष्कमा यी वचनहरूको कल्पना गर्न सक्ने भए पनि, परमेश्वरको अभिप्राय त्यति सरल छैन। जब स्वर्गमुनिका सबै जना बेहोस अवस्थामा हुन्छन्, परमेश्वरले मुक्तिको आवाज निकाल्नुहुन्छ, र त्यसरी मानिसहरूको हृदयलाई जगाउनुहुन्छ। तैपनि, तिनीहरूमाथि सबै किसिमका विपत्तिहरू आइपर्ने हुनाले, तिनीहरूले संसारको धमिलोपनको अनुभूति गर्छन्, त्यसकारण तिनीहरू सबैले मृत्युको खोजी गर्छन् र चिसो, बरफका गुफाहरूमा जिउँछन्। तिनीहरू ठूलो हिमआँधीमा चिसोले जम्छन्, यहाँसम्म कि पृथ्वीमा न्यानोपनको कमी भएको कारण तिनीहरू बाँच्न समेत सक्दैनन्। मानिसहरूको भ्रष्टताको कारण तिनीहरूले झन्-झन् निर्दयी तरिकाले एक-अर्कालाई मारिरहेका छन्। अनि मण्डलीमा, ठूलो रातो अजिङ्गरले धेरैजसो मानिसहरूलाई एकै गाँसमा निल्नेछ। सबै परीक्षाहरू पूरा भएपछि, शैतानका वाधाहरूलाई हटाइनेछ। रूपान्तरणमाझ त्यसरी सम्पूर्ण संसारमा वसन्त छाउँछ, पृथ्वीलाई न्यानोपनले ढाक्छ, र संसार ऊर्जाले भरिन्छ। यी सबै सम्पूर्ण व्यवस्थापन योजनाका चरणहरू हुन्। परमेश्वरले उल्लेख गर्नुभएको "रात" ले शैतानको पागलपन चरम अवस्थामा पुगेको समयलाई जनाउँछ, जुन घटना रातको

समयमा घट्नेछ। के अहिले यही भइरहेको छैन र? सबै मानिसहरू परमेश्वरको ज्योतिको मार्गनिर्देशनमा रही बाँच्ने भए पनि, तिनीहरूलाई रातको अन्धकारको कष्ट भोग्न लगाइँदै छ। यदि तिनीहरू शैतानका बन्धनहरूबाट उम्कन सक्दैनन् भने, तिनीहरू रातको अँध्यारोमा अनन्तसम्म जिउनेछन्। पृथ्वीका देशहरूलाई हेरौं: परमेश्वरको कामका चरणहरूको कारणले गर्दा, पृथ्वीका देशहरू "यता-उता दगुरिरहेका" छन् र हरेक देशले "आफ्नै उचित गन्तव्यको खोजी गरिरहेको छ।" परमेश्वरको दिन अहिलेसम्म आइसकेको छैन, त्यसकारण पृथ्वी सारा कुराहरू दलदले हलचलको स्थितिमा रहिरहेको छन्। जब उहाँ सम्पूर्ण ब्रह्माण्डमा खुलेआम देखा पर्नुहुन्छ, उहाँको महिमाले सियोन पर्वतलाई ढाक्नेछ, र सबै कुरालाई उहाँकै हातद्वारा मिलाइने हुनाले, ती कुराहरू सुव्यवस्थित र ठीकठाक हुनेछन्। परमेश्वरका वचनहरूले आजको बारेमा मात्रै बोल्दैनन्, तिनले त भोलिको बारेमा पनि भविष्यवाणी गर्छन्। भोलिको जग आज नै हो, त्यसकारण आजको स्थितिलाई हेर्दा, कसैले पनि परमेश्वरका वाणीहरूलाई पूर्ण रूपमा बुझ्न सक्दैनन्। उहाँका वचनहरू पूर्ण रूपमा पूरा भएपछि मात्रै मानवले तिनलाई पूर्ण रूपमा बुझ्न सक्नेछन्।

परमेश्वरको आत्माले ब्रह्माण्डका सारा स्थानलाई भर्छ, तैपनि उहाँले सबै मानिसहरूभित्र पनि काम गर्नुहुन्छ। त्यसकारण, मानिसहरूको हृदयमा, अवस्था यस्तो छ मानौं जहींतहीँ परमेश्वरको स्वरूप छ र हरेक स्थानमा उहाँको आत्माको काम समावेश छ। वास्तवमा, देहमा परमेश्वर देखा पर्नुको उद्‌देश्य शैतानका यी उदाहरणहरूलाई जित्नु र अन्तिममा तिनीहरूलाई प्राप्त गर्नु हो। तैपनि, देहमा काम गर्ने क्रममा आत्माले यी मानिसहरूलाई रूपान्तरण गर्नको लागि देहसँग पनि सहकार्य गरिरहनुभएको हुन्छ। परमेश्वरका कार्यहरू सम्पूर्ण संसारभरि फैलिन्छ र उहाँको आत्माले सारा ब्रह्माण्डलाई भर्छ भनेर भन्न सकिन्छ, तर उहाँका कार्यहरूका चरणहरूको कारणले गर्दा, दुष्ट कार्य गर्नेहरूलाई दण्ड दिइएको छैन, र असल कार्य गर्नेहरूलाई पनि इनाम दिइएको छैन। तसर्थ, उहाँका कार्यहरूलाई पृथ्वीका सबै मानिसहरूले सराहना गरेका छैनन्। उहाँ सबै थोकभन्दा माथि र सबै थोकभित्र पनि हुनुहुन्छ; यसको साथै, उहाँ सबै मानिसहरूका बीचमा हुनुहुन्छ। परमेश्वर वास्तवमा अस्तित्वमा हुनुहुन्छ भनेर देखाउनको लागि यो नै पर्याप्त छ। उहाँ सबै मानवको बीचमा खुलेआम देखा पर्नुभएको छैन, त्यसकारण तिनीहरूले "जहाँसम्म मानवजातिले मलाई देख्ने कुरा छ, तिनीहरूको लागि, म वास्तवमा अस्तित्वमा छु जस्तो देखिन्छु, तर म अस्तित्वमा नभएको जस्तो पनि देखिन्छु" जस्ता भ्रमहरूको विकास गरेका छन्। अहिले परमेश्वरमा विश्वास गर्ने सबै मानिसहरूमध्येमा, परमेश्वर अस्तित्वमा हुनुहुन्छ भन्ने कुरामा पूर्ण रूपमा, सत प्रतिशत निश्चित हुने कोही छैनन्; तिनीहरू सबैले तीन भाग शङ्का गर्छन् र दुई भाग विश्वास गर्छन्। अहिलेको स्थितिमा मानवजाति यस्तै छ। आजभोलिका मानिसहरू सबै निम्न स्थितिमा छन्: तिनीहरूले परमेश्वर हुनुहुन्छ भन्ने त विश्वास गर्छन्, तर तिनीहरूले उहाँलाई देखेका छैनन्; अथवा, तिनीहरूले परमेश्वर हुनुहुन्छ भनेर विश्वास गर्दैनन्, तर तिनीहरूसँग मानवजातिले समाधान गर्न नसक्ने धेरै कठिनाइहरू छन्। यस्तो लाग्छ तिनीहरूलाई जहिल्यै पनि कुनै न कुनै कुराले जालमा अल्झाउँछ जसबाट तिनीहरू उम्कन सक्दैनन्। तिनीहरूले परमेश्वरमा विश्वास गरे पनि, तिनीहरूले सधैँ अलि अस्पष्टताको अनुभूति गर्छन्। तैपनि, यदि तिनीहरूले विश्वास गरेनन् भने, र उहाँ अस्तित्वमा

हुनुहुन्छ भने त तिनीहरू छुट्छन् भन्ने कुराप्रति तिनीहरू डराउँछन्। तिनीहरूको धर्मसंकटको अवस्था यस्तै हुन्छ।

"मेरो नाउँको खातिर, मेरो आत्माको खातिर र मेरो सम्पूर्ण व्यवस्थापन योजनाका लागि कसले आफ्ना सबै सामर्थ्यको बलिदान दिनसक्छ?" परमेश्‍वरले यो पनि भन्‍नुभयो, "आज, जब यो राज्य मानव संसारमा छ, यही समय हो, जुन बेला म मानिसहरूको बीचमा आएको छु। के कोही कुनै चिन्ता नगरी मेरो पक्षमा लडाइँको मैदानमा उत्रिन सक्थ्यो र?" परमेश्‍वरका वचनहरूको उद्‌देश्य यही हो: यदि परमेश्‍वरले देहमा रही आफ्नो ईश्‍वरीय काम प्रत्यक्ष रूपमा नगर्नुभएको भए, वा यदि उहाँले देहधारी नभई धर्म-सेवकहरूद्‌वारा काम गर्नुभएको भए, परमेश्‍वरले ठूलो रातो अजिङ्गरलाई कहिल्यै पनि जित्‍न सक्नुहुनेथिएन, न त उहाँले मानवहरूमाझ राजाको रूपमा नै शासन गर्न सक्नुहुन्थ्यो। मानवजातिले वास्तविकतामा उहाँलाई चिन्‍न सक्नेथिएनन्, त्यसकारण यो अझै पनि शैतानकै शासन हुनेथियो। तसर्थ, कामको यो चरणलाई परमेश्‍वरले नै व्यक्तिगत रूपमा, देहधारी शरीरमा रही अघि बढाउनुपर्छ। यदि देहलाई परिवर्तन गरिएको भए, योजनाको यो चरणलाई कहिल्यै पनि पूरा गर्न सकिनेथिएन, किनभने देहको महत्त्व र सार उस्तै हुनेथिएन। मानिसहरूले यी वचनहरूको शाब्दिक अर्थलाई मात्रै बुझ्‍न सक्छन्, तर परमेश्‍वरले जडको कुरा बुझ्‍नुहुन्छ। परमेश्‍वरले भन्‍नुभयो, "यद्‌यपि, सबै कुरा भनिसकिएपछि र गरिसकिएपछि, यो आत्माको काम हो कि देहको काम हो भनेर बुझ्‍ने कोही हुँदैन। यो एउटा कुरा पूर्ण रूपमा अनुभव गर्न मानिसहरूलाई जीवनभरिको समय लाग्छ।" शैतानले मानिसहरूलाई यति धेरै वर्षदेखि भ्रष्‍ट तुल्याएको छ, र तिनीहरूले आत्मिक कुराहरूसम्बन्धी तिनीहरूको चेतनालाई गुमाएको धेरै भइसक्यो। यही कारणले गर्दा, परमेश्‍वरका वचनहरूको एउटै वाक्य पनि मानिसहरूको लागि मनोहर कुरा बन्छ। पवित्र आत्मा र आत्माहरूका बीचको दूरीको कारण, परमेश्‍वरमा विश्‍वास गर्ने सबैले उहाँप्रतिको तृष्णा अनुभूति गर्छन् र सबै जना उहाँको नजिक आउन र आफ्नो हृदय खोल्न इच्छुक हुन्छन्। तैपनि, तिनीहरूले उहाँको सम्पर्कमा आउने आँट गर्दैनन्, बरु विस्मयमा नै रहेर बस्‍न चाहन्छन्। पवित्र आत्माको आकर्षणको शक्ति यही हो। परमेश्‍वर मानिसहरूले प्रेम गर्नुपर्ने परमेश्‍वर हुनुभएकोले र तिनीहरूले प्रेम गर्नको लागि उहाँमा असीमित तत्वहरू भएकोले, हरेकले उहाँलाई प्रेम गर्छन् र हरेकले उहाँमा नै भरोसा गर्न चाहन्छन्। सत्य भन्‍ने हो भने, हरेकले आफ्नो हृदयमा परमेश्‍वरप्रति प्रेम राख्छन्—यति मात्र हो कि शैतानका वाधाहरूले अचेत, मूर्ख, दयनीय मानिसहरूलाई परमेश्‍वर चिन्‍नबाट रोकेका छन्। यही कारणले गर्दा, उहाँप्रतिको मानवको साँचो भावनाहरूका बारेमा परमेश्‍वरले बताउनुभयो: "मानिसहरूले तिनीहरूका हृदयभित्रका स्थानहरूमा मलाई कहिल्यै पनि तुच्छ ठानेका छैनन्; बरु तिनीहरू आफ्ना आत्माको गहिराइमा मसँग टाँसिरहन्छन्। ... मेरो वास्तविकताले मानिसहरूलाई अन्योल तुल्याउँछ, अवाक् बनाउँछ र छक्क पार्छ, र तापनि तिनीहरू तिनलाई स्वीकार्न तयार हुन्छन्।" परमेश्‍वरमा विश्‍वास गर्नेहरूको हृदयको गहिराइको वास्तविक अवस्था यही हो। जब मानिसहरूले साँचो रूपमा परमेश्‍वरलाई चिन्छन्, उहाँप्रतिको तिनीहरूको मनोवृत्ति प्राकृतिक रूपमा नै परिवर्तन हुन्छ, र तिनीहरूका आत्माको प्रकार्यले गर्दा तिनीहरूको हृदयको गहिराइबाट तिनीहरूले प्रशंसाका वाणी निकाल्न सक्छन्। परमेश्‍वर सबै मानिसहरूको आत्माको गहिराइमा हुनुहुन्छ, तर

शैतानको भ्रष्टताको कारण, मानिसहरूले शैतानलाई नै परमेश्‍वर भनी ठान्छन्। आज परमेश्‍वरको वचन यही समस्यालाई सम्बोधन गर्दै सुरु हुन्छ, र आत्मिक संसारमा, सुरुदेखि अन्त्यसम्म युद्धको मुख्य ध्यान यही नै रहेको छ।

## अध्याय १६

मानव दृष्टिकोणबाट हेर्दा, परमेश्‍वर कति महान्, कति प्रशस्त, कति अचम्मको, कति अथाह हुनुहुन्छ; मानिसहरूको नजरमा, परमेश्‍वरका वचनहरू उच्च भई उठ्छन्, र संसारको महान् उत्कृष्ट कार्यको रूपमा देखा पर्छन्। तर मानिसहरूका धेरै असफलता भएकोले र तिनीहरूको मन अत्यन्तै सरल भएकोले, यसको साथै, स्वीकार गर्ने तिनीहरूको क्षमता अत्यन्तै सानो भएकोले, परमेश्‍वरले आफ्ना वचनहरू जति नै स्पष्ट रूपमा बोल्नुभए पनि, तिनीहरू बसिरहन्छन् र हलचल गर्दैनन्, मानौं तिनीहरूलाई मानसिक रोग लागेको छ। जब तिनीहरू भोकाउँछन्, तिनीहरूले खानुपर्छ भन्‍ने बुझ्दैनन्; तिनीहरू तिर्खाउँदा, तिनीहरूले पिउनुपर्छ भन्‍ने बुझ्दैनन्; तिनीहरू कराई मात्रै रहन्छन् अनि चिच्याइ मात्रै रहन्छन्, मानौं तिनीहरूले आफ्नो आत्माको गहिराइमा अवर्णनीय कठिनाइको अनुभव गरिरहेका छन्, तर तिनीहरूले यसको बारेमा बताउन सकिरहेका छैनन्। जब परमेश्‍वरले मानवजातिको सृष्टि गर्नुभयो, उहाँको अभिप्राय भनेको मानवजाति सामान्य मानवतामा जिओस् र उसको अन्तर्निहित क्षमताअनुसार परमेश्‍वरका वचनहरूलाई स्वीकार गरोस् भन्‍ने थियो। तर प्रारम्भमा नै मानिस शैतानको परीक्षाको सिकार बन्‍न पुगेकोले, आज ऊ आफूलाई मुक्त गर्न नसक्ने अवस्थामा पुगेको छ, र अझै पनि शैतानले हजारौं वर्षदेखि प्रयोग गरेका छलपूर्ण युक्तिहरूलाई पहिचान गर्न असमर्थ छ। यसको साथै, मानिसमा परमेश्‍वरका वचनहरूलाई पूर्ण रूपमा जान्‍नका लागि चाहिने तत्वहरूको कमी छ—यो सबैले वर्तमान स्थितिमा ल्याइपुर्‍याएको छ। आजको अवस्थामा पनि, मानिसहरू अझै पनि शैतानको परीक्षाको खतरामा जिउँछन्, त्यसकारण परमेश्‍वरका वचनहरूलाई सही तरिकाले बुझ्न असमर्थ नै रहेका छन्। सामान्य मानिसहरूको स्वभावहरूमा कुटिलपन वा कपट छैन, एक-अर्कासँग मानिसहरूको सम्बन्ध सामान्य छ, तिनीहरू एक्लै खडा हुँदैनन् र तिनीहरूको जीवन न त औसत छ न त पतित नै छ। यसरी नै, परमेश्‍वर पनि सबैको बीचमा उचालिनुभएको छ; उहाँका वचनहरू मानिसहरूको माझ व्याप्त छ, मानिसहरू एक-अर्कासँग शान्तिमा र परमेश्‍वरको वास्ता अनि सुरक्षामा बस्छन्, पृथ्वी शैतानको हस्तक्षेपविना सद्‌भावले भरिएको छ र मानिसहरूको माझमा परमेश्‍वरको महिमाले सर्वोच्च महत्त्व बोकेको छ। यस्ता मानिसहरू स्वर्गदूतहरू जस्ता हुन्: शुद्ध, जीवन्त, परमेश्‍वरको बारेमा कहिल्यै गनगन नगर्ने र आफ्ना सारा प्रयत्नहरू पृथ्वीमा परमेश्‍वरको महिमाको निम्ति समर्पित गरेका। अहिले कालो रातको समय हो—सबै जना छामछाम-छुमछुम र खोजी गरिरहेका छन्, रातको कालो अन्धकारले तिनीहरूलाई भयभीत तुल्याएको छ र तिनीहरू थरथर नकामी बस्‍न सक्दैनन्; ध्यान दिएर सुन्दा, उत्तरपश्‍चिमको बतासको भयानक आवाजको एकपछि अर्को झोक्कामा मानिसको शोकपूर्ण सुकसुकाहट सुनिन्छ। मानिसहरू आफ्नो नियतिको लागि शोक र बिलौना गर्छन्। किन तिनीहरूले

परमेश्वरका वचनहरू पढे पनि तिनलाई बुझ्न सक्दैनन्? मानौं तिनीहरूको जीवन आशाविहीनतामा पुग्न लागेको छ, मानौं तिनीहरूमाथि मृत्यु आइपर्न लागेको छ, मानौं तिनीहरूको अन्तिम दिन तिनीहरूकै आँखाअगाडि आएको छ। त्यस्तो दयनीय परिस्थितिहरू नै कमजोर स्वर्गदूतहरूले परमेश्वरलाई पुकार्ने क्षण हुन्, एकपछि अर्को शोकपूर्ण रुवाइसँगै आफ्नो कठिनाइको बारेमा बताउने क्षण हुन्। यही कारणले गर्दा परमेश्वरका पुत्रहरू र मानिसहरूसँग काम गर्ने स्वर्गदूतहरू फेरि कहिल्यै पनि मानिसकहाँ ओर्लनेछैनन्; यो तिनीहरूलाई देहमा हुँदा शैतानको चालबाजीमा परेर आफैलाई मुक्त गर्न नसक्ने अवस्थामा पर्न नदिनको लागि हो, र त्यसैले तिनीहरूले मानिसको लागि अदृश्य रहेको आत्मिक संसारमा मात्रै काम गर्छन्। तसर्थ, जब परमेश्वरले "जब म मानिसको हृदयमा सिंहासन आरोहण गर्छु, त्यही नै मेरा पुत्रहरू र मेरा मानिसहरूले पृथ्वीमा शासन गर्ने क्षण हुनेछ" भनी भन्नुहुन्छ, उहाँले पृथ्वीका स्वर्गदूतहरूले स्वर्गमा परमेश्वरको सेवा गर्नुको आशिष् उपभोग गर्ने समयको बारेमा उल्लेख गरिरहनुभएको हुन्छ। मानिसहरू स्वर्गदूतहरूका आत्माको प्रकटीकरण भएका हुनाले, परमेश्वरले के भन्नुहुन्छ भने, मानिसको लागि पृथ्वीमा हुनु भनेको स्वर्गमा हुनु जस्तै हो; किनभने मानिसले पृथ्वीमा परमेश्वरको सेवा गर्नु स्वर्गदूतहरूले स्वर्गमा सीधै परमेश्वरको सेवा गर्नु जस्तै हो—तसर्थ, पृथ्वीमा हुँदाको समयमा, मानिसले तेस्रो स्वर्गका आशिष्हरूको उपभोग गर्छ। यी वचनहरूमा वास्तवमा यही कुरा भनिएको हो।

परमेश्वरका वचनहरूमा धेरै अर्थ लुकेका छन्। "जब त्यो दिन आउँछ, मानिसहरूले तिनीहरूको हृदयको गहिराइबाट मलाई चिन्नेछन्, र तिनीहरूले आफ्ना विचारहरूमा मलाई याद गर्नेछन्।" यी वचनहरू मानिसको आत्माप्रति लक्षित छन्। स्वर्गदूतहरूको दुर्बलताको कारण, तिनीहरू सधैँ सबै कुरामा परमेश्वरमा भर पर्छन्, र सधैँ परमेश्वरसँग जोडिएका छन् र परमेश्वरलाई प्रिय ठान्छन्। तर शैतानको बाधाको कारण, तिनीहरूले आफूलाई रोक्न र आफूलाई नियन्त्रण गर्न सक्दैनन्; तिनीहरूले परमेश्वरलाई प्रेम गर्न चाहन्छन् तर आफ्नो सारा हृदयले उहाँलाई प्रेम गर्न सक्दैनन्, त्यसकारण तिनीहरूले पीडा भोग्छन्। परमेश्वरको कार्य निश्चित विन्दुमा पुगेपछि मात्रै, परमेश्वरलाई साँचो प्रेम गर्ने यी दयनीय स्वर्गदूतहरूको इच्छा पूरा हुन्छ, यही कारणले गर्दा परमेश्वरले यी वचनहरू बोल्नुभएको हो। स्वर्गदूतहरूको प्रकृति भनेको परमेश्वरलाई प्रेम गर्नु, कदर गर्नु, र आज्ञापालन गर्नु हो, तैपनि पृथ्वीमा तिनीहरू यसलाई हासिल गर्न असमर्थ रहे, र अहिलेको समयसम्म धैर्य रहनेबाहेक तिनीहरूसँग केही विकल्प थिएन। तिमीहरूले आजको संसारलाई हेर्न सक्छौ: सबै मानिसहरूको हृदयमा परमेश्वर हुनुहुन्छ, तैपनि तिनीहरू आफ्नो हृदयका परमेश्वर साँचो कि झूटो परमेश्वर हुनुहुन्छ भनेर छुट्याउन सक्दैनन्, अनि तिनीहरूले तिनीहरूको यस परमेश्वरलाई प्रेम गरे पनि, तिनीहरूले परमेश्वरलाई साँचो रूपमा प्रेम गर्न सक्दैनन्, जसको अर्थ तिनीहरूले आफैलाई नियन्त्रण गर्न सक्दैनन् भन्ने हुन्छ। परमेश्वरले प्रकट गर्नुभएको मानिसको कुरूप अनुहार आत्मिक क्षेत्रमा शैतानको साँचो अनुहार हो। मूल रूपमा मानिस निर्दोष र पापरहित थियो, तसर्थ मानिसका सबै भ्रष्ट, कुरूप बानीव्यहोरा आत्मिक क्षेत्रको शैतानका कार्यहरू हुन्, र आत्मिक क्षेत्रका गतिविधिहरूको विश्वासयोग्य विवरण हुन्। "आज, मानिसहरूसँग योग्यताहरू छन्, र तिनीहरूले मेरो अघि घमण्डको साथ खडा हुन, र कुनै

रोकटोकविना मसँग हाँसो र ठट्टा गर्न, अनि मलाई उसकै स्तरको मानिसलाई जस्तो सम्बोधन गर्न सक्छ भन्ने तिनीहरू विश्वास गर्छन्। अझै पनि मानिसले मलाई चिन्दैन, उसले अझै पनि हामीमा उस्तै प्रकृति छ, हामी दुवै देह र रगत हौं, र हामी दुवै मानव संसारमा जिउँछौं भन्ने विश्वास गर्छ।" मानिसको हृदयमा शैतानले यस्तै काम गरेको हुन्छ। शैतानले परमेश्‍वरको विरोध गर्न मानिसका धारणाहरू र नाङ्गो आँखाको प्रयोग गर्छ, तैपनि यहाँ मानिस महाविपत्ति नपरोस् भनेर परमेश्‍वरले कुनै कुरा नलुकाई यी कुराहरूको बारेमा मानिसलाई बताउनुहुन्छ। सबै मानिसहरूको प्राणघातक कमजोरी के हो भने तिनीहरूले "देह र रगतको शरीर मात्रै देख्छन्, र परमेश्‍वरको आत्मालाई अवगत गर्दैनन्।" शैतानले मानिसलाई पार्ने प्रलोभनको एउटा पक्षको आधार यही हो। सबै मानिसहरूले देहमा हुनुभएका आत्मालाई मात्रै परमेश्‍वर भनेर भन्न सकिन्छ भन्ने विश्वास गर्छन्। आत्मा देह बन्नुभएको छ र वास्तवमा तिनीहरूको आँखैअघि देखा पर्नुभएको छ भनेर आज कसैले पनि विश्वास गर्दैन; मानिसहरूले परमेश्‍वरलाई दुई भागको रूपमा हेर्छन्—"भेस र देह"—र परमेश्‍वरलाई कसैले पनि आत्माको देहधारणको रूपमा हेर्दैनन्, देहको सार नै परमेश्‍वरको स्वभाव हो भन्ने कसैले पनि देख्दैनन्। मानिसहरूको कल्पनामा, परमेश्‍वर विशेष रूपमा सामान्य हुनुहुन्छ, तर यो सामान्यतामा परमेश्‍वरको प्रगाढ महत्त्वको एउटा पक्ष लुकेको छ भन्ने कुरा के तिनीहरूलाई थाहा छैन?

जब परमेश्‍वरले सम्पूर्ण संसारलाई ढाक्न थाल्नुभयो, तब घोर अन्धकार भयो, र मानिसहरू सुतेको बेला, परमेश्‍वरले यसलाई मानिसको बीचमा ओर्लने मौकाको रूपमा लिनुभयो, र औपचारिक रूपमा पृथ्वीका सबै कुनाहरूमा आत्मा जारी गर्न सुरु गर्नुभयो, र यसरी मानवजातिलाई मुक्ति दिने कार्यको प्रारम्भ भयो। जब परमेश्‍वरले देहको रूप धारण गर्न सुरु गर्नुभयो, तब परमेश्‍वरले व्यक्तिगत रूपमा पृथ्वीमा काम गर्नुभयो भनेर भन्न सकिन्छ। त्यसपछि आत्माको काम सुरु भयो, अनि त्यसरी पृथ्वीमा सबै काम औपचारिक रूपमा सुरु भयो। दुई हजार वर्षसम्म, परमेश्‍वरको आत्माले सम्पूर्ण ब्रह्माण्डभरि सधैँ काम गर्नुभएको छ। मानिसहरूलाई न त यसको बारेमा थाहा छ न त तिनीहरूले यसको अनुभूति गर्न नै सक्छन्, तर आखिरी दिनहरूको अवधिमा, यो युग समाप्त हुन आँटेको बेलामा, परमेश्‍वर व्यक्तिगत रूपमै काम गर्न पृथ्वीमा ओर्लनुभएको छ। आखिरी दिनहरूको अवधिमा जन्मनेहरूको लागि यो नै आशिष् हो, जसले देहमा जिउनुहुने परमेश्‍वरको स्वरूपलाई व्यक्तिगत रूपमा नै देख्न सक्छन्। "जब गहिराइको सम्पूर्ण अनुहार अँध्यारो थियो, तब मैले मानिसको बीचमा संसारको तीतो स्वाद चाख्न थालेँ। मेरो आत्माले संसारभरि यात्रा गर्छ र सबै मानिसहरूको हृदयलाई नियाल्छ, तैपनि म पनि त्यसरी नै मेरो देहधारी शरीरमा मानवजातिलाई जित्छु।" स्वर्गका परमेश्‍वर र पृथ्वीका परमेश्‍वरबीचमा हुने मैत्रीपूर्ण सहकार्य यही हो। आखिरमा, मानिसहरूले आफ्ना विचारहरूमा के विश्वास गर्नेछन् भने पृथ्वीमा हुनुहुने परमेश्‍वर नै स्वर्गमा हुनुहुने परमेश्‍वर हुनुहुन्छ, स्वर्ग र पृथ्वी अनि तिनमा भएका यावत् थोक पृथ्वीमा हुनुहुने परमेश्‍वरले बनाउनुभएको हो, मानिसलाई पृथ्वीमा हुनुहुने परमेश्‍वरले नै नियन्त्रण गर्नुहुन्छ, पृथ्वीमा हुनुहुने परमेश्‍वरले पृथ्वीमा स्वर्गको काम गर्नुहुन्छ, र स्वर्गका परमेश्‍वर देहमा देखा पर्नुभएको छ। पृथ्वीमा परमेश्‍वरको कामको अन्तिम उद्देश्य यही हो, त्यसकारण यो चरण

देहको अवधिको कामको सबैभन्दा उच्च मापदण्डभएको चरण हो; यसलाई ईश्वरीयतामा अघि बढाइन्छ, र यसले सबै मानिसहरूलाई इमानदार रूपमा विश्वस्त हुने तुल्याउँछ। मानिसहरूले आफ्ना धारणाहरूमा परमेश्वरलाई जति धेरै खोजी गर्छन्, तिनीहरूलाई पृथ्वीमा हुनुहुने परमेश्वर त्यति नै साँचो हुनुहुन्न भन्ने लाग्छ। त्यसैले त परमेश्वर भन्नुहुन्छ, मानिसहरूले खोक्रा अक्षर र धर्मसिद्धान्तहरूमा परमेश्वरको खोजी गर्छन्। मानिसहरूले आफ्ना धारणाहरूमा परमेश्वरलाई जति धेरै चिन्छन्, यी शब्द र धर्मसिद्धान्तहरू बोल्न तिनीहरू त्यति नै सिपालु बन्छन् र तिनीहरू त्यति नै आदरयोग्य बन्छन्; मानिसहरूले शब्द र धर्मसिद्धान्तहरू जति धेरै बोल्छन्, तिनीहरू परमेश्वरबाट त्यति नै टाढा बन्छन्, तिनीहरू मानिसको सार जान्न त्यति नै असमर्थ बन्छन्, तिनीहरूले परमेश्वरको त्यति नै अवज्ञा गर्छन्, र तिनीहरू परमेश्वरका मापदण्डहरूबाट त्यति नै टाढा जान्छन्। परमेश्वरले मानिसलाई दिनुभएका मापदण्डहरू मानिसहरूले कल्पना गरेजस्तो अलौकिक छैनन्, तैपनि कसैले पनि कहिल्यै परमेश्वरको इच्छालाई साँचो रूपमा बुझेका छैनन्, तसर्थ परमेश्वर भन्नुहुन्छ, "मानिसहरूले असीमित आकाशमा, वा बटारिएर यताउता चल्ने समुद्रमा, वा शान्त तालमा, वा खोक्रा अक्षर र धर्मसिद्धान्तहरूमा मात्रै खोजी गर्न सक्छन्।" परमेश्वरले मानिसलाई जति धेरै मापदण्डहरू दिनुहुन्छ, मानिसहरूलाई त्यति नै परमेश्वर पहुँचभन्दा बाहिर हुनुहुन्छ भन्ने लाग्छ, र तिनीहरूले त्यति नै परमेश्वर महान् हुनुहुन्छ भनेर विश्वास गर्छन्। तसर्थ, परमेश्वरको मुखले बोलेका सबै वचनहरू मानिसले प्राप्त गर्न नसक्ने छन् भन्ने तिनीहरूको चेतना छ, त्यसकारण व्यक्तिगत रूपमा काम गर्नेबाहेक परमेश्वरसँग कुनै विकल्प छैन; यसबीच, मानिससँग परमेश्वरसँग सहकार्य गर्ने अलिकति पनि इच्छा छैन, र ऊ नम्र र आज्ञाकारी बन्ने प्रयास गर्दै शिर झुकाएर आफ्ना पापहरू स्वीकार गर्ने कार्यमा मात्रै लागिरहन्छ। तसर्थ, थाहै नपाई मानिसहरू नयाँ धर्ममा प्रवेश गर्छन्, धार्मिक मण्डलीहरूमा हुनेभन्दा पनि चरम धार्मिक संस्कारमा प्रवेश गर्छन्। यसले गर्दा मानिसहरूले आफ्नो नकरात्मक स्थितिलाई सकारात्मक स्थितिमा परिवर्तन गरी सामान्य अवस्थाहरूमा फर्किनु आवश्यक हुन्छ; नत्र भने, मानिस झन्-झन् गहन रूपमा जालमा फस्नेछ।

परमेश्वरले किन उहाँका यति धेरै वाणीहरूमा पहाड-पर्वत र नदी-नालाको बारेमा व्याख्या गर्नमा जोड दिनुहुन्छ? के यी वचनहरूमा कुनै चिन्हगत अर्थ छन्? परमेश्वरले मानिसहरूलाई उहाँको देहमा उहाँले गर्नुहुने कामहरू मात्र देखाउनुहुन्न, उहाँले त आकाशमण्डलमाथि रहेका उहाँका शक्तिहरूको बरेमा पनि मानिसलाई बुझ्न दिनुहुन्छ। यसरी, परमेश्वर देहमा हुनुहुन्छ भन्ने कुरामा कुनै बिनाशङ्का विश्वास गर्नुका साथै, मानिसहरूले व्यावहारिक परमेश्वरका कार्यहरूलाई पनि चिन्छन्, र यसरी, पृथ्वीका परमेश्वरलाई स्वर्गमा पठाइन्छ, अनि स्वर्गका परमेश्वरलाई पृथ्वीमा ल्याइन्छ, यसपछि मात्रै मानिसहरूले परमेश्वर के हुनुहुन्छ त्यो सबै पूर्ण रूपमा देख्न रउहाँको सर्वशक्तिमान्ताको अझै धेरै ज्ञान प्राप्त गर्न सक्छन्। परमेश्वरले देहमा मानवजातिलाई जित्न र माथि र सम्पूर्ण ब्रह्माण्डमा यात्रा गर्नको लागि देहलाई नाघ्न जति सक्नुहुन्छ, व्यवहारिक परमेश्वरलाई देखेको आधारमा मानिसहरूले परमेश्वरका कार्यहरूलाई त्यति नै बढी देख्न सक्छन्, र यसरी सम्पूर्ण ब्रह्माण्डभरि परमेश्वरले गर्नुहुने कार्यको सत्यतालाई जान्न सक्छन्—अर्थात्, झूटो

होइन तर यथार्थ काम—यसरी तिनीहरूले आजका व्यावहारिक परमेश्‍वर आत्माका मूर्तरूप हुनुहुन्छ, र मानिसको देहको शरीर जस्तो हुनुहुन्‍न भन्‍ने जान्दछन्। तसर्थ परमेश्‍वर भन्‍नुहुन्छ, “तर जब म मेरो क्रोध पोखाउँछु, पर्वतहरू तुरुन्तै अलग हुन्छन्, भूमि तुरुन्तै हल्लन थाल्छ, पानी तुरुन्तै सुक्छ, र मानिस तुरुन्तै विपत्तिको चपेटामा पर्छ।” जब मानिसहरूले परमेश्‍वरका वचनहरू पढ्छन्, तिनीहरूले तिनलाई परमेश्‍वरको देहसँग सम्बन्धित ठान्छन्, तसर्थ, आत्मिक क्षेत्रको कार्य र वचनहरूले सीधै देहका परमेश्‍वरतर्फ औंल्याउँछन्, जसले अझै प्रभावकारी परिणाम पैदा गर्छ। जब परमेश्‍वर बोल्नुहुन्छ, तब यो प्रायजसो स्वर्गबाट पृथ्वीतर्फ बोलिन्छ, त्यसपछि एकपटक फेरि पृथ्वीबाट स्वर्गतर्फ बोलिन्छ, यसले गर्दा परमेश्‍वरका वचनहरूका मनसाय र उत्पत्तिलाई बुझ्‍न सबै मानिसहरू असमर्थ हुन्छन्। “जब म स्वर्गहरूका बीचमा हुन्छु, मेरो उपस्थितिले कहिल्यै पनि ताराहरू आत्तिएका छैनन्। बरु, तिनीहरूले मेरो लागि गर्ने काममा आफ्नो हृदय लगाउँछन्।” स्वर्गको स्थिति यस्तै छ। परमेश्‍वरले विधिवत् रूपमा सबै कुरा तेस्रो स्वर्गमा मिलाउनुहुन्छ, यस क्रममा परमेश्‍वरको सेवा गर्ने सबै सेवकहरूले परमेश्‍वरको लागि आ-आफ्नो काम गर्छन्। तिनीहरूले परमेश्‍वरको अवज्ञा गर्ने कुनै काम कहिल्यै गरेका छैनन्, त्यसकारण परमेश्‍वर बोल्नुहुँदा तिनीहरू आत्तिँदैनन्, बरु तिनीहरूले आफ्नो काममा आफ्नो हृदय लगाउँछन्; त्यहाँ कहिल्यै पनि भताभुङ्ग अवस्था हुँदैन, यसरी सबै स्वर्गदूतहरू परमेश्‍वरको ज्योतिमा जिउँछन्। यसबीच, पृथ्वीका मानिसहरू, तिनीहरूको अवज्ञाले गर्दा, र तिनीहरूले परमेश्‍वरलाई नचिन्‍ने हुनाले, अन्धकारमा जिउँछन्, र तिनीहरूले परमेश्‍वरको जति धेरै विरोध गर्छन्, तिनीहरू त्यति नै बढी अन्धकारमा जिउँछन्। जब परमेश्‍वरले “स्वर्गहरू जति चम्किला हुन्छन्, मुनिको संसार त्यति नै अँध्यारो हुन्छ” भनेर भन्‍नुहुन्छ, तब उहाँले परमेश्‍वरको दिन कसरी सबै मानवजातिको झन्-झन् नजिक आइरहेको छ भन्‍ने कुरालाई उल्लेख गरिरहनुभएको हुन्छ। तसर्थ, परमेश्‍वरको तेस्रो स्वर्गमा हुने ६,०००-वर्षे व्यस्तता चाँडै नै समाप्त हुनेछ। पृथ्वीका यावत् थोक अन्तिम चरणमा पुगेका छन्, र चाँडै नै प्रत्येकलाई परमेश्‍वरको हातबाट काटी फालिनेछ। मानिसहरू आखिरी दिनहरूको समयको जति नजिक पुग्छन्, तिनीहरूले मानिसको संसारको भ्रष्टतालाई त्यति नै बढी चाख्‍न सक्छन्; तिनीहरू आखिरी दिनहरूको समयको जति नजिक पुग्छन्, तिनीहरू त्यति नै बढी आफ्नै देहमा लिप्त हुन पुग्छन्। संसारको दुःखदायी अवस्थालाई उल्ट्याउन चाहनेहरू समेत धेरै छन्, तैपनि परमेश्‍वरका कार्यहरूको कारण, तिनीहरूको सुस्केरासँगै तिनीहरूको आशा हराइजान्छ। तसर्थ, जब मानिसहरूले वसन्तको न्यानोपन अनुभूति गर्छन्, परमेश्‍वरले तिनीहरूको आँखा छोपिदिनुहुन्छ, त्यसकारण तिनीहरू छालहरूको उतारचढावमा तैरिँदै बग्छन्, तर तिनीहरूमध्ये एक जना पनि टाढा देखिने जीवन-डुङ्गासम्म पुग्‍न समर्थ छैनन्। मानिसहरू अन्तर्निहित रूपमा नै कमजोर भएका हुनाले, परिस्थिति बदल्न सक्‍ने कोही पनि छैन भनेर परमेश्‍वर भन्‍नुहुन्छ। जब मानिसहरूले आशा गुमाउँछन्, परमेश्‍वर सम्पूर्ण ब्रह्माण्डसँग बोल्न थाल्नुहुन्छ। उहाँले सारा मानवजातिलाई मुक्ति दिन थाल्नुहुन्छ, यसपछि मात्रै परिस्थितिलाई परिवर्तन गरिसकेपछि आउने नयाँ जीवन मानिसहरूले प्राप्‍त गर्न सक्छन्। आजका मानिसहरू आत्म-धोकाको चरणमा छन्। तिनीहरूअगाडिको बाटो अत्यन्तै निर्जन र अस्पष्ट भएकोले, र तिनीहरूको भविष्य “असीमित” र “सीमारहीत” भएकोले,

यस युगका मानिसहरूमा युद्ध गर्ने कुनै इच्छा छैन, र तिनीहरूले हनहाओ चराले[क] जस्तै आफ्ना दिनहरू बिताउन मात्र सक्छन्। जीवनको र मानिसको अस्तित्वको ज्ञानको गम्भीर खोजी गर्ने कहिल्यै कोही देखिएको छैन; बरु, तिनीहरू संसारको दयनीय अवस्थालाई उल्ट्याउन स्वर्गका मुक्तिदाता कहिले ओर्लनुहुन्छ भनेर मात्रै प्रतीक्षा गरिरहन्छन्, त्यसपछि मात्रै तिनीहरूले उत्सुकताको साथ जीवन बिताउने प्रयास गर्नेछन्। यो सबै मानवजातिको साँचो स्थिति र सबै मानिसहरूको मानसिकता हो।

आज, परमेश्वरले मानिसको वर्तमान मानसिकतालाई ध्यानमा राख्दै मानिसको भविष्यको नयाँ जीवनको भविष्यवाणी गर्नुहुन्छ। यो परमेश्वरले बताउनुभएको ज्योतिको उदयको झलक हो। परमेश्वरले जे भविष्यवाणी गर्नुहुन्छ त्यो उहाँले आखिरमा हासिल गर्नु नै हुनेछ, र त्यो उपलब्धि नै शैतानमाथिको परमेश्वरको विजयका फलहरू हुनेछन्। "म सबै मानिसहरू माझ हिँडडुल गर्छु र जताततै हेरिरहेको छु। कुनै पनि कुरा पुरानो देखिन्न र कुनै पनि व्यक्ति पहिले जस्तो छैन। म सिंहासनमा आराम गर्छु, म सारा ब्रह्माण्डमाथि अडेस लाग्छु...।" परमेश्वरको वर्तमान कामको परिणाम यही हो। परमेश्वरका सबै चुनिएका मानिसहरू आफ्ना मौलिक स्वरूपमा फर्कन्छन्, जसको कारण स्वर्गदूतहरू स्वतन्त्र हुन्छन् जसले यतिका धेरै वर्षदेखि कष्ट भोगेका छन्, जसरी परमेश्वर भन्नुहुन्छ "मुहार मानिसको हृदयभित्र हुनुभएका परमपवित्रको जस्तै।" किनकि स्वर्गदूतहरू पृथ्वीमा काम गर्छन् र पृथ्वीमै परमेश्वरको सेवा गर्छन्, अनि परमेश्वरको महिमा संसारभरि फैलिने हुनाले, स्वर्गलाई पृथ्वीमा ल्याइएको छ र पृथ्वीलाई स्वर्गमा उचालिएको छ। यसैले मानिस स्वर्ग र पृथ्वीलाई जोड्ने कडी हो; स्वर्ग र पृथ्वी अब उसो अलग छैनन्, छुट्टिएका छैनन्, तर एक भएर जोडिएका छन्। संसारभरि, परमेश्वर र मानिस मात्र अस्तित्वमा छन्। धूलो वा मैलो छैन, र परमेश्वरका सारा अनुग्रहको आनन्द लिँदै आकाशमुनिको हरियो चरनमा सानो थुमा सुतिरहेको जस्तै सबै थोक नवीकरण भएका छन्। र हरियालीको आगमनको कारण जीवनको सास चम्कन्छ, किनकि जसरी परमेश्वरको मुखबाट "म फेरि एक पटक शान्त तरिकाले सियोनभित्र बसोबास गर्न सक्छु" भनी भनिएको थियो त्यसरी नै सारा अनन्तसम्म मानिसहरूसँगै बस्न परमेश्वर संसारमा आउनुहुन्छ। यो शैतानको हारको सङ्केत हो, यो परमेश्वरको विश्रामको दिन हो र सबै मानिसहरूले यस दिनको गुणगान र घोषणा गर्नेछन् र सबै मानिसहरूले स्मरण गर्नेछन्। जब परमेश्वर सिंहासनमा विश्राम गर्नुहुन्छ, परमेश्वरले पृथ्वीमा आफ्नो कामको समाप्त गर्ने समय त्यही हो र परमेश्वरका सारा रहस्यहरू मानिसहरूलाई देखाइने क्षण यही नै हो; परमेश्वर र मानिस कहिल्यै नछुट्टिने गरी, सदाको लागि सद्भावमा रहनेछन्—राज्यका सुन्दर दृश्यहरू यस्ता छन्!

रहस्यहरूभित्र रहस्यहरू लुकेका छन्; परमेश्वरका वचनहरू साँच्चै नै प्रगाढ र अथाह छन्!

---

क. हनहाओ चराको कथा एसोपको कमिला र फटेंग्राको कथासँग मिल्दोजुल्दो छ। हनहाओ चरा आफ्नो छिमेकी नीलकण्ठ चराबाट बारम्बार चेताउनीहरू पाए पनि न्यानो मौसम हुँदा गुँड बनाउनुको सट्टा सुत्नु रुचाउँछ। जब हिउँद आउँछ, त्यो चरा चिसोले कठाङ्ग्रिएर मर्छ।

# अध्याय १७

सत्य रूपमा भन्दा, परमेश्‍वरको मुखबाट निस्कने सबै वाणीहरू मानिसको लागि अज्ञात छन्; ती वाणीहरू सबै मानिसहरूले नसुनेका भाषा हुन्। त्यसकारण, परमेश्‍वरका वचनहरू आफै रहस्य हुन् भनेर भन्‍न सकिन्छ। धेरैजसो मानिसहरूले गलत रूपमा के विश्‍वास गर्छन् भने रहस्यहरूमा मानिसहरूले धारणागत हिसाबमा बुझ्‍न नसक्‍ने कुराहरू, परमेश्‍वरले अहिले मानिसहरूलाई जान्‍न दिनुभएका स्वर्गका कुराहरू, वा परमेश्‍वरले आत्मिक संसारमा गर्नुहुने कार्यको सत्यता मात्र पर्छन्। यसबाट के कुरा स्पष्ट हुन्छ भने, मानिसहरूले परमेश्‍वरका सबै वचनहरूलाई समान रूपमा लिँदैनन्, न त तिनीहरूले ती वचनहरूलाई कदर नै गर्छन्; बरु, तिनीहरू आफूले "रहस्यहरू" ठानेका कुराहरूमा ध्यान केन्द्रित गर्छन्। यसले मानिसहरूलाई परमेश्‍वरका वचनहरू भनेका के हुन् वा रहस्यहरू के हुन् भन्‍ने थाहा छैन भन्‍ने प्रमाणित गर्छ; तिनीहरूले आफ्नै धारणाहरूको सीमाभित्र रही उहाँका वचनहरूलाई पढ्ने मात्रै गर्छन्। वास्तविकता के हो भने परमेश्‍वरका वचनहरूलाई साँचो रूपमा प्रेम गर्ने एक जना पनि छैन, र उहाँले "मलाई छल गर्ने कार्यमा मानिसहरू विशेषज्ञ बनेका छन्" भनी भन्‍नुको मूल कारण ठीक यही नै हो। मानिसहरू कुनै पनि योग्यताविहीन छन् वा पूर्ण रूपमा भताभुङ्ग स्थितिमा छन् भनी परमेश्‍वरले भन्‍नुभएको होइन; यो त यसले मानवजातिको वास्तविक परिस्थितिलाई व्याख्या गर्छ भन्‍ने कुरा हो। मानिसहरूलाई परमेश्‍वरले तिनीहरूको हृदयमा कति ठाउँ ओगट्नुहुन्छ भन्‍ने कुरा स्पष्ट रूपमा थाहा छैन; परमेश्‍वर स्वयम्‌लाई मात्रै यसको बारेमा पूर्ण रूपमा थाहा छ। त्यसकारण, अहिले मानिसहरू दूधे बालकहरू जस्तै छन्। जहाँसम्म तिनीहरूले किन दूध पिउँछन् र किन तिनीहरू जिउनुपर्छ भन्‍ने कुरा छ, तिनीहरू पूर्ण रूपमा अनभिज्ञ छन्। आमालाई मात्रै बच्चाको खाँचो थाहा हुन्छ; उनले त्यसलाई भोकै मर्न दिनेछैनन्, न त उनले बच्चालाई नखाने कुरा खाएर मर्न नै दिन्छिन्। मानिसहरूका खाँचोहरूका बारेमा परमेश्‍वरलाई राम्ररी थाहा छ, त्यसकारण कहिलेकहीँ उहाँका वचनहरूमा उहाँको प्रेम सम्मिलित हुन्छ, कहिलेकहीँ उहाँको न्याय तिनीहरूमा प्रकट हुन्छ, कहिलेकहीँ तिनले मानिसहरूको हृदयको गहिराइमा चोट पुर्‍याउँछन्, र कहिलेकहीँ तिनीहरू इमानदार र तत्पर हुन्छन्। यसले गर्दा मानिसहरूले परमेश्‍वरको दया र पहुँचतालाई, र उहाँ कतिपयले कल्पना गरेजस्तो छुन नसकिने स्वरूप हुनुहुन्‍न भन्‍ने कुरालाई अनुभूति गर्न सक्छन्। न त मानिसहरूले कल्पना गरेजस्तो उहाँ अनुहारमा सीधै हेर्न नसकिने स्वर्गका पुत्र हुनुहुन्छ, मानिसहरूले कल्पना गरेजस्तो उहाँ निर्दोषलाई मृत्युदण्ड दिने व्यक्ति हुनुहुने कुरा त परै जाओस्। परमेश्‍वरको सम्पूर्ण स्वभाव उहाँको कार्यमा प्रकट हुन्छ; आज देहमा हुनुभएको परमेश्‍वरको स्वभाव अझै पनि उहाँको कार्यमा सम्मिलित हुन्छ। तसर्थ, उहाँको सेवकाइ वचनहरूको सेवकाइ हो, उहाँले के गर्नुहुन्छ वा उहाँ बाहिरी रूपमा जस्तो देखा पर्नुहुन्छ त्यो होइन। अन्तिममा, हरेक व्यक्तिले परमेश्‍वरका वचनहरूबाट सुधार प्राप्त गर्नेछन् र तिनको कारण तिनीहरू पूर्ण हुनेछन्। परमेश्‍वरका वचनहरूको अगुवाइ पाएर मानिसहरूले आफ्नो अनुभवमा अभ्यासको मार्ग प्राप्त गर्नेछन्, र परमेश्‍वरको मुखबाट निस्केका वचनहरूद्वारा तिनीहरूले उहाँको सम्पूर्ण स्वभावलाई चिन्‍नेछन्। उहाँका वचनहरूका कारण, परमेश्‍वरको सबै कार्य पूरा हुनेछ,

मानिसहरू जीवित हुनेछन्, र सबै शत्रुहरू पराजित हुनेछन्। प्राथमिक कार्य यही नै हो, जसलाई कसैले पनि बेवास्ता गर्न सक्दैन। हामी उहाँका वचनहरूलाई हेरौं: "मेरा वाणीहरू चारै दिशामा र सम्पूर्ण पृथ्वीमा प्रकाश छर्दै मेघगर्जनजस्तै गुन्जन्छन्, मेघगर्जन र बिजुलीको चमकको बीचमा, मानवजातिलाई प्रहार गरी ढालिन्छ। कुनै पनि मानिस मेघगर्जन र बिजुलीको चमकको बीचमा कहिल्यै पनि दृढ रहन सकेको छैन; मेरो ज्योति आउँदा धेरै मानिसहरूको सातोपुत्लो उड्छ र तिनीहरूलाई के गर्ने भन्ने नै थाहा हुँदैन" परमेश्‍वरले आफ्नो मुख खोल्नेबित्तिकै वचनहरू निस्कन्छन्। उहाँले सबै कुरा वचनहरूद्वारा नै पूरा गर्नुहुन्छ, उहाँले सबै कुरा वचनहरूद्वारा रूपान्तरण गर्नुहुन्छ, र वचनहरूद्वारा नै सबैकुरा नवीकरण हुन्छन्। "गर्जन र बिजुलीको चमक" ले केलाई जनाउँछ? "ज्योति" ले केलाई जनाउँछ? परमेश्‍वरका वचनहरूबाट एउटै कुरा पनि उम्कन सक्दैन। उहाँले मानिसहरूको मनमस्तिष्कलाई उदाङ्गो पार्न र तिनीहरूको कुरूपतालाई चित्रण गर्न तिनको प्रयोग गर्नुहुन्छ; उहाँले तिनीहरूको पुरानो प्रकृतिको निराकरण गर्न र उहाँका सबै मानिसहरूलाई पूर्ण तुल्याउन वचनहरूको प्रयोग गर्नुहुन्छ। के परमेश्‍वरका वचनहरूको महत्त्व ठीक यही नै होइन र? सम्पूर्ण ब्रह्माण्डमा, परमेश्‍वरका वचनहरूको साथ र सुरक्षाविना, सारा मानवजाति धेरै पहिले नै नष्ट भएर अस्तित्वविहीनताको अवस्थामा पुग्नेथिए। परमेश्‍वरले गर्नुहुने कामको सिद्धान्त, र छ हजार वर्षे व्यवस्थापन योजनामा उहाँले गर्ने कामको विधि यही हो। यसले परमेश्‍वरका वचनहरूको महत्त्वलाई देखाउँछ। तिनले मानिसहरूको प्राणको गहिराइलाई छेड्छन्। मानिसहरूले उहाँका वचनहरूलाई देख्नेबित्तिकै, तिनीहरू आश्‍चर्यचकित र आतङ्कित बन्छन्, र हतार-हतार भाग्छन्। तिनीहरू उहाँका वचनहरूको वास्तविकताबाट उम्कन चाहन्छन्, यही कारणले गर्दा यी "शरणार्थीहरू" लाई जताततै देख्न सकिन्छ। परमेश्‍वरका वचनहरू जारी हुनेबित्तिकै, मानिसहरू दगुर्न थाल्छन्। परमेश्‍वरले चित्रण गर्नुहुने मानवजातिको कुरूपताको स्वरूपको एउटा पक्ष यही हो। अहिले, सबै मानिसहरू आफ्नो अचेत अवस्थाबाट क्रमिक रूपमा बिउँझिरहेका छन्; यो यस्तो कुरा हो कि मानौं तिनीहरूलाई पहिले पागलपनको रोग लागेको थियो–अनि अहिले तिनीहरूले परमेश्‍वरका वचनहरू देखेर, तिनीहरूले त्यस रोगको बाँकी प्रभावहरूको कष्ट भोगिरहेका छन्, र तिनीहरूले आफ्नो पहिलेका स्थितिहरूलाई प्राप्त गर्न सकिरहेका छैनन्। सबै मानिसहरू वास्तवमा यस्तै छन्, र यो यी वचनहरूको साँचो चित्रण पनि हो: "धेरै जना मानिसहरू, त्यो मधुरो ज्योतिद्वारा उत्प्रेरित भएर आफ्ना भ्रमबाट तुरुन्तै जाग्छन्। तर पृथ्वीमा मेरो ज्योति ओर्लने दिन आएको छ भनी कसैले पनि कहिल्यै बुझेको छैन।" यही कारणले गर्दा, परमेश्‍वरले भन्नुभयो, "धेरैजसो मानिसहरू अचानक प्रकाश आउँदा आश्‍चर्यचकित बन्छन्।" यस कुरालाई यसरी उल्लेख गर्नु पूर्ण रूपमा उचित छ। मानवजातिसम्बन्धी परमेश्‍वरको व्याख्यामा सियोको टुप्पो अट्ने पनि कुनै दरार छैन, अनि उहाँले साँच्चै यसलाई सटीक रूपमा र कुनै गल्तीविना बताउनुभएको छ, यही कारणले गर्दा मानिसहरू पूर्ण रूपमा विश्‍वस्त छन्। यसको साथै, थाहै नपाई, परमेश्‍वरप्रतिको तिनीहरूको प्रेम तिनीहरूको हृदयको गहिराइबाट निर्माण हुन सुरु भएको छ। त्यसरी मात्रै त्यहाँ परमेश्‍वरको स्थान अझै सच्चा बन्छ, र यो परमेश्‍वरले काम गर्नुहुने एउटा तरिका पनि हो।

"धेरैजसो मानिसहरू केवल अचम्मित मात्र हुन्छन्; तिनीहरूका आँखामा चोट लागेको छ र

तिनीहरू ज्योतिद्वारा हिलोमा फालिन्छन्।" त्यस्ता मानिसहरू परमेश्वरको इच्छाविपरीत जाने हुनाले (अर्थात्, तिनीहरूले परमेश्वरको विरोध गर्ने हुनाले), जब उहाँका वचनहरू आउँछन्, तिनीहरूको विद्रोहीपनको कारण तिनीहरूले सजाय भोग्छन्; यही कारणले गर्दा तिनीहरूको आँखामा ज्योतिले चोट लागेको हुन्छ भनेर भनिएको हो। यस्ता मानिसहरू पहिले नै शैतानको शरण परिसकेका हुन्छन्; त्यसकारण, नयाँ काममा प्रवेश गर्दा, तिनीहरूसँग न त अन्तर्दृष्टि हुन्छ न त प्रकाश नै। पवित्र आत्माको कार्य नभएकाहरू सबैलाई शैतानले ओगटेको हुन्छ, र तिनीहरूको हृदयको गहिराइमा परमेश्वरको लागि कुनै ठाउँ हुँदैन। यसर्थ, यी मानिसहरू "हिलोमा फालिन्छन्" भनेर भनिएको हो। यो अवस्थामा हुनेहरू सबै भताभुङ्ग स्थितिमा हुन्छन्। तिनीहरू सही मार्गमा प्रवेश गर्न सक्दैनन्, न त तिनीहरू सामान्य अवस्थालाई नै पुनर्स्थापित हुन सक्छन्; तिनीहरूका सबै विचारहरू विपरीत हुन्छन्। पृथ्वीका हरेकलाई शैतानले चरम रूपमा भ्रष्ट तुल्याएको छ। मानिसहरूमा कुनै जीवनशक्ति छैन र तिनीहरूबाट लासको गन्ध आउँछ। पृथ्वीका सबै मानिसहरू कीटाणुहरूको महामारीमाझ बाँच्छन्, जसबाट कोही पनि उम्कन सक्दैन। तिनीहरूलाई पृथ्वीमा बाँच्ने इच्छा छैन, तर सधैँ तिनीहरूलाई मानिसहरूले आफ्नै आँखाले देख्ने गरी कुनै महान् कुरा हुनेछ भन्ने लाग्छ; त्यसकारण, मानिसहरूले आफैलाई निरन्तर बाँचिरहन बाध्य पार्छन्। तिनीहरूसँग आफ्नो हृदयमा त्यति लामो समयसम्मको लागि सामर्थ्य हुँदैन; तिनीहरूले आफ्ना अदृश्य आशाहरूलाई आत्मिक खम्बाको रूपमा प्रयोग गर्छन्, तसर्थ तिनीहरूले पुरुषार्थ भएको बहाना गर्दै आफ्ना शिरहरू ठाडा पार्छन् अनि पृथ्वीमा आफ्ना दिनहरू जसोतसो बिताउँछन्। यो त सबै मानिसहरू देहधारी दियाबलसका पुत्रहरू हुनु जस्तै हो। यही कारणले परमेश्वरले भन्नुभयो, "यो पृथ्वीलाई अव्यवस्थाले ढाक्छ, जुन एक असह्य दुःखद दृश्य हो, जसलाई राम्ररी जाँच्दा, अझ ठूलो दुःखले आक्रमण गर्छ।" यो परिस्थिति पैदा भएको हुनाले, परमेश्वरले सम्पूर्ण ब्रह्माण्डभरि "मेरो आत्मा फैलाउन" सुरु गर्नुभएको छ, र उहाँले सम्पूर्ण पृथ्वीमा उहाँको मुक्तिको काम गर्न सुरु गर्नुभएको छ। यो कामलाई अघि बढाउन थालिएको कारण परमेश्वरले सबै किसिमका विपत्तिहरू बर्साउन थाल्नुभएको छ, र यसरी कठोर हृदय भएको मानवलाई मुक्ति दिन थाल्नुभएको छ। परमेश्वरको कामका चरणहरूमा, मुक्तिले अझै पनि विभिन्न विपत्तिहरूको रूप लिन्छ, र विनाश हुन निश्चित भएकाहरू कोही पनि तीबाट उम्कन सक्दैन। केवल अन्त्यमा मात्र पृथ्वीमा यस्तो अवस्था प्राप्त गर्न सकिन्छ जुन "तेस्रो स्वर्ग जस्तै शान्त हुन्छ: यहाँ ठूला-साना जीवित प्राणीहरू एकसाथ मिलेर बस्छन् र कहिल्यै पनि 'मुख र जिब्रोको झगडा' मा संलग्न हुँदैनन्।" परमेश्वरको कामको एक पक्ष भनेको सम्पूर्ण मानवजातिलाई विजय गर्नु र उहाँका वचनहरूद्वारा चुनिएका मानिसहरूलाई प्राप्त गर्नु हो; अर्कोचाहिं विभिन्न विपत्तिहरूद्वारा विद्रोहका सबै छोराहरूलाई जित्नु हो। यो परमेश्वरको ठूलो परिमाणको कामको एउटा हिस्सा हो। यस तरिकाले मात्र पृथ्वीमा परमेश्वरले चाहनुभएको राज्य पूर्ण रूपमा हासिल गर्न सकिन्छ, र यो उहाँको कामको हिस्सा हो जुन शुद्ध सुन हो।

परमेश्वरले निरन्तर रूपमा मानिसहरूलाई स्वर्गको गतिशीलता बुझ्न लगाउनुहुन्छ। के तिनीहरूले साँच्चै यो हासिल गर्न सक्छन्? वास्तविकता के हो भने, मानिसहरूको वर्तमान,

वास्तविक स्थितिलाई ५,९०० वर्षभन्दा बढी समयदेखि शैतानले भ्रष्ट तुल्याउँदै आइरहेको हुनाले, तिनीहरूलाई पत्रुससँग तुलना गर्न सकिँदैन; त्यसैले, तिनीहरूले यो हासिल नै गर्न सक्दैनन्। यो परमेश्वरले काम गर्नुहुने विधिहरूमध्ये एउटा हो। उहाँले मानिसहरूलाई निष्क्रिय रूपमा प्रतीक्षा गर्न लगाउनुहुन्‍न; बरु उहाँले तिनीहरूलाई सक्रिय रूपमा खोजी गर्न लगाउनुहुन्छ। त्यसरी मात्रै परमेश्वरले मानिसहरूमा काम गर्ने अवसर पाउनुहुनेछ। तँलाई थप व्याख्या प्रदान गर्नु राम्रो हुनेछ; नत्र, मानिसहरूसँग सतही बुझाइमात्रै हुनेछ। परमेश्वरले मानिसलाई सृष्टि गरेर तिनीहरूलाई आत्मा दिनुभएपछि तिनीहरूलाई आज्ञा दिँदै के भन्‍नुभयो भने, यदि तिनीहरूले उहाँलाई पुकारेनन् भने तिनीहरू उहाँको आत्मासँग जोडिन सक्नेछैनन्, यसैले, पृथ्वीमा स्वर्गको "सेटालाइट टेलिभिजन" तरङ्‍ग प्राप्त गर्न असम्भव हुनेछ। जब परमेश्वर उप्रान्त मानिसहरूका आत्मामा हुनुहुन्‍न, तब अरू थोकहरूका लागि एउटा रित्तो आसन हुन्छ, र शैतानले भित्र पस्ने मौका प्रयोग गर्दछ। जब मानिसहरूले आफ्नो हृदयद्वारा परमेश्वरलाई सम्पर्क गर्दछन्, तब शैतान तुरुन्तै आत्तिन्छ र भाग्नका लागि दौडिन्छ। मानवजातिका पुकाराहरूद्वारा परमेश्वरले तिनीहरूलाई चाहिने कुरा दिनुहुन्छ, तर सुरुमा उहाँ उनीहरूमा "बास" गर्नुहुन्‍न। तिनीहरूले गरेका पुकारको कारण उहाँले निरन्तर तिनीहरूलाई सहायता मात्रै दिनुहुन्छ, र त्यो आन्तरिक शक्तिबाट मानिसहरूले कठोरता प्राप्त गर्दछन्, यसैले शैतानले आफ्नो इच्छामा "खेल्न" भित्र आउने आँट गर्दैन। यसैले यदि मानिसहरू निरन्तर परमेश्वरको आत्मासँग जोडिन्छन् भने, शैतानले आएर अवरोधहरू उत्पन्‍न गर्ने आँट गर्दैन। शैतानका अवरोधहरूविना सबै मानिसहरूको जीवन सामान्य हुन्छ, र परमेश्वरले तिनीहरूभित्र विनाअवरोध काम गर्ने मौका पाउनुहुन्छ। यसरी, परमेश्वरले जे गर्न चाहनुहुन्छ त्यो मानिसहरूद्वारा हासिल गर्न सकिन्छ। यसबाट परमेश्वरले किन मानिसहरूलाई सधैँ आफ्नो विश्वास बढाउन लगाउनुभयो, र किन यसो भन्‍नुभयो भन्‍ने कुरा थाहा हुन्छ, "म पृथ्वीमा मानिसको कदको आधारमा उपयुक्त मापदण्ड तय गर्छु। मैले कसैलाई कहिल्यै पनि कठिनाइहरूमा पारेको छैनँ, न त मैले कहिल्यै कसैलाई मेरो खुसीका लागि 'उसको रगत निचोर्न' लगाएको छु।" धेरैजसो मानिसहरू परमेश्वरका मापदण्डहरूदेखि असमञ्जसमा पर्छन्। मानिसहरूसँग त्यो क्षमता नभएकोले र सुधार गर्नै नसकिने गरी तिनीहरूलाई शैतानले भ्रष्ट तुल्याएकोले, किन परमेश्वरले आफूलाई मापदण्डहरू दिइरहनुहुन्छ भनेर तिनीहरू प्रश्‍न गर्छन्। के यसमा परमेश्वरले मानिसहरूलाई कठिन स्थितिमा राखिरहनुभएको छैन र? तिनीहरूको गम्भीर अनुहार देखेर, अनि तिनीहरूको अनौठो नजर देखेर, तँ नहाँसी बस्न सक्दैनस्। मानिसहरूका विभिन्‍न किसिमका कुरूप स्वरूपहरू सबैभन्दा हाँसउठ्दा छन्: कहिलेकहीँ, तिनीहरू खेल्न मन पराउने बालबच्चाजस्ता हुन्छन्, जबकि कहिलेकहीँ तिनीहरू म "आमा" हुँ भन्दै खेल्ने सानी बालिकाजस्तै हुन्छन्। कहिलेकहीँ तिनीहरू मुसो खाने कुकुरजस्ता हुन्छन्। तिनीहरूका यी सबै कुरूप स्थितिहरूप्रति हाँस्ने कि रुने थाहा हुँदैन, र प्रायजसो, मानिसहरूले परमेश्वरको इच्छालाई जति कम रूपमा बुझ्‍न सक्छन्, तिनीहरू समस्यामा पर्ने त्यति नै बढी सम्भावना हुन्छ। त्यसकारण, "के म केवल सृष्टिमा मौनता थप्ने परमेश्वर हुँ?" भन्‍ने परमेश्वरका वचनहरू नै मानिसहरू कति मूर्ख छन् भनेर देखाउन पर्याप्त छन्, र तिनले कुनै पनि मानिसले परमेश्वरको इच्छा बुझ्‍न सक्दैन भन्‍ने पनि देखाउँछन्। उहाँको इच्छा के हो भनेर उहाँले

बताउनुभयो भने पनि तिनीहरूले यसलाई बुझ्न सक्दैनन्। तिनीहरूले मानव इच्छाअनुसार मात्रै परमेश्‍वरको काम गर्छन्। त्यसकारण, तिनीहरूले कसरी उहाँको इच्छालाई बुझ्न सक्छन् र? "म आफ्नो सुवासना जतातत‌ै फैलाउँदै पृथ्वीमा हिँड्दै जान्छु, र हरेक ठाउँमा म आफ्नो स्वरूप छोड्छु। प्रत्येक स्थानले मेरो आवाजलाई गुन्जाउँछ। मानिसहरू जतातत‌ै हिजोको सुन्दर दृश्यमा रहन्छन्, किनकि सबै मानिसले विगतलाई सम्झिरहेका छन्..." राज्यको निर्माण भएपछि स्थिति यस्तै हुनेछ। वास्तवमा, धेरै स्थानमा, परमेश्‍वरले राज्यको परिकल्पना पूरा हुँदाको सुन्दरताको बारेमा पहिले नै भविष्यवाणी गरिसक्नुभएको छ, र यी सबैले संयुक्त रूपमा राज्यको पूर्ण चित्र निर्माण गर्छन्। तैपनि, मानिसहरूले यसलाई कुनै ध्यान दिँदैनन्; तिनीहरूले यसलाई कार्टुन चलचित्र जस्तै गरी हेरी मात्रै रहन्छन्।

सहस्राब्दीयौंसम्म शैतानले गरेको भ्रष्टताको कारण, मानिसहरू सधैँ अन्धकारमा जिएका छन्, त्यसकारण तिनीहरू यसद्वारा बेचैन हुँदैनन्, न त तिनीहरू ज्योतिको तृष्णा नै गर्छन्। त्यसकारण, यसले आज जब ज्योति आउँछ तब निम्न अवस्थाा पैदा हुने बनाएको छ, "तिनीहरू सबै मेरो आगमनको विपरीत हुन्छन्, र तिनीहरूले ज्योतिको आगमनलाई निषेध गर्दछन्, मानौं कि म स्वर्गमा बस्ने मानिसको शत्रु हुँ। मानिसले उसको आँखामा प्रतिरक्षाको भाव राखेर मलाई अभिवादन गर्छ।" धेरैजसो मानिसहरूले इमानदारीसाथ परमेश्‍वरलाई प्रेम गर्ने प्रयास गरे पनि, उहाँ अझै पनि सन्तुष्ट हुनुहुन्न, र उहाँले अझै पनि मानवजातिलाई दोषी ठहऱ्याउनुहुन्छ। यो मानिसहरूलाई असमञ्जसमा पार्ने कुरा हो। तिनीहरू अन्धकारमा जिउने हुनाले, तिनीहरूले अझै पनि ज्योतिविहीन हुँदाजस्तै गरी परमेश्‍वरको सेवा गर्छन्। अर्थात्, सबै मानिसहरूले तिनीहरूका आफ्नै धारणाहरूको प्रयोग गरेर परमेश्‍वरको सेवा गर्छन्, र जब उहाँ आउनुहुन्छ, तिनीहरूको अवस्था त्यस्तै हुन्छ, अनि तिनीहरूले नयाँ ज्योति स्वीकार गरेर उहाँको सेवा गर्न सक्दैनन्; बरु, तिनीहरूले उहाँलाई तिनीहरूसँग भएको सबै अनुभवद्वारा सेवा गर्छन्। परमेश्‍वरले मानवजातिको "भक्ति" प्रति आनन्द प्राप्त गर्नुहुन्न, त्यसकारण अन्धकारमा हुने मानवजातिले ज्योतिको प्रशंसा गर्न सक्दैनन्। यही कारणले गर्दा परमेश्‍वरले माथिका वचनहरू बोल्नुभएको हो; यो वास्तविकताभन्दा विपरीत छँदै छैन, र यो परमेश्‍वरले मानवजातिलाई दुर्व्यवहार गर्नुभएको होइन, न त उहाँले तिनीहरूसँग गलत कार्य नै गर्नुभएको हो। संसारको सृष्टिदेखि नै, एक जना व्यक्तिले पनि परमेश्‍वरको न्यानोपनलाई साँचो रूपमा चाखेको छैन; परमेश्‍वरले तिनीहरूलाई प्रहार गर्नुहुन्छ र नष्ट गर्नुहुन्छ भन्ने गहन डरले मानिसहरू सबै परमेश्‍वरप्रति रक्षात्मक अवस्थामा रहेका छन्। तसर्थ, यस ६,००० वर्षको अवधिमा, परमेश्‍वरले सधैँ मानिसहरूको इमानदारिताको निम्ति न्यानोपन साट्नुभएको छ, र तिनीहरूलाई हरेक मोडमा धैर्यताको साथ अगुवाइ गर्नुभएको छ। यसको कारण के हो भने मानिसहरू अत्यन्तै कमजोर छन्, र तिनीहरूले परमेश्‍वरको इच्छालाई पूर्ण रूपमा जान्न, वा उहाँलाई पूर्ण हृदयले प्रेम गर्न सक्दैनन्, किनभने तिनीहरू शैतानको चालबाजीको अधीनमा नबसी रहन सक्दैनन्। तैपनि, परमेश्‍वर सहनशील रहनुहुन्छ, र त्यति धैर्य रहेपछि एक दिन–अर्थात्, जब उहाँले संसारलाई नवीकरण गर्नुहुन्छ–उहाँले मानिसहरूलाई आमाले जस्तो हेरचाह गर्न छोड्नुहुनेछ। बरु, उहाँले मानवलाई तिनीहरूको लागि उपयुक्त दण्ड दिनुहुनेछ। यस कारणले गर्दा, यस्तो हुनेछ: "लासहरू

समुद्रको सतहमा बग्छन्," जबकि "पानी नभएका खाली ठाउँहरूमा, अरू मानिसहरू मैले कृपासाथ प्रदान गरेका प्रतिज्ञाहरूमा हाँस्दै र गाउँदै आनन्द मनाउँछन्।" दण्डित हुनेहरू र इनाम पाउनेहरूका गन्तव्यको बीचको तुलना यही हो। "समुद्रको सतह" ले परमेश्‍वरले उल्लेख गर्नुभएको मानवजातिको सजायको अतल कुण्डलाई जनाउँछ। यो शैतानको गन्तव्य हो, र परमेश्‍वरलाई विरोध गर्नेहरू सबैको लागि उहाँले तयार गर्नुभएको "विश्राम स्थल" यही हो। परमेश्‍वरले सधैँ मानवजातिको सच्चा प्रेमको चाहना गर्नुभएको छ, तैपनि मानिसहरूलाई यो कुरा थाहा छैन र यसको बारेमा तिनीहरू असंवेदनशील छन्, र अझै पनि तिनीहरूका आफ्नै काम गर्छन्। यही कारणले गर्दा, उहाँका सबै वचनहरूमा, परमेश्‍वरले सधैँ मानिसहरूलाई विभिन्‍न कुराहरू माग्नुहुन्छ र तिनीहरूका कमीकमजोरीहरूलाई औँल्याउनुहुन्छ, अनि तिनीहरूको लागि अभ्यासको मार्ग देखाइदिनुहुन्छ, ताकि तिनीहरूले यी वचनहरू अनुसार अभ्यास गर्न सकून्। उहाँले मानिसहरूलाई उहाँको आफ्नै मनोवृत्ति देखाउनुभएको छ: "तापनि मैले एउटै पनि मानव जीवनलाई सामान्य रूपमा लिएर त्योसँग एउटा खेलौनाजस्तो खेलेको छैनँ। मानिसले लिने पीडा मैले देखेको छु र म उसले तिरेको मूल्य बुझ्छु। ऊ मेरो सामु खडा हुँदा, म उसलाई दण्ड दिनका निम्ति उसलाई अचानक पक्रन चाहन्‍नँ, न त म उसलाई अप्रिय थोकहरू नै दिन चाहन्छु। यसको सट्टामा, मैले हरसमय मानिसका लागि प्रबन्ध गरेको छु र उसलाई दिएको छु।" जब मानिसहरूले परमेश्‍वरका यी वचनहरू पढ्छन्, तिनीहरूले तुरुन्तै उहाँको न्यानोपन अनुभव गर्छन्, अनि यस्तो विचार गर्छन्: वास्तवमा नै, मैले विगतमा परमेश्‍वरको लागि मूल्य चुकाएको छु, तर मैले उहाँसँग झारा टार्ने शैलीमा व्यवहार पनि गरेको छु, र कहिलेकहीँ मैले उहाँसँग गुनासो पनि गरेको छु। परमेश्‍वरले सधैँ आफ्ना वचनहरूले मलाई डोऱ्याउनुभएको छ, र उहाँले मेरो जीवनलाई धेरै नै वास्ता गर्नुहुन्छ, तैपनि म कहिलेकहीँ यसलाई खेलौना झैँ गरी खेलाउँछु। मैले साँच्चै नै यसो गर्नु हुँदैन। परमेश्‍वरले मलाई धेरै प्रेम गर्नुहुन्छ, तब किन म कठिन प्रयास गर्न सक्दिनँ? जब मानिसहरूमा यस्ता विचारहरू आउँछन्, तिनीहरू साँच्चै नै आफैलाई थप्पड हान्‍न चाहन्छन्, र कतिपय मानिसहरूको त नाक समेत कुच्चिन्छ र तिनीहरू उच्च सोरमा रुन्छन्। तिनीहरूले के विचार गर्छन् भन्‍ने परमेश्‍वरले बुझ्नुहुन्छ र त्यहीअनुसार बोल्नुहुन्छ, अनि यी वचनहरूले–जुन न त कडा न त नरम छन्–उहाँप्रतिको मानिसहरूको प्रेमलाई उत्प्रेरित गर्छन्। अन्तिममा, परमेश्‍वरले जब पृथ्वीमा राज्यको स्थापना हुन्छ तब उहाँको काम परिवर्तन हुन्छ भनी भविष्यवाणी गर्नुभयो: जब परमेश्‍वर पृथ्वीमा आउनुभएको हुन्छ, मानिसहरू विपत्ति र महामारीहरूबाट मुक्त हुन सक्नेछन्, र अनुग्रहमा रमाउन सक्नेछन्; तैपनि, जब उहाँले महान् दिनको न्याय सुरु गर्नुहुन्छ, त्यो बेला उहाँ सबै मानिसहरूका बीचमा देखा पर्नुहुनेछ, र पृथ्वीको उहाँका सबै काम पूरा भएका हुनेछन्। त्यो बेला, त्यो दिन आइसकेको हुने हुनाले, यो बाइबलमा लेखिएका यी वचनहरूले भनेजस्तै हुनेछ: "अन्यायी, अझै अन्यायी नै रहिरहोस्: अनि पवित्र, अझै पवित्र नै रहिरहोस्।" अधर्मीहरू सजायमा आउनेछन्, र पवित्रहरू सिंहासनको अघि आउनेछन्। एक जना व्यक्तिले पनि परमेश्‍वरको सजाय-माफ प्राप्त गर्न सक्नेछैन; चाहे तिनीहरू राज्यका पुत्रहरू र प्रजा नै किन नहोऊन्। यो सबै परमेश्‍वरको धार्मिकता हो, र यो सबै उहाँको स्वभावको प्रकाश हो। उहाँले मानवजातिको कमजोरीको लागि दोस्रोपटक चिन्ता देखाउनुहुनेछैन।

# अध्याय १८

परमेश्वरका सबै वचनहरूमा उहाँको स्वभावको केही अंश हुन्छ। परमेश्वरको स्वभावलाई पूर्ण रूपले शब्दहरूमा व्यक्त गर्न सकिँदैन, जुन तथ्य उहाँभित्र कति प्रचुरता छ भनी देखाउन पर्याप्त छ। मानिसहरूले जे देख्न र छुन सक्छन् त्यो आखिर मानिसहरूको क्षमताजस्तै सीमित छ। परमेश्वरका वचनहरू स्पष्ट भए तापनि, मानिसहरूले तिनलाई पूर्ण रूपमा बुझ्न सक्दैनन्। उदाहरणको लागि यी वचनहरूलाई नै लिऔं: "बिजुलीको एक चमकमा, प्रत्येक पशुलाई त्यसको वास्तविक रूपमा प्रकट गरिन्छ। त्यसरी नै, मेरो ज्योतिले प्रज्वलित भएर, मानिसले फेरि त्यो पवित्रता प्राप्त गरेको छ, जुन एकचोटि ऊसँग थियो। अहो, प्राचीन भ्रष्ट संसार! अन्त्यमा, यो फोहोर पानीमा लडेको छ, र सतहमुनि डुब्दै हिलोमा पुरिएको छ।" परमेश्वरका सबै वचनहरूमा उहाँको अस्तित्व हुन्छ, र सबै मानिसहरूलाई यी वचनहरूको बारेमा थाहा भए पनि, कसैले कहिल्यै तिनका अर्थहरू जानेका छैनन्। परमेश्वरका नजरमा, उहाँको प्रतिरोध गर्ने सबै नै उहाँका शत्रुहरू हुन्, अर्थात्, दुष्ट आत्माहरू भएकाहरू पशुहरू हुन्। यसबाट, मण्डलीको साँचो स्थितिलाई अवलोकन गर्न सकिन्छ। सबै मानिसहरू परमेश्वरका वचनहरूद्वारा प्रज्वलित हुन्छन्, र यस ज्योतिमा तिनीहरूले अरूको उपदेश वा सजाय वा प्रत्यक्ष निष्कासन नभोगी, काम गर्ने अन्य मानवशैलीहरूको वशमा नपरी, र अन्य व्यक्तिहरूले औँल्याउने कार्यमा नपरी, आफैले आफ्नो जाँच गर्छन्। "सूक्ष्म दृष्टिकोण" बाट, तिनीहरूले आफूभित्र वास्तवमा कति धेरै रोगीपन छ भनी एकदमै स्पष्ट रूपमा देख्छन्। परमेश्वरका वचनहरूमा, हरेक किसिमको आत्मालाई त्यसको मौलिक स्वरूपमा वर्गीकृत र प्रकट गरिन्छ। स्वर्गदूतका आत्माहरू झन्-झन् प्रज्वलित र अन्तर्दृष्टियुक्त हुन्छन्, यसकारण परमेश्वरको वचनले भन्छ, "तिनीहरूले फेरि त्यो पवित्रता प्राप्त गरेका छन्, जुन एकचोटि तिनीहरूसँग थियो।" यी वचनहरू परमेश्वरले हासिल गर्नुभएको अन्तिम नतिजामा आधारित छन्। हाललाई, अवश्य नै त्यो नतिजा हासिल गर्न सकिँदैन—यो त केवल भावी नतिजाहरूको अग्रिम झलक हो, जसबाट परमेश्वरको इच्छालाई देख्न सकिन्छ। असंख्य मानिसहरू परमेश्वरका वचनहरूभित्र चकनाचूर हुन्छन् र पवित्रकरणको क्रमिक प्रक्रियामा सबै मानिसहरू पराजित हुनेछन् भनी देखाउन यी वचनहरू नै काफी छन्। यहाँ "हिलोमा पुरिएको छ" भन्ने वाक्यांश परमेश्वरले संसारलाई आगोले विनाश गर्नुभएको कुरासँग विरोधाभासपूर्ण छैन र "बिजुली" ले परमेश्वरको क्रोधलाई जनाउँछ। जब परमेश्वरले उहाँको क्रोध पोखाउनुहुन्छ, तब परिणामस्वरूप ज्वालामुखी विस्फोटन भएजस्तै सारा संसारले हरप्रकारका विपत्तिहरू भोग्नेछ। आकाशको उच्च स्थानमा उभिएर पृथ्वीमा हरप्रकारको विपत्ति सारा मानवजातिको नजिक आइरहेको, दिन-प्रतिदिन क्रमिक रूपमा झन्-झन् नजिक आइरहेको देख्न सकिन्छ। माथिबाट तल हेर्दा, पृथ्वीले भूकम्प आउनुअघिका विविध प्रकारका दृश्यहरू प्रस्तुत गरेजस्तो देखिन्छ। तरल आगो कुनै नियन्त्रणविना दौडिन्छ, लाभा स्वतन्त्र रूपले बग्छ, पहाडहरू यताउता सर्छन्, र चिसो ज्योति झलिमिलाउँछ। सम्पूर्ण संसार नै आगोमा डुबेको छ। यो परमेश्वरले उहाँको क्रोध बर्साउनुभएको दृश्य हो, र यो उहाँको न्यायको समय हो। मासु र रगतले बनेकाहरू सबै नै उम्कन असमर्थ हुनेछन्। यसरी, सम्पूर्ण संसारलाई

विनाश गर्नको लागि राष्ट्रहरूबीचका युद्धहरू र मानिसहरूबीचका द्वन्द्वहरूको आवश्यकता पर्दैन; यसको सट्टा, परमेश्वरको सजायको कोक्रोभित्र यो संसारले "सचेतन रूपले आफै आनन्द मनाउनेछ"। कोही पनि उम्कन सक्नेछैनन्; हरेक व्यक्तिले एक-एक गरी यो अग्निपरीक्षामार्फत गुज्रनुपर्छ। तत्पश्चात, सम्पूर्ण ब्रह्माण्ड फेरि एकपल्ट पवित्र चमकको साथमा चम्कनेछ र सारा मानवजातिले फेरि एकपल्ट नयाँ जीवनको सुरुवात गर्नेछन्। अनि ब्रह्माण्डमाथि परमेश्वर विश्राम गरी बस्नुहुनेछ र हरेक दिन सारा मानवजातिलाई आशिष् दिनुहुनेछ। स्वर्ग सहनै नसकिने गरी निर्जन हुनेछैन, बरु यसले संसारको सृष्टि भएदेखि आफूसँग नभएको जीवन्तता फेरि प्राप्त गर्नेछ, र जब परमेश्वरले नयाँ जीवनको सुरुवात गर्नुहुन्छ तब "छैटौँ दिन" को आगमन हुनेछ। परमेश्वर र मानवजाति दुवै विश्राममा प्रवेश गर्नेछन्, अनि ब्रह्माण्ड अबउप्रान्त धमिलो र फोहोरी हुनेछैन, बरु नवीन बन्नेछ। यही कारणले गर्दा परमेश्वरले भन्नुभयो, "पृथ्वी अब मरेतुल्य शान्त र चुप छैन, स्वर्ग अब उजाड् र दुःखी छैन।" स्वर्गको राज्यमा कहिल्यै पनि अधर्मीपन वा मानव संवेगहरू, वा मानवजातिको कुनै पनि भ्रष्ट स्वभाव रहेका छैनन् किनभने त्यहाँ शैतानको वाधा छैन। "मानिसहरू" सबैले परमेश्वरका वचनहरू बुझ्न सक्छन्, अनि स्वर्गको जीवन खुसीले भरिपूर्ण हुन्छ। स्वर्गमा हुनेहरू सबैमा परमेश्वरको बुद्धि र प्रतिष्ठा हुन्छ। स्वर्ग र पृथ्वीबीचका भिन्नताहरूको कारण, स्वर्गका नागरिकहरूलाई "मानिसहरू" भनिँदैन; बरु, परमेश्वरले तिनीहरूलाई "आत्माहरू" भनी भन्नुहुन्छ। यी दुई शब्दहरूमा सारगत भिन्नताहरू छन्–अहिले "मानिसहरू" भनिनेहरूलाई शैतानले भ्रष्ट तुल्याएको छ, जबकि "आत्माहरू" लाई भने यसले भ्रष्ट तुल्याएको छैन। आखिरमा, परमेश्वरले पृथ्वीका मानिसहरूलाई स्वर्गका आत्माहरूका गुणहरू भएका प्राणीहरूमा परिवर्तन गर्नुहुनेछ, त्यसपछि तिनीहरू फेरि कहिल्यै शैतानका बाधाहरूमा पर्नेछैनन्। निम्न वचनहरूको साँचो अर्थ यही हो, "मेरो पवित्रता सारा ब्रह्माण्डमा फैलिएको छ" "पृथ्वी त्यसको सुरुको अवस्थामा स्वर्गको स्वामित्वमा हुन्छ, र स्वर्ग पृथ्वीसँग एक भएको छ। मानिस स्वर्ग र पृथ्वीलाई जोड्ने डोरी हो, र मानिसको पवित्रताको कारण, मानिसको नवीकरणको कारण, स्वर्ग उप्रान्त पृथ्वीबाट लुकाइएको छैन, र पृथ्वी अब स्वर्गप्रति मौन छैन।" यो स्वर्गदूतहरूको आत्मा भएका मानिसहरूको सन्दर्भमा भनिएको हो, र यस बिन्दुमा, "स्वर्गदूतहरू" पनि फेरि शान्तिपूर्ण रूपले सह-अस्तित्वमा रहन सक्छन् र तिनीहरूले पनि तिनीहरूको पहिलेकै स्थितिलाई फिर्ता पाउन सक्छन्, अबउप्रान्त स्वर्ग र पृथ्वीका क्षेत्रहरूबीचको देहद्वारा विभाजित हुँदैनन्। पृथ्वीका "स्वर्गदूतहरू" ले स्वर्गका स्वर्गदूतहरूसँग कुराकानी गर्न सक्छन्, पृथ्वीका मानिसहरूले स्वर्गका रहस्यहरूलाई जान्नेछन्, र स्वर्गका स्वर्गदूतहरूले मानव संसारका रहस्यहरूलाई जान्नेछन्। स्वर्ग र पृथ्वीको बीचमा कुनै दूरी नहुने गरी तिनीहरूको मिलाप हुनेछ। राज्यको परिकल्पना पूरा हुँदाको सुन्दरता यही हो। परमेश्वरले पूरा गर्नुहुने काम यही हो, र सारा मानव र आत्माहरूले तृष्णा गर्ने कुरा यही हो। तर धार्मिक संसारका मानिसहरूलाई यसको बारेमा केही पनि थाहा छैन। तिनीहरू मुक्तिदाता येशू सेतो बादलमा आएर तिनीहरूका आत्मा लैजानुहुनेछ, र "फोहोरमैला" लाई पृथ्वीमा छरपस्ट छोड्नुहुनेछ ("फोहोरमैला" ले लासहरूलाई जनाउँछ) भनेर पर्खिरहेका छन्। के यो सबै मानवमा आम रूपमा रहेको धारणा होइन र? यसैले परमेश्वरले भन्नुभयो: "ओ, धार्मिक संसार! पृथ्वीमा मेरो

अख्तियारद्वारा कसरी यो नष्ट हुन सक्दैन?” पृथ्वीमा परमेश्वरका मानिसहरूको पूर्णताको कारण, धार्मिक संसारलाई उथलपुथल पारिनेछ। परमेश्वरले बताउनुभएको “अख्तियार” को साँचो अर्थ यही हो। परमेश्वरले भन्नुभयो: “के मेरो दिनमा मेरो नाउँको बदनाम गर्ने कोही छन्? सबै मानिसहरूले आफ्ना श्रद्धालु नजर मतिर लगाउँछन्, र तिनीहरूका हृदयमा, तिनीहरूले मलाई गुप्तमा पुकार्छन्।” धार्मिक संसारको विनाशका परिणामहरूका बारेमा उहाँले यही भन्नुभयो। परमेश्वरका वचनहरूका कारण यो सम्पूर्ण रूपमा उहाँको सिंहासनअघि समर्पित हुनेछ, र अबउप्रान्त सेतो बादल ओर्लिनेछ भनेर पर्खिने वा आकाशतिर हेर्ने गर्दैन, बरु परमेश्वरको सिंहासनअघि विजय गरिएको हुनेछ। तसर्थ “तिनीहरूका हृदयमा, तिनीहरूले मलाई गुप्तमा पुकार्छन्” भन्ने शब्दहरू–धार्मिक संसारको लागि यही परिणाम हुनेछ, जसलाई परमेश्वरले पूर्ण रूपमा विजय गर्नुहुनेछ। परमेश्वरको सर्वशक्तिमान्ताले यसैलाई जनाउँछ–सबै धार्मिक मानिसहरू, धेरैजसो विद्रोही मानिसहरूलाई ढाल्नुहुनेछ, ताकि तिनीहरू अबउप्रान्त तिनीहरूका आफ्नै धारणाहरूमा लागी नरहून् बरु तिनीहरूले परमेश्वरलाई चिन्न सकून्।

परमेश्वरका वचनहरूले राज्यको सुन्दरताको बारेमा बारम्बार भविष्यवाणी गरेको भए तापनि, यसका विभिन्न पक्षहरूको बारेमा बताएको र यसलाई विभिन्न दृष्टिकोणहरूबाट व्याख्या गरेको भए तापनि, ती वचनहरूले अझै पनि राज्यको युगको हरेक अवस्थालाई पूर्ण रूपमा व्यक्त गर्न सक्दैनन् किनभने मानिसहरूको ग्रहण गर्न सक्ने क्षमता अत्यन्तै कमजोर छ। उहाँका वाणीहरूका सबै वचनहरू बोलिएका छन्, तर मानिसहरूले तिनलाई एक्स-रेले जस्तो गरी हेरेका छैनन्, त्यसकारण तिनीहरूमा स्पष्टता र बुझाइको अभाव छ, र तिनीहरू चकित समेत भएका छन्। यो देहको सबैभन्दा ठूलो कमजोरी हो। मानिसहरूले आफ्नो हृदयमा परमेश्वरलाई प्रेम गर्न चाहे पनि, शैतानको बाधाले गर्दा तिनीहरूले उहाँलाई विरोध गर्छन्, त्यसकारण तिनीहरू पुनर्जीवित हुन सकून् भनेर परमेश्वरले बारम्बार मानिसहरूको अचेत र बोधो हृदयलाई छुनुभएको छ। परमेश्वरले खुलासा गर्नुहुने सबै कुरा शैतानको कुरूपता हो, त्यसकारण उहाँका वचनहरू जति कठोर हुन्छन्, शैतान त्यति नै लज्जित बन्छ, मानिसहरूको हृदय त्यति नै बन्धनमुक्त बन्छ, र मानिसहरूको प्रेम त्यति नै जागृत हुन सक्छ। परमेश्वरले यसरी नै काम गर्नुहुन्छ। शैतानलाई खुलासा गरिसकिएको हुनाले र यसको वास्तविकतालाई देखिसकिएको हुनाले, यसले अबउप्रान्त मानिसहरूको हृदय ओगट्ने आँट गर्दैन, तसर्थ स्वर्गदूतहरूलाई अबउप्रान्त दुर्व्यवहार गरिँदैन। यसरी, तिनीहरूले परमेश्वरलाई तिनीहरूको सम्पूर्ण हृदय र मनले प्रेम गर्छन्। यस बेला मात्रै स्पष्ट रूपमा के देख्न सकिन्छ भने, स्वर्गदूतहरू तिनीहरूको साँचो स्वरूपमा परमेश्वरको स्वामित्वमा छन् र तिनीहरूले परमेश्वरलाई प्रेम गर्छन्। यो मार्गद्वारा मात्रै परमेश्वरको इच्छालाई हासिल गर्न सकिन्छ। “तिनीहरूका हृदयभित्र, अब मेरो लागि ठाउँ छ। अब म मानिसहरू माझको घृणा वा अस्वीकृतिको सामना गर्नेछैन, किनकि मेरो महान् काम पहिले नै पूरा भइसकेको छ, र अब त्यसमा कुनै बाधा छैन।” माथि व्याख्या गरिएको कुराको अर्थ यही हो। शैतानको दुर्व्यवहारको कारण, मानिसहरूले परमेश्वरलाई प्रेम गर्ने समय पाउँदैनन् र तिनीहरू सधैँ सांसारिक कुराहरूको जालमा परेका अनि शैतानद्वारा भ्रमित तुल्याइएका हुन्छन्, जसले गर्दा तिनीहरू अन्योलतामा काम गर्छन्। यही

कारणले गर्दा परमेश्‍वरले भन्‍नुभयो, मानवजातिले “जीवनका धेरै कठिनाइहरू, संसारका धेरै अन्यायहरू, मानव क्षेत्रका धेरै उतावचडावहरू भोगेका छन्, तर अहिले तिनीहरू मेरो ज्योतिमा बस्छन्। हिजोको अन्यायका लागि को रुँदैन र?” जब मानिसहरूले यी वचनहरू सुने, तब तिनीहरूलाई परमेश्‍वर नै तिनीहरूको दुर्गतिको साथी हुनुहुन्छ, उहाँले तिनीहरूलाई सहानुभूति दिइरहनुभएको छ, र त्यस बेला तिनीहरूको गुनासोहरूमा सहभागी भइरहनुभएको छ जस्तै अनुभूति हुन्छ। तिनीहरूले अचानक मानव संसारको पीडा अनुभूति गर्छन् र यस्तो विचार गर्छन्: “त्यो साँच्चै साँचो कुरा हो—मैले संसारमा कुनै कुरामा कहिल्यै आनन्द लिएको छैन। मेरी आमाको गर्भबाट आएदेखि अहिलेसम्म, मैले मानव जीवनको अनुभव गरेको छु र मैले कुनै पनि कुरा प्राप्त गरेको छैन, तर धेरै कष्ट भोगेको छु। यो सबै कति खोक्रो छ! र अहिले मलाई शैतानले धेरै भ्रष्ट तुल्याएको छ! अहो! परमेश्‍वरले मुक्ति नदिनुभएको भए त, जब मेरो मृत्युको दिन आउँछ, के मैले मेरो सारा जीवन व्यर्थमा जिएको हुने थिइन र? के मानव जीवनको कुनै अर्थ छ? सूर्यमुनिको सबै कुरा खोक्रो छ भनेर परमेश्‍वरले भन्‍नुभएको ठीकै हो। यदि परमेश्‍वरले आज मलाई अन्तर्दृष्टि नदिनुभएको भए, म अझै पनि अन्धकारमै हुनेथिएँ। कस्तो दुर्भाग्य!” यस बिन्दुमा, तिनीहरूको हृदयमा आशङ्का पैदा हुन्छ: “यदि मैले परमेश्‍वरको प्रतिज्ञा प्राप्त गर्न सक्दिन भने, मैले कसरी जीवन अनुभवलाई जारी राख्न सक्छु?” यी वचनहरू पढ्ने हरेक व्यक्तिले प्रार्थना गर्दा आँसु झार्नेछ। मानव चित्त यस्तै हुन्छ। कुनै व्यक्तिले मानसिक सन्तुलन गुमाएको छैन भने, उसले यो पढेर पनि कुनै प्रतिक्रिया नदिनु असम्भव हुनेछ। हरेक दिन, परमेश्‍वरले सबै प्रकारका मानिसहरूको स्थितिहरूलाई प्रकट गर्नुहुन्छ। कहिलेकहीँ, उहाँले तिनीहरूका पक्षमा गुनासाहरू पोखिदिनुहुन्छ। कहिलेकहीँ, उहाँले मानिसहरूलाई निश्‍चित वातावरणमाथि विजय प्राप्त गर्न र त्यसलाई सफलतापूर्वक पार गर्न सहयोग गर्नुहुन्छ। कहिलेकहीँ, उहाँले मानिसहरूलाई तिनीहरूका “रूपान्तरणहरू” औंल्याइदिनुहुन्छ। अन्यथा, तिनीहरू जीवनमा कति वृद्धि भएका छन् भन्‍ने तिनीहरूलाई थाहा हुनेथिएन। कहिलेकहीँ, परमेश्‍वरले मानिसहरूले वास्तविकतामा गरेका अनुभवहरू औंल्याउनुहुन्छ, र कहिलेकहीँ उहाँले तिनीहरूका अपर्याप्तता र त्रुटिहरू औंल्याउनुहुन्छ। कहिलेकहीँ उहाँले तिनीहरूलाई नयाँ मापदण्डहरू दिनुहुन्छ, र कहिलेकहीँ उहाँले तिनीहरूले उहाँलाई बुझ्ने हद औंल्याउनुहुन्छ। तैपनि, परमेश्‍वरले यसो पनि भन्‍नुभएको छ: “मैले धेरै मानिसहरूले बोलेका हृदयस्पर्शी शब्दहरू, धेरै मानिसहरूले पीडाको बीचमा उनीहरूको पीडादायी अनुभवहरूको बारेमा बताएको सुनेको छु; मैले डरलाग्दो सङ्कटमा पनि मप्रति बफादार रहने धेरैलाई देखेको छु, र मैले ढुङ्गेनी बाटोमा हिँड्दै बाहिर निस्कने बाटो खोज्ने धेरैलाई देखेको छु।” यो सकारात्मक चरित्रहरूको व्याख्या हो। “मानव इतिहासको नाटकको” हरेक भागमा, सकारात्मक चरित्रहरू मात्रै थिएनन् तर नकारात्मक चरित्रहरू पनि थिए। त्यसकारण, परमेश्‍वरले यी नकारात्मक चरित्रहरूको कुरूपतालाई प्रकट गर्नुहुन्छ। यसर्थ, तिनीहरूलाई “धोकेबाजहरू” सँग तुलना गरेर मात्रै “सीधा मानिसहरू” को दृढ बफादारिता र निडर साहस प्रकट हुन्छ। सबै मानिसहरूको जीवनमा, नकारात्मक तत्वहरू हुन्छन्, र सकारात्मक तत्वहरू हुन्छन्, जसको कुनै अपवाद छैन। परमेश्‍वरले सबै मानिसहरूको सत्यता प्रकट गर्नको लागि दुवैको प्रयोग गर्नुहुन्छ, ताकि धोकेबाजहरूले आफ्ना शिर निहुराऊन् र

आफ्ना पापहरूलाई मानिलिऊन्, ताकि प्रोत्साहनद्‌वारा, सोझा मानिसहरू निरन्तर रूपमा वफादार रहिरहून्। परमेश्‍वरका वचनहरूका अर्थहरू अत्यन्तै गहन् छन्। समय-समयमा, मानिसहरूले ती वचनहरू पढ्छन् र डल्लो परुन्जेल हास्छन्, जबकि अरू बेला, तिनीहरूले केवल शान्त भएर आफ्ना शिर थाम्छन्। समय-समयमा तिनीहरू विगतको यादमा डुब्छन्, समय-समयमा तिनीहरू नराम्ररी रुन्छन् र आफ्ना पाप स्वीकार गर्छन्, समय-समयमा तिनीहरू हडबडाउँछन्, र समय-समयमा तिनीहरू खोजी गर्छन्। समग्रमा, परमेश्‍वरले बोल्नुहुने फरक-फरक परिस्थितिको कारण मानिसहरूका प्रतिक्रियामा परिवर्तन हुन्छ। जब व्यक्तिले परमेश्‍वरका वचनहरू पढ्छ, कहिलेकहीँ अलि परबाट हेरिरहेकाहरूले त्यो व्यक्तिको होस गुमेको छ भनेर गलत रूपमा बुझ्ने समेत गर्छन्। यी वचनहरूलाई ध्यान देऊ: “यसैले, पृथ्वीमा निरन्तर विवादहरू हुन छोड्छन्, र मेरा वचनहरू जारी गरिएपछि, आधुनिक युगका विभिन्न ‘हात-हतियारहरू’ हटाइन्छन्।” “हात-हतियारहरू” भन्ने शब्द मात्रै सारा दिनको हाँसोको निम्ति पर्याप्त छ, र जब-जब कसैले झुक्कलमा “हात-हतियारहरू” भन्ने शब्द बोल्छन्, तिनीहरू मरी-मरी हाँस्छन्। के अवस्था यही हो नि, होइन त? तँ कसरी यस कुरामा नहाँसी बस्न सक्छस र?

जब तँ हाँस्छस्, परमेश्‍वरले मानवजातिलाई कुन मापदण्ड दिनुभएको छ सो बुझ्न नबिर्सी, र मण्डलीको साँचो स्थितिलाई हेर्न नबिर्सी: “सबै मानवजाति सामान्य अवस्थामा फर्किएको छ र एउटा नयाँ जीवन सुरु गरेको छ। नयाँ परिवेशमा बसोबास गर्दै, धेरै सङ्ख्यामा मानिसहरू आफ्ना वरिपरि हेर्छन्, उनीहरू पूर्ण नयाँ संसारमा प्रवेश गरेजस्तो महसुस गर्छन्, यसकारणले गर्दा, तिनीहरू तत्कालै आफ्नो वर्तमान वातावरणमा घुलमेल हुन सक्दैनन् वा झट्टै सही मार्गमा प्रवेश गर्न सक्दैनन्।” अहिले मण्डलीको साँचो स्थिति यस्तै छ। सबै मानिसहरूलाई तुरुन्तै सही मार्गमा प्रवेश गराउनेबारेमा अत्यन्तै व्याकुल नबन्। पवित्र आत्माको काम निश्‍चित बिन्दुसम्म अघि बढिसकेपछि, थाहै नपाई सबै मानिसहरू यसमा प्रवेश गर्नेछन्। जब तैँले परमेश्‍वरका वचनहरूको सार बुझ्छस्, तैँले पवित्र आत्माले कुन बिन्दुसम्म काम गर्नुभएको छ भन्ने जान्नेछस्। परमेश्‍वरको इच्छा यस्तो छ: “मानिसको अधर्मको आधारमा, म सबैलाई सही मार्गमा पुग्न सक्षम तुल्याउन उपयुक्त मात्रामा ‘शिक्षा’ प्रदान मात्र गर्छु।” परमेश्‍वरको बोल्ने र काम गर्ने तरिका यही हो, र यो मानवजातिको अभ्यास गर्ने विशिष्ट मार्ग पनि हो। यसपछि, उहाँले मानिसहरूको लागि मानवजातिको अर्को स्थितिहरूलाई औँल्याउनुभयो: “यदि मानिसहरू ममा रहेको आनन्द उपभोग गर्न चाहँदैनन् भने म उनीहरूले आफ्ना हृदयमा जे राखेका छन् त्यसैसित अगाडि बढ्न र तिनीहरूलाई अतल कुण्डमा पठाउन मात्र सक्छु।” परमेश्‍वरले पूर्ण रूपमा बोल्नुभएको छ र मानिसहरूको लागि गुनासो गर्ने अलिकति ठाउँ पनि छोड्नुभएको छैन। परमेश्‍वर र मानिसबीचको भिन्नता ठीक यही नै हो। परमेश्‍वरले मानिससँग सधैँ खुलस्त र स्वतन्त्र रूपमा बोलिरहनुभएको छ। परमेश्‍वरले भन्नुहुने सबै कुरामा, उहाँको निष्कपट हृदय देख्न सकिन्छ, जसले मानिसहरूलाई तिनीहरूको हृदय उहाँको हृदयसँग तुलना गर्ने तुल्याउँछ र तिनीहरूलाई उहाँको निम्ति आफ्नो हृदयको ढोका खोल्न सक्षम पार्छ, ताकि तिनीहरू कस्तो रङ्गका मानिसहरू हुन् भन्ने उहाँले देख्न सक्नुहोस्। परमेश्‍वरले कहिल्यै पनि कुनै व्यक्तिको विश्‍वास वा प्रेमको प्रशंसा गर्नुभएको छैन, तर

उहाँले सधैँ मानिसहरूलाई मापदण्डहरू दिनुभएको छ र तिनीहरूको कुरूप पक्ष खुलासा गर्नुभएको छ। यसले मानिसहरूमा कति सानो “कद” छ र तिनीहरूको “शारीरिक अवस्था” मा कति कमजोरी छ सो देखाउँछ। यी कमीकमजोरीहरूलाई पूर्ति गर्नको लागि तिनीहरूलाई “व्यायाम” चाहिन्छ, त्यही कारणले गर्दा परमेश्वरले मानिसहरूमा बारम्बार “आफ्नो क्रोध पोखाउनुहुन्छ।” एक दिन, जब परमेश्वरले मानवजातिको बारेमा सम्पूर्ण सत्यता प्रकट गर्नुभएको हुनेछ, तब मानिसहरूलाई पूर्ण पारिनेछ, र परमेश्वर सहजतामा हुनुहुनेछ। मानिसहरूले त्यसउप्रान्त परमेश्वरलाई फुस्ल्याउँछैनन्, र उहाँले तिनीहरूलाई त्यसउप्रान्त “शिक्षा दिने” काम गर्नुहुनेछैन। त्यो समयदेखि पछि, मानिसहरू “आफै जिउन” सक्नेछन्, तर अहिले त्यो समय होइन। मानिसहरूभित्र अझै पनि “नक्कली” भन्न सकिने धेरै कुरा छन्, र धेरै चरणको परीक्षाको, थप धेरै “नाकाहरू” को आवश्यकता छ, जहाँ तिनीहरूका “करहरू” उचित रूपमा तिर्न सकिन्छ। यदि अझै पनि नक्कली सामानहरू छन् भने, तिनलाई जफत गरिनेछ, ताकि तिनलाई बेच्न नसकियोस्, त्यसपछि चोरी-पैठारीका सामानहरू नष्ट गरिनेछ। के यो काम गर्ने असल तरिका होइन र?

## अध्याय १९

मानिसहरूको कल्पनाअनुसार, परमेश्वर अत्यन्तै उच्च हुनुहुन्छ, र उहाँ बुझ्न नसकिने हुनुहुन्छ भन्ने देखिन्छ। यस्तो लाग्छ मानौं परमेश्वर मानवजातिको बीचमा जिउनुहुन्न र मानौं उहाँ अत्यन्तै उच्च हुनुभएको कारणले उहाँले मानिसहरूलाई तिरस्कार गर्नुहुन्छ। तर, परमेश्वरले मानिसहरूका धारणाहरूमा प्रहार गर्नुहुन्छ, र तिनीहरू सबैलाई हटाउनुहुन्छ, र तिनीहरूलाई “चिहानमा” गाड्नुहुन्छ, जहाँ तिनीहरू खरानीमा परिणत हुन्छन्। मानवजातिका धारणाहरूप्रति परमेश्वरको मनोवृत्ति मृतकहरूप्रतिको उहाँको मनोवृत्तिसरह हुन्छ, र यसरी उहाँले तिनीहरूलाई स्वेच्छाले परिभाषित गर्नुहुन्छ। “धारणाहरू” को कुनै प्रतिकूल प्रभाव हुँदैन भन्ने देखिन्छ; त्यसकारण, परमेश्वरले संसारको सृष्टिदेखि आजको दिनसम्मै यो काम गर्दै आइरहनुभएको छ, र कहिल्यै पनि रोकिनुभएको छैन। देहको कारण, मानिसहरू शैतानद्वारा भ्रष्ट तुल्याइएका छन्, र पृथ्वीमा शैतानले गरेका कार्यहरूको कारण, मानिसहरूले आफ्ना अनुभवहरूको क्रममा हरप्रकारका धारणाहरूको निर्माण गर्छन्। यसलाई “प्राकृतिक निर्माण” भनिन्छ। यो परमेश्वरले पृथ्वीमा गर्नुहुने कामको अन्तिम चरण हो, त्यसकारण उहाँको कामको विधि चरम बिन्दुमा पुगेको छ, र उहाँले मानिसहरूलाई तालिम दिने कार्यलाई तीव्र तुल्याउँदै हुनुहुन्छ, ताकि परमेश्वरको इच्छालाई सन्तुष्ट तुल्याउँदै उहाँको अन्तिम कार्यमा तिनीहरूलाई पूर्ण बनाउन सकियोस्। यसभन्दा पहिले, मानवजातिमाझ पवित्र आत्माको अन्तर्दृष्टि र ज्योति मात्रै थिए, तर परमेश्वर स्वयम्ले बोल्नुभएका कुनै वचनहरू थिएनन्। जब परमेश्वरले आफ्नै आवाजमा बोल्नुभयो, सबै जना चकित भए, र आजका वचनहरू अझै पहेलीपूर्ण छन्। तिनीहरूको अर्थ बुझ्न अझै कठिन छ, र मानिसहरू अन्योलमा परेका देखिन्छन्, किनभने उहाँका वचनहरूमध्ये पचास प्रतिशत उद्धरण चिन्हभित्र आउँछन्। “जब म बोल्छु, मानिसहरूले मन्त्रमुग्ध भई मेरो आवाजलाई सुन्छन्; तैपनि जब म चुप

बस्छु, तब तिनीहरूले आफ्नै 'काम-कुरा' सुरु गर्न थाल्छन्।" यस अनुच्छेदमा उद्धरण चिन्हभित्र राखिएको वचन समावेश छ। परमेश्वरले यहाँजस्तै जति हास्यभाव सहित बोल्नुहुन्छ, त्यति नै ती वचनहरूले मानिसहरूलाई पढ्न आकर्षित गर्छन्। मानिसहरू ढुक्क अवस्थामा हुँदा तिनीहरूले निराकरणलाई स्वीकार गर्न सक्छन्। तैपनि, यो मूलभूत रूपमा मानिसहरूले परमेश्वरका वचनहरू नबुझ्दा तिनीहरूलाई निरूत्साहित वा निराश हुन नदिनको लागि हो। यो शैतानविरुद्धको परमेश्वरको युद्धको रणनीति हो। यसरी मात्रै मानिसहरू परमेश्वरका वचनहरूप्रति इच्छुक रहिरहन र तिनीहरूले वचनको प्रवाहलाई पछ्याउन नसक्दा पनि तिनलाई ध्यान दिइरहन सक्छन्। तैपनि, उद्धरण चिन्हभित्र समावेश नगरिएका उहाँका सबै वचनहरूमा ठूलो मोहकपन छ, त्यसकारण ती वचनहरू अझ बढी चाखलाग्दा बन्छन् र तिनले मानिसहरूलाई परमेश्वरका वचनहरू अझै मन पराउने तुल्याउँछन् र तिनीहरूको हृदयमा उहाँका वचनहरूको मिठास अनुभूति गराउँछन्। परमेश्वरका वचनहरू विभिन्न रूपमा आउने हुनाले, र ती प्रचुर र विविध हुने भएकाले, र परमेश्वरका धेरै वचनहरूमा नामपदहरूलाई नदोहोर्‍याइएको हुनाले, तिनीहरूको तेस्रो अर्थमा, मानिसहरूले परमेश्वर सधैँ नयाँ हुनुहुन्छ र कहिल्यै पुरानो हुनुहुन्न भन्ने अनुभूति गर्छन्। उदाहरणको लागि: "म मानिसहरूलाई 'उपभोक्ताहरू' मात्रै बन्न अनुरोध गर्दिन; म तिनीहरूलाई 'उत्पादकहरू' बन्न पनि अनुरोध गर्छु, जसले शैतानलाई हराउँछन्।" त्यस वाक्यमा समावेश "उपभोक्ताहरू" र "उत्पादकहरू" भन्ने शब्दहरूको अर्थ विगतमा बोलिएका केही वचनहरूको अर्थ जस्तै छ, तर परमेश्वर अलचिलो हुनुहुन्न; बरु, उहाँले मानिसहरूलाई उहाँको ताजापनको महसुस गराउनुहुन्छ र तिनीहरूलाई परमेश्वरको प्रेमलाई कदर गर्ने तुल्याउनुहुन्छ। परमेश्वरको वचनमा संलग्न हास्य-भावमा मानवजातिप्रतिको उहाँका न्याय र मापदण्डहरू समावेश छन्। उहाँका सबै वचनहरूको उद्देश्यहरू हुने हुनाले, तिनीहरूको अर्थ हुने हुनाले, उहाँको हास्य-भाव केवल माहौल हल्का बनाउन वा मानिसहरूलाई हाँसोले गुन्जाउनको लागि बोलिँदैन, न त यो तिनीहरूको मांसपेशीलाई शान्त पार्नको लागि मात्रै बोलिएको हो। बरु, परमेश्वरको हास्य-भावको अभिप्राय त मानिसहरूलाई फेरि कहिल्यै बन्धनमा नपर्ने गरी पाँच हजार वर्षको बन्धनबाट मुक्त गर्नु हो, ताकि तिनीहरूले अझै राम्ररी परमेश्वरका वचनहरूलाई स्वीकार गर्न सकून्। परमेश्वरको विधि भनेको औषधि निल्न सहायता गर्नको लागि एक चम्चा चिनीको प्रयोग गर्नु जस्तै हो; उहाँले मानिसहरूलाई जबरजस्ती तीतो औषधि निल्न लगाउनुहुन्न। गुलियोपनभित्र तिक्तता छ, र तिक्तताभित्र गुलियोपन छ।

"जब पूर्वमा ज्योतिको धिपधिपे प्रकाश उदाउँछ, तब ब्रह्माण्डका सारा मानिसहरूले यसमा अलिक बढी ध्यान दिन्छन्। उप्रान्त झुल्न छोडेका मानिसहरू यो पूर्वीय ज्योतिको स्रोतलाई हेर्न अघि बढ्छन्। तिनीहरूको सीमित क्षमताको कारण, ज्योति कहाँबाट आएको हो भन्ने कुरालाई कसैले पनि देख्न सक्षम भएका छैनन्।" यो परमेश्वरका पुत्रहरू र उहाँका मानिसहरूका बीचमा मात्रै होइन, ब्रह्माण्डमा जतातत‍ै भइरहेको छ। धार्मिक क्षेत्रका मानिसहरू र अविश्वासीहरू सबैले यही प्रतिक्रिया दिन्छन्। परमेश्वरको ज्योति चम्की निस्केको क्षणमा, तिनीहरूको हृदयमा सबै कुरा क्रमिक रूपमा परिवर्तन हुन्छन्, र तिनीहरूले अनजानमै आफ्नो जीवन अर्थहीन भएको र मानव

जीवन मूल्यहीन भएको पत्ता लगाउन थाल्छन्। मानिसहरूले भविष्यको खोजी गर्दैनन्, भोलिको बारेमा विचार गर्दैनन्, वा भोलिको बारेमा चिन्ता गर्दैनन्; बरु, तिनीहरू सबैले "जवान" हुँदै खानु र पिउनुपर्छ र अन्तिम दिन आउँदा यस्तो कार्य गरेर उचितै गरिएछ भन्ने अनुभूति हुनेछ भन्ने विचार बोकेर हिँड्छन्। मानिसहरूसँग संसारलाई शासन गर्ने कुनै इच्छा छैन। संसारप्रतिको मानवजातिको प्रेमको जोसलाई "दियाबलस" ले पूर्ण रूपमा चोरिदिएको थियो, तर यसको जड के हो भन्ने कसैलाई पनि थाहा छैन। तिनीहरूले गर्न सक्ने भनेको एक-अर्कालाई जानकारी दिँदै यता-उता दौडनु मात्र हो, किनभने परमेश्वरको दिन अहिलेसम्म आएको छैन। एक दिन, हरेकले बुझ्न नसकिने सबै रहस्यहरूका उत्तरहरू देख्नेछन्। परमेश्वरले "मानिसहरू निन्द्रा र सपनाबाट बिउँझन्छन्, र त्यसपछि मात्रै मेरो दिन तिनीहरूकहाँ बिस्तारै आएको छ भन्ने कुरालाई तिनीहरूले महसुस गर्छन्" भनी भन्नुहुँदा उहाँको आशय यही थियो। जब समय आउँछ, परमेश्वरका सबै मानिसहरू "म पृथ्वीमा हुँदा नै तिनीहरूको आफ्नै भूमिका निर्वाह गर्नको लागि प्रतीक्षा गर्दै" बस्ने हरियो पात जस्तै हुनेछन्। परमेश्वरले आफ्नो आवाज निकाल्नुभएपछि पनि चीनमा रहेका परमेश्वरका मानिसहरूमध्ये धेरै जना पछि हट्छन्, त्यसकारण परमेश्वर भन्नुहुन्छ, "तैपनि, तथ्यहरूलाई परिवर्तन गर्न नसक्ने हुनाले, मैले गर्ने दण्डाज्ञाको घोषणाको लागि प्रतीक्षा गर्न बाहेक तिनीहरूले केही पनि गर्दैनन्।" तिनीहरूमध्ये कतिपयलाई अझै पनि हटाइनेछ–अपरिवर्तनीय अवस्थामा सबै जना रहनेछन् भन्ने छैन। बरु, मानिसहरूलाई जाँच गरिएपछि मात्रै तिनीहरूले मापदण्ड पूरा गर्न सक्छन्, जसबाट तिनीहरूलाई "गुणस्तर प्रमाणपत्र" दिइन्छ; नत्र भने, तिनीहरू फोहोरको थुप्रोमा फ्याँकिएका रद्दी बन्नेछन्। परमेश्वरले अटुट रूपमा मानवजातिको साँचो स्थितिलाई औँल्याउनुहुन्छ, ताकि मानिसहरूले परमेश्वरका रहस्यहरूलाई झन्-झन् बढी अनुभव गर्न सकून्। "यदि उहाँ परमेश्वर नहुनुभएको भए, उहाँले कसरी हाम्रो साँचो स्थितिलाई त्यति राम्ररी जान्न सक्नुहुन्थ्यो?" तैपनि, मानिसहरूको कमजोरीको कारण, "मानिसहरूको हृदयमा, म न त उच्च छु न त नीच नै छु। तिनीहरूको लागि त, म भए पनि नभए पनि त्यसले केही फरक पार्दैन।" के वास्तविकतासँग मिल्ने सबै मानिसहरूको स्थिति ठीक यस्तै छैन र? जहाँसम्म मानवको कुरा छ, तिनीहरूले परमेश्वरको खोजी गर्दा उहाँ अस्तित्वमा हुनुहुन्छ तर तिनीहरूले उहाँको खोजी नगर्दा उहाँ अस्तित्वमा हुनुहुन्न। अर्को शब्दमा भन्दा, तिनीहरूलाई उहाँको सहायता चाहिएको क्षणमा परमेश्वर तिनीहरूको हृदयमा अस्तित्वमा आउनुहुन्छ, तर जब तिनीहरूलाई अबउप्रान्त उहाँको आवश्यकता पर्दैन, उहाँ अबउप्रान्त अस्तित्वमा रहनुहुन्न। मानिसहरूको हृदयभित्र यही कुरा हुन्छ। वास्तविकतामा, सबै "नास्तिकहरू" लगायत पृथ्वीका सबैले यसरी नै विचार गर्छन्, र परमेश्वरसम्बन्धी तिनीहरूको "भावना" पनि अस्पष्ट र धमिलो हुन्छ।

"त्यसकारण, पहाडहरू भूमिमा राष्ट्रहरूको बीचका सिमानाहरू बन्छन्, नदी र समुद्रहरू फरक-फरक ठाउँका मानिसहरूलाई अलग राख्ने अवरोधहरू बन्छन्, र हावा पृथ्वी माथिको अन्तरिक्षमा व्यक्ति-व्यक्तिबीच बहने कुरा बन्छ।" संसारको सृष्टि गर्ने क्रममा परमेश्वरले गर्नुभएको काम यही हो। यो कुरालाई यहाँ समावेश गरिनु मानिसहरूको लागि पहेलीपूर्ण हुन्छ: के परमेश्वरले अर्को संसार सृष्टि गर्ने चाहना गर्नुभएको हुन सक्छ? यसो भन्दा अत्योक्ति नहोला: जब-जब परमेश्वर

बोल्नुहुन्छ, उहाँको वचनमा संसारको सृष्टि, व्यवस्थापन, र विनाशको कुरा समावेश हुन्छ; यति मात्रै हो कि, कहिलेकहीँ ती स्पष्ट हुन्छन्, र कहिलेकहीँ ती अस्पष्ट हुन्छन्। परमेश्‍वरका सबै व्यवस्थापन उहाँका वचनहरूमा सम्मिलित हुन्छन्; यति मात्रै हो कि मानिसहरूले तिनलाई पत्ता लगाउन सक्दैनन्। परमेश्‍वरले मानवलाई दिनुहुने आशिष्‌हरूले तिनीहरूको विश्‍वासलाई सयगुना वृद्‌धि गराउँछ। बाहिरबाट हेर्दा, परमेश्‍वरले तिनीहरूलाई प्रतिज्ञा गरिरहनुभएको देखिन्छ, तर सारगत हिसाबमा यो उहाँका राज्यका मानिसहरूको लागि परमेश्‍वरले तोक्नुभएका मापदण्डहरू हुन्। प्रयोगयोग्य मानिसहरू निरन्तर जिइरहनेछन्, जबकि अयोग्यहरूलाई स्वर्गबाट झर्ने संकष्टले निलिदिनेछ। "आकाशमा बटारिने चट्याङ्गले तलका मानिसलाई प्रहार गर्नेछ; पहाडहरू झर्ने क्रममा, तिनले तिनीहरूलाई पुर्नेछन्; भोकाएका जङ्गली जनावरहरूले तिनीहरूलाई निल्नेछन्; र समुद्रहरू उर्लेर आई तिनीहरूका शिरमा बजारिनेछन्। मानवजाति फूटको सङ्घर्षमा संलग्न हुने क्रममा, सारा मानिसहरूले तिनीहरूका बीचमा पैदा हुने विपत्तिहरूमा आफ्नै विनाशको खोजी गर्नेछन्।" मापदण्डको स्तरमा नपुग्नेहरू र पछि परमेश्‍वरको राज्यको मुक्तिमा नल्याइनेहरूलाई गरिने "विशेष व्यवहार" यही नै हो। "मेरो ज्योतिको अगुवाइमा, तिमीहरूले अवश्य नै अन्धकारको शक्तिको पकडलाई तोड्नेछौ। अन्धकारको बीचमा तिमीहरूलाई अगुवाइ गर्ने ज्योतिलाई तिमीहरूले अवश्य नै गुमाउनेछैनौ" भन्ने जस्ता कुराहरू परमेश्‍वरले जति बढी भन्नुहुन्छ, मानिसहरू आफ्नो जिम्मेवारीप्रति त्यति नै सचेत बन्छन्; तसर्थ, तिनीहरूसँग नयाँ जीवनको खोजी गर्ने अझै बढी विश्‍वास हुन्छ। परमेश्‍वरले मानवलाई तिनीहरूले उहाँलाई मागेअनुसार दिनुहुन्छ। परमेश्‍वरले तिनीहरूलाई निश्‍चित हदसम्म खुलासा गरिसक्नुभएपछि, उहाँले उत्तम परिणाम प्राप्त गर्नको लागि आशिष्‌को शैली प्रयोग गर्दै आफ्नो बोल्ने तरिकालाई परिवर्तन गर्नुहुन्छ। यसरी मानवजातिका लागि यस्ता मापदण्डहरू तय गर्दा थप व्यवहारिक परिणामहरू प्राप्त हुन्छन्। सबै मानिसहरू आफ्ना समकक्षीहरूसँग व्यापार-व्यवसायको बारेमा कुरा गर्न इच्छुक हुन्छन्—तिनीहरू सबै व्यापार-व्यवसायका विशेषज्ञ हुन्—त्यसैले, परमेश्‍वरले यसो भन्ने क्रममा यही कुरालाई प्रस्तुत गरिरहनुभएको थियो। त्यसो भए, "सिनिम" भनेको के हो त? परमेश्‍वरले पृथ्वीको राज्यलाई उल्लेख गर्नुभएको होइन, जुन राज्यलाई शैतानले भ्रष्ट तुल्याएको छ, उहाँले त परमेश्‍वरबाट आएका सबै स्वर्गदूतहरूको समूहलाई जनाउनुभएको हो। "दह्रिलो गरी र अटल रूपमा खडा हुनेछौ" भन्ने वचनहरूले के इङ्गित गर्छन् भने, स्वर्गदूतहरूले शैतानका सबै शक्तिहरूलाई तोडेर सम्पूर्ण ब्रह्माण्डभरि सिनिम स्थापित गर्नेछन्। तसर्थ, सिनिमको वास्तविक अर्थ भनेको पृथ्वीका सबै स्वर्गदूतहरूको समूह हो, र यहाँ यसले पृथ्वीमा हुनेहरूलाई जनाउँछ। त्यसकारण, पृथ्वीपछि अस्तित्वमा रहने राज्यलाई "सिनिम" भनिनेछ, "राज्य" होइन। पृथ्वीको "राज्य" को कुनै वास्तविक अर्थ छैन; सारगत रूपमा, यो सिनिम नै हो। तसर्थ, यी वचनहरूलाई सिनिमको परिभाषासँग जोड्दा मात्रै यी वचनहरूको साँचो अर्थलाई बुझ्न सकिन्छ, "अवश्य नै सम्पूर्ण ब्रह्माण्डमा मेरो महिमालाई चम्काउनेछौ।" यसले भविष्यमा पृथ्वीका सबै मानिसहरूको वर्गलाई प्रदर्शन गर्छ। सिनिमका मानिसहरू पृथ्वीका सबै मानिसहरूले सजाय भोगेपछि तिनीहरूमाथि शासन गर्ने राजाहरू हुन्। सिनिमका मानिसहरूले गर्ने व्यवस्थापनको कारण, पृथ्वीका सबै कुरा सामान्य रूपमा

सञ्चालित हुनेछन्। यो परिस्थितिको खाकाबाहेक केही पनि होइन। सबै मानिसहरू परमेश्‍वरको राज्यमा रहनेछन्, अर्थात्, तिनीहरूलाई सिनिममा नै राखिनेछ। पृथ्वीका मानिसहरूले स्वर्गदूतहरूसँग कुराकानी गर्न सक्नेछन्। तसर्थ, स्वर्ग र पृथ्वी जोडिनेछ; वा, अर्को शब्दमा भन्दा, स्वर्गका दूतहरूजस्तै पृथ्वीका सबै मानिसहरू परमेश्‍वरमा समर्पित हुनेछन् र तिनीहरूले उहाँलाई प्रेम गर्नेछन्। त्यो बेला, परमेश्‍वर पृथ्वीका सबै मानिसहरूकहाँ खुलेआम देखा पर्नुहुनेछ र तिनीहरूलाई आफ्नो नाङ्गो आँखाले उहाँको साँचो अनुहार देख्न अवसर दिनुहुनेछ, र तिनीहरूका सामु कुनै पनि समय उहाँले आफूलाई प्रकट गर्नुहुनेछ।

## अध्याय २०

परमेश्‍वरले सबै मानवजातिको सृष्टि गर्नुभयो, र मानवजातिलाई आजको दिनसम्म डोर्‍याएर ल्याउनुभएको छ। तसर्थ, मानिसको बीचमा हुने सबै कुरा परमेश्‍वरलाई थाहा छ: उहाँले मानिसको संसारको तिक्तताको बारेमा जान्नुहुन्छ छ, मानिसको संसारको मिठासको बारेमा बुझ्नुहुन्छ, त्यसकारण हरेक दिन उहाँले सबै मानवजातिको जीवनका अवस्थाहरूको बारेमा व्याख्या गर्नुहुन्छ, अनि मानवजातिका कमजोरी र भ्रष्टतालाई निराकरण गर्नुहुन्छ। सबै मानवजाति अतल कुण्डमा फ्याँकियोस् भन्ने परमेश्‍वरको इच्छा छैन वा सम्पूर्ण मानवजातिले मुक्ति पाओस् भन्ने उहाँको इच्छा छ। परमेश्‍वरका कार्यहरूको पछाडि सधैँ नै सिद्धान्त हुन्छ, तैपनि उहाँले गर्नुहुने सबै कुराका नियमहरूलाई कसैले पनि बुझ्न सक्दैन। जब मानिसहरूलाई परमेश्‍वरको प्रताप र क्रोधको बारेमा थाहा हुन्छ, परमेश्‍वरले तुरुन्तै आफ्नो शैलीलाई कृपा र प्रेमको शैलीमा बदल्नुहुन्छ, तर जब मानिसहरूले परमेश्‍वरको कृपा र प्रेमलाई जान्न पुग्छन्, तब उहाँले आफ्नो शैलीलाई फेरि तुरन्तै बदल्नुहुन्छ, र उहाँका वचनहरू खान कठिन तुल्याउनुहुन्छ, मानौं ती जिउँदा कुखुरा हुन्। परमेश्‍वरका सबै वचनहरूमा, सुरुवातलाई कहिल्यै पनि दोहोर्‍याइएको छैन, र उहाँका कुनै पनि वचनहरू हिजोका वाणीहरूको सिद्धान्तअनुसार बोलिएको छैन; शैली समेत उस्तै छैन, र विषयवस्तुमा कुनै सम्बन्ध छैन—यी सबै कुराले मानिसहरूलाई अझै चकित तुल्याउँछ। परमेश्‍वरको बुद्धि, र उहाँको स्वभावको प्रकाश यही हो। उहाँले मानिसहरूका धारणाहरूलाई छरपस्ट पार्न, परमेश्‍वरका कार्यहरूमा विष हाल्ने शैतानको मौका खोस्दै शैतानलाई अन्योलमा पार्न उहाँको बोल्ने शैली र तरिकाको प्रयोग गर्नुहुन्छ। परमेश्‍वरका कार्यहरूको आश्‍चर्यपनले मानिसहरूको मनलाई परमेश्‍वरका वचनहरूको वरिपरि घुम्ने तुल्याउँछ। तिनीहरूलाई आफ्नै घरको मूल ढोका पत्ता लगाउन पनि हम्मे-हम्मे पर्छ, र तिनीहरूलाई आफूले कहिले खाने वा विश्राम गर्ने भन्ने पनि थाहा हुँदैन, यसरी “परमेश्‍वरको लागि समर्पित हुन निन्द्रा र खाना त्याग्ने” कार्य साँचो रूपमा हासिल गरिन्छ। तैपनि यस बिन्दुमा समेत, परमेश्‍वर वर्तमान परिस्थितिहरूप्रति असन्तुष्ट नै रहनुहुन्छ, र मानिससँग सधैँ रिसाएको अवस्थामा नै रहनुहुन्छ, यसरी उसलाई उसको साँचो हृदय प्रस्तुत गर्न बाध्य पार्नुहुन्छ। नत्र, परमेश्‍वरले अलिकति कोमलता देखाउनेबित्तिकै, मानिसहरूले तुरुन्तै “आज्ञापालन” गर्छन् र लापरवाही बन्छन्। मानिसको नीचपन यही हो; उसलाई हल्कासँग छोड्नु

हुँदैन, बरु उसलाईत अघि बढाउनको लागि कुट्ने वा घिस्याउने गर्नैपर्छ। "मैले नियाल्ने सबैमध्ये, कसैले पनि मलाई जानी-जानी र प्रत्यक्ष रूपमा खोजी गरेको छैन। तिनीहरू सबै अरूले कर गरेको कारण मकहाँ आउँछन्, बहुसंख्यकलाई पछ्याउँछन्, अनि तिनीहरू आफ्नो जीवनलाई समृद्ध तुल्याउन मूल्य चुकाउन वा समय बिताउन अनिच्छुक छन्।" पृथ्वीका सबैको परिस्थितिहरू यस्तै छन्। तसर्थ, प्रेरितहरू वा अगुवाहरूको कार्यविना, सबै मानिसहरू धेरै पहिले नै छरपष्ट भइसकेका हुनेथिए, त्यसकारण युगौंयुगसम्म कहिल्यै पनि प्रेरितहरू र अगमवक्ताहरूको कमी भएको छैन।

यी वाणीहरूमा, परमेश्‍वरले सबै मानवजातिको जीवनका अवस्थाहरूलाई सारांशित गर्ने कार्यलाई विशेष ध्यान दिनुभएको छ। निम्नलगायतका वचनहरू यस्तै प्रकारका वचनहरू हुन्: "मानिसको जीवनमा अलिकति पनि न्यानोपन छैन, र उसमा मानवता वा ज्योतिको अलिकति पनि छाप छैन–तैपनि केही पनि हासिल नगरीकन दौडधूप गर्दै मूल्यहीन जीवनकाल बिताउँदै, ऊ सधैँ आफैमा लुप्त हुन्छ। आँखा झिमिक्क गर्दा, मृत्युको दिन नजिक आइपुग्छ, र मानिस तीतो मृत्यु मर्छन्।" परमेश्‍वरले आजको दिनसम्म मानवजातिको अस्तित्वलाई अगुवाइ गर्नुभएको छ, तैपनि किन मानिसको संसारमा जीवनको रिक्ततालाई पनि प्रकट गर्नुहुन्छ त? अनि किन उहाँले सबै मानिसहरूको सम्पूर्ण जीवनलाई "ऊ हतारमा आउँछ, र हतारमा जान्छ" भनेर व्याख्या गर्नुहुन्छ त? के भन्न सकिन्छ भने, यो सबै परमेश्‍वरको योजना हो, यो सबै परमेश्‍वरले तोक्नुभएको कुरा हो, त्यसकारण, अर्को हिसाबमा यसले परमेश्‍वरले कसरी ईश्‍वरीयताको जीवनबाहेक सबैलाई घृणा गर्नुहुन्छ भन्ने कुरालाई प्रतिबिम्बित गर्छ। परमेश्‍वरले नै सबै मानवजातिको सृष्टि गर्नुभएको भए पनि, उहाँ सबै मानवजातिको जीवनप्रति कहिल्यै प्रसन्‍न हुनुभएको छैन, त्यसकारण उहाँले मानवजातिलाई शैतानको भ्रष्टतामा मात्रै जिउन दिनुहुन्छ। मानवजाति यो प्रक्रिया भएर गएपछि, उहाँले मानवजातिलाई कि त नष्ट गर्नुहुनेछ कि त मुक्ति दिनुहुनेछ, तसर्थ मानवजातिले पृथ्वीमा एउटा जीवन हासिल गर्नेछ जुन रित्तो छैन। यो सबै परमेश्‍वरको योजनाको भाग हो। त्यसकारण, मानिसको चेतनामा जहिल्यै पनि एउटा कामना हुन्छ, जसले गर्दा व्यक्ति खुशीसाथ निर्दोष रूपमा मर्न तयार हुन्छ–तर यो कामना हासिल गर्नेहरू भनेका आखिरी दिनहरूका मानिसहरू मात्रै हुन्। आज, मानिसहरू अझै पनि अपरिवर्तनीय रिक्ततामा जिउँछन् र तिनीहरू अझै पनि अदृश्य कामनाको प्रतीक्षा गर्छन्: "जब म मेरा हातले मेरो अनुहार छोप्छु, र मानिसहरूलाई भूमिभन्दा मुनि थिच्छु, तिनीहरू तुरुन्तै सास फेर्न असमर्थ हुन्छन्, र जसोतसो बाँच्छन्। मैले तिनीहरूलाई नष्ट गर्नेछु भनेर डरले थरथर काम्दै तिनीहरू सबैले मलाई पुकार्छन्, किनभने तिनीहरू सबैले मैले महिमा प्राप्त गर्ने दिनलाई देख्न चाहन्छन्।" सबै मानिसहरूका परिस्थितिहरू यस्तै हुन्छन्। तिनीहरू सबै "अक्सिजन" रहीत "शून्यता" मा जिउँछन्, जसले गर्दा तिनीहरूलाई सास फेर्न कठिन हुन्छ। परमेश्‍वरले सबै मानवजातिको अस्तित्वलाई आड दिन मानिसको चेतनाको कामना प्रयोग गर्नुहुन्छ; नत्र, सबै जना "घर छोडेर भिक्षु बन्नेथिए," जसको परिणामस्वरूप, मानवजाति लोप हुनेथिए, र तिनीहरूको अस्तित्व समाप्त हुनेथियो। यसर्थ, परमेश्‍वरले मानिसलाई दिनुभएको प्रतिज्ञाको कारण मानिस आजसम्म बाँचेको छ। सत्यता यही हो, तर मानिसले कहिल्यै पनि यो नियम पत्ता लगाएको छैन, त्यसकारण ऊ किन "उसमाथि दोस्रोपटक मृत्यु आइपर्नेछ भन्ने गहन

डरको कारण" भन्ने उसलाई थाहा छैन। मानव भएर जिइरहने साहस कसैसँग पनि छैन, तैपनि मर्ने साहस पनि कसैसँग छैन, तसर्थ, मानिसहरूले "तीतो मृत्यु मर्छन्" भनी परमेश्वर भन्नुहुन्छ। मानिसहरूको बीचको साँचो स्थिति यस्तै हुन्छ। सायद, तिनीहरूको भविष्यका आशाहरूमा, कतिपय मानिसहरूले वाधाहरू र मृत्युको विचारको सामना गरेका छन्, तर यी विचारहरू कहिल्यै पूरा भएका छैनन्; सायद, कतिपयमा पारिवारिक द्वन्द्वको कारण मृत्युका विचार आएका छन्, तर तिनीहरूको प्रियजनप्रतिको फिक्रीको कारण तिनीहरूले आफ्नो त्यो कामना पूरा गर्न सक्दैनन्; र सायद, कतिपयको विवाह सम्बन्धमा धक्का लागेको कारण तिनीहरूले मृत्युको बारेमा सोचेका छन्, तर तिनीहरू यसबाट भएर जान अनिच्छुक छन्। तसर्थ, मानिसहरू आफ्नो हृदयमा गुनासाहरू वा अनन्त खेदहरू लिएर मर्छन्। सबै मानिसहरूका विभिन्न परिस्थितिहरू यस्तै हुन्छन्। मानिसको वृहत् संसारलाई नियाल्दा, मानिसहरू अन्त्यहीन प्रवाहमा आउँछन् र जान्छन्, अनि जिउनुमा भन्दा मर्नुमा अझै बढी आनन्द छ भन्ने तिनीहरूलाई लागे पनि, तिनीहरूले अझै पनि ओठे-सेवा मात्र गर्छन्, र कोही पनि मरेर फेरि फर्केर आई जीवितहरूलाई मृत्युको आनन्द कसरी लिने भनेर बताउँदै उदाहरण भएर बाँचेको छैन। मानिसहरू घृणास्पद थोकहरू हुन्: तिनीहरूमा कुनै लाज वा आत्मम्मान छैन, र तिनीहरू सधैँ आफ्नो वचनमा फर्किन्छन्। उहाँको योजनामा, परमेश्वरले उहाँको प्रतिज्ञा प्राप्त गर्ने मानिसहरूको समूहलाई पूर्वनियुक्ति गर्नुभएको छ, तसर्थ परमेश्वर भन्नुहुन्छ, "धेरै आत्माहरू शरीरमा जिएका र धेरै मरेका छन् र यस पृथ्वीमा पुनः जन्मेका छन्। तथापि तिनीहरूमध्ये कसैले पनि राज्यका आशिष्हरूको आनन्द लिने मौका पाएका छैनन्।" आज राज्यका आशिष्हरू प्राप्त गर्ने सबैलाई परमेश्वरले संसारको सृष्टि गर्दा नै पूर्वनिश्चित गर्नुभएको हो। परमेश्वरले यी आत्माहरूलाई आखिरी दिनहरूको अवधिमा देहमा जिउने प्रबन्ध गर्नुभयो, र अन्त्यमा, परमेश्वरले मानिसहरूको यो समूहलाई प्राप्त गर्नुहुनेछ, र तिनीहरूलाई चिनमा रहने बन्दोबस्त मिलाउनुहुनेछ। सारगत हिसाबमा, यी मानिसहरूका आत्मा स्वर्गदूतहरू हुन्, त्यसकारण परमेश्वर भन्नुहुन्छ, "के वास्तवमा मानिसको आत्मामा मेरो कुनै पनि चिन्ह छैन?" वास्तवमा, जब मानिसहरू देहमा जिउँछन्, तिनीहरू आत्मिक क्षेत्रका कामकाजको बारेमा अनजान रहन्छन्। "मानिसले मतर्फ सावधानीपूर्वक नजर लाउँछ" भन्ने यी सरल शब्दहरूबाट परमेश्वरको मनस्थितिलाई देख्न सकिन्छ। यी सरल शब्दहरूमा, परमेश्वरको जटिल मानसिकतालाई व्यक्त गरिन्छ। सृष्टिको समयदेखि अहिलेसम्म, परमेश्वरको हृदयमा सधैँ क्रोध र न्यायसहितको शोक रहिआएको छ, किनभने पृथ्वीका मानिसहरू परमेश्वरको इच्छालाई ध्यान दिन नसक्ने अवस्थामा छन्, र यो कुरा परमेश्वरले भन्नुभएको यो वचन जस्तै छ, "मानिस हिंस्रक पहाड जस्तो छ।" तैपनि परमेश्वरले यसो पनि भन्नुहुन्छ, "त्यो दिन आउने छ जब मानिस शक्तिशाली समुद्रको बीचबाट मेरो छेउमा पौडन्छ, ताकि उसले पृथ्वीका सबै सम्पत्तिहरूको आनन्द लिन सकोस् र समुद्रद्वारा निलिने खतरालाई पछाडि छाडोस्।" यो परमेश्वरको इच्छा हासिल हुनु हो, र यसलाई अपरिहार्य प्रवृतिको रूपमा पनि व्याख्या गर्न सकिन्छ, र यो परमेश्वरको काम पूरा हुनुको प्रतीक हो।

जब राज्य पूर्ण रूपमा पृथ्वीमा झर्छ, सबै मानिसहरूले तिनीहरूको मूल समानता पुनः प्राप्त गर्ने छन्। यसैले परमेश्वर भन्नुहुन्छ, "म मेरो सिंहासनमाथि आनन्द लिन्छु र म ताराहरूका माझ

बस्छु। स्वर्गदूतहरूले मलाई नयाँ गीतहरू र नयाँ नाचहरू अर्पण गर्छन्। तिनीहरूको अनुहारहरूमा अब उसो तिनीहरूको आफ्नै नाजुकताले आँसु बगाउँदैन। अब उसो मेरो अगाडि स्वर्गदूतहरूको रोदनको आवाज म सुन्दिनँ र कसैले पनि मसँग कठिनाइको गुनासो गर्दैन।" यसले यही देखाउँछ कि जुन दिन परमेश्‍वरले पूर्ण महिमा प्राप्त गर्नुहुन्छ त्यही दिन मानिसले आफ्नो आरामको आनन्द लिन्छ; अब उसो मानिसहरू सैतानको बाधाको कारण हतार गर्दैनन्, संसारले अगाडि प्रगति गर्न छोड्ने छ र मानिसहरू आराममा जिउँछन्–किनकि आकाशका असङ्ख्य ताराहरू नवीकरण हुन्छन् अनि सूर्य, चन्द्र, ताराहरू आदि र आकाश र पृथ्वीमा भएका सबै पर्वत र खोलाहरू सबै परिवर्तन हुन्छन्। अनि मानिस परिवर्तन भएको र परमेश्‍वर परिवर्तन हुनुभएको कारण सबै थोकहरू पनि परिवर्तन हुने छन्। परमेश्‍वरको व्यवस्थापन योजनाको आखिरी उद्‌देश्य यही हो र अन्तमा यही कुरा नै हासिल गरिने छ। परमेश्‍वरले यी सबै वचनहरू बोल्नुको उद्‌देश्य मुख्य रूपमा मानिसले उहाँलाई चिनोस् भन्ने नै हो। मानिसहरूले परमेश्‍वरका प्रशासनिक आदेशहरूलाई बुझ्दैनन्। परमेश्‍वरले गर्नुहुने सबै कुरा परमेश्‍वर स्वयम्‌ले योजनाबद्‌ध र बन्दोबस्त गर्नुभएको हो, र परमेश्‍वरले कसैलाई पनि हस्तक्षेप गर्न दिनुहुन्न; बरु, उहाँले मानिसहरूलाई सबै कुरा उहाँले नै बन्दोबस्त गर्नुभएको हो र त्यसलाई मानिसले परिवर्तन गर्न सक्दैन भनेर देखाउनुहुन्छ। मानिसले यस कुरालाई देख्न सके पनि, वा कल्पना गर्न कठिन भए पनि, सबै कुरालाई परमेश्‍वरले मात्रै नियन्त्रण गर्नुहुन्छ, र परमेश्‍वर मानव विचारबाट अलिकति पनि कलङ्‌कित हुन चाहनुहुन्न। यस कार्यमा अलिकति पनि सहभागी हुने कसैलाई पनि परमेश्‍वरले अवश्य नै क्षमा गर्नुहुनेछैन; परमेश्‍वर मानिसप्रति डाहा गर्ने परमेश्‍वर हुनुहुन्छ, र यस हिसाबमा परमेश्‍वरको आत्मा खास रूपमा संवेदनशील हुनुहुन्छ भन्ने देखिन्छ। यसर्थ, जोसँग हस्तक्षेप गर्ने थोरै अभिप्राय छ, उसलाई परमेश्‍वरका विनाशक ज्वालाहरूले तुरुन्तै जलाउँछ, र तिनीहरूलाई आगोमा खरानी पार्छ। परमेश्‍वरले मानिसहरूलाई आफूलाई जसरी मन लाग्यो त्यसरी आफ्ना वरदानहरू देखाउने अनुमति दिनुहुन्न, किनभने वरदानप्राप्त सबै मानिसहरू जीवनरहित हुन्छन्; यी तथाकथित वरदानहरूले परमेश्‍वरको सेवा मात्रै गर्छन्, र ती शैतानबाट आएका हुन्छन्, यस कुरालाई नत्याग्ने मानिसहरूलाई परमेश्‍वरले विशेष रूपमा घृणा गर्नुहुन्छ। तैपनि जीवन नभएका मानिसहरूले नै परमेश्‍वरको काममा सहभागिता जनाउने सम्भावना हुन्छ, यसको साथै, तिनीहरूको सहभागितालाई अरूले पत्ता लगाउन सकेका हुँदैनन्, किनभने यसलाई तिनीहरूका वरदानहरूले ढाकेको हुन्छ। युगौंयुगसम्म, वरदान प्राप्त गरेकाहरू कहिल्यै पनि दह्रिलो गरी खडा हुन सकेका छैनन्, किनभने तिनीहरू जीवनरहित हुन्छन्, र तिनीहरूमा प्रतिरोधको कुनै पनि शक्ति हुँदैन। त्यसकारण, परमेश्‍वर भन्नुहुन्छ, "यदि मैले स्पष्ट रूपमा बोलिन भने, मानिस कहिल्यै पनि होसमा आउनेछैन, र अनजानमा मेरो सजायमा पर्नेछ–किनभने मानिसले मेरो देहमा रहेको मलाई चिन्दैन।" सबै देह र रगत परमेश्‍वरकै अगुवाइमा हुन्छन्, तैपनि ती शैतानको बन्धनमा पनि बाँच्छन्, त्यसकारण एक-अर्कासँग मानिसहरूको सम्बन्ध कहिल्यै पनि सामान्य रहेको छैन, चाहे त्यो अभिलाषा वा अत्यन्तै घनिष्ठताको कारण, या त तिनीहरूको वातावरणको बन्दोबस्तहरूको कारण नै किन नहोस्। त्यस्ता असामान्य सम्बन्धहरूलाई नै परमेश्‍वरले सबैभन्दा बढी घृणा गर्नुहुन्छ, तसर्थ त्यस्ता सम्बन्धहरूको कारणले

गर्दा नै निम्नलगायतका वचनहरू परमेश्‍वरको मुखबाट आउँछन्: “म जीवनले भरिपूर्ण जीवित प्राणीहरू चाहन्छु, मृत्युमा जाकिएका लासहरू होइन। म राज्यको टेबलमा बसेको हुनाले, म पृथ्वीका सबै मानिसहरूलाई मेरो निरीक्षण ग्रहण गर्न लगाउनेछु।” जब परमेश्‍वर सम्पूर्ण ब्रह्माण्डभन्दा माथि हुनुहुन्छ, हरेक दिन उहाँले ती देह र रगतका हरेक कार्य अवलोकन गर्नुहुन्छ, र कहिल्यै पनि तिनीहरूमध्ये एउटालाई समेत बेवास्ता गर्नुभएको छैन। परमेश्‍वरका कार्यहरू यिनै हुन्। त्यसकारण, म सबै मानिसहरूलाई तिनीहरूका आफ्नै सोचाइ, विचार, र कार्यहरूलाई जाँच्न अनुरोध गर्छु। तँ परमेश्‍वरको निम्ति शर्मको प्रतीक बन् भनेर होइन, परमेश्‍वरको महिमाको प्रकटीकरण बन् भनेर अनुरोध गर्छ, ताकि तेरा सबै कार्यहरू, वचनहरू, र जीवनमा, तँ शैतानको चुट्किलाको निसाना नबन्। यो सबै मानिसहरूलाई परमेश्‍वरले दिनुभएको मापदण्ड हो।

# अध्याय २१

परमेश्‍वरको नजरमा, मानिसहरू पशु-प्राणीको संसारका पशु-प्राणीहरू जस्तै हुन्। तिनीहरू एक-अर्कासँग झै-झगडा गर्छन्, एक-अर्कालाई मार्छन्, र एक-अर्कासँग असाधारण अन्तरक्रिया गर्छन्। परमेश्‍वरको नजरमा, तिनीहरू उमेर वा लिङ्ग जे-जस्तो भए पनि एक-अर्काको विरुद्ध षड्यन्त्र गर्ने बनमान्छेहरू जस्ता पनि छन्। त्यसकारण, सारा मानवजातिले गर्ने र प्रकट गर्ने सबै कुरा कहिल्यै पनि परमेश्‍वरको हृदयअनुरूपका थिएनन्। परमेश्‍वरले आफ्नो अनुहार छोप्नुहुने समय नै संसारभरिका सबै मानिसहरूलाई जाँचिने समय हो। सबै मानिसहरू पीडामा आर्तनाद गर्छन्, तिनिहरू सबै महाविपत्तिको खतरामा जिउँछन्, र तिनीहरूमध्ये एक जना पनि परमेश्‍वरको न्यायबाट कहिल्यै उम्केको छैन। वास्तवमा, परमेश्‍वर देह बन्‍नुको प्राथमिक उद्देश्य भनेको मानिसको न्याय गर्नु र उहाँको देहमा उसलाई दोषी ठहर्‍याउनु हो। परमेश्‍वरको मनमस्तिष्कभित्र, कसलाई तिनीहरूका सारअनुसार मुक्ति दिने वा कसलाई नष्ट गर्ने भन्‍ने बारेमा निर्णय गरिएको धेरै भइसकेको छ, र यस कुरालाई अन्तिम चरणको अवधिमा क्रमिक रूपमा स्पष्ट परिनेछ। दिन र महिनाहरू बित्ने क्रममा, मानिसहरू परिवर्तन हुन्छन् र तिनीहरूको मूल स्वरूप प्रकट हुन्छन्। जब अण्डा चिरा पर्दै खोलिइन्छ तब त्यसमा कुखुरा छ कि हाँस छ भन्‍ने कुरा स्पष्टै हुन्छ। अण्डा चिरा पर्ने समय नै पृथ्वीका विपत्तिहरू समाप्त हुने समय हो। यसबाट के देख्न सकिन्छ भने, भित्रपट्टि “कुखुरा” छ कि “हाँस” छ भनेर जान्‍नको लागि, “अण्डा” लाई चिरा पार्नैपर्छ। परमेश्‍वरको हृदयमा भएको योजना यही हो, र यसलाई पूरा गरिनैपर्छ।

“दयनीय, तुच्छ मानवजाति! मानिसले किन मलाई प्रेम गर्छ, तर मेरो आत्माका अभिप्रायहरूलाई पछ्याउन सक्दैन?” मानिसको यो स्थितिको कारण, परमेश्‍वरको इच्छालाई सन्तुष्ट तुल्याउनको लागि ऊ निराकरण भएर जानैपर्छ। मानवजातिप्रतिको परमेश्‍वरको घृणाको कारण, उहाँले धेरैपटक यो कुराको घोषणा गर्नुभएको छ: “ए सबै मानवजातिका विद्रोहीहरू हो! तिनीहरूलाई मेरा पाइतालामुनि किच्याइनैपर्छ; तिनीहरू मेरो सजायद्वारा लोप हुनैपर्छ, र मेरो महान् कार्य समाप्त भएको दिनमा तिनीहरूलाई मानवजातिको बीचबाट हटाइनैपर्छ, ताकि सारा मानवजातिले तिनीहरूको कुरूप अनुहार

जान्न सकून्।” परमेश्वर देहमा सबै मानिसहरूसँग बोलिरहनुभएको छ, र उहाँ आत्मिक क्षेत्रमा शैतानसँग पनि बोलिरहनुभएको छ, जुन सम्पूर्ण ब्रह्माण्डभन्दा माथि छ। परमेश्वरको इच्छा यही नै हो, र परमेश्वरको ६,००० वर्षे योजनाले हासिल गर्नुपर्ने कुरा पनि यही हो।

यथार्थमा, परमेश्वर विशेष रूपमा सामान्य हुनुहुन्छ, र उहाँले आफै उपस्थित भई व्यक्तिगत रूपमा काम गर्नुभयो र तिनलाई आफ्नै आँखाले हेर्नुभयो भने मात्रै पूरा गर्न सकिने कतिपय कुराहरू पनि छन्। यो मानिसहरूले कल्पना गरेजस्तो छैन, सबै कुरा उहाँले चाहनुभएजस्तै अघि बढ्दै जाँदा परमेश्वर पल्टेर बस्नुहुन्न; शैतानले मानिसहरूमा ल्याएको खलबलीको परिणाम यही हो, जसले गर्दा मानिसहरूलाई परमेश्वरको साँचो अनुहारको बारेमा अस्पष्ट तुल्याउँछ। त्यसकारण, अन्तिम युगको अवधिमा, परमेश्वर मानिसको सामु कुनै कुरा नलुकाई आफ्नो वास्तविकता खुलस्त रूपमा प्रकट गर्न देह बन्नुभएको छ। परमेश्वरको स्वभावका कतिपय व्याख्याहरू पूर्ण रूपमा अत्युक्ति हुन्, जस्तै परमेश्वरले एउटा शब्दले वा थोरै विचारले पनि संसारलाई नष्ट गर्न सक्नुहुन्छ भन्ने भनाइ। परिणामस्वरूप, धेरैजसो मानिसहरूले यस्ता कुराहरू भन्छन्, परमेश्वर सर्वशक्तिमान् हुनुहुन्छ र पनि किन उहाँले एकै गाँसमा शैतानलाई निल्न सक्नुहुन्न। यी हास्यास्पद शब्दहरू हुन्, र यी शब्दहरूले मानिसहरूले अझै पनि परमेश्वरलाई चिनेका छैनन् भन्ने देखाउँछ। परमेश्वरले उहाँका शत्रुहरूको विनाश गर्नको लागि प्रक्रियाको आवश्यकता पर्छ, तैपनि परमेश्वर दिग्विजयी हुनुहुन्छ भन्ने कुरा साँचो हो: परमेश्वरले अन्तिममा आफ्ना शत्रुहरूलाई जित्नुहुनेछ। त्यसरी नै जसरी बलियो देशले कमजोर देशलाई जित्दा, यसले आफै चरणबद्ध रूपमा कहिले शक्तिको प्रयोग गर्दै, कहिले रणनीतिको प्रयोग गर्दै विजय हासिल गर्नुपर्छ। त्यसको एउटा प्रक्रिया हुन्छ, तर बलियो देशसँग नयाँ पुस्ताका परमाणु हतियारहरू छन् र कमजोर देश न्यून स्तरमा छ, त्यसकारण कमजोर देशले युद्ध नगरीकन हार खानेछ भनेर भन्न सकिँदैन। त्यो त विवेकहीन तर्क हो। बलियो देशले अवश्य नै जित्छ र कमजोर देशले अवश्य नै हार्छ भनेर भन्नु उचितै हुन्छ, तर बलियो देशले कमजोर देशलाई व्यक्तिगत रूपमा आक्रमण गरेपछि मात्रै बलियो देशलाई ठूलो शक्ति भनेर भन्न सकिन्छ। यसर्थ, परमेश्वरले सधैँ मानिसले उहाँलाई चिन्दैन भनेर भन्नुभएको छ। त्यसकारण, के माथिका वचनहरूले मानिसले किन परमेश्वरलाई चिन्दैन भन्ने तथ्यको एउटा पक्षलाई प्रतिनिधित्व गर्छन् त? के यी मानिसहरूका धारणाहरू हुन् त? परमेश्वर किन मानिसले उहाँको वास्तविकतालाई जानोस् भनेर व्यक्तिगत रूपमा देह बन्नुभयो त? यसप्रकार, धेरैजसो मानिसहरूले भक्त भई स्वर्गको आराधना गरे, तैपनि “मानिसको कार्यहरूद्वारा स्वर्ग कहिल्यै पनि अलिकति समेत प्रभावित भएको छैन, अनि यदि मैले मानिसलाई गर्ने व्यवहार उसको हरेक कार्यमा आधारित रहेको भए, सारा मानवजाति मेरो सजायको बीचमा जिउनेथिए।”

परमेश्वरले मानिसको सारलाई स्पष्टै देख्नुहुन्छ। परमेश्वरका वाणीहरूमा, परमेश्वर मानिसद्वारा यति “कष्टमा पर्नुभएको” देखिन्छ कि उहाँले मानिसलाई थप कुनै ध्यान दिन चाहनुहुन्न, न त उहाँसँग उसको निम्ति अलिकति आशा नै छ; मानिस मुक्तिभन्दा बाहिर छ भन्ने देखिन्छ। “मैले धेरै मानिसहरूलाई तिनीहरूको गलाबाट आँसु बगिरहेको अवस्थामा देखेको छु, र मेरा सम्पत्तिहरूको सट्टा धेरैले आफ्नो हृदय मलाई दिइरहेको मैले देखेको छु। त्यस्तो

‘भक्तिपन’ को बावजूद पनि, मैले मानिसलाई उसका गुप्त इच्छाहरूको परिणामस्वरूप कहिल्यै पनि खुलस्त रूपमा दिएको छैन, किनभने मानिस कहिल्यै पनि आफूलाई मेरो सामुन्ने समर्पित गर्न इच्छुक भएको छैन।” जब परमेश्‍वरले मानिसको प्रकृतिको खुलासा गर्नुहुन्छ, मानिस आफैप्रति लज्जित हुन्छ, तर यो त सतही ज्ञानबाहेक केही पनि हुँदैन, र उसले परमेश्‍वरका वचनहरूमा आफ्नो प्रकृतिलाई साँचो रूपमा जान्‍न सक्दैन; तसर्थ, धेरैजसो मानिसहरूले परमेश्‍वरको इच्छालाई बुझ्दैनन्, परमेश्‍वरका वचनहरूमा तिनीहरूले आफ्नो जीवनको लागि मार्ग भेट्टाउँदैनन्, त्यसकारण तिनीहरू जति सुस्त हुन्छन्, परमेश्‍वरले तिनीहरूको त्यति नै गम्भीर रूपमा गिल्ला गर्नुहुन्छ। यसरी, तिनीहरू अचेत रूपमा घृणितपनको भूमिकामा प्रवेश गर्छन्–परिणामस्वरूप, तिनीहरूले आफूलाई “नरम तरवार” ले छेडिएको छ भन्‍ने कुरा आफै जान्‍न पुग्छन्। परमेश्‍वरका वचनहरूले मानिसका कार्यहरूलाई प्रशंसा गरेको, र मानिसका कार्यहरूलाई प्रोत्साहन दिएको देखिन्छ–तैपनि मानिसहरूलाई परमेश्‍वरले सधैँ तिनीहरूको गिल्ला गरिरहनुभएको छ जस्तो लाग्छ। त्यसकारण, जब तिनीहरूले परमेश्‍वरका वचनहरू पढ्छन्, तब बेला-बेलामा तिनीहरूको अनुहारको मांसपेशी फुरफुराउँछन्, मानौँ तिनीहरू मुर्छा पर्न लागेका छन्। यो तिनीहरूको विवेकको अशुद्‌धता हो, र यही कारणले गर्दा तिनीहरूको मांसपेशी आफै फुरफुराउने गर्छ। तिनीहरूको पीडा यस्तो हुन्छ जसको निम्ति तिनीहरू हाँस्न चाहन्छन्, तैपनि तिनीहरू हाँस्न सक्दैनन्–न त तिनीहरू रुन नै सक्छन्, किनकि मानिसहरूको हास्यास्पद हाउभाउ रिमोट कन्ट्रोल “भिसिआर” बाट चालू गरिएको हुन्छ, तैपनि तिनीहरूले यसलाई बन्द गर्न सक्दैनन्, यसलाई सहन मात्रै सक्छन्। सबै सहकर्मी भेलाहरूमा “परमेश्‍वरका वचनहरूमा ध्यान केन्द्रित” गर्ने बारेमा प्रचार गरिए पनि, ठूलो रातो अजिङ्गरको सन्तानको प्रकृतिको बारेमा कसलाई थाहा छैन र? आमने-सामने हुँदा, तिनीहरू थुमाजस्तै आज्ञाकारी हुन्छन्, तर पिठ्यूँपछाडि तिनीहरू ब्वाँसाहरूजस्तो निर्दयी छन्, जुन कुरालाई यी वचनहरूमा देख्‍न सकिन्छ “मैले मेरा वचनहरू प्रदान गर्दा धेरै मानिसहरूले मलाई साँचो रूपमा प्रेम गर्छन्, तापनि तिनीहरूले मेरा वचनहरूलाई तिनीहरूका आत्मामा राख्दैनन्, त्यसको साटो तिनीहरूले ती वचनहरूलाई अनौपचारिक रूपमा सार्वजनिक सम्पत्ति जस्तो गरेर प्रयोग गर्छन् र जब तिनीहरूलाई इच्छा हुन्छ तब ती वचनहरू जहाँबाट आएका थिए त्यतै हुत्याउँछन्।” परमेश्‍वरले किन सधैँ मानिसको खुलासा गर्नुभएको छ। यसले के देखाउँछ भने मानिसको पुरानो प्रकृति कहिल्यै एक इन्च समेत हल्लिएको छैन। ताइ पर्वतजस्तै, यो करोडौँ करोड मानिसहरूको हृदयमा उच्च भई खडा भइरहन्छ, तर यु गोङ्गले पहाडलाई हटाउने दिन आउनेछ; परमेश्‍वरको योजना यही हो। उहाँका वाणीहरूमा, परमेश्‍वरले मानिसलाई मापदण्डहरू नदिनुहुने, मानिसलाई चेतावनी नदिनुहुने, वा मानिसको जीवनमा देखिएको प्रकृति नऔँल्याउनुहुने कुनै एक क्षण पनि छैन। “जब मानिस मबाट टाढा हुन्छ, र जब उसले मलाई जाँच्छ, म बादलहरूको बीचमा ऊबाट लुक्छु। परिणामस्वरूप, उसले मेरो नाम-निशाना समेत भेट्टाउन सक्दैन, र दुष्टले जे भन्छ त्यो मान्दै तिनीहरूको हातमा जिउँछ।” वास्तविकतामा, मानिसहरूले परमेश्‍वरको उपस्थितिमा जिउने अवसर विरलै पाउँछन्, किनभने तिनीहरूसँग खोजी गर्ने इच्छा निकै कम हुन्छ; परिणामस्वरूप, धेरैजसो मानिसहरूले परमेश्‍वरलाई प्रेम गरे पनि, तिनीहरू दुष्टको अधीनमा जिउँछन्, र तिनीहरूले गर्ने

सबै कुरा दुष्टले नियन्त्रित गरेको हुन्छ। यदि मानिसहरू साँच्चै नै परमेश्‍वरको ज्योतिमा जिए भने, हरेक दिन हरेक क्षण परमेश्‍वरको खोजी गरे भने, परमेश्‍वरले यसरी बोल्नुपर्ने कुनै आवश्यकता हुनेथिएन, होइन र? जब मानिसहरूले पाठहरूलाई पन्छाउँछन्, तब तिनीहरूले परमेश्‍वरलाई पनि पुस्तकसँगै तुरुन्तै पन्छाउँछन्, त्यसरी तिनीहरूले आफ्नै कामकाजसित मात्र सरोकार राख्छन्, त्यसपछि परमेश्‍वर तिनीहरूको हृदयबाट हराउनुहुन्छ। तैपनि जब तिनीहरूले फेरि पुस्तक उठाउँछन्, तब तिनीहरूलाई आफूले परमेश्‍वरलाई आफ्नो मनमस्तिष्कको सबैभन्दा पछाडि थन्काएको कुरा अचानक थाहा हुन्छ। मानिसको "स्मरणविहीन" जीवन यस्तै हुन्छ। परमेश्‍वरले जति धेरै बोल्नुहुन्छ, उहाँका वचनहरू त्यति नै उच्च हुँदै जान्छन्। जब ती वचनहरू चरम अवस्थामा पुग्छन्, सबै काम समाप्त हुन्छ, परिणामस्वरूप, परमेश्‍वरले आफ्ना वाणीहरूलाई रोक्नुहुन्छ। परमेश्‍वरले जुन सिद्धान्तअनुसार काम गर्नुहुन्छ त्यो सिद्धान्त भनेको उहाँको काम चरम अवस्थामा पुगेपछि समाप्त गर्नु हो; यो चरम विन्दुमा पुगेपछि उहाँले निरन्तर काम गरिरहनुहुनेछैन, बरु अचानक यसलाई रोक्नुहुनेछ। उहाँले कहिल्यै पनि अनावश्यक काम गर्नुहुन्‍न।

## अध्याय २२ र २३

आज, सबै जना परमेश्‍वरको इच्छालाई बुझ्न र परमेश्‍वरको स्वभावलाई जान्न इच्छुक छन्, तैपनि तिनीहरूले जे गर्ने इच्छा गर्छन् त्यसलाई किन अघि बढाउन सक्दैनन्, किन तिनीहरूको हृदयले तिनीहरूलाई सधैँ धोका दिन्छ र तिनीहरूले आफूले चाहेको कुरा हासिल गर्न सक्दैनन् भन्‍ने कुरा कसैलाई पनि थाहा छैन। परिणामस्वरूप, तिनीहरू फेरि तीव्र निराशाद्वारा व्याकुल हुन्छन्, र तिनीहरू भयभीत पनि हुन्छन्। यी बाझिने भावनाहरूलाई व्यक्त गर्न नसक्ने हुनाले, तिनीहरूले दुःखमा आफ्नो शिर निहुर्‍याउन र अनवरत रूपमा आफूलाई यस्ता प्रश्‍नहरू गर्न मात्रै सक्छन्: "के परमेश्‍वरले मलाई अन्तर्दृष्टि दिनु नभएको छैन हुन सक्छ? के परमेश्‍वरले मलाई गुप्त रूपमा त्याग्नुभएको हुन सक्छ? सायद अरू सबै जना ठीक-ठाक छन्, र मबाहेक तिनीहरू सबैलाई परमेश्‍वरले अन्तर्दृष्टि दिनुभएको छ। परमेश्‍वरका वचनहरू पढ्दा किन म सधैँ विचलित हुन्छु—किन म कहिल्यै कुनै कुरा बुझ्न सक्दिनँ?" मानिसहरूको मनमा त्यस्ता विचारहरू भए पनि कसैले कहिल्यै तिनलाई व्यक्त गर्ने आँट गर्दैन; तिनीहरू भित्र-भित्रै संघर्ष मात्र गरिरहन्छन्। वास्तवमा, परमेश्‍वरलेबाहेक अरू कसैले पनि उहाँका वचनहरूलाई बुझ्न वा उहाँको साँचो इच्छालाई जान्न सक्दैन। तैपनि परमेश्‍वरले सधैँ मानिसहरूलाई उहाँको इच्छा बुझ्न लगाउनुहुन्छ—के यो त हाँसलाई रुखमा बस्न लगाउनु जस्तै होइन र? के परमेश्‍वरलाई मानिसका असफलताहरूको बारेमा थाहा छैन? यो परमेश्‍वरको कामको मोड हो, जसलाई मानिसहरूले बुझ्न असफल भएका छन्, तसर्थ परमेश्‍वर भन्‍नुहुन्छ, "मानिस ज्योतिको बीचमा जिउँछ, तर उसलाई ज्योतिको मूल्य थाहा छैन। उसलाई ज्योतिको सार, र ज्योतिको स्रोत, र त्यति मात्र होइन, ज्योति कसको हो भन्‍ने कुरा थाहा छैन।" परमेश्‍वरका वचनहरूले मानिसलाई जे बताउँछन् र ती वचनहरूले उसलाई जे माग्छन्, त्यसअनुसार त कोही पनि बाँच्नेछैनन्, किनभने मानिसको देहमा त्यस्तो केही पनि छैन

जसले परमेश्वरका वचनहरूलाई स्वीकार गर्छ। त्यसकारण, परमेश्वरका वचनहरूलाई पालन गर्न सक्नु, परमेश्वरका वचनहरूलाई कदर गर्न र तिनको तृष्णा गर्न सक्नु, र मानिसको स्थितिलाई औंल्याउने परमेश्वरका वचनहरूलाई तिनीहरूका आफ्नै अवस्थाहरूमा लागू गरेर, आफैलाई चिन्न सक्नु–यही नै सबैभन्दा उच्च मापदण्ड हो। जब आखिरमा राज्यको परिकल्पना पूरा हुन्छ, देहमा जिउने मानिस अझै पनि परमेश्वरको इच्छालाई बुझ्न नसक्ने अवस्थामा हुनेछ, र अझै पनि उसलाई उहाँको व्यक्तिगत अगुवाइको आवश्यकता पर्नेछ–तर मानिसहरूमा शैतानका हस्तक्षेप हुने छैनन्, बरु तिनीहरूमा मानिसको सामान्य जीवन हुनेछ; शैतानलाई हराउने कार्यमा परमेश्वरको उद्‌देश्य यही हो, जुन कार्य मुख्य रूपमा परमेश्वरले आफूले सृष्टि गरेको मानिसको मूल सारलाई पुनर्स्थापित गर्नको लागि गर्नुहुन्छ। परमेश्वरको विचारमा, “देह” ले निम्न कुरालाई जनाउँछ: परमेश्वरको सारलाई जान्न नसक्नु; आत्मिक क्षेत्रका कामकुरालाई देख्न नसक्नु; यसको साथै, शैतानद्‌वारा भ्रष्ट हुन सक्नु र परमेश्वरको आत्माद्‌वारा निर्देशित हुन सक्नु। परमेश्वरले सृष्टि गर्नुभएको देहको सार यही नै हो। प्राकृतिक रूपमै, यसको उद्‌देश्य मानवजातिको जीवनमा सुव्यवस्थाको कमीले पैदा गर्ने लथालिङ्ग अवस्थालाई आउन नदिनु पनि हो। परमेश्वरले जति धेरै बोल्नुहुन्छ, र उहाँले जति तीक्ष्णताको साथ बोल्नुहुन्छ, मानिसहरूले त्यति नै बढी बुझ्छन्। मानिसहरू अचेत रूपमा परिवर्तन हुन्छन्, र अचेत रूपमा नै ज्योतिमा जिउँछन्, तसर्थ “ज्योतिको कारण, तिनीहरू वृद्‌धि भइरहेका छन् र तिनीहरूले अन्धकारलाई छोडेका छन्।” यो राज्यको सुन्दर दृश्य, र धेरैपटक उल्लेख गरिएको “ज्योतिमा जिउनु, र मृत्युबाट बिदा लिनु” यही हो। जब पृथ्वीमा सिनिम पूरा हुन्छ–जब राज्य पूरा हुन्छ–त्यसबेला पृथ्वीमा फेरि युद्‌ध हुनेछैन; तब फेरि कहिल्यै पनि अनिकाल, महामारी, र भूकम्पहरू हुनेछैन; मानिसहरूले हतियारहरू उत्पादन गर्न छोड्नेछन्; सबै जना शान्ति र स्थिरतामा जिउनेछन्; र मानिसहरूका बीचमा सामान्य व्यवहार हुनेछ, र देशहरूका बीचमा सामान्य व्यवहार हुनेछ। तापनि वर्तमानसँग त्यसको कुनै तुलना हुँदैन। आकाशमुनिका सबै कोलाहलमा छन्, र हरेक देशमा बिस्तारै शासन परिवर्तन हुन थालेको छ। परमेश्वरका वाणीहरूको फलस्वरूप मानिसहरू बिस्तारै परिवर्तन हुँदैछन्, र आन्तरिक रूपमा प्रत्येक देश बिस्तारै ध्वस्त हुँदैछन्। बेबिलोनका स्थिर जगहरू बालुवाको महलजस्तै हल्लिन थाल्छन् र परमेश्वरको इच्छा परिवर्तन हुँदै जाँदा थाहै नपाई संसारमा ठूलो परिवर्तन हुन्छ, अनि कुनै पनि समय हरप्रकारका चिह्नहरू देखा पर्छन्, त्यसले मानिसहरूलाई संसारको अन्तिम दिन आइपुगेको छ भनी देखाउँछ! परमेश्वरको योजना यही हो; उहाँले काम गर्नुहुने चरणहरू यिनै हुन्, र प्रत्येक देश निश्चय टुक्रा-टुक्रा हुनेछ। प्राचीन सदोम दोस्रो पटक नाश हुनेछ, र तसर्थ परमेश्वर भन्नुहुन्छ, “संसार पतन भइरहेको छ! बेबिलोन पक्षाघातको चपेटामा छ!” परमेश्वरबाहेक अरू कसैले पनि यो पूर्ण रूपले बुझ्न सक्दैन, आखिर जे भए पनि मानिसको चेतना सीमित छ। उदाहरणको लागि, आन्तरिक मामिलाका मन्त्रीहरूलाई वर्तमान परिस्थितिहरू अस्थिर र कोलाहलमय छन् भनी थाहा हुन सक्छ, तर तिनलाई समाधान गर्न तिनीहरू असक्षम हुन्छन्। तिनीहरूले आफ्नो शिर उच्च हुने, सूर्य एकचोटि फेरि पूर्वबाट उदाएर, देशभरि चम्कने र मामलाहरूको यस दयनीय अवस्थालाई उल्टाउने दिनको आशा गर्दै तिनीहरू जे हुँदैछ त्यसैसँग अगाडि मात्र बढ्‌न सक्छन्। तापनि, सूर्य

फेरि दोस्रो पटक उदाउँदा त्यसको उद्‌देश्य भनेको पुरानो व्यवस्थालाई पुनर्स्थापित गर्नु होइन भन्ने तिनीहरूलाई अत्तोपत्तो हुँदैन–यो एउटा पुर्नजागरण हो, एउटा पूर्ण परिवर्तन हो। सारा ब्रह्माण्डको लागि परमेश्‍वरको योजना यस्तै छ। उहाँले नयाँ संसार ल्याउनुहुनेछ, तर सबैभन्दा महत्त्वपूर्ण कुरा, उहाँले पहिले मानिसलाई नवीकरण गर्नुहुनेछ। आज, सबैभन्दा महत्त्वपूर्ण कुरा भनेको मानिसहरूलाई परमेश्‍वरका वचनहरूभित्र ल्याउनु हो, तिनीहरूलाई हैसियतका आशिष्‌हरू उपभोग गर्न दिनु होइन। यसको साथै, परमेश्‍वर भन्नुहुन्छ, "राज्यमा, म नै राजा हुँ–तर मलाई राज्यको राजाको रूपमा व्यवहार गर्नुको सट्टा, मानिसले मलाई 'स्वर्गबाट ओर्लनुभएको मुक्तिदाता' को रूपमा व्यवहार गर्छ। परिणामस्वरूप, मैले त्यसलाई दान दिएको चाहन्छ त्यसले त्यसले मेरो बारेमा ज्ञानको खोजी गर्दैन।" सबै मानिसहरूको वास्तविक अवस्था यस्तै छ। आज, सबैभन्दा महत्त्वपूर्ण कुरा, मानिसहरूको अतृप्त लोभलाई पूर्ण रूपमा हटाउनु र यसरी उलसाई कुनै कुरा नमागी परमेश्‍वरलाई चिन्न लगाउनु हो। त्यसकारण परमेश्‍वरले यसो भन्नुभएको कुरामा कुनै आश्‍चर्य छैन, "धेरै जनाले मेरो अघि भिखारीले जस्तो बिन्ती गरेका छन्; धेरैले मेरो अघि आफ्ना 'बोराहरू' खोलेका छन् र बाँच्नका लागि मलाई खानेकुरा मागेका छन्।" यस्ता स्थितिहरूले मानिसहरूको लोभलाई संकेत गर्छन्, र तिनले मानिसहरूले परमेश्‍वरलाई प्रेम गर्दैनन्, तर उहाँबाट मागहरू गर्छन्, वा तिनीहरूले चाहेका कुराहरू प्राप्त गर्ने प्रयास गर्छन् भन्ने देखाउँछन्। मानिसहरूमा भोकाएको ब्वाँसोको प्रकृति छ; तिनीहरू सबै धूर्त र लोभी छन्, त्यसकारण परमेश्‍वरले तिनीहरूलाई फेरि पनि मापदण्डहरू दिनुहुन्छ, यसरी तिनीहरूलाई तिनीहरूको लोभको हृदय हस्तान्तरण गर्न र इमानदारिताको हृदयसहित परमेश्‍वरलाई प्रेम गर्न बाध्य तुल्याउनुहुन्छ। वास्तविकतामा, अहिलेसम्म, मानिसहरूले आफ्नो सारा हृदय परमेश्‍वरलाई दिन बाँकी नै छ; तिनीहरू परमेश्‍वरमा पूर्ण रूपमा भरोसा नगरी कहिले आफैमा र कहिले परमेश्‍वरमा भरोसा गर्दै दुई वटा डुङ्‌गामा खुट्‌टा हाल्छन्। जब परमेश्‍वरको काम निश्‍चित बिन्दुमा पुग्छ, सबै मानिसहरू साँचो प्रेम र विश्‍वासमा जिउनेछन्, र परमेश्‍वरको इच्छा पूरा भएको हुनेछ; तसर्थ, परमेश्‍वरका मापदण्डहरू त्यति धेरै उच्च छैनन्।

स्वर्गदूतहरू स्वर्ग र पृथ्वीको बीचमा हतार-हतार आवतजावत गर्दै र हरेक दिन आत्मिक क्षेत्रमा फर्केपछि मानव संसारमा ओर्लंदै निरन्तर रूपमा परमेश्‍वरका पुत्रहरू र मानिसहरूका बीचमा चहलपहल गरिरहेका हुन्छन्। तिनीहरूको कर्तव्य यही हो, तसर्थ, हरेक दिन परमेश्‍वरका पुत्रहरू र मानिसहरूको गोठाला गरिन्छ, अनि तिनीहरूको जीवन क्रमिक रूपमा परिवर्तन हुँदै जान्छ। परमेश्‍वरले आफ्नो रूप परिवर्तन गर्नुहुने दिनमा, पृथ्वीमा स्वर्गदूतहरूको कार्य औपचारिक रूपमा समाप्त हुनेछ र तिनीहरू स्वर्गको क्षेत्रमा फर्कनेछन्। आज, परमेश्‍वरका सबै पुत्रहरू र मानिसहरू उही अवस्थामा छन्। हरेक सेकन्ड बित्दै जाँदा सबै मानिसहरू परिवर्तन भइरहेका छन्, र परमेश्‍वरका पुत्रहरू र मानिसहरू क्रमिक रूपमा परिपक्व हुँदै गइरहेका छन्। यसको तुलनामा, सबै विद्रोहीहरू पनि ठूलो रातो अजिङ्‌गरको सामुन्ने परिवर्तन भइरहेका छन्: मानिसहरू अबउप्रान्त ठूलो रातो अजिङ्‌गरप्रति निष्ठावान छैनन्, र भूतहरूले यसका बन्दोबस्तहरूलाई पछ्याउन छोडेका छन्। बरु तिनीहरू "तिनीहरूलाई जे उचित लाग्छ त्यो गरेका छन्, र हरेकले आफ्नै बाटोमा हिँडेको छ" तसर्थ, जब परमेश्‍वरले "पृथ्वीका देशहरू कसरी विनाश हुन सक्दैनन्? पृथ्वीका देशहरू कसरी

पतन हुन सक्दैनन्?” भनी भन्नुहुन्छ, तब स्वर्गहरू एकै क्षणमा झर्छन्...। यो त मानौं अशुभ अनुभूति मानवजातिको अन्त्यको पूर्वलक्षण हो। यहाँ भविष्यवाणी गरिएका विभिन्न अशुभ चिन्हहरू नै ठूलो रातो अजिङ्गरको देशमा भइरहेका घटनाहरू हुन्, र ती घटनाहरूबाट पृथ्वीका कोही पनि उम्कन सक्दैन। परमेश्वरका वचनहरूको भविष्यवाणी यस्तै छ। आज, सबै मानिसहरूमा समय थोरै छ भन्ने आभास छ, र तिनीहरूलाई तिनीहरूमाथि विपत्ति आइपर्न लागेको अनुभूति हुन्छ भन्ने देखिन्छ–तैपनि तिनीहरूसँग उम्कने कुनै माध्यमहरू छैनन्, तसर्थ तिनीहरू सबै आशाविहीन छन्। परमेश्वर भन्नुहुन्छ, “मैले दिनदिनै मेरो राज्यको ‘भित्री कोठा’ सजाउँदा कहिल्यै कोही पनि मेरो काममा बाधा दिन मेरो ‘काम गर्ने कोठा’ मा अचानक आएको छैन।” वास्तवमा, परमेश्वरका वचनहरूको अर्थ मानिसहरूले परमेश्वरलाई उहाँका वचनहरूमा चिनून् भनेर भन्नु मात्र होइन। सबैभन्दा मुख्य कुरा, ती वचनहरूले के सङ्केत दिन्छन् भने, हरेक दिन उहाँको कामको अर्को भागको कार्य गर्नको लागि परमेश्वरले समस्त ब्रह्माण्डभरि सबै किसिमका घटनाक्रमहरू मिलाउनुहुन्छ। उहाँले “कहिल्यै कोही पनि मेरो काममा बाधा दिन मेरो ‘काम गर्ने कोठा’ मा अचानक आएको छैन” भनेर भन्नुको कारण के हो भने परमेश्वरले ईश्वरीयतामा काम गर्नुहुन्छ, र मानिसहरूले चाहेर पनि उहाँको काममा सहभागी हुन सक्दैनन्। म तँलाई सोध्छु: के तैँले सम्पूर्ण ब्रह्माण्डको हरेक घटनाक्रमलाई साँच्चै मिलाउन सक्थिस्? के तैँले पृथ्वीका मानिसहरूलाई तिनीहरूका पुर्खाहरूको विरुद्धमा जाने तुल्याउन सक्थिस्? के तैँले सम्पूर्ण ब्रह्माण्डका मानिसहरूलाई परमेश्वरको सेवा गर्ने गरी परिचानल गर्न सक्थिस्? के तैँले शैतानलाई दङ्गा मच्चाउन लगाउन सक्थिस्? के तैँले मानिसहरूलाई संसार उजाड र रित्तो छ भन्ने अनुभूति गराउन सक्थिस्? मानिसहरू त्यस्ता कार्यहरू गर्न असमर्थ छन्। विगतमा, जब शैतानका “सीपहरू” पूर्ण रूपमा प्रकट हुन बाँकी नै थियो, त्यो बेला यसले परमेश्वरको कार्यको हरेक चरणमा सधैँ हस्तक्षेप गर्थ्यो; यस चरणमा, शैतानका चलाकीहरू सकिएको छ, र परमेश्वरले त्यसलाई त्यसको साँचो रङ्ग देखाउन लगाउनुभएको छ, ताकि मानिसहरूले यसलाई चिन्न सकून्। “मेरो काममा कसैले कहिल्यै पनि बाधा दिएको छैन” भन्ने वचनहरूको सत्यता यही नै हो।

हरेक दिन, मण्डलीका मानिसहरूले परमेश्वरका वचनहरू पढ्छन्, र हरेक दिन, तिनीहरूलाई “अप्रेसन टेबल” मा चिरफार गरिन्छ। उदाहरणको लागि, “आफ्नो ओहदा गुमाउने,” “खारेज हुने,” “उनीहरूको डर कम हुन्छ र मानसिक सन्तुलन पुनर्स्थापित भएपछि,” “परित्याग,” र “‘भावना’ रहित”–त्यस्ता गिल्लाका वचनहरूले मानिसहरूलाई “कष्ट दिन्छ” र तिनीहरूलाई लाजले बोधो तुल्याउँछ। मानौं तिनीहरूको सम्पूर्ण शरीरको कुनै पनि अङ्गले–शिरदेखि पाइतालासम्म, भित्रदेखि बाहिरसम्म–परमेश्वरको स्वीकृती प्राप्त गर्दैन। परमेश्वरले किन उहाँका वचनहरूद्वारा मानिसहरूको जीवनलाई त्यति उदाङ्गो पारिदिनुहुन्छ? के परमेश्वरले जानी-जानी मानिसहरूका लागि काम-कुराहरू कठिन बनाइरहनुभएको छ? यो त सबै मानिसहरूको अनुहार धोएर हटाउन नसकिने हिलोले भरिएको जस्तै कुरा हो। हरेक दिन, शिर निहुर्‍याउँदै, तिनीहरूले ठग मानिसहरूले जस्तो आफ्ना पापहरूको लेखा दिन्छन्। मानिसहरूलाई शैतानले यति भ्रष्ट तुल्याएको छ कि तिनीहरूलाई आफ्ना वास्तविक स्थितिहरूको बारेमा समेत पूर्ण रूपमा थाहा छैन। तर परमेश्वरको नजरमा,

तिनीहरूको शरीरको हरेक अङ्गमा, तिनीहरूको मासीमा समेत शैतानको विष छ; परिणामस्वरूप, परमेश्वरका प्रकाशहरू जति प्रगाढ बन्छन्, मानिसहरू त्यति नै भयभीत बन्छन्, यसरी सबै मानिसहरूलाई शैतान चिन्ने र मानिसमा रहेको शैतानलाई देख्ने तुल्याइन्छ, किनभने तिनीहरूले आफ्नो नाङ्गो आँखाले शैतानलाई देख्न नसक्ने अवस्थामा रहिआएका छन्। अनि सबै जना वास्तविकतामा प्रवेश गरिसकेका हुनाले, परमेश्वरले मानिसको प्रकृतिलाई खुलासा गर्नुहुन्छ—भन्नुको अर्थ, उहाँले शैतानको स्वरूपलाई खुलासा गर्नुहुन्छ—यसरी मानिसलाई वास्तविक, स्पर्शनीय शैतान देख्ने तुल्याउनुहुन्छ, र तिनीहरूलाई व्यावहारिक परमेश्वरलाई अझै राम्ररी चिन्ने अवसर दिनुहुन्छ। परमेश्वरले मानिसलाई देहमा हुनुभएको उहाँलाई चिनाउनुहुन्छ, र उहाँले शैतानको स्वरूप बनाउनुहुन्छ, र यसरी मानिसलाई सबै मानिसहरूको देहमा रहेको वास्तविक, स्पर्शनीय शैतानलाई देख्न सक्ने तुल्याउनुहुन्छ। बताइएका यी विभिन्न स्थितिहरू सबै शैतानका कार्यका अभिव्यक्ति हुन्। त्यसकारण, के भन्न सकिन्छ भने, देहमा रहेकाहरू सबै नै शैतानको स्वरूपका मूर्त रूप हुन्। परमेश्वर उहाँका शत्रुहरूको प्रतिकूल हुनुहुन्छ—उहाँहरू एक-अर्काप्रति शत्रुवत् हुनुहुन्छ, र उहाँहरू दुई फरक-फरक शक्तिहरू हुन्; त्यसकारण, भूतहरू सदासर्वदा भूतहरू हुन्, र परमेश्वर सदासर्वदा परमेश्वर हुनुहुन्छ; उहाँहरू आगो र पानीजस्तै नमिल्ने, स्वर्ग र पृथ्वीजस्तै अलग हुनुहुन्छ। जब परमेश्वरले मानिसको सृष्टि गर्नुभयो, एक प्रकारका मानिसहरूमा स्वर्गदूतहरूको आत्मा थियो, जबकि अर्को प्रकारका मानिसहरूसँग कुनै आत्मा थिएन, त्यसकारण यी वर्गका मानिसहरूमा भूतका आत्माहरू आए, र त्यसरी तिनीहरूलाई भूतहरू भनिन्छ। आखिर, स्वर्गदूतहरू भनेका स्वर्गदूतहरू नै हुन्, भूतहरू भनेका भूतहरू नै हुन्—अनि परमेश्वर, परमेश्वर नै हुनुहुन्छ। हरेकलाई त्यसको प्रकारअनुसार भनेर भन्नुको अर्थ यही हो, त्यसकारण जब स्वर्गदूतहरूले संसारमा शासन गर्छन् र आशिष्‌हरूको उपभोग गर्छन्, तब परमेश्वर आफ्नो वासस्थानमा फर्कनुहुन्छ अनि अरूहरू—परमेश्वरका शत्रुहरू—खरानी बन्छन्। वास्तवमा, बाहिरी रूपमा सबै मानिसहरूले परमेश्वरलाई प्रेम गर्छन् भन्ने देखिन्छ, तर त्यसको जड तिनीहरूको सारमा हुन्छ—स्वर्गदूतहरूको प्रकृति भएकाहरू कसरी परमेश्वरको हातबाट उम्केर अतल कुण्डमा फालिन सक्छन् र? अनि भूतहरूको प्रकृति भएकाहरूले कसरी कहिल्यै परमेश्वरलाई साँचो रूपमा प्रेम गर्न सक्छन् र? त्यस्ता मानिसहरूको सार परमेश्वरप्रति साँचो प्रेम गर्ने सार होइन, त्यसकारण तिनीहरूले कसरी राज्यमा प्रवेश गर्ने मौका पाउन सक्छन् र? परमेश्वरले भन्नुभएको यो वचनमा जस्तै उहाँले संसारको सृष्टि गर्नुहुँदा नै सबै कुरा परमेश्वरले मिलाउनुभएको छ: "म बतास र झरीको बीचमा अघि बढ्छु, र मैले मानिसको बीचमा वर्षौं-वर्ष बिताएको छु, अनि समयमा नै आजको दिनमा आइपुगेको छु। के मेरो व्यवस्थापन योजनाका चरणहरू ठीक यिनै होइनन् र? मेरो योजनामा कसले कहिल्यै कुनै योगदान दिएको छ? मेरो योजनाका चरणहरूबाट को मुक्त भएर जान सक्छ?" देह बनेपछि, परमेश्वरले मानिसको जीवनको अनुभव गर्नैपर्छ—के यो व्यावहारिक परमेश्वरको व्यवहारिक पक्ष होइन र? मानिसको कमजोरीको कारण परमेश्वरले मानिसबाट कुनै कुरा पनि लुकाउनुहुन्न; बरु, परमेश्वरले भन्नुभएको यो वचनमा जस्तै उहाँले मानिसको निम्ति सत्यतालाई उदाङ्गो पारिदिनुहुन्छ: "मैले मानिसको बीचमा वर्षौं-वर्ष बिताएको छु।" परमेश्वर देहधारी परमेश्वर हुनुभएको हुनाले नै उहाँले

एकपछि अर्को गर्दै पृथ्वीमा धेरै वर्षहरू बिताउनुभएको छ; त्यसरी नै, सबै किसिमका प्रक्रियाहरू भएर गएपछि मात्रै उहाँलाई देहधारी परमेश्वर भनेर भन्न सकियो, त्यसपछि मात्रै उहाँले देहभित्रको ईश्वरीयतामा काम गर्न सक्नुभयो। त्यसपछि, सबै रहस्यहरू प्रकट गरिसकेपछि, उहाँले आफ्नो रूप परिवर्तन गर्न स्वतन्त्र हुनुहुनेछ। परमेश्वरले प्रत्यक्ष रूपमा संकेत गर्नुभएको गैर-अलौकिकताको व्याख्याको अर्को पक्ष यही हो।

झारा नटारीकन, परमेश्वरका हरेक वचनलाई बटुल्ने कार्य गर्न सक्ने बन्नु अत्यावश्यक छ–यो परमेश्वरको आज्ञा हो!

## अध्याय २४ र २५

ध्यान दिएर नपढीकन, यी दुई दिनहरूका वाणीहरूमा केही कुरा पत्ता लगाउन असम्भव छ; वास्तवमा, तिनलाई एकै दिनमा बोलिएको भए हुनेथियो, तैपनि परमेश्वरले तिनलाई दुई दिनमा विभाजित गर्नुभयो। भन्नुको अर्थ, यी दुई दिनका वाणीहरू एउटा सिङ्गो वाणी हो, तर तिनलाई स्वीकार गर्न मानिसहरूको लागि सहज तुल्याउन, अनि मानिसहरूलाई सोच्ने मौका दिन परमेश्वरले तिनलाई दुई दिनमा विभाजित गर्नुभयो। मानिसप्रतिको परमेश्वरको वास्ता यस्तो छ। परमेश्वरको सबै काममा, सबै मानिसहरूले आ-आफ्नो कार्य गर्छन् र आ-आफ्नै स्थानमा रही आफ्नो कर्तव्य निर्वाह गर्छन्। स्वर्गदूतको आत्मा भएका मानिसहरूले मात्रै सहकार्य गर्दैनन्; शैतानका सबै आत्माहरूले झैं भूतको आत्मा भएकाहरूले पनि "सहकार्य" गर्छन्। परमेश्वरका वाणीहरूमा परमेश्वरको इच्छा र मानिसको निम्ति उहाँका मापदण्डहरूलाई देखिन्छ। "मेरो सजाय सबै मानिसहरूमाथि आइपर्छ, तैपनि यो सबै मानिसहरूबाट टाढा पनि रहन्छ। हरेक व्यक्तिको सम्पूर्ण जीवन मप्रतिको प्रेम र घृणाले भरिएको हुन्छ" भन्ने वचनहरूले के देखाउँछ भने सबै मानिसहरूलाई चुनौती दिन परमेश्वरले सजायको प्रयोग गर्नुहुन्छ, यसरी तिनीहरूलाई उहाँको बारेमा ज्ञान प्राप्त गर्न लगाउनुहुन्छ। शैतानको भ्रष्टता र स्वर्गदूतहरूको दुर्बलताको कारण, परमेश्वरले मानिसहरूलाई सजाय दिन वचनहरूको मात्रै प्रयोग गर्नुहुन्छ, प्रशासनिक आदेशहरूको प्रयोग गर्नुहुन्न। सृष्टिको समयदेखि आजको दिनसम्मै, स्वर्गदूतहरू र सबै मानिसहरूसम्बन्धी परमेश्वरको कामको सिद्धान्त यही रहिआएको छ। स्वर्गदूतहरू परमेश्वरका हुन्, त्यसकारण एक दिन तिनीहरू अवश्य नै परमेश्वरको राज्यका मानिसहरू बन्नेछन्, र तिनीहरूलाई परमेश्वरका मानिसहरूले हेरचाह र रक्षा गर्नुहुनेछ। यसबीच, अरू सबैलाई पनि प्रकारअनुसार वर्गीकरण गरिनेछ। शैतानका सबै विभिन्न दुष्ट आत्माहरूलाई पनि सजाय दिइनेछ, र आत्माविनाका सबैलाई परमेश्वरका पुत्रहरू र मानिसहरूले शासन गर्छन्। परमेश्वरको योजना यही हो। तसर्थ, परमेश्वरले भन्नुभयो, "के मेरो दिनको आगमन वास्तवमै मानिसको मृत्युको क्षण हो त? के मेरो राज्य निर्मित हुँदा वास्तवमै मैले मानिसलाई नाश पार्छु त?" यी दुई सरल प्रश्नहरू भए पनि, ती सबै मानवजातिको गन्तव्यको लागि परमेश्वरको बन्दोबस्त हुन्। जब परमेश्वर आउनुहुन्छ, "समस्त ब्रह्माण्डका मानिसहरूलाई क्रूसमा उधोमुन्टो गरी टाँगिने" समय त्यही हुनेछ। सबै मानिसहरूकहाँ देखा परेर तिनीहरूलाई

परमेश्वरको अस्तित्वको बारेमा जान्न दिन सजायको प्रयोग गर्नुको परमेश्वरको उद्‌देश्य यही हो। परमेश्वर पृथ्वीमा ओर्लनुहुने समय अन्तिम युग भएको हुनाले, पृथ्वीका देशहरू तिनीहरूको सबैभन्दा सङ्‌कटमय अवस्थामा हुने समय भएकोले, परमेश्वर भन्नुहुन्छ, "जब म पृथ्वीमा ओर्लेर आउँछु, यो अन्धकारले ढाकिएको हुन्छ र मानिस 'गहिरो निद्रामा' परेको हुन्छ।" त्यसकारण, आज देहधारी परमेश्वरलाई चिन्न सक्ने मानिसहरू थोरै मात्र छन्, लगभग कोही पनि छैनन्। अहिले अन्तिम युग भएको हुनाले, कसैले पनि कहिल्यै व्यावहारिक परमेश्वरलाई साँचो रूपमा चिनेको छैन, र मानिसहरूसँग परमेश्वरको बारेमा सतही ज्ञान मात्रै छ। यही कारणले गर्दा मानिसहरू पीडादायी शोधनमाझ जिउँछन्। जब मानिसहरूले शोधनलाई छोड्छन्, त्यो तिनीहरूले सजाय पाउन थाल्ने समय पनि हुन्छ, र तिनीहरूले उहाँलाई व्यक्तिगत रूपमा देखून् भनेर परमेश्वर सबै मानिसहरूकहाँ देखा पर्ने समय पनि त्यही नै हो। देहधारी परमेश्वरको कारण, मानिसहरू विपत्तिमा पर्छन् र तिनीहरूले आफैलाई मुक्त गर्न सक्दैनन्—यो परमेश्वरले ठूलो रातो अजिङ्‌गरलाई दिइने दण्ड हो, र यो उहाँको प्रशासनिक आदेश हो। जब वसन्तको न्यानोपन आइपुग्छ र फूलहरू फुल्न थाल्छन्, जब स्वर्गमुनिका सबै कुरालाई हरियालीले ढाक्छ र पृथ्वीका सबै कुरा ठीक-ठीक ठाउँमा हुन्छन्, तब सबै मानिसहरू र सबै थोक क्रमिक रूपमा परमेश्वरको सजायमा प्रवेश गर्नेछन्, र त्यो बेला पृथ्वीमा परमेश्वरले गर्नुहुने सबै कार्य समाप्त हुनेछ। परमेश्वर त्यसउप्रान्त पृथ्वीमा काम गर्ने वा बस्ने गर्नुहुनेछैन, किनभने परमेश्वरको महान् काम पूरा भइसकेको हुनेछ। के यो छोटो समयको लागि मानिसहरूले आफ्नो देहलाई पन्छाउन सक्दैनन्? मानिस र परमेश्वरबीचको प्रेमलाई के कुराले चिरा पार्न सक्छ? मानिस र परमेश्वरबीचको प्रेमलाई कसले छुटाउन सक्छ? के यो आमाबाबु, पति, दिदीबहिनी, पत्नी हुन् कि पीडादायी शोधन हो? के विवेकबाट आएका भावनाहरूले मानिसभित्रको परमेश्वरको स्वरूपलाई मेटाउन सक्छ? के एक-अर्काप्रतिको मानिसहरूको आभारीपन र कार्यहरू तिनीहरू आफैले ल्याएको कुरा हो? के तिनलाई मानिसले समाधान गर्न सक्छ? कसले आफैलाई रक्षा गर्न सक्छ? के मानिसहरूले आफैले आफ्नो भरणपोषण गर्न सक्छन्? जीवनमा दह्रिला हुनेहरू को हुन्? को मलाई छोडेर आफै जिउन सक्छ? बारम्बार, परमेश्वरले किन सबै मानिसहरूलाई आत्म-चिन्तनको काम गर्न लगाउनुहुन्छ? परमेश्वरले किन यसो भन्नुहुन्छ, "तैपनि कसका कठिनाइ तिनीहरूका आफ्नै हातले ल्याएका हुन्छन् र?"

वर्तमानमा, ब्रह्माण्डभरि कालो अन्धकार छाएको छ, र मानिसहरू अचेत र सुस्त भएका छन्, तर घडीका सुईहरू जहिल्यै पनि अघि बढिरहेका छन्, मिनेट र सेकेन्ड रोकिँदैन, र पृथ्वी, सूर्य, र चन्द्रमाको परिक्रमण गति झन्-झन् छिटो बन्दैछ। मानिसहरूले आफ्नो भावनामा त्यो दिन त्यति टाढा छैन भन्ने अनुभूति गर्छन्; मानौं तिनीहरूको अन्तिम दिन तिनीहरूको आँखा अगाडि नै छ। मानिसहरूले आफ्नै मृत्युको घडीको लागि अटुट रूपमा सबै कुराको तयारी गर्छन्, ताकि यसले तिनीहरूको मृत्युमा एउटा उद्‌देश्य पूरा गरोस्; नत्र, तिनीहरू व्यर्थमा जिएका हुनेथिए। के त्यो अफसोसपूर्ण हुनेथिएन र? जब परमेश्वरले संसारलाई सर्वनाश गर्नुहुन्छ, उहाँले देशहरूको आन्तरिक मामलाहरू परिवर्तन गरेर यो काम थाल्नुहुन्छ, जहाँबाट सत्ता हडप्ने कार्यहरू सुरु हुन्छन्; यसरी परमेश्वरले ब्रह्माण्डभरि मानिसहरूको सेवा परिचालन गर्नुहुन्छ। ठूलो रातो अजिङ्‌गर गुँडुल्किएर

बस्ने भूमि पनि प्रदर्शन क्षेत्र हो। आन्तरिक रूपमा यो टुक्रा-टुक्रा भएको हुनाले, यसका आन्तरिक मामलाहरू भताभुङ्ग भएका छन्, हरेक व्यक्ति आत्म-रक्षाको काममा लाग्छन्, अनि भागेर चन्द्रमामा जाने तयारी गर्छन्—तर तिनीहरू परमेश्वरको हातको प्रभुत्वबाट कसरी उम्कन सक्छन्? परमेश्वरले भन्नुभएजस्तै मानिसहरूले "आफ्नै तीतो कचौराबाट पिउँछन्।" घरायसी कलह हुने समय नै परमेश्वर पृथ्वीबाट बिदा हुनुहुने समय हो; परमेश्वर ठूलो रातो अजिङ्गरको देशमा बसिरहनुहुनेछैन, र उहाँले पृथ्वीको आफ्नो काम तुरुन्तै समाप्त गर्नुहुनेछ। समय उडेर जान्छ, र त्यति धेरै समय बाँकी छैन भनेर भन्न सकिन्छ। परमेश्वरका वचनहरूको शैलीबाट के देख्न सकिन्छ भने परमेश्वरले सम्पूर्ण ब्रह्माण्डका सबैको गन्तव्यको बारेमा बोलिसक्नुभएको छ, र उहाँसँग भन्नलाई बाँकी केही छैन। परमेश्वरले मानिसलाई यही कुरा प्रकट गर्नुहुन्छ। परमेश्वरले मानिसलाई सृष्टि गर्नुको उद्देश्यको कारण नै यसो भन्नुहुन्छ, "मेरा नजरमा, मानिस सबै थोकको शासक हो। मैले उसलाई पृथ्वीमा सबै थोक व्यवस्थापन गर्न दिएर कम मात्रामा अख्तियार दिएको छैन—हिमालका घाँसलाई, वनजङ्गलका जीव-जनावरहरूलाई, र पानीका माछाहरूलाई व्यवस्थापन गर्न दिएको छु।" जब परमेश्वरले मानिसलाई सृष्टि गर्नुभयो, उहाँले मानिसलाई सबै थोकको मालिक हुनेछ भनी पूर्वनिश्चित गर्नुभयो—तैपनि मानिसलाई शैतानले भ्रष्ट तुल्यायो, त्यसकारण ऊ आफ्नो चाहनाअनुसार जिउन सक्दैन। यसले आजको संसार ल्यायो, जहाँ मानिसहरू पशुभन्दा फरक छैनन्, र पर्वतहरू नदीसँग मिसिएका छन्, जसको परिणामस्वरूप "मानिसको सम्पूर्ण जीवन मानसिक चिन्ता र दौडधूप, रिक्ततामा थपिएको मस्ती बनेको छ।" मानिसको जीवनमा कुनै अर्थ नभएकोले, र मानिसलाई सृष्टि गर्नुको परमेश्वरको उद्देश्य यो नरहेकोले, सम्पूर्ण संसार नै धमिलिएको छ। जब परमेश्वरले सम्पूर्ण ब्रह्माण्डलाई सुव्यवस्थित गर्नुहुन्छ, सबै मानिसहरूले औपचारिक रूपमा मानव जीवन अनुभव गर्न थाल्नेछन्, त्यसपछि मात्रै तिनीहरूको जीवनको अर्थ हुन थाल्नेछ। मानिसहरूले तिनीहरूलाई परमेश्वरले दिनुभएको अख्तियारको प्रयोग गर्न थाल्नेछन्, र तिनीहरू औपचारिक रूपमा नै सबै थोकको सामुन्ने मालिकको रूपमा देखा पर्न थाल्नेछन्; तिनीहरूले पृथ्वीमा परमेश्वरको अगुवाइलाई स्वीकार गर्नेछन्, र अबउप्रान्त परमेश्वरको अवज्ञा गर्न छोड्नेछन्, बरु उहाँको आज्ञापालन गर्नेछन्। तर आजका मानिसहरू त्यो अवस्थाबाट निकै टाढा छन्। तिनीहरूले परमेश्वरमार्फत "आफ्नो गोजी भर्ने" काम मात्रै गर्छन्, त्यसकारण परमेश्वरले यस्ता प्रश्नहरू गर्नुहुन्छ, "के मैले मानिसमा गर्ने काम उसको निम्ति कुनै फाइदाको छैन र?" यदि परमेश्वरले यी प्रश्नहरू नगर्नुभएको भए, केही पनि हुनेथिएन; तर जब उहाँले यस्ता कुराहरू सोध्नुहुन्छ, कतिपय मानिसहरू दह्रिलो गरी खडा हुन सक्दैनन्, किनभने तिनीहरूको विवेकमा ऋणीपन हुन्छ, र तिनीहरू पूर्ण रूपमा परमेश्वरको लागि होइन, बरु तिनीहरूको आफ्नै लागि हुन्छन्। सबै कुराको सम्पूर्णता रित्तो हुन्छ; तसर्थ, यी मानिसहरूलाई "हरेक धर्म, समाजका हरेक क्षेत्र, हरेक राष्ट्र, र हरेक सम्प्रदायका मानिसहरू सबैलाई पृथ्वीमा हुने रिक्तताको बारेमा थाहा छ, र तिनीहरू सबैले मेरो खोजी गर्छन् र मेरो पुनरागमनको प्रतीक्षा गर्छन्।" उहाँले खोक्रो पुरानो युगलाई समाप्त गर्न सक्नुहोस् भनेर, सबै मानिसहरूले परमेश्वरको पुनरागमनको तृष्णा गर्छन्, तैपनि तिनीहरू विपत्तिमा परिन्छ भनेर पनि डराउँछन्। सम्पूर्ण धार्मिक संसारलाई सबैले उजाड

बनाएर अनि सबैले बेवास्ता गरेको अवस्थामा छोड्नेछन्; तिनीहरूसँग वास्तविकताको कमी हुन्छ, र तिनीहरूले परमेश्‍वरमाथिको तिनीहरूको विश्‍वास अस्पष्ट र अमूर्त छ भन्‍ने महसुस गर्नेछन्। समाजको हरेक क्षेत्रका मानिसहरू पनि छरपस्ट हुनेछन्, र हरेक राष्ट्र र सम्प्रदाय अस्तव्यस्त हुन थाल्नेछन्। समग्रमा, सबै थोकको नियमितता टुक्रा-टुक्रा हुनेछ, सबैले आफ्नो सामान्य अवस्थालाई गुमाउनेछन्, अनि मानिसहरूले आफ्नो साँचो अनुहार पनि प्रकट गर्नेछन्। तसर्थ, परमेश्‍वर भन्‍नुहुन्छ, "धेरैपटक मैले मानिसलाई बोलाएको छु, तैपनि कसले कहिल्यै करुणाको अनुभूति गरेको छ? के कसैले कहिल्यै मानवतामा जिएको छ? मानिस देहमा जिउन सक्छ, तर ऊ मानवताविहीन छ। के ऊ पशु-प्राणीको राज्यमा जन्मिएको थियो?" मानिसको बीचमा पनि परिवर्तन भइरहेको छ, र यो परिवर्तनको कारण, हरेकलाई उसको प्रकारअनुसार वर्गीकरण गरिन्छ। आखिरी दिनहरूको अवधिमा परमेश्‍वरले गर्नुहुने काम यही हो, र आखिरी दिनहरूको कामले हासिल गर्नुपर्ने प्रभाव पनि यही नै हो। परमेश्‍वरले मानिसको सारको बारेमा अझै स्पष्टसाथ बताउनुहुन्छ, तसर्थ, के प्रमाणित हुन्छ भने, उहाँको कामको अन्त्य नजिकिँदै छ, यसको साथै परमेश्‍वर मानिसहरूबाट गुप्त हुनुहुन्छ, जसले तिनीहरूलाई अझै उदास अनुभव गराउँछ। मानिसहरूले परमेश्‍वरको इच्छालाई जति कम अवलोकन गर्छन्, तिनीहरूले आखिरी दिनहरूको परमेश्‍वरको कार्यलाई त्यति नै कम ध्यान दिन्छन्; यसले तिनीहरूलाई हस्तक्षेप गर्नबाट रोक्छ, तसर्थ कसैले ध्यान नदिएको बेला परमेश्‍वरले आफूले गर्न चाहनुभएको काम गर्नुहुन्छ। युगौँयुग परमेश्‍वरले गर्नुहुने कामको सिद्धान्त यही नै हो। मानिसहरूको कमजोरीहरूलाई उहाँले जति कम ध्यान दिनुहुन्छ, परमेश्‍वरको ईश्‍वरीयता त्यति नै स्पष्ट बन्छ, त्यसकारण परमेश्‍वरको दिन झन्-झन् नजिकिन्छ।

## अध्याय २६

परमेश्‍वरले बोल्नुभएका सबै वचनहरूबाट के देख्न सकिन्छ भने, हरेक बितेर जाने दिनसँगै परमेश्‍वरको दिन नजिकिँदै छ। यस्तो लाग्छ मानौं यो दिन मानिसहरूकै आँखाअगाडि छ, मानौं यो भोलि नै आइपुग्‍नेछ। तसर्थ, परमेश्‍वरका वचनहरू पढिसकेपछि, सबै मानिसहरू आतङ्कित हुन्छन्, र तिनीहरूले हल्का वर्षासँगै बतास चल्दा झर्ने पातहरूजस्तै संसारको केही विनाश पनि अनुभूति गर्छन्। मानिसहरू नामनिसानबिनै हराउँछन्, मानौं तिनीहरू सबै पूर्ण रूपमा लोप भएका छन्। हरेकले अशुभ अनुभूति गर्छन्, र सबै मानिसहरूले कठिन प्रयास गरे पनि र परमेश्‍वरको इच्छालाई सन्तुष्ट पार्ने प्रयास गरे पनि, अनि परमेश्‍वरको इच्छा सहज रूपमा र वाधारहित रूपमा अघि बढोस् भनेर हरेक व्यक्तिले परमेश्‍वरको अभिप्रायलाई सन्तुष्ट तुल्याउनको लागि आफ्नो सारा सामर्थ्यको प्रयोग गरे पनि, त्यस्तो भावनामा सधैँ पूर्वचेतावनीको अनुभूति मिसिएको हुन्छ। आजका वाणीहरूलाई लिऊँ: यदि यी वाणीहरू धेरै मानिसहरूलाई सुनाइएको र समस्त ब्रह्‍माण्डको निम्ति घोषणा गरिएको भए, सबै मानिसहरू घुँडा टेकेर रुनेथिए, किनभने आत्मिक मामलाहरूलाई बुझ्ने सबैले "म सारा पृथ्वीलाई रेखदेख गर्नेछु र धार्मिकता, प्रताप, क्रोध, र सजायसहित संसारको

पूर्वमा देखा पर्दै, असंख्य मानवजातिका बीचमा आफैलाई प्रकट गर्नेछु" भन्ने वचनहरूमा परमेश्‍वरको सजायबाट कोही पनि उम्कन सक्दैन, र सजायको कष्ट भोगिसकेपछि, सबै मानिसहरूलाई तिनीहरूको प्रकारअनुसार अलग गरिनेछ भन्ने कुरा देख्छन्। साँच्चै नै, यो परमेश्‍वरको कामको एउटा चरण हो, र यसलाई कसैले पनि परिवर्तन गर्न सक्दैन। जब परमेश्‍वरले संसारको सृष्टि गर्नुभयो, जब उहाँले मानवजातिलाई अगुवाइ गर्नुभयो, तब उहाँले आफ्नो बुद्धि र आश्‍चर्यजनकता देखाउनुभयो, र उहाँले यो युगलाई समाप्त गर्नुभएपछि मात्रै मानिसहरूले उहाँको साँचो धार्मिकता, प्रताप, क्रोध र सजायलाई देख्नेछन्। यसको साथै, सजायमार्फत मात्रै तिनीहरूले उहाँको धार्मिकता, प्रताप र क्रोधलाई देख्न सक्छन्; आखिरी दिनहरूको अवधिमा परमेश्‍वरको देहधारण अत्यावश्यक र अपरिहार्य भएझैं, यो बाटो पनि हिँड्नु अत्यावश्यक र अपरिहार्य छ। सबै मानवजातिको अन्त्यको घोषणा गरिसकेपछि मात्रै, परमेश्‍वरले मानिसलाई उहाँले आज गर्नुहुने काम देखाउनुहुन्छ। उदाहरणको लागि, परमेश्‍वर भन्‍नुहुन्छ, "पुरानो दिनको इस्राएल अब रहेन, र आजको इस्राएल संसारमा ठाडो हुँदै र उच्च हुँदै खडा भएको छ, र सारा मानवजातिको हृदय-हृदयमा खडा भएको छ। आजको इस्राएलले अवश्य नै मेरा मानिसहरूद्वारा अस्तित्वको स्रोत प्राप्त गर्नेछ!" "हे घृणास्पद मिश्र! ... तँ मेरो सजायभित्र कसरी अस्तित्वमा नरहन सक्छस्?" परमेश्‍वरले मानिसहरूलाई जानी-जानी उहाँका हातमा परेपछि दुई वटा विपरीत देशहरूले प्राप्त गर्ने परिणामहरू देखाउनुहुन्छ, जसले एक हिसाबमा इस्राएललाई जनाउँछ, जुन भौतिक हो, र अर्को हिसाबमा, परमेश्‍वरका सबै चुनिएका मानिसहरूलाई जनाउँछ—भन्‍नुको अर्थ, इस्राएल परिवर्तन हुने क्रममा परमेश्‍वरका चुनिएका मानिसहरू कसरी परिवर्तन हुन्छन् भन्ने कुरा देखाउनुहुन्छ। जब इस्राएल यसको मौलिक स्वरूपमा फर्किएको हुन्छ, चुनिएका सबैलाई त्यसपछि पूर्ण तुल्याइनेछ—भन्‍नुको अर्थ, इस्राएल परमेश्‍वरलाई प्रेम गर्नेहरू सबैको अर्थपूर्ण प्रतीक हो। यसबीच, मिश्रचाहिँ परमेश्‍वरलाई घृणा गर्नेहरूको प्रतिनिधित्व हो। यो जति सड्दै जान्छ, परमेश्‍वरले घृणा गर्नुहुने मानिसहरू त्यति नै भ्रष्ट हुँदै जान्छन्—त्यसपछि बेबिलोनको पतन हुन्छ। यसले एउटा स्पष्ट भिन्नता प्रस्तुत गर्छ। इस्राएल र मिश्रको अन्त्यको घोषणा गर्दै, परमेश्‍वरले सबै मानिसहरूको गन्तव्यलाई प्रकट गर्नुहुन्छ; तसर्थ, इस्राएलको बारेमा उल्लेख गर्ने क्रममा, परमेश्‍वरले मिश्रको बारेमा पनि कुरा गर्नुहुन्छ। यसबाट के देख्न सकिन्छ भने, मिश्र विनाश हुने दिन नै संसार नष्ट हुने दिन हो, र परमेश्‍वरले सबै मानिसहरूलाई सजाय दिनुहुने दिन हो। चाँडै नै यस्तो हुनेछ; परमेश्‍वरले यो कार्य पूरा गर्न लाग्नुभएको छ, जुन मानिसको नाङ्गो आँखाको निम्ति अदृश्य तर अपरिहार्य र अपरिवर्तनीय छ। परमेश्‍वर भन्‍नुहुन्छ, "मेरो विरुद्ध खडा हुने सबै जनालाई म अवश्य नै अनन्तसम्म सजाय दिनेछु। किनभने म डाहा गर्ने परमेश्‍वर हुँ र तिनीहरूले गरेका सबै कुराको निम्ति म मानिसहरूलाई हल्कासँग छाड्नेछैन।" परमेश्‍वर किन यस्तो कठोर शैलीमा बोल्नुहुन्छ? अनि किन उहाँ ठूलो रातो अजिङ्गरको देशमा व्यक्तिगत रूपमा देह बन्‍नुभएको छ? परमेश्‍वरका वचनहरूबाट, उहाँको उद्देश्‍यलाई देख्न सकिन्छ: उहाँ मानिसहरूलाई मुक्ति दिन, वा तिनीहरूलाई करुणा देखाउन, वा तिनीहरूको हेरचाह गर्न, वा तिनीहरूको रक्षा गर्न आउनुभएको होइन—उहाँ त उहाँलाई विरोध गर्ने सबै मानिसहरूलाई सजाय दिन आउनुभएको हो। किनभने परमेश्‍वर भन्‍नुहुन्छ, "मेरो सजायबाट कोही पनि उम्कन सक्दैन।"

परमेश्वर देहमा जिउनुहुन्छ, यसको साथै, उहाँ सामान्य व्यक्ति हुनुहुन्छ, तैपनि उहाँलाई व्यक्तिपरक हिसाबले चिन्न नसक्ने मानिसहरूको कमजोरीको लागि उहाँले तिनीहरूलाई क्षमा गर्नुहुन्न; बरु, उहाँले "सामान्य व्यक्ति" को माध्यमद्वारा, मानिसहरूलाई तिनीहरूको पापको निम्ति दोषी ठहऱ्याउनुहुन्छ, उहाँको देहलाई देख्नेहरू सबैलाई उहाँले सजाय पाउनेहरू बनाउनुहुनेछ, र तिनीहरू त्यसरी जो ठूलो रातो अजिङ्गरको देशका मानिसहरू होइनन् तिनीहरूका बलिदानहरू बन्छन्। तर परमेश्वरको देहधारणको प्राथमिक उद्देश्यहरूमध्ये यो एक होइन। परमेश्वर ठूलो रातो अजिङ्गरसँग देहमा युद्ध गर्नको लागि, र युद्धद्वारा यसलाई लज्जित पार्नको लागि देह बन्नुभयो। ठूलो रातो अजिङ्गरसँग आत्मामा भन्दा देहमा युद्ध गर्दा परमेश्वरको महान् शक्ति अझ स्पष्ट देखिने हुनाले, परमेश्वरले आफ्ना कार्यहरू र आफ्नो सर्वशक्तिमान्ता देखाउन देहमा नै युद्ध गर्नुहुन्छ। अनगिन्ती मानिसहरूलाई परमेश्वरको देहधारणले "निर्दोष रूपमा" दोषी ठहराएको छ, र अनगिन्ती मानिसहरूलाई नरकमा फ्याँकिएको र सजायमा पारिएको छ, र तिनीहरूले देहमा कष्ट भोगेका छन्। यो परमेश्वरको धर्मी स्वभावको प्रदर्शन हो, र परमेश्वरलाई विरोध गर्नेहरू आज जसरी परिवर्तन भए पनि, परमेश्वरको धर्मी स्वभाव कहिल्यै पनि परिवर्तन हुनेछैन। एकपटक दोषी ठहरिएपछि, मानिसहरू सदासर्वदाको लागि दोषी ठहरिन्छन्, फेरि कहिल्यै खडा हुन सक्दैनन्। मानिसको स्वभाव परमेश्वरको जस्तो हुन सक्दैन। परमेश्वरको विरोध गर्नेहरूप्रति, मानिसहरू घरी तातो, घरी चिसो हुन्छन्; तिनीहरू घरी दायाँ, घरी बायाँ जान्छन्, घरी माथि, घरी तल हुन्छन्; तिनीहरू कहिल्यै पनि स्थिर रहन सक्दैनन् र भित्रैदेखि परमेश्वरको विरोध गर्नेहरूलाई तिनीहरू कहिले घृणा गर्छन्, कहिले घनिष्ठ बनाउँछन्। मानिसहरूले परमेश्वरको कामलाई नचिन्ने हुनाले आजका परिस्थितिहरू आएका छन्। परमेश्वरले किन यस्ता वचनहरू बोल्नुहुन्छ, "स्वर्गदूतहरू आखिर स्वर्गदूतहरू नै हुन्; परमेश्वर आखिर परमेश्वर नै हुनुहुन्छ; भूतहरू आखिर भूतहरू नै हुन्; अधर्मीहरू अझै पनि अधर्मी नै हुन्; अनि पवित्र जनहरू पवित्र जनहरू नै हुन्"? के तिमीहरू यसलाई बोध गर्न सक्दैनौ? के परमेश्वरले गलत रूपमा याद गर्नुभएको हुन सक्छ? तसर्थ, परमेश्वर भन्नुहुन्छ, "हरेक व्यक्तिलाई उसको प्रकारअनुसार अलग गरिन्छ, र थाहै नपाई तिनीहरू आफ्नो परिवारको काखमा फर्कन्छन्।" यसबाट के देख्न सकिन्छ भने, आज परमेश्वरले सबै कुरालाई तिनीहरूको परिवारमा वर्गीकरण गर्नुभएको छ, यसैले अबउप्रान्त यो "असीमित संसार" रहँदैन र मानिसहरूले अबउप्रान्त एउटै ठूलो भाँडाबाट खाना खाँदैनन्, बरु तिनीहरूले आफ्नै घरमा आफ्नै भूमिका खेल्दै आफ्नो कर्तव्य पूरा गर्छन्। संसारलाई सृष्टि गर्ने क्रममा परमेश्वरको मूल उद्देश्य यही थियो; प्रकारअनुसार अलग गरिएपछि, मानिसहरूले "आ-आफ्नै खानेकुरा" खानेछन्, अर्थात्, परमेश्वरले न्याय सुरु गर्नुहुनेछ। परिणामस्वरूप, परमेश्वरको मुखबाट यी वचनहरू आए: "म सृष्टिको पहिलेको स्थितिलाई पुर्नस्थापित गर्नेछु; म हरेक कुरालाई उल्लेखनीय रूपमा परिवर्तन गर्दै, सबै कुरालाई त्यसको पहिलेकै रूपमा पुनर्स्थापित गर्छु, ताकि सबै कुरा मेरो योजनाको सामिप्यमा फर्कनेछन्।" परमेश्वरको सबै कामको उद्देश्य ठीक यही नै हो, र यो कुरालाई बुझ्न कठिन छैन। परमेश्वरले आफ्नो काम पूरा गर्नुहुनेछ—के मानिस उहाँको कामको मार्गमा खडा हुन सक्छ र? अनि के परमेश्वरले उहाँ र मानिसको बीचमा स्थापना गरिएको करारलाई च्यात्न

सक्नुहुन्छ र? परमेश्‍वरको आत्माले गर्नुभएको कामलाई कसले बदल्न सक्छ र? के कुनै पनि मानिसले त्यसो गर्न सक्छ र?

विगतमा, मानिसहरूले परमेश्‍वरका वचनहरूमा एउटा नियम बोध गरेका थिए: जब परमेश्‍वरका वचनहरू बोलिन्छ, तिनलाई चाँडै नै वास्तविक बनाइन्छ। यसमा कुनै पनि झूट छैन। परमेश्‍वरले म सबै मानिसहरूलाई सजाय दिनेछु भनी भन्‍नुभएको हुनाले, यसको साथै, उहाँले आफ्नो प्रशासनिक आदेशहरूलाई जारी गर्नुभएको हुनाले, परमेश्‍वरको कामलाई निश्‍चित चरणसम्म अघि बढाइएको छ भन्‍ने देख्‍न सकिन्छ। सबै मानिसहरूको निम्ति जारी गरिएको संविधानले तिनीहरूको जीवन र परमेश्‍वरप्रतिको तिनीहरूको मनोवृत्तिलाई सम्बोधन गरेको थियो। यो जडसम्म भने पुगेको थिएन; यो परमेश्‍वरको पूर्वनिर्धारित गन्तव्यमा आधारित थियो भनेर यसले भनेको छैन, तर त्यो बेलाको मानिसको बानीबेहोरामा आधारित थियो भनेर भनेको छ। आजका प्रशासनिक आदेशहरू असाधारण छन् र तिनले कसरी “सबै मानिसहरूलाई तिनीहरूका आफ्नै प्रकारअनुसार अलग गरिनेछ, र तिनीहरूले आफ्ना कार्यहरू अनुसारको सजाय पाउनेछन्” भन्‍ने बारेमा बताउँछन्। ध्यान दिएर नपढुञ्जेलसम्म, यसमा कुनै समस्या भेट्टाउन सकिँदैन। अन्तिम युगको अवधिमा मात्रै परमेश्‍वरले सबै कुरालाई तिनीहरूको प्रकारअनुसार अलग गर्नुहुने हुनाले, यस वचनलाई पढिसकेपछि, धेरैजसो मानिसहरू अकमक्क र अन्योल हुन्छन्; तिनीहरूले अझै पनि समयको आतुरीलाई नहेरीकन उदासीन मनोवृत्ति अपनाउँछन्, त्यसकारण तिनीहरूले यसलाई चेतावनीको रूपमा लिँदैनन्। किन यस बिन्दुमा सम्पूर्ण ब्रह्माण्डको निम्ति घोषणा गरिएको परमेश्‍वरका प्रशासनिक आदेशहरू मानिसलाई देखाइन्छ त? के यी मानिसहरूले समस्त ब्रह्माण्डका सबैलाई प्रतिनिधित्व गर्छन् त? के पछि परमेश्‍वरले यी मानिसहरूलाई अझै बढी कृपा गर्न सक्नुहुन्छ त? के यी मानिसहरू दुईटाउके बनेका छन् त? जब परमेश्‍वरले सम्पूर्ण ब्रह्माण्डका मानिसहरूलाई सजाय दिनुहुन्छ, जब सबै किसिमका महाविपत्तिहरूले प्रहार गर्छन्, यी महाविपत्तिहरूको परिणामस्वरूप, सूर्य र चन्द्रमामा परिवर्तनहरू आउनेछन्, अनि जब यी महाविपत्तिहरू समाप्त हुन्छन्, सूर्य र चन्द्रमालाई परिवर्तन गरिसकिएको हुनेछ–अनि यसैलाई “परिवर्तनको कार्य” भनेर भनिन्छ। अवश्य नै, भविष्यका विपत्तिहरू अझै गम्भीर हुनेछन्। रातले दिनको ठाउँ लिन सक्छ, एक वर्षसम्म सूर्य देखा नपर्न सक्छ, धेरै महिनासम्म अत्याधिक तापक्रम हुन सक्छ, चेतावनी दिने चन्द्रमाले मानवजातिलाई सधैँ हेरिरहेको हुन सक्छ, सूर्य र चन्द्रमा एक साथ उदाउने अनौठो घटना देखा पर्न सक्छ, र यस्तै-यस्तै अन्य कुराहरू हुन सक्छन्। धेरैपटकको चक्रीय परिवर्तनपछि, अन्तिममा, समय बित्दै जाँदा, तिनीहरू नवीकरण हुनेछन्। परमेश्‍वरले दियाबलसको स्वामित्वमा हुनेहरूको लागि उहाँले बनाउनुभएको योजनालाई विशेष ध्यान दिनुहुन्छ। तसर्थ, उहाँले जानी-जानी यसो भन्‍नुहुन्छ, “ब्रह्माण्डका मानिसहरूमध्ये, दियाबलसका स्वामित्वमा रहेकाहरू सबैलाई समाप्त गरिनेछ।” यी “मानिसहरू” ले तिनीहरूको साँचो रङ्ग देखाउनुभन्दा पहिले, परमेश्‍वरले तिनीहरूलाई सधैँ सेवा गर्न लगाउनको लागि प्रयोग गर्नुहुन्छ; परिणामस्वरूप, उहाँले तिनीहरूका कामलाई कुनै ध्यान दिनुहुन्‍न, तिनीहरूले राम्रो काम गरेको बेला पनि उहाँले तिनीहरूलाई कुनै “इनाम” दिनुहुन्‍न, न त तिनीहरूले नराम्ररी काम गर्दा तिनीहरूको “ज्याला” नै घटाइदिनुहुन्छ। त्यसकारण, उहाँले

तिनीहरूलाई अवहेलना गर्नुहुन्छ र तिनीहरूसँग रूखो व्यवहार गर्नुहुन्छ। तिनीहरूको “असलपन” को कारण उहाँ अचानक परिवर्तन हुनुहुन्न, किनभने परमेश्वर र मानिसको बीचमा स्थापित गरिएको करारजस्तै, अनि “समुद्र सुके पनि र चट्टानहरू टुक्रा-टुक्रा भए पनि कुनै परिवर्तन आउनेछैन” भन्ने मानिसको भनाइजस्तै, समय वा स्थान जेसुकै भए पनि, मानिसको सार परिवर्तन हुँदैन। तसर्थ, परमेश्वरले यी मानिसहरूलाई तिनीहरूका प्रकारअनुसार वर्गीकरण मात्रै गर्नुहुन्छ र तिनीहरूलाई तत्परतासाथ ध्यान दिनुहुन्न। सृष्टिको समयदेखि आजको दिनसम्म, दियाबलसले कहिल्यै पनि आफ्नो राम्रो व्यवहार प्रस्तुत गरेको छैन। यसले सधैँ नै वाधा, खलबली, र विरोध पैदा गरेको छ। जब परमेश्वरले काम गर्नुहुन्छ वा बोल्नुहुन्छ, दियाबलसले सधैँ सहभागी हुने प्रयास गर्छ, तर परमेश्वरले यसलाई कुनै ध्यान दिनुहुन्न। दियाबलसको बारेमा उल्लेख गर्नेबित्तिकै, परमेश्वरको क्रोध दबाउनै नसकिने गरी पैदा हुन्छ; उहाँहरू एउटै आत्माका नहुनुभएको हुनाले, उहाँहरूको बीचमा कुनै सम्बन्ध छैन, दूरी र विच्छेद मात्रै छ। सात मोहोरहरूको प्रकाशपछि, पृथ्वीको स्थिति सधैँ झन्-झन् खराब हुँदै जान्छ, र सबै कुरा अलिकति पनि पछि नपरी “सात मोहोरहरूसँग काँधमा काँध मिलाएर अघि बढ्छन्।” परमेश्वरका वचनहरूभरि, मानिसहरूलाई परमेश्वरले स्तम्भित भएको देख्नुहुन्छ, तैपनि तिनीहरू बिउँझदै बिउँझदैनन्। उच्च बिन्दुमा पुग्नको लागि, सबै मानिसहरूको सामर्थ्यलाई अघि ल्याउनको लागि, यसको साथै, परमेश्वरको कामलाई यसको चरम सीमामै पूरा गर्नको लागि, परमेश्वरले मानिसहरूलाई शृङ्खलाबद्ध प्रश्नहरू गर्नुहुन्छ, मानौं उहाँले तिनीहरूको पेट फुलाउँदै हुनुहुन्छ, र यसरी उहाँले सबै मानिसहरूलाई पुनः भर्दै हुनुहुन्छ। यी मानिसहरूको कुनै वास्तविक कद नभएको हुनाले, वास्तविक परिस्थितिहरूको आधारमा, फुलाइएकाहरू मापदण्डअनुसारका सामान हुन्, तर नफुलाइएकाहरू काम नलाग्ने फोहोर हुन्। मानिसलाई परमेश्वरले दिनुभएको मापदण्ड, र उहाँले बोल्नुहुने विधिको उद्देश्य यही हो। खास गरी, जब परमेश्वरले “के पृथ्वीमा हुँदा, म स्वर्गमा जस्तो हुन्छु त्यस्तो नभएकोले हो? के स्वर्गमा हुँदा म पृथ्वीमा आउन नसक्ने हुनाले हो? के पृथ्वीमा हुँदा, म स्वर्गमा सर्न योग्य नभएकोले हो?” भनी भन्नुहुन्छ, यी प्रश्नहरूले मानिसले परमेश्वरलाई चिन्न सक्ने स्पष्ट मार्गको रूपमा काम गर्छन्। परमेश्वरका वचनहरूबाट, परमेश्वरको अत्यावश्यक इच्छा देखिन्छ; मानिसहरू यसलाई प्राप्त गर्न असमर्थ छन्, र परमेश्वरले बारम्बार सर्तहरू थप्नुहुन्छ, र यसरी सबै मानिसहरूलाई पृथ्वीमा हुनुहुने स्वर्गका परमेश्वरलाई चिन्न र स्वर्गमा हुनुहुने तर पृथ्वीमा जिउनुहुने परमेश्वरलाई चिन्नको लागि स्मरण गराउनुहुन्छ।

परमेश्वरका वचनहरूबाट, मानिसका स्थितिहरूलाई देख्न सकिन्छ: “मेरो बाहिरी स्वरूपमा आफै अनुसन्धान गर्दै, सारा मानवजातिले मेरा वचनहरूमा प्रयास गर्छन्, तर तिनीहरू सबै असफल हुन्छन्, तिनीहरूका प्रयासहरूले कुनै फल फलाउँदैन, बरु तिनीहरू मेरा वचनहरूको प्रहारद्वारा लड्छन् र फेरि उठ्ने आँट गर्दैनन्।” परमेश्वरको विरहलाई कसले बुझ्न सक्छ र? परमेश्वरको हृदयलाई कसले सान्त्वना दिन सक्छ र? परमेश्वरले माग्नुभएको कुरामा को उहाँको हृदयअनुरूपको बन्न सक्छ र? जब मानिसहरूले कुनै फल फलाउँदैनन्, तिनीहरूले आफैलाई इन्कार गर्छन् र परमेश्वरका योजनाबद्ध कार्यहरूमा साँचो रूपमा समर्पित हुन्छन्। क्रमिक रूपमा, तिनीहरूले

तिनीहरूको साँचो हृदय प्रकट गर्ने क्रममा, हरेकलाई उसको प्रकारअनुसार अलग गरिन्छ, र यसरी स्वर्गदूतहरूको सार परमेश्‍वरप्रति पूर्ण रूपमा आज्ञापालन गर्ने हुन्छ भन्ने देखिन्छ। त्यसकारण, परमेश्‍वर भन्नुहुन्छ, "मानवजातिलाई यसको मूल रूपमा प्रकट गरिन्छ।" जब परमेश्‍वरको काम यो चरणमा पुग्छ, यो सबै पूरा भइसकेको हुनेछ। परमेश्‍वरले उहाँ उहाँका पुत्रहरू र मानिसहरूका निम्ति उदाहरण हुनुहुन्छ भन्ने कुराको बारेमा केही पनि बताउनुभएको छैन भन्ने देखिन्छ, बरु सबै मानिसहरूलाई तिनीहरूको मूल स्वरूप देखाउन लगाउने कार्यमा ध्यान केन्द्रित गर्नुभएको देखिन्छ। के तिमीहरूले यी वचनहरूको साँचो अर्थलाई बुझ्यौ त?

## अध्याय २७

आज परमेश्‍वरका वचनहरू चरम बिन्दुमा पुगेका छन्, भन्नुको अर्थ, न्यायको युगको दोस्रो भाग शिखरमा पुगेको छ। तर यो सबैभन्दा उच्च शिखर होइन। यसपटक, परमेश्‍वरको लबज परिवर्तन भएको छ—यो न त गिल्ला गर्ने किसिमको छ, न त हास्यप्रद नै छ, र न त यसमा ताडना छ न त यसमा हप्की छ; परमेश्‍वरले उहाँका वचनहरूको लबज हल्का बनाउनुभएको छ। अब, परमेश्‍वरले मानिससँग "भावनाको आदनप्रदान गर्न" सुरु गर्नुहुन्छ। परमेश्‍वरले न्यायको युगको कार्यलाई जारी पनि राखिरहनुभएको छ साथै कामको अर्को खण्डको मार्ग पनि खोल्दै हुनुहुन्छ, ताकि उहाँको कामका सबै भागहरू एक-अर्कासँग जोडिएका होऊन्। एकतर्फ, उहाँले मानिसको "जिद्दीपन र अपराध दोहोर्‍याउने प्रवृत्ति" को बारेमा बताउनुहुन्छ, र अर्कोतर्फ उहाँले "मानिसबाट अलग गरिनु र फेरि मिल्नुको आनन्द र शोक" को कुरा गर्नुहुन्छ—यी सबै कुराले मानिसहरूको हृदयमा प्रतिक्रिया पैदा गराउँछन्, र तिनले सबैभन्दा कठोर मानव हृदयलाई समेत छुन्छन्। परमेश्‍वरले यी वचनहरू बताउनुको मुख्य उद्देश्य सबै मानिसहरूलाई अन्त्यमा परमेश्‍वरको सामु बिना कुनै आवाज घुँडा टेकाउनु हो, त्यसपछि मात्रै "हरेकलाई तिनीहरूका आफ्नै असफलताद्वारा मलाई चिन्ने तुल्याउँदै म मेरा कार्यहरूलाई प्रकट गर्छु।" यस अवधिमा, परमेश्‍वरसम्बन्धी मानिसहरूको ज्ञान पूर्ण रूपमा सतही रहन्छन्; यो साँचो ज्ञान हुँदैन। तिनीहरूले आफूले सकेजति कठिन प्रयास गर्न सक्ने भए पनि, तिनीहरूले परमेश्‍वरको इच्छा हासिल गर्न सक्दैनन्। आज, परमेश्‍वरका वचनहरू शीर्ष बिन्दुमा पुगेका छन्, तर मानिसहरू अझै पनि प्रारम्भिक चरणहरूमा नै छन्, तसर्थ तिनीहरू अहिलेका वाणीहरूमा प्रवेश गर्न सक्दैनन्—यसले के देखाउँछ भने परमेश्‍वर र मानिसहरू सम्भव भएजतिको हदसम्मै फरक छन्। यो तुलनाको आधारमा, जब परमेश्‍वरका वचनहरूको अन्त्य हुन्छ, मानिसहरूले परमेश्‍वरको सबैभन्दा न्यून मापदण्ड मात्रै हासिल गर्न सक्छन्। ठूलो रातो अजिङ्गरले पूर्ण रूपमा भ्रष्ट तुल्याएका यी मानिसहरूमा परमेश्‍वरले यही माध्यमद्वारा काम गर्नुहुन्छ, र परमेश्‍वरले अधिकतम प्रभाव हासिल गर्नको लागि यसरी नै काम गर्नुपर्छ। मण्डलीका मानिसहरूले परमेश्‍वरका वचनहरूलाई अलिक बढी ध्यान दिन्छन्, तर परमेश्‍वरको अभिप्राय भनेको तिनीहरूले उहाँका वचनहरूमा परमेश्‍वरलाई चिन्न सकून् भन्ने हो—के यसमा फरक छैन र? तैपनि, परिस्थितिलाई हेर्दा, परमेश्‍वरले अबउप्रान्त मानिसको कमजोरीको

बारेमा ध्यान दिन छोड्नुभएको छ, र मानिसहरूले उहाँका वचनहरूलाई स्वीकार गर्न सके पनि नसके पनि उहाँले बोल्ने कार्यलाई जारी राख्नुभएको छ। उहाँको इच्छाअनुरूप, जब उहाँका वचनहरूको अन्त्य हुन्छ, पृथ्वीमा उहाँको काम पूरा हुने समय पनि त्यही हुनेछ। तर यसपटकको कार्य विगतको जस्तो छैन। जब परमेश्‍वरका वाणीहरूको अन्त्य हुन्छ, तब त्यसलाई कसैले पनि थाहा पाउनेछैन; जब परमेश्‍वरको कामको अन्त्य हुन्छ, तब त्यो कसैलाई पनि थाहा हुनेछैन; र जब परमेश्‍वरको स्वरूप परिवर्तन हुन्छ, तब त्यो कसैलाई पनि थाहा हुनेछैन। परमेश्‍वरको बुद्‌धि यही हो। शैतानका कुनै पनि आरोपहरू र शत्रुवत शक्तिहरूको कुनै पनि हस्तक्षेप रोक्‍नको लागि, परमेश्‍वरले कसैले थाहा नपाउने गरी काम गर्नुहुन्छ, र यसपटक पृथ्वीका मानिसहरूमाझ कुनै पनि प्रतिक्रिया हुँदैन। परमेश्‍वरको रूप परिवर्तनका चिन्हहरूका बारेमा एकपटक बताइएको भए पनि, कसैले पनि यसलाई बुझ्न सक्दैन, किनभने मानिसले यो कुरालाई बिर्सेको छ र यसप्रति उसले कुनै ध्यान नै दिँदैन। भित्र र बाहिर दुवैतर्फको आक्रमणको कारण—बाहिरी संसारका विपत्तिहरू र परमेश्‍वरका वचनहरूको जलन र धुलाइको कारण—मानिसहरूले परमेश्‍वरको लागि कडा परिश्रम गर्न इच्छुक हुन छोडेका छन्, किनभने तिनीहरू आफ्नै कामकाजमा अत्यन्तै व्यस्त छन्। जब सबै मानिसहरू ज्ञान र विगतको खोजीलाई इन्कार गर्ने बिन्दुमा पुग्छन्, जब सबै मानिसहरूले आफैलाई स्पष्ट रूपमा देखेका हुन्छन्, तब तिनीहरू असफल हुनेछन् र तिनीहरूको हृदयमा तिनीहरूको आफ्नै लागि ठाउँ हुनेछैन। तब मात्रै मानिसहरूले साँचो रूपमा परमेश्‍वरका वचनहरूको तृष्णा गर्छन्, त्यसपछि मात्रै तिनीहरूको हृदयमा परमेश्‍वरका वचनहरूको निम्ति ठाउँ हुन्छ, र त्यसपछि मात्रै परमेश्‍वरका वचनहरू तिनीहरूको अस्तित्वको स्रोत बनेका हुन्छन्—यस क्षणमा, परमेश्‍वरको इच्छा पूरा हुनेछ। तर आजका मानिसहरू यो बिन्दुमा पुग्‍नको लागि तिनीहरूले धेरै बाटो हिँड्न बाँकी नै छ। तिनीहरूमध्ये कतिपय त केवल एक इन्च मात्रै अघि बढेका छन्, त्यसकारण परमेश्‍वरले यो त “अपराध दोहोर्‍याउने प्रवृत्ति” हो भनी भन्‍नुहुन्छ।

परमेश्‍वरका सबै वचनहरूमा धेरै प्रश्‍नहरू समावेश छन्। किन परमेश्‍वरले निरन्तर त्यस्ता प्रश्‍नहरू गरिरहनुहुन्छ त? “किन मानिसहरू पश्‍चात्ताप गरेर नयाँ गरी जन्मन सक्दैनन्? किन तिनीहरू हिलो नभएको ठाउँमा बस्‍नुको सट्टा दलदलमा नै सदासर्वदा बसिरहन इच्छुक हुन्छन्? ...” विगतमा, परमेश्‍वरले कामकुराहरू सीधै औँल्याउने वा सीधै खुलासा गर्ने तरिकाले काम गर्नुभयो। तर मानिसहरूले अथाह पीडा भोगेपछि, परमेश्‍वरले त्यसउप्रान्त यसरी सीधै बोल्न छोड्नुभयो। यी प्रश्‍नहरूभित्र, मानिसहरूले तिनीहरूका आफ्नै कमीकमजोरीहरूलाई देख्‍न सक्छन् र तिनीहरूले अभ्यास गर्ने मार्ग पनि पत्ता लगाउँछन्। सबै मानिसहरूलाई जुन कुरा सहज रूपमा उपलब्ध हुन्छ त्यही खान मन पर्ने हुनाले, तिनीहरूले मनन गरून् भनेर तिनीहरूलाई मन गर्ने विषयहरू प्रदान गर्दै तिनीहरूका मागहरूअनुरूप नै परमेश्‍वर बोल्नुहुन्छ। परमेश्‍वरका प्रश्‍नहरूको महत्त्वको एउटा पक्ष यही हो। प्राकृतिक रूपमा नै, उहाँका अरू कतिपय प्रश्‍नहरूको महत्त्व यस्तो हुँदैन, उदाहरणको लागि: के मैले तिनीहरूलाई दुर्व्यवहार गरेकोले हो? के मैले तिनीहरूलाई गलत दिशातर्फ इसारा गरेकोले हो? के मैले तिनीहरूलाई नरकतिर डोर्‍याएकोले हो? यी प्रश्‍नहरूले मानिसहरूको हृदयको गहिराइमा बसिरहेका धारणाहरूलाई देखाउँछन्। तिनीहरूले मुखैले यी धारणाहरू नबोले पनि,

तिनीहरूमध्ये धेरैजसोको हृदयमा शङ्का हुन्छ, र तिनीहरू परमेश्‍वरका वचनहरूले आफूलाई असल गुणविनाका मानिसहरूको रूपमा चित्रण गर्छन् भन्ने विश्‍वास गर्छन्। प्राकृतिक रूपमा नै, त्यस्ता मानिसहरूले आफूलाई चिन्दैनन्, तर अन्त्यमा तिनीहरूले परमेश्‍वरका वचनहरूप्रति हारेको स्वीकार गर्छन्—यो कुरा अपरिहार्य छ। यी प्रश्‍नहरूपछि, परमेश्‍वरले यसो पनि भन्‍नुहुन्छ, "सारा राष्ट्रहरूलाई धूलो-पीठो हुने गरी चकनाचूर गर्ने मेरो अभिप्राय छ, मानिसको परिवारको बारेमा त कुरै नगरौं।" जब मानिसहरूले परमेश्‍वरको नाम स्वीकार गर्छन् तब परिणामस्वरूप, सबै राष्ट्रहरू काँप्‍नेछन्, मानिसहरूले क्रमिक रूपमा आफ्नो मानसिकतालाई परिवर्तन गर्नेछन्, र परिवारमा बाबु र छोरा, आमा र छोरी, अनि पति र पत्‍नीबीचका सम्बन्धहरू अस्तित्वमा हुन छोड्नेछन्। यसको साथै, परिवारका मानिसहरूको बीचको सम्बन्धहरूमा अझै बढी मनमुटाव आउनेछन्; तिनीहरू ठूलो परिवारमा जोडिनेछन्, र लगभग सबै परिवारका परम्परागत जीवन तहसनहस हुनेछ। यही कारणले गर्दा, मानिसहरूको हृदयमा रहने "परिवार" सम्बन्धी धारणा झन्-झन् अस्पष्ट हुँदै जानेछ।

किन आजका परमेश्‍वरका वचनहरूमा मानिसहरूसँग "भावना साटासाट" गर्ने कार्यप्रति धेरै कुरा समर्पित गरिएको छ? प्राकृतिक रूपमै, यो निश्‍चित प्रभाव हासिल गर्नको लागि पनि हो, जसबाट के देख्‍न सकिन्छ भने परमेश्‍वरको हृदय चिन्ताले भरिएको छ। परमेश्‍वर भन्‍नुहुन्छ, "जब म दुःखित हुन्छु, कसले मलाई आफ्नो हृदयबाट सान्त्वना दिन सक्छ?" परमेश्‍वरको हृदय शोकग्रष्त भएको कारण, उहाँले यी वचनहरू भन्‍नुभएको हो। परमेश्‍वरको इच्छालाई हरप्रकारको वास्ता पर्दान गर्न मानिसहरू असमर्थ छन्, र तिनीहरू सधैँ छाडा हुन्छन्, तिनीहरूले आफैलाई नियन्त्रणमा राख्‍न सक्दैनन्, र तिनीहरूले जे गर्न मन लाग्छ त्यही गर्छन्; तिनीहरू अत्यन्तै नीच छन्, र तिनीहरूले सधैँ आफूलाई माफी दिन्छन् र परमेश्‍वरको इच्छाप्रति कहिल्यै ध्यान दिँदैनन्। तर आजको दिनसम्म नै मानिसहरूलाई शैतानले भ्रष्ट तुल्याएको हुनाले, र तिनीहरू आफूलाई मुक्त गर्न असक्षम रहेका हुनाले, परमेश्‍वर भन्‍नुहुन्छ: "तिनीहरू भोको ब्वाँसोको मुखबाट कसरी उम्कन सक्छन् र? यसका खतराहरू र यसका परीक्षाहरूबाट तिनीहरूले आफैलाई कसरी मुक्त गर्न सक्छन् र?" मानिसहरू देहमा जिउँछन्, जुन भोको ब्वाँसोको मुखमा जिउनु हो। यही कारणले गर्दा, अनि मानिसहरूसँग कुनै आत्म-चेतना नभएको र सधैँ आफैमा लिप्त हुने र आफूलाई व्यभिचारमा डुबाउने हुनाले, परमेश्‍वर चिन्तित नभई रहन सक्‍नुहुन्‍न। परमेश्‍वरले मानिसहरूलाई त्यसरी जति धेरै स्मरण गराउनुहुन्छ, तिनीहरूले आफ्नो हृदयमा त्यति नै असल महसुस गर्छन्, र तिनीहरू त्यति नै परमेश्‍वरसँग संलग्‍न हुन इच्छुक हुन्छन्। त्यसपछि मात्रै मानिससँग परमेश्‍वर एक-अर्कासँग मैत्रीपूर्ण भई रहन सक्‍नुहुन्छ, उहाँ र मानिसहरूको बीचमा कुनै विच्छेद वा दूरी हुँदैन। आज, सबै मानवजाति परमेश्‍वरको दिनको आगमनको प्रतीक्षा गर्छन्, त्यसकारण मानवजाति कहिल्यै पनि अघि बढेको छैन। तैपनि परमेश्‍वर भन्‍नुहुन्छ: "जब धर्मी सूर्य देखा पर्छ, पूर्व प्रकाशित हुनेछ, र हरेक व्यक्तिलाई ज्योति दिँदै यसले सारा ब्रम्हाण्डलाई प्रकाशित गर्नेछ।" अर्को शब्दमा भन्दा, जब परमेश्‍वरले आफ्नो रूप परिवर्तन गर्नुहुन्छ, सुरुमा पूर्वलाई प्रकाशमय पारिनेछ र पूर्वको राष्ट्रलाई नै सुरुमा प्रतिस्थापित गरिनेछ, त्यसपछि बाँकी देशहरूलाई दक्षिणदेखि उत्तरसम्म नवीकरण गरिनेछ। यो सुव्यवस्थाको क्रम हो, र सबै कुरा परमेश्‍वरका वचनहरूअनुरूप नै हुनेछन्।

यो चरण समाप्त भएपछि, सबै मानिसहरूले देख्नेछन्। परमेश्‍वरले यही क्रमअनुसार काम गर्नुहुनेछ। जब तिनीहरूले यो दिनलाई देख्नेछन्, मानिसहरू उल्लसित हुनेछन्। परमेश्‍वरको आतुर अभिप्रायबाट यो दिन त्यति टाढा छैन भन्‍ने कुरा देख्न सकिन्छ।

आज यहाँ बोलिएका वचनहरूको दोस्रो र तेस्रो भागले परमेश्‍वरलाई प्रेम गर्ने सबैमा वेदनाको आँसु खसाइदिन्छ। तिनीहरूको हृदयलाई तुरुन्तै कालो छायाले ढाक्छ, त्यसपछि सबै मानिसहरू परमेश्‍वरको हृदयको कारण अथाह शोकले भरिन्छन्। परमेश्‍वरले पृथ्वीमा आफ्नो काम पूरा नगरुन्जेलसम्म तिनीहरूले कुनै आरामको अनुभूति गर्नेछैनन्। आम प्रवृति यही हो। "मेरो हृदयमा रिस उठ्छ, त्यसको साथमा शोकका भावना उर्लेर आउँछन्। जब मेरा आँखाले मानिसहरूका काम र तिनीहरूका हरेक वचन र कार्य घिनलाग्दो देख्छन्, मेरो क्रोध उम्लन्छ, र मेरो हृदयमा मलाई मानव संसारका अन्यायहरूको अझै ठूलो बोध हुन्छ, जसले मलाई अझै बढी शोक दिन्छ; म तुरुन्तै मानिसको देहलाई समाप्त गर्न चाहन्छु। मानिसले किन देहमा आफूलाई शुद्ध पार्न सक्दैन, मानिसले किन देहमा आफैलाई प्रेम गर्न सक्दैन, सो मलाई थाहा छैन। के देहको 'प्रकार्य' अत्यन्तै ठूलो भएकोले हुन सक्छ?" परमेश्‍वरका आजका वचनहरूमा, परमेश्‍वरले आफ्नो हृदयका सबै चिन्ता मानिसको निम्ति खुलासा गर्नुभयो, कुनै पनि कुरा लुकाउनुभएन। जब तेस्रो स्वर्गका स्वर्गदूतहरूले उहाँको निम्ति सङ्गीत बजाउँछन्, परमेश्‍वर अझै पनि पृथ्वीका मानिसहरूको चाहना गर्नुहुन्छ, अनि यही कारणले गर्दा उहाँ भन्‍नुहुन्छ, "जब मेरो प्रशंसामा स्वर्गदूतहरूले सङ्गीत बजाउँछन्, यसले ममा मानिसप्रतिको सहानुभूतिलाई जगाएरै छाड्छ। मेरो हृदय तुरुन्तै उदासीनताले भरिन्छ, र यो पीडादायी भावनाबाट आफैलाई मुक्त गर्नु असम्भव छ।" यही कारणले गर्दा, परमेश्‍वरले यी वचनहरू बोल्नुभएको हो: "म मानव संसारका अन्यायहरूलाई सच्याउनेछु। मेरा मानिसहरूलाई फेरि हानी गर्नबाट शैतानलाई रोक्दै, फेरि आफू खुसी गर्नबाट शत्रुहरूलाई रोक्दै, म संसारभरि मेरै हातद्वारा मेरो काम गर्नेछु। मेरा सबै शत्रुहरूलाई भुइँमा लडेर मेरो अगाडि आफ्ना अपराधहरू स्वीकार गर्ने तुल्याउँदै म पृथ्वीमा राजा बन्‍नेछु र मेरो सिंहासनलाई त्यहाँ सार्नेछु।" परमेश्‍वरको दुःखी भावनाले दियाबलसहरूप्रतिको उहाँको घृणालाई बढाइदिन्छ, त्यसकारण उहाँले दियाबलसहरूको अन्त्य कसरी हुनेछ भन्‍ने कुरा अग्रिम रूपमा नै मानिसहरूलाई प्रकट गर्नुहुन्छ। परमेश्‍वरको काम यही हो। परमेश्‍वरले सधैँ सबै मानिसहरूसँग मिलाप हुने र पुरानो युगलाई समाप्त गर्ने इच्छा गर्नुभएको छ। समस्त ब्रह्माण्डका सबै मानिसहरू हलचल गर्न थालेका छन्–भन्‍नुको अर्थ, ब्रह्माण्डका सबै मानिसहरू परमेश्‍वरको अगुवाइमा प्रवेश गर्दैछन्। परिणामस्वरूप, तिनीहरूका विचारहरू तिनीहरूका सम्राटहरूको विरुद्धमा विद्रोह गर्नेतिर लागेका छन्। चाँडै नै, संसारका मानिसहरू अस्तव्यस्ततामा जाकिनेछन् र सबै देशका प्रमुखहरू हरदिशामा भाग्नेछन्, र अन्तिममा तिनीहरूका जनताले तिनीहरूलाई शिर काट्ने यन्त्रमा घिस्याउँदै ल्याउनेछन्। दियाबलसहरूका राजाहरूको आखिरी अन्त्य यही हुनेछ; आखिरमा, तिनीहरूमध्ये कोही पनि उम्कन सक्नेछैनन्, र तिनीहरू सबैले यही कुरा भोग्नुपर्छ। आज, जो "चलाख" छन् तिनीहरू पछि हट्न थालेका छन्। परिस्थिति आशाजनक नदेखेपछि, तिनीहरूले यसलाई पछि हट्ने र महाविपत्तिको कष्टहरूबाट उम्कने मौकाको रूपमा लिन्छन्। तर म स्पष्टै भन्छु, आखिरी दिनहरूमा परमेश्‍वरले गर्नुहुने काम

मुख्य रूपमा मानिसलाई सजाय दिने काम हो, त्यसकारण यी मानिसहरू कसरी उम्कन सक्लान् र? पहिलो कदम आज नै हो। एक दिन, ब्रह्माण्डका सबै थोक युद्धको कोलाहलमा फस्नेछन्; पृथ्वीका मानिसहरूसँग फेरि कहिल्यै पनि अगुवाहरू हुनेछैनन्, कसैले पनि शासन नगर्ने हुनाले सम्पूर्ण संसार बालुवाको थुप्रोजस्तो हुनेछ, र मानिसहरूले कसैको वास्ता नगरी आफ्नै ज्यानको मात्र वास्ता गर्नेछन्, किनभने सबै कुरा परमेश्वरकै हातको नियन्त्रणमा छ—यही कारणले गर्दा, परमेश्वर भन्नुहुन्छ, "सारा मानवजातिले मेरो इच्छा अनुसार फुटकर राष्ट्रहरूलाई तोडिरहेका छन्।" परमेश्वरले अहिले बताउनुभएको स्वर्गदूतहरूले तुरही बजाउने घटना एउटा चिन्ह हो—ती मानिसहरूका लागि चेतावनीका घण्टी हुन्, र जब फेरि तुरही बजाइन्छ, संसारको अन्तिम दिनको आगमन भइसकेको हुनेछ। त्यो बेला, परमेश्वरको सम्पूर्ण सजाय पूर्ण रूपमा पृथ्वीमाथि आइपर्नेछ; यो निर्दयी दण्ड हुनेछ, र सजायको युगको औपचारिक प्रारम्भ हुनेछ। इस्राएलीहरूलाई विभिन्न वातावरणहरूमा डोऱ्याउनको लागि तिनीहरूमाझ प्रायजसो समय परमेश्वरको आवाज हुनेछ, र तिनीहरूका बीचमा स्वर्गदूतहरू पनि देखा पर्नेछन्। केही महिनामा नै इस्राएलीहरूलाई पूर्ण तुल्याइनेछ, र तिनीहरूले आफूलाई ठूलो रातो अजिङ्गरको विषबाट अलग गर्ने चरणबाट गुज्रनु नपर्ने हुनाले, विभिन्न प्रकारका मार्गनिर्देशनअनुसार सही मार्गमा प्रवेश गर्ने कार्य तिनीहरूको लागि सहज नै हुनेछ। इस्राएलमा हुने घटनाक्रमहरूबाट सम्पूर्ण ब्रह्माण्डको स्थितिलाई देख्न सकिन्छ, र यसले परमेश्वरको कामका चरणहरू कति शीघ्र छन् भन्ने कुरालाई देखाउँछ। "समय आइपुगेको छ! म मेरो कार्यलाई अघि बढाउनेछु, म मानिसहरूका बीचमा राजाको रूपमा शासन गर्नेछु!" विगतमा, परमेश्वरले स्वर्गमा मात्रै शासन गर्नुभयो। आज, उहाँले पृथ्वीमा शासन गर्नुहुन्छ; परमेश्वरले आफ्ना सबै अख्तियार फिर्ता लिनुभएको छ, त्यसैले सबै मानवजातिले फेरि कहिल्यै पनि सामान्य मानव जीवन जिउनेछैनन् भनेर भविष्यवाणी गरिएको छ, किनभने परमेश्वरले स्वर्ग र पृथ्वीलाई फेरि व्यवस्थित गर्नुहुनेछ, र कुनै पनि मानिसलाई हस्तक्षेप गर्ने अनुमति छैन। तसर्थ, परमेश्वरले मानिसलाई बारम्बार "समय आइपुगेको छ" भनी स्मरण गराउनुहुन्छ। जब इस्राएलीहरू सबै आफ्नो देशमा फर्किएका हुन्छन्—इस्राएल देश पूर्ण रूपमा पुनर्स्थापित भएको दिन—परमेश्वरको महान् काम पूरा हुनेछ। कसैले थाहै नपाई, ब्रह्माण्डका मानिसहरूले विद्रोह गर्नेछन्, र ब्रह्माण्डभरिका राष्ट्रहरू आकाशबाट तारा खसेझैँ पतन हुनेछन्; क्षणभरमा, तिनीहरू तहसनहस हुनेछन्। तिनीहरूको काम पूरा गरिसकेपछि, परमेश्वरले आफ्नो हृदयको प्रिय राज्य निर्माण गर्नुहुनेछ।

## अध्याय २८

मानिसहरूको स्थिति कस्तो छ भने तिनीहरूले परमेश्वरका वचनहरू जति कम बुझ्छन्, तिनीहरू परमेश्वरको कामका वर्तमान माध्यमहरूप्रति त्यति नै शङ्कालु बन्छन्। तर यसले परमेश्वरको काममा कुनै प्रभाव पार्दैन; जब उहाँका वचनहरू निश्चित बिन्दुमा पुग्छन्, तब मानिसहरूको हृदय प्राकृतिक रूपमै सामान्य अवस्थामा आउँछ। हरेकले आफ्नो जीवनमा

परमेश्वरका वचनहरूलाई ध्यान दिन्छन्, र तिनीहरू उहाँका वचनहरूको तृष्णा पनि गर्न थाल्छन्, अनि परमेश्वरले निरन्तर खुलासा गरिदिनुहुने हुँदा, तिनीहरूले आफैलाई घृणा गर्न थाल्छन्। तैपनि परमेश्वरले निम्नलगायतका धेरै वचनहरू बोल्नुभएको छ: "जब उसले मेरा सबै वचनहरूलाई पूर्ण रूपमा बुझेको हुन्छ, मानिसको कद मेरो चाहनाअनुरूप हुन्छ, र उसका बिन्तीहरू फलवान् हुन्छन्, व्यर्थ वा बेकम्मा हुँदैनन्; म मानिसका इमानदार, बहानारहित बिन्तीहरूलाई आशिष् दिन्छु।" वास्तवमा, मानिसहरू परमेश्वरका वचनहरूलाई पूर्ण रूपमा बुझ्न असमर्थ छन्, तिनीहरूले सतहलाई मात्रै बुझ्न सक्छन्। तिनीहरूको लागि पछ्याउने उद्‌देश्य दिन, तिनीहरूलाई परमेश्वरले काम-कुराहरू हल्कासाथ गर्नुहुन्न, उहाँ आफ्नो कामप्रति गम्भीर हुनुहुन्छ भन्ने अनुभूति गराउनको लागि मात्रै परमेश्वरले यी वचनहरूको प्रयोग गर्नुहुन्छ; त्यसपछि मात्रै तिनीहरूसँग पछ्याउने विश्वास हुन्छ। अनि सबै मानिसहरूले परमेश्वरको इच्छाको खातिर होइन, तिनीहरूको आफ्नै खातिर बिन्ती गर्ने हुनाले तर परमेश्वर घरी एउटा घरी अर्को कुरा नगर्नुहुने हुनाले, उहाँका वचनहरू सधैँ मानिसको प्रकृतिप्रति लक्षित छन्। आजका धेरैजसो मानिसहरूले बिन्ती गर्ने भए पनि, तिनीहरू इमानदार छैनन्–यो सबै बहाना मात्रै हुन्। सबै मानिसहरूको स्थिति कस्तो छ भने "तिनीहरूले मेरो मुखलाई प्रशस्तताको प्रतीक ठान्छन्। सबै मानिसहरूले मेरो मुखबाट केही न केही प्राप्त गर्ने चाहना गर्छन्। चाहे यो राज्यका रहस्यहरू होऊन् वा स्वर्गका रहस्यहरू होऊन्, वा आत्मिक संसारका गतिशीलता होस् वा मानवजातिको गन्तव्य होस्।" मानिसहरूले आफ्नो उत्सुकताको कारणले गर्दा यी सबै कुराहरूको खोजी गर्न इच्छुक छन्, र परमेश्वरका वचनहरूबाट प्राप्त जीवनको बन्दोबस्तबाट केही पनि प्राप्त गर्न चाहँदैनन्। तसर्थ परमेश्वर भन्नुहुन्छ, "मानिसमा धेरै कुराको कमी छ: उसलाई 'पोषण पूरकहरू' को मात्र आवश्यक छैन, तर त्योभन्दा पनि बढी, उसलाई 'मानसिक साथ' र 'आत्मिक आपूर्ति' चाहिन्छ।" मानिसहरूमा भएका धारणाहरूको कारणले नै आजको नकरात्मकता ल्याएको हो, र तिनीहरूको "सामन्ती" भौतिक आँखाहरूको कारणले गर्दा नै तिनीहरूले भन्ने र गर्ने कुरामा कुनै जोस छैन, र तिनीहरू सबै कुरामा झारातिरुवा र लापरवाह छन्। के यी मानिसहरूको अवस्था होइनन् र? के मानिसहरूले यसलाई यसरी नै अघि बढाइरहनुको सट्टा, हतार गरेर यसलाई सुधार गर्नु पर्दैन र? भविष्यलाई जानेर त्यसले मानिसको लागि के फाइदा गर्छ र? किन परमेश्वरका कतिपय वचनहरू पढिसकेपछि मानिसहरूमा प्रतिक्रिया आउँछ, तर उहाँका वचनहरूको बाँकी भागले उसमा कुनै प्रभाव पार्दैन? उदाहरणको लागि, जब परमेश्वरले "अझै राम्रो प्रभाव हासिल गर्न सकियोस् भनेर म मानिसको रोगको उपचार प्रदान गर्छु, ताकि सबैले स्वास्थ्य लाभ गर्न सकून्, ताकि मेरो उपचारको कारण, तिनीहरू आफ्नो सामान्य अवस्थामा फर्कन सकून्" भनेर भन्नुहुन्छ, कसरी यी वचनहरूले मानिसहरूमा कुनै प्रभाव पार्दैन? के परमेश्वरले गर्नुभएका सबै कुरा मानिसले प्राप्त गर्नुपर्ने कुरा होइनन् र? परमेश्वरसँग त गर्नुपर्ने काम छ–किन मानिसहरूसँग चाहिँ हिड्‌नको लागि मार्ग छैन? के यो परमेश्वरको विपरीत दौडनु होइन र? मानिसहरूले गर्नुपर्ने कामहरू वास्तवमा धेरै छन्–उदाहरणको लागि, "के तिमीहरू साँच्चिकै ठूलो रातो अजिङ्गरलाई घृणा गर्छौ?" भन्ने वचनहरूमा उल्लेखित "ठूलो रातो अजिङ्गर" को बारेमा तिनीहरूलाई कति थाहा छ? "मैले किन तिमीहरूलाई

धेरै पटक सोधेको छु?" भन्ने परमेश्वरका वचनहरूले के देखाउँछन् भने, मानिसहरू अझै पनि ठूलो रातो अजिङ्गरको प्रकृतिको बारेमा अनजान छन्, र तिनीहरू यसको बारेमा गहिराइमा जान असमर्थ छन्। के मानिसले गर्नुपर्ने काम ठीक यही होइन र? मानिससँग कुनै काम छैन भनेर कसरी भन्न सकिन्छ? यदि त्यसो भएको भए त, परमेश्वरको देहधारणको महत्त्व के हुनेथियो र? के परमेश्वरले काम गरेजस्तो देखाउनको लागि मात्र लापरवाही र झारातिरुवा शैलीमा काम-कुरा गरिरहनुभएको छ? के ठूलो रातो अजिङ्गरलाई यसरी जित्न सकिन्छ?

परमेश्वर भन्नुहुन्छ, "मैले अघिबाटै सुरु गरिसकेको छु, र ठूलो रातो अजिङ्गरको वासस्थानमा म मेरो सजायको कामको पहिलो चरण सुरु गर्नेछु।" यी वचनहरू ईश्वरीयताको कामप्रति लक्षित छन्; आजका मानिसहरू पहिले नै अग्रिम रूपमा सजायमा प्रवेश गरिसकेका छन्, तसर्थ यो उहाँको कामको पहिलो चरण हो भनेर परमेश्वरले भन्नुभएको छ। उहाँले मानिसहरूलाई विपत्तिहरूको सजाय होइन, वचनहरूको सजाय दिइरहनुभएको छ। किनभने, जब परमेश्वरका वचनहरूको शैली परिवर्तन हुन्छ, मानिसहरू पूर्ण रूपमा अनजान बन्छन्, त्यसपछि तिनीहरू सबै सजायमा प्रवेश गर्छन्। सजाय भएर गाइसकेपछि, "तिमीहरूले औपचारिक रूपले आफ्नो कर्तव्य पूरा गर्नेछौ, र सारा देशहरूभरि औपचारिक रूपमा मेरो सदासर्वदा प्रशंसा गर्नेछौ!" परमेश्वरको कामका चरणहरू यिनै हुन्—यी उहाँको योजना हुन्। यसको साथै, परमेश्वरका यी मानिसहरूले ठूलो रातो अजिङ्गरलाई सजाय दिने तरिकाहरूलाई व्यक्तिगत रूपमा नै देख्नेछन्, त्यसकारण तिनीहरूभन्दा बाहिर, अर्थात्, तिनीहरूवरिपरिको संसारमा महाविपत्ति औपचारिक रूपमा सुरु हुन्छ। परमेश्वरले मानिसहरूलाई मुक्ति दिनुहुने एउटा माध्यम यही हो। आन्तरिक रूपमा तिनीहरूलाई सजाय दिइन्छ, र बाहिरी रूपमा महाविपत्ति ओइरिन्छन्—भन्नुको अर्थ, परमेश्वरका वचनहरू पूरा हुन्छन्। यसर्थ, मानिसहरू महाविपत्ति हुँदै जानुभन्दा सजाय हुँदै जान रुचाउँछन्, र यही कारणले गर्दा तिनीहरू रहिरहन्छन्। एकतर्फ, यो परमेश्वरको काम आइपुगेको बिन्दु हो; अर्कोतर्फ, मानिसहरू सबैले परमेश्वरको स्वभावलाई जान्न सकून् भनेर यसो गरिन्छ। तसर्थ, परमेश्वर भन्नुहुन्छ, "मेरा मानिसहरूले ममा त्यसबेला धेरै आनन्द पाउनेछन् जब त्यो ठूलो रातो अजिङ्गरलाई सजाय दिइन्छ। ठूलो रातो अजिङ्गरका मानिसहरूलाई मेरो योजना अनुसार खडा गरिन्छ र त्यसको विरुद्ध विद्रोह गर्न लगाइन्छ, र यही विधिद्वारा म मेरा मानिसहरूलाई सिद्ध बनाउँछु, र यो मेरा सबै मानिसहरूका निम्ति जीवनमा वृद्धि हुने एउटा ठूलो मौका हो।" परमेश्वरले यी वचनहरू बोल्नुभए पनि, किन यी वचनले मानिसहरूको ध्यान खिच्दैनन्?

राष्ट्रहरू ठूलो भताभुङ्गताको अवस्थामा रहेका छन्, किनभने परमेश्वरको डण्डाले पृथ्वीमा आफ्नो भूमिका खेल्न सुरु गरेको छ। पृथ्वीको स्थितिमा परमेश्वरको कामलाई देख्न सकिन्छ। जब परमेश्वरले "समुद्रहरू गर्जनेछ, पहाडहरू ढल्नेछन्, ठूल्ठुला नदिहरू भङ्गालिनेछन्," भनेर भन्नुहुन्छ, तब त्यो पृथ्वीमा उक्त डण्डाको प्रारम्भिक काम हो, जसको परिणामस्वरूप "पृथ्वीका सबै परिवारहरू भत्कनेछन्, र पृथ्वीका सबै जातिहरूलाई च्यातेर टुक्रा-टुक्रा पारिनेछ; पति र पत्नी बीच फेरि मिलन हुने दिन हुनेछैन, आमा र छोरा फेरि कहिल्यै भेट्नेछैन, फेरि कहिल्यै बाबु र छोरी भेट हुनेछैन। पृथ्वीमा जे हुने गर्थे ती सबैलाई म नष्ट पार्नेछु।" पृथ्वीमा रहेका परिवारहरूको

आम अवस्था यस्तै नै हुन्छ। प्राकृतिक रूपमा तिनीहरू हरेकको स्थिति यस्तै हुन त सम्भव नहोला, तर तिनीहरूमध्ये अधिकांशको अवस्थाचाहिँ यस्तै हुन्छ। अर्कोतर्फ, यसले यो धारका मानिसहरूले भविष्यमा भोग्ने परिस्थितिहरूको बारेमा पनि उल्लेख गरिरहेको छ। यसले के भविष्यवाणी गर्छ भने, तिनीहरूले वचनहरूको सजाय भोगिसकेपछि र अविश्वासीहरूलाई विपत्तिमा पारिसकिएपछि, पृथ्वीका मानिसहरूमा अबउप्रान्त कुनै पनि पारिवारिक सम्बन्धहरू बाँकी रहनेछैनन्; तिनीहरू सबै नै चीनका मानिसहरू हुनेछन्, र तिनीहरू परमेश्‍वरको राज्यप्रति बफादार हुनेछन्। यसरी, पति र पत्नी बीच फेरि मिलन हुने दिन हुनेछैन, आमा र छोरा फेरि कहिल्यै भेट्नेछैन, फेरि कहिल्यै बाबु र छोरी भेट हुनेछैन। अनि यसरी पृथ्वीका मानिसहरूका परिवारहरूलाई टुक्राटुक्रा र चकनाचूर पारिनेछ र यो परमेश्‍वरले मानिसमाथि गर्नुहुने अन्तिम काम हुनेछ। अनि परमेश्‍वरले यो कामलाई ब्रह्माण्डभरि नै फैलाउनुहुने भएकोले, उहाँले मानिसहरूलाई “भावना” भन्ने शब्दको अर्थ स्पष्ट पार्न यो अवसरको प्रयोग गर्नुहुनेछ, यसरी तिनीहरूलाई परमेश्‍वरको इच्छा भनेको सबै मानिसहरूका परिवारहरूलाई टुक्राटुक्रा पार्नु हो भन्ने देखाउनुहुनेछ र परमेश्‍वरले “पारिवारिक विवादहरू” समाधान गर्नलाई सजायको प्रयोग गर्नुहुन्छ भनी देखाउनुहुनेछ। होइन भने, पृथ्वीमा परमेश्‍वरको कामको अन्तिम भागलाई समाप्त पार्ने कुनै उपाय नै हुनेछैन। परमेश्‍वरका वचनहरूको अन्तिम भागले मानवजातिको सबैभन्दा ठूलो कमजोरीलाई–अर्थात् तिनीहरू भावनाका साथ जिउँछन् भन्ने कुरालाई–उदाङ्गो पार्नेछ, त्यसकारण परमेश्‍वरले तिनीहरू एक जनालाई पनि छाड्नुहुनेछैन, र सारा मानवजातिको हृदयमा लुकेका रहस्यहरूको खुलासा गर्नुहुनेछ। किन मानिसहरूलाई भावनाबाट आफूलाई अलग्याउन यति साह्रै गाह्रो हुन्छ? के त्यसो गरेर विवेकका मापदण्डलाई पार गर्न सकिन्छ? के विवेकले परमेश्‍वरको इच्छालाई पूरा गर्न सक्छ? के भावनाले मानिसहरूलाई प्रतिकूल परिस्थितिमा मद्दत गर्न सक्छ? परमेश्‍वरको नजरमा, भावना उहाँको शत्रु हो–के परमेश्‍वरका वचनहरूमा यो कुरा स्पष्टसँग बताइएको छैन र?

## अध्याय २९

मानिसहरूले गर्ने काममध्ये, कतिपय कामलाई परमेश्‍वरको प्रत्यक्ष निर्देशनमा अघि बढाइन्छ, तर यसको कतिपय भागको निम्ति परमेश्‍वरले विशिष्ट निर्देशनहरू दिनुहुन्न, जसले परमेश्‍वरले जुन काम गर्नुभएको छ, त्यसलाई आज पूर्ण रूपमा प्रकट गर्न बाँकी नै छ भनी पर्याप्त रूपमा देखाउँछ–भन्नुको अर्थ, धेरजसो कुरा लुकाइएको छ र तिनालई सार्वजनिक गर्न बाँकी नै छ। तर, कतिपय कुराहरूलाई सार्वजनिक गर्न आवश्यक भए पनि, अरू कतिपयले चाहिँ मानिसहरूलाई अन्योल र दोधार पार्नुपर्ने हुन्छ; परमेश्‍वरको कामलाई यही कुराको आवश्यक छ। उदाहरणको लागि, मानिसको बीचमा स्वर्गबाट भएको परमेश्‍वरको आगमन–उहाँ कसरी आउनुभयो, उहाँ कुन क्षणमा आउनुभयो, वा स्वर्ग र पृथ्वी अनि यावत् थोकमा कुनै परिवर्तन आयो कि आएन–यी कुराहरूको लागि मानिसहरू अन्योल हुनुपर्छ। यो पनि वास्तविक परिस्थितिहरूमा आधारित नै छ, किनभने मानिसको देह आफै आत्मिक क्षेत्रमा प्रत्यक्ष रूपमा प्रवेश गर्न सक्दैन। तसर्थ, परमेश्‍वरले

उहाँ कसरी स्वर्गबाट पृथ्वीमा आउनुभयो भन्ने कुरा स्पष्ट रूपमा उल्लेख गर्नुभए पनि, जब उहाँले "जुन दिन सबै कुराको पुनरुत्थान भएका थिए, म मानिसको बीचमा आएँ र मैले उसँग सुन्दर दिन र रातहरू बिताएको छु" भनी भन्नुहुन्छ, त्यस्ता वचनहरू कसैले रूखको ठुटासँग बोलिरहेको जस्तै हुन्छ–कुनै पनि प्रतिक्रिया हुँदैन, किनभने परमेश्वरको कामका यी चरणहरूको बारेमा मानिसहरू अनजान छन्। तिनीहरूलाई साँचो रूपमा थाहा हुँदा पनि, तिनीहरूले परमेश्वर कुनै परीजस्तो स्वर्गदेखि पृथ्वीमा उडेर आउनुभयो र मानिसको बीचमा पुनर्जन्म हुनुनुभयो भन्ने विश्वास गर्छन्। मानिसका विचारहरूले प्राप्त गर्न सक्ने कुरा यही हो। मानिसको सार यस्तो भएकोले उसले परमेश्वरको सारलाई बुझ्न सक्दैन, र आत्मिक क्षेत्रको वास्तविकतालाई बुझ्न सक्दैन। मानिसहरूले आफ्नो सारद्वारा मात्रै अरूको लागि उदाहरणीय व्यक्तित्वको रूपमा काम गर्न सक्दैनन्, किनभने मानिसहरू अन्तर्निहित रूपमा उस्तै हुन्छन्, तिनीहरूमा कुनै भिन्नता हुँदैन। तसर्थ, मानिसहरूलाई अरूले पछ्याउने उदाहरण बन्न वा उदाहरणीय व्यक्तित्वको रूपमा काम गर्न अनुरोध गर्ने कार्य पानीको फोका, पानीबाट निस्कने बाफजस्तै बन्छ। तर जब परमेश्वरले "मसित के छ र म को हुँ भन्नेबारेमा केही ज्ञान प्राप्त गर्न" भनी भन्नुहुन्छ, यी वचनहरू परमेश्वरले देहमा गर्नुहुने कामको प्रकटीकरणप्रति मात्रै सम्बोधन गरिएका हुन्; अर्को शब्दमा भन्दा, ती परमेश्वरको साँचो अनुहारप्रति लक्षित छन्–अर्थात्, ईश्वरीयताप्रति, जसले उहाँको ईश्वरीय स्वभावलाई नै मुख्य रूपमा जनाउँछ। भन्नुको अर्थ, परमेश्वरले किन यसरी काम गर्नुहुन्छ, परमेश्वरका वचनहरूद्वारा के-कस्ता कुराहरू हासिल गर्नु छ, परमेश्वरले पृथ्वीमा के-कस्ता कुराहरू हासिल गर्न चाहनुहुन्छ, उहाँले मानिसको बीचमा के प्राप्त गर्न चाहनुहुन्छ, परमेश्वरले के-कस्ता विधिहरूद्वारा बोल्नुहुन्छ, र मानिसप्रतिको परमेश्वरको मनोवृत्ति के छ भन्ने जस्ता कुराहरूलाई बुझ्न मानिसहरूलाई अनुरोध गरिन्छ। के भन्न सकिन्छ भने, मानिसमा घमण्ड गर्न योग्य केही पनि छैन–अर्थात्, अरूले उदाहरणको रूपमा पछ्याउन सक्ने कुरा उसमा केही पनि छैन।

देहमा हुनुभएका परमेश्वरको सामान्यताको कारणले, र स्वर्गका परमेश्वर र स्वर्गका परमेश्वरबाट जन्मनुभएको जस्तो नदेखिनुहुने देहमा हुनुहुने परमेश्वरको बीचमा रहेको भिन्नताको कारणले नै, परमेश्वर भन्नुहुन्छ, "धेरै वर्षदेखि म मानिसको माझबाट भएर गएको छु, तर ऊ सधैँ अनभिज्ञ रहेको छ, उसले मलाई कहिल्यै चिनेको छैन।" परमेश्वरले यसो पनि भन्नुहुन्छ, "जब मेरा पाइलाहरूले ब्रह्माण्डको वारपार र पृथ्वीको अन्तिम छेउसम्म टेक्छन्, तब मानिसले आफ्नै बारेमा सोच्न थाल्छ, र सबै मानिसहरू मकहाँ आउनेछन् र मेरो अगाडि झुकेर मेरो आराधना गर्नेछन्। यो मेरो महिमाको दिन, मेरो पुनरागमनको दिन, साथै मेरो प्रस्थानको दिन पनि हुनेछ।" परमेश्वरको साँचो अनुहार मानिसलाई देखाइने दिन यही मात्रै हो। तैपनि, त्यसको परिणामस्वरूप परमेश्वरले आफ्नो काममा ढिलाइ गर्नुहुन्न, बरु उहाँले केवल आफूले गर्नुपर्ने काम गर्नुहुन्छ। जब उहाँले न्याय गर्नुहुन्छ, उहाँले मानिसहरूलाई देहमा हुनुहुने परमेश्वरप्रतिको तिनीहरूको मनोवृत्तिको आधारमा दोषी ठहऱ्याउनुहुन्छ। यो अवधिमा परमेश्वरले दिनुहुने वाणीहरूका मुख्य लहरहरूमध्ये एउटा यही हो। उदाहरणको लागि, परमेश्वर भन्नुहुन्छ, "अब मैले सारा मानव जातिको बीचमा मेरो काम सुरु गरेको छु, औपचारिक रूपमा सम्पूर्ण ब्रह्माण्डमा मेरो व्यवस्थापन योजनाको

अन्तिम काम सुरु गरेको छु। यस क्षणदेखि उसो, सतर्क नहुने जो-कोही व्यक्ति निर्दयी सजायको बीचमा डुब्न जिम्मेवार हुन्छन्, र कुनै पनि क्षणमा यो हुन सक्छ।" परमेश्वरको योजनाको विषयवस्तु यही हो, र यो न त अमिल्दो छ न त अनौठो नै छ, तर यो सबै उहाँको कामका चरणहरूको भाग हो। यसबीच, विदेशमा रहेका परमेश्वरका मानिसहरू र पुत्रहरूलाई मण्डलीहरूमा तिनीहरूले गर्ने सबै कामको आधारमा न्याय गरिन्छ, तसर्थ परमेश्वर भन्नुहुन्छ, "जब म काम गर्दछु, सबै स्वर्गदूतहरू मसँग निर्णायक लडाइँमा लाग्छन् र अन्तिम चरणमा मेरा इच्छाहरू पूरा गर्ने संकल्प गर्दछन्, जसको कारण पृथ्वीका मानिसहरू पनि स्वर्गदूतहरू झैं मेरो सामुन्ने झुक्नेछन्, र तिनीहरूमा मेरो विरोध गर्ने कुनै इच्छा हुँदैन, र मेरो विरुद्धमा केही पनि गर्दैनन्। यी सबै सारा ब्रह्माण्डभरिमा हुने मेरो कामका गतिविधिहरू हुन्।" परमेश्वरले पृथ्वीभरि अघि बढाउनुहुने काममा रहेको भिन्नता यही हो; उहाँले कसलाई लक्षित गरिएको हो त्यहीअनुरूप फरक-फरक मापदण्ड लागू गर्नुहुन्छ। आज, मण्डलीका मानिसहरू सबैमा तिर्खालु हृदय छ, र तिनीहरूले परमेश्वरको वचन खाने र पिउने कार्यलाई सुरु गरेका छन्—यो नै परमेश्वरको कार्य समाप्तिमा पुग्दैछ भन्ने कुरालाई देखाउन पर्याप्त छ। आकाशबाट तल हेर्दा फेरि पनि सुकेका हाँगाहरू र झरेका पातहरू, शरद ऋतुको बतासले नाङ्गो पारेको पाखाको निराशाजनक दृश्य हेरेजस्तै हुन्छ। यस्तो लाग्छ मानौं मानिसको बीचमा संसारको विनाश हुन लागेको छ, मानौं सबै कुरा उजाड हुन लागेको छ। सायद आत्माको समवेदनशीलताको कारण, हृदयमा सधैँ अप्रसन्नताको अनुभूति हुन्छ, तैपनि शान्तपनको सानो टुक्राले सान्त्वना दिए पनि यसमा केही शोक लुकेको हुन्छ। "मानिस ब्युँझिँदै छ, पृथ्वीमा सबै कुरा ठीक क्रममा छ, र पृथ्वीको बाँच्ने दिन अब छैन, किनकि म आइपुगेको छु!" भन्ने परमेश्वरका वचनहरूले गरेको चित्रण यही हुन सक्छ। यी वचनहरू सुनिसकेपछि मानिसहरू केही हदसम्म नकरात्मक बन्न सक्छन्, वा तिनीहरू परमेश्वरको कामप्रति अलिक निराश बन्न सक्छन्, वा तिनीहरूले तिनीहरूको आत्माको अनुभवमा धेरै ध्यान केन्द्रित गर्न सक्छन्। तर पृथ्वीमा उहाँको काम समाप्त हुनुभन्दा पहिले, मानिसहरूलाई त्यस्तो भ्रम दिने गरी परमेश्वर त्यति मूर्ख पनि बन्न सक्नुहुन्न। यदि तँमा साँच्चै त्यस्तै भावनाहरू छन् भने, यसले तँ तेरा भावनाहरूलाई धेरै नै ध्यान दिन्छस्, तँ आफू खुशी काम गर्ने र परमेश्वरलाई प्रेम नगर्ने व्यक्ति होस् भन्ने देखाउँछ; यसले त्यस्ता मानिसहरूले अलौकिक कुरामा अति नै ध्यान दिन्छन्, र परमेश्वरलाई कुनै ध्यान नै दिँदैनन् भन्ने देखाउँछ। परमेश्वरको हातको कारण, मानिसहरूले जति नै उम्कने प्रयास गरे पनि, तिनीहरू यो परिस्थितिबाट उम्कन सक्दैनन्। परमेश्वरको हातबाट को उम्कन सक्छ र? तेरो हैसियत र परिस्थितिहरूलाई कहिले परमेश्वरले बन्दोबस्त गर्नुभएको छैन र? तैँले कष्ट भोगे पनि वा तैँले आशिष् पाए पनि, तँ परमेश्वरको हातबाट कसरी थाहै नपाई फुत्केर जान सक्छस् र? यो मानवीय मामला होइन, यो त पूर्ण रूपमा परमेश्वरको आवश्यकतासँग सम्बन्धित कुरा हो—यसको परिणामस्वरूप कसले नै पो आज्ञापालन गर्न सक्दैनथ्यो र?

"अन्यजातिहरूमाझ मेरो कामहरू फैलाउन म सजायको प्रयोग गर्नेछु, भन्नुको अर्थ, म ती सबै अन्यजातिहरूको विरुद्धमा शक्ति प्रयोग गर्नेछु। स्वाभाविक रूपमा, यो काम त्यत्ति बेला नै गरिन्छ

जब चुनिएकाहरूको बीचमा मेरो काम हुन्छ।" यी वचनहरूका वाणीहरूसँगै, परमेश्वरले सम्पूर्ण ब्रह्माण्डमा यो कार्य सुरु गर्नुहुन्छ। यो परमेश्वरको कामको एउटा चरण हो, जुन पहिले नै यो बिन्दुसम्म अघि बढिसकेको छ; कसैले पनि परिस्थितिलाई उल्टाउन सक्दैन। महाविपत्तिले मानवजातिको एउटा भागलाई ठीक पार्नेछ, र यसरी तिनीहरू संसारसँगै नाश भएर जानेछन्। जब ब्रह्माण्डलाई औपचारिक रूपमा सजाय दिइन्छ, परमेश्वर सबै मानिसहरूकहाँ औपचारिक रूपमा देखा पर्नुहुन्छ। अनि उहाँको देखा पराइको कारण, मानिसहरूलाई सजाय दिइन्छ। यसअलावा, परमेश्वरले भन्नुभयो, "जब मैले औपचारिक रूपमा चर्मपत्रको मुट्ठो खोल्छु, त्यसै बेला ब्रह्माण्डभरिका मानिसहरूले सजाय पाउँछन्, त्यसै बेला विश्वभरिका मानिसहरू परीक्षाको सिकार हुन्छन्।" यसबाट स्पष्ट रूपमा के देख्न सकिन्छ भने, सात मोहोरहरूको विषयवस्तु सजायको विषयवस्तु हो, भन्नुको अर्थ, सात मोहोरहरूभित्र महाविपत्ति छ। तसर्थ, आज, सात मोहोरहरूलाई खोल्न बाँकी नै छ; यहाँ उल्लेख गरेको "परीक्षाहरू" ले मानिसले भोगेको सजायलाई जनाउँछ, र यो सजायको बीचमा, मानिसहरूको एउटा समूहलाई प्राप्त गरिनेछ जसले परमेश्वरद्वारा जारी गरिएको "प्रमाणपत्र" लाई औपचारिक रूपमा नै स्वीकार गर्नेछन्, तसर्थ, तिनीहरू परमेश्वरको राज्यका मानिसहरू बन्नेछन्। परमेश्वरका पुत्रहरू र मानिसहरूको उत्पत्ति यिनै हुन्, र आज तिनीहरूको बारेमा निर्णय गर्न अझै बाँकी छ, र तिनले भविष्यका अनुभवहरूका लागि जग मात्रै निर्माण गर्दै छन्। यदि कुनै व्यक्तिसँग साँचो जीवन छ भने, तिनीहरू परीक्षाहरूको अवधिमा दह्रिलो भई खडा हुन सक्नेछन्, र तिनीहरू जीवनरहित छन् भने, यसले परमेश्वरको कामले तिनीहरूमा कुनै प्रभाव पारेको छैन, तिनीहरूले धमिलो पानीमा माछा मार्छन्, र परमेश्वरको काममा ध्यान दिँदैनन् भन्ने कुरालाई पर्याप्त रूपमा प्रमाणित गर्छ। यो आखिरी दिनहरूको काम भएकोले, यसको उद्देश्य भनेको कामलाई अघि बढाइरहनुको सट्टा यो युगलाई समाप्त गर्नु भएको हुनाले, परमेश्वर भन्नुहुन्छ, "अर्को शब्दमा भन्नुपर्दा, यो त्यस्तो जीवन हो जुन मानिसले सृष्टिको समयदेखि अहिलेसम्म कहिल्यै पनि अनुभव गरेका छैन र त्यसैले म भन्छु कि मैले त्यस्तो काम गरें जुन पहिले कहिल्यै गरिएको थिएन," र उहाँले "मेरो दिन सबै मानव जातिको नजिक आउने हुनाले, यो टाढा देखिँदैन तर मानिसकै आँखाको सामु भएकोले" यसो भएको हो भनी भन्नुभएको छ। विगतको समयमा, परमेश्वरले व्यक्तिगत रूपमा नै धेरै वटा शहर नष्ट गर्नुभयो, तैपनि तिनीहरूमध्ये कुनैलाई पनि अन्तिम घडीमा के हुनेछ त्यसरी नष्ट गरिएको थिएन। विगतमा परमेश्वरले सदोमलाई नष्ट गर्नुभएको भए पनि, आजको सदोमलाई विगतको सदोमलाई जस्तो व्यवहार गरिँदैन—यसलाई प्रत्यक्ष रूपमा नष्ट गरिँदैन, यसलाई सुरुमा विजय गरिनुपर्छ, अनि न्याय गरिनुपर्छ, र अन्तिममा अनन्त दण्ड दिइनुपर्छ। कामका चरणहरू यिनै हुन्, र अन्त्यमा, आजको सदोमलाई विगतमा संसारलाई नष्ट गरिएको जस्तै क्रममा भस्म गरिनेछ—परमेश्वरको योजना यही हो। परमेश्वर देखा पर्नुहुने समय नै वर्तमान सदोमको औपचारिक दण्ड-आज्ञाको दिन हो, र उहाँले आफूलाई गर्नुहुने प्रकटीकरण यसलाई बचाउनको खातिर हुँदैन। तसर्थ, परमेश्वर भन्नुहुन्छ, "म पवित्र राज्यमा देखा पर्छु, र म आफैलाई फोहोरको देशबाट लुकाउँछु।" आजको सदोम अशुद्ध भएको हुनाले, परमेश्वर यसमा साँचो रूपमा देखा पर्नुहुन्न, तर यसलाई सजाय दिनको लागि यो माध्यमको प्रयोग गर्नुहुन्छ—के तिमीहरूले

यस कुरालाई स्पष्ट रूपमा देखेका छैनौ? पृथ्वीको कसैले पनि परमेश्‍वरको साँचो अनुहार देख्न सक्दैन भनेर भन्‍न सकिन्छ। परमेश्‍वर मानिसकहाँ कहिल्यै देखा पर्नुभएको छैन, र परमेश्‍वर स्वर्गको कुन स्तरमा हुनुहुन्छ भन्‍ने कसैलाई थाहा छैन। यही कुराले आजका मानिसहरूलाई यो परिस्थितिमा राखेको छ। यदि तिनीहरूले परमेश्‍वरको मुहारलाई देख्थे भने, त्यो अवश्य पनि तिनीहरूको अन्त्य प्रकट हुने समय हुनेथियो, हरेकलाई उसको वर्गअनुसार वर्गीकरण गरिने समय हुनेथियो। आज, ईश्‍वरीयताभित्रका वचनहरूलाई सीधै मानिसहरूलाई देखाइन्छ, जसले मानवजातिका आखिरी दिनहरू आइसकेको छन, र ती त्यति लामो समयसम्म रहनेछैनन् भन्‍ने भविष्यवाणी गर्छ। परमेश्‍वर सबै मानिसहरूकहाँ देखा पर्नुहुने समयमा मानिसहरूलाई सामना गर्ने लगाइने परीक्षाहरूको चिन्हहरूमध्ये एउटा चिन्ह यही हो। त्यसकारण, मानिसहरूले परमेश्‍वरका वचनहरूको उपभोग गरे पनि, तिनीहरूसँग जहिल्यै पनि अशुभ अनुभूति हुन्छ, मानौं तिनीहरूमाथि ठूलो संकष्ट आइपर्न लागेको छ। आजका मानिसहरू हिउँ जमेको भूमिमा रहेका भँगेराहरू जस्तै छन्, जसमाथि यस्तो भएको छ मानौं मृत्युले जबरजस्ती कर्जा वसुल गर्छ र तिनीहरूलाई बाँच्ने कुनै उपाय दिँदैन। मानिसले तिर्नुपर्ने मृत्यु कर्जाको कारण, सबै मानिसहरूले तिनीहरूको अन्तिम दिन आइपुगेको छ भन्‍ने अनुभूति गर्छन्। ब्रह्माण्डका मानिसहरूको हृदयमा यही कुरा भइरहेको छ, र यो कुरा तिनीहरूको अनुहारमा प्रकट नभए पनि, तिनीहरूको हृदयमा भएको कुरा मेरो आँखादेखि लुक्न सक्दैन–मानिसको वास्तविकता यही हो। सायद, धेरैजसो वचनहरूलाई पूर्ण रूपमा उचित रूपमा प्रयोग गरिँएको नहोला–तर यो समस्या देखाउनको लागि यिनै वचनहरू पर्याप्त छन्। परमेश्‍वरको मुखबाट निस्केका हरेक वचनहरू पूरा हुनेछन्, चाहे ती विगतका हुन् वा वर्तमानका; तिनले मानिसहरूको अघि तथ्यहरूलाई प्रकट गर्नेछन्–तिनीहरूको आँखाको लागि मनोहर वस्तु–र त्यो बेला तिनीहरूको आँखा तिरमिराउँछन् र तिनीहरू अन्योल बन्छन्। के तिमीहरूले अझै पनि आज कुन युग हो भन्‍ने स्पष्ट रूपमा देखेका छैनौ?

## अध्याय ३०

केही मानिसहरूमा परमेश्‍वरका वचनहरूको थोरै अन्तर्दृष्टि हुन सक्छ, तर तिनीहरूमध्ये कसैले पनि आफ्ना भावनाहरूमा विश्‍वास गर्दैनन्; तिनीहरू नकारात्मकतामा फसिएला भनी अति नै डराउँछन्। यसैले, तिनीहरू सधैँ पालैपालो गरी खुसी र दु:खमा हुन्छन्। यो भन्‍नु उचित छ, कि सबै मानिसको जीवन शोकले भरिएको छ; यसलाई थप रूपमा भन्दा, सबै मानिसहरूको दैनिक जीवनमा शोधन हुन्छ, तापनि, म भन्‍न सक्छु, कि कसैले पनि हरेक दिन आफ्ना आत्मामा छुटकारा पाउँदैन, र यस्तो हुन्छ मानौं, तीनवटा ठूला पहाडहरूले तिनीहरूको टाउकोमा थिचिरहेका छन्। तिनीहरू कसैको जीवनमा सारा दिनभरि खुसी र रमाइलो हुँदैन–र तिनीहरू अलि-अलि खुसी भए पनि, तिनीहरूले आफ्नो बाहिरी रूप ठीकठाक राख्ने मात्रै कोसिस गरिरहेका हुन्छन्। मानिसहरूले तिनीहरूका हृदयमा सधैँ कुनै कुरा अधुरो छ भन्‍ने महसुस गर्छन्। यसैले, तिनीहरू आफ्नो हृदयमा स्थिर हुँदैनन्; यस तरिकाले जिउँदा, काम-कुराहरू रित्तो र अनुचित लाग्छन्, र जब परमेश्‍वरमा

विश्वास गर्ने कुरा आउँछ, तिनीहरू व्यस्त हुन्छन् र तिनीहरूसँग समयको अभाव हुन्छ, वा तिनीहरूसँग परमेश्वरका वचनहरू खाने र पिउने समय हुँदैन, वा परमेश्वरको वचन उचित प्रकारले कसरी खाने र पिउने त्यो तिनीहरू जान्दैनन्। तिनीहरूमध्ये एक जना पनि शान्तिमा, मानसिक रूपमा स्वस्थ, र आफ्नो हृदयमा स्थिर हुँदैन। मानौं, तिनीहरू सधैँ बादल छाएको आकाशमुनि जिउँछन्, मानौं, तिनीहरू अक्सिजन विहीन अन्तरिक्षमा बस्छन् र यस कुराले तिनीहरूको जीवनमा अन्योलता ल्याएको छ। परमेश्वरले सधैँ सीधै मानिसका कमजोरीहरूको बारेमा बोल्नुहुन्छ, उहाँले सधैँ तिनीहरूको कमजोर क्षेत्रमा प्रहार गर्नुहुन्छ–उहाँ सुरुदेखि अन्त्यसम्म कुन सुरमा बोल्नुभएको छ के तैँले स्पष्ट रूपमा देखेको छैनस्? परमेश्वरले मानिसहरूलाई पश्चात्ताप गर्ने कुनै मौका कहिल्यै दिनुभएको छैन, र उहाँले सबै मानिसलाई अक्सिजनविना "चन्द्रमा" मा बस्न लगाउनुहुन्छ। सुरुदेखि आजको दिनसम्म, बाहिरी रूपमा परमेश्वरका वचनहरूले मानिसको स्वभाव प्रकट गरेको छ, तापनि कसैले यी वचनहरूको सारलाई स्पष्टसँग बुझ्न सक्दैन। यस्तो लाग्छ, कि मानिसको सार प्रकट गर्दा मानिसहरूले आफैलाई चिन्छन् र त्यसरी परमेश्वरलाई चिन्छन्, तापनि वास्तवमा मार्ग त्यो होइन। परमेश्वरका वचनहरूको सुर र अझ ठूलो गहनताले परमेश्वर र मानिसबीच स्पष्ट भिन्नता देखाउँदछ। तिनीहरूका भावनाहरूमा, यसले मानिसहरूलाई अनजानमा नै परमेश्वर पहुँचदेखि बाहिरका र अगम्य हुनुहुन्छ भनी विश्वास गर्ने बनाउँछ; परमेश्वरले सबै कुरालाई उदाङ्गो पार्नुहुन्छ, र यस्तो लाग्छ, कि परमेश्वर र मानिस बीचको सम्बन्ध जस्तो हुने गर्थ्यो त्यो फर्काएर ल्याउन कोही पनि सक्षम छैन। परमेश्वरका सबै वाणीहरूको उद्देश्य सबै मानिसहरूलाई "लडाउनु" हो, अनि त्यसो गरेर उहाँको काम पूरा गर्नु हो भनी बुझ्नु गाह्रो छैन। यी परमेश्वरको कामका चरणहरू हुन्। तापनि मानिसहरूले आफ्नो मनमा यस कुरामा विश्वास गर्दैनन्। तिनीहरू परमेश्वरको काम चरम सीमामा पुग्दैछ, र ठूलो रातो अजिङ्गरलाई जित्नका निम्ति त्यसको सबैभन्दा स्पष्ट प्रभावको नजिकै आइरहेको छ भनी विश्वास गर्छन्, भन्नुको अर्थ, उहाँले मण्डलीहरूलाई सफल बनाउँदै हुनुहुन्छ, यसरी देहधारी परमेश्वरको बारेमा कसैमा पनि धारणा छैन, अथवा सबै मानिसहरूले परमेश्वरलाई चिन्छन्। तैपनि परमेश्वरले के भन्नुहुन्छ हामी पढौं: "मानिसहरूको मनमा, परमेश्वर त परमेश्वर नै हुनुहुन्छ, जोसँग सजिलै संलग्न हुन सकिँदैन, जबकि मानिस भनेको मानिस नै हो, र सजिलै भ्रष्ट हुनु हुँदैन। ... यसको परिणामस्वरूप तिनीहरू मेरो सामु सधैँ नम्र र धैर्यवान् हुन्छन्; तिनीहरू मसँग मिलेर बस्न सक्दैनन्, किनकि तिनीहरूसँग धेरै धारणाहरू छन्।" यसबाट के देख्न सकिन्छ भने, परमेश्वरले जे भन्नुभए पनि वा मानिसले जे गरे पनि, मानिसहरू परमेश्वरलाई चिन्न पूर्ण रूपमा असमर्थ छन्; तिनीहरूको सारले खेलेको भूमिकाका कारण, चाहे जे भए पनि आखिरमा तिनीहरू परमेश्वरलाई चिन्न असमर्थ हुन्छन्। यसैले, जब मानिसहरूले आफैलाई नरकका छोराहरूको रूपमा हेर्छन्, तब परमेश्वरको काम समाप्त हुनेछ। परमेश्वरले मानिसमाथि आफ्नो क्रोध पोखाउनु, वा सीधै तिनीहरूलाई दोषी ठहऱ्याउनु वा उहाँको सम्पूर्ण व्यवस्थापनको योजना अन्त्य गर्नको लागि आखिरमा तिनीहरूलाई मृत्युदण्ड दिनुको कुनै आवश्यकता हुँदैन। उहाँ आफ्नै गतिमा सानो कुराकानीमा मात्र संलग्न हुनुहुन्छ, मानौं, उहाँको काम संयोगवस पूरा भएको हो, उहाँको फुर्सदको समयमा अलिकति पनि कोसिस नगरी पूरा भएको

हो। बाहिरबाट हेर्दा, परमेश्‍वरको काममा केही आतुरी देखिन्छ—तर पनि परमेश्‍वरले केही गर्नुभएको छैन, उहाँले बोल्नुबाहेक केही गर्नुहुन्‍न। मण्डलीहरू बीचको काम बितेको समयमा जस्तो ठूलो मात्रामा हुँदैन: परमेश्‍वरले मानिसहरू थप्नुहुन्‍न, वा तिनीहरूलाई निष्कासन गर्नुहुन्‍न, वा तिनीहरूलाई प्रकट गर्नुहुन्‍न—त्यस्ता कामहरू अति नगण्य छन्। यस्तो देखिन्छ, कि परमेश्‍वरसँग यस्तो काम गर्ने कुनै मन छैन। उहाँले जे भन्‍नुपर्छ त्यसमध्ये थोरै मात्र भन्‍नुहुन्छ, त्यसपछि उहाँ अर्कोतिर फर्कनुहुन्छ अनि कुनै नामनिसाना नछोडी हराउनुहुन्छ—जुन स्वाभाविक रूपमा उहाँका वाणीहरू पूरा भएको दृश्य हो। अनि जब यो क्षण आउँछ, सबै मानिसहरू तिनीहरूका निद्राबाट बिउँझनेछन्। मानवजाति हजारौं वर्षदेखि लामो सुस्त निद्रामा छ परेको छ, ऊ पूर्ण रूपमा निद्रालु भएको छ। अनि धेरै वर्षदेखि मानिसहरू आफ्ना सपनाहरूमा यहाँ अनि त्यहाँ दगुर्दै आएका छन्, र आफ्नो हृदयभित्र अन्यायको बारेमा बोल्‍न नसकेर तिनीहरूका सपनाहरूमा चिच्याइरहेका छन्। यसैले, तिनीहरू "आफ्नो हृदयमा केही उदासी महसुस गर्छन्"—तर जब तिनीहरू बिउँझन्छन्, तब तिनीहरूले वास्तविक तथ्यहरू थाहा पाउनेछन् र यसो भन्दै जोडले कराउनेछन्: "यस्तो पो भइरहेको रहेछ!" त्यसकारण यसो भनिएको छ, कि "आज, अधिकांश मानिसहरू अझै मस्त निद्रामा छन्। जब राज्यको स्तुतिगान गुन्जन्छ तब मात्र तिनीहरू आफ्ना निन्द्रालु आँखाहरू खोल्छन् र आफ्ना हृदयमा केही उदासी महसुस गर्छन्।"

कसैको आत्माले कहिल्यै पनि छुटकारा पाएको छैन, कसैको आत्मा कहिल्यै पनि निश्‍चिन्त र खुसी भएको छैन। जब परमेश्‍वरको काम पूर्ण रूपमा समाप्त हुन्छ, मानिसहरूको आत्मा स्वतन्त्र हुनेछ, किनकि प्रत्येकलाई उसको प्रकारअनुसार छुट्ट्याइएको हुनेछ, र यसरी तिनीहरू सबै आफ्नो हृदयमा स्थिर हुनेछन्। मानौं, मानिसहरू टाढा-टाढा ठाउँहरूका यात्रा गरिरहेका छन् र तिनीहरू घर फर्कंदा तिनीहरूको हृदय स्थिर हुन्छ। घर पुगेपछि मानिसहरूले संसार रित्तो र अनुचित छ भनी फेरि महसुस गर्नेछैनन्, तर आ-आफ्नो घरमा शान्तिसाथ बस्‍नेछन्। सारा मानवजातिका परिस्थितिहरू यस्तै हुनेछन्। यसैले परमेश्‍वर भन्‍नुहुन्छ, "मानिसहरूले आफूलाई शैतानको दासत्वबाट कहिल्यै पनि छुटाउन सकेका छैनन्।" देहमा हुँदा कसैले पनि आफूलाई यो अवस्थाबाट मुक्त गर्न सक्दैन। केही क्षणका लागि, परमेश्‍वरले मानिसका विभिन्‍न वास्तविक अवस्थाहरूको बारेमा के भन्‍नुहुन्छ, त्यस कुरालाई एकातिर पन्साऔं, र परमेश्‍वरले मानिसको निम्ति प्रकट गर्नु अझै बाँकी रहेका रहस्यहरूको मात्र कुरा गरौं। "असङ्ख्य पटक मानिसहरूले मलाई गिल्लाको नजरले हेरेका छन्, मानौं मेरो शरीर काँडाले ढाकिएको छ र म तिनीहरूका निम्ति घृणित छु, यसरी मानिसहरूले मलाई घृणा गर्छन्, र म मूल्यहीन छु भन्‍ने विश्‍वास गर्छन्।" यसको विपरीत, सारांशमा भन्‍नुपर्दा, मानिसका वास्तविक रङ्गहरू परमेश्‍वरका वचनहरूमा प्रकट गरिएका छन्: मानिस प्वाँखहरूले ढाकिएको छ, उसमा मनपर्ने कुरा केही पनि छैन, यसरी मानिसप्रतिको परमेश्‍वरको घृणा बढ्दै जान्छ, किनकि मानिस काँडाहरूले ढाकिएको दुम्सीबाहेक अरू केही होइन, जसमा प्रशंसा गर्नुपर्ने कुनै कुरा हुँदैन। बाहिरी रूपमा, यी शब्दहरूले परमेश्‍वरप्रति मानिसका धारणाहरूका बारेमा वर्णन गरेको जस्तो देखिन्छ—तर वास्तवमा, परमेश्‍वरले मानिसको स्वरूपको आधारमा उसको चित्र चित्रण गरिरहनुभएको छ। यी शब्दहरू परमेश्‍वरले कोर्नुभएको मानिसको

चित्र हो, मानौं, यो मानिसको चित्रमाथि परमेश्‍वरले छर्कनुभएको स्थिर गराउने वस्तु हो; यसैले ब्रह्माण्डमा मानिसको स्वरूप उच्च छ, र यसले मानिसहरूलाई पनि अचम्ममा पार्दछ। उहाँले बोल्न थाल्नुभएदेखि नै, परमेश्‍वरले मानिससँग एउटा ठूलो लडाइँ गर्नका लागि आफ्नो फौजलाई ठाउँमा राख्दैआउनुभएको छ। उहाँ मानिसका लागि तथ्यहरू प्रस्तुत गर्ने विश्‍वविद्यालयको बीजगणितको प्राध्यापकजस्तो हुनुहुन्छ, अनि उहाँले सूचीमा राख्नुभएका तथ्यहरूले जे प्रमाणित गर्छ–प्रमाण र प्रतिप्रमाण–त्यसले सबै मानिसहरूलाई पूर्ण रूपमा विश्‍वस्त बनाउँछ। परमेश्‍वरका सबै वचनहरूको उद्‌देश्य यही हो, र यसैकारण परमेश्‍वरले सामान्य रूपमा मानिसकहाँ यी रहस्यमय शब्दहरू प्रस्तुत गर्नुभएको छ: "समग्रमा म मानिसको हृदयमा पूर्ण रूपमा मूल्यहीन हुन्छु, एक अनावश्यक घरेलु सामान बन्छु।" यी शब्दहरू पढेपछि, मानिसहरू आफ्ना हृदयमा प्रार्थना नगरी रहन सक्दैनन्, र तिनीहरूले आफू परमेश्‍वरप्रति कति ऋणी रहेछन् भनी महसुस गर्छन्, जसको कारण तिनीहरूले आफैलाई दोषी ठहराउँछन्, आफैलाई मानिस मर्नुपर्छ, र मानिस अलिकति मूल्यको पनि छैन भनी विश्‍वास दिलाउँछन्। परमेश्‍वर भन्‍नुहुन्छ, "यही कारणले गर्दा म आजको परिस्थितिमा आइपुगेको छु," र जुन कुरालाई आजको वास्तविक परिस्थितिहरूसित जोड्दा त्यसले मानिसहरूलाई आफैलाई दोषी ठहराउने तुल्याउँछ। के तथ्य यही होइन र? यदि तँलाई आफैलाई चिन्‍न लगाइयो भने, के "म साँच्चै मर्नुपर्छ" जस्ता शब्दहरू तेरो मुखबाट निस्कन सक्छन्? मानिसका साँचो परिस्थितिहरू त्यस्तै छन्, र यो धेरै सोचविचार गर्न लायकको कुरा होइन–यो एउटा उपयुक्त उदाहरण मात्र हो।

एक अर्थमा, जब परमेश्‍वरले मानिसलाई क्षमा र सहिष्णुताका लागि बिन्ती गर्नुहुन्छ, तब मानिसहरूले त्यो परमेश्‍वरले तिनीहरूको खिल्ली उडाउनुभएको भएको हो भन्‍ने ठान्छन्, र अर्को अर्थमा, तिनीहरूले आफ्नै विद्रोहलाई पनि देख्छन्–तिनीहरू परमेश्‍वरको मानिसका निम्ति आफैलाई सक्दो काममा लगाउनुभएको होस् भनी पर्खिरहेका हुन्छन्। यसबाहेक, मानिसहरूका धारणाहरूको कुरा गर्दा, परमेश्‍वर भन्‍नुहुन्छ उहाँ मानिसको जीवन दर्शन वा मानिसको भाषामा दक्ष हुनुहुन्‍न। यसैले, यस सम्बन्धमा यसले मानिसहरूलाई यी वचनहरूलाई व्यावहारिक परमेश्‍वरसँग तुलना गर्ने बनाउँछ, र अर्कोतिर, तिनीहरूले परमेश्‍वरका वचनहरूमा उहाँको अभिप्राय देख्छन्–परमेश्‍वरले तिनीहरूको गिल्ला गरिरहनुभएको छ, किनकि परमेश्‍वरले मानिसको वास्तविक अनुहार प्रकट गर्दैहुनुहुन्छ, र उहाँले मानिसहरूलाई परमेश्‍वरको वास्तविक परिस्थितिहरूको बारेमा बताइरहनुभएको छैन भन्‍ने तिनीहरूले बुझ्दछन्। परमेश्‍वरका वचनहरूको अन्तर्निहित अर्थ मानिसप्रतिको उपहास, व्यङ्ग्य, गिल्ला, र घृणाले भरिएको छ। मानौं, मानिसले गर्ने सबै कुरामा उसले व्यवस्था भङ्ग गरिरहेको हुन्छ र घूसहरू लिइरहेको हुन्छ; मानिसहरू वेश्याहरू हुन्, र जब परमेश्‍वरले बोल्नलाई आफ्नो मुख खोल्नुहुन्छ, तिनीहरू डरले काम्छन्, तिनीहरूको सत्यता पूर्ण रूपले पर्दाफास हुनेछ कि भनेर अति नै डराउँछन्, तिनीहरू लाजले कसैको सामना गर्न मान्दैनन्। तर तथ्यहरू भनेका तथ्यहरू नै हुन्। मानिसको "पश्‍चात्ताप" को कारण परमेश्‍वरले आफ्ना वाणीहरू समाप्त गर्नुहुन्‍न; मानिसहरू शब्दहरूमा वर्णन गर्न नसकिने प्रकारले जति लज्जित हुन्छन् र सर्ममा पर्छन्, परमेश्‍वरले उहाँको जल्दो दृष्टि तिनीहरूमाथि त्यति नै लगाउनुहुन्छ। उहाँको मुखबाट निस्कने

वचनहरूले मानिसका सबै घिनलाग्दा कार्यहरूलाई टेबुलमा उदाङ्गो पार्छन्–यसो गर्नु न्यायी र निष्पक्ष हुनु हो, यसलाई किंगटियन[क] भनिन्छ यो जनताको सर्वोच्च अदालतको फैसला हो। यसैले, जब मानिसहरूले परमेश्वरका वचनहरू पढ्छन्, तब तिनीहरू अचानक हृदयघातको शिकार हुन्छन्, तिनीहरूको रक्तचाप बढ्दछ, मानौं तिनीहरू मुटुको धमनीको रोगबाट पीडित छन्, मानौं तिनीहरूका पक्षाघातले तिनीहरूलाई आफ्ना पितापुर्खाहरूसित भेट्न पश्चिमी स्वर्गमा फिर्ता पठाउन लागेको छ–तिनीहरूले परमेश्वरका वचनहरू पढ्दा तिनीहरूका प्रतिक्रिया यस्तै हुन्छ। वर्षौंको कडा परिश्रमले मानिस कमजोर बनेको छ, ऊ भित्रदेखि बाहिरसम्म बिरामी छ, र उसको मुटुदेखि रक्तनलीहरू, ठूलो आन्द्रा, सानो आन्द्रा, पेट, फोक्सो, मृगौला, आदिसम्म ऊ सम्पूर्ण रूपमा बिरामी छ। उसको सम्पूर्ण शरीरमा केही पनि स्वस्थ छैन। यसैले, परमेश्वरको काम मानिसले प्राप्त गर्न नसक्ने स्तरमा पुग्दैन, तर यसले मानिसहरूलाई आफैलाई चिन्ने बनाउँछ। मानिसको शरीर जीवाणुहरूले पिरोलिएकोले गर्दा, र ऊ बूढो भएकोले गर्दा उसको मृत्युको दिन नजिक आउँछ, र पछाडि फर्कने कुनै बाटो छैन। तर यो कथाको एउटा भाग मात्र हो; भित्री अर्थ प्रकट हुनु अझै बाँकी नै छ, किनकि मानिसको रोगको स्रोत खोजी भइरहेको छ। वास्तवमा, परमेश्वरको काम सम्पूर्ण रूपमा पूरा हुने समय त्यो समय होइन जब पृथ्वीमा उहाँको काम समाप्त भएको हुन्छ, किनकि यस चरणको काम पूरा भएपछि, भविष्यमा देहमा काम गर्ने कुनै उपाय हुनेछैन, अनि त्यसलाई पूरा गर्न परमेश्वरका आत्माको आवश्यकता हुनेछ। यसैले, परमेश्वर भन्नुहुन्छ, "जब मैले औपचारिक रूपमा चर्मपत्रको मुट्ठो खोल्छु, त्यसै बेला ब्रह्माण्डभरिका मानिसहरूले सजाय पाउँछन्, मेरो काम चरम सीमामा पुग्ने समय नै, विश्वभरिका मानिसहरू परीक्षाको सिकार हुन्छन्।" जुन बेला देहमा गरिने काम समाप्त हुन्छ त्यस बेला परमेश्वरको काम चरम सीमामा पुगेको हुँदैन–यो समयको चरमसीमाले यो चरणको कामलाई मात्रै बुझाउँछ, र यो सम्पूर्ण व्यवस्थापन योजनाको चरमसीमा होइन। यसैले, परमेश्वरले मानिससँग गर्नुभएका मागहरू उच्च छैनन्। उहाँले केवल मानिसहरूले आफूलाई चिनून्, र त्यसरी कामको अर्को चरणमा सेवा गरून् भनी आज्ञा गर्नुहुन्छ, जसमा परमेश्वरको इच्छा हासिल भएको हुनेछ। जब परमेश्वरको काम परिवर्तन हुन्छ, मानिसहरूको "कामको एकाइ" बदलिन्छ। आज पृथ्वीमा परमेश्वरले गर्नुहुने कामको चरण हो, यसैले तिनीहरूले तल्लो तहमा काम गर्नुपर्दछ। भविष्यमा, यो देशको प्रशासन गर्नु आवश्यक हुनेछ, यसरी तिनीहरूलाई "केन्द्रीय समिति" मा फेरि नियुक्त गरिनेछ। यदि तिनीहरूले विदेश भ्रमण गरे भने, तिनीहरूले विदेशमा जाने कार्यविधिहरूको पालना गर्नुपर्नेछ। त्यस्तो समयमा तिनीहरू आफ्नो मातृभूमिबाट टाढा विदेशमा हुनेछन्–तर यो पनि अझै परमेश्वरको कामका आवश्यकताहरूको कारणले नै हुनेछ। मानिसहरूले भनेका छन्, "जब आवश्यक पर्छ, हामी परमेश्वरका लागि आफ्नो ज्यान अर्पण गर्नेछौं"–के यो भविष्यमा हिँड्नुपर्ने बाटो होइन? यस्तो जीवन कसले कहिल्यै उपभोग गरेको छ? व्यक्तिले सबै ठाउँको यात्रा गर्न सक्छ, विदेश भ्रमण गर्न सक्छ, गाउँ-बस्तीहरूमा मार्गदर्शन प्रदान गर्न सक्छ, आफूलाई सामान्य मानिसहरूका बीचमा सम्मिलित गर्न सक्छ, र

---

क. किंगटियन: यो शब्द चीनको साम्राज्यको समयको धर्मी न्यायाधीशलाई बुझाउन प्रयोग गरिन्थ्यो।

तिनीहरूले उच्च-स्तरीय संगठनहरूका सदस्यहरूसँग राष्ट्रको महत्त्वपूर्ण विषयहरूको बारेमा पनि कुरा गर्न सक्छन्; र आवश्यक पर्दा, तिनीहरूले व्यक्तिगत रूपमा नरकको जीवनको स्वाद लिन सक्छन्, त्यसपछि तिनीहरू फर्कन सक्छन् र फेरि स्वर्गीय आशिष्‌हरूको आनन्द लिन सक्छन्—के यी मानिसका आशिषहरू होइनन् र? को कहिल्यै परमेश्‍वरसँग तुलना भएको छ? कसले कहिल्यै सबै देशहरूको यात्रा गरेको छ? वास्तवमा, मानिसहरूले कुनै सङ्केतक वा स्पष्टीकरणहरूविना नै परमेश्‍वरको वचनका थोरै कुराहरू बुझ्न सक्छन्—यति मात्र हो कि, तिनीहरू आफैमा भने विश्‍वास छैन, र यही कुराले नै आजसम्म परमेश्‍वरको कामलाई तन्काइरहेको छ। मानिसहरूमा धेरै कुराको अभाव भएकोले—परमेश्‍वरले भन्‍नुभएको यो वचन जस्तै, "तिनीहरूसँग केही पनि छैन"—आजको कामले तिनीहरूका अगाडि ठूला कठिनाइहरू प्रस्तुत गर्छ; अझ अर्को कुरा, तिनीहरूको कमजोरीले स्वाभाविक रूपमा नै परमेश्‍वरको मुखलाई सीमित बनाएको छ—अनि के वास्तवमा यी नै कुराहरूले नै परमेश्‍वरको काममा बाधा पुर्‍याइरहेका छैनन् र? के तँ अझै पनि यो कुरालाई देख्न सक्दैनस्? परमेश्‍वरले भन्‍नुहुने सबै कुरामा लुकेको अर्थ हुन्छ। जब परमेश्‍वर बोल्नुहुन्छ, उहाँले हातमा रहेको मुद्दालाई आफ्नो हातमा लिनुहुन्छ, र कुनै नीतिकथा जस्तो, उहाँले बोल्नुहुने सबै वचनहरूमा गहन सन्देश हुन्छ। यी सरल वचनहरूमा गहिरो अर्थ छन्, यसैले तिनले महत्त्वपूर्ण मुद्दाहरूको व्याख्या गर्दछन्—के परमेश्‍वरका वचनहरूले यही कार्य राम्ररी गर्दैनन् र? के तँलाई यो कुरा थाहा छ?

## अध्याय ३१

परमेश्‍वरको स्वभाव परमेश्‍वरका सबै वाणीहरूमा व्याप्त छ, तर उहाँका वचनहरूको मुख्य धागोले सारा मानवजातिको विद्रोह प्रकट गर्दछ र तिनीहरूका अनाज्ञाकारिता, अधीनमा नबस्ने, अन्याय, अधर्म र परमेश्‍वरलाई प्रेम गर्न नसक्ने क्षमता जस्ता कुराहरूलाई उदाङ्गो पार्दछ, यतिसम्म कि परमेश्‍वरको वचनले भन्छ, मानिसहरूका शरीरको प्रत्येक प्वालमा परमेश्‍वरप्रतिको विरोध भरिएको हुन्छ, प्रत्येक रक्तनलीले परमेश्‍वरलाई चुनौती दिन्छ। यदि मानिसहरूले यी कुराहरूलाई जाँच गर्न कोसिस गर्दैनन् भने, तिनीहरू सधैँ तिनलाई जान्‍न असमर्थ हुनेछन्, र तिनलाई कहिल्यै पनि एकातिर पन्साउन सक्नेछैनन्। भन्‍नुको अर्थ, परमेश्‍वरको विरुद्धको त्यो जीवाणु तिनीहरूमा फैलिनेछ र अन्त्यमा तिनीहरूका सेता रक्त कोशिकाले तिनीहरूका रातो रक्त कोशिकाहरूलाई खाइदिएको जस्तो हुनेछ, र तिनीहरूका सम्पूर्ण शरीरलाई रातो रक्त कोशिकाविहीन अवस्थामा छोड्नेछ; अन्त्यमा, तिनीहरू ल्युकेमिया लागेर मर्नेछन्। यो मानिसको वास्तविक अवस्था हो, र कसैले पनि यसलाई अस्वीकार गर्न सक्दैन। ठूलो रातो अजिङ्गर गुँडुल्किएर बसेको देशमा जन्मेको, प्रत्येक व्यक्तिभित्र कम्तीमा एउटा कुरा हुन्छ जसले ठूलो रातो अजिङ्गरको विषको नमुना र उदाहरण बोकेको हुन्छ। यसैले, कामको यो चरणमा, परमेश्‍वरका वचनहरूभरिको मुख्य सूत्र भनेको आफूलाई चिन्‍नु, आफूलाई इन्कार गर्नु, आफूलाई त्याग्नु र आफूलाई मार्नु हो। यो भन्‍न सकिन्छ, कि आखिरी दिनहरूमा परमेश्‍वरको मुख्य काम यही हो, र यो कामको चक्रमा सबैभन्दा विस्तृत र पूर्ण छ—यसले देखाउँछ, कि परमेश्‍वरले युगको अन्त्य गर्ने योजना बनाउँदै

हुनुहुन्छ। कसैले पनि यो आशा गरेको थिएन, तर यसको साथसाथै, यो तिनीहरूले आफ्ना भावनाहरूमा अपेक्षा गरेको कुरा थियो। परमेश्वरले स्पष्ट रूपमा नभन्नुभएको भए पनि, मानिसहरूका इन्द्रियहरू अत्यन्त तीक्ष्ण छन्–तिनीहरू सधैँ समय थोरै छ भन्ने महसुस गर्छन्। म भन्न सक्छु, व्यक्तिले यो कुरालाई जति धेरै महसुस गर्छ, ऊसित युगको बारेमा त्यति नै स्पष्ट ज्ञान हुन्छ। यो संसारलाई सामान्य रूपमा हेरेर परमेश्वरका वचनहरूलाई रद्द गर्नु होइन; बरु, यो परमेश्वरले जुन माध्यमहरूद्वारा काम गर्नुहुन्छ त्यसद्वारा परमेश्वरको कामको विषयवस्तु जान्नु हो। यस कुरालाई परमेश्वरका वचनहरूको भावद्वारा निर्धारण गरिन्छ। परमेश्वरका वाणीहरूको भावमा एउटा रहस्य छ, जसलाई कसैले पनि पत्ता लगाएको छैन, र मानिसहरूलाई प्रवेश गर्नु धेरै कठिन हुने कुरा पनि ठीक यही नै हो। मानिसहरूले परमेश्वरका वचनहरू बुझ्न नसक्नुको मुख्य कारण के हो भने, तिनीहरू परमेश्वर जुन भावद्वारा बोल्नुहुन्छ त्यसप्रति अनजान हुन्छन्–यदि तिनीहरूले यो रहस्यलाई जान्न सके भने, तिनीहरू परमेश्वरका वचनहरूका केही ज्ञान प्राप्त गर्न सक्षम हुनेछन्। परमेश्वरका वचनहरूले सधैँ एउटा सिद्धान्त पालन गरेको छ: यसले मानिसहरूलाई परमेश्वरका वचनहरू नै सबै कुरा हो भनी जान्ने तुल्याउँछ र परमेश्वरका वचनहरूद्वारा सबै मानिसका कठिनाइहरूको समाधान गर्छ। आत्माको दृष्टिकोणबाट, परमेश्वरले आफ्ना कामहरू स्पष्ट पार्नुहुन्छ; मानिसको दृष्टिकोणबाट, उहाँले मानिसहरूको धारणा खुलासा गर्नुहुन्छ; आत्माको दृष्टिकोणबाट, उहाँ भन्नुहुन्छ, कि मानिसले उहाँको इच्छालाई ध्यान दिँदैन; र मानिसको दृष्टिकोणबाट, उहाँ भन्नुहुन्छ, कि उहाँले मानवीय अनुभवको मीठो, अमिलो, तीतो र चर्को स्वादहरू चाख्नुभएको छ, र उहाँ बतासमा आउनुहुन्छ र वर्षाको साथमा जानुहुन्छ, उहाँले परिवारको सतावटको अनुभव गर्नुभएको छ, र जीवनमा उतारचढाउ अनुभव गर्नुभएको छ। यी फरक दृष्टिकोणहरूबाट बोलिएका वचनहरू हुन्। जब उहाँ परमेश्वरका मानिसहरूसँग बोल्नुहुन्छ, यो घरको जिम्मेवार व्यक्तिले दासहरूलाई हप्काउनु जस्तो, वा हास्य नाटक जस्तो हो; उहाँका वचनहरूले मानिसहरूलाई लज्जित बनाउँछ, तिनीहरूले आफ्नो सर्म कतै पनि लुकाउन सक्दैनन्, मानौं तिनीहरूलाई कुनै कठोर यातना भोगेको स्वीकारोक्ति दिनका लागि विगतको सामन्ती शासनद्वारा रोकिएको छ। जब उहाँ परमेश्वरका मानिसहरूसँग बोल्नुहुन्छ, परमेश्वर आन्दोलनकारी विश्वविद्यालयका विद्यार्थीहरू जस्तै असंयमित बन्नुहुन्छ जसले केन्द्रीय सरकारमा भएका काण्डहरूको पर्दाफास गर्छन्। यदि परमेश्वरका सबै वचनहरू उपहास हुन्थे भने मानिसहरूलाई ती स्वीकार गर्न गाह्रो हुनेथियो; यसैले, परमेश्वरले बोल्नुभएका वचनहरू सीधा छन्; तिनमा मानिसका लागि गुप्त सङ्केतहरू हुँदैनन्, तर सीधै मानिसको वास्तविक अवस्थालाई औंल्याउँछ–यसले देखाउँछ, कि मानिसप्रति परमेश्वरको प्रेम केवल शब्दहरू मात्र होइनन्, तर यो वास्तविक प्रेम हो। मानिसहरूले वास्तविकतालाई महत्त्व दिने भए पनि परमेश्वरप्रतिको तिनीहरूको प्रेममा कुनै वास्तविकता हुँदैन। मानिसमा यही कुराको कमी छ। यदि परमेश्वरप्रतिको मानिसहरूको प्रेम वास्तविक छैन भने, सबै कुराको सम्पूर्णता रित्तो र भ्रमात्मक हुनेछ, मानौं यसको कारण सबै कुरा हराउनेछ। यदि परमेश्वरप्रतिको तिनीहरूको प्रेमले ब्रह्माण्डलाई पार गर्छ भने, त्यसरी तिनीहरूको हैसियत र पहिचान पनि वास्तविक हुनेछ, र रित्तो हुनेछैन, र यी वचनहरू पनि वास्तविक हुनेछन्

र रित्तो हुनेछैनन्—के तैँले यो कुरालाई देख्छस्? के तैँले मानिसका लागि परमेश्‍वरका सर्तहरूलाई देखेको छस्? मानिसले प्रतिष्ठाको आशिषको मात्र उपभोग गर्नु हुँदैन, तर ऊ प्रतिष्ठाको वास्तविकतामा जिउनुपर्छ। परमेश्‍वरले उहाँका मानिसहरू र सबै मानिससँग गर्नुभएको माग यही हो, र यो कुनै भव्य रित्तो सिद्धान्त होइन।

परमेश्‍वरले किन यस प्रकारका वचनहरू बोल्नुहुन्छ, "मानौं, मैले गर्ने सबै काम तिनीहरूलाई खुसी पार्ने कोसिस हो, जसको फलस्वरूप मेरो कामहरूद्वारा तिनीहरूमा सधैँ घृणा उत्पन्न हुन्छ"? के तँ परमेश्‍वरप्रति वास्तविक रूपमा प्रकट भएको मानिसको घृणाको बारेमा बोल्न सक्छस्? मानिसहरूका धारणाहरू अनुसार त मानिस र परमेश्‍वर "उत्साहपूर्ण प्रेममा" हुनुहुन्छ र आज, परमेश्‍वरको वचनप्रति मानिसहरूको तिर्सना यस्तो बिन्दुमा पुगेको छ कि तिनीहरू परमेश्‍वरलाई एकै गाँसमा निल्न चाहन्छन्—तापनि परमेश्‍वरले निम्न प्रकारका वचनहरू बोल्नुहुन्छ: "मानिसले मलाई घृणा गर्दछ। किन मेरो प्रेमको बदलीमा मानिसको घृणा दिइएको छ?" के यो मानिसहरूभित्रको खनिज भण्डार होइन र? के खनेर निकाल्नु पर्ने कुरा यही होइन? मानिसको खोजीमा रहेको दोष यही हो; यो समाधान गर्नुपर्ने एउटा ठूलो समस्या हो, र यो परमेश्‍वरसम्बन्धी मानिसको ज्ञानको बाटोमा खडा हुने सिंह हो र यसलाई मानिसका लागि हटाइनुपर्छ—के गर्नुपर्ने काम यही होइन र? सुँगुरको जस्तै मानिसको कुनै स्मरण शक्ति छैन र सधैँ सुखविलासको लोभ गर्छ, त्यसकारण परमेश्‍वरले मानिसलाई बिर्सने रोग निको पार्ने औषधि दिनुहुन्छ—उहाँ अझ बढी बोल्नुहुन्छ, अझ धेरै कुराहरू भन्नुहुन्छ, र मानिसहरूलाई कानमा पक्रनुहुन्छ र तिनीहरूलाई ध्यानपूर्वक सुन्न लगाउनुहुन्छ, अनि उहाँले तिनीहरूका कानमा सुन्न सहयोग गर्ने औजार राखिदिनुहुन्छ। उहाँका केही वचनहरूलाई एक पटक मात्र बोल्दा समस्या समाधान हुन सक्दैन; ती वचनहरू बारम्बार दोहोर्‍याइनुपर्छ, किनकि "मानिसहरूले आफ्नो जीवनमा सधैँ बिर्सने बानीको समस्या भोग्छन्, र सारा मानवजातिको जीवनका दिनहरू लथालिङ्ग छन्।" यस प्रकार, मानिसहरूलाई त्यस्तो स्थितिबाट मुक्ति दिन सकिन्छ, जुन अवस्थामा "तिनीहरूले समय हुँदा पढ्छन्, फुर्सद हुँदा सुन्छन्, र तिनीहरूसँग समय नहुँदा त्यतिकै छोडिदिन्छन्; यदि वचनहरू आज बोलिएका हुन् भने, तिनीहरूले ध्यान दिन्छन्, तर यदि ती वचनहरू भोलि बोलिएनन् भने तिनीहरूले त्यसलाई आफ्नो मनमा राख्नेछैनन्।" जहाँसम्म मानिसहरूको प्रकृतिको कुरा छ, यदि आज परमेश्‍वरले तिनीहरूको वास्तविक स्थितिको बारेमा बोल्नुभयो र तिनीहरूले त्यसको सम्पूर्ण ज्ञान प्राप्त गर्छन्, त्यसपछि तिनीहरू पछुतोले भरिन्छन्—तर पछि तिनीहरू आफ्ना पुराना चालहरूमा फर्केर जान्छन्, अनि परमेश्‍वरका वचनहरूलाई वास्ता गर्न छोड्छन् र स्मरण गराउँदा मात्र माथि वर्णन गरिएको दृश्य फेरि दोहोर्‍याएर सम्झन्छन्। यसैले, जब तँ काम गर्छस् वा बोल्छस्, मानिसको यस वास्तविकतालाई नबिर्सी; काम गर्दा यो वास्तविकतालाई पन्साउनु एउटा गल्ती हुनेछ। सबै कामहरू गर्दा, विशेष गरी जब तँ बोल्छस् त्यसबेला मानिसहरूको धारणाहरूलाई सम्बोधन गर्नु जरुरी हुन्छ। विशेष गरी, तैँले परमेश्‍वरका वचनहरूमा आफ्नो अन्तर्दृष्टि थप्नुपर्छ र तिनीहरूसँग बातचित गर्नुपर्छ। यो मानिसहरूलाई प्रदान गर्ने र तिनीहरूलाई आफैलाई चिन्न लगाउने मार्ग हो। परमेश्‍वरका वचनहरूको विषयवस्तुको आधारमा मानिसहरूलाई प्रदान गर्दा,

तिनीहरूको वास्तविक स्थितिलाई बुझ्नु अनिवार्य रूपमा सम्भव हुन्छ। परमेश्वरका वचनहरूमा, मानिसको वास्तविक स्थितिलाई बुझ्नु र तिनीहरूका लागि प्रबन्ध गर्नु नै पर्याप्त हुन्छ—त्यसरी नै, म "परमेश्वरले पृथ्वीमा भोजको टेबलमा बस्ने निमन्त्रणा स्वीकार गर्नुभएको छ" भनी औँल्याउँदै परमेश्वरका वचनहरू थप रूपमा बताउनेछैन।

## अध्याय ३२

परमेश्वरका वचनहरूले मानिसहरूलाई अन्योल अवस्थामा छोड्छ; मानौं, जब उहाँ बोल्नुहुन्छ, परमेश्वरले मानिसलाई त्यागेर हावासँग बोलिरहनुभएको हुन्छ, मानौं मानिसका कार्यहरूमा अझ बढी ध्यान दिने उहाँको कुनै विचार छैन र मानिसको कदलाई पूर्ण रूपमा बेवास्ता गर्नुहुन्छ, मानौं उहाँले बोल्नुहुने वचनहरू मानिसका धारणाहरूतर्फ निर्देशित छैनन्, तर परमेश्वरको मूल अभिप्रायअनुसार मानिसलाई अलग गर्नुहुन्छ। धेरैवटा कारणहरूले गर्दा, परमेश्वरका वचनहरू मानिसका निम्ति बुझ्न नसकिने र अभेद्य हुन्छन्। यो कुनै अचम्मको कुरा होइन। परमेश्वरका सबै वचनहरूको मूल उद्देश्य मानिसहरूले कामकुराको कसरी भन्ने पक्ष वा तीबाट कसरी युक्तिहरू सिक्ने भन्ने होइन; यसको सट्टामा, ती परमेश्वरले सुरुदेखि आजसम्म काम गर्नुभएका माध्यमहरूमध्ये एउटा हो। अवश्य नै, मानिसहरूले परमेश्वरका वचनहरूबाट केही कुराहरू प्राप्त गर्छन्: रहस्यहरूसित सम्बन्धित कुराहरू, वा पत्रुस, पावल र अय्यूबसित सम्बन्धित कुराहरू—तर यी तिनीहरूले प्राप्त गर्नुपर्ने कुराहरू हुन् र यी कुरा प्राप्त गर्न तिनीहरू सक्षम छन्, र तिनीहरूको कद अनुसार, यी कुराहरू प्राप्त गर्न तिनीहरूले अघिबाटै आफूले सक्दो कोसिस गरिसकेका छन्। किन परमेश्वरले हासिल गर्न लगाउनुभएको त्यो प्रभाव त्यत्ति ठूलो छैन, तैपनि उहाँले यति धेरै वचनहरू बोल्नुभएको छ? यो उहाँले कुरा गर्नुभएको सजायसँग जोडिएको छ, र स्वाभाविक रूपमा, यो सबै मानिसहरूले थाहा नपाई हासिल गरिन्छ। आज, मानिसहरूले परमेश्वरका वचनहरूको आक्रमणमा परेर ठूलो कष्ट भोगिरहेका छन्। बाहिरी रूपमा हेर्दा, तिनीहरूमध्ये कसैलाई पनि निराकरण गरिएको जस्तो देखिंदैन, मानिसहरूलाई तिनीहरूका काम गर्ने स्वतन्त्रता दिन थालिएको छ, र सेवा-कर्ताहरूलाई उच्च पारेर परमेश्वरका मानिसहरू बनाइएको छ—यसमा, मानिसहरूलाई तिनीहरू आनन्दभित्र प्रवेश गरेको जस्तो लाग्छ। वास्तवमा, वास्तविकता के हो भने, शोधनबाट तिनीहरू सबै अझ कडा सजायमा प्रवेश गरेका हुन्छन्। यो परमेश्वरले भन्नुभएको यो वचनजस्तै हो, "मेरो कामका चरणहरू एउटादेखि अर्कोसँग घनिष्ठ रूपमा जोडिएका छन्, ती प्रत्येक उच्च हुँदैजान्छन्।" परमेश्वरले सेवा-कर्ताहरूलाई अतल कुण्डबाट निकालेर तिनीहरूलाई आगो र गन्धकको कुण्डमा फाल्नुभयो, जहाँ सजाय अझ गम्भीर छ। यसैले, तिनीहरूले अझ ठूलो कठिनाइ भोग्नुपर्छ, जहाँबाट तिनीहरू मुस्किलले उम्कनेछन्। के त्यस्तो सजाय अझ धेरै गम्भीर हुँदैन र? एउटा उच्च क्षेत्रमा प्रवेश गरेपछि किन मानिसहरूले खुसीभन्दा दु:ख महसुस गर्छन्? शैतानको हातबाट छुटकारा दिएपछि तिनीहरूलाई ठूलो रातो अजिङ्गरको हातमा दिइन्छ भनेर किन भनिन्छ? के परमेश्वरले यसो भन्नुभएको तिमीहरूलाई याद छ, "कामको अन्तिम भाग ठूलो रातो अजिङ्गरको घरमा पूरा

गरिन्छ”? के तँलाई परमेश्वरले यसो भन्नुभएको याद छ, “अन्तिम कठिनाइ भनेको ठूलो रातो अजिङ्गरको अगाडि परमेश्वरको बलियो, चर्को सोरमा स्पष्ट साक्षी दिनु हो”? यदि मानिसहरूलाई ठूलो रातो अजिङ्गरको हातमा दिइएन भने तिनीहरूले त्यसको अगाडि कसरी साक्षी दिन सक्छन्? आफैलाई मारेपछि कसले कहिल्यै “मैले शैतानलाई जितें” भन्ने शब्दहरू भनेको छ? आफ्नै देहलाई आफ्नो शत्रुको रूपमा हेरेर, त्यसपछि आफैलाई मार्नु—त्यसको व्यावहारिक महत्त्व कहाँ हुन्छ? परमेश्वर किन त्यसरी बोल्नुभयो? “म मानिसहरूका दागहरूलाई हेर्दिनँ, तर तिनीहरूका दाग नलागेका भागहरूलाई हेर्छु, र त्यसबाट म सन्तुष्टि पाउँछु।” यदि परमेश्वर विनादागका मानिसहरू उहाँको अभिव्यक्ति बनेका चाहनुहुन्छ भन्ने कुरा सत्य हो भने, मानिसहरूका धारणाहरूमाथि प्रहार गर्न किन उहाँले धैर्यता र गम्भीरतासाथ त्यति धेरै वचनहरू बोल्नुहुन्थ्यो र? उहाँले आफैलाई त्योसित किन सम्बन्धित गराउनुहुन्थ्यो? त्यस्तो काम गर्न उहाँले अनावश्यक कठिनाइ किन मोल्नुहुन्थ्यो? यसैले यो देखाएको छ, कि परमेश्वरको देहधारणको वास्तविक महत्त्व छ, उहाँले देह बनेर आफ्नो काम पूरा गर्नुभएपछि देहलाई “रद्द” गर्नुहुन्न। किन “सुन शुद्ध हुन सक्दैन र मानिस सिद्ध हुन सक्दैन” भनेर भनिन्छ? यी शब्दहरूको व्याख्या कसरी गर्न सकिन्छ? जब परमेश्वरले मानिसको सारको बारेमा बोल्नुहुन्छ, उहाँका वचनहरूको अर्थ के हुन्छ? मानिसहरूको नाङ्गो आँखामा, देहले केही पनि गर्न सक्दैन भन्ने जस्तो देखिन सक्छ, वा यसमा धेरै कुराको कमी भएको जस्तो देखिन्छ। परमेश्वरको नजरमा यसको एउटै पनि महत्त्व छैन—तापनि मानिसहरूका लागि यो अत्यन्त ठूलो महत्त्वको विषय हो। मानौं, कि तिनीहरू यसको समाधान गर्न पूर्ण रूपमा असमर्थ छन्, मानौं यसलाई व्यक्तिगत रूपमा स्वर्गीय शरीरले समाधान गर्नुपर्छ—के यो मानवीय धारणा होइन? “मानिसहरूका नजरमा, म आकाशबाट झरेको एउटा ‘सानो तारा,’ स्वर्गको सानो तारा मात्र हुँ; र आज पृथ्वीमा भएको मेरो आगमनको आदेश परमेश्वरले दिनुभएको थियो। फलस्वरूप, मानिसहरूले ‘म’ र ‘परमेश्वर’ शब्दहरूका धेरै वटा व्याख्याहरू गरेका छन्।” मानिसहरू केही पनि होइन भने, परमेश्वरले तिनीहरूका धारणाहरूलाई किन फरक-फरक दृष्टिकोणहरूबाट प्रकट गर्नुहुन्छ? के यो पनि परमेश्वरको बुद्धि हुनसक्छ? के त्यस्ता शब्दहरू हास्यास्पद छैनन्? यो परमेश्वरले भन्नुभएको जस्तै छ, “मैले मानिसहरूको हृदयमा एउटा स्थान बनाएको भए पनि, तिनीहरूले म त्यहाँ बसेको चाहँदैनन्। यसको सट्टामा, तिनीहरू आफ्नो हृदयमा ‘पवित्र जन’ अचानक आउनुभएको होस् भनी प्रतीक्षा गर्छन्। मेरो पहिचान अति ‘निम्न’ भएकोले, म मानिसहरूका मागहरूसँग मेल खाँदिनँ, त्यसैले मलाई तिनीहरूले बाहिर फालिदिन्छन्।” परमेश्वरसम्बन्धी मानिसहरूको अनुमान “अति उच्च” भएकोले, परमेश्वरका निम्ति धेरैवटा कुराहरू “प्राप्त गर्न नसकिने” छन्, जुन कुराले उहाँलाई “कठिनाइमा” पार्छन्। थोरै मानिसले मात्र यो जान्दछन् कि तिनीहरू परमेश्वर जुन कुराका निम्ति सक्षम होऊन् भन्ने चाहन्छन् त्यो तिनीहरूका धारणाहरू हुन्। के “चतुर व्यक्ति आफ्नै चतुऱ्याइँको शिकार हुन सक्छ” भन्ने भनाइको वास्तविक अर्थ यही होइन र? यो वास्तवमा “नियमले त बाठो, तर यस पटक त लाटो” भएको स्थिति हो! तिमीहरूको प्रचारमा, तिमीहरू मानिसहरूलाई परमेश्वरसम्बन्धी तिनीहरूको धारणाविना काम चलाउनु भनीभन्छौ, तर के तिमीहरूका धारणाहरूका परमेश्वर हटेर गएका छन्? “मैले मानिससँग

गरेको माग कुनै पनि प्रकारले ठूलो छैन," भन्ने परमेश्‍वरको वचनलाई कसरी व्याख्या गर्न सकिन्छ? ती मानिसहरूलाई नकारात्मक बनाउन र हठी गर्नका लागि होइनन्, तर तिनीहरूलाई परमेश्‍वरका वचनहरूको शुद्ध समझ दिनका लागि हो–के तिमीहरूले बुझ्यौ? के देहधारी परमेश्‍वर साँच्चै मानिसहरूले कल्पना गरेको "'म' हुनुहुन्छ, जो उच्च र शक्तिशाली हुनुहुन्छ"?

परमेश्‍वरद्वारा बोलिएका सबै वचनहरू पढेका र ती वचनहरूको सामान्य रूपरेखा दिन सक्ने मानिसहरू रहेका भए पनि परमेश्‍वरको मूल उद्देश्य के हो भनेर बताउन सक्ने को छ? मानवजातिमा यही कुराको कमी छ। परमेश्‍वर जुनसुकै दृष्टिकोणबाट बोल्नुभए पनि, उहाँको समग्र लक्ष्य भनेको मानिसहरूलाई देहमा आउनुभएका परमेश्‍वर चिनाउनु हो। यदि उहाँमा मानवताको कुनै पनि कुरा नभएको भए–यदि उहाँसँग भएका सबै कुरा स्वर्गमा हुनुहुने परमेश्‍वरका गुणहरू मात्र थिए भने–परमेश्‍वरले त्यत्ति धेरै कुराहरू भन्नुपर्ने कुनै आवश्यकता हुने थिएन। यो भन्न सकिन्छ, कि मानिसहरूमा जुन कुराको कमी छ त्यो प्रत्यक्ष रूपमा परमेश्‍वरको वचनसँग सम्बन्धित विषयवस्तु हुन्। भन्नुको अर्थ, मानिसमा के प्रकट गरिन्छ त्यो मानिसहरूका धारणाहरूको विषयमा परमेश्‍वरले जे भन्नुहुन्छ त्यसको पृष्ठभूमि हो, अनि यसरी मानिसहरूले परमेश्‍वरका वाणीहरूको सेवा गर्छन्। स्वाभाविक रूपमा, यो मानिसहरूको धारणाको बारेमा परमेश्‍वरले भन्नुभएका कुराहरूमा आधारित हुन्छ–यस प्रकारले मात्र यसलाई सिद्धान्त र वास्तविकताको मिश्रण भनेर भन्न सकिन्छ; तब मात्र मानिसहरूलाई आफूलाई चिन्ने कार्यमा अझ प्रभावकारी रूपमा गम्भीर बनाउन सकिन्छ। यदि देहमा हुनुहुने परमेश्‍वर मानिसका धारणासँग मिल्दोजुल्दो हुनुहुन्थ्यो र यदि परमेश्‍वरले पनि उहाँको गवाही दिनुभयो भने के हुनेथियो? वास्तवमा, यसैकारणले गर्दा परमेश्‍वरले आफ्नो महान् शक्तिलाई जोड दिन मानिसहरूको धारणालाई प्रयोग गर्दै नकारात्मक पक्षबाट काम गर्नुहुन्छ। के यो परमेश्‍वरको बुद्धि होइन? परमेश्‍वरले सबैका लागि गर्नुहुने सबै कार्य असल हुन्छ–त्यसैले किन अहिले नै प्रशंसा नचढाउने? यदि स्थितिहरू एक निश्‍चित बिन्दुमा पुग्छ, वा यदि दिन आइपुग्यो भने भने, के तँ, पत्रुसजस्तै, परीक्षाको बीचमा तैँले आफैभित्रबाट प्रार्थनाका शब्दहरू उच्चारण गर्न सक्छस्? यदि पत्रुसझैं तँ शैतानको हातमा पर्दा पनि अझै परमेश्‍वरको प्रशंसा गर्न सक्छस् भने, "शैतानको बन्धनबाट छुटकारा पाउनु, देहमाथि विजय हासिल गर्नु, र शैतानलाई जित्नु" को वास्तविक अर्थ हुनेछ। के यो परमेश्‍वरका लागि अझ बढी वास्तविक साक्षी होइन र? यो "ईश्‍वरत्व काम गर्न आउनुहुँदा र मानिसभित्र सात गुणा तीव्र आत्माले काम गर्न आउनुहुँदा" मात्र यो प्रभाव हासिल हुन्छ, अनि यसरी, यो "शरीरबाट आएको आत्मा" द्वारा प्राप्त गरिने प्रभाव पनि हो। के त्यस्ता कार्यहरू वास्तविक हुँदैनन् र? तैँले वास्तविकतामा ध्यान दिने गर्थिस्, तर के तँसँग आजको वास्तविकताको सही ज्ञान छ? "मैले मानिससँग गरेको माग कुनै पनि प्रकारले ठूलो छैन, तापनि मानिसहरूले यस्तो होइन भनी विश्‍वास गर्छन्। त्यसैले तिनीहरूको 'नम्रता' तिनीहरूको हरेक चालमा प्रकट हुन्छ। तिनीहरू सधैँ मेरो अगाडि हिँड्न, मेरो लागि बाटोमा अगुवाइ गर्न तयार हुन्छन्, किनभने तिनीहरू म हराउनेछु भन्ने डरले भुतुक्क भएका हुन्छन्, म पहाडहरू भित्रको प्राचीन जङ्गलहरूमा भौंतारिनेछु भनी त्रासित भएका हुन्छन्। फलस्वरूप, म कालकोठरीमा पस्नेछु भनी अति डराउँदै मानिसहरूले मलाई सधैँ अगाडि बढाउँछन्।" यी सरल

वचनहरूको बारेमा तिमीहरूको ज्ञान कस्तो छ—के तिमीहरू तिनमा भएको परमेश्‍वरका वचनहरूको जड्लाई बुझ्न सक्छौ? परमेश्‍वरले तिमीहरूका कुन-कुन धारणाहरूको बारेमा त्यस्ता वचनहरू बोल्नुभएको हो भनी के तिमीहरूले ध्यान दिएका छौ? के तिमीहरूले हरेक दिन यो मुख्य बुँदामा ध्यान दिने गर्छौ? त्यसपछि तुरुन्तै उल्लेख गरिएको अर्को खण्डको पहिलो वाक्यमा, परमेश्‍वर भन्‍नुहुन्छ, "... तापनि मानिसहरू मेरो इच्छाप्रति अनजान छन् र मबाट आउने कुराहरूका लागि प्रार्थना गरिरहन्छन्, मानौं मैले तिनीहरूलाई दिएका कुराहरूले तिनीहरूको आवश्यकताहरूलाई पूरा गर्न सक्दैनन्, मानौं मागले आपूर्तिलाई उछिनेको छ।" यो वाक्यमा तिमीहरूभित्र के-कस्ता धारणाहरू छन् त्यो देख्न सकिन्छ। तिमीहरूले विगतको समयमा के गर्‍यौ त्यो परमेश्‍वरले याद राख्‍ने वा खोजी गर्ने गर्नुहुन्‍न, यसैले विगतका घटनाहरूको बारेमा उप्रान्त नसोच। अझ महत्त्वपूर्ण कुराभनेको तिमीहरूले भविष्यको मार्गमा "अन्तिम युगमा पत्रुसको आत्मा" सृजना गर्न सक्छौ कि सक्दैनौ भन्‍ने नै हो—के तँमा यो प्राप्त गर्ने विश्‍वास छ? परमेश्‍वरले मानिसबाट पत्रुसको अनुकरणबाहेक अरू केही माग गर्नुभएको छैन, ताकि मानिसहरूले अन्त्यमा ठूलो रातो अजिङ्गरलाई सर्ममा पार्नका लागि एउटा बाटो बनाउन सकून्। यसैकारण परमेश्‍वर भन्‍नुहुन्छ, "मलाई के मात्रै आशा छ भने, मानिसहरूमा मसँग सहकार्य गर्ने दृढ सङ्कल्प होस्। म तिनीहरूले मेरो निम्ति राम्रा भोजन पकाऊन्, वा तिनीहरूले कतै मेरो शिर अडाउने राम्रो ठाउँको व्यवस्था गरून्...।" संसारमा, मानिसहरूलाई १९९० को दसकमा "ले फेङको आत्मा" ल्याउनु भनेर भनिन्छ, तर परमेश्‍वरको घरमा, परमेश्‍वरले तिमीहरूलाई "पत्रुसको अद्‌वितीय शैली" सृजना गर्नु भनी भन्‍नुहुन्छ। के तिमीहरूले परमेश्‍वरको इच्छालाई बुझ्छौ? के तिमीहरू साँच्चै यसका लागि लागिपर्न सक्छौ?

"म ब्रह्‍माण्डभन्दा माथि हिँड्डुल गर्छु, र म हिँड्दा सम्पूर्ण ब्रह्‍माण्डका मानिसहरूलाई अवलोकन गर्छु। पृथ्वीमा मानिसहरूका भीडहरूको माझमा, कहिल्यै मेरो कामको लागि योग्य वा मलाई साँचो रूपले प्रेम गर्ने कोही आएको छैन। त्यसैले, यस क्षणमा म निराशामा सुस्केरा हाल्छु, र मैले 'तिनीहरू सबैलाई एउटै जालमा समात्‍ने' छु भनी साह्रै डराएर मानिसहरू फेरि कहिल्यै भेला नहुने गरी तुरुन्तै छरपष्ट हुन्छन्।" अधिकांश मानिसहरूलाई सायद यी शब्दहरू बुझ्न कठिन हुन्छ। तिनीहरू परमेश्‍वरले मानिससँग किन धेरै कुरा माग गर्नुहुन्‍न भनी सोध्छन्, तैपनि उहाँको कामका निम्ति योग्य कोही पनि नभएको देख्दा निराशा बनेर सुस्केरा हाल्छन्। के यहाँ विरोधाभास छ? ठेड रूपमा भन्‍नुपर्दा, यहाँ विरोधाभास छ, तर वास्तविकतामा कुनै विरोधाभास छैन। सायद तैंले परमेश्‍वरले यसो भन्‍नुभएको याद गर्न सक्छस् होला, "मेरा सबै वचनहरूले मैले चाहेको प्रभाव प्राप्त गर्छन्।" जब परमेश्‍वरले देहमा काम गर्नुहुन्छ, तब उहाँले वास्तवमा के गर्न लाग्नुभएको छ भनी हेर्नका लागि मानिसहरूले आफ्नो नजर उहाँको काममा लगाइरहन्छन्। जब परमेश्‍वरले शैतानलाई लक्षित गर्दै आत्मिक क्षेत्रमा आफ्नो नयाँ काम गर्नुहुन्छ, अर्को शब्दमा भन्‍ने हो भने, देहधारी परमेश्‍वर हुनुभएकोले पृथ्वीका मानिसहरूका बीचमा हरकिसिमका धारणाहरू उत्पन्‍न भएका हुन्छन्। जब परमेश्‍वरले हैरानीमा सुस्केरा हाल्नुहुन्छ—अर्थात्, जब उहाँले सबै मानिसका धारणाहरूको बारेमा कुरा गर्नुहुन्छ, मानिसहरूले तिनको निराकरण गर्न सक्दो कोसिस गर्छन्, र त्यस्ता मानिसहरू पनि हुन्छन्, जसले तिनीहरूको कुनै आशा छैन भन्‍ने ठान्छन्, किनकि उहाँको

विषयमा धारणाहरू हुनेहरू सबै उहाँका शत्रु हुन् भनी परमेश्‍वर भन्‍नुहुन्छ—यसले गर्दा मानिसहरू किन "छरपष्ट" हुन सक्दैनन् र? विशेष गरी आज सजाय आइपुगेको हुनाले, मानिसहरू परमेश्‍वरले तिनीहरूलाई नष्ट गर्नुहुनेछ भनी अझ बढी डराउँछन्। तिनीहरूलाई सजाय दिनुभएपछि परमेश्‍वरले "तिनीहरू सबैलाई एउटै जालमा समात्‍ने" कार्य गर्नुहुनेछ भन्‍ने तिनीहरू विश्‍वास गर्छन्। तैपनि तथ्यहरू त्यस्ता छैनन्: परमेश्‍वर भन्‍नुहुन्छ, "म मानिसहरूलाई कहिल्यै उम्कन नसक्‍ने गरी मेरो सजायको बीचमा 'नजरबन्द' गरेर राख्‍न चाहन्‍नँ। मेरो व्यवस्थापनमा मानिसको कार्यहरूको अभाव भएकोले, मेरो काम सफलतासाथ पूरा गर्नु सम्भव छैन, त्यसले मेरो कार्यलाई प्रभावकारी ढङ्गमा अगाडि बढ्नबाट रोक्दछ।" सबै मानिसहरूलाई मारेपछि उहाँको काम अन्त्य गर्नु परमेश्‍वरको इच्छा होइन—त्यसो गर्नुको के अर्थ हुन्छ र? मानिसहरूमा काम गरेर अनि तिनीहरूलाई सजाय दिएपछि परमेश्‍वरले तिनीहरूद्वारा उहाँका कामहरूलाई स्पष्ट पार्नुहुन्छ। मानिसहरूले परमेश्‍वरका वचनहरूको शैलीमा पहिले नै सजाय छ भन्‍ने कुरालाई कहिल्यै पनि नबुझेका हुनाले, तिनीहरूको चेतनामा तिनीहरूसँग कहिल्यै पनि कुनै प्रवेश थिएन। मानिसहरू आफ्नो सङ्कल्प व्यक्त गर्न असमर्थ हुन्छन्, यसैले परमेश्‍वरले शैतानको अगाडि केही भन्‍न सक्नुहुन्‍न, र यसले परमेश्‍वरको कामलाई अगाडि बढ्नबाट रोक्छ। यसैले परमेश्‍वर भन्‍नुहुन्छ, "एक पटक मैले मानिसलाई मेरो घरको पाहुनाको रूपमा बोलाएँ, तैपनि मेरो बोलावटको कारण ऊ जताततै दगुर्‍यो—यो त यस्तो लाग्थ्यो, मानौं मैले उसलाई पाहुनाको रूपमा बोलाउनुको सट्टा, मैले उसलाई मृत्युदण्ड दिने स्थानमा ल्याएको छु। यसर्थ, मेरो घर रित्तो नै रह्‍यो, किनभने मानिस सधैँ मबाट टाढा बस्यो, र सधैँ मप्रति सचेत रहन्थ्यो। यसले गर्दा मेरो कार्यको भागलाई अघि बढाउने कुनै माध्यम रहेन।" मानिसले आफ्नो काममा गल्तीहरू गर्ने हुनाले परमेश्‍वरले मानिसबाट गर्ने मागहरूलाई स्पष्ट रूपमा राख्‍नुहुन्छ। अनि मानिसहरूले कामको यो चरण पूरा गर्न असफल हुने हुनाले परमेश्‍वरले अझ थप वाणीहरू थप्‍नुहुन्छ—यो परमेश्‍वरले भन्‍नुभएको "मानिसमा गरिने कामको अर्को भाग" ठीक यही हो। तर म परमेश्‍वरले भन्‍नुभएको "तिनीहरू सबैलाई एउटै जालमा समात्‍ने" कुराको बारेमा लामो कुरा गर्नेछैन, किनकि आजको काममा यसको सम्बन्ध थोरै मात्र छ। स्वाभाविक रूपमा, "सम्पूर्ण ब्रह्माण्डको लागि परमेश्‍वरका वचनहरू" मा रहेका उहाँका धेरैजसो वचनहरू मानिससित सम्बन्धित छन्—तर मानिसहरूले परमेश्‍वरको इच्छालाई बुझ्नैपर्छ; उहाँले जे भन्‍नुभए पनि उहाँका उद्देश्यहरू सधैं असल हुन्छन्। यो भन्‍न सकिन्छ, कि परमेश्‍वर विभिन्‍न माध्यमद्वारा बोल्नुहुने भएकोले, मानिसहरू परमेश्‍वरका वचनहरूको बारेमा सय प्रतिशत निश्‍चित छैनन्, र परमेश्‍वरका धेरैजसो वचनहरू उहाँको कामको आवश्यकताहरूका कारण बोलिएका हुन्, र तिनमा वास्तविकता थोरै छन् भन्‍ने विश्‍वास गर्छन्। यसले तिनीहरूलाई तिनीहरूका विचारहरूद्वारा थकित तुल्याउँछ र बोझमा पार्छ—किनकि तिनीहरूका धारणाहरू अनुसार, परमेश्‍वर यति ज्ञानी हुनुहुन्छ, र तिनीहरूको पहुँचदेखि यति पर हुनुहुन्छ कि, मानौं, तिनीहरूले केही पनि जान्दैनन् र परमेश्‍वरका वचनहरू कसरी खानुपर्छ त्यो जान्दैनन्। मानिसहरूले परमेश्‍वरका वचनहरूलाई अमूर्त र जटिल बनाउँछन्—किनभने परमेश्‍वर भन्‍नुहुन्छ, "मानिसहरू सधैं मेरा वाणीहरूमा स्वाद थप्‍न चाहन्छन्।" तिनीहरूका विचारहरू धेरै जटिल भएकाले र परमेश्‍वरले तिनलाई "मुस्किलले प्राप्‍त" गर्न सक्नुहुने

भएकोले, परमेश्‍वरका वचनहरूका केही भागलाई मानिसले सीमित गरेका छन्, यसरी उहाँले सिधै बोल्नुबाहेक अर्को कुनै विकल्प हुँदैन। मानिसहरूका मागहरू "धेरै उच्च" र तिनीहरूको कल्पनाशक्ति प्रचुर भएको हुनाले–मानौं, तिनीहरूले शैतानका कार्यहरू हेर्नका निम्ति आत्मिक क्षेत्र पार गर्न सक्छन्–यसले परमेश्‍वरका वचनहरूको क्षमतालाई कम गराएको छ, किनकि परमेश्‍वरले जति धेरै कुरा भन्नुहुन्छ मानिसहरूको अनुहार उति नै उदास बन्छन्। तिनीहरूले आफ्नो अन्त्यको बारेमा विचार गर्नुको साटो किन सजिलै आज्ञापालन गर्न सक्दैनन्? यसमा फाइदा कहाँ छ?

## अध्याय ३३

वास्तवमा, परमेश्‍वरले मानिसहरूमा जे गर्नुभएको छ, र उहाँले तिनीहरूलाई जे दिनुभएको छ, साथै मानिसहरूमा जुन कुराहरू छन् त्यसको आधारमा यो भन्‍न सकिन्छ, कि उहाँले मानिसहरूबाट गर्नुभएका मागहरू अत्याधिक छैनन्, उहाँले तिनीहरूबाट धेरै कुराको माग गर्नुहुन्‍न। त्यसो भए, तिनीहरूले कसरी परमेश्‍वरलाई प्रसन्‍न पार्ने प्रयास गर्न सक्दैनन्? परमेश्‍वरले मानिसलाई सतप्रतिशत दिनुहुन्छ, तापनि उहाँले एक प्रतिशतको एक अङ्श मात्र माग्नुहुन्छ–के यो धेरै माग्नु हो र? के परमेश्‍वरले शून्यबाट समस्या उत्पन्‍न गर्दैहुनुहुन्छ? धेरै चोटि मानिसहरूले आफैलाई चिन्दैनन्; तिनीहरूले परमेश्‍वरको सामु आफैलाई जाँच्दैनन्, यसैले तिनीहरू धेरै पटक पासोमा पर्छन्–यसलाई कसरी परमेश्‍वरसँग मिलेर काम गरेको मान्‍न सकिन्छ? यदि परमेश्‍वरले मानिसहरूमाथि गह्रौं बोझ नराख्नुहुने भए तिनीहरू गिलो माटो जस्तै खतम हुनेथिए, र काम खोज्ने जिम्मेवारी आफैमाथि लिने थिएनन्। मानिसहरू यस्तै प्रकारका छन्–कि निष्क्रिय कि त नकारात्मक, परमेश्‍वरसित सक्रिय रूपले सहकार्य गर्न सधैँ असक्षम हुन्छन्, आफैमा हार खानका निम्ति सधैँ नकारात्मक कारण खोज्छ। के तँ साँच्चै त्यस्तो व्यक्ति होस् जसले सबै कुरा आफ्नै निम्ति गर्दैन, तर परमेश्‍वरलाई सन्तुष्ट पार्नका निम्ति गर्छ? के तँ साँच्चै त्यस्तो व्यक्ति होस् जो भावनाहरूमा भर पर्दैन, जसको आफ्नै व्यक्तिगत रुचिहरू हुँदैन, र जसले परमेश्‍वरको कामका आवश्यकताहरू पूरा गर्छ? "मानिसहरू किन सधैँ मसँग सौदाबाजी गर्ने कोसिस गर्छन्? के म व्यापार केन्द्रको महा-प्रबन्धक हुँ? मानिसहरूले मैले भनेका कुरा केही नगरे पनि म किन मानिसहरूले मबाट मागेका कुरा सम्पूर्ण हृदयले पूरा गर्दछु, तापनि, मैले मानिससँग गरेको माग व्यर्थ हुन्छ?" परमेश्‍वरले किन एकपछि अर्को गर्दै त्यस्ता कुराहरू सोध्नुहुन्छ? उहाँ किन यस्तो निराशाको भावनामा कराउनुहुन्छ? परमेश्‍वरले मानिसहरूमा केही पनि हासिल गर्नुभएको छैन; उहाँले तिनीहरूले लिएका र चुनेका काम मात्र देख्नुहुन्छ। किन परमेश्‍वरले "मैले मानिससँग गरेको माग व्यर्थ हुन्छ" भनी भन्नुहुन्छ? आफैलाई सोध्: सुरुदेखि अन्त्यसम्म कसले त्यो काम गर्न सक्छ जुन तिनीहरूको कर्तव्य हो, त्यो काम जसको निम्ति तिनीहरूसित पूर्ण रूपमा कुनै विकल्प हुँदैन? कसले तिनीहरूको हृदयमा भावनाहरूको आधारमा काम गर्दैनन्? मानिसहरूले आफ्नो व्यक्तित्वलाई बेलगाम छोडिदिन्छन्, तिनीहरूले जे गर्छन् त्यसमा कहिल्यै दृढ हुँदैनन्, मानौं तिनीहरूले तीन दिनसम्म माछा मारेर त्यसपछि आफ्ना जालहरू छोडेर अरू दुई दिन आलस्यमा

बिताउँछन्। तिनीहरू घरी तातो र घरी चिसो हुन्छन्: जब तिनीहरू तातो हुन्छन्, तिनीहरूले पृथ्वीका सबै थोकहरू जलाउन सक्छन्, र जब तिनीहरू चिसो हुन्छन्, तिनीहरूले पृथ्वीमा भएको सबै पानी जमाउन सक्छन्। यो मानिसको कार्य होइन, तापनि यो मानिसको अवस्थाको बारेमा सबभन्दा उचित उपमा हो। के यो तथ्य होइन र? सायद ममा मानिसहरूको बारेमा "धारणाहरू" हुन सक्छन्, सायद म तिनीहरूको बदनाम गर्दैछु—तर जे भए पनि, "सत्यताद्वारा तँ सारा संसार हिँड्नेछस्; सत्यताविना तँ कहीँ पनि पुग्नेछैनस्।" यो मानिसको उक्ति भए पनि, मलाई लाग्छ यो यहाँ प्रयोग गर्न उपयुक्त छ। मैले जानाजानी मानिसहरूका आत्माहरूलाई निरुत्साहित र उनीहरूका कामलाई अस्वीकार गरिरहेको छैनँ। म तिमीहरूलाई केही प्रश्नहरू गर्छु: कसले परमेश्वरको कामलाई तिनीहरूका आफ्नै कर्तव्यको कामको रूपमा हेर्छ? कसले "यदि मैले परमेश्वरलाई सन्तुष्ट पार्न सक्छु भने, म मेरा सबै कुरा दिन्छु" भनेर भन्न सक्छ? कसले यसो भन्न सक्दछ, "अरूले जे गरे पनि, म परमेश्वरलाई चाहिने सबै कुरा गर्नेछु, र परमेश्वरको कामको अवधि लामो वा छोटो जे भए पनि, म आफ्नो कर्तव्य पूरा गर्नेछु; परमेश्वरको कामलाई टुङ्गोमा पुर्‍याउनु उहाँको काम हो, र यो सोचमा मग्न हुने कुरा होइन"? त्यस्तो ज्ञान प्राप्त गर्न सक्ने को छ? तिमीहरू के विचार गर्छौ त्यसको महत्त्व हुँदैन—हुन सक्छ, तँमा अझ उच्च अन्तर्दृष्टि छ, जुन अवस्थामा म विनाविरोध स्वीकार गर्छु, हार स्वीकार गर्दछु—तापनि मैले तँलाई भन्नैपर्छ कि परमेश्वरले इमानदार हृदय चाहनुहुन्छ, त्यस्तो हृदय जुन निष्कपट र जोसिलो हुन्छ, अकृतज्ञ ब्वाँसोको हृदय होइन। तँ यो "सौदाबाजी" को बारेमा के जान्दछस्? सुरुदेखि अन्त्यसम्म, तिमीहरू "संसार घुमेका" छौ। एकै छिनमा तँ अनन्त वसन्त भएको "कुनमिंग" सहरमा हुन्छस्, र आँखाको झिमिकमा तँ असह्य चिसो, हिउँले ढाकिएको "दक्षिणी ध्रुव" मा पुग्छस्। जो कहिल्यै आफ्नो सामान्य अवस्थामा फर्केर गएको हुँदैन? परमेश्वरले माग्नुहुने भनेको "मृत्यु नहुञ्जेल विश्राम नगर्नु" भन्ने हो; उहाँले चाहनुहुने कुरा भनेको "दक्षिणी पर्खालमा नपुगुञ्जेल पछि नफर्कनु" भन्ने भावना हो। स्वाभाविक रूपमा, परमेश्वरको अभिप्राय मानिसले गलत मार्ग अपनाओस् भन्ने छैन, तर त्यस्तो भावना अपनाओस् भन्ने छ। जसरी परमेश्वर भन्नुहुन्छ, "जब मानिसहरूले मेरा थोकहरूलाई दिएका 'उपहारहरू' को तुलना गर्दछु, मानिसहरूले तुरुन्तै मेरो अनमोलता थाहा पाउँछन्, तब मात्र तिनीहरूले मेरो अपरिमेयता देख्छन्।" यी शब्दहरूको व्याख्या कसरी गर्न सकिन्छ? सायद, माथिका शब्दहरू पढ्दा त्यसले तँलाई केही ज्ञान दिन्छ, किनकि परमेश्वरले विश्लेषण गर्नको लागि मानिसको सम्पूर्ण हृदयलाई बाहिर निकाल्नुहुन्छ, जुन समयमा मानिसहरूले यी शब्दहरूलाई बुझ्छन्। तर परमेश्वरका वचनहरूको गहन भित्री अर्थको कारण, मानिसहरू पुरानो देहबारे अस्पष्ट रहन्छन्, किनकि तिनीहरूले मेडिकल विश्वविद्यालयमा अध्ययन गरेका छैनन्, न त तिनीहरू पुरातत्त्वविद् नै हुन्, यसैले तिनीहरूले यो नयाँ शब्द बुझ्न नसकिने छ भन्ने महसुस गर्छन्—त्यसपछि मात्र तिनीहरू केही समर्पित हुन्छन्। किनकि मानिसहरू पुरानो देहको अघि शक्तिहीन छन्; यो हिंस्रक जनावरजस्तो नभए पनि, मानवजातिलाई नामेट पार्ने आणविक बमजस्तो सशक्त नभए पनि, तिनीहरू यसलाई के गर्ने भनेर जान्दैनन्, मानौं, तिनीहरू शक्तिहीन छन्। तर मेरो लागि, पुरानो देहलाई निराकरण गर्ने तरिकाहरू छन्। मानिसले विरोध गर्ने उपायको

बारेमा कहिल्यै सोचविचार गर्ने कोसिस नगरेकोले मानिसका विभिन्न अनौठापनहरू मेरो आँखाको सामु निरन्तर झल्किरहन्छन्; जसरी परमेश्‍वरले भन्‍नुभएको छ: "जब म उनीहरूलाई मेरो सम्पूर्णता देखाउँछु, तिनीहरू मेरो अगि गतिहीन, नुनको खामो जस्तो खडा भएर आँखा फुकाल्दै मलाई हेर्छन्। अनि जब म तिनीहरूको विचित्रता देख्छु, म मेरो हाँसो रोक्‍न सक्दिनँ। तिनीहरू मबाट थोकहरू माग्‍न आउने हुनाले, म मेरो हातमा भएका थोकहरू तिनीहरूलाई दिन्छु, र तिनीहरूले ती कुराहरूलाई आफ्नो छातीमा टाँस्छन्, ती कुरालाई नवजात शिशुलाई झैं माया गर्छन्, तिनीहरू एक क्षण मात्र त्यस्ता भावनाहरूमा संलग्‍न हुन्छन्।" के यी पुरानो देहका कामहरू होइनन्? आज मानिसहरूसँग बुझाइ भएको अवस्थामा, तिनीहरू किन देहलाई त्याग्दैनन्, र त्यसको सट्टामा अझै त्यसैमा लागिरहन्छन्? वास्तवमा भन्‍ने हो भने, परमेश्‍वरका आवश्यकताहरूको भाग मानिसद्वारा अप्राप्य हुँदैन, तापनि मानिसहरूले यसमा कुनै ध्यान दिँदैनन्, किनकि "म मानिसलाई हल्का रूपमा दण्ड दिँदिन। यही कारणले गर्दा मानिसहरूले सधैँ तिनीहरूका देहलाई स्वतन्त्र रूपमा छोडेका छन्। तिनीहरूले मेरो इच्छालाई अवलोकन गर्दैनन्, तर मेरो न्याय-आसनको अगि मसँग खुसामदी गरेका छन्।" के यो मानिसको कद होइन? यो परमेश्‍वरले जानाजानी आलोचना गर्नुहुन्छ भन्‍ने होइन, तर यो वास्तविकता हो—के परमेश्‍वरले यसको व्याख्या गर्नुपर्छ? जसरी परमेश्‍वर भन्‍नुहुन्छ, "मानिसहरूको 'विश्‍वास' अति ठूलो भएकोले तिनीहरू 'प्रशंसनीय' भएका हुन्।" यस कारणले गर्दा, म परमेश्‍वरका व्यवस्थापनहरू पालन गर्दछु, र म यो कुरा धेरै भन्दिनँ; मानिसहरूको "विश्‍वास" को कारण म यसलाई सदुपयोग गर्छु, र त्यसलाई प्रयोग गरी म तिनीहरूलाई मैले स्मरण नगरिकनै आफ्ना काम गर्ने बनाउँछु। के यसो गर्नु गलत हो? के परमेश्‍वरलाई चाहिएको पनि ठीक यही होइन र? हुनसक्छ, यस्ता शब्दहरू सुन्दा केही मानिसहरू दिक्‍क हुन्छन्—त्यसैले तिनीहरूलाई केही सहज बनाउन म अर्को कुराको बारेमा बोल्छु। जब सम्पूर्ण ब्रह्माण्डका परमेश्‍वरका चुनिएका सबै मानिसहरू सजायबाट भएर जान्छन्, र जब मानिसभित्रको अवस्था सुधारिन्छ, मानिसहरू आफ्नो हृदयमा गोप्य रूपमा रमाउँछन्, मानौं तिनीहरू महासंकष्टबाट उम्केका छन्। यस समयमा, मानिसहरूले आफ्नै लागि निर्णय गर्नेछैनन्, किनकि यो वास्तवमा परमेश्‍वरको अन्तिम कामको अवधिमा हासिल गरिने प्रभाव हो। उहाँका चरणहरू आजसम्म पनि अगाडि बढ्दैजाँदा, परमेश्‍वरका छोराहरू र मानिसहरू सबै सजायमा प्रवेश गरेका छन्, र इस्राएलीहरू पनि यस चरणबाट उम्कन सक्दैनन्, किनकि मानिसहरू आफैमा अशुद्धपनले कलंकित भएका छन्, यसैले परमेश्‍वरले सबै मानिसहरूलाई शोधन गर्नका निम्ति ठूलो पगाल्ने भट्टीमा प्रवेश गर्न डोऱ्याउनुहुन्छ, जुन एउटा आवश्यक मार्ग हो। यो पार भएपछि, मानिसहरू मृत्युबाट पुनरुत्थान हुनेछन् जसको बारेमा परमेश्‍वरले "सात आत्माका वाणीहरू" मा पहिले नै बताउनुभएको थियो। यसैले मानिसहरू नचिढिऊन् भनी म यसको बारेमा अरू कुरा गर्नेछैनँ। परमेश्‍वरको काम अचम्मको भएकोले, परमेश्‍वरको मुखबाट बोलिएका अगमवाणीहरू आखिरमा हासिल गरिनुपर्छ; जब परमेश्‍वरले मानिसहरूलाई फेरि उनीहरूको धारणाको बारेमा बोल्न लगाउनुहुन्छ, तिनीहरू अचम्मित हुन्छन्, त्यसैले कोही बेचैन वा चिन्तित हुनु हुँदैन। मैले भनेको जस्तै, "मेरा सबै कामहरूमा, के कुनै यस्तो चरण थियो, जुन मानिसको हातद्वारा पूरा गरिएको थियो?" के तैँले यी वचनहरूको सार बुझिस्?

# अध्याय ३५

वर्तमानमा, सबै मानिसहरू फरक-फरक हदमा सजायमा प्रवेश गरेका छन्। यो परमेश्‍वरले भन्‍नुभएको जस्तै हो, "म मानिससँग सँग-सँगै अघि बढ्छु।" यो पूर्ण रूपमा साँचो छ, तैपनि मानिसहरूले अझै पनि यस बुँदालाई पूर्ण रूपमा बुझ्‍न सक्दैनन्। परिणामस्वरूप, तिनीहरूले गरेको कामको भाग अनावश्यक रहेको छ। परमेश्‍वरले भन्‍नुभयो, "तिनीहरूको कदअनुसार म तिनीहरूलाई साथ दिन्छु र तिनीहरूको लागि भरणपोषण गर्छु। मानव मेरो सम्पूर्ण व्यवस्थापन योजनाको मुख्य पात्रहरू भएका हुनाले, 'मानव' को भूमिकामा परेकाहरूलाई म थप अगुवाइ प्रदान गर्छु, ताकि तिनीहरूले त्यो भूमिका हृदयदेखि नै र तिनीहरूको क्षमताले भ्याएसम्म राम्ररी निर्वाह गर्न सकून्," साथै "... तैपनि, म प्रत्यक्ष रूपमा तिनीहरूको विवेकको आलोचना गर्न इन्कार गर्छु; बरु, म तिनीहरूलाई धैर्यताको साथ र व्यवस्थित ढङ्गले अगुवाइ गरिरहन्छु। आखिर, मानिसहरू कमजोर छन्, र तिनीहरूले कुनै पनि काम गर्न सक्दैनन्।" परमेश्‍वरको सोचाइ यस्तो छ: यदि उहाँले यी सबै मानवलाई अन्त्यमा नाश गर्नुभयो भने पनि, पृथ्वीको उहाँको काम अझै पनि उहाँको मूल योजनाअनुसार नै जारी रहिरहनेथियो। परमेश्‍वरले व्यर्थको काम गर्नुहुन्‍न; परमेश्‍वरले गर्नुहुने सबै काम असल हुन्छ। यो पत्रुसले भनेको जस्तै छ, "यदि परमेश्‍वरले मानिसहरूलाई खेलौनाजस्तै प्रयोग गरिरहनुभएको थियो भने पनि, मानिसहरूसँग के नै गुनासो छ र? तिनीहरूसँग के अधिकार छ र?" वर्तमान दिनमा, के परमेश्‍वरले मानवजातिद्वारा यही कुरा हासिल गरिरहनुभएको छैन र? के मानिसहरूसँग साँच्‍चै नै त्यस्तो दृष्टिकोण हुन सक्छ? हजारौं वर्ष पहिले जिएका पत्रुसले कसरी यस्तो कुरा गर्न सके, जबकि यस उच्‍च प्रविधिको, आधुनिक युगमा बस्ने आजका "पत्रुसहरू" ले यसो भन्‍न सक्दैनन्? इतिहास अघि बढिरहेको छ कि पछि फर्किरहेको छ म त्यो कुरा निश्‍चित रूपमा भन्‍न सक्दिन, र विज्ञान अघि बढिरहेको छ कि पछि फर्किरहेको छ त्यस प्रश्‍नको उत्तर अझै कसैले दिन सक्दैन। परमेश्‍वरले मानवजातिमा गर्नुभएको सबै कुरा तिनीहरूलाई सकारात्मक बनाउन र तिनीहरूको जीवनलाई परिपक्‍व बनाउनको लागि रहेको छ। के मानिसहरूले यसलाई बुझ्‍न सक्दैनन् र? तँलाई नकारात्मक तुल्याउने हरेक कुरा तेरो कमजोरी हो, शैतानले तँलाई आक्रमण गर्ने कमजोरीको बिन्दु हो। के तैँले यसलाई स्पष्‍ट रूपमा देख्‍न सक्छस्? परमेश्‍वर किन यसरी बोल्नुभयो? "म मानवजातिलाई सारा तत्परता र इमानदारिताको साथ बिन्ती गर्छु। के तिनीहरूले साँच्‍चै मैले अनुरोध गरेको कुरा गर्न सक्दैनन्?" यी वचनहरूको अर्थ के हो? परमेश्‍वरले किन यो प्रश्‍न गर्नुभयो? यसले मानवजातिसँग धेरै नकारात्मक पक्षहरू छन् भन्‍ने देखाउँछ, र एउटै नकारात्मक पक्ष नै मानवलाई ठक्कर खुवाउन पर्याप्‍त हुन्छ। तैँले नकारात्मक अवस्थामा रहँदा त्यसले के ल्याउनेछ भन्‍ने कुरालाई हेर्नु र देख्‍नुपर्छ। परमेश्‍वरले जे गर्नुहुन्छ त्यो सबै मानवजातिलाई सिद्ध बनाउनको खातिर गर्नुहुन्छ। के यी वचनहरूको लागि कुनै थप व्याख्याको आवश्यकता छ? छैन—मेरो दृष्‍टिकोणमा, यसको कुनै आवश्यकता पर्दैन! मानिसहरूलाई शैतानले काबुमा राखेको छ भनेर भन्‍न सकिन्छ, तर मानिसहरूलाई नकारात्मकताले काबुमा राखेको छ भनेर भन्दा अझै उचित हुन्छ। यो मानवजातिको एक प्रकटीकरण हो, मानिसको देहको एक भाग

हो। त्यसकारण, सबै मानिसहरू अचेत रूपमा नकारात्मकतामा फस्छन्, र त्यसपछि सजायमा पर्छन्। यो परमेश्‍वरले मानवजातिको लागि तयार गर्नुभएको पासो हो, र यही बेला नै मानिसहरूले सबैभन्दा बढी कष्ट भोग्छन्। मानिसहरू नकारात्मकतामा जिउने हुनाले, तिनीहरू सजायबाट उम्कन कठिन हुन्छ। के आजभोलिका कुराहरू ठ्याक्कै यस्तै छैनन् र? तर मानिसहरूले कसरी परमेश्‍वरका यी वचनहरूलाई बेवास्ता गर्न सक्छन्, "आजभोलि, शैतान चरम रूपमा व्याप्त भएको छ। मैले मेरो कार्यको मुख्य विषयलाई प्रदर्शन गर्न र मेरो शक्ति प्रदर्शन गर्नको लागि यो मौका किन नलिने?" म स्मरण गराउने केही शब्दहरू बोल्छु, र तुरुन्तै मण्डलीका मानिसहरू सजायमा प्रवेश गर्छन्। यसको कारण के हो भने, दुई महिनासम्मको परमेश्‍वरको कामपछि, मानिसहरू भित्री रूपमा सारगत हिसाबले रूपान्तरण हुन बाँकी नै छ। तिनीहरूले परमेश्‍वरका वचनहरूलाई आफ्नो मस्तिष्कले मात्रै विश्‍लेषण गर्छन्, तैपनि तिनीहरूको स्थिति वास्तवमा परिवर्तन भएको हुँदैन। तिनीहरू नकरात्मक रहन्छन्। त्यसकारण, जब परमेश्‍वरले सजायको समय नजिकै आएको छ भनेर भन्नुहुन्छ, मानिसहरू तुरुन्तै व्याकुल हुन्छन् र यस्तो सोच्छन्: "मलाई परमेश्‍वरले पूर्वनिर्धारित गर्नुभएको छ कि छैन मलाई थाहा छैन, न त यो सजायको क्रममा म दह्रिलो गरी खडा हुन सक्छु कि सक्दिन भन्‍ने नै मलाई थाहा छ। परमेश्‍वरले मानिसहरूलाई सजाय दिनको लागि के-कस्ता विधिहरूको प्रयोग गर्नुहुन्छ त्यो कुरा जान्‍न अझै कठिन छ।" मानिसहरू सजायदेखि डराउँछन्, तैपनि तिनीहरू परिवर्तन हुन सक्दैनन्। तिनीहरू मौनतामा नै कष्ट भोग्छन्, तर तिनीहरूलाई आफू दह्रिलो गरी खडा हुन सक्दिनँ कि भन्‍ने पनि डर हुन्छ। त्यस्ता परिस्थितिहरूमा, तिनीहरूमाथि सजाय नबर्सीकन र वचनहरूको कष्ट आइनपरीकन, मानिसहरू अचेत रूपमा सजायमा प्रवेश गरिसकेका हुन्छन्। त्यसकारण, तिनीहरू सबै भयभीत र अस्थिर हुन्छन्। यसलाई नै "जे रोप्यो त्यै फल्छ" भनेर भनिन्छ, किनभने मानिसहरूले परमेश्‍वरको कामलाई बुझ्दै-बुझ्दैनन्। वास्तवमा, परमेश्‍वर यी मानिसहरूमा थप कुनै वचनहरू खेर फाल्न चाहनुहुन्‍न; परमेश्‍वरले तिनीहरूलाई निराकरण गर्ने फरक तरिका, अर्थात् त्यस्तो तरिका जुन साँचो सजाय होइन, त्यो अपनाउनुभएको छ भन्‍ने देखिन्छ। यो अवस्था कुनै व्यक्तिले चल्ला पक्रेर यो भाले कि पोथी रहेछ भनी माथि उठाएर हेरेजस्तै हुन्छ; यो कुनै महत्त्वपूर्ण मामला हो जस्तो नदेखिए पनि, सानो चल्ला यति भयभीत हुनेछ कि यसले आफूलाई मुक्त गर्न संघर्ष गर्नेछ, मानौं यसको मालिकले यसलाई मारेर खान लागेको छ। किनभने चल्लासँग आफ्नो बारेमा कुनै ज्ञान हुँदैन। केही आउन्स तौल मात्रै भएको चल्लालाई किन कसैले मारेर खानेथियो? के त्यो निरर्थक हुनेथिएन र? यो त परमेश्‍वरले भन्‍नुभएको जस्तै हो: "तब किन मानिसहरू मदेखि सधैँ टाढा हुन्छन्? के मैले तिनीहरूलाई समातिनेबित्तिकै मारिने चल्लाहरूलाई जस्तै व्यवहार गरेकोले हो?" त्यसकारण, मानव कष्ट-भोग सबै "निस्स्वार्थ" भक्ति हुन्, र यसलाई व्यर्थको मूल्य चुकाउने कार्य भनेर भन्‍न सकिन्छ। किनभने मानिसहरूले आफैलाई नचिन्‍ने हुनाले तिनीहरू डराएका हुन्छन्; परिणामस्वरूप, तिनीहरूले आफ्नो जीवन जोखिममा पार्न सक्दैनन्। यो मानवजातिको कमजोरी हो। के "अन्त्यमा, मानिसहरूले आफूलाई चिनून्। यो मेरो अन्तिम लक्ष्य हो" भनी परमेश्‍वरले बोल्नुभएका वचनहरू पुरानो भइसकेका छन्? कसले आफैलाई साँचो रूपमा चिन्छ? यदि व्यक्तिले आफूलाई चिन्दैन

भने, तिनीहरूलाई सजाय पाउने अधिकार केले दिन्छ? उदाहरणको लागि थुमाहरूलाई लिऊँ। यदि तिनीहरू ठूलो भएर भेडा भएका छैनन् भने तिनीहरूलाई कसरी मारिन्छ? फल नफलेको रूखबाट मानिसहरूले कसरी आनन्द लिन सक्छन्? सबैले "खोप" लाई धेरै नै महत्त्व दिन्छन्। तसर्थ, मानिसहरूले उपवास बस्ने काम गरिरहेका छन्, र तिनीहरू भोकै बसिरहेका छन्। यो तिनीहरूले जे रोपे त्यै फलेको, आफैलाई हानि गरेको उदाहरण हो, परमेश्वरको क्रूरता वा अमानवीयताको उदाहरण होइन। यदि एक दिन मानिसहरूले अचानक आफैलाई चिन्न पुगे र परमेश्वरको अघि डरले काम्न थाले भने, परमेश्वरले तिनीहरूलाई सजाय दिन थाल्नुहुनेछ। यसरी मात्रै मानिसहरूले कठिनाइलाई स्वेच्छाले स्वीकार गर्न, र तिनीहरू हृदय र बोली-वचन दुवैमा आज्ञाकारी हुन सक्नेछन्। तर आजको हकमा के भन्ने? बच्चाहरूलाई खाना पकाउन लगाइएको जस्तै गरी, मानिसहरू सबैलाई तिनीहरूको इच्छाविपरीत सजाय दिइन्छ। त्यसो हुँदा, तिनीहरू कसरी व्याकुल नभई बस्न सक्छन्? सबै जनालाई के लाग्छ भने, "ए ठीकै छ! मलाई सजाय दिइयो भने, मैले मेरो शिर झुकाएर दोषी ठहरिनुपर्छ! मैले के गर्नसक्छु र? मैले रुँदै भए पनि, परमेश्वरलाई सन्तुष्ट तुल्याउनुपर्छ, त्यसकारण म के नै गर्न सक्छु र? यो मार्गमा सीधै हिँड्नु भनेर मलाई कसले भन्यो? ठीकै छ! म यसको लागि मेरो दुर्भाग्यलाई नै दोष दिनेछु!" के मानिसहरूले यसरी नै विचार गर्दैनन् र?

परमेश्वरले भन्नुभएकै छ, "मानवजाति शिष्ट बन्छ; कसैले पनि मलाई विरोध गर्ने आँट गर्दैन। मैले सुम्पेको 'काम' गर्दै सबै मेरै अगुवाइमा रहन्छन्।" एक जना मानिसलाई पनि स्वेच्छाले सजाय दिइएको हुँदैन, यसको साथै, यो सजाय परमेश्वरबाट आउँछ भन्ने कुरालाई देखाउन यो नै पर्याप्त छ, किनभने सबै मानिसहरू आतङ्क र कोलाहलमा भन्दा फुर्सतमा जिउन चाहन्छन्। परमेश्वरले भन्नुभयो, "मृत्युबाट नडराउने को छ र? के मानिसहरूले साँच्चै आफ्नो जीवनको बाजी लगाउन सक्छन् त?" यो पूर्णतया ठीक कुरा हो; अवश्य नै रीस वा नैराश्यताको आवेगमा पर्दाको अवस्थामा बाहेक सबै जना मर्न डराउँछन्। यो नै मानवजातिको सार हो, र यसलाई समाधान गर्न अत्यन्तै कठिन छ। आज, परमेश्वर ठ्याक्कै यही अवस्थालाई समाधान गर्न आउनुभएको हो। मानिसहरू सबै शक्तिहीन छन्, त्यसकारण परमेश्वरले तिनीहरूका बीचमा विशेषज्ञ अस्पताल खोल्नुभएको छ, जहाँ तिनीहरूलाई यस रोगको उपचार गर्न सकिन्छ। मानिसहरूले आफूलाई यो रोगको पासोबाट मुक्त गर्न सक्दैनन्, त्यसैले तिनीहरू यति व्याकुल हुन्छन् कि तिनीहरूको मुख राता हुन्छन् र तिनीहरूको पेट फुल्छन्। समय बित्दै जाँदा, तिनीहरूको पेटमा हावाको मात्र बढ्दै जान्छ र तिनीहरूको पेटको चाप बढ्छ, र अन्तिममा, तिनीहरूको पेट फुट्छ र तिनीहरू सबै मर्छन्। तब, परमेश्वरले यस गम्भीर रोगको उपचार गर्नुहुनेछ, किनभने सबै मरिसकेका हुनेछन्। के यो मानव स्थितिको उपचार होइन र? परमेश्वर जानी-जानी यो काम गर्न आउनुभएको छ। मानिसहरू मृत्युदेखि अत्यन्तै डराउने हुनाले, परमेश्वर स्वयम् नै मानिसहरूसँग मिलेर यो काम गर्न आउनुभएको छ; तिनीहरूसँग अत्यन्तै थोरै साहस भएको हुनाले, उहाँले सुरुमा तिनीहरूलाई नमुना प्रदर्शन गरी देखाउनुभएको छ। परमेश्वरको उदाहरणलाई देखिसकेपछि मात्रै मानिसहरू आज्ञापालन गर्न इच्छुक हुन्छन्। यही कारणले गर्दा, परमेश्वरले भन्नुभयो, "मेरो काम कसैले अघि

बढाउन नसकेका हुनाले, म शैतानसँग जीवन र मृत्युको युद्धमा सहभागी हुनको लागि म व्यक्तिगत रूपमा युद्धभूमिमा खडा भएको छु।" यो निर्णायक युद्ध हो, त्यसकारण कि त माछा मर्छ कि त जाल चुँडिन्छ। यति कुरा स्पष्ट छ। अन्तिममा आत्माले नै विजय गर्ने हुनाले, देहलाई अपरिहार्य रूपमा नै मृत्युले लैजानुपर्छ। के तिमीहरूले यसको अर्थ बुझ्यौ? तैपनि अत्यन्तै संवेदनशील भने नबन। सायद माथिको वाक्य सरल छ वा सायद यो जटिल छ। जे भए पनि, मानिसहरूले यसलाई बुझ्न सक्दैनन्–त्यति कुरा निश्चित छ। कष्ट भोग्ने क्रममा, मानिसहरूले परमेश्वरको वचनको शोधन स्वीकार गर्न सक्छन्, जसलाई कसैले आफ्नो सौभाग्य भन्न सक्छ, वा कसैले आफ्नो दुर्भाग्य भन्न सक्छ। तर म अझै के कुरा स्मरण गराउँछु भने, परमेश्वरको अभिप्राय आखिर सही छ–मानव अभिप्रायहरूभन्दा विपरीत छ, मानव अभिप्राय भनेको त तिनीहरूको आफ्नै खातिर योजनाहरू बनाउनु र बन्दोबस्तहरू गर्नु हो। यो कुरा निकै स्पष्ट हुनुपर्छ; अन्तहीन चिन्तनमा नफस। के मानिसहरूको कमजोरी ठीक यही होइन र? तिनीहरू सबै यस्तै छन्; परमेश्वरप्रति महान् प्रेम हुनको सट्टा, तिनीहरूसँग आफैप्रति महान् प्रेम हुन्छ। उहाँ मानिसको डाहा गर्ने परमेश्वर हुनुहुन्छ, त्यसकारण उहाँले तिनीहरूलाई सधैँ मापदण्डहरू दिनुहुन्छ। मानिसहरूले आफूलाई जति प्रेम गर्छन्, परमेश्वरले तिनीहरूलाई त्यति नै उहाँलाई प्रेम गर्न लगाउनुहुन्छ, र तिनीहरूप्रतिको उहाँका सर्तहरू त्यति नै कडा हुन्छन्। यस्तो लाग्छ मानौं परमेश्वरले जानी-जानी मानिसहरूलाई सताइरहनुभएको छ। यदि मानिसहरूले उहाँलाई साँचो रूपमा प्रेम गरे भने, उहाँले तिनीहरूलाई स्वीकार गर्नुहुन्न जस्तो देखिन्छ। यसकारण, मानिसहरू टाउको कन्याउँदै गहन सोचाइमा पर्छन्। यो परमेश्वरको स्वभावको एक वृत्तान्त हो, एक-दुई वटा कुराको छोटो उल्लेख हो। यो परमेश्वरको इच्छा हो। परमेश्वरले मानिसहरूलाई यही कुरा जान्न लगाउनुहुन्छ, र यो अनिवार्य छ। यो नयाँ काम हो, र ठूलो सफलता प्राप्त गर्न र ताजा प्रगति गर्नको लागि यसमा मानिसहरूले कठिन परिश्रम गर्नैपर्छ। के तिमीहरूले यस कुरालाई बुझ्यौ? के यस विषयमा मैले थप बताउनुपर्छ?

अघिल्ला पुस्ताहरूका बारेमा, परमेश्वरले भन्नुभयो, "मैले एक जना व्यक्तिलाई समेत कहिल्यै छनौट गरिन; मेरो मौन पत्रद्वारा सबै इन्कार गरिए। किनभने विगतका मानिसहरूले मलाई मात्रै पूर्ण रूपमा सेवा गर्दैनथिए, त्यसकारण, यसको सट्टामा, मैले पनि तिनीहरूलाई मात्रै पूर्ण रूपमा प्रेम गरिन। तिनीहरूले शैतानका 'उपहारहरू' लिए अनि फर्केर ती मलाई दिए। के यो मेरो विरुद्धको निन्दा थिएन र?" यी शब्दहरूलाई कसरी व्याख्या गर्न सकिन्छ? यो त परमेश्वरले "सबै वरदानहरू शैतानबाट आउँछ" भन्नुभएको जस्तै हो। विगत पुस्ताका प्रेरित र अगमवक्ताहरूले आफ्नो काम गर्नको लागि पूर्ण रूपले आत्मिक वरदानहरूमा भर पर्थे, र युगहरू अघि बढ्दै क्रममा, परमेश्वरले आफ्नो काम गर्नको लागि तिनीहरूका आत्मिक वरदानहरूको प्रयोग गर्नुभयो। यही कारणले गर्दा, आत्मिक वरदान पाएका सबै मानिसहरूको सेवा शैतानबाट आउँछ भनेर भनिएको हो। तैपनि, परमेश्वरको बुद्धिको कारण, "म शैतानको चाललाई मेरो प्रतिभारको रूपमा प्रयोग गर्छु।" तसर्थ, परमेश्वरले आत्मिक वरदानहरू पाएका मानिसहरूको सेवालाई परमेश्वरले "शैतानबाट प्राप्त उपहारहरू" भनेर भन्नुभएको छ र तिनीहरू शैतानको स्वामित्वमा रहेकाले मात्रै परमेश्वरले यस

कार्यलाई “निन्दा” भनी भन्नुभएको हो। यो मानिसहरूप्रति लगाइएको आधारहीन दोषारोपण होइन; यसको विपरीत, यो आधारसहितको र उचित व्याख्या हो। तसर्थ, “मैले मेरो घिनलाई प्रकट गरिन; बरु, यी ‘उपहारहरू’ लाई मेरो व्यवस्थापनका सामग्रीहरूमा समावेश गरेर मैले तिनीहरूको युक्तिलाई मेरो आफ्नै फाइदाको लागि प्रयोग गरेँ। पछि, तिनलाई मेसिनले प्रशोधन गरिसकेपछि, म त्यस भित्रको खतरनाक वस्तुहरूलाई डढाउनेथिएँ।” परमेश्‍वरको कामको अत्यन्तै सुन्दर पक्ष यही हो। यो बुँदा मानव धारणाहरूसँग सबैभन्दा नमिल्ने बुँदा हो, किनभने राजाहरूका रूपमा शासन गर्नेहरू आत्मिक वरदान पाएका मानिसहरू होइनन्, वा तिनीहरू परमेश्‍वरले प्रेम गर्नुहुने तर आत्मिक वरदान नपाएका मानिसहरू हुन् भनेर कसैले पनि विचार गर्दैनन्। विट्नेस ली र वाचम्यान नीका विचार वा आशाहरू सबै खरानीमा परिवर्तन भएको देख्न सकिन्छ, र आजका आत्मिक वरदानप्राप्त मानिसहरूको हकमा पनि यही कुरा लागू हुन्छ। अहिले परमेश्‍वरले यो काम गर्न सुरु गर्नुभएको छ, र उहाँको कामको लागि प्रतिभारको रूपमा काम गर्ने मानिसहरूबाट उहाँका सबै कामलाई उहाँले क्रमिक रूपमा फिर्ता लिँदै हुनुहुन्छ। जब परमेश्‍वरको काम पूर्ण रूपमा समाप्त हुन्छ, यी मानिसहरू सबै आफ्नो मूल स्थानमा फर्कनेछन्। तैपनि, मेरा वचनहरूको कारण लापरवाही व्यवहार नगर्न म मानिसहरूलाई अनुरोध गर्छु। तिमीहरूले परमेश्‍वरको कामका चरणहरूअनुसार घटना-परिघटनाको प्राकृतिक मार्गलाई पछ्याउनुपर्छ, यसलाई वाधा दिनु हुँदैन। के तिमीहरूले यस बुँदालाई बुझ्यौ? यी परमेश्‍वरको कामका चरणहरू र विधि हुन्। जब परमेश्‍वरले यी “उपहारहरू” लाई “प्रशोधन गरेर” “अन्तिम उत्पादन” मा परिणत गर्नुहुन्छ, तब उहाँका सबै अभिप्रायहरू स्पष्ट हुनेछन्, र उहाँको सेवा गर्ने उपहारहरूलाई हटाइनेछन्; तैपनि, परमेश्‍वरसँग उपभोगको लागि अन्तिम उत्पादनहरू हुनेछन्। के तिमीहरूले यस कुरालाई बुझ्यौ? परमेश्‍वरले चाहनुहुने भनेका अन्तिम उत्पादनहरू हुन्, मानिसहरूले उहाँलाई चढाउने प्रशस्त उपहारहरू होइनन्। हरेकले आफ्नो उचित स्थान लिएपछि मात्रै, अर्थात् जब परमेश्‍वर आफ्नो मौलिक स्थानमा फर्कनुभएको हुन्छ र दियाबलस पनि, साथै कुनै अपवादविना स्वर्गदूतहरू पनि आफ्नै आसनमा बसेका हुन्छन्–तब मात्रै परमेश्‍वरको अनुहारमा सन्तुष्ट मुस्कान देखा पर्नेछ, किनभने उहाँका अभिप्रायहरू पूरा भइसकेका हुनेछन्, उहाँको लक्ष्य हासिल भइसकेको हुनेछ। परमेश्‍वरले अबउप्रान्त “दियाबलस” बाट “सहयोग” खोज्नुहुनेछैन, किनभने परमेश्‍वरका अभिप्रायहरू मानिसहरूको लागि खुलस्त रूपमा प्रकट भइसकेका हुनेछन्, र मानिसहरूलाई फेरि कहिल्यै पनि ती अभिप्रायहरू प्रचार गर्न लगाइनेछैन। यो बेला, मानिसहरूको देहको शरीर तिनीहरूको आत्मासँग एउटै बन्नेछ। परमेश्‍वरले मानिसहरूलाई यही कुरा प्रकट गर्नुहुन्छ; आत्मा, प्राण, र शरीरको अन्तिम गन्तव्य यही नै हो। “मानवता” को मूल अर्थको सारांश यही हो। यसलाई विस्तृत रूपमा अनुसन्धान गर्नु पर्दैन; यसको बारेमा एक-दुई वटा कुरा जान्नु नै पर्याप्त हुन्छ। के तिमीहरूले यो कुरा बुझ्यौ?

# अध्याय ३६

परमेश्वरले अहिले मानिसलाई सजाय दिन थाल्नुभएको छ भनेर भनिएको छ, तर यो सजायको मूल अभिप्राय मानिसमाथि आएको छ कि छैन भनेर कसैले पनि निश्चियताका साथ भन्न सकेको छैन, कसैले पनि स्पष्ट उत्तर दिन सकेको छैन। परमेश्वर भन्नुहुन्छ, “मेरो सजायमा मानिसले कहिल्यै पनि केही पत्ता लगाएको छैन, किनभने उसले मलाई दुवै आँखाले एक टक लगाएर हेर्दै दुवै हातले आफ्नो काँधमा भएको जुवालाई पक्रिने मात्रै गर्छ–अनि यस क्षणमा मात्रै म ऊ कति दुर्बल छ भन्ने देख्छु। यही कारणले गर्दा, म परीक्षाहरूको बीचमा कोही पनि कहिल्यै दह्रिलो गरी खडा भएको छैन भनेर भन्छु।” परमेश्वरले मानिसलाई ऊमाथि आउन बाँकी रहेको सजायका तथ्यहरू बताउनुहुन्छ, र उहाँले कुनै पनि कुरा नछुटाई, विस्तृत रूपमा यसो गर्नुहुन्छ। यस्तो लाग्छ मानौं मानिसहरू सजायमा प्रवेश गरेका छन् तर दह्रिलो गरी खडा हुन सक्दैनन्। परमेश्वरले मानिसका कुरूप विशेषताहरूको स्पष्ट, सजीव चित्रण प्रदान गर्नुभएको छ। यही कारणले गर्दा, मानिसहरूले तनाव महसुस गर्छन्: तिनीहरू परीक्षाहरूको बीचमा कहिल्यै पनि दह्रिलो गरी खडा भएका छैनन् भनेर परमेश्वरले भन्नुहुने हुँदा, म कसरी संसारको रेकर्ड तोडेर प्रचलनको बावजूद पनि स्वीकार हुने व्यक्ति बन्न सक्छु र? यस बेला, तिनीहरूले मनन गर्न सुरु गर्छन्। वास्तविकतामा, यो त परमेश्वरले भन्नुभएको जस्तै छ: “के मैले तिनीहरूलाई बाटोको अन्त्यमा ल्याएको छु?” वास्तवमा, परमेश्वरले सबै मानिसहरूलाई बाटोको अन्त्यमा ल्याउनुभएको छ, त्यसकारण, तिनीहरूको चेतनामा, मानिसहरूले सधैँ परमेश्वर निर्दयी र अमानवीय हुनुहुन्छ भन्ने विश्वास गर्छन्। परमेश्वरले सांसारिक कष्टको सागरबाट सबै मानिसहरूलाई माछाको रूपमा पक्रिसक्नुभयो, त्यसपछि, “कुनै पनि दुर्घटनाहरू हुन नदिनको लागि, मैले पक्रिएको सबै ‘माछा’ मारेँ, त्यसपछि माछा आज्ञाकारी भयो, र त्ससँग अलिकति पनि गुनासो थिएन।” तथ्य यही हो नि, होइन र? परमेश्वरले सबै मानिसहरूलाई मृत्युको तीतो सागरबाट निकालेर मृत्युको अर्को अतल-कुण्डमा लैजानुभएको छ, उहाँले तिनीहरू सबैलाई “मृत्युदण्ड दिने स्थान” मा घिस्याउँदै लैजानुभएको छ, तिनीहरूलाई जबरजस्ती बाटोको अन्त्यमा पुर्‍याउनुभएको छ–उहाँले किन परमेश्वरका अरू पुत्रहरू र मानिसहरूलाई यसो गर्नुहुन्न? उहाँले ठूलो रातो अजिङ्गरको देशमा त्यस्तो काम अघि बढाउनुको उहाँको अभिप्राय के हो? किन परमेश्वरको हात यति “द्‌वेषपूर्ण” छ? कुनै आश्‍चर्य छैन, “जब मलाई मानिसको खाँचो हुन्छ, त्यस बेला ऊ सधैँ लुकेको हुन्छ। यस्तो लाग्छ मानौं उसले कहिल्यै पनि आश्‍चर्यजनक दृश्यहरू देखेको छैन, मानौं ऊ गाउँमा जन्मेको हो र सहरका मामलाहरूको बारेमा उसलाई केही पनि थाहा छैन।” वास्तवमा, मानिसहरूले मनमनै प्रश्‍न गर्छन्: “यसो गर्नुको पछाडि परमेश्वरको योजना के हो? के उहाँले हामीलाई मृत्यु दिनुहुन्छ? अनि यसो गर्नुको अर्थ के हुन्छ? किन उहाँको कामका चरणहरू यति चाँडै आउँछन्, र किन उहाँ हामीप्रति अलिकति पनि नरम हुनुहुन्न?” तैपनि मानिसहरूले यसो भन्ने आँट गर्दैनन्, र परमेश्वरका वचनहरूले तिनीहरूलाई त्यस्ता विचारहरू त्याग्न लगाई, तिनीहरूलाई थप विचार गर्ने मौकाबाट वञ्चित गर्ने हुनाले, तिनीहरूसँग त्यस्ता थप विचारहरूलाई पन्छाउनेबाहेक अरू कुनै

विकल्प हुँदैन। यति मात्रै हो कि, परमेश्‍वरले मानिसका सबै धारणाहरू प्रकट गर्नुहुन्छ, त्यसकारण मानिसहरूले आफ्ना धारणाहरूलाई बाहिर निस्कन नदिई थुनेर राख्छन्। यी मानिसहरू ठूलो रातो अजिङ्गरका सन्तान हुन् भनेर यसभन्दा पहिले भनिएको थियो। वास्तवमा, स्पष्ट रूपमा भन्दा, तिनीहरू ठूलो रातो अजिङ्गरका मूर्तरूप हुन्। जब परमेश्‍वरले तिनीहरूलाई बाटोको अन्त्यतर्फ धपाउँदै लैजानुहुन्छ र तिनीहरूको वध गर्नुहुन्छ–कुनै शङ्का छैन–तब ठूलो रातो अजिङ्गरको आत्मासँग तिनीहरूमा काम गर्ने थप कुनै मौका हुँदैन। यसरी, जब मानिसहरू बाटोको अन्त्यमा पुग्छन् तब ठूलो रातो अजिङ्गरको पनि मृत्यु हुन्छ। के भन्न सकिन्छ भने, यसले परमेश्‍वरको “महान दया” को ऋण तिर्न मृत्युको प्रयोग गर्दैछ–जुन ठूलो रातो अजिङ्गरको देशमा परमेश्‍वरको कामको उद्‌देश्य हो। जब मानिसहरूले आफ्नो जीवन बलिदान दिन तयार हुन्छन्, सबै कुरा तुच्छ बन्छ, र त्यतिको उत्तम कुरा कसैले पनि गर्न सक्दैन। जीवनभन्दा महत्त्वपूर्ण कुरा अरू के हुन सक्छ र? तसर्थ, मानिसहरूमा थप कुनै काम गर्न शैतान असमर्थ हुन्छ, यसले मानिसलाई गर्न सक्ने कुरा केही पनि छैन। “देह” को परिभाषामा देहलाई शैतानले भ्रष्ट तुल्याएको छ भनेर भनिए पनि, यदि मानिसहरूले आफूलाई साँचो रूपमा समर्पित गर्छन्, र शैतानद्वारा नियन्त्रित हुँदैनन् भने, तिनीहरूलाई कसैले पनि वशमा पार्न सक्दैनन्–अनि यस क्षणमा, देहले अर्को कार्य गर्नेछ, र औपचारिक रूपमा परमेश्‍वरको आत्माको निर्देशन प्राप्त गर्न थाल्नेछ। यो अनिवार्य प्रक्रिया हो, यो चरणबद्‌ध रूपमा हुनुपर्छ; नत्र भने, जिद्‌दी देहमा काम गर्ने कुनै माध्यम परमेश्‍वरसँग हुनेछैन। परमेश्‍वरको बुद्‌धि नै यही हो। यसरी, सबै मानिसहरू आजका परिस्थितिहरूमा अचेत रूपमा प्रवेश गरेका छन्। र के मानिसहरूलाई “बाटोको अन्त्य” सम्म डोऱ्याउने परमेश्‍वर नै हुनुहुन्न र? के यो मानिसले खोलेको नयाँ बाटो हुन सक्छ त? तिमीहरूका अनुभवहरूलाई हेर्दा, के देखिन्छ भने, तिमीहरूमा परमेश्‍वरले सबैभन्दा निर्दयी विधिहरूको प्रयोग गर्नुहुन्छ, जसमा परमेश्‍वरको धार्मिकता देख्न सकिन्छ। तिमीहरूले कसरी प्रशंसा नगर्न सक्छौ र? परमेश्‍वरले तिमीहरूमा जे गर्नुहुन्छ त्यसले मानिसहरूलाई परमेश्‍वरको धर्मी स्वभाव देख्ने अवसर दिन्छ; के यसले परमेश्‍वरप्रतिको तिमीहरूको आदरलाई बढाउँदैन र? आज, पुरानो युग अझै अस्तित्वमा रहेको र नयाँ युगको परिकल्पना अझै पूरा भइनसकेको दुविधापूर्ण अवस्थामा, तिमीहरूले कसरी परमेश्‍वरको गवाही दिन्छौ? के त्यस्तो गम्भीर समस्या गहन विचारयोग्य छैन र? के तिमीहरूले अझै पनि अरू, अप्रासंगिक मामलाहरूलाई चिन्तन गर्छौ? परमेश्‍वरले किन यसो भन्नुभयो, “मानिसहरूले एकपटक ‘बुझाइको दीर्घायु होस्’ भनेर चिच्याएका भए पनि, ‘बुझाइ’ भन्ने शब्दलाई अनुसन्धान गर्न कसैले पनि समय बिताएको छैन, र यसले मानिसहरूसँग मलाई प्रेम गर्ने कुनै इच्छा छैन भन्ने देखाउँछ”? यदि परमेश्‍वरले त्यस्ता कुराहरू नभन्नुभएको भए, के तिमीहरूले परमेश्‍वरको हृदयलाई आफ्नै किसिमले बुझ्ने प्रयास गर्न सक्दैनथियौ र?

हालैका समयमा, कतिपय मानिसहरूले परमेश्‍वरको देहधारणका उद्‌देश्यहरू र अर्थलाई थोरै बुझेका भए पनि, म के कुरा निश्‍चित रूपमा भन्न सक्छु भने, यदि परमेश्‍वरले मानिससँग स्पष्ट रूपमा नबोल्नुभएको भए, परमेश्‍वरको देहधारणको उद्‌देश्य र अर्थलाई कसैले पनि अनुमान गर्न सक्नेथिएन। यो वास्तविकता हो। के यो कुरा तिमीहरूको लागि अझै स्पष्ट छैन? परमेश्‍वरले

मानिसहरूमा गर्नुहुने हरेक कुरा उहाँको व्यवस्थापन योजनाको भाग हो–तैपनि तिनीहरू परमेश्‍वरको इच्छालाई सही रूपमा बुझ्न असमर्थ छन्। यो मानिसको कमजोरी हो, तर परमेश्‍वरले मानिसहरू जुनसुकै काम गर्न सक्षम हुनुपर्छ भन्‍ने अनिवार्य गर्नुभएको छैन, उहाँले तिनीहरूलाई केवल “डाक्टरका सल्लाहहरू” सुन भनी आज्ञा गर्नुहुन्छ। परमेश्‍वरको आवश्यक मापदण्ड यही हो। उहाँले सबै मानिसहरूलाई साँचो मानव जीवनलाई चिन भनी भन्‍नुहुन्छ, किनभने “तिनीहरूको हृदयमा, ‘मानव जीवन’ भन्‍ने शब्दहरू अस्तित्वमा नै हुँदैन, तिनको बारेमा तिनीहरूसँग कुनै कदर हुँदैन, र तिनीहरू मेरा वचनहरूप्रति थकित मात्रै हुन्छन्, मानौं म गनगनाउने बुढी स्त्री बनेको छु।” मानिसहरूको नजरमा, परमेश्‍वरका वचनहरू दैनिक जीवनका भाँडावर्तन हुन्, तिनीहरूले तिनलाई महत्त्वपूर्ण ठान्दै ठान्दैनन्। तसर्थ, मानिसहरूले परमेश्‍वरका वचनहरूलाई अभ्यास गर्न सक्दैनन्–तिनीहरू सत्यताको बारेमा थाहा पाएका तर त्यसलाई अभ्यास नगर्ने दयनीय नीचहरू बनेका छन्। त्यसकारण, मानिसको यो कमजोरी मात्रै पनि परमेश्‍वरमा केही समय घृणा पैदा गराउनको लागि पर्याप्त छ, त्यसकारण उहाँले मानिसहरूले उहाँका वचनहरूलाई कुनै ध्यान दिँदैनन् भनेर धेरैपटक भन्‍नुभएको छ। तैपनि मानिसहरूले आफ्ना धारणाहरूमा यस्ता विचार राख्छन्: “हरेक दिन हामी परमेश्‍वरका वचनहरूको अध्ययन र अनुसन्धान गर्छौं, त्यसकारण हामीले तिनलाई कुनै ध्यान दिँदैनौं भनेर कसरी भन्‍न सकिन्छ? के यो हामीमाथि अन्याय गरेको भएन र?” तर म तिमीहरूको लागि अलिकति विश्‍लेषण गर्छु–मानिसहरूको अनुहार रातो हुनेछ। जब तिनीहरूले परमेश्‍वरका वचनहरू पढ्छन्, तिनीहरूले हो भन्दै शिर हल्लाउँछन्, मालिकको कुरामा लुरुक्क पर्ने पुन्टे कुकुरले झैं तिनीहरू शिर झुकाउँदै ख्वाँरख्वाँर गर्छन्। तसर्थ, यस क्षणमा, मानिसहरूले आफू अयोग्य भएको महसुस गर्छन्, तिनीहरूको अनुहारबाट बरबरी आँसु झर्छ, मानौं तिनीहरूले पश्‍चात्ताप गर्दै नयाँ सुरुवात गर्न चाहन्छन्–तर यो समय बितेपछि, तिनीहरूको थुमाजस्तो निर्दोषपन तुरुन्तै हराउँछ र ब्वाँसोपन देखा पर्छ; तिनीहरूले परमेश्‍वरका वचनहरूलाई एकातिर पन्छाउँछन्, र तिनीहरूलाई सधैँ आफ्नै कामकाज महत्त्वपूर्ण हुन्छ र परमेश्‍वरका वचनहरूको मामला अन्तिममा आउँछ भन्‍ने लाग्छ, अनि तिनीहरूका यी कार्यहरूको कारण, तिनीहरूले परमेश्‍वरका वचनहरूलाई कहिल्यै पनि व्यवहारमा लागू गर्न सक्दैनन्। जब तथ्यहरू आउँछन्, तिनीहरूले आफ्नो कुइनो बाहिरपट्टि तन्काउँछन्[क]–यो त आफ्नै मानिसहरूलाई धोका दिने कार्य हो–तिनीहरू “भरणपोषणको लागि ममा भर पर्दै ‘अर्को बाटो दौडन्छन्’” भनी परमेश्‍वरले भन्‍नुभएको स्वाभाविकै हो। यसबाट परमेश्‍वरका वचनहरूमा कुनै पनि झूट छैन, ती पूर्ण रूपमा साँचो छन्, र त्यसमा अलिकति पनि अत्युक्ति छैन भनेर देख्न सकिन्छ, तैपनि तिनीहरूलाई केही हदसम्म कम आँकलन गरिएजस्तो देखिन्छ, किनभने मानिसको कद अत्यन्तै सानो छ, उसले तिनीहरूको भार बोक्न सक्दैन। परमेश्‍वरका वचनहरूले पहिले नै मानिसका भित्री र बाहिरी दुवै कुराहरूको स्पष्ट चित्रण प्रदान गरिसकेको छ; ती वचनहरूले ती कुराहरूलाई पूर्ण स्पष्टताको साथ प्रकट गरेका छन् र यसरी शैतानको मूल

---

क. “आफ्नो कुइनो बाहिरपट्टि तन्काउँछन्” एउटा चिनियाँ टुक्का हो, जसको अर्थ आफ्ना नजिकका व्यक्तिहरू जस्तै आमाबुबा, छोराछोरी, आफन्त वा सहोदर दाजुभाइ वा दिदीबहिनीलाई हानि पुग्ने गरी अरूलाई सहयोग गर्नु भन्‍ने हुन्छ।

अनुहारलाई दुरुस्तै र स्पष्टसित चित्रण गररेका छन्। यति मात्रै हो कि, वर्तमान युगमा, मानिसहरूले सबै कुरालाई स्पष्ट रूपमा हेर्न बाँकी नै छ, तसर्थ, तिनीहरूले आफैलाई चिनेका छैनन् भनेर भन्न सकिन्छ। त्यसैले त म भन्छु, यो पाठ निरन्तर जारी रहनुपर्छ, रोकिनु हुँदैन। जब मानिसहरूले आफैलाई चिन्न पुग्छन्, तब परमेश्वरले महिमा प्राप्त गर्नुहुनेछ। यो कुरा बुझ्न सजिलो छ—मैले विस्तृत कुरा गर्न आवश्यक छैन। तैपनि, मैले तिमीहरूलाई स्मरण गराउनुपर्ने एउटा कुरा छ, तर पहिले परमेश्वरका यी वचनहरू पढ्नुपर्छ: "आजको समयमा, मानिसहरूले मलाई कहिल्यै पनि बहुमूल्य ठानेका छैनन्, तिनीहरूको हृदयमा मेरो कुनै स्थान छैन। के आउनेवाला कष्टका दिनहरूमा तिनीहरूले मलाई साँचो प्रेम देखाउन सक्छन्?" यी वचनहरूको अर्थ के हो? सजाय मानिसमा आउन बाँकी नै छ भनेर परमेश्वरले भन्दै हुनुहुन्छ, जसले "आफूलाई चिन्नु" भन्ने शब्दहरूको भित्री अर्थ छ भन्ने देखाउँछ—के तैँले यो कुरा देखिस् त? कठिनाइ र शोधन हुँदै नगईकन, मानिसहरूले कसरी आफूलाई चिन्न सक्छन् र? के यी खोक्रा शब्दहरू होइनन् त? के परमेश्वरले बोल्नुभएका सबै कुराहरूलाई तैँले साँच्चै भरोसा गर्छस् त? के तैँले परमेश्वरका वचनहरूको भेद छुट्याउन सक्छस्? परमेश्वरले किन बारम्बार "मानिसका गतिविधिहरूलाई हेरेर, मसँग जानेबाहेक कुनै विकल्प हुँदैन," जस्ता कुराहरूका साथै यसो भन्नुहुन्छ "जब पर्वतहरू लड्छन् र पृथ्वी च्यातिन थाल्छ, तब मात्रै मानिसहरूले मेरा वचनहरूको बारेमा विचार गर्छन्, तब मात्रै तिनीहरू आफ्नो सपनाबाट बिउँझन्छन्, तर समय आइसकेको हुन्छ, तिनीहरू ठूलो बाढीमा डुब्छन्, तिनीहरूका लासहरू पानीको सतहमा तैरिरहेको हुन्छ"? परमेश्वरले किन "मानिसहरूले विचार गर्छन्" भनेर भन्नुहुन्छ, तर "मानिसहरूले मेरा वचनहरू पालन गर्छन्" भनेर भन्नुभएन? के पर्वतहरू लड्छन् र पृथ्वी च्यातिन्छन् भन्ने कुरा साँचो हो? मानिसहरूले त्यस्ता वचनहरूलाई कुनै ध्यान दिँदैनन्, तिनीहरूले तिनलाई फुत्केर जान दिन्छन्, त्यसकारण तिनीहरूले परमेश्वरका वचनहरूमा धेरै "कठिनाइ" भोग्छन्। किनभने तिनीहरू अत्यन्तै विचारहीन छन्। मानिसको यो असफलताको कारण, परमेश्वर भन्नुहुन्छ, "अश्रुनली नै नभएको म 'कुरूप' ले मानिसको लागि धेरै आँसु झारेको छु। तैपनि मानिसलाई यसको बारेमा केही पनि थाहा छैन।" मानिसहरूले परमेश्वरका वचनहरूलाई कुनै ध्यान नदिने हुनाले, परमेश्वरले तिनीहरूलाई स्मरण गराउन र तिनीहरूको "सहयोग" लिनको लागि यो माध्यमको प्रयोग गर्नुहुन्छ।

अहिलेको लागि, म संसारको विकासहरूको बारेमा भविष्यवाणी गर्नेछैन, तर म मानिसको भवितव्यको बारेमा केही कुरा भविष्यवाणी गर्नेछु। मानिसहरूले आफैलाई चिन्नुपर्छ भनेर मैले अनुरोध गरेको छैन र? यसलाई कसरी व्याख्या गर्न सकिन्छ? मानिसहरूले कसरी आफैलाई चिन्नुपर्छ? जब परमेश्वरले मानिसहरूलाई जीवन र मृत्युको दोसाँधमा हुने गरी "कष्ट दिनुहुन्छ", तब तिनीहरूले मानव जीवनको अर्थलाई थोरै मात्रामा बुझ्न थाल्छन्, र व्यक्तिको सम्पूर्ण जीवन सपनाबाहेक केही पनि होइन भन्ने ठान्दै तिनीहरू मानव जीवनबाट दिक्क हुन्छन्। मानिसको जीवन विरहको जीवन हो, तिनीहरू कहिल्यै केही पनि हासिल नगरी मर्नेछन्, तिनीहरूको जीवन व्यर्थ र मूल्यहीन छ भन्ने तिनीहरूलाई लाग्छ। मानव जीवन त एउटा सपना हो, यस्तो सपना जहाँ शोक र खुशी आउने-जाने गर्छन्। आज, मानिसहरू परमेश्वरको लागि जिउँछन्, तर तिनीहरू

मानिसको संसारमा जिउने हुनाले, तिनीहरूको जीवन रित्तो र मूल्यहीन हुन्छ, र यसरी यसले सबै मानिसहरूलाई परमेश्वरमा आनन्द मनाउनु त क्षणिक सहजता मात्रै हो भन्ने कुराको ज्ञान गराउँछ–तर तिनीहरूले परमेश्वरमा आनन्द नलिँदा, तिनीहरूले परमेश्वरमा विश्वास गरे पनि अझै तिनीहरू देहमै जिउँछन् भने, त्यसको अर्थ के भयो र? देहमा, मानिसको लागि सबै कुरा रित्तो हुन्छ। मानव जीवनका घटनाक्रमहरूलाई अनुभव गरिसकेपछि, वृद्ध अवस्थाको आगमनसँगै मानिसको कपाल फुल्छ, उसको अनुहार चाउरी पर्छ, उसका हातहरू कडा छालाले ढाकिन्छ। उसले ठूलो मूल्य चुकाएको भए पनि, उसले लगभग केही पनि प्राप्त गरेको हुँदैन। तसर्थ, मेरा वचनहरू एक कदम अघि बढ्छन्: देहमा जिउनेहरूका लागि सबै कुरा रित्तो छन्। यसमा कुनै शङ्का छैन, र यसलाई तैँले विस्तृत रूपमा जाँच गर्नुको कुनै आवश्यकता छैन। परमेश्वरले बारम्बार कुरा गर्नुभएको मानव जीवनको मूल अनुहार यही हो। परमेश्वरले मानिसको कमजोरीको कारण यी वचनहरूलाई तर्काउनुहुन्न, बरु उहाँले आफ्नो मूल योजनाअनुसार नै काम गर्नुहुन्छ। सायद, कतिपय वचनहरूले मानिसहरूलाई साथ र बुझाइ प्रदान गर्छन्, तर कतिपय वचनहरूले ठीक विपरीत काम गर्न सक्छन् र मानिसहरूलाई जानी-जानी मृत्युको वातावरणमा जिउन लगाउन सक्छन्–अनि ठीक यही कारणले गर्दा तिनीहरूले कष्ट भोग्छन्। तसर्थ, मानिसहरूलाई जानी-जानी बहकाउनको लागि सायद परमेश्वरले "रित्तो सहरको रणनीति"[ख] लागू गर्नुहुन्छ, तर तिनीहरूले यसलाई देख्न सक्दैनन्, तिनीहरू अन्धकारमै रहन्छन्। तैपनि, सबै कुरा परमेश्वरकै हातमा छ, र मानिसहरूलाई यो कुरा थाहा भए पनि, तिनीहरूले यसको विरुद्धमा कसरी सुरक्षा गर्न सक्छन् र? तसर्थ, सजायको खतराबाट कोही पनि उम्कन सक्दैनन्–तिनीहरूले के गर्न सक्छन् र? तिनीहरूले परमेश्वरका बन्दोबस्तहरूमा समर्पित हुनबाहेक केही पनि गर्न सक्दैनन्–अनि के त्यो परमेश्वरले तिनीहरूलाई अँठ्याउनुभएकोले र तिनीहरूलाई नछोड्नुहुने हुनाले यसो भएको होइन र? परमेश्वरका चुनौतीहरूअन्तर्गत मात्रै सबै मानिसहरूले प्रकृतिको दिशालाई पछ्याउन सक्छन्–कुरा यही हो नि, होइन र? परमेश्वरका बन्दोबस्तहरू नभएका भए, मानिसहरूले कसरी स्वेच्छाले हार स्वीकार गर्न सक्थे र? के त्यो हँस्यौली हुनेथिएन र? मानव जीवन रित्तो भए पनि, आफ्नो जीवन सहज हुँदा मानिसको संसारलाई त्यागेर परमेश्वरलाई सन्तुष्ट तुल्याउने प्रयास गर्न को इच्छुक छ? मानिसहरू विवशतामाझ मर्छन्–प्रशस्ततामाझ, जब तिनीहरूसँग चाहेका सबै कुरा हुँदा को कहिल्यै मरेको छ र? आकाशबाट ओर्लेको "तारा" मात्रै यसको अपवाद हुन सक्छ। तेस्रो स्वर्गको जीवनको तुलनामा, पृथ्वीको जीवन पातालमा जिउनुसरह हुनेथियो–त्यस्ता परिस्थितिहरूमा मात्रै यो मर्न इच्छुक हुन सक्छ। तर आज को स्वर्गको तारा हो र? यसको बारेमा म पनि "अस्पष्ट" नै छु। हामी यता-उता खोजौं र हामीले यस्तो कसैलाई भेट्टाउन सक्छौं कि हेरौं। यदि उसलाई भेट्टाइयो भने, माथिका मेरा वचनहरूअनुसार ऊ काम गर्न इच्छुक छ कि छैन भनेर उसलाई सोध्न मलाई सहयोग गर्नको लागि म मानिसहरूलाई अनुरोध गर्छु।

ख. "रित्तो सहरको रणनीति" प्राचीन चीनको छत्तीस युक्तिमध्ये ३२ औं युक्ति हो। यो रणनीतिमा तयारीको कमी लुकाउँदै शत्रुलाई छल्नको लागि छलपूर्ण सम्मुख साहस प्रदर्शन गरिन्छ।

तैपनि तिमीहरू प्रत्येकको लागि मसँग एउटा चेतावनी छ: तिमीहरू कसैले पनि “नायक” को भूमिका खेलेर स्वेच्छाले मर्नु पर्दैन, बुझ्यौ?

# अध्याय ३८

मानवजातिको अन्तर्निहित गुणहरूलाई, अर्थात्, मानवजातिको साँचो अनुहारलाई ध्यानमा राखी हेर्दा, आजको दिनसम्म अघि बढ्न सक्नु त्यति सहज रहेन, र यसद्वारा मात्रै परमेश्वरको महान् शक्ति साँचो रूपमा स्पष्ट भएको छ। देहको सारलाई, साथै अहिलेसम्म मानिसलाई ठूलो रातो अजिङ्गरले भ्रष्ट तुल्याएको तथ्यलाई ध्यानमा राखी हेर्दा, यदि परमेश्वरको आत्माको अगुवाइ नपाएको भए, ऊ कसरी आजको दिनसम्म खडा भइरहन सक्थ्यो र? मानिस परमेश्वरको सामु आउन योग्य छैन, तर उहाँको व्यवस्थापनको खातिर र ढिला हुनुभन्दा पहिले नै उहाँको महान् कामलाई पूरा गर्नको लागि, परमेश्वरले मानवजातिलाई प्रेम गर्नुहुन्छ। साँचो भन्ने हो भने, मानवजातिप्रतिको परमेश्वरको प्रेम कुनै पनि मानिसले आफ्नो जीवनकालमा पैँचो तिर्न नसक्ने कुरा हो। सायद आफ्नो जीवन बलिदान गरेर परमेश्वरको अनुग्रहको ऋण तिर्न चाहने केही छन् होला, तर म तँलाई भन्छु: मानिस परमेश्वरको अघि मर्न अयोग्य छ, त्यसकारण उसको मृत्यु व्यर्थ हुनेछ। किनभने परमेश्वरको नजरमा, मानिसको मृत्यु उल्लेख गर्न पनि लायक छैन, भुईंमा मरेको कमिलाको जस्तै यसको एक पैसाको पनि मूल्य हुँदैन। म मानवजातिलाई आफूलाई त्यति धेरै मूल्यवान् नठान्न, र परमेश्वरको लागि मर्दा यसको बोझ ताइ पर्वतको जस्तै हुन्छ भनेर नसोच्न सल्लाह दिन्छु। वास्तवमा, मानिसको मृत्यु प्वाँख जस्तै हल्का छ, त्यो उल्लेख गर्न समेत योग्य छैन। फेरि, मानिसको देह प्रकृतिले नै मर्ने पनि निश्चित छ, त्यसकारण आखिरमा पृथ्वीमा भौतिक शरीरको अन्त्य हुनैपर्छ। यो साँचो तथ्य हो, जसलाई कसैले पनि नकार्न सक्दैन। यो मैले मानव जीवनको अनुभवको सम्पूर्णताबाट प्राप्त गरेको “प्रकृतिको नियम” हो, त्यसकारण मानिसलाई थाहै नभई परमेश्वरले मानिसको अन्त्य यसरी तोकिदिनुभएको छ। के तैँले बुझिस्? परमेश्वरले भन्नुभएका यी वचनहरू स्वाभाविकै हुन्, “म मानवजातिको अवज्ञालाई घृणा गर्छु। किन हो भन्ने मलाई थाहा छैन; यस्तो लाग्छ मैले मानिसलाई सुरुदेखि नै घृणा गरेको छु, तैपनि मलाई उप्रति गहन सहानुभूति छ। तसर्थ, मैले मानिसहरूलाई सधैँ मप्रति दुई प्रकारको मनोवृत्ति धारण गर्ने तुल्याएको छु—किनभने म मानिसलाई प्रेम गर्छु, र म उसलाई घृणा पनि गर्छु।”

कसले परमेश्वरलाई उहाँको उपस्थिति वा उहाँको देखापराइको लागि प्रशंसा गर्दैन? यस बेला, यो अवस्था यस्तो छ मानौं मैले मानिसभित्रको अपवित्रता र अधर्मलाई पूर्ण रूपमा बिर्सेको छु। म मानवजातिको आत्म-धार्मिकता, अहम्ता, अवज्ञा, विरोध, र तिनीहरूका सबै विद्रोहीपनलाई लिन्छु र तिनलाई मेरो मस्तिष्कको पछिल्लो भागमा राखेर बिर्सिदिन्छु। मानवजाति के हो भन्नेसम्बन्धी यी अवस्थाहरूको कारण परमेश्वर विवशतामा पर्नुहुन्न। म पनि परमेश्वरजस्तै “उही कष्टमा सहभागी भएको हुनाले,” म पनि यो समस्याबाट आफूलाई मुक्त गर्छु, नत्र म थप रूपमा मानिसको बन्धनमा पर्नेछु। किन यी सबै झमेलामा पर्ने? मानिस मसँग परमेश्वरको परिवारमा सहभागी हुन

अनिच्छुक भएको हुनाले, मैले तिनीहरूलाई जबरजस्ती गर्न कसरी मेरो शक्तिको प्रयोग गर्न सक्छु र? मानवजातिको निम्ति उत्पीडक कामहरू म गर्दिन, र यसमा कुनै आश्चर्य छैन कि, म परमेश्‍वरको घरानामा जन्मेको हुनाले, मानिस र म सधैँ फरक छौं। यसलेउसलाई उसको आजको विवश हारको स्थितिमा पुर्‍याएको छ। तर म मानिसका कमजोरीहरूको लागि ठूलो आड दिने कार्यलाई जारी राख्छु; मसँग के विकल्प छ र? के म विवश भएकोले होइन र? परमेश्‍वर मानवजातिको "कार्य एकाइ" बाट "अवकाश लिने" चाहनुहुन्छ, र उहाँले "पेन्सन" माग गर्नुहुन्छ भन्ने कुरामा कुनै आश्चर्य छैन। जब म मानिसको दृष्टिकोणबाट बोल्छु, मानिसले मेरो कुरा सुन्दैन, तर के म परमेश्‍वरको दृष्टिकोणबाट बोल्दा समेत मानिसले कहिल्यै आज्ञा उल्लङ्घन गर्न छोडेको छ र? सायद, परमेश्‍वरले मानवजातिको "कार्य एकाइ" बाट अचानक "अवकाश लिने" दिन आउनेछ, अनि जब त्यो समय आउँछ, परमेश्‍वरको वचन अझै कठोर बन्नेछ। आज, सायद मेरो कारणले गर्दा परमेश्‍वर यसरी बोल्नुहुन्छ, अनि, यदि त्यो दिन आयो भने, परमेश्‍वर मजस्तो बिस्तारै र धैर्यताका साथ "किन्डरगार्टेनका बच्चाहरूलाई कथा सुनाउने" बन्नुहुनेछैन। सायद मैले भनेको कुरा त्यति उचित नहोला, तर देहधारी परमेश्‍वरको कारणले गर्दा मात्रै परमेश्‍वरले मानिसमाथिको आफ्नो पकडलाई थोरै खुकुलो पार्न इच्छुक हुनुहुन्छ; अन्यथा, यसको परिणाम कल्पना गर्न पनि अत्यन्तै भयानक हुनेथियो। परमेश्‍वरले भन्नुभएकै छ, "मैले एकपटक मानिसहरूलाई तिनीहरूको देहका इच्छाहरूमा स्वतन्त्र भई लिप्त हुन दिँदै निश्‍चित हदसम्म तिनीहरूमाथिको पकडलाई खुकुलो बनाएको थिएँ–अनि यसैको कारण तिनीहरूले कुनै संयमता नअपनाई बेलगाम रूपमा व्यवहार गर्ने आँट गरे, जसबाट तिनीहरूले मलाई साँचो रूपमा प्रेम गर्दैनन् भन्ने देखिन्छ, किनभने तिनीहरू सबै देहमा जिइरहेका छन्।" परमेश्‍वरले यहाँ किन "तिनीहरूको इच्छाहरूमा लिप्त हुन," र "देहमा जिइरहेका छन्" भनेर भन्नुहुन्छ? साँचो भन्ने हो भने, मानिसले मेरो अर्थ-अनुवादविना नै यी वचनहरूलाई प्राकृतिक रूपमा बुझ्नेछन्। सायद हामी बुझ्दैनौं भन्ने कतिपय छन् होलान्, तर म भन्छु, यो त पहिले नै उत्तर थाहा भएर पनि, बहाना बनाउने कार्य हो। स्मरणका केही शब्दहरू: परमेश्‍वरले, "मैले मानिसलाई माग्ने भनेको उसले मसँग सहकार्य गरोस् भन्ने मात्रै हो" भनेर किन भन्नुहुन्छ? किन परमेश्‍वरले मानव प्रकृति परिवर्तन गर्न कठिन छ भनेर भन्नुहुन्छ? परमेश्‍वरले किन मानव प्रकृतिलाई यति घृणा गर्नुहुन्छ? मानव प्रकृतिका कुराहरू वास्तवमा के-के हुन्? मानव प्रकृतिभन्दा बाहिरका कुराहरू के-के हुन्? के यी प्रश्‍नहरूलाई चिन्तन गरेको व्यक्ति कोही छ? सायद यो मानिसको लागि नयाँ विषय होला, तर यसलाई राम्ररी विचार गर्न म मानिसलाई अनुरोध गर्छु, नत्र त मानिसले "मानव प्रकृति परिवर्तन गर्न कठिन छ" भन्नेजस्ता वाक्यांशहरूले परमेश्‍वरलाई सधैँ चिढ्याउनेछन्। त्यसरी उहाँको विरुद्धमा जानुको के अर्थ हुन्छ? आखिर, के यो समस्या निम्त्याउन खोज्नु होइन र? के यसको अन्त्य ढुङ्गामा फ्याँकिएको अन्डाको जस्तै हुनेछैन र?

वास्तविकतामा, मानिसलाई दिइने सबै जाँच र परीक्षाहरू परमेश्‍वरले मानिसलाई सिक्न लगाउनुहुने पाठहरू हुन्। परमेश्‍वरको अभिप्रायअनुसार, मानिसले यी कुराहरू हासिल गर्न सक्छ, चाहे त्यसको लागि उसले आफूले प्रेम गरेको कुरालाई बलिदान दिनु नै किन नपरोस्, तर मानिसले

सधैँ आफूलाई नै प्रेम गर्ने हुनाले, उसले साँचो रूपमा परमेश्वरसँग सहकार्य गर्न सक्दैन। परमेश्वरले मानिसबाट त्यति धेरै कुरा माग्नुहुन्न! उहाँले मानिसबाट माग्नुहुने सबै कुरा सहजै र खुशीसाथ हासिल गरिने कुरा हुन्; यति मात्रै हो कि, मानिस कठिनाइ भोग्न इच्छुक छँदै छैन। कसैको सन्तान भएपछि, व्यक्तिले आफ्नो बाबुआमाको हेरचाह गर्नको लागि मितव्ययी ढङ्गले जिएर अनि बचत गरेर आफ्नो कर्तव्य पूरा गर्न सक्छ। तैपनि तिनीहरूलाई आफूले राम्ररी खान पाउनेछैन, वा आफ्नो वस्त्र अत्यन्तै सरल हुनेछ भन्ने डर हुन्छ, त्यसकारण, कुनै न कुनै कारणले, तिनीहरूले आफ्नो आमाबाबुको प्रेमिलो हेरचाहको निम्ति तिर्नुपर्ने ऋण पूरै बिर्सन्छन्, मानौं आमाबाबुलाई हेरचाह गर्ने कामले बच्चाले करोडौँ कमाउञ्जेल पर्खिरहन सक्छ। यसमा म के देख्छु भने मानिसहरूको हृदयमा आमाबाबुप्रति कुनै सन्तानोचित प्रेम हुँदैन–तिनीहरू सबै सन्तानोचित प्रेमविनाका छोराहरू हुन्। सायद मेरो अभिव्यक्ति अत्यन्तै चरम होला, तर तथ्यहरूको सामुन्ने म निरर्थक कुरा बोल्न सक्दिन। आफूलाई सन्तुष्ट तुल्याउनको खातिर म परमेश्वरलाई विरोध गर्न "अरूको अनुकरण गर्न" सक्दिन। पृथ्वीको कुनै पनि मानिससँग सन्तान-प्रेमी हृदय नभएको हुनाले नै परमेश्वरले भन्नुभयो: "स्वर्गमा, मेरो शत्रु शैतान नै हो; पृथ्वीमा, मेरो शत्रु मानिस नै हो। स्वर्ग र पृथ्वीबीचको एकताको कारण, म तिनीहरू सबैलाई नौं पुस्तासम्म दोषी ठहऱ्याउनेछु।" शैतान परमेश्वरको शत्रु हो; परमेश्वरले त्यसो भन्नुको कारण के हो भने यसले परमेश्वरलाई उहाँको महान् निगाह र दयाको ऋण तिर्दैन, बरु यसले त "उल्टो चाल चल्छ" र त्यसो गर्नै क्रममा, परमेश्वरप्रति सन्तानीय भक्ति देखाउने आफ्नो कर्तव्य पूरा गर्दैन। के मानिसहरू यस्तै छैनन् र? तिनीहरूले आफ्ना "बाबुआमा" प्रति कुनैसन्तानोचित आदर देखाउँदैनन् र तिनीहरूले आफ्ना "बाबुआमा" को प्रेमिलो हेरचाहको बदलामा तिर्नुपर्ने ऋण कहिल्यै तिर्दैनन्। पृथ्वीका मानिसहरू स्वर्गको शैतानकै वंशका हुन् भन्ने कुरालाई देखाउन यो नै पर्याप्त छ। परमेश्वरलाई विरोध गर्ने क्रममा मानिस र शैतान एउटै मन र एउटै मस्तिष्कका हुन्छन्, त्यसकारण परमेश्वरले तिनीहरूलाई नौं पुस्तासम्म दण्ड दिनुहुनेछ र कसैलाई माफी दिनुहुनेछैन भन्ने कुरामा कुनै आश्चर्य छैन। विगतमा, परमेश्वरले स्वर्गका आफ्ना समर्पित सेवकलाई मानवजातिको व्यवस्थापन गर्न लगाउनुभयो, तर यसले आज्ञापालन गरेन, बरु आफ्नै रिस र विद्रोहमा लिप्त भयो। के विद्रोही मानवजाति पनि यही मार्गमा अघि बढिरहेको छैन र? परमेश्वरले "लगाम" जति कसिलो गर्नुभए पनि, मानिसहरू झकझकिनेछैनन् र आफ्नो मार्गबाट फर्कन सक्नेछैनन्। मेरो दृष्टिकोणमा, यदि मानवजातिले यही कार्यलाई जारी राख्ने हो भने, तिनीहरूले आफ्नै बरबादी निम्त्याउनेछन्। सायद अब तैँले परमेश्वरका यी वचनहरूको साँचो अर्थ बुझिस् होला: "मानिसहरूले आफ्नो पुरानो प्रकृतिसँगको रहिरहेको सम्बन्धलाई तोड्न सक्दैनन्।" परमेश्वरले मानिसलाई धेरैपटक यो कुरा स्मरण गराउनुभएको छ: "मानिसको अवज्ञाको कारण, म उसलाई त्याग्नेछु।" परमेश्वरले किन बारम्बार यो कुरा भन्नुहुन्छ? के परमेश्वर साँच्चै त्यति निर्दयी हुन सक्नुहुन्छ? परमेश्वरले "म मानवजाति मध्येको एक होइन" भनेर पनि किन भन्नुहुन्छ? धेरै फोकट दिनहरूमा, यी विस्तृत कुराहरूलाई होसियारीसाथ विचार गर्ने कोही छ? म मानवजातिलाई आफूमा परमेश्वरका वचनहरू अझै ठूलो जोसका साथ लागू गर्न र तिनलाई झारातिरुवा शैलीमा नलिन आग्रह गर्छु; त्यस्तो

झारातिरुवा शैलीले तँलाई वा अरू कसैलाई पनि फाइदा पुऱ्याउँदैन। जुन कुरा भन्नु आवश्यक छैन त्यो कुरा नभन्नु नै राम्रो हुन्छ, र सोच्न आवश्यक नरहेको कुरा नसोच्नु नै राम्रो हुन्छ। के यो अझै सरल हुनेथिएन र? त्यस्तो अभ्यासबाट के गलत कुरा आउन सक्छ र? परमेश्वरले पृथ्वीको आफ्नो काम समाप्त भएको घोषणा गर्नुभन्दा पहिले, कसैले पनि "अघि बढ्ने कार्य" लाई रोक्नु हुँदैन; कसैले पनि आफ्नो कर्तव्यप्रति हात धुनु हुँदैन। अहिले त्यसो गर्ने समय होइन; परमेश्वरको लागि पथप्रदर्शक वा नेतृत्वकर्ताको काम गर्ने साहस नगर। अहिले नै रोकिनु र अघि बढ्न छोड्नु एकदमै चाँडो हुन्छ–तँलाई के लाग्छ?

परमेश्वरले मानवजातिलाई सजायको बीचमा ल्याउनुहुन्छ, र उहाँले तिनीहरूलाई मृत्युको वातावरणमा ल्याउनुहुन्छ, तैपनि, यसको विपरीत, परमेश्वरले मानिसलाई पृथ्वीमा के गर्न लगाउनुहुन्छ? अवश्य नै, मानिसको उद्‌देश्य भनेको परमेश्वरको घरमा दराजको काम गर्नु होइन–यस्तो वस्तु जसलाई खान वा लगाउन सकिँदैन, हेर्न मात्रै सकिन्छ। यदि त्यस्तो भएको भए त, मानिसहरूलाई देहमा त्यति धेरै कष्ट भोगाउन किन त्यति धेरै जटिल प्रक्रियाहरू प्रयोग गर्नुपर्थ्यो र? परमेश्वर भन्नुहुन्छ, "म मानिसलाई 'मृत्युदण्ड दिइने ठाउँ' मा लैजान्छु, किनभने मानिसको अपराध मेरो सजाय पाउनको लागि पर्याप्त छ।" के परमेश्वरले यसपटक मानिसहरूलाई आफै मृत्युदण्ड दिने ठाउँमा जान दिनुहुन्छ? किन कसैले पनि "उहाँको कृपाको लागि बिन्ती" गर्दैन? त्यसो भए, मानिसले कसरी सहकार्य गर्नुपर्छ? के परमेश्वरले न्याय गर्नुहुँदा मानिसले भावनाको प्रभावमा नआई परमेश्वरले जस्तै व्यवहार गर्न सक्छ? यी वचनहरूको प्रभावकारिता, मानिसले कसरी व्यवहार गर्छ भन्ने कुरामा नै मुख्य रूपमा निर्भर हुन्छ। जब बाबुले आफूले कमाएको पैसा घर लिएर आउँछ, तब यदि उसँग कसरी सहकार्य गर्ने वा परिवारको व्यवस्थापन कसरी गर्ने भन्ने कुरा आमालाई थाहा हुँदैन भने, त्यो घरको स्थिति कस्तो हुनेछ? अहिले मण्डलीको अवस्थालाई हेर: अगुवाहरूका रूपमा तिमीहरूलाई यसको बारेमा कस्तो अनुभूति हुन्छ? तिमीहरूले आफ्ना व्यक्तिगत मननहरूको बारेमा छलफल गर्ने भेला आयोजना गर्दा राम्रो हुन्छ। यदि आमाले घरका कुराहरू बरबाद गरेकी छिन् भने, त्यस्तो परिवारका छोराछोरी कस्ता हुनेछन्? टुहुरा-टुहुरीजस्ता? कि भिखारीजस्ता? परमेश्वरले यसो भन्नुभएको स्वाभाविकै हो: "सबै मानिसहरूले मेरो प्रकृति ईश्वरीय प्रकृति हो जसमा 'बौद्‌धिक गुण' को कमी छ भन्ने ठान्छन्, तर मेरो मानवताद्‌वारा म सबै कुरा देख्न सक्छु भन्ने कुरालाई कसले बुझ्न सक्छ?" किनभने त्यस्तो स्पष्ट अवस्थामा, परमेश्वरले उहाँको ईश्वरीयताबाट बोल्नुपर्ने कुनै आवश्यकता छैन। यो त परमेश्वरले भन्नुभएको यो वचन जस्तै हो, "काँटी ठोक्नको लागि ढुङ्गा फुटाउने घनको प्रयोग गर्नुपर्ने कुनै आवश्यकता छैन।" सायद, यसपटक "मानिसहरूका बीचमा, मलाई प्रेम गर्ने कोही पनि छैन" भन्ने परमेश्वरको उक्तिको बारेमा केही व्यावहारिक अनुभव पाएका कतिपय मानिसहरू छन्। यस बिन्दुमा, यो कुरा परमेश्वरले भन्नुभएको जस्तै छ: "तिनीहरू मामलाहरूको वर्तमान स्थितिमा आइपुगेका हुनाले, मानिसहरू सबैले मन नलागी-नलागी आफ्नो शिर झुकाउँछन्–तर तिनीहरूको हृदयमा, तिनीहरू अविश्वस्त अवस्थामा नै रहन्छन्।" यी वचनहरू दूरबीन जस्तै छन्। भविष्यमा चाँडै नै, मानिस अर्को परिस्थितिमा हिँडिसकेको हुनेछ। सुधार हुन नसक्नु भनेको यही हो। के तिमीहरूले यो कुरा

बुझ्यौ? परमेश्‍वरका यी दुई प्रश्‍नहरूको उत्तर यही हो: “के म गइहाल्नेछु भनेर डराएको कारण मात्रै मानिसहरू पापबाट अलग बस्दैनन् र? तिनीहरूले सजायको डर मान्‍ने हुनाले मात्रै तिनीहरूले गुनासो गर्दैनन् भन्‍ने कुरा साँचो होइन र?” वास्तवमा, वर्तमान चरणका मानिसहरू सबै केही हदसम्म सुस्त छन्, मानौं तिनीहरू थकाइले शिथिल भएका छन्। तिनीहरू परमेश्‍वरको काममा ध्यान दिने मनस्थितिमा छँदै छैनन्, बरु तिनीहरू आफ्नै देहको खातिर बन्दोबस्त र प्रावधानहरू गर्ने कार्यमा मात्रै लागिपरेका छन्। कुरा यहीहो नि, होइन त?

## अध्याय ३९

हामी परमेश्‍वरका वचनहरूभन्दा बाहिर जाऔं र हाम्रो जीवनसँग सम्बन्धित विषयहरूका बारेमा थोरै कुरा गरौं, ताकि हाम्रो जीवन अझै फुलोस्, र हामी परमेश्‍वरले हामीबाट गर्नुभएका आशाहरूअनुसार जिउन सकौं। खास गरी, आजको दिनको आगमनसँगै—हरेकलाई उसको प्रकारअनुसार वर्गीकरण गरिने समय, र सजायको समयको आगमनसँगै—यसमा बृहत् परिदृश्यमा ध्यान दिन र “समग्र चासो” मा ध्यान केन्द्रित गर्न अझै बढी खाँचो छ। परमेश्‍वरको इच्छा यही हो, र सबै मानिसहरूले हासिल गर्नुपर्ने कुरा यही हो। हामीले कसरी स्वर्गका परमेश्‍वरको इच्छाको लागि आफैलाई अर्पण गर्न सक्दैनौं र? परमेश्‍वरले “सबै प्रकारका मानिसहरूलाई अङ्क प्रदान गर्नुहुन्छ, हरेक प्रकारको व्यक्तिमा फरक-फरक चिन्ह लगाउनुहुन्छ, ताकि तिनीहरूका पुर्खाहरूले तिनीहरूलाई तिनीहरूका परिवारहरूतर्फ डोऱ्याएर फर्काउन सकून्,” र यसले के देखाउँछ भने, मानिसहरूलाई प्रकारअनुसार वर्गीकरण गरिएको छ, जसको परिणामस्वरूप, सबै प्रकारका मानिसहरूले तिनीहरूको साँचो स्वरूप प्रकट गर्दैछन्। त्यसकारण, मानिसहरू परमेश्‍वरप्रति होइन बरु तिनीहरूका पुर्खाहरूप्रति निष्ठावान छन् भनेर भन्दा अत्युक्ति हुँदैन। तैपनि, सबै मानिसहरूले तिनीहरूका पुर्खाहरूको निर्देशनमा परमेश्‍वरको सेवा पनि गरिरहेका छन्, जुन परमेश्‍वरको कामको आश्‍चर्यपन हो। सबै थोकले परमेश्‍वरको लागि सेवा गरिरहेका छन्, र शैतानले मानिसहरूलाई बाधा दिने भए पनि, परमेश्‍वरले “स्थानीय स्रोत-साधनहरू” लाई उहाँको सेवामा लगाउनको लागि यो अवसरको उपयोग गर्नुहुन्छ। तैपनि, मानिसहरूले यो कुरालाई पत्ता लगाउन सक्दैनन्। यो त परमेश्‍वरले भन्‍नुभएको यो वचनजस्तै हो, “तसर्थ, मैले श्रम पनि विभाजन गर्छु, र प्रयासहरू वितरण गर्छु। यो मेरो योजनाको भाग हो, र यसमा कुनै पनि मानिसले वाधा दिन सक्दैन।” परमेश्‍वरले निर्धारित गर्नुभएका सबै कुरा, र परमेश्‍वरले पूरा गर्न चाहनुभएका सबै कुरा उहाँले पुरा गर्नुभन्दा पहिले मानिसहरूले देख्नै सक्दैनन्। परमेश्‍वरको काम पूरा भइसकेपछि मात्रै तिनीहरूले तिनलाई देख्न सक्छन्; नत्र त तिनीहरू अन्धा हुन्छन्, र केही पनि देख्न सक्दैनन्।

आज, मण्डलीहरूमाझ परमेश्‍वरको नयाँ काम छ। उहाँले हरेक कुरालाई प्रकृतिको मार्ग पछ्याउन लगाउनुहुन्छ, र त्यसरी मानिसलाई आफ्नो कार्य साँचो रूपमा गर्न लगाउनुहुन्छ। यो त परमेश्‍वरको यो वचन जस्तै छ, “म सबै थोकको बीचमा रहेका सबै कुरालाई शासन गर्छु, म सबै थोकका बीचमा रहेका सबै कुरामाथि हुकुम चलाउँछ, त्यसरी अस्तित्वमा भएका सबै कुराले प्रकृतिको

मार्गलाई पछ्याउने र प्रकृतिको आज्ञालाई मान्ने तुल्याउँछु।" "प्रकृतिको मार्ग पछ्याउने" विषयमा तिमीहरूसँग कस्तो चलाक अन्तर्दृष्टि छ सो मलाई थाहा छैन, त्यसकारण हामी यसको बारेमा कुरा गरौं। मलाई त यस्तो लाग्छ: तिनीहरूलाई तिनीहरूका पुर्खाहरूले घर फर्काउने हुनाले, सबै प्रकारका मानिसहरूले अघि सरेर काम "गर्नै" पर्छ। अनि तिनीहरूले प्रकृतिको मार्ग पछ्याइरहेका हुने हुनाले, तिनीहरूभित्र अन्तर्निहित रूपमा हुने कुरालाई तिनीहरूको मौलिक कार्य गर्न लगाउनको लागि प्रयोग गरिन्छ, र यसरी तिनीहरूलाई यो नियमअनुसार पवित्र आत्माको मार्गनिर्देशन पछ्याउन लगाइन्छ। पवित्र आत्माको कार्यलाई हरेक व्यक्तिको स्थितिअनुसार अघि बढाइन्छ; सही रूपमा भन्दा, "परमेश्‍वरले उहाँको सेवा गर्ने गरी सबै कुरालाई चलाउनु" भनेको यही हो, त्यसपछि यो प्रकृतिको मार्ग पछ्याउने कार्यसँग जोडिन्छ। हरेक व्यक्तिभित्र दियाबलसका तत्वहरू हुने भए पनि, परमेश्‍वरले तिनलाई पनि प्रयोग गर्नुहुनेछ, र तिनीहरूभित्र अन्तर्निहित रूपमा रहेका कुराहरूको जगमा पवित्र आत्माको कार्य थप गरेर, तिनीहरूलाई परमेश्‍वरको सेवा गर्नको लागि पर्याप्त तुल्याउनुहुन्छ। "प्रकृतिको मार्ग पछ्याउनु" को बारेमा म यति नै भन्नेछु—सायद तिमीहरूसँग अझै उच्च सुझावहरू छन् होला। मलाई आशा छ, तिमीहरूले केही बहुमूल्य सुझाव दिन सक्छौ। तिमीहरू के भन्छौ? के तिमीहरू प्रकृतिको मार्ग पछ्याउने कार्यमा सहकार्य गर्न इच्छुक छौ? के तिमीहरू परमेश्‍वरसँग काम बाँड्न इच्छुक छौ? के यसलाई कसरी हासिल गर्ने भनी तिमीहरूले कहिल्यै विचार गरेका छौ? मानिसहरूले परमेश्‍वरको इच्छालाई बुझ्न सक्छन्, साझा आदर्शहरूको निम्ति तिनीहरू परमेश्‍वरलाई सन्तुष्ट तुल्याउने कार्यमा एउटै मनका बन्न सक्छन्, र राज्यतर्फ जाने मार्गमा एकसाथ अघि बढ्न सक्छन् भन्ने मेरो आशा छ। अनावश्यक धारणाहरूको रचना गर्नुको के नै खाँचो छ र? आजसम्म कसको अस्तित्व परमेश्‍वरको खातिर रहेको छैन र? अनि यो कुरा यस्तै भएको हुनाले, शोक, चिन्ता, र सुस्केराको के नै खाँचो छ र? यसले कसैलाई पनि फाइदा गर्दैन। मानिसहरूको सम्पूर्ण जीवन परमेश्‍वरकै हातमा छ, र यदि तिनीहरूले परमेश्‍वरको अघि संकल्प नलिएका भए, मानिसको यो रित्तो संसारमा को व्यर्थमा जिउन इच्छुक हुनेथियो र? किन झमेला मोल्ने? यदि तिनीहरूले परमेश्‍वरको लागि केही पनि गर्दैनन् भने, संसारमा हतार-हतार आउनेजाने गरेर, के तिनीहरूको सम्पूर्ण जीवन नै खेर गएको हुनेछैन र? यदि परमेश्‍वरले तेरो कार्यहरूलाई उल्लेखनीय नठान्नुभए पनि, के तैँले तेरो मृत्युको क्षणमा सन्तुष्टिको मुस्कान दिनेछैनस् र? तैँले सकारात्मक अग्रगमनको खोजी गर्नुपर्छ, नकरात्मक प्रतिगमन होइन—के यो अझै राम्रो अभ्यास होइन र? यदि तेरा कार्यहरू विशुद्ध रूपमा परमेश्‍वरलाई सन्तुष्ट तुल्याउनको खातिर हुन् भने, तँ नकरात्मक वा पश्‍चगामी हुनेछैनस्। मानिसहरूको हृदयमा सधैँ नै बुझ्न नसकिने कुराहरू हुने भएकोले, तिनीहरूलाई थाहै नभई तिनीहरूको अनुहार बादलले ढाकेको आकाशजस्तो हुन्छ, जसले गर्दा तिनीहरूले थाहै नपाई तिनीहरूको अनुहारमा धेरै "खाल्टाहरू" देखिन्छन्, मानौं भुइँमा ठोक्किएर ती देखा परेका हुन्। यस्तो लाग्छ मानौं मानिसहरूले थाहै नपाई "पहाड" वा "दलदलहरू" लाई स्थानान्तर गर्दै जमिन हलचल गरिरहेको छ। यसमा, मैले मानिसहरूलाई निन्दा गरिरहेको छैन, बरु मैले "भौगोलिक ज्ञान" को बारेमा कुरा गरिरहेको छु।

परमेश्‍वरले सबै मानिसहरूलाई सजायतर्फ डोर्‍याउनुभएको भए तापनि, उहाँले यसको बारेमा

केही पनि भन्नुहुन्न। बरु, उहाँ जानी-जानी यो विषयबाट टाढा बस्नुहुन्छ र नयाँ विषयलाई सुरु गर्नुहुन्छ, जुन एक हिसाबमा परमेश्‍वरको कामको कारणले गर्दा भएको हो, र अर्को हिसाबमा, कामको यो चरणलाई तुरुन्तै पूरा गर्नको लागि गरिएको हो। कामको यो चरणलाई अघि बढाउनेसम्बन्धी परमेश्‍वरका उद्देश्यहरू धेरै पहिले नै पूरा भइसकेका हुनाले, थप कुरा बताउनुपर्ने कुनै आवश्यकता छैन। आज, तिमीहरूले परमेश्‍वरको कामका कति धेरै विधिहरूलाई देखेका छौ सो मलाई थाहा छैन; मेरो चेतनामा, मलाई सधैँ के लाग्छ भने, पहिलेजस्तो परमेश्‍वरको कामहरूलाई स्पष्ट रूपमा चरण र समय अवधिमा विभाजित गरिँदैनन्। बरु, हरेक दिनले यसको आफ्नै काम गर्ने माध्यमहरू ल्याउँछ, हरेक तीनदेखि पाँच दिनमा परिवर्तन आउँछ, र पाँचै दिनमा समेत परमेश्‍वरको काममा दुई फरक प्रकारका विषयवस्तुहरू हुन सक्छन्। यसले परमेश्‍वरको कामको द्रुततालाई देखाउँछ; मानिसहरूले प्रतिक्रिया दिने र नजिकबाट नियाल्ने मौका पाउनुभन्दा पहिले नै, परमेश्‍वर नाम-निशाना नै नछोडी गइसक्नुभएको हुन्छ। तसर्थ, परमेश्‍वर मानिसहरूको लागि सधैँ बुझ्न नसकिने हुनुहुन्छ, जसले गर्दा पवित्र आत्माको कार्यलाई बुझ्न नसकिने अवस्था आएको हो। परमेश्‍वरले किन सधैँ "त्यसपछि मैले मानिसलाई छोडेँ" भनेर भन्नुहुन्छ त? मानिसहरूले यी वचनहरूलाई थोरै ध्यान दिन सक्छन्, तर तिनीहरूले तिनको अर्थ बुझ्दैनन्। अहिले के हुँदै छ, के तिमीहरूले बुझ्दै छौ? मानिसहरूले पवित्र आत्माको उपस्थितिलाई नबुझ्नु स्वभाविकै हो। परमेश्‍वरसम्बन्धी तिनीहरूको खोजी जहिल्यै पनि जुनेली रातको धमिलो ज्योतिमा हुन्छ—यो यो पूर्ण रूपमा साँचो कुरा हो—अनि यस्तो हुन्छ मानौं परमेश्‍वरले तिनीहरू अत्यन्तै दोधार बनून् र भ्रमित बनून् भनेर मानिसहरूको मष्तिष्कलाई सुन्याएर परमेश्‍वरले जानी-जानी तिनीहरूको खिल्ली उडाइरहनुभएको छ। तिनीहरूले के गर्दैछन् तिनीहरूलाई त्यो बिरलै थाहा हुन्छ; अवस्था यस्तो हुन्छ मानौं तिनीहरूले सपना देखिरहेका छन्, र तिनीहरू बिउँझेपछि, के भएको थियो भन्ने कुरा तिनीहरूलाई थाहै हुँदैन। मानिसहरूलाई अन्योल तुल्याउनको लागि परमेश्‍वरका केही साधारण वचनहरू भए पुग्छ। त्यसकारण परमेश्‍वरले त्यसपछि यसो भन्नुभएको स्वाभाविकै हो, "आज, म सबै मानिसहरूलाई शुद्ध हुनको लागि 'ठूलो भट्टी' मा फ्याँक्छु। मानिसहरू आगोमा नष्ट हुँदै गर्दा म उच्चमा बसेर हेरिरहेको हुन्छु र, ज्वालाहरूको बाध्यतामा परेर मानिसहरूले तथ्यहरू प्रस्तुत गर्छन्।" परमेश्‍वरको सदा परिवर्तन भइरहने वचनहरूका बीचमा, मानिसहरूलाई के गर्ने भन्ने थाहा हुँदैन; वास्तवमा, परमेश्‍वरले भन्नुभएजस्तै, सजाय सुरु भएको धेरै भइसक्यो, र मानिसहरूले यो कुरालाई महसुस नगरेका हुनाले, परमेश्‍वरले सो कुरा स्पष्ट रूपमा भन्नुहुँदा मात्रै तिनीहरूले यो कुरा जान्दछन्, परमेश्‍वरले तिनीहरूलाई बताउनुभएपछि मात्रै तिनीहरूले ध्यान दिन्छन्। के भन्न सकिन्छ भने, परमेश्‍वरको काम यस बिन्दुसम्म अघि बढाइसकिएको अहिलेको अवस्थामा मात्रै मानिसहरूले सजायको बारेमा अध्ययन गर्न थालेका छन्। यो त मानिसहरूलाई परमाणु बमको बारेमा थाहा भएको बेला जस्तै हो—तर समय भइनसकेको हुनाले, मानिसहरूले कुनै ध्यान दिँदैनन्; जब कसैले निर्माण गर्न थाल्छ, तब मात्रै मानिसहरूले ध्यान दिन थाल्छन्। परमाणु बम सार्वजानिक भएपछि मात्रै मानिसहरूले यसको बारेमा थप जान्दछन्। परमेश्‍वरले मानिसलाई भट्टीमा फ्याँक्नेछु भनी भन्नुभएपछि मात्रै मानिसहरू थोरै सचेत बन्छन्। यदि परमेश्‍वरले नबोल्नुभएको भए, कसैले

पनि जान्नेथिएन–कुरा यही हो नि, होइन र? त्यसकारण, परमेश्वर भन्नुहुन्छ, “मानिसहरू अनजानमा भट्टीमा प्रवेश गर्छन्, मानौं तिनीहरूलाई डोरीले तानिएको छ, मानौं तिनीहरू अचेत भएका छन्।” यसलाई किन विश्लेषण नगर्ने: जब मानिसहरूले तथ्यहरू अघि ल्याउँछन्, त्यही बेला परमेश्वरले सजाय सुरु भएको छ भनेर भन्नुहुन्छ, कि परमेश्वरले त्यसो भन्नुभन्दा पहिले नै सजाय सुरु भएको हुन्छ? यसबाट के देख्न सकिन्छ भने, परमेश्वरले सजायको बारेमा बोल्नुभन्दा पहिले नै मानिसहरूले पाप स्वीकार गर्न थाले, र यसले परमेश्वरले सजायको बारेमा बताउनुभन्दा पहिले नै सजायको सुरु भएको छ भन्ने देखाउँछ–यही नै तथ्य हो नि, होइन र?

## अध्याय ४०

परमेश्वरको लागि, मानिस उहाँको हातको खेलौना जस्तै हो, उहाँको हातमा भएको हातैले तन्काइने नुडल हो–एउटा यस्तो वस्तु जसलाई परमेश्वरले चाहेअनुसार पातलो वा बाक्लो बनाउन सक्नुहुन्छ, उहाँले चाहेअनुसार गर्न सक्नुहुन्छ। मानिस साँच्चै नै एउटी महिलाले बजारमा किनेको पर्सियाली बिरालोजस्तै परमेश्वरको हातको एउटा खेलौना हो भन्दा फरक नपर्ला। शङ्कै छैन, ऊ परमेश्वरको हातको खेलौना नै हो–त्यसकारण पत्रुसको ज्ञानमा कुनै झूट थिएन। यसबाट के कुरा देख्न सकिन्छ भने, परमेश्वरका वचनहरू र उहाँले ऊमाथि गर्नुहुने कामहरू सहजता र खुशीसाथ पूरा गरिन्छ। मानिसहरूले कल्पना गरेजस्तो उहाँले आफ्नो दिमाग खियाउनुहुन्न वा योजनाहरू बनाउनुहुन्न; उहाँले मानिसलाई भन्नुहुने वाणीहरूजस्तै, उहाँले मानिसमा गर्नुहुने काम पनि अत्यन्तै सामान्य छ। जब परमेश्वर बोल्नुहुन्छ, उहाँले आफ्नो जिब्रोलाई खुला छोडिदिनुहुन्छ, उहाँले बिना कुनै नियन्त्रण आफ्नो मनमा जे आयो त्यही बोल्नुहुन्छ जस्तो देखिन्छ। तैपनि, परमेश्वरका वचनहरू पढिसकेपछि, मानिसहरू पूर्ण रूपमा विश्वस्त हुन्छन्, तिनीहरूसँग बोल्ने शब्द हुँदैन, आँखा ठूला-ठूला हुन्छन् र तिनीहरू चकित हुन्छन्। यहाँ के भइरहेको छ त? यसले परमेश्वरको बुद्धि कति महान् छ भन्ने कुरालाई देखाउँछ। यदि मानिसहरूले कल्पना गरेजस्तै, मानिसमा गरिने परमेश्वरको काम स्पष्ट र सही हुनको लागि होसियारीसाथ योजना गरिनुपर्थ्यो भने–यी कल्पनाहरूलाई एक कदम अघि बढाएर भन्दा–परमेश्वरको बुद्धि, आश्चर्यजनकता, र अबोधगम्यताको मात्रा निर्धारण गर्न सकिन्थ्यो, जसले परमेश्वरको बारेमा मानिसहरूको मूल्याङ्कन अत्यन्तै न्यून छ भन्ने देखाउँछ। मानिसहरूको कार्यमा सधैँ मूर्खता हुने हुनाले, तिनीहरूले परमेश्वरलाई पनि उही तरिकाले मापन गर्छन्। परमेश्वरले आफ्नो कामको योजना बनाउने वा बन्दोबस्त गर्ने गर्नुहुन्न; बरु, यसलाई परमेश्वरको आत्माले प्रत्यक्ष रूपमा गर्नुहुन्छ–र परमेश्वरको आत्माले काम गर्ने सिद्धान्तहरू स्वतन्त्र र असीमित छन्। यस्तो लाग्छ मानौं परमेश्वरले मानिसका स्थितिहरूलाई ध्यान दिनुहुन्न र उहाँको इच्छाअनुसार बोल्नुहुन्छ–तैपनि मानिसले आफूलाई परमेश्वरका वचनहरूबाट बिरलै अलग गर्न सक्छ, जुन परमेश्वरको बुद्धिको कारणले गर्दा भएको हो। आखिर, तथ्यहरू भनेका तथ्यहरू नै हुन्। मानिसहरू सबैमा परमेश्वरको आत्माले गर्नुहुने काम अत्यन्तै स्पष्ट भएकोले, यो परमेश्वरको कामका सिद्धान्तहरूलाई देखाउनको लागि

पर्याप्त छ। यदि सृष्टि गरिएको प्राणीमा गरिने उहाँको काममा परमेश्वरले त्यति ठूलो मूल्य चुकाउनु पर्नेथियो भने, के त्यो बेकारको काममा उत्कृष्ट काठको प्रयोग गर्नुसरह हुनेथिएन र? के परमेश्वरले व्यक्तिगत रूपमा काम गर्नैपर्छ त? के त्यो काम गर्नलायक हुन्थ्यो त? परमेश्वरको आत्माले धेरै लामो समयदेखि काम गर्दैआउनुभएको हुनाले, र युगौंयुगसम्म परमेश्वरको आत्माले यसरी कहिल्यै काम नगर्नुभएको हुनाले, परमेश्वरले काम गर्नुहुने माध्यम र सिद्धान्तहरूलाई कसैले पनि कहिल्यै जानेको छैन, तिनीहरू कहिल्यै पनि स्पष्ट भएका छैनन्। आज तिनीहरू स्पष्ट भएका छन्, किनभने परमेश्वरको आत्माले तिनीहरूलाई व्यक्तिगत रूपमा प्रकट गर्नुभएको छ–र यसमा कुनै शङ्का छैन, यो परमेश्वरको आत्माले प्रत्यक्ष रूपमा देखाउनुभएको हो, मानिसले सारांशित गरेको होइन। तेस्रो स्वर्गमा गएर यस्तै भइरहेको छ कि छैन भनेर किन नहेर्ने; यो सबै काम गरेपछि परमेश्वरलाई उहाँकोको परिश्रमले थकित तुल्याएको छ कि छैन, उहाँको ढाड दुखेको र उहाँको खुट्टामा पीडा भएको छ कि छैन, वा उहाँ खान वा सुत्न नसक्ने हुनुभएको छ कि छैन भनेर किन नहेर्ने; अनि यी सबै वचनहरू बोल्नको लागि धेरैभन्दा धेरै सन्दर्भ सामग्रीहरू पढ्नुभएको छ कि छैन, परमेश्वरका वाणीहरूका खाकाहरू टेबलभरि छरिएका छन् कि छैनन्, र धेरै कुरा बताइसकेपछि उहाँको मुख सुकेको छ कि छैन भनेर किन नहेर्ने। तथ्यहरू यसको ठीक विपरीत छन्: माथिका वचनहरू परमेश्वर बसोबास गर्नुहुने स्थानसँग कुनै पनि हालतमा मिल्दैनन्। परमेश्वर भन्नुहुन्छ, "मैले मानिसको खातिर धेरै समय खर्च गरेको छु र ठूलो मूल्य चुकाएको छु–तर यसपटक, अज्ञात कारणले गर्दा, मानिसहरूको विवेक तिनीहरूको मूल कार्य गर्न नसक्ने अवस्थामा छ।" मानिसहरूसँग परमेश्वरको शोकसम्बन्धी कुनै बोध भए पनि नभए पनि, यदि तिनीहरू आफ्नो विवेकको विरुद्धमा नगईकन परमेश्वरको प्रेमलाई लिन सक्छन् भने, यसलाई तर्कसंगत र उचित मानिनेछ। एउटै मात्र डर भनेको तिनीहरू विवेकको मूल कार्यलाई प्रयोग गर्न अनिच्छुक हुनु हो। तँ के भन्छस्, के यो सही हो? के यी वचनहरूले तँलाई सहयोग गर्छन्? म आशा गर्छु, तिमीहरू विवेकहीन काम नलाग्ने फोहोरहरू होइन, बरु विवेक भएका कुराहरूको स्वामित्वमा हुनेछौ। तिमीहरू यी वचनहरूको बारेमा के सोच्छौ? के कसैसँग यसको बोध छ? के तिमीहरूको मुटुमा सियो गाड्दा दुख्दैन? के परमेश्वरले असंवेदनशील लासमा सियो गाड्नुहुन्छ? के परमेश्वरले गल्ती गर्नुभएको छ, के वृद्ध उमेरले उहाँको आँखाको दृष्टि धमिलो बनाएको छ? म त भन्छु, त्यो असम्भव छ! जे होस्, यो पक्कै पनि मानिसकै गल्ती हुनुपर्छ। अस्पताल गएर किन नहेर्ने? पक्कै पनि मानिसको मुटुमा समस्या हुनुपर्छ; यसमा नयाँ "पुर्जाहरू" जोड्नुपर्छ–तिमीहरूलाई के लाग्छ? के तिमीहरूले त्यसो गर्नेछौ?

परमेश्वर भन्नुहुन्छ, "म तिनीहरूको कुरूप अनुहारहरू र अनौठा स्थितिहरूलाई हेर्छु, अनि म फेरि पनि मानिसबाट बिदा हुन्छु। त्यस्ता परिस्थितिहरूमा, मानिसहरू अबुझ अवस्थामा नै रहन्छन्, र मेरो फिर्तीको प्रतीक्षा गर्दै तिनीहरूले मैले तिनीहरूलाई इन्कार गरेका कुराहरू फेरि पनि फिर्ता लिन्छन्।" यो "नयाँ प्रविधिको युग" को अवधिमा, परमेश्वरले किन अझै गोरुगाडाको बारेमा कुरा गरिरहनुभएको छ? यस्तो किन हुँदै छ? के परमेश्वरलाई गनगन गर्न मन परेर यस्तो भएको हो? के कुनै राम्रो काम नपाएर परमेश्वरले यसरी समय बिताइरहनुभएको हो? के परमेश्वर टन्न खाएर

फोकटमा समय बिताउने मानिसजस्तो हुनुहुन्छ? के यी वचनहरूलाई बारम्बार दोहोऱ्याउनुको कुनै अर्थ हुन्छ? मानिसहरू दु:खी प्राणीहरू हुन्, तिनीहरूलाई काम गर्न लगाउन सधैँ तिनीहरूको कान तान्नुपर्छ भनेर मैले भनेको छु। आज तिनीहरूलाई वचनहरू सुनाइसकेपछि, तिनीहरूले तिनलाई भोलि तुरुन्तै बिर्सनेछन्–यस्तो लाग्छ मानौं तिनीहरूलाई बिर्सने रोग लागेको छ। तसर्थ, कतिपय वचनहरू नबोलिएका होइनन्, तर के कुरा हो भने तिनलाई मानिसहरूले व्यवहारमा लागू गरेका छैनन्। यदि कुनै कुरालाई एक-दुईपटक बताइयो भने, मानिसहरू अनजान नै रहन्छन्–तीनपटक त बताउनैपर्छ, न्यूनतम सङ्ख्या यही हो। कतिपय यस्ता “वृद्ध मानिसहरू” पनि छन् जसलाई दशदेखि बीसपटकसम्म बताउनुपर्छ। यसरी, मानिसहरू परिवर्तन भए कि भएनन् भन्ने हेर्नको लागि एउटै कुरालाई बारम्बार फरक-फरक तरिकाले बताउनुपर्छ। के तिमीहरूले साँच्चै यसरी काम गरेका छौ? म मानिसहरूलाई तर्साउन चाहन्नँ, तर तिनीहरू सबैले परमेश्वरलाई मूर्ख बनाइरहेका छन्; अझै बढी पोषक तत्वहरू लिनुपर्छ भन्ने तिनीहरू सबैलाई थाहा छ, तर परमेश्वरको कारण तिनीहरूले व्याकुल महसुस गर्दैनन्–के परमेश्वरको सेवा गर्नु भनेको यही हो त? के परमेश्वरलाई प्रेम गर्नु भनेको यही हो त? तिनीहरूले सारा दिन संसारको चिन्ता नगरी फोकटमा र केही पनि नगरी बिताउँछन्। तर त्यसो गर्दा पनि, कतिपय मानिसहरूलाई अझै सन्तुष्टि मिल्दैन, र तिनीहरूले तिनीहरूका आफ्नै दुःख सिर्जना गर्छन्। सायद म अलिक बढी कठोर भएँ होला, तर आफ्नै बारेमा अत्यन्तै भावुक हुनु भनेको यही हो! के तिमीहरूलाई दुःखी बनाउने परमेश्वर हुनुहुन्छ त? के यो तिमीहरूले आफैमाथि कष्ट ल्याएको अवस्था होइन र? के परमेश्वरका कुनै पनि अनुग्रहहरू तिमीहरूको खुशीको स्रोत बन्न योग्य छैनन्? सुरुदेखि नै, तिमीहरूले परमेश्वरको इच्छालाई ध्यान दिएका छैनौ, र तिमीहरू नकारात्मक, दुर्बल, र व्यथित भएका छौ–किन यस्तो भयो? के तिमीहरूलाई देहमा जिउन लगाउनु परमेश्वरको इच्छा हो? तिमीहरू परमेश्वरको इच्छाको बारेमा अनजान छौ, तिमीहरू आफ्नै हृदयभित्र असहज छौ, तिमीहरू गनगन र गुनासो गर्छौ, र दिनभरि भुइँ पुछेर नै समय बिताउँछौ, र तिमीहरूको देहले पीडा र कष्ट भोग्छ–तिमीहरू त्यही पाउन योग्यका छौ! अरूले सजायको बीचमा परमेश्वरलाई प्रशंसा गर्नुपर्छ, तिनीहरू सजायबाट सफलतापूर्वक बाहिर आउनुपर्छ, र यसको बन्धनमा पर्नु हुँदैन भनेर तिमीहरू अनुरोध गर्छौ–तर तिमीहरू नै यसमा फसेका छौ र यसबाट उम्कन सक्दैनौ। डोङ्ग कुन्रुइको जस्तो यो “आत्मबलिदानको भावना” अनुकरण गर्न वर्षौं लाग्छ। जब तैँले शब्द र धर्मसिद्धान्तहरूको प्रचार गर्छस्, के तँलाई लाज लाग्दैन? के तँ आफूलाई चिन्दैनस्? के तैँले आफैलाई पन्छाएका छस्? के तैँले साँच्चै नै परमेश्वरलाई प्रेम गर्छस्? के तैँले आफ्ना सम्भावनाहरू र नियतिलाई पन्छाएको छस्? अचम्मका र अबोधगम्य त मानिसहरू नै हुन् भनेर परमेश्वरले भन्नुभएको कुरा स्वभाविकै हो। मानिसभित्र खनेर निकाल्न बाँकी त्यति धेरै “गाडधनहरू” छन् भनेर कसले सोचेको थियो र? आज, यसलाई देख्दा मात्रै पनि त्यसले मानिसको “आँखा खोल्छ”–मानिसहरू अत्यन्तै “विलक्षण” छन्! यस्तो लाग्छ म गन्ती गर्न नसक्ने बालक हुँ। कति जना मानिसहरूले परमेश्वरलाई साँचो रूपमा प्रेम गर्छन् भन्ने कुरा मैले आज समेत पत्ता लगाएको छैन। म कहिल्यै पनि सङ्ख्या स्मरण गर्न सक्दिनँ–त्यसकारण, मेरो “निष्ठाहीनता” को कारण, जब परमेश्वरको अघि लेखा दिने समय

आउँछ, मेरो हात सधैँ रित्तो हुन्छ, चाहेजस्तो गर्ने अवस्थामा म हुँदिन, म सधैँ परमेश्वरप्रति ऋणी हुन्छु। परिणामस्वरूप, जब म लेखा दिन्छु, मलाई परमेश्वरले सधैँ "हप्काउनुहुन्छ।" मलाई थाहा छैन मानिसहरू किन यति निर्दयी छन्, र किन यसरी सधैँ मलाई कष्ट भोग्न लगाउँछन्। मानिसहरूले यस मौकालाई हाँसोको आवाज दुईगुणा बढाउन प्रयोग गर्छन्, तिनीहरू साँच्चै मेरा मित्रहरू होइनन्। जब म समस्यामा हुन्छु, तिनिहरूले मलाई कुनै सहयोग गर्दैनन्, बरु जानी-जानी मेरो गिल्ला गर्छन्—तिनीहरूसँग साँच्चै नै विवेक छैन!

# अध्याय ४१

परमेश्वरले मानिसमा कसरी काम गर्नुहुन्छ? के तैँले यो कुरा पत्ता लगाएको छस्? के तेरो लागि यो कुरा स्पष्ट छ? अनि उहाँले मण्डलीमा कसरी काम गर्नुहुन्छ? यी कुराहरूप्रति तेरा दृष्टिकोणहरू के-कस्ता छन्? के तैँले यी प्रश्नहरूको बारेमा कहिल्यै विचार गरेको छस्? उहाँले मण्डलीमा गर्नुहुने कामद्वारा उहाँ के पूरा गर्न चाहनुहुन्छ? के तेरो लागि यी सबै कुराहरू स्पष्ट छन्? छैनन् भने, तैँले गर्ने सबै कुरा बेकम्मा र खोक्रा छन्! के यी वचनहरूले तेरो हृदय छोएका छन्? निष्क्रिय रूपमा पछि नहटी सक्रिय प्रगति मात्रै गर्नु—के यसले परमेश्वरको इच्छा पूरा गर्नेछ? के अन्धाधुन्ध सहकार्य गर्नु पर्याप्त हुन्छ? यदि ईश्वरीय दर्शनमा तँ अस्पष्ट छस् भने के गर्नुपर्छ? के यो थप खोजी गर्नु हुनेछैन र? परमेश्वर भन्नुहुन्छ, "मैले एकपटक मानिसहरूको बीचमा ठूलो प्रयास गरेको छु, तर तिनीहरूले यो कुराको पत्तो पाएनन्, त्यसकारण मैले तिनीहरूको निम्ति यो कुरालाई चरणबद्ध रूपमा प्रकट गर्न मेरो वचन प्रयोग गर्नुपऱ्यो। तैपनि, मानिसले मेरा वचनहरूलाई बुझ्न सकेन, अनि मेरो योजनाको उद्देश्यप्रति अनजान रह्यो।" यी वचनहरूको अर्थ के हो? के तैँले कहिल्यै यो उद्देश्यको बारेमा विचार गरेको छस्? के मैले साँच्चै यसलाई प्रफुल्लित भएर अनि जथाभाबी निर्माण गरेको थिएँ? त्यसो हो भने, त्यसको अर्थ के हुनेथियो त? यदि तेरो लागि यो उद्देश्य अस्पष्ट र बुझ्न नसकिने छ भने, कसरी सच्चा सहकार्य हासिल गर्न सकिन्छ त? परमेश्वर भन्नुहुन्छ, सबै मानवजातिले असीमित सागरहरूमा, खोक्रा शब्दहरूले लेखिएका धर्मसिद्धान्तहरूमा खोजी गर्छन्। जहाँसम्म तिमीहरूको खोजीको कुरा छ, ती कुन वर्गमा पर्छन् भन्ने कुरालाई तैँले समेत व्याख्या गर्न सक्दैनस्। परमेश्वरले मानिसमा के पूरा गर्न चाहनुहुन्छ त? तँ यी सबै कुराहरूप्रति स्पष्ट हुनुपर्छ। के यो ठूलो रातो अजिङ्गरलाई नकारात्मक तरिकाले लज्जित पार्नको लागि मात्रै हो त? ठूलो रातो अजिङ्गरलाई लज्जित पारिसकेपछि, के परमेश्वर रित्तो हात पहाडहरूतर्फ गएर त्यहाँ एकान्तमा बस्नुहुन्छ? त्यसो भए, परमेश्वरले के चाहनुहुन्छ त? के उहाँले साँच्चै नै मानिसहरूको हृदय चाहनुहुन्छ? कि उहाँले तिनीहरूको जीवन चाहनुहुन्छ? कि तिनीहरूको धन र सम्पत्ति चाहनुहुन्छ? यी कुराहरूको के काम हुन्छ? परमेश्वरको लागि तिनको कुनै काम हुँदैन। के परमेश्वरले मानिसलाई शैतानमाथिको उहाँको विजयको प्रमाणको रूपमा प्रयोग गर्नको लागि मात्रै, उहाँले आफ्ना "क्षमताहरूलाई" प्रकट गर्नको लागि मात्रै मानिसमा त्यति धेरै काम गर्नुभएको हो? त्यस्तो हुँदा के परमेश्वर अलिक "सानो" देखिनुहुन्न र? के परमेश्वर त्यस्तो

प्रकारको परमेश्वर हुनुहुन्छ? ठूला मानिसहरूलाई अरूसँगको झगडामा मोल्ने बालकजस्तै? त्यसो गर्नुको अर्थ के हुनेथियो? परमेश्वरलाई नाप्नको लागि मानिसले निरन्तर आफ्नै धारणाहरूको प्रयोग गर्छ। परमेश्वरले एकपटक यसो भन्नुभएको थियो, "वर्षमा चार ऋतु हुन्छन्, र हरेक महिनामा तीन महिना हुन्छन्।" मानिसले यी वचनहरू सुने, तिनलाई स्मरणमा राख्यो, र उसले एउटा ऋतुमा तीन महिना हुन्छ र वर्षमा चार ऋतु हुन्छन् भनेर सधैँ भन्यो। जब परमेश्वरले "वर्षमा कति वटा ऋतु हुन्छन्? अनि एउटा ऋतुमा कति महिना हुन्छन्?" भनी सोध्नुभयो, मानिसले एकसाथ उत्तर दियो, "चार ऋतु, तीन महिना।" मानिसले परमेश्वरलाई सधैँ नियमहरूले परिभाषित गर्ने प्रयास गर्छ, र अहिले "वर्षको तीन ऋतु, एक ऋतुमा चार महिना" भएको युगमा प्रवेश गरिसकेपछि, मानिस अनभिज्ञ नै रहन्छ, मानौँ ऊ अन्धो भएको छ, सबै कुरामा नियमहरूको खोजी गरिरहेको छ। अनि आज, मानवजातिले तिनीहरूका "नियमहरू" परमेश्वरमा लागू गर्ने प्रयास गर्छन्! तिनीहरू साँच्चै अन्धाहरू हुन्! के तिनीहरूले अहिले "हिउँद" छैन, "वसन्त, ग्रीष्म, र शरद" मात्रै छ भन्ने देख्दैनन्? मानिस साँच्चै नै मूर्ख छ! यो अवस्थासम्म आइपुगेर पनि १९२० को दशकको मानिसजस्तो, यातायात असुविधाको कुरा हो, र मानिसहरू सबै हिँड्नुपर्छ, वा सानो गधामा चढ्नुपर्छ भनी ठान्ने, वा मानिसहरूले टुकी बाल्नुपर्छ भनी ठान्ने, वा आदिम जीवनशैली नै अझै पनि मुख्य छ भनी ठान्ने मानिसहरूजस्तो, अझै परमेश्वरलाई कसरी चिन्ने भन्ने थाहा छैन। के यी सबै मानिसको मस्तिष्कमा रहने धारणाहरू होइनन् र? आज किन तिनीहरू अझै पनि कृपा र प्रेमिलो-दयालुपनको कुरा गर्छन्? यसको काम के हुन्छ र? यो त बुढी आमैले आफ्नो विगतको बारेमा बकबकाएजस्तो हो—यी शब्दहरूको के नै काम हुन्छ र? आखिर, वर्तमान भनेको वर्तमान नै हो; के समयलाई फर्काएर २० वा ३० वर्ष पछाडि जान सकिन्छ? सबै मानिसहरूले प्रवाहलाई नै पछ्याउँछन्; तिनीहरू किन यो कुरालाई स्वीकार गर्न चाहँदैनन्? सजायको वर्तमान युगमा, कृपा र प्रेमिलो-दयालुपनको कुरा गर्नुको के काम हुन्छ र? कृपा र प्रेमिलो-दयालुपन—के परमेश्वरमा त्यति मात्रै छ र? "पीठो र चामलको" यो युगमा किन मानिसहरूले अझै पनि "जुनेलोको छोक्रा र जङ्गली कन्दमूल" खाइरहन्छन्? परमेश्वरलाई जुन काम गर्न इच्छा छैन, मानिसले जबरजस्ती उहाँलाई त्यही काम गर्न लगाउँछ। यदि उहाँले इन्कार गर्नुभयो भने, उहाँलाई "परिवर्तन-विरोधी" भनेर बोलाइन्छ, अनि परमेश्वर अन्तर्निहित रूपमा नै कृपालु वा प्रेमिलो परमेश्वर हुनुहुन्न भनेर बारम्बार बताइए पनि, कसले सुन्छ र? मानिस साँच्चै नै व्यर्थको छ। मानौँ परमेश्वरको वचनले कुनै प्रभाव पारेको छैन। मानिसहरूले मेरा वचनहरूलाई सधैँ फरक दृष्टिकोणले हेर्छन्। परमेश्वरलाई सुरुदेखि नै मानवजातिले हेपेको छ, मानौँ अपराधहरू आधारहीन रूपमा निर्दोष मानिसहरूमा लगाइएको छ—त्यसो भए परमेश्वरसँग को एउटै मनको हुन सक्छ? तिमीहरू सधैँ परमेश्वरको कृपा र प्रेमिलो-दयालुपनमा जिउन इच्छुक हुन्छौ, त्यसकारण परमेश्वरसँग गर्नको लागि मानिसको अपमान सहनेबाहेक अरू के नै छ र? तैपनि, परमेश्वरसँग विवाद गर्नुभन्दा पहिले तिमीहरूले पवित्र आत्माले कसरी काम गर्नुहुन्छ भन्ने कुरालाई पूर्ण रूपमा पत्ता लगाउनेछौ भन्ने मेरो आशा छ। म अझै तँलाई परमेश्वरको वचनको मूल अर्थलाई ध्यान दिएर हेर्न आग्रह गर्छु—परमेश्वरका वचनहरू "पातलिएका" छन् भनेर विश्वास गरेकोमा आफूलाई चलाख नठान्। त्यसको कुनै आवश्यकता छैन! परमेश्वरको वचन कति

“पातलिएको” छ भनेर कसले भन्न सक्छ र? परमेश्वरले सीधै भन्नुभएन भने वा त्यो कुरा स्पष्ट रूपमा संकेत गर्नुभएन भने, कसैले बताउन सक्दैन। आफूलाई त्यति उच्च नठान्। यदि तैँले उहाँका वचनहरूबाट अभ्यासको मार्ग देख्न सक्छस् भने, तैँले उहाँका मापदण्डहरूलाई पूरा गरेको हुनेछस्। तँ अरू के कुरा देख्न चाहन्छस्? परमेश्वरले भन्नुभयो, “म मानिसको दुर्बलताको निम्ति कुनै कृपा देखाउन छोड्नेछु।” यदि तैँले यो निश्चित र सरल अभिव्यक्तिको अर्थलाई बुझ्न सक्दैनस् भने, थप अध्ययन र अनुसन्धानको अर्थ के हुन्छ र? यन्त्रविज्ञानको आधारभूत ज्ञानसमेत नभईकन, के तँ रकेट बनाउन योग्य हुनेछस्? के त्यस्तो व्यक्ति फोकट धाक लगाउने व्यक्ति होइन र? मानिससँग परमेश्वरको काम गर्ने स्रोत-साधन छैन; उसलाई उठाउने त परमेश्वर नै हुनुहुन्छ। उहाँले के मन पराउनुहुन्छ वा उहाँले केलाई घृणा गर्नुहुन्छ भनेर नजानीकन उहाँको सेवा मात्रै गर्नु—के यो बरबादी निम्त्याउने विधि होइन र? मानिसले आफैलाई चिन्दैन, तर आफूलाई असाधारण ठान्छ। तिनीहरूले आफैलाई के ठान्छन्? असल के हो वा खराब के हो भन्ने बारेमा तिनीहरूलाई केही पनि थाहा छैन। विगतलाई फर्केर हेर, र भविष्यलाई अगाडि हेर—यो कुरा कस्तो लाग्छ? त्यसपछि, आफैलाई चिन।

मानिसका अभिप्राय र उद्देश्यहरूका बारेमा परमेश्वरले धेरै कुरा प्रकट गर्नुभएको छ। उहाँले भन्नुभयो, “त्यसपछि मात्रै मैले मानिसका अभिप्राय र उद्देश्यहरूलाई राम्ररी देखेँ। मैले बादलहरूका बीचबाट सुस्केरा लिएँ: किन मानिसहरू सधैँ आफ्नै लागि काम गर्छन्? के मेरा सजाय तिनीहरूलाई सिद्ध तुल्याउनको लागि होइनन् र? के मैले जानी-जानी तिनीहरूको सकारात्मक मनोवृत्तिमा प्रहार गरिरहेको छु?” यी वचनहरूबाट तिमीहरूले आफ्नो बारेमा कति सिक्यौ? के मानिसका धारणा र उद्देश्यहरू साँच्चै नै समाप्त भएका छन्? के तिमीहरूले यो कुरालाई आफैभित्र नियालेका छौ? तिमीहरू परमेश्वरको सामु आएर यसलाई बुझ्ने प्रयास गर्नु नै राम्रो हुन्छ: परमेश्वरले तिमीहरूमा गर्नुभएको सजायको कामद्वारा के परिणाम हासिल गरिएको छ? के तिमीहरूले यसको निचोड निकालेका छौ? सायद परिणाम सानो होला; नत्र, तिमीहरूले यसको बारेमा पहिले नै ठूला-ठूला शब्दले बताइसकेका हुनेथियौ। परमेश्वरले तिमीहरूलाई के हासिल गर्न लगाउनुहुन्छ? मैले तिमीहरूलाई बताएका धेरै वचनहरूमध्ये, कति फलवान् बनेका छन्, र कति व्यर्थ बनेका छन्? परमेश्वरको नजरमा, उहाँका वचनहरूमध्ये थोरै मात्रै फलवान् बनेका छन्; यसको कारण के हो भने मानिसले उहाँका वचनहरूको मूल अर्थलाई कहिल्यै पनि पत्ता लगाउन सक्दैन, र उसले स्वीकार गर्ने भनेका वचनहरूका गुञ्जन, पर्खालमा थर्किएका आवाज मात्र हुन्। के परमेश्वरको इच्छालाई चिन्ने तरिका यही हो त? भविष्यमा चाँडै नै, परमेश्वरसँग मानिसले गर्नुपर्ने अझै बढी काम हुनेछ; के मानिसले उसँग भएको सानो कदले त्यो काम पूरा गर्न सक्छ त? यदि पथभ्रष्ट भइरहेका छैनन् भने, तिनीहरूले गल्ती गरिरहेका हुन्छन्, नत्र अहङ्कारी भइरहेका हुन्छन्—मानवको प्रकृति यस्तै छ भन्ने देखिन्छ। मलाई यो बुझ्न कठिन लाग्छ: परमेश्वरले धेरै कुरा बताउनुभएको भए पनि, किन मानिसले तीमध्ये कुनैलाई पनि हृदयमा राख्दैन? के परमेश्वरले मानिससँग ख्यालठट्टामा बोलिरहनुभएको र कुनै परिणाम नखोज्नुभएको हुन सक्छ? कि मानिसलाई “आनन्द, रिस, शोक, र खुशी” को नाटक खेलाइरहनुभएको हो? मानिसलाई एक क्षणको लागि खुशी तुल्याएर, अर्को क्षणमा

उसलाई रुन लगाउने—अनि त्यसपछि, मानिस मञ्चभन्दा बाहिर जाँदा, उसलाई उसका आफ्नै उपकरणहरूसँग छोडिएको हो? यसको परिणाम के हुनेथियो? “किन मैले मानिसलाई दिएका मापदण्डहरूको सधैँ कुनै परिणाम आउँदैन? के यो मैले कुकुरलाई रूख चढ्न सिकाएको जस्तै भएको हुन सक्छ? के मैले व्यर्थमा धेरै कष्ट गरिरहेको छु?” परमेश्‍वरका सबै वचनहरू मानिसको वास्तविक स्थितिप्रति लक्षित छन्। को परमेश्‍वरको वचनमा जिइरहेको छ भनेर हेर्न सबै मानिसहरूको भित्री भागमा हेर्दा केही फरक पर्नेथिएन। “अहिले समेत, भूमिको धेरैजसो भाग परिवर्तन भइरहन्छ। यदि कुनै दिन, भूमि पूर्ण रूपमा अर्को प्रकारमा परिवर्तन भयो भने, म मेरो हातको एकै झट्काद्वारा त्यसलाई पन्छाउनेछु—के अहिलेको चरणमा मैले गर्ने काम ठीक यही होइन र?” वास्तवमा, अहिले समेत परमेश्‍वर यो काममा लागिरहनुभएको छ; तैपनि, उहाँले “मेरो हातको एकै झट्काद्वारा त्यसलाई पन्छाउँछु” भनी बताउनुभएको कुराले भविष्यलाई जनाउँछ, किनभने सबै कुराको एउटा प्रक्रिया हुनुपर्छ। परमेश्‍वरको वर्तमान काम यसतर्फ अघि बढ्छ—के तिमीहरूलाई यो कुरा स्पष्ट भयो? मानिसका अभिप्रायहरूमा त्रुटिहरू छन्, र अशुद्ध आत्माहरूले प्रवेश गर्नको निम्ति यो मौकाको फाइदा लिएका छन्। यसपटक, “भूमि अर्को प्रकारमा परिवर्तन हुन्छ।” त्यसपछि मानिसहरूमा गुणात्मक परिवर्तन आएको हुनेछ, तर तिनीहरूको सारमा भने परिवर्तन आएको हुनेछैन, किनभने सुदृढ पारिएको पृथ्वीमा अरू कुनै कुराहरू हुनेछैनन्। अर्को शब्दमा भन्दा, मूल पृथ्वी कम स्तरको थियो, तर यसको सुधारपछि, यसलाई प्रयोग गर्न सकिन्छ। तैपनि, यसलाई केही समयसम्म प्रयोग गरिसकेपछि, र त्यसउप्रान्त प्रयोग गर्न छोडिएपछि, यो क्रमिक रूपमा यसको पुरानो स्वरूपमा फर्कनेछ। परमेश्‍वरको कामको अर्को चरणको सारांश यही हो। भविष्यको काम थप जटिल हुनेछ, किनभने यो सबै थोकलाई तिनीहरूको प्रकारअनुसार अलग गरिने समय हुनेछ। भेला हुने स्थानमा, जब कामकुराहरू सकिन्छन्, तब त्यहाँ अवश्य नै लथालिङ्ग अवस्था हुनेछ, र मानिसमा दह्रिलो निश्‍चयता हुनेछैन। यो त परमेश्‍वरले भन्नुभएको जस्तै हो: “मानिसहरू सबै जुन धुन बज्यो त्यही धुनमा गाउने प्रस्तोताहरू हुन्।” मानिससँग बजाइएको धुनसँगै गाउने क्षमता छ, त्यसकारण परमेश्‍वरले तिनीहरूमा भएको यही कमजोरीलाई उहाँको कामको अर्को चरणलाई अघि बढाउन प्रयोग गर्नुहुन्छ, र सबै मानिसहरूलाई यो कमजोरीलाई हटाउन सक्षम पार्नुहुन्छ। मानिसहरूसँग वास्तविक कद नभएको हुनाले नै मानिसहरू पर्खालको माथि बढिरहेका घाँसहरू बन्छन्। यदि तिनीहरूले कद प्राप्त गरे पनि, तिनीहरू आकाश छुने अग्ला रूखहरू बन्नेथिए। परमेश्‍वरले मानवजातिको एउटा भागलाई सिद्ध पार्नको लागि दुष्ट आत्माहरूको कामको एउटा भाग प्रयोग गर्न चाहनुहुन्छ, र यसरी यी मानिसहरूलाई सबै मानवजातिले तिनीहरूको साँचो “पुर्खाहरूलाई” चिन्न सक्छन् भन्ने कुरा दियाबलसका अधर्महरूमार्फत देखाउनुहुन्छ। यसरी मात्र मानवले दियाबलसका भविष्यका पुस्तालाई मात्रै होइन, दियाबलसका पुर्खाहरूलाई समेत त्यागेर पूर्ण रूपमा स्वतन्त्र हुन सक्छन्। ठूलो रातो अजिङ्गरलाई पूर्ण रूपमा पराजित गर्ने परमेश्‍वरको साँचो उद्देश्य यही हो कि सबै मानवजातिले ठूलो रातो अजिङ्गरको साँचो रूपलाई चिनून, यसको मुकुण्डोलाई पूर्ण रूपमा च्यातेर यसको साँचो स्वरूपलाई देखून्। परमेश्‍वरले हासिल गर्न चाहनुहुने कुरा यही हो, पृथ्वीमा उहाँले गर्नुभएका सबै कामको अन्तिम उद्देश्य यही हो, र सारा मानवजातिमा

उहाँले पूरा गर्न चाहनुभएको कुरा पनि यही हो। परमेश्‍वरको उद्‌देश्यलाई पूरा गर्नको लागि सबै कुरा परिचालन गर्नु भनेको यही हो।

भविष्यको कामको हकमा, के तिमीहरू यो काम कसरी गरिनेछ भन्‍ने बारेमा स्पष्ट छौ? यी कुराहरूलाई बुझ्नैपर्छ। उदाहरणको लागि: परमेश्‍वरले किन मानिसहरू कहिल्यै पनि आफूले गर्नुपर्ने काममा ध्यान दिँदैनन् भनी भन्‍नुहुन्छ? उहाँ किन उहाँले दिनुभएको गृहकार्य गर्न असफल हुने मानिसहरू धेरै छन् भनेर भन्‍नुहुन्छ? यी कुराहरूलाई कसरी हासिल गर्न सकिन्छ? के तिमीहरूले यी प्रश्‍नहरूको बारेमा कहिल्यै विचार गरेका छौ? के यी कुराहरू तेरो सङ्गतिका विषयहरू बनेका छन्? कामको यो चरणमा, मानिसलाई परमेश्‍वरको वर्तमान अभिप्रायहरू बुझ्ने तुल्याउनैपर्छ। यो कुरा हासिल गरिएपछि, अरू कुराहरूको बारेमा छलफल गर्न सकिन्छ—के यो कामकुरालाई अघि बढाउने राम्रो तरिका होइन र? परमेश्‍वरले मानिसमा के हासिल गर्न चाहनुहुन्छ भन्‍ने कुरालाई स्पष्ट रूपमा व्याख्या गरिनुपर्छ, अन्यथा सबै कुरा व्यर्थ हुनेछ, र मानिस यसमा प्रवेश गर्न असमर्थ हुनेछ, यसलाई हासिल गर्ने कुरा त परै जाओस्, अनि सबै कुरा बकम्फुसे गफ मात्र हुनेछ। आज परमेश्‍वरले जे भन्‍नुभएको छ त्यसको बारेमा भन्दा—के तिमीहरूले यसलाई अभ्यास गर्ने मार्ग भेट्टाएका छौ? सबै मानिसहरू परमेश्‍वरका वचनहरूका बारेमा डर मान्छन्। तिनीहरूले ती वचनहरूलाई पूर्ण रूपमा बुझ्न सक्दैनन्, तैपनि तिनीहरूले परमेश्‍वरलाई चिढ्याउँछु कि भन्‍ने डर पनि मान्छन्। अहिलेसम्म, परमेश्‍वरका वचनहरू खाने र पिउने कति वटा तरिकाहरू पत्ता लगाइएको छ? धेरैजसो मानिसहरूलाई परमेश्‍वरका वचनहरू कसरी खाने र पिउने भन्‍ने थाहा छैन; यो समस्यालाई कसरी समाधान गर्न सकिन्छ? के तैँले आजका वचनहरूमा खाने र पिउने तरिका भेट्टाइस्? तैँले अहिले कसरी त्यस कार्यमा सहकार्य गर्ने प्रयास गरिरहेको छस्? अनि तिमीहरू सबैले वचनहरू खाएछि र पिएपछि, तिमीहरूले तिनको बारेमा गरेका मननहरूलाई कुन-कुन माध्यमहरूमा छलफल गर्नेछौ? के मानिसले गर्नुपर्ने यही होइन? कुनै निश्‍चित रोगको लागि कसरी ठीक औषधि दिइन्छ? के तेरो लागि अझै पनि परमेश्‍वरले प्रत्यक्ष रूपमा वाणीहरू जारी गर्न आवश्यक पर्छ? के यो अत्यावश्यक छ? उपर्युक्त समस्याहरूलाई कसरी पुर्ण रूपमा समाधान गर्न सकिन्छ? यो कुरा तिमीहरूले आफ्ना व्यावहारिक कार्यहरूमा पवित्र आत्मासँग सहकार्य गर्न सक्छौ कि सक्दैनौ भन्‍ने कुरामा निर्भर रहन्छ। उचित सहकार्य हुँदा, पवित्र आत्माले महान् कार्य गर्नुहुनेछ। उचित सहकार्य नहुँदा, अन्योल मात्रै भयो भने, पवित्र आत्मा उहाँको शक्ति पोखाउने अवस्थामा हुनुहुनेछैन। "यदि तैँले आफैलाई चिनेको छस् र आफ्नो शत्रुलाई चिनेको छस् भने, विजय सधैँ तेरै हुनेछ।" जसले पहिलोपटक यी वचनहरू बोलेको भए पनि, ती वचनहरू तिमीहरूमा नै सबैभन्दा उचित रूपमा लागू हुन सक्छन्। छोटकरीमा भन्दा, तिमीहरूले आफ्ना शत्रुहरूलाई चिन्‍न सक्नुभन्दा पहिले आफैलाई चिन्‍नुपर्छ, अनि तिमीहरूले यी दुवै काम गरिसकेपछि मात्रै तिमीहरूले हरेक युद्ध जित्‍नेछौ। तिमीहरूले गर्न सक्नुपर्ने सबै कुराहरू यिनै हुन्। परमेश्‍वरले तँबाट जे माग गर्नुभए पनि, तैँले त्यसको निम्ति आफ्नो सारा शक्तिले काम मात्र गर्नुपर्दछ, र म आशा गर्दछु कि अन्त्यमा तँ परमेश्‍वरको सामु आउन सक्नेछस् र उहाँलाई तेरो पूर्ण भक्ति दिन सक्नेछस्। यदि यो क्षण तिम्रो मृत्यु तोकिएको समय नै भए पनि जबसम्म परमेश्‍वर आफ्नो सिंहासनमा विराजमान भई

सन्तोषको मुस्कान मुस्कुराउनुभएको तैँले देख्न सक्छस्, तबसम्म तैँले आफ्ना आँखा चिम्लँदै गर्दा तँ हाँस्न र मुस्कुराउन सक्नुपर्छ। पृथ्वीको तेरो जीवनकालमा तैँले परमेश्‍वरप्रतिको आफ्नो अन्तिम कर्तव्य पूरा गर्नैपर्छ। विगतमा, परमेश्‍वरको खातिर पत्रुसलाई क्रूसमा उल्टो झुन्ड्याइ; तर अन्त्यमा तैँले परमेश्‍वरलाई सन्तुष्ट पार्नुपर्छ, र तेरा सबै शक्ति उहाँका लागि समाप्त गर्नुपर्छ। सृष्टि गरिएको एक प्राणीले परमेश्‍वरको खातिर के गर्नसक्छ र? यसैले परमेश्‍वरले उहाँको इच्छाअनुसार तँलाई प्रयोग गरून् भनी तैँले सक्दो चाँडोभन्दा चाँडो आफैलाई परमेश्‍वरमा सुम्पनुपर्छ। यदि त्यसले परमेश्‍वरलाई खुसी र प्रसन्न तुल्याउँछ भने उहाँले आफ्नो इच्छाअनुसार तँसँग जे गर्न चाहनुहुन्छ उहाँलाई त्यही गर्न दे। मानिसहरूसँग गुनासोका कुराहरू बोल्ने के अधिकार छ र?

# अध्याय ४२

मलाई थाहा छैन, आजका वाणीहरूमा कुनै परिवर्तन छन् कि छैनन् भनेर मानिसहरूले पत्ता लगाए कि लगाएनन्। कतिपय मानिसहरूले थोरै परिवर्तन देखेका हुन सक्छन्, तर निश्‍चयताको साथ त्यसो भन्ने आँट गर्दैनन्। सायद अरूले केही पनि थाहा पाएका छैनन् होला। किन यो महिनाको बाह्रौं र पन्ध्रौं दिनको बीचमा परमेश्‍वरका वाणीहरूमा यति ठूलो परिवर्तन आएको छ त? के तिमीहरूले यस विषयमा मनन गरेका छौ? तिमीहरूको दृष्टिकोण के छ? तिमीहरूले परमेश्‍वरका सबै वाणीहरूबाट केही कुरा बुझेका छौ? अप्रिल दुई र मे पन्ध्रको बीचमा गरिएको मुख्य काम के थियो? आजका मानिसहरू किन अनभिज्ञ छन् र तिनीहरूलाई टाउकामा मुङ्ग्रोले हानिएको जस्तै दिमाग खलबलिएको अवस्थामा छन्? आज किन "राज्यका मानिसहरूका काण्डहरू" नामक स्तम्भहरू छैनन्? अप्रिलको दोस्रो र चौथो दिनमा, परमेश्‍वरले मानिसको स्थितिलाई औँल्याउनुभएन; त्यसै गरी, आजभन्दा धेरै दिन पहिले, उहाँले मानिसको स्थितिलाई औँल्याउनुभएन–यसो किन गरियो त? यहाँ पक्कै पनि कुनै समाधान नगरिएको पहेली छ–किन १८०-डिग्री घुमाइयो? हामी सुरुमा परमेश्‍वरले किन यसरी बोल्नुभयो भन्ने बारेमा थोरै कुरा गरौं। हामी परमेश्‍वरका प्रारम्भिक वचनहरू हेरौं, जसमा उहाँले अलिकति पनि समय बरबाद नगरीकन "नयाँ कामको सुरुवात हुनेबित्तिकै" भनेर भन्नुभयो। यो वाक्यले तँलाई परमेश्‍वरको काम नयाँ सुरुवातमा प्रवेश गरेको छ, उहाँले फेरि पनि नयाँ काम सुरु गर्नुभएको छ भन्ने सूचित गर्छ। यसले सजाय नजिकिँदैछ भन्ने देखाउँछ; के भन्न सकिन्छ भने सजायको चरम सीमा पहिले नै प्रवेश गरिसकेको छ, त्यसकारण सजायको युगको काम उचित रूपमा अनुभव गर्नको लागि तैँले आफ्नो समय जतिसक्दो धेरै सदुपयोग गर्नुपर्छ, ताकि तँ पछि नपर् र नत्यागिई। यो सबै मानिसको काम हो, र यसको लागि मानिसले सहकार्य गर्न सक्दो गर्नुपर्छ। जब सजायलाई पूर्ण रूपमा पठाइसकिएको हुनेछ, परमेश्‍वरले आफ्नो कामको अर्को भागलाई सुरु गर्न थाल्नुहुनेछ, किनभने परमेश्‍वर भन्नुहुन्छ, "... त्यसकारण म मेरो कार्यलाई मानिसको बीचमा अघि बढाउने कार्यलाई जारी राख्छु...। अहिले, मेरो हृदय ठूलो प्रसन्नताले भरिएको छ किनभने मैले मानिसहरूको एउटा समूहलाई प्राप्त गरेको छु, त्यसकारण मेरो 'उद्‌यम' अबउप्रान्त मन्दीमा छैन; यसमा अबउप्रान्त रित्तो शब्दहरू

समावेश छैनन्।” विगतका समयहरूमा, मानिसहरूले परमेश्‍वरका वचनहरूमा उहाँको जरूरी इच्छा समावेश भएको देखे—यसमा कुनै झूट छैन—र आज परमेश्‍वरले अझै द्रुत गतिमा आफ्नो काम गर्नुहुन्छ। मानिसको लागि, यो पूर्ण रूपमा परमेश्‍वरका मापदण्डहरूअनुरूप छैन भन्‍ने देखिन्छ—तर परमेश्‍वरको लागि, उहाँको काम पहिले नै समाप्त भइसकेको छ। मानिसहरूका विचारहरू अत्यन्तै जटिल भएको हुनाले, कामकुराप्रतिका तिनिहरूका दृष्टिकोण प्रायजसो अत्यन्तै जटिल हुन्छ। मानिसहरूले अरू मानिसहरूबाट अत्यन्तै धेरै अपेक्षा गर्छन्, तर परमेश्‍वरले मानिसबाट त्यति ठूलो अपेक्षा गर्नुहुन्‍न, यसकारण, परमेश्‍वर र मानिसबीचमा रहेको भिन्‍नता कति ठूलो छ भनी देख्न सकिन्छ। परमेश्‍वरले गर्नुहुने सबै कामका मानिसहरूका धारणाहरूलाई उदाङ्गो पारिन्छ। परमेश्‍वरले मानिसहरूबाट धेरै ठूला अपेक्षाहरू गर्नुहुन्छ र मानिसहरूले तिनलाई प्राप्‍त गर्न सक्दैनन् भन्‍ने होइन, बरु मानिसहरूले परमेश्‍वरबाट धेरै ठूला अपेक्षाहरू गर्छन् र परमेश्‍वरले तिनलाई हासिल गर्न सक्नुहुन्‍न। किनभने, हजारौं वर्षदेखि शैतानले भ्रष्ट तुल्याएको मानवजातिमा उपचारपछि पनि केही पश्‍च-प्रभावहरू हुन्छन्, त्यसकारण मानिसहरूले सधैँ परमेश्‍वरबाट त्यति ठूला अपेक्षाहरू गर्दै आएका छन्, र परमेश्‍वर प्रसन्‍न हुनुहुन्‍न भनेर अत्यन्तै डराएर तिनीहरू अलिकति पनि उदार भएका छैनन्। तसर्थ, धेरै कुराहरूमा मानिसहरू कामको स्तरमा पुग्‍न सक्दैनन् भन्‍ने तथ्य नै एक हिसाबमा तिनीहरूले आफैलाई आत्म-सजाय दिने तरिका हो; तिनीहरूले आफ्नै कार्यका परिणामहरू सहन्छन्—यो कष्ट-भोग मात्रै हो। मानिसहरूले भोग्‍ने कठिनाइमध्ये, ९९% भन्दा बढी कठिनाइलाई परमेश्‍वरले घृणा गर्नुहुन्छ। यसलाई सीधै भन्दा, कसैले पनि परमेश्‍वरको निम्ति साँचो रूपमा कष्ट भोगेको छैन। सबै मानिसहरूले तिनीहरूका आफ्नै कार्यका परिणामहरू भोग्छन्—र सजायको यो चरणमा पनि अवश्य नै कुनै अपवाद छैन; यो मानिसले तयार गरेको तीतो कचौरा हो, जसलाई पिउन उसले आफै मुखसम्म लैजान्छ। परमेश्‍वरले उहाँको सजायको वास्तविक उद्देश्यलाई प्रकट गर्नुभएको छैन, त्यसकारण, मानिसहरूको एउटा समूह श्रापित भएको भए पनि, त्यसले सजायलाई प्रतिनिधित्व गर्दैन। मानिसहरूको एउटा समूहले आशिष् पाएका छन्, तर यसको अर्थ तिनीहरूलाई भविष्यमा पनि आशिष् दिइनेछ भन्‍ने हुँदैन। मानिसको लागि, परमेश्‍वर आफ्नो वचन पूरा नगर्नुहुने परमेश्‍वर हुनुहुन्छ भन्‍ने देखिन्छ। चिन्ता नगर। यी वचनहरू अलिक अत्युक्ति हुन सक्छन्, तर नकारात्मक नबन। मैले जे बताउँछु, त्यसले मानिसको कष्टलाई केही हदसम्म प्रस्तुत गर्छ, तैपनि तिमीहरूले परमेश्‍वरसँग राम्रो सम्बन्ध कायम गर्नैपर्छ भन्‍ने मलाई लाग्छ। तिमीहरूले उहाँलाई अझै बढी “उपहारहरू” दिनुपर्छ—त्यसले उहाँलाई अवश्य नै खुशी बनाउनेछ। मलाई विश्‍वास छ, उहाँलाई “उपहारहरू” दिनेहरूलाई परमेश्‍वरले मन पराउनुहुन्छ। तिमीहरू के भन्छौ? के यी वचनहरू सही छन्?

अहिलेसम्म, तिमीहरूले आफ्ना सम्भावनाहरूमध्ये कतिलाई पन्छाएका छौ? परमेश्‍वरका वचनहरू चाँडै नै समाप्त हुनेछन्, त्यसकारण तिमीहरूले करिबकरिब आफ्ना सबै सम्भावनाहरूलाई पन्छाउनैपर्छ, होइन र? तिमीहरूले आफैलाई जाँच्नु पनि पर्छ: तिमीहरू आफ्नै बढाइ गर्दै र यताउता हिँड्दै उच्च देखिन मन पराउँछौ—यो के हो? आज, मानिसहरूका सम्भाव्यताहरू के हुन् भन्‍ने कुरा मलाई अझै पनि थाहा छैन। यदि मानिसहरू कष्टको सागरमा डुबेर जिउँछन् भने, जब तिनीहरू कठिनाइको शोधनको बीचमा वा यातनाको विविध कार्यान्वयनको चुनौतीमा जिउँछन्, वा जब

तिनीहरू सबै मानिसहरूले इन्कार गर्ने समयमा जिउँछन्, तब त्यस्ता समयहरूमा तिनीहरूले आकाशतिर हेर्दै र गहिरो सुस्केरा हाल्दै आफ्ना विचारहरूमा सायद तिनीहरूले आफ्ना सम्भावनाहरूलाई पन्छाउँछन्। किनभने मानिसहरूले निराशाको अवस्थामा बाहिरी आदर्श लोकको खोजी गर्छन्, र सहज परिस्थितिहरूमा कसैले कहिल्यै पनि आफ्ना सुन्दर सपनाहरूको खोजीलाई त्यागेका हुँदैनन्। यो कुरा अवास्तविक हुन सक्छ, तर मानिसहरूको हृदयमा यस्तो हुँदैन भन्ने मेरो आशा छ। के तिमीहरू अझै पनि जीवितै हुँदा उठाई लगिन चाहन्छौ? के तिमीहरू अझै पनि देहको आफ्नो रूपलाई परिवर्तन गर्न चाहन्छौ? तिमीहरूसँग पनि उस्तै विचार छ कि छैन मलाई थाहा छैन, तर मलाई सधैँ यो वास्तविक कुरा होइन भन्ने लागेको छ–त्यस्ता विचारहरू अत्यन्तै लालची देखिन्छन्। कतिपय मानिसहरूले यस्ता कुरा भन्छन्: "आफ्ना सम्भावनाहरूलाई पन्छाऊ, अलिक यथार्थ बन।" मानिसहरूले आशिषित हुने इच्छाहरूलाई त्याग्नुपर्छ भनेर तँ भन्छस्–तर तेरो आफ्नै हकमा के भन्छस्? के तँ आफूचाहिँ आशिष्‌हरूको खोजी गर्दै, मानिसहरूको आशिषित हुने विचारलाई भने उल्ट्याउँछस्? तैँले अरूलाई आशिष्‌हरू प्राप्त गर्न दिँदैनस्, तर गुप्त रूपमा तैँले आफै तिनै आशिष्‌हरूको बारेमा विचार गरिरहेको हुन्छस्–त्यस कुराले तँलाई के बनाउँछ? ठग! जब तैँले त्यसरी व्यवहार गर्छस्, के तेरो विवेक दोषी हुँदैन र? तेरो हृदयमा, तँलाई ऋणी भएको आभास हुँदैन र? के तँ ठग होइनस् र? तैँले अरूका हृदयका वचनहरूलाई कोट्याएर निकाल्छस्, तर तँभित्रकै वचनहरूलाई केही पनि गर्दैनस्–तँ कस्तो बेकामे फोहोरको टुक्रा होस्! मलाई अचम्म लाग्छ, तैँले बोल्दा आफ्नो हृदयमा के सोचिरहेको हुन्छस्–के तँलाई पवित्र आत्माले धिक्कार्न सक्नुहुन्न र? के यसले तेरो गरिमामा ठेस पुर्‍याउँदैन र? तेरो आफ्नै लागि के असल हुन्छ भन्ने तँलाई साँच्चै नै थाहा छैन! तँ सधैँ नै नान्गुओजस्तै रहेको छस्–नाटक गर्ने। परमेश्‍वरले "मानिसहरू सबै मेरो नाम र मेरो महिमाको लागि 'आफैलाई अर्पण गर्न' तत्पर छन्" भन्ने वाक्यमा "आफैलाई अर्पण गर्न" भन्ने पदावलीमा उद्धरण चिन्ह लगाउनुभएको स्वभाविकै हो। परमेश्‍वरले मानिसलाई उहाँको हतकेलाको पछाडिको भागजत्तिकै राम्ररी चिन्नुहुन्छ, र मानिसको धोका जति नै चलाकीपूर्ण भए पनि–उसले कुनै पनि सङ्केत नदेखाए पनि र उसको अनुहार रातो नभए पनि र उसको मुटुको ढुकढुकी नबढे पनि–परमेश्‍वरका आँखाहरू तेज छन्, त्यसकारण परमेश्‍वरको नजरबाट उम्कन मानिसलाई सधैँ कठिन हुन्छ। मानौं परमेश्‍वरसँग एक्स-रेजस्ता आँखा छन् र मानिसका भित्री अङ्गहरू समेत देख्न सक्नुहुन्छ, मानौं उहाँले मानिसहरूलाई छर्लङ्ग देख्न सक्नुहुन्छ र नजाँचीकन तिनीहरूको रगतको समूह निर्धारित गर्न सक्नुहुन्छ। परमेश्‍वरको बुद्धि यस्तै हुन्छ, र यसलाई मानिसले अनुकरण गर्न सक्दैन। परमेश्‍वर भन्नुहुन्छ, "मैले यति धेरै काम गरेको छु, तैपनि किन मानिसहरूमा यसको कुनै प्रमाण छैन? के मैले पर्याप्त प्रयास लगाएको छैन?" परमेश्‍वरसँगको मानिसको सहकार्यमा धेरै कुराको कमी छ, र के भन्न सकिन्छ भने मानिसभित्र अत्यन्तै धेरै नकारात्मक कुरा छन्, र तिनीहरूमा बिरलै सकारात्मकता हुन्छ। कहिलेकहीँ मात्रै तिनीहरूसँग थोरै सकारात्मकता हुन्छ, तर यो अत्यन्तै दूषित हुन्छ। यस कुराले परमेश्‍वरलाई मानिसहरूले कति धेरै प्रेम गर्नुहुन्छ भन्ने देखाउँछ; मानौं तिनीहरूको हृदयको करोडौँ भागको एउटा भागमा मात्रै परमेश्‍वरप्रतिको प्रेम छ, जसमध्ये ५०% अझै दूषित नै छ। त्यही कारणले गर्दा, परमेश्‍वरले आफूले

मानिसमा कुनै प्रमाण प्राप्त गर्दिनँ भनी भन्नुभएको छ। मानिसको अवज्ञाले गर्दा नै परमेश्वरका वाणीहरूको शैली यति कठोर र भावशून्य छ। परमेश्वरले मानिससँग विगतको समयको बारेमा कुरा नगर्नुभए पनि, मानिसहरूले आफूलाई परमेश्वरको अघि देखाउनको लागि सधैँ याद गर्न चाहन्छन्, र तिनीहरूले सधैँ विगतको समयका कुरा गर्न चाहन्छन्—तैपनि परमेश्वरले मानिसको हिजोको दिनलाई आजको दिनको रूपमा कहिल्यै लिनुभएको छैन; बरु, उहाँले आजका मानिसहरूलाई आजकै हिसाबमा लिनुहुन्छ। परमेश्वरको मनोवृत्ति यही हो, र यसमा, भविष्यमा मानिसहरूले परमेश्वर अत्यन्तै अनुचित हुनुहुन्छ भनेर नभनून् भनेर परमेश्वरले यी वचनहरू स्पष्ट रूपमा बोल्नुभएको छ। किनभने परमेश्वरले अविवेकी कुराहरू गर्नुहुन्न, बरु मानिसहरूलाई साँचो तथ्यहरूको बारेमा बताउनुहुन्छ, नत्र मानिसहरू दह्रिलो गरी खडा हुन सक्दैनन्—किनभने, आखिर मानिस कमजोर छ। यी वचनहरू सुनेपछि, यसो भने कसो होला: के तिमीहरू सुन्न र समर्पित हुन, अनि यसको बारेमा थप विचार नगर्न इच्छुक छौ?

माथि उल्लेखित प्रश्न प्रसङ्गबाहिरको कुरा हो; यसबारेमा कुरा गरिन्छ कि गरिँदैन भन्ने कुराले केही फरक पार्दैन। मलाई आशा छ तिमीहरूले यस कुरालाई अस्वीकार गर्दैनौ, किनभने परमेश्वर वचनहरूको काम गर्न आउनुहुन्छ, र उहाँले सूर्यमुनिको सबै कुराको बारेमा कुराकानी गर्न चाहनुहुन्छ। तर जे भए पनि तिमीहरूले तिनलाई पढ्नेछौ, र तिमीहरूले यी वचनहरूलाई अवहेलना गर्नेछैनौ भन्ने मेरो आशा छ। तिमीहरू के भन्छौ? के तिमीहरूले त्यसो गर्नेछौ? आजका वचनहरूमा परमेश्वरले नयाँ जानकारी प्रकट गर्नुभएको छ भनेर भनिएको छ: परमेश्वरले काम गर्नुहुने तरिका परिवर्तन हुन लागेको छ। त्यसकारण, यही विषयगत कुरामा ध्यान दिनु नै राम्रो हुन्छ। यो भन्न सकिन्छ कि आजका सबै वाणीहरूले भविष्यका विषयहरूमा अगमवाणीहरू गर्छन्; यी वाणीहरू परमेश्वरले उहाँको कामको अर्को चरणको प्रबन्ध कसरी गर्नुहुन्छ भन्ने कुरा हुन्। परमेश्वरले मण्डलीका मानिसहरूमा उहाँको काम लगभग समाप्त गरिसक्नुभएको छ र त्यसपछि उहाँ सबै मानिसहरूको सामु क्रोध सहित देखा पर्नुहुनेछ। परमेश्वरले भन्नुभए झैँ, “म पृथ्वीका मानिसहरूलाई मेरा कामहरू स्वीकार गर्न लगाउनेछु, र मेरा कामहरू ‘न्यायआसनको अगाडि’ प्रमाणित हुनेछन्, ताकि पृथ्वीका मानिसहरूले तिनलाई स्वीकार गरेर, घोप्टो परून्।” के तिमीहरूले यी वचनहरूमा केही देख्यौ? यसमा परमेश्वरको कामको अर्को भागको सारांश छ। सर्वप्रथम, परमेश्वरले राजनैतिक शक्ति भएका सबै पाले कुकुरहरूलाई इमानदारीसाथ विश्वस्त हुने तुल्याउनुहुनेछ अनि तिनीहरूलाई तिनीहरूका आफ्नै इच्छाको इतिहासको मञ्चबाट पछि सर्ने, फेरि कहिल्यै ओहदाका निम्ति कुनै लडाइँ नगर्ने, फेरि कहिल्यै युक्तिहरू र षड्यन्त्रमा संलग्न नहुने बनाउनुहुनेछ। यो काम परमेश्वरले पृथ्वीमा विभिन्न विपत्तिहरू खडा गरी अगाडि बढाउनुपर्छ। तर यसको मतलब परमेश्वर देखा पर्नुहुनेछ भन्ने पटक्कै होइन। यस समयमा, ठूलो रातो अजिङ्गरको देश अझै पनि फोहोरको देश हुनेछ, र त्यसैले परमेश्वर देखा पर्नुहुनेछैन, तर केवल सजायद्वारा देखा पर्नुहुनेछ। परमेश्वरको धार्मिक स्वभाव त्यस्तै छ, जसबाट कोही पनि उम्कन सक्दैन। यस समय अवधिमा, ठूलो रातो अजिङ्गरको देशमा बस्ने सबैले विपत्ति भोग्नुपर्नेछ, जसमा स्वाभाविक रूपमा पृथ्वीको राज्य (मण्डली) पनि समावेश हुन्छ। तथ्यहरू बाहिर आउने समय यही नै हो, र यसरी सबै मानिसहरूले

यसको अनुभव गर्छन्, र कोही पनि उम्कन सक्दैनन्। परमेश्वरले नै यो पूर्वनिर्धारित गरिसक्नुभएको छ। कामको ठीक यही चरणको कारणले नै परमेश्वर भन्नुहुन्छ, "ठूला-ठूला योजनाहरूलाई अघि बढाउने समय अहिले नै हो।" किनकि भविष्यमा यस पृथ्वीमा कुनै मण्डली हुनेछैन, र विनाशको आगमनको कारण, मानिसहरू केवल उनीहरूको अगाडि जे छ त्यसको बारेमा मात्र सोच्न सक्ने हुनेछन्, र अरू सबै कुरालाई बेवास्ता गर्नेछन्, र विनाशको बीचमा परमेश्वरको आनन्द लिनु उनीहरूलाई कठिन हुनेछ। यसैले, यस सुन्दर समयमा मानिसहरूलाई तिनीहरूका सम्पूर्ण हृदयले परमेश्वरलाई प्रेम गर्न आग्रह गरिएको छ, ताकि तिनीहरूले मौका नगुमाऊन्। जब यो तथ्य समाप्त हुन्छ, परमेश्वरले त्यो ठूलो रातो अजिङ्गरलाई पूर्ण रूपमा पराजित गर्नुभएको हुनेछ, र यसरी परमेश्वरका मानिसहरूले गवाही दिने कामको अन्त्य हुनेछ; त्यसपछि, ठूलो रातो अजिङ्गरको देशलाई पूर्ण रूपमा नष्ट पारेर छोडेपछि परमेश्वरले कामको अर्को चरण सुरु गर्नुहुनेछ, र अन्त्यमा सारा ब्रह्माण्डभरिका मानिसहरूलाई क्रूसमा उल्टो झुन्ड्याएर काँटी ठोक्नुहुनेछ, त्यसपछि उहाँले सम्पूर्ण मानव जातिलाई नाश गर्नुहुनेछ—परमेश्वरको कामको भविष्यका चरणहरू हुन्। यसैले, तिमीहरूले यो शान्तिपूर्ण वातावरणमा परमेश्वरलाई प्रेम गर्ने सक्दो प्रयास गर्नुपर्दछ। भविष्यमा तिमीहरूले परमेश्वरलाई प्रेम गर्ने कुनै मौकाहरू पाउनेछैनौ, किनकि मानिसहरूसित परमेश्वरलाई प्रेम गर्ने मौका देहमा मात्र हुन्छ; जब तिनीहरू अर्कै संसारमा जिउँछन्, कसैले पनि परमेश्वरलाई प्रेम गर्ने कुरा गर्ने छैनन्। के यो सृष्टि गरिएको प्राणीको जिम्मेवारी होइन र? यसैले तिमीहरूले आफ्नो जीवनकालमा परमेश्वरलाई कसरी प्रेम गर्नुपर्दछ? के तैँले यसबारे कहिल्यै विचार गरेको छस्? के तँ मरेपछि मात्र परमेश्वरलाई प्रेम गरुँला भनी पर्खिरहेको छस्? के यो खोक्रो कुरा होइन र? आज, तँ किन परमेश्वरलाई प्रेम गर्ने कुराको पछि लाग्दैनस्? के व्यस्त रहेर परमेश्वरलाई प्रेम गर्नु साँचो प्रेम हुन सक्छ? परमेश्वरको कामको यो चरण चाँडै नै अन्त्य हुनेछ भन्नुको कारण के हो भने परमेश्वरले शैतानको अगाडि पहिलेबाटै गवाही दिइसक्नुभएको छ। यसैले मानिसले केही पनि गर्नु आवश्यक छैन; मानिसलाई केवल ऊ जीवित रहेका वर्षहरूमा परमेश्वरलाई प्रेम गर्न मात्र आग्रह गरिएको छ—मुख्य कुरा यही हो। परमेश्वरका मागहरू उच्च छैनन्, र यसबाहेक, उहाँको हृदयमा एक तीव्र चिन्ता भएकोले, उहाँले कामको यो चरण समाप्त हुनु अघि नै अर्को चरणको कामको सारांश प्रकट गर्नुभएको छ, जसले अब कति समय छ भन्ने कुरालाई स्पष्ट पार्दछ; यदि परमेश्वर उहाँको हृदयमा चिन्तित हुनुहुन्नथ्यो भने, के उहाँले यति चाँडै यी वचनहरू बोल्नुहुनेथियो? समय थोरै भएकोले परमेश्वरले यस तरिकाले काम गर्नुहुन्छ। आशा गरिन्छ, कि तिमीहरूले जसरी आफ्नो शरीरलाई माया गर्छौ त्यसरी नै आफ्नो सारा हृदयले, आफ्ना सारा समझले र आफ्ना सारा शक्तिले परमेश्वरलाई प्रेम गर्न सक्नेछौ। के अति ठूलो अर्थ बोकेको जीवन यही होइन र? तैँले अन्यत्र कहाँ जीवनको अर्थ भेट्टाउन सक्छस्? के तँ धेरै नै अन्धो भइरहेको छैनस् र? के तँ परमेश्वरलाई प्रेम गर्न इच्छुक छस्? के परमेश्वर मानिसको प्रेम पाउन योग्य हुनुहुन्छ? के मानिसहरू मानिसको आराधना पाउन योग्य छन्? त्यसो भए, तैँले के गर्नुपर्छ? कुनै सङ्कोच नमानी साहस पूर्वक परमेश्वरलाई प्रेम गर्, र परमेश्वरले तँलाई के गर्नुहुनेछ सो हेर्। कतै उहाँले तँलाई मार्नुहुन्छ कि, हेर्। सारांशमा भन्नुपर्दा, परमेश्वरलाई प्रेम गर्ने काम परमेश्वरका निम्ति प्रतिलिपिहरू

बनाउनु र लेख्नुभन्दा महत्त्वपूर्ण छ। तैँले सबैभन्दा महत्त्वपूर्ण कुरालाई पहिलो स्थान दिनुपर्दछ, यसैले कि तेरो जीवनको मूल्य अझै बढी होस् र यो खुसीले पूर्ण होस्, र त्यसपछि तैँले तेरो निम्ति परमेश्‍वरको "फैसला" पर्खनुपर्छ। तेरो योजनामा परमेश्‍वरलाई प्रेम गर्ने कुरा समावेश छ कि छैन म त्यो जान्‍न उत्सुक छु। सबैका योजनाहरू परमेश्‍वरद्वारा पूरा गरिएको होस्, र ती सबै वास्तविकता बनून् भन्‍ने मेरो कामना छ।

# अध्याय ४४ र ४५

परमेश्‍वरले मानिसलाई "परमेश्‍वरप्रतिको प्रेम"–सबै पाठहरूमध्ये सबैभन्दा गहन पाठ–को बारेमा बताउनुभएको समयदेखि, उहाँले सबै मानिसहरूलाई मानव जीवनको रिक्तताको बारेमा जान्‍ने प्रयास गर्ने तुल्याउँदै, त्यसरी तिनीहरूभित्रको साँचो प्रेमलाई खोतलेर निकाल्ने तुल्याउँदै "सात आत्माका वाणीहरू" को विषयमा बोल्ने कार्यलाई ध्यान केन्द्रित गर्नुभएको छ। वर्तमान चरणमा अस्तित्वमा रहने मानिसहरूमा परमेश्‍वरप्रति कति प्रेम हुन्छ? के तिमीहरूलाई थाहा छ? के "परमेश्‍वरलाई प्रेम गर्नु" भन्‍ने पाठको कुनै सीमा छैन? मानव जीवनको बारेमा मानिसहरूसँग कस्तो बुझाइ छ? परमेश्‍वरलाई प्रेम गर्ने विषयमा तिनीहरूको आचरण कस्तो छ? तिनीहरू इच्छुक छन् कि अनिच्छुक छन्? तिनीहरू भीडको पछि लाग्छन् कि देहलाई घृणा गर्छन्? तिमीहरू स्पष्ट हुनुपर्ने र बुझ्नुपर्ने सबै कुरा यिनै हुन्। के मानिसहरूभित्र साँच्चै केही पनि छैन र? "मानिसले मलाई साँचो रूपमा प्रेम गरोस् भन्‍ने म चाहन्छु; तैपनि, आज मानिसहरूले मलाई तिनीहरूको साँचो प्रेम दिन नसकेर अझै पनि आफ्नो खुट्टा घिस्याउँछन्। तिनीहरूका कल्पनामा, तिनीहरूले के विश्‍वास गर्छन् भने यदि तिनीहरूले मलाई साँचो प्रेम दिए भने, तिनीहरूसँग केही पनि बाँकी रहनेछैन।" यी वचनहरूमा, "साँचो प्रेम" को वास्तविक अर्थ के हो? "सबै मानिसहरूले परमेश्‍वरलाई प्रेम गर्ने" यो युगमा किन परमेश्‍वरले अझै पनि मानिसहरूको साँचो प्रेम माग्नुहुन्छ? तसर्थ, परमेश्‍वरको अभिप्राय भनेको मानिसलाई उत्तर पुस्तिकामा साँचो प्रेमको अर्थ लेख्‍न लगाउनु हो, त्यसैलेमानिसलाई परमेश्‍वरले दिनुभएको गृहकार्य ठीक यही हो। जहाँसम्म आजको यो चरणको कुरा छ, परमेश्‍वरले मानिसबाट ठूला-ठूला मागहरू नगर्नुभए पनि, मानिसहरूले मानवप्रतिको परमेश्‍वरका मूल मागहरूलाई पूरा गर्न अझै बाँकी छ; अर्को शब्दमा भन्दा, तिनीहरूले परमेश्‍वरलाई प्रेम गर्ने कार्यमा तिनीहरूका सारा शक्ति लगाउन अझै बाँकी नै छ। तसर्थ, तिनीहरूको अनिच्छाको बीचमा पनि, परमेश्‍वरले यो कामले प्रभाव हासिल नगरिञ्जेलसम्म र उहाँले यस काममा आफ्नो महिमा प्राप्त गरिञ्जेलसम्म मानिसहरूप्रतिको उहाँका मागहरू प्रस्तुत गरिरहनुहुन्छ। वास्तवमा नै, पृथ्वीमा गरिने काम परमेश्‍वरप्रतिको प्रेमद्वारा समाप्त गरिन्छ। तसर्थ, परमेश्‍वरले आफ्नो काम समाप्त गर्नुभएपछि मात्रै उहाँले मानिसलाई सबैभन्दा महत्त्वपूर्ण कामको बारेमा सूचित गर्नुहुन्छ। यदि उहाँको काम समाप्त भएको समयमा, उहाँले मानिसलाई मृत्यु दिनुहुन्छ भने, मानिस के हुनेछ, परमेश्‍वर के बन्‍नुहुनेछ, र शैतान के बन्‍नेछ? पृथ्वीमा मानिसको प्रेम प्राप्त गरिएपछि मात्रै "परमेश्‍वरले मानिसलाई जित्नुभएको छ" भनेर भन्‍न सकिन्छ। नत्र भने, मानिसहरूले परमेश्‍वरले मानिसलाई

हेप्नुहुन्छ भनेर भन्नेथिए, र परमेश्वर लज्जित हुनुहुनेथियो। परमेश्वर कानेखुसी समेत नगरी आफ्नो काम समाप्त गर्ने गरी मूर्ख हुनुहुन्न। तसर्थ, जब काम समाप्त हुन लागेको हुन्छ, तब परमेश्वरलाई प्रेम गर्ने बारेमा जोश उत्पन्न हुन्छ, र परमेश्वरलाई प्रेम गर्ने कार्य चर्चाको विषय बन्छ। अवश्य नै, परमेश्वरप्रतिको यो प्रेम मानिसद्वारा कलङ्कित हुँदैन; यो त विशुद्ध प्रेम हो, पतिप्रतिको विश्वासयोग्य पत्नीको प्रेम वा पत्रुसको प्रेम जस्तो हो। परमेश्वरले अय्यूब र पावलको प्रेम चाहनुहुन्न, तर यहोवाप्रतिको येशूको प्रेम, पिता र पुत्रप्रतिको प्रेम: "व्यक्तिगत घाटा वा नाफाको बारेमा विचार नगरिकन पिताको बारेमा मात्रै विचार गर्नु, अरू कसैलाई होइन, तर पितालाई मात्रै प्रेम गर्नु, अनि अरू केही कुरा नमाग्नु।" के मानिसले यसो गर्न सक्छ?

यदि हामीले तिमीहरूलाई येशू, अर्थात्, जो पूर्ण मानवतामा हुनुहुन्नथियो, उहाँले गर्नुभएको कुरासँग तुलना गर्ने हो भने हामीले के विचार गर्नेथियौं? तिमीहरूको पूर्ण मानवतामा तिमीहरू कति हदसम्म आइपुगेका छौ? के तिमीहरू येशूले गर्नुभएकोदशौं अंश हासिल गर्न सक्षम छौ? के तिमीहरू परमेश्वरको लागि क्रूसमा जान योग्य छौ? के परमेश्वरप्रतिको तिमीहरूको प्रेमले शैतानलाई लाजमा पार्न सक्छ? अनि मानिसप्रतिको तिमीहरूको कति प्रेमलाई तिमीहरूले हटाएका छौ? के यसलाई परमेश्वरप्रतिको प्रेमद्वारा प्रतिस्थापन गरिएको छ? के तिमीहरूले साँच्चै सबै कुरा परमेश्वरप्रतिको प्रेमको खातिर सहन्छौ? केही क्षणको लागि पत्रुसको बारेमा विचार गर, जो विगतको समयमा जिएका थिए, त्यसपछि आफैलाई हेर, जो आजका हौ–निकै ठूलो भिन्नता छ; तिमीहरू परमेश्वरको अघि खडा हुन अयोग्य छौ। तिमीहरूभित्र परमेश्वरप्रतिको प्रेम बढी छ कि दियाबलसप्रतिको प्रेम बढी छ? यो वैकल्पिक रूपमा स्केलको देब्रे र दायाँपट्टि राख्नुपर्दछ, ताकि कुन उच्च छ–तिहरूमा परमेश्वरप्रति वास्तवमा कति धेरै प्रेम छ भनेर हेर्न सकियोस्? के तिमीहरू परमेश्वरको अघि मर्न योग्य छौ? येशू क्रूसमा उभिन सक्नुको कारण के थियो भने, पृथ्वीमा उहाँले गर्नुभएका अनुभवहरू शैतानलाई लाजमा पार्नका लागि पर्याप्त थिए, र त्यही कारणले गर्दा मात्रै परमेश्वर पिताले उहाँलाई कामको त्यो चरण पूरा गर्न निर्धक्क साथ अनुमति दिनुभयो; यो उहाँले भोग्नुभएको कष्ट र परमेश्वरप्रतिको उहाँको प्रेमले गर्दा नै थियो। तर तिमीहरू त्यति धेरै योग्य छैनौ। तसर्थ, तिमीहरूको हृदयमा परमेश्वरलाई राख्ने कार्य हासिल गर्दै तिमीहरूले निरन्तर अनुभव गर्नुपर्छ, अरू केही गर्नु पर्दैन–के तिमीहरूले यो काम पूरा गर्न सक्छौ? यसबाट तैँले परमेश्वरलाई कति घृणा गर्छस्, र परमेश्वरलाई तैँले कति प्रेम गर्छस् भन्ने कुरा देख्न सकिन्छ। यो होइन कि परमेश्वरले मानिसलाई धेरै नै माग गर्नुहुन्छ, तर मानिसले कठिन परिश्रम गर्दैन। के अवस्थाको वास्तविकता यही होइन र? नत्र भने, तैँले परमेश्वरमा प्रेम गर्न योग्य कति धेरै कुरा भेट्टाउनेथिइस् र तैँले आफूमा कति धेरै घृणास्पद कुरा भेट्टाउनेथिइस्? तैँले यी कुराहरूलाई नजिकबाट नियाल्नुपर्छ। स्वर्गहरूमुनिका थोरैले मात्रै परमेश्वरलाई प्रेम गर्छन्भनेर भन्दा अत्युक्तिहुन्छ–तर के विश्वको रेकर्ड तोडेर परमेश्वरलाई प्रेम गरी तँ अग्रगामी बन्न सक्छस्? परमेश्वरले मानिसबाट केही पनि माग्नुहुन्न। के मानिसले यसको लागि उहाँलाई केही आदर दिन सक्दैन र? के तैँले यो कुरा समेत हासिल गर्न सक्दैनस्? भन्नुपर्ने अरू के नै छ र?

# अध्याय ४६

यी सबै वचनहरूमध्ये, आजको वचन जत्तिको बिर्सन नसकिने कुनै वचन छैनन्। यसभन्दा पहिलेका परमेश्वरका वचनहरूले मानिसका स्थितिहरू वा स्वर्गको रहस्यहरूलाई प्रकट गऱ्यो, तैपनि यो वर्तमान वाणीहरू विगतको जस्ता छैनन्। यसले गिल्ला गर्दैन वा हाँसोमा उडाउँदैन, तर यो पूर्ण रूपमा अनपेक्षित छ: यहाँ परमेश्वर शान्त भई बसेर मानिसहरूसँग कुरा गर्नुभएको छ। उहाँको अभिप्राय के हो? परमेश्वरले "आज, मैले ब्रह्माण्डभन्दा माथि नयाँ काम सुरु गरेको छु। मैले पृथ्वीका मानिसहरूलाई नयाँ सुरुवात दिएको छु, र मैले तिनीहरूलाई मेरो घरबाट निस्केर जान अनुरोध गरेको छु। अनि मानिसहरूलाई सधैँ आफैमा लिप्त हुन मन पर्ने हुनाले, म तिनीहरूलाई आत्म-सचेत हुने, र सधैँ मेरो काममा वाधा नदिने सल्लाह दिन्छु" भनी भन्नुहुँदा यसमा तँ के देख्छस्? अनि परमेश्वरले उल्लेख गर्नुभएको यो "नयाँ सुरुवात" के हो? परमेश्वरले मानिसहरूलाई पहिले नै छोडेर जान भन्नुभएको थियो, तर परमेश्वरको अभिप्राय भनेको तिनीहरूको विश्वासको जाँच गर्नु थियो। त्यसकारण आज, जब उहाँले फरक शैलीमा बोल्नुहुँदा, के उहाँ सच्चा हुनुहुन्छ कि झूटो? पहिले, परमेश्वरले बताउनुभएका परीक्षाहरूका बारेमा मानिसहरूलाई थाहा थिएन। सेवाकर्ताहरूको कार्यको चरणद्वारा मात्रै तिनीहरूले परमेश्वरका परीक्षाहरूलाई आफ्नो आँखाले देखे, र तिनीहरूले व्यक्तिगत रूपमा नै अनुभव गरे। तसर्थ, त्यसपछिको समयमा, पत्रुसका सयौं परीक्षाहरूको उदाहरणको कारण, मानिसहरूले प्रायजसो "यो परमेश्वरको परीक्षा थियो" भन्ने कुरालाई गलत रूपले विश्वास गरे। यसको साथै, परमेश्वरका वचनहरूमा तथ्यहरू विरलै आए। त्यसकारण, मानिसहरू परमेश्वरका परीक्षाहरूको बारेमा झन्-झन् गहिरो अन्धविश्वासमा डुबे, त्यसकारण परमेश्वरले बोल्नुभएका सबै वचनहरूमा, यो परमेश्वरले अघि बढाउनुभएका तथ्यहरूको कार्य हो भनेर तिनीहरूले कहिल्यै विश्वास गरेनन्; बरु, परमेश्वरसँग अरू कुनै काम नभएको हुनाले, उहाँले मानिसहरूलाई जाँच गर्न वचनहरूको निश्चित प्रयोग गरिरहनुभएको थियो भनेर तिनीहरूले विश्वास गरे। आशाविहीन देखिने तैपनि आशा दिएको जस्तो देखिने यस्ता परीक्षाहरूको बीचमा, मानिसहरूले पछ्याए, त्यसकारण परमेश्वरले "बसिरहनेहरू सबैले दुर्भाग्य र अशुभ भोग्ने सम्भावना हुन्छ" भनेर भनिसक्नुभएपछि पनि, मानिसहरूले अझै पनि पछ्याउने कार्यमा आफ्नो ध्यान केन्द्रित गरे, तसर्थ तिनीहरूसँग छोडेर जाने कुनै अभिप्राय थिएन। मानिसहरूले त्यस्ता भ्रमहरूका बीचमा पछ्याए, र कुनै आशा छैन भन्ने विषयमा तिनीहरूमध्ये एक जनाले पनि सुनिश्चित गर्ने आँट गरेनन्—यो परमेश्वरको विजयको प्रमाणको एउटा भाग हो। परमेश्वरको दृष्टिकोणले उहाँले सबै कुरालाई उहाँको सेवा गर्ने गरी मिलाउनुहुन्छ भन्ने कुरालाई देखाउँछ। मानिसहरूका भ्रमहरूले तिनीहरूलाई जुनसुकै समय वा स्थानको बावजूद, परमेश्वरलाई छोडेर नजान प्रोत्साहन दिन्छ, त्यसकारण यो चरणको अवधिमा परमेश्वरले मानिसहरूलाई उहाँको लागि गवाही दिने तुल्याउनको लागि तिनीहरूको असिद्ध उत्प्रेरणाहरूको प्रयोग गर्नुहुन्छ, र परमेश्वरले "मैले मानिसहरूको एउटा समूहलाई प्राप्त गरेको छु" भनी भन्नुभएको वचनको गहन महत्त्व त्यही हो। शैतानले अवरोधहरू पैदा गर्नको लागि मानिसका उत्प्रेरणाहरूको प्रयोग गर्छ, जबकि परमेश्वरले मानिसलाई उहाँको सेवा गर्न लगाउनको

लागि मानिसका उत्प्रेरणाहरूको प्रयोग गर्नुहुन्छ—"मानिसहरूले तिनीहरू भित्र प्रवेश गर्न सक्छन् भन्ने कल्पना गर्छन्, तर जब तिनीहरूले आफ्नो झूटो प्रवेश अनुमतिपत्र दिन्छन्, तब म तिनीहरूलाई तुरुन्तै त्यहीँ नै आगोको कुण्डमा फ्याँकिदिन्छु, र तिनीहरूले आफ्ना 'परिश्रमी प्रयासहरू' लाई ज्वालामा देख्दा, तिनीहरूले आशा गुमाउँछन्।" भन्ने परमेश्‍वरका वचनहरूको साँचो अर्थ यही हो। परमेश्‍वरले सबै कुरालाई उहाँको सेवा गर्ने तुल्याउनको लागि मिलाउनुहुन्छ, त्यसकारण उहाँले मानिसका विभिन्न विचारहरूलाई बेवास्ता गर्नुहुन्न, तर साहसका साथ मानिसहरूलाई छोडेर जान आज्ञा गर्नुहुन्छ; यो परमेश्‍वरको कामको आश्‍चर्यपन र बुद्धि हो—इमानदार वचनहरू र विधिलाई एउटैमा समावेश गर्नु, मानिसहरूलाई हक्का न बक्क र होस गुमेको अवस्थामा तुल्याउनु। यसबाट के देख्न सकिन्छ भने, परमेश्‍वरले साँच्चै नै मानिसहरूलाई उहाँको घरबाट निस्केर जान आज्ञा गरिरहनुभएको छ, यो कुनै प्रकारको परीक्षा होइन, र परमेश्‍वरले यस मौकामा यसो भन्नुहुन्छ, "तैपनि म मानिसहरूलाई यदि तिनीहरूले आशिषहरू प्राप्त गर्न सकेनन् भने, मेरो बारेमा कसैले पनि गुनासो गर्न सक्दैनन् भनेर पनि भन्छु।" परमेश्‍वरका वचनहरू सच्चा हुन् कि गलत हुन् भन्ने कुरालाई कसैले पनि बुझ्न सक्दैनन्, तैपनि परमेश्‍वरले मानिसहरूलाई स्थिर गर्न, छोडेर जाने तिनीहरूको इच्छाबाट तिनीहरूलाई मुक्त गर्नको लागि यो अवसर लिनुहुन्छ। तसर्थ, यदि कुनै दिन तिनीहरूलाई श्राप दिइयो भने, मानिसहरूले "सुन्दा नमीठो लाग्ने शब्दहरू नै राम्रा शब्दहरू हुन्" भनेर भनेजस्तै, तिनीहरूलाई परमेश्‍वरका वचनहरूले पूर्व-चेतावनी दिइसकिएको हुनेछ। आज, परमेश्‍वरप्रतिको मानिसहरूको प्रेम उत्सुक र इमानदार छ, त्यसकारण तिनीहरूले सच्चा हो कि झूटो हो भनी पत्ता लगाउन नसकेका वचनहरूमा, तिनीहरूलाई जितिए र तिनीहरूले परमेश्‍वरलाई प्रेम गर्न पुगे, त्यही कारणले परमेश्‍वरले भन्नुभयो, "मैले पहिले नै मेरो महान् काम पूरा गरिसकेको छु।" परमेश्‍वरले "मलाई आशा छ तिनीहरूले बाँच्ने तिनीहरूको आफ्नै मार्ग भेट्टाउँछन्। यसमा म शक्तिहीन छु" भनी भन्नुहुँदा, यो परमेश्‍वरका यी सबै वचनहरूको वाणीको वास्तविकता हो—तैपनि मानिसहरूलाई त्यस्तो लाग्दैन; बरु, तिनीहरूले परमेश्‍वरका वचनहरूमा अलिकति पनि ध्यान नदिइकन पछ्याएका छन्। त्यसकारण जब परमेश्‍वरले, "भविष्यमा, हाम्रो बीचमा कुनै वचनहरू हुनेछैन, हामीसँग कुराकानी गर्नलाई केही पनि हुनेछैन, हामी एक-अर्कालाई हस्तक्षेप गर्नेछैनौं, हामी आ-आफ्नै बाटो लाग्नेछौँ" भनी भन्नुहुन्छ, यी वचनहरू वास्तविक हुन्, र यी वचनहरू अलिकति पनि कलङ्कित छैनन्। मानिसहरूले जे विचार गरे पनि, परमेश्‍वरको "तर्क विहीनता" यही हो। परमेश्‍वरले पहिले नै शैतानको अघि गवाही दिइसक्नुभएको छ, र समय वा स्थानको बावजूद, सबै मानिसहरूलाई उहाँलाई छोडेर नजाने बनाउनुहुनेछ भनेर परमेश्‍वरले भन्नुभएको छ—त्यसकारण कामको यो चरणलाई पूरा गरिएको छ, र परमेश्‍वरले मानिसका गुनासाहरूलाई कुनै ध्यान दिनुहुन्न। तैपनि परमेश्‍वरले सुरुदेखि नै यो कुरालाई स्पष्ट पार्नुभएको छ, त्यसकारण मानिसहरू विवश बनेका छन्, आफ्नो रिसलाई पचाउन र आफ्नो जिब्रोलाई काबुमा राख्न बाध्य बनेका छन्। परमेश्‍वर र शैतान बीचको युद्ध पूर्ण रूपमा मानिसमा आधारित छ। मानिसहरूसँग आफूमाथि कुनै नियन्त्रण छैन; तिनीहरू पूर्ण र साँचो रूपमा कठपुतलीहरू हुन्, जबकि दृश्य पछाडिबाट कठपुतलीको डोरी तान्ने परमेश्‍वर र शैतान हुन्। जब परमेश्‍वरले मानिसहरूलाई उहाँको गवाही दिन प्रयोग गर्नुहुन्छ,

तब उहाँले मानिसहरूलाई उहाँको सेवाको निम्ति प्रयोग गर्न उहाँले विचार गर्न सक्नुहुने, सम्भव भएको सबै कुरा गर्नुहुन्छ, यसरी मानिसहरूलाई शैतानको चालबाजीमा पर्न दिनुहुन्छ, र साथै, परमेश्वरको निर्देशन मान्ने तुल्याउनुहुन्छ। अनि जब परमेश्वरले दिन चाहनुभएको गवाही समाप्त भएपछि, उहाँले मानिसहरूलाई एकातिर पन्छ्याउनुहुन्छ र कष्ट भोग्न छोडिदिनुहुन्छ, यस क्रममा तिनीहरूसँग आफ्नो कुनै सम्बन्ध नभएको जस्तो गर्नुहुन्छ। जब उहाँले मानिसहरूलाई फेरि प्रयोग गर्ने चाहना गर्नुहुन्छ, तब उहाँले तिनीहरूलाई फेरि पनि उठाउनुहुन्छ र तिनीहरूलाई प्रयोग गर्नुहुन्छ, अनि मानिसहरूलाई यसको बारेमा अलिकति पनि जानकारी छैन। तिनीहरू मालिकले आफ्नो इच्छा अनुसार प्रयोग गर्ने गोरु वा घोडा जस्तै हुन्, तिनीहरूमध्ये कसैसँग पनि आफूमाथि नियन्त्रण छैन। यो अलिक दुःखद सुनिन सक्छ, तर मानिसहरूसँग तिनीहरू आफैमाथि कुनै नियन्त्रण भए पनि नभए पनि, परमेश्वरको सेवा गर्नु भनेको आदरको कुरा हो, खिन्न हुनुपर्ने कुरा होइन। यस्तो लाग्छ मानौं परमेश्वरले यसरी नै काम गर्नुपर्छ। के सर्वशक्तिमान्‌को खाँचोलाई पूरा गर्न सक्नु गर्व गर्नुपर्ने कुरा होइन र? त्यसोभए, तँलाई के लाग्छ? के तैँले कहिल्यै परमेश्वरको लागि सेवा गर्ने संकल्प गरेको छस्? के तँ अझै पनि तेरो आफ्नै स्वतन्त्रताको खोजी गर्ने अधिकारलाई पक्रिराख्न चाहन्छस्?

जे भए पनि, परमेश्वरले गर्नुहुने सबै कुरा असल र अनुकरणयोग्य छन्, अनि मानिस र परमेश्वर आखिर फरक छन्। यही कुराको आधारमा, तैँले परमेश्वरलाई मानव हृदयले प्रेम गर्नुपर्छ, चाहे तेरो प्रेमको लागि परमेश्वरसँग कुनै कदर होस् या नहोस्। परमेश्वरका वचनहरूले परमेश्वरको हृदयभित्र ठूलो उदासपन छ भन्ने देखाउँछन्। परमेश्वरका वचनहरूले गर्दा मात्रै मानिसहरू शोधन हुन्छन्। तैपनि, आखिर यो काम हिजो मात्रै भएको हो—त्यसकारण, परमेश्वरले यसपछि वास्तवमा के गर्नुहुनेछ? यो कुरा आजको दिनसम्म गुप्त रहन्छ, त्यसैले मानिसहरू यसलाई बुझ्न वा यसलाई थाहा पाउन असमर्थ छन्, अनि परमेश्वरको सङ्गीत बजेको बेला गाउने बाहेक केही पनि गर्न सक्दैनन्। तैपनि, परमेश्वरले भन्नुहुने सबै कुरा वास्तविक छन्, र यो सबै सत्य साबित हुन्छन्—यसमा कुनै शङ्का छैन!

# भाग तीन

# मण्डलीहरूमा हिँड्ने क्रममा ख्रीष्टले दिनुभएका वचनहरू

(जुन १९९२ देखि अगष्ट २०१४ सम्म)

# परिचय

परमेश्वरका वचनहरूको यस भागमा जम्मा चार खण्डहरू छन् जुन सबै ख्रीष्टले जून १९९२ र सेप्टेम्बर २००५ को बीचमा व्यक्त गर्नुभएको थियो। तीमध्ये अधिकांश ख्रीष्टले मण्डलीहरूमा यात्रा गर्नुभएको बेलाको उहाँका प्रवचनहरूको रेकर्डिङ र सङ्गतिहरूमा आधारित छन्। तिनलाई कुनै पनि प्रकारले हेरफेर गरिएका छैनन्, न त तिनलाई पछि ख्रीष्टले नै परिवर्तन गर्नुभयो। बाँकी खण्डहरू ख्रीष्टले व्यक्तिगत रूपमा नै लेख्नुभएको हो (जब ख्रीष्टले लेख्नुहुन्छ, उहाँले सोचविचार गर्न नरोकी वा कुनै सम्पादन नगरी एउटै बसाइँमा लेख्नुहुन्छ, र उहाँका वचनहरू पूर्ण रूपमा पवित्र आत्माको अभिव्यक्ति हुन्, जसमा कुनै शङ्का छैन) हो। यी दुई प्रकारका वाणीहरूलाई अलग गर्नुको सट्टा, हामीले ती व्यक्त गरिएको मूल क्रममा नै तिनलाई एकैसाथ प्रस्तुत गरेका छौं; यसले हामीलाई उहाँको वाणीहरूको पूर्णताबाट परमेश्वरको कामका चरणहरू देख्ने र उहाँले प्रत्येक चरणमा कसरी काम गर्नुहुन्छ सो बुझ्ने तुल्याउँछ, जुन परमेश्वरको कामका चरणहरू र परमेश्वरको बुद्धिसम्बन्धी मानिसहरूको ज्ञानको निम्ति फाइदाजनक छ।

"मण्डलीहरूमा हिँड्ने क्रममा ख्रीष्टले दिनुभएका वचनहरू १" को सुरुका आठ अध्यायलाई सामूहिक रूपमा "मार्ग" भनी उल्लेख गरिन्छ–तीचाहिं ख्रीष्ट मानिसको समानतामा बराबर उभिने क्रममा उहाँले बोल्नुभएका वचनहरूको सानो भाग हुन्। तिनमा रहेको स्पष्ट फिकापनको बाबजुद पनि ती परमेश्वरको प्रेम र मानवजातिको निम्ति उहाँको वास्ताले भरिपूर्ण छन्। योभन्दा पहिले, परमेश्वर तेस्रो स्वर्गको दृष्टिकोणबाट बोल्नुभयो, जसले उहाँ र मानिसको बीचमा ठूलो दूरी निर्माण गर्‍यो, र मानिसहरूलाई परमेश्वरको सामु जान भयभीत बनायो, उहाँसँग तिनीहरूका आफ्नो जीवनका लागि बिन्ती गर्ने कुरा त परै जाओस्। त्यसकारण "मार्ग" मा परमेश्वरले मानिससँग उसकै बराबरी भई बोल्नुभयो र मार्गको दिशा देखाउनुभयो, यसरी परमेश्वरसितको मानिसको सम्बन्धलाई यसको मूल अवस्थामा पुनर्स्थापित गर्नुभयो; मानिसहरूले त्यस उप्रान्त परमेश्वरले अझै पनि बोल्ने तरिका प्रयोग गरिरहनुभएको छ कि छैन भनी शङ्का गरेनन्, र त्यस उप्रान्त मृत्युको परीक्षादेखि डराउन छोडे। परमेश्वर तेस्रो स्वर्गबाट पृथ्वीमा ओर्लिनुभयो, मानिसहरू आगो र गन्धकको कुण्डबाट परमेश्वरको सिंहासनको अगि आए, तिनीहरूले "सेवा-कर्ताहरू" को प्रेतलाई फालिदिए र नवजात बाछोहरूले झैं तिनीहरूले औपचारिक रूपमा परमेश्वरका वचनहरूको बप्तिस्मा ग्रहण गरे। तब मात्र परमेश्वरले तिनीहरूसँग घनिष्ठ रूपमा कुरा गर्न र तिनीहरूलाई जीवन प्रदान गर्ने काम अझ बढी गर्न सक्नुभयो। परमेश्वरले आफैलाई एक मानिसको रूपमा नम्र तुल्याउनुको उद्देश्य मानिसहरूको नजिक हुनु, उनीहरू र उहाँ बीचको दूरी कम गर्नु, मानिसहरूको मान्यता र भरोसा प्राप्त गर्नु, र मानिसहरूलाई जीवनको पछि लाग्न र परमेश्वरको पछि लाग्न सङ्कल्प गर्ने प्रेरणा दिनु थियो। "मार्ग" का आठ वटा अध्यायहरूलाई यस्ता कुन्जीहरूको रूपमा बुझ्न सकिन्छ जसद्वारा परमेश्वरले मानिसहरूका हृदयको ढोका खोल्नुहुन्छ, र ती सबै एकसाथ मिलेर चिनी दलिएको चक्की बन्छ, जुन चक्की उहाँले मानिसलाई दिनुहुन्छ। परमेश्वरले यो कार्य गर्नुभयो भने मात्र मानिसले परमेश्वरले बारम्बार दिनुभएको शिक्षा र हप्कीहरूमा राम्ररी ध्यान दिन सक्छन्। यो भन्न सकिन्छ, कि यसपछि

मात्र परमेश्वरले यो वर्तमान कामको चरणमा आधिकारिक रूपले जीवन प्रदान गर्ने र सत्य व्यक्त गर्ने काम थाल्नुभयो, यसरी उहाँले यी विषयहरूमा बोल्दैजानुभयो: "विश्वासीहरूले कस्तो दृष्टिकोण राख्नुपर्छ" र "परमेश्वरको कामका पाइलाहरूको सम्बन्धमा"...। के त्यस्तो विधिले परमेश्वरको ज्ञान र उहाँको गहन अभिप्रायहरूलाई देखाउँदैनन् र? यो ख्रीष्टले गर्नुहुने जीवनको प्रबन्धको सुरुआत हो, त्यसैले यी सत्यताहरू त्यसपछिका खण्डहरूभन्दा केही सतही छन्। यसको पछाडि रहेको सिद्धान्त एकदम सरल छ: परमेश्वरले मानवजातिको आवश्यकता अनुसार काम गर्नुहुन्छ। उहाँले अन्धाधुन्ध काम गर्नुहुन्न वा बोल्नुहुन्न; परमेश्वरले मात्र मानवजातिका आवश्यकताहरू पूर्ण रूपमा बुझ्नुहुन्छ, र अरू कसैमा पनि मानिसप्रति यति ठूलो प्रेम र बुझाइ छैन।

"काम र प्रवेश," मा एकदेखि दशसम्मका वाणीहरूमा, परमेश्वरका वचनहरू एउटा नयाँ चरणमा प्रवेश गर्छन्। फलस्वरूप, यी भनाइहरू सुरुमा राखिएका छन्। त्यसपछि, "मण्डलीहरूमा हिँड्ने क्रममा ख्रीष्टले दिनुभएका वचनहरू २" अस्तित्वमा आयो। यस चरणको अवधिमा, परमेश्वरले उहाँका अनुयायीहरूबाट अझ विस्तृत मागहरू गर्नुभयो, त्यस्ता मागहरू जसमा मानिसहरूको जीवनशैली, उनीहरूको क्षमताबाट के माग गरिन्छ, आदि कुराको ज्ञान सामेल छ। यी मानिसहरूले परमेश्वरको पछि लाग्ने दृढ संकल्प गरेका हुनाले, र तिनीहरूमा अब परमेश्वरको पहिचान र अस्तित्वको बारेमा कुनै शङ्का नभएकोले, परमेश्वरले सृष्टिदेखि आजको दिनसम्म उहाँको कामको भित्री सत्यताको बारेमा सङ्गति गर्दै, बाइबलको पछाडिको सत्यता प्रकट गर्दै र तिनीहरूलाई परमेश्वरको देहधारणको वास्तविक महत्त्वबारे सिकाउँदै तिनीहरूसँग औपचारिक रूपमा आफ्नै परिवारका सदस्यहरूलाई जस्तो व्यवहार गर्न थाल्नुभयो। यस खण्डमा उल्लेख गरिएका परमेश्वरका वाणीहरूले मानिसहरूलाई परमेश्वरको अस्तित्व र उहाँको कामको सारको बारेमा अझ राम्रो बुझाइ प्रदान गऱ्यो, र तिनीहरूले परमेश्वरको मुक्तिबाट प्राप्त गरेको कुरा बितेका युगहरूमा अगमवक्ताहरू र प्रेरितहरूले प्राप्त गरेको कुराभन्दा धेरै असल छ भनी बुझायो। परमेश्वरका वचनहरूको प्रत्येक पङ्क्तिबाट, तपाईंले उहाँको ज्ञानको स-साना कुराहरू, साथै उहाँको इमानदारी प्रेम र मानिसप्रतिको चासो बुझ्न सक्नुहुन्छ। ती वचनहरू व्यक्त गर्नु बाहेक परमेश्वरले एक-एक गर्दै मानिसहरूका पहिलेका धारणहरू र भ्रमहरू, मानिसहरूले पहिले कहिल्यै कल्पना नगरेका कुराहरू, साथै मानिसहरूले भविष्यमा हिँड्नु पर्ने मार्गलाई पनि सार्वजनिक रूपमा प्रकट गर्नुभयो। सायद, मानिसले अनुभव गर्न सक्ने संकीर्ण "प्रेम" यही हो! आखिर, परमेश्वरले मानिसहरूलाई तिनीहरूलाई चाहिने सबै थोकहरू दिइसक्नुभएको थियो, र कुनै कुरा बाँकी नराखी वा बदलीमा केही नमागी तिनीहरूले मागेका थोकहरू पनि दिनुभएको थियो।

यस खण्डका विभिन्न विशेष अध्यायहरूले बाइबललाई सम्बोधन गर्दछ। बाइबल हजारौं वर्षदेखि मानव इतिहासको एउटा हिस्साको रूपमा रही आएको छ। यसबाहेक, मानिसहरूले यसलाई परमेश्वर जस्तो व्यवहार गर्छन्, यहाँसम्म कि आखिरी दिनहरूमा यसले परमेश्वरको स्थान लिएको छ, जसले परमेश्वरमा घृणा उत्पन्न गर्दछ। यसैले, समयले साथ दिँदा परमेश्वरले बाइबलको भित्री कथा र उत्पत्तिबारे स्पष्ट पार्न आफू बाध्य भएको महसुस गर्नुभयो; यदि उहाँले त्यसो नगर्नुभएको भए, बाइबलले मानिसहरूका हृदयमा परमेश्वरको स्थान ओगटी नै रहने थियो र परमेश्वरका कामहरू

नाप्न र निन्दा गर्नको लागि मानिसहरूले बाइबलका वचनहरू प्रयोग गर्नेथिए। बाइबलको सार, संरचना र त्रुटिहरूबारे व्याख्या गरेर परमेश्वरले कुनै पनि हालतमा बाइबलको अस्तित्वलाई इन्कार गरिरहनुभएको थिएन, न त उहाँले दोषी ठहर्दैहुनुहुन्थ्यो; बरु उहाँले बाइबलको मौलिक स्वरूप पुनर्स्थापना गर्ने, बाइबलप्रति भएको मानिसहरूको भ्रमहरूलाई सम्बोधन गर्ने, तिनीहरूलाई बाइबलको सही दृष्टिकोण प्रदान गर्ने उचित र सुहाउँदो विवरण दिइरहनुभएको थियो, यसैले कि तिनीहरूले उप्रान्त बाइबलको पूजा नगरून्, र अब उप्रान्त तिनीहरू नहराऊन्; भन्नुको तात्पर्य यो हो कि, तिनीहरूले बाइबलप्रतिको आफ्नो अन्धो विश्वासलाई परमेश्वरमाथिको विश्वास र परमेश्वरको आराधना ठान्ने गल्ती नगरून्, त्यसको वास्तविक पृष्ठभूमि र असफलताहरूको सामना गर्न समेत नडराऊन्। जब मानिसहरूले बाइबलको बारेमा शुद्ध ज्ञान पाउँछन्, तब तिनीहरूले कुनै सङ्कोच नमानी त्यसलाई पन्साउन अनि साहस पूर्वक परमेश्वरका नयाँ वचनहरूलाई स्वीकार गर्न सक्छन्। यी केही अध्यायहरूमा परमेश्वरको लक्ष्य यही हो। परमेश्वरले यहाँ मानिसहरूलाई बताउन चाहनुभएको सत्यता के हो भने, कुनै पनि सिद्धान्त वा तथ्यले परमेश्वरको आजका काम र वचनको स्थानलाई लिन सक्दैन र परमेश्वरको स्थानमा कुनै पनि थोक खडा हुन सक्दैन। यदि मानिसहरू बाइबलको पासोबाट उम्कन सक्दैनन् भने, तिनीहरू कहिल्यै पनि परमेश्वरको सामु आउन सक्नेछैनन्। यदि तिनीहरू परमेश्वरको सामु आउन चाहन्छन् भने, तिनीहरूले पहिले आफ्नो हृदयमा उहाँको स्थान लिने कुनै पनि थोकलाई हटाउनुपर्छ; तब तिनीहरू परमेश्वरका निम्ति सन्तोषजनक हुनेछन्। परमेश्वरले यहाँ बाइबलको बारेमा व्याख्या गर्नुभएको भए पनि, बाइबल बाहेक मानिसहरूले पुज्ने धेरै वटा गलत कुराहरू छन् भन्ने नबिर्सनुहोस्; तिनीहरूले आराधना नगर्ने भनेका, साँचो रूपमा परमेश्वरबाट आएका कुराहरू मात्र हुन्। परमेश्वरले मानिसहरूलाई तिनीहरूले परमेश्वरमा विश्वास गर्दा र उहाँका वचनहरू स्वीकार गर्दा गलत बाटो नलिऊन् र फेरि अतिवादी कुरातिर लागेर भ्रमको शिकार नहोऊन् भनी स्मरण गराउन मात्र बाइबललाई उदाहरणको रूपमा प्रयोग गर्नुहुन्छ।

परमेश्वरले मानिसलाई प्रदान गर्नुहुने वचनहरू सतहबाट गहनतातर्फ बढ्छ। उहाँका भनाइहरूका विषयहरू मानिसहरूका बाहिरी आचरण र कार्यहरूबाट तिनीहरूको भ्रष्ट स्वभावतिर बढ्छन्, जहाँबाट परमेश्वरले आफ्नो भाषाको भालाको टुप्पोले मानिसको आत्माको सबैभन्दा गहिरो भागमा ताक्नुहुन्छ: तिनीहरूको सारमा। "मण्डलीहरूमा हिँड्ने क्रममा ख्रीष्टले दिनुभएका वचनहरू ३" व्यक्त गरिएको अवधिमा, परमेश्वरका भनाइहरूले मानिसको सार र पहिचान र वास्तविक व्यक्ति बन्नुको अर्थ के हो लाई जोड दिन्छ—मानिसको जीवनको प्रवेशसम्बन्धी यी गहन सत्यता र आवश्यक प्रश्नहरूलाई। अवश्य, "मण्डलीहरूमा हिँड्ने क्रममा ख्रीष्टले दिनुभएका वचनहरू १," मा परमेश्वरले मानिसलाई प्रदान गर्नुभएका सत्यताहरूलाई विचार गर्दा, "मण्डलीहरूमा हिँड्ने क्रममा ख्रीष्टले दिनुभएका वचनहरू ३" भन्ने विषयवस्तु तुलनात्मक रूपले अति नै गहन छ। यस खण्डका वचनहरूले मानिसका भविष्यको बाटो र तिनीहरू कसरी सिद्ध बनाइन सक्छन् भन्ने विषयमा बताउँछ; तिनले मानवजातिको भविष्यको गन्तव्यलाई, र परमेश्वर र मानिस कसरी एकसाथ विश्राममा प्रवेश गर्नेछन् सो कुरालाई पनि छुन्छन्। (यो भन्न सकिन्छ, आजको दिनसम्म

परमेश्वरले मानिसहरूलाई तिनीहरूको सार, तिनीहरूका मिसन र तिनीहरूका गन्तव्यको सम्बन्धमा व्यक्त गर्नुभएका वचनहरू हुन्, जुन बुझ्न अति नै सजिलो छ)। परमेश्वर यो आशा गर्नुहुन्छ कि यी वचनहरू पढ्ने मानिसहरू ती हुन् जसले आफूलाई मानवीय धारणा र कल्पनाबाट अलग राखेका छन्, जो आफ्ना हृदयको गहिराइमा परमेश्वरको हरेक वचनलाई शुद्ध रूपमा बुझ्न सक्षम छन्। यसबाहेक, उहाँ यो आशा गर्नुहुन्छ, कि यी वचनहरू पढ्ने सबैले उहाँका वचनहरूलाई सत्य, मार्ग र जीवनको रूपमा लिन सकून् र तिनीहरूले परमेश्वरलाई हलकासाथ नलिऊन् वा उहाँसित खुसामदी नगरून्। यदि मानिसहरूले परमेश्वरलाई जाँच्ने वा परीक्षण गर्ने मनोवृत्तिका साथ यी वचनहरू पढ्छन् भने तिनीहरूका निम्ति ती वाणीहरू बन्द पुस्तकजस्तो लाग्नेछ। सत्यको पछि लाग्नेहरू, परमेश्वरलाई पछ्याउन दृढ संकल्प गर्नेहरू, र उहाँप्रति रत्तीभर पनि शङ्का नगर्नेहरू मात्रै यी वचनहरू स्वीकार्न योग्यका हुन्छन्।

"मण्डलीहरूमा हिँड्ने क्रममा ख्रीष्टले दिनुभएका वचनहरू ४" ईश्वरीय वाणीको अर्को श्रेणी हो जुन "सम्पूर्ण ब्रह्माण्डको लागि परमेश्वरका वचनहरू" पछि आउँछ। यस खण्डमा परमेश्वरका उपदेशहरू, शिक्षाहरू र इसाई सम्प्रदायहरूका मानिसहरूलाई दिइएका प्रकाशहरू समावेश छन्, जस्तै: "तैँले येशूको आत्मिक शरीरलाई देख्दासम्ममा, परमेश्वरले स्वर्ग र पृथ्वीलाई नयाँ बनाइसक्नुभएको हुनेछ," "ख्रीष्ट अनुरूप नभएकाहरू निश्चय नै परमेश्वरका विरोधीहरू हुन्।" यसमा मानवजातिबाट परमेश्वरले गर्नुभएका विशेष मागहरू पनि समावेश छ, जस्तै: "तेरो गन्तव्यका लागि पर्याप्त असल कार्यहरु तयार गर्," "तीन अर्तीहरू," "अपराधले मानिसलाई नर्कतर्फ डोर्याउनेछ।" धेरै पक्षहरूलाई समेटिएका छन्, जस्तै सबै प्रकारका मानिसहरूका लागि दिइने प्रकाशहरू र दण्डहरू अनि परमेश्वरलाई कसरी चिन्ने सम्बन्धी वचनहरू। यो भन्न सकिन्छ, कि यो खण्ड परमेश्वरले मानवजातिलाई गर्नुहुने न्यायको मुख्य भाग हो। परमेश्वरका वाणीहरूको यस खण्डको सबैभन्दा अविस्मरणीय भाग भनेको, जब परमेश्वरले आफ्नो कामको पर्दा बन्द गर्न लाग्नुभएको थियो, तब उहाँले मानिसको हड्डीको मासीमा अर्थात् उसको केन्द्रमा के छ त्यो खुलस्त गर्नुभएको कुरा नै हो: विश्वासघात। उहाँको उद्देश्य मानिसहरूले अन्त्यसम्मै निम्न तथ्यहरू जानून्, र त्यसको छाप तिनीहरूका हृदयको गहिराइमा राखून् भन्ने हो: तपाईंले जति लामो समयदेखि परमेश्वरलाई पछ्याउनुभएको भए पनि, तपाईंको स्वभावले अझै पनि परमेश्वरलाई धोका दिन्छ। अर्को शब्दमा, परमेश्वरलाई धोका दिनु मानिसको स्वभाव नै हो, किनभने मानिसहरूले आफ्नो जीवनमा पूर्ण परिपक्वता प्राप्त गर्न सक्दैन, र तिनीहरूका स्वभावमा सापेक्षिक परिवर्तन मात्र हुन सक्छ। "विश्वासघात (१)" र "विश्वासघात (२)," यी दुई अध्यायहरूले मानिसहरूलाई ठूलो प्रहार गर्ने भए पनि, ती साँच्चै मानिसहरूलाई परमेश्वरले दिनुभएका सबैभन्दा विश्वासयोग्य र परोपकारी चेतावनी हुन्। जब मानिसहरू आत्मसन्तुष्टि र स्व-अभिमान हुन्छन्, तब यी दुई अध्यायहरू पढेपछि कम्तीमा पनि तिनीहरूले आफ्नो दुष्टताको जाँच गर्छन्, र तिनीहरू शान्त हुन्छन्। यी दुई अध्यायद्वारा परमेश्वरले सबै मानिसलाई के कुरा स्मरण गराउनुहुन्छ भने, तपाईंको जीवन जति नै परिपक्व भए पनि, तपाईंको जीवनका अनुभवहरू जति नै गहिरा भए पनि, तपाईंको आत्मविश्वास जति नै ठूलो भए पनि, तपाईं जुनसुकै ठाउँमा जन्मनुभएको भए पनि र तपाईं जतातिर

गइरहनुभएको भए पनि, परमेश्वरलाई धोका दिने तपाईंको स्वभाव कुनै पनि समय र कुनै पनि ठाउँमा प्रकट हुनसक्छ। परमेश्वरले हरेक व्यक्तिलाई यो कुरा बताउन चाहनुहुन्छ: परमेश्वरलाई धोका दिनु हरेक व्यक्तिको जन्मजात प्रकृति हो। अवश्य, यी दुई अध्यायहरू व्यक्त गर्ने कार्यमा परमेश्वरको अभिप्राय भनेको मानवजातिलाई हटाउने वा दोषी ठहऱ्याउने बहाना खोज्नु होइन, तर मानिसलाई मानव प्रकृतिको बारेमा अझ सजग गराउनु हो, ताकि तिनीहरू परमेश्वरको अगुवाइ प्राप्त गर्न हरसमय परमेश्वरको अगाडि होसियारीसाथ जिउन सकून्, जसले तिनीहरूलाई परमेश्वरको उपस्थिति गुमाउने र कहिल्यै नफर्कने बाटोमा खुट्टा राख्नबाट जोगाउनेछ। परमेश्वरलाई पछ्याउने सबैका लागि यी दुई अध्याय चेताउनीको घण्टी हो। आशा छ, मानिसहरूले परमेश्वरको गहन अभिप्रायहरूलाई बुझ्नेछन्; आखिर, यी वचनहरू सबै निर्विवाद तथ्यहरू हुन्–त्यसैले परमेश्वरले कहिले र कसरी ती व्यक्त गर्नुभयो भनेर मानिसले मोलतोल गर्नु किन आवश्यक छ र? यदि परमेश्वरले यी सबै थोक आफैमा राख्नुभएको भए, र मानिसहरूले उहाँ तिनीहरूसँग बोल्नु उपयुक्त छ भनी विश्वास नगरेसम्म पर्खनुभएको भए, के त्यो धेरै ढिलो हुनेथिएन र? त्यो सबैभन्दा उपयुक्त समय कहिले हुनेथियो?

यी चार खण्डहरूमा परमेश्वरले विभिन्न तरिकाहरू र दृष्टिकोणहरू प्रयोग गर्नुहुन्छ। उदाहरणका लागि, कहिलेकहीँ उहाँले व्यङ्ग्य प्रयोग गर्नुहुन्छ, र कहिले सीधा प्रबन्ध गर्ने र शिक्षा दिने तरिका प्रयोग गर्नुहुन्छ; कहिलेकहीँ उहाँले उदाहरण प्रयोग गर्नुहुन्छ, र कहिले कडा हप्कीहरूको प्रयोग गर्नुहुन्छ। समग्रमा, सबै प्रकारका विभिन्न तरिकाहरूको प्रयोग गरिएको छ, जसको लक्ष्य मानिसहरूका विभिन्न अवस्थाहरू र स्वादहरूलाई पूरा गर्नु हो। उहाँ जुन दृष्टिकोणबाट बोल्नुहुन्छ त्यो उहाँका वाणीहरूका विभिन्न तरिकाहरू र विषयअनुसार परिवर्तन हुन्छन्। उदाहरणका लागि, कहिलेकहीँ उहाँले "म" वा "मलाई" भनी भन्नुहुन्छ; अर्थात् उहाँले परमेश्वर स्वयम्को दृष्टिकोणबाट बोल्नुहुन्छ। कहिलेकहीँ तेस्रो व्यक्तिको दृष्टिकोणबाट बोल्दै, "परमेश्वर" यो वा त्यो हुनुहुन्छ भनी भन्नुहुन्छ, र अरू बेला उहाँले मानिसको दृष्टिकोणबाट बोल्नुहुन्छ। उहाँले जुनसुकै दृष्टिकोणबाट बोल्नुभए पनि, उहाँको सार परिवर्तन हुँदैन, किनकि उहाँ जसरी बोल्नुभए पनि उहाँले व्यक्त गर्नुहुने सबै कुरा परमेश्वर स्वयम्को सार हो–सम्पूर्ण सत्यता यही हो, र मानवजातिलाई चाहिने कुरा यही नै हो।

# मण्डलीहरूमा हिँड्ने क्रममा ख्रीष्टले दिनुभएका वचनहरू १

(जुन १९९२ देखि अक्टोबर १९९२ सम्म)

# मार्ग ... (१)

आफ्नो जीवनकालमा, कसैले पनि उसले कस्तो प्रकारको झट्काहरू सामना गर्ने गइरहेको छ, उसले कस्तो प्रकारको शोधनबाट गुज्रनुपर्छ भनी जान्दैन। कसैको निम्ति त्यो तिनीहरूको काममा हुन्छ, कसैको निम्ति त्यो तिनीहरूको भावी संभाव्यताहरूमा हुन्छ, कसैको लागि त्यो तिनीहरू जन्मेको परिवारमा हुन्छ, अनि कसैको निम्ति त्यो तिनीहरूको विवाहमा हुन्छ। तर तिनीहरू र हाम्रोबीचमा भिन्नता के छ भने आज, हामी, यस झुण्डका मानिसहरू, परमेश्‍वरको वचनको माझमा कष्ट भोगिरहेका छौँ। भनाइको अर्थ, परमेश्‍वरको सेवा गर्ने मानिसहरू भएको हुनाले, हामीले उहाँलाई विश्‍वास गर्ने बाटोमा झट्काहरू भोगेका छौँ, जुन सबै विश्‍वासीहरूले लिने अनि हाम्रो पाउमुनि रहेको बाटो हो। यस बिन्दुपछाडि हामीले आधिकारिक रुपमा परमेश्‍वरमा विश्‍वास गर्ने पथ सुरु गर्छौं, आधिकारिक रूपले मानव जीवन थालनी गर्छौं, अनि जीवनको सही मार्गमा पाइला राख्छौँ। अर्को शब्दमा भन्‍नुपर्दा, यस समयमा हामी मानिसको साथमा बस्‍नुहुने परमेश्‍वरको सही बाटोमा पाइला राख्छौँ, जुन सामान्य मानिसहरूले लिने बाटो हो। परमेश्‍वरको सामु खडा हुने र सेवा गर्ने मानिसको हैसियतले—जसले मन्दिरमा पूजाहारीको वस्त्र पहिरिन्छ, अनि परमेश्‍वरको प्रतिष्ठा, अधिकार तथा प्रताप धारण गर्छ उक्त व्यक्तिको हैसियतले—म विशेष गरी सबै मानिसहरूलाई निम्न कुरा घोषणा गर्छुः परमेश्‍वरको महिमावान् मुहार मेरो महिमा हो, उहाँको व्यवस्थापन योजना मेरो सार हो। म आउने संसारमा सय गुणा हासिल गर्न खोज्दिनँ बरु यस संसारमा केवल परमेश्‍वरको इच्छा मात्र पूरा गर्न खोज्छु, ताकि मैले देहमा सानो प्रयास लगाएको कारणले उहाँलाई पृथ्वीमा उहाँको महिमाको सानो अंशको आनन्द मिलोस्। मेरो इच्छा यही मात्रै हो। मेरो विचारमा, केवल यही मेरो आत्मिक भरणपोषण हुन्। मलाई विश्‍वास छ, जो देहमा जिउँछन् र जो भावनाले भरिपूर्ण छन् ती व्यक्तिहरूका यी "अन्तिम वचनहरू" हुनुपर्छ। आज मेरो पाउमुनि यही बाटो छ। मलाई यो पनि विश्‍वास छ कि मेरो यो दृष्टिकोण देहको रूपमा मेरा अन्तिम वचनहरू हुन्, अनि मलाई आशा छ, मानिसहरूसित मेरो बारेमा धारणाहरू वा अरू विचारहरू छैनन्। मैले मेरा सबै कुरा दिइसके तापनि, मैले अझै स्वर्गमा परमेश्‍वरको इच्छा पूरा गर्न सकेको छैनँ। म असीम रूपले दुःखी छु। किन देहको सार यस्तो हुन्छ? यसरी, मैले विगतमा गरेका कुराहरू र परमेश्‍वरले ममाथि सम्पन्‍न गर्नुभएको विजयको कामको परिणामस्वरूप मात्र मैले मानवजातिको सारको गहिरो बुझाइ हासिल गरेँ। त्यसपछि मात्रै मैले आफ्नो निम्ति अत्यन्तै आधारभूत मापदण्ड तोकेँ: परमेश्‍वरको इच्छाअनुसार गर्न मात्रै खोज्नु, मेरो सबै थोक यसमा लगाउनु, अनि मेरो विवेकलाई भार पर्ने केही पनि साथमा नराख्नु। परमेश्‍वरको सेवा गर्ने अरूहरूले आफ्नो लागि के मापदण्ड राख्छन्, म त्यसलाई वास्ता गर्दिनँ। छोटकरीमा भन्‍नुपर्दा, मैले उहाँको इच्छाअनुसार गर्नको निम्ति आफ्नो हृदय लगाएको छु। उहाँको सामु सेवा गर्ने उहाँको सृष्टिको एक वस्तुको हैसियतमा—जो उहाँद्वारा उद्धार गरिएको र प्रिय ठानिएको छ र जसले उहाँका प्रहारहरू सहेको छ, त्यो व्यक्तिको हैसियतमा—यो मेरो स्वीकारोक्ति हो। यो त्यो व्यक्तिको स्वीकारोक्ति हो जसलाई उहाँद्वारा देखरेख गरिएको, सिद्ध तुल्याइएको, प्रेम गरिएको र वृहत् रूपमा प्रयोग गरिएको छ। अबउप्रान्त म परमेश्‍वरद्वारा मलाई सुम्पिइएको महत्वपूर्ण काम

मैले पूरा नगरेसम्म यही बाटोमा अघि बढिरहनेछु। तर मेरो विचारमा, बाटोको अन्त्य निकट छ, किनकि उहाँको काम पूरा भएको छ, अनि आजसम्ममा, मानिसहरू जे गर्न सक्षम छन्, तिनीहरूले त्यो सबै गरिसकेका छन्।

पुनर्प्राप्तिको यस धारभित्र मूलभूमि चीनको प्रवेशले बिस्तारै पवित्र आत्माको कामको वरिपरि केन्द्रित भएका स्थानीय मण्डलीहरूको उदय गराएको छ। परमेश्‍वरले यी स्थानीय मण्डलीहरूमा अटुट रुपमा काम गर्नुभएको छ, किनकि यस समयमा जन्मेका मण्डलीहरू पतित साम्राज्यवादी परिवारमा परमेश्‍वरको मुटु बनेका छन्। भन्‍नै पर्दैन, त्यस्तो परिवारमा स्थानीय मण्डलीहरू स्थापना गर्न पाउँदा परमेश्‍वर अत्याधिक खुशी हुनुहुन्थ्यो–उहाँको खुशीलाई बयान गर्नै असम्भव छ। चीनमा स्थानीय मण्डलीहरू स्थापना गर्नुभएपछि अनि संसारभरिका अन्य स्थानीय मण्डलीहरूमा भएका दाजुभाइ तथा दिदीबहिनीहरूलाई यो असल खबर फैलाउनुभएपछि, परमेश्‍वर धेरै नै उत्साहित हुनुभयो–यो उहाँले मूलभूमि चीनमा गर्न चाहनुभएको कामको पहिलो कदम थियो। यो उहाँको पहिलो काम थियो भनेर पनि भन्‍न सकिन्छ। अनि, कुनै पनि मानिस वा चीजले भेद गर्न नसक्ने भूतहरूको यस्तो किल्लामा उहाँको कामको पहिलो कदम सुरु गर्ने उहाँको क्षमता के परमेश्‍वरको महान् शक्ति होइन र? यो कामको पुनर्प्राप्तिको निम्ति, असंख्य दाजुभाइ तथा दिदीबहिनीहरू दियाबलसहरूको निर्दयी चक्कुमुनि शहीद भएका छन्। यो विषयलाई अहिले उठाउँदा यसले मलाई पीडा दिन्छ र क्रोधित तुल्याउँछ, तर अधिकांश रूपमा कष्टका दिनहरू बितिसकेका छन्। परमेश्‍वरको निम्ति म काम गर्न सक्षम हुनु र म आज जहाँ छु, त्यहाँसम्म आइपुग्न सक्षम हुनु पूर्ण रूपले परमेश्‍वरको पराक्रमी शक्तिको कारण भएको हो। म तिनीहरूको निम्ति ठूलो आदर अनुभूति गर्छु जसलाई परमेश्‍वरले शहादतको निम्ति छनौट गर्नुभयो; तिनीहरू परमेश्‍वरको इच्छाअनुसार कार्य गर्न र परमेश्‍वरको निम्ति आफैलाई बलिदान गर्न सक्षम भए। इमान्दार भएर भन्‍नुपर्दा, यदि परमेश्‍वरको अनुग्रह र कृपा नहुँदो हो त, म धेरै समयअघि नै दलदलमा भास्सिसक्थेँ। परमेश्‍वरलाई धन्यवाद होस्! म परमेश्‍वरलाई सारा महिमा दिन चाहन्छु ताकि उहाँ विश्राममा रहन सक्नुहोस्। कोही मानिसहरू मलाई सोध्छन्ः “तपाईंको पदको कारणले, तपाईंले मर्नु हुँदैन। परमेश्‍वरले मृत्यु उल्लेख गर्नुहुँदा तपाईं खुशी हुनुभएको कारण के हो?” प्रत्यक्ष उत्तर दिनुको सट्टामा म केवल अलिकति मुस्कुराउँछु र भन्छु, “मैले खोजी गर्नुपर्ने, मैले पूर्ण रूपले पछ्याउनुपर्ने बाटो नै यही हो।” मेरो प्रत्युत्तरद्वारा मानिसहरू चकित हुन्छन्। तिनीहरूले आश्‍चर्यचकित हुँदै, मलाई अलि शंका गर्दै, मलाई हेर्न मात्र सक्छन्। तथापि, म के विश्‍वास गर्छु भने यो बाटो मैले रोजेको बाटो भएकोले र परमेश्‍वरको अघि यो मेरो अठोट पनि भएकोले, कठिनाइहरू जतिसुकै ठूला भए पनि, मैले संघर्ष गर्दै अघि बढ्नुपर्छ। मलाई लाग्छ, परमेश्‍वरको सेवा गर्ने जतिले यो प्रतिज्ञामा अडिग रहिरहनुपर्छ–तिनीहरू आफ्नो वचनबाट अलिकति पनि पछि हट्नु हुँदैन। यो पनि एउटा नियम हो, लामो समयअघि व्यवस्थाको युगमा स्थापित एउटा विधि जुन परमेश्‍वरमा विश्‍वास गर्ने हरेकले बुझ्नुपर्छ। मेरो अनुभवमा, परमेश्‍वरको मेरो ज्ञान ठूलो नभए तापनि अनि मैले वास्तवमा जे अनुभव गरेको छु, त्यो नगण्य र उल्लेख गर्न लायक नभएको भए तापनि–यस्तो कि जसको बारेमा बोल्न मसित कुनै चलाखीपूर्ण अन्तर्दृष्टिहरू छैनन्–परमेश्‍वरका

वचनहरूलाई पालना गरिनुपर्छ, अनि यिनलाई विरोध गर्न सकिँदैन। पूर्ण इमान्दारिताका साथ भन्नुपर्दा, मेरा आफ्नै अनुभवहरू नगण्य छन् तर परमेश्‍वरले मेरो गवाही दिनुहुने भएकोले अनि मानिसहरूले म व्यक्तिको रूपमा जस्तो छु त्यसमा सधैँ अन्धो भएर विश्‍वास गर्ने भएकोले म के गर्न सक्छु र? तापनि, म अझै आशा गर्छु कि मानिसहरूले परमेश्‍वरलाई प्रेम गर्ने विषयमा आफ्ना विचारहरूलाई सुधार्नेछन्। म व्यक्तिको रूपमा जस्तो छु, त्यसले कुनै प्रभाव पार्दैन; किनकि म पनि परमेश्‍वरमाथिको विश्‍वासको बाटोलाई खोजी गर्छु, अनि मैले हिँड्ने बाटो पनि परमेश्‍वरमा विश्‍वास गर्ने बाटोभन्दा अरू केही होइन। एउटा व्यक्ति राम्रो हुन सक्ला, तर ऊ आराधनाको वस्तु हुनुहुँदैन–तिनीहरू पछ्याउनका निम्ति एउटा नमूना मात्र हुन सक्छन्। म अरूले के गर्छन्, त्यसको वास्ता गर्दिनँ तर म मानिसहरूसामु घोषणा गर्छु कि म पनि परमेश्‍वरलाई महिमा दिन्छु; म देहलाई आत्माको महिमा दिँदिनँ। मलाई आशा छ, यस विषयमा हरेकले मेरा भावनाहरू बुझ्न सक्छन्। यो मैले मेरो जिम्मेवारी छलेको होइनँ, यो त पूरा कथा हो। यो घामजस्तै छर्लङ्ग हुनुपर्छ, त्यसैले यसको बारेमा फेरि बोलिनेछैनँ।

आज, मैले परमेश्‍वरको सामु अन्तर्दृष्टि प्राप्त गरेँ। यस पृथ्वीमा परमेश्‍वरको काम मुक्तिको काम हो। यो कुनै पनि कुराद्वारा कलङ्कित हुँदैन। कोही मानिसहरूले अन्यथा सोच्न सक्छन्, तर मैले सधैँ के महसुस गरेको छु भने पवित्र आत्माले केवल कामको एउटा चरण मात्र–मुक्तिको काम मात्र–गरिरहनुभएको छ, र उहाँले अरू कुनै पनि काम गरिहनुभएको छैन। यो कुरा स्पष्ट हुनुपर्छ। अहिले मात्र मूलभूमि चीनमा पवित्र आत्माको काम स्पष्ट भएको छ। अनि किन परमेश्‍वरले जताततै भूतहरू व्याप्त रहेको यस्तो ठाउँमा सबै बाटोहरू खोल्न र काम गर्न चाहनुहुन्छ त? यसले सबै कुराहरूभन्दा पहिले, परमेश्‍वरले मुक्तिको काम गरिरहनुभएको छ भन्ने देखाउँछ। अझ सही रूपमा भन्नुपर्दा, यो मुख्यतः विजयको काम हो। येशूको नाउँ सुरुदेखि नै पुकारिएको छ। (सायद केहीले यसलाई अनुभव गरेका छैनन् होला, तर म यसलाई पवित्र आत्माको कामको एउटा कदम थियो भनेर भन्छु)। यो कुरा अनुग्रहको युगको येशूबाट अलग हुनको निम्ति थियो, त्यसैले केही मानिसहरू पहिलेदेखि नै चुनिएका थिए, अनि त्यसपछि त्यो छनौटलाई अझ साँघुरो बनाइयो। त्यसपछि, विट्नेस लीको नाउँ चीनमा पुकारियो जुन चीनमा पुनर्प्राप्तिको कामसम्बन्धी पवित्र आत्माको दोस्रो भाग हो। कामको यो पहिलो कदम थियो जसमा पवित्र आत्माले मानिसहरूलाई छनौट गर्न सुरु गर्नुभयो, जुन पहिले मानिसहरूलाई एकत्रित गर्नु र तिनीहरूलाई देखरेख गर्न गोठालाको प्रतीक्षा गर्नु थियो; "विट्नेस ली" नाउँ त्यो सेवा सञ्चालन गर्न प्रयोग गरियो। परमेश्‍वरले व्यक्तिगत रूपले "शक्तिशाली" नाउँको गवाही दिने कार्यमा आफ्नो काम गर्नुभयो र त्यसभन्दा अघि, यो एउटा तयारी चरणमा थियो। त्यसैले त्यो सही वा गलत थियो भन्ने कुरा महत्वपूर्ण छैन, र त्यो कुरा परमेश्‍वरको योजनाभित्र मुख्य मामिला पनि होइन। "शक्तिशाली" नाउँको गवाहीपछि, परमेश्‍वरले व्यक्तिगत तवरमा आधिकारिक रूपले नै उहाँको आफ्नै काम सुरु गर्नुभयो र त्यसपछि, देहका रूपमा परमेश्‍वरका कार्यहरू आधिकारिक रूपमा सुरु भए। "शक्तिशाली प्रभु" को नाउँद्वारा उहाँले ती सबैलाई नियन्त्रण गर्नुभयो जो विद्रोही र अनाज्ञाकारी थिए। तिनीहरूमा मानवजातिसँगको समानता देखा पर्न थाले, त्यसरी नै जसरी मानिसहरू तेइस-चौबीस वर्षको उमेर पुग्दा प्रौढ देखिन थाल्छन्; अर्थात् मानिसहरूले

सामान्य मानवजातिको जीवन जिउन भर्खरै सुरु गरेका थिए। सेवाकर्ताहरूको परीक्षामार्फत परमेश्वरको काम प्राकृतिक रूपले ईश्वरीय काम गर्ने चरणमा परिवर्तन भयो। यसो भन्न सकिन्छ कि कामको केवल यही कदमले मात्र उहाँको अधिकांश कामको मूल तत्व निर्माण हुन्छ अनि उहाँको काममा यही नै प्राथमिक कदम हो। मानिसहरूले आफैलाई जान्दछन् र आफैलाई घृणा गर्छन्। तिनीहरू एउटा बिन्दुमा पुगेका हुन्छन् जहाँ तिनीहरूले आफैलाई श्राप दिन सक्छन्, तिनीहरू आफ्नै जीवन परित्याग गर्नुमा खुशी हुन्छन्, अनि तिनीहरूसित परमेश्वरको प्रेमिलोपनको हल्का चेतना हुन्छ जसको जगमाथि तिनीहरूले मानव अस्तित्वको साँचो अर्थ जान्न पुग्छन्–र यसरी परमेश्वरको इच्छालाई हासिल गर्छन्। मूलभूमि चीनमा परमेश्वरको काम समाप्तिमा आइपुग्दै छ। परमेश्वरले यस फोहोरभूमिमा धेरै वर्षदेखि आफ्नो तयारीहरू गर्दै आउनुभएको छ, तापनि मानिसहरू आज जुन बिन्दुमा पुगेका छन् त्यो तिनीहरूले पहिले कहिल्यै हासिल गरेका थिएनन्, जसको अर्थ केवल आज मात्र परमेश्वरले औपचारिक रूपले काम सुरु गर्नुहुन्छ। यसको लागि कुनै अरू विवरण वा स्पष्टता जुटाउन आवश्यक छैन। यो काम प्रत्यक्ष रूपमा परमेश्वरको ईश्वरत्वद्वारा गरिन्छ तर यो मानिसमार्फत सम्पन्न हुन्छन् भन्नु पूर्णतया सही हुन्छ। यसलाई कसैले इन्कार गर्न सक्तैन। निश्चय नै पृथ्वीमा परमेश्वरको महान् शक्तिको कारणले नै व्यभिचारको यो भूमिमा उहाँको काम हालको हदसम्म मानिसहरूसम्म पुग्न सक्यो। मानिसहरूलाई विश्वस्त पार्नको लागि यो कामको फललाई कुनै पनि ठाउँमा लैजान सकिन्छ। कसैले पनि यसलाई हल्का रूपले मूल्याङ्कन वा अलोचना गर्ने र इन्कार गर्ने साहस गर्न सक्दैन।

## मार्ग ... (२)

हाम्रा दाजुभाइ तथा दिदीबहिनीहरूसित मूलभूमि चीनमा परमेश्वरको कामको क्रम, कदम र विधिहरूको केही ज्ञान हुन सक्छ, तर म अझै पनि यी कुराहरूलाई स्मरण गर्नु वा तिमीहरूलाई तिनको संक्षिप्त सारांश दिनु उचित हुन्छ भन्ने विश्वास गर्छु। म यस अवसरलाई मेरो हृदयमा भएको कुरा भन्नलाई प्रयोग गर्नेछु, र म यस कामभन्दा परको विषयहरूमा बोल्ने छैनँ। म दाजुभाइ तथा दिदीबहिनीहरूले मेरो मनस्थिति बुझ्नेछन् भन्ने आशा गर्छु र मेरा वचनहरू पढ्ने ती सबैलाई मेरो सानो कद, मेरो जीवन अनुभवको अपर्याप्तता, र परमेश्वरको सामु मेरो शिर ठाडो पार्ने मेरो असक्षमतालाई बुझिदिन र क्षमा गर्न पनि विनम्र अनुरोध गर्दछु। अझै पनि, यी वस्तुगत कारणहरू हुन् भन्ने मेरो बुझाइ छ। छोटोमा, जेसुकै भए तापनि, कुनै व्यक्ति, घटना वा कुराले हामीलाई परमेश्वरसामु सङ्गति गर्नदेखि रोक्न सक्तैन, र म आशा गर्छु कि मेरा दाजुभाइ तथा दिदीबहिनीहरूले परमेश्वरको सामु अझ कठोर परिश्रम गरेर मलाई साथ दिन सक्छन्। म यस्तो प्रार्थना चढाउन चाहन्छुः “हे परमेश्वर! हामीमाथि कृपा गर्नुहोस् ताकि म र मेरा दाजुभाइ तथा दिदीबहिनीहरू मिलेर हाम्रा साझा आदर्शहरूको प्रभुत्वमुनि संघर्ष गर्न सकौं, तपाईंप्रति मृत्युसम्मै विश्वासयोग्य हुन सकौँ र कहिल्यै खेदहरू नराख्न सकौं!” यी वचनहरू परमेश्वरको सामु मेरा संकल्प हुन्, तर परमेश्वरद्वारा प्रयोग गरिएको एउटा देहधारी मानिसको रूपमा ती मेरा आफ्नै आदर्श

वाक्य हुन् भनेर पनि भन्न सकिन्छ। मैले यी वचनहरू धेरैपल्ट मेरो निकट रहने दाजुभाइ तथा दिदीबहिनीहरूसित सङ्गतिमा बाँडेको छु, अनि यिनलाई मैले मेरो साथमा रहनेहरूलाई सन्देशको रूपमा दिएको छु। मानिसहरूले त्यसको विषयमा के सोच्छन् मलाई थाहा छैन तर जेसुकै भए तापनि, म के विश्‍वास गर्छु भने यी वचनहरूमा केवल आत्मपरक प्रयासको पक्ष मात्र होइन, बरु यिनमा त त्यसअलावा वस्तुगत सिद्धान्तको पक्ष पनि समावेश छन्। यसकारण, केही मानिसहरूमा केही निश्‍चित रायहरू हुन सक्छन्, र तैँले यी वचनहरूलाई तेरो आदर्श वाक्यको रूपमा लिएर परमेश्‍वरलाई प्रेम गर्ने तेरो चाहना कति ठूलो हुन्छ भनी राम्रो हुन्थ्यो। यी वचनहरू पढ्दा केही मानिसहरूले केही निश्‍चित धारणा विकास गर्नेछन्, अनि सोच्नेछन्, “कसरी हरेक दिन भन्ने सामान्य कुराले मानिसहरूलाई मृत्युसम्मै परमेश्‍वरलाई प्रेम गर्ने एउटा ठूलो चाहना दिन सक्ला र?” हामीले छलफल गरिरहेको विषय, “बाटो” सित यसको केही सम्बन्ध छैन। म स्वीकार गर्छु कि यी वचनहरू विशेष रूपले चित्ताकर्षक नहुन सक्लान्, तर मैले सधैँ सोचेको छु कि त्यसले मानिसहरूलाई ठीक मार्गमा डोऱ्याउन सक्छ र तिनीहरूलाई परमेश्‍वरको विश्‍वासको मार्गमा जाँदा निरुत्साहित नभईकन वा पछाडि नफर्कीकन सबै प्रकारका परीक्षाहरू सामना गर्दै जाने अवसर दिन्छ। त्यसकारण, मैले त्यसलाई मेरो आदर्श वाक्यको रूपमा लिन्छु। म आशा गर्छु कि मानिसहरूले पनि होशियारीपूर्वक त्यसलाई विचार गर्नेछन्। तथापि, मेरो अभिप्राय कसैलाई मेरा विचारहरू स्वीकार गर्न कर गर्नु होइन—यो एउटा सुझाव मात्र हो। मानिसहरूले मेरो बारेमा जेसुकै सोचे तापनि, मलाई लाग्छ परमेश्‍वरले हामीमध्ये हरेक व्यक्तिमा भएको आन्तरिक गतिशीलतालाई बुझ्नुहुन्छ। परमेश्‍वरले हामीमध्ये हरेकमा निरन्तर काम गरिरहनुभएको छ, अनि उहाँको काम अथक छ। हामी सबै ठूलो रातो अजिङ्गरको देशमा जन्मेको कारणले, उहाँले हामीमा यस प्रकारले काम गर्नुहुन्छ। ठूलो रातो अजिङ्गरको देशमा जन्मेकाहरू सौभाग्यशाली छन् र तिनीहरूले पवित्र आत्माको यस कामलाई हासिल गर्न सकेका छन्। म तिनीहरूमध्येको एक भएको हुनाले मसित प्रियत्व, आदरको योग्यता, र परमेश्‍वरको प्रेमिलोपनको ठूलो चेतना छ। यो भनेको परमेश्‍वरले हामीलाई वास्ता गरिरहनुभएको कुरा हो। त्यस्तो पिछडिएको, रुढिवादी, सामन्ती, अन्धविश्‍वासी र सर्वहाराको भ्रष्ट साम्राज्यले पनि परमेश्‍वरबाट त्यस्तो काम हासिल गर्न सक्षम हुनुले हामी, आखिरी युगको यो समूहका मानिसहरू कति आशिषित छौँ भनी देखाउँछ। मलाई विश्‍वास छ, यस कामलाई देख्न आत्मिक आँखाहरू खोलिएका सबै दाजुभाइ तथा दिदीबहिनीहरूले परिणामस्वरूप हर्षको आँशु झार्नेछन्। अनि त्यस समयमा, के तैँले आनन्दसहित नाच्दै परमेश्‍वरसामु आफैलाई अभिव्यक्त गर्ने छैनस् र? के तैँले परमेश्‍वरलाई आफ्नो हृदयको गीत चढाउने छैनस् र? त्यस समयमा, के तैँले परमेश्‍वरलाई आफ्नो अठोट देखाउने अनि उहाँको सामु अर्को योजना बनाउने छैनस् र? म लाग्छ यो सबै परमेश्‍वरमा विश्‍वास गर्ने सामान्य मानिसहरूले गर्नुपर्ने कुरा हुन्। मानवजातिको रूपमा म के विश्‍वास गर्छु भने हामीमध्ये हरेकसित परमेश्‍वरको सामु कुनै न कुनै प्रकारको अभिव्यक्ति हुनुपर्छ। जोसँग भावनाहरू छन् त्यस्तो व्यक्तिले यस्तो कार्य गर्नुपर्छ। हामीमाझको हरेक व्यक्तिको क्षमता र हामी जन्मेको ठाउँलाई एक नजर लगाउँदा यसले हाम्रो माझमा आउन परमेश्‍वरले कति धेरै अपमान सहनुभयो भनी देखाउँछ। हामीसित हामीभित्र हुनुभएको परमेश्‍वरको

केही ज्ञान हुन सक्ला, र परमेश्वर कति महान् हुनुहुन्छ, कति सर्वोच्च र कति आदरयोग्य हुनुहुन्छ भनी हामीलाई थाहा भएको कुरा मानवजातिको माझमा उहाँको कष्ट कति ठूलो रहेको छ भनी खुलस्त पार्न पर्याप्त छ। तापनि, मेरा यी वचनहरू अझै अस्पष्ट छन्, अनि मानिसहरूले तिनलाई अक्षर र सिद्धान्तको रूपमा मात्रै लिन सक्छन् किनकि हाम्रो माझमा मानिसहरू साह्रै अचेत र मन्दबुद्धिका छन्। त्यसकारण, मेरो एउटै विकल्प भनेको यस विषयलाई स्वीकार गर्न सक्ने ती सबै दाजुभाइ तथा दिदीबहिनीहरूलाई व्याख्या गर्न धेरै प्रयास लगाउनु हो ताकि हाम्रा आत्माहरू परमेश्वरको आत्माद्वारा उत्प्रेरित हुन सकून्। परमेश्वरले हाम्रा आँखाहरू खोलिदिनुहोस् ताकि हामीले परमेश्वरले चुकाउनुभएको मूल्य, उहाँले लगाउनुभएका प्रयासहरू, अनि हाम्रो निम्ति उहाँले खर्च गर्नुभएको ऊर्जा देख्न सकौँ।

मूलभूमि चीनमा भएकाहरूमध्ये परमेश्वरको आत्मालाई स्वीकार गरेको एउटा व्यक्ति भएको हैसियतले, मलाई हाम्रो क्षमता कति कम छ भन्ने कुराको गहिरो चेतना छ। (मलाई आशा छ यसको कारणले हाम्रा दाजुभाइ तथा दिदीबहिनीहरूले नकारात्मक अनुभूति गर्दैनन्—यही नै परिस्थितिको वास्तविकता हो।) हामीसित जे छ र हामी जे हौँ, त्यो सबै अति पिछडिएको छ भनी मैले मेरो व्यवहारिक जीवनमा स्पष्ट रूपले देखेको छु। मुख्य पक्षहरूको सवालमा, यो हामीले कसरी हाम्रो जीवनमा र परमेश्वरसितको हाम्रो सम्बन्धमा व्यवहार गर्छौं भन्ने कुरा हो भने कम महत्वपूर्ण पक्षहरूको सवालमा, यो हाम्रो हरेक विचार तथा सोच हो। यी सबै कुराहरू वस्तुगत रूपले अस्तित्वमा छन्, अनि शब्दहरू वा जालसाजीद्वारा त्यसलाई लुकाउन कठिन छ। यसरी, जब मैले यो कुरा भन्छु, तब धेरै मानिसहरूले हो भन्ने भावमा आफ्नो टाउको हल्लाउँछन् र यसलाई स्वीकार गर्छन्, अनि त्यसको बारेमा विश्वस्त हुन्छन्, तर यस्तो तबसम्म मात्रै हुन्छ जबसम्म मानिसहरूसित सामान्य तर्कको कमी हुन्छ: यस्तो तर्क भएका मानिसहरूले मेरा यी विचारहरू स्वीकार गर्न सक्दैनन्। यी मानिसहरू पक्का पशुहरू हुन् भनी खुल्लमखुल्ला उल्लेख गर्दा सायद म अति अभद्र हुन्छु होला। तर ठूलो रातो अजिङ्गरको देशमा, तिनीहरू सुँगुर वा कुकुरहरूजस्तै निम्नहरूमध्ये पनि निम्न हुन्। क्षमतामा अरू कोही पनि त्यति कम छैन होला; तिनीहरू परमेश्वरको सामु आउन योग्यका छैनन्। सायद, मेरा वचनहरू अति "धृष्टतापूर्ण" छन् होला। मभित्र काम गरिरहनुभएको परमेश्वरको आत्मालाई प्रतिनिधित्व गर्दा, म यस्तो प्रकारको पशुतुल्य, फोहोरी प्राणीलाई सराप्छु, र म आशा गर्छु, मेरा दाजुभाइ तथा दिदीबहिनीहरू यस कुराबाट कमजोर तुल्याइनेछैनन्। यस्ता कुनै पनि मानिसहरू हाम्रा माझमा नहुनु पनि सम्भव छ, तर सत्यता जेसुकै भए तापनि, त्यस्ता मानिसहरूलाई म त त्यही प्रकारले व्यवहार गरिनुपर्छ भन्ने विश्वास गर्छु। तँचाहिँ के सोच्छस् त?

ठूलो रातो अजिङ्गरको साम्राज्य हजारौँ वर्षसम्म कायम रहिआएको छ, अनि यो सर्वत्र भ्रष्ट रहेको छ—अनि यसले पूरै समय परमेश्वरलाई विरोध गरेकोले, यसले परमेश्वरको श्रापहरू र क्रोधको सामना गरेको छ, यसपछि परमेश्वरको सजाय आएको छ। परमेश्वरद्वारा श्रापित भइसकेपछि, यस देशले लगातार जातीय भेदभाव सहेको छ, अनि पछौटेपनको अवस्थामा रहेको छ। हामी जन्मेको देश सबै प्रकारका फोहोरी नरपिशाचहरूले भरिभराऊ छ जो आफ्नो प्रभुत्वको खोजीमा

अनियन्त्रित छन्–जसको अर्थ, तिनीहरूले यहाँ जन्मेकाहरूलाई मैलो पारेका छन्। मानिसहरूका बानी, संस्कार, विचारधारा अनि अवधारणाहरू पिछडिएका र पुरानो ढङ्गका छन्, त्यसैले तिनीहरूले परमेश्‍वरको बारेमा सबै प्रकारका धारणाहरू निर्माण गरेका छन् जसबाट तिनीहरू अहिलेसम्म पनि मुक्त हुन सकेका छैनन्। विशेषतः तिनीहरूले परमेश्‍वरको सामु एक प्रकारले व्यवहार गर्छन्, अनि परमेश्‍वरको पछाडि अर्को प्रकारले र शैतानलाई प्रतिष्ठापित गर्नुलाई परमेश्‍वरको सेवा गर्नु हो भन्ने भुल गर्छन्, र यसले तिनीहरू सबैभन्दा बढी पिछडिएका छन् भन्ने देखाउँछ। परमेश्‍वरले मूलभूमि चीनमा यति धेरै काम गर्नुभएको छ र यति धेरै उहाँका वचनहरू बोल्नुभएको छ, तर पनि मानिसहरू अझै पूर्ण रूपले अचेत र उदासीन छन्। तिनीहरूले अझै पनि आफूले पहिले गरेका काम नै गर्दैछन् र तिनीहरूसित परमेश्‍वरका वचनहरूको बिल्कुलै कुनै बुझाइ छैन। जब परमेश्‍वरले कुनै भविष्य र कुनै आशा छैन भनी घोषणा गर्नुभयो, तब ग्रीष्मकालको गर्मीले जीवित रहेको मण्डली तुरुन्तै शीतकालको चिसोमा झऱ्यो। मानिसहरूको साँचो व्यक्तित्व दिनको उज्यालोमा उदाङ्गो भयो र तिनीहरूको पहिलेका भरोसा, प्रेम, र शक्ति सबै कुनै नामोनिशानविनै हराए। अनि आज, तीमध्ये कसैले पनि तिनीहरूको जीवन्तता फेरि प्राप्त गर्न सकेका छैनन्। तिनीहरूले परमेश्‍वरलाई प्रेम गर्छौं भनी आफ्ना वचनहरूले भन्छन् र तिनीहरूले आफ्ना हृदयहरूमा गुनासो गर्ने साहस गर्दैनन्, तर पनि जेसुकै भए पनि तिनीहरूसित त्यो प्रेम छँद छैन। यसको अर्थ के हो त? मलाई लाग्छ मेरा दाजुभाइ तथा दिदीबहिनीहरूले यो तथ्यलाई स्वीकार गर्नेछन्। परमेश्‍वरले हामीलाई अन्तर्दृष्टि प्रदान गर्नुहोस् ताकि हामी; सबैले उहाँको प्रेमिलोपन जान्न सकौँ, हाम्रो हृदयको गहिराइमा हाम्रो परमेश्‍वरलाई प्रेम गर्न सकौँ, अनि हाम्रा विभिन्न हैसियतहरूमा परमेश्‍वरको निम्ति हामी सबैसित भएको प्रेम व्यक्त गर्न सकौँ; परमेश्‍वरले हामीलाई उहाँको निम्ति निष्कपट प्रेमका अटल हृदयहरू प्रदान गर्नुहोस्–मेरो आशा यही छ। यति भनिसकेपछि, म यो फोहोर भूमिमा जन्मेका दाजुभाइ तथा दिदीबहिनीहरूको निम्ति अलिकति सहानुभूति अनुभूत गर्छु, र त्यसकारण मभित्र बढेको ठूलो रातो अजिङ्गरको निम्ति घृणा अनुभूति गर्छु। यसले परमेश्‍वरको निम्ति हाम्रो प्रेमलाई बाधा दिन्छ र हाम्रो भविष्यका सम्भाव्यताहरूप्रतिको हाम्रो लोभलाई उक्साउँछ। यसले हामीलाई नकारात्मक हुन, परमेश्‍वरलाई विरोध गर्न परीक्षित गर्छ। ठूलो रातो अजिङ्गरले नै हामीलाई अहिलेसम्म धोका दिएको छ, हामीलाई भ्रष्ट पारेको छ, अनि तहसनहस पारेको छ, यतिसम्म कि हामी हाम्रो हृदयले परमेश्‍वरको प्रेमको बदला चुकाउन असमक्ष छौँ। हामीसित हाम्रो हृदयमा चाहना छ, तर हामीले गर्न चाहे तापनि हामी शक्तिहीन छौँ। हामी सबै यसका शिकारहरू हौँ। यसकारण, म मेरो सम्पूर्ण सारले यसलाई घृणा गर्छु र यसलाई नष्ट नगरी रहन सक्तिनँ। तथापि, जब म फेरि सोच्छु, यसले पनि कुनै काम गर्नेछैन र यसले परमेश्‍वरलाई कष्ट मात्र ल्याउनेछ, त्यसैले म यी वचनहरूमा फर्किआउँछु–म उहाँको इच्छाअनुसार गर्न–उहाँलाई प्रेम गर्न मेरो हृदय लगाउँछु। मैले लिइरहेको बाटो यही हो–यो त्यो बाटो हो जसमा म, उहाँको एउटा सृष्टि, हिँड्नुपर्छ। यसरी नै मैले मेरो जीवन बिताउनुपर्छ। यी वचनहरू मेरो हृदयबाट आएका हुन्, र म आशा गर्छु कि यी वचनहरू पढिसकेपछि मेरा दाजुभाइ तथा दिदीबहिनीहरूले केही प्रोत्साहन हासिल गर्नेछन् ताकि मेरो हृदयले केही शान्ति पाओस्। किनकि मेरो लक्ष्य परमेश्‍वरको इच्छाअनुसार गर्नु

हो र यसरी चम्किलो र अर्थपूर्ण प्रकाशमान् जीवन जिउनु हो। यसमा, म सन्तुष्टि र सान्त्वनाले भरिएको हृदय लिएर खेदहरूविना मर्न सक्नेछु। के तँ त्यसो गर्न चाहन्छस् त? के तँ त्यस प्रकारको अठोट भएको व्यक्ति होस् त?

परमेश्वरले तथाकथित "पूर्वीय एसियाको रोगी मानिस" मा काम गर्न सक्नु उहाँको महान् शक्ति हो। यो उहाँको नम्रता र लुप्तपन हो। हामीप्रति उहाँका कठोर वचनहरू वा ताडनाको बावजूद, हामीले उहाँको नम्रताको निम्ति हाम्रो हृदयको गहिराइदेखि नै उहाँलाई प्रशंसा गर्नुपर्छ र यसको निम्ति अन्त्यसम्मै उहाँलाई प्रेम गर्नुपर्छ। शैतानद्वारा हजारौं वर्षसम्म बाँधिएका मानिसहरू त्यसको प्रभावमुनि बाँच्दै आएका छन् र त्यसबाट मुक्त भएका छैनन्। तिनीहरूले अन्धकारमा छामछाम–छुमछुम र संघर्ष गर्दै आइरहेका छन्। विगतमा, तिनीहरूले धूप बाल्थे, अनि शैतानको सामु झुक्थे र त्यसलाई प्रतिष्ठापित गर्थे, अनि तिनीहरू परिवार तथा सांसारिक उल्झनहरूमा र साथै सामाजिक अन्तरक्रियाहरूमा दरिलो प्रकारले बाँधिएका थिए। तिनीहरू त्यसबाट मुक्त हुन सकेका थिएनन्। यस्तो प्रकारको कुकुरले कुकुर खाने अत्यन्तै प्रतिस्पर्धात्मक समाजमा कहाँ कसैले अर्थपूर्ण जीवन भेट्टाउन सक्छ र? मानिसहरूले बयान गर्ने कष्टको जीवन हो र भाग्यवश, परमेश्वरले यी निर्दोष मानिसहरूलाई बचाउनुभएको छ, हाम्रो जीवनलाई उहाँको वास्ता र सुरक्षामा राख्नुभएको छ ताकि हाम्रो जीवन आनन्ददायक होस् र अबउप्रान्त चिन्ताहरूले नभरिएको होस्। हामी अहिलेसम्म निरन्तर उहाँको अनुग्रहमुनि बाँच्दै आएका छौं। के यो परमेश्वरको आशिष् होइन र? परमेश्वरसित अत्यधिक सर्तहरू राख्ने साहस कसैसित कसरी हुन सक्छ? के उहाँले हामीलाई थोरै दिनुभएको छ र? के तँ अझै सन्तुष्ट छैनस्? मलाई लाग्छ, हामीले हामीप्रतिको परमेश्वरको प्रेमको पैँचो तिर्ने समय आएको छ। हामीले परमेश्वरमाथिको विश्वासको मार्ग पछ्याएको कारणले सानो मात्रामा मात्रै गिल्ला, निन्दा र सतावट सहनु नपर्ला तर म यो अर्थपूर्ण कुरा हो भन्ने विश्वास गर्छु। यो एउटा महिमाको कुरा हो, लाजको होइन, अनि जेसुकै भए तापनि, यीमध्यै धेरै हामीले आज आनन्द मनाउने आशिष्हरू हुन्। नैराश्यताका अनगिन्ती समयहरूमा, परमेश्वरका वचनहरूले हामीलाई सान्त्वना ल्याएका छन् अनि हामीले दुःखलाई जान्नुभन्दा अघि नै त्यो आनन्दमा बद्लिएको छ। खाँचोका अनगिन्ती समयहरूमा, परमेश्वरले आशिष्हरू ल्याउनुभएको छ र उहाँका वचनहरूद्वारा हामीलाई भरणपोषण भएको छ। बिरामका अनगिन्ती समयहरूमा, परमेश्वरका वचनहरूले हामीमा जीवन ल्याएको छ–हामी खतरामुक्त भएका छौं र खतरादेखि सुरक्षामा बद्लिएका छौं। तिमीहरूले त्यस्ता धेरै कुराहरू महसुस नै नगरीकन पहिल्यै उपभोग गरिसकेका छौ। के तँ यस्तो कुनै कुरा पनि सम्झदैनस्?

## मार्ग ... (३)

मेरो जीवनमा, म सधैँ खुशीसाथ आफ्नो मन र शरीर सम्पूर्ण रूपमा परमेश्वरलाई दिन्छु। तब मात्र मेरो विवेक दोषरहित र केही हदसम्म शान्तिमा हुन्छ। जसले जीवनको खोजी गर्छन् तिनीहरूले पहिले आफ्नो सारा हृदय परमेश्वरलाई दिनुपर्छ; यो एउटा पूर्वसर्त हो। म मेरा भाइ-बहिनीहरूले

मेरो साथमा परमेश्वरसँग यसरी प्रार्थना गरून् भन्ने चाहन्छु: “हे परमेश्वर! तपाईंको स्वर्गका आत्माले पृथ्वीका मानिसहरूलाई अनुग्रह प्रदान गरून्, यसैले कि मेरो हृदय पूर्ण रूपले तपाईंकहाँ फर्कोस्, यसरी मेरो आत्मा तपाईंद्वारा उत्प्रेरित होस्, यसरी म मेरो हृदय र मेरो आत्मामा तपाईंको प्रेमिलोपन देख्न सकूँ, अनि यसरी पृथ्वीमा हुनेहरू तपाईंको सुन्दरता देखेर धन्यका होऊन्। हे परमेश्वर! तपाईंका आत्माले फेरि एकपल्ट हाम्रा आत्मालाई उत्प्रेरित गरून्, यसरी हाम्रो प्रेम अनन्त र अपरिवर्तनीय होस्!” हामी सबैमा, परमेश्वरले पहिले हाम्रो हृदय जाँच्नुहुन्छ–र हामीले उहाँमा हाम्रो हृदय पूर्ण रूपमा सुम्पेपछि, उहाँले हाम्रा आत्मालाई उत्प्रेरित गर्न थाल्नुहुन्छ। हाम्रा आत्मामा मात्र हामीले परमेश्वरको प्रेमिलोपन, सर्वोच्चता र महान्तालाई देख्न सक्छौं। यो मानवलाई पवित्र आत्माले दिनुहुने मार्ग हो। के तँसँग यस प्रकारको जीवन छ? के तैंले पवित्र आत्माको जीवन अनुभव गरेको छस्? के तेरो आत्मा परमेश्वरद्वारा उत्प्रेरित भएको छ? के तैंले पवित्र आत्माले मानिसमा कसरी काम गर्नुहुन्छ भन्ने देखेको छस्? के तैंले आफ्नो सम्पूर्ण हृदय परमेश्वरलाई समर्पण गरेको छस्? जब तैँले आफ्नो सम्पूर्ण हृदय परमेश्वरमा अर्पण गर्छस्, तैँले पवित्र आत्माको जीवन सीधै अनुभव गर्न सक्छस्, र तँलाई उहाँको काम निरन्तर प्रकट गरिनेछ। त्यस बेला, तँ पवित्र आत्माद्वारा प्रयोग गरिएको व्यक्ति बन्नेछस्। के तँ त्यस्तो व्यक्ति बन्ने इच्छा गर्छस्? मलाई सम्झना छ, जब म पवित्र आत्माद्वारा उत्प्रेरित भएर पहिलोपल्ट मेरो हृदय परमेश्वरलाई दिएको थिएँ त्यस बेला म उहाँको सामु घोप्टो परेको थिएँ र मैले यसरी पुकारा गरेको थिएँ “हे परमेश्वर! तपाईंले मेरो आँखा खोलिदिनुभयो र मलाई तपाईंको मुक्ति जान्न दिनुभयो। म आफ्नो सम्पूर्ण हृदय तपाईंलाई दिन चाहन्छु, र म बिन्ती गर्छु, कि तपाईंको इच्छा मात्र पूरा होस्, मेरो इच्छा छ कि मेरो हृदयले तपाईंको उपस्थितिमा तपाईंको स्वीकृति प्राप्त गरोस्, र म बिन्ती गर्छु, कि म तपाईंको इच्छाको पछि लाग्न सकूँ।” म त्यो प्रार्थना कहिल्यै भुल्दिनँ; म अत्यन्तै प्रभावित भएको थिएँ, र परमेश्वरको सामु मेरो वेदनाको आँसु रोएँ। मुक्ति पाएको व्यक्तिको रूपमा परमेश्वरको उपस्थितिमा गरेको त्यो मेरो पहिलो सफल प्रार्थना थियो, र त्यो मेरो हृदयको पहिलो चाहना थियो। त्यसपछि, म प्रायजसो पवित्र आत्माद्वारा उत्प्रेरित भइरहें। के तैंले यस प्रकारको अनुभव प्राप्त गरेको छस्? पवित्र आत्माले तँभित्र कसरी काम गर्नुभएको छ? मलाई के लाग्छ भने, परमेश्वरलाई प्रेम गर्न खोज्नेहरूले धेरै वा थोरै हदसम्म यस्तो अनुभव प्राप्त गरेका हुन्छन्–यति मात्र हो कि तिनीहरूले त्यो भुल्छन्। यदि कसैले आफूले त्यस्तो अनुभव गरेको छैन भनी कुरा गर्छ भने, त्यसले उनीहरूले अझै मुक्ति पाएका छैनन् भन्ने, र तिनीहरू शैतानको अधीनमा छन् भन्ने प्रमाणित गर्छ। हामी सबैमा आम रूपमा हुने पवित्र आत्माको काम नै परमेश्वरमा विश्वास गर्ने र उहाँलाई खोज्नेहरूका निम्ति पवित्र आत्माको मार्ग हो। पवित्र आत्माले मानिसहरूमा गर्नुहुने कामको पहिलो चरण भनेको तिनीहरूको आत्मालाई उत्प्रेरित गर्नु हो, त्यसपछि उनीहरूले परमेश्वरलाई प्रेम गर्न, र जीवनको पछि लाग्न थाल्छन् अनि यस मार्गमा हिँड्ने सबै जना पवित्र आत्माको प्रवाहमा हुन्छन्। यी परमेश्वरले चीनको मुख्य भूमिमा गर्नुहुने कामको मात्र होइन, तर उहाँले यो सम्पूर्ण ब्रह्माण्डमा गर्नुहुने कामको गतिशीलता हुन्। उहाँले त्यसरी नै सबै मानिसमा काम गर्नुहुन्छ। यदि कुनै व्यक्ति कहिल्यै पनि प्रभावित भएको छैन

भने, यसले तिनीहरू पुनर्स्थापनाको प्रवाहदेखि बाहिर छन् भन्ने प्रमाणित गर्छ। उहाँले सबै मानिसलाई उत्प्रेरित गर्नुभएको होस् भनेर बिन्ती गर्दै मेरो हृदयमा, म परमेश्वरसँग निरन्तर प्रार्थना गर्दछु, यसरी सूर्यमुनि भएका सबै जना उहाँद्वारा प्रभावित हुन सकून् र यस मार्गमा हिँड्न सकून्। यो मैले परमेश्वरलाई गरेको एउटा महत्त्वहीन बिन्ती मात्र हुनसक्छ, तर म विश्वास गर्छु, कि उहाँले यो गर्नुहुनेछ। मलाई आशा छ, कि मेरा सबै भाइ-बहिनीहरूले यसका लागि प्रार्थना गर्नेछन्, कि परमेश्वरको इच्छा पूरा होस्, र उहाँको काम चाँडै सम्पन्न होस्, यसैले कि स्वर्गमा उहाँको आत्मालाई विश्राम होस्। यो मेरो आफ्नै सानो आशा हो।

मलाई विश्वास छ, कि परमेश्वरले आफ्नो काम भूतात्माहरूको एउटा किल्लामा सुरु गर्न सक्नुभएकोले, उहाँले निश्चय ब्रह्माण्डभरिका अन्य अनगिन्ती ठाउँहरूमा पनि गर्न सक्नुहुन्छ। हामी अन्तिम युगका मानिसहरूले निश्चय नै परमेश्वरको महिमाको दिन देख्छौं, जसरी यो भनिएको छ, कि "आखिरीसम्म पछि लाग्नेले र उद्धार पाउनेछ।" कसैले पनि परमेश्वरको कामको यस चरणमा उहाँको स्थान लिन सक्दैन—परमेश्वर स्वयम्ले मात्र यो काम गर्न सक्नुहुन्छ, किनकि कामको यो चरण असाधारण छ, यो विजयको कामको चरण हो, र मानिसहरूले अन्य मानिसहरूलाई जित्न सक्दैनन्। मानिसहरू तब मात्र जितिन्छन् जब परमेश्वर उहाँको आफ्नै मुखद्वारा बोल्नुहुन्छ र उहाँको आफ्नै हातले काम गर्नुहुन्छ। सारा ब्रह्माण्डभरिमा, परमेश्वरले ठूलो रातो अजिङ्गरको देशलाई परीक्षणको भूमिको रूपमा प्रयोग गर्नुहुन्छ, त्यसपछि उहाँले सारा ब्रह्माण्डभरि यो काम सुरु गर्नुहुनेछ। यसरी उहाँले ब्रह्माण्डभरि अझ ठूला कामहरू गर्नुहुनेछ, र ब्रह्माण्डका सबै मानिसहरूले परमेश्वरको विजयको काम प्राप्त गर्नेछन्। प्रत्येक धर्म र प्रत्येक सम्प्रदायका मानिसहरूले कामको यस चरणलाई स्वीकार गर्नुपर्दछ। यो हिँड्नैपर्ने मार्ग हो—कोही पनि यसबाट उम्कन सक्दैन। के तँ परमेश्वरले तँलाई सुम्पनुभएको यो कुरालाई स्वीकार गर्न इच्छुक छस्? मैले सधैं के महसुस गरेको छु भने, पवित्र आत्माको काम स्वीकार्नु गौरवमय कुरा हो। म यसलाई परमेश्वरले मानवजातिलाई दिनुभएको सबैभन्दा महान् आज्ञाको रूपमा हेर्छु। म आशा गर्दछु, कि मेरा भाइ-बहिनीहरूले मेरो साथमा कडा परिश्रम गर्नेछन् र परमेश्वरबाटको यो आज्ञालाई स्वीकार गर्नेछन्, यसरी परमेश्वरले सारा ब्रह्माण्डभरि र माथिको क्षेत्रमा महिमा प्राप्त गर्न सक्नुभएको होस्, र हाम्रा जीवन व्यर्थ नहोऊन्। हामीले परमेश्वरका लागि केही गर्नुपर्दछ, वा हामीले एउटा शपथ खानुपर्छ। यदि मानिसहरूले परमेश्वरमा विश्वास गर्दा तिनीहरू कुनै लक्ष्यको पछि लाग्दैनन् भने, तब तिनीहरूका जीवन व्यर्थ हुन्छ, र जब तिनीहरू मर्ने समय आउँछ, तब तिनीहरूले केवल नीलो आकाश र धुलै-धुलोले भरिएको पृथ्वी मात्र देख्नेछन्। के यो सार्थक जीवन हो? यदि तैँले जीवित हुँदै परमेश्वरका मागहरू पूरा गर्न सक्छस् भने, के त्यो एउटा सुन्दर कुरा होइन र? किन तँ सधैं आफैमाथि यस्तो समस्या ल्याउँछस् र तँ जहिले पनि किन यति निराश हुन्छस्? के त्यस्तो व्यवहार गरेर तैंले परमेश्वरबाट केही प्राप्त गरेको छस्? र के परमेश्वरले तँबाट केही प्राप्त गर्न सक्नुहुन्छ? मैले परमेश्वरको अगि खाएको मेरो शपथमा मेरो हृदयको प्रतिज्ञा मात्र थियो; मैले शब्दहरूले उहाँलाई मूर्ख बनाउने कोसिस गरेको थिइनँ। म त्यस्तो कार्य कदापि गर्दिनँ—म मेरो हृदयले प्रेम गरेको परमेश्वरलाई सान्त्वना मात्र दिन चाहन्छु, यसैले कि स्वर्गमा उहाँको

आत्मालाई सान्त्वना प्राप्त होस्। हृदय मूल्यवान् हुन सक्छ, तर प्रेम अझ बढी अनमोल छ। म मेरो हृदयको सबैभन्दा अनमोल प्रेम परमेश्‍वरलाई दिन्छु, यसैले कि उहाँले मसँग भएको सबैभन्दा सुन्दर थोकको आनन्द लिन सक्नुभएको होस् र यसरी मैले उहाँलाई दिएको प्रेमद्वारा उहाँ पूर्ण सन्तुष्ट हुनुभएको होस्। के तँ परमेश्‍वरलाई आनन्द दिनका लागि तेरो प्रेम उहाँलाई दिन इच्छुक छस्? के तँ यसलाई आफ्नो अस्तित्वको पूँजी बनाउन इच्छुक छस्? मेरा अनुभवहरूमा मैले यो बुझेको छु, कि म परमेश्‍वरलाई जति धेरै प्रेम गर्छु, त्यति नै बढी मैले जिउनुमा आनन्द पाउँछु; यसबाहेक, मेरो शक्तिको कुनै सीमा छैन, र म खुसीसाथ मेरो सम्पूर्ण शरीर र मन अर्पण गर्दछु, र मलाई बारम्बार यो महसुस हुन्छ कि म परमेश्‍वरलाई पर्याप्त प्रेम गर्न सक्दिनँ। यसैले के तेरो प्रेम नगण्य छ, कि यो असीम, अथाह छ? यदि तँ साँच्चै परमेश्‍वरलाई प्रेम गर्न चाहन्छस् भने तँसँग सधैँ उहाँलाई फिर्ता दिने धेरै प्रेम हुनेछ–र यदि त्यस्तो अवस्था छ भने, कुन व्यक्ति वा थोक परमेश्‍वरप्रतिको तेरो प्रेमको बाटोमा खडा हुन सक्छ?

परमेश्‍वरले हरेक मानिसको प्रेमको कदर गर्नुहुन्छ। उहाँलाई प्रेम गर्ने सबैप्रति उहाँका आशिषहरू दोबर हुन्छन्, किनकि मानिसको प्रेम प्राप्त गर्नु धेरै गाह्रो हुन्छ, र यो यति थोरै मात्र छ कि यसलाई लगभग देख्न नै सकिँदैन। सारा ब्रह्माण्डभरि, परमेश्‍वरले मानिसहरूलाई फेरि उहाँलाई प्रेम गर्न लगाउने कोसिस गर्नुभएको छ, तर युगौँ युगदेखि अहिलेसम्म, थोरै, अर्थात् मुठ्ठीभर मानिसले मात्र उहाँलाई साँचो प्रेम फिर्ता दिएका छन्। जहाँसम्म मलाई थाहा छ, पत्रुस यस्तै एक व्यक्ति थिए, तर तिनी येशूद्वारा व्यक्तिगत तवरले डोऱ्याइएका थिए र तिनको मृत्युको क्षणमा मात्र तिनले परमेश्‍वरलाई आफ्नो सम्पूर्ण प्रेम दिए, त्यसपछि तिनको जीवन समाप्त भयो। यसैकारण यस्तो घिनलाग्दा अवस्थाहरूमा परमेश्‍वरले ब्रह्माण्डको आफ्नो कामको दायरा साँघुरो पार्नुभयो, र ठूलो रातो अजिङ्गरको देशलाई प्रदर्शन क्षेत्रको रूपमा प्रयोग गर्नुभयो, उहाँको कामलाई अझ बढी प्रभावकारी बनाउन र उहाँको गवाहीमा अझ ठूलो फाइदा होस् भनेर उहाँको आफ्नो सम्पूर्ण शक्ति र उहाँका कोसिसहरू एउटै ठाउँमा केन्द्रित गर्नुभयो। यी दुई प्रावधान अन्तर्गत परमेश्‍वरले उहाँको सम्पूर्ण ब्रह्माण्डको आफ्नो काम चीनको मुख्य भूमिमा बस्ने मानिसहरूलाई हस्तान्तरण गर्नुभयो, जसमा सबैभन्दा कम क्षमता थियो, र उहाँले आफ्नो प्रेमिलो विजयको काम सुरु गर्नुभयो। उहाँले तिनीहरू सबैलाई उहाँलाई प्रेम गर्ने बनाइसक्नुभएपछि, उहाँले आफ्नो कामको अर्को चरणलाई अघि बढाउनुहुनेछ, जुन परमेश्‍वरको योजना हो। यसरी उहाँको कामले सबैभन्दा ठूलो प्रभाव हासिल गर्दछ। उहाँको कामको दायराको केन्द्र र सीमाहरू, दुवै छन्। हाम्रो दिन आओस् भनी परमेश्‍वरले हामीमा काम गर्नका निम्ति कति ठूलो मूल्य चुकाउनुभएको छ र उहाँले कति ठूलो मेहनत खर्चनुभएको छ भन्ने कुरा स्पष्टै छ। यही नै हाम्रो आशिष् हो। त्यसकारण जुन कुराले मानिसहरूका धारणाहरूलाई अचम्मित पार्छ, त्योचाहिँ यो हो कि पश्‍चिमीहरूले हामी असल ठाउँमा जन्मिएकोमा ईर्ष्या गर्छन्, तर सबै हामीचाहिँ आफूलाई तुच्छ र नीच देख्छौं। के यो परमेश्‍वरले हामीलाई माथि उठाउनुभएको होइन र? ठूलो रातो अजिङ्गरको सन्तानहरू, जो सधैँ कुल्चिएका छन्, तिनीहरूलाई पश्‍चिमीहरूले उच्च नजरले हेरिरहेका छन्–यो साँच्चै हाम्रो आशिष् हो। जब म यसको बारेमा सोच्छु, म परमेश्‍वरको दया र उहाँको प्रेम र निकटताले भरिन्छु। यसले के देखाउँदछ भने,

परमेश्वरले गर्नुहुने सबै कुरा मानव धारणासँग अमिल्दो हुन्छ। यी सबै मानिसहरू श्रापित भए पनि, उहाँ व्यवस्थाको कठोर नियमद्वारा बाध्य हुनुहुन्न र उहाँले उद्देश्यसहित आफ्नो कामको केन्द्र पृथ्वीको यस भागमा सार्नुभयो। यसैकारण म रमाउँछु, यसैले मलाई अत्यन्तै खुसी लाग्छ। इस्राएलीहरूका बीचमा मुख्य पूजाहारीहरूले गरेजस्तै कामको अग्रणी भूमिका लिने व्यक्तिको रूपमा, म आत्माको काम सीधै पूरा गर्न र परमेश्वरका आत्माको सिधा सेवा गर्न सक्षम छु; यही नै मेरो आशिष् हो। यस्तो कुरा कल्पना गर्ने आँट कसले गर्न सक्ला र? तर आज, यो अप्रत्याशित रूपमा हामीमाथि आइपुगेको छ। यो साँच्चै ठूलो आनन्द हो जसका निम्ति रमाहट गर्नुपर्छ। म आशा गर्छु कि परमेश्वरले हामीलाई निरन्तर आशिष् दिनुहुन्छ, र हामीलाई माथि उठाउनुहुन्छ, यसैले कि हामी गोबरको थुप्रोमा बस्नेहरूलाई परमेश्वरले महान् रूपमा प्रयोग गर्न सक्नुभएको होस्, र यसरी हामीले उहाँको प्रेमको मूल्य चुकाउन सकौं।

अहिले मैले हिँड्ने मार्ग परमेश्वरको प्रेमको मूल्य चुकाउने मार्ग हो, तापनि मलाई निरन्तर के लाग्छ भने, यो परमेश्वरको इच्छा होइन, न त यो म हिँड्नुपर्ने बाटो नै हो। परमेश्वरद्वारा महान् रूपमा प्रयोग हुनु—यही नै परमेश्वरको इच्छा हो, र यो पवित्र आत्माको मार्ग हो। सायद म गलत छु, तर मलाई लाग्छ यो मेरो मार्ग हो, किनकि धेरै अघि मैले परमेश्वरसँग बिन्ती गर्दै उहाँले मलाई डोऱ्याऊनुभएको होस् र म जुन मार्गमा हिँड्नुपर्छ त्यसमा हतार-हतार खुट्टा टेक्न सकूँ, र हरसम्भव चाँडै परमेश्वरको इच्छा पूरा गरूँ भनी शपथ खाएको थिएँ। अरूले जे सोचे पनि, म विश्वास गर्दछु, कि परमेश्वरको इच्छाको पछि लाग्नु नै सबैभन्दा महत्त्वपूर्ण कुरा हो। मेरो जीवनमा अरू केही पनि महत्त्वपूर्ण छैन, र कसैले पनि मलाई यो अधिकारबाट वञ्चित गर्न सक्दैन। यो मेरो व्यक्तिगत विचार हो, र हुन सक्छ केही मानिसहरूले यो कुरा बुझ्न सक्दैनन्, तर मैले यसबारे कसैलाई न्यायसंगत हो भनी बताइरहनुपर्छ जस्तो मलाई लाग्दैन। मैले लिनुपर्ने मार्ग म लिनेछु—मैले मार्ग चिनेपछि म त्यो बाटोमा लाग्नेछु र म पछाडि हट्नेछैन। यसैले म यी वचनहरूमा फर्कन्छु: मैले आफ्नो हृदय परमेश्वरको इच्छा पूरा गर्नमा लगाएको छु। म निश्चय छु, कि मेरा भाइ-बहिनीहरूले मेरो आलोचना गर्नेछैनन्! समग्रमा, मलाई व्यक्तिगत रूपमा के लाग्छ भने, अरू मानिसहरूले उनीहरूलाई मन लागेका कुरा भन्न सक्छन्, तर मलाई लाग्छ, परमेश्वरको इच्छा पालन गर्नु नै सबैभन्दा महत्त्वपूर्ण कुरा हो, र यसमा कुनै पनि कुराले मलाई रोक्नु हुँदैन। परमेश्वरको इच्छालाई पछ्याउनु कहिल्यै पनि गलत हुन सक्दैन! र यसो गर्नु भनेको आफ्नै चासो अनुसार काम गर्नु होइन! म विश्वास गर्छु, कि परमेश्वरले मेरो हृदयभित्र देख्नुभएको छ! त्यसैले तैंले यसलाई कसरी बुझ्नुपर्छ? के तँ आफैलाई परमेश्वरको लागि अर्पण गर्न इच्छुक छस्? के तँ परमेश्वरद्वारा प्रयोग हुनु तयार छस्? के तँ परमेश्वरको इच्छाको पछि लाग्ने शपथ खान्छस्? मलाई आशा छ, कि मेरा वचनहरू मेरा भाइ-बहिनीहरूका लागि केही सहायता हुन सक्छन्। मेरा अन्तर्दृष्टिहरूमा खास कुनै गहनता नभए पनि, म अझै पनि तिमीहरूलाई यसको बारेमा भन्छु, यसरी हामीबीच कुनै बाधा कायम नराखी हामीले हाम्रा भित्री भावनाहरू बाँडचुँड गर्न सकौं, र परमेश्वर सधैँभरि हाम्रो बीचमा रहनुहुनेछ। यी मेरो हृदयबाट निस्केका वचनहरू हुन्। ठीक छ! आज मैले मेरो हृदयबाट बोल्नुपर्ने कुराहरू यति मात्र हुन्। मलाई आशा छ, कि मेरा

भाइ-बहिनीहरूले निरन्तर कडा परिश्रम गरिरहनेछन्, र म आशा गर्दछु, कि परमेश्वरका आत्माले सधैँ हाम्रो हेरचाह गर्नुहुनेछ!

## मार्ग ... (४)

आजको युगमा मानिसहरूले परमेश्वरको प्रेमिलोपन थाहा पाउन, र परमेश्वरलाई प्रेम गर्ने तरिकाको खोजी गर्न सक्छन् र तिनीहरू आजको राज्यको तालिमलाई स्वीकार गर्न इच्छुक छन्—यी सबै परमेश्वरको अनुग्रह हो, र यसबाहेक यो उहाँले मानवजातिलाई उचाल्नुभएको हो। जब-जब म यसबारे सोच्छु, ममा परमेश्वरको प्रेमिलोपनको सशक्त बोध हुन्छ। परमेश्वरले हामीलाई साँच्चै प्रेम गर्नुहुन्छ; यदि उहाँले प्रेम नगर्नुभएको भए कसले उहाँको प्रेमिलोपनलाई पत्ता लगाउन सक्थ्यो? यसरी मात्र म यी सबै काम परमेश्वरले व्यक्तिगत रूपमा आफैले गर्नुभएको हो, र मानिसहरू परमेश्वरद्वारा डोऱ्याइएका र निर्देशित छन् भन्ने देख्छु। म यसका लागि परमेश्वरलाई धन्यवाद दिन्छु, र म मेरा भाइ-बहिनीहरू मसँगै परमेश्वरको प्रशंसामा सामेल होऊन् भन्ने चाहन्छु: "सारा महिमा तपाईं सर्वोच्च परमेश्वरलाई होस्! तपाईंको महिमा गुणात्मक रूपमा वृद्धि होस् र त्यो तपाईंद्वारा चुनिएका र प्राप्त गरिएका हामीमा प्रकट होस्।" परमेश्वरले मलाई अन्तर्दृष्टि दिनुभयो: हामी युगौं अघि नै पूर्वनियुक्त भइसकेका छौं र आखिरी दिनहरूमा उहाँले हामीलाई प्राप्त गर्न चाहनुहुन्छ, यसरी हामीद्वारा ब्रह्माण्ड र सबै थोकलाई परमेश्वरको महिमा सम्पूर्ण रूपमा देखाउनुहुन्छ भन्ने कुरा उहाँले मलाई देखाउनुभयो। त्यसैले हामी परमेश्वरको छ हजार वर्षको व्यवस्थापन योजनाको ठोस रूप हौं; हामी सम्पूर्ण ब्रह्माण्डमा परमेश्वरको कार्यका नमुनाहरू, आदर्शहरू हौं। अहिले मात्र मैले परमेश्वरले हामीलाई कति धेरै प्रेम गर्नुहुन्छ, र उहाँले हामीमा गर्नुहुने काम र उहाँले भन्नुहुने कुराहरू बितेका युगहरूको भन्दा दस लाख गुणा बढी छन् भन्ने कुरा बुझें। परमेश्वरले इस्राएलमा वा पत्रुसमा पनि व्यक्तिगत रूपमा परमेश्वरले त्यति धेरै काम गर्नुभएन वा त्यत्ति धेरै वचन बोल्नुभएन—जसले के देखाउँदछ भने हामी, यो समूहका मानिसहरू, विगतका सन्तहरूभन्दा अतुलनीय रूपमा आशिषित छौं। यही कारणले गर्दा परमेश्वरले अन्तिम युगका मानिसहरू सबैभन्दा आशिषित छन् भनेर भन्नुभएको हो। अरूले जेसुकै भने पनि, म विश्वास गर्दछु, कि हामी परमेश्वरद्वारा सबैभन्दा बढी आशिष् पाएका मानिसहरू हौं। परमेश्वरले हामीलाई दिनुभएका आशिष्हरू हामीले स्विकार्नुपर्छ; परमेश्वरसँग गुनासो गर्ने कतिपय मानिसहरू हुनसक्छन्, तर म के विश्वास गर्छु भने, यदि यी आशिषहरू परमेश्वरबाट आएका हुन् भने, हामी त्यसका निम्ति योग्यका छौं भन्ने कुरा यसले प्रमाणित गर्छ। अरूले गुनासो गरे पनि वा हामीसँग असन्तुष्ट भए पनि, म अझै पनि विश्वास गर्दछु, कि परमेश्वरले हामीलाई दिनुभएका आशिषहरूलाई कसैले हामीबाट लिन वा हटाउन सक्दैन। परमेश्वरको काम हामीमा पूरा हुने भएकोले र उहाँ अरूसँग होइन तर हामीसँग आमने-सामने बोल्नुहुने भएकोले, परमेश्वरले जस्तो चाहनुहुन्छ त्यसरी नै यो काम गर्नुहुन्छ। अनि यदि मानिसहरू विश्वस्त छैनन् भने, के तिनीहरूले आफैमा समस्या निम्त्याइरहेका हुँदैनन् र? के त्यसो गरेर तिनीहरूले आफैमाथि तिरस्कार ल्याउँदैनन् र? म किन

त्यस्ता कुरा भन्छु? किनकि मैले यो गहिरो रूपमा बुझेको छु। उदाहरणका लागि, परमेश्‍वरले ममा गर्नुहुने कामलाई लिऊँ: मैले मात्र यो काम गर्न सक्छु–के अरू कसैले यो काम गर्न सक्दछ? मैले परमेश्‍वरबाट यो आज्ञा पाउने सौभाग्य पाएको छु–के अरू कसैले यो आवेगमा आएर गर्न सक्छ? तापनि म आशा गर्दछु, भाइ-बहिनीहरूले मेरो हृदयलाई बुझ्नेछन्। म मेरा योग्यताहरूको बारेमा घमण्ड गरिरहेको छैनँ, तर एउटा समस्या बताउँदैछु। म चाहन्छु, कि सारा महिमा परमेश्‍वरलाई होस्, र परमेश्‍वरले हामी सबैको हृदयलाई हेर्नुभएको होस्, यसैले कि उहाँको सामु हाम्रा हृदय शुद्ध होऊन्। मेरो हृदयमा, म परमेश्‍वरद्वारा पूर्ण रूपले प्राप्त हुन, वेदीमा बलि चढाइने पवित्र कन्या बन्ने इच्छा गर्दछु, र त्यसबाहेक, थुमाको जस्तो आज्ञाकारीता प्राप्त गर्न चाहन्छु, सम्पूर्ण मानवजातिकहाँ पवित्र आत्मिक देहको रूपमा देखा पर्न चाहन्छु। मेरो प्रतिज्ञा यही हो, मैले परमेश्‍वरको सामु खाएको शपथ यही हो। म यो पूरा गर्न चाहन्छु र यसद्वारा परमेश्‍वरको प्रेमको ऋण चुकाउन चाहन्छु। के तँ यो गर्न इच्छुक छस्? म विश्‍वास गर्दछु कि मेरो यो प्रतिज्ञाले स-साना भाइ-बहिनीहरूलाई धेरै उत्साहित बनाउनेछ, र त्यसले धेरै जवानहरूमा आशा जगाउनेछ। मलाई लाग्छ, कि परमेश्‍वरले जवानहरूलाई विशेष महत्त्वका साथ हेर्नुहुन्छ। हुनसक्छ, यो मेरो आफ्नै एकपक्षीय विचार हो, तर मलाई सधैँ जवानहरूसँग सम्भावना र आशा हुन्छ भन्ने लाग्छ; यस्तो लाग्छ, कि परमेश्‍वरले जवान मानिसहरूमा अतिरिक्त काम गर्नुहुन्छ। तिनीहरूमा अन्तर्दृष्टि र बुद्धिको कमी हुन सक्छ, र तिनीहरू नवजात बाछो जस्तै उत्साही र उत्ताउला हुन सक्छन्, तापनि म विश्‍वास गर्दछु कि तिनीहरू आफ्ना योग्यताहरू बिनाका छैनन्। तिमीहरूले युवाहरूमा तिनीहरूको निर्दोषता देख्न सक्छौ र तिनीहरू नयाँ थोकहरू स्वीकार गर्न छिटो हुन्छन्। जवानहरूले अहङ्कार गर्ने, कठोर हुने र आवेगमा आउने प्रवृत्ति हुने भए पनि, त्यसले नयाँ ज्योति प्राप्त गर्ने तिनीहरूको क्षमतालाई असर गर्दैन, किनकि जवानहरूले प्राचीन, पुरानो ढङ्गका कुराहरूलाई बिरलै पक्रिराख्छन्। यसैले म जवान मानिसहरूमा असीमित प्रतिज्ञा र उनीहरूको जीवनशक्ति देख्छु; यही कारणले गर्दा तिनीहरूप्रति ममा कोमल भावना छ। म हुर्केका भाइ-बहिनीहरूलाई मन पराउँदिन भन्ने होइन, तर उनीहरूले पनि ममा कुनै चासो राख्दैनन्–जसका लागि म उनीहरूसित साँच्चै क्षमा याचना गर्छु। हुनसक्छ, मैले भनेका कुरा अमिल्दो वा विवेकहीन होला, तर म आशा गर्दछु कि तिमीहरूले मेरो लापरवाहीपनलाई क्षमा गर्न सक्छौ, किनकि म कसरी बोल्छु त्यसमा धेरै ध्यान दिनका निम्ति म सानै छु। तर सत्य कुरा भन्नुपर्दा, हुर्केका भाइ-बहिनीहरूले एउटा कार्य प्रस्तुत गर्छन्–आखिरमा, तिनीहरू पूर्ण रूपमा बेकारका छैनन्। किनकि तिनीहरू परिस्थितिहरूको सामना गर्न अनुभवी हुन्छन्; तिनीहरूले स्थिर रूपमा परिस्थितिहरूको सामना गर्छन्, र तिनीहरूले त्यति धेरै गल्ती गर्दैनन्। के यी तिनीहरूको सामर्थ्य होइनन् र? हामी सबै परमेश्‍वरको सामु यसो भनौं: "हे परमेश्‍वर! हामीले सबैले विभिन्‍न स्थानहरूमा रही आ-आफ्ना कार्यहरू पूरा गर्न सकौं र हामी सबैले तपाईंको इच्छाका निम्ति सक्दो कोसिस गर्न सकौं!" म विश्‍वास गर्छु, परमेश्‍वरको इच्छा यही हो!

मेरो अनुभवमा, यस धाराको खुल्लमखुल्ला विरोध गर्नेहरू, अर्थात् प्रत्यक्ष रूपमा परमेश्‍वरको आत्माको विरोध गर्नेहरूमध्ये धेरैजसो मानिसहरू बूढाबाका हुन्। यी मानिसहरूमा धेरै बलियो

धार्मिक धारणाहरू हुन्छन्; प्रत्येक कुरामा, तिनीहरूले परमेश्वरका वचनहरूलाई अप्रचलित थोकहरूसँग तुलना गर्छन्, र विगतमा स्वीकार गरिएका कुराहरूलाई परमेश्वरका वचनहरूसँग मिलाउने कोसिस गर्छन्। के तिनीहरू हास्यास्पद छैनन् र? के त्यस्ता मानिसहरूले परमेश्वरले उनीहरूलाई सुम्पनुभएको काम पूरा गर्न सक्छन्? के परमेश्वरले त्यस्ता मानिसहरूलाई आफ्नो काममा प्रयोग गर्न सक्नुहुन्छ? पवित्र आत्मासँग कुनै पनि दिनको उहाँको कामको लागि एउटा तरिका हुन्छ; यदि मानिसहरू पुरानो जमानाको कुराहरूमा अल्झेर बस्छन् भने, त्यस्तो दिन आउनेछ जब तिनीहरूलाई इतिहासको चरणबाट हटाइनेछ। परमेश्वरले आफ्नो कामको प्रत्येक चरणमा नयाँ मानिसहरूलाई प्रयोग गर्नुहुन्छ। के अरूलाई अप्रचलित कुराहरूको विषयमा भाषण दिनेहरूले मानिसहरूमाथि विनाश ल्याउँदैनन् र? र के तिनीहरूले परमेश्वरको काममा ढिलाइ गरिरहेका हुँदैनन् र? अनि यदि यस्तो भयो भने, परमेश्वरको काम कहिले पूरा हुनेछ? मैले भर्खरै भनेका कुराहरूका बारेमा केही धारणाहरू बोकेर हिँड्ने मानिसहरू पनि हुन सक्छन्। हुनसक्छ, तिनीहरू विश्वस्त छैनन्। तर म तैंले चिन्ता नगर् भन्ने चाहन्छु: धेरै समय नबित्दै यस्ता धेरै कुराहरू हुनेछन्, र तिनलाई तथ्यहरूद्वारा मात्र वर्णन गर्न सकिन्छ। हामी केही महत्वपूर्ण मानिसहरू, केही प्रतिष्ठित पाष्टरहरू वा बाइबलका व्याख्याकारहरूलाई हेरौं र उनीहरूलाई यो मार्गको बारेमा प्रचार गरौं। तिनीहरूले सुरुमा खुल्लमखुल्ला यसको विरोध गर्दैनन्, त्यो निश्चित हो–तर उनीहरूले तँलाई चुनौती दिन बाइबल निकाल्नेछन्। उनीहरूले तँलाई यशैयाको पुस्तक र दानिएलको पुस्तक फेरि भन्न लगाउनेछन्, र उनीहरूले तँलाई प्रकाशको पुस्तकको व्याख्या गर्न समेत लगाउनेछन्। र यदि तैंले त्यो गर्न सकिनस् भने, उनीहरूले तँलाई अस्वीकार गर्नेछन् र तँलाई झूटा ख्रीष्ट भन्नेछन् र तैंले हास्यास्पद मार्ग फैलाउँदैनस् भनेर भन्छन्। एक घण्टापछि उनीहरूले तेरो विरुद्ध झूटो आरोप लगाउनेछन् जसले तँलाई आश्चर्यचकित बनाउँछ। के यो खुला विरोध होइन? तर त्यो सुरुआत मात्र हो। उनीहरूले परमेश्वरको कामको अर्को चरणमा बाधा ल्याउन सक्दैनन्, र धेरै समय नबिती पवित्र आत्माले उनीहरूलाई यो स्वीकार्न बाध्य पार्नुहुनेछ। यो एक दृढ प्रवृत्ति हो; यो मानिसले गर्न नसक्ने र कसैले कल्पना गर्न नसक्ने कुरा हो। मलाई विश्वास छ, परमेश्वरको काम सारा ब्रह्माण्डभरि विनाबाधा फैलिनेछ। यो परमेश्वरको इच्छा हो, र कसैले यसलाई रोक्न सक्दैन। परमेश्वरले हामीलाई अन्तर्दृष्टि दिनुभएको होस् र हामीलाई थप नयाँ ज्योति स्वीकार्न दिनुभएको होस्, र यस विषयमा परमेश्वरको व्यवस्थापनमा बाधा नहोस्। परमेश्वरले हामीमाथि कृपा गर्नुभएको होस्, यसैले कि हामी सबैले उहाँको महिमाको दिनको आगमन देख्न सकौं। परमेश्वर सारा ब्रह्माण्डमा महिमामा बास गर्नुहुने समय नै हामीले उहाँसँगै महिमा प्राप्त गर्ने समय हुनेछ। यस्तो लाग्छ, त्यो समय म मेरो साथमा हिँड्नेहरूलाई अलग हुने समय पनि हुनेछ। मलाई आशा छ कि मेरा भाइ-बहिनीहरूले मेरो साथमा आवाज निकाल्दै परमेश्वरसित यसो भन्दै पुकारा गर्नेछन्: परमेश्वरको महान् काम चाँडै सम्पन्न होस्, यसैले कि हामीले आफ्नो जीवनकालमा नै उहाँको महिमाको दिन देख्न सकौं। म अझै पनि मेरो जीवनकालमा परमेश्वरको इच्छा प्राप्त गर्ने आशा गर्दछु, र परमेश्वरले हामीमा आफ्नो काम गरिरहन सक्नुभएको होस्, र त्यसमा कहिल्यै कुनै बाधा नभएको होस् भन्ने म आशा गर्दछु। यो मेरो अनन्त आकांक्षा

हो। परमेश्वर सधैँ हाम्रो बीचमा रहनुभएको होस्, र उहाँको प्रेमले हामीबीच पुलहरू निर्माण गरोस् जसले गर्दा हामी बीचको मित्रता झन् मूल्यवान् बनोस्। मलाई आशा छ, कि प्रेमले हामीबीच थप समझदारी उत्पन्न गरोस् र त्यो प्रेमले हामीलाई गहिरो घनिष्ठतामा ल्याउन सकोस्, हामी बीचको कुनै दूरी हटाउन सकोस्, र हामी बीचको त्यो प्रेम झन् गहिरो, फराकिलो र मीठो हुन सकोस्। म विश्वास गर्दछु, कि मेरा परमेश्वरको इच्छा यही हो। मेरा भाइ-बहिनीहरू मेरो नजिक आउन सकून्, र हामी सबैले एकसाथ बिताएका छोटा दिनहरू सम्हालेर राख्न सकौं, ती हाम्रा निम्ति मीठा सम्झनाहरू भएर रहून् भन्ने मेरो आशा छ।

चीनको मुख्य भूमिमा परमेश्वरको कामका अझ अरू चरणहरू हुन सक्छन्, तर ती जटिल छैनन्। यसको बारेमा सोच्दा, उहाँको कामको हरेक चरणको अर्थ छ भन्ने भाव छ; प्रत्येक नै परमेश्वरले व्यक्तिगत रूपमा गर्नुभएको छ, र यो काममा सबैले कुनै न कुनै भूमिका खेलेका छन्। प्रत्येक "दृश्य" साँच्चिकै हास्यास्पद छ, र यी मानिसहरूले यस्तो नाटक देखाउनेछन्, प्रत्येक परीक्षाको बीचमा जीवनप्रति तिनीहरूको प्रदर्शन यति सत्य हुन्छ, परमेश्वरको कलमले सबै किसिमका व्यक्तिको अति सजीव र पूर्ण रूपमा चित्रण गर्छ, प्रत्येकले दिनको ज्योतिमा धेरै कुरा प्रकट गर्दछ भनी कसले कल्पना गरेको थियो र? तर मैले यसो भन्नुको अर्थ परमेश्वरले उहाँको कामद्वारा मानिसहरूलाई मूर्ख बनाउँदैहुनुहुन्छ भन्ने हुँदैन। त्यसको कुनै अर्थ हुनेथिएन; परमेश्वरको कामको एक उद्देश्य हुन्छ, र उहाँले कहिल्यै पनि कुनै अर्थहीन र मूल्यहीन काम गर्नुहुन्न। उहाँले जे गर्नुहुन्छ ती सबै काम मानिसलाई सिद्ध बनाउन, प्राप्त गर्नका लागि गरिन्छ। यसबाट म साँच्चै देख्छु कि परमेश्वरको हृदय पूर्णतया मानिसको हितका लागि छ। मैले यसलाई नाटक भनेको हुन सक्छु, तर यो पनि भन्न सकिन्छ कि यो नाटक वास्तविक जीवनबाट लिइएको हो। यति मात्र हो कि मानिसहरू नाटकका महानिर्देशक परमेश्वरसँग यो काम पूरा गर्न सहकार्य गर्छन्। तापनि, तर अर्को अर्थमा, परमेश्वरले मानिसहरूलाई प्राप्त गर्न, तिनीहरूलाई अझ बढी उहाँलाई प्रेम गर्ने बनाउन यसको प्रयोग गर्नुहुन्छ। के यो परमेश्वरको इच्छा होइन र? त्यसैले मलाई आशा छ कि कसैलाई कुनै चिन्ता छैन। के तँ परमेश्वरको इच्छाको बारेमा पूर्ण रूपमा अनजान छस्? मैले धेरै कुरा भनेको छु–मलाई आशा छ कि भाइ-बहिनीहरूले यी सबै कुरा बुझेका छन् र मेरो हृदयको गलत अर्थ लगाएका छैनन्। कि तिमीहरू सबै परमेश्वरद्वारा प्राप्त गरिनेछौ भन्ने कुरामा मलाई कुनै शङ्का छैन। सबै जना फरक-फरक बाटोमा हिँड्छन्। जो तिमीहरूको खुट्टामुनि छ त्यसलाई परमेश्वरले खोलिदिनुभएको होस्, र तिमीहरूले उहाँसँग प्रार्थना गर्दै यसो भन्न सक: हे परमेश्वर! तपाईंले मलाई प्राप्त गर्नुहोस् भन्ने मेरो चाहना छ, ता कि मेरो आत्मा तपाईंकहाँ फर्कियोस्। के तँ आफ्नो आत्माको गहिराइमा परमेश्वरको अगुवाइ खोज्न तयार छस्?

# मार्ग ... (५)

विगतमा, कसैलाई पनि पवित्र आत्माको बारेमा थाहा थिएन, पवित्र आत्माले हिँड्नुभएको मार्गको बारेमा उनीहरूलाई ज्ञान हुने कुरा त परै जाओस्। यसैले मानिसहरूले सधैँ आफूलाई परमेश्‍वरको अघि मूर्ख बनाए। यो भन्‍नु उचित हुन्छ, कि परमेश्‍वरमा विश्‍वास गर्ने प्रायजसो सबैले आत्माको बारेमा जानेका हुँदैनन्, र तिनीहरूको विश्‍वास अलमल्ल र भ्रमित हुन्छ। स्पष्ट छ, मानिसहरूले परमेश्‍वरलाई बुझ्दैनन्; तिनीहरूले आफ्नो मुखले उहाँमा विश्‍वास गर्छु भनेर भने पनि, वास्तवमा, तिनीहरूका व्यवहार अनुसार त तिनीहरूले परमेश्‍वरमा होइन, तर आफैमा विश्‍वास गर्छन्। मेरो आफ्नै अनुभवमा, मैले देखेको छु, कि परमेश्‍वरले देहधारी परमेश्‍वरको गवाही दिनुहुन्छ, र बाहिरबाट हेर्दा मानिसहरू परमेश्‍वरको गवाहीलाई स्वीकार गर्न बाध्य भएका छन् जस्तो देखिन्छ, तिनीहरू परमेश्‍वरको आत्मा पूर्ण रूपमा त्रुटिहीन हुनुहुन्छ भनी विश्‍वास गर्छन् भनी मुस्किलले भन्‍न सकिन्छ। तापनि म भन्छु, कि मानिसहरूले यस व्यक्तिमा विश्‍वास गर्दैनन्, परमेश्‍वरका आत्मामा विश्‍वास गर्ने कुरा त परै जाओस्, तर तिनीहरूले तिनीहरूका आफ्नै भावनाहरूमा विश्‍वास गर्छन्। के तिनीहरूले त्यसो गरेर आफैमा विश्‍वास गरिरहेका हुँदैनन् र? म जे भन्छु त्यो सत्य छ। मैले मानिसहरूलाई नाउँ दिइरहेको छैन, तर मैले एउटा कुरा स्पष्ट पार्नुपर्छ: आजको दिनसम्म मानिसहरू पवित्र आत्माले नै ल्याउनुभएको होस्, चाहे स्पष्ट होऊन् वा अलमल्ल परेका होऊन्। यो मानिसले नियन्त्रण गर्ने कुरा होइन। मैले पहिले पवित्र आत्माले मानिसहरूलाई विश्‍वास गर्न बाध्य बनाउनुहुन्छ भन्‍ने बारेमा उल्लेख गरेको कुराको एउटा उदाहरण यही हो; पवित्र आत्माले काम गर्ने तरिका यही नै हो, र पवित्र आत्माले लिनुभएको मार्ग यही हो। वास्तवमा, मानिसहरूले जसमा विश्‍वास गरे पनि पवित्र आत्माले बल पूर्वक मानिसहरूलाई एक किसिमको भावना दिनुहुन्छ, र त्यसद्वारा तिनीहरूलाई आफ्नो हृदयमा परमेश्‍वरमा विश्‍वास गर्ने बनाउनुहुन्छ। के तँ यस्तै प्रकारले विश्‍वास गर्दैनस् र? के तँलाई परमेश्‍वरमाथिको तेरो विश्‍वास अनौठो कुरा हो जस्तो लाग्दैन? के तँलाई यस प्रवाहबाट उम्कन नसक्नु अनौठो कुरा हो भन्‍ने लाग्दैन? के तैंले यसबारे विचार गर्नका लागि कुनै कोसिस गरेको छैनस्? के यो सबैभन्दा ठूलो चिह्न र चमत्कारहोइन र? यदि तैंले धेरै पटक उम्कने इच्छा गरेको थिइस् भने पनि, सधैँ एउटा शक्तिशाली जीवन शक्ति हुन्छ जसले तँलाई आकर्षित गर्दछ, र तँलाई छोडेर जान अनिच्छुक बनाउँदछ। अनि हरेक पटक जब तँ आफैलाई यस्ता परिस्थितिहरूमा पाउँछस्, तँ रुन र विलाप गर्न थाल्छस्, अब के गर्ने होला भनी अन्योल हुन्छस्। तिमीहरूमध्ये कोही-कोही छोड्ने कोसिस गर्छौ, तर जब तँ जाने कोसिस गर्छस्, तेरो मुटुमा छुरी रोपेको जस्तो हुन्छ, संसारको कुनै पिसाचले तँलाई बेचैन र अशान्त अवस्थामा छोडेर तेरो प्राण खोसेर लगेको जस्तो तैंले महसुस गर्छस्। त्यसपछि, तैंले आफैलाई दृढ पारेर परमेश्‍वरमा नफर्की रहन सक्दैनस्। ... के तैंले यो अनुभव प्राप्त गरेको थिइनस् र? मलाई कुनै शङ्का छैन, कि आफ्नो हृदय खोल्न सक्ने जवान भाइ-बहिनीहरूले यसो भन्‍नेछन्: "हो! मैले यो धेरै पटक अनुभव गरेको छु, यो सोच्दा पनि मलाई लाज लाग्छ!" मेरो आफ्नै दैनिक जीवनमा, म मेरा जवान भाइ-बहिनीहरूलाई मेरा घनिष्ठहरू जस्तो व्यवहार गर्न पाउँदा म सधैँ

खुसी हुन्छु, किनकि उनीहरूमा धेरै निष्कपटता हुन्छ–उनीहरू अति शुद्ध र प्रेमिलो हुन्छन्। उनीहरू मेरा आफ्नै साथीहरू जस्तै हुन्। यसैले म जहिले पनि मेरो घनिष्ठ व्यक्तिहरूलाई एकसाथ भेला गरेर हाम्रा आदर्शहरू र हाम्रा योजनाहरूको बारेमा कुरा गर्ने मौकाको खोजीमा छु। परमेश्‍वरको इच्छा हामीमा पूरा होस्, यसैले कि हामी सबै मासु र रगतजस्तो बनौं, हामीबीच कुनै बाधा वा दूरी नहोस्। हामी सबैले परमेश्‍वरसँग यसरी प्रार्थना गर्न सकौं: "हे परमेश्‍वर! यदि यो तपाईंको इच्छा हो भने, हामी बिन्ती गर्दछौं कि तपाईंले हामीलाई सही वातावरण दिनुहोस्, यसैले कि हामी आफ्ना हृदयका इच्छाहरू पूरा गर्न सकौं। तपाईंले हामीमाथि दया गर्नुहोस्, हामी जो जवान छौं र जसमा विवेकको कमी छ, र हामीलाई हाम्रो हृदयमा रहेको शक्ति प्रकट गर्न सहायता गर्नुहोस्!" मलाई विश्‍वास छ, कि यो परमेश्‍वरको इच्छा हो, किनकि धेरै अघि मैले परमेश्‍वरसँग यसो भनेर प्रार्थना गरेको छु: "हे पिता! पृथ्वीमा, तपाईंको इच्छा यस पृथ्वीमा चाँडै पूरा होस् भन्‍ने इच्छा गर्दै हामी निरन्तर तपाईंलाई पुकार्छौं। म तपाईंको इच्छा खोज्छु। तपाईं जे गर्न चाहनुहुन्छ त्यो गर्नुहोस् र ममा तपाईंको काम चाँडै पूरा गर्नुहोस्। म यो पनि इच्छा गर्दछु कि यदि तपाईंको इच्छा चाँडै पूरा हुन्छ भने तपाईंले हामी बीचमा नयाँ मार्ग खोल्नुहोस्! म यो मात्र बिन्ती गर्दछु, तपाईंको काम चाँडै पूरा हुन सकेको होस्, र मलाई विश्‍वास छ, कुनै नियमले यसलाई रोक्न सक्दैन!" आज परमेश्‍वरको काम यस्तै छ; के तैँले पवित्र आत्माले हिँड्नुहुने मार्गलाई देख्दैनस्? जब-जब म ठूला भाइ-बहिनीहरूलाई भेट्छु, ममा दबाबको अवर्णनीय अनुभूति हुन्छ। जब म तिनीहरूलाई भेट्छु, म तिनीहरूले समाजमा दुर्गन्ध फैलाएको देख्दछु; तिनीहरूको धार्मिक धारणाहरू, परिस्थितिहरूको सामना गर्ने तिनीहरूका अनुभव, तिनीहरूको बोल्ने तरिका, तिनीहरूले प्रयोग गर्ने शब्दहरू र यस्तै अरू कुराहरू–ती सबै चिढ्याउने किसिमका हुन्छन्। तिनीहरू "बुद्धि" ले भरिएको हुनुपर्ने हो। म सधैँ सकेसम्म तिनीहरूबाट टाढा बस्छु, किनकि व्यक्तिगत रूपमा, म यस संसारमा जिउने दर्शनहरूद्वारा सुसज्जित छैन। जब-जब म यी मानिसहरूलाई भेट्छु, तिनीहरूले मलाई थकित बनाएर छोड्छन्, मेरो टाउको पसिनाले ढाकिएको हुन्छ; कहिलेकहीँ म यति दबाबमा पर्छु कि मलाई सास फेर्न समेत कठिन हुन्छ। यसैले यस्तो सङ्कटको घडीमा, परमेश्‍वरले मलाई उम्कने एउटा ठूलो मार्ग दिनुहुन्छ। सायद त्यो मेरो गलत धारण हुन सक्छ। परमेश्‍वरलाई केले फाइदा गर्छ मलाई त्यसको मात्र चासो छ; परमेश्‍वरको इच्छाको काम गर्नु भनेको सबैभन्दा महत्त्वपूर्ण कुरा हो। म यी मानिसहरूबाट टाढा नै बस्छु, तर यदि परमेश्‍वर मैले उनीहरूलाई भेटेको चाहनुहुन्छ भने म आज्ञापालन गर्छु। यो तिनीहरू अप्रिय भएकोले होइन, तर उनीहरूको "बुद्धि," धारणाहरू र यो संसारमा जिउने दर्शनहरू अति नै घृणित छन्। म त्यहाँ परमेश्‍वरको काम पूरा गर्नका लागि हुन्छु, उनीहरूले कसरी काम गर्छन् भनेर जान्‍नका लागि होइन। मलाई याद छ, परमेश्‍वरले एक पटक मलाई यसो भन्‍नुभएको थियो, "पृथ्वीमा, केवल तेरा पिताको इच्छा पूरा गर्न खोज् र उहाँको आज्ञा पूरा गर्। अरू केही कुरा तँसँग सम्बन्धित छैन।" यो कुरा सोच्दा मलाई थोरै शान्ति मिल्छ। किनकि मानवीय मामिलाहरू सधैँ मलाई जटिल लाग्छ; म तिनलाई बुझ्न सक्दिनँ, र के गर्नुपर्छ भनी म जान्दिनँ। यसकारण अनगिन्ती पटक म यसद्वारा चिन्तित भएको छु र मैले मानवजातिलाई घृणा गरेको छु; मानिसहरू किन यति जटिल हुनु परेको? किन तिनीहरू साधारण

हुन सक्दैनन्? यति चलाख हुने झमेलामा किन परेका? जब म मानिसहरूलाई भेट्छु, प्रायजसो यो परमेश्‍वरले मलाई दिनुभएको आदेशमा आधारित हुन्छ। सायद केही पटक त्यस्तो नभएको हुन सक्छ, तर मेरो हृदयमा के लुकेको छ त्यो कसले जान्‍न सक्छ?

मैले धेरै पटक मसँग भएका भाइ-बहिनीहरूलाई तिनीहरूले आफ्नो हृदयले परमेश्‍वरमा विश्‍वास गर्नुपर्दछ, तिनीहरूले आफ्नै हित खोज्नु हुँदैन, तर परमेश्‍वरको इच्छामा ध्यान दिनुपर्छ भन्‍ने सल्लाह दिएको छु। म धेरै चोटि परमेश्‍वरको सामु वेदनामा रोएको छु: मानिसहरू किन परमेश्‍वरको इच्छालाई वास्ता गर्दैनन्? अवश्य नै, परमेश्‍वरको काम कुनै कारणविना कुनै सङ्केत नछोडी विलुप्त हुन सक्दैन? मलाई थाहा छैन–यो मेरो मनको लगभग एउटा अड्को बन्‍न पुगेको छ–मानिसहरूले पवित्र आत्मा हिँड्नुभएको मार्गलाई चिन्‍न सक्दैन, तापनि किन अरूसँगको उनीहरूको असामान्य सम्बन्धहरूलाई पक्रिराख्छन्? यस्ता मानिसहरू देख्दा मलाई वाकवाकी लाग्छ। पवित्र आत्माको मार्ग हेर्नुको सट्टा उनीहरू मानिसका कामहरूमा ध्यान केन्द्रित गर्दछन्। के यसबाट परमेश्‍वर सन्तुष्ट हुन सक्नुहुन्छ? म प्रायजसो यसबाट दुःखी हुन्छु। यो लगभग मेरो बोझ भएको छ–र यसले पवित्र आत्मालाई पनि अशान्त बनाउँछ। के तैँले आफ्नो हृदयमा अलिकति पनि दोषी महसुस गर्दैनस्? परमेश्‍वरले हाम्रा आत्माको आँखा खोलिदिनुभएको होस्। मानिसहरूलाई परमेश्‍वरको काममा प्रवेश गर्न अगुवाइ गर्ने मैले धेरै चोटि परमेश्‍वरको अगाडि यसरी प्रार्थना गरेको छु: “हे पिता! म चाहन्छु कि तपाईंको इच्छा नै मुख्य कुरा बनोस्, म तपाईंको इच्छाको खोजी गर्दछु, म चाहन्छु कि तपाईंको आदेशप्रति म बफादार रहूँ, यसैले कि तपाईंले मानिसहरूको यो समूहलाई जित्‍न सक्नुभएको होस्। तपाईंले हामीलाई स्वतन्त्रताको देशमा लैजानुहोस्, यसैले कि हामी तपाईंलाई हाम्रा आत्माहरूले छुन सकौं, र तपाईंले हाम्रो हृदयभित्र आत्मिक भावनाहरू जगाउनुहोस्!” म चाहन्छु, कि परमेश्‍वरको इच्छा पूरा होस्, त्यसैले म उहाँका आत्माले हामीलाई ज्ञान दिइरहून् भनी निरन्तर प्रार्थना गर्दछु, यसैले कि हामी पवित्र आत्माको डोऱ्याउनुभएको मार्गमा हिँड्न सकौं–किनकि जुन मार्गमा म हिँड्छु, त्यो पवित्र आत्माको मार्ग हो। र मेरो सट्टामा अरू को यो मार्गमा हिँड्न सक्छ? यस कुराले मेरो बोझलाई अझ गह्रौं बनाउँछ। मलाई अब म ढल्छु जस्तो लाग्छ, तर मलाई विश्‍वास छ कि परमेश्‍वरले कहिल्यै उहाँको आफ्नो काममा ढिलाइ गर्नुहुन्‍न। हुनसक्छ, उहाँको आदेश पूरा भएपछि हाम्रा बाटाहरू छुट्टिन्छन्। त्यसकारण सायद परमेश्‍वरका आत्माको प्रभावको कारणले नै म सधैँ फरक महसुस गर्दछु। यस्तो लाग्छ, कि परमेश्‍वरले कुनै काम गर्न चाहनुहुन्छ, तर म अझै पनि यो के हो भनी बुझ्‍न सक्दिनँ। तर म विश्‍वस्त छु कि पृथ्वीमा मेरा घनिष्ठ व्यक्तिहरूभन्दा राम्रो कोही छैन, र म विश्‍वस्त छु कि उनीहरूले परमेश्‍वरको सामु मेरो निम्ति प्रार्थना गर्नेछन्, जसका लागि म अत्यन्तै कृतज्ञ छु। म भाइ-बहिनीहरूले मसँग यसो भनून् भन्‍ने चाहन्छु: “हे परमेश्‍वर! तपाईंको इच्छा हामी अन्तिम युगका मानिसहरूमा पूर्ण रूपमा प्रकट होस्, यसरी हामी आत्माको जीवनद्‌वारा आशिषित बन्‍न सकौं, र हामीले परमेश्‍वरका आत्माका कामहरू देख्न सकौं, र उहाँको वास्तविक अनुहार हेर्न सकौं!” हामी यो चरणमा पुगेपछि हामी साँच्चै आत्माको अगुवाइमा जिइरहेका हुनेछौं, अनि मात्र हामी परमेश्‍वरको वास्तविक अनुहारलाई हेर्न सक्नेछौं। भन्‍नुको अर्थ के हो भने, मानिसहरूले मानिसकै

धारणाहरू अनुसार जानेर वा बुझेर होइन, तर परमेश्‍वरका आत्माको इच्छाको ज्ञानको आधारमा सबै सत्यको वास्तविक अर्थ बुझ्न सक्नेछन्। यो पूर्णतया परमेश्‍वर स्वयम्‌को काम हो, यसमा मानिसको विचार केही पनि छैन; यो ती कार्यहरूका निम्ति उहाँको योजना हो जुन उहाँले पृथ्वीमा स्पष्ट पार्न चाहनुहुन्छ, र यो पृथ्वीको उहाँको कामको अन्तिम भाग हो। के तँ यो काममा सामेल हुन चाहन्छस्? के तँ यसको हिस्सा बन्न चाहन्छस्? के तँ पवित्र आत्माद्‌वारा सिद्‌ध बन्ने र आत्माको जीवनमा सहभागी हुने आकांक्षा राख्छस्?

आजको मुख्य कुरा भनेको हाम्रो मूल जगभन्दा गहिरोमा जानु हो। हामी सत्य, दर्शन, र जीवनको गहिराइमा जानुपर्छ—तर पहिले मैले भाइ-बहिनीहरूलाई कामको यस चरणमा प्रवेश गर्न तिमीहरूले आफ्नो पहिलेका धारणाहरूलाई त्याग्नुपर्छ भनेर सम्झाउनुपर्छ। अर्थात्, तैँले तेरो जिउने तरिका परिवर्तन गर्नुपर्दछ, नयाँ योजनाहरू बनाउनुपर्छ, अझ राम्रो प्रकारले सुरु गर्नुपर्छ। यदि तँ अझै पनि विगतमा तेरो निम्ति बहुमूल्य रहेको कुरामा टाँसिरहन्छस् भने, पवित्र आत्माले तँभित्र काम गर्न सक्नुहुन्न, र उहाँले मुस्किलले तेरो जीवनलाई थामेर राख्न सक्नुहुनेछ। जो पछ्याउँदैनन्, वा प्रवेश गर्दैनन्, वा योजना बनाउँदैनन्, तिनीहरूलाई पवित्र आत्माले पूर्ण रूपमा त्याग्नुहुनेछ—र त्यसैले तिनीहरूलाई युगद्‌वारा त्यागिएकाहरू भनी भनिन्छ। म आशा गर्दछु कि सबै भाइ-बहिनीहरूले मेरो हृदयलाई बुझ्न सक्छन्, र म आशा गर्दछु कि अझ धेरै "नयाँ भर्ती हुने व्यक्तिहरू" परमेश्‍वरसँग मिलेर काम गर्न र यो काम एकसाथ मिलेर सम्पन्न गर्न खडा हुनेछन्। म विश्‍वास गर्छु, परमेश्‍वरले हामीलाई आशिष् दिनुहुनेछ। साथै परमेश्‍वरले मलाई धेरै घनिष्ठ व्यक्तिहरू दिनुहुनेछ भनेर पनि म विश्‍वास गर्दछु, यसैले कि म पृथ्वीको हरेक कुनामा हिँड्न सकूँ, र हामीबीच अझ ठूलो प्रेम हुन सकोस्। यसबाहेक, म विश्‍वास गर्छु कि हाम्रो कोसिसको कारण परमेश्‍वरले उहाँको राज्य विस्तार गर्नुहुनेछ; म चाहन्छु कि हाम्रा यी प्रयासहरू अभूतपूर्व स्तरसम्म पुगोस्, यसरी परमेश्‍वरले अझ धेरै युवाहरू प्राप्त गर्न सक्नुभएको होस्। म यसको लागि प्रार्थना गर्दै थप समय बिताउन चाहन्छु, हामीले निरन्तर प्रार्थना गरेको म चाहन्छु, यसैले कि हामी आफ्नो सम्पूर्ण जीवन परमेश्‍वरको सामु जिउन र परमेश्‍वरसँग सकेसम्म नजिक हुन सकौं। अबदेखि हाम्रो बीचमा फेरि कुनै कुरा नहोस्, र हामी सबैले परमेश्‍वरको सामु यो शपथ खाऔं: एकसाथ मिलेर कठोर परिश्रम गर्न! आखिरीसम्म बफादार हुन! कहिल्यै नछुट्टिन, र सधैँ एकसाथ रहन! म आशा गर्छु कि भाइ-बहिनीहरू सबैले परमेश्‍वरको सामु यो प्रतिज्ञा गरेका छन्, ताकि हाम्रो हृदय कहिल्यै परिवर्तन नहोस्, र हाम्रो अठोट कहिल्यै नडगमगाओस्! परमेश्‍वरको इच्छाको खातिर, म फेरि भन्छु: हामी कठोर परिश्रम गरौं! हामी हाम्रो सम्पूर्ण शक्ति लगाएर संघर्ष गरौं! परमेश्‍वरले निश्‍चय हामीलाई आशिष् दिनुहुनेछ!

## मार्ग ... (६)

परमेश्‍वरको कामको कारणले गर्दा हामीलाई आजको दिनमा ल्याइएको छ, र यसरी हामी परमेश्‍वरको व्यवस्थापन योजनामा बाँचेका छौं। आज हामी बाँचेका छौं भन्ने कुरा परमेश्‍वरले हामीलाई महान् रूपमा उचाल्नुभएको कुरा हो, किनकि परमेश्‍वरको योजनाअनुसार, त्यो ठूलो रातो

अजिङ्गरको देश नष्ट हुनुपर्दछ। तर मलाई लाग्छ कि सायद उहाँले अर्को योजना स्थापित गर्नुभएको छ, वा उहाँले आफ्नो कामको अर्को भाग गर्न चाहनुहुन्छ, त्यसैले आज पनि म यसलाई स्पष्टसँग वर्णन गर्न सक्दिनँ—यो समाधान गर्नै नसकिने पहेलीजस्तै छ। तर समग्रमा, हाम्रो यो समूहलाई परमेश्वरले पहिल्यै निर्धारित गरिसक्नुभएको छ, र म यो विश्वास गरिरहन्छु कि हामीमा परमेश्वरले अर्को काम गर्नुहुन्छ। हामी सबैले स्वर्गलाई यसरी बिन्ती गर्न सकौं: "तपाईंको इच्छा पूरा होस्, र तपाईं एक चोटि फेरि हामीकहाँ देखा पर्नुहोस् र आफैलाई नलुकाउनुहोस्, यसैले कि हामीले तपाईंको महिमा र तपाईंको चेहरा अझ स्पष्ट रूपमा देख्न सकौं।" ममा निरन्तर यो विचार आउँछ कि परमेश्वरले हामीलाई डोऱ्याउनुहुने मार्ग सिधा छैन, तर खाल्डा-खुल्डीले भरिएको घुमाउरो बाटो हो; यसबाहेक, परमेश्वर भन्नुहुन्छ, कि मार्ग जति धेरै ढुङ्गेनी हुन्छ, त्यत्ति नै बढी त्यसले हाम्रो प्रेमिलो हृदयहरूलाई प्रकट गर्न सक्छ। तर हामीमध्ये कसैले पनि त्यस्तो बाटो खोल्न सक्दैनौं। मेरो अनुभवमा, म धेरै ढुङ्गेनी, धोकेबाज मार्गहरू हिँडेको छु र मैले ठूलो यातना भोगेको छु; कहिलेकहीँ म शोकले यति धेरै ग्रस्त भएको छु कि म रुन चाहन्थें, तर म आजको दिनसम्म यो मार्गमा हिँडेको छु। म विश्वास गर्दछु कि यो परमेश्वरले डोऱ्याउनुभएको बाटो हो, त्यसैले म सबै दु:खको यातना सहन्छु र अगाडि बढिरहन्छु। किनकि परमेश्वरले ठहराउनुभएको यही हो, त्यसकारण त्यसबाट को उम्कन सक्छ र? म कुनै आशिष् पाऊँ भनी माग्दिनँ; म केवल यति मात्र बिन्ती गर्दछु कि मैले जुन बाटोमा हिँड्नुपर्छ त्यसमा म परमेश्वरको इच्छाअनुसार हिँड्न सकूँ। म अरूले हिँडेको बाटो हिँड्दै अरूको अनुकरण गर्न खोज्दिनँ; म यति मात्रै चाहन्छु कि, मेरो तोकिएको मार्गमा हिँडेर मैले मेरो भक्तिसाथ पूर्ण रूपमा पूरा गर्न सकूँ। म अरूबाट सहायता माग्दिनँ; स्पष्ट भन्नुपर्दा, म पनि कसैलाई सहायता गर्न सक्दिनँ; यस्तो लाग्छ कि यस विषयमा म अत्यन्तै संवेदनशील छु। अरूले के सोच्छन् मलाई थाहा छैन। किनकि म सधैँ यो विश्वास गर्छु, कि एक व्यक्तिले जति दु:ख भोग्नुपर्छ र उनीहरूले आफ्नो मार्गमा जति दूरी हिँड्नु पर्ने हुन्छ त्यो परमेश्वरद्वारा तोकिएको हुन्छ, र कसैले पनि अरू कसैलाई वास्तवमा सहायता गर्न सक्दैन। हाम्रा केही जोसिला भाइ-बहिनीहरूले मलाई म प्रेम विहीन छु भनी भन्न सक्छन्, तर यो मैले विश्वास गरेको कुरा मात्रै हो। मानिसहरू परमेश्वरको अगुवाइमा भर परेर तिनीहरूका मार्गमा हिँड्छन् र म विश्वास गर्छु, कि मेरा अधिकांश भाइ-बहिनीहरूले मेरो हृदयलाई बुझ्नेछन्। म यो पनि आशा गर्दछु, कि यस विषयमा परमेश्वरले हामीलाई अझ बढी ज्ञान प्रदान गर्नुहुन्छ, यसरी हाम्रो प्रेम अझ बढी शुद्ध हुन सक्दछ र हाम्रो मित्रता अझ अनमोल बन्छ। हामी यस विषयमा अलमल्ल नपरौं, तर अझ बढी स्पष्टता प्राप्त गर्न सकौं, यसरी पारस्परिक सम्बन्धहरू परमेश्वरको नेतृत्वको जगमा निर्माण हुन सकून्।

परमेश्वरले चीनको मुख्य भूमिमा धेरै वर्षदेखि काम गर्नुभएको छ, आज हामी जहाँ छौं त्यहाँसम्म हामीलाई ल्याउनका निम्ति उहाँले सबै मानिसहरूमा ठूलो मूल्य चुकाउनुभएको छ। मलाई लाग्छ, सबैलाई सही मार्गमा डोऱ्याउनका लागि यो कार्य त्यहाँ सुरु हुनैपर्छ जहाँ सबै जना कमजोर छन्; तब मात्र तिनीहरूले पहिलो बाधा पार गरेर निरन्तर अगाडि बढ्न सक्छन्। के यो अझ राम्रो हुँदैन? हजारौं वर्षदेखिको भ्रष्ट चिनियाँ राष्ट्र आजसम्म जीवित रहेको छ, हरकिसिमका

“भाइरस” निरन्तर अगाडि बढिरहेका छन्, जताततै महामारी फैलाउँदैछ; मानिसहरू भित्र कति वटा “कीटाणुहरू” लुकेर बसेको छ भनी बुझ्न मानिसहरूका सम्बन्धहरूलाई हेर्नु नै पर्याप्त छ। यस्तो कसिएको बन्द र भाइरसले सङ्क्रमित क्षेत्रमा परमेश्‍वरलाई उहाँको काम अगाडि बढाउन अत्यन्तै गाह्रो हुन्छ। मानिसहरूका व्यक्तित्व, बानीहरू, तिनीहरूले काम गर्ने विभिन्न तरिकाहरू, तिनीहरूले आफ्नो जीवनमा व्यक्त गर्ने सबै कुरा र तिनीहरूको पारस्परिक सम्बन्ध–ती सबै झुत्रो भएका छन्, यहाँसम्म कि मानिसको ज्ञान र संस्कृतिहरू सबैलाई परमेश्‍वरले मृत्युको दोषी ठहराउनुभएको छ। तिनीहरूले आफ्ना परिवारहरू र समाजबाट सिकेका विभिन्न अनुभवहरूको त झन् के कुरा गर्नु–यी सबैलाई परमेश्‍वरको नजरमा दोषी ठहराइएको छ। किनभने यो देशमा बस्नेहरूले अति धेरै भाइरसहरू खाइसकेका छन्। यो तिनीहरूका लागि सामान्य व्यापार जस्तै हो, तिनीहरू यसबारे केही सोच्दैनन्। यसकारण, मानिसहरू एक ठाउँमा जति भ्रष्ट हुन्छन्, तिनीहरूको पारस्परिक सम्बन्धहरू त्यति नै असामान्य हुन्छन्। मानिसहरूका सम्बन्धहरू षड्यन्त्रले भरिएका छन्, तिनीहरूले एक-अर्काको विरुद्धमा षड्यन्त्र रच्छन् र भूतात्माहरूको नरभक्षी किल्लामा जस्तो एक-अर्काको हत्या गर्छन्। भूतात्माहरू अनियन्त्रित भएर दगुर्ने यस्तो आतङ्कले भरिएको ठाउँमा परमेश्‍वरको काम पूरा गर्नु अत्यन्त गाह्रो हुन्छ। मैले मानिसहरूलाई भेट्नु पर्दा म निरन्तर परमेश्‍वरसँग बिन्ती गर्दछु, किनकि म तिनीहरूसँग भेट्दा डराउँछु, र मेरो स्वभावको कारण तिनीहरूको “मर्यादा” मा चोट पुऱ्याउँछु कि भनी डराउँछु। यी अशुद्ध आत्माहरूले लापरवाही साथ काम गर्लान् भनी म मेरो हृदयमा सधैँ डराउँछु, त्यसैले म परमेश्‍वरले मलाई रक्षा गर्नुभएको होस् भनी जहिले पनि प्रार्थना गर्दछु। हरप्रकारको असामान्य सम्बन्ध हामीबीच स्पष्ट छ, र यी सबै देखेर मेरो हृदयमा घृणा उत्पन्न भएको छ, किनकि मानिसहरू सधैँ आफ्नै माझमा मानिसहरूको को “व्यापार” गर्न व्यस्त छन्, र परमेश्‍वरको बारेमा कुनै विचार गर्दैनन्। म तिनीहरूका व्यवहारलाई अत्यन्तै घृणा गर्छु। चीनको मुख्य भूमिका मानिसहरूमा भ्रष्ट शैतानी स्वभावबाहेक अरू केही पनि देखिँदैन, त्यसैले यी मानिसहरूमा गरिने परमेश्‍वरको काममा तिनीहरूभित्र कुनै पनि उचित कुरा पाउनु लगभग असम्भव छ; सबै काम पवित्र आत्माले गर्नुहुन्छ, र पवित्र आत्माले मात्र मानिसहरूलाई अझै बढी उत्प्रेरित गर्नुहुन्छ र तिनीहरूमा काम गर्नुहुन्छ। ती मानिसहरूलाई प्रयोग गर्न लगभग असम्भव छ; अर्थात्, मानिसहरूलाई उत्प्रेरित गर्ने पवित्र आत्माको काम मानिसहरूको सहकार्यमा गर्न सकिँदैन। मानिसहरूलाई उत्प्रेरित गर्न पवित्र आत्माले परिश्रम गर्नुहुन्छ, तर पनि मानिसहरू सुस्त र असंवेदनशील रहन्छन्, र परमेश्‍वरले के गरिरहनुभएको छ भनेर केही पनि बुझ्दैनन्। यसैले, चीनको मुख्य भूमिमा परमेश्‍वरले गर्नुहुने कामलाई उहाँले आकाश र पृथ्वी सृष्टि गर्नुभएको कामसँग तुलना गर्न सकिन्छ। उहाँले सबै मानिसहरूको नयाँ जन्म गराउनुहुन्छ, र तिनीहरूका विषयमा सबै कुरालाई परिवर्तन गर्नुहुन्छ, किनकि तिनीहरूभित्र केही पनि उपयोगी कुरा छैन। यो अत्यन्तै हृदय विदारक कुरा हो। म यी मानिसहरूका लागि प्रायजसो शोकमा प्रार्थना गर्दछु: “हे परमेश्‍वर, तपाईंको महान् शक्ति यी मानिसहरूमा प्रकट होस्, यसैले कि तपाईंका आत्माले तिनीहरूलाई धेरै हदसम्म उत्प्रेरित गर्न सकून् र यी सुस्त र बोधो बुद्धिका पीडितहरू ब्यूँझिन सकून्, फेरि सुस्त निद्रामा नपरून्, र तपाईंको महिमाको दिन देखून्।” हामी सबैले

परमेश्वरको सामु यसो भनेर प्रार्थना गर्न सकौं: हे परमेश्वर! तपाईंले फेरि हामीलाई दया गर्नुहोस् र हामीलाई वास्ता गर्नुहोस्, यसैले कि हाम्रा हृदय पूर्ण रूपमा तपाईंतर्फ फर्किऊन्, र हामी यो फोहोर देशबाट उम्कन सकौं, खडा हुन सकौं, र तपाईंले हामीलाई सुम्पनुभएको कार्य पूरा गर्न सकौं। म आशा गर्छु, कि परमेश्वरले फेरि एक पटक हामीलाई उत्प्रेरित गर्नुहुनेछ, यसैले कि हामीले उहाँको ज्ञान प्राप्त गर्न सकौं, र मलाई आशा छ कि उहाँले हामीमाथि दया गर्नुहुनेछ जसको कारण हाम्रा हृदयहरू बिस्तारै उहाँतिर फर्कन सक्छ र उहाँले हामीलाई प्राप्त गर्न सक्नुहुन्छ। हामी सबैको चाहना यही हो।

हामीले हिँड्ने बाटो पूर्ण रूपमा परमेश्वरद्वारा ठहराएको हो। संक्षेपमा, म विश्वास गर्दछु कि म निश्चय नै आखिरीसम्म यस मार्गमा हिंड्नेछु, किनकि परमेश्वर सधैँ मलाई देखेर मुस्कुराउनुहुन्छ, र मानौं म सधैँ उहाँकै हातद्वारा डोर्‍याइएको छु। यसैले मेरो हृदय अरू कुनै थोकद्वारा दूषित छैन, र यसैले म सधैँ परमेश्वरको कार्यको बारेमा सोच्छु। परमेश्वरले मलाई आदेश दिनुभएका सबै काम म मेरो सम्पूर्ण शक्ति र भक्तिसाथ गर्दछु, र मलाई नअह्राइएका कामहरूमा म कहिल्यै पनि हस्तक्षेप गर्दिनँ, न त म अरूले गर्ने काममा आफूलाई संलग्न गर्छु–किनकि म विश्वास गर्दछु, कि प्रत्येक मानिस तिनीहरूको आ-आफ्नै बाटोमा हिँड्नुपर्छ, र अनुचित रूपले अरूको बाटोमा बलजफती प्रवेश गर्नु हुँदैन। म यसलाई यसरी नै हेर्छु। हुनसक्छ, यो मेरो आफ्नै व्यक्तित्वको उपज हो, तर म आशा गर्दछु कि मेरा भाइ-बहिनीहरूले मलाई बुझ्दछन् र मलाई क्षमा गर्दछन्, किनकि म कहिल्यै पनि मेरो पिताको आदेशको विरुद्ध जाने हिम्मत गर्दिनँ। म स्वर्गको इच्छालाई चुनौती दिने आँट गर्दिनँ। "स्वर्गको इच्छालाई चुनौती दिन सकिँदैन" भन्ने कुरालाई के तैंले भुलिस्? केही मानिसहरूले मलाई आत्म-केन्द्रित ठान्न सक्छन्, तर म विश्वास गर्दछु कि म विशेष गरी परमेश्वरको व्यवस्थापनको कामको एउटा भाग पूरा गर्न आएको हुँ। म पारस्परिक सम्बन्धहरूमा संलग्न हुन आएको होइनँ; म अरूसँग कसरी मिलेर बस्ने भनेर कहिल्यै पनि सिक्नेछैन। तापनि, परमेश्वरको आदेशमा, मसँग परमेश्वरको मार्गदर्शन छ, र मसँग यो काम पूरा भएको देख्ने विश्वास र दृढता छ। हुनसक्छ, म अति नै पनि "आत्म-केन्द्रित" भइरहेको छु, तर म आशा गर्दछु कि सबैले परमेश्वरको न्यायपूर्ण र निःस्वार्थ प्रेम आफै महसुस गर्नेछन्, र परमेश्वरसँग सहकार्य गर्ने कोसिस गर्नेछन्। परमेश्वरको महिमाको दोस्रो आगमनको लागि प्रतीक्षा नगर्; त्यसले कसैको फाइदा गर्दैन। म सधैँ सोच्छु कि हामीले यसमाथि विचार गर्नुपर्छ: "परमेश्वरलाई सन्तुष्ट पार्न सम्भव भएसम्म हामीले गर्नुपर्ने सबै कुरा गर्नुपर्दछ। परमेश्वरले हामी प्रत्येकलाई दिनुभएको आदेश फरक छ; हामीले यसलाई कसरी पूरा गर्नुपर्छ?" तँ कुन बाटो हिँड्नुपर्छ त्यो तैंले सही प्रकारले बुझ्नुपर्छ–यस विषयमा तँ स्पष्ट हुनु अति आवश्यक छ। तिमीहरू सबै परमेश्वर सन्तुष्ट पार्ने इच्छा गर्छौ, तब किन तिमीहरू आफैलाई उहाँमा सुम्पिँदैनौ? मैले पहिलो पटक परमेश्वरसँग प्रार्थना गर्दा मैले आफ्नो सारा हृदय उहाँलाई दिएँ। मेरा वरिपरिका मानिसहरू–आमाबुबा, दिदी-बहिनीहरू, दाजुभाइहरू र सहकर्मीहरू–तिनीहरू सबै मैले गरेको संकल्पद्वारा मेरो मनको पछाडि धकेलिए, यस्तो लाग्थ्यो मानौं उनीहरू मेरो निम्ति कहिल्यै अस्तित्वमा थिएनन्। किनकि मेरो मन सधैँ परमेश्वरमा, वा परमेश्वरका वचनहरूमा, वा उहाँको बुद्धिमा लागिरहन्थ्यो;

यी कुराहरू सधैँ मेरो हृदयमा थिए, र ती कुराहरूले मेरो हृदयमा अति अमूल्य स्थान लिएका थिए। यसैले, जिउने दर्शनहरूले भरिएका मानिसहरूका निम्ति म एक निष्ठुर र भावनाहीन व्यक्ति हुँ। मैले कसरी आफैलाई प्रस्तुत गर्छु, म कसरी कामहरू गर्छु त्यसद्वारा, साथै मेरो प्रत्येक गतिविधिद्वारा तिनीहरूको हृदयमा पीडा हुन्छ। तिनीहरू मलाई अनौठो प्रकारले हेर्छन्, मानौं कि म समाधान गर्नै नसकिने कुनै पहेली हुँ। तिनीहरूका मनमा, तिनीहरूले गोप्य रूपमा म कस्तो मानिस हुँ भनेर नापिरहेका छन्, म अब के गर्नेछु भनी बुझ्दैनन्। तिनीहरूले गर्ने कुनै पनि कुरा मेरो बाटोमा कसरी खडा हुन सक्छ? हुन सक्छ, तिनीहरू ईर्ष्यालु छन्, वा डराएका छन्, वा गिल्ला गर्दैछन्; जे भए पनि, धेरै भोक र तिर्खासहित म परमेश्वरको सामु बिन्ती रहिरहन्छु, मानौं एउटै संसारमा उहाँ र म मात्र छौं, र त्यहाँ अरू कोही छैन। बाहिरी संसारका शक्तिहरू सधैँ मेरो नजिकमा वरिपरि भेला हुन्छन्—तर परमेश्वरद्वारा उत्प्रेरित भावनाहरू पनि मभित्र त्यसरी नै प्रबल हुन्छन्। यस्तो दुबिधामा परेर म परमेश्वरको सामु निहुरन्छु: “हे परमेश्वर! म तपाईंको इच्छाप्रति कसरी अनिच्छुक हुन सक्छु? तपाईंका आँखाहरूले मलाई सम्मानितको रूपमा हेर्छन्, पिटेको सुन जस्तो हेर्छन्, तापनि म अन्धकारको शक्तिहरूबाट उम्कन असमर्थ छु। म मेरो सारा जीवनभरि तपाईंका लागि कष्ट भोग्छु, म तपाईंको कामलाई मेरो जीवनको पेशा बनाउनेछु, र म तपाईंसँग बिन्ती गर्दछु, मैले आफैलाई तपाईंको निम्ति अर्पित गर्न मलाई एउटा विश्राम गर्ने उचित ठाउँ दिनुहोस्। हे परमेश्वर! म आफैलाई तपाईंमा अर्पण गर्न चाहन्छु। तपाईं मानिसको कमजोरीलाई राम्रोसँग जान्नुहुन्छ, यसैले तपाईं किन आफूलाई मबाट लुकाउनुहुन्छ?” ठीक त्यतिखेर, मलाई म पहाडको लिली हुँ जस्तै लाग्यो, अनि बतासले त्यसको बास्ना जगाएको थियो, जसको बारेमा सबैलाई थाहा भएन। तापनि स्वर्ग रोयो, र मेरो हृदय रोइरहयो; मेरो हृदयमा योभन्दा पनि अझ ठूलो पीडा छ जस्तो महसुस भयो। मानिसको सबै शक्ति र घेराबन्दी—ती सबै स्वच्छ दिनमा भएको मेघ गर्जन जस्तै थिए। कसले मेरो हृदय बुझ्न सक्छ? यसैले म फेरि एकचोटि परमेश्वरको सामु आएँ, र भनें, “हे परमेश्वर! के यो फोहोरको देशमा तपाईंको काम गर्ने कुनै अर्को उपाय छैन? यस्तो किन हुन्छ कि अरूले आरामदायी, सहायक, सतावट मुक्त वातावरणमा तपाईंको हृदयको बारेमा विचार गर्न सक्दैनन्? म मेरो पखेटा फैलाउन चाहन्छु, तापनि किन उडेर जानु यति गाह्रो छ? के तपाईं अनुमोदन गर्नुहुन्न?” म धेरै दिनसम्म यसका लागि रोएँ, तापनि मैले सधैँ परमेश्वरले मेरो दु:खी हृदयलाई सान्त्वना दिनुहुनेछ भनी विश्वास गरें। मेरो चिन्ता कहिल्यै कसैले पनि बुझेको छैन। सायद यो परमेश्वरबाटको प्रत्यक्ष दृष्टिकोण हो—उहाँको कामको लागि मभित्र सधैँ आगो हुने गर्थ्यो, र सास फेर्ने समय पनि मुस्किलले पाउथें। आजको दिनमा पनि म प्रार्थना गर्छु र भन्छु, “हे परमेश्वर! यदि यो तपाईंको इच्छा हो भने, मलाई तपाईंको अझ ठूलो काम गर्न अगुवाइ गर्नुहोस्, यसैले कि यो ब्रह्माण्डभरि फैलिओस्, र यो सबै राष्ट्र र सम्प्रदायका लागि खुला होस्, यसरी मेरो हृदयमा थोरै शान्ति आओस्, र म तपाईंका लागि एउटा विश्रामको ठाउँमा बस्न सकूँ, र मैले कुनै हस्तक्षेपविना तपाईंका लागि काम गर्न सकूँ, र मेरो जीवनभरि शान्तिको हृदय लिएर तपाईंको सेवा गर्न सकूँ।” यो मेरो हृदयको चाहना हो। हुनसक्छ, भाइ-बहिनीहरूले म घमन्डी र अहङ्कारी छु भनी भन्लान्; म पनि यो स्वीकार गर्दछु, किनकि यो सत्य हो—जवान मानिसहरू अहङ्कारी

भएनन् भने केही पनि हुँदैनन्। यसैले म सत्यलाई उल्लङ्घन नगरी यो कस्तो छ भनी बताउँछु। ममा तिमीहरू जवान मानिसका सबै व्यक्तित्वका गुणहरू देख्न सक्छौ, तर तिमीहरू म अन्य जवानहरू भन्दा कसरी फरक छु भनेर पनि देख्न सक्छौ: मेरो शान्ति र मौनता। मैले यसलाई एउटा विषय बनाइरहेको छैनँ; म जान्दछु कि म आफैलाई जति चिन्छु, परमेश्वरले मलाई त्योभन्दा अझ राम्ररी चिन्नुहुन्छ। यी मेरो हृदयका शब्दहरू हुन्, र म आशा गर्दछु कि भाइ-बहिनीहरू दुःखी हुनेछैनन्। हामीले आफ्ना हृदयका कुराहरू बोल्न सकौं, हामीले हामी प्रत्येक कुन कुराको पछि लागेका छौं त्यो देख्न सकौं, परमेश्वरप्रतिको हाम्रो प्रेमलाई हाम्रो हृदयसँग तुलना गरौं, हामीले परमेश्वरलाई सुस्तरी भन्ने कुराहरू सुनौं, हाम्रा हृदयका सबैभन्दा सुन्दर गीतहरू गाऔं, र हाम्रो हृदयमा घमन्ड छ भनी मुखले बोलौं, यसैले कि हाम्रो जीवन अझ सुन्दर बनोस्। विगतलाई भुल र अगाडि भविष्यतिर हेर। परमेश्वरले हाम्रा लागि एउटा मार्ग खोलिदिनुहुनेछ!

## मार्ग ... (७)

हाम्रा व्यावहारिक अनुभवहरूमा, हामी के देख्छौं भने परमेश्वरले धेरै पटक व्यक्तिगत रूपमा हाम्रो लागि मार्ग खोलिदिनुभएको छ, यसैले कि हाम्रो खुट्टामुनिको मार्ग अझ सुदृढ, र अझ वास्तविक होस्। किनकि परमेश्वरले हाम्रा लागि अनादिदेखि खोलिदिनुभएको मार्ग यही हो, जुन हजारौं वर्षपछि हाम्रो पुस्तालाई सुम्पिएको छ। यसरी हामीले आफूभन्दा पहिलेका मानिसहरूका मार्गलाई अनुसरण गरेका छौं, जो यसमा आखिरसम्म हिँडेनन्। त्यसको अन्तिम चरणमा हिँड्नका निम्ति परमेश्वरले हामीलाई चुन्नुभएको छ। यसैले यो मार्ग परमेश्वरले विशेष गरी हाम्रो लागि तयार गर्नुभएको हो, र हामी आशिषित् छौं वा दुर्भाग्यमा परेका छौं, अरू कोही पनि यस मार्गमा हिँड्न सक्दैन। म यसमा मेरो आफ्नै अन्तर्दृष्टि थप्छु: अन्त कतै भाग्ने कोसिस नगर्, वा अर्को मार्ग पत्ता लगाउने कोसिस नगर्, र पदको लोभ नगर्, वा आफ्नै राज्य स्थापना गर्ने प्रयास नगर्–यी सबै कल्पनाहरू हुन्। मेरा वचनहरूको बारेमा तँसित पहिलेदेखि नै केही पूर्वधारणाहरू हुन सक्छन्, यस्तो अवस्थामा म सुझाव दिन्छु कि तँ मूर्ख बन्न छोड। तैँले यसको बारेमा थप विचार गर्नु नै राम्रो हुन्छ; चतुर हुने कोसिस नगर्, अनि राम्रो र नराम्रो के हो भनेर भ्रमित नबन्। परमेश्वरको योजना पूरा भएपछि तँलाई अफसोस हुनेछ। मैले के भनिरहेको छु भने, जब परमेश्वरको राज्य आउँछ, पृथ्वीका सबै राष्ट्रहरू टुक्रा-टुक्रा पारिनेछन्। त्यस समयमा तैँले तेरा आफ्नै योजनाहरू पनि समाप्त भएको पाउनेछस्, र जसलाई सजाय दिइन्छ तिनीहरूलाई भस्म पारिनेछ, र यसमा, परमेश्वरले आफ्नो स्वभाव पूर्ण रूपमा प्रकट गर्नुहुनेछ। मलाई लाग्छ यी कुराहरू मेरा लागि स्पष्ट भएको हुनाले, मैले ती कुराहरू तँलाई पनि भन्नैपर्छ, यसैले कि पछिबाट तैँले मलाई दोष नदे। आजको दिनसम्म हामी यो मार्गमा हिँड्न सक्नुलाई परमेश्वरले नै नियुक्त गर्नुभएको हो, त्यसैले तँ कुनै विशेष व्यक्ति होस् भनेर नसोच्, न त तैँले तँ अभागी होस् भनेर नै सोच्नु ठीक हो–कसैले पनि परमेश्वरको वर्तमान कामको बारेमा कसैले पनि दृढ विचारहरू राख्न सक्दैन नत्र तँ टुक्रा-टुक्रा पारिनेछस्। मैले परमेश्वरको कामबाट ज्योति पाएको छु: चाहे जे भए पनि, परमेश्वरले

मानिसहरूको यस समूहलाई पूर्ण बनाउनुहुनेछ, उहाँको काम फेरि कहिल्यै परिवर्तन हुनेछैन, र उहाँले यो समूहका मानिसहरूलाई मार्गको अन्त्यसम्म लैजानुहुनेछ, र पृथ्वीमा उहाँले आफ्नो कामको अन्त्य गर्नुहुनेछ। हामी सबैले यो बुझ्नुपर्छ। धेरै मानिसहरू "अगाडि हेर्न" मन पराउँछन्, र तिनीहरूको भोकको कुनै अन्त्य छैन। तिनीहरूमध्ये कसैले पनि आजको निम्ति परमेश्वरको जरुरी इच्छालाई बुझ्दैनन्, त्यसैले तिनीहरू सबै उम्कने विचार गर्छन्। तिनीहरू भागेका घोडाहरूजस्ता हुन् जो केवल मरुभूमिमा घुम्न चाहन्छन्। थोरै मानिसहरू मात्र मानव जीवनको मार्ग पत्ता लगाउनका निम्ति कनानको राम्रो भूमिमा बसोबास गर्न चाहन्छन्। दूध र मह बगिरहेको भूमिमा प्रवेश गरेपछि, यदि मानिसहरूले यसलाई उपभोग गर्दैनन् भने उनीहरू अझ अरू के चाहन्छन्? सत्य कुरा भन्ने हो भने, कनानको असल भूमिदेखि उता उजाड स्थान मात्र छ। मानिसहरूले विश्रामको ठाउँमा प्रवेश गरिसकेपछि पनि, तिनीहरू आफ्नो कर्तव्यको निम्ति खडा हुन सक्दैनन्; के तिनीहरू वेश्याहरू मात्र होइनन् र? यदि तैँले यहाँ परमेश्वरद्वारा सिद्ध बनाइने अवसरलाई गुमाउँछस् भने, तैँले आफ्ना बाँकी दिनहरूमा पछुतो गर्नेछस्, तेरो पछुतो असीमित हुनेछ। तँ मोशाजस्तै हुनेछस्, जसले कनानको भूमिलाई देखे तर त्यो उपभोग गर्न सकेनन्, तिनको मुठ्ठी कसियो, तिनको मृत्यु पछितोले भरिएको थियो—के तँलाई यो लाजमर्दो लाग्दैन? के अरूले खिसी गर्दा के तँलाई लाज लाग्दैन र? के तँ अरूद्वारा अपमानित हुन तयार छस्? के तँ आफ्नो लागि राम्रो गर्न चाहन्छस्? के तँ परमेश्वरले सिद्ध बनाउनुभएको एक आदरणीय र उच्च व्यक्ति हुन चाहँदैनस्? के तँ साँच्चै केही गर्न चाहन्छस्? तँ अन्य मार्गहरू लिन इच्छुक छैनस्; के तँ परमेश्वरले तेरो निम्ति तोक्नुभएको मार्ग पनि पछ्याउन चाहन्छस्? के तँ स्वर्गको इच्छाको विरुद्धमा जाने हिम्मत गर्छस्? तेरो "सीप" जति नै महान् भए पनि, के तँ साँच्चै स्वर्गलाई दुःखी बनाउन सक्छस्? म विश्वास गर्दछु कि हामीले आफैलाई राम्ररी चिन्ने प्रयास गर्नु नै राम्रो हुन्छ। परमेश्वरबाट आएको एउटा वचनले स्वर्ग र पृथ्वीलाई परिवर्तन गर्न सक्दछ, यसैले परमेश्वरको नजरमा दुब्लो-पातलो सानो मानिस के हो र?

मेरा आफ्नै अनुभवहरूमा, मैले के देखेको छु भने, तँ जति धेरै आफूलाई परमेश्वर विरुद्ध खडा गर्छस्, त्यति नै परमेश्वरले उहाँको महान् स्वभाव देखाउनुहुनेछ र उहाँले तँलाई "दिनुहुने" सजाय त्यति नै बढी गम्भीर हुनेछ; तैँले जति धेरै उहाँको आज्ञापालन गर्छस्, त्यति नै उहाँले तँलाई प्रेम गर्नुहुनेछ र तँलाई सुरक्षा दिनुहुनेछ। परमेश्वरको स्वभाव दण्डको औजार जस्तै हो: यदि तँ आज्ञाकारी भइस् भने तँ सुरक्षित र स्वस्थ हुनेछस्; जब तैँले आज्ञा पालन गर्दैनस्—जब तँ धाक देखाउने प्रयास गर्छस्, र जहिले पनि झुक्याउँछस्—परमेश्वरको स्वभाव तत्कालै परिवर्तन हुन्छ। उहाँ बादल लागेको दिनको घाम जस्तै हुनुहुन्छ, उहाँ तँबाट लुक्नुहुनेछ र तँलाई उहाँको आफ्नो क्रोध देखाउनुहुनेछ। त्यसरी नै उहाँको स्वभाव जून महिनाको मौसम जस्तो पनि हो, जब आकाश धेरै माइलसम्म सफा हुन्छ र छालहरू पानीको सतहमा तरङ्ग झैं हुन्छन्, तर प्रवाह अचानक द्रुत बन्छ, र पानीका छालहरू उर्लिएर आउँछ। के तँ परमेश्वरको यस्तो स्वभावको अगि लापर्बाह बन्ने साहस गर्छस्? तिमीहरूका अनुभवहरूमा धेरै भाइ-बहिनीले के देखेका छौ भने, जब पवित्र आत्मा दिनको उज्यालोमा काम गर्नुहुन्छ, तँ विश्वासले भरिपूर्ण हुन्छस्—तर त्यसपछि,

नचिताएको बेला, परमेश्वरका आत्माले तँलाई अचानक छोड्नुहुन्छ, र तैँले यति धेरै यातना पाउँछस् कि उहाँको आत्मा आलाप भएको दिशातिर हेर्दै रातमा तँलाई निद्रा लाग्दैन। तैंले जे गरे पनि, उहाँको आत्मा कहाँ जानुभयो भन्ने कुरा तँलाई थाहा हुन सक्दैन–तर अचानक, उहाँ फेरि तँकहाँ देखा पर्नुहुन्छ, र तँ त्यति नै उत्साहित बन्छस् जब पत्रुसले अचानक आफ्ना प्रभु येशूलाई फेरि एक पटक देख्दा भएका थिए, यति उत्साहित कि तँ चिच्याउनेछस्। तैंले धेरै चोटि यसलाई अनुभव गरेपछि पनि के तैँले साँच्चै यसलाई बिर्सेको छस्? प्रभु येशू ख्रीष्ट जो देह बन्नुभयो, जो क्रूसमा टाँगिनुभयो, र त्यसपछि पुनरुत्थान हुनुभयो र स्वर्गमा उक्लिनुभयो, एक समयमा उहाँ सधैँ तँबाट लुक्नुहुन्छ र त्यसपछि केही समय उहाँ तँकहाँ देखा पर्नुहुन्छ। तेरो धार्मिकताको कारण उहाँले आफैलाई तँकहाँ प्रकट गर्नुहुन्छ, र तेरा पापहरूको कारण उहाँ रिसाउनुहुन्छ र तँबाट जानुहुन्छ, यसैले तँ किन उहाँसित धेरै प्रार्थना गर्दैनस्? पेन्तिकोसपछि प्रभु येशू ख्रीष्टले पृथ्वीमा अर्को काम सुरु गर्नुभयो भनेर के तँलाई थाहा छैन? तँ प्रभु येशू ख्रीष्ट देह बन्नुभयो, पृथ्वीमा आउनुभयो र क्रूसमा टाँगिनुभयो भन्ने कुरा मात्र जान्दछस्। तैंले विश्वास गरेको येशूले धेरै अघि नै उहाँको काम कसैलाई सुम्पिनुभएको छ, र त्यो काम धेरै अघि पूरा भइसकेको छ, यसैले प्रभु येशू ख्रीष्टका आत्मा उहाँको अर्को भागको काम गर्न फेरि देहको स्वरूपमा पृथ्वीमा आउनुभएको छ भन्ने बारेमा तँलाई कहिल्यै थाहा भएन। म यहाँ केही थप्न चाहन्छु–तिमीहरू अहिले यो प्रवाहमा भए पनि, म यो कुरा भन्न हिम्मत गर्दछु कि यो व्यक्ति प्रभु येशू ख्रीष्टद्वारा तिमीहरूलाई प्रदान गरिएको व्यक्ति हो भनेर तिमीहरूमध्ये केहीले मात्र विश्वास गर्दछौ। तिमीहरू केवल उहाँमा आनन्द गर्न मात्र जान्दछौ; तिमीहरू परमेश्वरका आत्मा फेरि एक पटक पृथ्वीमा आउनुभएको छ भनेर स्वीकार गर्दैनौ, र तिमीहरू आजका परमेश्वर हजारौं वर्ष पहिलेका येशू ख्रीष्ट हुनुहुन्छ भनेर स्वीकार गर्दैनौ। र यसैले म भन्छु कि तिमीहरू सबै आफ्ना आँखाहरू बन्द गरेर हिंड्दैछौ–तिमीहरू जहाँ पुग्छौ त्यसैलाई स्वीकार गर्दछौ–र तिमीहरू यस कुरामा पटक्कै गम्भीर छैनौ। यसैले तिमीहरू शब्दले मात्र येशूमा विश्वास गर्दछौ तर आज परमेश्वरले जसको साक्षी दिनुहुन्छ उहाँको चाहिँ निर्लज्जतापूर्वक विरोध गर्ने हिम्मत गर्छौ। के तँ मूर्ख छैनस् र? आजका परमेश्वरले तेरा गल्तीहरूको वास्ता राख्नुहुन्न, उहाँले तँलाई दोष लाउनुहुन्न। तँ येशूमा विश्वास गर्छु भनी भन्छस्, त्यसोभए के तेरा प्रभु येशू ख्रीष्टले तँलाई छोडिदिन सक्नुहुन्छ? के तँ परमेश्वरचाहिँ तँलाई सान्त्वना दिने, झूटो बोल्ने र धोका दिने ठाउँमा हुनुहुन्छ भनी सोच्छस्? जब तेरा प्रभु येशू ख्रीष्टले आफैलाई फेरि एक पटक प्रकट गर्नुहुन्छ, त्यसबेला उहाँले तँलाई अहिले तैंले गर्ने व्यवहारको आधारमा धर्मी छस् कि दुष्ट छस् भनी निर्धारण गर्नुहुनेछ। मैले "मेरा भाइ-बहिनीहरू" भनी सम्बोधन गरेको विषयमा धेरैजसो मानिसहरूले धारणाहरू बनाउँछन् र परमेश्वरको काम गर्ने माध्यम बदलिनेछ भनी विश्वास गर्दछन्। के त्यस्ता व्यक्तिहरूले मृत्युको खोजी गरिरहेका हुँदैनन् र? के परमेश्वर आफैले शैतानको गवाही परमेश्वरको रूपमा दिन सक्नुहुन्छ? यसमा, के तैंले परमेश्वरको निन्दा गरिरहेको हुँदैनस् र? के तँ जो कोही पनि परमेश्वर स्वयम् बन्न सक्छ भनी विश्वास गर्छस्? यदि तैंले साँच्चै जानेको भए, तँमा कुनै धारणा हुनेथिएन। बाइबलमा निम्न खण्ड छ: सबै कुरा उहाँकै लागि हुन् र सबै कुरा उहाँबाटै

आएका हुन्छन्। उहाँले धेरै जना पुत्रहरूलाई महिमामा ल्याउनुहुनेछ र उहाँ हाम्रो कप्तान हुनुहुन्छ...। त्यसैले हामीलाई भाइहरू भन्न उहाँ शर्माउनुहुन्न। तैँले यी वचनहरूलाई सजिलैसँग कण्ठ गर्न सक्छस्, तर तिनको वास्तविक अर्थ के हो भन्ने तैँले बुझ्दैनस्। के तैँले आफ्ना आँखाहरू बन्द गरेर परमेश्‍वरमा विश्‍वास गरिरहेको छैनस् र?

म विश्‍वास गर्दछु कि हाम्रो पुस्ताले अघिल्ला पुस्ताले हिँडी नसकेका अधुरा मार्गहरू हिँडेर पुरा गर्न, र बितेका हजारौं वर्षहरू पहिलेको परमेश्‍वर देखा पर्नुभएको घटनालाई देख्‍न पाउनु धन्यको कुरा हो—जो परमेश्‍वर हाम्रो बीचमा हुनुहुन्छ, र सबै कुरामा प्रशस्त हुनुहुन्छ। तैँले यो मार्गमा हिंड्नेछस् भनेर तैँले कहिल्यै पनि कल्पना गर्ने थिइनस्—के यो तैँले गर्न सक्ने कुरा हो? यो मार्गलाई सीधै पवित्र आत्माले अगुवाइ गर्नुभएको छ, यो प्रभु येशू ख्रीष्टको सात गुणा तीव्र आत्माद्‌वारा अगुवाइ गरिएको छ, र यो त्यो मार्ग हो जुन आजका परमेश्‍वरले तेरो निम्ति खोलिदिनुभएको हो। तेरो सबैभन्दा ठूला सपनाहरूमा समेत तैँले हजारौं वर्ष पहिलेका येशू फेरि तेरो सामु देखा पर्नुहुनेछ भनेर कल्पना गर्न सक्दैनथिस्। के तँ कृतज्ञ छैनस्? परमेश्‍वरको समक्ष कोही आमनेसामने आउन सक्छ? म प्रायजसो हाम्रो समूहले परमेश्‍वरबाट ठूलो आशिष् पाओस् भनेर प्रार्थना गर्दछु, यसैले कि हामी परमेश्‍वरबाट अनुग्रह पाउन सकौं र उहाँद्‌वारा प्राप्त गरिन सकौं, तर कयौं पटक मैले परमेश्‍वरले हामीलाई ज्ञान दिनुभएको होस् भनी बिन्ती गर्दै हाम्रा लागि तीतो आँसु बगाएँ, ता कि हामीले अझ महान् प्रकाशहरू देख्‍न सकौं। जब म ती मानिसहरूलाई देख्छु, जसले निरन्तर परमेश्‍वरलाई मूर्ख बनाउन खोज्छन् र कहिल्यै पनि कुनै कुराको आकांक्षा गर्दैनन्, वा देहको बारेमा मात्र विचार गर्छन्, वा रुचि र प्रतिष्ठाका लागि आफूलाई मुख्य केन्द्र बनाउने कोसिस गर्छन्, म कसरी मेरो हृदयमा ठूलो पीडा महसुस गर्न सक्दिनँ र? मानिसहरू कसरी त्यस्तो संवेदनाहीन हुन सक्छन्? के मेरो कामले साँच्चै कुनै प्रभाव पारेन? यदि तेरा छोराछोरी विद्रोही भए र तँसित छोराछोरीले गर्नुपर्ने व्यवहार गरेनन् भने, यदि तिनीहरूमा विवेकको अभाव भयो भने, यदि तिनीहरूले आफ्नै मात्र वास्ता गरे र, तेरा भावनाहरूको कहिल्यै वास्ता गरेनन् भने, र तिनीहरू ठूला भएपछि तिनीहरूले तँलाई घरबाट निकालिदिए भने त्यस बेला तँलाई कस्तो लाग्नेछ? तैँले तिनीहरूलाई हुर्काउने क्रममा तैँले बगाएको रगत, पसिना र तेरो बलिदानलाई सम्झेर तेरो अनुहारबाट आशुका धारा बग्ने थिएनन् र? यसरी नै मैले परमेश्‍वरसँग कैयौं पटक प्रार्थना गरेको छु र भनेको छु, "प्रिय परमेश्‍वर! मैले तपाईंको कामको बोझ बोक्छु कि बोक्दिन भन्ने तपाईंलाई मात्र थाहा छ। जहाँ मेरो काम तपाईंको इच्छाअनुरूप हुँदैन, तपाईं मलाई अनुशासनमा राख्‍नुहोस्, मलाई सिद्‌ध र सचेत बनाउनुहोस्। तपाईंसित मेरो एक मात्र बिन्ती छ, कि तपाईंले यी मानिसहरूलाई अझ बढी छुनुहोस्, यसैले कि तपाईंले चाँडै महिमा प्राप्त गर्नुभएको होस् र तिनीहरू तपाईंद्‌वारा प्राप्त हुन सकून्, यसैले कि तपाईंको कामले तपाईंको इच्छा हासिल गर्न सकोस्, र तपाईंको योजना चाँडै पूरा हुन सकोस्।" परमेश्‍वरले मानिसहरूलाई सजाय दिएर जित्न चाहनुहुन्न, उहाँले मानिसहरूलाई वशमा राखेर सधैँ डोऱ्याउन चाहनुहुन्न। मानिसहरूले उहाँको वचन पालन गरून् र अनुशासित ढङ्गले काम गरून्, अनि त्यसरी उहाँको इच्छा पूरा गरून् भन्ने उहाँ चाहनुहुन्छ। तर मानिसहरूलाई कुनै लाज छैन र निरन्तर उहाँको विरुद्‌धमा विद्रोह गर्छन्।

हामीले उहाँलाई सन्तुष्ट पार्ने सबैभन्दा सजिलो उपाय पत्ता लगाउनु, अर्थात्, उहाँका सबै प्रबन्धहरू पालन गर्नु नै हाम्रो लागि सबैभन्दा उत्तम हुन्छ भन्ने मलाई लाग्छ। यदि तैँले यसलाई साँचो रूपमा हासिल गर्न सक्छस् भने, तँ सिद्ध हुनेछस्। के यो सजिलो, रमाइलो कुरा होइन र? तैँले हिँड्नुपर्ने बाटो हिँड्; अरूले के भन्छन् त्यसमा ध्यान नदे, र धेरै नसोच्। के तेरो भविष्य र तेरो भाग्य तेरो आफ्नै हातमा छन् र? तँ सधैँ सांसारिक मार्गतिर लाग्ने इच्छा गर्दै उम्कने प्रयास गर्छस्—तर तँ किन बाहिर निस्कन सक्दैनस्? तँ किन धेरै वर्षसम्म चौबाटोहरूमा डगमगाउँछस् र अन्त्यमा फेरि यही मार्ग चुन्न पुग्छस्? धेरै वर्ष भौँतारिएपछि, तँ किन नचाहेर पनि यस घरमा फर्केको छस्? के यो तँमा निर्भर छ? तिमीहरू जो यस प्रवाहमा छौ, यदि तिमीहरूलाई मेरो विश्वास लाग्दैन भने यो सुन: यदि तेरो छोडेर जाने योजना छ भने, परमेश्वरले तँलाई त्यसो गर्न दिनुहुन्छ कि दिनुहुन्न सो हेर्, पवित्र आत्माले तँलाई कसरी चलाउनुहुन्छ सो हेर्—तैँले त्यो आफै अनुभव गर्। स्पष्ट रूपमा भन्नुपर्दा, यदि तैँले दुर्भाग्य भोग्नुपर्‍यो भने पनि, यो प्रवाहमा तैँले दु:ख भोग्नुपर्छ, र यदि दु:ख छ भने तैँले आज यहीँ नै दु:ख भोग्नुपर्छ; तँ अरू कतै जान सक्दैनस्। के यो कुरा स्पष्ट भयो? तँ अरू कहाँ जानेछस्? यो परमेश्वरको प्रशासनिक आदेश हो। के परमेश्वरले मानिसहरूको यस समूहलाई चुन्नुको कुनै अर्थ छैन भन्ने तँलाई लाग्छ? आज उहाँको काममा, परमेश्वर सजिलै रिसाउनुहुन्न—तर यदि मानिसहरूले उहाँको योजनालाई खलबल्याउन खोजे भने, उहाँको अनुहार तुरुन्तै बदलिन्छ र उज्यालोबाट अन्धकारमा परिणत हुन्छ। त्यसैले म तँलाई चुपचाप बस्न र परमेश्वरका योजनाहरूमा समर्पित हुन, अनि तँलाई पूर्ण बनाउनका लागि उहाँलाई मौका दिन सल्लाह दिन्छु। यसो गर्ने मानिसहरू मात्र बाठो हुन्छन्।

## मार्ग ... (८)

मानवजातिसँग अन्तरक्रिया गर्न र मानिसहरूसँगै जिउनको लागि परमेश्वर पृथ्वीमा आउनुभएको एक वा दुई दिन मात्र भएको छैन। सायद, यो अवधिमा मानिसहरूले परमेश्वरको बारेमा धेरै राम्रो ज्ञान हासिल गर्छन्, र सायद तिनीहरूले परमेश्वरको सेवा गर्नेबारेमा अलि धेरै नै अन्तर्दृष्टि प्राप्त गर्छन्, अनि तिनीहरू परमेश्वरमाथिको विश्वासमा अनुभवले ओतप्रोत हुन्छन्। स्थिति जे-जस्तो भए पनि, मानिसहरूले परमेश्वरको स्वभावलाई करिबकरिब बुझ्छन्, र तिनीहरूले तिनीहरूका आफ्नै स्वभावहरूलाई विविध तरिकाले व्यक्त गर्छन्। मैले जसरी हेर्छु सोअनुरूप, परमेश्वरले नमुनाको रूपमा प्रयोग गर्नको लागि मानिसहरूका विविध प्रकटीकरणहरू नै पर्याप्त छन्, र उहाँले सन्दर्भ सामग्रीको रूपमा प्रयोग गर्नको लागि तिनीहरूका मानसिक क्रियाकलापहरू नै काफी छन्। यो मानिस र परमेश्वरबीचको सहकार्यको एक पक्ष हुन सक्छ, जसको बारेमा मानिस अनभिज्ञ छ र यसले परमेश्वरद्वारा निर्देशित यो कार्य-सम्पादनलाई एकदमै स्पष्ट र जीवन्त बनाउँछ। मैले यी कुराहरू यो नाट्य रचनाको महानिर्देशकको हैसियतबाट मेरा दाजुभाइ र दिदीबहिनीहरूलाई भनिरहेको छु—यसमा भूमिका निर्वाह गरिसकेपछि हामीमध्ये हरेकले आफ्ना सोच र अनुभूतिहरूको बारेमा कुरा गर्न सक्नेछौँ र हामीमध्ये प्रत्येकले यो नाट्य रचनाभित्र के-कसरी आफ्ना जीवन अनुभव गरेका

छौ सोबारेमा कुराकानी गर्न सक्नेछौं। हामीले हाम्रा मनका कुराहरू खोल्न र हाम्रा प्रदर्शन कलाहरूको बारेमा कुरा गर्नको लागि पूर्ण रूपमा नयाँ प्रकारको संगोष्ठी पनि आयोजना गर्न सक्छौं र परमेश्वरले हरेक व्यक्तिलाई कसरी मार्गनिर्देश गर्नुहुन्छ सो हेर्न सक्छौं ताकि हामीले अर्को कला प्रदर्शनीमा आफ्नो उच्च तहको कला प्रस्तुत गर्न सकौं र हरेकले सम्भव भएको सबैभन्दा ठूलो हदसम्म आफ्नो भूमिका निर्वाह गर्न सकौं र परमेश्वरलाई निराशा नपार्न सकौं। मलाई आशा छ, मेरा दाजुभाइ र दिदीबहिनीहरूले यसलाई गम्भीर रूपमा लिनेछन्। कसैले पनि यसलाई हल्का रूपमा लिनु हुँदैन, किनभने राम्रोसित भूमिका निर्वाह गर्न सक्ने हुनु भनेको एक वा दुई दिनमा हासिल गर्न सकिने कुरा होइन; यसको लागि हामीले जीवनको अनुभव गर्न र दीर्घकालीन रूपमा हाम्रा वास्तविक जीवनको अझ बढी गहिराइमा जान आवश्यक पर्छ। तब मात्र हामी यो मञ्चमाथि जान सक्छौं। म मेरा दाजुभाइ र दिदीबहिनीहरूको लागि पूर्ण आशावादी छु। मलाई भरोसा छ, तिमीहरू निरुत्साहित र हतोत्साहित हुनेछैनौ, परमेश्वरले जेसुकै गर्नुभए तापनि तिमीहरू आगोको भाँडोजस्तै हुनेछौ: कहिल्यै मत्थर हुनेछैनौ, बरु अन्त्यसम्म नै, परमेश्वरको काम पूर्ण रूपमा प्रकट भइन्जेलसम्म नै, परमेश्वरले निर्देशन गर्नुभएको नाट्य रचना अन्तिम निष्कर्षमा पुगुन्जेलसम्म नै दृढ रहनेछौ। म तिमीहरूलाई अरू केही पनि माग्दिन, म यो मात्रै आशा गर्छु कि तिमीहरूले सहन गर्न सक्नेछौ, तिमीहरू नतिजाको लागि अधैर्य हुनेछैनौ, तिमीहरूले मसँग सहकार्य गर्नेछौं ताकि मैले गर्नुपर्ने काम राम्रोसित सम्पन्न हुन सकून्, र कसैले पनि अवरोध र बाधाव्यवधान खडा गर्दैनन्। जब कामको यो भाग पूरा हुनेछ, परमेश्वरले तिमीहरूसामु हरेक कुरा प्रकट गर्नुहुनेछ। मेरो काम पूरा भएपछि, उहाँलाई लेखा दिन म तिमीहरूको विवरण परमेश्वसमक्ष प्रस्तुत गर्नेछु। के त्यो उत्तम हुँदैन र? आफ्ना लक्ष्यहरू हासिल गर्नको लागि एक-अर्कालाई सहयोग गर्नु—के यो प्रत्येक व्यक्तिको लागि सर्वोत्तम समाधान हुँदैन र? अहिले मुस्किलको घडी हो, जसमा तिमीहरूले मूल्य चुकाउनुपर्छ। म अहिले निर्देशक भएको कारण तिमीहरूमध्ये कोही पनि हैरान भएका छैनौ होला भन्ने आशा छ। मैले गरिरहेको काम यही हो। सायद एक दिन म अझ बढी उपयुक्त "कार्य इकाइ" तर्फ जानेछु र तिमीहरूको लागि फेरि कहिल्यै परिस्थिति अप्ठ्यारो पार्नेछैन। म तिमीहरूलाई तिमीहरूले हेर्न चाहेको हरेक कुरा देखाउनेछ र तिमीहरूले सुन्न चाहेको हरेक कुरा सुनाउनेछु। तर अहिले होइन। आजको काम भनेको यही काम हो, र म तिमीहरूलाई पूर्ण स्वतन्त्रता दिन सक्दिन र जे मन लाग्यो त्यही गर्न अनुमति दिन सक्दिन। त्यसले मेरो कामलाई गाह्रो बनाउनेछ; इमानदारपूर्वक कुरा गर्दा, यसले कुनै फल फलाउँदैन, र तिमीहरूको लागि यो कुनै फाइदाको हुनेछैन। त्यसैले अज, तिमीहरूले "अन्याय" भोग्नुपर्छ। जब त्यो दिन आउँछ, र मेरो कामको यो चरण पूरा हुन्छ, तब म स्वतन्त्र हुनेछु, ममा त्यति गह्रौं बोझ हुनेछैन, अनि म तिमीहरूले मबाट जे माग्छौ त्यो स्वीकार गर्नेछु; तिमीहरूले जे कुरा माग्छौ त्यो कुरा तिमीहरूको जीवनको लागि फाइदाजनक छ भने, म तिमीहरूको त्यो माग पूरा गर्नेछु। आज, मैले गह्रौं उत्तरदायित्व लिएको छु। म परमेश्वर पिताको आदेश विरुद्ध जान सक्दिन र म मेरो कामका योजनाहरूलाई भङ्ग गर्न सक्दिन। म आफ्ना व्यक्तिगत मामिलाहरूलाई काम-काजका मामिलाहरूद्वारा व्यवस्थापन गर्न सक्दिन—मलाई आशा छ, तिमीहरू सबैले मलाई बुझ्न र क्षमा दिन सक्छौ, किनभने मैले गर्ने सबै काम-कुरा परमेश्वर

पिताको चाहनाअनुरूप छ; उहाँले जे चाहनुहुन्छ म त्यही गर्छु, चाहे उहाँले जेसुकै चाहनुभएको होस् र म उहाँको रिस वा उहाँको क्रोध भड्काउन चाहन्न। म आफूले जे गर्नुपर्छ त्यो मात्र गर्छु। त्यसकारण, परमेश्‍वर पिताको तर्फबाट, म तिमीहरूलाई अलि लामो समय सहन गर्ने सल्लाह दिन्छु। कसैले पनि चिन्ता गर्नु पर्दैन। मैले जे गर्न आवश्यक छ त्यो पूरा गरिसकेपछि, तिमीहरूले आफूलाई जे मन लाग्छ त्यो गर्न सक्छौ र आफूलाई जे मन पर्छ त्यो हेर्न सक्छौ–तर मैले जुन काम गर्न आवश्यक छ मैले पहिले त्यो पूरा गर्नैपर्छ।

कामको यस चरणमा हामीबाट ठूलो विश्‍वास र प्रेमको आवश्यक हुन्छ। थोरै लापरवाहीको कारण हामीले ठक्कर खान सक्छौं, किनकि यस चरणको काम पहिलेका सबै चरणहरू भन्दा फरक छ: परमेश्‍वरले जे सिद्ध पार्दै हुनुहुन्छ त्यो मानवजातिको विश्‍वास हो, जुन अदृष्य र अमूर्त दुवै छ। परमेश्‍वरले जे गर्नुहुन्छ त्यो वचनहरूलाई विश्‍वासमा, प्रेममा र जीवनमा परिवर्तन गर्नु हो। मानिसहरू त्यो विन्दुमा पुग्नुपर्छ जहाँ तिनीहरूले सयौं शुद्धीकरणहरू सहन गरिसकेका हुन्छन् र तिनीहरूले अय्यूबको भन्दा ठूलो विश्‍वास धारण गरिसकेका हुन्छन्। तिनीहरूले परमेश्‍वरलाई नछाडीकनै अविश्‍वसनीय कष्ट र हरप्रकारका यातना सहन गर्नुपर्छ। जब तिनीहरू मृत्युसम्मै आज्ञाकारी रहन्छन्, र तिनीहरूसँग परमेश्‍वरमाथिको ठूलो विश्‍वास हुन्छ, तब परमेश्‍वरको कामको यो चरण पूरा हुन्छ। मैले जिम्मा लिएको काम यही हो, त्यसैले म आशा गर्छु, मेरा दाजुभाइ र दिदीबहिनीहरूले मेरो कठिन परिस्थिति बुझ्न सक्छन् र तिनीहरूले मसँग अरू केही माग्दैनन्। यो परमेश्‍वर पिताले मेरो लागि तोक्नुभएको मापदण्ड हो, र म यो वास्तविकताबाट उम्कन सक्दिन; मैले आफूले गर्नुपर्ने काम गर्नैपर्छ। म के मात्र आशा गर्छु भने तिमीहरूले जबरजस्ती वाद-विवाद र भ्रष्ट तर्कको प्रयोग गर्नेछैनौ, तिमीहरू अझ बढी अन्तर्दृष्टिपूर्ण हुनेछौ, र मामिलाहरूलाई त्यति सरल रूपमा हेर्नेछैनौ। तिमीहरूको सोचाइ बच्चाको जस्तो, अति अनुभवहीन छ। परमेश्‍वरको काम तिमीहरूले कल्पना गरेजस्तो त्यति सरल छैन, उहाँले आफूलाई जे मन लाग्यो त्यही गर्नुहुन्न; यदि उहाँले त्यस्तो गर्नुभयो भने उहाँको योजना बिग्रनेथियो। के तिमीहरू यस्तै भन्नेथियौ होइन र? म परमेश्‍वरको काम गर्दै छु। मैले मानिसहरूको यो वा त्यो काम मात्रै गरिरहेको छैन, आफूलाई जे गर्न मन लाग्यो त्यो गरिरहेको छैन अनि मैले केही गर्ने कि नगर्ने भनेर व्यक्तिगत रूपमा बन्दोबस्त गरिरहेको छैन। परिस्थिति आज त्यति सरल छैन। मलाई पिताले निर्देशकको रूपमा काम गर्न पठाउनुभएको छ–के तिमीहरूलाई मैले यो आफैले बन्दोबस्त गरेको वा रोजेको हो जस्तो लाग्छ? मानिसका विचारहरूले प्रायजसो परमेश्‍वरको कामलाई रोक्ने प्रवृत्ति हुन्छ, त्यसकारण मैले केही अवधिसम्म काम गरेपछि, मानिसहरूबाट मलाई धेरै अनुरोधहरू आउँछन् जुन म पूरा गर्न सक्दिन, अनि मानिसहरूले मेरो बारेमा सोच बदल्छन्। तिमीहरू सबै तिमीहरूका यी विचारहरूको बारेमा स्पष्ट हुनुपर्छ; म तिनीहरूको बारेमा एकएक गरी कुरा गर्नेछैन, म केवल आफूले गर्ने कामको बारेमा मात्र बताउन सक्छु। यसबाट मेरा भावनाहरूमा बिलकुलै ठेस पुग्दैन। यो कुरालाई बुझिसकेपछि तिमीहरूले यसलाई जसरी मन लाग्छ त्यसरी हेरे हुन्छ। म कुनै पनि विरोध जनाउँदिन किनभने परमेश्‍वरले यसरी नै काम गर्नुहुन्छ; म यसलाई बताउन बिलकुलै बाध्य छैन। म केवल वचनहरूको काम गर्न, वचनहरूको निर्देशनमार्फत यो नाट्य रचनाको काम गर्न र यसलाई मञ्चन हुने तुल्याउन आएको हुँ। मैले अन्य कुनै पनि विषयको बारेमा

कुरा गर्न जरुरी छैन, न त मैले अन्य कुनै पनि काम गर्न नै जरुरी छ। मैले जे भन्नुथियो त्यो भनिसकेको छु, म तिमीहरूले के सोच्छौ भन्ने कुरालाई वास्ता गर्दिन, र त्यो कुरा मेरो लागि कुनै महत्त्वको हुँदैन। तर म तिमीहरूलाई स्मरण गराउन चाहन्छु कि परमेश्‍वरको काम तिमीहरूले कल्पना गरेजस्तो सरल छैन। मानिसहरूको धारणाहरूसँग यो जति धेरै नमिल्ने हुन्छ, यसको महत्त्व त्यति नै बढी गहन हुन्छ; अनि मानिसहरूको धारणाहरूसँग यो जति धेरै मिल्ने हुन्छ, यो त्यति नै कम महत्त्वको हुन्छ, यसमा वास्तविक महत्त्वको त्यति नै धेरै कमी हुन्छ। यी वचनहरूलाई सावधानीपूर्वक लेओ–म यसको बारेमा यति नै भन्नेछु। तिमीहरूले बाँकी कुरा आफै विश्‍लेषण गर्न सक्छौ। म यसको व्याख्या गर्नेछैन।

परमेश्‍वरले कुनै निश्‍चित शैलीमा काम-कुराहरू गर्नुहुन्छ भनी मानिसहरूले कल्पना गर्छन्, तर गएको यो वर्ष वा आसपासमा, परमेश्‍वरको कामको बारेमा जे देख्यौं र अनुभव गर्यौं, के त्यो साँच्चिकै मानव धारणाहरूसँग मिल्दो छ त? संसारको सृष्‍टिदेखि अहिलेसम्म, कोही-कसैले पनि परमेश्‍वरको कामका चरणहरू वा नियमहरूलाई बुझ्न सकेको छैन। यदि तिनिहरूले बुझ्न सक्थे भने, ती धार्मिक अगुवाहरूले चाहिँ किन परमेश्‍वरले आज यसरी काम गर्नुहुन्छ भनी बुझ्दैनन् त? किन अत्यन्तै कम मानिसहरूले मात्र आजको वास्तविकतालाई बुझ्छन् त? यसबाट हामी देख्न सक्छौं कि कोही-कसैले पनि परमेश्‍वरको कामलाई बुझ्दैन। मानिसहरूले उहाँको आत्माको मार्गनिर्देशनअनुरूप मात्रै कार्य गर्नुपर्छ; तिनीहरूले उहाँको काममा कठोरतापूर्वक नियमहरू लागू मात्र गरिरहनु हुँदैन। यदि तैँले येशूको स्वरूप र कामलाई लिएर परमेश्‍वरको वर्तमान कामसँग तुलना गर्छस् भने, यो त यहूदीहरूले येशूलाई यहोवासँग दाँज्न खोजेको जस्तो मात्र हुन्छ। के यसो गर्दा तिमीहरूले अवसर गुमाउँदैनौं र? येशूलाई पनि आखिरी दिनहरूको परमेश्‍वरको काम के-कस्तो हुन्छ भन्ने थाहा थिएन; उहाँलाई थाहा भएको कुरा भनेको उहाँले क्रूसमा टाँगिने कार्यलाई पूरा गर्न आवश्यक छ भन्ने मात्र थियो। त्यसकारण, अरूले कसरी जान्न सक्थे र? तिनीहरूले कसरी भविष्यमा परमेश्‍वरले के गर्नुहुनेछ भनेर जान्न सक्थे र? परमेश्‍वरले कसरी शैतानको अधीनमा रहेका मानिसहरूलाई उहाँको योजना खुलासा गर्नसक्नुहुन्थ्यो र? के त्यो मूर्खता हुँदैनथ्यो र? परमेश्‍वरले तँलाई उहाँको इच्छा जान् र बुझ् भनी भन्नुहुन्छ। उहाँले तँलाई उहाँको भावी कार्यको बारेमा सोचविचार गर् भनेर भन्नुहुन्न। हामीले परमेश्‍वरमाथिको विश्‍वासको मात्र चासो राख्नुपर्छ, उहाँको मार्गदर्शनअनुरूप कार्य गर्नुपर्छ, वास्तविक कठिनाइहरू सम्हाल्दा व्यावहारिक हुनुपर्छ, र परमेश्‍वरको लागि परिस्थिति कठिन बनाउनु वा उहाँको लागि समस्या खडा गर्नु हुँदैन। हामीले आफूले जे गर्नुपर्ने हो त्यो गर्नुपर्छ; हामी परमेश्‍वरको वर्तमान कामभित्र रहन सक्छौं भने, त्यो नै काफी हुन्छ! मैले तिमीहरूलाई अगुवाइ गरी लैजाने बाटो यही हो। यदि हामी केवल निरन्तर अघि बढ्ने कुरामा मात्र ध्यान केन्द्रित गर्छौं भने परमेश्‍वरले हामीमध्ये कसैलाई पनि नराम्रो व्यवहार गर्नुहुन्न। तिमीहरूका असाधारण अनुभवहरूको यो विगत वर्षमा तिमीहरूले धेरै कुरा हासिल गरेका छौ; मलाई भरोसा छ, तिमीहरूले यसलाई त्यति गाह्रो रूपमा लिनेछैनौ। मैले तिमीहरूलाई अगुवाइ गरी लैजाँदै गरेको बाटो नै मेरो काम र मेरो मिसन हो, र यसलाई परमेश्‍वरले धेरै पहिले नै प्रबन्ध गर्नुभएको थियो, त्यसैले हामी यहाँसम्म, आजको दिनसम्म आइपुग्ने कुरा पूर्व-निर्धारित कुरा

थियो। हामीले यति गर्न सक्यौं, यो हाम्रो आशिष् हो, र यो बाटो त्यति समतल नभएको भए तापनि, हाम्रो मित्रता अनन्तकालीन छ, र यो युगौंयुगसम्म हस्तान्तरण हुँदै जानेछ। चाहे खुसीयाली र हाँसो होस् वा चाहे दुःख र आँसु होस्, हामी यसलाई एक सुन्दर याद बनाऔं! तिमीहरूलाई थाहै होला, मेरो कामका दिनहरू त्यति धेरै छैनन्। मेरा कार्य परियोजनाहरू धेरै छन्, र म तिमीहरूलाई बारम्बार साथ दिइरहन सक्दिन। म आशा गर्छु, तिमीहरूले मलाई बुझ्न सक्छौ–किनभने हाम्रो मौलिक मित्रता परिवर्तन भएको छैन। सायद एक दिन म फेरि तिमीहरूकहाँ देखा पर्नेछु, र म आशा गर्छु, तिमीहरूले मेरो लागि परिस्थिति कठिन बनाउनेछैनौ। आखिर, म तिमीहरूभन्दा फरक छु। म मेरो कामको लागि सर्वत्र यात्रा गर्छु र म मेरो जीवन होटेलतिर समय कटाउँदै मात्र जिउँदिन। तिमीहरू जे-जस्तो नै भए पनि, म मैले गर्नुपर्ने काम मात्र गर्छु। म आशा गर्छु, हामीले विगतमा बाँडीचुँडी गरेका कुराहरू हाम्रो मित्रताको पुष्पगुच्छा बन्नेछन्।

के भन्न सकिन्छ भने यो बाटो मैले खुला गरेको हुँ र तीतो वा मीठो जे-जस्तो भए पनि यो बाटोको अगुवाइ मैल गरेको हुँ। आजका दिनसम्म हामी आइपुग्न सकेको चाहिँ परमेश्‍वरको अनुग्रहको कारणले नै हो। मलाई धन्यवाद दिने केही व्यक्तिहरू होलान्, मेरो बारेमा उजुरी गर्ने केही व्यक्तिहरू होलान्–तर ती कुनै पनि कुराले कुनै महत्त्व राख्दैन। म मानिसहरूको यो समूहमा जे हासिल गरिनुपर्थ्यो त्यो हासिल भएको मात्र हेर्न चाहन्छु। यो खुसीयाली मनाउनुपर्ने कुरा हो। त्यसकारण, मेरो विरुद्ध उजुरी गर्नेविरुद्ध म कुनै द्वेष राख्दिन; म केवल सकेसम्म चाँडो मेरो काम सम्पन्न गर्न चाहन्छु ताकि परमेश्‍वरको हृदयले चाँडै विश्राम लिन सकोस्। त्यो समयमा, म कुनै गह्रौं बोझ लिनेछैन र परमेश्‍वरको हृदयमा कुनै पनि चिन्ता हुनेछैन। के तिमीहरू आफ्नो सहकार्यलाई अझ सुदृढ पार्न इच्छुक छौ? के परमेश्‍वरको काम राम्रोसँग गर्ने लक्ष्य लिनु राम्रो होइन र? यो अवधिमा हामीले असंख्य कठिनाइ सहन गरेका छौं र हरप्रकारका खुसी र दुःख अनुभव गरेका छौ भन्न उचित नै हुन्छ। समग्रमा, तिमीहरूमध्ये हरेकले आधारभूत रूपमा आवश्यक मापदण्ड हासिल गरेका छौ। सायद भविष्यमा तिमीहरूबाट अझ राम्रो कामको आवश्यक पर्नेछ, तर मेरो बारे नचाहिँदो गरी लामो समय सोचविचारमा नअल्झ; आफूले गर्नुपर्ने काम मात्र गर। मैले जे गर्नु छ, त्यो करिबकरिब सम्पन्न भएको छ; म आशा गर्छु, तिमीहरू सदासर्वदा विश्‍वासयोग्य रहनेछौ, र तिमीहरू बितेको मेरो कामको यादमा मात्र डुब्नेछैनौ। तिमीहरूले बुझ्नुपर्छ कि म यो चरणको काम पूरा गर्न मात्र आएको हुँ, र अवश्य नै परमेश्‍वरको सबै काम गर्न आएको होइन। तिमीहरू यो कुरामा स्पष्ट हुनुपर्छ, र यसबारेमा तिमीहरूसित फरक विचार हुनु हुँदैन। परमेश्‍वरको काम पूरा हुनको लागि धेरै साधनको आवश्यक पर्छ; तिमीहरू सधैँ ममा नै भर परिरहनु हुँदैन। सायद तिमीहरूले पहिले नै महसुस गरिसकेका छौ होला कि म कामको एक भाग मात्र गर्नको लागि आएको हुँ, जुन कामले यहोवा वा येशूको प्रतिनिधित्व गर्दैन; परमेश्‍वरका कामहरू धेरै चरणमा विभाजित छन्, त्यसैले तिमीहरू बद्लिनै नसक्ने गरी कठोर हुनु हुँदैन। जब म काम गरिरहेको हुन्छु, तब तिमीहरूले मलाई सुन्नुपर्छ। हरेक युगमा, परमेश्‍वरको काम बद्लिन्छ; यो सबै एउटै साँचोबाट तयार गरिएको कुरा होइन, अनि यो हरेक पल्ट त्यही एउटै पुरानो गीत गाउनु जस्तो होइन। हरेक चरणमा उहाँको कार्य युग सुहाउँदो हुन्छ, र युग एउटै नहुने भएकोले उहाँको कार्य पनि परिवर्तन भइरहन्छ। यसकारण,

तँ यो युगमा जन्मिएकोले तैँले परमेश्वरका वचनहरू खानु र पिउनुपर्छ, र यी वचनहरू पढ्नुपर्छ। यस्तो दिन आउँछ जुन बेला मेरो काम परिवर्तन हुन्छ, र त्यो अवस्थामा तिमीहरूले आफूले जे-जसरी अघि बढ्नुपर्ने हो तिमीहरू त्यसरी नै निरन्तर अघि बढिरहनुपर्छ; परमेश्वरको काम गलत हुन सक्दैन। बाहिरी संसार कसरी परिवर्तन हुन्छ भन्ने कुरामा ध्यान नदेओ; परमेश्वर गलत हुन सक्नुहुन्न, अनि उहाँको काम गलत हुन सक्दैन। के मात्रै हो भने, कहिलेकाहीँ उहाँको पुरानो काम बितेर जान्छ अनि उहाँको नयाँ काम सुरु हुन्छ। तथापि, त्यसको अर्थ नयाँ काम आएकोले पुरानो काम गलत हुन्छ भन्ने हुँदैन। त्यो त भ्रम हो! परमेश्वरको कामलाई सही वा गलत भनेर भन्न सकिँदैन, यसलाई पहिलेको वा पछिको भनेर मात्र भन्ने सकिन्छ। यो कुरा परमेश्वरप्रति मानिसहरूको विश्वासको लागि मार्गनिर्देशन हो र यसलाई हल्का रूपमा लिनु हुँदैन।

## विश्वासीहरूले कस्तो दृष्टिकोण राख्नुपर्छ

मानिसले परमेश्वरलाई विश्वास गर्न थालेदेखि उसले के उपलब्धि प्राप्त गरेको छ? तैँले परमेश्वरको बारेमा के कुरा जानेको छस्? परमेश्वरमा विश्वास गरेको कारण तँ कति हदसम्म परिवर्तन भएको छस्? आज, तिमीहरू सबैलाई के कुरा थाहा छ भने मानिसले प्राणको मुक्तिको लागि र देहको हितको लागि मात्रै परमेश्वरमा विश्वास गर्दैन, न त प्रेमिलो परमेश्वरद्वारा आफ्नो जीवन समृद्ध पार्न र त्यस्तै इत्यादि कुरा प्राप्त गर्नको लागि मात्रै उसले विश्वास गर्छ। यसैले, यदि तैँले देहको हितको लागि वा क्षणिक सुख-चैनको लागि परमेश्वरलाई प्रेम गरिस् र अन्त्यमा परमेश्वरप्रतिको तेरो प्रेम चरम अवस्थामा पुग्यो अनि तैँले उप्रान्त केही मागेनस् भने पनि, तैँले खोज्ने यो प्रेम कलङ्कित र परमेश्वरलाई प्रसन्न नपार्ने किसिमको प्रेम हुनेछ। आफ्नो सुस्त किसिमको अस्तित्वलाई समृद्ध बनाउन र आफ्नो हृदयको रिक्ततालाई भर्नको लागि परमेश्वरको प्रेमलाई प्रयोग गर्ने मानिसहरू जीवनको सहजताको लागि लालच गर्ने मानिसहरू हुन्, परमेश्वरको प्रेमलाई साँचो रूपमा खोज्ने मानिसहरू होइनन्। यस किसिमको प्रेम जबरजस्ती गरिने प्रेम हो, यो मानसिक आनन्दको खोजी मात्रै हो र परमेश्वरलाई यसको कुनै आवश्यकता पर्दैन। त्यसो भए, तेरो प्रेम कस्तो किसिमको प्रेम हो? के कुराको लागि तँ परमेश्वरलाई प्रेम गर्छस्? तँभित्र अहिले परमेश्वरप्रतिको साँचो प्रेम कति छ? तिमीहरूमध्ये धेरैको प्रेम यसभन्दा पहिले उल्लेख गरिएको किसिमको प्रेम नै हो। त्यस किसिमको प्रेमले वर्तमान-स्थितिलाई मात्रै कायम राख्नसक्छ; यसले कुनै पनि स्थायित्व प्राप्त गर्न सक्दैन, न त यसले मानिसमा जरा नै लगाउन सक्छ। यस किसिमको प्रेम फुलेर पनि फल नफलाई ओइलाएर जाने फूल जस्तो हो। अर्को शब्दमा भन्दा, तैँले परमेश्वरलाई यस किसिमले प्रेम गरिसकेको छस्, र तँलाई अगाडि बाटोमा डोऱ्याउने कोही पनि छैन भने, तँ पतन भएर जानेछस्। यदि तैँले परमेश्वर प्रेमिलो हुनुभएको समयमा मात्रै परमेश्वरलाई प्रेम गर्छस् तर त्यसपछि तेरो जीवन स्वभाव परिवर्तन हुँदैन भने, तँ अन्धकारको प्रभावको कफनबाट बाहिर निस्केर आउने अवस्थामा रहनेछैनस्, तँ शैतानको बन्धन र यसको चलाकीहरूलाई तोड्न नसक्ने अवस्थामा रहनेछस्। यस किसिमको कुनै पनि व्यक्तिलाई परमेश्वरले प्राप्त गर्नुहुनेछैन;

आखिरमा, तिनीहरूको आत्मा, प्राण, र शरीर शैतानको हातमा पर्नेछ। यसको बारेमा कुनै शङ्का हुन सक्दैन। परमेश्‍वरले पूर्ण रूपमा प्राप्त गर्न नसक्ने मानिसहरू तिनीहरूको सुरुको अवस्थामा नै फर्कनेछन्, अर्थात् शैतानको हातमा फर्कनेछन्, र तिनीहरू परमेश्‍वरको अर्को चरणको दण्ड भोग्नका लागि आगो र गन्धकको खाडलमा पर्नेछन्। परमेश्‍वरले प्राप्त गरेका मानिसहरू तिनीहरू नै हुन् जसले शैतानलाई त्यागेका छन् र त्यसको अधिकार क्षेत्रबाट उम्केका छन्। तिनीहरूलाई आधिकारिक रूपमा नै परमेश्‍वरको राज्यका मानिसहरूका बीचमा थपिन्छ। यसरी राज्यका मानिसहरूको निर्माण हुन्छ। के तँ यस किसिमको व्यक्ति बन्न इच्छुक छस्? के तँ परमेश्‍वरद्वारा प्राप्त गरिन चाहन्छस्? के तँ शैतानको अधिकार क्षेत्रबाट निस्केर परमेश्‍वरकहाँ फर्केर आउन चाहन्छस्? तँ अहिले शैतानको स्वामित्वमा छस् कि राज्यका मानिसहरूमध्येका एक होस्? यस्ता कुराहरू पहिले नै स्पष्ट हुनुपर्छ, र यसको लागि कुनै थप व्याख्याको आवश्यकता पर्दैन।

विगतमा, धेरैले ठूला-ठूला अभिलाषाहरू र धारणाहरूको खोजी गरे, तिनीहरूले आफ्नै आशाको परिणामस्वरूप तिनको खोजी गरे। केही क्षणको लागि हामी त्यस किसिमका कुराहरूलाई पन्छ्याएर राखौं; अहिले हाम्रो लागि प्रमुख महत्त्वको विषय भनेको, परमेश्‍वरको अघि सामान्य अवस्था कायम गर्न र शैतानको प्रभावका बन्धनहरूबाट बिस्तारै स्वतन्त्र हुँदै जानको लागि तिमीहरू प्रत्येकलाई सक्षम गर्ने किसिमको अभ्यास पत्ता लगाउनु हो, ताकि तँलाई परमेश्‍वरले प्राप्त गर्न सक्नुभएको होस्, र परमेश्‍वरले तँलाई आज्ञा गर्नुभए अनुसारको जीवन तैँले जिउन सकेको होस्। यसरी मात्रै तैँले परमेश्‍वरका अभिप्रायहरूलाई पूरा गर्न सक्नेछस्। धेरैले परमेश्‍वरमा विश्‍वास गर्छन्, तैपनि तिनीहरूलाई न त परमेश्‍वरले के चाहनुहुन्छ भन्ने बारेमा थाहा हुन्छ न त शैतानले के चाहन्छ भन्ने थाहा हुन्छ। जे पर्छ त्यही टर्छ भन्दै तिनीहरूले बेवकुफ मार्गमा विश्‍वास गर्छन्, जसले गर्दा तिनीहरूले कहिल्यै पनि सामान्य इसाई जीवन जिएका हुँदैनन्; यति मात्र होइन, तिनीहरूका व्यक्तिगत सम्बन्धहरू कहिल्यै पनि सामान्य रहेका हुँदैनन्, परमेश्‍वरसँगको सामान्य सम्बन्धको त कुरै छोडौं। यसबाट हामीले के कुरा देख्न सक्छौं भने मानिसको कठिनाइ र कमजोरीहरू, अनि परमेश्‍वरको इच्छालाई वाधा दिन सक्ने अन्य तत्वहरू धेरै नै छन्। मानिस परमेश्‍वरमाथिको विश्‍वासको सहि मार्गमा आइपुगेको छैन, न त ऊ मानव जीवनको वास्तविक अनुभवमा नै प्रवेश गरेको छ भन्ने कुरालाई प्रमाणित गर्न यो नै पर्याप्त छ। त्यसो भए परमेश्‍वरमाथिको विश्‍वासको सही मार्गमा आउनु भनेको के हो? सहि मार्गमा आउनु भनेको मानिसमा जे कुराको कमी छ, त्यस कुरालाई बिस्तारै बुझ्दै र परमेश्‍वर सम्बन्धी गहन ज्ञानलाई बिस्तारै प्राप्त गर्दै, परमेश्‍वरको सामने सँधै आफ्नो हृदयलाई शान्त राख्नु र परमेश्‍वरसँग सामान्य कुराकानी गर्नु हो। यसद्वारा, तेरो आत्माले दैनिक रूपमा नयाँ ज्ञान र नयाँ अन्तर्दृष्टि प्राप्त गर्दै जानेछ; तेरो तृष्णा बढ्दै जान्छ, तँ सत्यतामा प्रवेश गर्ने प्रयास गर्छस्, र हरेक दिन नयाँ ज्योति र नयाँ ज्ञान प्राप्त हुनेछ। यो मार्गद्वारा, तँ शैतानको प्रभावबाट बिस्तारै स्वतन्त्र हुँदै जानेछस् र आफ्नो जीवनमा वृद्धि हुँदै जानेछस्। त्यस किसिमका मानिसहरू सहि मार्गमा प्रवेश गरेका हुन्छन्। आफ्ना अनुभवहरूलाई जाँच गर् अनि आफ्नो विश्‍वासमा तैँले खोजेको मार्गलाई जाँच्। जब तैँले आफूलाई माथि उल्लेखित कुराहरूसँग दाज्छस्, के तैँले आफूलाई सहि मार्गमा भेट्टाउँछस्? के-कस्ता कुराहरूमा तैँले शैतानका

बन्धनहरू र शैतानको प्रभावबाट आफूलाई स्वतन्त्र पारेको छस्? यदि तँ सहि मार्गमा आउन बाँकी नै छ भने, शैतानसँगको तेरो बन्धन तोडिएको छैन। यसो हो भने, के परमेश्‍वरलाई प्रेम गर्ने तेरो प्रयासले तँलाई सच्चा, एकचित्त, र शुद्ध प्रेममा लैजानेछ? परमेश्‍वरप्रतिको मेरो प्रेम अटल किसिमको र हृदयबाट निस्केको प्रेम हो भनेर तैँले भन्छस्, तैपनि शैतानको बन्धनबाट तैँले छुटकारा भने पाएको छैनस्। के तैँले परमेश्‍वरलाई मूर्ख बनाउने प्रयास गरिरहेको छैनस् र? यदि तँ त्यस्तो अवस्थामा पुग्‍न चाहन्छस् जहाँ परमेश्‍वरप्रतिको तेरो प्रेम निष्कलङ्क हुन्छ, यदि तँ पूर्ण रूपमा परमेश्‍वरद्वारा प्राप्त गरिन चाहन्छस् र राज्यका मानिसहरूमध्येमा पर्न चाहन्छस् भने, सुरुमा तैँले आफूलाई परमेश्‍वरमाथिको विश्‍वासको सहि मार्गमा लैजानुपर्छ।

# परमेश्‍वरको कामका पाइलाहरूको सम्बन्धमा

बाहिरबाट हेर्दा, परमेश्‍वरको वर्तमान कामका चरणहरू पहिले नै सकिसकेको जस्तो, र मानिसले परमेश्‍वरको वचनको न्याय, सजाय, ताडना र शोधनको अनुभव गरिसकेको छ र सेवा-कर्ताहरूको जाँचका चरणहरू, सजायको समयको शोधन, मृत्युको परीक्षा, प्रतिभारहरूको परीक्षा र परमेश्‍वरलाई प्रेम गर्ने समय भएर गुज्रिसकेको छ जस्तो देखिन्छ। प्रत्येक चरणमा ठूलो कठिनाइ भोग्‍नु परे पनि, मानिसहरू परमेश्‍वरको इच्छाको बारेमा अनजान रहन्छन्। उदाहरणको लागि सेवा-कर्ताहरूको जाँचको बारेमा विचार गर्: उनीहरूले के प्राप्त गरेका छन्, उनीहरूले के थाहा पाएका छन्, र परमेश्‍वरले हासिल गर्ने चाहनुभएको प्रभाव के हो भन्‍ने बारेमा तिनीहरू अझै अस्पष्ट छन्। परमेश्‍वरको कामको गतिलाई हेर्दा, मानिस आजको गतिसँगै चल्न पूर्ण रूपमा असमर्थ छ भन्‍ने देखिन्छ। देख्न सकिन्छ, कि परमेश्‍वरले पहिले मानिसलाई आफ्नो कामको यी चरणहरू प्रकट गर्नुहुन्छ, र कुनै पनि चरणमा मानिसले कल्पना गर्न सक्ने स्तर हासिल गर्नुको सट्टा उहाँले कुनै विषयमा प्रकाश पारिरहनुभएको हुन्छ। कुनै व्यक्ति उहाँद्वारा साँचो रूपमा प्राप्त गरिओस् भनेर, उसलाई सिद्ध बनाउनका लागि, परमेश्‍वरले माथिका सबै चरणहरू पूरा गर्नुपर्दछ। यो काम गर्नुको उद्‌देश्य मानिसहरूको समूहलाई सिद्ध बनाउनका लागि परमेश्‍वरले कुन-कुन चरणहरू पूरा गर्नुपर्छ भनी देखाउनु हो। यसैले, बाहिरबाट हेर्दा, परमेश्‍वरको कामका चरणहरू पूरा भइसकेका छन्–तर सारको हिसाबमा, उहाँले भर्खर मात्र आधिकारिक रूपमा मानवजातिलाई सिद्ध बनाउन सुरु गर्नुभएको छ। मानिसहरू यसबारे स्पष्ट हुनुपर्दछ: यो उहाँको कामका ती चरणहरू हुन् जुन पूरा भइसकेका छन्, तर काम आफैचाहिँ समाप्त भएको छैन। तापनि मानिसहरू तिनीहरूको धारणामा परमेश्‍वरको कामका सबै चरणहरू प्रकट गरिएको छ, त्यसैले परमेश्‍वरको काम समाप्त भइसकेको छ भन्‍ने बारेमा कुनै शङ्का छैन भनी विश्‍वास गर्दछन्। परिस्थितिहरूलाई यस प्रकारले हेर्ने तरिका पूर्ण रूपमा गलत छ। परमेश्‍वरको काम मानिसको धारणाको विपरीत हुँदछ र त्यस्ता धारणाहरूलाई हरप्रकारले प्रहार गर्दछ; विशेष गरी, परमेश्‍वरको कामका चरणहरू मानिसको धारणासँग अमिल्दा हुन्छन्। यी सबैले परमेश्‍वरको बुद्धि प्रदर्शन गर्दछ। यो बुझ्न सकिन्छ, कि मानिसको धारणाले हरेक मोडमा अवरोध उत्पन्‍न गर्दछ, र मानिसले कल्पना गर्ने हरेक कुरालाई परमेश्‍वरले प्रहार

गर्नुहुन्छ, जुन कुरा वास्तविक अनुभवहरूमा स्पष्ट हुन्छ। हरेकलाई के लाग्छ भने, परमेश्वरले अति चाँडो काम गर्नुहुन्छ, र उनीहरूले थाहा पाउनुभन्दा अघि नै, तिनीहरूले कुनै बुझाइ प्राप्त गर्नुभन्दा अघि नै र तिनीहरू अझै पनि भ्रमको स्थितिमा रहिरहँदा नै त्यो समाप्त हुन्छ भनी सोच्छन्। उहाँको कामको हरेक चरणमा यस्तै हुन्छ। धेरैजसो मानिसहरू परमेश्वरले मानिसहरूसँग खेल खेल्दै हुनुहुन्छ भन्ने विश्वास गर्दछन्—तर उहाँको कामको अभिप्राय त्यो होइन। उहाँको काम गर्ने तरिका चिन्तन गर्न योग्य छ: घोडामा बसेर फूलहरूलाई झलक्क हेर्नु, त्यसपछि सम्पूर्ण विवरणहरूमा जानु र त्यस विवरणलाई पूर्ण रूपमा परिष्कृत गर्नु जस्तो हो—जसले मानिसहरूलाई आश्चर्यचकित बनाउँछ। मानिसहरू के सोच्दै परमेश्वरलाई मूर्ख तुल्याउने कोसिस गर्छन् भने, यदि तिनीहरू कुनै खास बिन्दुमा नपुगिन्जेल कोसिस गरिरहे भने, परमेश्वर सन्तुष्ट हुनुहुनेछ। वास्तवमा, परमेश्वर कसरी मानिसको झारा टराइबाट सन्तुष्ट हुन सक्नुहुन्छ? सर्वोत्तम प्रभाव हासिल गर्न, परमेश्वरले मानिसहरूलाई आश्चर्यचकित पार्दै, तिनीहरूलाई थाहै नदिई प्रहार गर्दै काम गर्नुहुन्छ; यसले तिनीहरूलाई उहाँको बुद्धिको बारेमा ठूलो ज्ञान दिन्छ, र उहाँको धार्मिकता, प्रताप र उल्लङ्घन गर्न नसकिने स्वभावको बारेमा ठूलो बुझाइ दिन्छ।

आज, परमेश्वरले आधिकारिक रूपमा मानिसलाई सिद्ध बनाउन थाल्नुभएको छ। सिद्ध हुनका लागि, मानिसहरू उहाँका वचनहरूको प्रकाश, न्याय र सजायबाट भएर जानुपर्छ, तिनीहरूले उहाँका वचनहरूको परीक्षा र शोधनको अनुभव गर्नुपर्दछ (जस्तै सेवा-कर्ताहरूको परीक्षा), र तिनीहरू मृत्युको सामना गर्न सक्षम हुनुपर्दछ। यसको अर्थ के हो भने, परमेश्वरले गर्नुहुने न्याय, सजाय र परीक्षाहरूको बीचमा, जसले परमेश्वरको इच्छालाई साँचो रूपमा पछ्याउँछ, उसले आफ्नो हृदयको गहिराइबाट नै परमेश्वरको प्रशंसा गर्न सक्छ, र पूर्ण रूपमा परमेश्वरको आज्ञापालन गर्न र आफूलाई त्याग्न सक्छ, त्यसरी इमानदार, अविभाजित, र शुद्ध हृदयले परमेश्वरलाई प्रेम गर्न सक्छ; त्यस्तो व्यक्ति नै सिद्ध व्यक्ति हो, र निश्चित रूपमा परमेश्वरले गर्न चाहनुभएको काम र उहाँले पूरा गर्नुहुने काम यही नै हो। परमेश्वरले कामहरू गर्नुहुने तरिकाको विषयमा मानिसहरू हतारमा निष्कर्षमा पुग्नुहुँदैन। तिनीहरूले जीवनमा प्रवेश गर्ने मात्र खोज्नुपर्छ। यो मुख्य कुरा हो। परमेश्वरले काम गर्नुहुने तरिकाको निरन्तर छानबिन नगर्; त्यसले तेरो भविष्यका सम्भावनाहरूलाई बाधा मात्र पुऱ्याउँछ। परमेश्वरले काम गर्नुहुने तरिकाहरू तैँले कतिसम्म देखेको छस्? तँ कतिसम्म आज्ञाकारी भएको छस्? उहाँको काम गर्ने प्रत्येक तरिकाबाट तैँले कति प्राप्त गरेको छस्? के तँ परमेश्वरद्वारा सिद्ध बनाइन इच्छुक छस्? के तँ सिद्ध हुन चाहन्छस्? यी सबै ती कुराहरू हुन् जुन तिमीहरूले स्पष्ट बुझ्नुपर्छ र प्रवेश गर्नुपर्छ।

## भ्रष्ट मानिसले परमेश्वरलाई प्रतिनिधित्व गर्न सक्दैन

मानिस अहिलेसम्म अन्धकारको प्रभावको कवचमुनि जिएको छ, शैतानको प्रभावको बन्धनमा परेको छ, उम्कनलाई असमर्थ छ, र उसको स्वभाव शैतानद्वारा संचालित गरिएकोले निरन्तर रूपमा भ्रष्ट हुन्छ। यसो भन्न सकिन्छ कि मानिस सँधै उसको भ्रष्ट शैतानी स्वभावमा जिएको

छ र ऊ परमेश्वरलाई साँचो प्रेम गर्न असक्षम छ। यसो भएको हुनाले, यदि मानिसले परमेश्वरलाई प्रेम गर्ने इच्छा गर्दछ भने, ऊ आफ्नो स्व-धार्मिकता, स्व-महत्त्व, अहङ्कार, घमण्ड र यस्तै कुराहरू–शैतानका स्वभावका हरेक कुराबाट अलग हुनैपर्छ। नत्र भने, उसको प्रेम अशुद्ध प्रेम, शैतानी प्रेम, र पूर्ण रूपले परमेश्वरको स्वीकृती प्राप्त गर्न नसक्ने प्रेम हो। पवित्र आत्माद्वारा प्रत्यक्ष रूपमा सिद्ध, निराकरण, तोडिएका, काँटछाँट गरिने, अनुशासित गरिने, ताडना दिइने र शोधन गरिने जस्ता कार्य नगरिकन, कोही पनि परमेश्वरलाई साँचो प्रेम गर्न सक्षम हुँदैन। यदि तपाईंको स्वभावका केही भागले परमेश्वरलाई प्रतिनिधित्व गर्दछ भने, त्यसकारण तपाईं साँचो रूपले परमेश्वरलाई प्रेम गर्न सक्षम हुनुहुन्छ भनी तपाईंले भन्नुहुन्छ भने, तपाईं त्यस्तो व्यक्ति हुनुहुन्छ जसको वचनहरू अहङ्कार पूर्ण छन्, र तपाई हाँस उठ्दो हुनुहुन्छ। यस्ता मानिसहरू प्रधान स्वर्गदूत हुन्! मानिसको जन्मजात स्वभावले सीधै परमेश्वरलाई प्रतिनिधित्व गर्न असक्षम हुन्छ उसले परमेश्वरको सिद्धताद्वारा उसको जन्मजात स्वभावलाई छोड्नुपर्छ, त्यसपछि मात्र परमेश्वरको इच्छालाई ध्यान दिएर, परमेश्वरको अभिप्रायहरूलाई पूरा गरेर, र यति मात्र होइन पवित्र आत्माको कामलाई भोगेर मात्र–उसले जिउने कुरालाई परमेश्वरले स्वीकार गर्न सक्नुहुन्छ। शरीरमा जिउने कोहीले पनि, ऊ पवित्र आत्माद्वारा प्रयोग गरिएका मानिस नभइञ्जेलसम्म, परमेश्वरको सीधै प्रतिनिधित्व गर्न सकिँदैन। तैपनि, यो जस्तो व्यक्तिको लागि उसका स्वभाव र उसले जिएका कुराले सम्पूर्ण रूपमा परमेश्वरलाई प्रतिनिधित्व गर्दछ भनी भन्न सकिँदैन; यति मात्र भन्न सकिन्छ कि उसले जिएका कुरा पवित्र आत्माद्वारा निर्देशित छ। यस्तो मानिसको स्वभावले परमेश्वरको प्रतिनिधित्व गर्न सक्दैन।

मानिसको स्वभावलाई परमेश्वरद्वारा निधो भए तापनि–यो निर्विवाद छ र यसलाई एउटा सकारात्मक कुरा ठान्न सकिन्छ–यसलाई शैतानद्वारा संचालित गरिएको हुन्छ, र त्यसैले मानिसको सम्पूर्ण स्वभाव शैतानको स्वभाव हुन्छ। केही मानिसहरूले के भन्छन् भने परमेश्वरको स्वभाव भनेको विभिन्न कुराहरू गर्नुमा खुल्ला हुनु हो, र यो तिनीहरूमा पनि प्रकट हुन्छ, तिनीहरूको चरित्र पनि यो जस्तै छ, र त्यसैले तिनीहरू भन्छन् कि तिनीहरूका स्वभावले परमेश्वरलाई प्रतिनिधित्व गर्दछ। यी कस्ता किसिमका मानिसहरू हुन्? के भ्रष्ट शैतानी स्वभाव परमेश्वरको प्रतिनिधित्व गर्न सक्षम छ? तिनीहरूका स्वभावले परमेश्वरको प्रतिनिधित्व गर्छ भनेर घोषणा गर्ने जो कसैले परमेश्वरको निन्दा गर्दछन् र पवित्र आत्माको अवहेलना गर्दछन्। पवित्र आत्माले काम गर्नुहुने विधिले देखाउँछ कि पृथ्वीमा भएको परमेश्वरको काम पूर्ण रूपले विजेताको काम हो। त्यस्तै, मानिसको धेरै शैतानी स्वभावहरू अझै शुद्ध पारिनुपर्छ, उसले जिएका कुराहरू अझै शैतानको स्वरूप नै हो, मानिसले यसलाई असल हो भनेर विश्वास गर्छ, र यसले मानिसको शरीरको कामहरूको प्रतिनिधित्व गर्दछ; अझ सटीक रूपले भन्नुपर्दा, यसले शैतानलाई प्रतिनिधित्व गर्दछ र पूर्ण रूपले परमेश्वरलाई प्रतिनिधित्व गर्न सक्दैन। पृथ्वीमा नै स्वर्गको जीवनलाई उपभोग गर्ने गरी परमेश्वरलाई अघिबाट नै प्रेम गर्नेहरू यसो भन्ने अभिव्यक्तिहरू व्यक्त गर्न सक्षम हुन्छन्: “हे परमेश्वर! म तपाईंलाई पर्याप्त प्रेम गर्न सक्दिनँ,” र सबभन्दा उच्च क्षेत्रमा पुगेका छन् भने पनि, अझै यो भन्न सकिँदैन कि तिनीहरूले परमेश्वरलाई जीवनमा प्रकट गर्छन् वा

परमेश्‍वरलाई प्रतिनिधित्व गर्दछन्, किनकि मानिसका मूल स्वभाव परमेश्‍वरको जस्तो हुँदैन, र मानिसले कहिल्यै पनि परमेश्‍वरलाई जीवनमा उतार्न सक्दैन, परमेश्‍वरजस्तै बन्‍ने कुरा त परै छाडौं। पवित्र आत्माले मानिसलाई जिउन जे निर्देशित गर्नुभएको छ, त्यो परमेश्‍वरले मानिसबाट माग गर्नुभएको कुराअनुसारको मात्र हुन्छ।

शैतानका सम्पूर्ण क्रियाकलापहरू र कामहरू मानिसमा प्रकट हुन्छन्। आज, मानिसका सम्पूर्ण क्रियाकलापहरू र कामहरू शैतानका अभिव्यक्ति हुन्, तसर्थ तिनले परमेश्‍वरको प्रतिनिधित्व गर्न सक्दैनन्। मानिस नै शैतानका मूर्तरूप हो, र मानिसको स्वभाव परमेश्‍वरको स्वभावलाई प्रतिनिधित्व गर्न असक्षम छ। केही मानिसहरू असल चरित्र भएका हुन्छन्; परमेश्‍वरले यस्ता मानिसहरूको चरित्रद्वारा केही काम गर्न सक्नुहुन्छ, र तिनीहरूले गर्ने काम पवित्र आत्माद्वारा निर्देशित हुन्छ। तैपनि तिनीहरूको स्वभाव परमेश्‍वरलाई प्रतिनिधित्व गर्न असक्षम हुन्छ। परमेश्‍वरले तिनीहरूमा गर्नुहुने काम पहिले नै तिनीहरूभित्र मौजुद कुरासँग काम गर्नु र त्यसलाई विस्तार गर्नु भन्दा अरू केही पनि होइन। विगतका युगहरूका अगमवक्ताहरू होस् या परमेश्‍वरद्वारा प्रयोग गरिएका व्यक्तिहरू नै होस्, कसैले पनि सीधै परमेश्‍वरलाई प्रतिनिधित्व गर्न सक्दैन। मानिसहरू परिस्थितिहरूको दबाबमुनि मात्र परमेश्‍वरलाई प्रेम गर्न पुग्छन् र एक जना व्यक्तिले पनि तिनीहरूका आफ्नै इच्छाले सहकार्य गर्ने प्रयास गर्दैनन्। सकारात्मक कुराहरू के हुन्? परमेश्‍वरबाट सीधै आएका कुराहरू सकारात्मक हुन्छन्; तैपनि, मानिसको स्वभाव, शैतानद्वारा संचालित हुन्छ, र यसले परमेश्‍वरको प्रतिनिधित्व गर्न सक्दैन। प्रेम, कष्ट भोग्ने इच्छा, धार्मिकता, अधीनता, र देहधारी परमेश्‍वरको विनम्रता र गोप्यताले मात्र सीधै परमेश्‍वरलाई प्रतिनिधित्व गर्दछ। उहाँ आउनुहुँदा, उहाँ पापमय स्वभावरहित र शैतानद्वारा संचालित नभइकन, सीधै परमेश्‍वरबाट आउनुभएकोले हो। येशू पापमय शरीरको प्रतिरूपमा मात्र हुनुहुन्छ, र उहाँले पापको प्रतिनिधित्व गर्नुहुन्‍न; त्यसकारण, (उहाँका क्रूसीकरणको क्षण लगायत) उहाँको क्रूसीकरणको कामको उपलब्धिको समय अघि सम्मका सम्पूर्ण उहाँका क्रियाकलापहरू, कामहरू, सीधै परमेश्‍वरका प्रतिनिधित्व हुन्। पापमय स्वभाव भएका कसैले पनि परमेश्‍वरलाई प्रतिनिधित्व गर्न सक्दैन, र मानिसको पापले शैतानलाई प्रतिनिधित्व गर्दछ भनी प्रमाणित गर्न येशूको उदाहरण पर्याप्त छ। जसको अर्थ, पापले परमेश्‍वरको प्रतिनिधित्व गर्दैन, र परमेश्‍वर पापरहित हुनुहुन्छ। मानिसमा पवित्र आत्माद्वारा गरिएका काम पनि पवित्र आत्माद्वारा निर्देशित गरिएको मात्रै ठान्‍न सकिन्छ, र परमेश्‍वरको तर्फबाट गरिएका हुन् भन्‍न सकिँदैन। तर, जहाँसम्म मानिसको सवाल छ, न ता उसका पाप न उसको स्वभावले परमेश्‍वरको प्रतिनिधित्व गर्न सक्छ। विगतदेखि वर्तमानसम्म मानिसमा पवित्र आत्माले गर्नुभएका कामलाई हेरेर, मानिसले आफ्नो जीवनमा उतारेको सबै कुरा पवित्र आत्माले उसमा काम गर्नुभएकोले ऊसित छ भन्‍ने कसैले देख्छ। ज्यादै थोरैले मात्र पवित्र आत्माद्वारा निराकरण र अनुशासन गरिएपछि त्यो सत्यमा जिउन सक्षम हुन्छन्। जसको अर्थ, पवित्र आत्माको काम मात्र उपस्थित हुन्छ; मानिसतर्फको सहकार्य रिक्त हुन्छ। के अब तपाईंले यसलाई स्पष्ट रूपमा देख्नुहुन्छ? त्यसो भए, पवित्र आत्माले काम गर्नुहुँदा, उहाँसित सहकार्य गर्न र तपाईंको कर्तव्य पूरा गर्न कसरी तपाईंले भरमग्दुर प्रयास गर्नुहुनेछ?

# धार्मिक सेवालाई शुद्ध पारिनैपर्छ

सारा ब्रह्माण्डमा आफ्नो कामको सुरुवातदेखि नै, परमेश्‍वरले धेरै मानिसहरूलाई उहाँको सेवा गर्न अघिबाटै नियुक्त गरिसक्नु भएको छ, जसमा जीवनका हरेक क्षेत्रका मानिसहरू समावेश छन्। उहाँको उद्देश्य उहाँको इच्छा पूरा गर्नु र पृथ्वीमा उहाँको कामलाई सहजतापूर्वक पूर्णतामा ल्याउनु हो; उहाँको सेवाको लागि मानिसहरू छनौट गर्नुमा परमेश्‍वरको लक्ष्य यही हो। परमेश्‍वरको सेवा गर्ने हरेकले उहाँको इच्छा बुझ्नुपर्छ। उहाँको यो कामले परमेश्‍वरको बुद्धि र सर्वशक्तिमान्ता, र पृथ्वीमा उहाँको कामका सिद्धान्तहरू मानिसहरूका निम्ति अझ स्पष्ट पार्दछ। परमेश्‍वर वास्तवमा यस पृथ्वीमा आफ्नो काम गर्न, मानिसहरूसँग संलग्न हुन नै आउनुभएको छ ताकि तिनीहरूले उहाँका कामहरू अझ स्पष्ट रूपमा थाहा पाऊन्। आज तिमीहरू, मानिसहरूको यो समूह, व्यावहारिक परमेश्‍वरको सेवा गर्न पाएकोमा भाग्यशाली छौ। यो तिमीहरूका लागि अतुलनीय आशिष् हो—साँच्चै, तिमीहरू परमेश्‍वरद्वारा उठाइएका हौ। कुनै व्यक्तिलाई उहाँको सेवा गर्न छनौट गर्दा, परमेश्‍वरसँग सधैँ आफ्ना सिद्धान्तहरू हुन्छन्। मानिसहरूले कल्पना गरेझैं, परमेश्‍वरको सेवा गर्नु भनेको कुनै पनि हालतमा केवल उत्साहको कुरा होइन। आज, तिमीहरू देख्छौ कि परमेश्‍वरको अघि सेवा गर्नेहरू सबैले त्यसो गर्दछन् किनभने उनीहरूसँग परमेश्‍वरको मार्गदर्शन र पवित्र आत्माको काम छ, र किनभने तिनीहरू सत्यको पछि लाग्ने मानिसहरू हुन्। यी परमेश्‍वरको सेवा गर्नेहरू सबैका निम्ति न्यूनतम सर्तहरू हुन्।

परमेश्‍वरको सेवा गर्नु कुनै साधारण काम होइन। जसको भ्रष्ट स्वभाव अपरिवर्तित रहन्छ उसले कहिले पनि परमेश्‍वरको सेवा गर्न सक्दैन। यदि तेरो स्वभावलाई परमेश्‍वरका वचनहरूद्वारा न्याय गरिएको र सजाय दिइएको छैन भने, तेरो स्वभावले अझै शैतानलाई नै प्रतिनिधित्व गर्दछ जसले के प्रमाणित गर्छ भने तैँले तेरो आफ्नै असल अभिप्रायहरूबाट सेवा गर्छस्, तेरो सेवा तेरो शैतानी स्वभावमा आधारित छ। तैँले आफ्नो स्वभाविक चरित्रद्वारा, र तेरा व्यक्तिगत अभिरुचिहरू अनुसार परमेश्‍वरको सेवा गर्छस्। यति मात्र होइन, तँ सँधै सोच्छस् कि तैँले गर्न चाहेका कुराहरूले परमेश्‍वरलाई खुशी तुल्याउँछ, र तैँले गर्न नचाहने कुराहरू परमेश्‍वरको निम्ती घृणित छन्; तँ पूर्ण रूपमा तेरा आफ्नै अभिरुचिहरू अनुसार काम गर्छस्। के यसलाई परमेश्‍वरको सेवा गरेको भन्न सकिन्छ? अन्ततः तेरो जीवन स्वभावमा हल्का परिवर्तन पनि हुनेछैन; यसको सट्टामा, तेरो सेवाले तँलाई अझै हठी बनाउनेछ, जसद्वारा तेरो भ्रष्ट स्वभावले अझै गहिरो जरा गाड्छ, र त्यस्तै, परमेश्‍वरको सेवाको बारेमा तँभित्र मुख्यतया तेरो आफ्नै चरित्रमा आधारित नियमहरू, र तेरो आफ्नै स्वभाव अनुसार तेरा सेवाबाट व्युत्पन्न अनुभवहरू बन्नेछन्। यी मानिसका अनुभवहरू र पाठहरू हुन्। यो संसारमा जिउने सम्बन्धी मानिसको दर्शनशास्त्र हो। यस्ता मानिसहरूलाई फरिसीहरू र धार्मिक अधिकारीहरूको रूपमा वर्गीकरण गर्न सकिन्छ। यदि तिनीहरू कहिल्यै बिउँझिँदैनन् र तिनीहरूले कहिल्यै पश्‍चात्ताप गर्दैनन् भने, तिनीहरू पक्कै झूटा ख्रीष्टहरू र ख्रीष्ट-विरोधीहरूमा परिवर्तन हुनेछन् जसले आखिरी दिनहरूमा मानिसहरूलाई धोका दिन्छन्। पहिले नै भनिएका झूटा ख्रीष्टहरू र ख्रीष्ट-विरोधीहरू यस्ता मानिसहरूका बीचबाट खडा हुनेछन्। यदि

परमेश्वरको सेवा गर्नेहरूले आफ्नै चरित्र अनुसरण गर्छन् र आफ्नै इच्छा अनुसार कार्य गर्छन् भने, तिनीहरूले कुनै पनि समयमा बाहिर फालिने जोखिम उठाउँछन्। जसले अरूको हृदय जित्न, उनीहरूलाई व्याख्यान गर्न र उनीहरूलाई नियन्त्रण गर्न, र उच्चमा खडा हुन परमेश्वरको सेवा गर्ने क्रममा प्राप्त गरेको आफ्नो वर्षौंको अनुभव प्रयोग गर्दछन्–र जसले कहिल्यै पश्चात्ताप गर्दैनन्, आफ्ना पापहरूलाई कहिल्यै स्वीकार गर्दैनन्, पदको फाइदा कहिल्यै त्याग्दैनन्–यी मानिसहरू परमेश्वरको अघि पतन हुनेछन्। तिनीहरू पावल जत्तिकै हुन्, जसले आफ्नो वरिष्ठतामा घमण्ड गर्दछन् र आफ्ना योग्यताहरूलाई बढवा दिन्छन्। परमेश्वरले यस्ता मानिसहरूलाई सिद्धतामा ल्याउनुहुनेछैन। यस्तो सेवाले परमेश्वरको काममा दखल दिन्छ। मानिसहरू सँधै विगतसँग टाँसिरहेका हुन्छन्। तिनीहरू विगतका धारणाहरू, बितेका दिनका हरेक कुराहरूमा टाँसिएका हुन्छन्। यो तिनीहरूको सेवाको निम्ति ठूलो बाधा हो। यदि तैँले तिनलाई बाहिर फाल्न सक्दैनस् भने, यी कुराहरूले तेरो पूरै जीवनलाई दबाउनेछ। परमेश्वरले तेरो प्रशंसा गर्नुहुन्न, चाहे तैँले दौडेर आफ्नो खुट्टा वा परिश्रम गरेर आफ्नो ढाड नै भाँच्, चाहे तँ परमेश्वरको सेवामा शहीद नै बन्, उहाँले अलिकति पनि तेरो तारिफ गर्नुहुन्न। ठीक विपरीत: उहाँले तँलाई दुष्ट काम गर्ने भनी भन्नुहुनेछ।

आजदेखि सुरु गरेर, परमेश्वरले धार्मिक विचारहरू नभएकाहरूलाई, आफ्नो पुरानो स्वभाव पन्छाउन इच्छुक हुनेहरूलाई, र सरल हृदयले परमेश्वरको आज्ञापालन गर्नेहरूलाई औपचारिक रूपमा नै सिद्ध तुल्याउनुहुनेछ। जो मानिसहरू परमेश्वरको वचनहरूको निम्ति तिर्खाउँछन् उनीहरूलाई उहाँले सिद्ध गर्नुहुनेछ। यी मानिसहरू खडा भएर परमेश्वरको सेवा गर्नुपर्दछ। परमेश्वरमा अन्त्यहीन प्रशस्तता र असीम बुद्धि छ। उहाँको अचम्मको काम र बहुमूल्य वचनहरूले मानिसहरूको अझ ठूलो सङ्ख्याले आनन्द गरून् भनेर प्रतीक्षा गरिरहेका छन्। यस कुरालाई हेर्दा, धार्मिक धारणाहरू भएकाहरू, वरिष्ठता ग्रहण गर्नेहरू, र आफूलाई अलग राख्न नसक्नेहरूलाई ती नयाँ कुराहरू स्वीकार्न कठिन हुन्छ। पवित्र आत्मासँग यी मानिसहरूलाई सिद्ध गर्ने कुनै अवसर नै छैन। यदि कुनै व्यक्तिले आज्ञापालन गर्ने संकल्प गरेको छैन, र परमेश्वरको वचनहरूको लागि तिर्खाउँदैन भने, ती नयाँ कुराहरू स्वीकार गर्नको लागि तिनीहरूसँग कुनै माध्यम छैन; तिनीहरू केवल झन्-झन् विद्रोही, झन्-झन् धेरै धूर्त हुनेछन्, र यसरी गलत मार्गमा पुग्नेछन्। आफ्नो काम अहिले गरिरहँदा, परमेश्वरले अझ धेरै व्यक्तिहरू खडा गर्नुहुनेछ जसले उहाँलाई साँच्चै प्रेम गर्दछन् र नयाँ ज्योति ग्रहण गर्न सक्छन्, र आफ्नो वरिष्ठता ग्रहण गर्ने धार्मिक अधिकारीहरूलाई उहाँले पूर्णरूपमा ढाल्नुहुनेछ; जिद्दी पूर्वक परिवर्तनको प्रतिरोध गर्नेहरूमध्ये एक जनालाई पनि उहाँ चाहनुहुन्न। के तँ यी मानिसहरूमध्ये एक जना हुन चाहन्छस्? तैँले तेरो आफ्नै अभिरुचिहरू अनुसार सेवा गर्छस्, कि परमेश्वरले चाहनुभए अनुसार गर्छस्? यो तैँले आफै जान्नुपर्ने कुरा हो। के तँ धार्मिक अधिकारी होस्, वा के तँ परमेश्वरले सिद्ध बनाउनुभएको नवजात शिशु होस्? तेरो कति सेवालाई पवित्र आत्माले प्रशंसा गर्नुभयो? योमध्ये कति जति परमेश्वरले सम्झन समेत झन्झट मान्नुहुनेछ? तेरो वर्षौंको सेवाको परिणामको रूपमा तेरो जीवनमा कति ठूलो परिवर्तन आएको छ? के तँ यी सबैको बारेमा स्पष्ट छस्? यदि तँ साँच्चिकै विश्वासबाटकै होस् भने, तैँले पहिलेका तेरो पुरानो धार्मिक धारणाहरू हटाउनेछस्, र नयाँ तरिकामा अझै राम्ररी परमेश्वरको सेवा

गर्नेछस्। अब खडा हुन धेरै ढीला भएको छैन। पुरानो धार्मिक धारणाहरूले कुनै व्यक्तिको सम्पूर्ण जीवनलाई हराउन सक्छ। एक व्यक्तिले प्राप्त गरेको अनुभवले उनीहरूलाई परमेश्वरबाट बरालिन र आफ्नै तरिकाले काम-कुराहरू गर्ने तुल्याउन सक्छ। यदि तैँले त्यस्ता कुराहरूलाई पन्छ्याउँदैनस् भने, ती तेरो जीवनको वृद्धिमा ठेस लाग्ने अवरोध हुनेछन्। परमेश्वरले सधैँ उहाँको सेवा गर्नेहरूलाई सिद्ध पार्नुहुन्छ, र तिनीहरूलाई हल्का रूपमा बाहिर निकाल्नुहुन्न। यदि तैँले परमेश्वरको वचनहरूको न्याय र सजायलाई साँच्चिकै स्वीकार गर्छस् भने, यदि तँ आफ्नो पुरानो धार्मिक आचरणहरू र नियमहरूलाई पन्छ्याउन सक्छस्, र पुरानो धार्मिक धारणाहरूलाई आजका वचनहरूको मापनको रूपमा प्रयोग गर्न छोड्छस् भने मात्रै तेरो निम्ति भविष्य हुनेछ। तर यदि तँ पुराना चीजहरूसँग टाँसिरहन्छस् भने, यदि तँ अझै तिनलाई मूल्यवान् ठान्छस् भने, तैँले मुक्ति पाउन सक्ने कुनै मार्ग छैन। यस्ता मानिसहरूलाई परमेश्वरले वास्ता गर्नुहुन्न। यदि तँ साँच्चिकै सिद्ध हुन चाहन्छस् भने, तैँले पहिलेदेखिका सबै कुरा त्याग्ने संकल्प गर्नुपर्छ। पहिले जे गरिएको थियो त्यो ठीक थियो भने पनि, यो परमेश्वरको काम थियो भने पनि, तँ अझै यसलाई अलग राख्न सक्षम हुनुपर्दछ र यससँग टाँसिन बन्द गर्नुपर्दछ। यदि यो स्पष्ट रूपमै पवित्र आत्माको काम, पवित्र आत्माले प्रत्यक्ष रूपमा गर्नुभएको काम थियो भने पनि, आज तैँले त्यसलाई पन्छ्याउनुपर्छ। तैँले यसलाई समाति राख्नु हुँदैन। परमेश्वरले चाहनुहुने कुरा यही हो। सबै कुरालाई नवीकरण गरिनुपर्छ। परमेश्वरको काम र परमेश्वरको वचनहरूमा, उहाँले अघि गएका पुरानो कुराहरूको कुनै सन्दर्भ दिनुहुन्न, उहाँले पुरानो पञ्चाङ्गलाई खोतल्नुहुन्न; परमेश्वर त्यो परमेश्वर हुनुहुन्छ जो सँधै नयाँ हुनुहुन्छ र कहिल्यै पनि पुरानो हुनुहुन्न, र विगतका आफ्ना वचनहरूमा समेत टाँसिनुहुन्न—जुन कुराले देखाउँदछ कि परमेश्वरले कुनै नियम पालना गर्नुहुन्न। त्यसकारण, यदि एक मानिसको रूपमा तँ जहिले पनि विगतका कुराहरूमा टाँसिरहन्छस्, यदि तैँले तिनलाई छोडिदिन इन्कार गर्छस् भने, र कठोरताका साथ तिनलाई सूत्रको रूपमा लागू गर्छस् भने, जबकि परमेश्वर अब आफूले पहिले गरेको माध्यमहरू प्रयोग गरेर काम गर्नुहुन्न, त्यसोभए के तेरा शब्दहरू र कार्यहरू विघटनकारी छैनन्? के तँ परमेश्वरको शत्रु बनेको छैनस् र? के तँ आफ्नो पूरै जीवन यी पुरानो चीजहरूले बरबाद गर्न र बिगार्न दिन इच्छुक छस्? यी पुराना चीजहरूले तँलाई कोही यस्तो व्यक्ति बनाउनेछ जसले परमेश्वरको काममा वाधा दिन्छ—के तँ त्यस्तै प्रकारको व्यक्ति बन्न चाहन्छस्? यदि तँ साँच्चिकै त्यो चाहँदैनस् भने, तैँले के गरिरहेको छस् त्यसलाई रोकेर फर्किहाल्; फेरि सुरु गर्। परमेश्वरले तेरो विगतका सेवाहरू सम्झनुहुनेछैन।

## परमेश्वरमाथिको तेरो विश्वासमा तैँले परमेश्वरको आज्ञापालन गर्नैपर्छ

तैँले किन परमेश्वरमा विश्वास गर्छस्? धेरै व्यक्तिहरू यस प्रश्नद्वारा अलमलमा पर्छन्। व्यावहारिक परमेश्वर र स्वर्गमा हुनुहुने परमेश्वरका बारेमा तिनीहरूमा सधैँभरि दुई वटा अत्यन्तै भिन्न प्रकारका दृष्टिकोणहरू छन्, जसले के देखाउँछ भने तिनीहरूले परमेश्वरको आज्ञापालन

गर्नका लागि होइन, तर अरू केही फाइदाहरू पाउन, वा विपत्तिले ल्याउने कष्टबाट बच्नका लागि उहाँमा विश्वास गरेका हुन्छन्। त्यसपछि मात्र तिनीहरू केही हदसम्म आज्ञाकारी भएका हुन्छन्। तिनीहरूको आज्ञाकारीता सर्तसहितको हुन्छ। यो तिनीहरूका आफ्नै व्यक्तिगत अपेक्षाहरूका खातिर गरिएको हुन्छ, र यो जबरजस्ती गरिएको आज्ञापालन मात्रै हुन्छ। यसैले, आखिर तँ किन परमेश्वरमा विश्वास गर्छस्? यदि यो तेरा अपेक्षाहरू र भवितव्यको खातिर मात्र हो भने, तैँले विश्वास नै नगरेको भए अझ असल हुनेथियो। यस किसिमको विश्वासचाहिँ आफैलाई धोका दिने, आफैलाई दृढ पार्ने, र आफैलाई बढाइचढाइ गर्ने कुरा हो। यदि तेरो विश्वास परमेश्वरमाथिको आज्ञाकारीतामा निर्माण भएको छैन भने, तैँले उहाँको विरोध गरेकोमा अन्त्यमा तँलाई दण्ड दिइनेछ। आफ्ना विश्वासमा परमेश्वरमा आज्ञाकारी हुन नखोज्नेहरूले उहाँको विरोध गरेका हुन्छन्। मानिसहरूले सत्यताको खोजी गरून्, उहाँका वचनमा तिर्खाउन्, उहाँका वचनलाई खाऊन् र पिऊन्, र त्यसलाई व्यवहारमा प्रयोग गरून् भनी परमेश्वर चाहनुहुन्छ, यसरी तिनीहरूले परमेश्वरप्रतिको आज्ञाकारीतालाई प्राप्त गर्न सक्नेछन्। यदि तेरा सच्चा अभिप्रायहरू यी नै हुन् भने, अवश्य पनि परमेश्वरले तँलाई माथि उठाउनुहुनेछ, र अवश्य पनि तँप्रति अनुग्रहकारी हुनुहुनेछ। यो शङ्का गर्न नपर्ने र परिवर्तन नहुने कुरा हो। यदि तँ परमेश्वरको आज्ञा पालन नगर्ने अभिप्राय राख्छस्, अनि तेरा लक्ष्यहरू अरू नै छन् भने, तैँले भनेका र गरेका सबै कुराहरू–परमेश्वरको सामु गरेका प्रार्थनाहरू, र तेरो प्रत्येक कार्य समेत–उहाँका विरोधमा हुनेछन्। सायद तँ नम्र भएर बोल्ने र सहज व्यवहार गर्ने व्यक्ति हुनसक्छस्, तेरो प्रत्येक कार्य र अभिव्यक्ति उचित देखिन सक्छ, अनि तँ आज्ञा पालन गर्ने व्यक्तिजस्तो देखिन्छस् होला, तर जब परमेश्वरमाथिको तेरो विश्वासका अभिप्रायहरू र दृष्टिकोणहरूका कुरा आउँछन्, तब तैँले गरेका ती सबै कुराहरू परमेश्वरका विरोधमा हुन्छन्। तैँले गरेका सबै कुराहरू दुष्ट हुन्छन्। भेडाजस्तै आज्ञाकारी देखिने, तर जसका हृदयमा भने दुष्ट उद्‌देश्यहरू बोकेर हिँड्ने, मानिसहरू भेडाका भेषमा देखिने ब्वाँसाहरू हुन्। तिनीहरूले सीधै परमेश्वरलाई चिढ्याउँछन्, र परमेश्वरले तिनीहरूमध्ये एक जनालाई पनि बाँकी राख्नुहुनेछैन। पवित्र आत्माले तिनीहरू हरेकलाई प्रकाश गर्नुहुनेछ र ढोङ्गीहरू प्रत्येकलाई निश्चय नै पवित्र आत्माले तिरस्कार गर्नुहुनेछ र इन्कार गर्नुहुनेछ भन्ने कुरालाई उहाँले सबैका सामुन्ने देखाउनुहुनेछ। चिन्ता नगर: परमेश्वरले तिनीहरू प्रत्येकबाट लेखा लिनुहुनेछ र तिनीहरू प्रत्येकलाई त्याग्नुहुनेछ।

यदि तैँले परमेश्वरबाटको नयाँ ज्योति स्वीकार गर्न सक्दैनस्, र परमेश्वरले आज गर्नुहुने सबै कार्यलाई बुझ्न सक्दैनस् र तँ यसलाई खोजी गर्दैनस्, वा यसलाई तँ शङ्का गर्छस्, यसको न्याय गर्छस्, वा यसलाई जाँच र विश्लेषण गर्छस् भने, परमेश्वरको आज्ञापालन गर्ने मन तँसँग छैन। यहाँ र अहिलेको ज्योति प्रकट हुँदा, तैँले हिजोको ज्योतिलाई मात्र बहुमूल्य ठानिराख्छस् र परमेश्वरको नयाँ कार्यलाई विरोध गर्छस् भने, तँ मूर्खभन्दा बढी केही होइनस्–तँ जानी-जानी परमेश्वरलाई विरोध गर्ने व्यक्ति होस्। परमेश्वरको आज्ञाकारी हुने कार्यको चाबीचाँहि नयाँ ज्योतिप्रति कृतज्ञ हुनु, र यसलाई स्वीकार गर्न सक्नु र यसलाई व्यवहारमा लागू गर्न सक्नु हो। यही नै साँचो आज्ञाकारीता हो। परमेश्वरप्रति तृषित नहुनेहरू नै उद्‌देश्यका साथ उहाँमा समर्पित हुन नसक्ने मानिसहरू हुन्, र आफ्ना यथास्थितिमा सन्तुष्ट भएको फलस्वरूप तिनीहरूले

परमेश्वरको विरोध मात्र गर्न सक्छन्। त्यस मानिसहरूले परमेश्वरको आज्ञालाई पालन गर्न नसक्नुको कारण के हो भने, ऊ पहिले आएको कुराको बन्धनमा बाँधिएको हुन्छ। पहिले आएका कुराहरूले मानिसहरूलाई परमेश्वरका बारेमा अनेक किसिमका धारणाहरू र अनुमानहरू प्रदान गरेका छन्, र तिनीहरूका मनमा यी कुराहरू परमेश्वरको स्वरूप बनेको छ। यसरी, तिनीहरूले विश्वास गर्ने कुराहरू आफ्नै धारणाहरू र तिनीहरूका आफ्नै कल्पनाका मापदण्डहरू हुन्। यदि तैँले आज वास्तविक काम गर्नुहुने परमेश्वरलाई तेरो कल्पनाको परमेश्वरसँग तुलना गर्छस् भने, तेरो विश्वास शैतानबाट आउँछ, र तेरा आफ्नै प्राथमिकताहरूद्वारा दूषित पारिएको हुन्छ, परमेश्वरले यस किसिमको विश्वास चाहनुहुन्न। तिनीहरूका योग्यताहरू जति नै उच्च भए पनि, र तिनीहरू समर्पित नै भएपनि–तिनीहरूले उहाँका काममा पूरै जीवनका प्रयासहरू समर्पण गरेका भएपनि, तिनीहरूले आफैलाई शहीद तुल्याएका भएपनि–यस किसिमको विश्वास भएको कुनै पनि व्यक्तिलाई परमेश्वरले स्वीकार गर्नुहुन्न। उहाँले तिनीहरूमाथि थोरै अनुग्रह मात्र दिनुहुन्छ र केही समयका लागि यसको आनन्द लिन दिनुहुन्छ। यस किसिमका व्यक्तिहरू सत्यतालाई व्यवहारमा लागू गर्न असक्षम हुन्छन्। पवित्र आत्माले तिनीहरूभित्र काम गर्नुहुन्न, र परमेश्वरले तिनीहरू प्रत्येकलाई हटाउनुहुनेछ। जवान र वृद्ध जो भए पनि, आफ्नो विश्वासमा परमेश्वरको आज्ञापालन नगर्ने र गलत अभिप्राय बोकेर हिँड्ने मानिसहरू विरोध गर्ने र बाधा दिने मानिसहरू हुन् र त्यस्ता मानिसहरूलाई परमेश्वरले हटाउनुहुनेछ भन्नेमा कुनै प्रश्न छैन। जो परमेश्वरप्रति अलिकति पनि आज्ञाकारी छैनन्, जसले उहाँको नामलाई त्यतिकै स्वीकार गर्छन्, र परमेश्वरको दयालुपन र प्रेमिलोपनको बारेमा केही जानेका हुन्छन्, र पनि पवित्र आत्माका कदमहरूलाई पछ्याउँदैनन्, र पवित्र आत्माका वर्तमान कार्य र वचनहरूलाई पालना गर्दैनन् भने–यस्ता मानिसहरू परमेश्वरको अनुग्रहले मात्र बाँचेका हुन्छन्, र तिनीहरूलाई उहाँले लिनुहुनेछैन वा सिद्ध पार्नुहुनेछैन। परमेश्वरले मानिसहरूका आज्ञाकारिताद्वारा, परमेश्वरको वचनलाई खाने, पिउने र यसमा आनन्द मनाउने, र तिनीहरूका कार्यद्वारा, र तिनीहरूका जीवनमा आउने दुःख र शोधनद्वारा परमेश्वरले तिनीहरूलाई सिद्ध पार्नुहुन्छ। यस किसिमको विश्वासद्वारा मात्र मानिसहरूका भित्री स्वभाव परिवर्तन हुनेछ, र त्यसपछि मात्र तिनीहरूले परमेश्वरको साँचो ज्ञान प्राप्त गर्नेछन्। परमेश्वरको अनुग्रहमा बाँचेर मात्र सन्तुष्ट नभई, सक्रिय रूपमा सत्यतालाई चाहने र खोज्ने, र परमेश्वरद्वारा केही कुरा प्राप्तिका लागि खोजी गर्ने–सचेत भएर परमेश्वरको आज्ञा पालन गर्नु भनेको यही नै हो र उहाँले चाहनुहुने विश्वास पनि यही नै हो। परमेश्वरको अनुग्रहमा आनन्द गर्ने बाहेक अरू केही कुरा नगर्ने व्यक्तिहरूलाई सिद्ध पार्न वा परिवर्तन गर्न सकिँदैन। अनि तिनीहरूका आज्ञाकारीता, भक्ति, प्रेम, र धैर्यता सबै सतही मात्र हुन्। परमेश्वरको अनुग्रहमा मात्र रमाउनेहरूले परमेश्वरलाई साँचो रूपमा चिन्न सक्दैनन्, अनि तिनीहरूले परमेश्वरलाई चिने भने पनि, तिनीहरूको ज्ञान सतही हुन्छ, र "परमेश्वरले मानिसहरूलाई प्रेम गर्नुहुन्छ," वा "परमेश्वर मानिसहरूप्रति करुणामय हुनुहुन्छ" भन्ने जस्ता कुराहरू तिनीहरू गर्छन्। यसले मानिसको जीवनलाई प्रतिनिधित्व गर्दैन, र मानिसहरूले साँच्चै परमेश्वरलाई चिनेका छन् भन्ने कुरालाई पनि देखाउँदैन। जब परमेश्वरको वचनले तिनीहरूलाई शोधन गर्छ, वा उहाँका जाँचहरू तिनीहरूमाथि आउँछन्, मानिसहरूले परमेश्वरको

आज्ञा पालन गर्न सक्दैनन्—बरु, तिनीहरू शङ्कालु हुन्छन्, र पतन हुन्छन्—तब तिनीहरू अलिकति पनि आज्ञाकारी भएका हुँदैनन्। तिनीहरूभित्र, परमेश्‍वरमा राखिएको विश्‍वास सम्बन्धी धेरै नियमहरू र प्रतिबन्धहरू, धेरै वर्षको विश्‍वासका नतिजा स्वरूप आएका पुराना अनुभवहरू, वा बाइबलमा आधारित विभिन्‍न नियमहरू हुन्छन्। के यस किसिमका मानिसहरूले परमेश्‍वरको आज्ञा पालन गर्नसक्छन्? यी मानिसहरू मानवीय कुराहरूले भरिएका हुन्छन्—तिनीहरूले कसरी परमेश्‍वरको आज्ञा पालन गर्नसक्छन्? तिनीहरूका "आज्ञाकारीता" व्यक्तिगत प्राथमिकता अनुसार हुन्छन्—के परमेश्‍वरले यस किसिमको आज्ञाकारीता चाहनुहुन्छ? यो परमेश्‍वरमा भएको आज्ञाकारीता होइन, तर नियमहरूको पालन हो। यो आफ्नै सन्तुष्टि र कृतज्ञता हो। यदि तँ यो परमेश्‍वरप्रति गरिएको आज्ञाकारीता हो भनी भन्छस् भने, के तैँले उहाँको निन्दा गरिरहेको हुँदैनस् र? तँ मिश्री फारो जस्तो भइस्। तैँले दुष्ट काम गरिरहेको छस्, र तैँले विशेषगरी आफैलाई परमेश्‍वरको विरोध गर्ने काममा लगाएको छस्—के तैँले परमेश्‍वरलाई यसरी नै सेवा गरेको उहाँ चाहनुहुन्छ? तैँले तुरुन्तै पश्‍चाताप गरेर केही स्व-चेतना प्राप्त गर्ने प्रयास गर्नु नै राम्रो हुन्छ। यसमा तँ असफल भइस् भने, तँ घर जानु नै असल हुन्छ; परमेश्‍वरप्रतिको तेरो सेवा सम्बन्धी झूटो घोषणाले भन्दा त्यसले तँलाई बढी फाइदा गर्नेछ। तँ बाधा र अवरोध बन्‍नेछैनस्; तँलाई आफ्नो स्थान थाहा हुन्छ, र त्यहाँ राम्रोसँग जिउँछस्—के त्यो तेरो लागि अझै असल हुँदैन र? परमेश्‍वरको विरोध गरेकोमा तैँले दण्ड पनि पाउनेछैनस्!

## परमेश्‍वरसँग सामान्य सम्बन्ध स्थापित गर्नु अति नै महत्त्वपूर्ण छ

मानिसहरूले परमेश्‍वरमा विश्‍वास गर्ने, परमेश्‍वरलाई प्रेम गर्ने र परमेश्‍वरलाई सन्तुष्ट पार्ने तरीका भनेको उनीहरूका हृदयले परमेश्‍वरको आत्मा छोएर र त्यसबाट उहाँको सन्तुष्टि प्राप्त गरेर र उनीहरूको हृदयको प्रयोग गरेर परमेश्‍वरका वचनसँग सन्‍निकट रहनु र त्यसकारणले परमेश्‍वरका आत्माद्‌वारा प्रेरित हुनु हो। यदि तँ सामान्य आत्मिक जीवन प्राप्त गर्न चाहन्छस् र परमेश्‍वरसँग सामान्य सम्बन्ध राख्न चाहन्छस् भने तैँले सबैभन्दा पहिले आफ्नो हृदय उहाँलाई अर्पित गर्नुपर्छ। उहाँको सामुन्‍ने तैँले आफ्नो हृदय शान्त बनाएपछि मात्र र तेरो पूरा हृदय उहाँमा अर्पित गरेपछि मात्र तँ स्वाभाविक आत्मिक जीवन विकसित गर्न क्रमशः सक्षम हुनेछस्। यदि परमेश्‍वरमा मानिसहरूको विश्‍वासमा उनीहरूले आफ्नो हृदय उहाँमा अर्पित गर्दैनन् र यदि उनीहरूको हृदय उहाँमा छैन भने र उहाँको अभिभारालाई उनीहरूले आफ्नै अभिभाराको रूपमा लिँदैनन् भने, उनीहरूले गर्ने सबै कुरा परमेश्‍वरलाई बेइमान गर्ने काम, धार्मिक मानिसहरूको नमूनाको काम हो र उनीहरूले परमेश्‍वरको प्रशंसा प्राप्त गर्न सक्दैनन्। यस प्रकारको व्यक्तिबाट परमेश्‍वरले केही पनि प्राप्त गर्न सक्नुहुन्‍न। यस प्रकारका व्यक्तिले परमेश्‍वरको घरमा अनावश्यक र प्रयोगहीन सजावट जस्तै, परमेश्‍वरको काममा प्रतिभारको रूपमा मात्र काम गर्न सक्छ। परमेश्‍वरले यस प्रकारको व्यक्तिलाई कुनै कामको लागि पनि प्रयोग गर्नुहुन्‍न। यस प्रकारको व्यक्तिमा पवित्र आत्माको कामको लागि कुनै अवसर नहुने मात्र होइन, ऊ पूर्णता हुनुमा समेत कुनै मूल्य हुँदैन।

यस प्रकारका व्यक्ति, सच्चाइमा जिउँदो लास हो। यस्ता मानिसहरूमा पवित्र आत्माले प्रयोग गर्न सक्ने केही कुरा पनि हुँदैन, तर यसको विपरीत, उनीहरू सबै शैतानद्‌वारा हडपिएका र पूरै भ्रष्ट बनेका छन्। परमेश्‍वरले यी मानिसहरूलाई निष्कासन गर्नुहुनेछ। हाल, मानिसहरूको प्रयोग गर्दा पवित्र आत्माले उनीहरूका ती भागहरू, जुन काम पूरा गर्नको लागि वाञ्छनीय हुन्छन्, तिनीहरू प्रयोग मात्र गर्नुहुन्न, उहाँले उनीहरूका अवाञ्छनीय भागहरूलाई सिद्‌ध बनाउने र परिवर्तन गर्ने पनि गर्नुहुन्छ। यदि तेरो हृदय परमेश्‍वरमा अर्पित गर्न सकिस् र उहाँको सामुन्ने शान्त रहन सकिस् भने, पवित्र आत्माद्‌वारा प्रयोग हुने, पवित्र आत्माको अन्तर्दृष्टि र प्रकाश प्राप्त गर्ने, अवसर र योग्यता पाउनेछस् र अझ बढी, पवित्र आत्माको लागि तेरा कमजोरीहरूलाई राम्रो बनाउने अवसर तैँले पाउनेछस्। जब परमेश्‍वरलाई तँ आफ्नो हृदय अर्पित गर्छस्, सकारात्मक पक्षमा, तैँले अझ गहन प्रवेश गर्न पाउनेछस् र अन्तर्दृष्टिको उच्च तह प्राप्त गर्न सक्नेछस्। नकारात्मक पक्षमा, तँलाई तेरा आफ्नै गल्तीहरू र कमजोरीहरूको बढी जानकारी हुनेछ, परमेश्‍वरको इच्छा पूरा गर्ने खोजीमा तँ बढी उत्सुक हुनेछस् र तँ निष्क्रिय हुनेछैनस् बरु सक्रिय रूपमा प्रवेश गर्नेछस्। तसर्थ, तँ सही व्यक्ति बन्नेछस्। परमेश्‍वरका सामुन्ने तेरो हृदय शान्त रहन सक्षम छ भन्ने मान्दा, पवित्र आत्माबाट तैँले प्रशंसा प्राप्त गर्छस् वा गर्दैनस् र तैँले परमेश्‍वरलाई खुशी राख्छस् वा राख्दैनस् भन्ने कुराको कुञ्जी तँ सक्रिय रूपमा प्रवेश गर्न सक्छस् कि सक्दैनस् भन्ने हो। जब पवित्र आत्माले कुनै व्यक्तिलाई अन्तर्दृष्टि प्रदान गर्नुहुन्छ र उनीहरूको प्रयोग गर्नुहुन्छ, यसले उनीहरूलाई कहिल्यै पनि नकारात्मक बनाउँदैन बरु उनीहरूलाई सक्रिय रूपमा प्रगति गर्ने बनाउँछ। उक्त व्यक्तिमा कमजोरीहरू भए पनि उनीहरू ती कमजोरीहरूमा आधारित भएर उनीहरूको जीवन निर्वाह गर्ने मार्गबाट टाढा रहन सक्छन्। उनीहरूले आफ्नो जीवन वृद्‌धिको विलम्बलाई टार्न सक्छन् र परमेश्‍वरको इच्छालाई सन्तुष्ट पार्ने खोजीलाई निरन्तरता दिन्छन्। यो एउटा मापदण्ड हो। यदि तैँले यसलाई प्राप्त गर्न सकिस् भने, तैँले पवित्र आत्माको उपस्थिति प्राप्त गरेको यो पर्याप्त प्रमाण हो। यदि कुनै व्यक्ति सधैँ नकारात्मक छ, र यदि अन्तर्दृष्टि प्राप्त गरेपछि पनि र आफूलाई चिन्न सक्षम भए पछि पनि, उनीहरू नकारात्मक र निष्क्रिय नै रहे र खडा हुन र परमेश्‍वरसँग सहकार्य गर्न सकेनन् भने, यस्ता प्रकारका व्यक्तिले परमेश्‍वरको कृपा मात्र प्राप्त गर्छ तर उनीहरूसँग पवित्र आत्मा रहनुहुनेछैन। जब कुनै व्यक्ति नकारात्मक छ, यसको अर्थ उनीहरूको हृदय परमेश्‍वरतिर फर्किएको छैन र उनीहरूको आत्मा परमेश्‍वरको आत्माद्‌वारा प्रभावित भएको छैन। यो सबैले बुझ्नुपर्छ।

अनुभवबाट देख्न सकिन्छ कि परमेश्‍वरको सामुन्ने आफ्नो हृदय शान्त बनाउनु अति महत्त्वपूर्ण विषयहरूमध्ये एक हो। यो एक विषय हो जसले मानिसहरूको आत्मिक जीवनसँग र उनीहरूको जीवनमा उनीहरूको वृद्‌धिसँग सरोकार राख्छ। परमेश्‍वरको सामुन्ने तेरो हृदय शान्त भए मात्र, सत्यको तेरो खोजी र स्वभावमा भएका तेर परिवर्तनहरूले फल दिने छन्। तँ परमेश्‍वरका सामुन्ने अभिभारा बोकेर आउँछस् र धेरै मात्रामा तँमा कमी छ, तैँले थाहा पाउनुपर्ने सत्यहरू धेरै छन्, तैँले अनुभव गर्नु पर्ने वास्तविकता धेरै छ र परमेश्‍वरको इच्छालाई तैँले हरतरहले ध्यान दिनु छ भन्ने तँलाई सँधै लाग्छ, त्यसकारण यी कुराहरू तेरो मनमा सधैँ छन्। यो यस्तो छ कि तिनीहरूले

जोडतोडले तँलाई दबाब दिइरहेका छन् जसले तँलाई सास फेर्न असमर्थ बनाउँछ, र त्यसैले तँ हृदयमा भारी अनुभव गर्छस् (यद्यपि तँ नकारात्मक स्थितिमा छैनस्)। यस्ता मानिसहरू मात्र परमेश्वरका वचनहरूका अन्तर्दृष्टि स्वीकार गर्न र परमेश्वरको आत्माद्वारा प्रभावित हुन योग्य छन्। उनीहरूको अभिभाराको कारणले, उनीहरूको हृदय भारी भएकाले र यसो भन्न सकिन्छ, उनीहरूले चुकाएको मूल्यको कारणले र परमेश्वरको सामुन्ने उनीहरूले पाएको यातनाका कारणले, उहाँको अन्तर्दृष्टि र प्रकाश उनीहरूले प्राप्त गर्छन्। किनकि परमेश्वरले कसैलाई पनि विशेष व्यवहार गर्नुहुन्न। मानिसहरूसँगको उहाँको व्यवहारमा उहाँ सधैँ निष्पक्ष हुनुहुन्छ, तर उहाँले मानिसहरूलाई मनोमानी ढङ्गले वा विना सर्तले पनि दिनुहुन्न। यो उहाँको धर्मी स्वभावको एउटा पक्ष हो। वास्तविक जीवनमा, अधिकांश मानिसहरूले यो राज्य प्राप्त गर्न बाँकी नै छ। कम्तीमा पनि, उनीहरूको हृदय परमेश्वरमा पूर्णरूपमा फर्किन बाँकी नै छ, र त्यसैले उनीहरूको जीवनको स्वभावमा अझै कुनै उल्लेखनीय परिवर्तन भएको छैन। यसको कारण हो उनीहरू परमेश्वरको कृपामा मात्र बाँच्छन् र उनीहरूले पवित्र आत्माको कामको लाभ उठाउन बाँकी नै छ। परमेश्वरद्वारा प्रयोग हुनको लागि मानिसहरूले पूरा गर्नै पर्ने मापदण्डहरू निम्न अनुसार छन्: उनीहरूको हृदय परमेश्वरमा फर्किन्छ, उनीहरू परमेश्वरका वचनहरूका अभिभाराको जिम्मेवारी लिन्छन्, उनीहरूसँग इच्छाको हृदय छ र उनीहरूसँग सत्यको खोजी गर्ने सङ्कल्प छ। यस्ता मानिसहरूले मात्र पवित्र आत्माको काम प्राप्त गर्न सक्छन् र उनीहरूले बारम्बार अन्तर्दृष्टि र ज्योति प्राप्त गर्छन्। परमेश्वरले प्रयोग गर्ने मानिसहरू बाहिरबाट अविवेकी र अरूसँग सामान्य सम्बन्ध नभएका जस्ता देखिन्छन् यद्यपि उनीहरू मर्यादाका साथ बोल्छन्, लापरवाह तरिकाले बोल्दैनन्, र परमेश्वरको सामुन्ने हृदय सधैँ शान्त राख्छन्। ठीक यस्तै प्रकारको व्यक्ति पवित्र आत्माद्वारा प्रयोग गरिन पर्याप्त हुन्छ। परमेश्वरले चर्चा गर्ने यो "अविवेकी" व्यक्तिको अन्य व्यक्तिहरूसँग सामान्य सम्बन्धहरू नभएको जस्तो देखिन्छ र उनीहरू बाह्य प्रेम वा बाह्य अभ्यासहरूलाई त्यति ध्यान दिँदैनन् तर जब उनीहरू आत्मिक कुराहरू बताउँछन् उनीहरू आफ्नो हृदय खोल्न सक्छन् र परमेश्वरका सामुन्ने उनीहरूले आफ्ना वास्तविक अनुभवबाट प्राप्त गरेका प्रकाश र अन्तर्दृष्टि अरूलाई निस्वार्थ प्रदान गर्छन्। उनीहरूले यसरी परमेश्वरप्रतिको आफ्नो प्रेम व्यक्त गर्छन् र परमेश्वरको इच्छालाई सन्तुष्ट पार्छन्। जब अन्य व्यक्तिहरू उनीहरूलाई निन्दा र खिसी-ट्युरी गरिरहेका हुन्छन्, उनीहरू बाहिरका मानिसहरू, वस्तुहरू वा चीजहरूद्वारा नियन्त्रित हुनबाट टाढा रहिरहन सक्षम हुन्छन् र परमेश्वरका सामुन्ने अझै शान्त रहन सक्छन्। यस्ता प्रकारका व्यक्तिमा उनीहरूको आफ्नै अद्वितीय अन्तर्दृष्टि रहेको देखिन्छ। अन्य मानिसहरूले जे गरे पनि उनीहरूको हृदयले परमेश्वरलाई कहिल्यै छोड्दैन। जब अन्य व्यक्तिहरू प्रफुल्लित भएर र हास्यास्पद तरिकाले गफमा झुमिन्छन्, उनीहरूको हृदय परमेश्वरको वचनलाई चिन्तन गर्दै वा उनीहरूका हृदयमा परमेश्वरलाई निरन्तर रूपमा प्रार्थना गर्दै, परमेश्वरका अभिप्रायहरू खोज्दै परमेश्वरको सामुन्ने नै रहन्छ। अन्य मानिसहरूसँग सामान्य सम्बन्धहरू कायम राख्ने कुरालाई उनीहरू कहिल्यै महत्त्व दिँदैनन्। यस प्रकारका व्यक्तिमा जीवन जिउने सम्बन्धी कुनै दर्शनशास्त्र नभएको देखिन्छ। बाह्य रूपमा यस्ता व्यक्ति सक्रिय, प्रेमिलो र निर्दोष हुन्छन् तर उनीहरूमा शान्त भाव पनि हुन्छ।

परमेश्वरले यस्तै प्रकारको व्यक्तिलाई प्रयोग गर्नुहुन्छ। यस प्रकारको व्यक्तिमा जीवन जिउने सम्बन्धी दर्शनशास्त्र वा "सामान्यकारण" जस्ता कुराहरूले कुनै काम गर्दैनन्; यी यस प्रकारका व्यक्ति हुन् जसले आफ्नो सम्पूर्ण हृदय परमेश्वरका वचनमा समर्पित गरेका छन् र उनीहरूका हृदयमा परमेश्वर मात्र रहनुभएको देखिन्छ। यी यस्ता प्रकारका व्यक्ति हुन् जसलाई परमेश्वरले "कारण विनाको" व्यक्तिका रूपमा चर्चा गर्नुहुन्छ र परमेश्वरद्वारा प्रयोग गरिने व्यक्ति ठीक यस प्रकारका व्यक्ति हुन्। परमेश्वरद्वारा प्रयोग गरिने व्यक्तिको लक्षण भनेको: जहिले र जहाँ भए पनि उनीहरूको हृदय सधैँ परमेश्वरको सामुन्ने हुन्छ, र अन्य व्यक्तिहरू जति नै दुराचारी भए पनि, उनीहरू आफ्नो कामुकता र आफ्नो शरीरमा जति नै संलग्न भएपनि यस्तो व्यक्तिको हृदयले परमेश्वरलाई कहिल्यै पनि छोड्दैन र उनीहरू भीडलाई पछ्याउँदैनन्। यस प्रकारका व्यक्ति मात्र परमेश्वरको प्रयोगका लागि उचित छर यस प्रकारका व्यक्तिलाई मात्र पवित्र आत्माले सिद्ध बनाउनुहुन्छ। यदि तँ ती कुराहरू प्राप्त गर्न विफल भइस् भने तँ परमेश्वरद्वारा लिइन र पवित्र आत्माद्वारा सिद्ध बनाउन योग्य छैनस्।

यदि तँ परमेश्वरसँग सामान्य सम्बन्ध राख्न चाहन्छस् भने तेरो हृदय परमेश्वरमा फर्किनै पर्छ। यसको जगमा अन्य मानिसहरूसँग पनि तेरो सम्बन्ध स्वाभाविक हुनेछ। यदि परमेश्वरसँग तेरो सम्बन्ध सामान्य छैन भने, अन्य मानिसहरूसँग तेरा सम्बन्धहरू कायम राख्न तैँले जे गरे पनि, तैँले जति कठिन परिश्रम गरे पनि वा तैँले जति शक्ति प्रयोग गरे पनि, यी सबै मानिसको जीवन जिउने सम्बन्धी दर्शनशास्त्रसँग सम्बन्धित हुनेछन्। तैँले मानवीय दृष्टिकोण र मानवीय दर्शनद्वारा मानिसहरूका बीचमा तेरो प्रतिष्ठा कायम गरिरहेको छस् ता कि मानिसहरू तेरो प्रशंसा गरून्, तर मानिसहरूसँग सामान्य सम्बन्ध स्थापित गर्न तैँले परमेश्वरका वचनलाई पालन गरिरहेका छैनस्। यदि तैँले मानिसहरूसँगको तेरा सम्बन्धहरूमा ध्यान केन्द्रित गर्दैनस् तर परमेश्वरसँग स्वाभाविक सम्बन्ध कायम राख्छस् भने, यदि तँ आफ्नो हृदय परमेश्वरलाई अर्पित गर्न र उहाँको आज्ञा पालन गर्न सिक्न तत्पर छस् भने, प्राकृतिक रूपमै सबै मानिसहरूसँगका तेरा सम्बन्धहरू सामान्य हुनेछन्। यसप्रकार, ती सम्बन्धहरू शरीरमा होइन, तर परमेश्वरका प्रेमका आधारमा स्थापित हुन्छन्। त्यहाँ झण्डै शून्य शारीरिक अन्तरक्रिया हुन्छ, तर आत्मामा भाइचारा, पारस्परिक प्रेम, पारस्परिक सान्त्वना, र एक-अर्काको लागि प्रबन्ध हुन्छ। यी सबै परमेश्वरलाई सन्तुष्ट पार्ने हृदयको जगमा गरिन्छ। जीवन जिउने सम्बन्धी मानवीय सिद्धान्तमा आधारित भएर यी सम्बन्धहरू कायम राखिँदैन, तर परमेश्वरको लागि अभिभारा बोकेर प्राकृतिक तरिकाले नै स्थापित हुन्छ। यसको लागि मानव निर्मित प्रयत्न आवश्यक पर्दैन। तैँले परमेश्वरको वचन सिद्धान्त अनुसार अभ्यास मात्र गर्नु आवश्यक हुन्छ। के तँ परमेश्वरको इच्छाप्रति विचारशील हुन इच्छुक छस्? के तँ परमेश्वरको सामुन्ने "कारण विनाको" व्यक्ति हुन इच्छुक छस्? के तँ परमेश्वरलाई आफ्नो हृदय पूर्णरूपमा अर्पित गर्न र मानिसहरूका बीचमा रहेको हैसियतलाई उपेक्षा गर्न इच्छुक छस्? तँसँग सम्पर्कमा भएका सबै मानिसहरू मध्ये कोसँग तेरो उत्कृष्ट सम्बन्ध छ? कोसँग तेरो खराब सम्बन्ध छ? के मानिसहरूसँगका तेरा सम्बन्धहरू सामान्य छन्? के तँ सबै मानिसहरूलाई समान रूपले व्यवहार गर्छस्? के अन्य मानिसहरूसँगका

तेरा सम्बन्धहरू तेरो जीवन जिउने दर्शनमा आधारित भएर कायम रहेका छन् कि तिनीहरू परमेश्वरका प्रेमको जगमा बनेका छन्? जब कुनै व्यक्तिले उनीहरूको हृदय परमेश्वरमा अर्पित गर्दैनन् तब उनीहरूको आत्मा कुण्ठित, लाटो र अचेत बन्छ। यस प्रकारका व्यक्तिले परमेश्वरका वचनहरू कहिले पनि बुझ्नेछैन र परमेश्वरसँग कहिले पनि सामान्य सम्बन्ध हुनेछैन; यस प्रकारको व्यक्तिको स्वभाव कहिले पनि परिवर्तन हुनेछैन। आफ्नो स्वभाव परिवर्तन गर्नु भनेको परमेश्वरलाई पूर्ण रूपमा आफ्नो हृदय अर्पित गर्ने र परमेश्वरका वचनहरूबाट अन्तर्दृष्टि र ज्योति प्राप्त गर्ने प्रक्रिया हो। परमेश्वरको कामले व्यक्तिलाई सक्रिय रूपमा प्रवेश गर्न दिन सक्छ साथै उनीहरूलाई उनीहरूका नकारात्मक पक्षहरूबारे ज्ञान प्राप्त गरेपछि तिनलाई हटाउन सक्षम बनाउँछ। जब तँ आफ्नो हृदय परमेश्वरमा अर्पित गर्ने बिन्दुमा पुग्छस्, तब तँ आफ्नो आत्माभित्रका प्रत्येक सूक्ष्म चाललाई बुझ्न सक्षम हुनेछस् र परमेश्वरबाट प्राप्त प्रत्येक अन्तर्दृष्टि र ज्योतिको ज्ञान तँलाई हुनेछ। यसलाई समातेर राख्, र तँ पवित्र आत्माद्वारा सिद्ध पारिने बाटोमा बिस्तारै प्रवेश गर्नेछस्। परमेश्वरको सामुन्ने तेरो हृदय जति शान्त हुन सक्छ, तेरो आत्मा त्यति नै बढी संवेदनशील र कोमल हुनेछ र पवित्र आत्माले कसरी यसलाई चलाउनुहुन्छ त्यस बारेमा तेरो आत्माले जति बुझ्न सक्छ, तब परमेश्वरसँगको तेरो सम्बन्ध अझै बढी सामान्य हुनेछ। मानिसहरू बीचको सामान्य सम्बन्ध मानिसको प्रयत्नको माध्यमबाट होइन तर उनीहरूले आफ्नो हृदय परमेश्वरमा अर्पित गर्ने जगमा स्थापित भएको हुन्छ। उनीहरूका हृदयमा परमेश्वर हुनुहुन्न भने, मानिसहरूका बीचका अन्तर वैयक्तिक सम्बन्धहरू केवल शरीरका सम्बन्धहरू मात्र हुन्। ती साधारण होइनन्, बरु कामुकतामा लाग्नु हो। ती यस्ता सम्बन्धहरू हुन् जसलाई परमेश्वरले घृणा गर्नुहुन्छ, जसलाई उहाँले हेला गर्नुहुन्छ। यदि तँ भन्छस् तेरो आत्मा प्रभावित भएको छ, तर तँ सधैँ त्यस्ता मानिसहरूसँग सङ्गति गर्न चाहन्छस् जसलाई तँ मन पराउँछस्, जसको बारे तँ प्रशंसा गर्छस्, र यदि कुनै अर्को व्यक्तिले खोजिरहेको छ तर तँ उसलाई मन पराउँदैनस्, उनीहरूप्रति पूर्वाग्रह समेत राख्छस् र उनीहरूसँग निकट रहँदैनस् भने, यो तँ तेरा भावनाहरूको अधीनमा छस् र परमेश्वरसँग तेरो सामान्य सम्बन्ध रत्तीभर छैन भन्ने कुराको अझै बढी प्रमाण हो। तँ परमेश्वरलाई झुक्याउन र तेरो आफ्नै कुरूपता ढाकछोप गर्न कोसिस गरिरहेको छस्। तैँले केही ज्ञान बाँड्न सके पनि तैँले गलत मनसाय लिन्छस् भने, तैँले गर्ने सबै कुरा मानवको मापदण्डहरूमा मात्र उचित छ। परमेश्वरले तेरो प्रशंसा गर्नुहुन्न—तैँले देह अनुसार कार्य गरिरहेको छस्, परमेश्वरको अभिभारा अनुसार होइन। परमेश्वरको सामुन्ने यदि तैँले आफ्नो हृदयलाई शान्त राख्न सकिस् भने र परमेश्वरलाई प्रेम गर्ने ती सबैसँग स्वाभाविक अन्तरक्रिया गर्न सकिस् भने मात्रै तँ परमेश्वरको निम्ति प्रयोगयोग्य हुन्छस्। यसप्रकार, तँ अन्य व्यक्तिहरूसँग जसरी संलग्न भए पनि, यो जीवन जिउने सम्बन्धी सिद्धान्त अनुसार हुनेछैन, तर यो परमेश्वरको सामुन्ने उहाँको अभिभाराप्रति विचारशील हुँदै जिउनु हुनेछ। तिमीहरूका बीचमा यस्ता मानिसहरू कति छन्? के अन्य व्यक्तिहरूसँग तेरा सम्बन्धहरू वास्तवमै सामान्य छन्? के को जगमा ती निर्माण भएका छन्? तँभित्र जीवन जिउने सम्बन्धी सिद्धान्तहरू कति छन्? के ती त्यागिएका छन्? यदि तेरो हृदय परमेश्वरमा पूर्णरूपमा फर्किन सक्दैन भने, तँ परमेश्वरको होइनस्—तँ शैतानबाट आउँछस्, र अन्त्यमा तँ शैतानमा

फर्कनेछस्। तँ परमेश्वरका मानिसहरूमध्ये एक जना हुन लायक छैनस्। यो सबैको लागि तेरो जागरूक सूझबुझको आवश्यकता पर्छ।

## एक सामान्य आत्मिक जीवनले मानिसहरूलाई सही मार्गतर्फ डोऱ्याउँछ

परमेश्वरका विश्वासीको मार्गमा तिमीहरू केवल थोरै भाग मात्र हिँडेका छौ र अझै तिमीहरूले सही मार्गमा प्रवेश गर्नु बाँकी नै छ, यसकारण तिमीहरू परमेश्वरको मापदण्ड पूरा गर्नदेखि टाढा नै छौ। हाल उहाँका मागहरू पुरा गर्न तिमीहरूका कद अझै पर्याप्त छैन। तिमीहरूको क्षमता र भ्रष्ट स्वभावका कारण तिमीहरू सधैँ परमेश्वरका कामलाई लापरवाही रूपले व्यवहार गर्छौ; तिमीहरू यसलाई गम्भीर रूपमा लिँदैनौ। यो तिमीहरूको सबैभन्दा गम्भीर कमजोरी हो। निश्चय नै, पवित्र आत्मा हिँड्नुहुने बाटो पहिल्याउन सक्ने कोही पनि छैन; तिमीहरूमध्ये धेरैले यो कुरा बुझ्दैनौ र यसलाई स्पष्ट रूपमा देख्न पनि सक्दैनौ। यसका अतिरिक्त तिमीहरूमध्ये धेरैले यस विषयमा ख्याल गर्दैनौ, मनदेखि नै यसमा धेरै कम ध्यान दिन्छौ। यदि तिमी यसरी निरन्तर पवित्र आत्माको कामको अनभिज्ञतामा जिइरहन्छौ भने परमेश्वरमा विश्वास गर्ने व्यक्तिको रूपमा तिमीहरूले अँगालेको मार्ग व्यर्थ हुनेछ। तिमीहरूले आफ्नै शक्तिमा परमेश्वरको इच्छा पूरा गर्न सबै थोक नगर्ने भएकोले हो र तिमीहरूले परमेश्वरसँग राम्ररी सहकार्य नगरेकोले हो। यसको अर्थ परमेश्वरले तँमा काम गर्नु भएको छैन भन्ने होइन वा पवित्र आत्माले तँलाई उत्प्रेरित गर्नुभएको छैन भन्ने पनि होइन। तँ यति धेरै लापरवाही भइस् कि तैँले पवित्र आत्माको कामलाई गम्भीरतापूर्वक लिएनस्। तैँले यस परिस्थितिलाई तत्कालै उल्टोतिर फर्कनुपर्छ र पवित्र आत्माले मानिसहरूलाई डोऱ्याउनुहुने मार्गमा हिँड्नुपर्छ। आजको मुख्य विषयवस्तु यही हो। "पवित्र आत्माले डोऱ्याउनुहुने मार्ग" भन्नाले आत्मामा प्रकाश प्राप्त गर्नु; परमेश्वरका वचनको ज्ञान हासिल गर्नु; अगाडिको मार्गको स्पष्टता प्राप्त गर्नु; सत्यतर्फ चरणबद्ध रूपमा प्रवेश गर्न सक्षम हुनु र परमेश्वरको बारेमा वृहत् ज्ञान प्राप्त गर्नुलाई जनाउँछ। पवित्र आत्माले मानिसहरूलाई डोऱ्याउनुहुने मार्ग मुख्यतया परमेश्वरका वचन स्पष्ट बुझिने, पथभ्रष्टता र गलत धारणाबाट मुक्त हुने मार्ग हो र यस मार्गमा हिँड्नेहरू सदैव यसमा सिधा हिँड्छन्। यो मार्ग प्राप्त गर्न तिमीहरूले परमेश्वरसँगको सामञ्जस्यतामा काम गर्नुपर्छ, अभ्यास गर्न उपयुक्त मार्ग पत्ता लगाउनु पर्छ र पवित्र आत्माले डोऱ्याउनुहुने मार्गमा हिँड्नुपर्छ। यस अन्तर्गत मानिसको तर्फबाट सहकार्य पर्दछ: अर्थात् परमेश्वरले तिमीहरूबाट आवश्यक ठान्नुभएका कुराहरू पूरा गर्न तिमीहरूले के गर्नु पर्दछ र परमेश्वरमा विश्वास गर्ने सही मार्गमा प्रवेश गर्न तिमीहरूले कस्तो व्यवहार गर्नु पर्दछ?

तँलाई पवित्र आत्माले डोऱ्याउनुहुने मार्गमा हिँड्न जटिल लाग्न सक्छ, तर जब तँलाई अभ्यासको मार्ग स्पष्ट हुन्छ तब तैँले यो मार्ग अझ सरल पाउनेछस्। सत्य कुरा यो हो कि परमेश्वरले मानिसहरूबाट अपेक्षा गर्नु भएका सबै कुरा गर्न उनीहरू सक्षम छन्—यो उहाँले सुँगुरहरूलाई उड्न सिकाउन प्रयास गरिरहनुभएको जस्तो होइन। हरेक परिस्थितिहरूमा परमेश्वरले मानिसहरूका

समस्या समाधान गर्न र तिनीहरूका चासोका विषयहरू सम्बोधन गर्न खोज्नुहुन्छ। तिमीहरू सबैले यो कुरा बुझ्नु जरुरी छ; परमेश्वरलाई गलत रूपमा नबुझ। पवित्र आत्माको हिँड्नुहुने मार्गमा मानिसहरूलाई परमेश्वरका वचनअनुसार डोऱ्याइन्छ। पहिला नै उल्लेख गरिए झैं तैँले आफ्नो आत्मा परमेश्वरलाई सुम्पनुपर्छ। पवित्र आत्माले डोऱ्यउनुहुने मार्गमा हिँड्न यो एउटा सर्त हो। सही मार्गमा प्रवेश गर्नका लागि तैँले यसो गर्नु आवश्यक छ। कुनै व्यक्तिले सचेतन रूपमा परमेश्वरलाई आफ्नो हृदय सुम्पने कार्य कसरी गर्न सक्छ? आफ्नो दैनिक जीवनमा जब तिमीहरू परमेश्वरको कामको अनुभव गर्छौ र उहाँसँग प्रार्थना गर्छौ, तब तिमीहरू लापरवाही गर्छौ–काम गरिरहेको अवस्थामा तिमीहरू परमेश्वरको प्रार्थना गर्छौ। के यसलाई तैँले आफ्नो हृदय परमेश्वरलाई दिएको भन्न सकिन्छ? तँ घरायसी मामला र शारीरिक विषयमा सोच्छस्; तँ सधैँ दुई मनको हुन्छस्। के यसलाई तैँले आफ्नो हृदय परमेश्वरका सामु शान्त पारिरहेको मान्न सकिन्छ? यसो हुनुको कारण तेरो हृदय बाह्य मामिलाहरूमा अल्झिएर रहेको छ र तेरो हृदय परमेश्वर सामु फर्कन सकेको छैन। यदि तेरो हृदय परमेश्वर सामु सत्य रूपमा शान्तिपूर्ण अवस्थामा रहेको हुन्थ्यो भने तैँले अवश्य पनि सचेत सहकार्यको काम गर्नु पर्दछ। भनाइको तात्पर्य यो हो कि तिमीहरू सबैसँग प्रार्थना गर्ने समय हुनु पर्दछ र त्यस्तो समयमा तिमीहरूले मानिसहरू, घटनाहरू र चिजहरू अलग्गै राख्नु पर्दछ; आफ्नो हृदयलाई एकचित्त गर्ने र परमेश्वरसामु आफूलाई शान्त पार्नुपर्छ। प्रत्येक व्यक्तिले गहन वा सतही जुनसुकै तवरले भए तापनि व्यक्तिगत भक्तिभाव, परमेश्वरका काम बारे आफ्नो ज्ञान र तिनीहरूको आत्मालाई कसरी उत्तेजित पारिन्छ भनी व्यक्तिगत नोट राख्नुपर्छ; हरेकले आफ्नो हृदयलाई परमेश्वरको सामु सचेत रूपमा शान्त राख्नुपर्छ। यदि तैँले आत्मिक जीवनका लागि दैनिक एक वा दुई घण्टा समय समर्पण गर्न सकिस् भने तैँले हरेक दिन आफ्नो जीवन सम्पन्न भएको महसुस गर्नेछस् र तेरो हृदय उज्ज्वल र सफा हुनेछ। यदि तैँले प्रत्येक दिन यस प्रकारको आत्मिक जीवन व्यतीत गरिस् भने तेरो हृदय परमेश्वरको हतमा फर्कन सक्षम हुनेछ, तेरो आत्मा झन्-झन् बलियो हुनेछ, तेरो अवस्थामा निरन्तर सुधार हुँदै जानेछ, पवित्र आत्माले डोर्याउनुभएको मार्गमा हिँडिरहन तँ अझ बढी सक्षम हुनेछस् र परमेश्वरले तँलाई अझ धेरै आशीर्वाद प्रदान गर्नुहुनेछ। तिमीहरूको आत्मिक जीवनको उद्देश्य सचेतन रूपमा पवित्र आत्माको उपस्थिति हासिल गर्नु हो। यो नियमको पालन वा धार्मिक अनुष्ठान गर्नु होइन, तर साँचो रूपमा परमेश्वरसँग काम गर्नु हो, साँचो रूपमा आफ्नो शरीर अनुशासनमा राख्नु हो–मानवले यसो गर्नुपर्छ, यसकारण तिमीहरूले यो कार्य पूर्ण प्रयत्नका साथ गर्नुपर्छ। तिमीहरूले जति धेरै राम्ररी सहकार्य गर्दछौ र धेरै प्रयत्न गर्छौ, त्यति नै धेरै तेरो हृदय परमेश्वरकहाँ फर्कन सक्षम हुन्छ र तँ उहाँको सामु आफ्नो हृदय समर्पण गर्न सक्षम हुन्छस्। एक निश्चित विन्दुमा परमेश्वरले तेरो हृदय पूर्ण रूपमा प्राप्त गर्नु हुनेछ। कसैले पनि तेरो हृदय प्रभाव पार्न वा कब्जा गर्न सक्षम हुनेछैन र तँ पूर्ण रूपमा परमेश्वरको हुनेछस्। यदि तँ यस मार्गमा हिँचिस् भने परमेश्वरका वचन हरबखत तँमा आफै प्रकट हुनेछन् र तैँले नबुझेका सबै कुराको बारे तँलाई प्रकाश दिनेछ। यो सबै तँसँगको सहकार्यबाट प्राप्त गर्न सकिनेछ। यसकारण परमेश्वरले सधैँ भन्नुहुन्छ, "मसँग काम गर्ने सबैलाई म दुई गुणा बढी इनाम दिनेछु"। तिमीहरूले यो मार्ग स्पष्ट देख्नु पर्दछ। यदि तिमीहरू सही मार्गमा हिँड्न चाहन्छौ भने तिमीहरूले परमेश्वरलाई

सन्तुष्ट पार्न आफूले सक्ने जति सबै कुरा गर्नै पर्दछ। आत्मिक जीवन प्राप्त गर्न तिमीहरूले सक्दो सबै थोक गर्नु पर्दछ। सुरुको अवस्थामा तिमीहरूलाई यस कार्यबाट ठूलो परिमाणमा प्रतिफल प्राप्त नहोला, तर तिमीहरूले आफूलाई पछि फर्कन वा नकारात्मकतामा डुब्न नदिनुहोस्। तैँले कडा परिश्रम गरिरहनु पर्दछ! तैँले जति धेरै आत्मिक जीवन जिउँछस् तेरो हृदय परमेश्वरका वचनले भरिनेछ, सधैँ यिनै विषयसँग सरोकार राख्नेछ, यो बोझ बोक्नेछ। त्यसपछि तेरो आत्मिक जीवनको माध्यमबाट परमेश्वरसामु तेरो भित्री सत्य प्रकट गर्; तँ के गर्न तत्पर छस्, तँ के विषयमा सोचिरहेको छस्, उहाँको वचनको बारे तेरो बुझाई र दृष्टिकोण के छ सबै उहाँलाई बता। केही चीज बाँकी नराख्, थोरै पनि बाँकी नराख्! मनमनै शब्दहरू बोल्ने र परमेश्वरसँग प्रति आफ्ना सत्य भावनाहरू प्रकट गर्ने अभ्यास गर्; यदि यो तेरो हृदयभित्र छ भने यसलाई कुनै पनि हालत बता। यस प्रकारले तँ जति धेरै बोल्छस् त्यति नै धेरै परमेश्वरको प्रेमिलो स्वभाव अनुभव गर्नेछस् र त्यति नै परमेश्वरले तेरो हृदय खिँच्नुहुनेछ। जब यसो हुन्छ तब मात्र तैँले अनुभव गर्नेछस् कि परमेश्वर तेरो लागि कुनै पनि कुराभन्दा प्रिय हुनुहुन्छ। जुनसुकै अवस्थामा पनि तैँले परमेश्वरको पक्ष कहिल्यै छोड्नेछैनस्। यदि तैँले यस प्रकारको आत्मिक भक्ति दैनिक अभ्यास गर्छस् र यसलाई आफ्नो मनबाट निकाल्दैनस्, तर यसलाई आफ्नो जीवनमा ठूलो महत्त्वका साथ आत्मसाथ गर्छस् भने परमेश्वरको वचनले तेरो हृदयमा ओगट्नेछ। यसको अर्थ पवित्र आत्माले छुनु हो। तेरो हृदय सधैँ परमेश्वरको स्वामित्वमा थियो झैँ हुनेछ, मानौँ तैँले जसलाई प्रेम गर्छस् त्यो सदैव तेरो हृदयमा छ। त्यसलाई तँबाट कसैले खोसेर लान सक्दैन। जब यसो हुन्छ तब परमेश्वरले वास्तवमा तँभित्र बास गर्नुहुन्छ र तेरो हृदयभित्र स्थान हुन्छ।

## सिद्ध पारिएकाहरूका निम्ति दिइएका प्रतिज्ञाहरू

परमेश्वरले मानिसलाई सिद्ध पार्ने मार्ग के हो? यसमा के-के कुराहरू पर्छन्? के तँ परमेश्वरद्वारा सिद्ध पारिन तत्पर छस्? के तँ उहाँको न्याय र सजायलाई स्वीकार गर्न तत्पर छस्? तैँले यी प्रश्नहरूका बारे के जान्दछस्? यदि तैँले यी कुराहरू बारे भन्ने कुनै कुरा छैन भने, तँ परमेश्वरको काम थाहा पाउँदैनस् र पवित्र आत्माले तँलाई अन्तर्दृष्टि दिनुभएको छैन भन्ने प्रमाण यही हो। यस्ता मानिसहरूलाई सिद्ध पारिन असम्भव छ। तिनीहरूलाई केवल थोरै आनन्द गर्नलाई अनुग्रहको सानो अंश मात्र दिइएको छ र यो लामो समयसम्म रहनेछैन। यदि मानिसहरूले परमेश्वरको अनुग्रहको आनन्द मात्र मनाउँछन् भने, तिनीहरूलाई सिद्ध पारिन सकिँदैन। कोही तिनीहरूको देहमा शान्ति र आनन्द हुँदा, तिनीहरूको जीवन सहज र आपद् वा दुर्भाग्य विनाको हुँदा, तिनीहरूको पूरा परिवार कलह वा झमेलारहित मिलापमा रहँदा सन्तुष्ट हुन्छन्–र तिनीहरूले यसलाई परमेश्वरको आशिष् हो भनी विश्वास गर्न पनि सक्छन्। खासमा, यो परमेश्वरको अनुग्रह मात्र हो। परमेश्वरको अनुग्रहमा आनन्द मनाउँदा मात्र तिमीहरू सन्तुष्ट हुनुहुँदैन। यस्तो सोचाइ अत्यन्त अधम सोचाइ हो। तैँले हरेक दिन परमेश्वरको वचन पढे पनि, हरेक दिन प्रार्थना गरे पनि, तेरो आत्मामा ठूलो आनन्द महसुस भए पनि र विशेष गरी शान्तिमा भए पनि, यदि तँसँग

परमेश्वर र उहाँको कामको बारे तेरो ज्ञानको बारेमा बताउने कुनै कुरा छैन, र कुनै पनि कुरा अनुभव गरेका छैनस् भने, तैँले परमेश्वरको वचन जति धेरै खाएको र पिएको भए पनि, यदि तैँले महसुस गर्ने कुरा भनेको आत्मिक शान्ति र आनन्द मात्र हो र तैँले परमेश्वरको वचनलाई पर्याप्त मात्रामा आनन्द मनाउन नसके जति नै, अतुलनीय मिठास छ भने पनि, तर परमेश्वरको वचनहरूको कुनै व्यवहारिक अनुभव छैन र उहाँका वचनहरूको वास्तविकतामा पूर्ण रूपमा खाली छस् भने, तैँले परमेश्वरको यस्तो विश्वासबाट के प्राप्त गर्न सक्छस् र? यदि तैँले परमेश्वरको वचनहरूको सारलाई जीवनमा उतार्न सकिनस् भने, तैँले परमेश्वरका यी वचनहरू खाने र पिउने काम अनि तेरो प्रार्थनाहरू धार्मिक आस्था बाहेक अरू केही पनि होइन। यस्तो मानिसहरूलाई परमेश्वरले सिद्ध पारिन सक्नुहुन्न र उहाँले हासिल गर्न सक्नुहुन्न। परमेश्वरले हासिल गरिएका मानिसहरू सत्यता अनुसरण गर्नेहरू हुन्। परमेश्वरले हासिल गर्नुहुने कुरा मानिसको देह होइन, उसको अधीनमा रहेको कुराहरू होइन, तर परमेश्वरको स्वामित्वमा रहेको ऊभित्रको भाग हो। यसैले, परमेश्वरले मानिसहरूलाई सिद्ध पार्नुहुँदा तिनीहरूको देहलाई होइन, तर परमेश्वरद्वारा तिनीहरूको हृदयहरूलाई हासिल गर्न दिएर, तिनीहरूको हृदयहरूलाई सिद्ध पार्नुहुन्छ; सारमा भन्ने हो भने, परमेश्वरले मानिसलाई सिद्ध पार्नु भनेको यो हृदय परमेश्वरतर्फ फर्कोस् र उहाँलाई प्रेम गरोस् भनी मानिसको हृदयलाई सिद्ध पार्नु हो।

मानिसको देह मरणशील छ। मानिसको देह हासिल गर्नुले परमेश्वरको उद्देश्य पूरा हुँदैन, किनभने मानिसको देह निश्चय नै सडेर जान्छ र उहाँको उत्तराधिकार वा आशिष्हरू प्राप्त गर्न सक्दैन। यदि मानिसको देह प्राप्त गर्नु थियो भने र यस प्रवाहमा मानिसको देह मात्र थियो भने, तब मानिस यस प्रवाहमा नामधारी रूपमा मात्र थियो भने पनि, उसको हृदय शैतानको अधीनमा हुन्थ्यो। त्यसो भएको हुनाले, मानिसहरू परमेश्वरको प्रकटीकरण हुन असक्षम हुने मात्र होइन, तर तिनीहरू उहाँको बोझ पनि बन्थे र परमेश्वरका चुनिएका मानिसहरू निरर्थक हुन्थे। परमेश्वरले सिद्ध पारिन इच्छा गरेकाहरूले उहाँको आशिष्हरू र उत्तराधिकार प्राप्त गर्छन्। अर्थात्, तिनीहरूले परमेश्वरसँग जे छ र उहाँ जे हुनुहुन्छ त्यही नै तिनीहरूभित्र जे छ सो बन्छ; तिनीहरूसँग तिनीहरूभित्र काम गरिएको परमेश्वरको वचनहरू हुन्छ; परमेश्वर जस्तो हुनुहुन्छ तिमीहरूले दुरुस्तै रूपमा ती सबै लिन सक्छौ र त्यसै मार्फत सत्यतालाई जीवनमा सक्छौ उतार्छौ। परमेश्वरले हासिल गर्नुभएको र सिद्ध पार्नुभएको व्यक्ति यस्तो हुन्छ। यस्ता व्यक्ति मात्र परमेश्वरबाट आउने आशिष्हरू प्राप्त गर्न योग्यका हुन्छन्:

१. परमेश्वरको पूरा प्रेम हासिल गर्ने।

२. सबै कुरामा परमेश्वरको इच्छाअनुसार काम गर्ने।

३. परमेश्वरको मार्गदर्शन हासिल गर्ने, परमेश्वरको ज्योतिमा जिउने र परमेश्वरको ज्योति हासिल गर्ने।

४. पृथ्वीमा परमेश्वरलाई मन पर्ने स्वरूप जीवनमा उतार्ने; परमेश्वरको निम्ति क्रूसमा टाँगिएर परमेश्वरको प्रेमको बदलामा मर्न योग्य पत्रुसले गरेझैँ परमेश्वरलाई साँचो रूपमा प्रेम गर्ने; पत्रुसको जस्तै महिमा हासिल गर्ने।

५. पृथ्वीमा सबैले प्रेम गर्ने, आदर गर्ने र सराहना गर्ने हुने।

६. शैतानलाई त्यसको काम गर्न नै नदिइकन मृत्यु र पातालको बन्धनको हरेक पक्षमाथि विजयी हुने, परमेश्‍वरको अधीनमा भएर, ताजा र जीवन्त आत्माभित्र जिउने र नथाकिने।

७. कसैले परमेश्‍वरको महिमाको दिनको आगमन देखे झैँ गरी सारा जीवनभरि नै उल्लास र जोशको अवर्णनीय भाव हुने।

८. परमेश्‍वरसँग-सँगै महिमा जित्ने र परमेश्‍वरका प्रिय सन्तहरूसँग मिल्ने मुहार हुने।

९. पृथ्वीमा परमेश्‍वरले प्रेम गर्ने व्यक्ति अर्थात् परमेश्‍वरको प्रिय पुत्र बन्ने।

१०. स्वरूप परिवर्तन गर्ने र परमेश्‍वरसँगै तेस्रो स्वर्गसम्म आरोहण गर्ने र देहलाई माथ गर्ने।

परमेश्‍वरका आशिष्‌हरू प्राप्त गर्ने मानिसहरूलाई मात्र परमेश्‍वरले सिद्ध पार्नुहुन्छ र हासिल गर्नुहुन्छ। के तैँले हाल कुनै कुरा प्राप्त गरेको छस्? परमेश्‍वरले तँलाई कुन हदसम्म सिद्ध पार्नुभएको छ? परमेश्‍वरले मानिसलाई जथाभाबी सिद्ध पार्नुहुन्‍न; उहाँले मानिसलाई सिद्ध पार्नुहुने कुरा सर्तात्मक हुन्छ, र जसको स्पष्ट, देख्न सकिने परिणामहरू हुन्छन्। कुनै मानिसले सोचे जस्तो उसले परमेश्‍वरमा विश्‍वास गरेसम्म परमेश्‍वरले उसलाई सिद्ध पार्नुहुने र हासिल गर्नुहुने मात्र होइन, उसले पृथ्वीमा परमेश्‍वरको आशिष्‌हरू र उत्तराधिकार प्राप्त गर्न सक्छ। यस्ता कुराहरू अत्याधिक कठिन छन्—मानिसहरूको स्वरूप परिवर्तनबारे केही नभन्‍नू। हाल, तैँले मुख्यतया खोज्नु पर्ने कुराचाहिँ सबै कुरामा परमेश्‍वरले तँलाई सिद्ध पार्नु र तैँले सामना गर्ने सबै मानिसहरू, वस्तुहरू र थोकहरूद्वारा परमेश्‍वरले तँलाई सिद्ध पार्नु हो, ताकि परमेश्‍वर जे हुनुहुन्छ सो तँभित्र बनियोस्। तैँले पहिले पृथ्वीमा परमेश्‍वरको उत्तराधिकार प्राप्त गर्नुपर्छ; अनि मात्र तैँले परमेश्‍वरबाट आउने अझ धेरै र ठूलो आशिष्‌हरू प्राप्त गर्न योग्यको ठहरिनेछस्। तैँले खोजी गर्नुपर्ने सारा कुराहरू र सबै थोकभन्दा अघि बुझ्नुपर्ने कुराहरू यी नै हुन्। जति धेरै तँ आफूलाई परमेश्‍वरद्वारा सिद्ध पारिन सबै कुराहरूमा खोजी गर्छस्, उति नै धेरै सबै थोकमा परमेश्‍वरको बाहुली देख्न सक्छस्, जसको परिणाममा, तँ विविध दृष्टिकोणहरू र विभिन्‍न कुराहरूद्वारा परमेश्‍वरको वचनको अस्तित्वभित्र प्रवेश गर्न र उहाँको वचनको वास्तविकताभित्र प्रवेश गर्न सक्रिय पूर्वक खोजी गर्नेछस्। पापहरू मात्र नगर्ने, वा कुनै रायहरू नै नभएको, जिउनको लागी कुनै दर्शनशास्त्रविनाको र कुनै मानव इच्छाविनाको हुने गरी तँ यस्तो निष्क्रियताको अवस्थामा सन्तुष्ट हुन सक्दैनस्। परमेश्‍वरले मानिसलाई कयौं तरिकाले सिद्ध पार्नुहुन्छ; सबै कुरामा सिद्ध पार्ने सम्भावना हुन्छ, अनि उहाँले तँलाई अझ धेरै प्रशस्त हासिल गर्ने पारिन उहाँले तँलाई सकारात्मक ढाँचामा मात्र होइन नकारात्मक ढाँचामा पनि सिद्ध पारिन सक्नुहुन्छ। हरेक दिन सिद्ध पार्ने अवसरहरू र परमेश्‍वरद्वारा हासिल गर्न सक्ने समयहरू हुन्छन्। केही समयको निम्ति यस्ता कुरा भोगेपछि, तँमा ठूलो परिवर्तन आउनेछ र यसअघि अज्ञात रहेको धेरै कुराहरू तैँले स्वभाविक रूपमा बुझ्नेछस्। अरूबाटको शिक्षा आवश्यक पर्दैन; तँलाई थाहा नभइकन नै, परमेश्‍वरले तँलाई अन्तर्दृष्टि दिनुहुनेछ, ताकि तैँले सबै कुराहरूमा अन्तर्दृष्टि प्राप्त गर्न सकेको होस् र तँ आफ्नो सबै अनुभवभित्र विस्तृत रूपमा प्रवेश गर्न सकेको होस्। परमेश्‍वरले निश्‍चय नै मार्गदर्शन गर्नुहुनेछ, ताकि तँ दायाँ वा बायाँतिर मोडिनेछैनस् र यसरी, तैँले उहाँद्वारा सिद्ध तुल्याइने मार्गमा कदम राख्नुहुनेछ।

परमेश्वरबाट सिद्ध पारिने काम परमेश्वरको वचन खाएर र पिएर प्राप्त हुने सिद्धतामा सीमित हुन सक्दैन। यस्तो अनुभव ज्यादै एकतर्फी हुनेथियो, यसले सिद्धतालाई एकदम थोरै समावेश गर्ने थियो र मानिसलाई केवल एउटा सानो दायरामा प्रतिबन्धित गर्न सक्थ्यो। यस्तो भएकाले, यसमा मानिसलाई चाहिने आत्मिक पोषणको धेरै अभाव हुने थियो। यदि तिमीहरू परमेश्वरद्वारा सिद्ध पारिन चाहन्छौ भने, तिमीहरूले सबै विषयमा कसरी अनुभव प्राप्त गर्ने भन्ने सिक्नै पर्दछ, र तिमीहरूलाई आइपर्ने हरेक कुरामा अन्तर्दृष्टि प्राप्त गर्न सक्षम हुनुपर्दछ। यो राम्रो होस वा नराम्रो, यसले तँलाई फाइदा पुर्याउनुपर्छ, र तँलाई नकारात्मक बनाउनु हुँदैन। जेसुकै होस, तँ परमेश्वरको पक्षमा उभिएर मामिलाहरू विचार गर्न सक्षम हुनुपर्दछ, र तिनीहरूको विश्लेषण वा अध्ययन मानिसको परिप्रेक्ष्यबाट गर्नुहुँदैन (यो तेरो अनुभवमा एउटा विचलन हुने थियो)। यदि तैँले यस्तो अनुभव गरिस् भने तेरो हृदय तेरो जीवनको बोझले भरिनेछ; तँ तेरो अभ्यासलाई सजिलै विचलित हुन नदिई सधैँ परमेश्वरको अनुहारको ज्योतीमा बस्नेछस्। त्यस्तो मानिसको अगाडि उज्वल भविष्य हुन्छ। परमेश्वरद्वारा सिद्ध हुने धेरै अवसरहरू छन्। यी सबै कुरा तिमीहरू साँचो रूपमा परमेश्वरलाई प्रेम गर्ने व्यक्ति हौ कि होइनौ र तिमीहरूसँग परमेश्वरद्वारा सिद्ध पारिन, परमेश्वरद्वारा हासिल गरिन र उहाँको आशिष र उत्तराधिकार प्राप्त गर्न दृढ संकल्प छ कि छैन भन्ने कुरामा भर पर्छ। दृढ संकल्प मात्र पर्याप्त छैन; तिमीहरूसँग धेरै ज्ञान हुनुपर्दछ, अन्यथा तिमीहरू सधैँ आफ्नो अभ्यासमा विचलित भइरहेका हुनेछौ। परमेश्वर तिमीहरू प्रत्येक र हरेकलाई सिद्ध गर्न इच्छुक हुनुहुन्छ। यथार्थमा भन्ने हो भने, धेरै जसो मानिसले लामो समयदेखि परमेश्वरको कामलाई स्वीकार गरिसके तापनि, उनीहरूले आफूलाई केवल परमेश्वरको अनुग्रहमा आनन्दित तुल्याउन सीमित गरेका छन् र उनीहरू परमेश्वरबाट थोरै देहको आनन्द प्राप्त गर्न मात्र राजी छन्, अझै धेरै र अझ उच्च प्रकाशहरू प्राप्त गर्न तयार छैनन्। यसले मानिसको हृदय अझै पनि सँधै झैं बाहिर छ भन्ने देखाउँछ। मानिसको काम, उसको सेवा र परमेश्वरलाई प्रेम गर्ने उसको हृदयमा थोरै अशुद्धताहरू भए पनि, जहाँसम्म उसको भित्री सार र पिछडिएको सोचाइको सवाल छ, मानिसले अझै पनि निरन्तर देहको शान्ति र आनन्दको खोजी गर्दछ, र परमेश्वरले मानिसलाई सिद्ध पार्नुका सर्तहरू र त्यसका उद्देश्यहरू के हुन सक्छन् भन्ने बारेमा उसले कुनै वास्ता गर्दैन। र तसर्थ, धेरैजसो मानिसको जीवन अझै असभ्य र पतित छ। तिनीहरूको जीवन थोरै परिवर्तन समेत भएको छैन; तिनीहरू परमेश्वरप्रतिको विश्वासलाई महत्वपूर्ण मामिलाका रूपमा हेर्दैनन्, यस्तो लाग्छ कि उनीहरूको विश्वास अरूको भलाइका लागि हो, चालमा चलिरहेको छ बेपर्बाहसँग, व्यर्थ उद्देश्य विहीन अस्तित्वमा व्यस्त भएर। थोरै मानिस मात्र अझ धेरै र मूल्यवान् चीजहरू प्राप्त गर्दै, सबै चीजमा परमेश्वरको वचनमा प्रवेश गर्न सक्षम भएका छन्, आज उनीहरू परमेश्वरको घरमा अझ धेरै मूल्यवान् मानिस बनेका छन् र परमेश्वरबाट धेरै आशिष पाइरहेका छन्। यदि तँ सबै कुरामा परमेश्वरबाट सिद्ध पारिन खोज्छस् र पृथ्वीमा परमेश्वरले जे प्रतिज्ञा गर्नुभएको थियो त्यो कुरा प्राप्त गर्न सक्षम छस् भने, यदि तँ सबै कुरामा परमेश्वरद्वारा अन्तर्दृष्टि पाउन खोज्छस् र वर्षहरू निष्क्रिय रूपमा बित्न दिँदैनस् भने, यो सक्रिय भएर प्रवेश गर्ने आदर्श मार्ग हो। केवल यसरी तँ परमेश्वरबाट सिद्ध पारिन योग्य र उपयुक्त

हुनेछस्। के तँ साँच्चिकै त्यही मानिस होस् जो परमेश्वरद्वारा सिद्ध पारिन चाहन्छ? के तँ साँच्चिकै त्यही मानिस होस् जो सबै कुरामा व्यग्र छ? के तँसँग पत्रुसको जस्तै परमेश्वरप्रति प्रेमको आत्मा छ? के तँसँग येशूले गर्नु भए जस्तै परमेश्वरलाई प्रेम गर्ने इच्छा छ? तैँले धेरै वर्षदेखि येशूमा विश्वास गरिस्; के तैँले येशूले परमेश्वरलाई कसरी प्रेम गर्नुभयो भन्ने देखिस्? के तैँले साँचो विश्वास येशूमै गर्छस्? तँ आजका व्यावहारिक परमेश्वरमा विश्वास गर्छस्; के तैँले देहमा हुनुभएको व्यावहारिक परमेश्वरले स्वर्गमा रहेको परमेश्वरलाई कसरी प्रेम गर्नुहुन्छ भनेर देखेको छस्? तँ प्रभु येशू ख्रीष्टमा विश्वास गर्छस्; त्यो यसैले हो किनभने मानवजातिलाई छुटकारा दिन येशू क्रूसमा टाँगिनुभयो र उहाँले गर्नुभएका आश्चर्यकर्म सामान्यतया स्वीकारिएका तथ्य हुन्। यद्यपि मानिसको विश्वास येशू ख्रीष्टको ज्ञान र सत्य बुझाइबाट आउँदैन। तँ केवल येशूको नाममा विश्वास गर्छस्, तर तँ उहाँको आत्मामा विश्वास गर्दैनस्, किनकि तँ येशूले परमेश्वरलाई कसरी प्रेम गर्नुभयो भन्ने कुरामा कुनै ध्यान दिँदैनस्। तेरो परमेश्वरप्रतिको विश्वास धेरै अपरिपक्व छ। धेरै वर्षसम्म येशूमा विश्वास गरे पनि, परमेश्वरलाई कसरी प्रेम गर्ने भन्ने तँलाई थाहा छैन। के यसले तँलाई विश्वको सबैभन्दा ठूलो मूर्ख बनाउँदैन? यो तैँले वर्षौंदेखि प्रभु येशू ख्रीष्टको खाना बेकारमा खाइरहेका छस् भन्ने प्रमाण हो। म त्यस्ता मानिसलाई मन नपराउने मात्र होइन, मलाई भरोसा छ प्रभु येशू ख्रीष्टमा—जसलाई तँ आदर गर्छस्—उहाँले पनि तिनीहरूलाई मन पराउनुहुन्न। त्यस्ता मानिस कसरी सिद्ध हुन सक्छन्? के तेरो मुख लाजले रातो हुँदैन? के तँलाई लाज लाग्दैन? के तँसँग तेरो प्रभु येशू ख्रीष्टको सामना गर्ने आँट छ? के तिमीहरू सबैले मैले भनेको कुराको अर्थ बुझ्छौ?

## दुष्टहरूलाई निश्चय नै दण्ड दिइनेछ

तिमीहरूले गर्ने सबै कार्यमा धार्मिकता अभ्यास गरेका छौ कि छैनौ भनी तिमीहरू आफैलाई हेर, र के तिमीहरूका सबै कार्यहरू परमेश्वरले हेरिरहनुभएको छ वा छैन: परमेश्वरमा विश्वास गरेका व्यक्तिहरूले आफ्ना सबै मामिलाहरूलाई यस सिद्धान्तअनुसार कार्यान्वयन गर्छन्। तिमीलाई धर्मी भनिनेछ किनकि तिमीहरू परमेश्वरलाई सन्तुष्ट पार्न सक्षम छौ, किनकि तिमीहरू परमेश्वरको वास्ता र सुरक्षालाई स्वीकार गर्छौ। परमेश्वरको दृष्टिमा, परमेश्वरको वास्ता, सुरक्षा र सिद्धता ग्रहण गर्ने सबै व्यक्तिहरू र उहाँले आफ्नो बनाउनुभएका व्यक्तिहरूचाहिँ धर्मी मानिसहरू हुन्, र उहाँले तिनीहरू सबैलाई बहुमूल्य ठान्नुहुन्छ। तिमीले जति धेरै परमेश्वरको वर्तमान वचनहरूलाई ग्रहण गर्छौ, त्यति नै धेरै तिमीले परमेश्वरको इच्छा प्राप्त गर्न र बुझ्न सक्नेछौ, अनि यसरी तिमी परमेश्वरको वचनहरू अनुसार जिउन सक्नेछौ र उहाँका मागहरू पूरा गर्न सक्नेछौ। यो तिमीहरूका निम्ति परमेश्वरको आदेश हो, र तिमीहरू सबै यो हासिल गर्न सक्षम बन्नुपर्छ। यदि तिमीले परमेश्वरलाई चाहिँ माटोबाट बनाइएको एउटा मूर्ति जस्तै मापन गर्न र सीमित गर्न आफ्नै धारणालाई प्रयोग गर्छौ भने, र यदि तिमीले परमेश्वरलाई बाइबलको सीमाभित्र मात्र सीमित राख्यौ र उहाँलाई कामको सीमित क्षेत्रभित्र मात्र राख्यौ भने तिमीहरूले परमेश्वरलाई

दोष लगाएका छौ भनी यसले प्रमाणित गर्छ। पुरानो करारको युगका यहूदीहरूले परमेश्‍वरलाई मसीह भन्‍न सकिन्थ्यो, र मसीह भनिने मात्र परमेश्‍वर हुन सक्नुहुन्थ्यो झैँ गरी परमेश्‍वरलाई तिनीहरूको हृदयमा राखिएको एक निर्दिष्ट मूर्तिको रूपमा लिएका हुनाले, र परमेश्‍वर (जीवनरहित) माटोको एउटा मूर्ति हुनुहुन्थ्यो झैँ गरी मानवजातिले सेवा गरेको र आराधना गरेको हुनाले, तिनीहरूले त्यस बेलाको येशूलाई मृत्युदण्ड दिएर क्रूसमा कीला ठोकेर झुन्ड्याए–यसरी दोषरहित येशूलाई मृत्युदण्ड दिइयो। परमेश्‍वर कुनै पनि अपराधबाट दोषरहित हुनुहुन्थ्यो, तैपनि मानिसले उहाँलाई छोड्‍न इन्कार गर्‍यो, अनि उहाँलाई मृत्युदण्ड दिन माग गरिरहे, त्यसैले येशूलाई क्रूसमा झुन्ड्याइयो। मानिससँग परमेश्‍वरको व्यवस्थापनको सिद्ध बुझाइ भएजस्तै गरी, परमेश्‍वरले गर्नुभएका सबै थोक मानिसले आफ्नो हतकेलामा राखेको छ जस्तै गरी परमेश्‍वर अपरिवर्तनशील हुनुहुन्छ भनी उसले सधैँ विश्‍वास गर्छ, र उहाँलाई एउटा पुस्तक अर्थात् बाइबलको आधारमा परिभाषित गर्छ। मानिसहरू अत्यन्त हास्यास्पद, अत्यन्त अहङ्कारी छन्, तिनीहरू सबैसँग बढाइचढाइ गर्ने एउटा जन्मजात स्वभाव छ। परमेश्‍वरको बारेमा तिमीहरूको ज्ञान जतिसुकै ठूलो भए तापनि तिमीहरूले परमेश्‍वरलाई चिनेका छैनौ, परमेश्‍वरको सबैभन्दा बढी विरोध गर्ने तिमीहरू हौ, र तिमीहरूले परमेश्‍वरलाई दोष लगाएका छौ भनी म अझै पनि भन्छु, किनकि तिमीहरू परमेश्‍वरको कामको आज्ञापालन गर्न र परमेश्‍वरले सिद्ध तुल्याउनुहुने मार्गमा हिँड्‍न पूर्णतया असक्षम छौ। परमेश्‍वर मानिसका कार्यहरूदेखि किन कहिल्यै सन्तुष्ट हुनुभएको छैन? किनकि मानिसले परमेश्‍वरलाई चिन्दैन, किनकि उसँग थुप्रै धारणाहरू छन्, किनकि परमेश्‍वरका बारेमा उसको ज्ञान वास्तविकतासँग सहमत हुँदैन, तर बरु कुनै भिन्‍नताविना एउटै विषयवस्तु एकोहोरो दोर्‍याइरहन्छ र हरेक परिस्थितिको निम्ति एउटा तरिका प्रयोग गर्छ। त्यसैले, परमेश्‍वर आज पृथ्वीमा आउनुभए पनि मानिसले उहाँलाई क्रूसमा कीला ठोकेर झुन्ड्याएको छ। निर्दयी मानवजाति! मौन सहमति र षड्यन्त्र, एक-अर्काबाट खोस्ने र हडप्ने, प्रसिद्धि र सौभाग्यको निम्ति लुछाचुँडी गर्नु, पारस्परिक हत्या गर्नु–यी सबै कहिले अन्त्य हुनेछन्? परमेश्‍वरले हजारौँ वचनहरू बोल्नुभएको भए तापनि कोही पनि आफ्नो चेतनामा आएका छैनन्। मानिसहरू आफ्ना परिवारहरू, छोराहरू र छोरीहरूको खातिर, आफ्नो जीविकोपार्जनको, भविष्य, प्रत्याशाहरू, ओहदा, महत्वाकांक्षा, र रुपैयाँपैसाको निम्ति, खानेकुरा, लुगाफाटो, र शरीरको निम्ति काम गर्छन्। तर के साँच्चिकै परमेश्‍वरको खातिर कामहरू गर्ने कोही छन्? परमेश्‍वरको खातिर काम गर्नेहरूमध्ये पनि परमेश्‍वरलाई चिन्‍ने थोरै छन्। आफ्नै रुचिहरूबाट काम नगर्नेहरू कति मानिसहरू छन्? कति जनाले आफ्नो ओहदा सुरक्षित राख्‍न अरू व्यक्तिहरूलाई थिचोमिचो गर्दैन वा बहिष्कार गर्दैन? त्यसैले, परमेश्‍वरलाई जबरजस्ती अनगिन्ती मृत्युदण्ड दिइएको छ, र असङ्ख्य निर्दयी न्यायकर्ताहरूले परमेश्‍वरलाई दण्डाज्ञा दिएका छन् र फेरि एक पटक उहाँलाई क्रूसमा कीला ठोकेर झुण्ड्याइएका छन्। तिनीहरूले साँच्चिकै परमेश्‍वरको खातिर काम गरेका हुनाले कति जनालाई धर्मी भन्‍न सकिन्छ?

के परमेश्‍वरको अघि एक सन्त वा एक धर्मी व्यक्तिको रूपमा सिद्ध तुल्याइन सजिलो छ? “यस पृथ्वीमा कोही पनि धर्मी छैन, धर्मीहरू यस संसारमा छैनन्” भन्‍ने कथन के साँचो हो? जब तिमीहरू परमेश्‍वरको अघि आउँछौ तब तिमीहरूको आफ्नै खातिर तिमीहरूले आफ्नो हरेक वचन

र कार्य, आफ्नो हरेक विचार र सोचाइ, र तिमीहरूले हरेक दिन देख्ने सपनाहरूको बारेमा विचार गर। के यो मामिलाको साँचो अवस्था होइन र? “धार्मिकता” को अर्थ अरू व्यक्तिहरूलाई दान दिनु होइन, यसको अर्थ आफ्नो छिमेकीलाई आफैलाई झैँ प्रेम गर्नु होइन, र यसको अर्थ झैझगडा र विवादहरू वा लुटपाट र चोरीबाट टाढा रहनु होइन। धार्मिकताको अर्थ परमेश्‍वरको आदेशलाई आफ्नो कर्तव्यको रूपमा ग्रहण गर्नु र परमेश्‍वरको व्यवस्था र प्रबन्धलाई आफ्नो निम्ति स्वर्गबाट ठहराइएको कर्तव्यको रूपमा लिनु र परमेश्‍वरको आज्ञापालन गर्नु हो, समय र स्थानको प्रवाह नगरिकन प्रभु येशूले गर्नुभएजस्तै गर्नु हो। परमेश्‍वरले भन्‍नुभएको धार्मिकता यही हो। लोतलाई धर्मी भन्‍न सकिन्छ किनकि उनले आफ्नो नाफा र नोक्सानीको विचार नगरिकन परमेश्‍वरले पठाउनुभएका दुई स्वर्गदूतहरूलाई बचाएका थिए; उनले त्यस बेला जे गरेका थिए, त्यसलाई धर्मी भन्‍न सकिन्छ तर उनलाई धर्मी मानिस भन्‍न सकिँदैन। लोतले परमेश्‍वरलाई देखेका हुनाले उनले स्वर्गदूतहरूका सट्टामा आफ्नी दुई छोरीहरू दिएका थिए तर विगतमा उनले गरेका सबै व्यवहारहरू धार्मिकता सुहाउँदो थिएनन्। त्यसैले म भन्छु “यस पृथ्वीमा कोही पनि धर्मी छैन।” पुनर्स्थापनाको प्रवाहमा रहेकाहरू मध्येका कसैलाई पनि धर्मी भन्‍न सकिँदैन। तिमीहरूका कार्य जतिसुकै असल भए तापनि, तिमीले जतिसुकै परमेश्‍वरको नाउँको महिमा गरेको देखिए तापनि, न त अरूहरूलाई हिर्काउँछौ र सराप्छौ न अरूहरूबाट चोर्छौ वा लुट्छौ तापनि तिमीलाई धर्मी भन्‍न सकिँदैन, किनकि एक सामान्य व्यक्ति पनि यस्तो कार्य गर्न सक्षम हुन्छ। अहिले यहाँ मुख्य कुरो चाहिँ तिमीहरूले परमेश्‍वरलाई चिनेका छैनौ। यति मात्र भन्‍न सकिन्छ कि अहिले तिमीहरूसँग अलिकति मात्र सामान्य मानवता छ, तर परमेश्‍वरले भन्‍नुभएको धार्मिकताका तत्त्वहरू छैनन्, त्यसैले तिमीहरूले गर्ने कुनै पनि कुराले तिमीहरूले परमेश्‍वरलाई चिनेका छौ भन्‍ने कुरा प्रमाणित गर्न सक्दैन।

पहिला, परमेश्‍वर स्वर्गमा हुनुहुँदा, मानिसले परमेश्‍वरप्रति छलपूर्ण कार्य गरे। आज, परमेश्‍वर मानिसहरूमा माझमा आउनुभएको छ—कति वर्ष भइसकेको छ भन्‍ने कुरा कसैलाई पनि थाहा छैन—तैपनि मानिसले कामकुराहरू गर्दै चालहरू भएर गुज्रन्छ र उहाँलाई मूर्ख बनाउने प्रयत्‍न गर्दैछ। के मानिस आफ्नो सोच-विचारमा धेरै पिछडिएको छैन र? यहूदासँग पनि यस्तो भएको थियो: येशू आउनुभन्दा अगाडि यहूदाले आफ्ना दाजुभाइ र दिदीबहिनीहरूलाई छल गर्न झूटो बोलेको थियो, येशू आउनुभएपछि पनि ऊ अझै परिवर्तन भएको थिएन; उसले येशूलाई अलिकति पनि चिनेको थिएन, र अन्त्यमा उसले येशूलाई धोखा दियो। के उसले परमेश्‍वरलाई नचिनेको कारण यस्तो भएको थियो? यदि आज तिमीहरूले पनि परमेश्‍वरलाई अझै चिनेका छैनौ भने तिमीहरू पनि अर्को यहूदा बन्‍न सक्ने सम्भावना रहन्छ, यदि यसो हो भने अनुग्रहको युगमा पनि दुई हजार वर्ष अघि भएको येशूको दुःखद क्रूसीकरणमा फेरि मञ्चन हुनेछ। के तिमीहरू यो कुरा विश्‍वास गर्दैनौ? यो यथार्थ कुरा हो! वर्तमान समयमा, बहुसङ्ख्यक मानिसहरू यस्तै अवस्थामा छन्—मैले यो कुरा अलि चाँडै भनिरहेको हुन सक्छ—र यस्ता मानिसहरूले यहूदाको भूमिका निभाइरहेका छन्। मैले निरर्थक कुरा गरिरहेको छैन, तर तथ्यमा आधारित कुरा गर्दैछु—र तिमीहरू विश्‍वस्त नभइरहन सक्दैनौ। यद्यपि धेरै मानिसहरूले नम्रताको भान पार्छन्, तर तिनीहरूका हृदयमा गन्हाउने हाडखोर र दुर्गन्धित थोकहरूबाहेक अरू केही पनि छैन। अहिले पनि मण्डलीमा यस्ता किसिमका धेरै मानिसहरू

छन्, र म यस विषयमा पूर्ण रूपमा अनभिज्ञ छु भन्ने तिमीहरूलाई लाग्छ। आज, मेरो आत्माले मेरो निम्ति निर्णय गर्छ, र मेरो निम्ति गवाही दिन्छ। के मलाई केही पनि थाहा छैन भन्ने तिमीहरूलाई लाग्छ? तिमीहरूको हृदयमा भएका कपटपूर्ण विचारहरू, तिमीहरूले आफ्नो हृदयभित्र राखेका कुराहरू मैले बुझेको छैन भन्ने तिमीहरूलाई लाग्छ? के परमेश्‍वरको उन्नति प्राप्त गर्न त्यति सजिलो छ र? के तँलाई जस्तो मन लाग्यो उहाँलाई त्यस्तै व्यवहार गर्न सकिन्छ भन्ने तँलाई लाग्छ? विगतमा, तँ कृत्रिम खालको व्यक्ति बन्छौ भनी मैले चिन्ता गरेको थिएँ, त्यसैले मैले तिमीहरूलाई स्वतन्त्रता दिइरहें, तर म तिनीहरूप्रति असल बनेको थिएँ भनी मानवजातिले बताउन सकेन, मैले तिनीहरूलाई औँला दिँदा तिनीहरूले हातै निले। तिमीहरूकै बीचमा सोध: मैले कसैसँग पनि कहिल्यै निराकरण गरिनँ, र मैले कहिल्यै पनि कसैलाई हल्का रूपमा हप्काइनँ—तैपनि म मानिसको उत्प्रेरणा र धारणाहरूका बारेमा स्पष्ट छु। परमेश्‍वर स्वयम्‌ले जसको साक्षी दिनुहुन्छ, के तिमीहरू उहाँ मूर्ख हुनुहुन्छ भन्ने लाग्छ? यदि त्यसो हो भने, तिमीहरू अत्यन्त अन्धा छौ भनी म भन्छु! म तिमीहरूको खुलासा गर्नेछैन, तर तिमीहरू कति धेरै भ्रष्ट बन्न सक्छौ भनी हामी हेरौं। तिमीहरूको चतुर सानो युक्तिले तिमीहरूलाई मुक्ति दिन सक्छ कि सक्दैन, वा परमेश्‍वरलाई प्रेम गर्ने तिमीहरूको उत्कृष्ट प्रयत्नले मुक्ति दिन सक्छ कि सक्दैन भनी हामी हेरौं। आज, म तिमीहरूलाई दोष लगाउनेछैन; उहाँले तिमीहरूसँग बदला लिनु नभएसम्म हामी परमेश्‍वरको समयलाई पर्खौं। मसँग अहिले तिमीहरूसँग कुराकानी गर्ने समय छैन, र म तिमीहरूको कारण मेरो महान् कार्य ढीला गर्न अनिच्छुक छु। एउटा कीरा जस्तो तिमीहरूसँग निराकरण गर्न परमेश्‍वरको समय पाउन तिमीहरू योग्य छैनौ—त्यसैले कसरी तिमीहरूले स्वच्छन्द हुन सक्छौ भनी हेरौं। यस्ता मानिसहरूले परमेश्‍वरको ज्ञान अलिकति पनि खोज्दैनन्, न त तिनीहरूसँग उहाँको निम्ति अलिकति प्रेम नै हुन्छ, र अझै पनि परमेश्‍वरले तिनीहरूलाई धर्मी भन्नुभएको होस् भन्ने चाहना गर्छन्—के यो एउटा मजाक होइन र? मानिसहरूको एउटा साना सङ्ख्या साँच्चै ईमानदार भएको हुनाले, म मानिसलाई निरन्तर जीवन दिन मात्र केन्द्रित हुनेछु। आज मैले सम्पन्न गर्नुपर्छ सो मात्र म पूरा गर्नेछु, तर तिमीहरूले गरेको कामअनुसार म भविष्यमा प्रत्येक व्यक्तिसँग बदला लिनेछु। मैले भन्नुपर्ने सबै कुरा भनेको छु, किनकि निश्‍चित रूपमा मैले गर्ने काम यही नै हो। मैले गर्नुपर्ने काम मात्र म गर्छु, र मैले गर्नु नपर्ने काम म गर्दिनँ। जे भए तापनि, तिमीहरूले चिन्तनमा समय बिताउनेछौ भनी म आशा गर्छु: खास परमेश्‍वरको बारेमा तिमीहरूको ज्ञान कति सत्य छ? के तिमीहरू परमेश्‍वरलाई फेरि कीला ठोकेर क्रूसमा झुण्ड्याउनेहरू मध्येका कोही हौ? यी मेरा अन्तिम वचनहरू हुन्: परमेश्‍वरलाई क्रूसमा झुण्ड्याउने व्यक्तिहरूलाई धिक्कार होस्।

## सामान्य स्थितिमा कसरी प्रवेश गर्ने

मानिसहरूले परमेश्‍वरका वचन जति धेरै ग्रहण गर्दछन्, उनीहरू त्यति नै धेरै प्रबुद्ध हुन्छन् र परमेश्‍वरलाई चिन्ने आफ्ना खोजमा तिनीहरू त्यति नै धेरै भोकाउँछन् र तिर्खाउँछन्। परमेश्‍वरका वचन आत्मसात् गर्नेहरू मात्र प्रचुर र धेरै गहन अनुभवहरू प्राप्त गर्न योग्यका हुन्छन्, र केवल

त्यस्ताहरूका जीवन मात्र तिलका फूल झैं निरन्तर फक्रिँदै जान सक्छन्। जीवनको पछि लाग्ने सबैले यसलाई आफ्नो पूर्णकालीन कामका रूपमा लिनुपर्छ; उनीहरूले "परमेश्‍वरविना, म जिउन सक्दिनँ; परमेश्‍वरविना, म कुनै काम गर्न सक्दिनँ; परमेश्‍वरविना, सबै थोक शून्य छन्" भन्ने अनुभूति गर्नुपर्दछ। यसकारण, तिनीहरूले यो पनि संकल्प गर्नुपर्दछ कि "पवित्र आत्माको उपस्थितिविना, म केही गर्नेछैन, यदि परमेश्‍वरका वचनहरू पढ्दा कुनै प्रभाव परेन भने, तब म कुनै पनि कुरा गर्न उदासीन हुन्छु"। तिमीहरूले आफैलाई लिप्त नबनाओ। जीवनसम्बन्धी अनुभवहरू परमेश्‍वरले प्रदान गर्नुभएको ज्ञान र मार्गदर्शनबाट आउँछन् र तिनीहरू तिमीहरूका व्यक्तिपरक प्रयत्नहरूमा छर्लङ्ग देखिने हुन्छन्। तिमीहरूले आफ्ना लागि के माग गर्नुपर्दछ भने, "जब जीवनका अनुभवको कुरा आउँछ, मैले आफैलाई स्वतन्त्र पास दिन सक्दिनँ"।

कहिलेकाहीँ, असामान्य परिस्थितिहरूका कारण, तैँले परमेश्‍वरको उपस्थिति गुमाउँछौ र प्रार्थना गर्दा तँ परमेश्‍वरको अनुभूति गर्न असक्षम छस्। त्यस्तो समयमा, डरको अनुभव गर्नु सामान्य हो। तैँले तत्कालै उहाँलाई खोज्न सुरु गर्नुपर्दछ। यदि तैँले यसो गर्दैनस् भने, परमेश्‍वर तँबाट टाढा हुनुहुनेछ र तँ एक दिन, दुई दिन, एक महिना वा दुई महिनासम्म पनि पवित्र आत्माको उपस्थितिविना र यसको अतिरिक्त, पवित्र आत्माको कामविना नै रहनेछस्। यस्ता परिस्थितिहरूमा, तँ एकदमै अविश्‍वसनीय रूपमा चेतनाशून्य बन्छस् र जब तँ सबै प्रकारका काम गर्न सक्षम हुन्छस्, तब एक पटक फेरि शैतानद्वारा बन्दी बनाइन्छस्। तैँले धनसम्पत्तिको लोभ गर्छस्, तेरा भाइ-बहिनीहरूलाई धोका दिन्छस्, चलचित्र र भिडियोहरू हेर्छस्, महजोङ्ग खेल्छस् र अनुशासनहीन भई धुम्रपान र मद्यपान पनि गर्छस्। तेरो हृदय परमेश्‍वरबाट टाढा भइसकेको छ, तँ गोप्य रूपमा आफ्नै बाटोमा गइसकेको छस् र तैँले स्वेच्छाचारी रूपमा परमेश्‍वरको कामको न्याय पार गरेको छस्। केही घटनाहरूमा मानिसहरू निकृष्टताको यति गहिराइसम्म डुब्छन् कि तिनीहरू यौनजन्य प्रकृतिको पापहरू गर्न समेत कुनै लज्जा वा सङ्कोचको अनुभूति नै गर्दैनन्। यस्तो प्रकारका व्यक्तिलाई पवित्र आत्माद्वारा परित्याग गरिएका हुन्छन्; वास्तवमा, त्यस्ता व्यक्तिमा पवित्र आत्माको काम लामो समयदेखि अनुपस्थित रहेको हुन्छ। त्यस्ता मानिसहरू दुष्टका हातहरूले तिनीहरूलाई अझ धेरै तानिरहँदा भ्रष्टताको झन् गहिराइमा डुबेको मात्र देखिन्छन्। अन्त्यमा, तिनीहरू यस मार्गको अस्तित्व अस्वीकार गर्दछन् र तिनीहरू शैतानद्वारा बन्दी बनाइएका छन् किनभने तिनीहरूले पाप गरेका छन्। यदि तैँले यो पहिचान गर्नुहुन्छ कि केवल तँसँग पवित्र आत्माको उपस्थिति मात्र छ, तैपनि पवित्र आत्माको कामको अभाव छ भने, यो पहिला देखि नै एक खतरनाक अवस्थामा छ। जब तँ पवित्र आत्माको उपस्थिति पनि महसुस गर्न सक्दैनस्, तब तँ मृत्युको मुखमा हुन्छस्। यदि तैँले प्रायश्‍चित गर्दैनस् भने, तब तँ पूर्णतया शैतानतर्फ गइसकेको हुनेछस् र तँ हटाइएका तिनीहरूमध्ये एक हुनेछस्। यसकारण, जब तैँले यो थाहा गर्छस् कि तँ यस्तो स्थितिमा छस्, जहाँ केवल पवित्र आत्माको उपस्थिति छ, (तैँले पाप गर्दैनस्, आफूले आफैलाई नियन्त्रण गर्दैनस् र परमेश्‍वरका विरुद्ध तैँले कुनै आडम्बर देखाउँछस्) तर तँसँग पवित्र आत्माको कामको अभाव हुन्छ (तँ प्रार्थना गर्दा आफू भावुक भएको अनुभव गर्दैनस्, जब तैँले परमेश्‍वरका वचनहरू खान्छस् र पिउँछस्, तब तैँले स्पष्ट ज्ञान र ज्योति प्राप्त गर्दैनस्, तँ

परमेश्वरका वचनहरू खाने र पिउने कुरामा अनिच्छुक हुन्छस्, तेरो जीवनमा कहिल्यै कुनै वृद्धि हुँदैन र तँ लामो समयदेखि ठूलो ज्योति हराएकोमा दुःखी हुन्छस्)–यस्तो समयमा, तँ धेरै सतर्क हुनुपर्दछ। तैँले आफैलाई लिप्त नबना, तैँले आफ्नो चरित्रलाई आफैले यो भन्दा धेरै लगाम लगाएर स्वतन्त्र नबना। पवित्र आत्माको उपस्थिति जुनसुकै बखत पनि हराउन सक्छ। त्यसकारण यस्तो स्थिति निकै खतरनाक हुन्छ। यदि तैँले आफूलाई यस्तो स्थितिमा पाउँछस् भने जति सक्दो चाँडो चिजहरू फर्काउने प्रयत्न गर्। सर्वप्रथम, तैँले पश्चातापको प्रार्थना गर्नुपर्दछ र परमेश्वरलाई तँमाथि उहाँको कृपा एक पटक फेरि बढाइदिन आग्रह गर्नुपर्दछ। अझ धेरै उत्साहका साथ प्रार्थना गर्नुहोस्, परमेश्वरका वचनहरू अझ धेरै खान र पिउन तेरो हृदयलाई शान्त बना। यसका आधारमा, तैँले धेरै समय प्रार्थना गर्नमा खर्च गर्नुपर्दछ; गाउन, प्रार्थना गर्न, परमेश्वरका वचनहरू खान र पिउन र आफ्नो कर्तव्य पूरा गर्नमा तैँले दुई गुणा प्रयत्न गर्। तँ जब आफ्नो सबैभन्दा कमजोर अवस्थामा हुन्छस्, तब तेरो हृदयलाई सजिलैसँग शैतानले अधीनमा लिन्छ। जब त्यसो हुन्छ, तेरो हृदय परमेश्वरबाट लिइन्छ र शैतानलाई फिर्ता दिइन्छ, त्यसपछि तँ पवित्र आत्माको उपस्थितिरहित रहन्छस्। त्यस्तो समयमा, पवित्र आत्माको काम पुनः प्राप्त गर्न दुई गुणा कठिन हुन्छ। पवित्र आत्मा अझै तँसँगै हुनुहुँदा उहाँका कामको खोजी गर्नु धेरै उपयुक्त हुन्छ, जसले परमेश्वरलाई तँमाथि अझै बढी उहाँको ज्ञान प्रदान गर्न र उहाँले तँलाई नत्याग्ने तुल्याउने अनुमति दिनेछ। प्रार्थना गर्ने, भजनहरू गाउने, तेरो कार्य पूरा गर्ने र परमेश्वरका वचनहरू खाने र पिउने कार्य–यी सबै काम गरिन्छन् ताकि शैतानले आफ्नो काम गर्ने कुनै अवसर नपाओस्, ताकि पवित्र आत्माले तँभित्र काम गरिरहोस्। यस तरिकाले यदि तैँले पवित्र आत्माको काम पुनः प्राप्त गर्दैनस् र यदि तँ केवल पर्खेर मात्र बस्छस् भने, पवित्र आत्माको पुनः प्राप्ति सहज हुनेछैन जब तैँले पवित्र आत्माको उपस्थिति गुमाउँछस्, पवित्र आत्मा विशेष रूपले तँतिर नफर्किएसम्म वा विशेषगरी परमेश्वरले तँलाई ज्योति र ज्ञान प्रदान नगरेसम्म। तथापि, तेरो स्थितिको पुनः प्राप्तिका लागि केवल एक वा दुई दिन मात्र लाग्दैन; कहिलेकाहीँ त कुनै पुनः प्राप्तिविना नै छ महिना पनि बित्न सक्छन्। यो सबै यस्तो छ किनभने मानिसहरू आफैलाई धेरै सहज रूपमा लिन्छन्, सामान्य तरिकामा चिजहरू पनि अनुभव गर्न असक्षम छन् र त्यसकारण पवित्र आत्माद्वारा त्यागिएका छन्। यद्यपि तैँले पवित्र आत्माको काम पुनः प्राप्त गर्छस् भने पनि, परमेश्वरको वर्तमान काम तँलाई अझै स्पष्ट नहुन सक्छ, किनभने तँ आफ्ना जीवन अनुभवमा धेरै पछाडि गएको छस्, मानौं कि तँ दशौं हजार माइल पछाडि गएको छस्। के यो त्रासपूर्ण कुरा होइन र? यद्यपि म त्यस्ता मानिसहरूलाई भन्छु, कि अहिले पश्चाताप गर्न धेरै विलम्ब भएको छैन, तर एउटा सर्त छ; तैँले अझ धेरै कडा परिश्रम गर्नुपर्दछ, र अल्छीपनमा लिप्त हुनु हुँदैन। यदि अरू मानिसहरूले एक दिनमा पाँच पटक प्रार्थना गर्दछन् भने, तैँले दश पटक गर्नुपर्दछ; यदि अरू मानिसहरूले एक दिनमा दुई घण्टा परमेश्वरका वचन खान्छन् र पिउँछन् भने, तैँले यो काम चार वा छ घण्टा गर्नुपर्नेछ; र यदि अरू मानिसहरूले दुई घण्टा भजन सुन्छन् भने तैँले कम्तीमा पनि आधा दिनसम्म सुन्नुपर्छ। तँ परमेश्वरका सामु सधैँ शान्तिमय हुनुहोस् र परमेश्वरको प्रेमका बारेमा सोच्नुहोस्, तँ प्रभावित नभएसम्म र तेरो हृदय परमेश्वरतर्फ नफर्किएसम्म र तँ परमेश्वरबाट टाढा

हुने साहस नगरेसम्म, तेरो परिश्रमको प्रतिफल प्राप्त हुनेछैन; अनि मात्र तैँले तेरो पहिलाको, सामान्य स्थिति पुनः प्राप्त गर्न सक्नेछस्।

केही मानिसहरू आफ्ना खोजमा निकै उत्सुकतासाथ लाग्छन्, र तैपनि तिनीहरू सहि मार्गमा प्रवेश गर्न असफल हुन्छन्। यो यसैले हो कि तिनीहरू धेरै लापरवाही हुन्छन् र आत्मिक कुराहरूमा ध्यान दिँदैनन्। परमेश्‍वरका वचन कसरी अनुभव गर्ने भन्ने तिनीहरूसँग कुनै विचार छैन, र पवित्र आत्माका काम र उपस्थिति के हुन् भनेर थाहा छैन। त्यस्ता मानिसहरू उत्सुक तर मूर्ख पनि हुन्छन्; तिनीहरू जीवनको पछि लाग्दैनन्। त्यो किन हो भने तँसँग पवित्र आत्माको थोरै ज्ञानको पनि अभाव छ, पवित्र आत्माको नित्य चलिरहने कामको विकासका बारेमा तँलाई केही थाहा छैन र तँ आफ्नै आत्माको स्थितिका बारेमा अनभिज्ञ छस्। के त्यस्ता मानिसहरूको विश्‍वास मूर्खतापूर्ण किसिमको विश्‍वास होइन? त्यस्ता मानिसहरूले जतिसुकै खोजी गर्दा पनि अन्ततः केही प्राप्त गर्दैनन्। कुनै पनि मानिसको परमेश्‍वरमाथिको विश्‍वासमा जीवन वृद्धि प्राप्त गर्ने कुन्जी भनेको नै तेरो अनुभवमा परमेश्‍वरले के काम गर्नुहुन्छ भन्ने जान्नु, परमेश्‍वरको प्रेमिलोपन हेर्नु, र परमेश्‍वरको इच्छा बुझ्नु हो, जस्तो कि तँ परमेश्‍वरका सबै व्यवस्थाप्रति आस्थावान् छस्, परमेश्‍वरका वचन तँमा प्रवेश गरेका छन् ताकि तिनीहरू तेरो जीवन बनुन् र यसरी परमेश्‍वरलाई सन्तुष्ट बनाउन सकियोस्। यदि तेरो विश्‍वास मूर्खतापूर्ण विश्‍वास हो भने, यदि तैँले आत्मिक विषयहरूमा र तेरो जीवन स्वभावमा हुने परिवर्तनहरूमा ध्यान दिँदैनस् भने, यदि तँ सत्यतर्फ कुनै प्रयत्न गर्दैनस् भने, के तैँले परमेश्‍वरको इच्छा बुझ्न सक्नेछस्? परमेश्‍वरले के भन्नुहुन्छ भनेर यदि तैँले बुझ्दैनस् भने, तब अनुभव गर्न तँ असक्षम हुनेछस् र त्यसपछि अभ्यास गर्ने कुनै मार्ग हुनेछैन। जब तैँले परमेश्‍वरका वचनको अनुभव गर्छस्, तब तैँले ध्यान दिनुपर्ने कुरा भनेको तिनले उत्पन्न गर्ने प्रभाव हो, ताकि तैँले परमेश्‍वरलाई उहाँका वचनबाट चिन्न सक्। यदि तँ केवल परमेश्‍वरका वचन पढ्न मात्र सक्छस्, र तिनलाई कसरी अनुभव गर्ने भन्ने जान्दैनस् भने, के यसले तँलाई तँ आत्मिक विषयहरूमा अनभिज्ञ छस् भन्ने देखाउँदैन? अहिले, अधिकांश मानिसहरू परमेश्‍वरका वचनको अनुभव गर्न असक्षम छन् र त्यसकारण तिनीहरू परमेश्‍वरको काम जान्दैनन्। के यो तिनीहरूको अभ्यासको असफलता होइन र? यदि तिनीहरू यसैगरी चलिरहे भने, कुन विन्दुमा तिनीहरूको प्रचुर परिपूर्णतामा कुराहरूलाई अनुभव गर्न र तिनीहरूको जीवनमा वृद्धि हासिल गर्न तिनीहरू सक्षम हुनेछन्? के यो केवल खाली कुरा गर्नको लागि मात्र होइन? तिमीहरूमध्ये धेरै केवल सिद्धान्तमा मात्र केन्द्रित छौ, जसले आत्मिक विषयहरूका बारेमा केही जान्दैनौ, तर अझै पनि परमेश्‍वरद्वारा महान् उपयोगीका रूपमा प्रयोग गरिन र परमेश्‍वरद्वारा आशिष प्राप्त गरिन चाहन्छन्। यो सम्पूर्ण रूपमा अवास्तविक हो! त्यसकारण, तिमीहरूले यस असफलताको अन्त्य गर्नुपर्दछ, ताकि तिमीहरू सबै आफ्नो आत्मिक जीवनको उचित मार्गमा प्रवेश गर्न, वास्तविक अनुभवहरू प्राप्त गर्न र परमेश्‍वरका वचनको वास्तविकतामा साँच्चिकै प्रवेश गर्न सक।

# परमेश्वरको इच्छा अनुसार कसरी सेवा गर्ने

जब एक जना व्यक्तिले परमेश्वरमा विश्वास गर्छ, तब उसले सटीक रूपले उहाँको सेवा कसरी गर्नुपर्छ त? परमेश्वरको सेवा गर्नेहरूले कुन सर्तहरू पूरा गर्नुपर्छ र कुन सत्यताहरू बुझ्नुपर्छ? अनि तिमीहरू आफ्नो सेवामा कहाँनेर बाटो बिराइरहेको हुन सक्छौ? तिमीहरूले यी सबै कुराहरूको उत्तर जान्नुपर्छ। यी विषयहरूले तिमीहरू परमेश्वरमा कसरी विश्वास गर्छौ, अनि पवित्र आत्माले डोऱ्याउनुहुने बाटोमा कसरी हिँड्छौ र सबै कुरामा परमेश्वरको योजनाबद्ध कार्यहरूमा कसरी समर्पित हुन्छौ भन्ने कुरालाई छुन्छ, अनि त्यसले तिमीहरूमा हुने परमेश्वरको कामको हरेक कदमलाई बुझ्ने अनुमति तिमीहरूलाई दिन्छ। जब तिमीहरू त्यस बिन्दुमा पुग्छौ, तब तिमीहरू परमेश्वरमा विश्वास गर्नु भनेको के हो, परमेश्वरमा कसरी सही प्रकारले विश्वास गर्ने, र परमेश्वरको इच्छासित एकतामा काम गर्नका निम्ति तिमीहरूले के गर्नुपर्छ भनी बुझ्नेछौ। यसले तिमीहरूलाई परमेश्वरको कामप्रति पूरा र सम्पूर्ण रूपमा आज्ञाकारी बनाउनेछ; तिमीहरूमा कुनै गुनासोहरू हुनेछैन, तिमीहरूले न्याय गर्नेछैनौ, वा विश्लेषण गर्नेछैनौ, परमेश्वरको कामको खोजको कुरा त परै छाडौं। यस्तै प्रकारले, तिमीहरू मृत्युसम्मै परमेश्वरको आज्ञापालन गर्न, तिमीहरूलाई मार्गनिर्देशन गर्ने र तिमीहरूलाई एउटा भेडाजस्तै मार्ने अनुमति परमेश्वरलाई दिन सक्नेछौ, यसरी तिमीहरू सबै १९९० को दसकका पत्रुसहरू बन्न सक्नेछौ अनि अलिकति पनि गुनासो नगरी, यहाँसम्म कि क्रूसमा चढनुपऱ्यो भने पनि परमेश्वरलाई प्रेम गर्न सक्नेछौ। तब मात्र तिमीहरू १९९० को दसकका पत्रुसहरू जस्तो भएर जिउन सक्नेछौ।

संकल्प गरेका सबैले परमेश्वरको सेवा गर्न सक्दछन्–तर परमेश्वरको इच्छालाई पूरा ध्यान दिने र परमेश्वरको इच्छा बुझ्ने व्यक्तिहरू मात्र परमेश्वरको सेवा गर्ने योग्यका र हकदार हुनेछ। मैले तिमीहरूको बीचमा यो थाहा पाएको छु: धेरै मानिसहरू जबसम्म तिनीहरू जोसिलो भएर परमेश्वरको निम्ति सुसमाचार फैलाउँछन्, परमेश्वरका निम्ति बाटोमा जान्छन्, आफैलाई खर्च गर्छन् र परमेश्वरका निम्ति केही थोकहरू त्याग्छन्, र त्यस्तै अरू कुराहरू गर्छन्, तब त्यसलाई परमेश्वरको सेवा हो भनी विश्वास गर्छन्। अझ धेरै धार्मिक मानिसहरू त हातमा बाइबल लिएर यताउति दगुर्नु, स्वर्गको राज्यको सुसमाचार फैलाउनु, र मानिसहरूलाई पश्चाताप र पाप-स्वीकार गर्न लगाएर मुक्त गर्नु परमेश्वरको सेवा गर्नु हो भनी विश्वास गर्छन्। यस्ता धेरै धार्मिक अगुवाहरू पनि छन्, जसले परमेश्वरको सेवा गर्नु भनेको उच्च अध्ययन गरेर अनि सेमिनरीमा तालिम लिएर च्यापलमा प्रचार गर्नु र बाइबलका शास्त्रहरू पढेर मानिसहरूलाई शिक्षा दिनु हो भनी विचार गर्छन्। यसबाहेक, गरिब क्षेत्रहरूमा यस्ता मानिसहरू हुन्छन् जसले परमेश्वरको सेवा गर्नु भनेको बिरामीलाई निको पार्नु र तिनीहरूका दाजुभाइ, दिदी-बहिनीहरूको बीचमा भएका भूतात्माहरू निकाल्नु वा उनीहरूका निम्ति प्रार्थना गर्नु, वा उनीहरूको सेवा गर्नु हो भनी विश्वास गर्छन्। तिमीहरूको बीचमा धेरै जना यस्ता मानिसहरू छन्, जसले परमेश्वरको सेवा गर्नु भनेको परमेश्वरको वचनहरू खानु र पिउनु, हरेक दिन परमेश्वरलाई प्रार्थना गर्नु साथै सबैतिरका मण्डलीहरूमा भेटघाट गर्न जानु र कामहरू गर्नु हो भनी विश्वास गर्छन्। अरू दाजुभाइ, दिदी-बहिनीहरू छन्, जुनहरूले परमेश्वरको

सेवा गर्नु भनेको कहिल्यै विवाह नगर्नु वा परिवार खडा नगर्नु र आफ्नो सम्पूर्ण अस्तित्व परमेश्‍वरमा समर्पण गर्नु हो भनी विश्‍वास गर्छन्। तापनि परमेश्‍वरको सेवा गर्नु भनेको के हो सो थोरै मानिसहरूले साँच्चै जानेका हुन्छन्। परमेश्‍वरको सेवा गर्ने मानिसहरू आकाशका ताराहरू जत्ति नै धेरै भए पनि प्रत्यक्ष रूपमा र परमेश्‍वरको इच्छाअनुसार सेवा गर्नेहरूको सङ्ख्या नगण्य–महत्त्वहीन रूपमा कम छ। म किन यो कुरा भन्दछु? यसकारण भन्दछु, कि तिमीहरू "परमेश्‍वरको सेवा" भन्ने वाक्यांशको अर्थ बुझ्छौ, अनि परमेश्‍वरको इच्छाअनुसार कसरी सेवा गर्ने भन्ने कुरा त झनै कम बुझ्छौ। परमेश्‍वरको कस्तो किसिमको सेवा वास्तवमा उहाँको इच्छासँग एकतामा हुन्छ भन्ने कुरा मानिसहरूले झट्टै बुझ्नु आवश्यक हुन्छ।

यदि तिमीहरू परमेश्‍वरको इच्छाअनुसार सेवा गर्न चाहन्छौ भने, पहिले तिमीहरूले यो बुझ्नुपर्छ कि, परमेश्‍वरका निम्ति कस्ता किसिमका मानिसहरू मनपर्दा हुन्छन्, परमेश्‍वरले कस्ता किसिमका मानिसहरूलाई घृणा गर्नुहुन्छ, परमेश्‍वरले कस्ता किसिमका मानिसहरूलाई सिद्ध बनाउनुहुन्छ र कस्ता किसिमका मानिसहरू परमेश्‍वरको सेवा गर्न योग्यका हुन्छन्। कम्तीमा पनि तिमीहरू यो ज्ञानद्वारा सुसज्जित भएको हुनुपर्छ। यसबाहेक, तिमीहरूले परमेश्‍वरको कामको लक्ष्य अनि परमेश्‍वरले यहाँ र अहिले गर्नुहुने काम जान्नुपर्छ। यो कुरा बुझेपछि, अनि परमेश्‍वरको वचनको मार्गदर्शनद्वारा तिमीहरू पहिले प्रवेश पाउनुपर्छ र पहिले परमेश्‍वरको आज्ञा प्राप्त गर्नुपर्छ। एकचोटि तिमीहरूले परमेश्‍वरको वचनहरू वास्तविक रूपमा अनुभव गरेपछि, र तिमीहरूले साँच्चै परमेश्‍वरको कामलाई जानेपछि, तिमीहरू परमेश्‍वरको सेवा गर्न योग्यको बन्नेछौ। अनि जब तिमीहरू उहाँको सेवा गर्छौ, त्यस बेला परमेश्‍वरले तिमीहरूका आत्मिक आँखाहरू खोलिदिनुहुनेछ र उहाँको कामलाई अझ राम्ररी बुझ्ने र त्यसलाई स्पष्ट रूपमा देख्ने तिमीहरूलाई अनुमति दिनुहुनेछ। जब तिमीहरू यस वास्तविकतामा प्रवेश गर्छौ, तब तिमीहरूका अनुभवहरू अझ गहन र वास्तविक बन्नेछन्, अनि त्यस्ता अनुभवहरू प्राप्त गर्ने तिमीहरू सबै मण्डलीहरूको माझमा हिँड्न सक्नेछौ अनि आफ्ना दाजुभाइ, दिदी-बहिनीहरूका निम्ति प्रबन्ध गरिदिन सक्नेछौ, यसरी तिमीहरू प्रत्येकले एक-अर्काको शक्तिबाट लिएर तिमीहरूको आफ्नै कमीहरू पूरा गर्न सक्नेछौ, अनि तिमीहरूका आत्माहरूमा अझ राम्ररी ज्ञान प्राप्त गर्नेछौ। यस्ता वास्तविकता प्राप्त गरिसकेपछि मात्र तिमीहरू परमेश्‍वरको इच्छाअनुसार सेवा गर्ने बन्नेछौ र तिमीहरूको सेवाको अवधिमा परमेश्‍वरद्वारा सिद्ध बनाइनेछौ।

परमेश्‍वरको सेवा गर्नेहरू परमेश्‍वरका घनिष्ठहरू हुनुपर्छ, तिनीहरू परमेश्‍वरलाई मनपर्दो हुनुपर्छ र परमेश्‍वरप्रति अत्याधिक बफादार हुन सक्ने हुनुपर्छ। चाहे तिमीहरू एकान्तमा व्यवहार गर वा सार्वजनिक स्थानमा, तिमीहरू परमेश्‍वरको सामु परमेश्‍वरको आनन्द प्राप्त गर्न सक्छौ, तिमीहरू परमेश्‍वरको सामु दह्रिलो भई खडा हुन सक्छौ, अनि अरू मानिसहरूले तिमीहरूसँग चाहे जस्तोसुकै व्यवहार गरे पनि तिमीहरू त्यही बाटो हिँड्नेछौ जहाँ हिँड्नुपर्छ, अनि परमेश्‍वरको बोझलाई सारा वास्ता दिनेछौ। यस्ता मानिसहरू मात्र परमेश्‍वरका घनिष्ठहरू हुन्। परमेश्‍वरसित घनिष्ठ व्यक्तिहरू प्रत्यक्ष रूपमा उहाँको सेवा गर्न सक्षम हुन्छन्, किनकि तिनीहरूलाई परमेश्‍वरको महान् आज्ञा र परमेश्‍वरको बोझ दिइएको हुन्छ, तिनीहरू परमेश्‍वरको हृदयलाई आफ्नो हृदय बनाउन सक्षम हुन्छन्, र परमेश्‍वरको बोझलाई आफ्नै बोझ जस्तो गरी लिन्छन्, र तिनीहरूका आफ्नो भविष्यका

सम्भावनाहरूमाथि विचार गर्दैनन्: तिनीहरूको कुनै सम्भावना नहुँदा, र तिनीहरू केही कुरा प्राप्त नगर्न खडा हुँदा पनि, प्रेमिलो हृदयले सधैँ परमेश्‍वरमा विश्‍वास गर्छन्। अनि यसैले यस प्रकारका व्यक्ति परमेश्‍वरको घनिष्ठ हुन्छन्। परमेश्‍वरका घनिष्ठ व्यक्तिहरू परमेश्‍वरका विश्‍वासपात्रहरू पनि हुन्; परमेश्‍वरका घनिष्ठ व्यक्तिहरू मात्र उहाँको बेचैनी र उहाँका विचारहरूमा सहभागी हुन सक्छन्, अनि तिनीहरूका देह कष्टमय र कमजोर भए पनि, तिनीहरू कष्ट सहन सक्षम हुन्छन्, अनि परमेश्‍वरलाई प्रसन्‍न तुल्याउनका निम्ति आफूलाई मन परेको थोक त्याग्छन्। त्यस्ता मानिसहरूलाई परमेश्‍वरले अझ बढी बोझहरू दिनुहुन्छ, अनि परमेश्‍वरले गर्न चाहनुभएको कुरा त्यस्ता मानिसहरूको गवाहीमा उत्पन्‍न हुँदछ। यसैले, यस्ता मानिसहरू परमेश्‍वरका निम्ति मनपर्दो हुन्छन्, तिनीहरू परमेश्‍वरको आफ्नै हृदय अनुसारका परमेश्‍वरका नोकरहरू हुन्, त्यस्ता मानिसहरूले मात्र परमेश्‍वरसँग मिलेर शासन गर्न सक्छन्। जब तँ साँच्चै परमेश्‍वरको घनिष्ठ बनेका हुन्छस्, त्यही बेला नै हो जब तैँले परमेश्‍वरसित एकसाथ शासन गर्नेछस्।

येशू परमेश्‍वरको आज्ञा पूरा गर्न–अर्थात् सारा मानवजातिको छुटकाराको काम गर्न सक्षम हुनुहुन्थ्यो–किनकि उहाँले आफ्नै निम्ति कुनै योजनाहरू वा व्यवस्थाहरू नगरी परमेश्‍वरको इच्छामा पूरा ध्यान दिनुभयो। त्यसै पनि, उहाँ आफै परमेश्‍वर–परमेश्‍वरसित अति घनिष्ठ हुनुहुन्थ्यो–जुन कुरा तिमीहरू सबैले राम्ररी बुझ्दछौ। (वास्तवमा, उहाँ आफै परमेश्‍वर हुनुहुन्थ्यो, जुन कुराको साक्षी परमेश्‍वरले दिनुभयो। मैले यस विषयको उदाहरण दिनका निम्ति येशूका तथ्यहरू प्रयोग गर्नलाई यहाँ यो कुरा भन्दैछु।) उहाँ परमेश्‍वरले व्यवस्थापन योजनालाई केन्द्रमा राख्न सक्षम हुनुहुन्थ्यो, अनि उहाँले सधैँ स्वर्गका पितासँग प्रार्थना गर्नुभयो र स्वर्गका पिताको इच्छा खोज्नुभयो। उहाँले प्रार्थना गर्दै भन्‍नुभयो: “हे परमेश्‍वर पिता! तपाईंको इच्छा जे छ त्यो पूरा गर्नुहोस्, अनि मेरा इच्छाहरू अनुसार होइन, तर तपाईंको योजनाअनुसार काम गर्नुहोस्। मानिस कमजोर हुन सक्छ, तर तपाई त्यसको किन वास्ता गर्नुहुन्छ? मानिस तपाईंको वास्ता पाउने योग्यको कसरी बन्‍न सक्छ? अर्थात् मानिस, जो तपाईंको हातमा एउटा कमिला जस्तो छ? मेरो हृदयमा, म तपाईंको इच्छा मात्र पूरा गर्न चाहन्छु, अनि तपाईंले आफ्नो इच्छाअनुसार ममा जे गर्न चाहनुहुन्छ त्यो गर्नुहोस् भन्‍ने म चाहन्छु।” यरूशलेमतर्फ जाने बाटोमा येशू ठूलो वेदनामा हुनुहुन्थ्यो, मानौं उहाँको मुटुमा छुरी रोपेको जस्तो भएको थियो, तापनि उहाँमा आफ्नो वचनबाट पछि फर्कने अलिकति पनि इच्छा थिएन; त्यहाँ सधैँ एउटा प्रबल शक्ति थियो, जसले उहाँलाई त्यतातिर बढ्न बाध्य बनायो, जहाँ उहाँ क्रूसमा टाँगिनु हुनेथियो। अन्त्यमा, उहाँलाई क्रूसमा काँटी ठोकियो र मानवजातिको छुटकाराको काम पूरा गर्दै उहाँ पापी मानिसको समानतामा हुनुभयो। उहाँले मृत्यु र पातलका बन्धनहरू तोडेर स्वतन्त्र हुनुभयो। उहाँको सामुन्‍ने मृत्यु, नरक र पातालले तिनीहरूका शक्ति गुमाए, र उहाँद्वारा पराजित भए। उहाँ तेत्तीस वर्ष जिउनुभयो, ती अवधिभरि उहाँले सधैँ त्यस बेला परमेश्‍वरको कामअनुसार परमेश्‍वरकै इच्छा पूरा गर्ने सक्दो कोसिस गर्नुभयो, उहाँले आफ्नो फाइदा वा नोक्सानीको बारेमा कहिल्यै पनि विचार गर्नुभएन, अनि सधैँ परमेश्‍वर पिताको इच्छाको बारेमा सोच्नुहुन्थ्यो। यसैकारण उहाँको बप्तिस्मा पछि परमेश्‍वरले यसो भन्‍नुभएको थियो: “यो मेरो प्रिय पुत्र हो, जसमा म अति प्रसन्‍न छु।” परमेश्‍वरको सामुन्‍ने उहाँले गर्नुभएको सेवा,

जुन परमेश्वरको इच्छाअनुरूप थियो, त्यसैले गर्दा परमेश्वरले सारा मानवजातिलाई छुटकारा दिने गह्रौं काम उहाँको काँधमा राखिदिनुभयो र त्यो पूरा गर्न लगाउनुभयो, अनि त्यो महत्त्वपूर्ण काम पूरा गर्न उहाँ योग्य हुनुहुन्थ्यो र उहाँलाई अधिकार दिइएको थियो। उहाँले आफ्नो जीवनभरि परमेश्वरका निम्ति असीमित दुःखहरू भोग्नुभयो, अनि शैतानद्वारा उहाँको अनगिन्ती पटक परीक्षा भयो, तर उहाँ कहिल्यै निराश हुनुभएन। परमेश्वरले उहाँलाई यति ठूलो काम दिनुभयो किनभने उहाँमाथि भरोसा राख्नुभयो, र उहाँलाई प्रेम गर्नुभयो, यसैले परमेश्वरले व्यक्तिगत रूपमा यसो भन्नुभयो: "यो मेरो प्रिय पुत्र हो, जसमा म अति प्रसन्न छु।" त्यस बेला, येशूले मात्र त्यो आज्ञा पूरा गर्न सक्नुहुन्थ्यो, अनि परमेश्वरले अनुग्रहको युगमा सारा मानवजातिलाई छुटकारा दिने काम पूरा गर्ने यो एउटा व्यावहारिक पक्ष थियो।

यदि येशूजस्तै तिमीहरूले पनि परमेश्वरको बोझलाई पूरा-पूरा ध्यान दिन्छौ र तिमीहरूका देहतिर पिठिउँ फर्काउँछौ भने, परमेश्वरले उहाँका महत्त्वपूर्ण कामहरू तिमीहरूलाई सुम्पनुहुनेछ, त्यसरी तिमीहरूले परमेश्वरको सेवा गर्नका निम्ति चाहिने सर्तहरू पूरा गर्नेछौ। त्यस्ता परिस्थितिहरूमा पर्दा मात्र तिमीहरूले परमेश्वरको इच्छा पूरा गर्दै छौ र उहाँले दिनुभएको आज्ञा पूरा गर्दै छौ भन्ने साहस गर्छौ, अनि तब मात्र तिमीहरूले साँच्चै परमेश्वरको सेवा गर्दै छौ भन्ने साहस गर्छौ। येशूको उदाहरणसँग तुलना गर्दा, के तँ परमेश्वरसित घनिष्ठ छस् भन्ने साहस गर्छस्? के तँ परमेश्वरको इच्छा पूरा गर्दै छस् भन्ने साहस गर्छस्? के तँ साँच्चै परमेश्वरको सेवा गर्दै छस् भन्ने साहस गर्छस्? आज तँ परमेश्वरको सेवा कसरी गर्ने सो बुझ्दैनस्, के तँ परमेश्वरसित घनिष्ठ छस् भन्ने साहस गर्छस्? यदि तँ परमेश्वरको सेवा गर्दै छस् भन्छस् भने के तैँले उहाँको विरुद्धमा ईश्वर-निन्दा गर्दैनस् र? यस विषयमा विचार गर्: के तैँले परमेश्वरको सेवा गर्दै छस् वा आफ्नै सेवा गर्दै छस्? तँ शैतानको सेवा गर्छस्, तापनि हठी बन्दै अझ परमेश्वरकै सेवा गरिरहेका छस् भन्छस्—के यसो गरेर तँ ईश्वर-निन्दा गर्दैनस् र? मेरो पिठिउँ पछाडि धेरै जना मानिसहरू सामाजिक प्रतिष्ठाको आशिष् पाउने लालसा गर्छन्, तिनीहरू घाँटीसम्म आउने गरी खान्छस्, तिनीहरू सुत्न मन पराउँछन् र देहमा पूरा ध्यान दिन्छन्, देहको लागि कुनै उपाय छैन भनी सधैँ डराउँछन्। तिनीहरू मण्डलीमा आफूले गर्नुपर्ने उचित काम गर्दैनन्, तर मण्डलीको उदारताको फाइदा उठाउँछन्, वा कि त तिनीहरूका दाजुभाइ र दिदी-बहिनीहरूलाई मेरा वचनहरूद्वारा हप्काउँछन्, अधिकारका स्थानहरूमा बसेर अरूमाथि हुकुम चलाउँछन्। यस्ता मानिसहरू आफूले परमेश्वरको इच्छा पूरा गरिरहेका छौं भन्छन्—र तिनीहरू परमेश्वरका घनिष्ठ मानिसहरू हुन् भनी सधैँ भन्ने गर्छन्—के यो हास्यास्पद कुरा होइन त? यदि तेरो उद्देश्यहरू सही छन् तापनि परमेश्वरको इच्छाअनुसार सेवा गर्न सक्दैनस् भने तँ मूर्ख बन्दैछस्; तर यदि तेरो उद्देश्यहरू सही छैनन् भने र पनि परमेश्वरको सेवा गर्दै छस् भन्छस् भने तँ त्यस्तो व्यक्ति हो जसले परमेश्वरको विरोध गर्छ, र तैँले परमेश्वरबाट दण्ड पाउनुपर्छ। त्यस्ता मानिसहरूप्रति मेरो कुनै सहानुभूति छैन। परमेश्वरको भवनमा तिनीहरू सित्तैँमा फाइदा उठाउँछन्, सधैँ देहको आराम-सुविधाको लालसा गर्छन्, अनि परमेश्वरको चासोका कुराहरूमा कुनै ध्यान दिँदैनन्। तिनीहरू सधैँ आफ्नो निम्ति जे असल छ त्यसैको मात्र खोजी गर्छन्, अनि तिनीहरू परमेश्वरको इच्छामा कुनै

ध्यान दिँदैनन्। तिनीहरू आफूले गरेको कुनै पनि कार्यमा परमेश्‍वरका आत्माले गर्नुहुने सूक्ष्म जाँचलाई स्वीकार गर्दैनन्। तिनीहरू सधैँ आफ्ना दाजु-भाइ, दिदी-बहिनीहरूसँग चलाखी र छल गर्छन्, अनि दाखबारीको चतुर स्याल जस्तो भएकोले तिनीहरू अङ्गुर चोर्छन् र दाख बारी कुल्चीमिल्ची गर्छन्। के त्यस्ता मानिसहरू परमेश्‍वरसित घनिष्ठ हुन सक्छन्? के तँ परमेश्‍वरका आशिषहरू पाउने योग्यका छस्? तँ आफ्नै जीवन र मण्डलीका निम्ति कुनै बोझ उठाउँदैनस्, के तँ परमेश्‍वरको आज्ञा पाउने योग्यका छस्? तँजस्तो व्यक्तिलाई भरोसा गर्ने आँट कसले गर्ला? जब तँ यस्तो प्रकारले सेवा गर्छस् के परमेश्‍वरले तँलाई अझ ठूला कामहरू सुम्पने आँट गर्नुहुन्छ होला? के त्यसले काम अझ ढिलो गराउँदैन र?

परमेश्‍वरको इच्छाअनुसारको सेवा गर्न कुन-कुन सर्तहरू पूरा गर्नुपर्छ त्यो तिमीहरूले जान भनेर मैले यो कुरा भनिरहेको छु। यदि तिमीहरू आफ्नो हृदय परमेश्‍वरलाई दिँदैनौ भने, यदि तँ येशूले जस्तै परमेश्‍वरको इच्छामा पूरा ध्यान दिँदैनौ भने, परमेश्‍वरले तँमाथि भरोसा गर्न सक्नुहुन्न, अनि अन्त्यमा तैँले परमेश्‍वरबाट दण्ड पाउनेछस्। सायद, आज परमेश्‍वरको निम्ति तैँले गर्ने सेवामा सधैँ परमेश्‍वरलाई धोखा दिने उद्‌देश्य राख्छस् र लापरवाहीसाथ उहाँसित व्यवहार गर्छस्। संक्षेपमा भन्नुपर्दा, चाहे जे नै भए पनि यदि तँ परमेश्‍वरलाई ठग्छस् भने, तँमाथि कठोर न्याय आइलाग्नेछ। तैँले दोहोरो मन नबनाई पहिले आफ्नो हृदय परमेश्‍वरमा सुम्पिएर परमेश्‍वरको सेवाको सही बाटोमा प्रवेश गर्ने फाइदा उठाउनुपर्छ। चाहे तँ परमेश्‍वरको सामुन्ने होस् वा मानिसहरूको सामुन्ने, तेरो हृदय सधैँ परमेश्‍वरतिर फर्केको हुनुपर्छ, अनि तैँले पनि येशूले जस्तै परमेश्‍वरलाई प्रेम गर्ने संकल्प गर्नुपर्छ। यसरी, परमेश्‍वरले तँलाई सिद्‌ध बनाउनुहुनेछ, अनि तँ उहाँको हृदय अनुरूपको परमेश्‍वरको सेवक बन्नुहुनेछ। यदि तँ साँच्चै परमेश्‍वरद्‌वारा सिद्‌ध बनाइनु र तेरो सेवा उहाँको इच्छाअनुरूप भएको चाहन्छस् भने परमेश्‍वरको विश्‍वासको सम्बन्धमा तेरो पहिलेका विचारहरू बदल्नुपर्छ, अनि पहिले जुन तरिकाले परमेश्‍वरको सेवा गर्थिस् त्यो तरिका बदल्नुपर्छ, यसरी तँ परमेश्‍वरद्‌वारा अझ बढी सिद्‌ध बनाइनेछस्। त्यसो भएपछि, परमेश्‍वरले तँलाई त्याग्नुहुनेछैन, अनि तँ पनि पत्रुसजस्तै परमेश्‍वरलाई प्रेम गर्ने मानिसहरूको पहिलो पङ्क्तिमा हुनेछस्। यदि तँ पश्‍चात्ताप नगरी बस्छस् भने तैँले पनि यहूदाको जस्तै अन्त्यको सामना गर्नुपर्नेछ। यो कुरा परमेश्‍वरमा विश्‍वास गर्ने सबैले बुझ्नुपर्छ।

## वास्तविकता कसरी थाहा पाउने

परमेश्‍वर व्यावहारिक परमेश्‍वर हुनुहुन्छ: उहाँका सबै कामहरू व्यावहारिक छन्, उहाँले बोल्ने सबै वचनहरू व्यावहारिक छन्, र उहाँले व्यक्त गर्ने सबै सत्यहरू व्यावहारिक छन्। जे उहाँ वचनहरू होइनन् ती शून्य, अस्तित्वहीन, र अनुचित हुन्छन्। आज, परमेश्‍वरका वचनहरूमा मानिसहरूलाई मार्गनिर्देशित गर्न पवित्र आत्मा हुनुहुन्छ। यदि मानिसहरूले वास्तविकतामा प्रवेशको खोजी गर्नुछ भने, उनीहरूले वास्तविकता खोज्नुपर्छ, र वास्तविकता जान्नुपर्छ, त्यसपछि उनीहरूले वास्तविकता अनुभव गर्नुपर्छ, र वास्तविकतालाई जीवनमा उतार्नुपर्छ। मानिसहरूले वास्तविकतालाई

जति बढी थाहा पाउँछन्, त्यति नै अरूका वचनहरू वास्तविक हुन् वा होइनन् त्यसलाई पहिचान गर्न उनीहरू सक्षम हुन्छन्; मानिसहरूले वास्तविकतालाई जति बढी थाहा पाउँछन्, उनीहरूसँग त्यति नै कम धारणाहरू हुन्छन्; मानिसहरूले वास्तविकतालाई जति बढी अनुभव गर्छन्, त्यति नै उनीहरूले वास्तविकताको परमेश्‍वरका कामहरू थाहा पाउँछन्, र उनीहरूको भ्रष्ट, शैतानिक स्वभावहरूबाट मुक्त हुन उनीहरूलाई त्यति नै सजिलो हुन्छ; मानिसहरूसँग जति बढी वास्तविकता हुन्छ, त्यति नै बढी उनीहरूले परमेश्‍वरलाई चिन्छन् र त्यति नै बढी उनीहरूले शरीरलाई घृणा गर्छन् र सत्यलाई प्रेम गर्छन्; र मानिसहरूसँग जति बढी वास्तविकता हुन्छ, उनीहरू उत्ति नै परमेश्‍वरका आवश्यकताहरूको मापदण्डहरूको नजिक आउँछन्। परमेश्‍वरद्वारा प्राप्त गरिएका मानिसहरू वास्तविकताको स्वामित्वमा भएका मानिसहरू हुन्, जसलाई वास्तविकता थाहा छ, र जसले वास्तविकताको अनुभवद्वारा परमेश्‍वरका यथार्थ कामहरू जानेका हुन्छन्। तँ जति बढी व्यावहारिक तरिकाले परमेश्‍वरसँग सहकार्य गर्छस् र आफ्नो शरीरलाई अनुशासनमा राख्छस्, तैँले त्यति नै बढी पवित्र आत्माको काम प्राप्त गर्नेछस्, तैँले त्यति नै बढी वास्तविकता प्राप्त गर्नेछस्, र त्यति नै बढी परमेश्‍वरले तँलाई प्रकाश दिनुहुनेछ परमेश्‍वर, र यसरी परमेश्‍वरको यथार्थ कामहरूको तेरो ज्ञान महान् बन्नेछ। यदि तँ पवित्र आत्माको विद्यमान प्रकाशमा जिउन सक्षम छस् भने, अभ्यासको विद्यमान मार्ग तेरो लागि अझै प्रष्ट हुनेछ, र विगतका धार्मिक धारणाहरू र पुराना अभ्यासहरूबाट आफूलाई अलग्याउन तँ अझै बढी सक्षम हुनेछस्। आजको मुख्य विषय भनेको यथार्थता हो: मानिसहरूसँग जति बढी वास्तविकता हुन्छ, उनीहरूको सत्यको ज्ञान उत्तिकै प्रस्ट हुन्छ, र परमेश्‍वरको इच्छाको उनीहरूको बुझाइ त्यत्तिकै महान् हुनेछ। वास्तविकताले सबै शाब्दिक अर्थहरू र सिद्धान्तहरूलाई पराजित गर्न सक्छ, यसले सबै सैद्धान्तिक नियम र विज्ञतालाई पराजित गर्न सक्छ, र मानिसहरूले वास्तविकतामा जति बढी ध्यान केन्द्रित गर्छन्, उनीहरूले परमेश्‍वरलाई त्यत्ति नै बढी साँचो प्रेम गर्छन्, र उहाँका वचनहरूको लागि भोका र प्यासी हुन्छन्। यदि तैँले वास्तविकतामा ध्यान केन्द्रित गरिस् भने, जीवन जिउने तेरो दर्शनशास्त्र, धार्मिक धारणाहरू, र प्राकृतिक गुण परमेश्‍वरको काम पछ्याउँदै स्वभाविक रूपमा हटेर जानेछ। वास्तविकताको खोजी नगर्ने, र वास्तविकताको ज्ञान नभएकाहरू अलौकिक कुराको खोजी गर्न सक्छन्, र उनीहरू सजिलै धोखामा पर्न सक्छन्। यस्ता मानिसहरूमा काम गर्ने कुनै माध्यम पवित्र आत्मासँग छैन, र त्यसैले उनीहरू रित्तो, र उनीहरूको जीवनको कुनै अर्थ छैन भन्ने महसुस गर्छन्।

पवित्र आत्माले तँमा केवल त्यसबेला काम गर्न सक्नुहुन्छ जब तैँले साँच्चै तालिम लिन्छस्, साँच्चै खोजी गर्छस्, साँच्चै प्रार्थना गर्छस्, र सत्यको खोजीको लागि कष्ट उठाउन तत्पर हुन्छस्। सत्यको खोजी नगर्नेहरूसँग शाब्दिक अर्थहरू र सिद्धान्तहरू, र रित्तो सैद्धान्तिक नियमहरू सिवाय केही पनि हुँदैन, र सत्य विहीनहरूसँग स्वाभाविक रूपमै परमेश्‍वरबारे धेरै धारणाहरू हुन्छन्। यस्ता मानिसहरू उनीहरूको दैहिक शरीरलाई आत्मिक शरीरमा बदल्न मात्र परमेश्‍वरको चाहना राख्छन् ताकि उनीहरू तेस्रो स्वर्गमा उक्लन सकून्। यी मानिसहरू कति मूर्ख छन्! यस्ता कुराहरू भन्ने सबैसँग परमेश्‍वरबारे, वा वास्तविकताबारे कुनै ज्ञान हुँदैन; यस्ता मानिसहरूले परमेश्‍वरसँग सहकार्य गर्नै सक्दैनन्, र निष्क्रिय रूपमा प्रतीक्षा मात्रै गर्न सक्छन्। यदि मानिसहरूले सत्य बुझ्नु छ, र

सत्यलाई स्पष्ट रूपमा देख्नु छ, र यसको अतिरिक्त, यदि उनीहरू सत्यमा प्रवेश गर्नु छ र यसलाई व्यवहारमा लागू गर्नु छ भने, उनीहरूले साँच्चै तालिम गर्नुपर्छ, साँच्चै खोजी गर्नुपर्छ, र साँच्चै भोकाउनु र तिर्खाउनुपर्छ। जब तँ भोकाउँछस् र तिर्खाउँछस्, र जब तँ परमेश्‍वरसँग साँच्चै सहकार्य गर्छस्, परमेश्‍वरको आत्माले तँलाई निश्‍चय नै छुनुहुनेछ र तपाईंभित्र काम गर्नुहुनेछ, जसले तँमा अझै बढी प्रकाश ल्याउनेछ, र तँलाई वास्तविकताको अझ बढी ज्ञान दिनेछ, र तेरो जीवनलाई ठूलो सहायता हुनेछ।

यदि मानिसहरूले परमेश्‍वरलाई चिन्नु छ भने, सर्वप्रथम उनीहरूले परमेश्‍वर व्यावहारिक परमेश्‍वर हुनुहुन्छ भन्‍ने जान्‍नुपर्छ, र उनीहरूले परमेश्‍वरका वचनहरू, परमेश्‍वर व्यावहारिक रूपमा देहमा प्रकट हुनुभएको, र परमेश्‍वरको व्यावहारिक काम जान्‍नुपर्छ। परमेश्‍वरका सबै काम व्यावहारिक छन् भन्‍ने जानेपछि मात्र तँ परमेश्‍वरसँग साँच्चै सहकार्य गर्न सक्षम हुनेछस्, र यो मार्ग भएर मात्र तैँले आफ्नो जीवनमा वृद्धि प्राप्‍त गर्न सक्नेछस्। वास्तविकताको ज्ञान नहुने सबैसँग परमेश्‍वरका वचनहरू अनुभव गर्ने कुनै उपाय हुँदैन, उनीहरू आफ्नै धारणाहरूको फन्दामा परेका हुन्छन् आफ्नै कल्पनामा बाँचेका हुन्छन्, त्यसैले उनीहरूसँग परमेश्‍वरका वचनहरूको कुनै ज्ञान छैन। वास्तविकता सम्बन्धी तेरो ज्ञान जति बृहत् छ, परमेश्‍वरसँग तँ त्यति नै निकट हुन्छस्, र उहाँसँग तँ त्यत्ति नै घनिष्ठ हुन्छस्; तँ जत्ति बढी अस्पष्टता, अमूर्तता र सिद्धान्तको खोजी गर्छस्, परमेश्‍वरबाट तँ उत्तिकै टाढा बहकिन्छस्, र परमेश्‍वरका वचनहरू अनुभव गर्नु जटिल र कठिन छ भन्‍ने तैँले अनुभूति गर्नेछस्, र तँ प्रवेश गर्न असमर्थ हुनेछस्। यदि तँ परमेश्‍वरका वचनहरूको वास्तविकतामा, र तेरो आत्मिक जीवनको सही मार्गमा प्रवेश गर्न चाहन्छस् भने, तैँले सर्वप्रथम वास्तविकता थाहा पाउनुपर्छ र अस्पष्ट र अलौकिक कुराहरूबाट आफूलाई अलग गर्नुपर्छ, भन्‍नुको तात्पर्य सर्वप्रथम पवित्र आत्माले तँलाई साँच्चै कसरी प्रकाश दिनुहुन्छ र मार्गदर्शन दिनुहुन्छ तैँले बुझ्नुपर्छ। यसरी, यदि तँ मानिसभित्रको पवित्र आत्माको यथार्थ कामलाई साँच्चिकै बुझ्न सक्छस् भने, तँ परमेश्‍वरद्वारा सिद्ध तुल्याइने सही मार्गमा प्रवेश गरेको हुनेछस्।

आज, सब थोक वास्तविकताबाट सुरु हुन्छ। परमेश्‍वरको काम नै सबैभन्दा बढी वास्तविक छ, र यसलाई मानिसहरूले छुन सक्छन्; मानिसहरूले अनुभव गर्न र प्राप्‍त गर्न सक्ने कुरा यही हो। मानिसहरूमा अस्पष्ट र अलौकिक कुरा धेरै हुन्छ, जसले परमेश्‍वरको हालको काम बुझ्नबाट उनीहरूलाई रोक्छ। त्यसैले, उनीहरू आफ्ना अनुभवहरूमा सधैँ तल-माथि हुन्छन्, र कामकुराहरू कठिन छन् भन्‍ने सधैँ महसुस गर्छन्, र यो सबै उनीहरूको धारणाहरूको कारणले भएको हो। मानिसहरू पवित्र आत्माको कामका सिद्धान्तहरूलाई बुझ्न असक्षम छन्, उनीहरू वास्तविकता जान्दैनन्, त्यसैले उनीहरू आफ्नो प्रवेशको मार्गबाट सधैँ नकारात्मक हुन्छन्। उनीहरू, परमेश्‍वरका अपेक्षाहरूलाई टाढाबाट हेर्छन्, तिनीहरूलाई हासिल गर्न असक्षम हुन्छन्; उनीहरूले परमेश्‍वरका वचनहरू साँच्चिकै असल छन् भन्‍ने मात्र देख्छन्, तर प्रवेश गर्ने मार्ग भेट्टाउन सक्दैनन्। पवित्र आत्माले यही सिद्धान्तद्वारा काम गर्नुहुन्छ: मानिसहरूको सहकार्यद्वारा, सक्रियतापूर्वक प्रार्थना गरेर, खोजेर र परमेश्‍वरको नजिक आएर उनीहरूद्वारा परिणामहरू प्राप्‍त गर्न सकिन्छ र पवित्र आत्माद्वारा उनीहरूलाई प्रकाश दिन र ज्योतिर्मय पार्न सकिन्छ। पवित्र आत्मा एकपक्षीय रूपमा

काम गर्नु हुन्छ, वा मानिस एकपक्षीय रूपमा काम गर्छ भन्ने होइन। दुवै अपरिहार्य छन्, र मानिसले जति बढी सहकार्य गर्छ, र उनीहरूले परमेश्‍वरका आवश्यकताहरूका मापदण्डहरूको प्राप्तिको जति बढी खोजी गर्छन्, पवित्र आत्माको काम उत्ति नै महान् हुन्छ। पवित्र आत्माको काममा थपिएको मानिसहरूको वास्तविक सहकार्यले मात्र, परमेश्‍वरका वचनहरूका वास्तविक अनुभवहरू र तात्विक ज्ञान पैदा गर्न सक्छ। विस्तारै, यस प्रकारले अनुभव गर्दै, सिद्ध व्यक्ति अन्ततः तयार पारिन्छ। परमेश्‍वरले अलौकिक कुराहरू गर्नुहुन्‍न; मानिसहरूका धारणाहरूमा, परमेश्‍वर सर्वशक्तिमान् हुनुहुन्छ, र परमेश्‍वरद्वारा नै सबै कुरा गरिन्छ–परिणामस्वरूप मानिसहरूले निष्क्रिय भएर पर्खिन्छन्, परमेश्‍वरका वचनहरू पढ्दैनन् वा प्रार्थना गर्दैनन्, र पवित्र आत्माको स्पर्शलाई केवल पर्खिन्छन्। यद्यपि, सही समझ भएकाहरूले यो विश्‍वास गर्छन्: परमेश्‍वरका कामहरू मेरो सहकार्यसम्म मात्र अगाडि बढ्न सक्छन्, र ममा परमेश्‍वरको कामको प्रभाव मैले कसरी सहकार्य गर्छु त्यसमा भर पर्छ। जब परमेश्‍वर बोल्नुहुन्छ, परमेश्‍वरका वचनहरू खोजी गर्न र यसप्रति प्रयत्‍न गर्न आफूले गर्न सक्ने सबै मैले गर्नुपर्छ; मैले प्राप्त गर्नुपर्ने यही हो।

पत्रुस र पावलको उदाहरणहरूमा तिमीहरूले प्रस्ट रूपमा देख्न सक्छौ, वास्तविकतालाई सबैभन्दा बढी ध्यान दिने पत्रुस नै थिए। पत्रुस गुज्रिएको कुराबाट देख्न सकिन्छ कि उसका अनुभवहरू विगतमा असफल भएकाहरूका पाठको सारांश थिए र उसले विगतका सन्तहरूका सामर्थ्यहरूलाई स्वीकार गरे। यसबाट देख्न सकिन्छ कि पत्रुसका अनुभवहरू साँच्चै कति यथार्थ थिए, मानिसहरू ती अनुभवहरूसम्म पुग्न र स्पर्श गर्न, र तिनीहरूलाई प्राप्त गर्न सक्षम छन्। यद्यपि, पावल फरक थिए: उनले बोलेका, तेस्रो स्वर्गमा जाने, सिंहासनमा विराजमान हुने, धार्मिकताको मुकुट जस्ता सबै कुराहरू, अस्पष्ट र अदृश्य थिए। उनले जे बाह्य थियो त्यसलाई जोड दिए: प्रतिष्ठामा र मानिसहरूलाई व्याख्यान दिँदा, उसको वरिष्ठताको प्रदर्शन गर्दा, पवित्र आत्माद्वारा छुने कुरा, र त्यस्तै कुराहरूमा। उसले खोजी गरेको केही पनि यथार्थ थिएन, र यसको अधिकांश कल्पना मात्रै थियो, र त्यसैले यो देख्न सकिन्छ कि त्यो सबै अलौकिक थियो, जस्तै पवित्र आत्माले मानिसहरूलाई कति छुनुहुन्छ, मानिसहरूले अनुभव गर्ने अपार आनन्द, तेस्रो स्वर्गमा जानु, वा उनीहरू आफ्नो नियमित तालिममा कुन हदसम्म आनन्दित हुन्छन्, परमेश्‍वरका वचनहरू पढ्दा कुन हदसम्म उनीहरू आनन्दित हुन्छन्–यिनीहरू कुनै पनि यथार्थ होइनन्। पवित्र आत्माको सबै काम सामान्य, र यथार्थ छ। जब तँ परमेश्‍वरका वचनहरू पढ्छस् र प्रार्थना गर्छस्, तब तँभित्र उज्ज्वल र दृढ बन्छस्, बाह्य संसारले तँलाई बाधा पुर्‍याउन सक्दैन; भित्र, तँ परमेश्‍वरलाई प्रेम गर्न तत्पर छस्, सकारात्मक कुराहरूमा लाग्न तत्पर छस्, र दुष्ट संसारलाई घृणा गर्छस्। परमेश्‍वरभित्र जिउनु भनेको यही नै हो। यो मानिसहरूले भनेजस्तो परम आनन्दको अनुभव गर्नु होइन–यस्ता कुरा व्यावहारिक होइनन्। आज, हरेक कुरा वास्तविकताबाट नै सुरु हुनुपर्छ। परमेश्‍वरले गर्ने सबै कुरा यथार्थ हुन्, र तेरा अनुभवहरूमा तैँले साँच्चै परमेश्‍वरलाई जान्ने कुरामा र परमेश्‍वरका कामका पाइलाहरूको खोजी गर्नमा र पवित्र आत्माले मानिसहरूलाई छुनुहुने र प्रकाश दिनुहुने माध्यमहरूमा ध्यान दिनुपर्छ। यदि तँ परमेश्‍वरका वचनहरूलाई खन्छस् र पिउँछस्, र प्रार्थना गर्छस्, अनि विगतको समयका असल कुराहरूलाई आत्मसाथ गर्दै र पत्रुसले जस्तै खराब

कुरालाई इन्कार गर्दै अझै यथार्थ किसिमले सहकार्य गर्छस्, र यदि तैँले आफ्ना कानहरूले सुन्छस् र आफ्ना आँखाहरूले हेर्छस्, र हृदयमा बारम्बार प्रार्थना र मनन गर्छस्, र परमेश्‍वरको कामसँग सहकार्य गर्न तैँले सक्ने जति सबै गर्छस् भने, परमेश्‍वरले तँलाई निश्‍चय नै अगुवाइ गर्नुहुनेछ।

## सामान्य आत्मिक जीवनको सम्बन्धमा

परमेश्‍वरमाथिको विश्‍वासको लागि सामान्य आत्मिक जीवनको आवश्यकता हुन्छ, जुन परमेश्‍वरका वचनहरू अनुभव गर्ने र वास्तविकतामा प्रवेश गर्ने आधार हो। के तिमीहरूका प्रार्थना गर्ने, परमेश्‍वरको नजिक आउने, भजन गाउने, प्रशंसा गर्ने, ध्यान गर्ने, र परमेश्‍वरका वचनहरूको चिन्तन गर्ने अभ्यासहरू "सामान्य आत्मिक जीवन" समान छन्? तिमीहरू कसैलाई पनि थाहा छैन जस्तो देखिन्छ। सामान्य आत्मिक जीवन प्रार्थना गर्ने, भजन गाउने, मण्डली जीवनमा भाग लिने, परमेश्‍वरका वचनहरू खाने र पिउनेजस्ता अभ्यासहरूमा सीमित छैन। बरु, यसमा त नयाँ र जीवन्त आत्मिक जीवन जिउने कार्य समावेश हुन्छ। तैँले कसरी अभ्यास गर्छस् भन्ने होइन, बरु तेरो अभ्यासले कस्तो फल फलाउँछ भन्ने चाहिँ महत्त्वपूर्ण कुरा हो। धेरैजसो मानिसहरूले के विश्‍वास गर्छन् भने सामान्य आत्मिक जीवनमा प्रार्थना गर्नु, भजन गाउनु, परमेश्‍वरका वचनहरू खानु र पिउनु वा उहाँका वचनहरूलाई ध्यान दिनु जरुरी हुन्छ, चाहे त्यस्ता प्रचलनहरूले वास्तवमा कुनै असर पारोस् वा नपारोस् वा साँचो बुझाइमा डोऱ्याओस् वा नडोऱ्याओस्। यी मानिसहरूले नतिजाहरूलाई ध्यानै नदिई सतही प्रक्रियाहरूलाई पछ्याउने कार्यमा ध्यान दिन्छन्; तिनीहरू धार्मिक रीतिथितिमा जिउने मानिसहरू हुन्, मण्डलीभित्र जिउने मानिसहरू होइनन्, तिनीहरू राज्यका मानिसहरू हुने कुरा त परै जाओस्। तिनीहरूका प्रार्थना, भजन गाउने, र परमेश्‍वरका वचनहरू खाने र पिउने कार्य भनेका केवल नियम-पालना हुन् जुन बाध्यताको कारण र प्रचलनहरूलाई पूरा गर्नको लागि गरिएका हुन्, इच्छाले वा हृदयबाट गरिएका होइनन्। यी मानिसहरूले जति नै प्रार्थना गरे पनि वा गीत गाए पनि, तिनीहरूका प्रयासले कुनै फल फलाउनेछैन, किनभने तिनीहरूले अभ्यास गर्ने भनेका केवल धर्मका नियम र विधिहरू मात्र हुन्; तिनीहरूले वास्तवमा परमेश्‍वरका वचनहरू अभ्यास गरिरहेका हुँदैनन्। तिनीहरूले कसरी अभ्यास गर्छन् भन्नेबारेमा हल्लीखल्ली गर्नमा मात्रै तिनीहरू ध्यान दिन्छन्, र उनीहरूले परमेश्‍वरका वचनहरूलाई पालन गर्नुपर्ने नियमको रूपमा लिन्छन्। त्यस्ता मानिसहरूले परमेश्‍वरका वचनहरूलाई अभ्यास गरिरहेका हुँदैनन्; तिनीहरूले केवल देहलाई सन्तुष्ट पारिरहेका हुन्छन्, र अरू मानिसहरूलाई देखाउनका लागि कार्य गरिरहेका हुन्छन्। यी धार्मिक नियम र विधिहरू सबै मानवबाट आएका हुन्; ती परमेश्‍वरबाट आएका होइनन्। परमेश्‍वर न त नियमहरू पालना गर्नुहुन्छ, न उहाँ कुनै कानूनको अधीनमा हुनुहुन्छ। बरु उहाँले त व्यवहारिक कार्य पूरा गर्दै दिनहुँ नयाँ काम गर्नुहुन्छ। हरेक दिन बिहानको सेवाहरूमा भाग लिने, साँझको प्रार्थना र खानाको अगाडि कृतज्ञताको प्रार्थना गर्ने, र सबै कुरामा धन्यवाद दिनेजस्ता अभ्यासहरूमा आफैलाई सीमित राख्ने थ्री सेल्फ चर्चका मानिसहरूजस्तै–उनीहरूले जति नै यसो गरे पनि र जति धेरै समयसम्म तिनीहरूले त्यसो गरे

पनि, तिनीहरूसँग पवित्र आत्माको काम हुनेछैन। जब मानिसहरू नियमहरूमा बाँचिरहेका हुन्छन् र आफ्ना हृदयलाई अभ्यासका विधिहरूमा केन्द्रित गर्छन्, पवित्र आत्माले काम गर्न सक्नुहुन्न, किनकि उनीहरूको हृदय नियमहरू र मानवीय धारणाहरूले ओगटेको हुन्छ। तसर्थ, परमेश्‍वर हस्तक्षेप गर्न र तिनीहरूमा काम गर्न असमर्थ हुनुहुन्छ, र तिनीहरू केवल व्यवस्थाको नियन्त्रणमा मात्र जिइरहन सक्छन्। यस्ता मानिसहरू परमेश्‍वरको प्रशंसा प्राप्त गर्न सदा असक्षम हुन्छन्।

सामान्य आत्मिक जीवन भनेको परमेश्‍वरको सामु जिएको जीवन हो। प्रार्थना गर्दा, व्यक्तिले परमेश्‍वरको सामु आफ्नो हृदय शान्त पार्न सक्छ, र प्रार्थनामार्फत कसैले पवित्र आत्माको अन्तर्दृष्टिको खोजी गर्न सक्छ, परमेश्‍वरका वचनहरू जान्न सक्छ, र परमेश्‍वरको इच्छा बुझ्छ। उहाँका वचनहरू खाएर र पिएर, मानिसहरूले परमेश्‍वरको वर्तमान कार्यको बारेमा अझ स्पष्ट र पूर्ण बुझाइ प्राप्त गर्न सक्छन्। तिनीहरूले अभ्यासको नयाँ मार्ग पनि प्राप्त गर्न सक्छन्, र पुरानोसँग टाँसिनेछैनन्; तिनीहरू जे अभ्यास गर्छन् ती सबै जीवनमा वृद्धि हासिल गर्नका लागि हुनेछन्। प्रार्थनाको सम्बन्धमा भन्ने हो भने, यो तँ कति कृतज्ञ छस् भनेर देखाउन राम्रा-राम्रा शब्दहरू बोल्नु वा परमेश्‍वरको अगाडि आँसु झार्नुसँग सम्बन्धित छैन; बरु यसको उद्देश्य भनेको त परमेश्‍वरसामु आफ्नो हृदय शान्त पार्दै आत्माको प्रयोगको लागि आफैलाई तालिम दिनु हो, सबै कुरामा परमेश्‍वरका वचनहरूबाट मार्गदर्शन खोज्नको लागि आफैलाई तालिम दिनु हो, ताकि व्यक्तिको हृदयलाई हरेक दिन नयाँ ताजा ज्योतिमा ल्याउन सकियोस्, र जसले गर्दा कोही पनि निष्क्रिय वा अल्छी नहोस् र परमेश्‍वरका वचनहरूलाई अभ्यास गर्ने सही बाटोमा हिंड्न सकोस्। आजभोलि अधिकांश मानिसहरू अभ्यासका विधिहरूमा ध्यान केन्द्रित गर्छन्, यद्यपि तिनीहरू सत्यलाई पछ्याउन र जीवन वृद्धि हासिल गर्न त्यसो गर्दैनन्। तिनीहरूले यहीँ नै बाटो बिराएका छन्। कतिपय नयाँ प्रकाश प्राप्त गर्न सक्नेहरू पनि छन्, तर तिनीहरूको अभ्यास गर्ने विधिहरू परिवर्तन हुँदैनन्। परमेश्‍वरका आजका वचनहरू ग्रहण गर्ने प्रयासमा तिनीहरूले आफूसँग तिनीहरूका पुराना धार्मिक धारणाहरू लिएर आउँछन्, त्यसैले उनीहरूले जे पाउँछन् त्यो अझै पनि धार्मिक धारणाले रङ्गिएको धर्मसिद्धान्त नै हो; तिनीहरूले आजको प्रकाश प्राप्त गरिरहेका छँदै छैनन्। परिणामस्वरूप, तिनीहरूको अभ्यासहरूमा दाग लागेको छ; तिनीहरू नयाँ प्याकेजमा हालिएका उस्तै पुराना अभ्यासहरू हुन्। तिनीहरूले जति राम्रो अभ्यास गरे पनि, तिनीहरू ढोङ्गीहरू हुन्। परमेश्‍वरले मानिसहरूलाई हरेक दिन नयाँ अन्तर्दृष्टि र बुझाइ प्राप्त गरून् भन्ने माग गर्दै, र उनीहरू पुरानो जमानाका र एउटै कुरा दोहोर्‍याइरहने किसिमका नबनून् भन्ने मापदण्ड दिँदै उहाँले तिनीहरूलाई हरेक दिन नयाँ काम गर्न अगुवाइ गर्नुहुन्छ। यदि तैँले धेरै वर्षदेखि परमेश्‍वरमा विश्‍वास गरेको छस् तर पनि तेरो अभ्यासका विधिहरू बिलकुल परिवर्तन भएको छैन भने, र यदि तँ अझै बाह्य मामिलाहरूका बारेमा जोसिलो र व्यस्त छस्, तर परमेश्‍वरका वचनहरूको आनन्द लिनको लागि उहाँको सामुन्ने ल्याउने शान्त हृदय तँसँग छैन भने, तैँले केही पनि प्राप्त गर्नेछैनस्। जब परमेश्‍वरको नयाँ काम स्वीकार गर्ने कुरा आउँछ, तब यदि तैँले फरक तरिकाले योजना गर्दैनस् भने, आफ्नो अभ्यासलाई नयाँ तरिकाले अघि बढाउँदैनस्, र कुनै नयाँ बुझाइको पछि लाग्दैनस्, बरु तैँले अभ्यास गर्ने शैलीलाई परिवर्तन नगरीकन पुरानोलाई पक्रिरहन्छस् र केही सीमित नयाँ

प्रकाश मात्र प्राप्त गर्छस् भने, तँजस्ता मानिसहरू यो प्रवाहमा नामले मात्र हुन्छन्; वास्तविकतामा त, तिनीहरू पवित्र आत्माको प्रवाहभन्दा बाहिरका धार्मिक फारसीहरू हुन्।

एक सामान्य आत्मिक जीवन जिउन, व्यक्तिले हरेक दिन नयाँ ज्योति प्राप्त गर्न र परमेश्वरका वचनहरूको साँचो बुझाइको खोजी गर्न सक्नुपर्छ। व्यक्तिले सत्यतालाई स्पष्ट रूपमा देख्नुपर्छ, सबै मामिलामा अभ्यासको बाटो खोज्नुपर्छ, हरेक दिन परमेश्वरका वचनहरू पढेर नयाँ प्रश्नहरू पत्ता लगाउनुपर्छ, र आफ्नै अपर्याप्तताहरूलाई बुझ्नुपर्छ, ताकि ऊसँग तृष्णा गर्ने र खोजी गर्ने हृदय होस् जसले उसको सम्पूर्ण अस्तित्वलाई अगुवाइ गर्छ, र ताकि पछि छोडिने डरले व्यक्ति परमेश्वरको सामु सधैँ शान्त हुन सकोस्। निरन्तर प्रवेश प्राप्त गर्न इच्छुक अनि तृषित र खोजी गर्ने हृदय भएको व्यक्ति आत्मिक जीवनको सही मार्गमा हुन्छ। जो पवित्र आत्माद्वारा प्रेरित छन्, जसले अझ राम्रो गर्न चाहन्छन्, जो परमेश्वरद्वारा सिद्ध हुन खोजी गर्छन्, जो परमेश्वरका वचनहरूको गहिरो बुझाइको तृष्णा गर्छन्, जो अलौकिकको पछि लाग्दैनन्, बरु वास्तविक मूल्य तिर्छन्, जसले वास्तवमा परमेश्वरको इच्छाको वास्ता गर्छन्, जसले वास्तवमै प्रवेश प्राप्त गर्दछन्, जसले गर्दा उनीहरूका अनुभवहरू अझ सच्चा र वास्तविक हुन्छन्, जसले रित्तो शब्द र सिध्दान्तहरूको खोजी गर्दैनन् वा अलौकिकता महसुस गर्न खोज्दैनन्, जसले कुनै महान व्यक्तित्वको पूजा गर्दैनन्—सामान्य आत्मिक जीवनमा प्रवेश गरेकाहरू यिनीहरू नै हुन्। उनीहरूले गर्ने सबै कुरा जीवनमा थप वृद्धि प्राप्त गर्न र आत्मामा आफैलाई ताजा र जीवन्त तुल्याउनको लागि हो, र तिनीहरूले सधैँ सक्रिय रूपमा प्रवेश प्राप्त गर्न सक्छन्। महसुसै नगरी तिनीहरूले सत्यलाई बुझ्छन् र वास्तविकतामा प्रवेश गर्छन्। सामान्य आत्मिक जीवन भएका मानिसहरूले हरेक दिन आत्माको मुक्ति र स्वतन्त्रता पाउँछन् र तिनीहरूले परमेश्वरलाई सन्तुष्ट तुल्याउने गरी उहाँका वचनहरू स्वतन्त्र रूपमा अभ्यास गर्न सक्छन्। यी मानिसहरूका लागि, प्रार्थना गर्नु कुनै औपचारिकता वा प्रक्रिया होइन; प्रत्येक दिन, तिनीहरूले नयाँ प्रकाशलाई पछ्याउन सक्छन्। उदाहरणको लागि, मानिसहरूले परमेश्वरसामु आफ्नो हृदय शान्त गराउन आफैलाई तालिम दिन्छन्, र उनीहरूको हृदय परमेश्वरसामु साँच्चै नै शान्त हुन सक्छ, र तिनीहरूलाई कसैले पनि वाधा दिन सक्दैन। कुनै व्यक्ति, घटना, वा चीजले उनीहरूको सामान्य आत्मिक जीवनलाई बाधा दिन सक्दैन। यस्तो तालिम परिणाम उत्पन्न गर्ने उद्देश्यले गरिएको हुन्छ; यो मानिसहरूलाई नियम पालन गर्न लगाउनको लागि होइन। यो अभ्यास नियम-पालनसँग सम्बन्धित छैन, बरु यो त मानिसहरूको जीवनमा वृद्धि ल्याउने कार्यसँग सम्बन्धित छ। यदि तैँले यो अभ्यासलाई पालना गर्नुपर्ने नियमहरूको रूपमा मात्र देख्छस् भने, तेरो जीवन कहिल्यै परिवर्तन हुनेछैन। तँ अरूको जस्तै अभ्यासमा संलग्न हुन सक्छस्, तर जब तिनीहरूले अन्ततः पवित्र आत्माको कामको गतिलाई पछ्याउन सक्ने हुन्छन्, तब तँलाई पवित्र आत्माको प्रवाहबाट हटाइन्छ। के तैँले आफैलाई धोका दिइरहेको छैनस् र? यी वचनहरूको उद्देश्य भनेको मानिसहरूलाई परमेश्वरसमक्ष आफ्नो हृदय शान्त गराउन, उनीहरूको हृदय परमेश्वरतिर फर्काउन दिनको लागि हो, ताकि तिनीहरूमा परमेश्वरले गर्नुहुने कामहरू कुनै बाधाविना अघि बढ्न सकोस् र त्यसले फल फलाउन सकोस्। त्यसो भएमा मात्र मानिसहरू परमेश्वरको इच्छाअनुसारको बन्न सक्छन्।

# मण्डलीको जीवन र वास्तविक जीवनको बारेमा छलफल

मानिसहरूलाई के लाग्छ भने, तिनीहरू मण्डलीको जीवनमा मात्र रूपान्तरण हुन सक्छन्। यदि तिनीहरू मण्डलीको जीवनमा छैनन् भने, तिनीहरूलाई तिनीहरू रूपान्तरण हुन सक्दैनन् भन्ने लाग्छ, मानौं वास्तविक जीवनमा रूपान्तरण हासिल गर्न सकिँदैन। के तिमीहरू यसको समस्या देख्न सक्छौ? मैले परमेश्‍वरलाई वास्तविक जीवनमा ल्याउने विषयमा पहिले नै कुरा गरिसकेको छु; परमेश्‍वरमा विश्‍वास गर्नेहरूका लागि यो परमेश्‍वरका वचनहरूको वास्तविकतामा प्रवेश गर्ने मार्ग हो। वास्तवमा, मण्डलीको जीवन भनेको मानिसहरूलाई सिद्ध गर्ने एउटा सीमित तरिका मात्र हो। मानिसहरूलाई सिद्ध बनाउने प्राथमिक वातावरण अझै पनि वास्तविक जीवन नै हो। मैले कुरा गरेको वास्तविक अभ्यास र वास्तविक प्रशिक्षण यही हो, जसले मानिसहरूलाई सामान्य मानवताको जीवन प्राप्त गर्न र दैनिक जीवनको क्रममा एक साँचो व्यक्तिको स्वरूपमा जिउन दिन्छ। एकातिर, व्यक्तिले आफ्नो शिक्षाको स्तर उठाउने, परमेश्‍वरका वचनहरू बुझ्ने, र ग्रहण गर्ने क्षमता हासिल गर्न अध्ययन गर्नु आवश्यक हुन्छ। अर्कोतर्फ, सामान्य व्यक्तिको अन्तर्दृष्टि र विवेक प्राप्त गर्नको लागि व्यक्ति मानवको रूपमा जिउनलाई चाहिने आधारभूत ज्ञानद्वारा सुसज्जित हुनुपर्दछ, किनकि मानिसहरूमा पूर्ण रूपमा यी क्षेत्रहरूको कमी छ। यसबाहेक, मण्डलीको जीवनद्वारा व्यक्तिले परमेश्‍वरका वचनहरूको स्वाद पनि लिनुपर्छ, र बिस्तारै सत्यताको स्पष्ट बुझाइ प्राप्त गर्नुपर्छ।

परमेश्‍वरमा विश्‍वास गर्दा, व्यक्तिले परमेश्‍वरलाई वास्तविक जीवनमा ल्याउनुपर्छ भनेर किन भनिन्छ? मानिसलाई रूपान्तरण गर्ने मण्डली जीवन मात्रै होइन; अझ महत्त्वपूर्ण कुरा, मानिसहरू वास्तविक जीवनमा नै वास्तविकतामा प्रवेश गर्नुपर्दछ। तिमीहरू वास्तविक जीवनमा धेरै थोकहरूको अभ्यास गर्न बेवास्ता गर्दै, र तिनीहरूमा तिमीहरूको प्रवेशलाई उपेक्षा गर्दै सधैँ आफ्नो आत्मिक स्थिति र आत्मिक कुराको बारेमा कुरा गर्थ्यौ। तिमीहरू प्रत्येक दिन लेख्थ्यौ, तिमीहरू प्रत्येक दिन सुन्थ्यौ, र तिमीहरू प्रत्येक दिन पढ्थ्यौ। तिमीहरूले खाना पकाउँदै गर्दा पनि तिमीहरू यसो भन्दै प्रार्थना गर्थ्यौ: "हे परमेश्‍वर! तपाईं मभित्रको मेरो जीवन बन्नुहोस्। तर आजको दिन बित्दा, कृपया मलाई आशिष् दिनुहोस् र मलाई ज्ञान दिनुहोस्। तपाईंले आज मलाई जुन कुराको ज्ञान दिनुहुन्छ, कृपया मलाई यो क्षणमा त्यसबारे बुझाउनुहोस्, यसैले कि तपाईंका वचनहरूले मेरो जीवनको रूपमा काम गरून्।" तैंले बेलुकीको भोजन खाइरहँदा पनि यसरी पनि प्रार्थना गर्थिस्: "हे परमेश्‍वर! तपाईंले हामीलाई यो भोजन दिनुभयो। तपाईंले हामीलाई आशिष् दिनुहोस्। आमेन! हामी तपाईंसँग जिउन सकौं। तपाईं हामीसँग हुनुहोस्। आमेन!" तैंले आफ्नो भोजन खाइसकेपछि र भाँडा माझेपछि तँ बरबराउन थालिस्: "हे परमेश्‍वर, म यो कचौरा हुँ। हामी शैतानद्वारा भ्रष्ट पारिएका छौं र प्रयोग गरिएका कचौराहरू जस्ता छौं जसलाई पानीले सफा गर्नैपर्छ। तपाईं त्यो पानी हुनुहुन्छ, र तपाईंका वचनहरू जीवित पानी हो, जसले मेरो जीवनका लागि आपूर्ति गर्दछ।" तैंले थाहा नपाई ओछ्यानमा जाने समय भएको हुन्थ्यो, र तँ फेरि बरबराउन थालिस्: "हे परमेश्‍वर! तपाईंले मलाई दिनभरि आशिष् दिनुभयो र मलाई डोर्‍याउनुभयो। म तपाईंप्रति साँच्चै आभारी

छु।...” तैंले आफ्नो दिन यसरी बिताइस्, र त्यसपछि तँ आफ्नो निद्रामा परिस्। प्रायः मानिसहरू दैनिक रूपमा यस्तै जीवन बिताउँछन्, र अहिले पनि उनीहरूले वास्तविक प्रवेशलाई बेवास्ता गर्दछन्, उनीहरूका प्रार्थनाहरूमा ओठे सेवा गर्नुमा मात्र ध्यान दिन्छन्। यो उनीहरूको पहिलेको जीवन हो—उनीहरूको पुरानो मनुष्यत्व। अनि धेरै जना यस्तै प्रकारका छन्; उनीहरूमा कुनै वास्तविक तालिमको अभाव हुन्छ, र उनीहरू अत्यन्तै थोरै वास्तविक रूपान्तरण हुँदछ। उनीहरू आफ्ना प्रार्थनाहरूमा ओठे सेवा मात्र चढाउँछन्, उनीहरू बोलीले मात्र परमेश्‍वरको नजिक हुन्छन्, तर उनीहरूको बुझाइमा गहिराइ हुँदैन। हामी यो अति साधारण उदाहरणलाई लिऊँ—तेरो घर सफा राख्ने बारेमा। तैंले आफ्नो घर लथालिङ्ग देख्छस्, त्यसैले तँ त्यहाँ बस्छस् प्रार्थना गर्छस्: “हे परमेश्‍वर! शैतानले ममाथि हालेको भ्रष्टता हेर्नुहोस्। म यो घरजस्तै फोहोर छु। हे परमेश्‍वर! म साँच्चै तपाईंको प्रशंसा गर्दछु र तपाईंलाई धन्यवाद दिन्छु। तपाईंको मुक्ति र ज्ञानविना मैले यो वास्तविकतालाई बुझ्नेथिइनँ।” तँ त्यहाँ बस्छस् र लामो समयसम्म प्रार्थना गर्दै बरबराउँछस्, र त्यसपछि तँ केही नभएको जस्तो व्यवहार गर्छस्, मानौं तँ अलमल्ल परेकी एक वृद्ध महिला होस्। वास्तविकतामा अलिकति पनि प्रवेश नगरी, धेरै वटा देखावटी अभ्यासहरू गर्दै आफ्नो आत्मिक जीवन बिताउँछस्! वास्तविक तालिममा प्रवेश गर्ने कार्यमा मानिसहरूका वास्तविक जीवन र उनीहरूका व्यावहारिक कठिनाइहरू समावेश हुन्छ—तिनीहरू परिवर्तन हुने एक मात्र तरिका यही हो। वास्तविक जीवनविना, मानिसहरू रूपान्तरण हुन सक्दैनन्। प्रार्थनामा ओठे सेवा गरेर के फाइदा हुन्छ र? मानिसको प्रकृतिलाई नबुझी, सबै कुरा समयको बरबादी हो, र अभ्यास गर्ने मार्गविना, सबै प्रयास व्यर्थ हुन्छ! सामान्य प्रार्थनाले मानिसहरूलाई भित्री रूपमा आफ्नो सामान्य अवस्था कायम राख्न सहायता गर्दछ, तर तिनीहरू यसद्वारा पूर्ण रूपमा रूपान्तरण हुन सक्दैनन्। मानव स्व-धार्मिकता, अहङ्कार, घमण्ड, सेखीलाई चिन्नु र मानिसका भ्रष्ट स्वभावहरू जान्नु जस्ता कुराको ज्ञान प्रार्थनाद्वारा आउँदैन—परमेश्‍वरको वचन चाखेपछि मात्र तिनको बारेमा थाहा पाइन्छ, र वास्तविक जीवनमा पवित्र आत्माले दिनुहुने ज्ञानद्वारा मात्र तिनको बारेमा जान्न सकिन्छ। आजभोलिका सबै मानिसहरू राम्ररी बोल्न सक्छन्, र उनीहरूले सबैभन्दा उत्कृष्ट प्रचार सुनेका हुन्छन्—युगौं-युगको अवधिमा अरू सबैले दिएकोभन्दा उच्च—यद्यपि त्यसको थोरै भागलाई मात्र उनीहरूको वास्तविक जीवनमा लागू गरिन्छ। भन्नुको तात्पर्य, तिनीहरूको वास्तविक जीवनमा परमेश्‍वर हुनुहुन्न; रूपान्तरणपछि तिनीहरूमा नयाँ व्यक्तिको जीवन हुँदैन। वास्तविक जीवनमा तिनीहरू सत्यतामा जिउँदैनन्, न त तिनीहरूले परमेश्‍वरलाई नै वास्तविक जीवनमा ल्याउँछन्। तिनीहरू नरकका सन्तान जस्तो भएर जिउँछन्। के यो स्पष्ट देखिने विचलन होइन र?

सामान्य व्यक्तिको स्वरूपलाई पुनर्स्थापित गर्न, अर्थात्, सामान्य मानवता हासिल गर्नको लागि, मानिसहरूले केवल उनीहरूको वचनद्वारा मात्र परमेश्‍वरलाई खुसी पार्न सक्दैनन्। त्यसो गरेर तिनीहरू आफ्नै हानि मात्र गर्छन्, र यसले तिनीहरूको प्रवेश वा रूपान्तरणमा फाइदा गर्दैन। त्यसकारण, रूपान्तरण प्राप्त गर्न, मानिसहरूले अलिअलि गर्दै अभ्यास गर्नुपर्छ। तिनीहरू बिस्तारै प्रवेश गर्नुपर्छ, अली-अली गर्दै खोज्नु र पत्ता लाउनुपर्छ, सकारात्मक भएर प्रवेश गर्नुपर्दछ, र सत्यको व्यावहारिक जीवन; एक सन्तको जीवन जिउनुपर्छ। त्यसपछि, वास्तविक थोकहरू,

वास्तविक घटनाहरू, र वास्तविक वातावरणले मानिसहरूलाई व्यावहारिक तालिम दिन्छ। मानिसहरूले ओठको सेवा गर्नुपर्ने कुनै आवश्यक छैन; यसको सट्टा, तिनीहरूले वास्तविक वातावरणमा तालिम लिनुपर्छ। मानिसहरूले पहिले उनीहरूमा अति थोरै क्षमता छ भनी थाहा पाउँछन् र त्यसपछि उनीहरूले सामान्य रूपमा परमेश्वरका वचनहरू खान्छन् र पिउँछन्, सामान्य रूपमा प्रवेश गर्छन् र अभ्यास गर्छन्; यसरी मात्र उनीहरूले वास्तविकता प्राप्त गर्न सक्दछन्, र यसरी नै प्रवेश अझ तीव्र गतिमा आउन सक्छ। मानिसहरूलाई रूपान्तरण गर्नको लागि, केही व्यावहारिकता हुनुपर्दछ; तिनीहरूले वास्तविक थोकहरू, वास्तविक घटनाहरू, र वास्तविक वातावरणमा अभ्यास गर्नुपर्छ। के एक व्यक्तिले मण्डलीको जीवनमा मात्र निर्भर भएर साँचो तालिम लिन सक्छ? के मानिसहरू यस्तो प्रकारले वास्तविकतामा प्रवेश गर्न सक्छन्? सक्दैनन्! यदि मानिसहरू वास्तविक जीवनमा प्रवेश गर्न सक्दैनन् भने, तिनीहरू आफ्नो पुरानो जीवनशैली र काम गर्ने पुराना तरिकाहरू रूपान्तरण गर्न सक्दैनन्। यो पूर्ण रूपमा मानिसहरूको आलस्य र धेरै परानिर्भरताका कारणले होइन, तर यसको कारण के हो भने, मानिसहरूसँग जिउने क्षमता छैन, र यसको अतिरिक्त, उनीहरूलाई सामान्य व्यक्तिको स्वरूपको सम्बन्धमा परमेश्वरको मापदण्डको ज्ञान छैन। विगतमा, मानिसहरू जहिल्यै पनि कुरा गर्दथे, बोल्थे, कुराकानी गर्थे–र तिनीहरू “वक्ता” समेत बने–तापनि उनीहरूमध्ये कसैले पनि आफ्नो जीवनको स्वभावमा रूपान्तरणको खोजी गरेनन्; यसको सट्टा, तिनीहरूले अन्धाधुन्ध गहन सिद्धान्तहरूको खोजी गरे। यसैले, आजका मानिसहरूले आफ्नो जीवनमा परमेश्वरमाथिको विश्वास गर्ने धार्मिक शैली परिवर्तन गर्नुपर्दछ। तिनीहरूले एउटा घटना, एउटा थोक, एउटा व्यक्तिमा केन्द्रित भएर अभ्यासमा प्रवेश गर्नुपर्दछ। तिनीहरूले ध्यान दिएर यो गर्नुपर्छ–तब मात्र तिनीहरूले परिणाम प्राप्त गर्न सक्छन्। मानिसहरूको रूपान्तरण तिनीहरूको सारको परिवर्तनबाट सुरु हुन्छ। त्यो कामको लक्ष्य मानिसहरूको सार, तिनीहरूका जीवन, र तिनीहरूको आलस्य, परानिर्भरता, र दासत्वमा लक्षित हुनुपर्दछ–यस तरिकाले मात्र उनीहरू रूपान्तरण हुन सक्छन्।

मण्डलीको जीवनले केही क्षेत्रहरूमा परिणाम उत्पन्न गर्न सक्ने भए तापनि, मुख्य कुरा त अझै पनि के हुन्छ भने, वास्तविक जीवनले नै मानिसहरूलाई रूपान्तरण गर्न सक्छ। कुनै व्यक्तिको पुरानो स्वभावलाई वास्तविक जीवनविना रूपान्तरण गर्न सकिँदैन। उदाहरणका लागि हामी अनुग्रहको युगको अवधिको येशूको कामलाई विचार गरौं। जब येशूले पहिलेका व्यवस्थाहरूलाई रद्द गर्नुभयो र नयाँ युगका आज्ञाहरू स्थापित गर्नुभयो, तब उहाँ वास्तविक जीवनका वास्तविक उदाहरणहरू प्रयोग गरेर बोल्नुभयो। विश्राम-दिनमा येशू आफ्ना चेलाहरूलाई गहुँको खेततिरबाट डोऱ्याउँदै लैजानुभएको बेला, उहाँका चेलाहरू भोकाए र अन्नका बालाहरू चुँडाएर खाए। फरिसीहरूले यो देखेर तिनीहरूले शबाथको दिन पालन गरिरहेका छैनन् भनी भने। तिनीहरूले शबाथको दिन खाडलमा खसेका बाछाहरूलाई बचाउन मानिसहरूलाई अनुमति छैन, किनभने विश्रामको दिनमा कुनै काम गर्नुहुँदैन पनि भने। येशूले नयाँ युगको आज्ञा बिस्तारै विस्तार गर्नका निम्ति यी घटनाहरूको बारेमा उल्लेख गर्नुभयो। त्यस समयमा, उहाँले मानिसहरूलाई बुझ्न र रूपान्तरण हुन सहायता गर्नको लागि धेरै वटा व्यावहारिक विषयहरू प्रयोग गर्नुभयो। यही सिद्धान्तद्वारा पवित्र

आत्माले आफ्नो काम गर्नुहुन्छ, र मानिसहरूलाई रूपान्तरण गर्न सक्ने एउटै मात्र तरिका यही हो। व्यावहारिक विषयहरूविना, मानिसहरूले सैद्धान्तिक र बौद्धिक बुझाइ मात्र प्राप्त गर्न सक्छन्–यो रूपान्तरण हुने प्रभावकारी तरिका होइन। त्यसैले, कुनै व्यक्तिले तालिमद्वारा कसरी बुद्धि र अन्तर्दृष्टि प्राप्त गर्न सक्छ? के मानिसहरूले सुनेर, पढेर, र आफ्नो ज्ञान बढाएर मात्र बुद्धि र ज्ञान प्राप्त गर्न सक्छ? यस्तो कसरी हुन सक्छ? मानिसहरूले वास्तविक जीवनमा बुझ्नु र अनुभव गर्नुपर्दछ! त्यसकारण, एक व्यक्तिले तालिम लिनैपर्छ, र ऊ वास्तविक जीवनबाट अलग हुनु हुँदैन। मानिसहरूले विभिन्न पक्षमा ध्यान दिनुपर्छ र तिनीहरू विभिन्न पक्षहरूमा प्रवेश गर्नुपर्दछ: शिक्षाको स्तर, अभिव्यक्ति क्षमता, विभिन्न कुराहरू देख्ने क्षमता, समझशक्ति, परमेश्‍वरको वचन बुझ्ने क्षमता, सामान्य ज्ञान र मानवजातिका नियमहरू, र मानवजातिसँग सम्बन्धित अन्य कुराहरू जसद्वारा मानिसहरूसँग सुसज्जित हुनुपर्छ। बुझाइ प्राप्त गरिसकेपछि, मानिसहरूले प्रवेशमा ध्यान केन्द्रित गर्नुपर्दछ, र त्यसपछि मात्र रूपान्तरण प्राप्त गर्न सकिन्छ। यदि कसैले बुझाइ प्राप्त गरेको छ, तर तिनीहरूले अभ्यासलाई बेवास्ता गर्छन् भने, रूपान्तरण कसरी प्राप्त हुन सक्छ? वर्तमानमा, मानिसहरूले धेरै कुरा बुझ्दछन्, तर तिनीहरू वास्तविकतामा जिउँदैनन्; तसर्थ, तिनीहरूसँग परमेश्‍वरको वचन सम्बन्धी आवश्यक बुझाइ थोरै मात्र हुन्छ। तैंले तुलनात्मक हिसाबमा थोरै मात्र ज्ञान प्राप्त गरेको छस्; तैंले पवित्र आत्माबाट थोरै मात्र प्रकाश प्राप्त गरेको छस्, तापनि तँ वास्तविक जीवनमा प्रवेश गरेको छैनस्–वा तैँले प्रवेश गर्नेबारे वास्ता पनि गर्दैनस्–त्यसैले तँ कम रूपान्तरण भएको छस्। त्यत्ति लामो समयपछि, मानिसहरूले धेरै कुरा बुझ्छन्। तिनीहरू सिद्धान्तहरू सम्बन्धी आफ्नो ज्ञानको बारेमा धेरै कुरा गर्न सक्छन्, तर तिनीहरूको बाहिरी स्वभाव उस्तै नै रहन्छ, र तिनीहरूको मूल क्षमता यथावत् रहन्छ, अलिकति पनि अगाडि बढ्दैन। यदि यस्तो हो भने, तँ अन्ततः कहिले प्रवेश गर्नेछस्?

मण्डलीको जीवन केवल एउटा यस्तो प्रकारको जीवन हो जहाँ मानिसहरू परमेश्‍वरको वचनको स्वाद लिन भेला हुन्छन्, र यसले व्यक्तिको जीवनको सानो भागलाई मात्र निर्माण गर्छ। यदि मानिसहरूको सामान्य जीवन–सामान्यतया परमेश्‍वरका वचनहरूको स्वाद लिँदै, प्रार्थना गर्दै र सामान्यतया परमेश्‍वरसँग नजिक हुँदै, सबै कुरा परमेश्‍वरको इच्छाअनुसार गरेर वास्तविक जीवन जिउँदै, सबै कुरा परमेश्‍वरको सत्यताअनुसार गरेर वास्तविक जीवन जिउँदै, प्रार्थनाको अभ्यास गर्ने र परमेश्‍वरको सामु शान्त रहन अभ्यास गर्ने वास्तविक जीवन जिउँदै, भजनहरू गाउने र नाच्ने जस्ता कार्य अभ्यास गर्दै जिउने गरिएको सामान्य आत्मिक जीवन लगायत–तिनीहरूको मण्डलीको जीवन जस्तै हुन सक्यो भने त्यस किसिमको जीवनले मात्र तिनीहरूलाई परमेश्‍वरको वचनको जीवनमा ल्याउनेथियो। धेरैजसो मानिसहरूले मण्डलीदेखि बाहिरको जीवनलाई “परवाह” नगरी उनीहरूको मण्डली जीवनका कैयौं घण्टाको समयलाई मात्र ध्यान दिन्छन्, मानौं बाहिरको जीवनसित तिनीहरूको कुनै सरोकार छैन। त्यहाँ त्यस्ता धेरै मानिसहरू पनि छन् जो परमेश्‍वरका वचनहरू खाउँदा र पिउँदा, भजनहरू गाउँदा, वा प्रार्थना गर्दा मात्र सन्तहरूको जीवनमा प्रवेश गर्छन्, त्यसपछि ती समयदेखि बाहिरका समयमा उनीहरू आफ्ना पुरानो स्वभावमा फर्कन्छन्। यस प्रकारले जियाइले मानिसहरूलाई रूपान्तरण गर्न सक्दैन, तिनीहरूलाई परमेश्‍वर चिन्ने

तुल्याउनु त परको कुरा हो। परमेश्‍वरमा विश्‍वास गरेर, यदि मानिसहरू आफ्नो स्वभाव परिवर्तन गर्न चाहन्छन्, भने उनीहरूले आफैलाई वास्तविक जीवनबाट अलग गर्नुहुँदैन। वास्तविक जीवनमा तैँले आफैलाई चिन्‍नुपर्छ, आफैलाई त्याग्नुपर्छ, सत्यको अभ्यास गर्नुपर्छ, साथै बिस्तारै रूपान्तरण हासिल गर्नुभन्दा अघि तैँले सबै कुरामा आत्म-आचरणका सिद्धान्तहरू, सामान्य ज्ञान र नियमहरू सिक्‍नुपर्दछ। यदि तैँले सैद्धान्तिक ज्ञानमा मात्र ध्यान केन्द्रित गर्छस् र वास्तविकताको गहिराइमा नपसी, वास्तविक जीवनमा प्रवेश नगरी केवल धार्मिक विधिविधानहरूमा मात्र जिउँछस् भने तँ वास्तविकताभित्र कहिल्यै पनि प्रवेश गर्नेछैनस्, तैँले आफैलाई, सत्यतालाई वा परमेश्‍वरलाई कहिल्यै जान्‍नेछैनस्, र तँ सदासर्वदा अन्धो र अज्ञानी हुनेछस्। मानिसहरूलाई मुक्ति दिने परमेश्‍वरको कार्य तिनीहरूलाई थोरै समयपछि सामान्य मानवीय जीवन बिताउन दिनु होइन, न त उनीहरूका गलत धारणा र सिद्धान्तहरूलाई रूपान्तरण गर्नको लागि नै हो। बरु, उहाँको उद्देश्य मानिसहरूको पुरानो स्वभाव परिवर्तन गर्नु, उनीहरूको पुरानो जीवनशैलीलाई पूर्ण रूपमा बदल्नु, र तिनीहरूको पुरानो सोच र मानसिक दृष्टिकोणलाई बदल्नु हो। केवल मण्डलीको जीवनमा ध्यान केन्द्रित गरेर मात्रै मानिसहरूका पुरानो जीवनका बानीहरू परिवर्तन हुँदैनन् वा उनीहरू लामो समयदेखि बाँचेको पुरानो तरिकाहरू परिवर्तन हुँदैनन्। जे भए पनि, मानिसहरू वास्तविक जीवनबाट अलग हुनुहुँदैन। मानिसहरूले मण्डलीको जीवनमा मात्र होइन, तर वास्तविक जीवनमा समेत सामान्य मानव जीवन जिऊन् भनी परमेश्‍वरले आग्रह गर्नुहुन्छ; तिनीहरूले मण्डलीको जीवनमा मात्र होइन, तर वास्तविक जीवनमा समेत सत्यतामा बाँचून्, र तिनीहरूले मण्डलीको जीवनमा मात्र होइन, वास्तविक जीवनमा समेत आफ्ना कार्यहरू पूरा गरून्। वास्तविकतामा प्रवेश गर्नका लागि, व्यक्तिले सबै थोकलाई वास्तविक जीवनतर्फ मोड्नुपर्छ। यदि, परमेश्‍वरमा विश्‍वास गरेर, वास्तविक जीवनमा प्रवेश गरेपछि मानिसहरूले आफैलाई चिन्‍न सक्दैनन्, र यदि तिनीहरू वास्तविक जीवनको सामान्य मानवतामा जिउन सक्दैनन् भने तिनीहरू असफल बन्‍नेछन्। परमेश्‍वरको आज्ञा पालन नगर्नेहरू सबै ती मानिसहरू हुन् जो वास्तविक जीवनमा प्रवेश गर्न सक्दैनन्। तिनीहरू सबै ती मानिसहरू हुन् जसले मानवताको कुरा त गर्छन्, तर भूतात्माहरूको प्रकृति बोकेर जिउँछन्। तिनीहरू सबै त्यस्ता मानिसहरू हुन् जसले सत्यको कुरा गर्छन्, तर त्यसको साटो धर्मसिद्धान्तहरूमा जिउँछन्। वास्तविक जीवनमा सत्यताअनुसार जिउन नसक्‍नेहरू ती हुन् जसले परमेश्‍वरमा विश्‍वास त गर्छन्, तर तिनीहरूलाई उहाँले घृणा र अस्वीकार गर्नुहुन्छ। तैँले वास्तविक जीवनमा प्रवेश गर्ने अभ्यास गर्नुपर्छ, तेरा आफ्नै कमीहरू, अनाज्ञाकारिता, र अज्ञानतालाई जान्‍नुपर्छ, र तेरो असामान्य मानवता र कमजोरीहरूलाई जान्‍नुपर्छ। त्यसरी, तेरो ज्ञान तेरो वास्तविक अवस्था र कठिनाइहरूसँग जोडिनेछ। केवल यस प्रकारको ज्ञान मात्र वास्तविक हुन्छ र तँलाई वास्तविक रूपमा तेरो आफ्नो अवस्था बुझ्ने र स्वभाविक रूपान्तरण प्राप्त गर्ने तुल्याउन सक्छ।

अब मानिसहरूलाई सिद्ध बनाउने कार्य औपचारिक रूपमा सुरु भएको छ, त्यसकारण तँ वास्तविक जीवनमा प्रवेश गर्नु नै पर्छ। यसैले रूपान्तरण प्राप्त गर्नको लागि, तैंले वास्तविक जीवनमा प्रवेश गरेर यस कार्यलाई थाल्नुपर्छ, र अलिअलि गर्दै रूपान्तरण हुनुपर्छ। यदि तँ सामान्य मानवीय जीवनलाई बेवास्ता गर्छस् र केवल आत्मिक कुराको बारेमा मात्र कुरा गर्छस् भने,

स्थितिहरू सुक्खा र नीरस बन्छन्; ती अव्यावहारिक बन्छन्, तब मानिसहरू कसरी रूपान्तरण हुन सक्छन्? अब तँलाई साँचो अनुभवमा प्रवेश गर्ने आधार स्थापना गर्नका लागि अभ्यास गर्न वास्तविक जीवनमा प्रवेश गर्न भनिएको छ। यो मानिसहरूले गर्नुपर्ने कार्यको एउटा पक्ष हो। पवित्र आत्माको काम मुख्यतया मार्गदर्शन दिनु हो, जबकि बाँकी कुराहरू मानिसहरूको अभ्यास र प्रवेशमा निर्भर हुन्छ। सबैले विभिन्न मार्गहरूद्वारा वास्तविक जीवनमा प्रवेश गर्न सक्दछन्, त्यसरी तिनीहरूले परमेश्वरलाई वास्तविक जीवनमा ल्याउन सक्दछन्, र वास्तविक सामान्य मानव जीवन जिउन सक्छन्। यो मात्रै जीवन अर्थपूर्ण जीवनको प्रकार हो!

# हरेकले आफ्नो काम पूरा गर्ने विषयमा

अहिलेका प्रवाहमा, परमेश्वरलाई वास्तवमै प्रेम गर्ने सबैले उहाँबाट सिद्ध हुने अवसर पाएका छन्। चाहे उनीहरू जवान हुन् वा वृद्ध, उनीहरूले आफ्नो हृदयमा परमेश्वरको आज्ञा पालन र उहाँलाई आदर गरिरहेमा उनीहरू उहाँबाट सिद्ध हुन सक्छन्। परमेश्वरले मानिसहरूलाई उनीहरूको विभिन्न कामअनुसार सिद्ध पार्नुहुन्छ। जबसम्म तैँले आफ्ना सबै शक्ति खर्च गर्छस्, र परमेश्वरको काममा समर्पित हुन्छस्, तँ उहाँबाट सिद्ध पारिन सक्नेछस्। अहिले, तिमीहरूमध्ये कोही पनि सिद्ध छैनौ। कहिलेकाहीँ तिमीहरू एक प्रकारको काम गर्न सक्षम हुन्छौ, र अरू समयमा तिमीहरूले दुई प्रकारको काम गर्न सक्षम हुन्छौ। जबसम्म तँ आफूलाई परमेश्वरको लागि समर्पित गर्न सक्दो प्रयास गर्छस्, तँ अन्ततः उहाँबाट सिद्ध हुनेछस्।

युवाहरूसँग बाँच्नको लागि थोरै दर्शनहरू हुन्छन्, र तिनीहरूमा बुद्धि र अन्तर्दृष्टि हुँदैन। परमेश्वर मानिसको बुद्धि र अन्तर्दृष्टिलाई सिद्ध गर्नका लागि यहाँ हुनुहुन्छ। उहाँको वचनले उनीहरूको कमी-कमजोरीलाई पूरा गर्दछ। यद्यपि, युवाहरूको स्वभाव अस्थिर छ, र तिनीहरूलाई परमेश्वरले परिवर्तन गर्नुपर्दछ। युवाहरूसँग बाँच्नका लागि कम धार्मिक धारणा र कम दर्शनहरू छन्; तिनीहरू सबै चीजलाई सामान्य रूपमा सोच्छन्, र तिनीहरूको विचारहरू जटिल छैनन्। यो उनीहरूको मानवताको अंश हो जसले अझैसम्म आकार लिएको छैन, र यो प्रशंसनीय पक्ष हो; यद्यपि युवाहरूमा अज्ञानता छ र बुद्धिको कमी छ। यो परमेश्वरद्वारा सिद्ध हुनुपर्ने कुरा हो। परमेश्वरद्वारा सिद्ध पारिएमा यसले तिमीहरूलाई विवेक विकास गर्न सक्षम तुल्याउनेछ। तँ धेरै आध्यात्मिक कुराहरूलाई स्पष्टसँग बुझ्न सक्षम हुनेछस्, र बिस्तारै यस्तो व्यक्तिमा परिणत हुनेछस् जो परमेश्वरले प्रयोग गर्न योग्य छ। पाको उमेरका दाजुभाइ तथा दिदीबहिनीहरूसँग पनि तिनीहरूले गर्नुपर्ने कामहरू छन्, र तिनीहरूलाई परमेश्वरले त्याग्नुभएको छैन। पाको उमेरका दाजुभाइ तथा दिदीबहिनीहरूसँग पनि दुबै वाञ्छनीय र अवाञ्छनीय पक्षहरू हुन्छन्। उनीहरूसँग बाँच्नको लागि बढी दर्शन र बढी धार्मिक धारणा हुन्छन्। आफ्ना कार्यहरूमा, तिनीहरू धेरै कडा नियमहरूको पालना गर्छन् र नियमहरूको शौकीन हुन्छन् जसलाई उनीहरू यान्त्रिक रूपमा र लचकताविना नै लागू गर्छन्। यो एक अवाञ्छनीय पक्ष हो। तथापि, यी पाका उमेरका दाजुभाइ तथा दिदीबहिनीहरू जेसुकै आइपरे पनि शान्त र स्थिर रहन्छन्; तिनीहरूको स्वभाव स्थिर छ, र

तिनीहरूसँग आँधीबेहरीजस्तो मनस्थिति हुँदैन। तिनीहरू कुराहरू स्विकार गर्नमा ढिलो हुन सक्छन्, यद्यपि यो ठूलो गल्ती होइन। जबसम्म तिमीहरू समर्पित हुन सक्छौ; जबसम्म तिमीहरू परमेश्‍वरको अहिलेसम्मको वचनहरूलाई स्वीकार गर्न सक्छौ र परमेश्‍वरको वचनहरूलाई जाँच गर्दैनौ; जबसम्म तिमीहरू केवल समर्पण र अनुसरणको विषयमा चासो राख्छौ, र परमेश्‍वरका वचनहरूलाई न्याय गर्दैनौ वा तिनका बारेमा अन्य कुविचारहरू राख्दैनौ; जबसम्म तिमीहरू उहाँका वचनहरूलाई स्वीकार गर्छौ र त्यसलाई व्यवहारमा लागू गर्छौ भने—यी सर्तहरू पूरा गरेपछि तिमीहरू सिद्ध हुनेछौ।

तँ चाहे कम उमेरको होस् वा पाको उमेरको दाजुभाइ तथा दिदीबहिनी होस्, तैँले पूरा गर्नुपर्ने काम तँलाई थाहा छ। ती व्यक्तिहरू जो आफ्नो युवावस्थामा छन् तिनीहरू अहङ्कारी छैनन्; जो बृद्धावस्थामा छन् तिनीहरू निष्क्रिय छैनन्, न त तिनीहरू पछि नै हट्छन्। यसबाहेक, तिनीहरू आफ्नो कमजोरीहरूलाई पूर्ति गर्नका लागि एक अर्काका शक्तिहरूको प्रयोग गर्न सक्षम छन्, र तिनीहरूले कुनै पूर्वाग्रहविना एक-अर्काको सेवा गर्न सक्छन्। मित्रताको पुल जवान र पाका दाजुभाइ-दिदीबहिनीहरूको बीचमा बनाइन्छ, र परमेश्‍वरको प्रेमको कारण, तिमीहरू एक-अर्कालाई अझ राम्ररी बुझ्न सक्षम हुन्छौ। जवान दाजुभाइ-दिदीबहिनीहरूले पाका दाजुभाइ-दिदीबहिनीहरूलाई तुच्छ ठान्दैनन्, र पाका दाजुभाइ-दिदीबहिनीहरू पनि आत्मधर्मी हुँदैनन्: के यो एउटा सहिष्णुतापूर्ण साझेदारी होइन र? यदि तिमीहरू सबैसँग त्यस्तो संकल्प छ भने, परमेश्‍वरको इच्छा निश्‍चित रूपमा तिमीहरूको पुस्तामा पूरा हुनेछ।

भविष्यमा, तँलाई आशीर्वाद दिइनेछ कि सराप दिइनेछ भन्‍ने कुरा तिमीहरूको आजको कार्य र व्यवहारको आधारमा नै निर्णय गरिनेछ। यदि तिमीहरू परमेश्‍वरबाट सिद्ध पारिन चाहन्छौ भने, यो अहिले नै, यस युगमा हुनुपर्दछ; भविष्यमा अर्को अवसर हुनेछैन। परमेश्‍वरले तिमीहरूलाई अहिले सिद्ध पार्ने साँचो चाहना गर्नुहुन्छ, र यो बोल्ने तरिकाको कुरा होइन। भविष्यमा, तिमीहरूका अगाडि जस्तोसुकै परीक्षाहरू आइपरे पनि, जे घटनाहरू घटे पनि वा तिमीहरूले जुन विपत्तिहरूको सामना गर्नुपरे पनि, परमेश्‍वरले तिमीहरूलाई सिद्ध पार्न चाहनुहुन्छ; यो एक निश्‍चित र निर्विवाद तथ्य हो। यो कहाँ देख्न सकिन्छ? युगहरू र पुस्ताहरूका परमेश्‍वरको वचनले आजसम्म यत्तिको उचाइ प्राप्त गरेको छैन भन्‍ने तथ्यमा यसलाई देख्न सकिन्छ। यो सबैभन्दा माथिल्लो क्षेत्रमा प्रवेश गरिसक्यो, र सम्पूर्ण मानवतामा पवित्र आत्माको आजको काम अभूतपूर्व छ। विगतका पुस्ताका कुनै पनि मानिसहरूले सायदै यस्तो अनुभव गरेका थिए; येशूको युगमा पनि, आजको प्रकाशहरू अस्तित्वमा थिएनन्। तिमीहरूका निम्ति बोलिएका वचनहरू, तिमीहरूले बुझेका कुराहरू, र तिमीहरूको अनुभव सबै नयाँ शिखरमा पुगेको छ। परीक्षा र सजायको बीचमा, तिमीहरूले छोडेर जाँदैनौ, र परमेश्‍वरको कामले अभूतपूर्व महिमा प्राप्त गरेको पर्याप्त प्रमाण यही नै हो। यो मानिसले गर्न सक्ने काम होइन, न त यो मानिसले कायम गर्ने कुरा नै हो; बरु, यो त परमेश्‍वर स्वयम्‌को काम हो। तसर्थ, परमेश्‍वरको कामको धेरै वास्तविकताबाट, यो देख्न सकिन्छ कि परमेश्‍वर मानिसलाई सिद्ध बनाउन चाहनुहुन्छ, र उहाँ पक्कै पनि तिमीहरूलाई पूर्ण गर्न सक्षम हुनुहुन्छ। यदि तिमीहरूसँग यो अन्तर्दृष्टि छ, र तिमीहरू यो नयाँ खोजी गर्छौ भने, तिमीहरूले येशूको दोस्रो

आगमनको लागि पर्खनेछैनौ; यसको सट्टामा, अहिलेको युगमा तिमीहरूलाई पूर्ण बनाउनको लागि परमेश्‍वरलाई अनुमति दिनेछौ। त्यसकारण, तिमीहरू प्रत्येकले कुनै मेहनत नछोडी अथक प्रयास गर्नु पर्छ ताकि तिमीहरू परमेश्‍वरबाट सिद्ध हुन सक।

अब, तैँले नकारात्मक कुराहरूमा कुनै ध्यान दिनु हुँदैन। पहिले, तँलाई नकारात्मक महसुस गराउने कुरालाई आफूबाट टाढा राख् र त्यसलाई वास्ता नगर्। जब तैँले समस्याहरूको सामना गरिरहेको हुन्छस्, त्यस्तो हृदयले त्यसो गर् जसले अघि जाने बाटो खोजी गर्दछ र महसुस गर्दछ, त्यस्तो हृदय जो परमेश्‍वरमा समर्पित हुन्छ। जब तिमीहरूले आफूभित्र कुनै कमजोरी भेट्टाउँछौ तर त्यसले आफूलाई नियन्त्रण गर्न दिँदैनौ, बरु, आफूले गर्नुपर्ने कामहरू पूरा गर्छौ, तब तिमीहरूले एउटा सकारात्मक कदम चालेका छौ। उदाहरणको लागि, तेरा पाका दाजुभाइ-दिदीबहिनीहरूको धार्मिक धारणाहरू छन्, तर तँ परमेश्‍वरको वचनमा प्रार्थना गर्न, समर्पित हुन, यसलाई खान र पिउन, र भजन गाउन सक्षम छस्...। भन्नुको अर्थ, तैँले गर्न सक्ने जेसुकै कुराका लागि, तैँले पूरा गर्न सक्ने जुनसुकै कामका लागि तैँले आफैलाई आफ्ना सबै बलका साथ समर्पण गर्नु पर्छ। निष्क्रिय रूपमा प्रतीक्षा नगर्। तेरो कर्तव्य पूरा गर्ने क्रममा परमेश्‍वरलाई सन्तुष्ट पार्न सक्षम हुनु पहिलो चरण हो। त्यसपछि, जब तँ सत्यलाई बुझ्न सक्छस् र परमेश्‍वरका वचनहरूको वास्तविकतामा प्रवेश पाउँछस्, तँ तपाईं उहाँद्वारा सिद्ध पारिनेछस्।

## परमेश्‍वरले मानिसलाई प्रयोग गर्नुहुने सम्बन्धमा

पवित्र आत्माले विशेष मार्गनिर्देशन र अगुवाइ प्रदान गर्नुभएका व्यक्तिहरूबाहेक अरू कोही पनि स्वतन्त्र रूपमा जिउन सक्दैन, किनकि तिनीहरूलाई ती व्यक्तिहरूका सेवकाइ र गोठालोपनको आवश्यकता पर्छ, जसलाई परमेश्‍वरले प्रयोग गर्नुभएको हुन्छ। यसैले परमेश्‍वरले प्रत्येक युगमा विभिन्न मानिसहरूलाई खडा गर्नुहुन्छ जो उहाँको कामको खातिर मण्डलीहरूको गोठालो गर्दै व्यस्तताका साथ दौडधूप गर्छन्। यो भनेको के हो भने, परमेश्‍वरको काम ती मानिसहरूद्वारा गरिनुपर्छ जसलाई उहाँले कृपासाथ हेर्नुहुन्छ र स्वीकृति दिनुहुन्छ; पवित्र आत्माले उहाँको काम गर्नका निम्ति प्रयोग गर्न सक्नुहुने तिनीहरू भित्रको भाग प्रयोग गर्नुपर्दछ, अनि तिनीहरू पवित्र आत्माद्वारा सिद्ध तुल्याइएर परमेश्‍वरका प्रयोगका निम्ति योग्य बनाइन्छन्; मानिसको बुझ्ने क्षमता धेरै कम भएकोले तिनीहरू परमेश्‍वरद्वारा प्रयोग गरिएका व्यक्तिहरूद्वारा गोठालो गरिनुपर्छ; परमेश्‍वरले मोशालाई पनि त्यसरी नै प्रयोग गर्नुभएको थियो, जसमा उहाँले त्यो बेला प्रयोग गर्न सकिने धेरै कुरा पाउनुभयो, जुन कुराहरू तिनले त्यस चरणको परमेश्‍वरको काम गर्न प्रयोग गरे। यस चरणमा, परमेश्‍वरले एक व्यक्तिलाई प्रयोग गर्नुहुन्छ, साथै पवित्र आत्माले काममा प्रयोग गर्न सक्नुहुने त्यस व्यक्तिको भागको फाइदा उठाउनुहुन्छ, र पवित्र आत्माले उसलाई मार्गनिर्देशन गर्ने, त्यसको साथै प्रयोग हुन नसक्ने उसको बाँकी भागलाई सिद्ध पार्ने दुवै काम गर्नुहुन्छ।

परमेश्‍वरद्वारा प्रयोग गरिएको व्यक्तिले गर्ने काम ख्रीष्ट वा पवित्र आत्माको काममा सहकार्य

गर्नको लागि हुन्छ। यो मानिसलाई परमेश्‍वरले मानिसको माझमा खडा गर्नुभएको हुन्छ, ऊ परमेश्‍वरका सबै चुनिएकालाई अगुवाइ गर्न त्यहाँ हुन्छ, र मानव सहकार्य गर्नका निम्ति पनि उसलाई परमेश्‍वरले खडा गर्नुभएको हुन्छ। मानव सहकार्यको काम गर्न सक्ने यस्तो व्यक्तिको साथमा मानिसहरूबाट परमेश्‍वरले गर्नुभएका मागहरू र मानिसहरूका बीचमा पवित्र आत्माले गर्नुपर्ने काम उसैको माध्यमद्वारा हासिल गर्न सकिन्छ। यसलाई अर्को प्रकारले यसरी भन्न सकिन्छ: परमेश्‍वरले यस मानिसलाई प्रयोग गर्नुको लक्ष्य परमेश्‍वरको पछि लाग्ने सबैले परमेश्‍वरको इच्छा अझै राम्ररी बुझ्न सकून् र परमेश्‍वरका मागहरू अझै धेरै पूरा गर्न सकून् भन्ने हो। मानिसहरूले सोझै परमेश्‍वरका वचनहरू वा परमेश्‍वरको इच्छा बुझ्न नसक्ने भएकाले परमेश्‍वरले कसैलाई खडा गर्नुभएको हुन्छ, जसलाई त्यस्ता कामहरू गर्नका निम्ति प्रयोग गरिन्छ। परमेश्‍वरद्वारा प्रयोग गरिएको यस व्यक्तिलाई एक माध्यमको रूपमा वर्णन गर्न सकिन्छ, जसद्वारा परमेश्‍वरले मानिसहरूलाई डोऱ्याउनुहुन्छ, एक "अनुवादक" को रूपमा वर्णन गर्न सकिन्छ, जसले परमेश्‍वर र मानिस माझ कुराकानी गरिदिन्छ। यसैले, त्यस्ता व्यक्तिहरू परमेश्‍वरको घरमा काम गर्नेहरू वा उहाँका प्रेरितहरूजस्ता हुँदैनन्। तिनीहरूजस्तै, उसलाई पनि परमेश्‍वरको सेवा गर्ने व्यक्ति भन्न सकिन्छ, तर उसको कामको सार र परमेश्‍वरद्वारा प्रयोग गरिएको उसको पृष्ठभूमिको आधारमा ऊ अरू कामदारहरू र प्रेरितहरूभन्दा धेरै फरक हुन्छ। उसको कामको सार र उसको प्रयोगको पृष्ठभूमिको हिसाबमा परमेश्‍वरद्वारा प्रयोग गरिएको मानिसलाई उहाँले नै खडा गर्नुहुन्छ, उसलाई परमेश्‍वरको कामका लागि परमेश्‍वरले नै तयार गर्नुहुन्छ, र उसले स्वयम् परमेश्‍वरको काममा सहकार्य गर्दछ। कुनै पनि व्यक्तिले कहिल्यै पनि उसको सट्टामा आफ्नो काम गर्न सक्दैन–ईश्‍वरीय कार्यको साथमा हुनुपर्ने अपरिहार्य मानवीय सहकार्य हो। यस बीचमा अन्य कामदारहरू वा प्रेरितहरूले गरेका कामहरू, प्रत्येक युगको अवधिमा मण्डलीहरूका लागि गरिएको बन्दोबस्तका विभिन्न पक्षहरूको साधन र कार्यान्वयन मात्र हो, वा मण्डलीको जीवनलाई कायम राख्ने जीवनका केही सामान्य प्रबन्धको काम मात्र हो। यी कामदारहरू र प्रेरितहरू परमेश्‍वरद्वारा नियुक्त गरिएका होइनन्, तिनीहरूलाई पवित्र आत्माले प्रयोग गर्नुभएका मानिसहरू भनेर भन्न सकिने त कुरै नगरौं। तिनीहरू मण्डलीहरूको बीचबाट चुनिन्छन् र तिनीहरूलाई केही समयसम्म तालिम दिएर विकास गरिसकेपछि योग्य ठहरिएकाहरूलाई राखिन्छ, अनि अयोग्य ठहरिएकाहरूलाई तिनीहरू जहाँबाट आएका थिए त्यहीँ फर्काइन्छ। यी व्यक्तिहरूलाई मण्डलीहरूको बीचबाट चुनिने हुनाले अगुवा बनेपछि कसै-कसैले आफ्नो वास्तविक रङ्ग देखाउँछन्, अनि कसैले त धेरै खराब कामहरू गर्छन् र पदबाट हटाइन्छन्। अर्कोतिर, परमेश्‍वरद्वारा प्रयोग गरिएको मानिस त्यस्तो व्यक्ति हो जसलाई परमेश्‍वर आफैले तयार पार्नुभएको हुन्छ, र जसको कुनै निश्‍चित क्षमता हुन्छ, र जोसँग मानवता हुन्छ। ऊ अघिबाटै पवित्र आत्माद्वारा तयार पारिएको र सिद्ध बनाइएको हुन्छ, र ऊ पूर्ण रूपमा पवित्र आत्माद्वारा डोऱ्याइन्छ, अनि, विशेष गरी जब उसको कामको कुरा आउँछ, उसले पवित्र आत्माद्वारा निर्देशन र आज्ञा पाएको हुन्छ–यसको फलस्वरूप परमेश्‍वरले चुन्नुभएका मानिसहरूलाई डोऱ्याउनका लागि बाटोमा कुनै बाधा हुँदैन, किनकि परमेश्‍वरले निश्‍चय आफ्नै कामको जिम्मेवारी लिनुहुन्छ, र परमेश्‍वरले हरसमय उहाँको आफ्नो काम गर्नुहुन्छ।

# सत्यतालाई बुझिसकेपछि त्यसलाई अभ्यास गर्नुपर्छ

परमेश्‍वरको काम र वचन तिमीहरूको स्वभावलाई बदली गराउने उद्‌देश्यको निम्ति हुन्; उहाँको लक्ष्य तिमीहरूलाई केवल उहाँको काम र वचन बुझ्ने वा जान्ने तुल्याउनु मात्रै होइन। त्यो पर्याप्त छैन। तँ बुझ्ने क्षमता भएको व्यक्ति होस्, त्यसैले तँलाई परमेश्‍वरको वचन बुझ्न कुनै कठिनता हुनु हुँदैन, किनभने परमेश्‍वरको अधिकांश वचन मानव भाषामा लेखिएको छ, अनि उहाँले धेरै सरल रूपमा बोल्नुहुन्छ। उदाहरणको निम्ति, तैँले जे बुझेको र अभ्यास गरेको परमेश्‍वर चाहनुहुन्छ सो जान्न तँ पूर्ण रूपले सक्षम छस्; यो बुझ्न सक्ने क्षमता भएको एउटा सामान्य व्यक्तिले गर्न सक्ने कुरा हो। निश्‍चित रूपमा, परमेश्‍वरले वर्तमान चरणमा बोलिरहनुभएका वचनहरू खास गरेर स्पष्ट तथा पारदर्शी छन्, अनि मानिसहरूले विचार नगरेका धेरै कुराहरू, साथै सबै प्रकारका मानव अवस्थाहरू परमेश्‍वरले औँल्याइरहनुभएको छ। उहाँका वचनहरू सर्व-व्यापक छन्, अनि पूर्णिमाको प्रकाश जस्तै स्पष्ट छन्। त्यसैले, अहिले मानिसहरूले धेरै विषयहरू बुझ्दछन्, तर अझै केही कुरा हराइरहेको छ—मानिसहरूले उहाँको वचनलाई अभ्यास गर्ने कुरा। मानिसहरूले सत्यताका सबै पक्षहरूलाई विस्तृत रूपमा अनुभव गर्नैपर्छ, तिनीहरूलाई जे उपलब्ध गराइन्छ त्यसलाई ग्रहण गर्नको निम्ति केवल पर्खिरहनुको सट्टा तिनीहरूले त्यसलाई अझै विस्तृत रूपमा छानबिन गर्ने र खोजी गर्ने गर्नुपर्छ; नत्रभने तिनीहरू परजीवीभन्दा अलि बढी मात्रै हुन्छन्। तिनीहरूले परमेश्‍वरको वचन जान्दछन्, तापनि त्यसलाई अभ्यास गर्दैनन्। यस्तो प्रकारको मानिसले सत्यतालाई प्रेम गर्दैनन् अनि आखिरमा तिनीहरूलाई हटाइनेछ। १९९० को दशकको पत्रुस जस्तै हो, जसको अर्थ तिमीहरूमध्ये हरेकले परमेश्‍वरको वचनलाई अभ्यास गर्नुपर्छ, तिमीहरूको अनुभवहरूमा साँचो प्रवेश हुनुपर्छ अनि परमेश्‍वरसँगको तिमीहरूको सहकार्यमा अझ धेरै र अझ ठूलो अन्तर्दृष्टि हासिल गर्नुपर्छ जुन तेरो आफ्नै जीवनको निम्ति सधैँभरि वृद्‌धि भएर जाने सहायता हुनेछ। यदि तिमीहरूले परमेश्‍वरका थुप्रै वचनहरू पढेका छौ तर केवल पाठको अर्थ मात्र बुझ्छौ अनि तिमीहरूमापरमेश्‍वरको वचनसम्बन्धमा आफ्ना व्यवहारिक अनुभवहरूमार्फत आउनेप्रत्यक्ष ज्ञानको कमी छ भने तैँले परमेश्‍वरको वचन बुझ्ने छैनस्। जहाँसम्म तेरो सवाल छ, परमेश्‍वरको वचन जीवन होइन, केवल जीवनरहित अक्षरहरू हुन्। अनि यदि तँ केवल जीवनरहित अक्षरहरू पालना गर्दै जिउँछस् भने तैँले परमश्‍वरको वचनको सार राम्ररी बुझ्न सक्दैनस्, न त तैँले उहाँको इच्छा नै बुझ्नेछस्। तैँले उहाँको वचन तेरा वास्तविक अनुभवहरूमा अनुभव गर्छस् भने मात्र परमेश्‍वरको वचनको आत्मिक अर्थ आफै तँतर्फ खोलिनेछ, अनि अनुभवद्‌वारा मात्रै तैँले धेरै सत्यताहरूको आत्मिक अर्थ बुझ्न र परमेश्‍वरको वचनका रहस्यहरूको साँचो खोल्न सक्छस्। यदि तैँले यसलाई अभ्यासमा लगाउँदैनस् भने उहाँको वचन जतिसुकै स्पष्ट भएतापनि तैँले बुझेको कुरा सबै रित्ता अक्षरहरू र सिद्‌धान्तहरू हुन्छन् जुन तेरो निम्ति धार्मिक नियमहरू भएका छन्। के फरिसीहरूले गरेको यही नै होइन र? यदि तिमीहरूले परमेश्‍वरको वचन अभ्यास र अनुभव गर्छौ भने यो तिमीहरूको निम्ति व्यवहारिक बन्छ; यदि तैँले यसलाई अभ्यास गर्न खोज्दैनस् भने परमेश्‍वरको वचन तेरो निम्ति तेस्रो स्वर्गको दन्त्यकथा भन्दा केही बढी मात्रै हुन्छ। वास्तवमा, परमेश्‍वरमा विश्‍वास गर्ने प्रक्रिया भनेको

तिमीहरूले उहाँको वचनलाई अनुभव गर्नुको साथै उहाँद्वारा तिमीहरूलाई हासिल गरिने प्रक्रिया हो अथवा यसलाई अझ स्पष्टसित भन्नुपर्दा, परमेश्‍वरमा विश्‍वास गर्नु भनेको उहाँको वचनको ज्ञान र बुझाइ प्राप्त गर्नु र उहाँको वचनलाई अनुभव गर्नु र जिउनु हो; परमेश्‍वरमा विश्‍वास गर्नुपछाडिको वास्तविकता त्यही नै हो। यदि तिमीहरूलेपरमेश्‍वरमा विश्‍वास गर्छौ अनि परमेश्‍वरको वचनलाई तिमीभित्र भएको केही कुरा जस्तै गरी अभ्यास गर्न नखोजीकनै अनन्त जीवनको आशा गर्छौ भने तिमीहरू मूर्ख हौ। यो त भोजमा गएर केवल भोजनलाई हेर्नु र स्वादिष्ट कुराहरूलाई केही नचाखेर तिनीहरूको नाम कण्ठस्थ गर्नु जस्तो मात्रै हुनेछ। के त्यस्तो मानिस मूर्ख हुँदैन र?

मानिसले धारण गर्नुपर्ने सत्यता परमेश्‍वरको वचनमा पाइन्छ र सत्यता नै त्यो कुरा हो जुन मानवजातिको निम्ति सबैभन्दा फाइदाजनक र सहयोगी हुन्छ। यो तिमीहरूको शरीरलाई चाहिने शक्ति र सम्पोषण हो, यस्तो कुरा जसले मानिसको सामान्य मानवतालाई पुनर्स्थापित गर्न सहायता गर्छ। यो त त्यो सत्यता हो जुन कुराले मानिस सुसज्जित हुनुपर्छ। तिमीहरू जति बढी परमेश्‍वरको वचनलाई अभ्यास गर्छौ, त्यति नै चाँडै तिमीहरूको जीवन फक्रनेछ अनि त्यति नै धेरै सत्यता स्पष्ट हुनेछ। तिमीहरू कदमा बढ्दै जाँदा तिमीहरूले आत्मिक संसारका कुराहरलाई बढी स्पष्टतापूर्वक देख्नेछौ अनि शैतानमाथि विजय प्राप्त गर्न तिमीहरूले बढी शक्ति पाउनेछौ। तिमीहरूले परमेश्‍वरको वचनलाई अभ्यास गर्दा तिमीहरूले नबुझेका सत्यताको धेरै कुराहरू स्पष्ट हुनेछन्। धेरै मानिसहरू परमेश्‍वरको वचनको पाठलाई बुझे मात्र पनि सन्तुष्ट हुन्छन् र अभ्यासमा आफ्नो अनुभव गहिर्‍याउनुभन्दा सिद्धान्तहरूले आफूलाई सुसज्जित बनाउने कुरामा ध्यान दिन्छन् तर के त्यो फरिसीहरूको तरिका होइन र? त्यसैले “परमेश्‍वरको वचन जीवन हो” भन्ने वाक्यांश कसरी तिनीहरूका निम्ति वास्तविक हुन्छ त? परमेश्‍वरको वचन पढ्दैमा व्यक्तिको जीवन बढ्न सक्दैन, परमेश्‍वरको वचनलाई अभ्यास गरेर मात्रै व्यक्तिको जीवन बढ्न सक्छ। यदि जीवन र कद पाउनको निम्ति मात्र परमेश्‍वरको वचनलाई बुझ्नु आवश्यक छ भन्ने तेरो विश्‍वास हो भने तेरो बुझाइ गलत छ। साँचो प्रकारले परमेश्‍वरको वचन बुझ्ने काम तब हुन्छ जब तैँले सत्यतालाई अभ्यास गर्छस् अनि तैँले बुझ्नुपर्छ कि “सत्यतालाई अभ्यास गरेर मात्रै यसलाई बुझ्न सकिन्छ”। आज परमेश्‍वरको वचन पढेर तैँले परमेश्‍वरको वचनलाईचिन्छु भनेर मात्र भन्न सक्छस् तर यसलाई बुझ्छु भनेर तैँले भन्न सक्दैनस्। कोही भन्छन् कि सत्यतालाई अभ्यास गर्ने एउटै तरिका यसलाई पहिले बुझ्नु हो तर यो आंशिक रूपले मात्रै सही हो र निश्‍चय नै पूर्ण रूपले चाहिँसाँचो होइन। तैँले सत्यताको ज्ञान पाउनुअघि तैँले त्यो सत्यतालाई अनुभव गरेको हुँदैनस्। तैँले सुनेको कुनै उपदेशमा केही बुझेको अनुभूति गर्नु साँचो प्रकारले बुझ्नु होइन—यो त केवल सत्यताको आक्षरिक शब्दहरूलाई मात्रै ग्रहण गर्नु हो र यो भित्री साँचो अर्थलाई बुझ्नु जस्तै होइन। सत्यताको सतही ज्ञान हुँदैमा तँ वास्तवमै त्यसलाई बुझ्छस् वा तँसित त्यसको बारेमा ज्ञान छ भन्ने अर्थ लाग्दैन; सत्यताको साँचो अर्थ त त्यसलाई अनुभव गरेपछि आउँछ। त्यसकारण, तैँले सत्यतालाई अनुभव गरेपछि मात्रै तैँले त्यसलाई बुझ्न सक्छस्, अनि मात्रै तैँले त्यसका लुकेका भागहरूलाई राम्ररी बुझ्न सक्छस्। शब्दमा लुकेको अन्य अर्थलाई राम्ररी बुझ्ने र सत्यताको सारलाई बुझ्ने एउटै उपाय भनेको अनुभवलाई गहिर्‍याउनु हो। त्यसकारण, तँ सत्यतासित जहाँ पनि जान सक्छस्

तर यदि तँमा सत्यता छैन भने तेरो आफ्नो परिवारका सदस्यहरूलाई समेत तैँले विश्वस्त तुल्याउने प्रयास गर्ने कुरा सोच्दै नसोचे हुन्छ, धर्मी मानिसहरूको त कुरै छाडिदे। सत्यताविना तँ हावामा उडिरहेको हिमकण मात्रै होस्, तर सत्यताको साथमाले तँ खुशी र स्वतन्त्र हुनसक्छस् अनि कसैले तँलाई आक्रमण गर्न पनि सक्तैन। सिद्धान्त जतिसुकै बलियो भएतापनि त्यसले सत्यतामाथि विजय पाउन सक्दैन। सत्यताले संसार आफै झुल्न सक्छ अनि पहाडहरू र समुद्रहरू हल्लन सक्छन् जबकि सत्यताको कमीले बलियो शहरका पर्खालहरू पनि किराहरूद्वारा भग्नावशेषमा बदलिनसक्छ। यो एउटा स्पष्ट तथ्यहो।

वर्तमान चरणमा, पहिले सत्यता जान्नु, अनि त्यसपछि त्यसलाई अभ्यास गर्नु र सत्यताको साँचो अर्थले आफैलाई अझ धेरै सुसज्जित गर्नु अत्यन्तै महत्वपूर्ण छ। तिमीहरूले यसलाई हासिल गर्न खोज्नुपर्छ। केवल अरूलाई तेरा वचनहरू अनुसरण गराउन खोज्नुभन्दा तैँले तिनीहरूलाई तेरो अभ्यास अनुसरण गराउन लगाउनुपर्छ। केवल यस प्रकारले मात्रै तैँले अर्थपूर्ण कुरा भेट्टाउन सक्छस्। तँमाथि जेसुकै हुन आए तापनि, तैँले जसलाई भेटे तापनि, जबसम्म तँसित सत्यता हुन्छ, तँ दृढ भई खडा हुन सक्नेछस्। परमेश्वरको वचन मानिसलाई जीवन दिने कुरा हो, मृत्यु दिने कुरा होइन। यदि परमेश्वरको वचन पढेर पनि तँ जाग्दैनस्, तर अझै मृतक नै हुन्छस् भने तँसित केही गलत छ। यदि तैँले परमेश्वरको धेरै वचन पढेको र धेरै व्यवहारिक वचनहरू सुनेको केही समयपछि पनि तँ अझै मृत्युको अवस्थामा छस् भने यो के कुराको प्रमाण हो भने, तँ सत्यतालाई महत्त्व दिने व्यक्ति होइनस्, न त तँ सत्यतालाई अनुसरण गर्ने व्यक्ति नै होस्। यदि तिमीहरूले साँचो रीतिले परमेश्वरलाई प्राप्त गर्न खोज्यौ भने, तिमीहरूले आफैलाई सिद्धान्तहरूले सुसज्जित गर्ने र अरूलाई सिकाउन उत्कृष्ट सिद्धान्तहरू प्रयोग गर्ने कुरामा ध्यान केन्द्रित गर्नेथिएनौ, बरु परमेश्वरको वचनलाई अनुभव गर्ने र सत्यतालाई व्यवहारमा उतार्ने कुरामा ध्यान केन्द्रित गर्नेथियौ। के तिमीहरूले अहिले प्रवेश गर्न खोजिरहनुपर्ने कुरा यही होइन र?

मानिसमा आफ्नो काम गर्नको निम्ति परमेश्वरसित सीमित समय छ, त्यसैले यदि तैँले उहाँसित सहकार्य गर्दैनस् भने के परिणाम आउन सक्छ र? किन तिमीहरूले उहाँका वचनहरू बुझिसकेपछि तिमीहरूले त्यो पालन गरेको परमेश्वर सधैँ चाहनुहुन्छ? किनभने परमेश्वरले उहाँका वचनहरू तिमीहरूलाई प्रकट गर्नुभएको छ र तिमीहरूको अर्को कदम वास्तवमा त्यसलाई पालन गर्नु हो। जब तिमीहरूले यी वचनहरू अभ्यास गर्छौ, परमेश्वरले अन्तर्दृष्टि दिने र मार्गदर्शन दिने काम गर्नुहुनेछ। यसरी नै यो काम गरिनुपर्छ। परमेश्वरको वचनले मानिसलाई जीवनमा फल्दोफुल्दो हुने तुल्याउँछ र यसमा कुनै त्यस्ता तत्वहरू हुँदैनन् जसले मानिसलाई विचलित वा निष्क्रिय हुने तुल्याउँछ। तैँले भन्छस् तैँले परमेश्वरको वचन पढेको छस् र त्यसलाई अभ्यास गरेको छस्, तर तैँले अझै पवित्र आत्माबाट कुनै काम प्राप्त गरेका छैनस्। तेरा वचनहरूले केवल एउटा बालकलाई मात्रै मूर्ख बनाउन सक्छ। अरू मानिसहरूले तेरो मनसाय ठीक छ वा छैन भनी नजान्लान् तर के परमेश्वरले जान्नुहुन्छ भन्ने सम्भव छैन भन्ने तँलाई लाग्छ? कसरी अरू मानिसहरूले परमेश्वरको वचन अभ्यास गर्छन् अनि पवित्र आत्माद्वारा अन्तर्दृष्टि प्राप्त गर्छन्, तापनि तैँले उहाँको वचन अभ्यास गर्छस् तर पवित्र आत्माको अन्तर्दृष्टि प्राप्त गर्दैनस्। के परमेश्वरसित भावनाहरू छन्?

यदि तेरा मनसायहरू साँच्चिकै सही छन् अनि तँ सहकार्य गर्न तयार छस् भने, परमेश्‍वरको आत्मा तँसित हुनुहुनेछ। केही मानिसहरू सधैँ आफ्नै झण्डा खडा गर्न चाहन्छन् तर परमेश्‍वरले किन तिनीहरूलाई उठ्न र मण्डलीलाई अगुवाइ गर्न दिनुहुन्‍न? कतिपय मानिसहरूले केवल आफ्नो कार्य पूरा गर्छन् र आफ्नो कर्तव्य सम्पन्‍न गर्छन्, अनि तिनीहरूले नपाई तिनीहरूले परमेश्‍वरको स्वीकृति प्राप्‍त गरिसकेका हुन्छन्। यो कसरी हुनसक्छ? परमेश्‍वरले मानिसको हृदयको अन्तस्करणलाई जाँच गर्नुहुन्छ र सत्यतालाई अनुसरण गर्नेहरूले ठीक मनसाय राखेर त्यसो गर्नुपर्छ। जसको ठीक मनसाय छैन, तिनीहरू दृढ भई खडा रहन सक्दैनन्। मूलभूत रूपमा, तिमीहरूको लक्ष्य परमेश्‍वरको वचनलाई तिमीहरूभित्र प्रभाव पार्न दिनु हो। अर्को शब्दमा, यो भनेको तिमीहरूले परमेश्‍वरको वचनको अभ्यासमा साँचो बुझाइ प्राप्‍त गर्नु हो। शायद, परमेश्‍वरको वचनलाई बुझ्ने तिमीहरूको क्षमता कमजोर होला, तर जब तिमीहरूले परमेश्‍वरको वचनलाई अभ्यास गर्छौ, तब उहाँले त्यस अपूर्णतालाई निवारण गर्न सक्नुहुन्छ, त्यसैले तिमीहरूले केवल धेरै सत्यताहरू मात्र जान्‍ने होइन बरु तिनीहरूलाई अभ्यास पनि गर्नुपर्छ। यो ध्यानकेन्द्रित गर्नुपर्ने सबैभन्दा ठूलो करा हो जसलाई बेवास्ता गर्न सकिँदैन। येशूले आफ्नो साढे तेत्तीस वर्षीय उमेरमा धेरै अपमानहरू अनि असाध्यै कष्‍ट सहनुभयो। उहाँले ठूलो कष्‍ट सहनुभयो किनकि उहाँले केवल सत्यतालाई अभ्यास गर्नुभयो, सबै कुराहरूमा परमेश्‍वरको इच्छा पालन गर्नुभयो, र परमेश्‍वरको इच्छालाई मात्र वास्ता गर्नुभयो। यदि उहाँले सत्यतालाई अभ्यास नगरीकन त्यसलाई जान्‍नु मात्र भएको भए उहाँले यो कष्‍ट भोग्नुहुने थिएन। यदि येशूले यहूदीहरूका शिक्षाहरूलाई अनुसरण गर्नुभएको भए अनि फरिसीहरूलाई पछ्याउनुभएको भए, उहाँले कष्‍ट सहनुहुने थिएन। तैँले येशूका कार्यहरूबाट सिक्नुपर्छ कि मानिसमाथि परमेश्‍वरको कामको प्रभावकारिता मानिसको सहकार्यबाट आउँछ, अनि यो कुरा तिमीहरूले पहिचान गर्नैपर्ने चीज हो। यदि उहाँले सत्यतालाई अभ्यास नगर्नुभएको भए, के येशूले क्रूसमा कष्‍ट भोग्नुभएझैँ कष्‍ट भोग्नुहुन्थ्यो र? यदि परमेश्‍वरको इच्छाअनुसार उहाँ नचल्नुभएको भए के उहाँले त्यस्तो पीडादायी प्रार्थना गर्नुहुन्थ्यो र? त्यसकारण, तिमीहरूले सत्यताको अभ्यासको खातिर कष्‍ट भोग्नुपर्छ; व्यक्तिले भोग्नुपर्ने कष्‍ट नै यही हो।

## मुक्ति पाउने व्यक्ति त्यो हो जो सत्यको अभ्यास गर्न इच्छुक हुन्छ

उचित मण्डलीको जीवन हुनुको आवश्यकताको बारेमा प्रवचनहरूमा प्रायजसो उल्लेख गरिन्छ। त्यसो भए किन मण्डलीको जीवन अझै सुधार भएको छैन, र अझै पनि यो उही पुरानो कुरा नै हो? किन त्यहाँ जीवनको पूर्ण नयाँ र फरक तरिका छैन? के नब्बेको दशकको उमेर भएको व्यक्ति बितेको युगको एक सम्राट जस्तै जिउनु सामान्य कुरा हुन सक्छ? मानिसहरूले अहिले खाने र पिउने स्वादिष्‍ठ कुराहरू विगतका युगहरूमा बिरलै पाइएको थियो, तैपनि मण्डलीको जीवनमा कुनै ठूलो परिवर्तन आएको छैन। यो नयाँ बोतलहरूमा पुरानो दाखमद्य राख्‍नु जस्तै भएको छ। त्यसोभए, परमेश्‍वरले यति धेरै कुरा भन्‍नुको के फाइदा हुन्छ? प्रायः स्थानहरूका मण्डलीहरू परिवर्तन भएको

छैन। मैले यो मेरो आफ्नै आँखाले देखेको छु, र मेरो हृदयमा यो स्पष्ट छ; मैले आफैले मण्डलीको जीवनको अनुभव नगरेको भए तापनि, मण्डलीका भेलाहरूको अवस्थाको बारेमा मलाई राम्ररी थाहा छ। तिनीहरूले धेरै प्रगति गरेका छैनन्। यो त्यही भनाइमा फर्केर जान्छ–यो पुरानो दाखमद्यलाई नयाँ बोतलहरूमा हाल्नु जस्तै हो। केही परिवर्तन भएको छैन! जब कसैले तिनीहरूलाई गोठालो गरिरहेको हुन्छ, तिनीहरू आगोजस्तै दन्किन्छन्, तर जब तिनीहरूलाई सहायता गर्ने कोही हुँदैन, ती बरफको टुक्राजस्ता हुन्छन्। धेरैले व्यावहारिक थोकहरूको बारेमा कुरा गर्न सक्दैनन्, र अत्यन्तै बिरलै मात्रामा कसैले नेतृत्व गर्न सक्छन्। प्रवचनहरू उत्कृष्ट हुने भए तापनि, कसैले बिरलै प्रवेश पाएका हुन्छन्। परमेश्‍वरको वचनलाई थोरै मानिसहरूले मात्र कदर गर्दछन्। तिनीहरूले परमेश्‍वरको वचन लिँदा आँसु सरि हुन्छन्, त्यसलाई पन्छाउँदा आनन्दित हुन्छन्, र त्यसबाट अलग हुँदा स्वादहीन र चमकहीन बन्छन्। खुलस्त भन्नुपर्दा, तिमीहरू परमेश्‍वरको वचनलाई कदर नै गर्दैनौ, र तिमीहरूले उहाँको आफ्नै मुखबाट बोल्नुभएका वचनहरूलाई सम्पत्तिको रूपमा कहिल्यै हेर्दैनौ। तिमीहरू उहाँको वचन पढ्दा चिन्तित मात्र हुन्छौ, र त्यो कण्ठ गर्दा कठिन महसुस गर्छौ, र जब परमेश्‍वरको वचन लागू गर्ने कुरा आउँछ, तब त्यो घोडाको पुच्छरको कपालले हाते पम्प बाँधेर उखेल्ने कोसिस गर्नु जस्तो हुन्छ–तिमीहरूले जति नै कोसिस गरे पनि, तिमीहरूले पर्याप्त ऊर्जा लगाउन गर्न सक्दैनौ। परमेश्‍वरको वचन पढ्दा तिमीहरू सधैँ उत्साहले भरिन्छौ, तर त्यसलाई अभ्यास गर्दा बिर्सन्छौ। वास्तवमा, यी वचनहरू धेरै होसियारीसाथ बोल्नुपर्छ र धैर्यपूर्वक दोहोर्‍याउनु पर्छ; तर तथ्य के हो भने, मानिसहरूले परमेश्‍वरको वचनलाई सुनेर अभ्यास नगर्नु उहाँको कामका लागि बाधा भएको छ। म यो कुरा उठाउन सक्दिनँ, म यसको बारेमा कुरा गर्न सक्दिनँ। म त्यसो गर्न बाध्य छु; यो होइन कि म अरूका कमजोरीहरू पर्दाफास गर्न पाउँदा आनन्दित हुन्छु। तिमीहरू सोच्छौ, तिमीहरूको अभ्यास लगभग पर्याप्त छ–त्यसोभए के जब प्रकाशहरू शिखरमा हुन्छन्, तब तिमीहरूको प्रवेश पनि पराकाष्ठामा हुन्छ? के यो यति सरल छ? तिमीहरूको अनुभव जुन जगमाथि निर्माण भएको छ त्यसलाई तिमीहरूले कहिल्यै जाँच गर्दैनौ! यस क्षणमा, तिमीहरूका जमघटहरूलाई उचित मण्डलीको जीवन भनेर भन्न पटक्कै मिल्दैन, न त ती कुराले थोरै मात्रामा पनि उचित आत्मिक जीवन नै निर्माण गर्छ। यो त बातचित गर्न र गाउन मन पराउने मानिसहरूको भेला मात्र हो। सही कुरा गर्नु पर्दा, त्यसमा त्यति धेरै वास्तविकता छैन। अझ स्पष्ट भन्नुपर्दा, यदि तैँले सत्यता अभ्यास गर्दैनस् भने, वास्तविकता कहाँ छ? के तँसँग वास्तविकता छ भन्नु घमण्ड होइन र? जसले सधैँ काम गर्दछन् तिनीहरू अहङ्कारी र घमण्डी हुन्छन्, जसले सधैँ आज्ञा पालन गर्छन् तिनीहरू चुप लाग्छन् र आफ्नो शिर निहुराउँछन्, अनि तिनीहरूले तालिमको कुनै अवसर पाएका हुँदैनन्। काम गर्ने मानिसहरू केवल कुराबाहेक अरू केही गर्दैनन्, तिनीहरू ठूलठूला भाषण दिइरहन्छन्, र अनुयायीहरू सुन्छन् मात्र। कुनै रूपान्तरण नै हुँदैन; यी सबै विगतका मार्गहरू मात्र हुन्! आज, परमेश्‍वरको प्रशासनिक आदेशको कारण तँ अधीनमा बस्न सक्छस् र तैँले कुनै हस्तक्षेप गर्न वा तँलाई मन परेको जस्तो प्रकारले काम गर्न सक्दैनस्; यो तैँले अनुभवहरूबाट गुज्रेर पाएको रूपान्तरण होइन। तथ्य के हो भने आज तँ प्रशासनिक आदेशहरू उल्लङ्घन गर्ने कुनै कार्य गर्ने साहस गर्दैनस्, किनकि परमेश्‍वरका वचनहरूको कामको स्पष्ट प्रभाव थियो र यसले मानिसहरूलाई

जितेको थियो। म कसैलाई सोध्छु: आजको तेरो कति उपलब्धि तेरो आफ्नै कठोर परिश्रमको पसीनाले कमाएको थियो? तीमध्ये कति वटा तँलाई प्रत्यक्ष रूपमा परमेश्‍वरले भन्‍नुभएको थियो? तँ कसरी जवाफ दिन्छस्? के तँ अवाक् र शब्दहीन बन्‍नेछस्? किन अरूले तँलाई भरणपोषण प्रदान गर्ने आफ्नो वास्तविक अनुभवहरूको बारेमा कुरा गर्न सक्छन्, तर तँ भने केवल अरूले पकाएको भोजनको आनन्द लिन्छस्? के तँलाई लाग्दैन? तिमीहरू तुलनात्मक हिसाबले राम्रो गर्नेलाई जाँच्न गर्न तथ्य पत्ता लगाउने जाँच गर्न सक्छौ: तैँले कति धेरै सत्यता बुझ्छस्? तैले आखिरमा कति अभ्यास गर्छस्? तँ कसलाई धेरै प्रेम गर्छस्, परमेश्‍वरलाई कि आफैलाई? के तैँले धेरै पटक दिन्छस् कि धेरै पटक लिन्छस्? कति वटा अवसरमा तेरो अभिप्राय गलत हुँदा तैंले आफ्नो पुरानो स्वभाव त्यागेर परमेश्‍वरको इच्छालाई पूरा गरेको थिइस्? यी केही प्रश्‍नहरूले नै धेरै मानिसलाई चकित पार्नेछ। धेरै मानिसहरूले आफ्नो अभिप्राय गलत हो भनी बुझे पनि, जानी-जानी गल्ती गर्दछन्, र तिनीहरू आफ्नो देहलाई त्याग्ने अवस्थामा पुगेकै हुँदैनन्। अधिकांश मानिसहरूले पापलाई आफूभित्र व्याप्त हुन दिन्छन्, जसले गर्दा तिनीहरूले पापलाई उनीहरूको हरेक कार्यलाई निर्देशित गर्न दिन्छन्। उनीहरू आफ्ना पापहरूलाई जित्‍न सक्दैनन्, र तिनीहरू पापमा नै जिइरहन्छन्। यस वर्तमान चरणमा आइपुगेपछि, उनीहरूले कति वटा दुष्ट कामहरू गरेका छन् भनेर कसलाई थाहा हुँदैन र? यदि तैँले तँलाई थाहा छैन भन्छस् भने, तँ झूटो बोल्दैछस्। स्पष्ट भन्‍ने हो भने, ती सब तेरो पुरानो स्वभाव त्याग्ने अनिच्छा हो। पश्‍चात्तापका त्यत्ति धेरै "हृदयका शब्दहरू" भन्‍नु के फाइदा छ र, जुन व्यर्थका छन्? के त्यसले तेरो जीवनमा बढ्‍न सहायता गर्दछ? यो भन्‍न सकिन्छ, कि तैंले आफैलाई चिन्‍नु नै तेरो पूर्णकालीन काम हो। म मानिसहरूलाई तिनीहरूको अधीनता र तिनीहरूले परमेश्‍वरका वचनहरूको अभ्यास गरेको कार्यबाट तिनीहरूलाई सिद्ध बनाउँछु। यदि तँ राम्रो र आकर्षक देखिनलाई आफ्नो कपडा लगाए जस्तो मात्र परमेश्‍वरको वचनलाई धारण गर्छस् भने, के तैंले आफैलाई र अरूलाई धोका दिइरहेको हुँदैनस् र? यदि तँ कुरा मात्र गर्छस्, त्यसलाई तँ कहिल्यै अभ्यास गर्दैनस् भने, तैँले के प्राप्त गर्नेछस्?

धेरै मानिसहरूले अभ्यासको बारेमा थोरै कुरा गर्न सक्दछन् र उनीहरू आफ्ना व्यक्तिगत प्रभावहरूको बारेमा कुरा गर्न सक्छन्, तर त्यसको अधिकांश भाग अरूको वचनहरूबाट प्राप्त ज्ञान हुन्छन्। त्यसमा उनीहरूको व्यक्तिगत अभ्यासको कुनै पनि कुरा समावेश भएको हुँदैन, न त त्यसमा उनीहरूले आफ्ना अनुभवहरूबाट देख्ने कुराहरू नै समावेश हुन्छ। मैले पहिले नै यस विषयको विश्‍लेषण गरिसकेको छु; मलाई केही पनि थाहा छैन भनी नसोच्। तँ त हेर्दाको डाल मात्र होस्, तैपनि तँ शैतानलाई जित्‍ने, विजयी गवाहीहरू दिने, र परमेश्‍वरको स्वरूपमा जिउने कुरा गर्छस्? यो व्यर्थ छन्! के आज परमेश्‍वरले बोल्‍नुभएका सबै वचनहरू तैँले सराहना गर्नका लागि हुन् भन्‍ने ठान्छस्? तेरो मुखले तेरो पुरानो स्वभाव त्याग्ने र सत्यको अभ्यास गर्ने कुरा गर्दछ, तर तेरा हातहरूले अन्य काम गरिरहेका हुन्छन् र तेरो हृदयले अन्य योजनाहरू बनाइरहेको हुन्छ—तँ कस्तो किसिमको व्यक्ति होस्? तेरो हृदय र तेरा हातहरू किन एउटै र उस्तै प्रकारका छैनन्? त्यति धेरै प्रचार केवल खोक्रा वचनहरू बनेका छन्; के यो हृदय दुखाउने कुरा होइन र? यदि तँ परमेश्‍वरको वचनलाई अभ्यास गर्न सक्दैनस् भने, त्यसले तँ अझसम्म पवित्र आत्माले

काम गर्नुहुने मार्गमा प्रवेश गरेको छैनस्, तैँले अझै आफूभित्र पवित्र आत्माको काम प्राप्त गरेको छैनस्, र तैँले अझै उहाँको अगुवाइ पाएको छैनस् भन्ने प्रमाणित गर्दछ। यदि तैँले परमेश्‍वरको वचन बुझ्न मात्र सक्छु, तर तिनलाई अभ्यास गर्न सक्दिनँ भनी भन्छस् भने, तँ सत्यतालाई प्रेम नगर्ने व्यक्ति होस्। परमेश्‍वर यस किसिमको मानिसलाई मुक्ति दिन आउनुहुन्‍न। पापीहरूलाई बचाउन, गरिबहरूलाई बचाउन र ती सबै नम्र मानिसहरूलाई बचाउन क्रूसमा टाँगिने क्रममा येशूले ठूलो कष्ट भोग्नुभयो। उहाँको क्रूसीकरण पापबलि बन्यो। यदि तैँले परमेश्‍वरको वचन अभ्यास गर्न सक्दैनस् भने तँ जति सक्दो चाँडो छोडेर गइहाल्नुपर्छ; परमेश्‍वरको घरमा सित्तैँमा भोगचलन गर्ने व्यक्ति बनेर बसी नराख्। स्पष्ट रूपमा परमेश्‍वरको विरोधमा रहेको काम गर्नबाट आफूलाई रोक्न समेत धेरै जना मानिसहरूलाई कठिन हुन्छ। के तिनीहरूले मृत्युको माग गरिरहेका हुँदैनन् र? तिनीहरूले परमेश्‍वरको राज्यमा प्रवेश गर्ने कुरा कसरी गर्न सक्छन्? के तिनीहरूसँग परमेश्‍वरको अनुहार हेर्ने साहस हुन्छ? परमेश्‍वरले तेरो निम्ति जुटाउनुहुने भोजन खान्छस्, अनि परमेश्‍वरले तँलाई दिनुहुने आशिषहरू उपभोग गर्न उहाँले तँलाई अनुमति दिइरहनुभएको बेला समे, परमेश्‍वरको विरोध हुने कुटिल कामहरू गर्छस्, द्वेषपूर्ण, कपटी बन्छस् र षडयन्त्र गर्छस्—के ती प्राप्त गर्दा तँलाई तेरा हातहरू पोलेको महसुस गर्दैनस्? के तैँले तेरो अनुहार रातो भएको महसुस गर्दैनस्? परमेश्‍वरको विरुद्धमा केही गरेपछि, “अटेरी हुने” योजनाहरू अगाडि बढाएपछि, के तँ भयभीत हुँदैनस्? यदि तैँले केही पनि महसुस गर्दैनस् भने, तैँले कसरी कुनै पनि भविष्यको कुरा गर्नसक्छस्? धेरै पहिलेबाटै तेरो लागि कुनै भविष्य थिएन, त्यसैले तैँले अझै कुन ठूलो आशा गर्न सक्छस् र? यदि तैँले कुनै लाजमर्दो कुरा भन्छस् र पनि धिक्कार महसुस ग गर्दैनस्, र तेरो हृदयमा जागरूकता छैन भने, के त्यसको अर्थ तँलाई परमेश्‍वरले पहिले नै त्यागिसक्नुभएको छ भन्ने हुँदैन र? अति लापरवाही र अनियन्त्रित भएर बोल्नु र व्यवहार गर्नु तेरो प्रकृति नै बनेको छ; यस्तो प्रकारले परमेश्‍वरले कहिले तँलाई सिद्ध बनाउन सक्नुहुन्छ र? के तँ फेरि संसारमा हिँड्डुल गर्न सक्छस्? तेरो कुरा कसले पत्याउँछ? तेरो वास्तविक प्रकृति जान्‍नेहरू तँबाट टाढा बस्नेछन्। के यो परमेश्‍वरको दण्ड होइन र? समग्रमा, यदि कुरा मात्र हुन्छ र अभ्यास हुँदैन भने कुनै वृद्धि हुँदैन। तैँले बोल्दा पवित्र आत्माले तँमा काम गरिरहनुभएको हुनसक्ने भए पनि, यदि तैँले अभ्यास गर्दैनस् भने, पवित्र आत्माले काम गर्न छोड्नुहुनेछ। यदि तँ यसरी नै अघि बढी रहिस् भने, भविष्यको बारेमा वा तेरो सम्पूर्ण अस्तित्व परमेश्‍वरको काममा दिने बारेमा कसरी कुरा हुन सक्छ? तँ आफ्नो सम्पूर्ण अस्तित्व अर्पण गर्ने कुरा मात्र गर्न सक्छस्, तैपनि तैँले परमेश्‍वरलाई आफ्नो साँचो प्रेम दिएको छैनस्। उहाँले तँबाट मौखिक भक्ति मात्र प्राप्त गर्नुहुन्छ; तैँले उहाँलाई सत्य अभ्यास गर्ने तेरो अभिप्राय दिइएको छैनस्। के यो नै तिम्रो वास्तविक कद हुन सक्छ? यदि तँ यस्तै रहिरहन्छस् भने, तँलाई परमेश्‍वरले कहिले सिद्ध बनाउनुहुनेछ? के तँ आफ्नो अन्धकार र निराश भविष्यको लागि चिन्तित छैनस्? के परमेश्‍वरले तँमा आशा गुमाउनुभएको छ भन्ने तँलाई लाग्दैन? के परमेश्‍वर अझ धेरै र नयाँ मानिसहरूलाई सिद्ध बनाउन चाहनुहुन्छ भन्ने तँलाई थाहा छैन? के पुराना थोकहरू आफै रहिरहन सक्छन्? आज तैँले परमेश्‍वरको वचनहरूलाई ध्यान दिइरहेको छैनस्: के तँ भोलिको दिन पर्खिरहेको छस्?

# एउटा योग्य गोठालो कुन कुराले सुसज्जित हुनुपर्छ

जब पवित्र आत्माले मानिसहरूमा काम गर्नुहुन्छ, तब ती मानिसहरू जुन अवस्थाहरूमा हुनेछन् ती धेरै अवस्थाहरूको बारेमा तँसित बुझाइ हुनु आवश्यक छ। विशेषतः परमेश्‍वरको सेवा समन्वय गर्नेहरूसित पवित्र आत्माले मानिसहरूमा काम गर्नुहुँदा जुन अवस्थाहरू पैदा हुन्छन् ती धेरै अवस्थाहरूको झन् दह्रिलो बुझाइ हुनैपर्छ। यदि तैँले केवल धेरै अनुभवहरू वा प्रवेश प्राप्त गर्ने तरिकाहरूको बारेमा मात्रै कुरा गर्छस् भने यसले तेरो अनुभव ज्यादै एकपक्षीय छ भन्‍ने देखाउँछ। तेरो साँचो अवस्था नजानीकन अनि सत्यताका सिद्धान्तहरू राम्ररी नबुझीकन स्वभावमा परिवर्तन हासिल गर्न सम्भव छैन। पवित्र आत्माको कामको सिद्धान्तहरू नजानीकन वा यसले फलाउने फलको बारेमा नबुझीकन दुष्ट आत्माहरूको काम खुट्ट्याउन तँलाई कठिन हुनेछ। तैँले दुष्ट आत्माहरूको कामको साथसाथै मानिसको धारणाहरूलाई उदाङ्गो पारिदिनैपर्छ, अनि सीधै मामिलाको केन्द्रबिन्दुसम्मै भेद गर्नुपर्छ; मानिसहरूको अभ्यासमा भएका धेरै विचलनहरू र परमेश्‍वरमाथिको तिनीहरूको विश्‍वासमा हुनसक्‍ने समस्याहरूलाई पनि तैँले औँल्याइदिनैपर्छ, ताकि तिनीहरूले त्यसलाई पहिचान गरून्। कम्तीमा, तैँले तिनीहरूलाई नकारात्मक वा निष्क्रिय अनुभूति गर्न दिनु हुँदैन। तथापि, धेरै मानिसहरूका निम्ति वस्तुगत रूपले अस्तित्वमा रहेका कठिनाइहरूलाई तैँले बुझ्नैपर्छ, तँ बेमनासिब हुनुहुँदैन वा तैँले “एउटा सुङगुरलाई गाउन सिकाउने प्रयास” गर्नुहुँदैन; त्यो मूर्ख व्यवहार हो। मानिसहरूले अनुभव गर्ने धेरै कठिनाइहरूको समाधान गर्न, तैँले पहिले पवित्र आत्माको कामका विविध पक्षहरूलाई बुझ्नैपर्छ; पवित्र आत्माले मानिसहरूमा कसरी काम गर्नुहुन्छ भनी तैँले बुझ्नैपर्छ, तँसित मानिसहरूले सामना गर्ने कठिनाइहरू र तिनीहरूका कमी-कमजोरीहरूको बुझाइ हुनैपर्छ, अनि तैँले समस्याको मुख्य मामिलाहरूलाई भित्रबाट बुझ्नैपर्छ र विचलित नभइकन वा कुनै गल्तीहरू नगरीकन यसको स्रोतसम्म पुग्नैपर्छ। केवल यस्तो प्रकारको व्यक्ति मात्रै परमेश्‍वरको सेवा समन्वय गर्न योग्य हुन्छ।

तँ मुख्य मामिलाहरू बुझ्न र धेरै कुराहरू स्पष्टसित देख्न सक्षम छस् वा छैनस् भन्‍ने कुरा तेरो व्यक्तिगत अनुभवहरूमा निर्भर गर्छ। जुन प्रकारले तैँले अनुभव गर्छस्, त्यही प्रकारले नै तैँले अरूलाई पनि डोऱ्याउँछस। यदि तैँले अक्षर र धर्मसिद्धान्तहरू बुझ्छस् भने तैँले अरूलाई अक्षर र धर्मसिद्धान्तहरू बुझ्न डोऱ्याउन सक्छस्। तैँले जुन प्रकारले परमेश्‍वरका वचनहरूको वास्तविकता अनुभव गर्छस्, त्यही प्रकारले तैँले अरूहरूलाई परमेश्‍वरका वाणीहरूको वास्तविकताभित्र प्रवेश प्राप्त गर्न डोऱ्याउनेछस्। यदि तँ धेरै सत्यताहरू बुझ्न र परमेश्‍वरका वचनहरूबाट धेरै कुराहरूको बारेमा स्पष्ट अन्तर्दृष्टि प्राप्त गर्न सक्षम छस् भने तैँले अरूहरूलाई पनि धेरै सत्यताहरू बुझ्ने कार्यमा डोऱ्याउनेछस् र तैँले जसलाई डोऱ्याउँछस्, तिनीहरूले दर्शनहरूको स्पष्ट बुझाइ प्राप्त गर्नेछन्। यदि तैँले अलौकिक अनुभूतिहरू बुझ्न ध्यान केन्द्रित गर्छस् भने तैँले जसलाई डोऱ्याउँछस्, तिनीहरूले पनि त्यही गर्नेछन्। यदि तैँले अभ्यासलाई बेवास्ता गर्छस्, बरु छलफलमाथि जोड दिन्छस् भने, तैँले जसलाई डोऱ्याउँछस्, तिनीहरूले पनि अभ्यास नै नगरीकन वा आफ्नो स्वभावमा कुनै परिवर्तन हासिल नै नगरीकन छलफलमाथि नै ध्यानकेन्द्रित गर्नेछन्; तिनीहरू कुनै सत्यतालाई अभ्यासमा

नउतारीकन केवल सतही ढङ्गले मात्रै उत्साही हुनेछन्। सबै मानिसहरूले आफूसित जे छ, त्यही नै अरूलाई आपूर्ति गर्छन्। कुनै व्यक्ति कस्तो प्रकारको छ भन्ने कुराले नै तिनीहरूले अरुहरूलाई मार्गदर्शन गर्ने बाटोको साथसाथै तिनीहरूले डोऱ्याउने मानिसहरूका प्रकारहरू निर्धारण गर्दछ। परमेश्वरको प्रयोगको निम्ति साँच्चिकै योग्य हुनको लागि तँसित केवल आकांक्षा मात्रै होइन, धेरै मात्रामा परमेश्वरबाट प्राप्त अन्तर्दृष्टि, उहाँका वचनहरूबाट मार्गदर्शन, उहाँद्वारा निराकरण गरिएको अनुभव, अनि उहाँका वचनहरूबाट प्राप्त शुद्धीकरण पनि चाहिन्छ। यसलाई एउटा जगको रूपमा लिएर, साधारण समयहरूमा, तिमीहरूले आफ्ना अवलोकन, विचार, चिन्तन तथा निष्कर्षहरूलाई ध्यान दिनुपर्छ र त्यसैअनुसार सोसिने वा हटाउने कार्यमा तल्लीन हुनुपर्छ। यी सबै कुरा वास्तविकताभित्र तिमीहरूको प्रवेशको निम्ति मार्गहरू हुन्, अनि तीमध्ये हरेक अत्यावश्यक छन्। परमेश्वरले काम गर्नुहुने यसरी नै हो। यदि तँ परमेश्वरले काम गर्नुहुने यस विधिमा प्रवेश गर्छस् भने तँसित उहाँद्वारा हरेक दिन सिद्ध तुल्याइने अवसरहरू हुनेछन्। अनि कुनै पनि समयमा, तेरो वातावरण प्रतिकूल वा अनुकूल जे भए पनि, तँ जाँचमा परिरहेको भए पनि वा परीक्षामा परिरहेको भए पनि, तैँले काम गरिरहे पनि वा नगरिरहे पनि, अनि तैँले जीवन एक व्यक्तिको रूपमा वा समूहको एक भागको रूपमा बाँचिरहेको भए पनि, तैँले सधैँ परमेश्वरद्वारा सिद्ध तुल्याइने अवसरहरू भेट्टाउनेछस् र तिनीहरूमध्ये एउटै पनि गुमाउनेछैनस्। तैँले तिनलाई सधै पत्ता लगाउन सक्नेछस्–अनि यसप्रकार तैँले परमेश्वरका वचनहरू अनुभव गर्ने रहस्य भेट्टाइसकेको हुनेछस्।

## अनुभवको विषयमा

पत्रुसको अनुभवहरूको अवधिभरि नै, उसले सयौं परीक्षाहरूको सामना गरे। आजका मानिसहरू "परीक्षा" शब्द बारे सचेत भए पनि तिनीहरू यसको साँचो अर्थ र परिस्थितिहरू बारे भ्रमित छन्। परमेश्वरले मानिसको संकल्पलाई सुदृढ गराउनुहुन्छ, तिनीहरूको आत्मविश्वासलाई शोधन गर्नुहुन्छ, अनि तिनीहरूको हरेक भागलाई सिद्ध गर्नु हुन्छ, अनि यो मुख्यतया परीक्षाहरूद्वारा हासिल गरिन्छ, जुन पवित्र आत्माको लुकेको कार्य पनि हुन्। यस्तो भान हुन्छ कि परमेश्वरले मानिसहरूलाई त्याग्नु भएको छ, अनि यदि तिनीहरू होशियार छैनन् भने, तिनीहरूले यी जाँचहरूलाई शैतानको परीक्षाको रूपमा हेर्नेछन्। वास्तवमा, धेरै जाँचहरूलाई शैतानको प्रलोभनको रूपमा मान्न सकिन्छ, अनि परमेश्वरले यही सिद्धान्त र नियमद्वारा कार्य गर्नुहुन्छ। यदि मानिसहरू साँच्चै परमेश्वरको उपस्थितिमा जिउँछन् भने, तिनीहरूले यस्ता कुराहरूलाई परमेश्वरबाट आएको जाँचहरूको रूपमा लिनेछन्, अनि तिनीहरूलाई चिप्लेर जान दिनेछैनन्। यदि कसैले परमेश्वर तिनीहरूको साथमा हुनुहुन्छ त्यसकारण शैतान अवश्य नै तिनीहरूको नजिक आउनेछैन भनेर भन्छ भने, यो पूर्ण रूपले सही होइन; यदि यस्तो हो भने, उजाड स्थानमा चालीस दिनको उपवास बसिसकेपछि येशूले परीक्षाको सामना गर्नुभयो भन्ने कुरालाई कसरी व्याख्या गर्न सकिन्छ? यसकारण यदि मानिसहरूले परमेश्वरमाथिको विश्वासप्रति तिनीहरूको दृष्टिकोणलाई साँच्चै नै

सुधारे भने, तिनीहरूले अरू धेरै कुराहरू अझ स्पष्ट रूपले देख्नेछन्, अनि तिनीहरूको समझ टेढो अनि भ्रामक हुनेछैन। यदि कुनै व्यक्तिले परमेश्वरद्वारा सिद्ध बनाइनको लागि साँच्चै दृढ सङ्कल्प गर्छ भने, उसले आफ्नो अघि देखा पर्ने सबै कुराहरूलाई देब्रे वा दाहिनेतिरबाट मात्र होइन, सबै कोणबाट पहुँच गर्नुपर्छ। यदि तँसँग परमेश्वरको कार्यको कुनै ज्ञान छैन भने, परमेश्वरसँग कसरी सहकार्य गर्ने सो तँलाई थाहा हुनेछैन। यदि तँलाई परमेश्वरको कार्यको सिद्धान्तहरू थाहा छैन, अनि शैतानले कसरी मानिसमा काम गर्छ सोबारे अनभिज्ञ छस् भने, तँसँग अभ्यास गर्ने कुनै मार्ग हुनेछैन। परमेश्वरले इच्छा मुताबिक परिणाम प्राप्त गर्नको लागि तेरो उत्साहपूर्ण खोजी मात्र पर्याप्त हुनेछैन। यस किसिमको अनुभव गर्ने माध्यम "लरेन्सको अनुभव" जस्तै हो: जसले शैतानको काम के हो, पवित्र आत्माको काम के हो, परमेश्वरको उपस्थिति बिना मानिस कुन अवस्थामा हुन्छ, अनि कुन प्रकारको मानिसलाई परमेश्वरले सिद्ध पार्नु चाहनुहुन्छ त्यस बारेमा पूर्ण रूपमा अनजान रही, भिन्नताहरू नछुट्याइकन अनुभवमा मात्र जोड दिन्छ। विभिन्न प्रकारका मानिसहरूसँग व्यवहार गर्दै गर्दा कुन सिद्धान्तहरू अपनाउनु पर्छ, वर्तमानमा कसरी परमेश्वरको इच्छा बुझ्ने, परमेश्वरको स्वभावलाई कसरी जान्ने, अनि मानिसहरू, परिस्थितिहरू, अनि परमेश्वरको दयाको युग, प्रताप, अनि धार्मिकता आदि केमा निर्देशित हुन्छन्—यिनीहरू कुनैको बारेमा पनि उसले छुट्याउन सक्दैन। यदि मानिसहरूका अनुभवहरूको जगको रूपमा विभिन्न दर्शनहरू छैन भने, यो जीवनको जग हुने त कुनै प्रश्नै छैन, र अनुभवको हकमा यो झन् बढी लागू हुन्छ; तिनीहरू मूर्खतापूर्ण रूपले निरन्तर हरेक थोक आलम्बन गरिरहेका अनि सहन गरिरहेका हुन्छन्। यस्ता मानिसहरूलाई सिद्ध पार्न साह्रै कठिन हुन्छ। यसो भन्न सकिन्छ कि माथि बताइएका दर्शनहरूमध्ये तँसँग कुनै छैन भने, तँ अति मूर्ख होस्, तँ इस्राएलमा सँधै खडा भइरहने नुनको खामो जस्तै होस्। यस्ता मानिसहरू बेकार हुन्छन्, केही कुराको लागि उपयोगी हुँदैनन्! केही मानिसहरू केवल सँधै आँखा चिम्लेर समर्पण गर्दछन्, तिनीहरूले सँधै केवल आफैलाई मात्र जान्दछन् अनि सँधै नै कुनै पनि नयाँ कुराको निराकण गर्नु पर्दा आफ्नै तरिकाहरूको प्रयोग गर्छन्, अथवा तिनीहरू सानातिना कुराहरूको निराकण गर्दा पनि "बुद्धि" को प्रयोग गर्छन्। त्यस्ता मानिसहरू विवेक रहित हुन्छन्, अनि यो छनौट हुनबाट आफैलाई परित्याग गर्ने तिनीहरूको प्रकृति हो भन्नेजस्तै हुन्छ, अनि तिनीहरू सँधै उस्तै हुन्छन्; तिनीहरू कहिल्यै परिवर्तन हुँदैनन्। यस मानिसहरू मूर्ख हुन्छन् जसमा अलिकति विवेक पनि हुँदैन। तिनीहरूले कहिल्यै पनि परिस्थिति वा विभिन्न व्यक्तिहरूसँग उपयुक्त उपायहरू अपनाउन प्रयास गर्दैनन्। यस्ता मानिसहरूसँग अनुभव हुँदैन। मैले केही यस्ता मानिसहरू देखेको छु जो तिनीहरूको आफ्नै ज्ञानमा यति बाँधिएका हुन्छन् कि जब दुष्ट आत्माको कामहरूद्वारा ग्रस्त मानिसहरूसँग मुठभेट हुन्छ, तिनीहरूको अघि खडा हुन र तिनीहरूलाई दोषी ठहऱ्याउने साहस नै नगरी तिनीहरूले आफ्नो शिर निहुराउँछन् अनि आफ्ना पाप स्विकार्छन्। अनि जब पवित्र आत्माको स्पष्ट कार्यको सामना गर्नुपर्छ, तब तिनीहरूले आज्ञा पालना गर्ने साहस गर्दैनन्। दुष्ट आत्माहरू पनि परमेश्वरको हातमा छन् भन्ने तिनीहरू विश्वास गर्छन्, अनि खडा भएर तिनीहरूको विरोध गर्ने साहस अलिकति पनि हुँदैन। यस्ता मानिसहरूले परमेश्वरलाई लज्जित तुल्याउँछन्, अनि उहाँको निम्ति गह्रौं बोझ बोक्न पूर्ण रूपले

असमर्थ हुन्छन्। यस्ता मूर्खहरूले कुनै पनि प्रकारको भिन्नता छुट्याउँदैनन्। त्यसकारण अनुभवका त्यस्ता माध्यमहरूलाई शुद्ध पारिनुपर्छ, कारण यो परमेश्वरको दृष्टिमा अस्थिर छ।

वास्तवमा परमेश्वरले कहिलेकाहीँ उनीहरूलाई जाँच गर्दै, कहिलेकाहीँ उनीहरूलाई सामान्य बनाउने वातावरण सृजना गर्दै, अनि कहिलेकाहीँ उनीहरूलाई अगुवाइ गर्न उनीहरूको कमीहरूलाई सुधार गर्न वचन बोल्दै मानिसहरूमा अनेकौँ कार्य गर्नुहुन्छ। कहिलेकाहीँ मानिसहरूले थाहा नपाई उनीहरूको धेरै कुराहरूको कमी पत्ता लगाउन परमेश्वरले तैयार पार्नु भएको वातावरणतर्फ पवित्र आत्माले डोर्याउनुहुन्छ। मानिसहरूले जे भन्छन् र जे गर्छन्, अनि मानिसहरूले थाहै नपाई अरूलाई जसरी व्यवहार गर्छन् त्यसद्वारा पवित्र आत्माले तिनीहरूलाई विभिन्न कुराहरू र मानिसहरूलाई अझै स्पष्ट रूपमा देख्ने तुल्याउँदै, तिनीहरूलाई पहिले थाहा नभएका धेरैजसो कुराहरू देख्न सक्ने तुल्याउँदै, तिनीहरूले पहिले नबुझेका धेरै कुराहरूको अन्तर्ज्ञान दिनुहुन्छ। जब तँ संसारसँग संलग्न हुन्छस्, तब तैँले बिस्तारै संसारका कुराहरू छुट्याउन सुरु गर्नेछस्, अनि तेरो अन्त्य हुन अघि, तैँले यो निष्कर्ष निकाल्न सक्छस्: “मानिस हुन साँच्चै गाह्रो छ।” यदि तैँले केही समय परमेश्वरको अनुभव गर्दै बिताइस् भने, अनि परमेश्वरको कार्य अनि उहाँको स्वभावलाई बुझिस् भने, तैँले अन्जानमा नै धेरै अन्तर्दृष्टि प्राप्त गर्नेछस्, अनि तेरो कद बिस्तारै वृद्धि हुनेछ। तैँले धेरै आत्मिक कुराहरूलाई राम्रोसँग बुझ्नेछस्, अनि तँ विशेष गरी परमेश्वरको काम बारे स्पष्ट बन्नेछस्। परमेश्वरको वचन, परमेश्वरको कार्य, परमेश्वरको हरेक गतिविधि, परमेश्वरको स्वभावलाई, अनि परमेश्वर जे हुनुहुन्छ र उहाँसँग जे छ त्यसलाई तेरो आफ्नै जीवनको रूपमा स्वीकार्नेछस्। यदि तैँले गर्ने कुरा भनेको संसारमा भौँतारिनु मात्रै हो भने, तेरो पखेटा अझ कठोर भएर जानेछ, अनि परमेश्वर विरुद्धको तेरो प्रतिरोध झन् ठूलो हुनेछ; तब परमेश्वरले तँलाई कसरी प्रयोग गर्न सक्नुहुन्छ? तँमा धेरै नै “मेरो बिचारमा” भन्ने धारणा छन्, त्यसकारण परमेश्वरले तँलाई प्रयोग गर्नुहुन्न। तँ परमेश्वरको उपस्थितिमा जति धेरै रहन्छस्, तँसँग उति नै धेरै अनुभवहरू हुनेछन्। यदि तँ संसारमा अझै पनि पशु झैँ जिउँछस् भने–तेरो मुखले परमेश्वरमाथिको विश्वासको घोषणा गरिरहेको हुन्छ तर तेरो हृदय भने अन्यत्रै हुन्छ–अनि यदि तँ अझै पनि जिउनको लागि सांसारिक दर्शनहरूको अध्ययन गर्छस् भने, तेरा सबै अघिल्ला परिश्रमहरू व्यर्थका भएका हुँदैनन् त? त्यसकारण, मानिसहरू परमेश्वरको उपस्थितिमा जति धेरै हुन्छन्, परमेश्वरबाट सिद्ध हुन उनीहरूलाई उति नै सहज हुन्छ। पवित्र आत्माले आफ्नो कार्य गर्ने तरिका यही नै हो। यदि तैँले यो बुझ्दैनस् भने, तैँले सही पथमा प्रवेश गर्नु असम्भव हुनेछ, अनि परमेश्वरबाट सिद्ध हुने बारेमा त कुरै उठ्नेछैन। तैँले सामान्य आत्मिक जीवन पाउन सक्नेछैनस्; यो तँ अपाङ्ग भएको जस्तै हो, अनि तँसँग केवल तेरै मात्र कठिन परिश्रम मात्र हुनेछ र परमेश्वरको कुनै कार्य हुनेछैन। के यो तेरो अनुभवको गल्ती होइन र? परमेश्वरको उपस्थितिमा रहनलाई तैँले प्रार्थना नै गर्नु जरुरी छैन; कहिलेकाहीँ परमेश्वरको चिन्तन गर्दा वा उहाँको कामलाई बिचार गर्दा या कुनै बेला कुनै कुराहरूको निराकरण गर्दा अनि कहिलेकाहीँ कुनै कार्यक्रममा आफैलाई प्रकट गर्दा तँ परमेश्वरको उपस्थितिमा आउँछस्। धेरैजसो मानिसहरू भन्छन्, “के म परमेश्वरको उपस्थितिमा हुँदिन र, किनकि म सँधै नै प्रार्थना गरिरहन्छु?” धेरै मानिसहरू अटुट रूपमा “परमेश्वरको उपस्थितिमा”

प्रार्थना गरिरहन्छन्। तिनीहरूको ओठमा सँधै प्रार्थना नै भए पनि, तिनीहरू वास्तवमा परमेश्‍वरको उपस्थितिमा जिउँदैनन्। यस्ता मानिसहरूले परमेश्‍वरको उपस्थितिमा तिनीहरूको स्थिति कायम राख्न सक्ने एउटै मात्र तरिका यही मात्रै हो; परमेश्‍वरमा संलग्न हुन आफ्नो हृदयको प्रयोग गर्न तिनीहरू पूर्ण रूपमा असमर्थ छन्, न त तिनीहरू आफ्नो हृदयमा परमेश्‍वरसँग संलग्न भई चिन्तन, मनन गरेर या तिनीहरूको मन प्रयोग गरेर अनुभवको माध्यमद्‌वारा, अनि परमेश्‍वरको बोझको बारेमा सचेत भएर परमेश्‍वरको सामु आउने योग्यका नै छन्। तिनीहरूले मुखले मात्र स्वर्गमा हुनुहुने परमेश्‍वरलाई प्रार्थना चढाउँछन्। धेरैजसो मानिसहरूको हृदय परमेश्‍वर विहीन छन्, अनि तिनीहरू उहाँको नजिक आउँदा मात्रै परमेश्‍वर त्यहाँ आउनुहुन्छ; धेरै पटक, परमेश्‍वर त्यहाँ हुँदै-हुनुहुन्न। के यो कसैको हृदयमा परमेश्‍वर नहुनुको प्रकटीकरण होइन र? यदि तिनीहरूको हृदयमा साँच्चै नै परमेश्‍वर हुनुभएको भए, के तिनीहरूले चोर र जनावरहरूले गर्ने कुराहरू गर्न सक्थे? यदि कुनै व्यक्तिले परमेश्‍वरलाई साँच्चै आदर गर्छ भने, तिनीहरूले आफ्नो साँचो हृदयलाई परमेश्‍वरको सम्पर्कमा ल्याउनेछन्, अनि तिनीहरूको सोच र विचारहरू सँधै नै परमेश्‍वरको वचनद्‌वारा ओगटिएको हुनेछ। बोली होस वा कार्यमा तिनीहरूले कुनै गल्ती गर्नेछैनन्, अनि त्यस्तो कुनै कुरा गर्नेछैनन् जसले स्पष्ट रूपमा परमेश्‍वरको विरोध गर्छ। विश्‍वासी हुनुको मापदण्ड यही हो।

## नयाँ युगका आज्ञाहरू

परमेश्‍वरको कामको अनुभव गर्दा तिमीहरूले परमेश्‍वरका वचनहरूलाई ध्यानपूर्वक पढ्नैपर्छ र आफूलाई सत्यद्‌वारा सुसज्जित बनाउनैपर्छ। तर, तिमीहरूले के गर्न चाहन्छौ वा कसरी गर्न चाहन्छौ भन्ने सन्दर्भमा, तिमीहरूको गम्भीर प्रार्थना वा अन्तरबिन्ती आवश्यकता छैन, र वास्तवमै यी कुराहरू निरर्थक छन्। तैपनि वर्तमानमा, तिमीहरूले सामान्यतया सामना गरिरहेका समस्याहरू भनेका तिमीहरू परमेश्‍वरको कामको अनुभव कसरी गर्ने सो जान्दैनौ, र तिमीहरूमा अत्यन्तै धेरै निष्क्रियता छ भन्ने हो। तिमीहरूलाई धेरै सिद्‌धान्तहरू थाहा छ, तर तिमीहरूसँग त्यति धेरै वास्तविकता छैन। के यो त्रुटिहरूको सङ्केत होइन र? तिमीहरू, यो समूहमा अत्यन्तै धेरै त्रुटिहरू देखिन्छ। आज, “सेवाकर्ताहरू” का रूपमा यस्ता परीक्षाहरू हासिल गर्न तिमीहरू असक्षम छौ, र परमेश्‍वरका वचनहरूसँग सम्बन्धित अन्य परीक्षाहरू र शोधनलाई कल्पना गर्न वा प्राप्त गर्न असक्षम छौ। तिमीहरूले अभ्यास गर्नुपर्ने धेरै कुराहरूमा तिमीहरू दृढ रहनुपर्छ। भन्नुको अर्थ, मानिसहरू आफूले पालना गर्नुपर्ने धेरै कर्तव्यहरूमा दृढ रहनैपर्छ। मानिसहरू दृढ रहनु पर्ने कुरा नै यही हो, र उनीहरूले व्यवहारमा लागू गर्नुपर्ने कुरा यही नै हो। पवित्र आत्माद्‌वारा गरिनै पर्ने गर्न कुरा पवित्र आत्मालाई नै गर्न दिऊँ; मानिसले यसमा कुनै भूमिका खेल्न सक्दैन। मानिसद्‌वारा गरिनु पर्ने कुरामा मात्र मानिस दृढ रहनुपर्छ, जसको पवित्र आत्मासँग कुनै सम्बन्ध छैन। यो मानिसले गर्नुपर्ने बाहेक केही होइन, र यसलाई पुरानो करारको व्यवस्थालाई पालन गरेजस्तै, यसलाई पनि आदेशको रूपमा पालन गरिनुपर्छ। हुन त अहिले व्यवस्थाको युग होइन, तर पनि अझसम्म पनि पालन गर्नुपर्ने धेरै वचनहरू छन्, जुन व्यवस्थाको युगमा बोलिएका वचनहरू जस्तै,

उस्तै प्रकारका छन्। ती वचनहरू केवल पवित्र आत्माको स्पर्शमा भर परेर मात्रै व्यवहारमा लागू गरिँदैनन्, बरु ती मानिसले पालन गर्नुपर्ने कुराहरू हुन्। उदाहरणको लागि: व्यावहारिक परमेश्‍वरको कामलाई तैँले न्याय गर्नु हुँदैन। परमेश्‍वरद्वारा पुष्टि गरिएको मानिसलाई तैँले विरोध गर्नु हुँदैन। परमेश्‍वरको सामुन्ने, तँ आफ्नो स्थानमा बस्नुपर्छ र हठी हुनुहुँदैन। बोलीवचनमा तँ संयमित हुनुपर्छ, र तेरा वचन र कामहरूले परमेश्‍वरद्वारा पुष्टि गरिएको मानिसको प्रबन्धहरूलाई अनुसरण गर्नुपर्छ। तैँले परमेश्‍वरको गवाहीलाई आदर गर्नुपर्छ। तैँले परमेश्‍वरको काम र उहाँका मुखबाट निस्किएका वचनहरूलाई बेवास्ता गर्नुहुँदैन। तैँले परमेश्‍वरका वाणीहरूको लबज र लक्ष्यलाई नक्कल गर्नु हुँदैन। बाहिरी रूपमा, तैँले त्यस्तो केही गर्नु हुँदैन जसले परमेश्‍वरद्वारा पुष्टि गरिएको मानिसको स्पष्ट रूपमा विरोध गर्छ। र त्यस्तै-त्यस्तै। हरेक व्यक्तिले पालन गर्नुपर्ने कुराहरू यिनै हुन्। हरेक युगमा परमेश्‍वरले व्यवस्थाहरूसँग सम्बन्धित र मानिसले पालना गर्नु पर्ने धेरै नियमहरू तोक्नुहुन्छ। यसद्वारा, उहाँले मानिसको स्वभावलाई नियन्त्रण गर्नुहुन्छ र उसको इमानदारीता पत्ता लगाउनुहुन्छ। उदाहरणको लागि, "तिमीहरूका बुबा र आमालाई सम्मान गर" भन्‍ने पुरानो करारका वचनहरूलाई विचार गर। आज यी वचनहरू लागू हुँदैनन्; त्यो समयमा तिनले मानिसका केही बाह्य स्वभावलाई नियन्त्रित मात्रै गरे, परमेश्‍वरमा मानिसको विश्‍वासको इमानदारीतालाई देखाउन प्रयोग गरियो, र परमेश्‍वरमा विश्‍वास गर्नेहरूको चिन्ह थिए। अहिले राज्यको युग भए पनि मानिसले पालना गर्नुपर्ने धेरै नियमहरू अझै छन्। विगतका नियमहरू लागू हुँदैनन्, र आज मानिसले अभ्यास गर्नको लागि उपयुक्त धेरै अभ्यासहरू छन् र ती आवश्यक छन्। तिनले पवित्र आत्माको कामलाई समावेश गर्दैनन् र ती मानिसद्वारा नै गरिनुपर्छ।

अनुग्रहको युगमा, व्यवस्थाको युगका धेरै अभ्यासहरूलाई परित्याग गरियो किनकि ती व्यवस्थाहरू त्यो समयको कामको लागि निश्‍चित रूपमा प्रभावकारी भएनन्। तिनीहरूलाई परित्याग गरिएपछि त्यो युगको लागि उपयुक्त रहेका धेरै अभ्यासहरू अघि सारियो, र ती आजका धेरै नियमहरू बनेका छन्। आजका परमेश्‍वर आउनुभएपछि ती नियमहरूलाई अलग गरियो र तिनीहरूलाई पालना गर्नुपर्ने आवश्यकता रहेन, र आजको कामको लागि उपयुक्त धेरै प्रचलनहरू अघि सारियो। आज, ती प्रचलनहरू नियमहरू होइनन् तर प्रभाव प्राप्त गर्नका लागि लक्षित छन्; तिनीहरू आजको लागि उपयुक्त छन्—भोलि सायद तिनीहरू नियमहरू बन्‍नेछन्। सङ्क्षेपमा, तैँले त्यसलाई पालन गर्नुपर्छ जुन आजको कामको लागि फलदायी छ। भोलिलाई ध्यान नदे: आज जे गरिन्छ त्यो आजको लागि हुन्छ। हुनसक्छ जब भोलि आउँछ, तैँले लागू गर्नु पर्ने राम्रा अभ्यासहरू हुनेछन्—तर त्यसलाई अति धेरै ध्यान नदे। बरु परमेश्‍वरको विरोध गर्नबाट बच्‍न त्यो पालन गर्नुहोस् जुन आज पालन गर्नुपर्छ। आज, मानिसको लागि निम्न कुराको पालनाभन्दा बढी महत्त्वपूर्ण अरू केही छैन: तैँले तेरो आँखा अगाडि उभिनुहुने परमेश्‍वरलाई मनाउने वा उहाँबाट कुनै कुरा लुकाउने कोसिस गर्नु हुँदैन। तेरो सामाने हुनुहुने परमेश्‍वरका अघि तैँले अपशब्द वा अहङ्कारी कुरा बोल्नु हुँदैन। मीठा वचनहरू र राम्रा बोलीवचनहरूद्वारा उहाँको विश्‍वास जित्‍नको लागि तेरो आँखा सामुन्नेका परमेश्‍वरलाई तैँले छल गर्नु हुँदैन। परमेश्‍वरका अगाडि तैँले अनादर पूर्वक व्यवहार गर्नु हुँदैन। परमेश्‍वरका मुखबाट बोलिएका सबै कुरालाई तैँले पालन गर्नुपर्छ, र उहाँका वचनहरूको

प्रतिरोध, विरोध वा विवाद गर्नु हुँदैन। परमेश्‍वरका मुखबाट बोलिएका वचनहरूलाई तैँले आफू अनुकूल अर्थ लगाउनु हुँदैन। दुष्‍टको छली योजनाहरूको शिकार हुनबाट आफूलाई जोगाउन तैँले आफ्नो जिब्रोलाई काबुमा राख्नुपर्छ। परमेश्‍वरद्वारा तेरो लागि तय गरिएका सीमाहरू नाघ्नबाट जोगिन तैँले आफ्ना कदमहरूलाई काबुमा राख्नुपर्छ। यदि तैँले नाघिस् भने, यसले तँलाई परमेश्‍वरको स्थानमा उभिने र अभिमानी र आडम्बरी वचनहरू बोल्ने बनाउनेछ, र त्यसैले परमेश्‍वरले तँलाई घृणा गर्नुहुनेछ। परमेश्‍वरका मुखबाट बोलिएका वचनहरूलाई तैँले जथाभाबी फैलाउनु हुँदैन, नत्र अरूले तेरो निन्दा गर्छन् र दियाबलसहरूले तँलाई मूर्ख बनाउँछ। तैँले आजका परमेश्‍वरका सबै काम पालन गर्नुपर्छ। यदि तैँले यसलाई बुझिनस् भने पनि, तैँले यसलाई न्याय गर्नु हुँदैन; तपाईंले गर्न सक्ने भनेको खोजी गर्नु र सङ्गति गर्नु हो। परमेश्‍वरको मूल स्थानलाई कुनै व्यक्तिले पनि उल्लङ्घन गर्नु हुँदैन। तैँले मानिसको स्थानबाट आजको परमेश्‍वरको सेवा गर्नेभन्दा बढी केही गर्न सक्दैनस्। तैँले मानिसको स्थानबाट आजको परमेश्‍वरलाई सिकाउन सक्दैनस्–यसो गर्नु भनेको पथभ्रष्‍ट हुनु हो। परमेश्‍वरद्वारा पुष्‍टि गरिएको मानिसको स्थानमा कोही पनि खडा हुन सक्दैन; तेरा वचनहरू, व्यवहारहरू, र अन्तस्करणका विचारहरूमा, तँ मानिसकै स्थानमा खडा छस्। यसलाई मानिसले पालन गर्नुपर्छ, यो उसकै जिम्मेवारी हो, र यसलाई कसैले पनि बदल्न सक्दैन; त्यस्तो दुष्प्रयासले प्रशासनिक आदेशहरूको उल्लङ्घन गर्नेछ। यसलाई सबैले सम्झिनुपर्छ।

परमेश्‍वरले बोल्दै र उच्चारण गर्दै धेरै समय बिताउनुभएकोले गर्दा मानिसले परमेश्‍वरका वचनहरू पढ्नु र स्मरण गर्नुलाई नै उसको प्राथमिक काम ठानेको छ। कसैले पनि अभ्यासलाई ध्यान दिँदैनन्, र जुन तैँले पालन गर्नैपर्छ त्यसलाई पनि तँ पालन गर्दैनस्। यसले तिमीहरूको सेवामा धेरै जटिलताहरू र समस्याहरू ल्याएको छ। यदि, परमेश्‍वरका वचनहरू अभ्यास गर्नुभन्दा पहिले तैँले आफूले अनुसरण गर्नुपर्ने कुरालाई अनुसरण गरेको छैनस् भने, तँ परमेश्‍वरद्वारा घृणा र इन्कार गरिएकाहरूमध्ये एक होस्। यी अभ्यासहरू अनुसरण गर्दा तँ गम्भीर र इमान्दार हुनुपर्छ। तैँले तिनलाई बन्धनहरू जस्तो व्यवहार गर्नु हुँदैन तर आज्ञाहरूको रूपमा तिनीहरूको अनुसरण गर्नुपर्छ। आज, के फल प्राप्‍त गर्नुछ भन्‍नेमा तैँले सरोकार राख्नु हुँदैन; छोटकरीमा, पवित्र आत्माले यसरी नै काम गर्नुहुन्छ, र जसले उल्लङ्घन गर्छ, ऊ दण्डित हुनुपर्छ। पवित्र आत्मा भावनाहीन र तेरो वर्तमान बुझाइप्रति अप्रवाही हुनुहुन्छ। यदि आज तैँले परमेश्‍वरलाई चिढ्याइस् भने उहाँले तँलाई दण्ड दिनुहुनेछ। यदि उहाँको क्षेत्राधिकारको सीमाभित्र तैँले उहाँलाई रिस उठाइस् भने उहाँले तँलाई छोड्नुहुनेछैन। येशूका वचनहरू पालन गर्नेप्रति तँ कति गम्भीर छस् उहाँले त्यसको मतलब गर्नुहुन्‍न। यदि तैँले आजको परमेश्‍वरका आज्ञाहरूलाई उल्लङ्घन गरिस् भने उहाँले तँलाई दण्ड दिनुहुनेछ र तँलाई मृत्युको दण्डाज्ञा दिनुहुनेछ। तिनीहरूको अनुसरण नगर्नु तेरो लागि कसरी स्वीकार्य हुनसक्यो? तैँले अनुसरण गर्नै पर्छ, चाहे यसको लागि थोरै पीडा सहनु पर्ने नै किन नहोस्! यो जुन धर्म, क्षेत्र, राष्‍ट्र, वा सम्प्रदाय भए पनि भविष्यमा उनीहरू सबैले यी अभ्यासहरूलाई अनुसरण गर्नैपर्छ। कसैलाई पनि छुट दिइँदैन र कसैलाई पनि छोडिनेछैन! किनकि तिनीहरू आज पवित्र आत्माले जे गर्नुहुनेछ त्यही हुन् र तिनीहरूलाई कसैले पनि उल्लङ्घन गर्न सक्दैनन्। हुन त तिनीहरू कुनै महान् कुरा होइनन् तर हरेक व्यक्तिले ती गर्नैपर्छ र ती मानिसको लागि येशूले

तय गर्नुभएका आज्ञाहरू हुन्, जो पुनर्जीवित हुनुभएको थियो र जो स्वर्गमा आरोहण हुनुभएको थियो। तँ धर्मी होस् कि अधर्मी होस्, सो आज परमेश्वरप्रतिको तेरो धारणा अनुसार हुन्छ भन्ने येशूको परिभाषालाई के यो "मार्ग ... (७)" ले बताउँदैन र? यो बुँदालाई कसैले पनि छुटाउनु हुँदैन। व्यवस्थाको युगमा, फारसीहरूका पुस्तौं-पुस्ताले परमेश्वरमा विश्वास गरे, तर अनुग्रहको युगको आगमनसँगै उनीहरूले येशूलाई चिनेनन्, र उहाँको विरोध गरे। यस्तो भयो कि उनीहरूले गरेको केही काम लागेन र सबै व्यर्थ भयो, र परमेश्वरले उनीहरूका कामहरूलाई स्वीकार गर्नुभएन। यदि तैँले यसलाई गौड गरेर हेर्न सकिस् भने तैँले सजिलै पाप गर्नेछैनस्। सायद, धेरै मानिसहरूले आफैलाई परमेश्वरको विरुद्धमा मापन गरेका छन्। परमेश्वरको विरोध गर्दा कस्तो स्वाद पाइन्छ? यो तीतो हुन्छ कि मीठो? तैँले यो बुझ्नुपर्छ; तँलाई थाहा छैन भनेर बहानाबाजी नगर्। सायद, उनीहरूका हृदयमा केही मानिसहरू अविश्वस्त नै रहन्छन्। तैपनि तँलाई म यसलाई चाखेर हेर् भन्ने सल्लाह दिन्छु–हेर्, यसको स्वाद कस्तो छ। यसले धेरै मानिसहरूलाई यसबारेमा सधैँ शङ्कालु हुनबाट रोक्नेछ। धेरै मानिसहरूले परमेश्वरका वचनहरू पढ्छन् तर पनि उनीहरूका हृदयमा गोप्य रूपमा उहाँको विरोध गर्छन्। यस प्रकारले उहाँको विरोध गरेपछि, के तँलाई तेरो मुटुमा छुरी धसेजस्तो अनुभव हुँदैन? यदि यो पारिवारिक अमेल होइन भने, यो शारीरिक पीडा हो, वा छोराछोरीहरूको कहर हो। हुन त मृत्युबाट तेरो शरीर जोगिन्छ, तर परमेश्वरको हातले तँलाई कहिल्यै पनि छोड्दैन। तपाईंलाई लाग्छ कि यो यति सामान्य हुनसक्छ? खासमा, परमेश्वरको नजिकका धेरैको लागि यसमा केन्द्रित हुनु अझ बढी आवश्यक छ। समय बित्दै जाँदा, तैँले यसलाई बिर्सनेछस्, थाहै नपाई तँ परीक्षामा होमिनेछस् र सबै थोकप्रति बेपरवाह हुनेछस्, र यो तेरो पापकर्मको सुरुवात हुनेछ। के यो तँलाई तुच्छ लाग्छ? यदि तैँले यो राम्ररी गर्न सकिस् भने, तँसँग सिद्ध पारिने अवसर छ–परमेश्वरका सामुन्ने आउन र उहाँको आफ्नै मुखबाट उहाँको मार्गदर्शन प्राप्त गर्ने अवसर। यदि तँ लापरवाही छस् भने, तेरो लागि समस्या हुनेछ–तँ परमेश्वरको अवज्ञाकारी हुनेछस्, तेरा वचनहरू र व्यवहारहरू दुराचारी हुनेछन्, र ढिलो वा चाँडो तँलाई विशाल आँधीबेहरीले र शक्तिशाली छालहरूले लानेछ। तिमीहरू हरेकले यी आदेशहरूलाई ध्यान दिनुपर्छ। यदि तैँले तिनको उल्लङ्घन गरिस् भने परमेश्वरद्वारा पुष्टि गरिएको मानिसले तँलाई निन्दा नगरे पनि तँसँग परमेश्वरको आत्माको नसिद्धिएको लेनदेन रहनेछ, र उहाँले तँलाई छोड्नुहुनेछैन। के तँ तेरा उल्लङ्घनका परिणामहरू भोग्न सक्छस्? तसर्थ, परमेश्वरले जे भन्नुहुन्छ, तैँले उहाँका वचनहरूलाई व्यवहारमा उतार्नुपर्छ, र तैँले सक्ने कुनै पनि माध्यमबाट तिनीहरूको अनुसरण गर्नुपर्छ। यो त्यति सजिलो विषय होइन!

## सहस्राब्दीय राज्यको आगमन भएको छ

के तिमीहरूले मानिसहरूको यस समूहमा परमेश्वरले पूरा गर्नुहुने काम देखेका छौ? परमेश्वरले एक पटक भन्नुभयो, सहस्राब्दीय राज्यमा पनि मानिसहरूले अझै उहाँका वाणीहरू अनुसरण गर्नैपर्छ, र भविष्यमा परमेश्वरका वाणीहरूले मानिसको जीवनलाई अझै कनानको राम्रो भूमिमा

प्रत्यक्ष डोर्याउनेछ। जब मोशा उजाड स्थानमा थिए, परमेश्वरले तिनलाई प्रत्यक्ष निर्देशन दिनुभयो र तिनीसँग कुरा गर्नुभयो। स्वर्गबाट परमेश्वरले मानिसहरूको उपभोगका लागि खाना, पानी र मन्न पठाइदिनुभयो, र यो आज पनि यस्तै छ: परमेश्वरले व्यक्तिगत रूपमा खाने र पिउने चीजहरू मानिसहरूको उपभोगका लागि पठाइदिनुभएको छ, र उहाँले व्यक्तिगत रूपमा मानिसहरूलाई सजाय दिन श्राप पठाउनुभएको छ। त्यसरी नै, परमेश्वरले उहाँको कामको हरेक चरण व्यक्तिगत तवरमा गर्नुहुन्छ। आज, मानिसहरू तथ्यहरूको घटना खोजी गर्दछन्, तिनीहरूले चिन्ह र अचम्मका कामहरू खोज्छन्, र यो सम्भव छ कि त्यस्ता सबै मानिसहरूलाई हटाइनेछ, किनकि परमेश्वरको काम बढ्दो रूपमा व्यावहारिक हुँदै गइरहेको छ। परमेश्वर स्वर्गबाट ओर्लनुभएको कसैलाई थाहा छैन, परमेश्वरले खाना र औषधीहरू स्वर्गबाट पठाउनुभएको कुरामा पनि उनीहरू अन्जान छन्–तर परमेश्वर वास्तवमै अस्तित्वमा हुनुहुन्छ, र मानिसहरूले कल्पना गर्ने सहस्राब्दीय राज्यका उत्तेजक दृश्यहरू पनि परमेश्वरका व्यक्तिगत वाणी हुन्। तथ्य यही हो, र केवल यसलाई नै पृथ्वीमा परमेश्वरसँग शासन गर्नु भनेर भनिन्छ। पृथ्वीमा परमेश्वरसँग शासन गर्नुले देहलाई जनाउँछ। जो देहबाट बनेको छैन त्यो पृथ्वीमा अस्तित्वमा रहँदैन, र यसरी तेस्रो स्वर्ग जाने कुरामा ध्यान केन्द्रित गर्ने सबै व्यर्थमा त्यसो गर्छन्। एक दिन, जब सम्पूर्ण ब्रह्माण्ड परमेश्वरमा फर्कन्छ, सम्पूर्ण ब्रह्माण्डभरि उहाँको कामको केन्द्रले उहाँका वाणीहरूको अनुसरण गर्दछ; अन्त कतै, परमेश्वरका वाणीहरू लिन कोही मानिसले टेलिफोन प्रयोग गर्नेछन्, कोही हवाईजहाज चढ्नेछन्, कोही समुद्र तर्न डुङ्गा चढ्नेछन्, र कोहीले लेजरहरूको प्रयोग गर्नेछन्। हरेकले आराधना गर्नेछन्, र उत्कट अभिलाषा राख्नेछन्, तिनीहरू सबै परमेश्वरको निकट आउनेछन्, र परमेश्वरतर्फ भेला हुनेछन्, र सबैले परमेश्वरको आराधना गर्नेछन्–र यी सबै परमेश्वरका कार्यहरू हुनेछन्। यो कुरालाई याद राख! परमेश्वरले अवश्य नै अरु कतै फेरि कहिल्यै सुरु गर्नुहुनेछैन। परमेश्वरले यो तथ्य पूरा गर्नुहुनेछ: उहाँले ब्रह्माण्डका सारा मानिसहरूलाई उहाँको अघि आएर पृथ्वीमा परमेश्वरको आराधना गर्ने तुल्याउनुहुनेछ, अनि अरू ठाउँको उहाँको कार्य अन्त्य हुनेछ, र मानिसहरू साँचो मार्गको खोजी गर्न बाध्य हुनेछन्। यो योसेफजस्तै हुनेछ: सबै जना खानेकुराको लागि तिनीकहाँ आए, र तिनको सामने घुँडा टेके, किनभने तिनीसँग खाने कुराहरू थिए। अनिकालबाट बच्नको लागि, मानिसहरू साँचो मार्गको खोजी गर्न बाध्य हुनेछन्। सम्पूर्ण धार्मिक समुदायले प्रचण्ड अनिकाल भोग्नेछ, अनि आजका परमेश्वर मात्रै मानिसको आनन्दको लागि प्रदान गरिएको सधैँ बगिरहने मूल भएको जिउँदो पानीको मूल हुनुहुन्छ, र मानिसहरू आउनेछन् र उहाँकै भर पर्नेछन्। परमेश्वरका कार्यहरू प्रकट हुने र परमेश्वरले महिमा प्राप्त गर्ने समय त्यही नै हुनेछ; ब्रह्माण्डका सारा मानिसहरूले यस अतुलनीय “मानव” को आराधना गर्नेछन्। के यो परमेश्वरको महिमाको दिन हुनेछैन र? एक दिन, वृद्ध पाष्टरहरूले जीवित पानीको मुहानबाट पानी खोज्न टेलिग्राम पठाउनेछन्। तिनीहरू वृद्ध हुनेछन्, तैपनि तिनीहरू यस व्यक्तिलाई आराधना गर्न आउनेछन्, जसलाई उनीहरूले घृणा गर्थे। तिनीहरूले उहाँलाई आफ्ना मुखले स्वीकार गर्नेछन् र आफ्ना हृदयले उहाँलाई भरोसा गर्नेछन्–के यो कुनै चिन्ह र अचम्मको काम होइन र? जब सम्पूर्ण राज्य आनन्दित हुन्छ, त्यो परमेश्वरको महिमाको दिन हुनेछ, अनि जो-कोही

तिमीहरूकहाँ आउँछन् र परमेश्‍वरको सुखद समाचार ग्रहण गर्छन्, उनीहरूले परमेश्‍वरबाट आशीर्वाद पाउनेछन्, र ती देशहरू तथा मानिसहरू जसले त्यसो गर्छन् उनीहरूले परमेश्‍वरबाट आशीर्वाद एवं हेरचाह पाउनेछन्। भविष्यको दिशा यस्तो हुनेछ: जसले परमेश्‍वरको मुखबाट वाणी प्राप्त गर्दछन् उनीहरूले पृथ्वीमा हिँड्ने मार्ग पाउनेछन्, र तिनीहरू व्यापारी वा वैज्ञानिक, वा शिक्षाविद् वा उद्योगपतिहरू जो भएपनि, परमेश्‍वरका वचनरहित हुनेहरूलाई एक कदम चाल्न पनि कठिन हुनेछ, र साँचो मार्ग खोज्न बाध्य हुनेछन्। यसको अर्थ यही हो, "सत्यताद्वारा तँ सारा संसार हिँड्नेछस्; सत्यताविना तँ कहीँ पनि पुग्नेछैनस्।" तथ्यहरू यस प्रकार छन्: परमेश्‍वरले सम्पूर्ण ब्रह्माण्डलाई चलाउन तथा मानवजातिमाथि शासन गर्न र विजय प्राप्त गर्ने मार्ग (जसको अर्थ उहाँका सबै वचनहरू हुन्) प्रयोग गर्नुहुनेछ। परमेश्‍वरले कार्य गर्ने माध्यमहरूमा ठूलो परिवर्तन हुनेछ भन्‍ने मानिसहरूले सँधै आशा गरिरहेका छन्। स्पष्ट रूपमा भन्नुपर्दा, वचनहरू मार्फत नै परमेश्‍वरले मानिसहरूलाई नियन्त्रण गर्नुहुन्छ, र तैँले चाहे पनि वा नचाहे पनि उहाँले भनेको गर्नै पर्छ; यो एक वस्तुनिष्ठ तथ्य हो, र यसलाई सबैले पालना गर्नै पर्दछ, र त्यसैले पनि, यो अपरिवर्तनीय छ, र सबैलाई थाहा छ।

पवित्र आत्माले मानिसहरूलाई भावना दिनुहुन्छ। परमेश्‍वरका वचनहरू पढिसकेपछि, मानिसहरू आफ्नो हृदय स्थिर र शान्तिमा रहेको महसुस गर्छन्, जबकी परमेश्‍वरका वचन ग्रहण नगर्नेहरूले रिक्तता महसुस गर्दछन्। परमेश्‍वरका वचनहरूको शक्ति यस्तो प्रकारको हुन्छ। मानिसहरूले तिनलाई पढ्नुपर्छ, र तिनलाई पढेपछि उनीहरू पोषित हुन्छन्, र ती बिना उनीहरू केही गर्न सक्दैनन्। यो मानिसहरूले अफिम लिँदा जस्तै हो: यसले उनीहरूलाई शक्ति प्रदान गर्दछ, र यो बिना उनीहरू यसको शक्तिशाली आकर्षण महसुस गर्दछन्, र उनीहरूमा कुनै शक्ति हुँदैन। आज मानिसहरूमाझ यस्तै प्रवृत्ति छ। परमेश्‍वरका वचनहरूको पाठले मानिसहरूलाई शक्ति दिन्छ। यदि उनीहरू तिनलाई पढ्दैनन् भने, उनीहरू शिथिल हुन्छन्, तर तिनलाई पढिसकेपछि, उनीहरू तुरुन्तै आफ्ना "बिरामी अवस्थाहरू" बाट उठ्छन्। पृथ्वीमा परमेश्‍वरको वचन चलाउने शक्ति र पृथ्वीमा परमेश्‍वरले गर्ने शासन यही हो। केही मानिसहरू छोड्न चाहन्छन्, वा परमेश्‍वरको कामबाट थकित भएका छन्। तैपनि, उनीहरू आफूलाई परमेश्‍वरको वचनबाट अलग गर्न सक्दैनन्; उनीहरू जति कमजोर भए तापनि, तिनीहरू परमेश्‍वरका वचनहरूमा नै जिउनुपर्छ, र उनीहरू जतिसुकै विद्रोही भए पनि, उनीहरूले परमेश्‍वरका वचनहरू छोड्ने आँट गर्दैनन्। जब परमेश्‍वरका वचनहरूले साँच्चै आफ्नो सामर्थ्य देखाउँछन् तब परमेश्‍वरले शासन गर्नुहुन्छ र शक्ति चलाउनुहुन्छ; परमेश्‍वरले यसरी नै कार्य गर्नुहुन्छ। आखिर, यही माध्यमबाट नै परमेश्‍वरले कार्य गर्नुहुन्छ, र कसैले पनि यसलाई छोड्न सक्दैन। परमेश्‍वरका वचनहरू अनगिन्ती घरहरूमा फैलिनेछन्, ती सबैलाई थाहा हुनेछन्, र त्यसपछि मात्रै उहाँको कार्य ब्रह्माण्डभरि फैलिनेछ। भन्नुको अर्थ के हो भने, यदि परमेश्‍वरको काम सम्पूर्ण ब्रह्माण्डमा फैलिनु छ भने, उहाँका वचनहरू फैलिनै पर्छ। परमेश्‍वरको महिमाको दिनमा, परमेश्‍वरका वचनहरूले आफ्नो शक्ति र अख्तियार देखाउनेछन्। अनन्त कालदेखि आजसम्मका उहाँका हरेक वचनहरू पूरा हुनेछन्। यसप्रकार, पृथ्वीमा परमेश्‍वरको महिमा हुनेछ–अर्थात, उहाँका वचनहरूले पृथ्वीमा शासन गर्नेछन्। सबै दुष्टहरू परमेश्‍वरको मुखबाट

निस्केका वचनहरूद्वारा दण्डित हुनेछन्, सबै धर्मीहरू उहाँको मुखबाट निस्केका वचनद्वारा आशिषित हुनेछन्, र उहाँको मुखबाट निस्केका वचनहरूद्वारा सबै स्थापित हुनेछन् र पूर्ण पारिनेछन्। न त उहाँले कुनै सङ्केत वा चमत्कारहरू व्यक्त गर्नुहुनेछ; उहाँका वचनले सबै पूरा गर्नेछन्, र उहाँका वचनले तथ्यहरू उत्पन्न गर्दछन्। पृथ्वीमा भएका हरेकले परमेश्‍वरका वचनहरूको उत्सव मनाउनेछन्, चाहे तिनीहरू वयस्क हुन् वा बच्चा, पुरुष, महिला, वृद्ध वा जवान हुन्, सबै मानिसहरू परमेश्‍वरका वचनको अधीनमा समर्पित हुनेछन्। परमेश्‍वरका वचनहरू मानिसले पृथ्वीमा स्पष्ट र जीवन्त रूपमा देख्ने गरी देहमा देखा पर्दछन्। परमेश्‍वर देह बन्नुहुन्छ भन्नुको अर्थ यही हो। मुख्यतः "परमेश्‍वर शरीर बन्नुहुन्छ" भन्ने तथ्यलाई पूरा गर्न परमेश्‍वर यस पृथ्वीमा आउनुभएको हो, भन्नुको तात्पर्य, उहाँ आफ्ना वचनहरू शरीरबाट जारी गर्न सकियोस् भनेर आउनुभएको हो (पुरानो नियममा मोशाको समय जस्तो होइन, जब परमेश्‍वरको आवाज आकाशबाट प्रत्यक्ष जारी भयो)। त्यस पछि, उहाँका सबै वचनहरू सहस्राब्दीय राज्यको युगको अवधिमा पूरा हुनेछन्, तिनीहरू मानव आँखाको सामु देखिने तथ्यहरू बन्नेछन्, र तिनलाई मानिसहरूले आफ्नै आँखा प्रयोग गरेर अलिकति भिन्नताविना देख्नेछन्। यो परमेश्‍वरको देहधारणको सर्वोच्च अर्थ यही हो। अर्थात, आत्माको काम देह र वचनहरू मार्फत पूरा हुन्छ। "परमेश्‍वर शरीर बन्नुहुन्छ" र "शरीरमा परमेश्‍वर देखा पर्नु" भन्नुको सही अर्थ यही हो। परमेश्‍वरले मात्रै आत्माको इच्छा बताउन सक्नुहुन्छ, र देहका परमेश्‍वर मात्र आत्माको तर्फबाट बोल्न सक्नुहुन्छ; परमेश्‍वरका वचनहरू देहधारी परमेश्‍वरमा स्पष्ट पारिन्छन्, र अरू हरेक व्यक्ति तिनैबाट निर्देशित हुन्छन्। कोही पनि स्वतन्त्र छैन, तिनीहरू सबै यस दायराभित्र छन्। यी वाणीहरूबाट मात्र मानिस सचेत हुन सक्छन्; यस तरिकाले प्राप्त नगर्नेहरूले यदि स्वर्गबाट वाणीहरू पाउन सक्छौं भन्ने सोच्छन् भने, उनीहरूले दिवास्वप्न देखिरहेका छन्। देहधारी परमेश्‍वरको देहमा यस्तो अख्तियार प्रदर्शन हुन्छ, जसले गर्दा सबैले पूर्ण भरोसाका साथ यसमा विश्‍वास गर्छन्। सबैभन्दा आदरणीय विज्ञहरू र धार्मिक पाष्टरहरूले पनि यी वचनहरू बोल्न सक्दैनन्। उनीहरू सबै तिनका मुनि समर्पित हुनुपर्दछ, र कोही अर्को सुरुवात गर्न सक्षम हुनेछैनन्। परमेश्‍वरले ब्रह्माण्ड विजय गर्न वचनहरू प्रयोग गर्नुहुनेछ। उहाँले सम्पूर्ण ब्रह्माण्डका सबै मानिसलाई पराजित गर्न यो आफ्नो देहधारी अवतारले गर्नुहुनेछैन, तर देहधारी परमेश्‍वरको मुखबाट निस्केका वचनहरू प्रयोग गरेर गर्नुहुन्छ; परमेश्‍वर शरीर हुनु भनेको यही मात्रै हो, र परमेश्‍वर शरीरमा देखा पर्नुहुन्छ भन्ने यही मात्रै हो। सम्भवतः, मानिसहरूलाई यस्तो लाग्न सक्छ कि परमेश्‍वरले धेरै काम गर्नुभएको छैन–तर परमेश्‍वरले उहाँका वचन उच्चारण गर्नु मात्र पर्छ, र उनीहरू पूर्ण रूपमा विश्‍वस्त हुनेछन् र अचम्मित हुनेछन्। तथ्य बिना, मानिसहरू चिच्याउँछन् र चीत्कार गर्दछन्; परमेश्‍वरका वचनहरूले उनीहरू शान्त हुन्छन्। परमेश्‍वरले यस तथ्यलाई अवश्य पूरा गर्नुहुनेछ, किनकि यो परमेश्‍वरको दीर्घ-स्थापित योजना हो: पृथ्वीमा वचनको आगमनको तथ्यलाई पूरा गर्ने। वास्तवमा, मैले व्याख्या गर्नु आवश्यक छैन–पृथ्वीमा सहस्राब्दीय राज्यको आगमन हुनु भनेको पृथ्वीमा परमेश्‍वरका वचनहरूको आगमन हुनु हो। स्वर्गबाट नयाँ यरूशलेमको ओर्लनु भनेको मानिसको बीचमा बस्न, मानिसको हरेक कार्य र उसको सबै आन्तरिक विचारहरूमा साथ दिनका लागि परमेश्‍वरका वचनहरूको आगमन हुनु

हो। यो पनि परमेश्वरले पूरा गर्नुहुने तथ्य नै हो; यो सहस्राब्दीय राज्यको सौन्दर्य हो। यो परमेश्वरले बनाउनुभएको योजना हो: उहाँका वचनहरू पृथ्वीमा एक हजार वर्षको लागि देखा पर्नेछन्, र तिनले उहाँका सबै कार्यहरू प्रकट गर्नेछन्, र पृथ्वीमा उहाँका सबै कामहरू पूरा गर्नेछन्, त्यसपछि मानवजातिको यो चरणको अन्त्य हुनेछ।

## परमेश्वरसँग तेरो सम्बन्ध कस्तो छ?

परमेश्वरमा विश्वास राख्दा, तैँले कम्तीमा पनि परमेश्वरसँगको सामान्य सम्बन्धका विषयमा रहेको समस्यालाई समाधान गर्नुपर्छ। यदि परमेश्वरसँग तेरो सामान्य सम्बन्ध छैन भने, परमेश्वरप्रतिको तेरो विश्वासको अर्थ गुमेको छ। परमेश्वरको उपस्थितिमा शान्त रहने हृदयको साथमा परमेश्वरसँगको सामान्य सम्बन्धको स्थापना पूर्ण रूपमा हासिल गर्न सकिन्छ। परमेश्वरसँगको सामान्य सम्बन्धको अर्थ उहाँको कुनै पनि कार्यलाई शङ्का र इन्कार नगर्नु र उहाँको कार्यप्रति समर्पित हुन सक्नु हो। यसको अर्थ परमेश्वरको उपस्थितिमा सही अभिप्राय राख्नु हो, आफ्नो लागि योजना नबनाउनु हो, र सबै कुरामा परमेश्वरको परिवारको हितलाई सबैभन्दा पहिले विचार गर्नु हो; यसको अर्थ परमेश्वरको सुक्ष्म जाँचलाई स्वीकार गर्नु र परमेश्वरका प्रबन्धहरूको पालना गर्नु हो। तैँले गर्ने सबै कार्यमा आफ्नो हृदयलाई परमेश्वरको उपस्थितिमा शान्त बनाउनु सक्नुपर्छ। तैँले परमेश्वरको इच्छा नबुझे पनि, तैँले तेरो क्षमताले भ्याएसम्म तेरा कर्तव्य र जिम्मेवारीहरू पूरा गर्नैपर्छ। परमेश्वरको इच्छा तँलाई प्रकाश पारिएपछि, त्यसमा काम गर्, र त्यसो गर्दा त्यति धेरै ढिलो हुनेछैन। जब परमेश्वरसँगको तेरो सम्बन्ध सामान्य बन्छ, अनि मानिसहरूसँग तेरो सम्बन्ध सामान्य बन्छ। सबै कुरा परमेश्वरका वचनहरूको जगमा विकास भएको हुन्छ। परमेश्वरका वचनहरू खा र पिई, त्यसपछि परमेश्वरका आवश्यक मापदण्डहरूलाई अभ्यास गर, तेरा दृष्टिकोणहरूलाई सच्या, परमेश्वरको विरोध गर्ने वा मण्डलीलाई बिथोल्ने कुनै पनि काम नगर्। तेरा दाजुभाइ तथा दिदीबहिनीहरूको जीवनलाई लाभ नपुऱ्याउने कुनै पनि कार्य नगर्, अरूलाई अनुपयोगी हुने कुनै पनि कुरा नबोल्, र लज्जाबोध हुने कुनै पनि कार्य नगर्। तैँले गर्ने सबै कार्यमा निष्पक्ष र प्रतिष्ठित बन् र तेरो प्रत्येक कार्य परमेश्वरसमक्ष पेश गर्न सकिने कुरा सुनिश्चित गर्। कहिलेकाहीँ देह कमजोर बन्न सक्ने भए तापनि, तैँले व्यक्तिगत लाभको लोभविना परमेश्वरको परिवारको हितलाई सबैभन्दा अगाडि राख्न सक्नुपर्छ, र तैँले धर्मी रूपमा काम गर्न सक्नुपर्छ। यदि तैँले यसरी अभ्यास गर्न सकिस् भने, परमेश्वरसँगको तेरो सम्बन्ध सामान्य बन्छ।

तैँले गर्ने सबै कुरामा, तैँले तेरो अभिप्राय सही छ वा छैन भनेर जाँच्नुपर्छ। यदि तँ परमेश्वरका आवश्यक मापदण्डहरूअनुरूप काम गर्न सक्षम छस् भने, परमेश्वरसँगको तेरो सम्बन्ध सामान्य हुन्छ। यो न्यूनतम मापदण्ड हो। आफ्नो अभिप्रायलाई हेर्, र यदि कुनै गलत अभिप्रायहरू उत्पन्न भएको पत्ता लगाइस् भने, तिनीहरूप्रति आफ्नो पिठ्युँ फर्काउन सक्षम बन् र परमेश्वरका वचनहरूअनुसार काम गर्; यसरी तँ परमेश्वरको अगाडि सही व्यक्ति बन्न सक्छस्, जसले

परमेश्वरसँगको तेरो सम्बन्ध सामान्य भएको, र तैँले गर्ने सबै कुराहरू परमेश्वरका खातिर भएको, तेरो आफ्नो लागि नभएको दर्साउँछ। तैँले गर्ने र भन्ने सबै कुरामा, तेरो हृदयलाई सही पार्न र तेरा कामहरूमा धर्मी बन्न, र आफ्ना भावनाहरूमा नबग्न, र तेरो आफ्नो इच्छाअनुसार काम नगर्न सक्षम बन्। परमेश्वरका विश्वासीहरूले आफूलाई आचरणमा राख्न प्रयोग गर्ने सिद्धान्तहरू यिनै हुन्। साना कुराले मानिसको अभिप्राय र कद प्रकाश पार्न सक्छ, र त्यसैले, परमेश्वरबाट सिद्ध बनाइने मार्गमा प्रवेश गर्नका लागि तिनीहरूले पहिले परमेश्वरसँगको आफ्ना अभिप्रायहरू र सम्बन्धलाई सच्याउनुपर्छ। परमेश्वरसँगको तेरो सम्बन्ध सामान्य भएपछि मात्रै तँ उहाँबाट सिद्ध बनाइन योग्य हुन्छस्, त्यसपछि मात्रै परमेश्वरको निराकरण, काँटछाँट, ताडना र शोधनले तँमा तोकिएका प्रभाव हासिल गर्न सक्छ। यसो भन्नुको अर्थ, यदि मानवजातिले परमेश्वरलाई तिनीहरूको हृदयमा राख्न सक्षम भएमा र व्यक्तिगत लाभको खोजी नगरेमा वा तिनीहरूको आफ्नै भविष्यको बारेमा (देहको हिसाबमा) नसोचेमा, बरु त्यसको सट्टा जीवनमा प्रवेश गर्ने भारलाई बोकेमा, सत्यको खोजी गर्ने सक्दो प्रयास गरेमा, र परमेश्वरको कार्यमा समर्पित भएमा—यदि तैँले यसो गर्न सकेमा, तैँले अघि बढाउने लक्ष्यहरू सही हुनेछन्, र परमेश्वरसँगको तेरो सम्बन्ध सामान्य बन्नेछ। परमेश्वरसँगको सम्बन्धलाई सही बनाउनुलाई आत्मिक यात्रामा प्रवेश गर्ने पहिलो कदम भन्न सकिन्छ। मानिसको नियति परमेश्वरको हातमा रहेको र परमेश्वरले पूर्वनिर्धारण गर्नुभएको भए तापनि, र मानिसले परिवर्तन गर्न नसक्ने भए तापनि, तँ परमेश्वरबाट सिद्ध बनाइने वा उहाँबाट प्राप्त गरिने कुरा परमेश्वरसँग तेरो सम्बन्ध सामान्य छ वा छैन भन्ने कुरामा निर्भर रहन्छ। तेरा केही भागहरू कमजोर वा अवज्ञाकारी हुन सक्छन्—तर तेरो दृष्टिकोण र तेरो अभिप्राय सही हुँदासम्म, र परमेश्वरसँगको तेरो सम्बन्ध सही र सामान्य हुँदासम्म, तँ परमेश्वरबाट सिद्ध पारिन योग्य हुन्छस्। यदि परमेश्वरसँगको तेरो सम्बन्ध सही छैन भने, र तँ देह वा तेरो परिवारको निम्ति काम गर्छस् भने, तैँले जतिसुकै कडा मेहनत गरे पनि, त्यो सबै व्यर्थ हुनेछ। यदि परमेश्वरसँगको तेरो सम्बन्ध सामान्य छ भने, अन्य सबै कुरा आफैँ मिलेर आउँछ। परमेश्वरले अरू केही कुरा पनि हेर्नुहुन्न, परमेश्वरप्रतिको तेरो दृष्टिकोण सही छ वा छैन भनेर मात्र हेर्नुहुन्छ: तँ कसलाई विश्वास गर्छस्, तँ कसको लागि विश्वास गर्छस्, र तँ किन विश्वास गर्छस्। यदि तैँले अवस्थालाई स्पष्ट रूपमा देख्न र तेरो दृष्टिकोणलाई राम्रो स्वभावसहित अभ्यास गर्न सक्छस् भने, तैँले तेरो जीवनमा प्रगति गर्न सक्छस्, र सही मार्गमा तेरो प्रवेशको प्रत्याभूतिसमेत हुनेछ। यदि परमेश्वरसँगको तेरो सम्बन्ध सामान्य छैन भने, र परमेश्वरमाथिको तेरो विश्वास विकृत छ भने, सबै कुरा व्यर्थ हुन्छ, र तैँले जतिसुकै विश्वास गरे पनि, तैँले केही पनि पाउने छैनस्। परमेश्वरसँग तेरो सम्बन्ध सामान्य भएपछि, तैँले देह परित्याग गरेर, प्रार्थना गरेर, कष्ट भोगेर, सहेर, समर्पित भएर, तेरा दाजुभाइ र दिदीबहिनीहरूलाई सहयोग गरेर, परमेश्वरका लागि आफूलाई अर्पित गरेर, आदि इत्यादि गरेर मात्रै उहाँको प्रशंसा जित्न सक्छस्। तैँले गर्ने कुराहरूको महत्त्व र अर्थ तेरो अभिप्राय सही छ, छैन र तेरो दृष्टिकोण सही छ, छैन भन्ने कुरामा निर्भर रहन्छ। आजकल, धेरै मानिसहरू भित्ते घडी हेर्नका लागि टाउको घुमाएजस्तो गरी परमेश्वरमा विश्वास गर्छन्—तिनीहरूको दृष्टिकोण विकृत हुन्छ, र तिनीहरूलाई नयाँ खोजसहित सही बनाइनुपर्छ। यदि यो समस्या

समाधान भयो भने, सबै कुरा राम्रो हुन्छ, यदि भएन भने, सबै कुरा व्यर्थ हुनेछ। केही मानिसहरूले मेरो उपस्थितिमा राम्रो व्यवहार देखाउँछन्, तर मेरो पिठ्युँपछाडि, उनीहरूले गर्ने भनेकै मेरो विरोध हो। यो तिनीहरूको कुटिलता र कपटको अभिव्यक्ति हो र त्यस्तो व्यक्ति शैतानको दास हो; र तिनीहरू परमेश्‍वरको परीक्षा गर्न आएका, शैतानका सटीक प्रतिरूप हुन्। यदि मेरो काम र मेरा वचनहरूमा तँ समर्पित हुन सक्छस् भने मात्रै त सही मानिस होस्। परमेश्‍वरका वचनहरू तैँले खान र पिउन सक्दासम्म; तैँले गरेका सबै कुराहरू परमेश्‍वरको अगाडि प्रस्तुत गर्न योग्य हुँदासम्म र तैँले गर्ने सबै काममा तैँले निष्पक्ष र प्रतिष्ठित रूपमा व्यवहार गर्दासम्म; तैँले लाजमर्दो कुराहरू वा अरूको जीवनमा क्षति पुग्ने काम नगर्दासम्म; र तैँले उज्यालोमा जिउँदासम्म र आफूलाई शैतानबाट शोषित हुन नदिँदासम्म, परमेश्‍वरसँगको तेरो सम्बन्ध उचित स्थितिमा रहन्छ।

परमेश्‍वरमा विश्‍वास गर्नका लागि तैँले तेरो अभिप्राय र दृष्टिकोणलाई उचित स्थितिमा राख्नुपर्छ, तँसँग परमेश्‍वरका वचन तथा परमेश्‍वरका कार्यहरू, परमेश्‍वरले प्रबन्ध गर्नुहुने सबै वातावरणहरू, परमेश्‍वरले गवाही दिनुहुने मानिस, र व्यावहारिक परमेश्‍वरको बारेमा सही बुझाइ, र व्यवहार गर्ने सही तरिका हुनुपर्छ। तैँले आफ्नो विचारअनुसार अभ्यास गर्नु हुँदैन वा तेरा आफ्नै तुच्छ युक्तिहरू लागू गर्नु हुँदैन। तैँले जेसुकै गरे पनि, तैँले सत्यको खोजी गर्न सक्नुपर्छ र, सृष्टि भएको प्राणीको तेरो हैसियतमा, परमेश्‍वरको सबै कार्यमा समर्पित हुनुपर्छ। यदि परमेश्‍वरबाट सिद्ध हुन खोज्ने र जीवनको सही मार्गमा प्रवेश गर्ने तेरो लालसा भएमा, तेरो हृदय सधैँ परमेश्‍वरको उपस्थितिमा जिउनुपर्छ। स्वच्छन्द नबन्, शैतानलाई नपछ्या, शैतानलाई आफ्नो काम गर्ने कुनै पनि अवसर नदे, र शैतानलाई तँलाई प्रयोग गर्न नदे। तैँले आफूलाई सम्पूर्ण रूपमा परमेश्‍वरलाई सुम्पनुपर्छ र परमेश्‍वरलाई तँमाथि शासन गर्न दिनुपर्छ।

के तँ शैतानको दास हुन राजी छस्? के तँ शैतानबाट शोषित हुन राजी छस्? के तँ परमेश्‍वरमाथि विश्‍वास गर्छस् र तँ उहाँबाट सिद्ध हुन वा परमेश्‍वरको कार्यका लागि प्रतिभार हुन सक्ने हिसाबमा उहाँको खोजी गर्छस्? के तँ परमेश्‍वरद्वारा प्राप्त गरिने अर्थपूर्ण जीवन रुचाउँछस्, वा व्यर्थ र खाली जीवन? के तँ परमेश्‍वरबाट प्रयोग हुन रुचाउँछस्, वा शैतानबाट शोषित हुन? के तँ परमेश्‍वरका वचनहरू र सत्यताबाट भरिन रुचाउँछस्, वा पाप र शैतानबाट भरिन? यी कुराहरूलाई राम्ररी सोच्। तेरो दैनिक जीवनमा, तैँले बोल्ने कुन शब्द वा तैँले गर्न सक्ने कुन कुराहरूले परमेश्‍वरसँगको तेरो सम्बन्धलाई असामान्य बनाउँछ भन्ने विषयमा तैँले बुझ्नुपर्छ, र तैँले सही व्यवहारमा प्रवेश गर्न आफैलाई सच्याउनुपर्छ। सबै समयमा, तेरा शब्द, तेरा कार्य, तेरा प्रत्येक चाल, र तेरा सबै सोच तथा विचारहरूलाई परीक्षण गर्। तेरो वास्तविक स्थितिको उचित बुझाइ हासिल गर् र पवित्र आत्माको कार्यको व्यवहारमा प्रवेश गर्। परमेश्‍वरसँग सामान्य सम्बन्ध कायम राख्ने यो एक मात्रै तरिका हो। परमेश्‍वरसँगको तेरो सम्बन्ध सामान्य छ, छैन भनेर लेखाजोखा गर्दै, तैँले तेरो अभिप्रायलाई सच्याउन, मानिसको प्रकृति-सार बुझ्न, र आफूलाई साँच्चिकै बुझ्न सक्छस्, र, यसो गरिरहँदा तँ वास्तविक अनुभवमा प्रवेश गर्न, वास्तविक तरिकाले आफूलाई त्याग्न, र अभिप्रायसहित समर्पित हुन सक्नेछस्। परमेश्‍वरसँगको तेरो सम्बन्ध सामान्य छ वा छैन भन्ने विषयसँग जोडिएका कुराहरूलाई तैँले अनुभव गर्दा, तैँले परमेश्‍वरबाट सिद्ध हुने

अवसरहरू प्राप्त गर्छस् र पवित्र आत्माको धेरै स्थितिहरू बुझ्न सक्षम हुनेछस्। तैँले शैतानका धेरै छलहरू छिचोलेर हेर्न र त्यसका षड्यन्त्रहरूलाई भित्रैबाट बुझ्न सक्षम हुनेछस्। यो मार्गले मात्रै परमेश्वरबाट सिद्ध हुनेतिर अघि बढाउँछ। तैँले परमेश्वरसँगको तेरो सम्बन्धलाई सही राखेमा, तँ उहाँको प्रबन्धहरूमा पूर्ण रूपमा समर्पित हुन सक्नेछस्, र तैँले वास्तविक अनुभवको अझ भित्रसम्म प्रवेश गर्न र पवित्र आत्माको कार्य अझै धेरै पाउन पनि सक्नेछस्। जब तैँले परमेश्वरसँगको सामान्य सम्बन्धको साथ अभ्यास गर्छस्, तब प्रायः, देहलाई परित्याग गरेर र परमेश्वरसँगको वास्तविक सहकार्यमार्फत सफलता हासिल हुनेछ। "सहकार्य गर्ने हृदयविना, परमेश्वरको कार्य प्राप्त गर्न गाह्रो हुन्छ; यदि देहले कष्ट भोगेन भने, परमेश्वरबाट आर्शीवाद प्राप्त हुनेछैन; यदि आत्माले सङ्घर्ष गरेन भने, शैतानलाई लज्जित बनाउन सकिनेछैन" भनेर तैँले बुझ्नुपर्छ। यदि तैँले यी सिद्धान्तहरूको अभ्यास गरिस् र यिनलाई राम्ररी बुझिस् भने, परमेश्वरप्रतिको विश्वासको बारेमा तेरो दृष्टिकोण सही हुनेछ। तिमीहरूको हालको अभ्यासमा, तिमीहरूले "भोक मेट्न रोटी खोज्ने" मानसिकतालाई त्याग्नुपर्छ, तिमीहरूले "सबैकुरा पवित्र आत्माले गर्नुहुन्छ, र मानिसहरू हस्तक्षेप गर्न असक्षम छन्" भन्ने मानसिकतालाई त्याग्नुपर्छ। यस्तो भन्ने सबैले "मानिसहरूले आफूलाई इच्छा लागेको जे पनि गर्न सक्छन्, र समय आएपछि, पवित्र आत्माले उहाँको कार्य गर्नुहुनेछ। मानिसहरूले देहलाई नियन्त्रित गर्नु वा सहकार्य गर्नु आवश्यक छैन, सबैभन्दा महत्वपूर्ण कुरा भनेको पवित्र आत्माबाट प्रेरित हुनु हो" भनेर सोच्छन्। यी रायहरू सबै निरर्थक छन्। यस्ता परिस्थितिहरूमा, पवित्र आत्माले काम गर्न सक्नुहुन्न। यस्तो प्रकारको दृष्टिकोणले पवित्र आत्माको कार्यलाई धेरै अवरोध ल्याउँछ। प्रायः, पवित्र आत्माको कार्य मानव सहकार्यबाट हासिल हुन्छ। सहकार्य नगर्ने र संकल्प नभएका, तर आफ्नो स्वभावमा परिवर्तन र पवित्र आत्माको कार्य र परमेश्वरबाट अन्तर्दृष्टि र ज्योति प्राप्त गर्ने इच्छा राख्नेहरूसँग वास्तवमै अनावश्यक विचारहरू हुन्छन्। यसलाई "आफैमा लिप्त हुनु र शैतानलाई माफी दिनु" भनिन्छ। यस्ता मानिसहरूको परमेश्वरसँग सामान्य सम्बन्ध हुँदैन। तैँले आफूभित्र शैतानी स्वभावको धेरै प्रकाश र अभिव्यक्ति खोज्नुपर्छ र परमेश्वरको अहिलेको आवश्यक मापदण्डसँग बाझिने अभ्यास खोज्नुपर्छ। के तँ अब शैतानलाई त्याग्न सक्षम छस्? तैँले परमेश्वरसँग सामान्य सम्बन्ध हासिल गर्नुपर्छ, परमेश्वरको अभिप्रायअनुसार काम गर्नुपर्छ, र नयाँ जीवनसहित नयाँ मान्छे बन्नुपर्छ। विगतको अपराधमा नभौँतारिई; अनावश्यक रूपमा पश्चातापी नबन्; खडा हुन र परमेश्वरसँग सहकार्य गर्न सक्षम बन्, र तैँले पूरा गर्नुपर्ने कर्तव्यहरू पूरा गर्। यसरी, परमेश्वरसँगको तेरो सम्बन्ध सामान्य बन्नेछ।

यो कुरा पढेपछि, तैँले यी वचनहरू स्वीकारेको दाबी मात्रै गर्छस्, तर तेरो हृदयमा कुनै प्रभाव परेको छैन, र तँ परमेश्वरसँगको तेरो सम्बन्धलाई सामान्य बनाउन खोज्दैनस् भने, यसले तँ परमेश्वरसँगको तेरो सम्बन्धलाई महत्त्व दिँदैनस् भन्ने प्रमाणित गर्छ। यसले प्रमाणित गर्छ कि तेरो दृष्टिकोण अहिलेसम्म सही भएको छैन, तेरा अभिप्रायहरू परमेश्वरद्वारा प्राप्त गरिने गरी र उहाँको महिमा ल्याउने गरी स्थापित भएका छैनन्, बरु शैतानको षड्यन्त्रको जीत हुने गरी र तेरा आफ्नै लक्ष्यहरू प्राप्त हुने गरी स्थापित भएका छन्। यस्ता मानिसहरूमा गलत अभिप्राय र गलत दृष्टिकोणहरू हुन्छन्। परमेश्वरले जेसुकै भन्नुभए पनि वा उहाँले जसरी नै भन्नुभए पनि, यस्ता

मानिसहरू पूर्ण रूपमा उदासीन रहन्छन् र अलिकति पनि रूपान्तरण भएका हुँदैनन्। तिनीहरूको हृदयले डरको अनुभव गर्दैन र तिनीहरू लज्जित हुँदैनन्। यस्तो व्यक्ति आत्माहीन मूर्ख हो। परमेश्वरको प्रत्येक वाणी पढ् र यी वाणीलाई बुझ्नेबित्तिकै अभ्यास गर्। तेरो देह कमजोर भएको, वा तँ विद्रोही बनेको, वा तैँले विरोध गरेको अवसरहरू शायद थिए होलान्; तैँले विगतमा जे-जस्तो व्यवहार गरेको भए पनि, परिणामको हिसाबमा त्यसले खासै फरक पर्दैन, र यसले आज तँलाई परिपक्व हुनबाट रोक्न सक्दैन। त्यसैले, आज परमेश्वरसँग तेरो सामान्य सम्बन्ध हुँदासम्म, आशा अझै बाँकी हुन्छ। यदि प्रत्येकपटक परमेश्वरको वाणी पढ्दा तँमा परिवर्तन आउँछ, र अरूले तेरो जीवन राम्रो हिसाबमा परिवर्तन हुँदै गएको छ भनेर भन्छन् भने, यसले परमेश्वरसँगको तेरो सम्बन्ध अब सामान्य छ, सही भएको छ भन्ने देखाउँछ। परमेश्वरले मानिसहरूलाई तिनीहरूको अपराधको आधारमा व्यवहार गर्नुहुन्न। तैँले एकपटक बुझेपछि र सचेत भएपछि, तैँले विद्रोह वा विरोध गर्ने काम बन्द गर्दासम्म, तँमाथि परमेश्वरको कृपा भइरहनेछ। परमेश्वरद्वारा सिद्ध पारिनका लागि खोजी गर्ने तँसँग बुझाइ र सङ्कल्प छ भने, परमेश्वरको उपस्थितिमा तेरो स्थिति सामान्य बन्छ। तैँले जेसुकै गरिरहेको भए तापनि, ती कुरा गर्दा निम्न कुराहरूमा ध्यान दिनू: मैले यो गर्दा परमेश्वरले के सोच्नुहुन्छ? के यसले मेरा दाजुभाइ र दिदीबहिनीहरूलाई फाइदा गर्छ? के यो परमेश्वरको घरमा हुने कार्यलाई लाभदायक छ? प्रार्थना, सङ्गति, प्रवचन, कार्य वा अन्यसँगको सम्पर्कमा, तेरो अभिप्रायलाई जाँच गर्, र परमेश्वरसँगको तेरो सम्बन्ध सामान्य छ, छैन परीक्षण गर्। यदि तैँले तेरो आफ्नै अभिप्राय र सोचलाई बुझ्न सक्दैनस् भने, यसको अर्थ तँमा विभेदीकरणको कमी छ भन्ने हो, जसले तैँले एकदमै कम सत्य बुझ्छस् भन्ने प्रमाणित गर्छ। यदि तँ परमेश्वरले गर्नुभएको प्रत्येक कार्यलाई स्पष्ट रूपमा बुझ्न, र उहाँको पक्षमा खडा भएर, उहाँका वचनहरूको दृष्टिबाट परिस्थितिहरूलाई बुझ्न सक्षम छस् भने, तेरो दृष्टिकोण सही भएको हुनेछ। तसर्थ, परमेश्वरसँग राम्रो सम्बन्ध स्थापना गर्नु परमेश्वरमा विश्वास राख्ने जोकोहीको लागि एकदमै महत्त्वपूर्ण हुन्छ; सबैले यसलाई सर्वाधिक महत्त्वको कार्य र तिनीहरूको जीवनको सबैभन्दा ठूलो घटना सम्झिनुपर्छ। तैँले गर्ने सबै कुराहरूलाई परमेश्वरसँग तेरो सम्बन्ध सामान्य छ, छैन भन्ने कुराद्वारा मापन गरिन्छ। यदि परमेश्वरसँगको तेरो सम्बन्ध सामान्य छ र तेरा अभिप्रायहरू सही छन् भने, काम गर्। परमेश्वरसँगको सम्बन्धलाई सामान्य बनाइराख्नलाई तैँले तेरो व्यक्तिगत रुचिहरूमा क्षति हुन्छ कि भनी डराउनु हुँदैन; शैतानलाई जित्न तैँले दिनु हुँदैन, तैँले शैतानलाई तँलाई खरिद गर्न दिनु हुँदैन, र तैँले शैतानलाई तँलाई हाँस्यपात्र बनाउन दिनु हुँदैन। यस्ता अभिप्रायहरू हुनु भनेको परमेश्वरसँग तेरो सम्बन्ध सामान्य छ भन्ने कुराको सङ्केत हो–र यो देहको लागि नभएर आत्माको शान्तिको लागि हो, पवित्र आत्माको कार्यको प्राप्तिका लागि हो, र परमेश्वरको इच्छा सन्तुष्ट पार्नका लागि हो। सही स्थितिमा प्रवेश गर्नका लागि, तैँले परमेश्वरसँग राम्रो सम्बन्ध स्थापना गर्नुपर्छ र परमेश्वरमाथिको तेरो विश्वासको दृष्टिकोणलाई सही बनाउनुपर्छ। यसरी मात्रै तँलाई परमेश्वरले प्राप्त गर्न सक्नुहुन्छ, र उहाँले तँमा उहाँका वचनहरूको फल अभिव्यक्त गर्न र अझ धेरै तँलाई अन्तर्दृष्टि र ज्योति दिन सक्नुहुन्छ। यसरी, तँ सही तरिकामा प्रवेश भएको हुनेछस्। आजका परमेश्वरका वचनहरू खान र पिउन जारी राख्,

पवित्र आत्माको काम गराइको विद्‌यमान तरिकामा प्रवेश गर्, परमेश्‍वरका आजका आवश्यक मापदण्डहरूअनुसार काम गर्, अभ्यासको पुरानो ढर्राको तरिका अनुसरण नगर्, काम गर्ने पुरानो तरिकाहरूमा नझुन्डी, र यथाशक्य चाँडो आजको कामको तरिकामा प्रवेश गर्। यसरी, परमेश्‍वरसँगको तेरो सम्बन्ध पूर्ण रूपमा सामान्य हुनेछ, अनि तैँले परमेश्‍वरमाथिको विश्‍वासको सही मार्ग प्रारम्भ गरेको हुनेछस्।

## वास्तविकतामा अझ बढी ध्यान देऊ

प्रत्येक व्यक्ति परमेश्‍वरद्‌वारा सिद्‌ध बनाइने सम्भावना हुन्छ, त्यसकारण परमेश्‍वरका अभिप्रायहरू अनुसार कस्तो किसिमको सेवा उहाँको निम्ति सर्वोत्तम हुन्छ सो सबैले यो बुझ्नुपर्छ। धेरै मानिसहरूले परमेश्‍वरमा विश्‍वास गर्नुको अर्थ के हो भन्ने जान्दैनन्, न त उहाँमाथि किन विश्‍वास गर्नुपर्दछ भनेर नै उनीहरूले बुझ्दछन्–भन्नुको अर्थ, धेरैसँग परमेश्‍वरको कामको वा उहाँको व्यवस्थापन योजनाको उद्‌देश्यको ज्ञान छैन। आज, धेरै जना मानिसहरू परमेश्‍वरमा विश्‍वास गर्नु भनेको स्वर्गमा जानु र आफ्नो आत्मा बचाउनु हो भनी भन्ने सोच्छन्। परमेश्‍वरमा विश्‍वास गर्नुको सही अर्थबारे तिनीहरूलाई रत्तीभर पनि थाहा छैन, त्यसबाहेक परमेश्‍वरको व्यवस्थापन योजनाको सबैभन्दा महत्त्वपूर्ण कामको बारेमा कुनै पनि बुझाइ छैन। तिनीहरूका आफ्नै विभिन्न कारणले गर्दा, मानिसहरूले यसै पनि परमेश्‍वरको काममा कुनै रुचि राख्दैनन्, न त तिनीहरूले उहाँको अभिप्रायहरू वा उहाँको व्यवस्थापन योजनाबारे कुनै विचार नै गर्छन्। यस धारामा रहेको एक व्यक्तिको रूपमा, प्रत्येक व्यक्तिलाई परमेश्‍वरको सम्पूर्ण व्यवस्थापन योजनाको उद्‌देश्य के हो सो थाहा हुनुपर्छ, उहाँले लामो समय पहिले नै पूरा गरिसक्नुभएका तथ्यहरूलाई, किन उहाँले मानिसहरूको यस समूहलाई चुन्नुभएको छ, उहाँले तिनीहरूलाई चुन्नुको उद्‌देश्य र अर्थ के हो, र उहाँले यस समूहमा के हासिल गर्न चाहनुहुन्छ सो कुरा थाहा हुनुपर्छ। किनकि परमेश्‍वरले ठूलो रातो अजिङ्गरको देशमा महत्त्वहीन मानिसहरूको समूह खडा गर्न, र अहिलेसम्म काम जारी राख्नु र तिनीहरूलाई हरप्रकारले परीक्षा गर्नु र सिद्‌ध बनाउनु, असङ्ख्य वचनहरू बोल्नु, धेरै कामहरू गर्नु, र सेवा गर्ने धेरै वस्तुहरू पठाउनु–परमेश्‍वर एकलैले यस्तो महान् कार्य पूरा गर्नुले उहाँको काम कति धेरै महत्त्वपूर्ण छ भन्ने कुरालाई देखाउँछ। यस क्षणमा, तिमीहरूले पूर्ण रूपमा यसको मूल्याङ्कन गर्न सक्दैनौ। त्यस्तै प्रकारले परमेश्‍वरले तिमीहरूमा गर्नुभएको कामलाई तिमीहरूले तुच्छ दृष्टिले हेर्नु हुँदैन; यो कुनै सानो विषय हो। आज परमेश्‍वरले तिमीहरूलाई जे प्रकट गर्नुभएको छ त्यो नै तिमीहरूका निम्ति बुझ्ने र जान्ने प्रयास गर्नको निम्ति पर्याप्त छ। यदि तैँले वास्तवमै र पूर्ण रूपमा बुझिस् भने मात्र तेरा अनुभवहरू गहन हुन र तेरो जीवन बढ्न सक्छ। आज, मानिसहरूले बुझ्ने र गर्ने कुराहरू अति थोरै छन्; तिनीहरू परमेश्‍वरका अभिप्रायहरू पूर्ण रूपमा पूरा गर्न असमर्थ छन्। यो मानिसको कमजोरी र आफ्नो कर्तव्य पूरा गर्ने तिनीहरूको असफलता हो, यसैले तिनीहरू आशा गरिएको परिणाम प्राप्त गर्न असमर्थ छन्। पवित्र आत्मासँग धेरै मानिसहरूमा काम गर्ने कुनै साधन छैन किनकि उनीहरूमा परमेश्‍वरको कामको बारेमा खोक्रो बुझाइ

छ, र तिनीहरूले परमेश्वरको भवनमा काम गर्दा त्यसलाई महत्त्वपूर्ण ठानेर व्यवहार गर्न तिनीहरू अनिच्छुक हुन्छन्। अघि बढेजस्तो देखाउनलाई तिनीहरू झारा मात्र टार्छन्, नत्र बहुमतकै पछि लाग्छन्, वा देखाउनका निम्ति मात्र काम गर्छन्। आज, यस प्रवाहमा हुने प्रत्येक व्यक्तिले उनीहरूको व्यवहारमा होस् वा कार्यहरूमा होस्, आफूले गर्न सक्ने सबै कुरा गरेका छन् कि छैनन्, र उनीहरूले सक्दो मेहनत गरेका छन् कि छैनन् सो कुरालाई याद गर्नुपर्छ। पवित्र आत्माले आफ्नो काम नगर्नुभएकोले होइन, तर मानिसहरूले तिनीहरूका आफ्नो काम नगरेकोले गर्दा मानिसहरू आफ्नो कर्तव्य पूरा गर्न पूर्ण रूपमा असफल भएका छन्, जसले गर्दा पवित्र आत्माले आफ्नो काम गर्नु असम्भव भएको छ। परमेश्वरसँग अब बोल्नलाई कुनै वचन छैन, तर मानिसहरूले उहाँलाई पछ्याउन सकेका छैनन्, तिनीहरू धेरै पछाडि परेका छन्, तिनीहरू प्रत्येक पाइलाको नजिक रहन असमर्थ छन्, र थुमाका पाइलाहरूलाई नजिकबाट पछ्याउन असमर्थ छन्। तिनीहरू जुन कुरा पालन गर्नुपर्छ, त्यो पालन गरेका छैनन्; तिनीहरूले जे अभ्यास गर्नुपर्थ्यो, त्यो अभ्यास गरेनन्; तिनीहरूले जुन कुराका लागि प्रार्थना गर्नुपर्थ्यो, त्यसका लागि प्रार्थना गरेका छैनन्; तिनीहरूले जुन कुरालाई पन्साउनु पर्थ्यो, त्यो कुरा पन्साएका छैनन्। तिनीहरूले यी कुनै पनि काम गरेका छैनन्। त्यसकारण, भोजमा भाग लिने यो कुरा रित्तो छ; यो कुनै वास्तविक अर्थविनाको छ, र यो सबै तिनीहरूको कल्पनामा मात्र छ। यो भन्न सकिन्छ कि, आज हेर्दा, मानिसहरूले आफ्नो कर्तव्य एउटै पनि पूरा गरेको छैन। सबै कुराहरू परमेश्वरले गर्नुभएको काममा र उहाँ आफैले भन्नुभएको कुरामा निर्भर छ। मानिसको कार्य धेरै नै सानो भएको छ; मानिसहरू काम नलाग्ने कसिङ्गर हुन्, जो परमेश्वरसँग सहकार्य गर्न असमर्थ छन्। परमेश्वरले सयौं हजारौं वचनहरू बोल्नुभएको छ, तर मानिसहरूले तीमध्ये कुनैलाई पनि व्यवहारमा उतारेका छैनन्—चाहे यो शरीरलाई त्याग्ने, धारणालाई त्याग्ने, समझशक्ति विकास गर्दै र समझ प्राप्त गर्दै सबै कुरामा परमेश्वरको आज्ञापालन गर्ने, मानिसहरूलाई तिनीहरूका हृदयमा स्थान नदिने, तिनीहरूको हृदयका मूर्तिहरूलाई हटाउने, तिनीहरूको गलत अभिप्रायको विरुद्ध विद्रोह गर्ने, भावनाको आधारमा काम नगर्ने, निष्पक्ष र दुर्भावना नराखी काम गर्ने, परमेश्वरको चासोका विषयहरूलाई र तिनीहरू बोल्दा अरूमाथि पर्ने तिनीहरूका प्रभावहरूलाई अझै बढी ध्यान दिने, परमेश्वरको कामलाई फाइदा गर्ने अझ बढी कुराहरू गर्ने, तिनीहरूले गर्ने सबै कुरामा परमेश्वरको भवनलाई फाइदा हुने कुराहरूलाई ध्यान दिने, तिनीहरूका भावनालाई तिनीहरूको व्यवहार नियन्त्रण गर्न नदिने, तिनीहरूका आफ्नै देहलाई खुसी तुल्याउने कुराहरू त्याग्ने, पुराना स्वार्थी धारणाहरू हटाउने कार्य हुन् वा यस्तै इत्यादि कुरा हुन्। तिनीहरूले वास्तवमा परमेश्वरले मानिसबाट गर्नुभएका मागहरू जान्दछन्, तर तिनीहरू यसलाई व्यवहारमा अपनाउन इच्छुक हुँदैनन्। परमेश्वरले अरू के गर्न सक्नुहुन्छ र, अनि उहाँले अरू कस्तो प्रकारले तिनीहरूलाई प्रभावित गर्न सक्नुहुन्छ? परमेश्वरको नजरमा विद्रोह गर्ने छोराहरूले अझै पनि कसरी उहाँका वचनहरू लिने र तिनको कदर गर्ने साहस गर्न सक्छ? तिनीहरूसँग परमेश्वरको भोजन खाने साहस कसरी हुन्छ? मानिसहरूको विवेक कहाँ छ? तिनीहरूले पूरा गर्नुपर्ने न्यूनतम कर्तव्यहरू पनि पूरा गरेका छैनन्, तिनीहरूको सक्दो कोसिस गर्ने त कुरै छैन। तिनीहरू पूरा नहुने कल्पनामा जिइरहेका छन्, होइन त? अभ्यासविना वास्तविकताको कुरा गर्न सकिँदैन। यो तथ्य उज्यालो दिन जत्तिकै स्पष्ट छ!

तिमीहरूले अझ बढी वास्तविक पाठहरू सिक्नुपर्छ। मानिसले गर्ने आडम्बरी, खोक्रो प्रशंसाको आवश्यक पर्दैन। जब ज्ञानको चर्चा गर्ने कुरा आउँछ, प्रत्येक व्यक्तिको कुरा पहिलेको भन्दा उच्च हुन्छ, तर उनीहरूसँग अझै पनि अभ्यास गर्ने कुनै मार्ग हुँदैन। कति जनाले अभ्यासका सिद्धान्तहरूलाई बुझेका छन्? कति जना मानिसले अभ्यास गर्ने सिद्धान्तहरू बुझेको छन्? कति जनाले वास्तविक पाठहरू सिकेका छन्? कसले वास्तविकताको बारेमा सङ्गति गर्न सक्छ? परमेश्वरका वचनहरूको ज्ञानको बारेमा बोल्न सक्नुको अर्थ तँमा वास्तविक कद छ भन्ने हुँदैन; यसले तँ तीक्ष्ण बुद्धिसहित जन्मिस्, तँ प्रतिभाशाली छस् भन्ने मात्र प्रमाणित हुन्छ। यदि तैँले मार्ग देखाउन सक्दैनस् भने परिणाम केही पनि हुनेछैन, र तँ काम नलाग्ने कसिङ्गर हुनेछस्! यदि तँ अभ्यास गर्ने वास्तविक मार्गको बारेमा केही भन्न सक्दैनस् भने के तैंले बहाना बनाइरहेको छैनस् र? यदि तँ अरूलाई आफ्नो वास्तविक अनुभवहरू प्रदान गर्न सक्दैनस्, र त्यसरी तिनीहरूले सिक्ने वा तिनीहरूले पछ्याउन सक्ने मार्ग दिन सक्दैनस् भने के तैंले जालसाजी गरिरहेको हुँदैनस् र? के तँ एक नक्कली व्यक्ति होइनस् र? तेरो के महत्त्व छ? त्यस्तो व्यक्तिले "समाजवादको सिद्धान्तका आविष्कारक" को भूमिका मात्र खेल्न सक्छ, "समाजवाद ल्याउन योगदान दिने व्यक्ति" को भूमिका खेल्न सक्दैन। वास्तविकता विहीन हुन भनेको सत्यता विहीन हुनु हो। वास्तविकता विहीन हुन भनेको कुनै काम नलाग्ने हुनु हो। वास्तविकता विहीन हुनु भनेको जिउँदो लास बन्नु हो। वास्तविकता विहीन हुनु भनेको कुनै सन्दर्भ मूल्य नभएको "मार्क्सवादी-लेनिनवादी विचारक" हुनु हो। म तिमीहरू सबैलाई सिद्धान्तको बारेमा बोल्न छोड र कुनै वास्तविक र ठोस कुराको बारेमा कुरा गर भन्ने आग्रह गर्दछु; केही "आधुनिक कला" को अध्ययन गर्, केही वास्तविक कुरा भन्, केही वास्तविक योगदान दे, र केही समर्पणको भावना राख्। तँ बोल्दा वास्तविकताको सामना गर्; मानिसहरूलाई खुसी बनाउन वा बसेर तँलाई ध्यान दिने बनाउनका लागि अवास्तविक र अतिरञ्जित कुरामा लिप्त नबन्। त्यसमा मूल्य कहाँ हुन्छ? मानिसहरूलाई तँसँग न्यानो व्यवहार गर्न लगाउनुको के अर्थ छ? तेरो बोलीमा थोरै "कलात्मक" बन्, तेरो आचरणमा अझ केही बढी निष्पक्ष बन्, तैँले स्थितिहरूको कसरी सामना गर्छस् त्यसमा थप बढी विवेकी बन्, तैंले भन्ने कुरामा अलिक बढी व्यावहारिक बन्, तेरो हरेक कार्यद्वारा परमेश्वरको घरमा फाइदा पुर्‍याउने बारेमा सोच्, तँ भावनात्मक हुँदा आफ्नो अन्तस्करणको आवाज सुन्, दयाको साटो घृणा नफर्का वा दयाको साटो अधन्यवादी नबन, र पाखण्डी नबन, नत्र तँ खराब प्रभाव बन्छस्। जब तँ परमेश्वरका वचनहरू खान्छस् र पिउँछस्, तिनलाई अझ बढी वास्तविकतासँग जोड्, र जब तँ सङ्गति गर्छस्, वास्तविकताको बारेमा अझ बढी कुरा गर्। आफूलाई उच्च नठान्; यसले परमेश्वरलाई सन्तुष्ट पार्दैन। अरूसँगको तेरो बातचितमा अलिक बढी सहनशील बन्, अलिक बढी नरम बन्, अलिक बढी उदार बन् र "प्रधानमन्त्रीको स्वभाव"[क] बाट सिक्। जब तँसँग नराम्रा विचारहरू हुन्छन्, तब देहलाई त्याग्ने अझै बढी अभ्यास गर्। जब तँ काम गरिरहेको हुन्छस्, तब

क. प्रधानमन्त्रीको स्वभाव: फराकिलो मन र उदारता भएको व्यक्तिलाई वर्णन गर्न प्रयोग गरिने एउटा उत्कृष्ट चिनियाँ भनाइ।

वास्तविक मार्गहरूको बारेमा अझै बढी कुरा गर्, र अत्यन्तै उच्च नबन्, अन्यथा तँ मानिसहरूका लागि प्राप्त गर्नै नसकिने हुनेछस्। थोरै रमाइलो, धेरै योगदान–तेरो समर्पणको निःस्वार्थ भाव देखा। परमेश्वरका अभिप्रायहरूप्रति अझै बढी विचारशील बन्, तेरो अन्तस्करणको आवाज अझै बढी सुन्, अझ बढी विचारशील बन्, र यो नबिर्सी कि परमेश्वर कसरी तिमीहरूसित हरेक दिन धैर्यता र लगनशीलताका साथ बोल्नुहुन्छ। "पुरानो पञ्चांग" घरीघरी पढ्। धेरै प्रार्थना गर् र बारम्बार सङ्गति गर्। यस्तो अस्तव्यस्त हुन छोड्; केही समझ देखा र केही अन्तर्दृष्टि प्राप्त गर्। जब तेरो पापी हात पसारिन्छ, त्यसलाई पछाडि तान्; त्यत्ति धेरै परसम्म पुग्न नदे। त्यो कुनै कामको हुँदैन, र तैंले परमेश्वरबाट जे पाउँछस् त्यो सरापहरू बाहेक अरू केही हुनेछैन, त्यसैले होसियार बन्। तेरो हृदयमा अरूलाई दया गर्, र सधैँ हातमा हतियारहरू लिएर प्रहार नगर्। अरूलाई सहायता गर्ने सोचसहित सत्यको ज्ञानको बारेमा धेरै सङ्गति गर् र जीवनको बारेमा धेरै कुरा गर्। धेरै गर् र थोरै बोल्। अभ्यास गर्नमा धेरै प्रयास गर् र अनुसन्धान र विश्लेषणमा थोरै प्रयास गर्। तँ आफैलाई पवित्र आत्माद्वारा धेरै उत्प्रेरित हुन दे, र तँलाई सिद्ध बनाउन परमेश्वरलाई धेरै मौका दे। अझै धेरै मानवीय तत्त्वहरू हटा; तँमा अझै पनि कार्यहरू गर्ने धेरै मानवीय तरिकाहरू छन्, र कार्यहरू गर्ने तेरो बाहिरी तरिका र व्यवहार अझै पनि अरूका निम्ति मन नपर्दो छ: यी धेरै कुराहरू हटा। तेरो मानसिक स्थिति अझै पनि घृणित छ; त्यसलाई संशोधन गर्न अझै बढी समय खर्च गर्। तँ अझै पनि मानिसहरूलाई धेरै मान दिन्छस्; परमेश्वरलाई अझ बढी मान दे, र त्यत्ति धेरै विवेकहीन नबन्। "मन्दिर" सधैँ परमेश्वरको हो, र त्यसमा मानिसहरूले अधिकार गर्नु हुँदैन। संक्षेपमा, धार्मिकतामा धेरै र भावनाहरूमा कम ध्यान दे। देहलाई हटाउनु उत्तम हुन्छ। वास्तविकताको बारेमा धेरै र ज्ञानको बारेमा थोरै कुरा गर्; सबैभन्दा उत्तम भनेको चुप लाग्नु र केही नभन्नु नै हो। अभ्यासको मार्गको बारेमा धेरै कुरा गर्, र मूल्यहीन शेखी कम गर्। अहिले नै अभ्यास गर्न सुरु गर्नु उत्तम हुन्छ।

परमेश्वरले मानिसहरूसित गर्नुभएका मागहरू त्यति धेरै उच्च छैनन्। यदि तिनीहरूले थोरै मात्र प्रयास गरे भने पनि, तिनीहरूले "उतीर्णाङ्क" प्राप्त गर्दछन्। वास्तवमा, सत्यलाई बुझ्नु, जान्नु र धारण गर्नु सत्यको अभ्यास गर्नुभन्दा अझ जटिल छ। सत्यलाई जान्ने र बुझ्ने कुरा सत्यको अभ्यास गरेपछि आउँछ; पवित्र आत्माले काम गर्ने चरणहरू र तरिकाहरू यिनै हुन्। तैँले कसरी आज्ञापालन गर्न सक्दैनस्? के तैँले आफ्नै तरिकाले काम गरेर आत्माका कामहरू प्राप्त गर्न सक्छस्? के पवित्र आत्माले तेरो खुसीको लागि, वा परमेश्वरका वचनहरू अनुसार तिम्रा अभावहरूको आधारमा काम गर्नुहुन्छ? यदि तैँले यसलाई स्पष्टसँग देख्न सक्दैनस् भने यो अर्थहीन छ। किन धेरै मानिसहरू परमेश्वरका वचनहरू पढ्न लागी पर्छन्, तर केवल ज्ञान मात्र प्राप्त गर्छन् र त्यसपछि वास्तविक मार्गको बारेमा केही पनि भन्न सक्दैनन्? के तँलाई ज्ञान हुनु नै सत्य हुनु हो भन्ने लाग्छ? के त्यो एक भ्रमित दृष्टिकोण होइन र? तैँले समुद्र किनारका जत्ति धेरै बालुवा छन्, त्यति नै धेरै ज्ञानको कुरा बोल्न सक्छस् होला, तापनि तीमध्ये कुनैमा पनि वास्तविक मार्ग हुँदैन। के तैँले यसो गरेर मानिसहरूलाई मूर्ख बनाउने कोसिस गरिरहेको छैनस् र? के तैँले समर्थन गर्ने कुनै सार नभएको खोक्रो प्रदर्शन गरिरहेको छैनस् र? यस्ता सबै व्यवहार मानिसका लागि

हानिकारक हुन्छन्! सिद्धान्त जति उच्च हुन्छ र त्यो जति धेरै वास्तविकतारहित हुन्छ, यो मानिसहरूलाई वास्तविकताभित्र लैजान त्यति नै धेरै असक्षम हुन्छ; सिद्धान्त जति उच्च हुन्छ, त्यसले तँलाई त्यति नै बढी परमेश्‍वरलाई चुनौती दिने र विरोध गर्ने बनाउँछ। उच्च सिद्धान्तहरूलाई मूल्यवान् सम्पत्ति नठान; ती हानिकारक हुन्छन् र तिनले कुनै उद्देश्य पूरा गर्दैनन्! हुन सक्छ, कतिपय मानिसहरूले अति उच्च सिद्धान्तहरूको बारेमा कुरा गर्न सक्छन् होला—तर यिनमा कुनै वास्तविकता हुँदैन, किनकि ती मानिसहरूले त्यस्ता कुराहरूलाई व्यक्तिगत रूपमा अनुभव गरेका हुँदैनन्, त्यसैले गर्दा, अभ्यास गर्ने कुनै मार्ग हुँदैन। त्यस्ता मानिसहरूले अरूलाई सही बाटोमा लैजान सक्दैनन् र तिनीहरूलाई पथभ्रष्ट मात्र गराउँछन्। के यो मानिसहरूका लागि हानिकारक छैन र? कम्तीमा पनि, तैँले मानिसहरूका वर्तमान समस्याहरूलाई समाधान गर्न सक्नुपर्छ र तिनीहरूलाई प्रवेश प्राप्त गर्न सक्ने तुल्याउनुपर्छ; केवल यसलाई मात्र समर्पणको रूपमा गनिन्छ, अनि मात्र तँ परमेश्‍वरका लागि काम गर्ने योग्यको हुनेछस्। सधैँ ठूलठूला, काल्पनिक वचनहरू नबोल्, र अरूलाई तेरो आज्ञापालन गर्न बाध्य बनाउनका निम्ति अनुपयुक्त अभ्यासहरूको प्रयोग नगर्। त्यसले कुनै प्रभाव पार्नेछैन र त्यसले तिनीहरूको भ्रम मात्र बढाउन सक्छ। यसो गर्दै अगाडि बढ्दा धेरै धर्मसिद्धान्त उत्पन्न हुन्छन्, जसको कारण मानिसहरूले तँलाई घृणा गर्नेछन्। मानिसको कमी-कमजोरी यस्तै छ, र यो साँच्चै लाजमर्दो छ। यसैले वास्तविक रूपमा रहेका समस्याहरूको बारेमा कुरा गर्। अरू मानिसहरूका अनुभवहरूलाई तेरो आफ्नै व्यक्तिगत सम्पत्ति जस्तो व्यवहार नगर् अनि अरूले त्यसको प्रशंसा गरून् भनी त्यसलाई माथि नउचाल्; तैँले आफ्नै व्यक्तिगत उपायको खोजी गर्नुपर्छ। प्रत्येक व्यक्तिले अभ्यास गर्नुपर्ने कुरा यही हो।

तैँले जे सङ्गति गर्छस् यदि त्यसले मानिसहरूलाई हिँड्ने मार्ग दिन सक्दछ भने, त्यो तँसित वास्तविकता भएको जस्तो हो। तैँले चाहे जे नै भने पनि, तैँले मानिसहरूलाई अभ्यासमा ल्याउनुपर्छ र उनीहरूले पछ्याउन सक्ने मार्ग दिनुपर्छ। उनीहरूलाई ज्ञान मात्र लिन नदे; त्योभन्दा महत्त्वपूर्ण कुरा भनेको हिँड्न सक्ने एउटा मार्ग प्राप्त गर्नु हो। मानिसहरूले परमेश्‍वरमा विश्‍वास गर्नको लागि, उनीहरूले परमेश्‍वरको काममा उहाँले डोऱ्याउनुभएको मार्गमा हिँड्नु पर्छ। अर्थात्, परमेश्‍वरमा विश्‍वास गर्ने प्रक्रिया भनेको पवित्र आत्माले डोऱ्याउनुहुने मार्गमा हिँड्ने प्रक्रिया हो। त्यसरी नै, चाहे जे भए पनि तँ हिँड्न सक्ने एउटा मार्ग तँसँग हुनुपर्दछ, र तैँले परमेश्‍वरद्वारा सिद्ध हुने मार्गमा पाइला टेक्नुपर्छ। धेरै पछाडि नपर्, र आफैलाई धेरै कुराहरूको चिन्तामा नपार्। यदि तँ परमेश्‍वरले डोऱ्याउनुभएको बाटोमा विनाबाधा हिँडिस् भने मात्र तैँले पवित्र आत्माको काम प्राप्त गर्न सक्नेछस् र प्रवेश गर्ने मार्ग पाउनेछस्। केवल यसलाई मात्र परमेश्‍वरका अभिप्रायहरूसँग मिलेको र मानवताको कर्तव्य पूरा गरेको मानिन्छ। यस प्रवाहमा रहेको एक व्यक्तिको रूपमा, प्रत्येक व्यक्तिले आफ्नो कर्तव्य राम्रोसँग पूरा गर्नुपर्दछ, मानिसहरूले जे गर्नुपर्छ त्यो धेरै गर्नुपर्दछ, र स्वेच्छाचारी व्यवहार गर्नु हुँदैन। काम गरिरहेका मानिसहरूले उनीहरूको वचनहरूलाई स्पष्ट पार्नैपर्छ, पछ्याउने मानिसहरूले कठिनाइ सहनु र आज्ञा पालन गर्नुमा धेरै ध्यान केन्द्रित गर्नुपर्दछ, र सबै जना आफ्नो स्थानमा रहनुपर्छ र पङ्क्तिबाट बाहिर निस्कनु हुँदैन। अभ्यास कसरी गर्नुपर्छ र तिनीहरूले कुन कार्य पूरा गर्नुपर्छ भन्ने विषयमा प्रत्येक व्यक्ति हृदयदेखि स्पष्ट हुनुपर्दछ।

पवित्र आत्माले डोऱ्याउनुभएको बाटोमा हिँड्; नभड्कि वा गलत बाटोमा नजा। तैंले आजको कामलाई स्पष्ट रूपमा देख्नुपर्छ। आजको काममा प्रवेश गर्नु भनेको तिमीहरूले जे अभ्यास गर्नुपर्छ त्यो काम गर्नु हो। तँ प्रवेश गर्नुपर्ने पहिलो कुरा यही नै हो। अन्य कुरामा अरू थप वचनहरू नष्ट नपार्। आज परमेश्‍वरको घरको काम गर्नु तिमीहरूको जिम्मेवारी हो, आजको कामको विधिमा प्रवेश गर्नु तिमीहरूको कर्तव्य हो, र आजको सत्यता अभ्यास गर्नु तिमीहरूको बोझ हो।

## आज्ञा पालन र सत्यता अभ्यास गर्ने

अभ्यासमा, आज्ञा पालन गर्ने र सत्यतालाई अभ्यासमा उतार्ने कार्य एक-आपसमा जोडिनुपर्छ। आज्ञा पालन गर्दा, सत्यताको अभ्यास गर्नुपर्छ। सत्यताको अभ्यास गर्दा, आज्ञाका सिद्धान्तहरूलाई कसैले पनि उल्लंघन गर्नु हुँदैन, न त आज्ञाको विपक्षमा जानु नै हुन्छ; परमेश्‍वरले तँबाट जे चाहनुहुन्छ तैँले त्यही गर्नुपर्छ। आज्ञा पालन गर्ने र सत्यताको अभ्यास गर्ने कार्य अन्तरसम्बन्धित छन्, अन्तर्विरोधी छैनन्। तैँले जति धेरै सत्यताको अभ्यास गर्छस्, त्यति नै धेरै तँ आज्ञाको सार कायम राख्न सक्षम बन्छस्। तैँले जति धेरै सत्यताको अभ्यास गर्छस्, त्यति नै धेरै तैँले आज्ञामा व्यक्त भएका परमेश्‍वरका वचनहरू बुझ्छस्। सत्यताको अभ्यास गर्नु र आज्ञा पालन गर्नु अन्तर्विरोधी कार्य होइनन्–तिनीहरू अन्तरसम्बन्धित छन्। शुरुमा, मानिसले आज्ञाको पालना गरेपछि मात्रै सत्यताको अभ्यास गर्न र पवित्र आत्माबाट अन्तर्दृष्टि प्राप्त गर्न सक्थ्यो, तर यो परमेश्‍वरको मौलिक अभिप्राय होइन। परमेश्‍वर तैँले राम्रो व्यवहार गर्ने मात्रै नभएर तैँले आफ्नो हृदयलाई उहाँको आराधनामा लगाएको चाहनुहुन्छ। यद्यपि, सतही रूपमा भए पनि तैँले ती आज्ञाहरूको पालना गर्नुपर्छ। बिस्तारै, अनुभवमार्फत, परमेश्‍वरको अझ स्पष्ट बुझाइ प्राप्त गरेपछि, मानिसहरूले उहाँविरुद्ध विद्रोह र विरोध गर्न छाड्नेछन्, र तिनीहरूमा उहाँको कार्यप्रति कुनै शङ्का हुनेछैन। आज्ञाको सारप्रति निष्ठा राख्ने यो एक मात्र उपाय हो। तसर्थ, सत्यताको अभ्यास नगरी, आज्ञाको पालना गर्नु मात्रै, प्रभावहीन हुन्छ, र यसमा परमेश्‍वरको साँचो आराधना समावेश हुँदैन, किनभने तैँले वास्तविक कद अहिलेसम्म प्राप्त गरेको हुँदैनस्। सत्यताको अभ्यासविना आज्ञाको पालना मात्रै गर्नु भनेको नियमको कठोरतापूर्वक पालना गरेको जस्तो मात्रै हुन्छ। यसो गर्दा, आज्ञाहरू तेरा कानून बन्न पुग्छन्, जसले तँलाई जीवनमा वृद्धि हुन सहयोग गर्दैन। यसको विपरीत, ती तेरा बोझ बन्छन्, र पुरानो करारका व्यवस्थाले तँलाई कसेर बाँधेको जस्तै बाँध्छन् र पवित्र आत्माको उपस्थितिलाई गुमाउने तुल्याउँछन्। तसर्थ, सत्यताको अभ्यास गरेपछि मात्रै तैँले आज्ञालाई प्रभावकारी ढङ्गबाट पालना गर्न सक्छस्, र सत्यताको अभ्यास गर्नका लागि तैँले आज्ञाको पालना गर्छस्। आज्ञाको पालना गर्ने प्रक्रियामा, तैँले अझ धेरै सत्यताको अभ्यास गर्नेछस्, र सत्यताको अभ्यास गर्ने दौरान, आज्ञाको वास्तविक अर्थ के हो भनेर तैँले झनै गहिरो बुझाइ प्राप्त गर्नेछस्। मानिसले आज्ञा पालन गरोस् भन्ने परमेश्‍वरको मापदण्डको उद्देश्य र अर्थ भनेको उसले कल्पना गरेको जस्तो मानिसलाई नियमको पालना गर्न लगाउनु मात्रै होइन; बरु यसको सम्बन्ध त उसले जीवनमा प्रवेश गर्नुसँग रहेको छ। तेरो जिवनमा हुने प्रगतिले तैँले कुन हदसम्म

आज्ञाको पालना गर्न सक्नेछस् भन्ने कुरा निर्धारण गर्छ। आज्ञाहरू मानिसले पालना गर्नुपर्ने भए तापनि, आज्ञाको सार मानिसको जीवनको अनुभवबाट मात्रै प्रष्ट हुन्छ। अधिकांश मानिसहरूले आज्ञाको पालना राम्ररी गर्नुको अर्थ तिनीहरू "पूर्ण रूपमा तयार रहेको, र गर्न बाँकी रहेको भनेको अरू सबै बिर्सेर त्यसैमा पूरै लाग्नु मात्रै हो" भनेर अनुमान लगाउँछन्। यो अनावश्यक प्रकृतिको विचार हो, र यो विचार परमेश्‍वरको इच्छाअनुसारको छैन। यस्तो कुरा भन्ने मानिसहरू प्रगति गर्न चाहादैनन्, र तिनीहरू देहको अभिलाषा राख्छन्। यो वाहियात हो! यो वास्तविकतासँग मेल नखाने कुरा हो! वास्तवमा आज्ञाको पालना नगरी खाली सत्यताको मात्रै अभ्यास गर्नु भनेको परमेश्‍वरको इच्छा होइन। यसो गर्नेहरू लङ्गडा हुन्; तिनीहरू एउटा खुट्टा नभएका मानिसहरू जस्ता हुन्। नियमको पालना गरेको जस्तो गरी आज्ञाको पालना गर्ने, तर अझै पनि सत्यता निहित नगर्ने–यसले पनि परमेश्‍वरको इच्छालाई सन्तुष्ट बनाउन सक्दैन; एउटा आँखा नभएकाहरू जस्तै, यसो गर्ने मानिसहरूले पनि कुनै प्रकारको अपाङ्गताको कष्ट भोग्छन्। यदि तैँले आज्ञाको पालना राम्ररी गरिस् र व्यावहारिक परमेश्‍वरको स्पष्ट बुझाइ हासिल गरिस् भने, तँमा सत्यता निहित हुनेछ भनेर भन्न सकिन्छ; सापेक्षिक रूपमा भन्नु पर्दा, तैँले वास्तविक कद हासिल गरेको हुनेछस्। तैँले अभ्यास गर्नुपर्ने सत्यताको अभ्यास गरिस् भने, तैँले आज्ञाको पालना पनि गर्नेछस्, र यी दुइटा कुराहरू परस्परविरोधी होइनन्। सत्यताको अभ्यास गर्नु र आज्ञाको पालना गर्नु दुई वटा प्रणालीहरू हुन्, यी दुवै जीवन अनुभवका अभिन्‍न अङ्ग हुन्। व्यक्तिको अनुभवमा आज्ञाको पालना र सत्यताको अभ्यासको समायोजन समावेश हुनुपर्छ, विभाजन होइन। यद्यपि, यी दुई कुराहरूमा भिन्‍नता र सम्बन्ध दुवै छन्।

नयाँ युगमा आज्ञाहरूको घोषणा यो धारामा रहेका सबै मानिसहरू, आज परमेश्‍वरको आवाज सुन्‍ने सबै मानिसहरू, नयाँ युगमा प्रवेश गरेका छन् भन्‍ने तथ्यको गवाही हो। यो परमेश्‍वरको कार्यको नयाँ शुरुवात हो, साथै परमेश्‍वरको छ हजार वर्षको व्यवस्थापन योजनाको अन्तिम चरणको शुरुवात पनि हो। नयाँ युगका आज्ञाहरू परमेश्‍वर र मानिसले नयाँ स्वर्ग र नयाँ पृथ्वीको क्षेत्रमा प्रवेश गरेको द्योतक हुन्, र यसमा यहोवाले इजराइलीहरूसँग काम गर्नुभएको र येशूले यहुदीहरूसँग काम गर्नुभएको जस्तै, परमेश्‍वरले अझ धेरै व्यावहारिक कार्य गर्नुहुनेछ, र पृथ्वीमा अझ धेरै र अझ ठूला कार्य गर्नुहुनेछ। तिनीहरू यो समूहले परमेश्‍वरबाट अझ धेरै र अझ ठूला आज्ञाहरू प्राप्त गर्नेछन्, र तिनीहरूलाई भरणपोषण गरिनेछ, खुवाइनेछ, सहयोग गरिनेछ, हेरचाह गरिनेछ, र उहाँबाट व्यावहारिक रूपमा रक्षा गरिनेछ, र उहाँबाट अझ व्यावहारिक तालिम दिइनेछ, र परमेश्‍वरको वचनबाट निराकरण, खण्डित, र परिस्कृत गरिनेछ भन्‍ने कुराको पनि द्योतक हुन्। नयाँ युगका आज्ञाहरूको महत्त्व अति नै अथाह छ। तिनीहरूले परमेश्‍वर वास्तवमै पृथ्वीमा देखा पर्नुहुन्छ, त्यहाँबाट उहाँले आफ्नो सबै महिमा देहमा प्रकट गर्दै, सम्पूर्ण ब्रम्हाण्डलाई विजय गर्नुहुनेछ भन्‍ने जनाउँछन्। तिनीहरूले उहाँका चुनिएकाहरू सबैलाई सिद्ध गर्न व्यावहारिक परमेश्‍वरले अझ धेरै व्यावहारिक कार्य गर्नुहुनेछ भन्‍ने पनि जनाउँछन्। साथै, परमेश्‍वरले पृथ्वीमा हरेक काम-कुराहरू वचनहरूबाट सम्पन्‍न गर्नुहुनेछ, र "देहधारी परमेश्‍वर सबैभन्दा माथि उठ्नहुनेछ र महिमावान् हुनुहुनेछ, र सबै मानिस तथा सबै राष्ट्रहरूले महान् परमेश्‍वरको आराधना गर्न घुँडा

टेक्नेछन्” भन्ने आदेश व्यक्त गर्नुहुनेछ। नयाँ युगका आज्ञाहरूको पालना मानिसहरूले गर्नुपर्ने भए तापनि, र ती आज्ञाहरू पालना गर्नु मानिसको कर्तव्य र दायित्व भए तापनि, तिनीहरूले प्रतिनिधित्व गर्ने अर्थ एक वा दुई शब्दमा व्यक्त गर्न सकिनेभन्दा अथाह छन्। नयाँ युगका आज्ञाहरूले यहोवा र येशूले प्रतिपादन गर्नुभएका पुरानो करारका व्यवस्थाहरू र नयाँ करारका धार्मिक-विधानहरूलाई प्रतिस्थापन गर्छन्। यो गहन पाठ हो, मानिसहरूले कल्पना गर्ने कुराजस्तो सहज होइन। नयाँ युगका आज्ञाहरूको व्यावहारिक महत्त्वको एउटा पक्ष छ: तिनीहरूले अनुग्रहको युग र राज्यको युगबीचको अन्तरस्थको काम गर्छन्। नयाँ युगका आज्ञाहरूले पुरानो युगका सबै अभ्यास तथा धार्मिक-विधानहरूका साथै येशूको युगका तथा येशूको युगभन्दा अघिका सबै अभ्यासहरूलाई समाप्त गर्छन्। तिनीहरूले मानिसलाई थप व्यावहारिक परमेश्‍वरको उपस्थितिमा ल्याउँछन्, जसले मानिसलाई उहाँबाट व्यक्तिगत रूपमा सिद्‍ध हुन सक्षम बनाउँछ; तिनीहरूले सिद्‍धताको मार्गको सुरुवात हुन्। तसर्थ, तिमीहरूले नयाँ युगका आज्ञाहरूप्रति सही मनोवृत्ति राख्नुपर्छ, तिनीहरूलाई जथाभावी अनुसरण पनि नगर्नु र निन्दा पनि नगर्नू। नयाँ युगका आज्ञाहरूले केही पक्षहरूमा ठूलो महत्त्व दिएका छन्: मानिसले आजका व्यावहारिक परमेश्‍वरको आराधना गर्नुपर्छ, जसमा आत्माको सारप्रति थप व्यावहारिक रूपमा समर्पित हुने कुरा समावेश हुन्छ। यी आज्ञाहरूले उहाँ धार्मिकताको सूर्यको रूपमा प्रकट हुनुभएपछि मानिस दोषी वा धर्मी छ भनेर परमेश्‍वरले न्याय गर्नुहुने सिद्‍धान्तमा पनि जोड दिन्छन्। यी आज्ञाहरू अभ्यास गर्नुभन्दा बुझ्नका लागि सजिला छन्। यसबाट के देख्न सकिन्छ भने यदि परमेश्‍वरले मानिसलाई सिद्‍ध गर्न इच्छा गर्नुभएमा, उहाँले आफ्नै वचन र मार्गदर्शनबाट त्यसो गर्नुपर्छ, र मानिसले आफ्नै अन्तर्निहित बौद्‍धिकताबाट सिद्‍धता हासिल गर्न सक्दैन। मासिनले नयाँ युगका आज्ञाहरूको पालना गर्न सक्छ वा सक्दैन भन्ने कुरा व्यावहारिक परमेश्‍वरको बारेमा उसको ज्ञानमा निर्भर रहन्छ। तसर्थ, तैँले आज्ञाहरूको पालना गर्न सक्छस् वा सक्दैनस् भन्ने कुरा केही दिनमै समाधान हुने प्रश्‍न होइन। यो सिक्नुपर्ने एक अथाह पाठ हो।

सत्यताको अभ्यास यस्तो मार्ग हो जसमा मानिसको जीवन वृद्‍धि हुन सक्छ। यदि तिमीहरूले सत्यताको अभ्यास गरेनौँ भने, तिमीहरूसँग सिद्‍धान्तभन्दा बढी केही हुँदैन र वास्तविक जीवन रहँदैन। सत्यता मानिसको जीवनको कदको प्रतीक हो, तँ सत्यताको अभ्यास गर्छस् वा गर्दैनस् भन्ने कुराको सम्बन्ध तेरो वास्तविक कद छ वा छैनसँग हुन्छ। यदि तँ सत्यताको अभ्यास गर्दैनस्, धर्मी रूपमा व्यवहार गर्दैनस्, वा भावनामा बग्छस् र देहको ख्याल गर्छस् भने, तँ यी आज्ञाहरूको पालना गर्ने कुराबाट निकै पर छस्। यो नै सबैभन्दा गहन पाठ हो। प्रत्येक युगमा, मानिसहरूले प्रवेश गर्नुपर्ने र बुझ्नुपर्ने धेरै सत्यताहरू हुन्छन्, अनि प्रत्येक युगमा, ती सत्यताहरू सँगसँगै आउने विभिन्न आज्ञाहरू हुन्छन्। मानिसहरूले अभ्यास गर्ने यी सत्यताहरू निश्‍चित युगसँग सम्बन्धित हुन्छन्, र तिनीहरूले पालना गर्ने आज्ञाहरू पनि सोही युगसँग सम्बन्धित हुन्छन्। प्रत्येक युगको आ-आफ्नै अभ्यास गरिनुपर्ने सत्यता र पालना गरिनुपर्ने आज्ञाहरू हुन्छन्। यद्‍यपि, परमेश्‍वरबाट प्रतिपादन गरिएका विभिन्न आज्ञाहरूको आधारमा—अर्थात्, विभिन्न युगहरूको आधारमा—मानिसले गर्ने सत्यताको अभ्यासको लक्ष्य र प्रभाव समानुपातिक ढङ्गले

भिन्न हुन्छ। आज्ञाहरूले सत्यको सेवा गर्छन्, र आज्ञाहरू कायम राख्नका लागि सत्यको अस्तित्व हुन्छ भनेर भन्न सकिन्छ। यदि सत्यता मात्रै भएको भए, कुरा गर्न मिल्ने गरी परमेश्‍वरको कार्यमा कुनै परिवर्तन हुनेछैन। यद्यपि, आज्ञाहरूलाई हेरेर, मानिसले पवित्र आत्माको कार्यमा प्रवृत्तिहरूको हद पहिचान गर्न सक्छ, र मानिसले परमेश्‍वर कुन युगमा कार्य गर्दै हुनुहुन्छ भनेर थाहा पाउन सक्छ। धर्ममा, व्यवस्थाको युगका मानिसहरूले अभ्यास गरेका सत्यताहरूको अभ्यास गर्न सक्ने धेरै मानिसहरू छन्। यद्यपि, उनीहरूसँग नयाँ युगका आज्ञाहरू छैनन्, न उनीहरूले तिनीहरूको पालना नै गर्न सक्छन्। उनीहरूले अझै पुरानै तरिकाहरू पालना गरिरहेका छन् र आदिम मानवजातिकै रूपमा रहेका छन्। उनीहरू कार्यको नयाँ तरिकाबाट सुसज्जित छैनन् र उनीहरूले नयाँ युगका आज्ञाहरू देख्न सक्दैनन्। यसी, उनीहरूसँग परमेश्‍वरको कार्य छैन। लाग्छ, उनीहरूसँग अण्डाको खाली बोक्रा मात्र छ; यदि त्यसभित्र कुनै चल्ला छैन भने, त्यसमा आत्मा पनि छैन। यसलाई अझ सटीक तरिकाले भन्दा, तिनीहरूमा कुनै जीवन नै छैन। यस्ता मानिसहरू अझैसम्म पनि नयाँ युगमा प्रवेश गरेका छैनन् र धेरै कदम पछाडि परेका छन्। तसर्थ, पुराना युगहरूका सत्यताहरू हुनु तर नयाँ युगका आज्ञाहरू नहुनु व्यर्थ हो। तिमीहरू धेरै जना आजको सत्यताको अभ्यास गर्छौं तर यसका आज्ञाहरू पालना गर्दैनौं। तिमीहरूले केही पनि पाउँदैनौं, र तिमीहरूले अभ्यास गर्ने सत्यता महत्त्वहीन र अर्थहीन हुन्छ र परमेश्‍वरले तिमीहरूको प्रशंसा गर्नुहुनेछैन। सत्यताको अभ्यास पवित्र आत्माको वर्तमानका कार्यशैलीहरूको मापदण्डभित्र रहेर गरिनुपर्छ; यसको अभ्यास आजको व्यावहारिक परमेश्‍वरको आवाजको जबाफस्वरूप गरिनुपर्छ। यसो नगर्दा, डोकोले पानी उघाएको जस्तै, सबै कुरा शून्य हुन्छ। यो नयाँ युगका आज्ञाहरूको प्रतिपादनको व्यावहारिक अर्थ पनि हो। यदि मानिसहरूले आज्ञाहरूको पालना गर्ने हो भने, कम्तीमा तिनीहरूलाई देहमा देखा पर्नुहुने व्यावहारिक परमेश्‍वरको बारेमा, अन्योलरहित रूपमा थाहा हुनुपर्छ। अर्को शब्दमा भन्नुपर्दा, मानिसहरूले आज्ञाहरूको पालना गर्ने सिद्धान्तहरूका बारेमा बुझ्नुपर्छ। आज्ञाहरूको पालना गर्नुको अर्थ तिनीहरूलाई लापरवाही तरिकाले वा स्वच्छन्द रूपमा अनुसरण गर्नु होइन, बरु आधार, उद्देश्य, र सिद्धान्तहरूसहित तिनीहरूको पालना गर्नु हो। हासिल गर्नुपर्ने पहिलो कुरा भनेको तेरो दृष्टिलाई स्पष्ट पार्नु हो। यदि वर्तमान समयमा तँसँग पवित्र आत्मको कार्यको गहन बुझाइ छ भने, र यदि तँ कार्यको आजको विधिमा प्रवेश गर्छस् भने, तैँले स्वाभाविक रूपमा आज्ञाहरूको पालना गर्ने सुस्पष्ट बुझाइ प्राप्त गर्छस्। यदि तैँले नयाँ युगका आज्ञाहरूको सार बुझ्ने दिन आएमा र तैँले आज्ञाहरूको पालना गर्न सकेमा, तँ सिद्ध भएको हुनेछस्। सत्यको अभ्यास गर्ने र आज्ञाको पालना गर्ने कुराको व्यावहारिक महत्त्व यही हो। तैँले सत्यको अभ्यास गर्न सक्छस् वा सक्दैनस् भन्ने कुरा तैँले नयाँ युगका आज्ञाहरूको सारलाई कसरी बुझ्छस् भन्नेमा निर्भर रहन्छ। पवित्र आत्माको कार्य मानिससमक्ष निरन्तर रूपमा देखा पर्नेछ, र परमेश्‍वरले मानिसहरूलाई अझ धेरै मापदण्डरू दिनुहुनेछ। तसर्थ, मानिसले अभ्यास गर्ने सत्यताको सङ्ख्या थपिँदै जानेछ, र आज्ञाहरू पालना गर्दाका प्रभावहरू अझै धेरै गहन हुँदै जानेछन्। तसर्थ, तिमीहरूले सत्यताको अभ्यास अनि आज्ञाहरूको पालना सँगसँगै गर्नुपर्ने छ। यो कुरालाई कसैले पनि उपेक्षा गर्नु हुँदैन; यो नयाँ युगमा नयाँ सत्य अनि नयाँ आज्ञाहरू एकैपटक शुरु हुन देओ।

# व्यावहारिक परमेश्‍वर स्वयम् परमेश्‍वर हुनुहुन्छ भनी तैँले थाहा पाउनुपर्छ

तैँले व्यावहारिक परमेश्‍वरको विषयमा के थाहा पाउनुपर्छ? आत्मा, व्यक्ति, र वचन मिलेर व्यावहारिक परमेश्‍वर स्वयम् निर्मित हुनुभएको छ, र व्यावहारिक परमेश्‍वर स्वयम्‌को वास्तविक अर्थ यही हो। यदि तैँले व्यक्तिलाई मात्र चिन्छस्–यदि तैँले उहाँका आनीबानी र व्यक्तित्वलाई मात्र चिन्छस्–तर आत्माको कामलाई चिन्दैनस्, वा आत्माले देहमा के गर्नुहुन्छ भन्ने कुरा तँलाई थाहा छैन भने, र यदि तैँले आत्मा र वचनलाई मात्र ध्यान दिन्छस्, र आत्माको अगाडि मात्र प्रार्थना गर्छस्, तर व्यावहारिक परमेश्‍वरको रूपमा परमेश्‍वरको आत्माको कामको बारेमा तँलाई थाहा छैन भने, तैँले व्यावहारिक परमेश्‍वरलाई चिन्दैनस् भनी यसले प्रमाणित गर्छ। व्यावहारिक परमेश्‍वरको ज्ञानमा उहाँका वचनहरूको बारेमा थाहा पाउने र अनुभव गर्ने, र पवित्र आत्माको कामका नियम र सिद्‌धान्तहरू र परमेश्‍वरको आत्माले देहमा कसरी काम गर्नुहुन्छ भनी थाहा पाउनुपर्ने कुराहरू संलग्न हुन्छन्। देहमा हुने परमेश्‍वरको हरेक कार्य आत्माद्‌वारा नियन्त्रित हुन्छ, र उहाँले बोल्नुभएका वचनहरू आत्माका प्रत्यक्ष अभिव्यक्तिहरू हुन् भनी थाहा पाउनुपर्ने कुराहरू पनि यसमा संलग्न हुन्छन्। त्यसैले, व्यावहारिक परमेश्‍वरलाई चिन्नको लागि परमेश्‍वरले मानवता र ईश्‍वरत्वमा कसरी काम गर्नुहुन्छ भनी थाहा पाउनु अति महत्त्वपूर्ण हुन्छ; यसो भएको हुँदा, यसले सबै मानिसहरू सहभागी हुने आत्माको अभिव्यक्तिहरूमा सरोकार राख्छ।

आत्माको अभिव्यक्तिका पक्षहरू के-के हुन्? कहिलेकहीँ परमेश्‍वर मानवतामा काम गर्नुहुन्छ, र कहिलेकहीँ ईश्‍वरत्वमा–तर यी दुवै सन्दर्भमा आत्माको नियन्त्रण हुन्छ। मानिसहरूभित्र जस्तो आत्मा हुन्छ, त्यस्तै तिनीहरूको बाहय अभिव्यक्ति हुन्छ। आत्माले सामान्य तरिकाले काम गर्नुहुन्छ, तर आत्माद्‌वारा गरिने उहाँको निर्देशनमा दुई भागहरू छन्: एउटा भाग मानवतामा हुने उहाँको काम हो र अर्को भाग ईश्‍वरत्वद्‌वारा हुने उहाँको काम हो। तैँले यो कुरा स्पष्टसँग थाहा पाउनुपर्छ। आत्माको काम परिस्थितिअनुसार फरक हुन्छ: जब उहाँको मानवीय कामको आवश्यकता पर्छ, तब आत्माले यो मानवीय कामलाई निर्देशित गर्नुहुन्छ, र जब उहाँको ईश्‍वरीय कामको आवश्यकता पर्छ, तब त्यो कामलाई कार्यान्वयन गर्न ईश्‍वरत्व सोझै देखा पर्छ। परमेश्‍वरले देहमा काम गर्नुहुने र उहाँ देहमा देखा पर्नुहुने हुँदा, उहाँले मानवता र ईश्‍वरत्व दुवैमा सीधै काम गर्नुहुन्छ। मानवतामा हुने उहाँको कामलाई आत्माद्‌वारा निर्देशित गरिन्छ र मानिसहरूका शारीरिक आवश्यकताहरूलाई सन्तुष्ट पार्न, उहाँसँग तिनीहरूको सहभागिता सहजीकरण गर्न, र तिनीहरूलाई परमेश्‍वरको वास्तविकता र सामान्यता हेर्न लगाउन, र तिनीहरूलाई परमेश्‍वरका आत्मा देहमा आउनुभएको छ र मानिसहरूको माझमा हुनुहुन्छ, मानिससँग सँगै बास गर्नुभएको छ, र मानिससँग सहभागी हुनुभएको छ भनी देखाउन गरिन्छ। ईश्‍वरत्वमा हुने उहाँको काम, मानिसहरूका स्वभावहरू परिवर्तन गर्दै र तिनीहरूलाई देहमा आत्माको स्वरूप साँचो रूपले हेर्न दिँदै, मानिसहरूको जीवनको लागि प्रबन्ध गर्न र मानिसहरूलाई हरेक कुरामा सकारात्मक पक्षबाट मार्गदर्शन दिन गरिन्छ।

मुख्यगरी, मानिसको जीवनमा हुने वृद्धि प्रत्यक्ष रूपमा परमेश्वरको काम र ईश्वरत्वमा हुने वचनहरूद्वारा प्राप्त गरिएको हुन्छ। यदि मानिसहरूले ईश्वरत्वमा हुने परमेश्वरको कामलाई स्वीकार गर्छन् भने मात्र तिनीहरूले आफ्नो स्वभावमा परिवर्तन हासिल गर्न सक्छन्, र तब मात्र तिनीहरू आफ्ना आत्मामा सन्तुष्ट हुन सक्छन्; यसअतिरिक्त, यदि मानवतामा हुने काम–मानवतामा हुने परमेश्वरको गोठालो-कार्य, सहायता, र प्रबन्ध–छ भने मात्र, परमेश्वरको कामका प्रतिफलहरू पूर्ण रूपमा प्राप्त गर्न सकिन्छ। आज चर्चा गरिएका व्यावहारिक परमेश्वर स्वयम्ले मानवता र ईश्वरत्व दुवैमा काम गर्नुहुन्छ। व्यावहारिक परमेश्वरको स्वरूपद्वारा उहाँको सामान्य मानवीय काम र जीवन र उहाँको पूर्ण ईश्वरीय काम प्राप्त गरिन्छन्। उहाँको मानवता र ईश्वरत्व एकै गरी गाभिएका छन्, दुवैका काम वचनहरूद्वारा सम्पन्न गरिन्छ; चाहे मानवतामा होस् वा ईश्वरत्वमा होस, उहाँले वचनहरू उच्चारण गर्नुहुन्छ। जब परमेश्वरले मानवतामा काम गर्नुहुन्छ, तब उहाँले मानवताको भाषा बोल्नुहुन्छ, ताकि मानिसहरू सहभागी हुन सकून् र उनीहरूले बुझ्न सकून्। उहाँका वचनहरू सरल रूपमा बोलिएका हुन्छन् र बुझ्न सजिलो हुन्छ, यतिसम्म कि ती सबै मानिसहरूलाई प्रदान गर्न सकिन्छ; चाहे मानिसहरू ज्ञानले भरिएका होऊन् वा कम शिक्षित होऊन्, तिनीहरू सबै जनाले परमेश्वरका वचनहरू प्राप्त गर्न सक्छन्। ईश्वरत्वमा हुने परमेश्वरका काम पनि वचनहरूद्वारा कार्यान्वयन गरिन्छ, तर यो प्रबन्धले भरिएको हुन्छ, यो जीवनले भरिएको हुन्छ, यो मानिसका विचारहरूद्वारा दूषित भएको हुँदैन, यसमा मानवीय प्राथमिकताहरू समावेश भएका हुँदैनन्, र यसमा मानवीय सीमाहरू हुँदैनन्, यो सामान्य मानवताको अधीनभन्दा बाहिर छ; यो देहमा कार्यान्वयन गरिएको हुन्छ, तर यो आत्माको प्रत्यक्ष अभिव्यक्ति हो। यदि मानिसहरूले मानवतामा हुने परमेश्वरको कामलाई मात्र स्वीकार गर्छन् भने, तिनीहरूले आफैलाई एक निश्चित क्षेत्रमा सीमित गर्नेछन्, र तिनीहरूमा अलिकति परिवर्तन ल्याउन पनि निरन्तर निराकरण, काँटछाँट र अनुशासनको आवश्यकता पर्नेछ। पवित्र आत्माको काम वा उपस्थितिविना त तिनीहरू सधैँ आफ्ना पुराना मार्गहरूमा फर्कनेछन्; ईश्वरत्वको कामद्वारा मात्र यी गम्भीर समस्याहरू र कमजोरीहरूलाई सुधार्न सकिन्छ, र तब मात्र मानिसहरूलाई पूर्ण बनाउन सकिन्छ। दीर्घकालीन निराकरण र काँटछाँटको सट्टामा, चाहिने आवश्यक कुरा भनेको सबै कमी-कमजोरीहरू सुधार्न वचनहरूको प्रयोग गर्दै, मानिसको प्रत्येक स्थिति प्रकट गर्न वचनहरूको प्रयोग गर्दै, तिनीहरूको जीवन, तिनीहरूको प्रत्येक उच्चारण, तिनीहरूको प्रत्येक कार्यलाई मार्गदर्शन दिन, र तिनीहरूका अभिप्राय र उत्प्रेरणाहरूलाई उदाङ्गो पार्न वचनहरूको प्रयोग गर्दै गरिने सकारात्मक प्रबन्ध नै हो। यो व्यावहारिक परमेश्वरको वास्तविक काम हो। त्यसैले, व्यावहारिक परमेश्वरप्रति तेरो मनोवृत्तिमा तैँले उहाँलाई पहिचान र स्वीकार गर्दै तत्कालै आफैलाई उहाँको मानवताको सामु समर्पित गर्नुपर्छ, र यसअतिरिक्त तैँले उहाँका ईश्वरीय काम र वचनहरू ग्रहण र पालन गर्नुपर्छ। देहमा परमेश्वर देखा पर्नुको अर्थ परमेश्वरका आत्माका सबै काम र वचनहरू उहाँको सामान्य मानवताद्वारा र उहाँको देहधारी देहद्वारा सम्पन्न गरिएका हुन्छन् भन्ने हुन्छ। अर्को शब्दमा, परमेश्वरको आत्माले तत्कालै उहाँको मानवीय कामलाई निर्देशित गर्नुहुन्छ र देहमा ईश्वरत्वको काम सम्पन्न गर्नुहुन्छ, र देहधारी परमेश्वरमा तैँले मानवतामा हुने परमेश्वरको काम र उहाँको

पूर्ण ईश्वरीय काम दुवै देख्न सक्छस्। यही नै व्यावहारिक परमेश्वरको दैहिक स्वरूपको वास्तविक महत्त्व हो। यदि तैँले यो कुरा स्पष्टसँग देख्न सक्छस् भने, तैँले परमेश्वरका सबै फरक भागहरूलाई जोड्न सक्षम हुनेछस्; तैँले ईश्वरत्वमा हुने उहाँको काममाथि अनावश्यक महत्त्व दिन छोड्नेछस्, र तैँले मानवतामा हुने उहाँको कामलाई अनावश्यक उपेक्षाका साथ हेर्न छोड्नेछस्, र तँ अतिवादतिर जानेछैनस्, न त घुमाउरो मार्ग नै पछ्याउनेछस्। समग्रमा भन्नुपर्दा, व्यावहारिक परमेश्वरको अर्थ उहाँको मानवताको र उहाँको ईश्वरत्वको काम, आत्माले निर्देशन गर्नुभएबमोजिम, उहाँको देहद्वारा अभिव्यक्त हुन्छ भन्ने हो, ताकि मानिसहरूले उहाँ सजीव र जीवन्त, वास्तविक र सत्य हुनुहुन्छ भन्ने कुरा देख्न सकून्।

मानवतामा हुने परमेश्वरको आत्माको कामका सङ्क्रमणकालीन चरणहरू हुन्छन्। मानवतालाई सिद्ध बनाएर, उहाँले आफ्नो मानवतालाई आत्माको निर्देशन ग्रहण गर्न सक्षम तुल्याउनुहुन्छ, त्यसपछि उहाँको मानवता मण्डलीहरूलाई प्रबन्ध र गोठालो गर्न सक्षम हुन्छ। यो परमेश्वरको सामान्य कामको एउटा अभिव्यक्ति हो। त्यसैले, यदि तैँले मानवतामा हुने परमेश्वरको कामका सिद्धान्तहरू स्पष्टसँग देख्न सक्छस् भने, तैँले मानवतामा परमेश्वरको कामको विषयमा आफ्नै धारणाहरू बनाउने सम्भावना कम हुनेछ। अन्य कुराहरू चाहे जेसुकै हुन्, परमेश्वरको आत्मा गलत हुन सक्नुहुन्न। उहाँ सही र त्रुटिरहित हुनुहुन्छ; उहाँले कुनै पनि काम बेठीक रूपले गर्नुहुन्न। ईश्वरीय काम मानवताको हस्तक्षेपरहित परमेश्वरको इच्छाको प्रत्यक्ष अभिव्यक्ति हो। यो सिद्धताको प्रक्रिया हुँदै जाँदैन, बरु यो त प्रत्यक्ष आत्माबाट आउँछ। तथापि, उहाँले ईश्वरत्वमा काम गर्न सक्नुहुन्छ भन्ने तथ्य उहाँको सामान्य मानवताको कारण हो; यो गौण अलौकिकतामा हुँदैन, र यसलाई सामान्य व्यक्तिद्वारा कार्यान्वयन गरिएको जस्तो देखिन्छ। विशेषतः देहमार्फत परमेश्वरका वचनहरू अभिव्यक्त गर्न, देहको माध्यमद्वारा परमेश्वरको आत्माको काम पूरा गर्न परमेश्वर स्वर्गबाट पृथ्वीमा आउनुभयो।

आज, व्यावहारिक परमेश्वरको विषयमा मानिसहरूको ज्ञान अति नै एक-पक्षीय रहेको छ, र देहधारणको महत्त्वको विषयमा तिनीहरूको बुझाइ अझै अति नै अपर्याप्त छ। परमेश्वरको देहसँगै, मानिसहरूले उहाँका काम र वचनहरूमार्फत परमेश्वरको आत्मामा यति धेरै कुरा समावेश छन् र उहाँ यति धेरै सम्पन्न हुनुहुन्छ भन्ने कुरा देख्छन्। जेसुकै भए तापनि, आखिरमा परमेश्वरको गवाही परमेश्वरको आत्माबाट आउँछ: परमेश्वरले देहमा जे गर्नुहुन्छ, उहाँले जुन सिद्धान्तहरूद्वारा काम गर्नुहुन्छ, उहाँले मानवतामा जे गर्नुहुन्छ, र उहाँले ईश्वरत्वमा जे गर्नुहुन्छ। मानिसहरूसँग यस विषयमा ज्ञान हुनुपर्छ। आज, तँ यस व्यक्तिको आराधना गर्न सक्षम छस्, तर वास्तवमा तैँले आत्मालाई आराधना गर्दैछस्, र मानिसहरूले देहधारी परमेश्वरको बारेमा प्राप्त गर्नुपर्ने ज्ञान कम्तीमा यही नै हो: देहमार्फत आत्माको सार थाहा पाउने, देहमा आत्माको ईश्वरीय काम र देहमा मानवीय काम थाहा पाउने, देहमा आत्माका सबै वचन र उच्चारणहरू स्वीकार गर्ने, र परमेश्वरको आत्माले कसरी देहलाई निर्देशित गर्नुहुन्छ र देहमा उहाँको शक्ति प्रदर्शन गर्नुहुन्छ भनी हेर्ने। भन्नुको अर्थ यो हो कि मानिसले स्वर्गमा हुनुहुने आत्मालाई देहमार्फत चिन्छ; मानिसमाझ व्यावहारिक परमेश्वर स्वयम् देखा पर्नुभएको हुँदा यसले मानिसहरूको धारणाहरूबाट अस्पष्ट

परमेश्वरलाई हटाइदिएको छ। व्यावहारिक परमेश्वर स्वयम्‌लाई गर्ने मानिसहरूको आराधनाले परमेश्वरप्रति तिनीहरूको आज्ञाकारितालाई अभिवृद्धि गरेको छ, र देहमा परमेश्वरको आत्माको ईश्वरीय काम र देहमा उहाँको मानवीय कामद्वारा, मानिसले प्रकाश प्राप्त गर्छ र उसलाई गोठालो गरिन्छ, र मानिसको जीवन स्वभावमा परिवर्तनहरू हासिल हुन्छन्। देहमा आत्माको आगमनको वास्तविक अर्थ यही हो, जसको प्राथमिक उद्देश्य भनेको मानिसहरू परमेश्वरसँग सहभागी हुन, परमेश्वरमा निर्भर रहन, र परमेश्वरको ज्ञानसम्म पुग्न सकून् भन्ने हो।

समग्रमा, व्यावहारिक परमेश्वरप्रति मानिसहरूको मनोवृत्ति कस्तो हुनुपर्छ? तँलाई देहधारणको विषयमा, वचन देहमा देखा पर्नुभएको विषयमा, परमेश्वर देहमा देखा पर्नुभएको विषयमा, व्यावहारिक परमेश्वरका कामहरूको विषयमा के थाहा छ? आजको छलफलका मुख्य विषयहरू के-के हुन्? देहधारण, देहमा वचनको आगमन, देहमा परमेश्वरको देखा पराइ सबै बुझ्नैपर्ने विषयहरू हुन्। तिमीहरूको कदको आधारमा र युगको आधारमा, तिमीहरूले क्रमिक रूपमा यी सबै विषयहरूको बारेमा बुझ्दै जानुपर्छ र तिमीहरूको जीवन अनुभवमा तीबारेमा स्पष्ट ज्ञान हासिल गर्दै जानुपर्छ। मानिसहरूले परमेश्वरका वचनहरू अनुभव गर्ने प्रक्रिया र तिनीहरूले परमेश्वरका वचनहरू देहमा देखापर्नुभएको कुरा थाहा पाउने प्रक्रिया उस्तै छन्। मानिसहरूले जति धेरै परमेश्वरका वचनहरू अनुभव गर्छन् त्यति नै धेरै परमेश्वरको आत्मालाई चिन्छन्; परमेश्वरका वचनहरूलाई अनुभव गरेर, मानिसहरूले आत्माको कामका सिद्धान्तहरू बुझ्छन् र व्यावहारिक परमेश्वर स्वयम्‌लाई चिन्छन्। वास्तवमा, जब परमेश्वरले मानिसहरूलाई सिद्ध बनाउनुहुन्छ र तिनीहरूलाई हासिल गर्नुहुन्छ, तब उहाँले तिनीहरूलाई व्यावहारिक परमेश्वरका कामहरूको बारेमा थाहा पाउन दिँदै हुनुहुन्छ; उहाँले मानिसहरूलाई देहधारणको वास्तविक महत्त्व देखाउन, वास्तवमा परमेश्वर मानिसकहाँ प्रकट हुनुभएको छ भन्ने कुरा देखाउन व्यावहारिक परमेश्वरको कामलाई प्रयोग गर्दै हुनुहुन्छ। जब मानिसहरू परमेश्वरद्वारा हासिल हुन्छन् र सिद्ध बनाइन्छन्, तब व्यावहारिक परमेश्वरका अभिव्यक्तिहरूले तिनीहरूलाई जितेका हुन्छन्; तिनीहरूलाई उहाँ जे हुनुहुन्छ (उहाँ मानवतामा जे हुनुहुन्छ वा उहाँ ईश्वरत्वमा जे हुनुहुन्छ) त्यसले भर्दै, तिनीहरूलाई उहाँका वचनहरूको सारतत्त्वले भर्दै, र मानिसहरूलाई उहाँका वचनअनुसार जीवन जिउने तुल्याउँदै, व्यावहारिक परमेश्वरका वचनहरूले तिनीहरूलाई परिवर्तन गरेका हुन्छन् र तिनीहरूभित्र उहाँको आफ्नो जीवन हालिदिएका हुन्छन्। जब परमेश्वरले मानिसहरूलाई हासिल गर्नुहुन्छ, तब उहाँले मुख्यगरी मानिसहरूका कमजोरीहरू निराकरण गर्ने र तिनीहरूको विद्रोही स्वभावको न्याय गर्ने र प्रकाश गर्ने शैलीको रूपमा व्यावहारिक परमेश्वरका वचनहरू र उच्चारणहरूलाई प्रयोग गर्दै, तिनीहरूलाई खाँचो परेका कुरा हासिल गराउँदै र परमेश्वर मानिसमाझ आउनुभएको छ भन्ने कुरा देखाउँदै त्यसो गर्नुहुन्छ। सबैभन्दा महत्त्वपूर्ण कुरो, व्यावहारिक परमेश्वरद्वारा गरिएको काम भनेको प्रत्येक व्यक्तिलाई शैतानको प्रभावबाट मुक्ति दिने, तिनीहरूलाई फोहोरको स्थानबाट बाहिर ल्याउने, तिनीहरूको भ्रष्ट स्वभावलाई हटाउने हो। व्यावहारिक परमेश्वरद्वारा हासिल गरिनुको सबैभन्दा गहिरो महत्त्व भनेको व्यावहारिक परमेश्वरसँग एक उदाहरण र एक नमुनाको रूपमा सामान्य मानवताको जीवन जिउन सक्षम बन्नु, उहाँले भन्नुभएका जस्तोसुकै कुराहरू व्यवहारमा

लागू गर्दै, अलिकति पनि विचलित वा निर्गमन नभईकन, व्यावहारिक परमेश्‍वरका वचन र आवश्यक मापदण्डहरूअनुसार अभ्यास गर्न सक्षम बन्‍नु, र उहाँले भन्‍नुभएका जस्तोसुकै कुरा प्राप्त गर्न सक्षम बन्‍नु हो। यसरी, तँ परमेश्‍वरद्वारा हासिल गरिएको हुनेछस्। जब तँ परमेश्‍वरद्वारा हासिल गरिन्छस्, तब तैँले पवित्र आत्माका कामहरू मात्र हासिल गर्दैनस्; मुख्यतः तँ व्यावहारिक परमेश्‍वरका आवश्यक मापदण्डहरूअनुसार जिउन सक्षम हुन्छस्। केवल पवित्र आत्माको काम तँसँग हुनुको अर्थ तँसँग जीवन छ भन्‍ने हुँदैन। मुख्य कुरा भनेको व्यावहारिक परमेश्‍वरले तँले पूरा गर्नुपर्ने भनी आवश्यक गर्नुभएका कुराहरूअनुसार तँ जीवन जिउन सक्षम छस् कि छैनस् भन्‍ने हो, जुन कुरा तँ परमेश्‍वरद्वारा हासिल गरिन सक्षम छस् कि छैनस् भन्‍ने कुरासँग सम्बन्धित छ। यी कुराहरू नै देहमा गरिने व्यावहारिक परमेश्‍वरको कामको सबैभन्दा ठूला अर्थ हुन्। भन्‍नुको अर्थ यो हो कि साँच्चिकै र वास्तवमै देहमा देखिनुभएर, सजीव र जीवन्त हुनुभएर, मानिसहरूद्वारा देखिनुभएर, वास्तवमा देहमा आत्माको काम गर्नुभएर, र देहमा मानिसहरूका निम्ति एक उदाहरण बन्‍नुभएर, परमेश्‍वरले मानिसहरूको एक समूहलाई हासिल गर्नुहुन्छ। देहमा परमेश्‍वरको आगमनको प्राथमिक अर्थ मानिसहरूलाई परमेश्‍वरका वास्तविक कामहरू देख्‍न सक्षम तुल्याउनु, निराकार आत्मालाई देहको आकार दिनु, र मानिसहरूलाई उहाँलाई हेर्न र छुन दिनु हो। यसरी, उहाँद्वारा सिद्ध बनाइएका मानिसहरूले उहाँले चाहनुभएअनुसार जिउनेछन्, तिनीहरू उहाँद्वारा हासिल गरिनेछन्, र उहाँको हृदयअनुसारका मानिसहरू बन्‍नेछन्। यदि परमेश्‍वर स्वर्गमा मात्र बोल्‍नुहुन्थ्यो र पृथ्वीमा साँच्चिकै नआउनुभएको भए, मानिसहरूले परमेश्‍वरलाई अझै चिन्‍न सक्‍ने थिएनन्; तिनीहरूले खोक्रो सिद्धान्त प्रयोग गरी परमेश्‍वरका कामहरूको विषयमा प्रचार गर्न मात्र सक्षम हुनेथिए र परमेश्‍वरका वचनहरूलाई वास्तविकताको रूपमा प्राप्त गर्ने थिएनन्। मुख्यगरी, जसलाई उहाँले हासिल गर्नु छ ती मानिसहरूका निम्ति उदाहरण र नमुनाको रूपमा कार्य गर्न परमेश्‍वर यस पृथ्वीमा आउनुभएको हो; यसरी मात्र मानिसहरूले वास्तवमा परमेश्‍वरलाई चिन्‍न सक्छन्, परमेश्‍वरलाई छुन सक्छन्, र उहाँलाई हेर्न सक्छन्, र तब मात्र तिनीहरू साँच्चिकै परमेश्‍वरद्वारा हासिल हुन सक्छन्।

## सत्यतालाई अभ्यास गर्नु मात्रै वास्तविकता धारण गर्नु हो

तैँले परमेश्‍वरका वचनहरू पक्डेको छस् अनि निर्लज्ज भई तिनको व्याख्या गर्न सक्छस् भन्दैमा त्यसको अर्थ तैँले वास्तविकता धारण गरेको छस् भन्‍ने हुँदैन; यी कुराहरू तैँले कल्पना गरेजस्तो सरल छैनन्। तैँले सत्यता धारण गरेको छस् कि छैन भन्‍ने कुरा तैँले जे भन्छस् त्यसमा आधारित हुँदैन; बरु तैँले जे जिउँछस् त्यस कुरामा आधारित हुन्छ। जब परमेश्‍वरका वचनहरू तेरो जीवन र तेरो प्राकृतिक अभिव्यक्ति बन्छन् तब मात्र तँसँग वास्तविकता छ भन्‍न सकिन्छ, र मात्र तैँले साँचो बुझाइ र वास्तविक कद प्राप्त गरेको मान्‍न सकिन्छ। तैँले लामो समयसम्म परीक्षाको सामना गर्न सक्‍नुपर्छ, र तँ परमेश्‍वरले माग गर्नुभएको स्वरूपमा जिउन सक्षम हुनुपर्दछ। यो शारीरिक स्थिति मात्र हुनु हुँदैन; यो तँबाट प्राकृतिक रूपमा बग्‍नुपर्छ। तब मात्र तैँले साँच्चै

वास्तविकता धारण गर्नेछस्, तब मात्र तैंले जीवन प्राप्त गरेको हुनेछस्। म सेवाकर्ताहरूको परीक्षाको उदाहरण प्रयोग गर्छु, जसको बारेमा सबै परिचित छन्: सेवाकर्ताहरूको बारेमा कसैले पनि उच्च सिद्‌धान्तहरू प्रदान गर्न सक्छ, र सबैसँग त्यस विषयको उचित ज्ञान हुन्छ; तिनीहरू यस विषयमा कुरा गर्छन् र प्रत्येक भाषण पछिल्लोभन्दा उत्तम हुन्छ, मानौं यो एक प्रतिस्पर्धा हो। तैपनि, यदि मानिस ठूलो परीक्षाबाट भएर गएको छैन भने ऊसित राम्रो साक्षी छ भन्नु कठिन हुन्छ। संक्षेपमा, मानिस जियाइको अझै पनि कमी छ, उसको बझाइको पूर्ण विपरीत छ। त्यसकारण, यो अझै मानिसको वास्तविक कद बन्न बाँकी नै छ, र यो अझै मानिसको जीवन बनेको छैन। मानिसको समझलाई वास्तविकतामा ल्याइएको छैन, त्यसकारण उसको कद अझै पनि बालुवामा बनेको किल्ला जस्तो हुन्छ, अस्थिर र ढल्न लागेको हुन्छ। मानिससँग यथार्थ एकदम थोरै छ; मानिसमा कुनै पनि वास्तविकता पाउन लगभग असम्भव छ। मानिसबाट स्वाभाविक रूपले बगिरहेको वास्तविकता एकदम थोरै छ, र तिनीहरू जिइरहेका सबै वास्तविकतामा करकापले गर्दा हो। यही कारणले गर्दा म भन्छु मानिससँग कुनै वास्तविकता छैन। मानिसहरू परमेश्‍वरप्रतिको उनीहरूको प्रेम कहिल्यै परिवर्तन हुँदैनन् भन्ने दाबी गर्दछन्, तर तिनीहरूले कुनै पनि परीक्षाको सामना गर्नु अघि भन्ने कुरा मात्रै हो। जब एक दिन उनीहरूले अचानक परीक्षाहरूको सामना गर्नुपर्दछ, उनीहरूले बोलेका कुराहरू फेरि वास्तविकतासँग अमिल्दा हुन्छन्, र यसले फेरि पनि मानिसमा कुनै वास्तविकता छैन भन्ने प्रमाणित गर्नेछ। यो भन्न सकिन्छ कि जब तँ यस्तो थोक भेट्टाउँछस् जुन तेरो धारणासँग मिल्दैन र जसले गर्दा तैंले आफैलाई अलग राख्नु आवश्यक हुँदछ, ती थोकहरू तेरा परीक्षाहरू हुन्। परमेश्‍वरको इच्छा प्रकट हुनुभन्दा अघि, सबै जना कठोर जाँच र अथाह परीक्षाबाट भएर जान्छन्। के तँ यो बुझ्न सक्छस्? जब परमेश्‍वर मानिसहरूलाई जाँच गर्न चाहनुहुन्छ, तब उहाँले सधैँ वास्तविक सत्यता प्रकट हुनुभन्दा अघि उनीहरूलाई आफ्नो निर्णय गर्ने अनुमति दिनुहुन्छ। यसको अर्थ के हो भने, जब परमेश्‍वरले मानिसलाई परीक्षाहरूमा पर्न दिनुहुन्छ, उहाँले तँलाई कहिल्यै पनि सत्यता बताउनुहुन्न; यही तरिकाद्‌वारा मानिसहरूलाई खुलासा गरिन्छ। तैंले आजका परमेश्‍वरलाई चिन्छस् कि चिन्दैनस्, साथै तँमा कुनै वास्तविकता छ कि छैन भनी हेर्नका लागि परमेश्‍वरले काम गर्नुहुने एउटा तरिका यही हो। के तँ परमेश्‍वरको कामको सम्बन्धमा साँच्चै शङ्का मुक्त छस्? तँमाथि ठूलो परीक्षा आइपर्दा के तँ साँच्चै दृढ भएर खडा हुन सक्नेछस्? कसले यसो भन्ने साहस गर्छ, “कुनै समस्या हुनेछैन भनेर म सुनिश्‍चितता दिन्छु”? “अरूलाई शङ्का लाग्ला, तर म कहिल्यै शङ्का गर्दिनँ” भनी कसले ठोकुवा गर्न सक्छ? यो ठीक त्यस्तै हो जब पत्रुसले परीक्षाहरूको सामना गर्नु परेको थियो: सत्य प्रकट हुनुअघि तिनले जहिले पनि घमण्ड गर्थे। यो पत्रुसमा मात्र भएको विशेष व्यक्तिगत त्रुटि होइन; यो वर्तमानमा सबै मानिसले सामना गरिरहेका सबैभन्दा ठूलो कठिनाइ हो। यदि म केही ठाउँमा भ्रमण गर्न गएँ वा आजको परमेश्‍वरको कामको बारेमा तिमीहरूको बुझाइ के रहेछ भनी हेर्न केही भाइ-बहिनीहरूलाई भेट्न गएँ भने, तब निश्‍चित रूपले तिमीहरू आफ्नो ज्ञानको बारेमा धेरै कुरा भन्न सक्छौ, र तिमीहरूमा कुनै पनि प्रकारको शङ्का छैन जस्तो देखिन सक्छ। यदि मैले तँलाई, “आजको काम परमेश्‍वर आफैले गर्नुभएको हो भनी के तैंले निर्धारण गर्न सक्छस्? के कुनै शङ्काविना त्यसो

गर्न सक्छस्?" भनी सोधेँ भने, तैँले निश्चय नै यो जबाफ दिनेछस्, "कुनै पनि प्रकारको शङ्का छैन कि यो परमेश्वरका आत्माले गर्नुभएको काम हो।" तैंले यस्तो जबाफ दिइसकेपछि, तैँले निश्चित रूपमा रत्तीभर पनि शङ्का गर्दैनस्, र तैंले थोरै वास्तविकता प्राप्त गरेको ठान्दै तैँले केही आनन्दको अनुभव पनि गर्नेछस्। यस तरिकाले स्थितिहरूलाई बुझ्ने प्रवृत्ति भएका मानिसहरू थोरै वास्तविकता भएका मानिसहरू हुन्; व्यक्तिले त्यो पाएको छु भनी जति बढी सोच्छ, परीक्षाहरू आउँदा ऊ उत्ति नै कम खडा हुन सक्छ। ती अहङ्कारी र हठीहरूलाई धिक्कार, र तिनीहरूलाई धिक्कार, जसलाई आफ्नो बारेमा कुनै ज्ञान छैन। त्यस्ता व्यक्तिहरू कुरा गर्नमा पोख्त हुन्छन्, तैपनि उनीहरूको कुरालाई व्यवहारमा लागू गर्दा सबैभन्दा नराम्रो तरिकाले गर्छन्। समस्याको सानो सङ्केत देख्दा, यी मानिसहरूले शङ्का गर्न थाल्छन्, र तिनीहरूको मनमा छोडेर जाने विचार आउँछ। तिनीहरूसँग कुनै वास्तविकता हुँदैन; तिनीहरूसँग धर्मभन्दा माथिका सिद्धान्तहरू मात्र हुन्छ, जसमा परमेश्वरले अहिले चाहनुभएको कुनै वास्तविकता हुँदैन। कुनै पनि वास्तविकताविना नै सिद्धान्तहरूको कुरा मात्र गर्नेहरूलाई म सबैभन्दा बढी घृणा गर्छु। तिनीहरू आफ्नो काम गर्दा ठूलो सोरले कराउँछन्, तर वास्तविकताको सामना गर्न साथै तिनीहरू चकनाचूर हुन्छन्। के यसले ती मानिसहरूमा कुनै वास्तविकता छैन भन्ने देखाउँदैन र? बतास र छालहरू जतिसुकै उग्र भए पनि, यदि तँ आफ्नो मनमा रत्तीभर शङ्का नगरी खडा रहन सक्छस्, र अरू कोही बाँकी नभए पनि तँचाहिँ दृढ भएर खडा रहन र इन्कार नगरी रहन सक्छस् भने, तँलाई वास्तविक बुझाइ भएको र सच्चा रूपमा वास्तविकता भएको व्यक्ति मानिनेछ। यदि तँ जता बतास बहन्छ त्यतैतिर मोडिन्छस् भने–यदि तँ बहुमतलाई पछ्याउँछस्, र सुगाजस्तो अरूको बोलीलाई रट्न सिक्छस् भने–तँ जति नै प्रभावशाली रूपमा बोल्ने भए पनि, त्यो तँमा वास्तविकता छ भन्ने कुराको प्रमाण हुँदैन। त्यसकारण, म सुझाव दिन्छु कि तँ खोक्रा शब्दहरू चिच्याउन हतार नगर्। परमेश्वरले के गर्न लाग्नुभएको छ भन्ने के तँलाई थाहा छ? अर्को पत्रुसजस्तो व्यवहार नगर्, नत्र तैँले आफैमाथि सर्म ल्याउनेछस् र आफ्नो शिर उच्च पार्ने क्षमता गुमाउनेछस्; त्यसले कसैको कुनै भलाइ गर्दैन। धेरैजसो मानिसमा कुनै वास्तविक कद हुँदैन। परमेश्वरले धेरै काम गर्नुभएको भए तापनि, उहाँले वास्तविकतालाई तल मानिसहरूमा ल्याउनुभएको छैन; स्पष्ट भन्ने हो भने, उहाँले व्यक्तिगत रूपमा कसैलाई कहिल्यै सजाय दिनुभएको छैन। केही मानिसहरू यस्ता परीक्षाहरूद्वारा उदाङ्गो भएका छन् जसका पापी हातहरू परमेश्वरबाट अझ उत्तम थोक पाउन सकिन्छ, आफूले चाहेको जे पनि गर्न सकिन्छ भनी सोच्दै टाढा र टाढासम्म पुर्‍याउँछन्। तिनीहरूले यस प्रकारका परीक्षाहरूको समेत सामना गर्न नसक्ने भएकोले, अझ चुनौतीपूर्ण परीक्षाहरू त वास्तविकता धारण गर्नु जस्तै नै, उनीहरूको पहुँचदेखि बाहिरका कुरा हुन्छन्। के तिनीहरूले परमेश्वरलाई मूर्ख बनाउने मात्रै कोसिस गरिरहेका छैनन् र? वास्तविकता धारण गर्नु भनेको कुनै यस्तो कुरा होइन जुन बहाना बनाएर देखाउन सकिन्छ, न त वास्तविकता कुनै त्यस्तो थोक हो जसलाई जानेपछि प्राप्त गर्न सकिन्छ। यो तेरो वास्तविक कदमा, साथै तैँले सबै परीक्षाहरूको सामना गर्न सक्छस् कि सक्दैनस् भन्ने कुरामा निर्भर हुन्छ। के तैले बुझिस्?

परमेश्वरले मानिसहरूमा वास्तविकताबारे कुरा गर्ने क्षमता होस् भन्ने मात्र चाहनुहुन्न; त्यो त

धेरै सजिलो हुनेछ, होइन र? त्यसोभए, परमेश्‍वरले किन जीवनमा प्रवेश गर्नेबारे कुरा गर्नुहुन्छ? किन उहाँले रूपान्तरणको कुरा गर्नुहुन्छ? यदि मानिसहरू वास्तविकताको बारेमा खोक्रो कुरा गर्न मात्र सक्षम छन् भने, के तिनीहरूले आफ्नो स्वभावमा परिवर्तन हासिल गर्न सक्छन्? राज्यका असल सिपाहीहरूलाई केवल वास्तविकताको बारेमा कुरा गर्न वा घमण्ड गर्न सक्ने मानिसहरूको समूह हुनका निम्ति मात्र तालिम दिइँदैन; बरु, हरसमय परमेश्‍वरको वचन अनुसार जिउन, जस्तोसुकै अवरोधहरूको सामना गर्नु परे पनि अटल रहन, र निरन्तर परमेश्‍वरको वचनअनुसार जिउन र संसारमा नफर्कनको लागि तिनीहरूलाई तालिम दिइन्छ। परमेश्‍वरले बताउनुभएको वास्तविकता यही हो; परमेश्‍वरले मानिससँग गर्नुभएको माग यही हो। यसैले, परमेश्‍वरले बताउनुभएको वास्तविकतालाई अति नै साधारण नठान। पवित्र आत्माबाट अन्तर्दृष्टि मात्रै प्राप्त गर्नु वास्तविकता धारण गर्नु बराबर होइन। मानिसको कद यस्तो छैन—यो परमेश्‍वरको अनुग्रह हो, जसमा मानिसको कुनै योगदान छैन। प्रत्येक व्यक्तिले पत्रुसको कष्ट सहनुपर्छ, यति मात्र होइन, तिनीहरूले पत्रुसको महिमा धारण गर्नुपर्दछ, जसमा तिनीहरू परमेश्‍वरको काम प्राप्त गरेपछि जिउँछन्। यसलाई मात्र वास्तविकता भन्न सकिन्छ। तैँले वास्तविकताको विषयमा कुरा गर्न सक्छस् भन्दैमा तँसँग त्यो छ भन्ने नसोच्; त्यो गलत हो। त्यस्ता विचारहरू परमेश्‍वरको इच्छासँग मेल खाँदैनन् र ती कुराको कुनै वास्तविक महत्त्व हुँदैन। भविष्यमा यस्ता कुरा नगर्—त्यस्ता भनाइहरूलाई समाप्त गर्। परमेश्‍वरका वचनहरूको बारेमा गलत बुझाइ भएकाहरू सबै अविश्‍वासीहरू हुन्। तिनीहरूसँग कुनै वास्तविक ज्ञान हुँदैन, वास्तविक कद हुने कुरा त परै जाओस्; तिनीहरू अज्ञानी मानिसहरू हुन् जसमा वास्तविकताको कमी हुन्छ। अर्को शब्दमा, परमेश्‍वरका वचनहरूको सारभन्दा बाहिर जिउनेहरू सबै अविश्‍वासीहरू हुन्। मानिसहरूले अविश्‍वासीहरू ठानेका व्यक्तिहरू परमेश्‍वरको नजरमा जनावरहरू हुन्, र परमेश्‍वरले अविश्‍वासीहरू ठान्नुभएका मानिसहरू त्यस्ता व्यक्तिहरू हुन् जसको जीवनमा परमेश्‍वरका वचनहरू हुँदैनन्। त्यसकारण जुन मानिसहरूसँग परमेश्‍वरको वचनको वास्तविकता हुँदैन र जो उहाँको वचनअनुसार जिउन असफल हुन्छन् तिनीहरू अविश्‍वासीहरू हुन् भनेर भन्न सकिन्छ। परमेश्‍वरको उद्‌देश्य भनेको सबैलाई उहाँको वचनको वास्तविकता अनुसार जिउन लगाउनु हो—सबै जनालाई वास्तविकताको बारेमा कुरा गर्न लगाउनु मात्र होइन, तर, त्योभन्दा बढी, सबैलाई उहाँका वचनहरूको वास्तविकता अनुसार जिउन सक्ने तुल्याउनु हो। मानिसले बुझ्ने वास्तविकता अत्यन्त सतही हुन्छ; यसको कुनै मूल्य हुँदैन र यसले परमेश्‍वरको इच्छा पूरा गर्न सक्दैन। यो अति तुच्छ छ र उल्लेख गर्न पनि लायक छैन। यसमा धेरै कुराको कमी छ र यो परमेश्‍वरका आवश्यकताहरूको मापदण्डबाट धेरै चुकेको छ। तिमीहरूमध्ये कसले बाटो देखाउन सक्ने नभई आफ्नो बुझाइको बारेमा कुरा गर्न सक्छ सो हेर्न, साथै तिमीहरूमध्ये कोचाहिँ फाल्न योग्य फोहोर जस्ता छौ सो पत्ता लगाउनको लागि तिमीहरू प्रत्येकलाई एउटा ठूलो निरीक्षणमा राखिनेछ। अबदेखि उसो यो याद राख! खोक्रो ज्ञानको कुरा नगर; केवल अभ्यासको मार्ग र वास्तविकताको बारेमा कुरा गर। वास्तविक ज्ञानबाट वास्तविक अभ्यासमा सर, त्यसपछि अभ्यासबाट वास्तविक जीवनमा सर। अरूलाई भाषण नदे, र वास्तविक ज्ञानको कुरा नगर्। यदि तैँले मार्गको बारेमा बुझेको छस् भने, तेरा शब्दहरूलाई स्वतन्त्र रूपमा यसमा जान दे;

यदि यो बुझाइ मार्गको बारेमा होइन भने, तेरो मुख बन्द गर् र बोल्न छोड्! तैंले भन्ने कुरा व्यर्थको हुन्छ। तँ परमेश्‍वरलाई धोका दिन र अरूलाई ईर्ष्यालु बनाउनका लागि ज्ञानको कुरा गर्छस्। के त्यो तेरो महत्वाकांक्षा होइन र? के तँ जानाजानी अरूसँग खेलबाड गर्दैछैनस् र? के यसमा कुनै मूल्य छ? यदि तैंले अनुभव गरिसकेपछि ज्ञानको बारेमा कुरा गरिस् भने तैंले घमण्ड गरेको रूपमा हेरिनेछैन। अन्यथा, तँ अहङ्कारी वचनहरू बोल्ने व्यक्ति होस्। तेरो वास्तविक अनुभवमा धेरै यस्ता कुराहरू छन् जसलाई तैंले विजय गर्न सक्दैनस्, र तैंले आफ्नै देहको विरुद्ध विद्रोह गर्न सक्दैनस्; तँ जहिले पनि आफूले चाहेको कुरा गरिरहन्छस्, परमेश्‍वरको इच्छा कहिल्यै पूरा गर्दैनस्–तापनि तँ अझै सैद्धान्तिक ज्ञानको कुरा गर्ने आँट गर्छस्। तँ निर्लज्ज छस्! तँ अझै पनि परमेश्‍वरका वचनहरू सम्बन्धी आफ्नो ज्ञानको कुरा बोल्ने साहस गर्छस्। तँ कति निर्लज्ज छस्! भाषण दिनु र गर्व गर्नु तेरो प्रकृति नै भएको छ, र तँलाई त्यसो गर्ने बानी भएको छ। जब-जब तँ बोल्न चाहन्छस्, तँ सजिलैसँग बोल्छस्, तर जब अभ्यास गर्ने कुरा आउँछ तब तँ अलङ्कारतिर लाग्छस्। के यो अरूलाई मूर्ख तुल्याउने तरिका होइन र? तैंले मानिसहरूलाई छल गर्न सक्लास्, तर परमेश्‍वरलाई धोका दिन सकिँदैन। मानिसहरू अनजान छन् र उनीहरूमा कुनै समझशक्ति छैन, तर परमेश्‍वर त्यस्ता विषयहरूमा गम्भीर हुनुहुन्छ, र उहाँले तँलाई बचाउनुहुनेछैन। तेरा भाइ-बहिनीहरूले तेरो निम्ति वकालत गर्न सक्नेछन्, तेरो समझशक्ति र तेरो ज्ञानको प्रशंसा र तेरो सराहना गर्न सक्छन्, तर यदि तँसँग कुनै वास्तविकता छैन भने, पवित्र आत्माले तँलाई बचाउनुहुनेछैन। सायद व्यावहारिक परमेश्‍वरले तेरा गल्तीहरू खोज्नुहुनेछैन, तर परमेश्‍वरका आत्माले तँलाई बेवास्ता गर्नुहुनेछ, र तँलाई यो कुरा सहन कठिन हुनेछ। के तँ यो कुरा विश्‍वास गर्छस्? अभ्यास गर्ने वास्तविकताको बारेमा धेरै कुरा गर्; के तैंले पहिले नै बिर्सी सकिस्? व्यावहारिक मार्गहरूको बारेमा धेरै कुरा गर्; के तैंले पहिले नै बिर्सी सकिस्? "उत्कृष्ट सिद्धान्तहरू र बेकम्मा, घमण्डी कुराहरू थोरै देऊ; अहिले नै अभ्यास गर्न सुरु गर्नु उत्तम हुन्छ।" के तैंले यी वचनहरू बिर्सिस्? के तँ केही पनि बुझ्दैनस्? के तँलाई परमेश्‍वरको इच्छाको बारेमा कुनै बुझाइ छैन?

## आज परमेश्‍वरको कामलाई बुझ्नु

यी समयहरूमा परमेश्‍वरको काम बुझ्नु भनेको, सामान्यतया, आखिरी दिनहरूमा देहधारी परमेश्‍वरको मुख्य सेवकाइ के हो, र पृथ्वीमा उहाँ के गर्न आउनुभएको हो सो बुझ्नु हो। बिदा हुनु अघि पृथ्वीमा (आखिरी दिनहरूकोअवधिमा) एउटा उदाहरण प्रस्तुत गर्न परमेश्‍वर आउनुभएको हो भनेर मैले मेरा वचनहरूमा पहिले नै उल्लेख गरेको छु। परमेश्‍वरले कसरी यो उदाहरण प्रस्तुत गर्नुहुन्छ? वचनहरू बोलेर, र धरतीभरि नै काम गर्दै र बोल्दै उहाँले त्यसो गर्नुहुन्छ। आखिरी दिनहरूमा परमेश्‍वरको काम यही नै हो; पृथ्वीलाई वचनहरूको संसार बनाउन मात्र उहाँ बोल्नुहुन्छ, ताकि उहाँका वचनहरूद्वारा हरेक व्यक्तिलाई भरणपोषण र अन्तर्ज्ञान प्राप्त होस्, र ताकि मानिसको आत्मा ब्यूँझिओस् र उसले दर्शनहरूबारे स्पष्टता प्राप्त गरोस्। आखिरी दिनहरूमा, मुख्यतया वचनहरू बोल्नको लागि देहधारी परमेश्‍वर पृथ्वीमा आउनुभएको छ। जब येशू आउनुभयो, उहाँले

स्वर्गको राज्यको सुसमाचार प्रचार गर्नुभयो, र उहाँले क्रूसीकरणको छुटकाराको काम पुरा गर्नुभयो। उहाँले व्यवस्थाको युगको अन्त्य गर्नुभयो र पुराना सबै उन्मूलन गर्नुभयो। येशूको आगमनले व्यवस्थाको युगको अन्त्य गर्यो र अनुग्रहको युग आरम्भ गर्यो; आखिरी दिनहरूका देहधारी परमेश्‍वरको आगमनले अनुग्रहको युगको अन्त्य गरेको छ। उहाँ मुख्य रूपमा आफ्ना वचनहरू बोल्न, मानिसलाई सिद्ध पार्नको लागि वचनहरूको प्रयोग गर्न, मानिसलाई ज्योति र अन्तर्ज्ञान दिन, र मानिसको हृदयभित्रको अस्पष्ट परमेश्‍वरको स्थानलाई हटाउन आउनुभएको हो। येशूले उहाँ आउँदा गर्नुभएको कामको चरण यो होइन। जब येशू आउनुभयो, उहाँले धेरै आश्‍चर्यकर्महरू गर्नुभयो, उहाँले बिरामीलाई निको पार्नुभयो र भूतप्रेतहरुलाई निकाल्नुभयो, र उहाँले क्रूसीकरणको छुटकाराको काम गर्नुभयो। परिणामस्वरूप, मानिसहरूका धारणाहरूमा, परमेश्‍वर यस्तै हुनुपर्छ भन्‍ने तिनीहरूले विश्‍वास गरे। किनकि जब येशू आउनुभयो, उहाँले मानिसका हृदयबाट अस्पष्ट परमेश्‍वरको प्रतिरूप हटाउने काम गर्नुभएन; जब उहाँ आउनुभयो, उहाँ क्रूसमा टाँगिनुभयो, उहाँले बिरामीलाई निको पार्नुभयो र भूतप्रेतहरुलाई निकाल्नुभयो, र उहाँले स्वर्गको राज्यको सुसमाचार फैलाउनुभयो। एक हिसाबमा, आखिरी दिनहरूका परमेश्‍वरको देहधारणले मानिसका धारणाहरूमा अस्पष्ट परमेश्‍वरले ओगटेको ठाउँ हटाउनुहुन्छ, ताकि मानिसका हृदयमा अस्पष्ट परमेश्‍वरको प्रतिरूप नरहोस्। उहाँका यथार्थ वचनहरू र यथार्थ काम, सबै ठाउँहरूमा उहाँको गतिविधि, र उहाँले मानिसको बीचमा गर्नुहुने उल्लेखनीय रूपमा यथार्थ र सामान्य कामद्‌वारा, उहाँले मानिसलाई परमेश्‍वरको वास्तविकता बुझ्ने तुल्याउनुहुन्छ, र मानिसका हृदयमा अस्पष्ट परमेश्‍वरको स्थान हटाउनुहुन्छ। अर्को हिसाबमा, मानिसलाई पूर्ण पार्न, र सबै काम-कुराहरूलाई समाप्त पार्न परमेश्‍वरले उहाँको देहले बोलेका वचनहरू प्रयोग गर्नुहुन्छ। आखिरी दिनहरूमा परमेश्‍वरले समाप्त गर्नुहुने काम यही हो।

तिमीहरूले के थाहा पाउनैपर्छ:

१. परमेश्‍वरको काम अलौकिक छैन, र तिमीहरूले यसबारे मनमा धारणाहरू राख्नुहुँदैन।

२. यस पटक देहधारी परमेश्‍वरले गर्न आउनुभएको मुख्य काम तिमीहरूले बुझ्नैपर्छ।

उहाँ बिरामीलाई निको पार्न, वा भूतप्रेतहरूलाई निकाल्न वा आश्‍चर्यकर्महरू गर्न आउनुभएको होइन, र उहाँ पश्‍चात्तापको सुसमाचार प्रचार गर्न, वा मानिसलाई छुटकारा दिन आउनुभएको होइन। यसको कारण के हो भने येशूले यो काम पहिले नै गरिसक्नुभएको छ, र परमेश्‍वरले उही काम दोहोर्याउनुहुन्न। आज, परमेश्‍वर अनुग्रहको युगलाई अन्त्य गर्न र अनुग्रहको युगका सबै अभ्यासहरूलाई फाल्न आउनुभएको छ। उहाँ वास्तविक हुनुहुन्छ भन्‍ने देखाउन नै व्यवहारिक परमेश्‍वर मुख्य रूपमा आउनुभएको हो। जब येशू आउनुभयो, उहाँले थोरै वचनहरू बोल्नुभयो; उहाँले मुख्य रूपमा आश्‍चर्यकर्महरू प्रदर्शन गर्नुभयो, चिन्हहरू र अचम्मका कामहरू प्रस्तुत गर्नुभयो र बिरामीलाई निको पार्नुभयो र भूतप्रेतहरूलाई निकाल्नुभयो, वा अतिरिक्त उहाँले उहाँ साँच्चिकै परमेश्‍वर हुनुहुन्छ, र उहाँ निष्पक्ष परमेश्‍वर हुनुहुन्छ भन्‍ने कुरा मानिसहरूलाई विश्‍वस्त तुल्याउन र सो उनीहरूलाई देखाउनको लागि उहाँले भविष्यवाणीहरू गर्नुभयो। आखिरमा, उहाँले क्रूसीकरणको काम पूरा गर्नुभयो। आजको परमेश्‍वरले चिन्हहरू र अचम्मका कामहरू प्रदर्शन गर्नुहुन्‍न, न त उहाँले बिरामीलाई निको पार्ने र दुष्ट आत्माहरूलाई निकाल्ने नै गर्नुहुन्छ। जब येशू आउनुभयो,

उहाँले गर्नुभएको कामले परमेश्‍वरको एक भागलाई प्रतिनिधित्व गर्‍यो, तर यस पटक परमेश्‍वर त्यो चरणको काम गर्न आउनुभएको हो जुन गर्न बाँकी छ, किनकि परमेश्‍वरले एउटै काम दोहोर्‍याउनुहुन्‍न; उहाँ सधैँ नयाँ र कहिल्यै पुरानो नहुने परमेश्‍वर हुनुहुन्छ, र त्यसैले तिमीले आज जे जति देख्छौ त्यो व्यावहारिक परमेश्‍वरका वचनहरू र काम हुन्।

आखिरी दिनहरूका देहधारी परमेश्‍वर मुख्य रूपमा उहाँका वचनहरू बोल्न, मानिसको जीवनलाई जे आवश्यक छ त्यो सबै व्याख्या गर्न, मानिसले कुन कुरामा प्रवेश गर्नुपर्ने हो त्यो औँल्याउन, मानिसलाई परमेश्‍वरका कामहरू देखाउन, र मानिसलाई परमेश्‍वरको बुद्‌धि, सर्वशक्ति, र विलक्षणता देखाउन आउनुभएको हो। परमेश्‍वरले बोल्ने धेरै तरिकाहरूद्‌वारा मानिसले परमेश्‍वरको सर्वोच्चता, परमेश्‍वरको विशालता र, अझ बढी परमेश्‍वरको विनम्रता र गुप्तता देख्छ। परमेश्‍वर सर्वोच्च हुनुहुन्छ, तर उहाँ विनम्र र गुप्त हुनुहुन्छ, र सबैभन्दा सानो बन्‍न सक्नुहुन्छ भन्‍ने मानिसले देख्न सक्छ। उहाँका केही वचनहरू सीधै आत्माको परिप्रेक्ष्यबाट, केही सीधै मानिसको परिप्रेक्ष्यबाट, र केही तृतीय पुरुषको परिप्रेक्ष्यबाट बोलिएका छन्। यसमा, परमेश्‍वरका कामको तरिका अत्याधिक रूपमा फरक हुन्छन्, र वचनहरूद्‌वारा नै उहाँले मानिसलाई यो देख्ने तुल्याउनुहुन्छ। आखिरी दिनहरूमा परमेश्‍वरको काम सामान्य र वास्तविक दुवै छ, र त्यसैले आखिरी दिनहरूमा मानिसहरूको समूह सबैभन्दा ठूलो परीक्षामा पर्छन्। परमेश्‍वरको सामान्यता र वास्तविकताले गर्दा, सबै मानिसहरू यस्ता परीक्षाहरूको बीचमा प्रवेश गरेका छन्; परमेश्‍वरका परीक्षाहरूमा मानिस पर्नुको कारण परमेश्‍वरको सामान्यता र वास्तविकता नै हो। येशूको युगमा, कुनै धारणाहरू वा परीक्षाहरू थिएनन्। येशूले गर्नुभएका अधिकांश काम मानिसका धारणाहरूसँग मेल खान्थे, त्यसैले मानिसहरूले उहाँलाई पछ्याए, र उहाँबारे उनीहरूसँग कुनै धारणाहरू थिएन। आजका परीक्षाहरू मानिसले सामना गरेका मध्येकै सबैभन्दा ठूलो हो, र जब यी मानिसहरू महासंकष्टबाट निस्किएका छन् भनेर भनिन्छ, चर्चा गरिएको संकष्ट यही नै हो। आज, यी मानिसहरूमा विश्‍वास, प्रेम, कष्ट स्वीकार, र आज्ञापालन पैदा गर्न परमेश्‍वर बोल्नुहुन्छ। आखिरी दिनहरूका देहधारी परमेश्‍वरले बोल्नुभएका वचनहरू मानिसको प्रकृति सार, मानिसको आचरण, र मानिस आज कुन कुरामा प्रवेश गर्नुपर्ने हो त्यही अनुरूप छन्। उहाँका वचनहरू वास्तविक र सामान्य दुवै छन्: उहाँले भोलीको कुरा गर्नुहुन्‍न, न त उहाँ हिजोलाई नै फर्किएर हेर्नुहुन्छ; उहाँले आज जे कुरामा प्रवेश गर्नुपर्ने हो, जुन कुरा व्यवहारमा लागू गर्नुपर्ने हो, र बुझ्नु पर्ने हो त्यसको मात्र कुरा गर्नुहुन्छ। यदि, वर्तमान दिनका दौरान, चिन्हहरू र अचम्मका कामहरू प्रदर्शन गर्न, भूतप्रेतहरू निकाल्न, बिरामीलाई निको पार्न, र धेरै आश्‍चर्यकर्महरू प्रस्तुत गर्न सक्ने कुनै व्यक्ति प्रकट हुनु छ भने, र यदि आएकाहरू येशू हुनुहुन्छ भन्‍ने यो व्यक्तिले दाबी गर्छ भने, यो येशूलाई नक्कल गर्ने दुष्ट आत्माहरूद्‌वारा पैदा गरिएको जालसाजी हुनेछ। यो कुरा याद गर! परमेश्‍वरले उही काम दोहोर्‍याउनुहुन्‍न। येशूको कामको चरण पहिले नै पूरा भइसकेको छ, र परमेश्‍वरले त्यो चरणको काम फेरि कहिल्यै गर्नुहुनेछैन। परमेश्‍वरको काम मानिसका धारणाहरूसँग परस्पर विरोधी छ; उदाहरणको लागि, पुरानो करारले मसीहको आगमनको भविष्यवाणी गर्‍यो, र यो भविष्यवाणीको नतिजा येशूको आगमन थियो। यो पहिले नै भइसकेकाले, अर्को मसीह फेरि आउनु गलत हुनेथियो।

येशू एक पटक पहिले नै आइसक्नु भएकाले, यदि येशू यो पटक फेरि आउनुभयो भने, यो गलत हुनेथियो। प्रत्येक युगको लागि एउटा नाम छ, र हरेक नाममा उक्त युगको चरित्र चित्रण हुन्छ। मानिसका धारणाहरूमा, परमेश्‍वरले सँधै चिन्हहरू र अचम्मका कामहरू प्रदर्शन गर्नुपर्छ, सँधै बिरामीलाई निको पार्नुपर्छ र भूतप्रेतलाई निकाल्नुपर्छ, र सधैँ येशू जस्तै हुनुपर्छ। तर पनि यस पटक, परमेश्‍वर यस्तो हुनुहुन्‍न। यदि, आखिरी दिनहरूमा, अझै पनि परमेश्‍वरले चिन्हहरू र अचम्मका कामहरू प्रदर्शन गर्नुभयो भने, र अझ पनि भूतप्रेतहरूलाई निकाल्नुभयो र बिरामीलाई निको पार्नुभयो भने–यदि उहाँले येशूले गर्नुभए जस्तै ठ्याक्कै गर्नुभयो भने–परमेश्‍वरले उही काम दोहोर्‍याउनुभएको हुनेथियो, र येशूका कामको कुनै महत्त्व वा मूल्य हुनेथिएन। त्यसैले, परमेश्‍वरले हरेक युगमा कामको एउटा चरण सम्पन्‍न गर्नुहुन्छ। उहाँका कामको हरेक चरण पूरा भएपछि, यसलाई दुष्ट आत्माहरूले चाँडै नै नक्कल गर्छन्, र शैतानले परमेश्‍वरका पाइलाहरू पछ्याउन थालेपछि, परमेश्‍वरले अलग तरीका अपनाउनुहुन्छ। परमेश्‍वरले उहाँका कामको एक चरण पूरा गर्नुभएपछि, दुष्ट आत्माहरूले यसको नक्कल गर्छन्। तिमीहरू यसबारे प्रस्ट हुनैपर्छ। किन आज परमेश्‍वरको काम येशूको कामभन्दा फरक छ? किन परमेश्‍वरले आज चिन्हहरू र अचम्मका कामहरू प्रदर्शन गर्नुहुन्‍न, भूतप्रेतहरूलाई निकाल्नुहुन्‍न, र बिरामीलाई निको पार्नुहुन्‍न? यदि येशूको काम व्यवस्थाको युगमा गरिएका काम जस्तै थिए भने, के उहाँले अनुग्रहको युगको परमेश्‍वरको प्रतिनिधित्व गर्न सक्नुहुन्थ्यो? के उहाँले क्रूसीकरणको काम पूरा गर्न सक्नुहुन्थ्यो? यदि, व्यवस्थाको युगमा जस्तै, येशू मन्दिरमा प्रवेश गर्नुभएको र शबाथको दिन पालन गर्नुभएको थियो भने, उहाँलाई कसैले पनि खेदो गर्ने थिएनन् होला र उहाँलाई सबैले अँगाल्ने थिए होलान्। यदि यसो हुँदो त, के उहाँ क्रूसमा टाँगिइन सक्नुहुन्थ्यो? के उहाँले छुटकाराको काम पूरा गर्न सक्नुहुन्थ्यो? यदि आखिरी दिनहरूका देहधारी परमेश्‍वरले पनि येशूले गर्नुभए जस्तै चिन्हहरू र अचम्मका कामहरू प्रदर्शन गर्नुभएको भए, यसको के अर्थ हुन्थ्यो? यदि परमेश्‍वरले आखिरी दिनहरूमा उहाँको व्यवस्थापन योजनाको भागलाई प्रतिनिधित्व गर्ने उहाँको कामको अर्को भाग गर्ने काम गर्नुहुन्छ भने मात्र, मानिसले परमेश्‍वरको गहिरो ज्ञान प्राप्त गर्न सक्छ, र त्यसपछि मात्र परमेश्‍वरको व्यवस्थापनको योजना पूरा हुन सक्छ।

आखिरी दिनहरूमा, मुख्य रूपमा आफ्ना वचनहरू बोल्न नै परमेश्‍वर आउनुभएको हो। उहाँ आत्माको परिप्रेक्ष्यबाट, मानिसको परिप्रेक्ष्यबाट, र तृतीय पुरुषको परिप्रेक्ष्यबाट बोल्नुहुन्छ; एक समयावधिको लागि एउटा तरीका प्रयोग गर्दै उहाँ फरक-फरक तरिकाले बोल्नुहुन्छ, र उहाँले मानिसका धारणाहरू परिवर्तन गर्न र मानिसका हृदयबाट अस्पष्ट परमेश्‍वरको प्रतिरूप हटाउन बोल्ने त्यो तरिकाको प्रयोग गर्नुहुन्छ। परमेश्‍वरद्‌वारा गरिएको मुख्य काम यही हो। परमेश्‍वर बिरामीलाई निको पार्न, भूतप्रेतहरूलाई निकाल्न, आश्‍चर्यकर्महरू प्रस्तुत गर्न, र मानिसमा भौतिक वरदानहरू प्रदान गर्न आउनुभएको हो भन्‍ने मानिसले विश्‍वास गर्ने भएकाले, मानिसका धारणाहरूबाट यस्ता कुराहरू हटाउन परमेश्‍वरले यो चरणको काम–सजाय र न्यायको काम–कार्यान्वयन गर्नुहुन्छ ताकि मानिसले परमेश्‍वरको वास्तविकता र सामान्यता थाहा पाउन सकून्, र ताकि उसको हृदयबाट येशूको प्रतिरूप हटोस् र त्यसको सट्‌टा परमेश्‍वरको नयाँ प्रतिरूप स्थापित

होस्। मानिसभित्रको परमेश्वरको प्रतिरूप पुरानो हुनसाथ, यो मूर्ति बन्छ। जब येशू आउनुभयो र त्यो चरणको काम कार्यान्वयन गर्नुभयो, उहाँले परमेश्वरको सम्पूर्णतालाई प्रतिनिधित्व गर्नुभएन। उहाँले केही चिन्हहरू र अचम्मका कामहरू प्रस्तुत गर्नुभयो, केही वचनहरू बोल्नुभयो, र अन्त्यमा क्रूसमा टाँगिनुभयो। उहाँले परमेश्वरको एक भागको प्रतिनिधित्व गर्नुभयो। उहाँले परमेश्वरको जे जति छ त्यो सबै प्रतिनिधित्व गर्न सक्नुभएन, तर उहाँले परमेश्वरको कामको एक भाग गर्दै परमेश्वरको प्रतिनिधित्व गर्नुभयो। यसको कारण हो परमेश्वर अति महान् र अति आश्चर्यजनक हुनुहुन्छ, र उहाँ बुझ्न नसकिने हुनुहुन्छ, र किनभने परमेश्वरले हरेक युगमा उहाँको कामको एक भाग मात्र गर्नुहुन्छ। यो युगको दौरान परमेश्वरले गर्नुहुने काम मुख्य रूपमा मानिसको जीवनको लागि वचनहरूको प्रावधान; मानिसको प्रकृति सार र मानिसको भ्रष्ट स्वभावको पर्दाफास; र धार्मिक धारणाहरू, सामन्ती सोच, पुरानो सोच, र मानिसका ज्ञान र संस्कृतिको बहिस्कार गर्नु हो। परमेश्वरका वचनहरूद्वारा पर्दाफास गरेर यी कुराहरू सबैलाई सफा पारिनुपर्छ। आखिरी दिनहरूमा, मानिसलाई सिद्ध पार्न, परमेश्वरले वचनहरू प्रयोग गर्नुहुन्छ, चिन्हहरू र अचम्मका कामहरू होइन। उहाँले मानिसलाई खुलासा गर्न, मानिसलाई न्याय गर्न, मानिसलाई सजाय दिन, र मानिसलाई सिद्ध पार्न आफ्ना वचनहरू प्रयोग गर्नुहुन्छ ताकि परमेश्वरका वचनहरूमा, मानिसले परमेश्वरको बुद्धि र प्रेमिलो स्वभाव देख्न र परमेश्वरको स्वभाव बुझ्न सकोस्, र ताकि परमेश्वरका वचनहरूद्वारा, मानिसले परमेश्वरका कामहरू देखोस्। व्यवस्थाको युगको दौरान, यहोवाले मोशालाई आफ्ना वचनहरूद्वारा मिश्रबाट बाहिर निकाल्नुभयो, र इस्राएलीहरूलाई केही वचनहरू बोल्नुभयो; त्यो समयमा, परमेश्वरका कामहरूका भाग साधारण बनाइएका थिए, तर मानिसको क्षमता सीमित भएकाले र कुनै कुराले पनि उसको ज्ञानलाई पूर्ण बनाउन नसक्ने भएकाले, परमेश्वरले बोल्न र काम गर्न जारी राख्नुभयो। अनुग्रहको युगमा, मानिसले एकपटक फेरि परमेश्वरका कामहरूको भाग देख्यो। येशू चिन्हहरू र अचम्मका कामहरू देखाउन, बिरामीलाई निको पार्न र भूतप्रेतहरूलाई निकाल्न, र क्रूसमा टाँगिन सक्षम हुनुभयो, जसको तीन दिनपछि उहाँ पुनर्जीवित हुनुभयो र मानिसको अगाडि शरीरमा प्रकट हुनुभयो। मानिसले परमेश्वरको बारेमा योभन्दा बढी थाहा पाएन। परमेश्वरले उसलाई जति देखाउनुहुन्छ मानिसले त्यति नै थाहा पाउँछ, र यदि परमेश्वरले मानिसलाई केही पनि नदेखाउने हो भने, परमेश्वरबारे मानिसको सीमा निर्धारण त्यति नै हुनेथियो। त्यसैले, परमेश्वरले काम गर्न जारी राख्नुहुन्छ ताकि उहाँ बारेको मानिसको ज्ञान गहिरो बनोस्, र मानिसले परमेश्वरको सार-तत्व बिस्तारै बुझ्न सकोस्। आखिरी दिनहरूमा, मानिसलाई सिद्ध पार्नको लागि परमेश्वरले आफ्ना वचनहरूको प्रयोग गर्नुहुन्छ। तेरो भ्रष्ट स्वभावलाई परमेश्वरका वचनहरूले उदाङ्गो पार्छ, र तेरा धार्मिक धारणाहरू परमेश्वरको वास्तविकताद्वारा प्रतिस्थापित हुन्छन्। आखिरी दिनहरूको देहधारी परमेश्वर मुख्य रूपमा "वचन शरीर बन्नुहुन्छ, वचन शरीरमा आउनुहुन्छ, र वचन शरीरमा देखा पर्नुहुन्छ" भन्ने वचनहरू पूरा गर्न आउनुभएको हो, र यदि तैँलाई यसको विस्तृत ज्ञान छैन भने, तैँ दृढ रहन सक्नेछैनस्। आखिरी दिनहरूमा, परमेश्वरले मुख्य रूपमा त्यो चरणको काम समाप्त पार्ने अभिप्राय राख्नुहुन्छ जसमा वचन शरीरमा देखा पर्नुहुन्छ, र यो परमेश्वरको व्यवस्थापन योजनाको एउटा भाग हो। त्यसैले, तिमीहरूको ज्ञान प्रस्ट

हुनैपर्छ; परमेश्‍वरले जसरी काम गर्नुभए पनि उहाँलाई सीमित गर्ने परमेश्‍वरले मानिसलाई अनुमति दिनुहुन्‍न। आखिरी दिनहरूका दौरान परमेश्‍वरले यो काम नगर्नुभएको भए, उहाँबारे मानिसको ज्ञान अगाडि जान सक्नेथिएन। परमेश्‍वर क्रूसमा टाँगिन सक्नुहुन्छ र सदोमलाई विनाश गर्न सक्नुहुन्छ, र येशू मरेकाहरूबाट जीवित उठ्न सक्नुहुन्छ र पत्रुसका सामु प्रकट हुन सक्नुहुन्छ भन्‍ने मात्रै तैँले जान्‍नेथिइस्...। तर परमेश्‍वरका वचनहरूले सबै पूरा गर्न सक्छ, र मानिसलाई जित्‍न सक्छ भनेर तैँले भन्‍ने थिइनस्। परमेश्‍वरका वचनहरूको अनुभवबाट मात्र तैँले यस्ता ज्ञानका कुरा बोल्‍न सक्छस्, र तैँले परमेश्‍वरको काम जति बढी अनुभव गर्छस्, उहाँको बारेमा तेरो ज्ञान उत्ति नै बढी विस्तृत हुनेछ। त्यसपछि मात्र तैँले आफ्ना धारणाहरूभित्र परमेश्‍वरलाई सीमित गर्न छोड्नेछस्। मानिसले परमेश्‍वरलाई उहाँका कामलाई अनुभव गरेर जान्दछ; परमेश्‍वरलाई बुझ्ने अर्को कुनै सही मार्गछैन। आज, केही नगर्ने तर चिन्हहरू र अचम्मका कामहरू र घोर विपत्तिहरू हेर्नलाई प्रतीक्षा गर्ने मानिसहरू धेरै छन्। तँ परमेश्‍वरमा विश्‍वास गर्छस् कि घोर विपत्तिहरूमा विश्‍वास गर्छस्? जब घोर विपत्तिहरू आउँछ तब ढिलो भइसकेको हुनेछ, र यदि परमेश्‍वरले घोर विपत्तिहरू पठाउनुभएन भने, के उहाँ परमेश्‍वर हुनुहुन्‍न र? तँ चिन्हहरू र अचम्मका कामहरूमा विश्‍वास गर्छस् कि परमेश्‍वर स्वयमलाई विश्‍वास गर्छस्? अरूले गिल्ला गर्दा येशूले चिन्हहरू र अचम्मका कामहरू प्रदर्शन गर्नुभएन, तर के उहाँ परमेश्‍वर हुनुहुन्‍नथ्यो? तँ चिन्हहरू र अचम्मका कामहरूमा विश्‍वास गर्छस् कि परमेश्‍वरको सार-तत्वमा विश्‍वास गर्छस्? परमेश्‍वरमाथिको विश्‍वास बारे मानिसका दृष्टिकोणहरू गलत छन्! व्यवस्थाको युगको दौरान यहोवाले धेरै वचनहरू बोल्नुभयो, तर आजसम्म पनि त्यसमध्ये केही पूरा गर्न बाँकी नै छ। के तँ यहोवा परमेश्‍वर हुनुहुन्‍नथ्यो भनेर भन्‍न सक्छस्?

आज, तिमीहरू सबैलाई यो कुरा प्रस्ट हुन जरुरी छ कि, आखिरी दिनहरूमा, परमेश्‍वरले पूरा गर्नुहुने मुख्य कुरा "वचन देह बन्‍नुहुन्छ" भन्‍ने तथ्य नै हो। पृथ्वीमा उहाँका यथार्थ कामद्वारा, उहाँले मानिसलाई उहाँलाई चिन्‍ने र उहाँसँग संलग्‍न हुने, र उहाँका यथार्थ कामहरू हेर्ने तुल्याउनुहुन्छ। उहाँले चिन्हहरू र अचम्मका कामहरू प्रदर्शन गर्न सक्नुहुन्छ र उहाँले त्यसो गर्न नसक्ने समयहरू पनि हुन्छन् भन्‍ने कुरा मानिसलाई स्पष्ट रूपमा देखाउनुहुन्छ; यो युगमा नै भर पर्छ। यसबाट, तैँले देख्न सक्छस्, परमेश्‍वर चिन्हहरू र अचम्मका कामहरू प्रदर्शन गर्न असक्षम हुनुहुन्‍न, बरु गर्नुपर्ने कामअनुसार र युगअनुसार उहाँले आफ्नो काम गर्ने तरीका परिवर्तन गर्नुहुन्छ। कामको विद्यमान चरणमा, उहाँले चिन्हहरू र अचम्मका कामहरू देखाउनुहुन्‍न; उहाँले येशूको युगमा केही चिन्हहरू र अचम्मका कामहरू देखाउनुभयो किनभने त्यो युगमा उहाँको काम फरक थियो। परमेश्‍वरले आज त्यो काम गर्नुहुन्‍न, र केही मानिसहरू उहाँलाई चिन्हहरू र अचम्मका कामहरू प्रदर्शन गर्न असक्षम हुनुहुन्छ भन्‍ने ठान्छन्, वा अन्यथा उनीहरू सोच्छन्, यदि उहाँले चिन्हहरू र अचम्मका कामहरू प्रदर्शन गर्नुहुन्‍न भने, उहाँ परमेश्‍वर हुनुहुन्‍न। के यो गलत कुरा होइन? परमेश्‍वरले चिन्हहरू र अचम्मका कामहरू प्रदर्शन गर्न सक्नुहुन्छ, तर उहाँले फरक युगमा काम गरिरहनुभएको हुनाले, उहाँ यस्ता काम गर्नुहुन्‍न। यो फरक युग हो, र यो परमेश्‍वरको कामको फरक चरण हो, त्यसकारण परमेश्‍वरले सरल बनाउनुभएका कामहरू पनि फरक नै छन्।

परमेश्वरमाथिको मानिसको विश्वास चिन्हहरू र अचम्मका कामहरूमाथिको विश्वास होइन, न त यो आश्चर्यकर्महरूमाथिको विश्वास नै हो, तर नयाँ युगको दौरान उहाँले गर्नुहुने वास्तविक काममाथिको विश्वास हो। परमेश्वरले काम गर्ने तरिकाद्वारा परमेश्वरलाई मानिसले बुझ्छ, र यो ज्ञानले मानिसमा परमेश्वरमाथिको विश्वास सिर्जना गर्छ, त्यो भनेको, परमेश्वरको काममा र कर्महरूमा विश्वास। कामको यो चरणमा, परमेश्वर मुख्य रूपमा बोल्नुहुन्छ। चिन्हहरू र अचम्मका कामहरू हेर्ने प्रतीक्षा नगर्; तैँले कुनै त्यस्तो काम देख्नेछैनस्! किनभने तँ अनुग्रहको युगमा जन्मेको थिइनस्। यदि तँ जन्मेको थिइस् भने, तैँले चिन्हहरू रआश्चर्यकर्महरू देख्न सक्थिस्, तर तँ आखिरी दिनहरूका समयमा जन्मेको थिइस्, त्यसैले तैँले परमेश्वरको वास्तविकता र सामान्यता मात्र देख्न सक्छस्। आखिरी दिनहरूमा अलौकिक येशूलाई हेर्ने अपेक्षा नगर्। तैँले व्यावहारिक देहधारी परमेश्वरलाई मात्रै देख्नेछस्, जो कुनै सामान्य मानवजातिभन्दा फरक हुनुहुन्न। हरेक युगमा, विभिन्न कार्यहरूलाई परमेश्वरले स्पष्ट गर्नुहुन्छ। हरेक युगमा, परमेश्वरले फरक-फरक कार्यहरूका भागलाई स्पष्ट गर्नुहुन्छ, र हरेक युगको कामले परमेश्वरको स्वभावको एउटा भाग, र परमेश्वरको कार्यहरूको एउटा भागलाई प्रतिनिधित्व गर्छ। उहाँले स्पष्ट गर्नुहुने कार्यहरू उहाँ जुन युगमा काम गर्नुहुन्छ त्यो युगसित भिन्न हुन्छ, तर तिनीहरू सबैले मानिसलाई परमेश्वरको गहन ज्ञान दिन्छन्, परमेश्वरमाथिको सत्य र नम्र विश्वास दिन्छन्। परमेश्वरका सबै कार्यहरूका कारणले, परमेश्वर अत्यन्तै अचम्मका, अत्यन्तै महान् हुनुभएको कारणले, उहाँ सर्वशक्तिमान् र बुझ्न नसकिने हुनुहुन्छ त्यस कारणले मानिसले परमेश्वरमा विश्वास गर्छ। परमेश्वरले चिन्हहरू र अचम्मका कामहरू प्रस्तुत गर्न सक्नुहुन्छ, बिरामीलाई निको पार्न र भूतप्रेतहरूलाई निकाल्न सक्नुहुन्छ भनेर यदि तँ परमेश्वरमा विश्वास गर्छस् भने, तेरो दृष्टिकोण गलत छ, र कतिपय मानिसहरूले तँलाई भन्नेछन्, "के दुष्ट आत्माहरूले पनि यस्ता कामहरू गर्न सक्दैनन् र?" के यसले परमेश्वरको प्रतिरूपलाई शैतानको प्रतिरूपसँग अन्योलमा पार्ने काम गर्दैन? आज, परमेश्वरमा मानिसको विश्वासको कारण उहाँका धेरै कार्यहरू र उहाँले गर्ने कामको ठूलो मात्रा र उहाँले बोल्ने धेरै तरिकाहरू नै हुन्। मानिसलाई विजय गर्न र उसलाई सिद्ध पार्न परमेश्वरले आफ्ना वाणीहरूको प्रयोग गर्नुहुन्छ। परमेश्वरका धेरै कार्यहरूको कारणले मानिसले परमेश्वरमा विश्वास गर्छ, उहाँले चिन्हहरू र अचम्मका कामहरू देखाउन सक्नुहुन्छ भनेर होइन; उहाँका कार्यहरू देखेर मात्रै मानिसहरूले उहाँलाई बुझ्न सक्छन्। परमेश्वरका यथार्थ कार्यहरू, उहाँले कसरी काम गर्नुहुन्छ, उहाँले कस्ता बुद्धिमानी तरिकाहरू उहाँ प्रयोग गर्नुहुन्छ, उहाँले कसरी बोल्नुहुन्छ, र उहाँले कसरी मानिसलाई सिद्ध पार्नुहुन्छ ती जानेर मात्रै–यी पक्षहरू जानेर मात्रै–तैँले परमेश्वरको वास्तविकतालाई बुझ्न र उहाँको स्वभाव बुझ्न सक्छस्, उहाँले के मन पराउनुहुन्छ, उहाँले के कुरालाई घृणा गर्नुहुन्छ, र मानिसमा उहाँले कसरी काम गर्नुहुन्छ त्यो बुझेर मात्र। परमेश्वरका मन पर्ने र नपर्ने कुराहरूलाई बुझेर, तैँले कुन सकारात्मक हो र कुन नकारात्मक हो त्यसलाई छुट्ट्याउन सक्छस्, र परमेश्वर सम्बन्धी तेरो ज्ञानद्वारा तेरो जीवनमा प्रगति हुन्छ। संक्षेपमा, तैँले परमेश्वरको कामको ज्ञान प्राप्त गर्नैपर्छ, र परमेश्वरमा विश्वास गर्नेबारे तेरा दृष्टिकोणहरूलाई सोझो तुल्याउनुपर्छ।

# के परमेश्वरको कार्य मानिसले सोचे झैँ सरल छ र?

परमेश्वरको विश्वासी भएर, तिमीहरू हरेकले आखिरी दिनहरूमा परमेश्वरको कार्य अनि आज पनि तिमीहरूमा उहाँले गर्नुहुने उहाँको योजनाको कार्य ग्रहण गर्दै तिमीहरूले साँच्चै नै प्राप्त गरेको उच्च उत्थान अनि मुक्तिको सराहना गर्नैपर्छ। परमेश्वरले मानिसहरूको यस समूहलाई सारा ब्रह्माण्डभरिको उहाँको कार्यको केन्द्र बिन्दु बनाउनुभएको छ। उहाँले आफ्नो हृदयको सबै रगत तिमीहरूको निम्ति अर्पण गर्नुभएको छ; उहाँले ब्रह्माण्डभरिको आत्माका सबै काम पुनः दाबी गरेर तिमीहरूलाई प्रदान गर्नुभएको छ। यसैकारण तिमीहरू सौभाग्यशाली छौ। यसबाहेक, उहाँले आफ्नो महिमा इस्राएलदेखि उहाँको चुनिएको जाति, तिमीहरूमा सार्नुभएको छ, अनि उहाँले आफ्नो योजनाको उद्देश्य यसै समूहद्वारा पूर्णरूपमा प्रकट गर्नुहुनेछ। यसैकारण, परमेश्वरको उत्तराधिकार प्राप्त गर्ने तिमीहरू नै हौ, अनि त्योभन्दा बढी, परमेश्वरको महिमाका हकवाला पनि तिमीहरू नै हौ। सायद, तिमीहरूलाई सबैलाई यी वचनहरू थाहा छ होला: "किनभने हाम्रो हल्का र क्षणिक कष्टले हाम्रो निम्ति अझै अत्याधिक र अनन्त महिमाको काम गर्छ।" तिमीहरू सबैले यी वचनहरू पहिल्यै सुनिसकेका छौ, तापनि तिमीहरूमध्ये कसैले पनि त्यसको सही अर्थ बुझेनौ। आज, तिमीहरू त्यसको साँचो महत्त्वको बारेमा पूरै सचेत छौ। यी वचनहरूलाई परमेश्वरले आखिरी दिनहरूमा पूरा गर्नुहुनेछ, अनि ती वचनहरू त्यो देशमा फन्को मारेर बस्ने ठूलो रातो अजिङ्गरद्वारा क्रूरतासाथ सताइएकाहरूमा पूरा हुनेछन्। त्यस ठूलो रातो अजिङ्गरले परमेश्वरलाई सताउँछ अनि त्यो परमेश्वरको शत्रु हो, यसैले, यही देशमा, परमेश्वरमा विश्वास गर्नेहरू उपहास र उत्पीडनको सिकार बन्छन्, अनि परिणामस्वरूप, यी वचनहरू मानिसहरूको यही समूह, अर्थात् तिमीहरूमा पूरा हुन्छन्। परमेश्वरलाई विरोध गर्ने यही देशमा यो सुरु भएको कारण, परमेश्वरका सबै कामले प्रचण्ड बाधाहरूको सामना गर्छ, अनि उहाँका धेरैजसो वचनहरू पूरा हुन समय लाग्छ; यसर्थ, मानिसहरू परमेश्वरको वचनको कारण विशुद्ध गरिन्छन्, जो कष्टकै भाग हो। त्यो ठूलो रातो अजिङ्गरको देशमा आफ्नो काम पूरा गर्नु परमेश्वरको निम्ति अत्यन्तै गाह्रो हुन्छ–तथापि यही कठिनाइद्वारा नै परमेश्वरले उहाँको बुद्धि र उहाँका अचम्मका कामहरू प्रकट गर्दै, अनि यसलाई मानिसहरूको यो समूहलाई पूर्ण बनाउने मौकाको रूपमा प्रयोग गर्दै, उहाँको कार्यको एउटा चरण पूरा गर्नुहुन्छ। मानिसहरूको कष्ट भोगाइद्वारा, तिनीहरूकै क्षमताद्वारा, अनि यस फोहोर देशका मानिसहरूको सारा शैतानिक स्वभावद्वारा नै परमेश्वरले शुद्धीकरण र विजयको कार्य गर्नुहुन्छ, ताकि, यसद्वारा उहाँले महिमा पाउन सक्नुभएको होस्, अनि उहाँले आफ्ना कार्यहरूको साक्षी बन्नेहरूलाई प्राप्त गर्न सक्नुभएको होस्। मानिसहरूको यस समूहको निम्ति परमेश्वरले गर्नुभएका सबै त्यागहरूको पूर्ण महत्त्व यही नै हो। अर्थात्, विरोध गर्नेहरूद्वारा नै परमेश्वरले विजयको कार्य गर्नुहुन्छ, अनि यसैद्वारा परमेश्वरको महान शक्ति प्रकट हुन सक्छ। अर्को शब्दमा, फोहोर देशमा हुनेहरू मात्र परमेश्वरको महिमा प्राप्त गर्न योग्यका हुन्छन्, अनि यसले मात्र परमेश्वरको महान शक्तिलाई प्रकट गर्नसक्छ। यसैकारण यही फोहोर देशबाट नै, अनि यही फोहोर देशमा बस्नेहरूबाट नै, परमेश्वरको महिमा प्राप्त गरिन्छ। यस्तै नै हो परमेश्वरको इच्छा। येशूको कार्यको चरण यस्तै

थियो: उहाँलाई सताउने फरिसीहरूको माझमा मात्रै उहाँले महिमा प्राप्त गर्न सक्नुभयो; फरिसीहरूको सतावट अनि यहूदाको विश्वासघात नभएको भए, येशूलाई उपहास वा निन्दा गरिने थिएन, क्रूसमा टाँगिने कुरा त परै जाओस्, यसर्थ उहाँले महिमा प्राप्त गर्न सक्नुहुनेथिएन। जहाँ परमेश्वरले प्रत्येक युगमा काम गर्नुहुन्छ, अनि जहाँ उहाँले देहमा आफ्नो काम गर्नुहुन्छ, त्यहीँ नै उहाँले महिमा प्राप्त गर्नुहुन्छ अनि त्यहीँ नै उहाँले चाहनुभएकाहरूलाई पनि प्राप्त गर्नुहुन्छ। परमेश्वरको कार्यको योजना यही नै हो, अनि उहाँको व्यवस्थापन यही नै हो।

हजारौं वर्षको परमेश्वरको योजनामा, कामको दुई भागहरू शरीरमा गरिन्छन्: प्रथम क्रूसीकरणको काम, जसको निम्ति उहाँले महिमा प्राप्त गर्नुहुन्छ; अर्को चाहिँ आखिरी दिनहरूमा गरिने विजय र सिद्धताको कार्य हो, जसको निम्ति उहाँले महिमा प्राप्त गर्नुहुन्छ। परमेश्वरको व्यवस्थापन यही हो। यसैकारण तिमीहरूलाई दिइएको परमेश्वरको कार्य वा परमेश्वरको आज्ञालाई हल्का विषयको रूपमा नलेऊ। तिमीहरू सबै नै परमेश्वरको प्रशस्त र अनन्त महिमाको हकवाला हौ र यो विशेष रूपमा परमेश्वरले नै नियुक्त गर्नुभएको थियो। उहाँको महिमाको दुई भागमध्ये, एउटा तिमीहरूमा प्रकट हुन्छ; परमेश्वरको महिमाको एउटा भागको पूर्णता, यो तिमीहरूकै निजी धन होस् भनेर तिमीहरूलाई प्रदान गरिएको छ। यो परमेश्वरले तिमीहरूमा गर्नुहुने सम्मान हो, अनि यो उहाँले धेरै वर्षअघि पूर्वनिर्धारित गर्नुभएको योजना पनि हो। ठूलो रातो अजिङ्गर बस्ने देशमा परमेश्वरले गर्नुभएको कार्यको महानता सम्झँदा, यदि यो कार्यलाई अरू कुनै ठाउँतिर सारिएको भए, यसले धेरै अघि ठूलो फल फलिसक्ने थियो र मान्छेले तत्कालै ग्रहण गर्नेथियो। यसबाहेक, यो काम परमेश्वरमा विश्वास गर्ने पश्चिमका पादरीहरूलाई स्वीकार गर्न अत्यन्तै सजिलो हुनेथियो, किनकि येशूद्वारा गरिएको कार्यको चरणले उदाहरणको काम गर्छ। यसैकारण परमेश्वरले महिमा प्राप्त गर्ने कार्यको यो चरण अरू कतै हासिल गर्न सक्नुहुन्न; जब काममा मानिसहरूको समर्थन हुन्छ र राष्ट्रहरूद्वारा मान्यता प्राप्त गरेको हुन्छ, परमेश्वरको महिमा हाबी हुन सक्दैन। यस देशमा कार्यको यस चरणले राख्ने असाधारण महत्त्व यही हो। तिमीहरूमध्ये एक जना पनि व्यवस्थाद्वारा सुरक्षित छैनौ–बरु, तिमीहरू त व्यवस्थाद्वारा प्रतिबन्धित हुन्छौ। त्योभन्दा ठूलो समस्या यो छ कि मानिसहरूले तिमीहरूलाई बुझ्दैनन्: तिमीहरूको आफन्त होस्, वा तिमीहरूको बाबा-आमा, तिमीहरूको इष्टमित्र, अथवा तिमीहरूका सहकर्मीहरू होस्, तिनीहरूमध्ये कसैले पनि तिमीहरूलाई बुझ्दैनन्। जब तिमीहरू परमेश्वरद्वारा त्यागिन्छौ तिमीहरूको निम्ति यस धरतीमा जिइरहनु असम्भव हुँदछ, तर त्यसो भए तापनि, मानिसहरू परमेश्वरदेखि टाढा जान सक्दैनन्, जुन मानिसहरूलाई परमेश्वरले जित्नुको महत्त्व हो, र परमेश्वरको महिमा हो। तिमीहरूले आज जे प्राप्त गरेका छौ त्यो प्रेरितहरू र युगौँदेखिका अगमवक्ताहरूको भन्दा ठूलो छ अनि मोशा र पत्रुसभन्दा पनि धेरै नै ठूलो छ। आशिष एक-दुई दिनमा नै प्राप्त गर्न सकिँदैन, तर अत्यन्तै ठूलो त्यागद्वारा त्यसलाई प्राप्त गर्नुपर्छ। यसको अर्थ, तिमीहरूसित शोधन गरिएको प्रेम हुनैपर्छ, तिमीहरूमा ठूलो विश्वास हुनैपर्छ, अनि तिमीहरूले प्राप्त गरेकै होस् भनी परमेश्वरले चाहनुभएका विभिन्न सत्यताहरू तिमीहरूमा हुनैपर्छ; अझ भन्नुपर्दा, तिमीहरू धम्की दिने अथवा विश्वासघाती नबनी न्यायतर्फ फर्कनैपर्छ, अनि तिमीहरूमा परमेश्वरको निम्ति मृत्युसम्मै स्थिर रहने प्रेम

हुनैपर्छ। तिमीसित अठोट हुनैपर्छ, तिमीहरूको जीवन स्वभावमा परिवर्तनहरू हुनैपर्छ, तिमीहरूको भ्रष्टता निको हुनैपर्छ, तिमीहरूले कुनै पनि गुनासोविना परमेश्‍वरका सबै योजनाहरू स्वीकार गर्नैपर्छ, अनि तिमीहरू मृत्युसम्मै आज्ञाकारी रहनैपर्छ। तिमीहरूले प्राप्त गर्नुपर्ने कुरा यही नै हो, परमेश्‍वरको कार्यको अन्तिम लक्ष्य यही नै हो, अनि परमेश्‍वरले मानिसहरूको यस समूहलाई गर्न लगाउनुहुने कुरा पनि यही नै हो। उहाँले नै तिमीहरूलाई दिनुहुने भएकोले, उहाँले तिमीहरूबाट फिर्ता पनि माग्नु नै हुनेछ, अनि निश्‍चय नै तिमीहरूबाट उचित मागहरू पनि गर्नु नै हुनेछ। यसैकारण, परमेश्‍वरले गर्नुहुने सबै कार्यको कारण छ, जसले समय समयमा परमेश्‍वरले उच्च मापदण्डहरू र कडा मागहरू तय गर्ने काम गर्नुहुन्छ भन्‍ने देखाउँछ। यसैकारण, तिमीहरू परमेश्‍वरमा भएको विश्‍वासले भरिनैपर्छ। संक्षिप्तमा, परमेश्‍वरले सबै कार्य तिमीहरूकै खातिर गर्नुहुन्छ, ताकि तिमीहरू उहाँको उत्तराधिकार प्राप्त गर्ने योग्यको बन्‍न सक। यो परमेश्‍वरको आफ्नै महिमाको खातिर नभएर तिमीहरूको उद्धार अनि त्यो अशुद्ध देशमा अत्यन्तै पीडित भएका मानिसहरूको यस समूहलाई सिद्ध बनाउनुको खातिर हो। तिमीहरूले परमेश्‍वरको इच्छा बुझ्नैपर्छ। यसर्थ, म धेरै यस्ता अज्ञानी मानिसहरूलाई सल्लाह दिन चाहन्छु जोसमा कुनै पनि ज्ञान अथवा चेतना छैन: परमेश्‍वरको परीक्षा नगर, अनि अब उसो उहाँको विरोध पनि नगर। परमेश्‍वर पहिले नै यस्तो कष्टमा भएर गइसक्नुभएको छ जो कुनै पनि मान्छेले अहिलेसम्म सहेकै छैन, अनि धेरै अघि मानिसको खातिर धेरै ठूलो अपमान पनि सहिसक्नुभएको छ। तिमीहरू अब अझै अरू के-के त्याग्न सक्दैनौ? परमेश्‍वरको इच्छाभन्दा धेरै महत्त्वपूर्ण अरू के हुनसक्छ? परमेश्‍वरको प्रेमभन्दा उच्च के हुनसक्छ? यस अशुद्ध देशमा आफ्नो कार्यलाई निरन्तरता दिनु नै परमेश्‍वरको निम्ति कठिन कुरा हो; यदि, यसै माथि, मान्छेले थाहा हुँदाहुँदै अनि जानी-जानी पाप गर्छ भने, परमेश्‍वरको कार्य त लम्बिने नै छ। संक्षिप्तमा, यो कसैको फाइदाको निम्ति होइन, यसले कसैलाई पनि लाभ दिँदैन। परमेश्‍वरलाई समयले सीमित पार्दैन; सबैभन्दा पहिले उहाँको कार्य अनि उहाँको महिमा आउँछ। यसैकारण, उहाँले आफ्नो कार्यको निम्ति कुनै पनि मोल तिर्नुहुनेछ, चाहे यसको लागि जति नै समय किन नलागोस्। परमेश्‍वरको स्वभाव यही हो: आफ्नो कार्य नसिध्याएसम्म उहाँले विश्राम लिनुहुनेछैन। उहाँले आफ्नो महिमाको दोस्रो भाग प्राप्त गर्नुभएपछि मात्र उहाँको कार्य अन्त गर्नुहुनेछ। यदि, सारा ब्रह्माण्डमा, परमेश्‍वरले उहाँको महिमा प्राप्त गर्ने कार्यको दोस्रो खण्ड पूरा गर्नुहुन्‍न भने, उहाँको दिन कहिल्यै आउनेछैन, उहाँको हातले उहाँको चुनिएको जातिलाई कहिल्यै छोड्नेछैन, उहाँको महिमा कहिल्यै पनि इस्राएलमाथि आउनेछैन, अनि उहाँको योजना कदापि पूरा हुनेछैन। तिमीहरूले परमेश्‍वरको इच्छा देख्‍न सक्नुपर्छ, अनि परमेश्‍वरको कार्य स्वर्ग र पृथ्वी अनि सारा थोकहरूको सृष्टि जस्तो सरल छैन भन्‍ने देख्‍नैपर्छ। किनभने, आजको कार्य भ्रष्ट भएका, चरम रूपमा लट्टिएकाहरूको रूपान्तरण हो, यो तिनीहरूलाई शुद्ध गर्नको लागि हो जो सृष्टि त गरिए तर शैतानको बन्धनमा परे। यो आदम अनि हव्वाको सृष्टि होइन, न त ज्योतिको सृष्टि, अथवा हरेक वनस्पति अनि पशुको सृष्टि नै हो। परमेश्‍वरले शैतानद्वारा भ्रष्ट बनाइएका कुराहरूलाई शुद्ध गर्नुहुन्छ अनि तिनीहरूलाई नयाँ बनाउनुहुन्छ; तिनीहरू उहाँको आफ्नै स्वामित्वका कुराहरू बन्छन्, अनि तिनीहरू उहाँको महिमा बन्छन्। यो मानिसले सोचेजस्तो हुँदैन, यो स्वर्ग अनि पृथ्वी

अनि त्यसमा भएका यावत् थोकहरूको सृष्टि जस्तो, अथवा शैतानलाई सरापेर अतल कुण्डमा फ्याँके जस्तो सरल हुँदैन; बरु, यो मानिसलाई रूपान्तरण गर्ने, नकारात्मक कुराहरूलाई परिवर्तन गरेर सकारात्मक बनाउने, उहाँका नभएका कुराहरूलाई उहाँको आफ्नै बनाउने कार्य हो। परमेश्‍वरको कार्यको यस चरण पछाडिको सत्यता यही नै हो। तिमीहरूको यस कुरालाई बुझ्नैपर्छ अनि यी कुराहरूलाई ज्यादै सरल बनाउन छाड्नैपर्छ। परमेश्‍वरको कार्य अन्य साधारण कामहरू जस्तो हुँदैन। यसको अद्‌भुतता अनि बुद्‌धि मान्छेको समझदेखि बाहिरको कुरा हो। परमेश्‍वरले यी सबै कुराहरू कार्यको यस चरणको समयमा सृष्टि गर्नुहुन्‍न, न त उहाँले तिनीहरूलाई नष्ट नै गर्नुहुन्छ। बरु, उहाँले आफैले सृष्टि गर्नुभएका सबै कुराहरूलाई रूपान्तरण गर्नुहुन्छ, अनि शैतानले दूषित पारेको सबै कुराहरूलाई शुद्‌ध पार्नुहुन्छ। अनि यस किसिमले परमेश्‍वरले एउटा महान कार्यको सुरुवात गर्नुहुन्छ, अनि परमेश्‍वरको कार्यको सम्पूर्ण महत्त्व यही हो। के यी वचनहरूमा तिमीहरूले परमेश्‍वरको कार्य साँच्चै नै सरल छ भन्‍ने देख्छौ?

## तैँले परमेश्‍वरमा विश्‍वास गर्ने हुँदा तँ सत्यताको निम्ति जिउनुपर्छ

सबै मानिसहरूमा हुने साधारण समस्या चाहिँ यो हो कि उनीहरूले सत्यता बुझ्छन् तर यसलाई व्यवहारमा लागू गर्नलाई असफल हुन्छन्। एकातिर उनीहरू मूल्य चुकाउन अनिच्छुक हुन्छन्, भने अर्कोतिर उनीहरूको विवेक अति नै अपर्याप्त हुन्छ; उनीहरू दैनिक जीवनका धेरै अप्ठ्याराहरू के-के हुन् भन्‍ने कुरा देख्न असक्षम छन्, अनि कसरी ठीकसँग अभ्यास गर्ने भन्‍ने कुरा थाहा छैन। किनभने मानिसहरूका अनुभवहरू अति सतही हुन्छन्, उनीहरूको क्षमता अति कमजोर हुन्छ, र जुन नापमा उनीहरूले सत्यता बुझ्छन्, त्यो सीमित छ, उनीहरूले आफ्ना दैनिक जीवनमा सामना गर्ने कठिनाइहरूको समाधान गर्न उनीहरूसँग कुनै उपाय छैन। उनीहरूले मुखले मात्र परमेश्‍वरमा विश्‍वास गर्छन्, र आफ्नो दैनिक जीवनमा परमेश्‍वरलाई ल्याउन असमर्थ छन्। यसो भन्‍न सकिन्छ, परमेश्‍वर चाहिँ परमेश्‍वर नै हुनुहुन्छ, जीवन चाहिँ जीवन नै हो, र यो चाहिँ मानिसहरूको आफ्नो जीवनमा परमेश्‍वरसँग कुनै सम्बन्ध नभएको जस्तै हो। प्रत्येक व्यक्तिले यस्तै विचार गर्छन्। यसरी, वास्तवमा परमेश्‍वरमा विश्‍वास गरेर पनि मानिसहरूलाई उहाँले आफ्नो बनाउनु भएको वा र सिद्‌ध तुल्याउनु भएको हुँदैन। वास्तवमा, परमेश्‍वरको वचनले पूर्ण अभिव्यक्ति नपाएको होइन, तर केवल उहाँको वचन ग्रहण गर्ने मानिसको क्षमता अति नै अपर्याप्त भएको हो। कसैले भन्‍न सक्छ कि परमेश्‍वरको मौलिक अभिप्रायहरू अनुसार प्रायः कसैले पनि काम गर्दैन; बरु, आफ्नै अभिप्रायहरू, आफूहरूले विगतमा पक्रिराखेका धार्मिक धारणाहरू र काम गर्ने आफ्नै तरिका अनुसार उनीहरू परमेश्‍वरमा विश्‍वास गर्छन्। थोरै व्यक्तिहरू परमेश्‍वरको वचनलाई ग्रहण गरेर उनीहरू रूपान्तरण भएका हुन्छन् र उहाँको इच्छा अनुसार काम गर्न थाल्छन्। त्यसको सट्‌टामा, तिनीहरू आफ्नै गलत विश्‍वासमा लागिरहन्छन्। जब मानिसहरूले परमेश्‍वरमा विश्‍वास गर्न थाल्छन्, उनीहरूले धर्मको परम्परागत नियमहरूमा आधारित भएर त्यसो गर्छन्, र उनीहरू पूर्ण रूपले जिउनको लागि बनाइएका आफ्नै दर्शनशास्त्रमा आधारित भएर जिउँछन् र अरूसँग अन्तरक्रिया

गर्छन्। कसैले भन्न सक्छ कि दश जना मानिसहरू मध्ये नौ जनाको अवस्था यस्तै हुन्छ। थोरै मानिसहरूले मात्र परमेश्वरमा विश्वास गर्न थालेपछि अर्को योजना बनाएर नयाँ पात पलाउन थाल्छन्। मानवजातिले परमेश्वरको वचनलाई सत्यताको रूपमा कदर गर्न वा सत्यताको रूपमा लिन, र व्यवहारमा उतार्न असफल भएका छन्।

उदाहरणको लागि, येशूमा विश्वासलाई लिऔं। चाहे कसैले भर्खरै विश्वास गर्न सुरु गरेको होस् वा धेरै समय पहिले देखि विश्वास गरेको होस्, उनीहरूसँग भएको प्रतिभालाई प्रयोग गरे र उनीहरूसँग भएका सीपहरू प्रदर्शन गरे। मानिसहरूले "परमेश्वरमा विश्वास" भन्ने यी दुई शब्दहरू आफ्नो सामान्य जीवनमा यत्तिकै थपिदिए, तैपनि उनीहरूको स्वभावमा केही परिवर्तन आएन, र परमेश्वरमा उनीहरूको विश्वास कत्ति पनि वृद्धि भएन। उनीहरूको खोज न तातो थियो न त चिसो नै थियो। उनीहरूले आफ्नो विश्वासलाई त्याग्ने कुरा गरेनन्, न त उनीहरूले परमेश्वरलाई सबै कुरा समर्पण गरे। उनीहरूले कहिल्यै पनि परमेश्वरलाई साँचो प्रेम गरेनन् अथवा उहाँको आज्ञापालन गरेनन्। परमेश्वरमा उनीहरूको विश्वास साँचो र झूटो मिश्रित थियो, उनीहरूले यसलाई एउटा आँखा खुल्ला र एउटा आँखा बन्द गरेर नियाले, र आफ्नो विश्वास अभ्यास गर्नलाई इमान्दार थिएनन्। उनीहरूले यस्तो भ्रमपूर्ण अवस्थालाई निरन्तरता दिए, र आखिरमा अस्त व्यस्ततामै मरे। ती सबैको के अर्थ भयो त? आज, तैँले व्यावहारिक परमेश्वरमा विश्वास गर्नलाई सही मार्गमा पाइला राख्नुपर्छ। यदि तँ परमेश्वरमा विश्वास गर्छस् भने, तैँले आशिषहरू मात्रै खोज्नु हुँदैन, तर परमेश्वरलाई प्रेम गर्न र उहाँलाई चिन्न खोज्नुपर्छ। उहाँको प्रकाशद्वारा, तेरो आफ्नै व्यक्तिगत खोजीद्वारा, तैँले उहाँको वचन खान र पिउन सक्छस्, परमेश्वरको वास्तविक बुझाइको विकास गर्न, र परमेश्वरको साँचो प्रेम पाउन सक्छस्, जुन तेरो भित्री हृदयबाट आउँछ। अर्को शब्दमा, जब परमेश्वरको लागि तेरो प्रेम धेरै निष्कपट हुन्छ, र उहाँको लागि तेरो प्रेमलाई कसैले नाश पार्न सक्दैन अथवा कोही तेरो मार्गमा खडा हुन सक्दैन, यस समयमा तँ परमेश्वरको विश्वासको सही मार्गमा छस्। यसले प्रमाणित गर्दछ कि तँ परमेश्वरको होस्, किनभने तेरो हृदय अघिबाटै परमेश्वरको नियन्त्रणमा छ र अरू केही कुराले पनि तँलाई नियन्त्रण गर्न सक्दैन। तेरो अनुभवद्वारा, तैँले चुकाएको मूल्यद्वारा, र परमेश्वरको कार्यद्वारा उहाँको लागि अचुक प्रेम विकास गर्न तँ सक्षम भएको छस्—र जब तैँले यसो गर्छस्, तँ शैतानको प्रभावबाट स्वतन्त्र हुनेछस् र परमेश्वरको वचनको प्रकाशमा जिउनेछस्। जब तँ अन्धकारको प्रभावबाट स्वतन्त्र बन्छस् तब मात्र परमेश्वरले तँलाई आफ्नो बनाउनुभएको छ भनी भन्न सकिन्छ। परमेश्वरमाथिको तेरो विश्वासमा यो लक्ष्य खोज्न कोसिस गर्नुपर्छ। यो तिमीहरू प्रत्येकको कर्तव्य हो। तिमीहरू कोही पनि अहिलेको अवस्थामा सन्तुष्ट हुनु हुँदैन। तिमीहरू परमेश्वरको कामप्रति दोमनमा पर्नु हुँदैन, न त यसलाई तिमीहरूले हल्का रूपमा लिन सक्छौ। तिमीहरूले परमेश्वरको बारेमा पूर्ण श्रद्धाका साथ हरसमय विचार गर्नुपर्छ, र सबै कुराहरू उहाँको खातिर गर्नुपर्छ। र जब तिमीहरू बोल्छौ अथवा काम गर्छौ, तिमीहरूले परमेश्वरको घरको हितलाई पहिलो स्थानमा राख्नुपर्छ। यसरी मात्रै तिमीहरू परमेश्वरको हृदय अनुसारको व्यक्ति बन्न सक्छौ।

परमेश्वरमा आफ्नो विश्वासको सम्बन्धमा मानिसहरूको सबै भन्दा ठूलो गल्ती उनीहरूले

मुखले मात्र विश्वास गर्नु, र परमेश्वरलाई आफ्नो दैनिक जीवनबाट पूर्ण रूपले टाढा राख्नु हो। वास्तवमा, सबै मानिसहरूले परमेश्वरको अस्तित्वमा विश्वास गर्छन्, तर परमेश्वर उनीहरूको दैनिक जीवनको हिस्सा भने हुनुहुन्‍न। मानिसहरूका मुखहरूले परमेश्वरलाई धेरै प्रार्थनाहरू चढाउँछन्, तर उनीहरूको हृदयमा परमेश्वरको स्थान थोरै छ, र त्यसैले परमेश्वरले तिनीहरूको बारम्बार जाँच गर्नुहुन्छ। किनभने मानिसहरू अशुद्ध छन्, जसले गर्दा उनीहरूको जाँच गर्नु बाहेक परमेश्वरसँग अरू कुनै विकल्प हुँदैन, ताकि उनीहरू लाजमा परून् र यी परीक्षाहरूका बीचमा आफैलाई चिन्न सकून्। यदि होइन भने, मानवजाति प्रधान दूतको सन्तानहरूको रूपमा परिणत हुन्थे, र अझ धेरै भ्रष्ट हुन्थे। परमेश्वरमा उनीहरूको विश्वासको प्रक्रियामा, परमेश्वरको अनन्त शुद्धीकरणको दायरामा हरेक व्यक्तिले आफ्नो व्यक्तिगत अभिप्रायहरू र उद्देश्यहरू ल्याउँछन्। यदि यसो भएन भने, परमेश्वरसँग कसैलाई पनि प्रयोग गर्ने कुनै उपाय हुँदैनथ्यो, र उहाँले जे काम मानिसमा गर्नुपर्थ्यो, त्यो कुनै पनि हालतमा हुँदैनथ्यो। परमेश्वरले पहिला मानिसहरूलाई शुद्ध पार्नुहुन्छ, र यो प्रक्रियामार्फत उनीहरूले आफैलाई चिन्न सक्छन् र परमेश्वरले उनीहरूलाई परिवर्तन गर्नुहुन्छ। त्यसपछि मात्रै परमेश्वरले आफ्नो जीवनद्वारा उनीहरूमा काम गर्नुहुन्छ, र त्यसरी मात्रै तिनीहरूको हृदयहरू परमेश्वरतिर पूर्ण रूपले फर्किन सक्छ। त्यसैले म भन्छु, परमेश्वरमा विश्वास गर्नु चाहिँ मानिसहरूले भने जस्तो सजिलो छैन। जसरी परमेश्वरले त्यसलाई हेर्नुहुन्छ, यदि तँसँग ज्ञान मात्रै छ तर उहाँको जीवनरूपी वचन छैन भने, र यदि तँ आफ्नो ज्ञानमा मात्र सीमित छस् तर सत्यतालाई अभ्यास गर्न र परमेश्वरको वचन अनुसार जिउन सक्दैनस् भने, तँसँग परमेश्वरलाई प्रेम गर्ने हृदय छैन भन्‍ने कुराको प्रमाण यही हो, तेरो हृदय परमेश्वरको होइन भनी यसले देखाउँछ। एक व्यक्तिले परमेश्वरमा विश्वास गरेर उहाँलाई चिन्दछ: यो नै अन्तिम लक्ष्य हो, र मानिसको खोजको लक्ष्य हो। तैँले परमेश्वरको वचन अनुसार जिउनलाई प्रयत्‍न गर्नैपर्छ, ताकि तेरो अभ्यासमा ती फलदायी हुन सकून्। यदि तँसँग सैद्धान्तिक ज्ञान मात्र छ भने, परमेश्वरमाथिको तेरो विश्वास शून्य हुनेछ। यदि तैँले उहाँको वचन अभ्यास गरिस् र त्यसमा जिइस् भने मात्रै तेरो विश्वास पूर्ण भएको र उहाँको इच्छा अनुसार भएको मान्‍न सकिन्छ। यस मार्गमा, धेरै मानिसहरूले थुप्रै ज्ञानको कुरा गर्न सक्छन्, तर उनीहरूको मृत्युको समयमा, उनीहरूका आँखाहरू आँसुले भरिन्छन्, र आफ्नो जीवनकाल व्यर्थमा खेर फालेकोमा र परिपक्व वृद्धावस्था शून्यतामा जिएकोमा आफैलाई घृणा गर्छन्। उनीहरूले सिद्धान्तहरू मात्र बुझ्छन्, तर सत्यतालाई व्यवहारमा लागू गर्न सक्दैनन् अथवा परमेश्वरको साक्षी हुन सक्दैनन्; बरु, उनीहरू यत्तिकै यता उता दौडिरहन्छन्, मौरी झैँ व्यस्त हुन्छन्, र अन्त्यमा मृत्युको छेउमा पुगेपछि मात्र उनीहरूले आफूमा साँचो गवाहीको अभाव भएको र उनीहरूले परमेश्वरलाई बिलकुल नचिनेको थाहा गर्छन्। के यो धेरै ढिलो भएन र? किन तँ समयको उपयोग गर्दैनस् र तैँले प्रेम गरेको सत्यताको खोजी गर्दैनस्? किन भोलिलाई कुर्छस्? यदि जीवनमा तँ सत्यताको लागि दुःख भोग्दैनस् अथवा यसलाई प्राप्त गर्न खोज्दैनस् भने तँ मृत्युको घडीमा पछुताउन चाहन्छस् भन्‍ने अर्थ लाग्दैन र? यदि त्यसो हो भने किन परमेश्वरमा विश्वास गर्छस्? वास्तवमा, मानिसहरूले यदि अलिकति परिश्रम गरे भने पनि सत्यतालाई अभ्यास गर्न सक्ने थुप्रै विषयहरू छन् र यसरी परमेश्वरलाई

सन्तुष्ट पार्न सक्छन्। किनकी उनीहरूले परमेश्वरको खातिर काम गर्न नसकोस् भनेर मानिसहरूका हृदयहरू दुष्टद्वारा नियन्त्रित छन्, र निरन्तर रूपमा उनीहरूको शरीरको खातिर दौडधूप गर्छन्, अन्त्यमा केही पनि प्राप्त गर्दैनन्। यस कारणले, मानिसहरू निरन्तर रूपमा समस्याहरू र कठिनाइहरूद्वारा पीडित हुन्छन्। के यिनीहरू शैतानका यातनाहरू होइनन्? के यो शरीरको भ्रष्टता होइन? तैँले आफ्नो ओठ चलाएर परमेश्वरलाई मूर्ख बनाउने कोसिस गर्नु हुँदैन। बरु, तैँले स्पष्ट कार्य गर्नुपर्छ। आफैलाई धोका नदे–त्यसको अर्थ के हुन सक्छ? आफ्नो शरीरको खातिर जिएर फाइदा र प्रसिद्धिको लागि सङ्घर्ष गरेर तैँले के प्राप्त गर्न सक्छस्?

## सात मेघगर्जनको आवाज–राज्यको सुसमाचार सारा ब्रह्माण्डभरि फैलिनेछ भन्ने अगमवाणी

मैले मेरो काम गैरयहूदी जातिहरू माझ फैलाउँदैछु। मेरो महिमा सारा ब्रह्माण्डभरि चम्किनेछ; साना-ठूला सबै मानिसहरूले आफूभित्र मेरो इच्छालाई बोक्छन्, अनि तिनीहरू सबै मेरो बाहुलीद्वारा परिचालित हुन्छन् र मैले सुम्पेका कामहरूमा लागिपर्छन्। यस घड़ीदेखि, सबै मानिसहरूलाई अर्कै संसारमा ल्याएर म नयाँ युगमा प्रवेश गरेको छु। जब म आफ्नो “गृह मुलुक” फर्कें; मेरो मौलिक योजनामा मैले अर्को नयाँ कामको सुरुवात गरेँ, ताकि मानिस मकहाँ अझ गहन रूपमा आउन सकून्। मैले ब्रह्माण्ड यसको समग्रतामा विचार गर्छु र त्यसलाई हेर[क] यो मेरो कामको निम्ति उपयुक्त समय हो, त्यसैले मानिसमाझ मेरो काम गर्दै म सबैतिर हतार गर्छु। आखिर, यो नयाँ युग हो र धेरैभन्दा धेरै नयाँ मानिसहरूलाई नयाँ युगमा लिन र मैले दूर गर्नेहरूमध्ये धेरैलाई पन्छाउन मैले नयाँ काम ल्याएको छु। रातो अजिङ्गरको राष्ट्रमा, तिनीहरूलाई हावामा नै बहन लगाएर, मैले मानवजातिमा अथाह कामको एउटा चरण पूरा गरेको छु, त्यसपछि तिनीहरू बिस्तार-बिस्तार हावाको बहाउसँगै अलग हुन्छन्। साँच्चै, यो मैले सफा गर्न लागेको “खलो” हो; मैले उत्कट चाह गरेको कुरा यही हो र यो पनि मेरो योजना हो। म काममा हुँदा धेरै दुष्टहरू गुप्त रूपमा पसेका छन्, तर म तिनीहरूलाई धपाउन हतारमा छुइनँ। बरु, उपयुक्त समयमा म तिनीहरूलाई तितरबितर पार्नेछु। त्यसपछि मात्र, मलाई साँच्चै प्रेम गर्नेहरूलाई अञ्जिरको फल र लिलिको बास्ना प्राप्त गर्न दिएर म जीवनको मूल हुनेछु। शैतान डेरा बस्ने मुलुकमा, कुनै विशुद्ध सुन रहँदैन, त्यहाँ केवल बालुवा मात्र हुन्छ, यी परिस्थितिहरूको सामना गरेपछि म यस्तो चरणको काम गर्छु। मैले प्राप्त गर्ने कुरा भनेको शुद्ध र खारिएको सुनको बालुवा होइन भन्ने तिमीहरूले जान्नुपर्छ। मेरो घरमा दुष्ट कसरी रहन सक्छ? फ्याउराहरू मेरो स्वर्गमा परजीवी हुन मैले कसरी दिन सक्छु र? यी कुराहरूलाई पाखा लगाउन मैले कल्पना गर्न सकिने सबै विधिहरू अप्नाउछु। मेरो इच्छा प्रकट हुन अघि मैले के गर्न लागेको छु सो कसैलाई पनि अवगत हुँदैन। यही मौका छोपेर मैले ती दुष्टहरूलाई धपाउनेछु र तिनीहरू मेरो उपस्थितिबाट जान बाध्य हुन्छन्। मैले

क. मूल पाठमा “त्यसलाई हेर” भन्ने वाक्यांश समावेश छैन।

दुष्टहरूलाई यसो गर्नेछु, तर तिनीहरूले मेरो सेवा गर्ने दिन अझै हुनेछ। आशिष् पाउने मानिसहरूको इच्छा अत्यन्त प्रबल हुन्छ; यसकारण मैले मेरो शरीर घुमाएर मेरो महिमित मुहार गैरयहूदीहरूलाई देखाउँछु, ताकि मानिसहरू तिनीहरूको आफ्नै संसारमा जिऊन् र मैले भन्नुपर्ने मेरा वचनहरू मैले भन्दै जाँदा र मानिसहरूलाई चाहिने कुरा आपूर्ति गर्दै जाँदा तिनीहरूले आफ्नो न्याय आफै गरून्। मानिसहरू तिनीहरूको होशमा आउँदा मैले मेरो काम लामो समय अघिदेखि नै फैलाएको हुनेछु। त्यसपछि मैले मानिसहरूलाई मेरो इच्छा व्यक्त गर्नेछु र सबै मानिसहरूले मेरो काममा समन्वय गर्ने गरी नजिकबाट मलाई पछ्याउन दिएर र मैले गर्नुपर्ने सबै काम मसँगै तिनीहरूको आफ्नै क्षमतामा गर्न दिएर मानिसहरूमाझ मेरो कामको दोस्रो भाग सुरु गर्नेछु।

मेरो महिमा देख्न तिनीहरू कसैसँग विश्वास छैन र म तिनीहरूलाई बाध्य बनाउँदिनँ, बरु मानवजातिको माझबाट मेरो महिमा हटाउनेछु र यसलाई अर्कै संसारमा लैजान्छु। जब मानिसहरूले एक पटक पश्चाताप गर्छन्, तब मैले मेरो महिमा लिनेछु र यो मैले विश्वास भएकाहरूलाई देखाउनेछु। मैले काम गर्ने सिद्धान्त यही हो। किनभने मेरो महिमाले कनान छोड्ने समय छ र मेरो महिमाले चुनिएकाहरूलाई छोड्ने समय पनि छ। यसको अतिरिक्त, मेरो महिमाले पृथ्वी छोड्ने, यसलाई मधुरो गराउने र यसलाई अन्धकारमा डुब्ने एउटा समय छ। कनानको मुलुकले पनि सूर्यको उज्यालो देख्नेछैन; सबै मानिसहरूले विश्वास गुमाउनेछन्, तर कनानको मुलुकको सुगन्ध कसैले पूर्ण रूपमा सहन सक्दैनन्। जब म नयाँ स्वर्ग र पृथ्वीभित्र जान्छु, तब मैले मेरो महिमाको अर्को भाग लिन्छु र सारा पृथ्वीलाई धपक्क पार्ने गरी ज्योतिको चमक पैदा गरेर यसलाई पहिले कनानको मुलुक प्रकट गर्छु, र रातको निस्पट्ट अन्धकारलाई डुबाउँछु, ताकि सारा पृथ्वी ज्योतिमा आउन सकोस्; मेरो महिमालाई हरेक जातिमा नयाँ देखाउन र वृद्धि गर्न, सारा पृथ्वीका मानिसहरू ज्योतिको शक्तिबाट सामर्थ्य लिन आउन सकून्; र म मानव संसारमा आएको लामो समय भइसक्यो र मेरो महिमालाई इस्राएलबाट पूर्वतिर लामो समय अघि नै ल्याइएको छ भन्ने कुरा सारा मानवजातिले महसुस गर्न सकून्; किनभने मेरो महिमा पूर्वबाट चम्किन्छ, र यसलाई अनुग्रहको युगदेखि यस दिनसम्म ल्याइएको थियो। तर म इस्राएलबाट निस्केको थिएँ कि म पूर्वमा आइपुग्न सकूँ। जब पूर्वको ज्योति क्रमशः सेतो हुँदै जान्छ तब पृथ्वीको अँध्यारो ज्योतिमा परिणत हुन थाल्छ अनि मात्र म लामो समय अघि नै इस्राएलबाट गएको थिएँ र म पूर्वमा नयाँ भएर उदाइरहेको छु भन्ने मानिसले पत्ता लगाउनेछन्। एक पटक इस्राएलमा ओर्लेर पछि यसबाट प्रस्थान गरेँ, म फेरि इस्राएलमा जन्मन सक्दिनँ, किनभने मेरो कामले सारा ब्रह्माण्डलाई नै डोऱ्याउँछ। यसको अतिरिक्त, बिजुली पूर्वदेखि पश्चिमसम्म नै चम्किन्छ। यसैले, म पृथ्वीमा ओर्लेको छु, र कनानलाई पूर्वका मानिसहरूकहाँ ल्याएको छु। म सारा पृथ्वीभरिका मानिसहरूलाई कनानमा ल्याउनेछु, त्यसैले सारा ब्रह्माण्डलाई वशमा पार्न, मैले कनानको मुलुकमा अभिव्यक्तिको विषय ल्याइरहन्छु। यस बेला, कनानको मुलुकमा बाहेक पृथ्वीमा कुनै ज्योति छैन, सबै मानिसहरू भोक र ठण्डाको जोखिममा छन्। मैले मेरो महिमा इस्राएललाई दिएँ, अनि यसबाट लिएँ, यसरी मैले इस्राएलीहरूलाई र सारा मानवजातिलाई पूर्वतिर ल्याएँ। तिनीहरूको ज्योतिसँग पुनर्मिलन होस् भनेर, यससँगै होस् र यसलाई खोज्न नपरोस् भनेर मैले तिनीहरू सबैलाई प्रकाशमा ल्याएको छु।

खोजिरहनेहरू सबैलाई मैले फेरि ज्योति देख्न दिनेछु र मसँग इस्राएलमा भएको महिमा देख्नेछन्; मैले तिनीहरूलाई लामो समय अघि नै मानवजातिको माझमा सेतो बादल तल गएको कुरा देख्ने दिनेछु, तिनीहरूले कैयौँ सेता बादलहरू र तिनीहरूको झुप्पाहरूमा प्रशस्त फलहरू देखून्; यसको अतिरिक्त, तिनीहरूले इस्राएलको यहोवा परमेश्‍वर देखून्। मैले तिनीहरूलाई यहूदीहरूको मालिक, चाह गरिएको मसीहको र सारा युगहरूभरि राजाहरूले सताएका मेरो पूर्ण देखा पर्ने घटना हेर्न दिनेछु। अन्तका दिनहरूमा मेरो सारा महिमा र मेरा सबै कामहरू मानिसलाई प्रकट गर्दै मैले सारा ब्रह्माण्डभरि काम गर्नेछु र म ठूल-ठूला काम गर्नेछु। मैले मलाई वर्षौंदेखि प्रतीक्षा गरिरहेकाहरू, म सेतो बादलमा आएको उत्कट चाह गर्नेहरूलाई, म पटक-पटक देखा परेको उत्कट चाह गर्ने इस्राएललाई, र मलाई सताउने सबै मानवजातिलाई म मेरो महिमित मुहार देखाउनेछु, ताकि मैले मेरो महिमा उहिले नै लिएको छु र मैले पूर्वतिर ल्याएको छु, त्यसैले र यो अब यहूदियामा छैन। किनभने अन्तको दिन अघि नै आइसकेको छ!

मैले सारा ब्रह्माण्डभरि मेरो काम गरिरहेको छु र पूर्वमा अत्यन्त अनिष्टपूर्ण घटनाहरू असीम रूपमा देखा पर्छ, जसले सारा जातिहरू र सम्प्रदायहरूलाई हल्लाइदिन्छ। सारा मानिसहरूलाई वर्तमानमा ल्याउने मेरो आवाज नै हो। म सबै मानिसहरूलाई मेरो आवाजद्वारा पराजित गराउँछु, यही प्रवाहमा गिर्न लगाउनेछु र मेरो सामु झुक्न लगाउनेछु, किनभने मैले मेरो महिमालाई उहिले नै सारा पृथ्वीबाट फिर्ता लिएको छु र यसलाई पूर्वमा नयाँ गरी जारी गरेको छु। कसले मलाई देख्ने उत्कट इच्छा गर्दैन? कसले मेरो आगमनलाई उत्सुकतापूर्वक प्रतीक्षा गर्दैन? मेरो पुन: देखा पर्ने घटनाको तृष्णा गर्दैन? मेरो सुन्दरताको निम्ति कोचाहिँ लालयित हुँदैन? ज्योतिमा कोचाहिँ आउँदैन? कनानको प्रचुरतालाई कसले हेर्दैन? उद्धारकको आगमनलाई कसले चाह गर्दैन? महाशक्ति भएकोलाई कसले प्रशंसा गर्दैन? मेरो आवाज पृथ्वीभरि फैलिनेछ; म मेरा चुनिएका मानिसहरूलाई सामना गर्नेछु, र तिनीहरूसँग अझ धेरै वचनहरू बोल्नेछु। जसरी शक्तिशाली गर्जनहरूले पहाड़ र नदीहरू हल्लिन्छन्, त्यसरी नै म पनि मेरा वचनहरू सारा ब्रह्माण्ड र मानवजातिको निम्ति बताउँछु। यसकारण, मेरो मुखको वचन मानिसहरूको खजाना भएको छ र सबै मानिसहरूले मेरो वचनलाई मनमा लिन्छन्। मेरो ज्योति पूर्वदेखि पश्‍चिमसम्म नै चम्किन्छ। मेरा वचनहरू यस्ता छन् कि मानिस त्याग्न अनिच्छुक हुन्छन्, र साथै तिनीहरूलाई अथाह पाउँछन्, तर तिनीहरूमा अझ धेरै आनन्दित हुन्छन्। मेरो आगमनको उत्सव मनाउँदै सबै मानिसहरू खुशी र आनन्दित हुन्छन्, मानौं नाबालक भर्खरै जन्मेको छ। मेरो आवाजको माध्यमले म सबै मानिसहरूलाई मेरो सामु ल्याउनेछु। त्यसपछि, म मानिसहरूको जातिभित्र औपचारिक रूपमा प्रवेश गर्नेछु, त्यसैले तिनीहरू मेरो आराधना गर्न आउनेछन्। मैले जगमगाउने मेरो महिमा र मेरो मुखको वचनहरूसँगै, मैले यसलाई यस्तो बनाइदिनेछु कि सबै मानिसहरू मेरो सामु आउनेछन् र पूर्वबाट चम्किरहेको त्यो ज्योति देख्नेछन् र म पूर्वको जैतूनको डाँड़ामा ओर्लेको पनि देख्नेछन्। यहूदीको छोराको रूपमा होइन, तर पूर्वको ज्योतिको रूपमा म पृथ्वीमा लामो समयदेखि बसेको छु भन्ने तिनीहरूले देख्नेछन्। किनभने मेरो उहिले नै पुनरुत्थान भएको छ र म मानवजातिको माझबाट प्रस्थान गरेको छु, र मानिसहरू माझ मेरो महिमासँगै पुनःदेखा परेको छु। कैयौँ युगहरू अघिदेखि

आराधना गरिएको म नै हुँ र म पनि त कयौँ वर्षअघि इस्राएलीहरूले त्यागिएको बालक हुँ। यसको अतिरिक्त, म हालको युगको सारा महिमित सर्वशक्तिमान परमेश्‍वर हुँ। सबै जना मेरो सिंहासन सामु आऊन् र मेरो महिमित मुहार देखून्, मेरो आवाज सुनून् र मेरा कामहरू हेरून्। मेरो समग्र इच्छा यही हो; यो नै अन्त र मेरो योजना साथै हरेक जातिले मेरो आराधना गरोस्, हरेक जिब्रोले मलाई स्वीकार गरोस्, हरेक मानिसले आफ्नो विश्‍वासलाई ममा राखोस् र हरेक मानिस मेरो अधीनमा रहोस् भन्‍ने कुरा मेरो प्रबन्धको उद्देश्यको चरम उत्कर्ष हो!

## देहधारी परमेश्‍वर र परमेश्‍वरद्वारा प्रयोग भएका मानिसहरूका बीचका अत्यावश्यक भिन्‍नता

परमेश्‍वरका आत्माले पृथ्वीमा काम गर्नुहुँदा, उहाँले धेरै वर्षदेखि खोजिरहनुभएको छ, र युगौँदेखि उहाँको काम गर्नका लागि परमेश्‍वरले धेरै जनालाई प्रयोग गर्नुभएको छ। अझ यो समयसम्म पनि, परमेश्‍वरका आत्मा उपयुक्त विश्राम स्थान विना नै रहनुभएको छ, यसैले त आफ्नो काम गर्नका लागि परमेश्‍वर विभिन्‍न मानिसहरूका बीचमा पुग्नुहुन्छ। समग्रमा, मानिसहरूद्वारा नै उहाँको काम भएको हुन्छ। भन्‍नुको अर्थ, यी सबै वर्षहरूमा, परमेश्‍वरको काम कहिल्यै रोकिएको छैन, तर आजको दिनसम्म पनि यसलाई निरन्तर रूपमा मानिसहरूमा अगाडि लगिएको छ। परमेश्‍वरले धेरै वचनहरू बोल्नुभएको र धेरै काम गर्नुभएको भए तापनि, मानवले अझै परमेश्‍वरलाई चिनेको छैन, यसो हुनुको कारणचाहिँ परमेश्‍वर कहिल्यै मानवकहाँ देखा पर्नुभएको छैन र उहाँको मूर्त रूप पनि छैन। यसैले परमेश्‍वरले यो काम–व्यावहारिक परमेश्‍वरको व्यावहारिक महत्त्व जान्‍न सबै मानिसहरूलाई बाध्य पार्ने काम–पूर्णतामा ल्याउनैपर्छ। यो उद्देश्य प्राप्त गर्न, परमेश्‍वरले मूर्त रूपमा आफ्ना आत्मा मानवतालाई प्रकट गर्नैपर्छ र तिनीहरूका बीचमा उहाँको काम गर्नुपर्छ। अर्थात्, परमेश्‍वरका आत्माले शारीरिक रूप, मासु र हाड लिनुभएपछि, दृश्य रूपमा मानिसहरूका बीचमा तिनीहरूका जीवनमा सहभागी भएर हिँड्नुभएपछि, कहिलेकहिँ देखिने र कहिले आफ्नैलाई लुकाउने गर्नुभएपछि मात्र मानिसहरूले उहाँलाई घनिष्ठ रूपमा चिन्‍न सक्नेछन्। यदि परमेश्‍वर शरीरमा मात्र रहनुभयो भने, उहाँले आफ्नो कामलाई यसको पूर्णतामा पूरा गर्न सक्नुहुनेथिएन। अनि देहमा गरिन आवश्यक पर्ने सेवा पूरा गर्नुभई, केही अवधिसम्म देह वा शरीरमा काम गर्नुभएपछि, परमेश्‍वर शरीरबाट अलग हुनुहुनेछ र शरीरका रूपमा आत्मिक राज्यमा काम गर्नुहुनेछ, जसरी येशूले पनि पूरा गर्न आवश्यक पर्ने सबै कम पूरा गर्नुभई केही अवधिसम्म सामान्य मानव भएर काम गर्नुभएको थियो। तिमीहरूले “मार्ग ... (५)” बाट लिइएको यस खण्डलाई याद गर्छौ होला: “मेरा पिताले मलाई यसो भन्‍नुभएको कुराको मलाई स्मरण छ, ‘पृथ्वीमा, केवल तेरा पिताको इच्छा पूरा गर्न खोज् र उहाँको आज्ञा पूरा गर्। अरू केही कुरा तँसँग सम्बन्धित छैन।’” यस खण्डमा तँ के देख्छस्? परमेश्‍वर पृथ्वीमा आउनुहुँदा, उहाँले ईश्‍वरत्व भित्रको उहाँको काम मात्र गर्नुहुन्छ, जुन कुरा स्वर्गीय आत्माले देहधारी परमेश्‍वरलाई जिम्मा दिनुभएको छ। जब उहाँ आउनुहुन्छ, उहाँले विभिन्‍न माध्यमहरू र विभिन्‍न दृष्टिकोणहरूद्वारा आफ्ना वाणीहरूमा

आवाज दिनुभई पूरै देशमा बोल्नुहुन्छ। उहाँले मानवलाई जुटाउने र सिकाउने कार्यलाई मुख्य रूपमा आफ्ना लक्ष्यहरू र कार्य सिद्धान्तका रूपमा लिनुहुन्छ, र अव्यक्तिगत सम्बन्ध वा मानिसहरूका जीवनका विवरणहरूजस्ता कुराहरूमा उहाँले सरोकार राख्नुहुन्न। उहाँको मुख्य सेवकाइ भनेको आत्माको लागि बोल्नु हो। अर्थात्, परमेश्वरका आत्मा शरीरमा मूर्त रूपमा प्रकट हुनुहुँदा, उहाँले मानवको जीवनको लागि मात्र जुटाउनुहुन्छ र सत्यता प्रकट गर्नुहुन्छ। उहाँले आफूलाई मानवका काममा संलग्न गर्नुहुन्न, जसको अर्थ उहाँ मानवका कार्यमा सहभागी हुनुहुन्न। मानवले ईश्वरीय काम गर्न सक्दैन, परमेश्वरले मानवीय कार्यमा भाग लिनुहुन्न। परमेश्वर यस पृथ्वीमा आफ्नो काम गर्न आउनुभएका सबै वर्षहरूमा, उहाँले सधैँभरि मानिसहरूद्वारा यो गर्नुभएको छ। तथापि, यी मानिसहरूलाई देहधारी परमेश्वर भनी विचार गर्न सकिँदैन–तिनीहरू परमेश्वरद्वारा प्रयोग गरिएका मानिसहरू मात्र हुन्। यसैबीच, आजका परमेश्वरले आत्माको आवाज पठाएर र आत्माका पक्षमा काम गरेर, ईश्वरीय दृष्टिकोणबाट सीधै बोल्न सक्नुहुन्छ। यसरी नै, विभिन्न युगहरूमा परमेश्वरले प्रयोग गर्नुभएका सबै मानिसहरू, भौतिक शरीरभित्र परमेश्वरका आत्माले काम गर्नुभएका उदाहरणहरू हुन्–त्यसो हो भने किन तिनीहरूलाई परमेश्वर भन्न सकिँदैन? तर आजका परमेश्वर पनि शरीरमा सीधै काम गर्ने परमेश्वरका आत्मा हुनुहुन्छ, र येशू पनि शरीरमा काम गर्नुहुने परमेश्वरका आत्मा हुनुहुन्थ्यो; उहाँहरू दुवैलाई परमेश्वर भनिन्छ। तब भिन्नताचाहिँ के हो त? विभिन्न युगभरि परमेश्वरले प्रयोग गर्नुभएका मानिसहरूमा सामान्य विचार र तर्कहरूका क्षमता थिए। तिनीहरू सबैले मानव व्यवहारका सिद्धान्तहरू बुझेका थिए। तिनीहरूसँग सामान्य मानव विचारहरू थिए, र सामान्य मानिसहरूमा हुनुपर्ने सबै कुराहरू तिनीहरूमा थिए। तिनीहरूमध्ये धेरैजसोमा असाधारण खुबीहरू र जन्मजात बौद्धिकता थियो। यी मानिसहरूमा काम गर्नुहुँदा, परमेश्वरका आत्माले तिनीहरूका खुबीहरूलाई उपयोग गर्नुभयो, जुनचाहिँ परमेश्वरले तिनीहरूलाई दिनुभएका वरदानहरू थिए। परमेश्वरका आत्माले तिनीहरूका खुबीहरूलाई क्रियाशील बनाउनुभई, तिनीहरूका सामर्थ्यहरूलाई परमेश्वरको सेवामा प्रयोग गर्नुहुन्छ। तैपनि परमेश्वरको सारतत्त्वचाहिँ कुनै धारणा वा विचार विनाको हुन्छ, मानवीय अभिप्रायहरूले यसलाई परिवर्तन गर्न सक्दैनन्, र सामान्य मानवसँग भएका कुराहरू समेत यसमा हुँदैनन्। यसो भन्नुको तात्पर्यचाहिँ, उहाँ मानव व्यवहारका सिद्धान्तहरूसँग पनि परिचित हुनुहुन्न भन्ने हो। आजका परमेश्वर पृथ्वीमा आउनुहुँदा, यही नै हुन्छ। उहाँका काम र वचनहरू मानव अभिप्रायहरू वा मानव विचारहरूद्वारा मिश्रित हुँदैनन्, तर ती आत्माका अभिप्रायहरूका सीधा प्रदर्शन हुन्, अनि उहाँले सीधै परमेश्वरका पक्षमा काम गर्नुहुन्छ। यसको अर्थ आत्मा सीधै बोल्नुहुन्छ, अर्थात्, अलिकति मानव अभिप्रायहरू नमिसाइकन नै ईश्वरत्वले सीधै काम गर्छ। अर्को किसिमले भन्नुपर्दा, देहधारी परमेश्वर, मानव विचार वा धारणाहरू विना, र मानव व्यवहारका सिद्धान्तहरूका बुझाइ विना नै सीधै ईश्वरत्वले भरिनुहुन्छ। यदि ईश्वरत्व मात्र कार्यमा हुनुहुन्थ्यो भने (यदि परमेश्वर मात्र कार्यमा हुनुहुन्थ्यो भन्ने अर्थमा), पृथ्वीमा परमेश्वरको कार्यलाई कार्यान्वयन गर्ने कुनै उपाय नै हुने थिएन। यसैले परमेश्वर पृथ्वीमा आउनुहुँदा, परमेश्वरले ईश्वरत्वमा गर्नुहुने कामसँगको एकतामा मानवसँग काम गर्न उहाँले प्रयोग गर्नुहुने मानिसहरूको सानो संख्या उहाँसँग हुनैपर्छ। अर्को प्रकारले भन्नुपर्दा,

उहाँको ईश्वरीय कार्यलाई कायम राख्न उहाँले मानव कार्यलाई प्रयोग गर्नुहुन्छ। अन्यथा, ईश्वरीय कार्यसँग सीधै संलग्न हुन मानवका लागि कुनै उपाय नै हुने थिएन। येशू र उहाँका चेलाहरूसँग यही नै भएको थियो। यस संसारको आफ्नो समयावधिमा, येशूले पुराना व्यवस्थाहरूलाई रद्द गरी नयाँ आज्ञाहरू स्थापित गर्नुभयो। उहाँले धेरै वचनहरू पनि बोल्नुभयो। यो सबै काम ईश्वरत्वमा गरिएको थियो। पत्रुस, पावल, यूहन्ना जस्ता अरू व्यक्तिहरूले येशूका वचनहरूका जगमा आफ्ना कामलाई स्थापित गरेका थिए। यसो भन्नुको तात्पर्यचाहिँ, परमेश्वरले अनुग्रहको युगको थालनी गर्नुभई, त्यस युगमा आफ्नो काम सुरु गर्नुभयो; अर्थात्, उहाँले "परमेश्वर सुरु र अन्त्य हुनुहुन्छ" भन्ने वचनहरूलाई पूरा गर्नुभई, पुरानोलाई रद्द गरी नयाँ युगको सुरुवात गर्नुभयो। अर्को प्रकारले भन्नुपर्दा, मानिसले ईश्वरीय कामको जगमाथि मानव काम गर्नैपर्छ। येशूले आफूले भन्न आवश्यक रहेको सबै कुरा भन्नुभएपछि र यस पृथ्वीमा आफ्नो काम पूरा गर्नुभएपछि, उहाँले मानवलाई छोड्नुभयो। यसपछि, काम गर्ने सबै मानिसहरूले उहाँका वचनहरूमा अभिव्यक्त भएका सिद्धान्तहरू अनुसार यसो गरे, र उहाँले बोल्नुभएका सत्यताअनुसार यसको अभ्यास गरे। यी सबै मानिसहरूले येशूका निम्ति काम गरे। यदि येशूले मात्र काम गर्नुभएको भए, उहाँले जति नै धेरै वचनहरू बोल्नुभएको भए तापनि, उहाँका वचनहरूसँग संलग्न हुने कुनै उपाय मानिसहरूसँग हुने थिएन, किनकि उहाँले ईश्वरीयतामा काम गरिरहनुभएको थियो र उहाँले ईश्वरीयताका वचनहरू मात्र बोल्न सक्नुहुन्थ्यो, र सामान्य मानिसहरूले उहाँका वचनहरूलाई बुझ्न सक्ने गरी उहाँले व्याख्या गर्न सक्नुहुन्नथ्यो। अनि उहाँसँग प्रेरितहरू र अगमवक्ताहरू हुनुपर्नेथियो जो उहाँका कामलाई पूरा गर्न उहाँका पछि आएका थिए। देहधारी परमेश्वरले कसरी आफ्नो काम गर्नुहुन्छ भन्ने कुराको यो एउटा सिद्धान्त हो—बोल्नका लागि देहधारी शरीरको प्रयोग गर्ने र ईश्वरत्वको काम पूरा गर्ने कार्य, र उहाँको कामलाई पूरा गर्न परमेश्वरको हृदयअनुसारका केही मानिसहरूलाई, वा सायद धेरै मानिसहरूलाई प्रयोग गर्ने। अर्थात्, मानवलाई हेरचाह गर्ने र पानी जुटाउने कार्य गर्नका लागि परमेश्वरका हृदयअनुसारका मानिसहरूलाई उहाँले प्रयोग गर्नुहुन्छ, यसरी परमेश्वरका छानिएका मानिसहरू सत्यता वास्तविकतामा प्रवेश गर्न सक्नेछन्।

यदि उहाँ शरीरमा आउनुहुँदा, परमेश्वरले ईश्वरत्वको काम मात्र गर्नुभयो, र उहाँसँग काम गर्नका लागि उहाँका हृदयअनुसारका मानिसहरू यदि उहाँसँग थिएनन् भने, परमेश्वरको इच्छा बुझ्न वा परमेश्वरसँग संलग्न हुन मानव असक्षम हुनेथियो। यस काम पूरा गर्न, मण्डलीहरूमाथि देखरेख गर्न र हेरचाह वा गोठालो गर्न परमेश्वरले आफ्नो हृदयअनुसारका सामान्य मानिसहरूलाई प्रयोग गर्नैपर्छ, यसरी मानवका मानसिक प्रक्रियाहरू, उसको दिमाग, कल्पना गर्न सक्ने क्षमताको तहलाई प्राप्त गर्न सकिन्छ। अरू शब्दहरूमा भन्नुपर्दा, परमेश्वरले आफ्नो ईश्वरत्वभित्र गर्नुहुने कामलाई "रूपान्तरण" गर्न आफ्ना हृदयअनुसारका मानिसहरूको सानो सङ्ख्यालाई प्रयोग गर्नुहुन्छ, ताकि ईश्वरीय भाषालाई मानवीय भाषामा परिवर्तन गर्नको लागि यसलाई खुला गर्न सकियोस्, यसरी मानिसहरूले यसलाई जान्न र बुझ्न सक्छन्। यदि परमेश्वरले त्यसो नगर्नुभएको भएको भए, कसैले पनि परमेश्वरको ईश्वरीय भाषा बुझ्न सक्नेथिएनन्, किनकि परमेश्वरको हृदयअनुसारका मानिसहरू आखिर अल्पसंख्यक नै छन्, र मानवको बुझ्न सक्ने क्षमता कमजोर

छ। त्यसैले त देहधारी शरीरमा काम गर्नुहुँदा मात्र परमेश्वरले यस तरिकालाई छान्नुहुन्छ। यदि त्यहाँ ईश्वरीय काम मात्र थियो भने, मानिसले परमेश्वरलाई चिन्ने वा उहाँसँग संलग्न हुने कुनै उपाय हुने थिएन, किनकि मानवले परमेश्वरको भाषा बुझ्दैन। परमेश्वरका वचनहरूलाई स्पष्ट पार्ने उहाँका हृदयअनुसारका मानिसहरूका प्रतिनिधित्वद्वारा मात्र मानवले यो भाषालाई बुझ्न सक्छ। तथापि, मानवताभित्र काम गर्ने त्यस्ता मानिसहरूमात्र त्यहाँ थिए भने, त्यसले मानवको सामान्य जीवनलाई मात्र कायम राख्न सक्थ्यो; यसले मानवको स्वभावलाई परिवर्तन गर्न सक्दैनथियो। परमेश्वरको कामको नयाँ सुरुवात विन्दु हुन सक्दैनथ्यो; त्यहाँ उही पुराना गीतहरू, उही पुराना सामान्य विवरणहरू मात्र हुन्थे। उहाँको देहधारणको समयावधिमा भन्नुपर्ने सबै कुराहरू भन्ने र गर्नुपर्ने सबै कुराहरू गर्ने, त्यसपछि उहाँका वचनहरू अनुसार मानिसहरूले काम गर्ने र अनुभव गर्ने, देहधारी परमेश्वरका प्रतिनिधिद्वारा मात्र तिनीहरूका जीवन स्वभाव परिवर्तन हुनसक्थे, र यसरी तिनीहरू समयहरूसँग बग्न सक्थे। ईश्वरत्वभित्र काम गर्नुहुनेले परमेश्वरको प्रतिनिधित्व गर्नुहुन्छ, मानवताभित्र काम गर्नेहरूचाहिँ परमेश्वरले प्रयोग गर्नुभएका मानिसहरू हुन्। यसो भन्नुको तात्पर्य, देहधारी परमेश्वरचाहिँ परमेश्वरद्वारा प्रयोग गरिएका मानिसहरूबाट खास रूपमा भिन्न हुनुहुन्छ। देहधारी परमेश्वरले ईश्वरीय काम गर्न सक्नुहुन्छ भने परमेश्वरद्वारा प्रयोग भएका मानिसहरूले गर्न सक्दैनन्। प्रत्येक युगको सुरुमा, परमेश्वरका आत्मा व्यक्तिगत रूपमा बोल्नुहुन्छ र मानवलाई नयाँ सुरुवातमा ल्याउनका लागि नयाँ युगको उद्घाटन गर्नुहुन्छ। उहाँले बोलिसक्नुभएपछि, उहाँको ईश्वरत्वभित्रको परमेश्वरको काम पूरा भएको छ भनी यसले सङ्केत गर्छ। त्यसकारण, आफ्ना जीवन अनुभवमा प्रवेश गर्नका लागि परमेश्वरद्वारा प्रयोग गरिएकाहरूका अगुवाइलाई मानिसहरूले पछ्याउँछन्। ठीक यसरी नै, परमेश्वरले यही चरणमा मानवलाई नयाँ युगमा ल्याउनुहुन्छ र मानिसहरूलाई नयाँ सुरुवात दिनुहुन्छ–त्यही समयमा नै शरीरमा परमेश्वरको काम पूरा भएको हुन्छ।

आफ्ना सामान्य मानवतालाई सिद्ध पार्न वा सामान्य मानवताको कार्य गर्न परमेश्वर पृथ्वीमा आउनुहुन्न। उहाँ सामान्य मानवतामा ईश्वरीय काम गर्नका लागि मात्र आउनुहुन्छ। सामान्य मानवताका बारेमा परमेश्वरले बोल्नुभएको कुरा मानिसहरूले कल्पना गरेकोजस्तो होइन। मानवले "सामान्य मानवतालाई" पति वा पत्नी, र छोराहरू र छोरीहरू हुनु हो भनेर परिभाषित गर्छ, जुनचाहिँ सामान्य व्यक्ति हुनुको प्रमाण हो; तथापि, परमेश्वरले यसरी हेर्नुहुन्न। उहाँले सामान्य मानवतालाई सामान्य मानव विचार, सामान्य मानव जीवन, र सामान्य मानिसहरूबाटको जन्मका रूपमा हेर्नुहुन्छ। तर उहाँको सामान्यतामा मानवले बोल्ने जस्ता पत्नी, पति, र सन्तानहरू हुनुलाई समान्यताको रूपमा समावेश गरिएको हुँदैन। अर्थात्, मानवका लागि परमेश्वरले बताउनुभएको सामान्य मानवताचाहिँ मानवले विचार गर्ने मानवताको अनुपस्थिति हो, येशूको जस्तो, झण्डै भावना नै नभएको र शारीरिक आवश्यकताहरूरहित जस्तो देखिने, उहाँका बाहिरी कुरा मात्र सामान्य व्यक्तिका जस्ता थिए र उहाँले सामान्य व्यक्तिको रूप लिनुभयो, तर वास्तवमा सामान्य व्यक्तिसँग हुनैपर्ने सबै कुराहरू उहाँमा थिएनन्। यसबाट यो देखिन सक्छ कि देहधारी परमेश्वरका सारतत्त्वले सामान्य मानवताको पूर्णतालाई नाघेको हुँदैन, तर सामान्य मानव जीवनका

क्रियाकलापहरूलाई समर्थन गर्न र तर्कका सामान्य मानव शक्तिहरूलाई कायम गर्नका लागि मानिसहरूमा हुनैपर्ने कुराहरूको भाग मात्र हुन्छ। तर मानवले सामान्य मानवता भनी विचार गर्ने कुराहरूसँग यिनीहरूको कुनै सरोकार छैन। तिनीहरू देहधारी परमेश्‍वरमा हुनुपर्छ। तथापि, यदि देहधारी परमेश्‍वरका पत्‍नी, छोराछोरी, परिवार भए भने मात्र उहाँमा सामान्य मानवता रहेको हुन्छ भनी विचार गर्ने व्यक्तिहरू पनि छन्; यी कुराहरू विना उहाँ सामान्य व्यक्ति हुनुहुन्‍न भनी तिनीहरूले भन्‍ने गर्छन्। त्यसो भए म तिमीहरूसँग प्रश्‍न गर्छु, "के परमेश्‍वरकी पत्‍नी छिन्? के परमेश्‍वरसँग कुनै पति हुनु सम्भव छ? के परमेश्‍वरका छोराछोरी हुनसक्छन्?" के यी गल्ती कुराहरू होइनन्? तथापि, देहधारी परमेश्‍वर फुटेका चट्टानहरूका बीचबाट निस्कन सक्नुहुन्‍न वा आकाशबाट खस्न सक्नुहुन्‍न। उहाँ सामान्य मानव परिवारमा मात्र जन्मन सक्नुहुन्छ। त्यसैले त उहाँका आमाबुबा र दिदीबहिनीहरू छन्। देहधारी परमेश्‍वरका सामान्य मानवतामा यी कुराहरू हुनैपर्छ। येशूको विषयमा पनि यही भएको थियो; येशूका बुबा र आमा, बहिनीहरू र भाइहरू थिए, अनि यो सबै सामान्य थियो। तर यदि उहाँका पत्‍नी र छोराछोरीहरू भएका भए, देहधारी परमेश्‍वरमा हुनुपर्ने भनी परमेश्‍वरले उद्देश्य राख्‍नुभएका कुराहरूमा योचाहिँ सामान्य मानवता हुनेथिएन। यदि यसो भएको भए, उहाँले ईश्‍वरत्वको पक्षमा काम गर्न सक्नुहुनेथिएन। उहाँका पत्‍नी र छोराछोरीहरू थिएनन्, र पनि उहाँ सामान्य परिवारमा सामान्य मानिसहरूबाट जन्मनुभयो त्यसैले ठीक यही कारणले नै उहाँले ईश्‍वरत्वको कार्य गर्न सक्नुभयो। यसलाई अझ स्पष्ट पार्दा, परमेश्‍वरले जसलाई सामान्य व्यक्ति भनी विचार गर्नुहुन्छ, त्यो व्यक्ति सामान्य परिवारमा जन्मेको हुन्छ। यस्तो व्यक्ति मात्र ईश्‍वरीय काम गर्नका लागि योग्य हुन्छ। अर्कोतर्फ, यदि कुनै व्यक्तिका पत्‍नी, छोराछोरीहरू, वा पति छन्, ती व्यक्तिले ईश्‍वरीय काम गर्न सक्दैनन्, किनकि तिनीहरूमा परमेश्‍वरले माग गर्नुभएको सामान्य मानवता नभएर मानवले माग गरेको सामान्य मानवता मात्र हुन्छ। परमेश्‍वरले ठान्‍नुभएको कुरा, र मानिसहरूले बुझेका कुरामा प्राय ठूलो भिन्‍नता, लामो दूरी हुन्छ। परमेश्‍वरको कामको यस चरणमा, मानिसहरूका अवधारणहरूबाट यो धेरै विरोधमा र अति नै भिन्‍न हुन्छ। परमेश्‍वरको कामको यस चरण पूर्ण किसिमले नै व्यावहारिक रूपमा ईश्‍वरीय कार्य हो, जहाँ मानवले सहयोगीको भूमिका खेल्‍न सक्छ भनेर भन्‍न सकिन्छ। किनकि परमेश्‍वर आफ्नो काम गर्नका लागि आफै पृथ्वीमा आउनुहुन्छ र यसका लागि उहाँले कुनै पनि मानवलाई यसमा उसको हात लगाउन दिनुहुन्‍न, त्यसैले उहाँले आफ्नो काम पूरा गर्नका लागि आफैलाई देहधारण गर्नुहुन्छ (अपूर्ण र सामान्य व्यक्ति)। मानवजातिलाई नयाँ युग प्रस्तुत गर्न, उहाँको काममा भएको अर्को कदम मानवजातिलाई बताउन, र उहाँका वचनहरूमा वर्णन गरिएको मार्गअनुसार अभ्यास गर्नका लागि मानिसहरूलाई आग्रह गर्न उहाँले यस देहधारणलाई प्रयोग गर्नुहुन्छ। यसरी शरीरमा भएको परमेश्‍वरको काम पूरा भएको छ; उहाँ मानवजातिबाट प्रस्थान गर्न लाग्‍नुभएको छ, सामान्य मानवताको शरीरमा अब बसिरहनुहुन्‍न, तर उहाँको कामको अर्को भागमा जानका लागि मानवबाट अलग हुन लाग्‍नुभएको छ। तब आफ्नो हृदयअनुसारका मानिसहरूलाई प्रयोग गरी, उहाँले मानिसहरूका यस समूहका बीचमा यस पृथ्वीमा आफ्नो काम निरन्तर गर्नुहुन्छ, तर तिनीहरूका मानवतामा गर्नुहुन्छ।

देहधारी परमेश्‍वर सधैँभरि मानवसँग बस्‍न सक्‍नुहुन्‍न किनकि परमेश्‍वरले गर्नुपर्ने अरू धेरै काम छन्। उहाँ शरीरमा बाँधिएर बस्‍न सक्‍नुहुन्‍न, उहाँले शरीरको रूपमा त्यो काम गर्नु भए पनि, उहाँले गर्नैपर्ने कामका लागि उहाँले शरीरलाई त्याग्‍नुपर्छ। परमेश्‍वर पृथ्वीमा आउनुहुँदा, उहाँ मर्न र मानवजातिलाई छोडेर जानुभन्दा पहिले सामान्य मानवले प्राप्‍त गर्नैपर्ने आकारमा उहाँ पुगुन्जेल उहाँले पर्खेर बस्‍नुपर्दैन। उहाँको शरीर जति नै उमेरको भए पनि, उहाँको काम पूरा भएपछि, उहाँ जानुहुन्छ र मानवलाई छोड्‍नुहुन्छ। उहाँको निम्ति उमेर भन्‍ने हुँदैन, उहाँले मानव आयुअनुसार आफ्‍ना दिनहरू गर्नुहुन्‍न; यसको सट्टामा, उहाँका कामका चरणहरू अनुसार उहाँले शरीरमा भएको आफ्‍नो जीवनको अन्त्य गर्नुहुन्छ। शरीरमा आउनुहुने परमेश्‍वर खास उमेरसम्म वृद्धि हुनैपर्छ, वयस्कमा वृद्धि हुनैपर्छ, वृद्ध उमेरमा पुग्‍नुपर्छ, र त्यो शरीरले काम गर्न नसकेपछि मात्र छोड्‍नुपर्छ भनी अनुभूति गर्नेहरू पनि हुनसक्छन्। यो मानवको कल्पना हो; परमेश्‍वरले यसरी काम गर्नुहुन्‍न। उहाँले गर्नुपर्ने काम गर्नका लागि मात्र उहाँ शरीरमा आउनुहुन्छ, उहाँ आमाबाबुबाट जन्मन, हुर्कन, परिवार स्थापित गर्न र पेशा सुरु गर्न, छोराछोरीहरू जन्माउन र हुर्काउन, वा जीवनका उकाली-ओरालीहरू अनुभव गर्न—सामान्य मानवका सम्पूर्ण क्रियाकलापहरू गर्ने गरी सामान्य मानव जीवन जिउनका लागि आउनुहुन्‍न। परमेश्‍वर पृथ्वीमा आउनुहुँदा, परमेश्‍वरका आत्माले शरीर लिनुहुन्छ, शरीरमा आउनुहुन्छ, तर परमेश्‍वरले सामान्य मानवको जीवन जिउनुहुन्‍न। उहाँको व्यवस्थापनको योजनाको एक भाग पूरा गर्नका लागि मात्र उहाँ आउनुहुन्छ। त्यसपछि उहाँले मानवजातिलाई छोड्‍नुहुन्छ। उहाँ शरीरमा आउनुहुँदा, परमेश्‍वरका आत्माले शरीरका सामान्य मानवलाई सिद्ध पार्नुहुन्‍न। बरु, परमेश्‍वरले पूर्वनिर्णय गर्नुभएको समयमा नै, ईश्‍वरत्व सीधै काममा जानुहुन्छ। तब, उहाँले गर्न आवश्यक पर्ने सबै गर्नुभएपछि र उहाँको सेवा पूरा भएपछि, यस चरणमा हुने परमेश्‍वरको काम पूरा भएको हुन्छ, उहाँको शरीर यसको आयु अवधिसम्म रहे पनि वा नरहे पनि, यस बिन्दुमा देहधारी परमेश्‍वरको काम पनि टुङ्गिन्छ। त्यसो भन्‍नुको तात्पर्यचाहिँ, मासुको शरीर जीवनको जुनसुकै चरणमा पुगे पनि, पृथ्वीमा यो जति लामो समय बाँचे पनि, सबै कुराहरू आत्माको कामद्वारा नै निर्णय गरिएको हुन्छ। मानवले सामान्य मानवता भनी विचार गरेका कुरासँग यसको कुनै सम्बन्ध हुँदैन। उदाहरणका लागि येशूलाई लिनुहोस्। उहाँ साढे तेत्तीस वर्षसम्म शरीरमा जिउनुभयो। मानव शरीरको आयुको हिसाबमा, उहाँ त्यस उमेरमा मर्नु हुँदैनथ्यो, र उहाँले छोडेर जानु हुँदैनथ्यो। तर परमेश्‍वरका आत्माका लागि यो त्यति सरोकारको कुरा थिएन। उहाँको काम पूरा भएको थियो, त्यस बिन्दुमा शरीर लगियो, आत्मासँगै अलप भयो। यही सिद्धान्तद्वारा नै परमेश्‍वरले शरीरमा काम गर्नुहुन्छ। अनि यसलाई दृढतासाथ भन्‍नुपर्दा, देहधारी परमेश्‍वरको मानवता मुख्य महत्त्वको विषय होइन। यसलाई फेरि भन्दा, उहाँ सामान्य मानव प्राणीको जीवन जिउनका लागि यस पृथ्वीमा आउनुहुन्‍न। उहाँले सामान्य मानव जीवनलाई पहिले स्थापित गरेपछि काम गर्न सुरु गर्नुहुन्छ भन्‍ने होइन। बरु, उहाँ सामान्य मानव परिवारमा जन्मनुहुँदा, उहाँले ईश्‍वरीय काम गर्न सक्‍नुहुन्छ, जुन काम मानवका अभिप्रायहरूद्वारा दूषित पारिएको हुँदैन, अर्थात् शारीरिक हुँदैन, जसले समाजका तरिकाहरूलाई अपनाउँदैन वा मानवका विचारहरू र अवधारणाहरूलाई संलग्‍न गराउँदैन, र यसका अतिरिक्त,

जीविकाका लागि मानव दर्शनलाई संलग्न गराउँदैन। देहधारी परमेश्‍वरले यही काम गर्ने अभिप्राय राख्नुभएको छ, अनि उहाँको देहधारणको व्यावहारिक महत्त्व पनि यही नै हो। अन्य सानातिना प्रक्रियाहरूबाट भएर नगई, र, सामान्य मानवका अनुभवहरू नलिई नै शरीरमा पूरा गर्नुपर्ने आवश्यक कामका चरणलाई पूरा गर्न परमेश्‍वर मुख्यगरी शरीरमा आउनुहुन्छ। देहधारी परमेश्‍वरको शरीरले गर्नुपर्ने कार्यले सामान्य मानव अनुभवहरूलाई समावेश गर्दैन। यसैले परमेश्‍वरले शरीरमा पूरा गर्नका लागि आवश्यक पर्ने काम पूरा गर्नका खातिर उहाँ शरीरमा आउनुहुन्छ। बाँकी कुराहरूसँग उहाँको कुनै सम्बन्ध छैन, उहाँ विभिन्न सानातिना प्रक्रियाहरूद्वारा भएर जानुहुन्‍न। उहाँको काम पूरा भएपछि, उहाँको देहधारणको महत्त्व पनि अन्त्य हुन्छ। यो चरण पूरा गर्नुको अर्थ उहाँले शरीरमा गर्न आवश्यक पर्ने काम पूरा भएको छ, अनि उहाँको शरीरको सेवा पूरा भएको छ भन्‍ने हो। तर उहाँ अनिश्‍चितकालसम्म शरीरमा काम गरिरहन सक्नुहुन्‍न। उहाँ काम गर्नका लागि अर्को स्थानमा सर्नुपर्छ, जुनचाहिँ शरीरभन्दा बाहिरको स्थान हो। यसरी मात्र उहाँको काम पूर्ण रूपमा गर्न सकिन्छ, र महान् प्रभावको लागि यो अघि बढ्छ। परमेश्‍वरले आफ्नो सुरुको योजनाअनुसार काम गर्नुहुन्छ। कुन काम उहाँले गर्न आवश्यक छ र कुन काम उहाँले पूरा गर्नुभएको छ, सो कुरा उहाँलाई आफ्नो हतकेला जतिकै स्पष्टसँग थाहा छ। परमेश्‍वरले पहिल्यै निर्धारण गर्नुभएको बाटोमा हिँड्न उहाँले प्रत्येक व्यक्तिलाई अगुवाइ गर्नुहुन्छ। कोही पनि यसबाट उम्कन सक्दैन। परमेश्‍वरका आत्माको अगुवाइलाई पछ्याउनेहरू मात्र विश्राममा प्रवेश गर्न सक्नेछन्। पछिको काममा, मानवलाई अगुवाइ गर्नका लागि परमेश्‍वरले शरीरमा बोल्नुहुने कुरा हुनेछैन, तर मूर्त रूपमा आत्माले मानवको जीवनलाई अगुवाइ गर्नुहुनेछ भन्‍ने कुरा हुनसक्छ। तब मात्र मानवले ठोस रूपमा परमेश्‍वरलाई छुन सक्नेछ, परमेश्‍वरलाई हेर्नेछ, र परमेश्‍वरले माग गर्नुभएको यथार्थमा राम्रोसँग प्रवेश गर्नेछ, यसरी ऊ व्यावहारिक परमेश्‍वरद्वारा सिद्ध बनाइनेछ। यही कामलाई परमेश्‍वरले पूरा गर्ने अभिप्राय राख्नुभएको छ, अनि यही कुरालाई उहाँले लामो समयदेखि योजना गर्नुभएको हो। यसबाट, तिमीहरूले लिनैपर्ने बाटोलाई तिमीहरू सबैले देख्नैपर्छ!

## अन्धकारको प्रभावदेखि उम्की, र तँ परमेश्‍वरद्वारा प्राप्त गरिन सक्नेछस्

अन्धकारको प्रभाव के हो? यो कथित "अन्धकारको प्रभाव" शैतानको छल, भ्रष्टता, बन्धन र मानिसहरूलाई नियन्त्रण गर्ने प्रभाव हो; शैतानको प्रभाव एउटा प्रभाव हो जसमा मृत्युको वातावरण हुन्छ। शैतानको राज्य-क्षेत्रमा जिउने सबै विनाशतिर उन्मुख हुन्छन्।

परमेश्‍वरप्रतिको विश्‍वास हासिल गरिसकेपछि तँ कसरी अन्धकारको प्रभावदेखि उम्कन सक्छस् त? तैँले एकपल्ट परमेश्‍वरलाई इमान्दारितापूर्वक प्रार्थना गरिसकेपछि आफ्नो हृदयलाई पूर्णरीतिले उहाँतर्फ फर्काउँछस्, जुन बिन्दुमा तेरो हृदय परमेश्‍वरको आत्माद्वारा उत्प्रेरित हुन्छ। तँ आफैलाई पूर्ण रीतिले उहाँलाई दिन इच्छुक हुन्छस्, अनि यसै क्षणमा, तँ अन्धकारको प्रभावदेखि उम्केको हुनेछस्। यदि मानिसले गर्ने हरेक कुराले परमेश्‍वरलाई खुशी तुल्याउँछ र उहाँका मागहरूसित मेल

खान्छ भने, ऊ परमेश्‍वरका वचनहरूभित्र र उहाँको हेरविचार तथा सुरक्षाको अधीनमा जिउने व्यक्ति हुन्छ। यदि मानिसहरूले परमेश्‍वरका वचनहरू अभ्यास गर्न सक्दैनन्, यदि तिनीहरूले उहाँप्रति लापरवाहीपूर्ण व्यवहार देखाउँदै अनि उहाँको अस्तित्वमा अविश्‍वास गर्दै, सधैं उहाँलाई मूर्ख बनाउने प्रयास गरिरहन्छ भने—ती सबै मानिसहरू अन्धकारको प्रभावमुनि जिइरहेका हुन्छन्। परमेश्‍वरको मुक्ति नपाएका मानिसहरू शैतानको राज्य-क्षेत्रमा जिइरहेका हुन्छन्; यसको अर्थ, तिनीहरू सबै अन्धकारको प्रभावमुनि जिउँछन्। परमेश्‍वरमा विश्‍वास नगर्नेहरू शैतानको राज्य-क्षेत्रमा जिइरहेका हुन्छन्। परमेश्‍वरको अस्तित्वमा विश्‍वास गर्नेहरू पनि उहाँको ज्योतिमा नै जिइरहेका हुन्छ भन्‍ने कुनै जरुरी छैन, किनकि उहाँमा विश्‍वास गर्नेहरू वास्तवमै उहाँका वचनहरूमा जिइरहेका नहुन सक्छन्, न त तिनीहरू परमेश्‍वरमा समर्पित हुन सकेका नै हुन्छन्। परमेश्‍वरमा विश्‍वास गर्ने कुरामा मानिस सीमित छ, अनि ऊसित परमेश्‍वरको ज्ञान नभएको कारणले, ऊ अझै पनि पुराना नियमहरूमा, मृत शब्दहरूको माझमा, एउटा यस्तो जीवन जिइरहेको छ जुन अँध्यारो र अनिश्‍चित छ, जुन न त परमेश्‍वरद्‌वारा पूर्णरुपले शुद्‌ध गरिएको छ, न त उहाँद्‌वारा पूर्ण रुपले हासिल गरिएकोछ। त्यसैकारण, यो स्पष्ट नै छ कि परमेश्‍वरमा विश्‍वास नगर्नेहरू अन्धकारको प्रभावमुनि जिइरहेका हुन्छन्, परमेश्‍वरमा विश्‍वास गर्नेहरू पनि अझै त्यसको प्रभावमुनि हुन सक्छन्, किनकि तिनीहरूसित पवित्रआत्माको कार्यको कमी छ। परमेश्‍वरको अनुग्रह वा कृपा प्राप्त नगरेकाहरू र पवित्र आत्माको कार्य देख्न नसक्नेहरू सबै अन्धकारको प्रभावमुनि जिइरहेका छन्; अनि धैरैजसो समय, परमेश्‍वरको अनुग्रहको मात्रै आनन्द लिने, तैपनि उहाँलाई भने नचिन्‍ने मानिसहरू पनि त्यस्तै हुन्छन्। यदि एउटा मानिसले परमेश्‍वरमा विश्‍वास गर्दछ, तापनि आफ्नो अधिकांश जीवन अन्धकारको प्रभावमुनि जिइरहेको छ भने, यस मानिसले आफ्नो अस्तित्वको अर्थ नै गुमाएको छ—अनि परमेश्‍वरको अस्तित्वछ भन्‍ने विश्‍वास नगर्ने मानिसहरूको बारेमा उल्लेख गर्नु के खाँचो छ र?

परमेश्‍वरको कार्यलाई स्वीकार गर्न नसक्नेहरू, अथवा परमेश्‍वरको कार्यलाई स्वीकार गर्ने तर उहाँका मागहरूलाई पूरा गर्न असक्षम हुनेहरू सबै अन्धकारको प्रभावमुनि जिइरहेका मानिसहरू हुन्। सत्यतालाई अनुसरण गर्नेहरू र परमेश्‍वरका मागहरू पूरा गर्न सक्षम हुनेहरूले मात्रै उहाँबाट आशिषहरू प्राप्त गर्नेछन्, र तिनीहरू मात्रै अन्धकारको प्रभावदेखि उम्किनेछन्। तिनीहरू जो स्वतन्त्र भएका छैनन्, जो सधैँ केही निश्‍चित कुराहरूद्‌वारा नियन्त्रित हुन्छन्, अनि जसले आफ्नो हृदय परमेश्‍वरलाई दिन असक्षम हुन्छन्, तिनीहरू मृत्युको वातावरणमा जिउने शैतानको बन्धनमुनि रहने मानिसहरू हुन्। तिनीहरू जो आफ्नै कर्तव्यहरूप्रति अविश्‍वासयोग्य छन्, जो परमेश्‍वरको आज्ञाप्रति अविश्‍वासयोग्य छन् अनि जसले मण्डलीमा आफ्ना काम-कर्तव्यहरू पूरागर्न चुक्छन्, तिनीहरू अन्धकारको प्रभावमुनि जिउने मानिसहरू हुन्। तिनीहरू जसले जानाजान मण्डली-जीवनलाई बिथोल्छन्, तिनीहरू जसले जानीबुझी आफ्ना दाजुभाइहरू तथा दिदीबहिनीहरूको माझमा बेमेलको बीउ रोप्छन् वा जसले गुट निर्माण गर्छन्, तिनीहरू अझै गहिरो अन्धकारको प्रभावमुनि, शैतानको बन्धनमा जिउने मानिसहरू हुन्। तिनीहरू जसको परमेश्‍वरसित असामान्य सम्बन्ध हुन्छ, जसको सधैँ अत्यधिक चाहनाहरू हुन्छन्, जसले सधैँ लाभ हासिल गर्न चाहन्छन्, र जसले आफ्नो स्वभावमा कहिल्यै रूपान्तरण खोजी गर्दैनन्, तिनीहरू अन्धकारको प्रभावमुनि जिउने

मानिसहरू हुन्। तिनीहरू जो सधैँ बेहोशियार छन् अनि सत्यताको तिनीहरूको अभ्यासमा कहिल्यै गम्भीर हुँदैनन् परमेश्वरको इच्छा पूरा गर्ने कुरा खोजी गर्नुको सट्टामा तिनीहरूका आफ्नै देहलाई सन्तुष्ट गर्न खोज्दछन्, तिनीहरू पनि मृत्युको आवरणले ढाकिएको अन्धकारको प्रभावमुनि जिउने मानिसहरू हुन्। परमेश्वरको निम्ति काम गर्दा जो कुटिलता र छलमा संलग्न हुन्छन्, जसले परमेश्वरसित लापरवाहीपूर्ण ढङ्गले व्यवहार गर्छन्, जसले परमेश्वरलाई ठग्छन् अनि जसले सधैँ आफ्नै निम्ति योजना बनाउँछन्, तिनीहरू अन्धकारको प्रभावमुनि जिउने मानिसहरू हुन्। तिनीहरू जसले परमेश्वरलाई साँचो रीतिले प्रेम गर्न सक्दैनन्, जसले सत्यताको अनुसरण गर्दैनन्, अनि जो आफ्नो स्वभावलाई रूपान्तरण गर्ने कुरामा केन्द्रित हुँदैनन्, तिनीहरू सबै अन्धकारको प्रभावमुनि जिउने मानिसहरूहुन्।

यदि तँ परमेश्वरद्वारा प्रशंसित हुने चाहना गर्छस् भने, तैँले पहिले आफ्नो हृदय परमेश्वरतर्फ खोलेर यसलाई पूर्णरूपले उहाँतर्फ फर्काउँदै शैतानको अन्धकारपूर्ण प्रभावदेखि उम्कनुपर्छ। अहिले तैँले गरिरहेको कुराहरूको निम्ति के परमेश्वरले तँलाई प्रशंसा गर्नुहुन्थ्यो? के तैँले आफ्नो हृदय परमेश्वरतिर फर्काएको छस्? के तैँले गरेका कुराहरू परमेश्वरले तँबाट माग गर्नुभएका कुरा हुन् र? के ती सत्यतासित मेल खान्छन्? सबै समय आफैलाई जाँच् र परमेश्वरको वचन खाने र पिउनेमा ध्यान केन्द्रितगर्; उहाँको सामु आफ्नो हृदयलाई फिँजा, उहाँलाई इमान्दारितापूर्वक प्रेम गर् र भक्तिपूर्वक परमेश्वरको निम्ति आफैलाई समर्पित गर्। यस्तो गर्ने मानिसहरूलाई परमेश्वरले निश्चय नै प्रशंसा गर्नुहुनेछ।

तिनीहरू सबै जसले परमेश्वरमा विश्वास गर्छन्, तापनि सत्यताको अनुसरण गर्दैनन्, तिनीहरूसँग शैतानको प्रभावदेखि उम्कने कुनै उपाय छैन। तिनीहरू जो इमान्दारितासहित आफ्नो जीवन जिउँदैनन्, जसले अरूको सामु एउटा प्रकारले व्यवहार गर्छन् तर तिनीहरूको पछाडि अर्कै प्रकारले व्यवहार गर्छन्, जसले नम्रता, धैर्यता तथा प्रेमको बाहय रुप मात्रै देखाउँछन्, यद्यपि तिनीहरूको सार घातक, धूर्त र परमेश्वरप्रति वफादाररहित हुन्छ—त्यस्ता मानिसहरू अन्धकारको प्रभावमुनि जिउनेहरूका खास प्रतिनिधिहरू हुन्; तिनीहरू सर्पका वर्गका हुन्। तिनीहरू जसले सधैँ तिनीहरूका आफ्नै फाइदाको निम्ति मात्रै परमेश्वरमा विश्वास गर्छन्, जो स्वधर्मी र अभिमानी छन्, जसले देखावटी गर्छन्, अनि जसले आफ्नै हैसियतलाई रक्षा गर्छन्, तिनीहरू त्यस्ता मानिसहरू हुन् जसले शैतानलाई प्रेम गर्छन्, सत्यतालाई विरोध गर्छन्। यी मानिसहरूले परमेश्वरलाई विरोध गर्छन् तिनीहरू पूर्णरुपले शैतानका हुन्। तिनीहरू जसले परमेश्वरका बोझहरूलाई ध्यान दिँदैनन्, जसले सम्पूर्ण हृदयले परमेश्वरको सेवा गर्दैनन्, जोसित सधैँ तिनीहरूका आफ्नै स्व-रुचिहरू र आफ्नै परिवारका रुचिहरूको चासो हुन्छ, जो परमेश्वरको निम्ति तिनीहरू स्वयम्लाई समर्पित गर्न हरेक कुरा त्याग्न असक्षम हुन्छन्, र जो कहिल्यै परमेश्वरको वचनद्वारा जिउँदैनन्, तिनीहरू परमेश्वरको वचनबाट बाहिर रहने मानिसहरू हुन्। त्यस्ता मानिसहरूले परमेश्वरको प्रशंसा प्राप्त गर्न सक्दैनन्।

जब परमेश्वरले मानिसहरूलाई सृष्टि गर्नुभयो, उहाँले यस कारणले गर्नुभयो ताकि उनीहरूले उहाँको प्रशस्तताको आनन्द लिऊन् र उहाँलाई साँचो रीतिले प्रेम गरून्; यसप्रकारले मानिसहरू

उहाँको ज्योतिमा जिउन सक्नेथिए। आज, ती सबै मानिसहरू जसले परमेश्‍वरलाई प्रेम गर्न सक्दैनन्, तिनीहरू उहाँका बोझहरूप्रति सावधान छैनन्, तिनीहरूले आफ्नो हृदयलाई पूर्ण रीतिले उहाँलाई दिनसक्दैनन्, उहाँको हृदयलाई तिनीहरूका आफ्नै हृदय जस्तै गरी ग्रहण गर्न सक्दैनन् उहाँका बोझहरूलाई आफ्नै जस्तै गरी काँध थाप्न सक्दैनन्—त्यस्ता कुनै पनि मानिसहरूमाथि परमेश्‍वरको ज्योति चम्कदैन र त्यसैकारण तिनीहरू सबै अन्धकारको प्रभावमुनि जिइरहेका छन्। तिनीहरू एउटा यस्तो बाटोमा छन् जुन पूर्णतया परमेश्‍वरको इच्छाको विपरीत छ, र तिनीहरूले गर्ने कुनै पनि कुरामा सत्यताको एउटा टुक्रा पनि छैन। तिनीहरू शैतानसितै हिलोमा लडिबुडी गरिरहेका छन्; तिनीहरू त्यस्ता मानिसहरू हुन् जो अन्धकारको प्रभावमुनि जिउँछन्। यदि तैँले सधैँ परमेश्‍वरका वचनहरू खान र पिउन सक्छस् उहाँको इच्छाप्रति सावधान छस् अनि उहाँका वचनहरूलाई अभ्यासमा लगाउँछस् भने, तँ परमेश्‍वरको होस्, तँ उहाँको वचनहरूमा जिउने व्यक्ति होस्। के तँ शैतानको राज्य-क्षेत्रदेखि उम्किने र परमेश्‍वरको ज्योतिमा जिउने इच्छा गरिरहेको छस्? यदि तँ परमेश्‍वरका वचनहरूमा जिउँछस् भने, पवित्रआत्माले आफ्नो काम गर्ने अवसर पाउनुहुनेछ; यदि तँ शैतानको प्रभावमुनि जिउँछस् भने, तैँले पवित्रआत्मालाई त्यस्तो कुनै अवसर दिने छैनस्। पवित्रआत्माले जुन काम मानिसहरूमा गर्नुहुन्छ, जुन ज्योति उहाँले तिनीहरूमाथि चम्काउनुहुन्छ र जुन निर्धक्कता उहाँले तिनीहरूलाई दिनुहुन्छ, त्यो केवल एकक्षणको लागि रहन्छ; यदि मानिसहरू सावधान छैनन्, तिनीहरूले ध्यान दिँदैनन् भने, पवित्र आत्माको कामले तिनीहरूलाई छोडिदिनुहुनेछ। यदि मानिसहरू परमेश्‍वरका वचनहरूमा जिउँछन् भने, पवित्र आत्मा तिनीहरूसित रहनुहुनेछ र तिनीहरूमा काम गर्नुहुनेछ। यदि मानिसहरू परमेश्‍वरका वचनहरूमा जिउँदैनन् भने, तिनीहरू शैतानको बन्धनमा जिउँछन्। यदि मानिसहरू भ्रष्ट स्वभावसहित जिउँछन् भने, तिनीहरूसित पवित्रआत्माको उपस्थिति वा काम हुँदैन। यदि तँ परमेश्‍वरका वचनहरूको सीमाहरूमा जिउँछस्, र यदि तँ परमेश्‍वरले माग गर्नुभएको अवस्थामा जिउँछस् भने, तँ यस्तो व्यक्ति होस् जो उहाँकै हो, अनि उहाँको काम तँ मा सम्पन्न हुनेछ; यदि तँ परमेश्‍वरका मागहरूको सीमाहरूमा जिइरहेको छैन तर शैतानको राज्य-क्षेत्रमुनि जिइरहेको छस् भने, तँ निश्‍चय नै शैतानको भ्रष्टतामा जिइरहेको छस्। केवल परमेश्‍वरका वचनहरूमा जिएर अनि उहाँलाई आफ्नो हृदय दिएर तैँले उहाँका मागहरू पूरा गर्न सक्छस्; तैँले परमेश्‍वरका वाणीहरूलाई आफ्नो अस्तित्वको जग र आफ्नो जीवनको वास्तविकता बनाउँदै उहाँले भन्नुभएको अनुसार गर्नैपर्छ; तब मात्रै तँ परमेश्‍वरको हुनेछस्। यदि तैँले वास्तवमै परमेश्‍वरको इच्छाअनुरूप अभ्यास गर्छ भने, उहाँले तँमा काम सम्पन्न गर्नुहुनेछ, अनि तँउ हाँका आशिषहरूमुनि, उहाँको मुहारको ज्योतिमा जिउनेछस्; पवित्र आत्माले गर्नुहुने काम तैँले बुझ्ने छस्, परमेश्‍वरको उपस्थितिको आनन्द तैँले अनुभव गर्नेछस्।

अन्धकारदेखि उम्किन तँ परमेश्‍वरप्रति पहिले वफादार हुनैपर्छ र सत्यतालाई अनुसरण गर्न हृदयदेखि नै इच्छुक हुनुपर्छ; तब मात्रै तैँले सही अवस्था प्राप्त गर्न सक्छस्। सही अवस्थामा जिउनु अन्धकारको प्रभावदेखि उम्किनको निम्ति पूर्वआवश्यकता हो। सही अवस्थामा नहुनु परमेश्‍वरप्रति वफादार नहुनु हो, र सत्यता खोजी गर्न हृदयदेखि नै इच्छुक नहुनु हो; अनि तँ अन्धकारको प्रभावदेखि उम्कनु सवाल बाहिरको कुरा हुन्छ। अँध्यारो प्रभावहरू देखि मानिस

उम्किनको लागि मेरा वचनहरू आधार हुन्, अनि मेरा वचनहरू अनुसार अभ्यास गर्न नसक्ने मानिसहरू अन्धकारको प्रभावको बन्धनदेखि उम्कन सक्ने छैनन्। सही अवस्थामा जिउनु भनेको परमेश्वरका वचनहरूको अगुवाइमुनि जिउनु, परमेश्वरप्रति वफादारिताको अवस्थामा जिउनु, सत्यताको खोजी गर्ने अवस्थामा जिउनु, परमेश्वरको खातिर इमान्दारितापूर्वक आफैलाई समर्पित गर्ने वास्तविकतामा जिउनु र परमेश्वरलाई साँचो रीतिले प्रेम गर्ने अवस्थामा जिउनु हो। जो यस्तो अवस्थाहरूमा र यस वास्तविकतामा जिउँछन्, तिनीहरू सत्यताको गहिराइभित्र प्रवेश गरिदै गर्दा विस्तारै रुपान्तरण हुनेछन्, अनि काम गहिरो हुँदै जाँदा तिनीहरू रुपान्तरण हुनेछन्; अनि अन्त्यमा तिनीहरू निश्चय नै त्यस्ता मानिसहरू हुनेछन् जो परमेश्वरद्वारा हासिल गरिएका हुन्छन् जसले उहाँलाई साँचो प्रकारले प्रेम गर्छन्। तिनीहरू जो अन्धकारको प्रभावदेखि उम्केका छन्, तिनीहरूले विस्तारै परमेश्वरको इच्छालाई सुनिश्चित गर्न सक्छन् विस्तारै त्यसलाई बुझ्न थाल्छन्, अन्ततः तिनीहरू परमेश्वरका विश्वासपात्रहरू हुन्छन्। तिनीहरूले परमेश्वरको बारेमा कुनै धारणा मनमा नराख्ने र उहाँको विरुद्धमा कुनै विद्रोह नगर्ने मात्र होइन, तर तिनीहरूले अगि तिनीहरूलाई प्रभुत्व गरेको त्यस्ता धारणा तथा विद्रोहहरूलाई झन् बढी घृणा पनि गर्छन्, अनि परमेश्वरको निम्ति साँचो प्रेम तिनीहरूको हृदयमा उदय हुन्छ। मानिसहरू जो अन्धकारको प्रभावदेखि उम्कन असक्षम हुन्छन्, तिनीहरू सबै देहद्वारा पूर्णरूपमा भरिएका हुन्छन् विद्रोहले भरिपूर्ण हुन्छन्; तिनीहरूका हृदयहरू जीविकाको निम्ति मानव धारणा तथा दर्शनशास्त्रहरू, साथै तिनीहरूका आफ्नै अभिप्राय तथा सोचविचारहरूले भरिएका हुन्छन्। परमेश्वरले चाहनुभएको कुरा मानिसबाटको अद्वितीय प्रेम हो; उहाँले चाहना गर्नुभएको कुरा मानिस उहाँका वचनहरूद्वारा र उहाँप्रतिको प्रेमले पूर्ण भएको हृदयद्वारा भरपूर भएको होस् भन्ने नै हो। परमेश्वरका वचनहरूमा जिउन, तिनीहरूले खोजतलास गर्नुपर्ने उहाँका वचनहरूमा खोज्न, उहाँका वचनहरूका निम्ति परमेश्वरलाई प्रेम गर्न, उहाँका वचनहरूका निम्ति दौडन, उहाँका वचनहरूका निम्ति जिउन–मानिसले हासिल गर्न प्रयास गर्नुपर्ने लक्ष्यहरू यिनै हुन्। हरेक कुराप रमेश्वरका वचनहरूमाथि निर्माण हुनुपर्छ; तब मात्रै मानिसले परमेश्वरका मागहरूलाई पूरा गर्न सक्नेछ। यदि मानिस परमेश्वरका वचनहरूले सुसज्जित छैन भने, ऊ केही होइन, केवल शैतानको कब्जामा परेको भुसुना हो! यसलाई तौल्: परमेश्वरको वचनले कतिसम्म तँ भित्र जरा गाडेको छ? कुन कुराहरूमा तँ उहाँको वचनहरू अनुसार जिइरहेको छस्? कुन कुराहरूमा तँ उहाँको वचनहरू अनुसार जिइरहेको छैनस्? यदि परमेश्वरका वचनहरूले तँलाई पूर्णरूपले पक्रेको छैन भने, कुन कुराले यथार्थमा तेरो हृदयलाई ओगटेको छ? तेरो दिनदिनको जीवनमा, तँ शैतानद्वारा नियन्त्रित भइरहेको छ कि परमेश्वरको वचनहरूद्वारा ओगटिएको छस्? के उहाँको वचनहरूको जगमाथि तेरा प्रार्थनाहरू आधारित भएका छन्? के परमेश्वरका वचनहरूद्वारा अन्तर्दृष्टि पाएर तँ आफ्नो नकारात्मक अवस्थादेखि बाहिर आएको छस्? परमेश्वरको वचनहरूलाई तेरो अस्तित्वको जगको रुपमा लिनु–यही नै हरेक जना प्रवेश गर्नुपर्ने कुराहो। यदि उहाँका वचनहरू तेरो जीवनमा उपस्थित छैन भने, तँ अन्धकारको प्रभावमुनि जिइरहेको छस्, तैँले परमेश्वरको विरुद्धमा विद्रोह गरिरहेको छस्, तैँले उहाँको प्रतिरोध गरिरहेको छस् तैँले उहाँको नाउँलाई अनादर गरिरहेको छस्। परमेश्वरप्रतिको त्यस्ता मानिसहरूको विश्वास पूर्ण रूपमा हानि र खल्बली मात्रै

हो। तेरो जीवनको कति भाग उहाँको वचनहरूअनुसार जिइएकोछ? तेरो जीवनको कति भाग उहाँको वचनहरूअनुसार जिइएको छैन? परमेश्‍वरको वचनले तँबाट माग गरेको कति जति तँमा पूरा भएको छ? कति जति तँमा हराएको छ? के तैँले त्यस्ता कुराहरूलाई नजिकबाट नियालेको छस्?

अन्धकारको प्रभावदेखि उम्किनुको निम्ति पवित्र आत्माको काम र मानिसको समर्पित सहकार्य दुवै आवश्यक हुन्छ। मानिस ठीक मार्गमा छैन भनी म किन भन्छु? ठीक मार्गमा भएका मानिसहरूले पहिले आफ्नो हृदय परमेश्‍वरलाई दिनसक्छन्। यो एउटा कार्य हो जसभित्र प्रवेश गर्न निकै लामो समय लाग्छ, किनकि मानवजाति सधैँ अन्धकारको प्रभावमुनि बाँचेको छ र हजारौँ वर्षदेखि शैतानको बन्धनमुनि रहेको छ। त्यसैकारण, यसभित्रको प्रवेश एक वा दुई दिनमा हासिल गर्न सकिँदैन। मानिसहरूले तिनीहरूका आफ्नै अवस्थालाई बुझ्न सकून् भनेर मैले यो विषय उठाएँ; जब मानिसले अन्धकारको प्रभाव के हो र ज्योतिमा जिउनु के हो भनी बुझ्दछ, तब प्रवेश गर्ने कुरा धेरै सजिलो हुन्छ। यो किनभने शैतानको प्रभावदेखि उम्किनुअघि यो के हो भनी तैँले जान्नुपर्छ; त्यसपछि मात्रै त्यसलाई फ्याँक्न तँसित उपाय हुनेछ। त्यसपछि के गर्ने भन्ने सम्बन्धमा, त्यो चाहिँ मानिसहरूको आफ्नै काम हो। हरेक कुराभित्र सकारात्मक पक्षबाट प्रवेश गर् र कहिल्यै निष्क्रिय भएर नपर्खि। केवल यस तरिकाबाट मात्रै तँ परमेश्‍वरबाट हासिल गरिन सक्नेछस्।

## विश्‍वासमा, व्यक्तिले वास्तविकतालाई जोड दिनुपर्छ—धार्मिक विधिविधानमा संलग्न हुनु विश्‍वास होइन

तैँले कति वटा धार्मिक अभ्यासहरू पालना गर्छस्? तैँले कति पल्ट परमेश्‍वरको वचन विरुद्ध विद्रोह गरेको छस् र आफ्नै बाटोमा हिँडेको छ? तैँले साँच्चै नै परमेश्‍वरको बोझको बारेमा बुझ्ने र उहाँको इच्छालाई पूरा गर्न चाहेको कारण तैँले कति पल्ट परमेश्‍वरको वचनलाई अभ्यास गरेको छस्? तैँले परमेश्‍वरको वचनलाई बुझ्नुपर्छ र तिनलाई सोही अनुरूप अभ्यास गर्नुपर्छ। आफ्ना सबै कार्यहरू र कर्महरूमा अनुशासित बन्, तर यसको मतलब नियमहरूमा बाँधिनु वा मन नलागी-नलागी देखाउनको लागि मात्र कुनै काम गर्नुपर्छ भन्ने होइन; बरु यसको अर्थ सत्यको अभ्यास गर्दै परमेश्‍वरको वचन अनुरूप जिउनु हो। परमेश्‍वरलाई सन्तुष्ट पार्ने जस्तो गरी मात्रै अभ्यास गर्। परमेश्‍वरलाई प्रसन्न गराउने कुनै पनि कार्यविधि नियम हुँदैन, तर यो सत्यको अभ्यास हुन्छ। कतिपय मानिसहरूलाई आफूतर्फ ध्यान खिच्नेप्रति विशेष रुचि हुन्छ। आफ्नो दाजुभाइ र दिदीबहिनीहरूको उपस्थितिमा उनीहरूले आफू परमेश्‍वरको ऋणी भएको बताउन सक्छन् तर तिनीहरूको पिठ्यूँपछाडि उनीहरू सत्यको अभ्यास गर्दैनन् र सम्पूर्ण रूपमा फरक तरिकाले व्यवहार गर्दछन्। के उनीहरू पाखण्डी फरिसीहरू होइनन् र? परमेश्‍वरलाई वास्तविक रूपमा माया गर्ने र सत्यता धारण गरेको व्यक्ति भनेको त्यस्तो व्यक्ति हो जो परमेश्‍वरप्रति बफादार हुन्छ तर बाहृय रूपमा कुनै पनि देखावटी व्यवहार प्रदर्शन गर्दैन। त्यस्तो व्यक्ति परिस्थिति आइपरेमा सत्यको अभ्यास गर्न इच्छुक हुन्छ र आफ्नो विवेकको विरुद्ध हुने गरी बोल्ने र कार्य गर्ने गर्दैन। यस्तो व्यक्तिले अवस्थाहरू आई परेमा बुद्धिको प्रदर्शन गर्छ र परिस्थिति जस्तोसुकै भए तापनि ऊ

आफ्नो कार्यहरूमा अनुशासित रहन्छ। यस प्रकारको व्यक्तिले साँचो सेवा प्रदान गर्न सक्छ। यहाँ केही यस्ता छन् जो परमेश्वरप्रतिको ऋणीपनको लागि प्रायः मुखले मात्र सेवा गर्दछन्; उनीहरू आँखीभौँहरू चिन्तामा डुबेको देखाउँदै, कृत्रिमता अपनाउँदै र दयनीय भएको स्वाङ पार्दै दिन बिताउँछन्। कस्तो घृणा लाग्दो कुरो! यदि तैँले उनीहरूलाई "के तपाईंले तपाईं कसरी परमेश्वरप्रति ऋणी हुनुहुन्छ भनेर मलाई भन्न सक्नुहुन्छ?" भनेर सोधिस् उनीहरू अवाक् हुनेछन्। यदि तँ परमेश्वरप्रति बफादार छस् भने तैँले यसको बारेमा बाह्य रूपमा नबता; बरु वास्तविक अभ्यासमार्फत परमेश्वरप्रतिको प्रेम प्रदर्शित गर्, र साँचो हृदयले उहाँलाई प्रार्थना गर्। परमेश्वरसँग केवल मुखले र झारो टार्न मात्र व्यवहार गर्ने व्यक्तिहरू पाखण्डीहरू हुन्! कोही भने हरेक पल्ट प्रार्थना गर्दा परमेश्वरप्रति ऋणी भएको कुरा गर्छन्, र पवित्र आत्माद्वारा प्रेरित नभईकन पनि हरेक पल्ट प्रार्थना गर्दा रुन थाल्छन्। यस्ता व्यक्तिहरू धार्मिक विधिविधानहरू र धारणाहरूको अधीनमा हुन्छन्; उनीहरू सधैँ यस्ता कार्यहरूले परमेश्वर खुशी हुनुहुनेछ र उहाँले सतही भक्ति वा शोकाकुल आँशुहरूलाई रुचाउनुहुन्छ भनेर विश्वास गर्दै यस्तै धार्मिक विधिविधानहरू र धारणाहरूसँगै बाँच्ने गर्छन्। यस्ता हास्यास्पद मानिसहरूबाट के राम्रो कुरा आउन सक्छ र? कोही भने विनम्रता प्रदर्शित गर्नको लागि अन्य व्यक्तिहरूको उपस्थितिमा कुरा गर्दा शालीनताको ढोंग रच्छन्। कोही चाहिँ अन्य व्यक्तिहरूको उपस्थितिमा एक त्यान्द्रो बल पनि नभएको भेडाको पाठो झैं बनेर जानाजान दास जस्तो बन्छन्। के यो राज्यका मानिसहरूलाई सुहाउने आचरण हो? राज्यका मानिसहरू त सजीव र स्वतन्त्र, निर्दोष र खुला मनको, इमानदार र प्यारो हुनुपर्छ अनि स्वतन्त्रताको स्थितिमा बाँचिरहेको हुनुपर्छ। उनीहरूमा निष्ठा र प्रतिष्ठा हुनुपर्छ र जहाँसुकै जाँदा पनि साक्षीको रूपमा खडा हुनसक्ने हुनुपर्छ; यस्ता मानिसहरूलाई परमेश्वर र मानिस दुवैले माया गर्छन्। विश्वासमा अनुभव रहित मानिसहरूसँग एकदमै धेरै देखावटी अभ्यासहरू हुन्छन्; उनीहरूले सर्वप्रथम निराकरण वा विच्छिन्नताको अवधिबाट गुज्रनुपर्छ। भित्रदेखि नै परमेश्वरमा विश्वास गर्ने मानिसहरूलाई बाहिरबाट अन्य व्यक्तिहरूबाट भिन्नता छुट्याउन सकिँदैन, तर उनीहरूका व्यवहार र कार्यहरू प्रशंसा योग्य हुन्छन्। त्यस्ता मानिसहरूलाई मात्र परमेश्वरको वचनमा जिइरहेका छन् भनेर भन्न सकिन्छ। यदि तँ हरेक दिन विविध मानिसहरूमाझ उनीहरूलाई मुक्ति प्रदान गर्ने हेतुले सुसमाचार प्रचार गर्छस्, तर तँ अन्ततः अझै पनि नियमहरू र सिद्धान्तहरू अनुरूप जिउँछस् भने तैँले परमेश्वरमा महिमा ल्याउन सक्दैनस्। त्यस्ता व्यक्तिहरू धर्मानुरागी व्यक्तित्वहरू हुनुका साथसाथै पाखण्डीहरू हुन्।

जब-जब यस्ता धार्मिक मानिसहरू धार्मिक जमघटमा जान्छन्, उनीहरूले सोध्न सक्छन्, "बहिनी, तपाईं हाल कस्तो हुनुहुन्छ?" उनले उत्तर दिन सक्छिन्, "मलाई लाग्छ, म परमेश्वरको ऋणी छु, र मैले उहाँको इच्छा परिपूर्ति गर्न सक्दिन जस्तो लाग्छ"। अर्कोले भन्न सक्छ, "म पनि परमेश्वरको ऋणी भएको महसुस गर्छु, र मैले उहाँको इच्छा परिपूर्ति गर्न सक्दिन जस्तो लाग्छ"। यी केही वाक्यहरू र शब्दहरू मात्रले पनि उनीहरू भित्र भएको घृणित कुराहरूलाई व्यक्त गर्दछन्; यी शब्दहरू घृणायोग्य छन्, र अति नै घिनलाग्दा छन्। यस्ता मानिसहरूको स्वभाव परमेश्वरको विरुद्धमा हुन्छ। यथार्थमा जोड दिने मानिसहरूले आफ्नो मस्तिष्कमा जे छ ती सबै कुराहरू बताउँछन्, र सङ्गतिमा आफ्नो मनको कुरा खोल्छन्। उनीहरू केवल एउटा पनि गलत अभ्यासमा

संलग्न हुँदैनन्, उनीहरूले न त त्यस्तो शिष्टाचार प्रदर्शित गर्छन् न त खोक्रो हाँसि-मजाक नै गर्छन्। उनीहरू सँधै सीधा कुरा गर्ने हुन्छन्, र उनीहरूले कुनै पनि बाहिरी नियमहरूको पालना गर्दैनन्। केही मानिसहरूलाई बाह्य प्रदर्शनमा रुचि हुन्छ, र त्यो पूरै विवेक गुमाउने हदसम्मको पनि हुन सक्छ। जब कसैले गीत गाउँछ, उनीहरू नाच्न सुरु गर्छन्, उनीहरूलाई आफ्नो भाँडोमा भात डढी सक्यो भन्ने ख्याल पनि रहँदैन। यस्ता मानिसहरू धार्मिक वा सम्मान योग्य हुँदैनन् र उनीहरू अति नै हल्का स्वभावका हुन्छन्। यी सबै कुराहरू यथार्थ विहीनताको प्रकटीकरणहरू हुन्। जब केही मानिसहरूले आत्मिक जीवनका विषयहरूको बारेमा सङ्गति गर्छन्, उनीहरूले परमेश्वरसँग ऋणी भएको कुरा नगरे तापनि उनीहरूमा भित्र कहीँ उहाँप्रतिको साँचो प्रेम हुन्छ। अन्य मानिसहरूसँग परमेश्वरप्रति रहेको तपाईंहरूको ऋणीपनको भावनाको कुनै सम्बन्ध हुँदैन; तपाईंहरू परमेश्वरप्रति ऋणी हुनुहुन्छ, तर मानवतासँग ऋणी हुनुहुन्न। तपाईंहरूले सधैँ अन्य व्यक्तिहरूसँग यसको बारेमा कुरा गर्नुको के अर्थ हुन्छ? तपाईंहरूले वास्तविकतामा प्रवेश गर्ने कुरामा महत्त्व दिनुपर्छ, बाह्य उत्साह वा प्रदर्शनमा होइन।

मानिसहरूका सतही असल कार्यहरूले केलाई प्रतिनिधित्व गर्छन्? तिनीहरूले देहको प्रतिनिधित्व गर्छन्, र बाह्य अभ्यासहरूमध्ये सर्वोत्तम अभ्यासले पनि जीवनको प्रतिनिधित्व गर्दैन; तिनीहरूले तेरो व्यक्तिगत मनोवृत्तिलाई मात्रै दर्साउँछ। मानवजातिको बाह्य अभ्यासहरूले परमेश्वरको इच्छालाई पूरा गर्न सक्दैन। तँ निरन्तर आफू परमेश्वरप्रति ऋणी भएको छु भनी भन्छस्, तर तैँले अन्य व्यक्तिहरूको जीवनलाई परिपूर्ति गर्दैनस् वा परमेश्वरलाई माया गर्न उनीहरूलाई प्रेरित गर्दैनस्। के तँ तेरा कार्यहरूले परमेश्वरलाई सन्तुष्ट पार्छ भनेर विश्वास गर्छस्? तँलाई आफ्ना कार्यहरू परमेश्वरको इच्छा अनुरूप नै छ जस्तो लाग्छ, र तिनीहरू आत्माको इच्छा अनुरूप छन् भन्ने लाग्छ, तर वास्तवमा, तिनीहरू सबै हास्यास्पद छन्। जुन कुराले तँलाई खुशी तुल्याउँछ र तँ जे गर्न चाहन्छस् तिनै कुराहरूमा परमेश्वर खुशी हुनुहुन्छ भनेर तँ विश्वास गर्छस्। के तेरो मन पर्ने कुराहरूले परमेश्वरको प्रतिनिधित्व गर्न सक्छ त? के व्यक्तिको चरित्रले परमेश्वरलाई प्रतिनिधित्व गर्न सक्छ त? जुन कुराले तँलाई खुशी तुल्याउँछ, सोही कुरालाई नै परमेश्वरले घृणा गर्नुहुन्छ, र तेरो बानी-व्यहोरा नै ती कुरा हुन् जसलाई परमेश्वरले घृणा गर्नुहुन्छ र अस्वीकार गर्नुहुन्छ। यदि तँ ऋणी भएको अनुभव गर्छस् भने परमेश्वरको सामने गएर प्रार्थना गर्; यसको बारेमा अन्य व्यक्तिहरूसँग कुरा गर्न जरुरी छैन। यदी तैँले परमेश्वरको अगाडि प्रार्थना गर्दैनस् भने, र अन्य व्यक्तिहरूको उपस्थितिमा निरन्तर आफूतर्फ मात्रै ध्यान आकर्षित गर्छस् भने, के यसले परमेश्वरको इच्छालाई सन्तुष्ट गर्न सक्छ र? यदि तेरा कार्यहरू केवल देखावटी रूपमा मात्र विद्यमान रहन्छन् भने यसको मतलब तँ चरम रूपमा बेकामे छस् भन्ने हुन्छ। ती कस्ता आचरणका मानिसहरू हुन जो केवल सतही असल कार्य गर्दछन् र वास्तविकता विहीन रहन्छन्? त्यस्ता मानिसहरू केवल पाखण्डी फरिसीहरू र धार्मिक व्यक्तित्वहरू मात्रै हुन्। यदि तिमीहरूले बाह्य अभ्यासलाई त्याग्दैनौ र परिवर्तन गर्न सक्दैनौ भने तिमीहरूभित्र भएको पाखण्डिपन झनझन मौलाउनेछ। तिमीहरूभित्र पाखण्डिपनको तत्वहरू जति धेरै ठूलो भयो, परमेश्वर विरुद्धको प्रतिरोध पनि त्यति नै धेरै हुन्छ। अन्त्यमा, त्यस्ता मानिसहरूलाई हटाइनेछ!

# आज परमेश्वरको कामको बारेमा जान्नेहरूले मात्र परमेश्वरको सेवा गर्न सक्छन्

परमेश्वरको गवाही हुन अनि ठूलो रातो अजिङ्गरलाई लज्जित पार्नको लागि, व्यक्तिसित सिद्धान्त हुनुपर्छ, अनि व्यक्तिले सर्त पूरा गर्नुपर्छ: व्यक्तिले परमेश्वरलाई आफ्नो हृदयमा प्रेम गर्नुपर्छ र उहाँको वचनमा प्रवेश गर्नुपर्छ। यदि तँ परमेश्वरको वचनमा प्रवेश गर्दैनस् भने, शैतानलाई लज्जित तुल्याउन तँसित कुनै तरिका हुनेछैन। तेरो जीवनको वृद्धिद्वारा नै तैँले ठूलो रातो अजिङ्गरलाई परित्याग गर्छस् र त्यसलाई बेइज्जतीको भारी बोकाउँछस्; ठूलो रातो अजिङ्गरलाई साँच्चै लज्जित पार्नु भनेको यही मात्र हो। परमेश्वरका वचनहरूलाई व्यवहारमा लागू गर्न तँ जति बढी इच्छुक हुन्छस्, परमेश्वरप्रतिको तेरो प्रेम अनि ठूलो रातो अजिङ्गरप्रतिको तेरो घृणाको प्रमाण त्यति नै ठूलो हुन्छ; परमेश्वरका वचनहरूलाई तैँले जति धेरै पालन गर्छस्, सत्यताप्रतिको तेरो चाहनाको प्रमाण त्यति नै ठूलो हुन्छ। परमेश्वरका वचनहरूको चाहना नगर्ने मानिस जीवनविनाका मानिसहरू हुन्। यस्ता मानिसहरू परमेश्वरको वचनबाहिरका मानिसहरू हुन्, जो धर्मको अधीनमा हुन्छन। परमेश्वरमाथि साँचो रूपले विश्वास गर्ने मानिसहरूले, परमेश्वरको वचन खाएर अनि पिएर उहाँका वचनहरूको गहन ज्ञान पाएका हुन्छन्। यदि तँ परमेश्वरका वचनहरूको चाहना गर्दैनस् भने, तैँले साँचो रूपले उहाँको वचनहरू खान र पिउन सक्दैनस्, अनि तँमा परमेश्वरका वचनहरूको ज्ञान छैन भने, तँमा परमेश्वरलाई साक्षी दिने वा परमेश्वरलाई सन्तुष्ट पार्ने कुनै माध्यम नै हुँदैन।

परमेश्वरमा विश्वास गर्दा, परमेश्वरलाई कसरी चिन्नुपर्छ? व्यक्तिले पथभ्रष्ट वा भ्रमित नभई परमेश्वरका वचनहरू अनि परमेश्वरको आजको कामको आधारमा नै परमेश्वरलाई चिन्नुपर्छ, र सबैभन्दा पहिला, उसले परमेश्वरको कामलाई जान्नुपर्छ। परमेश्वरलाई चिन्नुको आधार यही हो। परमेश्वरका वचनहरूको सटीक बुझाइ नभएका ती सबै विभिन्न भ्रमहरू धार्मिक धारणाहरू मात्र हुन्; ती विकृत अनि गलत बुझाइ हुन्। धार्मिक व्यक्तित्वहरूको सबैभन्दा ठूलो खुबी भनेको विगतमा बुझेका परमेश्वरका वचनहरूलाई आजका परमेश्वरका वचनहरूसँग तुलना गर्नु हो। यदि आजका परमेश्वरलाई सेवा गरिरहँदा तँ विगतमा पवित्र आत्माको अन्तर्दृष्टिद्वारा प्रकट गरिएका कुराहरूमा टाँसिरहन्छस् भने, तेरो सेवाले बाधा सृजना गर्नेछ, अनि तेरो अभ्यास पुरानो हुनेछ, त्यो धार्मिक रीति बाहेक केही हुनेछैन। यदि परमेश्वरको सेवा गर्नेहरूमा, अरू योग्यताहरूका अलावा, तिनिहरू बाहिरी रूपले नम्र र धैर्य हुनैपर्छ भन्ने कुरामा तैँले विश्वास गर्छस् भने, अनि आज तैँले यस प्रकारको ज्ञानको अभ्यास गरिस् भने, यस्तो ज्ञान केवल धार्मिक धारणा हुन्छ; यस्तो अभ्यास केवल देखावटी कार्य बनेको छ। “धार्मिक धारणा” भन्ने वाक्यांशले प्राचीन र अप्रचलित (परमेश्वरले पहिले बोल्नुभएका वचनहरू अनि पवित्र आत्माले सोझै प्रकट गर्नुभएको प्रकाशलगायत) कुराहरूलाई दर्साउँछ, अनि ती कुराहरूलाई आज अभ्यास गरियो भने, त्यसले परमेश्वरको कामलाई बाधा पुर्‍याउँछ, अनि मानिसलाई केही पनि लाभ हुँदैन। यदि मानिसहरूले धार्मिक धारणाभित्र पर्ने ती कुराहरूलाई आफूबाट हटाउन सकेनन् भने, ती कुराहरू परमेश्वरको सेवा गर्ने तिनीहरूको कार्यमा

ठूलो बाधा बन्नेछन्। धार्मिक धारणा बोकेका मानिससँग पवित्र आत्माको कामसित कदम मिलाउने कुनै उपाय हुँदैन—तिनीहरू एक कदम, दुई कदम गर्दै पछि पर्छन्। यस्तो हुन्छ किनभने यी धार्मिक धारणाहरूले मानिसलाई असाधारण रूपमा स्व-धर्मी र अहङ्कारी बनाउँछ। परमेश्‍वरले विगतमा उहाँले जे भन्‍नुभएको थियो र जे गर्नुभएको थियो त्यसलाई सम्झेर बस्‍नुहुन्‍न; यदि कुनै कुरा काम नलाग्ने भयो भने, उहाँले त्यसलाई हटाउनुहुन्छ। के तँ आफ्ना धारणाहरू त्याग्‍न साँच्‍चै असक्षम छस्? यदि तँ विगतमा परमेश्‍वरले बोल्‍नुभएका वचनहरूमा नै झुन्डिन्छस् भने, के त्यसले तैँले परमेश्‍वरको कामलाई बुझ्छस् भन्‍ने प्रमाणित गर्छ? यदि तैँले आज पवित्र आत्माको ज्योति ग्रहण गर्न सक्दैनस्, बरु त्यही पुरानो प्रकाशमा झुन्डिरहन्छस् भने, के त्यसले तैँले परमेश्‍वरको पाइला पछ्याइरहेको छस् भन्‍ने प्रमाणित गर्छ? के तँ अझै पनि धार्मिक धारणाहरू त्याग्‍न असक्षम छस्? यदि त्यसो हो भने, तँ परमेश्‍वरले विरोध गर्ने व्यक्ति बन्‍नेछस्।

यदि मानिसहरूले धार्मिक धारणाहरूलाई त्याग्‍न सक्छन् भने, तिनीहरूले आज परमेश्‍वरका वचनहरू र कामलाई नाप्‍न तिनीहरूले दिमाग लगाउन छाड्नेछन, त्यसको साटो प्रत्यक्ष रूपले तिनको पालन गर्नेछन्। आज परमेश्‍वरको कार्य स्पष्टतः विगतको जस्तो नभए पनि तैँले विगतको दृष्टिकोणलाई त्याग्‍न अनि परमेश्‍वरको आजको कार्यलाई सोझै पालन गर्न सक्छस्। विगतमा परमेश्‍वरले जस्तोसुकै प्रकारले कार्य गर्नुभएको भए तापनि, यदि तैँले आजका परमेश्‍वरको कामलाई महत्वपूर्ण स्थान दिनुपर्छ भन्‍ने कुरा बुझ्‍न सक्छस् भने, तँ आफ्ना धारणाहरूलाई त्यागिसकेको, परमेश्‍वरको आज्ञापालन गर्ने, अनि परमेश्‍वरका कार्य अनि वचनहरू पालन गर्न र उहाँका पाइलाहरू पछ्याउन सक्‍ने व्यक्ति होस्। यसमा, तँ साँचो रूपले परमेश्‍वरको आज्ञापालन गर्ने व्यक्ति बन्छस्। तैँले परमेश्‍वरको कार्यलाई विश्‍लेषण वा सुक्ष्म जाँच गर्दैनस्; यो कुरा परमेश्‍वरले आफ्नो पहिलेको काम बिर्सनुभएको, र तैँले पनि यसलाई बिर्सेको छस् भन्‍ने जस्तै हो। वर्तमान वर्तमान नै हो, अनि विगत विगत नै हो, विगतमा उहाँले गर्नुभएका कुराहरूलाई परमेश्‍वरले पन्छाउनुभएको छ, तँ त्यसैमा बसिरहनु हुँदैन। त्यस्तो व्यक्तिले मात्रै सम्पूर्ण रीतिले परमेश्‍वरको आज्ञा मान्छन् अनि आफ्ना धार्मिक धारणाहरूलाई पूर्ण रूपले त्यागेका हुन्छन्।

परमेश्‍वरको कार्यमा सधैँ नयाँ प्रगतिहरू भइरहने हुनाले, नयाँ कार्यहरू पैदा हुने क्रममा अप्रचलित र पुरानो हुँदै जाने कार्य पनि छन्। यी विभिन्‍न किसिमका कार्यहरू, अर्थात् पुराना र नयाँ कार्यहरू, एक-अर्कामा विरोधाभासपूर्ण छैनन्, बरु परिपूरक छन्; प्रत्येक चरण पछिल्लो चरणपछि आउँछ। नयाँ काम आइसकेको हुनाले, पुराना कुराहरूलाई निश्‍चय नै हटाइनुपर्छ। उदाहरणको लागि, धेरै अघिदेखि स्थापित चलनचल्तीहरू अनि मानिसका प्रचलित भनाइहरूले, मानिसका धेरै वर्षका अनुभव अनि शिक्षाहरूसँग मिलेर, मानिसको मन-मस्तिष्कमा अनेक प्रकार र स्वरूपका आदत र धारणाहरू बनाएका हुन्छन्। परमेश्‍वरले मानिसलाई उहाँको साँचो मुहार अनि उहाँमा निहित स्वभाव पूर्ण रूपले प्रकट गर्न बाँकी छ, साथै प्राचीनकालदेखि नै धेरै वर्षसम्म फैलिएका परम्परागत सिद्‌धान्तहरूले मानिसमा यस्ता धारणाहरूको निर्माणमा अझ धेरै भूमिका खेलेको छ। परमेश्‍वरमाथिको मानिसको विश्‍वासको सिलसिलामा, विभिन्‍न प्रकारका धारणाहरूका प्रभावले मानिसमा परमेश्‍वरसम्बन्धी अनेक किसिमका धारणागत बुझाइहरूको निरन्तर निर्माण र

विकास गरेको छ, जसले गर्दा परमेश्‍वरको सेवा गर्ने धेरै धार्मिक मानिसहरू उहाँको शत्रु हुनपुगेका छन्। त्यसकारण, मानिसहरूको धार्मिक धारणाहरू जति बलिया हुन्छन्, तिनीहरूले त्यति नै बढी परमेश्‍वरको विरोध गर्छन्, अनि तिनीहरू त्यति नै बढी परमेश्‍वरका शत्रु बन्छन्। परमेश्‍वरको काम सधैँ नै नयाँ हुन्छ र कहिल्यै पुरानो हुँदैन; यसले कहिले पनि धर्मसिद्धान्तको निर्माण गर्दैन, बरु धेरै वा थोरै हदमा यो निरन्तर बदलिरहन्छ र नवीकरण भइरहन्छ। यो तरिकाले कार्य गर्नु परमेश्‍वर स्वयम्‌को निहित स्वभावको एउटा अभिव्यक्ति हो। यो परमेश्‍वरको कार्यको निहित सिद्धान्त पनि हो, अनि यो परमेश्‍वरले आफ्नो व्यवस्थापन कार्यलाई पूरा गर्ने एक साधन पनि हो। यदि परमेश्‍वरले यसरी कार्य नगर्नुभएको भए, मानिस परिवर्तन हुनेथिएन वा उसले परमेश्‍वरलाई चिन्‍न सक्‍नेथिएन, अनि शैतानलाई हराउन सकिनेथिएन। तसर्थ, उहाँको कार्यमा, अस्थिर देखिने तर वास्तवमा आवधिक रहेका परिवर्तनहरू निरन्तर भइरहन्छन्। तैपनि, मानिसले जसरी परमेश्‍वरमा विश्‍वास गर्छ, त्यो बिलकुलै फरक हुन्छ। ऊ पुराना, परिचित धर्मसिद्धान्त र प्रणालीहरूमा नै झुन्डिरहन्छ, अनि तिनीहरू जति पुराना हुन्छन्, उसलाई ती त्यति नै राम्रा लाग्छन्। कसरी मानिसको मूर्ख मस्तिष्कले, एउटा ढुङ्गा जस्तै कठोर मस्तिष्कले, परमेश्‍वरको अथाह नयाँ काम र वचनलाई स्वीकार गर्न सक्छ? मानिसले त्यो परमेश्‍वरलाई घृणा गर्छ, जो सर्वदा नयाँ रहनुहुन्छ अनि कहिले पुरानो हुनुहुँदैन; ऊ केवल पुरानो परमेश्‍वरलाई मात्र मन पराउँछ, जसको लामो दाँत, सेतो कपाल हुन्छ, अनि जो एक ठाउँमा नै अडिग हुनुहुन्छ। तसर्थ, परमेश्‍वर र मानिसका आ-आफ्नै मनपर्ने कुराहरू भएको कारण, मानिस परमेश्‍वरको शत्रु बनेको छ। आज पनि, परमेश्‍वरले छ हजार वर्षदेखि नयाँ कार्य गर्दै आइरहनुभएको यस्तो समयमा पनि, अझै यस्ता धेरै विरोधाभासहरू छन्। अनि तिनीहरू सुधार गर्न नसकिने अवस्थामा छन्। सायद यो मानिसहरूको ढिपीको कारण, वा परमेश्‍वरका प्रशासनिक नियमहरूलाई मानिसले उल्लङ्घन गर्न नसक्ने कारणले यस्तो भएको हो–तर ती सेवक अनि सेविकाहरू ती ढुँडी लागेका पुराना पुस्तक र कागजहरूमा टाँसिरहन्छन्, जबकि परमेश्‍वरले आफ्ना व्यवस्थापन कार्यभित्रका अधुरा कार्यहरूलाई अघि बढाइरहनुहुन्छ, मानौं उहाँको पक्षमा कोही पनि छैनन्। यी विरोधाभासहरूले परमेश्‍वर र मानिसका शत्रुहरू बनाउने भए पनि, र ती समाधान हुन नसकिने भए पनि, परमेश्‍वरले तिनीहरूलाई तिनीहरू त्यहाँ भए पनि नभएको जस्तै गरी कुनै ध्यान दिनुहुन्‍न। तैपनि, मानिस अझै पनि आफ्ना विश्‍वास र धारणाहरूमा टाँसिरहन्छ, तिनीहरूलाई कहिले पनि छोड्दैन। यद्यपि एउटा कुरा चाहिँ स्पष्टै छ: मानिस आफ्नो अडानबाट पछि नहटे पनि, परमेश्‍वरको खुट्टा सधैँ अघि बढिरहन्छ, अनि उहाँले आफ्नो अडानलाई परिवेशअनुसार सँधै बदलिरहनुहुन्छ। अन्तमा, कुनै लडाइँविना नै हार्नुपर्ने त मानिस नै हो। यस क्रममा, परमेश्‍वर उहाँले पराजित गर्नुभएका उहाँका सबै शत्रुहरूको सबैभन्दा ठूलो शत्रु हुनुहुन्छ, अनि पराजित र अपराजित सबै मानवजातिको पक्षधर पनि हुनुहुन्छ। परमेश्‍वरसित प्रतिस्पर्धा गरेर को विजयी हुनसक्छ? मानिसका धारणाहरू परमेश्‍वरबाट नै आएका हुन् झैं लाग्छ, किनभने तीमध्ये धेरै धारणाहरू परमेश्‍वरको कार्यपछि नै जन्मिएका थिए। तैपनि, यसको कारणले परमेश्‍वरले मानिसलाई क्षमा गर्नुहुन्‍न, न त उहाँले उहाँको कार्यपछि उहाँको कार्यभन्दा बाहिर “परमेश्‍वरको निम्ति” एकपछि अर्को जत्था उत्पादन गरेकोमा उहाँले मानिसलाई

प्रशंसा नै गर्नुहुन्छ। बरु, उहाँ मानिसका धारणाहरू अनि पुराना, धार्मिक मान्यताहरूलाई यति घृणा गर्नुहुन्छ कि कुन मितिमा ती धारणाहरू सुरुमा आए भन्ने कुरा स्वीकार गर्ने मन पनि उहाँमा हुँदैन। उहाँले ती सबै उहाँकै कार्यको कारण भएको हो भनी स्वीकार गर्नुहुन्न, किनभने मानिसका धारणाहरू मानिसले नै फैलाउँछन्; तिनीहरूको स्रोत मानिसकै सोचहरू अनि मस्तिष्क हुन्—परमेश्वर हुनुहुन्न, शैतान हो। परमेश्वरको अभिप्राय सधैँ नै उहाँको कार्य पुरानो र मरेको होइन, नयाँ र जीवित होस् भन्ने रहेको छ अनि उहाँले मानिसलाई जे पालन गर्न लगाउनुहुन्छ त्यो युग र अवधिअनुसार फरक हुनसक्छ, अनि त्यो अनन्त र अपरिवर्तनीय छैन। यस्तो हुन्छ किनभने उहाँ मानिसलाई जिउन र नयाँ बन्न लगाउनुहुने परमेश्वर हुनुहुन्छ, मानिसलाई मर्न र वृद्ध हुन लगाउने दियाबलस होइन। के यसलाई तिमीहरू अझै बुझ्दैनौ? परमेश्वरको बारेमा तँमा धारणाहरू छन् अनि तैँले तिनलाई त्याग्न सक्दैनस्, किनभने तँ कुण्ठित मनको छस्। यो परमेश्वरको कार्यभित्र थोरै अर्थ भएको कारणले होइन, न त परमेश्वरको कार्य मानिसको इच्छाबाट फरक भएर नै हो, अझ भन्ने हो भने, न त यो परमेश्वर आफ्नो जिम्मेवारीमा सँधै लापरवाही हुनुभएर नै हो। तैँले आफ्ना धारणाहरू त्याग्न सक्दैनस् किनभने तँमा आज्ञाकारिता अत्यन्तै कम छ, र किनभने तँमा सृजना गरिएका प्राणीजस्तो सादृश्यता अलिकति पनि छैन; यो परमेश्वरले तेरो लागि परिस्थिति कठिन बनाइदिनुभएकोले भएको होइन। यो सबै तैँले गर्दा नै भएको हो, अनि परमेश्वरसित यसको कुनै सम्बन्ध छैन; सबै कष्ट र दुर्भाग्यहरू मानिसद्वारा नै सृजना गरिएका हुन्। परमेश्वरका विचारहरू सधैँ असल हुन्छन्: तैँले कुनै धारणाहरू सृजना गर् भन्ने परमेश्वरले चाहनुहुन्न, तर युग बित्दै जाँदा तँ परिवर्तन एवं नवीकरण भएको इच्छा गर्नुहुन्छ। तैपनि तेरो लागि के असल छ त्यो तँ जान्दैनस्, अनि सधैँ तँ सुक्ष्म जाँच वा विश्लेषण गर्दै बस्छस्। यो परमेश्वरले तेरो निम्ति परिस्थिति कठिन बनाउनुहुन्छ भन्ने कुरा होइन, बरु यो त परमेश्वरप्रति तँमा श्रद्धा छैन, अनि तेरो अनाज्ञाकारिता धेरै ठूलो छ भन्ने कुरा हो। सृष्टि गरिएको एउटा सूक्ष्म प्राणी, परमेश्वरले पहिले दिनुभएको कुनै कुराको एउटा सानो अंश लिने आँट गर्छ अनि फर्केर परमेश्वरलाई नै आक्रमण गर्न त्यसको प्रयोग गर्छ—के यो मानिसको अनाज्ञाकारिता होइन र? मानवजाति परमेश्वरको अघि आफ्नो विचार पोख्न बिलकुलै अयोग्य छ, अनि तिनीहरू तिनीहरूले इच्छा गरेको जस्तो तिनीहरूको बेकारको, गन्हाउने, कुहेको, फुलाङ्गो भाषा बोल्दै वरिपरि घुम्नु अझै अयोग्य छन् भनेर भन्नु अत्युक्ति हुँदैन—ती सडेका धारणाहरूको बारेमा केही भन्नु पर्दैन। के तिनीहरू अझै बेकारका छैनन् र?

परमेश्वरको साँचो सेवा गर्ने व्यक्ति भनेको परमेश्वरको हृदयअनुसारको, परमेश्वरको प्रयोगको लागि लायक, धार्मिक धारणाहरू त्याग्न सक्ने व्यक्ति हो। यदि तँ परमेश्वरको वचन खाने र पिउने तेरो कार्य प्रभावकारी होस् भन्ने चाहन्छस् भने, तैँले आफ्ना धार्मिक धारणाहरूलाई त्याग गर्नैपर्छ। यदि तँ परमेश्वरको सेवा गर्न चाहन्छस् भने, तैँले सुरुमा धार्मिक धारणाहरूलाई त्याग्नु अनि सबै कुरामा परमेश्वरका वचनहरू पालन गर्नु अझै बढी आवश्यक छ। परमेश्वरको सेवा गर्ने व्यक्तिमा यो कुरा हुनुपर्छ। यदि तँमा यो ज्ञानको कमी छ भने, तैँले सेवा गर्न सुरु गर्दागर्दै बाधा अनि अर्चनहरू पैदा गर्नेछस्, अनि यदि तँ आफ्ना धारणाहरूमा टाँसिरहन्छस् भने, तँलाई परमेश्वरले

फेरि कहिल्यै उठ्न नसक्ने गरी प्रहार गर्नुहुनेछ। उदाहरणको लागि, वर्तमानलाई लिएर हेर्: आजका धेरै वाणीहरू र कार्य बाइबल र परमेश्‍वरले यसअघि गर्नुभएका कार्यसित मिल्दैन, अनि यदि तँमा आज्ञा पालन गर्ने इच्छा छैन भने, तँ कुनै पनि समय पतित हुन सक्छस्। यदि तँ परमेश्‍वरको इच्छाअनुसार सेवा गर्न चाहन्छस् भने, तैँले सुरुमा धार्मिक धारणाहरू हटाउनैपर्छ अनि तैँले आफ्नै विचारधारालाई सुधार्नैपर्छ। पछि भनिने धेरैजसो कुराहरू पहिले भनिएका कुराहरूसँग मिल्दैनन्, अनि यदि तँमा अहिले आज्ञा पालन गर्ने इच्छा छैन भने, तँ यसपछि आउने बाटोमा हिँड्न सक्नेछैनस्। यदि परमेश्‍वरको कार्य गर्ने एउटा पद्धतिले तँभित्र जरा गाडेको छ भने र तैँले यसलाई कहिले पनि त्याग्दैनस् भने, उक्त पद्धति तेरो धार्मिक धारणा बन्नेछ। यदि परमेश्‍वर जे हुनुहुन्छ त्यसले तँमा जरा गाडेको छ भने, तैँले सत्यतालाई प्राप्त गरिसकेको छस्, अनि यदि परमेश्‍वरका वचनहरू अनि सत्यता तेरो जीवन बन्न सक्षम हुन्छन् भने, तँमा अबउप्रान्त परमेश्‍वरबारे कुनै धारणाहरू रहनेछैनन्। परमेश्‍वरको साँचो ज्ञान प्राप्त गरेकाहरूमा कुनै धारणाहरू हुनेछैनन् अनि तिनीहरू सिद्धान्तमा बाँधिएर रहनेछैनन्।

आफैलाई सचेत राख्न तैँले यी प्रश्‍नहरू सोध्:

१. के तँभित्र भएको ज्ञानले तेरो परमेश्‍वरको सेवकाइमा बाधा पुऱ्याउँछ?

२. तेरो दैनिक जीवनमा कति वटा धार्मिक अभ्यासहरू छन्? यदि तैँले बाहिरी भक्ति मात्रै देखाउँछस् भने, के यसको अर्थ तेरो जीवन वृद्धि र परिपक्व भएको छ भन्ने हो?

३. जब तँ परमेश्‍वरका वचनहरू खान्छस् र पिउँछस्, के तँ आफ्ना धार्मिक धारणाहरू त्याग्न सक्षम हुन्छस्?

४. जब तँ प्रार्थना गर्छस्, के तँ धार्मिक रीतिलाई त्याग्न सक्छस्?

५. के तँ परमेश्‍वरले प्रयोग गर्नको लागि उचित व्यक्ति होस्?

६. परमेश्‍वरसम्बन्धी तेरो ज्ञानमा कति धार्मिक धारणाहरू सम्मिलित छन्?

## परमेश्‍वरप्रतिको सच्चा प्रेम स्वाभाविक हुन्छ

परमेश्‍वरका वचनहरूको कारण सबै मानिसहरू शोधनमा परेका छन्। यदि परमेश्‍वरले देहधारण नगर्नुभएको भए निश्‍चय मानव जातिले यस शोधनद्वारा दुःख भोग्ने आशिष् पाउनेथिएन। अर्को प्रकारले भन्नुपर्दा, परमेश्‍वरका वचनहरूको परीक्षा स्वीकार गर्न सक्नेहरू सबै धन्यका हुन्। मानिसहरूको अन्तर्निहित क्षमता, तिनीहरूका व्यवहार र परमेश्‍वरप्रति तिनीहरूको आचरणको आधारमा, तिनीहरू यस प्रकारको शोधन पाउने योग्यका छैनन्। तिनीहरू परमेश्‍वरद्वारा माथि उठाइएकोले नै तिनीहरूले यो आशिष् उपभोग गरेका छन्। मानिसहरूले तिनीहरू परमेश्‍वरको अनुहार हेर्न वा उहाँका वचनहरू सुन्न लायक छैनन् भन्ने गर्थे। आज, परमेश्‍वरले उठाउनुभएकोले र उहाँको कृपाका कारण नै मानिसहरूले उहाँका वचनहरूको शोधन प्राप्त गरेका छन्। यो आखिरी दिनहरूमा जन्मने प्रत्येक व्यक्तिले पाउने आशिष् हो—के तैँले व्यक्तिगत रूपमा यसको अनुभव गरेको छस्? मानिसहरूले कुन पक्षमा दु:ख र प्रतिरोधहरूको अनुभव गर्नुपर्दछ भन्ने कुरा परमेश्‍वरले

पूर्वनिर्धारित गर्नुभएको हुन्छ—यो मानिसहरूका आफ्नै आवश्यकताहरूमा आधारित छैन। यो स्पष्ट सत्य हो। प्रत्येक विश्‍वासीसँग परमेश्‍वरको वचनहरूको परीक्षा स्वीकार्न सक्ने र उहाँका वचनहरूभित्र दुःख भोग्‍ने क्षमता हुनुपर्दछ। के यो तिमीहरूले स्पष्ट रूपमा बुझ्यौ? यसैले तैँले भोगेका दुःखकष्टको बदलीमा, तैँले आजका आशिष्‌हरू पाएको छस्; यदि तैँले परमेश्‍वरका लागि दुःख भोग्दैनस् भने, तैँले उहाँको स्याबासी प्राप्त गर्न सक्दैनस्। हुनसक्छ तैंले विगतमा गुनासो गरेको छस्, तर, तैंले जति नै गुनासो गरेको भए पनि, परमेश्‍वरले तेरो बारेमा ती याद गर्नुहुन्‍न। आजको दिन आएको छ, र हिजोका विषयहरूको बारेमा विचार गर्नुपर्ने कुनै आवश्यक छैन।

केही मानिसहरूले के भन्छन् भने, उनीहरूले परमेश्‍वरलाई प्रेम गर्ने कोसिस गर्छन्, तर सक्दैनन्। त्यसपछि, जब तिनीहरू परमेश्‍वर जान लाग्नुभएको छ भन्‍ने सुन्छन् तब अचानक उनीहरूले उहाँप्रतिको आफ्नो प्रेम भेट्टाउँछन्। कतिपय मानिसहरूले सामान्यतया सत्यताको अभ्यास गर्दैनन्, र जब तिनीहरू परमेश्‍वर क्रोधित बनेर जान लाग्नुभएको छ भन्‍ने सुन्छन्, तब तिनीहरू उहाँको सामु आउँछन् र यसरी प्रार्थना गर्छन्: “हे परमेश्‍वर! कृपया नजानुहोस्। मलाई एउटा मौका दिनुहोस्! हे परमेश्‍वर! मैले विगतमा तपाईंलाई सन्तुष्‍ट पारेको छैनँ; म तपाईंप्रति ऋणी छु र मैले तपाईंको विरोध गरेको छु। आज म पूर्ण रूपमा मेरो शरीर र हृदय अर्पण गर्न तयार छु, यसैले कि अन्ततः मैले तपाईंलाई सन्तुष्‍ट पार्न र तपाईंलाई प्रेम गर्न सकूँ। म फेरि यो मौका पाउनेछैनँ।” के तैंले यस प्रकारको प्रार्थना गरेको छस्? जब कसैले यस प्रकारले प्रार्थना गर्दछ, तब तिनीहरूका विवेक परमेश्‍वरका वचनहरूद्वारा जागृत भएको हुन्छ। मानिसहरू बोधो र मन्द बुद्धिका छन्। तिनीहरू सजाय र शोधनमा पर्दछन्, तापनि परमेश्‍वरले यसद्वारा के पूरा गर्न चाहनुहुन्छ भनी तिनीहरू जान्दैनन्। यदि परमेश्‍वरले यस प्रकारले काम नगर्नुभएको भए, मानिसहरू अझै पनि भ्रमित हुनेथिए; कुनै पनि मानिसले मानिसहरूको हृदयमा आत्मिक भावनाहरू जगाउन सक्दैन। मानिसहरूको न्याय गर्ने र तिनीहरूलाई खुलासा गर्ने परमेश्‍वरका वचनहरूले मात्र फल फलाउन सक्छ। यसैले यी सबै कुराहरू परमेश्‍वरको वचनका कारणले मात्र प्राप्त हुन्छन् र पूरा हुन्छन्, र उहाँका वचनहरूको कारणले मात्र परमेश्‍वरप्रतिको मानवजातिको प्रेम जागेको छ। मानिसको विवेकमा आधारित परमेश्‍वरप्रतिको प्रेमले मात्र चाहेको परिणाम हासिल गर्नेछैन। के विगतमा मानिसहरूले परमेश्‍वरप्रतिको तिनीहरूको प्रेमलाई विवेकमा आधारित गरेका छैनन् र? के आफ्नै पहलमा परमेश्‍वरलाई प्रेम गर्ने कुनै एक जना व्यक्ति समेत थियो? परमेश्‍वरका वचनहरूबाट प्रोत्साहन पाएर मात्र मानिसहरूले परमेश्‍वरलाई प्रेम गरेका छन्। कतिपय मानिसहरू भन्छन्: “मैले धेरै वर्षदेखि परमेश्‍वरलाई पछ्याएको छु र उहाँको धेरै अनुग्रह, धेरै आशिषहरू उपभोग गरेको छु। मैले उहाँका वचनहरूबाट शोधन र न्याय भोगेको छु। यसैले मैले धेरै कुरा बुझेको छु र मैले परमेश्‍वरको प्रेम देखेको छु। मैले उहाँलाई धन्यवाद दिनु नै पर्छ, मैले उहाँको अनुग्रहको मूल्य चुकाउनु नै पर्छ। म मृत्युद्वारा परमेश्‍वरलाई सन्तुष्‍ट पार्नेछु, र म उहाँप्रतिको मेरो प्रेम मेरो विवेकमा आधारित गर्नेछु।” यदि मानिसहरूले उनीहरूको विवेकका भावनाहरूलाई मात्र सुन्छन् भने, तिनीहरूले परमेश्‍वरको प्रेमिलोपनलाई महसुस गर्न सक्दैनन्। यदि तिनीहरू पूर्ण रूपले आफ्नो विवेकमा मात्रै भर पर्छन् भने, परमेश्‍वरप्रतिको तिनीहरूको प्रेम कमजोर हुनेछ। यदि तँ परमेश्‍वरको

अनुग्रह र प्रेमको ऋण तिर्ने कुरा मात्र गर्छस् भने, उहाँप्रतिको तेरो प्रेममा तँसित कुनै प्रेरणा हुनेछैन; उहाँलाई तेरो विवेकका भावनाहरूमा आधारित प्रेम गर्नु एउटा निष्क्रिय तरिका हो। म किन यो एउटा निष्क्रिय दृष्टिकोण हो भनी भन्दछु? यो एउटा व्यावहारिक विषय हो। परमेश्‍वरप्रति तिमीहरूको प्रेम कस्तो किसिमको प्रेम हो? के यो परमेश्‍वरलाई मूर्ख बनाउनु र उहाँका निम्ति झारा टार्नु होइन र? धेरै जना मानिसहरू के विश्‍वास गर्छन् भने, परमेश्‍वरलाई प्रेम गर्दा कुनै इनाम छैन र उहाँलाई प्रेम गर्नेले पनि उहाँलाई प्रेम नगर्नेले जस्तै दण्ड पाउनेछ, यसैले समग्रमा पाप नगर्नु नै पर्याप्त छ। त्यसैले व्यक्तिको विवेकका अनुभूतिहरूका आधारमा परमेश्‍वरलाई प्रेम गर्नु र उहाँको प्रेमको ऋण फर्काउनु निष्क्रिय तरिका हो, र यो व्यक्तिको हृदयबाट आउने परमेश्‍वरप्रतिको प्रेम होइन। परमेश्‍वरप्रतिको प्रेम व्यक्तिको हृदयको गहिराइबाट निस्केको सच्चा भावना हुनुपर्दछ। कतिपय मानिसहरू भन्छन्: "म आफै परमेश्‍वरलाई खोज्‍न र उहाँको पछि लाग्‍न इच्छुक छु। अहिले यदि परमेश्‍वरले मलाई त्याग्‍न चाहनुहुन्छ भने पनि, म उहाँलाई पछ्याइरहनेछु। उहाँले मलाई चाहनुभए पनि नचाहनुभए पनि, म अझै पनि उहाँलाई प्रेम गरिरहनेछु, अनि आखिरमा मैले उहाँलाई प्राप्‍त गर्नैपर्छ। म मेरो हृदय परमेश्‍वरमा अर्पण गर्दछु, र उहाँले जे गर्नुभए पनि, म मेरो सम्पूर्ण जीवनभरि उहाँलाई पछ्याउनेछु। चाहे जे भए पनि, मैले परमेश्‍वरलाई प्रेम गर्नैपर्छ र मैले उहाँलाई प्राप्‍त गर्नैपर्छ; जबसम्म म उहाँलाई प्राप्‍त गर्दिनँ तबसम्म म विश्राम लिनेछैनँ।" के तँसँग यस प्रकारको संकल्प छ?

परमेश्‍वरमा विश्‍वास गर्ने बाटो एउटै छ र यो उहाँलाई प्रेम गर्ने बाटो नै हो। यदि तँ उहाँमा विश्‍वास गर्छस् भने तैँले उहाँलाई प्रेम गर्नैपर्छ; तापनि, उहाँलाई प्रेम गर्नु भनेको उहाँको प्रेमको ऋण चुकाउनु वा तेरो विवेकका भावनाहरूको आधारमा उहाँलाई प्रेम गर्नु मात्र होइन—यो परमेश्‍वरप्रतिको चोखो प्रेम हो। कहिलेकहीँ मानिसहरूले आफ्नो विवेकको आधारमा मात्र परमेश्‍वरको प्रेम महसुस गर्न सक्दैनन्। किन मैले सधैँ यसो भनेँ: "परमेश्‍वरका आत्माले हाम्रो आत्मालाई प्रभावित गर्नुभएको होस्"? मैले किन परमेश्‍वरलाई प्रेम गर्न मानिसहरूका विवेकलाई प्रभावित गर्ने बारेमा कुरा गरिनँ? किनकि मानिसहरूको विवेकले परमेश्‍वरको प्रेमिलोपन महसुस गर्न सक्दैन। यदि तँ यी वचनहरूद्वारा विश्‍वस्त हुँदैनस् भने, उहाँको प्रेम महसुस गर्न तेरो विवेकको प्रयोग गर्ने कोसिस गर्। तँमा केही समयका निम्ति उत्साह हुन सक्छ, तर त्यो चाँडै नै हराउनेछ। यदि तैँले आफ्नो विवेकले मात्र परमेश्‍वरको प्रेम महसुस गर्छस् भने, तैँले प्रार्थना गर्दा तँ उत्साहित हुनेछस्, तर त्यो उत्साह केही बेरपछि ओइलाउनेछ र हराउनेछ। त्यस्तो किन हुन्छ? यदि तैँले तेरो विवेक मात्र प्रयोग गर्छस् भने, तैँले परमेश्‍वरप्रतिको तेरो प्रेमलाई जगाउन सक्नेछैनस्; जब तँ आफ्नो हृदयमा साँच्चै परमेश्‍वरको प्रेम महसुस गर्छस्, तेरो आत्मा उहाँद्वारा प्रभावित हुनेछ, र यो समयमा मात्र तेरो विवेकले त्यसको मूल भूमिका खेल्‍न सक्नेछ। अर्थात्, जब परमेश्‍वरले मानिसका आत्मालाई प्रभावित गर्नुहुन्छ र जब मानिससँग ज्ञान हुन्छ र उसको हृदयमा उत्साहित हुन्छ, अर्थात्, जब उसले अनुभव प्राप्‍त गर्दछ, तब मात्र उसले आफ्नो विवेकले परमेश्‍वरलाई प्रभावकारी ढङ्गले प्रेम गर्न सक्नेछ। तेरो विवेकले परमेश्‍वरलाई प्रेम गर्नु गलत कुरा होइन—यो परमेश्‍वरप्रतिको सबैभन्दा तल्लो स्तरको प्रेम हो। "परमेश्‍वरको अनुग्रहको निम्ति उचित काम गरेर मात्र" प्रेम गरेर,

यसले मानिसलाई सक्रिय रूपमा प्रवेश गर्न उत्प्रेरित गर्नेछैन। जब मानिसहरूले पवित्र आत्माका केही काम प्राप्त गर्दछन्, अर्थात्, जब तिनीहरूले आफ्नो व्यावहारिक अनुभवमा परमेश्‍वरको प्रेम देख्छन् र महसुस गर्छन्, जब तिनीहरूसँग परमेश्‍वरको बारेमा केही ज्ञान हुन्छ र परमेश्‍वर साँच्चै मानवजातिको प्रेमको योग्य हुनुहुन्छ र उहाँ धेरै प्रेमिलो हुनुहुन्छ भनी बुझ्छन्, तब मात्र तिनीहरूले साँचो रूपमा परमेश्‍वरलाई प्रेम गर्न सक्छन्।

जब मानिसहरू आफ्ना हृदयले परमेश्‍वरसँग सम्पर्क गर्छन्, जब तिनीहरूका हृदय पूर्ण रूपमा उहाँमा फर्कन सक्छन्, परमेश्‍वरप्रतिको मानिसको प्रेमको पहिलो चरण यही हो। यदि तँ परमेश्‍वरलाई प्रेम गर्न चाहन्छस् भने, तैँले पहिले आफ्नो हृदय उहाँतिर फर्काउन सक्नुपर्छ। तेरो हृदय परमेश्‍वरतिर फर्काउनु भनेको के हो? यो भनेको तैँले आफ्नो हृदयमा खोजी गर्ने सबै कुरा परमेश्‍वरलाई प्रेम गर्न र प्राप्त गर्नका खातिर नै गर्नु हो। तैँले आफ्नो हृदय पूर्ण रूपमा परमेश्‍वरतर्फ फर्काएको छस् भन्ने यस कुराले देखाउँछ। परमेश्‍वर र उहाँको वचनहरू बाहेक, तेरो हृदयमा (परिवार, धनसम्पत्ति, पति, पत्नी, छोराछोरी, आदि) अरू केही पनि हुँदैन। यदि केही छ भने पनि, त्यस्ता थोकहरूले तेरो हृदयमा ठाउँ ओगट्न सक्दैनन्, र तँ आफ्नो भावी सम्भावनाहरूको बारेमा सोच्दैनस्, तर केवल परमेश्‍वरलाई प्रेम गर्ने कार्यको पछि लाग्छस्। यस्तो समयमा तैँले आफ्नो हृदय पूर्ण रूपमा परमेश्‍वरमा लगाएका हुनेछस्। मानौं, तैँले अझै पनि आफ्नो हृदयमा आफ्नो लागि योजना बनाउँदैछस् र सधैँ व्यक्तिगत फाइदाको पछि लागिरहेको छस्, र सधैँ यस्तो सोच्छस्: “मैले कहिले परमेश्‍वरसँग एउटा सानो बिन्ती गर्न सक्छु? मेरो परिवार कहिले धनी हुनेछ? मैले कसरी राम्रो लुगाफाटो पाउन सक्छु? ...” यदि तँ त्यो स्थितिमा जिइरहेको छस् भने तेरो हृदय पूर्ण रूपमा परमेश्‍वरतर्फ फर्केको छैन भन्ने यसले देखाउँदछ। यदि तँसँग हृदयमा परमेश्‍वरका वचनहरू मात्रै छन् र तैँले परमेश्‍वरसँग प्रार्थना गर्न सक्छस् र हरसमय उहाँको नजिक हुन सक्छस् भने–मानौं उहाँ तेरो धेरै नजिक हुनुहुन्छ, मानौं परमेश्‍वर तँभित्र हुनुहुन्छ र तँ उहाँभित्र छस्–यदि तँ त्यस प्रकारको स्थितिमा छस् भने, त्यसको अर्थ तेरो हृदय परमेश्‍वरको उपस्थितिमा छ भन्ने हुन्छ। यदि तैँले हरेक दिन परमेश्‍वरसित प्रार्थना गर्छस् र प्रत्येक दिन उहाँका वचनहरू खान्छस् र पिउँछस्, सधैँ मण्डलीको कामको बारेमा सोचिरहेको हुन्छस् भने, र यदि तैँले परमेश्‍वरको इच्छालाई ध्यान दिन्छस् भने, उहाँलाई सच्चा प्रेम गर्न र उहाँको हृदयलाई सन्तुष्ट पार्न आफ्नो हृदय प्रयोग गर्छस् भने, तेरो हृदय परमेश्‍वरको स्वामित्वमा हुनेछ। यदि तेरो हृदय अन्य थुप्रै कुराहरूले कब्जा गरेको छ भने, यो अझै पनि शैतानको कब्जामा छ र यो साँचो रूपले परमेश्‍वरतर्फ फर्केको छैन। जब कसैको हृदय साँच्चै परमेश्‍वरतर्फ फर्केको हुन्छ, तिनीहरूमा उहाँको निम्ति साँचो, स्वभाविक प्रेम हुन्छ, र तिनीहरूले परमेश्‍वरको कामलाई ध्यान दिन सक्नेछन्। तिनीहरूसँग अझै पनि मूर्खता र विवेकहीनताका क्षणहरू हुन सक्ने भए तापनि, तिनीहरूले परमेश्‍वरको घर, उहाँको काम, र तिनीहरूका आफ्नै स्वभावको परिवर्तनमा चासो देखाउँछन् र तिनीहरूका हृदय सही स्थानमा हुन्छ। केही मानिसहरूले जहिले पनि तिनीहरूले गरेका सबै कुराहरू मण्डलीका लागि हुन् भनी दाबी गरिरहेका हुन्छन्, तर वास्तवमा तिनीहरूले आफ्नो फाइदाका लागि काम गरिरहेका हुन्छन्। यस्ता किसिमका मानिसहरूसित गलत अभिप्राय हुन्छ। तिनीहरू कुटिल र

छली हुन्छन् र तिनीहरूले गर्ने धेरैजसो कामहरू तिनीहरूका व्यक्तिगत फाइदाका लागि नै हुन्छन्। यस प्रकारको व्यक्तिले परमेश्वरको प्रेमको खोजी गर्दैन; तिनीहरूको हृदय अझै पनि शैतानको अधीनमा हुन्छ र परमेश्वरतर्फ फर्कन सक्दैनन्। त्यसैले यस प्रकारको व्यक्तिलाई प्राप्त गर्ने कुनै तरिका परमेश्वरसँग हुँदैन।

यदि तँ परमेश्वरलाई साँच्चै प्रेम गर्न र उहाँद्वारा प्राप्त हुन चाहन्छस् भने, पहिलो कदम तेरो हृदयलाई पूर्ण रूपमा परमेश्वरतिर फर्काउनु हो। तैंले गर्ने प्रत्येक कार्यमा, आफैलाई जाँच् र सोध्: "के मैले परमेश्वरलाई प्रेम गर्ने हृदयको आधारमा यो गर्दैछु? के यसको पछि कुनै व्यक्तिगत अभिप्रायहरू छन्? यो गर्नुको मेरो वास्तविक लक्ष्य के हो?" यदि तँ आफ्नो हृदय परमेश्वरलाई सुम्पन चाहन्छस् भने, तैंले पहिले आफ्नै हृदयलाई वशमा राख्नुपर्छ, तेरा सबै उद्देश्यहरूलाई त्याग्नुपर्छ, र पूर्ण रूपमा परमेश्वरको हुने अवस्था हासिल गर्नुपर्दछ। यो तेरो हृदय परमेश्वरलाई दिन अभ्यास गर्ने मार्ग हो। आफ्नो हृदयलाई वशमा पार्नु भनेको के हो? यसो गर्नु भनेको देहका अत्याधिक चाहनाहरूलाई छोडी दिनु, सुख-सुविधा वा हैसियतको आशिषको लालच नगर्नु हो। यो भनेको सबै कुरामा परमेश्वरलाई सन्तुष्ट पार्नु, र आफ्नो हृदय आफ्नै निम्ति होइन तर पूर्ण रूपले उहाँको निम्ति दिनु हो। यो पर्याप्त छ।

परमेश्वरप्रतिको साँचो प्रेम हृदयको अन्तस्करणबाट आउँछ; यो प्रेम परमेश्वर सम्बन्धी मानिसको ज्ञानको आधारमा मात्र अस्तित्वमा हुन्छ। जब कसैको हृदय पूर्ण रूपमा परमेश्वरतिर फर्कन्छ, तब तिनीहरूमा परमेश्वरप्रति प्रेम हुन्छ, तर त्यो प्रेम चोखो नै हुन्छ र पूर्ण नै हुन्छ भन्ने हुँदैन। किनकि व्यक्तिको हृदय पूर्ण रूपमा परमेश्वरतर्फ फर्कनु र व्यक्तिमा परमेश्वरको साँचो ज्ञान हुनु र उहाँप्रति साँचो भक्ति हुनु बीच अझै केही दूरी हुन्छ। मानिसले आफ्नो हृदय परमेश्वरतिर लगाएर नै परमेश्वरको साँचो प्रेम हासिल गर्दछ र परमेश्वरको स्वभावलाई जान्दछ। जब मानिसले आफ्नो साँचो हृदय परमेश्वरमा सुम्पन्छ, तब ऊ जीवनको अनुभवमा प्रवेश गर्न थाल्छ। यसरी, उसको स्वभाव परिवर्तन हुन थाल्छ, परमेश्वरप्रतिको उसको प्रेम बिस्तारै बढ्दै जान्छ, र परमेश्वर सम्बन्धी उसको ज्ञान पनि बिस्तारै बढ्दै जान्छ। यसैले जीवनको अनुभवको सही मार्गमा प्रवेश गर्नुको एक मात्र पूर्वसर्त भनेको परमेश्वरतर्फ हृदय फर्काउनु हो। जब मानिसहरूले परमेश्वरको सामु आफ्नो हृदय राख्छन्, तब तिनीहरूमा उहाँको चाहना मात्र गर्ने, तर उहाँलाई प्रेम नगर्ने हृदय हुन्छ, किनकि तिनीहरूमा उहाँको बारेमा कुनै बुझाइ हुँदैन। यस्तो परिस्थितिमा तिनीहरूमा उहाँप्रति केही प्रेम हुने भए पनि, यो आफैआफ हुँदैन र यो सच्चा हुँदैन। किनकि मानिसको देहबाट उत्पन्न हुने जुनसुकै कुरा भावनाको उपज हो र त्यो सच्चा ज्ञानबाट आएको हुँदैन। यो केवल क्षणिक आवेग हो र दिर्घकालीन भक्तिको रूपमा रहँदैन। जब मानिसहरूमा परमेश्वर सम्बन्धी ज्ञान हुँदैन, तिनीहरूले आफ्नो रुचि र तिनीहरूका व्यक्तिगत धारणाहरूको आधारमा मात्र उहाँलाई प्रेम गर्न सक्छन्; यस प्रकारको प्रेमलाई स्वाभाविक प्रेम भन्न सकिँदैन, न त यसलाई सच्चा प्रेम नै भन्न सकिन्छ। कुनै मानिसको हृदय सच्चा रूपमा परमेश्वरतर्फ फर्कन सक्छ, र सबै कुरामा परमेश्वरको चासोको बारेमा सोच्न सक्छ, तर यदि उसमा परमेश्वरको बारेमा कुनै बुझाइ छैन भने, उसले सच्चा रूपले स्वाभाविक प्रेम प्राप्त गर्न सक्नेछैन। उसले गर्ने

सक्ने कुरा भनेको मण्डलीका लागि केही कार्यहरू गर्नु वा आफ्ना केही कर्तव्य पूरा गर्नु मात्र हो, तर उसले कुनै पनि आधारविना त्यसो गर्नेछ। यस प्रकारको व्यक्तिको स्वभाव परिवर्तन गर्न गाह्रो हुन्छ; त्यस्ता व्यक्तिहरू कि त सत्यको पछि लाग्दैनन्, वा त्यसलाई बुझ्दैनन्। यदि कुनै व्यक्तिले आफ्नो हृदय सम्पूर्ण रूपले परमेश्वरतिर फर्कायो भने पनि, त्यसको अर्थ परमेश्वरलाई प्रेम गर्ने तिनीहरूको हृदय पूर्ण रूपमा शुद्ध छ भन्ने हुँदैन, किनकि जुन मानिसहरूको हृदयमा परमेश्वर हुनुहुन्छ तिनीहरूको हृदयमा परमेश्वरप्रति प्रेम हुन्छ नै भन्ने हुँदैन। यो परमेश्वरको ज्ञानको पछि लाग्ने वा नलाग्ने व्यक्ति बीचको भिन्नतासित सम्बन्धित छ। कुनै व्यक्तिले उहाँलाई बुझेपछि, त्यसले तिनीहरूको हृदय पूर्ण रूपमा परमेश्वरतिर फर्केको छ भन्ने देखाउँदछ, यसले तिनीहरूको हृदयमा भएको परमेश्वरप्रतिको सच्चा प्रेम स्वाभाविक हो भन्ने देखाउँदछ। यस प्रकारका मानिसहरूसँग मात्र तिनीहरूका हृदयमा परमेश्वर हुन्छ। सही बाटोमा लाग्नका निम्ति, परमेश्वरलाई बुझ्नका निम्ति र परमेश्वरको प्रेम हासिल गर्नका निम्ति पूरा गर्नुपर्ने पूर्वसर्त भनेको आफ्नो हृदय परमेश्वरतिर लगाउनु हो। यो परमेश्वरलाई प्रेम गर्ने कर्तव्य पूरा भएको कुराको चिह्न होइन, न त यो उहाँप्रति सच्चा प्रेम छ भन्ने कुराको चिन्ह नै हो। कसैले परमेश्वरप्रति साँचो प्रेम हासिल गर्ने एक मात्र तरिका भनेको तिनीहरूको हृदयलाई उहाँतिर फर्काउनु हो, जुन उहाँको सृष्टिको रूपमा एक व्यक्तिले गर्नुपर्ने पहिलो काम पनि हो। परमेश्वरलाई प्रेम गर्नेहरू सबै जीवनको पछि लाग्नेहरू हुन्, अर्थात् सत्यको पछि लाग्ने र साँचो रूपमा परमेश्वरको चाहना गर्नेहरू; तिनीहरू सबैमा पवित्र आत्माको अन्तर्दृष्टि हुन्छ र तिनीहरू सबै उहाँद्वारा प्रभावित भएका हुन्छन्। तिनीहरू सबैले परमेश्वरको मार्गदर्शन प्राप्त गर्न सक्छन्।

जब कुनै व्यक्तिले आफू परमेश्वरप्रति ऋणी छु भन्ने महसुस गर्न सक्छ, त्यो पवित्र आत्माद्वारा प्रभावित भएकोले गर्दा नै हो; जसले यस्तो महसुस गर्छन् तिनीहरूमा तिर्सना गर्ने हृदय हुन्छ र तिनीहरूले जीवन प्रवेशको खोजी गर्न सक्छन्। तर यदि तँ निश्चित कदममा रोकिन्छस् भने, तँ गहिराइमा जान सक्नेछैनस्; अझै पनि शैतानको जालमा फस्ने खतरा हुन्छ, र कुनै मोडमा शैतानले तँलाई बन्दी बनाउनेछ। परमेश्वरको प्रकाशले मानिसहरूलाई आफैलाई चिन्ने तुल्याउँछ त्यसपछि परमेश्वरप्रति आफू ऋणी भएको महसुस गर्ने बनाउँछ; तिनीहरू उहाँसँग मिलेर काम गर्न इच्छुक हुन्छन् र उहाँलाई मन नपर्ने थोकहरू त्याग्न इच्छुक हुन्छन्। परमेश्वरको कामको सिद्धान्त यही हो। तिमीहरू सबै आफ्नो जीवनमा बढ्न र परमेश्वरको प्रेमको पछि लाग्न इच्छुक छौ, त्यसो भए, के तैंले आफैलाई सतही मार्गबाट अलग गरेको छस्? यदि तैँले आफैलाई सतही मार्गहरूबाट मात्र अलग गरेको छस् र विघटनकारी र अहङ्कारपूर्ण व्यवहारबाट अलग बस्छस् भने, के त्यो साँच्चै नै तैँले तेरो जीवनको वृद्धि खोजेको हो? यदि तैँले आफूलाई सबै सतही व्यवहारबाट मुक्त गर्छस् तर तँ परमेश्वरका वचनहरूमा प्रवेश गर्दैनस् भने, त्यसले तैँले सक्रियतासाथ उन्नति गरिरहेको छैनस् भन्ने देखाउँछ। सतही व्यवहारको मूल कारण के हो? के तेरा कार्यहरू तेरो जीवनमा वृद्धि हुनका लागि हुन्? के तँ परमेश्वरका मानिसहरूमध्ये एक बन्ने प्रयास गर्न खोज्दैछस्? तैंले जुन कुरामा ध्यान केन्द्रित गर्छस्, तँ त्यसै अनुसार जिउनेछस्; यदि तँ सतही व्यवहारमा केन्द्रित हुन्छस् भने, तेरो हृदयलाई प्रायः बाहिर फ्याँकिन्छ र तँसँग तेरो

जीवनमा वृद्धिको खोजी गर्ने कुनै मार्ग हुनेछैन। परमेश्‍वर स्वभावको परिवर्तन चाहनुहुन्छ, तर तँ सधैँ बाहिरी कुराहरूको पछि लाग्छस्; यस प्रकारको व्यक्तिले आफ्नो स्वभाव परिवर्तन गर्न सक्दैन! जीवनमा परिपक्वतामा पुग्ने प्रक्रियामा, हरेकले एउटा मार्गलाई पछ्याउनुपर्छ: तिनीहरूले परमेश्‍वरका वचनहरूको न्याय, सजाय र सिद्धतालाई स्वीकार गर्नुपर्दछ। यदि तँसँग परमेश्‍वरका वचनहरू छैनन् तर तँ आफ्नै आत्मविश्‍वास र इच्छामा मात्र निर्भर हुन्छस् भने, तैँले गर्ने सबै कुरा जोसमा मात्र आधारित हुन्छ। अर्थात्, यदि तँ आफ्नो जीवनमा वृद्धि चाहन्छस् भने तैँले परमेश्‍वरको वचन अझ बढी खानु, पिउनु र बुझ्नुपर्छ। उहाँका वचनहरूद्वारा सिद्ध पारिनेहरू सबै ती वचनहरूमा जिउन सक्छन्; उहाँको वचनको शोधनबाट भएर नजानेहरू, उहाँका वचनहरूको न्यायबाट गुज्रेर नजानेहरू, उहाँको प्रयोगका निम्ति योग्य हुन सक्दैनन्। यसकारण, तँ कुन हदसम्म उहाँका वचनहरूमा जिउँछस्? तैँले परमेश्‍वरका वचनहरू खाइस् र पिइस् भने र ती वचनलाई तेरो जीवनको अवस्थासँग तुलना गर्न सकिस् भने, र मैले अगि उठाएका विषयहरूको आधारमा अभ्यास गर्ने बाटो प्राप्त गर्न सकिस् भने मात्र, तेरो अभ्यास सही र परमेश्‍वरको इच्छाअनुरूप हुनेछ। यस प्रकारको अभ्यास गर्ने व्यक्तिमा मात्र परमेश्‍वरलाई प्रेम गर्ने इच्छा हुन्छ।

## प्रार्थनाको अभ्यासको सम्बन्धमा

तिमीहरू आफ्नो दैनिक जीवनमा प्रार्थनालाई कुनै महत्त्व दिँदैनौ। मानिसले प्रार्थनाको कुरालाई बेवास्ता गर्दछ। प्रार्थनाहरू लापरवाही हुने गर्दथे, मानिस परमेश्‍वरको समक्ष केवल गतिशील भई जाने गर्दथ्यो। कुनै पनि मानिसले कहिल्यै पनि आफ्नो हृदयलाई पूर्ण रूपमा परमेश्‍वर समक्ष अर्पण गरेर परमेश्‍वरसँगको साँचो प्रार्थनामा संलग्न भएन। समस्या आउँदा मात्र मानिसले परमेश्‍वरलाई प्रार्थना गर्थ्यो। अहिलेसम्म, के तैँले परमेश्‍वरलाई कहिल्यै साँचो रूपले प्रार्थना गरेको छस्? के कुनै यस्तो समय आएको छ जब तैँले परमेश्‍वर समक्ष पीडाको आँसु झारेको थिइस्? के कुनै यस्तो समय आएको छ जब तैँले उहाँ समक्ष आफैलाई चिन्न पुगिस्? के तैँले परमेश्‍वरसँग कहिल्यै हृदयदेखि प्रार्थना गरेको छस्? प्रार्थना अभ्यासबाट आउँदछ: यदि तँ सामान्यतया घरमा प्रार्थना गर्दैनस् भने, तँसँग मण्डलीमा प्रार्थना गर्ने कुनै मार्ग हुनेछैन र यदि तँ साधारणतया स-साना झुण्डहरूमा प्रार्थना गर्दैनस् भने, तँ ठूला झुण्डहरूमा प्रार्थना गर्न असक्षम हुनेछस्। यदि तँ नियमित रूपमा परमेश्‍वरको निकट जाँदैनस् वा परमेश्‍वरका वचनहरूमा चिन्तन गर्दैनस् भने, प्रार्थना गर्ने समयमा तँसँग भन्नुपर्ने कुरा केही पनि हुनेछैन, र यदि प्रार्थना गर्छस् नै भने पनि, तैँले केवल ओठे-सेवा मात्रै गर्नेछस्; यो साँचो प्रार्थना हुनेछैन।

साँचो प्रार्थना के हो? साँचो प्रार्थना भनेको तेरो हृदयमा के छ सो परमेश्‍वरलाई बताउनु, परमेश्‍वरको इच्छालाई बुझेर उहाँसँग कुराकानी गर्नु, परमेश्‍वरसँग उहाँको वचनको माध्यमबाट कुराकानी गर्नु, परमेश्‍वरसँग विशेष रूपमा घनिष्ठ भएको महसुस गर्नु, उहाँ तेरो सामु हुनुहुन्छ भन्ने महसुस गर्नु, र उहाँलाई भन्नुपर्ने केही कुरा तँसँग छ भनेर विश्‍वास गर्नु हो। तेरो हृदयले उज्यालोले भरिएको महसुस गर्छ र तैँले परमेश्‍वर कति प्रिय हुनुहुन्छ भन्ने महसुस गर्छस्। तैँले

विशेष रूपमा प्रेरित भएको महसुस गर्छस् र तेरो कुरा सुनेर तेरा दाजुभाइ-दिदीबहिनीहरूलाई सन्तुष्टि प्राप्त हुन्छ। तैँले बोल्ने शब्दहरू उनीहरूको हृदयभित्रका शब्दहरू हुन्, उनीहरूले भन्न चाहेका शब्दहरू हुन् भन्ने तिनीहरूले महसुस गर्नेछन्, मानौं तेरा शब्दहरू उनीहरूका आफ्नै शब्दलाई प्रतिनिधित्व गर्छ। साँचो प्रार्थना यही नै हो। तँ साँचो प्रार्थनामा संलग्न भएपछि, तेरो हृदय शान्तिमा हुनेछ र सन्तुष्टि के हो सो जान्नेछ। परमेश्वरलाई प्रेम गर्ने शक्ति वृद्धि हुनसक्छ, र परमेश्वरलाई प्रेम गर्नु जत्तिको बहुमूल्य वा महत्त्वको कुरा जीवनमा अरू केही छैन भन्ने तैँले महसुस गर्नेछस्। यो सबैले तेरा प्रार्थनाहरू प्रभावकारी भएका छन् भन्ने प्रमाणित गर्छ। के तैँले कहिल्यै यसरी प्रार्थना गरेको छस्?

अनि प्रार्थनाको विषयवस्तु कस्तो हुनुपर्छ? तेरो प्रार्थना तेरो हृदयको साँचो अवस्था तथा पवित्र आत्माको कार्य अनुरूप चरणबद्ध रूपमा अगाडि बढ्नुपर्दछ; तँ परमेश्वरसँग उहाँको इच्छा र मानिसबाट उहाँले जे चाहनुहुन्छ सो अनुसार कुराकानी गर्न थाल्छस्। जब तँ प्रार्थनाको अभ्यासलाई सुरु गर्छस्, सर्वप्रथम आफ्नो हृदय परमेश्वरलाई प्रदान गर्। परमेश्वरको इच्छा बुझ्ने प्रयास नगर्–केवल तेरो हृदयभित्र भएका शब्दहरू नै परमेश्वरसँग बोल्ने प्रयास गर्। जब तँ परमेश्वर सामु आउँछस्, यसरी बोल्: "हे परमेश्वर, मैले हजुरको अवज्ञा गर्ने गरेको थिएँ भन्ने मैले आज मात्र महसुस गरेँ। म वास्तवमै भ्रष्ट र नीच छु। मैले केवल आफ्नो जीवन बरबाद मात्रै गर्दै आइरहेको रहेछु। आजबाट म हजुरकै लागि जिउनेछु। म एउटा अर्थपूर्ण जीवन बिताउनेछु र हजुरको इच्छा सन्तुष्ट पार्नेछु। हजुरको आत्माले मभित्र सदैव काम गरिरहोस्, मलाई निरन्तर ज्योति र ज्ञान प्रदान गरिरहोस्। मलाई हजुर समक्ष मजबुत र ठोस गवाही वहन गर्न दिनुहोस्। शैतानले हामीमा प्रकट भएको तपाईंको महिमा, तपाईंको गवाही, र तपाईंको विजयको प्रमाण देखोस्।" जब तँ यसरी प्रार्थना गर्छस्, तेरो हृदय पूर्ण रूपमा स्वतन्त्र हुनेछ। यसरी प्रार्थना गरेपछि, तेरो हृदय परमेश्वरसँग अझै घनिष्ठ हुनेछ, र यदि तैँले सँधै नै यस प्रकारले प्रार्थना गर्न सक्छस् भने, पवित्र आत्माले अवश्य नै तँभित्र काम गर्नुहुनेछ। यदि तैँले परमेश्वरलाई सँधै यसरी नै पुकार्छस्, र उहाँ समक्ष आफ्नो संकल्प प्रस्तुत गर्छस् भने, त्यस्तो दिन आउनेछ जब तेरो संकल्प परमेश्वर समक्ष स्वीकार्य हुनेछ, तेरो हृदय र तेरो सम्पूर्ण अस्तित्व परमेश्वरले प्राप्त गर्नुहुन्छ र तँ आखिरमा उहाँद्वारा पूर्ण बनाइनेछस्। तिमीहरूको लागि, प्रार्थना अत्यन्तै महत्त्वपूर्ण छ। जब तँ प्रार्थना गर्छस् र पवित्र आत्माको कार्य प्राप्त गर्छस्, तेरो हृदय परमेश्वरद्वारा छोइनेछ, र परमेश्वरलाई प्रेम गर्ने शक्ति प्रस्फुटन हुनेछ। यदि तँ आफ्नो हृदयले प्रार्थना गर्दैनस् भने, यदि तैँले परमेश्वरसँग कुराकानी गर्नको लागि आफ्नो हृदय खोल्दैनस् भने, परमेश्वरले तँमा कार्य गर्ने कुनै मार्ग पाउनुहुनेछैन। यदि, प्रार्थना गरिसकेपछि र तेरो हृदयका शब्दहरू बोलिसकेपछि पनि, परमेश्वरको आत्माले उहाँको कार्य आरम्भ गर्नुभएको छैन र तैँले कुनै प्रेरणा प्राप्त गरेको छैनस् भने, यसले तेरो हृदयमा इमानदारीताको कमी छ, तेरा शब्दहरू असत्य र अझै पनि अशुद्ध छन् भन्ने देखाउँदछ। यदि, प्रार्थना गरिसकेपछि, तँलाई सन्तुष्टिको आभास हुन्छ भने, तेरा प्रार्थनाहरू परमेश्वरको निम्ति स्वीकार्य भएका छन् र तँमा परमेश्वरको आत्माले काम गरिरहनुभएको छ। परमेश्वर समक्ष सेवा गर्ने व्यक्तिको रूपमा, तँ प्रार्थनारहित रहन सक्दैनस्। यदि तँ परमेश्वरसँगको बातचितलाई

वास्तवमै अर्थपूर्ण र मूल्यवान् चीजको रूपमा हेर्छस् भने, के तँ प्रार्थनालाई त्याग गर्न सक्छस्? कोही पनि परमेश्वरसँगको बातचित रहित हुन सक्दैन। प्रार्थनाबिना, तँ देहमा, शैतानको बन्धनमा रहेर जिउँछस्; साँचो प्रार्थनाबिना, तँ अन्धकारको प्रभावमा जिउँछस्। म आशा गर्दछु कि तिमी भाइबहिनीहरू प्रत्येक र हरेक दिन साँचो प्रार्थनामा संलग्न हुनसक्छौ। यो कुरा नियमहरू पालना गर्ने बारेमा होइन, बरु निश्चित परिणाम प्राप्त गर्ने बारेमा हो। के तँ प्रातकालीन प्रार्थना गर्न र परमेश्वरका वचनहरूको आनन्द लिनको लागि सबेरै उठ्न अलिकति निद्रा र सुखलाई त्याग गर्न इच्छुक छस्? यदि तँ शुद्ध हृदयले प्रार्थना गर्छस् र यसरी परमेश्वरका वचनहरू खान्छस् र पिउँछस् भने, उहाँको लागि तँ अझै बढी स्वीकार्य हुनेछस्। यदि हरेक बिहान तँ यसो गर्छस्, यदि हरेक दिन उहाँसँग कुराकानी गर्दै र संलग्न हुँदै, तैँले परमेश्वरलाई आफ्नो हृदय प्रदान गर्ने अभ्यास गर्छस् भने, परमेश्वर सम्बन्धी तेरो ज्ञान निश्चित रूपमा वृद्धि हुनेछ, र तँ परमेश्वरको इच्छा बुझ्न अझै बढी सक्षम हुनेछस्। तँ भन्छस्: "हे परमेश्वर! म आफ्नो कर्तव्य पूरा गर्न इच्छुक छु। म तपाईंमा मात्रै मेरो सम्पूर्ण अस्तित्व अर्पण गर्न सक्छु, ताकि तपाईंले हामीबाट महिमा प्राप्त गर्न सक्नुभएको होस्, ताकि हजुरले हाम्रो यो समूहले दिएको गवाहीमा आनन्द लिनसक्नुहोस्। म हजुरलाई बिन्ती गर्दछु कि हामीमा कार्य गर्नुहोस्, ताकि म हजुरलाई साँच्चिकै प्रेम गर्न एवं हजुरलाई सन्तुष्ट पार्न र मेरो लक्ष्यको रूपमा हजुरको खोजी गर्न सक्षम होऊँ।" जब तँ यो अभिभारा वहन गर्छस्, परमेश्वरले निश्चय नै तँलाई सिद्ध बनाउनुहुनेछ। तैँले केवल आफ्नै फाइदाको लागि मात्र प्रार्थना गर्नु हुँदैन, तर तैँले परमेश्वरको इच्छालाई पछ्याउन र उहाँलाई प्रेम गर्न पनि प्रार्थना गर्नुपर्दछ। सबैभन्दा साँचो प्रकारको प्रार्थना यही हो। के तँ परमेश्वरको इच्छा पछ्याउनको खातिर प्रार्थना गर्ने व्यक्ति होस्?

विगतमा, तँलाई प्रार्थना कसरी गर्ने भन्ने थाहा थिएन, अनि तैँले प्रार्थनाको कुरालाई बेवास्ता गरिस्। अब, प्रार्थनाको लागि आफैलाई तालिम दिन तैँले जति सक्दो प्रयास गर्नुपर्छ। यदि तँ परमेश्वरलाई प्रेम गर्न आफैंभित्रको शक्तिलाई जगाउन असमर्थ छस् भने, तँ कसरी प्रार्थना गर्छस् त? तँ भन्छस्: "हे परमेश्वर, मेरो हृदय तपाईंलाई साँचो प्रेम गर्न असमर्थ छ। म तपाईंलाई प्रेम गर्न चाहन्छु, तर मसँग शक्तिको अभाव छ। मैले के गर्नुपर्छ? तपाईंले मेरो आत्मिक आँखा खोलिदिनुभएको होस् र तपाईंको आत्माले मेरो हृदयलाई चलाउनुभएको होस्। यसलाई यस्तो बनाइदिनुहोस् कि म तपाईंसमक्ष उपस्थित हुँदा त्यो सबै चीज त्याग गरूँ जुन नकारात्मक छ, म कुनै पनि व्यक्ति, विषय वा चीजद्वारा विवश हुन छोडूँ, र मेरो हृदय पूर्ण रूपमा तपाईंको सामु नङ्ग्याउन सकूँ, अनि यसलाई यस्तो बनाइदिनुहोस् कि म मेरो सम्पूर्ण अस्तित्व तपाईं समक्ष अर्पण गर्न सकूँ। तपाईंले मलाई जसरी जाँच्नुहुन्छ, जाँच्नुहोस्, म तयार छु। अब, म मेरो भविष्यका सम्भावनाहरूप्रति कुनै ध्यान दिन्न, न त म मृत्युको बन्धनमा नै छु। तपाईंलाई प्रेम गर्ने हृदयको साथमा, म जीवनको मार्ग खोजी गर्न चाहन्छु। सबै विषय, सबै कुरा–यो सबै तपाईंकै हातमा छ; मेरो नियति तपाईंकै हातमा छ र मेरो यो जीवन तपाईंले आफ्नो हातमा राख्नुहुन्छ। अब, म तपाईंलाई प्रेम गर्न चाहन्छु, र तपाईंले आफूलाई प्रेम गर्ने अनुमति प्रदान गरे पनि या नगरे पनि, शैतानले जसरी हस्तक्षेप गरे पनि, म तपाईंलाई प्रेम गर्न प्रतिबद्ध छु।" जब तैँले यस्तो समस्याको

को सामना गर्छस्, यसरी प्रार्थना गर्। यदि तैँले हरेक दिन यसरी प्रार्थना गरिस् भने, परमेश्वरलाई प्रेम गर्ने शक्ति बिस्तारै वृद्धि हुनेछ।

कुनै व्यक्ति साँचो प्रार्थनामा कसरी प्रवेश गर्छ?

प्रार्थना गर्दा, परमेश्वर समक्ष तेरो हृदय शान्त हुनुपर्दछ, र तँसँग इमान्दार हृदय हुनुपर्दछ। तँ वास्तवमै परमेश्वरसँग कुराकानी गर्दै र प्रार्थना गर्दै गरिरहेको हुन्छस्–तैँले परमेश्वरलाई राम्रा सुनिने शब्दहरूले मनाउने प्रयास गर्नुहुँदैन। प्रार्थना त्यो कुरामा केन्द्रित हुनुपर्दछ जुन परमेश्वरले अहिले नै पूरा गर्न चाहनुहुन्छ। तँलाई अझ बढी अन्तर्दृष्टि र ज्योति प्रदान गर्न अनुरोध गर्नुहोस्, तैँले प्रार्थना गर्दा, तैँले परमेश्वर सामु गरेको संकल्प सहित, तेरा वास्तविक स्थितिहरू र तेरा समस्याहरू उहाँको उपस्थितिमा लिएर जा। प्रार्थना भनेको प्रक्रियाको पालना गर्नु होइन; यो त इमान्दार हृदयले परमेश्वरको खोजी गर्नु हो। परमेश्वरले तेरो हृदयको सुरक्षा गर्नुभएको होस् भनेर अनुरोध गर्, ताकि तेरो हृदय उहाँसामु प्रायः शान्त हुन सकोस्; उहाँले तँलाई जुन वातावरणमा राख्नुभएको छ, त्यसमा तैँले आफैलाई चिन्छस्, आफैलाई तुच्छ ठान्छस्, र आफैलाई त्याग्छस्, यसरी तँ परमेश्वरसँग सामान्य सम्बन्ध राख्न र परमेश्वरलाई वास्तवमै प्रेम गर्ने व्यक्ति बन्न सक्छस्।

प्रार्थनाको महत्त्व के हो?

प्रार्थना एउटा तरिका हो जसमा मानिसले परमेश्वरसँग सहकार्य गर्दछ, यो एक माध्यम हो जसद्वारा मानिसले परमेश्वरलाई पुकार्छ, र यो त्यो प्रक्रिया हो जसबाट मानिस परमेश्वरको आत्माद्वारा उत्प्रेरित हुन्छ। यो भन्न सकिन्छ कि प्रार्थना बिनाका मानिसहरू मृत मानिसहरू हुन् जो आत्माविहीन हुन्छन्, जसले उनीहरूसँग परमेश्वरद्वारा उत्प्रेरित हुने आन्तरिक क्षमताको अभाव छ भन्ने प्रमाणित गर्छ। प्रार्थना बिना, एक सामान्य आध्यात्मिक जीवन बिताउन असम्भव हुनेथियो, पवित्र आत्माको कार्यको गतिलाई पछ्याउन सक्नु त परै जाओस्। प्रार्थनारहित हुनु भनेको परमेश्वरसँगको आफ्नो सम्बन्ध विच्छेद गर्नु हो, र यसले परमेश्वरको प्रशंसा जित्न असम्भव हुन्छ। परमेश्वरमा विश्वास गर्ने एक व्यक्तिको रूपमा कसैले जति धेरै प्रार्थना गर्दछ, अर्थात्, ऊ परमेश्वरद्वारा जति धेरै उत्प्रेरित हुन्छ, ऊ त्यति नै संकल्पले भरिनेछ र परमेश्वरबाट नयाँ ज्ञान प्राप्त गर्न सक्ने क्षमताले ऊ अझै भरिनेछ। फलस्वरूप, यस प्रकारको व्यक्ति पवित्र आत्माद्वारा धेरै चाँडो सिद्ध बनाइन सक्नेछ।

प्रार्थनाले कस्तो प्रभाव हासिल गर्नुपर्छ?

मानिसहरूले प्रार्थनाको अभ्यास गर्न र प्रार्थनाको महत्त्व बुझ्न सक्षम हुन सक्दछन्, तर प्रार्थना प्रभावकारी हुनु सामान्य कुरा होइन। प्रार्थना चलायमान हुने, कार्यविधि अनुसरण गर्ने, वा परमेश्वरका वचनहरू पाठ गर्ने मात्र होइन। भन्नुको मतलब, प्रार्थना गर्नु भनेको निश्चित शब्दहरू घोक्नु होइन र यो अरूको नक्कल गर्नु होइन। प्रार्थनामा, एक व्यक्ति त्यस्तो अवस्थामा पुग्नु पर्दछ, जहाँ आफ्नो हृदयलाई खुला राखेर परमेश्वरलाई प्रदान गर्न सकियोस्, ताकि यो परमेश्वरद्वारा उत्प्रेरित हुन सकोस्। यदि प्रार्थना प्रभावकारी हुनु छ भने, यो परमेश्वरका वचनहरूको पठनमा आधारित हुनुपर्दछ। परमेश्वरका वचनहरू भित्रबाट प्रार्थना गरेर मात्र कुनै व्यक्तिले अझ

महान् अन्तर्ज्ञान र ज्योति प्राप्त गर्न सक्दछ। एउटा साँचो प्रार्थनाका अभिव्यक्तिहरू यस प्रकार छन्: परमेश्वरले भन्नुभएका सबै कुराको तृष्णा गर्ने, र यसका साथै उहाँले जुन कुरा माग गर्नुहुन्छ त्यो पूरा गर्ने चाहना गर्ने हृदय हुनु; परमेश्वरले जुन कुरा घृणा गर्नुहुन्छ त्यो कुरालाई घृणा गर्नु र त्यसपछि, यस जगमाथि टेक्दै, यसबारे केही बुझाई प्राप्त गर्नु, र परमेश्वरले विस्तृत वर्णन गर्नुभएको सत्यताहरूबारे केही ज्ञान र स्पष्टता प्राप्त गर्नु। जहाँ संकल्प, विश्वास, ज्ञान, र प्रार्थनाको अनुसरण गर्ने अभ्यासको मार्ग हुन्छ, तब मात्र यसलाई साँचो प्रार्थना भन्न सकिन्छ, र केवल यस प्रकारको प्रार्थना मात्रै प्रभावकारी हुन सक्छ। तथापि प्रार्थना परमेश्वरका वचनहरूको आनन्दमा निर्माण हुनुपर्दछ, यो परमेश्वरसँग उहाँका वचनहरूमा कुराकानी गर्ने आधारमा स्थापित हुनुपर्दछ, र हृदय परमेश्वरको खोजी गर्न र उहाँसामु शान्त हुन सक्षम हुनुपर्दछ। यस प्रकारको प्रार्थना परमेश्वरसँगको साँचो बातचितको चरणमा प्रवेश गरिसकेको हुन्छ।

प्रार्थनाको बारेमा सबैभन्दा आधारभूत ज्ञान:

१. मनमा जे आउँछ त्यही नभन्। तेरो हृदयमा एक बोझ हुनुपर्दछ, अर्थात्, जब तँ प्रार्थना गर्छस् तेरो एउटा उद्देश्य हुनुपर्छ।

२. प्रार्थनामा परमेश्वरका वचनहरू समावेश हुनुपर्दछ; यो परमेश्वरको वचनमा आधारित हुनुपर्दछ।

३. प्रार्थना गर्दा, तैँले पुराना विषयहरूलाई कण्ठ गरेर भन्नुहुँदैन। तेरा प्रार्थनाहरू परमेश्वरका वर्तमान वचनहरूसँग सम्बन्धित हुनुपर्छ, र जब तँ प्रार्थना गर्छस्, परमेश्वरलाई तेरो अन्तस्करणका विचारहरू बता।

४. सामूहिक प्रार्थना एउटा विषयमा केन्द्रित हुनुपर्छ, जुन अपरिहार्य रूपमा नै, पवित्र आत्माको वर्तमान कार्य हो।

५. सबै मानिसहरूले मध्यस्थ बिन्ती प्रार्थना गर्न सिक्नुपर्दछ। यो परमेश्वरको इच्छाको ख्याल राख्ने एउटा तरिका पनि हो।

व्यक्तिको प्रार्थनाको जीवन, प्रार्थनाको महत्त्व र प्रार्थनाको आधारभूत ज्ञानको बुझाइमा आधारित हुन्छ। दैनिक जीवनमा, तेरा आफ्नै कमी-कमजोरीहरूको लागि बारम्बार प्रार्थना गर्, जीवनमा तेरो स्वभावमा परिवर्तन ल्याउनको निम्ति प्रार्थना गर्, र परमेश्वरका वचनहरू सम्बन्धी तेरो ज्ञानको आधारमा प्रार्थना गर्। हरेक व्यक्तिले आ-आफ्नै प्रार्थनाको जीवन स्थापित गर्नुपर्दछ, उनीहरूले परमेश्वरका वचनहरू जान्नको लागि प्रार्थना गर्नुपर्छ, र उनीहरूले परमेश्वरको कामको ज्ञानको खोजी गर्न प्रार्थना गर्नुपर्दछ। तेरा व्यक्तिगत परिस्थितिहरू परमेश्वर समक्ष खुलस्त राख् र तैँले प्रार्थना गर्ने तरिकामा अनावश्यक चासो नदिई वास्तविक बन्, र मुख्य कुरा भनेको सही बुझाइ प्राप्त गर्नु हो, र परमेश्वरका वचनहरूको वास्तविक अनुभव प्राप्त गर्नु हो। आत्मिक जीवनमा प्रवेश गर्न खोज्ने व्यक्तिले धेरै प्रकारले प्रार्थना गर्न सक्षम हुनुपर्छ। मौन प्रार्थना, परमेश्वरका वचनहरूमाथि चिन्तन गर्नु, परमेश्वरको कार्यलाई जान्नु–यी सबै सामान्य आत्मिक जीवनमा प्रवेश प्राप्त गर्नका खातिर गरिने आत्मिक सङ्गतिको उद्देश्यपूर्ण कार्यका उदाहरणहरू हुन्, जसले सदैव परमेश्वरसामु एक व्यक्तिको अवस्थालाई सुधार गर्छ र जीवनमा अहिलेसम्मकै

महान् प्रगति गर्न हौसला प्रदान गर्दछ। संक्षेपमा भन्नुपर्दा, तैँले गर्ने जुनसुकै काम, चाहे यो परमेश्वरका वचनहरू खाने र पिउने होस्, वा मौन रूपले प्रार्थना गर्ने होस्, वा ठूलो स्वरमा घोषणा गर्ने होस्, त्यो सबै तँलाई परमेश्वरका शब्दहरू, उहाँको कार्य, र उहाँले तँमा हासिल गर्न चाहनुभएको कुरालाई स्पष्ट रूपमा देख्न सक्षम पार्नको लागि हो। अझ महत्त्वपूर्ण कुरा, तैँले गर्ने सबै कुरा परमेश्वरले माग गर्ने स्तरहरूमा पुग्न र तेरो जीवनलाई नयाँ उचाइहरूमा उठाउनको लागि गरिन्छ। परमेश्वरले मानिसबाट माग गर्नुहुने न्यूनतम कुरा भनेको मानिसले आफ्नो हृदय उहाँसामु खोल्न सक्षम होस् भन्ने हो। यदि मानिसले परमेश्वरलाई उसको साँचो हृदय प्रदान गर्दछ र उसको हृदयमा वास्तवमा जे छ त्यो बोल्दछ भने, परमेश्वर उसमा कार्य गर्न इच्छुक हुनुहुन्छ। परमेश्वरले जे चाहना गर्नुहुन्छ त्यो मानिसको कुटिल हृदय होइन, तर शुद्ध र इमान्दार हृदय हो। यदि मानिसले आफ्नो हृदयबाट परमेश्वरसँग कुरा गर्दैन भने, परमेश्वरले उसको हृदयलाई प्रेरित गर्नुहुनेछैन वा उसमा काम गर्नुहुनेछैन। तसर्थ, प्रार्थनाको मुख्य विषय भनेको परमेश्वरलाई तेरा कमजोरीहरू वा विद्रोही स्वभावबारे बताउँदै, आफूलाई उहाँसामु पूर्ण रूपमा खुला राख्दै तेरो हृदयदेखि परमेश्वरसँग कुरा गर्नु हो; तब मात्र परमेश्वरले तेरो प्रार्थनामा चासो राख्नुहुनेछ, अन्यथा उहाँले आफ्नो अनुहार तँबाट लुकाउनुहुनेछ। प्रार्थनाको लागि न्यूनतम मापदण्ड भनेको तैँले आफ्नो हृदयलाई परमेश्वर समक्ष शान्त राख्न सक्षम हुनुपर्दछ, र यो परमेश्वरबाट अलग हुनुहुँदैन भन्ने हो। यो हुन सक्छ कि, यस चरणको अवधिमा, तैँले नयाँ वा उच्च अन्तर्दृष्टि प्राप्त गर्दैनस्, तर त्यसबेला तैँले यथास्थिति कायम राख्नको लागि प्रार्थनाको उपयोग गर्नुपर्दछ–तँ पछाडि हट्नु हुँदैन। तैँले प्राप्त हासिल गर्नुपर्ने सबैभन्दा सानो कुरा यही हो। यदि तैँले यो पनि पूरा गर्न सक्दैनस् भने, यसले तेरो आत्मिक जीवन सही मार्गमा छैन भन्ने प्रमाणित गर्छ। परिणामस्वरूप, तँ पहिले आफूसँग भएको दर्शनलाई कायम राख्न असमर्थ हुनेछस्, तैँले परमेश्वरमाथिको विश्वास गुमाउनेछस्, र त्यसपश्चात तेरो संकल्प लोप हुनेछ। तँ आत्मिक जीवनमा प्रवेश गरेको छस् कि छैनस् भन्ने कुराको एउटा सङ्केत भनेको तेरा प्रार्थनाहरू सही मार्गमा छन् कि छैनन् भनेर हेर्नु हो। सबै मानिसहरू यस यथार्थतामा प्रवेश गर्नैपर्छ; उनीहरू सबैले सचेतनापूर्वक आफूहरूलाई प्रार्थनामा तालिम दिने काम गर्नुपर्दछ, निष्क्रिय रूपमा पर्खेर होइन, तर ध्यानपूर्वक पवित्र आत्माद्वारा उत्प्रेरित हुन खोजेर। त्यसपछि मात्र उनीहरू साँचो रूपले परमेश्वरको खोजी गर्ने मानिसहरू हुनेछन्।

जब तँ प्रार्थना गर्न सुरु गर्छस्, एकै झट्कामा सबै प्राप्त गर्ने आशा गर्दै आफैलाई असफल नबना। तैँले आफ्नो मुख खोल्नासाथै तँ पवित्र आत्माद्वारा उत्प्रेरित हुनेछस्, वा तैँले अन्तर्ज्ञान वा ज्योति प्राप्त गर्नेछस्, वा परमेश्वरले तँमाथि अनुग्रह वर्षाउनुहुनेछ भन्ने आशा गरेर तैँले आवश्यकताभन्दा बढी माग गर्न सक्दैनस्। त्यसो हुनेछैन; परमेश्वरले अलौकिक कामहरू गर्नुहुन्न। परमेश्वरले उहाँको आफ्नै समयमा मानिसहरूका प्रार्थनाहरू स्वीकार गर्नुहुन्छ, र कहिलेकाहीँ तँ उहाँसामु निष्ठावान् छस् कि छैनस् भनेर तेरो विश्वासको परीक्षण गर्नुहुन्छ। जब तँ प्रार्थना गर्छस् तँसँग विश्वास, दृढ निश्चयता, र संकल्प हुनै पर्दछ। धेरै मानिसहरू, जब भर्खरै तालिम लिन सुरु गरेका हुन्छन्, तिनीहरू हरेस खान्छस् किनकि उनीहरू पवित्र आत्माद्वारा उत्प्रेरित हुन असफल हुन्छन्। यसले काम गर्दैन! तैँले लगनशील भएर प्रयत्न गर्नुपर्दछ; तैँले पवित्र आत्माको गतिशीलता

महसुस गर्न र खोजी एवं अन्वेषण गर्नमा ध्यान केन्द्रित गर्नुपर्दछ। कहिलेकाहीँ, तेरो अभ्यासको मार्ग सही हुँदैन र कहिलेकाहीँ, तेरा व्यक्तिगत मनसायहरू एवं धारणाहरू परमेश्वर समक्ष दृढ रूपमा कायम रहन सक्दैनन्, र त्यसैले परमेश्वरको आत्माले तँलाई उत्प्रेरित गर्न सक्नुहुन्न। अरू समयमा, परमेश्वरले तँ निष्ठावान् छस् कि छैनस् भन्ने हेर्नुहुन्छ। संक्षेपमा, तालिममा तैँले ठूलो मूल्य चुकाउनु पर्दछ। यदि तँ आफ्नो अभ्यासको पथबाट अचानक बरालिँदैछस् भन्ने पत्ता लगाइस् भने, तैँले आफ्नो प्रार्थना गर्ने तरिका बदल्न सक्छस्। जबसम्म तँ इमान्दार हृदयले खोजी गर्छस् र प्राप्त गर्न उत्कट इच्छा राख्छस्, तबसम्म पवित्र आत्माले तँलाई निश्चित रूपमा यस यथार्थतामा लैजानुहुन्छ। कहिलेकाहीँ तँ निष्कपट हृदयले प्रार्थना गर्छस् तर तैँले विशेष रूपले उत्प्रेरित भएको महसुस गर्दैनस्। यस्ता समयहरूमा, परमेश्वरले तेरा प्रार्थनाहरूलाई हेर्नुहुन्छ भन्ने विश्वास गर्दै तँ विश्वासमा निर्भर हुनुपर्छ; तँ आफ्ना प्रार्थनाहरूमा अटल रहनुपर्छ।

इमानदार व्यक्ति बन्; तेरो हृदयमा भएको छलकपटबाट छुट्कारा पाउन परमेश्वरलाई प्रार्थना गर्। प्रार्थनाको माध्यमबाट आफूलाई सधैँ शुद्ध पार्, प्रार्थनाको माध्यमबाट परमेश्वरको आत्माद्वारा उत्प्रेरित बन्, र तेरो स्वभाव बिस्तारै परिवर्तन हुनेछ। साँचो आध्यात्मिक जीवन प्रार्थनाको जीवन हो–यो त्यस्तो पवित्र आत्माद्वारा उत्प्रेरित जीवन हो। पवित्र आत्माद्वारा उत्प्रेरित हुने प्रक्रिया नै मानिसको स्वभाव परिवर्तन गर्ने प्रक्रिया हो। पवित्र आत्माद्वारा उत्प्रेरित नभएको जीवन आत्मिक जीवन होइन, तर केवल धार्मिक विधिविधानको जीवन मात्रै हो। पवित्र आत्माद्वारा प्रायजसो प्रेरित हुने, र पवित्र आत्माद्वारा ज्ञानी एवं प्रज्वलित हुनेहरू मात्रै, आत्मिक जीवनमा प्रवेश गरेका हुन्छन्। प्रार्थना गर्दा मानिसको स्वभाव निरन्तर रूपमा परिवर्तन हुन्छ। परमेश्वरको आत्माले उसलाई जति धेरै उत्प्रेरित गर्नुहुन्छ, ऊ त्यति नै सक्रिय र आज्ञाकारी बन्दछ। यसकारण, उसको हृदय पनि बिस्तारै शुद्ध हुनेछ, र उसको स्वभाव बिस्तारै परिवर्तन हुनेछ। साँचो प्रार्थनाको प्रभाव यस्तै हुन्छ।

## परमेश्वरको सबैभन्दा नयाँ कामलाई चिन र उहाँका पाइलाहरू पछ्याऊ

अब, तिमीहरूले परमेश्वरका मानिसहरू बन्ने प्रयास गर्नुपर्छ, र सम्पूर्ण प्रवेशलाई सहि बाटोमा सुरु गर्नुपर्छ। परमेश्वरका मानिसहरू बन्नु भनेको राज्यको युगमा प्रवेश गर्नु हो। आज, तिमीहरू आधिकारिक रूपमा राज्यको तालिममा प्रवेश गर्नथालनी गर्छौ, र तिमीहरूको भविष्यको जीवन पहिलेको जस्तो सुस्त र मन्द बन्न छोड्नेछ; त्यसरी जिएर, परमेश्वरले माग गर्नुभएका मापदण्डहरूलाई पूरा गर्नु असम्भव हुन्छ। यदि तैँले कुनै आतुरीको अनुभूति गर्दैनस् भने, तँसँग आफैलाई सुधार गर्ने इच्छा छैन, तेरो प्रयास अन्योल र दोधारमा छ, र तैँले परमेश्वरको इच्छा पूरा गर्न सक्दैनस् भन्ने यसले देखाउँछ। राज्यको तालिममा प्रवेश गर्नु भनेको परमेश्वरका मानिसहरूको जीवन सुरु गर्नु हो–के तँ त्यस्तो तालिम स्वीकार गर्न इच्छुक छस्? के तँ आतुरीको आभास अनुभूति गर्न इच्छुक छस्? के तँ परमेश्वरको अनुशासनमा जिउन इच्छुक छस्? के तँ परमेश्वरको सजायमा जिउन इच्छुक छस्? जब परमेश्वरको वचन तँकहाँ आउँछ र तँलाई जाँच

गर्छ, तैँले कसरी व्यवहार गर्नेछस्? र तैँले सबै किसिमका तथ्यहरूको सामना गर्दा के गर्नेछस्? विगतमा, तेरो ध्यान जीवनमा केन्द्रित थिएन; आज, तँ जीवन वास्तविकतामा प्रवेश गर्ने कार्यमा ध्यान केन्द्रित गर्नुपर्छ, र तैँले तेरो जीवन स्वभावमा परिवर्तन गर्ने प्रयास गर्नुपर्छ। राज्यका मानिसहरूले यसलाई हासिल गर्नैपर्छ। जो परमेश्वरका मानिसहरू हुन् उनीहरूमा जीवन हुनैपर्छ, उनीहरूले राज्यको तालिम स्वीकार गर्नैपर्छ, र आफ्नो जीवनको स्वभावलाई परिवर्तन गर्ने प्रयास गर्नुपर्छ। राज्यका मानिसहरूबाट परमेश्वरले चाहनुहुने कुरा यही नै हो।

राज्यका मानिसहरूका लागि परमेश्वरका मापदण्डहरू निम्नानुसार छन्:

१. तिनीहरूले परमेश्वरका आज्ञाहरूलाई स्वीकार गर्नैपर्छ। भन्नुको अर्थ, तिनीहरूले आखिरी दिनहरूका परमेश्वरको कार्यमा बोलिएका सबै वचनहरूलाई स्वीकार गर्नैपर्छ।

२. तिनीहरू राज्यको तालिममा प्रवेश गर्नैपर्छ।

३. तिनीहरूले परमेश्वरद्वारा आफ्नो हृदयलाई छुवाउने प्रयास गर्नैपर्छ। जब तेरो हृदय पूर्ण रूपमा परमेश्वरमा फर्किएको हुन्छ, र तँसँग सामान्य आत्मिक जीवन हुन्छ, तँ स्वतन्त्रताको क्षेत्रमा जिउनेछस्, जसको अर्थ तँ परमेश्वरको प्रेमको वास्ता र सुरक्षामा जिउनेछस् भन्ने हुन्छ। तँ परमेश्वरको वास्ता र सुरक्षामा जिउँदा मात्र तँ परमेश्वरको स्वामित्वमा हुनेछस्।

४. तिनीहरू परमेश्वरद्वारा प्राप्त गरिनैपर्छ।

५. तिनीहरू पृथ्वीमा परमेश्वरको महिमाको प्रकटीकरण बन्नैपर्छ।

यी पाँच बुँदाहरू तिमीहरूको लागि मेरा आज्ञाहरू हुन्। मेरा वचनहरू परमेश्वरका मानिसहरूका अघि बोलिन्छन्, र यदि तँ यी आज्ञाहरूलाई स्वीकार गर्न अनिच्छुक छस् भने, म तँलाई जबरजस्ती गर्नेछैन–तर यदि तैँले तिनलाई साँचो रूपमा स्वीकार गरिस् भने, तिमीहरूले परमेश्वरको इच्छालाई पूरा गर्न सक्नेछौ। आज, तिमीहरूले परमेश्वरका आज्ञाहरू स्वीकार गर्न, र राज्यका मानिसहरू बन्ने प्रयास गर्न र राज्यका मानिसहरू बन्नका लागि पूरा गर्नुपर्ने मापदण्डहरू पूरा गर्नका लागि सुरु गर्छौं। प्रवेशको पहिलो चरण यही नै हो। यदि तँ पूर्ण रूपमा परमेश्वरको इच्छालाई पूरा गर्न चाहन्छस् भने, तैँले यी पाँच आज्ञालाई स्वीकार गर्नैपर्छ, र यदि तैँले तिनलाई हासिल गर्न सकिस् भने, तँ परमेश्वरको हृदय अनुसारको हुनेछस् र परमेश्वरले अवश्य नै तँलाई बृहत् रूपमा प्रयोग गर्नुहुनेछ। राज्यको तालिममा प्रवेश गर्नु नै आजको लागि महत्त्वपूर्ण कुरा हो। राज्यको तालिमको प्रवेशले आत्मिक जीवन संलग्न गर्छ। यसभन्दा पहिले, आत्मिक जीवनको बारेमा कुनै कुरा उठाइएको थिएन, तर आज, तँ राज्यको तालिमको प्रवेशलाई सुरु गर्ने क्रममा, तँ आधिकारिक रूपमा आत्मिक जीवनमा प्रवेश गर्छस्।

कस्तो प्रकारको जीवन आत्मिक जीवन हो? आत्मिक जीवन भनेको त्यो जीवन हो जहाँ तेरो हृदय पूर्ण रूपमा परमेश्वरमा फर्केको हुन्छ, र परमेश्वरको प्रेमप्रति सचेत हुन सक्ने हुन्छ। यो त्यो जीवन हो जसमा तँ परमेश्वरका वचनहरूमा जिउँछस्, र तेरो हृदयमा अरू कुनै कुरालेओगट्दैन, र तैँले आजको परमेश्वरको इच्छालाई बुझ्न सक्छस्, र तँ तेरो कर्तव्यलाई पूरा गर्नको लागि पवित्र आत्माको आजको ज्योतिद्वारा अगुवाइ हुन्छस्। मानिस र परमेश्वरको बीचमा रहेको त्यो जीवन नै आत्मिक जीवन हो। यदि तैँले आजको ज्योतिलाई पछ्याउन सक्दैनस् भने, परमेश्वरसँगको

तेरो सम्बन्धमा दरार खुलेको छ—यो तोडिएको समेत हुन सक्छ—अनि तँ सामान्य आत्मिक जीवनविहीन छस्। परमेश्‍वरसँगको सामान्य सम्बन्ध आजको परमेश्‍वरको वचनलाई स्वीकार गर्ने कार्यको जगमा निर्मित हुन्छ। के तँमा सामान्य आत्मिक जीवन छ? के तँमा परमेश्‍वरसँगको सामान्य सम्बन्ध छ? के तँ पवित्र आत्माको कार्यलाई पछ्याउने व्यक्ति होस्? यदि तँ आज पवित्र आत्माको ज्योतिलाई पछ्याउन सक्छस्, र उहाँका वचनहरूभित्रको परमेश्‍वरको इच्छालाई बुझ्न, र यी वचनहरूमा प्रवेश गर्न सक्छस् भने, तँ पवित्र आत्माको प्रवाहलाई पछ्याउने व्यक्ति होस्। यदि तँ पवित्र आत्माको प्रवाहलाई पछ्याउँदैनस् भने, तँ सत्यताको पछि नलाग्ने व्यक्ति होस् भन्नेमा कुनै शङ्का छैन। आफैलाई सुधार गर्न इच्छा नगर्नेहरूभित्र पवित्र आत्माले काम गर्ने कुनै मौका हुँदैन, र परिणाम स्वरूप, त्यस्ता मानिसहरूले कहिल्यै पनि आफ्नो सामर्थ्य बटुल्न सक्दैनन्, र तिनीहरू सधैँ नै निष्क्रिय हुन्छन्। आज, के तँ पवित्र आत्माको प्रवाहलाई पछ्याउँछस्? के तँ पवित्र आत्माको प्रवाहमा छस्? के तँ निष्क्रिय स्थितिबाट निस्किआएको छस्? परमेश्‍वरको वचनमा विश्‍वास गर्ने, परमेश्‍वरको वचनलाई जगको रूपमा लिने, र पवित्र आत्माको आजको ज्योतिलाई पछ्याउनेहरू सबै—तिनीहरू सबै पवित्र आत्माको प्रवाहमा हुन्छन्। यदि तँ परमेश्‍वरका वचनहरू स्पष्ट रूपमा साँचो र सहि छन् भन्ने विश्‍वास गर्छस् भने, र यदि तँ उहाँले जे भन्‍नुभए तापनि परमेश्‍वरका वचनहरूमा विश्‍वास गर्छस् भने, तँ परमेश्‍वरको काममा प्रवेश गर्न लागिपर्ने व्यक्ति होस्, र यसरी तैँले परमेश्‍वरको इच्छालाई पूरा गर्छस्।

पवित्र आत्माको प्रवाहमा प्रवेश गर्नको लागि, तँमा परमेश्‍वरसँगको सामान्य सम्बन्ध हुनुपर्छ, र तैँले पहिले आफूलाई तेरो निष्क्रिय स्थितिबाट छुटकारा गर्नैपर्छ। कतिपय मानिसहरू सधैँ नै भीडको पछि लाग्छन्, र तिनीहरूको हृदय परमेश्‍वरबाट निकै टाढा जान्छ; त्यस्ता मानिसहरूसँग आफैलाई सुधार गर्ने कुनै इच्छा हुँदैन, र तिनीहरूले पछ्याउने मापदण्डहरू अत्यन्तै न्यून हुन्छन्। परमेश्‍वरलाई प्रेम गर्न र परमेश्‍वरद्वारा प्राप्त गरिनको लागि लागिपर्नु मात्रै परमेश्‍वरको इच्छा हो। परमेश्‍वरको प्रेमको ऋण तिर्नको लागि आफ्नो विवेक मात्रै प्रयोग गर्ने मानिसहरू पनि छन्, तर यसले परमेश्‍वरको इच्छालाई पूरा गर्न सक्दैन; तैँले जति उच्च मापदण्डहरूको खोजी गर्छस्, यो त्यति नै परमेश्‍वरको इच्छा अनुरूप हुनेछ। एक सामान्य व्यक्ति र परमेश्‍वरको प्रेमलाई खोजी गर्ने व्यक्तिको रूपमा, परमेश्‍वरका मानिसहरूमध्ये एक बन्नको लागि राज्यमा प्रवेश गर्नु नै तिमीहरूको साँचो भविष्य, र सबैभन्दा मूल्यवान् र महत्त्वको जीवन हो; तिमीहरू जत्तिको आशिषित कोही पनि हुँदैन। म किन यसो भन्छु? किनभने परमेश्‍वरमा विश्‍वास नगर्नेहरू देहको लागि जिउँछन्, र तिनीहरू शैतानको लागि जिउँछन्, तर आज तिमीहरू परमेश्‍वरको लागि जिउँछौ, र परमेश्‍वरको इच्छालाई पूरा गर्नको लागि नै जिउँछौ। यही कारणले गर्दा नै तिमीहरूको जीवन सबैभन्दा महत्त्वपूर्ण छ भनेर म भन्छु। परमेश्‍वरले चुन्‍नुभएका मानिसहरूको यो समूहले मात्रै सबैभन्दा महत्त्वको जीवन जिउन सक्छन्: पृथ्वीमा अरू कोही पनि त्यस्तो मूल्य र अर्थको जीवन जिउन सक्षम छैनन्। तिमीहरूलाई परमेश्‍वरले चुन्‍नुभएको, र परमेश्‍वरले नै हुर्काउनुभएको कारणले गर्दा, यसको साथै, तिमीहरूप्रतिको परमेश्‍वरको प्रेमको कारणले गर्दा, तिमीहरूले साँचो जीवनलाई बुझेका छौ, र अति मूल्यकोजीवन कसरी जिउने सो जान्दछौ। तिमीहरूको खोजी असल भएकोले

होइन, तर परमेश्‍वरको अनुग्रहले गर्दा नै यसो भएको हो; तिमीहरूको आत्माको आँखा खोलिदिने परमेश्‍वर नै हुनुहुन्थ्यो, र तिमीहरूलाई उहाँको सामने आउने सौभाग्य प्रदान गर्दै तिमीहरूको हृदयलाई छुने परमेश्‍वरका आत्मा नै हुनुहुन्थ्यो। यदि परमेश्‍वरका आत्माले तिमीहरूलाई अन्तर्दृष्‍टि नदिनुभएको भए, परमेश्‍वरको बारेमा के प्रेमिलो छ सो कुरा तिमीहरूले देख्‍न सक्दैनथियौ, न त तिमीहरूले परमेश्‍वरलाई प्रेम गर्नु नै सम्भव हुनेथियो। परमेश्‍वरका आत्माले मानिसहरूको हृदय छुनुभएको कारणले नै तिनीहरूको हृदय परमेश्‍वरतर्फ फर्केको छ। कहिलेकहीँ, जब तैँले परमेश्‍वरको वचनको आनन्द लिइरहेको हुन्छस्, तब तेरो आत्मास्पर्शित हुन्छ, अनि तैँले परमेश्‍वरलाई प्रेम नगरिकन बस्‍न सक्दैनस्, तँलाई तँभित्र ठूलो सामर्थ्य छ, र तैँले पन्छ्याउन नसक्ने केही पनि छैन भन्‍ने लाग्छ। यदि तँलाई यस्तो अनुभूति हुन्छ भने, तँलाई परमेश्‍वरको आत्माले छुनुभएको छ, र तेरो हृदय पूर्ण रूपमा परमेश्‍वरतर्फ फर्केको छ, अनि तैँले परमेश्‍वरलाई यसो भन्दै प्रार्थना गर्नेछस्: "हे परमेश्‍वर! हामीलाई तपाईंले अघिबाटै निर्धारित गर्नुभएको र चुन्‍नुभएको छ। तपाईंको महिमाले मलाई गर्व गराउँछ, र तपाईंका प्रजामध्ये एक बन्‍न पाउँदा मलाई गौरवको आभास हुन्छ। म तपाईंको इच्छा पुरा गर्नको निम्ति सबै थोक खर्चनेछु र सबै थोक दिनेछु, र मेरा सबै वर्षहरू, र सम्पूर्ण जीवनभरिको प्रयास तपाईंप्रति नै समर्पित गर्नेछु।" जब तँ यसरी प्रार्थना गर्छस्, तेरो हृदयमा परमेश्‍वरप्रति कहिल्यै नटुङ्गिने प्रेम र साँचो आज्ञापालन हुनेछ। के तैँले कहिल्यै यस्तो अनुभव गरेको छस्? यदि मानिसहरू धेरै पटक परमेश्‍वरका आत्माद्वारा छोइएका छन् भने, तिनीहरू आफ्ना प्रार्थनामा आफैलाई विशेष रूपमा परमेश्‍वरमा समर्पित गर्न इच्छुक हुन्छन्: "हे परमेश्‍वर! म तपाईंको महिमाको दिनलाई हेर्न चाहन्छु, र म तपाईंकै लागि जिउन चाहन्छु–तपाईंको लागि जिउनु जत्तिको योग्य वा अर्थपूर्ण कुरा केही पनि छैन, र शैतान र देहको लागि जिउने थोरै इच्छा समेत मसँग छैन। आज तपाईंको लागि जिउने तुल्याउँदै तपाईंले मलाई उठाउनुभयो।" जब तैँले यसरी प्रार्थना गरेको हुन्छस्, तँ परमेश्‍वरलाई तेरो हृदय नदिइ बस्‍न सक्दैनस्, तैँले परमेश्‍वरलाई प्राप्‍त गर्नैपर्छ, र तँ जीवित हुँदा परमेश्‍वरलाई प्राप्‍त नगरिकन मर्न परे तँ त्यसलाई घृणा गर्नेथिइस् भन्‍ने तँलाई लाग्‍नेछ। त्यस्तो प्रार्थना गरिसकेपछि, तँभित्र असीम सामर्थ्य हुनेछ, र यो कहाँबाट आउँछ सो तँलाई थाहा हुनेछैन; तेरो हृदयमा असीमित शक्ति हुनेछ, र परमेश्‍वर अत्यन्तै प्रेमिलो हुनुहुन्छ, र उहाँ प्रेम गर्न योग्य हुनुहुन्छ भन्‍ने तैँले अनुभूति गर्नेछस्। यही बेला तँ परमेश्‍वरद्वारा छोइएको हुनेछस्। यस्तो अनुभव प्राप्‍त गरेका सबैलाई परमेश्‍वरले छुनुभएको हुन्छ। परमेश्‍वरद्वारा धेरै पटक छोइएकाहरूका हकमा, तिनीहरूको जीवनमा परिवर्तनहरू आउँछन्, तिनीहरू संकल्प गर्न सक्छन् र परमेश्‍वरलाई पूर्ण रूपमा प्राप्‍त गर्न इच्छुक हुन्छन्, तिनीहरूको हृदयमा परमेश्‍वरप्रतिको प्रेम अझै दह्रिलो हुन्छ, तिनीहरूको हृदय परमेश्‍वरमा पूर्ण रूपले फर्केका हुन्छन्, तिनीहरूलाई परिवार, संसार, जाल-झेल, वा तिनीहरूको भविष्यको कुनै ख्याल हुँदैन, र तिनीहरू आफ्नो जीवनभरिको प्रयास परमेश्‍वरमा समर्पित गर्न इच्छुक हुन्छन्। परमेश्‍वरका आत्माले छोइएकाहरू सबै सत्यताको पछि लाग्‍ने, र परमेश्‍वरद्वारा सिद्ध तुल्याउने आशा भएका मानिसहरू हुन्।

के तैँले तेरो हृदय परमेश्‍वरतर्फ फर्काएको छस्? के तेरो हृदय परमेश्‍वरका आत्माद्वारा छोइएको

छ? यदि तैँले कहिल्यै त्यस्तो अनुभव गरेको छैनस् भने, र यदि तैँले त्यसरी कहिल्यै प्रार्थना गरेको छैनस् भने, तेरो हृदयमा परमेश्‍वरको निम्ति कुनै ठाउँ छैन भन्‍ने यसले देखाउँछ। परमेश्‍वरका आत्माद्वारा अगुवाइ गरिएकाहरू र परमेश्‍वरका आत्माद्वारा छोइएकाहरू सबैमा परमेश्‍वरको काम हुन्छ, जसले परमेश्‍वरका वचनहरू र परमेश्‍वरको प्रेमले तिनीहरूमा जरा गाडेको छ भन्‍ने देखाउँछ। कतिपय मानिसहरू यसो भन्छन्: "मेरा प्रार्थनाहरूमा म तिमीजस्तो एकाग्रचित्त हुँदिन, न त मलाई परमेश्‍वरले नै छुनुहुन्छ; कहिलेकहीँ–जब म ध्यान गर्छु र प्रार्थना गर्छु–परमेश्‍वर प्रेमिलो हुनुहुन्छ, र मेरो हृदयलाई परमेश्‍वरले छुनुभएको छ भन्‍ने मलाई अनुभव हुन्छ।" मानिसको हृदयभन्दा महत्त्वपूर्ण कुरा अरू केही पनि छैन। जब तेरो हृदय परमेश्‍वरमा फर्केको हुन्छ, तेरो सम्पूर्ण अस्तित्व नै परमेश्‍वरमा फर्केको हुन्छ, र त्यो बेला तेरो हृदयलाई परमेश्‍वरका आत्माले छुनुभएको हुनेछ। तिमीहरूमध्ये धेरैजसोले यस्तो अनुभव गरेका छौ–यति मात्रै हो कि, तिमीहरूका अनुभवहरूको गहिराइ उस्तै छैन। कतिपय मानिसहरू यसो भन्छन्: "म प्रार्थनाका धेरै शब्दहरू बोल्दिन, म अरूले बोलेको सुन्छु अनि मभित्र सामर्थ्य पैदा हुन्छ।" तँलाई परमेश्‍वरले भित्री रूपमा छुनुभएको छ भन्‍ने यसले देखाउँछ। भित्री रूपमा परमेश्‍वरद्वारा छोइएका मानिसहरू अरूका प्रार्थनाका शब्दहरू सुन्दा उत्प्रेरित हुन्छन्; यदि उत्प्रेरणात्मक शब्दहरू सुन्दा कुनै व्यक्तिको हृदय पूर्ण रूपमा अप्रभावित हुन्छ भने, तिनीहरूमा पवित्र आत्माको काम छैन भन्‍ने यसले प्रमाणित गर्छ। तिनीहरूभित्र कुनै तृष्णा छैन, जसले तिनीहरूमा कुनै संकल्प छैन, र तसर्थ तिनीहरू पवित्र आत्माको कार्य विहीन छन् भन्‍ने देखाउँछ। यदि कुनै व्यक्तिलाई परमेश्‍वरले छुनुभएको छ भने, तिनीहरूले परमेश्‍वरको वचन सुन्दा तिनीहरूले प्रतिक्रिया दिनेछन्; यदि तिनीहरू परमेश्‍वरद्वारा छोइएका छैनन् भने, तिनीहरू परमेश्‍वरको वचनमा संलग्‍न भएका हुँदैनन्, ती कुराहरूसँग तिनीहरूले कुनै सम्बन्ध कायम गर्दैनन्, र तिनीहरूले अन्तर्दृष्टि प्राप्त गर्न सक्दैनन्। जसले परमेश्‍वरको वचन सुनेर पनि प्रतिक्रिया दिँदैनन्, तिनीहरू त्यस्ता मानिसहरू हुन् जो परमेश्‍वरद्वारा छोइएका छैनन्–तिनीहरू पवित्र आत्माको कार्य विनाका मानिसहरू हुन्। नयाँ ज्योति स्वीकार गर्न सक्‍ने सबैलाई छोइन्छ, र तिनीहरूमा पवित्र आत्माको काम हुन्छ।

आफैलाई मापन गर्:

१. के तँ पवित्र आत्माको वर्तमान कामको बीचमा छस्?

२. के तेरो हृदय परमेश्‍वरमा फर्केको छ? के तँ परमेश्‍वरद्वारा छोइएको छस्?

३. के परमेश्‍वरको आत्माले तँभित्र जरा गाडेको छ?

४. के तेरो अभ्यास परमेश्‍वरका मापदण्डहरूको जगमा निर्मित छ?

५. के तँ पवित्र आत्माको वर्तमान ज्योतिको अगुवाइमा जिउँछस्?

६. तेरो हृदयलाई पुराना धारणाहरूले शासन गरेको छ, कि यसलाई परमेश्‍वरको आजको वचनले शासन गरेको छ?

यी वचनहरूलाई सुनिसकेपछि, तिमीहरूभित्रको प्रतिक्रिया के हो? यी सबै वर्षहरू विश्‍वास गरिसकेपछि, के तेरो जीवनमा परमेश्‍वरको वचन छ? के तेरो अघिल्लो, भ्रष्ट स्वभावमा परिवर्तन आएको छ? के परमेश्‍वरको आजको वचन अनुसार, तँलाई जीवन पाउनु भनेको के हो, र जीवन

विहीन हुनु भनेको के हो सो थाहा छ? के यो कुरा तिमीहरूको लागि स्पष्ट छ? परमेश्‍वरलाई पछ्याउनुको प्रमुख महत्त्व भनेको सबै कुरा परमेश्‍वरको आजको वचन अनुसार नै हुनुपर्छ भन्‍ने नै हो: चाहे तैँले जीवनमा प्रवेशको खोजी गरिरहेको होस् वा परमेश्‍वरको इच्छाको पूर्णता नै, सबै कुरा परमेश्‍वरको आजको वचन वरिपरि नै केन्द्रित हुनुपर्छ। यदि तेरो कुराकानी र खोजी परमेश्‍वरको आजको वचनहरू वरिपरि केन्द्रित छैनन् भने, तँ परमेश्‍वरको वचनको लागि अपरिचित छस्, र तँमा पवित्र आत्माको कार्यको पूर्ण अभाव छ। परमेश्‍वरले चाहनुभएको कुरा भनेको उहाँका पाइलाहरूलाई पछ्याउने मानिसहरू नै हुन्। तैँले पहिले बुझेको कुरा जति सुन्दर र शुद्ध भए तापनि, परमेश्‍वरले यो चाहनुहुन्‍न, र तैँले यस्ता कुराहरूलाई पन्छ्याउन सक्दैनस् भने, भविष्यमा तेरो प्रवेशमा निकै ठूलो वाधा हुनेछ। पवित्र आत्माको वर्तमान ज्योतिलाई पछ्याउन सक्‍नेहरू सबै आशिषित छन्। विगतका युगका मानिसहरूले पनि परमेश्‍वरका पाइलाहरूलाई पछ्याए, तैपनि तिनीहरूले आजको दिनसम्म पछ्याउन सकेनन्; आखिरी दिनहरूका मानिसहरूको आशिष् यही नै हो। पवित्र आत्माको वर्तमान कार्यलाई पछ्याउन सक्‍ने, र उहाँले तिनीहरूलाई जता डोर्याउनुभए पनि परमेश्‍वरलाई नै पछ्याउने गरी परमेश्‍वरका पाइलाहरूलाई पछ्याउन सक्‍नेहरू–यिनीहरू परमेश्‍वरद्वारा आशिषित मानिसहरू हुन्। पवित्र आत्माको वर्तमान कार्यलाई नपछ्याउनेहरू, परमेश्‍वरका वचनहरूको कार्यमा प्रवेश गरेका हुँदैनन्, र तिनीहरूले जति नै धेरै काम गरे तापनि, वा तिनीहरूको कष्ट-भोग जति नै ठूलो भए तापनि, वा तिनीहरूले जति नै धेरै दौडधूप गरे पनि, यीमध्ये कुनै पनि कुरा परमेश्‍वरको लागि कुनै अर्थको हुँदैन, र उहाँले तिनीहरूलाई स्याबासी दिनुहुनेछैन। आज, परमेश्‍वरको वर्तमान वचनहरूलाई पछ्याउनेहरू पवित्र आत्माको प्रवाहमा हुन्छन्; परमेश्‍वरको आजको वचनप्रति अपरिचित हुनेहरू पवित्र आत्माको प्रवाहभन्दा बाहिर हुन्छन्, र त्यस्ता मानिसहरूलाई परमेश्‍वरले स्याबासी दिनुहुन्‍न। पवित्र आत्माको वर्तमान वाणीहरूबाट अलग रहेको सेवा देहको, र धारणाहरूको सेवा हो, र यो परमेश्‍वरको इच्छा अनुसार हुनु असम्भव छ। यदि मानिसहरू धार्मिक धारणाहरूका बीचमा जिउँछन् भने, तिनीहरूले परमेश्‍वरको इच्छाको निम्ति उपयुक्त केही पनि गर्न सक्दैनन्, र तिनीहरूले परमेश्‍वरको सेवा गरे तापनि, तिनीहरूले तिनीहरूका कल्पना र धारणाहरूका बीचमा सेवा गर्छन्, अनि परमेश्‍वरको इच्छा अनुसार सेवा गर्न तिनीहरू पूर्ण रूपमा असमर्थ हुन्छन्। पवित्र आत्माको कामलाई पछ्याउन नसक्‍नेहरूले परमेश्‍वरको इच्छालाई बुझ्दैनन्, र परमेश्‍वरको इच्छालाई नबुझ्नेहरूले परमेश्‍वरको सेवा गर्न सक्दैनन्। परमेश्‍वरले उहाँको आफ्नै हृदय अनुसारको सेवा चाहनुहुन्छ; उहाँले धारणाहरू र देहको सेवा चाहनुहुन्‍न। यदि मानिसहरूले पवित्र आत्माको कार्यका चरणहरूलाई पछ्याउन सक्दैनन् भने, तिनीहरू धारणाहरूका बीचमा जिउँछन्। त्यस्ता मानिसहरूको सेवाले बिथोल्छ र वाधा दिन्छ, अनि त्यस्तो सेवा परमेश्‍वरको विपरीत हुन्छ। त्यसकारण परमेश्‍वरका पाइलाहरू पछ्याउन नसक्‍नेहरूले परमेश्‍वरको सेवा गर्न सक्दैनन्; परमेश्‍वरका पाइलाहरूलाई पछ्याउन नसक्‍नेहरूले अवश्य नै परमेश्‍वरको विरोध गर्छन्, र तिनीहरू परमेश्‍वरको अनुरूप हुन सक्दैनन्। "पवित्र आत्माको कार्यलाई पछ्याउनु" को अर्थ आजको परमेश्‍वरको इच्छालाई बुझ्नु, परमेश्‍वरका वर्तमान मापदण्डहरू अनुसार काम गर्न सक्नु, आजको परमेश्‍वरको आज्ञापालन गर्न र उहाँलाई पछ्याउन, र परमेश्‍वरका सबैभन्दा नयाँ

वाणीहरू अनुसार प्रवेश गर्न सक्नु भन्ने हुन्छ। पवित्र आत्माको कार्यलाई पछ्याउने र पवित्र आत्माको प्रवाहमा रहने व्यक्ति यही मात्रै हो। त्यस्ता मानिसहरूले परमेश्‍वरको प्रशंसा प्राप्त गर्न र परमेश्‍वरलाई देख्न सक्ने मात्रैहोइनन्, तर परमेश्‍वरको हालैको कामबाट परमेश्‍वरको स्वभावलाई जान्न सक्छन्, र उहाँको हालैको कामबाट मानिसका धारणाहरू र अनाज्ञाकारीतालाई, अनि मानिसको स्वभावर सारलाई जान्न सक्छन्; यसको साथै, तिनीहरूको सेवाको अवधिमा तिनीहरूले आफ्नो स्वभावमा क्रमिक रूपमा परिवर्तन हासिल गर्न सक्छन्। यस्ता मानिसहरू मात्रै परमेश्‍वरलाई प्राप्त गर्न सक्ने, र साँचो मार्गलाई यथार्थ रूपमा पाएका मानिसहरू हुन्। पवित्र आत्माको कामद्‌वारा हटाइएकाहरू परमेश्‍वरको हालैको कामलाई पछ्याउन नसक्ने, र परमेश्‍वरको हालैको कामको विरुद्‌ध विद्रोह गर्ने मानिसहरू हुन्। त्यस्ता मानिसहरूले परमेश्‍वरलाई खुल्लमखुल्ला विरोध गर्नुको कारण, परमेश्‍वरले नयाँ काम गर्नुभएकोले, र परमेश्‍वरको स्वरूप तिनीहरूको धारणामा भएको जस्तो नभएकोले हो—यसको परिणाम स्वरूप, तिनीहरूले खुल्लमखुल्ला परमेश्‍वरको विरोध गर्छन्, र परमेश्‍वरको न्याय गर्छन्, जसले गर्दा परमेश्‍वरले तिनीहरूलाई घृणा गर्नुहुन्छ र इन्कार गर्नुहुन्छ। परमेश्‍वरको हालैको कामको ज्ञान प्राप्त गर्नु त्यति सजिलो बिषय छैन, तर यदि मानिसहरूमा परमेश्‍वरको कामलाई पालना गर्ने र परमेश्‍वरको कामको खोजी गर्ने मन छ भने, तिनीहरूले परमेश्‍वरलाई देख्ने मौका पाउनेछन्, र तिनीहरूले पवित्र आत्माको सबैभन्दा नयाँ अगुवाइलाई प्राप्त गर्ने मौका पाउनेछन्। परमेश्‍वरको कामलाई जानी-जानी विरोध गर्नेहरूले पवित्र आत्माको अन्तर्दृष्टि वा परमेश्‍वरको अगुवाइ प्राप्त गर्न सक्दैनन्। त्यसकारण, मानिसहरूले परमेश्‍वरको हालैको काम प्राप्त गर्न सक्छन् कि सक्दैनन् भन्ने कुरा परमेश्‍वरको अनुग्रहमा निर्भर हुन्छ, यो तिनीहरूको खोजीमा निर्भर हुन्छ, र यो तिनीहरूका अभिप्रायहरूमा निर्भर हुन्छ।

पवित्र आत्माका वर्तमान वाणीहरूलाई पालन गर्न सक्नेहरू सबै आशिषितहरू हुन्। तिनीहरू पहिले जस्तो हुने गरेको भए तापनि, वा पवित्र आत्माले तिनीहरूमा जसरी काम गर्ने गर्नुभएको भए तापनि—परमेश्‍वरको हालैको कार्यलाई प्राप्त गर्नेहरू नै सबैभन्दा आशिषितहरू हुन्, र आज हालैको कामलाई पछ्याउन नसक्नेहरूलाई हटाइन्छन्। परमेश्‍वर नयाँ ज्योति स्वीकार गर्न सक्नेहरूलाई नै चाहनुहुन्छ, र उहाँले उहाँको हालैको कामलाई स्वीकार गर्ने र चिन्नेहरूलाई चाहनुहुन्छ। तँ विशुद्‌ध कन्या हुनुपर्छ भनेर किन भनिन्छ? विशुद्‌ध कन्याले पवित्र आत्माको कार्यलाई खोज्न र नयाँ कुराहरूलाई बुझ्न सक्छ, यति मात्र होइन, उसले पुराना धारणाहरूलाई पन्छ्याएर, आजको परमेश्‍वरको कामलाई पालना गर्न सक्छ। आजको सबैभन्दा नयाँ कार्यलाई स्वीकार गर्ने मानिसहरूको यो समूहलाई युगौं-युग पहिले नै परमेश्‍वरले अघिबाटै निर्धारित गर्नुभएको थियो, र तिनीहरू सबैभन्दा आशिषित मानिसहरू हुन्। तिमीहरूले परमेश्‍वरको आवाज प्रत्यक्ष रूपमै सुन्छौ, र परमेश्‍वर देखा पर्ने घटनालाई देख्छौ, र त्यसकारण, स्वर्ग र पृथ्वीभरि, र युगौं-युगभरि नै, तिमीहरू, मानिसहरूको यो समूहभन्दा बढी कोही पनि आशिषित भएको छैन। यो सबै नै परमेश्‍वरको कार्यले गर्दा, परमेश्‍वरले अघिबाटै निर्धारित गर्नुभएको र चुन्नुभएकोले गर्दा, अनि परमेश्‍वरको अनुग्रहले गर्दा नै हो; यदि परमेश्‍वरले आफ्ना वचनहरू नबोल्नुभएको भए र वाणी नभन्नु भएको भए, के तिमीहरूका अवस्थाहरू आजको जस्तो हुन सक्थ्यो र? तसर्थ, सारा महिमा

र प्रशंसा परमेश्‍वरलाई नै होस्, किनभने परमेश्‍वरले तिमीहरूलाई उठाउनुहुने भएकोले नै यो सबै भएको हो। यी कुराहरूलाई ध्यानमा राख्दै, के तँ अझै पनि निष्क्रिय हुन सक्छस्? के तेरो सामर्थ्य अझै पनि माथि उठ्न सक्दैन?

तैँले परमेश्‍वरका वचनहरूको न्याय, सजाय, प्रहार, र शोधनलाई स्वीकार गर्न सक्छस्, यसको साथै तँ परमेश्‍वरका आज्ञाहरूलाई स्वीकार गर्न सक्छस् भन्‍ने कुरा युगौं-युग पहिले नै परमेश्‍वरले अघिबाटै निर्धारित गर्नुभएको थियो, तसर्थ तँलाई सजाय दिइँदा तँ हैरान हुनुहुँदैन। तिमीहरूमा गरिएको काम, र तिमीहरूलाई दिइएका आशिषहरूलाई कसैले पनि खोस्‍न सक्दैन, अनि तिमीहरूलाई दिइएका सबै कुराहरू कसैले पनि खोसेर लैजान सक्दैन। धर्मका मानिसहरूलाई तिमीहरूसँग तुलना गर्न सकिँदैन। तिमीहरूमा बाइबल सम्बन्धी विशेषज्ञता छैन, र तिमीहरू धार्मिक सिद्धान्तद्वारा सुसज्जित छैनौ, तर परमेश्‍वरले तिमीहरूभित्र काम गर्नुभएको हुनाले, तिमीहरूले युगौं-युगको अवधिका अरू कसैले भन्दा बढी प्राप्त गरेका छौ—त्यसकारण यो तिमीहरूको सबैभन्दा ठूलो आशिष् हो। यही कारणले गर्दा, तिमीहरू परमेश्‍वरप्रति अझै समर्पित हुनुपर्छ, र परमेश्‍वरप्रति अझै निष्ठावान हुनुपर्छ। परमेश्‍वरले तँलाई माथि उठाउनुहुने भएकोले, तैँले आफ्नो प्रयासहरूलाई जोड दिनुपर्छ, र परमेश्‍वरको आज्ञालाई स्वीकार गर्नको लागि तेरो कदलाई तयार गर्नुपर्छ। परमेश्‍वरले तँलाई दिनुभएको स्थानमा तँ दह्रिलो गरी खडा हुनैपर्छ, परमेश्‍वरका मानिसहरूमध्ये एक बन्‍न तँ लागी पर्नुपर्छ, राज्यको तालिमलाई स्वीकार गर्नुपर्छ, परमेश्‍वरद्वारा प्राप्त गरिनुपर्छ र आखिरमा परमेश्‍वरको महिमित गवाही बन्‍नुपर्छ। के तँमा यी संकल्पहरू छन्? यदि तँमा यस्ता संकल्पहरू छन् भने, आखिरमा तँलाई अवश्य नै परमेश्‍वरले प्राप्त गर्नुहुनेछ, र तँ परमेश्‍वरको महिमित गवाही बन्‍नेछस्। मुख्य आज्ञा भनेको परमेश्‍वरद्वारा प्राप्त गरिनु र परमेश्‍वरको महिमित गवाही बन्‍नु नै हो भन्‍ने कुरालाई तैँले बुझ्नुपर्छ। परमेश्‍वरको इच्छा यही नै हो।

पवित्र आत्माको आजका वचनहरू पवित्र आत्माका कार्यका गतिशीलताहरू हुन्, र यो अवधिमा पवित्र आत्माले मानिसलाई निरन्तर अन्तर्दृष्‍टि दिनु नै पवित्र आत्माको कामको प्रवृत्ति हो। र आज पवित्र आत्माको कामको प्रवृत्ति के हो? यो परमेश्‍वरको आजको काममा, र सामान्य आत्मिक जीवनमा मानिसहरूको नेतृत्व गर्नु हो। सामान्य आत्मिक जीवनमा गरिने प्रवेशका धेरै चरणहरू छन्:

१. पहिलो, तैँले आफ्नो हृदयलाई परमेश्‍वरको वचनमा खन्याउनैपर्छ। तैँले विगतको परमेश्‍वरको वचनलाई पछ्याउनुहुँदैन, र तिनलाई अध्ययन गर्नुहुँदैन, न त तिनलाई आजको वचनहरूसँग नै तुलना गर्नुहुन्छ। बरु, तैँले आफ्नो हृदयलाई पूर्ण रूपमा परमेश्‍वरको वर्तमान वचनमा लगाउनुपर्छ। यदि अझै पनि विगतका परमेश्‍वरको वचन, आत्मिक पुस्तकहरू, वा अरू प्रचारका विवरणहरूलाई पढ्न चाहने, र आजको पवित्र आत्माको वचनलाई नपछ्याउने मानिसहरू छन् भने, तिनीहरू सबैभन्दा मूर्ख मानिसहरू हुन्; परमेश्‍वरले त्यस्ता मानिसहरूलाई तिरस्कार गर्नुहुन्छ। यदि तँ आजको पवित्र आत्माको ज्योतिलाई स्वीकार गर्न इच्छुक छस् भने, परमेश्‍वरको आजका वाणीहरूमा आफ्नो हृदयलाई पूर्ण रूपमा खन्याऊ। तैँले हासिल गर्नुपर्ने पहिलो कुरा यही नै हो।

२. तैँले आजको परमेश्‍वरले बोल्नुभएका वचनहरूको जगमा प्रार्थना गर्नैपर्छ, तँ परमेश्‍वरका

वचनहरूमा प्रवेश गरेर परमेश्वरसँग कुराकानी गर्नैपर्छ, र तैँले पछ्याउन चाहने उपलब्धिको लागि मापदण्डहरू स्थापित गर्दै परमेश्वरको अघि तैँले आफ्ना संकल्पहरू गर्नैपर्छ।

३. तैँले पवित्र आत्माको आजको कामको जगमा सत्यताको गहन प्रवेशको खोजी गर्नुपर्छ। विगतका म्याद सकिएका वाणीहरू र सिद्धान्तहरूलाई पक्री नराख्।

४. तैँले पवित्र आत्माद्वारा छोइने र परमेश्वरका वचनहरूमा प्रवेश गर्ने प्रयास गर्नुपर्छ।

५. तँ आज पवित्र आत्माले हिँड्नुभएको मार्गमा प्रवेश गर्न लागि पर्नुपर्छ।

अनि तँ कसरी पवित्र आत्माद्वारा छोइनलाई खोजी गर्छस्? महत्त्वपूर्ण कुरा भनेको परमेश्वरका वर्तमान वचनहरूमा जिउनु, र परमेश्वरका मापदण्डहरूको जगमा रही प्रार्थना गर्नु हो। यसरी प्रार्थना गरिसकेपछि, पवित्र आत्माले तँलाई अवश्य नै छुनुहुन्छ। यदि तँ आज परमेश्वरले बोल्नुभएका वचनहरूको जगमा रही खोजी गर्दैनस् भने, यो व्यर्थ हुन्छ। तैँले यसो भन्दै प्रार्थना गर्नुपर्छ: "हे परमेश्वर! म तपाईंको विरोध गर्छु, र म तपाईंको धेरै ऋणी छु; म धेरै अनाज्ञाकारी छु, र म कहिल्यै पनि तपाईंलाई सन्तुष्ट तुल्याउन सक्दिनँ। हे परमेश्वर, तपाईंले मलाई मुक्ति दिनुभएको होस् भन्ने मेरो कामना छ, म तपाईंलाई अन्त्यसम्मै सेवा दिन चाहन्छु, म तपाईंकोनिम्ति मर्न चाहन्छु। तपाईंले मलाई न्याय गर्नुहोस् र मलाई सजाय दिनुहोस्, अनि मसँग कुनै गुनासो छैन; म तपाईंको विरोध गर्छु र म मर्न योग्य छु, ताकि मेरो मृत्युमा सबै मानिसहरूले तपाईंको धर्मी स्वभावलाई देख्न सकून्।" जब तँ हृदयबाटै यसरी प्रार्थना गर्छस्, परमेश्वरले तँलाई सुन्नुहुनेछ र तँलाई अगुवाइ गर्नुहुनेछ; यदि तँ पवित्र आत्माको आजका वचनहरूको जगमा रही प्रार्थना गर्दैनस् भने, पवित्र आत्माले तँलाई छुनुहुन्छ भन्ने कुराको कुनै सम्भावना हुँदैन। यदि तँ परमेश्वरको इच्छा अनुसार, र आज परमेश्वरले जे गर्न चाहनुहुन्छ त्यो अनुसार प्रार्थना गर्छस् भने, तैँले यसो भन्नेछस्: "हे परमेश्वर! म तपाईंका आज्ञाहरूलाई स्वीकार गर्न र तपाईंका आज्ञाहरूप्रति विश्वासयोग्य हुन चाहन्छु, अनि म मेरो सम्पूर्ण जीवन नै तपाईंकै महिमामा अर्पण गर्न इच्छुक छु, ताकि मैले गर्ने सबै कुरा परमेश्वरका मानिसहरूका मापदण्डहरूसम्म पुग्न सकून्। मेरो हृदय तपाईंद्वारा छोइएको होस्। तपाईंको आत्माले मलाई सधैँ अन्तर्दृष्टि दिनुभएको होस्, मैले गर्ने सबै कुराले शैतानलाई शर्ममा पारोस्, आखिरमा मलाई तपाईंले प्राप्त गर्नुभएको होस् भन्ने मेरो कामना छ।" यदि तँ यसरी, परमेश्वरको इच्छावरिपरि केन्द्रित भई प्रार्थना गर्छस् भने, पवित्र आत्माले अपरिहार्य रूपमै तँमा काम गर्नुहुनेछ। तेरो प्रार्थनाका शब्दहरू कति धेरै छन् त्यसले केही फरक पार्दैन—तैँले परमेश्वरको इच्छालाई बुझ्छस् कि बुझ्दैनस्, मुख्य कुरा त्यही हो। तिमीहरू सबैले सायद निम्न अनुभव प्राप्त गरेका छौ: भेलामा प्रार्थना गरिरहेको बेला कहिलेकहीँ पवित्र आत्माको कार्यका गतिशीलताहरू तिनको चरम अवस्थामा पुग्छन् र त्यसले सबैको सामर्थ्यलाई माथि उठाउँछ। कतिपय मानिसहरू प्रार्थना गर्दा-गर्दै परमेश्वरको अघि पछुतोले भरिएर नराम्ररी रुन्छन् अनि रोएर बरर आँसु झार्छन्, र कतिपय मानिसहरू तिनीहरूका सङ्कल्प देखाउछन् र भाकल गर्छन्। पवित्र आत्माको कामले हासिल गर्नुपर्ने प्रभाव त्यस्तै हो। आज, सबै मानिसहरूले परमेश्वरको वचनमा आफ्नो हृदय पूर्ण रूपमा खन्याउनुमहत्त्वपूर्ण छ। पहिले बोलिएका वचनहरूमा ध्यान नदे; पहिले जे आएको थियो त्यसलाई नै तँ अझै पक्रिरहन्छस् भने, पवित्र आत्माले तँभित्र

काम गर्नुहुनेछैन। के तँ यो कति महत्त्वपूर्ण छ भन्ने देख्छस्?

के तँ आज पवित्र आत्माले हिँड्नुभएको मार्ग चिन्छस्? माथि उल्लेख गरिएका विभिन्न बुँदाहरू पवित्र आत्माले आज र भविष्यमा पूरा गर्नुपर्ने कुराहरू हुन्; ती पवित्र आत्माले लिनुभएको मार्ग हो, र मानिसले पछ्याउनुपर्ने प्रवेश हो। जीवनमा हुने तेरो प्रवेशमा, तैँले कम्तीमा पनि तेरो हृदयलाई परमेश्‍वरका वचनहरूमा खन्याउनुपर्छ, र परमेश्‍वरका वचनहरूको न्याय र सजायलाई स्वीकार गर्न सक्नुपर्छ; तेरो हृदय परमेश्‍वरको लागि तृषित हुनैपर्छ, तैँले सत्यताको गहन प्रवेश, र परमेश्‍वरले तोक्नुभएका उद्‌देश्यहरूलाई खोजी गर्नुपर्छ। जब तँमा यस्तो सामर्थ्य हुन्छ, यसले तँलाई परमेश्‍वरले छुनुभएको छ, र तेरो हृदय परमेश्‍वरतर्फ फर्कन थालेको छ भन्ने देखाउँछ।

जीवनमा प्रवेश गर्ने कार्यको पहिलो चरण भनेको तेरो हृदयलाई पूर्ण रूपमा परमेश्‍वरका वचनहरूमा खन्याउनुहो, र दोस्रो चरण बनेको पवित्र आत्माको छुवाइलाई स्वीकार गर्नु हो। पवित्र आत्माको छुवाइलाई स्वीकार गरेर के प्रभाव हासिल गरिन्छ? यो अझै गहन सत्यताको तृष्णा गर्न, त्यसको खोजी गर्न, र अन्वेषण गर्न सक्नु, र सकारात्मक तरिकाले परमेश्‍वरसँग सहकार्य गर्न सक्नु हो। आज, तँ परमेश्‍वरसँग सहकार्य गर्छस्, भन्नुको अर्थ, तेरो खोजी, तेरा प्रार्थनाहरू, र परमेश्‍वरका वचनहरूसँगको तेरो सहभागिताको उद्‌देश्य छ, र तैँले तेरो कर्तव्य परमेश्‍वरका मापदण्डहरू अनुसार पूरा गर्छस्—परमेश्‍वरसँग सहकार्य गर्नु भनेको यही मात्रै हो। यदि तँ परमेश्‍वरलाई काम गर्न दिने बारेमा मात्रै बोल्छस्, तर प्रार्थना गर्ने न खोजी गर्ने गर्नु त कता हो कता तैँले कुनै काम समेत गर्दैनस् भने, के यसलाई सहकार्य भन्न सकिन्छ र? यदि तँमा सहकार्यको कुनै छाप नै छैन, र तँमा उद्‌देश्य सहितको प्रवेशको तालिमको अभाव छ भने, तैँले सहकार्य गरिरहेको छैनस्। कतिपय मानिसहरूले यसो भन्छन्: "सबै कुरा परमेश्‍वरले गर्नुभएको पूर्वनिर्धारणमा नै निर्भर हुन्छ, यो सबै परमेश्‍वर स्वयमले गर्नुहुन्छ; यदि यो परमेश्‍वरले गर्नुभएको होइन भने, मानिसले कसरी गर्न सक्थ्यो र?" परमेश्‍वरको कार्य सामान्य छ, र अलिकति पनि अलौकिक छैन, र तेरो सक्रिय खोजीद्‌वारा मात्रै पवित्र आत्माले काम गर्नुहुन्छ, किनभने परमेश्‍वरले जबरजस्ती गर्नुहुन्न—तैँले परमेश्‍वरलाई काम गर्ने अवसर दिनैपर्छ, र यदि तँ खोजी वा प्रवेश गर्दैनस् भने, र तेरो हृदयमा अलिकति पनि तृष्णा छैन भने, परमेश्‍वरसँग काम गर्ने कुनै मौका हुँदैन। परमेश्‍वरद्‌वारा छोइनको लागि तँ कुन मार्गको खोजी गर्छस्? प्रार्थनाद्‌वारा, र परमेश्‍वरको नजिक आएर। तर सबैभन्दा महत्त्वपूर्ण कुरा, यो परमेश्‍वरले बोल्नुभएका वचनहरूको जगमा नै हुनुपर्छ भन्ने याद गर्। जब तँ धेरै पटक परमेश्‍वरद्‌वारा स्पर्शित हुन्छन्, तँ देहको दासत्वमा परेको हुँदैनस्: पति, पत्नी, छोराछोरी, र रुपियाँपैसा—ती सबैले तँलाई बन्धनमा पार्न सक्दैनन्, र तँ सत्यताको पछि लाग्न र परमेश्‍वरको अघि जिउन मात्रै चाहन्छस्। यस पटक, तँ स्वतन्त्रताको क्षेत्रमा जिउने व्यक्ति बन्नेछस्।

# जुन मानिसहरूको स्वभाव परिवर्तन भएका छन् तिनीहरू परमेश्वरको वचनको वास्तविकतामा प्रवेश गरेकाहरू हुन्

मानिसमा पवित्र आत्माको मार्गको पहिलो पाइला भनेको मानिसको हृदयलाई मानिसहरू, घटनाहरू, र थोकहरूबाट टाढा राखेर र परमेश्वरको वचनमा आकर्षित गर्नु हो, जसले गर्दा मानव हृदयले कुनै शङ्का नगरी परमेश्वरका वचनहरू पूर्ण रूपमा सत्य छन् भनी विश्वास गर्दछ। यदि तँ परमेश्वरमा विश्वास गर्छस् भने, तैंले उहाँका वचनहरूमा विश्वास गर्नैपर्छ; यदि धेरै वर्षसम्म परमेश्वरमा विश्वास गरेपछि पनि, तँलाई पवित्र आत्माले लिनुभएको मार्गबारे थाहा हुँदैन भने, के तँ साँच्चै विश्वासी होस् त? एक सामान्य मानव जीवन, अर्थात्, परमेश्वरसित सामान्य सम्बन्ध भएको सामान्य मानव जीवन प्राप्त गर्न, तैंले पहिले उहाँका वचनहरूमा विश्वास गर्नुपर्दछ। यदि तैंले मानिसहरूमा पवित्र आत्माले गर्नुहुने कामको पहिलो चरण प्राप्त गरेको छैनस् भने, तँसँग कुनै जग छैन। यदि सिद्धान्तहरूमध्ये सबैभन्दा कम महत्त्वपूर्ण सिद्धान्त पनि तँदेखि टाढा छ भने, तँ अगाडिको बाटोमा कसरी हिंड्नेछस्? परमेश्वरले मानिसलाई सिद्ध बनाउनुहुने सही बाटोमा खुट्टा टेक्नुको अर्थ पवित्र आत्माको वर्तमान कामको सही बाटोमा प्रवेश गर्नु हो; यसको अर्थ पवित्र आत्माले लिनुभएको मार्गमा खुट्टा टेक्नु हो। अहिले, पवित्र आत्माले लिनुभएको बाटो भनेको परमेश्वरका वर्तमान वचनहरू हुन्। त्यसरी नै, यदि मानिसहरू पवित्र आत्माको बाटोमा खुट्टा टेक्नु छ भने, तिनीहरूले देहधारी परमेश्वरका वर्तमान वचनहरू पालन गर्नुपर्छ, खानुपर्छ र पिउनुपर्छ। उहाँले गर्नुहुने काम भनेको वचनहरूको काम हो; सबै कुरा उहाँका वचनहरूबाट सुरु हुन्छ, र सबै कुरा उहाँका वचनहरूमाथि, उहाँका वर्तमान वचनहरूमाथि निर्माण हुन्छन्। चाहे देहधारी परमेश्वरको बारेमा निश्चित हुने कुरा होस्, वा देहधारी परमेश्वरलाई चिन्ने कुरा होस्, यी दुई मध्ये, प्रत्येकको लागि उहाँका वचनहरूमा धेरै प्रयास गर्नु आवश्यक हुन्छ। नत्र भने, मानिसहरूले केही पनि पूरा गर्न सक्दैनन् र खाली हात हुनेछन्। परमेश्वरको वचन खाने र पिउने जगमाथि निर्माण गरेर, अनि त्यसरी उहाँलाई चिनेर र उहाँलाई सन्तुष्ट पारेर मात्र, मानिसहरूले बिस्तारै परमेश्वरसँग सामान्य सम्बन्ध निर्माण गर्न सक्छन्। मानिसका लागि, परमेश्वरका वचनहरू खानु र पिउनु अनि उहाँका वचनहरूलाई अभ्यास गर्नुभन्दा अझ राम्रो सहकार्य अर्को कुनै छैन। यस्तो अभ्यासद्वारा तिनीहरू परमेश्वरका मानिसहरूको रूपमा रहेको तिनीहरूको साक्षीमा राम्ररी दृढ रहन सक्छन्। जब मानिसहरूले परमेश्वरको वर्तमान वचनको सार बुझ्न र पालन गर्न सक्छन्, तब तिनीहरू पवित्र आत्माले डोऱ्याउनुभएको मार्गमा जिउँछन् र मानिसलाई सिद्ध पार्ने परमेश्वरको सही मार्गमा खुट्टा टेकेका हुन्छन्। यसभन्दा पहिले, मानिसहरूले परमेश्वरको अनुग्रह खोजेर, वा शान्ति र आनन्द खोजेर मात्रै परमेश्वरको काम प्राप्त गर्न सक्थे, तर अहिले स्थितिहरू फरक छन्। देहधारी परमेश्वरका वचनहरूविना, उहाँका वचनहरूको वास्तविकताविना, मानिसहरूले परमेश्वरको अनुमोदन प्राप्त गर्न सक्दैनन् र सबै जनालाई परमेश्वरले हटाउनुहुनेछ। एक सामान्य

आत्मिक जीवन हासिल गर्नको लागि, मानिसहरूले पहिले परमेश्‍वरका वचनहरू खानु र पिउनु पर्छ र तिनलाई अभ्यास गर्नुपर्छ, अनि त्यसपछि त्यही जगमाथि परमेश्‍वरसित एउटा सामान्य सम्बन्ध स्थापित गर्नुपर्दछ। तैँले कसरी सहकार्य गर्छस्? परमेश्‍वरका मानिसहरूको गवाहीमा तँ कसरी दृढ भई खडा हुन्छस्? तैँले परमेश्‍वरसित कसरी सामान्य सम्बन्ध निर्माण गर्छस्?

तेरो दैनिक जीवनमा परमेश्‍वरसित तेरो सामान्य सम्बन्ध छ कि छैन भनी कसरी हेर्ने:

१. के तँ परमेश्‍वरको आफ्नै गवाहीमा विश्‍वास गर्छस्?

२. के तँ परमेश्‍वरका वचनहरू सत्य र त्रुटिहीन छन् भनी आफ्नो हृदयमा विश्‍वास गर्छस्?

३. के तँ उहाँका वचनहरू अभ्यास गर्ने व्यक्ति होस्?

४. के तँ उहाँको आदेशप्रति विश्‍वासयोग्य छस्? उहाँको आदेशप्रति विश्‍वासयोग्य हुन तँ के गर्छस्?

५. के तैँले गर्ने सबै कुरा परमेश्‍वरलाई प्रसन्‍न तुल्याउन र उहाँप्रति विश्‍वासयोग्य हुनका लागि हुन्?

माथि सूचीबद्ध गरिएका कुराहरूद्वारा, तैँले वर्तमान चरणमा परमेश्‍वरसँग तेरो सामान्य सम्बन्ध छ कि छैन सो जाँच्न सक्छस्।

यदि तँ परमेश्‍वरको आदेश स्वीकार्न, उहाँको प्रतिज्ञा स्विकार्न र पवित्र आत्माको मार्गलाई पछ्याउन सक्छस् भने, तँ परमेश्‍वरको इच्छामा हिँडिरहेको छस्। तेरो मनभित्र, के तैँले पवित्र आत्माको बाटोलाई स्पष्ट रूपमा बुझेको छस्? अहिले, के तँ पवित्र आत्माको मार्ग अनुरूप काम गर्छस्? के तेरो हृदय परमेश्‍वरसँग नजिक हुन्छ? के तँ पवित्र आत्माको सबैभन्दा नयाँ ज्योतिसँग कदम मिलाएर हिँड्ने इच्छा गर्छस्? के तँ परमेश्‍वरद्वारा प्राप्त गरिने इच्छा गर्छस्? के तँ पृथ्वीमा परमेश्‍वरको महिमाको प्रकटीकरण बन्‍न चाहन्छस्? के तँसँग परमेश्‍वरले तँबाट माग गर्नुभएको कुरा पूरा गर्ने संकल्प छ? यदि, जब परमेश्‍वरका वचनहरू बोलिन्छ तब तँभित्र सहकार्य गर्ने संकल्प हुन्छ, र परमेश्‍वरलाई सन्तुष्ट पार्ने संकल्प हुन्छ भने–यदि यो तेरो मानसिकता हो भने–त्यसको अर्थ परमेश्‍वरको वचनले तेरो हृदयमा फल फलाएको छ भन्‍ने हुन्छ। यदि तँमा त्यस्तो संकल्पको अभाव छ भने, यदि तँसँग तैँले पछ्याउनु पर्ने कुनै लक्ष्य छैन भने, त्यसको अर्थ यो हो कि तेरो हृदय परमेश्‍वरद्वारा प्रभावित भएको छैन।

जब मानिसहरू आधिकारिक रूपमा परमेश्‍वरको राज्यको तालिममा प्रवेश गर्छन्, तब परमेश्‍वरले तिनीहरूबाट गर्नुहुने मागहरू उच्च स्तरमा पुग्छन्। कुन दृष्टिकोणमा यी उच्च मागहरूलाई देख्‍न सकिन्छ? पहिले, मानिसहरूसँग जीवन छैन भनेर भनिन्थ्यो। आज, तिनीहरू जीवनको खोजी गर्छन्, तिनीहरू परमेश्‍वरका मानिसहरू बन्‍न, परमेश्‍वरबाट प्राप्त हुन, परमेश्‍वरद्वारा सिद्ध हुन चाहन्छन्। के यो उच्च स्तर होइन र? वास्तवमा, परमेश्‍वरले मानिसहरूबाट गर्नुहुने मागहरू पहिलेको भन्दा सरल छन्। मानिसहरू सेवा-कर्ताहरू हुनु वा मर्नु आवश्यक छैन–तिनीहरू परमेश्‍वरका मानिसहरू बन्‍नुपर्छ, बस त्यति मात्र हो। के यो अझ सरल छैन र? तैँले आफ्नो हृदयलाई परमेश्‍वरमा समर्पण गर्ने र उहाँको अगुवाइमा समर्पित हुने मात्र गर्नुपर्छ, र सबै कुरा सफल हुनेछ। तँ किन यो यति कठिन छ भन्‍ने महसुस गर्छस्? आज उल्लेख गरिएको जीवनमा

प्रवेश गर्ने कुरा पहिलेको तुलनामा स्पष्ट छ। विगतमा, मानिसहरू अन्योलमा हुन्थे र सत्य वास्तविकता के हो सो जान्दैनथिए। वास्तवमा, परमेश्वरको वचन सुनेर प्रतिक्रिया गर्नेहरू, पवित्र आत्माद्वारा ज्ञान र प्रकाश पाएकाहरू, र परमेश्वरको सामु उहाँको सिद्धता प्राप्त गर्नेहरू र स्वभाव परिवर्तन गरेकाहरू—त्यस्ता सबै मानिसहरूसित जीवन हुन्छ। परमेश्वर जीवित प्राणीहरू चाहनुहुन्छ, मरेका थोकहरू होइन; यदि तँ मरेको छस् भने, तँसँग जीवन हुँदैन, र परमेश्वर तँसँग बोल्नुहुनेछैन, उहाँले तँलाई उहाँका मानिसहरूमध्ये एकको रूपमा उठाउनुहुने कुरा त परै जाओस्। तँलाई परमेश्वरले माथि उठाउनु भएकोले र उहाँबाट त्यत्ति ठूलो आशिष् पाएको हुनाले, यसले तिमीहरू जीवन भएका, र परमेश्वरबाट आएको जीवनका पाएका मानिसहरू हौ भन्ने देखाउँछ।

जीवनको स्वभाव परिवर्तन गर्ने खोजको क्रममा, अभ्यासको मार्ग सरल छ। यदि तेरो व्यावहारिक अनुभवमा, तैँले पवित्र आत्माको वर्तमान वचनहरू पालन गर्न र परमेश्वरको काम अनुभव गर्न सक्छस् भने, तेरो स्वभाव परिवर्तन हुन सक्छ। यदि तँ पवित्र आत्माले जे भन्नुहुन्छ ती सबै पालन गर्छस् भने, र पवित्र आत्माले जे भन्नुहुन्छ त्यसको खोजी गर्छस् भने, तँ उहाँको आज्ञापालन गर्ने व्यक्ति होस्, र तेरो स्वभावमा परिवर्तन हुनेछ। पवित्र आत्माको वर्तमान वचनहरूद्वारा मानिसहरूका स्वभाव परिवर्तन हुन्छन्; यदि तँ सधैँ तेरो पुरानो अनुभव र विगतका नियमहरूमा टाँसिरहन्छस् भने, तेरो स्वभाव परिवर्तन हुन सक्दैन। यदि पवित्र आत्माको आजका वचनहरूले सबै मानिसहरू सामान्य मानवतामा प्रवेश गर्नुपर्छ भन्छ, तर तँ बाहिरी थोकहरूको मोहमा अल्झिरहन्छस् भने, र वास्तविकताको बारेमा अलमल्ल पर्छस् र त्यसलाई गम्भीरतासाथ लिँदैनस् भने, तँ त्यस्तो व्यक्ति होस् जो पवित्र आत्माको काम गतिमा हिँड्न सक्दैन, जो पवित्र आत्माको मार्गनिर्देशनको मार्गमा प्रवेश गरेको छैन। तेरो स्वभाव परिवर्तन हुन सक्छ कि सक्दैन भन्ने कुरा, तँ पवित्र आत्माको वर्तमान वचनहरूको गतिलाई पछ्याउन सक्छस् कि सक्दैनस् र तँसँग साँचो ज्ञान छ कि छैन भन्ने कुरामा निर्भर हुन्छ। यो तिमीहरूले पहिले जे बुझेका थियौ त्यस्तो होइन। तैँले पहिले स्वभावमा परिवर्तन हुनु भनेको कुरै नबुझी हतारमा दोष दिने तिमीहरू परमेश्वरको अनुशासनमा परेर विचार नगरी बोल्न छाड्नु हो भनी बुझेको थिइस्; तर त्यो परिवर्तनको एउटा पक्ष मात्र हो। अहिले, सबैभन्दा महत्त्वपूर्ण कुरा पवित्र आत्माको मार्गनिर्देशनलाई पछ्याउनु हो: परमेश्वरले जे भन्नुहुन्छ त्यो मान्नु र उहाँले जे भन्नुहुन्छ त्यो पालन गर्नु हो। मानिसहरूले आफ्नो स्वभाव आफै परिवर्तन गर्न सक्दैनन्; तिनीहरू परमेश्वरका वचनहरूको न्याय र सजाय, र दुःखकष्ट अनि शोधनबाट भएर जानैपर्छ, वा उहाँका वचनहरूद्वारा निराकरण गरिनु, अनुशासित गरिनु र छिँवलिनु पर्छ। तब मात्र तिनीहरूले परमेश्वरप्रति आज्ञाकारीता र बफादारीता हासिल गर्न सक्दछन्, र उप्रान्त उहाँप्रति लापरवाही हुनेछैनन्। परमेश्वरका वचनहरूको शोधनमा पर्दा नै मानिसहरूको स्वभाव परिवर्तन हुँदछ। उहाँका वचनहरूको प्रकटीकरण, न्याय, अनुशासन, र निराकरणद्वारा मात्र तिनीहरू उप्रान्त सोचविचार नगरी काम गर्न छोड्छन् तर त्यसको साटो स्थिर र शान्त बन्छन्। सबैभन्दा महत्त्वपूर्ण कुरा यो हो, कि परमेश्वरका वर्तमान वचनहरू, र उहाँको काम मानिसहरूका विचारसँग मेल खाँदैनन् भने पनि तिनीहरू ती कुराको अधीनमा बस्न सक्छन्, तिनीहरू ती धारणाहरूलाई एकातिर पन्साएर स्वेच्छाले अधीनमा बस्न सक्छन्। विगतमा,

स्वभाव परिवर्तनको कुराले मुख्य रूपमा आफैलाई त्याग्न सक्ने हुनु, देहलाई दुःख भोग्न दिनु, आफ्नो शरीरलाई अनुशासनमा राख्नु, र आफैलाई शारीरिक अभिलाषाहरूबाट मुक्त गर्नु भन्ने कुरालाई बुझाउथ्यो, जुन स्वभावमा आउने एक प्रकारको परिवर्तन हो। आज, स्वभाव परिवर्तनको साँचो अभिव्यक्ति परमेश्‍वरका वर्तमान वचनहरू पालन गर्नु र उहाँको नयाँ कामलाई साँचो रूपमा जान्नु हो। यस तरिकाले, मानिसहरूका आफ्नै धारणाहरूले रङ्गिएका तिनीहरूका परमेश्‍वरसम्बन्धी पहिलेको बुझाइलाई हटाउन सकिन्छ, र तिनीहरूले परमेश्‍वरको साँचो ज्ञान र उहाँप्रतिको आज्ञापालन प्राप्त गर्न सक्छन्–स्वभावमा परिवर्तनको सच्चा अभिव्यक्ति यही नै हो।

जीवनमा प्रवेश गर्ने मानिसहरूको खोजी परमेश्‍वरको वचनमा आधारित हुन्छ। यसभन्दा पहिले, सबै कुरा उहाँको वचनद्वारा पूरा गरिन्छ भनेर भनिन्थ्यो, तर यो तथ्य कसैले पनि देखेन। यदि तँ वर्तमान चरणको अनुभवमा प्रवेश गर्छस् भने, तँलाई सबै कुरा स्पष्ट हुनेछ, र तैंले भविष्यका परीक्षाहरूका लागि राम्रो आधार निर्माण गरिरहेको हुनेछस्। परमेश्‍वरले जे भन्नु भए पनि, उहाँको वचनमा प्रवेश गर्नुमा ध्यान दे। जब परमेश्‍वर उहाँले मानिसहरूलाई सजाय दिन थाल्नुहुनेछ भनी भन्नुहुन्छ, उहाँको सजायलाई स्वीकार गर्। जब परमेश्‍वर मानिसहरूलाई मर भनी भन्नुहुन्छ, त्यो परीक्षालाई स्वीकार गर्। यदि तँ सधैँ उहाँको सबैभन्दा नयाँ वाणीहरूमा जिउँछस् भने, आखिरमा परमेश्‍वरका वचनहरूले तँलाई सिद्ध पार्नेछ। तँ जति धेरै परमेश्‍वरका वचनहरूमा प्रवेश गर्छस्, त्यति नै चाँडो तँ सिद्ध पारिनेछस्। म किन एकपछि अर्को सङ्गतिमा तिमीहरूलाई परमेश्‍वरका वचनहरू जान्ने र तिनमा प्रवेश गर्ने आग्रह गर्दछु? जब तँ परमेश्‍वरका वचनहरूको पछि लाग्छस् र ती अनुभव गर्छस्, र उहाँका वचनहरूको वास्तविकतामा प्रवेश गर्छस्, तब मात्र पवित्र आत्माले तँभित्र काम गर्ने मौका पाउनुहुन्छ। त्यसकारण, परमेश्‍वरले काम गर्ने हरेक विधिमा तिमीहरू सबै सहभागीहरू हौ, र तिमीहरूको पीडा जुनसुकै हदको भए पनि, आखिरमा तिमीहरू सबैले "निशानी" प्राप्त गर्नेछौ। तिमीहरूको अन्तिम सिद्धता प्राप्त गर्नको लागि, तिमीहरू परमेश्‍वरका सम्पूर्ण वचनहरूमा प्रवेश गर्नुपर्छ। पवित्र आत्माले मानिसहरूलाई पवित्र पार्ने काम एकतर्फी हुँदैन; उहाँलाई मानिसहरूको सहकार्य चाहिन्छ, उहाँलाई सबैको विवेकशील सहकार्य चाहिन्छ। परमेश्‍वरले जे भन्नुभए पनि, उहाँका वचनहरूमा प्रवेश गर्नमा ध्यान देओ–यो तिमीहरूको जीवनका लागि अझै बढी लाभदायक हुनेछ। सबै कुरा तिमीहरूको स्वभावमा परिवर्तन हासिल गर्नका लागि हो। जब तँ परमेश्‍वरका वचनहरूमा प्रवेश गर्छस्, तेरो हृदय उहाँद्वारा प्रभावित हुनेछ, र तँ परमेश्‍वरले उहाँको कामको यस चरणमा प्राप्त गर्न चाहनुभएको सबै कुरा जान्न तँ सक्षम हुनेछस्, र तँमा त्यो हासिल गर्ने संकल्प हुनेछ। सजाय दिइएको समयमा, केही मानिसहरू थिए जसले यो काम गर्ने एउटा तरिका हो भनी विश्‍वास गरे, र परमेश्‍वरका वचनहरूमा विश्‍वास गरेनन्। फलस्वरूप, तिनीहरू शोधनबाट भएर गएनन्, र केही प्राप्त नगरी र नबुझी सजायको समयबाट बाहिर निस्के। केही मानिसहरू यस्ता थिए जो रत्तीभर पनि शङ्का नगरी यी वचनहरूमा प्रवेश गरे, जसले परमेश्‍वरका वचनहरू त्रुटिहीन सत्य हो र मानवजातिलाई सजाय दिइनुपर्छ भनी भने। तिनीहरूले केही समयसम्म त्यहाँ संघर्ष गरे, आफ्नो भविष्य र आफ्नो गन्तव्यलाई त्यागे, र जब तिनीहरू देखा परे, तिनीहरूका स्वभावमा केही परिवर्तन आएको थियो र तिनीहरूले परमेश्‍वरबारे गहिरो बुझाइ

प्राप्त गरेका थिए। सजायबाट भएर आउने सबैले परमेश्‍वरको प्रेमिलोपन महसुस गरे, र यस चरणको काममा परमेश्‍वरको महान् प्रेम तिनीहरूमाथि आएको, साथै त्यो परमेश्‍वरको प्रेमको विजय र मुक्ति हो भन्‍ने थाहा पाए। तिनीहरूले परमेश्‍वरका विचारहरू सधैँ असल हुन्छन्, र परमेश्‍वरले मानिसमा गर्नुहुने सबै कुरा घृणाबाट होइन, तर प्रेमबाट आउँदछ भनेर पनि भने। जसले परमेश्‍वरका वचनहरूमा विश्‍वास गरेनन्, जसले उहाँका वचनहरूमा चासो दिएनन्, तिनीहरू सजायको समयमा शोधनबाट भएर गएनन्, फलस्वरूप, पवित्र आत्मा तिनीहरूसँग हुनुहुन्‍नथ्यो र तिनीहरूले केही पनि प्राप्त गरेनन्। जुन मानिसहरू सजायको समयमा प्रवेश गरे, तिनीहरू शोधनबाट भएर गए पनि, पवित्र आत्माले लुकेर तिनीहरूभित्र काम गर्दैहुनुहुन्थ्यो र यसको फलस्वरूप तिनीहरूका जीवनको स्वभाव परिवर्तन भयो। सबै बाहिरी रूपरङ्ग हेर्दा कोही-कोही अति सकारात्मक, सारा दिन प्रसन्‍नताले भरिएका देखिन्थे, तर तिनीहरू परमेश्‍वरका वचनहरूको शोधन हुने स्थितिभित्र प्रवेश गरेनन् र यसैले अलिकति पनि परिवर्तन भएनन्, जुन परमेश्‍वरका वचनहरूमा विश्‍वास नगर्नुको परिणाम थियो। यदि तँ परमेश्‍वरका वचनहरूमा विश्‍वास गर्दैनस् भने, पवित्र आत्माले तँभित्र काम गर्नुहुनेछैन। उहाँका वचनहरूमा विश्‍वास गर्ने सबैकहाँ परमेश्‍वर देखा पर्नुहुन्छ, र उहाँका वचनहरूमा विश्‍वास गर्ने र तिनलाई स्वीकार गर्नेहरूले उहाँको प्रेम प्राप्त गर्न सक्‍नेछन्!

परमेश्‍वरको वचनहरूको वास्तविकतामा प्रवेश गर्नका निम्ति, तैंले अभ्यासको मार्गलाई भेट्टाउनुपर्छ र परमेश्‍वरका वचनहरूलाई कसरी अभ्यास गर्ने सो जान्‍नुपर्छ। यसरी मात्र तेरो जीवनको स्वभावमा परिवर्तन हुनेछ, यस मार्गद्वारा मात्र तँ परमेश्‍वरद्वारा सिद्ध पारिन सक्छस्, र परमेश्‍वरद्वारा यस प्रकारले सिद्ध पारिएका मानिसहरू मात्र उहाँको इच्छाअनुरूप हुन सक्छन्। नयाँ ज्योति प्राप्त गर्न, तँ उहाँका वचनहरूभित्र जिउनुपर्छ। पवित्र आत्माद्वारा एक पटक मात्र उत्प्रेरित भएर यो हुँदैन, तँ अझ गहिराइमा जानुपर्छ। जो मात्र एक पल्ट प्रभावित भएका छन्, तिनीहरूको भित्री उत्साह जागृत हुन्छ, र तिनीहरू खोजी गर्न चाहन्छन्, तर यो खोजी लामो समयसम्म रहन सक्दैन; तिनीहरू निरन्तर पवित्र आत्माद्वारा उत्प्रेरित हुनुपर्दछ। विगतमा धेरै चोटि मैले परमेश्‍वरका आत्माले मानिसहरूका आत्माहरूलाई प्रभावित गर्न सक्‍नुभएको होस् भन्‍ने मेरो आशा व्यक्त गरेको छु, ताकि तिनीहरूले तिनीहरूको जीवन स्वभावमा परिवर्तन गर्ने प्रयास गरून्, र परमेश्‍वरद्वारा प्रभावित हुन खोज्‍ने क्रममा, त्यसद्वारा तिनीहरूले आफ्नै अपर्याप्ततताहरू बुझ्‍न सकून्, र उहाँका वचनहरू अनुभव गर्ने प्रक्रियामा, तिनीहरू आफैले आफ्ना अशुद्धताहरूलाई (स्व-धार्मिकता, अहङ्कार, धारणाहरू, इत्यादिलाई) हटाउन सकून्। नयाँ प्रकाश प्राप्त गर्न सक्रिय भएर मात्र पर्याप्त हुन्छ भनी नसोच–तिमीहरूले सबै नकारात्मक कुराहरूलाई पनि फाल्‍नुपर्छ। एकातिर, तिमीहरू सकारात्मक पक्षबाट प्रवेश गर्नु आवश्यक छ, र अर्कोतिर, तिमीहरूले नकारात्मक पक्षबाट आएका सबै अशुद्ध कुराहरूबाट आफैलाई छुटाउनुपर्छ। तैंले आफूभित्र अझै कुन-कुन अशुद्धताहरू छन् सो बुझ्‍नका निम्ति निरन्तर आफैलाई जाँच्‍नुपर्छ। मानवजातिको धार्मिक विचारहरू, अभिप्रायहरू, आशाहरू, स्व-धार्मिकता र अहङ्कार सबै अशुद्ध थोकहरू हुन्। आफैभित्र हेर र तँमा कुन धार्मिक धारणाहरू छन् कि भनी बुझ्‍न सबै कुरालाई परमेश्‍वरको प्रकाशका वचनहरूसँग तुलना गर्। जब तैंले ती कुराहरूलाई साँचो रूपमा बुझ्छस्, तब मात्र तैंले तिनलाई

हटाउन सक्छस्। कतिपय मानिसहरू भन्छन्: "अहिले पवित्र आत्माको वर्तमान कामको ज्योतिलाई पछ्याउनु मात्रै पनि पर्याप्त छ। अरू कुनै कुराको झमेलामा पर्नु आवश्यक छैन।" तर त्यसपछि, जब तेरा धार्मिक विचारहरू जाग्छन्, तैँले तीबाट कसरी छुटकारा पाउँछस्? के तँलाई आज परमेश्वरका वचनहरू पालन गर्नु साधारण कुरा हो भन्ने लाग्छ? यदि तँ धर्मको मानिस होस् भने, तेरा धार्मिक विचारहरू र तेरो हृदयमा भएका परम्परागत धार्मिक सिद्धान्तहरूबाट नै बाधाहरू उत्पन्न हुन सक्छन्, र जब यी कुराहरू उत्पन्न हुन्छन्, त्यसले तँलाई नयाँ कुराहरूको स्वीकार गर्नमा बाधा दिन्छ। यी सबै वास्तविक समस्याहरू हुन्। यदि तैँले पवित्र आत्माको हालका वचनहरूलाई मात्र पालन गरिस् भने, तैँले परमेश्वरको इच्छा पूरा गर्न सक्दैनस्। तैँले पवित्र आत्माको वर्तमान ज्योतिको खोजी गर्ने क्रममा तेरो मनमा कुन धारणा र अभिप्रायहरू छन्, र तँमा कुन-कुन मानवीय स्व-धार्मिकता छन्, र कुन-कुन व्यवहारहरू परमेश्वरको निम्ति अनाज्ञाकारी छन् त्यो थाहा पाउनुपर्छ। यी सबै कुरा बुझेपछि, तैँले ती सबैलाई फाल्नुपर्छ। तैँले आफ्नो पहिलेका कार्यहरू र व्यवहारहरू त्याग्नु भनेको तैँले आज पवित्र आत्माले बोल्नुहुने वचनहरू पालन गर्न आफैलाई सक्षम तुल्याउनका निम्ति हो। अर्कोतिर, स्वभावमा परिवर्तन गर्ने कार्य परमेश्वरका वचनहरूद्वारा हासिल हुन्छ, अर्कोतिर, यसको निम्ति मानिसको तर्फबाट सहकार्यको आवश्यकता पर्छ। एकतिर परमेश्वरको काम छ र अर्कोतिर मानव अभ्यास छ, र दुवै अनिवार्य छन्।

तिमीहरूको भविष्यको सेवाको मार्गमा, तिमीहरूले कसरी परमेश्वरको इच्छा पूरा गर्न सक्छौ? एउटा महत्त्वपूर्ण बुँदा भनेको जीवनमा प्रवेश गर्नु, स्वभाव परिवर्तन गर्नु र सत्यमा गहिरो रूपले प्रवेश गर्न खोजी गर्नु हो–सिद्धता प्राप्त गर्ने र परमेश्वरद्वारा प्राप्त हुने मार्ग यही हो। तिमीहरू सबै परमेश्वरको आज्ञा प्राप्त गर्नेहरू हौ, तर कस्तो प्रकारको आज्ञा? यो कामको अर्को चरणसँग सम्बन्धित छ; कार्यको अर्को चरण सम्पूर्ण ब्रह्माण्डमा गरिने अझ ठूलो कार्य हुनेछ, त्यसैले आज, तिमीहरूले आफ्नो जीवन स्वभाव परिवर्तन गर्न खोज्नुपर्छ, यसैले कि भविष्यमा तिमीहरू साँच्चै परमेश्वरले उहाँको कामद्वारा महिमा प्राप्त गर्ने प्रमाण बन्नेछौ, जसले तिमीहरूलाई उहाँको भविष्यको कामको उदाहरण बनाउँछ। आजको खोजी पूर्ण रूपमा भविष्यको कामका लागि जग बसाल्नका निम्ति नै हो, यसैले कि तिमीहरू परमेश्वरद्वारा प्रयोग हुन सक र उहाँको साक्षी दिन सक। यदि तिमीहरूले यसलाई आफ्नो खोजीको लक्ष्य बनाउँछौ भने, तिमीहरू पवित्र आत्माको उपस्थिति प्राप्त गर्न सक्षम हुनेछौ। तैँले आफ्नो खोजको लक्ष्य जति उच्च राख्छस्, तँ त्यति नै बढी सिद्ध पारिन सक्छस्। तँ सत्यको पछि जति धेरै लाग्छस्, पवित्र आत्माले त्यति नै धेरै काम गर्नुहुन्छ। तैँले आफ्नो खोजमा जति धेरै ऊर्जा लगाउँछस्, तैँले त्यत्ति नै बढी प्राप्त गर्नेछस्। पवित्र आत्माले मानिसहरूलाई तिनीहरूको भित्री अवस्थाअनुसार सिद्ध पार्नुहुन्छ। केही मानिसहरू तिनीहरू परमेश्वरद्वारा प्रयोग हुनु वा उहाँद्वारा सिद्ध हुनु इच्छुक छैनन्, तिनीहरू आफ्नो देह सुरक्षित होस् र कुनै किसिमको दुर्भाग्य भोग्नु नपरोस् मात्र भन्छन्। केही मानिसहरू राज्यमा प्रवेश गर्न अनिच्छुक हुन्छन् तापनि अतल कुण्डमा खसालिन तयार हुन्छन्। त्यस्तो अवस्थामा, परमेश्वरले तेरो त्यो इच्छा पनि पूरा गरिदिनुहुनेछ। तँ जुन कुराको पछि लाग्छौ परमेश्वरले त्यो पूरा गराइदिनुहुनेछ। त्यसैले अहिले तँ कुन कुराको पछि लाग्दैछस्? के यो सिद्ध पारिनु हो? के

तेरा वर्तमान कार्य र व्यवहारहरू परमेश्वरद्वारा सिद्ध हुन र उहाँद्वारा प्राप्त गरिनका लागि हुन्? तैँले यसरी नै दिनहुँ निरन्तर आफैलाई मापन गर्नुपर्छ। यदि तँ आफ्नो सम्पूर्ण हृदयले एउटै लक्ष्यको पछि लाग्छस् भने, परमेश्वरले निश्चित रूपमा तँलाई सिद्ध बनाउनुहुनेछ। पवित्र आत्माको बाटो यस्तै हुन्छ। पवित्र आत्माले मानिसहरूलाई जुन बाटोमा डोऱ्याउनुहुन्छ त्यो तिनीहरूको खोजको माध्यमबाट प्राप्त हुन्छ। परमेश्वरद्वारा सिद्ध हुन र प्राप्त गरिनको लागि तैँले जति धेरै तृष्णा गर्छस्, पवित्र आत्माले तँभित्र त्यत्ति नै बढी काम गर्नुहुनेछ। तँ खोजी गर्न जति असफल हुन्छस्, र तँ जति धेरै नकारात्मक र पतनतर्फ बढ्छस्, तैँले पवित्र आत्मालाई काम गर्ने अवसरहरूबाट त्यति नै वञ्चित गर्छस्; समय बित्दैजाँदा, पवित्र आत्माले तँलाई त्याग्नुहुनेछ। के तँ परमेश्वरद्वारा सिद्ध हुने इच्छा गर्छस्? के तँ परमेश्वरद्वारा प्राप्त गरिने इच्छा गर्छस्? के तँ परमेश्वरद्वारा प्रयोग गरिने इच्छा गर्छस्? परमेश्वरद्वारा सिद्ध पारिन, प्राप्त गरिन, र प्रयोग गरिनका निम्ति तिमीहरूले सबै कुरा गर्दै पछि लाग्नुपर्छ, यसैले कि ब्रह्माण्ड र सबै थोकले तिमीहरूमा परमेश्वरका कार्यहरू प्रकट भएका देखून्। सबै थोकको बीचमा तिमीहरू मालिक हौ, र अस्तित्वमा भएका सबै कुराको बीचमा तिमीहरूले आफूद्वारा परमेश्वरलाई गवाही र महिमाको आनन्द लिन दिनेछौ— तिमीहरू सबै पुस्ताहरूमा सबैभन्दा धन्यका हौ भन्ने कुराको प्रमाण यही हो!

## परमेश्वरको अघि आफ्नो हृदयलाई शान्त राख्ने सम्बन्धमा

परमेश्वरका वचनहरूमा प्रवेश गर्नका लागि तेरो हृदयलाई उहाँको उपस्थितिमा शान्त गर्नुभन्दा अर्को महत्त्वपूर्ण कदम छैन। यो वर्तमानमा सबै मानिसहरू तत्कालै प्रवेश गर्नु पर्ने वा सिक्नु पर्ने आवश्यक पाठ हो। परमेश्वरको अघि तेरो हृदयलाई शान्त पार्ने कुरामा प्रवेश गर्ने मार्गहरू निम्न रहेका छन्:

१. बाहिरी कुराबाट आफ्नो हृदयलाई मुक्त गर्। परमेश्वरको अघि शान्त बन्, र परमेश्वरसँग प्रार्थना गर्दा तेरो अविभाज्य ध्यान दे।

२. परमेश्वरको अगाडि तेरो हृदय शान्त राखेर, परमेश्वरका वचनहरू खा, पिई र आनन्द उठा।

३. परमेश्वरको प्रेमको बारेमा ध्यान र चिन्तन गर् र परमेश्वरको कार्यको बारेमा हृदयमा मनन गर्।

सर्वप्रथम, प्रार्थनाको पक्षबाट सुरु गर्। अविभाज्य ध्यानसहित र निश्चित समयमा प्रार्थना गर्। तँसँग समय जतिसुकै कम भए पनि, तँ काममा जतिसुकै व्यस्त भए पनि, वा तँमाथि जेसुकै आइपरे पनि, हरेक दिन सामान्य रूपमा नै प्रार्थना गर्, र सामान्य रूपमा नै परमेश्वरका वचन खा र पिई। परमेश्वरका वचनहरू तैँले खाँदा र पिउँदासम्म, तेरो परिवेश जेसुकै भए पनि, तैँले तेरो आत्मामा ठूलो आनन्द पाउनेछस्, र तँ तेरो वरिपरिका मानिस, घटना, वा काम-कुराहरूले तँ विचलित हुनेछैनस्। जब तँ परमेश्वरलाई आफ्नो हृदयमा सामान्य तरिकाले चिन्तन गर्छस्, बाहिर भइरहेको कुराले तँलाई बाधा दिनेछैन। कद हुनुको अर्थ यही हो। प्रार्थनाबाट सुरु गर्: परमेश्वरको अगाडि शान्त भएर प्रार्थना गर्नु नै सबैभन्दा फलदायी हुन्छ। त्यसपछि, परमेश्वरका वचनहरू खा

र पिई, परमेश्‍वरका वचनहरू मनन गर्दै त्यसमा प्रकाश खोज्, अभ्यासको मार्ग खोज्, परमेश्‍वरले आफ्ना वचनहरू बोल्नुको उद्‌देश्य खोज्, र दायाँबायाँ नलागी तिनलाई बुझ्। सामान्यतया, बाहिरी कुराहरूबाट विचलित नभई परमेश्‍वरलाई तेरो हृदयको नजिक ल्याउन, परमेश्‍वरको प्रेमको चिन्तन गर्न र परमेश्‍वरका वचनहरूको बारेमा विचार गर्न सक्नु तेरो लागि सामान्य हुनुपर्दछ। जब तेरो हृदयले निश्‍चित मात्रामा शान्ति हासिल गरेको हुन्छ, तेरो परिवेश जस्तोसुकै भए पनि, अन्ततः तेरो हृदय प्रशंसाले नभरिञ्जेलसम्म, तँ शान्त भएर ध्यान लगाउन सक्छस् र, आफूभित्र, परमेश्‍वरको प्रेमको चिन्तन गर्न र साँचो रूपमा उहाँको नजिक जान सक्छस्, र यो प्रार्थनाभन्दा पनि राम्रो हो। त्यसपछि तँसँग निश्‍चित कद हुनेछ। यदि तैँले माथि व्याख्या गरिएको अवस्थाहरू हासिल गर्न सकिस् भने, यो तेरो हृदय परमेश्‍वरको अगाडि वास्तवमै शान्त छ भन्‍ने कुराको प्रमाण हुनेछ। यो प्रथम आधारभूत पाठ हो। मानिसहरू परमेश्‍वरको अगाडि शान्त हुन सकेपछि मात्रै, तिनीहरूलाई पवित्र आत्माले स्पर्श दिन सक्नुहुन्छ, र पवित्र आत्माले अन्तर्दृष्टि र ज्योति दिन सक्नुहुन्छ, अनि मात्रै तिनीहरूले परमेश्‍वरसँग साँचो सङ्गति गर्न, साथै परमेश्‍वरको इच्छा र पवित्र आत्मको मार्गदर्शन प्राप्त गर्न सक्छन्। त्यसपछि तिनीहरू आफ्नो आत्मिक जीवनको सही मार्गमा प्रवेश गरेका हुनेछन्। परमेश्‍वरको अगाडि जिउने तिनीहरूको तालिम जब निश्‍चित गहिराइमा पुग्छ, र तिनीहरूले आफूलाई त्याग्न, आफूलाई घृणा गर्न, आफूलाई सराप्न, र परमेश्‍वरका वचनहरूमा जिउन सक्छन्, तब परमेश्‍वरको अघि तिनीहरूको हृदय साँचो रूपमा शान्तिमा हुन्छ। आफैलाई घृणा गर्न सक्नु, आफूलाई सराप्न सक्नु, र आफैलाई त्याग्न सक्नु भनेको परमेश्‍वरको कार्यबाट हासिल गर्ने प्रभाव हो, र मानिसहरूले आफ्नै प्रयासमा यसो गर्न सक्दैनन्। तसर्थ, परमेश्‍वरको अगाडि हृदयलाई शान्त पार्ने अभ्यास मानिसहरूले तत्कालै प्रवेश गर्नुपर्ने पाठ हो। कतिपय मानिसहरूका लागि, तिनीहरू परमेश्‍वरको अगाडि आफ्ना हृदयलाई साधारण हिसाबमा शान्त पार्न नसक्ने मात्रै होइन, तर प्रार्थना गर्दा समेत तिनीहरूले परमेश्‍वरको अघि आफ्ना हृदयलाई शान्त पार्न सक्दैनन्। यो परमेश्‍वरको मापदण्डभन्दा निकै तलको कुरा हो! यदि परमेश्‍वरको अघि तेरो हृदय शान्त हुन सक्दैन भने, के तैँले पवित्र आत्माको स्पर्श प्राप्त गर्न सक्छस्? यदि तँ परमेश्‍वरको अगाडि शान्त हुन नसक्ने मानिस होस् भने, कोही आउँदा, अथवा अरूले कुराकानी गर्दा तँ अलमलिने सम्भावना हुन्छ, र अरूले काम गर्दा तेरो ध्यान खिचिन सक्छ, जुन अवस्थामा तँ परमेश्‍वरको उपस्थितिमा जिउँदैनस्। यदि तेरो हृदय परमेश्‍वरको अगाडि वास्तवमै शान्त छ भने, बाहिरी दुनियाँमा भइरहेका कुनै पनि कुराले तँलाई बाधा हुनेछैन, वा तँ कुनै पनि व्यक्ति, घटना, वा कुराबाट गाँजिनेछैनस्। यदि तँ यसमा प्रवेश गरेको छस् भने, ती नकारात्मक अवस्था र सबै नकारात्मक कुराहरू—मानव धारणा, जीवन दर्शन, मानिसहरू बीचको असामान्य सम्बन्धहरू, अनि उपाय र विचारहरू इत्यादि—स्वतः हराएर जानेछन्। तँ सधैँ परमेश्‍वरको वचनहरूमा चिन्तन गरिरहने भएकाले, र तेरो हृदय सधैँ परमेश्‍वरतर्फ नजिकिरहने हुनाले र सधैँ परमेश्‍वरका वर्तमान वचनहरूले भरिने भएकाले, तैँले थाहै नपाइ ती नकारात्मक कुराहरू तँबाट हराएर जानेछन्। जब नयाँ र सकारात्मक कुराहरूले तँलाई भर्छन्, पुराना नकारात्मक कुराहरूको लागि कुनै ठाउँ हुनेछैन, त्यसकारण ती नकारात्मक कुराहरूलाई कुनै ध्यान नदे। तिनीहरूलाई

नियन्त्रण गर्नका लागि तैँले कुनै प्रयास गर्नु पर्दैन। तँ परमेश्वरको अगाडि शान्त हुने कार्यमा केन्द्रित हुनुपर्छ, तैँले सक्ने जति परमेश्वरका वचनहरू खानु, पिउनु, र आनन्द गर्नुपर्छ, तैँले सक्ने जति परमेश्वरको प्रशंसाका भजनहरू गाउनुपर्छ, र परमेश्वरलाई तँमा काम गर्ने मौका दिनुपर्छ, किनभने अहिले परमेश्वरले मानवजातिलाई व्यक्तिगत रूपमा नै सिद्ध बनाउन चाहनुहुन्छ, र उहाँले तेरो हृदय प्राप्त गर्न चाहनुहुन्छ; उहाँको आत्माले तेरो हृदयलाई चलाउँछ र यदि, पवित्र आत्माको मार्गदर्शनको अनुसरण गर्दै तँ परमेश्वरको उपस्थितिमा जिउन आउँछस् भने, तैँले परमेश्वरलाई सन्तुष्ट पार्नेछस्। यदि तैँले परमेश्वरको वचनहरूमा जिउने कुरामा ध्यान दिइस् र पवित्र आत्मको अन्तर्दृष्टि र ज्योति प्राप्त गर्ने सत्यताको बारेमा सङ्गतिमा थप सहभागी भइस् भने, ती धार्मिक धारणा र तेरो स्व-धार्मिकता र स्व-महत्त्व सबै हराउनेछ, र तैँले परमेश्वरका लागि आफूलाई कसरी समर्पित गर्ने, परमेश्वरलाई कसरी प्रेम गर्ने, र परमेश्वरलाई कसरी सन्तुष्ट बनाउने भनेर थाहा पाउनेछस्। र तैँले थाहै नपाई, परमेश्वरभन्दा बाहिरी कुराहरू तेरो विवेकबाट सम्पूर्ण रूपमा उडेर जानेछन्।

परमेश्वरका वर्तमान वचनहरू खाँदै र पिउँदै उहाँका वचनहरूमा चिन्तन र प्रार्थना गर्नु परमेश्वरको अगाडि शान्त हुनुको पहिलो खुड्किलो हो। यदि तँ परमेश्वरको अगाडि वास्तवमै शान्त हुन सक्छस् भने, पवित्र आत्मको अन्तर्दृष्टि र ज्योति तँसँग हुनेछ। सबै आत्मिक जीवन परमेश्वरको अगाडि शान्त भएर हासिल हुन्छ। प्रार्थना गर्दा, तँ परमेश्वरको अगाडि शान्त हुनुपर्छ, अनि मात्रै तैँले पवित्र आत्माको स्पर्श पाउन सक्छस्। जब तँ परमेश्वरको अगाडि शान्त हुन्छस्, जब तँ परमेश्वरका वचनहरू खान्छस् र पिउँछस्, तब तैँले अन्तर्दृष्टि र ज्योति प्राप्त गर्न सक्छस्, र परमेश्वरका वचनहरूको साँचो बुझाइ हासिल गर्न सक्छस्। ध्यान र सङ्गति र तेरो हृदयमा परमेश्वरको नजिक जाने तेरा नियमित गतिविधिहरूमा, जब तँ परमेश्वरको उपस्थितिमा शान्त हुन्छस्, तैँले परमेश्वरसँगको साँचो निकटता प्राप्त गर्न, परमेश्वरको प्रेम र उहाँको कार्यको साँचो बुझाइ प्राप्त गर्न र परमेश्वरका अभिप्रायहरूप्रति साँचो ध्यान र वास्ता देखाउन सक्षम हुनेछस्। तँ जति सामान्य रूपमा परमेश्वरको अगाडि शान्त हुन सक्छस्, तैँले त्यति नै धेरै ज्योति प्राप्त गर्नेछस् र तेरो आफ्नो भ्रष्ट स्वभाव, तँमा भएको कमजोरी, तैँले प्रवेश गर्नुपर्ने कुरा, तैँले लिनुपर्ने गर्नुपर्ने कार्य, र तेरो खराबी कहाँ छ भनेर त्यति नै बुझ्न सक्नेछस्। यी सबै कुरा परमेश्वरको उपस्थितिमा शान्त भएर हासिल गर्न सकिन्छ। यदि तैँले परमेश्वरको अगाडि तेरो शान्तिमा वास्तवमै गहिराइ हासिल गर्न सकिस् भने, तैँले आत्मको निश्चित रहस्यहरू बुझ्न, तँमा हाल परमेश्वरले के गर्न इच्छा गरिरहनुभएको छ भनेर बुझ्न, परमेश्वरका वचनहरूको गहन बुझाइ प्राप्त गर्न, परमेश्वरका वचनहरूको तत्व, परमेश्वरका वचनहरूको सार, परमेश्वरका वचनहरूको अस्तित्वलाई बुझ्न सक्नेछस्, र तैँले अभ्यासको मार्गलाई अझै स्पष्ट र सटीक रूपमा देख्न सक्नेछस्। तँ तेरो आत्मामा शान्त हुने विषयमा पर्याप्त गहिराइ हासिल गर्न असफल भइस् भने, तैँले पवित्र आत्माको थोरै स्पर्श मात्र प्राप्त गर्नेछस्; तैँले भित्री रूपमा बलियो अनुभूति गर्नेछस् र केही मात्रामा आनन्द र शान्ति महसुस गर्नेछस्, तर तैँले कुनै पनि कुरालाई गहन रूपमा बुझ्न सक्नेछैनस्। मैले पहिले पनि भनेको छु: यदि मानिसहरूले तिनीहरूको सामर्थ्यको प्रत्येक इकाइलाई

काममा लगाउन सकेनन् भने, तिनीहरूलाई मेरो आवाज सुन्न वा मेरा अनुहार हेर्न गाह्रो हुनेछ। यसले परमेश्‍वरको अगाडिको शान्तिमा गहिराइ हासिल गर्नुलाई जनाउँछ, र सतही प्रयास गर्नुलाई होइन। परमेश्‍वरको उपस्थितिमा वास्तवमै शान्त हुन सक्ने व्यक्तिले आफूलाई सबै सांसारिक बन्धनबाट मुक्त गर्न, र परमेश्‍वरद्वारा प्राप्त गरिन सक्छ। परमेश्‍वरको उपस्थितिमा शान्तिमा हुन नसक्ने मानिसहरू छाडा र असंयमी हुन्छन्। परमेश्‍वरको अगाडि शान्त हुन सक्ने सबै परमेश्‍वरको अगाडि धर्मनिष्ठ हुन्छन्, र परमेश्‍वरको तृषित हुन्छन्। परमेश्‍वरको अगाडि शान्त रहने व्यक्तिहरूले मात्रै जीवनलाई महत्त्व दिन्छन्, आत्मैबाट सङ्गतिलाई महत्त्व दिन्छन्, परमेश्‍वरको वचनहरूप्रति तिर्खाएका हुन्छन्, र सत्यको खोजी गर्छन्। परमेश्‍वरको अगाडि शान्त रहने कुरालाई महत्त्व नदिने र परमेश्‍वरको अगाडि शान्त रहन अभ्यास नगर्ने जोकोही व्यक्ति व्यर्थ र सतही हुन्छ, संसारसँग जोडिएको र जीवन विहीन हुन्छ; तिनीहरूले हामी परमेश्‍वरमा विश्‍वास गर्छौं भनेर भने पनि, तिनीहरूले ओठे सेवा मात्रै गरिरहेका हुन्छन्। परमेश्‍वरले अन्त्यमा जसलाई सिद्ध र पूर्ण गर्नुहुन्छ, तिनीहरू उहाँको उपस्थितिमा शान्त रहन सक्ने व्यक्तिहरू हुन्। तसर्थ, परमेश्‍वरको अगाडि शान्त रहनेहरूलाई ठूला आशिषहरूद्वारा अनुग्रह गरिन्छ। दिनभरिमा परमेश्‍वरको वचनहरू खान र पिउनका लागि विरलै समय निकाल्ने, बाहिरी मामिलाको व्यस्ततामा गाँजिने अनि जीवन प्रवेशलाई थोरै महत्त्व दिने मानिसहरू–तिनीहरू सबै भविष्यको वृद्धिको सम्भावना नभएका ढोङ्गी हुन्। परमेश्‍वरको अगाडि शान्त रहने अनि परमेश्‍वरसँग सच्चा रूपमै सङ्गति गर्ने मानिसहरू नै परमेश्‍वरका मानिसहरू हुन्।

परमेश्‍वरका वचनहरूलाई तेरो जीवनको रूपमा स्वीकार गर्न उहाँको अगाडि आउनका लागि, तँ पहिले परमेश्‍वरको अगाडि शान्त हुनुपर्छ। तँ परमेश्‍वरको अगाडि शान्त रहेपछि मात्रै परमेश्‍वरले तँलाई अन्तर्दृष्टि र ज्ञान दिनुहुनेछ। परमेश्‍वरको अगाडि मानिसहरू जति धेरै शान्तिमा रहन्छन्, परमेश्‍वरको अन्तर्दृष्टि र ज्योति प्राप्त गर्न तिनीहरू उति नै सक्षम हुन्छन्। यो सबै कुराका लागि मानिसहरूसँग धर्मनिष्ठा र विश्‍वास हुनुपर्छ; त्यसरी मात्रै तिनीहरूलाई सिद्ध बनाउन सकिन्छ। आत्मिक जीवनमा प्रवेश गर्ने आधारभूत पाठ भनेको परमेश्‍वरको उपस्थितिमा शान्त रहनु हो। परमेश्‍वरको उपस्थितिमा तँ शान्त रहन सकिस् भने मात्रै तेरो सबै आत्मिक तालिम प्रभावकारी हुनेछ। यदि तेरो हृदय परमेश्‍वरको अगाडि शान्त रहन सक्दैन भने, तैँले पवित्र आत्माको कार्य प्राप्त गर्न सक्नेछैनस्। तैँले जेसुकै गरिरहेको भए तापनि, यदि तेरो हृदय परमेश्‍वरको अगाडि शान्त छ भने, तँ परमेश्‍वरको उपस्थितिमा जिउने व्यक्ति होस्। तैँले जेसुकै गरिरहेको भए तापनि, यदि तेरो हृदय परमेश्‍वरको अगाडि शान्त छ अनि परमेश्‍वरको नजिक रहन्छ भने, यसले तँ परमेश्‍वरको अगाडि शान्त रहने व्यक्ति होस् भन्ने प्रमाणित गर्छ। यदि, तँ अरूसँग बोल्दा, वा हिँड्दा, "मेरो हृदय परमेश्‍वरको नजिक हुँदैछ, अनि बाहिरी कुराहरूमा केन्द्रित छैन, र म परमेश्‍वरको अगाडि शान्त रहन सक्छु" भनेर भन्न सक्छस् भने, तँ परमेश्‍वरको अगाडि शान्त रहन सक्ने व्यक्ति होस्। तेरो हृदयलाई बाहिरी मामिलाहरूमा तान्ने कुनै पनि कुरा वा तेरो हृदयलाई परमेश्‍वरबाट छुट्याउने मानिसहरूसँग संलग्न नबन्। तेरो हृदयलाई परमेश्‍वरको नजिक हुनबाट बाधा दिने जे-सुकै कुरा भए पनि, त्यसलाई पाखा लगा, वा त्यसबाट परै बस्। यो तेरो जीवनको

लागि ठूलो लाभ हो। पवित्र आत्माको महान् काम हुने सटीक समय, परमेश्‍वरले मानिसहरूलाई व्यक्तिगत रूपमा सिद्ध गर्नुहुने समय अहिले नै हो। यदि, यो क्षणमा, तँ परमेश्‍वरको अगाडि शान्त हुन सक्दैनस् भने, तँ परमेश्‍वरको सिंहासन अगाडि फर्कने व्यक्ति होइनस्। यदि तैँले परमेश्‍वरभन्दा बाहेकको अन्य कुराको खोजी गरिस् भने, तँलाई परमेश्‍वरले सिद्ध पार्नुहुने कुनै अवस्था रहनेछैन। परमेश्‍वरबाट यस्ता वाणीहरू सुन्‍न सक्ने र पनि आज परमेश्‍वरको अगाडि शान्त रहन असफल हुनेहरू सत्यतालाई प्रेम नगर्ने अनि परमेश्‍वरलाई प्रेम नगर्ने मानिसहरू हुन्। यदि तैँले आफूलाई अहिले अर्पण गर्दैनस् भने, तँ के पर्खिरहेको छस्? आफूलाई अर्पण गर्नु भनेको परमेश्‍वरको अगाडि आफ्नो हृदयलाई शान्त पार्नु हो। यो नै साँचो अर्पण हुनेछ। अहिले जसले परमेश्‍वरलाई आफ्नो हृदयलाई अर्पण गर्छ, उसलाई परमेश्‍वरले निश्‍चित रूपमा सिद्ध तुल्याउनुहुन्छ। जेसुकै भए पनि, कुनै पनि कुराले तँलाई बाधा दिन सक्दैन; तँलाई काँट-छाँट गर्न वा तेरो निकारकरण गर्न होस्, वा तैँले नैराश्यता वा असफलता भोग्नु परोस्, परमेश्‍वरको अगाडि तेरो हृदय सदैव शान्त हुनुपर्छ। तँलाई मानिसहरूले जस्तो-सुकै व्यवहार गरे पनि, परमेश्‍वरको अगाडि तेरो हृदय शान्त हुनुपर्छ। तैँले जस्तो सुकै परिस्थितिको सामना गर्नुपरे पनि—तँ विपत्ति, कष्ट, अत्याचार, वा विभिन्‍न परीक्षाहरूबाट प्रभावित भए पनि—तेरो हृदय परमेश्‍वरको अगाडि सदैव शान्त हुनुपर्छ; सिद्ध बनाइने मार्गहरू यिनै हुन्। तँ परमेश्‍वरको अगाडि वास्तविक रूपमा शान्त हुँदा मात्रै परमेश्‍वरका वर्तमान वचनहरू तेरो सामु स्पष्ट हुनेछन्। त्यसपछि तैँले अझ सही तरिकाले र विचलित नभई, पवित्र आत्माको ज्योति र अन्तर्दृष्टिको अभ्यास गर्न सक्छस्, परमेश्‍वरको अभिप्रायहरूलाई अझ स्पष्टताका साथ बुझ्न सक्छस् जसले तेरो सेवालाई थप स्पष्ट दिशा प्रदान गर्नेछ, पवित्र आत्माको प्रभाव र मार्गदर्शनलाई थप सटीक ढङ्गले बुझ्न सक्छस्, र पवित्र आत्माको मार्गदर्शन मातहत जिउने कुरामा ढुक्क हुन सक्छस्। परमेश्‍वरको अगाडि वास्तवमै शान्त रहँदा प्राप्त गर्न सकिने प्रभावहरू यस्ता हुन्छन्। जब मानिसहरू परमेश्‍वरका वचनहरूका बारेमा स्पष्ट हुँदैनन्, अभ्यास गर्ने मार्ग हुँदैन, परमेश्‍वरका अभिप्रायहरू बुझ्न असफल हुन्छन्, वा अभ्यासका सिद्धान्तहरूको कमी हुन्छ, यस्तो हुनुको कारण तिनीहरूको हृदय परमेश्‍वरको अगाडि शान्त नभएर हो। परमेश्‍वरको अगाडि शान्त हुनुको उद्देश्य भनेको गम्भीर र व्यावहारिक हुनु हो, परमेश्‍वरका वचनहरूमा शुद्धता र पारदर्शीता खोज्नु हो, र अन्ततः सत्यताको बुझाइ र परमेश्‍वरलाई चिन्‍ने अवस्थामा आइपुग्नु हो।

यदि तेरो हृदय परमेश्‍वरको अगाडि प्रायजसो शान्त हुँदैन भने, परमेश्‍वरसँग तँलाई सिद्ध बनाउने कुनै उपाय हुँदैन। सङ्कल्पहीन हुनु भनेको हृदय नहुनु सरह हो, र हृदय नभएको व्यक्ति परमेश्‍वरको अगाडि शान्त रहन सक्दैन; यस्तो व्यक्तिलाई परमेश्‍वरले कति काम गर्नुहुन्छ वा उहाँले कति बोल्नुहुन्छ भनेर थाहा हुँदैन, न तिनीहरूलाई अभ्यास कसरी गर्ने भनेर नै थाहा हुन्छ। के यो हृदय नभएको व्यक्ति होइन र? के हृदय नभएको व्यक्ति परमेश्‍वरको अगाडि शान्त रहन सक्छ? हृदय नभएका व्यक्तिहरूलाई सिद्ध बनाउनका लागि परमेश्‍वरसँग कुनै उपाय छैन—तिनीहरू भार बोक्ने पशुभन्दा फरक हुँदैनन्। परमेश्‍वरले यति स्पष्ट र पारदर्शी भएर बोल्नुभएको छ, तैपनि तेरो हृदयमा प्रभाव परेको छैन, अनि तँ परमेश्‍वरको अगाडि शान्त रहन असमर्थ छस्।

के तँ विवेकहीन पशु होइनस्? कतिपय मानिसहरू परमेश्वरको अगाडि शान्त रहने अभ्यासबाट भड्किन्छन्। खाना पकाउने समयमा, तिनीहरू खाना पकाउँदैनन्, र दैनिक काम गर्ने समयमा, तिनीहरू त्यसो गर्दैनन्, तर प्रार्थना र ध्यान मात्रै गरिरहन्छन्। परमेश्वरको अगाडि शान्त रहनु भनेको खाना नपकाउनु वा दैनिक काम नगर्नु होइन, वा न जीवन नै नजिउनु हो; बरु, यो त सबै सामान्य अवस्थाहरूमा परमेश्वरको अगाडि आफ्नो हृदयलाई शान्त पार्न, अनि आफ्नो हृदयमा परमेश्वरको लागि स्थान बनाउन सक्नु हो। जब तँ प्रार्थना गर्छस्, तब प्रार्थना गर्नका लागि तैँले परमेश्वरको अगाडि राम्ररी घुँडा टेकेर झुक्नुपर्छ; जब तँ दैनिक काम गर्छस् वा खाना पकाउँछस्, परमेश्वरको अगाडि तेरो हृदयलाई शान्त पार्, परमेश्वरका वचनहरूको चिन्तन गर, वा भजन गा। तैँले आफूलाई जस्तो सुकै अवस्थामा पाए पनि, तँसँग अभ्यास गर्ने तँ आफ्नै तरिका हुनुपर्दछ, परमेश्वरको नजिक आउनका लागि तैँले सबै कुरा गर्नुपर्छ, र तैँले आफ्ना सबै बल-शक्ति लगाएर परमेश्वरको अगाडि आफ्नो हृदयलाई शान्त बनाउन प्रयास गर्नुपर्छ। परिस्थितिले दिएमा, दत्तचित्त भई प्रार्थना गर्; परिस्थितिले नदिएमा, आफ्नो हातमा भएको काम गर्दै हृदयमा परमेश्वरको नजिक आइज। जब तँ परमेश्वरका वचनहरू खान र पिउन सक्छस्, त्यति बेला परमेश्वरका वचनहरू खा र पिई; जब तँ प्रार्थना गर्न सक्छस्, त्यति बेला प्रार्थना गर; जब तैँले परमेश्वरको बारेमा विचार गर्न सक्छस्, त्यति बेला परमेश्वरको बारेमा विचार गर्। अर्को शब्दमा भन्नुपर्दा, प्रवेशका लागि आफूलाई आफ्नो वातावरणअनुसार तालिम दिन सक्दो गर्। केही मानिसहरू केही नहुँदा परमेश्वरको अगाडि शान्त रहन सक्छन्, तर जब केही हुन्छ, तिनीहरूको मन भौँतारिन थाल्छ। त्यसो गर्नु भनेको परमेश्वरको अगाडि शान्त रहनु होइन। यसको अनुभव गर्ने सही तरिका भनेको: कुनै पनि परिस्थितिमा आफ्नो हृदय परमेश्वरबाट पर नजानु, वा बाहिरी मानिस, घटना, वा कुराहरूबाट विचलित नहुनु हो, अनि मात्रै कुनै पनि व्यक्ति परमेश्वरको अगाडि वास्तवमै शान्त रहन सक्छ। कतिपय मानिसहरू भन्छन् कि, जब तिनीहरू भेलामा हुन्छन्, तिनीहरूको हृदय परमेश्वरको अगाडि शान्त रहन सक्छ, तर अरूसँगको सङ्गतिमा तिनीहरू परमेश्वरको अगाडि शान्त रहन सक्दैनन्, र तिनीहरूको सोचाइ सर्वत्र दौडिन्छ। यो परमेश्वरको अगाडि शान्त रहनु होइन। आज, अधिकांश मानिसहरू यही अवस्थामा छन्, तिनीहरूको हृदय परमेश्वरको अगाडि सधैँ शान्त रहन सक्दैन। तसर्थ, तिमीहरूले यो क्षेत्रमा अभ्यास गर्नका लागि थप प्रयास गर्नुपर्छ, जीवन अनुभवको सही मार्गमा चरणबद्ध रूपमा प्रवेश गर्नुपर्छ, अनि परमेश्वरबाट सिद्ध बनाइने मार्गमा अगाडि बढ्नुपर्छ।

## सिद्धता हासिल गर्न परमेश्वरको इच्छाप्रति सचेत होऊ

तँ परमेश्वरको इच्छाप्रति जति धेरै सचेत हुन्छस्, तैँले त्यति नै बढी बोझ बोक्नेछस् अनि तँले बोक्ने बोझ जति ठूलो हुन्छ, तेरो अनुभव त्यति नै बढी समृद्ध हुनेछ। जब तँ परमेश्वरको इच्छाप्रति सचेत हुन्छस्, परमेश्वरले तँमाथि एउटा बोझ राखिदिनुहुनेछ, तब उहाँले तँलाई सुम्पिनुभएका बोझहरूको सम्बन्धमा उहाँले तँलाई अन्तर्दृष्टि दिनुहुनेछ। जब परमेश्वरले तँलाई यो बोझ दिनुहुन्छ, तब परमेश्वरको वचनबाट खाँदै र पिउँदै गर्दा तैँले सबै सम्बन्धित सत्यताहरूलाई

ध्यान दिनेछस्। यदि तँसित तेरा दाजुभाइ तथा दिदीबहिनीहरूको जीवन सम्बन्धी बोझ छ भने, यो परमेश्‍वरले तँलाई सुम्पिनुभएको बोझ हो, अनि तैँले सधैँ आफ्नो दैनिक प्रार्थनाहरूमा यो बोझ उठाउनेछस्। परमेश्‍वरले जे गर्नुहुन्छ, त्यो तँमाथि लादिएको छ, अनि परमेश्‍वरले जे गर्न चाहनुहुन्छ, तँ त्यो गर्न इच्छुक हुन्छस्; परमेश्‍वरको बोझलाई आफ्नो बोझको रूपमा लिनु भनेको यही नै हो। यस अवस्थामा, परमेश्‍वरको वचनबाट तैँले खाँदा र पिउँदा, तँले यस्तै प्रकारका विषयहरूमा ध्यान दिनेछस्, अनि तैँले कसरी यी समस्याहरू समाधान गर्नेछस् तँ त्यो जान्न उत्सुक हुनेछस्? मेरा दाजुभाइ तथा दिदीबहिनीहरूले छुटकारा हासिल गर्न तथा आत्मिक आनन्द पाउन कसरी म तिनीहरूलाई सक्षम तुल्याउन सक्छु? सङ्‌गति गर्दै गर्दा तँले यी समस्याहरू समाधान गर्ने कुरामाथि पनि ध्यान दिनेछस्, अनि परमेश्‍वरको वचनबाट खाँदै र पिउँदै गर्दा तैँले यी विषयहरूसँग सम्बन्धित वचनहरू खाने र पिउने कुरामाथि ध्यान दिनेछस्। उहाँको वचनहरूबाट खाँदै र पिउँदै गर्दा तैँले एउटा बोझ पनि बोक्नेछस्। परमेश्‍वरको मागहरूबारे तैँले बुझिसकेपछि, कुन मार्ग लिनुपर्ने हो त्यस बारेमा तँलाई अझ स्पष्ट हुनेछ। तेरो बोझले ल्याएको पवित्र आत्माको अन्तर्दृष्टि र प्रकाश यही हो, अनि यो तँलाई प्रदान गरिएको परमेश्‍वरको निर्देशन पनि हो। किन म यसो भन्छु? यदि तँसित कुनै बोझ छैन भने, परमेश्‍वरको वचनहरू खाँदा र पिउँदा तैँले ध्यान दिनेछैनस्; बोझ बोक्दै गर्दा जब तैँले परमेश्‍वरको वचनहरू खान्छस् र पिउँछस्, तब तैँले त्यसको सारलाई राम्ररी बुझ्न सक्छस्, तेरो मार्ग भेट्टाउन सक्छस् अनि परमेश्‍वरको मार्गलाई ध्यान दिन सक्छस्। त्यसैकारण, तेरा प्रार्थनाहरूमा, परमेश्‍वरले तँमाथि अझै बोझहरू राखिदिनुभएको अनि तँलाई अझै ठूलठूला कामहरू सुम्पिनुभएको होस् भनेर तैँले चाहना गर्नुपर्छ, ताकि तेरो अगाडि अभ्यास गर्नका निम्ति तँसित धेरै मार्ग होस्; ताकि परमेश्‍वरका वचनहरू खाँदा र पिउँदा त्यसले तँमा अझ ठूलो प्रभाव पार्न सकोस्; ताकि उहाँको वचनहरूको सारलाई राम्ररी बुझ्न सक्षम भएर तँ बढ्न सक्; ताकि पवित्र आत्माद्‌वारा प्रभावित भएर तँ अझै बढी सक्षम हुन सक्।

परमेश्‍वरका वचनहरू खानु र पिउनु, प्रार्थना अभ्यास गर्नु, परमेश्‍वरको बोझलाई स्वीकार गर्नु अनि उहाँले तँलाई सुम्पिनुभएका कामहरूलाई स्वीकार गर्नु–यो सबैको उद्‌देश्य तेरो सामु बाटो होस् भन्ने हो। परमेश्‍वरले तँलाई सुम्पिनुभएको बोझ तँ माथि जति बढी भारको रूपमा रहन्छ, उहाँद्‌वारा तँ सिद्‌ध हुने कुरा तेरो निम्ति त्यति नै सजिलो हुनेछ। अरूलाई बोलाइएको हुँदा पनि केही व्यक्तिहरू परमेश्‍वरको सेवामा अरूसित समन्वय गर्न अनिच्छुक हुन्छन्; यिनीहरू अल्छी मानिसहरू हुन् जो केवल आरामसित रमाइलो गर्न चाहन्छन्। तँलाई जति बढी अरूसँगको समन्वयमा सेवा गर्न भनिन्छ, तैँले त्यति नै बढी अनुभव हासिल गर्नेछस्। बोझहरू तथा अनुभवहरू धेरै हुँदा तैँले सिद्‌ध हुनका निम्ति बढी अवसरहरू पाउनेछस्। त्यसकारण, यदि इमान्दारिताका साथ तैँले परमेश्‍वरको सेवा गर्न सक्छस् भने तैँले परमेश्‍वरको बोझलाई पनि ध्यान दिनेछस्, त्यसो हुँदा, परमेश्‍वरद्‌वारा सिद्‌ध हुनका निम्ति तँसित धेरै अवसरहरू हुनेछन्। हाल केवल त्यस्ता समूहका मानिसहरू नै परमेश्‍वरद्‌वारा सिद्‌ध तुल्याँइदैछन्। तँलाई जति बढी पवित्र आत्माले छुनुहुन्छ, तैँले त्यति नै बढी समय परमेश्‍वरको बोझप्रति सचेत हुन अर्पित गर्नेछस्, तँलाई त्यति नै बढी परमेश्‍वरद्‌वारा सिद्‌ध तुल्याइनेछ–तबसम्म सिद्‌ध तुल्याइनेछ जबसम्म तँ अन्ततः

परमेश्वरले प्रयोग गर्नुहुने व्यक्ति हुँदैनस्। हाल, केही व्यक्तिहरू यस्ता छन् जसले मण्डलीको निम्ति कुनै बोझहरू बोक्दैनन्। यी मानिसहरू सुस्त र लापरवाह छन् अनि यिनीहरूले केवल आफ्नै देहको मात्र वास्ता गर्छन्। त्यस्ता मानिसहरू अत्यन्तै स्वार्थी हुन्छन्, र तिनीहरू अन्धा पनि हुन्छन्। यदि तैँले यो कुरा स्पष्टसित देख्न सक्दैनस् भने तैँले कुनै पनि बोझ बोक्नेछैनस्। तँ जति बढी परमेश्वरको इच्छाप्रति सचेत हुन्छस्, त्यति नै बढी बोझ उहाँले तँलाई सुम्पिनुहुनेछ। स्वार्थीहरू त्यस्ता कुराहरूको कष्ट भोग्न अनिच्छुक हुन्छन्; तिनीहरू मूल्य चुकाउन अनिच्छुक हुन्छन्, र परिणामस्वरूप, तिनीहरूले परमेश्वरद्वारा सिद्ध तुल्याइने अवसरहरू गुमाउनेछन्। के तिनीहरूले आफैलाई हानि पुऱ्याइरहेको छैनन् र? यदि तँ परमेश्वरको इच्छाप्रति सचेत हुने व्यक्ति होस् भने तँमा मण्डलीको निम्ति साँचो बोझ विकसित हुनेछ। वास्तवमा, यसलाई मण्डलीको निम्ति तैँले बोक्ने बोझ भन्नुको सट्टामा यसलाई तैँले आफ्नै जीवनको खातिर बोक्ने बोझ भन्नु उत्तम हुनेछ किनकि मण्डलीको निम्ति तँमा विकसित यस बोझको उद्देश्य परमेश्वरद्वारा सिद्ध तुल्याइनको निम्ति तँलाई यस्ता अनुभवहरू प्रयोग गर्न दिनु हो। त्यसकारण, जो-जसले मण्डलीको निम्ति सबैभन्दा ठूलो बोझ बोक्छ, जो-जसले जीवनमा प्रवेश गर्नको निम्ति बोझ बोक्छ–तिनीहरू नै परमेश्वरद्वारा सिद्ध तुल्याइने व्यक्तिहरू हुनेछन्। के तैँले यसलाई स्पष्टसित देखेको छस्? यदि तँ जुन मण्डलीसित छस्, त्यो बालुवा जस्तै छरिएको छ, तर तँ न त चिन्तित हुन्छस्, न त बेचैन नै, अनि तेरा दाजुभाइहरू तथा दिदीबहिनीहरूले सामान्य रूपले परमेश्वरका वचनहरू खाइरहेका र पिइरहेका नहुँदा पनि तँले आँखा चिम्लिन्छस् भने तैँले कुनै बोझहरू बोकिरहेको हुँदैनस्। त्यस्ता मानिसहरू परमेश्वरले आनन्द लिने प्रकारका मानिसहरू होइनन्। जुन प्रकारका मानिसहरूमा परमेश्वरले आनन्द लिनुहुन्छ, तिनीहरू धार्मिकताको निम्ति भोकाउँछन् र तिर्खाउँछन् र परमेश्वरको इच्छाप्रति सचेत हुन्छन्। यसरी, तिमीहरू परमेश्वरको बोझप्रति अहिले नै सचेत हुनुपर्छ। तिमीहरूले आफूहरू परमेश्वरको बोझप्रति सचेत हुनुअघि परमेश्वरले सम्पूर्ण मानवजातिप्रति आफ्नो धार्मिक स्वभाव प्रकट गर्नुहुन्जेलसम्म पर्खिनुहुँदैन। के त्यतिबेलासम्म धेरै ढिलो हुनेछैन र? परमेश्वरद्वारा सिद्ध हुनका निम्ति राम्रो अवसर अहिले नै हो। यदि तैँले यस अवसरलाई आफ्नो हातबाट जान दिइस् भने मोशाले कनानको असल भूमिमा प्रवेश गर्न असक्षम हुँदा बाँकी जीवनभरि अफसोस गर्दै सोही खेदले मरेजस्तै तैँले तेरो बाँकी जीवनभरि अफसोस गर्नेछस्। जब परमेश्वरले सम्पूर्ण मानवजातिलाई आफ्नो धार्मिक स्वभाव प्रकट गर्नुभएको हुन्छ, तब तँ अफसोसले भरिनेछस्। परमेश्वरले तँलाई सजाय नदिनुभए तापनि अफसोसले भरिएर तैँले आफूलाई सजाय दिनेछस्। कोही-कोही यसद्वारा विश्वस्त हुँदैनन् तर यदि तैँले विश्वास गर्दैनस् भने, केवल पर्खेर हेर्। केही मानिसहरू यस्ता छन् जसको प्रमुख उद्देश्य यी वचनहरू पूरा गर्नु हो। के तँ यी वचनहरूको खातिर आफैलाई बलिदान गर्न तयार छस्?

यदि तँ परमेश्वरद्वारा सिद्ध हुने अवसरहरू खोज्दैनस्, अनि यदि सिद्धताको तेरो खोजीमा त्यही उद्देश्य राख्ने अरूभन्दा बढी सफल हुनको निम्ति तैँले संघर्ष गर्दैनस् भने, अन्ततः तँ अफसोसले भरिनेछस्। सिद्धता हासिल गर्ने सर्वोत्तम अवसर अहिले नै हो। अत्यन्तै राम्रो समय अहिले नै हो। यदि परमेश्वरद्वारा सिद्ध तुल्याइनको लागि तैँले गम्भीरतापूर्वक खोजी गर्दैनस्

भने, उहाँको काम पूरा भएपछि, धेरै ढिलो भइसक्नेछ—तैँले अवसर गुमाइसकेको हुनेछस्। तेरा आकांक्षाहरू जतिसुकै ठूलो भए तापनि, यदि परमेश्वरले उप्रान्त काम गरिरहनुभएको छैन भने, तैँले जतिसुकै प्रयास गरे पनि, तँले कहिल्यै सिद्धता हासिल गर्न सक्नेछैनस्। तैँले यो अवसरको फाइदा उठाउनैपर्छ अनि पवित्र आत्माले आफ्नो महान् काम गर्नुहुँदा उहाँसित सहकार्य गर्नैपर्छ। यदि तैँले यो अवसर गुमाइस् भने, तैँले जतिसुकै प्रयासहरू गरे तापनि तँलाई कहिल्यै अर्को अवसर दिइनेछैन। तिमीहरूमध्ये कतिपय यसो भन्दै चिच्याउँछौ, "परमेश्वर, म तपाईंको बोझलाई ध्यान दिन इच्छुक छु, म तपाईंको इच्छालाई सन्तुष्ट तुल्याउन इच्छुक छु।" तैपनि, अभ्यास गर्नको निम्ति तँसित कुनै मार्ग छैन, त्यसैले तेरा बोझहरू टिक्नेछैनन्। यदि तेरो अगाडि मार्ग छ भने, तैँले एक पल्टमा एउटा कदमको अनुभव हासिल गर्नेछस्, अनि तेरो अनुभव संरचित र व्यवस्थित हुनेछ। एउटा बोझ पूरा भइसकेपछि, तँलाई अर्को दिइनेछ। जब तेरो जीवनको अनुभव गहिरो हुँदै जान्छ, तेरा बोझहरू पनि अझ गहन हुनेछन्। कोही-कोही मानिसहरू केवल पवित्र आत्माले तिनीहरूलाई स्पर्श गर्नुभएको बेला मात्रै बोझ बोक्छन्; केही समयपछि, जब अभ्यास गर्नका निम्ति तिनीहरूसित मार्ग हुँदैन, तिनीहरूले कुनै पनि बोझहरू बोक्न छोड्छन्। केवल परमेश्वरको वचनहरू खाएर अनि पिएर मात्रै तैँले आफ्ना बोझहरूलाई विकसित गर्न सक्दैनस्। धेरै सत्यताहरू बुझेर, तँले ठम्याउने ज्ञान हासिल गर्नेछस्, सत्यतालाई प्रयोग गरेर समस्याहरू समाधान गर्न सिक्नेछस्, अनि परमेश्वरका वचनहरू तथा परमेश्वरको इच्छाको अझ सटीक बुझाइ हासिल गर्नेछस्। यी कुराहरूद्वारा, तैँले बोक्नका निम्ति बोझहरूको विकसित गर्नेछस् अनि तब मात्रै तैँले उचित प्रकारले काम गर्न सक्नेछस्। यदि तँसित बोझ छ तर सत्यताको स्पष्ट बुझाइ छैन भने, त्यसले पनि काम गर्नेछैन; तैँले व्यक्तिगत रूपले परमेश्वरका वचनहरू अनुभव गर्नुपर्छ र त्यसलाई कसरी अभ्यास गर्ने हो सो जान्नुपर्छ। तँ आफै वास्तविकताभित्र प्रवेश गरिसकेपछि मात्रै तैँले अरूको निम्ति जुटाउन, अरूलाई डोऱ्याउन सक्नेछस्, र तँ परमेश्वरद्वारा सिद्ध तुल्याइन सक्नेछस्।

"मार्ग ... (४)" मा यो लेखिएको छ, कि तिमीहरू युगौं-युगअघि नै परमेश्वरद्वारा पूर्वनियुक्त गरिएका राज्यका मानिसहरू हौ र तिमीहरूलाई कसैले पनि खोसेर लैजान सक्दैन। त्यहाँ यो पनि उल्लेखित छ, कि सबै जना परमेश्वरद्वारा प्रयोग गरिएका तथा सिद्ध तुल्याइएका होऊन् भन्ने परमेश्वर इच्छा गर्नुहुन्छ, अनि उहाँले तिनीहरू परमेश्वरका मानिसहरूको रूपमा खडा होऊन् भन्ने माग गर्नुहुन्छ अनि परमेश्वरका मानिसहरू भएर मात्रै तिनीहरूले परमेश्वरको इच्छा पूरा गर्न सक्छन्। त्यो बेला, तिमीहरू सबैले यस विषयमा सङ्गति गरेका थियौ, परमेश्वरका मानिसहरूको स्तरहरूमा आधारित प्रवेशको मार्गको बारेमा बातचित गरेका थियौ। त्यसैकारण, त्यस समय अवधिमा पवित्र आत्माले गर्नुभएको काम तिनीहरूलाई तिनीहरूको नकारात्मक अवस्थाबाट बाहिर ल्याउन र सकारात्मक अवस्थामा डोऱ्याउनको लागि थियो। त्यो बेला, पवित्र आत्माको काम प्रत्येकलाई परमेश्वरका मानिसहरूको रूपमा परमेश्वरका वचनहरूमा आनन्द लिन सक्षम तुल्याउने, अनि तिमीहरूमध्ये प्रत्येकलाई परमेश्वरका मानिसहरू हौ र शैतानले तिमीहरूलाई खोसेर लान सक्दैन भनी स्पष्ट प्रकारले बुझ्ने तुल्याउनेतर्फ उन्मुख थियो। त्यसैले, तिमीहरू सबैले यसो भनेर प्रार्थना गऱ्यौ, "परमेश्वर! म तपाईंका मानिसहरूमध्ये एक हुन इच्छुक छु, किनभने युगौँ-युग पहिले

नै तपाईंद्वारा पूर्वनियुक्त गरिएका थियौँ, किनभने तपाईंले नै यो हैसियत हामीलाई प्रदान गर्नुभयो। हामी यो हैसियतद्वारा तपाईंलाई सन्तुष्ट पार्न इच्छुक छौं।" जब तैँले यस प्रकारले प्रार्थना गरिस्, तब पवित्र आत्माले तँलाई छुनुहुन्थ्यो; यही प्रकारले काम गर्ने पवित्र आत्माको प्रवृत्ति थियो। यस समय अवधिमा, तैँले परमेश्वरको सामु आफ्नो हृदयलाई शान्त तुल्याउन प्रार्थना गर्नुपर्छ अनि आफैलाई तालीम दिनुपर्छ, ताकि तैँले जीवनको निम्ति संघर्ष सक् र राज्यको तालिममा प्रवेश गर्ने प्रयास गर्न सक्। पहिलो कदम यही नै हो। यस क्षणमा, परमेश्वरको काम भनेको प्रत्येकलाई ठीक बाटोमा प्रवेश गर्न लगाउनु, सामान्य आत्मिक जीवन तथा साँचो अनुभवहरू प्राप्त गर्न लगाउनु, पवित्र आत्माद्वारा सञ्चालित हुन लगाउनु हो, अनि–यी कुराहरूलाई जग बनाई परमेश्वरका आज्ञाहरूलाई स्वीकार गर्नु हो। राज्यको तालीमभित्र प्रवेश गर्नुको उद्देश्य तिमीहरूको प्रत्येक बोलीवचन, कार्य, चाल, विचार तथा धारणालाई परमेश्वरको वचनहरूभित्र प्रवेश गर्न लगाउनु हो; परमेश्वरद्वारा बारम्बार स्पर्श पाउन लगाउनु हो अनि त्यसद्वारा उहाँको निम्ति प्रेमको हृदय विकास गर्नु हो; अनि तँलाई परमेश्वरको इच्छाको धेरै बोझ सम्हाल्न लगाउनु हो, ताकि प्रत्येक व्यक्ति परमेश्वरद्वारा सिद्ध तुल्याइने मार्गमा हुन सकोस्, ताकि प्रत्येक व्यक्ति ठीक मार्गमा होस्। तँ परमेश्वरद्वारा सिद्ध तुल्याइने यस मार्गमा आएपछि, तँ ठीक मार्गमा हुन्छस्। तेरा विचारहरू तथा धारणाहरू, साथै तेरा गलत मनसायहरूलाई सच्याउन सकिएपछि, अनि तँ देहप्रति ध्यान दिने व्यक्तिबाट परमेश्वरको इच्छाप्रति ध्यान दिने व्यक्तिमा परिवर्तन भएपछि, अनि तँ गलत मनसायहरूको उदय हुँदा त्यसले ल्याउने विकर्षणहरूलाई रोक्न सक्षम भएर परमेश्वर इच्छाअनुरूप चल्ने भएपछि–यदि तैँले यो रूपान्तरण हासिल गर्न सक्छस् भने तँ जीवन अनुभवको ठीक मार्गमा छस्। तेरो प्रार्थनाका अभ्यासहरू ठीक मार्गमा भएपछि, तेरा प्रार्थनाहरूमा तँ पवित्र आत्माद्वारा छोइनेछस्। जब-जब तैँले प्रार्थना गर्छस्, तँलाई पवित्र आत्माले छुनुहुनेछ; जब तैँले हरेक पल्ट प्रार्थना गर्छस्, तैँले परमेश्वरको सामु आफ्नो हृदयलाई शान्त तुल्याउन सक्नेछस्। तैँले हरेक पल्ट परमेश्वरका वचनहरूको अध्याय खाएपछि र पिएपछि, यदि तैँले उहाँले अहिले गरिरहनुभएको कामलाई बुझ्न सक्छस् अनि कसरी प्रार्थना गर्ने, कसरी सहकार्य गर्ने, कसरी प्रवेश हासिल गर्ने सो सिक्न सक्छस् भने, तब मात्रै परमेश्वरका वचनहरूको तेरो खुवाई र पियाईले परिणामहरू उत्पन्न गर्नेछन्। जब, परमेश्वरका वचनहरूद्वारा तैँले प्रवेशको मार्ग भेट्टाउन सक्छस् अनि परमेश्वरको कामको वर्तमान गतिशीलता, साथै पवित्र आत्माको कामको दिशालाई ठम्याउन सक्छस्, तब तँ ठीक मार्गमा प्रवेश गरेको हुनेछस्। परमेश्वरका वचनहरू खाँदा र पिउँदा यदि तैँले मुख्य बुँदाहरूलाई बुझेको छैनस् अनि त्यसपछि अभ्यास गर्नका लागि बाटो भेट्टाउन अझै असक्षम छस् भने, यसले परमेश्वरका वचनहरू कसरी ठीक प्रकारले खाने र पिउने भन्ने तँलाई अझै थाहा छैन, अनि तैँले त्यसो गर्ने विधि वा सिद्धान्त पत्ता लगाएको छैनस् भन्ने देखाउँछ। परमेश्वरले हाल गरिरहनुभएको कामलाई यदि तैँले राम्ररी बुझेको छैनस् भने, उहाँले तँलाई सुम्पिनुहुने कामहरू तैँले स्वीकार गर्न सक्नेछैनस्। परमेश्वरले हाल गर्नुहुने काम मानिसहरू प्रवेश गर्नैपर्ने र तिनीहरूले अहिले नै बुझ्नुपर्ने काम हो। के तिमीहरूले यी कुराहरूलाई राम्ररी बुझेका छौ?

यदि तँले परमेश्वरका वचनहरूलाई प्रभावकारी रुपले खान्छस् र पिउँछस् भने, तेरो आत्मिक

जीवन सामान्य हुन्छ, अनि तैँले जस्तोसुकै परीक्षाहरूको सामना गरे तापनि, जस्तोसुकै परिस्थितिहरूसित जम्काभेट गर्नुपरे तापनि, तैँले जस्तोसुकै शारीरिक रोगव्याधिहरू सहनु परे तापनि, तँ दाजुभाइ तथा दिदीबहिनीहरूबाट विमुख हुनुपरे तापनि वा तैँले पारिवारिक समस्याहरू सामना गर्नु परे तापनि, तैँले परमेश्वरको वचन सामान्य रुपमा खान र पिउनसक्छस्, सामान्य रुपले प्रार्थना गर्न सक्छस्, सामान्य रुपले मण्डली जीवनलाई निरन्तरता दिन सक्छस्; यदि तैँले यी सबै हासिल गर्न सक्छस् भने, यसले तँ ठीक मार्गमा छस् भन्ने देखाउनेछ। कोही मानिसहरू धेरै नै कमजोर हुन्छन् अनि तिनीहरूसित दृढताको कमी हुन्छ। सानो बाधाको सामना गर्नुपर्दा पनि तिनीहरू बच्चा जस्तो रुन्छन् अनि नकारात्मक हुन्छन्। सत्यताको खोजी गर्नको लागि दृढता तथा संकल्पको आवश्यकता पर्छ। यदि तँ यस पटक परमेश्वरको इच्छालाई सन्तुष्ट तुल्याउन असफल भएको छस् भने, तैँले आफैलाई घृणा गर्न सक्नुपर्छ, अनि अर्कोपल्ट सफल हुन चुपचाप अठोट गर्नुपर्छ। यदि यस पटक, तँ परमेश्वरको बोझप्रति सचेत भएको थिइनस् भने, भविष्यमा त्यस्तै बाधा सामना गर्नुपर्दा देहको विरुद्धमा विद्रोह गर्न तैँले निश्चय गर्नुपर्छ अनि परमेश्वरको इच्छालाई सन्तुष्ट तुल्याउन संकल्प गर्नुपर्छ। यसरी नै तँ प्रशंसायोग्य हुनेछस्। कोही मानिसहरू आफ्ना विचारहरू वा धारणाहरू ठीक छन् कि छैनन् भनेर समेत जान्दैनन्। ती मानिसहरू मूर्खहरू हुन्। यदि तँ आफ्नो हृदयलाई काबू गर्न अनि देहको विरुद्धमा विद्रोह गर्न चाहन्छस् भने, पहिले तैँले तेरा मनसायहरू ठीक छन् कि छैनन् भनी जान्नैपर्छ, तब मात्र तैँले तेरो हृदयलाई काबूमा राख्न सक्छस्। यदि तेरा मनसायहरू ठीक छन् वा छैनन् भनी तँलाई थाहा छैन भने तेरो हृदयलाई काबू गर्न र देहको विरुद्धमा विद्रोह गर्न तँलाई सम्भव होला त? यदि तैँले विद्रोह गर्छस् भने पनि, तैँले अन्यौल तरिकाले त्यसो गर्नेछस्। तेरा पथभ्रष्ट मनसायहरूको विरुद्धमा कसरी विद्रोह गर्ने भनी तैँले जान्नुपर्छ। देहको विरुद्धमा विद्रोह गर्नुको अर्थ यही नै हो; आफ्ना मनसायहरू, विचारहरू तथा धारणाहरू गलत छन् भन्ने जानीसकेपछि, तैँले तुरुन्तै आफ्नो मार्ग बदल्नुपर्छ र ठीक मार्गमा हिँड्नुपर्छ। यो विषयलाई पहिले समाधान गर्, अनि यस सम्बन्धमा प्रवेश हासिल गर्न आफैलाई तालीम दे, किनभने आफ्ना मनसायहरू ठीक छन् कि छैनन् भन्ने तँलाई नै राम्रोसित थाहा छ। तेरा गलत मनसायहरू सधार गरिसकेपछि अनि ती अब परमेश्वरको प्रयोजनको निम्ति भइसकेपछि, तैँले आफ्नो हृदयलाई काबू राख्ने लक्ष्य हासिल गरिसकेको हुनेछस्।

तिमीहरूले अहिले गर्नुपर्ने सबैभन्दा महत्वपूर्ण कुरा परमेश्वरको ज्ञान र उहाँको काम प्राप्त गर्नु हो। मानवजातिमाथि पवित्र आत्माले कसरी काम गर्नुहुन्छ भन्ने पनि तैँले जान्नैपर्छ; ठीक मार्गमा प्रवेश गर्नको लागि यी कार्यहरू अत्यावश्यक छन्। तैँले यो महत्वपूर्ण बूँदा बुझिसकेपछि सो गर्न तेरो लागि सजिलो हुनेछ। तँ परमेश्वरमा विश्वास गर्छस्, अनि तँ परमेश्वरलाई चिन्छस्, यसले तेरो विश्वास साँचो हो भनी देखाउँदछ। यदि तैँले अनुभव प्राप्त गर्न जारी राख्छस् तापनि तैँले अझै परमेश्वरलाई चिन्न सक्दैनस् भने, तँ निश्चय नै यस्तो व्यक्ति होस् जसले परमेश्वरको विरोध गर्दछ। आजको देहधारी परमेश्वरलाई विश्वास नगरी जसले येशूलाई मात्र विश्वास गर्छन्, तिनीहरू सबै दोषी ठहरिन्छन्। तिनीहरू सबै पछिल्ला दिनका फरिसीहरू हुन्, किनभने तिनीहरूले आजको परमेश्वरलाई स्वीकार गर्दैनन्; तिनीहरू सबै परमेश्वरको विरोधमा छन्। येशूप्रतिको

तिनीहरूको आराधना जतिसुकै समर्पित भए तापनि, यो सबै व्यर्थमा हुनेछ; परमेश्वरलाई तिनीहरूलाई प्रशंसा गर्नुहुनेछैन। परमेश्वरमा विश्वास गर्छु भनी दाबी गर्नेहरू तापनि आफ्नो हृदयमा परमेश्वरको साँचो ज्ञान नबोक्नेहरू सबै ढोङ्गीहरू हुन्!

परमेश्वरद्वारा सिद्ध तुल्याइने कुराको खोजी गर्नको लागि व्यक्तिले पहिले उहाँद्वारा सिद्ध तुल्याइनुको अर्थ के हो, साथै सिद्ध तुल्याइनका निम्ति कस्ता शर्तहरू पालना गर्नुपर्छ भनी बुझ्नुपर्छ। जब व्यक्तिले त्यस्ता विषयहरूलाई राम्ररी बुझ्छ, तब उसले अभ्यासको बाटो खोजी गर्नुपर्छ। सिद्ध तुल्याइनका निम्ति, व्यक्ति एउटा निश्चित गुणस्तरको हुनुपर्छ। धेरै मानिसहरू जन्मजातै पर्याप्त रूपले उच्च गुणस्तरका हुँदैनन्, यस्तो अवस्थामा तैँले मूल्य चुकाउनुपर्छ र व्यक्तिपरक ढङ्गले कडा परिश्रम गर्नुपर्छ। जति खराब तेरो गुणस्तर हुन्छ, त्यति नै बढी तँले व्यक्तिपरक ढङ्गले प्रयत्न गर्नुपर्छ। परमेश्वरको वचनको तेरो बुझाइ जति बढी हुन्छ र जति बढी तैँले त्यसलाई अभ्यास गर्छस्, त्यति नै चाँडै तैँले सिद्धताको बाटोमा आफ्नो पाइला राख्न सक्छस्। प्रार्थनाद्वारा तँलाई प्रार्थनाको क्षेत्रमा सिद्ध तुल्याइन सकिन्छ, परमेश्वरका वचनहरू खाएर अनि पिएर, तिनीहरूको सारलाई राम्ररी बुझेर, तिनीहरूको वास्तविकतालाई बाँचेर पनि तँलाई सिद्ध तुल्याइन सकिन्छ। परमेश्वरका वचनहरूलाई दैनिक रूपमा अनुभव गरेर तैँले आफूमा के कमी छ जान्नुपर्छ, अझ भन्ने हो भने, तैँले तेरो घातक दोषहरू तथा तेरा कमजोरीहरू के-के हुन् भनी चिन्नुपर्छ र परमेश्वरलाई प्रार्थना तथा बिन्ती गर्नुपर्छ। यसो गरेर, तँलाई क्रमिक रूपले सिद्ध तुल्याइनेछ। सिद्धतातर्फको बाटो यस्तो हुन्छ: प्रार्थना गर्नु; परमेश्वरको वचनहरूलाई खानु र पिउनु; परमेश्वरको वचनहरूका सारलाई राम्ररी बुझ्नु, परमेश्वरका वचनहरूको अनुभवमा प्रवेश गर्ने कुरा हासिल गर्नु, तँ आफैमा के कमी छ भनी जान्नु, परमेश्वरको कामप्रति समर्पित हुनु; परमेश्वरको बोझप्रति सचेत हुनु अनि परमेश्वरको निम्ति तेरो प्रेमद्वारा देहलाई परित्याग गर्नु; अनि तेरा दाजुभाइ तथा दिदीबहिनीहरूप्रति निरन्तर सङ्गतिमा सामेल हुनु जसले तेरा अनुभवहरूलाई समृद्ध बनाउन सक्दछ। चाहे त्यो सामुदायिक जीवन होस् वा तेरो व्यक्तिगत जीवन, चाहे त्यो ठूलो भेला होस् वा सानो, तिनीहरू सबैले तँलाई अनुभव र तालिम प्राप्त गर्न दिन सक्छन् ताकि तेरो हृदय परमेश्वरको सामु शान्त हुन र उहाँमा फर्किन सकोस्। यो सबै सिद्ध तुल्याइने प्रक्रियाको भाग हो। अघि उल्लेख गरिए झैँ परमेश्वरका वचनहरू अनुभव गर्नु भनेको वास्तवमा तिनीहरूलाई चाख्न सक्षम हुनु र आफूलाई ती वचनहरू जिउन दिनु हो ताकि तैँले परमेश्वरप्रति अझ ठूलो विश्वास र प्रेम हासिल गर्न सक्। यस प्रकारले, तैँले क्रमिक रूपमा आफ्नो भ्रष्ट, शैतानी स्वभावलाई छोडिदिनेछस्; अनुचित अभिप्रायहरूदेखि आफैलाई स्वतन्त्र तुल्याउनेछस्; अनि सामान्य व्यक्तिको स्वरूपमा जिउनेछस्। परमेश्वरको निम्ति तँभित्र जति ठूलो प्रेम हुन्छ–भनाइको अर्थ, तेरो जति बढी भाग परमेश्वरद्वारा सिद्ध तुल्याइएको हुन्छ–त्यति नै कम मात्र तँ शैतानी भ्रष्टताको काबूमा हुनेछस्। तेरा व्यवहारिक अनुभवहरूद्वारा तैँले क्रमिक रूपमा सिद्धताको बाटोमा आफ्नो पाइला राख्नेछस्। यसरी, यदि तँ सिद्ध तुल्याइने चाहना गर्छस् भने तैँले परमेश्वरको इच्छाप्रति सचेत हुनु र उहाँका वचनहरू अनुभव गर्नु विशेष रूपले महत्वपूर्ण छन्।

# परमेश्वरले उहाँको हृदय अनुसारकाहरूलाई सिद्ध बनाउनुहुन्छ

परमेश्वर अहिले मानिसहरूको एउटा निश्चित समूहलाई प्राप्त गर्न चाहनुहुन्छ, यस्ता मानिसहरूको एउटा यस्तो झुन्ड जो उहाँसँग सहकार्य गर्न मेहनत गर्छन्, जसले उहाँका काम पालना गर्न सक्छन्, जसले परमेश्वरले बोल्नुभएका वचनहरू सत्य छन् भनी विश्वास गर्छन्, र जसले परमेश्वरका आवश्यकताहरूलाई व्यवहारमा लागू गर्न सक्छन्; तिनीहरू हृदयमा साँचो समझ भएकाहरू हुन्, तिनीहरू सिद्ध तुल्याइन सक्नेहरू हुन्, र तिनीहरू अनिवार्य रूपमा पूर्णताको बाटोमा हिँड्न सक्नेछन्। जो सिद्ध तुल्याइन सक्दैनन् तिनीहरू ती मानिसहरू हुन् जसमा परमेश्वरको कामको स्पष्ट ज्ञान हुँदैन, जसले परमेश्वरका वचनहरू खाँदैनन् र पिउँदैनन्, जसले उहाँको वचनमा ध्यान दिँदैनन्, र जसको हृदयमा परमेश्वरको निम्ति कुनै प्रेम हुँदैन। जसले देहधारी परमेश्वरमा शङ्का गर्छन्, तिनीहरू उहाँको बारेमा सधैँ अनिश्चित हुन्छन्, उहाँको वचनलाई कहिल्यै पनि गम्भीरतासित लिँदैनन् र उहाँलाई सधैँ धोका दिन्छन्, जसले परमेश्वरको विरोध गर्छन् र जो शैतानका हुन्; त्यस्ता व्यक्तिहरूलाई सिद्ध गर्ने कुनै उपाय हुँदैन।

यदि तँ सिद्ध पारिन चाहन्छस् भने, पहिले तैँले परमेश्वरद्वारा निगाह पाउनुपर्दछ, किनकि उहाँले जसलाई निगाह गर्नुहुन्छ र जो उहाँको हृदय अनुसारका छन् तिनीहरूलाई सिद्ध बनाउनुहुन्छ। यदि तँ परमेश्वरको हृदय अनुसारको बन्न चाहन्छस् भने, तँसँग त्यो हृदय हुनुपर्दछ जसले उहाँको कामको पालना गर्दछ, तैँले सत्यको पछि लाग्ने कोसिस गर्नुपर्दछ, र तैँले सबै कुरामा परमेश्वरको जाँच स्वीकार्नु पर्दछ। के तैँले गर्ने सबै कुरा परमेश्वरको जाँचबाट भएर गएका छन्? के तेरो अभिप्राय सही छ? यदि तेरो अभिप्राय सही छ भने, परमेश्वरले तँलाई स्याबासी दिनुहुनेछ; यदि तेरो अभिप्राय गलत छ भने, तेरो हृदयले परमेश्वरलाई प्रेम गर्दैन, तर शरीर र शैतानलाई प्रेम गर्दछ भन्ने त्यसले देखाउँछ। त्यसकारण, तैँले सबै कुरामा परमेश्वरको जाँचलाई स्वीकार गर्ने तरिकाको रूपमा प्रार्थनालाई प्रयोग गर्नुपर्छ। जब तैँले प्रार्थना गर्छस्, म त्यस बेला व्यक्तिगत रूपमा तेरो सामु खडा नभए पनि पवित्र आत्मा तेरो साथमा हुनुहुन्छ, र तैँले म र पवित्र आत्मा दुवैसँग नै प्रार्थना गरिरहेको हुन्छस्। तँ यो देहमा किन विश्वास गर्छस्? उहाँसित परमेश्वरका आत्मा हुनुहुन्छ त्यसकारण तँ विश्वास गर्छस्। यदि उहाँ परमेश्वरका आत्मा विहीन हुनुहुन्थ्यो भने के तँ यस व्यक्तिमा विश्वास गर्ने थिइस्? जब तँ यस व्यक्तिमा विश्वास गर्छस् तब तँ परमेश्वरका आत्मामा विश्वास गर्छस्। जब तँ यो व्यक्तिमा डर मान्छस्, तब तँ परमेश्वरका आत्मासँग डराउँछस्। परमेश्वरका आत्मामा विश्वास गर्नु भनेको यो व्यक्तिमा विश्वास गर्नु हो, र यस व्यक्तिमा विश्वास गर्नु भनेको परमेश्वरका आत्मामा विश्वास गर्नु हो। जब तँ प्रार्थना गर्छस्, तैँले परमेश्वरका आत्मा तेरो साथमा भएको र परमेश्वर तेरो सामु भएको महसुस गर्छस्, र यसैले तँ उहाँका आत्मालाई प्रार्थना गर्छस्। आज, प्रायः मानिसहरू आफ्ना कामहरू परमेश्वरको सामु ल्याउन डराउँछन्; तँ उहाँको शरीरलाई धोका दिन सक्छस्, तर तँ उहाँको आत्मालाई धोका दिन सक्दैनस्। कुनै पनि कुरा जुन परमेश्वरको जाँचको अघि टिक्दैन भने त्यो सत्यतासँग अमिल्दो हुन्छ, र त्यसलाई अलग गर्नुपर्दछ; त्यस बाहेकको कुरा गर्नु भनेको परमेश्वरको विरुद्धमा पाप

हुन्छ। यसैले जब तँ प्रार्थना गर्छस्, जब तँ आफ्ना भाइबहिनीहरूसँग कुराकानी र सङ्गति गर्छस्, र जब तँ आफ्नो काम गर्छस् र तेरो व्यापारको काम गर्छस्, हरसमय तैंले परमेश्वरको सामु आफ्नो हृदय राख्नुपर्छ। जब तैंले आफ्नो कार्य पूरा गर्छस्, परमेश्वर तेरो साथमा हुनुहुन्छ र जबसम्म तेरो अभिप्राय सही हुन्छ र त्यो काम परमेश्वरको घरको कामका लागि हुन्छ, उहाँले तैंले गरेका सबै काम स्वीकार गर्नुहुनेछ; तैंले आफ्नो काम पूरा गर्न आफैलाई इमानदारीसाथ समर्पित गर्नुपर्छ। जब तँ प्रार्थना गर्छस्, यदि तेरो हृदयमा परमेश्वरका निम्ति प्रेम छ र परमेश्वरको वास्ता, सुरक्षा र जाँचको खोजी गर्छस् भने, यदि यी कुराहरू तेरो उद्‌देश्य हुन् भने, तेरा प्रार्थनाहरू प्रभावकारी हुनेछन्। उदाहरणका लागि, जब तँ सभाहरूमा प्रार्थना गर्छस्, यदि तैंले आफ्नो हृदय खोल्छस् र परमेश्वरसँग प्रार्थना गर्दै कुनै झूटो नबोली आफ्नो हृदयको कुरा उहाँलाई बताउँछस् भने तेरा प्रार्थनाहरू निश्चय प्रभावकारी हुनेछन्। यदि तैंले गम्भीर हृदयले परमेश्वरलाई प्रेम गर्छस् भने, परमेश्वरसँग यो शपथ खा: "हे परमेश्वर, जो स्वर्गमा, पृथ्वीमा र सबै थोकहरूमा हुनुहुन्छ, म तपाईंसँग शपथ खान्छु: तपाईंका आत्माले मैले गर्ने सबै कामको जाँच गरून् र हरसमय मलाई रक्षा र वास्ता गरून्, र मैले गर्ने सबै कुरा तपाईंको उपस्थितिमा खडा हुन सकोस्। यदि मेरो हृदयले तपाईंलाई प्रेम गर्न छोड्छ वा यसले तपाईंलाई धोका दिन्छ भने मलाई दण्ड दिनुहोस् र कठोर सराप दिनुहोस्। मलाई यस संसार वा अर्को संसारमा पनि क्षमा दिनुहोस्!" के तँ यस्तो शपथ खाने हिम्मत गर्छस्? यदि तँ हिम्मत गर्दैनस् भने त्यसले तँ कायर छस् र तँ अझै पनि आफैलाई प्रेम गर्छस् भन्ने देखाउँछ। के तिमीहरूमा यस्तो सङ्कल्प छ? यदि यो साँच्चै तेरो सङ्कल्प हो भने तैंले यो शपथ खानुपर्छ। यदि तँमा यस्तो शपथ खाने सङ्कल्प छ भने परमेश्वरले तेरो संकल्प पूरा गर्नुहुनेछ। जब तँ परमेश्वरसित शपथ खान्छस्, उहाँले त्यो सुन्नुहुन्छ। परमेश्वरले तेरो प्रार्थना र तेरो अभ्यासको मापनद्‌वारा नै तँ पापी होस् कि धर्मी होस् भन्ने निश्चित गर्नुहुन्छ। यो अहिले तिमीहरूलाई सिद्‌ध बनाउने प्रक्रिया हो र यदि आफू सिद्‌ध भएकोमा तँमा साँच्चै विश्वास छ भने तैंले गरेका सबै कुराहरू परमेश्वर सामु ल्याउनेछस् र उहाँको जाँच स्वीकार गर्नेछस्; यदि तँ अति नै विद्रोही बनेर केही गर्छस् भने वा यदि तँ परमेश्वरलाई धोका दिन्छस् भने, तब उहाँले तेरो शपथलाई फलदायी बनाउनुहुनेछ, र यसैले तेरो विनाश वा दण्ड जे नै भए पनि त्यो तेरो आफ्नै कामले गर्दा हुन्छ। तैंले शपथ खाइस्, त्यसैले तैंले त्यसलाई पूरा गर्नुपर्छ। यदि तँ शपथ खान्छस्, तर त्यसलाई पूरा गर्दैनस् भने, तैंले विनाश भोग्नुपर्नेछ। शपथ तैंले नै खाएको थिइस्, त्यसैले परमेश्वरले तेरो शपथलाई सफल तुल्याउनुहुनेछ। कोही-कोही प्रार्थना गरिसकेपछि डराउँछन्, र विलाप गर्छन्, "सबै खत्तम भयो! अनैतिक कार्य गर्ने मेरो सबै मौका गयो; दुष्कर्म गर्ने मेरो मौका गएको छ; सांसारिक लालसाहरूमा लिप्त हुने मेरो मौका सकियो!" यी मानिसहरूले अझै पनि सांसारिकता र पाप मन पराउँछन्, र तिनीहरूले विनाश भोग्ने निश्चित छ।

परमेश्वरको विश्वासी हुनु भनेको तैंले गर्ने सबै कुरा उहाँको सामु ल्याउनु र उहाँको जाँचको अधीनमा राख्नु हो। यदि तैंले जे गर्छस् त्यो परमेश्वरका आत्माको अगाडि ल्याउन सकिन्छ तर परमेश्वरको शरीरको अगाडि ल्याउन सकिँदैन भने, त्यसले तँ उहाँको आत्माको जाँचको अधीनमा नआएको देखाउँछ। परमेश्वरको आत्मा को हुनुहुन्छ? त्यो कुन व्यक्ति हो जसलाई परमेश्वरले

साक्षी दिनुहुन्छ? के तिनीहरू एउटै र उही होइनन् र? धेरैले उहाँहरूलाई दुई अलग प्राणीको रूपमा हेर्छन्, र परमेश्‍वरका आत्मा भनेको परमेश्‍वरका आत्मा नै हो, र परमेश्‍वरले जसको साक्षी दिनुहुन्छ, त्यो मानिस मात्र हो भन्‍ने विश्‍वास गर्छन्। तर के तँ गलत हुँदैनस्? यो व्यक्तिले कसको तर्फबाट काम गर्दछ? जसले देहधारी परमेश्‍वरलाई चिन्दैनन् उनीहरूसँग आत्मिक बुझाइ हुँदैन। परमेश्‍वरका आत्मा र उहाँको देहधारी शरीर एक हुनुहुन्छ, किनकि परमेश्‍वरको आत्मा शरीरमा परिणत भएको छ। यदि यो व्यक्ति तँप्रति निष्ठुर छ भने, के परमेश्‍वरका आत्मा दयालु हुनुहुनेछ र? के तँ भ्रमित छैनस् र? आज, परमेश्‍वरको जाँच स्वीकार नगर्नेहरू सबैले उहाँको स्वीकृति प्राप्त गर्न सक्दैनन्, र देहधारी परमेश्‍वरलाई नचिन्‍नेहरू सिद्ध हुन सक्दैनन्। तैंले गर्ने सबै कामहरूलाई हेर्, र त्यो परमेश्‍वरको सामु ल्याउन सकिन्छ कि सकिँदैन सो हेर्। यदि तैंले गरेका सबै कुराहरू परमेश्‍वरको अगि ल्याउन सकिँदैन भने त्यसले तँ दुष्कर्म गर्ने व्यक्ति होस् भन्‍ने देखाउँछ। के दुष्कर्मीहरूलाई सिद्ध बनाउन सकिन्छ? तैंले गर्ने सबै काम, प्रत्येक कार्य, प्रत्येक उद्‌देश्य र प्रत्येक प्रतिक्रिया परमेश्‍वरको सामु ल्याउनुपर्छ। यहाँसम्म कि तेरो दैनिक आत्मिक जीवन—तेरा प्रार्थनाहरू, परमेश्‍वरसँगको तेरो घनिष्ठता, तँ परमेश्‍वरका वचनहरू कसरी खान्छस् र पिउँछस्, तेरा भाइबहिनीहरूसित तेरो सङ्गति र मण्डलीभित्रको तेरो जीवन—र साझेदारीमा गरिएको तेरो सेवालाई परमेश्‍वरको जाँचका निम्ति उहाँको सामने ल्याउन सकिन्छ। यो यस्तो अभ्यास हो जसले तँलाई जीवनमा वृद्‌धि हासिल गर्न मद्‌दत गर्दछ। परमेश्‍वरको जाँच स्वीकार्ने प्रक्रिया शुद्‌धीकरणको प्रक्रिया हो। तँ जति धेरै परमेश्‍वरको जाँचलाई स्वीकार गर्न सक्छस्, त्यति नै बढी तँ शुद्‌ध हुन्छस् र जति धेरै तँ परमेश्‍वरको इच्छाअनुसारको हुन्छस्, तँ अनैतिक कार्यमा आकर्षित हुनेछैनस्, र तेरो हृदय उहाँको उपस्थितिमा रहनेछ। तैंले उहाँको जाँचलाई जति धेरै स्वीकार गर्छस्, शैतानको अपमान र शरीरलाई छोड्ने तेरो क्षमता त्यति नै बढी हुन्छ। यसैले परमेश्‍वरको जाँचलाई स्वीकार गर्नु भनेको मानिसहरूले अनुसरण गर्नुपर्ने अभ्यास हो। चाहे तैंले जेसुकै गरे पनि, तैंले तेरा भाइबहिनीहरूसित बातचित गर्दा समेत तैंले आफ्ना कार्यहरू परमेश्‍वरको सामु ल्याउन र उहाँको जाँच खोज्‍न र स्वयम् परमेश्‍वरको आज्ञापालन गर्न सक्छस्; यसले तैंले अभ्यास गर्ने कुरालाई अझै सटीक बनाउँछ। तैंले गर्ने सबै कुराहरू परमेश्‍वरको सामु ल्याइस् र परमेश्‍वरको जाँचलाई स्वीकार गरिस् भने मात्र तँ त्यो व्यक्ति हुन सक्छस्, जो परमेश्‍वरको उपस्थितिमा जिउँछ।

परमेश्‍वरलाई नबुझ्नेहरूले कहिल्यै पनि पूर्ण रूपमा परमेश्‍वरको आज्ञापालन गर्न सक्दैनन्। यस्ता मानिसहरू अनाज्ञाकारिताका छोराहरू हुन्। तिनीहरू अति महत्त्वाकांक्षी हुन्छन्, र तिनीहरूभित्र धेरै नै विद्रोह हुन्छ, यसैले तिनीहरू आफूलाई परमेश्‍वरबाट टाढा राख्छन् र उहाँको जाँच स्वीकार्न इच्छुक हुँदैनन्। यस्ता मानिसहरू सजिलै सिद्‌ध हुन सक्दैन। केही मानिसहरू परमेश्‍वरका वचनहरू चुनी चुनी खान्छन् र पिउँछन् र तिनलाई स्वीकार गर्छन्। तिनीहरू आफ्ना धारणाहरूसँग मिल्दोजुल्दो परमेश्‍वरका वचनहरूका केही भागहरू स्वीकार गर्दछन् र नमिल्ने भागहरूलाई इन्कार गर्छन्। के यो परमेश्‍वर विरुद्‌ध सबैभन्दा स्पष्‍ट विद्रोह र विरोध होइन? यदि कसैले परमेश्‍वरलाई अलिकति पनि नबुझी धेरै वर्षसम्म उहाँमाथि विश्‍वास गर्दछन् भने तिनीहरू

अविश्वासी हुन्। जुन मानिसहरू परमेश्‍वरको जाँच स्वीकार्न इच्छुक हुन्छन् तिनीहरू ती हुन् जो उहाँलाई बुझ्न खोज्छन्, जो उहाँका वचनहरू स्वीकार गर्न इच्छुक हुन्छन्। तिनीहरू ती हुन् जसले परमेश्‍वरको उत्तराधिकार र आशिषहरू प्राप्त गर्नेछन्, र तिनीहरू सबैभन्दा आशिषित मानिसहरू हुन्। परमेश्‍वर तिनीहरूलाई सराप दिनुहुन्छ जसको हृदयमा उहाँको निम्ति कुनै ठाउँ छैन र त्यस्ता मानिसहरूलाई उहाँले सजाय दिनुहुन्छ र त्याग्नुहुन्छ। यदि तँ परमेश्‍वरलाई प्रेम गर्दैनस् भने उहाँले तँलाई त्याग्नुहुनेछ, र यदि तँ मैले भनेको कुरा सुन्दैनस् भने, म वचन दिन्छु, कि परमेश्‍वरका आत्माले तँलाई त्याग्नुहुनेछ। यदि तँलाई विश्‍वास लाग्दैन भने कोसिस गरेर हेर्। आज म तँलाई अभ्यासको मार्गबारे स्पष्ट बताउँछु, तर यसलाई अभ्यास गर्ने कुरा तँमाथि निर्भर हुन्छ। यदि तँ यसमा विश्‍वास गर्दैनस् भने, यदि तैंले यो अभ्यास गर्दैनस् भने, पवित्र आत्माले तँभित्र काम गर्नुहुन्छ कि गर्नुहुन्न भन्ने तँ आफैले देख्नेछस्! यदि तँ परमेश्‍वरको ज्ञानको पछि लाग्दैनस् भने, पवित्र आत्माले तँभित्र काम गर्नुहुन्न। परमेश्‍वरले ती मानिसहरूमा काम गर्नुहुन्छ जसले उहाँका वचनहरू अनुसरण गर्छन् र तिनलाई सम्हालेर राख्छन्। तँ जति धेरै परमेश्‍वरका वचनहरू सम्हालेर राख्छस्, उहाँका पवित्र आत्माले त्यत्ति नै बढी तँभित्र काम गर्नुहुन्छ। कुनै व्यक्तिले परमेश्‍वरका वचनहरू जति धेरै मनमा सम्हालेर राख्छ ऊ परमेश्‍वरद्‌वारा सिद्‌ध पारिने त्यति नै बढी सम्भावना हुन्छ। परमेश्‍वरले तिनीहरूलाई सिद्‌ध बनाउनुहुन्छ जसले साँच्चै उहाँलाई प्रेम गर्छन्, र जसको हृदय उहाँको अघि शान्तिमा हुन्छ तिनीहरूलाई उहाँले सिद्‌ध पार्नुहुन्छ। परमेश्‍वरका सबै कामलाई कदर गर्न, परमेश्‍वरको ज्ञानलाई कदर गर्न, परमेश्‍वरको उपस्थितिलाई कदर गर्न, परमेश्‍वरको वास्ता र सुरक्षालाई कदर गर्न, परमेश्‍वरका वचनहरू कसरी तेरो निम्ति वास्तविकता बन्छ र तिनले तेरो जीवनका निम्ति कसरी प्रबन्ध गर्छ त्यसलाई कदर गर्न–यी सबै परमेश्‍वरको हृदयसित राम्ररी मेल खान्छ। यदि तँ परमेश्‍वरको कामको कदर गर्छस् भने, अर्थात्, यदि उहाँले तँमाथि गर्नुभएका सबै कामलाई कदर गर्छस् भने उहाँले तँलाई आशिष् दिनुहुनेछ र तँसित भएका सबै कुरालाई बढाउनुहुनेछ। यदि तँ परमेश्‍वरका वचनहरूको कदर गर्दैनस् भने, उहाँले तँमा काम गर्नुहुनेछैन, तर उहाँले तँलाई नगण्य अनुग्रह मात्र प्रदान गर्नुहुनेछ, वा तँलाई थोरै धन र तेरो परिवारलाई थोरै सुरक्षाले आशिष् दिनुहुनेछ। तैंले परमेश्‍वरका वचनहरूलाई तेरो वास्तविकता बनाउन प्रयास गर्नुपर्दछ, र उहाँलाई सन्तुष्ट पार्न र उहाँको आफ्नै हृदय अनुसारको हुन सक्नुपर्छ; तैंले उहाँको अनुग्रहको आनन्द लिने प्रयास मात्र गर्नुहुँदैन। विश्‍वासीहरूका लागि परमेश्‍वरको काम प्राप्त गर्नु, सिद्‌धता प्राप्त गर्नु, र परमेश्‍वरको इच्छाबमोजिम गर्नेहरू हुनुभन्दा महत्त्वपूर्ण कुरा अरू केही हुँदैन। तँ यही लक्ष्यको पछि लाग्नुपर्छ।

अनुग्रहको युगमा मानिसले पछ्याउने सबै कुरा अहिले अप्रचलित भएका छन्, किनकि अहिलेको खोजीको स्तर उच्च छ; जुन कुरा खोजिन्छ त्यो अझ उच्च र अझ बढी व्यावहारिक दुवै छ। जुन कुरा खोजिन्छ त्यसले मानिसले भित्रबाट चाहेको कुरा राम्ररी पूरा गर्न सक्छ। विगतका युगहरूमा परमेश्‍वरले मानिसहरूमाथि त्यसरी काम गर्नुभएन जसरी आज उहाँले गर्नुहुन्छ; अनि आज उहाँ तिनीहरूसित जति धेरै बोल्नुहुन्छ त्यति त्यसबेला बोल्नुभएन, न त उहाँका मागहरू आजका जस्तै उच्च नै थिए। आज परमेश्‍वरले तिमीहरूलाई यी कुराहरू बताउनुभएको कुराले परमेश्‍वरको मूल

अभिप्राय तिमीहरूमा, मानिसहरूको यो झुन्डमा केन्द्रित छ देखाउँछ। यदि तँ साँच्चै परमेश्वरद्वारा सिद्ध हुन चाहन्छस् भने त्यसलाई आफ्नो मुख्य लक्ष्य बनाएर त्यसको पछि लाग्। तँ यताउति दगुरिरहेको, आफैलाई खर्च गरिरहेको, एउटा काम गरिरहेको वा तैंले परमेश्वरको आदेश पाएको भए पनि उद्देश्यचाहिँ सधैँ सिद्ध हुनु र परमेश्वरको इच्छा पूरा गर्नु, यी उद्देश्यहरूलाई हासिल गर्नु नै हो। यदि कसैले तिनीहरू परमेश्वरद्वारा सिद्ध हुन वा जीवनमा प्रवेश गर्न खोज्दैनन्, तर शरीरको शान्ति र आनन्दको पछि मात्र लाग्छन् भनी भन्छन् भने तिनीहरू मानिसहरूमध्ये सबैभन्दा बढी अन्धो हुन्। जुन मानिसहरू जीवन वास्तविकताको पछि लाग्दैनन्, तर आउनेवाला संसारको अनन्त जीवनको र यस संसारमा सुरक्षाको पछि मात्र लाग्छन् तिनीहरू मानिसहरूमध्ये सबैभन्दा बढी अन्धो हुन्। यसैले, तैंले गर्ने सबै कुरा सिद्ध हुने र परमेश्वरद्वारा प्राप्त गरिने उद्देश्यले गर्नुपर्छ।

परमेश्वरले मानिसहरूका निम्ति प्रबन्ध गर्नलाई गर्नुहुने काम तिनीहरूका विभिन्न आवश्यकतामा आधारित हुन्छ। एक व्यक्तिको जीवन जति ठूलो हुन्छ, तिनीहरूको आवश्यकता त्यत्ति नै धेरै हुन्छ र तिनीहरू धेरै कुराको पछि लाग्छन्। यदि यस चरणमा तँ कुनै कुराको पछि लागेको छैनस् भने पवित्र आत्माले तँलाई छोड्नुभएको छ भन्ने त्यसले प्रमाण दिन्छ। जीवनको पछि लाग्नेहरू सबैलाई पवित्र आत्माले कहिल्यै पनि त्याग्नुहुन्न; त्यस्ता मानिसहरू सधैँ पछि लाग्छन् र तिनीहरूका हृदयमा सधैँ तृष्णा हुन्छ। त्यस्ता मानिसहरू आफूसँग वर्तमानमा जे छ ती कुनै पनि कुरामा सन्तुष्ट हुँदैनन्। पवित्र आत्माको कामको प्रत्येक चरणले तँमा प्रभाव पार्ने लक्ष्य राख्छ, तर यदि तँ सुस्त भइस् भने, यदि तँसित अब कुनै आवश्यकता छैन भने, यदि तँ पवित्र आत्माको कामलाई स्वीकार्दैनस् भने, उहाँले तँलाई त्याग्नुहुनेछ। मानिसहरूलाई हरेक दिन परमेश्वरको जाँचको आवश्यकता पर्छ; तिनीहरूलाई दिनदिनै परमेश्वरका प्रशस्त प्रबन्धहरूको आवश्यकता पर्छ। के मानिसहरूले दिनदिनै परमेश्वरको वचन नखाई र नपिई सफलतापूर्वक काम गर्न सक्छन्? यदि कुनै व्यक्तिले सधैँ परमेश्वरको वचन पर्याप्त मात्रामा खान वा पिउन सकिँदैन भन्ने ठान्छ भने, यदि तिनीहरू सधैँ यसको खोजी गर्छन् र यसका लागि भोकाउँछन् र तिर्खाउँछन् भने, पवित्र आत्माले सधैँ तिनीहरूमा काम गर्नुहुन्छ। कुनै व्यक्तिले जति धेरै तृष्णा गर्छ उनीहरूको सङ्गतिबाट उत्ति नै बढी व्यावहारिक कुराहरू बाहिर निस्कन्छन्। कसैले जति जोडदारसाथ सत्यताको खोजी गर्छ, तिनीहरूले उति नै चाँडो जीवनको वृद्धि प्राप्त गर्छन्, यसले तिनीहरूलाई अनुभवमा धनी र परमेश्वरको घरको धनी बासिन्दाहरू बनाउँछ।

## सच्चा हृदयका साथ परमेश्वरको आज्ञापालन गर्नेहरूलाई अवश्य पनि परमेश्वरले प्राप्त गर्नुहुनेछ

पवित्र आत्माको काम दिन प्रतिदिन परिवर्तन हुन्छ। प्रत्येक कदमसँगै यो अझ माथि जान्छ, आजको भन्दा भोलिको प्रकाश अझ माथि हुन्छ, यो एकपछि अर्को कदम गर्दै अझ माथि चढ्दै जान्छ। परमेश्वरले जुन कामद्वारा मानिसलाई सिद्ध पार्नुहुन्छ त्यो यस्तै हुन्छ। यदि मानिसहरूले

कदममा कदम मिलाउन सकेनन् भने, तिनीहरू जुनसुकै बेला परित्याग हुन सक्छन्। यदि तिनीहरूसँग आज्ञाकारी हृदय छैन भने तिनीहरूले आखिरीसम्म पछ्याउन सक्नेछैनन्। अघिल्लो युग समाप्त भइसकेको छ: यो नयाँ युग हो। अनि नयाँ युगमा नयाँ काम गरिनुपर्छ। खासगरी मानिसहरूलाई सिद्ध पारिने अन्तिम युगमा, परमेश्‍वरले अझ नयाँ काम, अझ छिटोसँग गर्नुहुन्छ, त्यसैले मानिसहरूलाई तिनीहरूको हृदयमा आज्ञाकारीता नभईकन परमेश्‍वरका कदमहरू पछ्याउन मुस्किल पर्नेछ। परमेश्‍वर कुनै पनि नियमहरूमा बाँधिनुहुन्‍न, न त उहाँले उहाँको कामको कुनै चरणलाई नै अपरिवर्तनीय रूपमा लिनुहुन्छ। बरु, उहाँले गर्नुहुने काम सधैँ नै पहिलेभन्दा नयाँ अनि पहिलेभन्दा उच्च हुन्छ। हरेक चरणमा, उहाँको काम झन्-झन् व्यावहारिक बन्छ, अनि झन्-झन् मानिसको वास्तविक आवश्यकताहरू अनुरूप हुँदै जान्छ। त्यस्तो कामको अनुभव गरिसकेपछि मात्र मानिसहरूले आफ्नो स्वभावको अन्तिम रूपान्तरण प्राप्त गर्न सक्छन्। जीवन सम्बन्धी मानिसको ज्ञान झन्-झन् उच्च स्तरमा पुग्छ, त्यसै गरी, परमेश्‍वरको काम पनि झन्-झन् उच्च स्तरमा पुग्छ। यसरी मात्र मानिस सिद्ध हुन र परमेश्‍वरको प्रयोगको लागि योग्य बन्‍न सक्छ। एकतर्फ मानिसका धारणाहरूको प्रतिरोध गर्न र तिनलाई उल्ट्याउनको लागि अनि अर्कोतर्फ मानिसलाई अझ उच्चस्तरीय र अझै वास्तविक स्थितितर्फ डोऱ्याउँदै परमेश्‍वरमाथिको विश्‍वासको सबैभन्दा उच्च क्षेत्रभित्र लैजानको लागि परमेश्‍वरले यसप्रकारले काम गर्नुहुन्छ ताकि आखिरमा परमेश्‍वरको इच्छा पूरा गर्न सकियोस्। जानाजान विरोध गर्ने अवज्ञाकारी प्रकृति भएका सबै व्यक्तिहरूलाई परमेश्‍वरको छिटोछरितो अनि क्रोधपूर्ण अग्रगामी कामको यो चरणद्वारा परित्याग गरिनेछ; इच्छा पूर्वक आज्ञापालन गर्ने अनि खुशीसाथ आफूलाई विनम्र तुल्याउने व्यक्तिहरू मात्रै मार्गको अन्त्यसम्म पुग्‍न सक्छन्। यस प्रकारको काममा, तिमीहरू सबैले कसरी समर्पित हुने र कसरी आफ्ना धारणाहरूलाई पन्छाउने सो कुरा सिक्नुपर्छ। तिमीहरूले चाल्ने हरेक कदममा तिमीहरू सतर्क हुनुपर्छ। यदि तिमीहरू लापर्बाही भयौ भने अवश्य पनि तिमीहरू पवित्र आत्माद्वारा धिक्कारिने व्यक्ति बन्‍नेछौ, परमेश्‍वरको कामलाई भङ्ग गर्ने व्यक्ति। कामको यो चरणबाट भएर जानुभन्दा पहिले, मानिसका पुरानो नियम र कानुनहरू यति धेरै थिए कि ऊ बहकिएर गयो, अनि त्यसैको फलस्वरूप ऊ अभिमानी बन्यो र आफूले आफैलाई बिर्सियो। यी सबै कुराहरू मानिसलाई परमेश्‍वरको कामलाई स्वीकार गर्नबाट रोक्ने वाधाहरू हुन्; यी कुराहरू परमेश्‍वर सम्बन्धी मानिसको ज्ञानका शत्रुहरू हुन्। आफ्नो हृदयमा आज्ञाकारीता पनि नहुनु अनि सत्यताको चाहना पनि नहुनु भनेको मानिसहरूको लागि खतरनाक कुरा हो। यदि तँ सरल काम र वचनहरूमा मात्र समर्पित हुन्छस् अनि कुनै पनि गहन कुराहरू स्वीकार गर्न असक्षम छस् भने, तँ त्यो व्यक्ति होस् जो पुराना तौरतरिकाहरूमा अल्झिन्छ र जो पवित्र आत्माको कामको गतिमा हिँड्न सक्दैन। परमेश्‍वरले गर्नुहुने काम एक अवधिदेखि अर्को अवधिमा फरक-फरक हुने गर्छ। यदि तँ कुनै एक चरणमा परमेश्‍वरले गर्नुभएको कामप्रति एकदमै आज्ञाकारी हुन्छस् तर अर्को चरणमा उहाँको कामप्रति तेरो आज्ञाकारीता कमजोर छ भने, वा तैँले आज्ञापालन गर्न नै सक्दैनस् भने, परमेश्‍वरले तँलाई छाड्नुहुनेछ। यदि परमेश्‍वरले यो कदम चाल्नुहुँदा तैँले कदममा कदम मिलाउँछस् भने, परमेश्‍वरले अर्को कदम उठाउनुहुँदा पनि तैँले कदममा कदम मिलाउन जारी राख्नुपर्छ; त्यसपछि मात्र तँ पवित्र

आत्माको आज्ञापालन गर्ने व्यक्ति हुन सक्छस्। तैँले परमेश्‍वरमा विश्‍वास गर्ने भएकोले, तँ आफ्नो आज्ञाकारीतामा अटल रहनुपर्छ। तैँले केवल आफूलाई मन लागेको बेलामा आज्ञापालन गर्ने अनि आफूलाई मन नलागेको बेलामा आज्ञापालन नगर्ने गर्नु हुँदैन। यस्तो प्रकारको आज्ञाकारीतालाई परमेश्‍वरले प्रशंसा गर्नुहुन्‍न। यदि मैले सङ्गति गरेको नयाँ कामको गतिलाई तैँले पछ्याउन सक्दैनस् भने, र अघिल्ला कुराहरूमा अल्झिरहन्छस् भने, तेरो जीवनमा कसरी प्रगति हुनसक्छ र? परमेश्‍वरको काम भनेको उहाँका वचनहरूद्वारा तँलाई आपूर्ति गर्नु हो। जब तैँले उहाँका वचनहरूको आज्ञापालन गर्छस् वा तिनलाई स्वीकार गर्छस्, तब पवित्र आत्माले अवश्य पनि तँमाथि काम गर्नुहुनेछ। पवित्र आत्माले मैले जे बोल्छु ठ्याक्कै त्यस्तै गर्नुहुन्छ; मैले भनेको जस्तै गर्, अनि पवित्र आत्माले तुरुन्तै तँमाथि काम गर्नुहुनेछ। तिमीहरूले हेर्नको लागि म एक नयाँ ज्योति छाड्छु र तिमीहरूलाई वर्तमानको ज्योतिभित्र ल्याउँछु, र जब तँ यो ज्योतिमा हिँड्छस्, तब पवित्र आत्माले तुरुन्तै तँमाथि काम गर्नुहुनेछ। केही अटेरी व्यक्तिहरू पनि छन् जो भन्छन्, “म तपाईंले जे भन्‍नुहुन्छ त्यो गर्दै गर्दिनँ।” यो अवस्थामा म तँलाई भन्छु कि तँ अब मार्गको अन्त्यमा आइपुगेको छस्; तँ सुकिसकेको छस् र तँसँग अब बाँकी जीवन नै छैन। तसर्थ, आफ्नो स्वभाव रूपान्तरणको अनुभव गर्दा तैँले वर्तमान ज्योतिसँग कदममा कदम मिलाउनुभन्दा महत्वपूर्ण अरू केही छैन। पवित्र आत्माले परमेश्‍वरले प्रयोग गर्नुहुने केही निश्‍चित व्यक्तिहरूमाथि मात्र काम गर्नुहुन्‍न, बरु थप रूपमा उहाँले मण्डलीमा पनि काम गर्नुहुन्छ। उहाँले जोकोहीमाथि काम गरिरहनुभएको हुनसक्छ। उहाँले वर्तमान समयमा तँमाथि काम गर्न सक्नुहुन्छ र तैँले यो काम अनुभव गर्नेछस्। अर्को अवधिमा, उहाँले अर्को कोही व्यक्तिमा काम गर्न सक्नहुन्छ, त्यो अवस्थामा तैँले पछ्याउनको लागि हतारिनुपर्छ; तैँले वर्तमान ज्योतिलाई जति नजिकबाट पछ्याउँछस् तेरो जीवन त्यति नै वृद्धि हुन सक्छ। कुनै व्यक्ति जुनसुकै तौरतरिकाको भए तापनि, यदि पवित्र आत्माले तिनीहरूमाथि काम गर्नुहुन्छ भने, तैँले पछ्याउनैपर्छ। तिनीहरूका अनुभवहरूलाई आफ्ना अनुभवहरूको नजरबाट हेर्, अनि तैँले अझ उच्च कुराहरू प्राप्त गर्नेछस्। यसो गर्दा तँ अझ चाँडो अघि बढ्नेछस्। यो मान्छेको लागि सिद्धताको मार्ग अनि जीवन वृद्धि हुने माध्यम हो। पवित्र आत्माको कामप्रतिको तेरो आज्ञापालन मार्फत सिद्ध तुल्याइने मार्गमा पुगिन्छ। परमेश्‍वरले तँलाई सिद्ध तुल्याउन कस्तो प्रकारको व्यक्तिमार्फत काम गर्नुहुन्छ भन्‍ने कुरा तँलाई थाहा हुँदैन, न त कस्तो प्रकारको व्यक्ति, घटना, वा वस्तुमार्फत उहाँले तँलाई वस्तुहरू प्राप्त गर्न वा हेर्न दिनुहुन्छ भन्‍ने कुरा नै तँलाई थाहा हुन्छ। यदि तैँले यो सही मार्गमा पाइला टेक्न सकिस् भने, परमेश्‍वरद्वारा तँलाई सिद्ध पारिने ठूलो आशा छ भन्‍ने कुरा यसले देखाउँछ। यदि तैँले सक्दैनस् भने, यसले तेरो भविष्य धमिलो, ज्योति विहीन छ भन्‍ने देखाउँछ। तैँले सही मार्गमा हिँड्न थालेपछि, तैँले सबै कुराहरूमा प्रकाश प्राप्त गर्नेछस्। पवित्र आत्माले अरूलाई जेसुकै प्रकाश गर्नुभए पनि, यदि तँ तिनीहरूको ज्ञानको आधारमा आफै अनुभव लिन अघि बढ्छस् भने, त्यो अनुभव तेरो जीवनको एक हिस्सा बन्‍नेछ र तैँले त्यो अनुभवको आधारमा अन्य व्यक्तिहरूलाई आपूर्ति गर्न सक्नेछस्। सुगारटाइ गरेर अन्य व्यक्तिहरूलाई वचन आपूर्ति गर्नेहरू त्यस्ता व्यक्तिहरू हुन जोसँग अनुभवहरू पटक्कै हुँदैन; तैँले तेरो आफ्नो वास्तविक अनुभव र ज्ञानको बारेमा बोल्न सुरु गर्नुअघि, अन्य

व्यक्तिहरूको अन्तर्ज्ञान र ज्योतिमार्फत तैँले अभ्यासको तरिका पत्ता लगाउन सिक्नुपर्छ। यो तेरो आफ्नै जीवनको लागि ठूलो फाइदाको कुरो हुनेछ। तैँले परमेश्‍वरबाट आउने सबै कुराको आज्ञापालन गर्दै यसरी अनुभव गर्नुपर्छ। तैँले तेरो जीवन वृद्धि हुन सकोस् भनेर सबै कुराहरूमा परमेश्‍वरको इच्छा प्राप्त गर्ने प्रयास गर्नुपर्छ र सबै कुराहरूमा पाठ सिक्नुपर्छ। त्यस्तो अभ्यासले सबैभन्दा चाँडो प्रगति हासिल हुन्छ।

पवित्र आत्माले तेरा व्यावहारिक अनुभवहरूमार्फत तँलाई अन्तर्दृष्टि दिनुहुन्छ र तेरो विश्‍वासमार्फत तँलाई सिद्ध तुल्याउनुहुन्छ। के तँ सिद्ध तुल्याइन साँच्चै नै इच्छुक छस्? यदि तँ साँच्चै नै परमेश्‍वरद्वारा सिद्ध तुल्याइन इच्छुक छस् भने तँमा आफ्नो देहलाई पन्छ्याउने साहस हुनेछ, तँ परमेश्‍वरका वचनहरू कार्यान्वयन गर्न सक्षम हुनेछस्, र तँ निष्क्रिय वा कमजोर हुनेछैनस्। तैँले परमेश्‍वरबाट आउने सबै कुराहरूको आज्ञापालन गर्न सक्नेछस् र सार्वजनिक वा निजी जुनसुकै रूपमा गरिएको भए तापनि तेरा सबै कार्यहरू परमेश्‍वरसमक्ष प्रस्तुतयोग्य हुनेछन्। यदि तँ इमान्दार व्यक्ति होस् अनि तैँले सबै कुराहरूमा सत्यताको अभ्यास गर्छस् भने तँलाई सिद्ध तुल्याइनेछ। मानिसहरूको अगाडि एक किसिमले कुरा गर्ने अनि तिनीहरूको पिठ्यूँपछाडि अर्कै किसिमले कुरा गर्ने कपटी व्यक्तिहरू सिद्ध तुल्याइन इच्छुक हुँदैनन्। तिनीहरू सबै बरबादी र विनाशका छोराहरू हुन्; तिनीहरू परमेश्‍वरको स्वामित्वमा होइन, तर शैतानको स्वामित्वमा हुन्छन्। तिनीहरू परमेश्‍वरद्वारा चुनिएका मानिसहरू होइनन्! यदि तेरा कार्यहरू र व्यवहारलाई परमेश्‍वरसमक्ष प्रस्तुत गर्न सकिँदैन वा परमेश्‍वरको आत्माले हेर्न सक्दैन भने यो तँमा केही खराबी छ भन्ने कुराको प्रमाण हो। यदि तैँले परमेश्‍वरको न्याय र सजायलाई स्वीकार गर्छस् भने र तेरो स्वभावको रूपान्तरणको बारेमा ध्यान दिन्छस् भने मात्र तैँले सिद्ध तुल्याइने बाटोमा पाइला चाल्न सक्नेछस्। यदि तँ साँच्चै नै परमेश्‍वरद्वारा सिद्ध तुल्याइन र परमेश्‍वरको इच्छा पूरा गर्न इच्छुक छस् भने, तैँले एक वचन पनि गुनासो नगरिकनै, परमेश्‍वरको कामको मूल्याङ्कन वा जाँच गर्ने विचार नगरिकन परमेश्‍वरका सबै कामको आज्ञापालन गर्नुपर्छ। परमेश्‍वरद्वारा सिद्ध तुल्याइनको लागि न्यूनतम आवश्यकताहरू यिनै हुन्। परमेश्‍वरद्वारा सिद्ध तुल्याइन चाहने व्यक्तिहरूको लागि आवश्यक मापदण्ड यही हो: परमेश्‍वरलाई प्रेम गर्ने हृदयले सबै कुराहरूमा कार्य गर्नु। परमेश्‍वरलाई प्रेम गर्ने हृदयले कार्य गर्नु भनेको के हो? यसको अर्थ तेरा सबै कार्यहरू र व्यवहार परमेश्‍वरसमक्ष प्रस्तुत गर्न सकिन्छ भन्ने हो। अनि तेरा कार्यहरू सही वा गलत जे भए तापनि तँसँग सही आशयहरू भएकोले गर्दा, तैँले तिनलाई परमेश्‍वरसमक्ष वा तेरा दाजुभाइ र दिदीबहिनीहरूसमक्ष देखाउन डराउँदैनस्, र तैँले परमेश्‍वरसमक्ष शपथ लिने साहस गर्छस्। तैँले तेरा हरेक आशय, सोच र विचारलाई उहाँको अनुसन्धानको लागि परमेश्‍वरसमक्ष प्रस्तुत गर्नुपर्छ; यदि तैँले यस्तो तरिकाले अभ्यास र प्रवेश गर्छस् भने, तेरो जीवनको प्रगति छिटोछरितो रूपमा हुनेछ।

तैँले परमेश्‍वरमाथि विश्‍वास गर्ने भएकोले तैँले परमेश्‍वरका सबै वचनहरू र उहाँका सबै कामहरूमा विश्‍वास गर्नुपर्छ। यसो भन्नुको मतलब, तैँले परमेश्‍वरमाथि विश्‍वास गर्ने भएकोले, तैँले उहाँको आज्ञापालन गर्नुपर्छ। यदि तैँले यसो गर्न सक्दैनस् भने, तैँले परमेश्‍वरमाथि विश्‍वास गर्छस् कि गर्दैनस् त्यसले केही मतलब राख्दैन। यदि तैँले वर्षौँदेखि परमेश्‍वरमाथि विश्‍वास गरेको छस्

तर पनि तैंले कहिल्यै पनि उहाँको आज्ञापालन गरेको छैनस् भने र उहाँका वचनहरूको सम्पूर्णतालाई स्वीकार गर्दैनस्, बरु परमेश्‍वरलाई तँमा समर्पित हुन र तेरा आफ्नै धारणाहरू अनुसार कार्य गर्न लगाउँछस् भने, तँ सबैभन्दा उग्र विद्रोही होस्, तँ अविश्‍वासी होस्। यस्ता मानिसहरूले कसरी मानिसका धारणाहरूसँग मेल खाँदै-नखाने परमेश्‍वरका काम र वचनहरूको आज्ञापालन गर्न सक्छन् र? सबैभन्दा उग्र विद्रोहीहरू ती व्यक्तिहरू हुन् जसले जानी-जानी परमेश्‍वरको अवज्ञा र प्रतिरोध गर्छन्। तिनीहरू परमेश्‍वरका शत्रुहरू, ख्रीष्टविरोधीहरू हुन्। तिनीहरूमा सधैँ परमेश्‍वरको नयाँ कामको विरुद्ध शत्रुवत आचरण हुन्छ; तिनीहरूमा समर्पित हुनेबारे त अलिकति पनि मनस्थिति हुँदैन, न त तिनीहरूले कहिल्यै खुशीसाथ आफूलाई समर्पित गरेका वा नम्र तुल्याएका नै हुन्छन्। तिनीहरूले अरूको अगाडि आफूलाई उचाल्छन् र कसैको अगाडि आफूलाई समर्पित गर्दैनन्। परमेश्‍वरको अगाडि, तिनीहरूले आफूलाई वचनहरू प्रचार गर्ने काममा सर्वश्रेष्ठ अनि अन्य व्यक्तिहरूमाथि काम गर्नको लागि सबैभन्दा सिपालु ठान्छन्। तिनीहरूले आफ्नो स्वामित्वमा रहेका "सम्पत्तिहरू" लाई कहिल्यै पनि त्याग्दैनन्, बरु तिनलाई तिनीहरूले आराधना गर्ने, अन्य व्यक्तिहरूलाई उपदेश दिने पुर्ख्यौली सम्पत्ति हो भन्ने ठान्छन् र तिनीहरूलाई आदर्श ठान्ने मूर्खहरूलाई प्रवचन दिन तिनीहरूले तिनको प्रयोग गर्छन्। वास्तवमा मण्डलीभित्र केही निश्‍चित संख्यामा यस प्रकारका मानिसहरू हुन्छन्। यस्तो भन्न सकिन्छ कि तिनीहरू "अदम्य नायकहरू" हुन्, जो पुस्तौँ पुस्तादेखि परमेश्‍वरको घरमा बसेका छन्। तिनीहरूले वचन (धर्मसिद्धान्त) प्रचार गर्नुलाई नै तिनीहरूको सबैभन्दा ठूलो कर्तव्यको रूपमा लिन्छन्। वर्षौंवर्ष, पुस्तौंपुस्ता तिनीहरू आफ्नो "पवित्र र अनुल्लंघनीय" कर्तव्यलाई जोशका साथ लागू गरिरहन्छन्। तिनीहरूलाई कसैले पनि छुने आँट गर्दैन; एक जनाले पनि खुला रूपमा तिनीहरूको भर्त्सना गर्ने आँट गर्दैन। तिनीहरू परमेश्‍वरको घरमा "राजाहरू" बन्छन् र युगौँ युगदेखि अरूहरूलाई निरङ्कुशताका साथ व्यवहार गर्दै तिनीहरू नियन्त्रण बाहिर जान्छन्। दुष्टहरूको यो झुण्डले आपसमा हात मिलाएर मेरो कामलाई ध्वस्त पार्न चाहन्छन्; मैले कसरी यी दियाबलसहरूलाई मेरो आँखाअगाडि अस्तित्वमा रहन दिन सक्छु र? अर्ध-आज्ञाकारीहरू समेत आखिरीसम्म अघि बढ्न सक्दैनन्, आफ्नो हृदयमा रत्तीभर आज्ञाकारीता नभएका यी निरङ्कुश व्यक्तिहरू आखिरीसम्म अघि बढ्न सक्ने कुरा त परै जाओस्! परमेश्‍वरको कामलाई मानिसले सजिलैसँग प्राप्त गर्न सक्दैन। मानिसहरूले तिनीहरूसँग भएको सबै तागत लगाएर पनि यसको एउटा सानो अंश मात्र प्राप्त गर्न सक्छन्, जसले आखिरमा तिनीहरूलाई सिद्ध तुल्याउने बाटो प्रदान गर्छ। त्यसो भए, प्रधान दूतका सन्तानलाई चाहिँ के हुन्छ, जसले परमेश्‍वरको कामलाई विनाश गर्न खोज्छन्? के तिनीहरूलाई परमेश्‍वरले प्राप्त गर्नुहुने सम्भावना झन् कम छैन र? मैले विजयको काम गर्नुको उद्‌देश्य केवल विजय गर्नको लागि विजय गर्ने होइन, बरु धार्मिकता र अधर्मलाई प्रकाश पार्न, मानिसको दण्डको लागि प्रमाण जुटाउन, दुष्टहरूलाई दोषी ठहराउनको लागि हो र यस बाहेक, जसले स्वेच्छाले आज्ञापालन गर्छन् उनीहरूलाई सिद्ध पार्नको लागि विजय गर्नु हो। आखिरमा, सबैलाई तिनीहरूको प्रकारअनुसार अलग गरिनेछ अनि सिद्ध पारिने व्यक्तिहरूमा ती व्यक्तिहरू हुनेछन् जसका सोचहरू र विचारहरू आज्ञाकारिताले भरिपूर्ण हुन्छन्। आखिरमा पूरा गरिनुपर्ने कार्य यही हो। यस बीच, ती व्यक्तिहरू

जसका हरेक कार्य विद्रोही छन्, तिनीहरूलाई दण्ड दिइनेछ र आगोमा जल्न पठाइनेछ, अनन्त श्रापको पात्र बनाइनेछ। जब त्यो समय आउँछ, ती युगौँदेखिका "महान र अदम्य नायकहरू" सबैभन्दा क्षुद्र र सबैभन्दा बढी तिरस्कृत "कमजोर र नामर्दहरू" बन्नेछन्। यसले मात्र परमेश्‍वरको धार्मिकताको हरेक पक्ष र मानिसद्वारा अनुल्लंघनीय उहाँको स्वभावलाई चित्रण गर्छ, र यसले मात्र मेरो हृदयमा भएको घृणालाई शान्त पार्छ। के यो कुरा पूर्ण रूपमा तार्किक छ भन्ने कुरामा तिमीहरू सहमत छैनौ र?

पवित्र आत्माको कामको अनुभव गर्नेमध्ये सबै जनाले जीवन प्राप्त गर्न सक्छन् भन्ने छैन, न त यो प्रवाहमा भएका व्यक्तिहरूले नै जीवन प्राप्त गर्न सक्छन्। जीवन भनेको सबै मानव जातिको साझा सम्पत्ति होइन, अनि सबै मानिसहरूले स्वभावको परिवर्तन सहजै हासिल गर्न सक्छन् भन्ने छैन। परमेश्‍वरको कामप्रतिको समर्पणता यथार्थ र वास्तविक हुनुपर्छ, अनि यो समर्पणतामा जिउनुपर्छ। सतही समर्पणताले मात्रै परमेश्‍वरको स्याबासी प्राप्त गर्न सक्दैन, र आफ्नो स्वभाव परिवर्तन गर्न नखोजिकनै परमेश्‍वरका वचनहरूका सतही पक्षहरूको मात्र आज्ञापालन गर्नु परमेश्‍वरको हृदय अनुसारको हुनु होइन। परमेश्‍वरको आज्ञापालन र परमेश्‍वरको कामप्रतिको समर्पणता दुवै एउटै र उस्तै कुरा हुन्। परमेश्‍वरप्रति मात्र समर्पित हुने तर उहाँको कामप्रति समर्पित नहुने व्यक्तिहरूलाई आज्ञाकारी मान्न सकिँदैन, सच्चा रूपमा समर्पित नहुने बरु बाहिरी रूपमा चापलुसी गर्ने व्यक्तिहरूलाई आज्ञाकारी मानिने त झन् कुरै नगरौं। परमेश्‍वरप्रति सच्चा रूपमा समर्पित हुने व्यक्तिहरू सबैले परमेश्‍वरको कामबाट फाइदा लिन सक्छन् र परमेश्‍वरको काम र स्वभावको बारेमा बुझाइ हासिल गर्न सक्छन्। त्यस्ता व्यक्तिहरूले मात्र आफूलाई सच्चा रूपमा परमेश्‍वरप्रति समर्पित गर्न सक्छन्। त्यस्ता व्यक्तिहरूले नयाँ ज्ञान प्राप्त गर्न सक्छन् अनि नयाँ कामबाट तिनीहरूमा नयाँ परिवर्तन आउन सक्छ। यी व्यक्तिहरूलाई मात्र परमेश्‍वरले स्याबासी दिनुहुन्छ, यी व्यक्तिहरूलाई मात्र सिद्ध तुल्याइन्छ, र यी व्यक्तिहरू मात्र स्वभाव परिवर्तन भएका व्यक्तिहरू हुन्। परमेश्‍वरले स्याबासी दिनुभएका व्यक्तिहरू ती व्यक्तिहरू हुन् जो खुशीसाथ परमेश्‍वरप्रति र उहाँका वचन र कामप्रति समर्पित हुन्छन्। त्यस्ता व्यक्तिहरू मात्रै सही हुन्छन्, त्यस्ता व्यक्तिहरूले मात्रै इमान्दारीपूर्वक परमेश्‍वरलाई चाहन्छन् र इमान्दारीपूर्वक परमेश्‍वरको खोजी गर्छन्। जहाँसम्म परमेश्‍वरमाथिको आफ्नो विश्‍वासबारे मुखले मात्र बोल्ने तर सार रूपमा उहाँलाई सराप्ने व्यक्तिहरूको कुरा छ, ती व्यक्तिहरू मकुन्डो ओढ्ने व्यक्तिहरू हुन् जोसँग सर्पको विष हुन्छ; तिनीहरू सबैभन्दा बढी विश्‍वासघाती व्यक्तिहरू हुन्। ढिलो-चाँडो ती बदमासहरूले आफ्नो मकुन्डो उतारिएको पाउनेछन्। के यो आज गरिँदै गरिएको काम यही होइन र? दुष्ट मानिसहरू सधैँ दुष्ट नै हुन्छन्, र तिनीहरू कहिल्यै पनि दण्डको दिनबाट उम्कनेछैनन्। असल मानिसहरू सधैँ असल नै हुन्छन् र परमेश्‍वरको कामको अन्त्य हुँदा तिनीहरूलाई प्रकाश गरिनेछ। दुष्टहरूमध्धे एक जनालाई पनि धर्मी मानिनेछैन, न त एक जना पनि धर्मीलाई नै दुष्ट मानिनेछ। के मैले कुनै मानिसलाई गलत रूपमा आरोपित हुन दिनेछु र?

तेरो जीवन अघि बढ्दै जाँदा तैँले नयाँ प्रवेश र नयाँ, उच्च अन्तर्ज्ञान प्राप्त गर्नुपर्छ जुन हरेक कदमसँगै अझ गहन हुँदै जान्छ। सबै मानव जाति प्रवेश गर्नुपर्ने यही नै हो। सङ्गति गरेर,

धार्मिक उपदेशहरू सुनेर, परमेश्वरका वचनहरू पढेर वा केही कुराहरू सम्हालेर, तैँले नयाँ अन्तर्ज्ञान र अन्तर्दृष्टि प्राप्त गर्नेछस् अनि तँ पुराना नियमहरू र पुराना समयहरूमा बाँच्नेछैनस्; तँ सधैँ नयाँ ज्योतिमा जिउनेछस् र तँ परमेश्वरका वचनहरूबाट टाढा भट्किनेछैनस्। सही मार्गमा लाग्नु भनेकै यही हो। सतही तहमा कुनै मूल्य चुकाउँदैमा त्यसले केही काम गर्नेछैन; दिन प्रतिदिन परमेश्वरको वचन उच्च क्षेत्रमा प्रवेश गर्छ, र हरेक दिन नयाँ कुरा देखा पर्छ, र मानिसले पनि हरेक दिन नयाँ प्रवेश गर्नुपर्छ। परमेश्वरले बोल्नुभए जस्तै उहाँले आफूले बोल्नुभएका सबै कुराहरूलाई सफलतामा पुर्‍याउनुहुन्छ, र यदि तैँले त्यसलाई पछ्याउन सक्दैनस् भने तँ पछि पर्नेछस्। तँ तेरा प्रार्थनाहरूमा अझ गहिराइमा जानुपर्छ; परमेश्वरको वचन खाने र पिउने कार्य रोकी-रोकी गरिनु हुँदैन। तैँले प्राप्त गर्ने अन्तर्दृष्टि र ज्योतिलाई गहन पार्दै जा अनि तेरा धारणाहरू र कल्पनाहरू चाहिँ क्रमिक रूपले घट्दै जानुपर्छ। तैँले तेरो निर्णयको क्षमतालाई पनि दरिलो पार्नुपर्छ, र तैँले जेसुकै सामना गरे तापनि, यसको बारेमा तँसँग तेरा आफ्नै सोच अनि तेरा आफ्नै दृष्टिकोणहरू हुनुपर्छ। आत्मामा भएका केही कुराहरूलाई बुझेर तैँले बाह्य कुराहरूको बारेमा अन्तर्ज्ञान प्राप्त गर्नुपर्छ र कुनै पनि विषयहरूको सार बुझ्नुपर्छ। यदि तँ यी कुराहरूले सुसज्जित छैनस् भने, तैँले कसरी मण्डलीको अगुवाइ गर्न सक्छस्? यदि तैँले कुनै वास्तविकता विना नै र अभ्यासको कुनै तरिका विना नै केवल अक्षरहरू र धर्मसिद्धान्तहरूको मात्रै कुरा गर्छस् भने तँ छोटो अवधिको लागि मात्र अघि बढ्न सक्नेछस्। नयाँ विश्वासीहरूको अगाडि बोल्दा यो कुरा सीमित रूपमा स्वीकार्य हुनसक्छ, तर केही समयपछि, नयाँ विश्वासीहरूले केही वास्तविक अनुभवहरू प्राप्त गरिसकेपछि, तैँले तिनीहरूका निम्ति उप्रान्त आपूर्ति गर्न सक्नेछैनस्। तब तँ कसरी परमेश्वरको प्रयोगको लागि योग्य हुन्छस्? नयाँ अन्तर्दृष्टि विना, तैँले काम गर्न सक्दैनस्। नयाँ अन्तर्दृष्टि नभएका व्यक्तिहरू ती व्यक्तिहरू हुन जसलाई कसरी अनुभव गर्ने भन्ने नै आउँदैन, र त्यस्ता व्यक्तिहरूले कहिल्यै पनि नयाँ ज्ञान वा नयाँ अनुभव प्राप्त गर्न सक्दैनन्। अनि, जीवनको आपूर्ति गर्ने कुरामा, तिनीहरूले कहिल्यै पनि आफ्नो कार्य गर्न सक्दैनन्, न त तिनीहरू परमेश्वरको प्रयोगको लागि नै योग्य हुन्छन्। यस प्रकारको व्यक्ति व्यर्थको हुन्छ, केवल रद्दीको टुक्रा मात्र हुन्छ। वास्तवमा, त्यस्ता मानिसहरू काम सम्बन्धी आफ्नो कार्य गर्न पूर्ण रूपमा असमर्थ हुन्छन्, तिनीहरू सबै व्यर्थका हुन्छन्। तिनीहरू आफ्नो कार्य गर्न मात्र असफल हुँदैनन्, बरु वास्तवमा तिनीहरूले त मण्डलीमा अति नै अनावश्यक भार पनि पार्छन्। म यी “आदरणीय प्रौढ मानिसहरू” लाई चाँडो गरी मण्डली छाड्न आग्रह गर्दछु ताकि अन्य व्यक्तिहरूले तँलाई अब फेरि हेर्नु नपरोस्। त्यस्ता मानिसहरूसँग नयाँ कामको बारेमा कुनै बुझाइ हुँदैन र तिनीहरू अन्त्यहीन धारणाहरूले भरिपूर्ण हुन्छन्। तिनीहरूले मण्डलीमा केही पनि कार्य गर्दै-गर्दैनन्; बरु, तिनीहरूले जताततै बदमासी र नकारात्मकता फैलाउँछन्, यहाँसम्म कि तिनीहरू मण्डलीमा सबै प्रकारका खराब आचरण र बाधा-व्यवधानमा संलग्न समेत संलग्न हुन्छन्, र त्यसरी तिनीहरूले सही र गलत छुट्याउन नसक्नेहरूलाई अन्योलता र भद्रगोलतातर्फ धकेल्छन्। यी जीवित दियाबलसहरूले, यी दुष्ट आत्माहरूले, जतिसक्दो चाँडो मण्डली छाड्नुपर्छ, होइन भने तेरो कारण मण्डलीमा दाग लाग्छ। तँ आजको कामदेखि डराउँदैनस् होला, तर के तँ भोलिको धर्मी सजायदेखि

पनि डराउँदैनस् त? मण्डलीमा यस्ता धेरै मानिसहरू छन् जो केवल भातमाराहरू हुन् र यस्ता धेरै ब्वाँसाहरू छन् जो परमेश्‍वरको सामान्य कामलाई ध्वंस गर्न खोज्छन्। यिनीहरू सबै भूतको राजाले पठाएका भूतहरू हुन्, यिनीहरू दुष्ट ब्वाँसाहरू हुन् जो निर्दोष थुमाहरूलाई निल्न चाहन्छन्। यदि यी तथाकथित मानिसहरूलाई निष्कासित गरिएन भने तिनीहरू मण्डलीका परजीवी बन्नेछन्, भेटीहरू खाइदिने कीराहरू बन्नेछन्। ढिलो-चाँडो, यी तिरस्कारयोग्य, मूर्ख, नीच र घृणित कीराहरूलाई दण्ड दिने दिन आउनेछ!

## राज्यको युग नै वचनको युग हो

राज्यको युगमा, परमेश्‍वरले नयाँ युगको प्रारम्भ गर्न, आफूले गर्ने कामका साधनहरू परिवर्तन गर्न, र सम्पूर्ण युगको काम गर्न वचनहरू प्रयोग गर्नुहुन्छ। वचनको युगमा परमेश्‍वरले यही सिद्धान्तद्वारा काम गर्नुहुन्छ। फरक-फरक दृष्टिकोणहरूबाट बोल्न उहाँ देह बन्नुभयो, ता कि मानिसले देहमा वचनको रूपमा प्रकट हुनुभएको परमेश्‍वरलाई साँच्चिकै हेर्न सकून्, र उहाँको बुद्धि र आश्‍चर्यजनकता देख्न सकून्। यस्ता काम मानिसलाई जित्ने, मानिसलाई सिद्ध पार्ने, र मानिसलाई हटाउने लक्ष्यहरू अझै राम्ररी प्राप्त गर्नलाई गरिन्छ, जुन वचनको युगमा काम गर्न गरिने वचनको प्रयोगको सही अर्थ हो। यी वचनहरूद्वारा मानिसहरूले परमेश्‍वरको काम, परमेश्‍वरको स्वभाव, मानिसको सार, र मानिस जेमा प्रवेश गर्नु पर्ने हो त्यो थाहा पाउँछन्। वचनहरूद्वारा परमेश्‍वरले वचनको युगमा गर्ने चाहना गर्नुभएको कामलाई यसको पूर्णतामा साकार बनाइन्छ। यी वचनहरूद्वारा, मानिसहरूलाई पर्दाफास गरिन्छ, हटाइन्छ, र जाँचिन्छ। मानिसहरूले परमेश्‍वरका वचनहरू देखेका छन्, यी वचनहरू सुनेका छन्, र यी वचनहरूको अस्तित्व चिनेका छन्। परिणामस्वरूप, उनीहरूले परमेश्‍वरको अस्तित्वमा, परमेश्‍वरको सर्वव्यापकता र बुद्धिमा, साथै मानिसको लागि परमेश्‍वरको प्रेममा र मानिसलाई मुक्ति दिने उहाँको इच्छामा विश्‍वास गर्न थालेका छन्। “वचनहरू” भन्ने शब्द सरल र सामान्य हुन सक्ला, तर देहधारी परमेश्‍वरका मुखबाट बोलिएका वचनहरूले ब्रह्माण्ड हल्लाउँछन्, तिनीहरूले मानिसहरूका हृदय बदलिदिन्छन्, उनीहरूका धारणाहरू र पुराना स्वभावहरू बदलिदिन्छन्, र सम्पूर्ण संसार प्रकट हुने तरिकालाई बदलिदिन्छन्। युगौँ-युगदेखि, आजका परमेश्‍वरले मात्र यस प्रकारले काम गर्नुभएको छ, र केवल उहाँ मात्रै यसप्रकारले बोल्नुहुन्छ र यसप्रकार मानिसलाई मुक्ति दिन आउनुहुन्छ। यो समयबाट अगाडि मानिस परमेश्‍वरका वचनहरूद्वारा निर्देशित र पोषित भएर उहाँका वचनहरूको मार्गदर्शनको अधीनमा जिउँछ। मानिसहरू परमेश्‍वरका वचनहरूको संसारमा, परमेश्‍वरका वचनहरूको श्रापहरू र आशीर्वादहरूको माझ जिउँछन्, र अझ धेरै मानिसहरू त उहाँका वचनहरूका न्याय र सजाय अन्तर्गत जिउन थालेका छन्। यी वचनहरू र यो काम पूर्ण रूपमा मानिसको छुटकाराको लागि, परमेश्‍वरको इच्छालाई पूरा गर्नको लागि, र पुरानो सृष्टिको संसारको मूल स्वरूप परिवर्तन गर्नको लागि हुन्। वचनहरू प्रयोग गरेर परमेश्‍वरले संसारको सृष्टि गर्नुभयो, वचनहरू प्रयोग गरेर नै उहाँले मानिसहरूलाई ब्रह्माण्डभरि अगुवाई गर्नुहुन्छ, र वचनहरू प्रयोग गरेर नै उहाँले उनीहरूलाई

जित्नुहुन्छ र मुक्ति दिनुहुन्छ। अन्ततः, उहाँले पुरानो सम्पूर्ण संसारलाई अन्त्य गर्न वचनहरू प्रयोग गर्नुहुनेछ र उहाँको व्यवस्थापन योजनाको सम्पूर्णतालाई पूरा गर्नुहुनेछ। राज्यको युगभरि नै, परमेश्वरले आफ्नो काम गर्न, र आफ्नो कामका नतिजाहरू प्राप्त गर्न वचनहरू प्रयोग गर्नुहुन्छ। उहाँले अचम्मका कामहरू गर्नुहुन्न वा आश्‍चर्यकर्महरू प्रस्तुत गर्नुहुन्न, तर वचनहरूद्वारा केवल आफ्नो काम गर्नुहुन्छ। यी वचनहरूको कारणले, मानिसलाई पालनपोषण गरिन्छ र जुटाइन्छ, अनि उसले ज्ञान र सच्चा अनुभव प्राप्त गर्छ। वचनको युगमा, मानिस असाधारण रूपमा आशिषित भएको छ। उसले कुनै शारीरिक पीडा भोग्दैन, र केवल परमेश्वरका वचनहरूको प्रचुर आपूर्तिमा रमाउँछ। अन्धाधुन्ध तरिकाले खोज्ने वा अन्धाधुन्ध तरिकाले यात्रा गर्ने आवश्यकता नै नपरी, उसका सहजताका बीचबाट, उसले परमेश्वरको स्वरूप देख्छ, आफ्नै मुखबाट उहाँ बोलेको सुन्छ, उहाँले जे दिनुहुन्छ त्यो लिन्छ, र उहाँले व्यक्तिगत रूपमा नै आफ्नो काम गरिरहनुभएको देख्छ। युगौं अघिका मानिसहरू यी चीजहरूमा रमाउन पाएका थिएनन्, र तिनीहरूले कहिल्यै पाउन नसकेका आशिषहरू यीनै हुन्।

परमेश्वरले मानिसलाई पूर्ण पार्ने संकल्प गर्नुभएको छ, र जुन दृष्टिकोणबाट उहाँ बोल्नुभए पनि, यो सबै मानिसहरूलाई सिद्ध पार्नको लागि हो। आत्माको दृष्टिकोणबाट बोलिएका वचनहरू मानिसहरूको लागि बुझ्न कठिन छन्; बुझ्नको लागि उनीहरूको क्षमता सीमित भएकाले, उनीहरूसँग अभ्यासको मार्ग पत्ता लगाउने साधनहरू छैनन्। परमेश्वरको कामले फरक-फरक प्रभावहरू पार्छ गर्छ, र कामको हरेक कदमको पछाडि उहाँको आफ्नै उद्देश्य हुन्छ। यसका अलाबा, उहाँले फरक-फरक दृष्टिकोणहरूबाट बोल्न अत्यावश्यक छ, किनकि यसो गरेर मात्र उहाँले मानिसलाई सिद्ध पार्न सक्नुहुन्छ। यदि उहाँले आत्माको दृष्टिकोणबाट मात्र आफ्नो वचन बोल्नुथियो भने, परमेश्वरको कामको यो चरण पूरा गर्ने कुनै मार्ग हुने थिएन। उहाँले बोल्ने शैलीबाट, तैँले के देख्न सक्छस् भने, मानिसहरूको यो समूहलाई सिद्ध पार्न उहाँ दृढ हुनुहुन्छ। तसर्थ सिद्ध पारिन चाहना राख्ने यी प्रत्येकको लागि पहिलो कदम के हुनुपर्छ? सबैभन्दा मुख्य कुरा, तैँले परमेश्वरको काम बुझ्नैपर्छ। आज, परमेश्वरको काममा नयाँ विधि सुरु भएको छ; युग परिवर्तित भएको छ, परमेश्वरले काम गर्ने तरीका पनि बदलिएको छ, र परमेश्वरले बोल्ने विधि फरक छ। आज, उहाँको कामको तरीका मात्र बदलिएको छैन, युग समेत बदलिएको छ। अहिले राज्यको युग हो। यो प्रेमिलो परमेश्वरको युग पनि हो। यो सहस्राब्दीय राज्यको युगको पूर्वानुभव हो—जुन वचनको युग पनि हो, र जसमा मानिसलाई सिद्ध पार्न परमेश्वरले बोल्ने धेरै माध्यमहरू प्रयोग गर्नुहुन्छ, र मानिसलाई आपूर्ति प्रदान गर्न फरक-फरक दृष्टिकोणबाट बोल्नुहुन्छ। सहस्राब्दीय राज्यको युगमा प्रवेश गर्नेबित्तिकै परमेश्वरले मानिसलाई सिद्ध पार्न वचनहरू प्रयोग गर्न सुरु गर्नुहुनेछ र मानिसलाई जीवन वास्तविकतामा प्रवेश गर्न दिनुहुनेछ र उसलाई सही मार्गमा अगुवाई गर्नुहुनेछ। परमेश्वरको कामका यति धेरै कदमहरू अनुभव गरेर, मानिसले परमेश्वरको काम अपरिवर्तित रहँदैन, बरु नरोकिईकन विकसित हुँदैछ र गहिरिँदैछ भन्ने मानिसले देखेको छ। यसलाई मानिसहरूले यति लामो समयदेखि अनुभव गरेपछि, उक्त काम बारम्बार बदलिँदै, निरन्तर परिवर्तन भएको छ। यद्यपि यो जति परिवर्तन भए पनि, मानवजातिलाई छुटकारा दिलाउने

परमेश्वरको उद्देश्यबाट यो कहिल्यै बाहिर जाँदैन। दश हजार परिवर्तनहरूबाट पनि, यो कहिल्यै यसको मूल उद्देश्यबाट टाढा रहँदैन। परमेश्वरको कामको विधि जसरी परिवर्तन भए पनि, यो काम सत्यबाट वा जीवनबाट कहिल्यै अलग हुँदैन। काम गरिएको विधिको परिवर्तनले कामको स्वरूपमा गरिने परिवर्तन, र जुन दृष्टिकोणबाट परमेश्वर बोल्नुहुन्छ त्यसलाई मात्र सामेल गर्छ; परमेश्वरको कामको केन्द्रीय उद्देश्यमा कुनै परिवर्तन हुँदैन। प्रभाव प्राप्त गर्नको लागि परमेश्वरको स्वरको भाव र उहाँको कामको तरिकामा परिवर्तन गरिएका हुन्। स्वरको भावमा परिवर्तनको अर्थ कामको पछि रहेको उद्देश्य वा सिद्धान्तमा परिवर्तन होइन। मानिसहरूले मुख्यतः जीवन खोज्न परमेश्वरमा विश्वास गर्छन्; यदि तँ परमेश्वरमा विश्वास गर्छस् तर पनि जीवनको खोजी गर्दैनस् वा सत्यको चाहना वा परमेश्वरको खोजी गर्दैनस् भने, यो परमेश्वरमाथिको विश्वास होइन! र अझै राजा हुनको लागि राज्यमा प्रवेश गर्न खोज्नु वास्तविकतापरक हुन्छ र? जीवनको खोजीद्वारा परमेश्वरको लागि साँचो प्रेम प्राप्त गर्नु—केवल यो यथार्थता हो; सत्यको चाहना र अभ्यास—यी सबै यथार्थता हुन्। परमेश्वरका वचनहरू पढेर, र यी वचनहरू अनुभव गरेर, वास्तविक अनुभवको बीचमा तैँले परमेश्वरको ज्ञान लिन सक्नेछस्, र साँच्चिकै खोजी गर्नुको अर्थ यही हो।

अहिले राज्यको युग हो। तँ यो नयाँ युगमा प्रवेश गरेको छस् कि छैनस् त्यो तँ परमेश्वरका वचनहरूका यथार्थतामा प्रवेश गरेको छस् कि छैनस्, उहाँका वचनहरू तेरो जीवन वास्तविकता बनेको छ कि छैन त्यसमा निर्भर हुन्छ। हरेक व्यक्तिलाई परमेश्वरका वचनहरू परिचित गराइएको छ ताकि, अन्त्यमा, सबै मानिसहरू परमेश्वरको वचनको संसारमा जिऊन्, र भित्रैबाट हरेक व्यक्तिलाई उहाँका वचनहरूले अन्तर्दृष्टि र प्रकाश दिऊन्। यदि, यो समयको दौरान, तँ परमेश्वरका वचनहरू पढ्नमा लापरवाह भइस् भने, र उहाँका वचनहरूमा तेरो रुची छैन भने, यसले तेरो स्थिति गलत छ भन्ने देखाउँछ। यदि तँ वचनको युगमा प्रवेश गर्न सक्दैनस् भने, तँमा पवित्र आत्माले काम गर्नुहुन्न; यदि तँ यो युगमा प्रवेश गरेको छस् भने, उहाँले आफ्नो काम गर्नुहुनेछ। पवित्र आत्माको काम प्राप्त गर्न वचनको युगको प्रारम्भमा तैँले के गर्न सक्छस्? यो युगमा, र तिमीहरूका माझमा, परमेश्वरले उल्लिखित तथ्य समाप्त गर्नुहुनेछ: हरेक व्यक्तिले परमेश्वरका वचनहरू जिउनु पर्नेछ, सत्यलाई व्यवहारमा लागू गर्न सक्नु पर्नेछ, र परमेश्वरलाई गम्भीरतापूर्वक प्रेम गर्नु पर्नेछ; सबै मानिसहरूले परमेश्वरका वचनहरूलाई आधारको रूपमा र आफ्नो वास्तविकताको रूपमा प्रयोग गर्नु पर्नेछ, र परमेश्वरलाई आदर गर्ने हृदयहरू हुनु पर्नेछ; र परमेश्वरका वचनहरूको अभ्यासद्वारा मानिसले त्यसपछि परमेश्वरसँगै राजसी शक्ति धारण गर्ने छ। परमेश्वरले हासिल गर्नुपर्ने काम यही हो। के तँ परमेश्वरका वचनहरू नपढी रहन सक्छस्? आज, उहाँका वचनहरू नपढी एक वा दुई दिन पनि बिताउन सकिँदैन भन्ने अनुभव गर्नेहरू धेरै छन्। उनीहरूले उहाँका वचनहरू हरेक दिन पढ्नुपर्छ, र यदि समयले साथ दिएन भने, तिनीहरूलाई सुन्नु नै काफी हुनेछ। पवित्र आत्माले मानिसहरूलाई दिने आभास यही हो, र उहाँले उनीहरूलाई प्रेरित गर्न सुरु गर्ने तरिका यही नै हो। यसको अर्थ, वचनहरूद्वारा उहाँ मानिसहरूलाई प्रेरित गर्नुहुन्छ, ता कि उनीहरू परमेश्वरका वचनहरूको वास्तविकतामा प्रवेश गर्न सकून्। यदि, परमेश्वरका वचनहरू नखाई र नपिई केवल एक दिनपछि तैँले अँध्यारो र तिर्खा अनुभूति गर्छस् र यसलाई सहन सक्दैनस् भने,

तँ पवित्र आत्माद्‌वारा चलायमान भएको छस्, र उहाँ तँबाट फर्किएर जानुभएको छैन भन्ने यसले देखाउँछ। अतः, यो प्रवाहमा रहेको तँ नै होस्। यद्‌यपि, यदि परमेश्‍वरका वचनहरू नखाई र नपिई एक दिन वा दुई दिन पछि, तैँले केही पनि अनुभूति गरिनस् भने, यदि तँलाई तिर्खा छैन, र तँ कत्ति पनि प्रभावित भएको छैनस् भने, पवित्र आत्मा तँबाट फर्किएर जानुभएको छ भन्ने यसले देखाउँछ। यसको अर्थ, तँभित्रको स्थितिमा केही खराबी छ भन्ने हुन्छ; तँ वचनको युगमा प्रवेश गरेको छैनस्, र तँ पछाडि परेकाहरूमध्ये एक होस्। मानिसहरूलाई शासन गर्न परमेश्‍वरले वचनहरू प्रयोग गर्नुहुन्छ; यदि तैँले परमेश्‍वरका वचनहरू खाइस् र पिइस् भने, तँलाई असल अनुभूति हुन्छ, र यदि तैँले त्यसो गरिनस् भने, तँसँग कुनै हिँड्ने मार्ग छैन। परमेश्‍वरका वचनहरू मानिसहरूका खाना, र उनीहरूलाई प्रेरित गर्ने शक्ति बन्छन्। बाइबल भन्छ, "मानिस रोटीले मात्र होइन, तर परमेश्‍वरको मुखबाट निस्केको हरेक वचनले बाँच्नेछ।" आज, परमेश्‍वरले यो काम पूरा गर्नुहुनेछ, र उहाँले यो सच्चाइ तिमीहरूमा समाप्त गर्नुहुनेछ। विगतमा कसरी, मानिसहरू परमेश्‍वरका वचनहरू नपढी धेरै दिन बिताउन सक्थे र तर पनि सधैँ जस्तै खान र काम गर्न सक्थे, तर आजको अवस्था पनि यस्तै छैन र? यो युगमा, परमेश्‍वरले सबैलाई शासन गर्न मुख्यतः वचनहरू प्रयोग गर्नुहुन्छ। परमेश्‍वरका वचनहरूद्‌वारा, मानिसलाई न्याय गरिन्छ र सिद्‌ध पारिन्छ, त्यसपछि अन्तिममा राज्यमा लगिन्छ। खासगरी राज्यको युगमा, परमेश्‍वरका वचनहरूले मात्र मानिसको जीवनको निम्ति जुटाउन सक्छ, र परमेश्‍वरका वचनहरूले मात्र मानिसलाई प्रकाश र अभ्यासको लागि मार्ग दिन सक्छ। जबसम्म तँ परमेश्‍वरका वचनहरूको वास्तविकताबाट बाहिर जाँदैनस्, हरेक दिन उहाँका वचनहरूलाई खाने र पिउने गर्छस्, तबसम्म परमेश्‍वरले तँलाई सिद्‌ध बनाउन सक्नुहुन्छ।

जीवनको खोज हतारमा पाइने चीज होइन; जीवनको वृद्‌धि केवल एक वा दुई दिनमा हुँदैन। परमेश्‍वरको काम सामान्य र व्यावहारिक छ, र एउटा प्रक्रिया छ जसबाट भएर यो जानुपर्छ। देहधारी येशूलाई आफ्नो क्रूसीकरणको काम सम्पन्न गर्न साँढे तेत्तीस वर्ष लाग्यो–तसर्थ अत्यन्त कठिन, मानिसलाई शुद्‌ध पार्ने र उसको जीवनलाई परिवर्तन गर्ने कामबारे के? परमेश्‍वरलाई प्रकट गर्ने सामान्य मानिस बनाउनु सजिलो काम होइन। ठूलो रातो अजिङ्गरको राज्यमा जन्मिएका मानिसहरू, जो कम क्षमताका छन् र परमेश्‍वरका वचनहरू र कामको लामो अवधि चाहन्छन्, तिनीहरूमा यो खासगरी लागू हुन्छ। तसर्थ नतिजाहरू हेर्न अधैर्य नबन्। परमेश्‍वरका वचनहरू खान र पिउन तँ सक्रिय हुनैपर्छ, र परमेश्‍वरका वचनहरूमा अझ बढी प्रयास लगाउनुपर्छ। जब तैँले उहाँका वचनहरू पढिसक्छस्, परमेश्‍वरका वचनहरूमा ज्ञान, अन्तर्दृष्टि, विवेक, र बुद्‌धिमा विकसित हुँदै, तैँले तिनलाई वास्तविक व्यवहारमा लागू गर्न सक्नुपर्छ। यस मार्फत, यसलाई अनुभूति नगरीकन तँ परिवर्तन हुनेछस्। यदि तैँले परमेश्‍वरका वचनहरूलाई खाने र पिउने, तिनीहरूलाई पढ्ने, तिनीहरूलाई बुझ्ने, तिनीहरूलाई अनुभव गर्ने, र तिनीहरूलाई व्यवहारमा लागू गर्ने कार्यलाई आफ्नो सिद्‌धान्तको रूपमा लिन सकिस् भने, तिनलाई अनुभव नै नगरिकन तँ परिपक्व हुनेछस्। परमेश्‍वरका वचनहरू पढेर पनि तिनीहरूलाई व्यवहारमा लागू गर्न सक्दैनौं भन्नेहरू छन्। तेरो हतार के हो? जब तपाईं खास कदको नापमा पुग्छस्, तँ उहाँका वचनहरूलाई व्यवहारमा लागू गर्न

सक्नेछस्। के चार वा पाँच वर्षको बालकले आफ्ना मातापितालाई सहारा दिन वा सम्मान दिन सकिन भनेर भन्छ? तेरो वर्तमान उचाइ कति ठूलो छ त्यो तैँले जान्नुपर्छ। तैँले जे व्यवहारमा लागू गर्न सक्छस्, त्यसलाई व्यवहारमा लागू गर्, र परमेश्‍वरको व्यवस्थापनलाई अवरोध गर्ने व्यक्ति नबन्। परमेश्‍वरका वचनहरूलाई मात्र खा र पी, र अब उप्रान्त त्यसलाई आफ्नो सिद्धान्तको रूपमा ली। परमेश्‍वरले तँलाई पूर्ण पार्न सक्नुहुन्छ कि सक्नुहुन्न भन्ने बारे, अहिलेको लागि, चिन्ता नगर्। त्यसलाई अहिले नै खोजतलास नगर्। परमेश्‍वरका वचनहरू तकहाँ जसरी आउँछन् त्यसरी नै तिनलाई खा र पी, र परमेश्‍वरले अवश्य नै तँलाई पूर्ण बनाउनुहुनेछ। यद्यपि, तैँले उहाँका वचनहरूलाई खाँदा र पिउँदा पालन गर्नुपर्ने एउटा सिद्धान्त छ। अन्धाधुन्ध त्यसो नगर्। परमेश्‍वरका वचनहरू खाँदा र पिउँदा एकातिर, तैँले थाहा पाउनु पर्ने वचनहरू खोजेर पत्ता लगा–यसको अर्थ, दर्शनहरूसँग सम्बन्धित वचनहरू–र अर्कोतिर, तैँले वास्तविक व्यवहारमा लागू गर्नुपर्ने वचनहरू खोजेर पत्ता लगा–यसको अर्थ, तपाईं प्रवेश गर्नुपर्ने कुरालाई। एक पक्षको सम्बन्ध ज्ञानसँग छ, र अर्कोको प्रवेशसँग। तैँले दुवैलाई बुझिसकेपछि–तैँले के बुझ्नु पर्ने हो र के अभ्यास गर्नुपर्ने हो त्यसलाई बुझिसकेपछि–परमेश्‍वरका वचनहरू कसरी खाने र पिउने सो तँलाई थाहा हुनेछ।

अगाडि बढ्ने क्रममा, परमेश्‍वरका वचनहरूको चर्चा नै तँ बोल्ने सिद्धान्त हुनुपर्नेछ। साधारणतः, जब तिमीहरू भेला हुन्छौ, तब परमेश्‍वरका वचनहरूलाई आफ्नो अन्तरक्रियाको विषयवस्तुका रूपमा लिएर, यी वचनहरूबारे तिमीहरूलाई के थाहा छ, तिनलाई तिमीहरू कसरी व्यवहारमा लागू गर्छौ, र पवित्र आत्माले कसरी काम गर्नुहुन्छ, यसबारे चर्चा गर्दै परमेश्‍वरका वचनहरू सम्बन्धी सङ्गतिमा संलग्न हुनुपर्छ। जबसम्म तँ परमेश्‍वरका वचनहरूको सङ्गति गर्छस्, पवित्र आत्माले तँलाई ज्योति दिनुहुनेछ। परमेश्‍वरका वचनहरूको संसार प्राप्त गर्न मानिसको सहकार्य आवश्यक पर्छ। यदि तँ यसमा प्रवेश गरिनस् भने, परमेश्‍वरसँग काम गर्ने कुनै उपाय हुनेछैन; यदि तैँले आफ्नो मुख बन्द राखिस् र उहाँका वचनहरूबारे चर्चा गरिनस् भने, उहाँसँग तँलाई ज्योति दिने कुनै उपाय हुनेछैन। जब तँ अन्यथा व्यस्त भएको हुँदैनस्, परमेश्‍वरका वचनहरूबारे चर्चा गर्, र निरर्थक गफसफमा मात्र नअल्मली! तेरो जीवनशैली परमेश्‍वरका वचनहरूले भरियोस्–त्यसपछि मात्र तँ सच्चा विश्‍वासी हुनुहुनेछ। तेरो सङ्गति सतही भए पनि त्यसले फरक पर्दैन। सतहीपन विना कुनै गहिराइ हुन सक्दैन। त्यहाँ प्रक्रिया हुनुपर्छ। तेरो तालिमभरि, तैँले पवित्र आत्माको ज्योति आफूमा लिनेछस्, र परमेश्‍वरका वचनहरू कसरी प्रभावकारी ढङ्गले खाने र पिउने सो थाहा पाउनेछस्। खोजतलासको मध्यान्तरपछि, तँ परमेश्‍वरका वचनहरूको वास्तविकतामा प्रवेश गर्नेछस्। यदि तैँले सहकार्य गर्न अठोट गर्छस् भने मात्र तैँले पवित्र आत्माको काम प्राप्त गर्न सक्नेछस्।

परमेश्‍वरका वचनहरू खाने र पिउने सिद्धान्तहरूमा, एउटा ज्ञानसँग सम्बन्धित छ, र अर्को प्रवेशसँग। तैँले कुन वचनहरू थाहा पाउनुपर्छ? तैँले दर्शनहरूसँग सम्बन्धित वचनहरू थाहा पाउनुपर्छ (जस्तै, परमेश्‍वरको काम अहिले कुन युगमा प्रवेश गरेको छ सो वर्णन गर्ने वचनहरू, अहिले परमेश्‍वर के प्राप्त गर्ने चाहना राख्नुहुन्छ, देहधारण के हो, र यस्तै-यस्तै; यी सबै दर्शनहरूसँग सम्बन्धित छन्।) मानिस प्रवेश गर्नुपर्ने मार्ग भनेको के हो? यसले मानिसले अभ्यास गर्नुपर्ने र

प्रवेश गर्नुपर्ने परमेश्वरका वचनहरूलाई जनाउँछ। माथि उल्लेखित परमेश्वरका वचनहरू खाने र पिउने दुई पक्षहरू हुन्। अब उप्रान्त, यस प्रकारले, परमेश्वरका वचनहरू खाने र पिउने गर्नू। यदि तँलाई दर्शनसँग सम्बन्धित उहाँका वचनहरूको बारेमा प्रष्ट बुझाइ छ भने, हर समय पढिरहनु आवश्यक छैन। प्राथमिक महत्त्वको कुरा भनेको प्रवेश गर्दा अझै बढी वचनहरू खानु र पिउनु हो, जस्तै परमेश्वरतिर तेरो हृदय कसरी फर्काउने, परमेश्वरको सामुन्ने तेरो हृदय कसरी शान्त बनाउने, र कसरी शरीरलाई त्याग्ने। तैँले व्यवहारमा लागू गर्नुपर्ने कुराहरू यिनै हुन्। परमेश्वरका वचनहरू कसरी खाने र पिउने सो थाहा नपाइकन, सच्चा सङ्गति असम्भव छ। उहाँका वचनहरू कसरी खाने र पिउने सो थाहा पाएपछि, चाबी के हो तैँले बुझेपछि, सङ्गति स्वतन्त्र हुनेछ, र जुनसुकै सवाल उठे पनि, तँ सङ्गति गर्न र वास्तविकतालाई बुझ्न सक्नेछस्। यदि, परमेश्वरका वचनहरूको सङ्गति गर्दा, तपाईंसँग वास्तविकता छैन भने, चाबी के हो तैँले बुझेको छैनस्, जसले परमेश्वरका वचनहरू कसरी खाने र पिउने तँलाई थाहा छैन भन्ने देखाउँछ। परमेश्वरका वचनहरू पढ्दा केही मानिसहरूलाई थकाइ लाग्दो लाग्न सक्छ, जुन सामान्य स्थिति होइन। परमेश्वरका वचनहरू पढ्दा कहिल्यै थकाइ नलाग्नु, तिनीहरूको लागि सधैँ तृषित रहनु, र परमेश्वरका वचनहरू सधैँ असल पाउनुचाहिँ सामान्य हो। वास्तवमै प्रवेश गरेकाले यसरी परमेश्वरका वचनहरू खान्छन् र पिउँछन्। जब परमेश्वरका वचनहरू अत्याधिक व्यावहारिक छन् र मानिस प्रवेश गर्नु पर्ने ठ्याक्कै यही हो भन्ने तँलाई लाग्छ; जब उहाँका वचनहरू मानिसको लागि असाध्यै उपयोगी र लाभदायक छन्, र ती मानिसको जीवनको भण्डार हुन् भन्ने तँलाई लाग्छ–तँलाई यो अनुभूति पवित्र आत्माले दिनुहुन्छ, र पवित्र आत्माले तँलाई छुनुहुन्छ। यसले पवित्र आत्माले तँमा काम गरिरहनु भएको छ र परमेश्वर तँबाट फर्किएर जानुभएको छैन भन्ने प्रमाणित गर्छ। केही मानिसहरू, परमेश्वर सधैँ बोलिरहेको देखेर, उहाँका वचनहरूदेखि दिक्क हुन्छन्, र उनीहरूले त्यसलाई पढे पनि वा नपढे पनि यसको कुनै परिणाम छैन भन्ने ठान्छन्–जुन सामान्य स्थिति होइन। वास्तविकतामा प्रवेश गर्ने प्यास भएको हृदय उनीहरूसँग छैन, र यस्ता मानिसहरू सिद्ध पारिन न तृष्णा गर्छन् न महत्त्व नै दिन्छन्। जब तैँले आफूमा परमेश्वरका वचनहरूको तृष्णा नभएको पाउँछस्, यसले तँ सामान्य स्थितिमा छैनस् भन्ने देखाउँछ। विगतमा, परमेश्वर तँबाट फर्किएर जानु वा नजानु भन्ने कुरा, तँ आफूभित्र शान्तिमा थिइस् वा थिइनस्, र तैँले आनन्द अनुभव गरिस् वा गरिनस् त्यसले निर्धारित गर्न सक्थ्यो। अब तँ परमेश्वरका वचनहरूको तृष्णा गर्छस् कि गर्दैनस्, उहाँका वचनहरू तेरो वास्तविकता हो कि होइन, तँ निष्ठावान् छस् कि छैनस्, र तैँले परमेश्वरको लागि आफूले गर्न सक्ने सबै गर्न सक्छस् कि सक्दैनस्, चाबी त्यही हो। अर्को शब्दमा, परमेश्वरका वचनहरूको वास्तविकताद्वारा मानिसको न्याय गरिन्छ। परमेश्वरले आफ्ना वचनहरू सबै मानवजातिप्रति लक्षित गर्नुहुन्छ। यदि तँ ती पढ्न इच्छुक छस् भने, उहाँले तँलाई अन्तर्दृष्टि दिनुहुनेछ, तर यदि छैनस् भने, उहाँले दिनुहुनेछैन। धार्मिकताको लागि जो भोका र प्यासा छन् परमेश्वरले उनीहरूलाई अन्तर्दृष्टि दिनुहुन्छ, र जसले उहाँलाई खोजी गर्छ उनीहरूलाई उहाँले अन्तर्दृष्टि दिनुहुन्छ। उनीहरूले परमेश्वरका वचनहरू पढेपछि पनि उहाँले उनीहरूलाई अन्तर्दृष्टि दिनु भएन भनेर कतिले भन्छन्। तर कुन तरिकाले तैँले ती वचनहरू पढिस्? यदि तैँले उहाँका वचनहरू घोडाको पछाडि सवार

मानिसले फूलहरू हेरे जस्तो तरिकाले पढिस् भने, र वास्तविकतालाई कुनै महत्त्व दिइनस् भने, परमेश्वरले कसरी तँलाई अन्तर्दृष्टि दिन सक्नुहुन्थ्यो? परमेश्वरका वचनहरूलाई बहुमूल्य नमान्नेलाई उहाँले कसरी सिद्ध पार्न सक्नुहुन्छ? यदि तँ परमेश्वरका वचनहरूलाई बहुमूल्य मान्दैनस् भने, तँसँग न त सत्य हुनेछ न त वास्तविकता। यदि तँ उहाँका वचनहरूलाई बहुमूल्य मान्छस् भने, तँ सत्यलाई व्यवहारमा लागू गर्न सक्छस्, र त्यसपछि मात्र तैँले वास्तविकतालाई बुझ्नेछस्। त्यसैकारण तँ व्यस्त भए पनि वा नभए पनि, परिस्थिति अनुकूल भए पनि वा नभए पनि, र तँलाई जाँचिए पनि वा नजाँचिए पनि, तैँले परमेश्वरका वचनहरू हमेसा खानु र पिउनु पर्छ। सबै कुरामा, परमेश्वरका वचनहरू मानिसको अस्तित्वका जग हुन्। उहाँका वचनहरूबाट कोही पनि फर्किन सक्दैन, तर उहाँका वचनहरू तिनीहरूले एक दिनमा तीन छाक खाना खाए जसरी खानुपर्छ। सिद्ध पारिनु र परमेश्वरद्वारा प्राप्त गरिनु त्यति सजिलो हुन सक्थ्यो? वर्तमानमा तैँले बुझे पनि नबुझे पनि, र परमेश्वरका कामप्रति तँमा सूक्ष्मदृष्टि भए पनि नभए पनि, तैँले सम्भव भएसम्म धेरै परमेश्वरका वचनहरू खानु र पिउनुपर्छ। यो सक्रिय तरिकाले प्रवेश गर्नु हो। परमेश्वरका वचनहरू पढिसकेपछि, जेमा तँ प्रवेश गर्न सक्छस् त्यसलाई व्यवहारमा लागू गर्न हतार गर्, र तँ जे सक्छस् त्यसलाई एक क्षणको लागि अलग राख्। सुरुवातमा तैँले बुझ्न नसक्ने परमेश्वरका धेरै वचनहरू हुन सक्छन्, तर दुई वा तीन महीनापछि, सायद एक वर्षपछि तैँले ती बुझ्नेछस्। यो कसरी हुन सक्छ? यसको कारण के हो भने, परमेश्वरले मानिसहरूलाई एक वा दुई दिनमा सिद्ध पार्न सक्नुहुन्न। अधिकांश समय, जब तँ उहाँका वचनहरू पढ्छस्, तैँले तुरुन्तै नबुझ्न सक्छस्। त्यो समयमा, ती केवल पाठभन्दा बढी केही पनि होइन भन्ने लाग्न सक्छ; तैँले ती बुझ्नुभन्दा अगाडि तैँले केही समय तिनलाई अनुभव गर्नुपर्छ। परमेश्वरले यति धेरै बोलेपछि, उहाँका वचनहरू खान र पिउन तैँले आफ्नो सक्दो कोसिस गर्नुपर्छ, र त्यसपछि, थाहै नपाई तैँले यो बुझ्नेछस्, थाहै नपाई, पवित्र आत्माले तँलाई अन्तर्दृष्टि दिनुहुनेछ। जब पवित्र आत्माले मानिसलाई अन्तर्दृष्टि दिनुहुन्छ, यो प्रायः मानिसको जानकारी विना नै हुन्छ। जब तँ तृषित हुन्छस् र खोजी गर्छस्, उहाँले तँलाई अन्तर्दृष्टि दिनुहुन्छ र अगुवाइ गर्नुहुन्छ। पवित्र आत्माले काम गर्ने सिद्धान्त तैँले खाने र पिउने परमेश्वरका वचनहरूमा केन्द्रित छ। परमेश्वरका वचनहरूलाई महत्त्व नदिने र उहाँका वचनहरूका बारेमा सँधै फरक आचरण राख्ने–तिनीहरूका मूर्ख सोचाइमा, तिनीहरूले वचनहरू पढे पनि वा नपढे पनि यो उदासीनताको कुरा हो भन्ने विश्वास गर्छन्–तिनीहरू वास्तविकता नभएकाहरू हुन्। यस्ता व्यक्तिमा न त पवित्र आत्माको काम न त उहाँको अन्तर्दृष्टि देख्न नै सकिन्छ। यस्ता मानिसहरू योग्यता विनाका बहाना गर्नेहरू, केही गरेजस्तो गर्नेहरू मात्रै हुन्, दृष्टान्तका नाङ्गुवोजस्तै।[क]

परमेश्वरका वचनहरूलाई तेरो वास्तविकताको रूपमा नलिईकन, तेरो कुनै यथार्थ कद छैन। जब जाँच लिइने समय आउँछ, तँ निश्चित रूपमा पतन हुनेछस्, र त्यसपछि तेरो साँचो उचाइ प्रकट हुनेछ। तर नियमित रूपमा वास्तविकतामा प्रवेश गर्न चाहनेहरू जब परीक्षाहरूमा पर्छन्,

---

क. मूल पाठमा "दृष्टान्तको" भन्ने शब्द समावेश छैन।

उनीहरूले परमेश्वरको कामको उद्‌देश्य बुझ्न सक्नेछन्। विवेकले युक्त भएका र परमेश्वरको लागि तृषित हुनेले परमेश्वरको प्रेमको ऋण तिर्न व्यावहारिक कामकाज गर्नुपर्छ। वास्तविकताले युक्त नभएकाहरू झिना-मसिना कुराहरूको सामु पनि दृढ भएर उभिन सक्दैनन्। यथार्थ उचाइ भएकाहरू र नभएकाहरूको फरक यस्तो छ। यसो किन हुन्छ, उनीहरू दुवैले परमेश्वरका वचनहरू खाने र पिउने गरे पनि परीक्षाहरूको सामु कोही दृढ भएर उभिन सक्छन्, तर अरू भाग्छन्? स्पष्ट फरक भनेको कोहीसँग यथार्थ उचाइ हुँदैन भन्ने हो; उनीहरूको वास्तविकताको रूपमा काम गर्नको लागि उनीहरूसँग परमेश्वरका वचनहरू छैनन्, र उहाँका वचनहरूले उनीहरूभित्र जरा गाडेका छैनन्। उनीहरूको परीक्षा लिनसाथ, उनीहरू आफ्नो मार्गको अन्त्यमा पुग्छन्। यसो किन हुन्छ, कि कोही परीक्षाहरूको सामु दृढ भएर उभिन सक्छन्? यसको कारण के हो भने उनीहरू सत्य बुझ्छन् र उनीहरूसँग दर्शन छ, र उनीहरूले परमेश्वरको इच्छा र उहाँका आवश्यकताहरूलाई बुझ्छन्, त्यसैले परीक्षाहरूको अन्त्यसम्म उनीहरू दृढ भएर उभिन सक्छन्। यो यथार्थ उचाइ हो, र यो पनि जीवन नै हो। केहीले परमेश्वरका वचनहरू पढ्न पनि सक्लान्, तर तिनीहरूलाई व्यवहारमा लागू गर्दैनन्, तिनीहरूलाई गम्भीर रूपमा लिँदैनन्; तिनीहरूलाई गम्भीर रूपमा नलिनेहरूले अभ्यासमा कुनै महत्त्व दिँदैनन्। परमेश्वरका वचनहरूलाई वास्तविकताको रूपमा नलिनेहरू यथार्थ उचाइ नभएकाहरू हुन्, र यस्ता मानिसहरू परीक्षाहरूको अन्त्यसम्म दृढ भएर उभिन सक्दैनन्।

जब परमेश्वरका वचनहरू प्रकट हुन्छन्, तैँले तिनीहरूलाई तत्कालै ग्रहण गर्नुपर्छ, र तिनीहरूलाई खानु र पिउनु पर्छ। तैँले जति बुझे पनि, तैँले पक्रनुपर्ने एउटा दृष्टिकोण भनेको उहाँका वचनहरू खानु र पिउनु, बुझ्नु, र अभ्यास गर्नु भन्ने हो। तैँले गर्न सक्नु पर्ने कुरा यही हो। तेरो कद कति महान् बन्ला भनेर कहिल्यै विचार नगर्; उहाँका वचनहरू खाने र पिउनेमा मात्र ध्यान केन्द्रित गर्। मानिसले सहकार्य गर्नुपर्ने यसैमा हो। तेरो आत्मिक जीवनशैली भनेको मूलतः परमेश्वरका वचनहरू खाने र पिउने र तिनीहरूलाई व्यवहारमा लागू गर्ने वास्तविकतामा प्रवेश गर्ने कोसिस गर्नु हो। अन्य कुनै कुरामा ध्यान केन्द्रित गर्नु तेरो काम होइन। चर्चका अगुवाहरूले आफ्ना दाजुभाइहरू र दिदीबहिनीहरूलाई अगुवाइ गर्न सक्नुपर्छ ताकि परमेश्वरका वचनहरू कसरी खाने र पिउने उनीहरूले थाहा पाउन सकून्। यो चर्चका हरेक अगुवाको जिम्मेवारी हो। उनीहरू बालक हुन् वा वृद्ध, सबैले परमेश्वरका वचनहरू खानु र पिउनुलाई ठूलो महत्त्वको रूपमा लिनुपर्छ र उहाँका वचनहरू उनीहरूको हृदयमा हुनुपर्छ। यो वास्तविकतामा प्रवेश गर्नुको अर्थ राज्यको युगमा प्रवेश गर्नु हो। आज, अधिकांश मानिसहरू परमेश्वरका वचनहरू नखाई र नपिई जिउन नसक्ने अनुभूति गर्छन्, र समय जे भए पनि उहाँका वचनहरू ताजा छन् भन्ने अनुभव तिनीहरू गर्छन्। यसको अर्थ उनीहरू सही मार्गमा चल्न सुरु गरेका छन् भन्ने हुन्छ। परमेश्वरले आफ्ना काम गर्न र मानिसको दिन वचनहरूको प्रयोग गर्नुहुन्छ। जब परमेश्वरका वचनहरूप्रति जो कोही लालायित र तृषित हुन्छन्, मानवजाति उहाँका वचनहरूको संसारमा प्रवेश गर्नेछ।

परमेश्वरले प्रशस्तै बोल्नुभएको छ। तैँले कति बुझेको छस्? तँ कति धेरै प्रवेश गरेको छस्? यदि चर्चका अगुवाले आफ्ना दाजुभाइहरू र दिदीबहिनीहरूलाई परमेश्वरका वचनहरूको वास्तविकतामा अगुवाइ गरेका छैनन् भने, उनीहरू आफ्ना कर्तव्यबाट च्युत भएका हुनेछन्, र

आफ्ना जिम्मेवारीहरू पूरा गर्न असफल भएका हुनेछन्! तेरो समझ गम्भीर भए पनि वा सतही भए पनि, तेरो समझको मात्राको बाबजुद पनि, तैँले उहाँका वचनहरू कसरी खाने र पिउने थाहा पाउनैपर्छ, तैँले उहाँका वचनहरूलाई धेरै ध्यान दिनुपर्छ, र तिनलाई खानु र पिउनुको महत्त्व र आवश्यकता बुझ्नुपर्छ। परमेश्‍वरले यति धेरै बोल्नुभएपछि, यदि तैँले उहाँका वचनहरू खाइनस् र पिइनस् भने, वा खोजी गर्ने प्रयास गरेनस् भने वा उहाँका वचनहरू व्यवहारमा लागू गरिनस् भने, यसलाई परमेश्‍वरमा विश्‍वास गरेको भन्‍न सकिन्‍न। तैँले परमेश्‍वरमा विश्‍वास गर्ने भएकोले, तैँले उहाँका वचनहरू खानु र पिउनुपर्छ, उहाँका वचनहरू अनुभव गर्नुपर्छ, र उहाँका वचनहरूमा जिउनुपर्छ। केवल यसलाई मात्र परमेश्‍वरमा विश्‍वास गर्नु भनेर भन्‍न सकिन्छ! यदि तँ परमेश्‍वरमा विश्‍वास गर्छु भनी भन्छस्, तर पनि उहाँका कुनै पनि वचनहरूलाई व्यवहारमा लागू गर्न वा कुनै वास्तविकता पैदा गर्न सक्दैनस् भने, यसलाई परमेश्‍वरमा विश्‍वास गर्नु भनिदैन। बरु, यो “भोक तृप्त गर्न रोटी खोज्नु” हो। वास्तविकताको सानो अंश समेत नजानी, नगण्य प्रमाणहरू, प्रयोगहीन कुराहरू, र सतही कुराहरूबारे मात्र बोल्नु: यिनीहरूले परमेश्‍वरमा विश्‍वास निर्माण गर्न सक्दैनन्, र तैँले परमेश्‍वरमा विश्‍वास गर्ने ठीक तरिकालाई बिलकुल बुझेको छैनस्। तैँले किन परमेश्‍वरका वचनहरू सम्भव भएसम्म धेरै खाने र पिउने गर्नुपर्छ? यदि तँ उहाँका वचनहरू खाने र पिउने गर्दैनस् तर स्वर्गमा चढ्न मात्र खोज्छस् भने, के त्यो परमेश्‍वरमा विश्‍वास गर्नु हो? परमेश्‍वरमा विश्‍वास गर्नेले चाल्नु पर्ने पहिलो कदम के हो? कुन मार्गद्वारा परमेश्‍वरले मानिसलाई सिद्ध पार्नुहुन्छ? परमेश्‍वरका वचनहरू नखाई र नपिई तँलाई सिद्ध पारिन सकिन्छ? के तेरो वास्तविकताको रूपमा काम गर्ने परमेश्‍वरका वचनहरू विना तँलाई राज्यको व्यक्तिको रूपमा मान्‍न सकिन्छ? परमेश्‍वरमा विश्‍वास गर्नुको अर्थ यथार्थमा के हो? परमेश्‍वरमा विश्‍वास गर्नेहरू, कम्तीमा पनि, बाह्य रूपमा शिष्ट हुनुपर्छ; सबैभन्दा महत्त्वपूर्ण कुरा, परमेश्‍वरका वचनहरूले युक्त हुनुपर्छ। जे भए पनि, उहाँका वचनहरूबाट तँ फर्केर कहिल्यै टाढा जान सक्दैनस्। परमेश्‍वरलाई बुझ्ने र उहाँका अभिप्रायहरूलाई पूरा गर्ने सबै काम उहाँका वचनहरूद्वारा सफल हुन्छ। भविष्यमा, हरेक राष्ट्र, सम्प्रदाय, धर्म, र क्षेत्रलाई परमेश्‍वरका वचनहरूद्वारा विजय गरिनेछ। परमेश्‍वरले प्रत्यक्ष रूपमा बोल्नुहुनेछ, र सबै मानिसहरूले परमेश्‍वरका वचनहरूलाई आफ्ना हातहरूमा पक्रनेछन्, र यो माध्यमद्वारा, मानवजाति सिद्ध हुनेछ। भित्र र बाहिर, परमेश्‍वरका वचनहरू सर्वत्र व्याप्त छन्: परमेश्‍वरका वचनहरूमा भित्र र बाहिर दुवै मग्‍न रहेर मानवजातिले आफ्ना मुखले परमेश्‍वरका वचनहरू बोल्नेछ, परमेश्‍वरका वचनहरू अनुसार अभ्यास गर्नेछ, र परमेश्‍वरका वचनहरूलाई आफूभित्र राख्नेछ। यसप्रकार मानवजाति सिद्ध हुनेछ। जसले परमेश्‍वरका अभिप्रायहरू पूरा गर्छन् र उहाँलाई साक्षी दिन सक्छन्, ती मानिसहरू आफ्नो वास्तविकताको रूपमा परमेश्‍वरका वचनहरूले भरिएका छन्।

सहस्राब्दीय राज्यको युग–वचनको युग–मा प्रवेश गर्ने काम आज समाप्त हुन्छ। अब उप्रान्त, परमेश्‍वरका वचनहरूबारे सङ्गतिमा अभ्यस्त हुँदै अभ्यास गर्। परमेश्‍वरका वचनहरू खाएर र पिएर साथै अनुभव गरेर मात्रै तँ परमेश्‍वरका वचनहरूमा जिउन सक्नेछस्। अरूलाई विश्‍वस्त पार्न तैँले केही व्यावहारिक अनुभव पैदा गर्नैपर्छ। यदि तँ परमेश्‍वरका वचनहरूको वास्तविकता जिउन

सक्दैनस् भने, कोही पनि विश्वस्त हुनेछैनन्! परमेश्वरद्वारा प्रयोग गरिएका सबै परमेश्वरका वचनहरूको वास्तविकता जिउन सक्छन्। यदि तँ यो वास्तविकता देखाउन र परमेश्वरलाई गवाही दिन सक्दैनस् भने, पवित्र आत्माले तँमा काम गर्नुभएको छैन, र तँ सिद्ध परिएको छैनस् भन्ने यसले देखाउँछ। परमेश्वरका वचनहरूको महत्त्व यही हो। के परमेश्वरका वचनहरूको लागि तृषित हुने हृदय तँमा छ? परमेश्वरका वचनहरूको लागि तृषित हुने सत्यको लागि तृषित हुन्छन्, र केवल यस्ता मानिसहरू मात्रै परमेश्वरद्वारा आशिषित हुन्छन्। भविष्यमा, सबै धर्महरू र सबै सम्प्रदायहरूलाई परमेश्वरले भन्नुहुने धेरै वचनहरू छन्। बोल्न र उहाँको आवाजलाई प्रकट गर्न अन्यजातिहरूका माझमा उनीहरूलाई विजय गर्न जानुभन्दा अगाडि तिमीहरूलाई पूर्ण पार्न तिमीहरूको माझमा नै उहाँ पहिले बोल्नुहुन्छ र उहाँको आवाज प्रकट गर्नुहुन्छ। उहाँका वचनहरूद्वारा, सबै शुद्ध हृदयले र पूर्ण रूपले विश्वस्त हुनेछन्। परमेश्वरका वचनहरूद्वारा र उहाँका प्रकाशद्वारा, मानिसको भ्रष्ट स्वभाव घट्छ, उसले मानिसको स्वरूप प्राप्त गर्छ, र उसको विद्रोही स्वभाव कम हुन्छ। वचनहरूले मानिसमा अख्तियारी साथ काम गर्छन् र परमेश्वरका प्रकाशभित्र मानिसलाई जित्छन्। वर्तमान युगमा परमेश्वरले गर्ने काम, साथै उहाँको कामका मोडहरू, सबैलाई उहाँका वचनहरूभित्र पाउन सकिन्छ। यदि तँ उहाँका वचनहरू पढ्दैनस् भने, तैँले केही पनि बुझ्नेछैनस्। उहाँका वचनहरू तैँले आफै खाएर अनि पिएर, अनि तेरा दाजुभाइहरू र दिदीबहिनीहरूसँगको सङ्गतिको संलग्नताबाट र तेरो वास्तविक अनुभवहरूबाट, तैँले परमेश्वरका वचनहरूको पूर्ण ज्ञान प्राप्त गर्नेछस्। त्यसपछि मात्र तँ तिनको वास्तविकतामा साँच्चिकै जिउन सक्नेछस्।

## परमेश्वरको वचनद्वारा सबै कुरा प्राप्त हुन्छ

परमेश्वरले उहाँको वचन बोल्नुहुन्छ र विभिन्न युगअनुसार विभिन्न युगमा उहाँको काम गर्नुहुन्छ, उहाँले फरक-फरक वचनहरू बोल्नुहुन्छ। परमेश्वरले नियमहरू अनुसार काम गर्नुहुन्न वा त्यही काम दोहोर्‍याउनुहुन्न, वा विगतका कुराहरूमा डुब्नुहुन्न; उहाँ परमेश्वर हुनुहुन्छ, जो सधैँ नयाँ हुनुहुन्छ र कहिल्यै पुरानो हुनुहुन्न, र उहाँले हरेक दिन नयाँ वचन बोल्नुहुन्छ। तैँले आज जे पालन गर्नुपर्छ त्यो पालन गर्नैपर्छ; यो मानिसको जिम्मेवारी र कर्तव्य हो। अहिलेको समयमा त्यो अभ्यास परमेश्वरको ज्योति र वचनमा केन्द्रित हुनु महत्त्वपूर्ण छ। परमेश्वरले नियमअनुसार गर्नुहुन्न, र आफ्नो बुद्धि र सर्वशक्तिमान्ता प्रष्ट पार्न उहाँ विभिन्न दृष्टिकोणबाट बोल्न सक्नुहुन्छ। उहाँ आत्माको, वा मानिसको वा तेस्रो व्यक्तिको दृष्टिकोणबाट बोल्नुभयो भन्ने कुराले कुनै फरक पार्दैन—परमेश्वर सधैँ परमेश्वर हुनुहुन्छ, अनि उहाँ मानिसको दृष्टिकोणबाट बोल्नुभयो भनेर तैँले उहाँ परमेश्वर हुनुहुन्न भनी भन्न सक्दैनस्। परमेश्वर विभिन्न दृष्टिकोणबाट बोल्नु भएकोले मानिसहरूका बीचमा धारणाहरू पनि प्रकट भएका छन्। त्यस्ता मानिसहरूमा परमेश्वरको ज्ञान हुँदैन, अनि उहाँको कामको ज्ञान हुँदैन। यदि परमेश्वर सधैँ एउटै दृष्टिकोणबाट बोल्नुभयो भने के मानिसले परमेश्वरको विषयमा नियमहरू बनाउँदैनन् र? के परमेश्वरले मानिसलाई त्यस्तो

किसिमले काम गर्ने अनुमति दिन सक्नुहुन्थ्यो? परमेश्‍वर जुनसुकै दृष्टिकोणबाट बोल्नुभए पनि उहाँले त्यसो गर्ने कारणहरू छन्। यदि परमेश्‍वर सधैँ आत्माको दृष्टिकोणबाट बोल्नुभएको थियो भने के तँ उहाँसँग संलग्न हुन सक्नेथिइस्? यसैले तँलाई उहाँको वचन दिन र तँलाई वास्तविकतामा डोऱ्याउन उहाँ कहिलेकहीँ तेस्रो व्यक्तिको रूपमा बोल्नुहुन्छ। परमेश्‍वरले गर्नुहुने सबै कुरा उपयुक्त हुन्छन्। संक्षेपमा, यो सबै परमेश्‍वरद्‌वारा गरिन्छ, तैँले यसमा शङ्का गर्नु हुँदैन। उहाँ परमेश्‍वर हुनुहुन्छ, यसैले उहाँ जुनै दृष्टिकोणबाट बोल्नुभए पनि उहाँ सधैँ परमेश्‍वर नै हुनुहुनेछ। यो अपरिवर्तनीय सत्यता हो। उहाँले जसरी काम गर्नुभए पनि उहाँ परमेश्‍वर हुनुहुन्छ, उहाँको सार बदलिँदैन। पत्रुसले परमेश्‍वरलाई यति धेरै प्रेम गर्थे र तिनी परमेश्‍वरको आफ्नै हृदयका मानिस थिए, तर परमेश्‍वरले प्रभु र ख्रीष्टको रूपमा तिनको साक्षी दिनुभएन, किनकि एउटा प्राणीको सार जे छ त्यही हो, त्यो कहिल्यै बदलिन सक्दैन। परमेश्‍वरले आफ्नो काम नियमहरू अनुसार गर्नुहुन्न, तर आफ्नो कामलाई अझ प्रभावकारी बनाउन र उहाँको विषयमा मानिसको ज्ञानलाई अझ गहिरो बनाउन उहाँले विभिन्न तरिकाहरू प्रयोग गर्नुहुन्छ। उहाँले काम गर्नुहुने प्रत्येक तरिकाले उहाँलाई चिन्न मानिसलाई सहायता गर्दछ, र त्यो मानिसलाई सिद्‌ध बनाउनको निम्ति हो। उहाँले काम गर्ने जुनसुकै तरिका प्रयोग गर्नु भए पनि त्यो हरेक मानिसलाई निर्माण गर्न र सिद्‌ध बनाउनका निम्ति हो। उहाँको काम गर्ने एउटा तरिका धेरै समयसम्म रहे पनि त्यो उहाँप्रतिको मानिसको विश्‍वासलाई तयार पार्नको निम्ति हुन्छ। यसैले, तिमीहरूको हृदयमा कुनै शङ्का हुनु हुँदैन। यी सबै परमेश्‍वरको काम गर्ने चरणहरू हुन्, अनि तिमीहरूले ती सबै पालन गर्नुपर्छ।

आज भनिएको कुराचाहिँ वास्तविकतामा प्रवेश गर्नु हो–स्वर्गमा उक्लिनु वा राजाहरूको रूपमा शासन गर्नु होइन; ती भनिएका सबै कुराचाहिँ वास्तविकताभित्र प्रवेश गर्न खोज्नु हो। योभन्दा बढी व्यावहारिक खोज अर्को छैन, अनि शासन गर्ने राजाहरूको बारेमा कुरा गर्नु व्यावहारिक होइन। मानिसमा ठूलो उत्सुकता हुन्छ अनि आज अझै पनि उसले परमेश्‍वरको कामलाई उसको धार्मिक विचारहरूद्‌वारा मापन गर्छ। परमेश्‍वरको काम गर्ने यति धेरै तरिकाहरूको अनुभव गरिसकेपछि पनि मानिसले अझै पनि परमेश्‍वरको कामलाई जानेको छैन, अझै पनि चिह्‌न र चमत्कारहरू खोज्दछ, अनि अझै पनि परमेश्‍वरका वचनहरू पूरा भएका छन् कि छैनन् सो हेर्न चाहन्छ। के यो अचम्मलाग्दो अज्ञानता होइन त? परमेश्‍वरका वचनहरू पूरा नभए, के तैँले अझै पनि उहाँ परमेश्‍वर हुनुहुन्छ भनी विश्‍वास गर्थिस्? आज, मण्डलीमा त्यस्तै मानिसहरूले चिह्‌न र चमत्कारहरू हेर्न पर्खिरहेका छन्। तिनीहरू भन्छन्, यदि परमेश्‍वरका वचनहरू पूरा भएका छन् भने उहाँ परमेश्‍वर हुनुहुन्छ; यदि उहाँका वचनहरू पूरा भएका छैनन् भने उहाँ परमेश्‍वर हुनुहुन्न। त्यसो भए के तँ परमेश्‍वरका वचनहरू पूरा भएको कारण उहाँमा विश्‍वास गर्छस् वा उहाँ स्वयम् परमेश्‍वर हुनुभएकोले विश्‍वास गर्छस्? परमेश्‍वरप्रति विश्‍वासबारे मानिसको विचारलाई सच्याउनुपर्छ! जब तँ परमेश्‍वरका वचनहरू पूरा नभएको देख्छस् तँ चाँडो-चाँडो भाग्छस्–के यो परमेश्‍वरमा विश्‍वास गरेको हो? जब तँ परमेश्‍वरमा विश्‍वास गर्छस्, तब सबै कुरा परमेश्‍वरको कृपामा छोड्नुपर्छ अनि परमेश्‍वरका सबै कामहरू मान्नुपर्छ। परमेश्‍वरले पुरानो करारमा यति धेरै वचन बोल्नुभयो–तीमध्ये कुनचाहिँ पूरा भएको तेरो आफ्नै आँखाले देखेको छस्? तैँले ती पूरा भएको नदेखेको कारण के तँ यहोवा साँचो

परमेश्वर हुनुहुन्न भन्न सक्छस्? धेरै वचनहरू पूरा भएका छन् र पनि मानिस ती स्पष्ट देख्न असक्षम छ, किनकि मानिसमा सत्यता छैन र उसले केही पनि बुझ्दैन। कोही-कोही परमेश्वरको वचन पूरा भएको छैन भन्ने महसुस गर्दा भाग्न चाहन्छन्? यो कोसिस गर्। हेर्, तँ कतै भाग्न सक्छस् कि! भागेपछि पनि तँ अझै फर्केर आउनेछस्। परमेश्वरले उहाँको वचनले तँलाई नियन्त्रणमा राख्नुहुन्छ, अनि यदि तँ मण्डली र परमेश्वरको वचन छोडेर जान्छस् भने तेरो निम्ति जिउने कुनै उपाय हुनेछैन। यदि यो कुरामा विश्वास गर्दैनस् भने तँ आफैले जाँच्–के तैँले छोडेर जान सक्छस् भनी ठान्छस्? परमेश्वरका आत्माले तँलाई नियन्त्रण गर्नुहुन्छ। तँ छोडेर जान सक्दैनस्। यो परमेश्वरको एउटा प्रशासनिक आदेश हो! यदि कुनै व्यक्तिहरू कोसिस गर्न चाहन्छन् भने कोसिस गर्न सक्छन्! तैँले भन्छस् होला यो व्यक्ति परमेश्वर होइन, त्यसकारण उहाँको विरुद्धमा पाप गर्छस् र उहाँले के गर्नुहुन्छ सबै हेर्छस्। सम्भवतः तेरो शरीरको मृत्यु नहोला र तँ अझै पनि आफैलाई खुवाउन र पहिराउन सक्षम छस् होला, तर मानसिक रूपमा यो असहनीय हुन्छ, तैँले तनाव र यातनामा परेको महसुस गर्नेछस्। त्योजस्तो पीडादायक अरू केही हुँदैन। मानिसले मानसिक यातना र विनाश सहन सक्दैन–सायद तँ शरीरको कष्ट सहन सक्छस् होला, तर तँ मानसिक तनाव र लामो समय रहने यातना सहन पूरै असक्षम छस्। आज केही मानिसहरू नकारात्मक बन्छन्, किनकि तिनीहरूले कुनै चिह्न र चमत्कारहरू देख्न सकेका हुँदैनन्, तर तिनीहरू जति नै बढी नकारात्मक भए पनि भाग्ने साहस गर्दैनन्, किनकि परमेश्वरले मानिसलाई आफ्नो वचनले नियन्त्रणमा राख्नुहुन्छ। तथ्यहरू नआए पनि कोही पनि भागेर जान सक्दैन। के यी परमेश्वरका कामहरू होइनन् र? आज, परमेश्वर मानिसलाई जीवन दिन पृथ्वीमा आउनुभएको छ। मानिसहरूले कल्पना गरेजस्तो उहाँले परमेश्वर र मानिस बीच शान्तमय सम्बन्ध सुनिश्चित गर्नका निम्ति चिह्नहरू र चमत्कार देखाउँदै तँलाई फुस्लाउनुहुन्न। ती सबै जना जसले जीवनमा ध्यान केन्द्रित गर्दैनन् र जसले परमेश्वरले चिन्ह र चमत्कारहरू देखाऊन् भन्ने कुरामा ध्यान लगाउँछन् तिनीहरू फरिसीहरू हुन्। येशूलाई क्रूसमा कीला ठोक्नेहरू फरिसीहरू नै थिए। यदि तँ परमेश्वरलाई उहाँमाथिको तेरो विश्वासको धारणाअनुसार मापन गर्छस्, परमेश्वरको वचन पूरा भए मात्र उहाँमा विश्वास गर्छस् भने, र ती पूरा भएनन् भने शङ्का गर्छस् र परमेश्वरको निन्दा गर्छस् भने के तैँले उहाँलाई क्रूसमा कीला ठोक्दैनस् र? यस्ता मानिसहरू आफ्ना कर्तव्यहरूप्रति लापरवाही हुन्छन्, र लोभ पूर्वक आराम-सुविधामा मस्ती गर्छन्।

अर्कोतिर, मानिसको सबैभन्दा ठूलो समस्या यो हो, कि उसले परमेश्वरको काम जान्दैन। यद्यपि मानिसको व्यवहार अस्वीकार गर्ने होइन, तर शङ्का गर्ने हुन्छ। मानिसले इन्कार गर्दैन, तर उसले पूर्ण रूपमा स्वीकार पनि गर्दैन। यदि मानिसहरूमा परमेश्वरको कामको पूर्ण ज्ञान छ भने तिनीहरू फर्केर जाँदैनन्। अर्को समस्या यो हो, कि मानिसले वास्तविकता जान्दैन। आज, प्रत्येक व्यक्ति परमेश्वरको वचनमा संलग्न भएको हुन्छ; साँच्चै भविष्यमा तैँले चिह्न र चमत्कारहरू हेर्ने बारेमा सोच्नु हुँदैन। म तँलाई स्पष्ट रूपमा भन्छु: वर्तमानको चरणको अवधिमा, तँ परमेश्वरका वचनहरू मात्र देख्न सक्छस्, र यद्यपि त्यहाँ कुनै तथ्यहरू नभए पनि अझै पनि परमेश्वरको जीवनलाई मानिसमा आकार दिन सकिन्छ। सहस्राब्दीय राज्यको मुख्य काम यही हो,

र यदि यो कामलाई बुझ्न सक्दैनस् भने तँ कमजोर बन्नेछस् र ढल्नेछस्; तँ परीक्षाको बीचमा ओर्लन्छस्, र अझै दु:खदायी कुरा त, तँलाई शैतानद्वारा कैदी बनाइन्छ। परमेश्वर मुख्य रूपमा पृथ्वीमा आफ्नो वचन बोल्न आउनुभएको छ; तँ जुन कुरासँग संलग्न हुन्छस् त्यो परमेश्वरको वचन हो, तैँले जे देख्छस्, त्यो परमेश्वरको वचन हो। तैँले जे सुन्छस् त्यो परमेश्वरको वचन हो, तैँले जे पालन गर्छस् त्यो परमेश्वरको वचन हो, तैँले जे अनुभव गर्छस् त्यो परमेश्वरको वचन हो, अनि परमेश्वरको यो देहधारणले मानिसलाई सिद्ध बनाउन मुख्य रूपले वचन प्रयोग गर्नुहुन्छ। उहाँले चिन्ह र चमत्कारहरू देखाउनुहुन्न, र विशेष गरी येशूले विगतमा गर्नुभएका काम गर्नुहुन्न। यद्यपि उहाँहरू परमेश्वर र दुवै मानिस हुनुहुन्छ, तापनि उहाँहरूको सेवा कार्य एकै किसिमका छैनन्। जब येशू आउनुभयो, उहाँले परमेश्वरका केही कामहरू गर्नुभयो र केही वचनहरू बोल्नुभयो– तर उहाँले पूरा गर्नुभएको मुख्य काम के थियो? उहाँले मुख्य रूपमा पूरा गर्नुभएको काम क्रूसीकरण थियो। क्रूसीकरणको काम पूरा गर्न र सारा मानव जातिलाई छुटकारा दिन उहाँ पापी मानिसको स्वरूप धारण गर्नुभयो, र सारा मानवजातिको पापका निम्ति उहाँ पाप बलि बन्नुभयो। उहाँले पूरा गर्नुभएको मुख्य काम यही नै थियो। आखिरीमा, उहाँले पछि आउनेहरूलाई डोर्‍याउन क्रूसको बाटो प्रदान गर्नुभयो। जब येशू आउनुभयो, यो मुख्य रूपमा छुटकाराको काम पूरा गर्नुथियो। उहाँले सबै मानवजातिलाई छुटकारा दिनुभयो, र उहाँले स्वर्गको राज्यको सुसमाचार मानिसहरूकहाँ ल्याउनुभयो, र यसबाहेक, उहाँले स्वर्ग राज्यतिर जाने बाटो ल्याउनुभयो। फलस्वरूप, पछि आउने सबैले भने, "हामी क्रूसको बाटोमा हिँड्नुपर्छ र आफैलाई क्रूसको निम्ति बलिदान गर्नुपर्छ।" निस्सन्देह, सुरुसुरुमा येशूले अरू केही काम पनि गर्नुभयो र मानिसलाई पश्चाताप गर्ने र आफ्ना पापहरू स्वीकार गर्ने बनाउन केही वचनहरू बोल्नुभयो। तर उहाँको सेवा कार्य अझै पनि क्रूसीकरण नै थियो मा, र उहाँले साढे तीन वर्ष प्रचार गर्नुभएको मार्ग पछि आउने क्रूसीकरणको निम्ति तयारी थियो। येशूले जति धैरै पल्ट प्रार्थना गर्नुभयो ती सबै पनि क्रूसीकरणको निम्ति थिए। उहाँले एक सामान्य मानिसको जीवन जिउनु, अनि पृथ्वीमा साढे तेत्तीस वर्ष जिउनु मुख्यतया: क्रूसीकरणको खातिर नै थियो; तिनीहरूले उहाँलाई यो काम गर्ने शक्ति दिनुपर्थ्यो, फलस्वरूप परमेश्वरले उहाँलाई क्रूसमा टाँगिने काम सुम्पनुभयो। देहधारी परमेश्वरले आज कुन काम पूरा गर्नुहुनेछ? आज, परमेश्वर मुख्य रूपले "शरीरमा प्रकट हुनुभएका वचन" को काम पूरा गर्न, मानिसलाई सिद्ध बनाउन वचन प्रयोग गर्न, मानिसलाई वचनको निराकरण र वचनको शोधन स्वीकार गर्ने बनाउन देहधारी हुनुभएको छ। उहाँका वचनहरूमा उहाँले तँलाई प्रावधानहरू र जीवन प्राप्त गर्ने तुल्याउनुहुन्छ; उहाँका वचनहरूमा तँ उहाँका काम र कार्यहरू देख्छस्। परमेश्वरले तँलाई सजाय दिन र शोधन पार्नका निम्ति वचन प्रयोग गर्नुहुन्छ, र यसैले यदि तैँले कठिनाइ भोगिस् भने त्यो पनि परमेश्वरको वचनको कारणले गर्दा नै हो। आज, परमेश्वरले तथ्यहरूद्वारा काम गर्नुहुन्न, तर वचनहरूद्वारा गर्नुहुन्छ। उहाँको वचन तँमा आएपछि मात्र पवित्र आत्माले तँभित्र काम गर्न सक्नुहुनेछ र तँलाई कष्ट भोग्ने वा मिठास अनुभव गर्ने तुल्याउनुहुन्छ। परमेश्वरको वचनले मात्र तँलाई वास्तविकतामा ल्याउन सक्छ, र परमेश्वरको वचन मात्र तँलाई सिद्ध बनाउन सक्षम छ। अनि यसैले कम्तीमा पनि तैँले यसलाई बुझ्नैपर्छ: परमेश्वरले आखिरी दिनहरूमा गर्नुभएका काम मुख्य रूपले उहाँको

वचन प्रयोग गरेर प्रत्येक व्यक्तिलाई सिद्ध बनाउनु र मानिसलाई बाटो देखाउनु हो। उहाँले सबै काम उहाँको वचनद्वारा गर्नुहुन्छ; तँलाई सजाय दिन उहाँले तथ्यहरू प्रयोग गर्नुहुन्न। यस्ता समयहरू हुन्छन्, जब केही मानिसहरूले परमेश्वरको विरोध गर्छन्। परमेश्वरले तँलाई असुविधामा पार्नुहुन्न, तेरो शरीरलाई सजाय दिनुहुन्न, न त तैँले कष्ट भोग्नेछस्—तर तँमाथि उहाँको वचन आउने बित्तिकै, र त्यसले तँलाई शोधन गर्छ र यो तेरो निम्ति असहनीय हुन्छ। के त्यस्तो हुँदैन र? सेवाकर्ताहरूको समयमा परमेश्वरले मानिसलाई अतल कुण्डमा फालिदिनु भन्नुभयो। के मानिस साँच्चै अतल कुण्डमा पुगेको छ? मानिसलाई शोधन गर्न वचनहरू प्रयोग गरेर मानिस अतल कुण्डमा प्रवेश गऱ्यो। अनि यसैले, आखिरी दिनहरूमा जब परमेश्वर देहधारी हुनुहुन्छ, उहाँले मुख्य रूपले सबै काम गर्न र सबै कुरा स्पष्ट पार्न वचन प्रयोग गर्नुहुन्छ। उहाँको वचनमा मात्र उहाँ को हुनुहुन्छ भनी तैँले देख्न सक्छस्; उहाँको वचनमा मात्र उहाँ स्वयम् परमेश्वर हुनुहुन्छ भनी देख्न देख्न सक्छस्। जब देहधारी परमेश्वर पृथ्वीमा आउनुहुन्छ, उहाँले वचन बोल्ने बाहेक अरू काम गर्नुहुन्न—त्यसैले त्यहाँ तथ्यहरूको कुनै आवश्यकता छैन; वचनहरू नै पर्याप्त छन्। यसकारण, उहाँ मुख्यतया: यही काम गर्न आउनुभएको हो, मानिसलाई उहाँको वचनमा उहाँको शक्ति र सर्वोच्चता देख्न दिन, उहाँले नम्रतासाथ आफैलाई कसरी लुकाउनुहुन्छ सो मानिसलाई उहाँको वचनमा देख्न दिन, अनि मानिसलाई उहाँको वचनमा उहाँको समग्रता जान्न दिन आउनुभएको हो। उहाँसँग जे छन् र उहाँ जो हुनुहुन्छ ती सब उहाँको वचनमा छन्। उहाँको बुद्धि र उहाँका अद्भुतता उहाँको वचनमा छन्। यसमा तँलाई परमेश्वरले उहाँका वचनहरू बोल्नुहुने धेरै विधिहरू देख्ने तुल्याइन्छ। यो सब समयमा परमेश्वरको धेरै जसो काम प्रबन्ध गर्नु, प्रकाश दिनु, र मानिसको निराकरण गर्नु नै भएको छ। उहाँले मानिसलाई हलकासाथ सराप्नुहुन्न, उहाँले सराप्नु भए पनि, उहाँले वचनद्वारा नै तिनीहरूलाई सराप्नु हुन्छ। अनि यसैले, परमेश्वर देहधारी हुनुभएको यो युगमा, परमेश्वरले फेरि बिरामीलाई निको पार्नुभएको र भूतात्माहरू निकाल्नुभएको देख्ने कोसिस नगर्नुहोस्, अनि निरन्तर चिह्नहरू खोज्न छोडिदिनुहोस्—त्यसको कुनै अर्थ हुँदैन! ती चिह्नहरूले मानिसलाई सिद्ध बनाउन सक्दैन। स्पष्ट रूपमा भन्ने हो भने: आज, देहधारण गर्नुहुने वास्तविक परमेश्वर आफैले काम गर्नुहुन्न; उहाँ बोल्नु हुन्छ मात्र। यो सत्यता हो। उहाँले तँलाई सिद्ध बनाउन वचनहरू प्रयोग गर्नुहुन्छ, उहाँले तँलाई खुवाउन र पानी पियाउन वचन प्रयोग गर्नुहुन्छ। उहाँले काम गर्नका निम्ति पनि वचनहरू प्रयोग गर्नुहुन्छ, तँलाई उहाँको वास्तविकता थाहा गराउन उहाँले तथ्यहरूको सट्टामा वचनहरू प्रयोग गर्नुहुन्छ। यदि तँ परमेश्वरको यस किसिमको कामलाई बुझ्न सक्षम छस् भने नकारात्मक हुन कठिन हुन्छ। नकारात्मक कुराहरूमा ध्यान दिनुभन्दा तैँले सकारात्मक कुराहरूमा ध्यान दिनुपर्छ—भन्नुको अर्थ, परमेश्वरका वचनहरू पूरा भए वा नभए पनि वा तथ्यहरूको आगमन भए वा नभए पनि परमेश्वरले उहाँको वचनबाट मानिसलाई जीवन प्राप्त गर्न दिनुहुन्छ, अनि यो सबै चिह्नहरूमध्ये ठूलो हो; अझ त्योभन्दा बढी यो एउटा निर्विवाद सत्यता हो। परमेश्वरलाई जान्ने यो नै सर्वोत्तम प्रमाण हो, र यो चिह्नहरूभन्दा ठूलो एउटा चिह्न हो। यी वचनहरूले मात्र मानिसलाई सिद्ध बनाउन सक्छ।

परमेश्वरको राज्यको युग सुरु हुनसाथै, परमेश्वरले उहाँका वचनहरू प्रकट गर्न थाल्नुभयो।

भविष्यमा यी वचनहरू क्रमिक रूपमा पूरा हुनेछन्, अनि त्यो समयमा मानिस जीवनमा बढ्नेछ। मानिसको भ्रष्ट स्वभाव प्रकट गर्न परमेश्‍वरले गर्नुहुने वचनको प्रयोग अझ बढी वास्तविक, अझ बढी आवश्यक हुनेछ, अनि मानिसको विश्‍वासलाई सिद्ध बनाउने आफ्नो काम गर्न उहाँले अरू केही होइन तर उहाँको वचन प्रयोग गर्नुहुन्छ, किनकि अहिले वचनको युग हो, यसको निम्ति विश्‍वास, संकल्प र मानिसको सहकार्य आवश्यक हुन्छ। आखिरी दिनहरूमा हुने देहधारी परमेश्‍वरको काम मानिसको निम्ति सेवा र प्रबन्ध गर्न उहाँको वचन प्रयोग गर्नु नै हो। देहधारी परमेश्‍वरले आफ्ना वचनहरू बोलिसक्नुभएपछि मात्र ती पूरा हुन थाल्नेछन्। उहाँ बोल्नुभएको समयमा उहाँका वचनहरू पूरा हुँदैनन्, किनकि उहाँ शरीरको चरणमा हुनुहुँदा उहाँका वचनहरू पूरा हुन सक्दैनन्। यस्तो हुन्छ कि मानिसले परमेश्‍वर आत्मा होइन शरीरमा हुनुहुन्छ भनी देख्न सकून्; ताकि मानिसहरूले आफ्नै आँखाले परमेश्‍वरको वास्तविकता देख्न सकून्। उहाँको काम पूरा भएको दिन, जब उहाँले पृथ्वीमा बोल्नुपर्ने सबै वचनहरू बोलिसक्नुभएको हुन्छ, उहाँका वचनहरू पूरा हुन थाल्छन्। यो परमेश्‍वरका वचनहरू पूरा हुने युग होइन, किनकि उहाँले अझै उहाँका वचनहरू बोलिसक्नुभएको छैन। यसैले, जब तँ परमेश्‍वरले पृथ्वीमा अझै उहाँका वचनहरू बोलिरहनुभएको देख्छस् तब उहाँको वचन पूरा होला भनी नपर्खी। जब परमेश्‍वरले आफ्ना वचनहरू बोल्न बन्द गर्नुहुन्छ, र जब पृथ्वीमा उहाँको काम पूरा हुन्छ त्यत्ति बेला उहाँका वचनहरू पूरा हुन थाल्छन्। उहाँ पृथ्वीमा वचनहरूमा बोल्नुहुन्छ, त्यहाँ एक हिसाबले जीवनको प्रबन्ध हो, अर्को त्यहाँ अगमवाणी हो–आउने कुराहरूको अगमवाणी, जुन कुराहरू गरिनेछन्, अनि अझ पूरा हुन बाँकी रहेका कुराहरूको अगमवाणी। येशूका वचनहरूमा पनि अगमवाणी थियो। एक हिसाबले उहाँले जीवन दिनुभयो र अर्को हिसाबले अगमवाणी बोल्नुभयो। आज, वचनहरू र तथ्यहरू पूरा गर्ने कुरा गरिँदैन, यसको साथसाथै मानिसका आफ्नै आँखाहरूले देख्न सकिने र परमेश्‍वरले गर्नुभएका काम बीच ठूलो भिन्नता छ। यति मात्र भन्न सकिन्छ कि, एक पटक परमेश्‍वरको काम पूरा गरिएको हुन्छ, उहाँका वचनहरू पूरा गरिनेछन्, अनि वचनहरूपछि तथ्यहरू आउनेछन्। आखिरी दिनहरूमा देहधारी परमेश्‍वरले पृथ्वीमा वचनको सेवकाइ गर्नुहुन्छ, अनि वचनको सेवकाइ गर्दा उहाँले वचनहरू मात्र बोल्नुहुन्छ, र अरू विषयहरूलाई ध्यान दिनुहुन्न। एक पल्ट परमेश्‍वरको काम परिवर्तन भएपछि उहाँका वचनहरू पूरा हुन थाल्नेछन्। आज वचनहरू सबैभन्दा पहिले तँलाई सिद्ध बनाउनका निम्ति प्रयोग गरिन्छ; जब उहाँले सारा ब्रह्माण्डभरि महिमा प्राप्त गर्नुहुन्छ, उहाँको काम पूरा हुनेछ–बोलिनुपर्ने सबै वचनहरू बोलिसकेको हुनेछ, र सबै वचनहरू तथ्य भएका हुनेछन्। परमेश्‍वर आखिरी दिनहरूमा पृथ्वीमा वचनको सेवकाइ गर्न आउनुभएको छ, ताकि मानवजातिले उहाँलाई चिन्न सकोस्, र मानव जातिले उहाँ के हुनुहुन्छ भनी देख्न सकोस् र उहाँको वचनबाट उहाँको बुद्धि र उहाँका सबै अचम्मका कामहरू देख्न सकोस्। राज्यको युगमा परमेश्‍वरले मुख्यतया: सबै मानव जातिलाई जित्न वचन प्रयोग गर्नुहुन्छ। भविष्यमा, उहाँको वचन प्रत्येक धर्म, खण्ड, राष्ट्र र सम्प्रदायमाथि पनि आउनेछ। परमेश्‍वरले वचनको प्रयोग जित्न, सबै मानिसलाई उहाँको वचनमा अधिकार र शक्ति छ भनी देखाउन प्रयोग गर्नुहुन्छ–यसैले आज तिमीहरू परमेश्‍वरको वचनको मात्र सामना गर्नुहुन्छ।

यस युगमा परमेश्वरले बोल्नुभएका वचनहरू व्यवस्थाको युगमा बोलिएका वचनहरूभन्दा फरक छन्, साथै ती अनुग्रहको युगमा बोलिएका वचनहरूभन्दा पनि फरक छन्। अनुग्रहको युगमा, परमेश्वरले वचनको काम गर्नुभएन, तर सारा मानव जातिलाई छुटकारा दिनका निम्ति उहाँले क्रूसीकरणको वर्णन मात्र गर्नुभयो। बाइबलले येशू किन क्रूसमा टाँगिनुभएको र क्रूसमा उहाँले भोग्नुभएको दुःखको बारेमा र मानिस कसरी परमेश्वरको निम्ति क्रूसमा टाँगिनुपर्छ भन्ने कुरा मात्र वर्णन गर्दछ। त्यस युगको अवधिमा, परमेश्वरले गर्नुभएका सबै काम क्रूसीकरणबाट केन्द्रित थियो। राज्यको युगमा, देहधारी परमेश्वरले उहाँमा विश्वास गर्ने सबैलाई जित्नका निम्ति वचनहरू बोल्नुहुन्छ। "वचन शरीरमा देखा पर्नुहुन्छ" भनेको यही हो। आखिरी दिनहरूमा यो काम गर्नलाई परमेश्वर आउनुभएको छ, भन्नुको अर्थ, उहाँ वचन शरीरमा देखा पर्नुहुन्छ भन्ने तथ्यको वास्तविक महत्त्वलाई पूरा गर्न आउनुभएको छ। उहाँले वचनहरू मात्र बोल्नुहुन्छ, अनि त्यहाँ तथ्यहरूको उदय बिरलै हुन्छन्। वचन शरीरमा देखा पर्नुहुन्छको सार यही हो र जब देहधारी परमेश्वरले आफ्ना वचनहरू बोल्नुहुन्छ, उहाँको वचन शरीरमा देखा पर्नु, र वचन देहमा आउनु भनेको यही हो। "प्रारम्भमा वचन हुनुहुन्थ्यो, र वचन परमेश्वरसँग हुनुहुन्थ्यो, र वचन नै परमेश्वर हुनुहुन्थ्यो, र वचन देह बन्नुभयो।" यो (वचन शरीरमा देखा पर्ने काम) परमेश्वरले आखिरी दिनहरूमा पूरा गर्नुहुने काम हो, अनि यो उहाँको सम्पूर्ण व्यवस्थापन योजनाको अन्तिम अध्याय हो, यसैले परमेश्वर संसारमा आउनुपर्छ र उहाँका वचनहरू शरीरमा प्रकट गर्नुपर्छ। आज जे गरिन्छ, भविष्यमा जे गरिनेछ, परमेश्वरद्वारा जे पूरा गरिनेछ, मानिसको अन्तिम गन्तव्य, तिनीहरू जो मुक्त हुनेछन्, तिनीहरू जो नाश पारिनेछन्, र इत्यादि–अन्त्यमा पूरा गरिने यी सबै काम स्पष्ट रूपमा बताइएको छ, अनि यी सबै वचन शरीरमा देखा पर्नुहुन्छ भन्ने तथ्यको वास्तविक महत्त्वलाई पूरा गर्नका निम्ति हो। पहिले जुन प्रशासनिक आदेश र संविधान जारी गरिएको थियो, तिनीहरू जो नाश पारिनेछन्, तिनीहरू जो विश्राममा प्रवेश गर्नेछन्–यी वचनहरू सबैलाई पूरा गरिनैपर्छ। यो देहधारी परमेश्वरले आखिरी दिनहरूमा मुख्य रूपमा पूरा गर्नुहुने काम हो। उहाँले मानिसहरूलाई परमेश्वरले अघिबाटै नियुक्त गर्नुभएकाहरू कहाँको स्वामित्वमा हुन्छन् र परमेश्वरले अघिबाटै नियुक्त नगर्नुभएकाहरू कहाँको स्वामित्वमा हुन्छन्, उहाँका मानिसहरू र छोराहरूलाई कसरी वर्गीकरण गरिनेछ, इस्राएललाई के हुनेछ, मिश्रलाई के हुनेछ सो बुझ्ने तुल्याउनुहुन्छ–भविष्यमा ती प्रत्येक वचनहरू पूरा गरिनेछ। परमेश्वरको कामको गति बढिरहेको छ। परमेश्वरले प्रत्येक युगमा के गरिनुपर्छ, आखिरी दिनहरूमा देहधारी परमेश्वरद्वारा के काम हुनुपर्छ, गर्नुपर्ने उहाँको सेवकाइ आदि कुरा मानिसलाई प्रकट गर्ने माध्यमको रूपमा परमेश्वरले वचनको प्रयोग गर्नुहुन्छ, अनि यी वचनहरू सबै वचन शरीरमा देखा पर्नुहुन्छको वास्तविक महत्त्व प्राप्त गर्नका निम्ति हुन्।

मैले अघिबाटै भनेको छु, "चिन्हहरू र अचम्मका कामहरू हेर्नमा मात्र ध्यान दिनेहरू सबैलाई त्यागिनेछ; तिनीहरू ती होइनन्, जसलाई सिद्ध बनाइनेछ।" मैले धेरै वचनहरू बोलेको छु, तापनि मानिसमा यो कामको थोरै ज्ञान पनि छैन, अनि, यस विन्दुमा पुगिसकेपछि पनि मानिसहरू अझै चिह्नहरू र अचम्मका कामहरूको खोजी गर्छन्। के परमेश्वरमाथिको तेरो विश्वास चिह्नहरू र अचम्मका कामहरू खोज्नु बाहेक अरू केही होइन वा के त्यो जीवन प्राप्त गर्नका निम्ति मात्र हो?

येशूले पनि धेरै वचनहरू बोल्नुभयो, र तीमध्ये केही अझै पूरा हुनु बाँकी नै छ। के तँ येशू परमेश्‍वर हुनुहुन्‍न भनेर भन्‍न सक्छस्? परमेश्‍वरले उहाँ ख्रीष्‍ट र परमेश्‍वरका पुत्र हुनुहुन्छ भनी साक्षी दिनुभयो। के तँ यो कुरालाई इन्कार गर्न सक्छस्? आज, परमेश्‍वरले वचनहरू मात्र बोल्नुहुन्छ, र यदि तैँले यसलाई पूर्ण रूपमा जानेनस् भने तँ दृढ भई खडा हुन सक्दैनस्। तँ उहाँ परमेश्‍वर हुनुभएकोले उहाँमा विश्‍वास गर्छस् कि उहाँका वचनहरू पूरा भएका छन् कि छैनन् भन्‍ने कुराको आधारमा उहाँमा विश्‍वास गर्छस्? तँ चिह्‍न र अचम्मका कामहरूमा विश्‍वास गर्छस् कि परमेश्‍वरमा विश्‍वास गर्छस्? आज, उहाँले चिन्हहरू र अचम्मका कामहरू देखाउनुहुन्‍न—के उहाँ साँच्चै परमेश्‍वर नै हुनुहुन्छ? यदि उहाँले बोल्नुहुने वचनहरू पूरा हुँदैनन् भने, के उहाँ साँच्चै परमेश्‍वर हुनुहुन्छ? के परमेश्‍वरको अस्तित्व उहाँले बोल्नुभएका वचनहरू पूरा भए कि भएनन् भन्‍ने कुराद्‌वारा निर्धारित हुन्छ? किन केही मानिसहरू परमेश्‍वरमा विश्‍वास गर्नुभन्दा अघि उहाँका वचनहरू पूरा होस् भनी सँधै पर्खिरहन्छन्? के यसको अर्थ तिनीहरूले उहाँलाई चिन्दैनन् भन्‍ने हुँदैन र? यस्ता धारणा भएकाहरू सबै ती हुन् जसले परमेश्‍वरलाई इन्कार गर्छन्। तिनीहरूले परमेश्‍वरलाई नाप्‍न आफ्ना धारणाहरू प्रयोग गर्छन्; यदि परमेश्‍वरका वचनहरू पूरा भए भने तिनीहरूले उहाँमा विश्‍वास गर्छन्, यदि पूरा भएनन् भने तिनीहरूले उहाँमा विश्‍वास गर्दैनन्; अनि तिनीहरूले सधैँ चिह्‍नहरू र अचम्मका कामहरूको खोजी गर्छन्। के यी मानिसहरू आधुनिक समयका फरिसीहरू होइनन् र? तँ दृढसँग खडा हुन सक्छस् कि सक्दैनस् भन्‍ने कुरा तैँले वास्तविक परमेश्‍वरलाई चिनेको छस् कि छैनस् त्यस कुरामा भर पर्छ—यो महत्त्वपूर्ण छ! तँ परमेश्‍वरको वचनको वास्तविकता जति ठूलो हुन्छ, परमेश्‍वरको वास्तविकता सम्बन्धी तेरो ज्ञान पनि त्यत्ति नै ठूलो हुन्छ, र तँ परीक्षाहरूको समयमा त्यति नै दृढ रूपमा खडा हुन सक्छस्? तैँले चिन्हहरू र अचम्मका कामहरू देख्‍ने कुरामा जति धेरै ध्यान दिन्छस्, तँ त्यत्ति नै कम रूपमा दृढ रूपमा खडा हुन सक्छस्, र तँ परीक्षाहरूको बीचमा पर्छस्। चिन्हहरू र अचम्मका कामहरू जग होइनन्; परमेश्‍वरको वास्तविकता मात्र जीवन हो। केही मानिसहरूलाई परमेश्‍वरको कामले प्राप्‍त गर्नुपर्ने प्रभावहरूको बारेमा थाहा हुँदैन। तिनीहरू आफ्ना दिनहरू अलमल्लमा पर्दै बिताउँछन्, परमेश्‍वरको कामको ज्ञानको खोजी गर्दैनन्। तिनीहरूका खोजको लक्ष्य परमेश्‍वरलाई तिनीहरूका चाहनाहरू पूरा गर्न लगाउनु मात्र हुन्छ, तब मात्र तिनीहरू आफ्नो विश्‍वासमा गम्भीर बन्‍नेछन्। तिनीहरू भन्छन्, यदि परमेश्‍वरका वचनहरू पूरा भए भने तिनीहरू जीवनको पछि लाग्छन्, तर यदि उहाँका वचनहरू पूरा भएनन् भने, तिनीहरूले जीवनको खोजी गर्ने कुनै सम्भावना हुँदैन। मानिसहरू सोच्छन्, कि परमेश्‍वरमा विश्‍वास गर्नु भनेको चिन्हहरू र अचम्मका कामहरू हेर्ने र स्वर्गमा अनि तेस्रो स्वर्गमा चढ्ने खोजीमा लाग्नु हो। कसैले पनि यो भन्दैन, कि परमेश्‍वरमाथिको तिनीहरूको विश्‍वास वास्तविकतामा प्रवेश गर्ने खोजी हो, जीवनको खोजी हो, र परमेश्‍वरद्‌वारा प्राप्‍त गरिने कार्यको खोजी हो। यस्तो खोजीको के मूल्य हुन्छ र? जस-जसले परमेश्‍वरको ज्ञानको र उहाँको सन्तुष्टिको खोजी गर्दैनन् तिनीहरू परमेश्‍वरमा विश्‍वास नगर्नेहरू हुन्; तिनीहरू परमेश्‍वरको निन्दा गर्नेहरू हुन्।

परमेश्‍वरमाथिको विश्‍वास भनेको के हो भनी अब तिमीहरूले बुझ्छौ? के परमेश्‍वरमा विश्‍वास गर्नुको अर्थ चिन्हहरू र अचम्मका कामहरू हेर्नु हो? के यसको अर्थ स्वर्गमा उक्लिनु हो?

परमेश्वरमा विश्वास गर्नु अलिकति पनि सजिलो हुँदैन। ती धार्मिक अभ्यासहरूलाई शुद्ध पारिनुपर्छ; बिरामीको चङ्गाइ र भूतात्माहरू निकाल्ने कार्यको पछि लाग्नु, चिन्हहरू र अचम्मका कामहरू ध्यान लगाउनु, परमेश्वरबाट अझ बढी अनुग्रह, शान्ति र आनन्द पाउने लालसा गर्नु, देहको सफलताहरू र आराम-सुविधाको पछि लाग्नु—यी सबै धार्मिक अभ्यासहरू हुन्, अनि यस्ता अभ्यासहरू अस्पष्ट किसिमको विश्वास हो। आज परमेश्वरमाथिको वास्तविक विश्वास भनेको के हो? यो परमेश्वरको वचनलाई तेरो जीवन-वास्तविकताको रूपमा स्वीकार गर्नु र परमेश्वरबाट साँचो प्रेम हासिल गर्ने उहाँलाई उहाँकै वचनबाट चिन्नु हो। अझ स्पष्ट रूपमा भन्दा: परमेश्वरमा विश्वास गर्नु भनेको तैँले उहाँको आज्ञापालन गर्नु, उहाँलाई प्रेम गर्नु र परमेश्वरको सृष्टिले गर्नुपर्ने कर्तव्य पूरा गर्नको लागि हो। परमेश्वरमा विश्वास गर्नुको उद्देश्य यही नै हो। तैँले परमेश्वरको प्रेमिलोपनको, उहाँ हाम्रो आदरको कति योग्य हुनुहुन्छ, र परमेश्वरले उहाँका सृष्टिहरूमा कसरी मुक्तिको काम गर्नुहुन्छ र तिनीहरूलाई सिद्ध बनाउनुहुन्छ भन्ने ज्ञान प्राप्त गर्नैपर्छ—यी परमेश्वरमाथिको तेरा विश्वासका अत्यावश्यक तत्वहरू हुन्। परमेश्वरमा विश्वास गर्नु भनेको मुख्य रूपले देहको जीवनबाट परमेश्वरलाई प्रेम गर्ने जीवनमा सर्नु हो; भ्रष्टतामा जिउनुबाट परमेश्वरको वचन पालन गर्ने जीवनमा सर्नु हो; यो शैतानको अधिकार-क्षेत्रबाट बाहिर निस्केर परमेश्वरको वास्ता र सुरक्षामा जिउनु हो; यो परमेश्वरमा आज्ञाकारी हुन सक्नु र देहको आज्ञाकारी नहुनु हो; यो परमेश्वरलाई तेरो सम्पूर्ण हृदय प्राप्त गर्न दिनु हो, जसद्वारा परमेश्वरलाई तँलाई सिद्ध बनाउन दिनु हो, र तैँले आफैलाई भ्रष्ट शैतानिक स्वभावबाट मुक्त गर्नु हो। परमेश्वरमा विश्वास गर्नु भनेको विशेष रूपले परमेश्वरको शक्ति र महिमा तँमा प्रकट हुन दिनु हो, तैँले परमेश्वरको इच्छाको काम गर्नु र उहाँको योजना पूरा गर्नु हो, साथै शैतानको सामु परमेश्वरको साक्षी दिन सक्नु हो। परमेश्वरमाथिको विश्वास चिन्हहरू र अचम्मका कामहरू हेर्ने चाहने तेरो इच्छामा केन्द्रित हुनुहुँदैन, न त त्यो तेरो व्यक्तिगत देहको निम्ति नै हुनुपर्छ। त्यो परमेश्वरलाई चिन्ने, र परमेश्वरको आज्ञापालन गर्न सक्ने हुन, अनि पत्रुसले झैं मृत्युसम्म उहाँको आज्ञापालन गर्ने विषयमा हुनुपर्छ। परमेश्वरमा विश्वास गर्नुका मुख्य उद्देश्यहरू यिनै हुन्। व्यक्तिले परमेश्वरलाई चिन्न र उहाँलाई सन्तुष्ट पार्नका निम्ति परमेश्वरको वचन खान्छ र पिउँछ। परमेश्वरको वचन खाँदा र पिउँदा त्यसले तँलाई परमेश्वरको बारेमा महान् ज्ञान दिन्छ, त्यसपछि मात्र तैँले उहाँको आज्ञापालन गर्न सक्छस्। परमेश्वर सम्बन्धी ज्ञानद्वारा मात्रै तैँले उहाँलाई प्रेम गर्न सक्छस्, अनि परमेश्वरमाथिको मानिसको विश्वासमा हुनुपर्ने उद्देश्य यही नै हो। यदि परमेश्वरमाथिको तेरो विश्वासमा तँ सधैँ चिन्हहरू र अचम्मका कामहरू हेर्ने मात्र कोसिस गर्छस् भने, परमेश्वरमाथिको विश्वासको यो दृष्टिकोण गलत छ। परमेश्वरमा विश्वास गर्नु भनेको मुख्य रूपले परमेश्वरको वचनलाई जीवन-वास्तविकताको रूपमा ग्रहण गर्नु हो। परमेश्वरको मुखबाट निस्केको वचनलाई अभ्यास गरेर अनि तिनलाई तँ आफैमा लागू गरेर मात्र परमेश्वरको उद्देश्य पूरा हुन्छ। परमेश्वरमा विश्वास गर्दा, मानिसले परमेश्वरद्वारा सिद्ध हुने, परमेश्वरमा समर्पित हुन सक्ने र परमेश्वरप्रति पूर्ण आज्ञाकारी हुने कार्यको खोजी गर्नुपर्छ। यदि तैँले कुनै गुनासो नगरी परमेश्वरको आज्ञापालन गर्न सक्छस्, परमेश्वरका इच्छाहरूलाई ध्यानमा राख्छस्, पत्रुसको कद हासिल गर्न सक्छस्, अनि

परमेश्वरले भन्नुभएको जस्तो पत्रुसको शैली प्राप्त गर्न सक्छस् भने, तब तैँले परमेश्वरमाथिको विश्वासमा सफलता हासिल गरेको हुनेछ, अनि त्यसले तँ परमेश्वरद्वारा प्राप्त गरिएको छस् भन्ने सूचित गर्दछ।

परमेश्वरले सारा ब्रह्माण्डभरि उहाँको काम गर्नुहुन्छ। उहाँमा विश्वास गर्नेहरू सबैले उहाँको वचनलाई स्वीकार गर्नुपर्छ, अनि उहाँको वचन खानु र पिउनु पर्छ; परमेश्वरद्वारा प्रकट गरिएका चिह्नहरू र अचम्मका कामहरू हेरेर कोही पनि परमेश्वरद्वारा प्राप्त हुन सक्दैनन्। युगौंयुगभरि परमेश्वरले मानिसलाई सिद्ध बनाउन सधैँ वचन प्रयोग गर्नुभएको छ। यसैकारण तिमीहरूले आफ्नो सम्पूर्ण ध्यान चिह्नहरू र अचम्मका कामहरूमा लगाउनु हुँदैन, तर परमेश्वरद्वारा सिद्ध बनाइने कोसिस गर्नुपर्छ। पुरानो करारको व्यवस्थाको युगमा, परमेश्वरले केही वचनहरू बोल्नुभयो अनि अनुग्रहको युगमा येशूले पनि धेरै वटा वचनहरू बोल्नुभयो। येशूले धेरै वचनहरू भनिसक्नुभएपछि, पछिबाट प्रेरितहरू र चेलाहरूले मानिसहरूलाई येशूले दिनुभएका आज्ञाहरू अनुसार अभ्यास गर्न अगुवाइ गरे अनि येशूले बोल्नुभएका वचनहरू र सिद्धान्तहरूको अनुभव गरे। आखिरी दिनहरूमा, परमेश्वरले मानिसलाई सिद्ध बनाउन मुख्य रूपमा वचनकै प्रयोग गर्नुहुन्छ। उहाँले मानिसलाई दबाब दिन, वा विश्वस्त तुल्याउन चिह्नहरू र अचम्मका कामहरू प्रयोग गर्नुहुन्न; यसले परमेश्वरको शक्तिलाई स्पष्ट बनाउन सक्दैन। यदि परमेश्वरले चिह्नहरू र अचम्मका कामहरू मात्र देखाउनुभएको भए, परमेश्वरको वास्तविकता स्पष्ट पार्न असम्भव हुनेथियो, यसरी मानिसलाई सिद्ध बनाउन पनि असम्भव नै हुनेथियो। परमेश्वरले चिह्नहरू र अचम्मका कामहरूद्वारा मानिसलाई सिद्ध बनाउनुहुन्न, तर मानिसमा पानी हाल्न र गोठालो गर्न वचनको प्रयोग गर्नुहुन्छ, त्यसपछि मानिसको पूर्ण आज्ञाकारीता र मानिसमा परमेश्वरको ज्ञान प्राप्त गरिन्छ। उहाँले गर्नुहुने काम र उहाँले बोल्नुहुने वचनको उद्देश्य यही नै हो। परमेश्वरले मानिसलाई सिद्ध बनाउनका निम्ति चिह्नहरू र अचम्मका कामहरू देखाउने विधिको प्रयोग गर्नुहुन्न—उहाँले मानिसलाई सिद्ध पार्नको लागि वचनहरू प्रयोग गर्नुहुन्छ, र धेरै वटा फरक-फरक तरिकाहरू प्रयोग गर्नुहुन्छ। चाहे त्यो शोधन होस्, निराकरण र काँटछाँट वा वचनहरूको प्रबन्ध होस्, मानिसलाई सिद्ध बनाउन अनि मानिसलाई परमेश्वरको काम, बुद्धि र अद्भुदताको ज्ञान दिन परमेश्वर विभिन्न दृष्टिकोणहरूबाट बोल्नुहुन्छ। जब परमेश्वरले आखिरी दिनहरूमा युगको समाप्ति गर्नुहुने समयमा मानिसलाई पूर्ण बनाइन्छ, त्यसबेला ऊ चिन्हहरू र अचम्मका कामहरू हेर्न योग्यको हुनेछ। जब तँ परमेश्वरलाई चिन्छस् र परमेश्वरले जे नै गर्नुभए पनि उहाँको आज्ञापालन गर्ने सक्ने बन्छस्, तब चिह्नहरू र अचम्मका कामहरू देख्दा उहाँको विषयमा तँमा उप्रान्त कुनै धारणाहरू हुनेछैन। यस क्षणमा, तँ भ्रष्ट छस् र परमेश्वरको पूर्ण आज्ञा पालन गर्न असक्षम छस्—के यस्तो अवस्थामा तँ परमेश्वरका चिन्हहरू र अचम्मका कामहरू देख्न योग्य छस् भन्ने ठान्छस्? जब परमेश्वरले चिन्हहरू र अचम्मका कामहरू देखाउनुहुन्छ, त्यही बेला परमेश्वरले मानिसलाई दण्ड दिनुहुन्छ, अनि युग परिवर्तन हुन्छ, त्यसबाहेक युगको अन्त्य पनि हुन्छ। जब परमेश्वरको काम सामान्य रूपमा पूरा भइरहेको हुन्छ, त्यसबेला उहाँले चिन्हहरू र अचम्मका कामहरू देखाउनुहुन्न। चिन्हहरू र अचम्मका कामहरू देखाउनु उहाँको निम्ति हास्यास्पद रूपमा

सजिलो हुन्छ, तर परमेश्‍वरको कामको सिद्धान्त त्यो होइन, न त त्यो मानिसको निम्ति परमेश्‍वरको व्यवस्थापन नै हो। यदि मानिसले चिन्हहरू र अचम्मका कामहरू देख्यो, र परमेश्‍वरको आत्मिक शरीर मानिसकहाँ देखा पर्‍यो भने, के सबै मानिसहरूले परमेश्‍वरमा विश्‍वास गर्नेथिएनन् र? मैले पहिलेबाटै भनेको थिएँ, कि विजेताहरूको एउटा दल पूर्वबाट जितिन्छ, ती विजेताहरू जो, महासंकष्टको बीचबाट निस्कन्छन्। यी वचनहरूको अर्थ के हो? तिनको अर्थ यही हो, कि ती प्राप्त गरिएका मानिसहरूले न्याय र सजाय, निराकरण र काटछाँट र हरकिसिमका शोधनबाट भएर गएपछि मात्र साँचो रूपमा आज्ञापालन गर्न सके। यी मानिसहरूको विश्‍वास अस्पष्ट र अमूर्त हुँदैन, तर वास्तविक हुन्छ। तिनीहरूले कुनै पनि चिन्हहरू र अचम्मका कामहरू वा कुनै आश्‍चर्यकर्महरू देखेका हुँदैनन्; तिनीहरू कुनै बुझ्न नसकिने अक्षरहरू र सिद्धान्तहरू वा गहन अन्तर्दृष्टिहरूको बारेमा कुरा गर्दैनन्; त्यसको साटो, तिनीहरूसित वास्तविकता, परमेश्‍वरका वचनहरू र परमेश्‍वरको वास्तविकताको साँचो ज्ञान हुन्छ। के यस्तो झुण्ड परमेश्‍वरको शक्तिलाई स्पष्ट पार्न अझ बढी सक्षम हुँदैन र? आखिरी दिनहरूमा परमेश्‍वरले गर्नुहुने काम वास्तविक काम हो। येशूको युगको अवधिमा, उहाँ मानिसलाई सिद्ध बनाउन आउनुभएन, तर मानिसलाई उद्धार गर्न आउनुभयो, त्यसकारण, मानिसहरूलाई उहाँको पछि लगाउन उहाँले केही आश्‍चर्यकर्महरू गर्नुभयो। किनकि उहाँ मुख्य रूपले क्रूसीकरणको काम पूरा गर्न आउनुभएको थियो, र चिह्नहरू देखाउनु उहाँको सेवकाइको हिस्सा थिएन। त्यस्ता चिन्हहरू र अचम्मका कामहरू उहाँको कामलाई अझ प्रभावकारी बनाउन गरिएका थिए; ती अतिरिक्त काम थिए, र तिनले सम्पूर्ण युगको कामको प्रतिनिधित्व गर्दैनथिए। पुरानो करारको व्यवस्थाको युगमा, परमेश्‍वरले केही चिन्हहरू र अचम्मका कामहरू पनि देखाउनुभयो–तर परमेश्‍वरले आज गर्नुहुने काम वास्तविक काम हो, र निश्‍चय पनि उहाँले अहिले चिन्हहरू र अचम्मका कामहरू देखाउनुहुन्न। यदि उहाँले चिन्हहरू र अचम्मका कामहरू देखाउनुभयो भने उहाँको वास्तविक काम लथालिङ्ग हुनेथियो, र उहाँले अरू थप काम गर्न सक्नुहुनेथिएन। यदि परमेश्‍वरले मानिसलाई सिद्ध बनाउन वचन प्रयोग गर्छु भनी भन्नुभयो, तर उहाँले चिन्हहरू र अचम्मका कामहरू पनि देखाउनुभयो भने, के मानिसले साँच्चै उहाँमा विश्‍वास गरेको छ कि छैन भनी स्पष्ट पार्न सकिन्थ्यो? यसैले, परमेश्‍वरले त्यस्ता कार्यहरू गर्नुहुन्न। मानिसभित्र धर्म धेरै छ; परमेश्‍वर मानिसभित्र भएका सबै धार्मिक धारणाहरू र अलौकिक कुराहरूलाई रद्द गर्न अनि मानिसलाई परमेश्‍वरको वास्तविकता जनाउन आखिरी दिनहरूमा आउनुभएको छ। उहाँ परमेश्‍वरको त्यो प्रतिरूप हटाउन आउनुभएको छ, जुन अस्पष्ट र काल्पनिक छ–अर्को शब्दमा भन्ने हो भने, एउटा यस्तो परमेश्‍वरको प्रतिरूप जसको कुनै अस्तित्व नै छैन। अनि यसैले अहिले तेरो निम्ति एउटै मात्र मूल्यवान् कुरा भनेको वास्तविकताको ज्ञान प्राप्त गर्नु हो! सत्य सबै कुराभन्दा माथि हुन्छ। आज तँमा कति धेरै सत्यता छ? के चिन्हहरू र अचम्मका कामहरू देखाउनेहरू सबै परमेश्‍वर हुन्? दुष्टात्माहरूले पनि चिन्हहरू र अचम्मका कामहरू देखाउन सक्छन्; के ती सबै परमेश्‍वर हुन्? परमेश्‍वरमाथिको आफ्नो विश्‍वासमा मानिसले खोज्ने भनेको सत्यता हो र उसले जीवनमा खोज्ने कुरा जीवन हो, चिन्हहरू र अचम्मका कामहरू होइन। परमेश्‍वरमा विश्‍वास गर्ने सबैको उद्देश्य यही नै हुनुपर्छ।

# परमेश्वरलाई साँच्चै प्रेम गर्नेहरू ती हुन्
# जो उहाँको व्यावहारिकताप्रति पूर्ण रूपमा समर्पित हुन सक्छन्

व्यावहारिकता र परमेश्वरको कामको पूर्ण बुझाइको ज्ञानको प्राप्त गर्नु—यी दुवै उहाँका वचनहरूमा देखिन्छन्, र यी वचनहरूद्वारा मात्र तैँले अन्तर्दृष्टि प्राप्त गर्न सक्छस्। यसैले परमेश्वरको वचनले सुसज्जित हुनका निम्ति तैँले धेरै कुरा गर्नुपर्छ। सङ्गतिमा परमेश्वरका वचनहरूबारे तेरो ज्ञानको बारेमा बता, र यसरी तँ अरूलाई ज्ञान दिन र तिनीहरू बाहिर निस्कने मार्ग दिन सक्छस्—यो एउटा व्यावहारिक मार्ग हो। परमेश्वरले तेरो लागि वातावरण मिलाउनुभन्दा अघि, तिमीहरू प्रत्येकले पहिले आफैलाई उहाँको वचनले सुसज्जित पार्नुपर्छ। यो हरेकले गर्नुपर्ने कुरा हो; यो एक जरुरी प्राथमिकता हो। पहिले, एउटा यस्तो स्थितिमा पुग् जहाँ तैँले परमेश्वरको वचन कसरी खाने र पिउने सो जान्नेछस्। तैंले गर्न नसक्ने कुनै पनि कुराका निम्ति अभ्यास गर्ने मार्ग भेट्टाउन उहाँका वचनहरूमा खोज्, र तैंले नबुझेका कुनै पनि विषयहरू वा तँमाथि आउन सक्ने कुनै कठिनाइहरूका लागि ती वाणीहरूलाई जाँचेर हेर्। परमेश्वरका वचनहरूलाई तेरो खाद्य भण्डार बना, र तेरा व्यावहारिक कठिनाइहरू र समस्याहरूको समाधान गर्न तिनको सहायता ली; साथै उहाँको वचनलाई तेरो जीवनको सहायता बना। यी कुराहरू गर्नको लागि तेरो तर्फबाटको कोसिसको आवश्यक पर्दछ। परमेश्वरको वचन खाँदा र पिउँदा, तैंले परिणामहरू प्राप्त गर्नैपर्छ; तैंले उहाँको अघि आफ्नो हृदय शान्त बनाउन सक्नुपर्छ, र तैंले जब-जब समस्याहरूको सामना गर्छस् त्यसबेला तैंले उहाँका वाणीहरू अनुसार अभ्यास गर्नैपर्छ। जब तैँले कुनै समस्याहरूको सामना गरेको हुँदैनस्, त्यसबेला तैंले उहाँका वचनहरू खाने र पिउने कार्यमा ध्यान दिनुपर्छ। कहिलेकहीँ तैँले प्रार्थना गर्न र परमेश्वरको प्रेममाथि चिन्तन गर्न सक्छस्, सङ्गतिमा परमेश्वरको वचनबाट तैंले बुझेका कुराहरू बताउन सक्छस्, अनि तैंले आफूभित्र अनुभव गरेको अन्तर्दृष्टि र प्रकाशको बारेमा र ती वाणीहरू पढ्दा तँमा उत्पन्न भएका प्रतिक्रियाहरूको बारेमा बताउन सक्छस्। यसबाहेक, तैंले मानिसहरूलाई उम्कने मार्ग दिन सक्छस्। यो मात्र व्यावहारिक हुन्छ। यसो गर्नुको उद्देश्य भनेको परमेश्वरका वचनहरूलाई तेरो व्यावहारिक खाद्य भण्डार बनाउनु हो।

एक दिनको अवधिमा, तैंले कति घण्टा बिताउँछस्, जुन बेला तँ साँच्चै परमेश्वरको सामु हुन्छस्? तेरो दिनको कति समय वास्तवमा परमेश्वरलाई दिइन्छ? देहलाई कति समय दिइन्छ? व्यक्तिको हृदयलाई सधैँ परमेश्वरमा केन्द्रित गर्नु भनेको उहाँद्वारा सिद्ध पारिने सही बाटोमा हुनुको पहिलो कदम हो। यदि तैँले आफ्नो हृदय, शरीर, र तेरा सबै साँचो प्रेम परमेश्वरमा अर्पण गर्न सक्छस् भने, तिनलाई उहाँको सामु राख्, उहाँप्रति पूर्ण आज्ञाकारी बन् र उहाँको इच्छालाई पूर्ण रूपमा ध्यान दे—परमेश्वरको वचनलाई सबै कुराको सिद्धान्त र आधारको रूपमा लिँदै, देहको लागि होइन, परिवारका लागि होइन, र तेरा आफ्नै व्यक्तिगत चाहनाहरूका लागि होइन, तर परमेश्वरको परिवारको हितका लागि—त्यसो गर्दा तेरा अभिप्रायहरू र तेरा दृष्टिकोणहरू सबै सही ठाउँमा हुनेछन्, र तँ परमेश्वरको सामु त्यो व्यक्ति बन्नेछस् जसले उहाँको स्याबासी पाउनेछ। परमेश्वरले मन पराउनुहुने मानिसहरू ती हुन् जो पूर्ण रूपमा उहाँतर्फ छन्; तिनीहरू ती हुन् जो

पूर्ण रूपमा उहाँमा समर्पित हुन सक्छन्। जसलाई परमेश्‍वरले घृणा गर्नुहुन्छ तिनीहरू ती हुन् जो उहाँतर्फ आधा हृदयका हुन्छन् र जसले उहाँको विरुद्‌धमा विद्रोह गर्छन्। उहाँले तिनीहरूलाई घृणा गर्नुहुन्छ, जसले उहाँमा विश्‍वास गर्छन् र सधैँ उहाँबाट आनन्द लिन चाहन्छन्, तर उहाँका निम्ति आफूलाई समर्पित गर्न पूर्ण रूपमा असमर्थ हुन्छन्। उहाँले तिनीहरूलाई घृणा गर्नुहुन्छ जसले उहाँलाई प्रेम गर्छौं त भन्छन्, तर आफ्नो हृदयमा उहाँको विरुद्‌धमा विद्रोह गर्छन्; उहाँले तिनीहरूलाई घृणा गर्नुहुन्छ जो छलकपट गर्न प्रभावकारी र लोभ्याउने वचनहरूको प्रयोग गर्छन्। जो साँचो रूपमा परमेश्‍वरमा समर्पित हुँदैनन् वा जो साँचो रूपले उहाँको अगि समर्पित हुँदैनन् तिनीहरू विश्‍वासघाती र स्वभावले अति नै अहङ्कारी हुन्छन्। जुन मानिसहरू सामान्य, व्यावहारिक परमेश्‍वरको अगाडि साँचो रूपले समर्पित हुन सक्दैनन्, तिनीहरू अझ बढी अहङ्कारी हुन्छन्, र तिनीहरू विशेष गरी प्रधान दूतको कर्तव्य पालन गर्ने सन्तान हुन्। जुन मानिसहरूले वास्तवमा परमेश्‍वरका लागि आफैलाई समर्पित गर्छन् तिनीहरूले आफ्नो सम्पूर्ण अस्तित्व उहाँको सामु राख्छन्; तिनीहरू साँचो रूपमा उहाँका वाणीहरूमा समर्पित हुन्छन्, र उहाँका वचनहरूलाई अभ्यास गर्न सक्छन्। तिनीहरूले परमेश्‍वरका वचनहरूलाई आफ्नो अस्तित्वको आधार बनाउँदछन्, र तिनीहरूले कुन भागहरू अभ्यास गर्नुपर्छ भनी परमेश्‍वरका वचनहरूमा निरन्तर खोजी गर्न सक्छन्। साँचो रूपमा परमेश्‍वरको सामु जिउने मानिसहरू तिनीहरू नै हुन्। यदि तैँले जे गर्छस् त्यो तेरो जीवनको निम्ति फाइदाजनक छ भने, र तेरो जीवन स्वभाव रूपान्तरण होस् भनेर उहाँका वचनहरू खाएर अनि पिएर तँ आफ्ना आन्तरिक आवश्यकताहरू र कमीहरूलाई पूरा गर्न सक्छस् भने त्यसले परमेश्‍वरको इच्छालाई सन्तुष्ट पार्दछ। यदि तँ परमेश्‍वरका आवश्यकताहरू अनुरूप काम गर्छस् र यदि तैँले शरीरलाई सन्तुष्ट पार्दैनस् तर उहाँको इच्छा पूरा गर्छस् भने, त्यसमा तँ उहाँका वचनहरूको वास्तविकतामा प्रवेश गरेको हुन्छस्। जब परमेश्‍वरको वचनहरूमा वास्तविक रूपले प्रवेश गर्ने कुरा गरिन्छ, त्यसको अर्थ तैँले आफ्नो कर्तव्य पूरा गर्न सक्छस् र परमेश्‍वरका मागहरूलाई पूरा गर्न सक्छस् भन्ने हुन्छ। यस प्रकारका व्यावहारिक कार्यहरूलाई मात्र उहाँको वचनको वास्तविकतामा प्रवेश गर्नु भनी भन्न सकिन्छ। यदि तँ यस वास्तविकतामा प्रवेश गर्न सक्छस् भने तँमा सत्यता हुन्छ। यो वास्तविकता प्रवेशको सुरुआत हो; तैँले पहिले यो तालीम लिनुपर्छ, त्यसपछि मात्र तँ अझ गहिरा वास्तविकताहरूमा प्रवेश गर्न सक्नेछस्। आज्ञाहरू कसरी पालन गर्नुपर्छ र परमेश्‍वरको सामु कसरी बफादार हुनुपर्छ त्यो विचार गर; तँ कहिले राज्यमा प्रवेश गर्न सक्षम हुनेछस् भन्नेबारे मात्र निरन्तर नसोच्। यदि तेरो स्वभाव परिवर्तन हुँदैन भने, तैँले जे सोचे पनि त्यो व्यर्थ हुनेछ! परमेश्‍वरको वचनहरूको वास्तविकता प्रवेश गर्नको निम्ति, पहिले तँ त्यस ठाउँमा पुग्नुपर्छ जहाँ तेरा सबै योजना र विचारहरू परमेश्‍वरका लागि नै हुन्छन्—यो सबैभन्दा मूल आवश्यकता हो।

वर्तमानमा, त्यहाँ धेरै मानिसहरू छन् जो परीक्षाको बीचमा परेका छन् र जसले परमेश्‍वरको कामलाई बुझ्दैनन्, तर म तँलाई भन्छु: यदि तैँले यो बुझ्दैनस् भने, तैँले त्यसको बारेमा निर्णय नगर्नु नै राम्रो हुनेथियो। सायद सत्यता त्यसको सम्पूर्णतामा प्रकट हुने दिन आउनेछ, त्यसपछि तैँले बुझ्नेछस्। न्याय नगर्नु तेरो लागि लाभदायक हुन्छ, तैपनि तैँले निष्क्रिय बनेर पर्खनु हुँदैन।

तैंले सक्रियता साथ प्रवेश गर्न खोज्नुपर्छ; तब मात्र तँ त्यो व्यक्ति बन्नेछस् जो साँच्चै प्रवेश गर्दछ। मानिसहरू तिनीहरूको विद्रोहको कारण, सधैँ व्यावहारिक परमेश्वरको बारेमा धारणाहरू बनाउँछन्। यसले गर्दा सबै मानिसहरूले कसरी समर्पित हुनुपर्छ सो सिक्नु आवश्यक छ, किनकि व्यावहारिक परमेश्वर मानवजातिका लागि एउटा ठूलो परीक्षा हुनुहुन्छ। यदि तँ दृढ रहन सक्दैनस् भने सबै समाप्त हुन्छ; यदि तँसँग व्यावहारिक परमेश्वरको व्यावहारिकताको बारेमा बुझाइ छैन भने, तब तँ परमेश्वरद्वारा सिद्ध पारिने योग्यको हुनेछैनस्। मानिसहरूले परमेश्वरको व्यावहारिकतालाई बुझ्नु नै तिनीहरू सिद्ध हुन सक्छन् कि सक्दैनन् भन्ने कुराको एउटा महत्त्वपूर्ण कदम हो। देहधारी परमेश्वर पृथ्वीमा आउनुभएको तथ्यको व्यावहारिकता प्रत्येक व्यक्तिका निम्ति परीक्षा हो; यदि तँ यस सम्बन्धमा दृढ रहन सक्छस् भने, तब तँ परमेश्वरलाई चिन्ने र उहाँलाई साँच्चै प्रेम गर्ने व्यक्ति हुनेछस्। यदि यस सम्बन्धमा तँ दृढ रहन सक्दैनस् र तैँले आत्मामा मात्र विश्वास गर्छस् र परमेश्वरको व्यावहारिकतामा विश्वास गर्न सक्दैनस् भने, परमेश्वरमाथिको तेरो विश्वास जति नै ठूलो भए पनि त्यो व्यर्थ हुनेछ। यदि तँ देखिने परमेश्वरमा विश्वास गर्न सक्दैनस् भने, के तँ परमेश्वरका आत्मामा विश्वास गर्न सक्छस्? के तैंले परमेश्वरलाई मूर्ख तुल्याउन खोजिरहेको छैनस् र? तँ देख्न र छुन सकिने परमेश्वरको अगि समर्पित हुँदैनस्, त्यसो भए के तँ आत्माको सामु समर्पित हुन सक्छस्? आत्मा अदृश्य र छुन नसकिने हुनुहुन्छ, त्यसैले जब तँ परमेश्वरको आत्माको अधीनमा छु भनी भन्छस्, तब तैंले मूर्ख कुरा गरिरहेको हुँदैनस् र? आज्ञाहरूलाई पालन गर्नुका निम्ति मुख्य कुरा भनेको व्यावहारिक परमेश्वरलाई बुझ्नु हो। तैंले व्यावहारिक परमेश्वरलाई बुझेपछि, तँ आज्ञाहरू पालन गर्न सक्षम हुनेछस्। ती पालन गर्नको निम्ति दुई वटा मुख्य तत्वहरू छन्: एउटा उहाँका आत्माको सारमा दृढ हुनु, र आत्माको सामु आत्माको परीक्षा स्वीकार्न सक्नु हो; अर्को, देहधारी शरीरको बारेमा सही बुझाइ प्राप्त गर्नु, र वास्तविक अधीनता हासिल गर्न सक्नु हो। चाहे देहको अगि होस् वा आत्माको अगि, व्यक्तिको मनमा सधैँ परमेश्वरप्रति समर्पण र आदर हुनुपर्छ। यस्तो व्यक्ति मात्र सिद्ध हुने योग्यको हुन्छ। यदि तँमा व्यावहारिक परमेश्वरको व्यावहारिकताको ज्ञान छ भने–अर्थात् यदि तँ यस परीक्षामा दृढ भएर खडा भइस् भने-तेरो निम्ति केही पनि अत्याधिक हुँदैन।

कतिपय मानिसहरू भन्छन्, “आज्ञाहरू पालन गर्नु सजिलो छ; परमेश्वरको सामु हुँदा खुल्ला रूपमा र भक्ति पूर्वक बोले पुग्छ, र कुनै इसारा गर्नु हुँदैन; आज्ञाहरू पालन गर्नु भनेको यही हो।” के यो सही कुरा हो? यसैले, यदि तँ परमेश्वरको पिठिउँ पछाडि उहाँको विरोध हुने केही कुराहरू गर्छस् भने के त्यसलाई आज्ञाहरू पालन गरेको मान्न सकिन्छ? आज्ञाहरू पालन गर्ने कार्यमा के-के कुरा समावेश हुन्छन् त्यसबारे तँमा पूरा ज्ञान हुनुपर्छ। यो कुरा तँमा परमेश्वरको व्यावहारिकताको वास्तविक बुझाइ छ कि छैन भन्ने कुरासित सम्बन्धित हुन्छ; यदि तँमा व्यावहारिकताको बुझाइ छ र यो परीक्षाको अवधिमा तँ डगमगाउँदैनस् र लड्दैनस् भने, तँमा बलियो गवाही छ भनेर मान्न सकिन्छ। परमेश्वरको लागि गुन्जायमान गवाही दिने कुरा मुख्य रूपले तँसँग व्यावहारिक परमेश्वरको बारेमा बुझाइ छ कि छैन र तँ यो व्यक्तिमा समर्पित हुन, मृत्युसम्म समेत समर्पित हुन सक्छस् कि सक्दैनस् भन्ने कुरासँग सम्बन्धित हुन्छ, जो व्यक्ति साधारण मात्र हुनुहुन्न तर

सामान्य पनि हुनुहुन्छ। यदि, समर्पणताद्वारा तैँले साँच्चै परमेश्वरको गवाही दिन्छस् भने, त्यसको अर्थ तँलाई परमेश्वरले प्राप्त गर्नुभएको छ भन्ने हुन्छ। यदि तँ मृत्युसम्मै अधीनमा बस्न सक्छस् र उहाँको अगि गुनासो मुक्त हुन्छस्, कुनै दोष लाउँदैनस्, कुनै निन्दा गर्दैनस्, कुनै धारणाहरू राख्दैनस् र कुनै गुप्त अभिप्रायहरू राख्दैनस् भने यसरी परमेश्वरले महिमा प्राप्त गर्नुहुनेछ। एक सामान्य, मानिसद्वारा हेला गरिएको व्यक्तिको अगाडि समर्पित हुनु र कुनै धारणाहरू नराखी मृत्युसम्म समर्पित हुन सक्नु–साँचो गवाही यही हो। मानिसहरू जुन वास्तविकताभित्र पसून् भन्ने परमेश्वर चाहनुहुन्छ त्योचाहिँ तँ उहाँका वचनहरू पालन गर्न सक्ने, तिनलाई अभ्यास गर्न सक्ने, व्यावहारिक परमेश्वर अगाडि झुक्न र तेरा आफ्नै भ्रष्टतालाई जान्न सक्ने, उहाँको सामु तेरो हृदय खोल्न, र अन्त्यमा उहाँका यी वचनहरूमार्फत उहाँद्वारा प्राप्त हुन सक्ने व्यक्ति बन् भन्ने हो। जब यी वाणी हरूले तँलाई जित्दछ र तँलाई पूर्ण रूपमा उहाँको आज्ञाकारी बनाउँदछ तब परमेश्वरले महिमा प्राप्त गर्नुहुन्छ; यसद्वारा उहाँले शैतानलाई लाजमा पार्नुहुन्छ र उहाँको काम पूरा गर्नुहुन्छ। जब तँमा देहधारी परमेश्वरको व्यावहारिकताको बारेमा कुनै धारणा हुँदैन–अर्थात्, जब तँ यो परीक्षामा दृढ भएर खडा हुन्छस्–तब तैँले यो गवाही राम्रोसँग बोकेको हुन्छस्। यदि तैँले यस व्यावहारिक परमेश्वरलाई पूर्ण रूपमा बुझ्ने र पत्रुसजस्तै मृत्युसम्म समर्पित हुन सक्ने दिन आउँछ, तब तँलाई परमेश्वरले प्राप्त गर्नुहुनेछ र सिद्ध तुल्याउनुहुनेछ। परमेश्वरले गर्नुहुने कुनै पनि कुरा तेरा धारणाहरूसँग मेल खाँदैन भने त्यो तेरो लागि परीक्षा हो। यदि परमेश्वरको काम तिम्रो विचारसँग मेल खान्थ्यो भने त्यसका निम्ति तैँले दुःख भोग्नु वा तँलाई शुद्ध पारिनु आवश्यक हुँदैनथियो। उहाँको काम अति व्यावहारिक र तेरा धारणाहरू अनुरूप नभएकोले तैँले ती धारणाहरूलाई छोड्नुपर्छ। त्यसैकारणले गर्दा यो तेरो लागि एउटा परीक्षा हो। परमेश्वरको व्यावहारिकताको कारणले नै सबै मानिसहरू परीक्षाहरूका बीचमा छन्; उहाँको काम व्यावहारिक छ, अलौकिक होइन। कुनै पनि धारणाहरू नराखी उहाँका व्यावहारिक वचनहरू र उहाँको व्यावहारिक वाणीहरू पूर्ण रूपमा बुझेर, अनि उहाँको काम अझ बढी व्यावहारिक हुँदै जाँदा उहाँलाई साँचो रूपमा प्रेम गर्न सकेर, तँलाई उहाँले प्राप्त गर्नुहुनेछ। परमेश्वरद्वारा प्राप्त गरिने मानिसहरूको समूह ती हुन् जसले परमेश्वरलाई चिन्छन्; अर्थात्, तिनीहरू जसले उहाँको व्यावहारिकतालाई जान्दछन्। यसबाहेक, तिनीहरू ती हुन् जो परमेश्वरको व्यावहारिक कामप्रति समर्पित हुन सक्छन्।

परमेश्वर देह मा हुनुभएको समयमा, उहाँले मानिसहरूबाट चाहनुभएको समर्पणमा, तिनीहरूले कल्पना गरेजस्तो, दोष लाउने वा विरोध गर्ने कार्यबाट अलग बस्ने कुराहरू छैनन्। बरु, उहाँ मानिसहरूले जिउनका निम्ति र तिनीहरू जीवित रहने जगको रूपमा उहाँका वचनहरूलाई सिद्धान्तको रूपमा प्रयोग गरून्, तिनीहरूले उहाँका वचनहरूको सारलाई पूर्ण रूपमा व्यवहारमा उतारून् र उहाँको इच्छा पूर्ण रूपमा पूरा गरून् भन्ने चाहनुहुन्छ। मानिसहरूलाई देहधारी परमेश्वरको अधीनमा बस्न लगाउने मागको एउटा पक्षले उहाँका वचनहरूलाई व्यवहारमा लागू गर्ने कार्यलाई जनाउँछ भने, अर्को पक्षले उहाँको सामान्यता र व्यावहारिकतामा समर्पित हुन सक्नुलाई जनाउँछ। यी दुवै ठोस् हुनुपर्दछ। यी दुवै पक्षहरू हासिल गर्न सक्नेहरू सबै आफ्नो हृदयमा परमेश्वरप्रति साँचो प्रेम राख्नेहरू हुन्। तिनीहरू सबै त्यस्ता मानिसहरू हुन् जो परमेश्वरद्वारा प्राप्त गरिएका

छन्, र तिनीहरू सबैले परमेश्वरलाई आफ्नो जीवनलाई प्रेम गरेजस्तै प्रेम गर्दछन्। देहधारी परमेश्वरले उहाँको काममा सामान्य र व्यावहारिक मानवता धारण गर्नुहुन्छ। यसरी, उहाँको सामान्य र व्यावहारिक मानवताको दुवैको बाहिरी खोल मानिसहरूका निम्ति ठूलो परीक्षा बन्छ; त्यो तिनीहरूको सबैभन्दा ठूलो कठिनाइ बन्छ। तापनि, परमेश्वरको सामान्यता र व्यावहारिकतालाई हटाउन सकिँदैन। उहाँले समाधान खोज्न हरप्रकारको कोसिस गर्नुभयो, तर अन्त्यमा उहाँले आफूलाई सामान्य मानवताको बाहिरी खोलबाट मुक्त गर्न सक्नुभएन। किनभने आखिर जे भए पनि उहाँ मानिस बन्नुभएका परमेश्वर हुनुहुन्छ, स्वर्गमा हुनुहुने आत्माका परमेश्वर हुनुहुन्न। उहाँ मानिसहरूले देख्न नसक्ने परमेश्वर हुनुहुन्न, तर उहाँ सृष्टिको सदस्यको खोल ओढ्नुभएको परमेश्वर हुनुहुन्छ। यसैकारण उहाँले आफैलाई उहाँको सामान्य मानवताबाट अलग गर्नु कुनै पनि हालतमा सजिलो हुँदैन। त्यसकारण, चाहे जे भए पनि, उहाँले गर्न चाहनुभएको कामलाई उहाँले मानिसको दृष्टिकोणबाट नै गर्नुहुन्छ। यो काम सामान्य र व्यावहारिक परमेश्वरको अभिव्यक्ति हो, त्यसैले मानिसहरू अधीनमा नबस्नु कसरी उचित हुन्छ? मानिसहरूले परमेश्वरका कार्यहरूको बारेमा के पो गर्न सक्छन् र? उहाँले जे गर्न चाहनुहुन्छ त्यो गर्नुहुन्छ; उहाँ जुन कुरामा खुसी हुनुहुन्छ, त्यो त्यस्तै रहन्छ। यदि मानिसहरू अधीनमा बस्दैनन् भने, तिनीहरूसँग अर्को कुन राम्रा योजनाहरू हुन सक्छन्? अहिलेसम्म, केवल अधीनताले मात्रै मानिसहरूलाई मुक्ति दिन सकेको छ; कसैसँग पनि अरू कुनै राम्रा विचारहरू छैन। यदि परमेश्वरले मानिसहरूलाई जाँच गर्न चाहनुहुन्छ भने, तिनीहरूले यसको बारेमा के गर्न सक्छन् र? तापनि, यी सबै कुरा स्वर्गमा हुनुहुने परमेश्वरले सोच्नुभएको थिएन भने; यो देहधारी परमेश्वरले सोच्नुभएको कुरा थियो। उहाँले यो गर्न चाहनुहुन्छ, ताकि कुनै व्यक्तिले यसलाई परिवर्तन गर्न नसकोस्। स्वर्गका परमेश्वरले देहधारी परमेश्वरले गर्नुहुने कुनै पनि कार्यमा हस्तक्षेप गर्नुहुन्न, त्यसैले के यो मानिसहरू उहाँको अधीनमा बस्नुपर्ने अझ ठूलो कारण होइन र? उहाँ व्यावहारिक र सामान्य दुवै हुनुभए पनि उहाँ पूर्ण रूपमा देहधारी परमेश्वर हुनुहुन्छ। उहाँका आफ्नै विचारहरूको आधारमा उहाँले जे गर्न चाहनुहुन्छ त्यो गर्नुहुन्छ। स्वर्गका परमेश्वरले सबै काम उहाँलाई सुम्पनुभएको छ; उहाँले जे गर्नुहुन्छ त्यसप्रति तँ समर्पित हुनैपर्छ। उहाँसँग मानवता छ र धेरै सामान्य हुनुहुन्छ, तैपनि उहाँले जानेर नै यी सबै मिलाउनुभएको छ, त्यसैले मानिसहरूले कसरी अचम्मित बनी अस्वीकार गर्दै उहाँलाई हेर्न सक्छन्? उहाँ सामान्य हुन चाहनुहुन्छ, यसैले उहाँ सामान्य हुनुहुन्छ। ऊ मानवताभित्र जिउन चाहनुहुन्छ, त्यसैले उहाँ मानवताभित्र बस्नुहुन्छ। उहाँ ईश्वरत्वभित्र जिउन चाहनुहुन्छ, त्यसैले उहाँ ईश्वरत्वमा रहनुहुन्छ। मानिसहरूले यसलाई आफूले चाहेअनुसार हेर्न सक्छन्, तर परमेश्वर सधैँ परमेश्वर नै हुनुहुनेछ र मानिसहरू सधैँ मानिस नै हुनेछ। उहाँको सारलाई सानातिना कुराको कारण अस्वीकार गर्न सकिँदैन, न त उहाँलाई परमेश्वरको "व्यक्ति" बाट बाहिर धकेलेर निकाल्न नै सकिन्छ। मानिसहरूसँग मानवजातिको स्वतन्त्रता छ, र परमेश्वरसित परमेश्वरको मर्यादा छ; यी कुराले एकअर्कालाई हस्तक्षेप गर्दैनन्। के मानिसहरूले परमेश्वरलाई थोरै स्वतन्त्रता दिन सक्दैनन्? के तिनीहरूले परमेश्वर थोरै अनौपचारिक हुनुभएको सहन सक्दैनन्? परमेश्वरसित त्यस्तो कडा नहोओ! प्रत्येक व्यक्तिमा एक-अर्काप्रति सहिष्णुता हुनुपर्दछ; तब के सबै कुरा ठीक हुनेछैनन् र? के अझै पनि

केही खिन्नता हुनेछ? यदि कसैले त्यस्तो सानोतिनो कुरालाई सहन सक्दैन भने, तिनीहरूले कसरी "प्रधानमन्त्रीको हृदय डुङ्गा खियाउनका निम्ति पर्याप्त छ" जस्तो कुरा भन्न सक्छन्? तिनीहरू कसरी साँचो मानिस हुन सक्छन्? मानवजातिका लागि कठिनाइ उत्पन्न गर्ने परमेश्वर हुनुहुन्न, तर मानवजातिले परमेश्वरका लागि कठिनाइ उत्पन्न गर्दछ। तिनीहरू सधैँ तिललाई पहाड बनाउँदै काम गर्छन्। तिनीहरूले साँच्चै शून्यताबाट कुनै कुरा बनाउँछन् र यो अत्यन्त अनावश्यक छ! जब परमेश्वरले सामान्य र व्यावहारिक मानवताभित्र काम गर्नुहुन्छ, तब उहाँले जे गर्नुहुन्छ त्यो मानवजातिको काम होइन, तर परमेश्वरको काम हो। तापनि मानिसहरूले उहाँको कामको सारलाई देख्दैनन्; तिनीहरू सधैँ उहाँको मानवताको बाहिरी खोललाई मात्र देख्छन्। तिनीहरूले त्यस्तो ठूलो काम देखेका छैनन्, तैपनि तिनीहरूले उहाँको सामान्य र साधारण मानवतालाई देखेको छौ भनी जोड दिन्छन्, र त्यो कुरालाई छोड्दै-छोड्दैनन्। यसलाई कसरी परमेश्वरको अधीनमा बसेको भन्न सकिन्छ? स्वर्गका परमेश्वर अब पृथ्वीका परमेश्वरमा "परिवर्तन" हुनुभएको छ, र पृथ्वीका परमेश्वर अब स्वर्गका परमेश्वर हुनुहुन्छ। उहाँहरूको बाहिरी रूपरङ्ग एक-समान भए पनि त्यसले फरक पार्दैन, न त उहाँहरूले वास्तवमा कसरी काम गर्नुहुन्छ भन्ने कुराले नै कुनै फरक पार्छ। अन्त्यमा, जसले परमेश्वरको आफ्नै काम गर्नुहुन्छ उहाँ स्वयम् परमेश्वर हुनुहुन्छ। तैंले चाहे पनि वा नचाहे पनि तँ अधीनमा बस्नैपर्छ—यो तैँले छनौट गर्ने विषय होइन! मानिसहरूले परमेश्वरको आज्ञापालन गर्नुपर्छ र मानिसहरू अलिकति पनि बहाना नबनाई पूर्ण रूपमा परमेश्वरको अधीनमा बस्नुपर्छ।

आज देहधारी परमेश्वरले प्राप्त गर्न चाहनुभएका मानिसहरू ती हुन् जो उहाँको इच्छा अनुरूप छन्। तिनीहरूले उहाँको कामप्रति समर्पित हुनुपर्छ, र स्वर्गमा परमेश्वर हुनुहुन्छ भन्ने विचारहरू राख्दै अस्पष्टतामा जिउन र देहमा आउनुभएका परमेश्वरका निम्ति कार्यहरू कठिन बनाउन मात्रै छोड्नुपर्छ। उहाँको आज्ञापालन गर्न सक्नेहरू तिनीहरू हुन् जसले पूर्ण रूपमा उहाँको वचन सुन्छन् र उहाँको प्रबन्धहरूमा समर्पित हुन्छन्। त्यस्ता मानिसहरूले स्वर्गमा हुनुहुने परमेश्वर वास्तवमा कस्तो हुनुहुन्छ वा अहिले स्वर्गमा हुनुहुने परमेश्वरले कस्तो किसिमको काम गर्दै हुनुहुन्छ भन्ने कुरालाई कुनै वास्ता गर्दैनन्; तिनीहरूले पृथ्वीका परमेश्वरलाई आफ्नो हृदय पूर्ण रूपमा दिन्छन् र उनीहरूले आफ्ना सम्पूर्ण अस्तित्व उहाँको सामु समर्पित गर्छन्। तिनीहरूले आफ्नो सुरक्षालाई कहिल्यै पनि कुनै ध्यान दिँदैनन्, न त तिनीहरूले देहमा हुनुहुने परमेश्वरको सामान्यता र व्यावहारिकतालाई धेरै ध्यान नै दिन्छन्। देहधारी परमेश्वरमा समर्पित हुने मानिसहरूलाई उहाँले सिद्ध पार्न सक्नुहुन्छ। स्वर्गका परमेश्वरमा विश्वास गर्नेहरूले केही पनि पाउनेछैनन्। किनकि स्वर्गका परमेश्वरले होइन तर पृथ्वीका परमेश्वरले मानिसहरूलाई प्रतिज्ञाहरू र आशीर्वादहरू दिनुहुन्छ। मानिसहरूले स्वर्गका परमेश्वरलाई सधैँ ठूलो बनाउने अनि पृथ्वीमा हुनुहुने परमेश्वरलाई सामान्य मानिसको रूपमा हेर्ने गर्नु हुँदैन; त्यसो गर्नु अनुचित हो। स्वर्गमा हुनुहुने परमेश्वर महान् र अद्भुत बुद्धिका हुनुहुन्छ, तर यसको कुनै अस्तित्वमा छैन; पृथ्वीका परमेश्वर अति औसत र महत्त्वहीन हुनुहुन्छ, र सामान्य पनि हुनुहुन्छ। उहाँसँग असाधारण दिमाग छैन वा उहाँले पृथ्वी नै भत्काउन सक्ने कार्यहरू गर्नुहुन्न; उहाँले केवल सामान्य र व्यावहारिक ढङ्गले कार्य गर्नुहुन्छ र बोल्नुहुन्छ। उहाँले गर्जनको माध्यमबाट बोल्ने, वा हावा र वर्षालाई आज्ञा दिने नगर्नुभए तापनि,

उहाँ साँच्चै स्वर्गका परमेश्वरका अवतार हुनुहुन्छ, र उहाँ साँच्चै मानवजातिका बीचमा बास गर्नुहुने परमेश्वर हुनुहुन्छ। मानिसहरूले आफूले बुझ्न सक्ने र तिनीहरूले परमेश्वर भनी गरेका कल्पनाहरूसँग मेल खाने व्यक्तिलाई उच्च पार्नु हुँदैन, र तिनीहरूले स्वीकार गर्न नसक्ने र कल्पना गर्नै नसक्ने व्यक्तिलाई तुच्छ ठान्नु हुँदैन। यी सबै मानिसहरूको विद्रोहबाट आउँछ; परमेश्वरप्रति मानवजातिको विरोधको सबै स्रोत यही हो।

## सिद्ध बनाइनुपर्नेहरू शोधनको प्रक्रियाबाट भएर जानैपर्छ

यदि तँ परमेश्वरमा विश्वास गर्छस् भने तैँले परमेश्वरको आज्ञापालन गर्नैपर्छ, सत्यतालाई व्यवहारमा देखाउनुपर्छ र तेरा सबै कर्तव्यहरू पूरा गर्नैपर्छ। त्यसबाहेक, तैँले अनुभव गर्नुपर्ने कुराहरू तैँले बुझ्नुपर्छ। यदि तँ निराकरण गरिएको, अनुशासित गरिएको र न्याय गरिएको मात्र अनुभव गर्छस् भने, यदि तँ परमेश्वरमा आनन्दित हुन मात्र सक्षम छस्, तर परमेश्वरले तँलाई अनुशासन वा निराकरण गरिरहनुहुँदा त्यो महसुस गर्न सक्दैनस् भने यो स्वीकारयोग्य हुँदैन। सायद शोधनको यो उदाहरणमा तँ आफ्नो भूमिमा खडा हुन सक्छस्, तर अझै पनि यो पर्याप्त हुँदैन; तँ अझै अगाडि बढ्दै जानुपर्छ। परमेश्वरलाई प्रेम गर्ने पाठ कहिल्यै पनि रोकिँदैन र यसको कुनै अन्त्य छैन। मानिसहरू परमेश्वरलाई विश्वास गर्ने कुरालाई अति नै साधारण कुरा मान्छन्, तर एकचोटि तिनीहरूले केही व्यावहारिक अनुभव प्राप्त गरेपछि परमेश्वरमा विश्वास गर्नु मानिसहरूले कल्पना गरेजस्तो सरल नभएको तिनीहरू थाहा पाउँछन्। जब परमेश्वरले मानिसलाई शुद्ध पार्ने काम गर्नुहुन्छ, तब मानिसले दुःख भोग्छ। कुनै व्यक्तिलाई शोधन गर्ने काम जति ठूलो हुन्छ तिनीहरूको परमेश्वरप्रतिको प्रेम त्यत्ति नै ठूलो हुनेछ, अनि तिनीहरूमा परमेश्वरको शक्ति त्यति नै बढी प्रकट गरिनेछ। यसको विपरीत, व्यक्तिले जति कम शोधन प्राप्त गर्छ, परमेश्वरप्रति तिनीहरूको प्रेम त्यत्ति नै कम बढ्छ, अनि तिनीहरूमा परमेश्वरको शक्ति त्यति नै कम प्रकट हुनेछ। त्यस्तो व्यक्तिको शोधन र पीडा जति ठूलो हुन्छ, तिनीहरूले उत्ति नै बढी यातना अनुभव गर्नेछन्, तिनीहरूको परमेश्वरप्रतिको प्रेम त्यति नै गहिरो भएर बढ्नेछ, परमेश्वरमाथिको तिनीहरूको विश्वास उत्ति नै साँचो बन्नेछ, र परमेश्वरको बारेमा तिनीहरूको ज्ञान अझ गहन हुनेछ। तेरा अनुभवहरूमा तैँले शोधन प्राप्त गर्दै गरेका, निराकरण गरिएका र धेरै अनुशासनमा राखिएका मानिसहरूले धेरै ठूलो दुःख पाइरहेको देख्नेछस्, अनि तँ ती मानिसहरूमा नै परमेश्वरप्रति गहिरो प्रेम र परमेश्वरको अझ गहिरो र भेदकारी ज्ञान छ भन्ने देख्नेछस्। तिनीहरू जसले निराकरण गरिएको अनुभव गरेका हुँदैनन् तिनीहरूमा सतही ज्ञान मात्र हुन्छ, तिनीहरू यसो मात्र भन्न सक्छन्: "परमेश्वर भलो हुनुहुन्छ, मानिसहरूले उहाँबाट आनन्द पाऊन् भनी उहाँले अनुग्रह प्रदान गर्नुहुन्छ।" यदि मानिसहरूले निराकरण गरिएको र अनुशासनमा राखिएको अनुभव गरेका छन् भने तिनीहरू परमेश्वरको साँचो ज्ञानको विषयमा बोल्न सक्छन्। यसरी परमेश्वरले मानिसभित्र गर्नुहुने काम जति अचम्मको हुन्छ, त्यो त्यत्ति नै मूल्यवान् र महत्त्वपूर्ण हुन्छ। यो तेरो निम्ति जति धेरै अभेद्य र तेरो धारणासँग जति धेरै अमिल्दो छ, परमेश्वरको कामले तँलाई जित्न, र तँलाई हासिल

गर्न र तँलाई सिद्ध बनाउन त्यति नै सक्षम हुन्छ। परमेश्वरको कामको कति ठूलो महत्त्व छ! यदि परमेश्वरले मानिसलाई यस्तो प्रकारले शोधन गर्नुभएन भने, यदि उहाँले यस तरिकाले काम गर्नुभएन भने उहाँको काम प्रभावहीन र महत्त्वहीन हुनेथियो। विगतमा भनिएको थियो, कि परमेश्वरले यो झुन्ड चुन्नुहुनेछ र प्राप्त गर्नुहुनेछ, र आखिरी दिनहरूमा तिनीहरूलाई पूर्ण बनाउनुहुनेछ; यसैमा असाधारण महत्त्व छ। उहाँले तँभित्र जति ठूलो काम गर्नुहुन्छ, उहाँप्रतिको तिमीहरूको प्रेम त्यत्ति नै गहिरो र शुद्ध हुन्छ। परमेश्वरको काम जति ठूलो हुन्छ त्यत्ति नै बढी मानिसले उहाँको बुद्धिको केही कुरा बुझ्न सक्छ र उहाँको विषयमा मानिसको ज्ञान अझ गहिरो बन्छ। आखिरी दिनहरूमा व्यवस्थापनका निम्ति परमेश्वरको योजनाको छ हजार वर्ष समाप्त हुनेछ। के यो साँच्चै सजिलै समाप्त हुन सक्छ? उहाँले मानव जातिलाई जित्नुभएपछि, के उहाँको काम सकिनेछ? के यो त्यत्ति सरल हुन सक्छ? वास्तवमा नै मानिसहरू यो त्यस्तै सरल छ भनी कल्पना गर्छन्, तर परमेश्वरले जे गर्नुहुन्छ त्यो त्यत्ति साधारण हुँदैन। तैँले परमेश्वरको कामको जुनै भाग उल्लेख गर्न चाहे पनि ती सब मानिसका निम्ति बुझ्न नसकिने छ। यदि तैँले त्यो बुझ्न सक्थिस् भने, परमेश्वरको काम महत्त्व वा मूल्यविनाको हुनेथियो। परमेश्वरले गर्नुभएको काम बुझ्न नसकिने छ; यो तेरा विचारहरूभन्दा पूर्ण रूपमा विपरीत छ, अनि यो तेरा विचारहरूसँग अझ बढी अमिल्दो हुन्छ त्यत्ति नै बढी त्यसले परमेश्वरको काम अर्थपूर्ण छ भनी देखाउँछ; यदि यो तेरा विचारहरूसँग मिल्दो थियो भने त्यो अर्थहीन हुनेथियो। आज तँ परमेश्वरको काम कति अचम्मको छ भनी महसुस गर्छस्, अनि तँ यसलाई जति बढी अचम्मको महसुस गर्छस्, तँ जति बढी परमेश्वर बुझ्न नसकिने हुनुहुन्छ भन्ने महसुस गर्छस्, परमेश्वरका कामहरू त्यति नै महान् छन् भनी देख्नेछस्। यदि उहाँले मानिसलाई जित्न केही सतही र लापरवाही काम गर्नुभयो र त्यसपछि केही पनि गर्नुभएन भने मानिस परमेश्वरको कामको महत्त्व देख्न असक्षम बन्नेथियो। तैँले अहिले थोरै शोधन प्राप्त गरिरहेको भए पनि, त्यो जीवनमा तेरो वृद्धिका निम्ति ठूलो फाइदाको छ; यसैले तिमीहरू यस्ता कठिनाइहरूबाट भएर जानु अत्यावश्यक छ। आज, तैँले थोरै शोधन प्राप्त गर्दैछस्, तर पछिबाट तैँले साँच्चै परमेश्वरका कामहरू देख्न सक्नेछस्, अनि अन्त्यमा तैँले भन्नेछस्: "परमेश्वरका कामहरू अति अचम्मका छन्!" यी तेरा हृदयमा भएका वचनहरू हुनेछन्। केही समयसम्म परमेश्वरको शोधनको अनुभव गरिसकेपछि (सेवाकर्ताको जाँच र सजायको समय), केही मानिसहरूले आखिरीमा भने: "परमेश्वरमा विश्वास गर्नु साँच्चै कठिन छ!" तिनीहरूले प्रयोग गरेको "साँच्चै कठिन" भन्ने शब्दले परमेश्वरका कामहरू बुझ्न नसकिने छन्, अनि परमेश्वरको कामको ठूलो महत्त्व र मूल्य छ, साथै मानिसले उहाँको कामलाई मूल्यवान् ठानेर जोगाइराख्नुपर्छ भन्ने देखाउँछ। यदि, मैले धेरै काम गरिसकेपछि पनि तँमा अलिकति पनि ज्ञान थिएन भने के मेरो कामको अझै कुनै महत्त्व हुन सक्थ्यो? यसले तपाईंलाई यसो भन्ने बनाउँछ: "परमेश्वरको काम गर्नु साँच्चै कठिन छ, परमेश्वरका कामहरू अति अचम्मका छन्, अनि परमेश्वर वास्तवमै अति बुद्धिमान् हुनुहुन्छ! परमेश्वर अत्यन्तै प्रेमिलो हुनुहुन्छ!" यदि अनुभवको समयबाट भएर गएपछि, तँ त्यस्ता कुराहरू भन्न सक्छस् भने, तैँले आफूमा परमेश्वरको काम प्राप्त गरेको छस् भन्ने यसले प्रमाणित गर्छ। एक दिन, तैँले विदेशमा सुसमाचार फैलाइरहेको बेला कसैले तँलाई

सोध्छ: “परमेश्वरमा तपाईंको विश्वास कस्तो चल्दैछ?” तैँले यसो भन्न सक्नेछस्: “परमेश्वरका कामहरू अति अचम्मका छन्!” तेरा शब्दहरूले वास्तविक अनुभवहरू बताउँछन् छन् भन्ने तिनीहरूले महसुस गर्नेछन्। साक्षी हुनु भनेको साँच्चै यही नै हो। तैँले भन्नेछस्, परमेश्वरको काम बुद्धिले भरिएको छ, अनि तँभित्रको उहाँको कामले साँच्चै तँलाई निश्चयता दिएको छ र तेरो हृदयलाई जितेको छ। तैँले उहाँलाई सँधै प्रेम गर्नेछस्, किनकि उहाँ मानव जातिको प्रेम पाउनुभन्दा अझै बढी योग्यका हुनुहुन्छ। यदि तँ यी कुराहरू बोल्न सक्छस् भने तँ मानिसहरूको हृदयलाई छुन सक्छस्। यी सबै गर्नु भनेको साक्षी बन्नु हो। यदि तँ जोडदार साक्षी बन्न, मानिसहरूका आँखाबाट आँसु खसाल्न सक्छस् भने त्यसले तँ साँच्चै त्यो व्यक्ति होस् जसले परमेश्वरलाई प्रेम गर्छ भन्ने देखाउँछ, किनकि तँ प्रेमिलो परमेश्वरको साक्षी दिन सक्छस्, अनि तँद्वारा परमेश्वरका कामहरू गवाहीमा पैदा हुन्छन्। तेरो गवाहीद्वारा अरूलाई परमेश्वरको कामको खोजी गर्ने, परमेश्वरको कामको अनुभव गर्ने तुल्याइन्छ, अनि तिनीहरूले अनुभव गर्ने कुनै पनि वातावरणमा, तिनीहरू दह्रो गरी खडा हुन सक्छन्। साक्षी दिने एक मात्र सच्चा तरिका यही मात्र हो, अनि अहिले तँबाट चाहिएको पनि ठीक यही नै हो। तैँले परमेश्वरको काम अति नै मूल्यवान् र मानिसहरूले साँचेर राख्न योग्यको छ, अनि परमेश्वर अति नै मूल्यवान् र अति नै प्रशस्त हुनुहुन्छ भन्ने देख्नुपर्छ; उहाँ बोल्न मात्र सक्नुहुन्न, तर मानिसहरूको न्याय गर्नुहुन्छ गर्न, तिनीहरूका हृदयलाई शोधन गर्न, तिनीहरूलाई आनन्द दिन, तिनीहरूलाई प्राप्त गर्न, तिनीहरूलाई जित्न र तिनीहरूलाई सिद्ध पार्न पनि सक्नुहुन्छ। तैँले आफ्नो अनुभवबाट परमेश्वर अत्यन्तै प्रेमिलो हुनुहुन्छ भन्ने देख्नेछस्। यसकारण अहिले तँ परमेश्वरलाई कति धेरै प्रेम गर्छस्? के तँ यी कुराहरूलाई आफ्नो हृदयबाट साँच्चै भन्न सक्छस्? जब तँ आफ्नो हृदयबाट यी शब्दहरू व्यक्त गर्न सक्छस्, तब तँ साक्षी बन्न सक्नेछस्। तेरो अनुभव यो स्तरमा पुगेपछि तँ परमेश्वरको साक्षी बन्न सक्षम हुनेछस्, र तँ योग्यको बन्नेछस्। यदि तँ आफ्नो अनुभवमा यो स्तरमा पुगेनस् भने तँ अझै धेरै टाढा हुनेछस्। शोधनको अवधिमा मानिसहरूले कमजोरी देखाउनु सामान्य कुरा हो, तर शोधनपछि तैँले यसो भन्न सक्नुपर्छ: “परमेश्वर उहाँको काममा धेरै बुद्धिमान् हुनुहुन्छ!” यदि तैँले साँच्चै यी वचनहरूको व्यावहारिक बुझाइ प्राप्त गर्न सकिस् भने, यो तैँले प्रेम पूर्वक सम्हालेर राख्ने कुरा बन्नेछ, अनि तेरो अनुभवको मूल्य हुनेछ।

अहिले तँ कुन कुराको पछि लाग्नुपर्छ? तैँले परमेश्वरको कामको साक्षी दिन सके पनि, नसके पनि, तँ परमेश्वरको गवाही र प्रकटीकरण हुन सके वा नसके पनि, अनि तँ उहाँद्वारा प्रयोग हुन योग्यको भए पनि नभए पनि—तैँले खोज्नुपर्ने कुराहरू यिनै हुन्। परमेश्वरले तँभित्र साँच्चै कति काम गर्नुभएको छ? तैँले कति देखेको छस्? तैँले कति छोएको छस्? तैँले कति अनुभव गरेको र चाखेको छस्? चाहे परमेश्वरले तँलाई जाँच्नुभएको होस्, तेरो निराकरण गर्नुभएको होस्, वा तँलाई अनुशासनमा राख्नुभएको होस्, उहाँका व्यवहारहरू र उहाँको काम तँमा पूरा भएको छ। तर परमेश्वरको विश्वासी र उहाँद्वारा सिद्ध हुने कुराको पछि लाग्ने व्यक्तिको रूपमा, के तँ आफ्नो व्यावहारिक अनुभवको आधारमा परमेश्वरको कामको साक्षी दिन सक्छस्? के तँ आफ्नो व्यावहारिक अनुभवद्वारा परमेश्वरको वचनअनुसार जिउन सक्छस्? के तँ आफ्नै व्यावहारिक अनुभवद्वारा

अरूका निम्ति जुटाउन सक्छस् र आफ्नो सम्पूर्ण जीवन परमेश्‍वरको कामको साक्षी दिन खर्चन सक्छस्? परमेश्‍वरको कामको साक्षी दिनका लागि तँ आफ्नै अनुभव, ज्ञान र तैँले चुकाएको मूल्यमा भर पर्नुपर्छ। यसरी मात्र तैँले उहाँको इच्छालाई सन्तुष्ट पार्न सक्छस्। के तँ परमेश्‍वरको कामको साक्षी दिने व्यक्ति होस्? के तँमा यस्तो आकांक्षा छ? यदि तँ उहाँको नाउँको, अझ बढी उहाँको कामको साक्षी दिन सक्छस् भने, अनि उहाँले आफ्ना मानिसहरूबाट माग गर्नुभएको स्वरूप लिएर जिउन सक्छस् भने तँ परमेश्‍वरका निम्ति एक साक्षी होस्। तँ वास्तवमा कसरी परमेश्‍वरको साक्षी बन्छस्? तँ परमेश्‍वरको वचनको खोजी गर्दै र त्यस अनुसार जिउने कोसिस गर्दै, तेरा वचनहरूद्वारा साक्षी दिँदै, मानिसहरूलाई उहाँको काम जान्ने र उहाँका कामहरू देख्ने तुल्याउँदै यो गर्छस्। यदि तँ साँच्चै यी सबै कुराको खोजी गर्छस् भने, परमेश्‍वरले तँलाई सिद्ध पार्नुहुनेछ। यदि तँ परमेश्‍वरबाट सिद्ध पारिन र अन्त्यसम्मै आशिषित हुन मात्र खोज्छस् भने परमेश्‍वरमा भएको तेरो विश्‍वासको दृष्टिकोण शुद्ध छैन। तँ वास्तविक जीवनमा परमेश्‍वरका कामहरू देख्ने, उहाँले तँलाई आफ्नो इच्छा प्रकट गर्नुहुँदा त्यो कसरी पूरा गर्ने त्यसको पछि लाग्नुपर्छ, र उहाँको आश्‍चर्यपन र बुद्धिको साक्षी तैँले कसरी दिनुपर्छ, अनि उहाँले कसरी तँलाई अनुशासनमा राख्नुहुन्छ र निराकरण गर्नुहुन्छ त्यसको साक्षी कसरी दिने सोको खोजी गर्नुपर्छ। यी सबै तैँले विचार गरिरहेको हुनुपर्ने कुराहरू हुन्। यदि परमेश्‍वर उहाँले तँलाई सिद्ध पार्नुभएपछि तँ उहाँको महिमामा सहभागी हुन सक्छस् भनेर मात्रै तँ परमेश्‍वरलाई प्रेम गर्छस् भने, त्यो अझै अपर्याप्त हुन्छ र तैँले परमेश्‍वरका मागहरू पूरा गर्न सक्दैनस्। तँ परमेश्‍वरको कामको साक्षी दिन, उहाँका मागहरू पूरा गर्न र उहाँले मानिसहरूमा व्यावहारिक रूपमा गर्नुभएको कामको अनुभव गर्न सक्ने हुनुपर्छ। चाहे पीडा होस्, आँसु होस् वा उदासी होस्, जे भए पनि तैँले आफ्नो अभ्यासमा यी सबै कुरा अनुभव गर्नुपर्छ। ती सबैको उद्देश्य परमेश्‍वरको साक्षी दिने व्यक्तिको रूपमा तँलाई सिद्ध बनाउनु हो। वास्तवमा, त्यो कुन कुरा हो जसले तँलाई कष्ट भोग्न र सिद्धता खोज्न बाध्य गर्छ? के तेरो वर्तमान दुःख भोगाइ साँच्चै परमेश्‍वरलाई प्रेम गर्न र उहाँको साक्षी दिनको खातिर नै हो? वा के यो शरीरको आशिषहरू, र तेरो भविष्यको सम्भावना र गन्तव्यको निम्ति हो? तेरा उद्देश्यहरू, अभिप्रायहरू र तैँले खोजी गर्ने लक्ष्यहरू सबैलाई सुधारिनुपर्छ अनि ती तेरा आफ्नै इच्छाद्वारा निर्देशित हुन सक्दैनन्। यदि एक व्यक्तिले आशिषहरू पाउन र अधिकारसहित शासन गर्नका निम्ति सिद्धताको खोजी गर्छ, अनि अर्को व्यक्तिले चाहिँ परमेश्‍वरलाई सन्तुष्ट पार्न, परमेश्‍वरको कामको व्यावहारिक साक्षी बन्न सिद्धताको पछि लाग्छ भने खोजी गर्ने यी दुईवटा उपायमध्ये तँ कुनलाई चुन्नेछस्? यदि तैँले पहिलोलाई चुनिस् भने तँ परमेश्‍वरको मापदण्डहरूबाट अझै पनि टाढा हुनेछस्। मेरा कामहरू सम्पूर्ण ब्रह्माण्डमा खुल्लमखुल्ला जानिनेछ र म एक राजाको रूपमा ब्रह्माण्डमा शासन गर्नेछु भनेर मैले एक पटक भनेँ। अर्कोतिर, तिमीहरूलाई सुम्पिएको काम भनेको गएर परमेश्‍वरको कामको साक्षी दिनु हो, राजाहरू बनेर सारा ब्रह्माण्डमा देखा पर्नु होइन। ब्रह्माण्ड र आकाशमण्डल परमेश्‍वरका कामहरूले भरिऊन्। तिनलाई सबैले देखून् र तिनलाई स्वीकार गरून्। यी वचनहरू परमेश्‍वर स्वयम्‌को सम्बन्धमा बोलिएका हुन्, अनि मानव जातिले गर्नुपर्ने काम भनेको परमेश्‍वरको साक्षी दिनु हो। अहिले तँ परमेश्‍वरलाई कतिसम्म जान्दछस्? तँ

परमेश्वरको कतिसम्म साक्षी दिन सक्छस्? परमेश्वरले मानिसलाई सिद्ध पार्नुको उद्देश्य के हो? परमेश्वरको इच्छा बुझेपछि, तैँले उहाँको इच्छाप्रति कसरी विचार प्रकट गर्नुपर्छ? यदि तँ सिद्ध पारिने इच्छा गर्छस् र आफ्नो जियाइद्वारा परमेश्वरको कामको साक्षी दिन चाहन्छस् भने, यदि तँमा यो प्रेरक शक्ति छ भने, कुनै पनि कुरा त्यति कठिन हुँदैन। मानिसहरूलाई अहिले चाहिने भनेको विश्वास नै हो। यदि तँसित यो प्रेरक शक्ति छ भने तँलाई कुनै पनि नकारात्मकता, निष्क्रियता, अल्छीपन र शरीरका विचारहरू, जिउनेसम्बन्धी दर्शनशास्त्रहरू, विद्रोही स्वभाव, भावनाहरू र त्यस्तै अन्य कुराहरू त्याग्न सजिलो हुन्छ।

जाँचहरूबाट भएर जाँदा मानिसहरू कमजोर हुनु वा उनीहरूभित्र नकारात्मकता हुनु वा परमेश्वरको इच्छा वा तिनीहरूका अभ्यासको मार्गबारे स्पष्ट नहुनु सामान्य कुरा हो। तर कुनै पनि अवस्थामा परमेश्वरको कामप्रति तँमा विश्वास हुनुपर्छ, अनि जसरी अय्यूबले परमेश्वरलाई इन्कार गरेनन्, तैँले पनि त्यसो गर्नु हुँदैन। अय्यूब कमजोर थिए र तिनले आफू जन्मेको दिनलाई धिक्कारे पनि, तिनले मानव जीवनमा सबै थोकहरू यहोवाले नै दिनुहुन्छ र उहाँले नै सबै थोक लैजानुहुन्छ भन्ने कुरालाई इन्कार गरेनन्। तिनलाई जसरी जाँचिएको भए पनि तिनले यो विश्वास थामेर राखे। तेरो अनुभवमा तँ परमेश्वरको वचनद्वारा जस्तै शोधनबाट भएर जानु परे पनि, संक्षेपमा, परमेश्वरले मानव जातिबाट चाहनुभएको कुरा भनेको तिनीहरूका विश्वास र उहाँको निम्ति तिनीहरूको प्रेम नै हो। यस्तो प्रकारले काम गरेर उहाँले मानिसहरूको विश्वास, प्रेम र आकांक्षाहरूलाई सिद्ध पार्नुहुन्छ। परमेश्वरले मानिसहरूमा सिद्ध पार्ने काम गर्नुहुन्छ, र तिनीहरूले त्यो देख्न सक्दैनन्, त्यो अनुभव गर्न सक्दैनन्; त्यस्तो परिस्थितिहरूमा, तेरो विश्वास आवश्यकता हुन्छ। मानिसहरूको विश्वास त्यति बेला चाहिन्छ जब कुनै कुरा मानिसको नाङ्गो आँखाले देख्न सकिँदैन, तेरो विश्वास त्यसबेला चाहिन्छ, जब तँ आफ्ना धारणाहरूलाई त्याग्न सक्दैनस्। जब परमेश्वरको कामको विषयमा तँमा स्पष्टता हुँदैन, त्यसबेला तँबाट चाहिने कुरा भनेको तैँले विश्वास गर्नुपर्छ र तैँले दह्रो धारणा लिएर र साक्षी बनेर खडा हुनुपर्छ भन्ने हो। जब अय्यूब यो स्थितिमा पुगे परमेश्वर तिनीकहाँ देखा पर्नुभयो र तिनीसँग बोल्नुभयो। अर्थात्, तेरो भित्रको विश्वासद्वारा मात्र तैँले परमेश्वरलाई देख्न सक्छस्, अनि जब तँमा विश्वास हुन्छ परमेश्वरले तँलाई सिद्ध बनाउनुहुन्छ। विश्वासविना उहाँले यो गर्न सक्नुहुन्न। तैँले जे प्राप्त गर्ने आशा गरेको छस्, परमेश्वरले त्यो तँलाई दिनुहुनेछ। यदि तँसँग विश्वास छैन भने तँलाई सिद्ध बनाउन सकिँदैन, तैँले परमेश्वरका कामहरू देख्न सक्दैनस्, उहाँको सर्वशक्ति देख्ने कुरा त परै जाओस्। जब आफ्नो व्यक्तिगत अनुभवमा उहाँका कार्यहरू देख्न सक्ने विश्वास तँमा हुन्छ, तब परमेश्वर तँकहाँ देखा पर्नुहुनेछ, र उहाँले तँलाई ज्ञान दिनुहुनेछ अनि भित्रबाट तँलाई डोर्याउनुहुनेछ। त्यो विश्वासविना परमेश्वरले त्यसो गर्न सक्नुहुनेछैन। यदि तैँले परमेश्वरमा आशा गुमाएको छस् भने, तैँले कसरी उहाँको कामको अनुभव गर्न सक्नेछस् र? त्यसकारण, तँमा विश्वास छ र तैँले परमेश्वरप्रति शङ्का गर्दैनस् भने मात्र, उहाँले जे गर्नुभए पनि उहाँप्रति तँमा साँचो विश्वास छ भने मात्र उहाँले तँलाई तेरा अनुभवहरूद्वारा ज्ञान र प्रकाश दिनुहुनेछ, तब मात्र तैँले उहाँका कामहरू देख्न सक्नेछस्। यी सबै कुराहरू विश्वासद्वारा नै प्राप्त गरिन्छ। विश्वास शोधनबाट मात्र आउँछ, अनि शोधनको

अनुपस्थितिमा विश्‍वास बढ्‌न सक्दैन। यो “विश्‍वास” भन्‍ने शब्दले केलाई जनाउँछ? विश्‍वास भनेको कुनै कुरा देख्न वा छुन नसक्दा, परमेश्‍वरको काम मानिसका विचारहरूसँग मेल नखाँदा, त्यो मानव जातिको पहुँचभन्दा पर हुँदा मानव हृदयमा हुने सच्चा आस्था र इमानदार हृदय हो। मैले यही विश्‍वासको बारेमा कुरा गरेको हुँ। कठिनाइ र शोधनको समयमा मानिसहरूलाई विश्‍वास चाहिएको हुन्छ, अनि विश्‍वास यस्तो कुरा हो जुन शोधन पछि आउँछ; शोधन र विश्‍वासलाई अलग गर्न सकिँदैन। परमेश्‍वरले जसरी काम गर्नुभए पनि र तेरो वातावरण जस्तोसुकै भए पनि तँ जीवनलाई अनि सत्यतालाई खोजी गर्न अनि परमेश्‍वरको कामको ज्ञानलाई खोज्न, उहाँका कामहरूलाई बुझ्न सक्छस्, अनि तँ सत्यताअनुसार कार्य गर्न सक्छस्। यसो गर्नु नै साँचो विश्‍वास हुनु हो, अनि त्यसो गर्दा तैँले परमेश्‍वरमाथिको विश्‍वास हराएको छैनस् भन्‍ने देखिन्छ। यदि तँ शोधनद्वारा सत्यताको खोजीमा लागिरहन्छस् भने, यदि तँ साँच्‍चै परमेश्‍वरलाई प्रेम गर्न सक्छस् र उहाँमा शङ्का गर्दैनस् भने, यदि उहाँले जे गर्नुभए पनि तँ उहाँलाई सन्तुष्ट पार्न सत्यताको अभ्यास गर्छस् भने, र यदि तँ गहिरो रूपले उहाँको इच्छा खोज्छस् र उहाँको इच्छामा ध्यान दिन्छस् भने मात्र तैँले परमेश्‍वरमा साँचो विश्‍वास प्राप्‍त गर्न सक्छस्। विगतमा, जब तैँले एक राजाले जस्तो शासन गर्नेछस् भनी परमेश्‍वरले भन्‍नुभयो, तब तैँले उहाँलाई प्रेम गरिस्, अनि जब उहाँले आफैलाई खुल्लमखुल्ला तेरो सामु देखाउनुभयो, तँ उहाँको पछि लागिस्। तर अहिले परमेश्‍वर लुक्‍नुभएको छ, तँ उहाँलाई देख्न सक्दैनस्, र तँमाथि समस्याहरू आएका छन्—के अब तैँले परमेश्‍वरमा आशा गुमाइस्? यसैले, तैँले हरसमय जीवनको खोजी गर्नुपर्छ र परमेश्‍वरको इच्छा पूरा गर्ने प्रयास गर्नुपर्छ। यसैलाई वास्तविक विश्‍वास भनिन्छ, र यो सबैभन्दा साँचो र सुन्दर किसिमको प्रेम हो।

विगतमा, मानिसहरू सबै तिनीहरूका संकल्प गर्न परमेश्‍वरको सामु आउथे, र तिनीहरू भन्थे: “यदि कसैले परमेश्‍वरलाई प्रेम गर्दैन भने पनि मैले उहाँलाई प्रेम गर्नुपर्छ।” तर अहिले, तपाईंमाथि शोधन आउँछ, अनि यो तेरा विचारहरूसँग नमिल्ने हुनाले तैँले परमेश्‍वरमाथिको विश्‍वासलाई गुमाउँछस्। के यो सच्चा प्रेम हो? तैँले अय्यूबका कामहरूको बारेमा धेरै चोटि पढेको छस्—के तैँले तिनको बारेमा भुलेको छस्? साँचो प्रेमको आकार भित्रको विश्‍वासबाट मात्र बन्छ। तपाईं जुन शोधनबाट भएर जान्छस्, त्यसद्वारा परमेश्‍वरको निम्ति साँचो प्रेमको विकास गर्छस्, अनि तेरो विश्‍वासद्वारा तँ आफ्नो व्यावहारिक अनुभवहरूमा परमेश्‍वरको इच्छाको विषयमा विचारशील बन्‍न सक्छस्, अनि विश्‍वासद्वारा नै तँ आफ्नो शरीर त्याग्‍न र जीवनको पछि लाग्‍न सक्छस्; मानिसले गर्नुपर्ने यही नै हो। यदि तैँले यसो गरिस् भने तैँले परमेश्‍वरका कामहरू देख्न सक्‍नेछस्, तर यदि तँमा विश्‍वासको कमी छ भने तैँले परमेश्‍वरका कार्यहरू देख्न वा उहाँको काम अनुभव गर्न सक्‍नेछैनस्। यदि तँ परमेश्‍वरद्वारा प्रयोग हुन र सिद्ध पारिन चाहन्छस् भने, तँमा सबै थोक हुनुपर्छ: दुःख भोग्‍ने इच्छा, विश्‍वास, धैर्य, आज्ञापालन, र परमेश्‍वरको काम अनुभव गर्ने क्षमता, उहाँको इच्छा बुझ्नु, उहाँको दुःखलाई विचार गर्नु र यस्तै अरू कुराहरू। व्यक्तिलाई सिद्ध बनाउनु सजिलो हुँदैन, र तैँले अनुभव गर्ने प्रत्येक शोधनको निम्ति तेरो विश्‍वास र प्रेम चाहिन्छ। यदि तँ परमेश्‍वरद्वारा सिद्ध पारिन चाहन्छस् भने बाटोमा हतार-हतार अगि बढ्नु मात्र पर्याप्‍त हुँदैन, न ता तैँले आफैलाई परमेश्‍वरका निम्ति खर्चनु नै पर्याप्‍त हुन्छ। परमेश्‍वरद्वारा सिद्ध पारिएको

व्यक्ति हुनका निम्ति तँमा धेरै वटा कुराहरू हुनुपर्छ। जब तँ दुःखको सामना गर्छस्, त्यसबेला तैँले देहका चिन्ताहरू एकातिर पन्साउन सक्नुपर्छ र परमेश्वरको विरुद्धमा गुनासो गर्नुहुँदैन। जब परमेश्वरले आफैलाई तँदेखि लुकाउनुहुन्छ, तँ उहाँको पछि लाग्न सक्ने, तेरो प्रेमलाई डगमगाउन र बिलाउन नदिई आफ्नो विश्वासलाई थामेर राख्न सक्ने हुनुपर्छ। परमेश्वरले जे गर्नुभए पनि तँ उहाँको योजनामा समर्पित हुनुपर्छ, अनि उहाँको विरुद्ध गुनासो गर्नुको साटो उहाँको योजनामा समर्पित हुन र तेरो आफ्नै शरीरलाई सराप्न तयार हुनुपर्छ। जब तैँले जाँचहरूको सामना गर्छस् तँ नराम्रो घतले रुनु पर्ने भए पनि वा कुनै प्रिय वस्तुसित अलग्गिन अनिच्छुक महसुस गर्नु पर्ने भए पनि तैँले परमेश्वरलाई सन्तुष्ट पार्नुपर्छ। यो मात्र साँचो प्रेम र विश्वास हो। तेरो वास्तविक कद जे-जस्तो भए पनि तँमा कठिनाइ सहने इच्छा र साँचो विश्वास, दुवै हुनुपर्छ, अनि तँमा देहलाई त्याग्ने इच्छा पनि हुनुपर्छ। परमेश्वरको इच्छा पूरा गर्न तँ व्यक्तिगत कठिनाइहरू सहन र तेरा व्यक्तिगत रुचिहरू गुमाउन तयार हुनुपर्छ। तँ आफ्नो हृदयमा आफ्नै बारेमा पछुतो गर्न सक्ने पनि हुनुपर्छ: विगतमा तँ परमेश्वरलाई सन्तुष्ट पार्न असक्षम थिइस्, र अहिले तैँले आफै पछुतो गर्न सक्छस्। यी कुनै पनि कुरामा तँ पछि पर्नु हुँदैन–यिनै कुराहरूद्वारा परमेश्वरले तँलाई सिद्ध तुल्याउनुहुनेछ। यदि तँ यी मानदण्डहरू पूरा गर्न सक्दैनस् भने तँलाई सिद्ध तुल्याइन सकिँदैन।

परमेश्वरको सेवा गर्ने कुनै व्यक्तिले उहाँको निम्ति कसरी दुःख भोग्नुपर्छ भन्ने कुरा मात्र होइन, योभन्दा पनि बढी परमेश्वरमा विश्वास गर्नुको उद्देश्य परमेश्वरको प्रेमको पछि लाग्नु नै हो भन्ने कुरा पनि बुझ्नुपर्छ। परमेश्वरले तँलाई शोधन गर्न वा तँलाई दुःख दिनका निम्ति मात्र तँलाई प्रयोग गर्नुहुन्न, बरु तैँले उहाँका कामहरू जान्न सक्, मानव जीवनको वास्तविक महत्त्वलाई बुझ्न सक्, अनि विशेष गरी, परमेश्वरको सेवा गर्नु सजिलो काम होइन भनी तैँले बुझ्न सक् भनी तँलाई प्रयोग गर्नुहुन्छ। परमेश्वरको कामको अनुभव गर्नु भनेको उहाँको अनुग्रहबाट आनन्द पाउनु होइन, बरु उहाँप्रति भएको तेरो प्रेमको निम्ति दुःख भोग्नु हो। तैँले परमेश्वरको अनुग्रह उपभोग गर्छस् भने तैँले उहाँको सजाय पनि उपभोग गर्नुपर्छ; तैँले यो सब अनुभव गर्नैपर्छ। तैँले आफूभित्र परमेश्वरको ज्ञानको अनुभव गर्न सक्छस्, र उहाँले तँसँग कसरी निराकरण र न्याय गर्नुहुन्छ भन्ने पनि तैँले अनुभव गर्न सक्छस्। यस्तो प्रकारले तेरो अनुभव व्यापक हुनेछ। परमेश्वरले तँमाथि उहाँको न्याय र सजायको काम पूरा गर्नुभएको छ। परमेश्वरको वचनले तँलाई निराकरण गर्नुभएको छ, तर त्यति मात्र होइन यसले तँलाई ज्ञान र प्रकाश पनि दिएको छ। जब तँ नकारात्मक र कमजोर बन्छस्, परमेश्वरले तेरो निम्ति चिन्ता गर्नुहुन्छ। यी सबै काम मानिसको विषयमा सबै कुरा परमेश्वरका योजनाहरूभित्र हुँदछ भन्ने कुरा तँलाई जान्न दिनको लागि नै गरिन्छ। हुन सक्छ, परमेश्वरमा विश्वास गर्नु भनेको दुःख भोग्नका निम्ति हो, वा उहाँका निम्ति हरकिसिमका कुराहरू गर्नु हो भन्ने तँ ठान्छस् होला; परमेश्वरमा विश्वास गर्नुको उद्देश्य तेरो शरीर शान्तिमा रहोस् भन्ने हो वा तेरो जीवनका सबै कुरा राम्ररी चलोस्, वा सबै कुरामा तँलाई सुविधा र सहज होस् भन्ने तँलाई लाग्नसक्छ। तापनि मानिसले परमेश्वरमा भएको तिनीहरूका विश्वासमा यी कुनै पनि उद्देश्यहरूलाई जोड्नुहुँदैन। यदि तँ यी उद्देश्यहरूका निम्ति विश्वास गर्छस् भने तेरो दृष्टिकोण गलत छ, अनि तँलाई सिद्ध पारिनु यसै पनि असम्भव हुन्छ।

परमेश्वरका कामहरू, परमेश्वरको धार्मिक स्वभाव, उहाँको बुद्धि, उहाँका वचनहरू, उहाँको आश्चर्यपन र अज्ञातता, यी सबै कुरा मानिसहरूले बुझ्नुपर्ने कुराहरू हुन्। यो बुझेपछि तैँले आफ्नो हृदयका सबै व्यक्तिगत मागहरू, आशाहरू, र विचारहरूबाट छुटकारा पाउन यसको प्रयोग गर्नुपर्छ। यी कुराहरूलाई हटाएर मात्र तँ परमेश्वरले माग गर्नुभएका शर्तहरूलाई पूरा गर्न सक्छस्, र त्यसो गरेर मात्र तैँले जीवन प्राप्त गर्न र परमेश्वरलाई सन्तुष्ट पार्न सक्छस्। परमेश्वरमा विश्वास गर्नुको उद्देश्य उहाँलाई सन्तुष्ट पार्नु र उहाँले माग गर्नुभएको स्वभावअनुसार जिउनु हो, ताकि अयोग्य मानिसहरूको यस झुन्डबाट उहाँको कार्य र महिमा प्रकट हुन सकोस्। यो परमेश्वरमा विश्वास गर्ने सही दृष्टिकोण हो अनि तैँले खोज्नुपर्ने लक्ष्य पनि यही नै हो। तँसित परमेश्वरमा विश्वास गर्ने बारेमा सही दृष्टिकोण हुनुपर्छ र तैँले परमेश्वरको वचन प्राप्त गर्ने कोसिस गर्नुपर्छ। तैँले परमेश्वरको वचन खानु र पिउनु पर्छ र तँ सत्यतामा जिउन सक्नुपर्छ, अनि विशेष गरी तैँले सम्पूर्ण ब्रह्माण्डमा भएका उहाँका व्यावहारिक कार्यहरू, उहाँका अचम्मका कामहरू साथै उहाँले देहमा गर्नुहुने व्यावहारिक कार्यहरू देख्न सक्नुपर्छ। आफ्ना व्यावहारिक अनुभवहरूद्वारा मानिसहरूले उनीहरूमा परमेश्वरले कसरी काम गर्नुहुन्छ र तिनीहरूप्रति उहाँको इच्छा के छ सो बुझ्न सक्छन्। यी सबैको उद्देश्य भनेको मानिसहरूको भ्रष्ट शैतानिक स्वभावलाई हटाउनु हो। तँभित्रका सबै अशुद्धता अधार्मिकता र हटाएपछि, अनि तेरा गलत उद्देश्यहरू फालेपछि र परमेश्वरमा साँचो विश्वास विकास गरेपछि—साँचो विश्वासद्वारा मात्र तैँले परमेश्वरलाई साँचो रूपमा प्रेम गर्न सक्छस्। के परमेश्वरमा विश्वास नगरी तैँले उहाँको निम्ति प्रेम प्राप्त गर्न सक्छस्? तैँले परमेश्वरमा विश्वास गर्छस् यसैले तँ त्यस विषयमा भ्रमित बन्न सक्दैनस्। केही मानिसहरू परमेश्वरमा विश्वास गर्दा आशिषहरू पाइन्छ भन्ने देख्न साथ जोशले भरिन्छन्, तर तिनीहरूले शोधनको कष्ट भोग्नुपर्छ भन्ने देख्नसाथ सबै ऊर्जा गुमाउँछन्। के त्यो परमेश्वरमा विश्वास गर्नु हो? आखिरीमा तैँले आफ्नो विश्वासमा परमेश्वरको सामु पूर्ण र पूरा आज्ञापालन प्राप्त गर्नुपर्छ। तैँले परमेश्वरमा विश्वास गर्छस्, तर अझै पनि उहाँबाट मागहरू गर्छस्, तैँले दबाउन नसक्ने धेरै वटा धार्मिक धारणाहरू छन्, तैँले छोड्न नसक्ने व्यक्तिगत रुचिहरू छन्, र अझै पनि तँ देहको आशिष् खोज्छस् र परमेश्वरले तेरो शरीरलाई उद्धार गर्नुभएको, तेरो प्राणलाई मुक्ति दिनुभएको चाहन्छस् साँचो रूपमा यी सबै गलत दृष्टिकोण भएका मानिसहरूमा हुने व्यवहारहरू हुन्। धार्मिक विश्वास हुने मानिसहरूमा परमेश्वरप्रति विश्वास भए पनि तिनीहरू आफ्नो स्वभाव परिवर्तन गर्न खोज्दैनन् र परमेश्वरको ज्ञानको खोजी गर्दैनन्, तर तिनीहरूका देहको हित हुने कुराहरू मात्र खोज्छन्। तिमीहरूमध्ये धेरै जनामा धार्मिक निश्चयताको वर्गमा पर्ने विश्वास छ; यो परमेश्वरमाथिको साँचो विश्वास होइन। परमेश्वरमा विश्वास गर्नको निम्ति मानिसहरूमा त्यस्तो हृदय हुनुपर्छ, जुन उहाँको निम्ति दुःख भोग्न तयार हुन्छ र आफैलाई त्याग्ने इच्छा गर्छ। मानिसले यी दुईवटा शर्त पूरा नगरे परमेश्वरमाथिको तिनीहरूको विश्वास मान्य हुँदैन, र तिनीहरू आफ्नो स्वभावमा परिवर्तन ल्याउन सक्षम हुँदैनन्। साँचो रूपले सत्यताको पछि लाग्ने, परमेश्वरको ज्ञानको खोजी गर्ने र जीवनको पछि लाग्ने मानिसहरू मात्रै परमेश्वरमा साँच्चै विश्वास गर्नेहरू हुन्।

जब तँमाथि परीक्षाहरू आउँछन्, तब ती परीक्षाहरूको सामना गर्न तैँले कसरी परमेश्वरको

वचन प्रयोग गर्नेछस्? तँ नकारात्मक बन्नेछस्, कि परमेश्वरले मानिसलाई गर्नुहुने जाँच र शोधनलाई सकारात्मक रूपमा बुझ्छस्? परमेश्वरका जाँचहरू र शोधनहरूबाट तैँले के प्राप्त गर्नेछस्? के परमेश्वरप्रतिको तेरो प्रेम बढ्नेछ? जब तँ शोधनमा पर्छस्, के तँ अय्यूबका जाँचहरू प्रयोग गर्न अनि परमेश्वरले तँमा गर्नुहुने कार्यमा गम्भीरतासाथ संलग्न हुन सक्छस्? परमेश्वरले अय्यूबका आपत्-विपदहरूद्वारा मानिसलाई कसरी जाँच्नुहुन्छ भन्ने कुरा के तँ देख्न सक्छस्? अय्यूबका जाँचहरूले तँलाई कस्तो किसिमको प्रेरणा दिन्छ? के तँ शोधन भइरहेको बेला परमेश्वरका निम्ति साक्षी भई खडा हुन इच्छुक हुनेछस् वा के सहज वातावरणमा शरीरलाई सन्तुष्ट पार्न चाहनेछस्? परमेश्वरमा विश्वास गर्नेबारे तेरो वास्तविक दृष्टिकोण के हो? के त्यो साँच्चै उहाँको निम्ति हो तर शरीरका निम्ति होइन? के तँसित साँच्चै एउटा लक्ष्य छ, जसको पछि तँ लाग्छस्? के तँ परमेश्वरद्वारा सिद्ध पारिनलाई शोधनबाट भएर जान चाहन्छस्, वा तँ परमेश्वरद्वारा सजाय र सराप पाउन चाहन्छस्? परमेश्वरको साक्षी बन्ने विषयमा तेरो वास्तविक दृष्टिकोण के हो? परमेश्वरको साँचो साक्षी दिनका निम्ति मानिसहरूले विशेष परिस्थितिहरूमा के गर्नुपर्छ? व्यावहारिक परमेश्वरले तँमा गर्नुभएको उहाँको वास्तविक काममा धेरै कुरा प्रकट गर्नुभएको छ भने तँ किन सधैँ छोडेर जाने विचार गर्नुहुन्छ? के तँ परमेश्वरलाई परमेश्वर नै ठानेर विश्वास गर्छस्? किनकि तिमीहरूमध्ये धेरैको निम्ति, तिमीहरूको विश्वास तिमीहरूको आफ्नै फाइदाको लागि तिमीहरूले गर्ने तिमीहरूको आफ्नै अनुमानको हिस्सा हो। थोरै मानिसले मात्र परमेश्वरलाई परमेश्वर नै ठानेर विश्वास गर्छन्; के यो विद्रोह होइन र?

शोधन गर्ने कार्यको मुख्य उद्‌देश्य भनेको मानिसहरूको विश्वास सिद्ध बनाउनु। अन्त्यमा, के हासिल हुन्छ भने, तँ छोड्न चाहन्छस् तर सक्दैनस्; केही मानिसहरूले आशाको एउटा सानो त्यान्द्रो हुँदा पनि विश्वास गर्न सक्छन्; अनि आफ्ना भविष्यका सम्भावनाहरूप्रति मानिसहरूसँग उप्रान्त कुनै आशा हुँदैन। यस्तो समयमा मात्र परमेश्वरले गर्नुहुने शोधन समाप्त हुन्छ। मानिस अझै पनि जीवन र मृत्युको बीचमा अडिरहने स्थितिमा पुगेको छैन, अनि तिनीहरूले मृत्युको स्वाद चाखेका छैनन्, यसैले शोधनको प्रक्रिया अझै समाप्त भएको छैन। जो सेवाकर्ताहरूको चरणमा थिए तिनीहरू पनि पूरा शोधन भएका थिएनन्। अय्यूब चरम शोधनबाट भएर गए, अनि तिनीसँग तिनले भर पर्ने केही पनि थिएन। मानिसहरू शोधनमा त्यो हदसम्म पुग्नुपर्छ जब तिनीहरूमा कुनै आशा रहँदैन र भर पर्ने कुनै कुरा हुँदैन—यो मात्र साँचो शोधन हो। सेवाकर्ताहरूको समयमा, यदि तेरो हृदय सधैँ परमेश्वरको सामु शान्त थियो भने, अनि उहाँले जे गर्नु भएको भए पनि र तेरो निम्ति उहाँको इच्छा जे-जस्तो थियो भने पनि, तैँले सँधै उहाँको प्रबन्धको आज्ञापालन गरेको छस् भने अन्त्यमा गएर तैँले परमेश्वरले गर्नुभएका सबै कार्यहरू बुझ्नेछस्। तँ अय्यूबको जाँचहरूबाट भएर जान्छस्, त्यसको साथसाथै तँ पत्रुसका जाँचहरूबाट पनि भएर जान्छस्। जब अय्यूबको जाँच भयो, तिनी साक्षी बनेर खडा भए, अनि आखिरीमा तिनलाई यहोवा प्रकट गरियो। तिनी साक्षी बनेर खडा भएपछि मात्र तिनी परमेश्वरको मुहार देख्ने योग्यका भए। यसो किन भनिएको छ: "म फोहोरको देशबाट लुकेँ, तर आफैलाई पवित्र राज्यमा देखाएँ?" त्यसको अर्थ हो, जब तँ पवित्र बन्छस् र साक्षी भई खडा हुन्छस् तब मात्र परमेश्वरको मुहार हेर्ने मर्यादा तैँले प्राप्त गर्न सक्छस्।

उहाँ तँ उहाँको साक्षी बन्न सक्दैनस् भने तँमा उहाँको मुहार हेर्ने मर्यादा हुँदैन। यदि तँ शोधनको बेला पछि हट्छस् र परमेश्वरको विरुद्ध गुनासो गर्छस्, त्यसरी उहाँको साक्षी बन्न सक्दैनस् र शैतानको हाँसो पात्र बन्छस् भने तैँले परमेश्वरको रूप प्राप्त गर्नेछैनस्। यदि तँ जाँचहरू हुँदा अय्यूबले जस्तै आफ्नै शरीरलाई सराप्छस् र परमेश्वरको विरुद्ध गुनासो गर्दैनस् भने, अनि कुनै गुनासो नगरी वा बोलीवचनद्वारा पाप नगरी आफ्नै शरीरलाई घृणा गर्छस् भने तँ साक्षी बनेर खडा भएको हुनेछस्। जब तँ एक निश्चित हदसम्म शोधनबाट भएर जान्छस् र अझै पनि अय्यूबजस्तै हुन सक्छस्, परमेश्वरको सामु पूर्ण रूपमा आज्ञाकारी बन्छस् र उहाँका आवश्यकताहरू वा तेरा आफ्नै धारणाविना हुन्छस्, तब परमेश्वर तँकहाँ देखा पर्नुहुनेछ। अब परमेश्वर तँकहाँ प्रकट गर्नुहुन्न किनकि तँसँग अत्यन्तै धेरै आफ्नै धारणा, व्यक्तिगत पूर्वाग्रह, स्वार्थी विचार, व्यक्तिगत आवश्यकताहरू र शारीरिक चासोहरू छन् र तँ उहाँको अनुहार हेर्न योग्य छैनस्। यदि तैँले परमेश्वरलाई हेर्नु छ भने तैँले आफ्नै विचारहरूद्वारा उहाँलाई नाप्थिस् र त्यसो गरेर तँद्वारा उहाँ कीला ठोकिएर क्रूसमा टाँगिनुहुनेथियो। यदि तेरा विचारहरूसँग नमिल्ने धेरै वटा कुराहरू तँमाथि आउँछन्, तापनि तँ ती सबलाई पन्साउन र ती कुराहरूबाट परमेश्वरका कार्यहरूको ज्ञान प्राप्त गर्न सक्छस् भने, यदि शोधन भइरहेको बेला परमेश्वरप्रति तेरो प्रेमको हृदय प्रकट गर्छस् भने त्यही नै अटल साक्षी हो। यदि तेरो घर शान्तिमय छ, तैँले शरीरको सुख-सुविधाको आनन्द लिन्छस्, कसैले पनि तँलाई सताइरहेको छैन, र मण्डलीका भाइ-बहिनीहरूले तेरो आज्ञा पालन गर्दछन् भने, के तँ परमेश्वरप्रति आफ्नो प्रेमको हृदय प्रकट गर्न सक्छस्? के यस्तो परिस्थितिले तँलाई शोधन गर्न सक्छ? शोधनद्वारा मात्र परमेश्वरप्रतिको तेरो प्रेम देखाउन सकिन्छ, तेरा विचारहरूसँग नमिल्ने कुराहरूद्वारा मात्र तँ सिद्ध बनाइन सक्छस्। धेरै वटा विपरीत र नकारात्मक थोकहरूको सेवा र शैतानका सबै प्रकारका अभिव्यक्तिहरू प्रयोग गरेर–त्यसका कार्यहरू, त्यसले लगाउने दोषहरू, त्यसको बाधाहरू र छलहरू–परमेश्वरले तँलाई शैतानको घृणित अनुहार स्पष्टसँग देखाउनुहुन्छ, र त्यसरी शैतानलाई चिन्ने तेरो क्षमतालाई पूर्ण बनाउनुहुन्छ, अनि तँ शैतानलाई घृणा गर्न र त्याग्न सक्छस्।

तेरो असफलता, कमजोरी, तेरा नकारात्मक समयका धेरै वटा अनुभवहरूलाई परमेश्वरको जाँचहरूको समय भन्न सकिन्छ। किनकि सबै थोक परमेश्वरबाट आउँछन्, र सबै थोक र घटनाहरू उहाँकै हातमा छन्। तँ असफल वा तँ कमजोर भए पनि र तैँले ठोक्कर खाए पनि यो सबै परमेश्वरमा निर्भर हुन्छ र उहाँको पकडमा हुन्छन्। परमेश्वरको दृष्टिकोणमा यो तेरो जाँच हो, यदि तैँले यसलाई बुझ्न सकिनस् भने त्यो परीक्षा बन्छ। मानिसहरूले चिन्नुपर्ने दुई किसिमका अवस्थाहरू छन्: एउटा पवित्र आत्माबाट आउँछ, र अर्को सम्भावित स्रोत शैतान हो। एउटा अवस्था त्यो हो जुन पवित्र आत्माले तँलाई प्रकट गर्नुहुन्छ र त्यसले तँलाई आफैलाई चिन्न, घृणा गर्न र आफ्नै विषयमा पछुतो गर्न अनि परमेश्वरको निम्ति साँचो प्रेम प्राप्त गर्न साथै तेरो हृदय परमेश्वरलाई सन्तुष्ट पार्नेतिर लगाउने तुल्याउँछ। त्यहाँ अर्को अवस्था छ, जहाँ तैँले आफैलाई चिन्छस्, तर तँ नकारात्मक र कमजोर हुन्छस्। यो अवस्थालाई परमेश्वरको शोधन भन्न सकिन्छ, र यो शैतानको परीक्षा पनि हो। यदि यो तेरो निम्ति परमेश्वर मुक्ति हो भनी जान्दछस् भने र

यदि तँ अब उहाँको ठूलो ऋणमा डुबेको महसुस गर्छस् भने, अनि यदि अबदेखि तैँले उहाँलाई ऋण तिर्ने कोसिस गर्छस् र अब उप्रान्त त्यस्तो भ्रष्टतामा पर्दैनस् भने, यदि तैँले उहाँका वचनहरू खानु र पिउनुमा कोसिस गर्छस् भने, यदि तँ जहिल्यै पनि तँमा कमी छ भनी सोच्छस् र तँमा तृषित हृदय छ भने यो परमेश्‍वरबाटको जाँच हो। दुःख समाप्त भएपछि र तँ फेरि अगाडि बढ्‌न थालेपछि, परमेश्‍वरले तँलाई डोर्‍याउनुहुनेछ, प्रकाश दिनुहुनेछ, अन्तर्दृष्टि दिनुहुनेछ र खुवाउनुहुनेछ। तर यदि तँ यसलाई चिन्दैनस् र तँ नकारात्मक हुँदै आफैलाई निराशामा छोड्छस् भने, यदि तँ यसप्रकारले विचार गर्छस् भने तँमाथि शैतानको परीक्षा आउनेछ। जब अय्यूब जाँचहरूबाट भएर गए, त्यसबेला परमेश्‍वर र शैतानले एक-अर्कासित बाजी लगाउनुभयो, अनि परमेश्‍वरले अय्यूबलाई कष्ट दिने अनुमति शैतानलाई दिनुभयो। त्यसबेला परमेश्‍वरले अय्यूबको जाँच गरिरहनुभएको थियो, तैपनि तिनीमाथि आउने शैतान नै थियो। शैतानका लागि, त्यो अय्यूबको परीक्षा गर्नुथियो, तर अय्यूब परमेश्‍वरको पक्षमा थिए। यदि त्यसो नभएको भए अय्यूब परीक्षामा पतन हुनेथिए। मानिसहरू परीक्षामा पतन भएपछि लगत्तै जोखिममा पर्छन्। शोधनबाट भएर जानुलाई परमेश्‍वरको जाँच भन्‍न सकिन्छ, तर तँ राम्रो अवस्थामा छैनस् भने त्यसलाई शैतानबाटको परीक्षा पनि भन्‍न सकिन्छ। यदि तँ दर्शनको विषयमा स्पष्ट छैनस् भने शैतानले तँलाई दोष लगाउनेछ र त्यस दर्शनको पक्षको विषयमा तँलाई अस्पष्ट बनाउनेछ। तैँले थाहा पाउनुभन्दा अघि नै तँ परीक्षामा पर्नेछस्।

यदि तँ परमेश्‍वरको कामको अनुभव गर्दैनस् भने, तँ कहिल्यै पनि सिद्‌ध हुन सक्दैनस्। तेरो अनुभवमा तँ पूर्ण विवरणभित्र पनि प्रवेश गर्नुपर्छ। उदाहरणको निम्ति, कुन-कुन कुराहरूले तँलाई धारणाहरू र अनावश्यक अभिप्रायहरू विकास गर्न अगुवाइ गर्दछन् र ती समस्याहरूलाई समाधान गर्न कुन-कुन उपयुक्त अभ्यासहरू तँसँग छन्? यदि तँ परमेश्‍वरको काम अनुभव गर्न सक्छस् भने, त्यसको अर्थ तँसँग कद छ भन्‍ने हुन्छ। यदि तँसँग जोश छ भन्‍ने मात्र देखिन्छ भने, यो वास्तविक कद होइन, र तँ दृढतासाथ खडा हुन सक्षम हुनेछैनस्। जब तैँले परमेश्‍वरको काम अनुभव गर्न सक्छस्, र कुनै पनि समय र स्थानमा त्यसबारे विचार गर्न सक्छस्, जब तँ गोठालाहरूलाई छोड्‌न र परमेश्‍वरमा भर पर्दै स्वतन्त्र रूपमा जिउँछस्, तब मात्र तैँले परमेश्‍वरका वास्तविक कार्यहरू देख्न सक्छस्—तब मात्र परमेश्‍वरको इच्छा प्राप्त गर्न सकिनेछ। अहिले धेरै जना मानिसहरूलाई कसरी अनुभव गर्ने भन्‍ने थाहा छैन, र जब तिनीहरूले कुनै समस्या भेट्टाउँछन्, त्यसलाई कसरी समाधान गर्ने सो तिनीहरू जान्दैनन्; तिनीहरूले परमेश्‍वरको कामको अनुभव गर्न सक्दैनन्, र तिनीहरूले आत्मिक जीवन जिउन सक्दैनन्। तैँले परमेश्‍वरका वचनहरू र कामलाई व्यवहारमा लागू गर्नुपर्दछ।

कहिलेकहीँ परमेश्‍वरले तँलाई एक निश्‍चित प्रकारको अनुभूति दिनुहुन्छ, यस्तो भावना जसको कारण तैँले आफ्नो भित्री आनन्द र परमेश्‍वरको उपस्थिति गुमाउनुपर्छ, जसले गर्दा तँ अन्धकारमा डुब्छस्। यो एक किसिमको शोधन हो। जब-जब तँ केही गर्छस्, तब त्यो सधैँ गलत हुन जान्छ वा तेरो सामु बाधा खडा हुन्छ। यो परमेश्‍वरको अनुशासन हो। कहिलेकहीँ, जब तँ परमेश्‍वरप्रति अनाज्ञाकारी र विद्रोही कार्य गर्छस् त्यो अरू कसैलाई थाहा नहुन सक्छ—तर परमेश्‍वरलाई थाहा हुन्छ। उहाँले तँलाई त्यसै छोडिदिनुहुनेछैन, उहाँले तँलाई अनुशासनमा राख्नुहुनेछ। पवित्र आत्माको

काम धेरै विस्तृत छ। उहाँले मानिसहरूको प्रत्येक बोलीवचन र कार्यलाई, तिनीहरूका प्रत्येक व्यवहार र चाललाई, तिनीहरूका हरेक विचार र योजनालाई ध्यान दिएर हेर्नुहुन्छ, ताकि मानिसहरूले यी कुराहरूको आन्तरिक ज्ञान प्राप्त गर्न सकून्। तैँले एक पल्ट कुनै कुरा गर्छस् र त्यो गलत हुन्छ, तँ फेरि कुनै काम गर्छस्, अनि त्यो अझै गलत हुन्छ, अनि बिस्तारै तँ पवित्र आत्माको कामलाई जानेछस्। धेरै चोटि अनुशासनमा परेपछि तैँले परमेश्वरको इच्छासँग मिल्दो हुन के गर्नुपर्छ र कुन कुरा उहाँको इच्छासँग मिल्दोजुल्दो हुँदैन सो जान्नेछस्। अन्त्यमा, पवित्र आत्माको अगुवाइप्रति तेरो भित्रैबाट निस्केको सटीक प्रतिक्रिया तँमा हुनेछ। कहिलेकहीँ तँ विद्रोही बन्नेछस् र परमेश्वरले तँलाई भित्रैबाट हप्काउनुहुनेछ। यो सबै नै परमेश्वरको अनुशासनबाट आउँछ। यदि तँ परमेश्वरको वचनलाई बहुमूल्य ठान्दैनस् भने, यदि तैँले उहाँको कामलाई अनादर गरिस् भने, उहाँले तँलाई कुनै ध्यान दिनुहुनेछैन। परमेश्वरको वचनलाई तैँले जति गम्भीरतासाथ लिन्छस्, उहाँले तँलाई त्यत्ति नै बढी अन्तर्दृष्टि दिनुहुनेछ। अहिले, चर्चमा केही मानिसहरू छन् जसमा भद्रगोल र भ्रमित विश्वास हुन्छ, अनि तिनीहरूले अनेक अनुचित कार्यहरू गर्छन् र अनुशासनहीन व्यवहार गर्छन्, यसैले तिनीहरूमा पवित्र आत्माको कामलाई स्पष्ट रूपमा देख्न सकिँदैन। कतिपय मानिसहरूले अनुशासनमा नरहिकन गएर व्यवसाय गर्दै, पैसा कमाउनको खातिर आफ्ना कर्तव्यहरूलाई त्यागेर जान्छन्। यस किसिमको मानिस अझ बढी खतरामा हुन्छ। तिनीहरूसँग अहिले पवित्र आत्माको काम नहुने मात्र होइन, तिनीहरूलाई सिद्ध बन्न भविष्यमा पनि गाह्रो पर्नेछ। धेरै जना मानिसहरू यस्ता छन्, जसमा पवित्र आत्माको काम देख्न सकिँदैन र जसमा परमेश्वरको अनुशासन देख्न सकिँदैन। तिनीहरू ती हुन् जसले परमेश्वरको इच्छालाई स्पष्ट रूपमा जान्दैनन् र उहाँको काम जान्दैनन्। जो शोधनको बीचमा अटल भई बस्छन्, परमेश्वरले जस्तोसुकै कार्य गर्नुभए पनि जो उहाँको पछि लाग्छन्, र कम्तीमा पनि छोड्न सक्दैनन्, वा जसले पत्रुसले हासिल गरेको कामको ०.१% हासिल गर्दछन्, तिनीहरूले राम्रै गरिरहेका हुन्छन्, तर परमेश्वरले तिनीहरूलाई प्रयोग गर्नुहुने सम्बन्धमा तिनीहरूको कुनै मूल्य हुँदैन। धेरै जना मानिसहरूले परिस्थितिलाई चाँडै बुझ्दछन्, तिनीहरूमा परमेश्वरप्रतिको साँचो प्रेम हुन्छ, र पत्रुसको स्तरलाई उछिन्छन्, र परमेश्वरले तिनीहरूलाई सिद्ध पार्ने काम गर्नुहुन्छ। त्यस्ता मानिसहरूमा अनुशासन र ज्ञान आउँदछ, यदि तिनीहरूमा परमेश्वरको इच्छासँग नमिल्ने केही छ भने त्यो तिनीहरूले तुरुन्तै फाल्न सक्छन्। त्यस्ता मानिसहरू सुन, चाँदी र बहुमूल्य पत्थरहरू हुन्–तिनीहरूको मूल्य अति उच्च हुन्छ! परमेश्वरले धेरै किसिमका कामहरू गर्नुभएको छ, तर तँ अझै पनि बालुवा र ढुङ्गाजस्तो छस् भने, तँ मूल्यहीन छस्!

ठूलो रातो अजिङ्गरको देशमा परमेश्वरको काम अचम्मको र बुझ्न नसकिने छ। उहाँले मानिसहरूको एउटा झुण्डलाई सिद्ध बनाउनुहुनेछ र अरू केहीलाई हटाउनुहुनेछ, किनकि मण्डलीमा हरकिसिमका मानिसहरू हुन्छन्–त्यहाँ सत्यलाई प्रेम गर्नेहरू, र नगर्नेहरू हुन्छन्; परमेश्वरको कामको अनुभव गर्नेहरू हुन्छन्, अनि नगर्नेहरू पनि हुन्छन्; आफ्नो कर्तव्य पूरा गर्नेहरू, र नगर्नेहरू हुन्छन्; त्यहाँ परमेश्वरको साक्षी दिनेहरू हुन्छन्, नदिनेहरू पनि हुन्छन्–अनि तिनीहरूमध्ये केही भाग विश्वास नगर्ने र दुष्ट मानिसहरू हुन्छन्, अनि तिनीहरूलाई निश्चय नै हटाइनेछन्। यदि

तँलाई परमेश्‍वरको काम स्पष्ट रूपमा थाहा छैन भने तँ नकारात्मक बन्‍नेछस्; किनकि परमेश्‍वरको काम थोरै मानिसहरूमा मात्र देख्‍न सकिन्छ। यस समयमा, कसले परमेश्‍वरलाई प्रेम गर्दछ र कसले गर्दैनन् भन्‍ने कुरा पनि स्पष्ट हुन्छ। जसले परमेश्‍वरलाई साँचो रूपमा प्रेम गर्छन् तिनीहरूसित पवित्र आत्माको काम हुन्छ, अनि उहाँलाई साँचो रूपले प्रेम नगर्नेहरूलाई उहाँको कामको प्रत्येक चरणद्वारा प्रकट गरिनेछन्। तिनीहरू हटाइने वस्तुहरू बन्‍नेछन्। यी मानिसहरूलाई विजयको कामको अवधिमा प्रकट गरिनेछन्, अनि तिनीहरू ती मानिसहरू हुन् जसमा सिद्ध हुनको लागि कुनै मूल्य हुँदैन। जुन मानिसहरू सिद्ध बनाइएका हुन्छन् तिनीहरूलाई परमेश्‍वरले सम्पूर्ण रूपमा प्राप्त गर्नुभएको हुन्छ, अनि तिनीहरू पत्रुसझैं परमेश्‍वरलाई प्रेम गर्न सक्षम हुन्छन्। जुन व्यक्तिहरू जितिएका हुन्छन् तिनीहरूमा सक्रिय प्रेम हुँदैन, तर निष्क्रिय प्रेम मात्र हुन्छ, अनि तिनीहरू परमेश्‍वरलाई प्रेम गर्न बाध्य हुन्छन्। सक्रिय प्रेम व्यावहारिक अनुभवद्वारा ज्ञान प्राप्त गरेपछि विकास हुन्छ। यो प्रेमले व्यक्तिको हृदयमा स्थान ओगट्छ र यसले तिनीहरूलाई स्वेच्छाले परमेश्‍वरमा समर्पित हुने तुल्याउँछ; परमेश्‍वरको वचन तिनीहरूका आधार बन्छ र तिनीहरू परमेश्‍वरका निम्ति दुःख भोग्‍न सक्‍ने हुन्छन्। अवश्य नै, यी त्यस्ता कुराहरू हुन् जुन परमेश्‍वरद्वारा सिद्ध पारिएको व्यक्तिमा हुन्छ। यदि तँ जितिन मात्र चाहन्छस् भने तैँले परमेश्‍वरको निम्ति साक्षी दिन सक्दैनस्; यदि परमेश्‍वरले मानिसहरूलाई सिद्ध बनाएर मात्र उहाँको मुक्तिको लक्ष्य प्राप्त गर्नुहुन्छ भने सेवाकर्ताहरूको कदमले काम समाप्त गर्दछ। तापनि, मानिसहरूलाई जित्‍नु मात्र परमेश्‍वरको अन्तिम लक्ष्य होइन, जुन मानिसहरूलाई सिद्ध बनाउनु हो। यसैले यो कदमलाई जित्‍ने काम भन्‍नुभन्दा बरु सिद्ध बनाउने र हटाउने काम हो भन्। केही मानिसहरू पूर्ण रूपले जितिएका हुँदैनन्, र तिनीहरूलाई जित्‍ने क्रममा मानिसहरूको एउटा झुण्डलाई सिद्ध पारिन्छ। यी दुईवटा कामलाई एकसाथ गरिन्छ। यति लामो कामको अवधिमा पनि मानिसहरू हटेका छैनन्, र यसले विजयको लक्ष्य प्राप्त भएको देखाउँछ–जित्‍नुको तथ्य यही हो। शोधनहरू विजय प्राप्त गर्नका लागि होइनन्, तर सिद्ध हुनुका लागि हुन्। शोधनविना, मानिसहरू सिद्ध हुन सक्दैनन्। त्यसैले शोधन साँच्‍चै मूल्यवान् छ! आज मानिसहरूको एउटा समूह सिद्ध र प्राप्त गरिएका छन्। पहिले उल्लेख गरिएका दस आशिषहरू सबै सिद्ध भएकाहरूका लागि लक्षित थिए। पृथ्वीमा तिनीहरूको स्वरूप परिवर्तन गर्ने सबै कुराको उद्देश्य तिनीहरूका निम्ति हो जो सिद्ध भइसकेका छन्। जो सिद्ध पारिएका छैनन् तिनीहरू परमेश्‍वरका प्रतिज्ञाहरू प्राप्त गर्न योग्यका छैनन्।

## कष्टपूर्ण परीक्षाहरू अनुभव गरेपछि मात्र तैँले परमेश्‍वरको प्रेमिलोपन जान्‍न सक्छस्

आज तँ परमेश्‍वरलाई कति धेरै प्रेम गर्छस्? र परमेश्‍वरले तँमा गर्नुभएका सबै कामहरूमध्ये तैँले कति धेरै जान्दछस्? तैँले सिक्‍नुपर्ने कुराहरू यिनै हुन्। जब परमेश्‍वर पृथ्वीमा आउनुहुन्छ, उहाँले मानिसमा जे गर्नुभएको छ र मानिसलाई जे देखाउनुभएको छ त्यो मानिसले उहाँलाई प्रेम गरोस् र साँच्‍चै उहाँलाई चिनोस् भनेर नै हो। मानिसले परमेश्‍वरका लागि कष्ट भोग्‍न सक्‍नुको

कारण र यति टाढासम्म आउन सक्नुको कारण एक हिसाबमा परमेश्‍वरको प्रेमको कारणले हो र अर्को हिसाबमा परमेश्‍वरको उद्‌धारको कारणले गर्दा हो। यसबाहेक, परमेश्‍वरले मानिसमा गर्नुभएको सजाय र दण्डको कामको कारणले गर्दा हो। यदि तिमीहरू न्याय, सजाय, र परमेश्‍वरको जाँचरहित छौ भने, यदि परमेश्‍वरले तिमीहरूलाई दुःखमा पार्नुभएको छैन भने तिमीहरूले पूर्ण इमानदारीसाथ परमेश्‍वरलाई प्रेम गर्नेछैनौ। मानिसमा परमेश्‍वरको काम जति ठूलो हुन्छ, र मानिसको कष्ट जति ठूलो हुन्छ, परमेश्‍वरको काम कति अर्थपूर्ण छ त्यो त्यत्ति नै स्पष्ट हुन्छ, अनि मानिसको हृदय परमेश्‍वरलाई साँचो रूपले प्रेम गर्न त्यति नै सक्ने हुन्छ। परमेश्‍वरलाई कसरी प्रेम गर्ने भन्ने कुरा तँ कसरी सिक्छस्? कुनै पीडा र शोधनविना, कष्टपूर्ण परीक्षाहरूविना–र यदि यसबाहेक, परमेश्‍वरले मानिसलाई दिनुभएका सबै कुरा अनुग्रह, प्रेम, र कृपा मात्रै थियो भने–के तँ साँच्चै परमेश्‍वरलाई प्रेम गर्ने ठाउँमा पुग्न सक्थिस्? एकातिर, परमेश्‍वरले जाँच गर्नुहुँदा मानिसले आफ्ना कमी-कमजोरीहरू थाहा पाउँछ र ऊ महत्त्वहीन, घृणायोग्य र तुच्छ छ, उसँग केही पनि छैन र ऊ केही पनि होइन भनी बुझ्छ, अर्कोतिर, उहाँले परीक्षा गर्नुहुँदा परमेश्‍वरले मानिसका लागि विभिन्‍न वातावरणहरू सृजना गर्नुहुन्छ, जसले मानिसलाई परमेश्‍वरको प्रेमिलोपनको अनुभव गर्न अझ बढी सक्षम बनाउँदछ। त्यो पीडा ठूलो भए तापनि, र कहिलेकहीँ समाधान गर्न नसकिने भए तापनि–चकनाचूर पार्ने दुःखको तहसम्म पनि पुग्ने भए तापनि–यस्तो अनुभव गरिसकेपछि मानिसले उसमा भएको परमेश्‍वरको काम कति प्रेमिलो छ भनी बुझ्छ, अनि यसैको जगमाथि मात्र मानिसभित्र परमेश्‍वरको निम्ति साँचो प्रेमको जन्म हुन्छ। आज मानिसले देख्छ, कि केवल परमेश्‍वरको अनुग्रह, प्रेम, र कृपाले मात्र उसले आफैलाई वास्तवमा चिन्‍न सक्दैन, मानिसको अस्तित्व बुझ्ने बारेमा त कुरै नगरौं। केवल परमेश्‍वरको शोधन र न्याय दुवैद्‌वारा र शोधनको प्रक्रियाको अवधिमा मात्रै मानिसले आफ्ना कमी-कमजोरीहरू जान्‍न र ऊ केही पनि होइन भनी जान्‍न सक्छ। यसरी, परमेश्‍वरप्रतिको मानिसको प्रेम परमेश्‍वरको शोधन र न्यायको जगमाथि निर्माण भएको हुन्छ। यदि तैंले परमेश्‍वरको अनुग्रहको मात्र आनन्द लिन्छस्, शान्तिमय पारिवारिक जीवन वा भौतिक आशिषहरू मात्र प्राप्त गर्छस् भने तैंले परमेश्‍वरलाई प्राप्त गरेको छैनस्, र परमेश्‍वरमाथिको तेरो विश्‍वासलाई सफल मान्‍न सकिँदैन। परमेश्‍वरले पहिले नै अनुग्रहको कामको एक चरणलाई देहमा पूरा गरिसक्नुभएको छ, र मानिसलाई भौतिक आशिष्‌हरू प्रदान गरिसक्नुभएको छ, तर मानिस अनुग्रह, प्रेम र कृपाले मात्र सिद्‌ध हुन सक्दैन। मानिसको अनुभवमा उसले परमेश्‍वरका केही प्रेम अनुभव गर्छ र उसले परमेश्‍वरको प्रेम र दया देख्छ, तापनि केही समयसम्म उसले अनुभव गरेपछि परमेश्‍वरको अनुग्रह, र उहाँको प्रेम र कृपाले मानिसलाई सिद्‌ध बनाउन सक्दैन, मानिसभित्रको भ्रष्टता प्रकट गर्न सक्दैन र मानिसलाई उसको भ्रष्ट स्वभावबाट छुटकारा दिन वा उसको प्रेम र विश्‍वासलाई सिद्‌ध बनाउन सक्दैन भनी बुझ्छ। परमेश्‍वरको अनुग्रहको काम एक एउटा अवधिको काम थियो, र परमेश्‍वरलाई जान्‍नका लागि मानिस परमेश्‍वरको अनुग्रहको आनन्द लिने कुरामा भर पर्न सक्दैन।

कुन तरिकाले परमेश्‍वरले मानिसलाई सिद्‌ध बनाउने कार्य पूरा गरिन्छ? यसलाई उहाँको धार्मिक स्वभावको माध्यमबाट पूरा गरिन्छ। परमेश्‍वरको स्वभाव मुख्य रूपले धार्मिकता, क्रोध,

महानता, न्याय र सरापले बनेको हुन्छ र उहाँले मानिसलाई मुख्य रूपले आफ्नो न्यायद्वारा सिद्ध बनाउनुहुन्छ। कति मानिसहरूले बुझ्दैनन्, र परमेश्‍वरले किन मानिसलाई न्याय र सरापद्वारा मात्र सिद्ध बनाउन सक्नुहुन्छ भनी प्रश्‍न गर्छ। तिनीहरू भन्छन्, "यदि परमेश्‍वरले मानिसलाई सराप्नुभयो भने, के मानिस मर्नेथिएन र? यदि परमेश्‍वरले मानिसलाई इन्साफ गर्नुभयो भने, के मानिस दोषी हुने थिएन? त्यसो भए ऊ कसरी अझै सिद्ध हुन सक्छ?" यी ती मानिसहरूका कुरा हुन्, जसले परमेश्‍वरका कामहरूलाई जान्दैनन्। परमेश्‍वरले जुन कुरालाई सराप्नुहुन्छ त्यो मानिसको अनाज्ञाकारिता हो, र उहाँले जे कुराको न्याय गर्नुहुन्छ त्यो मानिसको पाप हो। उहाँ रूखो र कठोरता साथ बोल्नुहुने भए तापनि, उहाँले मानिसभित्र भएका सबै कुरा प्रकट गर्नुहुन्छ, उहाँले यी कठोर शब्दहरूद्वारा ती कुरा प्रकट गर्नुहुन्छ जुन मूल रूपमा मानिसभित्र हुन्छ, तापनि त्यस्तो न्यायद्वारा उहाँले मानिसलाई देहको सारको गहिरो ज्ञान दिनुहुन्छ, र यसैले मानिस परमेश्‍वरको सामु समर्पित हुन्छ। मानिसको शरीर पापको र शैतानको हो, यो अनाज्ञाकारिता हो, र यो परमेश्‍वरको सजायको पात्र हो। यसैले, मानिसलाई ऊ आफैलाई चिन्न लगाउनको लागि परमेश्‍वरका वचनहरूको न्याय ऊमाथि आउनुपर्छ र त्यहाँ हरप्रकारको शुद्धीकरण प्रयोग गर्नुपर्दछ; तब मात्र परमेश्‍वरको काम प्रभावकारी हुन सक्दछ।

परमेश्‍वरले बोल्नुभएका वचनहरूबाट यो बुझ्न सकिन्छ, कि उहाँले मानव देहलाई अघिबाटै दोषी ठहराइसक्नुभएको छ। त्यसो भए, के यी वचनहरू सरापका वचनहरू होइनन् र? परमेश्‍वरले बोल्नुभएका वचनहरूले मानिसको वास्तविक रङ्ग प्रकट गर्दछ, र त्यस्तै प्रकाशद्वारा उसको न्याय हुन्छ, र जब उसले आफू परमेश्‍वरको इच्छा पूरा गर्न असमर्थ छु भन्ने देख्छ, तब भित्र उसले शोक र पछुतोको महसुस गर्दछ, उसले आफू परमेश्‍वरप्रति ऋणी भएको महसुस गर्छ, र परमेश्‍वरको इच्छा प्राप्त गर्न सक्दैन। कहिलेकहीँ यस्ता समयहरू हुन्छन् जब पवित्र आत्माले तँलाई भित्रबाट अनुशासित गर्नुहुन्छ, र यो अनुशासन परमेश्‍वरको न्यायबाट आउँदछ; कहिलेकहीँ यस्तो समय हुन्छ, जब परमेश्‍वरले तँलाई हप्काउनुहुन्छ, र आफ्नो अनुहार तँबाट लुकाउनुहुन्छ, जब उहाँले तँलाई कुनै ध्यान दिनुहुन्न र तँभित्र कुनै काम गर्नुहुन्न, तँलाई शोधन गर्नका निम्ति विनाआवाज तँलाई दण्ड दिनुहुन्छ। मानिसमा परमेश्‍वरले गर्नुहुने काम मुख्य रूपले उहाँको आफ्नो धार्मिक स्वभाव स्पष्ट पार्नको लागि हो। मानिसले अन्त्यमा परमेश्‍वरको लागि कस्तो गवाही दिन्छ? मानिसले परमेश्‍वर धर्मी परमेश्‍वर हुनुहुन्छ, उहाँको स्वभाव धार्मिकता, क्रोध, सजाय र न्याय हो भनी गवाही दिन्छ; मानिसले परमेश्‍वरको धर्मी स्वभावको गवाही दिन्छ। मानिसलाई सिद्ध बनाउन परमेश्‍वरले उहाँको न्यायको प्रयोग गर्नुहुन्छ, उहाँले मानिसलाई प्रेम गर्नुभएको छ, र मानिसलाई मुक्ति दिनुभएको छ–तर उहाँको प्रेममा कति धेरै कुरा छ? त्यहाँ न्याय, प्रताप, क्रोध र सराप छ। विगतमा परमेश्‍वरले मानिसलाई सराप दिनुभएको भए पनि उहाँले मानिसलाई पूर्ण रूपमा अतल कुण्डमा हालिदिनुभएन, तर त्यो साधनलाई मानिसको विश्‍वासलाई शोधन गर्न प्रयोग गर्नुभयो; उहाँले मानिसलाई मृत्युदण्ड दिनुभएन, तर मानिसलाई सिद्ध बनाउनका निम्ति कार्य गर्नुभयो। शरीरको सार त्यो हो जुन शैतानको हो–परमेश्‍वरले यसलाई ठीकै भन्नुभएको थियो–तर परमेश्‍वरले गर्नुभएका तथ्यहरूलाई उहाँका वचनहरू अनुसार पूरा गरिँदैनन्। तैंले उहाँलाई प्रेम गर्नु सक् र तैंले

देहको सारलाई बुझ्न सक् भनी उहाँले तँलाई सराप्नुहुन्छ; तँ बिउँझन सक्, तैंले आफू भित्रका कमी-कमजोरीहरूलाई जान्न सक् अनि मानिस पूर्ण रूपमा अयोग्य छ भनी जान् भनी उहाँले तँलाई सजाय दिनुहुन्छ। यसैले, परमेश्वरका सरापहरू, उहाँको न्याय र उहाँको प्रताप र क्रोध–ती सबै मानिसलाई सिद्ध बनाउनका निम्ति हुन्। आज परमेश्वरले गर्नुहुने सबै कुरा, र उहाँले तिमीहरूभित्र स्पष्ट पार्नुहुने धर्मी स्वभाव–यी सबै मानिसलाई सिद्ध बनाउनका लागि हुन्। परमेश्वरको प्रेम यस्तो प्रकारको छ।

मानिसका परम्परागत धारणाहरूमा, उसले यो विश्वास गर्छ, कि परमेश्वरको प्रेम उहाँको अनुग्रह, दया, र मानिसको कमजोरीप्रतिको सहानुभूति हो। यी थोकहरू पनि परमेश्वरको प्रेम नै भए तापनि, ती अत्यन्तै एकतर्फी छन्, र ती परमेश्वरले मानिसलाई सिद्ध बनाउनुहुने मुख्य माध्यम होइनन्। कोही मानिसहरू बिमारीको कारण परमेश्वरमा विश्वास गर्न थाल्छन्। यो बिमारी तेरोलागि परमेश्वरको अनुग्रह हो; योविना तैंले परमेश्वरमा विश्वास गर्ने थिइनस्–र यदि तैँले परमेश्वरमा विश्वास नगरेको भए तँ यति टाढासम्म आउने थिइनस्–यसैले यो अनुग्रह पनि परमेश्वरको प्रेम नै हो। येशूमा विश्वास गर्ने समयमा मानिसहरूले परमेश्वरलाई अप्रिय लाग्ने धेरै कुराहरू गरे, किनकि तिनीहरूले सत्यतालाई बुझेका थिएनन्, तैपनि परमेश्वरसँग प्रेम र कृपा छ, र उहाँले मानिसलाई यहाँसम्म ल्याउनुभएको छ, र मानिसहरूले केही नबुझे पनि अझै पनि परमेश्वरले मानिसलाई उहाँको पछि लाग्न दिनुहुन्छ, यसबाहेक, उहाँले मानिसलाई आजको दिनसम्म ल्याउनुभएको छ। के यो परमेश्वरको प्रेम होइन र? जुन कुरा परमेश्वरको स्वभावमा प्रकट हुन्छ, त्यो परमेश्वरको प्रेम हो–यो एकदम सही छ! जब मण्डली निर्माणको कार्य चरम सीमामा पुगेको थियो, तब परमेश्वरले सेवाकर्ताहरूको कामको चरण पूरा गर्नुभयो र मानिसलाई अतल कुण्डमा हालिदिनुभयो। सेवाकर्ताहरूका समयका वचनहरू सबै सरापहरू थिए: तेरो शरीरको सराप, तेरो भ्रष्ट शैतानिक स्वभावको सराप, र परमेश्वरको इच्छा पूरा नगर्ने तेरा कुराहरूका सरापहरू। त्यस चरणमा परमेश्वरले गर्नुभएको काम प्रतापको रूपमा प्रकट भयो, त्यसको लगत्तै परमेश्वरले सजायको कामको चरण पूरा गर्नुभयो, र त्यहाँ मृत्युको जाँच आयो। त्यस्तो काममा, मानिसले परमेश्वरको क्रोध, प्रताप, न्याय, र सजाय देख्यो, तैपनि उसले परमेश्वरको अनुग्रह, उहाँको प्रेम र कृपा पनि देख्यो। परमेश्वरले गर्नुभएका सबै कुरा, र उहाँको स्वभावको रूपमा प्रकट भएका सबै कुरा, मानिसका लागि परमेश्वरको प्रेम थियो, र परमेश्वरले गर्नुभएका सबै कुराले मानिसका आवश्यकताहरू पूरा गर्न सके। उहाँले मानिसलाई सिद्ध बनाउनका लागि यो गर्नुभयो, र उहाँले मानिसका निम्ति उसको कदअनुसार प्रबन्ध गर्नुभयो। यदि परमेश्वरले यो नगर्नुभएको भए, मानिस परमेश्वरको सामु आउन सक्दैनथियो र उसँग परमेश्वरको वास्तविक अनुहार चिन्ने कुनै उपाय हुँदैनथ्यो। मानिसले सबैभन्दा पहिले परमेश्वरमा विश्वास गर्न थालेकोदेखि आजसम्म परमेश्वरले मानिसका निम्ति उसको कदअनुसार बिस्तारै प्रबन्ध गरिदिनुभएको छ, यसैले भित्रबाट मानिसले बिस्तारै उहाँलाई चिन्न सक्यो। आजको दिनमा आइपुगेपछि मात्र मानिसले परमेश्वरको न्याय कति अचम्मको छ भनी थाहा पाउँछ। सेवाकर्ताहरूको कामको चरण भनेको सृष्टिको समयदेखि आजसम्म भएको सरापको कामको पहिलो घटना थियो। मानिसलाई श्राप दिई अतल

कुण्डमा पुऱ्याइएको थियो। यदि परमेश्वरले त्यो नगर्नुभएको भए, आज मानिसमा परमेश्वरबारे सही ज्ञान हुने थिएन; परमेश्वरको सरापद्वारा मात्र मानिसले उहाँको आधिकारिक स्वभावलाई अनुभव गऱ्यो। सेवाकर्ताहरूको जाँचद्वारा मानिसलाई प्रकट गरियो। उसले उसको बफादारी अस्वीकार्य छ, उसको कद धेरै सानो छ, उसले परमेश्वरको इच्छा पूरा गर्न सक्दैन, र परमेश्वरलाई सन्तुष्ट पार्छु भन्ने उसका दाबीहरू सधैँ शब्दहरूमा मात्र सीमित छन् भन्ने देख्यो। परमेश्वरले मानिसलाई सेवाकर्ताहरूको कामको चरणमा सराप दिनुभएको भए तापनि, अहिले पछाडि फर्केर हेर्दा, परमेश्वरको कामको त्यो चरण अद्भुत थियो: यसले मानिसका लागि ठूलो मोड् ल्यायो र उसको जीवनको स्वभावमा ठूलो परिवर्तन ल्यायो। सेवाकर्ताहरूको समयभन्दा पहिले मानिसले जीवनको खोजी गर्नु, परमेश्वरमा विश्वास गर्नु, वा परमेश्वरको कामको बुद्धि के हो भनी केही पनि बुझेका थिएन, न त उसले परमेश्वरको कामले मानिसलाई जाँच्न सक्छ भनी बुझेको नै थियो। सेवा गर्नेहरूको समयदेखि आजसम्म मानिसले परमेश्वरको काम कति अचम्मलाग्दो रहेछ भनी देख्दछ–यो मानिसका निम्ति बुझ्नै नसकिने छ। परमेश्वरले आफ्नो दिमाग प्रयोग गरेर कसरी काम गर्नुहुन्छ भनी मानिसले कल्पना गर्न सक्दैन, र उसले आफ्नो कद कति सानो रहेछ र ऊ कति धेरै अनाज्ञाकारी छ भनेर पनि देख्दछ। जब परमेश्वरले मानिसलाई सराप्नुभयो, त्यो एउटा परिणाम प्राप्त गर्नका निम्ति थियो, र उहाँले मानिसलाई मृत्युदण्ड दिनुभएन। उहाँले मानिसलाई सराप्नुभएको भए तापनि, उहाँले त्यो वचनहरूद्वारा गर्नुभयो, र उहाँको सरापहरू वास्तवमा मानिसमाथि आइलागेनन्, किनकि परमेश्वरका सरापहरू मानिसको अनाज्ञाकारिताका निम्ति थिए, त्यसैले उहाँका सरापका शब्दहरू मानिसलाई सिद्ध बनाउनका निम्ति पनि बोलिएका थिए। परमेश्वरले मानिसलाई न्याय गर्नुभए पनि वा सराप दिनुभए पनि, ती दुवैले मानिसलाई सिद्ध बनाउँछ: ती दुवै मानिसभित्रको अशुद्धतालाई सिद्ध बनाउनका लागि गरिन्छ। यस माध्यमद्वारा मानिस शुद्ध पारिन्छ, मानिसभित्र जुन कुराको कमी हुन्छ त्यसलाई उहाँका वचन र कामहरूद्वारा सिद्ध पारिन्छ। परमेश्वरको कामको हरेक चरण–चाहे यो कठोर वचनहरू होऊन्, वा न्याय, वा सजाय होऊन्–तिनले मानिसलाई सिद्ध बनाउँछ, र ती बिलकुल उपयुक्त छन्। परमेश्वरले युगौंयुगसम्म कहिल्यै पनि यस्तो काम गर्नुभएन; आज, तिमीहरूले उहाँको बुद्धिको कदर गर्न सक भनेर उहाँले तिमीहरूभित्र काम गर्नुहुन्छ। तिमीहरूले आफैभित्र केही पीडा भोगेको भए तापनि, तिमीहरूको हृदयले स्थिरता र शान्तिको महसुस गर्दछ; परमेश्वरको कामको यस चरणको आनन्द लिन सक्नु तेरो निम्ति आशिष् हो। तिमीहरूले भविष्यमा चाहे जे नै प्राप्त गर्न सके पनि आज तिमीहरूले आफूमा देखेको परमेश्वरको काम प्रेम नै हो भनी बुझ्नेछौ। यदि मानिसले परमेश्वरको न्याय र शोधनको अनुभव गर्दैन भने, उसका कामहरू र जोश सधैँ सतह स्तरमा रहन्छ, र उसको स्वभाव सधैँ अपरिवर्तित रहन्छ। के यसलाई परमेश्वरद्वारा प्राप्त गरिएको मान्न सकिन्छ? आज, मानिसभित्र अझै पनि अहङ्कारी र घमण्डी धेरै कुराहरू भए तापनि, मानिसको स्वभाव पहिलेको भन्दा धेरै स्थिर छ। परमेश्वरले तँलाई मुक्ति दिनको लागि तँलाई निराकरण गर्नुहुन्छ, अनि तैंले कहिलेकहीँ पीडा महसुस गरे पनि त्यो दिन आउनेछ जब तेरो स्वभावमा परिवर्तन आउनेछ। त्यस बेला, तैंले पछि फर्केर हेर्नेछस्, र परमेश्वरको काम

कति बुद्‌धिमानी रहेछ भनी बुझ्नेछस्, अनि त्यस बेला तैंले परमेश्वरको इच्छालाई साँच्चै बुझ्न सक्नेछस्। आज, केही मानिसहरू छन् जसले भन्छन् कि उनीहरू परमेश्वरको इच्छा बुझ्दछन्, तर त्यो साँचो होइन। वास्तवमा उनीहरू झूटो बोलिरहेका हुन्छन्, किनकि अहिले उनीहरूले परमेश्वरको इच्छा मानिसलाई बचाउने हो कि सराप दिने हो भनी बुझ्न बाँकी नै छ। सायद अहिले तँ यसलाई स्पष्ट रूपमा देख्न सक्दैनस्, तर त्यो दिन आउनेछ जब तैंले परमेश्वरले महिमा प्राप्त गर्नुहुने दिन आएको देख्नेछस्, र परमेश्वरलाई प्रेम गर्नु कति अर्थपूर्ण रहेछ भनी बुझ्नेछस्, यसरी तैंले मानिसको जीवनलाई बुझ्नेछस् र तेरो शरीर परमेश्वरलाई प्रेम गर्ने संसारमा जिउनेछ। यसरी तेरो आत्मा स्वतन्त्र बनाइनेछ, तेरो जीवन आनन्दले भरिनेछ, र तँ सधैँ परमेश्वरको नजिक हुनेछस् र उहाँलाई हेर्नेछस्। त्यस बेला, तैंले साँच्चै परमेश्वरको आजको काम कति मूल्यवान् रहेछ भनी बुझ्नेछस्।

आज धेरैजसो मानिससँग त्यो ज्ञान छैन। तिनीहरू दुःख-कष्टको कुनै मूल्य हुँदैन भनी विश्वास गर्छन्, तिनीहरू संसारद्‌वारा त्यागिएका छन्, तिनीहरूको पारिवारिक जीवन समस्याग्रस्त छ, तिनीहरू परमेश्वरका प्रियहरू होइनन् र तिनीहरूका सम्भावनाहरू धमिला छन्। केही मानिसहरूको दुःख चरम सीमामा पुग्छ, र तिनीहरूका विचारहरू मृत्युमा बदलिन्छन्। यो परमेश्वरप्रतिको साँचो प्रेम होइन; त्यस्ता मानिसहरू कायरहरू हुन्, तिनीहरूमा कुनै दृढता हुँदैन, तिनीहरू कमजोर र शक्तिहीन छन्! परमेश्वर मानिसले उहाँलाई प्रेम गरोस् भनी उत्सुक हुनुहुन्छ, तर मानिसले उहाँलाई जति धेरै प्रेम गर्दछ, मानिसको दुःख उति नै बढी हुन्छ, र मानिसले उहाँलाई जति धेरै प्रेम गर्छ मानिसको परीक्षा उति नै ठूलो हुन्छ। यदि तैंले उहाँलाई प्रेम गर्छस् भने सबै प्रकारका कष्टहरू तँमाथि आइलाग्नेछन्–र यदि तँ प्रेम गर्दैनस् भने, सम्भवतः तेरो निम्ति सबै कुरा सहज हुनेछ र तेरो वरिपरि शान्तिपूर्ण हुनेछ। जब तँ परमेश्वरलाई प्रेम गर्छस्, तब तँ आफ्नो वरिपरि समाधान गर्न नसकिने कुराहरू भएको जस्तो महसुस गर्नेछस्, र तेरो कद धेरै सानो भएकोले तँलाई शोधन गरिनेछ; यसबाहेक, तँ परमेश्वरलाई सन्तुष्ट पार्न असक्षम हुनेछस्, र तैंले परमेश्वरको इच्छा अति उच्च र मानिसको पहुँचदेखि बाहिर छ भन्ने महसुस गर्नेछस्। यी सबैको कारण तँलाई शोधन गरिनेछ–तँभित्र धेरै कमजोरीहरू भएकोले, र परमेश्वरको इच्छा पूरा गर्न नसक्ने धेरै कुरा भएकोले तँलाई आन्तरिक रूपमा शोधन गरिनेछ। तैपनि शोधनद्‌वारा मात्र शुद्‌धीकरण प्राप्त गरिन्छ भन्ने कुरालाई तैँले स्पष्ट रूपमा देख्नुपर्छ। यसैले, यी आखिरी दिनहरूमा तिमीहरूले परमेश्वरको गवाही दिनैपर्छ। तिमीहरूका दु:ख-कष्टहरू जतिसुकै ठूलो भए पनि तिमीहरू अन्त्यसम्मै हिँड्नुपर्छ, र तिमीहरूको अन्तिम सासमा पनि तिमीहरू परमेश्वरप्रति र परमेश्वरको कृपामा विश्वासयोग्य रहनुपर्छ; केवल यो मात्रै परमेश्वरलाई साँचो रूपले प्रेम गर्नु हो, र यो मात्र बलियो र जोडदार गवाही हो। जब तँलाई शैतानले परीक्षा गर्छ, तैंले यसो भन्नुपर्छ: "मेरो हृदय परमेश्वरको हो, र परमेश्वरले मलाई अघिबाटै प्राप्त गरिसक्नुभएको छ। म तँलाई सन्तुष्ट पार्न सक्दिनँ–मैले मेरा सबै कुरा परमेश्वरलाई सन्तुष्ट पार्नको निम्ति समर्पण गर्नैपर्छ।" तैंले परमेश्वरलाई जति धेरै सन्तुष्ट पार्छस्, परमेश्वरले त्यत्तिनै धेरै तँलाई आशिष् दिनुहुन्छ र परमेश्वरप्रतिको तेरो प्रेमको शक्ति त्यति नै ठूलो हुन्छ; यसरी पनि तँसित विश्वास र संकल्प हुनेछ, अनि परमेश्वरलाई प्रेम

गरेर जिउनुभन्दा उचित वा महत्त्वपूर्ण अरू केही छैन भनी तैँले महसुस गर्नेछस्। यो भन्‍न सकिन्छ, कि दुःखरहित हुनका निम्ति मानिसले परमेश्‍वरलाई प्रेम मात्रै गर्नुपर्छ। कहिलेकहीँ तेरो शरीर कमजोर हुनेभए पनि र तँ धेरै वास्तविक समस्याहरूले ग्रस्त हुनेभए पनि, यस बेला तैंले साँच्चै परमेश्‍वरमा भरोसा राख्छस्, र तेरो आत्माभित्र तँलाई सान्त्वना दिइनेछ, र तैँले सुनिश्‍चितताको र तैंले आफू भर पर्न सक्‍ने कुरा केही छ भन्‍ने महसुस गर्छस्। यसरी, तैँले धेरै वटा वातावरणमाथि विजय प्राप्त गर्न सक्नेछस्, अनि यसरी तैंले भोग्‍न परेको वेदनाका निम्ति परमेश्‍वरको बारेमा गुनासो गर्नेछैनस्। त्यसको साटो, तँ गाउन, नाच्‍न, र प्रार्थना गर्न, भेला हुन र सङ्गति गर्न, परमेश्‍वरको बारेमा विचार गर्न चाहन्छस्, र परमेश्‍वरले तेरो वरिपरि राख्‍नुभएका मानिसहरू, विषयहरू र थोकहरू उचित छन् भन्‍ने महसुस गर्नेछस्। यदि तँ परमेश्‍वरलाई प्रेम गर्दैनस् भने, तैंले हेर्ने सबै कुरा तँलाई पट्यारलाग्दो हुनेछ र कुनै पनि कुरा तेरा आँखाहरूलाई मनपर्दो हुनेछैन। तेरो आत्मामा तँ स्वतन्त्र हुनेछैनस्, तर अपहेलित हुन्छस्, तेरो हृदयले सधैँ परमेश्‍वरको बारेमा गुनासो गर्नेछ, र तैंले सधैँ धेरै पीडा सहनुपर्छ र यो अत्यन्तै अन्याय हो भन्‍ने महसुस गर्छस्। यदि तँ खुसीका पछि लाग्दैनस्, तर परमेश्‍वरलाई सन्तुष्ट पार्न र शैतानद्वारा दोषी हुन खोज्छस् भने त्यस्तो खोजीले तँलाई परमेश्‍वरलाई प्रेम गर्ने ठूलो शक्ति दिनेछ। मानिस परमेश्‍वरले बोल्नुभएका सबै कुरा पूरा गर्न सक्षम छ र उसले गर्ने सबै कुराद्वारा ऊ परमेश्‍वरलाई खुसी पार्न सक्षम छ—वास्तविकता हुनु भनेको अर्थ यही नै हो। परमेश्‍वरको सन्तुष्टिको पछि लाग्नु भनेको उहाँको वचनलाई व्यवहारमा उतार्नका लागि तेरो प्रेमको प्रयोग गर्नु हो; समय जुनसुकै भए पनि—जब अरू शक्ति विहीन हुन्छन्—तँभित्र अझै पनि एउटा हृदय हुन्छ जसले परमेश्‍वरलाई प्रेम गर्दछ, जसले गहिरो रूपमा परमेश्‍वरलाई खोज्दछ र परमेश्‍वरलाई सम्झन्छ। यो वास्तविक कद हो। तेरो कद कति ठूलो छ भन्‍ने कुरा परमेश्‍वरप्रति तेरो प्रेम कति ठूलो छ, तेरो जाँच हुँदा तँ अटल रहन सक्छस् कि सक्दैनस्, कुनै विशेष वातावरण उत्पन्‍न हुँदा तँ कमजोर हुन्छस् कि हुँदैनस्, तेरा दाजुभाइ, दिदी-बहिनीले तँलाई तिरस्कार गर्दा तँ आफ्नो जमिनमा खडा हुन्छस् कि सक्दैनस् भन्‍ने कुरामा निर्भर हुन्छ; यी तथ्यहरूको आगमनले परमेश्‍वरप्रतिको तेरो प्रेम कस्तो छ भनी प्रकट गर्दछ। परमेश्‍वरले मानिसलाई वास्तवमै माया गर्नुहुन्छ भन्‍ने कुरा परमेश्‍वरको धेरै वटा कामबाट देख्‍न सकिन्छ, यद्यपि अझसम्म मानिसको आत्माका आँखाहरू पूर्ण रूपले खोलिएको छैन र ऊ परमेश्‍वरको काम र उहाँको इच्छा स्पष्ट रूपमा बुझ्‍न सक्षम छैन, न त उसले परमेश्‍वरलाई प्रिय लाग्ने धेरै कुराहरू बुझ्‍न सक्छ; मानिसमा परमेश्‍वरको निम्ति थोरै मात्र साँचो प्रेम हुन्छ। तैंले यो सबै समय परमेश्‍वरमा विश्‍वास गरेको छस्, र आज परमेश्‍वरले उम्कने सबै उपायहरू हटाइदिनुभएको छ। वास्तविक कुरा गर्ने हो भने, तँसँग सही मार्ग हिँड्नुबाहेक अर्को कुनै विकल्प छैन, सही मार्ग त्यही हो, जसमा तँलाई परमेश्‍वरको कठोर न्याय र सर्वोच्च उद्धारद्वारा डोऱ्याइएको छ। कठिनाइ र शुद्धीकरणको अनुभव गरेपछि मात्र मानिसले परमेश्‍वर प्रेमिलो हुनुहुन्छ भनी जान्दछ। आजसम्म अनुभव गरिसकेपछि, यो भन्‍न सकिन्छ, कि मानिसले परमेश्‍वरको प्रेमको बारेमा केही जानेको छ, तर यो अझै पर्याप्त छैन, किनकि मानिसमा धेरै कमी-कमजोरी छ। मानिसले परमेश्‍वरको अचम्मको कार्यको, अनि सबैभन्दा बढी परमेश्‍वरद्वारा प्रबन्ध गरिएका सबै

दु:खको शुद्धीकरणको अनुभव गर्नुपर्दछ। त्यसपछि मात्र मानिसको जीवनको स्वभाव परिवर्तन हुन सक्दछ।

## परमेश्‍वरलाई प्रेम गर्नु मात्रै साँचो रूपमा परमेश्‍वरलाई विश्‍वास गर्नु हो

आज तिमीहरूले परमेश्‍वरलाई प्रेम गर्ने र जान्ने प्रयास गर्ने क्रममा, एकतर्फ तिमीहरूले कठिनाइ र शोधनलाई सहनुपर्छ भने, अर्कोतर्फ, तिमीहरूले मूल्य चुकाउनुपर्ने हुन्छ। परमेश्‍वरलाई प्रेम गर्ने पाठभन्दा अर्को गहन पाठ छैन, र यसो पनि भन्‍न सकिन्छ कि जीवनभरिको विश्‍वासबाट मानिसहरूले सिक्ने पाठ भनेको परमेश्‍वरलाई कसरी प्रेम गर्ने भन्‍ने नै हो। यसो भन्‍नुको अर्थ, यदि तैँले परमेश्‍वरलाई विश्‍वास गर्छस् भने तैँले परमेश्‍वरलाई प्रेम गर्नुपर्ने हुन्छ। यदि तँ परमेश्‍वरलाई विश्‍वास गर्छस् तर उहाँलाई प्रेम गर्दैनस् र तैँले परमेश्‍वरको ज्ञान हासिल गरेको छैनस्, र तेरो हृदयबाट निस्किने साँचो प्रेमले परमेश्‍वरलाई कहिल्यै प्रेम गरेको छैनस् भने, परमेश्‍वरमाथिको तेरो विश्‍वास निरर्थक छ; यदि, परमेश्‍वरमाथिको तेरो विश्‍वासमा तैँले परमेश्‍वरलाई प्रेम गर्दैनस् भने, तँ व्यर्थमा जिउँछस्, र तेरो सम्पूर्ण जीवन सबैभन्दा नीच जीवन हो। यदि, तेरो सम्पूर्ण जीवनभरि, तैँले परमेश्‍वरलाई कहिल्यै प्रेम गरेको छैनस् वा सन्तुष्ट बनाएको छैनस् भने, तँ जिउनुको के अर्थ? परमेश्‍वरमाथिको तेरो विश्‍वासको के अर्थ? के यो प्रयत्‍न खेर जानु होइन र? यसो भन्‍नुको अर्थ, यदि मानिसहरूले परमेश्‍वरलाई विश्‍वास र प्रेम गर्नुछ भने, उनीहरूले मूल्य चुकाउनैपर्छ। बाहिरी रूपमा कुनै निश्‍चित तरिकाले व्यवहार गर्नुभन्दा, उनीहरूले उनीहरूको हृदयको अन्तस्करणमा साँचो अन्तर्ज्ञान खोज्नुपर्दछ। यदि तँ गाउन र नाँच्न उत्सुक छस् तर साँचो कुरालाई अभ्यासमा ल्याउन असक्षम छस् भने, के तैँले परमेश्‍वरलाई प्रेम गरेको मानिन्छ त? परमेश्‍वरलाई प्रेम गर्नको लागि सबै कुराहरूमा परमेश्‍वरको इच्छा खोज्नु आवश्यक हुन्छ, र तँलाई केही हुन्छ तैँले परमेश्‍वरको इच्छा बुझ्न प्रयास गर्दै आफूभित्र गहिरो रूपमा खोज्नु, र उक्त विषयमा परमेश्‍वरको इच्छा के छ, उहाँले तँलाई के हासिल गर्न अह्राउनुहुन्छ, र तँ उहाँको इच्छाप्रति कसरी सचेत हुनुपर्छ भन्‍ने कुरा हेर्ने प्रयास गर्नु आवश्यक हुन्छ। उदाहरणको लागि: कठिनाइ सहनु पर्ने गरी तँलाई केही हुन्छ, उक्त समयमा परमेश्‍वरको इच्छा के हो र उहाँको इच्छाप्रति तँ कसरी सचेत हुनुपर्छ भनेर तैँले बुझ्नु पर्दछ। तैँले आफूलाई सन्तुष्ट बनाउने हुँदैन: सर्वप्रथम, आफूलाई किनारा लगा। देहभन्दा पतित कुरा अर्को छैन। तैँले परमेश्‍वरलाई सन्तुष्ट बनाउन र आफ्नो कर्तव्य पूरा गर्न प्रयास गर्नुपर्दछ। यस्ता सोचले, यो विषयमा परमेश्‍वरले तँमा विशेष अन्तर्दृष्टि ल्याइदिनुहुन्छ र तेरो हृदयले पनि आराम पाउनेछ। सानो वा ठूलो जेसुकै भए पनि, जब तँलाई केही हुन्छ, सर्वप्रथम तैँले आफूलाई एकतर्फ राख्‍नुपर्छ र देहलाई सबैभन्दा नीच कुराको रूपमा व्यवहार गर्नुपर्दछ। तैँले देहलाई जति धेरै सन्तुष्ट बनाउँछस्, देहले त्यति नै धेरै स्वतन्त्रता लिन्छ; यदि तैँले यस पटक देहलाई सन्तुष्ट बनाइस् भने, अर्को पटक यसले थप कुरा माग गर्नेछ। यो क्रम चलिरहँदा, मानिसहरू देहलाई अझै बढी प्रेम गर्न थाल्छन्। देहको लालसाहरू सधैँ अनावश्यक

हुन्छन्; यसले तँलाई सधैँ यसलाई सन्तुष्ट बनाउन र तैँले यसभित्रै त्यसलाई तृप्त गर्न माग गर्दछ, चाहे त्यो तैँले खाने गरेको कुरामा होस्, तैँले लगाउने लुगामा होस्, वा आफूलाई रिस उठ्ने, वा आफ्नै अक्षमता र अल्छीपनलाई प्रश्रय दिने कुरामा होस्...। तैँले देहलाई जति धेरै सन्तुष्ट बनाउँछस्, यसका लालसाहरू उति नै धेरै हुन्छन् र यो त्यति नै पथभ्रष्ट बन्छ, यहाँसम्म कि मानिसहरूका देहले अझ गहन धारणाहरूलाई आश्रय दिने, र परमेश्‍वरलाई अवज्ञा गर्ने, र आफ्नै प्रशंसा गर्ने, र परमेश्‍वरका कार्यहरूप्रति सशङ्कित हुनेसम्म हुन्छ। तैँले देहलाई जति धेरै सन्तुष्ट बनाउँछस्, देहको कमजोरी त्यति नै बढ्छ; तेरो कमजोरीप्रति कसैले सहानुभूति राख्दैन भन्ने सधैँ महसुस गर्छस्, परमेश्‍वरले अति गर्नुभएको छ भन्ने सधैँ विश्‍वास गर्छस् र तँ भन्छस्: "परमेश्‍वर कसरी यति कठोर बन्न सक्नुहुन्छ? उहाँले किन मानिसहरूलाई कठोर व्यवहार गर्न छोड्नुहुन्‍न?" जब मानिसहरूले देहलाई सन्तुष्ट बनाउँछन् र यसलाई अत्याधिक मात्रामा माया गर्छन्, उनीहरूले आफैलाई पतन गरिरहेका हुन्छन्। यदि तँ परमेश्‍वरलाई साँचो प्रेम गर्छस् र देहलाई सन्तुष्ट बनाउँदैनस् भने, परमेश्‍वरले गर्नुहुने सबै कुराहरूलाई तैँले एकदमै सही र एकदमै राम्रो देख्नेछस् र तेरो विद्रोहीपन प्रतिको उहाँको श्राप र तेरो अधार्मिकता प्रतिको उहाँको न्याय उचित हुन्छ। परमेश्‍वरले तँलाई ताडना दिने र तँलाई अनुशासित बनाउने र तँलाई सामान्य बनाउन कुनै वातावरणमा खडा गरी, तँलाई उहाँको सामु आउन बाध्य बनाउने समय आउनेछ–र परमेश्‍वरले गरिरहनुभएको कार्यलाई तैँले सधैँ अद्‌भुत देख्नेछस्। तसर्थ तैँले धेरै पीडा नै छैन र परमेश्‍वर कति प्यारो हुनुहुन्छ भन्ने महसुस गर्नेछस्। यदि तैँले देहको कमजोरीलाई आश्रय दिइस् भने र परमेश्‍वरले अति नै गर्नुहुन्छ भनेर भन्छस् भने तैँले सधैँ पीडाको महसुस गर्नेछस् र तँ सधैँ उदास बन्नेछस्, र तँ परमेश्‍वरका सबै कार्यका बारेमा अस्पष्ट हुनेछस्, र परमेश्‍वर मानिसको कमजोरी र मानिसका अप्ठ्याराप्रति पूर्ण रूपमा असंवेदनशील रहेको जस्तो हुन्छ। तसर्थ, तैँले ठूलो अन्याय भोगेजस्तो सधैँ हैरानी र एक्लो महसुस गर्नेछस्, र यस बेला तैँले गुनासो गर्न सुरु गर्नेछस्। यस तरिकाले तैँले देहलाई जति आश्रय दिन्छस्, त्यति नै परमेश्‍वरले तँलाई अति नै गर्नुभयो जस्तो लाग्छ, यहाँसम्म कि तैँले परमेश्‍वरको कार्यहरूलाई अस्वीकार गर्ने, र परमेश्‍वरको विरोध गर्न सुरु गर्ने, र पूर्ण रूपमा अवज्ञा गर्नेजस्ता गर्न थाल्छस्। तसर्थ, तैँले देहको विरुद्ध विद्रोह गर्नुपर्दछ, र यसलाई आश्रय दिनु हुँदैन: "मेरो श्रीमान् (श्रीमती), बालबच्चा, सम्भावना, विवाह, परिवार–यी केही कुराले पनि अर्थ राख्दैन! मेरो हृदयमा एकमात्र परमेश्‍वर हुनुहुन्छ, र मैले परमेश्‍वरलाई सन्तुष्ट राख्न सक्दो प्रयास गर्नुपर्छ, देहलाई सन्तुष्ट राख्ने होइन।" तँमा यस्तो सङ्कल्प हुनैपर्छ। तँमा सधैँ यस्तो सङ्कल्प छ भने, जब तैँले सत्यलाई अभ्यास गर्छस् र आफूलाई पन्छ्याउँछस्, तैँले धेरै प्रयास नगरिकनै यसो गर्न सक्छस्। यस्तो भन्ने गरिन्छ कि एक जना किसान थिए जसले जाडोले जमेर कडा भएको सर्प बाटोमा देख्यो। उक्त किसानले सर्पलाई उठाए र आफ्नो छातीमा राख्यो, र जब सर्प बौरियो सर्पले किसानलाई टोकेर माऱ्यो। मानिसको देह त्यही सर्प जस्तै हो: यसको सार भनेको उनीहरूको जीवनमा हानि पुर्‍याउनु हो–र जब यसले सम्पूर्ण रूपमा आफ्नै बाटो समात्छ, तेरो जीवन खोसिन्छ। देह शैतानको हो। यसभित्र अनावश्यक आकांक्षाहरू छन्, यसले आफ्नो लागि मात्रै सोच्छ, यसले सुखचैन भोग गर्न र आनन्द लिन चाहन्छ, आलस्य र निष्क्रियतामा आनन्द

उठाउन चाहन्छ, र कुनै विन्दुसम्म यसलाई सन्तुष्ट बनाएपछि अन्ततः तँ आफैँ यसको चारो बन्छस्। यसो भन्नुको अर्थ, यदि तैँले यसलाई यो पटक सन्तुष्ट बनाइस् भने, अर्को पटक यसले अझ बढी माग गर्दै आउँछ। यसका सधैँ अनावश्यक आकांक्षा तथा नयाँ मागहरू हुन्छन्, यसलाई अझ धेरै प्यारो बनाउन र सुखशयलमा जिउन तैँले देहका लागि गरेको सहायताको फाइदा उठाउँछ– र यदि तैँले यसलाई परास्त गर्न सकिनस् भने, अन्ततः तैँले आफैलाई बरबाद बनाउनेछस्। तैँले परमेश्‍वरको सामु जीवन प्राप्त गर्छस् कि गर्दैनस् र आखिरमा तेरो अन्त्य के हुनेछ भन्ने कुरा, तैँले देहको विरुद्ध तेरो विद्रोह कसरी अघि बढाउँछस् भन्नेमा निर्भर रहन्छ। परमेश्‍वरले तँलाई बचाउनुभएको छ, छनौट गर्नुभएको छ र पूर्वनिर्धारित गर्नुभएको छ, यद्यपि यदि तँ उहाँलाई सन्तुष्ट बनाउन अनिच्छुक छस् भने, तँ सत्यलाई अभ्यास गर्न अनिच्छुक छस् भने, परमेश्‍वरलाई साँचो प्रेम गर्ने हृदयसहित तेरो आफ्नो देहसँग विद्रोह गर्न अनिच्छुक छस् भने, अन्ततः तैँले आफैलाई बरबाद पार्नेछस् र यसरी, तैँले अत्यन्तै ठूलो पीडाको सामना गर्नेछस्। यदि तैँले देहलाई सधैँ आश्रय दिइस् भने, शैतानले तँलाई बिस्तारै निल्नेछ र तँभित्रबाट पूरै अँध्यारो नहुन्जेलसम्म तँलाई जीवन वा आत्माको स्पर्शरहित बनाउनेछ। जब तँ अँध्यारोमा जिउँछस्, तँलाई शैतानले कैदी बनाउनेछ, तेरो हृदयमा उप्रान्त परमेश्‍वर रहनुहुनेछैन, र त्यस बेला तैँले परमेश्‍वरको अस्तित्वलाई अस्वीकार गर्नेछैनस् र उहाँलाई छोड्नेछस्। तसर्थ, यदि मानिसहरूले परमेश्‍वरलाई प्रेम गर्ने इच्छा राख्छन् भने, उनीहरूले पीडाको मूल्य चुकाउनुपर्दछ र कठिनाइ भोग्नुपर्दछ। बाहिरी जोश तथा कठिनाइ, थप पढाइ र थप भागदौडको आवश्यकता छैन; बरु उनीहरूले यी कुराहरूलाई किनारा लगाउनुपर्छ: अनावश्यक सोच, व्यक्तिगत रुचि, र उनीहरूको आफ्नै विचार, धारणा, र अभिप्रायहरू। परमेश्‍वरको इच्छा यस्तै छ।

मानिसहरूको बाहिरी स्वभावलाई परमेश्‍वरले गर्नुहुने निराकरण पनि उहाँको कार्यको एक अंश हो; उदाहरणका लागि मानिसको बाहिरी, असामान्य मानवता वा उनीहरूको जीवनशैली र आनीबानी, उनीहरूको तरीका र रीतिका साथै उनीहरूको बाहिरी अभ्यासहरू तथा उनीहरूको उत्सुकताको निराकरण गर्नु। तर जब उहाँले मानिसहरूलाई सत्यताको अभ्यास गर्न र उनीहरूको स्वभाव परिवर्तन गर्न अह्राउनुभयो, मुख्यतया उनीहरूभित्र रहेका अभिप्रायहरू र धारणाहरूको निराकरण गरियो। तेरो बाहिरी स्वभावको निराकरण गर्नु मात्रै गाह्रो कुरो होइन; यो त तँलाई मन पर्ने कुरा नखा भनेर अह्राउनु जस्तै हो, जुन सजिलो हुन्छ। तैपनि, तँभित्रको धारणालाई छुने कुरालाई चाहिँ, छोड्न गाह्रो हुन्छ। यसका लागि मानिसहरूले देहको विरोध गर्नुपर्ने हुन्छ, र मूल्य चुकाउनु पर्ने हुन्छ र परमेश्‍वरको अगाडि कष्ट भोग्नुपर्ने हुन्छ। यो विशेषगरी मानिसहरूको धारणामा लागू हुन्छ। मानिसहरूले परमेश्‍वरमा विश्‍वास गर्न थालेदेखि, उनीहरूले धेरै गलत अभिप्रायहरूलाई प्रश्रय दिएका हुन्छन्। जब तँ सत्यलाई अभ्यास गर्दैनस्, तँलाई तेरा सबै अभिप्रायहरू सही लाग्छन्, तर जब तँलाई केही हुन्छ, तँभित्र धेरै गलत अभिप्रायहरू रहेछन् भनेर तैँले देख्नेछस्। तसर्थ, जब परमेश्‍वरले मानिसहरूलाई सिद्ध पार्नुहुन्छ, उहाँले उनीहरूलाई परमेश्‍वर सम्बन्धी उनीहरूको ज्ञानमा बाधा पुऱ्याउने धेरै अभिप्रायहरू उनीहरूभित्र रहेको अनुभव गर्न लगाउनुहुन्छ। जब तैँले तेरा अभिप्रायहरू गलत रहेछन् भनेर पहिचान गर्छस्, यदि तँ तेरो अभिप्राय र धारणाहरू अनुसार

अभ्यास गर्न बन्द गर्न सक्छस्, र परमेश्‍वरको सामु साक्षी दिन सक्षम हुन्छस्, र तँलाई हुने सबै कुराहरूमा तँ तेरो स्थानमा दह्रिलो भएर खडा हुन्छस् भने, यसले तैँले देहको विरोध गरेको छस् भन्‍ने प्रमाणित गर्छ। जब तँ देहको विरोध गर्छस्, तँभित्र निःसन्देह लडाइँ हुन्छ। शैतानले मानिसहरूलाई जाँच्नेछ र त्यसमा विश्‍वास गराउन प्रयास गर्नेछ, देहका अभिप्रायहरूमा विश्‍वास गराउने र देहका रुचिहरू कायम राख्ने प्रयास गर्नेछ—तर परमेश्‍वरका वचनहरूले मानिसहरूलाई भित्रबाट ज्योति र अन्तर्दृष्टि दिनेछ, र यो समयमा परमेश्‍वरलाई विश्‍वास गर्ने कि शैतानलाई विश्‍वास गर्ने हो भन्‍ने कुरा तेरै हातमा हुन्छ। मुख्यतया मानिसहरूभित्र रहेका थोकहरूको निराकरण गर्न, परमेश्‍वरको हृदयअनुसारको नरहेका उनीहरूको सोच र अभिप्रायहरूको निराकरण गर्नका लागि परमेश्‍वरले उनीहरूलाई सत्यको अभ्यास गर्न अह्राउनुहुन्छ। पवित्र आत्माले मानिसहरूलाई उनीहरूको हृदयमा छुनुहुन्छ र उनीहरूलाई अन्तर्दृष्टि र ज्योति दिनुहुन्छ। त्यसैले, हुने सबै कुराहरूका पछाडि लडाइँ हुन्छ: मानिसहरूले सत्यको, वा परमेश्‍वरको प्रेमको अभ्यास गर्दा हरेक पटक, त्यहाँ ठूलो लडाइँ हुन्छ, र उनीहरूका देहभित्र सबै ठीकै देखिए पनि, उनीहरूको हृदयको गहिराइमा, वास्तवमा, एक जीवन र मृत्युको लडाइँ चलिरहेको हुन्छ—र यो तीव्र लडाइँपछि, व्यापक समीक्षापछि मात्रै, जीत र हारको निर्णय हुन्छ। रुनु कि हाँस्नु भनेर थाहा हुँदैन। मानिसहरूभित्र भएका अभिप्रायहरू गलत हुने भएकाले, वा उनीहरूको अभिप्रायसँग परमेश्‍वरको कार्य बाझिने भएकाले, जब मानिसहरूले सत्यको अभ्यास गर्छन्, पर्दा पछाडि ठूलो लडाइँ हुन्छ। यो सत्यलाई अभ्यास गर्दा, पर्दा पछाडि, मानिसहरूले अन्ततः परमेश्‍वरलाई सन्तुष्ट बनाउने निर्णय गर्नअघि अनगन्ती दुःखका आँशु झारेका हुनेछन्। यही लडाइँको कारण मानिसहरूले कष्ट र शोधन सहन्छन्; साँचो कष्ट-भोग यही नै हो। जब तँमाथि लडाइँ आइपर्छ, यदि तँ परमेश्‍वरको पक्षमा साँचो रूपमा खडा हुन सक्छस् भने, तैँले परमेश्‍वरलाई सन्तुष्ट बनाउन सक्छस्। सत्यको अभ्यास गरिरहँदा, व्यक्तिले अपरिहार्य रूपमै भित्र-भित्रै कष्ट पाउनेछ; यदि, उनीहरूले सत्यलाई अभ्यास गर्दा, मानिसहरूभित्रका सबै कुराहरू सही भएमा, उनीहरूलाई परमेश्‍वरले सिद्ध बनाइरहनु पर्दैन, र त्यहाँ कुनै लडाइँ हुँदैन, र उनीहरूले कष्ट भोग्नेछैनन्। यसो किन हुन्छ भने, मानिसहरूभित्र यस्ता धेरै थोकहरू हुन्छन् जुन परमेश्‍वरको प्रयोगका लागि उपयुक्त हुँदैनन्, र देहको विद्रोही स्वभाव धेरै हुने भएकाले, मानिसहरूले देहको विरोध गर्ने पाठ अझ गहन तरिकाले सिक्नु पर्छ। यसैलाई परमेश्‍वरले मानवलाई उहाँसँग भोग्नुपर्ने भनेर अह्राउनुभएको कष्ट भन्‍नुहुन्छ। जब तँलाई अप्ठ्याराहरू आइपर्छ, हतार गर् र परमेश्‍वरमा प्रार्थना गर्: "हे परमेश्‍वर! म हजुरलाई सन्तुष्ट बनाउन चाहन्छु, तपाईंको हृदयलाई सन्तुष्ट बनाउन म अन्तिम कठिनाइ सहन गर्न चाहन्छु, र मैले जतिसुकै ठूलो धक्का बेहोर्नु परे पनि, म अझै पनि हजुरलाई नै सन्तुष्ट बनाउन चाहन्छु। मैले मेरो सम्पूर्ण जीवन नै त्याग्नु परे पनि, मैले तपाईंलाई सन्तुष्ट पार्नैपर्छ!" यो सङ्कल्पका साथ, जब तँ यसरी प्रार्थना गर्छस्, तँ आफ्नो साक्षीमा दह्रिलो भएर खडा हुन सक्षम हुन्छस्। प्रत्येक पटक उनीहरूले सत्यलाई अभ्यास गर्दा, प्रत्येक पटक उनीहरूको शोधन, प्रत्येक पटक उनीहरू थाक्दा, र प्रत्येक पटक परमेश्‍वरको कार्य उनीहरूमाथि आउँदा, मानिसहरूले असह्य पीडा सहनुपर्छ। यो सबै मानिसहरूका लागि जाँच हो, र त्यसैगरी ती सबैभित्र लडाइँ हुन्छ। उनीहरूले

चुकाउने वास्तविक मूल्य यही हो। परमेश्‍वरको वचनहरू झनै धेरै पढ्नु र अझै धेरै दौडधूप गर्नु त्यही मूल्यको एक अंश हो। मानिसहरूले गर्नुपर्ने कुरा यही हो, यो उनीहरूको कर्तव्य हो, र उनीहरूले पूरा गर्नुपर्ने जिम्मेवारी हो, तर मानिसहरूले उनीहरूका पन्छाउनु पर्ने कुरालाई पन्छाउनु पर्छ। यदि तैँले त्यसो गरिनस् भने, तेरो बाहिरी कष्ट जतिसुकै ठूलो भए तापनि, तैँले जतिसुकै दौडधूप गरे पनि, सबै कुरा व्यर्थ हुनेछ! यसो भन्नुको अर्थ, तँभित्रको परिवर्तनले मात्रै तेरो बाहिरी कठिनाइको मूल्य छ कि छैन भनेर निर्धारण गर्न सक्छ। जब तेरो आन्तरिक स्वभाव परिवर्तन हुन्छ र तैँले सत्यको अभ्यास गर्छस्, तब तेरो सबै बाहिरी कष्टले परमेश्‍वरको स्वीकृति पाउनेछ; यदि तेरो आन्तरिक स्वभावमा कुनै परिवर्तन भएन भने, तैँले जतिसुकै कष्ट सहे पनि वा तैँले बाहिर जतिसुकै प्रयत्न गरे पनि, परमेश्‍वरबाट कुनै स्वीकृति हुनेछैन–र परमेश्‍वरले पुष्टि नगरेको कठिनाइ व्यर्थ हो। तसर्थ, तैँले चुकाएको मूल्य परमेश्‍वरबाट अनुमोदन हुन्छ हुँदैन भन्ने कुरा तँमा परिवर्तन आएको छ कि छैन र परमेश्‍वरको इच्छाको सन्तुष्टि, परमेश्‍वरको ज्ञान, र परमेश्‍वरप्रतिको निष्ठा हासिल गर्नका लागि तैँले सत्यको अभ्यास तथा आफ्नो अभिप्राय र धारणालाई विरोध गर्छस् कि गर्दैनस् भन्ने कुराले निर्धारित गर्छ। तैँले जतिसुकै प्रयत्न गरे पनि, यदि तँलाई आफ्नो अभिप्रायको विरुद्‌ध विद्रोहको बारेमा कहिल्यै थाहा छैन भने, तर बाहिरी कार्य तथा उत्सुकता मात्रै खोज्छस्, र आफ्नो जीवनप्रति कहिल्यै ध्यान दिँदैनस् भने, तेरो कठिनाइ व्यर्थ हुनेछ। यदि, केही निश्‍चित वातावरणमा, तँलाई भन्न मन लागेको केही कुरा छ भने, तर भित्र-भित्रै तँलाई यो कुरा भन्न सही होइन जस्तो लाग्छ, यस्तो भनाइले तेरो दाजुभाइ र दिदीबहिनीहरूलाई फाइदा पुग्दैन र उनीहरूलाई चोट पुऱ्याउन सक्छ भने, तैँले भित्र-भित्रै पीडा सहन रुचाउँदै यस्तो भन्दैनस्, किनभने यी वचनहरूले परमेश्‍वरको इच्छा पूरा गर्न सक्छस्। यस्तो समयमा, तँभित्र लडाइँ हुनेछ, तर तँ पीडा सहन र तैँले प्रेम गरेको वस्तु छोड्न इच्छुक हुनेछस्। परमेश्‍वरलाई सन्तुष्ट बनाउन तँ यो कठिनाइ सहन इच्छुक हुनेछस्, र तैँले भित्र-भित्रै पीडा सहे पनि, तैँले देहलाई आश्रय दिने छैनस्, र परमेश्‍वरको हृदय सन्तुष्ट भएको हुनेछ, त्यसैले तँलाई पनि भित्रैबाट आराम मिलेको हुनेछ। साँचो रूपमा मूल्य चुकाउनु भनेको यही हो, र परमेश्‍वरले चाहनुभएको मूल्य यही हो। यदि तैँले यसरी अभ्यास गरिस् भने, परमेश्‍वरले पक्कै तँलाई आशीर्वाद दिनुहुनेछ; यदि तैँले यो हासिल गर्न सक्दैनस् भने, तैँले जतिसुकै धेरै बुझे पनि, वा तैँले जतिसुकै राम्ररी बोले पनि, यो सबै बेकाम हुनेछ! यदि, परमेश्‍वरलाई प्रेम गर्ने पथमा, परमेश्‍वरले शैतानसँग युद्‌ध गर्दा तँ उहाँको पक्षमा खडा हुन सकिस् भने, र तँ शैतानकहाँ फर्कंदैनस् भने, तैँले परमेश्‍वरको प्रेम हासिल गरेको हुनेछस्, र तँ तेरो साक्षीमा दह्रिलो भएर खडा भएको हुनेछस्।

परमेश्‍वरले मानिसहरूभित्र गर्ने कार्यको प्रत्येक चरणमा, बाहिरी रूपमा यो मानिसहरू बीचको अन्तरक्रिया जस्तो देखिन्छ, मानवको बन्दोबस्त वा हस्तक्षेपहरूबाट जन्मेको जस्तो देखिन्छ। तर पर्दा पछाडि, कार्यको प्रत्येक चरण, र जे कुरा पनि हुन्छ, त्यो शैतानले परमेश्‍वरसँग बाजी थाप्ने कार्य हो, र यसका लागि मानिसहरूले परमेश्‍वरको साक्षी दिन दह्रिलो भएर खडा हुनु आवश्यक हुन्छ। उदाहरणको लागि अय्यूबलाई परीक्षा गरिएको घटनालाई लिऊँ: पर्दा पछाडि शैतानले परमेश्‍वरसँग बाजी थापिरहेको थियो, र अय्यूबलाई जे भयो त्यो मानिसहरूको कार्यहरू र

मानिसहरूको हस्तक्षेप थियो। तिमीहरूमा परमेश्‍वरले गर्ने कार्यको प्रत्येक कदमको पछाडि शैतानले परमेश्‍वरसँग बाजी थापेको हुन्छ—पछाडिपट्टि यो सबै युद्ध हो। उदाहरणको लागि, यदि तँ तेरा दाजुभाइ तथा दिदी-बहिनीप्रति पूर्वाग्रही छस् भने, तँलाई भन्‍न मन लागेका वचनहरू तँसँग हुनेछन्—यस्ता वचन जुन परमेश्‍वरलाई अप्रिय लाग्‍न सक्छ—तर यदि तैँले ती वचनहरू उनीहरूलाई भनिनस् भने, तँलाई आन्तरिक असुविधा हुनेछ, र यो क्षणमा, तँभित्र एउटा लडाइँ सुरु हुन्छ: "म बोलूँ कि नबोलुँ?" लडाइँ यही नै हो। तसर्थ, तैँले सामना गर्ने प्रत्येक कुरामा लडाइँ हुन्छ, र जब तँभित्र लडाइँ हुन्छ, तेरो वास्तविक सहकार्य र वास्तविक कष्टका कारण, परमेश्‍वरले तँभित्र कार्य गर्नुहुन्छ। अन्ततोगत्वा, तँ उक्त विषयलाई आफूभित्र पन्छाउन सक्षम हुन्छस् र रिस प्राकृतिक रूपमा हराएर जान्छ। परमेश्‍वरसँगको तेरो सहकार्यको प्रभाव यस्तो हुन्छ। मानिसहरूले गर्ने प्रत्येक कुराले उनीहरूलाई उनीहरूको प्रयासमा निश्‍चित मूल्य चुकाउन लगाउँछ। वास्तविक कठिनाइविना, उनीहरूले परमेश्‍वरलाई सन्तुष्ट बनाउन सक्दैनन्; उनीहरू परमेश्‍वरलाई सन्तुष्ट बनाउने दिशामा नजिक पनि आउन सक्दैनन्, र उनीहरूले खोक्रा नाराहरू मात्रै भट्याइरहेका हुन्छन्! के यी खोक्रा नाराहरूले परमेश्‍वरलाई सन्तुष्ट तुल्याउन सक्छन्? जब आत्मिक क्षेत्रमा परमेश्‍वर र शैतानबीच युद्ध हुन्छ, तैँले परमेश्‍वरलाई कसरी सन्तुष्ट बनाउनुपर्छ, र उहाँलाई साक्षी दिन तँ कसरी दह्रिलो भएर खडा हुनुपर्छ? तँलाई हुने सबै कुराहरू ठूलो जाँच हो र साक्षी दिनका लागि परमेश्‍वरलाई तेरो आवश्यकता पर्ने समय हो भन्‍ने तँलाई थाहा हुनुपर्छ। यिनीहरू बाहिरबाट महत्वपूर्ण नदेखिए पनि, जब यी कुराहरू हुन्छन् तैँले परमेश्‍वरलाई प्रेम गर्छस् कि गर्दैनस् भन्‍ने कुरा तिनले देखाउँछ। यदि तैँले प्रेम गर्छस् भने, तँ उहाँलाई साक्षी दिन दह्रिलो भएर खडा हुन सक्नेछस्, र यदि तैँले उहाँको प्रेमलाई अभ्यास गरेको छैनस् भने, यसले तँ सत्यलाई अभ्यास गर्न सक्ने व्यक्ति होइन, तँ सत्यविहीन छस्, र तँ जीवन विहीन छस्, कि तँ भुस होस् भन्‍ने देखाउँछ! मानिसहरूलाई हुने सबै कुराहरू त्यति बेला हुन्छ जति बेला दह्रिलो भएर साक्षी दिनका लागि खडा हुन परमेश्‍वरलाई उनीहरूको आवश्यकता पर्छ। उक्त क्षणमा तँलाई कुनै उल्लेखनीय कुरा भइरहेको हुँदैन र तैँले उत्कृष्ट साक्षी दिन सक्दैनस्, तैपनि तेरो दैनिक जीवनको प्रत्येक विवरण नै परमेश्‍वरलाई साक्षी दिने विषय हो। यदि तैँले तेरा दाजुभाइ र दिदीबहिनीहरू, तेरो परिवारका सदस्यहरू, र तेरो वरिपरि भएका प्रत्येकको प्रशंसा हासिल गर्न सकिस् भने; यदि, कुनै दिन, अविश्‍वासीहरू आउँछन् र तैँले गरेका सबै कुराहरूको प्रशंसा गर्छन्, र परमेश्‍वरले गर्ने सबै कार्यहरू अद्‌भुत छन् भन्‍ने देख्छन् भने, तैँले साक्षी दिएको हुनेछस्। तँसँग कुनै अन्तर्ज्ञान छैन र तेरो क्षमता कमजोर भए तापनि, परमेश्‍वरले तँलाई दिनुभएको सिद्धतामार्फत, एकदमै कमजोर क्षमता भएका व्यक्तिहरूमा उहाँले गर्नुभएको महान् कार्यको बारेमा अरूलाई देखाउँदै तँ उहाँलाई सन्तुष्ट बनाउन सक्षम हुन्छस् र उहाँको इच्छा तेरो मनामा हुन्छ। जब मानिसहरू परमेश्‍वरलाई जान्‍न थाल्छन् र शैतानको अगाडि विजयी हुन्छन्, धेरै हदसम्म परमेश्‍वरप्रति निष्ठावान् हुन्छन्, तब मानिसहरूको यो समूहभन्दा अरू कसैसँग पनि बढी मेरुदण्ड हुँदैन, र यो नै सबैभन्दा महान् साक्षी हो। तँ महान् कार्य गर्न अक्षम भए तापनि, तँ परमेश्‍वरलाई सन्तुष्ट बनाउन सक्षम छस्। अरूले आफ्ना धारणाहरूलाई पन्छाउन सक्दैनन्, तर तैँले सक्छस्; अरूले उनीहरूको वास्तविक अनुभवको दौरान साक्षी दिन

सक्दैनन्, तर तैँले आफ्नो वास्तविक कद र कार्यहरूको प्रयोग गर्दै परमेश्वरको प्रेमको ऋण तिर्न र उहाँलाई सशक्त साक्षी दिन सक्छस्। यसलाई मात्रै परमेश्वरलाई वास्तवमा प्रेम गरेको रूपमा गणना गरिन्छ। यदि तँ यसो गर्न अक्षम छस् भने, तैँले तेरो परिवारका सदस्य, तेरा दाजुभाइ तथा दिदीबहिनीहरू वा संसारका मानिसहरूको माझमा साक्षी दिँदैनस्। यदि तैँले शैतानको सामु साक्षी दिन सक्दैनस् भने, शैतान तँप्रति हाँस्नेछ, त्यसले तँलाई मजाकको रूपमा व्यवहार गर्नेछ, खेलौनाको रूपमा, यसले तँलाई प्रायः मूर्ख र पागल बनाउनेछ। भविष्यमा, तँमाथि ठूला जाँचहरू आइपर्नेछ–तर आज, यदि तैँले परमेश्वरलाई साँचो हृदयले प्रेम गरिस् भने, र यदि, अगाडि आउने जाँचहरू जतिसुकै ठूलो भए तापनि, तँलाई जेसुकै भए पनि, तँ आफ्नो साक्षीमा दह्रिलो भएर खडा हुन र परमेश्वरलाई सन्तुष्ट बनाउन सक्षम भइस् भने, तेरो हृदयलाई आराम हुनेछ, र तैँले भविष्यमा जतिसुकै ठूलो जाँचको सामना गर्नु परे पनि, तँ डराउने छैनस्। तिमीहरूले भविष्यमा के हुन्छ भनेर देख्न सक्दैनौं, आजको परिस्थितिमा तिमीहरूले परमेश्वरलाई सन्तुष्ट मात्रै बनाउन सक्छौं। तिमीहरूले कुनै पनि महान् कार्य गर्न सक्दैनौ र तिमीहरूले वास्तविक जीवनमा परमेश्वरको वचनहरूको अनुभव गर्दै परमेश्वरलाई सन्तुष्ट बनाउनेमा ध्यान दिनुपर्छ, र शैतान तिरस्कृत हुने गरी बलियो र सशक्त साक्षी दिनुपर्छ। तेरो देह असन्तुष्ट नै रहनेछ र देहले कष्ट भोगेको हुनेछ, तैपनि तैँले परमेश्वरलाई सन्तुष्ट बनाएको हुनेछस् र शैतानको तिरस्कार गरेको हुनेछस्। तैँले यसरी अभ्यास गरिस् भने, परमेश्वरले तेरो सामु मार्ग खोलिदिनु हुनेछ। जब, एक दिन, ठूलो जाँच आउँछ, अरू सबै ढल्नेछन्, तर तँ अझै पनि दह्रिलो भएर खडा हुन सक्षम हुनेछस्: तैँले चुकाएको मूल्यको कारण, परमेश्वरले तेरो रक्षा गर्नुहुनेछ ताकि तँ दह्रिलो भएर खडा हुन सक् र ढल्न नपरोस्। यदि, सामान्य रूपमा, सत्यलाई अभ्यास गर्न र परमेश्वरलाई वास्तवमै प्रेम गर्ने हृदयका साथ उहाँलाई सन्तुष्ट पार्न तँ सक्षम भइस् भने, परमेश्वरले तँलाई भविष्यमा आउने जाँचबाट पक्कै रक्षा गर्नुहुनेछ। तँ मूर्ख र सानो कदको र कमजोर क्षमताको भए तापनि, परमेश्वरले तँलाई भेदभाव गर्नुहुनेछैन। यो तेरो अभिप्रायहरू सही छन् कि छैनन् भन्नेमा निर्भर रहन्छ। आज, तँ परमेश्वरलाई सन्तुष्ट बनाउन सक्षम छस्, जसमा तँ सानोभन्दा सानो विवरणमा पनि ध्यान पुऱ्याउँछस्, तैँले यावत् थोकमा परमेश्वरलाई सन्तुष्ट बनाउँछस्, तैँले तेरो साँचो हृदय परमेश्वरलाई दिन्छस्, र तैँले नबुझ्ने केही कुरा भए पनि, तँ तेरो अभिप्रायहरू सच्याउन परमेश्वरको सामु आउँछस् र परमेश्वरको इच्छाको खोजी गर्छस्, र परमेश्वरलाई सन्तुष्ट बनाउनका लागि आवश्यक पर्ने सबै कुराहरू गर्छस्। सायद तेरा दाजुभाइ र दिदीबहिनीहरूले तँलाई परित्याग गर्नेछन्, तर तेरो हृदयले परमेश्वरलाई सन्तुष्ट बनाउनेछ, र तैँले देहको सुखको लालसा गर्नेछैनस्। यदि तैँले सधैँ यसरी नै अभ्यास गरिस् भने, ठूलो जाँच आउँदा तेरो रक्षा हुनेछ।

मानिसहरूको आन्तरिक अवस्थाको के कुरामा जाँचहरू लक्षित हुन्छन्? परमेश्वरलाई सन्तुष्ट गर्न नसक्ने मानिसहरूमा भएको विरोधी स्वभावप्रति नै जाँचहरू लक्षित हुन्छन्। मानिसहरूभित्र धेरै कुराहरू अशुद्ध छन्, र धेरै कुराहरू पाखण्डीपूर्ण छन्, र मानिसहरूलाई शुद्ध पार्न परमेश्वरले उनीहरूको जाँच लिनुहुन्छ। तर यदि, आज, तँ परमेश्वरलाई सन्तुष्ट बनाउन सक्षम छस् भने, भविष्यमा आउने जाँचहरू तेरो लागि सिद्धता हुनेछ। यदि, आज, तँ परमेश्वरलाई सन्तुष्ट बनाउन

असक्षम छस् भने, भविष्यका जाँचहरूले तँलाई परीक्षा गर्नेछन्, र तँ अनजानमै ढल्नेछस्, र उक्त क्षणमा तँ आफूलाई सहयोग गर्न असक्षम हुनेछस्, किनभने तँ परमेश्‍वरको कार्य सँगसँगै अगाडि बढ्न सक्नेछैनस् र तँमा वास्तविक कद निहित छैन। र त्यसैले, यदि तँ भविष्यमा दह्रिलो भएर खडा हुन, परमेश्‍वरलाई अझ राम्ररी सन्तुष्ट बनाउन, र उहाँलाई अन्त्यसम्मै विश्‍वास गर्न चाहन्छस् भने, आज तैँले बलियो जग बसाउनुपर्छ। तैँले यावत् थोकमा सत्यको अभ्यास गर्दै परमेश्‍वरलाई सन्तुष्ट बनाउनुपर्छ र उहाँको इच्छाप्रति सचेत हुनुपर्छ। यदि तैँले यसरी अभ्यास गरिस् भने, तँभित्र एउटा जग बस्नेछ, र परमेश्‍वरले तँभित्र उहाँलाई प्रेम गर्ने हृदय प्रेरित गर्नुहुनेछ, र उहाँले तँलाई विश्‍वास दिनुहुनेछ। जब कुनै दिन तेरो वास्तविक जाँच हुन्छ, तैँले केही पीडा सहनु पर्ने हुनसक्छ र कुनै निश्‍चित विन्दुसम्म तँलाई दुःख महसुस हुनसक्छ, र कठोर शोक सहनु पर्ने हुनसक्छ, मानौं तेरो मृत्यु नै भएको छ–तर परमेश्‍वरका लागि तेरो प्रेममा परिवर्तन हुनेछैन, र यो झनै गहिरो हुनेछ। परमेश्‍वरको आशीर्वाद यस्तो हुन्छ। यदि तँ परमेश्‍वरले भन्नुहुने र गर्नुहुने सबै कुराहरू आज्ञाकारी हृदयका साथ स्वीकार गर्न सक्षम हुन्छस् भने, तैँले परमेश्‍वरबाट पक्कै पनि आशीर्वाद पाउनेछस्, र तँ परमेश्‍वरबाट आशीर्वाद प्राप्त गर्ने व्यक्ति बन्नेछस् र उहाँको प्रतिज्ञा पाउनेछस्। यदि, आज, तैँले अभ्यास गरिनस् भने, जब कुनै दिन तेरो जाँच हुनेछ, तँ आस्था वा प्रेमिलो हृदय विहीन हुनेछस्, र उक्त समयमा जाँचहरू नै परीक्षा बन्नेछन्, तँ शैतानको परीक्षा बीचमा भासिएको हुनेछस् र उम्किने कुनै बाटो हुनेछैन। आज, तँमाथि सानो जाँच आउँदा तँ दह्रिलो भएर खडा हुन सक्षम हुन सक्छस्, तर कुनै दिन तँमाथि ठूलो जाँच आइपर्दा तँ दह्रिलो भएर खडा हुन्छस् नै भन्ने जरुरी छैन। केही व्यक्तिहरू घमण्डी हुन्छन् र उनीहरू पहिले नै सिद्धताको नजिक छन् भनेर सोच्छन्। यस्तो समयमा तँ यदि गहिराइमा गइनस् र आत्मसन्तुष्ट नै भइरहिस् भने, तँ खतरामा हुनेछस्। आज, परमेश्‍वरले ठूला जाँचहरूको कार्य गर्नुहुन्न र सबै कुराहरू ठीकै रहेको जस्तो हुन्छ, तर जब परमेश्‍वरले तँलाई जाँच्नुहुन्छ, तँमा पनि कमजोरी रहेछन् भनेर तँलाई थाहा हुन्छ, किनभने तेरो कद एकदमै सानो छ र तैँले ठूलो जाँच सहन सक्दैनस्। यदि तँ अहिले जस्तो छस् त्यस्तै रहिस् र तँ निष्क्रियताको अवस्थामा छस् भने, जब जाँच आउँछ, तँ पतन हुनेछस्। तिमीहरूले तिमीहरूको कद कति सानो छ भनेर प्रायजसो हेर्नुपर्छ; यसरी मात्रै तिमीहरूले प्रगति गर्न सक्छौ। यदि जाँचको दौरान मात्रै तैँले तेरो कद एकदमै सानो छ, कि तँभित्रको सानो कुरा मात्रै वास्तविक छ, र त परमेश्‍वरको इच्छाका लागि अपर्याप्त छस् भनेर देखिस् भने–यदि तैँले उक्त क्षणमा मात्रै यी कुराहरू बोध गरिस् भने, त्यति बेला एकदमै ढिलो भएको हुनेछ।

यदि तँलाई परमेश्‍वरको स्वभाव थाहा छैन भने, तँ जाँचको दौरान अवश्य ढल्नेछस्, किनभने परमेश्‍वरले मानिसहरूलाई कसरी सिद्ध बनाउनुहुन्छ, उहाँले उनीहरूलाई कुन माध्यमबाट सिद्ध बनाउनुहुन्छ भन्ने विषयमा तँ अनभिज्ञ छस्, र जब परमेश्‍वरको जाँचहरू तँमाथि आउँछ र तिनीहरू तेरो अभिप्रायसँग मिल्दैनन्, तँ दह्रिलो भएर खडा हुन असक्षम हुन्छस्। परमेश्‍वरको साँचो प्रेम नै उहाँको सम्पूर्ण स्वभाव हो, र जब परमेश्‍वरको सम्पूर्ण स्वभाव मानिसहरूलाई देखाइन्छ, यसले तेरो देहका लागि के लिएर आउँछ? जब परमेश्‍वरको धर्मी स्वभाव मानिसहरूलाई देखाइन्छ,

उनीहरूको देहले अवश्य धेरै पीडा सहनेछ। यदि तैँले यो पीडा सहिनस् भने, तँलाई परमेश्वरले सिद्ध पार्न सक्नुहुन्न, न तँ परमेश्वरलाई साँचो प्रेम समर्पित गर्न नै सक्षम हुनेछस्। यदि परमेश्वरले तँलाई सिद्ध पार्नुभयो भने, उहाँले तँलाई पक्कै पनि उहाँको सम्पूर्ण स्वभाव देखाउनुहुनेछ। सृष्टिको समयदेखि आजसम्म, परमेश्वरले उहाँको सम्पूर्ण स्वभाव मानिसलाई कहिल्यै देखाउनुभएको छैन–तर आखिरी दिनहरूमा उहाँले यसलाई पूर्वनिश्चित गर्नुभएको र छान्नुभएको मानिसहरूको यो समूहका सामु खुलासा गर्नुहुन्छ, र मानिसहरूलाई सिद्ध पार्दै, उहाँले उहाँको स्वभावलाई खुलासा गर्नुहुन्छ, जसमार्फत उहाँले मानिसहरूको एउटा पूर्ण समूह बनाउनुहुन्छ। मानिसहरूका लागि परमेश्वरको साँचो प्रेम यस्तै छ। परमेश्वरको साँचो प्रेमको अनुभवका लागि मानिसहरूले अत्यन्तै पीडा सहनुपर्छ, र उच्च मूल्य चुकाउनुपर्छ। यसपछि मात्रै उनीहरूलाई परमेश्वरले प्राप्त गर्नुहुन्छ र परमेश्वरलाई उनीहरूले आफ्नो साँचो प्रेम फर्काउन सक्षम हुन्छन्, अनि मात्रै परमेश्वरको हृदय सन्तुष्ट हुनेछ। यदि मानिसहरू परमेश्वरबाट सिद्ध हुने चाहना छ भने र यदि उनीहरूले उहाँको इच्छाअनुसार काम गर्न चाहना राख्छन् भने, र उनीहरूको साँचो प्रेम सम्पूर्ण रूपमा परमेश्वरलाई दिन्छन् भने, उनीहरूले मृत्युभन्दा पनि कठोर पीडा सहनका लागि उनीहरूको परिस्थितिबाट धेरै कष्ट र यातना भोग्नुपर्ने हुन्छ। अन्ततोगत्वा उनीहरू आफ्नो साँचो हृदय परमेश्वरलाई दिन बाध्य हुन्छन्। परमेश्वरलाई कसैले साँचो प्रेम गर्छ कि गर्दैन भन्ने कुरा कठिनाइ र शोधनको समयमा खुलासा हुन्छ। परमेश्वरले मानिसहरूको प्रेमलाई शुद्ध बनाउनुहुन्छ, र यो कठिनाइ र शोधनबाट मात्रै हासिल गर्न सकिन्छ।

## "सहस्राब्दीय राज्यको आगमन भएको छ" भन्ने विषयमा संक्षिप्त चर्चा

तिमीहरू एक हजार वर्षे राज्यको दर्शनको बारेमा के सोच्छौ? केही मानिसहरू यस विषयमा धेरै सोच्छन्, र तिनीहरू भन्छन्, "एक हजार वर्षे राज्य पृथ्वीमा एक हजार वर्षसम्म रहनेछ, यसैले यदि मण्डलीका पाको उमेरका सदस्यहरू अविवाहित हुन्छन् भने, के उनीहरूले विवाह गर्नुपर्छ? मेरो परिवारसँग पैसा छैन, के मैले पैसा कमाउन थाल्नुपर्छ? ..." एक हजार वर्षे राज्य भनेको के हो? के तिमीहरूलाई थाहा छ? मानिसहरू अबुझ छन् र ठूलो परीक्षाको सामना गर्छन्। वास्तवमा, एक हजार वर्षे राज्य औपचारिक रूपमा आउन अझै बाँकी नै छ। मानिसहरूलाई सिद्ध बनाउने चरणमा हजार वर्षे राज्य एक भागदौड़ मात्र हो; परमेश्वरले भन्नुभएको एक हजार वर्षे राज्यको समयमा मानिस सिद्ध बनाइएको हुनेछ। अघिबाट यो भनियो कि मानिसहरू सन्तहरूझैं हुने थियो अनि सिनिमको देशमा दह्रो भई खडा हुने थियो। मानिसहरू सिद्ध बनाइसकेपछि मात्र– जब तिनीहरू परमेश्वरले बोल्नुभएको सन्तहरू बन्छन्–तब एक हजार वर्षे राज्य आएको हुनेछ। जब परमेश्वरले मानिसहरूलाई सिद्ध बनाउनुहुन्छ, र उहाँले तिनीहरूलाई शुद्ध बनाउनुहुन्छ, अनि तिनीहरू जति धेरै शुद्ध बन्छन् परमेश्वरद्वारा, तिनीहरूलाई उत्ति नै बढी सिद्ध बनाइन्छन्। जब तिमी भित्रका अशुद्धता, विद्रोहीपन, विरोध र देहका कुराहरू हटाइन्छन्, जब तिमी शुद्ध पारिएको

हुन्छौ, तब तिमी परमेश्‍वरद्वारा प्रेम गरिएको हुनेछौ (अर्को शब्दमा भन्‍नुपर्दा, तिमी सन्त हुनेछौ); जब तिमी परमेश्‍वरद्वारा सिद्ध पारिएको र एक सन्त बनेको हुन्छौ, तिमी एक हजार वर्षे राज्यमा हुनेछौ। अहिले नै राज्यको युग हो। एक हजार वर्षे राज्यको युगमा मानिसहरू जिउनका निम्ति परमेश्‍वरको वचनमा भर पर्नेछन्, अनि सबै जातिहरू परमेश्‍वरको नाउँमुनि आउनेछन्, अनि सबैले परमेश्‍वरका वचनहरू पढनेछन्। त्यो समयमा, कसैले टेलिफोनद्वारा, कसैले फ्याक्सद्वारा बोलाउनेछन् ... तिनीहरू परमेश्‍वरको वचनहरूका पहुँच प्राप्त गर्न सबै साधनहरू प्रयोग गर्नेछन्, अनि तिमीहरू पनि परमेश्‍वरका वचनहरमा आउनेछौ। यी सबै कुरा मानिसहरू सिद्ध बनाइएपछि हुने कुरा हुन्। आज, मानिसहरूलाई शोधन गरिन्छ, शुद्ध पारिन्छन्, ज्ञान दिइन्छ, र वचनहरूद्वारा डोर्‍याइन्छन्; यो राज्यको युग हो। यो मानिसहरू सिद्ध भइरहेको चरण हो, र एक हजार वर्षे राज्यको युगसँग यसको कुनै सम्बन्ध छैन। एक हजार वर्षे राज्यको अवधिमा, मानिसहरू अघिबाटै सिद्ध पारिएका हुन्छन् र तिनीहरूभित्र भएका भ्रष्ट स्वभावहरू शुद्ध पारिएको हुनेछ। त्यस बेला, परमेश्‍वरद्वारा बोलिएको वचनले मानिसहरूलाई एक-एक चरण गर्दै डोर्‍याउनेछ, र सृष्टिको समयदेखि अहिलेसम्मका परमेश्‍वरको कामका सबै रहस्यहरू प्रकट गर्नेछ, अनि उहाँका वचनहरूले मानिसहरूलाई प्रत्येक युगमा र प्रत्येक दिन परमेश्‍वरका कामहरूको बारेमा बताउनेछन्, उहाँले कसरी मानिसहरूलाई भित्रबाट डोर्‍याउनुहुन्छ, उहाँले आत्मिक क्षेत्रमा गर्नुहुने कामहरू र तिनीहरूलाई आत्मिक क्षेत्रका गतिशीलता बताउनेछ। तब मात्र यो साँच्चै वचनको युग हुनेछ; अहिले यो भागदौड़ स्थितिमा छ। यदि मानिसहरूलाई सिद्ध र शुद्ध बनाइएन भने, तिनीहरूका निम्ति पृथ्वीमा एक हजार वर्ष जिउने कुनै उपाय हुनेछैन, र तिनीहरूका शरीर अनिवार्य रूपमा कुहिनेछन्; यदि मानिसहरू भित्रबाट शुद्ध हुन्छन् र तिनीहरू शैतान र देहको अधीनमा हुँदैनन्, भने तब तिनीहरू पृथ्वीमा जीवित रहनेछन्। यस चरणमा तिमी अबुझ हुन्छौ, अनि तिमीहरू परमेश्‍वरलाई प्रेम गरेको अनुभव गर्नेछौ अनि यस पृथ्वीमा जिउँदा प्रत्येक दिन उहाँको साक्षी दिनेछौ।

"सहस्राब्दीय राज्यको आगमन भएको छ" भन्‍ने भनाइ एउटा अगमवाणी हो, यो अगमवक्ताको भविष्यवाणी जस्तो हो, जसमा परमेश्‍वरले भविष्यमा के हुनेछ भनी अगमवाणीहरू गर्नुहुन्छ। परमेश्‍वरले भविष्यमा बोल्नुहुने वचनहरू र उहाँले आज बोल्नुहुने वचनहरू एउटै होइनन्: भविष्यका वचनहरूले युगलाई डोर्‍याउनेछ, अनि उहाँले आज बोल्नुहुने वचनहरूले मानिसहरूलाई सिद्ध पार्दछ, तिनीहरूलाई शोधन गर्दछ, र तिनीहरूलाई निराकरण गर्दछ। भविष्यको वचनको युग आजको वचनको युगभन्दा फरक छ। आज, परमेश्‍वर जुनसुकै माध्यमबाट बोल्नुभए पनि–उहाँद्वारा बोल्नुभएका सबै वचनहरू मानिसलाई सिद्ध बनाउन, तिनीहरूभित्र भएका फोहोरलाई शुद्ध पार्न, तिनीहरूलाई पवित्र बनाउन र परमेश्‍वरको सामु तिनीहरूलाई धर्मी बनाउनका निम्ति हुन्छ। आज बोलिएका वचनहरू, अनि भविष्यमा बोलिने वचनहरू दुई अलग कुराहरू हुन्। राज्यको युगमा बोलिने वचनहरू मानिसहरूलाई सबै तालिममा प्रवेश गराउन, मानिसहरूलाई सबै कुरामा सही बाटोमा ल्याउन, तिनीहरूभित्र भएका सबै अशुद्ध कुराहरू हटाउनका निम्ति हुन्। यो युगमा परमेश्‍वरले यस्तै गर्नुहुन्छ। उहाँले प्रत्येक व्यक्तिमा उहाँका वचनहरूको जग बनाउनुहुन्छ, उहाँले आफ्ना वचनहरूलाई प्रत्येक व्यक्तिको जीवन बनाउनुहुन्छ, अनि उहाँले तिनीहरूभित्र अन्तर्दृष्टि

दिन र डोऱ्याउन निरन्तर उहाँको वचन प्रयोग गर्नुहुन्छ। अनि जब तिनीहरूले परमेश्‍वरको इच्छालाई ध्यान दिँदैनन्, तिनीहरूको निन्दा गर्न र तिनीहरूलाई अनुशासन गर्न परमेश्‍वरको वचन तिनीहरूभित्र हुनेछ। आजका वचनहरू मानिसको जीवन हुनुपर्छ; तिनले मानिसलाई चाहिने सबै थोक सोझै जुटाउँछन्, तिमीभित्र जुन कमी छ ती सबै परमेश्‍वरको वचनद्‌वारा जुटाइन्छ, अनि परमेश्‍वरका वचन ग्रहण गर्ने सबैलाई उहाँको वचन खाएर अनि पिएर अन्तर्दृष्टि दिन्छन्। परमेश्‍वरले भविष्यमा बोल्नुहुने वचनले सारा ब्रह्माण्डका मानिसहरूलाई डोऱ्याउँछ; आज, यी वचनहरू चीनमा मात्र बोलिन्छन्, र तिनले सारा ब्रह्माण्डभरि बोलिएको वचनको प्रतिनिधित्व गर्दैनन्। एक हजार वर्षे राज्य आएपछि मात्र परमेश्‍वर सम्पूर्ण ब्रह्माण्डसँग बोल्नुहुनेछ। यो जान्नुहोस् कि परमेश्‍वरले आज बोल्नुहुने वचनहरू मानिसहरूलाई सिद्‌ध बनाउनका निम्ति हुन्; परमेश्‍वरले यो चरणमा बोल्नुभएका वचनहरू मानिसहरूका खाँचोहरू पूरा गर्नका निम्ति हुन्, तिमीलाई परमेश्‍वरका रहस्यहरू जान्न वा आश्‍चर्यकर्महरू देख्न दिनका निम्ति होइन। मानिसहरूका खाँचोहरू पूरा गर्न उहाँ धेरै माध्यमद्‌वारा बोल्नुहुन्छ। एक हजार वर्षे राज्यको युग आउन अझै बाँकी नै छ–जुन एक हजार वर्षे राज्यको कुरा गरिएको छ त्यो परमेश्‍वरको महिमाको दिन हो। यहूदियामा येशूको काम समाप्त भएपछि परमेश्‍वरले उहाँको काम चीन देशमा सार्नुभएको छ र अर्को योजना बनाउनुभएको छ। उहाँले तिमीहरूमा उहाँको कामको अर्को भाग गर्नुहुन्छ, उहाँले वचनद्‌वारा मानिसहरूलाई सिद्‌ध बनाउने काम गर्नुहुन्छ, अनि मानिसहरूलाई कष्ट भोगून् साथै परमेश्‍वरको धेरै अनुग्रह प्राप्त गरून् भनी उहाँले आफ्नो वचन प्रयोग गर्नुहुन्छ। यो चरणको कामले विजेताहरूको झुन्ड सृजना गर्नेछ, र उहाँले विजेताहरूको झुन्ड बनाउनुभएपछि, तिनीहरूले उहाँको कार्यहरूको साक्षी दिन सक्नेछन्, तिनीहरू वास्तविकता जियाउन सक्नेछन्, र वास्तवमा तिनीहरूले उहाँलाई सन्तुष्ट पार्नेछन् र मृत्युसम्मै उहाँप्रति विश्‍वासयोग्य रहनेछन्, अनि यसरी परमेश्‍वरले महिमा प्राप्त गर्नुहुनेछ। जब परमेश्‍वरले महिमा प्राप्त गर्नुहुन्छ–अर्थात् जब उहाँले मानिसहरूको यो झुन्डलाई सिद्‌ध बनाउनुहुन्छ–त्यो एक हजार वर्षे राज्यको युग हुनेछ।

येशू साढे तेत्तीस वर्षसम्म पृथ्वीमा हुनुहुन्थ्यो, उहाँ क्रूसमा क्रूसीकरणको काम गर्न आउनुभयो, अनि क्रूसीकरणद्‌वारा परमेश्‍वरले उहाँको महिमाको एक भाग प्राप्त गर्नुभयो। जब परमेश्‍वर शरीरमा आउनुभयो, उहाँ नम्र र गुप्त रहन सक्नुभयो, र अथाह कष्ट सहन सक्नुभयो। यद्‌यपि उहाँ परमेश्‍वर स्वयम् हुनुहुन्थ्यो, छुटकाराको काम पूरा गर्नलाई उहाँले अझै हरेक अपमान र हरेक गिल्ला सहनुभयो, अनि क्रूसमा कीला ठोकिएर ठूलो कष्ट भोग्नुभयो। यो चरणको काम पूरा भएपछि, मानिसहरूले परमेश्‍वरको ठूलो महिमा भएको देखे पनि, त्यो नै उहाँको सम्पूर्ण महिमा थिएन; त्यो उहाँको महिमाको एक भाग मात्र थियो, जुन उहाँले येशूबाट प्राप्त गर्नुभएको थियो। येशूले हरेक कठिनाइ सहन, नम्र र गुप्त हुन, परमेश्‍वरका निम्ति क्रूसमा टाँगिन सक्नुभए पनि, परमेश्‍वरले उहाँको महिमाको एक भाग मात्र प्राप्त गर्नुभयो, र उहाँको महिमा इस्राएलमा प्राप्त भएको थियो। परमेश्‍वरको महिमाको अझै अर्को भाग छ: व्यावहारिक रूपमा काम गर्न र मानिसहरूको एउटा झुन्ड सिद्‌ध बनाउन पृथ्वीमा आउने काम। येशूको कामको चरणको अवधिमा उहाँले केही अलौकिक कुराहरू गर्नुभयो, तर त्यो चरणको काम कुनै पनि किसिमले चिह्न र चमत्कारहरू गर्नका निम्ति

थिएन। त्यो मुख्य रूपले येशूले दुःख भोग्न सक्नुहुन्छ, र परमेश्वरका निम्ति क्रूसमा टाँगिन सक्नुहुन्छ, येशू उहाँले परमेश्वरलाई प्रेम गर्नुभएको कारणले अथाह कष्ट भोग्न सक्षम हुनुहुन्थ्यो, र परमेश्वरले उहाँलाई त्याग्नुभए पनि, उहाँ अझै पनि परमेश्वरको इच्छा पूरा गर्न उहाँको जीवन बलिदान गर्न इच्छुक हुनुहुन्थ्यो भनी देखाउनका निम्ति थियो। परमेश्वरले इस्राएलमा उहाँको काम पूरा गर्नुभएपछि र येशूलाई क्रूसमा कीला ठोकिएपछि, परमेश्वरले महिमा प्राप्त गर्नुभएको थियो, अनि परमेश्वरले शैतानको सामु साक्षी दिनुभएको थियो। परमेश्वर कसरी चीनमा देह बन्नुभएको छ भन्ने कुरा तिमीहरूले न ता जानेका छौ न देखेका छौ, यसैकारण परमेश्वरले महिमा प्राप्त गर्नुभएको छ भ नेर तिमीहरू कसरी देख्न सक्छौ र? जब परमेश्वरले तिमीहरूमा विजयको धेरै काम गर्नुहुन्छ, र तिमीहरू दह्रो भई खडा हुन्छौ, तब यो चरणको परमेश्वरको काम सफल हुन्छ, र यो परमेश्वरको महिमाको भाग हो। तिमीहरू यो मात्र देख्छौ, अनि तिमीहरू परमेश्वरद्वारा सिद्ध बनाइनु बाँकी नै छ, तिमीहरूले आफ्नो हृदय पूर्ण रूपले परमेश्वरलाई दिनु बाँकी नै छ। तिमीहरूले यो महिमा पूर्ण रूपमा देख्न बाँकी नै छ; तिमीहरू परमेश्वरले तिमीहरूका हृदय अघिबाटै जित्नुभएको मात्र देख्छौ, तिमीहरू उहाँलाई कहिल्यै पनि छोड्न सक्दैनौं, अनि आखिरीसम्म परमेश्वरलाई पछ्याउनेछौ र तिमीहरूका हृदय परिवर्तन हुनेछैनौ, अनि यही नै परमेश्वरको महिमा हो। तिमी कुन कुरामा परमेश्वरको महिमा देख्छौ? मानिसहरूमा भएको उहाँको कामका प्रभावहरूमा। मानिसहरू परमेश्वर अति प्रेमिलो हुनुहुन्छ भनी देख्छन्, तिनीहरूका हृदयमा परमेश्वर हुनुहुन्छ, र उहाँलाई छोड्न तयार हुँदैनन्, अनि यो परमेश्वरको महिमा हो। जब मण्डलीहरूका दाजुभाइ र दिदी-बहिनीहरूको शक्ति बढ्छ, र तिनीहरूले परमेश्वरलाई हृदयबाटै प्रेम गर्न सक्छन्, परमेश्वरले गर्नुभएको कामको सर्वोच्च पराक्रम, उहाँका वचनहरूको अतुलनीय शक्ति देख्छन्, जब तिनीहरू उहाँको वचनमा अधिकार भएको देख्छन्, अनि उहाँले चीन देशको भुतिया सहरमा उहाँको काम सुरु गर्न सक्नुभएको देख्छन्, जब मानिसहरू कमजोर भए पनि, तिनीहरूका हृदयहरू परमेश्वरको सामु झुक्छन्, र तिनीहरू परमेश्वरका वचनहरू ग्रहण गर्न इच्छुक बन्छन्, अनि जब, तिनीहरू कमजोर र अयोग्य भए पनि परमेश्वरका वचनहरू प्रेमिलो र तिनीहरूका कदरको योग्यका भएको देख्न सक्छन्, तब त्यो परमेश्वरको महिमा हो। जब त्यो दिन आउँछ, जुन बेला मानिसहरू परमेश्वरद्वारा सिद्ध बनाइन्छन्, र उहाँको अघि समर्पित हुन र परमेश्वरको आज्ञा पूर्ण रूपमा पालन गर्न सक्छन्, र तिनीहरूका सम्भावनाहरू र भाग्यलाई परमेश्वरको हातमा दिन सक्छन्, त्यस बेला परमेश्वरको महिमाको दोस्रो भाग पूर्ण रूपले प्राप्त भएको हुनेछ। भन्नुको अर्थ, जब व्यावहारिक परमेश्वरको काम पूर्णरूपमा समाप्त हुन्छ, त्यसबेला चीन देशमा उहाँको काम समाप्त हुनेछ। अर्को शब्दमा भन्नुपर्दा, परमेश्वरद्वारा अघिबाटै नियुक्त गरिएका र चुनिएकाहरू सिद्ध बनाइएका हुन्छन्, तब परमेश्वरले महिमा प्राप्त गर्नुभएको हुनेछ। परमेश्वरले भन्नुभयो कि उहाँले आफ्नो महिमाको दोस्रो भाग पूर्वमा ल्याउनुभएको छ, तापनि नाङ्गो आँखाले यो देख्न सकिँदैन। परमेश्वरले उहाँको काम पूर्वमा ल्याउनुभएको छ; उहाँ अघिबाटै पूर्वमा आउनुभएको छ, र यो परमेश्वरको महिमा हो। आज, उहाँको काम पूरा हुन बाँकी भए पनि, परमेश्वरले काम गर्ने निर्णय गर्नुभएकोले, यो निश्चय नै पूरा गरिनेछ। परमेश्वरले आफैले यो काम चीनमा पूरा गर्ने निर्णय गर्नुभएको छ, अनि उहाँले

तिमीहरूलाई पूर्ण बनाउने संकल्प गर्नुभएको छ। यसैले, उहाँले तिमीहरूलाई उम्कने बाटो दिनुहुन्न- उहाँले अघिबाटै तिमीहरूका हृदय जितिसक्नुभएको छ, अनि तिमीहरू ले चाहे पनि वा नचाहे पनि तिमीहरू अघि गर्नुपर्छ, अनि जब तिमीहरू परमेश्‍वरद्वारा प्राप्त गरिन्छ, तब परमेश्‍वरले महिमा प्राप्त गर्नुहुन्छ। आज, परमेश्‍वरले पूर्ण महिमा प्राप्त गर्नु बाँकी नै छ, किनकि तिमीहरू पूर्ण रूपमा सिद्ध बनाइनु बाँकी नै छ। तिमीहरूका हृदय परमेश्‍वरतिर फर्केका भए तापनि, तिमीहरूका शरीरमा अझ पनि धेरै कमजोरीहरू छन्, तिमीहरू परमेश्‍वरलाई सन्तुष्ट पार्न असक्षम छौ, तिमीहरू परमेश्‍वरको इच्छामा ध्यान दिन असक्षम छौ, अनि तिमीहरूमा धेरै नकारात्मक कुराहरू बाँकी नै छन्, जसबाट तिमीहरू छुटकारा पाउनुपर्छ र तिमीहरू अझै पनि धेरै परीक्षाहरू र शोधनहरूबाट भएर जान बाँकी नै। त्यसरी मात्र तिमीहरूको जीवनका स्वभावहरू बदलिन सक्छन् र तिमीहरू परमेश्‍वरद्वारा प्राप्त गरिन सक्छौ।

## परमेश्‍वरलाई चिन्‍नेहरू मात्र परमेश्‍वरको गवाही बन्‍न सक्छन्

परमेश्‍वरमाथि विश्‍वास गर्नु अनि परमेश्‍वरलाई चिन्‍नु चाहिँ स्वर्गले नियुक्त गरेको र पृथ्वीले स्वीकार गरेको कुरा हो, अनि आज–देहधारी परमेश्‍वरले आफै उपस्थित भई आफ्नो कार्य गरिरहनुभएको युगमा–यो परमेश्‍वरलाई चिन्‍ने विशेष गरी असल समय हो। परमेश्‍वरलाई सन्तुष्ट तुल्याउनु त्यो कुरा हो, जुन परमेश्‍वरको इच्छाको बुझाइको जगमा बसालिएको हुन्छ, अनि परमेश्‍वरको इच्छा बुझ्नको लागि, परमेश्‍वरबारे केही ज्ञान हुन जरुरी छ। परमेश्‍वरको यो ज्ञान जुन परमेश्‍वरमा विश्‍वास गर्ने हरेकमा हुनै पर्ने दर्शन हो; परमेश्‍वरमा मानिसले गर्ने विश्‍वासको आधार यही हो। यो ज्ञानको अनुपस्थितिमा, मानिसले परमेश्‍वरमा गर्ने विश्‍वास अस्पष्ट अवस्थामा रित्तो सिद्धान्तको बीचमा रहन्छ। यदि यो परमेश्‍वरलाई पछ्याउनको निम्ति मानिसको सङ्कल्प हो भने पनि, तिनीहरूले केही पनि हासिल गर्नेछैनन्। यो प्रवाहमा केही पनि हासिल गर्न नसक्‍नेहरू सबै मेटिएर जानेछन्–ती सबै सित्तैँमा लिन चाहनेहरू हुन्। तैँले परमेश्‍वरको कार्यको जुनसुकै चरण अनुभव गरे पनि, तँसँग ठूलो दर्शन जोडिएको हुनैपर्छ। नत्रभने, नयाँ कार्यको प्रत्येक चरण स्वीकार गर्न तँलाई कठिन हुनेछ, किनभने परमेश्‍वरको नयाँ कार्य मानिसको कल्पना गर्ने क्षमताभन्दा परको अनि उसको अवधारणाको सीमाभन्दा बाहिरको कुरा हो। त्यसकारण, मानिसको हेरचाह गर्ने गोठालो विना, दर्शनसँग सम्बन्धित संगतिमा सम्मिलित गराउने गोठालोविना, नयाँ कार्यलाई स्वीकार गर्न मानिस असक्षम हुन्छ। यदि मानिसले दर्शनहरू ग्रहण गर्न सक्दैन भने उसले परमेश्‍वरको नयाँ कार्य ग्रहण गर्न सक्दैन, अनि यदि मानिसले परमेश्‍वरको नयाँ कार्य पालन गर्न सक्दैन भने मानिस परमेश्‍वरको इच्छा बुझ्न असक्षम हुन्छ, अनि त्यसरी नै परमेश्‍वरबारे उसको ज्ञान कति पनि हुँदैन। मानिसले परमेश्‍वरको वचनलाई अभ्यास गर्न थाल्नुअघि, उसले परमेश्‍वरको इच्छा बुझ्नैपर्छ; अर्थात्, उसले परमेश्‍वरको इच्छालाई बुझ्नैपर्छ। यसरी मात्र परमेश्‍वरको वचनलाई ठीकसँग अनि परमेश्‍वरको इच्छामुताबिक अभ्यासमा लैजान सकिन्छ। यो सत्यता खोज्‍नेहरूले धारण गरेको हुनुपर्ने कुरा हो, अनि परमेश्‍वरलाई जान्‍ने प्रयास गर्ने प्रत्येक व्यक्ति यही प्रक्रिया

भएर जानुपर्छ। परमेश्वरको वचन बुझ्दै जाने प्रक्रिया नै परमेश्वर अनि परमेश्वरको कार्यलाई बुझ्दै जाने प्रक्रिया हो। त्यसकारण, दर्शनलाई बुझ्नु केवल देहधारी परमेश्वरलाई मात्र बुझ्नु होइन, बरु यसमा परमेश्वर अनि परमेश्वरको कार्यलाई बुझ्ने कुरा पनि संलग्न हुन्छ। परमेश्वरको वचनबाट नै मानिसहरूले परमेश्वरको इच्छालाई बुझ्छन्, अनि परमेश्वरको कार्यबाट नै तिनीहरूले परमेश्वरको स्वभाव अनि परमेश्वर के हुनुहुन्छ भन्ने कुरा जान्न सक्छन्। परमेश्वरमा विश्वास गर्नु नै परमेश्वरलाई जान्ने कार्यको पहिलो कदम हो। परमेश्वरप्रतिको यो सुरुवाती विश्वासबाट अघि बढेर उहाँमा सबैभन्दा गहन विश्वास गर्ने अवस्था सम्म पुग्ने प्रक्रिया नै परमेश्वरलाई बुझ्दै जाने प्रक्रिया हो, परमेश्वरको कार्यको अनुभव गर्ने प्रक्रिया हो। यदि तँ परमेश्वरलाई विश्वास गर्नुको खातिर मात्र परमेश्वरलाई विश्वास गर्छस्, तर उहाँलाई जान्नको खातिरले नै चाहिँ गर्दैनस् भने, तेरो विश्वासको कुनै वास्तविकता हुँदैन, अनि तेरो विश्वास विशुद्ध हुन सक्दैन–यो कुरामा कुनै शङ्का छैन। यदि, जुन प्रक्रियाद्वारा मानिसले परमेश्वरको कार्यको अनुभव गर्छ उक्त प्रक्रियाको दौरान, उसले क्रमैसित परमेश्वरलाई बुझ्दै जान्छ भने उसको स्वभाव क्रमैसित परिवर्तन हुँदै जान्छ, अनि उसको विश्वास बढ्दो रूपमा साँचो हुँदै जान्छ। यसरी, जब मानिसले परमेश्वरमाथिको विश्वासमा सफलता प्राप्त गर्दै जान्छ, उसले सम्पूर्ण रूपले परमेश्वरलाई प्राप्त गरेको हुनेछ। परमेश्वरले स्वयम् उपस्थित भई आफ्नो कार्य गर्न दोस्रो पल्ट देहधारण गर्ने सम्मको कदम चाल्नुभएको कारण चाहिँ मानिसले उहाँलाई जान्न अनि देख्न सक्षम होस् भनेर नै हो। परमेश्वरलाई[क] जान्नु चाहिँ परमेश्वरको कार्यको समाप्तिमा प्राप्त गरिने आखिरी प्रभाव हो; यो मानव जातिको लागि परमेश्वरले तय गर्नुभएको अन्तिम आवश्यकता हो। उहाँले यसो गर्नुको कारणचाहिँ उहाँको अन्तिम साक्षीको निम्ति हो; मानिस अन्तमा सम्पूर्ण रूपले उहाँतर्फ फर्किऊन् भनेर उहाँले यो कार्य गर्नुभएको छ। मानिसले परमेश्वरलाई चिनेर मात्र उसले परमेश्वरलाई प्रेम गर्न सक्छ, र परमेश्वरलाई प्रेम गर्नको लागि उसले परमेश्वरलाई चिन्नैपर्छ। उसले जसरी खोजी गरे पनि, अथवा उसले जसरी हासिल गर्न खोजे पनि, उसले परमेश्वरको ज्ञान प्राप्त गर्न सक्नुपर्छ। यसरी मात्र मानिसले परमेश्वरको हृदयलाई सन्तुष्ट पार्न सक्छ। परमेश्वरलाई चिनेर मात्रै मानिसले परमेश्वरमा साँचो विश्वास गर्न सक्छ, अनि परमेश्वरलाई चिनेर मात्रै उसले परमेश्वरको आदर अनि आज्ञा पालन गर्न सक्छ। जसले परमेश्वरलाई चिनेका छैनन् तिनीहरू कहिले पनि साँचो रूपमा परमेश्वरको आज्ञा पालन र आदरसम्म पुग्न सक्दैनन्। परमेश्वरलाई जान्नु भनेको उहाँको स्वभावलाई जान्नु हो, उहाँको इच्छालाई बुझ्नु हो, अनि उहाँ को हुनुहुन्छ त्यो जान्नु हो। कसैले जुनसुकै पक्षको बारेमा जाने तापनि, हरेक पक्षको लागि मानिसले मूल्य चुकाउनु आवश्यक हुन्छ अनि आज्ञापालन गर्ने इच्छा आवश्यक पर्छ, जुनविना कसैले पनि अन्तसम्म पछ्याउन सक्दैन। परमेश्वरको कार्य मानिसको धारणासित एकदमै मेल नखाने खालको हुन्छ। परमेश्वरको स्वभाव अनि परमेश्वर जे हुनुहुन्छ त्यो जान्न मानिसको निम्ति साह्रै कठिन छ, अनि परमेश्वरले भन्नुहुने र गर्नुहुने सबै कुरा मानिसको लागि बुझ्नै नसकिने छ: यदि मानिसले परमेश्वरलाई पछ्याउने इच्छा गर्छ तर

क. मूल पाठमा “परमेश्वरलाई चिन्नेको कार्य” भनेर पढिन्छ।

उहाँको आज्ञा पालन गर्नचाहिँ अनिच्छुक छ भने मानिसले केही पनि प्राप्त गर्न सक्दैन। संसारको सृष्टि भएदेखि आजसम्म, परमेश्वरले धेरै कार्यहरू गर्नुभएको छ जुन मानिसको निम्ति बुझ्न कठिन छ अनि जसलाई मानिसले ग्रहण गर्न कठिन पाएको छ, अनि परमेश्वरले धेरै कुरा भन्नुभएको छ जसले मानिसका धारणाहरूलाई सुधार्न कठिन तुल्याउँछ। तर मानिसका धेरै समस्याहरू छन् भन्दैमा उहाँले आफ्नो कार्य गर्न कहिल्यै छोड्नुभएको छैन; बरु, उहाँले लगातार काम गरिरहनुभएको अनि बोलिरहनुभएको छ, अनि "योद्धाहरूको" ठूलो संख्या एकातिर गिरे तापनि, उहाँले चाहिँ अझ पनि आफ्नो कार्य गरिरहनुभएको छ, अनि उहाँको नयाँ कार्यको निम्ति समर्पित हुन इच्छुक मानिसहरूको एकपछि अर्को समूहलाई चुन्नको लागि विश्राम नलिईकन उहाँले निरन्तर कार्य गरिरहनुभएको छ। ती गिरेका "नायकहरू" प्रति उहाँमा कुनै दया छैन, बरु जसले उहाँको नयाँ कार्य र वचनहरूलाई स्वीकार गर्दछन् तिनीहरूलाई उहाँले मनमा राखिराख्नुहुन्छ। तर कुन प्रयोजनको लागि उहाँले यसरी क्रमिक रूपमा कार्य गर्नुहुन्छ? किन उहाँले सधैँ केही मानिसहरूलाई त्याग्नुहुन्छ र अरूलाई चुन्नुहुन्छ? किन उहाँले सधैँ यस्तै तरिका प्रयोग गर्नुहुन्छ? उहाँको कार्यको उद्‌देश्य भनेको मानिसले उहाँलाई चिनोस्, अनि त्यसरी उहाँद्‌वारा उसको प्राप्ति होस् भन्ने हो। उहाँको कार्यको सिद्‌धान्त भनेको उहाँले आज गर्नुहुने कार्यप्रति समर्पित हुन सक्नेहरूमा काम गर्नु हो र उहाँले हिजो गर्नुभएको कार्यप्रति समर्पित हुने तर आज गर्नुहुने कार्यको विरोध गर्नेहरूमा काम गर्नु होइन। यसरी किन उहाँले धेरै मानिसहरूलाई हटाउँदै आउनुभएको छ त भन्ने कारणहरू यहाँ दिइएको छ।

परमेश्वरलाई जान्ने क्रममा सिकेको पाठको प्रभावलाई एक वा दुई दिनमा प्राप्त गर्न सकिँदैन: मानिसले निश्चय नै अनुभवहरू बटुल्नैपर्छ, कठिनाइहरू हुँदै जानैपर्छ, अनि साँचो समर्पणता हासिल गर्नैपर्छ। सबैभन्दा पहिला, परमेश्वरको कार्य अनि वचनबाट नै सुरु गर्। परमेश्वरको ज्ञानमा के संलग्न छ, यो ज्ञान कसरी प्राप्त गर्ने, अनि आफ्नो अनुभवमा परमेश्वरलाई कसरी देख्ने त्यो तैँले जान्नु अति नै आवश्यक छ। परमेश्वरलाई चिन्न बाँकी हुँदा हरेक व्यक्तिले गर्नुपर्ने कुरा यही नै हो। कसैले पनि परमेश्वरको कार्य र वचनहरूलाई एक झट्कामा पक्रन सक्दैन, अनि कसैले पनि छोटो समयावधिमा परमेश्वरको सम्पूर्णताको ज्ञानलाई प्राप्त गर्न सक्दैन। त्यसमा अनुभवको आवश्यक प्रक्रिया छ, जुनविना कसैले पनि परमेश्वरलाई चिन्न अथवा उहाँलाई इमान्दारितासित पछ्याउन सक्दैन। परमेश्वरले जति धेरै कार्य गर्नुहुन्छ, मानिसले त्यति नै बढी उहाँलाई चिन्ने गर्छ। परमेश्वरको कार्य मानिसको धारणाहरूभन्दा जति धेरै भिन्न छ, त्यति नै धेरै उहाँबारे मानिसको ज्ञान नवीकरण र गहिरो भएर जान्छ। यदि परमेश्वरको कार्य सँधैको लागि निश्चित र अपरिवर्तनशील रहन्थ्यो भने उहाँको बारेमा मानिसहरूसित धेरै ज्ञान हुने थिएन। उत्पत्तिको समय अनि वर्तमानको बीचमा, व्यवस्थाको युगमा परमेश्वरले के गर्नुभयो, अनुग्रहको युगको अवधिमा उहाँले के गर्नुभयो, अनि राज्यको युगमा उहाँले के गर्नुहुन्छ–तिमीहरू यी दर्शनहरूको बारेमा स्पष्ट हुनुपर्छ। तिमीहरूले परमेश्वरको कार्यलाई जान्नुपर्छ। येशूलाई पछ्याएपछि मात्र पत्रुसले येशूमा पवित्र आत्माले गर्नुभएको कार्यहरू क्रमैसँग जाने। तिनले भने, "पूर्ण ज्ञान हासिल गर्नको लागि मानिसको अनुभवमा भर पर्नु मात्र काफी छैन; उहाँलाई चिन्न हामीलाई सहायताको निम्ति

परमेश्वरको कार्यमा अवश्य नै धेरै नयाँ कुराहरू हुनुपर्छ।" सुरुमा, पत्रुसले येशू एक प्रेरित जस्तै परमेश्वरद्वारा पठाइएका व्यक्ति, एक प्रेरित जस्तै, हुन् भनी विश्वास गरे, अनि तिनले येशूलाई ख्रीष्टको रूपमा हेरेनन्। त्यो समयमा, जब तिनले येशूलाई पछ्याउन थाले, येशूले तिनलाई सोध्नुभयो, "योनाका छोरा शिमोन, के तिमी मलाई पछ्याउँछौ?" पत्रुसले भने, "जसलाई स्वर्गीय पिताले पठाउनुभएको छ उहाँलाई मैले पछ्याउनै पर्छ। मैले उहाँलाई स्वीकार गर्नैपर्छ जो पवित्र आत्माद्वारा चुनिनुभएको छ। म तपाईंलाई पछ्याउनेछु।" तिनको शब्दबाट, यो देखिन्छ कि पत्रुससित येशूको बारेमा कुनै ज्ञान थिएन; तिनले परमेश्वरको वचन अनुभव गरेका थिए, आफैलाई सुधार गरेका थिए, अनि परमेश्वरको निम्ति कठिनाइ सहेका थिए, तर तिनीसित परमेश्वरको कार्यको कुनै ज्ञान थिएन। अनुभवको केही अवधिपछि, पत्रुसले येशूमा परमेश्वरका धेरै कामहरू देखे, तिनले परमेश्वरको प्रेमिलोपन देखे, अनि तिनले येशूमा धेरै हदसम्म परमेश्वरको रूप देखे। यसरी नै येशूले बोल्नुभएका वचनहरू मानिसद्वारा बोलिएको होइन, अनि येशूले गर्नुभएको कार्य मानिसद्वारा गरिएको होइन भन्ने पनि उनले देखे। यसको साथै, येशूको वचन अनि कार्यहरूमा, थप रूपमा पत्रुसले परमेश्वरको ज्ञान, अनि ईश्वरीय प्रकृतिका कार्यहरू देखे। तिनका अनुभवहरूको अवधिमा, तिनले आफैलाई मात्र जानेनन्, बरु येशूको प्रत्येक कार्यलाई पनि तिनले नजिकबाट नियाले, जहाँबाट तिनले धेरै कुराहरू पत्ता लगाए, नाउँ लिनुपर्दा, परमेश्वरले येशूद्वारा गर्नुभएको धेरै कार्यहरूमा व्यवहारिक परमेश्वरका अभिव्यक्तिहरू थिए, अनि आफूले बोल्नुभएका वचनहरूमा अनि उहाँले गर्नुभएका कार्यहरूमा, र साथसाथै उहाँले जुन शैलीमा मण्डलीको गोठालो गर्नुभयो र कार्य गर्नुभयो त्यो शैलीमा येशू एउटा साधारण मानिसभन्दा भिन्न हुनुहुन्थ्यो। यसकारण, पत्रुसले येशूबाट धेरै पाठहरू सिके जो तिनले सिक्नुपर्थ्यो, अनि येशू क्रूसमा टाँगिन लाग्दासम्ममा, तिनले केही हदसम्म येशूको ज्ञान प्राप्त गरिसकेका थिए—त्यो ज्ञान जुन येशूप्रति तिनी जीवनभर बफादार बन्ने अनि तिनले परमेश्वरको लागि उँधोमुन्टो क्रूसमा टाँगिएर भोगेको दु:खको आधार बन्यो। तिनी केही धारणाहरूले ग्रसित भएका अनि सुरुमा येशूको बारेमा तिनमा स्पष्ट ज्ञान नभकाएको भए तापनि यस्ता कुराहरू निश्चय नै भ्रष्ट मानिसको एउटा भाग हो। जब येशू बिदा हुन लाग्नुभएको थियो, तब उहाँले पत्रुसलाई भन्नुभयो कि उहाँ क्रूसमा टाँगिनु भनेकै त्यो कार्य हो जुन गर्नलाई उहाँ आउनुभएको हो: त्यो युगद्वारा उहाँ त्यागिनु जरुरी थियो, अनि यो अशुद्ध र पुरानो युगले उहाँलाई क्रूसमा टाँग्नै पर्थ्यो; उहाँ छुटकाराको कार्यलाई पूर्ण गर्नु आउनुभएको थियो, अनि, यो कार्य सिध्याएपछि, उहाँको सेवकाइको अन्त हुनेथियो। यो सुनेर, पत्रुस दु:खले व्याकुल भए अनि येशूसित अझ घनिष्ट भए। जब येशू क्रूसमा टाँगिनुभयो, पत्रुस एकान्तमा खूबै रोए। योभन्दा अघि, पत्रुसले येशूलाई सोधेका थिए, "मेरो प्रभु! तपाईं भन्नुहुन्छ, कि तपाईं क्रूसमा टाँगिन लाग्नुभएको छ। तपाईं जानुभएपछि, हामीले तपाईंलाई कहिले देख्न पाउनेछौं?" के तिनले भनेका कुरामा अपमिश्रणका तत्वहरू थिएनन् र? तिनीहरूमा धारणाहरूको मिश्रण थिएन र? तिनको हृदयमा, तिनलाई थाहा थियो, कि येशू परमेश्वरका कार्यहरूको भाग पूरा गर्न आउनुभएको हो, अनि येशू जानुभएपछि, पवित्र आत्मा तिनीसित हुनेछन्; उहाँ क्रूसमा टाँगिनुहुनेभए तापनि अनि स्वर्ग चढिजानुहुनेभए तापनि, परमेश्वरको आत्मा तिनीसित हुनुहुनेथियो। त्यो समयमा, पत्रुसमा

येशूको बारेमा केही ज्ञान थियो: परमेश्वरको आत्माले नै येशूलाई पठाउनुभएको हो, परमेश्वरको आत्मा उहाँभित्र हुनुहुन्छ, अनि येशू नै परमेश्वर स्वयम् हुनुहुन्छ, उहाँ नै ख्रीष्ट हुनुहुन्छ भन्ने तिनी जान्दथे। यद्यपि येशूप्रति तिनको प्रेमको कारण, अनि तिनको मानव कमजोरीपनको कारण, पत्रुसले त्यस्ता शब्दहरू बोले। यदि, परमेश्वरको कार्यको प्रत्येक चरणमा, कसैले अवलोकन गर्न अनि कडा परिश्रमसित अनुभव गर्न सक्छ भने, उसले बिस्तारै परमेश्वरको प्रेमिलोपन पत्ता लगाउन सक्छ। अनि पावलले तिनको दर्शनलाई के ठाने? जब येशू तिनीकहाँ देखापर्नुभयो, पावलले भने, “तपाईं को हुनुहुन्छ, प्रभु?” येशूले भन्नुभयो, “म येशू हुँ जसलाई तिमी सताउँछौ।” यो पावलको दर्शन थियो। येशूको पुनरुत्थान, उहाँ ४० दिनसम्म देखापर्नुभएको कुरा अनि येशूको जीवनकालभरिका शिक्षाहरूलाई पत्रुसले आफ्नो अन्तिम यात्रासम्मै दर्शनको रूपमा लिए।

मानिसले परमेश्वरका कार्यहरूको अनुभव गर्छ, आफूले आफैलाई चिन्छ, आफ्नो भ्रष्ट स्वभावलाई सफा गर्छ, र जीवनमा वृद्धि खोज्छ, र यी सबै कुरा परमेश्वरलाई चिन्नको निम्ति नै गर्छ। यदि तँ आफूलाई जान्न र आफ्नै भ्रष्ट स्वभावको सामना गर्न मात्र खोजिरहन्छस्, तर परमेश्वरले मानिसमा के कार्य गर्नुहुन्छ, उहाँको मुक्ति कति महान् छ, वा तैँले परमेश्वरको कामको अनुभव कसरी गर्छस् र उहाँको कार्यको साक्षी कसरी दिन्छस् भन्ने कुराको बारेमा तँलाई कुनै ज्ञान छैन भने, तेरो अनुभव व्यर्थ हो। यदि तँ सत्यलाई अभ्यास गर्न र सहन सक्षम भएकोले मात्रै जीवनले परिपक्वता पाउँछ भन्ने सोच्छस् भने, यसको तात्पर्य तैँले अझै पनि जीवनको साँचो अर्थ वा मानिसलाई सिद्ध बनाउने परमेश्वरको उद्देश्य बुझेको छैनस् भन्ने हो। एक दिन जब तँ धार्मिक मण्डलीहरूमा, पश्चातापी मण्डली वा आजीवन मण्डलीका सदस्यहरूमाझ हुन्छस्, तैँले धेरै धर्मनिष्ठ मानिसहरू भेट्नेछस्, जसको प्रार्थनामा “दर्शन” हुन्छ र जो आफ्नो जीवनको अनुसरणको क्रममा, वचनहरूबाट छोइएका र निर्देशित भएका हुन्छन्। साथै, तिनीहरू थुप्रै कुरा सहन र आफूलाई त्याग गर्न, र देहबाट नडोर्याइन सक्षम हुन्छन्। त्यस समयमा, तँ भिन्नता छुट्याउन असक्षम हुनेछस्: उनीहरूले जे गर्छन् त्यो सही हो, जीवनको स्वाभाविक अभिव्यक्ति हो भनेर तैँले विश्वास गर्छस्, र उनीहरूले जुन नाममा विश्वास गर्छन् त्यो गलत हो भन्ने कुरा अफसोसको कुरा हो। के यस्ता विचारहरू मूर्ख होइनन् र? धेरै मानिसहरूको जीवन हुँदैन भनेर किन भनिन्छ? किनभने तिनीहरू परमेश्वरलाई चिन्दैनन्, र तसर्थ उनीहरूको हृदयमा कुनै परमेश्वर छैन, र तिनीहरूको जीवन छैन भनेर भनिन्छ। यदि परमेश्वरमा तेरो विश्वास यस्तो अवस्थामा पुगेको छ जहाँ तँ परमेश्वरका कार्यहरू, परमेश्वरको वास्तविकता, र परमेश्वरको कामको हरेक चरण राम्ररी जान्न सक्षम छस् भने, तँमा सत्य निहित छ। यदि तँलाई परमेश्वरको कार्य र स्वभाव थाहा छैन भने, तेरो अनुभवमा अझै पनि केही छुटिरहेको छ। येशूले आफ्नो कामको त्यो चरण कसरी पूरा गर्नुभयो, यो चरण कसरी सम्पन्न भइरहेको छ, परमेश्वरले कसरी अनुग्रहको युगमा आफ्नो काम गर्नुभयो र के कार्य गरियो, यस चरणमा कुन कार्य भइरहेको छ—यदि तँसँग यी थोकहरूको बारेमा विस्तृत ज्ञान छैन भने, तैँले कहिले पनि सुनिश्चितताको महसुस गर्नेछैनस् र तँ सधैँ असुरक्षित हुनेछस्। यदि, अनुभवको अवधिपछि, परमेश्वरले गर्नुभएको कार्य र उहाँको कार्यको हरेक चरणलाई जान्न तँ सक्षम हुन्छस्, र यदि तैँले परमेश्वरले उहाँको वचनहरू बोल्दा त्यसमा रहेका उद्देश्यहरू र

उहाँले बोल्नुभएका यति धेरै वचनहरू किन पूरा भएका छैनन् भन्ने बारेमा विस्तृत ज्ञान हासिल गरिस् भने, तँ चिन्ता र शोधनबाट मुक्त भई निडर भएर र नरोकिइकन अगाडिको बाटोमा अघि बढ्न सक्नेछस्। परमेश्‍वरले कुन माध्यमबाट आफ्नो कार्यमा यति धेरै उपलब्धि प्राप्त गर्नुहुन्छ भनेर तिमीहरूले हेर्नुपर्छ। धेरै प्रकारका वचनहरूका माध्यमबाट मानिसलाई शोधन गर्दै र मानिसका धारणाहरूलाई रूपान्तरण गर्दै, उहाँले आफूले बोल्ने वचनहरूको प्रयोग गर्नुहुन्छ। तिमीहरूले सहेका सबै कष्टहरू, तिमीहरूले भोगेका सबै शोधनहरू, तिमीहरूले आफूभित्र स्वीकार गरेका निराकरणहरू, तिमीहरूले अनुभव गरेका अन्तर्दृष्टिहरू-यी सबै परमेश्‍वरले बोल्नुभएका वचनहरूको माध्यमबाट प्राप्त भएका हुन्। मानिसले केको खातिर परमेश्‍वरलाई पछ्याउँछ? उसले परमेश्‍वरको वचनको कारण पछ्याउँछ गर्दछ! परमेश्‍वरका शब्दहरू गहन रूपले रहस्यमय हुन्छन्, साथै यी वचनहरूले मानिसको हृदयलाई हल्लाउन सक्छन्, हृदयभित्र तल गाडिएका कुराहरूलाई प्रकट गर्न सक्छन्, उसलाई विगतमा घटना भएका कुराहरू थाहा दिन, र भविष्यमा प्रवेश गर्न दिन सक्छन्। त्यसैले मानिस परमेश्‍वरको वचनहरूका कारण कष्ट सहन्छ, र परमेश्‍वरको वचनहरूकै कारणले उसलाई सिद्‌ध पनि बनाइन्छ: केवल यस समयमा मात्र व्यक्तिले परमेश्‍वरलाई पछ्याउँछ। यस अवस्थामा मानिसले के गर्नुपर्दछ भने परमेश्‍वरको वचनहरूलाई स्विकार्नु पर्छ, र उसलाई सिद्‌ध बनाइएको वा शोधनको लागि बाध्य बनाएको भए पनि, परमेश्‍वरका वचनहरू नै मुख्य कुरा हो। परमेश्‍वरको कार्य यही हो, र यो मानिसले आज थाहा पाउनुपर्ने दर्शन पनि हो।

परमेश्‍वरले मानिसलाई कसरी सिद्‌ध बनाउनुहुन्छ? परमेश्‍वरको स्वभाव के हो? उहाँको स्वभावमा के समावेश छ? यी सबै कुराहरूको स्पष्टीकरण गर्नका लागि: कसैले यसलाई परमेश्‍वरको नाम फैलाउनु भनी भन्छ, कसैले यसलाई परमेश्‍वरको साक्षी दिनु भन्छ, अनि कसैले परमेश्‍वरलाई उचाल्नु हो भनी भन्छ। परमेश्‍वरलाई चिन्ने आधारमा, मानिस अन्ततः उसको जीवनको स्वभावमा रूपान्तरित हुन्छ। मानिसले जति धेरै निराकरणबाट र शोधनबाट भएर जान्छ, ऊ उति नै उत्साहित हुन्छ; परमेश्‍वरको कार्यका जति धेरै असङ्ख्य चरणहरू हुन्छन्, मानिसलाई त्यति नै धेरै सिद्‌ध बनाइन्छ। आज, मानिसको अनुभवमा, परमेश्‍वरको कार्यको हरेक चरणले उसको धारणाहरूमाथि प्रहार गर्दछ, र यी सबै मानिसको बौद्‌धिकता र उसको अपेक्षाहरूभन्दा बाहिर पर्छन्। मानिसलाई चाहिने सबै कुरा परमेश्‍वरले प्रदान गर्नुहुन्छ, र हरेक कोणबाट यो उसको धारणाको विपरीत हुन्छ। तेरो कमजोरीको समयमा परमेश्‍वरले आफ्ना वचनहरू बोल्नुहुन्छ; केवल यसरी मात्रै उहाँले तेरो जीवन आपूर्ति गर्न सक्नुहुन्छ। तेरो धारणामा प्रहार गर्दै, उहाँले तँलाई परमेश्‍वरसँगको निराकरण स्वीकार गर्न लगाउनुहुन्छ; केवल यसरी मात्रै तैँले तेरो भ्रष्टताबाट आफूलाई मुक्त गर्न सक्छस्। आज, देहधारी परमेश्‍वरले एक अर्थमा ईश्‍वरत्वको स्थितिभित्र कार्य गर्नुहुन्छ, तर अर्को अर्थमा उहाँले सामान्य मानवताको स्थितिमा कार्य गर्नुहुन्छ। जब तँ परमेश्‍वरको कुनै पनि कामलाई अस्वीकार गर्न अक्षम हुन्छस्, जब तँ सामान्य मानवताको स्थितिमा परमेश्‍वरले जे बोल्नुभए पनि वा जे गर्नुभए पनि समर्पित हुन सक्षम हुन्छस्, जब तँ परमेश्‍वरले जस्तोसुकै सामान्यता प्रदर्शन गरे पनि त्यसलाई बझ्न र त्यसमा समर्पित हुन सक्षम हुन्छस्, र जब तैँले वास्तविक अनुभव प्राप्त गरेको हुन्छस्, तब मात्र तँ उहाँ परमेश्‍वर हुनुहुन्छ भनेर आश्‍वस्त हुन्छस्, तब मात्र तैँले

धारणा उत्पादन गर्न बन्द गर्छस्, तब मात्र तँ उहाँलाई अन्त्यसम्म विश्वास गर्न सक्षम हुन्छस्। परमेश्वरको कार्यमा बुद्धि छ, र मानिस कसरी उहाँको साक्षीमा स्थिर रहन सक्छ भनेर उहाँलाई थाहा छ। मानिसको महत्त्वपूर्ण कमजोरी कहाँ रहन्छ भन्ने कुरा उहाँलाई थाहा छ, र उहाँले बोलेका वचनहरूले मानिसको महत्त्वपूर्ण कमजोरीमा प्रहार गर्न सक्छ, तर तँलाई उहाँको गवाहीमा दह्रिलो रूपमा खडा गर्नका लागि उहाँले आफ्नो प्रतापी र विवेकपूर्ण वचनहरूको पनि प्रयोग गर्नुहुन्छ। परमेश्वरका कार्यहरू यस्ता आश्चर्यजनक हुन्छन्। परमेश्वरले गर्नुहुने कार्यहरू मानिसको समझका लागि अकल्पनीय हुन्छन्। देहको रूपमा मानिसमा कस्तो किसिमको भ्रष्टता निहित छ, र मानिसको सारमा के समावेश छ—यी सबै परमेश्वरको न्यायमार्फत प्रकट हुन्छन्, जसले मानिसलाई उसको लाजबाट लुक्न कुनै ठाउँ छोड्दैन।

मानिसले उहाँको ज्ञान प्राप्त गर्न सकोस्, अनि उहाँको गवाहीको खातिर परमेश्वरले न्याय र सजायको काम गर्नुहुन्छ। मानिसको भ्रष्ट स्वभावलाई उहाँले न्याय नगरिकन, मानिसले सम्भवतः उहाँको धर्मी स्वभावलाई जान्न सक्दैन, जसले कुनै अपराध सहन सक्दैन, न त मानिसले परमेश्वरको आफ्नो पुरानो ज्ञानलाई नयाँमा परिणत गर्न सक्छ। उहाँको गवाहीको खातिर, र उहाँको प्रबन्धको खातिर, उहाँले आफ्नो सम्पूर्णतालाई सार्वजनिक गर्नुहुन्छ, यस प्रकारले मानिसहरूलाई उहाँ सार्वजनिक रूपमा देखा परेर, परमेश्वरको ज्ञान प्राप्त गर्न, आफ्नो स्वभावमा रूपान्तरित हुन, र बेजोड गवाही दिन सक्षम बनाउनुहुन्छ। मानिसको स्वभावको रूपान्तरण परमेश्वरका विभिन्न प्रकारका कार्यहरूद्वारा प्राप्त हुन्छ; उसको स्वभावमा त्यस्तो परिवर्तनहरू विना, मान्छे परमेश्वरको गवाही दिन र परमेश्वरको हृदयअनुरूप हुन असमर्थ हुन्छ। मानिसको स्वभावको रूपान्तरणले मानिसले आफूलाई शैतानको बन्धन र अन्धकारको प्रभावबाट स्वतन्त्र बनाएको, र वास्तवमा परमेश्वरको कार्यको प्रारूप र नमूना भएको छ, परमेश्वरको साक्षी भएको छ, र परमेश्वरको हृदयअनुरूप भएको छ भन्ने सङ्केत गर्छ। आज, देहधारी परमेश्वर पृथ्वीमा आफ्नो कार्य गर्न आउनुभएको छ, र उहाँको माग मानिसले उहाँको ज्ञान हासिल गरोस्, उहाँप्रति आज्ञाकारी होस्, उहाँको गवाही दिओस्, उहाँको व्यावहारिक र सामान्य कार्य जानोस्, मानिसका धारणासँग नमिल्ने उहाँका सबै वचन र कार्यहरूको पालना गरोस्, र मानिसलाई बचाउनका साथै मानिसउपर विजय गर्नका लागि उहाँले समापन गर्ने सबै कार्यहरूको गवाही दिओस् भन्ने हो। परमेश्वरको गवाही दिनेहरूसँग परमेश्वरको ज्ञान हुनुपर्छ; यस प्रकारको गवाही मात्र सही र यथार्थ हुन्छ, र यस प्रकारको गवाहीले मात्र शैतानलाई लाजमा पार्न सक्छ। उहाँको न्याय र सजाय, निराकरण र काँट-छाँट भोगेर उहाँलाई जानिसकेकाहरूलाई उहाँले उहाँको गवाही दिनका लागि प्रयोग गर्नुहुन्छ। शैतानले भ्रष्ट तुल्याएका मानिसहरूलाई उहाँले उहाँको गवाही दिन प्रयोग गर्नुहुन्छ, र त्यसैगरी जसको स्वभाव परिवर्तन भएको छ, र जसले उहाँको आशिषप्राप्त गरेको छ, यी सबैलाई पनि उहाँले गवाही दिन प्रयोग गर्नुहुन्छ। उहाँद्वारा मुक्ति नपाएको मानिसले आफ्नो मुखबाट उहाँको प्रशंसा गरिरहनु पर्दैन, न त उहाँलाई शैतानको दुष्ट्याइँको प्रशंसा र गवाहीको नै आवश्यकता छ। केवल उहाँलाई चिन्नेहरू मात्र उहाँको गवाही दिन योग्य छन्, र स्वभावमा परिवर्तन भएकाहरू मात्रै उहाँको गवाही दिन योग्य छन्। परमेश्वरले जानाजानी मानिसलाई उहाँको नामको बेइज्जत गर्न दिनुहुन्न।

# पत्रुसले येशूलाई कसरी चिने

पत्रुसले येशूसँग बिताएको समयमा उनले येशूमा धेरै असल गुणहरू देखे, धेरै पक्षहरू अनुकरण गर्न लायकका थिए, र धेरै पक्षहरू जुनले उनलाई समर्थन गरे। पत्रुसले येशूमा धेरै तरिकाबाट परमेश्वर उहाँसँग हुनुभएको देखेको भए तापनि, र उनले धेरै असल गुणहरू देखेको भए तापनि, उनले शुरुमा येशूलाई चिनेका थिएनन्। पत्रुस २० वर्षको हुँदा उनले येशूलाई पछ्याउन थालेका थिए, र उनले ६ वर्षसम्म निरन्तर रूपमा उहाँलाई पछ्याए। त्यो समय अवधिमा, उनले येशूलाई कहिल्यै पनि चिनेका थिएनन्; पत्रुसले उहाँप्रतिको आदरभावको कारणले गर्दा येशूलाई पछ्याउन तयार भएका थिए। जब येशूले उनलाई पहिलो पल्ट गालील समुद्रको किनारमा हुँदा बोलाउनुभयो, तब उहाँले तिनलाई सोध्नुभयोः सिमोन बारजोना, “के तँ मेरो पछि लाग्छस्?” तब पत्रुसले भने, “स्वर्गीय पिताले पठाउनुभएको व्यक्तिलाई मैले पछ्याउनु पर्छ। पवित्र आत्माले चुन्नुभएको व्यक्तिलाई मैले चिन्नैपर्छ। म तपाईको पछि लाग्नेछु।” त्यस बेलासम्म पत्रुसले येशू नाउँ गरेको मानिस–अगमवक्ताहरूमध्येको सबैभन्दा महान् व्यक्ति र परमेश्वरका पुत्रको बारेमा सुनिसकेका थिए–र पत्रुसले उहाँलाई निरन्तर रूपमा खोजिरहेका थिए र उहाँलाई भेट्ने मौकाको आशा गरिरहेका थिए (किनकि यसरी नै उनलाई पवित्र आत्माले डोर्याइरहनुभएको थियो)। यो भन्दा अगाडि पत्रुसले उहाँलाई कहिल्यै नदेखेको र उहाँको बारेमा चर्चा गरिएको सुनेको मात्रै भएता पनि, विस्तारै-विस्तारै उनको हृदयमा येशूको निम्ति एक किसिमको तृष्णा र भक्ति जाग्दै थियो, र येशूलाई एक-दिन त पक्कै भेट्ने नै छु भनेर उनले तृषित भई उहाँको बाटो हेरिरहेका थिए। अनि येशूले पत्रुसलाई कसरी बोलाउनुभयो त? उहाँले पनि यो पत्रुस नाउँ गरेको मानिसको बारेमा सुन्नुभएको थियो, तैपनि यो पवित्र आत्माले उहाँलाई यस प्रकारले निर्देशन गर्नुभएकोले गर्दा त थिएनः “गालील समुद्रमा गएर, सिमोन बारजोना नाउँ गरेको एउटा मानिसलाई भेट्नु।” येशूले पनि त्यहाँ एउटा बारजोना नाउँ गरेको मानिस छ, र उनले पनि येशूले स्वर्गको राज्यको सुसमाचार प्रचार गरिरहनुभएको छ, र मानिसहरूले उहाँका कुराहरू सुनेका छन्, र उहाँको प्रचारलाई सुनेर धेरै मानिसहरू रोएका छन् भन्ने कुरा सुनेका थिए भनेर कसैले भनेको सुन्नुभएको थियो। यो कुरा सुनेर येशूले यो मानिसलाई गालील समुद्रसम्म पछ्याउनुभएको थियो; जब पत्रुसले येशूको बोलावटलाई ग्रहण गरे, तब उनले उहाँलाई पछ्याए।

पत्रुसले येशूलाई पछ्याउँदै गरेको समयमा, उनले उहाँको बारेमा धेरै किसिमका विचारहरू गर्ने र सधैं उनको आफ्नै दृष्टिकोणबाट उहाँको बारेमा न्याय गर्ने गर्दथे। आत्माको बारेमा पत्रुसको छुट्टै खालको बुझाई रहेको भए तापनि, केही हदसम्म उनको बुझाई स्पष्ट भने थिएन, त्यसैले गर्दा उनले यसो भनेः “स्वर्गीय पिताले पठाउनुभएको व्यक्तिलाई मैले पछ्याउनुपर्छ। पवित्र आत्माले चुन्नुभएको व्यक्तिलाई मैले चिन्नैपर्छ।” येशूले गर्नुभएका कामहरूलाई उनले बुझेका थिएनन् र ती कुराहरूको बारेमा उनलाई स्पष्ट भएको थिएन। उनले उहाँलाई पछ्याएको केही समयपछि, उहाँले गर्नुभएका कामहरू र भन्नुभएका कुराहरूप्रति साथै येशूमा समेत उनको चाख बढ्यो। येशूले माया र आदर दुवै गरेर प्रेरित गर्नुहुन्छ भन्ने कुरा उनले महशुस गरे; उनी उहाँसँग संगत गर्न र

उहाँको छेउमा बस्न रुचाउँथे, र येशूका वचनहरू सुन्दा उनलाई आफ्नो खाँचो पूरा भएको र धेरै सहायता भएको महशुस हुन्थ्यो। उनले येशूलाई पछ्याएको समय अवधिमा, पत्रुसले उहाँको जीवनको बारेमा हरेक कुराहरू अवलोकन गर्थे र ती कुराहरूलाई आफ्नो हृदयमा लिन्थेः उहाँले गरेका कामहरू, वचनहरू, चालहरू, र अभिव्यक्तिहरू। येशू साधारण मानिसजस्तो हुनुहुन्नथ्यो भन्ने कुराहरूलाई उनले गहन रूपमा बुझेका थिए। उहाँको मानव स्वरूप एकदम सामान्य किसिमको भए तापनि, उहाँ मानिसका लागि प्रेम, दया, र सहिष्णुताले पूर्ण हुनुहुन्थ्यो। उहाँले गर्नुभएको वा भन्नुभएको हरेक कुरा अरु मानिसहरूको लागि ठूलो सहायता हुन्थ्यो, अनि पत्रुसले यो भन्दा अगाडि कहिल्यै पनि येशूबाट यस्तो कुरो देखेको र पाएको अनुभव गरेका थिएनन्। येशूको न त कुनै ठूलो कद थियो न त कुनै असामान्य मानवता नै थियो भन्ने कुरा उनले देखे तापनि, उहाँमा असाधारण र असामान्य आभास थियो। पत्रुसले यस कुरालाई पूर्ण रूपले वर्णन गर्न नसके तापनि, उनले अरु कुनै मानिसले गरेका कार्यहरू भन्दा भिन्दै किसिमले येशूले गर्नुभएको कार्यहरू देख्न सकेका थिए, किनकि उहाँले गर्नुभएका कार्यहरू सामान्य मानिसहरूले गरेका कार्यहरूभन्दा फरक खालका हुन्थे। येशूसँग सम्पर्कमा आएको यस समयदेखि, पत्रुसले उहाँको चरित्र अरु सामान्य मानिसको भन्दा भिन्दै खालको भएको पनि देखेका थिए। उहाँ सधैं दृढ भएर आफ्नो काम गर्नुहुन्थ्यो, उहाँ कहिल्यै पनि हतार गर्ने, बढाईचढाई गर्ने, र कुनै विषयलाई लुकाउने काम गर्नुहुन्नथियो, अनि उहाँले आफ्नो जीवनलाई त्यस्तो ढंगले सञ्चालन गर्नुभयो, जसले एउटा चरित्रलाई प्रकट गर्दछ, जो सामान्य र प्रशंसनीय पनि थियो। कुराकानीमा, येशूले स्पष्ट र अनुग्रहका साथ बोल्नुहुन्थ्यो, उहाँ सधैं हँसिलो र शान्त ढंगमा कुराकानी गर्नुहुन्थ्यो–तर उहाँले आफ्नो काम गरिरहँदा कहिले पनि आफ्नो इज्जत गुमाउनुभएन। येशू कहिले पनि जिस्कनुहुन्न थियो, तर उहाँ सधैं निर्धक्क साथ बोल्नुहुन्थ्यो भन्ने कुरा पत्रुसले देखेका थिए। कहिलेकाहीँ उहाँ यति प्रसन्न बन्नुहुन्थ्यो कि उहाँ उल्लासी ढुकुर जस्तो भएर देखा पर्नुहुन्थ्यो, र अरु कतिबेलाचाहिँ उहाँ यति धेरै दुःखित बन्नुहुन्थ्यो कि उहाँ थकित र चिन्तित आमाझैं शोकले ओतप्रोत भएर केही पनि नबोली बस्नुहुन्थ्यो। कहिलेकाहीँ उहाँ आफ्नो शत्रुसँग रिसाएर त्यसलाई मार्न खोज्ने बहादुर सिपाहीं र गर्जने सिंह झैं रिसले भरिनुहुन्थ्यो। कहिलेकाहीँ उहाँ हाँस्नुहुन्थ्यो; अरुबेला उहाँ प्रार्थना गर्नुहुन्थ्यो, र रुनुहुन्थ्यो। येशूले जस्तोसुकै व्यवहार गर्नुभएता पनि, पत्रुसले उहाँप्रति असीमित प्रेम र आदर देखाए। येशूको हाँसोले उनलाई खुशीले भरिदिएको थियो, उहाँको दुःखले उनलाई शोकमा डुबाएको थियो, उहाँको क्रोधले उनलाई डर लाग्थ्यो, उहाँको दया, क्षमा, र मानिसहरूलाई गरेको कडा मागहरूले गर्दा येशूलाई साँच्चै प्रेम गर्न र साँचो श्रद्धा गर्न उनलाई उत्कट चाहना गरायो। वास्तवमा, येशूसँग धेरै वर्ष विताई नसक्दै उनले विस्तारै यी सबै कुरा महशुस गरे।

पत्रुस एक विवेकी मानिस थिए, जो प्राकृतिक बुद्धिको साथ जन्मेका थिए, र पनि उनले येशूको पछि लाग्दा धेरै मूर्ख कामहरू गरे। शुरुमा उनले येशूको बारेमा केही धारणाहरू राखेका थिए। उनले सोधेः "मानिसहरूले तपाईलाई भविश्यवक्ता भनेर भन्दछन्, त्यसोभए, जब तपाई आठ वर्षको हुनुहुन्थ्यो, र कुरा बुझ्न थाल्नुभयो, के तपाई परमेश्वर हुनुहुन्छ भनेर तपाईलाई थाहा थियो? के तपाई पवित्र आत्माद्धारा गर्भधारण हुनुभएको थियो भन्ने कुरा तपाईलाई थाहा थियो?"

येशूले जवाफ दिनुभयोः “होइन, मलाई थाहा थिएन। के म तेरो लागि सामान्य मानिसजस्तो देखिदिँन त? म अरु मानिसहरू जस्तै हुँ। पिताले पठाउनुभएको व्यक्ति सामान्य व्यक्ति हो, असामान्य व्यक्ति होइन। अनि मैले गरेका कामले मेरा स्वर्गीय पिताको प्रतिनिधित्व गर्दछ, र मेरो प्रतिरूपले म जो हुँ त्यसको प्रतिनिधित्व गर्दछ, अनि मेरो शारीरिक भौतिक शरीरले मेरा स्वर्गीय पिताको प्रतिनिधित्व पूर्ण रूपले गर्न सक्दैन–केवल उहाँको एउटा भागलाई मात्र प्रतिनिधित्व गर्न सक्छ। म आत्माबाट आएको भएता पनि, म अझै एउटा सामान्य व्यक्ति हुँ र मेरा पिताले मलाई एउटा सामान्य व्यक्तिको रूपमा यस पृथ्वीमा पठाउनुभएको हो, असाधारण व्यक्तिको रूपमा होइन।” पत्रुसले जब यो कुरा सुने, तब मात्र उनले येशूको बारेमा थोरै भए पनि कुरा बुझे। अनि येशूको काममा उहाँसँग विताएका अनगिन्ती घण्टाहरू, उहाँका शिक्षाहरू, उहाँले गोठालाको रूपमा गर्नुभएको कामलाई देखेर र उहाँले गर्नुभएको हेरचाहको कामलाई देखेपछि मात्रै उनले अझ गहिरो रूपमा उहाँको बारेमा बुझे। जब येशू ३० वर्षको हुनुहुन्थ्यो, त्यसबेला उहाँले पत्रुसलाई उहाँको आउँदै गरेको क्रुसको बारेमा बताउनुभयो र सबै मानिसजातिलाई छुट्कारा दिन–उहाँले एउटा चरणको काम अर्थात क्रुसको काम गर्न आउनुभएको थियो भनेर बताउनुभयो। येशूले पत्रुसलाई यो पनि भन्नुभयो कि क्रुसमा टाँगिएको तीन दिन पछि, मानिसको पुत्र फेरि बौरी उठ्नेछ, र उहाँ ४० दिनसम्म मानिसहरूको सामु देखा पर्नुहुनेछ। यी वचनहरू सुनिसकेपछि पत्रुस असाध्यै दुःखित भए र उनले यी वचनहरू आफ्नो हृदयमा लिए; त्यसबेलादेखि उनी अझ येशूको नजिक भए। केही समय अनुभव गरिसकेपछि, येशूले गर्नुभएको सबै कुरा परमेश्वरकै हो, र येशू असाधारण किसिमको प्रेमिलो व्यक्ति हुनुहुन्छ भनेर पत्रुसले बुझे। जब उनले यो कुरा बुझे, तब मात्र पवित्र आत्माले उनलाई भित्रबाट ज्योति दिनुभयो। त्यसपछि येशूले आफ्ना चेलाहरू र अरु अनुयायीहरूतर्फ फर्केर सोध्नुभयोः “यूहन्ना तँ मलाई को हुँ भनेर भन्छस्?” यूहन्नाले जवाफ दिएः “तपाई मोशा हुनुहुन्छ।” त्यसपछि उहाँ लूकातिर फर्कनुभयोः “अनि तँ, लूका, तँचाहिँ मलाई म को हुँ भनेर भन्छस् त?” लूकाले जवाफ दिएः “तपाई अगमवक्ताहरूमध्येको सबैभन्दा महान व्यक्ति हुनुहुन्छ।” त्यसपछि उहाँले एकजना बहिनीलाई सोध्नुभयो, र तिनले जवाफ दिइन्ः “तपाई अनन्तदेखि अनन्तसम्म धेरै वचन बोल्नुहुने अगमवक्ता हुनुहुन्छ। कसैका भविष्यवाणीहरू तपाईका झैं महान छैनन्, न तपाईका ज्ञानहरूभन्दा बढि कसैको ज्ञान नै छ; तपाई भविश्यवक्ता हुनुहुन्छ।” तब येशूले पत्रुसतिर फर्केर सोध्नुभयोः “ए पत्रुस, तँ मलाई म को हुँ भनेर भन्छस्?” पत्रुसले जवाफ दिएः “तपाई जीवित परमेश्वरका पुत्र ख्रीष्ट हुनुहुन्छ। तपाई स्वर्गबाट आउनुभएको हो। तपाई यस पृथ्वीको हुनुहुन्न, तपाई परमेश्वरले सृष्टि गर्नुभएका अरु चिजहरूजस्तो हुनुहुन्न। हामी यस पृथ्वीका हौं, र तपाई यहाँ हामीसँग हुनुहुन्छ, तर तपाई स्वर्गको हुनुहुन्छ, र तपाई यस संसारको हुनुहुन्न, र तपाई यस पृथ्वीको पनि होइन।” उनको अनुभवले गर्दा पवित्र आत्माले उनलाई ज्योति दिनुभयो जसले गर्दा उनलाई यो कुरा बुझ्न सक्षम बनाईदियो। ज्ञानको यो ज्योति पाइसकेपछि, उनले येशूले गर्नुभएका हरेक कुराको अझ धेरै प्रशंसा गरे, उनले उहाँको प्रेमलाई झन बढी प्रेमिलो मान्ने भए, र उनी उहाँसँग सधैं अलग्गिन हिचकिचाउने भए। तसर्थ, क्रुसमा टाँगिएर, पुनरुत्थान भएपछि सबैभन्दा पहिले येशूले आफुलाई पत्रुसको सामु प्रकट गर्नुभयो, त्यसपछि पत्रुसले असाधारण खुशीका साथ

कराएर भनेः "प्रभु! तपाई बौरी उठ्नुभयो!" त्यसपछि, पत्रुसले रुँदै-रुँदै एउटा अति ठूलो माछा समातेर पकाए र येशूको सेवा गरे। येशू मुस्कुराउनुभयो, तर बोल्नुभएन। येशूको पुनरुत्थान भएको थियो भनेर पत्रुसलाई थाहा थियो तापनि उनले यसको रहस्यलाई बुझेका थिएनन्। जब उनले येशूलाई माछा खान दिए, तब येशूले त्यसलाई इन्कार गर्नुभएन, तर उहाँ बोल्नुभएन वा खान बस्नुभएन। बरु उहाँ त अचानक हराउनु पो भयो। यस कुराले पत्रुसलाई ठूलो चोट लागेको थियो, र उनले पुनरुत्थान हुनुभन्दा पहिलेको येशू र पुनरुत्थान भइसकेपछिको येशूमा फरक थियो भनेर त्यसपछि मात्र बुझे। एकपल्ट उनले यो महशुस गरिसकेपछि पत्रुस दुःखि भए, तर प्रभुले आफ्नो काम पूरा गरिसक्नुभएको छ भन्ने कुराले उनलाई सान्त्वना दियो। येशूले आफ्नो काम पूरा गरिसक्नुभएको छ, उहाँको मानिसहरूसँग बस्नुपर्ने समय सिद्धिएको छ र अबदेखि उसो मानिस आफ्नो बाटोमा हिँड्नु पर्नेछ भन्ने उनलाई थाहा भयो। येशूले एकपल्ट उनलाई भन्नुभएको थियोः "तैँले पनि मैले पिएको कचौराबाट पिउनैपर्छ (उहाँको पुनरुत्थानपछि उहाँले यही कुरो भन्नुभएको थियो)। तँ पनि मैले हिँडेको मार्गमा हिँड्नैपर्छ। तैँले मेरो लागि जीवन दिनुपर्नेछ।" अहिले जस्तो त्यस समयमा आमनेसामने भएर कुराकानी हुँदैनथ्यो। अनुग्रहको समय अवधिमा, पवित्र आत्माको काम विशेष गरेर लुकेको अवस्थामा थियो, र पत्रुसले धेरै कष्टहरू भोग्नु परेको थियो। कहिलेकाहीँ पत्रुस यस्तो उद्‌गार व्यक्त गर्न पुग्थेः "हे परमेश्‍वर! मसँग यो जीवनदेखि बाहेक अरु केही छैन। यद्यपी यो तपाईको लागि त्यति मूल्यवान छैन, म यो तपाईलाई समर्पित गर्न चाहन्छु। यद्यपी मानिसहरू तपाईलाई प्रेम गर्न अयोग्य छन्, र उनीहरूका हृदय र प्रेम मूल्यहिन छन्, तपाईलाई मानिसहरूको हृदयको विचार थाहा छ भनी म विश्‍वास गर्दछु। मानिसहरूका शरीरले तपाईको स्वीकारलाई पूरा नगरेता पनि, तपाईले मेरो हृदयलाई स्वीकार गरिदिनुहोस् भन्ने म चाहन्छु।" उनले यसरी प्रार्थना गर्दा यस किसिमको प्रार्थनाले उनलाई हौसला दिन्थ्योः "म मेरो सम्पूर्ण हृदय परमेश्‍वरलाई समर्पित गर्न चाहन्छु। म परमेश्‍वरको लागि कुनै कुरा गर्न असक्षम भएता पनि, सम्पूर्ण हृदयले म आफैंलाई उहाँकहाँ समर्पित गर्न चाहन्छु र परमेश्‍वरलाई भक्तिका साथ सन्तुष्ट तुल्याउन चाहन्छु। परमेश्‍वर मेरो हृदयलाई हेर्नुहुन्छ भन्ने कुरा म विश्‍वास गर्दछु।" उनले भनेः "मैले मेरो जीवनमा केही पनि मागेको छैन तर परमेश्‍वरको लागि मेरा सोचाइहरू र मेरो हृदयको चाहना उहाँबाट स्वीकार भएका होऊन् भन्ने म चाहन्छु। म लामो समयदेखि प्रभु येशूसँगै थिएँ, तर पनि मैले उहाँलाई कहिल्यै प्रेम गरिनँ; त्यो नै मेरो सबैभन्दा ठूलो ऋण थियो। जहाँसम्म म उहाँसँगै थिएँ, ता पनि म उहाँलाई चिन्दिनँथिएँ, र मैले उहाँको पछाडि अनुपयुक्त कुरा समेत गरेको थिएँ। यी कुराहरू सोच्दा मलाई प्रभु येशूप्रति झन धेरै ऋणी भएको महशुस हुन्छ।" उनले सधैं यस तरिकाले प्रार्थना गर्थे। उनले भनेः "म धुलोभन्दा पनि कम छु। मैले यस वफादार हृदयलाई परमेश्‍वरमा समर्पित गर्नु बाहेक म केही गर्न सक्दिनँ।"

पत्रुसका अनुभवहरूमा चरम विन्दु आयो, जुन बेला तिनको शरीर लगभग पूर्ण रूपमा तोडिएको थियो, तर अझै पनि येशूले तिनलाई भित्रैबाट प्रोत्साहन दिनुभयो। अनि एक पटक, येशू पत्रुसकहाँ देखा पर्नुभयो। पत्रुस अत्यन्तै कष्टमा भएको बेलामा र तिनले आफ्नो हृदय तोडिएको अनुभव गरेको बेलामा, येशूले तिनलाई निर्देशन दिनुभयो: "पृथ्वीमा तँ मसँग थिइस्, र म तँसँग यहाँ

थिएँ। तर पहिले हामी स्वर्गमा एकसाथ भएको भए पनि, आखिर यो आत्मिक संसारको कुरा थियो। अब म आत्मिक संसारमा फर्केको छु, र तँ पृथ्वीमा छस्, किनभने म पृथ्वीको होइन, र तँ पनि पृथ्वीको नभए तापनि, तैँले पृथ्वीमा आफ्नो काम पूरा गर्नुपर्छ। तँ एक सेवक भएको हुनाले, तैँले आफ्नो कर्तव्यलाई पूरा गर्नैपर्छ।" तिनी परमेश्वरको पक्षमा फर्कन सक्छन् भन्ने सुनेपछि यसले पत्रुसलाई सान्त्वना दियो। आफू यति धेरै वेदनामा थिए कि लगभग तिनी ओछ्यानग्रस्त थिए; तिनलाई यति हदसम्म ग्लानि महसुस भयो कि तिनले भने: "म यति भ्रष्ट छु कि म परमेश्वरलाई सन्तुष्ट तुल्याउन असक्षम छु।" येशू तिनीकहाँ देखा पर्नुभयो र तिनलाई भन्नुभयो: "पत्रुस, के यस्तो हुन सक्छ कि तैँले एक पटक मेरो अगाडि गरेको संकल्पलाई बिर्सेका छस्? के मैले भनेका सबै कुरा तैँले साँच्चै बिर्सेको छस? के तैँले मसँग गरेको संकल्पलाई बिर्सेको छस्?" यो येशू नै हुनुहुन्छ भन्ने देखेपछि, पत्रुस आफ्नो ओछ्यानबाट उठे, र येशूले तिनलाई सान्त्वना दिनुभयो: "म पृथ्वीको होइन, मैले तँलाई पहिले नै भनिसकेँ–तैँले यो कुरालाई बुझ्नैपर्छ, तर के मैले तँलाई बताएको अर्को कुनै कुरा बिर्सेको छस्? 'तँ पनि पृथ्वीको होइनस्, संसारको होइनस्।' अहिले, तैँले गर्नुपर्ने काम छ। तँ यसरी दुःखी हुनु हुँदैन। तैँले यसरी कष्ट भोग्नु हुँदैन। मानिसहरू र परमेश्वर एउटै संसारमा सह-अस्तित्वमा रहन नसके तापनि, मेरो आफ्नै काम छ र तेरो पनि आफ्नै काम छ, अनि एक दिन तेरो काम पूरा भएपछि, हामी एउटै संसारमा एकसाथ हुनेछौं, र म तँलाई सदासर्वदा मसँग रहनको लागि अगुवाइ गर्नेछु।" यी वचनहरू सुनिसकेपछि, पत्रुसलाई सान्त्वना मिल्यो र तिनी ढुक्क भए। यो कष्ट तिनले सामना गर्नुपर्ने र अनुभव गर्नुपर्ने कुरा थियो भन्ने कुरा तिनलाई थाहा थियो, र त्यसपछि, तिनी उत्प्रेरित भए। तिनलाई विशेष अन्तर्दृष्टि र मार्गनिर्देशन दिँदै येशू तिनीकहाँ तिनको हरेक महत्त्वपूर्ण क्षणमा देखा पर्नुभयो, र उहाँले तिनीमाथि धेरै काम गर्नुभयो। अनि पत्रुसले सबैभन्दा बढी के कुराको पछुतो गरे? पत्रुसले "तपाईं जीवित परमेश्वरका पुत्र हुनुहुन्छ" भनेर भनेको केही समयपछि नै, येशूले पत्रुसलाई अर्को प्रश्न गर्नुभयो (यद्यपि यसको बारेमा बाइबलमा यसरी विवरण दिइएको छैन)। येशूले तिनलाई सोध्नुभयो: "पत्रुस! के तैँले मलाई कहिल्यै प्रेम गरेको छस्?" उहाँले के भन्न खोज्नुभएको हो सो पत्रुसले बुझे, र भने: "प्रभु! मैले स्वर्गमा हुनुहुने पितालाई एक पटक प्रेम गरेको थिएँ, तर मैले तपाईंलाई कहिल्यै प्रेम गरेको छैन भन्ने कुरालाई म स्वीकार गर्छु।" त्यसपछि येशूले भन्नुभयो: "यदि मानिसहरूले स्वर्गमा हुनुहुने पितालाई प्रेम गर्दैनन् भने, तिनीहरूले पृथ्वीमा हुने पुत्रलाई कसरी प्रेम गर्न सक्छन्? र यदि परमेश्वर पिताले पठाउनुभएका पुत्रलाई मानिसहरूले प्रेम गर्दैनन् भने, तिनीहरूले स्वर्गमा हुनुहुने पितालाई कसरी प्रेम गर्न सक्छन्? यदि मानिसहरूले पृथ्वीमा हुने पुत्रलाई साँच्चै प्रेम गर्छन् भने, तिनीहरूले स्वर्गमा हुनुहुने पितालाई साँचो रूपमा प्रेम गर्छन्।" जब पत्रुसले यी वचनहरू सुने, तब तिनले आफूमा के कमी छ भन्ने कुरालाई महसुस गरे। "मैले स्वर्गमा हुनुहुने पितालाई एक पटक प्रेम गरेको थिएँ, तर मैले तपाईंलाई कहिल्यै प्रेम गरेको छैन" भन्ने आफ्नो वचनहरूप्रति तिनी सँधै यति हदसम्म पछुताउँथे कि तिनले आँसु नै झार्थे। येशूको पुनर्जागरण र स्वर्ग आरोहणपछि, तिनले यी वचनहरूप्रति अझै ग्लानि र शोक महसुस गरे। आफ्नो विगतको कार्य र आफ्नो वर्तमानको कदको बारेमा स्मरण गर्दै, तिनी धेरै पटक प्रार्थनामा येशूको

सामने जान्थे, परमेश्वरको इच्छालाई पूरा गर्न नसकेको र परमेश्वरको मापदण्डहरू अनुसार हुन नसकेको कारण सँधै अफसोस र ऋणी महसुस गरिरहन्थे। यी समस्याहरू तिनको लागि सबैभन्दा ठूलो भारी बन्यो। तिनले भने: "एक दिन मसँग भएको सबै कुरा र म जे छु सबै कुरा तपाईंमा समर्पित गर्नेछु, र जे बहुमूल्य छ म तपाईंलाई त्यही दिनेछु।" तिनले भने: "परमेश्वर! मेरो एउटै मात्र विश्वास छ र एउटै मात्र प्रेम छ। मेरो जीवनको केही मूल्य छैन, र मेरो शरीरको केही मूल्य छैन। मेरो एउटै मात्र विश्वास छ र एउटै मात्र प्रेम छ। मेरो मनमा तपाईंप्रति विश्वास छ र मेरो हृदयमा तपाईंप्रति प्रेम छ; तपाईंलाई दिनका लागि मसँग यी दुई कुराहरू मात्रै छन्, अरू केही पनि छैन।" येशूको वचनद्वारा पत्रुस अत्यन्तै बढी प्रोत्साहित भए, किनभने येशू क्रूसमा टाँगिनुभन्दा पहिले, उहाँले पत्रुसलाई भन्नुभएको थियो: "म यस संसारको होइन, र तँ पनि यस संसारको होइनस्।" पछि, जब पत्रुस ठूलो पीडाको बिन्दुमा पुगे, तब येशूले तिनलाई स्मरण गराउनुभयो: "पत्रुस, के तैँले बिर्सिस्? म यो संसारको होइन, र मैले मेरो कामको लागि मात्रै पहिले प्रस्थान गरेँ। तँ पनि यो संसारको होइनस्, तैँले साँच्चै बिर्सिस्? मैले तँलाई दुई पटक भनेको छु, के तँलाई याद छैन?" यो सुनेर, पत्रुसले भने: "मैले बिर्सेको छैन!" त्यसपछि येशूले भन्नुभयो: "एक पटक तैँले स्वर्गमा मसँग एकसाथ खुशीको समय बिताइस् र मसँगै केही समय बसिस्। तँ मेरो सम्झना गर्छस्, र म तेरो सम्झना गर्छु। मेरो नजरमा सृष्टि गरिएका वस्तुहरूलाई उल्लेख गर्न योग्य नभए तापनि, निर्दोष र प्रेमिलोलाई म प्रेम नगरी कसरी बस्न सक्छु र? के तैँले मेरो प्रतिज्ञालाई बिर्सेको छस्? तैँले पृथ्वीमा मेरो आज्ञालाई स्वीकार गर्नैपर्छ; मैले तँलाई सुम्पेको कार्यलाई तैँले पूरा गर्नैपर्छ। एक दिन म तँलाई अवश्य नै मेरो नजिक बस्नको लागि डोर्याउनेछु।" यो सुनेपछि, पत्रुस अझै बढी उत्साही बने र तिनले अझै ठूलो उत्प्रेरणा प्राप्त गरे, यतिसम्म कि क्रूसमा हुँदा तिनले भन्न सके: "परमेश्वर! म तपाईंलाई पर्याप्त प्रेम गर्न सक्दिन। तपाईंले मलाई मर्न लगाउनुभयो भने पनि, म तपाईंलाई अझै पर्याप्त प्रेम गर्न सक्दिन। तपाईंले मेरो प्राणलाई जहाँ पठाउनुभए तापनि, तपाईंले तपाईंका विगतका प्रतिज्ञाहरूलाई पूरा गर्नुभए पनि वा नगर्नुभए पनि, त्यसपछि तपाईंले जे गर्नुभए पनि, म तपाईंलाई प्रेम गर्छु र तपाईंमा विश्वास गर्छु।" तिनी जे कुरामा अटल रहे त्यो तिनको विश्वास, र साँचो प्रेम थियो।

एक साँझ, पत्रुस लगायत धेरै जना चेलाहरू येशूसँगै माछा मार्ने डुङ्गामा थिए, र पत्रुसले येशूलाई अत्यन्तै मूर्ख प्रश्न सोधे: "प्रभु! म तपाईंलाई एउटा प्रश्न सोध्न चाहन्छु जुन प्रश्न मसँग धेरै समयदेखि रहेको छ।" येशूले भन्नुभयो: "त्यसो भए प्रश्न के हो भन्!" त्यसपछि पत्रुसले भने: "के व्यवस्थाको युगमा गरिएको काम तपाईंले गर्नुभएको काम हो?" येशू मुस्कुराउनुभयो, मानौं उहाँले भन्दै हुनुहुन्थ्यो: "यो बच्चा, ऊ कति मूर्ख छ!" त्यसपछि उहाँले दृढताका साथ भन्नुभयो: "यो काम मेरो थिएन। यो यहोवा र मोशाले गर्नुभएको काम थियो।" पत्रुसले यो कुरा सुने र अचम्म मान्दै भने: "अहो! त्यसो भए यो तपाईंको काम थिएन।" पत्रुसले यसो भनिसकेपछि, येशूले फेरि बोल्नुभएन। पत्रुसले मनमनै विचार गरे: "यो काम गर्ने तपाईं हुनुहुन्नथियो, त्यसैले अचम्म के लाग्नु तपाईं व्यवस्थालाई नष्ट गर्न आउनुभएको त हो, किनभने यो तपाईंको काम होइन।" तिनको हृदय पनि सहज भयो। त्यसपछि, येशूले पत्रुस अलिक अनुभवहीन छन् भन्ने कुरा महसुस गर्नुभयो,

तर त्यो बेला तिनमा त्यति बुझाइ नभएको हुनाले, येशूले अरू केही भन्ने वा तिनलाई प्रत्यक्ष रूपमा खण्डन गर्ने गर्नुभएन। एक पटक येशूले सभाघरमा प्रवचन दिनुभयो जहाँ पत्रुस लगायत धेरै मानिसहरू थिए। आफ्नो प्रवचनमा, येशूले भन्नुभयो: "अनन्तदेखि अनन्तसम्म आउनुहुने एकमात्र उहाँ नै पापबाट सारा मानवजातिलाई छुटकारा दिनको लागि अनुग्रहको युगमा उद्धारको कार्य गर्न आउनुहुनेछ, तर मानिसलाई पापबाट निकाल्ने क्रममा उहाँ कुनै पनि नियमद्वारा बाँधिनुहुनेछैन। उहाँ व्यवस्थाबाट बाहिर निस्केर अनुग्रहको युगमा प्रवेश गर्नुहुनेछ। उहाँले सारा मानवजातिलाई छुटकारा दिनुहुनेछ। उहाँ व्यवस्थाको युगबाट अनुग्रहको युगमा जानुहुनेछ, तैपनि उहाँलाई कसैले पनि चिन्दैनन्, उहाँलाई जो यहोवाबाट आउनुभएको थियो। मोशाले गरेको काम यहोवाले दिनुभएको काम थियो; यहोवाले गर्नुभएको कामको कारण मोशाले व्यवस्थाको खाका तयार गरे।" यसो भन्नुभएपछि, उहाँले आफ्नो कुरालाई जारी राख्नुभयो: "अनुग्रहको युगमा अनुग्रहको युगका आज्ञाहरूलाई हटाउनेहरूले संकटको सामना गर्नेछन्। तिनीहरूले मन्दिरमा खडा भएर परमेश्‍वरको विनाश प्राप्त गर्नुपर्नेछ, र तिनीहरूमाथि आगो आइपर्नेछ।" यी वचनहरू सुनेपछि यसले पत्रुसमा केही प्रभाव पार्‍यो, र आफ्नो अनुभवको अवधिभरि, येशूले पत्रुससँग हृदय खोलेर कुरा गर्दै तिनको गोठाला र रखवारी गर्नुभयो, जसले पत्रुसलाई येशूको बारेमा अलिक राम्रो बुझाइ प्रदान गर्‍यो। त्यो दिन येशूले जे प्रचार गर्नुभएको थियो सो कुरा अनि माछा मार्ने डुङ्गामा हुँदा तिनले येशूलाई गरेको प्रश्‍न, येशूले दिनुभएको जबाफ र साथसाथै उहाँ जसरी मुस्कुराउनुभएको थियो त्यसको बारेमा विचार गर्ने क्रममा, पत्रुसले आखिरमा यी सबै कुराको बारेमा बुझे। त्यसपछि, पवित्र आत्माले पत्रुसलाई अन्तर्दृष्टि दिनुभयो, त्यसपछि मात्रै तिनले येशू जीवित परमेश्‍वरका पुत्र हुनुहुन्छ भनेर बुझे। पत्रुसको बुझाइ पवित्र आत्माको अन्तर्दृष्टिद्वारा आयो, तर तिनको बुझाइमा एउटा प्रक्रिया थियो। प्रश्‍नहरू गरेर, येशूको प्रचारलाई सुनेर, त्यसपछि येशूको विशेष सङ्गति र उहाँको विशेष गोठालोपनलाई प्राप्त गरेर, येशू जीवित परमेश्‍वरका पुत्र हुनुहुन्छ भन्ने कुरालाई पत्रुसले महसुस गर्न पुगे। यो एकै रातमा प्राप्त गरिएको थिएन; यो एउटा प्रक्रिया थियो, र तिनको पछिका अनुभवहरूमा यो तिनको लागि सहयोग बनेको थियो। किन येशूले अरू मानिसहरूमा सिद्धताको काम गर्नुभएन, तर पत्रुसमा मात्रै गर्नुभयो? किनभने येशू जीवित परमेश्‍वरका पुत्र हुनुहुन्छ भन्ने कुरालाई पत्रुसले मात्रै बुझेका थिए; अरू कसैले पनि यो कुरा जानेका थिएनन्। उहाँलाई पछ्याउँदाको समयमा धेरै कुरा जान्ने धेरै चेलाहरू थिए, तैपनि तिनीहरूको ज्ञान सतही थियो। यही कारणले गर्दा सिद्ध तुल्याइएको नमुनाको रूपमा येशूले पत्रुसलाई चुन्नुभयो। येशूले पत्रुसलाई त्यतिबेला जे भन्नुभयो उहाँले आज मानिसहरूलाई त्यही भन्नुहुन्छ, तिनीहरूको ज्ञान र जीवन प्रवेश पत्रुसकै स्तरमा पुग्नुपर्छ। यही मापदण्ड र यो मार्गअनुसार परमेश्‍वरले सबैलाई सिद्ध तुल्याउनुहुनेछ। किन आजका मानिसहरूमा वास्तविक विश्‍वास र साँचो प्रेम हुनुपर्छ? पत्रुसले जे अनुभव गरे त्यो तिमीहरूले पनि अनुभव गर्नुपर्छ; पत्रुसले आफ्नो अनुभवहरूद्वारा प्राप्त गरेका फलहरू तिमीहरूमा पनि प्रकट हुनुपर्छ; र पत्रुसले अनुभव गरेको पीडालाई तिमीहरूले पनि अनुभव गर्नुपर्छ। तिमीहरू हिँड्ने बाटो पत्रुसले हिँडेकै बाटो हो। तिमीहरूले सहने पीडा पत्रुसले सहेकै पीडा हो। जब तिमीहरूले महिमा प्राप्त गर्छौ र जब तिमीहरूले वास्तविक जीवन जिउँछौ, तब तिमीहरू

पत्रुसको स्वरूपमा जिउनेछौ। मार्ग एउटै हो, र यसलाई पछ्याएर व्यक्ति सिद्ध हुन्छ। तैपनि, पत्रुसको तुलनामा तिमीहरूको क्षमतामा कमी छ, किनभने समय परिवर्तन भएको छ, र त्यसरी नै मानिसको भ्रष्टताको हद पनि परिवर्तन भएको छ, किनभने यहूदिया प्राचीन संस्कृतिमा लामो समयदेखि रहेको राज्य थियो। त्यसकारण, आफ्नो क्षमता बढाउनको लागि तिमीहरूले आफूले सक्नेजति सबै गर्नुपर्छ।

पत्रुस समझदार मानिस थिए, आफूले गर्ने सबै काममा अत्यन्तै दक्ष थिए, र तिनी अत्यन्तै इमानदार पनि थिए। तिनले धेरै वाधाहरू भोगे। समाजसँग तिनको पहिलो सम्पर्क १४ वर्षको उमेरमा भयो, जुन बेला उनी विद्यालय भर्ना भए र सभाघर पनि गए। तिनमा धेरै जोश थियो र भेलाहरूमा सहभागी हुन तिनी सँधै इच्छुक थिए। त्यो समयमा, येशूले आधिकारिक रूपमा आफ्नो कार्यलाई सुरु गर्नुभएको थिएन; यो अनुग्रहको युगको सुरुवात मात्रै थियो। पत्रुस १४ वर्षका हुँदा धार्मिक व्यक्तितत्वहरूको सम्पर्कमा आउन थालेका थिए; तिनी १८ वर्षको हुँदा धार्मिक विशिष्टहरूको सम्पर्कमा आइसकेका थिए, तर धर्मको दृश्य पछाडिको लथालिङ्ग अवस्थालाई देखिसकेपछि, तिनी यसबाट पछि हटे। यी मानिसहरू कति चलाक, धूर्त, र षड्यन्त्रकारी थिए भन्ने कुरा देखेपछि, तिनलाई अत्यन्तै घृणा लाग्यो (त्यो बेला तिनलाई सिद्ध पार्नको लागि पवित्र आत्माले यसरी काम गर्नुभयो। उहाँले तिनलाई विशेष रूपमा प्रभाव पार्नुभयो र तिनीमाथि विशेष कार्य गर्नुभयो), त्यसकारण तिनी १८ वर्षको उमेरमा सभाघरबाट निस्किए। तिनका आमाबाबुले तिनलाई सताए र तिनलाई विश्वास गर्न दिएनन् (तिनीहरू दुष्ट र अविश्वासी थिए)। अन्तिममा, पत्रुसले घर छोडेर गए र दुई वर्षसम्म तिनी माछा मार्दै र प्रचार गर्दै जताततै हिँडिरहे, त्यो समयमा तिनले केही मानिसहरूलाई डोऱ्याए। अब पत्रुसले हिँडेको त्यही मार्गलाई तैँले स्पष्ट रूपमा देख्न सक्नुपर्छ। यदि तैँले पत्रुसको मार्गलाई स्पष्ट रूपमा देख्न सक्छस् भने, आज गरिने कामको बारेमा तँ निश्चित हुनेछस्, ताकि तैँले कुनै गुनासो गर्ने छैनस्, वा निष्क्रिय बस्ने छैनस्, वा कुनै कुराको तृष्णा गर्नेछैनस्। त्यो समयको पत्रुसको भावनालाई तैँले अनुभव गर्नुपर्छ: तिनी शोकले ग्रस्त थिए; तिनले भविष्य वा आशीषहरूको लागि अनुरोध गर्न छाडे। तिनले संसारमा लाभ, खुशी, ख्याति, वा सम्पत्तिको खोजी गरेनन्; तिनले सबैभन्दा अर्थपूण जीवन मात्रै जिउन खोजे, जुन परमेश्वरको प्रेमको ऋण तिर्नु र आफूले सबैभन्दा बहुमूल्य ठानेको कुरा परमेश्वरलाई सुम्पनु थियो। त्यसपछि तिनी आफ्नो हृदयमा सन्तुष्ट हुन्थे। तिनले धेरै पटक येशूलाई यी शब्दहरूद्वारा प्रार्थना गर्थे: "प्रभु येशू ख्रीष्ट, एक पटक मैले तपाईंलाई प्रेम गरेँ, तर मैले तपाईंलाई साँचो रूपमा कहिल्यै प्रेम गरिन। तपाईंप्रति ममा विश्वास छ भनेर मैले भनेको भए तापनि, मैले तपाईंलाई साँचो हृदयले कहिल्यै प्रेम गरिन। मैले तपाईंलाई सराहना मात्र गरेँ, तपाईंलाई आदरपूर्वक प्रेम गरेँ, र तपाईंको याद गरेँ, तर मैले तपाईंलाई न त साँचो रूपमा कहिल्यै प्रेम गरेँ, नत तपाईंमा कहिल्यै साँचो विश्वास नै राखेँ।" संकल्प गर्नको लागि तिनले निरन्तर प्रार्थना गरे, र तिनी येशूको वचनद्वारा सँधै उत्साहित हुन्थे र तिनबाट उत्प्रेरणा लिन्थे। पछि, अनुभवको एक अवधिपछि, येशूले तिनलाई उहाँप्रति अझै तड्पिन बाध्य तुल्याउँदै तिनको जाँच गर्नुभयो। तिनले भने: "प्रभु येशू ख्रीष्ट! म कति धेरै तपाईंको याद गर्छु, र तपाईंलाई हेर्ने तृष्णा गर्छु। ममा धेरै कुराको कमी छ, र तपाईंको

प्रेम जति म तपाईंलाई दिन सक्दिन। मलाई चाँडै नै लैजानुहोस् भनेर म तपाईंलाई बिन्ती गर्छु। तपाईंलाई कहिले मेरो खाँचो पर्नेछ? तपाईंले मलाई कहिले लैजानुहुनेछ? कहिले फेरि मैले तपाईंको मुहार हेर्नेछु? यो शरीरमा जिउन, निरन्तर भ्रष्ट भइरहन म चाहन्नँ, नत अब उप्रान्त म विद्रोह नै गर्न चाहन्छु। सकेसम्म चाँडो मसँग भएको सबै कुरा तपाईंलाई समर्पित गर्न म तयार छु, र अब उप्रान्त म तपाईंलाई दुःखित तुल्याउन चाहन्नँ।" तिनले यसरी नै प्रार्थना गरे, तर येशूले तिनलाई सिद्ध पार्नुहुनेछ भन्ने बारेमा तिनलाई त्यो बेला थाहा थिएन। तिनको परीक्षाको वेदनाको बेला, येशू फेरि तिनीकहाँ देखा पर्नुभयो र तिनलाई भन्नुभयो: "पत्रुस, म तँलाई सिद्ध बनाउन चाहन्छु, ताकि तँ एक फलको टुक्रा बन्छस्, जुन तँलाई मैले बनाएको सिद्धताको हिरा हुन्छ, र जसप्रति म आनन्दित हुनेछु। के तैँले मेरो लागि साँचो रूपमा गवाही दिन सक्छस्? के तैँले तँलाई मैले जे गर्न भनेको छु सो गरेको छस्? के मैले बोलेको वचनमा तँ बाँचेको छस? एक पटक तैँले मलाई प्रेम गरिस, तर तैँले मलाई प्रेम गरे पनि, के तैँले म भएर बाँचेको छस? तैँले मेरो लागि के गरेको छस्? तँ मेरो प्रेमको लागि अयोग्य छस् भन्ने कुरालाई तैँले पहिचान गरिस्, तर तैँले मेरो लागि के गरेको छस?" आफूले येशूको लागि केही पनि गरेको छैन भन्ने पत्रुसले देखे र आफ्नो जीवन परमेश्वरलाई दिन्छु भनी गरेको आफ्नो पहिलेको शपथलाई स्मरण गरे। अनि त्यसैले, तिनले फेरि गुनासो गरेनन्, त्यसपछिको तिनको प्रार्थना अझै उत्तम हुँदै गयो। तिनले यसो भन्दै प्रार्थना गरे: "प्रभु येशू ख्रीष्ट! एक पटक मैले तपाईंलाई छोडेँ, र तपाईंले पनि मलाई एक पटक छोड्नुभयो। हामीले एक-अर्कोबाट अलग बसेर, अनि सँगै बसेर समय बिताएका छौं। तैपनि तपाईंले अरू सबैले भन्दा बढी प्रेम गर्नुहुन्छ। मैले तपाईंको विरुद्धमा बारम्बार विद्रोह गरेको छु र तपाईंलाई बारम्बार दुःखी तुल्याएको छु। म यस्ता कुराहरूलाई कसरी बिर्सन सक्छु र? तपाईंले मेरो जीवनमा गर्नुभएको कामलाई र तपाईंले मलाई सुम्पनुभएको कुरालाई म सँधै मनमा राख्छु र कहिल्यै बिर्सँदिन। तपाईंले ममा गर्नुभएको कामको लागि मैले आफूले सकेजति सबै कुरा गरेको छु। मैले के गर्न सक्छु त्यो तपाईंलाई थाहा छ, र मैले कुन भूमिका निर्वाह गर्न सक्छु त्यो पनि तपाईंले जान्नुहुन्छ। म तपाईंको योजनाबद्ध कार्यमा समर्पित हुन चाहन्छु, र मसँग भएको सबै कुरा तपाईंमा समर्पित गर्नेछु। मैले तपाईंको लागि के गर्न सक्छु त्यो तपाईंलाई मात्र थाहा छ। शैतानले मलाई धेरै झुक्काएको भए तापनि र मैले तपाईंको विरुद्ध विद्रोह गरेको भए तापनि, ती अपराधहरूका निम्ति मलाई तपाईंले याद गर्नुहुन्न र तिनीहरूको आधारमा तपाईंले मलाई व्यवहार गर्नुहुन्न भनी म विश्वास गर्छु। म मेरो सम्पूर्ण जीवन तपाईंमा नै समर्पित गर्न चाहन्छु। म केही कुरा पनि माग्दिन, नत मसँग अरू आशा वा योजना नै छ; तपाईंको अभिप्राय अनुसार काम गर्ने र तपाईंको इच्छा अनुसार गर्ने मात्रै मेरो इच्छा छ। तपाईंको तीतो कचौराबाट म पिउनेछु, र आज्ञा गर्नलाई म तपाईंकै हुँ।"

तिमीहरूले हिँड्ने बाटोको बारेमा तिमीहरू स्पष्ट हुनैपर्छ; तिमीहरूले भविष्यमा हिँड्ने बाटोको बारेमा, परमेश्वरको इच्छाले सिद्ध पार्ने जे कुरा हो त्यसको बारेमा, र तिमीहरूलाई जे सुम्पिइएको छ त्यसको बारेमा तिमीहरू स्पष्ट हुनैपर्छ। सायद, एक दिन तिमीहरू जाँचिनेछौ र, जब त्यो समय आउँछ, तब यदि तिमीहरूले पत्रुसको अनुभवहरूबाट उत्प्रेरणा प्राप्त गर्न सक्षम भयौ भने, यसले

तिमीहरू साँच्चै नै पत्रुसको मार्गमा हिँडिरहेका छौ भन्ने देखाउनेछ। पत्रुसलाई तिनको साँचो विश्वास र प्रेम अनि परमेश्वरप्रतिको वफादारिताको लागि परमेश्वरद्वारा नै तारिफ गरियो। अनि परमेश्वरप्रतिको उनको हृदयमा भएको इमानदारिता र आकांक्षाको लागि परमेश्वरले तिनलाई सिद्ध तुल्याउनुभयो। यदि तँसँग पत्रुसको जस्तै प्रेम र विश्वास छ भने, येशूले तँलाई अवश्य नै सिद्ध तुल्याउनुहुनेछ।

## शोधनको अनुभव गरेपछि मात्र मानिसमा साँचो प्रेम हुन सक्छ

तिमीहरू परीक्षा र शोधनको बीचमा छौ। शोधनको क्रममा तैँले परमेश्वरलाई कसरी प्रेम गर्नुपर्छ? शोधनको अनुभव गरेपछि मानिसहरूले परमेश्वरलाई साँचो प्रशंसा चढाउन सक्छन्, र शोधनको बीचमा, तिनीहरूमा धेरै कुराको कमी छ भन्ने कुरा तिनीहरूले देख्न सक्छन्। तेरो शोधन जति धेरै हुन्छ, तैँले त्यति नै बढी देहलाई इन्कार गर्न सक्छस्; मानिसहरूको शोधन जति ठूलो हुन्छ, परमेश्वरप्रतिको तिनीहरूको प्रेम त्यति नै महान् हुन्छ। तिमीहरूले बुझ्नुपर्ने कुरा यही हो। मानिसहरू किन शोधनबाट भएर जानुपर्छ? यसले कस्तो प्रभाव हासिल गर्ने उद्देश्य राख्छ? परमेश्वरले मानिसमा गर्नुहुने शोधनको कामको महत्त्व के हो? यदि तँ साँच्चै परमेश्वरलाई खोज्छस् भने, केही हदसम्म उहाँको शोधन अनुभव गरेपछि तँलाई त्यो अति नै असल लाग्छ र अत्यन्तै आवश्यक छ भन्ने महसुस हुनेछ। शोधनको क्रममा मानिसले कसरी परमेश्वरलाई प्रेम गर्नुपर्छ? परमेश्वरलाई प्रेम गर्नका लागि उहाँको शोधनलाई स्वीकार गर्ने संकल्प गरेर: शोधनको क्रममा तँलाई आन्तरिक रूपमा यातना दिइन्छ, मानौं तेरो हृदयमा छुरी चलाइएको छ, तैपनि तँ परमेश्वरलाई प्रेम गर्ने आफ्नो हृदय प्रयोग गरी उहाँलाई प्रसन्न तुल्याउन चाहन्छस्, र तँ देहको वास्ता गर्न अनिच्छुक हुन्छस्। परमेश्वरको प्रेमको अभ्यास गर्नु भनेको यही हो। तँलाई आन्तरिक रूपमा चोट परेको हुन्छ, र तेरो कष्ट एक निश्चित बिन्दुमा पुगेको हुन्छ, तैपनि तँ अझै परमेश्वरको सामु आउन र यसरी प्रार्थना गर्न इच्छुक हुन्छस्: "हे परमेश्वर! म तपाईंलाई छोड्न सक्दिनँ। मभित्र अन्धकार छ, तैपनि म तपाईंलाई सन्तुष्ट पार्न चाहन्छु; तपाईंले मेरो हृदय जान्नुहुन्छ, र तपाईंले मभित्र तपाईंको प्रेम अझै धेरै लगानी गर्नुहोस् भन्ने म चाहन्छु।" यो शोधनको समयको अभ्यास हो। यदि तैँले परमेश्वरको प्रेमलाई आधारको रूपमा प्रयोग गर्छस् भने, शोधनले तँलाई परमेश्वरको अझ नजिक ल्याउन सक्छ र तँलाई परमेश्वरसँग अझ घनिष्ठ बनाउँछ। तैँले परमेश्वरमा विश्वास गर्ने भएकोले, तैँले आफ्नो हृदय परमेश्वरको सामु सुम्पनैपर्छ। यदि तैँले परमेश्वरको सामने आफ्नो हृदयलाई चढाएर सुम्पन्छस् भने, शोधनको अवधिमा तैँले परमेश्वरलाई अस्वीकार गर्न वा परमेश्वरलाई छोड्न असम्भव हुनेछ। यस प्रकारले परमेश्वरसँगको तेरो सम्बन्ध अझ नजिक र अझ सामान्य हुँदैजानेछ, र परमेश्वरसँगको तेरो कुराकानी अझ निरन्तर हुनेछ। यदि तँ सधैँ यस प्रकारले अभ्यास गर्छस् भने, तैँले परमेश्वरको प्रकाशमा अधिक समय बिताउनेछस् र उहाँको वचनको मार्गनिर्देशनमा अझ बढी समय बिताउनेछस्। तेरो स्वभावमा झन्-झन् बढी परिवर्तनहरू पनि हुनेछन् र तेरो ज्ञान दिन प्रतिदिन बढ्नेछ। जब परमेश्वरको परीक्षा अचानक

तँमाथि आइपर्ने दिन आउनेछ, तब तँ परमेश्वरको पक्षमा खडा हुन सक्षम मात्र हुनेछैनस्, तर परमेश्वरको गवाही दिन पनि सक्षम हुनेछस्। त्यस बेला तँ अय्यूबजस्तो र पत्रुसजस्तै हुनेछस्। परमेश्वरको गवाही दिएपछि तैँले उहाँलाई साँच्चै प्रेम गर्नेछस्, र खुसीसाथ तैँले आफ्नो जीवन उहाँको निम्ति समर्पण गर्नेछस्; तँ परमेश्वरको साक्षी बन्नेछस् र परमेश्वरको प्रिय बन्नेछस्। जुन प्रेमले शोधनको अनुभव गरेको हुन्छ त्यो प्रेम बलियो हुन्छ, कमजोर होइन। परमेश्वरले तँलाई जहिले वा जसरी उहाँका परीक्षाहरूमा पार्नुभए पनि, तैँले जिउने वा मर्ने चिन्तालाई पन्छाउन सक्षम हुनेछस्, सबै कुरा परमेश्वरका लागि खुशीसाथ त्याग्न सक्छस्, र खुसीसाथ परमेश्वरका लागि कुनै पनि कुरा सहन सक्छस्–यसप्रकार तेरो प्रेम शुद्ध हुनेछ र तेरो विश्वास वास्तविक हुनेछ। तब मात्र तँ परमेश्वरद्वारा साँच्चै प्रेम गरिएको र परमेश्वरद्वारा साँच्चै सिद्ध पारिएको व्यक्ति बन्नेछस्।

यदि मानिसहरू शैतानको प्रभावमा परे भने, तिनीहरूभित्र परमेश्वरप्रति कुनै प्रेम हुँदैन, र तिनीहरूको पहिलेको दर्शन, प्रेम, र संकल्प हराइसकेको हुन्छ। मानिसहरूले आफूले परमेश्वरको लागि कष्ट भोग्नुपर्छ भन्ने महसुस गर्थे, तर आज तिनीहरू त्यसो गर्नु लाजमर्दो कुरा भन्ने ठान्छन्, र तिनीहरूमा गुनासोहरूको कुनै कमी हुँदैन। यो शैतानको काम हो, मानिस शैतानको अधीनमा परेको छ भन्ने कुराको एउटा चिह्न हो। यदि तैँले यस्तो अवस्थाको सामना गरिस् भने तैँले प्रार्थना गर्नैपर्छ, र सकेसम्म त्यसलाई समाधान गर्नुपर्छ–यसले तँलाई शैतानको आक्रमणबाट रक्षा गर्नेछ। यो तीतो शोधनको समयमा नै मानिस सबैभन्दा सजिलोसँग शैतानको प्रभावमा पर्न सक्छ, त्यसैले त्यस्तो शोधनको अवधिमा तैँले परमेश्वरलाई कसरी प्रेम गर्नुपर्छ? तैँले आफ्नो हृदय परमेश्वरको सामु राख्दै र तेरो हरेक समय उहाँमा समर्पण गर्दै आफ्नो इच्छालाई बटुल्नुपर्छ। परमेश्वरले तँलाई जसरी शोधन गर्नु भए पनि तैँले परमेश्वरको इच्छा पूरा गर्नका लागि सत्यताको अभ्यास गर्न सक्नुपर्दछ र परमेश्वरलाई खोज्ने र बातचित गर्ने काम तँ आफैले गर्नुपर्छ। यस्ता समयहरूमा, तँ जति धेरै निष्क्रिय बन्छस्, त्यति नै धेरै नकारात्मक बन्छस् र तँ त्यति नै सहजै पछि हट्नेछस्। तैँले राम्ररी काम नगरे पनि जब तैँले आफ्नो काम गर्नुपर्ने हुन्छ, तैँले आफूले गर्न सक्नेजति गर्छस्, र परमेश्वरप्रतिको तेरो प्रेम बाहेक अरू केही प्रयोग नगरी त्यसो गर्न सक्छस्; अरूले जे भने पनि–तिनीहरूले, तैँले राम्रो गरिस् भनेर भने पनि वा तैँले नराम्रो गरिस् भनेर भने पनि–तेरा अभिप्रायहरू सही हुन्छन्, र तँ स्व-धर्मी हुँदैनस्, किनकि तैँले परमेश्वरको तर्फबाट काम गरिरहेको हुन्छस्। जब अरूले तँलाई गलत अर्थ लगाउँछन्, तैँले परमेश्वरलाई प्रार्थना गर्दै यसो भन्न सक्छस्: "हे परमेश्वर! अरूले मलाई सहून् वा राम्रो व्यवहार गरून् भनी म भन्दिनँ, न त उनीहरूले मलाई बुझून् वा स्वीकार गरून् नै भन्छु। म केवल यति भन्छु, कि मैले आफ्नो हृदयमा तपाईंलाई प्रेम गर्न सकूँ, मैले मेरो हृदयमा आराम पाउन सकूँ, र मेरो अन्तस्करण शुद्ध होस्। म अरूले मेरो प्रशंसा गरून् वा मलाई उच्च सम्मान गरून् भनी भन्दिनँ; म केवल मेरो हृदयदेखि नै तपाईंलाई सन्तुष्ट पार्न चाहन्छु; मैले जे गर्न सक्छु त्यसद्वारा म मेरो भूमिका निर्वाह गर्छु, र म मूर्ख, अबुझ, कम क्षमताको र अन्धो भए पनि तपाईं प्रेमिलो हुनुहुन्छ भन्ने म जान्दछु, र म आफूसँग भएका सबै कुरा तपाईंमा समर्पण गर्न इच्छुक छु।" तैँले यस्तो प्रकारले प्रार्थना गर्नासाथ,

परमेश्वरप्रतिको तेरो प्रेम देखा पर्दछ, र तैँले आफ्नो हृदयमा धेरै ढुक्क महसुस गर्छस्। परमेश्वरको प्रेमको अभ्यास गर्नु भनेको यही हो। तैँले अनुभव गर्ने क्रममा, तँ दुई पटक असफल हुनेछस् र एक पटक सफल हुनेछस्, वा पाँच पटक असफल हुनेछस् र दुई पटक सफल हुनेछस्, र तैँले यसरी अनुभव गर्ने क्रममा, तैँले असफलताको बीचमा मात्र परमेश्वरको प्रेमिलोपनलाई देख्न सक्नेछस् र तँभित्र के कुराको कमी छ सो कुरा पत्ता लगाउन सक्छस्। जब तैँले अर्को पटक त्यस्ता परिस्थितिहरूको सामना गर्छस्, तैँले आफैलाई होसियार बनाउनुपर्छ, तेरा पाइलाहरूलाई मन्द बनाउनुपर्छ, र बारम्बार प्रार्थना गर्नुपर्छ। तैँले बिस्तारै यस्तो अवस्थामा विजय पाउने क्षमताको विकास गर्न गर्नेछस्। जब त्यस्तो हुन्छ, तेरा प्रार्थनाहरू प्रभावकारी भएको हुन्छ। जब तँ यस पटक आफूलाई सफल भएको देख्छस्, तँ भित्री रूपमा खुसी हुनेछस्, र जब तैँले प्रार्थना गर्छस् तब तैँले परमेश्वरलाई महसुस गर्न सक्नेछस्, र पवित्र आत्माको उपस्थितिले तँलाई छोड्नुभएको हुनेछैन–तब मात्रै तैँले परमेश्वरले कसरी तँभित्र काम गर्नुहुन्छ सो जान्नेछस्। यस प्रकारको अभ्यासले तँलाई अनुभवको मार्ग दिनेछ। यदि तैँले सत्यलाई अभ्यास गरिनस् भने, तब तँभित्र पवित्र आत्माको उपस्थिति हुनेछैन। तर जब तैँले कुनै कुरालाई जस्ताको त्यस्तै रूपमा सामना गर्दा तैँले सत्यतालाई अभ्यास गरिस् भने, त्यस बेला त्यसले तँलाई भित्र चोट पुऱ्याए पनि, पछि पवित्र आत्मा तेरो साथमा हुनुहुनेछ, तैँले प्रार्थना गर्दा तैँले परमेश्वरको उपस्थितिलाई महसुस गर्न सक्नेछस्, तँसँग परमेश्वरको वचनहरू अभ्यास गर्ने शक्ति हुनेछ, र तेरा आफ्ना दाजुभाइ-दिदीबहिनीहरूसँग कुराकानी गर्दा, तेरो विवेकमा कुनै कुराको बोझ हुनेछैन र तैँले शान्ति महसुस गर्नेछस्, र यसरी तैँले आफूले गरेका कामहरूलाई प्रकाशमा ल्याउन सक्नेछस्। अरूले जेसुकै भने पनि, तैँले परमेश्वरसँग सामान्य सम्बन्ध राख्न सक्नेछस्, तँ अरूको करमा पर्नेछैनस्, तँ सबै कुराभन्दा माथि उठ्नेछस्–र यसमा, तैँले गरेको परमेश्वरको वचनको अभ्यास प्रभावकारी भएको कुरालाई प्रदर्शन गर्नेछस्।

परमेश्वरले गर्नुहुने शोधन जति ठूलो हुन्छ, मानिसहरूका हृदयले त्यति नै धेरै परमेश्वरलाई प्रेम गर्न सक्दछन्। तिनीहरूको हृदयको यातनाले तिनीहरूका जीवनमा फाइदा पुऱ्याउँछ, तिनीहरू परमेश्वरको सामु शान्त हुन अझ बढी सक्षम हुन्छन्, परमेश्वरसँगको तिनीहरूको सम्बन्ध अझ नजिक हुन्छ, र तिनीहरू परमेश्वरको सर्वोच्च प्रेम र उहाँको सर्वोच्च मुक्ति देख्न अझै सक्षम हुन्छन्। पत्रुसले सयौं पटक शोधनको अनुभव गरे, र अय्यूबले धेरै जाँचहरू भोगे। यदि तिमीहरू परमेश्वरद्वारा सिद्ध बनाइन चाहन्छौ भने तिमीहरू पनि सयौं पटक शोधनबाट गुज्रनुपर्छ; यदि तिमीहरू यो प्रक्रियाबाट गुज्रन्छौ र यो चरणमा भर पर्छौ भने मात्रै तिमीहरू परमेश्वरको इच्छा पूरा गर्न सक्षम हुनेछौ र परमेश्वरद्वारा सिद्ध पारिनेछौ। शोधन त्यो उत्तम माध्यम हो जसद्वारा परमेश्वरले मानिसलाई सिद्ध बनाउनुहुन्छ; शोधन र तीता परीक्षाहरूले मात्र मानिसहरूका हृदयमा परमेश्वरप्रति साँचो प्रेम ल्याउन सक्छ। कठिनाइविना मानिसहरूमा परमेश्वरप्रति साँचो प्रेमको कमी हुन्छ; यदि तिनीहरूलाई भित्री रूपमा जाँचिएन भने, यदि तिनीहरू वास्तवमा शोधनबाट भएर गएनन् भने तिनीहरूका हृदय सधैँ बाहिरी रूपमा तैरिरहन्छन्। एक निश्चित बिन्दुसम्म शोधन गरिएपछि तैँले आफ्नै कमजोरीहरू र कठिनाइहरूलाई देख्नेछस्, तँमा कति कमी-कमजोरी रहेछन् र

तँ आफूले सामना गर्ने धेरै समस्याहरूमाथि विजय हासिल गर्न नसक्ने रहेछस् भनी देख्नेछस्, र तेरो अनाज्ञाकारिता कति ठूलो रहेछ भनी बुझ्नेछस्। जाँचहरूको अवधिमा मात्रै मानिसहरूले आफ्नो वास्तविक अवस्था जान्न सक्छन्; जाँचहरूले मानिसलाई अझ राम्ररी सिद्ध हुन सक्षम बनाउँछन्।

पत्रुसले आफ्नो जीवनकालमा सयौं पटक शोधनको अनुभव गरे, र धेरै पीडादायी कठिनाइहरू भोगे। यही शोधन परमेश्‍वरप्रतिको तिनको सर्वोच्च प्रेमको जग र उनको सम्पूर्ण जीवनको सबैभन्दा महत्त्वपूर्ण अनुभव बन्यो। एक अर्थमा, परमेश्‍वरलाई प्रेम गर्ने तिनको संकल्प कै कारण तिनमा उहाँप्रति सर्वोच्च प्रेम थियो; तापनि अझ महत्त्वपूर्ण कुरा, तिनी जुन शोधन र कष्टबाट गुज्रिए त्यसकै कारण त्यस्तो भएको थियो। त्यो कष्ट नै परमेश्‍वरलाई प्रेम गर्ने मार्गमा तिनको पथप्रदर्शक र तिनको निम्ति सबैभन्दा स्मरणीय कुरा बन्यो। यदि मानिसहरू परमेश्‍वरलाई प्रेम गर्दा शोधनबाट गुज्रदैनन् भने तिनीहरूको प्रेम अशुद्धता र आफ्नै प्राथमिकताहरूले भरिएको हुन्छ; यस प्रकारको प्रेम शैतानका विचारहरूले भरिएको हुन्छ, र परमेश्‍वरको इच्छा पूरा गर्न आधारभूत रूपमै असमर्थ हुन्छ। परमेश्‍वरलाई प्रेम गर्ने संकल्प हुनु र परमेश्‍वरलाई साँच्चै प्रेम गर्नु एउटै कुरा होइन। तिनीहरूले आफ्नो मनमा परमेश्‍वरलाई प्रेम गर्ने र सन्तुष्ट पार्ने कुरा मात्र सोचे पनि, र तिनीहरूका विचारहरू पूर्ण रूपमा परमेश्‍वरप्रति समर्पित र कुनै मानवीय विचारविहीन देखिए पनि, तिनीहरूका विचारहरू परमेश्‍वरको सामु ल्याइएपछि उहाँले त्यस्ता विचारहरूलाई प्रशंसा गर्नुहुन्न वा आशिष् दिनुहुन्न। मानिसहरूले सबै सत्यलाई राम्ररी बुझेको अवस्थामा समेत–तिनीहरूले सबै कुरा थाहा पाएको अवस्थामा पनि–त्यसलाई परमेश्‍वरप्रतिको प्रेमको सङ्केत भन्न सकिँदैन, यी मानिसहरूले साँच्चै परमेश्‍वरलाई प्रेम गर्दछन् भन्न सकिँदैन। शोधनबाट नगुज्रिकन मानिसहरूले धेरै वटा सत्यताहरू बुझेका भए पनि, ती सत्यताहरूलाई अभ्यास गर्न सक्दैनन्; शोधनको अवधिमा मात्र मानिसहरूले यी सत्यताहरूको वास्तविक अर्थ बुझ्न सक्दछन्, तब मात्र मानिसहरूले वास्तविक रूपमा तिनको भित्री अर्थलाई बुझ्न सक्छन्। त्यस बेला, जब तिनीहरूले फेरि प्रयास गर्छन्, तिनीहरू सत्यलाई उचित रूपमा र परमेश्‍वरको इच्छाअनुसार अभ्यास गर्न सक्षम हुन्छन्; त्यस समयमा उनीहरूका मानवीय विचारहरू कम हुन्छन्, तिनीहरूको मानव भ्रष्टता कम भएको हुन्छ, र उनीहरूका मानवीय भावनाहरू घटेका हुन्छन्; त्यस बेला मात्र तिनीहरूको अभ्यास परमेश्‍वरको प्रेमको वास्तविक अभिव्यक्ति हुन्छ। परमेश्‍वरप्रतिको प्रेमको सत्यताको प्रभाव मौखिक ज्ञान वा मानसिक तत्परताबाट प्राप्त हुन सक्दैन, न त यो त्यस सत्यलाई बुझेर मात्र प्राप्त गर्न सकिन्छ। यसका लागि मानिसहरूले मूल्य चुकाउनुपर्छ, तिनीहरू शोधनको अवधिमा धेरै तीतोपनबाट गुज्रिनुपर्छ, र तब मात्र तिनीहरूको प्रेम शुद्ध र परमेश्‍वरको हृदय अनुसारको हुनेछ। मानिसले उहाँलाई प्रेम गरोस् भनी उहाँले राख्नुभएको सर्तमा, मानिसले उसको जोश वा आफ्नै इच्छाको प्रयोग गरेर उहाँलाई प्रेम गरोस् भन्ने उहाँले चाहनुहुन्न; उहाँको सेवा गर्नको लागि इमानदारीता र सत्यताको प्रयोग गरेर मात्र मानिसले उहाँलाई साँचो प्रेम गर्न सक्दछ। तर मानिस भ्रष्टताको बीचमा जिउँछ, र यसैले मानिस परमेश्‍वरको सेवामा सत्यता र इमानदारीता प्रयोग गर्न असमर्थ छ। ऊ परमेश्‍वरको विषयमा कि त अत्यन्तै जोशिलो हुन्छ कि त अत्यन्तै चिसो र लापरवाह हुन्छ; उसले कि त परमेश्‍वरलाई चरम प्रेम गर्छ कि त उहाँलाई चरम रूपमा घृणा गर्दछ। भ्रष्टताको

बीचमा जिउनेहरू सधैँ यी दुई चरम अवस्थाको बीचमा बाँचिरहेका हुन्छन्, जहिले पनि उनीहरू आफ्नै इच्छामा जिउँछन्, तापनि तिनीहरूलाई आफू सही छौं भन्ने लाग्छ। मैले यो कुरा घरीघरी उल्लेख गरेको भए पनि, मानिसहरू यसलाई गम्भीरतासाथ लिन असमर्थ छन्, तिनीहरू यसको महत्त्वलाई राम्ररी बुझ्न असमर्थ छन्, र त्यसैले तिनीहरू तिनीहरूको आफ्नै इच्छामा निर्भर रहने आत्म-छलको विश्वासको बीचमा, परमेश्वरप्रतिको प्रेमको भ्रममा जिइरहेका हुन्छन्। इतिहासभरि, मानवजातिको विकास हुँदै जाने क्रममा र युगहरू बित्दै जाने क्रममा, मानिसहरूबाट परमेश्वरले गर्नुभएका मागहरू झन्-झन् ठूला भएका छन्, अनि उहाँले मानिसहरू उहाँप्रति झन्-झन् बढी ठोस होऊन् भनी माग गर्नुभएको छ। तापनि परमेश्वरप्रतिको मानिसको ज्ञान झन्-झन् अस्पष्ट र अमूर्त भएको छ, र परमेश्वरप्रतिको उसको प्रेम झन्-झन् अशुद्ध हुँदै गएको छ। मानिसको अवस्था र उसले गर्ने सबै काम परमेश्वरको इच्छाको विपरीत हुँदैछ, किनकि मानिस शैतानद्वारा अझ गहन रूपमा भ्रष्ट भएको छ। यसको लागि परमेश्वरले धेरै काम, अझ ठूलो मुक्तिको काम गर्नु आवश्यक हुन्छ। मानिस परमेश्वरले ऊबाट गर्नुभएको मागमा झन्-झन् कठोर भएको छ र परमेश्वरप्रति उसको प्रेम सधैँ घट्दै गइरहेको छ। मानिसहरू सत्यता विहीन भई अनाज्ञाकारितामा जिउँछन्, मानवताविनाको जीवन जिउँछन्; तिनीहरूमा परमेश्वरप्रति अलिकति पनि प्रेम नहुने मात्र होइन, तर तिनीहरू अनाज्ञाकारिता र विरोधले भरिएका छन्। तिनीहरूले आफूमा परमेश्वरका निम्ति अत्याधिक प्रेम छ, र तिनीहरू उहाँप्रति उप्रान्त ठाउँ लिने मात्र हुन सक्दैनन् भन्ने विचार गर्ने भए तापनि, परमेश्वरले त्यस्तो विश्वास गर्नुहुन्न। उहाँप्रतिको मानिसको प्रेम कति कलङ्कित छ भन्ने कुरा उहाँले स्पष्ट जान्नुहुन्छ, र मानिसको उक्साइमा उहाँले आफ्नो धारणा परिवर्तन गर्नुभएको छैन, न त मानिसले भक्ति गरेको परिणामस्वरूप उहाँले उसको सद्भावनाको ऋण नै चुकाउनुभएको छ। मानिसको विपरीत, परमेश्वरले भिन्नता छुट्ट्याउन सक्नुहुन्छ: कसले उहाँलाई साँचो प्रेम गर्छ र कसले गर्दैन त्यो उहाँले जान्नुहुन्छ, र मानिसका क्षणिक आवेगहरूको कारण जोशले भरिनु र आफ्नो नियन्त्रण गुमाउनुको साटो उहाँले मानिससित उसको सार र व्यहोरा अनुसार व्यवहार गर्नुहुन्छ। परमेश्वर आखिर, परमेश्वर नै हुनुहुन्छ, र उहाँसँग उहाँको मर्यादा र अन्तर्दृष्टि छ; मानिस, आखिर, मानिस नै हो, र मानिसको प्रेम सत्यता अनुरूप नहुँदा परमेश्वरले आफ्नो शिर घुमाउनुहुन्न। यसको ठीक विपरीत, मानिसले गर्ने सबै उचित कुरामा उहाँले ध्यान दिनुहुन्छ।

मानिसको अवस्था र परमेश्वरप्रति मानिसको आचरणको सामना गरेपछि परमेश्वरले नयाँ काम गर्नुभएको छ, जसले मानिसलाई उहाँको ज्ञान प्राप्त गर्ने र उहाँप्रति आज्ञाकारी हुने साथै प्रेम र गवाही दुवै प्राप्त गर्ने तुल्याउँछ। यसैले, मानिसले परमेश्वरले गर्नुहुने उसको शोधनको, साथै उहाँको न्यायको, उसलाई निराकरण र काट-छाँट गर्ने कार्यको अनुभव गर्नुपर्दछ, जुनविना मानिसले परमेश्वरलाई कहिल्यै चिन्न सक्दैन र कहिल्यै पनि उहाँलाई साँच्चै प्रेम गर्न र उहाँको साक्षी दिन सक्दैन। परमेश्वरले मानिसमा गर्नुहुने शोधन एकतर्फी प्रभावका लागि मात्र होइन, तर बहु-पक्षीय प्रभावको खातिर हो। परमेश्वरले सत्यको खोजी गर्न इच्छुक व्यक्तिहरूमा उनीहरूको संकल्प र प्रेमलाई सिद्ध बनाउन, यस्तै प्रकारले मात्र शोधन गर्नुहुन्छ। जो सत्यको खोजी गर्न इच्छुक छन्

र जसले परमेश्वरको उत्कट चाहना गर्दछन् उनीहरूका लागि यस्तो शोधन भन्दा धेरै अर्थपूर्ण वा ठूलो सहयोगपूर्ण कुरा अरू कुनै पनि हुँदैन। परमेश्वरको स्वभावलाई मानिसले यति सजिलैसँग जान्न वा बुझ्न सक्दैन, किनकि परमेश्वर, आखिरमा, परमेश्वर नै हुनुहुन्छ। अन्त्यमा, परमेश्वरमा मानिसको जस्तो स्वभाव हुनु असम्भव छ, र त्यसैले मानिसले परमेश्वरको स्वभाव जान्न सजिलो छैन। सत्य मानिसभित्र स्वाभाविक रूपमा हुँदैन र शैतानद्वारा भ्रष्ट पारिएकाहरूले यसलाई सजिलै बुझ्न सक्दैनन्; मानिस सत्य विहीन छ, र सत्यतालाई व्यवहारमा उतार्ने संकल्पविहीन छ, र यदि उसले कष्ट भोग्दैन र उसलाई शोधन वा न्याय गरिँदैन भने, उसको संकल्पलाई कहिल्यै पनि सिद्ध तुल्याइँदैन। सबै मानिसहरूका लागि शोधन धेरै पीडादायक हुन्छ, र यसलाई स्वीकार्न धेरै गाह्रो हुन्छ–तर शोधनको बेला नै परमेश्वरले मानिसको निम्ति उहाँको धर्मी स्वभाव स्पष्ट पार्नुहुन्छ, र मानिसका लागि आफ्ना मागहरू सार्वजनिक गर्नुहुन्छ र थप अन्तर्दृष्टिप्रदान गर्नुहुन्छ र थप वास्तविक काट-छाँट र निराकरण गर्नुहुन्छ; तथ्यहरू र सत्यको बीच तुलना गरेर उहाँले मानिसलाई उसको आफ्नै बारेमा र सत्यको अझ धेरै ज्ञान दिनुहुन्छ, र मानिसलाई परमेश्वरको इच्छाको अझ बढी बुझाइ दिनुहुन्छ, यसरी मानिसलाई परमेश्वरप्रति अझ साँचो र अझ शुद्ध प्रेम गर्ने तुल्याउनुहुन्छ। शोधन कार्यलाई अघि बढाउने परमेश्वरका उद्देश्यहरू यिनै हुन्। परमेश्वरले मानिसमा गर्नुहुने सबै कामहरूका आफ्नै उद्देश्यहरू र महत्त्व हुन्छन्; परमेश्वरले अर्थहीन काम गर्नुहुन्न, न त उहाँले कुनै यस्तो काम गर्नुहुन्छ जसद्वारा मानिसलाई कुनै लाभ हुँदैन। शोधनको अर्थ मानिसहरूलाई परमेश्वरको उपस्थितिबाट हटाउनु होइन, न त उनीहरूलाई नरकमा नाश गर्नु नै हो। बरु, यसको अर्थ शोधनको समयमा मानिसको स्वभाव परिवर्तन गर्नु हो, उसका आशयहरू, उसका पुराना दृष्टिकोणहरू परिवर्तन गर्नु, परमेश्वरप्रतिको उसको प्रेम बदल्नु, र उसको सम्पूर्ण जीवन परिवर्तन गर्नु हो। शोधन मानिसको एक वास्तविक जाँच हो, र एक प्रकारको वास्तविक तालिम हो, र शोधनको अवधिमा मात्र उसको प्रेमले यसको अन्तर्निहित कार्य गर्न सक्छ।

## परमेश्वरलाई प्रेम गर्नेहरू सदाको लागि उहाँको ज्योतिभित्र जिउनेछन्

अधिकांश मानिसहरूको परमेश्वरमाथिको विश्वासको सारतत्त्व धार्मिक सङ्कल्प हो: तिनीहरू परमेश्वरलाई प्रेम गर्न असक्षम हुन्छन् र परमेश्वरलाई केवल यान्त्रिक मानवले झैँ अनुसरण गर्न सक्छन्, परमेश्वरको लागि साँच्चै तृष्णा गर्न वा उहाँलाई श्रद्धा गर्न असमर्थ हुन्छन्। तिनीहरूले उहाँलाई केवल चुपचाप पछ्याउँछन्। धेरै मानिसहरूले परमेश्वरमा विश्वास गर्छन्, तर परमेश्वरलाई प्रेम गर्नेहरू थोरै मात्र छन्; तिनीहरू विपत्तिसँग डराउने भएका हुनाले मात्र तिनीहरूले परमेश्वरलाई “श्रद्धा” गर्छन्, अन्यथा उहाँ उच्च र शक्तिशाली हुनुभएको हुनाले तिनीहरूले परमेश्वरलाई “सराहना” गर्छन्–तर तिनीहरूको श्रद्धा र सराहनामा, प्रेम वा साँचो तृष्णा हुँदैन। आफ्ना अनुभवहरूमा तिनीहरूले सत्यताका सानातिना विवरणहरू, वा अन्यथा, केही महत्त्वहीन रहस्यहरू खोज्छन्। अधिकांश मानिसहरूले केवल आशिषको लागि फाइदा लुट्न पछि लाग्छन्; तिनीहरूले

सत्यतालाई खोज्दैनन्, न त तिनीहरूले परमेश्‍वरको आशिष पाउनको लागि साँचो रूपमा परमेश्‍वरको आज्ञा नै पालन गर्छन्। सबै मानिसहरूको परमेश्‍वरमाथिको विश्‍वासको जीवन अर्थहीन छ, यो मूल्य विहीन छ, र यसमा तिनीहरूका व्यक्तिगत विचारहरू र खोजीहरू छन्; तिनीहरूले परमेश्‍वरलाई प्रेम गर्नको लागि विश्‍वास गर्दैनन्, तर आशिषित हुनको खातिर मात्र गर्छन्। धेरै मानिसहरू आफूलाई खुसी लागे अनुसार काम गर्छन्; तिनीहरू आफू जे चाहन्छन् त्यही गर्छन् र कहिल्यै परमेश्‍वरको रुचिहरूको बारेमा, वा तिनीहरूले जे गर्छन् त्यो परमेश्‍वरको इच्छाअनुसार छ कि छैन भन्‍ने बारेमा विचार गर्दैनन्। यस्ता मानिसहरूले साँचो विश्‍वास समेत प्राप्त गर्न सक्दैनन्, परमेश्‍वरप्रतिको प्रेम त परै जाओस्। परमेश्‍वरको सारतत्त्व मानिसले विश्‍वास गर्नको लागि मात्र होइन; अझ अधिक, यो त मानिसले प्रेम गर्नको लागि हो। तर परमेश्‍वरमाथि विश्‍वास गर्ने धेरैजसो यो "गोप्य कुरा" पत्ता लगाउन असक्षम छन्। मानिसहरूले परमेश्‍वरलाई प्रेम गर्ने आँट गर्दैनन्, न त तिनीहरूले उहाँलाई प्रेम गर्ने प्रयत्‍न नै गर्छन्। परमेश्‍वरको बारेमा प्रेम गर्न योग्य कुराहरू यति धेरै छन् भन्‍ने कुरा तिनीहरूले कहिल्यै पत्ता लगाएका छैनन्; परमेश्‍वर त मानिसहरूलाई प्रेम गर्नुहुने परमेश्‍वर हुनुहुन्छ, र उहाँ त्यो परमेश्‍वर हुनुहुन्छ जसलाई मानिसले प्रेम गर्छ भन्‍ने कुरा तिनीहरूले कहिल्यै पत्ता लगाएका छैनन्। परमेश्‍वरको प्रेमिलोपन उहाँको काममा व्यक्त गरिएको छ: मानिसहरूले उहाँको कामलाई अनुभव गर्दा मात्र तिनीहरूले उहाँको प्रेमिलोपन पत्ता लगाउन सक्छन्; तिनीहरूको वास्तविक अनुभवहरूमा मात्र तिनीहरूले परमेश्‍वरको प्रेमिलोपनलाई सराहना गर्न सक्छन्; र यसलाई वास्तविक जीवनमा अवलोकन नगरी, कसैले पनि परमेश्‍वरको प्रेमिलोपनलाई पत्ता लगाउन सक्दैन। परमेश्‍वरको बारेमा प्रेम गर्ने कुरा धेरै छन्, तर उहाँसँग वास्तविक रूपमा तल्लीन नभई मानिसहरू यसलाई पत्ता लगाउन असक्षम हुन्छन्। भन्‍नुको अर्थ, यदि परमेश्‍वर देह नबन्‍नुभएको भए, मानिसहरू उहाँसँग वास्तविक रूपमा तल्लीन हुन असक्षम हुनेथिए, र यदि तिनीहरू उहाँसँग वास्तविक रूपमा तल्लीन हुन असमर्थ भएका भए, तिनीहरू उहाँको काम अनुभव गर्न पनि समर्थ हुनेथिएनन्–र यसरी परमेश्‍वरप्रतिको तिनीहरूको प्रेममा अधिक असत्यता र मनगढन्तको धब्बा लाग्‍ने थियो। स्वर्गमा भएको परमेश्‍वरप्रतिको प्रेम पृथ्वीमा भएको परमेश्‍वरप्रतिको प्रेम जस्तै वास्तविक छैन, किनभने स्वर्गमा हुनुहुने परमेश्‍वरको बारेमा मानिसहरूको ज्ञान तिनीहरूको आफ्नै आँखाले देखेका र तिनीहरूले व्यक्तिगत रूपमा अनुभव गरेका कुराहरूमाथि भन्दा पनि तिनीहरूको कल्पनाहरूमाथि निर्माण भएको छ। जब परमेश्‍वर पृथ्वीमा आउनुहुन्छ, मानिसहरूले उहाँको वास्तविक कामहरू र उहाँको प्रेमिलोपन देख्‍न समर्थ हुन्छन्, र तिनीहरूले उहाँको व्यावहारिक र सामान्य स्वभाव देख्‍न सक्छन्, यी सबै नै स्वर्गमा हुनुहुने परमेश्‍वर सम्बन्धी ज्ञानभन्दा हजारौं गुना बढी वास्तविक हुन्छन्। मानिसहरूले स्वर्गमा हुनुहुने परमेश्‍वरलाई जतिसुकै प्रेम गरे तापनि यो प्रेम खासै वास्तविक छैन, र यो मानवीय विचारहरूले भरिएको छ। पृथ्वीमा परमेश्‍वरको निम्ति तिनीहरूको प्रेम जतिसुकै थोरै भएतापनि यो प्रेम वास्तविक हुन्छ; यो थोरै मात्र भए तापनि फेरि पनि यो वास्तविक हुन्छ। परमेश्‍वरले मानिसहरूलाई वास्तविक काममार्फत उहाँलाई चिन्‍न लगाउनुहुन्छ, र यही ज्ञानमार्फत उहाँले तिनीहरूको प्रेम प्राप्त गर्नुहुन्छ। यो पत्रुसको जस्तै हो: यदि उनी येशूसँग नजिएका भए, उसले येशूलाई श्रद्धा गर्नु असम्भव हुनेथियो। यसै गरी,

येशूप्रतिको उसको निष्ठा पनि येशूसँग उसको तल्लीनतामा आधारित थियो। मानिसले परमेश्‍वरलाई प्रेम गर्न लगाउनको लागि उहाँ मानिसको बीचमा आउनुभएको छ र मानिससँग सँगै जिउनुहुन्छ, र उहाँले मानिसलाई देख्न र अनुभव गर्न लगाउन खोज्नुभएको एउटै कुरा भनेको परमेश्‍वरको वास्तविकता हो।

परमेश्‍वरले मानिसहरूलाई सिद्ध बनाउनको लागि वास्तविकतालाई र तथ्यहरूको प्रादुर्भावलाई प्रयोग गर्नुहुन्छ; परमेश्‍वरका वचनहरूले मानिसहरूलाई सिद्ध बनाउने उहाँको आंशिक भागलाई पूरा गर्छन्, र यो अगुवाइ गर्ने र बाटो खोल्ने काम हो। भन्नुको अर्थ, परमेश्‍वरका वचनहरूमा तैँले अभ्यासको मार्ग र दर्शनहरूको ज्ञान भेट्नुपर्छ। यी कुराहरू बुझेर, मानिसले उसको वास्तविक अभ्यासमा एउटा मार्ग र दर्शनहरू पाउनेछ, र परमेश्‍वरका वचनहरूमार्फत अन्तर्दृष्टि पाउन ऊ समर्थ हुनेछ; यी कुराहरू परमेश्‍वरबाट आएका हुन् भन्ने कुरा उसले बुझ्न र धेरै कुरा छुट्याउन ऊ समर्थ हुनेछ। बुझिसकेपछि, मानिस तुरुन्तै यस वास्तविकताभित्र प्रवेश गर्नुपर्छ र उसको वास्तविक जीवनमा परमेश्‍वरलाई सन्तुष्ट पार्न परमेश्‍वरका वचनहरूलाई प्रयोग गर्नुपर्छ। परमेश्‍वरले तँलाई सबै कुराहरूमा अगुवाइ गर्नुहुनेछ र तँलाई अभ्यासको मार्ग दिनुहुनेछ, र उहाँ विशेष रूपमा प्रेमिलो हुनुहुन्छ भन्ने कुरा आभास गराउनुहुनेछ, र तँमा गरिएको परमेश्‍वरको कामको हरेक कदम तँलाई नै सिद्ध बनाउनको लागि हो भन्ने कुरा देख्न दिनुहुनेछ। यदि तैँले परमेश्‍वरको प्रेम देख्न चाहन्छस् भने, यदि तैँले परमेश्‍वरको प्रेम साँच्चै अनुभव गर्न चाहन्छस् भने, तँ वास्तविकताभित्रको गहिराइमा जानुपर्छ, तँ वास्तविक जीवनभित्रको गहिराइमा जानुपर्छ र परमेश्‍वरले गर्नुहुने हरेक कुरा प्रेम र मुक्ति हो भन्ने कुरा देख्नुपर्छ, कि उहाँले जे अशुद्ध छन् ती पछाडि छोड्नको लागि मानिसहरूलाई सक्षम पार्नुहुन्छ, र परमेश्‍वरको इच्छालाई सन्तुष्ट पार्न असमर्थ भएका मानिसभित्रकै कुराहरूलाई शोधन गर्नुहुन्छ। परमेश्‍वरले मानिसको निम्ति जुटाउन वचनहरू प्रयोग गर्नुहुन्छ; उहाँले मानिसहरूलाई वास्तविक जीवनका परिस्थितिहरू अनुभव गर्ने प्रबन्ध मिलाउनुहुन्छ, र यदि मानिसहरूले धेरैजसो परमेश्‍वरका वचनहरूबाट खान्छन् र पिउँछन् भने, तिनीहरूले वास्तविक रूपमा तिनलाई अभ्यासमा लगाउँदा, तिनीहरूले धेरैजसो परमेश्‍वरका वचनहरूलाई प्रयोग गरेर तिनीहरूका जीवनहरूमा हुने सबै कठिनाइहरूलाई समाधान गर्न सक्छन्। भन्नुको अर्थ, वास्तविकताभित्रको गहिराइमा जानको निम्ति तँसँग परमेश्‍वरका वचनहरू हुनुपर्छ; यदि तैँले परमेश्‍वरका वचनहरू खाँदैनस् र पिउँदैनस् र तँ परमेश्‍वरको कामरहित छस् भने, वास्तविक जीवनमा तँसँग कुनै मार्ग हुनेछैन। यदि तैँले कहिल्यै परमेश्‍वरका वचनहरू खाँदैनस् वा पिउँदैनस् भने, तँमाथि केही कुरा आइपर्दा तँ हक्का न बक्क हुनेछस्। तैँले परमेश्‍वरलाई प्रेम गर्नुपर्छ भन्ने कुरा मात्र तँलाई थाहा छ, तर तँ कुनै भिन्नता छुट्याउन असमर्थ छस् र तँसँग अभ्यासको मार्ग छैन; तँ भ्रमित र अन्योलग्रस्त छस्, पापमय स्वभावलाई सन्तुष्ट पारेर परमेश्‍वरलाई सन्तुष्ट पार्दैछु भन्ने समेत कहिलेकाहीँ तँ विश्‍वास गर्छस्—यो सबै नै परमेश्‍वरका वचनहरू नखानु र नपिउनुको परिणाम हो। भन्नुको अर्थ, यदि तँ परमेश्‍वरका वचनहरूको सहायता विहीन छस् र वास्तविकताभित्र छामछुम मात्र गर्छस् भने, तँ आधारभूत रूपमा अभ्यासको मार्ग पत्ता लगाउन असक्षम छस्। यस्ता मानिसहरूले परमेश्‍वरमाथि विश्‍वास गर्नुको अर्थ के हो भन्ने

कुरा बुझ्दै-बुझ्दैनन्, परमेश्वरलाई प्रेम गर्नुको अर्थ के हो भन्ने कुरा तिनीहरूले बुझ्ने कुरा त परै जाओस्। यदि, परमेश्वरका वचनहरूको अन्तर्दृष्टि र अगुवाइ प्रयोग गरेर, तैँले धेरै पटक प्रार्थना गर्छस्, र उत्खनन गर्छस्, र खोज्छस्, र यसद्वारा तैँले अभ्यास गर्नु पर्ने कुरा के हो भन्ने कुरा पत्ता लगाउँछस्, पवित्र आत्माको कामको निम्ति अवसरहरू पत्ता लगाउँछस्, परमेश्वरसँग साँच्चै सहकार्य गर्छस्, र भ्रमित र अन्योलग्रस्त हुँदैनस् भने, तैँले वास्तविक जीवनमा एउटा मार्ग पाउनेछस्, र साँच्चै परमेश्वरलाई सन्तुष्ट पार्नेछस्। जब तैँले परमेश्वरलाई सन्तुष्ट पारेको हुन्छस्, तँभित्र परमेश्वरको अगुवाइ हुनेछ, र तँ परमेश्वरद्वारा विशेष रूपमा आशिषित गरिएको हुनेछस्, जसले तँलाई आनन्दको आभास दिनेछ: तैँले परमेश्वरलाई सन्तुष्ट पारेको छस् भन्ने कुराप्रति तैँले विशेष रूपमा सम्मानित भएको आभास गर्नेछस्, तैँले विशेष रूपमा भित्र उज्ज्वल भएको आभास गर्नेछस्, र तेरो हृदयमा तँ प्रस्ट र शान्त हुनेछस्। तेरो विवेक आरोपहरूबाट साम्य र मुक्त पारिनेछ, र तैँले तेरा दाजुभाइ र दिदीबहिनीहरूलाई देख्दा भित्री रूपमा आनन्दको आभास गर्नेछस्। परमेश्वरको प्रेमको आनन्द उपभोग गर्नु भनेकै यही हो, र यही मात्र साँच्चै परमेश्वरप्रति आनन्दित हुनु हो। परमेश्वरको प्रेमबाट आउने मानिसहरूको आनन्द अनुभवमार्फत प्राप्त गरिन्छ: कठिनाइ अनुभव गरेर, र सत्यतालाई अभ्यास गर्नुलाई अनुभव गरेर, तिनीहरूले परमेश्वरका आशिषहरू प्राप्त गर्छन्। यदि परमेश्वरले तँलाई प्रेम गर्नुहुन्छ, परमेश्वरले मानिसहरूको खातिर ठूलो मूल्य चुकाउनुभएको छ, उहाँले धैर्यपूर्वक र दयापूर्वक धेरै वचनहरू बोल्नुभएको छ र सदैव मानिसहरूलाई मुक्ति दिनुहुन्छ भनेर मात्रै भन्छस् भने, तेरा कुराहरूका यी उच्चारण त परमेश्वरप्रतिको आनन्दको एउटा मात्र पाटो हो। तथापि, अझ उच्च आनन्द–साँचो आनन्द–तब हुन्छ जब मानिसहरूले आफ्नो वास्तविक जीवनमा सत्यतालाई अभ्यास गर्छन्, तब तिनीहरू आफ्नो हृदयमा शान्त र प्रस्ट हुन्छन्। तिनीहरू भित्र असाध्यै अभिप्रेरित भएको आभास गर्छन् र परमेश्वर अति प्रेमिलो हुनुहुन्छ भनी आभास गर्छन्। तैँले आभास गर्नेछस् कि तैँले चुकाएको मूल्य न्यायसङ्गत मात्रै छैन। आफ्ना प्रयासहरूमा ठूलो मूल्य चुकाएको हुनाले, तँ विशेष रूपमा भित्र उज्ज्वल हुनेछस्: तैँले साँच्चै परमेश्वरको प्रेमको आनन्द मनाउँदैछस् भनी आभास गर्नेछस् र परमेश्वरले मानिसहरूमा मुक्तिको काम गर्नुभएको छ, मानिसहरूलाई उहाँले शोधन कामको आशय तिनीहरूलाई शुद्ध गर्नु हो, र तिनीहरूले साँच्चै उहाँलाई प्रेम गर्छन् कि गर्दैनन् भनी परमेश्वरले मानिसहरूलाई जाँच गर्नुहुन्छ भन्ने कुरा तैँले बुझ्नेछस्। तैँले सदैव यसरी सत्यतालाई अभ्यास गरिस् भने, तैँले विस्तारै परमेश्वरको धेरैजसो कामको बारेमा प्रस्ट ज्ञान वृद्धि गर्दै जानेछस्, र त्यस समयमा तेरो सामुन्ने परमेश्वरका वचनहरू घाम जत्तिकै छर्लङ्ग भएको तैँले आभास गर्नेछस्। यदि तैँले धेरै सत्यताहरूलाई प्रस्ट रूपमा बुझ्न सकिस् भने, तैँले आभास गर्नेछस् कि सबै कुराहरूलाई अभ्यासमा लगाउनु सजिलो छ, कि तैँले कुनै पनि विषयमाथि विजय हासिल गर्न र कुनै पनि परीक्षामाथि विजय हासिल गर्न सक्छस्, र कुनै पनि कुरा तेरो लागि समस्या होइन भन्ने कुरा तैँले देख्नेछस्, जसले तँलाई अत्यन्तै स्वतन्त्र र मुक्त गर्नेछ। यस क्षणमा, तैँले परमेश्वरको प्रेमको आनन्द मनाउँदै गर्नेछस्, र परमेश्वरको साँचो प्रेम तँमाथि आएको हुनेछ। परमेश्वरले तिनलाई आशिष दिनुहुन्छ जससँग दर्शनहरू छन्, जससँग सत्यता छ, जोसँग ज्ञान

छ, र जसले साँच्चै उहाँलाई प्रेम गर्छन्। यदि मानिसहरूले परमेश्‍वरको प्रेम देख्‍ने इच्छा गर्छन् भने, तिनीहरूले वास्तविक जीवनमा सत्यतालाई अभ्यास गर्नुपर्छ, तिनीहरूले पीडा सहन गर्ने इच्छा गर्नुपर्छ र परमेश्‍वरलाई सन्तुष्ट पार्न तिनीहरूले प्रेम गर्ने थोकलाई त्याग्नुपर्छ, र तिनीहरूको आँखामा आँसुको बाबजुद पनि, तिनीहरूले परमेश्‍वरको हृदयलाई सन्तुष्ट पार्न अझै समर्थ हुनुपर्छ। यसरी परमेश्‍वरले तँलाई निश्‍चय नै आशिष दिनुहुनेछ, र यदि तैँले यस्तो किसिमको कठिनाइलाई सहिस् भने, पवित्र आत्माको कामद्वारा यसलाई पछ्याइनेछ। साँचो जीवनमार्फत, र परमेश्‍वरका वचनहरूलाई अनुभव गरेर, मानिसहरू परमेश्‍वरको प्रेमिलोपनलाई हेर्न समर्थ हुन्छन्, र यदि तिनीहरूले परमेश्‍वरको प्रेमलाई चाखेका छन् भने मात्र तिनीहरूले उहाँलाई साँच्चै प्रेम गर्न सक्छन्।

जति धेरै सत्यतालाई तैँले अभ्यास गर्छस्, त्यत्ति नै धेरै सत्यता तँसँग हुन्छ; जति धेरै सत्यतालाई तैँले अभ्यास गर्छस्, त्यत्ति नै धेरै परमेश्‍वरको प्रेम तँसँग हुन्छ; र जति धेरै सत्यतालाई तैँले अभ्यास गर्छस्, त्यत्ति नै धेरै तँ परमेश्‍वरद्वारा आशिषित हुन्छस्। यदि तैँले सदैव यसै गरी अभ्यास गरिस् भने, तेरो लागि दिइने परमेश्‍वरको प्रेमले विस्तारै तँलाई देख्‍न सक्षम तुल्याउनेछ, जसरी पत्रुसले परमेश्‍वरलाई जाने: परमेश्‍वरसँग स्वर्ग र पृथ्वी सृष्‍टि गर्ने बुद्धि मात्र होइन, तर, त्योभन्दा पनि बढी, उहाँसँग मानिसहरूमा साँचो काम गर्ने बुद्धि पनि छ भनेर पत्रुसले भने। उहाँले स्वर्ग र पृथ्वीको र सबै कुराहरूको सृष्‍टि गर्नुभएको कारणले गर्दा मात्र मानिसहरूको प्रेमको योग्य हुनुभएको होइन, तर, त्योभन्दा पनि बढी, मानिसलाई सृष्‍टि गर्ने, मानिसलाई मुक्ति दिने, मानिसलाई पूर्ण बनाउने, र मानिसलाई आफ्नो प्रेम हस्तान्तरण गर्ने उहाँको क्षमताको कारणले गर्दा पनि उहाँ योग्य हुनुभएको हो भनेर पत्रुसले भने। त्यसैले पनि पत्रुस भन्छन् कि मानिसको प्रेमको निम्ति उहाँमा योग्य कुराहरू धेरै छन्। पत्रुसले येशूलाई भने: "के स्वर्ग र पृथ्वी र सबै थोकहरू सृष्‍टि गर्नु नै मानिसहरूको प्रेम पाउन योग्य हुनुको एउटै कारण हो र? तपाईंमा अरू पनि धेरै कुराहरू छन् जुन प्रेमिलो छन्। तपाईं वास्तविक जीवनमा कार्यरत र चलायमान हुनुहुन्छ, तपाईंको आत्माले मलाई भित्र स्पर्श गर्नुहुन्छ, तपाईंले मलाई ताडना दिनुहुन्छ, तपाईंले मलाई हप्काउनुहुन्छ—यी कुराहरू मानिसहरूको प्रेम पाउन अझ धेरै योग्य छन्।" यदि तँ परमेश्‍वरको प्रेम हेर्ने र अनुभव गर्ने इच्छा राख्छस् भने, तैँले वास्तविक जीवनमा उत्खनन र खोजी गर्नुपर्छ र तेरो आफ्नै पापमय स्वभावलाई पन्साउने इच्छा राख्‍नुपर्छ। तैँले यो सङ्कल्प गर्नैपर्छ। तँ यस्तो सङ्कल्प भएको व्यक्ति हुनुपर्छ जसले अल्छी नबनी वा पापमय स्वभावका आनन्दहरूको लालसा नगरी, पापमय स्वभावको लागि नभएर परमेश्‍वरको लागि जिएर सबै कुराहरूमा परमेश्‍वरलाई सन्तुष्ट पार्न समर्थ हुन्छ। यस्ता समयहरू हुन सक्छन् जब तैँले परमेश्‍वरलाई सन्तुष्ट पार्दैनस्। त्यो तैँले परमेश्‍वरको इच्छा नबुझेको कारणले हो; अर्को पटक, अझ धेरै प्रयास चाहिने भए पनि, तैँले उहाँलाई सन्तुष्ट पार्नुपर्छ र पापमय स्वभावलाई सन्तुष्ट पार्ने होइन। जब तैँले यस्तो प्रकारले अनुभव गर्छस्, तैँले परमेश्‍वरलाई चिन्न आएको हुनेछस्। तैँले देख्‍नेछस् कि परमेश्‍वरले स्वर्ग र पृथ्वी र सबै थोकहरू सृष्‍टि गर्न सक्नुहुन्छ, कि उहाँ देह बन्नुभएको छ ताकि मानिसहरूले वास्तवमा उहाँलाई देख्‍न सकून् र वास्तवमा उहाँसँग तल्लीन हुन सकून्; तैँले के देख्‍नेछस् भने उहाँ मानिसहरूको माझमा हिँडडुल गर्न समर्थ हुनुहुन्छ, र उहाँको आत्माले वास्तविक जीवनमा

मानिसहरूलाई उहाँको प्रेमिलोपन देख्न र उहाँको ताडना, उहाँको सजाय, र उहाँका आशिषहरू अनुभव गर्न दिँदै पूर्ण बनाउन सक्नुहुन्छ। यदि तैँले सदैव यसरी अनुभव गरिस् भने, वास्तविक जीवनमा तँ परमेश्वरबाट अलग्याउन नसकिने हुनेछस्, र यदि कुनै दिन परमेश्वरसँग तेरो सम्बन्ध सामान्य हुन छोड्छ भने, तँ सङ्घर्ष गर्न र पछुतो गर्न समर्थ हुनेछस्। जब परमेश्वरसँग तेरो सम्बन्ध सामान्य हुन्छ, तैँले परमेश्वरलाई त्याग्ने इच्छा कहिल्यै गर्नेछैनस्, र यदि कुनै दिन परमेश्वरले तँलाई त्याग्नेछु भनी भन्नुहुन्छ भने, तँ भयभीत हुनेछस्, र परमेश्वरद्वारा त्यागिइनुभन्दा बरु मरुँला भनी तैँले भन्नेछस्। यी भावनाहरू तँसँग हुनेबित्तिकै, तैँले परमेश्वरलाई त्याग्न असक्षम छस् भन्ने तैँले आभास गर्नेछस्, र यसरी, तँसँग एउटा जग हुनेछ, र तैँले साँच्चै परमेश्वरको प्रेमको आनन्द मनाउनेछस्।

मानिसहरू अक्सर परमेश्वरलाई तिनीहरूको आफ्नो जीवन हुन दिने कुरा गर्छन्, तर तिनीहरूको अनुभव त्यो बिन्दुसम्म अझै आइपुगेको हुँदैन। परमेश्वर नै तेरो जीवन हुनुहुन्छ, उहाँले हरेक दिन तँलाई अगुवाइ गर्नुहुन्छ, हरेक दिन तँ उहाँका वचनहरू खान्छस् र पिउँछस्, र तैँले हरेक दिन उहाँसित प्रार्थना गर्छस्, त्यसैले उहाँ तेरो जीवन बन्नुभएको छ भनेर मात्रै तँ भनिरहेको छस्। यस्तो भन्नेहरूको ज्ञान अत्यन्तै सतही छ। धेरै मानिसहरूमा कुनै जग छैन; परमेश्वरका वचनहरू तिनमा रोपिएका छन्, तर ती उम्रिएका छैनन्, तिनीहरूले कुनै फल फलाउने कुरा त परै जाओस्। आज, तैँले कुन हदसम्म अनुभव गरेको छस्? यहाँसम्म आइपुग्नलाई परमेश्वरले तँलाई बलजफती गर्नुभएपछि, बल्ल तैँले परमेश्वरलाई त्याग्न सक्दैनस् भनी आभास गर्छस्। कुनै दिन, जब तेरो अनुभव एउटा निश्चित बिन्दुमा आइपुगेको हुनेछ, तब यदि परमेश्वरले तँलाई त्याग्ने बनाउनुभयो भने, तैँले त्यसो गर्न समर्थ हुन्थिनस्। तैँले आफूभित्र परमेश्वर बिना हुन सक्दैनस् भनी सदैव आभास गर्नेछस्; तँ पति, पत्नी, वा बालबच्चा बिना, परिवार बिना, आमा वा बुवा बिना, पापमय स्वभावका आनन्दहरू बिना हुन सक्छस्, तर तँ परमेश्वर बिना हुन सक्दैनस्। परमेश्वर बिना हुनु भनेको तेरो जीवन गुमाउनु जस्तै हुनेथियो; तँ परमेश्वर बिना जिउन समर्थ हुने थिइनस्। जब तैँले यस बिन्दुसम्म अनुभव गरेको हुन्छस्, तब तैँले परमेश्वरमाथि तेरो विश्वासको निशानालाई लगाएको हुनेछस्, र यसरी परमेश्वर तेरो जीवन बन्नुभएको हुनुहुनेछ, उहाँ तेरो अस्तित्वको जग बन्नुभएको हुनुहुनेछ। तैँले फेरि कहिल्यै परमेश्वरलाई त्याग्न समर्थ हुनेछैनस्। जब तैँले यो हदसम्म अनुभव गरेको हुन्छस्, तब तैँले साँच्चै परमेश्वरको प्रेमको आनन्द मनाएको हुनेछस्, र जब परमेश्वरसँग तेरो चाहिँदो घनिष्ठ सम्बन्ध हुन्छ, तब उहाँ तेरो जीवन, तेरो प्रेम हुनुहुनेछ र त्यही समयमा तैँले परमेश्वरसित प्रार्थना गर्नेछस् र भन्नेछस्: "हे परमेश्वर! म तपाईंलाई छोड्न सक्दिनँ। तपाईं नै मेरो जीवन हुनुहुन्छ। म अरू हरेक कुरा बिना अघि बढ्न सक्छु—तर तपाईं बिना जिएर म अघि बढ्न सक्दिनँ।" यो नै मानिसहरूको साँचो कद हो; यही नै वास्तविक जीवन हो। केही मानिसहरू आज आइपुगेको ठाउँसम्म आइपुग्न बाध्य पारिएका हुन्: तिनीहरूले चाहे पनि नचाहे पनि तिनीहरू अघि बढ्नुपर्छ, र तिनीहरूले सदैव यस्तो आभास गर्छन् मानौं तिनीहरू दुई ढुङ्गा बीचको तरुल बनेको स्थितिमा छन्। तैँले यस्तो अनुभव गर्नुपर्छ कि परमेश्वर तेरो जीवन हुनुहुन्छ, यदि परमेश्वर तेरो हृदयबाट निकालिनुभयो भने, यो तेरो जीवन गुमाएको जस्तै हुन्थ्यो;

परमेश्वर तेरो जीवन हुनुपर्छ, र तँ उहाँलाई त्याग्नको लागि असक्षम हुनुपर्छ। यसरी, तैँले परमेश्वरलाई वास्तवमा अनुभव गरेको हुनेछस्, र यस समयमा, जब तैँले परमेश्वरलाई प्रेम गर्छस्, तैँले परमेश्वरलाई साँच्चै प्रेम गर्नेछस्, र यो एकल, शुद्ध प्रेम हुनेछ। कुनै दिन, जब तेरा अनुभवहरू यस्ता हुन्छन् कि तेरो जीवन एउटा निश्चित बिन्दुमा आइपुगेको छ, जब तैँले परमेश्वरसित प्रार्थना गर्छस्, र परमेश्वरका वचनहरू खान्छस् र पिउँछस्, तब तँ परमेश्वरलाई त्याग्न भित्र असमर्थ हुनेछस्, न त तैँले चाहेर पनि उहाँलाई बिर्सन समर्थ हुनेछस्। परमेश्वर तेरो जीवन बन्नुभएको हुनेछ; तैँले संसारलाई बिर्सन सक्छस्, तैँले तेरो पत्नी, पति, वा बालबच्चा बिर्सन सक्छस्, तर तैँले परमेश्वरलाई बिर्सन कठिन हुनेछ–यसो गर्नु असम्भव हुनेछ, यो नै तेरो साँचो जीवन र परमेश्वरको निम्ति तेरो साँचो प्रेम हो। जब परमेश्वरप्रतिको मानिसहरूको प्रेम एक निश्चित बिन्दुमा आइपुगेको हुन्छ, तब अरू कुनै कुराप्रतिको तिनीहरूको प्रेम परमेश्वरप्रतिको तिनीहरूको प्रेमको बराबरी हुँदैन; परमेश्वरप्रतिको तिनिहरूको प्रेम पहिला आउँछ। यसरी तैँले अन्य हरेक कुरा त्याग्न समर्थ हुन्छस्, र परमेश्वरबाटको सबै निराकरण र छिँवल्ने कार्यलाई स्विकार गर्न इच्छुक हुन्छस्। जब तैँले अन्य सबै कुराहरूलाई नाघ्ने परमेश्वरप्रतिको प्रेम हासिल गरेको हुन्छस्, तँ वास्तविकतामा र परमेश्वरको प्रेममा बाँच्नेछस्।

जब मानिसहरूभित्र परमेश्वर जीवन बन्नुहुन्छ तब तुरुन्तै मानिसहरू परमेश्वरलाई त्याग्न असमर्थ हुन्छन्। के यो परमेश्वरको काम होइन र? योभन्दा महान् साक्षी अरू केही छैन। परमेश्वरले एक निश्चित बिन्दुसम्म काम गर्नुभएको छ; उहाँले मानिसहरूलाई सेवा गर्न, सजाय पाउन वा मर्न भन्नुभएको छ, र मानिसहरू तर्किएका छैनन्, जसले देखाउँछ कि तिनीहरू परमेश्वरद्वारा जितिएका छन्। सत्यता भएका मानिसहरू ती हुन् जो, तिनको वास्तविक अनुभवहरूमा, कहिल्यै पछि नहटी, आफ्नो साक्षीमा दृढ खडा हुन, आफ्नो स्थितिमा दृढ खडा हुन, परमेश्वरको पक्षमा खडा हुन सक्छन्, र जसले परमेश्वरलाई प्रेम गर्ने मानिसहरूसँग सामान्य सम्बन्ध राख्न सक्छन्, जो, जब परिस्थितिहरू तिनीहरूमाथि आइलाग्छन्, परमेश्वरलाई पूर्ण रूपमा आज्ञापालन गर्न समर्थ हुन्छन्, र मृत्युसम्मै परमेश्वरको आज्ञापालन गर्न सक्छन्। वास्तविक जीवनमा तेरा अभ्यास र प्रकाशहरू परमेश्वरको साक्षी हुन्, ती मानिसको जियाइ र परमेश्वरको गवाही हुन्, र यो साँच्चै परमेश्वरको प्रेमको आनन्द उपभोग गर्नु हो; जब तैँले यस बिन्दुसम्म अनुभव गरेको हुन्छस्, तब चाहिने प्रभाव हासिल गरिएको हुनेछ। तँसँग वास्तविक जियाइ छ र तेरो हरेक कार्यलाई अरूहरूद्वारा सराहनासहित हेरिन्छ। तेरो पहिरन र बाहिरी रूप अउल्लेखनीय छन्, तर तैँले सर्वोत्कृष्ट पवित्र जीवन जिउँछस्, र जब तैँले परमेश्वरका वचनहरू बोल्छस्, तँ उहाँद्वारा निर्देशित र अन्तर्दृष्टि प्रदान गरिएको हुन्छस्। तैँले आफ्ना वचनहरूमार्फत परमेश्वरको इच्छा बोल्न, वास्तविकता सञ्चार गर्न समर्थ हुन्छस्, र तैँले आत्मामा सेवा गर्नेबारे धेरै कुरा बुझ्छस्। तँ तेरो बोलीमा प्रस्ट छस्, तँ शिष्ट र सदाचारी, मुकाबिला-नगर्ने र मर्यादाशील छस्, आफूमाथि विपत् आइलाग्दा परमेश्वरका प्रबन्धहरूको पालन गर्न र आफ्नो साक्षीमा दृढ खडा हुन समर्थ छस्, र जेसुकैको सामना गरेको भएतापनि तँ शान्त र सौहार्द छस्। यस प्रकारको व्यक्तिले साँच्चै परमेश्वरको प्रेम देखेको हुन्छ। केही मानिसहरू अझै पनि जवान छन्, तर तिनीहरूले

कुनै अर्ध-बैंसे व्यक्तिले जस्तो व्यवहार गर्छन्; तिनीहरू परिपक्व, सत्यताले भरिएका, र अरूहरूले सराहना हुन्छन्–अनि यी त्यस्ता मानिसहरू हुन् जससँग साक्षी छ र जो परमेश्‍वरको प्रकटीकरण हुन्। भन्नुको अर्थ, जब तिनीहरूले एउटा निश्‍चित बिन्दुसम्म अनुभव गरेका हुन्छन्, तब भित्र तिनीहरूसँग परमेश्‍वरप्रतिको अन्तर्दृष्टि रहनेछ, र तिनीहरूको बाहिरी स्वभाव पनि स्थिर हुनेछ। धेरै मानिसहरूले सत्यतालाई अभ्यास गर्दैनन् र आफ्नो साक्षीमा दृढ खडा हुँदैनन्। यस्ता मानिसहरूमा परमेश्‍वरको प्रेम, वा परमेश्‍वरप्रतिको साक्षी हुँदैन, र यी यस्ता मानिसहरू हुन् जो परमेश्‍वरद्वारा घिनाइएका हुन्छन्। तिनीहरूले भेलाहरूमा परमेश्‍वरका वचनहरू पढ्छन्, तर तिनीहरूले जे जिउँछन् त्यो शैतान हो, र यसले परमेश्‍वरको अनादर गर्ने, परमेश्‍वरको बदख्वाइँ गर्ने, र परमेश्‍वरको निन्दा गर्ने गर्छ। यस्ता मानिसहरूमा परमेश्‍वरको प्रेमको कुनै सङ्केत हुँदैन, र तिनीहरूसँग पवित्र आत्माको काम हुँदै हुँदैन। त्यसैले, मानिसहरूका वचनहरू र कार्यहरूले शैतानको प्रतिनिधित्व गर्छन्। यदि तेरो हृदय सदैव परमेश्‍वरको सामुन्ने शान्तिमा छ भने, र तैँले तेरो वरिपरि भएका मानिसहरू र कुराहरूमा, र तेरो वरिपरि के हुँदैछ त्यसमा, सदैव ध्यान दिन्छस् भने, र यदि तँ परमेश्‍वरको बोझप्रति विवेकी हुन्छस् भने, र तँसँग सदैव परमेश्‍वरलाई श्रद्धा गर्ने हृदय छ भने, परमेश्‍वरले अक्सर तँलाई भित्रै अन्तर्दृष्टि दिनुहुनेछ। मण्डलीमा मानिसहरू हुन्छन् जो "निरीक्षकहरू" हुन्: तिनीहरू अरूहरूको कमजोरीहरू हेर्न निस्कन्छन् र त्यसपछि तिनैलाई नक्कल र अनुसरण गर्छन्। तिनीहरू फरक छुट्याउन असमर्थ हुन्छन्, तिनीहरूले पापलाई घृणा गर्दैनन् र शैतानका कुराहरूद्वारा घिनाउँदैनन् वा दिगमिगाउँदैनन्। यस्ता मानिसहरू शैतानका कुराहरूले भरिएका हुन्छन्, र तिनीहरू अन्ततः परमेश्‍वरद्वारा पूर्ण रूपमा त्यागिएका हुनेछन्। परमेश्‍वरको सामुन्ने तेरो हृदय सदैव श्रद्धालु हुनुपर्छ, तँ आफ्नो वचनहरू र कार्यहरूमा शिष्ट हुनुपर्छ र कहिल्यै परमेश्‍वरलाई विरोध गर्ने वा रिस उठाउने इच्छा गर्नुहुँदैन। तँमा परमेश्‍वरको कामलाई व्यर्थ बनाउन तँ कहिल्यै इच्छुक हुनुहुँदैन, वा तैँले सहेका सबै कठिनाइहरूलाई र तैँले अभ्यास गरेका सबै कुराहरूलाई बिना अर्थको हुन दिनु हुँदैन। तँ अघि बढ्ने मार्गमा अझ कठोर काम गर्न र परमेश्‍वरलाई प्रेम गर्न इच्छुक हुनुपर्छ। यी यस्ता मानिसहरू हुन् जससँग दर्शन तिनीहरूको जगको रूपमा हुन्छ। यी यस्ता मानिसहरू हुन् जसले प्रगति खोज्छन्।

यदि मानिसहरूले परमेश्‍वरलाई श्रद्धा गर्ने हृदयले परमेश्‍वरमा विश्‍वास गर्छन् र परमेश्‍वरका वचनहरूको अनुभव गर्छन् भने, यस्ता मानिसहरूमा परमेश्‍वरको मुक्ति र परमेश्‍वरको प्रेम देख्न सकिन्छ। यी मानिसहरू परमेश्‍वरलाई प्रमाणित गर्नको लागि समर्थ छन्; तिनीहरूले सत्यतालाई अभ्यास गर्छन्, र तिनीहरूले जे प्रमाणित गर्छन् त्यो पनि सत्यता, परमेश्‍वर जे हुनुहुन्छ र परमेश्‍वरको स्वभाव जे छ त्यो नै हो। तिनीहरू परमेश्‍वरको प्रेमको माझमा जिउँछन् र तिनीहरूले परमेश्‍वरको प्रेमलाई देखेका छन्। यदि मानिसहरूले परमेश्‍वरलाई प्रेम गर्ने इच्छा राख्छन् भने, तिनीहरूले परमेश्‍वरको प्रेमिलोपनको स्वाद लिनुपर्छ र परमेश्‍वरको प्रेमिलोपनलाई देख्नुपर्छ; तब मात्र तिनीहरूमा परमेश्‍वरलाई प्रेम गर्ने हृदय जगाउन सकिन्छ, एउटा यस्तो हृदय जसले परमेश्‍वरको निम्ति आफैलाई निष्ठा पूर्वक दिनको लागि मानिसहरूलाई प्रेरणा दिन्छ। परमेश्‍वरले मानिसहरूलाई तिनीहरूको वचनहरू र अभिव्यक्तिहरूमार्फत वा तिनीहरूको कल्पनामार्फत उहाँलाई

प्रेम गर्न लगाउनुहुन्न, र उहाँले मानिसहरूलाई उहाँलाई प्रेम गर्न लगाउनको लागि बलजफती गर्नुहुन्न। बरु, उहाँले तिनीहरूलाई तिनीहरूको आफ्नै इच्छाले उहाँलाई प्रेम गर्न दिनुहुन्छ, र उहाँले तिनीहरूलाई उहाँको काम र उच्चारणहरूमा आफ्नो प्रेमिलोपन हेर्न दिनुहुन्छ, जसपछि तिनीहरूमा परमेश्‍वरप्रतिको प्रेम जन्मिन्छ। यसरी मात्र मानिसहरूले साँच्चै परमेश्‍वरको साक्षी दिन सक्छन्। अरूहरूद्वारा त्यसो गर्नलाई भनिएकोले गर्दा मानिसहरूले परमेश्‍वरलाई प्रेम गर्दैनन्, न त यो कुनै क्षणिक भावनात्मक आवेग हो। तिनीहरूले परमेश्‍वरलाई प्रेम गर्छन् किनभने तिनीहरूले उहाँको प्रेमिलोपन देखेका छन् कि मानिसहरूको प्रेमको योग्यको उहाँमा अति धेरै कुराहरू छन्, तिनीहरूले परमेश्‍वरको मुक्ति, बुद्धि, र अचम्मका कार्यहरू देखेका हुनाले, र यसको परिणाम स्वरूप, तिनीहरूले परमेश्‍वरलाई साँच्चै प्रशंसा गर्छन् र साँच्चै उहाँको तृष्णा गर्छन्, र तिनीहरूमा यस्तो उत्कण्ठा जाग्छ कि परमेश्‍वरलाई प्राप्त नगरी तिनीहरू बाँच्न सक्दैनन्। परमेश्‍वरको साँच्चै गवाही दिनेहरूले किन सानदार साक्षी दिन समर्थ हुन्छन् भन्ने कुराको कारण यही हो कि तिनीहरूको साक्षी साँचो ज्ञान र परमेश्‍वरको लागि साँचो तृष्णाको जगमाथि खडा छ। यस्तो साक्षी कुनै भावनात्मक संवेगअनुसार प्रदर्शन गरिएको होइन, तर परमेश्‍वरको ज्ञान र उहाँको स्वभावअनुसार हो। तिनीहरूले परमेश्‍वरलाई चिन्न आएका हुनाले, तिनीहरूले आभास गर्छन् कि तिनीहरूले निश्‍चय नै परमेश्‍वरको गवाही दिनुपर्छ र परमेश्‍वरको लागि तृष्णा राख्नेहरू सबैलाई नै परमेश्‍वरलाई चिन्न लगाउनुपर्छ, र परमेश्‍वरको प्रेमिलोपन र उहाँको वास्तविकताको बारेमा सचेत हुनुपर्छ। परमेश्‍वरको लागि मानिसहरूको प्रेम जस्तै, तिनीहरूको गवाही स्वतःस्फूर्त हुन्छ; यो वास्तविक हुन्छ र यसको वास्तविक महत्त्व र मूल्य हुन्छ। यो निष्क्रिय वा खोक्रो र अर्थहीन छैन। परमेश्‍वरलाई साँच्चै प्रेम गर्नेहरूसँग मात्र आफ्नो जीवनमा सर्व मूल्य र अर्थ हुनुको कारण, तिनीहरूले मात्र परमेश्‍वरमा साँच्चै विश्‍वास गर्ने कारण यही हो कि यी मानिसहरू परमेश्‍वरको ज्योतिमा जिउन समर्थ हुन्छन् र परमेश्‍वरको काम र व्यवस्थापनको लागि जिउन समर्थ हुन्छन्। यस्तो किन हुन्छ भने तिनीहरू अन्धकारमा जिउँदैनन्, तर ज्योतिमा जिउँछन्; तिनीहरूले अर्थहीन जीवन जिउँदैनन्, तर परमेश्‍वरद्वारा आशिषित गरिएको जीवन जिउँछन्। परमेश्‍वरलाई प्रेम गर्नेहरू मात्र परमेश्‍वरको गवाही दिन समर्थ हुन्छन्, तिनीहरू मात्र परमेश्‍वरका साक्षीहरू हुन्, तिनीहरूले मात्र परमेश्‍वरद्वारा आशिष पाएका हुन्छन्, र तिनीहरूले मात्र परमेश्‍वरका प्रतिज्ञाहरू पाउन समर्थ हुन्छन्। परमेश्‍वरलाई प्रेम गर्नेहरू परमेश्‍वरका हितैषीहरू हुन्; ती परमेश्‍वरद्वारा प्रेम गरिएका व्यक्तिहरू हुन्, र तिनीहरूले परमेश्‍वरसँग सँगै आशिषहरूको आनन्द उपभोग गर्न सक्छन्। यस्ता मानिसहरू मात्र अनन्तसम्म जिउनेछन्, र तिनीहरू मात्र सदाको लागि परमेश्‍वरको स्याहार र सुरक्षा अन्तर्गत जिउनेछन्। मानिसहरूले प्रेम गरून् भन्ने पक्षमा परमेश्‍वर हुनुहुन्छ, र उहाँ सबै मानिसहरूको प्रेमको योग्य हुनुहुन्छ, तर सबै मानिसहरूले परमेश्‍वरलाई प्रेम गर्न सक्षम हुँदैनन्, र सबै मानिसहरू परमेश्‍वरको गवाही दिन सक्दैनन् र परमेश्‍वरसँगै शक्ति कायम राख्न सक्दैनन्। तिनीहरूले परमेश्‍वरको साक्षी दिन समर्थ हुने भएकाले र तिनीहरूले परमेश्‍वरको काममा आफ्ना सबै प्रयासहरू लगाएका हुनाले परमेश्‍वरलाई साँच्चै प्रेम गर्नेहरू स्वर्गमुनि जुनसुकै ठाउँमा कसैले तिनीहरूलाई विरोध गर्न आँट नगर्ने गरी हिँड्न सक्छन्, र तिनीहरूले पृथ्वीमा शक्ति अभ्यास गर्न सक्छन् र परमेश्‍वरका सारा

मानिसहरूमाथि शासन गर्न गर्छन्। यी मानिसहरू संसारभरिबाट आएका छन्। तिनीहरूले विभिन्न भाषा बोल्छन् र तिनीहरूका वर्णहरू फरक-फरक छन्, तर तिनीहरूको अस्तित्वको एउटै अर्थ छ; तिनीहरू सबैसँग एउटै हृदय छ जसले परमेश्‍वरलाई प्रेम गर्छ, तिनीहरू सबैले एउटै साक्षी प्रदान गर्छन्, र तिनीहरूसँग एउटै सङ्कल्प, र एउटै इच्छा छ। परमेश्‍वरलाई प्रेम गर्नेहरू संसारभरि स्वतन्त्र हिँडडुल गर्न सक्छन्, र परमेश्‍वरको साक्षी दिनेहरू ब्रह्माण्डभरि नै यात्रा गर्न सक्छन्। यी मानिसहरू परमेश्‍वरद्वारा प्रेम गरिएका हुन्छन्, तिनीहरू परमेश्‍वरद्वारा आशिषित गरिएका हुन्छन्, र तिनीहरू सदाको लागि उहाँको ज्योतिभित्र जिउनेछन्।

## अभ्यासमा ध्यान केन्द्रित गर्नेहरूलाई मात्र सिद्ध तुल्याउन सकिन्छ

आखिरी दिनहरूमा, परमेश्‍वर आफूले गर्नुपर्ने काम गर्न र उहाँको वचनको सेवकाइ गर्नका लागि देह बन्नुभयो। उहाँको हृदयअनुसारका मानिसहरूलाई सिद्ध पार्ने उद्देश्यले मानिसहरूको बीचमा काम गर्न उहाँ व्यक्तिगत रूपमा आउनुभयो। सृष्टिको समयदेखि आजसम्म, आखिरी दिनहरूमा मात्र उहाँले यस किसिमको काम गर्नुभएको हो। आखिरी दिनहरूमा मात्र परमेश्‍वर यस्तो व्यापक रूपमा काम गर्न देहधारी हुनुभएको छ। उहाँले मानिसहरूलाई सहन कठिन हुने कठिनाइहरू सहनुहुन्छ, र उहाँ महान् परमेश्‍वर हुनुभए पनि उहाँमा साधारण मानिस बन्ने नम्रता छ, तैपनि उहाँको कामको कुनै पनि पक्षमा ढिलाइ भएको छैन, र उहाँको योजना अलिकति पनि अस्तव्यस्तताको शिकार बनेको छैन। उहाँले आफ्नो मूल योजना अनुसार नै काम गर्दैहुनुहुन्छ। यस देहधारणको एउटा उद्देश्य भनेको मानिसहरूलाई जित्नु हो, अर्कोचाहिँ उहाँले प्रेम गर्नुभएका मानिसहरूलाई सिद्ध बनाउनु हो। उहाँले सिद्धा पार्नुभएका मानिसहरूलाई उहाँ आफ्नै आँखाले हेर्न चाहनुहुन्छ, अनि उहाँले सिद्ध पार्नुभएका मानिसहरूले कसरी उहाँको साक्षी दिन्छन् त्यो उहाँ आफै हेर्न चाहनुहुन्छ। सिद्ध पारिएका मानिसहरू एक वा दुई जना मात्र हुँदैनन्। बरु, यो एउटा समूह हो, जसमा थोरै मानिसहरू मात्र समावेश हुन्छ। यो समूहका मानिसहरू संसारका विभिन्न देशहरूबाट, र संसारका विभिन्न राष्ट्रियताहरूबाट आएका छन्। त्यति धेरै काम गर्नुको उद्देश्य भनेको मानिसहरूको यो समूहलाई प्राप्त गर्नु, यो समूहका मानिसहरूले उहाँको निम्ति दिने साक्षी प्राप्त गर्नु, र उहाँले तिनीहरूबाट पाउनुहुने महिमा प्राप्त गर्नु हो। उहाँले त्यस्तो काम गर्नुहुन्न जसको कुनै महत्त्व हुँदैन, न त उहाँले कुनै मूल्यविनाको काम नै गर्नुहुन्छ। यो भन्न सकिन्छ, कि त्यति धेरै काम गर्ने क्रममा परमेश्‍वरको उद्देश्य भनेको उहाँले सिद्ध पार्न चाहनुभएकाहरू सबैलाई सिद्ध पार्नु हो। यसदेखि बाहिरको खाली समयमा उहाँले दुष्टहरूलाई बाहिर फालिदिनुहुनेछ। यो जान्, कि उहाँले यी महान् कार्यहरू दुष्टहरूको कारण गर्नुहुन्न; यसको विपरीत, उहाँद्वारा सिद्ध पारिनु पर्ने यी थोरै मानिसहरूका निम्ति नै उहाँले आफ्नो सबै थोक दिनुहुन्छ। उहाँले गर्नुहुने काम, उहाँले बोल्नुहुने वचनहरू, उहाँले प्रकट गर्नुहुने रहस्यहरू, अनि उहाँको न्याय र सजाय सबै ती थोरै सङ्ख्यामा भएका मानिसहरूका निम्ति हुन्। उहाँ दुष्ट मानिसहरूका कारण देह बन्नुभएन, र ती दुष्ट मानिसहरूले उहाँमा ठूलो क्रोध जगाउने कुरा त परै जाओस्। सिद्ध

हुनुपर्ने मानिसहरूको कारण नै उहाँले सत्य बोल्नुहुन्छ, र प्रवेशको कुरा गर्नुहुन्छ; तिनीहरूकै कारण उहाँ देह बन्नुभयो, र उनीहरूकै कारण उहाँले आफ्ना प्रतिज्ञाहरू र आशिषहरू प्रदान गर्नुहुन्छ। उहाँले गर्नुहुने सत्यता, प्रवेश, र मानिसको जीवनको कुरा तिनीहरूका निम्ति गरिँदैन जो दुष्ट छन्। उहाँ दुष्ट मानिससँग कुरा गर्नबाट जोगिन चाहनुहुन्छ, बरु सिद्ध पारिनु पर्ने मानिसहरूलाई नै सबै सत्यता प्रदान गर्न चाहनुहुन्छ। उहाँको कामका निम्ति केही क्षण दुष्ट मानिसहरूलाई उहाँको सम्पत्तिका केही अंशको आनन्द लिने अनुमति दिनु आवश्यक हुन्छ। जसले सत्यको पालन गर्दैनन्, जसले परमेश्वरलाई सन्तुष्ट पार्दैनन्, र जसले उहाँको काममा बाधा दिन्छन् तिनीहरू सबै दुष्ट हुन्। तिनीहरू सिद्ध हुन सक्दैनन्, र तिनीहरूलाई परमेश्वरले घृणा र अस्वीकार गर्नुहुन्छ। यसको विपरीत, जुन मानिसहरूले सत्यता अभ्यास गर्छन् र परमेश्वरलाई सन्तुष्ट पार्न सक्छन् र जसले सम्पूर्ण रूपले आफैलाई परमेश्वरको काममा अर्पण गर्छन्, तिनीहरू परमेश्वरद्वारा सिद्ध पारिने मानिसहरू हुन्। परमेश्वरले जुन मानिसहरूलाई पूर्ण बनाउने इच्छा गर्नुहुन्छ तिनीहरू अरू कोही नभएर यस समूहका मानिसहरू नै हुन्, र परमेश्वरले गर्नुहुने काम यिनै मानिसहरूका निम्ति हो। उहाँले बोल्नुभएको सत्यता ती मानिसहरूतर्फ निर्देशित छन् जो सत्यताको अभ्यास गर्न इच्छुक हुन्छन्। उहाँले सत्यको अभ्यास नगर्ने मानिसहरूसँग बोल्नुहुन्न। उहाँले कुरा गर्नुहुने अन्तर्दृष्टि र समझशक्तिको वृद्धि ती मानिसहरूतर्फ लक्षित छ जसले सत्यतालाई लागू गर्न सक्छन्। जब उहाँले सिद्ध पारिनु पर्ने मानिसहरूका बारेमा बोल्नुहुन्छ, त्यसबेला उहाँले यिनै मानिसहरूको बारेमा कुरा गरिरहनुभएको हुन्छ। पवित्र आत्माको काम ती मानिसहरूतर्फ लक्षित हुन्छ जो सत्यताको अभ्यास गर्न इच्छुक हुन्छन्। बुद्धि र मानवता धारण गर्ने जस्ता कुराहरू ती मानिसहरूतर्फ लक्षित हुन्छन् जो सत्य अभ्यास गर्न इच्छुक हुन्छन्। सत्यता लागू नगर्नेहरूले सत्यका धेरै वचनहरू सुन्न सक्छन्, तर तिनीहरू प्रकृतिले नै अत्यन्त दुष्ट र सत्यमा रुचि नराख्ने भएकाले तिनीहरूले बुझेका कुराहरू धर्म-सिद्धान्तहरू र शब्दहरू अनि रित्ता सिद्धान्तहरू मात्र हुन्छन्, जीवनमा तिनीहरूको प्रवेशका लागि रत्तीभर यसको महत्त्व हुँदैन। तिनीहरूमध्ये कोही पनि परमेश्वरप्रति बफादार हुँदैनन्; तिनीहरू सबै त्यस्ता मानिसहरू हुन् जसले परमेश्वरलाई देख्छन् तर उहाँलाई प्राप्त गर्न सक्दैनन्; तिनीहरू सबैलाई परमेश्वरले दोषी ठहऱ्याउनुभएको छ।

पवित्र आत्मासँग प्रत्येक व्यक्तिभित्र आउने मार्ग छ, र उहाँले प्रत्येक व्यक्तिलाई सिद्ध हुने मौका दिनुहुन्छ। तेरो नकारात्मकताद्वारा तँलाई आफ्नै भ्रष्टता चिन्न दिइन्छ, र त्यसपछि नकारात्मकता फाल्दा तैँले अभ्यास गर्ने बाटो पाउनेछस्; यी सबै ती तरिकाहरू हुन् जसबाट तँलाई सिद्ध तुल्याइन्छ। यसको अतिरिक्त, निरन्तर मार्गदर्शन र तँभित्रका केही सकारात्मक कुराहरूको ज्योतिमार्फत तैँले सक्रिय रूपमा आफ्नो काम पूरा गर्नेछस्, तेरो अन्तर्दृष्ट अभिवृद्धि हुनेछ र तैँले विवेक प्राप्त गर्नेछस्। जब तेरा अवस्थाहरू राम्रा हुन्छन्, तब तँ विशेष गरी परमेश्वरको वचन पढ्न इच्छुक हुन्छस्, र विशेष गरी परमेश्वरसँग प्रार्थना गर्न इच्छुक हुन्छस्, र तैँले सुनेका उपदेशहरूलाई आफ्नै अवस्थासँग जोड्न सक्छस्। यस्तो समयमा परमेश्वरले तँलाई सकारात्मक पक्षका केही कुराहरू महसुस गराउँदै तँभित्र अन्तर्दृष्टि र ज्योति दिनुहुन्छ। यसरी नै तँलाई सकारात्मक पक्षमा सिद्ध तुल्याइन्छ। नकारात्मक अवस्थाहरूमा, तँ कमजोर र निष्क्रिय हुन्छस्;

तँलाई तेरो हृदयमा परमेश्‍वर नभएको महसुस हुन्छ, तैपनि परमेश्‍वरले तँलाई ज्योति प्रदान गर्नुभई अभ्यासको बाटो प्राप्त गर्न सहयोग गर्नुहुन्छ। यसबाट बाहिर आउनु भनेको नकारात्मक पक्षमा सिद्धता हासिल गर्नु हो। परमेश्‍वरले मानिसलाई सकारात्मक र नकारात्मक दुवै पक्षमा सिद्ध तुल्याउन सक्नुहुन्छ। यो कुरा तँ परमेश्‍वरद्वारा सिद्ध भएको अनुभव गर्न सक्षम छस् कि छैनस् अनि तैँले परमेश्‍वरद्वारा आफूलाई सिद्ध तुल्याउन खोज्छस् कि खोज्दैनस् भन्‍ने कुरामा निर्भर गर्दछ। यदि तैँले साँच्चै परमेश्‍वरद्वारा आफूलाई सिद्ध तुल्याउन खोज्छस् भने, नकारात्मकताले तेरो हानि गर्न सक्दैन, बरु त्यसले तँमा ती कुराहरू ल्याउन सक्छ जुन अझ बढी वास्तविक छन्, र तँमा जुन कुराको कमी छ त्यो कुरा जान्‍न, तेरो वास्तविक अवस्थालाई बुझ्न, अनि मानिससँग केही छैन, र मानिस केही पनि होइन भन्‍ने कुरा बुझ्न तँलाई अझ बढी सक्षम बनाउँछ; यदि तैँले परीक्षाहरूको अनुभव गर्दैनस् भने, तँलाई ज्ञान नै हुँदैन, र तैँले जहिले पनि आफूलाई अरूभन्दा माथि र सबैभन्दा उत्तम महसुस गर्नेछस्। यी सबै कुराहरूबाट तैँले पहिले आएका सबै कुरा परमेश्‍वरद्वारा गरिएका अनि परमेश्‍वरद्वारा संरक्षित थिए भनी बुझ्नेछस्। परीक्षाहरूमा प्रवेश गर्दा तँ प्रेम वा विश्‍वासरहित अवस्थामा छोडिन्छस्, तँमा प्रार्थनाको कमी हुन्छ अनि तँ भजन गाउन असमर्थ हुन्छस्, र यसैबीच तैँले महसुसै नगरी आफैलाई जान्‍न थालिसकेको हुन्छ। परमेश्‍वरसित मानिसलाई सिद्ध तुल्याउने तरिकाहरू धेरै छन्। मानिसको भ्रष्‍ट स्वभावको निराकरण गर्न उहाँले हरप्रकारका वातावरणहरू प्रयोग गर्नुहुन्छ र मानिसलाई नाङ्गो पार्न विभिन्‍न कुराहरू प्रयोग गर्नुहुन्छ; एउटा सन्दर्भमा, उहाँले मानिसलाई निराकरण गर्नुहुन्छ, अर्कोमा उहाँले मानिसलाई नाङ्गो पार्नुहुन्छ, अनि अर्कोमा उहाँले मानिसको हृदयको गहिराइमा भएका "रहस्य" खोतलेर देखाउँदै मानिसलाई प्रकट गर्नुहुन्छ, र मानिसलाई उसका धेरैवटा अवस्थाहरू प्रकट गर्दै उसको प्रकृति देखाउनुहुन्छ। परमेश्‍वर व्यावहारिक हुनुहुन्छ भनी मानिसले जानोस् भनी परमेश्‍वरले धेरै तरिकाहरूद्वारा–प्रकाशद्वारा, मानिसलाई निराकरणगरेर मानिसको शोधन गरेर अनि सजाय दिएर– मानिसलाई सिद्ध तुल्याउनुहुन्छ।

तिमीहरूले अहिले के खोज्छौ? परमेश्‍वरद्वारा सिद्ध हुनु, परमेश्‍वरलाई चिन्‍नु, परमेश्‍वरलाई प्राप्त गर्नु–वा सायद तँ ९० को दशकको पत्रुसको तरिकाले आफैलाई अगि बढाउन चाहन्छस्, वा अय्यूबको भन्दा ठूलो विश्‍वास प्राप्त गर्न चाहन्छस्, वा सायद तँ परमेश्‍वरद्वारा धर्मी कहलिन र परमेश्‍वरको सिंहासनको सामु आउन खोज्छस्, वा पृथ्वीमा परमेश्‍वरलाई प्रकटीकरण गर्न र परमेश्‍वरका निम्ति शक्तिशाली र सानदार रूपमा साक्षी दिने प्रयास गर्न खोज्छस्। तिमीहरूले जे गर्न खोजे पनि समग्रमा, तिमीहरू परमेश्‍वरद्वारा मुक्ति पाउनका निम्ति नै खोजी गर्छौ। तँ धर्मी हुन खोजे पनि, पत्रुसको बानीव्यहोरा, वा अय्यूबको विश्‍वासको खोजी गरे पनि, वा परमेश्‍वरद्वारा सिद्ध पारिन खोजे पनि, यो सब परमेश्‍वरले मानिसमा गर्नुहुने काम हो। अर्को शब्दमा भन्दा, तैँले जे खोजे पनि ती सबै परमेश्‍वरद्वारा सिद्ध पारिनका निम्ति, सबै परमेश्‍वरको वचन अनुभव गर्न, परमेश्‍वरको हृदयलाई सन्तुष्‍ट पार्नका लागि नै हो; तैँले जे खोजे पनि, त्यो सब परमेश्‍वरको प्रेमिलोपन पत्ता लगाउनका लागि, आफ्नै विद्रोही स्वभावलाई फाल्न सक्षम हुने उद्देश्‍यसहित वास्तविक अनुभवमा अभ्यास गर्ने मार्ग खोज्नको लागि, आफैभित्र सामान्य अवस्था हासिल गर्न,

पूर्ण रूपमा परमेश्‍वरको इच्छाअनुरूप हुनु, एक सही व्यक्ति बन्‍न र तैंले गर्ने सबै कुरामा सही अभिप्राय राख्‍नको लागि हो। तैंले यी सबै कुराहरूको अनुभव गर्नुको कारण भनेको परमेश्‍वरलाई चिन्‍नु र जीवनको वृद्धि हासिल गर्नु हो। तैंले अनुभव गर्ने कुरा परमेश्‍वरको वचन र वास्तविक घटनाहरू, साथसाथै तेरो वरिपरिका मानिसहरू, वस्तुहरू र स्थितिहरू भए पनि, अन्ततः तँ परमेश्‍वरलाई चिन्‍न र परमेश्‍वरबाट सिद्ध हुन सक्छस्। एक धर्मी व्यक्तिको मार्गमा हिँड्न खोज्नु वा परमेश्‍वरको वचन अभ्यास गर्ने खोज्नु: यी चालू मार्ग हुन्, जबकि परमेश्‍वरलाई चिन्‍नु र परमेश्‍वरबाट सिद्ध हुनु भनेको चाहिँ गन्तव्य हो। यदि तैँले अहिले परमेश्‍वरबाट सिद्धता खोजे पनि वा परमेश्‍वरका लागि साक्षी दिन खोजे पनि, त्यो सबै आखिर परमेश्‍वरलाई जान्‍नका निम्ति नै हो; यो उहाँले तँभित्र गर्नुभएको काम व्यर्थ नहोस् भनेर हो, यसरी तँ अन्ततः परमेश्‍वरको वास्तविकता जान्‍न, उहाँको महानता थाहा पाउन, र अझ बढी परमेश्‍वरको नम्रता र गोप्यता जान्‍न, र परमेश्‍वरले तँमा गर्नुहुने धेरै कामको बारेमा जान्‍न सक्। परमेश्‍वरले आफूलाई यति स्तरसम्म विनम्र तुल्याउनुभएको छ कि उहाँले यी फोहोरी र भ्रष्‍ट मानिसहरूमा काम गर्नुहुन्छ र मानिसहरूको यस समूहलाई सिद्ध पार्नुहुन्छ। परमेश्‍वर मानिसहरूको माझमा जिउन र खानका निम्ति, मानिसहरूको गोठालो गर्न र मानिसहरूलाई चाहिने कुराहरू प्रदान गर्नको निम्ति मात्र देह बन्‍नुभएन। बरु त्योभन्दा महत्त्वपूर्ण कुरा त यो छ कि उहाँले मुक्ति र विजयको आफ्नो शक्तिशाली काम यी असहनीय तवरमा भ्रष्‍ट रहेका मानिसहरूका निम्ति गर्नुहुन्छ। उहाँले यी अति भ्रष्‍ट मानिसहरूलाई मुक्त गर्नको लागि ठूलो रातो अजिङ्गरको केन्द्रमा आउनुभयो ताकि सबै मानिसहरूलाई परिवर्तन गर्न र नयाँ बनाउन सकियोस्। परमेश्‍वरले सहनुहुने विशाल कठिनाइ देहधारी परमेश्‍वरले भोग्‍ने कठिनाइ मात्र होइन, बरु सबैभन्दा बढी त परमेश्‍वरको आत्माले अत्यधिक अपमान सहनुपर्दछ–उहाँले आफैलाई यत्ति धेरै विनम्र बनाउनुहुन्छ र लुकाउनुहुन्छ कि उहाँ एक साधारण व्यक्ति बन्‍नुहुन्छ। परमेश्‍वर देहधारी हुनुभयो र देहको रूप लिनुभयो ताकि मानिसहरूले उहाँसँग सामान्य मानव जीवन र सामान्य मानवीय खाँचोहरू रहेछन् भनी देख्‍न सकून्। यो कुरा परमेश्‍वरले आफूलाई हदैसम्म विनम्र तुल्याउनुभएको छ भनी प्रमाणित गर्न पर्याप्त छ। परमेश्‍वरको आत्मालाई देहमा अनुभव गरिन्छ। उहाँको आत्मा यति उच्‍च र महान् छ, तापनि उहाँले उहाँको आत्माको काम गर्नको लागि एक सामान्य मानिसको, एक नगण्य मानिसको रूप धारण गर्नुहुन्छ। योग्यता, अन्तरदृष्‍टि, चेतना, मानवता, र तिमीहरू प्रत्येकको जीवनले तिमीहरू परमेश्‍वरको यस प्रकारको कामलाई स्वीकार गर्न साँच्‍चै लायक छैनौ भन्‍ने देखाउँछ। तिमीहरू आफ्नो खातिर परमेश्‍वरलाई यस्तो कठिनाइ सहन दिनको लागि साँच्‍चै लायक छैनौ। परमेश्‍वर धेरै महान् हुनुहुन्छ। उहाँ अति नै सर्वोच्‍च हुनुहुन्छ, तर मानिसहरू अति नै तुच्छ छन्, तैपनि उहाँले तिनीहरूमा काम गर्नुहुन्छ। उहाँ केवल मानिसहरूका निम्ति प्रबन्ध गर्न, मानिसहरूसँग बोल्न मात्र देहधारी बन्‍नुभएको थिएन, बरु उहाँ त मानिसहरूसँगसँगै बस्‍नुहुन्छ। परमेश्‍वर औधि नम्र, औधि प्रेमिलो हुनुहुन्छ। यदि, परमेश्‍वरको प्रेम उल्लेख गर्ने बित्तिकै, परमेश्‍वरको अनुग्रहको बारेमा उल्लेख गर्ने बित्तिकै, तँ ठूलो प्रशंसा गर्दै आँसु झार्छस् भने, यदि तँ यस्तो स्थितिमा आइपुगिस् भने, तैंले परमेश्‍वरको बारेमा साँचो ज्ञान प्राप्त गरेको छस्।

हिजोआज मानिसहरूको खोजमा विचलन छ; तिनीहरू परमेश्‍वरलाई प्रेम गर्न र परमेश्‍वरलाई सन्तुष्ट पार्न मात्र खोज्छन्, तर तिनीहरूमा परमेश्‍वरको कुनै ज्ञान हुँदैन, र तिनीहरूले आफूभित्रको पवित्र आत्माको अन्तर्दृष्टि र प्रकाशलाई बेवास्ता गरेका छन्। तिनीहरूसँग परमेश्‍वरको साँचो ज्ञानको जग हुँदैन। यस तरिकाले, तिनीहरूको अनुभव बढ्दै जाँदा तिनीहरूको उत्साह हराउँदै जान्छ। परमेश्‍वरबारे साँचो ज्ञान प्राप्त गर्न खोज्नेहरू, विगतमा राम्रो स्थितिमा नभएको, र नकारात्मकता र कमजोरीतिर ध्यान दिने, र प्रायजसो आँसु बगाउने, निराशामा पर्ने, र आशा गुमाउने गरेको भए पनि–अब, तिनीहरूले धेरै अनुभव प्राप्त गरेपछि, तिनीहरूको अवस्थामा सुधार भएको छ। निराकरण गरिएको र तोडिएको अनुभवपछि, र परीक्षा र शोधनको चक्रबाट भएर गएपछि तिनीहरूले ठूलो प्रगति गरेका छन्। नकारात्मक अवस्था घटेको छ, र तिनीहरूको जीवनको स्वभावमा केही परिवर्तन भएको छ। तिनीहरू अझ बढी परीक्षामा पर्दै जाँदा, तिनीहरूका हृदयले परमेश्‍वरलाई प्रेम गर्न थाल्छ। परमेश्‍वरले मानिसहरूलाई सिद्ध तुल्याउने एउटा नियम छ, जुन यो हो कि उहाँले तेरो वाञ्छनीय पक्षलाई प्रयोग गरेर तँलाई ज्ञान दिनुहुन्छ ताकि तँसँग अभ्यास गर्ने मार्ग होस् र तैँले आफूलाई नकारात्मक अवस्थाहरूबाट अलग गर्न सक् र यसरी तैँले आफ्नो आत्मालाई छुटकारा पाउन सहायता गर्न सक् र तैँले आफूलाई परमेश्‍वरलाई अझ बढी प्रेम गर्न सक्षम तुल्याउन सक्। यस्तो प्रकारले तैँले शैतानको भ्रष्ट स्वभावलाई फाल्न सक्षम हुन्छस्। तँ निष्कपट र खुला छस्, आफैलाई चिन्न र सत्यतालाई व्यवहारमा अपनाउन इच्छुक छस्। परमेश्‍वरले निश्‍चय नै तँलाई आशिष दिनुहुनेछ, त्यसैले जब तँ कमजोर र नकारात्मक हुन्छस्, तब उहाँले तँलाई दोब्बर ज्ञान दिनुहुन्छ, तँलाई अझ बढी आफैलाई जान्न, आफ्नै निम्ति पश्‍चात्ताप गर्न अझ बढी इच्छुक बन्न र आफूले अभ्यास गर्नुपर्ने कुरा अभ्यास गर्न अझ बढी सक्षम हुन सहयोग गर्नुहुन्छ। केवल यस तरिकाले तेरो हृदय शान्त र सहज हुन सक्छ। साधारणतः परमेश्‍वरलाई चिन्ने कुरामा ध्यान लगाउने, आफैलाई चिन्ने कुरामा ध्यान लगाउने, अनि आफ्नै अभ्यासमा ध्यान दिने व्यक्ति बारम्बार परमेश्‍वरको काम, साथसाथै उहाँको मार्गदर्शन र ज्ञान प्राप्त गर्न सक्षम हुनेछन्। यदि त्यस्तो व्यक्ति नकारात्मक अवस्थामा छ भने पनि ऊ विवेकको कार्य वा परमेश्‍वरको वचनको ज्ञानको कारण परिस्थितिहरू तुरुन्तै बदल्न सक्षम हुन्छ। कुनै व्यक्तिको स्वभावको परिवर्तन सधैं तब हासिल हुन्छ जब उसले आफ्नो वास्तविक अवस्था अनि परमेश्‍वरको स्वभाव र कार्यको बारेमा जान्दछ। आफैलाई चिन्न र आफै खुल्न इच्छुक व्यक्ति सत्यतालाई अभ्यास गर्न सक्षम हुनेछन्। यस प्रकारको व्यक्ति त्यो व्यक्ति हो जो परमेश्‍वरप्रति बफादार छ अनि जुन व्यक्ति परमेश्‍वरप्रति बफादार हुन्छ ऊसित परमेश्‍वरप्रतिको बुझाइ हुन्छ, त्यो बुझाइ चाहे गहिरो होस् वा सतही, थोरै होस् वा प्रशस्त। यो परमेश्‍वरको धार्मिकता हो, र यो त्यस्तो कुरा हो जुन मानिसहरूले प्राप्त गर्छन्; यो उनीहरूको आफ्नै लाभ हो। जुन व्यक्तिमा परमेश्‍वरको ज्ञान हुन्छ ऊ त्यो व्यक्ति हो जोसँग आधार हुन्छ, जोसँग दर्शन हुन्छ। यस प्रकारको व्यक्ति परमेश्‍वरको देहको बारेमा निश्‍चित हुन्छ, र परमेश्‍वरको वचन र परमेश्‍वरको कामको बारेमा निश्‍चित हुन्छ। परमेश्‍वरले जसरी काम गर्नुभए पनि वा बोल्नुभए पनि, वा अरू मानिसहरूले जस्तै बाधा दिए पनि ऊ अडिग रहन सक्छ र उसले परमेश्‍वरको लागि साक्षी दिन सक्छ। कुनै व्यक्ति जति बढी यस प्रकारको हुन्छ उसले आफूले

बुझेको सत्यलाई त्यत्ति नै बढी अघि बढाउन सक्छ। उसले सधैँ परमेश्वरको वचनको अभ्यास गरिरहेको हुनाले उसले परमेश्वर सम्बन्धी अझ बढी बुझाइ प्राप्त गर्छ, अनि उसँग सदासर्वदा परमेश्वरको लागि साक्षी बनेर खडा हुने दृढ संकल्प हुन्छ।

समझशक्ति हुनु, अधीनता हुनु, र तँ आत्मामा तीक्ष्ण हुन सक्ने गरी स्थितिहरूलाई बुझ्ने क्षमता प्राप्त गर्नु भनेको तैँले कुनै कुराको सामना गर्नेबित्तिकै तँभित्र परमेश्वरका वचनहरूको ज्योति र अन्तर्दृष्टि आउँछ भन्ने हो। आत्मामा तीक्ष्ण हुनु भनेको यही हो। परमेश्वरले सबै कुरा मानिसहरूका आत्मालाई पुनर्जीवित पार्नका लागि गर्नुहुन्छ। किन परमेश्वरले सधैँ मानिस बोधो र मन्द-बुद्धिका छन् भनी भन्नुहुन्छ? किनभने मानिसहरूका आत्माहरू मरेकाले गर्दा, र ती यति बोधो बनेका छन् कि आत्मिक कुराहरूका निम्ति ती पूर्ण रूपले अनजान छन्। परमेश्वरको काम भनेको मानिसको जीवनलाई उन्नति गराउनु र मानिसहरूको आत्मालाई फेरि जीवित पार्न सहायता गर्नु हो, यसरी तिनीहरू आत्माका कुराहरू देख्न सक्छन्, र तिनीहरू आफ्नो हृदयमा सधैँ परमेश्वरलाई प्रेम गर्न र परमेश्वरलाई सन्तुष्ट पार्न सक्छन्। यस चरणमा पुग्नुले त्यस व्यक्तिको आत्मा पुनर्जीवित भएको छ भन्ने देखाउँछ, र अर्को चोटि उसले कुनै कुराको सामना गर्दा उसले तुरुन्तै प्रतिक्रिया दिन सक्छ। उसले प्रवचनहरूप्रति प्रतिक्रिया दिन सक्छ, र अवस्थाहरूप्रति तुरुन्तै प्रतिक्रिया दिन्छ। आत्माको तीक्ष्णता प्राप्त गर्नु भनेको यही हो। धेरै मानिसहरू यस्ता हुन्छन्, जसले बाहिरी घटनामा तुरुन्तै प्रतिक्रिया गर्छन्, तर वास्तविकतामा प्रवेश गर्ने बारेमा वा आत्माका सबै कुराहरूको बारेमा सम्पूर्ण विवरण बताउनसाथ तिनीहरू बोधो र मन्द बुद्धिका बन्छन्। यदि कुनै कुरा तिनीहरूकै अगाडि छ भने मात्र तिनीहरू त्यसलाई बुझ्छन्। यी सबै आत्मिक रूपमा बोधो र मन्द-बुद्धि हुनुका, आत्माका कुराहरूको थोरै अनुभव प्राप्त गर्नुका चिह्नहरू हुन्। केही मानिसहरू आत्मामा तीक्ष्ण हुन्छन् र तिनीहरूमा समझशक्ति हुन्छ। तिनीहरूको अवस्था देखाउने वचनहरू सुन्नेसाथ, कुनै समय खेर नफाली तिनीहरू ती कुरा लेख्छन्। तिनीहरूले अभ्यासका सिद्धान्तहरूको बारेमा वचनहरू सुनेपछि, तिनीहरू तिनलाई स्वीकार्न गर्न र पछिको आफ्नो अनुभवमा लागू गर्न सक्छन्, र त्यसरी आफैलाई परिवर्तन गर्न सक्छन्। यो त्यस्तो व्यक्ति हो, जो आत्मामा तीक्ष्ण छ। तिनीहरूले किन यति छिटो प्रतिक्रिया दिन सक्छन्? किनकि तिनीहरू दैनिक जीवनमा यी कुराहरूमा ध्यान दिन्छन्। जब तिनीहरू परमेश्वरका वचनहरू पढ्छन्, तिनीहरूले ती वचनको आधारमा आफ्ना अवस्थाहरूलाई जाँच्न र तिनीहरूका आफ्नै बारेमा विचार गर्न सक्छन्। जब तिनीहरू तिनीहरूलाई अन्तर्दृष्टि र ज्योति दिने सङ्गति गर्छन् र वचनहरू सुन्छन्, तब तिनीहरू तुरुन्तै तिनलाई स्वीकार गर्न सक्छन्। यो भोको मानिसलाई भोजन दिनुजस्तै हो; तिनीहरूले त्यो तुरुन्तै खाइहाल्न सक्छन्। यदि तँ नभोकाएको मानिसलाई भोजन दिन्छस् भने तिनीहरूले तुरुन्तै प्रतिक्रिया गर्दैनन्। तँ प्रायजसो परमेश्वरसँग प्रार्थना गर्छस्, र त्यसपछि तैँले कुनै कुराको सामना गर्नुपर्‍यो भने, तैँले तुरुन्तै प्रतिक्रिया दिन सक्छस्: यस विषयमा परमेश्वरले के चाहनुहुन्छ, र तैँले कसरी व्यवहार गर्नुपर्छ। पछिल्लो समय परमेश्वरले तँलाई यस विषयमा डोर्‍याउनुभयो; जब आज तँ यस्तै प्रकारको कुराको सामना गर्छस्, तब परमेश्वरको हृदयलाई सन्तुष्ट पार्ने प्रकारले कसरी अभ्यास गर्नुपर्छ भन्ने कुरा तैँले प्राकृतिक रूपमै जान्दछस्। यदि तँ सधैँ यस तरिकाले अभ्यास

गर्छस् भने र सधैँ यस तरिकाले अनुभव गर्छस् भने, कुनै बेला यो तेरो स्वभाव नै बन्नेछ। परमेश्‍वरको वचन पढ्दा, परमेश्‍वरले कस्तो प्रकारको मानिसलाई सङ्केत गर्दैहुनुहुन्छ भन्‍ने तँलाई थाहा हुन्छ, उहाँले आत्माको कस्ता अवस्थाहरूको कुरा गर्दैहुनुहुन्छ सो तँलाई थाहा हुन्छ, र तैँले मुख्य बुँदालाई बुझ्न र त्यसलाई अभ्यास गर्न सक्‍नेछस्; यसले तँ अनुभव गर्न सक्षम छस् भन्‍ने देखाउँछ। कतिपय मानिसहरूमा किन यस कुराको कमी छ? किनकि तिनीहरूले अभ्यासको पक्षमा धेरै प्रयास गर्दैनन्। तिनीहरू सत्यको अभ्यास गर्न इच्छुक भए पनि, उनीहरूमा सेवाको सबै कुराहरू, तिनीहरूका जीवनका सबै सत्यताहरूको वास्तविक अन्तर्ज्ञान हुँदैन। केही भयो भने तिनीहरू अलमल्ल पर्छन्। यस्तो हुँदा, जब झूटो अगमवक्ता वा झूटो प्रेरित आउँछ तब तँ बहकिन सक्छस्। तैंले परमेश्‍वरको वचन र कामको बारेमा नियमित सङ्गति गर्नुपर्दछ—यस तरिकाले मात्र तैँले सत्यता बुझ्न र भेदज्ञान विकास गर्न सक्‍नेछस्। यदि तँ सत्यतालाई बुझ्दैनस् भने, तँसँग कुनै भेदज्ञान हुनेछैन। उदाहरणको लागि, परमेश्‍वरले के बोल्नुहुन्छ, परमेश्‍वरले कसरी काम गर्नुहुन्छ, उहाँले मानिसहरूबाट के माग गर्नुहुन्छ, तँ कस्तो प्रकारका मानिसहरूको सम्पर्कमा आउनुपर्छ, र तैंले कस्तो किसिमका मानिसहरू इन्कार गर्नुपर्छ—तैँले यी कुराहरूको विषयमा तैंले नियमित सङ्गति गर्नुपर्दछ। यदि तैंले सधैँ यस प्रकारले परमेश्‍वरको वचनको अनुभव गर्नेछस् भने, तैँले सत्यतालाई बुझ्नेछस् र धेरै कुरा राम्ररी बुझ्नेछस्, र तँसित भेदज्ञान पनि हुनेछ। पवित्र आत्माद्‌वारा अनुशासन गरिनु भनेको के हो, मानव इच्छाबाट जन्मेको दोष के हो, पवित्र आत्माको अगुवाइ के हो, वातावरणको बन्दोबस्त भनेको के हो, भित्री अन्तर्दृष्टि दिने परमेश्‍वरका वचनहरू के हो? यदि तँ यी कुराहरूको बारेमा स्पष्ट छैनस् भने, तँसँग कुनै भेदज्ञान हुनेछैन। पवित्र आत्माबाट के आउँछ, विद्रोही स्वभाव भनेको के हो, परमेश्‍वरको वचन कसरी पालन गर्ने र तेरो विद्रोहीपनलाई कसरी फाल्ने त्यो तँलाई थाहा हुनुपर्छ; यदि तँसँग यी कुराहरूको अनुभवपूर्ण ज्ञान छ भने, तँसँग एउटा जग हुनेछ; जब केही हुन्छ, तब तँसँग त्यसलाई नाप्‍ने एउटा उचित सत्यता र जगको रूपमा उपयुक्त दर्शनहरू हुनेछ। तैंले गर्ने सबै कुरामा तँसँग सिद्‌धान्तहरू हुनेछन्, र तैँले सत्यको आधारमा काम गर्न सक्‍नेछस्। तब तेरो जीवन परमेश्‍वरको अन्तर्दृष्टिले भरिपूर्ण, परमेश्‍वरका आशिषहरूले भरिपूर्ण हुनेछ। परमेश्‍वरले इमानदारीसाथ उहाँलाई खोज्ने व्यक्तिसित वा उहाँमा जिउने र उहाँको निम्ति साक्षी दिने व्यक्तिसँग अनुचित व्यवहार गर्नुहुनेछैन, र सत्यका लागि साँच्चै तिर्खाउन सक्‍ने कुनै पनि व्यक्तिलाई उहाँले सराप दिनुहुनेछैन। यदि, तैंले परमेश्‍वरका वचनहरू खाँदै र पिउँदै गर्दा तैँले आफ्नै वास्तविक अवस्थालाई जान्‍नका निम्ति ध्यान दिन सक्छस्, तेरो आफ्नै अभ्यासमा ध्यान दिन सक्छस्, र तेरो आफ्नै बुझाइमा ध्यान दिन सक्छस् भने, जब तैंले कुनै समस्याको सामना गर्छस्, तैंले अन्तर्दृष्टि पाउनेछस् र व्यावहारिक बुझाइ प्राप्‍त गर्नेछस्। तब तँसित सबै कुरामा अभ्यास गर्ने मार्ग र भेद-ज्ञान पाउनेछस्। जुन व्यक्तिसित सत्य हुन्छ ऊ धोकामा पर्ने सम्भावना हुँदैन, विघटनकारी व्यवहार गर्ने वा अत्याधिक किसिमको व्यवहार गर्ने सम्भावना हुँदैन। सत्यको कारण, ऊ सुरक्षित हुन्छ, र साथै सत्यको कारण नै उसले अझ अरू बुझाइ प्राप्‍त गर्दछ। सत्यको कारण ऊसँग अभ्यासका अझ धेरै मार्ग हुन्छन्, पवित्र आत्माले ऊभित्र काम गर्ने धेरै मौकाहरू पाउनुहुन्छ, र उसले सिद्‌ध पारिने धेरै मौका पाउँछ।

# पवित्र आत्माको काम र शैतानको काम

एक व्यक्तिले आत्माका सबै विवरणहरू कसरी बुझ्छ? पवित्र आत्माले मानिसमा कसरी काम गर्नुहुन्छ? शैतानले मानिसमा कसरी काम गर्छ? दुष्टात्माहरूले मानिसमा कसरी काम गर्छन्? प्रकटीकरणहरू के-के हुन्? जब तँलाई केही हुन्छ, के त्यो पवित्र आत्माबाट आउँछ, र तैंले त्यसलाई पालन गर्नुपर्छ वा अस्वीकार गर्नुपर्छ? मानिसहरूको वास्तविक व्यवहारमा, मानवीय इच्छाबाट धेरै कुराहरू उत्पन्न हुन्छन्, जुन मानिसहरूले सधैं पवित्र आत्माबाट आएका हुन् भनी विश्वास गर्दछन्। केही कुराहरू दुष्टात्माहरूबाट आएका हुन्छन्, तर अझै पनि मानिसहरूले ती पवित्र आत्माबाट आएका हुन् भनी सोच्छन्, र कहिलेकहीं पवित्र आत्माले मानिसहरूलाई भित्रबाटै मार्गदर्शन गर्नुहुन्छ, तर मानिसहरू त्यस्तो मार्गदर्शन शैतानबाट आएको हो भनी सोचेर डराउँछन् र त्यो पालन गर्ने हिम्मत गर्दैनन्, जबकि वास्तवमा उक्त मार्गदर्शन पवित्र आत्माको अन्तर्दृष्टि हो। यसैले, जबसम्म कसैले भिन्नता अभ्यास गर्दैन, तबसम्म कसैले पनि आफ्नो दृष्टिकोणबाट व्यावहारिक अनुभव गर्ने कुनै उपाय हुँदैन; भिन्नताबिना जीवन प्राप्त गर्ने कुनै उपाय हुँदैन। पवित्र आत्माले कसरी काम गर्नुहुन्छ? दुष्टात्माहरूले कसरी काम गर्छन्? मानिसको इच्छाबाट के आउँछ? अनि पवित्र आत्माको मार्गदर्शन र अन्तर्दृष्टिबाट के जन्मन्छ? यदि तैंले मानिसभित्र पवित्र आत्माले गर्नुहुने कामको ढाँचा बुझिस् भने तेरो दैनिक जीवन र तेरा व्यावहारिक अनुभवहरूमा तैंले आफ्नो ज्ञान बढाउन र भिन्नताहरू छुट्ट्याउन सक्नेछस्; तैंले परमेश्‍वरलाई चिन्नेछस्, तैंले शैतानलाई बुझ्न र चिन्न सक्नेछस्; तेरो आज्ञाकारिता वा खोजमा तँ अलमलमा पर्नेछैनस्, र तँ त्यस्तो व्यक्ति हुनेछस् जसको विचार स्पष्ट हुन्छ, जसले पवित्र आत्माको कामलाई पालन गर्छ।

पवित्र आत्माको काम सक्रिय मार्गदर्शन र सकारात्मक अन्तर्दृष्टिको एक रूप हो। यसले मानिसहरूलाई निष्क्रिय हुन दिँदैन। यसले तिनीहरूलाई सान्त्वना दिन्छ, विश्‍वास र सङ्कल्प दिन्छ, र तिनीहरूलाई परमेश्‍वरद्वारा सिद्ध तुल्याइएको कुराको पछि लाग्न सक्ने बनाउँछ। जब पवित्र आत्माले काम गर्नुहुन्छ, तब मानिसहरू सक्रिय रूपमा प्रवेश गर्न सक्षम हुन्छन्; तिनीहरू निष्क्रिय वा बाध्य हुँदैनन्, बरु आफ्नै पहलमा काम गर्दछन्। जब पवित्र आत्माले काम गर्नुहुन्छ, तब मानिसहरू खुशी र इच्छुक हुन्छन्, आज्ञापालन गर्न इच्छुक र आफूलाई नम्र बनाउँदा खुशी हुन्छन्। तिनीहरू भित्रबाट दु:खित र कमजोर भए पनि तिनीहरूमा सहकार्य गर्ने संकल्प हुन्छ; तिनीहरूले खुशीसाथ दुःख भोग्छन्, तिनीहरू आज्ञापालन गर्न सक्षम हुन्छन्, र तिनीहरू मानवीय इच्छाबाट अछुतो हुन्छन्, मानिसका सोचबाट अछुतो हुन्छन्, र निश्‍चय नै तिनीहरू मानवीय चाहना र अभिप्रेरणाहरूबाट अछुतो हुन्छन्। जब मानिसहरूले पवित्र आत्माको कामको अनुभव गर्छन्, तिनीहरू विशेष गरी भित्रपट्टि पवित्र हुन्छन्। जोसँग पवित्र आत्माको काम हुन्छ तिनीहरू परमेश्‍वरको प्रेममा र आफ्ना भाइ-बहिनीहरूलाई प्रेम गर्दै जिउँछन्; तिनीहरू परमेश्‍वरलाई प्रसन्‍न पार्ने कुरामा रमाउँछन् र परमेश्‍वरले घृणा गर्नुहुने कुराहरूलाई घृणा गर्छन्। पवित्र आत्माको कामले छोइएका मानिसहरूमा सामान्य मानवता हुन्छ, र तिनीहरू निरन्तर सत्यको पछि लाग्छन् र मानवता प्राप्त गर्छन्। जब पवित्र आत्माले मानिसभित्र काम गर्नुहुन्छ, तब तिनीहरूको अवस्था

झनझन राम्रो हुन्छ, र तिनीहरूको मानवता झनझन् सामान्य बन्छ, र तिनीहरूको कुनै-कुनै सहकार्य मूर्खतापूर्ण भए पनि, तिनीहरूको अभिप्रेरणा सही हुन्छ, तिनीहरूको प्रवेश सकारात्मक हुन्छ, तिनीहरूले विध्वंश गर्न खोज्दैनन्, तिनीहरूभित्र कुनै दुर्भावना हुँदैन। पवित्र आत्माको काम सामान्य र वास्तविक हुन्छ, पवित्र आत्माले मानिसमा मानिसको सामान्य जीवनको नियमअनुसार काम गर्नुहुन्छ, र उहाँले सामान्य मानिसहरूको वास्तविक खोजअनुसार मानिसहरूभित्र अन्तर्दृष्टि र मार्गदर्शन प्रदान गर्नहुन्छ। जब पवित्र आत्माले मानिसहरूमा काम गर्नुहुन्छ, तब उहाँले सामान्य मानिसहरूका आवश्यकताअनुसार मार्गदर्शन र अन्तर्दृष्टि प्रदान गर्नहुन्छ। उहाँले तिनीहरूका आवश्यकताअनुसार तिनीहरूका निम्ति प्रबन्ध गर्नुहुन्छ, र उहाँले तिनीहरूलाई तिनीहरूको अभावअनुसार र तिनीहरूका कमी-कमजोरीहरूका आधारमा सकारात्मक रूपले मार्गदर्शन र अन्तर्दृष्टि प्रदान गर्नहुन्छ। पवित्र आत्माको काम वास्तविक जीवनमा मानिसहरूलाई मार्गदर्शन र अन्तर्दृष्टि प्रदान गर्नु हो; यदि तिनीहरूले तिनीहरूको वास्तविक जीवनमा परमेश्‍वरका वचनहरूको अनुभव गर्छन् भने मात्र तिनीहरूले पवित्र आत्माको काम देख्न सक्छन्। यदि तिनीहरूको दैनिक जीवनमा मानिसहरू सकारात्मक अवस्थामा छन् र तिनीहरूको सामान्य आत्मिक जीवन छ भने तिनीहरूमा पवित्र आत्माको काम भएको हुन्छ। त्यस्तो अवस्थामा, जब तिनीहरूले परमेश्‍वरका वचनहरू खान्छन् र पिउँछन्, तब तिनीहरूसँग विश्‍वास हुन्छ; जब तिनीहरू प्रार्थना गर्छन्, तब तिनीहरूले प्रेरणा पाउँछन्; जब तिनीहरूले कुनै कुराको सामना गर्नुपर्ने हुन्छ, तिनीहरू निष्क्रिय बस्दैनन्; र जब घटनाहरू घट्छन्, तब तिनीहरूले ती घटनाहरूबाट जुन पाठ सिकून् भनी परमेश्‍वरले चाहनुभएको हुन्छ त्यो पाठ सिक्छन्। तिनीहरू निष्क्रिय वा कमजोर हुँदैनन्, र तिनीहरूसँग वास्तविक कठिनाइहरू भए पनि तिनीहरू परमेश्‍वरका सबै प्रबन्धहरू पालन गर्न इच्छुक हुन्छन्।

पवित्र आत्माको कामद्वारा के-कस्ता प्रभावहरू पारिएका छन्? तँ मूर्ख हुन सक्छस्, र तँ विवेकरहित हुन सक्छस्, तर पवित्र आत्माले जसरी भए पनि काम गर्नुपर्दछ र तँमा विश्‍वास हुनेछ, र तैँले सधैं परमेश्‍वरलाई पर्याप्त प्रेम गर्न नसकिने रहेछ भनी महसुस गर्नेछस्। तेरो अघि जति नै ठूलो कठिनाइ भए पनि तँ सहकार्य गर्न इच्छुक हुनेछस्। तेरा निम्ति घटनाहरू घट्नेछन् र ती परमेश्‍वरबाट आएका हुन् वा शैतानबाट त्यो तँलाई स्पष्ट हुनेछैन, तर तैँले पर्खन सक्नेछस्, र तँ न त निष्क्रिय न त लापरवाह ने हुनेछस्। यो पवित्र आत्माको सामान्य काम हो। जब पवित्र आत्माले तँभित्र काम गर्नुहुन्छ, तब तैँले अझै पनि वास्तविक कठिनाइहरूको सामना गर्नुपर्दछ: कहिले तैँले आँसु खसाल्नुपर्नेछ, र कहिले यस्ता कुराहरू हुनेछन् जसबाट पार पाउन तैँ सक्षम हुनेछैनस्, तर यो पवित्र आत्माको सामान्य कामको एउटा चरण मात्र हो। तैँले ती कठिनाइहरूबाट पार नपाएको भए पनि, र त्यस बेला तँ कमजोर र गुनासोहरूले भरिएको भए पनि, पछि गएर तँ पूर्ण विश्‍वाससहित परमेश्‍वरलाई प्रेम गर्न सक्ने भइस्। तेरो निष्क्रियताले तँलाई सामान्य अनुभवहरू प्राप्त गर्नुबाट रोक्न सक्दैन, र अरू मानिसले चाहे जे भने पनि, र अरूले तँलाई जसरी आक्रमण गरे पनि, तँ अझै परमेश्‍वरलाई प्रेम गर्न सक्षम हुन्छस्। प्रार्थनाको अवधिमा, तैँले विगतमा आफू परमेश्‍वरप्रति धेरै ऋणी भएको महसुस गर्छस्, र तैँले परमेश्‍वरलाई सन्तुष्ट पार्ने र फेरि त्यस्ता

कुराहरूको सामना गर्नुपर्दा देहलाई इन्कार गर्ने दृढ् संकल्प गर्छस्। यो शक्तिले पवित्र आत्माको काम तँभित्र रहेको देखाउँदछ। यो पवित्र आत्माको कामको सामान्य अवस्था हो।

शैतानबाट आउने काम के हो? शैतानबाट आउने काममा, मानिसहरूभित्र हुने दर्शनहरू अस्पष्ट हुन्छन्; मानिसहरू सामान्य मानवताबिनाका हुन्छन्, तिनीहरूले गर्ने कामको पछाडिका अभिप्रेरणाहरू गलत हुन्छन्, र तिनीहरूले परमेश्वरलाई प्रेम गर्ने इच्छा गरे पनि तिनीहरूभित्र सधैं आरोपहरू हुन्छन्, र यी आरोपहरू र विचारहरूले तिनीहरूभित्र निरन्तर हस्तक्षेप गर्छन्, र यसले तिनीहरूको जीवनको विकासलाई अवरुद्ध पार्छ र तिनीहरूलाई सामान्य अवस्थामा परमेश्वरको अघि आउनबाट रोक्दछ। भन्नुको तात्पर्य, मानिसहरूभित्र शैतानको काम हुनेबित्तिकै तिनीहरूको हृदय परमेश्वरको सामु शान्त हुँदैन। त्यस्ता मानिसहरूलाई आफूले के गर्ने भनेर थाहा हुँदैन—जब तिनीहरूले मानिसहरू भेला भएका देख्छन्, तिनीहरू भाग्न खोज्छन्, र अरूले प्रार्थना गर्दा तिनीहरू आफ्ना आँखाहरू बन्द गर्न सक्दैनन्। दुष्टात्माहरूको कामले मानिस र परमेश्वर बीचको सामान्य सम्बन्धलाई नष्ट पार्दछ, र मानिसहरूका पहिलेका दर्शनहरू वा तिनीहरूको पहिलेको जीवन प्रवेश मार्गलाई खल्बल्याउँछ; तिनीहरू आफ्नो हृदयमा कहिल्यै पनि परमेश्वरको नजिक हुन सक्दैनन्, र सधैं तिनीहरूलाई बाधा पुऱ्याउने र बन्धनमा पार्ने घटनाहरू घट्छन्। तिनीहरूका हृदयले शान्ति पाउन सक्दैनन् र तिनीहरूमा परमेश्वरलाई प्रेम गर्ने शक्ति हुँदैन र तिनीहरूका आत्माहरू डुबिरहेका हुन्छन्। शैतानको कामका प्रकटीकरणहरू यस्तै हुन्छन्। शैतानको कामका प्रकट रूपहरू निम्न छन्ः आफ्नो अडानमा खरो उत्रन र गवाही दिन नसक्नु जसले तँलाई यस्तो व्यक्ति बनाउँछ जो परमेश्वरको सामु दोषी हुन्छ र जसको परमेश्वरप्रति कुनै बफादारिता हुँदैन। जब शैतानले हस्तक्षेप गर्दछ, तब तैंले आफूभित्र परमेश्वरप्रतिको प्रेम र बफादारिता गुमाउँछस्, परमेश्वरसित तेरो सामान्य सम्बन्ध टुट्छ, तँ सत्यको पछि लाग्दैनस् वा तैंले आफैलाई सुधार गर्दैनस्; तँ पछि हट्छस् र निष्क्रिय बन्छस्, तँ आफैलाई सन्तुष्ट पार्नेतिर लाग्छस्, तैंले पाप फैलाउने लगाम स्वतन्त्र छोडिदिन्छस् र पापलाई घृणा गर्दैनस्; यसबाहेक, शैतानको हस्तक्षेपले तँलाई दुराचारी बनाउँछ; यसले तँभित्रको परमेश्वरको छुवाइलाई हटाउँछ, र तँलाई परमेश्वरको बारेमा गुनासो गर्ने र उहाँको विरोध गर्ने बनाउँछ, र तँलाई परमेश्वरमा शङ्का गर्ने बनाउँछ; तैंले परमेश्वरलाई त्याग्ने खतरा पनि हुन्छ। यी सबै शैतानबाट आउँछ।

जब तेरो दैनिक जीवनमा तँलाई केही हुन्छ, तब तैंले त्यो पवित्र आत्माको कामबाट आएको हो वा शैतानको कामबाट आएको हो भनी कसरी छुट्ट्याउँनुपर्छ? जब मानिसहरूका अवस्था सामान्य हुन्छन्, तब तिनीहरूको आत्मिक जीवन र देहमा भएको तिनीहरूको जीवन सामान्य हुन्छ र तिनीहरूको विवेक सामान्य र व्यवस्थित हुन्छ। जब तिनीहरू यस अवस्थामा हुन्छन्, तिनीहरूले आफैमा जे अनुभव गर्छन् र जे जान्दछन् त्यसलाई सामान्य रूपमा पवित्र आत्माको छुवाइबाट आएको भन्न सकिन्छ (तिनीहरूले परमेश्वरको वचन खाँदा र पिउँदा अन्तर्ज्ञान प्राप्त गर्नु वा केही सरल ज्ञान हुनु, वा केही कुराहरूमा विश्वासयोग्य हुनु, वा केही कुराहरूमा परमेश्वरलाई प्रेम गर्ने सामर्थ्य हुनु—यी सबै पवित्र आत्माबाट आउँछन्)। मानिसमा हुने पवित्र आत्माको काम विशेष गरी सामान्य हुन्छ; मानिस यो महसुस गर्न असमर्थ हुन्छ, र यो मानिस आफैबाट आएको जस्तो देखिन्छ, तर यो वास्तवमा पवित्र आत्माको काम हो। दैनिक जीवनमा, पवित्र आत्माले

सबैमा ठूला-साना दुवै काम गर्नुहुन्छ, यो कामको हद मात्र फरक-फरक हुन्छ। केही मानिसहरू राम्रो क्षमता भएका हुन्छन्, र तिनीहरूले चाँडै कुरा बुझ्छन्, र तिनीहरूभित्र पवित्र आत्माको अन्तर्दृष्टि विशेष महान् हुन्छ। यसैबीच, केही मानिसहरू कमजोर क्षमताका हुन्छन्, र तिनीहरूलाई कुरा बुझ्न लामो समय लाग्छ, तर पवित्र आत्माले तिनीहरूलाई भित्र छुनुहुन्छ, र तिनीहरूले पनि परमेश्‍वरप्रति बफादारिता प्राप्त गर्न सक्षम हुन्छन्—पवित्र आत्माले तिनीहरू सबैमा काम गर्नुहुन्छ जसले परमेश्‍वरलाई पछ्याउँछन्। जब, दैनिक जीवनमा मानिसहरूले परमेश्‍वरको विरोध वा उहाँको विरुद्धमा विद्रोह गर्दैनन्, परमेश्‍वरको प्रबन्धसँग नमिल्दा कामहरू गर्दैनन् र परमेश्‍वरको काममा हस्तक्षेप गर्दैनन्, तब तिनीहरू प्रत्येकमा परमेश्‍वरका आत्माले धेरै वा थोरै मात्रामा काम गर्नुहुन्छ; उहाँले तिनीहरूलाई छुनुहुन्छ, तिनीहरूलाई अन्तर्दृष्टि प्रदान गर्नुहुन्छ, तिनीहरूलाई विश्‍वास दिनुहुन्छ, तिनीहरूलाई बल दिनुहुन्छ, र तिनीहरूलाई सक्रियता साथ प्रवेश गर्न प्रेरित गर्नुहुन्छ, अल्छी नुहुनु वा देहको मोजमस्तीको लालसा नगर्नु, सत्यको अभ्यास गर्न इच्छुक हुनु र परमेश्‍वरका वचनहरूको चाहना गर्नु। यी सबै त्यो काम हो जुन पवित्र आत्माबाट आउँछ।

जब मानिसहरूको अवस्था सामान्य हुँदैन, तिनीहरू पवित्र आत्माद्वारा त्यागिएका हुन्छन्; तिनीहरूको मस्तिष्कमा तिनीहरू गुनासो गर्ने प्रवृत्तिका हुन्छन्, तिनीहरूका अभिप्रेरणाहरू गलत हुन्छन्, तिनीहरू अल्छी हुन्छन्, तिनीहरू देहमा लिप्त हुन्छन्, र तिनीहरूका हृदयहरूले सत्यको विरुद्ध विद्रोह गर्दछन्। यी सबै शैतानबाट आउँछन्। जब मानिसहरूको अवस्था सामान्य हुँदैनन्, जब तिनीहरू भित्रैदेखि धुमिल हुन्छन् र आफ्नो सामान्य विवेक गुमाएका हुन्छन्, तिनीहरू पवित्र आत्माद्वारा त्यागिएका हुन्छन्, र तिनीहरूले आफूभित्र परमेश्‍वरलाई महसुस गर्न सक्दैनन्, यस बेला शैतानले तिनीहरूभित्र काम गरिरहेको हुन्छ। यदि मानिसहरूसँग आफूभित्र सधैं शक्ति भएको भए र तिनीहरूले सधैं परमेश्‍वरलाई प्रेम गरका भए, सामान्य रूपमा जब तिनीहरूमा केही कुराहरू घटित हुन्छन् तब ती कुराहरू पवित्र आत्माबाट आउँछन्, र तिनीहरूले जस-जसलाई भेट्छन्, त्यो भेट परमेश्‍वरको प्रबन्धको परिणाम हुन्छ। यसको मतलब यो हो कि जब तँ सामान्य अवस्थामा हुन्छस्, जब तँ पवित्र आत्माको महान् कामभित्र हुन्छस्, तब शैतानले तँलाई डगमगाउन असम्भव हुन्छ। यसको आधारमा यो भन्न सकिन्छ कि सबै कुरा पवित्र आत्माबाट आउँदछ, र तँमा गलत विचारहरू भए पनि तैँले ती कुराहरूलाई त्याग्न सक्छस्, र तँ तिनका पछि लाग्दैनस्। यी सबै पवित्र आत्माको कामबाट आउँछन्। शैतानले कुन अवस्थाहरूमा हस्तक्षेप गर्छ? तेरा परिस्थितिहरू सामान्य नहुँदा, जब तँ परमेश्‍वरद्वारा छोइएको हुँदैनस् र तँ परमेश्‍वरको कामबिना हुन्छस्, जब तँ भित्रैदेखि सुक्खा र बाँझो हुन्छस्, जब तैँले परमेश्‍वरलाई प्रार्थना त गर्छस् तर केही पनि बुझ्दैनस्, र जब तैँले परमेश्‍वरका वचनहरू त खान्छस् र पिउँछस् तर अन्तर्दृष्टि वा ज्योति पाउँदैनस्, तब शैतानलाई तँभित्र काम गर्न सजिलो हुन्छ। अर्को शब्दमा भन्नुपर्दा, जब तँ पवित्र आत्माद्वारा त्यागिन्छस् र तैँले परमेश्‍वरलाई महसुस गर्न सक्दैनस्, तब तँलाई धेरै कुराहरू हुनसक्छ जुन शैतानको परीक्षाबाट आउँदछ। जब पवित्र आत्माले काम गर्नुहुन्छ, त्यो बेला शैतानले पनि सँगसँगै काम गरिरहेको हुन्छ। पवित्र आत्माले मानिसको भित्र छुनुहुन्छ, त्यही समयमा शैतानले मानिसमा हस्तक्षेप गर्दछ। तापनि, पवित्र आत्माको कामले अग्रणी स्थान ओगट्छ, र

जसको अवस्था सामान्य हुन्छ, ती मानिसहरूले विजय प्राप्त गर्न सक्छन्; यो पवित्र आत्माको कामको शैतानको काममाथि भएको विजय हो। पवित्र आत्माले काम गर्नुहुँदा पनि मानिसहरूमा अझै भ्रष्ट स्वभाव रहेको हुन्छ; तापनि, पवित्र आत्माको कामको अवधिमा, मानिसहरूलाई तिनीहरूका विद्रोहीपन, अभिप्रेरणाहरू र मिलावटहरू पत्ता लगाउन र पहिचान गर्न सजिलो हुन्छ। तब मात्र, मानिसहरूले ग्लानि महसुस गर्छन् र पश्चात्ताप गर्न इच्छुक हुन्छन्। त्यसरी नै तिनीहरूका विद्रोही र भ्रष्ट स्वभावहरू परमेश्वरको कामभित्र क्रमै रूपले फालिँदै जान्छन्। पवित्र आत्माको काम विशेष गरी सामान्य हुन्छ; उहाँले मानिसहरूमा काम गर्नुहुँदा तिनीहरूमा अझै पनि समस्याहरू हुन्छन्, तिनीहरू अझै पनि रुन्छन्, तिनीहरू अझै पनि दु:खित हुन्छन्, तिनीहरू अझै पनि कमजोर हुन्छन् र तिनीहरूका निम्ति अझै पनि धेरै कुरा अस्पष्ट हुन्छन्, तैपनि यो अवस्थामा तिनीहरूले आफैलाई प्रत्यागमनबाट रोक्न सक्छन्, र तिनीहरूले परमेश्वरलाई प्रेम गर्न सक्छन्, र तिनीहरू रोए पनि अनि विचलित भए पनि, तिनीहरूले अझै पनि परमेश्वरको प्रशंसा गर्न सक्छन्; पवित्र आत्माको काम विशेष गरी सामान्य हुन्छ, अलिकति पनि अलौकिक हुँदैन। धेरै मानिसहरूले पवित्र आत्माले काम गर्न थाल्नेबित्तिकै मानिसको अवस्थामा परिवर्तनहरू हुन्छन् र तिनीहरूका निम्ति आवश्यक कुराहरू हटाइन्छन् भनी विश्वास गर्छन्। यस्ता विश्वासहरू गलत हुन्। जब पवित्र आत्माले मानिसभित्र काम गर्नुहुन्छ, मानिसका निष्क्रिय कुराहरू अझै पनि त्यहीँ हुन्छन् र उसको कद त्यही नै रहन्छ, तर उसले पवित्र आत्माको ज्योति र अन्तर्दृष्टि प्राप्त गर्दछ र त्यसैले उसको अवस्था धेरै सक्रिय बन्छ, ऊभित्रका अवस्थाहरू सामान्य बन्छन्, र ऊ द्रुत गतिमा परिवर्तित हुन्छ। मानिसहरूका वास्तविक अनुभवहरूमा तिनीहरूले मुख्य रूपमा कि त पवित्र आत्माको कि त शैतानको कामको अनुभव गर्छन्, र यदि तिनीहरूले यी अवस्थाहरू बुझ्न र भिन्नता छुट्ट्याउन सक्दैनन् भने, वास्तविक अनुभवहरूमा प्रवेश गर्ने प्रश्न नै आउँदैन, स्वभावमा परिवर्तनहरू हुने कुरा त गर्दै नगरौं। यसैले, परमेश्वरको कामको अनुभव गर्नका लागि चाहिने मुख्य कुरा भनेको ती घटनाहरूलाई केलाएर हेर्न सक्नु हो; यसरी तिनीहरूलाई यो कुरा अनुभव गर्न सजिलो हुनेछ।

पवित्र आत्माको काम सकारात्मक प्रगति हो भने शैतानको कामचाहिं पछि हट्नु, नकारात्मकता, विद्रोहीपन, परमेश्वरको प्रतिरोध, परमेश्वरमा विश्वास गुमाउनु, स्तुति-गीत गाउनसमेत अनिच्छा हुनु र आफ्नो कर्तव्य पूरा गर्न अति नै कमजोर हुनु हो। पवित्र आत्माको अन्तर्दृष्टिबाट उत्पन्न हुने सबै कुरा स्वाभाविक हुन्छ; यसमा तँलाई बाध्य पारिंदैन। यदि तैंले यसलाई अनुसरण गरिस् भने, तैंले शान्ति पाउनेछस्; यदि तैँले अनुसरण गरिनस् भने, पछि तँलाई गाली गरिनेछ। पवित्र आत्माको अन्तर्दृष्टिको साथमा तैंले गर्ने कुनै पनि कुरामा हस्तक्षेप वा बाधा हुनेछैन; तँ स्वतन्त्र हुनेछस्, त्यहाँ तेरा व्यवहारहरू अभ्यास गर्ने एउटा मार्ग हुनेछ, र तँ कुनै रोकावटको अधीनमा हुँनेछैनस्, बरु तँ परमेश्वरको इच्छाअनुसार काम गर्न सक्षम हुनेछस्। शैतानको कामले तँलाई धेरै कुराहरूमा हस्तक्षेप गर्छ; यसले तँलाई प्रार्थना गर्न अनिच्छुक बनाउँछ, परमेश्वरका वचनहरू खान र पिउन धेरै अल्छी बनाउँछ, र मण्डलीको जीवन जिउन नचाहने बनाउँछ, र यसले तँलाई आत्मिक जीवनप्रति उदासिन बनाउँछ। पवित्र आत्माको कामले तेरो दैनिक जीवनमा हस्तक्षेप गर्दैन र तेरो सामान्य आत्मिक जीवनमा हस्तक्षेप गर्दैन। तैंले धेरैवटा कुराहरू घटित हुँदा त्यत्ति नै बेला तिनलाई

बुझ्न सक्दैनस्, तैपनि केही दिनपछि तेरो हृदय अझ उज्यालो हुन्छ अनि तेरो मन थप स्पष्ट हुन्छ। तैँले आत्माका केही कुराहरू बुझ्न थाल्छस्, र बिस्तारै कुनै विचार परमेश्‍वरबाट आएको हो कि शैतानबाट आएको हो सो बुझ्न सक्छस्। केही कुराहरूले तँलाई स्पष्ट रूपमा परमेश्‍वरको विरोध गर्ने र परमेश्‍वरविरुद्‌ध विद्रोह गर्ने बनाउँछन्, वा परमेश्‍वरका वचनहरू व्यवहारमा प्रयोग गर्नबाट रोक्छन्; यी सबै कुराहरू शैतानबाट आएका हुन्। केही कुराहरू स्पष्ट हुँदैनन्, र तैँले ती के हुन् भनी त्यति नै बेला भन्‍न सक्दैनस्; पछि तँ तिनका प्रकट रूपहरू देख्‍न सक्छस्, र त्यसपछि विवेक लगाउन सक्छस्। यदि तैँले शैतानबाट आउने र पवित्र आत्माद्‌वारा निर्देशित कुराहरूलाई स्पष्टसँग छुट्‌याउन सक्छस् भने तेरा अनुभवहरूमा तँलाई सजिलै गलत बाटोमा डोर्‍याउन सकिने छैन। कहिलेकहीं, जब तेरो अवस्था राम्रो हुँदैन, त्यस बेला तँमा केही विचारहरू आउँछन् जसले तँलाई तेरो निष्क्रिय अवस्थाबाट बाहिर निकाल्छन्। यसले देखाउँछ कि तेरो अवस्था प्रतिकूल हुँदा पनि तेरा केही विचारहरू पवित्र आत्माबाट आउन सक्छन्। जब तँ निष्क्रिय हुन्छस् तब तेरा सबै विचारहरू शैतानद्‌वारा पठाइएको हुन्छ भन्‍ने अवस्था पनि होइन; यदि त्यो सत्य हुन्थ्यो भने तँ कहिले सकारात्मक अवस्थामा रूपान्तरित हुन सक्षम हुनेथिइस्? केही समयसम्म निष्क्रिय भएपछि पवित्र आत्माले तँलाई सिद्‌ध बन्‍ने मौका दिनुहुन्छ; उहाँले तँलाई छुनुहुन्छ र तँलाई तेरो निष्क्रिय अवस्थाबाट बाहिर निकाल्नुहुन्छ।

पवित्र आत्माको काम के हो र शैतानको काम के हो भनी जानेपछि तैँले यिनलाई आफ्ना अनुभवहरूको अवधिमा तेरो आफ्नै अवस्थासँग तुलना गर्न सक्छस्, र तेरा आफ्नै अनुभवहरूसँग तुलना गर्न सक्छस्, र यसरी तेरा अनुभवहरूमा भएका सिद्‌धान्तहरूसित सम्बन्धित धेरैवटा सत्यताहरू हुनेछन्। सिद्‌धान्तको बारेमा यी सत्यताहरू बुझिसकेपछि, तँ आफ्नो वास्तविक अवस्थामा निपुण हुन सक्नेछस्, तैँले मानिसहरू र घटनाहरूबीच भिन्‍नता छुट्‌ट्याउन सक्नेछस्, र तैँले पवित्र आत्माको काम प्राप्त गर्न यति धेरै प्रयास लगाउनुपर्नेछैन। अवश्य पनि यो कुरा तेरो सही हुने अभिप्रेरणामा अनि तेरो खोज र अभ्यास गर्ने इच्छामा निर्भर गर्दछ। यो जस्तो भाषा–सिद्‌धान्तहरूसँग सम्बन्धित भाषा–तेरा अनुभवहरूमा मुख्य रूपमा देखिनुपर्छ। योबिना तेरा अनुभवहरू शैतान र मूर्ख ज्ञानको हस्तक्षेपले भरिएको हुनेछ। यदि तैंले पवित्र आत्माले कसरी काम गर्नुहुन्छ भन्‍ने कुरा बुझ्दैनस् भने तैंले कसरी प्रवेश गर्ने भनी बुझ्दैनस्, र यदि तैंले शैतानले कसरी काम गर्छ भनी बुझ्दैनस् भने, तैंले आफूले चाल्ने प्रत्येक कदममा कसरी होसियार हुनुपर्छ भनी बुझ्दैनस्। पवित्र आत्माले कसरी काम गर्नुहुन्छ र शैतानले कसरी काम गर्छ भन्‍ने दुवै कुरा मानिसहरूले बुझ्नुपर्दछ; यी दुवै मानिसहरूका अनुभवहरूको अत्यावश्यक भाग हुन्।

## सत्यताको अभ्यास नगर्नेहरूलाई एउटा चेताउनी

दाजुभाइ र दिदी-बहिनीहरूको माझमा सधैँ आफ्नो नकारात्मक विचार पोखाउनेहरू शैतानका नोकरहरू हुन्, र तिनीहरूले मण्डलीमा बाधा दिन्छन्। त्यस्ता व्यक्तिहरूलाई एक दिन निकालिनु र हटाइनुपर्छ। परमेश्‍वरमाथिको तिनीहरूको विश्‍वासमा यदि ती मानिसहरूमा परमेश्‍वरप्रति श्रद्‌धाको

हृदय छैन भने, यदि तिनीहरूसँग परमेश्‍वरप्रति आज्ञाकारिताको हृदय छैन भने, तिनीहरू उहाँको निम्ति कुनै काम गर्न असमर्थ मात्र हुँदैनन्, तर त्यसको विपरीत तिनीहरू उहाँको काम बाधा दिने र उहाँलाई चुनौती दिनेहरू बन्‍नेछन्। परमेश्‍वरमा विश्‍वास गर्नु तर उहाँप्रति आज्ञाकारी नहुनु वा उहाँलाई आदर नगर्नु, बरु त्यसको साटो उहाँको विरोध गर्नु भनेको एक विश्‍वासीका निम्ति सबैभन्दा ठूलो बेइज्जती हो। यदि विश्‍वासीहरू तिनीहरूका बोलीवचन र आचरणमा गैरजिम्मेवार र अनियन्त्रित छन् र अविश्‍वासीहरू जस्तो व्यवहार गर्छन् भने तिनीहरू अविश्‍वासीहरूभन्दा पनि बढी दुष्ट छन्; भूतात्माहरूको असली नमुना हुन्। जसले मण्डलीमा उनीहरूको विषाक्त, द्वेषपूर्ण कुराहरू ओकल्छन्, जसले अफवाह फैलाउँछन्, अमेल सृजना गर्छन्, र भाइ-बहिनीहरूमा झगडा लगाउँछन्—तिनीहरूलाई मण्डलीबाट निकालिनुपर्छ। तापनि अहिले परमेश्‍वरको कामको एक फरक युग भएकोले यी मानिसहरू प्रतिबन्धित छन्, किनकि तिनीहरूले निश्‍चित रूपमा निष्कासनको सामना गर्नेछन्। शैतानद्वारा भ्रष्ट पारिएकाहरू जति सबैमा भ्रष्ट स्वभावहरू छन्। कोही-कोहीसँग त भ्रष्ट स्वभावबाहेक अरू केही पनि हुँदैन भने अरू फरक हुन्छन्: केवल उनीहरूसित भ्रष्ट शैतानिक स्वभाव मात्र हुँदैन, तर तिनीहरूको प्रकृति पनि अत्यन्तै द्वेषपूर्ण हुन्छ। तिनीहरूका बोलीवचन र व्यवहारहरूले मात्र तिनीहरूको भ्रष्ट, शैतानिक स्वभावहरू प्रकट गरेन, तर यी मानिसहरू सच्चा दुष्ट शैतान हुन्। तिनीहरूको बानीव्यहोराले परमेश्‍वरको कामलाई बाधा र अवरोध गर्छ, त्यसले दाजुभाइ र दिदी-बहिनीहरूको जीवन प्रवेशलाई दुर्बल बनाउँछ, र त्यसले मण्डलीको सामान्य जीवनलाई नोक्सान पुर्‍याउँछ। ढिलो होस् वा चाँडो, भेडाहरूको भेस ओढ्ने यी ब्वाँसाहरूलाई हटाउनैपर्छ; शैतानका यी नोकरहरूप्रति निष्ठुर आचरण, तिरस्कार गर्ने आचरण अपनाउनुपर्छ। परमेश्‍वरको पक्षमा उभिनु भनेको यही मात्रै हो, र त्यसो गर्न नसक्‍नेहरू शैतानको साथमा हिलोमा लडीबुडी गर्दैछन्। परमेश्‍वरमा साँचो रूपमा विश्‍वास गर्ने मानिसहरूले सधैँ परमेश्‍वरलाई उनीहरूको हृदयमा राख्छन्, र उनीहरूले आफूभित्र सधैँ परमेश्‍वरलाई आदर गर्ने, परमेश्‍वरलाई प्रेम गर्ने हृदय बोक्छन्। परमेश्‍वरमा विश्‍वास गर्नेहरूले सावधानीपूर्वक र विवेकी रूपमा कामहरू गर्नुपर्दछ, र तिनीहरूले गर्ने सबै कुरा परमेश्‍वरका आवश्यकताहरू अनुरूप हुनुपर्दछ र तिनले उहाँको हृदय सन्तुष्ट पार्न सक्षम हुनुपर्दछ। तिनीहरू आफूलाई जे मन लाग्छ त्यही गर्ने हठी हुनुहुँदैन; त्यो सन्तको मर्यादा सुहाउँदो हुँदैन। मानिसहरू परमेश्‍वरको झन्डा फहराउँदै सेखी गर्दै र सबैतिर ठग्दै सबै ठाउँमा जथाभाबी भयानक प्रकारले दगुर्नुहुँदैन; यो सबैभन्दा विद्रोही आचरण हो। परिवारहरूको आफ्ना नियमहरू हुन्छन्, र राष्ट्रहरूका कानुनहरू हुन्छन्—र के परमेश्‍वरको भवनमा अझ बढी यस्तो हुँदैन र? के ती मापदण्डहरू अझ कडा छैनन् र? के त्यहाँ अझ बढी प्रशासकीय आदेशहरू छैनन्? मानिसहरू आफूले चाहेअनुसार गर्न स्वतन्त्र छन्, तर परमेश्‍वरको प्रशासनिक आदेशहरूलाई इच्छाअनुसार परिवर्तन गर्नु मिल्दैन। परमेश्‍वर त्यो परमेश्‍वर हुनुहुन्छ जसले मानिसहरूबाट कुनै अपराध सहनुहुन्‍न; उहाँ त्यो परमेश्‍वर हुनुहुन्छ जसले मानिसहरूलाई मृत्युदण्ड दिनुहुन्छ। के वास्तवमा मानिसहरूले अघिबाटै नै जान्दैनन् र?

प्रत्येक मण्डलीमा त्यस्ता व्यक्तिहरू हुन्छन् जसले मण्डलीका लागि समस्या उत्पन्‍न गर्छन् वा परमेश्‍वरको काममा हस्तक्षेप गर्दछन्। तिनीहरू सबै शैतानहरू हुन् जो छली-भेसमा परमेश्‍वरको

घरमा पसेका छन्। त्यस्ता व्यक्तिहरू अभिनय गर्न सिपालु हुन्छन्: तिनीहरू मेरो अगाडि ठूलो श्रद्धाका साथ आउँछन्, झुक्छन् र ढोग गर्छन्, लुतो लागेका कुकुरहरू जस्तो जिउँछन् र आफ्नै उद्देश्यहरू प्राप्त गर्न तिनीहरूका "सबै" समर्पण गर्छन्–तर दाजुभाइ तथा दिदी-बहिनीहरूको अगाडि तिनीहरू आफ्नो कुरूप पक्ष देखाउँछन्। जब उनीहरूले सत्यको अभ्यास गर्ने मानिसहरूलाई देख्छन्, तिनीहरूमाथि प्रहार गर्छन् र तिनीहरूलाई अलग गर्छन्; जब उनीहरूले आफूभन्दा धेरै प्रभावशाली मानिसहरू देख्छन्, उनीहरू चिप्लो घस्ने र चापलुसी गर्ने गर्छन्। तिनीहरू मण्डलीमा जङ्गली बनेर दगुर्छन्। यो भन्न सकिन्छ कि त्यस्ता "स्थानीय बदमासहरू" त्यस्ता "पाल्तु कुकुरहरू" प्रायः मण्डलीहरूमा हुन्छन्। तिनीहरू एकसाथ दियाबलसले जस्तो व्यवहार गर्छन् र एकअर्कालाई आँखा झिम्काउँछन् र गुप्त सङ्केतहरू पठाउँछन्, र तिनीहरूमध्ये कसैले पनि सत्यको अभ्यास गर्दैनन्। जोसँग सबैभन्दा बढी विष छ ऊ "दिमागी भूत" हो र जोसँग सबैभन्दा उच्च प्रतिष्ठा हुन्छ, उनीहरूको झन्डा उचाल्दै तिनीहरूलाई त्यसैले अगुवाइ गर्छ। यस्ता मानिसहरू मण्डलीमा प्रशस्तै हुन्छन्, तिनीहरूले आफ्नो नकारात्मकता फैलाउँछन्, मृत्यु पोखाउँछन्, उनीहरूलाई जे मन लाग्छ त्यही गर्छन्, जे मन लाग्छ त्यही बोल्छन् र उनीहरूलाई रोक्ने हिम्मत कसैले पनि गर्दैन। तिनीहरू शैतानको स्वभावले भरिन्छन्। तिनीहरूले गडबडी गरेका लगतै मण्डलीमा मृत्युको हावा प्रवेश गरिहाल्छ। मण्डलीभित्र सत्यको अभ्यास गर्नेहरूलाई उनीहरूले बाहिर निकालिदिन्छन्, र उनीहरू सबै कुरा दिन असमर्थ हुन्छन् भने मण्डलीमा बाधा दिने र मृत्यु फैलाउनेहरू जताततै दगुर्छन्–अनि, यति मात्र होइन, धेरै जना मानिसले उनीहरूलाई पछ्याउँछन्। त्यस्ता मण्डलीहरूमा शैतानले नै शासन गर्छ, जुन स्पष्ट र सरल कुरा हो; शैतान तिनीहरूको राजा हो। यदि विश्‍वासीहरू खडा हुँदैनन् र प्रमुख भूतात्माहरूलाई इन्कार गर्दैनन् भने तिनीहरू पनि ढिलो वा छिटो नाश हुनेछन्। अबदेखि उसो, त्यस्ता मण्डलीहरूको विरुद्धमा कारबाही गर्नुपर्छ। यदि थोरै सत्य अभ्यास गर्न सक्षम व्यक्तिहरूले खोजी गरेनन् भने त्यो मण्डलीलाई हटाइनेछ। यदि कुनै मण्डलीमा सत्यको अभ्यास गर्न इच्छुक र परमेश्‍वरको गवाही दिन सक्ने कोही छैन भने त्यो मण्डलीलाई पूर्ण रूपमा अलग गर्नुपर्दछ, र अरू मण्डलीहरूसँग त्यसको सम्बन्ध विच्छेद गर्नुपर्दछ। यसलाई "मृत्युलाई गाड्नु" भनिन्छ; शैतानलाई निकाल्नु भनेको यही हो। यदि एउटा मण्डलीमा धेरै जना स्थानीय बदमासहरू छन्, र तिनीहरूलाई "स-साना झिँगोहरू" ले पछ्याउँछन् जसमा पूर्ण रूपमा विवेकको कमी हुन्छ, र यदि विश्‍वासीहरूले सत्य देखेर पनि ती बदमासहरूका बन्धनहरू र धूर्तताहरू अस्वीकार गर्न सक्दैनन् भने, तब अन्त्यमा ती सबै मूर्खहरूलाई हटाइनेछन्। यी साना झिँगोहरूले कुनै डरलाग्दो काम नगरेको हुन सक्छ, तर तिनीहरू अझ छली हुन्छन्, झन् धेरै चलाख र धोकेबाज हुन्छन्, र यस्तो सबैलाई हटाइनेछ। एउटै पनि बाँकी रहनेछैन! जो शैतानका हुन् उनीहरू शैतानकहाँ फर्किनेछन् भने जो परमेश्‍वरका हुन् उनीहरू निश्‍चय सत्यको खोजीमा लाग्नेछन्; उनीहरूका प्रकृतिद्वारा यसको निर्णय गरिन्छ। शैतानको पछि लाग्नेहरू सबै नष्ट होऊन्! त्यस्ता मानिसहरूलाई कुनै दया देखाइनेछैन। सत्यको खोजी गर्नेहरूका निम्ति प्रबन्ध गरिन्छ, र उनीहरूले आफ्नो हृदयको सन्तुष्टिका निम्ति परमेश्‍वरको वचनको आनन्द लिन सक्छन्। परमेश्‍वर धर्मी हुनुहुन्छ; उहाँले कसैलाई पक्षपात गर्नुहुन्न। यदि तँ दियाबलस हो भने तँ सत्य प्रयोग गर्न असमर्थ

छस्; यदि तँ सत्यको खोजी गर्ने व्यक्ति होस् भने यो निश्चित छ कि तँ शैतानद्वारा बन्दी बनाइनेछैनस्। यस कुरामा कुनै शङ्का छैन।

जो मानिसहरू प्रगति गर्ने कोसिस गर्दैनन् तिनीहरू अरू पनि तिनीहरूजस्तै नकारात्मक र अल्छी होस् भन्ने चाहन्छन्। सत्यको अभ्यास नगर्नेहरूले सत्यको अभ्यास गर्नेहरूको सधैँ डाह गर्छन्, र अस्तव्यस्त दिमाग भएका र विवेकको कमी हुनेहरूलाई सधैँ धोका दिन खोज्छन्। यी व्यक्तिहरूले ओकल्ने कुराहरूले तँलाई बिगार्न, तल खसाल्न, एक असामान्य अवस्था विकास गर्न, र अन्धकारले भर्न सक्छ। ती कुराले तँलाई परमेश्वरबाट टाढा लैजान र शरीरको कदर गर्न र आफैमा लिप्त हुने बनाउन सक्छ। सत्यलाई प्रेम नगर्ने र परमेश्वरप्रति सदैव लापरवाही हुने व्यक्तिहरूमा आत्म-चेतना हुँदैन र त्यस्ता व्यक्तिहरूको स्वभावले अरूलाई पाप गर्न र परमेश्वरलाई चुनौती दिन लोभ्याउँछ। तिनीहरू सत्यताको अभ्यास गर्दैनन्, न त तिनीहरू अरूलाई त्यो अभ्यास गर्न दिन्छन्। तिनीहरू पापलाई सम्हालेर राख्छन् र आफैप्रति कुनै घृणा हुँदैन। तिनीहरूले आफैलाई चिन्दैनन्, र तिनीहरूले अरूलाई पनि आफूलाई चिन्न दिँदैनन्; तिनीहरू अरूलाई पनि सत्यको चाहना गर्नबाट रोक्छन्। तिनीहरूले धोका दिएकाहरूले ज्योति देख्न सक्दैनन्। तिनीहरू अन्धकारमा पर्छन्, आफैलाई चिन्दैनन्, सत्यको बारेमा अस्पष्ट हुन्छन्, र परमेश्वरबाट झनझन धेरै टाढा हुन्छन्। उनीहरूले सत्यको अभ्यास गर्दैनन् र उनीहरूले सबै मूर्खहरूलाई आफ्नो अगि ल्याउँदै अरूलाई पनि सत्यको अभ्यास गर्नबाट रोक्छन्। उनीहरूले परमेश्वरमा विश्वास गर्छन् भन्नुको साटो उनीहरू आफ्ना पुर्खाहरूमा विश्वास गर्छन् वा उनीहरूका हृदयका मूर्तिहरूमा विश्वास गर्छन् भनी भन्नु उचित हुन्छ। परमेश्वरलाई पछ्याउँछौं भनी दाबी गर्नेहरूले आफ्ना आँखाहरू खोल्नु र उनीहरूले वास्तवमा कसमाथि विश्वास गर्छन् भनी राम्ररी हेर्नु राम्रो हुन्छ: तैंले विश्वास गरेको साँच्चै परमेश्वर हुनुहुन्छ कि शैतान हो? यदि तैंले विश्वास गरेको व्यक्ति परमेश्वर हुनुहुन्न, तर तेरा आफ्नै मूर्तिहरू हो भनी जान्दछस् भने तैंले आफैलाई एक विश्वासी हुँ भनेर दाबी नगर्नु नै राम्रो हुन्छ। यदि तैंले कसमाथि विश्वास गर्छस् भनी साँच्चै जान्दैनस् भने, फेरि तैंले आफैलाई एक विश्वासी हुँ भनेर दाबी नगर्नु नै राम्रो हुन्छ। त्यसो भन्नु ईश्वरनिन्दा हुनेछ! कसैले पनि तँलाई परमेश्वरमा विश्वास गर्नु बाध्य पार्दैन। तिमीहरू ममा विश्वास गर्छु भनेर नभन; मसँग यस्तै कुराकानी धेरै भएको छ, र म त्यो फेरि सुन्न चाहन्नँ, किनकि जुन कुरामा तिमीहरू विश्वास गर्छौ ती तिमीहरूका हृदयभित्रका र तिमीहरूका स्थानीय बदमासहरूका मूर्तिहरू हुन्। सत्य सुन्दा जो आफ्ना टाउको हल्लाउँछन्, जो मृत्युको कुरा सुन्दा हाँस्छन् तिनीहरू सबै शैतानका अन्डाहरू हुन्, तिनीहरू ती मानिसहरू हुन् जसलाई हटाइनेछ। मण्डलीका धेरै मानिसमा कुनै विवेक छैन। जब कुनै भ्रामक कुरा आउँछ, तिनीहरू अप्रत्याशित रूपमा शैतानको पक्षमा खडा हुन्छन्; शैतानको नोकर हो भनी भन्दा तिनीहरू रिसाउने समेत गर्छन्। मानिसहरूले आफूसँग कुनै विवेक छैन भने पनि तिनीहरू सधैँ सत्यता विनाको पक्षमा खडा हुन्छन्, तिनीहरू कठिन समयमा सत्यको पक्षमा कहिल्यै खडा हुँदैनन्, तिनीहरू कहिल्यै पनि खडा भएर सत्यको निम्ति तर्क गर्दैनन्। के तिनीहरूमा साँच्चै विवेकको कमी छ? तिनीहरू किन अप्रत्याशित रूपमा शैतानको पक्ष लिन्छन्? किन तिनीहरू सत्यको समर्थनमा निष्पक्ष र उचित एउटै शब्द पनि कहिल्यै बोल्दैनन्? के यो स्थिति वास्तविक

रूपमा उनीहरूको क्षणिक भ्रमको कारण उत्पन्न भएको हो? मानिसहरूमा चेतनाको जति कमी हुन्छ तिनीहरू सत्यको पक्षमा खडा हुन त्यत्ति नै कम सक्षम हुन्छन्। यसले के देखाउँछ? के यसले चेतना नहुने मानिसहरूले खराबीलाई प्रेम गर्छन् भन्ने देखाउँछ? के यसले तिनीहरू शैतानको बफादार अन्डा हुन् भन्ने देखाउँदैन र? किन तिनीहरू सधैँ शैतानको पक्षमा उभिन र त्यसको भाषा बोल्न सक्षम हुन्छन्? तिनीहरूका कुरा र काम, तिनीहरूको अनुहारका भावहरू नै तिनीहरू कुनै पनि प्रकारले सत्यलाई प्रेम गर्नेहरू होइनन् भनेर प्रमाणित गर्न पर्याप्त हुन्छ; बरु तिनीहरू सत्यलाई घृणा गर्नेहरू हुन्। तिनीहरू शैतानको पक्षमा खडा हुन सक्नुले नै शैतानले यी स-साना भूतहरूलाई साँच्चै प्रेम गर्छ भन्ने पर्याप्त प्रमाण हो, जसले आफ्नो सारा जीवन शैतानका निम्ति लडाइँ गर्दै बिताउँछन्। के यी सबै तथ्यहरू पर्याप्त रूपमा स्पष्ट छैनन्? यदि तँ साँच्चै सत्यतालाई प्रेम गर्ने व्यक्ति होस् भने तैंले सत्यको अभ्यास गर्नेहरूलाई किन सम्मान गर्दैनस्, र तँ सत्यता प्रयोग नगर्नेहरूलाई एकै झलक पनि नहेरी किन तुरुन्तै तिनीहरूका पछि लाग्छस्? यो कस्तो प्रकारको समस्या हो? तँसँग विवेक छ कि छैन त्यसको मलाई कुनै मतलब छैन। तैंले कति ठूलो मूल्य तिरेको छस् त्यसको मलाई कुनै मतलब छैन। तेरा बल जति नै ठूलो भए पनि मलाई कुनै मतलब छैन, तँ स्थानीय बदमास वा झन्डा बोक्ने अगुवा जो भए पनि मलाई कुनै मतलब छैन। यदि तेरा शक्तिहरू महान् छन् भने पनि त्यो शैतानको सामर्थ्यको सहायताले मात्र हो। यदि तेरो इज्जत ठूलो छ भने पनि त्यो केवल तेरो वरिपरि सत्यको अभ्यास नगर्नेहरू धेरै भएकोले गर्दा मात्र हो। यदि तँ निष्कासन गरिएको छैनस् भने त्यो यसकारण हो कि अहिले निष्कासन गर्ने समय भएको छैन; बरु, यो हटाउने काम गर्ने समय हो। अहिले तँलाई निष्कासन गर्ने कुनै हतार छैन। म केवल त्यस दिन पर्खिरहेको छु जब तँलाई हटाएपछि तँलाई दण्ड दिनेछु। जसले सत्यको अभ्यास गर्दैन त्यसलाई हटाइनेछ!

परमेश्‍वरमा साँचो रूपले विश्‍वास गर्ने मानिसहरू ती हुन् जो परमेश्‍वरको वचनलाई व्यवहारमा उतार्न र सत्यको अभ्यास गर्न इच्छुक हुन्छन्। जुन मानिसहरू साँच्चै परमेश्‍वर सम्बन्धी आफ्ना गवाहीमा अडिग हुन सक्छन् उनीहरू ती हुन् जो उहाँको वचनलाई व्यवहारमा उतार्न इच्छुक हुन्छन् र साँच्चै सत्यको पक्षमा खडा हुन सक्छन्। जो मानिस छल र अन्यायको सहारा लिन्छन् ती सबैमा सत्यको अभाव हुन्छ, र तिनीहरू सबैले परमेश्‍वरलाई बदनाम गर्छन्। जसले मण्डलीमा विवाद उत्पन्न गराउँछन् तिनीहरू शैतानका नोकरहरू हुन्, तिनीहरू शैतानको मूर्त रूप हुन्। त्यस्ता व्यक्तिहरू धेरै द्‍वेषपूर्ण हुन्छन्। जोसँग कुनै विवेक हुँदैन र जो सत्यको पक्षमा खडा हुन सक्दैनन्, तिनीहरू सबैले खराब अभिप्रायहरू राख्छन् र सत्यलाई कलङ्कित बनाउँछन्। त्योभन्दा बढी, तिनीहरू शैतानका मुख्य प्रतिनिधिहरू हुन्। तिनीहरू छुटकारा पाउनै नसक्ने हुन्छन्, र तिनीहरूलाई स्वाभाविक रूपमा हटाइनेछ। सत्यको अभ्यास नगर्नेहरूलाई परमेश्‍वरको परिवारले बाँकी रहन दिँदैन, न त यसले मण्डलीलाई जानाजानी भत्काउनेहरूलाई नै रहन दिन्छ। तापनि, निष्कासनको काम गर्ने समय अहिले होइन; त्यस्ता व्यक्तिहरूलाई आखिरमा केवल पर्दाफास गरिनेछ र हटाइनेछ। कुनै बेकार काम यी मानिसहरूमा खर्च गरिनेछैन; जो शैतानका हुन् उनीहरू सत्यको पक्षमा उभिन सक्दैनन्, तर सत्यको खोजी गर्नेहरू खडा हुन सक्छन्। सत्यको अभ्यास नगर्ने

मानिसहरू सत्यको मार्ग सुन्न अयोग्य हुन्छन् र सत्यको साक्षी दिन अयोग्य हुन्छन्। सत्य उनीहरूको कानका निम्ति हुँदै-होइन; बरु, यो अभ्यास गर्नेहरूका निम्ति लक्षित हुन्छ। प्रत्येक व्यक्तिको अन्त्य प्रकट हुनुअघि, जसले मण्डलीलाई अवरोध पुर्‍याउँछन् र परमेश्वरको काममा बाधा उत्पन्न गर्छन् तिनीहरूलाई पछि निराकरण गर्नको लागि अहिलेलाई पछाडि छोडिनेछ। काम पूरा भएपछि, यी व्यक्तिहरू प्रत्येकको पर्दाफास हुनेछ, र त्यसपछि उनीहरूलाई हटाइनेछ। सत्य प्रदान गरिरहँदा अहिलेको लागि, तिनीहरूलाई बेवास्ता गरिनेछ। जब मानवजातिलाई सम्पूर्ण सत्यता प्रकट गरिन्छ, ती मानिसहरूलाई हटाइनुपर्छ; सबै मानिसलाई तिनीहरूका प्रकारअनुसार वर्गीकरण गरिने समय त्यही नै हुनेछ। समझशक्ति नभएकाहरूको स-साना चलाकीले गर्दा तिनीहरू दुष्टहरूको हातमा विनाश हुन पुग्छन्, तिनीहरू कहिल्यै नफर्कने गरी दुष्टहरूको प्रलोभनमा परेर जान्छन्। उनीहरू त्यस्तै व्यवहार गरिने योग्यका हुन्छन्, किनकि उनीहरू सत्यलाई प्रेम गर्दैनन्, किनकि तिनीहरू सत्यको पक्षमा खडा हुन असमर्थ हुन्छन्, किनकि तिनीहरूले दुष्ट मानिसहरूलाई पछ्याउँछन् र दुष्ट मानिसहरूका पक्षमा खडा हुन्छन्, र किनकि तिनीहरू दुष्ट मानिसहरूसँग मिलेर बस्छन् र परमेश्वरलाई चुनौती दिन्छन्। ती दुष्ट मानिसहरूले जे कुरा फैलाउँछन् त्यो खराब हो भनी उनीहरू राम्ररी जान्दछन्, तापनि उनीहरू आफ्नो हृदय कठोर बनाउँदछन् र तिनीहरूका पछि लाग्नलाई सत्यतर्फ आफ्नो पिठिउँ फर्काउँछन्। सत्यको अभ्यास नगर्ने तर विनाशकारी र घिनलाग्दा कामहरू गर्ने यी सबै मानिसहरूले के सबै खराबी गरिरहेका हुँदैनन्? तिनीहरूका माझमा कोही राजाजस्तो व्यवहार गर्ने र उनीहरूलाई पछ्याउनेहरू पनि हुन्छन् तैपनि, के परमेश्वरलाई चुनौती दिने तिनीहरूका स्वभावहरू सबै त्यस्तै छैनन् र? परमेश्वरले उनीहरूलाई मुक्ति दिनुहुन्न भनेर दाबी गर्न तिनीहरूसँग के बहाना हुनसक्छ? परमेश्वर धर्मी हुनुहुन्न भनेर दाबी गर्न तिनीहरूसँग कुन बहाना हुनसक्छ? के उनीहरूका आफ्नै खराबीले उनीहरूलाई नष्ट पारिरहेको हुँदैन र? के उनीहरूका आफ्नै विद्रोहीपनले उनीहरूलाई नरकतिर तानिरहेको हुँदैन र? सत्यको अभ्यास गर्ने मानिसहरूले अन्त्यमा मुक्ति पाउनेछन् र सत्यको कारण तिनीहरू सिद्ध बनाइनेछन्। सत्यको अभ्यास नगर्नेहरूले अन्त्यमा सत्यको कारण आफैमाथि विनाश ल्याउनेछन्। सत्यको अभ्यास गर्ने र नगर्नेहरूलाई यी अन्त्यहरूले पर्खेर बसेका छन्। सत्यको अभ्यास नगर्ने योजना बनाउनेहरूलाई म उनीहरू अझ बढी पापहरू गर्नबाट जोगिनको निम्ति सम्भव भएसम्म चाँडोभन्दा चाँडो मण्डली छोडेर जाने सल्लाह दिन्छु। जब समय आउँछ, तब पछितो गर्न धेरै ढिलो भइसकेको हुनेछ। विशेष गरी, गुट र सम्प्रदायहरू बनाउनेहरू र मण्डलीभित्रका स्थानीय बदमासहरूले तुरुन्तै मण्डली छोड्नुपर्छ। त्यस्ता मानिसहरू, जसका स्वभाव दुष्ट ब्वाँसाहरूको जस्तो छ, तिनीहरू परिवर्तन हुन असमर्थ हुन्छन्। तिनीहरूले सबैभन्दा पहिलो मौकामा नै यदि मण्डली छोडे भने त्यो राम्रो हुन्छ, यसैले कि दाजुभाइ, दिदी-बहिनीहरूको सामान्य जीवनलाई फेरि कहिल्यै पनि बाधा नपरोस्, र यसरी परमेश्वरको दण्डबाट बच्न सकून्। तिमीहरू जो उनीहरूसँगै हिँडेका छौ तिमीहरूले यस अवसरलाई आफ्नै बारेमा विचार गर्न सदुपयोग गर्‍यौ भने राम्रै गर्नेछौ। के तँ दुष्टहरूसँगै मण्डली छोड्नेछस् वा बसेर आज्ञाकारी भई पछ्याउनेछस्? तैंले यस कुरामा ध्यानपूर्वक विचार गर्नुपर्छ। म तिमीहरूलाई छनौट गर्ने अझै एउटा मौका दिन्छु, र म तिमीहरूको जबाफको प्रतीक्षा गर्दछु।

# तिमीले परमेश्वरप्रतिको आफ्नो भक्ति कायम राख्नुपर्छ

वर्तमान समयमा पवित्र आत्माले मण्डलीमा कसरी काम गर्दैहुनुहुन्छ? के तैंले यो प्रश्नलाई स्पष्ट रूपमा बुझेको छस्? तेरा दाजुभाइ-दिदीबहिनीहरूको सबैभन्दा ठूलो कठिनाइ के हो? तिनीहरूमा सबैभन्दा बढी कुन कुराको कमी छ? हाल, धेरै जना यस्ता मानिसहरू छन् जो परीक्षाहरूबाट भएर जानु पर्दा नकारात्मक बन्छन्, र कसै-कसैले त गुनासो पनि गर्छन्। अरू मानिसहरू अब अगाडि बढिरहेका छैनन्, किनकि परमेश्वरले बोलिसक्नुभएको छ। मानिसहरू परमेश्वरमाथिको विश्वासमा सही मार्गमा प्रवेश गरेका छैनन्। तिनीहरू स्वतन्त्र रूपमा जिउन सक्दैनन्, र तिनीहरूले आफ्नै आत्मिक जीवन कायम राख्न सक्दैनन्। कतिपय मानिसहरू पछि लाग्छन् र उत्साहको साथ खोजी गर्छन्, र परमेश्वर बोल्नुहुँदा अभ्यास गर्न इच्छुक हुन्छन्, तर जब परमेश्वर बोल्नुहुन्न, तिनीहरू अगाडि बढ्न छोड्छन्। मानिसहरूले अझै पनि आफ्नो हृदयमा परमेश्वरको इच्छालाई बुझ्न सकेका छैनन् र तिनीहरूसँग परमेश्वरप्रति सहज प्रेम छैन; विगतमा तिनीहरू परमेश्वरको पछि लागे किनकि उनीहरू बाध्य थिए। अहिले त्यहाँ केही यस्ता मानिसहरू छन् जो परमेश्वरको कामद्वारा थकित भएका छन्। के त्यस्ता मानिसहरू खतरामा छैनन् र? धेरै जना मानिसहरू झारा टार्दै अघि बढ्ने स्थितिमा मात्र छन्। तिनीहरूले परमेश्वरको वचन खाने र पिउने गरे पनि र उहाँसित प्रार्थना गरे पनि, तिनीहरू आधा मनले त्यसो गर्छन्, र तिनीहरूमा पहिलेको जस्तो उत्साह छैन। अधिकांश मानिसहरू परमेश्वरको शोधन र सिद्धताको काममा रुचि राख्दैनन्, र साँच्चै यो यस्तो छ मानौं, तिनीहरू निरन्तर रूपमा नै आन्तरिक जोश रहीत छन्। जब तिनीहरू अपराधहरूद्वारा पराजित हुन्छन्, तिनीहरूले परमेश्वरप्रति ऋणी महसुस गर्दैनन्, न त तिनीहरूमा पछुतो गर्ने ज्ञान हुन्छ। तिनीहरू सत्यको पछि लाग्दैनन् वा मण्डली छोड्दैनन्, बरु क्षणिक सुखविलासको पछि लाग्छन्। यी मानिसहरू मूर्ख हुन्, पूर्ण रूपमा मूर्ख! जब समय आउँछ, तब तिनीहरू सबैलाई फालिनेछ, र एकै जनालाई पनि बचाइनेछैन! के तँलाई कुनै व्यक्तिलाई एक पटक मुक्ति दिइयो भने उसले सधैँ मुक्ति पाएको हुनेछ भन्ने लाग्छ? यो विश्वास पूर्ण रूपमा धोखा हो! जीवनमा प्रवेश गर्ने कुराको पछि नलाग्ने सबैलाई सजाय दिइनेछ। धेरै जना मानिसमा जीवनमा, दर्शनमा प्रवेश गर्ने, वा सत्यको अभ्यास गर्ने कुरामा कुनै खास चासो हुँदैन। तिनीहरू प्रवेश गर्न पछि लाग्दैनन्, र निश्चित रूपमा तिनीहरू अझ गहिराइमा प्रवेश गर्न पछि लाग्दैनन्। के तिनीहरूले आफैलाई नाश पारिरहेका छैनन् र? अहिले, त्यहाँ मानिसहरूको एउटा भाग छ जसको अवस्थामा निरन्तर सुधार भइरहेको छ। पवित्र आत्माले जति धेरै काम गर्नुहुन्छ, तिनीहरूले उति नै बढी आत्मविश्वास प्राप्त गर्छन्; तिनीहरूले जति धेरै अनुभव गर्छन्, उति नै धेरै तिनीहरूले परमेश्वरको कामको गम्भीर रहस्यलाई महसुस गर्दछन्। तिनीहरू जति गहिराइमा पस्छन्, तिनीहरूले त्यति नै बुझ्छन्। तिनीहरूले परमेश्वरको प्रेम धेरै महान् छ भन्ने महसुस गर्छन्, र तिनीहरू आफैभित्र स्थिर र ज्ञानी भएको महसुस गर्छन्। तिनीहरूमा परमेश्वरको कामको बुझाइ हुन्छ। यी ती मानिसहरू हुन् जसभित्र पवित्र आत्माले काम गरिरहनुभएको हुन्छ। कतिपय मानिसहरू भन्छन्: “परमेश्वरबाट कुनै नयाँ वचनहरू नआए पनि, म अझै पनि सत्यताको गहिराइमा जान खोज्नुपर्छ,

म मेरो वास्तविक अनुभवको सबै कुराका विषयमा गम्भीर हुनुपर्छ र परमेश्‍वरका वचनहरूको वास्तविकतामा प्रवेश गर्नुपर्छ।" यस प्रकारको व्यक्तिसँग पवित्र आत्माको काम हुन्छ। परमेश्‍वरले आफ्नो अनुहार नदेखाउनुहुने भए पनि र प्रत्येक व्यक्तिबाट लुक्नुभएको भए पनि, र उहाँले एउटै पनि वचन नबोल्नु भए पनि र कहिलेकहीँ मानिसहरूले आन्तरिक शोधनको अनुभव गर्ने भए पनि, परमेश्‍वरले मानिसहरूलाई पूर्ण रूपमा त्याग्नुभएको छैन। यदि कुनै व्यक्तिले आफूले लागू गर्नुपर्ने सत्यतालाई कायम राख्न सक्दैन भने, तिनीहरूसँग पवित्र आत्माको काम हुँदैन। शोधनको अवधिमा, परमेश्‍वरले आफैलाई प्रकट नगर्नुभएको समयमा, यदि तँमा आत्मविश्‍वास छैन तर तँ कायर हुन्छस् भने, यदि तँ उहाँका वचनहरू अनुभव गर्नमा ध्यान दिँदैनस् भने, तँ परमेश्‍वरको कामबाट भागिरहेको छस्। पछि, तँ बाहिर फालिनेहरूमध्ये एक हुनेछस्। जो परमेश्‍वरको वचनमा प्रवेश गर्न खोज्दैनन्, तिनीहरू उहाँको साक्षी बनेर खडा हुन सक्दैनन्। परमेश्‍वरको लागि साक्षी दिन सक्ने र उहाँको इच्छा पूरा गर्न सक्ने मानिसहरू सबै परमेश्‍वरका वचनका पछि लाग्नको लागि पूर्ण रूपमा आफ्नो उत्साहमा भर पर्दछन्। परमेश्‍वरले मानिसहरूमा गर्नुहुने काम मुख्य रूपले तिनीहरूलाई सत्य प्रदान गर्नको निम्ति हो; तँलाई जीवनको पछि लगाउनु भनेको तँलाई सिद्ध पार्नका निम्ति हो, र यो सब तँलाई परमेश्‍वरको प्रयोगका लागि उपयुक्त बनाउनको लागि हो। अहिले तैँले पछि लागेको कुरा भनेको रहस्यहरू सुन्नु, परमेश्‍वरको वचन सुन्नु, तेरा आँखाहरूलाई सन्तुष्ट पार्नु र कुनै नयाँपन वा प्रवृत्ति छ कि भनेर हेर्नु, त्यसरी तेरो उत्सुकतालाई मेटाउनका लागि हो। यदि तेरो हृदयको अभिप्राय यही हो भने, तैँले परमेश्‍वरका मागहरूलाई पूरा गर्ने कुनै उपाय छैन। सत्यताको पछि नलाग्ने मानिसहरू अन्त्यसम्म पछि लाग्न सक्दैनन्। अहिले, परमेश्‍वरले केही गर्नुभएको छैन भन्ने होइन, बरु मानिसहरूले उहाँसँग सहकार्य गरिरहेका छैनन्, किनकि तिनीहरू उहाँको कामबाट थकित भएका छन्। तिनीहरू उहाँले आशिष दिनका निम्ति बोल्नुहुने वचनहरू मात्र सुन्न चाहन्छन्, र तिनीहरू उहाँको न्याय र सजायका वचनहरू सुन्न इच्छुक हुँदैनन्। यसको कारण के हो? कारण यो हो कि आशिष् प्राप्त गर्ने मानिसहरूको इच्छा पूरा भएको छैन, यसैले तिनीहरू नकारात्मक र कमजोर भएका छन्। यो होइन कि परमेश्‍वरले जानाजानी मानिसहरूलाई उहाँको पछि लाग्न दिनुहुन्न, न त उहाँले जानी-जानी मानवजातिलाई प्रहार गरिरहनुभएको छ। मानिसहरूका अभिप्रायहरू अनुचित भएकोले मात्रै तिनीहरू नकारात्मक र कमजोर छन्। परमेश्‍वर मानिसलाई जीवन दिनुहुने परमेश्‍वर हुनुहुन्छ, र उहाँले मानिसलाई मृत्युमा पार्न दिन सक्नुहुन्न। मानिसहरूको नकारात्मकता, कमजोरीहरू, र विश्‍वासबाट पछि हट्ने कुराहरू सबै तिनीहरूको आफ्नै कामको कारणले भएका हुन्।

परमेश्‍वरको हालको कामले मानिसहरूमा केही शुद्धीकरण ल्याउँदछ, अनि यो शोधन प्राप्त गर्दा दह्रिलो गरी खडा हुनेहरूले मात्र परमेश्‍वरको स्वीकृति पाउनेछन्। उहाँले आफैलाई जसरी लुकाउनुभए पनि, नबोलेर वा काम नगरेर जसरी यो गर्नुभए पनि, तँ अझै पनि जोसका साथ पछि लाग्न सक्छस्। यदि परमेश्‍वरले तँलाई अस्वीकार गर्छु भनेर भन्नुभए पनि, तँ अझै पनि उहाँलाई पछ्याउनेछस्। परमेश्‍वरका लागि अटल गवाही बन्नु भनेको यही हो। यदि परमेश्‍वरले आफैलाई तँबाट लुकाउनुभयो र तँ उहाँको पछि लाग्न छोडिस् भने, के त्यो परमेश्‍वरका लागि अटल साक्षी

बन्नु हो? यदि मानिसहरू साँच्चै प्रवेश गर्दैनन् भने, तिनीहरूसँग वास्तविक कद हुँदैन, र जब तिनीहरूले साँच्चै ठूलो परीक्षाको सामना गर्छन् तब तिनीहरू ठेस लागेर लड्छन्। जब परमेश्‍वरले बोलिरहनुभएको वा तेरो धारणासँग मिल्ने काम गरिरहनुभएको हुँदैन, तँ तोडिन्छस्। यदि परमेश्‍वरले अहिले तेरा धारणा अनुरूप काम गरिरहनुभएको भए, यदि उहाँले तेरो इच्छा पूरा गर्दैहुनुहुन्थ्यो र तँ खडा भएर र सामर्थ्यको साथ पछि लाग्न सक्थिस् भने, तँ कुन आधारमा जिइरहेको हुनेथिइस्? म भन्छु, धेरै जना मानिसहरू पूर्ण रूपमा मानवीय उत्सुकतामा निर्भर भई जिइरहेका छन्। तिनीहरूका वास्तविक हृदयमा पछ्याउने चाहना एउटै पनि छैन। सत्यमा प्रवेश गर्ने कार्यको खोजी नगर्ने तर जीवनको उत्सुकतामा भर पर्नेहरू घृणित मानिसहरू हुन्, र तिनीहरू खतरामा हुन्छन्। परमेश्‍वरका विभिन्‍न प्रकारका कामहरू सबै मानवजातिलाई सिद्ध बनाउनका निम्ति गरिन्छ। तापनि, मानिसहरू सधैँ उत्सुक हुन्छन्, उनीहरू झूटो शिक्षाहरूको बारेमा सोधपुछ गर्न चाहन्छन्, तिनीहरू विदेशको वर्तमान हालखबरको बारेमा चासो राख्छन्—उदाहरणका लागि, तिनीहरू इजरायलमा के भइरहेको छ, वा यदि इजिप्टमा कुनै भूकम्प पो गयो कि भनी जान्‍न उत्सुक हुन्छन्—तिनीहरू सधैँ आफ्ना स्वार्थी चाहनाहरू तृप्‍त गर्न केही नयाँ कुराहरू, नौलो कुराहरू खोजिरहेका हुन्छन्। तिनीहरू जीवनको पछि लाग्दैनन्, न त तिनीहरू सिद्ध हुने कुराको पछि नै लाग्छन्। तिनीहरू आफ्नो सुन्दर सपना साकार होस् र तिनीहरूका असंयमी अभिलाषाहरू पूरा होऊन् भनेर केवल परमेश्‍वरको दिन चाँडै आओस् भन्‍ने चाहन्छन्। यस प्रकारको व्यक्ति व्यावहारिक हुँदैन—तिनीहरू अनुचित दृष्टिकोण भएका मानिसहरू हुन्। सत्यको पछि लाग्नु मात्रै परमेश्‍वरमाथिको मानवजातिको विश्‍वासको आधार हो, र यदि मानिसहरूले जीवनमा प्रवेश गर्न खोज्दैनन्, यदि तिनीहरू परमेश्‍वरलाई सन्तुष्ट पार्न खोज्दैनन् भने तिनीहरू दण्डमा पर्नेछन्। दण्ड पाउनु पर्ने मानिसहरू तिनीहरू नै हुन् जोसँग परमेश्‍वरले काम गर्नुभएको समयमा पवित्र आत्माको काम थिएन।

परमेश्‍वरको यस चरणको काममा मानिसहरूले कसरी सहकार्य गर्नुपर्छ? वर्तमान समयमा परमेश्‍वरले मानिसहरूलाई जाँच्दै हुनुहुन्छ। उहाँले कुनै वचन बोल्नुहुन्‍न, तर आफैलाई लुकाउँदैहुनुहुन्छ र मानिसहरूसँग कुनै सीधा सम्पर्क गरिरहनुभएको छैन। बाहिरबाट हेर्दा, उहाँले कुनै काम गरिरहनुभएको जस्तो देखिँदैन, तर सत्यता के हो भने, उहाँले अझै पनि मानिसभित्र काम गरिरहनुभएको छ। जीवनमा प्रवेशको खोजी गर्ने कुनै पनि व्यक्तिमा जीवनको खोजी गर्ने दर्शन हुन्छ, र तिनीहरूले परमेश्‍वरको काम पूर्ण रूपमा नबुझे पनि कुनै शङ्का गर्दैनन्। तँलाई परमेश्‍वरले के गर्न चाहनुहुन्छ र उहाँले कुन काम सम्पन्‍न गर्न चाहनुहुन्छ भनी थाहा नभएको बेला परीक्षाहरू भएर जाँदा, तँलाई यो थाहा हुनुपर्छ कि मानव जातिप्रतिको परमेश्‍वरका अभिप्रायहरू सधैँ असल हुन्छन्। यदि तैँले उहाँलाई साँचो हृदयले पछ्याइस् भने उहाँले तँलाई कहिल्यै पनि छोड्नुहुनेछैन, र अन्त्यमा उहाँले निश्‍चय तँलाई सिद्ध बनाउनुहुनेछ, र मानिसहरूलाई उचित गन्तव्यमा पुर्‍याउनुहुनेछ। वर्तमानमा परमेश्‍वरले मानिसहरूलाई जसरी जाँचिरहनुभएको भए पनि, उहाँले मानिसहरूलाई उचित परिणाम दिने र तिनीहरूले गरेको कामको आधारमा उचित दण्ड दिने दिन आउनेछ। परमेश्‍वरले मानिसहरूलाई कुनै खास बिन्दुमा डोर्‍याएर तिनीहरूलाई एकातिर फालिदिने र तिनीहरूलाई बेवास्ता गर्ने गर्नुहुनेछैन। किनकि परमेश्‍वर भरोसायोग्य हुनुहुन्छ। यस

चरणमा, पवित्र आत्माले शोधन गर्ने काम गर्दैहुनुहुन्छ। उहाँले प्रत्येक व्यक्तिलाई शोधन गर्दैहुनुहुन्छ। मृत्युको परीक्षा र सजायको परीक्षाद्वारा बनेका कामका यी चरणहरूमा, शोधनको काम वचनहरूद्वारा अगाडि बढाइएको थियो। मानिसहरूले परमेश्वरको कामको अनुभव गर्नका लागि तिनीहरूले पहिले उहाँको वर्तमान कामलाई र मानव जातिले त्यसमा कसरी सहकार्य गर्नुपर्दछ भन्ने कुरालाई बुझ्नुपर्छ। वास्तवमा, यो सबैले बुझ्नु पर्ने कुरा हो। परमेश्वरले जे गर्नुभए पनि, चाहे त्यो शोधन होस् जेसुकै होस् वा उहाँ बोलिरहनुभएको छैन भने पनि परमेश्वरको कामको एउटै चरण पनि मानव जातिको धारणासँग मिल्दैन। उहाँको कामको प्रत्येक चरणले मानिसहरूका धारणाहरूलाई छताछुल्ल बनाउँछ र तोड्छ। यो उहाँको काम हो। तर परमेश्वरको काम एक निश्चित चरणमा पुगेको छ, यसैले चाहे जेसुकै भए पनि उहाँले सबै मानिसलाई मार्नुहुनेछैन भन्ने तैँले विश्वास गर्नुपर्छ। उहाँले मानव जातिलाई प्रतिज्ञा र आशिषहरू दुवै दिनुहुन्छ, र उहाँलाई पछ्याउनेहरू सबैले उहाँका आशिषहरू प्राप्त गर्न सक्नेछन्, तर जसले पछ्याउँदैनन् तिनीहरूलाई परमेश्वरले एकातिर पन्छ्याउनुहुनेछ। यो तेरो खोजीमा निर्भर हुन्छ। अरू जेसुकै भए पनि, तैँले यो के विश्वास गर्नुपर्छ भने, जब परमेश्वरको काम समाप्त हुन्छ, प्रत्येक व्यक्तिले उपयुक्त गन्तव्य पाउनेछ। परमेश्वरले मानव जातिलाई सुन्दर आकांक्षाहरू प्रदान गर्नुभएको छ, तर खोजी नगरी ती प्राप्त गर्न सकिँदैन। तैँले अहिले यो देख्न सक्नुपर्छ—परमेश्वरले गर्नुहुने मानिसहरूको शुद्धीकरण र उहाँको सजाय उहाँको काम हो, तर मानिसहरूले आफ्नो काम गर्दै हरसमय स्वभावमा परिवर्तन गर्नतिर लागिरहनुपर्छ। तेरो व्यावहारिक अनुभवमा, तैँले सबैभन्दा पहिले परमेश्वरको वचन कसरी खानु र पिउनुपर्छ त्यो जान्नुपर्छ; तँ के कुरामा प्रवेश गर्नुपर्छ र तेरा कमजोरीहरू के हुन् सो कुरा तैँले उहाँका वचनहरूमा भेट्टाउनुपर्छ, तैँले तेरो व्यावहारिक अनुभवमा प्रवेशको खोजी गर्नुपर्छ, र अभ्यास गर्नु पर्ने परमेश्वरको वचनको खण्ड लिएर त्यसलाई अभ्यास गर्ने कोसिस गर्नुपर्छ। परमेश्वरको वचन खानु र पिउनु एउटा पक्ष हो। यसको अतिरिक्त, मण्डलीको जीवन कायमै राख्नुपर्छ, तँसँग सामान्य आत्मिक जीवन हुनुपर्दछ, र तैँले आफ्नो हालको सम्पूर्ण अवस्था परमेश्वरमा सुम्पन सक्नुपर्छ। उहाँको काम जसरी परिवर्तन भए पनि, तेरो आत्मिक जीवन सामान्य रहनुपर्छ। आत्मिक जीवनले तेरो सामान्य प्रवेशलाई कायम राख्न सक्दछ। परमेश्वरले जे गर्नुभए पनि, तैँले आफ्नो आत्मिक जीवनलाई विनाबाधा अगि बढाउनुपर्छ र तेरो कर्तव्य पूरा गर्नुपर्छ। मानिसहरूले गर्नु पर्ने कार्य यही नै हो। यो सबै पवित्र आत्माको काम हो, तर सामान्य अवस्था भएकाहरूका लागि यो सिद्धता हो, असामान्य अवस्था भएकाहरूका लागि यो एउटा परीक्षा हो। पवित्र आत्माको शोधन कार्यको वर्तमान चरणमा, कतिपय मानिसहरूले के भन्छन् भने, परमेश्वरको काम धेरै महान् छ र मानिसहरूलाई पूर्ण रूपमा शोधनको आवश्यकता छ, अन्यथा तिनीहरूको कद धेरै सानो हुनेछ र तिनीहरूसित परमेश्वरको इच्छा प्राप्त गर्ने कुनै उपाय हुनेछैन। तापनि, जसको अवस्था राम्रो छैन, तिनीहरूको लागि यो परमेश्वरको पछि नलाग्ने र भेलाहरूमा नजाने वा परमेश्वरका वचनहरू नखाने र नपिउने एउटा कारण बन्छ। परमेश्वरको काममा, उहाँले जे गर्नुभए पनि वा उहाँले जुनसुकै परिवर्तन लागू गर्नुभए पनि, मानिसहरूले सामान्य आत्मिक जीवनको आधारभूत आधार कायम राख्नुपर्छ। सायद तँ तेरो आत्मिक जीवनको

वर्तमान चरणमा शिथिल भएको छैनस् होला, तापनि तैँले अझै धेरै कुरा प्राप्त गरेको छैनस्, र धेरै बाली काटेको छैनस्। यस्ता परिस्थितिहरूमा, तैंले अझै पनि नियमहरू पालन गर्नुपर्छ; तैंले यी नियमहरू पालन गर्नैपर्छ, ताकि तैंले आफ्नो जीवनमा हानि भोग्नु नपरोस् र ताकि तैँले परमेश्‍वरको इच्छा पूरा गर्न सक्। यदि तेरो आत्मिक जीवन असामान्य छ भने, तैंले परमेश्‍वरको वर्तमान कामलाई बुझ्न सक्दैनस्, र त्यसको साटो तँलाई सधैँ यो तेरा धारणाहरूसँग अमिल्दो छ भन्‍ने लाग्छ, र तैंले उहाँलाई पछ्याउने इच्छा गरे पनि, तँसँग आन्तरिक उत्साहको अभाव हुन्छ। यसैले परमेश्‍वरले वर्तमानमा जे गरिरहनुभएको भए पनि मानिसहरूले सहकार्य गर्नुपर्छ। यदि मानिसहरूले सहकार्य गर्दैनन् भने, पवित्र आत्माले आफ्नो काम गर्न सक्‍नुहुन्‍न, र यदि मानिसहरूमा सहकार्य गर्ने हृदय छैन भने, तिनीहरूले पवित्र आत्माको काम सायदै प्राप्त गर्न सक्दछन्। यदि तँ आफूभित्र पवित्र आत्माको काम पाउन चाहन्छस् भने, र यदि तँ परमेश्‍वरको स्वीकृति प्राप्त गर्न चाहन्छस् भने, तैंले परमेश्‍वरको सामु आफ्नो सुरुको भक्ति कायम राख्नुपर्छ। अब, तँमा गहन बुझाइ, उच्च सिद्‌धान्त, वा अरू त्यस्तै थोकहरू हुनु आवश्यक छैन–यति मात्र आवश्यक छ कि तैंले मूल आधारमा परमेश्‍वरको वचनलाई थाम्नुपर्छ। यदि मानिसहरूले परमेश्‍वरसँग सहकार्य गर्दैनन् र गहन प्रवेशको खोजी गर्दैनन् भने, परमेश्‍वरले तिनीहरूबाट ती सबै थोकहरू खोस्नुहुनेछ जुन सुरुमा तिनीहरूको थियो। भित्रपट्टि, मानिसहरू सधैँ सहजताको लोभ गर्छन् र पहिलेबाटै जे उपलब्ध छ त्यसमा रमाउँछन्। तिनीहरू कुनै पनि मूल्य नचुकाई परमेश्‍वरका प्रतिज्ञाहरू प्राप्त गर्न चाहन्छन्। यी मानवजातिले मनमा राख्ने अनावश्यक विचारहरू हुन्। कुनै मूल्य नचुकाई जीवन प्राप्त गर्नु–तर के कुनै कुरा कहिल्यै यस्तो सजिलो भएको छ? जब कसैले परमेश्‍वरमा विश्‍वास गर्दछ र जीवनमा प्रवेश गर्न खोज्छ र आफ्नो स्वभाव बदल्न खोज्छ, त्यसका निम्ति तिनीहरूले मूल्य चुकाउनुपर्छ र परमेश्‍वरले जे गर्नुभए पनि तिनीहरू सधैँ उहाँको पछि लाग्ने अवस्था प्राप्त गर्नुपर्छ। यो मानिसहरूले गर्नैपर्ने कुरा हो। यदि तैंले यी सबै कुरालाई नियमको रूपमा पालन गरिस् भने पनि, तैंले सधैँ यसलाई अनुसरण गर्नुपर्दछ, र जति ठूलो परीक्षाहरू आए पनि, तैंले परमेश्‍वरसितको आफ्नो सामान्य सम्बन्धलाई त्याग्नु हुँदैन। तैंले प्रार्थना गर्न, तेरो मण्डलीको जीवनलाई कायम राख्न सक्नुपर्छ, र आफ्ना दाजुभाइ-दिदीबहिनीहरूलाई कहिल्यै त्याग्नु हुँदैन। जब परमेश्‍वरले तँलाई जाँच्नुहुन्छ, त्यस बेला पनि तैंले अझै सत्यतालाई खोज्नुपर्छ। यो आत्मिक जीवनको न्यूनतम मापदण्ड हो। सधैँ खोज्ने इच्छा राख्नु, र सहकार्य गर्ने प्रयास गर्नु, तेरा सबै ऊर्जा प्रयोग गर्नु–के यो गर्न सकिन्छ? यदि मानिसहरूले यसलाई आधारको रूपमा लिए भने, तिनीहरूले भेद-ज्ञान हासिल गर्न र वास्तविकतामा प्रवेश प्राप्त गर्न सक्छन्। जब तेरो आफ्नै अवस्था सामान्य हुन्छ त्यस बेला परमेश्‍वरको वचन स्वीकार गर्नु सजिलो हुन्छ; यस्ता अवस्थाहरूमा सत्यताको अभ्यास गर्न कठिन हुँदैन, र तँलाई परमेश्‍वरको काम महान् छ भन्‍ने लाग्छ। तर यदि तेरो अवस्था नराम्रो छ भने, परमेश्‍वरको काम जति नै महान् भए पनि र कुनै व्यक्तिले जति सुन्दर ढङ्गले बोले पनि, तैँले त्यसमा कुनै ध्यान दिनेछैनस्। जब कुनै व्यक्तिको अवस्था असामान्य हुन्छ, तब परमेश्‍वरले तिनीहरूमा काम गर्न सक्‍नुहुन्‍न, अनि तिनीहरूले आफ्नो स्वभावमा परिवर्तन हासिल गर्न सक्दैनन्।

यदि मानिसहरूमा अलिकति पनि आत्मविश्वास छैन भने, तिनीहरूलाई त्यो बाटोमा अगि बढिरहन सहज हुँदैन। अहिले सबै जनाले देख्न सक्छन् कि परमेश्वरको काम मानिसहरूका धारणाहरूसँग अलिकति पनि मिल्दैन। परमेश्वरले धेरै काम गर्नुभएको छ र धेरै वचनहरू बोल्नुभएको छ, जुन मानिसका धारणाहरूभन्दा पूर्ण रूपमा फरक छ। यसैले, मानिसहरूले पहिले नै जे देखेका छन् र तिनीहरूका अनुभवहरूबाट जे प्राप्त गरेका छन् त्यसमा खडा हुनका निम्ति तिनीहरूमा आत्मविश्वास र इच्छाशक्ति हुनुपर्दछ। परमेश्वरले मानिसहरूमा जे गर्नुभए पनि, तिनीहरूमा जे छ त्यसलाई तिनीहरूले थामेर राख्नुपर्छ, अनि परमेश्वरको सामु इमानदार हुनुपर्छ, र अन्त्यसम्मै उहाँप्रति समर्पित रहनुपर्छ। यही नै मानवजातिको कर्तव्य हो। मानिसहरूले जे गर्नुपर्छ त्यसलाई तिनीहरूले कायम राख्नुपर्छ। परमेश्वरमा विश्वास गर्नको लागि उहाँप्रति आज्ञाकारी हुनुपर्छ र उहाँको कामको अनुभव चाहिन्छ। परमेश्वरले यति धेरै काम गर्नुभयो—यो भन्न सकिन्छ कि, मानिसहरूका लागि यो सिद्धता, शोधन र अझ बढी, सजाय नै हो। परमेश्वरको कामको एक चरण पनि मानव धारणासँग मिल्दोजुल्दो छैन; मानिसहरूले आनन्द लिएका कुरा भनेको परमेश्वरको कठोर वचनहरू हुन्। जब परमेश्वर आउनुहुन्छ, मानिसहरूले उहाँको प्रताप र उहाँको क्रोध उपभोग गर्नुपर्दछ। यद्यपि, उहाँको वचन जति नै कठोर भए पनि, उहाँ मानव जातिलाई मुक्ति दिन र सिद्ध पार्न आउनुहुन्छ। प्राणीहरूको रूपमा, मानिसहरूले आफूले गर्नुपर्ने कर्तव्यहरू पूरा गर्नुपर्दछ, र शोधनको बीचमा परमेश्वरका लागि साक्षी बनेर खडा हुनुपर्छ। प्रत्येक परीक्षामा तिनीहरूले आफूले बोक्नुपर्ने गवाही थामेर राख्नुपर्छ, र परमेश्वरको खातिर त्यो शानदार तरिकाले गर्नुपर्दछ। यसो गर्ने व्यक्ति विजेता हो। परमेश्वरले तँलाई जसरी शोधन गर्नुभए पनि, तँमा पूरा आत्मविश्वास हुन्छ र तैँले उहाँमाथिको भरोसा कहिल्यै गुमाउँदैनस्। मानिसहरूले जे गर्नु पर्ने हो तँ त्यही गर्छस्। परमेश्वरले मानिसबाट यही माग गर्नुहुन्छ, र मानिसको हृदय पूर्ण रूपमा उहाँमा फर्कनु र बितेर जाने हरेक क्षणमा उहाँतर्फ फर्कन सक्ने हुनुपर्दछ। यो एक विजेता हो। परमेश्वरले जस-जसलाई "विजेताहरू" भनी सम्बोधन गर्नुहुन्छ तिनीहरू ती हुन् जो शैतानको प्रभावमा र शैतानको घेराबन्दीमा पर्छन्, अर्थात् जब तिनीहरूले आफैलाई अन्धकारको शक्ति बीचमा पाउँछन् त्यस बेला पनि तिनीहरू गवाही बनी खडा हुन सक्छन् र परमेश्वरमाथिको आफ्नो निश्चयता र भक्तिलाई कायम राख्न सक्छन्। यदि तैँले जुनसुकै अवस्थामा परमेश्वरको सामु शुद्ध हृदय राख्न र परमेश्वरप्रति तेरो साँचो प्रेमलाई कायम राख्न सक्छस् भने, तँ परमेश्वरको सामुन्ने गवाही बनी खडा भइरहेको हुन्छस्, र परमेश्वरले यसैलाई "विजेता" हुनु भनी भन्नुहुन्छ। यदि परमेश्वरले तँलाई आशिष् दिनुहुँदा तेरो खोजी सर्वोत्कृष्ट हुन्छ तर उहाँको आशिषविना तँ पछि हट्छस् भने के यो शुद्धता हो? यो मार्ग सत्य हो भनी तँ निश्चित भएको हुनाले, तैँले यसलाई अन्त्यसम्मै पछ्याइरहनुपर्छ; तैँले परमेश्वरप्रतिको आफ्नो भक्तिलाई कायमै राख्नुपर्छ। तँलाई सिद्ध बनाउन परमेश्वर स्वयम् आउनुभएको तैँले देखेका हुनाले, तैँले आफ्नो सम्पूर्ण हृदय उहाँलाई दिनुपर्दछ। उहाँले जे गर्नुभए पनि यदि तँ उहाँलाई पछ्याउन सक्छस् भने, अन्त्यमा उहाँले तेरो निम्ति प्रतिकूल परिणाम निर्धारित गर्नुभए पनि, त्यसले परमेश्वरको अगाडि तिम्रो शुद्धतालाई कायम राखिरहेको हुन्छ। परमेश्वरलाई पवित्र आत्मिक शरीर र शुद्ध कुमारित्व चढाउनु भनेको

परमेश्वरको अगाडि इमानदार हृदय राख्नु हो। मानव जातिका लागि, इमानदारीता भनेको शुद्धता हो, र परमेश्वरप्रति इमानदार हुन सक्ने क्षमता हुनु भनेको शुद्धता कायम राख्नु हो। तैँले अभ्यास गर्नुपर्ने कुरा यही हो। जब तैँले प्रार्थना गर्नुपर्छ, तब प्रार्थना गर्; जब तँ सङ्गतिमा भेला हुनुपर्छ, तैँले त्यसै गर्नुपर्छ; जब तैँले भजन गाउनुपर्छ, तैँले भजनहरू गा; जब तैँले देहलाई त्याग्नुपर्छ, तैँले शरीरलाई त्यागी दे। जब तैँले आफ्नो कर्तव्य पूरा गर्छस्, तैँले त्यसमा अलमल गर्नु हुँदैन; जब तैँले परीक्षाहरूको सामना गर्नुपर्छ, तँ दृढ भई खडा हुनू। परमेश्वरप्रतिको भक्ति यही हो। यदि तँ मानिसहरूले जे गर्नुपर्छ त्यसलाई कायम राख्दैनस् भने, तेरा पहिलेका सबै दुःख र संकल्पहरू व्यर्थ भएका छन्।

परमेश्वरको कामको हरेक चरणका लागि, मानिसहरूले सहकार्य गर्नुपर्ने तरिका हुन्छ। परमेश्वरले मानिसहरूलाई शोधन गर्नुहुन्छ ताकि शोधनबाट भएर जाँदा तिनीहरूमा हिम्मत आओस्। मानिसहरूले परमेश्वरबाट सिद्ध हुन सक्ने आत्मविश्वास प्राप्त गर्न सकून् र उहाँका शोधनहरू स्वीकार गर्न र परमेश्वरले गर्नुहुने निराकरण र छाँटकाँटको सामना गर्न सकून् भनेर परमेश्वरले मानिसहरूलाई सिद्ध पार्नुहुन्छ। मानिसहरूभित्र ज्ञान र ज्योति ल्याउन र उहाँसँग मिलेर काम र अभ्यास गर्न लगाउनको लागि परमेश्वरका आत्माले मानिसहरूभित्र काम गर्नुहुन्छ। शोधनको अवधिमा परमेश्वर बोल्नुहुन्न। उहाँले आफ्नो आवाज निकाल्नुहुन्न, तर अझै पनि मानिसहरूले गर्नु पर्ने काम हुन्छ। तँसँग जे छ त्यसलाई तैँले पक्रिराख्नु पर्छ, तैँले अझै पनि परमेश्वरसँग प्रार्थना गर्न सक्नुपर्छ, परमेश्वरको नजिक हुनुपर्छ, र परमेश्वर सामु साक्षी दिन सक्नुपर्छ; यसो गरेर तैँले आफ्नो कर्तव्य पूरा गर्नेछस्। तिमीहरू सबैले परमेश्वरको कार्यबाट उहाँले मानिसहरूको आत्मविश्वास र प्रेम जाँच्नुहुँदा उनीहरूले उहाँसित अझ बढी प्रार्थना गर्नुपर्छ, र अझ बढी उनीहरूले उहाँको सामु परमेश्वरका वचनहरूको स्वाद पाउनुपर्छ भन्ने कुरालाई स्पष्ट रूपमा देख्नुपर्छ। यदि परमेश्वरले तँलाई ज्ञान दिनुहुन्छ र तँलाई उहाँको इच्छा बुझ्न दिनुहुन्छ, तैपनि तैँले यीमध्ये कुनैलाई पनि अभ्यास गर्दैनस् भने, तैँले केही पनि प्राप्त गर्नेछैनस्। जब तैँले परमेश्वरका वचनहरूलाई अभ्यास गर्छस्, तैँले अझै पनि उहाँसँग प्रार्थना गर्न सक्नुपर्छ, र जब उहाँका वचनहरूको स्वाद लिन्छस् तँ उहाँको सामु आउनुपर्छ र निराश वा चिसोपनाको कुनै सङ्केतविना उहाँप्रति निश्चयताले भरिनुपर्छ। परमेश्वरका वचनहरूलाई अभ्यास नगर्नेहरू भेलाहरूको बेला सामर्थ्यले भरिएका हुन्छन्, तर जब तिनीहरू घर फर्कन्छन् तिनीहरू अन्धकारले फर्किन्छन्। केही मानिसहरू हुन्छन् जो एक साथ भेला हुन समेत चाहँदैनन्। यसैले, मानिसहरूले कुन कर्तव्य पूरा गर्नुपर्छ त्यो तैँले स्पष्ट रूपमा बुझ्नुपर्छ। परमेश्वरको इच्छा वास्तवमा के हो भन्ने तँलाई थाहा नहुन सक्छ, तर तैँले आफ्नो कर्तव्य पूरा गर्न सक्छस्, प्रार्थना गर्नु पर्दा तैँले त्यसो गर्न सक्छस्, सत्यलाई अभ्यास गर्नु पर्दा तैँले त्यसो गर्न सक्छस्, र मानिसहरूले जे गर्नुपर्छ तैँले त्यो गर्न सक्छस्। तैँले आफ्नो सुरुको दर्शनलाई पक्रिराख्न सक्छस्। यसरी, तैँले परमेश्वरको कामको अर्को चरणलाई अझ बढी स्वीकार गर्न सक्नेछस्। जब परमेश्वरले गुप्त तरिकाले काम गर्नुहुन्छ, तब तैँले खोजी गरिनस् भने त्यो समस्या हुन्छ। जब उहाँले भेलाहरूमा बोल्नुहुन्छ र प्रचार गर्नुहुन्छ, तैँले उत्साहको साथ सुन्छस्, तर जब उहाँ तँसँग बोल्नुहुन्न तँमा ऊर्जाको अभाव हुन्छ

र तँ पछि हट्छस्। कस्तो प्रकारको व्यक्तिले यसरी कार्य गर्दछ? यो त्यस्तो व्यक्ति हो जो बथान जता जान्छ, त्यतैतिर लाग्छ। उनीहरूको कुनै अडान हुँदैन, कुनै गवाही हुँदैन, र कुनै दर्शन हुँदैन! धेरैजसो मानिसहरू यस्तै प्रकारका हुन्छन्। यदि तँ त्यस मार्गमा लागिरहिस् भने, एक दिन जब तैँले ठूलो परीक्षाको सामना गर्नुपर्छ, तब तँ दण्डमा पर्नेछस्। मानिसहरूलाई सिद्ध पार्ने परमेश्वरको प्रक्रियाको लागि अडान हुनु धेरै महत्त्वपूर्ण कुरा हो। यदि तैँले परमेश्वरको कामको एउटै चरणलाई पनि शङ्का गर्दैनस् भने, यदि तैँले मानिसको कर्तव्य पूरा गर्छस् भने, यदि तैँले परमेश्वरले तँलाई अभ्यास गर्न लगाउनुभएको कुरालाई इमानदारीपूर्वक थामेर राख्छस् भने, अर्थात्, तैँले परमेश्वरका अर्तीहरूलाई स्मरण गर्छस् भने र उहाँले वर्तमान समयमा जे गर्नुभए पनि तैँले उहाँको सल्लाहलाई बिर्सँदैनस् भने, यदि तँमा उहाँको कामको बारेमा कुनै शङ्का छैन, दह्रिलो भई खडा भइस्, तेरो गवाहीलाई पक्री राखिस् भने, र मार्गको प्रत्येक कदममा तँ विजयी भइस् भने अन्त्यमा तँलाई परमेश्वरले सिद्ध पार्नुहुनेछ र विजेता बनाउनुहुनेछ। यदि तँ परमेश्वरको जाँचहरूको प्रत्येक चरणमा दह्रिलो भई खडा हुन सकिस् भने, र तँ अझै पनि अन्त्यसम्मै दृढ रहन सक्छस् भने, तँ एक विजेता होस्, तँ परमेश्वरले सिद्ध बनाउनुभएको व्यक्ति होस्। यदि तँ तेरा वर्तमान जाँचहरूमा दृढ रहन सक्दैनस् भने, भविष्यमा यो अझ बढी कठिन हुनेछ। यदि तँ नगण्य दुःखबाट भएर गइस् र तँ सत्यको पछि लाग्दैनस् भने, तैँले आखिरमा केही पनि प्राप्त गर्नेछैनस्। तँ खाली हात हुनेछस्। परमेश्वर बोल्नुभएको छैन भन्ने देखेर आफ्नो खोजीलाई त्याग्ने मानिसहरू पनि छन्, र तिनीहरूका हृदय छताछुल्ल हुन्छ। के त्यस्तो व्यक्ति मूर्ख होइन र? यस प्रकारका मानिसहरूमा कुनै वास्तविकता हुँदैन। जब परमेश्वर बोलिरहनुभएको हुन्छ, तिनीहरू सधैँ यता-उता दगुरिरहेका हुन्छन्, बाहिरबाट हेर्दा व्यस्त र उत्साहित देखिन्छन्, तर अब जब उहाँ बोल्नुभएको हुँदैन, तब तिनीहरू खोज्न छोड्छन्। यस प्रकारको व्यक्तिको कुनै भविष्य हुँदैन। शुद्धीकरणको क्रममा, तँ सकारात्मक दृष्टिकोणबाट प्रवेश गर्नुपर्छ र तैँले सिक्नु पर्ने पाठहरू सिक्नुपर्छ; जब तैँले परमेश्वरसँग प्रार्थना गर्छस् र उहाँको वचन पढ्छस्, तैँले आफ्नो अवस्थालाई यसैको आधारमा मापन गर्नुपर्दछ, आफ्ना कमजोरीहरू पत्ता लगाउनुपर्छ, र तैँले सिक्नुपर्ने पाठहरू अझै धेरै छन् भन्ने थाहा पाउनुपर्छ। शुद्धीकरणबाट भएर जाने क्रममा, तैँले जति धेरै इमानदारीसाथ खोजी गर्छस्, तैँले आफूलाई त्यत्ति नै बढी अपर्याप्त रहेको पाउनेछस्। जब तैँले शुद्धीकरणको अनुभव गरिरहेको हुन्छस्, त्यस बेला तैँले धेरै वटा समस्याहरूको सामना गर्छस्; तैँले तिनलाई स्पष्ट रूपमा देख्न सक्दैनस्, तैँले गुनासो गर्छस्, तैँले आफ्नै देहलाई प्रकट गर्छस्—केवल यसरी मात्रै तँभित्र धेरै भ्रष्ट स्वभावहरू छन् भनी तैँले थाहा पाउन सक्छस्।

मानिसहरूमा योग्यताको अभाव छ र तिनीहरू परमेश्वरका मापदण्डहरूबाट चुकेका छन्, भविष्यमा यो बाटोमा हिँड्न तिनीहरूलाई अझ धेरै आत्मविश्वासको आवश्यकता पर्न सक्छ। आखिरी दिनहरूमा परमेश्वरले गर्नुभएको कामको निम्ति धेरै ठूलो आत्मविश्वासको आवश्यकता पर्छ, यस्तो आत्मविश्वास जुन अय्यूबको भन्दा ठूलो छ। आत्मविश्वासविना, मानिसहरूले अनुभव प्राप्त गरिरहन सक्नेछैनन् नत तिनीहरू परमेश्वरद्वारा सिद्ध पारिन नै सक्छन्। जब ठूलो परीक्षाको दिन आउँछ, तब केही यहाँ, केही त्यहाँ मण्डलीहरू छोडेर जाने मानिसहरू हुनेछन्।

पहिलेका दिनहरूमा तिनीहरूका खोजीमा धेरै राम्रो काम गर्नेहरू पनि केही हुनेछन् र तिनीहरूले किन विश्वास गर्न छोड्छन् त्यो स्पष्ट हुनेछैन। तैंले बुझ्न नसक्ने धेरै कुराहरू हुनेछन्, र परमेश्वरले कुनै चिह्न वा आश्चर्यकर्म प्रकट गर्नुहुनेछैन, न त कुनै अलौकिक कार्य नै गर्नुहुनेछ। योचाहिँ तँ दह्रिलो गरी खडा हुन सक्छस् कि सक्दैनस् भनी हेर्नलाई हो–मानिसहरूलाई शोधन गर्न परमेश्वरले तथ्यहरूको प्रयोग गर्नुहुन्छ। तैंले अझै त्यति धेरै कष्ट भोगेको छैनस्। भविष्यमा जब ठूला परीक्षाहरू आउँछन्, कतिपय ठाउँहरूका मण्डलीका प्रत्येक व्यक्ति छोडेर जानेछन्, र तँसँग राम्रो सम्बन्ध हुने मानिसहरू जानेछन् र आफ्नो विश्वास त्याग्नेछन्। के त्यसबेला तँ दृढ भएर खडा हुन सक्नेछस्? अहिलेसम्म, तैंले सामना गरेका परीक्षाहरू सानातिना थिए, र तैंले सायद मुस्किलले तिनको सामना गर्न सकेको छस्। यस चरणमा वचनहरूद्वारा मात्र शोधन गर्ने र सिद्ध पार्ने कार्य समावेश छ। अर्को चरणमा, तँलाई शोधन गर्न तथ्यहरू तँकहाँ आउनेछन्, अनि त्यसबेला तँ जोखिमको बीचमा हुनेछस्। यो गम्भीर भएपछि, परमेश्वरले तँलाई चाँडो गर्ने र जाने सल्लाह दिनुहुनेछ, र धार्मिक मानिसहरूले तँलाई उनीहरूको साथमा जानका लागि लोभ्याउने कोसिस गर्नेछन्। योचाहिँ तँ त्यस मार्गमा अघि बढिरहन सक्छस् कि सक्दैनस् भनी हेर्नलाई हो, र यी सबै कुरा परीक्षा हुन्। वर्तमानका परीक्षाहरू सानातिना हुन्, तर त्यस्तो दिन आउनेछ जब केही घरहरूका आमाबाबुले विश्वास गर्न छोड्नेछन्, र कुनैमा छोराछोरीले विश्वास गर्न छोड्नेछन्। के तँ अगि बढिरहन सक्नेछस्? तँ जति अगाडि जान्छस्, परीक्षाहरू उति नै ठूला बन्नेछन्। परमेश्वरले मानिसहरूलाई शुद्ध पार्ने काम तिनीहरूका खाँचोहरू र कदअनुसार गर्नुहुन्छ। परमेश्वरले मानवजातिलाई सिद्ध बनाउनुहुने चरणमा, मानिसहरूको सङ्ख्या बढिरहनु असम्भव हुन्छ–त्यो कम मात्रै हुँदै जानेछ। यी शोधनहरूद्वारा मात्र मानिसहरूलाई सिद्ध पार्न सकिन्छ। निराकरण गरिनु, अनुशासन, जाँच, सजाय, सराप–के तँ यी सबैको सामना गर्न सक्छस्? जब तँ कुनै मण्डलीलाई निश्चित रूपमा राम्रो स्थितिमा देख्छस्, जहाँ दाजुभाइ-दिदीबहिनीहरू सबैले ठूलो ऊर्जाको साथमा खोजी गरिरहेका हुन्छन्, त्यसबेला तँ उत्साहित हुन्छस्। जब एक दिन तिनीहरू सबैले छोडेर जान्छन्, तिनीहरूमध्ये कतिले विश्वास गर्न छोडेका हुन्छन्, कोहीले व्यापार गर्न वा विवाह गर्न छोडेर गएका हुन्छन् र कोही-कोही धर्ममा सामेल हुन्छन्; के त्यसबेला तँ दृढ भएर खडा हुन सक्नेछस्? के तँ भित्री रूपमा अप्रभावित रहन सक्नेछस्? परमेश्वरले मानवजातिलाई सिद्ध बनाउने काम साधारण कुरा होइन! मानिसहरूलाई शोधन गर्न उहाँले धेरै कुराहरूको प्रयोग गर्नुहुन्छ। मानिसहरूले यी कुराहरूलाई विधिको रूपमा हेर्छन्, तर परमेश्वरको मूल अभिप्रायमा यी विधिहरू पटक्कै होइनन्, तर तथ्यहरू हुन्। अन्त्यमा, जब उहाँले मानिसहरूलाई एक निश्चित हदसम्म शोधन गरिसक्नुभएको हुन्छ र तिनीहरूमा कुनै गुनासो हुँदैन, तब उहाँको कामको यो चरण पूरा हुनेछ। पवित्र आत्माको महान् काम भनेको तँलाई सिद्ध पार्नु हो, र जब उहाँले कुनै काम गर्नुहुन्न र आफूलाई लुकाउनुहुन्छ, तब त्यो तँलाई सिद्ध पार्ने उद्देश्यले गरिएको हुन्छ, र निश्चित रूपमा, यसरी मानिसहरूमा परमेश्वरको निम्ति प्रेम छ कि छैन, उहाँमाथि तिनीहरूको वास्तविक भरोसा छ कि छैन सो देख्न सकिन्छ। जब परमेश्वर स्पष्टसँग बोल्नुहुन्छ, तब तैंले खोजी गर्नु आवश्यक हुँदैन; उहाँले आफूलाई लुकाउनुभएको बेला मात्र तैंले खोजी गर्नु र तेरो आफ्नो

बाटोमा अनिश्चितताको साथ अघि बढ्नु आवश्यक हुन्छ। तैँले सृष्टि गरिएको प्राणीको कर्तव्य पूरा गर्न सक्नुपर्छ, र तेरो भविष्यको परिणाम र तेरो गन्तव्य जे भए पनि, तँ जीवित रहने वर्षहरूमा तैँले परमेश्‍वरप्रतिको ज्ञान र प्रेमको खोजी गर्न सक्नुपर्छ, अनि परमेश्‍वरले तँलाई जसरी व्यवहार गर्नुभए पनि, तँ गुनासो गर्ने कार्यबाट जोगिन सक्नुपर्छ। पवित्र आत्माले मानिसहरूमा काम गर्ने एउटा सर्त छ। तिनीहरूले परमेश्‍वरका कामहरूको तृष्णा गर्नुपर्छ र खोजी गर्नुपर्छ, र त्यसप्रति आधा मनको हुने वा शङ्कालु हुने गर्नु हुँदैन, र तिनीहरूले हर समय आफ्नो कर्तव्यलाई सम्हाल्न सक्नुपर्छ; यस प्रकारले मात्र तिनीहरूले पवित्र आत्माको काम प्राप्त गर्न सक्छन्। परमेश्‍वरको कामको हरेक चरणमा मानवजातिबाट माग गरिएको कुरा भनेको ठूलो आत्मविश्‍वास र खोजी गर्नको लागि परमेश्‍वरको सामु आउने कार्य नै हो–अनुभवको आधारमा मात्रै मानिसहरूले परमेश्‍वर कति प्रेमयोग्य हुनुहुन्छ र पवित्र आत्माले मानिसहरूमा कसरी काम गर्नुहुन्छ भन्ने कुरा थाहा पाउन सक्छन्। यदि तँ अनुभव गर्दैनस् भने, यदि तँ त्यसमा अघि बढ्दैनस् भने, यदि तँ खोजी गर्दैनस् भने, तैँले केही पनि प्राप्त गर्नेछैनस्। तँ आफ्ना अनुभवहरूमा अघि बढ्नुपर्छ, र तेरा अनुभवहरूद्वारा मात्र तैँले परमेश्‍वरका कार्यहरूलाई देख्न सक्छस् र उहाँ आश्‍चर्यजनक र अथाह हुनुहुन्छ भन्ने कुरा बुझ्न सक्छस्।

## के तँ जीवित भएको व्यक्ति होस्?

तैँले तेरो भ्रष्ट स्वभावलाई फालिसकेपछि अनि सामान्य मानवताले जिउने उपलब्धि हासिल गरिसकेपछि मात्र तँलाई पूर्ण बनाइनेछ। तैँले अगमवाणी बोल्न नसके पनि, अनि कुनै पनि रहस्यहरू बोल्न नसके पनि, तँ मानवको प्रतिरूपमा बाँचिरहेको र त्यसलाई प्रकट गरिरहेको हुनेछस्। परमेश्‍वरले मानिसको सृष्टि गर्नुभयो तर त्यसपछि मानिसलाई शैतानले भ्रष्ट बनायो, यसरी भ्रष्ट बनायो कि मानिसहरू “मृत मानवहरू” बने। तसर्थ तँ बदलिसकेपछि अब फेरि यी “मृत मानवहरू” जस्तो रहनेछैनस्। मानिसहरूका आत्मालाई जलाउने र पुनर्जन्म लिने तुल्याउने परमेश्‍वरका वचनहरू नै हुन् र जब मानिसहरूका आत्माको पुनर्जन्म हुन्छ तब तिनीहरू जीवित भएका हुनेछन्। जब म “मृतक मानवहरू” को बारेमा कुरा गर्छु, मैले आत्मा नभएका लासहरूको बारेमा, जसका आत्माहरू तिनीहरूभित्र मरिसकेका हुन्छन् त्यस्ता मानिसहरूका बारेमा कुरा गरिरहेको हुन्छ। जब मानिसहरूका आत्मामा जीवनको झिल्का बल्छ, तब मानिसहरू जीवित हुन्छन्। पहिले कुरा गरिएका सन्तहरूले ती मानिसहरूलाई जनाउँछ जो जीवित भएका छन्, ती व्यक्तिहरू जो शैतानको प्रभावमा थिए तर तिनीहरूले शैतानलाई पराजित गरे। चीनका चुनिएका मानिसहरूले रातो अजिङ्गरको क्रूर र अमानवीय सतावट र छल सहेका छन् जसले तिनीहरूलाई मानसिक रूपमा तहसनहस पारी छाडेको छ अनि जिउनको लागि साहसशून्य तुल्याइदिएको छ। यसरी तिनीहरूका आत्माको जागरण तिनीहरूका सारसँगै सुरु हुनुपर्छ: अलिअलि गरेर, तिनीहरूका सारमा, तिनीहरूका आत्मालाई जागृत गरिनैपर्छ। जब एक दिन तिनीहरू जीवित हुन्छन् तब कुनै पनि अवरोधहरू हुनेछैनन् र सबै जना निर्बाध रूपमा अघि बढ्नेछन्। हाल यो कुरा अप्राप्य छ।

धेरैजसो मानिसहरू यस्तो तरिकाले जिउँछन् कि त्यसले धेरै प्राणघातक धारहरू निम्त्याउँछ; तिनीहरू मृत्युको प्रभामण्डलमा बेरिएका हुन्छन् र तिनीहरूका अभाव अनेक हुन्छन्। केही मानिसहरूका शब्दहरूले मृत्यु बोक्छन्, तिनीहरूका कार्यहरूले मृत्यु बोक्छन्, अनि तिनीहरूले तिनीहरू जिउने तरिकामा ल्याउने हरेक कुरामा मृत्यु रहेको हुन्छ। यदि आज मानिसहरूले सार्वजनिक रूपमा परमेश्वरको साक्षी दिने हो भने, तिनीहरू यस कार्यमा असफल हुनेछन् किनभने तिनीहरू अझै पनि पूर्ण रूपमा जीवित हुनु बाँकी हुन्छ र तिमीहरूका बीचमा अत्यन्तै धेरै मृत मानवहरू छन्। आज, केही मानिसहरूले किन परमेश्वरले अन्यजातिहरूका बीचमा उहाँको काम शीघ्र रूपमा गर्न किन केही चिन्हहरू र अचम्मका कामहरू प्रदर्शन गर्नुहुन्न भनेर सोध्छन्। मृतकहरूले परमेश्वरको साक्षी दिन सक्दैनन्; यो त जीवित व्यक्तिहरूले मात्र गर्न सक्ने कुरा हो, तर पनि आजका धेरैजसो मानिसहरू "मृत मानवहरू" हुन्; अत्यन्तै धेरै व्यक्तिहरू मृत्युको कात्रोमुनि, शैतानको प्रभावमा बाँच्छन् र विजय प्राप्त गर्न सक्दैनन्। यस्तो भएको हुँदा, कसरी तिनीहरूले परमेश्वरको साक्षी दिन सक्छन्? कसरी तिनीहरूले सुसमाचार फैलाउन सक्छन्?

अँध्यारोको प्रभावमा जिउने व्यक्तिहरू ती व्यक्तिहरू हुन जो मृत्युको बीचमा जिउँछन्, र जसलाई शैतानद्वारा काबूमा राखिएको हुन्छ। परमेश्वरद्वारा मुक्त नगरिएमा र परमेश्वरद्वारा न्याय नगरिएमा र सजाय नदिइएका मानिसहरू मृत्युको प्रभावबाट उम्कन सक्दैनन्; तिनीहरू जीवित बन्न सक्दैनन्। यी "मृतक मानवहरू" परमेश्वरको साक्षी बन्न सक्दैनन्, न त तिनीहरूलाई परमेश्वरले प्रयोग नै गर्न सक्नुहुन्छ, तिनीहरूले राज्यमा प्रवेश गर्ने कुरा त परै जाओस्। परमेश्वरले जीवितहरूको साक्षी चाहनुहुन्छ, मृतहरूको होइन, र उहाँले जीवितहरूले उहाँको काम गरून् भन्नुहुन्छ, मृतकहरूले होइन। "मृत व्यक्तिहरू" ती व्यक्तिहरू हुन् जसले परमेश्वरको विरोध गर्छन् र परमेश्वरको विरुद्धमा विद्रोह गर्छन्; तिनीहरू ती व्यक्तिहरू हुन् जो आत्मामा चेतनाशून्य छन् र परमेश्वरको वचनहरू बुझ्दैनन्; तिनीहरू ती व्यक्तिहरू हुन् जो सत्यताको अभ्यास गर्दैनन् र जोसँग परमेश्वरप्रति रत्तीभर बफादारीता छैन, र तिनीहरू ती व्यक्तिहरू हुन् जो शैतानको अधिकार क्षेत्र अन्तर्गत जिउँछन् र शैतानद्वारा शोषित हुन्छन्। मृत व्यक्तिहरूले सत्यताको विरोधमा उभिएर, परमेश्वरको विरुद्ध विद्रोह गरेर अनि तुच्छ, घृणायोग्य, दुष्ट, पाशविक, छली तथा धोखेबाज बनेर आफूलाई प्रकट गर्छन्। त्यस्ता व्यक्तिहरूले परमेश्वरका वचनहरू खाने र पिउने गरे तापनि तिनीहरू परमेश्वरको वचनहरू अनुरूप जिउन सक्दैनन्; तिनीहरू जीवित भए तापनि तिनीहरू केवल हिँड्ने र सास फेर्ने लासहरू हुन्। मृत व्यक्तिहरू परमेश्वरलाई सन्तुष्ट पार्न पूर्ण रूपमा असक्षम हुन्छन्, पूर्ण रूपमा उहाँको आज्ञापालन गर्ने कुरा त परै जाओस्। तिनीहरूले उहाँ विरुद्ध छल गर्न, उहाँको निन्दा गर्न, उहाँलाई धोखा दिन मात्रै सक्छन्, र तिनीहरूले आफू जिउने तरिका मार्फत जे ल्याउँछन् ती सबैले शैतानको प्रकृति प्रकट गर्छन्। यदि मानिसहरूले जीवित प्राणीहरू बन्न र परमेश्वरको साक्षी बन्न अनि परमेश्वरद्वारा स्वीकृत हुन चाहन्छन् भने तिनीहरूले परमेश्वरको मुक्ति स्वीकार गर्नुपर्छ; तिनीहरू खुशीसाथ उहाँको न्याय र सजायको अधीनमा रहनुपर्छ र परमेश्वरको काटछाँट र उहाँको निराकरणलाई खुशीसाथ स्वीकार गर्नुपर्छ। त्यसपछि मात्र परमेश्वरले अनिवार्य गर्नुभएको सबै सत्यतालाई तिनीहरूले अभ्यास गर्न सक्नेछन्, अनि

त्यसपछि तिनीहरूले परमेश्‍वरको मुक्ति प्राप्त गर्नेछन् र साँच्चिकै जीवित प्राणी बन्नेछन्। जीवितहरूलाई परमेश्‍वरले मुक्ति दिनुहुन्छ; तिनीहरूलाई परमेश्‍वरले न्याय र सजाय गरिसक्नुभएको हुन्छ, तिनीहरू आफूलाई समर्पित गर्न इच्छुक हुन्छन् र परमेश्‍वरको लागि आफ्नो जीवन त्याग्न खुशी हुन्छन् र तिनीहरूले खुशीसाथ आफ्नो पूरा जीवन परमेश्‍वरमा समर्पित गर्छन्। जब जीवितहरूले परमेश्‍वरको साक्षी दिन्छन् तब मात्र शैतानलाई लज्जित बनाउन सकिन्छ; जीवितहरूले मात्र परमेश्‍वरको सुसमाचार कार्य फैलाउन सक्छन्, जीवितहरू मात्र परमेश्‍वरको हृदय अनुसारका हुन्छन्, र जीवितहरू मात्र वास्तविक मानिसहरू हुन्। मौलिक रूपमा परमेश्‍वरद्‌वारा सृजित मानिस जीवित थियो तर शैतानको भ्रष्टताको कारण मानिस मृत्युको बीचमा अनि शैतानको प्रभावमा रहेर जिउँछ, र त्यसैले यसप्रकार मानिसहरू आत्माविहीन मृतक बनेका छन्, तिनीहरू परमेश्‍वरको विरोध गर्ने शत्रुहरू बनेका छन्, तिनीहरू शैतानका औजारहरू बनेका छन् अनि तिनीहरू शैतानका बन्दीहरू बनेका छन्। परमेश्‍वरद्‌वारा सृजित सबै जीवित मानिसहरू मृत मानिसहरू बनेका छन् र त्यसरी परमेश्‍वरले उहाँको साक्षी गुमाउनुभएको छ र उहाँले उहाँद्‌वारा सृजित अनि उहाँको सास भएको एकमात्र वस्तु मानवजातिलाई गुमाउनुभएको छ। यदि परमेश्‍वरले उहाँको साक्षी फिर्ता लिनु परेमा र उहाँको आफ्नै हातद्‌वारा सृजित भएका तर शैतानद्‌वारा बन्दी बनाइएका व्यक्तिहरूलाई फिर्ता लिनु परेमा, उहाँले तिनीहरूलाई पुनर्जीवित गर्नुपर्छ ताकि तिनीहरू जीवित प्राणीहरू बनून् र उहाँले तिनीहरूलाई फिर्ता लिनैपर्छ ताकि तिनीहरू उहाँको ज्योतिमा बाँच्न सकून्। मृतकहरू ती हुन् जोसँग आत्मा हुँदैन, ती व्यक्तिहरू जो अत्याधिक रूपमा चेतनाशून्य छन् र जसले परमेश्‍वरको विरोध गर्छन्। तिनीहरू सबैभन्दा बढी परमेश्‍वरलाई नचिन्ने व्यक्तिहरू हुन्। यी मानिसहरूमा परमेश्‍वरको आज्ञापालन गर्ने रत्तीभर मनसाय हुँदैन; तिनीहरूले केवल उहाँको विरुद्‌ध विद्रोह गर्छन् र उहाँको विरोध गर्छन् अनि उनीहरूमा रत्तीभर पनि बफादारीता हुँदैन। जीवित व्यक्तिहरू ती व्यक्तिहरू हुन् जसका आत्माले पुनर्जन्म पाएका छन्, जसले परमेश्‍वरको आज्ञापालन गर्न जान्दछन् र जो परमेश्‍वरप्रति बफादार छन्। तिनीहरू सत्यता र साक्षी युक्त हुन्छन् र ती व्यक्तिहरू मात्र परमेश्‍वरको लागि उहाँको घरमा प्यारा हुन्छन्। परमेश्‍वरले ती व्यक्तिहरूलाई बचाउनुहुन्छ जो जीवित हुन सक्छन्, जसले परमेश्‍वरको मुक्ति देख्न सक्छन्, जो परमेश्‍वरप्रति बफादार हुन सक्छन् र जो परमेश्‍वरको खोजी गर्न इच्छुक छन्। उहाँले ती व्यक्तिहरूलाई बचाउनुहुन्छ जो परमेश्‍वरको देहधारण अनि उहाँ देखा पर्नुभएको घटनामा विश्‍वास गर्छन्। केही मानिसहरू जीवित हुन सक्छन् र केही मानिसहरू सक्दैनन्; यो कुरा तिनीहरूको प्रकृति बचाउन सकिन्छ कि सकिँदैन भन्ने कुरामा भर पर्छ। धेरै मानिसहरूले परमेश्‍वरका धेरै वचनहरू सुनेका हुन्छन् तैपनि तिनीहरूले परमेश्‍वरको इच्छा बुझ्न सक्दैनन् र अझै पनि तिनीहरूले तिनलाई अभ्यास गर्न सक्दैनन्। यस्ता व्यक्तिहरू सत्यतामा जिउन सक्षम हुँदैनन् र जानाजान तिनीहरूले परमेश्‍वरको काममा हस्तक्षेप गर्छन्। तिनीहरू परमेश्‍वरको लागि कुनै काम गर्न पनि सक्षम हुँदैनन्, तिनीहरूले उहाँप्रति कुनै कुरा पनि समर्पित गर्न सक्दैनन्, र तिनीहरूले गोप्य रूपमा मण्डलीको पैसा खर्च गर्छन् र परमेश्‍वरको घरमा सित्तैँमा खाना खान्छन्। यी व्यक्तिहरू मृत व्यक्तिहरू हुन् र यिनीहरूलाई बचाउन सकिँदैन। परमेश्‍वरले ती सबैलाई मुक्ति दिनुहुन्छ जो उहाँको कामको बीचमा छन्, तर त्यहाँ एक भाग

मानिसहरू छन् जसले उहाँको मुक्ति प्राप्त गर्न सक्दैनन्; थोरै सङ्ख्याका मानिसहरूले मात्रै उहाँको मुक्ति प्राप्त गर्न सक्छन्। यो किन हुन्छ भने धेरैजसो मानिसहरू अति गहन रूपमा भ्रष्ट भइसकेका अनि मृत बनिसकेका छन्, र तिनीहरू मुक्तिभन्दा पर पुगिसकेका छन्; तिनीहरू पूर्ण रूपमा शैतानद्वारा शोषित भइसकेका छन्, र तिनीहरू तिनीहरूको प्रकृतिमा अति नै दुष्ट छन्। त्यस अल्पसंख्यक मानिसहरू पनि पूर्ण रूपमा परमेश्‍वरको आज्ञापालन गर्न असक्षम छन्। तिनीहरू ती व्यक्तिहरू होइनन् जो सुरुदेखि नै परमेश्‍वरप्रति बफादार थिए वा जोसँग सुरुदेखि नै परमेश्‍वरप्रति अत्याधिक प्रेम थियो; बरु तिनीहरू उहाँको विजयको कामको कारण परमेश्‍वरप्रति बफादार बनेका छन्, उहाँको सर्वोच्च प्रेमको कारण तिनीहरूले परमेश्‍वरलाई देख्छन्, परमेश्‍वरको धर्मी स्वभावको कारण तिनीहरूको स्वभावमा परिवर्तनहरू आएका छन्, र उहाँको त्यो काम जुन वास्तविक र सामान्य दुवै हो, त्यसको कारण तिनीहरूले परमेश्‍वरलाई चिन्छन्। परमेश्‍वरको यो कामविना यी मानिसहरू जति नै असल भए पनि, तिनीहरू अझै पनि शैतानकै हुन्छन्, तिनीहरू अझै पनि मृत्युकै हुन्छन्, अनि तिनीहरू अझै पनि मृत नै हुन्छन्। तिनीहरूले आज परमेश्‍वरको छुटकारा प्राप्त गर्न सक्छन् भन्ने तथ्य विशुद्ध रूपमा तिनीहरू परमेश्‍वरसँग सहकार्य गर्न इच्छुक भएको कारणले गर्दा मात्र हो।

परमेश्‍वरप्रति तिनीहरूको वफादारीताको कारण, जीवितहरूलाई परमेश्‍वरद्वारा प्राप्त गरिनेछ र तिनीहरू उहाँका प्रतिज्ञाहरूका बीचमा जिउनेछन्, र तिनीहरूले परमेश्‍वरको विरोध गरेको कारण, मृतक व्यक्तिहरूलाई परमेश्‍वरले घृणा र तिरस्कार गर्नुहुनेछ र तिनीहरू उहाँको दण्ड र श्रापहरूका बीचमा जिउनेछन्। यही नै परमेश्‍वरको धर्मी स्वभाव हो जसलाई कुनै पनि मानिसद्वारा परिवर्तन गर्न सकिँदैन। मानिसहरूले तिनीहरूको आफ्नै खोजीको कारण परमेश्‍वरको स्वीकृति प्राप्त गर्छन् र तिनीहरू ज्योतिमा जिउँछन्; मानिसहरूले तिनीहरूकै धूर्त षडयन्त्रहरूको कारण परमेश्‍वरको श्राप पाउँछन् र दण्डमा धकेलिन्छन्; मानिसहरूले तिनीहरूको दुष्कर्मको कारण परमेश्‍वरबाट दण्ड पाउँछन्, र मानिसहरूले तिनीहरूको उत्कण्ठा र वफादारीताको कारण परमेश्‍वरबाट आशीर्वादहरू प्राप्त गर्छन्। परमेश्‍वर धर्मी हुनुहुन्छ: उहाँले जीवितहरूलाई आशीर्वाद दिनुहुन्छ र मृतकहरूलाई श्राप दिनुहुन्छ ताकि तिनीहरू सधैँ मृत्युको बीचमा जिऊन् र कहिल्यै पनि परमेश्‍वरको ज्योतिमा नजिऊन्। परमेश्‍वरले जीवितहरूलाई सँधै उहाँसँगै हुनको लागि उहाँको राज्यमा र उहाँको आशीर्वादहरूमा लैजानुहुन्छ। तर मृतहरूको हकमा भने, उहाँले तिनीहरूलाई प्रहार गर्नुहुन्छ र अनन्त मृत्युको हात लगाइदिनुहुन्छ; तिनीहरू उहाँको विनाशको पात्र हुन् र तिनीहरू सधैँ शैतानकै हुनेछन्। परमेश्‍वरले कसैलाई पनि अन्याय पूर्वक व्यवहार गर्नुहुन्न। परमेश्‍वरको खोजी गर्ने सबै जना अवश्य पनि परमेश्‍वरको घरमा रहनेछन्, र परमेश्‍वरको अवज्ञा गर्ने र उहाँसँग मेल नखानेहरू सबै जना अवश्य पनि उहाँको दण्डमा जिउनेछन्। शायद तैँले परमेश्‍वरले देहमा गर्नुभएको कार्यको बारेमा निश्‍चित रूपमा थाहा पाएको छैनस् होला—तर एक दिन परमेश्‍वरको देहले सोझै मानिसको अन्त्यको व्यवस्था गर्नेछैन; बरु, उहाँको आत्माले मानिसको गन्तव्यको व्यवस्था गर्नेछ, र सोही समयमा मानिसहरूले परमेश्‍वरको देह र उहाँको आत्मा एउटै हो रहेछ भनेर थाहा पाउनेछन् अनि उहाँको देहले गल्ती गर्न सक्दैन र उहाँको आत्माले त झन् गल्ती गर्ने कुरै भएन भन्ने कुरा थाहा

पाउनेछन्। अन्त्यमा, उहाँले जीवित भएकाहरूलाई निश्चित रूपमा उहाँको राज्यमा लैजानुहुनेछ; न त एक जना बढी न त एक जना कम। जीवित नभएका मृतकहरूको हकमा भने, तिनीहरूलाई शैतानको कालकोठरीमा हुत्याइफालिनेछ।

## अपरिवर्तित स्वभाव हुनु भनेको परमेश्वरसँगको शत्रुतामा हुनु हो

हजारौँ वर्षको भ्रष्टतापछि, मानिस सुन्न नसक्ने र सुस्त भएको छ; ऊ परमेश्वरको विरोध गर्ने भूत बनेको छ, यतिसम्म कि परमेश्वरप्रति मानिसको विद्रोह इतिहासका पुस्तकहरूमा उल्लेख गरिएका छन्, र मानिस स्वयम पनि आफ्नो विद्रोही आचरणको पूर्ण विवरण दिन असक्षम छ—किनकि मानिस शैतानद्वारा गहन रूपमा भ्रष्ट बनाइएको छ, र शैतानले उसलाई अन्यत्र डोऱ्याएको छ, जसले गर्दा आफू कतातिर जानुपर्ने हो भन्ने कुरा उसले बिर्सेको छ। आज पनि, मानिसले अझै परमेश्वरलाई धोका दिन्छ: जब मानिसले परमेश्वरलाई देख्छ, उसले उहाँलाई धोका दिन्छ, र जब उसले परमेश्वरलाई देख्दैन, तब पनि उसले उहाँलाई धोका दिन्छ। परमेश्वरको श्रापहरू र परमेश्वरको क्रोध अनुभव गरेर पनि अझै उहाँलाई धोखा दिनेहरू पनि छन्। त्यसैले म भन्छु कि मानिसको चेतनाले आफ्नो मौलिक कार्यगत गुण नै गुमाएको छ, र मानिसको विवेकले पनि, आफ्नो मौलिक कार्यगत गुण गुमाएको छ। मैले देखेको मानिस मानव भेषमा पशु हो, उ विषालु सर्प हो, र उसले मेरो नजरमा जतिसुकै दयनीय देखिने प्रयत्न गरे तापनि, म कहिल्यै पनि उप्रति दयालु बन्नेछैन, किनकि मानिससँग कालो र सेतो बीच फरक छुट्याउने, सत्य र असत्य बीच फरक छुट्याउने समझ पनि छैन। मानिसको चेतना सुस्त भएको छ, तैपनि अझै ऊ आशिष्हरू प्राप्त गर्न चाहन्छ; उसको मानवता यति अज्ञानी भएको छ, तैपनि अझै ऊ राजाको सार्वभौमिकता हासिल गर्न चाहन्छ। यस किसिमको चेतनासँग ऊ कसको राजा बन्न सक्छ? यस किसिमको मानवतासँग ऊ कसरी सिंहासनमा बस्न सक्छ? मानिससँग साँच्चिकै लाज नै छैन! ऊ अहङ्कारी नीच हो! तिमीहरूमध्ये आशिष्हरू प्राप्त गर्न चाहने व्यक्तिहरूलाई म सुझाव दिन्छु कि सबैभन्दा पहिला एउटा ऐना लिएर आफ्नो कुरूप अनुहार हेर—के तँसँग राजा हुनको निम्ति आवश्यक कुरा छ? के तँसँग आशिष्हरू प्राप्त गर्ने व्यक्तिको जस्तो अनुहार छ? तेरो स्वभावमा अलिकति पनि परिवर्तन आएको छैन र तैँले कुनै पनि सत्यतालाई अभ्यास गरेको छैनस्, तैपनि अझ तँ सुन्दर भोली, अर्थात् भविष्यको आशा गर्छस्। तैँले आफैलाई भ्रममा पार्दैछस्! यस्तो फोहोरी भूमिमा जन्म लिएर, मानिस समाजद्वारा प्रभावित भएको छ, ऊ सामन्ती नैतिकताहरूबाट प्रभावित बनेको छ, र उसलाई “उच्च शिक्षा दिइने” संस्थाहरूमा सिकाइएको छ। पिछडिएको सोच, भ्रष्ट नैतिकता, जीवन सम्बन्धी तुच्छ दृष्टिकोण, जीवनयापनको घृणित दर्शनशास्त्र, पूर्णतया मूल्यहीन अस्तित्व, र भ्रष्ट जीवनशैली र चलनहरू—यी सबै कुराहरू मानिसको हृदयमा गहिरोसँग घुसिसकेको छ, र उसको विवेकलाई गम्भीर रूपमा कमजोर बनाएको छ र आक्रमण गरेको छ। परिणाम स्वरूप, मानिस परमेश्वरदेखि अझ धेरै टाढिएको छ, र अझ धेरै उहाँको विरोधी बनेको छ। मानिसको स्वभाव दिनदिनै अझ बढी क्रूर बन्दैछ, र परमेश्वरको निम्ति स्वेच्छाले कुनै कुरा त्याग्न इच्छुक

व्यक्ति एक जना पनि छैन, परमेश्‍वरको आज्ञापालन गर्ने इच्छुक व्यक्ति एक जना पनि छैन, न त यसबाहेक, परमेश्‍वरको स्वरूपलाई खोज्‍न इच्छुक व्यक्ति नै छ। बरु, शैतानको क्षेत्र अन्तर्गत रहेर, हिलोको भूमिमा शरीरको भ्रष्टतामा आफैलाई सुम्पँदै, सुख विलासको पछि लाग्ने बाहेक मानिसले अरू केही पनि गर्दैन। अन्धकारमा जिउनेहरूले सत्यतालाई सुनेर पनि त्यसलाई अभ्यासमा लगाउने विचारै गर्दैनन्, न त उहाँको स्वरूपलाई देखेर पनि परमेश्‍वरको खोजी गर्ने तिनीहरू बाध्य हुन्छन्। कसरी यति धेरै भ्रष्ट मानवजातिले मुक्तिको कुनै मौका हासिल गर्नसक्छ र? यति धेरै पतित मानवजाति कसरी ज्योतिमा जिउन सक्छ र?

मानिसको स्वभाव परिवर्तन गर्ने कुरा उसको सारको ज्ञानबाट र उसको सोचविचार, प्रवृत्ति, र मानसिक दृष्टिकोणको परिवर्तन, अर्थात् आधारभूत परिवर्तनहरूबाट सुरु हुन्छ। यस किसिमले मात्र मानिसको स्वभावमा साँचो परिवर्तनहरू प्राप्‍त हुनेछन्। मानिसको भ्रष्ट स्वभाव उसलाई शैतानद्वारा दूषित बनाइएको र कुल्चीमिल्ची गरिएको कुराबाट, शैतानले उसको सोचविचार, नैतिकता, अन्तर्दृष्टि र चेतनामा चोट पुर्‍याएको असाधारण हानिबाट उत्पन्‍न हुन्छ। मानिसका आधारभूत कुराहरू शैतानद्वारा भ्रष्ट बनाइएको कारण यस्तो भएको हो, र तिनीहरू परमेश्‍वरले तिनीहरूलाई मौलिक रूपमा सृष्टि गर्नुभएको जस्तो अवस्थामा पटक्कै छैनन्, त्यसैले मानिसले परमेश्‍वरको विरोध गर्छ र सत्यता बुझ्दैन। यसैले, मानिसको स्वभावमा हुने परिवर्तनहरू उसको सोचविचार, अन्तर्दृष्टि, र चेतनामा आउने परिवर्तनबाट सुरु हुन्छ, जसले परमेश्‍वर सम्बन्धी उसको ज्ञान र सत्यता सम्बन्धी उसको ज्ञानलाई परिवर्तन गर्नेछ। सबैभन्दा बढी भ्रष्ट भूमिमा जन्मेका व्यक्तिहरू परमेश्‍वर के हुनुहुन्छ, वा परमेश्‍वरमा विश्‍वास गर्नु भनेको के हो भन्‍ने कुरामा अनभिज्ञ हुन्छन्। मानिसहरू जति धेरै भ्रष्ट हुन्छन्, तिनीहरूलाई परमेश्‍वरको अस्तित्वको बारेमा त्यति नै थोरै थाहा हुन्छ, र तिनीहरूको चेतना र अन्तर्दृष्टि त्यति नै कमजोर हुन्छ। परमेश्‍वरको विरुद्धमा मानिसको प्रतिरोध र विद्रोहको स्रोत चाहिँ शैतानद्वारा भ्रष्ट बनाइएको उसको भ्रष्टता हो। शैतानको भ्रष्टताको कारण मानिसको विवेक अचेत भएको छ; ऊ अनैतिक छ, उसका सोच विचारहरू पतित भएका छन्, र ऊसँग पिछडिएको मानसिक दृष्टिकोण छ। शैतानद्वारा उसलाई भ्रष्ट बनाइनुभन्दा अगाडि, मानिसले स्वाभाविक रूपमा परमेश्‍वरको अनुसरण गर्थ्यो र उहाँको वचनहरू सुनेपछि तिनीहरूको पालन गर्थ्यो। स्वाभाविक रूपमा उसको चेतना र विवेक सामान्य मानवको जस्तै स्वस्थ थियो। शैतानद्वारा भ्रष्ट बनाइएपछि, मानिसको मौलिक चेतना, विवेक, र मानवता सुस्त भएको थियो र शैतानद्वारा अस्वस्थ बनाइएको थियो। यसरी, उसले परमेश्‍वरप्रति उसको आज्ञाकारीता र प्रेम गुमाएको छ। मानिसको चेतना अस्वाभाविक बनेको छ, उसको स्वभाव एक पशुको स्वभावजस्तै बनेको छ, र परमेश्‍वरप्रति उसको विद्रोह निरन्तर बढिरहेको छ र घोर बनेको छ। तैपनि मानिसलाई यो कुरा थाहा छैन न त यो कुरा पहिचान नै गर्छ, र केवल विरोध गर्छ र अन्धाधुन्ध विद्रोह गर्छ। मानिसको स्वभाव उसले व्यक्त गर्ने चेतना, अन्तर्दृष्टि र विवेकमा प्रकट हुन्छ; किनकि उसको चेतना र अन्तर्दृष्टि अस्वस्थ छ, र उसको विवेक उच्च रूपमा सुस्त भएको छ, त्यसैले उसको स्वभाव परमेश्‍वरको विरुद्धमा विद्रोही भएको छ। यदि मानिसको चेतना र अन्तर्दृष्टि परिवर्तन हुन सक्दैन भने, उसको स्वभाव परिवर्तन हुने प्रश्‍नै भएन, र यो परमेश्‍वरको इच्छा अनुरूप हुन सक्दैन।

यदि मानिसको चेतना अस्वस्थ छ भने, उसले परमेश्‍वरको सेवा गर्न सक्दैन र ऊ परमेश्‍वरद्वारा प्रयोग हुन अयोग्य हुन्छ। "सामान्य चेतना" ले परमेश्‍वरको आज्ञापालन गर्ने र उहाँप्रति विश्‍वासयोग्य हुने, परमेश्‍वरको निम्ति तिर्खाउने, पूर्णरूपमा परमेश्‍वरको हुने, र परमेश्‍वरप्रति स्वस्थ विवेक कायम राख्ने कुरालाई दर्साउँछ। यसले परमेश्‍वरप्रति एक हृदय र मनको हुने, र जानाजानी परमेश्‍वरको विरोध नगर्ने कुरालाई दर्साउँछ। अस्वाभाविक चेतना पाउने कुरा यस्तो किसिमको हुँदैन। मानिस शैतानद्वारा भ्रष्ट बनाइएको कारण उसले परमेश्‍वरको विषयमा आफ्नो धारणा बनाएको छ, र ऊसँग परमेश्‍वरप्रति बफादारीता छैन वा उहाँप्रति तिर्खाएको छैन, परमेश्‍वरप्रति स्वस्थ विवेक हुने त कुरै नगरौं। मानिसले परमेश्‍वरको जानाजानी विरोध गर्छ, र उहाँको न्याय गर्छ, साथै उहाँको पिठ्यूँ पछाडि उहाँको कुरा काट्छ। उहाँ परमेश्‍वर हुनुहुन्छ भन्‍ने स्पष्ट ज्ञान हुँदाहुँदै पनि मानिसले उहाँको पिठ्यूँ पछाडि उहाँको न्याय गर्छ; मानिससँग परमेश्‍वरको आज्ञापालन गर्ने मनसाय छैन, र केवल अन्धाधुन्ध उहाँसँग माग्‍ने र अनुरोध गर्ने कार्य गर्छ। यस किसिमका मानिसहरू—अस्वाभाविक चेतना भएका मानिसहरू—तिनीहरू आफ्नै घृणित आचरण थाहा गर्न वा आफ्नो विद्रोही स्वभावप्रति पछुताउन असक्षम हुन्छन्। यदि मानिसहरू आफैलाई चिन्‍न सक्षम छन् भने, तिनीहरूले केही हदसम्म आफ्नो चेतना पुनःप्राप्त गरेका हुन्छन्; आफैलाई चिन्‍न नसकेका मानिसहरू जति धेरै परमेश्‍वरको विरुद्धमा विद्रोही बन्छन्, तिनीहरूको चेतना पनि त्यति नै थोरै स्वस्थ हुन्छ।

मानिसको भ्रष्ट स्वभावको प्रकाशको स्रोत मानिसको सुस्त विवेक, उसको घृणित प्रकृति, र उसको अस्वस्थ चेतनामा बाहेक अरू कही छैन; यदि मानिसको विवेक र चेतना फेरि सामान्य बन्‍न सक्यो भने, त्यसपछि ऊ परमेश्‍वरको अघि प्रयोगयोग्य एक व्यक्ति बन्‍नेछ। मानिसको विवेक सधैँ सुस्त भएको कारण, र कहिल्यै पनि स्वस्थ नबनेको मानिसको चेतना अझ बढी सुस्त हुँदै गइरहेको कारण, मानिस परमेश्‍वरप्रति अझ बढी विद्रोही बनेको छ, यहाँसम्म कि उसले येशूलाई क्रूसमा टाँगेको छ र उहाँको घरमा प्रवेश गराउने आखिरी दिनहरूको परमेश्‍वरको देहधारणलाई अस्वीकार गर्छ, र परमेश्‍वरको शरीरलाई दोषी ठहर्छ, र परमेश्‍वरको शरीरलाई नीच रूपले हेर्छ। यदि मानिससँग अलिकति मात्र मानवता भएको भए, उसले देहधारी परमेश्‍वरको शरीरलाई क्रूरतापूर्ण व्यवहार गर्ने थिएन; यदि उसँग अलिकति मात्र चेतना भएको भए, उसले देहधारी परमेश्‍वरको शरीरलाई क्रूरतापूर्ण व्यवहार गर्ने थिएन; यदि उसँग अलिकति मात्र विवेक भएको भए, उसले देहधारी परमेश्‍वरलाई यस किसिमले "धन्यवाद दिने" थिएन। मानिस परमेश्‍वर देह बन्‍नुभएको युगमा जिउँछ, तैपनि उसलाई यति राम्रो मौका दिनुभएको निम्ति उसले परमेश्‍वरलाई धन्यवाद दिन सक्दैन, बरु परमेश्‍वरको आगमनलाई सराप्छ, वा परमेश्‍वरको देहधारणको यथार्थलाई पूर्ण रूपमा बेवास्ता गर्छ, र त्यसको विरुद्धमा भएको देखिन्छ र त्यसबाट थकित बन्छ। मानिसले परमेश्‍वरको आगमनलाई जसरी व्यवहार गरे तापनि, समग्रमा, परमेश्‍वरले आफ्नो कार्यलाई धैर्यतासाथ अगाडि बढाउनुभएको छ—यद्यपि मानिसले उहाँलाई अलिकति पनि स्वागत गरेको छैन, र अन्धाधुन्ध उहाँसँग अनुरोध मात्र गर्छ। मानिसको स्वभाव अत्यन्तै क्रूर बनेको छ, उसको चेतना अत्यन्तै सुस्त बनेको छ, र उसको विवेकलाई दुष्टले पूर्ण रूपमा कुल्चीमिल्ची गरेको छ र धेरै समय अगाडि नै मानिसको मौलिक विवेक हराएको छ। मानवजातिलाई परमेश्‍वरले दिनुभएको

यति धेरै जीवन र अनुग्रहका निम्ति देहधारी हुनुभएको परमेश्‍वरप्रति मानिस कृतज्ञ छैन, तर परमेश्‍वरले उसलाई सत्यता दिनुभएकोमा परमेश्‍वरप्रति असन्तुष्ट बनेको छ; किनकि मानिससँग सत्यताको निम्ति अलिकति पनि चाहना छैन, त्यसैले ऊ परमेश्‍वरप्रति अझ बढी असन्तुष्ट बनेको छ। मानिस देहधारी परमेश्‍वरको निम्ति आफ्नो जीवन बलिदान दिन असक्षम मात्र छैन, तर उसले उहाँबाट कृपा पनि हासिल गर्ने प्रयत्न गर्छ, र मानिसले परमेश्‍वरलाई दिनुभएको भन्दा दर्जनौं गुणा बढी चासो छ भन्ने दाबी गर्छ। यस किसिमको विवेक र चेतना भएका मानिसहरूले यसलाई ठूलो विषय मान्दैनन्, र तैपनि तिनीहरूले परमेश्‍वरका निम्ति आफैलाई धेरै मात्रामा दिएको छ, र अझै परमेश्‍वरले तिनीहरूलाई थोरै दिनुभएको छ भनी विश्‍वास गर्छन्। मलाई एक कचौरा पानी दिएर मसँग दुई कचौरा दूधको रकम माग्न आफ्नो हात फैलाउने, वा मलाई एक रातको निम्ति कोठा दिएर मसँग थुप्रै रातको भाडा माग्नेहरू पनि छन्। यस किसिमको मानवता र यस किसिमको विवेकसित कसरी तँ अझै जीवन प्राप्त गर्ने चाहना गर्छस्? तँ कस्तो घिनलाग्दो नीच छस्! मानिसमा हुने यस किसिमको मानवता र मानिसमा हुने यस किसिमको विवेकले देहधारी परमेश्‍वरलाई भूमिमा भौंतारिन लगाउँछ, उहाँले कुनै ठाउँमा बास पाउनुहुन्‍न। साँच्चिकै विवेक र मानवता भएका व्यक्तिहरूले उहाँले कति धेरै काम गर्नुभएको छ भन्‍ने आधारमा होइन, तर उहाँले कुनै पनि काम नगर्नु भएको भए तापनि, देहधारी परमेश्‍वरको आराधना गर्नुपर्छ र पूर्ण हृदयले सेवा गर्नुपर्छ। स्वस्थ चेतना भएका व्यक्तिहरूले यस्तो किसिमको कार्य गर्नुपर्छ, र यही नै मानिसको कर्तव्य हो। अधिकांश मानिसहरूले परमेश्‍वरको लागि आफूले गर्ने सेवामा आफ्नो सर्त समेत राख्छन्: तिनीहरूले उहाँ परमेश्‍वर हुनुहुन्छ कि मानिस हुनुहुन्छ भन्‍ने कुनै परवाह गर्दैन, तिनीहरू केवल आफ्नो सर्तहरूका बारेमा मात्र बोल्छन्, र तिनीहरूका आफ्नै चाहनाहरूलाई सन्तुष्ट पार्न खोज्छन्। जब तिमीहरूले मेरो निम्ति खाना पकाउँछौ, तिमीहरू सेवा शुल्क माग गर्छौ, जब तिमीहरू मेरो लागि दौडिन्छौ, तिमीहरू दौड शुल्क माग गर्छौ, जब तिमीहरू मेरो निम्ति काम गर्छौ, तिमीहरू मसँग कामको ज्याला माग्छौं, जब तिमीहरू मेरो लुगा धोइदिन्छ, तिमीहरू लुगा धुने शुल्क माग्छौ, जब तिमीहरूले मण्डलीको निम्ति दिन्छौ तिमीहरू स्वास्थ्य लाभ शुल्क माग्छौ, जब तिमीहरू वक्ता बनेर बोल्छौ, तिमीहरू वक्ताको शुल्क माग्छौ, जब तिमीहरूले पुस्तकहरू वितरण गर्छौ, तिमीहरू पुस्तक वितरण शुल्क माग्छौ, जब तिमीहरू लेख्छौ, तिमीहरू लेखन शुल्क लिन्छौ। मैले गरेका कार्यबाट पनि तिमीहरू प्रतिफलको माग गर्छौ, घरमा पठाइएका व्यक्तिहरूले आफ्नो नाम खराब बनाएको भन्दै क्षतिपूर्ति माग गर्छन्; विवाह नभएकाहरूले दाइजो माग्छन्, वा आफ्नो यौवन गुमाएको क्षतिपूर्ति माग्छन्; कुखुरा काट्नेहरूले पनि कसाई शुल्क माग्छन्, खाना पकाउनेहरूले त्यसको शुल्क माग्छन्, र सुप पकाउनेहरूले पनि त्यसको शुल्क माग्छन्...। यही नै तिमीहरूको उच्च र शक्तिशाली मानवता हो, तिमीहरूको न्यानो विवेकले आदेश गर्ने कार्यहरू यिनै हुन्। तिमीहरूको चेतना कहाँ छ? तिमीहरूको मानवता कहाँ छ? तिमीहरूलाई म यो कुरा बताउँछु! यदि तँ यसरी नै अगाडि बढ्छस् भने म तिमीहरूको बीचमा काम गर्न छोड्नेछु। म मानव भेषमा रहेका पशुहरूको समूहमा काम गर्नेछैन, यस किसिमका मानिसहरूका समूह जसको सुन्दर अनुहारमा क्रुद्ध हृदयहरू लुकेको छ, तिनीहरूको निम्ति म कुनै दुःख भोग्नेछैन, यस किसिमका पशुहरूका

समूहका निम्ति म धैर्यशील हुनेछैन, जसका निम्ति मुक्तिको अलिकति पनि सम्भाव्यता छैन। मैले तिमीतिर पिठ्यूँ फर्काएको दिन तिमीहरूको मर्ने दिन हुन्छ, त्यो दिन तिमीहरूमाथि अन्धकार आउँछ, र त्यो दिन ज्योतिले तिमीहरूलाई त्यागेको दिन हुन्छ। म तँलाई भन्छु! तिमीहरूको जस्तो समूहप्रति म कहिल्यै पनि उदारवादी हुनेछैन, जुन समूह पशुभन्दा तल झरेको छ! मेरा वचन र कार्यहरूका हद छन्, तिमीहरूका मानवता र विवेक जस्तो छ, त्यसको कारण म कुनै थप कार्य गर्नेछैन, किनकि तिमीहरूमा विवेकको अभाव छ, तिमीहरूले मलाई धेरै पीडा दिएका छौ, तिमीहरूका घृणित आचरणले मलाई धेरै दिक्दार बनाउँछ। मानवता र विवेकको कमी भएका मानिसहरूलाई कहिल्यै पनि मुक्तिको अवसर हुनेछैन; म हृदयहीन र अकृतज्ञ मानिसहरूलाई कहिल्यै मुक्त गर्नेछैन। जब मेरो दिन आउँछ, तब म मेरो डरलाग्दो क्रोधलाई उक्साउने अनाज्ञाकारिताका सन्तानहरूमाथि सदासर्वदाको लागि मेरो दन्किएको आगो बर्साउनेछु, मेरो विरुद्ध कुवाच्य बकिँहिँड्ने र मलाई त्याग्ने पशुहरूजस्ता मानिसहरूमाथि मेरो अनन्त दण्ड ल्याउनेछु, म अनाज्ञाकारिताका सन्तानहरूलाई मेरो रिसको आगोले सदाको लागि जलाउनेछु, जसले कुनै समय मसँगै खाएका र पिएका थिए तर तिनीहरूले ममाथि विश्वास गरेका थिएनन्, जसले मेरो बेइज्जत गरे र मलाई धोखा दिए। मेरो रिसलाई उक्साउनेहरू सबैलाई म दण्ड दिनेछु, म ती पशुहरूमा मेरो सारा रिस बर्साउनेछु, जसले एक पटक मेरो बराबरी भए जस्तै गरी मसँगै उभिने चाहना गरेका थिए, तैपनि मेरो आराधना गरेनन् वा मेरो आज्ञापालन गरेनन्; एक पटक मेरो वास्तामा आनन्दित भएका र मैले बोलेका रहस्यमय वाणीमा आनन्दित भएका र एक पटक मबाट भौतिक आनन्दमा रमाएका ती पशुहरूमाथि मेरो लट्ठी प्रहार गर्नेछु। मेरो स्थान लिन प्रयत्न गर्ने कुनै पनि व्यक्तिलाई म क्षमा गर्नेछैन; मबाट खाना र कपडा प्राप्त गर्नको लागि मसँग कुस्ती खेल्न प्रयत्न गर्नेहरूलाई म त्यतिकै छोड्नेछैन। अहिले, तिमीहरू हानिबाट मुक्त छौ र निरन्तर मबाट थुप्रै कुराहरू माग गरिरहेका छौ। जब क्रोधको दिन आउँछ, त्यसबेला मबाट अरू कुनै कुरा माग गर्नेछैनौ; त्यसबेला, म तिमीहरूलाई आफ्नो हृदयको सन्तुष्टतामा "आनन्द" मनाउन दिनेछु, म तिमीहरूको मुहार भुइँमा बजार्नेछु, र तिमीहरू फेरि कहिल्यै खडा हुन सक्नेछैनौ! ढिलो वा चाँडो, म तिमीहरूको यो ऋण "चुक्ता" गर्न जाँदैछु—र म आशा गर्छु कि तिमीहरू धैर्यतापूर्वक यो दिनको प्रतीक्षा गर्छौ।

यदि यी तिरस्कारयोग्य मानिसहरूले आफ्ना असाधारण अभिलाषाहरू साँच्चिकै त्याग्छन् र परमेश्वरतिर फर्कन्छन् भने, त्यसबेला तिनीहरूले अझै पनि मुक्ति प्राप्त गर्ने मौका पाउँछन्; यदि मानिससँग परमेश्वरको निम्ति तिर्खाउने हृदय छ भने, त्यसबेला परमेश्वरले उसलाई त्याग्नुहुनेछैन। परमेश्वरसँग भावना भएको कारण, वा मानिसले उहाँलाई प्राप्त गरेको नचाहनुभएको कारण, मानिस परमेश्वरलाई प्राप्त गर्न असफल भएको होइन, तर मानिसले नै परमेश्वरलाई प्राप्त गर्न चाहँदैन, र मानिसले परमेश्वरलाई अत्यन्त जरुरी मानेर खोज्दैन त्यसको कारणले हो। परमेश्वरलाई साँच्चिकै खोज्ने व्यक्तिहरूमध्ये एक जनालाई कसरी परमेश्वरद्वारा श्राप दिइनसक्छ? स्वस्थ चेतना र संवेदनशील विवेक भएको व्यक्तिहरूमध्ये एक जनालाई कसरी परमेश्वरद्वारा श्राप दिइन सक्छ? परमेश्वरको साँचो आराधना गर्ने र उहाँको सेवा गर्ने व्यक्तिलाई कसरी उहाँको क्रोधको आगोद्वारा भस्म गरिनसक्छ? परमेश्वरको आज्ञापालन गर्न खुशी हुने व्यक्ति कसरी परमेश्वरको

घरबाट बाहिर निकालिन सक्छ? परमेश्‍वरलाई पर्याप्त प्रेम गर्न नसक्ने व्यक्ति कसरी परमेश्‍वरको दण्डमा बाँच्‍न सक्छ? परमेश्‍वरको निम्ति सबै थोक त्याग्‍न खुशी हुने व्यक्ति कसरी कुनै थोक नभएको व्यक्ति बन्‍न सक्छ? मानिस परमेश्‍वरलाई पछ्याउन अनिच्छुक छ, परमेश्‍वरको निम्ति आफ्नो सम्पत्ति खर्च गर्न अनिच्छुक छ, परमेश्‍वरलाई आजीवन भक्ति अर्पण गर्न अनिच्छुक छ; बरु, परमेश्‍वर टाढा जानुभएको छ, परमेश्‍वर बारेको धेरै कुरा मानिसको धारणामा असुहाउँदो छ भनी उसले भन्छ। यस किसिमको मानवतासित, तिमीहरूले आफ्ना प्रयत्‍नहरूलाई विस्थापित गरे तापनि, तिमीहरूले परमेश्‍वरको स्वीकृति प्राप्त गर्न सक्दैनौ, तिमीहरूले परमेश्‍वरको खोजी गर्ने यथार्थको बारेको त कुरै नगरौं। तिमीहरू मानवजातिको त्रुटिपूर्ण सामान हौ भनी के तिमीहरूलाई थाहा छैन? कुनै पनि मानवता तिमीहरूको भन्दा कम छैन भनी के तिमीहरूलाई थाहा छैन? अरू व्यक्तिहरूले तिमीहरूलाई आदर गर्न के भन्छन् भनी के तिमीहरूलाई थाहा छैन? परमेश्‍वरलाई साँचो प्रेम गर्ने व्यक्तिहरूले तिमीहरूलाई ब्वाँसोको पिता, ब्वाँसोकी आमा, ब्वाँसोको छोरो, ब्वाँसोको नाति भन्छन्; तिमीहरू ब्वाँसोको सन्तान, ब्वाँसोको मानिसहरू हौ, र तिमीहरूलाई आफ्नो परिचय थाहा गर्नुपर्छ र त्यसलाई कहिल्यै पनि बिर्सनु हुँदैन। तिमीहरू कुनै उत्कृष्ट व्यक्तित्वहरू हौ भनी विचार नगर: तिमीहरू मानवजातिका बीचमा सबैभन्दा अमानवीय क्रूर समूहको सदस्यहरू हौ। के तिमीहरूलाई यसको विषयमा केही पनि थाहा छैन? मैले तिमीहरूका बीचमा काम गरेर कति धेरै जोखिम उठाएको छु भनी के तिमीहरूलाई थाहा छैन? यदि तिमीहरूको चेतना फेरि सामान्य बन्‍न सक्दैन भने, र तिमीहरूको विवेकले सामान्य रूपमा काम गर्न सक्दैन भने, तिमीहरूले "ब्वाँसो" भन्‍ने नामबाट कहिल्यै छुटकारा पाउनेछैनौ, तिमीहरू श्रापको दिनबाट उम्कने छैनौ र तिमीहरू आफ्नो दण्डको दिनबाट उम्किने छैनौ। तिमीहरू निम्न स्तरमा जन्मियौ, कुनै पनि मूल्य नभएको थोकको रूपमा जन्मियौ। तिमीहरू स्वाभाविक रूपमा भोको ब्वाँसाहरूको झुण्ड, टुटेफुटेका टुक्राहरू र फोहोरको थुप्रो हौ, तिमीहरूले जस्तै म कृपा पाउन मात्र काम गर्दिनँ, तर कामको खाँचो भएको कारणले गर्छु। यदि तिमीहरू यसरी निरन्तर विद्रोही भइरहन्छौ भने, म आफ्नो काम रोक्नेछु, र तिमीहरूमा फेरि कहिल्यै काम गर्नेछैन; यसको विपरीत, मलाई प्रसन्‍न तुल्याउने समूहलाई म मेरो काम हस्तान्तरण गर्नेछु, र यसरी तिमीहरूलाई सदाको लागि त्यागिदिनेछु, किनकि मप्रति शत्रुता राख्‍ने मानिसहरूलाई म हेर्न अनिच्छुक छु। त्यसैले, के तिमीहरू मसँग सङ्गत गर्न चाहन्छौ, वा मेरो विरुद्ध शत्रुता कायम राख्‍न चाहन्छौ?

## परमेश्‍वरलाई नचिन्‍ने सबै मानिसहरू परमेश्‍वरको विरोध गर्ने मानिसहरू हुन्

परमेश्‍वरको कामको उद्देश्य, मानिसमा उहाँको कामले हासिल गर्ने प्रतिफल, र मानिसको लागि उहाँको इच्छा खास के हो त्यसलाई बुझ्नु: परमेश्‍वरलाई पछ्याउने हरेक व्यक्तिले प्राप्त गर्नु पर्ने यही नै हो। आजकाल सबै मानिसहरूमा भएको कमी भनेको परमेश्‍वरको कामको ज्ञान नहुनु हो। संसारको सृष्टिदेखि वर्तमान समयसम्म, मानिसहरूमा परमेश्‍वरले गर्नुभएका कार्यहरू,

परमेश्वरका कामको सम्पूर्णता, र मानिसको लागि परमेश्वरको इच्छा खास के हो-यी चीजहरू मानिसले न त बुझ्छ न त बोध गर्छ। यो अपर्याप्तता धार्मिक दुनियाँभरि मात्र होइन कि, परमेश्वरमा विश्वास गर्ने अन्य सबैमा पनि देखिन्छ। जब तैँले साँच्चिकै परमेश्वरलाई देख्ने, तैँले यथार्थमै उहाँको बुद्धिको सराहना गर्ने, तैँले परमेश्वरले गर्नुभएका सबै कार्यहरू देख्ने, तैँले परमेश्वर जे हुनुहुन्छ र उहाँसँग जे छ त्यो चिन्ने दिन आउँछ—जब तैँले उहाँको उदारता, बुद्धि, आश्चर्यता, र मानिसहरूमा उहाँले गर्नुभएका सबै देखेको हुन्छस्—त्यसपछि मात्र परमेश्वरमाथिको तेरो विश्वासमा तैँले सफलता प्राप्त गरेको हुनेछस्। जब परमेश्वर सर्व-व्यापी र सर्व-उदार हुनुहुन्छ भनिन्छ, कुन तरिकाले उहाँ सर्व-व्यापी हुनुहुन्छ, र कुन तरिकाले उहाँ सर्व-उदार हुनुहुन्छ? यदि तैँले यो बुझ्दैनस् भने, तँ परमेश्वरलाई विश्वास गर्न योग्य हुन सक्नेछैनस्। धार्मिक दुनियाँका ती व्यक्तिहरू परमेश्वरका विश्वासीहरू होइनन् तर कुकर्मीहरू हुन्, दियाबलसकै वर्गका हुन् भनेर म किन भन्छु? जब म तिनीहरू कुकर्मीहरू हुन् भनी भन्छु, यसको कारण हो, उनीहरू परमेश्वरको इच्छा बुझ्दैनन् र उहाँको बुद्धि देख्न असमर्थ छन्। परमेश्वरले कुनै पनि बेला उनीहरूलाई आफ्नो काम प्रकट गर्नुहुन्न। उनीहरू अन्धा छन्; उनीहरूले परमेश्वरका कार्यहरू देख्न सक्दैनन्, उनीहरू परमेश्वरद्वारा त्यागिएका छन्, र उनीहरूमा परमेश्वरको हेरचाह र सुरक्षाको पूर्णरूपमा अभाव छ, पवित्र आत्माको कामको त उल्लेखै नगरौं। परमेश्वरको काम विहीनहरू सबै कुकर्मीहरू हुन् र परमेश्वरका विरोधीहरू हुन्। मैले उल्लेख गर्ने परमेश्वरका विरोधीहरूले तिनीहरूलाई जनाउँछ जसले परमेश्वरलाई चिन्दैनन्, जसले आफ्ना ओठहरूले परमेश्वरलाई स्वीकार गर्छन् तर पनि उहाँलाई चिन्दैनन्, जो परमेश्वरलाई पछ्याउँछन् र तर पनि उहाँको आज्ञापालन गर्दैनन्, र जो परमेश्वरको अनुग्रहमा आमोद-प्रमोद गर्छन् तर पनि उहाँको साक्षीको रूपमा खडा हुन सक्दैनन्। परमेश्वरको कामको उद्देश्यको बुझाई विना वा मानिसमा परमेश्वरले गर्नुहुने कामको बुझाई विना, ऊ परमेश्वरको इच्छा अनुसार हुन सक्दैन, न त ऊ परमेश्वरको साक्षीको रूपमा खडा हुन नै सक्छ। मानिसले परमेश्वरको विरोध गर्ने कारण एकातिर, उसको भ्रष्ट स्वभावबाट, र अर्कोतिर, परमेश्वर सम्बन्धी उसको अज्ञानताबाट र परमेश्वरले जुन सिद्धान्तहरूद्वारा काम गर्नुहुन्छ त्यसको र मानिसको लागि उहाँको इच्छा के छ त्यसको बुझाइको अभावबाट उत्पन्न हुन्छ। यी दुई पक्षहरूले, सँगै, परमेश्वर विरुद्ध मानिसको प्रतिरोधको इतिहासलाई निर्माण गर्छ। विश्वासमा नयाँ हुनेहरूले परमेश्वरको विरोध गर्छन् किनकि यस्ता विरोध उनीहरूको प्रकृतिभित्रै हुन्छ, यद्यपि विश्वासमा धेरै वर्ष रहेकाहरूले परमेश्वरलाई गर्ने विरोध उनीहरूको भ्रष्ट स्वभावका अतिरिक्त उहाँ सम्बन्धी उनीहरूको अज्ञानताबाट निस्कन्छ। परमेश्वर देहधारी हुनुभन्दा अघिको समयमा, मानिसले परमेश्वरको विरोध गरे नगरेको मापन स्वर्गमा परमेश्वरले घोषणा गर्नुभएका आदेशहरूलाई उसले मान्यो कि मानेन त्यसमा आधारित हुन्थ्यो। उदाहरणको लागि, व्यवस्थाको युगमा, जसले यहोवाका व्यवस्था पालन गर्दैनथ्यो उसलाई परमेश्वरको विरोध गर्ने ठानिन्थ्यो; जसले यहोवाका भेटीहरू चोरी गर्थ्यो, वा जो यहोवाको निगाह प्राप्त गरेकाहरू विरुद्ध उभिन्थ्यो, उसलाई परमेश्वरको विरोध गर्ने व्यक्ति मानिन्थ्यो र ढुङ्गाले हानेर मारिन्थ्यो; जसले आफ्ना बाबु-आमालाई आदर गर्दैनथियो, र जसले अर्कोलाई हिर्काउथ्यो वा श्राप दिन्थ्यो, उसलाई व्यवस्था पालन नगर्ने व्यक्ति

मानिन्थ्यो। र ज-जसले यहोवाका नियमहरू पालन गर्दैनथिए उनीहरूलाई उहाँ विरुद्ध खडा हुनेहरूको रूपमा लिइन्थ्यो। अनुग्रहको युगमा उप्रान्त त्यस्तो रहेन, जो येशू विरुद्ध उभिन्थ्यो उसलाई परमेश्वरको विरुद्ध उभिएको मानिएन, र येशूद्वारा बोलिएका वचनहरू पालन नगर्नेलाई परमेश्वर विरुद्ध उभिएको मानिएन। यो समयमा, परमेश्वरको विरोधलाई परिभाषित गरिएको तरीका बढी यथार्थ र बढी व्यावहारिक भयो। त्यो समयमा जब परमेश्वर अझसम्म देहधारी हुनुभएको थिएन त्यस बेला, मानिसले परमेश्वरको विरोध गरे नगरेको मापन मानिसले स्वर्गमा हुनुहुने अदृश्य परमेश्वरलाई आराधना गर्यो कि गरेन र खोजी गर्यो कि गरेन त्यसमा आधारित हुन्थ्यो। त्यो समयमा परमेश्वरको विरोधलाई परिभाषित गर्ने तरीका त्यति व्यवहारिक थिएन, किनकि मानिसले परमेश्वरलाई देख्न सक्दैनथियो, न त परमेश्वरको प्रतिरूप कस्तो छ, वा उहाँले कसरी काम गर्नुहुन्छ र बोल्नुहुन्छ भन्ने नै उसलाई थाहा थियो। परमेश्वरको बारे मानिसमा कुनै धारणा थिएन, र उसले अस्पष्ट रूपले परमेश्वरमा विश्वास गर्थ्यो, किनकि परमेश्वर मानिसको अघि अझसम्म प्रकट हुनुभएको थिएन। तसर्थ, मानिसले उसको कल्पनामा परमेश्वरमा जसरी विश्वास गरे पनि, परमेश्वरले मानिसलाई निन्दा गर्नुभएन वा उसबाट अति धेरै अपेक्षाहरू राख्नुभएन, किनकि मानिस परमेश्वरलाई देख्न पूर्णतः असमर्थ थियो। जब परमेश्वर देहधारी हुनुहुन्छ र मानिसहरूबीच काम गर्न आउनुहुन्छ, सबैले उहाँलाई देख्छन् र उहाँका वचनहरू सुन्छन्, र सबैले ती कार्यहरू देख्छन् जुन परमेश्वरले उहाँको देहधारी शरीरभित्रबाट गर्नुहुन्छ। त्यो क्षणमा, मानिसका सबै धारणाहरू फिँजजस्तै बन्छन्। जसले परमेश्वर शरीरमा प्रकट हुनुभएको देखेका छन्, यदि उनीहरूले स्वेच्छाले उहाँको आज्ञा पालन गर्छन् भने तिनीहरूलाई दोषी ठहराइनेछैन, जब कि उद्देश्यपूर्ण तरिकाले उहाँको विरुद्ध खडा हुनेहरूलाई परमेश्वरको विरोधी ठानिने छ। यस्ता मानिसहरू ख्रीष्ट विरोधी, शत्रुहरू हुन् जो जानीबूझी परमेश्वरको विरुद्ध उभिन्छन्। जो परमेश्वरबारे धारणाहरू मनमा राख्छन् तर उहाँको आज्ञापालन गर्न अझै तत्पर र इच्छुक हुन्छन्, उनीहरूलाई दोषी ठहराइनेछैन। परमेश्वरले मानिसलाई उसका अभिप्रायहरू र व्यवहारका आधारमा दोषी ठहराउनुहुन्छ, उसका सोचाइहरू र विचारहरूका आधारमा कहिल्यै त्यसो गर्नुहुन्न। यदि परमेश्वरले मानिसलाई उसका सोचाइहरू र विचारहरूका आधारमा निन्दा गर्नुहुन्थ्यो भने, परमेश्वरका क्रोधित हातहरूबाट एक जना पनि फुत्किन सक्दैनथियो। देहधारी परमेश्वरको विरुद्ध जानीबूझी खडा हुनेहरू आफ्ना अनाज्ञाकारीताको लागि दण्डित हुनेछन्। परमेश्वर विरुद्ध जानीबूझी उभिने यस्ता मानिसहरूको सम्बन्धमा, उनीहरूको प्रतिरोध यो तथ्यबाट उत्पन्न हुन्छ कि परमेश्वरबारे उनीहरूले मनमा धारणा राख्छन्, जसले उनीहरूलाई परमेश्वरको काम अवरोध गर्ने काम गर्ने तुल्याउँछ। यी मानिसहरूले परमेश्वरको कामलाई जानाजान अवरोध र नष्ट गर्छन्। उनीहरूसँग परमेश्वरबारे धारणाहरू मात्र हुँदैन, तर उनीहरू उहाँको कामलाई अवरोध गर्ने क्रियाकलापहरूमा समेत संलग्न हुन्छन्, र यही कारणले यस प्रकारका मानिसहरू दोषी ठहरिनेछन्। जसले जानीबूझी परमेश्वरको कामलाई अवरोध गर्दैनन् उनीहरू पापीको रूपमा दोषी ठहरिनेछैनन्, किनकि उनीहरू स्वेच्छाले आज्ञा पालन गर्छन् र अवरोध र बाधा पैदा गर्ने क्रियाकलापहरूमा संलग्न हुँदैनन्। यस्ता मानिसहरूलाई दोषी ठहराइनेछैन। तथापि, जब मानिसहरूले परमेश्वरका कामको अनुभव धेरै

वर्षदेखि गरेका हुन्छन्, यदि उनीहरू निरन्तर रूपमा परमेश्वरबारे मनमा धारणाहरू राख्छन् र देहधारी परमेश्वरको कामलाई बुझ्न सक्दैनन् भने, र यदि, जति धेरै वर्ष उनीहरूले उहाँको कामलाई अनुभव गरेका भए पनि, उनीहरू परमेश्वरबारे धारणाहरूले निरन्तर भरिन्छन् र अझै उहाँलाई बुझ्न सक्दैनन् भने, यदि उनीहरू अवरोधजनक क्रियाकलापहरूमा संलग्न नभए पनि, उनीहरूको हृदय परमेश्वरबारे धेरै धारणाहरूले भरिएका छन्, र यदि ती धारणाहरू प्रस्ट भएनन् भने पनि, यस प्रकारका मानिसहरू परमेश्वरको कामको लागि कुनै प्रयोगका हुँदैनन्। उनीहरू परमेश्वरको लागि सुसमाचार फैलाउन वा उहाँको साक्षीको रूपमा खडा हुन असमर्थ छन्। यस प्रकारका मानिसहरू बेकामका र अल्पबुद्धिका हुन्छन्। उनीहरूले परमेश्वरलाई चिन्दैनन्, यसका अलाबा उहाँ बारेका उनीहरूका धारणाहरू फाल्न पूर्ण रूपमा असमर्थ छन्, त्यसैले उनीहरू दोषी ठहरिन्छन्। यसलाई यसप्रकार भन्न सकिन्छ: विश्वासमा नयाँ हुनेहरूले परमेश्वरबारे धारणाहरू लिनु वा उहाँबारे केही पनि नजान्नु सामान्य कुरा हो, तर जसले परमेश्वरमा धेरै वर्षदेखि विश्वास गरेको छ र उहाँका असल कामको अनुभव गरेको छ, यस्ता व्यक्तिले धारणाहरूलाई निरन्तर पक्रिराख्नु सामान्य हुँदैन, र यस्ता व्यक्तिहरूले परमेश्वरका बारे कुनै ज्ञान नराख्नु अझ कम सामान्य हुनेछ। किनभने उनीहरूलाई सामान्य स्थितिमा दोषी ठहराइँदैन। यी असामान्य मानिसहरू सबै फोहोर हुन्; यिनीहरू परमेश्वरलाई सबैभन्दा धेरै विरोध गर्नेहरू हुन् र जसले व्यर्थमा परमेश्वरको अनुग्रह उपभोग गरेका छन्। यस्ता सबै मानिसहरूलाई अन्त्यमा हटाइनेछ!

परमेश्वरको कार्यको उद्‌देश्य नबुझ्ने व्यक्ति भनेकै उहाँको विरोध गर्ने व्यक्ति हो र परमेश्वरको कार्यको उद्‌देश्य बुझिसकेर पनि परमेश्वरलाई सन्तुष्ट पार्न नखोज्ने व्यक्तिलाई अझ बढी विरोधी मान्नुपर्छ। भव्य मण्डलीहरूमा बाइबल पढ्ने र दिनभरि नै वाचन गरिरहने व्यक्तिहरू पनि छन् तर तिनीहरूमध्ये एक जनाले पनि परमेश्वरको कार्यको उद्‌देश्य बुझेका हुँदैनन्। तिनीहरूमध्ये एक जना पनि परमेश्वरलाई जान्न सक्षम छैन, तिनीहरूमध्ये कोही परमेश्वरको इच्छामा एकचित्त हुने बारेमा त कुरै नगरौं। तिनीहरू सबै जना परमेश्वरलाई प्रवचन सुनाउन उचाइमा उभिएका व्यर्थका, दुष्ट मानिसहरू हुन्। तिनीहरूले परमेश्वरको ध्वजा बोके तापनि जानीबुझीकनै परमेश्वरको विरोध गर्छन्। परमेश्वरमा विश्वास भएको दाबी गर्दै तिनीहरूले मान्छेको मासु खान्छन् र रगत पिउँछन्। त्यस्ता सबै मानिसहरू मान्छेको आत्मा विनाश गर्ने दियाबलसहरूको मालिक हो, सही मार्गमा हिँड्ने प्रयास गरिरहेका व्यक्तिहरूको बाटोमा जानाजान आउने दुष्टात्माहरू हुन्, र परमेश्वरको खोजी गर्ने व्यक्तिहरूलाई अवरोध गर्ने बाधाअड्‌चनहरू हुन्। तिनीहरू "स्वस्थ विधान" का जस्तो लाग्न सक्छन् तर तिनीहरू मानिसहरूलाई परमेश्वर विरुद्ध उभिन अगुवाइ गर्ने ख्रीष्ट विरोधीहरू बाहेक केही होइनन् भन्ने कुरा कसरी तिनीहरूका अनुयायीहरूले थाहा पाउन सक्छन्? तिनीहरू मानव आत्मा विनाश गर्नमा समर्पित जीवित शैतानहरू हुन् भन्ने कुरा कसरी तिनीहरूका अनुयायीहरूले थाहा पाउन सक्छन्? परमेश्वरको उपस्थितिमा आफूलाई उच्च सम्मान गर्ने व्यक्तिहरू नै सबैभन्दा नीच मान्छेहरू हुन् भने आफूलाई विनम्रताका साथ पेश गर्नेहरू सबैभन्दा सम्मानित व्यक्तिहरू हुन्। अनि परमेश्वरको कामको बारेमा जान्दछु भनी ठान्नेहरू र अझ भन्ने हो भने उहाँलाई सोझै हेर्दै अन्य मानिसहरूमाझ ठूलै तामझामको साथमा परमेश्वरको कामको

बारेमा घोषणा गर्न सक्षम छु भनी ठान्नेहरू सबैभन्दा अज्ञानी मान्छेहरू हुन्। त्यस्ता मान्छेहरूसँग परमेश्‍वरको गवाही हुँदैन, तिनीहरू घमण्डी र अहङ्कारले भरिएका हुन्छन्। परमेश्‍वरको बारेमा वास्तविक अनुभव र व्यवहारिक ज्ञान हुँदाहुँदै पनि आफूसँग उहाँको बारेमा एकदमै कम मात्र ज्ञान छ भनी विश्‍वास गर्नेहरू नै उहाँद्वारा सबैभन्दा बढी प्रेम गरिने व्यक्तिहरू हुन्। त्यस्ता व्यक्तिहरूसँग मात्र वास्तवमै परमेश्‍वरको गवाही हुन्छ र तिनीहरू मात्र वास्तवमै परमेश्‍वरद्वारा सिद्ध पार्न सकिने हुन्छन्। परमेश्‍वरको इच्छा नबुझ्नेहरू परमेश्‍वरका विरोधीहरू हुन्; परमेश्‍वरको इच्छा बुझेर पनि सत्यको अभ्यास नगर्नेहरू परमेश्‍वरका विरोधीहरू हुन्; परमेश्‍वरका वचनहरू खाने-पिउने गरे पनि परमेश्‍वरका वचनहरूको सारको विरुद्ध जानेहरू परमेश्‍वरका विरोधीहरू हुन्; देहधारी परमेश्‍वरको बारेमा धारणा भएका साथै विद्रोहमा संलग्न हुने मन भएकाहरू परमेश्‍वरका विरोधीहरू हुन्; परमेश्‍वरको निन्दा गर्नेहरू परमेश्‍वरका विरोधीहरू हुन्; र परमेश्‍वरको बारेमा जान्न नसक्ने वा उहाँको साक्षी बन्न नसक्ने जोकोही परमेश्‍वरको विरोधी हो। त्यसैले म तिमीहरूलाई आग्रह गर्छु: यदि तिमीहरूलाई साँच्चै नै यो मार्गमा हिँड्न सक्छु भन्ने विश्‍वास लाग्छ भने निरन्तर यहीँ बाटो पछ्याइराख। तर यदी तिमीहरूले परमेश्‍वरको विरोध गर्नबाट आफूलाई रोक्न सक्दैनौ भने तिमीहरू धेरै ढिलो हुनुअगावै अन्यत्र लाग्नु श्रेयस्कर हुन्छ। अन्यथा, तिमीहरूको लागि स्थिति नराम्रो हुने सम्भावना एकदमै धेरै हुन्छ, किनभने तिमीहरूको स्वभाव अति भ्रष्ट छ। बफादारीता वा आज्ञापालन, धार्मिकता वा सत्य चाहना गर्ने हृदय, वा परमेश्‍वरप्रतिको प्रेम त तिमीहरूसँग थोपै छैन। परमेश्‍वरको अगाडि तिमीहरूको परिस्थिति पूर्ण रूपमा कवाडखानाको जस्तो छ भनेर भन्न सकिन्छ। आफूले पालना गर्नुपर्ने कुरा पालना गर्न तिमीहरू सक्दैनौ र भन्नुपर्ने कुराहरू भन्न सक्दैनौ। तिमीहरूले जुन कुरालाई अभ्यासमा ल्याउनुपर्थ्यो, सो कुरालाई अभ्यासमा ल्याउन तिमीहरू चुकेका छौ; अनि जुन कार्य तिमीहरूले पूरा गर्नुपर्थ्यो, सो कार्य पूरा गर्न तिमीहरू असक्षम भएका छौ। तिमीहरूसँग हुनुपर्ने बफादारीता, विवेक, आज्ञाकारिता, वा संकल्प तिमीहरूमा छैन। कष्ट सहन गर्नु तिमीहरूको उत्तरदायित्व भए पनि तिमीहरूले त्यस्तो कष्ट सहन गरेका छैनौ र तिमीहरूमा हुनुपर्ने विश्‍वास तिमीहरूसँग छैन। एकदमै सरल रूपमा भन्दा, तिमीहरू पूर्ण रूपमा गुणविहीन छौ: तिमीहरूलाई बाँचिराख्न लाज लाग्दैन? म तिमीहरूलाई सम्झाउन चाहन्छु, कि तिमीहरूले अनन्त विश्रामको लागि आँखा चिम्लनु उत्तम हुन्छ, जसबाट परमेश्‍वर तिमीहरूको खाताको बारेमा चिन्ता गर्न वा तिमीहरूको लागि कष्ट सहन गर्नबाट बच्नुहुनेछ। तिमीहरू परमेश्‍वरमा विश्‍वास गर्छौ तैपनि तिमीहरूलाई उहाँको इच्छाको बारेमा थाहा छैन; तिमीहरू परमेश्‍वरका वचनहरू खान्छौ-पिउँछौ तैपनि परमेश्‍वरले मान्छेले गर्नैपर्ने भनेर आवश्यक गर्नुभएका कुराहरू पालन गर्न सक्दैनौ। तिमीहरू परमेश्‍वरमा विश्‍वास गर्छौ तैपनि तिमीहरूलाई उहाँको बारेमा थाहा छैन, अनि तिमीहरू प्रयत्न गर्नुपर्ने कुनै लक्ष्यविना नै, कुनै मूल्यविना नै, कुनै अर्थविना नै जिउँछौ। तिमीहरू मानव प्राणीको रूपमा जिउँछौ तैपनि तिमीहरूमा अलिकति पनि विवेक, सच्चरित्रता, वा विश्‍वसनीयता छैन—के तिमीहरू अझै आफूलाई मानव प्राणी भन्न सक्छौ? तिमीहरू परमेश्‍वरमा विश्‍वास गर्छौ तैपनि तिमीहरू उहाँलाई धोका दिन्छौ; अझ भन्ने हो भने, तिमीहरू परमेश्‍वरको पैसा लिन्छौ र उहाँको लागि चढाइएका भेटीहरू आफै खान्छौ। त्यसपछि पनि, अन्त्यमा

अझै परमेश्वरका भावनाहरूको बारेमा अलिकति मात्र विचार गर्ने वा उहाँप्रति विवेक दर्शाउन पनि चुक्छौ। तिमीहरू परमेश्वरले अनिवार्य गर्नुभएका कुराहरूमध्येको सबैभन्दा मामुली कुरा पनि पूरा गर्न सक्दैनौ। के तिमीहरू अझै आफूलाई मानव प्राणी भन्न सक्छौ? परमेश्वरले तिमीहरूलाई प्रदान गर्नुभएको खाना खाएर पनि र उहाँले तिमीहरूलाई दिनुभएको प्राणवायु श्‍वासप्रश्‍वास गरेर पनि, उहाँको अनुग्रह उपभोग गरेर पनि अन्त्यमा तिमीहरूसँग परमेश्वरको बारेमा अलिकति पनि ज्ञान छैन। यसको विपरीत, तिमीहरू परमेश्वरको विरोध गर्ने बिकामेहरू बनेका छौ। के त्यसले तपाईंलाई कुकुरभन्दा पनि नीच स्तरको जन्तु बनाउँदैन र? जनावरहरूमा, के तिमीहरूभन्दा बढी दुष्ट अन्य कुनै जनावर छ त?

उच्च प्रवचन मञ्चमा उभिएर अरूलाई पढाउने पाष्टरहरू र एल्डरहरू परमेश्वरका विरोधीहरू अनि शैतानका बन्धुहरू हुन्; उच्च प्रवचन मञ्चमा नउभिने अरूलाई नपढाउने तिमीहरू परमेश्वरका अझ ठूला विरोधीहरू हुन सक्दैनौ र? के तिमीहरू तिनीहरूभन्दा बढी शैतानसँगको गुटबन्दीमा छैनौ र? परमेश्वरको कार्यको उद्‌देश्य नबुझ्नेहरूले कसरी परमेश्वरको इच्छाअनुरूप एकचित्त हुने भन्ने बारेमा जान्दैनन्। निश्चय पनि उहाँको कार्यको उद्‌देश्य बुझ्नेहरूले परमेश्वरको इच्छाअनुरूप एकचित्त हुन जान्दैनन् भन्ने हुन सक्दैन। परमेश्वरको कार्य कहिल्यै पनि गल्तीमा हुँदैन; बरु मान्छेले गर्ने अनुसरण प्रयत्न चाहिँ त्रुटिपूर्ण हुन्छ। जानीबुझीकनै परमेश्वरको विरोध गर्ने ती चरित्रहीन व्यक्तिहरू पाष्टरहरू र एल्डरहरूभन्दा पनि बढी पापी र दुरासायी छैनन् र? परमेश्वरको विरोध गर्नेहरू धेरै छन्, तर तीमध्येमा तिनीहरूले परमेश्वरको विरोध गर्ने तरिकाहरू पनि धेरै छन्। सबै खाले तौरतरिका भएका विश्‍वासीहरू भए जस्तै परमेश्वरको विरोध गर्नेहरू पनि सबै खाले तौरतरिकाकै छन्, र तिनीहरू हरेक व्यक्ति अर्को व्यक्तिभन्दा फरक छन्। परमेश्वरको कार्यलाई स्पष्टसँग पहिचान गर्न नसक्ने एक जनालाई पनि बचाउन सकिँदैन। विगतमा मान्छेले जे-जसरी परमेश्वरको विरोध गरेको भए तापनि जब उसले परमेश्वरको कार्यको उद्‌देश्य बुझ्छ र आफ्ना प्रयत्नहरू परमेश्वरलाई सन्तुष्ट पार्नमा समर्पित गर्छ, तब परमेश्वरले उसका पहिलेका सबै पापहरू पुछेर सफा पारिदिनुहुनेछ। मान्छेले जबसम्म सत्यको खोजी गरिरहन्छ र सत्यको अभ्यास गरिरहन्छ, तबसम्म परमेश्वरले उसले के गरेको छ भन्ने कुरालाई ध्यान दिनुहुन्न। अझ भन्ने हो भने, मान्छेले गर्ने सत्यको अभ्यासको आधारमा परमेश्वरले उसलाई धर्मी ठहर्याउनुहुन्छ। परमेश्वरको धार्मिकता यही नै हो। मान्छेले परमेश्वरलाई देख्नुअघि वा उहाँको कार्यको अनुभव गर्नुअघि, मान्छेले परमेश्वरप्रति जे-जसरी कार्य गरे तापनि, उहाँले यी कुरालाई ध्यान दिनुहुन्न। तथापि, मान्छेले परमेश्वरलाई देखिसकेपछि वा उहाँको कार्यको अनुभव गरिसकेपछि, मान्छेले गरेका सबै काम र कार्यवाहीहरूलाई परमेश्वरले "इतिहास पुस्तक" मा प्रविष्ट गराउनुहुनेछ, किनभने मान्छेले परमेश्वरलाई देखिसक्नुभएको हुन्छ र उहाँको कार्यमाझ बाँचिसकेको हुन्छ।

मान्छेले परमेश्वरसँग के-के छन् र परमेश्वर के हुन् भनेर साँच्चिकै देखिसकेपछि, उसले उहाँको सर्वोच्चता देखिसकेपछि, र उसले परमेश्वरको कामको बारेमा साँच्चिकै थाहा पाइसकेपछि, र अझ भन्ने हो भने, मान्छेको पुरानो स्वभाव परिवर्तन भइसकेपछि, मान्छेले परमेश्वरको विरोध गर्ने आफ्नो विद्रोही स्वभावलाई पूर्ण रूपमा परित्याग गरिसकेको हुनेछ। यो भन्न सकिन्छ कि हरेक

व्यक्तिले कुनै न कुनै समयमा परमेश्‍वरको विरोध गरेको हुन्छ र हरेक व्यक्तिले कुनै न कुनै समयमा परमेश्‍वर विरुद्ध विद्रोह गरेको हुन्छ। तथापि, यदि तैँले इच्छुक भई देहधारी परमेश्‍वरको आज्ञापालन गर्छस् र यस समयदेखि परमेश्‍वरको हृदयलाई बफादारीताद्वारा सन्तुष्ट पार्छस् भने, तैँले अभ्यास गर्नुपर्ने सत्यको अभ्यास गर्छस् भने, तैँले निर्वाह गर्नुपर्ने कर्तव्य निर्वाह गर्छस् भने, र तैँले पालना गर्नुपर्ने नियमहरू पालना गर्छस् भने, तँ परमेश्‍वरलाई सन्तुष्ट पार्ने आफ्नो विद्रोही स्वभावलाई परित्याग गर्न इच्छुक र परमेश्‍वरले सिद्ध पार्न सक्नुहुने व्यक्ति होस्। यदि तँ ढिपी गर्दै आफ्ना गल्तीहरू हेर्न अस्वीकार गर्छस् र आफै पश्‍चाताप गर्ने कुनै इच्छा राख्दैनस् भने, परमेश्‍वरसँग सहकार्य गर्ने वा उहाँलाई सन्तुष्ट पार्ने थोरै पनि इच्छा नराखीकनै आफ्नो विद्रोही व्यवहारलाई निरन्तरता दिन्छस् भने तँ जस्तो हठी र असुधार्य व्यक्तिलाई निश्‍चय रूपमा सजाय हुनेछ र त्यस्तो व्यक्ति कहिल्यै पनि परमेश्‍वरद्वारा सिद्ध पार्न सकिने व्यक्ति हुनेछैन। यस्तो हुने हुनाले, तँ आज परमेश्‍वरको दुस्मन होस् र भोलि पनि तँ परमेश्‍वरकै दुस्मन हुनेछस्, र यसरी नै पछि पनि परमेश्‍वरको दुस्मन नै रहिरहनेछस्; तँ सदैव परमेश्‍वरको विरोधी र परमेश्‍वरको दुस्मन हुनेछस्। यस्तो अवस्थामा, सम्भवत कसरी परमेश्‍वरले तँलाई छाड्नहुन्छ र? परमेश्‍वरको विरोध गर्नु मान्छेको प्रकृति हो, तर मान्छेले आफ्नो प्रकृति बदल्नु असम्भव छ हो भन्दैमा जानाजान परमेश्‍वरको विरोध गर्ने "रहस्य" को खोजी गर्नु हुँदैन। यदि त्यस्तो अवस्था थियो भने, आफ्नो भावी सजाय कठोर नहोस् र आफ्नो पाशविक प्रकृति बाहिर आई आखिरमा परमेश्‍वरद्वारा आफ्नो देहीय शरीर समाप्त पार्नु अघिसम्म नियन्त्रण गर्नै नसकिने अवस्था नबनोस् भन्नका खातिर तैँले ढीला हुनुअगावै अन्यत्र लाग्नुपर्थ्यो। तैँले आशीषहरू प्राप्त गर्नलाई परमेश्‍वरमा विश्‍वास गर्छस्; तर यदि आखिरमा तँलाई दुर्भाग्य मात्रै आइलाग्यो भने, के त्यो लज्जास्पद हुँदैन र? म तिमीहरूलाई आग्रह गर्छु कि तिमीहरूले अर्को योजना बनाउनु बेस हुन्छ। परमेश्‍वरमा विश्‍वास गर्नेभन्दा तिमीहरूले गर्न सक्ने अन्य जुनसुकै कुरा गर्नु बेस हुन्छ: निश्‍चित रूपमा बाटो यही मात्रै हो भनेर भन्न सकिँदैन। यदि तिमीहरूले सत्यको खोजी गरेनौ भने पनि तिमीहरू निरन्तर बाँचिरहने थिएनौ र? किन तिमीहरू परमेश्‍वरसँग यस प्रकारको मतभेदमा रहनुपर्छ र?

# मण्डलीहरूमा हिँड्ने क्रममा ख्रीष्टले दिनुभएका वचनहरू २

(नोभेम्बर १९९२ देखि जुन १९९३ सम्म)

# काम र प्रवेश (१)

मानिसहरूले परमेश्‍वरमा विश्‍वास गर्ने सही बाटोमा पाइला चाल्न थालेदेखि यता तिनीहरू धेरै वटा विषयहरूमा अस्पष्ट नै छन्। परमेश्‍वरको कामको बारेमा र तिनीहरूले गर्नुपर्ने कामको विषयमा तिनीहरू अझै पनि पूर्ण भ्रममा छन्। यो एकातिर तिनीहरूका अनुभवमा परिवर्तन र ग्रहण गर्ने तिनीहरूका सीमित क्षमताको कारण भएको हो भने, अर्कोतिर परमेश्‍वरको कामले अझै मानिसहरूलाई यो चरणमा नल्याएकोले गर्दा हो। यसैले प्रत्येक व्यक्ति धेरैजसो आत्मिक विषयहरूमा अस्पष्ट हुन्छ। तिमीहरू कुन कुरामा प्रवेश गर्नुपर्छ भन्‍ने विषयमा अस्पष्ट मात्र छैनौ, तिमीहरू परमेश्‍वरको कामको बारेमा अझ बढी अन्जान छौ। यो तिमीहरूभित्र भएको कमी-कमजोरी मात्र होइन: यो धार्मिक संसारमा हुने सबैमा सामान्य रूपमा देखिने ठूलो कमजोरी हो। मानिसहरूले किन परमेश्‍वरलाई चिन्दैनन् भन्‍ने कुरा यसैमा लुकेको छ, यसैले यो कमी उहाँलाई खोज्ने सबैमा हुने एउटा सामान्य त्रुटि हो। अहिलेसम्म एउटै पनि व्यक्तिले पनि परमेश्‍वरलाई चिनेको छैन, वा उहाँको वास्तविक अनुहार देखेको छैन। यसैकारणले गर्दा परमेश्‍वरको काम पहाड हटाउनु वा समुद्रलाई सुकाउनुजस्तो कठिन बन्छ। परमेश्‍वरको कामका निम्ति धेरै मानिसहरूले आफ्नो जीवन बलिदान गरेका छन्; उहाँको कामको कारण धेरै जना बहिस्कार भएका छन्; उहाँकै कामको खातिर धेरै जना यातना सहेर मरेका छन्; धेरै जनाले परमेश्‍वरप्रतिको प्रेमको कारण आँखाभरि आँसु भर्दै अन्याय सहेर मरेका छन्; धेरै जनाले क्रूर र अमानवीय सतावटको सामना गरेका छन्...। यस्ता दुःखद घटनाहरू घटेका छन्–के यी सबै मानिसहरूमा परमेश्‍वरको विषयमा ज्ञानको कमीले गर्दा भएको होइन र? परमेश्‍वरलाई नचिन्‍ने कुनै व्यक्ति कुन अनुहार लिएर उहाँको सामने आउन सक्छ र? परमेश्‍वरमा विश्‍वास गर्ने तर उहाँलाई सताउने कुनै व्यक्ति कुन अनुहार लिएर उहाँको सामुन्‍ने आउन सक्छ र? यी कुराहरू धार्मिक संसारमा हुनेहरूको मात्रै अपर्याप्तता होइन, तर यी तिमीहरू र तिनीहरू, दुवैमा हुने सामान्य कुरा हुन्। मानिसहरू परमेश्‍वरलाई नचिनी उहाँमा विश्‍वास गर्छन्; यही कारणले गर्दा मात्रै तिनीहरू आफ्ना हृदयमा परमेश्‍वरलाई आदर गर्दैनन्, अनि आफ्नो हृदयमा उहाँको डर मान्दैनन्। अझ यस्ता मानिसहरू पनि छन्, जसले खुल्लमखुल्ला अनि लाज नमानी यो प्रवाहभित्र तिनीहरू आफैले कल्पना गरेको काम गर्छन्, अनि तिनीहरूका आफ्नै माग र धेरै चाहनाहरू लिएर परमेश्‍वरले आज्ञा गर्नुभएको काम गर्नतिर लाग्छन्। धेरै मानिसहरू परमेश्‍वरलाई आदर नगरी तर तिनीहरूका आफ्नै इच्छाको पछि लाग्दै अनियन्त्रित व्यवहार गर्छन्। के यी उदाहरणहरू मानिसको स्वार्थी हृदयहरूको पूर्ण प्रकटीकरणहरू होइनन् र? के यी उदाहरणहरूले मानिसहरू भित्रका प्रशस्त छलकपटलाई प्रकट गर्दैनन् र? मानिसहरू वास्तवमा अति नै बुद्धिमान् हुन सक्छन्, तर तिनीहरूका वरदानहरूले कसरी परमेश्‍वरको कामको स्थान लिन सक्छ? मानिसहरूले साँच्चै परमेश्‍वरको बोझमा ध्यान दिन सक्छन्, तर तिनीहरूले धेरै स्वार्थी भएर काम गर्न सक्दैनन्। के मानिसहरूका कामहरू साँच्चै परमेश्‍वरका जस्तै छन्? के कुनै पनि व्यक्ति सय प्रतिशत निश्‍चित हुन सक्छ? परमेश्‍वरको साक्षी दिन, उहाँको महिमा प्राप्त गर्न–यो परमेश्‍वरले दिनुहुने अपवाद र मानिसहरूलाई उठाउने कार्य हो; मानिसहरू कसरी योग्य हुन सक्छन्? परमेश्‍वरको काम भर्खरै सुरु

भएको छ, र उहाँका वचनहरू भर्खरै बोल्न थालिएको छ। यो स्थितिमा, मानिसहरूले आफ्नै विषयमा राम्रो महसुस गर्छन्, तर के यो अपमान निम्त्याउनु मात्र होइन र? तिनीहरू अत्यन्तै थोरै मात्र बुझ्छन्। यहाँसम्म कि अति प्रतिभाशाली सिद्धान्तवादी, अति कुशल वक्ताले पनि परमेश्वरको सम्पूर्ण प्रशस्तताको वर्णन गर्न सक्दैन भने तिमीहरूले त झन् कति थोरै गर्छौ? तिमीहरूले आफ्नो मूल्य स्वर्गहरूभन्दा माथि राख्नुहुँदैन, तर बरु तिमीहरूले आफैलाई ती विवेकी मानिसहरूभन्दा तल्लो स्तरमा राख्नुपर्छ जसले परमेश्वरलाई प्रेम गर्न खोज्छन्। यही त्यो बाटो हो जसद्वारा तिमीहरू प्रवेश गर्नेछौ: तिमीहरूले आफैलाई अरूभन्दा धेरै तल देख्नु। आफैलाई धेरै उच्च किन देख्ने? आफैलाई त्यस्तो उच्च अनुमानमा किन राख्ने? जीवनको लामो यात्रामा तिमीहरू प्रारम्भको थोरै कदम मात्र हिँडेका छौ। तिमीहरू केवल परमेश्वरका बाहुली मात्र देख्छौ, सम्पूर्ण परमेश्वरलाई देख्दैनौ। यसले तिमीहरूलाई अझ धेरै परमेश्वरका कामहरू देख्न, तिमीहरू कहाँ प्रवेश गर्नुपर्छ भनी अझ धेरै थाहा पाउन योग्य बनाउँछ, किनकि तिमीहरू थोरै मात्र परिवर्तन भएका छौ।

जब परमेश्वरले मानिसलाई सिद्ध पार्नुहुन्छ र उसको स्वभाव परिवर्तन गर्नुहुन्छ, उहाँको काम कहिल्यै पनि समाप्त हुँदैन, किनकि मानिसमा धेरै प्रकारका कमीहरू हुन्छन् र उहाँले राख्नुभएको स्तरसम्म पुग्न सक्दैन। यसैले यो भन्न सकिन्छ, कि परमेश्वरको दृष्टिमा तिमीहरू सधैँभरि नयाँ जन्मेका शिशुहरू हुनेछौ, तिमीहरूमा उहाँलाई प्रसन्न पार्ने तत्वहरू थोरै हुन्छन्, किनकि तिमीहरू केही होइनौ, तर परमेश्वरका हातका प्राणी हौ। यदि कुनै व्यक्ति आत्मसन्तोषी बन्छ भने के परमेश्वरले उसलाई घृणा गर्नुहुन्न र? तिमीहरू आज परमेश्वरलाई सन्तुष्ट पार्न सक्षम छौ भन्नु भनेको तिमीहरूका मासुको शरीरको सीमित दृष्टिकोणबाट बोल्नु हो; यदि तिमीहरू साँच्चै परमेश्वरको दाँजोमा पुग्नु छ भने रणभूमिमा तिमीहरू सधैँ पराजित हुनेछौ। मानिसको शरीरले कहिल्यै पनि विजय के हो भन्ने जानेको छैन। पवित्र आत्माको कामद्वारा मात्र मानिसले छुटकाराका विशेषताहरू प्राप्त गर्न सक्छ। वास्तवमा, परमेश्वरको सृष्टिका असङ्ख्यौं कुराहरूमध्ये मानिस सबैभन्दा तल्लो स्तरको छ। ऊ सबै थोकका मालिक भए पनि मानिस मात्र यस्तो प्राणी हो जो शैतानको धोकामा फस्छ, ऊ मात्र हो जो अन्त्यहीन रूपमा विभिन्न तरिकाले त्यसको भ्रष्टतामा पर्छ। आफैमाथि मानिसको कहिल्यै पनि सर्वोच्च अधिकार रहेको छैन। धेरै जना मानिस शैतानको फोहोर ठाउँमा बस्छन् र त्यसको खिसी सहन्छन्; त्यसले उनीहरूलाई यसरी जिस्काउँछन् कि तिनीहरू अधमरो नै हुन्छन्, जसको क्रममा हर प्रकारको परिवर्तन, मानिसको संसारमा हुने सबै कठिनाइहरू सहनुपर्छ। तिनीहरूसँग खेलेर शैतानले तिनीहरूका भाग्य समाप्त गरिदिन्छ। अनि मानिसहरू जीवनभरि सोच्नै नसक्ने अन्योलतामा पर्छन्, परमेश्वरले तिनीहरूका निम्ति तयार पार्नुभएको असल थोक एकै पल्ट पनि उपभोग गर्दैनन्, तर शैतानद्वारा क्षति पुऱ्याइन्छ र विनाशमा छोडिन्छ। आज तिनीहरू यति दुर्बल र थकित भएका छन्, कि तिनीहरूमा परमेश्वरको काममा ध्यान दिने रुचि नै हुँदैन। यदि मानिसहरूमा परमेश्वरको काममा ध्यान दिने कुनै रुचि नै छैन भने, तिनीहरूका अनुभव सधैँभरि खण्डित र अधुरो रहने निश्चित हुन्छ, र तिनीहरूको प्रवेश सधैँभरि एउटा रित्तो स्थान हुन्छ। परमेश्वर संसारमा आउनुभएको केही हजार वर्षपछि उच्च आदर्श भएको असङ्ख्य मानिसहरू परमेश्वरद्वारा धेरै वर्षहरूमा उहाँको काम गर्न प्रयोग गरिएका छन्; तर उहाँको

काम जान्नेहरू थोरै छन्, मानौं छैन नै भनेर भन्न सकिन्छ। यसकारणले अनगन्ती मानिसहरू परमेश्‍वरको विरोध गर्ने भूमिका धारण गर्छन्, त्यसको साथसाथै तिनीहरू उहाँको निम्ति काम पनि गर्छन्, किनकि उहाँको काम नगरेर तिनीहरू परमेश्‍वरले दिनुभएको पदमा बसेर वास्तवमा मानिसको काम गर्छन्। के यसलाई काम भन्न सकिन्छ? तिनीहरू कसरी भित्र प्रवेश गर्न सक्छन्? मानवजातिले परमेश्‍वरको अनुग्रहलाई लिएर त्यसलाई गाडेको छ। यसैकारणले गर्दा विगत पुस्ताहरूमा उहाँको काम गर्नेहरूले थोरै मात्र प्रवेश पाए। तिनीहरू परमेश्‍वरको कामको बारेमा त्यत्ति बोल्दैनन्, किनकि तिनीहरूले परमेश्‍वरको बुद्धिलाई थोरै मात्र बुझ्दछन्। यो भन्न सकिन्छ, कि परमेश्‍वरको सेवा गर्ने धेरै जना भए पनि उहाँ कति उच्च हुनुहुन्छ भनी देख्न तिनीहरू असफल भएका छन्, यसैले अरूले पुजून् भनी तिनीहरूले आफैलाई परमेश्‍वरको रूपमा स्थापित गरेका छन्।

परमेश्‍वर धेरै वर्षदेखि सृष्टिभित्र लुकेर रहनुभएको छ, उहाँले धमिलो पर्दा पछाडिबाट धेरै वटा वसन्त र शरद ऋतुहरू देख्नुभएको छ; उहाँले धेरै दिन र रातहरूसम्म तेस्रो स्वर्गबाट तल हेर्नुभएको छ; उहाँ धेरै महिना र वर्षदेखि मानिसहरूको बीचमा हिँड्नुभएको छ। उहाँ धेरै वटा हिउँदहरूमा चुपचाप पर्खंदै सबै मानिसहरूभन्दा माथि बस्नुभएको छ। उहाँले एकपल्ट पनि आफैलाई कुनै मानिसको अगि खुल्लमखुल्ला देखाउनुभएको छैन, न ता एउटा आवाज समेत निकाल्नुभएको छ, अनि उहाँ कुनै सङ्केत नदिई जानुहुन्छ र चुपचाप फर्कनुहुन्छ। उहाँको वास्तविक अनुहार कसले जान्न सक्छ? उहाँ मानिससँग एकै पल्ट पनि बोल्नुभएको छैन, एकै पल्ट पनि मानिसकहाँ देखा पर्नुभएको छैन। मानिसको निम्ति परमेश्‍वरले आज्ञा दिनुभएको काम गर्न कति सजिलो छ? उहाँलाई चिन्नु सबैभन्दा कठिन काम हो भन्ने तिनीहरूलाई के थाहा। आज परमेश्‍वर मानिससित बोल्नुभएको छ, तर मानिसले उहाँलाई कहिल्यै पनि चिनेको छैन, किनकि जीवनमा उसको प्रवेश धेरै सीमित र सतही छ। उहाँको दृष्टिकोणबाट हेर्दा, मानिसहरू परमेश्‍वरको सामु देखा पर्न पूर्ण रूपमा अयोग्य छन्। तिनीहरूमा परमेश्‍वरको बुझाई अति थोरै छ र तिनीहरू उहाँबाट अलग भएर धेरै टाढा गएका छन्। त्यसबाहेक, तिनीहरू जुन हृदयले परमेश्‍वरमा विश्‍वास गर्छन् त्यो अति नै जटिल छ, अनि तिनीहरूले आफ्नो अन्तस्करणमा परमेश्‍वरको स्वरूपलाई राख्दैनन्। फलस्वरूप, परमेश्‍वरको होसियारपूर्ण कोसिस, उहाँको काम बालुवाभित्र गाडिएको सुनको टुक्रा जस्तो छ, ज्योतिको चमक निकाल्नै नसक्ने। परमेश्‍वरका निम्ति यी मानिसहरूको क्षमता, अभिप्राय र विचारहरू अति नै घृणित छन्। ग्रहण गर्ने तिनीहरूका क्षमतामा कमजोर बनेर, केही अनुभव नै नगर्ने संवेदनहीन बनेर, भ्रष्ट र पतित बनेर, अति नै नीच, कमजोर र इच्छा-शक्ति विहीन भएर तिनीहरूलाई गाईवस्तु र घोडाहरूलाई जस्तो डोर्याइनु पर्छ। आत्मामा वा परमेश्‍वरको काममा तिनीहरूको प्रवेशको विषयमा भन्दा, तिनीहरूले अलिकति पनि सल्लाह सुनेनन्, तिनीहरूमा सत्यताका निम्ति दुःख भोग्ने संकल्प रत्तीभर पनि थिएन। यस किसिमको व्यक्तिलाई पूर्ण बनाउनु परमेश्‍वरको निम्ति सजिलो हुँदैन। यसैले तिमीहरूले आफ्नो प्रवेश यही कोणबाट बनाउनु महत्त्वपूर्ण हुन्छ—यसैले कि तिमीहरूको काम र तिमीहरूको प्रवेशद्वारा तिमीहरू परमेश्‍वरको कामलाई बुझ्न थाल।

# काम र प्रवेश (२)

तिमीहरूका काम र प्रवेश खराब छ; मानिसले कसरी काम गर्ने भन्ने कुरालाई त्यत्ति महत्त्व दिँदैन र अझ बढी लापरवाहीसाथ जीवनमा प्रवेश गर्दछ। मानिसले यी कुराहरूलाई तिनीहरू प्रवेश गर्नुपर्ने शिक्षाहरूको रूपमा लिँदैन; त्यसकारण मानिसले प्रायः जे पनि देख्छ त्यो तिम्रो अनुभवमा खाली मृगतृष्णाहरू मात्र हुन्छन्। जहाँसम्म कामको प्रश्न छ, तिमीहरूलाई त्यति धेरै काम गर्न लगाइँदैन, तर परमेश्‍वरद्वारा सिद्ध हुनुपर्ने व्यक्तिको रूपमा तिमीहरूले परमेश्‍वरको निम्ति काम गर्ने विषयमा पाठहरू सिक्नुपर्छ, यसैले कि तिमीहरू चाँडै परमेश्‍वरको इच्छा अनुरूप हुन सक। युगौँ युगदेखि जसले काम गरे उनीहरूलाई सेवकहरू वा प्रेरितहरू भनिएको छ, जुन शब्दहरूले परमेश्‍वरले प्रयोग गर्नुभएका मानिसहरूको थोरै सङ्ख्यालाई बुझाउँछ। तापनि मैले कुरा गरेको आजको कामले ती सेवकहरू वा प्रेरितहरूलाई मात्र बुझाउँदैन, तर यसले परमेश्‍वरद्वारा सिद्ध पारिनु पर्ने सबै मानिसलाई बुझाउँछ। सायद यसमा चासो राख्‍नेहरू थोरै छन्, तर प्रवेशको खातिर, यस विषयसम्बन्धी सत्यताको बारेमा नै कुरा गर्नु सबैभन्दा राम्रो हुन्छ।

कामको विषयमा, काम गर्नु भनेको परमेश्‍वरका निम्ति यताउति दौड्नु, सबै ठाउँमा प्रचार गर्नु, र उहाँको खातिर खर्चनु हो भन्ने मानिसले विश्‍वास गर्छ। यस्तो धारणा सही भए पनि यो अत्यन्तै एकतर्फी छ; परमेश्‍वरले मानिसबाट माग गर्नुभएको कुरा उहाँका निम्ति यताउति दौडधूप गर्नु मात्र होइन; त्योभन्दा बढी, यो काम आत्माभित्रको सेवकाइ र प्रबन्धसित सम्बन्धित छ। धेरै भाइबहिनीहरूले, यति धेरै वर्षको अनुभवपछि पनि परमेश्‍वरको निम्ति काम गर्ने बारेमा कहिल्यै सोचेका छैनन्, किनकि मानिसले जुन कामको बारेमा सोच्छ त्यो परमेश्‍वरले माग गर्नुभएको कामसित अमिल्दो हुन्छ। त्यसकारण, मानिसमा कामको विषयमा कुनै पनि किसिमको रुचि छैन, मानिसको प्रवेश एकतर्फी हुनुको मुख्य कारण यही नै हो। तिमीहरू सबैले परमेश्‍वरका निम्ति काम गर्दै आफ्नो प्रवेश सुरु गर्नुपर्छ, यसरी तिमीहरू अनुभवको प्रत्येक पक्षलाई राम्ररी झेल्न सक्छौ। तिमीहरू प्रवेश गर्नुपर्ने यही भित्र हो। कामले यताउति दगुरिहिँड्नु भन्ने बुझाउँदैन, तर मानिसको जीवन र मानिस जसरी जिउँछ त्यसले परमेश्‍वरलाई आनन्द दिन्छ कि दिँदैन त्यसलाई बुझाउँछ। कामले परमेश्‍वरप्रतिको आफ्नो भक्ति र परमेश्‍वर सम्बन्धी तिनीहरूका ज्ञान उहाँको निम्ति साक्षी दिन अनि मानिसको सेवा गर्नको लागि मानिसहरूले प्रयोग गर्नुलाई बुझाउँछ। मानिसको जिम्मेवारी यही हो र सबै मानिसहरूले बुझ्नु पर्ने यही हो। कसैले भन्ला, कि तिमीहरूको प्रवेश नै तिमीहरूको काम हो, अनि तिमीहरू परमेश्‍वरका निम्ति काम गरिरहेको अवधिमा प्रवेश गर्ने कोसिस गर्छौ। परमेश्‍वरको कामको अनुभव गर्नु भनेको उहाँको वचन कसरी खानु र पिउनु भनी जान्नु मात्र होइन; अझ महत्त्वपूर्ण कुरा, तिमीहरूले परमेश्‍वरको विषयमा साक्षी दिन जान्नुपर्छ र परमेश्‍वरको सेवा गर्नु साथै मानिसको सेवा गर्न र उसको निम्ति प्रबन्ध गर्न सक्नुपर्छ। यही नै काम हो, अनि यो तिमीहरूको प्रवेश पनि हो; प्रत्येक व्यक्तिले पूरा गर्नुपर्ने कुरा यही नै हो। परमेश्‍वरका निम्ति यताउति दौड्नु र सबै ठाउँमा प्रचार गर्नुमा मात्र ध्यान दिनेहरू धेरै छन्, तापनि तिनीहरूले आफ्ना व्यक्तिगत अनुभवमा ध्यान दिँदैनन्, र आत्मिक जीवनमा तिनीहरूको प्रवेशलाई बेवास्ता गर्छन्।

यसैले नै परमेश्वरको सेवा गर्ने मानिसहरूलाई परमेश्वरको विरोध गर्नेहरू बनाएको छ। यी मानिसहरू, जसले यतिका वर्षसम्म परमेश्वरको सेवा गरिरहेका छन्, र मानिसहरूको सेवा गर्दै आएका छन्, तिनीहरूले काम गर्नु र प्रचार गर्नुलाई मात्र प्रवेश गर्नु भन्ने ठानेका छन् अनि कसैले पनि आफ्ना व्यक्तिगत आत्माको अनुभवलाई महत्त्वपूर्ण प्रवेश मानेका छैनन्। यसको साटो तिनीहरूले पवित्र आत्माको कामबाट प्राप्त गरेका ज्ञानलाई अरूलाई शिक्षा दिने पुँजीको रूपमा लिएका छन्। प्रचार गर्दा तिनीहरूमा धेरै बोझ हुन्छ र पवित्र आत्माको काम प्राप्त गर्छन्, अनि त्यसको माध्यमद्वारा तिनीहरू पवित्र आत्माको आवाज प्रकट गरिरहेका हुन्छन्। यस बेला, काम गर्ने तिनीहरू आत्मसन्तोषले भरिएका हुन्छन्, मानौं, पवित्र आत्माको काम तिनीहरूका व्यक्तिगत आत्मिक अनुभव भएको छ; तिनीहरूले बोलिरहेका सबै वचनहरू तिनीहरूका आफ्नै अस्तित्वको हो भन्ने तिनीहरू महसुस गर्छन्, तर फेरि पनि तिनीहरूका आफ्नै अनुभव भने तिनीहरूले वर्णन गरेजस्तो स्पष्ट हुँदैन। अझ अर्को कुरा, बोल्नुभन्दा अघि तिनीहरूले के भन्नेछन् भन्ने तिनीहरूले सोचेका हुँदैनन्, तर जब पवित्र आत्माले तिनीहरूमा काम गर्नुहुन्छ, तब तिनीहरूका वचनहरू एउटा नटुङ्गिने प्रवाहजस्तो बगेर निस्कन्छ। तैँले एक पल्ट यसरी प्रचार गरेपछि तँलाई यस्तो लाग्नेछ, कि तैँले आफ्नो कद जति सानो छ भनी विश्वास गरेको हुन्छस् त्यो वास्तवमा त्यति सानो हुँदैन, अनि यस्तै परिस्थितिमा पवित्र आत्माले तँमा धेरै चोटि काम गर्नुभएपछि तैँले त्यो कद प्राप्त गरेको छस् भन्ने निश्चित गर्छस् र पवित्र आत्माको काम तेरो आफ्नै प्रवेश र तेरो आफ्नै अस्तित्व हो भनी गलत रूपमा विश्वास गर्छस्। जब तैँले निरन्तर यस्तो अनुभव गर्छस्, तब आफ्नो प्रवेशप्रति तँ सुस्त बन्छस्, थाहै नपाई आलस्यतामा प्रवेश गर्छस्, र तेरो व्यक्तिगत प्रवेशलाई महत्त्व दिन छोड्छस्। यसकारणले गर्दा, जब तैँले अरूको सेवा गरिरहेको हुन्छस्, त्यसबेला तैँले आफ्नो कद र पवित्र आत्माको कामको बीच स्पष्ट भेद छुट्ट्याउनु पर्छ। यसले तेरो प्रवेशलाई अझ सहज बनाउँछ र तेरो अनुभवमा धेरै फाइदा गराउँछ। जब मानिसले पवित्र आत्माको कामलाई आफ्नो व्यक्तिगत अनुभवको रूपमा लिन्छ तब त्यो भ्रष्टताको स्रोत बन्छ। त्यसैकारण म भन्छु, तैँले जुनसुकै पनि काम गरे पनि तैँले आफ्नो प्रवेशलाई एउटा महत्त्वपूर्ण पाठ मान्नुपर्छ।

एक व्यक्तिले परमेश्वरको इच्छा पूरा गर्न, परमेश्वरको हृदय अनुसारका मानिसहरूलाई उहाँको सामु ल्याउन अनि मानिसलाई पवित्र आत्माको काम र परमेश्वरको अगुवाइसित परिचित गराउनका निम्ति काम गर्छ, यसरी उसले परमेश्वरको कामको फललाई सिद्ध पार्दछ। त्यसकारण, तिमीहरू त्यो कामको सारको बारेमा पूर्ण रूपमा स्पष्ट हुनु आवश्यक हुन्छ। परमेश्वरले प्रयोग गर्नुभएको व्यक्तिको रूपमा, प्रत्येक मानिस परमेश्वरको निम्ति काम गर्न योग्य हुन्छ, अर्थात्, प्रत्येक व्यक्तिले पवित्र आत्माद्वारा प्रयोग गरिने मौका पाएको हुन्छ। तापनि, एउटा कुरा तिमीहरूले बुझ्नुपर्छ: जब मानिसले परमेश्वरले आज्ञा गर्नुभएको काम गर्छ, मानिसले परमेश्वरद्वारा प्रयोग हुने मौका पाएको हुन्छ, तर मानिसले जे भन्छ र जान्दछ त्यो पूर्ण रूपले मानिसको कद होइन। तिमीहरू के मात्र गर्न सक्छौ भने आफ्नो कामको अवधिमा तिमीहरूका आफ्नै कमजोरीहरूलाई अझ राम्ररी जान्न सक्छौ, अनि पवित्र आत्माबाट अझ ठूलो ज्ञान प्राप्त गर्न सक्छौ। यसरी, तिमीहरू कामको अवधिमा अझ राम्रो प्रवेश प्राप्त गर्न सक्ने हुनेछौ। यदि मानिसले परमेश्वरबाट आउने अगुवाइलाई उसको

आफ्नै प्रवेश मान्दछ भने र तिनीहरू भित्र भएको कुनै थोक ठान्छ भने मानिसको कद बढ्ने कुनै सम्भावना हुँदैन। पवित्र आत्माले मानिसमा जुन अन्तर्दृष्टि ल्याउने काम गर्नुहुन्छ त्यो तिनीहरू सामान्य अवस्थामा हुँदा गर्नुहुन्छ; त्यस्ता समयहरूमा, मानिसहरू तिनीहरूले प्राप्त गरेका अन्तर्दृष्टि तिनीहरूका आफ्नै कद हो भनी सम्झने भुल गर्छन्, किनकि पवित्र आत्माले जुन प्रकारले अन्तर्दृष्टि दिनुहुन्छ त्यो असाध्यै साधारण हुन्छ, र उहाँले मानिसभित्र अन्तर्निहित कुरालाई प्रयोग गर्नुहुन्छ। जब मानिसहरू काम गर्छन् र बोल्छन् वा जब तिनीहरूले प्रार्थना गरिरहेका हुन्छन् र तिनीहरूका आत्मिक आराधना गरिरहेका हुन्छन्, तब अचानक सत्यता तिनीहरूका निम्ति स्पष्ट हुन्छ। तापनि वास्तवमा, मानिसले पवित्र आत्माद्वारा दिइएको अन्तर्दृष्टि मात्र देख्छ (स्वाभाविक रूपले यो अन्तर्दृष्टि मानिसको सहकार्यसित जोडिएको हुन्छ) र त्यसले मानिसको वास्तविक कदको प्रतिनिधित्व गर्दैन। मानिसले केही कठिनाइहरू र जाँचहरूको सामना गर्ने अनुभवबाट भएर गएपछि त्यस्तो परिस्थितिमा मानिसको वास्तविक कद स्पष्ट हुन्छ। तब मात्र मानिसले उसको कद त्यत्ति ठूलो नभएको थाहा पाउँछ, अनि मानिसको स्वार्थीपन, व्यक्तिगत विचारहरू र लालच सबै प्रकट हुँदछ। यस प्रकारका धेरै वटा अनुभवहरूको चक्रपछि आफ्नो आत्मामा बिउँतने धेरै जनाले विगतमा तिनीहरूले अनुभव गरेका कुराहरू तिनीहरूका आफ्नै व्यक्तिगत वास्तविकता नभएको, तर पवित्र आत्माले दिनुभएको क्षणिक प्रकाश भएको, र मानिसले यो ज्योति मात्र प्राप्त गरेको थाहा पाउँछन्। जब पवित्र आत्माले मानिसलाई त्यो सत्यता बुझ्ने अन्तर्दृष्टि दिनुहुन्छ, तब केही कुराहरू किन भए वा तिनीहरू कहाँ जाँदैछन् भन्ने कुरा नबताई पनि धेरै चोटि त्यो स्पष्ट र बुझ्न सकिने किसिमको हुन्छ। अर्थात्, यो प्रकाशमा मानिसका कठिनाइहरू सम्मिलित नगरी उहाँले सोझै सत्यता प्रकट गर्नुहुन्छ। जब प्रवेश गर्ने प्रक्रियामा मानिसले कठिनाइहरूको सामना गर्दछ र पवित्र आत्माको ज्ञानलाई सम्मिलित गर्दछ तब त्यो मानिसको वास्तविक अनुभव बन्दछ। उदाहरणका निम्ति, एउटी अविवाहित बहिनीले सङ्गतिको समयमा यसो भन्दै बोलिन्: "हामी महिमा र धन खोज्दैनौं वा पति र पत्नी बीचको प्रेमको खुसीको लालच गर्दैनौं; हामी शुद्ध र एकाग्र मनको हृदय परमेश्वरमा समर्पण गर्न मात्र चाहन्छौं।" उसले अझै भनिन्: "मानिसहरूले विवाह गरेपछि धेरै वटा कुराले तिनीहरूलाई घेर्छन्, अनि परमेश्वरका निम्ति तिनीहरूको प्रेमको हृदय उप्रान्त साँचो रहँदैन। तिनीहरूको हृदय सधैँ तिनीहरूका परिवार र जीवन-साथीले ओगटेको हुन्छ र यसरी तिनीहरूका भित्री संसार धेरै जटिल बन्छ...।" तिनी बोलिरहँदा उनले आफ्नो हृदयमा सोचिरहेकी कुराहरू उसको मुखबाट निस्केको जस्तो लाग्थ्यो; उनका शब्दहरू चर्को र शक्तिशाली थिए, मानौं उसले भनेकी सबै कुरा उसको हृदयको गहिराइबाट आएको हो, मानौं उनले उत्साहसाथ आफैलाई पूर्ण रूपमा परमेश्वरमा सुम्पन चाहेकी छिन् र दाजुभाइ, दिदी-बहिनीहरूले पनि उसले जस्तै संकल्प गरून् भन्ने आशा गरेकी छिन्। यो भन्न सकिन्छ, कि यस्तो बेला संकल्प गर्ने तेरा भावनाहरू र मनलाई छुने कुराहरू पूर्ण रूपमा पवित्र आत्माको कामबाट आउँछन्। जब परमेश्वरको काम गर्ने तरिका बदलिन्छ, तँ पनि उमेरमा केही वर्ष वृद्धि भएको हुन्छस्; तँ आफ्नै उमेरका कक्षा सहपाठी र मित्रहरूले पतिहरू पाइसकेका देख्छस्, वा फलानी केटीको विवाह भएपछि उसका पतिले उसलाई सहरमा लगेको र त्यहाँ उसले जागिर पाएकी कुरा सुन्छस्। जब उसलाई भेट्छस्, तब उसलाई

शिरदेखि पैतालोसम्म आकर्षक र सुन्दर देखेर, उसले तँसँग जुन प्रकारले कुरा गर्छे त्यो देखेर, उसमा विभिन्न प्रकारका योग्यताहरू देखेर, उसमा एउटै पनि गाउँले झलक नभएको देखेर तँ डाह महसुस गर्न थाल्छस्। यो देखेर तँभित्र भावनाहरू बढ्न थाल्छन्। तैँले यत्तिञ्जेल आफैलाई परमेश्वरका निम्ति खर्च गरेकी छेस्, कुनै परिवार कुनै पेशा छैन, अनि तैँले धेरै मात्रामा कठिनाइहरूको सामना गरेकी छेस्; तैँले केही समय अघि अधबैँसे अवस्थामा पनि प्रवेश गरेकी छेस्, अनि तेरो जवान अवस्था धेरै अघि नै चुपचाप चिप्लेर गइसकेको छ, तँलाई त्यो सपनाजस्तो लाग्छ। अब यस्तै प्रकारले वर्तमानसम्म आइपुग्दा कहाँनेर स्थायी रूपमा बस्ने तँलाई थाहा हुँदैन। यस्तो बेला, तँ विचारहरूको भुमरीमा फस्छस्, मानौं तैँले आफ्नो बुद्धि हराएकी छेस्। पूर्ण रूपमा एकलो र निदाउन नसकेर, लामो रातभरि जागै रहन्छस्, तैँले थाहा पाउन अघि नै आफ्ना संकल्प र परमेश्वरसित तैँले गरेकी गम्भीर भाकलहरूबारे विचार गर्छेस्, अनि त्यस्तो भए पनि तँ किन त्यस्तो दुःखद अवस्थामा परेकी छेस्? थाहा नपाई चुपचाप आँसुहरू झर्छन्, अनि तँलाई हृदयमा पीडा महसुस हुन्छ। परमेश्वरको सामु प्रार्थना गर्न आउँदा तँलाई याद हुन्छ, तँ परमेश्वरको साथमा हुँदाका दिनहरूमा तँ कति घनिष्ठ र अभिन्न रूपले नजिक थिइस्। तेरा आँखाहरूको अगि एकपछि अर्को दृश्य आउँछन्, अनि एक दिन तैँले गरेकी भाकल तेरो कानमा गुञ्जिन्छ, "के परमेश्वर मात्र मेरो घनिष्ठ हुनुहुन्न र?" त्यस बेलासम्म तँ सुँकसुकाउन थालिसकेकी हुन्छेस्: "हे परमेश्वर, प्यारो परमेश्वर! मैले अघिबाटै मेरो सम्पूर्ण हृदय तपाईंलाई दिइसकेकी छु। म सधैँभरिका निम्ति तपाईंलाई वचन दिन चाहन्छु, अनि मेरो सारा जीवनभरि म तपाईंलाई अटल प्रेम गर्नेछु।" जब तँ यस्तो तीव्र पीडामा संघर्ष गर्छस् तब मात्र तैँले परमेश्वर साँच्चै कति प्रेमिलो हुनुहुन्छ भनी बुझ्छस्, तब मात्र तैँले यो स्पष्ट रूपमा थाहा पाउँछस्: मैले धेरै अघि नै परमेश्वरलाई मेरा सबै कुरा दिइसकेँ। त्यस्तो प्रहारबाट बचेर यी कुराहरूमा तँ धेरै परिपक्व बन्छस्, अनि त्यस बेला भएको पवित्र आत्माको काम मानिसमा भएको कुरा होइन रहेछ भनी बुझ्नेछस्। यो स्थितिपछि तेरा अनुभवहरूमा, तँ प्रवेशको यो पक्षमा मात्रै बाँधिँदैनस्; त्यो तेरा पुराना घाउका चोटहरूले तेरो प्रवेशमा ठूलो फाइदा पुर्‍याएको जस्तो हुन्छ। जब-जब तँ यस किसिमको परिस्थितिको सामना गर्छस्, तैँले त्यो दिन बगाएको आँसुहरूको सम्झना गर्छस्, मानौं, अलग्गिएपछि तँ फेरि परमेश्वरसित जोडिएको छस्, अनि परमेश्वरसित तेरो सम्बन्ध फेरि एकचोटि बिग्रिन्छ कि अनि तेरो र परमेश्वर बीचको भावनात्मक सम्बन्धमा फेरि क्षति पुग्ला कि भन्ने डर तँलाई हुन्छ। तेरो काम र तेरो प्रवेश यही हो। त्यसकारण, तिमीहरूले पवित्र आत्माको काम प्राप्त गरेसँगै, तिमीहरूले पवित्र आत्माको काम के हो र तिमीहरूको प्रवेश के हो त्यो हेर्दै, साथसाथै तिमीहरूको प्रवेशमा पवित्र आत्माको कामलाई सम्मिलित गर्दै, तिमीहरूको प्रवेशलाई झन् बढी महत्त्व दिनुपर्छ, यसरी तिमीहरू पवित्र आत्माद्वारा धेरै प्रकारले सिद्ध पारिनेछौ, अनि पवित्र आत्माको कामको सारले तिमीहरूमा काम गर्न सक्छ। तिमीहरूले पवित्र आत्माको कामको अनुभव गर्दै जाँदा तिमीहरूले पवित्र आत्मालाई, साथै तिमीहरू आफैलाई पनि चिन्नेछौ, अनि त्यसबाहेक, कसले भन्न सक्छ, कि धेरै तीव्र दुःखको प्रहारहरूको बीचमा तिमीहरूले परमेश्वरसित सामान्य सम्बन्ध विकास गर्नेछौ, र तिमीहरू र परमेश्वर बीचको सम्बन्ध दिनदिनै झन् घनिष्ठ हुँदैजान्छ। छिँवल्ने र शोधन गर्ने यस्तै अनगन्ती उदाहरणहरूपछि

तिमीहरूले परमेश्वरको निम्ति साँचो प्रेम विकास गर्नेछौ। यसैकारणले तिमीहरूले दुःख, चोट र सङ्कष्टसित डराउनु हुँदैन भन्ने बुझ्नुपर्छ; पवित्र आत्माको काम भएर पनि तिमीहरू प्रवेश नहुनुचाहिँ डराउनुपर्ने कुरा हो; जब परमेश्वरको काम समाप्त हुने दिन आउँछ, तिमीहरूले गरेको परिश्रम व्यर्थ भएको हुनेछ; तिमीहरूले परमेश्वरको काम अनुभव गरेको भए पनि तिमीले पवित्र आत्मालाई चिनेका हुँदैनौ वा तिमीहरूले प्रवेश पाएका हुँदैनौ। पवित्र आत्माले जुन ज्ञान दिने काम गर्नुहुन्छ त्यो मानिसको जोश थामेर राख्नका निम्ति नभएर मानिसको प्रवेशका निम्ति बाटो खोल्नलाई, साथै मानिसलाई पवित्र आत्माको विषयमा जान्न दिनलाई हो, अनि यस क्षणदेखि परमेश्वरका निम्ति आदर र भक्तिका भावनाहरू विकास गर्नलाई हो।

## काम र प्रवेश (३)

परमेश्वरले मानिसलाई धेरै कुरा सुम्पनुभएको छ र अनगिन्ती तरिकामा तिनीहरूका प्रवेशलाई सम्बोधन गर्नुभएको छ। तर मानिसहरूको क्षमता धेरै नै कमजोर भएकोले परमेश्वरका धेरैजसो वचन जरा हाल्न असफल भएका छन्। यस्तो कम क्षमता हुनुका विभिन्न कारणहरू छन्, जस्तै मानिसको सोच र नैतिकताको भ्रष्टता, र उचित पालनपोषणको अभाव; सामन्ती अन्धविश्वास जसले मानिसको हृदयलाई गम्भीरतापूर्वक समातेको छ; भ्रष्ट र पतित जीवनशैलीहरू, जसले मानिसको हृदयको गहिरो कुनामा धेरै वटा खराब कुराहरू हालिदिएको छ; सांस्कृतिक साक्षरताको एक बाहिरी बुझाइ, करिब अन्ठानब्बे प्रतिशत मानिसहरूसँग सांस्कृतिक साक्षरताको शिक्षा छैन, यति मात्र होइन, अति थोरैले मात्र उच्च स्तरको सांस्कृतिक शिक्षा प्राप्त गर्दैछन्। त्यसकारण, मानिसहरूलाई परमेश्वर वा आत्माको अर्थ के हो सोको ज्ञान छैन, तर तिनीहरूमा सामन्ती अन्धविश्वासबाट प्राप्त गरेको परमेश्वरको अनिश्चित र अस्पष्ट चित्र मात्रै छ। हजारौं वर्षदेखिको “राष्ट्रियताको उच्च भावना” को हानिकारक प्रभावहरू साथसाथै सामन्ती सोच मानिसको हृदयको गहिराइमा छोडिएका छन्, जसद्वारा मानिसहरू बन्धनमा र साङ्लामा परेका छन्, अलिकति पनि स्वतन्त्रता छैनन्, आकांक्षा राख्ने र दृढ रहने चाहना छैन, प्रगति गर्ने इच्छा छैन, बरु निष्क्रिय र प्रतिगामी रहन्छन्, दास मानसिकतामा र अन्य यस्तै कुराहरूमा डुबेका छन्—र यस्तै वस्तुगत तत्वहरूले मानवजातिको वैचारिक दृष्टिकोण, आदर्श, नैतिकता र स्वभावमा एक अमेट फोहोर र घिनलाग्दो कुरा हालिदिएका छन्। यस्तो लाग्छ, मानिसहरू आतङ्कवादको अन्धकार संसारमा बाँचिरहेका छन्, जसलाई तिनीहरूमध्ये कसैले पनि पार गर्न खोज्दैनन्, र तिनीहरूमध्ये कसैले पनि आदर्श संसारमा जाने विचार गर्दैनन्; बरु, तिनीहरू जीवनमा आफ्नो भाग्यसित सन्तुष्ट छन्, आफ्ना दिनहरू बच्चाहरू जन्माउँदै र हुर्काउँदै, पसिना बगाउँदै, आफ्नो घरको कामकाज गर्दै, एक आरामदायी र सुखी परिवारको सपना देख्दै, र वैवाहिक सम्बन्धको र छोराछोरीको स्नेहको सपना देख्दै, आफ्नो जीवन शान्तिसित बिताएकोमा जीवनको अन्त्यतिर खुसी हुँदै बिताउँछन्...। दसौं, हजारौं, र लाखौं वर्षदेखि अहिलेसम्म मानिसहरूले आफ्नो समय यस्तै प्रकारले नष्ट पारिरहेका छन्, कसैले पनि सिद्ध जीवन सिर्जना गरेको छैन, प्रसिद्धि र यस अन्धकार संसारमा सबै जना धनको दौडमा

एकले अर्कोको हत्या गर्न चाहन्छन्, र एक-अर्काको विरुद्ध षड्यन्त्र गर्छन्। के कहिले कसैले परमेश्वरको इच्छा खोजेको छ? के कसैले कहिले परमेश्वरको काममा ध्यान दिएको छ? अन्धकारको प्रभावमा परेका मानवजातिका सबै भागहरू लामो समयदेखि मानव स्वभाव भएर आएको छ, त्यसैले परमेश्वरको काम पूरा गर्न धेरै गाह्रो छ, र मानिसहरूमा आज परमेश्वरले तिनीहरूलाई सुम्पनुभएको कुरामा ध्यान दिने हृदय झन् कम छ। जे भए पनि, म विश्वास गर्दछु, कि मैले यी कुराहरू बोलेकोमा मानिसहरूलाई कुनै आपत्ति हुनेछैन, किनकि म जुन कुरा गर्दैछु त्यो हजारौं वर्षको इतिहास हो। इतिहासको कुरा गर्नु भनेको तथ्यहरू हुन्, त्यसबाहेक, ती त्यस्ता कलङ्कित घटनाहरू हुन् जुन सबैले जान्दछन्, यसैले तथ्यको विपरीत कुरा भन्नुको के अर्थ छ? तर म यो पनि विश्वास गर्दछु कि यी वचनहरू देखेर विवेकी मानिसहरू बिउँझनेछन् र उन्नति गर्ने कोसिस गर्नेछन्। परमेश्वर सबै मानिस शान्ति र सन्तुष्टिमा जिऊन् र काम गरून् साथसाथै परमेश्वरलाई प्रेम गर्न सक्ने होऊन् भनी आशा राख्नुहुन्छ। सारा मानवजाति विश्राममा प्रवेश गरोस् भन्ने इच्छा परमेश्वरको छ; अझ योभन्दा बढी, सारा देश परमेश्वरको महिमाले भरिओस् भन्ने परमेश्वरको ठूलो इच्छा छ। मानवजाति शैतानद्वारा भ्रष्ट भएर अनजान र अचेत अवस्थामा डुबेर रहनु एउटा शर्मको कुरा हो, जसको कारण आज तिनीहरूमा मानिसको स्वरूप पनि छैन। यसरी मानिसको विचार, नैतिकता र शिक्षाले एउटा यस्तो महत्त्वपूर्ण कडी बनाउँदछ, साथमा सांस्कृतिक साक्षरताको तालीमले दोस्रो कडी बनाउँछ, मानिसको सांस्कृतिक क्षमता बढाउन र तिनीहरूको आत्मिक दृष्टिकोण बदल्नु उत्तम हुन्छ।

वास्तवमा, परमेश्वरले मानवजातिसँग गर्नुभएका मागहरू त्यति उच्च छैनन्, तर मानिसका क्षमता र परमेश्वरले माग गर्नुभएको मापदण्ड बीचको धाँदो धेरै ठूलो भएकोले धेरै मानिसहरू आफ्नो टाउको उठाउँछन् र परमेश्वरले गर्नुभएका मागहरूको दिशातिर हेर्छन्, तर ती पूरा गर्ने क्षमताको कमी हुन्छ। मानिसहरूको जन्मजात दान, साथै जन्मपछि तिनीहरू जुन कुराद्वारा सुसज्जित हुन्छन्, ती परमेश्वरका मागहरू पूरा गर्नका लागि पर्याप्त हुँदैनन्। तर यो कुरा बुझ्न सक्नु मात्रै एक अचुक समाधान होइन। टाढाको पानीले तुरुन्त तिर्खा मेट्न सक्दैन। मानिसहरूले आफूहरू धूलोजस्तै तुच्छ हुन् भनी जाने पनि यदि तिनीहरूमा परमेश्वरको हृदय सन्तुष्ट पार्ने संकल्प छैन भने, परमेश्वरका मागहरू पूरा गर्न उन्नत तरिका थोरै अपनाउँछन् भने, त्यस किसिमको ज्ञानको के मूल्य हुन्छ? के यो बाँसको डोकोमा पानी तानेको जस्तो सबै व्यर्थ हुँदैन? मैले समस्याको जुन कठिन भागको कुरा गर्दैछु त्यो प्रवेशसित सम्बन्धित छ; मुख्य विषय त्यही हो।

मानिसको प्रवेशको क्रममा, जीवन सधैँ न्यास्रो हुन्छ, आत्मिक जीवन दिक्कलाग्दा तत्वहरूले भरिएको हुन्छ, जस्तै प्रार्थना गर्नु, परमेश्वरका वचनहरू खाने र पिउने, वा भेलाहरू आयोजन गर्ने, आदि, यसैले मानिसहरू परमेश्वरमा विश्वास गर्दा कुनै ठूलो आनन्द प्राप्त हुँदैन भन्ने महसुस गर्दछन्। त्यस्ता आत्मिक गतिविधिहरू सधैँ मानवजातिको मौलिक स्वभावको आधारमा गरिन्छ, जुन शैतानद्वारा भ्रष्ट पारिएको छ। मानिसहरूले कहिलेकहीँ पवित्र आत्माको ज्ञान प्राप्त गर्न सके पनि, तिनीहरूको मौलिक सोच, स्वभाव, जीवनशैली र बानीहरूले अझै पनि जरा गाडेका हुन्छन् र यसैले तिनीहरूका स्वभाव अपरिवर्तित रहन्छ। मानिसहरूले गर्ने अन्धविश्वासपूर्ण गतिविधिहरूलाई

परमेश्वर सबैभन्दा बढी घृणा गर्नुहुन्छ, तर धेरै जना मानिसहरूले ती अन्धविश्वासका गतिविधिहरू परमेश्वरले घोषणा गर्नुभएको हो भन्ने सोच्दै अझ पनि तिनलाई त्याग्न सक्दैनन्, आज पनि ती पूर्ण रूपमा हटाउन सकेका छैनन्। जवान मानिसहरूले प्रबन्ध गर्ने विवाहका भोजहरू र दुलहीका वस्त्रहरू; नगद उपहारहरू, भोजहरू, र आनन्दका अवसरहरू मनाइने त्यस्तै अन्य तरिकाहरू, हस्तान्तरण गरिएको प्राचीन सूत्रहरू; मृतक र तिनीहरूका निम्ति गरिने अन्त्येष्टिहरू जस्ता सबै अर्थहीन अन्धविश्वासका कार्यहरू: यी परमेश्वरका निम्ति अझ बढी घृणित छन्। आराधनाको दिनसमेत (शबाथ दिन लगायत, धार्मिक संसारले पालन गर्ने) उहाँको निम्ति घृणित छ; र पुरुष-पुरुष बीचको सामाजिक सम्बन्ध र सांसारिक बातचितहरूलाई परमेश्वरले धेरै तुच्छ ठान्नुहुन्छ र अस्वीकार गर्नुहुन्छ। सबैले जानेका वसन्त महोत्सव र ख्रीष्टमसको दिन परमेश्वरले आदेश दिनुभएको होइन, यी उत्सवका बिदाहरूका खेलौना र सजावटहरू जस्तै विवाहित जोडीहरू, र सजावटहरू, पटकाहरू, बत्ती, पवित्र प्रभु-भोज, ख्रीष्टमस उपहारहरू र ख्रीष्टमसको रमझम–के यी सबै मानिसहरूका मनमा भएका मूर्तिहरू होइनन् र? शबाथमा रोटी भाँच्ने, दाखमद्य र मिहिन मलमल पनि उत्तिकै मूर्तिहरू हुन्। चीनमा लोकप्रिय रहेका परम्परागत पर्वका दिवसहरू, जस्तै ड्र्यागनको शिर उठाउने दिवस, ड्र्यागन डुङ्गाको चाड, मध्य-शरदको चाड, लावा चाड, र नयाँ वर्षको दिन, अनि धार्मिक संसारका पर्वहरू जस्तै ईस्टर, बप्तिस्माको दिन र ख्रीष्टमस, यी सबै अनुचित पर्वहरू प्राचीन समयदेखि आजसम्म धेरै मानिसहरूले आयोजन गरेर हस्तान्तरण गरेका हुन्। मानवजातिको समृद्ध कल्पनाशक्ति र सृजनशील धारणाले नै तिनीहरूलाई आजको दिनसम्म यसरी हस्तान्तरण गर्ने अनुमति दिएको छ। तिनीहरू कुनै त्रुटिहीन जस्ता देखिन्छन्, तर यो वास्तवमा शैतानले मानवजाति माथि खेलेको युक्ति हो। जुन ठाउँमा शैतानहरूको धेरै भीड हुन्छ, जुन ठाउँ बढी अप्रचलित र पछौटे हुन्छ, त्यसको सामन्तवादी प्रथाहरू त्यत्ति नै गहिरो रूपमा गाडिएका हुन्छन्। त्यस्ता कुराले मानिसहरूलाई दह्रोसँग बाँधेर राख्छ, चलहल गर्ने कुनै ठाउँ दिँदैन। धार्मिक संसारका धेरै वटा चाडहरूले ठूलो मौलिकता प्रकट गरेको र परमेश्वरको कामका लागि एक पुल बनाएको जस्तो देखिन्छ, तर ती वास्तवमा अदृश्य बन्धनहरू हुन्, जसद्वारा शैतानले मानिसहरूलाई बाँध्छ र मानिसहरूलाई परमेश्वरकहाँ आउनबाट रोक्दछ–ती सबै शैतानका चलाकीपूर्ण युक्तिहरू हुन्। वास्तवमा, जब परमेश्वरको कामको एक चरण समाप्त हुन्छ, उहाँले त्यस समयका औजार र शैलीहरूलाई तिनका एउटै पनि निसानासमेत नछोडी अघिबाटै नाश पारिसक्नुभएको हुन्छ। तापनि, "समर्पित विश्वासीहरू" ले ती ठोस भौतिक वस्तुहरूको आराधना गरी नै रहन्छन्; यसै बीच तिनीहरूले परमेश्वरसित जे छ त्यो आफ्ना मनको पछाडि राख्छन्, यसलाई उप्रान्त अध्ययन गर्दैनन् र परमेश्वरको प्रेमले पूरा भरिएको जस्ता देखिन्छन्, जब तिनीहरूले वास्तवमा उहाँलाई धेरै समय अघि घरबाट बाहिर निकालेर र शैतानलाई आराधनाको टेबलमा राखेका हुन्छन्। येशू, क्रूस, मरियम, येशूको बप्तिस्मा र अन्तिम भोज आदिका चित्रहरू–मानिसहरूले यी सबै थोकलाई स्वर्गका परमप्रभुको रूपमा मान्छन्, जहिले पनि "परमप्रभु, सर्गमा बस्नुहुने पिता" भनेर पुकारिरहेका हुन्छन्। के यो सबै ठट्टा होइन? आजको दिनसम्म, त्यस्तै धेरै भनाइहरू र अभ्यासहरू जुन मानवजातिको बीचमा हस्तान्तरण गरिएका छन् ती परमेश्वरका

निम्ति घृणित छन्; तिनले गम्भीर रूपमा परमेश्‍वरका लागि अगाडिको बाटो अवरोध गर्दछन्, र त्यसबाहेक, मानवजातिको प्रवेशमा ठूलो अवरोध उत्पन्‍न गर्दछन्। शैतानले मानवजातिलाई भ्रष्ट पारेको हदलाई पन्छाएर हेर्दा, मानिसहरूका भित्रपट्टि पूर्ण रूपले विटनेस लि-का कानुन, लरेन्सका अनुभवहरू, वाच मेन निद्वारा गरिएका सर्वेक्षणहरू र पावलका कामहरूले भरिएका हुन्छन्। परमेश्‍वरका लागि मानिसमा काम गर्ने कुनै उपाय हुँदैन, किनकि तिनीहरूभित्र धेरै व्यक्तित्ववाद, कानुन, नियम, नीति, प्रणाली र त्यस्तै अन्य कुराहरू हुन्छन्; मानिसको सामन्ती अन्धविश्‍वासी प्रवृत्तिबाहेक यी कुराहरूले मानवजातिलाई समातेका र नाश पारेका छन्। यस्तो लाग्छ, कि मानौं मानिसहरूका विचारहरू एउटा चाखलाग्दो परिकथा वर्णन गर्ने पूर्ण रङ्गीन, प्राणीहरू बादलमा सवार भएको चलचित्र हो, त्यो यति कल्पनाशील हुन्छ जसले मानिसहरूलाई चकित बनाउँछ, तिनीहरू स्तब्ध र अवाक् बन्छन्। सत्य कुरा भन्‍नुपर्दा, परमेश्‍वर आज जुन काम गर्न आउनुहुन्छ त्यो मुख्य रूपमा मानव जातिको अन्धविश्‍वासका गुणहरूको निराकरण गर्नु र ती हटाउनु साथै तिनीहरूका मानसिक दृष्टिकोणलाई पूर्ण रूपान्तरण गर्नु हो। मानवजातिद्वारा पुस्तौं-पुस्तादेखि हस्तान्तरण गरिँदैआएको उत्तराधिकारको कारण परमेश्‍वरको काम आजको दिनसम्म रहेको छैन; यो काम उहाँद्वारा व्यक्तिगत रूपमा सुरु भएको हो र उहाँद्वारा नै सम्पन्‍न भएको छ, यसमा सफल हुन कुनै खास महान् आत्मिक व्यक्तिको विरासतको वा कुनै अर्को युगमा परमेश्‍वरले गर्नुभएको प्रतिनिधिमूलक प्रकृतिको कुनै पनि काम प्राप्त गर्नुपर्ने आवश्यकता परेन। मानव जातिले यी कुनै पनि थोकको बारेमा आफै चिन्ता लिनुपर्दैन। आज परमेश्‍वरसँग बोल्ने र काम गर्ने शैली अर्कै छ, त्यसैले मानिसले किन आफैलाई दुःख दिनुपर्दछ? यदि मानिसहरू आफ्ना "पुर्खाहरू" का परम्परालाई जारी राख्दै वर्तमान प्रवाहसहित आजको बाटोमा हिँड्छन् भने, तिनीहरू कुनै गन्तव्यमा पुग्नेछैनन्। जसरी परमेश्‍वरले मानव संसारको वर्ष, महिना र दिनहरूलाई घृणा गर्नुहुन्छ त्यसरी नै मानिसको व्यवहारको यो विशेष तरिकाप्रति उहाँले असाध्यै घृणा महसुस गर्नुहुन्छ।

मानव स्वभाव परिवर्तन गर्ने उत्तम तरिका भनेको मानिसका भित्री हृदयका ती अंशहरूलाई निको पार्नु हो, जुन गम्भीर रूपमा विषाक्त पारिएको छ, त्यसपछि मानिसहरूलाई तिनीहरूको सोच र नैतिकता परिवर्तन गर्न सुरु गर्ने मौका दिनु हो। सर्वप्रथम, मानिसहरूले यी सबै धार्मिक रीतिथिति, धार्मिक क्रियाकलापहरू, वर्षहरू र महिनाहरू, र चाडहरू परमेश्‍वरका निम्ति घृणित छन् भनेर स्पष्ट रूपमा बुझ्नु आवश्यक छ। सामन्ती सोचका यी बन्धनहरूबाट तिनीहरू मुक्त हुनुपर्दछ र तिनीहरूको अन्धविश्‍वासको गहिरो प्रवृत्तिको हरेक निसाना मेटाउनु पर्छ। यी सबै मानवजातिको प्रवेशमा समावेश छन्। परमेश्‍वरले किन मानवजातिलाई लौकिक संसारबाट बाहिर निकाल्नुहुन्छ, र फेरि किन उहाँले मानवतालाई नियम र कानुनबाट टाढा लैजानुहुन्छ सो तिमीहरूले बुझ्नुपर्छ। यो मूल ढोका हो, जहाँ तिमीहरू प्रवेश गर्छौ, र यी कुरा सम्बन्धी तिमीहरूको आत्मिक अनुभवसँग कुनै सम्बन्ध नभए पनि ती तिमीहरूलाई प्रवेश गर्न नदिने सबैभन्दा ठूला अवरोधहरू हुन्, जसले तिमीहरूलाई परमेश्‍वर चिन्‍नबाट रोक्दछ। ती एउटा जालो बन्छन् जसले मानिसहरूलाई फसाउँछ। धेरै मानिसहरू अति नै धेरै बाइबल पढ्छन् र स्मरणबाट धेरै वटा बाइबलका पदहरू भन्‍न सक्छन्। आज तिनीहरूको प्रवेशमा, मानिसहरूले परमेश्‍वरको कामको नाप लिन अनजानमा नै बाइबल प्रयोग

गर्दछन्, मानौं परमेश्वरको काममा यस चरणको आधार बाइबल हो र यसको स्रोत बाइबल हो। जब परमेश्वरको काम बाइबलसँग मिल्दछ, मानिसहरूले परमेश्वरको कामलाई दह्रो समर्थन गर्दछन् र उहाँलाई नयाँ सम्मानका साथ आदर गर्छन्; जब परमेश्वरको काम बाइबलसँग अमिल्दो हुन्छ, मानिसहरू यति चिन्तित हुन्छन् कि तिनीहरू पसिना बगाउँछन् र त्यसमा परमेश्वरको कामको आधार खोजी गर्दछन्; यदि बाइबलमा परमेश्वरको कामको कुनै उल्लेख छैन भने, मानिसहरूले परमेश्वरलाई बेवास्ता गर्नेछन्। यो भन्न सकिन्छ कि, जहाँसम्म आज परमेश्वरको कामको प्रश्न छ, धेरै मानिसहरू यसलाई सतर्कता र होसियारीका साथ स्वीकार्छन्, तिनीहरूले यो चुनी-चुनी आज्ञापालन गर्छन्, र त्यो जान्नका निम्ति उदासीन महसुस गर्छन्; तिनीहरूले विगतका कुराहरूको एउटा आधा भाग समात्छन् र अर्को छोड्छन्। के यसलाई प्रवेश भन्न सकिन्छ? अरूका पुस्तकहरूलाई बहुमूल्य ठानेर समात्दै र तिनलाई परमेश्वरको राज्यको ढोकाको सुनौलो साँचोको रूपमा लिँदै मानिसहरूले आज परमेश्वरले तिनीहरूबाट जे माग गर्नुहुन्छ त्यसमा कुनै चासो राख्दैनन्। यसबाहेक, धेरै जना "बुद्धिमानी विशेषज्ञहरू" ले परमेश्वरका वचनहरू तिनीहरूको देब्रे हातमा र अरूका "मुख्य कामहरू" तिनीहरूको दायाँपट्टि राख्छन्, मानौं, परमेश्वरको वचनलाई पूर्ण रूपमा प्रमाणित गर्न तिनीहरू यी मुख्य कामहरूभित्र आजको परमेश्वरका वचनहरूको आधार खोज्न चाहन्छन्, अनि तिनीहरू आफै त्यो काममा भएको जस्तो गरी उनीहरूलाई ती मुख्य कामहरूमा सम्मिलित गर्दै अरूलाई परमेश्वरको वचन बताउँछन्। सत्य कुरा भन्ने हो भने, मानवजातिको माझमा धेरै जना "वैज्ञानिक अनुसन्धानकर्ताहरू" छन् जसले आजका हालैका वैज्ञानिक उपलब्धिहरू, पहिले कहिल्यै नभएका वैज्ञानिक उपलब्धिहरूलाई त्यत्ति ठूलो कुरा मान्दैनन् (उदाहरणका लागि, परमेश्वरको काम, परमेश्वरका वचनहरू र जीवनमा प्रवेश गर्ने बाटो), त्यसैले मानिसहरू सबै "आत्मनिर्भर" छन्, तिनीहरूका प्रभावशाली बोलीद्वारा "प्रचार" टाढा-टाढासम्म "प्रचार" गर्छन्, र "परमेश्वरको असल नाउँ" मा फूर्ति देखाउँछन्। यस्तो बेला तिनीहरूका आफ्नै प्रवेश सङ्कटमा हुन्छ र तिनीहरू परमेश्वरको मागदेखि त्यत्ति नै टाढा देखिन्छ जति अहिलेको क्षणबाट सृष्टि टाढा छ। परमेश्वरको काम गर्न कतिको सजिलो छ? यस्तो लाग्छ, कि मानिसहरूले हिजोका निम्ति आफ्नो आधा भाग छोड्ने, आजको लागि आधा भाग ल्याउने, आधा शैतानलाई दिने र आधा परमेश्वरमा चढाउने भनी अघिबाटै मन बनाइसकेका छन्, मानौं, यो तिनीहरूका विवेकलाई सहज बनाउने र केही सान्त्वनाको महसुस गर्ने तरिका हो। मानिसहरूका भित्री संसारहरू यत्तिको कपटपूर्ण छन्, तिनीहरू भोलीको दिन मात्र होइन हिजोको दिन पनि गुमेर जाला भनी डराउँछन्, शैतान र आजका परमेश्वर दुवै अप्रसन्न होलान् भनी भित्रैदेखि डराउँछन्, जो अहिले छन् जस्तो देखिन्छन् र नभएका जस्तो पनि देखिन्छ। मानिसहरूले आफ्नो सोच र नैतिकता राम्रोसँग विकास गर्न नसकेका कारण तिनीहरूमा विशेष रूपले विवेकको कमी छ, र तिनीहरू आजको काम परमेश्वरको हो कि होइन भनी बताउन सक्दैनन्। हुनसक्छ, मानिसहरूको सामन्ती र अन्धविश्वासी सोच यति गहिरो छ, कि तिनीहरूले लामो समयदेखि अन्धविश्वास र सत्यतालाई, परमेश्वर र मूर्तिहरूलाई एउटै श्रेणीमा राखेका छन्, यी कुराहरू बीचको भिन्नतालाई वास्ता गर्दैनन्, र तिनीहरूले आफ्नो दिमागलाई घोटेर पनि स्पष्ट भेद छुट्ट्याउन नसकेका जस्तो देखिन्छ। त्यसैकारण मानवजाति

आफ्ना बाटोहरूमा रोकिएका छन् र अब अगाडि बढ्न छोडेका छन्। यी सबै समस्याहरू सही प्रकारको वैचारिक शिक्षाको अभावबाट उत्पन्न हुँदछ, जसले तिनीहरूका प्रवेशमा ठूलो कठिनाइ सृजना गर्दछ। फलस्वरूप, मानिसहरू सत्य परमेश्‍वरको काममा कहिल्यै पनि चासो राख्दैनन्, तर मानिसको काममा दृढतापूर्वक टाँसिरहन्छन्[१] (जस्तै ती मानिसहरू जसलाई उनीहरू महान् व्यक्तिहरू ठान्दछन्), मानौं, तिनीहरूमा यसको छाप लागेको छ। के मानवजातिले प्रवेश गर्नुपर्ने यी ताजा विषयहरू यी नै होइनन्?

## काम र प्रवेश (४)

यदि मानिस पवित्र आत्माको कार्यअनुसार साँचो रूपमा प्रवेश गर्न सक्छ भने, उसको जीवनले वसन्तको वर्षापछि तामा उम्रिएजस्तै तुरुन्तै मुना हाल्नेछ। अधिकांश मानिसहरूको वर्तमान कदको आधारमा मूल्याङ्कन गर्दा के देखिन्छ भने, मानिसहरूले जीवनलाई महत्त्वपूर्ण ठान्दैनन्, बरु कुनै परिणाम नल्याउनेजस्तो देखिने निश्‍चित विषयहरूलाई महत्त्व दिन्छन्। नत्र तिनीहरू विनाउद्‌देश्य र जथाभाबी र ध्यान केन्द्रित नगरी काम गर्दै, तिनीहरू कसको लागि जानुपर्छ भन्ने कुरा जान्नु त कता हो कता कुन दिशामा जानुपर्छ भन्नेसमेत नजानी घरी यता घरी उता गर्छन्। तिनीहरूले “आफैलाई नम्रतापूर्वक ढाक-छोप” गर्नेबाहेक केही गरिरहेका हुँदैनन्। साँचो कुरा त के हो भने, तिमीहरूमध्ये थोरैलाई मात्रै आखिरी दिनहरूसम्बन्धी परमेश्‍वरका अभिप्रायहरूको बारेमा कुनै कुरा थाहा छ। तिमीहरूमध्ये मुस्किलले मात्रै कसैलाई परमेश्‍वरको पाइलाको बारेमा थाहा छ, तर त्योभन्दा पनि खराब कुरा त, परमेश्‍वरको अन्तिम उपलब्धि के हुनेछ भनेर कसैलाई पनि थाहा छैन। तैपनि साहस र धैर्यताद्‌वारा हरेक व्यक्ति अरूको अनुशासन र निराकरणबाट गुज्रिरहेको छ, मानौं तिनीहरू आफ्नो विजय अनुभूतिको घडीको अपेक्षामा आफ्नो हात सुर्काउँदै लड्न तयार भइरहेका[१] छन्। म मानवजातिमाझका यी “अनौठा तमासाहरू” को बारेमा कुनै टिप्पणी दिनेछैन, तर तिमीहरू सबैले बुझ्नुपर्ने एउटा बुँदा छ। अहिले धेरैजसो मानिसहरू अस्वाभाविकतातर्फ[२] विकसित हुँदै गइरहेका छन्, र प्रवेशतर्फको तिनीहरूका चरणहरूमा तिनीहरू बन्द बाटो[३] तर्फ अघि बढिरहेका छन्। धेरै मानिसहरू यस्ता हुन सक्छन्, जसले त्यो मानिसले उत्कट चाहना गर्ने मानव संसारभन्दा बाहिरको एउटा सपनाको देश हो भन्ने सोच्छन्, र त्यसलाई स्वतन्त्रताको क्षेत्र हो भन्ने विश्‍वास गर्छन् तर वास्तवमा त्यो त्यस्तो छैन। अथवा, सायद मानिसहरू पहिले नै बाटो बिराइसकेका छन् भनेर भन्न सकिन्छ। तर मानिसहरूले जे गरिरहेको भए तापनि, मानिस केमा प्रवेश गर्नुपर्छ त्यसको बारेमा

---

१. “दृढतापूर्वक टाँसिरहन्छन्” ठट्टाको रूपमा प्रयोग गरिन्छ। यस वाक्यांशले मानिसहरू अटेरी र वशमा राख्न नसकिने हुन्छन्, तिनीहरूले पुराना थोकहरूलाई समातिराख्छन् र ती छोड्न चाहँदैनन् भन्ने सङ्केत गर्दछ।

१. “आफ्नो हात सुर्काउँदै लड्न तयार भइरहेका” भन्ने वाक्यांशलाई निन्दात्मक रूपमा प्रयोग गरिएको छ।

२. “अस्वाभाविकता” ले मानिसहरूको प्रवेश पथबाट बाहिर छ र तिनीहरूको अनुभव एकतर्फी छ भन्ने अर्थ दिन्छ।

३. “बन्द बाटो” को अर्थ मानिसहरूले लिइरहेको मार्ग परमेश्‍वरको इच्छाविपरीत छ भन्ने हुन्छ।

म अझै कुरा गर्न चाहन्छु। धेरै मानिसहरूको फाइदा र कमजोरीहरू यो छलफलको मुख्य विषय होइन। मलाई आशा छ, दाजुभाइ-दिदीबहिनीहरू तिमीहरू सबैले मेरा वचन सही तरिकाले ग्रहण गर्न सक्नेछौ र मेरो अभिप्रायलाई गलत रूपमा बुझ्नेछैनौ।

परमेश्वर चीनको मूलभूमिमा देहधारी हुनुभएको छ, अथवा हङकङ र ताइवानका देशवासीहरूको शब्दमा भन्दा उहाँ "भित्री" भागमा देहधारी हुनुभएको छ। जब परमेश्वर माथि स्वर्गबाट पृथ्वीमा आउनुभयो, स्वर्ग वा पृथ्वीको कसैलाई पनि यसको बारेमा थाहा थिएन, किनभने परमेश्वर गुप्त रूपमा फर्किनुको साँचो अर्थ यही हो। उहाँले लामो समयदेखि देहमा काम गर्दै र जिउँदै आउनुभएको छ, तैपनि कसैलाई यसको बारेमा थाहा भएको छैन। आजको दिनसम्म पनि, यसलाई कसैले पहिचान गरेको छैन। सायद यो अनन्त पहेलीको रूपमा रहनेछ। यसपटक परमेश्वर देहमा आउनुभएको घटना कुनै पनि मानिसले थाहा पाउन नसक्ने कुरा हो। आत्माको काम जति ठूलो आकारको र त्यसको प्रभाव जति शक्तिशाली भए पनि, परमेश्वर सधैँ भावहीन नै रहनुहुन्छ, कहिल्यै कुनै पनि कुरा प्रकट गर्नुहुन्न। उहाँको कामको यो चरण स्वर्गीय क्षेत्रमा भइरहेको जस्तै हो भनेर भन्न सकिन्छ। देख्ने आँखा भएको सबैको लागि यो स्पष्ट भए तापनि, कसैले पनि यसलाई पहिचान गर्दैनन्। जब परमेश्वरले उहाँको कार्यको यो चरण समाप्त गर्नुहुन्छ, सारा मानवजातिले आफ्नो आम मनोवृत्तिलाई तोड्छन्,[४] र तिनीहरू आफ्नो लामो सपनाबाट बिउँझन्छन्। परमेश्वरले एकपटक यसो भन्नुभएको मलाई याद छ, "यसपटक देहमा आउनु बाघको ओडारमा खस्नुसरह भएको छ।" यसको अर्थ के हो भने, परमेश्वरको कार्यको यस चरणमा परमेश्वर देहमा आउनुहुन्छ, र यति मात्र होइन, उहाँ ठूलो रातो अजिङ्गरको वासस्थानमा जन्मनुहुन्छ, त्यसकारण यसपटक उहाँ पृथ्वीमा आउनुहुँदा उहाँले पहिलेभन्दा निकै चरम खतराको सामना गर्नुहुन्छ। उहाँले छुरा र बन्दुक अनि डन्डा र लाठाहरूको सामना गर्नुहुन्छ; उहाँले परीक्षाको सामना गर्नुहुन्छ; उहाँले प्राणघाती अभिप्रायले भरिएका अनुहार बोक्ने भीडहरूको सामना गर्नुहुन्छ। उहाँले कुनै पनि क्षण मारिने खतरा मोल्नुहुन्छ। परमेश्वर आफूसँग क्रोध लिएर आउनुहुन्छ। तैपनि, उहाँ सिद्धताको काम गर्न आउनुभयो, भन्नुको अर्थ उहाँ आफ्नो कामको दोस्रो भाग, अर्थात् छुटकाराको कामपछि जारी रहने काम गर्न आउनुभयो। आफ्नो कामको यो चरणको खातिर, परमेश्वरले सक्दो विचार र वास्ता अर्पण गर्नुभएको छ र आफैलाई नम्रतापूर्वक लुकाउँदै र आफ्नो पहिचानलाई कहिल्यै पनि प्रदर्शन नगरी उहाँले परीक्षाका आक्रमणहरूबाट जोगिन उहाँले कल्पना गर्न सकिने हरेक माध्यमहरूको प्रयोग गरिरहनुभएको छ। मानिसलाई क्रूसबाट उद्धार गर्ने क्रममा, येशूले उद्धारको काम मात्रै पूरा गर्दै हुनुहुन्थ्यो; उहाँले सिद्धताको काम गरिरहनुभएको थिएन। तसर्थ परमेश्वरको कार्यको आधा भाग मात्रै पूरा गरिएको थियो, र छुटकाराको काम पूरा गर्नु भनेको उहाँको सम्पूर्ण योजनाको आधा भाग मात्रै थियो। नयाँ युगको सुरुवात र पुरानो युगको अवसान हुन लागेको लागेको थियो, त्यसैले परमेश्वर पिताले आफ्नो कामको नयाँ भागको बारेमा विचार गर्न र यसको

४. "आफ्नो आम मनोवृत्तिलाई तोड्छन्" ले मानिसहरूले परमेश्वरलाई चिनेपछि, कसरी परमेश्वरसम्बन्धी तिनीहरूको धारणा र दृष्टिकोणहरू परिवर्तन हुन्छन् भन्ने कुरालाई जनाउँछ।

लागि तयारी गर्न थाल्नुभयो। आखिरी दिनहरूको यो देहधारणको बारेमा विगतमा स्पष्ट रूपमा भविष्यवाणी गरिएको थिएन, त्यसले गर्दा यसपटक परमेश्‍वर देहमा आउनुहुने घटनाको बारेमा बढ्दो रहस्यहरूको जग निर्माण हुनगयो। मिर्मिरे उषासँगै, मानवजातिका भिडहरूलाई थाहै नभई, परमेश्‍वर पृथ्वीमा आउनुभयो र आफ्नो जीवन देहमा सुरु गर्नुभयो। यस क्षणको आगमनको बारेमा मानिसहरू अनभिज्ञ थिए। शायद तिनीहरू गहिरो निद्रामा थिए; शायद सजग रहेर जागा रहेका धेरैले पर्खिरहेका थिए र शायद धेरैले स्वर्गमा हुनुहुने परमेश्‍वरलाई चुपचाप प्रार्थना गरिरहेका थिए। तैपनि, यति धेरै मानिसहरूमाझ, एक जनालाई पनि परमेश्‍वर पहिले नै पृथ्वीमा आउसक्नुभयो भन्ने कुरा थाहै भएन। आफ्नो कार्यलाई अझै सहज रूपमा अघि बढाउन र अझै उत्तम परिणामहरू हासिल गर्न, साथै अझै बढी परीक्षाहरूलाई रोक्नको लागि परमेश्‍वरले यसरी काम गर्नुभयो। जब मानिसको वसन्तको निन्द्रा हट्छ, परमेश्‍वरको कार्य समाप्त भइसकेको धेरै भइसकेको हुनेछ र पृथ्वीमा घुमफिर गर्ने र बसोबास गर्ने आफ्नो जीवनलाई समाप्त गर्दै उहाँ बिदा हुनुहुनेछ। परमेश्‍वरको कार्यको लागि परमेश्‍वरले व्यक्तिगत रूपमा नै काम गर्नुपर्ने र बोल्नुपर्ने भएकोले, र मानिसले हस्तक्षेप गर्ने कुनै उपाय नभएको हुनाले, आफू स्वयम् काम गर्न पृथ्वीमा आउनको लागि परमेश्‍वरले चरम कष्ट भोग्नुभयो। मानिस परमेश्‍वरको कार्यको खातिर उभिन सक्दैन। यही कारणले गर्दा अनुग्रहको युगमा भन्दा हजारौं गुणा बढी साहस गरेर परमेश्‍वर आफ्नो सारा वास्ता र फिक्री समर्पित गर्दै, विपन्न मानिसहरूको यो समूह, गोबरको थुप्रोमा फसेका मानिसहरूको यो समूहलाई छुटकारा दिने आफ्नो काम गर्नको लागि ठूलो रातो अजिङ्गर बास गर्ने भूमिमा आउनुभयो। परमेश्‍वरको अस्तित्वको बारेमा कसैलाई थाहा नभए पनि, परमेश्‍वर बेचैन हुनुहुन्‍न, किनभने यसले उहाँको कार्यलाई धेरै फाइदा गर्छ। हरेक व्यक्ति चरम रूपमा अत्यन्तै घृणित र दुष्ट भएको हुनाले, तिनीहरूले कसरी परमेश्‍वरको अस्तित्वलाई सहन सक्नेथिए र? यही कारणले गर्दा परमेश्‍वर सधैँ मौन भई पृथ्वीमा आउनुहुन्छ। मानिस सबैभन्दा खराब क्रूरतामा डुबे पनि, परमेश्‍वरले यसमध्ये कुनैलाई पनि मनमा लिनुहुन्‍न, तर स्वर्गमा हुनुहुने पिताले उहाँलाई सुम्पिनुभएको ठूलो आज्ञाको कार्यभार पूरा गर्न आफूले गर्नुपर्ने काम मात्रै उहाँ गरिरहनुहुन्छ। तिमीहरूमध्ये कसले परमेश्‍वरको प्रेमिलोपनलाई पहिचान गरेका छौ? परमेश्‍वर पिताको बोझको बारेमा उहाँको पुत्रले भन्दा धेरै अरू कसले सोच्छ र? परमेश्‍वर पिताको इच्छालाई कसले बुझ्न सक्छ र? स्वर्गमा हुनुहुने परमेश्‍वर पिताको आत्मा सधैँ बेचैन बन्‍नुहुन्छ, र पृथ्वीमा हुनुहुने उहाँको पुत्रले आफ्नो हृदय टुक्रा-टुक्रा हुने गरी चिन्ता गर्दै परमेश्‍वर पिताको लागि निरन्तर प्रार्थना गर्नुहुन्छ। के आफ्नो पुत्रको निम्ति परमेश्‍वर पिताको प्रेम कति छ सो जान्ने कोही छ? प्रिय पुत्रले परमेश्‍वर पितालाई जुन हृदयले याद गर्नुहुन्छ त्यसको बारेमा जान्ने कोही छ? स्वर्ग र पृथ्वीको बीचमा छुट्टिएर, आत्मामा एक-अर्कालाई पछ्याउँदै उहाँहरूले टाढैबाट एक-अर्कालाई नियाल्नुहुन्छ। ए मानवजाति! तिमीहरूले कहिले परमेश्‍वरको हृदयलाई बुझ्नेछौ? कहिले तिमीहरूले परमेश्‍वरको अभिप्रायलाई बुझ्नेछौ? पिता र पुत्र सधैँ एक-अर्कामा निर्भर हुनुभएको छ। त्यसो भए, किन उहाँहरू एक जना माथि स्वर्गमा र अर्कोचाहिँ तल पृथ्वीमा हुने गरी छुट्नुपर्छ त? पुत्रले पितालाई प्रेम गर्नुभएजस्तै पिताले आफ्नो पुत्रलाई प्रेम गर्नुहुन्छ। त्यसो भए, किन पिताले त्यति गहन र पीडादायी रूपमा तड्पिएर पुत्रको प्रतीक्षा गर्नुपर्छ?

उहाँहरू अलग हुनुभएको त्यति लामो समय नभएको हुन सक्छ, तैपनि पिताले कति दिन र कति रात पीडादायी रूपमा तड्पिएर तृष्णा गर्नुभएको छ, र आफ्नो प्रिय पुत्रको शीघ्र फिर्तीको लागि उहाँले कति लामो समयदेखि चाहना गरिरहनुभएको छ, त्यो कसलाई थाहा छ र? उहाँले अवलोकन गर्नुहुन्छ, उहाँ चुपचाप बस्नुहुन्छ, र उहाँ प्रतीक्षा गर्नुहुन्छ; उहाँले आफ्नो पुत्रको शीघ्र फिर्तीको लागि नगर्नुहुने केही पनि छैन। पृथ्वीको पल्लो छेउसम्म भौंतारिनुभएको पुत्र: उहाँहरूको मिलन कहिले हुनेछ? उहाँहरूको मिलन भएपछि उहाँहरू अनन्तसम्मै सँगै हुनुहुनेछ, तैपनि उहाँले एक जना माथि स्वर्गमा र अर्कोचाहिँ तल पृथ्वीमा भएर बिछोडको हजारौं दिन र हजारौं रातलाई कसरी सहन सक्नुहुन्छ? पृथ्वीका दशकहरू स्वर्गको लागि सहस्त्राब्दी जस्तै लाग्छ। परमेश्‍वर पिता चिन्ता नगरी कसरी बस्न सक्नुहुन्थ्यो र? जब परमेश्‍वर पृथ्वीमा आउनुहुन्छ, उहाँले पनि मानिसले जस्तै मानव संसारका अनगिन्ती घटनाहरूको अनुभव गर्नुहुन्छ। परमेश्‍वर निर्दोष हुनुहुन्छ, तब किन उहाँलाई पनि मानिसले जस्तै कष्ट भोग्न लगाउने? परमेश्‍वर पिताले आफ्नो पुत्रको लागि विलाप गर्नु स्वाभाविकै हो; परमेश्‍वरको हृदयलाई कसले बुझ्न सक्छ र? परमेश्‍वरले मानिसलाई अति नै धेरै दिनुहुन्छ; मानिसले कसरी उहाँको हृदयको ऋण पर्याप्त रूपमा तिर्न सक्छ र? तैपनि, मानिसले परमेश्‍वरलाई अति नै थोरै दिन्छ; त्यस कुरालाई देखेर, परमेश्‍वर कसरी चिन्ता नगरी बस्न सक्नुहुन्थ्यो र?

मानिसको बीचमा कसैले परमेश्‍वरको मनस्थितिको आतुरीलाई विरलै बुझ्न सक्छ, किनभने मानव-प्राणीको क्षमता अत्यन्तै न्यून छ र तिनीहरूको आत्मा निकै बोधो छ, त्यसकारण परमेश्‍वरले के गर्दै हुनुहुन्छ त्यसलाई तिनीहरूले न त ध्यान नै दिन्छन् न त वास्ता नै गर्छन्। यही कारणले गर्दा, मानिसको बारेमा परमेश्‍वर सधैँ व्याकुल हुनुहुन्छ, मानौं मानिसको पाशविक प्रकृति कुनै पनि क्षणमा प्रकट हुन सक्छ। यसबाट के कुरालाई अझै स्पष्ट रूपमा देख्न सकिन्छ भने पृथ्वीमा परमेश्‍वरको आगमनको साथमा अत्यन्तै ठूला परीक्षाहरू पनि समावेश छन्। तर मानिसहरूको एउटा समूहलाई पूर्ण बनाउनका खातिर, महिमाले भरिपूर्ण परमेश्‍वरले मानिसलाई कुनै पनि कुरा नलुकाई आफ्नो हरेक अभिप्राय बताउनुभयो। उहाँले मानिसहरूको यो समूहलाई पूर्ण बनाउने दृढ सङ्कल्प गर्नुभएको छ, त्यसकारण जस्तोसुकै कठिनाइ वा परीक्षा आए पनि उहाँले त्यसबाट नजर हटाउनुहुन्छ र यो सबैलाई बेवास्ता गर्नुहुन्छ। एक दिन परमेश्‍वरले आफ्नो महिमा पाउनुभएपछि, मानिसले उहाँलाई चिन्नेछ भन्ने दृढ विश्‍वास गर्दै, र परमेश्‍वरले मानिसलाई पूर्ण तुल्याउनुभएपछि, उसले परमेश्‍वरको हृदयलाई पूर्ण रूपमा बुझ्नेछ भन्ने विश्‍वास गर्दै उहाँले चुपचाप आफ्नो काम गर्नुहुन्छ। अहिले त्यस्ता मानिसहरू पनि हुन सक्छन्, जसले परमेश्‍वरलाई परीक्षा गरिरहेका छन्, वा परमेश्‍वरलाई गलत रूपमा बुझिरहेका छन्, वा परमेश्‍वरलाई दोष दिइरहेका छन्; परमेश्‍वरले यीमध्ये कुनैलाई पनि मनमा राख्नुहुन्न। जब परमेश्‍वर महिमामा ओर्लनुहुन्छ, तब परमेश्‍वरले गर्नुहुने सबै कुरा मानवजातिको खुशीको लागि हो भनी मानिसहरू सबैले बुझ्नेछन्, र परमेश्‍वरले गर्नुहुने सबै कुरा मानवजाति राम्ररी अस्तित्वमा रहन सकोस् भनेर नै हो भन्ने कुरा तिनीहरू सबैले बुझ्नेछन्। परमेश्‍वर परीक्षा लिएर आउनुहुन्छ, र उहाँ प्रताप र क्रोध पनि लिएर आउनुहुन्छ। परमेश्‍वरले मानिसलाई छोड्नुहुने समयमा, उहाँले आफ्नो महिमा प्राप्त गर्नुभएको धेरै समय

भइसकेको हुनेछ, र उहाँ महिमा र फर्केर जानुको आनन्दले भरिएर जानुहुनेछ। पृथ्वीमा काम गर्नुहुने परमेश्‍वरलाई मानिसहरूले जसरी इन्कार गरे पनि, उहाँले कहिल्यै पनि ती कुराहरूलाई मनमा राख्नुहुन्‍न। उहाँले आफ्नो काम मात्रै गरिरहनुहुन्छ। परमेश्‍वरले संसार सृष्टि गर्नुभएको हजारौं वर्ष भइसक्यो। उहाँ अतुलनीय मात्रामा काम गर्नको लागि पृथ्वीमा आउनुभएको छ र उहाँले मानव संसारको इन्कार र निन्दालाई पूर्ण रूपमा अनुभव गर्नुभएको छ। कसैले पनि परमेश्‍वरको आगमनलाई स्वागत गर्दैन; उहाँलाई रूखो अभिवादन गरिएको छ। यी हजारौं वर्षको कठोर हिँडाइको अवधिमा, मानिसको चाल-चलनले परमेश्‍वरलाई गहिरो चोट पुऱ्याएको धेरै भइसकेको छ। उहाँले मानिसहरूको विद्रोहलाई ध्यान दिन छोड्नुभएको छ, बरु मानिसलाई रूपान्तरण गर्ने र शुद्ध पार्ने अर्को योजना बनाउनुभएको छ। उपहास, निन्दा, सतावट, संकष्ट, क्रूसीकरणको कष्ट, मानिसले गरेको बहिष्कार, आदि इत्यादि कुरा जसलाई परमेश्‍वरले देहमा आउनुभएदेखि सामना गर्नुभएको छ: परमेश्‍वरले यी कुराहरूलाई पर्याप्त मात्रामा चाखिसक्नुभएको छ, र मानव संसारको कठिनाइहरूको हकमा भन्दा, देहमा आउनुभएका परमेश्‍वरले यी सबै कुरालाई पूर्ण रूपमा भोगिसक्नुभएको छ। स्वर्गमा हुनुहुने परमेश्‍वर पिताका आत्माले यस्ता दृश्यहरूलाई असहनीय पाउनुभएको धेरै भइसक्यो र, आफ्नो शिर पछाडि ढल्काएर आँखा बन्द गरी आफ्नो प्रिय पुत्र फर्किने प्रतीक्षा गर्नुहुन्छ। मानवजातिले कुरा सुनोस् र पालना गरोस्, र उहाँको देहको सामुन्‍ने अत्यन्तै लाजको अनुभूति गरेर, उहाँको विरुद्धमा विद्रोह गर्न छोड्न सकोस् भन्‍ने मात्रै उहाँ चाहनुहुन्छ। मानवजातिले परमेश्‍वरको अस्तित्वमा विश्‍वास गर्न सकोस् भन्‍ने मात्रै उहाँ चाहनुहुन्छ। उहाँले मानिसबाट ठूला-ठूला कुराहरू पूरा हुनुपर्छ भनी भन्‍न छोड्नुभएको धेरै भइसकेको छ, किनभने परमेश्‍वरले अत्यन्तै धेरै मूल्य चुकाउनुभएको छ, तैपनि मानिस सहजताको साथ आराम गरिरहेको छ[५] र उसले परमेश्‍वरको कार्यलाई अलिकति पनि ध्यान दिँदैन।

आज मैले परमेश्‍वरको कार्यको बारेमा भनिरहेको कुराहरूमा "आधारहीन मूर्खता"[६] का धेरै कुराहरू समावेश हुनसक्ने भए तापनि, मानिसको प्रवेशको लागि यसको गहन प्रासङ्गिकता छ। म केवल कामको बारेमा केही कुरा गरिरहेको छु र त्यसपछि प्रवेशको बारेमा केही कुरा गरिरहेको छु, तर यी दुवै पक्ष उत्तिकै अपरिहार्य छन्, र दुवैलाई जोड्दा, ती मानिसको जीवनको लागि अझै बढी लाभदायक छन्। यी दुई पक्ष एक-अर्काका पूरक हुन्[७] र अत्यन्तै फाइदाजनक छन्, जसले मानिसहरूलाई परमेश्‍वरको इच्छाको बारेमा अझै राम्ररी बुझ्न मद्दत गर्छन् र मानिसहरू र

---

५. "सहजताको साथ आराम गरिरहेको छ" भन्‍ने वाक्यांशले मानिसहरू परमेश्‍वरको कार्यप्रति उदासीन छन् र तिनीहरूले यसलाई महत्त्वपूर्ण ठान्दैनन् भन्‍ने अर्थ दिन्छ।

६. "आधारहीन मूर्खता" को अर्थ मानिसहरू परमेश्‍वरले बोल्नुहुने वचनहरूको आधारभूत कुरा बुझ्न आधारभूत रूपमा नै असमर्थ छन् र उहाँले केको बारेमा कुरा गर्दैहुनुहुन्छ त्यस बारेमा उनीहरूलाई केही पनि थाहा हुँदैन भन्‍ने हुन्छ। यो वाक्यलाई व्यंग्यात्मक रूपमा प्रयोग गरिएको छ।

७. "एक-अर्काका पूरक हुन्" भन्‍नुको अर्थ सङ्गतिमा "कार्य" र "प्रवेश" दुवैलाई एकट्ठा गर्नु परमेश्‍वरसम्बन्धी हाम्रो ज्ञानको लागि अझै लाभदायक हुनेछ भन्‍ने हुन्छ।

परमेश्वरको बीचमा सञ्चार सम्भव गराउँछन्। कामसम्बन्धी आजको कुराकानीद्वारा, परमेश्वरसँगको मानवजातिको सम्बन्धमा थप सुधार भएको छ, पारस्परिक बुझाइ गहन भएको छ, र मानिस परमेश्वरको बोझको बारेमा अझै बढी सोचविचार र वास्ता गर्न सक्ने भएको छ; मानिसलाई परमेश्वरले जे अनुभूति गर्नुहुन्छ त्यही अनुभूति गर्ने, परमेश्वरले उसलाई परिवर्तन गर्नुहुनेछ भन्ने बारेमा थप आत्मविश्वास गर्ने, र परमेश्वरको देखा पराइलाई प्रतीक्षा गर्ने तुल्याइएको छ। आज मानिसबाट पूरा हुनैपर्छ भनी परमेश्वरले तोक्नुभएको एक मात्र सर्त यही हो–परमेश्वरलाई प्रेम गर्ने व्यक्तिको रूपमा जिउनु, यस्तो गर्नु ताकि परमेश्वरको बुद्धिको उत्कृष्टताको ज्योति अन्धकारको युगमा चम्किरहोस् र मानिसको जियाइले परमेश्वरको कार्यमा उज्यालो पृष्ठ छोडोस्, जुन उज्यालो संसारको पूर्वमा सदासर्वदा चम्किरहोस्, संसारको ध्यान र सबैको कृतज्ञता प्राप्त गरोस्। अवश्य नै, वर्तमान युगमा परमेश्वरलाई प्रेम गर्नेहरूको लागि यो अझै उत्तम प्रवेश हो।

## काम र प्रवेश (५)

आज तिमीहरू सबैलाई थाहा छ, कि परमेश्वरले मानिसलाई जीवनको सही मार्गमा डोऱ्याउँदै हुनुहुन्छ, उहाँले मानिसलाई अर्को युगमा कदम चाल्न अगुवाइ गरिरहनुभएको छ, उहाँले मानिसलाई यो अन्धकारको पुरानो युगदेखि अझ उता, शरीरदेखि बाहिर, अन्धकारको शक्तिहरूको थिचोमिचो र शैतानको प्रभावबाट टाढा लैजाँदै हुनुहुन्छ, यसैले कि प्रत्येक व्यक्ति स्वतन्त्रताको संसारमा जिउन सकोस्। सुन्दर भोलिको खातिर, र मानिसहरू उनीहरूका भोलिका पाइलाहरूमा अझ साहसी हुन सकून् भनेर, परमेश्वरका आत्माले मानिसका लागि सबै कुराको योजना बनाउनुहुन्छ, र मानिसले अझ बढी आनन्द पाओस् भनेर परमेश्वरले देहमा आफ्ना सबै प्रयासहरू मानिसको अगाडिको बाटो तयारी गर्नुमा लगाउनुहुन्छ, र त्यसरी मानिसले अति नै चाहना गरेको त्यो दिन चाँडै ल्याउने कार्य गर्नुहुन्छ। यस्तो हुन्छ कि तिमीहरू सबैले यो सुन्दर क्षणलाई मनमा राख्छौ; परमेश्वरसँग एकसाथ आउनु कुनै सजिलो काम होइन। तिमीहरूले उहाँलाई कहिल्यै नचिनेको भए पनि, तिमीहरू लामो समयदेखि उहाँको साथमा छौ। यदि सबैले यी सुन्दर तर क्षणिक दिनहरू सदाका लागि सम्झन सके त, अनि ती कुराहरूलाई पृथ्वीमा उनीहरूको प्यारो सम्पत्ति बनाउन सके त हुन्थ्यो! परमेश्वरको काम लामो समयदेखि मानिसलाई प्रकट गरिएको छ–तर मानिसहरूका हृदयहरू अति जटिल भएकाले, र उनीहरूमा त्यसप्रति कहिल्यै कुनै चासो नभएकोले, परमेश्वरको काम त्यसको मूल जगमा नै रोकिएको छ। यस्तो लाग्छ, कि उनीहरूका विचार, धारणा र मानसिक दृष्टिकोण, पुरानै रहन्छ, यहाँसम्म कि उनीहरूमध्ये धेरै जनाको मानसिक दृष्टिकोण प्राचीन समयको आदिम मानिसहरूको जस्तो छ, र अलिकति पनि परिवर्तन भएको छैन। फलस्वरूप, मानिसहरू अझै पनि परमेश्वरले गर्नुहुने कामको बारेमा अलमल्ल पर्छन् र अस्पष्ट हुन्छन्। उनीहरू आफूले गर्नुपर्ने र उनीहरू कुन कुराभित्र प्रवेश गर्नुपर्छ भन्ने बारेमा अझ बढी अस्पष्ट हुन्छन्। यी कुराहरूले परमेश्वरको काममा ठूलठूला कठिनाइहरू ल्याउँदछ र मानिसहरूको जीवनलाई अगाडि बढ्नबाट रोक्दछ। मानिसको सार र उनीहरूका कम क्षमताको कारण, उनीहरू आधारभूत रूपमा नै परमेश्वरको कामलाई बुझ्न असमर्थ

हुन्छन्, र यी कुराहरूलाई कहिल्यै महत्त्वपूर्ण ठान्दैनन्। यदि तिमीहरू आफ्नो जीवनमा प्रगति गर्न चाहन्छौ भने तिमीहरूले आफ्नो अस्तित्वका कुराहरूमा ध्यान दिन थाल्नु पर्दछ, जीवनमा तिमीहरूको प्रवेशलाई नियन्त्रण गर्न ती प्रत्येक कुरा राम्ररी बुझ्नुपर्छ, तिमीहरू प्रत्येकको हृदय पूर्ण रूपमा रूपान्तरण गर्नुपर्छ, र तिमीहरूका हृदयभित्रको रित्तोपनका समस्याहरू र तिमीहरूलाई कष्ट दिने त्यो बासी र डरलाग्दो अस्तित्वको समाधान गर्नुपर्छ, यसरी तिमीहरू प्रत्येक भित्रदेखि बाहिरसम्म नवीकरण हुन सक्नेछौ र उच्च पारिएको, मानव अनुभवभन्दा परको र स्वतन्त्र जीवनको साँच्चै आनन्द उठाउन सक्नेछौ। यसको उद्देश्य तिमीहरू प्रत्येक जीवित हुन सक, तिमीहरूका आत्मामा पुनर्जीवित हुन सक र एक जीवित प्राणीको स्वरूप धारण गर्न सक भन्ने हो। तिमीहरू जुन-जुन दाजुभाइ, दिदी-बहिनीहरूको सम्पर्कमा आउँछौ उनीहरूमध्ये जीवन्त र ताजा व्यक्तिहरू बिरलै हुन्छन्। उनीहरू सबै प्राचीन बाँदरहरू झैँ सरल मनका र मूर्ख छन्, स्पष्ट रूपमा उनीहरूको विकास हुने कुनै सम्भावना हुँदैन। त्योभन्दा पनि अझ नराम्रो कुरा, मेरो सम्पर्कमा आएका दाजुभाइ, दिदी-बहिनीहरू पहाडहुँदो बस्ने असभ्य मानिसहरूझैँ अशिष्ट र अभद्र भएका छन्। उनीहरू शिष्टाचारको बारेमा त्यति जान्दैनन्, व्यवहार कसरी गर्नुपर्छ भन्ने आधारभूत कुराहरू त झन् परको कुरा भइहाल्यो। धेरै जवान बहिनीहरू छन्, जो बुद्धिमती र सभ्य देखिए पनि, र फूलजस्तो सुन्दर भए पनि, उनीहरू अझै पनि “वैकल्पिक” फेसनमा संलग्न हुन्छन्। एउटी बहिनीको[क] कपालले उनको सम्पूर्ण अनुहार छोप्छ, उनका आँखाहरू केही पनि देखिँदैन। उनको अनुहारका विशेषताहरू सफा र सदाचारी भए तापनि, उनको केशको शैली अनाकर्षक हुन्छ, जसले व्यक्तिलाई अनौठो अनुभव गराउँछ, मानौं कि ऊ एक किशोर नजरबन्द केन्द्रकी एक नम्बरकी अपराधी हुन्। पानीभित्रको मोतीजस्तो सफा र चम्किला उसका आँखाहरूले उसका कपडा र केशको शैलीलाई सन्तुलित बनाउँछन्, ती घोर अन्धकार रातमा अचानक देखिएको लालटिनको जोडी जस्तो देखिन्छ, जसले रोकिँदै आँखा नै अन्धो बनाउने चमक छर्छ, त्यसले मानिसहरूका हृदयलाई भयभीत बनाउँछ, र पनि उनी जानाजानी कसैबाट लुकिरहेकी छिन् जस्तो देखिन्छे। जब म उनलाई भेट्छु, उनी सधैँ “दृश्य” बाट पन्सिने उपायहरू बनाइरहेकी हुन्छे, मानौं भर्खरै कसैको हत्या गरेर, र पक्रा परुँला कि भनी साह्रै डराएको र निरन्तर छल्दै हिँडिरहेको हत्याराजस्तो; यसैले उनी ती काला अफ्रिकीहरू[१] जस्तो गर्छिन् जो पुस्तौंपुस्तादेखि दासहरूका रूपमा रहेर अरूको अगाडि कहिल्यै आफ्नो शिर उठाउन सक्दैनन्। व्यवहारहरूको यस क्रममा यी मानिसहरूले जुन प्रकारले वस्त्र लाउँछन् र आफ्नो शृङ्गार गर्छन् त्यसमा सुधार गर्नका लागि धेरै महिना काम गर्नुपर्ने हुन्छ।

हजारौं वर्षदेखि चिनियाँ जनताले दासको जीवन जिइरहेका छन् र यसले उनीहरूको विचार, धारणा, जीवन, भाषा, व्यवहार र कार्यहरूलाई यति सीमित बनाएको छ कि उनीहरूलाई अलिकति पनि स्वतन्त्रता नदिई छाडिएको छ। इतिहासका हजारौं वर्षले महत्त्वपूर्ण मानिसहरूलाई आत्माको

---

क. मूल पाठमा “उनको” भनेर पढिन्छ।

१. “काला अफ्रिकीहरू” भनेको काला मानिसहरू हुन् जसलाई परमेश्वरले सराप्नुभएको थियो, जो पुस्तौंपुस्तादेखि दास थिए।

अधीनमा पारेको छ र आत्माविनाको लासजस्तो बनाएको छ। धेरै जना यस्ता छन् जो शैतानको हत्या गर्ने छुरीमुनि जिउँछन्, धेरै जना यस्ता छन् जो जङ्गली पशुहरूका गुफाजस्ता घरहरूमा बस्छन्, धेरै जना त्यस्ता छन् जसले गोरु वा घोडाहरूले खाने खाना खान्छन्, र धेरै यस्ता मानिसहरू छन् जो झूटो बोल्छन्, "पातालमा" संवेदनाहीन र लथालिङ्ग छन्। बाहिरी रूप-रङ्गमा मानिसहरू आदिम मानिसभन्दा फरक छैनन्, उनीहरूको विश्राम गर्ने स्थान नरकजस्तै छन्, र साथीहरूको रूपमा उनीहरू चारैतिरबाट हरप्रकारका फोहोरी भूतात्माहरू र दुष्टात्माद्वारा घेरिएका छन्। बाहिरपट्टि, मानिस उच्च कोटीका "प्राणीहरू" जस्तो देखिन्छ; वास्तवमा उनीहरू फोहोर भूतात्माहरूसँग बाँचिरहेका र बसिरहेका छन्। उनीहरूलाई हेरचाह गर्ने कोही नभएकोले मानिसहरू शैतानको ढुक्ने ठाउँमा बस्छन्, भाग्ने कुनै बाटो नभएकोले त्यसको कठिन पासोमा पर्छन्। उनीहरू आफ्ना प्रियजनहरूसँग आरामदायी घरमा भेला हुन्छन् र खुसी र सन्तुष्ट जीवन बिताउँछन् भन्नुको साटो, मानिस भूतात्माहरूको सामना गर्दै र शैतानहरूसँग हेलमेल गर्दै पातालमा बस्दछ भनेर भन्न सकिन्छ। वास्तवमा, मानिसहरू अझै पनि शैतानको बन्धनमा छन्, उनीहरू त्यहाँ बस्छन् जहाँ फोहोर भूतात्माहरू भेला हुन्छन्, र उनीहरू फोहोर भूतात्माहरूद्वारा गलत प्रकारले नियन्त्रित हुन्छन्, मानौं उनीहरूका ओछ्यानहरू उनीहरूका लासहरूलाई निद्रामा पार्ने ठाउँ हुन्, मानौं ती आरामदायी गुँड हुन्। उनीहरूको घरभित्र प्रवेश गर्दा, आँगन चिसो र एकान्त हुन्छ, चिसो हावा सुसेली हाल्दै सुक्खा हाँगाहरू भएर बग्छ। "बस्ने ठाउँ" को ढोका खोल्दा त्यो कोठा पूरै कालो हुन्छ–हात फैलाउँदा पनि आफ्ना औंलाहरू देख्न सकिँदैन। ढोकाको चिराबाट केही प्रकाश छिर्छ, जसले कोठालाई झन् अँध्यारो र डरलाग्दो बनाउँछ। समय-समयमा, मुसाहरूले अनौठो चीँचीँ आवाज निकाल्छन्, मानौं ती रमाउँदैछन्। कोठाभित्रका सबै कुरा घृणास्पद र डरलाग्दा हुन्छन्, भर्खरै मुर्दा बाकसमा हालिएको व्यक्तिले ओगटेको जस्तो। त्यो कोठामा भएको ओछ्यान, सिरकहरू, र साधारण सानो कोठा सबै धूलोले ढाकिएका हुन्छन्, भुइँमा धेरै साना स्टुलहरू छन् जसका खुट्टाहरू नाङ्गा र हल्लिरहेका छन् र माकुरोका जालहरू भित्ताहरूमा झुण्डिएका हुन्छन्। टेबलमा एउटा ऐना हुन्छ, त्यसको छेउमा काठको काँगियो हुन्छ। ऐनातर्फ बढ्दै तँ एउटा मैनबत्ती उठाउँछस् र त्यसलाई जलाउँछस्। तँ त्यो ऐना धूलोले छोपिएको देख्छस्, जसले मानिसहरूका प्रतिबिम्बहरूमा[ख] एक किसिमको "श्रृंगार" दिन्छ, यसैले उनीहरू भर्खरै चिहानबाट बाहिर आएका जस्ता देखिन्छन्। काँगियो केशहरूले भरिएको हुन्छ। यी सबै थोकहरू पुरानो र मैला हुन्छन्, र यस्तो लाग्छ कि ती भर्खरै मरेको व्यक्तिले प्रयोग गर्ने गर्थ्यो। काँगियो हेर्दा, छेउमा लास राखिएको हुन सक्ने महसुस हुन्छ। काँगियोका केशहरूमा रक्त-संचार नभएकोले तिनमा मृतकको गन्ध हुन्छ। ढोकाको चिराबाट चिसो बतास भित्र पस्दछ, मानौं एउटा भूत चिराबाट जबरजस्ती पस्दैछ र कोठामा बस्न आउँदैछ। कोठाभरि एक दमनकारी ठन्डा छ, र अचानक, सडिरहेको लासको दुर्गन्ध आउँछ, र यति बेला पर्खालहरूमा झुण्डिएका छ्यासमिस थोकहरू छन्, ओछ्यानमा अस्तव्यस्त बिछ्यौना फोहोर र दुर्गन्धित छ, कुनामा अन्न छ, कोठा धूलोले ढाकिएको छ, भुइँ घाँसहरू र फोहोर र अन्य कुराले

ख. मूल पाठमा "मानिसहरूको अनुहार" भनेर पढिन्छ।

ढाकिएको छ भन्ने देखिन्छ—मानौं ती अगाडि लर्खराउँदै, दाँत किट्दै र हावामा नङ्ग्राले चिथोर्दै भर्खरै मरेको व्यक्तिले प्रयोग गरेका हुन्। यो तँलाई कम्प छुटाउनका निम्ति पर्याप्त हुन्छ। त्यो कोठामा कहीँ पनि जीवनको सङ्केत हुँदैन, परमेश्‍वरले भन्‍नुभएझैं पाताल र नरक जस्तो सबै अन्धकार र भिजेको हुन्छ। यो मानिसको चिहान जस्तै छ, रङ्ग-रोगन नगरिएका कोठा, स्टुलहरू, झ्यालका चौखटहरू र ढोकाहरू शोकको पोसाकमा छन् र मृत व्यक्तिलाई मौन श्रद्धाञ्जली अर्पण गर्दैछन्। मानिस धेरै दशक वा धेरै शताब्दीदेखि वा केही सहस्राब्दीदेखि यस पातालमा जिइरहेको छ, चाँडै बाहिर जान्छ र ढिलो फर्कन्छ। उनीहरू पहिलो प्रकाशमा आफ्नो “चिहान” बाट देखा पर्दछन्, जब भालेहरू बासिरहेका हुन्छन्, र माथि आकाशतिर हेरेर र भूमिमा हेरेर, उनीहरूले आफ्नो दिनका गतिविधिहरू सुरु गर्छन्। जब सूर्य पहाडहरूको पछाडि खस्छ, उनीहरू आफ्नो थकित शरीरलाई फेरि घिसारेर “चिहान” मा लान्छन्; उनीहरूले आफ्नो पेट भरेको समयसम्म साँझ परिसकेको हुन्छ। अनि यसरी भोलि फेरि “चिहान” छोड्ने तयारी गरिसकेपछि, उनीहरूले बत्ती निभाउँछन्, जसले आगोको धिपधिप गर्ने चमक निकाल्छ। यस समयमा, चन्द्रमाको मुनि हरेक कुनामा देख्न सकिने डाँडोहरू जस्तै फैलिएका चिहानका थुप्रोहरू मात्र देख्न सकिन्छ। ती “चिहानहरू” भित्रबाट कहिलेकहीँ घुरेको आवाज निस्कन्छ, त्यो बढ्छ र घट्छ। सबै मानिसहरू तुरुन्तै मस्त निदाउँछन्, र फोहोरी भूतात्माहरू र प्रेतहरू सबै पनि शान्तिपूर्वक विश्राम गरिरहेका देखिन्छन्। बेला-बेलामा टाढा कागहरू कराउँदै गरेको सुनिन्छ—शान्त र मौन रातमा यस्ता उदास आवाजहरू तेरो मेरुदण्डलाई कपाउन र तेरो कपाल ठाडो पार्न पर्याप्त हुन्छन्...। मानिसले मर्ने र फेरि जन्मने यस्तो परिस्थितिमा कति वर्ष बिताएको छ भनी कसले भन्‍न सक्छ र; उनीहरू मानिसहरू र पिसाचहरू हेलमेल गरेर बस्ने त्यो मानव संसारमा बसेको कति भएको छ कसलाई के थाहा, र त्यति मात्र कहाँ हो र, उनीहरूले कति पटक संसारलाई बिदाइ दिएका छन् भन्ने कसलाई के थाहा। पृथ्वीको यस नरकमा मानिसहरू सुखमय जीवन बिताउँछन्, मानौं उनीहरूसित गुनासोको एउटै पनि शब्द छैन, किनकि उनीहरू लामो समयदेखि पातालको जीवनसँग अभ्यस्त भइसकेका छन्। अनि त्यसरी नै मानिसहरू फोहोर भूतात्माहरू बस्ने यो ठाउँसँग मोहित छन्, मानौं ती फोहोरी भूतात्माहरू उनीहरूका साथी र सहपाठीहरू हुन्, मानौं मानिसको संसार गुन्डाहरूको समूह[२] हो—किनकि मानिसको मूल अस्तित्व धेरै लामो समयदेखि गुप्त रूपले हराएको छ, कुनै सङ्केत नछोडी त्यो विलुप्त भएको छ। मानिसहरूको रूपरङ्ग एक फोहोर भूतात्माको जस्तो छ; त्योभन्दा बढी, उनीहरूका कार्यहरू फोहोरी भूतात्माहरूद्वारा प्रभावित हुन्छन्। आज, उनीहरू फोहोरी भूतात्माहरूभन्दा फरक देखिँदैनन्, मानौं उनीहरू फोहोरी भूतात्माहरूबाट जन्मेका हुन्। यसबाहेक, मानिसहरूले आफ्ना पितापुर्खाहरूलाई धेरै प्रेम र समर्थन गर्छन्। मानिस लामो समयदेखि शैतानद्वारा पेलिएको छ र उनीहरू पहाडका बाँदरहरू जस्तै भएका छन् भन्ने कसैलाई थाहा छैन। उनीहरूको राता-राता आँखाहरूमा बिन्तीभावको हेराइ हुन्छ, अनि उनीहरूबाट चम्कने मधुरो

२. “गुन्डाहरूको समूह” ले मानवजातिको भ्रष्टतालाई र कसरी मानवजातिको बीचमा कुनै पवित्र मानव छैनन् भन्ने तथ्यलाई जनाउँछ।

ज्योतिमा फोहोरी भूतात्माको हानिकारक द्वेषको मन्द सङ्केत चम्कन्छ। उनीहरूका अनुहार चाउरीले ढाकिएको हुन्छ, धूपीको बोक्राजस्तै चिरा परेको हुन्छ, उनीहरूका मुख बाहिरपट्टि फैलिएको हुन्छ, मानौं त्यो शैतानले बनाएको हो, उनीहरूका कानहरू भित्र र बाहिर फोहोरले ढाकिएका हुन्छन्, र उनीहरूका ढाड कुप्रेका हुन्छन्, उनीहरूका खुट्टाहरूले उनीहरूको शरीरको भार उठाउन संघर्ष गर्छन्, र उनीहरूका हड्डीसरिका पाखुराहरू ताल मिलाएर अगि-पछि हुन्छन्। मानौं उनीहरू छाला र हड्डीबाहेक अरू केही होइनन्, तर उनीहरू पहाडको भालु जत्तिकै मोटा पनि छन्। भित्रदेखि बाहिरसम्म, उनीहरू प्राचीन कालदेखिको बाँदरजस्तो तयार र पोसाक लगाएका छन्–मानौं, आज, बाँदरहरू पूर्ण रूपमा, आधुनिक मानिसको आकारमा विकसित हुन[3] सकेका छैनन्, यसैले उनीहरू पछौटे छन्!

मानिस पशुहरू सँगसँगै बस्दछ, र उनीहरू विवाद र मौखिक असहमति प्रकट नगरी मिलेर बस्छन्। मानिस आफूले गरेको पशुहरूको हेरचाह र वास्तामा असन्तुष्ट छ, र पशुहरू मानिसलाई जीवित राख्नका निम्ति, स्पष्ट रूपमा मानिसको फाइदाका लागि अस्तित्वमा छन्, त्यसमा उनीहरूलाई कुनै फाइदा हुँदैन अनि तिनीहरू मानिसप्रति पूर्ण र सम्पूर्ण आज्ञाकारितामा बस्छन्। देख्न सकिने सबै हिसाबमा, मानिस र पशुबीचको सम्बन्ध नजिक[४] र मेलमिलापमा[५] छ–अनि यस्तो लाग्छ कि फोहोरी भूतात्माहरू मानिस र पशुको सही मिश्रण हो। यसैले मानिस र पृथ्वीमा भएका फोहोर भूतात्माहरू अझ घनिष्ठ र अभिन्न छन्: फोहोर भूतात्माहरूबाट अलग भए पनि मानिस उनीहरूसँग सम्बन्धित हुन्छ, यसै बीचमा, ती फोहोर दुष्ट भूतात्माहरूले मानिसबाट कुनै पनि कुरा रोकेर राख्दैनन् र आफूसँग भएका सबै कुरालाई उनीहरूका निम्ति "समर्पित" गर्छन्। दिनहुँ मानिसहरू "नरकको राजा" (उनीहरूका पुर्खा) को साथमा आनन्दले रमाउँदै "नरकको राजाको महलमा" खुसीले उफ्रन्छन् र त्यसको चालबाजीमा परिरहेका हुन्छन्, यसैले आज मानिसहरू गम्भीर अवस्थामा फसेका छन्, र पातालमा त्यति धेरै समय बिताएपछि, तिनीहरूले "जीवितहरूको संसारमा" मा फर्कने इच्छा गर्न छोडिसकेका छन्। यसैले, उनीहरूले उज्यालो देख्ने बित्तिकै, र परमेश्वरका मागहरू र परमेश्वरको चरित्र, र उहाँको कामका मागहरू देख्ने बित्तिकै, उनीहरू डराउँछन् र चिन्तित बन्छन्, तापनि अझै पातालमा फर्कने र प्रेतहरूको साथमा बस्ने तिर्सना गर्दछन्। उनीहरूले धेरै पहिले नै परमेश्वरलाई बिर्से, र त्यसैले उनीहरू सधैँ चिहानमा भौतारिरहेका छन्। जब म एक व्यक्तिलाई भेट्छु, म उसँग कुरा गर्न खोज्छु, तब मात्र म मेरो सामुन्ने उभिरहेको व्यक्ति बिलकुलै मानव होइन भन्ने पत्ता लगाउँछु। उनको कपाल लथालिङ्ग हुन्छ, उनको अनुहार फोहोर, र उनको दन्ते मुस्कानमा ब्वाँसोको जस्तै केही कुरा हुन्छ। यसैले पनि तिनमा भर्खरै चिहानबाट निस्केर

---

३. "विकसित हुन" ले बाँदरहरू आजका मानिसहरूको स्वरूपमा "क्रमिक विकास" भएर आएकोलाई जनाउँछ। यहाँ यसलाई व्यङ्ग्यपूर्ण रूपमा प्रयोग गरिएको छ: वास्तवमा प्राचीन बाँदरहरू सोझो हिँड्ने मानव प्राणीमा रूपान्तरण भएको भन्ने त्यस्तो कुनै सिद्धान्त छैन।

४. "नजिक" भन्ने शब्द गिल्लाको भावमा प्रयोग गरिएको हो।

५. "मेलमिलापमा" भन्ने शब्द गिल्लाको भावमा प्रयोग गरिएको हो।

जीवितहरूको संसारको मानिसलाई हेर्ने प्रेतको अनौठोपन भए जस्तो देखिन्छ। यस व्यक्तिले सधैँ उसका ओठहरूमा मुस्कान ल्याउने कोसिस गर्छिन्; यो धूर्त र कुटिल दुवै देखिन्छ। जब तिनी मसँग मुस्कुराउँछे, यस्तो लाग्छ, कि तिनी केही भन्न चाहन्छिन् तर शब्दहरू भेट्टाउन सक्दिनन्, त्यसैले उनले गर्न सक्ने भनेको एक छेउमा भाव शून्य र मूर्ख भएर खडा हुनु मात्र हो। पछाडिबाट हेर्दा, उसले "चिनियाँ श्रमिकहरूका शक्तिशाली छवि" प्रस्तुत गरेकी जस्तो देखिन्छ; मानिसहरूले कुरा गर्ने प्राचीनका विख्यात यान हुआङ/यान वाङगका सन्तानहरूको[ग] छवि स्मरण गर्दा यस्ता क्षणहरूमा उनी अझ बढी घृणित देखिन्छे। जब म उनलाई प्रश्न गर्छु, उनले चुपचाप आफ्नो टाउको निहुराउँछिन्। जबाफ दिन उनलाई धेरै समय लाग्छ, र उनले त्यसो गर्दा उनले आफ्ना भावनाहरू व्यक्त गर्न सक्दिन। उनले आफ्ना हातहरू स्थिर राख्न सक्दिन, र बिरालोले जस्तै आफ्ना दुई औँलाहरू चुस्छे। अब मात्र म बुझ्छु कि मानिसका हातहरू भर्खरै फोहोर मैला उठाएको जस्तो देखिन्छ, फोहोर नङहरूको यति धेरै रङ्ग उडेको छ, कि ती सेता हुनुपर्छ भनी कसैलाई थाहा हुँदैन, "पातला" नङहरू बाक्लो फोहोरले ढाकेको हुन्छ। योभन्दा पनि अझ घिनलाग्दो कुरा त, उनीहरूको हातको पछाडिको भाग कुखुराको छाला जस्तो देखिन्छ, जुन उप्किएको हुन्छ। उनीहरूको हातमा भएका रेखाहरू सबै रगतको मूल्य र मानव श्रमको पसीनाले व्याप्त हुन्छन्, ती प्रत्येकभित्र केही यस्तो थोक हुन्छ जुन फोहोर जस्तो देखिन्छ, "माटोको सुगन्ध" निकाल्छ, जसले मानिसको दुःखको आत्माको बहुमूल्यता र प्रशंसाको उत्तम प्रतिनिधित्व गर्छ–यसैले दुःखको यो आत्मा मानिसका हातमा भएका प्रत्येक रेखामा गहिरो रूपमा गाडिएको छ। शिरदेखि पैतालासम्म, मानिसले लगाउने लुगाफाटो पशुको भुत्लाजस्तो देखिँदैन, तर उनीहरूले त्यो थोरै मात्र जान्दछन्, तापनि उनीहरू यति धेरै "आदरणीय" छन्, कि उनीहरूको मूल्य वास्तवमा स्यालको भुत्लाभन्दा कम छ–मयूरको एउटा प्वाँखभन्दा पनि कम, किनकि उनीहरूको लुगाले लामो समयदेखि उनीहरूलाई यति कुरूप बनाएको छ कि उनीहरू सुँगुर र कुकुरभन्दा पनि घिनलाग्दा देखिन्छन्। उसको अपर्याप्त कपडा उसको पछाडि पिठिउँमा आधा झुन्डेको छ, र उसका सुरुवाल खुट्टाहरूले–कुखुराको आन्द्रा जस्तै–उसको कुरूपतालाई सूर्यको उज्यालोमा पूर्ण रूपमा प्रकट गर्दछ। ती छोटा र कसिला छन्, मानौं उसका खुट्टाहरू लामो समयदेखि बाँधिएका छैनन् भनी देखाउन ती लगाइएको हो: ती ठूला खुट्टाहरू हुन्, पुरानो समाजको "तीन इन्च सुनौलो कमलहरू" भन्दा लामो छैनन्। यस व्यक्तिको पहिरन धेरै पश्चिमी शैलीको छ, तर धेरै सस्तो पनि छ। जब म उनलाई भेट्छु, उनी सधैँ लजालु हुन्छे, उनको अनुहार रातोपिरो हुन्छ, र उनले आफ्नो टाउको उठाउन सक्दिनन्, मानौं उनलाई फोहोर भूतात्माहरूले थिचेका छन्, र उनले मानिसहरूको अगि आएर आफ्नो अनुहार देखाउन सक्दिनन्। धूलोले मानिसको अनुहारलाई ढाक्छ। आकाशबाट झरेको यो धूलो मानिसको अनुहारमा अनुचित ढङ्गले खसेको जस्तो देखिन्छ, जसले त्यसलाई भँगेराको भुवाझैं देखिने बनाउँछ। मानिसको आँखा

ग. "यान" र "हुआङ" दुई पौराणिक सम्राटहरूका नाउँहरू हुन् जो चीनको पहिलो संस्कृति प्रदान गर्नेहरूमध्येका थिए। "यान वाङ" भन्ने नाम "नरकको राजा" अर्थ दिने चिनियाँ नाउँ हो। मन्डारिन भाषामा "यान हुआङ" र "यान वाङ" को उच्चारण लगभग एकै प्रकारको हुन्छ।

पनि भँगेराको जस्तै हो: सानो र सुक्खा, कुनै चमक नभएको। जब मानिसहरू बोल्छन्, उनीहरूको बोलीवचन आदतस्वरूप रोकिने र कपटी, घृणित र अरूलाई अरुचिकर हुने हुन्छ। तापनि धेरै जनाले त्यस्ता मानिसहरूलाई "राष्ट्रका प्रतिनिधिहरू" भनी प्रशंसा गर्छन्। के यो ठट्टा होइन र? परमेश्‍वर मानिसहरूलाई परिवर्तन गर्न, मुक्ति दिन, उनीहरूलाई मृत्युको चिहानबाट उद्धार गर्न चाहनुहुन्छ, यसैले कि उनीहरू पाताल र नरकमा जिउने जीवनबाट उम्कन सकून्।

## काम र प्रवेश (६)

काम र प्रवेश अन्तर्निहित रूपमा व्यावहारिक छन्; तिनले परमेश्‍वरको काम र मानिसको प्रवेशलाई संकेत गर्छन्। मानिस परमेश्‍वरको वास्तविक अनुहार र परमेश्‍वरको काममा छिर्न पूर्ण रूपमा असक्षम भएकोले त्यसले उसको प्रवेशमा अत्यन्तै ठूलो कठिनाइ ल्याएको छ। आजको दिनसम्म पनि धेरै जना मानिसहरूले आखिरी दिनहरूमा परमेश्‍वरले कुन काम पूरा गर्नुहुनेछ, वा परमेश्‍वरले मानिसको सुख र दुःखमा उसको साथ खडा हुनलाई देहमा आउनका निम्ति किन चरम अपमान सहनुभयो भनी जान्दैनन्। परमेश्‍वरको कामको लक्ष्यदेखि आखिरी दिनहरूको लागि परमेश्‍वरको योजनाको उद्‌देश्यसम्मका कुराहरूको बारेमा मानिस पूर्ण रूपमा अन्धकारमा छ। विभिन्न कारणले गर्दा मानिसहरू परमेश्‍वरले उनीहरूले पूरा गर्नैपर्ने भनी सर्त तोक्नुभएको प्रवेशको विषयमा सधैं उत्साहहीन र अस्पष्ट[१] भएका छन्, जसले देहमा परमेश्‍वरको कामका निम्ति सबैभन्दा ठूलो कठिनाइ ल्याएको छ। यस्तो देखिन्छ कि सबै मानिसहरू बाधा बनेका छन् र आजको दिनसम्म, उनीहरू अझै अस्पष्ट नै छन्। यसकारण, मलाई लाग्छ, हामीले परमेश्‍वरले मानिसमा गर्नुहुने काम र परमेश्‍वरको जरूरी अभिप्रायको बारेमा कुराकानी गर्नुपर्छ, ताकि तिमीहरू सबै अय्यूबजस्तै परमेश्‍वरको बफादार सेवकहरू बन्न सक, जो परमेश्‍वरलाई अस्वीकार गर्नभन्दा बरु हरप्रकारका अपमान सहँदै मर्न तयार हुन्छ; अनि पत्रुसजस्तै, जसले आफ्नो सम्पूर्ण अस्तित्व परमेश्‍वरलाई समर्पण गर्छ र आखिरी दिनहरूमा परमेश्‍वरले प्राप्त गर्नुहुने घनिष्ठ व्यक्तिहरू बन्छ। सबै दाजुभाइ र दिदी-बहिनीहरूले आफ्ना सबै कुरा र आफ्नो सम्पूर्ण अस्तित्व परमेश्‍वरको स्वर्गीय इच्छाका निम्ति समर्पण गर्न सकून्, परमेश्‍वरको घरमा पवित्र सेवकहरू बनून्, र परमेश्‍वरद्‌वारा प्रदान गरिएको अनन्तको प्रतिज्ञाको आनन्द लिन सकून्, ताकि परमेश्‍वर पिताको हृदयले चाँडै शान्तिपूर्ण विश्राम पाउन सकोस्। परमेश्‍वरलाई प्रेम गर्नेहरू सबैको आदर्श वाक्य "परमेश्‍वर पिताको इच्छा पूरा गर्नु" हुनुपर्छ। यी शब्दहरूले प्रवेशका लागि मानिसका मार्गनिर्देशनको रूपमा र उसका कार्यहरूलाई निर्देशित गर्ने कम्पासको रूपमा काम गर्नुपर्छ। मानिसमा हुनुपर्ने संकल्प यही हो। पृथ्वीमा परमेश्‍वरको कामलाई पूर्ण रूपमा पूरा गर्नु र परमेश्‍वरले देहमा गर्नुभएको काममा सहकार्य गर्नु—यो मानिसको कर्तव्य हो, जब एक दिन परमेश्‍वरको काम पूरा हुन्छ, तब मानिसले उहाँलाई खुसीसाथ बिदा दिन्छ, किनकि उहाँ समयभन्दा अघि नै स्वर्गमा पिताकहाँ फर्कनुहुन्छ। के मानिसले पूरा गर्नुपर्ने जिम्मेवारी यही होइन र?

१. "अस्पष्ट" ले मानिसहरूमा परमेश्‍वरको कामको स्पष्ट जानकारी छैन भन्ने बुझाउँछ।

जब अनुग्रहको युगमा परमेश्‍वर तेस्रो स्वर्गमा फर्कनुभयो, त्यसबेला सम्पूर्ण मानवजातिलाई छुटकारा दिने परमेश्‍वरको काम वास्तवमा अन्तिम चरणमा पुगिसकेको थियो। पृथ्वीमा केवल येशूले आफ्नो पिठिउँमा बोक्नुभएको क्रूस, येशूलाई बेह्रिएको सूती कपडा, र काँढाको मुकुट र येशूले पहिरिनुभएको लाल-बैजनी वस्त्र मात्र बाँकी रहेको थियो (यहूदीहरूले यिनै थोकहरूलाई लिएर उहाँको हाँसो उडाए)। अर्थात्, येशूको क्रूसीकरणको कामले ठूलो सनसनी उत्पन्‍न गरेपछि, परिस्थिति फेरि शान्त भयो। त्यस बेलादेखि यता, येशूका चेलाहरूले उहाँको काम अघि बढाउन थाले, सबैतिरका मण्डलीहरूलाई गोठालो र सिञ्चन गर्ने काम गरे। उनीहरूका कामको बेहोरा यसप्रकार थियो: उनीहरूले सबै मानिसहरूलाई पश्‍चात्ताप गर्न, आफ्ना पापहरू स्वीकार गर्न र बप्तिस्मा लिन आग्रह गरे; अनि सबै प्रेरितहरू येशूको क्रूसीकरणको भित्री कथालाई केही थपथाप नगरी फैलाउन गए, र यसैले सबै जना आफ्ना पापहरू स्वीकार गर्दै येशूको सामु लम्पसार नपरी रहन सकेनन्; र यसबाहेक, प्रेरितहरू येशूले बोल्नुभएका वचनहरू प्रचार गर्दै सबै ठाउँमा गए। त्यस बेलादेखि अनुग्रहको युगमा मण्डलीहरूको निर्माण सुरु भयो। त्यस युगको अवधिमा पनि येशूले जे गर्नुभयो त्यो मानिसको जीवन र स्वर्गमा हुनुहुने पिताको इच्छाको बारेमा गर्नुभएको कुरा मात्र थियो, र त्यो एउटा फरक युग भएकोले ती धेरै वटा भनाइ र अभ्यासहरू आजका भन्दा धेरै फरक थिए। तापनि, सारांशमा ती एउटै हुन्: ती दुवै सटिक र सही रूपमा देहमा परमेश्‍वरका आत्माको काम हुन्। यस प्रकारको काम र वाणी त्यस बेलादेखि आजसम्म जारी छ, र त्यसैले यस प्रकारको कुरा आजका धार्मिक संस्थाहरूमा अझै पनि बताइन्छ, र यो बिलकुलै परिवर्तन भएको छैन। जब येशूको काम समाप्त भयो र मण्डलीहरू येशू ख्रीष्टको सही बाटोमा लागेका थिए, तैपनि परमेश्‍वरले उहाँको कामको अर्को चरणका लागि आफ्नो योजना सुरु गर्नुभयो, जुन आखिरी दिनहरूमा उहाँ देहमा आउनुपर्ने विषय थियो। मानिसले यसलाई हेर्दा परमेश्‍वरको क्रूसीकरणले परमेश्‍वरको देहधारणको काम यसअघि नै समाप्त गरिसकेको, सम्पूर्ण मानवजातिलाई छुटकारा दिइसकेको र उहाँलाई पाताल जाने साँचो कब्जा गर्ने अनुमति दिइसकेको थियो। सबै जनाले परमेश्‍वरको काम पूर्ण रूपमा पूरा भइसकेको छ भनी सोच्छन्। वास्तवमा, परमेश्‍वरको दृष्टिकोणबाट, उहाँको कामको एउटा सानो भाग मात्र पूरा भएको थियो। उहाँले जे गर्नुभयो ती केवल मानवजातिलाई छुटकारा दिनका निम्ति थिए; उहाँले मानवजातिलाई विजय गर्नुभएको थिएन, मानिसको शैतानी अनुहार परिवर्तन गर्नुभएको हुनु त परै जाओस्। त्यसकारण, परमेश्‍वर भन्‍नुहुन्छ, "मेरो देहधारणले मृत्युको पीडा भोगेको भए पनि मेरो देहधारणको सम्पूर्ण उद्‌देश्य त्यो थिएन। येशू मेरा प्रिय पुत्र हुन् र उनी मेरो निम्ति क्रूसमा टाँगिएका थिए, तर उनले मेरो काम सम्पूर्ण रूपमा समाप्त गरेनन्। उनले त्यसको एक भाग मात्र गरे।" यसकारण परमेश्‍वरले देहधारणको कामलाई निरन्तरता दिन योजनाहरूको दोस्रो चरण सुरु गर्नुभयो। परमेश्‍वरको अन्तिम अभिप्राय शैतानको पञ्जाबाट उद्‌धार गरिएका सबै मानिसहरूलाई सिद्‌ध पार्नु र प्राप्त गर्नुथियो, यसकारण परमेश्‍वरले एकचोटि फेरि देहमा आउन साहसपूर्वक खतराको सामना गर्ने तयारी गर्नुभयो। "देहधारण" को अर्थले त्यो एक जनलाई बुझाउँछ जसले महिमा ल्याउनुहुन्‍न (किनकि परमेश्‍वरको काम अझै समाप्त भएको छैन), तर जो प्रिय पुत्रको पहिचानसाथ देखा पर्नुहुन्छ, र उहाँ ख्रीष्ट हुनुहुन्छ, जसमा परमेश्‍वर प्रसन्‍न हुनुहुन्छ।

त्यसकारण, यसलाई "साहसपूर्वक खतराको सामना गर्नु" भनिन्छ। देहधारणको देह अति थोरै शक्तिको हुन्छ र यसमा ठूलो सावधानी अपनाउनुपर्छ,[२] र उहाँको शक्ति स्वर्गका पिताको अख्तियारभन्दा आकाश-पातालझैं भिन्न छ; उहाँले अरू काममा संलग्न नभई पिता परमेश्‍वरको काम र उहाँको आदेश पूरा गर्दै देहको सेवकाइ मात्र पूरा गर्नुहुन्छ, र उहाँले त्यस कामको एक भाग मात्र पूरा गर्नुहुन्छ। यसकारण, परमेश्‍वर पृथ्वीमा आउनासाथ उहाँलाई "ख्रीष्ट" भन्ने नाउँ दिइयो–त्यस नाउँभित्र रहेको अर्थ त्यही हो। त्यसो भन्नुको कारण के हो भने त्यस आगमनको साथमा परीक्षा पनि थियो यसैले कामको एक भाग मात्र पूरा हुँदैथ्यो। यसबाहेक, परमेश्‍वर पिताले उहाँलाई "ख्रीष्ट" र "प्रिय पुत्र" मात्र भनेर सम्बोधन गर्नु, तर उहाँलाई सारा महिमा नदिनुको कारण के थियो भने देहधारी मानिस कामको एक भाग गर्न मात्र आउनुहुन्छ, स्वर्गमा हुनुहुने पिताको प्रतिनिधित्व गर्न होइन, बरु प्रिय पुत्रको सेवकाइ पूरा गर्न आउनुहुन्छ। जब प्रिय पुत्रले आफ्नो काँधमा स्वीकार गर्नुभएका सम्पूर्ण आज्ञा पूरा गर्नुहुन्छ, तब पिताले उहाँलाई पिताको पहिचानसहित पूर्ण महिमा दिनुहुनेछ। यसलाई "स्वर्गको संहिता" हो भनेर भन्न सकिन्छ। किनकि देहमा आउनुभएका जन र स्वर्गमा हुनुहुने पिता दुई भिन्न क्षेत्रमा हुनुहुन्छ, उहाँ दुईले आत्मामा मात्र एकअर्कालाई हेर्नुहुन्छ, पिताले प्रिय पुत्रमाथि नजर राख्नुहुन्छ, तर पुत्रले टाढाबाट पितालाई देख्न सक्नुहुन्न। यस्तो किन हुन्छ भने देह जुन कार्यहरू गर्न सक्षम छ ती अति साना स्तरका हुन्छन् र उहाँ सम्भवतः कुनै पनि क्षण मारिन सक्नुहुन्छ, याने कि यो आगमन सबैभन्दा ठूलो खतराले भरिएको छ भनेर भन्न सकिन्छ। यो परमेश्‍वरका लागि एकपटक फेरि आफ्ना प्रिय पुत्रलाई बाघको मुखमा पार्नुसमान हो, जहाँ उहाँको जीवन खतरामा हुन्छ, उहाँलाई त्यस्तो ठाउँमा राख्नु हो जहाँ शैतानको ध्यान सबैभन्दा बढी केन्द्रित हुन्छ। यस्ता डरलाग्दा परिस्थितिहरूमा पनि, परमेश्‍वरले अझै आफ्ना प्रिय पुत्रलाई "उहाँको वयस्कतामा पुर्‍याउन" फोहोरीपन र व्यभिचारीपनले भरिएको स्थानका मानिसहरूलाई सुम्पिदिनुभयो। किनकि त्यसो गर्नु मात्र परमेश्‍वरको कार्यलाई उचित र स्वाभाविक बनाउने एक मात्र तरिका हो, र यो मात्र पिता परमेश्‍वरका सबै इच्छाहरू पूरा गर्ने र मानवजातिको बीचमा उहाँको कामको अन्तिम भाग पूरा गर्ने एक मात्र तरिका हो। येशूले पिता परमेश्‍वरको कामको एक चरण पूरा गर्नुबाहेक अरू केही गर्नुभएन। देहधारणको देहले गर्ने अवरोधहरू र पूरा गर्नुपर्ने कामका भिन्नताहरूको कारण, येशू आफैलाई पनि देहमा दोस्रोपल्ट फर्केर आउनुपर्ने कुरा थाहा थिएन। त्यसकारण, कुनै पनि बाइबल व्याख्याकार वा अगमवक्ताले आखिरी दिनहरूमा परमेश्‍वर फेरि देहधारी हुनुहुनेछ अर्थात्, उहाँ देहमा आफ्नो कामको दोस्रो भाग पूरा गर्न फेरि देहमा आउनुहुनेछ भनी अगमवाणी गर्ने हिम्मत गरेनन्। त्यसकारण, परमेश्‍वरले यसअघि नै लामो समयदेखि आफूलाई देहमा लुकाउनुभएको थियो भनी कसैले महसुस गरेनन्। यो त्यत्ति अचम्मको कुरा होइन, किनकि जब येशू पुनरुत्थानित हुनुभयो र स्वर्गमा उचालिनुभयो तब मात्र उहाँले यो आज्ञा स्वीकार गर्नुभयो, त्यसैले परमेश्‍वरको दोस्रो देहधारणको बारेमा कुनै स्पष्ट अगमवाणी छैन, र यो मानव

---

२. "अति थोरै शक्तिको हुन्छ र यसमा ठूलो सावधानी अपनाउनुपर्छ" भन्ने कुराले शरीरका कठिनाइहरू धेरै छन्, र गरिएको काम अति सीमित भएको संकेत गर्छ।

दिमागले सोच्नै नसक्ने कुरा हो। बाइबलका अगमवाणीका सबै पुस्तकहरूमा यो कुरा स्पष्ट रूपमा बताउने कुनै वचनहरू छैनन्। तर जब येशू काम गर्न आउनुभयो, त्यसबेला अघिबाटै एउटा स्पष्ट अगमवाणी भइसकेको थियो, जसमा भनिएको थियो कि एउटी कन्याले गर्भधारण गर्नेछे, र उसले एउटा छोरो जन्माउनेछे, जसको अर्थ यो हो कि उहाँ पवित्र आत्माबाट गर्भमा आउनुभएको थियो। तापनि, परमेश्‍वरले अझै पनि यो मृत्युको जोखिममा भएको बताउनुभयो, त्यसैले आजको परिस्थितिमा यो झन् कति धेरै जोखिम होला? यसमा कुनै आश्‍चर्य छैन, परमेश्‍वरले यो देहधारण अनुग्रहको युगको अवधिमा भएको भन्दा हजारौं गुणा जोखिममा छ भन्‍नुहुन्छ। धेरै स्थानहरूमा, परमेश्‍वरले चीनको भूमिमा उहाँले विजयीहरूको एउटा समूह प्राप्‍त गरिरहनुभएको हुनुहुनेछ भनी अगमवाणी गर्नुभएको छ। संसारको पूर्वमा विजेताहरू प्राप्‍त गर्नुपर्ने भएकोले, परमेश्‍वरले उहाँको दोस्रो देहधारणमा पाइला टेक्नुहुने ठाउँ निस्सन्देह चीनको भूमि हो, ठीक त्यही स्थान जहाँ ठूलो रातो अजिङ्गर गुँडुल्किएर बसेको छ। त्यहाँ, परमेश्‍वरले ठूलो रातो अजिङ्गरका सन्तानहरू प्राप्‍त गर्नुहुनेछ ताकि त्यसलाई पूर्ण रूपमा पराजित र लज्जित तुल्याउन सकिओस्। परमेश्‍वरले यी मानिसहरूलाई जगाउन लाग्नुभएको छ, जो दुःखको बोझले दबिएका छन्, उनीहरू पूर्ण रूपमा नबिउँझन्जेलसम्म जगाउनुहुनेछ र उनीहरूलाई कुइरोबाट बाहिर निकालेर त्यो ठूलो रातो अजिङ्गरलाई अस्वीकार गर्न लगाउनुहुनेछ। उनीहरू आफ्नो सपनाबाट बिउँझनेछन्, ठूलो रातो अजिङ्गरको सारलाई चिन्‍न सक्नेछन्, आफ्नो सम्पूर्ण हृदय परमेश्‍वरलाई दिन सक्षम हुनेछन्, अन्धकारका शक्तिहरूको दमनबाट माथि उठ्नेछन्, संसारको पूर्वमा खडा हुनेछन्, र परमेश्‍वरको विजयको प्रमाण बन्‍नेछन्। यस प्रकारले मात्र परमेश्‍वरले महिमा प्राप्‍त गर्नुहुनेछ। यही कारणले गर्दा मात्र, परमेश्‍वरले इस्राएलमा समाप्‍त गर्नुभएको काम त्यो देशमा ल्याउनुभयो जहाँ ठूलो रातो अजिङ्गरले गुँडुल्किएर बसेको छ, र उहाँ जानुभएको करिब दुई हजार वर्षपछि फेरि अनुग्रहको युगको कामलाई निरन्तरता दिन देहमा आउनुभएको छ। मानिसको नाङ्गो आँखाको नजरमा, परमेश्‍वरले देहमा नयाँ काम सुरु गर्दै हुनुहुन्छ। तर परमेश्‍वरको दृष्टिमा, केही हजार वर्षको अन्तरालपछि मात्र, अनि उहाँको कामको स्थान र कार्यक्रममा परिवर्तन गरेर उहाँले अनुग्रहको युगको कामलाई निरन्तरता दिँदै हुनुहुन्छ। तापनि, आजको काममा देहको शरीरले लिएको स्वरूप येशूभन्दा बिलकुलै फरक देखिन्छ, ती एउटै सार र मूलबाट प्राप्‍त हुन्छन्, र ती एउटै स्रोतबाट आउँछन्। हुन सक्छ, उहाँहरूमा बाहिरबाट धेरै भिन्‍नताहरू छन्, तर उहाँहरूको कामको भित्री सत्यहरू पूर्ण रूपमा एकसमान छन्। आखिर यी युगहरू रात र दिन जस्तै फरक छन्। त्यसैले, परमेश्‍वरको कामले कसरी कुनै परिवर्तन नहुने ढाँचा पछ्याउन सक्छ र? अथवा उहाँको कामका विभिन्‍न चरणहरू कसरी एकअर्काको बाटोमा आउन सक्छन् र?

येशूले एक यहूदीको रूप लिनुभयो, यहूदीहरूको पहिरन लगाउनुभयो र यहूदीहरूको खाना खाएर हुर्कनुभयो। यो उहाँको सामान्य मानवीय पक्ष हो। तर आज देहधारी मानिसले एसियाको नागरिकको रूप लिनुहुन्छ र ठूलो रातो अजिङ्गरको देशमा हुर्कनुहुन्छ। यी कुराहरू कुनै पनि प्रकारले परमेश्‍वरको देहधारणको लक्ष्यसँग बाझ्दैनन्। बरु, ती एकअर्काको पूरक हुन्, जसले परमेश्‍वरको देहधारणको महत्त्वलाई पूर्णतामा पुर्‍याउँछन्। देहधारी मानिसलाई "मानिसका पुत्र" वा "ख्रीष्‍ट" भनेर

सम्बोधन गरिएकोले, आजका ख्रीष्टको बाहिरी भागको बारेमा येशू ख्रीष्टको जस्तै शब्दहरूमा बताउन सकिंदैन। आखिर, यस देहलाई "मानिसका पुत्र" भनिन्छ र यो देह दैहिक शरीरको प्रतिरूपमा हुनुहुन्छ। परमेश्वरको कामको प्रत्येक चरणमा धेरै गहन अर्थ हुन्छ। येशू पवित्र आत्माद्वारा गर्भमा आउनुभएको कारण के थियो भने उहाँले पापीहरूलाई छुटकारा दिनुपर्ने थियो। उहाँ पापरहित हुनुपर्थ्यो। तर अन्त्यमा जब उहाँलाई पापपूर्ण देह समान हुन कर लगाइयो र उहाँले पापीहरूको पाप लिनुभयो, तब मात्र उहाँले उनीहरूलाई श्रापित क्रूसबाट बचाउनुभयो, जुन क्रूसद्वारा परमेश्वरले मानवजातिलाई सजाय दिनुभयो। (क्रूस भनेको मानवजातिलाई सराप र सजाय दिने परमेश्वरको साधन हो; जब-जब सराप र सजायको उल्लेख गरिन्छ, त्यो विशेष गरी पापीहरूको सन्दर्भमा हुन्छ।) त्यसको लक्ष्य सबै पापीहरूलाई पश्चात्ताप गर्न लाउनु थियो, अनि क्रूसीकरणको माध्यमबाट उनीहरूलाई आफ्ना पापहरू स्वीकार गर्न लाउनु थियो। अर्थात्, सारा मानवजातिको उद्धार गर्नका लागि परमेश्वर देहको शरीरमा देहधारी हुनुभयो जुन देह पवित्र आत्माद्वारा गर्भमा आउनुभएको थियो र उहाँ आफैले सम्पूर्ण मानवजातिका पापहरू बोक्नुभयो। यसलाई दैनिक भाषामा वर्णन गर्नुपर्दा, उहाँले सबै पापीहरूको सट्टामा देहको एक पवित्र शरीर चढाउनुभयो, र यो कुरा शैतानबाट त्यसले कुल्चेका सारा निर्दोष मानवजातिलाई लिन र तिनीहरूलाई परमेश्वरकहाँ फर्काउन "बिन्ती" गर्नको लागि येशूलई "पापबलि" को रूमा शैतानको अगाडि राख्नु जस्तै हो। त्यसकारण, छुटकाराको कामको यो चरण पूरा गर्न पवित्र आत्माद्वारा गर्भधारण हुनु आवश्यक थियो। यो एउटा आवश्यक सर्त थियो, परमेश्वर पिता र शैतानबीचको लडाइँमा यो एउटा "शान्ति सम्झौता" थियो। यसैले येशूलाई शैतानको हातमा सुम्पिएपछि मात्र कामको यो चरण समाप्त भएको थियो। तापनि, परमेश्वरको छुटकाराको कामले आज पहिलेकोभन्दा अतुलनीय मात्राको भव्यता हासिल गरेको छ, र शैतानका निम्ति अझ अरू मागहरू गर्ने कुनै बहाना छैन, त्यसैले अब देहधारण गर्नका निम्ति परमेश्वरलाई पवित्र आत्माद्वारा गर्भमा आउनु आवश्यक छैन। परमेश्वर अन्तर्निहित रूपमा पवित्र र निर्दोष हुनुहुन्छ, यस देहधारणमा परमेश्वर अब अनुग्रहको युगका येशू हुनुहुन्न। तापनि, उहाँ अझै पनि पिता परमेश्वरको इच्छाका लागि र पिता परमेश्वरका चाहनाहरू पूरा गर्नका लागि अझै देहधारण गर्दै हुनुहुन्छ। यो निश्चय पनि काम-कुराहरू व्याख्या गर्ने एक अनुचित तरिका होइन? के परमेश्वरको देहधारणले तोकिएका नियमहरू पालना गर्नुपर्छ?

धेरै मानिसहरू परमेश्वरको देहधारणको बारेमा अगमवाणी पाउने आशा गर्दै प्रमाणहरू खोज्नको लागि बाइबल हेर्छन्। परमेश्वरले धेरै अघि नै बाइबलमा "काम गर्न" छोडिसक्नुभएको छ अनि उहाँले धेरै अघि योजना गर्नुभएको कामलाई जोस र रुचिसहित अघि बढाउन त्यसका सीमाहरूभन्दा पर "फड्को मारिसक्नुभएको" छ, तर त्यस विषयमा मानिसलाई कहिल्यै बताउनुभएको छैन, कसरी यस कामको बारेमा मानिसले उसको भ्रमित र अस्तव्यस्त विचारद्वारा जान्न सक्छ? मानिसहरूमा समझको धेरै अभाव छ। परमेश्वरको स्वभावको थोरै स्वाद पाएपछि, उनीहरू एउटा मञ्चमा चढ्छन् र उच्चस्तरीय "ह्वीलचेयर" मा बसेर आरामसाथ परमेश्वरको काम निरीक्षण गर्छन्, यहाँसम्म कि उनीहरू सूर्यमुनिका सबै कुराको बारेमा ठुल्ठूला र अप्रासंगिक कुराहरू गरेर परमेश्वरको बारेमा शिक्षा दिनसमेत सुरु गर्छन्। धेरै जना "बुढो मान्छे" हरूले पढ्ने चस्मा लाएर आफ्नो दाह्री

सुम्सुमाउँदै, उनीहरूका "पुरानो पञ्चाङ्ग" (बाइबल) का पहेंला पृष्ठहरू खोल्छन्, जुन उनीहरूले जीवनभरि पढिरहेका हुन्छन्। गुनगुनाएका शब्दहरूमा र आत्मासँग चम्केका जस्ता आँखाहरू लिएर, उसले कहिले प्रकाशको पुस्तक, कहिले दानिएलको पुस्तक, र कहिले यशैयाको पुस्तक खोल्छ, जुन सबैले राम्ररी जानेकै हुन्छन्। अति ससाना शब्दहरू बाक्लो गरी भरिएका एकपछि अर्को पृष्ठ हेर्दै, उसले चुपचाप पढ्छ, उसको दिमाग निरन्तर खल्बलिरहन्छ। अचानक दाह्री मुसारिरहेको हात रोकिन्छ र दाह्री तान्न थाल्छ। बेलाबेलामा दाह्रीको रौं चुँडिंदै गरेको आवाज सुनिन्छ। यस्तो अनौठो व्यवहार देख्दा अचम्म लाग्छ। "त्यस्तो शक्ति किन प्रयोग गर्ने? ऊ कुन कुराका लागि त्यति पागल छ?" एकचोटि फेरि त्यस बुढो मान्छेलाई हेर्दा हामी उसका आँखीभौंहरू ठाडो भएका देख्छौं। त्यस बुढो मान्छेले आफ्ना आँखाहरू ढुसी लागेका जस्ता ती पृष्ठहरूमा टाँसिराख्दा, हाँसको प्वाँख झरेजस्तै उसका पलकबाट सेता आँखीभौंका रौंहरू, मानौं संयोगले तर पनि एकदमै राम्रोसँग, ठीक दुई सेन्टिमिटर तल खसेका छन्। धेरैचोटि त्यही पृष्ठ पढेपछि ऊ नउफ्री रहन सक्दैन र कसैसँग तुच्छ कुरा[३] गरेजस्तै फतफताउन थाल्छ, तापनि उसको आँखाबाट निस्केको मन्द चमकले पञ्चाङ्ग छोडेको छैन। अचानक उसले खोलिराखेको पृष्ठ छोप्छ र "अर्को संसार" तिर पल्टाउँछ। उसका चालहरू यति हतारिएका[४] र डरलाग्दा छन् कि प्रायः त्यसले मानिसहरूलाई नै तर्साउँछ। भर्खरै, आफ्नो प्वालबाट निस्केको मुसो त्यो मान्छे चुप लागी बसेको बेलामा स्वतन्त्रताका साथ घुम्न ढुक्क महसुस गर्न थालेको बेला, उसको अप्रत्याशित चालहरूद्वारा यति आतङ्कित बन्छ कि यो तुरुन्तै प्वालभित्र पस्छ, र धुवाँको डल्लाजस्तै त्यसभित्र बिलाउँछ, फेरि कहिल्यै देखा पर्दैन। अनि अब केही बेरका निम्ति रोकिएको बुढो मान्छेको देब्रे हातले माथि-तल, माथि-तल गर्दै फेरि दाह्री मुसार्न थाल्छ। ऊ त्यो पुस्तक डेस्कमा नै छोडेर आफ्नो आसनबाट उठ्छ। ढोकाको चिरा र खुला झ्यालबाट बतास भित्र आउँछ र वहँदै निर्दयतापूर्वक पुस्तकलाई बन्द गर्छ, र फेरि खोल्छ। त्यस दृश्यमा एउटा वर्णन गर्न नसकिने उदासी छ, अनि बतासले पुस्तकका पन्नाहरू पल्टाएको आवाजबाहेक सारा सृष्टि नै मौन भएको जस्तो देखिन्छ। उसले पछिल्तिर हात बाँधेर कोठामा बिस्तारै अघि-पछि हिंड्छ, कहिले रोकिन्छ, कहिले सुरु गर्छ, बेला-बेलामा हुन सक्दैन भन्ने भावमा आफ्नो टाउको हल्लाउँछ, र उसको मुखले यी शब्दहरू बारम्बार दोहोऱ्याएको जस्तो देखिन्छ, "ओह! परमेश्‍वर! के तपाईं साँच्चै त्यसो गर्नुहुन्छ?" बेला-बेलामा उसले हो भन्ने भावमा टाउको हल्लाउँदै यसो पनि भन्छ, "हे परमेश्‍वर! तपाईंको कामलाई कसले बुझ्न सक्छ र? के तपाईंको पाइलाका छापहरू खोज्न कठिन छैन र? म विश्‍वास गर्छु, तपाईंले कुनै असल कारणबिना समस्या उत्पन्न गर्ने कार्य गर्नुहुन्न।" हाल, त्यस बुढो मान्छेले आफ्ना आँखीभौंहरू कसिलोसँग खुम्च्याउँछ र उसका आँखाहरू बन्द गर्छ, केही असजिलो मानेको र अति नै ठूलो पीडा भएको भाव देखाउँछ, मानौं उसले सुस्त र जानाजानी अनुमान गर्न आँटेको छ। बिचरा बुढो मान्छे! आफ्नो सम्पूर्ण जीवन जिइसकेपछि

३. "तुच्छ कुरा" मानिसहरूले परमेश्‍वरको कामको निरीक्षण गर्दा देखिने उनीहरूका कुरूप अनुहारका लागि एउटा उपमा हो।

४. "हतारिएका" ले त्यस "बूढो मान्छे" ले बाइबल हेर्ने बेला देखाउने उत्सुक, हडबड चाललाई बुझाउँदछ।

"दुर्भाग्यवश" यति ढिलो गरी त्यो दिन यो विषय आयो। यसको बारेमा के गर्न सकिन्छ र? म पनि अन्योल र शक्तिहीन छु। कसले उसको पुरानो पञ्चाङ्गलाई उमेरसितै पहेंलो बनायो? कसले उसको दाह्री र आँखीभौंलाई, उसको अनुहारको विभिन्न भागलाई निष्ठुरतापूर्वक सेतो हिउँले ढाकिदियो? यस्तो लाग्छ, उसका दाह्रीका रौंहरूले उसको वरिष्ठतालाई प्रतिनिधित्व गर्छन्। तर मानिस यति हदसम्म मूर्ख भएर ऊ पुरानो पञ्चाङ्गमा परमेश्वरको उपस्थिति खोज्न जान्छ भनेर कसलाई थाहा थियो र? एउटा पुरानो पञ्चाङ्गमा कागजका कतिवटा पानाहरू हुन सक्छन्? के यसले परमेश्वरका सबै कार्यहरूलाई ठीक रूपमा उल्लेख गर्न सक्छ? कसले त्यसको प्रत्याभूति दिने आँट गर्छ? मानिसले वास्तवमा शब्दहरू व्याख्या गर्ने र कपालहरू चिरा पार्ने[५] कार्य गरेर परमेश्वरको उपस्थिति खोजी गर्ने र परमेश्वरको इच्छा बुझ्ने कुरा सोच्छ, र त्यसो गरेर जीवनमा प्रवेश गर्ने कुरा सोच्छ। के यसरी जीवनमा प्रवेश गर्ने कोसिस गर्नु मुखले भनेजस्तै सजिलो छ र? के यो सबैभन्दा हास्यास्पद, अमिल्दो किसिमको झुटो तर्क होइन र? के तैँले यो हाँसोलाग्दो पाउँदैनस् र?

## काम र प्रवेश (७)

मानिसलाई आत्मिक जीवनको आपूर्ति र परमेश्वरलाई चिन्ने कार्यको अनुभवको मात्र होइन, तर अझै महत्त्वपूर्ण कुरा, उसको स्वभावको परिवर्तनको कमी भएको छ भन्ने कुरा बुझ्न उसलाई आजको दिनसम्मको समय लागेको छ। मानिस उसको आफ्नै जातिको इतिहास र प्राचीन संस्कृतिको विषयमा पूर्ण अनजान भएको कारण यो भएको छ, त्यसको परिणाम स्वरूप मानिसले परमेश्वरको कामको बारेमा केही पनि जान्दैन। मानिस उसको हृदयको गहिराइमा परमेश्वरसँग गाँसिन सकोस् भन्ने सबै मानिसको हुन्छ, तर मानिसको देह अति नै भ्रष्ट भएकोले चेतनाशून्य र बोधो दुवै छ, यसले उसलाई परमेश्वरको बारेमा केही पनि जान्न नसक्ने बनाएको छ। आज मानिसको बीचमा आउने क्रममा, परमेश्वरको उद्देश्य भनेको मानिसहरूका विचार र आत्मालाई परिवर्तन गर्नु हो, साथै लाखौँ वर्षदेखि उनीहरूको हृदयमा रहेको परमेश्वरको रूपलाई परिवर्तन गर्नु हो। उहाँले मानिसलाई सिद्ध बनाउनको लागि यो मौका लिनुहुनेछ। अर्थात्, उहाँले मानिसको ज्ञानद्वारा, मानिसहरूले उहाँलाई चिन्ने तरिका र उहाँप्रति उनीहरूको दृष्टिकोणलाई परिवर्तन गर्नुहुन्छ, यसरी मानिसलाई परमेश्वरलाई चिन्ने एउटा नयाँ विजयी सुरुआत गर्न, र मानवीय आत्माको नवीकरण र रूपान्तरण हासिल गर्न सक्षम बनाउनुहुन्छ। निराकरण गर्नु र अनुशासनमा राख्नु नै साधनहरू हुन् भने, विजय र नवीकरण गर्नु यसका लक्ष्यहरू हुन्। मानिसहरूमा भएको अस्पष्ट परमेश्वर सम्बन्धी अन्धविश्वासी विचारहरू हटाउनु परमेश्वरको सधैँभरिको अभिप्राय रहेको छ, र हालै यो उहाँले गर्नुपर्ने अत्यन्त जरुरी कार्य पनि भएको छ। यस स्थितिलाई विचार गर्न सबै

५. "शब्दहरू व्याख्या गर्ने र कपालहरू चिरा पार्ने" भ्रममा परेका विशेषज्ञहरूको गिल्ला गर्न प्रयोग गरिन्छ, जसले शब्दहरूलाई लिएर कपाललाई चिरा पर्छन्, तर सत्यको खोजी गर्दैनन् वा पवित्र आत्माको कामबारे जान्दैनन्।

मानिसहरूले दीर्घकालीन दृष्टिकोण राख्न सकून्। प्रत्येक व्यक्तिले अनुभव गर्ने तरिका परिवर्तन होस्, यसैले कि परमेश्‍वरको यो जरुरी अभिप्राय चाँडै सफल होस् र परमेश्‍वरको पृथ्वीको कामको अन्तिम चरण पूर्णतया सम्पन्‍न हुन सकोस्। तिमीहरूले परमेश्‍वरलाई जुन निष्ठा दिनु उचित छ त्यो उहाँलाई देओ, अन्तिम चोटि परमेश्‍वरको हृदयलाई सान्त्वना देओ। भाइ-बहिनीहरूको माझमा कोही पनि यो जिम्मेवारीबाट पछि हट्नु, वा झारा टार्ने काम गरेको बहाना गर्नु हुँदैन। यस पटक परमेश्‍वर निमन्त्रणाको प्रतिक्रिया दिँदै, र मानिसको अवस्थाको प्रतिक्रिया स्वरूप देहमा आउनुहुन्छ। अर्थात्, उहाँ मानिसलाई जुन कुराको आवश्यक छ त्यो प्रदान गर्न आउनुहुन्छ। मानिसको योग्यता वा प्रकार जे-जस्तो भए पनि, संक्षेपमा उहाँले उसलाई परमेश्‍वरको वचन देख्‍न र उहाँको वचनबाट परमेश्‍वरको अस्तित्व र प्रकटीकरण भएको देख्‍न र ऊबाट परमेश्‍वरले चाहनुभएको सिद्‌धतालाई स्वीकार गर्न सक्ने बनाउनुहुन्छ, मानिसका विचार र धारणालाई परिवर्तन गर्नुहुन्छ, यसैले कि मानिसको हृदयको गहिराइमा परमेश्‍वरको मूल अनुहार दृढतापूर्वक गढेर बसोस्। पृथ्वीमा परमेश्‍वरको एक मात्र इच्छा यही हो। मानिसको जन्मजात प्रकृति जति नै महान् भए पनि, वा मानिसको गुण जति नै नराम्रो भए पनि वा विगतमा मानिसको व्यवहार वास्तवमा जस्तोसुकै भए भने पनि, परमेश्‍वरले यी कुरामा कुनै ध्यान दिनुहुन्‍न। मानिसले आफ्नो भित्री हृदयमा रहेको परमेश्‍वरको स्वरूपलाई नयाँ बनाओस् र मानवजातिको सार बुझ्न सकोस्, र त्यसद्‌वारा मानिसको वैचारिक दृष्टिकोण रूपान्तरण होस् र अन्तस्करणबाट परमेश्‍वरको चाहना गर्न सकोस् र उहाँसँगको एक अनन्त सम्बन्ध जागृत होस् भन्‍ने मात्रै उहाँ चाहनुहुन्छ: परमेश्‍वरले मानिससँग गर्नुभएको एउटा माग यही हो।

धेरै हजार वर्षसम्म फैलिएको प्राचीन संस्कृति र इतिहासको ज्ञानले मानिसको सोच र धारणालाई साथै उसको मानसिक दृष्टिकोणलाई यति कसिलोसँग बन्द गरिदिएको छ कि तिनीहरूलाई अप्रभावित र गैरजैविक रूपमा विखण्डनीय[१] बनाइएको छ। मानिसहरू नरकको अठारौं चक्रमा बस्छन्, जहाँ उनीहरूलाई परमेश्‍वरले कालकोठरीमा हालिदिनुभएझैं, उज्यालो कहिल्यै देख्‍न सकिँदैन। सामन्ती सोचले मानिसहरूलाई यति दमन गरेको छ कि उनीहरूलाई सास फेर्न मुश्किल परेको छ र निस्सासिरहेका छन्। तिनीहरूसँग विरोध गर्ने अलिकति पनि शक्ति छैन; तिनीहरूले चुपचाप सहन मात्र सक्छन्...। धार्मिकता र न्यायका लागि संघर्ष गर्न वा खडा हुने हिम्मत कहिल्यै कसैले गरेको छैन; मानिसहरू दिनदिनै र हरेक वर्ष सामन्ती प्रहार र दुर्व्यवहारमुनि पशुको भन्दा नराम्रो जीवन मात्र जिउँछन्। तिनीहरूले मानव संसारमा खुसी पाउन परमेश्‍वरलाई खोज्नुपर्छ भनी कहिल्यै सोचेका छैनन्। यस्तो लाग्छ, कि मानिसहरू यतिसम्म पिटिएका छन् कि तिनीहरू शरदमा झरेका पातहरूझैं सुकिसकेका, खरिएका र पहेंलो-खैरो भएका छन्। मानिसहरूले आफ्नो स्मरण शक्ति गुमाएको धेरै भइसकेको छ; तिनीहरू असहाय बनेर त्यो नरकमा बस्छन् जसलाई मानव संसार भनिन्छ, त्यहाँ त्यस अन्तिम दिनको आगमन पर्खिरहेका छन् जहाँ तिनीहरू यस नरक

१. “गैरजैविक रूपमा विखण्डनीय” यो यहाँ व्यङ्ग्यको रूपमा छ, जसको अर्थ मानिसहरू तिनीहरूको ज्ञान, संस्कृति र आध्यात्मिक दृष्टिकोणमा कठोर हुन्छन् भन्‍ने हो।

सँगसँगै नष्ट हुन्छन्, मानौं तिनीहरूले चाहना गरेका त्यो अन्तिम दिन त्यो दिन हो जब मानिसले आरामदायी शान्ति पाउँछ। सामन्ती नैतिकताहरूले मानिसको जीवनलाई “पाताल” मा लगिसकेको छ, जसले मानिसको प्रतिरोध गर्ने क्षमतालाई अझ कमजोर बनाएको छ। सबै प्रकारका उत्पीडनले मानिसलाई एकपछि अर्को चरण गरी धकेल्दै, पातालको गहिराइमा खसाल्छ, परमेश्‍वरबाट झन्-झन् टाढा बनाउँछ, आजको दिनसम्म ऊ परमेश्‍वरप्रति पूर्ण अपरिचित भएको छ र उहाँलाई भेट्दा तिनीहरू उम्कने हतार गर्दछन्। मानिसले उहाँलाई ध्यान दिँदैन र उहाँलाई एकलै उभिनका निम्ति छोडिदिन्छ, मानौं मानिसले कहिल्यै उहाँलाई चिनेको छैन, उहाँलाई अघि कहिल्यै देखेको छैन। तापनि परमेश्‍वरले मानव जीवनको लामो यात्राभरि मानिसलाई पर्खिरहनुभएको छ, उहाँको रोक्न नसकिने क्रोध कहिल्यै ऊमाथि पोखाउनुभएको छैन, मानिसले पश्‍चात्ताप गरी नयाँ सुरुवात गरोस् भनी एक शब्द पनि नबोली चुपचाप पर्खनुहुन्छ। मानिससँग मानव संसारको दुःखमा सहभागी हुन परमेश्‍वर धेरै अघि नै मानव संसारमा आउनुभयो। उहाँ मानिसको साथमा बस्नुभएका सारा वर्षहरूमा कसैले पनि उहाँको अस्तित्वलाई पत्ता लगाएको छैन। परमेश्‍वरले व्यक्तिगत रूपमा ल्याउनुभएको काम पूरा गर्ने क्रममा उहाँले मानव संसारको अन्यायपूर्ण दुःखलाई चुपचाप सहनु मात्र हुन्छ। उहाँले परमेश्‍वर पिताको इच्छा र मानव जातिको आवश्यकताका खातिर मानिसले अघि कहिल्यै अनुभव नगरेका दुःखहरू धीरजसाथ निरन्तर भोगिरहनुहुन्छ। मानिसको उपस्थितिमा उहाँले चुपचाप उसलाई पर्खनुभयो, र मानिसको उपस्थितिमा उहाँले पिता परमेश्‍वरको इच्छाको खातिर र मानव जातिको आवश्यकताका लागि आफैलाई नम्र तुल्याउनुभयो। प्राचीन संस्कृतिको ज्ञानले मानिसलाई अन्धविश्‍वासपूर्ण रूपमा परमेश्‍वरको उपस्थितिबाट चोरेर लगेको छ र उसलाई शैतानहरूका राजा र त्यसका सन्तानको हातमा सुम्पिदिएको छ। चार पुस्तक र पञ्चोत्कृष्ट पुस्तकहरू[क] ले मानिसका सोच र धारणाहरूलाई विद्रोहको अर्को युगतिर लगेको छ, जसले उसलाई त्यो पुस्तक/उत्कृष्ट दस्तावेज सङ्कलन गर्नेहरूलाई पहिलेको तुलनामा अझ बढी प्रशंसा दिने बनाउँछ, र यसको फलस्वरूप उसले परमेश्‍वर सम्बन्धी आफ्नो धारणालाई अझ बढी खराब बनाउँछ। मानिसले थाहा नपाई, शैतानहरूको राजाले क्रूर बन्दै उसको हृदयबाट परमेश्‍वरलाई निकाल्छ र त्यो ठाउँमा आफै बस्दै विजय बनेकोमा हर्षित हुन्छ। त्यस समयदेखि नै, मानिस दुष्ट र घिनलाग्दो आत्माको अधीनमा छ र ऊसित शैतानहरूको राजाको अनुहार छ। परमेश्‍वरप्रतिको घृणाले उसको छाती भरिन्छ, र शैतानहरूको राजाको खराब दुर्भावना मानिसहरूभित्र तबसम्म दिनदिनै फैलिन्छ जबसम्म ऊ पूर्ण रूपमा नष्ट हुँदैन। मानिससँग अलिकति पनि स्वतन्त्रता थिएन र शैतानहरूको राजाको कष्टबाट स्वतन्त्र हुने कुनै उपाय थिएन। त्यही ठाउँमा कैदीको रूपमा लगिनु, आत्मसमर्पण गर्नु र त्यसको उपस्थितिमा समर्पण हुनुबाहेक ऊसँग अरू विकल्प थिएन। धेरै पहिले, जब मानिसको हृदय र आत्मा त्यसको शैशवकालमा नै थियो, तब शैतानहरूको राजाले त्यसमा नास्तिकताको रोगको बीउ रोप्यो र उसलाई “विज्ञान र प्रविधि अध्ययन गर; चार आधुनिकीकरण महसुस गर; संसारमा परमेश्‍वर भन्ने कुनै कुरा छैन” भन्ने झुटहरू सिकायो। त्यति मात्र होइन, यो हरेक मौकामा

क. चार पुस्तक र पञ्चोत्कृष्ट पुस्तकहरू चीन देशको कन्फ्युसियस धर्मको आधिकारिक पुस्तकहरू हुन्।

यसो भन्दै चिच्याउँछ: “एउटा सुन्दर जन्मभूमि निर्माण गर्न हामी आफ्नो मेहनती परिश्रममा भरोसा गरौं,” र प्रत्येक व्यक्तिलाई बाल्यकालदेखि नै आफ्नो देशलाई विश्वासयोग्य सेवा प्रदान गर्न तयार हुनुपर्छ भन्छ। मानिसलाई अनजानमा त्यसको उपस्थितिमा ल्याइयो, जहाँ यसले कुनै सङ्कोच नमानिकन अहङ्कारका साथ सबै श्रेय आफैले लियो (अर्थात्, सबै मानव जातिलाई उहाँकै हातमा राख्ने परमेश्‍वरको श्रेयलाई)। त्यसमा कहिल्यै पनि शर्मको कुनै अनुभूति थिएन। यसबाहेक, यसले लाजै नमानी परमेश्‍वरका मानिसहरूलाई समात्यो र तानेर फेरि आफ्नो घरमा ल्यायो, जहाँ यो मुसोझैं टेबलमा उफ्रियो र त्यसलाई परमेश्‍वरको रूपमा पूजा गर्न मानिसलाई लगायो। कस्तो निराशलाग्दो कुरा! यसले विवादास्पद र स्तब्ध पार्ने कुराहरू चिच्याउँदै भन्छ, जस्तै: “संसारमा परमेश्‍वर भन्ने कुनै कुरा छैन। बतास प्राकृतिक नियमअनुसार रूपान्तरणबाट आउँछ; वर्षा तब हुन्छ जब पानी बाफ बनेर चिसो तापक्रमसँग मिल्छ, बाक्ला थोपाहरू बन्छ अनि जमिनमा झर्छ; भूकम्प भनेको भूगर्भीय परिवर्तनको कारण पृथ्वीको सतह हल्लिनु हो; खडेरीचाहिँ सूर्यको सतहमा न्यूक्लियोनिक विघटन हुँदा हावामा सुक्खापन हुने भएकोले गर्दा हुन्छ। यी प्राकृतिक घटनाहरू हुन्। यी सबै थोकमा, के परमेश्‍वरको काम छ र?” यस्ता व्यक्तिहरू पनि छन् जो निम्न कुराहरू भन्दै कराइरहेका हुन्छन्, त्यस्ता भनाइहरू जसलाई समर्थन गर्नु हुँदैन: “मानिस विगतमा बाँदरबाट विकसित भएको थियो, र आज संसार करिब लामो युगभन्दा पहिलेदेखि सुरु भएको आदिम समाजहरूको उत्तराधिकारबाट आएको हो। कुनै देश फस्टाउँछ कि पतन हुन्छ भन्ने कुरा रूपमा त्यसको जनताको हातमा हुन्छ।” पृष्ठभूमिमा, यसले मानिसलाई त्यसलाई भित्तामा झुण्ड्याउने वा टेबलमा राखेर श्रद्धाञ्जली दिने र त्यसलाई भेटी चढाउने बनाउँछ। यसको साथसाथै यो यसो भन्दै कराउँछ, “परमेश्‍वर हुनुहुन्न,” यसले आफैलाई परमेश्‍वरजस्तो उच्च बनाउँछ, परमेश्‍वरको स्थानमा उभिएर र राजाको भूमिकालाई ग्रहण गर्दै अन्त्यमा अभद्रतासाथ परमेश्‍वरलाई पृथ्वीको सिमानाबाट बाहिर धकेल्छ। कति नराम्रो घतले विवेक गुमाएको! यसले एक व्यक्तिलाई त्यसलाई अत्यन्तै घृणा गर्ने बनाउँछ। यस्तो देखिन्छ कि परमेश्‍वर र यो शपथ लिइएका शत्रुहरू हुन्, र ती दुई सँगसँगै रहन सक्दैनन्। यसले व्यवस्थाले नभेट्ने ठाउँमा स्वतन्त्र रूपले घुम्दै[२] परमेश्‍वरलाई बाहिर लखेट्ने योजना बनाउँछ। यो शैतानहरूको कस्तो राजा हो! यसको अस्तित्वलाई कसरी सहन सकिन्छ? जबसम्म यसले परमेश्‍वरको कामलाई नाश पार्दैन र सबैलाई पूरै लथालिङ्ग[३] बनाउँदैन तबसम्म यसले विश्राम गर्दैन, मानौं यसले माछा नगरुञ्जेल या त जाल नफाटुञ्जेल अन्त्यसम्मै कडा विरोध गर्न चाहन्छ, जानी-जानी आफैलाई परमेश्‍वरको विरोधमा राख्छ र झन्-झन् नजिकतिर बढ्छ। त्यसको घृणित अनुहार लामो समयदेखि पूर्ण रूपमा उदाङ्गो भएको छ, अब त्यो चोट लागेको र कुटपिट गरिएको[४] छ र दुःखत स्थितिमा छ, तैपनि परमेश्‍वरप्रतिको आफ्नो घृणामा यो

२. “व्यवस्थाले नभेट्ने ठाउँमा स्वतन्त्र रूपले घुम्दै” ले शैतान रिसले बौलाएर अनियन्त्रित भई दौडिन्छ भन्ने सङ्केत गर्दछ।

३. “पूरै लथालिङ्ग” ले शैतानको हिंस्रक व्यवहार हेर्नु पनि असहनीय हुन्छ भनी सङ्केत गर्दछ।

४. “चोट लागेको र कुटपिट गरिएको” भनेको शैतानको राजाको कुरूप अनुहार हो।

अझै नरम हुँदैन, मानौं परमेश्‍वरलाई एक गाँसमा खाएपछि मात्र त्यसको हृदयको घृणालाई त्यसले कम गर्न सक्छ। हामी कसरी यसलाई सहन सक्छौं, यो परमेश्‍वरको शत्रुलाई! केवल यसलाई समाप्त गरेर अनि पूर्ण नाश पारेर मात्र हाम्रो जीवनको इच्छा सफल हुनेछ। त्यसलाई जताततै त्यसरी दगुरिहिँड्ने अनुमति कसरी दिन सकिन्छ? यसले मानिसलाई यति भ्रष्ट पारेको छ कि मानिसले स्वर्ग-सूर्यलाई जान्दैन, र ऊ मृत्यु-अन्त र भावहीन भएको छ। मानिसले सामान्य मानव-तर्क हराएको छ। भविष्यका सबै चिन्ताहरू हटाउनका लागि यसलाई नाश गर्न र जलाउन र परमेश्‍वरको कार्यलाई चाँडै अभूतपूर्व महिमामा पुग्न दिनका निम्ति हाम्रो सम्पूर्ण अस्तित्व नै किन समर्पण नगर्ने? बदमासहरूको यो गिरोह मानिसहरूको संसारमा आयो र यसलाई उत्पातमा पुर्‍यायो। गोप्य रूपमा धकेलेर उनीहरूलाई टुक्रा-टुक्रा पारी तिनीहरूको लास खानलाई गोप्यमा योजना बनाउँदै तिनीहरूले सारा मानवजातिलाई भीरको टुप्पामा ल्याएका छन्। तिनीहरू परमेश्‍वरको योजना तोड्ने र उहाँसँग खेलमा प्रवेश गरी एउटै दाउमा सबै जित्ने[५] व्यर्थको आशा गर्छन्। त्यो कुनै पनि हालतमा सजिलो छैन! आखिर दियाबलसहरूको राजाको लागि नै क्रूस तयार पारिएको छ, जो सबैभन्दा जघन्य अपराधको दोषी छ। परमेश्‍वर क्रूसको स्वामित्वमा हुनुहुन्‍न। उहाँले पहिले नै यसलाई दियाबलसको लागि टाढा पन्साई सक्नुभएको छ। परमेश्‍वर धेरै समय अगाडि नै विजयी हुनुभएको छ, र मानव जातिको पापको लागि उप्रान्त दु:ख महसुस गर्नुहुन्‍न, तर सबै मानवजातिको लागि उद्धार ल्याउनुहुनेछ।

माथिदेखि तलसम्म र सुरुदेखि अन्तसम्म, शैतानले परमेश्‍वरको कार्यलाई बाधा दिइरहेको छ र उहाँको विरुद्धमा कार्य गर्दै आएको छ। "पुरातन सांस्कृतिक सम्पदा," बहुमूल्य "पुरातन संस्कृतिको ज्ञान," "ताओवाद र कन्फ्युसियसवादको शिक्षा," र "कन्फ्युसियसवादका उत्कृष्ट लेखहरू र सामन्ती संस्कार," यी सबै कुराले मानिसलाई नरकमा लगेको छ। उन्‍नत आधुनिक विज्ञान र प्रविधि, साथै उच्च विकसित उद्योग, कृषि, र व्यवसाय हराएर गएको छ। बरु, यसले परमेश्‍वरको कार्यलाई जानाजानी बिथोल्न, विरोध गर्न र ध्वस्त पार्नका लागि पुरानो समयका "बाँदरहरू" ले फैलाएको सामन्ती संस्कारलाई जोड दिने बाहेक केही पनि गर्दैन। यसले आजको दिनसम्म मानिसलाई कष्ट दिइरहेको मात्र छैन, तर यसले मानिसलाई पूरै निल्न[६] पनि चाहन्छ। सामन्तवादको नीति शास्त्र र नैतिक शिक्षाको प्रचार-प्रसार र प्राचीन संस्कृतिको ज्ञानको अस्तित्वले मानवतालाई ठूला र साना दियाबलसहरूमा परिणत गर्दै लामो समयदेखि सङ्क्रमित गर्दै आएको छ। खुसीसाथ परमेश्‍वरलाई ग्रहण गर्नेहरू थोरै छन्, खुशीसाथ उहाँको आगमनलाई स्वागत गर्नेहरू थोरै छन्। सम्पूर्ण मानवताको अनुहार हत्या गर्ने अभिप्रायले भरिएको छ, र सबै ठाउँमा, हत्या गर्ने सास हावामा फैलिन्छ। तिनीहरूले यस भूमिबाट परमेश्‍वरलाई निकाल्ने प्रयास गरिरहेका छन्; हातमा छुरी र तरबारहरू लिएर तिनीहरू परमेश्‍वरको "विनाश" गर्ने युद्धको लागि तयारी गर्दछन्।

---

५. "एउटै दाउमा सबै जित्ने" भनेको अन्तमा जित्ने आशामा आफ्नो सबै पैसा एकल सर्तमा राख्नु हो। यो शैतानको भयावह र नराम्रा योजनाहरूका लागि एउटा उपमा हो। यो वाक्यांश खिसी गर्नका निम्ति प्रयोग गरिन्छ।

६. "निल्न" ले दियाबलसहरूको राजाको क्रूर व्यवहारलाई जनाउँछ, जसले मानिसहरूलाई सम्पूर्ण रूपमा मोहित गर्दछ।

मानिसलाई परमेश्‍वर हुनुहुन्‍न भनी निरन्तर सिकाइने शैतानको यस देशभरि, मूर्तिहरू फैलिएको छ, र माथिको हावामा जलेको कागज र धूपको वाकवाक लाग्ने दुर्गन्ध व्याप्त भएकोले, त्यो निस्सासिदिने किसिमको बाक्लो छ। यो फोहोरको दुर्गन्धजस्तै हो जुन विषालु सर्पको गुँडुल्क्याईले फैलिएर आउँछ, यतिसम्म कि बान्ता रोक्न समेत सकिँदैन। यसबाहेक, दुष्ट भूतहरूले धर्मशास्त्रका वचनहरूको कीर्तन गरेको आवाज सुन्‍न सकिन्छ, यस्तो आवाज जुन टाढा नरकबाट आइरहेको छ जस्तो लाग्छ, यतिसम्म कि थरथर नकाँपी रहन सकिँदैन। यस देशका जताततै इन्द्रेनीका सबै रङ्गका मूर्तिहरू राखिएका छन् र भूमिलाई कामुक आनन्दको संसारमा परिणत गरिएको छ, जबकी दियाबलसहरूका राजा मूर्खतापूर्ण तरिकाले हाँस्दैछन्, मानौं यसको विनाशकारी षड्यन्त्र सफल भएको छ। यसैबीच, मानिस पूर्ण रूपमा बेपरवाह रहन्छ, र न त शैतानले उसलाई चेतनाशून्य हुने गरी भ्रष्‍ट पारेको छ र उसलाई हराएर उसको शिर झुण्ड्याइएको छ भन्‍ने कुनै अनुभूति नै उसलाई छ। त्यसले परमेश्‍वरमा भएका सबै कुरा मेटाउन र फेरि अशुद्ध पार्ने र उहाँको हत्या गर्ने इच्छा गर्छ; यसले उहाँको काम बिगार्न र त्यसमा बाधा पुर्‍याउन चाहन्छ। यसले कसरी परमेश्‍वरलाई समान दर्जाको हुन दिन्छ र? पृथ्वीमा मानिसहरू बीचको काममा परमेश्‍वरले "हस्तक्षेप" गर्नुभएको यसले कसरी सहन सक्छ? यसले कसरी परमेश्‍वरलाई त्यसको घिनलाग्दो अनुहार उदाङ्गो पार्ने अनुमति दिन सक्छ? यसले परमेश्‍वरलाई कसरी त्यसको काम लथालिङ्ग पार्ने अनुमति दिन सक्छ? क्रोधले ग्रसित यो दियाबलसले कसरी पृथ्वीमा रहेको आफ्नो शाही दरबार परमेश्‍वरलाई नियन्त्रण गर्न दिन सक्छ? कसरी यो स्वेच्छाले उहाँको उच्च पराक्रमको अगि झुक्न सक्छ? यसको घिनलाग्दो अनुहारलाई जस्ताको त्यस्तै प्रकट गरिएको छ, यसैले अब हाँस्ने कि रुने कसैलाई केही थाहा छैन, र यसको बारेमा कुरा गर्नु साँच्‍चै गाह्रो छ। के यसको सार यही होइन र? घिनलाग्दो प्राण सहितको, यसले अझै पनि आफू विश्‍वासै गर्न नसकिने गरी सुन्दर छु भनी विश्‍वास गर्छ। यो अपराधमा लागिपर्ने साथीहरूको समूह![७] हो! तिनीहरू सुख विलासमा लिप्त हुन मरणशील क्षेत्रमा ओर्लेर आउँछन् र अराजकता मच्चाउँदै होहल्ला गर्छन्, यहाँसम्म कि संसार भद्रगोल र अस्थिर ठाउँ बन्छ र मानिसको हृदय त्रास र असहजताले भरिन्छ, र तिनीहरूले मानिससँग यतिसम्म खेलबाड गरेको छ कि उसको स्वरूप मैदानको अमानवीय जनावरको जस्तो, अत्यन्त कुरूप बनेको छ, जसबाट मूल पवित्र मानिसको अन्तिम छाप समेत हराएको छ। यसबाहेक, तिनीहरूले पृथ्वीमा सार्वभौम शक्ति पनि लिन चाहन्छन्। तिनीहरूले परमेश्‍वरको कामलाई यति बाधा दिन्छन् कि त्यो एक इन्च मात्र अगाडि बढ्न पनि कठिन हुन्छ, र तिनीहरूले तामा र स्टिलको पर्खाललाई जस्तै कसिलो गरी मानिसलाई बन्द गरी राख्छन्। यति धेरै भयङ्कर पापहरू गरिसकेपछि र यति धेरै विपत्तिहरू आउन दिइसकेपछि, के तिनीहरूले अझै पनि सजाय बाहेक अरू केही कुराको आशा गरिरहेका छन्? भूतात्माहरू र दुष्टात्माहरू केही समयसम्म यस पृथ्वीमा यता-उता उन्मत्तताको साथ दौडिरहेका छन्, र परमेश्‍वरको इच्छा र अथक प्रयास दुवैलाई यति कसिलो गरी बन्द गरेका छन् कि तिनलाई छेड्न सकिँदैन। साँच्‍चै, यो मरणशील पाप हो! परमेश्‍वर चिन्तित

---

७. "अपराधमा लागिपर्ने साथीहरूको समूह" भनेको "गुन्डाहरूको दल" जस्तै हो।

नभई कसरी बस्न सक्नुहुन्छ र? परमेश्‍वर कसरी क्रोधित हुन सक्नुहुन्‍न र? तिनीहरूले परमेश्‍वरको कामलाई अत्यन्तै गम्भीर रूपमा बाधा पुर्‍याएका छन् र विरोध गरेका छन्: कति विद्रोही! ती ठूला र साना भूतात्माहरूले समेत सिंहको कुर्कुच्चोमा रहेका स्यालहरूझैँ व्यवहार गर्छन् र वर्तमानको खराब प्रवाहलाई पछ्याउँछन्, अघि बढ्दै जाँदा बाधाहरू ल्याउँछन्। सत्य जानेपछि तिनीहरूले जानी-जानी त्यसको विरोध गर्दछन्, यी विद्रोहका छोराहरू! मानौं तिनीहरूका नरकको राजा राजाको शाही सिंहासन बसेको छ, तिनीहरू अरू सबैलाई घृणाको साथ व्यवहार गर्दै आफूप्रति गर्व गर्छन् र आत्म-सन्तुष्ट बनेका छन्। तिनीहरूमध्ये कति जना सत्यताको खोजी गर्छन् र धार्मिकताको पछि लाग्छन्? तिनीहरू सबै सुँगुर र कुकुरभन्दा नीच जनावरहरू हुन्, गन्हाउने झिँगोहरूको हूलको अगुवाहरू हुन्, र तिनीहरूले आत्म-सन्तुष्ट बनी आफैलाई बधाई दिँदै टाउको हल्लाउँछन् र तिनीहरूले गोबरको थुप्रोको बीचमा सबै किसिमका समस्याहरू उत्पन्‍न गर्छन्।[८] तिनीहरूको नरकको राजा सबैभन्दा महान् राजा हुन् भन्‍ने तिनीहरू विश्‍वास गर्छन्, तिनीहरू आफैचाहिं दुर्गन्धित झिँगोहरूभन्दा बढी केही पनि होइनन् भन्‍ने तिनीहरूलाई थाहै छैन। र अझै पनि, तिनीहरूले आमाबाबुलाई परमेश्‍वरको अस्तित्वमा हानि गर्न लगाउनको निम्ति तिनीहरूका सुँगुरहरू र कुकुरहरूको शक्तिको फाइदा उठाउँछन्। अति नीच झिँगोहरूझैं, उनीहरूले आफ्ना आमाबुबालाई दाँत भएका ह्वेल माछाहरू[९] जत्तिकै ठूलो छन् भन्‍ने विश्‍वास गर्छन्। तिनीहरू आफै अति साना छन्, तिनीहरूका आमाबुबा अशुद्ध सुँगुरहरू र कुकुरहरू हुन् जो तिनीहरूभन्दा करोडौं गुणा ठूला छन् भन्‍ने बारेमा तिनीहरूलाई थाहै हुँदैन। उनीहरूको आफ्नै तुच्छताको बारेमा अनजान रहेर, तिनीहरू भावी सन्तान उत्पन्‍न गर्न अनियन्त्रित भएर दगुर्नका निम्ति सुँगुरहरू र कुकुरहरूले निकालेका सडेका दुर्गन्धहरूमा भरोसा राख्छन्, तिनीहरूलाई कुनै लाज-सर्मको बारेमा थाहा हुँदैन! तिनीहरूका ढाडमा हरियो पखेटा लिएर (यसले तिनीहरूले परमेश्‍वरमा विश्‍वास गर्छौं भनी गर्ने दाबीलाई जनाउँछ), तिनीहरू आफैले पूर्ण हुन्छन् र सबै ठाउँमा आफ्नो सुन्दरता र आकर्षणको घमण्ड गर्छन्, जबकि तिनीहरूले गोप्य रूपमा आफ्नै शरीरमा भएका अशुद्धता मानिसहरूमा फैलाउँछन्। यसको साथै, तिनीहरू आफैसँग अत्यन्त प्रसन्‍न हुन्छन्, मानौं तिनीहरूले आफ्ना अशुद्धताहरू लुकाउनका इन्द्रेनी रङ्गका पखेटाहरूको जोडी प्रयोग गर्न सक्छन्, र यस तरिकाले तिनीहरूले सत्य परमेश्‍वरको अस्तित्वमाथि अत्याचार ल्याउँछन् (यसले धार्मिक संसारको दृश्य पछाडि के हुन्छ भन्‍ने कुरालाई सङ्केत गर्दछ)। झिँगोका पखेटाहरू मन्त्रमुग्ध पार्ने सुन्दर हुन सक्‍ने भए पनि, त्यो झिँगा आफै आखिर एउटा क्षुद्र प्राणी मात्र हो, जसको पेट फोहरले भरिएको र शरीर कीटाणुहरूले ढाकेको हुन्छ भन्‍ने कुरालाई मानिसले कसरी जान्‍नेथियो? सुँगुरहरू र कुकुरहरूको बललाई तिनीहरू आमाबुबा मान्छन्, तिनीहरू देशभरि अनियन्त्रित अन्धाधुन्ध दौडन्छन् (यसले देशको सरकारको बलियो

---

८. "सबै किसिमका समस्याहरू उत्पन्‍न गर्छन्" भन्‍ने भनाइले भूतात्माग्रस्त मानिसहरूले कसरी दङ्गा मच्चाउँछन्, परमेश्‍वरको काममा बाधा पुर्‍याउँछन् र विरोध गर्छन् सो कुरालाई जनाउँछ।

९. "दाँत भएका ह्वेल माछाहरू" भन्‍ने वाक्य खिसी गर्नको लागि प्रयोग गरिन्छ। यो झिँगोहरू यति सानो हुन्छन् कि सुँगुरहरू र कुकुरहरू पनि तिनीहरूलाई ह्वेल माछाहरू जस्तै ठूलो लाग्छ भन्‍ने कुरालाई जनाउने एउटा उपमा हो।

समर्थनमा परमेश्वरको खेदो गर्ने धार्मिक अधिकारीहरूलाई सङ्केत गर्दछ, जसले परमेश्वर र सत्यको विरुद्ध विद्रोह गर्दछ), उनीहरूको क्रूरतामा कुनै सीमा हुँदैन। मानौं, यो यहूदी फरिसीहरूका प्रेतहरू परमेश्वरसँगै तिनीहरूका पुरानो गुँड, अर्थात् ठूलो रातो अजिङ्गरको देशमा फर्केर आएका छन्। तिनीहरूले हजारौं वर्ष अघिको उनीहरूको कामलाई जारी राख्दै, अर्को सतावट कार्य सुरु गरेका छन्। पतित मानिसहरूको यो समूह अन्त्यमा पृथ्वीमा नाश हुने निश्चित छ! यस्तो देखिन्छ कि, हजारौं वर्षपछि ती अशुद्ध आत्माहरू अझ बढी धूर्त र चलाक भएका छन्। तिनीहरू गोप्य रूपमा परमेश्वरको कामलाई कमजोर पार्ने तरिकाहरूका बारेमा निरन्तर सोचिरहेका छन्। प्रशस्त चलाकी र छलसहित, तिनीहरूले आफ्नो मातृभूमिमा हजारौं वर्ष पहिलेको दुःखद घटनालाई फेरि प्रस्तुत गर्न चाहन्छन्, परमेश्वरलाई चिढाएर रुने अवस्थामा पुर्‍याउँछन्। तिनीहरूलाई नाश पार्न तेस्रो स्वर्गमा फर्केर जानबाट उहाँ आफैलाई मुस्किलले रोक्न सक्नुहुन्छ। मानिसले परमेश्वरलाई प्रेम गर्नको लागि, उसले उहाँको इच्छालाई बुझ्नुपर्छ, उहाँका आनन्दहरू र दुःखहरू जान्नुपर्छ, र उहाँले कुन कुरालाई घृणा गर्नुहुन्छ त्यो बुझ्नुपर्छ। यसो गर्दा यसले मानिसको प्रवेशमा अझ बढी प्रोत्साहन दिनेछ। मानिसको प्रवेश जति चाँडो हुन्छ, त्यत्ति नै चाँडो परमेश्वरको इच्छा पूरा हुन्छ, मानिसले शैतानको राजालाई स्पष्टसँग देख्दछ, र ऊ परमेश्वरको अझ नजिक जान्छ, यसरी उहाँको इच्छालाई पूरा गर्न सकिन्छ।

## काम र प्रवेश (८)

मैले धेरै पटक के भनेको छु भने, परमेश्वरको आखिरी दिनहरूको काम भनेको प्रत्येक व्यक्तिको आत्मा परिवर्तन गर्नु, प्रत्येक व्यक्तिको प्राण परिवर्तन गर्नु, ताकि ठूलो आघात सहेको तिनीहरूका हृदय सुधार होस्, यसरी दुष्टले गम्भीर रूपले क्षति पुर्‍याएको तिनीहरूको प्राणको उद्धार होस्; यो मानिसहरूका आत्मालाई बिउँझाउनको लागि, तिनीहरूको चिसो हृदयलाई पगाल्न र तिनीहरूलाई नयाँ बनाउनको लागि हो। यो परमेश्वरको सबैभन्दा ठूलो इच्छा छ। मानिसको जीवन र अनुभवहरू कति उच्च वा गहन छ भन्ने कुरा पन्छ्याओ; जब मानिसहरूका हृदय जागृत हुन्छ, र तिनीहरूलाई जब तिनीहरूका सपनाबाट बिउँझाइन्छ र ठूलो रातो अजिङ्गरले गरेको ठूलो हानिको बारेमा तिनीहरूलाई राम्ररी थाहा हुन्छ तब परमेश्वरको सेवकाइको काम पूरा भइसकेको हुनेछ। परमेश्वरको काम समाप्त भएको दिन मानिसले आधिकारिक रूपमा परमेश्वरमाथिको विश्वासको सही मार्गमा हिँड्न सुरु गर्ने दिन पनि हो। यस समयमा, परमेश्वरको सेवकाइ समाप्त हुनेछः देहधारी परमेश्वरको काम पूरा भएको हुनेछ, र मानिसले आधिकारिक रूपमा आफूले गर्नु पर्ने कर्तव्य पूरा गर्ने कार्यको थालनी गर्नेछ–उहाँले आफ्नो सेवकाइ गर्नुहुनेछ। परमेश्वरको कामका चरणहरू यिनै हुन्। यसैले, तिमीहरूले यी कुराहरू जान्ने जगमा प्रवेश गर्न आफ्नो बाटो छामछुम गर्नुपर्दछ। यी सबै कुरा तिमीहरूले बुझ्नुपर्ने कुरा हो। मानिसको हृदयको गहिराइमा परिवर्तन भएपछि उसको प्रवेशमा सुधार हुनेछ, किनकि परमेश्वरको काम भनेको भूतहरू भेला हुने यस ठाउँबाट मानिसलाई पूर्ण मुक्ति दिनु हो–त्यो मानिस, जुन मानिसको छुटकारा भएको छ, जो अझै पनि अन्धकारको शक्तिको

अधीनमा छ र जसले आफैलाई जगाएको छैन; यो मानिस पापका सहस्राब्दीहरूबाट मुक्त हुन, र परमेश्‍वरको प्रिय हुन सकोस्, र परमेश्‍वरको राज्य स्थापना गर्दै त्यो ठूलो रातो अजिङ्गरलाई प्रहार गर्दै परमेश्‍वरको हृदयलाई चाँडै विश्राम दिन सकोस् भनेर हो; तिमीहरूको छातीमा फुल्ने घृणालाई कुनै सङ्कोच नमानी व्यक्त गर्नु, ती ढुसीका किटाणुहरूलाई नाश पार्नु, तँलाई त्यस्तो जीवन त्याग्न लगाउनु हो, जुन गोरु वा घोडाको जीवनभन्दा फरक छैन, अब फेरि दास बन्न नदिनु, अब उप्रान्त ठूलो रातो अजिङ्गरले स्वतन्त्र रूपले कुल्चिन वा हुकुम चलाउन नदिनु हो; तिमीहरू अबदेखि यो असफल राष्ट्रका हुनेछैनौ, त्यो जघन्य ठूलो रातो अजिङ्गरका हुनेछैनौ, र अबदेखि योद्वारा तिमीहरू अब दास बनाइनेछैनौ। परमेश्‍वरले अवश्य नै भूतात्माहरूको गुँडलाई टुक्रा-टुक्रा पार्नुहुनेछ, र तिमीहरू परमेश्‍वरको छेउमा खडा हुनेछौ—तिमीहरू परमेश्‍वरका हुनेछौ, र दासहरूको साम्राज्यका हुनेछैनौ। परमेश्‍वरले धेरै अघि नै यस अन्धकारको समाजलाई भित्रैदेखि घृणा गर्नुभएको छ। उहाँले आफ्नो दाँत किट्नुहुन्छ, त्यस दुष्ट, जघन्य प्राचीन सर्पलाई खुट्टाले किच्न उत्सुक हुनुहुन्छ, यसैले कि यो फेरि कहिल्यै नउठोस्, र यसले फेरि कहिल्यै मानिसलाई दुर्व्यवहार नगरोस्; त्यसको विगतका कार्यहरूलाई उहाँले माफ दिनुहुनेछैन, त्यसले विगतमा मानिससँग गरेको छललाई सहन गर्नुहुनेछैन, र उहाँले युगौंयुगभरि यसले गरेको प्रत्येक पापको हिसाब लिनुहुनेछ। परमेश्‍वरले सबै दुष्टताको यो नेतालाई[१] पासोबाट अलिकता पनि फुत्किन दिनुहुनेछैन, उहाँले त्यसलाई पूर्ण रूपमा नष्ट गर्नुहुनेछ।

हजारौं वर्षदेखि यो फोहोरको देशको रूपमा रहेको छ। यो असहनीय रूपमा फोहोर छ, प्रचुर दुःख छ, प्रेतहरू छल्दै र धोका दिँदै, आधारहीन आरोपहरू लगाउँदै,[२] निर्दयी र क्रूर हुँदै, यो भूतको सहरलाई कुल्चिमिल्ची गर्दै र त्यसमा लासहरू छरपस्ट छोड्दै अनियन्त्रित हुन्छन्; कुहेको लासको दुर्गन्धले देशलाई ढाक्छ र हावामा फैलिन्छ, र त्यसलाई कडा सुरक्षामा राखिन्छ।[३] आकाशहरूभन्दा परको संसारलाई कसले देख्न सक्छ? शैतानले मानिसको सम्पूर्ण शरीरलाई कसिलो गरी बाँधेर राख्छ, त्यसले उसका दुवै आँखाहरू ढाकिदिन्छ, र उसका ओठहरू बलियो गरी बन्द गरिदिन्छ। दियाबलसहरूका राजाले हजारौं वर्षदेखि आजको दिनसम्म उधुम मच्चाएको छ, अनि अझै पनि यसले भूतको सहरमाथि ध्यान लाएर हेर्छ, मानौं यो भूतहरूको अभेद्य महल हो; यस बेला रखवारी कुकुरहरूको यो झुन्डले परमेश्‍वरले उनीहरूलाई थाहै नपाई पक्रनुहुनेछ र ती सबैलाई मेटाउनुहुनेछ, शान्ति र आनन्दको ठाउँ हुनेछैन भनी डराएर ठूला-ठूला आँखाले हेर्छन्। यस्तो भूतको शहरका यस्ता मानिसहरूले कसरी परमेश्‍वरलाई देखेका हुन सक्छन् र? के तिनीहरूले कहिल्यै परमेश्‍वरको मायालु र प्रेमिलोपनको आनन्द उठाएका छन्? मानव संसारका मामिलाको बारेमा तिनीहरूले कति बुझेका छन्? तिनीहरूमध्ये कसले परमेश्‍वरको उत्सुक इच्छालाई बुझ्न सक्छ? त्यसैले देहधारी परमेश्‍वर पूर्ण रूपमा लुकेर रहनु त्यत्ति अचम्मको कुरा होइन: यस्तो अन्धकारको समाजमा जहाँ

---

१. "सबै दुष्टताको नेता" ले पुरानो शैतानलाई जनाउँछ। यो वाक्यांशले अति मन नपर्ने कुरा व्यक्त गर्दछ।

२. "आधारहीन आरोपहरू लगाउँदै" ले ती तरिकाहरूलाई बुझाउँछ, जसद्वारा शैतानले मानिसहरूलाई हानि गर्दछ।

३. "कडा सुरक्षामा राखिन्छ" ले ती तरिकाहरू बुझाउँछ जसद्वारा शैतानले मानिसलाई कष्ट दिन्छ, जुन विशेष गरी क्रूर हुन्छ, र मानिसहरूलाई यति धेरै नियन्त्रण गर्छ कि तिनीहरूका निम्ति चलमलाउन ठाउँ नै हुँदैन।

भूतहरू निर्दयी र अमानवीय हुन्छन्, जहाँ शैतानका राजाले कुनै चासो नराखी मानिसहरूलाई मार्छ, त्यसले यस परमेश्‍वरको अस्तित्वलाई कसरी सहन गर्न सक्छ जो प्रेमिलो, दयालु, साथै पवित्र पनि हुनुहुन्छ? त्यसले परमेश्‍वरको आगमनको प्रशंसा र जयजयकार कसरी गर्न सक्छ? यी चापलुसहरू! तिनीहरूले दयाको बदलीमा घृणा गर्छन्, तिनीहरूले परमेश्‍वरलाई तुच्छ ठानेको धेरै भइसक्यो, तिनीहरूले परमेश्‍वरसित दुर्व्यवहार गर्छन्, तिनीहरू चरम रूपमा क्रूर छन्, तिनीहरूमा परमेश्‍वरप्रति अलिकति पनि आदर छैन, तिनीहरू लुट्छन् र खोस्छन्, तिनीहरूले सबै विवेक गुमाएका छन्, तिनीहरू सबै विवेकको विरुद्धमा जान्छन्, तिनीहरूले निर्दोष मानिसहरूलाई मूर्ख बनाएका छन्। प्राचीनका पुर्खाहरू? प्रिय अगुवाहरू? तिनीहरू सबैले परमेश्‍वरको विरोध गर्छन्! तिनीहरूका हस्तक्षेपले आकाशमुनिका सबैलाई अन्धकार र अराजकताको स्थितिमा छोडेको छ। धार्मिक स्वतन्त्रता? नागरिकहरूका वैधानिक अधिकार र हितहरू? ती सबै पाप ढाक्ने युक्तिहरू हुन्। परमेश्‍वरको कामलाई कसले अङ्गालेको छ? परमेश्‍वरको कामका निम्ति कसले आफ्नो जीवन अर्पण गरेको वा आफ्नो रगत बगाएको छ? किनकि एक पुस्तादेखि अर्को पुस्तामा, आमाबुबादेखि छोराछोरोसम्म दासत्वमा परेको मानिसले अमर्यादित रूपमा परमेश्‍वरलाई दास बनाएको छ—यसले कसरी क्रोध जगाउँदैन? सहस्राब्दी देखिको घृणा हृदयमा जमेको छ, हजारौं वर्षको पापमय अवस्था हृदयमा कुँदिएको छ—यसले कसरी घृणा पैदा गर्दैन? परमेश्‍वरको लागि बदला लेऊ, उहाँको शत्रुलाई पूर्ण रूपमा नाश पार, त्यसलाई अब जथाभाबी दगुरि हिँड्न नदेऊ, र त्यसलाई आफ्नो इच्छाअनुसार समस्याहरू सुरु गर्न नदेऊ! समय अहिले नै हो: त्यस भूतको घृणित अनुहार तोड्न र अन्धो पारिएका र हरप्रकारका दुःख र कठिनाइ झेलेका मानिसहरूलाई तिनीहरूको पीडाबाट उठ्ने र त्यो बूढो दियाबलसतिर आफ्नो पिठिउँ फर्काउने अनुमति दिनका निम्ति मानिसले धेरै समयदेखि आफ्ना सबै शक्ति जम्मा गर्दैआएको छ, उसले आफ्ना सबै प्रयासहरू समर्पण गरेको छ र यसका लागि हरेक मूल्य चुकाएको छ। परमेश्‍वरको काममा त्यस्तो अभेद्य बाधा किन पार्नु? परमेश्‍वरका मानिसहरूलाई धोका दिन किन विभिन्न युक्तिहरू प्रयोग गर्नु? साँचो स्वतन्त्रता र वैधानिक अधिकार र हितहरू कहाँ छन्? निष्पक्षता कहाँ छ? सान्त्वना कहाँ छ? स्नेह कहाँ छ? परमेश्‍वरका मानिसहरूसित चलाकी गर्न किन छलपूर्ण युक्तिहरू प्रयोग गर्नु? परमेश्‍वरको आगमनलाई दमन गर्न किन शक्ति प्रयोग गर्नु? उहाँले सृष्टि गर्नुभएको पृथ्वीमा परमेश्‍वरलाई स्वतन्त्र रूपमा घुम्ने अनुमति किन नदिनु? परमेश्‍वरले उहाँको शिर टेकाउने ठाउँ नपाउन्जेल किन उहाँको खेदो गर्नु? मानिसहरूमाझ स्नेह कहाँ छ? मानिसहरूमाझ स्वागत कहाँ छ? परमेश्‍वरको त्यत्ति धेरै चाहना किन पैदा गर्नु? परमेश्‍वरलाई किन घरीघरी बोलाउन लगाउनु? परमेश्‍वरलाई किन उहाँका प्रिय पुत्रका निम्ति चिन्तित हुन कर लाउनु? यस अँध्यारो समाजमा, त्यसका दुःखी रक्षक कुकुरहरूले किन परमेश्‍वरलाई उहाँले सृष्टि गर्नुभएको संसारमा स्वतन्त्र रूपमा आउन र जान दिँदैनन्? पीडा र कष्टको बीचमा जिउने मानिसले किन बुझ्दैन? तिमीहरूका खातिर, परमेश्‍वरले ठूलो यातना सहनुभएको छ, उहाँले ठूलो पीडा सहेर आफ्ना प्रिय पुत्र, उहाँको मासु र रगत तिमीहरूलाई दिनुभएको छ—र पनि तिमीहरू किन अझै पनि आँखा चिम्लिरहन्छौ? सबैले पूर्ण रूपमा देख्ने गरी, तिमीहरू परमेश्‍वरको आगमनलाई अस्वीकार गर्दछौ, र परमेश्‍वरको मित्रतालाई अस्वीकार गर्छौ। तिमीहरू

किन यति धेरै अविवेकी छौ? के तिमीहरू यस्तो प्रकारको अँध्यारो समाजमा अन्यायहरू सहन इच्छुक छौ? तिमीहरूका पेटहरू हजारौं वर्षको शत्रुताले भर्नुको साटो किन तिमीहरू आफैलाई शैतानहरूका राजाको "दिसा" ले भर्दैनौ?

परमेश्वरको काममा आउने बाधाहरू कति ठूला छन्? के कहिल्यै कसैलाई थाहा भएको छ? गहिरो अन्धविश्वासका रङ्गहरूको पिँजरामा परेका मानिसहरूका हुनाले, कसले परमेश्वरको वास्तविक अनुहार जान्न सक्छ? यस्तो खोक्रो र हास्यास्पद पछौटे सांस्कृतिक ज्ञानद्वारा, तिनीहरूले कसरी परमेश्वरले बोल्नुभएका वचनहरूलाई पूर्ण रूपमा बुझ्न सक्थे? यहाँसम्म कि, तिनीहरूलाई आमने-सामने बताइँदा, र मुखदेखि मुखमा खुवाउँदा समेत, तिनीहरूले कसरी बुझ्न सक्दछन्? कहिलेकहीँ यस्तो हुन्छ मानौं परमेश्वरका वचनहरू बहिरा कानहरूमा परेको छ: मानिसहरूले अलिकति पनि प्रतिक्रिया दिँदैनन्, तिनीहरू आफ्नो टाउको हल्लाउँछन् र केही पनि बुझ्दैनन्। यो कसरी चिन्ताको विषय हुन सक्दैन? यो "टाढाको,[४] प्राचीन सांस्कृतिक इतिहास र सांस्कृतिक ज्ञान" ले यस्ता बेकम्मा मानिसहरूको समूहलाई पोषण दिएको छ। यो प्राचीन संस्कृति–अनमोल सम्पदा–फोहरको थुप्रो हो! यो धेरै पहिले नै अनन्त सर्म बन्यो, र यो कुरा उल्लेख गर्न पनि लायकको छैन! यसले मानिसहरूलाई परमेश्वरको विरोध गर्ने चाल र तरिकाहरू सिकाएको छ र राष्ट्रिय शिक्षाको "व्यवस्थित, कोमल मार्गदर्शन"[५] ले मानिसहरूलाई परमेश्वरप्रति अझ बढी अनाज्ञाकारी बनाएको छ। परमेश्वरको कामको प्रत्येक भाग अत्यन्त कठिन छ, र पृथ्वीको उहाँको कामको हरेक चरणले परमेश्वरलाई तनाव दिइरहेको छ। पृथ्वीको उहाँको काम कति कठिन छ! पृथ्वीको परमेश्वरको कार्यका चरणहरूमा ठूलो कठिनाइ समावेश छ: किनकि मानिसको कमजोरी, कमीहरू, बालकपन, अज्ञानता, र मानिसका सबै कुराहरूका निम्ति परमेश्वरले सावधानीपूर्वक योजनाहरू बनाउनुहुन्छ र विचारशील बनेर ध्यान दिनुहुन्छ। मानिस कागजको बाघ जस्तो हो जसलाई कसैले प्रलोभन देखाउने वा उक्साउने आँट गर्दैन; अलिकति छुँदा मात्र उसले पछाडि फर्केर टोक्छ, वा अन्यथा ढल्छ र आफ्नो बाटो गुमाउँछ, र यो मानौं थोरै एकाग्रता हराएको जस्तो हो, ऊ फेरि फर्कन्छ, वा अन्यथा परमेश्वरलाई बेवास्ता गर्छ, वा आफ्ना आमाबुबाका सुँगुरहरू र कुकुरहरूकहाँ जान्छन् र तिनीहरूका शरीरका अशुद्ध कुराहरूमा लिप्त हुन्छन्। हो, कस्तो ठूलो बाधा! व्यावहारिक रूपमा उहाँको कामको हरेक चरणमा परमेश्वरलाई परीक्षा हुन्छ, र हरेक चरणमा परमेश्वर ठूलो खतरामा पर्नुहुन्छ। उहाँका वचनहरू साँचो र इमानदार अनि द्वेषरहित छन्, तापनि तिनलाई स्वीकार गर्न को इच्छुक हुन्छ? पूर्ण रूपले समर्पित हुन को तयार हुन्छ? यसले परमेश्वरको हृदय तोड्दछ। उहाँले मानिसका लागि दिन रात परिश्रम गर्नुहुन्छ, उहाँ मानिसको जीवनका लागि चिन्तित हुनुहुन्छ, र उहाँले मानिसको कमजोरीप्रति सहानुभूति राख्नुहुन्छ। उहाँले आफ्नो प्रत्येक चरणको काममा, उहाँले बोल्नुभएका प्रत्येक वचनमा धेरै वटा परिवर्तन र मोडहरू सहनुभएको छ; उहाँ सधैँ एउटा चट्टान र कठिन ठाउँको चेपारोमा हुनुहुन्छ,

---

४. "टाढा" शब्दलाई यहाँ गिल्ला गर्न प्रयोग गरिएको छ।

५. "व्यवस्थित, कोमल मार्गदर्शन" गिल्लाका निम्ति प्रयोग गरिएको छ।

र हर घडी निरन्तर मानिसको कमजोरी, अनाज्ञाकारिता, बालकपन र जोखिमको बारेमा सोच्नुहुन्छ। यसको बारेमा कसलाई कहिल्यै थाहा भएको छ? उहाँले कसमाथि भरोसा राख्न सक्नुहुन्छ? कसले बुझ्न सक्दछ? उहाँले सधैँ मानिसका पापहरू, र ढाडको हड्डी नभएको तथ्य, मानवको मेरुदण्ड नभएको कुरालाई घृणा गर्नुहुन्छ र सधैँ मानिसको कमजोरीका लागि चिन्ता गर्नुहुन्छ र मानिसको अगाडि रहेको मार्गको बारेमा विचार गर्नुहुन्छ। उहाँले मानिसका वचनहरू र कामहरू अवलोकन गर्ने क्रममा, उहाँ सधैँ कृपा र क्रोधले भरिनुहुन्छ, र सधैँ यी कुराको दृश्यले उहाँको हृदयमा पीडा ल्याउँदछ। आखिर, निर्दोषहरू स्तब्ध बनेका छन्; परमेश्वरले किन सधैँ उनीहरूका लागि परिस्थितिहरू कठिन बनाउनुपर्छ? कमजोर मानिसमा धैर्यको कमी हुन्छ; किन उनीहरूप्रति परमेश्वरको क्रोध कहिल्यै कम हुँदैन? कमजोर र शक्तिहीन मानिसमा अब थोरै पनि सामर्थ्य हुँदैन; किन परमेश्वरले सधैँ उसको अनाज्ञाकारिताका लागि उसलाई हप्काउनुपर्छ? स्वर्गका परमेश्वरका धम्कीहरूको सामना गर्न सक्ने को छ र? आखिर, मानिस कमजोर छ, र अत्यन्तै कष्टको अवस्थामा छ, परमेश्वरले आफ्नो क्रोधलाई उहाँको मुटुमा धकेल्नुभएको छ, यसैले कि मानिसले बिस्तारै आफ्नो बारेमा मनन गर्न सकोस्। तापनि मानिस, जो गम्भीर समस्यामा छन्, उसले परमेश्वरको इच्छालाई रत्तीभर पनि बुझ्दैन; मानिसलाई शैतानको प्राचीन राजाले पाइतालामुनि कुल्चेको छ, तर ऊ पूर्ण रूपमा अनभिज्ञ छ, उसले सधैँ आफूलाई परमेश्वरको विरुद्धमा उभ्याउँछ, वा ऊ परमेश्वरप्रति न तातो, न चिसो हुन्छ। परमेश्वरले यति धेरै वचनहरू बोल्नुभएको छ, तापनि कसले ती कुराहरूलाई गम्भीरतापूर्वक लिएको छ र? मानिसले परमेश्वरका वचनहरू बुझ्दैन, तापनि ऊ अटल, र तृष्णा रहित रहन्छ, र प्राचीन शैतानको सारलाई वास्तवमा कहिल्यै जानेको छैन। मानिसहरू पातालमा, नरकमा बस्छन्, तर तिनीहरू समुद्रतलको दरबारमा बस्छन् भन्ने तिनीहरू विश्वास गर्छन्; तिनीहरूलाई ठूलो रातो अजिङ्गरले सताउँछ, तापनि तिनीहरूले त्यस देशबाट “कृपा पाएका”[६] छन् भन्ने ठान्छन्; शैतानले तिनीहरूको उपहास गर्छ तापनि उनीहरूले देहको उत्कृष्ट कलाको आनन्द लिन्छन् भन्ने ठान्छन्। तिनीहरू कस्तो फोहोर, तुच्छ नीचहरू हुन्! मानिसले दुर्भाग्यको सामना गरेको छ, तर उसलाई यो थाहा छैन, र यो अन्धकार समाजमा उसले एकपछि अर्को दुर्भाग्य[७] भोग्छ, तर ऊ यस विषयमा कहिल्यै सचेत छैन। उसले कहिले आफूलाई बिचरा ठान्ने सोचाइ र दासको जस्तो स्वभावबाट छुटाउनेछ? ऊ किन परमेश्वरको हृदयको बारेमा यति बेपर्बाह छ? के उसले चुपचाप यस उत्पीडन र कठिनाइको सहन गर्दछ? के उसले त्यो दिनको लागि आशा गर्दैन जब उसले अन्धकारलाई उज्यालोमा बदल्न सक्छ? के उसले धार्मिकता र सत्यताप्रति भएको अन्यायलाई फेरि समाधान गर्न चाहँदैन? के ऊ मानिसहरूले सत्य त्यागेर र तथ्यहरू बङ्ग्याएको हेरर केही नगरी बस्न तयार छ? के ऊ यो

६. “कृपा पाएका” भन्ने शब्द निर्जीव जस्तो देखिने र कुनै आत्म-जागरूकता नभएको जस्तो देखिने मानिसहरूलाई गिल्ला गर्न प्रयोग गरिन्छ।

७. “एकपछि अर्को दुर्भाग्य” मानिसहरू ठूलो रातो अजिङ्गरको भूमिमा जन्मेका थिए, र तिनीहरू आफ्नो शिर उच्च पार्न असमर्थ छन् भन्ने कुरालाई जनाउँछ।

दुर्व्यवहार सहिरहनु पर्दा खुसी छ? के ऊ दास हुन राजी छ? के ऊ यस असफल राज्यका दासहरूको साथमा परमेश्‍वरको हातमा नाश हुन तयार छ? तेरो संकल्प कहाँ छ? तेरो महत्वाकांक्षा कहाँ छ? तेरो मर्यादा कहाँ छ? तेरो इमानदारीता कहाँ छ? तेरो स्वतन्त्रता कहाँ छ? के त्यो ठूलो रातो अजिङ्गर, दियाबलसहरूका राजाका लागि तँ तेरो सम्पूर्ण जीवन अर्पण गर्न[८] इच्छुक छस्? के त्यसले तँलाई मृत्युसम्मै यातना दिन तँ त्यसलाई खुसीसाथ अनुमति दिन्छस्? गहिराइको अनुहार अस्तव्यस्त र अँध्यारो छ, जबकि यस्तो पीडा भोग्ने आम जनताले स्वर्गसँग पुकारा गर्छ र पृथ्वीसँग गुनासो गर्छ। मानिसले कहिले आफ्नो शिर ठाडो गर्न सक्नेछ? मानिस दुब्लो र पातलो छ, ऊ यो क्रूर र निरङ्कुश शैतानसँग कसरी लड्न सक्छ? किन उसले सकेसम्म चाँडो परमेश्‍वरलाई आफ्नो जीवन दिन सक्दैन? ऊ किन अझै पनि डगमगाउँछ? उसले परमेश्‍वरको काम कहिले समाप्त गर्न सक्छ? त्यसरी, उद्‌देश्यहीन रूपमा धम्काइए पनि र थिचोमिचो गरिए पनि, उसको सम्पूर्ण जीवन अन्ततः व्यर्थमा व्यतीत हुनेछ; ऊ पुग्न किन हतार गर्छ, र प्रस्थान गर्न किन त्यत्ति हतार गर्छ? किन उसले परमेश्‍वरलाई दिन मूल्यवान् थोकहरू राख्दैन? के उसले घृणाको सहस्राब्दीलाई बिर्सेको छ?

हुन सक्छ, धेरै मानिसहरूले परमेश्‍वरका केही वचनहरूलाई घृणा गर्छन्, वा हुन सक्छ उनीहरू न त तिनलाई घृणा गर्छन् वा न कुनै चासो दिन्छन्। चाहे जेसुकै होस्, तथ्यहरू अनुचित तर्क हुन सक्दैन; कसैले पनि तथ्यहरू उल्लङ्घन गर्ने वचनहरू बोल्न सक्दैन। परमेश्‍वर यस पटक यस्तो काम गर्न, उहाँले अझै पूरा गर्नु बाँकी रहेको काम समाप्त गर्न, यस युगलाई समाप्तितिर पुर्‍याउन, यस युगको न्याय गर्न, दुःखको समुद्रबाट पापीहरूलाई बचाउन र तिनीहरूलाई पूर्ण रूपले परिवर्तन गर्न देह बन्नुभयो। यहूदीहरूले परमेश्‍वरलाई क्रूसमा टाँगे, यसरी यहूदियामा परमेश्‍वरको यात्रा समाप्त भयो। धेरै समय नबित्दै, परमेश्‍वर एक पटक फेरि मानिसको बीचमा आउनुभयो, चुपचाप ठूलो रातो अजिङ्गरको देशमा आउनुभयो। वास्तवमा, यहूदी राज्यको धार्मिक समुदायले लामो समयदेखि नै उनीहरूको पर्खालमा येशूको तस्विर झुण्ड्याइएको थियो र तिनीहरूको मुखबाट मानिसहरूले "प्रभु येशू ख्रीष्ट" भनी चिच्याउँथे। बाँकी रहेको आफ्नो कामको दोस्रो चरण पूरा गर्न मानिसको बीचमा फर्कने पिताको आज्ञालाई येशूले स्वीकार गर्नुभएको धेरै भइसक्यो भन्‍ने कुरा तिनीहरूलाई थाहै थिएन। फलस्वरूप, मानिसहरू उहाँलाई देखेर छक्क परे: उहाँ त्यस्तो संसारमा जन्मनुभएको थियो जहाँ धेरै युगहरू बितिसकेका थिए, र उहाँ मानिसको बीचमा एकदमै साधारण स्वरूप लिएर देखा पर्नुभयो। वास्तवमा, युगहरू बितिसकेपछि, उहाँको वस्त्र र सम्पूर्ण रूप परिवर्तन भएका थिए, मानौं उहाँको पुनर्जन्म भएको थियो। उहाँ क्रूसबाट ओर्लेर फेरि जीवित भई उठ्नुभएका उनै प्रभु येशू ख्रीष्ट हुनुहुन्छ भनी मानिसहरूले कसरी जान्‍न सक्थे? जसरी येशूमा यहोवाको कुनै स्वरूप थिएन, त्यसरी नै उहाँमा कुनै पनि चोटपटकको कुनै छाप छैन। आजका येशूले विगतको समयको शैलीलाई त्याग्नुभएको धेरै भइसक्यो। मानिसहरूले उहाँलाई कसरी चिन्‍न सक्थे? "थोमा" जस्ता मानिसहरूले सधैँ उहाँ पुनरुत्थान हुनुभएको येशू हुनुहुन्छ भन्‍ने कुरामा शङ्का गर्छन्, र आफ्नो मनमा ढुक्क

---

८. "तेरो सम्पूर्ण जीवन अर्पण गर्न" भन्‍ने वाक्यलाई अपमानजनक अर्थमा प्रयोग गरिएको छ।

हुनका निम्ति सधैँ येशूका हातमा कीलाका दागहरू हेर्न चाहन्छन्; ती नदेखेसम्म, ऊ सधैँ शङ्काको बादलमा उभिन्छ, र आफ्नो खुट्टा ठोस जमिनमा राख्न र येशूलाई पछ्याउन असमर्थ हुन्छ। बिचरा "थोमा"–येशू परमेश्वर पिताले अह्राउनुभएको काम गर्न आउनुभएको हो भनी कसरी उसले जान्न सक्छ? येशूले क्रूसीकरण दाग किन बोक्नु आवश्यक छ र? के क्रूसका दागहरू येशूको चिह्न हुन्? उहाँ आफ्ना पिताको इच्छाको काम गर्न आउनुभएको हो; किन उहाँ हजारौँ वर्ष पहिलेको यहूदी जस्तो लुगा लगाएर र सजिएर आउनुपर्छ र? के परमेश्वरले देहमा लिनुहुने स्वरूपले उहाँको कामलाई वाधा दिन सक्छ? यो कसको सिद्धान्त हो? परमेश्वरले काम गर्नुहुँदा, किन त्यो मानिस कल्पना अनुसार हुनुपर्छ? परमेश्वरले उहाँको काममा यसले प्रभाव पारोस् भन्ने कुरामा मात्र ध्यान दिनुहुन्छ। उहाँले व्यवस्था पालन गर्नुहुन्न, र उहाँको काममा कुनै नियम छैन–मानिसले यसलाई कसरी बुझ्न सक्छ र? मानिस आफ्नै धारणा र कल्पनाहरूमा भर परेर परमेश्वरको काममा कसरी पूर्ण रूपमा प्रवेश गर्न सक्दछ? यसैले तिमीहरू राम्ररी शान्त हुनु नै राम्रो हुन्छ: तुच्छ कुराहरूको चिन्ता नगर्, र तँलाई नयाँ लाग्ने कुराहरूलाई ठूलो नबना–यसले तँलाई आफैलाई गिल्लाको पात्र बनाउनबाट र मानिसहरू तँलाई हेरेर हाँस्नबाट रोक्नेछ। तैँले यतिका वर्षसम्म परमेश्वरमा विश्वास गरेको छस्, अझै पनि तैँले परमेश्वरलाई चिन्दैनस्। अन्त्यमा, तँ सजायमा डुब्छस्; तँ जो "शीर्ष वर्ग"[९] मा राखिएको छस्, तँलाई सजाय पाएकाहरूको श्रेणीमा सारिएको छ। तैँले आफ्ना क्षुद्र चलाकीहरू देखाउन चतुर साधनहरू प्रयोग नगरेको भए नै राम्रो हुन्थ्यो। के तेरो अल्पदर्शीताले अनन्ततादेखि अनन्तसम्म देख्नुहुने परमेश्वरलाई साँच्चै बुझ्न सक्छ? के तेरा सतही अनुभवहरूले तँलाई पूर्ण रूपमा परमेश्वरको इच्छा जान्ने तुल्याउँछ? अहङ्कारी नबन्। आखिर परमेश्वर संसारको हुनुहुन्न–त्यसैले उहाँको काम तैँले आशा गरेको जस्तो कसरी हुनसक्छ?

## काम र प्रवेश (९)

मानिसको शुद्ध र बालकजस्तो आत्मामा प्रवेश भएको जातीय परम्परा र मानसिक दृष्टिकोणले लामो समयदेखि नै छाया पारेको छ, र अलिकति पनि मानवता नराखी मानिसको आत्मालाई आक्रमण गरेको छ, मानौं यो भावना वा आत्म-अनुभूतिदेखि वञ्चित छ। यी भूतात्माहरूका तरिकाहरू अत्यन्तै क्रूर छन्, र मानौं "शिक्षा" र "पालनपोषण" परम्परागत विधि भएको छ जसद्वारा शैतानका राजाले मानिसलाई मार्छ। आफ्नो "गहन शिक्षा" प्रयोग गर्दै यसले आफ्नो कुरूप प्राणलाई पूर्ण रूपमा ढाक्दछ, मानिसको भरोसा पाउनका लागि भेडाको भेष धारण गर्छ र मानिस सुस्ताएर निदाएको मौका पारेर उसलाई पूर्ण रूपमा नाश पार्न खोज्छ। बिचरा मानवजाति–तिनीहरूलाई हुर्काइएको भूमि शैतानको देश हो, तिनीहरूलाई हुर्काउने व्यक्ति वास्तवमा तिनीहरूलाई चोट पुर्‍याउने तिनीहरूको शत्रु हो भन्ने कुरा तिनीहरूले कसरी जान्न सक्छन् र। तापनि मानिस पटक्कै बिउँझिँदैन; आफ्नो भोक र तिर्खा मेटाएपछि, ऊ आफूलाई हुर्काएकोमा आफ्ना "आमाबुबा" को "दया" को ऋण

---

९. "शीर्ष वर्ग" भन्ने वाक्यांश उत्साहसाथ परमेश्वरलाई पछ्याउनेहरूको गिल्ला गर्नको निम्ति प्रयोग गरिन्छ।

चुकाउन तयार हुन्छ। मानिस यस्तै छ। आज पनि उसलाई हुर्काउने राजा उसको शत्रु हो भन्ने कुरा उसलाई थाहा छैन। पृथ्वी मरेका मानिसहरूको हड्डीको रासले भरिएको छ, शैतानले निरन्तर उन्मत्त आनन्द मान्छ, र "पातालमा" मानिसको मासु खाइरहन्छ, मानव अस्थिपंजरहरूको साथ चिहानमा बस्छ र मानिसको नष्ट भएको शरीरको अन्तिम अवशेषहरू उपभोग गर्ने व्यर्थको प्रयास गर्छ। तैपनि मानिस सदैव अज्ञानी छ, र उसले कहिल्यै पनि शैतानलाई उसको शत्रु जस्तो व्यवहार गरेको छैन, बरु उसको सम्पूर्ण हृदयले त्यसको सेवा गर्दछ। त्यस्ता भ्रष्ट मानिसहरूले परमेश्‍वरलाई चिन्न सक्दैनन्। के परमेश्‍वरलाई मानिस बनेर तिनीहरूको बीचमा आउनु र उहाँको सबै मुक्तिको काम गर्नु सजिलो छ? पहिले नै पातालमा डुबिसकेको मानिसले कसरी परमेश्‍वरका मागहरू पूरा गर्न सक्छ र? मानव जातिको कार्यको खातिर परमेश्‍वरले धेरै अनिदो रातहरू बिताउनुभएको छ। माथिको उचाइदेखि तलका गहिराइहरूसम्म उहाँ मानिससँग आफ्ना दिनहरू बिताउन मानिस जिउने जीवित नरकमा ओर्लनुभएको छ, उहाँले मानिसबीचको जीर्णताको कहिल्यै गुनासो गर्नुभएन, र उहाँले मानिसको अनाज्ञाकारिताका लागि कहिल्यै उसको निन्दा गर्नुभएको छैन, तर उहाँले आफ्नो काम व्यक्तिगत रूपमा गर्ने क्रममा सबैभन्दा ठूलो अपमान सहनुहुन्छ। परमेश्‍वर कसरी नरकको हुन सक्नुहुन्छ? उहाँले आफ्नो जीवन कसरी नरकमा बिताउन सक्नुहुन्छ? तर सारा मानव जातिले चाँडै विश्राम पाउन सकून् भनी सम्पूर्ण मानव जातिको खातिर उहाँले पृथ्वीमा आउनका निम्ति अपमान सहनुभएको छ र अन्याय सहनुभएको छ, र मानिसलाई मुक्त गर्न व्यक्तिगत रूपमा "नरक" र "पाताल" मा, बाघको खोरमा पस्नुभएको छ। मानिस कसरी परमेश्‍वरको विरोध गर्न योग्यको छ? परमेश्‍वरको बारेमा गुनासो गर्नुपर्ने के कारण उसँग छ? ऊसँग परमेश्‍वरलाई हेर्ने धृष्टता कसरी हुन सक्छ? स्वर्गका परमेश्‍वर भ्रष्टताको यो अत्यन्तै फोहोर देशमा आउनुभएको छ, र उहाँले कहिल्यै पनि आफ्ना गुनासाहरू पोखाउनुभएको छैन, वा मानिसको विषयमा गुनासो गर्नुभएको छैन, तर बरु चुपचाप मानिसका बरबादीहरू[१] र थिचोमिचो स्वीकार गर्नुहुन्छ। उहाँले मानिसका विवेकहीन मागहरूलाई कहिल्यै प्रतिकार गर्नुभएको छैन, उहाँले कहिल्यै मानिसबाट अनावश्यक मागहरू गर्नुभएको छैन, र उहाँले कहिल्यै मानिसबाट अनुचित मागहरू गर्नुभएको छैन; उहाँले कुनै गुनासो नगरी मानिसका निम्ति आवश्यक सबै काम गर्नुहुन्छ: शिक्षा दिने, अन्तर्दृष्टि दिने, निन्दा गर्ने, वचनहरूको शोधन, स्मरण गराउने, अर्ती दिने, सान्त्वना दिने, न्याय गर्ने, र प्रकट गर्ने। उहाँको कुन कदम मानिसको जीवनका लागि रहेन? उहाँले मानिसका सम्भावनाहरू र भाग्यलाई हटाउनुभएको भए पनि, परमेश्‍वरले चाल्नुभएको कुनचाहिँ कदम मानिसको भाग्यका लागि होइन? तीमध्ये कुनचाहिँ मानिसको अस्तित्वको लागि होइन? तीमध्ये कुनचाहिँ मानिसलाई यो कष्ट र रातको कालो जस्तो अन्धकारको दमनबाट मुक्त गर्नका निम्ति होइन? तीमध्ये कुनचाहिँ मानिसका लागि होइन? परमेश्‍वरको हृदयलाई कसले बुझ्न सक्छ, जुन प्रेमिलो आमाको जस्तो हृदय हो? परमेश्‍वरको उत्सुक हृदयलाई कसले बुझ्न सक्छ? परमेश्‍वरको भावपूर्ण हृदय र उत्साही अपेक्षाहरूको निम्ति भावशून्य हृदयहरू, संवेदनाहीन, उदासीन आँखाहरू अनि बारम्बारको हप्की र मानिसका अपमानहरू

१. "बरबादीहरू" मानव जातिको अनाज्ञाकारितालाई प्रकट गर्न प्रयोग गरिन्छ।

दिइएको छ; ती कुराको बदली तीक्ष्ण टिप्पणीहरू, र उपहास, र हेला गरिएको छ; तिनका बदली मानिसको उपहास, उसको कुल्चाई र अस्वीकृति, गलत बुझाइ र बिलौना र दुश्मनी, अनि इन्कार, साथै धोका, आक्रमण र कटुताद्वारा कर्जा तिरिएको छ। न्यानो वचनहरूले आँखा तराई र ठडिएका हजारौं औंलाहरूको चिसो प्रतिरोधको सामना गरेको छ। परमेश्वरले सहँदै, टाउको निहुराउराउँदै, इच्छुक गोरुले जस्तो मानिसको सेवा मात्र गर्न सक्नुहुन्छ।[२] यति धेरै सूर्य र चन्द्रमाहरू, उहाँले धेरै चोटि ताराहरूको सामना गर्नुभएको छ, धेरै चोटि उहाँ बिहान ओर्लनुभएको छ र साँझमा फर्कनुभएको छ, र बेचैन भएर छटपटाउनुभएको छ, उहाँले आफ्नो पिताबाट छुट्टिनु परेको पीडाभन्दा हजार गुणा ठूलो पीडा सहनुभएको छ, मानिसको आक्रमण र तोडाइ, र मानिसको निराकरण र काटछाँटको कार्यलाई सहनुभएको छ। परमेश्वरको नम्रता र लुकेको अवस्थाको सट्टा मानिसको निरन्तर पूर्वाग्रह,[३] मानिसको अनुचित दृष्टिकोण र अनुचित व्यवहार प्रस्तुत गरिएको छ, र परमेश्वरको चुपचाप कार्य गर्ने शैली, उहाँको धैर्य, र उहाँको सहनशीलताको सट्टा मानिसको लोभी हेराइ प्रस्तुत गरिएको छ; मानिसले कुनै पछुतो नगरी परमेश्वरलाई कुल्चेर मार्ने प्रयास गर्छ, र परमेश्वरलाई भुइँमा कुल्चिन खोज्छ। परमेश्वरप्रति मानिसले गर्ने व्यवहार "दुर्लभ चतुरता" मध्येको एउटा हो, र मानिसले धम्काउने र तिरस्कार गर्ने परमेश्वर हजारौं मानिसका खुट्टामुनि कुल्चिएर धूलोपीठो पारिनुभएको छ, जबकि मानिस आफै माथि उभिन्छ, मानौं ऊ पहाडका राजा बन्नेछ, मानौं उसले सम्पूर्ण शक्ति लिन[४] चाहन्छ, उसले पर्दा पछाडिबाट राजदरवार कब्जा गर्न, परमेश्वरलाई पर्दा पछाडि होसियार र नियम पालन गर्ने निर्देशक बनाउन चाहन्छ, जसलाई प्रतिरोध गर्ने वा समस्या उत्पन्न गर्ने अनुमति हुँदैन। परमेश्वरले अन्तिम सम्राटको भूमिका खेल्नुपर्छ, उहाँ सबै स्वतन्त्रताबाट बन्चित कठपुतली[५] हुनुपर्दछ। मानिसका कामहरू बताउनै नसकिने छन्, यसैले ऊ परमेश्वरबाट यो वा त्यो माग गर्न कसरी योग्य छ? परमेश्वरलाई सल्लाह दिन ऊ कसरी योग्यको छ? परमेश्वरले उसको कमजोरीहरूप्रति सहानुभूति दर्साऊन् भनी माग गर्नको लागि ऊ कसरी योग्यको छ? ऊ कसरी परमेश्वरको कृपा पाउन योग्यको छ? ऊ कसरी घरीघरी परमेश्वरको उदारता प्राप्त गर्न योग्यको छ? ऊ कसरी घरीघरी परमेश्वरको क्षमा प्राप्त गर्न योग्यको छ? उसको विवेक कहाँ छ? उसले धेरै पहिले नै परमेश्वरको हृदय तोडेको छ, उसले

---

२. "आँखा तराई र ठडिएका हजारौं औंलाहरूको चिसो प्रतिरोधको सामना गरेको छ, टाउको निहुराउराउँदै, इच्छुक गोरुले जस्तो मानिसको सेवा मात्र गर्दै" मूल रूपमा यो एउटै वाक्यमा छ, तर यहाँ कुरा स्पष्ट बनाउनका लागि दुई भागमा विभाजित गरिएको छ। पहिलो वाक्यले मानिसका कार्यहरूलाई जनाउँछ, जबकि दोस्रोले परमेश्वरले भोग्नुभएको कष्टलाई, र परमेश्वर नम्र र लुक्नुभएको छ भन्ने तथ्यलाई दर्साउँछ।

३. "पूर्वाग्रह" ले मानिसहरूको अनाज्ञाकारी व्यवहारलाई जनाउँछ।

४. "सम्पूर्ण शक्ति लिन" ले मान्छेको अनाज्ञाकारी व्यवहारलाई जनाउँछ। तिनीहरू आफैलाई माथि राख्छन्, अरूलाई बन्धनमा पार्न, तिनीहरूलाई उनीहरूको पछि लगाउन र उनीहरूका निम्ति कष्ट भोग्न लगाउँछन्। तिनीहरू परमेश्वरप्रति शत्रुवत् शक्तिहरू हुन्।

५. "कठपुतली" भन्ने शब्द परमेश्वरलाई नचिन्नेहरूलाई गिल्ला गर्न प्रयोग गरिएको छ।

धेरै पहिले नै परमेश्‍वरको हृदयलाई टुक्रा-टुक्रा पारेको छ। मानिसले उहाँलाई थोरै भए पनि उहाँप्रति न्यानो व्यवहार गर्दै उहाँप्रति परोपकारी व्यवहार गर्नेछन् भन्‍ने आशाले परमेश्‍वर उज्ज्वल आँखा र झ्याप्ले पुच्छर भएका मानिसहरू बीचमा आउनुभयो। तापनि, परमेश्‍वरको हृदय मानिसबाट सान्त्वना पाउनलाई सुस्त छ, र उहाँले हिउँको डल्लाको[६] आक्रमण र यातना मात्रै पाउनुभएको छ। मानिसको हृदय अति नै लोभी छ, उसको चाहना पनि धेरै ठूलो छ, ऊ कहिल्यै तृप्त हुन सक्दैन, ऊ सधैँ दुष्ट र दुस्साहसी हुन्छ, उसले परमेश्‍वरलाई कहिल्यै स्वतन्त्रता वा बोल्ने अधिकार दिँदैन, र परमेश्‍वरलाई अपमानको अधीनमा बस्नु, र उसले चाहेअनुसार उहाँको नियन्त्रण गर्नु दिनु बाहेक अर्को विकल्प हुँदैन।

सृष्टिदेखि अहिलेसम्म, परमेश्‍वरले धेरै पीडा सहनुभएको छ, र धेरै आक्रमणहरू भोग्नुभएको छ। तर आज पनि मानिसले परमेश्‍वरसँगको उसको मागलाई अझै खुकुलो बनाउँदैन, उसले अझै पनि परमेश्‍वरलाई सूक्ष्म जाँच गर्छ, अझै पनि उहाँप्रति उसको कुनै सहिष्णुता छैन, र उहाँलाई सल्लाह दिनु, उहाँको आलोचना गर्नु र उहाँलाई अनुशासनमा राख्‍ने बाहेक अरू केही पनि गर्दैन, मानौं परमेश्‍वरले गलत बाटो लिनुहुन्छ भन्‍ने कुरामा ऊ डराएको छ, पृथ्वीमा हुनुहुने परमेश्‍वर क्रूर र विवेकहीन हुनुहुन्छ, वा दङ्गा चलाउँदै हुनुहुन्छ, वा उहाँको कुनै पनि मोल छैन। मानिसमा परमेश्‍वरप्रति सधैँ यस्तो दृष्टिकोण रहेको छ। यसले कसरी परमेश्‍वरलाई दुःखी नबनाउला? देह बनेर, परमेश्‍वरले ठूलो पीडा र अपमान सहनुभएको छ; झन् परमेश्‍वरलाई मानिसका शिक्षाहरू स्वीकार गर्न लगाउनु कति खराब कुरा हो? मानिसको बीचमा भएको उहाँको आगमनले उहाँका सबै स्वतन्त्रता खोसेको छ, मानौं उहाँ पातालमा कैदी हुनुभएको हो, र उहाँले अलिकति पनि विरोध नगरी उहाँले मानिसलाई उहाँको चिरफार गर्ने अनुमति दिनुभएको छ। के यो लाजमर्दो कुरा होइन र? साधारण मानिसको परिवारमा आएर, "येशू" ले सबैभन्दा ठूलो अन्याय भोग्नुभएको छ। त्यो भन्दा पनि अपमानजनक कुरा यो हो, कि उहाँ यस धूलोको संसारमा आउनुभयो र आफूलाई अत्यन्तै तल्लो स्तरमा होच्याउनुभयो, र उहाँले सबैभन्दा साधारण देह धारण गर्नुभयो। एक अति साधारण मानिस बनेर, के सर्वोच्च परमेश्‍वरले कठिनाइ भोग्नुहुन्न र? अनि के उहाँले मानवजातिका लागि त्यसो गर्नुहुन्न र? के त्यस्तो कुनै समय छ जुन बेला उहाँले आफ्नो बारेमा सोचिरहनुभएको थियो? यहूदीहरूले उहाँलाई अस्वीकार गरेर मारेपछि, अनि मानिसहरूले उहाँलाई गिल्ला गरे र खिसी गरेपछि, उहाँले कहिल्यै स्वर्गसँग गुनासो गर्नुभएन वा पृथ्वीलाई विरोध गर्नुभएन। आज, यो सहस्राब्दी पुरानो दुःखद घटना यो यहूदीहरू जस्ता मानिसहरू बीचमा देखा परेको छ। के तिनीहरूले पनि त्यस्तै पापहरू गर्दैनन् र? कुन कुराले मानिसलाई परमेश्‍वरका प्रतिज्ञाहरू प्राप्त गर्न योग्य बनाउँछ? के उसले परमेश्‍वरको विरोध गर्दैन र त्यसपछि आफ्ना आशिषहरू स्विकार्दैन? किन मानिसहरूले कहिल्यै न्यायको सामना वा सत्यको खोजी गर्ने काम गर्दैनन्? किन उसले कहिल्यै पनि परमेश्‍वरको काममा चासो दिँदैन? उसको धार्मिकता कहाँ छ? उसको निष्पक्षता कहाँ छ? के उसँग परमेश्‍वरलाई प्रतिनिधित्व गर्ने आँट छ? उसको न्यायको भाव कहाँ छ? मानिसको

---

६. "हिउँको डल्ला" भन्‍ने वाक्यांश मानिसहरूको तुच्छ व्यवहारलाई जोड दिन प्रयोग गरिएको छ।

निम्ति जुन कुरा प्रिय छ त्यो परमेश्‍वरका निम्ति कतिसम्म प्रिय छ? मानिसले पनिरबाट चक छुट्याउन सक्दैन[७], ऊ सधैँ कालो र सेतोमा झुक्किन्छ,[८] उसले न्याय र सत्यलाई दबाउँछ, र अन्याय र अधर्मलाई उच्चमा उठाउँछ। उसले ज्योतिलाई भगाउँछ, र अन्धकारमा कुद्छ र उफ्रन्छ। सत्य र न्यायको खोजी गर्नेहरूले ज्योतिलाई खेद्छन्, परमेश्‍वरको खोजी गर्नेहरूले उहाँलाई आफ्नो खुट्टामुनि कुल्चन्छन् र आफैलाई आकाशमा उचाल्छन्। मानिस डाँकुभन्दा[९] फरक छैन। उसको विवेक कहाँ छ? कसले सही र गलत छुट्ट्याउन सक्छ? कसले न्यायलाई समर्थन गर्न सक्छ? सत्यको लागि दु:ख भोग्न को तयार छ? मानिसहरू क्रूर र राक्षसी छन्! परमेश्‍वरलाई क्रूसमा काँटी ठोकेर तिनीहरूले ताली बजाउँछन् र खुसी हुन्छन्, उनीहरूको जङ्गली चिच्याहट कहिल्यै थामिँदैन। तिनीहरू कुखुरा र कुकुरहरू जस्ता छन्, तिनीहरू गुटबन्दी गर्छन् र षड्यन्त्र गर्छन्, र तिनीहरूले आफ्नै राज्य स्थापित गरेका छन्, तिनीहरूको हस्तक्षेपले कुनै ठाउँ बाधा दिन बाँकी राखेको छैन, तिनीहरू आफ्ना आँखाहरू बन्द गर्छन् र बारम्बार बौलाहाझैं लामो सोर निकालेर चिच्याउँछन्, सबै एकसाथ थुनिएर बस्छन्, र हलचलपूर्ण र जीवान्त सहितको अशान्त वातावरण छाउँछ, र जसले अन्धाधुन्ध आफूलाई अरूसँग संलग्न गर्दछ तिनीहरू प्रकट हुँदै जान्छन्, सबैले आफ्ना पुर्खाहरूको "प्रसिद्ध" नाउँलाई माथि उचाल्छन्। यी कुकुरहरू र कुखुराहरूले धेरै पहिले नै परमेश्‍वरलाई उनीहरूको दिमागको पछाडि राखेका थिए र परमेश्‍वरको हृदयको अवस्थालाई कहिल्यै ध्यान दिएका छैनन्। परमेश्‍वरले मानिस भनेको कुकुर वा कुखुरा जस्तै हो भन्नु त्यति आश्‍चर्यको कुरा होइन, एउटा भुकिरहेको कुकुरले अन्य सयौं कुकुरलाई भुक्ने बनाउँछ; यसरी, धेरै झूटो प्रचारद्वारा उसले परमेश्‍वरको कामलाई वर्तमान समयमा ल्याएको छ, परमेश्‍वरको काम के हो, त्यहाँ न्याय छ कि छैन, परमेश्‍वरले खुट्टा टेक्ने ठाउँ छ कि छैन, भोलि कस्तो होला, उसको आफ्नो तुच्छता, उसको आफ्नै फोहोर पनि कस्तो छ भन्ने कुरामा ध्यान दिँदैन। मानिसले कहिल्यै त्यस्ता कुराहरूको बारेमा सोचेको छैन, ऊ भोलिको निम्ति कहिल्यै चिन्ता गर्दैन, र उसले लाभदायक र बहुमूल्य सबै थोकहरू आफ्नो अङ्गालोमा जम्मा गरेको छ, परमेश्‍वरका निम्ति टुक्राटाक्री र उब्रेका कुराहरू[१०] मात्र छोड्छ। मानवजाति कति धेरै क्रूर छ! उसले परमेश्‍वरको लागि कुनै भावना छोड्दैन, र परमेश्‍वरबाटको सबै थोकलाई गुप्तमा खाई सकेपछि, उसले परमेश्‍वरको अस्तित्वलाई कुनै ध्यान नदिई, उहाँलाई आफ्नो पछाडि टाढा धकेल्छ। उसले परमेश्‍वरमा आनन्द गर्छ, तैपनि परमेश्‍वरको विरोध गर्दछ, र उहाँलाई खुट्टामुनि कुल्चन्छ, साथै उसको मुखले परमेश्‍वरलाई धन्यवाद र प्रशंसा चढाउँछ; उसले परमेश्‍वरसँग प्रार्थना गर्दछ, र परमेश्‍वरमा

---

७. "पनिरबाट चक छुट्याउन सक्दैन" भन्ने वाक्यांशले मानिसहरूले परमेश्‍वरको इच्छालाई शैतानी थोकमा बङ्ग्याउने कार्यलाई, समग्रमा, मानिसहरूले परमेश्‍वरलाई अस्वीकार गर्ने व्यवहारलाई जनाउँछ।

८. "कालो र सेतोमा झुक्किन्छ" भनेको सत्यलाई भ्रमसित, र धार्मिकतालाई खराबीसित मिसाउनु हो।

९. "डाँकु" भन्ने शब्द मानिसहरू समझहीन छन् र तिनीहरूमा अन्तर्दृष्टिको अभाव छ भनेर सङ्केत गर्न प्रयोग गरिएको हो।

१०. "टुक्राटाक्री र उब्रेका कुराहरू" भन्ने वाक्यांश मानिसहरूले परमेश्‍वरलाई दमन गर्ने व्यवहारलाई जनाउनका लागि प्रयोग गरिन्छ।

भर पर्दछ, त्यसको साथसाथै उसले परमेश्‍वरलाई धोका दिन्छ। उसले परमेश्‍वरको नाउँ “उच्च पार्दछ”, र परमेश्‍वरको अनुहार हेर्दछ, तापनि ऊ लाज र सर्म नमानी परमेश्‍वरको सिंहासनमा बस्छ र परमेश्‍वरको “अधर्म” को न्याय गर्दछ; उसको मुखबाट ऊ परमेश्‍वरप्रति ऋणी भएको छ भन्ने शब्दहरू निस्कन्छन्, र उसले परमेश्‍वरका वचनहरूलाई हेर्दछ, तापनि आफ्नो हृदयमा उसले परमेश्‍वरलाई गाली गर्छ; ऊ परमेश्‍वरप्रति “सहनशील” हुन्छ र पनि उसले परमेश्‍वरलाई थिचोमिचो गर्छ, र उसको मुखले त्यो परमेश्‍वरको खातिर नै हो भन्छ; उसले आफ्नो हातमा परमेश्‍वरका थोकहरू लिन्छ, र उसको मुखमा परमेश्‍वरले दिनुभएको खानेकुरा चपाउँछ, तर उसका आँखाहरू चिसो र भावहीन भएर परमेश्‍वरलाई हेरिरहन्छ, मानौं ऊ उहाँका सबै कुरा हतार-हतार खान चाहन्छ; उसले सत्यलाई हेर्छ, तर त्यो शैतानको चाल हो भनी जोड् दिन्छ; उसले न्यायलाई हेर्छ, तर त्यसलाई आत्म-त्याग बन्न बाध्य पार्छ; उसले मानिसका कामहरूलाई हेर्छ र परमेश्‍वर जे हुनुहुन्छ तिनीहरू त्यही हो भनी जोड् दिन्छ; उसले मानिसको स्वाभाविक वरदानलाई हेर्छ र ती सत्य हुन् भनी जोड् दिन्छ; उसले परमेश्‍वरका कामहरूलाई हेर्छ र ती अहङ्कार र अभिमान, धम्की र स्व-धार्मिकता हो भन्छ; जब मानिसले परमेश्‍वरलाई हेर्छ, उसले उहाँलाई मानवको नाउँ दिन जिद्दी गर्छ, र उहाँलाई शैतानको मिलेमतोमा बस्ने सृष्टि गरिएको प्राणीको आसनमा राख्न ठूलो कोसिस गर्छ; ती परमेश्‍वरका वाणीहरू हुन् भन्ने कुरा उसले राम्ररी जान्दछ, तापनि ती मानिसको लेख बाहेक अरू केही होइन भनी भन्छ; आत्मा देहमा प्रकट हुनुभएको छ, परमेश्‍वर देह बन्नुभएको छ भन्ने कुरा उसले राम्ररी जान्दछ, तर केवल यो देह मात्रै शैतानको सन्तान हो भनेर भन्छ; परमेश्‍वर नम्र र लुक्नुभएको छ भनी उसले राम्रोसँग जान्दछ, तैपनि शैतान लाजमा परेको छ र परमेश्‍वरले जित्नुभएको छ भनेर मात्रै भन्छ। कस्तो बेकम्मा! मानिस सुरक्षा गर्ने कुकुरको रूपमा सेवा गर्न पनि योग्य छैन! उसले कालो र सेतोको भिन्नता पनि छुट्ट्याउन सक्दैन, र जानी-जानी कालोलाई सेतो बनाउँछ। के मानिसका शक्तिहरू र मानिसले पैदा गरेका समस्याहरूले परमेश्‍वरको मुक्तिको दिनलाई सहन सक्छन्? जानी-जानी परमेश्‍वरको विरोध गरेपछि, मानिसले वास्तै गरेन, वा यहाँसम्म कि उहाँलाई मार्न खोज्यो, परमेश्‍वरलाई आफैलाई देखाउने अनुमति दिएन। धार्मिकता कहाँ छ? प्रेम कहाँ छ? ऊ परमेश्‍वरको छेउमा बस्दछ, र क्षमा माग्नका निम्ति परमेश्‍वरलाई घुँडा टेकाउन, उसका सबै प्रबन्धहरू पालन गर्न, उसका सबै युक्तिहरू स्वीकार गर्न कर गर्दछ, परमेश्‍वरले गर्नुहुने सबै कुरामा ऊबाट सङ्केत लिनु लगाउँछ, वा नत्र ऊ रिसाउँछ[११] र अचानक अति क्रोधित बन्छ। कालोलाई सेतो बनाउने अन्धकारको यस्तो प्रभावमा परमेश्‍वर कसरी शोकले ग्रस्त हुन सक्नुहुन्न र? किन यसो भनिन्छ, जब परमेश्‍वरले आफ्नो सबभन्दा पछिल्लो काम सुरु गर्नुभयो, त्यो आकाश र पृथ्वी सृष्टि गर्ने कामजस्तै थियो? मानिसका कामहरू यति “सम्पन्न” छन्, कि “सधैं बगिरहने जीवित पानीको मूल” ले मानिसको हृदयको खेतलाई निरन्तर “भर्दछ,” भने मानिसको “जिउँदो पानीको मूल” ले सङ्कोच नमानी[१२] परमेश्‍वरको विरुद्ध प्रतिस्पर्धा गर्दछ; ती दुई

११. “रिसाउँछ” ले मानिसको कुरूप अनुहारलाई बुझाउँछ जुन क्रुद्ध र चिढिएको हुन्छ।

१२. “सङ्कोच नमानी” ले मानिसहरू लापरवाह भएको कुरालाई र परमेश्‍वरप्रतिको अलिकता पनि श्रद्धा नहुनुलाई जनाउँछ।

परस्पर नमिल्ने छन्, र यसले परमेश्‍वरका मानिसहरूलाई दण्डबाट छुटकारा पाउने साधन प्रदान गर्दछ, जब कि मानिसले यसका खतराहरूमा कुनै ध्यान नदिई त्यससँग सहकार्य गर्छ। अनि कुन प्रभावका निम्ति? उसले उदासीन भएर परमेश्‍वरलाई एकातिर पन्साउँछ, र उहाँलाई टाढा राख्छ, जहाँ मानिसहरूले उहाँमाथि कुनै ध्यान दिँदैनन्, उहाँले तिनीहरूका ध्यान खिंच्नुहोला भन्ने गहिरो डर मान्छ, र परमेश्‍वरको जीवित पानीको मूलले मानिसलाई लोभ्याउला र मानिसलाई प्राप्त गर्ला भनी ठूलो डर मान्छ। यसैले धेरै वर्ष सांसारिक चिन्ताहरूको अनुभव गरिसकेपछि, उसले परमेश्‍वरको विरुद्धमा गुप्त युक्ति र षड्यन्त्र गर्दछ, र परमेश्‍वरलाई उसको निन्दाको लक्ष्य पनि बनाउँछ। मानौं, परमेश्‍वर उसको आँखामा मुढो जस्तो हुनुभएको छ, र ऊ परमेश्‍वरलाई समातेर उहाँलाई शोधन र शुद्धीकरण गर्नका लागि आगोमा हाल्न चाहन्छ। परमेश्‍वरको असुविधा देखेर, मानिस आफ्नो छाती पिट्छ र हाँस्छ, ऊ खुसीले नाच्छ, र परमेश्‍वर पनि शोधनमा पर्नुभएको छ भनी भन्छ, र उसले परमेश्‍वरको फोहोर अशुद्धता सफा गर्नेछ भनी भन्छ, मानौं यो मात्र तर्कसंगत र समझदार कुरा हो, यी मात्र निष्पक्ष र स्वर्गको उचित तरिकाहरू हुन्। मानिसको यो हिंस्रक व्यवहार जानाजानी र अनजान, दुवैमा गरिएको जस्तो देखिन्छ। मानिसले आफ्नो कुरूप अनुहार र उसको घृणित, फोहोर आत्मा दुवै प्रकट गर्दछ, र साथसाथै एक भिखारीको दयनीय रूप पनि देखाउँछ; टाढा-टाढासम्म भाँडभैलो गरेपछि, उसले एक दयनीय रूप अपनाउँछ र स्वर्गको क्षमाका लागि बिन्ती गर्छ, एक अति नै दयनीय फ्याउरो जस्तै। मानिसले जहिले पनि नसोचेको तरिकामा काम गर्दछ, ऊ सधैँ “अरूलाई तर्साउन बाघको पिठिउँमा सवार हुन्छ,”[क] उसले सधैँ अलिकति भए पनि अभिनय गरिरहेको हुन्छ, उसले परमेश्‍वरको हृदयलाई अलिकति पनि ध्यान दिँदैन, न त उसले आफ्नै इज्जतको कुनै तुलना नै गर्छ। उसले चुपचाप परमेश्‍वरको विरोध मात्र गर्दछ, मानौं परमेश्‍वरले उसँग नराम्रो व्यवहार गर्नुभएको छ, र उसँग त्यस्तो व्यवहार गर्नु हुँदैन थियो, र मानौं स्वर्ग आँखा विहीन छ र जानी-जानी उसका लागि स्थितिहरू गाह्रो बनाइरहेको छ। यसैले मानिसले गोप्य रूपमा कुटिल षड्यन्त्रहरू गर्दछ, र उसले परमेश्‍वरबाट गरेको मागलाई थोरैमा पनि खुकुलो पार्दैन, शिकारीको आँखाले हेर्दै, परमेश्‍वरको हरेक चालमा क्रोध पूर्वक हेर्दै, ऊ आफू परमेश्‍वरको शत्रु हो भन्ने कहिल्यै सोच्दैन, अनि त्यो दिन आउनेछ जब परमेश्‍वरले कुहिरो हटाउनुहुनेछ, र स्थितिहरू स्पष्ट पार्नुहुनेछ, र उसलाई “बाघको मुख” बाट बचाउनुहुनेछ र उसको पक्षमा बदला लिनुहुनेछ भन्ने आशा गर्दछ। आज पनि, मानिसहरूले अझै पनि यो सोच्दैनन् कि उनीहरूले परमेश्‍वर विरोधीको भूमिका खेलिरहेका छन् जुन भूमिकालाई युगौंयुगदेखि धेरै मानिसहरूले खेलेका छन्; तिनीहरूले गर्ने सबै कुरामा तिनीहरू लामो समयदेखि गलत बाटोमा गएका छन्, तिनीहरूले बुझेका सबै कुरा लामो समयदेखि समुद्रले निलेको छ भन्ने कुरा तिनीहरूले कसरी जान्न सक्छन् र।

---

क. यसलाई स्रोत वाक्यांश “hú jiǎ hǔ wēi [हु जे हउ वेइ]” को आधारमा अनुवाद गरिएको हो, जुन एक चिनियाँ उखान हो। यसले एउटा कथालाई सङ्केत गर्दछ, जहाँ एउटा स्याल बाघको साथमा हिँडेर अन्य जनावरहरूलाई तर्साउँछ, यसरी बाघले पाउनु पर्ने डर र इज्जत “सापट” लिन्छ। यहाँ अरूलाई तर्साउन वा दमन गर्न कसैको इज्जत “सापट लिने” मानिसहरूलाई जनाउन यो उपमाको प्रयोग गरिएको छ।

कसले कहिल्यै सत्यतालाई स्विकारेको छ? कसले खुल्ला अङ्गालोले परमेश्‍वरलाई कहिल्यै स्वागत गरेको छ? कसले खुसीसाथ परमेश्‍वरको उपस्थितिको इच्छा कहिल्यै गरेको छ? मानिसको व्यवहार सडिएको धेरै भयो, र उसको अशुद्धताले लामो समयदेखि परमेश्‍वरको मन्दिरलाई चिन्‍नै नसकिने अवस्थामा छोडेको छ। यसै बीच, मानिसले अझै पनि आफ्नो काम गरिरहन्छ, सधैँ परमेश्‍वरलाई तिरस्कार गर्छ। मानौं, उसले परमेश्‍वरलाई विरोध गर्नुपर्छ भन्‍ने कुरा ढुङ्गामा लेखिएको छ, र अपरिवर्तनीय छ र फलस्वरूप उसले आफ्नो वचन र कार्यको अझ अरू दुर्व्यवहार भोग्नुभन्दा बरु श्रापित हुन्छ। यस्ता मानिसहरूले कसरी परमेश्‍वरलाई चिन्‍न सक्छन्? तिनीहरू कसरी परमेश्‍वरसित आराम पाउन सक्छन्? अनि तिनीहरू कसरी परमेश्‍वरको सामु आउने योग्य ठहरिन सक्छन्? निस्सन्देह, आफैलाई परमेश्‍वरको व्यवस्थापनको योजनामा समर्पित गर्नु कुनै गलत कुरो होइन—तर मानिसहरूले किन सधैँ परमेश्‍वरको काम र परमेश्‍वरको पूर्णतालाई मनको पछिल्तिर राख्छन्, जबकि निस्वार्थ रूपमा आफ्नै रगत र आँसुहरू समर्पण गर्छन्? मानिसहरूको निःस्वार्थ भक्तिको भावना निस्सन्देह, बहुमूल्य छ—तर तिनीहरूले कातेको “रेशम” परमेश्‍वर जो हुनुहुन्छ त्यसको प्रतिनिधित्व गर्न पूर्ण रूपमा असमर्थ छ भन्‍ने कुरा तिनीहरूले कसरी थाहा पाउन सक्छन्? मानिसहरूको राम्रो अभिप्राय, निस्सन्देह, बहुमूल्य र दुर्लभ छन्—तर तिनीहरूले “अनमोल धन”[१३] लाई कसरी निल्न सक्छन्? तिमीहरू प्रत्येकले आफ्नो विगतको बारेमा सोच्नुपर्छ: किन तिमीहरू कहिल्यै अलग हुनुहुन्‍न? तिमीहरू किन निर्दयी सजाय र सरापहरूबाट कहिल्यै अलग भएका छैनौ? किन मानिसहरूले जहिले पनि भव्य शब्दहरू र धर्मी न्यायसँग “घनिष्ठ सम्बन्ध” कायम राख्छन्? के परमेश्‍वरले साँच्चै तिनीहरूलाई जाँच्दैहुनुहुन्छ? के परमेश्‍वरले जानी-जानी तिनीहरूलाई शोधन गर्दैहुनुहुन्छ? र मानिसहरू कसरी शोधनमा प्रवेश गर्छन्? के तिनीहरूले साँच्चै परमेश्‍वरको काम जान्दछन्? मानिसहरूले परमेश्‍वरको काम र उनीहरूको आफ्नै प्रवेशको बारेमा के-कस्ता पाठहरू सिकेका छन्? मानिसहरूले परमेश्‍वरको उपदेश नबिर्सून्, र तिनीहरूमा परमेश्‍वरको काममा अन्तर्दृष्टि होस्, त्यसलाई स्पष्ट चिन्‍न सकून्, र तिनीहरूको आफ्नै प्रवेशको उचित रूपले व्यवस्थापन गरून्।

## काम र प्रवेश (१०)

मानवजातिले यतिसम्म प्रगति गर्नु पूर्वदृष्टान्तविनाको अवस्था हो। परमेश्‍वरको काम र मानिसको प्रवेश काँधमा काँध मिलाएर अगाडि बढ्छ र यसैले परमेश्‍वरको काम पनि एक अतुलनीय भव्य घटना हो। मानिसको प्रवेश आजको दिनसम्म मानिसले कहिल्यै कल्पना नगरेको आश्‍चर्य हो। परमेश्‍वरको काम चरम बिन्दुमा पुगेको छ—र सोहीअनुरूप मानिसको “प्रवेश”[१] पनि शिखरमा

१३. “अनमोल धन” ले परमेश्‍वरको सम्पूर्णतालाई जनाउँछ।

१. यहाँ “मानिसको ‘प्रवेश’” ले मानिसको अवज्ञाकारी व्यवहारलाई जनाउँछ। मानिसको जीवनमा प्रवेशलाई जनाउनुको साटो—जुन सकारात्मक छ—यसले तिनीहरूको नकारात्मक व्यवहार र कामहरूलाई जनाउँछ। यसले व्यापक तवरले मानिसको ती कार्यहरूलाई जनाउँछ जुन परमेश्‍वरका विरुद्ध छन्।

पुगेको छ। परमेश्‍वरले उहाँले सक्नुभएसम्म आफूलाई होच्याउनुभएको छ र उहाँले कहिल्यै पनि मानवजाति वा ब्रह्माण्ड र सबै थोकको विरोध गर्नुभएको छैन। यसैबीच, मानिस परमेश्‍वरको शिरमा चढेको छ र परमेश्‍वरमाथिको मानिसको थिचोमिचो शिखरमा पुगेको छ; सबै शिखरमा पुगेको छ र धार्मिकताको दिन देखा पर्ने समय भएको छ। किन निरन्तर भूमिलाई उदासीले छोप्न र सबै मानिसहरूलाई अन्धकारले ढाक्न दिने? परमेश्‍वरले कैयौँ हजार वर्षदेखि हेर्दै आउनुभएको छ–दशौँ हजार वर्षदेखि पनि हुन सक्छ–अनि लामो समयदेखि उहाँको सहनशीलता सीमामा पुगेको छ। उहाँले मानवजातिको हरेक चाल हेर्दै आउनुभएको छ, उहाँले मानवजातिको अधर्मले कति लामो समय उपद्रव गर्छ भनी हेर्दै आउनुभएको छ, तैपनि लामो समयदेखि लाटिएको मानिसले केही पनि महसुस गर्दैन। अनि परमेश्‍वरका कामहरूलाई कसले अवलोकन गरेको छ र? कसले आफ्ना आँखा उठाएर टाढा हेरको छ र? कसले कहिल्यै ध्यान दिएर सुनेको छ र? को परमप्रभुको हातमा कहिल्यै परेको छ र? मानिसहरू सबै काल्पनिक डरहरूले ग्रस्त[२] छन्। नल र परालको थुप्रोको के काम? तिनीहरूले गर्न सक्ने एउटै कुरा भनेको परमेश्‍वरलाई यातना दिएर मार्नु मात्र हो। तिनीहरू नल र परालको थुप्रो मात्र भए तापनि तिनीहरूले "सर्वोत्तम"[३] तरिकाले गर्न सक्ने एउटा कुरा अझ बाँकी छ: परमेश्‍वरलाई यातना दिएर मार्नु अनि "यसले मानिसहरूको हृदयलाई हर्षित तुल्याउँछ" भनेर चिच्याउनु। कस्ता झिँगे सिपाही र गँगटे जर्नलहरू! आश्‍चर्य रूपले, मानिसहरूको अटुट हुलमाझ, अभेद्य घेराबन्दीले उहाँलाई घेर्दै तिनीहरूले आफ्नो ध्यान परमेश्‍वरतर्फ केन्द्रित गर्छन्। तिनीहरूको जोश अझ तातो गरी बलिरहेको छ,[४] तिनीहरूले परमेश्‍वरलाई हुलका हुल गरेर घेरेका छन्, ताकि उहाँ एक इन्च पनि हलचल गर्न नसकून्। तिनीहरूका हातमा हरप्रकारका हतियारहरू छन् र परमेश्‍वरलाई तिनीहरू आफ्ना आँखा रिसले भरेर कुनै शत्रुलाई हेरेझैँ हेर्छन्; तिनीहरू "परमेश्‍वरका हातखुट्टा चुँड्न" आतुर छन्। कस्तो अचम्म! मानिस र परमेश्‍वर किन यसरी मिल्नै नसक्ने शत्रुहरू बने? के यो सबैभन्दा प्रेमिलो परमेश्‍वर र मानिसबीच रिसिबीको कारणले भएको हो? के परमेश्‍वरका कार्यहरू मानिसको लागि फाइदाजनक नभएकोले गर्दा हो? के तिनले मानिसलाई हानि गर्छन्? परमेश्‍वरले मानिसको घेराबन्दी तोड्नुहोला, तेस्रो स्वर्गमा फर्कनुहोला र फेरि मानिसलाई कालकोठरीमा फालिदिनुहोला भनेर डराउँदै मानिसले एक टक लगाएर उहाँलाई हेर्छ। मानिस परमेश्‍वरसँग सावधान छ, चिन्तित छ र मानिसमाझ रहनुभएका परमेश्‍वरलाई "मेसिन गन" ताकेर ऊ जमिनमा यताउता जिउ मर्काउँछ। मानौँ कि, परमेश्‍वर अलिकति मात्र चलमलाउनुभयो भने मानिसले कुनै पनि कुरा बाँकी नछोडी उहाँको हरेक कुरा नष्ट गर्नेछ–उहाँको सारा शरीर र उहाँले पहिरनुभएका हरेक कुरा। परमेश्‍वर र मानिसबीचको सम्बन्ध सुधार्नै नसकिने अवस्थामा पुगेको छ। मानिसले परमेश्‍वरलाई बुझ्न सक्दैन; यसैबीच मानिसले जानीजानी आफ्ना आँखाहरू बन्द गर्छ

२. "काल्पनिक डरहरूले ग्रस्त" भनेर मानिसको मानवताको पथभ्रष्ट जीवनलाई गिल्ला गर्नलाई प्रयोग गरिएको छ। यसले मानवजातिको जीवनको कुरुप अवस्थालाई जनाउँछ, जहाँ मानिसहरू भूतहरूसँगै बस्छन्।

३. "सर्वोत्तम" गिल्ला गरेर भनिएको हो।

४. "जोश अझ तातो गरी बलिरहेको छ" गिल्ला गरेर भनिएको हो, यसले मानिसको कुरुप अवस्थालाई जनाउँछ।

र मेरो अस्तित्व हेर्ने र मेरो न्यायलाई क्षमा गर्न पूर्ण रूपमा अनिच्छुक हुन्छ र यताउता व्यर्थै भौतारिन्छ। यसैले, मानिसले अपेक्षा नै नगरेको बेला, म चुपचाप बगिजान्छु र अब फेरि कहिल्यै मानिससँग को माथि र को तल छ भनेर तुलना गर्नेछैनँ। मानवजाति सबैभन्दा तल्लो दर्जाको "जन्तु" हो र म उसलाई अबउप्रान्त ध्यान नदिने इच्छा गर्छु। मैले धेरै पहिले नै मेरो सबै अनुग्रह म शान्तसँग बस्ने ठाउँमा फिर्ता लगेको छु; मानिस यति अवज्ञाकारी भएको हुनाले उसले मेरो मूल्यवान् अनुग्रहको आनन्द उठाउनुपर्ने के कारण छ र? मप्रति शत्रुतापूर्ण व्यवहार गर्ने शक्तिहरूलाई व्यर्थमा मेरो अनुग्रह प्रदान गर्न म इच्छुक छैनँ। मेरा मूल्यवान् फलहरू कनानका जोशिला र उत्सुकतासाथ मेरो पुनरागमनको प्रतीक्षा गर्ने किसानहरूलाई प्रदान गर्नेछु। म केवल स्वर्ग अनन्तसम्म रहोस् र यसअलावा, मानिस कहिले बुढो नहोस्, स्वर्ग र मानिसले सदाको लागि आराम गरून अनि आदर्श युगमा प्रवेश गर्दा सदाबहार "सल्ला र साइप्रसहरू" सधैँ परमेश्‍वर र स्वर्गको साथमा रहून् भन्ने चाहना गर्छु।

मैले मानिससँग धेरै दिन र रातहरू बिताएको छु, म मानिससँग संसारमा सँगै बसेको छु र मैले मानिसको लागि धेरै मापदण्डहरू बनाएको छैनँ; मैले मानिसलाई सधैँ अगाडितर्फ मार्गदर्शन मात्र गर्छु, मैले मानिसलाई मार्गदर्शनबाहेक केही पनि गर्दिनँ र मानिसको नियतिको खातिर म प्रबन्ध-कार्यलाई निरन्तर अगाडि बढाउँछु। स्वर्गमा हुनुहुने पिताको इच्छा कसले बुझेको छ? स्वर्ग र पृथ्वीको बीचमा कसले यात्रा गरेको छ? म अबउप्रान्त मानिसको "वृद्धावस्था" उसँग बिताउने इच्छा गर्दिनँ किनकि मानिस अत्यन्तै पुरानो ढङ्गको छ, उसले केही पनि बुझ्दैन; उसले त मैले तयार गरेको भोजमा बेस्सरी खान मात्र जान्दछ, ऊ बाँकी सबैबाट अलग रहन्छ, र उसले अन्य कुनै पनि विषयमा विचार नै गर्दैन। मानवजाति अत्यन्तै कन्जुस छ, मानिसमाझ धेरै ठुलो कोलाहल, उदासी र खतरा छ, अनि यसकारण म आखिरी दिनहरूमा प्राप्त गरिने विजयका मूल्यवान् फलहरू बाँड्न चाहन्नँ। मानिसले आफै सृजना गरेका प्रचुर आशिष्‌हरूको आनन्द उठाओस्, किनकि मानिसले मेरो स्वागत गर्दैन–मैले किन मानिसलाई नक्कली मुस्कान ल्याउन कर लगाउने? संसारका हरेक कुनामा न्यानोपनको अभाव छ, संसारका सारा भूभागहरूमा वसन्तको नामनिसान छैन, किनकि पानीमा बस्ने जीवझैँ मानिसमा अलिकति पनि न्यानोपन छैन, ऊ लाशझैँ छ र उसको नशामा बग्ने रगत पनि मुटु चिस्याउने जमेको बरफजस्तै छ। न्यानोपन कहाँ छ? मानिसले परमेश्‍वरलाई कुनै पनि कारणविना क्रूसमा टाँग्यो, र त्यसपछि उसले अलिकति पनि सन्देहको महसुस गरेन। कसैले कहिले पनि पछुतो गरेको छैन, अनि यी क्रूर निरंकुशहरूले अझ पनि मानिसको पुत्रलाई फेरि एकपटक "जिउँदै पक्रने"[५] र तिनीहरूको हृदयभित्रका घृणालाई अन्त्य गर्न उहाँलाई गोली बर्साउने समूहको अगाडि ल्याउने योजना बनाइरहेका छन्। यस्तो खतरापूर्ण भूमिमा रहेर मलाई के फाइदा छ र? यदि म यहीं रहेँ भने मैले मानिसलाई द्वन्द्व र हिंसा अनि कहिले अन्त्य नहुने दुःख मात्र ल्याउनेछु, किनकि मैले मानिसकहाँ कहिल्यै शान्ति ल्याएको छैन, केवल

---

५. "जिउँदै पक्रने" ले मानिसको हिंस्रक र घृणित व्यवहारलाई जनाउँछ। मानिस क्रुर छ र परमेश्‍वरप्रति अलिकति पनि क्षमाशील छैन अनि उसले उहाँसँग निरर्थक मागहरू गर्छ।

युद्ध ल्याएको छु। मानवजातिका आखिरी दिनहरू युद्धले भरिनुपर्छ र हिंसा र द्वन्द्वको बीचमा मानिसको गन्तव्य गिर्नुपर्छ। म युद्धको "आनन्द" बाँडचुँड गरी लिन चाहन्नँ, म मानिसको रक्तपात र बलिदानमा साथ दिनेछैन किनकि मानिसको अस्वीकारले मलाई "निराशा" मा पुऱ्याएको छ र मसँग मानिसका युद्धहरू हेर्ने हृदय छैन—मानिस आफ्नो धित मरुञ्जेल लडाइँ गरोस्। म आराम गर्न चाहन्छु, म सुत्न चाहन्छु; मानवजातिका आखिरी दिनहरूमा भूतहरू उसका साथी बनून्! मेरो इच्छा कसले जान्दछ? मानिसले मेरो स्वागत गर्दैन र उसले कहिल्यै पनि मलाई पर्खेन, त्यसकारण म उसलाई बिदा दिन मात्र सक्छु, अनि म उसलाई मानवजातिको गन्तव्य प्रदान गर्छु, म मेरा सबै सम्पत्ति मानिसलाई छोडिदिन्छु, मेरो जीवन मानिसका बिचमा रोप्छु, मेरो जीवनको बिउ मानिसको हृदयको भूमिमा रोप्छु, ऊकहाँ मेरा चिरस्थायी सम्झनाहरू छोड्छु, मेरो सबै प्रेम मानवजातिकहाँ छोड्छु र मानिसले ममा कदर गर्ने सबै कुरा मानिसलाई दिन्छु, म यी सबै प्रेमको उपहारको रूपमा दिन्छु जसद्वारा हामीले एक अर्काको चाहना गर्छौँ। हामीले एक अर्कालाई सदा प्रेम गरौँ, हामीले एक अर्कालाई दिने असल कुरा हाम्रो हिजो होस् भन्ने मेरो चाहना छ, किनकि मैले मेरो सम्पूर्णता मानवजातिलाई दिइसकेको छु—मानवजातिसँग के नै गुनासो हुन सक्छ र? मैले पहिले नै मेरो जीवनको सम्पूर्णता मानिसकहाँ छोडेको छु र कुनै शब्दविना नै, मैले प्रेमको सुन्दर भूमिलाई मानवजातिको निम्ति जोत्न कठिन परिश्रम गरेको छु; मैले मानिससँग कहिले पनि न्यायोचित सर्तहरू राखेको छैनँ, मैले मानिसका प्रबन्धहरूमा समर्पित हुने र मानवजातिको निम्ति अझ सुन्दर भोलि सृजना गर्नेबाहेक केही पनि गरेको छैनँ।

परमेश्‍वरको काम समृद्ध र प्रशस्त भए तापनि मानिसको प्रवेश अभावग्रस्त नै छ। मानिस र परमेश्‍वरबीचको संयुक्त "उद्यम" मा लगभग सबै नै परमेश्‍वरका काम हुन्; मानिसले कति हदसम्म प्रवेश गरेको छ भन्ने विषयमा कुरा गर्दा, यो कुरा देखाउने उसँग लगभग केही पनि छैन। मानिस यति दरिद्र र दृष्टिविहीन छ कि उसले आफ्नो हातमा "प्राचीन हतियारहरू" लिएर आजको परमेश्‍वरसँग आफ्नो तागतको मापन पनि गर्छ। यी "प्राचीन वानरहरू" मुस्किलले मात्र सिधा हिँड्न सक्षम छन् र यिनीहरू आफ्ना "नाङ्गा" शरीरहरूको कुनै सरम मान्दैनन्। तिनीहरूलाई परमेश्‍वरको कामको मूल्याङ्कन गर्न के कुराले योग्य बनाउँछ? यी चारखुट्टे वानरहरूमध्ये धेरैका आँखाहरू क्रोधले भरिएका छन् र तिनीहरूले सारा भूमिमा प्रख्यात हुने वानर-मानिसहरू र परमेश्‍वरबीचको आखिरी दिनहरूको प्रतिस्पर्धा गराउनको निम्ति आफ्ना हातहरूमा प्राचीन ढुङ्गे हतियारहरू लिएर संसारले पहिले कहिल्यै नदेखेको वानर-मानिसहरूको प्रतिस्पर्धा सुरु गर्ने प्रयास गर्दै आफूलाई परमेश्‍वरको विरुद्ध उभ्याउँछन्। यसबाहेक, यी आधा सिधा उभिने प्राचीन वानर-मानिसहरूमध्ये धेरै आत्मसन्तुष्टिले भरिन्छन्। अनुहार ढाक्ने एकदमै जगल्टिएका रौँहरू भएका तिनीहरू प्राणघाती इरादाले भरिपूर्ण छन् र तिनीहरूले आफ्ना अगाडिका खुट्टाहरू उचाल्छन्। तिनीहरू आधुनिक मानिसको रूपमा विकसित हुन बाँकी नै छ, यसैले आफ्नो निधारलाई राम्ररी जोडिएका शीतका थोपाहरूजस्ता पसिनाका दानाहरूले ढाकेर कहिलेकाहीँ तिनीहरू सिधा उभिन्छन् र कहिलेकाहिँ तिनीहरू घस्रन्छन्—तिनीहरूको उत्सुकता स्पष्ट देखिन्छ। त्यसका भारी र ढिला चार खुट्टामा उभिएको, प्रहारलाई मुस्किलले छल्न सक्ने र जबाफी हमला गर्ने तागतविनाको, आफ्नो मित्र,

मौलिक स्वरूपको, प्राचीन वानर-मानिसलाई हेरेर तिनीहरूले मुस्किलले आफूलाई रोक्न सक्छन्। आँखाको एक निमेषमा–के भयो भनेर देख्न पाउनुअगावै–अखडाभित्रको “हिरो” हावामा खुट्टा ठाडो पारेर जमिनमा ढल्छ। ती सारा वर्षहरू जमिनमा गलत तरिकाले टेकेका ती खुट्टाहरू अकस्मात् उत्तानो परेका छन् र अबउप्रान्त उक्त वानर-मानिसमा प्रतिवाद गर्ने कुनै इच्छा छैन। यस समयपछि, यीमध्ये सबैभन्दा प्राचीन वानर-मानिसलाई पृथ्वीबाट हटाइएको छ–यो साँच्चै नै “पीडादायी” कुरा हो। यस प्राचीन वानर-मानिसको अकस्मात् अन्त्य भएको छ। मानिसको अद्भुत संसारबाट ऊ किन यति चाँडो हतारिनु परेको? अफसोसको कुरो, त्यसले परमेश्‍वरविरुद्ध आफ्नो तागत मापन नगरीकन यस संसारबाट बिदा लियो! कस्तो विचारहीन बुढो वानर-मानिस–कानेखुसी नगरी, “प्राचीन संस्कृति र कलाहरू” आफ्ना सन्तानहरूलाई नसुम्पिई मऱ्यो! आफ्ना नजिकका लाई आफ्नो छेउमा बोलाएर आफ्नो प्रेमको बारेमा बताउने समय उसलाई मिलेन, उसले ढुङ्गाको पाटीमा कुनै सन्देश छोडेन, उसले स्वर्ग-दिन छुट्याएन र अकथनीय कष्टको बारेमा केही भनेन। उसले अन्तिम सास फेर्दा, आफ्ना आँखा बन्द गर्नुअगाडि, चार कडा खुट्टाहरूलाई आकासतिर फर्केका रुखका हाँगाहरूझैँ माथितिर तन्काउनुअघि उसले आफ्ना सन्तानहरूलाई “परमेश्‍वरलाई चुनौति दिन अखडामा नचढनू” भनी अर्ती दिनलाई आफ्नो मर्न लागेको शरीरको छेउमा बोलाएन। यस्तो लाग्छ, उसले नराम्रो मृत्युवरण गऱ्यो...। अकस्मात्, अखडामुनिबाट गर्जनयुक्त हाँसो सुनिन्छ; आधा सिधा उभिएको वानर-मानिस उत्तेजित हुन्छ; हातमा बाह्रसिङ्गे वा पुरानो वानर-मानिसभन्दा विकसित अन्य जङ्गली जन्तु शिकार गर्नको लागि प्रयोग गरिने “ढुङ्गाको लाठो” लिएर रिसले चुर हुँदै ऊ उसको मनमा राम्ररी सोचिएको योजनाको[६] साथ अखडामा उफ्रन्छ। मानौं उसले कुनै सराहनीय काम नै गरेको छ। आफ्नो ढुङ्गाको लाठोको “बल” मा ऊ “तीन मिनेटसम्म” सिधा उभिन्छ। यस तेस्रो “खुट्टा” को “शक्ति” कति ठुलो! यसले ठुलो, भद्दा, मूर्ख आधा उभिएको वानर-मानिसलाई तीन मिनेटसम्म थाम्यो–यो आदरणीय[७] बुढो वानर-मानिस रवाफी छ भन्ने कुरामा कुनै आश्‍चर्य छैन। निश्‍चय नै, त्यो प्राचीन ढुङ्गे हतियार “मानिसहरूले सोचेजस्तै छ”: त्यसमा एउटा चक्कु, बिँड, धार र टुप्पो छ, त्यसमा भएको एउटै कमजोरी भनेको त्यसको धारमा चमक नहुनु हो–त्यो कति खेदजनक छ। त्यो प्राचीन समयको “सानो हिरो” लाई फेरि हेर, जो अखडामा खडा भएको छ र तल भएकाहरूलाई घृणाको नजरले हेरिरहेको छ, मानौं कि तिनीहरू दुर्बल नीच हुन्, अनि ऊ आफूचाहिँ वीर हिरो। उसले मञ्चअगाडि भएकालाई आफ्नो हृदयमा गुप्त रूपले घृणा गर्छ। “देश समस्यामा छ र हामीमध्ये हरेक उत्तरदायी छौँ, तिमीहरू किन तर्कन्छौ? तिमीहरूले देशले विनाशको सामना गरेको देख्छौ, तर रक्तपातपूर्ण युद्धमा सहभागी हुन चाहँदैनौ, के त्यसकारण यस्तो गरेका हौ? देश विनाशको नजिक छ–किन तिमीहरू सबैभन्दा पहिले चासो देखाउने र सबैभन्दा अन्तिममा आनन्द मनाउने हुँदैनौ? देश असफल भएको र यसमा मानिसहरू सडेको तिमीहरू कसरी सहन

---

६. “उसको मनमा राम्ररी सोचिएको योजना” गिल्ला गरेर भनिएको हो, अनि यसले मानिसहरूले कसरी आफैलाई जान्दैनन् र आफ्नो वास्तविक कदको बारेमा अनजान छन् भन्ने कुरालाई जनाउँछ। यो अपमानजनक अभिव्यक्ति हो।

७. “आदरणीय” गिल्ला गरेर भनिएको हो।

सक्छौ? के तिमीहरू राष्ट्रिय अधीनताको सरम सहन इच्छुक छौ? कस्तो नालायकहरूको झुण्ड!" उसले यस्तो सोच्दै गर्दा मञ्चअगाडि झगडा सुरु हुन्छ र उसका आँखा अझ क्रुद्ध हुन्छन्, मानौँ कि ती आँखाहरूले ज्वाला प्रहार गर्न[८] लागेका छन्। युद्धमा परमेश्‍वरलाई हराउन ऊ बेचैन छ, मानिसहरूलाई खुसी पार्नको लागि परमेश्‍वरलाई मृत्युको मुखमा पुऱ्याउन ऊ लालायित छ। उसको ढुङ्गे हतियार प्रसिद्‌धिको लायक होला तर त्यो कहिल्यै पनि परमेश्‍वरको विरुद्‌धमा जान सक्दैन भन्ने कुरा उसलाई थाहै छैन। उसले आफ्नो बचाउ गर्नुअगाडि, ऊ ढलेर आफ्नो खुट्टामा खडा हुनुअगाडि नै, दुवै आँखाका ज्योति गुमाएर ऊ अगाडि र पछाडि हल्लिन्छ। ऊ आफ्ना पुरानो पुर्खातिर ढल्छ र फेरि उठ्दैन; प्राचीन वानर-मानिसलाई जोरले पक्डेर ऊ अब फेरि कराउँदैन र आफ्नो नीचता स्वीकार गर्छ, अनि उसमा प्रतिवाद गर्ने कुनै इच्छा हुँदैन। ती दुई वानर-मानिसहरू अखडाअगाडि नै मर्छन्। मानवजातिको पुर्खा जो वर्तमान दिनसम्म जीवित थियो, ऊ धार्मिकताको सूर्य देखा परेपछि अज्ञानताले मऱ्यो, यो कस्तो दुर्भाग्य! तिनीहरूले यति महान् आशिष्‌लाई त्यतिकै जान दिए, त्यो कति मूर्खतापूर्ण कुरो थियो–तिनीहरूको आशिष्‌को दिन, हजारौँ वर्ष पर्खेका ती वानर-मानिसहरूले दियाबलसहरूको राजासँग "आनन्द मनाउनलाई" ती आशिष्‌हरूलाई पातालमा लगेका छन्! किन यी आशिष्‌हरूलाई जीवित रहनेहरूको संसारमा आफ्ना छोरा र छोरीहरूसँग आनन्द मनाउनको लागि नराख्ने? तिनीहरूले केवल समस्याको माग गरिरहेका छन्! तिनीहरूले थोरै प्रतिष्ठा, ख्याति र अभिमानको निम्ति नरकका ढोकाहरू खोल्नमा प्रथम हुन र नरकका छोराहरू हुनको लागि संघर्ष गर्दै मारिने दुर्भाग्य भोग्नु, यो कस्तो बर्बादी! त्यस्तो मूल्य अत्यन्तै अनावश्यक छ। "राष्ट्रिय भावनाले ओतप्रोत" भएका त्यस्ता पुराना पुर्खाहरू आफैलाई नरकमा थुनेर अनि दुर्बल नीचहरूलाई बाहिरै राखेर "आफ्नै लागि यति कठोर तर अरूको निम्ति यति सहनशील" हुनु, यो कस्तो टीठलाग्दो कुरो। यस्ता "मानिसहरूका प्रतिनिधिहरू" कहाँ पाउन सकिन्छ? तिनीहरूका "सन्तानहरूको कल्याण" र "भावी पुस्ताको शान्तिपूर्ण जीवन" को निम्ति तिनीहरूले परमेश्‍वरलाई हस्तक्षेप गर्न दिँदैनन्, अनि यसैले तिनीहरूले आफ्नै जीवनलाई कति पनि ध्यान दिँदैनन्। तिनीहरूले कुनै रोकटोकविना, विनाशब्द पातालमा प्रवेश गरेर आफैलाई "राष्ट्रिय उद्‌देश्यका" निम्ति समर्पण गर्छन्। त्यस्तो राष्ट्रवाद कहाँ पाउन सकिन्छ? परमेश्‍वरसँग युद्ध गर्दै तिनीहरू मृत्युसँग डराउँदैनन्, न त रक्तपातसँग नै डराउँछन्, भोलिको निम्ति त तिनीहरू डराउने झन् कुरै नगरौं। तिनीहरू केवल युद्ध मैदानतर्फ दौडन्छन्। तिनीहरूले आफ्नो "समर्पण भाव" को निम्ति अनन्तसम्म पछुतो गर्नु र नरकको सधैँ जलिरहने ज्वालामा जल्नु कस्तो दयालाग्दो कुरो!

कति चाखलाग्दो! परमेश्‍वरको देहधारणलाई किन मानिसहरूद्‌वारा सधैँ इन्कार र गाली गरिन्छ? किन मानिसहरूमा परमेश्‍वरको देहधारणको बारेमा केही पनि बुझाइ छैन? के परमेश्‍वर गलत समयमा आउनुभएकोले यसो भएको हुन सक्छ? के परमेश्‍वर गतल ठाउँमा आउनुभएको हुनाले यसो भएको हुन सक्छ? के परमेश्‍वरले मानिसको "स्वीकृतिको हस्ताक्षर" विना एक्लै काम गर्नुभएको

---

८. "प्रहार गर्न" ले परमेश्‍वरबाट पराजित भई रिसले चुर भएका मानिसहरूको कुरुप अवस्थालाई जनाउँछ। यसले परमेश्‍वरप्रति तिनीहरूको विरोधको हदलाई जनाउँछ।

हुनाले यसो भएको हुन सक्छ? के परमेश्‍वरले मानिसको अनुमतिविना आफै निर्णय गर्नुभएको कारणले यसो भएको हुन सक्छ? तथ्यहरूले यो बताउँछन् कि परमेश्‍वरले पूर्वसूचना दिनुभयो। परमेश्‍वरले देह बन्‍नुभएर गल्ती गर्नुभएन—के उहाँले मानिसको सहमति माग्‍नुपर्छ र? यसअलावा, परमेश्‍वरले मानिसलाई धेरै पहिले नै स्मरण गराउनुभयो, सायद मानिसहरूले बिर्सेका छन्। तिनीहरू दोषी छैनन्, किनकि मानिसलाई शैतानले धेरै पहिलेदेखि नै भ्रष्ट पारेको छ जसले गर्दा उसले स्वर्गमुनि हुने कुनै पनि कुरा बुझ्‍न सक्दैन, आत्मिक संसारमा हुने घटनाहरूको बारेमा त कुरै नगरौं! यो कस्तो लज्जास्पद कुरो, मानिसका पूर्वजहरू, वानर-मानिसहरू, अखडामा मरे, तर यो अचम्मको कुरा होइन: स्वर्ग र पृथ्वी कहिल्यै पनि मिलेका छैनन्, अनि दिमाग ढुङ्गाबाट बनेको वानर-मानिसले परमेश्‍वर फेरि देह बन्‍न सक्‍नुहुन्थ्यो भन्‍ने कुरा कसरी बुझ्‍न सक्थ्यो र? कति दुःखको कुरो, "साठी वर्षको" यस्तो "बुढो मानिस" परमेश्‍वरको देखा पर्नुभएको दिनमा मर्‍यो। त्यस्तो महान् आशिष्‌को आगमनमा आशिष्‌विहीन भएर उसले संसार छोड्नु के आश्‍चर्यको कुरा होइन र? परमेश्‍वरको देहधारणले सबै धर्म र क्षेत्रहरूलाई तरङ्‌गित पारेको छ, यसले धार्मिक वृतका मूल प्रणालीलाई "भद्रगोलको अवस्थामा" धकेलिदिएको छ र यसले परमेश्‍वर देखा पर्नुभएको चाहना गर्नेहरूको हृदय हल्लाइदिएको छ। कसले उपासना गर्दैन र? कसले परमेश्‍वरलाई देख्‍न चाहँदैन र? परमेश्‍वर धेरै वर्षदेखि व्यक्तिगत रूपमा मानिसको बीचमा रहँदै आउनुभएको छ, तापनि मानिसले कहिले पनि यसलाई महसुस गरेको छैन। आज, परमेश्‍वर स्वयम् देखा पर्नुभएको छ र उहाँको पहिचान जनसाधरणलाई देखाउनुभएको छ—यसले कसरी मानिसको हृदयमा हर्ष ल्याउँदैनथ्यो र? परमेश्‍वरले एकपटक मानिससँग आनन्द र शोक बाँडचुँड गर्नुभयो र आज उहाँको मानवजातिसँग पुनर्मिलन भएको छ र ऊसँग बितेका समयका कथाहरू सुनाउँदै हुनुहुन्छ। उहाँ यहूदियाबाट बाहिर जानुभएपछि मानिसहरूले उहाँलाई भेट्टाउन सकेनन्। तिनीहरूले फेरि एकपटक उहाँलाई भेट्ने चाहना गर्छन्, तिनीहरूलाई थाहै छैन, आज तिनीहरूले उहाँलाई फेरि भेटिसकेका र उहाँसँग पुनर्मिलन भइसकेका छन्। यसले कसरी हिजोका सोचहरूमा हलचल नल्याउला र? दुई हजार वर्षअगाडि आजकै दिन यहूदीका सन्तान योनाको छोरो सिमोनले येशूलाई उद्धारकर्ताको रूपमा लियो, उहाँकै टेबुलमा खायो र उहाँलाई धेरै वर्ष पछ्यायो अनि उहाँप्रति गहिरो प्रेम महसुस गर्‍यो: उसले उहाँलाई आफ्नो हृदयको गहिराइबाट प्रेम गर्‍यो, उसले प्रभु येशूलाई अत्यन्तै प्रेम गर्‍यो। चिसो डुँडमा जन्मिएको सुनौलो कपाल भएको बालक कसरी परमेश्‍वरको देहधारणको पहिलो स्वरूप हुनुहुन्थ्यो भन्‍नेबारेमा यहूदी मानिसहरूलाई केही पनि थाहा थिएन। तिनीहरूले उहाँलाई आफूजस्तै सोचे, कसैले पनि उहाँलाई फरक सोचेन—मानिसहरूले सामान्य र साधारण येशूलाई कसरी पहिचान गर्न सक्थे र? यहूदी मानिसहरूले उहाँलाई त्यस समयको यहूदी छोराको रूपमा सोचे। कसैले पनि उहाँलाई प्रेमिलो परमेश्‍वरको रूपमा हेरेन, मानिसहरूले उहाँसँग अन्धाधुन्ध माग गर्नेबाहेक केही पनि गरेनन्, तिनीहरूले उहाँसँग प्रचुर र प्रशस्त मात्रामा अनुग्रह, शान्ति र आनन्दको माग गरे। तिनीहरूलाई के मात्र थाहा थियो भने उहाँसँग लखपति मानिससँग जस्तै जोकोहीले इच्छा गरेको हरेक कुरा छ। तथापि मानिसहरूले उहाँलाई प्रेमिलो व्यक्तिको रूपमा व्यवहार गरेरनन्; त्यस बेलाका मानिसहरूले उहाँलाई प्रेम गरेनन् र उहाँको विरोध मात्र गरे अनि उहाँसँग तर्कहीन मागहरू

गरे। उहाँले कहिले पनि प्रतिरोध गर्नुभएन, मानिसले उहाँलाई नचिनेको भए तापनि उहाँले निरन्तर मानिसहरूलाई अनुग्रह दिनुभयो। उहाँले मानिसलाई चुपचाप न्यानोपन, प्रेम र दया दिनेबाहेक केही पनि गर्नुभएन, त्यो भन्दा बढी त उहाँले मानिसलाई व्यवस्थाको बन्धनबाहिर निकाल्नुभयो र उसलाई अभ्यासका नयाँ माध्यमहरू दिनुभयो। मानिसले उहाँलाई प्रेम गरेन, उसले उहाँको डाह मात्र गर्‍यो र उहाँका असाधारण प्रतिभाहरूको पहिचान गर्‍यो। प्रेमिलो येशू मुक्तिदाता मानवजातिकहाँ आउनुहुँदा उहाँले कति ठूलो अपमान भोग्नुभयो भन्ने कुरा अन्धो मानवजातिले कसरी जानोस् र? कसैले पनि उहाँको कष्टको बारेमा सोचविचार गरेन, कसैले पनि परमेश्‍वर पिताप्रतिको उहाँको प्रेमलाई जानेन, र कसैले पनि उहाँको एक्लोपनलाई जान्न सकेन; मरियम उहाँलाई जन्म दिने आमा भए तापनि कृपालु प्रभु येशूको हृदयमा भएका सोचहरूको बारेमा तिनले कसरी जान्न सक्थिन् र? मानिसको पुत्रले सहनुभएको व्यक्त नै गर्न नसकिने कष्टको बारेमा कसले जान्दथ्यो र? उहाँसँग अनुरोधहरू गरेपछि त्यस समयमा मानिसहरूले उहाँलाई बेपरवाह गर्दै आफ्नो मनको पछाडि राखे र उहाँलाई निकालेर बाहिर फाले। त्यसैले दिनप्रतिदिन, वर्षौंवर्ष उहाँ सडकहरूमा भौतारिनुभयो, कठिन साढे तेत्तीस वर्षसम्म यताउता भौतारिनुभयो, र ती वर्षहरू लामा र छोटा दुवै थिए। जब मानिसहरूलाई उहाँको आवश्यकता पर्‍यो तिनीहरूले उहाँसँग माग गर्ने प्रयासका साथ उहाँलाई मुस्कानका साथ आफ्ना घरमा निमन्त्रणा दिए—अनि उहाँको योगदान पाएपछि तिनीहरूले उहाँलाई ढोकाबाहिर तुरुन्तै धकेलिदिए। मानिसहरूले उहाँले आफ्नो मुखबाट उपलब्ध गराउनुभएको खाना खाए, तिनीहरूले उहाँको रगत पिए, तिनीहरू उहाँले तिनीहरूलाई प्रदान गर्नुभएको अनुग्रहमा रमाए, तैपनि तिनीहरूले उहाँको विरोध गरे किनकि तिनीहरूले आफूलाई कसले जीवन दिनुभएको भन्ने कुरा कहिल्यै पनि जानेनन्। अन्ततः तिनीहरूले उहाँलाई क्रूसमा काँटी ठोकिदिए, तैपनि उहाँले आवाज निकाल्नुभएन। आज पनि उहाँ चुपचाप हुनुहुन्छ। मानिसहरूल उहाँको देह खान्छन्, तिनीहरूले उहाँको रगत पिउँछन्, तिनीहरूले उहाँले तिनीहरूको निम्ति बनाउनुभएको खाना खान्छन्, अनि तिनीहरू उहाँले तिनीहरूको निम्ति खोल्नुभएको बाटो हिँड्छन्, तैपनि तिनीहरूले उहाँलाई इन्कार गर्ने इरादा राख्छन्; वास्तवमा तिनीहरूले आफूहरूलाई जीवन दिनुहुने परमेश्‍वरलाई शत्रुलाई झैँ व्यवहार गर्छन् र दासहरूलाई चाहिँ स्वर्गीय पिताको रूपमा व्यवहार गर्छन्। यसमा, के तिनीहरूले जानीजानी उहाँको विरोध गर्दैनन् र? येशू कसरी क्रूसमा मर्नु पुग्नुभयो? के तिमीहरूलाई थाहा छ? के उहाँलाई उहाँको सबैभन्दा नजिक रहेको, उहाँसँगै खाएको, पिएको र उहाँसँगै रमाएको यहूदाले धोका दिएन र? के उहाँ नगण्य सामान्य शिक्षकभन्दा बढी हुनुनभएको कारण यहूदाले येशूलाई धोका दिएको होइन र? यदि मानिसहरूले येशू असाधारण र उहाँ स्वर्गको हुनुहुन्थ्यो भन्ने कुरा देखेका भए, तिनीहरूले कसरी उहाँलाई जिउँदै चौबिस घण्टासम्म उहाँको शरीरमा सास बाँकी नरहेसम्म क्रूसमा किला ठोक्ने थिए र? परमेश्‍वरलाई कसले जान्न सक्छ? मानिसहरूले तृप्त नहुने लालचसाथ परमेश्‍वरको आनन्द लिनेबाहेक केही पनि गर्दैनन्, तर तिनीहरूले उहाँलाई कहिल्यै पनि चिनेका छैनन्। तिनीहरूलाई औँला दिइएको थियो तर तिनीहरूले डुँडुलो निलेका छन्, अनि तिनीहरूले "येशू" लाई पूर्ण रूपमा आफ्नो आदेश र आज्ञा पालन गर्ने बनाए। कहीँ पनि शिर राख्ने ठाउँ नभएको मानिसको पुत्रलाई कसले कहिल्यै दया देखाएको छ?

परमेश्‍वरको आज्ञा पूरा गर्नको निम्ति उहाँको फौजमा सामेल हुने कसले कहिल्यै सोच राखेको छ? कसले कहिल्यै उहाँको लागि सोचेको छ? उहाँका कठिनाइहरूको बारेमा कोही कहिल्यै विचारशील भएको छ? अलिकति पनि प्रेमबिना मानिसले उहाँलाई अगाडि र पछाडि बटार्छ; मानिसलाई उसको ज्योति र जीवन कहाँबाट आउँछ भन्‍ने थाहा छैन र दुई हजार वर्ष पहिलेका मानिसका बीचमा कष्ट भोग्नुभएका "येशूलाई" पुनः एकपटक क्रूसमा टाँग्ने गोप्य योजना बनाउनेबाहेक उसले केही पनि गर्दैन। के "येशूले" त्यस्तो घृणालाई प्रेरित गर्नुहुन्छ? के उहाँले धेरै पहिले गर्नुभएका सबै काम-कुराहरू बिर्सिसकिएको छ? हजारौँ वर्षदेखि एकत्रित भएको घृणा अन्तमा बाहिर निस्कनेछ। तिमीहरू, काटीकुटी यहूदीहरूजस्तै छौ! "येशू" कहिले तिमीहरूको विरोधी हुनुभएको छ र तिमीहरूले उहाँलाई त्यति धेरै घृणा गर्नुपर्छ? उहाँले त्यति धेरै कुराहरू गर्नु र भन्‍नुभएको छ—के तीमध्ये कुनै पनि तिमीहरूको निम्ति फाइदाजनक छैनन् र? उहाँले सट्टाभर्ना नमागी आफ्नो जीवन तिमीहरूको निम्ति दिनुभयो, उहाँले तिमीहरूलाई आफ्नो सम्पूर्णता दिनुभयो—के तिमीहरू वास्तवमा अझै पनि उहाँलाई जिउँदै खान चाहन्छौ? उहाँले कुनै पनि कुरा आफूसँग नराखी, सांसारिक महिमा, मानिसका बीचमा भएको न्यानोपन वा मानिसका बीचमा भएको प्रेम, मानिसका बीचमा भएका सबै आशिष्‌हरूमा नरमाई, आफ्नो सबै थोक तिमीहरूलाई दिनुभएको छ। मानिसहरू उहाँप्रति यति नीच छन्, उहाँले कहिल्यै पनि पृथ्वीका सारा सम्पत्तिहरूको आनन्द लिनुभएन, उहाँले आफ्नो सारा इमान्दार र स्नेही हृदय मानवजातिको निम्ति समर्पण गर्नुहुन्छ—अनि कसले कहिल्यै उहाँलाई न्यानोपन दिएको छ? उहाँलाई कसले कहिल्यै आराम दिएको छ? मानिसले सबै दबाब उहाँमाथि थुपारेको छ, उसले सबै दुर्भाग्य उहाँलाई सुम्पिदिएको छ, मानिसका बीचमा भएका सबैभन्दा दुर्भाग्यपूर्ण अनुभवहरूलाई जबरजस्ती उहाँमाथि थुपारेको छ, उसले सबै अन्यायको दोष उहाँलाइ दिन्छ र उहाँले यसलाई मौनतामा स्वीकार गर्नुभएको छ। के उहाँले कसैको विरोध गर्नुभएको छ र? के उहाँले कसैबाट कहिल्यै थोरै भरपाई माग्नुभएको छ र? कसले उहाँलाई कहिल्यै सहानुभूति देखाएको छ र? सामान्य मानिसहरूको रूपमा, तिमीहरूमध्ये कसले मनोरम बाल्यकाल पाएन र? कसले रङ्गीन जवानी पाएन र? कोसँग प्रीयजनहरूको न्यानोपन छैन र? कोसँग आफन्त र साथीभाइहरूको प्रेम छैन र? कसले अरूको सम्मान पाएको छैन र? को न्यानो परिवाररहित छ र? कसले विश्‍वासपात्रको सान्त्वना पाएको छैन र? अनि के उहाँले यीमध्ये कुनै कुराको कहिल्यै आनन्द लिनुभएको छ र? कसले उहाँलाई कहिल्यै थोरै न्यानोपन दिएको छ र? कसले उहाँलाई कहिल्यै थोरै सान्त्वना दिएको छ र? कसले उहाँलाई कहिल्यै थोरै मानव नैतिकता देखाएको छ र? कसले उहाँलाई कहिल्यै सहेको छ र? कठिन समयहरूमा को कहिल्यै उहाँसँग रहेको छ र? कसले उहाँसँग कठिन जीवन कहिल्यै गुजारेको छ र? मानिसले कहिल्यै पनि उहाँले पालना गर्नुपर्ने मापदण्डहरूलाई कम गरेको छैन; उसले त बिनासङ्कोच उहाँसँग माग मात्र गर्छ, मानौँ कि मानिसको संसारमा आउनुभएर उहाँले मानिसको गोरु वा घोडा, उसको कैदी बन्‍नुपर्छ र उहाँको सबैथोक मानिसलाई दिनुपर्छ; यदि होइन भने, मानिसले उहाँलाई कहिल्यै माफ गर्नेछैन, उहाँसँग कहिल्यै सहज व्यवहार गर्नेछैन, उहाँलाई कहिल्यै परमेश्‍वर भनेर पुकार्नेछैन र उहाँलाई कहिल्यै उच्च आदर गर्नेछैन। मानिस उहाँप्रतिको प्रवृत्तिमा अत्यन्तै कठोर छ, मानौँ कि उहाँलाई मृत्युसम्मै यातना

दिनको निम्ति लागिपरेको छ, त्यसपछि मात्र उसले परमेश्‍वरले पालना गर्नुपर्ने मापदण्डलाई खुकुलो गर्नेछ; नत्रभने मानिसले कहिल्यै पनि परमेश्‍वरले पालना गर्नुपर्ने आवश्यक मापदण्डलाई कहिले पनि कम गर्नेछैन। यस्तो मानिसलाई परमेश्‍वरले कसरी घृणा गर्नुहुन्‍न र? के यो आजको वियोग होइन र? मानिसको विवेक कहीँ पनि देखिन्‍न। उसले परमेश्‍वरको प्रेमको पैँचो तिर्नेछु भनेर भन्छ तर उसले परमेश्‍वरलाई चिर्छ र उहाँलाई यातना दिएर मार्छ। के यो उसका पुर्खाहरूबाट हस्तान्तरण भई आएका परमेश्‍वरप्रतिको उसको विश्‍वासको कुनै "गोप्य रेसिपी" होइन र? "यहूदीहरू" नपाइने ठाउँ कहीँ छैन र आज पनि तिनीहरूले त्यही काम गर्छन्, तिनीहरूले आज पनि परमेश्‍वरको विरोध गर्ने त्यही काम गर्छन् तर पनि तिनीहरू आफूहरूले परमेश्‍वरलाई माथि उठाइरहेका छौं भन्‍ने विश्‍वास गर्छन्। के मानिसको आफ्नै आँखाले परमेश्‍वरलाई चिन्‍न सक्थ्यो र? देहमा जिउने मानिसले कसरी आत्माबाट आउनुभएको देहधारी परमेश्‍वरलाई परमेश्‍वरको रूपमा व्यवहार गर्न सक्थ्यो र? मानिसमाझ उहाँलाई कसले चिन्‍न सक्थ्यो र? मानिसको बीचमा सत्यता कहाँ छ? साँचो धार्मिकता कहाँ छ? परमेश्‍वरको स्वभावलाई चिन्‍न को सक्षम छ? स्वर्गका परमेश्‍वरसँग कसले प्रतिस्पर्धा गर्न सक्छ? आश्‍चर्य नमाने हुन्छ, उहाँ मानिसको बीचमा आउनुभएको बेला कसैले पनि परमेश्‍वरलाई चिनेको छैन र उहाँलाई इन्कार गरिएको छ। मानिसले कसरी परमेश्‍वरको अस्तित्वलाई सहन गर्न सक्थ्यो र? उसले कसरी ज्योतिलाई अन्धकार हटाउने अनुमति दिन सक्छ र? के यो सबै मानिसको सम्माननीय भक्ति होइन र? के यो मानिसको इमान्दार प्रवेश होइन र? अनि के परमेश्‍वरको काम मानिसको प्रवेशमा केन्द्रित छैन र? म चाहन्छु कि तिमीहरूले परमेश्‍वरको कामलाई मानिसको प्रवेशसँग मिलाएर मानिस र परमेश्‍वरबीचमा राम्रो सम्बन्ध स्थापित गर अनि तिमीहरूको क्षमताले भ्याएसम्म मानिसले गर्नुपर्ने कर्तव्य निर्वाह गर। तत्पश्‍चात, यस तरिकाबाट परमेश्‍वरको कामको अन्त्य हुनेछ र निष्कर्षको रूपमा उहाँले महिमा प्राप्त गर्नुहुनेछ!

## परमेश्‍वरको कामको दर्शन (१)

यूहन्‍नाले सात वर्ष येशूका निम्ति काम गरे, अनि येशू आउनुहुँदा अघिबाटै बाटो तयार पारिसकेका थिए। योभन्दा अघि यूहन्‍नाले प्रचार गरेका स्वर्ग राज्यको सुसमाचार सारा देशभरि सुनिएको थियो, यसरी यो यहूदियाभरि फैलियो, अनि सबैले तिनलाई अगमवक्ता भन्थे। त्यस बेला, राजा हेरोदले यूहन्‍नाको हत्या गर्न खोजे, तापनि उनले साहस गरेनन्, किनकि मानिसहरूले तिनलाई उच्च आदर गर्थे, र उनले यूहन्‍नालाई मारे भने मानिसहरूले तिनको विरुद्ध विद्रोह गर्नेछन् भनी हेरोद डराए। यूहन्‍नाले गरेका कामले सर्वसाधारण मानिसहरूमा जरा गाड्यो, अनि तिनले यहूदीहरूलाई विश्‍वासी बनाए। किनकि तिनले सात वर्षसम्म येशूको निम्ति बाटो तयार गरे, ठीक त्यस बेलासम्म जब येशूले आफ्नो सेवकाइ सुरु गर्नुभयो। यही कारणले गर्दा यूहन्‍ना अगमवक्ताहरूमध्ये सबैभन्दा महान् थिए। यूहन्‍ना झ्यालखानमा परेपछि मात्र येशूले आफ्नो औपचारिक काम सुरु गर्नुभयो। यूहन्‍नाभन्दा अघि परमेश्‍वरका निम्ति बाटो तयार पार्ने कुनै अगमवक्ता थिएन, किनकि येशूभन्दा अघि परमेश्‍वर कहिल्यै पनि देह बन्‍नुभएको थिएन। यसैले

यूहन्नासम्मका सबै अगमवक्ताहरूमध्ये तिनी देहधारी परमेश्‍वरका निम्ति बाटो तयार पार्ने एक मात्र व्यक्ति थिए, र यसरी, यूहन्ना पुरानो र नयाँ करारका सबैभन्दा महान् अगमवक्ता बने। येशूको बप्तिस्मा हुनुभन्दा सात वर्ष अघिदेखि नै यूहन्नाले स्वर्ग राज्यको सुसमाचार फैलाउन थालेका थिए। तिनले गरेका काम मानिसहरूका निम्ति पछिबाट गरिएको येशूको कामभन्दा माथि देखिन्थ्यो, तापनि तिनी अगमवक्ता मात्रै थिए। तिनले मन्दिरभित्र होइन तर सहर र त्यसदेखि बाहिर काम गरे र बोले। निश्‍चय नै, यो तिनले यहूदी जातिहरूको बीचमा गरे, विशेष गरी तिनीहरूका माझमा जो गरिब थिए। यूहन्ना समाजका उच्च वर्गका मानिसहरूको सम्पर्कमा बिरलै आए, अनि तिनले यहूदियाका साधारण मानिसहरूका बीचमा मात्र सुसमाचार प्रचार गर्दथे। तिनले प्रभु येशूका निम्ति सही मानिसहरू तयार गर्न अनि उहाँले काम गर्ने उपयुक्त स्थानहरू तयार पार्न यसो गरेका थिए। यूहन्नाजस्तो अगमवक्ताले मार्ग तयार गरेको हुनाले, प्रभु येशूले आउनसाथ सीधै आफ्नो क्रूसको बाटो हिँड्न सुरु गर्न सक्नुभयो। जब परमेश्‍वर आफ्नो काम गर्न देह बन्नुभयो, त्यसबेला उहाँले मानिसहरू चुन्ने काम गरिरहनु परेन, न त उहाँ आफैले मानिसहरू वा काम गर्ने ठाउँ नै खोज्नु पर्‍यो। उहाँ आउनुहुँदा उहाँले त्यस्ता कामहरू गर्नुभएन; उहाँ आउनुभन्दा अघि नै सही व्यक्तिले उहाँका निम्ति ती कुराहरू तयार पारिसकेका थिए। येशूले आफ्नो काम सुरु गर्नुभन्दा अघि नै यूहन्नाले यो काम पूरा गरिसकेका थिए, किनकि जब देहधारी परमेश्‍वर आफ्नो काम गर्न आउनुभयो, उहाँले तिनीहरूकहाँ गएर सीधै आफ्नो काम सुरु गर्नुभयो जसले उहाँलाई पर्खिरहेका थिए। येशू मानिसलाई शुद्धीकरण गर्ने काम गर्न आउनुभएको थिएन। उहाँ त्यो सेवकाइ गर्न मात्र आउनुभयो जुन उहाँले गर्नुपर्थ्यो; अरू कुनै पनि कुराको उहाँसित कुनै सम्बन्ध थिएन। जब यूहन्ना आए तब तिनले केही पनि गरेनन्, तर प्रभु येशूको कामको पात्र बन्न सकून् भनी मन्दिर र यहूदीहरूको झुन्डबाट ती मानिसहरूलाई बाहिर निकाले जसले स्वर्ग राज्यको सुसमाचार ग्रहण गरेका थिए। यूहन्नाले सात वर्षसम्म काम गरे, जसको अर्थ, तिनले सात वर्षसम्म सुसमाचार प्रचार गरे भन्ने हो। तिनको कामको अवधिमा यूहन्नाले धेरै आश्‍चर्यकर्महरू गरेनन्, किनकि तिनको काम भनेको बाटो तयार पार्नु थियो; तिनको काम तयारी गर्ने काम थियो। अरू सबै काम येशूले गर्न लाग्नुभएको काम, तिनीसित सम्बन्धित थिएन; तिनले मानिसहरूलाई तिनीहरूको पाप स्वीकार गर्न र पश्‍चात्ताप गर्न मात्र लगाए अनि मानिसहरूले मुक्ति पाउन सकून् भनी तिनीहरूलाई बप्तिस्मा दिए। तिनले नयाँ काम गरे अनि मानिसले पहिले कहिल्यै नहिँडेको बाटो खोलेको भए तापनि तिनले येशूको निम्ति बाटो मात्रै तयार पारे। तिनी तयारीको काम गर्ने अगमवक्ता मात्र थिए, अनि तिनी येशूले गर्ने काम गर्न असक्षम थिए। स्वर्ग राज्यको सुसमाचार प्रचार गर्ने पहिलो व्यक्ति येशू हुनुहुन्नथियो तापनि उहाँले त्यही बाटोलाई अगाडि बढाउनुभयो जुन यूहन्नाले सुरु गरेका थिए, अझै पनि उहाँको काम गर्न सक्ने कोही पनि थिएन, र त्यो यूहन्नाको कामभन्दा उच्च थियो। येशूले आफ्नो बाटो आफै तयार गर्न सक्नुभएन; उहाँको काम सीधै परमेश्‍वरको पक्षमा गरिएको थियो। यसैले यूहन्नाले जति वर्ष काम गरेका भए पनि तिनी एक अगमवक्ता र बाटो तयार पार्ने मानिस नै थिए। येशूले गर्नुभएको तीन वर्षे कामले यूहन्नाले सात वर्षसम्म गरेका कामलाई उछिन्यो, किनकि उहाँको कामको सार त्यस्तै थिएन। येशूले आफ्नो सेवकाइ गर्न थाल्नुहुँदा

यूहन्नाको काम समाप्त भएको थियो, त्यस बेलासम्म यूहन्नाले प्रभु येशूको प्रयोगका निम्ति प्रशस्त मानिस र स्थानहरू तयार पारिसकेका थिए, र तीन वर्षको काम सुरु गर्नका निम्ति ती सब प्रभु येशूका निम्ति पर्याप्त थिए। अनि यसरी, यूहन्नाको काम समाप्त हुनसाथै प्रभु येशूले औपचारिक रूपमा उहाँको आफ्नो काम सुरु गर्नुभयो, अनि यूहन्नाद्वारा बोलिएका वचनहरूलाई पर पन्छाइए। किनकि यूहन्नाद्वारा गरिएको काम परिवर्तनका निम्ति मात्र थियो, र तिनका वचनहरू मानिसलाई नयाँ वृद्धितिर डोर्याउने जीवनका वचनहरू थिएनन्, आखिर, तिनका वचनहरू अस्थायी प्रयोगका निम्ति मात्रै थिए।

येशूले गर्नुभएको काम अलौकिक थिएन; त्यसको प्रक्रिया थियो, र यो सबै कुराहरूको सामान्य नियम बमोजिम बढ्दै गयो। येशूले उहाँको जीवनको अन्तिम छ महिना सम्ममा, उहाँ यो काम गर्न आउनुभएको हो भन्ने निश्चित रूपमा जान्नुभयो, अनि उहाँ क्रूसमा टाँगिन आउनुभएको हो भनी जान्नुभयो। जसरी उहाँले गेतसमनीको बगैंचामा तीन पल्ट प्रार्थना गर्नुभयो त्यसरी नै उहाँ क्रूसमा टाँगिनुभन्दा अघि पनि येशूले निरन्तर पिता परमेश्वरसित प्रार्थना गर्नुभयो। बप्तिस्मापछि येशूले साढे तीन वर्षसम्म आफ्नो सेवकाइ गर्नुभयो, र उहाँको आधिकारिक काम साढे दुई वर्षसम्म जारी रह्यो। पहिलो वर्षको अवधिमा उहाँलाई शैतानले दोष लगायो, मानिसहरूले सताए अनि उहाँ मानिसको परीक्षामा पर्नुभयो। उहाँले आफ्नो काम गर्नुहुँदा उहाँले धेरै वटा परीक्षामाथि विजय पाउनुभयो। अन्तिम छ महिनामा, जब येशू चाँडै क्रूसमा टाँगिन लाग्नुभएको थियो त्यसबेला पत्रुसको मुखबाट उहाँ जीवित परमेश्वरका पुत्र हुनुहुन्छ, उहाँ ख्रीष्ट हुनुहुन्छ भन्ने वचन निस्कियो। तब मात्र उहाँको कामको बारेमा सबैले जाने, अनि त्यसबेला मात्र उहाँको पहिचान प्रकट भयो। त्यसपछि, येशूले आफ्ना चेलाहरूलाई उहाँ मानिसको निम्ति क्रूसमा टाँगिनुपर्छ, र तेस्रो दिनमा उहाँ फेरि जीवित हुनुहुनेछ; उहाँ उद्धारको काम पूरा गर्न आउनुभएको हो, र उहाँ उद्धारकर्ता हुनुहुन्थ्यो भनी भन्नुभयो। अन्तिम छ महिनामा मात्र उहाँले आफ्नो पहिचान र उहाँले गर्न चाहनुभएको कामबारे प्रकट गर्नुभयो। यो परमेश्वरको समय पनि थियो, अनि काम त्यसरी नै गर्नु पर्नेथियो। त्यस बेला, येशूको कामका केही भाग पुरानो करार, साथै मोशाको व्यवस्था र व्यवस्थाको युगको अवधिमा दिइएको यहोवाको वचनअनुसार थियो। येशूले उहाँको भागको काम गर्न यी सबै कुराहरू प्रयोग गर्नुहुन्थ्यो। उहाँले मानिसहरूलाई प्रचार गर्नुभयो र सभाघरहरूमा तिनीहरूलाई शिक्षा दिनुभयो, अनि उहाँसित शत्रुतामा रहेका फरिसीहरूलाई हप्काउन उहाँले पुरानो करारका अगमवक्ताहरूका भविष्यवाणीहरू प्रयोग गर्नुभयो, अनि तिनीहरूका अनाज्ञाकारिता प्रकट गर्न र तिनीहरूलाई दोषी ठहऱ्याउन उहाँले पवित्र-शास्त्रका वचनहरू प्रयोग गर्नुभयो। किनकि येशूले जे गर्नुभएको थियो त्यसलाई तिनीहरू तुच्छ ठान्थे; विशेष गरी, येशूका धेरै वटा कामहरू पवित्रशास्त्रको व्यवस्थाअनुसार गरिएको थिएन, अनि यसबाहेक, उहाँले जे सिकाउनुभयो ती तिनीहरूका आफ्नै वचनभन्दा उच्च थिए, अनि पवित्रशास्त्रमा अगमवक्ताहरूले गरेका भविष्यवाणीका वचनहरूभन्दा उच्च थिए। येशूको काम मानिसको छुटकारा र उहाँको क्रूसीकरणको निम्ति मात्र थियो, यसैले उहाँले कुनै मानिसलाई जित्नका निम्ति धेरै कुराहरू भन्नु आवश्यक थिएन। उहाँले मानिसलाई सिकाउनुभएका धेरै कुरा पवित्र-शास्त्रका वचनहरूबाट लिइएका थिए, अनि उहाँका कामहरू पवित्र-शास्त्रका वचनहरूभन्दा

उत्तम नभए पनि उहाँले क्रूसीकरणको कामलाई पूरा गर्न सक्नुभयो। उहाँको काम वचनको थिएन, न त मानव जातिलाई जित्नु नै थियो, तर मानव जातिलाई छुटकारा दिनका निम्ति गरिएको काम थियो। उहाँले मानव जातिका निम्ति पापबलिको रूपमा मात्र काम गर्नुभयो, अनि मानव जातिका निम्ति वचनको स्रोतको रूपमा काम गर्नुभएन। उहाँले अन्यजातिहरूको काम गर्नुभएन, जुन मानिसहरूलाई जित्ने काम थियो, तर क्रूसमा टाँगिने काम गर्नुभयो, यो काम तिनीहरूका माझमा गरियो जसले परमेश्‍वर हुनुहुन्छ भन्ने विश्‍वास गरे। उहाँको काम पवित्रशास्त्रको आधारमा गरिएको भए पनि, अनि फरिसीहरूलाई दोषी ठहऱ्याउन उहाँले प्राचीन अगमवक्ताहरूले भविष्यवाणी गरेका वचनहरू प्रयोग गर्नुभए पनि क्रूसीकरणको काम पूरा गर्न यो नै पर्याप्त थियो। यदि आजको काम पवित्रशास्त्रमा प्राचीन अगमवक्ताहरूले गरेका भविष्यवाणीहरूको आधारमा गरिन्थ्यो भने तिमीहरूलाई जित्न असम्भव हुने थियो, किनकि पुरानो करारमा तिमी चिनियाँ मानिसहरूका अनाज्ञाकारिता र पापको बारेमा उल्लेख छैन, अनि तिमीहरूका पापको कुनै इतिहास छैन। यसैले, यदि बाइबलमा यो काम अझै रहिरहन्थ्यो भने तिमीहरूले कहिल्यै पनि समर्पण गर्ने थिएनौ। बाइबलले इस्राएलीहरूको सीमित इतिहास मात्र उल्लेख गर्दछ, जसले तिमीहरू खराब कि असल छौ भनी प्रमाणित गर्न वा तिमीहरूको न्याय गर्न सक्दैन। कल्पना गर, यदि मैले इस्राएलीहरूको इतिहासअनुसार तिमीहरूको न्याय गर्नु पऱ्यो भने के तिमीहरू आज जस्तै मेरो पछि लाग्नेछौ? तिमीहरू कति कठोर छौ भन्ने कुरा के तिमीहरू जान्दछौ? यदि यो चरणमा कुनै वचन बोलिएन भने विजयको काम पूरा गर्न असम्भव हुनेछ। म क्रूसमा टाँगिन आएको होइनँ, त्यसैले मैले ती वचनहरू बोल्नैपर्छ, जुन बाइबलको भन्दा अलग छन्, ताकि तिमीहरूलाई जित्न सकियोस्। येशूले गर्नुभएको काम एउटा चरण हो, जुन पुरानो करारभन्दा उच्च छ; त्यो नयाँ युग सुरु गर्न र त्यस युगलाई डोऱ्याउनका निम्ति प्रयोग गरिएको थियो। उहाँले किन यसो भन्नुभयो, “म व्यवस्थालाई रद्द गर्न आएको होइनँ, तर व्यवस्था पूरा गर्न आएको हुँ?” तापनि उहाँको काम पुरानो करारका इस्राएलीहरूले अभ्यास गरेका व्यवस्थाहरू र पालन गरेका आज्ञाहरू भन्दा धेरै फरक थियो, किनकि उहाँ व्यवस्था पालन गर्न आउनुभएको थिएन, तर त्यो पूरा गर्न आउनुभएको थियो। त्यो पूरा गर्ने प्रक्रियामा धेरै वटा व्यावहारिक कुराहरू सामेल थिए: उहाँको काम अझै बढी व्यावहारिक र वास्तविक थियो, अनि यसबाहेक, त्यो अझै बढी जीवित थियो, अनि यो नियमहरूको अन्धो पालना थिएन। के इस्राएलीहरूले शबाथ पालन गरेनन् र? जब येशू आउनुभयो, उहाँले शबाथ पालन गर्नुभएन, किनकि उहाँले मानिसको पुत्र शबाथका प्रभु हुन् भनी भन्नुभयो, अनि जब शबाथका प्रभु आउनुभयो, उहाँले आफ्नो चाहनाअनुसार गर्नुभयो। उहाँ पुरानो करारका व्यवस्थाहरू पूरा गर्न र त्यो व्यवस्था बदल्न आउनुभएको थियो। आज जे गरिन्छ ती सबै वर्तमानमा आधारित छन्, तापनि यो परमेश्‍वरले व्यवस्थाको युगमा गर्नुभएको कामको जगमा आधारित छ, अनि यसले यो क्षेत्रलाई नाघ्दैन। उदाहरणका निम्ति, तिमीहरूको जिब्रोलाई वशमा राख्नू, व्यभिचार नगर्नू—के यी पुरानो करारका व्यवस्थाहरू होइनन् र? आज, तिमीहरूले गर्नुपर्ने कार्यचाहिँ दस आज्ञामा मात्र सीमित छैन, तर अघिबाट आएकोभन्दा उच्च व्यवस्थाका आज्ञाहरू र नियमहरू सामेल छन्। तापनि यसको अर्थ पहिलेबाट आएको कुरा रद्द गरियो भन्ने होइन, किनकि परमेश्‍वरको कामको हरेक चरण पहिलेबाट

आएको चरणको जगमा पूरा गरिन्छ। जहाँसम्म त्यो बेला यहोवाले इस्राएलमा गर्नुभएको कामको कुरा छ, जस्तै मानिसहरूले बलि चढाउने, बाबु र आमालाई आदर गर्ने, मूर्तिपूजा नगर्ने, अरूलाई आक्रमण नगर्ने वा नसराप्ने, व्यभिचार नगर्ने, धूम्रपान वा मद्यपान नगर्ने, सिनु नखाने वा रगत नपिउने—के यसले आज पनि तिमीहरूले गर्ने अभ्यासको जग बनाउँदैन र? विगतको जगमाथि नै आजसम्म काम पूरा गरिँदैआएको छ। विगतका व्यवस्थाहरू उल्लेख नगरिए पनि र तँबाट नयाँ मागहरू गरिएको भए पनि यी व्यवस्थाहरूलाई रद्द गर्नुको सट्टा उच्च पारिएका छन्। तिनलाई रद्द गरिएका छन् भन्नुको अर्थ पहिलेका युगहरू पुराना भए भन्ने हुन्छ, जबकी केही यस्ता आज्ञाहरू छन् जसलाई तैँले सारा अनन्तताभरि सम्मान गर्नुपर्छ। विगतका आज्ञाहरू पहिलेबाटै प्रयोगमा ल्याइएका छन्, जुन अघिबाटै मानिसको अस्तित्व बनेको छ, अनि केही आज्ञाहरूमाथि विशेष जोड् दिइरहनु आवश्यक छैन, जस्तै "धूम्रपान नगर्नू" र "मद्यपान नगर्नू," आदि। तिमीहरूको आजका खाँचोहरू, तिमीहरूको कदअनुसार अनि आजको कामअनुसार यही जगमाथि नयाँ आज्ञाहरू प्रस्तुत गरिएका छन्। नयाँ युगका निम्ति आज्ञाहरू जारी गर्नुको अर्थ पुरानो युगका आज्ञाहरू खारिज गर्नु होइन, तर त्यही जगमाथि तिनलाई अझ उच्च स्तरमा उठाउनु र मानिसका कार्यहरूलाई अझै पूर्ण र वास्तविकतासँग अझ बढी मिल्दोजुल्दो बनाउनु हो। यदि तिमीहरूले आज इस्राएलीहरूले जस्तो आज्ञाहरू पालन गर्नु र पुरानो करारका व्यवस्था पालन गर्नु मात्र आवश्यक हुन्थ्यो भने, र यदि तिमीहरूले यहोवाले दिनुभएका व्यवस्थाहरू कण्ठ गर्नुपर्थ्यो भने, तिमीहरू परिवर्तन हुने कुनै सम्भावना हुने थिएन। यदि तिमीहरू ती थोरै आज्ञाहरू पालन गर्नुमा र असङ्ख्यौं व्यवस्थाहरू कण्ठ गर्नुमा सीमित हुन्थ्यौ भने तिमीहरूको पुरानो स्वभाव भित्र गढेर बस्ने थियो, र त्यसलाई जैदेखि उखेल्ने कुनै उपाय हुने थिएन। फलस्वरूप, तिमीहरू अझ भ्रष्ट बन्नेथियौ, अनि तिमीहरूमध्ये कोही पनि आज्ञाकारी बन्ने थिएनौ। भन्नुको अर्थ यो हो, कि केही साधारण आज्ञाहरू वा अनगन्ती व्यवस्थाहरूले तिमीहरूलाई यहोवाको काम बुझ्न सहायता गर्न सक्दैनन्। तिमीहरू इस्राएलीहरू जस्तो छैनौ: व्यवस्था पालन गरेर अनि आज्ञाहरू कण्ठ गरेर तिनीहरूले यहोवाका कामहरू देख्न र उहाँलाई मात्र तिनीहरूका भक्ति दिन सके। तर तिमीहरू यो प्राप्त गर्न सक्दैनौ, अनि पुरानो करारको युगका थोरै आज्ञाहरू तिमीहरूका हृदय अर्पण गर्न लाउनु वा तिमीहरूको रक्षा गर्न मात्र असक्षम छैन, तर त्यसले तिमीहरूलाई लापरवाही बनाउँछ, र तिमीहरूलाई पातालमा पुर्याउँछ। किनकि मेरो कामचाहिँ विजय गर्ने काम हो र त्यो तिमीहरूको अनाज्ञाकारिता र पुरानो स्वभावप्रति लक्षित छ। यहोवा र येशूका दयालु वचनहरू आजको न्यायका कठोर वचनहरूसम्म पुग्न चुक्छ। त्यस्ता कठोर वचनहरूविना तिमी "विशेषज्ञहरू" लाई जित्न असम्भव हुनेथियो, जो हजारौं वर्षदेखि अनाज्ञाकारी भएका छौ। पुरानो करारको व्यवस्थाले धेरै अघि नै तिमीहरूमाथिको आफ्नो शक्ति गुमाइसकेको छ, अनि आजको न्याय पुरानो व्यवस्थाको भन्दा धेरै भयानक छ। तिमीहरूलाई धेरै उपयुक्त हुनेचाहिँ न्याय नै हो, व्यवस्थाका नगण्य प्रतिबन्धहरू होइनन्, किनकि तिमीहरू आदीकालका मानव जाति होइनौ, तर हजारौं वर्षदेखि भ्रष्ट हुँदैआएका मानव जाति हौ। मानिसले आज जे प्राप्त गर्नुपर्छ त्यो आजको मानिसको वास्तविक अवस्थासँग मिल्दोजुल्दो, अहिलेको मानिसको क्षमता र वास्तविक कदअनुसारको छ, अनि यसका निम्ति तैँले नियमहरू पालन

गर्नुपर्दैन। यो तेरा पुरानो स्वभावमा परिवर्तन हासिल गर्न सकियोस् भनेर, अनि तेरा विचारहरूलाई पर पन्साउनका सकियोस् भनेर हो। के तँ ती आज्ञाहरू नियमहरू हुन् भनी सोच्छस्? ती मानिसलाई दिइएका सामान्य आवश्यकताहरू हुन् भनेर भन्न सकिन्छ। ती तैँले पालन गर्नैपर्ने नियमहरू होइनन्। उदाहरणको लगि, चुरोट पिउन निषेध गरिएको कुरालाई लिऔं–के यो नियम हो? यो नियम होइन। यो सामान्य मानवताले माग गरेको कुरा हो; यो नियम होइन, तर सारा मानवतालाई प्रतिबन्ध लगाइएको कुरा हो। आज प्रस्तुत गरिएका दर्जनौं वा त्योभन्दा बढी आज्ञाहरू पनि नियमहरू होइनन्, ती सामान्य मानवता प्राप्त गर्न चाहिने कुराहरू हुन्। विगतमा मानिसहरूमा यस्ता कुराहरू थिएनन् वा तीबारे तिनीहरूले जान्दैन थिए, यसैले आज मानिसहरूले ती कुरा प्राप्त गर्नु आवश्यक छ, अनि त्यस्ता कुराहरूलाई नियमको रूपमा मानिँदैन। व्यवस्थाहरू नियमहरूजस्ता होइनन्। मैले जुन नियमहरूको कुरा गर्दैछु, ती विधिविधानहरू, औपचारिकताहरू वा मानिसको भ्रष्ट र गलत अभ्यासहरू हुन्; ती त्यस्ता कानुनहरू हुन् जसले मानिसलाई कुनै सहायता गर्दैन, उसलाई फाइदा हुँदैन, तिनले काम गर्ने यस्तो मार्ग बनाउँछन् जसको कुनै अर्थ हुँदैन। नियमहरूको सार यही नै हो, र त्यस्ता नियमहरूलाई त्यागिदिनुपर्छ, किनकि तिनले मानिसलाई कुनै फाइदा गराउँदैन। जुन कुराले मानिसलाई फाइदा गराउँछ त्यसलाई नै व्यवहारमा लागू गर्नुपर्छ।

## परमेश्वरको कामको दर्शन (२)

अनुग्रहको युगमा पश्चात्तापको सुसमाचार प्रचार गरिएको थियो, अनि मानिसले त्यसमा विश्वास गऱ्यो भने उसले मुक्तिपाउँथ्यो। आज, मुक्तिको सट्टामा विजय र सिद्धताको कुरा मात्र गरिन्छ। एक व्यक्तिले उद्धार पाउँदा उसको सम्पूर्ण परिवारले आशिष् पाउँछ वा एक पल्ट मुक्ति पाएपछि सधैँभरि मुक्ति पाइन्छ भनी कहीँ पनि भनिएको छैन। आज यस्ता शब्दहरू कसैले बोल्दैन र त्यस्ता कुराहरू पुराना भएका छन्। त्यो बेला येशूको काम सारा मानवजातिलाई छुटकारा दिनु थियो। उहाँमा विश्वास गर्नेहरू सबैका पापहरू क्षमा गरिए। जबसम्म तैँले उहाँमा विश्वास गर्छस्, उहाँले तँलाई छुटकारा दिनुहुनेछ; यदि तँ उहाँमा विश्वास गर्थिस् भने तँ उप्रान्त पापको वसमा हुँदैनथिस्, तेरा पापहरू हटाइएका हुनेथिए। मुक्ति पाउनु र विश्वासद्वारा धर्मी ठहराइनुको अर्थ यही नै हो। तापनि विश्वास गर्नेहरूमा ती कुराहरू रहे, जुन विद्रोही र परमेश्वर विरोधी थिए, जसलाई बिस्तारै हटाउनु पर्थ्यो। मुक्तिको अर्थ येशूद्वारा पूर्ण रूपमा प्राप्त गरिएको छ भन्ने होइन, तर मानिस अब पापमा थिएन, उसका पापहरू क्षमा गरिएका थिए भन्ने हुन्थ्यो। यदि तैँले विश्वास गरिस् भने तँमा कहिल्यै पाप हुनेथिएन। त्यस बेला येशूले धेरै काम गर्नुभयो जुन उहाँका चेलाहरूले बुझ्दैनथिए, अनि उहाँले भन्नुभएका धेरै कुराहरू मानिसहरूले बुझ्दैनथिए। किनकि त्यस बेला उहाँले कुनै स्पष्टीकरण दिनुभएन। यसैले उहाँ जानुभन्दा धेरै वर्षपछि मत्तीले येशूको वंशावली बनाए, र अरूले पनि धेरै काम गरे, जुन मानिसको इच्छा थियो। येशू मानिसलाई सिद्ध बनाउन र प्राप्त गर्न होइन, तर एक चरणको काम गर्न आउनुभएको थियो: स्वर्गको राज्यको सुसमाचार ल्याउन र क्रूसीकरणको काम पूरा गर्न। अनि येशू क्रूसमा टाँगिनुभएपछि उहाँको काम पूर्ण रूपमा

समाप्त भयो। तर अहिलेको चरणमा—विजयको काममा—धेरै वचनहरू बोल्नुपर्छ, धेरै काम गर्नुपर्छ र धेरै वटा प्रक्रियाहरू हुनुपर्छ। त्यसरी नै येशू र यहोवाको कामका रहस्यहरू पनि प्रकट गरिनुपर्छ, ताकि सबै मानिसमा तिनीहरूका विश्वासको समझ र स्पष्टता हुन सकोस्, किनकि आखिरी दिनहरूको काम यही नै हो, अनि आखिरी दिनहरू परमेश्वरको कामको अन्त्य हो, कामहरू समाप्त हुने समय हो। यो चरणको कामले तँलाई यहोवाका व्यवस्था र येशूले दिनुभएको छुटकाराबारे स्पष्ट पार्नेछ, अनि यो विशेष गरी तैँले परमेश्वरको छ हजार वर्षको व्यवस्थापन योजनाका सबै कामहरू बुझ्न सक् अनि यो छ हजार वर्षको व्यवस्थापन योजनाको अर्थ र सारको महत्त्वलाई, अनि येशूले गर्नुभएका सबै काम र उहाँले बोल्नुभएका वचनहरूको उद्‌देश्यलाई, अनि तेरो अन्धविश्वास र बाइबलप्रतिको भक्तिलाई बुझ्न सक् भनेर हो। यी सबैले तँलाई सबै कुरा पूर्ण रूपमा बुझ्ने तुल्याउनेछ। तैँले येशूले गर्नुभएको काम र आज परमेश्वरले गर्नुभएको काम, दुवै बुझ्नेछस्; तैँले सत्य, जीवन र बाटो सबै बुझ्नेछस् र देख्नेछस्। येशूले गर्नुभएको कामको चरणमा येशू किन अन्तिम कार्य नगरी बिदा भएर जानुभयो? किनकि येशूको कामको चरण अन्तिम काम थिएन। उहाँलाई क्रूसमा झुण्डिनुभएपछि उहाँका वचनहरूको पनि अन्त्य भयो; उहाँको क्रूसीकरणपछि उहाँको काम पूर्ण रूपले समाप्त भयो। वर्तमान चरण भिन्नै छ: आखिरीसम्म वचन बोलिसकेपछि र परमेश्वरका सबै काम समाप्त भएपछि मात्र उहाँको काम पूरा भएको हुनेछ। येशूको कामको चरणमा, धेरै वटा वचनहरू नबोलिएकै अवस्थामा रहे वा जसलाई पूर्ण रूपमा व्यक्त गरिएन। तापनि उहाँले के भन्नुभयो र के भन्नुभएन भन्ने कुरा येशूले वास्ता गर्नुभएन, किनकि उहाँको सेवकाइ वचनको सेवकाइ थिएन, यसैले उहाँलाई क्रूसमा झुण्ड्याइएपछि उहाँ बिदा हुनुभयो। कामको त्यो चरण विशेष गरी क्रूसीकरणको निम्ति थियो, र त्यो वर्तमान चरणजस्तो थिएन। यो वर्तमान चरणको काम विशेष गरी पूरा गर्नु, स्पष्ट पार्नु अनि सबै कामलाई टुङ्गोमा पुर्याउनु हो। यदि वचनहरू अन्त्यसम्मै बोलिएन भने, यो कामलाई टुङ्गोमा पुऱ्याउने कुनै उपाय हुनेछैन, किनकि यो चरणको काममा वचनहरू प्रयोग गरेर सबै कामलाई समाप्तिमा पुऱ्याइनेछ र पूरा गरिनेछ। त्यो बेला, येशूले त्यस्ता धेरै काम गर्नुभयो जुन मानिसले बुझ्न सकेनन्। उहाँ चुपचाप बिदा हुनुभयो, अनि आज पनि धेरै मानिसहरू छन्, जसले उहाँको वचन बुझ्दैनन्, जसको बुझाइ गलत छ, तापनि तिनीहरू त्यो सही छ भनी विश्वास गर्छन्, अनि तिनीहरू गलत छन् भनी जान्दैनन्। अन्तिम चरणले परमेश्वरको कामलाई पूर्ण समाप्तिमा पुऱ्याउनेछ, र त्यसलाई निष्कर्ष प्रदान गर्नेछ। सबैले परमेश्वरको व्यवस्थापन योजनालाई बुझ्ने र जान्नेछन्। मानिसभित्र हुने विचारहरू, उसका अभिप्रायहरू, उसको गलत र हास्यास्पद बुझाइ, यहोवा र येशूको कामको सम्बन्धमा उसका धारणाहरू, अन्यजातिहरूको विषयमा उसका दृष्टिकोणहरू र अन्य गलत सोचहरू र गल्तीहरूलाई सुधारिनेछन्। अनि मानिसले जीवनका सबै सही मार्गहरू र परमेश्वरले गर्नुभएका सबै काम र सम्पूर्ण सत्यतालाई बुझ्नेछ। जब त्यस्तो हुन्छ, यो चरणको काम समाप्त हुनेछ। यहोवाको काम संसारको सृष्टि गर्नु थियो, त्यो सुरुआत थियो; कामको यो चरण कामको समाप्ति हो, अनि यो निष्कर्ष हो। सुरुमा, परमेश्वरको काम इस्राएलका चुनिएका मानिसहरूको माझमा गरिएको थियो, यो सबैभन्दा पवित्र स्थानमा नयाँ युगको शुभारम्भ थियो। कामको अन्तिम चरण संसारको न्याय

गर्न र युगको अन्त्य गर्न देशहरूमध्ये सबैभन्दा अशुद्ध देशमा गरिन्छ। पहिलो चरणमा, परमेश्‍वरको काम सबैभन्दा उज्यालो ठाउँमा गरिएको थियो, अनि अन्तिम चरण सबैभन्दा अन्धकार स्थानमा गरिन्छ, अनि यस अन्धकारलाई हटाइनेछ, ज्योति ल्याइनेछ र सबै मानिसहरूलाई जितिनेछ। जब यो सबैभन्दा अशुद्ध र अन्धकार ठाउँका मानिसहरूलाई जितिएको हुन्छ, अनि सारा जनसङ्ख्याले परमेश्‍वर हुनुहुन्छ भनी स्वीकार गर्छ, जो साँचो परमेश्‍वर हुनुहुन्छ, र हरेक व्यक्ति पूर्ण रूपमा विश्‍वस्त भएपछि त्यही तथ्यलाई सारा ब्रह्माण्डमा विजयको काम गर्नको निम्ति प्रयोग गरिनेछ। यो चरणको काम प्रतीकात्मक हुन्छ: यो युगको काम समाप्त भएपछि छ हजार वर्षको व्यवस्थापन काम पूर्ण रूपमा समाप्त हुनेछ। अन्धकार ठाउँमा रहेका सबै मानिसहरूलाई जितिसकेपछि, अरू ठाउँमा पनि यस्तै हुनेछ भन्‍नेमा कुनै शङ्का छैन। त्यसरी नै चीनमा गरिएको विजयको कामले मात्र अर्थपूर्ण प्रतीक बोक्दछ। चीनले अन्धकारका सबै शक्तिहरू सम्मिलित गर्दछ, अनि चीनका मानिसहरूले ती सबैको प्रतिनिधित्व गर्छन्, जो देहका, शैतानका र मासु र रगतका हुन्। ठूलो रातो अजिङ्गरद्वारा अति भ्रष्‍ट भएकाहरू, परमेश्‍वरको जोरदार विरोध गर्नेहरू, मानवता अति नै नीच र अशुद्ध भएकाहरू चीनका मानिसहरू नै हुन्, यसैले तिनीहरू सारा भ्रष्‍ट मानवताको मुख्य नमुना हुन्। यसको अर्थ अरू देशमा कुनै समस्याहरू छैनन् भन्‍ने होइन; मानिसका धारणाहरू सबै एकै प्रकारका हुन्छन्, अनि ती देशका मानिसहरू असल क्षमताका भए पनि यदि तिनीहरूले परमेश्‍वरलाई चिन्दैनन् भने तिनीहरूले उहाँको विरोध गरिरहेका हुन सक्छन्। किन यहूदीहरूले पनि परमेश्‍वरको विरोध गरे र उहाँलाई चुनौती दिए? किन फरिसीहरूले पनि उहाँको विरोध गरे? किन यहूदाले येशूलाई धोका दिए? त्यो बेला धेरै जना चेलाहरूले येशूलाई चिनेनन्। येशू क्रूसमा टाँगिएर मर्नुभएपछि र फेरि जीवित हुनुभएपछि पनि किन मानिसहरूले अझै उहाँमा विश्‍वास गरेनन्? के मानिसको अनाज्ञाकारिता एकै प्रकारको छैन र? चीनका मानिसहरूलाई एउटा उदाहरण बनाइएको मात्र हो, अनि जब तिनीहरू जितिन्छन् तिनीहरू आदर्श र नमुनाहरू बन्‍नेछन्, र अरूका निम्ति उदाहरणहरूका रूपमा काम गर्छन्। मैले किन सधैँ तिमीहरू मेरो व्यवस्थापन योजनाको एक सहायक हौ भन्दछु? चीनका मानिसहरूमा भ्रष्‍टता, अशुद्धता, अधार्मिकता, विरोध र विद्रोह पूर्ण रूपमा देखिएका छन् र तिनका विभिन्‍न स्वरूपहरू प्रकट भएका छन्। एकातिर, तिनीहरू कम क्षमताका छन् भने अर्कोतिर तिनीहरूका जीवन र सोच पछौटे छ, र तिनीहरूका आनीबानी, सामाजिक वातावरण, जन्मेको परिवार—सबै गरिब र धेरै पछौटे छन्। तिनीहरूका दर्जा पनि निकै नीच छ। यो ठाउँको काम प्रतीकात्मक हो, अनि यो जाँचको काम सम्पूर्ण रूपमा पूरा गरिएपछि, परमेश्‍वरले गर्नुहुने त्यसपछिको काम धेरै नै सहज हुनेछ। यदि यो चरणको काम पूरा गर्न सकियो भने त्यसपछि कामहरू अवश्य अघि बढ्नेछन्। यो चरणको काम पूरा भएपछि, पूर्ण रूपमा ठूलो सफलता हासिल हुनेछ, अनि सारा ब्रह्माण्डभरि विजय गर्ने काम पूर्ण रूपमा समाप्त हुनेछ। वास्तवमा, तिमीहरूको बीचमा काम सफल भएपछि, त्यो सारा ब्रह्माण्डभरि सफलता पाएको बराबर हुनेछ। मैले तिमीहरूलाई आदर्श र नमुनाको रूपमा काम गर्न लगाउनुको महत्त्व यही नै हो। विद्रोहीपन, विरोध, अशुद्धता, अधार्मिकता—यी सबै यी मानिसहरूमा पाइन्छ, अनि तिनीहरूमा मानवजातिका सारा विद्रोहीपनको प्रतिनिधित्व गरिएको छ। तिनीहरू

साँच्चै केही त हुन्। यसैले तिनीहरूलाई विजयको नमुनाको रूपमा उच्च पारिएका छन्, अनि तिनीहरूलाई जितिएपछि तिनीहरू स्वाभाविक रूपले अरूका निम्ति नमुना र आदर्शहरू बन्नेछन्। पहिलो चरण इस्राएलमा पूरा गर्नु जत्तिको प्रतीकात्मक अरू केही थिएन: सारा मानिसहरूमध्ये इस्राएलीहरू सबैभन्दा पवित्र अनि कम भ्रष्ट थिए, यसैले यो देशमा उदय भएको नयाँ युगको निकै महत्त्व छ। यो भन्न सकिन्छ, कि मानवजातिका पितापुर्खाहरू इस्राएलबाट आएका थिए, अनि इस्राएल परमेश्‍वरको कामको जन्म स्थान थियो। सुरु-सुरुमा, यी मानिसहरू अति नै पवित्र थिए, अनि तिनीहरू सबैले यहोवाको आराधना गर्थे, अनि तिनीहरूमा गरिएको परमेश्‍वरको कामले सबैभन्दा ठूलो प्रतिफल ल्याउन सक्यो। सम्पूर्ण बाइबलले दुईवटा युगको काम उल्लेख गर्दछ: एउटा व्यवस्थाको युगको काम, र अर्को अनुग्रहको युगको काम थियो। पुरानो करारले यहोवाले इस्राएलीहरूलाई दिनुभएका वचनहरू र इस्राएलमा उहाँले गर्नुभएको काम उल्लेख गर्छ; नयाँ करारले यहूदियामा येशूले गर्नुभएको काम उल्लेख गर्छ। तर बाइबलमा किन कुनै चिनियाँ नाउँ छैन? किनकि परमेश्‍वरको कामको पहिलो दुई भाग इस्राएलमा पूरा गरियो, किनकि इस्राएलीहरू चुनिएका मानिसहरू थिए—जसको अर्थ, यहोवाको कामलाई सुरुमा स्वीकार गर्ने तिनीहरू नै थिए भन्ने हो। तिनीहरू सारा मानवजातिमध्ये सबैभन्दा कम भ्रष्ट थिए, अनि सुरु-सुरुमा, तिनीहरू परमेश्‍वरलाई हेर्ने र उहाँलाई आदर गर्ने मन भएका मानिसहरू थिए। तिनीहरूले यहोवाका वचनहरू पालन गर्थे, र सधैँ मन्दिरमा सेवा गर्थे, अनि पूजाहारीले लगाउने पोसाक वा मुकुटहरू लगाउँथे। परमेश्‍वरको आराधना गर्ने प्रथम मानिसहरू र उहाँको कामका पात्र बन्ने प्रथम मानिसहरू तिनीहरू नै थिए। ती मानिसहरू सारा मानवजातिका निम्ति आदर्श र नमुनाहरू थिए। ती पवित्रताको, धर्मी मानिसहरूका आदर्श र नमुनाहरू थिए। अय्यूब, अब्राहाम, लोत वा पत्रुस र तिमोथी जस्ता व्यक्तिहरू सबै इस्राएली नै थिए, अनि सबैभन्दा पवित्र आदर्श र नमुनाहरू थिए। मानवजातिमा परमेश्‍वरको आराधना गर्ने सबैभन्दा पहिलो देश इस्राएल नै थियो, अनि अरू कुनै पनि ठाउँबाट भन्दा त्यहाँबाट धेरै जना धार्मिक मानिसहरू आए। भविष्यमा उहाँले भूमिभरिका मानवजाति सुव्यवस्थित गर्न सकूँ भनी परमेश्‍वरले तिनीहरूमा काम गर्नुभयो। अनुग्रहको युगमा इस्राएलदेखि बाहिरका मानिसहरूले तिनै आदर्श र नमुनाहरू अनुसार सेवा गर्न सकून् भनी तिनीहरूका उपलब्धिहरू र यहोवालाई आराधना गर्ने क्रममा तिनीहरूले गरेका धर्मी कार्यहरूको विवरण राखियो; अनि तिनीहरूका कार्यहरूले आजको दिनसम्म धेरै हजार वर्षको काम थामेर राखेको छ।

संसारको जग बसालिएपछि परमेश्‍वरको कामको पहिलो चरण इस्राएलमा पूरा गरियो, यसैले इस्राएल पृथ्वीमा परमेश्‍वरको कामको जन्म स्थान थियो, अनि पृथ्वीमा परमेश्‍वरको कामको आधार थियो। येशूको कामको क्षेत्रले सारा यहूदियालाई ढाक्यो। उहाँको कामको अवधिमा यहूदियादेखि बाहिरका थोरै मानिसले मात्र त्यसको बारेमा जान्दथे, किनकि उहाँले यहूदियाभन्दा बाहिर कुनै कार्य गर्नुभएन। आज परमेश्‍वरको काम चीनमा ल्याइएको छ, अनि यो पूर्ण रूपमा यही क्षेत्रमा मात्र गरिन्छ। यस चरणको अवधिमा, कुनै पनि काम चीनदेखि बाहिर सुरु गरिँदैन; यो चीनदेखि बाहिर फैलिने काम पछिबाट हुनेछ। यो चरणको काम येशूको कामको चरणबाट नै अगाडि बढ्छ। येशूले छुटकारा दिने काम गर्नुभयो, अनि यो चरणचाहिँ त्यही कामबाट अगाडि बढ्दछ; छुटकारा दिने

काम पूरा भएको छ, र यो चरणमा पवित्र आत्माद्वारा गर्भधारण हुनुपर्ने आवश्यकता छैन, किनकि यो चरणको काम पहिलेको चरणको जस्तो होइन, अनि त्यसबाहेक, चीन इस्राएलजस्तो छैन। येशूले छुटकाराको कामको चरण पूरा गर्नुभयो। मानिसले येशूलाई देखे, अनि केही समय पछि नै उहाँको काम अन्यजातिहरूमा फैलिन थाल्यो। आज, अमेरिका, बेलायत र रसियामा परमेश्‍वरमाथि विश्‍वास गर्ने मानिसहरू धेरै छन्, त्यसकारण चीनमा विश्‍वास गर्नेहरूको सङ्ख्या किन थोरै छन्? किनकि चीन सबैभन्दा बन्द देश हो। यसैले चीन परमेश्‍वरको मार्गलाई स्वीकार गर्ने अन्तिम देश थियो, अहिले त्यसले स्वीकार गरेको एक सय वर्षभन्दा कम समय भएको छ—अमेरिका र बेलायतभन्दा धेरै पछि यसले स्वीकार गरेको हो। परमेश्‍वरको काम समाप्त गर्न, अनि उहाँका सबै कामहरू पूरा गर्न उहाँको कामको अन्तिम चरण चीनमा गरिन्छ। इस्राएलका सबै मानिसहरूले यहोवालाई तिनीहरूका परमप्रभु भनी भने। त्यस बेला, तिनीहरूले उहाँलाई तिनीहरूका परिवारको शिर मान्थे अनि सम्पूर्ण इस्राएल एउटा ठूलो परिवार बन्यो, जहाँ हरेकले तिनीहरूका परमप्रभु यहोवाको आराधना गर्थ्यो। यहोवाको आत्मा धेरै पल्ट तिनीहरूकहाँ देखा पर्नुभयो, अनि उहाँले आफ्नो आवाजमा र वाणीहरूमा तिनीहरूसँग बोल्नुभयो, र तिनीहरूका जीवनलाई डोऱ्याउन बादलको खामो र आवाज प्रयोग गर्नुभयो। त्यस समय आत्माले आफ्नो आवाजमा र वाणीहरूमा मानिसहरूसँग बोल्दै इस्राएललाई आफ्नो अगुवाइ प्रत्यक्ष रूपमा प्रदान गर्नुभयो, अनि तिनीहरूले बादल देख्थे र गर्जनको आवाज सुन्थे, अनि यस तरिकाले उहाँले हजारौं वर्षसम्म तिनीहरूका जीवनलाई डोऱ्याउनुभयो। यसरी इस्राएलका मानिसहरूले मात्र सधैँ यहोवाको आराधना गरेका छन्। तिनीहरूले यहोवा तिनीहरूका परमेश्‍वर हुनुहुन्छ, र उहाँ अन्यजातिहरूका परमेश्‍वर हुनुहुन्न भनी विश्‍वास गर्थे। यो अचम्म मान्नुपर्ने विषय होइन: आखिर यहोवाले करिब चार हजार वर्षदेखि तिनीहरूका माझमा काम गर्नुभएको थियो। चीन देशमा, हजारौं वर्षको निष्क्रिय आलस्यपछि अहिले मात्र पतित मानिसहरूले स्वर्ग र पृथ्वी अनि सबै कुराहरू प्राकृतिक रूपमा बनेका होइनन् तर सृष्टिकर्ताले बनाउनुभएको हो भनी जान्न सकेका छन्। सुसमाचार विदेशबाट आएकोले ती सामन्ती, प्रतिक्रियात्मक मनहरूले यो सुसमाचार ग्रहण गर्ने सबै विश्‍वासघाती हुन् भनी विश्‍वास गर्छन्, तिनीहरू सबै घृणित मानिसहरू हुन्, जसले तिनीहरूका पुर्खा बुद्धसँग विश्‍वासघात गरे। यसबाहेक, धेरै सामन्ती मनहरूले सोध्छन्, "चिनियाँ मानिसहरूले विदेशीहरूको परमेश्‍वरमा कसरी विश्‍वास गर्न सक्छन्? के तिनीहरूले आफ्ना पितापुर्खाहरूसँग विश्‍वासघात गरिरहेका छैनन् र? के तिनीहरूले दुष्ट काम गरिरहेका छैनन् र?" आज, मानिसहरूले यहोवा तिनीहरूका परमेश्‍वर हुनुहुन्छ भन्ने कुरा भुलेको धेरै भइसकेको छ। तिनीहरूले सृष्टिकर्तालाई तिनीहरूको मनको पछिल्तिर धकेलेको धेरै भइसकेको छ, र तिनीहरूले बरु क्रमिक-विकासवादको सिद्धान्तमा, अर्थात् मानिस बाँदरबाट उत्पन्न भएको हो, अनि प्राकृतिक संसार स्वभाविक रूपले बन्न आएको हो भनी विश्‍वास गर्छन्। मानवजातिले खाने सबै असल भोजनहरू प्रकृतिले जुटाएको हो, मानिसको जीवन र मृत्युको क्रम छ र यी सबैमाथि शासन गर्ने परमेश्‍वर छैन भनी तिनीहरू विश्‍वास गर्छन्। त्यसबाहेक, धेरै जना नास्तिकहरू छन्, जसले सबै कुरामाथि परमेश्‍वरले शासन गर्नुहुन्छ भनी विश्‍वास गर्नु अन्धविश्‍वास हो र यो वैज्ञानिक होइन भनी विश्‍वास गर्छन्। तर के विज्ञानले परमेश्‍वरको कामको स्थान लिन

सक्छ? के विज्ञानले मानवजातिमाथि शासन गर्न सक्छ? नास्तिकहरूले शासन गरेको देशमा सुसमाचार प्रचार गर्नु सजिलो काम हुँदैन, र यसमा धेरै बाधाहरू हुन्छन्। आज, के यस्तो प्रकारले परमेश्‍वरको विरोध गर्ने धेरै छैनन् र?

जब येशू आफ्नो काम गर्न आउनुभयो, धेरै जना मानिसहरूले उहाँको कामलाई यहोवाको कामको विरुद्ध तुलना गरे, अनि, ती नमिलेको देखेर तिनीहरूले येशूलाई क्रूसमा झुण्ड्याए। तिनीहरूले उहाँहरूको काममा किन एकरूपता देखेनन्? किनकि येशूले गर्नुभएको काम केही हदसम्म नयाँ थियो, अनि येशूले आफ्नो काम सुरु गर्नुभन्दा अघि कसैले पनि उहाँको वंशावली लेखेको थिएन। यदि कसैले लेखेका भए, कुनै चिन्ता गर्नुपर्ने थिएन, र कसले येशूलाई क्रूसमा टाँग्ने थियो र? यदि मत्तीले दशकौं अघि नै येशूको वंशावली लेखेका भए येशूले त्यस्तो ठूलो सतावट सहनु पर्नेथिएन। होइन र? मानिसहरूले येशूको वंशावलीमा उहाँ अब्राहामका पुत्र र दाऊदको सन्तति हुनुहुन्छ भन्ने पढेपछि तिनीहरूले उहाँलाई सताउन छोडिदिनेथिए। उहाँको वंशावली धेरै ढिलो गरेर लेखिनु के दुःखको कुरा होइन र? अनि बाइबलले परमेश्‍वरको कामका दुई चरण मात्र उल्लेख गर्नु पनि दुःखको कुरा हो: एउटा चरण व्यवस्थाको युगको काम थियो र अर्को अनुग्रहको युगको काम थियो; एउटा चरण यहोवाको काम थियो, र अर्को येशूको काम थियो। यदि एक महान् अगमवक्ताले आजको कामको बारेमा अघिबाटै बताएका भए कति राम्रो हुनेथियो। बाइबलमा "आखिरी दिनहरूका काम" शीर्षकको अतिरिक्त खण्ड हुनेथियो—के त्यो अझ राम्रो हुने थिएन र? आज मानिस किन त्यति धेरै कठिनाइमा परेको छ? तिमीहरूको समय धेरै कठिन भएको थियो। यदि कोही घृणा गरिने योग्यको छ भने तिनीहरू यशैया र दानिएल हुन्, किनकि उनीहरूले आखिरी दिनहरूका कामबारे बताएनन्, यदि कसैलाई दोष दिनुपर्छ भने तिनीहरू नयाँ करारका प्रेरितहरू हुन्, जसले परमेश्‍वरको दोस्रो देहधारणको वंशावली अघिबाटै लेखेनन्। कति लाजमर्दो कुरा! तिमीहरूले सबैतिर प्रमाण खोज्नुपर्छ, र वचनहरूको स-साना खण्डहरू भेटेपछि ती साँच्चै प्रमाण हुन् भन्न सकिँदैन। कति लाजमर्दो! परमेश्‍वर उहाँको काममा किन त्यति गोपनीय हुनुहुन्छ? आज, धेरै मानिसहरूले निर्णायक सबुत प्राप्त गर्नु बाँकी नै छ, तापनि तिनीहरूले यसलाई इन्कार गर्न पनि सक्दैनन्। यसकारण तिनीहरूले के गर्नुपर्छ? तिनीहरू दृढ भएर परमेश्‍वरको पछि लाग्न सक्दैनन्, अनि न त त्यस्तो शङ्कासहित तिनीहरू अगि बढ्न नै सक्छन्। यसैले, "बुद्धिमान् र प्रतिभाशाली विद्वानहरू" ले "कोसिस गर्ने र हेर्ने" आचरण लिएर परमेश्‍वरलाई अङ्गाल्छन्। यो धेरै ठूलो समस्या हो! यदि मत्ती, मर्कूस, लूका र यूहन्नाले भविष्यको विषयमा बताउन सकेका भए के सबै कुराहरू धेरै सजिलो हुने थिएन र? यदि यूहन्नाले परमेश्‍वरको राज्यको जीवनको भित्री सत्यता देखेका भए धेरै राम्रो हुनेथियो—कति दुःखको कुरा, कि तिनले दर्शनहरू मात्र देखे र पृथ्वीमा भएको वास्तविक, भौतिक काम देखेनन्। यो कस्तो लाजमर्दो कुरा! परमेश्‍वरमा के गलत छ? इस्राएलमा उहाँको काम राम्रोसँगले भए पनि उहाँ अहिले किन चीनमा आउनुभएको छ, र उहाँ किन मानिस बन्नु पर्‍यो, र किन व्यक्तिगत रूपले काम गर्दै मानिसहरूको बीचमा बस्नु पर्‍यो? परमेश्‍वर मानिसप्रति अति विचारशून्य हुनुहुन्छ! उहाँले मानिसहरूलाई अघिबाटै बताउनुभएन भन्ने मात्र होइन, तर उहाँले अचानक उहाँको सजाय र न्याय ल्याउनुभयो। यसले वास्तवमा कुनै अर्थ दिँदैन! परमेश्‍वर पहिलो पल्ट मानिस

बन्नुहुँदा उहाँले मानिसलाई अघिबाटै सबै भित्री सत्यता नबताउनुभएकोले गर्दा धेरै कष्ट भोग्नुपर्‍यो। निश्चय नै, त्यो उहाँले भुल्नुभएको छैन होला! अनि यस पटक पनि उहाँले किन मानिसलाई अझै यो भन्नुहुन्न? आज, कति खेदको कुरा छ, कि बाइबलमा छयसट्ठी वटा पुस्तक मात्र छन्। आखिरी दिनहरूका कामको भविष्यवाणी गर्ने अझै एउटा पुस्तक हुनु आवश्यक छ। के तँलाई यस्तो लाग्दैन र? यहोवा, यशैया र दाऊदले पनि आजको कामको बारेमा कुनै उल्लेख गरेनन्। ती वर्तमानबाट अझ पर हटाइए, चार हजार वर्षभन्दा बढी समयद्वारा अलग गरिए। न त येशूले अघिबाटै आजको कामको बारेमा पूर्ण रूपले बताउनुभयो, त्यसको बारेमा थोरै मात्र बोल्नुभयो, र पनि मानिसले अपर्याप्त प्रमाण पाउँछ। यदि तैँले आजको कामलाई पहिलेको कामसँग तुलना गरिस् भने ती दुई एक-अर्कासँग कसरी मिल्न सक्छ? यहोवाको कामको चरण इस्राएलतिर लक्षित थियो, यसैले यदि तैँले आजको कामलाई त्योसँग तुलना गरिस् भने अझ ठूलो अमेल हुनेछ; ती दुईको तुलना गर्न नै सकिँदैन। न त तँ इस्राएलको होस्, न तँ यहूदी नै होस्; तेरो क्षमता र तेरो सबै कुराहरूमा कमी छ–तिनीहरूको विरुद्ध तैँले आफैलाई कसरी तुलना गर्न सक्छस्? के यो सम्भव छ? यो जान, कि आज राज्यको युग हो, र यो व्यवस्थाको युग र अनुग्रहको युगभन्दा फरक छ। जे भए पनि, सूत्र प्रयोग गर्ने कोसिस नगर; त्यस्ता कुनै पनि सूत्रमा परमेश्वरलाई पाउन सकिँदैन।

येशू उहाँको जन्मपछि २९ वर्षसम्म कसरी जिउनुभयो? बाइबलमा उहाँको बाल्यकाल र जवान अवस्थाको बारेमा केही पनि लेखिएको छैन; ती कस्ता थिए भनी के तँलाई थाहा छ? के उहाँको बाल्यकाल वा जवान अवस्था नै थिएन र उहाँ जन्मँदा नै तीस ३० वर्षको हुनुहुन्थ्यो भन्ने हुनसक्छ? तँलाई अत्यन्तै थोरै मात्र थाहा छ, यसैले आफ्ना विचारहरू फैलाउन लापरवाही नगर्। त्यसले तेरो कुनै भलाइ गर्दैन! बाइबलमा यति मात्र लेखिएको छ, कि येशूको ३०औं जन्म दिन अघि उहाँको बप्तिस्मा भएको थियो र शैतानद्वारा उहाँको परीक्षा हुन उहाँ पवित्र आत्माद्वारा उजाड्-स्थानमा लगिनुभएको थियो। अनि चारवटा सुसमाचारका पुस्तकहरूले उहाँको साढे तीन वर्षको कामको मात्र वर्णन गर्दछन्। उहाँको बाल्यकाल र जवान अवस्थाको कुनै विवरण छैन, तर यसले उहाँको बाल्यकाल र जवान अवस्था थिएन भन्ने प्रमाणित गर्दैन; यति मात्र हो, कि उहाँले सुरुसुरुमा कुनै काम गर्नुभएन, र उहाँ एक सामान्य व्यक्ति हुनुहुन्थ्यो। त्यसो भए, येशू जवान अवस्था वा बाल्यकालबिनै ३३ वर्ष जिउनुभयो भनेर भन्न सकिन्छ? के उहाँ अचानक साढे तेत्तीस वर्षको हुनुभयो भन्ने हुनसक्छ? मानिसले उहाँको बारेमा सोच्ने सबै कुरा अलौकिक र अवास्तविक छ। देहधारी परमेश्वरमा साधारण र सामान्य मानवता छ भन्ने कुरामा कुनै शङ्का छैन, तर जब उहाँले आफ्नो काम गर्नुहुन्छ तब त्यो सीधै उहाँको अपूर्ण मानवता र पूर्ण ईश्वरत्वद्वारा हुन्छ। यसैकारणले गर्दा मानिसहरूले आजको कामको बारेमा, अनि येशूको कामको बारेमा समेत शङ्का गर्छन्। परमेश्वर दुईचोटि मानिस बन्नुभएको समयबीचका कामहरू फरक-फरक भए पनि उहाँको सार फरक छैन। निश्चय नै, यदि तैँले चारवटा सुसमाचारका पुस्तकहरू पढिस् भने भिन्नताहरू ठूला छन्। येशूको जीवनको बाल्यकाल र जवान अवस्थामा तँ कसरी फर्कन सक्छस्? तैँले येशूको सामान्य मानवतालाई कसरी बुझ्न सक्छस्? सायद तँमा आजको परमेश्वरको मानवता सम्बन्धी बलियो ज्ञान छ, तापनि तैँले येशूको मानवतालाई बुझेको छैनस्, यसलाई राम्ररी जान्ने कुरा त परै

जाओस्। यदि मत्तीले नलेखेका भए तैँले येशूको मानवताको बारेमा कुनै सङ्केत पाउने थिएनस्। सायद, मैले तँलाई येशूको जीवनका कथाहरू, र येशूको जीवनको बाल्यकाल र जवान अवस्थाका भित्री सत्यताहरू बताउँदा तैँले आफ्नो शिर हल्लाउँदै भन्नेछस्, "होइन, उहाँ त्यस्तो हुन सक्नुहुन्न। उहाँमा कुनै कमजोरी हुन सक्दैन, उहाँमा मानवता धेरै कम हुनुपर्छ!" तँ सायद जोडले कराउनेछस् र चिच्याउने पनि छस्। तैँले येशूलाई बुझ्दैनस्, त्यसकारण मबारे पनि तँमा अनेक धारणाहरू छन्। तँ येशू अत्यन्तै ईश्वरीय हुनुहुन्छ, उहाँमा देहको केही पनि छैन भन्ने विश्वास गर्छस्। तर तथ्यहरू सधैँ तथ्यहरू नै हुन्छन्। कोही पनि तथ्यको सत्यताको विरुद्ध बोल्न चाहँदैन, किनकि जब म बोल्दछु, त्यो सत्यको विषयमा हुन्छ; अनुमानहरू हुँदैन, न त त्यो अगमवाणी नै हुन्छ। जान कि परमेश्वर उच्च स्थानहरूमा उक्लन सक्नुहुन्छ, र त्यसबाहेक उहाँ ठूलो गहिराइमा लुक्न सक्नुहुन्छ। उहाँ तैँले तेरो मनले सोच्न सक्ने किसिमको हुनुहुन्न, उहाँ सबै प्राणीहरूका परमेश्वर हुनुहुन्छ, कुनै व्यक्तिले सोचेको जस्तो व्यक्तिगत परमेश्वर होइन।

## परमेश्वरको कामको दर्शन (३)

परमेश्वर पहिलो पटक पवित्र आत्माद्वारा गर्भधारण भई देह बन्नुभयो, र यो उहाँले गर्न चाहनुभएको कामसँग सान्दर्भिक थियो। अनुग्रहको युग येशूको नाउँबाट सुरु भयो। जब येशूले आफ्नो सेवकाइ गर्न थाल्नुभयो, पवित्र आत्माले येशूको नाउँको गवाही दिन थाल्नुभयो, र उप्रान्त यहोवाको नाउँको चर्चा हुन छाड्यो; बरु, पवित्र आत्माले मुख्य रूपमा येशूको नाउँमा नयाँ काम सुरु गर्नुभयो। उहाँमा विश्वास गर्नेहरूको गवाही येशू ख्रीष्टको लागि थियो र तिनीहरूले गरेका काम पनि येशू ख्रीष्टको लागि नै थियो। पुरानो करारको व्यवस्थाको युग अन्त्य हुनुको अर्थ मुख्य रूपमा यहोवाको नाउँमा सञ्चालन गरिएको काम समाप्त भयो भन्ने थियो। त्यहाँदेखि उता, परमेश्वरको नाउँ यहोवा थिएन; यसको साटो उहाँलाई येशू भनियो, र यहाँबाट उसो पवित्र आत्माले विशेष गरी येशूको नाउँमा काम सुरु गर्नुभयो। यसैले, आज पनि यहोवाका वचनहरू खाने र पिउने मानिसहरू र अझै पनि सबै कुरा व्यवस्थाको युगको अनुसार गर्नेहरू—के तैँले अन्धाधुन्ध नियमहरू पालन गरिरहेको छैनस् र? के तिमीहरू विगतमा अड्किएका छैनौ र? अहिले तिमीहरूलाई थाहा छ, आखिरी दिनहरू आइसकेका छन्। के यो हुन सक्छ, कि जब येशू आउनुहुन्छ, उहाँलाई अझै पनि येशू नै भनिनेछ? यहोवाले इस्राएलका मानिसहरूलाई मसीह आउनुहुनेछ भनी भन्नुभएको थियो, तापनि उहाँ आउनुहुँदा उहाँलाई मसीह भनिएन, तर येशू भनियो। येशूले उहाँ फेरि आउनुहुनेछ, र उहाँ जसरी जानुभयो त्यसरी आउनुहुनेछ भनी भन्नुभयो। यी येशूका वचनहरू थिए, तर येशू कसरी जानुभयो के तैँले देखिस्? येशू सेतो बादलमा सवार भएर जानुभयो, तर के उहाँ व्यक्तिगत रूपले सेतो बादलमा मानिसहरूकहाँ आउन सक्नुहुन्छ? यदि त्यस्तो हो भने, के उहाँलाई अझै येशू भनिनेछैन? जब येशू फेरि आउनुहुन्छ, युगमा परिवर्तन भइसकेको हुनेछ, त्यसोभए के उहाँलाई अझै येशू भन्न सकिन्छ? के परमेश्वरलाई येशूको नाउँबाट मात्र चिन्न सकिन्छ? के उहाँलाई नयाँ युगमा नयाँ नाउँले बोलाउन सकिँदैन? के सारा अनन्ततासभरि परमेश्वरलाई एक व्यक्तिको स्वरूप र एउटा

विशेष नाउँले प्रतिनिधित्व गर्न सक्दछ? प्रत्येक युगमा, परमेश्‍वरले नयाँ काम गर्नुहुन्छ र उहाँलाई नयाँ नाउँले बोलाइनुहुन्छ; उहाँले कसरी विभिन्‍न युगहरूमा उही काम गर्न सक्नुहुन्छ? उहाँ कसरी पुरानोसँग टाँसिरहन सक्नुहुन्छ? येशूको नाउँलाई छुटकाराको कामका लागि लिइएको थियो, तब के आखिरी दिनहरूमा उहाँ फर्कनुहुँदा पनि उहाँलाई अझै त्यही नाउँले बोलाइन्छ? के उहाँले अझै पनि छुटकाराको काम गरिरहनुभएको हुनेछ? यहोवा र येशू एक हुनुभए पनि किन विभिन्‍न युगमा उहाँहरूलाई विभिन्‍न नाउँले बोलाइन्छ? के यो उहाँहरूका कामको युग फरक-फरक भएकोले होइन र? के एउटै नाउँले सारा अनन्तताभरि परमेश्‍वरको प्रतिनिधित्व गर्न सक्छ? यस्तो भएकोले, परमेश्‍वरलाई विभिन्‍न युगमा भिन्‍नाभिन्‍नै नाउँले बोलाउनुपर्छ, र उहाँले युगलाई परिवर्तन गर्न र युगको प्रतिनिधित्व गर्न नाउँ प्रयोग गर्नुपर्दछ। किनकि कुनै पनि नाउँले पूर्ण रूपमा स्वयम् परमेश्‍वरको प्रतिनिधित्व गर्न सक्दैन, र प्रत्येक नाउँले एक निश्‍चित युगमा परमेश्‍वरको स्वभावको अस्थायी पक्षको मात्र प्रतिनिधित्व गर्न सक्छ; त्यसले केवल उहाँको कामको प्रतिनिधित्व मात्रै गर्नुपर्छ। त्यसकारण, त्यो सम्पूर्ण युगमा प्रतिनिधित्व गर्न परमेश्‍वरले उहाँको स्वभाव सुहाउँदो नाउँ चुन्‍न सक्नुहुन्छ। चाहे त्यो यहोवाको युग होस् वा येशूको युग होस्, उहाँकै नाउँले प्रत्येक युगको प्रतिनिधित्व गर्दछ। अनुग्रहको युगको अन्त्यमा, अन्तिम युग आइपुगेको हुन्छ, र येशू आइसक्नुभएको हुन्छ। उहाँलाई अझै कसरी येशू भन्‍न सकिन्छ? उहाँले कसरी अझै पनि मानिसहरूका बीचमा येशूको रूप धारण गर्न सक्नुहुन्छ? के येशू नासरतको एक छविबाहेक अरू केही हुनुहुन्‍नथियो भन्‍ने तैँले बिर्सिस्? के येशू मानव जातिका उद्धारक मात्र हुनुहुन्थ्यो भन्‍ने तैँले बिर्सिस्? आखिरी दिनहरूमा उहाँले मानिसलाई जित्‍ने र सिद्ध गर्ने काम कसरी गर्न सक्नुहुन्थ्यो? येशू सेतो बादलमा सवार भएर जानुभयो—तथ्य यही हो—तर उहाँ कसरी मानिसहरूमाझ सेतो बादलमा फर्केर आउनुभएपछि पनि उहाँलाई येशू नै भनेर बोलाइन्छ र? यदि उहाँ साँच्‍चै बादलमा आउनुभयो भने, मानिसहरू उहाँलाई चिन्‍न कसरी असफल बन्छन् र? के सारा संसारभरिका मानिसहरूले उहाँलाई चिन्‍नेछैनन् र? त्यसोभए, के येशू मात्र परमेश्‍वर बन्‍नुहुन्‍न र? त्यो अवस्थामा, परमेश्‍वरको स्वरूप एक यहूदीको रूप हुनेथियो, साथै सदाका लागि त्यस्तै हुनेथियो। येशूले भन्‍नुभयो, कि उहाँ जसरी जानुभएको थियो त्यसरी नै आउनुहुनेछ, तर के तँ उहाँका वचनहरूको वास्तविक अर्थ जान्दछस्? के यो उहाँले तिमीहरूको समूहलाई भन्‍नुभएको हुन सक्छ? तँ यति मात्र जान्दछस्, कि उहाँ जसरी बादलमा सवार भएर जानुभएको थियो त्यसरी नै आउनुहुनेछ, तर परमेश्‍वर आफैले कसरी आफ्नो काम गर्नुहुन्छ भन्‍ने के तँलाई ठीकसँग थाहा छ? यदि तँ साँच्‍चै देख्‍न सक्थिस् भने, येशूले बोल्‍नुभएका वचनहरूको व्याख्या कसरी गर्नुपर्छ? उहाँले भन्‍नुभयो: जब मानिसका पुत्र आखिरी दिनहरूमा आउँदछ, त्यो ऊ आफैले जान्‍नेछैन, स्वर्गदूतहरूले जान्‍नेछैनन्, स्वर्गका दूतहरूले जान्‍नेछैनन्, र सारा मानव जातिले जान्‍नेछैन। केवल पिताले मात्र जान्‍नुहुन्छ, अर्थात्, आत्माले मात्र जान्‍नुहुन्छ। मानिसको पुत्रले आफैले पनि जान्दैन, तापनि, के तँ देख्‍न र जान्‍न सक्छस्? यदि तैँले जान्‍न र आफ्नै आँखाले देख्‍न सक्थिस् भने, के यी वचनहरू व्यर्थमा बोलिएका हुने थिएनन् र? अनि त्यसबेला येशूले के भन्‍नुभयो? "तर त्यो दिन र घडीको बारेमा न त कुनै मानिसलाई थाहा छ, न त स्वर्गका दूतहरूलाई, न त पुत्रलाई, तर मेरा पितालाई मात्रै थाहा

छ। तर नोआका दिनहरू जस्ता थिए, मानिसको पुत्रको आगमन पनि त्यस्तै हुनेछ। ... यसकारण, तिमीहरू पनि तयार हौ: किनभने मानिसको पुत्र तिमीहरूले नसोचेको समयमा आउँछ।" जब त्यो दिन आउँछ, मानिसको पुत्र आफैलाई पनि त्यो थाहा हुँदैन। मानिसका पुत्रले एक सामान्य र साधारण व्यक्ति, परमेश्‍वरको देहधारी शरीरलाई बुझाउँछ। मानिसका पुत्र आफैलाई पनि थाहा छैन भने तैँले कसरी जान्‍न सक्छस्? येशूले भन्‍नुभयो, कि उहाँ जसरी जानुभएको थियो त्यसरी नै आउनुहुनेछ। जब उहाँ आउनुहुन्छ, त्यो उहाँ आफैले पनि थाहा पाउनुहुन्‍न, त्यसोभए के उहाँले तँलाई पहिल्यैबाट जानकारी दिन सक्नुहुन्छ? के तँ उहाँको आगमनलाई देख्‍न सक्छस्? के यो ठट्टा होइन? परमेश्‍वर हरेक पल्ट पृथ्वीमा आउनुहुँदा उहाँले आफ्नो नाउँ, उहाँको लिङ्ग, उहाँको स्वरूप, र उहाँको काम बदल्नुहुन्छ; उहाँले आफ्नो काम दोहोर्‍याउनुहुन्‍न। उहाँ त्यो परमेश्‍वर हुनुहुन्छ जो सधैँ नयाँ हुनुहुन्छ र कहिल्यै पनि पुरानो हुनुहुन्‍न। जब उहाँ पहिले आउनुभयो, उहाँलाई येशू भनियो; उहाँ यस पटक फेरि आउनुहुँदा के उहाँलाई अझै येशू नै भन्‍न सकिन्छ? पहिले जब उहाँ आउनुभयो, उहाँ पुरुष हुनुहुन्थ्यो; के उहाँ यस पटक फेरि पुरुष हुन सक्नुहुन्छ? अनुग्रहको युगमा उहाँको काम क्रूसमा टाँगिनुथियो; जब उहाँ फेरि आउनुहुनेछ, के उहाँले अझै पनि मानव जातिलाई पापबाट छुटकारा दिन सक्नुहुन्छ? के उहाँलाई फेरि क्रूसमा टाँग्‍न सकिन्छ? के त्यो उहाँको कामलाई दोहोर्‍याउनुजस्तो हुँदैन र? के तँलाई थाहा छैन, परमेश्‍वर सधैँ नयाँ हुनुहुन्छ र कहिल्यै पनि पुरानो हुनुहुन्‍न? केही मानिसहरू छन्, जसले परमेश्‍वर अपरिवर्तनीय हुनुहुन्छ भनी भन्छन्। यो सही हो, तर त्यसले परमेश्‍वरको स्वभाव र उहाँको सारको अपरिवर्तनीयतालाई बुझाउँछ। उहाँको नाउँ र काममा हुने परिवर्तनले उहाँको सार परिवर्तन भएको बुझाउँदैन; अर्को शब्दमा भन्‍नुपर्दा, परमेश्‍वर सधैँ नै परमेश्‍वर नै हुनुहुनेछ, र यो कहिल्यै परिवर्तन हुनेछैन। यदि तँ परमेश्‍वरको काम अपरिवर्तनीय छ भनी भन्छस् भने, के उहाँले आफ्नो छ हजार वर्षको प्रबन्ध योजना पूरा गर्न सक्नुहुन्छ? तँ परमेश्‍वर सदासर्वदा अपरिवर्तनीय हुनुहुन्छ भन्‍ने मात्र जान्दछस्, तर के तँ परमेश्‍वर सधैँ नयाँ हुनुहुन्छ र कहिल्यै पनि पुरानो हुनुहुन्‍न भनी जान्दछस्? यदि परमेश्‍वरको काम अपरिवर्तनीय छ भने, के उहाँले मानव जातिलाई डोर्‍याएर आजको दिनसम्म ल्याउन सक्नुहुनेथियो? यदि परमेश्‍वर अपरिवर्तनीय हुनुहुन्छ भने, उहाँले किन पहिले नै दुई युगको काम गरिसक्नुभयो? उहाँको काम अगाडि बढ्न कहिल्यै रोकिँदैन, जसको अर्थ यो हो, कि उहाँको स्वभाव बिस्तारै मानिसमा प्रकट गरियो, र जे प्रकट गरिएको छ त्यो उहाँको अन्तर्निहित स्वभाव हो। आदिमा, परमेश्‍वरको स्वभाव मानिसबाट लुकेको थियो, उहाँले कहिल्यै पनि आफ्नो स्वभाव मानिसको सामु खुल्लमखुल्ला प्रकट गर्नुभएन, र मानिसलाई उहाँको बारेमा केही पनि थाहा थिएन। यसकारण, उहाँले मानिसलाई आफ्नो स्वभाव क्रमिक रूपमा प्रकट गर्ने उहाँको काम प्रयोग गर्नुहुन्छ, तर यसरी काम गर्नुको अर्थ हरेक युगमा उहाँको स्वभाव परिवर्तन हुन्छ भन्‍ने होइन। परमेश्‍वरको इच्छा सँधै परिवर्तन भइरहने भएकोले उहाँको स्वभाव सधैँ परिवर्तन भइरहेको छ भन्‍ने होइन। बरु, यो कुरा हो, कि उहाँको कामको युगहरू भिन्‍नाभिन्‍नै भएकोले, परमेश्‍वरले आफ्नो अन्तर्निहित स्वभावलाई पूर्ण रूपमा धारण गर्नुहुन्छ, र एक-एक चरण गर्दै त्यो मानिसलाई प्रकट गर्नुहुन्छ, यसैले कि मानिसले उहाँलाई चिन्‍न सकोस्। तर कुनै पनि प्रकारले यसको अर्थ सुरुमा परमेश्‍वरको कुनै विशेष

स्वभाव हुँदैन वा युगहरू बित्दैजाँदा उहाँको स्वभाव बिस्तारै परिवर्तन भएको हो भन्ने प्रमाण होइन—त्यस्तो बुझाइ गलत हुन्छ। युगहरू बित्दैजाँदा सोही अनुसार परमेश्वरले मानिसलाई उहाँको अन्तर्निहित र विशेष स्वभाव—उहाँ के हुनुहुन्छ भन्ने कुरा प्रकट गर्नुहुन्छ; एउटै युगको कामले परमेश्वरको सम्पूर्ण स्वभावलाई व्यक्त गर्न सक्दैन। अनि यसैले "परमेश्वर सधैँ नयाँ हुनुहुन्छ र कहिल्यै पुरानो हुनुहुन्‍न" भन्ने शब्दहरूले उहाँको कामलाई बुझाउँछ, अनि "परमेश्वर अपरिवर्तनीय हुनुहुन्छ" भन्ने शब्दहरूले परमेश्वरमा अन्तर्निहित रूपमा के छ र को हुनुहुन्छ भन्ने बुझाउँछ। जे सुकै होस्, तैँले छ हजार वर्षको कामलाई एक मात्र बिन्दुमा कब्जा गर्न सक्दैनस्, वा त्यसलाई मृत शब्दहरूमा सीमित गर्न सक्दैनस्। त्यसो गर्नु मानिसको मूर्खता हो। परमेश्वर मानिसले कल्पना गरेजस्तो सरल हुनुहुन्‍न, र उहाँको काम कुनै एक युगमा रहिरहन सक्दैन। उदाहरणका लागि, यहोवाले सधैँ परमेश्वरको नाउँलाई जनाउन सक्दैन; परमेश्वरले येशूको नाउँमा पनि आफ्नो काम गर्न सक्नुहुन्छ। यो परमेश्वरको काम सधैँ अगाडि दिशामा बढिरहेको छ भन्ने सङ्केत हो।

परमेश्वर सधैँ परमेश्वर नै हुनुहुन्छ, र उहाँ कहिल्यै पनि शैतान बन्नुहुन्‍न; शैतान सधैँ शैतान नै रहन्छ, र त्यो कहिल्यै परमेश्वर बन्नेछैन। परमेश्वरको बुद्धि, परमेश्वरको आश्चर्यता, परमेश्वरको धार्मिकता, र परमेश्वरको महिमा कहिल्यै परिवर्तन हुँदैन। उहाँको सार र उहाँसँग जे छ र उहाँ जे हुनुहुन्छ त्यो कहिल्यै परिवर्तन हुँदैन। तर उहाँको कामको विषयमा भन्दा, यो सधैँ अगाडि बढिरहेको हुन्छ, सधैँ गहिरो हुँदै जान्छ, किनकि उहाँ सधैँ नयाँ हुनुहुन्छ र कहिल्यै पनि पुरानो हुनुहुन्‍न। हरेक युगमा परमेश्वरले नयाँ नाउँ धारण गर्नुहुन्छ, हरेक युगमा उहाँले नयाँ काम गर्नुहुन्छ, र प्रत्येक युगमा उहाँले आफ्ना सृष्टिहरूलाई उहाँको नयाँ इच्छा र नयाँ स्वभाव देखाउनुहुन्छ। यदि नयाँ युगमा, मानिसहरू परमेश्वरको नयाँ स्वभाव प्रकट भएको देख्‍न असफल हुन्छन् भने, के तिनीहरूले उहाँलाई सदाका लागि क्रूसमा टाँग्नेछैनन् र? र त्यसो गरेर, के तिनीहरूले परमेश्वरको परिभाषा दिँदैनन् र? यदि परमेश्वर केवल पुरुषको रूपमा देहमा आउनुभयो भने, मानिसहरूले उहाँलाई पुरुषहरूका परमेश्वर झैं पुरुषको रूपमा परिभाषित गर्नेथिए, र उहाँ महिलाहरूका पनि परमेश्वर हुनुहुन्छ भनी कहिल्यै विश्वास गर्नेथिएनन्। तब मानिसहरूले परमेश्वरलाई पुरुषकै लिङ्गको मान्‍नेथिए, परमेश्वरलाई पुरुषहरूका शिर मान्‍नेथिए—त्यसोभए महिलाको हकमा के हुन्छ? यो अनुचित छ; यो पक्षपातपूर्ण व्यवहार होइन र? यदि त्यसो हो भने परमेश्वरले मुक्ति दिनुभएकाहरू सबै उहाँजस्तै पुरुषहरू हुनेथिए, र एउटै पनि महिलाले मुक्ति पाउने थिएन। जब परमेश्वरले मानव जातिलाई सृष्टि गर्नुभयो, उहाँले आदमलाई सृष्टि गर्नुभयो र हव्वालाई सृष्टि गर्नुभयो। उहाँले आदमलाई सृष्टि मात्र गर्नुभएन, उहाँले नर र नारी दुवैलाई उहाँको आफ्नै स्वरूपमा सृष्टि गर्नुभयो। परमेश्वर केवल पुरुषहरूका परमेश्वर मात्रै हुनुहुन्‍न, तर उहाँ महिलाहरूका परमेश्वर पनि हुनुहुन्छ। परमेश्वर आखिरी दिनहरूमा कामको एउटा नयाँ चरणमा प्रवेश गर्नुहुन्छ। उहाँले आफ्नो स्वभाव अझ बढी प्रकट गर्नुहुनेछ, र त्यो येशूको समयको स्नेह र प्रेम हुनेछैन। उहाँको हातमा नयाँ काम भएकोले यो नयाँ कामको साथमा नयाँ स्वभाव हुनेछ। त्यसकारण, यदि यो काम आत्माद्वारा गरिएको थियो भने—यदि परमेश्वर मानिस नबन्‍नुभएको भए, र उहाँसँग सम्पर्क गर्ने मानिससित कुनै उपाय नभएकोले आत्मा गर्जनको माध्यमबाट सीधै बोल्नुभएको थियो भने के

मानिसले उहाँको स्वभाव जान्न सक्नेथियो? यदि यो काम गर्ने आत्मा मात्र हुनुहुन्थ्यो भने, मानिसले परमेश्‍वरको स्वभावको बारेमा जान्ने कुनै उपाय थिएन। जब परमेश्‍वर देह बन्नुहुन्छ, जब वचन दहमा देखा पर्नुहुन्छ, जब उहाँले देहद्‌वारा उहाँको सम्पूर्ण स्वभाव प्रकट गर्नुहुन्छ तब मात्र मानिसहरूले आफ्नो आँखाले परमेश्‍वरको स्वभाव देख्न सक्छन्। परमेश्‍वर साँच्चै र वास्तविक रूपमा मानिसहरूको बीचमा वास गर्नुहुन्छ। उहाँ वास्तविक हुनुहुन्छ; मानिस वास्तवमा उहाँको स्वभावसँग संलग्न हुन सक्छ, उहाँसँग जे छ र उहाँ जे हुनुहुन्छ त्यसमा संलग्न हुनसक्छ; यस तरिकाले मात्र मानिसले साँच्चै उहाँलाई चिन्न सक्दछ। साथै, परमेश्‍वरले त्यो काम पनि पूरा गर्नुभएको छ, जसमा "परमेश्‍वर पुरुषहरूका परमेश्‍वर र स्त्रीहरूका परमेश्‍वर हुनुहुन्छ" र उहाँले शरीरमा आफ्नो काम सम्पूर्ण रूपमा पूरा गर्नुभयो। उहाँले कुनै पनि युगमा कामको नकल गर्नुहुन्न। आखिरी दिनहरू आइपुगिसकेको हुनाले उहाँले त्यही काम गर्नुहुनेछ जुन उहाँले आखिरी दिनहरूमा गर्नुहुन्छ र आखिरी दिनहरूमा उहाँको सम्पूर्ण स्वभाव प्रकट गर्नुहुन्छ। आखिरी दिनहरूको कुरा गर्दा, यसले एक अलग युगलाई जनाउँछ, जसमा तिमीहरूले अवश्य पनि विपत्ति र भूकम्प, अनिकाल र महामारीहरूको सामना गर्नुपर्नेछ भनी येशूले भन्नुभएको युगलाई जनाउँछ, जसले यो नयाँ युग हो अब पुरानो अनुग्रहको युग होइन भन्ने देखाउँछ। मानिसहरूले भनेजस्तै, मानिलिऔं, परमेश्‍वर सदासर्वदा अपरिवर्तनीय हुनुहुन्छ, उहाँको स्वभाव सधैं दयालु र प्रेमिलो हुन्छ, उहाँले मानिसलाई आफैलाई जस्तै प्रेम गर्नुहुन्छ, र उहाँले प्रत्येक मानिसलाई मुक्ति दिनुहुन्छ र मानिसलाई कहिल्यै घृणा गर्नुहुन्न, तब के उहाँको कामको कहिल्यै अन्त्य हुन्छ होला? जब येशू आउनुभयो र क्रूसमा टाँगिनुभयो, सबै पापीहरूका निम्ति आफैलाई वेदीमा बलि चढाउनुभयो, उहाँले मुक्तिको काम पूरा गरिसक्नुभएको थियो र अनुग्रहको युगको अन्त्य गर्नुभएको थियो। त्यसैले आखिरी दिनहरूमा त्यो युगको काम दोहोर्‍याउनुको अर्थ के हुनेथियो? के त्यही काम गर्नु भनेको येशूको कामलाई इन्कार गर्नु होइन र? यदि परमेश्‍वर यो चरणमा आउनुहुँदा क्रूसमा टाँगिने कार्य गर्नुभएन, तर प्रेमिलो र दयालु नै रहनुभयो भने के उहाँले युगको अन्त्य गर्न सक्नुहुनेथियो? के प्रेमिलो र दयालु परमेश्‍वरले युगलाई अन्त्य गर्न सक्नुहुनेथियो? युगलाई समापन गर्ने आफ्नो अन्तिम काममा, परमेश्‍वरको स्वभाव सजाय र न्याय हो, जसमा उहाँले खुल्लमखुल्ला सबै मानिसहरू न्याय गर्न र साँचो हृदयले उहाँलाई प्रेम गर्नेहरूलाई सिद्‌ध बनाउनको लागि सबै अधर्मी कुरालाई प्रकट गर्नुहुन्छ। यस्तो स्वभावले मात्र युगलाई अन्त्यमा पुर्‍याउन सक्छ। आखिरी दिनहरू पहिले नै आइसकेका छन्। सृष्टिमा भएका सबै थोकहरूलाई तिनीहरूको प्रकारअनुसार अलग गरिन्छन्, र तिनीहरूका प्रकृतिको आधारमा विभिन्न वर्गमा विभाजित गरिन्छन्। परमेश्‍वरले मानवताको परिणाम र तिनीहरूको गन्तव्य प्रकट गर्नुहुने क्षण यही नै हो। यदि मानिसहरूले सजाय र न्याय भोग्दैनन् भने, तिनीहरूको अनाज्ञाकारिता र अधार्मिकता प्रकट गर्ने कुनै तरिका हुनेछैन। केवल सजाय र न्यायको माध्यमबाट मात्र सबै सृष्टिको परिणाम प्रकट गर्न सकिन्छ। जब मानिसलाई सजाय दिइन्छ र न्याय गरिन्छ, तब मात्र उसले आफ्नो वास्तविक रङ्ग देखाउँदछ। खराबलाई खराबको साथमा, असललाई असलको साथमा राखिनेछ, र सारा मानव जातिलाई तिनीहरूको आफ्नै प्रकारअनुसार अलग गरिनेछ। सजाय र न्यायद्‌वारा, सबै सृष्टिको परिणाम प्रकट गरिनेछ, यसरी दुष्टलाई दण्ड दिन र असललाई इनाम

दिन सकिन्छ, र सबै मानिसहरू परमेश्‍वरको प्रभुत्वमा हुन्छन्। यी सबै काम धार्मिक सजाय र न्यायद्वारा हासिल गर्नुपर्दछ। मानिसको भ्रष्टता चरम सीमामा पुगेकोले, र उसको अनाज्ञाकारिता अत्यन्तै गम्भीर बनेकोले परमेश्‍वरको धार्मिक स्वभाव, अर्थात् विशेष गरी दण्ड र न्याय मिसिएको, र आखिरी दिनहरूमा प्रकट भएको स्वभावले मात्र मानिसलाई पूर्ण रूपमा परिवर्तन गर्न र पूर्ण बनाउन सक्छ। यो स्वभावले मात्र खराबीलाई प्रकट गर्न र त्यसरी सबै अधर्मीहरूलाई कडा दण्ड दिनु सक्छ। त्यसकारण, यस प्रकारको स्वभावसँग युगको महत्त्व गाँसिएको हुन्छ, अनि उहाँको स्वभावको प्रकाश तथा प्रदर्शन प्रत्येक नयाँ युगको कामका लागि प्रकट गरिन्छ। परमेश्‍वरले आफ्नो स्वभाव मनोमानी ढङ्गमा र कुनै महत्त्वविना प्रकट गर्नुहुन्छ भन्ने होइन। आखिरी दिनहरूमा मानिसका परिणामहरू प्रकट गर्ने क्रममा, परमेश्‍वरले मानिसलाई असीम करुणा र प्रेम प्रदान गर्नुहुन्छ र ऊप्रति प्रेमिलो गरिरहनुहुन्छ, मानिसलाई धार्मिक न्यायको अधीनमा ल्याउनुभएन, बरु उसलाई सहनशीलता, धैर्य र क्षमा देखाउनुहुन्छ, र मानिसको पाप जति नै गम्भीर नै भए पनि त्यसको निम्ति अलिकति पनि धर्मी न्याय नगरी क्षमा गर्नुहुन्छ भन्ने मान्यता राख्दा: परमेश्‍वरको सबै व्यवस्थापन कहिले समाप्त हुनेछ? यस्तो प्रकारको स्वभावले मानिसहरूलाई कहिले मानवजातिको उपयुक्त गन्तव्यमा डोऱ्याउन सक्नेछ? उदाहरणको लागि, एक जना न्यायाधीश, जो सधैँ प्रेमिलो छ, दयालु अनुहार र कोमल हृदयका न्यायाधीश छ, उसलाई लिऊँ। मानिसहरूले जस्तो-सुकै अपराध गरेको भए पनि उसले तिनीहरूलाई प्रेम गर्छ, र तिनीहरू जो-सुकै भए पनि तिनीहरूलाई प्रेम गर्छ। त्यो अवस्थामा, के ऊ निर्णयमा पुग्नसक्छ? आखिरी दिनहरूमा, केवल धार्मिक इन्साफले मात्र मानिसलाई उनीहरूको प्रकारअनुसार छुट्ट्याउन सक्छ र मानिसलाई एउटा नयाँ क्षेत्रमा ल्याउन सक्छ। यस तरिकाले, न्याय र सजायको परमेश्‍वरको धार्मिक स्वभावद्वारा सम्पूर्ण युगलाई समाप्त गरिन्छ।

परमेश्‍वरका सबै व्यवस्थापनहरूमा उहाँको काम पूर्ण रूपमा स्पष्ट छ: अनुग्रहको युग, अनुग्रहको युग नै हो, र आखिरी दिनहरू, आखिरी दिनहरू नै हुन्। प्रत्येक युगबीच स्पष्ट भिन्नताहरू छन्, किनकि परमेश्‍वरले हरेक युगमा त्यो काम गर्नुहुन्छ जसले त्यस युगको प्रतिनिधित्व गर्दछ। किनकि आखिरी दिनहरूको काम गर्नका लागि, युगलाई समाप्त गर्न जलन, न्याय, सजाय, क्रोध र विनाश हुनुपर्दछ। आखिरी दिनहरूले अन्तिम युगलाई बुझाउँछ। अन्तिम युगको अवधिमा, के परमेश्‍वरले युगको अन्त्य गर्नुहुनेछैन र? युगको अन्त्य गर्न, परमेश्‍वरले आफ्नो साथमा सजाय र न्याय ल्याउनैपर्छ। यस तरिकाले मात्र उहाँले युगको अन्त्य गर्न सक्नुहुन्छ। येशूको उद्‌देश्य मानिस जीवित रहोस्, बाँचोस् र ऊ अझ राम्रो तरिकाले जिओस् भन्ने थियो। उहाँले मानिसलाई पापबाट बचाउनुभयो, यसैले कि ऊ आफ्नो भ्रष्टतामा खस्किँदै नजाओस्, र उप्रान्त पाताल र नरकमा नजिओस्, र मानिसलाई पाताल र नरकबाट बचाएर, येशूले उसलाई जीवित रहन दिनुभयो। अब आखिरी दिनहरू आइपुगेका छन्। परमेश्‍वरले मानिसलाई नष्ट गर्नुहुनेछ र मानव जातिलाई पूर्ण रूपमा नाश पार्नुहुनेछ, अर्थात्, उहाँले मानव जातिको विद्रोहलाई रूपान्तरण गर्नुहुनेछ। यस कारणले गर्दा, विगतको करुणामय र प्रेमिलो स्वभाव लिएर युगको अन्त्य गर्न वा उहाँको छ हजार वर्षको व्यवस्थापन योजनालाई सफल बनाउन परमेश्‍वरको निम्ति असम्भव हुनेछ। प्रत्येक युगमा

परमेश्वरको स्वभावको विशेष प्रतिनिधित्व हुँदछ, र प्रत्येक युगमा परमेश्वरले गर्नु पर्ने कामहरू हुन्छन्। यसैले, प्रत्येक युगमा परमेश्वर स्वयम्‌ले गर्नुहुने कामले उहाँको वास्तविक स्वभावको प्रकट गरेको हुन्छ, र उहाँको नाउँ र उहाँले गर्नुहुने काम, दुवै युगसँगै परिवर्तन हुँदछ–ती सबै नयाँ हुन्छन्। व्यवस्थाको युगको अवधिमा मानव जातिलाई डोऱ्याउने काम यहोवाको नाउँमा गरिएको थियो र पृथ्वीमा पहिलो चरणको काम सुरु भएको थियो। यस चरणमा मन्दिर र वेदी निर्माण गर्ने काम समावेश थियो र इस्राएली मानिसहरूलाई डोऱ्याउन र तिनीहरूका बीचमा काम गर्नका लागि व्यवस्थाको प्रयोग गरिएको थियो। इस्राएलका मानिसहरूलाई डोऱ्याएर उहाँले पृथ्वीमा आफ्नो कामका लागि एउटा आधार सुरु गर्नुभयो। यही आधारबाट उहाँले आफ्नो काम इस्राएलभन्दा बाहिर फैलाउनुभयो, जसको अर्थ यो हो, कि इस्राएलबाट सुरु गरेर उहाँले आफ्नो कामलाई बाहिरतिर बढाउनुभयो, यसरी पछि आउने पुस्ताहरूले यहोवा परमेश्वर हुनुहुन्छ, र यहोवाले नै आकाश र पृथ्वी साथै सबै थोक सृष्टि गर्नुभयो, र सबै प्राणी यहोवाले नै बनाउनुभएको हो भनी क्रमिक रूपमा थाहा पाए। उहाँले आफ्नो काम इस्राएलका मानिसहरूद्वारा तिनीहरूभन्दा बाहिरसम्म फैलाउनुभयो। इस्राएल देश पृथ्वीमा यहोवाको काम भएको पहिलो पवित्र स्थान थियो, र इस्राएल भूमिमा नै परमेश्वरले पृथ्वीमा पहिलो काम गर्नुभएको थियो। व्यवस्थाको युगको काम त्यही थियो। अनुग्रहको युगको अवधिमा येशू मानिसलाई मुक्ति दिने परमेश्वर हुनुहुन्थ्यो। उहाँसँग जे थियो र त्यो अनुग्रह, प्रेम, करुणा, सहनशीलता, धैर्यता, नम्रता, वास्ता, सहिष्णुता थियो र उहाँले गर्नुभएका धेरै वटा काम मानिसको छुटकाराको लागि नै थियो। उहाँको स्वभाव करुणा र प्रेमको स्वभाव थियो, र उहाँ करुणामय र प्रेमिलो हुनुभएकोले उहाँ मानिसका निम्ति क्रूसमा टाँगिनु पऱ्यो, अनि परमेश्वरले मानिस आफैलाई जस्तो प्रेम गर्नुहुन्छ भनी देखाउन त्यसो गर्नुभयो, यहाँसम्म कि उहाँले आफैले पूर्णरूपमा अर्पण गर्नुभयो। अनुग्रहको युगको अवधिमा, परमेश्वरको नाम येशू थियो, अर्थात्, परमेश्वर मानिसलाई मुक्ति दिने परमेश्वर हुनुहुन्थ्यो, र उहाँ एक करुणामय र प्रेमिलो परमेश्वर हुनुहुन्थ्यो। परमेश्वर मानिसको साथमा हुनुहुन्थ्यो। उहाँको प्रेम, उहाँको करुणा र उहाँको उद्धारले प्रत्येक व्यक्तिलाई समेटेको थियो। येशूको नाउँ र उहाँको उपस्थितिलाई स्वीकार गरेर मात्र मानिसले शान्ति र आनन्द, अनि उहाँको आशिष्, उहाँको विशाल र असङ्ख्य अनुग्रहहरू, र उहाँको मुक्ति पाउन सक्थ्यो। येशूको क्रूसीकरणद्वारा उहाँलाई पछ्याउने सबैले मुक्ति पाए र तिनीहरूका पापहरू क्षमा भए। अनुग्रहको युगको अवधिमा, येशू परमेश्वरको नाउँ थियो। अर्को शब्दमा भन्नुपर्दा, अनुग्रहको युगको काम मुख्य रूपमा येशूको नाउँमा नै गरिएको थियो। अनुग्रहको युगको अवधिमा, परमेश्वरलाई येशू भनिन्थ्यो। उहाँले पुरानो करारभन्दा उताको नयाँ कामको चरण लिनुभयो, र उहाँको काम क्रूसीकरणसितै समाप्त भयो। यो उहाँको कामको सम्पूर्णता थियो। त्यसकारण, व्यवस्थाको युगको अवधिमा यहोवा परमेश्वरको नाउँ थियो, र अनुग्रहको युगमा येशूको नाउँले परमेश्वरको प्रतिनिधित्व गऱ्यो। आखिरी दिनहरूमा, उहाँको नाउँ सर्वशक्तिमान् परमेश्वर हो–सर्वशक्तिमान्, जसले आफ्नो मानिसहरूलाई डोऱ्याउन, मानिसलाई जित्न र आखिरीमा युगको अन्त्य गर्न आफ्नो शक्तिको प्रयोग गर्नुहुन्छ। प्रत्येक युगमा, उहाँको कामको हरेक चरणमा, परमेश्वरको स्वभाव स्पष्ट हुन्छ।

सुरुमा, पुरानो करारको व्यवस्थाको युगको अवधिमा मानिसलाई डोऱ्याउनु एउटा बच्चाको जीवनलाई डोऱ्याउनु जस्तो थियो। सबैभन्दा पहिलेको मानव जाति यहोवाको नयाँ जन्मेको शिशु थियो; तिनीहरू इस्राएलीहरू थिए। तिनीहरूमा परमेश्वरलाई कसरी आदर गर्ने वा पृथ्वीमा कसरी जिउने भन्ने केही ज्ञान थिएन। भन्न खोजेको कुरा के हो भने, यहोवाले मानव जातिलाई सृष्टि गर्नुभयो, अर्थात् उहाँले आदम र हव्वालाई सृष्टि गर्नुभयो, तर उहाँले तिनीहरूलाई कसरी यहोवाप्रति आदर देखाउने वा पृथ्वीमा रहेका यहोवाका नियमहरू कसरी पालन गर्ने भनी बुझ्ने क्षमता दिनुभएन। यहोवाको प्रत्यक्ष अगुवाइविना कसैले पनि यो कुरा जान्न सक्दैनथियो, किनकि सुरुमा त मानिसमा त्यस्ता क्षमताहरू थिएनन्। मानिसले केवल यहोवा परमेश्वर हुनुहुन्छ भनेर मात्रै जान्दथ्यो, तर उहाँलाई कसरी आदर गर्ने, कस्तो प्रकारको आचरणलाई उहाँको आदर गरेको भन्न सकिन्थ्यो, कस्तो प्रकारको मनले उहाँलाई आदर गरिनुपर्थ्यो, वा उहाँको आदरमा उहाँलाई के चढाउने त्यसको बारेमा मानिसलाई केही थाहा थिएन। मानिसलाई परमेश्वरद्वारा सृष्टि गरिएका सबै थोकहरू, जुन उपभोग गर्न सकिन्छ ती कसरी उपभोग गर्ने भन्ने मात्र थाहा थियो, तर पृथ्वीमा कस्तो किसिमको जीवन परमेश्वरको सृष्टिको लागि योग्य हुन्छ भन्ने कुरा मानिसलाई अलिकति पनि थाहा थिएन। कसैले निर्देशन नदिई, कसैले तिनीहरूलाई व्यक्तिगत रूपमा अगुवाइ नगरी यस मानव जातिले मानव जातिको उचित जीवन कहिल्यै पनि बिताउन सक्ने थिएन, तर शैतानले क्रुद्ध बनेर कैदी बनाएका हुनेथिए। यहोवाले मानव जातिलाई सृष्टि गर्नुभयो, भन्नुपर्दा, उहाँले मानव जातिका पुर्खा, हव्वा र आदमलाई सृष्टि गर्नुभयो, तर उहाँले तिनीहरूलाई अरू कुनै बौद्धिकता वा बुद्धि दिनुभएन। तिनीहरू पहिलेदेखि नै पृथ्वीमा बसिरहेका भए तापनि तिनीहरूले प्रायः केही पनि बुझेका थिएनन्। यसैले, मानव जातिलाई सृष्टि गर्ने यहोवाको काम आधा मात्र भएको थियो, र त्यो पूर्ण हुनु अझै बाँकी नै थियो। उहाँले माटोबाट मानिसको ढाँचा मात्र बनाउनुभएको थियो र त्यसलाई उहाँको सास दिनुभयो, तर उहाँलाई आदर गर्ने पर्याप्त इच्छा मानिसलाई दिनुभएन। सुरुमा, मानिसमा उहाँलाई आदर गर्ने वा उहाँको भय मान्ने मन थिएन। मानिसले केवल उहाँका वचनहरू कसरी सुन्नुपर्छ भन्ने मात्र जानेको थियो, तर पृथ्वीको जीवन र मानव जीवनको सामान्य नियमहरूको आधारभूत ज्ञानको बारेमा ऊ अनजान थियो। अनि यसरी, यहोवाले पुरुष र स्त्रीलाई सृष्टि गर्नुभयो र सात दिनको योजना पूरा गर्नुभएको भए तापनि, उहाँले कुनै पनि प्रकारले मानिसलाई सृष्टि गर्ने कार्य पूरा गर्नुभएको थिएन, किनकि मानिस एक भुस मात्र थियो, र उसमा मानिस हुनुको वास्तविकताको अभाव थियो। मानिसले केवल यति मात्र जान्दथ्यो, कि मानव जातिलाई सृष्टि गर्नुहुने यहोवा हुनुहुन्छ, तर यहोवाको वचन र कानुनहरू कसरी पालन गर्नुपर्छ भन्ने उसलाई अलिकति पनि ज्ञान थिएन। त्यसकारण मानव जाति अस्तित्वमा आएपछि पनि यहोवाको काम पूरा हुनु अझै बाँकी नै थियो। उहाँले अझै पनि मानव जातिलाई उहाँको सामु आउन पूर्ण रूपमा अगुवाइ गर्नु बाँकी नै थियो, ताकि तिनीहरू पृथ्वीमा एकसाथ जिउन र उहाँको आदर गर्न सकून्, ताकि उहाँको अगुवाइद्वारा तिनीहरू पृथ्वीमा सामान्य मानव जीवनको सही बाटोमा आउन सकून्। यस तरिकाले मात्र मुख्य रूपले यहोवाको नाउँमा सञ्चालन गरिएको काम पूरा हुन सक्थ्यो; अर्थात्, यसरी मात्र संसारको सृष्टि गर्ने यहोवाको काम पूर्ण रूपमा समाप्त हुन सक्थ्यो।

यसैले, मानव जातिलाई सृष्टि गर्नुभएपछि, मानव जातिले उहाँका आदेश र कानुनको पालना गर्न सकोस् र पृथ्वीमा सामान्य मानव जीवनका सबै गतिविधिहरूमा भाग लिन सकोस् भनेर उहाँले हजारौं वर्षसम्म पृथ्वीमा मानव जातिको जीवनलाई डोऱ्याउनु पऱ्यो। त्यसपछि मात्र यहोवाको काम पूर्ण रूपमा सकियो। उहाँले मानव जातिलाई सृष्टि गरिसक्नुभएपछि यो कामलाई याकूबको युगसम्म निरन्तरता दिनुभयो, जुन बेला उहाँले याकूबका बाह्र छोरालाई इस्राएलका बाह्र कुल बनाउनुभयो। त्यस समयदेखि उसो, सारा इस्राएलीहरू त्यो मानव जाति भए जसलाई उहाँले आधिकारिक रूपमा पृथ्वीमा डोऱ्याउनुभयो, र इस्राएल पृथ्वीको विशेष स्थान बन्न पुग्यो जहाँ उहाँले आफ्नो काम गर्नुभयो। यहोवाले यी मानिसहरूलाई त्यो पहिलो समूह बनाउनुभयो जसमाथि उहाँले आधिकारिक रूपमा पृथ्वीमा आफ्नो काम गर्नुभयो र उहाँले सम्पूर्ण इस्राएल देशलाई उहाँको कामको मूल केन्द्र बनाउनुभयो र तिनीहरूलाई अझ ठूला कामको सुरुवातको रूपमा प्रयोग गर्नुभयो, ताकि पृथ्वीमा उहाँद्वारा जन्मेका सबै मानिसहरूले उहाँको आदर गर्न र पृथ्वीमा कसरी जिउनुपर्छ भनी जान्न सकून्। अनि यसैले, इस्राएलीहरूले गरेका कामहरू अन्यजाति मानिसहरूले पछ्याउनुपर्ने एउटा उदाहरण बन्यो, र इस्राएलीहरूका बीचमा भनिएका कुरा अन्यजातिका मानिसहरूले सुन्नु पर्ने वचनहरू बने। किनकि यहोवाका व्यवस्था र आज्ञाहरू सबैभन्दा पहिले प्राप्त गर्ने तिनीहरू नै थिए, अनि त्यसरी नै यहोवालाई आदर गर्ने मार्गहरू पहिलो पटक जान्ने पनि तिनीहरू नै थिए। तिनीहरू मानव जातिका ती पुर्खाहरू थिए जसले यहोवाका मार्गहरू जान्दथे, साथै तिनीहरू यहोवाले चुन्नुभएको मानव जातिका प्रतिनिधिहरू पनि थिए। जब अनुग्रहको युग आइपुग्यो, तब यहोवाले मानिसलाई यस प्रकारले डोऱ्याउन छोड्नुभयो। मानिसले पाप गरेको थियो र आफैलाई पापमा छोडिदिएको थियो, र त्यसैले उहाँले मानिसलाई पापबाट उद्धार गर्न सुरु गर्नुभयो। यस्तो प्रकारले, उहाँले मानिस पापबाट पूर्ण रूपमा उद्धार नहुञ्जेल मानिसको भर्त्सना गर्नुभयो। आखिरी दिनहरूमा मानिस यस्तो हदसम्म भ्रष्टतामा डुबेको छ, कि यस चरणको काम न्याय र दण्डद्वारा मात्र गर्न सकिन्छ। केवल यस तरिकाले मात्र काम पूरा गर्न सकिन्छ। यो धेरै युगदेखि भइआएको काम भएको छ। अर्को शब्दमा भन्नुपर्दा, परमेश्वरले एउटा युगलाई अर्को युगबाट अलग गर्न र तिनको बीचमा परिवर्तन ल्याउन परमेश्वरले आफ्नो नाउँ, आफ्नो काम, र परमेश्वरका विभिन्न स्वरूपहरूको प्रयोग गर्नुहुन्छ; परमेश्वरको नाउँ र उहाँको कामले उहाँको युग र प्रत्येक युगमा उहाँको कामको प्रतिनिधित्व गर्दछ। प्रत्येक युगमा परमेश्वरको काम सधैँ एक समान हुन्छ, उहाँ सधैँ एउटै नाउँद्वारा बोलाइनुहुन्छ भन्ने मानिलिँदा, मानिसहरूले उहाँलाई कसरी चिन्दछन्? परमेश्वरलाई यहोवा भन्नुपर्दछ, र परमेश्वरलाई यहोवा भन्नुबाहेक अरू अर्कै नाउँद्वारा बोलाइन्छ भने ऊ परमेश्वर होइन। वा अन्यथा परमेश्वर मात्र येशू हुन सक्नुहुन्छ, र येशूको नाउँबाहेक उहाँ अरू कुनै नाउँले बोलाइनु हुँदैन; येशूबाहेक, यहोवा परमेश्वर हुनुहुन्न, र सर्वशक्तिमान् परमेश्वर पनि परमेश्वर हुनुहुन्न। मानिसले परमेश्वर सर्वशक्तिमान् हुनुहुन्छ भनी विश्वास गर्दछ, तर परमेश्वर, परमेश्वर हुनुहुन्छ, जो मानिससँग हुनुहुन्छ, र उहाँलाई येशू भन्नुपर्छ, किनकि परमेश्वर मानिससँग हुनुहुन्छ। यसो गर्नु भनेको सिद्धान्त अनुरूप हुनु, र परमेश्वरलाई एउटा निश्चित क्षेत्रमा सीमित गर्नु हो। त्यसैले, प्रत्येक युगमा परमेश्वरले गर्नुहुने काम, जुन नाउँद्वारा उहाँ बोलाइनुहुन्छ, र उहाँले धारण

गर्नुभएको स्वरूप—उहाँले आजको दिनसम्म प्रत्येक चरणमा गर्नुहुने काम—ती सबैले एउटै मात्र नियम पालन गर्दैनन्, र कुनै पनि प्रकारको सीमामा बाँधिएका छैनन्। उहाँ यहोवा हुनुहुन्छ, तर उहाँ येशू, साथसाथै मसीह र सर्वशक्तिमान् परमेश्‍वर पनि हुनुहुन्छ। उहाँको नाउँ क्रमशः परिवर्तन हुँदै जाँदा उहाँको काम पनि बिस्तारै परिवर्तन हुन्छन्। कुनै एउटा नाउँले पूर्ण रूपले उहाँको प्रतिनिधित्व गर्न सक्दैन, तर उहाँलाई बोलाइने सबै नाउँले उहाँको प्रतिनिधित्व गर्न सक्छन्, र प्रत्येक युगमा उहाँले गर्नुहुने कामले उहाँको स्वभावको प्रतिनिधित्व गर्दछ। मानिलिऔं, जब आखिरी दिनहरू आइपुग्छन्, तैँले देख्ने परमेश्‍वर अझै पनि येशू हुनुहुन्छ, र यसबाहेक उहाँ अझ पनि सेतो बादलमा सवार हुनुहुन्छ, र उहाँमा अझै पनि येशूको रूप छ, र उहाँले बोल्नुहुने वचनहरू अझै पनि येशूकै वचनहरू हुन्छन्: "तिमीहरूले आफ्नो छिमेकीलाई आफैलाई जस्तो प्रेम गर्नुपर्छ, तिमीहरूले उपवास बस्नुपर्छ र प्रार्थना गर्नैपर्छ, तिमीहरूका शत्रुलाई त्यसरी नै प्रेम गर, जस्तो तिमीहरूले आफ्नो जीवनलाई माया गर्छौ, अरूलाई सहने गर, अनि धीरज र नम्र होओ। मेरा चेलाहरू बन्नुभन्दा अघि तिमीहरूले यी सबै कुराहरू गर्नुपर्दछ। र यी सबै कुराहरू गरेर, तिमीहरू मेरो राज्यमा प्रवेश गर्न सक्छौ।" के यो अनुग्रहको युगको काम अन्तर्गत पर्दैन र? के उहाँले जे भन्नुहुन्छ, त्यो अनुग्रहको युगको बाटो हुँदैन र? यदि तिमीहरूले यी वचनहरू सुन्यौ भने तिमीहरूलाई कस्तो लाग्नेथियो? के तिमीलाई अझै पनि यो येशूको काम हो भन्ने लाग्दैनथियो? के यो त्यसको नकल गरेको हुनेथिएन र? के मानिसले यसमा आनन्द पाउन सक्छ? के तिमीहरूले परमेश्‍वरको काम अहिले जस्तो छ त्यस्तै मात्र रहन सक्छ र अझै अगाडि बढ्दैन भन्ने महसुस गर्नेथियौ। उहाँसँग यति धेरै शक्ति छ, र अब नयाँ काम अरू बाँकी छैन, र उहाँले आफ्नो शक्तिलाई त्यसको सीमामा ल्याउनुभएको छ। आजभन्दा दुई हजार वर्ष अगाडि अनुग्रहको युग थियो, र दुई हजार वर्षपछि पनि उहाँले अझै अनुग्रहको युगको बाटोको प्रचार गर्दैहुनुहुन्छ, र अझै पनि मानिसहरूलाई पश्‍चात्ताप गर्न लगाउँदैहुनुहुन्छ। मानिसहरूले भन्नेछन्, "परमेश्‍वर, तपाईंसँग मात्र यति धेरै शक्ति छ। म विश्‍वास गर्छु, तपाईं धेरै बुद्धिमान् हुनुहुन्छ, र पनि तपाईं अझै धैर्य मात्र जान्नुहुन्छ अनि धैर्यको मात्र चिन्ता गर्नुहुन्छ। तपाईंले शत्रुलाई कसरी प्रेम गर्नुपर्छ भन्ने मात्रै जान्नुहुन्छ, त्योबाहेक अरू केही जान्नुहुन्न।" मानिसको मनमा, परमेश्‍वर सधैँ अनुग्रहको युगमा जस्तै रहनुहुन्छ, र मानिसले सधैँ परमेश्‍वर प्रेमिलो र करुणामय हुनुहुन्छ भनी विश्‍वास गर्नेछ। के तँ परमेश्‍वरको काम सधैँ उही पुरानो मैदानमा नै खडा हुनेछ भनी सोच्छस्? यसैले, उहाँको कामको यस चरणमा उहाँ क्रूसमा टाँगिनुहुनेछैन, र तिमीहरूले देख्ने र छुने सबै कुरा तिमीहरूले कल्पना गरेको वा कसैले भनेको सुनेको जस्तो हुनेछैन। आज, परमेश्‍वर फरिसीहरूसित भिड्नुहुन्न, न त संसारलाई र उहाँलाई चिन्नेहरूलाई उहाँको पछि लाग्ने तिमीहरू मात्र हौ भनी जान्न दिनुहुन्छ, किनकि उहाँलाई फेरि क्रूसमा टाँगिनेछैन। अनुग्रहको युगको अवधिमा, येशूले आफ्नो सुसमाचारको कामका लागि सम्पूर्ण देशभरि खुल्लमखुल्ला प्रचार गर्नुभयो। क्रूसीकरणको कामको लागि उहाँ फरिसीहरूसँग भिड्नुभयो; यदि उहाँ फरिसीहरूसँग नभिड्नुभएको भए र अधिकारको स्थानमा बस्नेहरूले उहाँलाई कहिल्यै नचिनेका भए, उहाँलाई तिनीहरूले कसरी दोषी ठहराउन सक्थे, त्यसपछि धोका दिन र क्रूसमा टाँग्न सक्थे? र यसैले उहाँ क्रूसमा टाँगिनको निम्ति फरिसीहरूसित भिड्नुभयो। आज, परीक्षाबाट बच्न उहाँले गोप्य रूपमा

आफ्नो काम गर्नुहुन्छ। परमेश्‍वरका दुई देहधारणमा काम र महत्त्व फरक-फरक छन्, र यो परिस्थिति पनि फरक छ, त्यसैले उहाँले गर्नुहुने काम कसरी त्यस्तै हुन सक्छ र?

के येशूको "परमेश्‍वर हामीसँग" भन्ने नाउँले परमेश्‍वरको स्वभावलाई पूर्णरूपमा प्रतिनिधित्व गर्नसक्छ? के त्यसले पूर्ण रूपमा परमेश्‍वरलाई व्यक्त गर्न सक्छ? यदि मानिसले परमेश्‍वरलाई येशू मात्र भनी बोलाउन सकिन्छ र परमेश्‍वरको अर्को नाउँ हुन सक्दैन, किनकि परमेश्‍वरले आफ्नो स्वभाव परिवर्तन गर्न सक्नुहुन्न भनी भन्छ भने, यी शब्दहरू साँच्चै ईश्‍वरनिन्दा हुन्छ! के तँ येशू नाउँ, परमेश्‍वर हामीसँग हुनुहुन्छ भन्ने नाउँले मात्र पूर्ण रूपमा परमेश्‍वरको प्रतिनिधित्व गर्न सक्छ भनी विश्‍वास गर्छस्? परमेश्‍वरलाई धेरै वटा नाउँले सम्बोधन गर्न सकिन्छ, परमेश्‍वरलाई समेट्ने नाउँ एउटै मात्र छैन, परमेश्‍वरलाई प्रतिनिधित्व गर्न एउटा मात्र नाउँ पनि छैन। यसैले, परमेश्‍वरका धेरै वटा नाउँहरू छन्, तर यी धेरै वटा नाउँले परमेश्‍वरको स्वभावलाई पूर्ण रूपमा व्यक्त गर्न सक्दैनन्, किनकि परमेश्‍वरको स्वभाव यति समृद्ध छ कि त्यो मानिसको क्षमताले बुझ्न सक्नेभन्दा बढी छ। मानिसले मानव जातिको कुनै पनि भाषा प्रयोग गरेर परमेश्‍वरलाई पूर्णरूपमा समेट्ने कुनै तरिका छैन। मानव जातिले परमेश्‍वरको स्वभावको बारेमा जे जान्दछ ती सबैलाई समेट्न तिनीहरूसित सीमित शब्दावली मात्र छ: महान्, सम्मानित, अचम्मका, बुझ्न नसकिने, सर्वोच्च, पवित्र, धर्मी, बुद्धिमान र यस्तै अन्य। धेरै वटा शब्दहरू! यो सीमित शब्दावलीले मानिसले परमेश्‍वरको स्वभावमा देखेको थोरै कुराको समेत वर्णन गर्न सक्दैन। समय बित्दै जाँदा, अरू धेरैले त्यस्ता शब्दहरू थपे जसले उनीहरूका हृदयको जोशको राम्ररी वर्णन गर्न सक्छ भन्ने तिनीहरूले ठानेका थिए: परमेश्‍वर अति महान् हुनुहुन्छ! परमेश्‍वर अत्यन्तै पवित्र हुनुहुन्छ! परमेश्‍वर अत्यन्तै प्रेमिलो हुनुहुन्छ! आज, यस्ता मानव भनाइहरू चरम सीमामा पुगेका छन्, तापनि मानिस अझै पनि आफैलाई व्यक्त गर्न असक्षम छ। यसैले, मानिसका निम्ति परमेश्‍वरका नाउँ धेरै छन्, तापनि उहाँको नाउँ एउटै मात्र छैन, अनि परमेश्‍वरको अस्तित्व प्रशस्त भएकोले र मानिसको भाषा अति दुर्बल भएको गर्दा यसो भएको हो। कुनै एउटा विशेष शब्द वा नाउँमा सम्पूर्ण रूपले परमेश्‍वरको प्रतिनिधित्व गर्ने क्षमता हुँदैन, त्यसो भए के तँ उहाँको नाउँ निश्‍चित गर्न सकिन्छ भन्ने सोच्छस्? उहाँ यति महान् र अति पवित्र हुनुहुन्छ, तापनि तैँले उहाँलाई प्रत्येक नयाँ युगमा उहाँको नाउँ परिवर्तन गर्ने अनुमति दिँदैनस्? त्यसकारण, परमेश्‍वरले व्यक्तिगत रूपमा आफ्नो काम गर्नुहुने प्रत्येक युगमा, उहाँले युग सुहाउँदो एउटा नाउँ प्रयोग गर्नुहुन्छ, जसले उहाँले गर्न चाहनुभएको कामलाई समेट्छ। उहाँले त्यस युगमा उहाँको स्वभावको प्रतिनिधित्व गर्न यो विशेष नाउँ प्रयोग गर्नुहुन्छ, जसको क्षणिक महत्त्व हुन्छ। यो आफ्नो स्वभाव व्यक्त गर्न परमेश्‍वरले मानव जातिको भाषा प्रयोग गर्नुभएको हो। त्यसरी नै, आत्मिक अनुभवहरू प्राप्त गर्ने र परमेश्‍वरलाई व्यक्तिगत रूपमा देख्ने धेरै मानिसहरूले यो एउटा विशेष नाउँ पूर्ण रूपमा परमेश्‍वरको प्रतिनिधित्व गर्न असमर्थ छ भन्ने महसुस गर्छन्—अहो, यसमा कुनै सहायता गर्न सकिँदैन—त्यसैले मानिसले अब परमेश्‍वरलाई कुनै नाउँबाट सम्बोधन गर्दैन, तर उहाँलाई "परमेश्‍वर" मात्र भन्छ। यस्तो लाग्छ, कि मानिसको हृदय प्रेमले भरिपूर्ण छ र अन्तर्विरोधहरूमा पनि परेको छ, किनकि मानिसले परमेश्‍वरको व्याख्या गर्न जान्दैन। परमेश्‍वर जे हुनुहुन्छ त्यो अति प्रशस्त छ, यसैले त्यसको वर्णन गर्ने कुनै तरिका नै

छैन। परमेश्‍वरको स्वभावको सार बताउने कुनै एउटा शब्द छैन, अनि परमेश्‍वरसँग जे छ र उहाँ जे हुनुहुन्छ ती सबै वर्णन गर्ने शब्द एउटा पनि छैन। यदि कसैले मलाई, "वास्तवमा तपाईं कुन नाउँ प्रयोग गर्नुहुन्छ?" भनी सोध्छ भने, म तिनीहरूलाई भन्‍नेछु, "परमेश्‍वर, परमेश्‍वर हुनुहुन्छ!" के यो परमेश्‍वरका निम्ति सर्वोत्तम नाम होइन र? के यसमा परमेश्‍वरको स्वभावलाई सबैभन्दा राम्रोसँगले समेटिएको छैन र? त्यसो हो भने, परमेश्‍वरको नाउँको खोजी गर्न तिमीहरू किन त्यत्ति धेरै प्रयास गर्छौ? तिमीहरू किन खानु न पिउनु हुँदै आफ्नो दिमागलाई नामकै खातिर यातना दिन्छौ? त्यो दिन आउनेछ, जब परमेश्‍वरलाई यहोवा, येशू वा मसीह भनिनेछैन–उहाँलाई सृष्टिकर्ता मात्र भनिनेछ। त्यस बेला उहाँले पृथ्वीमा धारण गर्नुभएका सबै नाउँहरू समाप्त हुनेछ, किनकि पृथ्वीमा उहाँको काम समाप्त भएको हुनेछ, त्यसपछि उहाँको कुनै नाउँ हुनेछैन। जब सबै थोक सृष्टिकर्ताको अधीनमा आउँदछन्, उहाँलाई अत्याधिक उपयुक्त तर अपूर्ण नाउँ किन चाहिन्छ र? के तँ अहिले पनि परमेश्‍वरको नाउँ खोजिरहेको छस्? के तँ अझै पनि परमेश्‍वरलाई यहोवा मात्र भनिन्छ भन्‍ने हिम्मत गर्छस्? के तँ अझै पनि परमेश्‍वरलाई येशू मात्र भनिन्छ भन्‍ने हिम्मत गर्छस्? के तँ परमेश्‍वरको विरुद्धमा गरिने ईश्‍वर निन्दाको पाप सहन सक्छस्? सुरुमा परमेश्‍वरको कुनै नाउँ थिएन भन्‍ने तँलाई थाहा हुनुपर्छ। उहाँले केवल एउटा वा दुईवटा वा धेरै नाउँ लिनुभयो, किनकि उहाँले गर्नुपर्ने काम थियो र मानव जातिलाई व्यवस्थापन गर्नुपर्थ्यो। उहाँलाई जुनसुकै नाउँले बोलाए पनि–के उहाँले त्यो स्वतन्त्र रूपमा चुन्‍नुभएन र? के त्यसको निर्णय गर्न उहाँलाई तेरो, अर्थात् उहाँको सृष्टिको आवश्यकता पर्छ? परमेश्‍वरलाई जुन नाउँले सम्बोधन गरिन्छ त्यो नाउँ मानिसले मानव जातिको भाषामा उहाँलाई बुझ्‍न सक्‍ने अनुसार छ, तर यो नाउँ कुनै यस्तो कुरा होइन जुन मानिसले उछिन्‍न सक्छ! तैँले केवल स्वर्गमा परमेश्‍वर हुनुहुन्छ, उहाँलाई परमेश्‍वर भनिन्छ, उहाँ महान् शक्ति भएका महान् परमेश्‍वर हुनुहुन्छ, जो अति बुद्‌धिमान् हुनुहुन्छ, अति उच्च, अति अचम्मका, अति रहस्यमय र अति सर्वशक्तिमान् हुनुहुन्छ भनेर मात्र भन्‍न सक्छस्, अरू केही भन्‍न सक्दैनस्; तैँले जानेको थोरै कुरा यति मात्र हो। यस्तो भएकोले के येशूको नाउँले मात्र परमेश्‍वर स्वयम्‌लाई प्रतिनिधित्व गर्न सक्छ? जब आखिरी दिनहरू आउँछन्, काम गर्ने परमेश्‍वर उहाँ नै हुनुभए पनि उहाँको नाउँ परिवर्तन हुनुपर्दछ, किनकि यो एउटा फरक युग हो।

परमेश्‍वर सारा ब्रह्माण्डमा र माथिको क्षेत्रमा महान् हुनुभएकोले के उहाँले देहको स्वरूप प्रयोग गरेर आफूलाई पूर्ण रूपमा व्याख्या गर्न सक्‍नुहुन्छ र? आफ्नो कामको एक चरण गर्नका लागि परमेश्‍वरले आफैलाई यस देह धारण गराउनुहुन्छ। देहको यो स्वरूपमा कुनै खास महत्त्व छैन, युगहरू बितेर जाने कुरासँग यसको कुनै सम्बन्ध छैन, न त परमेश्‍वरको स्वभावसँग यसको कुनै सम्बन्ध छ। येशूले किन आफ्नो स्वरूप रहिरहन दिनुभएन? किन उहाँले मानिसलाई उहाँको चित्र बनाउन दिनुभएन, जुन पछिबाट आउने पुस्ताहरूलाई हस्तान्तरण गर्न सकिन्थ्यो? किन उहाँले मानिसहरूलाई उहाँको स्वरूप परमेश्‍वरको प्रतिरूप हो भनेर स्वीकार गर्ने अनुमति दिनुभएन? मानिसको स्वरूप परमेश्‍वरको स्वरूपमा सृष्टि गरिएको भए पनि, के मानिसको स्वरूपले परमेश्‍वरको उच्च स्वरूपको प्रतिनिधित्व गर्नु सम्भव थियो? जब परमेश्‍वर देह बन्‍नुहुन्छ, उहाँ केवल स्वर्गबाट मात्र एउटा खास शरीरमा आउनुहुन्छ। देहमा ओर्लनुहुने उहाँको आत्मा नै हो, जसद्‌वारा उहाँले

आत्माको काम गर्नुहुन्छ। शरीरमा प्रकट गरिने आत्मा यही हो, र आत्माले नै देहमा उहाँको काम गर्नुहुन्छ। देहमा गरिएको कामले आत्मालाई पूर्ण रूपमा प्रतिनिधित्व गर्दछ, र देह कामका लागि हो, तर त्यसको अर्थ देहको स्वरूप परमेश्वर स्वयम्‌को स्वरूपको प्रतिस्थापन हो भन्ने होइन; परमेश्वर देह बन्नुको उद्‌देश्य वा महत्त्व यो होइन। आत्माले शरीरमा उहाँको काम राम्ररी हासिल गर्न सक्नुभएको होस् भनेर उहाँको कामको निम्ति उपयुक्त वास गर्ने ठाउँ प्राप्त गर्न, मानिसहरूले उहाँका कामहरू देखून्, उहाँको स्वभावलाई बुझ्न सकून्, उहाँका वचनहरू सुन्न सकून्, र उहाँको कामको चमत्कारहरू जान्न सकून् भनेर मात्रै उहाँले देहमा काम गर्नुहुन्छ। उहाँको नाउँले उहाँको स्वभावको प्रतिनिधित्व गर्दछ, उहाँको कामले उहाँको चिनारीको प्रतिनिधित्व गर्दछ, तर उहाँको देहको रूपले उहाँको स्वरूपको प्रतिनिधित्व गर्छ भनी उहाँले कहिल्यै पनि भन्नुभएन, त्यो त केवल मानिसको धारणा मात्रै हो। यसैले, परमेश्वरको देहधारणको महत्त्वपूर्ण पक्षहरू उहाँको नाउँ, उहाँको काम, उहाँको स्वभाव, र उहाँको लिङ्ग हो। यस युगमा उहाँको व्यवस्थापनको प्रतिनिधित्व गर्न यी कुराहरूको प्रयोग गरिन्छ। उहाँको व्यवस्थापनसँग उहाँ शरीरमा देखा पर्नुहुने कुराको कुनै सम्बन्ध छैन, त्यो त्यस समयको उहाँको कामका निम्ति मात्र हो। तापनि देहधारी परमेश्वरको कुनै विशेष रूप नहुनु असम्भव छ, यसकारण उहाँले आफ्नो प्रकटीकरण निश्चित गर्न एउटा उपयुक्त परिवार चुन्नुहुन्छ। यदि परमेश्वरको प्रकटीकरणसित प्रतिनिधित्वको महत्त्व हुन्थ्यो भने उहाँको जस्तै अनुहार भएका सबै जनाले परमेश्वरको प्रतिनिधित्व गर्नेथिए। के त्यो अति भयानक गल्ती हुनेथिएन र? मानिसले येशूलाई पुजून् भनेर मानिसले उहाँको चित्र बनाएका थिए। त्यस बेला, पवित्र आत्माले कुनै विशेष निर्देशनहरू दिनुभएन, त्यसकारण मानिसले त्यो काल्पनिक चित्र आजसम्म हस्तान्तरण गर्दैआएको छ। वास्तवमा, परमेश्वरको सुरुको मनसाय अनुसार मानिसले त्यसो गर्नुहुँदैन थियो। मानिसको जोशले मात्र येशूको चित्र आजको दिनसम्म रहेको छ। परमेश्वर आत्मा हुनुहुन्छ, र अन्तिम विश्लेषणमा पनि मानिसले उहाँको स्वरूप के हो सो पूर्ण रूपमा पत्ता लगाउन सक्दैन। उहाँको स्वरूपलाई उहाँको स्वभावले मात्र प्रतिनिधित्व गर्न सक्छ। उहाँको नाक, उहाँको मुख, आँखा, र केशको ढाँचा कस्तो हुनेछन् भन्ने बारेमा भन्दा यी सब तेरो पत्ता लगाउने क्षमताभन्दा बाहिर छन्। जब यूहन्नाकहाँ प्रकाश आयो, तिनले मानिसको पुत्रको स्वरूपलाई हेरे: उहाँको मुखबाट एउटा धारिलो दुईधारे तरवार निस्केको थियो, उहाँका आँखा आगोका ज्वालाजस्ता थिए, उहाँको शिर र केश ऊनजस्तो सेतो थियो, उहाँका पाउहरू टल्काएका काँसाजस्ता थिए। उहाँको छातीमा सुनौला फित्ता थियो। उहाँका वचनहरू अत्यन्तै स्पष्ट थिए, तर तिनले वर्णन गरेका परमेश्वरको स्वरूप सृष्टि गरिएको प्राणीको स्वरूप थिएन। तिनले जे देखे त्यो एउटा दर्शन मात्र थियो, र भौतिक संसारको व्यक्तिको स्वरूप थिएन। यूहन्नाले एउटा दर्शन देखेका थिए, तर तिनले परमेश्वरको वास्तविक रूप देखेनन्। सृष्टि गरिएको प्राणीको स्वरूपले बनेको परमेश्वरको देहधारी शरीर परमेश्वरको स्वभावलाई त्यसको पूर्णतामा प्रतिनिधित्व गर्न सक्दैन। जब यहोवाले मानव जाति सृष्टि गर्नुभयो, उहाँले त्यो आफ्नै स्वरूपमा सृष्टि गर्नुभयो र पुरुष र स्त्रीको रूपमा सृष्टि गर्नुभयो भनी भन्नुभयो। त्यस बेला, उहाँले पुरुष र स्त्रीलाई परमेश्वरको स्वरूपमा बनाउनुभयो भनी भन्नुभयो। मानिसको स्वरूप परमेश्वरको स्वरूपसँग मेल खाए पनि त्यसलाई व्याख्या गर्दै

मानिसको स्वरूप परमेश्‍वरको स्वरूप हो भन्‍न मिल्दैन। न त तैँले परमेश्‍वरको पूर्ण नमुना दिन मानव जातिको भाषा नै प्रयोग गर्न सक्छस्, किनकि परमेश्‍वर अति उच्च, अति महान्, अति अचम्मका र बुझ्नै नसकिने हुनुहुन्छ!

जब येशू आफ्नो काम गर्न आउनुभयो, यो पवित्र आत्माको निर्देशनमा थियो; उहाँले पवित्र आत्माले चाहनुभए जस्तै गर्नुभयो, पुरानो करारको व्यवस्थाको युगअनुसार वा यहोवाको कामअनुसार होइन। येशूले जुन काम गर्न आउनुभयो त्यो यहोवाको व्यवस्था वा यहोवाका आज्ञाहरू पालन गर्नुपर्ने काम थिएन, तैपनि तिनको स्रोत एउटै र उस्तै थियो। येशूले गर्नुभएको कामले येशूको नाउँलाई प्रतिनिधित्व गर्‍यो, र त्यसले अनुग्रहको युगलाई प्रतिनिधित्व गर्‍यो; यहोवाले गर्नुभएको कामको विषयमा भन्‍ने हो भने, त्यसले यहोवाको प्रतिनिधित्व गर्थ्यो र त्यसले व्यवस्थाको युगलाई प्रतिनिधित्व गर्थ्यो। उहाँहरूका काम दुई फरक युगहरूमा गरिएका आत्माको काम थिए। येशूले गर्नुभएको कामले अनुग्रहको युगलाई मात्र प्रतिनिधित्व गर्न सक्थ्यो, र यहोवाले गर्नुभएको कामले पुरानो करारको व्यवस्थाको युगलाई मात्र प्रतिनिधित्व गर्न सक्थ्यो। यहोवाले इस्राएल र मिश्रका मानिसहरूलाई र इस्राएल बाहिरका सबै जातिहरूलाई मात्र डोर्‍याउनुभयो। नयाँ करारको अनुग्रहको युगमा येशूले गर्नुभएको काम त्यो युगलाई डोर्‍याउनुका निम्ति परमेश्‍वरले येशूको नाउँमा गर्नुभएको काम थियो। यदि तँ येशूको काम परमप्रभुले गर्नुभएको काममा आधारित थियो, र उहाँले कुनै नयाँ काम थाल्नुभएन, उहाँले जे गर्नुभयो सबै यहोवाको वचनअनुसार, यहोवाको कामअनुसार र यशैयाका अगमवाणीहरू अनुसार थियो भनी भन्छस् भने, येशू देहधारण गर्नुभएका परमेश्‍वर बन्‍न सक्नुहुन्‍न। यदि उहाँले आफ्नो काम यस तरिकाले सञ्चालन गर्नुभएको थियो भने उहाँ एक प्रेरित वा व्यवस्थाको युगका एक सेवक मात्र हुनुहुनेथियो। यदि यो तैँले भनेको जस्तै हो भने, येशूले एउटा युग सुरु गर्न सक्नुहुने थिएन, न त उहाँले अरू कुनै काम नै गर्न सक्नुहुन्थ्यो। त्यसरी नै, पवित्र आत्माले मुख्य रूपले यहोवाद्वारा उहाँको काम गर्नुपर्दछ, अनि यहोवाविना पवित्र आत्माले कुनै नयाँ काम गर्न सक्नुहुनेथिएन। मानिसले येशूको कामलाई यस तरिकाले बुझ्नु गलत हो। यदि कुनै व्यक्तिले येशूद्वारा गरिएको काम यहोवाको वचन र यशैयाका भविष्यवाणीहरू अनुसार गरिएको थियो भनी विश्‍वास गर्दछ भने, येशू देहधारी परमेश्‍वर हुनुहुन्थ्यो कि उहाँका भविष्यवक्ताहरूमध्ये एक हुनुहुन्थ्यो? यस धारणाअनुसार अनुग्रहको युग हुनेथिएन, र येशू परमेश्‍वरको अवतार हुन सक्नुहुन्‍नथियो, किनकि उहाँले गर्नुभएको कामले अनुग्रहको युगलाई प्रतिनिधित्व गर्न सक्दैनथियो र पुरानो करारको व्यवस्थाको युगलाई मात्र प्रतिनिधित्व गर्न सक्नेथियो। येशू नयाँ काम गर्न, एउटा नयाँ युगको सुरु गर्न, इस्राएलमा पहिले गरिएको कामलाई तोड्न र इस्राएलमा यहोवाले गर्नुभएको कामअनुसार वा उहाँको पुराना नियमहरू वा कुनै पनि नियमअनुसार होइन, तर उहाँले गर्नुपर्ने नयाँ काम गर्न आउनुहुँदा मात्र एउटा नयाँ युग हुन सक्थ्यो। नयाँ युग सुरु गर्न परमेश्‍वर आफै आउनुहुन्छ, र त्यो युगलाई समाप्त गर्न परमेश्‍वर आफै आउनुहुन्छ। युग सुरु गर्ने र युग समाप्त गर्ने काम गर्न मानिस असक्षम छ। यदि येशू आउनुभएपछि पनि उहाँले यहोवाको कामलाई समाप्त गर्नुभएको थिएन भने त्यसले उहाँ एक साधारण मानिस मात्र हुनुहुन्थ्यो र परमेश्‍वरको प्रतिनिधित्व गर्न नसक्ने व्यक्ति हुनुहुन्थ्यो भन्‍ने

प्रमाणित गर्नेथियो। वास्तवमा भन्ने हो भने, येशू आउनुभयो र यहोवाको कामलाई समाप्त गर्नुभयो, यहोवाको कामलाई निरन्तरता दिनुभयो र त्यसबाहेक आफ्नै एउटा नयाँ काम पनि गर्दैजानुभयो, ठीक यही कारणले यो एउटा नयाँ युग थियो र येशू परमेश्‍वर स्वयम् नै हुनुहुन्थ्यो भन्ने कुरालाई यसले प्रमाणित गर्छ। उहाँहरूले कामका दुई भिन्‍न-भिन्‍न चरणहरू गर्नुभयो। एउटा चरण मन्दिरमा पूरा गरियो, र अर्को मन्दिरको बाहिर सञ्चालन गरियो। एउटा चरण व्यवस्था अनुसार मानिसको जीवन डोर्‍याउनु थियो, र अर्को पापको बलिदान चढाउनु थियो। कामका यी दुई चरणहरू स्पष्ट रूपमा फरक-फरक थिए; यसले नयाँ युगलाई पुरानोबाट छुट्ट्याउँछ, र ती दुई भिन्‍नाभिन्‍नै युग हुन् भन्‍नु पूर्ण रूपमा सही हुन्छ। उहाँहरूको कामको स्थान फरक थियो, र उहाँहरूको कामको विषयवस्तु फरक थियो, र उहाँहरूको कामको उद्‌देश्य पनि भिन्‍न थियो। त्यसरी नै, ती कामहरूलाई दुई युगहरूमा विभाजन गर्न सकिन्छ: नयाँ र पुरानो करार, यो भनेको नयाँ र पुरानो युग हो। जब येशू आउनुभयो उहाँ मन्दिरमा जानुभएन, जसले यहोवाको युग समाप्त भएको थियो भन्‍ने प्रमाणित गर्दछ। उहाँ मन्दिरभित्र पस्नुभएन, किनकि मन्दिरमा यहोवाको काम समाप्त भइसकेको थियो, र त्यसलाई फेरि गर्नुपर्ने आवश्यक थिएन, र त्यो फेरि गर्नु भनेको दोहोर्‍याउनु मात्रै हुनेथियो। मन्दिरलाई छोडेर, एउटा नयाँ काम सुरु गरेर अनि मन्दिरदेखि बाहिर नयाँ मार्ग सुरु गरेर मात्रै उहाँले परमेश्‍वरको कामलाई आफ्नो चरम बिन्दुमा ल्याउन सक्नुभयो। यदि उहाँ आफ्नो काम गर्न मन्दिरबाट बाहिर नजानुभएको भए, परमेश्‍वरको काम मन्दिरको जगमाथि अड्केर बस्नेथियो, र त्यहाँ कुनै नयाँ परिवर्तनहरू हुनेथिएन। यसैले जब येशू आउनुभयो, उहाँ मन्दिरमा प्रवेश गर्नुभएन, र उहाँले मन्दिरमा आफ्नो काम गर्नुभएन। उहाँले मन्दिरको बाहिर काम गर्नुभयो, र आफ्ना चेलाहरूलाई डोर्‍याउँदै आफ्नो काम स्वतन्त्र रूपले अघि बढाउनुभयो। परमेश्‍वरले आफ्नो काम गर्न मन्दिरबाट प्रस्थान गर्नुको अर्थ परमेश्‍वरसँग नयाँ योजना थियो भन्‍ने हुन्छ। उहाँको काम मन्दिरको बाहिर सञ्चालन हुनुपर्ने थियो, र कार्यान्वयन गर्ने तरिकामा नियन्त्रित नरहेको नयाँ कार्य हुनुपर्थ्यो। येशू आइपुग्‍नुभएपछि तुरुन्तै उहाँले पुरानो करारको युगको यहोवाको कामलाई समाप्त गर्नुभयो। उहाँहरूलाई दुई फरक नाउँले बोलाइएको भए पनि, दुवै चरणका कामहरू पूरा गर्ने एउटै आत्मा हुनुहुन्थ्यो, र गरिएको काम निरन्तर भइरहने काम थियो। जसरी नाउँ फरक थियो, र कामको विषय फरक थियो, त्यसरी नै युग पनि फरक थियो। जब यहोवा आउनुभयो, त्यो यहोवाको युग थियो, र जब येशू आउनुभयो, त्यो येशूको युग थियो। त्यसैले, हरेक आगमन सँगै, परमेश्‍वरलाई एउटा नाउँले बोलाइन्छ, उहाँले एउटा युगको प्रतिनिधित्व गर्नुहुन्छ, र नयाँ मार्ग सुरु गर्नुहुन्छ; र हरेक नयाँ मार्गमा, उहाँले नयाँ नाउँ धारण गर्नुहुन्छ, जसले परमेश्‍वर सधैँ नयाँ हुनुहुन्छ र कहिल्यै पनि पुरानो हुनुहुन्‍न भन्‍ने देखाउँदछ, र उहाँको काम कहिल्यै अगाडि बढ्नुबाट रोकिँदैन। इतिहास जहिल्यै पनि अगाडि बढिरहेको छ, र परमेश्‍वरको काम सधैँ अगाडि बढिरहेको छ। उहाँको छ हजार वर्षे व्यवस्थापन योजनालाई त्यसको लक्ष्यमा पुर्‍याउनको लागि त्यो अगाडिको दिशामा बढिरहनुपर्छ। प्रत्येक दिन उहाँले नयाँ काम गर्नुपर्दछ, प्रत्येक वर्ष उहाँले नयाँ काम गर्नुपर्दछ; उहाँले नयाँ मार्गहरू सुरु गर्नुपर्दछ, नयाँ युगहरू सुरु गर्नुपर्दछ, नयाँ र अझ ठूलो काम सुरु गर्नुपर्दछ, र ती सँगसँगै नयाँ नाउँहरू र नयाँ काम ल्याउँदछ। पल-पल परमेश्‍वरका आत्माले नयाँ काम

गर्दैहुनुहुन्छ, उहाँ कहिल्यै पनि पुरानो तरिका वा नियममा अल्झेर बस्नुहुन्न। न त उहाँको कार्य कहिल्यै रोकिएको छ, तर हरेक बितेको क्षण सँगै पूरा हुँदैछ। यदि तँ पवित्र आत्माको काम अपरिवर्तनीय छ भनी भन्छस् भने किन यहोवाले पूजाहारीहरूलाई मन्दिरमा उहाँको सेवा गर्नू भन्नुभयो, तैपनि येशू आउनुहुँदा मानिसहरूले उहाँ प्रधान पूजाहारी हुनुहुन्छ र उहाँ दाऊदको वंशका हुनुहुन्छ र साथै प्रधान पूजाहारी र महान् राजा हुनुहुन्छ भनेर पनि उहाँ मन्दिरमा प्रवेश गर्नुभएन? अनि उहाँले किन बलिहरू चढाउनुभएन? मन्दिरभित्र पस्नु वा मन्दिरमा नपस्नु–यो सबै परमेश्‍वर स्वयम्‌को काम होइन र? यदि, मानिसले कल्पना गरेझैं येशू फेरि आउनुहुनेछ र आखिरी दिनहरूमा पनि अझै येशू नै कहलाइनुहुन्छ र अझै पनि सेतो बादलमा सवार भएर येशूको स्वरूपमा मानिसहरूमाझ ओर्लनुहुन्छ भने, के त्यो उहाँको काम दोहोर्‍याउनु नै हुँदैन र? के पवित्र आत्मा पुरानोसँग टाँसिरहन सक्नुहुन्छ? मानिसले विश्‍वास गर्ने सबै धारणाहरू हुन्, र मानिसले बुझ्ने सबै शाब्दिक अर्थअनुसार, र उसको कल्पनाशक्ति अनुसार हुन्छ; ती पवित्र आत्माको कामका सिद्‌धान्तहरूसँग बाझिन्छन् र ती परमेश्‍वरको अभिप्राय अनुरूप हुँदैनन्। परमेश्‍वरले त्यस्तो प्रकारले काम गर्नुहुन्न; परमेश्‍वर त्यति मूर्ख र अबुझ हुनुहुन्न, र उहाँको काम तैँले सोचेको जस्तो सरल छैन। मानिसले कल्पना गर्ने सबै कुराको आधारमा, येशू बादलमा सवार भएर आउनुहुनेछ र तिमीहरूको बीचमा ओर्लनुहुनेछ। तिमीहरू उहाँलाई देख्नेछौ, जसले बादलमा सवार भएर, तिमीहरूलाई म येशू हुँ भनी भन्नुहुनेछ। तिमीहरूले उहाँको हातमा कीलका डामहरू पनि देख्नेछौ, र उहाँ येशू नै हुनुहुन्छ भनी चिन्नेछौ। अनि उहाँले तिमीहरूलाई फेरि मुक्ति दिनुहुनेछ र उहाँ तिमीहरूका शक्तिशाली परमेश्‍वर हुनुहुनेछ। उहाँले तिमीहरूलाई बचाउनुहुनेछ, तिमीहरूलाई एउटा नयाँ नाउँ प्रदान गर्नुहुनेछ, र तिमीहरू हरेकलाई एउटा सेतो ढुङ्गा दिनुहुनेछ, त्यसपछि तिमीहरूलाई स्वर्गको राज्यमा प्रवेश गर्ने अनुमति दिनुहुनेछ र स्वर्गलोकमा ग्रहण गरिनेछ। के यस्ता विश्‍वास मानिसका धारणाहरू होइनन् र? के परमेश्‍वरले मानिसको धारणाअनुसार काम गर्नुहुन्छ, वा उहाँले मानिसका धारणाहरू विपरीत काम गर्नुहुन्छ? के मानिसका धारणाहरू सबै शैतानबाट प्राप्त भएका होइनन् र? के सबै मानिस शैतानले भ्रष्ट भएका छैनन् र? यदि परमेश्‍वरले आफ्नो काम मानिसको धारणाअनुसार गर्नुभयो भने के उहाँ शैतान बन्नुहुन्न र? के उहाँ आफ्ना सृष्टिहरू जस्तै बन्नुहुन्न र? अहिले शैतानले उहाँका सृष्टिहरूलाई धेरै भ्रष्ट पारेकोले मानिस शैतानको मूर्त रूप बनेको छ, यदि परमेश्‍वरले शैतानका कुराहरू अनुरूप काम गर्नुभयो भने के उहाँ शैतानको साठगाँठमा हुनुहुने थिएन र? मानिसले परमेश्‍वरको कामलाई कसरी बुझ्न सक्छ? त्यसकारण परमेश्‍वरले कहिल्यै पनि मानिसका धारणाहरू अनुसार काम गर्नुहुन्न, र तैँले कल्पना गरे अनुसार पनि काम गर्नुहुन्न। कति जना मानिसहरू छन्, जसले परमेश्‍वर आफैले उहाँ बादलमा आउनुहुनेछ भन्नुभएको छ भनी भन्छन्। परमेश्‍वर आफैले त्यसो भन्नुभएको थियो भन्ने कुरा सत्य हो, तर परमेश्‍वरका रहस्यहरू कसैले पनि बुझ्न सक्दैन भन्ने के तँलाई थाहा छैन? के परमेश्‍वरका वचनहरूको व्याख्या कसैले पनि गर्न सक्दैन भन्ने तँलाई थाहा छैन? के तँ पवित्र आत्माले नै त्यो ज्ञान र प्रकाश दिनुभएको हो भन्नेमा निश्‍चित छस्, र तँलाई अलिकति पनि शङ्का छैन? त्यसरी तँलाई प्रत्यक्ष रूपमा देखाउने निश्‍चय नै पवित्र आत्मा हुनुहुन्नथियो। तँलाई निर्देशन दिने पवित्र आत्मा हुनुहुन्थ्यो, कि

तेरा आफ्नै धारणहरूको कारण तैँले त्यस्तो विचार गरिस्? तैँले भनिस्, “परमेश्‍वर आफैले यसो भन्‍नुभएको थियो।” तर परमेश्‍वरका वचनहरूलाई नाप्‍न हामीले हाम्रो आफ्नै विचार र दिमागको प्रयोग गर्न सक्दैनौं। यशैयाद्‌वारा बोलिएका वचनहरूको कुरा गर्दा, के तैँले तिनका वचनहरूलाई पूर्ण सुनिश्‍चितताको साथ व्याख्या गर्न सक्छस्? के तँ तिनका वचनहरूलाई व्याख्या गर्ने हिम्मत गर्छस्? तैँले यशैयाका वचनहरूको व्याख्या गर्ने हिम्मत गर्दैनस् भने येशूका वचनहरूको व्याख्या गर्ने हिम्मत किन गर्छस्? को धेरै उच्च हुनुहुन्छ, येशू कि यशैया? यसको जबाफ येशू हुनुहुन्छ भन्‍ने हुन्छ, त्यसकारण तैँले किन येशूले बोल्नुभएका वचनहरूको व्याख्या गर्छस्? के परमेश्‍वरले तँलाई उहाँको कामको बारेमा अघिबाटै बताउनुहुन्छ र? एउटै पनि प्राणीले जान्‍न सक्दैन, स्वर्गका सन्देशवाहकहरूले पनि जान्दैनन्, न त मानिसका पुत्रले जान्‍नुहुन्छ, त्यसकारण तैँले कसरी जान्‍न सक्थिस्? मानिसमा धेरै कुराको कमी छ। अहिले तिमीहरूका लागि महत्वपूर्ण कुरा भनेको कामका तीन चरणहरू जान्‍नु हो। यहोवाको कामदेखि लिएर येशूको कामसम्म, र येशूको कामदेखि अहिलेको चरणसम्म, यी तीन चरणले परमेश्‍वरको सम्पूर्ण व्यवस्थापन कार्यलाई एउटै लहरमा गाँस्दछ र ती सबै एउटै आत्माको काम हुन्। संसारको सृष्‍टि भएदेखि नै परमेश्‍वर सधैँ मानव जातिको व्यवस्थापन गर्ने काममा लाग्‍नुभएको छ। सुरु र अन्त्य उहाँ नै हुनुहुन्छ, पहिलो र अन्तिम उहाँ नै हुनुहुन्छ, र युग सुरु गर्ने उहाँ नै हुनुहुन्छ र युगलाई समाप्‍त गर्ने पनि उहाँ नै हुनुहुन्छ। विभिन्‍न युगहरूमा र विभिन्‍न स्थानहरूमा हुने कार्यका तीन चरणहरू आत्माले गर्नुहुने काम नै हुन् भन्‍ने कुरा स्पष्‍ट छ। ती तीन चरणहरूलाई अलग गर्ने सबै मानिसहरू परमेश्‍वरकै विरोधमा खडा हुन्छन्। अब, यसले तँलाई पहिलो चरणदेखि आजसम्मका सबै कामहरू एउटै परमेश्‍वरको, एउटै आत्माको काम हो भनी बुझ्‍न सक्‍ने बनाउँछ। यस कुरामा कुनै शङ्‌का छैन।

## बाइबल सम्बन्धमा (१)

परमेश्‍वरमाथिको विश्‍वासमा बाइबललाई कसरी हेर्नुपर्छ? यो सिद्‌धान्तको प्रश्‍न हो। हामी किन यो प्रश्‍नबारे कुरा गर्दैछौं? किनकि भविष्यमा तिमीहरूले सुसमाचार फैलाउनेछौ र राज्यको युगको कामलाई फराकिलो पार्नेछौ, र परमेश्‍वरको आजको कामको बारेमा मात्र कुरा गर्न सक्‍नु पर्याप्‍त छैन। उहाँको कामलाई विस्तार गर्नका निम्ति, तिमीहरूले मानिसहरूको पुराना धार्मिक विचारहरू र पुरानो विश्‍वासको माध्यमहरूलाई सुल्झाउन सक्षम हुनु र उनीहरूलाई पूर्ण रूपले विश्‍वस्त तुल्याउन सक्‍नु महत्त्वपूर्ण हुन्छ–र त्यस बिन्दुमा पुग्‍नको लागि बाइबल समावेश हुन्छ। धेरै वर्षदेखि मानिसहरूका परम्परागत विश्‍वासका माध्यमहरू (ख्रीष्‍टियन धर्मको, जुन विश्‍वका तीन प्रमुख धर्ममध्ये एक हो) बाइबल पढ्नु नै भएको छ; बाइबलबाट टाढो हुनु भनेको प्रभुमा विश्‍वास गर्नु होइन, बाइबलबाट टाढो हुनु शास्त्रविरुद्‌ध र झूटो शिक्षा हो, र जब मानिसहरूले अन्य पुस्तकहरू पढ्छन् तब पनि यी पुस्तकहरूको जग बाइबलको व्याख्या नै हुनुपर्दछ। यसको अर्थ के हो भने, यदि तँ प्रभुमा विश्‍वास गर्छस् भने तैंले बाइबल पढ्नै पर्छ, र बाइबल बाहिर तैंले कुनै पुस्तकको पूजा गर्नुहुँदैन जसमा बाइबल समावेश छैन। यदि तैंले त्यसो गरिस् भने तैँले परमेश्‍वरलाई धोका

दिइरहेको हुन्छस्। बाइबल भएको समयदेखि नै परमेश्वरमाथिको मानिसहरूको विश्वास नै बाइबलमाथिको विश्वासको रूपमा रहिआएको छ। मानिसहरूले प्रभुमा विश्वास गर्छन् भन्नुको सट्टा तिनीहरूले बाइबलमा विश्वास गर्छन् भन्नु राम्रो हुन्छ; उनीहरूले बाइबल पढ्नु सुरु गरे भन्नुभन्दा उनीहरूले बाइबलमा विश्वास गर्न थाले भन्नु राम्रो हुन्छ; उनीहरू प्रभुको सामु फर्किए भन्नुभन्दा उनीहरू बाइबलको अगि फर्किए भन्नु राम्रो हुन्छ। यसरी, मानिसहरूले बाइबललाई परमेश्वर जस्तो मानेर त्यसको आराधना गर्छन्, यो उनीहरूको जीवनरक्त जस्तो बन्छ, र यसलाई गुमाउनु आफ्नो जीवन गुमाउनुजस्तै हुन्छ। मानिसहरूले बाइबललाई परमेश्वर जत्तिकै उच्च रूपमा हेर्छन्, र यसलाई परमेश्वरभन्दा उच्च देख्नेहरू पनि छन्। यदि मानिसहरू पवित्र आत्माको कामविहीन छन् भने, यदि उनीहरूले परमेश्वरलाई महसुस गर्न सक्दैनन् भने, उनीहरू बाँच्न सक्छन्–तर उनीहरूले बाइबल वा बाइबलका प्रसिद्ध अध्यायहरू र भनाइहरू हराउने बित्तिकै उनीहरूको जीवन नै हराएको जस्तो हुन्छ। यसरी प्रभुमा विश्वास गर्नेबित्तिकै मानिसहरू बाइबल पढ्न थाल्छन्, र बाइबल कण्ठ गर्न थाल्छन्, र तिनीहरूले जति धेरै बाइबल कण्ठ गर्न सक्छन्, त्यसले त्यति नै धेरै तिनीहरूले प्रभुलाई प्रेम गर्छन् र तिनीहरूमा ठूलो विश्वास छ भनी प्रमाणित गर्दछ। बाइबल पढेकाहरू र त्यसबारे अरूसँग कुरा गर्न सक्नेहरू सबै असल दाजुभाइ तथा दिदी-बहिनीहरू हुन्। यत्तिका वर्षहरूमा प्रभुप्रति मानिसहरूको विश्वास र बफादारितालाई उनीहरूको बाइबलको ज्ञानको हदअनुसार मापन गरिएको छ। धेरै मानिसहरू परमेश्वरमा किन विश्वास गर्ने भन्ने कुरा समेत बुझ्दैनन्, न त कसरी विश्वास गर्नुपर्छ भनेर नै बुझ्छन्, र बाइबलका अध्यायहरूको अर्थ बुझ्नका लागि अन्धाधुन्ध सुराकहरू खोज्नेबाहके अरू केही गर्दैनन्। मानिसहरूले कहिल्यै पनि पवित्र आत्माको कामको निर्देशन पछ्याएका छैनन्; शुरुदेखि नै, तिनीहरूले बाइबलको कठोर अध्ययन र अनुसन्धान गर्नुबाहेक अरू केही गरेका छैनन्, र कसैले पनि बाइबलबाहिर पवित्र आत्माको नयाँ काम कहिल्यै फेला पारेको छैन। कोही पनि कहिल्यै बाइबल छोडी अर्कोतिर गएको छैन, न त तिनीहरूले कहिल्यै त्यसो गर्ने आँट नै गरेका छन्। मानिसहरूले यति धेरै वर्षसम्म बाइबल अध्ययन गरेका छन्, तिनीहरूले यति धेरै व्याख्याहरू गरेका छन्, अनि तिनीहरूले यति धेरै काम गरेका छन्; तिनीहरूमा बाइबलको बारेमा विभिन्न मतभिन्नताहरू पनि छन् जसको बारेमा तिनीहरू निरन्तर बहस गर्छन्, त्यसैले आज दुई हजारभन्दा बढी सम्प्रदायहरू गठन भएका छन्। तिनीहरू सबै बाइबलमा भएका केही विशेष व्याख्याहरू वा अझ गहिरा रहस्यहरू फेला पार्न चाहन्छन्, तिनीहरू यसलाई अन्वेषण गर्न चाहन्छन् र यसमा इस्राएलमा भएको यहोवाको कामको पृष्ठभूमि, वा यहूदियामा येशूको कामको पृष्ठभूमि, वा अरू कसैले थाहा नपाएका थप रहस्यहरू पत्ता लगाउन चाहन्छन्। मानिसहरूको बाइबलप्रतिको दृष्टिकोण मोह र विश्वासको छ, र कोही पनि बाइबलको भित्री कथा वा तत्वबारे पूर्ण रूपमा स्पष्ट छैनन्। त्यसैले, आज बाइबलको कुरा आउँदा मानिसहरूमा अवर्णनीय आश्चर्य-भाव पैदा हुन्छ, र त्यसप्रति तिनीहरू अझ बढी मोहित हुन्छन् र त्यसमा अझ बढी विश्वास गर्छन्। आज, सबै जना बाइबलमा आखिरी दिनहरूको कामका अगमवाणीहरू पत्ता लगाउन चाहन्छन्, तिनीहरू परमेश्वरले आखिरी दिनहरूमा के काम गर्नुहुन्छ र आखिरी दिनहरूका चिन्हहरू के-के हुन् भनी पत्ता लगाउन चाहन्छन्। यसप्रकार, तिनीहरूले गर्ने बाइबलको आराधना अझ बढी जोशिलो

हुँदै जान्छ र आखिरी दिनहरू जति नजिकिंदै जान्छन् तिनीहरूले विशेष गरी आखिरी दिनहरूसम्बन्धी बाइबलका अगमवाणीहरूलाई अझ बढी अन्धाधुन्ध विश्वास गर्छन्। बाइबलमाथि त्यस्तो अन्धविश्वास भएकोले, बाइबलमा त्यस्तो भरोसा भएकोले, तिनीहरूमा पवित्र आत्माको कामको खोजी गर्ने कुनै इच्छा हुँदैन। मानिसहरूले आफ्ना धारणाहरूमा केवल बाइबलले मात्र पवित्र आत्माको काम ल्याउन सक्छ भन्ने सोच्छन्; तिनीहरूले सोच्छन् कि केवल बाइबलमा तिनीहरूले परमेश्वरका पाइलाहरू भेट्न सक्छन्; केवल बाइबलमा परमेश्वरको कामका रहस्यहरू लुकेका छन्; अन्य पुस्तकहरू वा मानिसहरूले होइन, केवल बाइबलले परमेश्वरका सबै कुराहरू र उहाँको कार्यको सम्पूर्णता स्पष्ट पार्न सक्छ; बाइबलले स्वर्गको कामलाई पृथ्वीमा ल्याउन सक्छ; र बाइबलले दुवै युग सुरु र अन्त्य गर्न सक्छ। यस्ता धारणाहरू भएकाले मानिसहरूमा पवित्र आत्माको कामको खोजी गर्ने कुनै झुकाव हुँदैन। त्यसकारण, विगतमा मानिसहरूका निम्ति बाइबल जति नै धेरै सहयोगी भएको भए पनि यो परमेश्वरको नवीनतम काममा बाधा बनेको छ। बाइबलबिना, मानिसहरूले परमेश्वरका पाइलाहरू अन्यत्र खोजी गर्न सक्छन्, तैपनि आज, उहाँका पाइलाहरू बाइबलद्वारा रोकिएका छन्, र उहाँको नवीनतम काम विस्तार गर्नु दुई गुणा कठिन, र एक कडा संघर्ष बनेको छ। यो सबै बाइबलका प्रसिद्ध अध्यायहरू र भनाइहरूका साथै बाइबलका विभिन्न अगमवाणीहरूको कारण भएको हो। मानिसहरूका मनमा बाइबल एउटा मूर्ति बनेको छ, यो उनीहरूका दिमागमा एउटा पहेली बनेको छ, र बाइबल बाहिर परमेश्वरले काम गर्न सक्नुहुन्छ भन्ने विश्वास गर्न तिनीहरू असमर्थ छन्, मानिसहरूले बाइबल बाहिर पनि परमेश्वर पाउन सक्छन् भनी तिनीहरू विश्वास गर्न सक्दैनन्, उनीहरूले अन्तिम कामको समयमा परमेश्वर बाइबलबाट टाढा हुन र फेरि पहिलेदेखि सुरु गर्न सक्नुहुन्छ भनी विश्वास गर्ने कुरा त परै जाओस्। यो मानिसहरूले सोच्नै नसक्ने कुरा हो; उनीहरू यसमा विश्वास गर्न सक्दैनन्, न त उनीहरूले यसको कल्पना गर्न नै सक्छन्। परमेश्वरको नयाँ कामलाई स्वीकार गर्ने विषयमा बाइबल मानिसहरूका निम्ति ठूलो बाधा र परमेश्वरको यो नयाँ काम फैलाउने कार्यको कठिनाइ बनेको छ। यसैले यदि तिमीहरूले बाइबलको भित्री कथा बुझ्दैनौ भने, तिमीहरूले सफलतापूर्वक सुसमाचार फैलाउन सक्नेछैनौ, न त तिमीहरूले नयाँ कार्यको गवाही दिन नै सक्छौ। आज तिमीहरूले बाइबल नपढ्ने भए पनि, तिमीहरू अझै पनि त्यसलाई धेरै मन पराउँछौं, भन्नुको अर्थ, तिमीहरूका हातमा बाइबल नहोला, तर तिमीहरूका धेरै वटा धारणाहरू त्यसैबाट आउँछन्। तिमीहरू बाइबलको उत्पत्ति वा परमेश्वरको कामको अघिल्लो दुई चरणका भित्री कथा बुझ्दैनौ। तिमीहरूले प्रायजसो बाइबल नपढ्ने भए पनि, तिमीहरूले बाइबललाई बुझ्नुपर्छ, तिमीहरूले बाइबलको सही ज्ञान हासिल गर्नैपर्छ, यसरी मात्र तिमीहरू परमेश्वरको छ हजार वर्षको व्यवस्थापन योजना कुन विषयमा छ भन्ने कुरा जान्न सक्नेछौ। तिमीहरूले मानिसहरूलाई जित्न, यो प्रवाह नै सत्य मार्ग हो भनी उनीहरूलाई स्वीकार गराउन, तिमीहरूले आज हिँड्ने मार्ग सत्यको मार्ग हो, र यो पवित्र आत्माद्वारा निर्देशित छ, र यो कुनै पनि मानवद्वारा सुरु गरिएको होइन भनी स्वीकार गराउनका निम्ति यी कुराहरूलाई प्रयोग गर्नेछौ।

परमेश्वरले व्यवस्थाको युगमा काम गर्नुभएपछि, पुरानो करारको पुस्तक प्रकाशित गरियो, त्यही समयदेखि नै मानिसहरूले बाइबल पढ्न सुरु गरे। येशू आउनुभएपछि, उहाँले अनुग्रहको

युगको काम गर्नुभयो, र उहाँका प्रेरितहरूले नयाँ करार लेखे। यसरी बाइबलका पुरानो र नयाँ करारहरू प्रकाशित भएका थिए, र आजसम्म पनि, परमेश्‍वरमा विश्‍वास गर्ने सबैले बाइबल पढ्दै आएका छन्। बाइबल इतिहासको एक पुस्तक हो। नि:सन्देह, यसमा अगमवक्ताहरूका केही भविष्यवाणीहरू पनि समावेश छन् र त्यस्ता भविष्यवाणीहरू कुनै पनि प्रकारले इतिहास होइनन्। बाइबलमा थुप्रै भागहरू छन्—त्यहाँ अगमवाणी मात्र छैन, वा यहोवाको काम मात्र छैन, न त त्यहाँ केवल पावलका पत्रहरू मात्र छन्। बाइबलमा कति भागहरू छन् तँलाई थाहा हुनुपर्दछ; पुरानो नियममा उत्पत्ति, प्रस्थान..., आदि छन् र त्यहाँ अगमवाणीहरूका पुस्तकहरू पनि छन् जुन अगमवक्ताहरूले लेखेका थिए। अन्त्यमा, पुरानो नियम मलाकीको पुस्तकमा गएर समाप्त हुन्छ। यसले व्यवस्थाको युगको काम अभिलेख गर्छ, जसको नेतृत्व यहोवाले गर्नुभएको थियो; उत्पत्तिदेखि मालाकीको पुस्तकसम्म, यो व्यवस्थाको युगको सबै कामको विस्तृत अभिलेख हो। भन्नुको अर्थ, पुरानो नियमले ती सबै कुराहरू अभिलेख गर्छ जुन व्यवस्थाको युगमा यहोवाद्वारा डोर्‍याइएका मानिसहरूले अनुभव गरेका थिए। पुरानो नियमको व्यवस्थाको युगको अवधिमा, यहोवाले खडा गर्नुभएका धेरै अगमवक्ताहरूले उहाँको निम्ति अगमवाणी व्यक्त गरे, विभिन्‍न कुल र जातिहरूलाई निर्देशनहरू दिए र यहोवाले गर्नुहुने कामबारे भविष्यवाणी गरे। खडा गरिएका यी मानिसहरू सबैलाई यहोवाले अगमवाणी गर्ने आत्मा दिनुभएको थियोः तिनीहरूले यहोवाका दर्शनहरू देख्‍न सक्थे र उहाँको आवाज सुन्‍न सक्थे, र यसरी तिनीहरूले उहाँद्वारा प्रेरणा पाए र अगमवाणी लेखे। तिनीहरूले गरेको काम यहोवाको आवाजको अभिव्यक्ति, यहोवाको अगमवाणीको अभिव्यक्ति थियो, र त्यस समय यहोवाको काम आत्मालाई प्रयोग गरी मानिसहरूलाई डोर्‍याउनु थियो; उहाँ देह बन्‍नुभएन, र मानिसहरूले उहाँको अनुहार देखेनन्। यसरी, उहाँले आफ्नो काम गर्न धेरै अगमवक्ताहरू खडा गर्नुभयो, उहाँले तिनीहरूलाई वाणीहरू दिनुभयो जसलाई तिनीहरूले इस्राएलको हरेक कुल र वंशमा हस्तान्तरण गरिदिए। तिनीहरूको काम अगमवाणी बोल्नु थियो, र तिनीहरूमध्ये कसै-कसैले अरूलाई देखाउन यहोवाले तिनीहरूलाई दिनुभएका निर्देशनहरू लेखे। यहोवाले तिनीहरूलाई अगमवाणी बोल्न वा भविष्यको कामको अगमवाणी गर्न वा त्यस समयमा गर्नुपर्ने बाँकी कामहरूबारे अगमवाणी गर्न खडा गर्नुभयो ताकि मानिसहरूले यहोवाको अद्‌भुतता र बुद्धि देख्‍न सकून्। अगमवाणीका यी पुस्तकहरू बाइबलका अन्य पुस्तकहरू भन्दा बिलकुलै भिन्‍न थिए; तिनीहरू त अगमवाणीको आत्मा दिइएका व्यक्तिहरूद्वारा—यहोवाबाट दर्शन वा आवाज पाएका व्यक्तिहरूद्वारा—बोलिएका वा लेखिएका वचनहरू थिए। अगमवाणीका पुस्तकहरूबाहेक, पुरानो नियमका अरू सबै कुराहरू यहोवाले आफ्नो काम पूरा गरिसक्नुभएपछि मानिसहरूद्वारा तयार पारेका अभिलेखहरूले भरिएका छन्। उत्पत्ति र प्रस्थानका पुस्तकहरूको तुलना यशैया र दानिएलका पुस्तकहरूसँग गर्न नसकिएझैं, यी पुस्तकहरूले यहोवाले खडा गर्नुभएका अगमवक्ताहरूले बोलेका भविष्यवाणीको स्थान लिन सक्दैनन्। ती अगमवाणीहरू काम पूरा हुनुभन्दा अघि बोलिएका थिए; अन्य पुस्तकहरू भने काम समाप्त भएपछि लेखिएका थिए, जुन कुरा लेख्‍न मानिसहरू सक्षम थिए। त्यस समयका अगमवक्ताहरूले यहोवाबाट प्रेरणा पाए र केही अगमवाणी बोले, तिनीहरूले धेरै वचनहरू बोले, र तिनीहरूले अनुग्रहको युगका कुराहरूका साथसाथै आखिरी दिनहरूमा संसारको विनाश हुनेबारे पनि

अगमवाणी गरे—जुन काम गर्ने यहोवाले योजना गर्नुभएको थियो। बाँकी पुस्तकहरू सबैले यहोवाले इस्राएलमा गर्नुभएको काम लेखे। यसरी, जब तिमी बाइबल पढ्छौ, तिमीहरूले मुख्य रूपमा यहोवाले इस्राएलमा जे गर्नुभयो त्यो पढिरहेका हुन्छौ; बाइबलको पुरानो नियमले मुख्य रूपमा यहोवाले इस्राएललाई डोऱ्याउनुभएको काम, इस्राएलीहरूलाई मिश्रबाट बाहिर निकाल्न मोशालाई प्रयोग गर्नुभएको कुराको अभिलेख गर्दछ, जसले तिनीहरूलाई फारोको बन्धनबाट मुक्त गरे, र तिनीहरूलाई उजाडस्थानमा लगे, अनि त्यहाँबाट तिनीहरू कनानमा प्रवेश गरे, र त्यसपछि आउने सबै कुराहरू कनानमा जिइएको तिनीहरूको जीवन थियो। यसबाहेकका अरू सबै भागहरू इस्राएलभरि यहोवाले गर्नुभएको कामका अभिलेखहरूले भरिएको छ। पुरानो नियममा अभिलेख गरिएका सबै कुराहरू इस्राएलमा यहोवाले गर्नुभएको काम हो, यो यहोवाले त्यही देशमा गर्नुभएको काम हो जहाँ उहाँले आदम र हव्वालाई बनाउनुभएको थियो। नोआपछि परमेश्वरले आधिकारिक रूपमा पृथ्वीमा मानिसहरूलाई डोऱ्याउन थाल्नुभएको कुरादेखि नै पुरानो नियममा अभिलेख गरिएका सबै कुराहरू इस्राएलको काम हो। अनि इस्राएलदेखि बाहिरको कुनै पनि काम किन अभिलेख गरिएको छैन त? किनकि इस्राएल देश मानवजातिको उद्‌गमस्थल हो। सुरुमा, इस्राएलबाहेक अरू कुनै देश थिएन, र यहोवाले अरू कुनै ठाउँमा काम गर्नुभएन। यस प्रकार, बाइबलको पुरानो नियममा जे अभिलेख गरिएको छ त्यो पूर्ण रूपमा त्यसबेला परमेश्वरले इस्राएलमा गर्नुभएको काम हो। अगमवक्ताहरू, यशैया, दानिएल, यर्मिया र इजकिएलद्‌वारा बोलिएका वचनहरू ... तिनीहरूका वचनहरूले पृथ्वीमा उहाँको अन्य कामको भविष्यवाणी गर्छन्, तिनीहरूले यहोवा परमेश्वर स्वयम्‌को कामको भविष्यवाणी गर्छन्। यी सबै परमेश्वरबाट आएका हुन्, यो पवित्र आत्माको काम हो, र अगमवक्ताहरूका यी पुस्तकहरूबाहेक अरू सबै कुराहरू यहोवाको कामको बारेमा मानिसहरूका अनुभवहरूको अभिलेख हुन्।

मानवजाति अस्तित्वमा आउनुभन्दा पहिले सृष्टिको काम भयो, तर उत्पत्ति पुस्तक मानवजाति सृष्टि गरिएपछि मात्र आयो; यो व्यवस्थाको युगको अवधिमा मोशाद्‌वारा लेखिएको पुस्तक थियो। यो आज तिमीहरूमाझ भइरहने कुराहरू जस्तै छः घटनाहरू घटेपछि तिमीहरूले भविष्यका मानिसहरूलाई देखाउनका निम्ति ती कुराहरू लेख्छौ, अनि तिमीहरूले जे अभिलेख गरेका हुन्छौ ती कुराहरू भविष्यका मानिसहरूको लागि विगतमा घटेका घटनाहरू हुन्—ती इतिहासभन्दा बढी अरू केही होइनन्। पुरानो नियममा अभिलेख गरिएका कुराहरू इस्राएलमा यहोवाले गर्नुभएको काम हो, र नयाँ नियममा लेखिएका कुराहरूचाहिँ अनुग्रहको युगको अवधिमा येशूले गर्नुभएको काम हो; तिनीहरूले दुई फरक-फरक युगहरूमा परमेश्वरले गर्नुभएको कामको दस्तावेजीकरण गर्छन्। पुरानो नियमले व्यवस्थाको युगको अवधिमा परमेश्वरले गर्नुभएको कामको दस्तावेजीकरण गर्छ, र यसरी पुरानो नियम एक ऐतिहासिक पुस्तक हो भने नयाँ नियमचाहिँ अनुग्रहको युगको कामको उपज हो। जब नयाँ काम सुरु भयो, तब नयाँ नियम पनि पुरानो भयो—र यसरी नयाँ नियम पनि एउटा ऐतिहासिक पुस्तक हो। निश्चय नै, नयाँ नियम पुरानो नियम जत्तिकै व्यवस्थित छैन, न त यसले त्यति नै धेरै कुराहरूको अभिलेख नै गर्दछ। यहोवाले बोल्नुभएका अनेकौं वचनहरू सबै बाइबलको पुरानो नियममा अभिलेख गरिएका छन् भने चारवटा सुसमाचारका पुस्तकहरूमा येशूका केही

वचनहरू मात्र अभिलेख गरिएका छन्। निश्चय नै, येशूले पनि धेरै काम गर्नुभयो, तर त्यसलाई विस्तृत रूपमा अभिलेख गरिएको छैन। येशूले जति काम गर्नुभयो त्यसैको कारण नयाँ नियममा थोरै मात्र अभिलेख गरिएका छन्; उहाँले पृथ्वीमा साढे तीन वर्षमा गर्नुभएको काम र प्रेरितहरूले गरेका कामहरू जति छन् ती यहोवाले गर्नुभएको कामभन्दा धेरै नै कम थिए। अनि यसैकारण, नयाँ नियममा पुरानो नियममा भन्दा थोरै पुस्तकहरू छन्।

बाइबल कस्तो किसिमको पुस्तक हो? पुरानो नियम व्यवस्थाको युगको अवधिमा परमेश्वरले गर्नुभएको काम हो। बाइबलको पुरानो नियममा व्यवस्थाको युगको अवधिमा यहोवाले गर्नुभएका सबै कामहरू अनि उहाँले गर्नुभएको सृष्टिको काम अभिलेख गरिएको छ। यसका सबै भागहरूले यहोवाद्वारा गरिएको काम अभिलेख गर्दछन्, र यसले अन्ततः मलाकीको पुस्तकमा यहोवाको कामका विवरणहरू समापन गर्दछ। पुरानो नियममा परमेश्वरले गर्नुभएका दुईवटा कामहरू अभिलेख गरिएका छन: एउटा सृष्टिको काम हो, र अर्को व्यवस्थाको घोषणा हो। दुवै काम यहोवाले गर्नुभएको थियो। व्यवस्थाको युगले यहोवा परमेश्वरको नाउँमा गरिएको कामको प्रतिनिधित्व गर्दछ; यो आधारभूत रूपमा यहोवाको नाउँमा गरिएका कामहरूको सम्पूर्णता हो। त्यसैले, पुरानो नियमले यहोवाको कामको अभिलेख गर्दछ, र नयाँ नियमले येशूको कामको अभिलेख गर्दछ, त्यो काम जुन विशेष रूपले येशूको नाउँमा गरिएको थियो। येशूको नाउँको महत्त्व र उहाँले गर्नुभएको काम प्रायः नयाँ नियममा लेखिएको छ। पुरानो नियमको व्यवस्थाको युगको अवधिमा, यहोवाले इस्राएलमा मन्दिर र वेदी निर्माण गर्नुभयो, उहाँले पृथ्वीमा इस्राएलीहरूको जीवनलाई डोर्‍याउनुभयो, त्यसले तिनीहरू उहाँका चुनिएका मानिसहरू थिए, उहाँले पृथ्वीमा चुन्नुभएका र उहाँको जस्तै हृदय भएका मानिसहरूको पहिलो समूह र उहाँले व्यक्तिगत रूपमा डोर्‍याउनुभएको पहिलो समूह थिए भनी प्रमाणित गर्छ। इस्राएलका बाह्र कुल यहोवाले चुन्नुभएका पहिलो मानिसहरू थिए, र त्यसैले उहाँले सधैं व्यवस्थाको युगमा यहोवाको काम समाप्त नहुञ्जेल तिनीहरूमा काम गर्नुभयो। दोस्रो चरणको काम नयाँ नियमको अनुग्रहको युगको काम थियो, र त्यो यहूदीहरूको बीचमा, इस्राएलका बाह्र कुलमध्ये एकमा गरिएको थियो। यस कामको दायरा सानो थियो किनकि येशू देहधारी परमेश्वर हुनुहुन्थ्यो। येशूले यहूदियाको देशमा मात्र काम गर्नुभयो, र साढे तीन वर्ष मात्र काम गर्नुभयो; त्यसैले, नयाँ नियममा अभिलेख गरिएका कुराहरूले पुरानो नियममा अभिलेख गरिएको कामको मात्रालाई उछिन्न नसकेको हो। अनुग्रहको युगमा येशूले गर्नुभएको काम मुख्य रूपमा सुसमाचारका चार वटा पुस्तकमा लेखिएको छ। अनुग्रहको युगका मानिसहरू हिँडेका बाटो उनीहरूको जीवन स्वभावको सबैभन्दा सतही परिवर्तनहरू नै थिए, जसका अधिकांश भागहरू प्रेरितहरूका पत्रहरूमा लेखिएका छन्। ती पत्रहरूले त्यस बेला पवित्र आत्माले कसरी काम गर्नुभयो भनेर देखाउँछन्। (निश्चय नै, पावलले सजाय पाएको वा विपत्तिले प्रहार गरेको भए पनि वा नभए पनि, तिनले गरेका काममा तिनी पवित्र आत्माद्वारा निर्देशित थिए, तिनी त्यस्ता व्यक्ति थिए जो त्यस समय पवित्र आत्माद्वारा प्रयोग गरिएका थिए; पत्रुस पनि पवित्र आत्माद्वारा प्रयोग गरिएका थिए, तर तिनले पावलले जति धेरै काम गरेनन्। पावलको काममा मानिसका अशुद्धताहरू थिए, तापनि पावलले लेखेका पत्रहरूमा ती समयमा पवित्र आत्माले कसरी काम गर्नुहुन्थ्यो भन्ने कुरा देख्न सकिन्छ।

पावलले डोऱ्याएको बाटो ठीक थियो, त्यो सही थियो, र त्यो पवित्र आत्माको बाटो थियो।)

यदि तैँले व्यवस्थाको युगको काम अनि इस्राएलीहरूले कसरी यहोवाको मार्ग पछ्याए भनी हेर्न चाहन्छस् भने तैँले पुरानो नियम पढ्नुपर्छ; यदि तैँले अनुग्रहको युगको काम बुझ्न चाहन्छस् भने, तैँले नयाँ नियम पढ्नुपर्छ। तर तैँले आखिरी दिनहरूको कामलाई कसरी हेर्न सक्छस् त? तैँले आजका परमेश्वरको नेतृत्वलाई स्वीकार्नुपर्दछ, र आजको काममा प्रवेश गर्नुपर्दछ, किनकि यो नयाँ काम हो, र यसलाई पहिले नै बाइबलमा कसैले पनि अभिलेख गरेको छैन। आज, परमेश्वर देह बन्नुभएको छ र चीनका अरू चुनिएका मानिसहरूलाई छान्नुभएको छ। परमेश्वरले यी मानिसहरूमा काम गर्नुहुन्छ, उहाँ पृथ्वीमा गरिएको उहाँको कामबाट अघि बढ्नुहुन्छ, र अनुग्रहको युगमा भएको कामबाट अघि बढ्नुहुन्छ। आजको काम त्यो बाटो हो जहाँ मानिस कहिल्यै हिंडेको छैन, र यो त्यस्तो मार्ग हो जुन कसैले कहिल्यै देखेको छैन। यो यस्तो काम हो जुन पहिला कहिल्यै गरिएको छैन—यो परमेश्वरले पृथ्वीमा भर्खरै गर्नुभएको काम हो। यसैले, पहिले कहिल्यै नगरिएको काम इतिहास होइन, किनकि अहिले भनेको अहिले हो, र यो विगत बन्न बाँकी नै छ। परमेश्वरले पृथ्वी र इस्राएलदेखि बाहिर अझ ठुलो, अझ नयाँ काम गर्नुभएको छ भनी मानिसहरूलाई थाहा छैन, जुन इस्राएलको दायराभन्दा धेरै पर, अगमवक्ताहरूको अगमवाणीहरू भन्दा बाहिर गइसकेको छ, जुन अगमवाणीहरूभन्दा बाहिरको नयाँ र अचम्मको काम हो, र इस्राएलभन्दा परको अझ नयाँ काम हो, जुन यस्तो काम हो जसलाई मानिसहरूले न त बुझ्न सक्छन् न कल्पना गर्न नै। बाइबलमा त्यस्तो कामको स्पष्ट अभिलेख कसरी हुन सक्छ र? आजको कामको बारेमा एउटै कुरा पनि नछोडी अग्रिम रूपमा कसले लेख्न सक्थ्यो र? त्यो जीर्ण पुरानो पुस्तकको परम्परालाई चुनौती दिने यो अझ शक्तिशाली, अझ बुद्धिमानी काम कसले अभिलेख गर्न सक्थ्यो र? आजको काम इतिहास होइन, र यस्तो भएकोले यदि तैँले आजको नयाँ मार्गमा हिंड्न चाहन्छस् भने तैँले बाइबललाई छोड्नुपर्छ, तैँले बाइबलका अगमवाणी वा इतिहासका पुस्तकहरूभन्दा पर जानुपर्छ। तब मात्र तैँले नयाँ मार्गमा ठिकसँग हिंड्न सक्नेछस्, अनि मात्र तैँले नयाँ क्षेत्र र नयाँ काममा प्रवेश गर्न सक्नेछस्। तैँले तँलाई आज किन बाइबल नपढ्नु भनिएको छ, किन बाइबलदेखि अलग अर्को काम छ, किन परमेश्वरले बाइबलमा अझ नयाँ र विस्तृत अभ्यास खोज्नुहुन्न, र किन त्यसको सट्टामा बाइबलबाहिर शक्तिशाली काम छ भनेर बुझ्नुपर्दछ। तिमीहरूले बुझ्नुपर्ने सबै कुरा यही हो। तैँले पुरानो र नयाँ कामबीचको भिन्नता बुझ्नुपर्दछ, र तैँले बाइबल नपढे पनि तैँले त्यसलाई चिरफार गर्न सक्नुपर्छ; यदि होइन भने, तैँले अझै बाइबलको आराधना गरिरहनेछस् र तेरो निम्ति नयाँ काममा प्रवेश गर्न र नयाँ परिवर्तनहरू अनुभूत गर्न गाह्रो हुनेछ। त्यहाँ एक उच्च मार्ग छ भने किन त्यो न्यून, पुरानो मार्गको अध्ययन गर्नु? जब त्यहाँ नयाँ वाणीहरू र नयाँ काम छन् भने किन पुरानो ऐतिहासिक विवरणहरूको बीचमा जिउनु? ती नयाँ वाणीहरूले तेरो निम्ति प्रबन्ध गर्न सक्छन्, जसले यो नयाँ काम हो भनी प्रमाणित गर्दछ; पुराना विवरणहरूले तँलाई तृप्त पार्न वा तेरा वर्तमान आवश्यकताहरूलाई पूरा गर्न सक्दैनन्, जसले ती इतिहास हुन् अनि यहाँको र अहिलेको काम होइनन् भनी प्रमाणित गर्दछ। सबैभन्दा उच्च मार्ग भनेको नयाँ काम हो, र नयाँ कामको साथमा, विगतको मार्ग जतिसुकै उच्च भए पनि यो अझै पनि मानिसहरूका विचारहरूको इतिहास

नै हो, र सन्दर्भको रूपमा यसको महत्त्व नै भए पनि, यो अझै पनि पुरानो मार्ग नै हो। यसलाई "पवित्र पुस्तक" मा लेखिएको भए पनि पुरानो मार्ग इतिहास नै हो; "पवित्र पुस्तक" मा यसको कुनै विवरण नभए पनि, नयाँ मार्ग यहाँको र अहिलेको हो। यो मार्गले तँलाई बचाउन सक्छ, र यो मार्गले तँलाई परिवर्तन गर्न सक्छ, किनकि यो पवित्र आत्माको काम हो।

तिमीहरूले बाइबललाई बुझ्नुपर्छ–यो काम अत्यन्तै आवश्यक छ! आज, तैंले बाइबल पढ्नु आवश्यक छैन, किनकि त्यसमा कुनै नयाँ कुरा छैन; यो पूर्णत: पुरानो छ। बाइबल एउटा ऐतिहासिक पुस्तक हो, र यदि तैंले अनुग्रहको युगमा पुरानो करार खाएको र पिएको छस् भने–यदि तैंले अनुग्रहको युगको अवधिमा पुरानो करारको समयमा चाहिने कुराको अभ्यास गरेको छस् भने–येशूले तँलाई अस्वीकार गर्नुहुनेथियो, र तँलाई दण्ड दिनुहुनेथियो; यदि तैंले येशूका कामहरूमा पुरानो करार लागू गरेको थिइस् भने, तँ एक फरिसी हुने थिइस्। यदि आज, तैंले खान र पिउन अनि प्रयोग गर्नका लागि पुरानो र नयाँ करारलाई एकसाथ राख्छस् भने, आजका परमेश्वरले तँलाई दोषी ठहराउनुहुनेछ; तँ आजको पवित्र आत्माको कामको पछि पतन भएको हुनेछस्! यदि तँ पुरानो करार र नयाँ करार खान्छस् र पिउँछस् भने, तँ पवित्र आत्माको प्रवाहभन्दा बाहिर छस्! येशूको समयमा, येशूले यहूदीहरू र उहाँको पछि लाग्नेहरू सबैलाई त्यस बेला उहाँमा भएको पवित्र आत्माको कामअनुसार डोऱ्याउनुभयो। उहाँले बाइबललाई उहाँको कामको आधारको रूपमा लिनुभएन, तर उहाँको कामअनुसार बोल्नुभयो; उहाँले बाइबलले भनेको कुरामा ध्यान दिनुभएन, न त उहाँले आफ्ना अनुयायीहरूलाई डोऱ्याउने तरिका नै खोज्नुभयो। उहाँले काम गर्न थाल्नुभएदेखि नै पश्चात्तापको मार्ग फैलाउनुभयो–एउटा यस्तो वचन जसको बारेमा पुरानो करारका अगमवाणीहरूमा एउटै पनि उल्लेख गरिएको थिएन। उहाँले केवल बाइबलअनुसार काम गर्नुभएन भन्ने मात्र होइन, तर उहाँले एउटा नयाँ बाटोमा पनि हिँडाउनुभयो र नयाँ काम पनि गर्नुभयो। उहाँले प्रचार गर्नुहुँदा कहिल्यै पनि बाइबलको उल्लेख गर्नुभएन। व्यवस्थाको युगको अवधिमा कसैले पनि उहाँले जस्तो बिरामीहरूलाई निको पार्ने र दुष्टात्माहरू निकाल्ने आश्चर्यकर्महरू गर्न सकेको थिएनन्। त्यसरी नै उहाँको काम, शिक्षा अनि उहाँका वचनहरूको अधिकार र शक्ति व्यवस्थाको युगको कुनै पनि व्यक्तिको भन्दा उत्तम थियो। येशूले केवल उहाँको नयाँ काम गर्नुभयो, र धेरै मानिसहरूले बाइबल प्रयोग गर्दै उहाँको निन्दा गरे पनि–र उहाँलाई क्रूसमा टाँग्न पुरानो करार प्रयोग गरे पनि उहाँको काम पुरानो करारको भन्दा उत्तम थियो; यदि यस्तो थिएन भने, मानिसहरूले किन उहाँलाई क्रूसमा टाँग्थे? के पुरानो करारमा उहाँको शिक्षा, बिरामीलाई निको पार्ने र दुष्टात्माहरूलाई धपाउने उहाँको क्षमताको बारेमा केही नभनिएकोले गर्दा होइन र? उहाँको काम नयाँ मार्गमा डोऱ्याउनका निम्ति गरिएको थियो, यो जानाजानी बाइबलको विरुद्ध लड्न वा जानी-जानी पुरानो करारबाट छुटकारा दिनका निम्ति थिएन। उहाँ आफ्नो सेवकाइ गर्न, उहाँको चाहना र खोजी गर्नेहरूलाई नयाँ काम दिन मात्रै आउनुभयो। उहाँ पुरानो करारको व्याख्या गर्न वा त्यसको कामलाई समर्थन गर्न आउनुभएन। उहाँको काम व्यवस्थाको युगलाई निरन्तरता दिनका लागि थिएन, किनकि उहाँको कामले बाइबल त्यसको आधार हो कि होइन भन्ने कुरामा कुनै ध्यान दिएन; येशू केवल उहाँले गर्नुपर्ने काम गर्न मात्रै आउनुभयो। यसैले, उहाँले पुरानो करारका अगमवाणीहरूको व्याख्या

गर्नुभएन, न त उहाँले पुरानो करारको व्यवस्थाको युगका वचनहरू अनुसार काम नै गर्नुभयो। पुरानो करारले भनेका कुरालाई उहाँले बेवास्ता गर्नुभयो, उहाँको काम त्योसँग सहमत छ कि छैन भनी उहाँले वास्ता गर्नुभएन, अनि अरूले उहाँको कामको बारेमा के जान्दछन् वा तिनीहरूले त्यसलाई दोषी ठहराएका छन् भनी वास्ता गर्नुभएन। उहाँले केवल आफूले गर्नुपर्ने काम गर्दैजानुभयो, यद्यपि धेरै मानिसहरूले उहाँलाई दोषी ठहराउन पुरानो करारका अगमवक्ताहरूका अगमवाणीहरू प्रयोग गरे। मानिसहरूको नजरमा उहाँको कामको कुनै आधार नभएको र त्यहाँ धेरै कुरा पुरानो करारको विवरणसँग नमिलेको जस्तो देखिन्थ्यो। के यो मानिसको गल्ती थिएन र? के परमेश्वरको कामका निम्ति सिद्धान्त प्रयोग गर्नु आवश्यक हुन्छ? के परमेश्वरको काम अगमवक्ताहरूका अगमवाणीअनुसार हुनै पर्छ? त्यसोभए, ठूलो को हो: परमेश्वर वा बाइबल? परमेश्वरले किन बाइबलअनुसार काम गर्नुपर्छ र? के परमेश्वरसँग बाइबललाई उछिन्ने कुनै अधिकार छैन भन्ने हुनसक्छ? के परमेश्वरले बाइबलबाट टाढा भएर अरू कामहरू गर्न सक्नुहुन्न र? येशू र उहाँका चेलाहरूले किन शबाथ-दिन पालना गर्नुभएन? यदि उहाँले शबाथ-दिनलाई ध्यानमा राख्दै र पुरानो करारका आज्ञाहरू अनुसार अभ्यास गर्नुपर्थ्यो भने, येशूले उहाँ आउनुभएपछि शबाथ-दिन किन पालना गर्नुभएन, तर बरु खुट्टा धोइदिनुभयो, शिर ढाक्नुभयो, रोटी भाँच्नुभयो र दाखरस पिउनुभयो? के यी सबै कुरा पुरानो करारका आज्ञाहरूमा समावेश छैनन् र? यदि येशूले पुरानो करारलाई आदर गर्नुहुन्थ्यो भने उहाँले यी सिद्धान्तहरू किन तोड्नुभयो? कुनचाहिँ पहिले आयो, परमेश्वर वा बाइबल, त्यो तँलाई थाहा हुनुपर्छ। शबाथका प्रभु हुनुभएकोले के उहाँ बाइबलका परमप्रभु पनि हुन सक्नुहुने थिएन र?

नयाँ करारको समयमा येशूले गर्नुभएको कामले नयाँ काम सुरु गर्‍यो: उहाँले पुरानो करारको काम अनुसार काम गर्नुभएन, न त उहाँले पुरानो करारका यहोवाले बोल्नुभएका वचनहरूलाई नै प्रयोग गर्नुभयो। उहाँले आफ्नै काम गर्नुभयो, र उहाँले नयाँ काम गर्नुभयो, र त्यो काम व्यवस्थाभन्दा अझ उच्च थियो। यसैले, उहाँले भन्नुभयो: "म व्यवस्था वा अगमवक्ताहरू नष्ट गर्न आएको हुँ भन्ने नसोच: म नष्ट गर्न होइन, तर पूरा गर्न आएको हुँ।" यसैले, उहाँले जे पूरा गर्नुभयो त्यस अनुसार धेरै वटा सिद्धान्त भङ्ग गरिए। शबाथको दिनमा, उहाँले आफ्ना चेलाहरूलाई अन्नका खेतहरू भएर लग्नुहुँदा ती चेलाहरूले अन्नका बालाहरू टिपे र खाए; उहाँले शबाथ दिन पालन गर्नुभएन र भन्नुभयो, "मानिसको पुत्र शबाथको दिनको समेत प्रभु हुनुहुन्छ।" त्यसबेला, इस्राएलीहरूको नियमअनुसार शबाथ दिन पालन नगर्ने कुनै पनि मानिसलाई ढुङ्गाले हानेर मारिन्थ्यो। तापनि, येशू न त मन्दिरमा प्रवेश गर्नुभयो न उहाँले शबाथ दिन पालन गर्नुभयो, र उहाँको काम पुरानो करारको समयका यहोवाले गर्नुभएको थिएन। यसरी, येशूले गर्नुभएको कामले पुरानो करारको व्यवस्थालाई उछिन्यो, यो त्योभन्दा अझ उच्च थियो, र यो त्यो अनुरूप थिएन। अनुग्रहको युगको अवधिमा, येशूले पुरानो करारको व्यवस्थाअनुसार काम गर्नुभएन, र ती सिद्धान्तहरूलाई पहिले नै भङ्ग गरिसक्नुभएको थियो। तर इस्राएलीहरू जोरदार रूपमा बाइबलमा अडे र तिनीहरूले येशूको निन्दा गरे—के त्यसो गर्नु येशूको कामलाई इन्कार गर्नु थिएन र? आज धार्मिक संसार पनि जोरदार रूपमा बाइबलमा अडेको छ र कोही-कोही मानिसहरू भन्छन्, "बाइबल

एउटा पवित्र पुस्तक हो र यो पढ्नुपर्छ।" केही व्यक्तिहरू भन्छन्, "परमेश्वरको काम सदाका लागि कायम राख्नुपर्छ, पुरानो करार परमेश्वरले इस्राएलीहरूसँग गर्नुभएको करार हो, र यसलाई उल्लङ्घन गर्न सकिँदैन, र शबाथ-दिन सधैँ पालन गर्नुपर्दछ!" के ती हास्यास्पद छैनन् र? येशूले किन शबाथ दिनको पालन गर्नुभएन? के उहाँले पाप गरिरहनुभएको थियो? यस्ता कुराहरू कसले सम्पूर्ण रूपले बुझ्न सक्दछ? मानिसहरूले बाइबल जसरी पढे पनि, उनीहरूको समझ-शक्ति प्रयोग गरेर परमेश्वरको कार्य जान्नु असम्भव हुनेछ। उनीहरूले परमेश्वरको शुद्ध ज्ञान प्राप्त नगर्ने मात्र होइन, तर तिनीहरूका धारणा झन्-झन् नराम्रो हुँदैजान्छ, यसरी तिनीहरूले परमेश्वरको विरोध गर्न थाल्नेछन्। यदि आजका देहधारी परमेश्वर नहुनुभएको भए, मानिसहरू तिनीहरूका आफ्नै धारणाले बरबाद हुनेथिए, र तिनीहरू परमेश्वरको सजायमा परेर मर्ने थिए।

## बाइबल सम्बन्धमा (२)

बाइबललाई पुरानो र नयाँ करार पनि भनिन्छ। "करार" ले केलाई जनाउँछ के तिमीहरूलाई थाहा छ? पुरानो करारमा रहेको "करार" यहोवाले मिश्रीहरूलाई मारेर इस्राएलीहरूलाई फारोबाट बचाउनुभएपछि इस्राएलका मानिसहरूसँग गर्नुभएको करारबाट आएको हो। अवश्य नै, ढोकाको चौकोसमा पोतिएको थुमाको रगत नै यो करारको प्रमाण थियो। त्यसमार्फत परमेश्वरले मानिससँग करार स्थापित गर्नुभएको थियो। जसमा के भनिएको थियो भने, ढोकाको चौकोस माथि र दुवै छेउमा थुमाको रगत पोतिएका जति सबै इस्राएलीहरू हुन्। तिनीहरू परमेश्वरका चुनिएका मानिसहरू थिए र तिनीहरू सबैलाई यहोवाले क्षमा दिनुभएको थियो (किनभने त्यति बेला यहोवाले मिश्रका सबै ज्येष्ठ पुत्र र पहिले जन्मेको भेडा र गाईवस्तुलाई मार्न लाग्नुभएको थियो)। यो करारको अर्थ दुई तहमा छ। मिश्रका कुनै पनि मानिस वा पशुलाई यहोवाले बचाउनुहुने थिएन; उहाँले तिनीहरूको ज्येष्ठ पुत्र र पहिले जन्मेको भेडा र गाईवस्तुलाई मार्नु हुनेथियो। तसर्थ, भविष्यवाणीका थुप्रै पुस्तकहरूमा मिश्रीहरूलाई यहोवाबाट बाँधिएको करारको परिणामस्वरूप कठोर सजाय हुने भनी पहिला नै भनिएको थियो। करारको पहिलो तहको अर्थ यही हो। यहोवाले मिश्रका ज्येष्ठ पुत्र र पहिले जन्मेका सबै पशु मार्नुभयो र इस्राएलीलाई जोगाउनुभयो, जसको मतलब इस्राएली भूमिमा रहेका सबैलाई यहोवाले रेखदेख गर्नुभयो र उहाँले सबैलाई बचाउनुभयो; उहाँले तिनीहरूमा दीर्घकालीन काम गर्न चाहनुभयो, र थुमाको रगत प्रयोग गरेर उनीहरूसँग करार स्थापना गर्नुभयो। त्यस बेलादेखि यहोवाले इस्राएलीहरूलाई मार्नुहुनेथिएन र तिनीहरू सधैँका लागि उहाँका चुनिएका जनहरू हुनेथिए भनी भन्नुभयो। उहाँ इस्राएलका बाह्र कुलमाझ, सम्पूर्ण व्यवस्थाको युग सुरु गर्ने काममा लाग्नुहुनेथियो, उहाँले इस्राएलीहरूका बीचमा आफ्ना सबै व्यवस्था सार्वजनिक गर्नुहुनेथियो, तिनीहरू मध्येबाट भविष्यवक्ता र न्यायकर्ताहरू छान्नुहुनेथियो र तिनीहरू उहाँको कामको केन्द्र हुनेथिए। यहोवाले तिनीहरूसँग एउटा करार गर्नुभयो: युग परिवर्तन नभएसम्म उहाँबाट चुनिएकाहरूमाझ मात्र उहाँ काम गर्नुहुनेथियो। यहोवाको करार अपरिवर्तनीय थियो, किनकि यसको निर्माण रगतमा गरिएको थियो, र उहाँका चुनिएका मानिससँग यो स्थापित गर्नुभएको थियो। अझ महत्त्वपूर्ण कुरा,

उहाँले सम्पूर्ण युगको लागि आफ्नो काम सुरु गर्न उपयुक्त दायरा र निसाना रोज्नुभयो, त्यसैले मानिसहरूले करारलाई विशेष महत्त्वका साथ हेरे। करारको दोस्रो तहको अर्थ यही हो। करारको स्थापना हुनुभन्दा अघिको उत्पत्तिको बाहेक, पुरानो करारका अन्य सबै पुस्तकले करारको स्थापनापछि इस्राएलीहरूका बीचमा परमेश्वरले गर्नुभएको कामको अभिलेख राख्दछ। अवश्य पनि, कहिलेकहीँ अन्यजातिहरूका विवरणहरू छन्, तर समग्रमा, पुरानो करारले इस्राएलमा परमेश्वरले गर्नुभएको कामको दस्तावेज राख्छ। इस्राएलीहरूसँग यहोवाको करारको कारण व्यवस्थाको युगमा लेखिएका पुस्तकहरूलाई पुरानो करार भनिन्छ। ती इस्राएलीहरूसँग यहोवाले बाँध्नुभएको करार अनुसार नामकरण गरिएका छन्।

नयाँ करार भन्ने नाम येशूले क्रूसमा बगाउनुभएको रगत र उहाँमा विश्वास गर्ने सबैसँग बाँध्नुभएको उहाँको करारबाट राखिएको हो। येशूको करार यही थियो: उहाँले बगाएको रगतको कारण पापबाट क्षमा पाउन उहाँमाथि विश्वास गर्ने बाहेक तिनीहरूले केही पनि गर्न सक्दैन थिए, यसरी उनीहरूले मुक्ति पाउनेथिए, अनि उहाँ मार्फत पुनर्जन्म पाउने थिए, र अबदेखि उसो पापीहरू हुने थिएनन्; उहाँको अनुग्रह प्राप्त गर्नको लागि र मरेपछि नरकको कष्टमा नजानको लागि उहाँमा विश्वास गर्ने बाहेक मानिसहरूले केही पनि गर्न सक्दैनथिए। अनुग्रहको युगको अवधिमा लेखिएका सबै पुस्तक यही करारमा आधारित थिए र ती सबै करारमा अन्तर्निहित कार्य र वाणीको दस्तावेज हुन्। ती पुस्तकहरू प्रभु येशूको क्रूसीकरणबाट भएको मुक्ति वा करारभन्दा बाहिर जाँदैनन्; ती सबै प्रभुमा रहेका अनुभवप्राप्त दाजुभाइहरूले लेखेका पुस्तक हुन्। तसर्थ, ती पुस्तकहरूलाई पनि करारअनुसार नामकरण गरिएको छ: तिनीहरूलाई नयाँ करार भनिन्छ। यी दुई करारले व्यवस्थाको युग र अनुग्रहको युगलाई मात्र समावेश गर्दछ, र अन्तिम युगसँग यिनको कुनै सम्बन्ध छैन। त्यसैले, आजको आखिरी दिनका मानिसहरूका लागि बाइबल कुनै ठूलो उपयोगको छैन। अधिकमा, यसले एक अस्थायी सन्दर्भको रूपमा काम गर्दछ, आधारभूत रूपमा यसको उपयोग मूल्य थोरै छ। यद्यपि धार्मिक मानिसहरू अझै यसलाई सबैभन्दा मूल्यवान् ठान्छन्। तिनीहरू बाइबल नै जान्दैनन्; तिनीहरू केवल बाइबलको व्याख्या कसरी गर्ने भन्ने मात्र जान्दछन्, र यसको उत्पत्तिको मौलिकताबारे तिनीहरू अनजान छन्। बाइबलप्रति तिनीहरूको दृष्टिकोण यस्तो छ: बाइबलका सबै कुरा ठीक छन्, यसमा कुनै अशुद्धता वा त्रुटि छैन। तिनीहरू बाइबल ठीक र त्रुटिरहित छ भन्नेमा पहिले नै दृढ छन्, त्यसैले तिनीहरू यसलाई ठूलो चासोको साथ अध्ययन र जाँच गर्छन्। आजको चरणको कामबारे बाइबलमा भविष्यवाणी गरिएको थिएन। सबैभन्दा अन्धकार स्थानमा विजेता बन्ने कार्यको बारेमा कहिल्यै केही उल्लेख गरिएको थिएन, किनकि यो हालैको काम हो। कामको युग फरक भएकै कारण, येशू आफै पनि यो चरणको काम आखिरी दिनहरूमा हुनेछ भनेर अनजान हुनुहुन्थ्यो—त्यसोभए आखिरी दिनहरूका मानिसहरूले बाइबल जाँचेर यस चरणको कामलाई कसरी पत्ता लगाउन सक्छन्?

बाइबल व्याख्या गर्ने धेरैजसोले तार्किक निचोड प्रयोग गर्छन्, र तिनीहरूको कुनै वास्तविक पृष्ठभूमि हुँदैन। तिनीहरू धेरै चीजको निचोड निकाल्न तर्क प्रयोग गर्छन्। वर्षौंदेखि, कसैले पनि बाइबललाई चिरफार गर्न वा बाइबललाई "हुँदैन" भन्न हिम्मत गरेन, किनकि यो पुस्तक "पवित्र

पुस्तक” हो र मानिसहरूले यसलाई परमेश्‍वरको रूपमा पुज्छन्। यस्तो हजारौं वर्षदेखि हुँदै आएको छ। परमेश्‍वरले यी कुरामा कुनै ध्यान दिनुभएन, र कसैले पनि बाइबलको भित्री कथा पत्ता लगाउन सकेको छैन। हामी बाइबललाई मूल्यवान् बनाउनु भनेको मूर्तिपूजा हो भनी भन्छौं, तैपनि ती भक्त विश्‍वासीहरू यस प्रकारले हेर्ने आँट गर्दैनन्, र तिनीहरूले तँलाई भन्नेछन्: “मित्र! त्यसो नभन, त्यो ज्यादै नराम्रो कुरा हो! तिमी कसरी ईश्‍वरनिन्दा गर्न सक्छौ?” त्यसपछि उनीहरूले दुःखित अभिव्यक्ति दिनेछन्: “हे कृपालु येशू, मुक्तिदाता, उसको पाप क्षमा गर्नुहोस् भनेर म तपाईंलाई बिन्ती गर्दछु, किनकि तपाईं मानिसलाई प्रेम गर्नुहुने प्रभु हुनुहुन्छ, र हामी सबैले पाप गरेका छौं, कृपया हामीलाई महान् करुणा देखाउनुहोस्। आमेन।” यसले नै तिनीहरू कति “धर्मात्मा” छन् भन्ने देखाउँछ; सत्य स्वीकार्न तिनीहरूलाई कसरी सजिलो हुन सक्थ्यो? तेरो भनाइबाट नै तँ बेवकुफ छस् भनेर उनीहरू डराउँछन्। बाइबल मानव विचार र मानव धारणाले कलङ्कित हुनसक्छ भनेर कसैले सोच्ने हिम्मत गर्दैन र यो त्रुटि कसैले देख्न सक्दैन। बाइबलमा भएका केही कुरा व्यक्तिको अनुभव र ज्ञान हुन्, यसमा भएका केही कुरा पवित्र आत्माको ज्ञान हो, र त्यहाँ मानव बौद्धिकता र विचारको मिलावट पनि छ। यी चीजमा परमेश्‍वरले कहिले पनि हस्तक्षेप गर्नुभएन, तर यसको सीमा छ: यी चीजहरूले सामान्य मानिसहरूको सोचाइलाई नाघ्न सक्दैन, यदि नाघेको छ भने, यिनीहरूले परमेश्‍वरको काममा हस्तक्षेप गरिरहेका हुन्छन् र अवरोध पुर्‍याइरहेका हुन्छन्। सामान्य मानिसहरूको सोचाइ नाघ्ने कुरा शैतानको काम हो, किनकि यसले मानिसहरूलाई उनीहरूको कर्तव्यबाट अलग राख्छ। यो शैतानको काम हो, शैतानद्वारा निर्देशित छ र यस्तो क्षणमा पवित्र आत्माले तँलाई यस्तो व्यवहार गर्न दिनुहुन्न। कहिलेकहीँ, केही भाइ-बहिनीहरूले सोध्छन्: “के मैले यस्तो तरिकाले काम गर्नु उचित छ?” म तिनीहरूको कद हेर्छु र भन्छु: “छ!” कतिपय यसो भन्ने व्यक्तिहरू पनि छन्: “यदि म यस्तो वा त्यस्तो तरिकाले काम गर्छु भने, के मेरो अवस्था सामान्य छ?” र म भन्छु: “हो! सामान्य छ, विशेष गरी सामान्य!” अरू भन्छन्: “के मैले यस्तो तरिकाले काम गर्नु ठीक छ?” र म भन्छु: “छैन!” तिनीहरू भन्छन्: “किन यो उसको लागि ठीक छ र मेरो लागि छैन?” अनि म भन्छु: “किनकि तैँले जे गरिरहेको छस् त्यसको स्रोत शैतान हो, यो एउटा अवरोध हो र तेरो प्रेरणाको स्रोत गलत छ।” कहिलेकाहीँ काम प्रभावकारी नहुने समय पनि हुन्छ। भाइ-बहिनीहरू यसबारे अनजान छन्। केहीले मलाई निश्‍चित तरिकाले कार्य गर्नु ठीक हुन्छ कि हुँदैन भन्ने सोध्छन्, जब म उनीहरूको कामले भविष्यको काममा अवरोध खडा गर्दैन भन्ने देख्छु, म यो ठीक भनी छ भन्छु। पवित्र आत्माको कामले मानिसलाई दायरा दिन्छ; मानिसहरूले पवित्र आत्माको इच्छालाई अक्षरशः पछ्याउनु पर्दैन, किनकि मानिसहरूमा सामान्य सोच, र कमजोरी हुन्छ र उनीहरूका शारीरिक आवश्यकता हुन्छन्, उनीहरूसँग वास्तविक समस्याहरू हुन्छन् र उनीहरूका दिमागमा त्यस्ता विचार हुन्छन् जसलाई आधारभूत रूपमा नियन्त्रण गर्ने साधन उनीहरूसँग हुँदैन। मैले मानिसहरूलाई माग्ने हरेक कुराको सीमा हुन्छ। केहीले मेरा वचन अस्पष्ट छन्, मैले तिनीहरूलाई जुनसुकै तरिकाले काम गर्न भनिरहेको छु भन्ने विश्‍वास गर्छन् किनकि मेरा आवश्यकताहरूको उपयुक्त दायरा छ भन्ने तँ जान्दैनस्। यदि यो तैँले कल्पना गरेजस्तो थियो भने—यदि मैले बिना अपवाद सबै मानिसहरूसँग उही माग गरेको थिएँ भने र उनीहरू सबैको

कद समान हुनुपर्छ भन्ने माग गरेको भए–यसले काम गर्दैनथ्यो। यो असम्भव माग हो, र यो मानिसको कामको सिद्धान्त हो, परमेश्‍वरको कामको सिद्धान्त होइन। परमेश्‍वरको काम मानिसहरूको वास्तविक अवस्था अनुसार सम्पन्‍न गरिन्छ र त्यो तिनीहरूको जन्मजात क्षमतामा आधारित हुन्छ। यो सुसमाचार फैलाउने सिद्धान्त पनि हो: तिमीहरू प्रकृतिलाई यसको मार्ग लिन दिँदै, बिस्तारै अगाडि बढ्नैपर्छ; केवल जब तिमीहरू कसैसँग उनीहरूले बुझ्ने गरी स्पष्ट सत्य बोल्न सक्छौ, त्यसबेला मात्र उनीहरू बाइबललाई पन्छ्याउन सक्षम हुनेछन्। यदि परमेश्‍वरले यो कामको यो चरण गर्नुभएन भने, प्रचलन तोड्न को सक्षम हुनेथियो? को नयाँ काम गर्न सक्षम हुनेथियो? बाइबल बाहिर नयाँ मार्ग पत्ता लगाउन को सक्षम हुनेथियो? किनकि मानिसका परम्परागत धारणा र सामन्ती नैतिक सिद्धान्तहरू यत्ति कट्टर छन् कि, यी चीजहरूलाई आफै त्याग्ने क्षमता तिनीहरूसँग छैन, न त तिनीहरूसँग यसो गर्ने साहस नै छ। यसो भन्नुको अर्थ आजका मानिस बाइबलमा भएका केही मृत वचनद्वारा कसरी नियन्त्रण गरिएका छन्, ती वचनबाट जसले उनीहरूको हृदय कब्जा गरेको छ भन्ने होइन। तिनीहरू कसरी बाइबल त्याग्न इच्छुक हुन सक्थे? तिनीहरू कसरी सजिलैसँग बाइबल बाहिरको मार्ग स्वीकार्न सक्थे? त्यो तबसम्म हुँदैन जबसम्म तँ बाइबलको भित्री कथा र पवित्र आत्माको कामको सिद्धान्तबारे स्पष्ट रूपमा बोल्न सक्दैनस्, ता कि सबै मानिसहरू पूर्ण रूपमा विश्‍वस्त हुन सकून्–जुन अत्यन्तै आवश्यक कुरा हो। किनभने धर्ममा सबैले बाइबललाई आदर गर्छन् र यसलाई परमेश्‍वरको रूपमा पुज्छन्, उनीहरूले परमेश्‍वरलाई पनि बाइबलभित्र नै सीमित गर्ने प्रयास गर्छन् र यो यस्तो पनि हो कि उनीहरूले फेरि एकचोटी परमेश्‍वरलाई क्रूसमा कीला ठोकेपछि मात्र तिनीहरूले आफ्ना लक्ष्य प्राप्त गर्छन्।

## बाइबल सम्बन्धमा (३)

बाइबलमा भएका सबै कुरा परमेश्‍वरले व्यक्तिगत रूपमा बोल्नुभएका वचनहरूको अभिलेख होइनन्। बाइबलमा परमेश्‍वरको कार्यको अघिल्ला दुई चरणहरूको अभिलेख राखिएको छ, जसमा एउटा अंश अगमवक्ताहरूको अगमवाणीको अभिलेख हो, र अर्को अंश परमेश्‍वरले सबै युगहरूमा प्रयोग गर्नुभएका मानिसहरूद्वारा लेखिएका अनुभव र ज्ञान हुन्। मानवीय अनुभवहरू मानवीय धारणा र ज्ञानद्वारा प्रभावित भएका हुन्छन् र यो टार्न नसकिने कुरा हो। बाइबलका धेरैजसो पुस्तकहरूमा मानवीय धारणा, मानवीय पूर्वाग्रह, र मानवका बेतुकका बोधहरू छन्। अवश्य नै, धेरैजसो वचनहरू पवित्र आत्माको अन्तर्ज्ञान र ज्योतिका परिणाम हुन्, र ती सही बुझाइहरू हुन्–तर पनि ती सत्यताको पूर्णतः सही अभिव्यक्ति हुन् भनेर भन्‍न सकिँदैन। कुनै चीजको बारेमा तिनीहरूको दृष्टिकोण व्यक्तिगत अनुभवबाट प्राप्त ज्ञान, वा पवित्र आत्माको अन्तर्ज्ञानबाहेक अरू केही हुँदैन। अगमवक्ताहरूका अगमवाणीहरूलाई व्यक्तिगत तवरमा परमेश्‍वरले निर्देशित गर्नुभएको थियो: यशैया, दानियल, एज्रा, यर्मिया र इजकिएललगायतका भविष्यवाणीहरू पवित्र आत्माको प्रत्यक्ष निर्देशनबाट आएका हुन्; यी व्यक्तिहरू द्रष्टा थिए, तिनीहरूले भविष्यवाणी गर्ने आत्मा पाएका थिए, र तिनीहरू सबै पुरानो करारका अगमवक्ताहरू थिए। व्यवस्थाको युगको दौरान, यहोवाको

प्रेरणा पाएका यी व्यक्तिहरूले थुप्रै भविष्यवाणी बोले, जसलाई यहोवाले प्रत्यक्ष निर्देशन दिनुभएको थियो। अनि यहोवाले तिनीहरूमा किन काम गर्नुभयो त? किनभने इस्राएलका मानिसहरू परमेश्वरका चुनिएका मानिसहरू थिए, र अगमवक्ताहरूका कामहरू तिनीहरूको बीचमा गरिनु थियो; त्यसकारण, अगमवक्ताहरूले त्यस्ता प्रकाशहरू प्राप्त गर्न सके। वास्तवमा, तिनीहरू आफूले भने तिनीहरूलाई दिइएका परमेश्वरका प्रकाशहरू बुझ्न सकेनन्। पवित्र आत्माले तिनीहरूका मुखबाट यी शब्दहरू बोल्नुभयो ताकि भविष्यका मानिसहरूले यी कुराहरू बुझ्न सकून् र तिनीहरू वास्तवमा परमेश्वरको आत्मा, पवित्र आत्माका काम थिए, मानवबाट आएका थिएनन् र तिनीहरूलाई पवित्र आत्माको कामको पुष्टि गर्नलाई आएका थिए भनी देख्न सकून्। अनुग्रहको युगको दौरान, तिनीहरूको सट्टामा येशू आफैले यो सबै काम गर्नुभयो, र त्यसैले मानिसहरूले त्यसउप्रान्त भविष्यवाणी बोलेनन्। त्यसो भए, के येशू अगमवक्ता हुनुहुन्थ्यो? येशू निस्सन्देह, एक अगमवक्ता हुनुहुन्थ्यो, तर उहाँ प्रेरितहरूको काम गर्न पनि सक्षम हुनुहुन्थ्यो—उहाँ भविष्यवाणी बोल्न र प्रचार गर्न र देशभरिका मानिसहरूलाई सिकाउन पनि सक्नुहुन्थ्यो। यद्यपि, उहाँले गर्नुभएको काम र उहाँले प्रतिनिधित्व गर्नुभएको पहिचान उस्तै थिएन। उहाँ सबै मानवजातिलाई छुटकारा दिलाउन, मानिसलाई पापबाट छुटकारा दिलाउन आउनुभयो। उहाँ एक अगमवक्ता र प्रेरित हुनुहुन्थ्यो, तर त्यो भन्दा पनि बढी उहाँ ख्रीष्ट हुनुहुन्थ्यो। एक अगमवक्ताले भविष्यवाणी बोल्न सक्छ, तर यस्तो अगमवक्ता ख्रीष्ट हो भनेर भन्न सकिदैन। त्यतिखेर, येशूले धेरै अगमवाणी बोल्नुभयो, र त्यसैले यो भन्न सकिन्छ कि उहाँ एक अगमवक्ता हुनुहुन्थ्यो, तर उहाँ अगमवक्ता हुनुभएकाले ख्रीष्ट हुनुहुन्नथ्यो भनी भन्न सकिदैन। यसको कारण के हो भने, उहाँले कामको चरण कार्यान्वयन गर्नमा परमेश्वर स्वयम्लाई प्रतिनिधित्व गर्नुभयो, र उहाँको परिचय यशैयाको भन्दा फरक थियो: उहाँ छुटकाराको काम पूरा गर्न आउनुभयो, र उहाँले मानव जीवनको लागि पनि प्रबन्ध गर्नुभयो, र परमेश्वरको आत्मा सोझै उहाँमा आउनुभयो। उहाँले गर्नुभएको काममा, परमेश्वरको आत्माबाट कुनै प्रेरणा वा यहोवाबाट निर्देशनहरू आएका थिएनन्। बरु, आत्माले नै प्रत्यक्ष रूपमा काम गर्नुभयो—यो कुरा उहाँ अगमवक्ताजस्तो हुनुहुन्न भनेर प्रमाणित गर्न पर्याप्त छ। उहाँले गर्नुभएको काम छुटकाराको काम थियो, त्यसपछि दोस्रोमा भविष्यवाणी बोल्ने काम थियो। उहाँ एक अगमवक्ता, प्रेरित हुनुहुन्थ्यो, तर त्यो भन्दा बढी उहाँ छुटकाराकर्ता हुनुहुन्थ्यो। भविष्यवाणी गर्नेहरूले भने केवल अगमवाणी बोल्न सक्थे, तर अन्य कुनै काम गर्नमा परमेश्वरको आत्माको प्रतिनिधित्व गर्न असमर्थ थिए। किनकि येशूले धेरै काम गर्नुभयो जुन पहिला कहिल्यै मानिसबाट भएको थिएन, र मानवजातिलाई छुटकारा गर्ने काम पनि गर्नुभयो, त्यसैले उहाँ यशैयालगायत भन्दा फरक हुनुहुन्थ्यो। केहि व्यक्तिले आजको मूलधारलाई स्वीकार गर्दैनन् किनभने यसले तिनीहरूका लागि बाधा सिर्जना गरेको छ। तिनीहरू भन्छन्: "पुरानो करारमा धेरै अगमवक्ताहरूले धेरै वचनहरू पनि बोलेका थिए—त्यसो भए तिनीहरू किन देह बन्नुभएको परमेश्वर थिएनन्? आजका परमेश्वर वचनहरू बोल्नुहुन्छ—उहाँ देहधारी परमेश्वर हुनुहुन्छ भनी प्रमाणित गर्न के त्यो पर्याप्त छ? तैंले बाइबलको बढाइ गर्दैनस्, न त तैंले यसको अध्ययन नै गर्छस्—त्यसो भए, तँसँग उहाँ परमेश्वरको देहधारण हुनुहुन्छ भनेर भन्न सक्ने के आधार छ? तँ भन्छस्, तिनीहरू पवित्र आत्माद्वारा निर्देशित छन्, र तँ विश्वास

गर्छस्, कामको यो चरण व्यक्तिगत तवरले परमेश्वरले गर्नुभएको काम हो—तर यसको लागि तेरो आधार के हो? तँ आज परमेश्वरको वचनमा आफ्नो ध्यान केन्द्रित गर्छस्, र यस्तो देखिन्छ, तैँले बाइबललाई इन्कार गरेको छस् र यसलाई एकातिर पन्छाएका छस्।" अनि त्यसैले, तिनीहरू भन्छन्, तँ झुटा शिक्षा र विधर्ममा विश्वास गर्छस्।

यदि तँ आखिरी दिनहरूमा परमेश्वरको कार्यको बारेमा साक्षी दिन चाहन्छस् भने, तैँले बाइबलको भित्री कथा, बाइबलको संरचना र बाइबलको सार बुझ्नुपर्छ। आज, मानिसहरू बाइबल नै परमेश्वर हुन् र परमेश्वर नै बाइबल हुनुहुन्छ भनेर विश्वास गर्छन्। त्यसैले, तिनीहरू बाइबलका सबै वचनहरू मात्र परमेश्वरले बोल्नुभएका वचनहरू थिए र ती सबै परमेश्वरले भन्नुभएको थियो भनेर विश्वास गर्छन्। परमेश्वरमा विश्वास गर्नेहरूले यो समेत सोच्छन् कि, पुरानो र नयाँ करारका सबै छैसठ्ठी पुस्तकहरू मानिसहरूले लेखेका भए पनि, ती सबै परमेश्वरका प्रेरणाद्वारा दिइएका थिए, र पवित्र आत्माका वाणीहरूका अभिलेख थिए। यो मानिसको गलत बुझाइ हो, र यो कुरा तथ्यहरूसँग पूर्ण रूपमा मेल खाँदैन। वास्तवमा, अगमवाणीका पुस्तकहरूबाहेक पुरानो करारको अधिकांश भाग एक ऐतिहासिक अभिलेख हो। नयाँ करारका केही पत्रहरू मानिसका अनुभवहरूबाट आएका हुन्, र केही पवित्र आत्माको अन्तर्ज्ञानबाट आएका हुन्; उदाहरणका लागि, पावलका पत्रहरू मानिसकै कामबाट उत्पन्न भएका थिए, ती सबै पवित्र आत्माको अन्तर्ज्ञानका परिणाम हुन्, र ती मण्डलीहरूका लागि लेखिएका थिए, र मण्डलीहरूका दाजुभाइ तथा दिदीबहिनीहरूका लागि उपदेश र प्रोत्साहनका शब्दहरू थिए। तिनीहरू पवित्र आत्माले बोलेका वचनहरू थिएनन्—पावल पवित्र आत्माको तर्फबाट बोल्न सक्दैनथे, न त तिनी अगमवक्ता नै थिए, तिनले यूहन्नाले देखेका दर्शनहरू देख्ने कुरा त परै जाओस्। तिनका पत्रहरू एफिसस, फिलाडेल्फिया, गलातिया र अन्य मण्डलीहरूको लागि लेखिएका थिए। त्यसकारण, नयाँ करारका पावलका पत्रहरू पावलले मण्डलीहरूका निम्ति लेखेका पत्रहरू थिए, अनि तिनीहरू न त पवित्र आत्माबाट आएका प्रेरणाहरू हुन्, न त तिनीहरू पवित्र आत्माका प्रत्यक्ष वाणीहरू नै हुन्। ती केवल उपदेश, सान्त्वना र प्रोत्साहनका शब्दहरू हुन् जुन तिनले आफ्नो कामको सिलसिलामा मण्डलीहरूको लागि लेखेका थिए। त्यसैले पनि ती पावलको त्यतिखेरको कामका अभिलेख हुन्। ती प्रभुमा सबै दाजुभाइ तथा दिदीबहिनीहरूका लागि लेखिएका थिए, ताकि त्यस समयका मण्डलीहरूका दाजुभाइ तथा दिदीबहिनीहरूले उनको सल्लाह अनुसरण गरून् र प्रभु येशूको पश्चात्तापको मार्गमा हिँडून्। पावलले चाहे तिनीहरू त्यो समयका मण्डलीहरू हुन् वा भविष्यका, तिनीहरू सबैले तिनले लेखेका कुरा खानु र पिउनुपर्छ भनेर कुनै पनि हिसाबले भनेनन्, न त तिनले आफ्ना सबै शब्दहरू परमेश्वरबाट आएका हुन् भनेर नै भने। त्यस बेलाको मण्डलीको परिस्थितिअनुसार, उनले केवल दाजुभाइ तथा दिदीबहिनीहरूसँग कुराकानी गरे र तिनीहरूलाई हौसला दिए र तिनीहरूमा विश्वासको प्रेरणा दिए र उनले केवल मानिसहरूलाई प्रचार गरे वा सम्झाए अनि उपदेश दिए। तिनका शब्दहरू आफ्नै बोझमा आधारित थिए र तिनले यी शब्दहरूमार्फत मानिसहरूलाई सहायता गरे। तिनले त्यस समयका मण्डलीहरूको प्रेरितको काम गरे, तिनी प्रभु येशूद्वारा प्रयोग भएका कामदार थिए, र यसैले तिनले मण्डलीहरूको जिम्मेवारी लिनुपर्थ्यो, र मण्डलीहरूको काम गर्नुपर्थ्यो, तिनले दाजुभाइ तथा दिदीबहिनीहरूको स्थितिको बारेमा

थाहा पाउनुपर्थ्यो—र यसैकारण, तिनले प्रभुमा सबै दाजुभाइ तथा दिदीबहिनीहरूका लागि पत्रहरू लेखे। तिनले मानिसहरूका लागि भनेका सबै सुधारात्मक र सकारात्मक कुराहरू सही थिए, तर यसले पवित्र आत्माको वाणीहरूलाई प्रतिनिधित्व गर्दैन, र यसले परमेश्‍वरलाई प्रतिनिधित्व गर्न सक्दैन। एकजना मानिसको अनुभवहरूका अभिलेखहरू र एकजना मानिसको पत्रहरूलाई मानिसहरूले मण्डलीहरूको लागि पवित्र आत्माले बोल्नुभएका वचनहरूको रूपमा लिनु एक अत्यन्तै गलत बुझाइ, र एक ठूलो ईश्‍वरनिन्दा हो! यो कुरा विशेषगरी पावलले मण्डलीहरूका निम्ति लेखेका पत्रहरूको प्रसङ्गमा सत्य हुन आउँछ, किनकि उनका पत्रहरू त्यस बेलाका प्रत्येक मण्डलीको परिस्थितिहरू र स्थितिहरूको आधारमा दाजुभाइ तथा दिदीबहिनीहरूका लागि लेखिएका थिए र ती प्रभुमा दाजुभाइ तथा दिदीबहिनीहरूलाई प्रोत्साहन दिनको लागि थिए ताकि तिनीहरूले प्रभु येशूको अनुग्रह प्राप्त गर्न सकून्। तिनका पत्रहरू त्यसबेलाका दाजुभाइ तथा दिदीबहिनीहरूलाई जगाउनको लागि थियो। यो भन्न सकिन्छ कि यो तिनको आफ्नै बोझ थियो र यो पवित्र आत्माले उनलाई दिनुभएको बोझ पनि थियो; जे भए पनि, तिनी त्यस समयका मण्डलीहरूको नेतृत्व गर्ने एक प्रेरित थिए जसले मण्डलीहरूको लागि पत्रहरू लेखे र तिनीहरूलाई प्रोत्साहित गरे—यो तिनको जिम्मेवारी थियो। तिनको पहिचान केवल एक कामदार प्रेरितको मात्र थियो, र तिनी परमेश्‍वरले पठाउनुभएको एक प्रेरित थिए; तिनी अगमवक्ता थिएनन्, न त तिनी भविष्यवक्ता नै थिए। तिनको लागि, तिनको आफ्नो काम र दाजुभाइ तथा दिदीबहिनीहरूको जीवन सबैभन्दा महत्त्वपूर्ण थियो। तसर्थ, तिनी पवित्र आत्माको तर्फबाट बोल्न सक्दैनथे। तिनका शब्दहरू पवित्र आत्माका वचनहरू थिएनन्, तिनलाई परमेश्‍वरको वचन भन्न मिल्ने कुरा त परै जाओस्, किनकि पावल परमेश्‍वरको सृष्टिबाहेक अरू केही थिएनन्, र तिनी अवश्य पनि परमेश्‍वरको देहधारण थिएनन्। तिनको परिचय येशूको जस्तो थिएन। येशूका शब्दहरू पवित्र आत्माका वचनहरू थिए, ति परमेश्‍वरका वचनहरू थिए, किनकि उहाँको परिचय परमेश्‍वरको पुत्र—ख्रीष्टको थियो। कसरी पावल उहाँको बराबर हुन सक्छन् र? यदि मानिसहरूले पावलको जस्तो पत्रहरू र शब्दहरूलाई पवित्र आत्माका वाणीहरूका रूपमा देख्छन् र तिनलाई परमेश्‍वरको रूपमा पुज्छन् भने, तिनीहरू फरक नै छुट्याउन नसक्ने अति नै अविवेकी छन् भनेर मात्र भन्न सकिन्छ। अझै कठोर रूपमा बोल्दा, के यो ईश्‍वरनिन्दा होइन र? कुनै मानिस कसरी परमेश्‍वरको तर्फबाटबोल्न सक्छ र? अनि कसरी मानिसहरू तिनका पत्रहरू र तिनले बोलेका शब्दहरूको अभिलेखहरूसामु ती पवित्र पुस्तक वा स्वर्गीय पुस्तक नै हुन् जस्तो गरी झुक्न सक्छन र? के कुनै मानिसले परमेश्‍वरका वचनहरूलाई यत्तिकै बोल्न सक्छ त? कुनै मानिसले कसरी परमेश्‍वरको तर्फबाट बोल्न सक्छ र? अनि त्यसो भए, तँ के भन्छस्—तिनले मण्डलीहरूको लागि लेखेका पत्रहरूमा तिनको आफ्नै विचारको दाग मिसिएको हुन सक्दैन र? कसरी तिनमा मानव विचारहरूको दाग नलागेको हुन सक्छ र? तिनले आफ्ना व्यक्तिगत अनुभवहरू र आफ्नै ज्ञानको आधारमा मण्डलीहरूको लागि पत्रहरू लेखे। उदाहरणका लागि, पावलले गलातिका मण्डलीहरूलाई एउटा पत्र लेखे जसमा एउटा निश्‍चित धारणा थियो, र पत्रुसले अर्को पत्र लेखेका थिए, जसमा अर्को दृष्टिकोण थियो। तीमध्ये कुनचाहिँ पवित्र आत्माबाट आयो र? निश्‍चित रूपमा कसैले पनि भन्न सक्दैन। तसर्थ, यो मात्र भन्न सकिन्छ कि तिनीहरू दुवैले मण्डलीहरूका

लागि बोझ बहन गरेका थिए, तैपनि तिनीहरूका पत्रहरूले तिनीहरूको कद प्रतिनिधित्व गर्छन्, तिनले दाजुभाइ तथा दिदीबहिनीहरूको लागि प्रावधन र सहयोग अनि मण्डलीहरूमाथिको तिनीहरूको बोझलाई प्रतिनिधित्व गर्दछन् र तिनले मानव कार्यलाई मात्र प्रतिनिधित्व गर्दछन–ती सम्पुर्ण रूपमा पवित्र आत्माका थिएनन्। यदि तैँले तिनका पत्रहरूलाई पवित्र आत्माका वचनहरू हुन् भनेर भन्छस् भने, तँ हास्यास्पद छस्, र तैँले ईश्वरनिन्दा गर्दैछस्! नयाँ करारका पावलका पत्रहरू र अन्य पत्रहरू हालसालैका आत्मिक व्यक्तिहरूका संस्मरण जस्तै हुन्: ती वाचम्यान नीका पुस्तकहरू वा लरेन्सका अनुभवहरूसँग मिल्दाजुल्दा छन्। कुरा यति मात्र हो कि हालसालैका आत्मिक व्यक्तित्वका पुस्तकहरूलाई नयाँ करारमा संकलित गरिएको छैन, तैपनि यी मानिसहरूको सार चाहिँ एउटै थियो: तिनीहरू एक निश्चित अवधिमा पवित्र आत्माले प्रयोग गर्नुभएका व्यक्तिहरू थिए, र तिनीहरूले प्रत्यक्ष रूपमा परमेश्वरलाई प्रतिनिधित्व गर्न सक्दैनथे।

नयाँ करारको मत्तीको सुसमाचारले येशुको वंशावलीको दस्तावेजीकरण गर्छ। सुरुमा, यसले भन्छ कि येशू अब्राहाम र दाऊदका सन्तान र योसेफका छोरा थिए; त्यसपछि यसले भन्छ कि येशू पवित्र आत्माबाट गर्भधारण हुनुभयो अनि कन्याबाट जन्मनुभयो–यसको मतलब उहाँ योसेफको छोरा वा अब्राहम र दाऊदका सन्तान हुनुहुन्नथ्यो। यद्यपि, वंशावलीले येशू योसेफसित सम्बन्धित हुनुहुन्छ भनेर जोड दिन्छ। त्यसपछि, वंशावलीले येशू जन्मनुभएको प्रक्रियाको अभिलेख राख्न सुरू गर्दछ। यसले भन्छ कि येशू पवित्र आत्माबाट गर्भधारण हुनुभएको थियो, उहाँ कन्याबाट जन्मनुभयो, र उहाँ योसेफको छोरा हुनुहुन्नथ्यो। यद्यपि वंशावलीमा यो स्पष्ट रूपमा लेखिएको छ कि येशू योसेफका पुत्र हुनुहुन्थ्यो र वंशावली येशूका निम्ति लेखिएकोले यसमा बयालिस पुस्ताका अभिलेखहरू राखिएका छन्। जब यो योसेफको पुस्तामा जान्छ, तब यसले तुरुन्तै भन्छ कि योसेफ मरियमको पति थिए, र यी शब्दहरू येशू अब्राहामका सन्तान हुनुहुन्छ भनेर प्रमाणित गर्नका निम्ति दिइएका थिए। के यो विरोधाभास होईन र? वंशावलीले स्पष्ट रूपमा योसेफको पुर्खाको अभिलेख राख्छ, यो स्पष्ट रूपमा योसेफको वंशावली हो, तर मत्तीले यो येशूको वंशावली हो भनेर जोड दिन्छन्। के यसले पवित्र आत्माद्वारा येशूको गर्भधारणको तथ्यलाई इन्कार गर्दैन र? त्यसो भए, मत्तीले लेखेको वंशावली मानव विचार होइन र? यो हास्यास्पद छ! यसरी यो पुस्तक पूर्ण रूपमा पवित्र आत्माबाट आएको थिएन भनेर तैँले थाहा पाउन सक्छस्। हुन सक्छ, केही मानिसहरूले यस्तो सोच्न सक्छन कि पृथ्वीमा परमेश्वरको वंशावली हुनुपर्छ, जसको फलस्वरूप तिनीहरूले येशूलाई अब्राहमको बयालीसौँ पुस्ताको रूपमा तोक्छन्। त्यो साँच्चै हास्यास्पद छ! पृथ्वीमा आइसकेपछि परमेश्वरको कसरी एउटा वंशावली हुन सक्छ? यदि तैँले परमेश्वरको वंशावली छ भनेर भन्छस् भने, के तैँले उहाँलाई परमेश्वरका प्राणीहरूको दर्जा दिएको हुँदैनस् र? परमेश्वर पृथ्वीको हुनुनभएकोले उहाँ सृष्टिको प्रभु हुनुहुन्छ, र उहाँ देहीय हुनुभए तापनि उहाँ मानिस जस्तो उही सारको हुनुहुन्न। कसरी तैँले परमेश्वरलाई परमेश्वरद्वारा सृष्टि गरिएका प्राणीहरूसँग समान दर्जामा राख्न सक्छस्? अब्राहमले परमेश्वरको प्रतिनिधित्व गर्न सक्दैनन्। तिनी त्यस समयमा यहोवाको कामको पात्र थिए, तिनी त केवल यहोवाले स्वीकार्नुभएको एक विश्वासी सेवक थिए र तिनी इस्राएलका मानिसहरूमध्ये एक थिए। तिनी कसरी येशूको पुर्खा हुन सक्छन् र?

येशूको वंशावली कसले लेख्यो? के येशू आफैले यो लेख्नुभएको थियो? के येशू आफैले तिनीहरूलाई, "मेरो वंशावली लेख्" भन्नुभएको थियो? येशूलाई क्रूसमा टाँगिएपछि मत्तीले अभिलेख राखेका थिए। त्यस बेला, येशूले धेरै कामहरू गर्नुभयो जुन उहाँका चेलाहरूले बुझ्न नसक्ने प्रकृतिका थिए, र उहाँले कुनै व्याख्या उपलब्ध गराउनुभएको थिएन। उहाँ जानुभइसकेपछि, चेलाहरूले जतातत्तै प्रचार र काम गर्न थाले, र त्यो चरणको कामको खातिर, तिनीहरूले पत्र र सुसमाचारका पुस्तकहरू लेख्न थाले। नयाँ करारको सुसमाचारका पुस्तकहरू येशू क्रूसमा टाँगिनुभएको बीसदेखि तीस वर्षपछि अभिलेखीकरण गरिएका थिए। पहिले, इस्राएलका मानिसहरूले केवल पुरानो करार पढ्थे। यसको मतलब, अनुग्रहको युगको शुरूमा मानिसहरूले पुरानो करार पढ्थे। नयाँ करार केवल अनुग्रहको युगमा देखा पर्‍यो। जब येशूले काम गर्नुभयो त्यो बेला नयाँ करार अस्तित्वमा थिएन; उहाँ पुनरुत्थान हुनुभएपछि र स्वर्गमा उक्लनुभएपछि मानिसहरूले उहाँको कामको अभिलेखीकरण गरे। त्यसपछि मात्र चारओटा सुसमाचारका पुस्तकहरू आए र यसका अतिरिक्त पावल र पत्रुसका पत्रहरू, साथै प्रकाशको पुस्तक पनि आए। येशू स्वर्गमा उक्लनुभएको तीन सयभन्दा बढी बर्षपछि, त्यसपछिका पुस्ताहरूले यी कागजातहरूलाई छनौट गर्दै एकत्रीकरण गरे, र त्यसपछि मात्र बाइबलको नयाँ करार अस्तित्वमा आयो। यो काम पूरा भएपछि मात्र त्यहाँ नयाँ करार अस्तित्वमा आयो; यो पहिले अस्तित्वमा थिएन। परमेश्‍वरले ती सबै कामहरू गरिसक्नुभएको थियो, र पावल र अन्य प्रेरितहरूले विभिन्न स्थानहरूमा भएका मण्डलीहरूलाई धेरै पत्रहरू लेखिसकेका थिए। त्यसपछिका मानिसहरूले तिनीहरूका पत्रहरूलाई एकत्रित गरे, र यसमा तिनीहरूले पत्मोस टापुमा युहन्नाले अभिलेख राखेका सबैभन्दा ठूलो दर्शनलाई परिशिष्टको रूपमा संलग्न गरे, जसमा परमेश्‍वरको आखिरी दिनहरूको कार्यको बारेमा अगमवाणी गरिएको थियो। मानिसहरूले यो अनुक्रम बनाए, जुन आजका वाणीहरू भन्दा फरक छ। आज जे अभिलेख गरिएको छ त्यो परमेश्‍वरको कार्यको चरणहरूअनुसार छ; आज मानिसहरू जे कुरामा संलग्न हुन्छन् त्यो नै व्यक्तिगत तवरमा परमेश्‍वरले गर्नुभएको काम हो, र व्यक्तिगत तवरमा उहाँले बोल्नुभएका वचनहरू हुन्। तैँले—मानवजातिले—हस्तक्षेप गर्न आवश्यक छैन; आत्माबाट सीधै आएका वचनहरूलाई चरणबद्ध रूपमा क्रमबद्ध गरिएको छ, र तिनीहरू मानिसका अभिलेखहरूको बन्दोबस्त भन्दा फरक छन्। तिनीहरूले जे अभिलेख राखे, यो भन्न सकिन्छ कि त्यो तिनीहरूको शिक्षा र मानव क्षमताको स्तरअनुसारको थियो। तिनीहरूले जे अभिलेख राखे त्यो मानिसहरूको अनुभवहरू थियो, र प्रत्येकको अभिलेख राख्ने र जान्ने आफ्नै तरिका थियो, र प्रत्येक अभिलेख फरक थियो। तसर्थ, यदि तैँले बाइबललाई परमेश्‍वरको रूपमा पुज्छस् भने, तँ अत्यन्तै अनभिज्ञ र मूर्ख छस्! किन तँ आजका परमेश्‍वरको कामको खोजी गर्दैनस्? केवल परमेश्‍वरको कामले मानिसलाई मुक्त गर्न सक्छ। बाइबलले मानिसलाई मुक्त गर्न सक्दैन, मानिसहरूले यसलाई हजारौं बर्षसम्म पढ्न सक्छन् र अझै पनि तिनीहरूमा थोरै पनि परिवर्तन नहुन सक्छ, र यदि तैँले बाइबललाई पुज्छस् भने, तैँले पवित्र आत्माको काम कहिल्यै पनि प्राप्त गर्न सक्नेछैनस्। इस्राएलमा परमेश्‍वरले गर्नुभएका कामका दुवै चरणहरू बाइबलमा अभिलेख गरिएका छन्, र यसैले ती सबै अभिलेखहरूमा सबै नामहरू इस्राएलका हुन्, अनि सबै घटनाहरू इस्राएलका हुन्; "येशू" नाम पनि इस्राएली नाम हो। यदि तँ आज बाइबल

पढिरहन्छस् भने, के तैँले अनुबन्धको पालन गरिरहेको हुँदैनस् र? बाइबलको नयाँ करारमा जे अभिलेख राखिएको छ त्यो यहूदियाका कुराहरू हुन्। मूल पाठ ग्रीक र हिब्रू दुवैमा थियो, र उहाँलाई बोलाइएको नाम र त्यस बेलाका येशूका शब्दहरू सबै मानिसकै भाषा हुन्। जब उहाँलाई क्रूसमा टाँगिएको थियो, येशूले भन्नुभयो: "एलि, एलि, लामा सबख्थनी?" के यो हिब्रू होइन र? यस्तो किन भएको हो भने येशू यहूदियामा देहधारण हुनुभएको थियो, तर यसले परमेश्‍वर यहूदी हुनुहुन्छ भन्ने प्रमाणित गर्दैन। आज, परमेश्‍वर चीनमा देह बन्नुभएको छ, र त्यसैले उहाँले जे भन्नुहुन्छ त्यो पनि निस्सन्देह चिनियाँमा छ। यद्यपि, यसलाई बाइबलबाट अनुवाद गरिएको चिनियाँसँग तुलना गर्न सकिँदैन, किनकि यी शब्दहरूको स्रोत फरक छ: एउटा मानिसहरूले अभिलेख गरिएको हिब्रूबाट आउँछ, र अर्को आत्माका प्रत्यक्ष वाणीहरूबाट आउँछ। कसरी त्यहाँ कुनै भिन्नता हुन सक्दैन र?

## बाइबल सम्बन्धमा (४)

धेरैजसो मानिसहरूले के विश्‍वास गर्छन् भने, बाइबल बुझ्नु र यसको व्याख्या गर्न सक्षम हुनु भनेको सही मार्ग पत्ता लगाउनु सरह हो–तर वास्तवमा, के कुराहरू यति सरल छन् र? बाइबलको वास्तविकता कसैलाई पनि थाहा छैन: यो परमेश्‍वरको कार्यको ऐतिहासिक अभिलेख, र परमेश्‍वरको कार्यको अघिल्लो दुई चरणको प्रमाण भन्दा बढी केही पनि होइन, र यसले तँलाई परमेश्‍वरको कार्यको उद्देश्यको बारेमा कुनै समझ प्रदान गर्दैन। यसले व्यवस्थाको युग र अनुग्रहको युगको अवधिको परमेश्‍वरको कामको दुई चरणहरूलाई प्रस्तुत गर्दछ भन्ने कुरा बाइबल पढेका सबैलाई थाहा छ। पुरानो करारले इस्राएलको इतिहास र सृष्टिको समयदेखि व्यवस्थाको युगको अन्त्यसम्मको यहोवाको कार्यको इतिहासलाई वर्णन गर्दछ। नयाँ करारले पृथ्वीमा येशूले गर्नुभएका कामहरूको अभिलेख राख्दछ जुन सुसमाचारका चार पुस्तकहरूमा साथै पावलको काममा पनि छ–के ती ऐतिहासिक अभिलेखहरू होइनन् र? विगतका कुराहरूलाई आज फर्काएर ल्याउँदा ती इतिहास बन्छन्, र ती जति सत्य वा वास्तविक भए पनि, ती इतिहास नै हुन्–र इतिहासले वर्तमानलाई सम्बोधन गर्न सक्दैन, किनभने परमेश्‍वरले इतिहासलाई फर्केर हेर्नुहुन्न! यसैले, यदि तैँले केवल बाइबललाई मात्रै बुझ्छस्, र आज परमेश्‍वरले गर्नुहुने कामको बारेमा केही बुझ्दैनौ भने, र यदि तँ परमेश्‍वरमा विश्‍वास त गर्छस् तर पवित्र आत्माको काम खोज्दैनस् भने, परमेश्‍वर खोज्नुको अर्थ के हो भन्ने तँलाई थाहा छैन। यदि तँ इस्राएलको इतिहासको अध्ययन गर्न, परमेश्‍वरले आकाश र पृथ्वी सृष्टि गर्नुभएको इतिहासको अनुसन्धान गर्नका लागि बाइबल पढ्छस् भने, तैँले परमेश्‍वरमा विश्‍वास गर्दैनस्। तर आज, तैँले परमेश्‍वरमा विश्‍वास गर्ने र जीवनको पछि लाग्ने हुनाले, तैँले परमेश्‍वरको ज्ञानको खोजी गर्ने, र मरिसकेका अक्षरहरू, र धर्मसिद्धान्तहरू वा इतिहासलाई बुझ्ने प्रयासको पछि नलाग्ने हुनाले, तैँले आजको परमेश्‍वरको इच्छा खोज्नुपर्छ, र तैँले पवित्र आत्माको कामको दिशा खोज्नुपर्छ। यदि तँ पुरातत्वविद होस् भने तैँले बाइबल पढ्न सक्ने थिइस्–तर तँ पुरातत्वविद होइनस्, तँ परमेश्‍वरमा विश्‍वास गर्नेहरूमध्ये एक होस्, र तैँले आजको परमेश्‍वरको इच्छाको खोजी गर्नु नै उत्तम हुनेथियो। बाइबल पढेर बढीमा तैँले इस्राएलको थोरै इतिहास बुझ्न

सक्नेछस्, अब्राहाम, दाऊद र मोशाको जीवनको बारेमा जान्न सक्नेछस्, उनीहरूले कसरी यहोवालाई आदर गरे र कसरी उहाँको विरोध गर्नेहरूलाई यहोवाले जलाउनुभयो, र उहाँले कसरी त्यो युगका मानिसहरूसँग बोल्नुभयो भनेर तैँले पत्ता लगाउनेछस्। तैँले केवल विगतमा परमेश्‍वरले गर्नुभएको कामको बारेमा पत्ता लगाउनेछस्। बाइबलका अभिलेखहरू कसरी प्रारम्भिक इस्राएलका मानिसहरूले परमेश्‍वरको आदर गरे र यहोवाको अगुवाइमा जीवन बिताए भन्ने कुरासँग सम्बन्धित छन्। इस्राएलीहरू परमेश्‍वरका चुनिएका मानिसहरू थिए, त्यसकारण पुरानो करारमा तैँले इस्राएलका सबै मानिसहरूका यहोवाप्रतिको बफादारीता, कसरी यहोवाको आज्ञा पालन गर्नेहरू सबैले उहाँबाट हेरचाह पाए र तिनीहरूलाई उहाँले आशिष् दिनुभयो सो देख्न सक्छस्; जब परमेश्‍वरले इस्राएलमा काम गर्नुभयो उहाँ कृपा र प्रेमले भरिपूर्ण हुनुहुन्थ्यो, साथसाथै उहाँले भस्म पार्ने आगोको ज्वाला पनि धारण गर्नुभएको थियो, र नम्रदेखि लिएर शक्तिशालीसम्मै, सारा इस्राएलीहरूले यहोवाको आदर गर्थे र त्यसैले सम्पूर्ण देश नै परमेश्‍वरद्वारा आशिषित भए भन्ने कुरा तैँले जान्न सक्छस्। पुरानो करारमा अभिलेख राखिएको इस्राएलको इतिहास यही हो।

बाइबल इस्राएलमा परमेश्‍वरले गर्नुभएको कार्यको ऐतिहासिक अभिलेख हो, र यसले प्राचीन भविष्यवक्ताहरूको धेरै भविष्यवाणीका साथै त्यस समयमा उहाँको कार्यमा यहोवाले बोल्नुभएका केही वाणीहरूको अभिलेख राख्छ। यसैले, सबै मानिसहरूले यस पुस्तकलाई पवित्र ठान्छन् (किनकि परमेश्‍वर पवित्र र महान् हुनुहुन्छ)। अवश्य नै, यी सबै यहोवाप्रतिको तिनीहरूको श्रद्धा र परमेश्‍वरप्रतिको तिनीहरूको उपासनाको परिणाम हो। परमेश्‍वरका सृष्टिहरूले आफ्ना सृष्टिकर्ताको यति आदर गर्ने र प्रिय ठान्ने भएकाले मात्रै मानिसहरूले यो पुस्तकलाई यसरी उल्लेख गर्छन्, र यस पुस्तकलाई स्वर्गीय पुस्तक भनी भन्ने मानिसहरू पनि छन्। वास्तवमा, यो मानव अभिलेख मात्र हो। यो व्यक्तिगत तवरमा यहोवाले नामाकरण गर्नुभएको थिएन, न त यहोवाले यसको सृष्टिलाई व्यक्तिगत तवरमा अगुवाइ नै गर्नुभयो। अर्को शब्दमा भन्दा, यस पुस्तकको लेखक परमेश्‍वर होइन, तर मानिसहरू हुन्। पवित्र बाइबल केवल मानिसले यसलाई दिएको सम्मानजनक नाम मात्र हो। यो नामको बारेमा यहोवा र येशूले एक-अर्कासँग छलफल गरेपछि निर्णय गरिएको थिएन; यो मानव विचार भन्दा बढि केही पनि होइन। किनकि यो पुस्तक यहोवाले लेख्नुभएको थिएन, येशूले लेख्नुभएको हो भन्ने कुरा त परै जाओस्। यसको सट्टा, यो धेरै प्राचीन भविष्यवक्ताहरू, प्रेरितहरू र द्रष्टाहरूले मानिसहरूका लागि दिएका विवरणहरू हुन् जुन पछिल्ला पुस्ताले प्राचीन लेखहरूको पुस्तकमा सङ्कलित गरेका थिए, जुन विशेषगरी पवित्र देखिन्छ, अर्थात् यस्तो पुस्तक जसमा भविष्यका पुस्ताहरूले खोल्न पर्खिरहेका धेरै अतुलनीय र गहिरा रहस्यहरू समावेश छन् भन्ने तिनीहरूले विश्‍वास गर्छन्। त्यस्तै गरी, मानिसहरू यो पुस्तक स्वर्गीय पुस्तक हो भनेर विश्‍वास गर्न अझ बढी चाहना गर्छन्। चार सुसमाचार र प्रकाशको पुस्तकलाई यसमा जोडेपछि त, यसप्रति मानिसहरूको दृष्टिकोण अरू कुनै पनि पुस्तकको भन्दा विशेष गरी फरक छ, र कसैले पनि यो "स्वर्गीय पुस्तक" विच्छेदन गर्ने आँट गर्दैन किनकि यो एकदम "पवित्र" छ।

किन बाइबल पढ्ने बित्तिकै मानिसहरूले यसमा अभ्यास गर्ने उचित मार्गहरू पाउन सक्दछन्? किन तिनीहरूले बुझ्न नसक्ने धेरै कुरा तिनीहरूले प्राप्त गर्न सक्छन्? आज, म बाइबललाई यस

तरिकाले विच्छेदन गर्दैछु र यसको मतलब यो होइन कि म यसलाई घृणा गर्दछु, वा म सन्दर्भको लागि रहेको यसको मूल्यलाई अस्वीकार गर्छु। म तँलाई अन्धकारमा राख्नबाट रोक्नको लागि तँलाई बाइबलको अन्तर्निहित मूल्य र उत्पत्ति बारे व्याख्या गर्दैछु र स्पष्ट पार्दैछु। किनभने मानिसहरूमा बाइबलको बारेमा अति धेरै दृष्टिकोणहरू छन्, र तीमध्ये धेरै त गलत नै छन्; यस तरिकाले बाइबल पढ्दा उनीहरू के प्राप्त गर्नु पर्ने हो सो प्राप्त गर्नबाट उनीहरूलाई रोक्ने मात्र होइन, तर, अझ महत्त्वपूर्ण कुरा के छ भने, यसले मैले गर्न चाहेको काममा बाधा पुऱ्याउँछ। यसले भविष्यको कामलाई ठूलो हस्तक्षेप गर्दछ, र लाभहरू होइन, केवल कमजोरीहरू प्रदान गर्दछ। तसर्थ, मैले तँलाई सिकाइरहेको कुरा केवल बाइबलको सार र भित्री कथा मात्र हो। मैले तँलाई तैँले बाइबल पढ्नु हुँदैन, वा तैँले यो मूल्यहीन छ भनेर घोषणा गर्दै जानुपर्छ भनिरहेको छैन, तर यो मात्र भनिरहेको छु कि तँसँग बाइबलको सही ज्ञान र दृष्टिकोण हुनुपर्छ। अत्यन्तै एकतर्फी नहोऊ! बाइबल मानिसहरूद्वारा लेखिएको एउटा इतिहासको पुस्तक भए तापनि, यसमा प्राचीन सन्तहरू र भविष्यवक्ताहरूले परमेश्वरको सेवा गरेका थुप्रै सिद्धान्तहरू, साथै परमेश्वरको सेवा गर्ने सम्बन्धमा भर्खरका प्रेरितहरूको अनुभवहरू पनि प्रस्तुत गरिएका छन्—ती सबैलाई यी मानिसहरूले वास्तवमै देखेका र चिनेका थिए, र यस युगका मानिसहरूलाई सही मार्ग खोजी गर्नुमा सन्दर्भको रूपमा त्यसले काम गर्न सक्छ। तसर्थ, बाइबल पढ्दा मानिसहरूले जीवनका थुप्रै मार्गहरू पनि प्राप्त गर्न सक्दछन् जुन अरू पुस्तकहरूमा पाउन सकिँदैन। यी मार्गहरू विगतका भविष्यवक्ताहरू र प्रेरितहरूले युगहरूमा अनुभव गरेका पवित्र आत्माको काम बारेका जीवनका मार्गहरू हुन्, र धेरै जसो वचनहरू मूल्यवान् छन्, र जसले मानिसहरूलाई चाहिने कुराहरू प्रदान गर्न सक्दछन्। तसर्थ, सबै मानिसहरू बाइबल पढ्न मन पराउँछन्। बाइबलमा धेरै कुरा लुकेका छन् तसर्थ महान् आत्मिक व्यक्तित्वहरूको लेखहरूप्रति भन्दा यसप्रति व्यक्तिहरूको धारणा फरक छ। पुरानो र नयाँ युगमा यहोवा र येशूको सेवा गर्ने व्यक्तिहरूको अनुभव र ज्ञानहरूको अभिलेख र सङ्ग्रह नै बाइबल हो, र पछि आउने पुस्ताहरूले यसबाट अभ्यास गर्न धेरै ज्ञान, प्रकाश र मार्गहरू प्राप्त गर्न सक्षम भएका छन्। बाइबल कुनै पनि महान् आत्मिक व्यक्तित्वको लेखहरू भन्दा उच्च हुनुको कारण के हो भने, उनीहरूका सबै लेखहरू बाइबलबाट लिइएको हो, उनीहरूका सबै अनुभवहरू बाइबलबाट आएका हुन् र ती सबैले बाइबलको व्याख्या गर्छन्। मानिसहरूले कुनै पनि महान् आत्मिक व्यक्तित्वका पुस्तकहरूबाट प्रावधान प्राप्त गर्न सक्ने भए पनि, उनीहरूले अझै बाइबललाई पुज्छन्, किनकि यो उनीहरूका लागि महान् र गहन देखिन्छ! बाइबलले पावलका पत्रहरू र पत्रुसका पत्रहरू जस्ता जीवनका वचनहरूका केही पुस्तकहरूलाई एकट्ठा गर्ने भए पनि, र मानिसहरूलाई यी पुस्तकहरूले प्रावधान दिने र मद्दत गर्नसक्ने भए पनि, यी पुस्तकहरू पुरानो भएका छन्, ती अझै पुरानै युगमा पर्छन्, र ती जतिसुकै राम्रो भए पनि, ती केवल एक अवधिको लागि उपयुक्त छन्, र अनन्त छैनन्। किनकि परमेश्वरको काम सँधै विकास भइरहेको हुन्छ, र यो केवल पावल र पत्रुसको समयमा रोकिन सक्दैन, वा सँधै अनुग्रहको युगमा रहन सक्दैन जुन युगमा येशूलाई क्रूसमा टाँगिएको थियो। त्यसैले, यी पुस्तकहरू अनुग्रहको युगका लागि मात्र उपयुक्त छन्, आखिरी दिनहरूको राज्यको युगको लागि होइन। तिनीहरूले केवल अनुग्रहको युगका विश्वासीहरूका लागि

प्रदान गर्न सक्छन्, राज्यको युगका सन्तहरूको लागि होइन, र ती जतिसुकै राम्रो भए पनि ती अप्रचलित छन्। यहोवाले गर्नुभएको सृष्टिको काम वा इस्राएलमा उहाँले गर्नुभएको कार्य पनि यस्तै हो: यो काम जतिसुकै महान् भए पनि, यो अझै म्याद सकिएको नै हुनेथियो र त्यो बितेर जाने समय आउनेथियो। परमेश्‍वरको काम पनि यस्तै हो: यो महान् छ, तर यो समाप्त हुने समय आउने नै छ; यो सँधै सृष्टिको कार्यको बीचमा रहन सक्दैन, न त क्रूसीकरणको बीचमा नै। क्रूसीकरणको काम जत्तिकै विश्‍वासलाग्दो भए तापनि, शैतानलाई पराजित गर्न यो जतिसुकै प्रभावकारी भए तापनि, आखिरमा काम भनेको, काम नै हो, र युगहरू पनि, आखिर युगहरू नै हुन्। काम सधैँ उही जगमा रहन सक्दैन, न त समय कहिल्यै परिवर्तन नहुने नै हुन्छ, किनकि सृष्टि थियो त्यसकारण आखिरी दिनहरू पनि हुनै पर्छ। यो अपरिहार्य छ! त्यसकारण, आज नयाँ करारमा रहेका जीवनका वचनहरू–प्रेरितहरूका पत्रहरू, र सुसमाचारका चार पुस्तकहरू ऐतिहासिक पुस्तकहरू भएका छन्, तिनीहरू पुरानो पञ्चाङ्ग भएका छन्, र कसरी पुरानो पञ्चाङ्गहरूले मानिसहरूलाई नयाँ युगमा प्रवेश गराउन सक्दछन्? यी पञ्चाङ्गहरू जीवन प्रदान गर्न जत्तिको सक्षम भए पनि, मानिसहरूलाई क्रूसमा अगुवाई गर्न उनीहरू जत्तिको सक्षम भए पनि, के तिनीहरू पुरानो भएका छैनन्? के तिनीहरू मूल्य विहीन छैनन् र? यसैले, म भन्छु तैँले अन्धा भएर यी पञ्चाङ्गहरूमा विश्‍वास गर्नु हुँदैन। ती धेरै पुराना भइसकेका छन्, तिनीहरूले तँलाई नयाँ काममा ल्याउन सक्दैनन्, र तिनीहरूले तँलाई बोझ मात्रै दिन सक्छन्। न त तिनले तँलाई नयाँ काममा, र नयाँ प्रवेशमा ल्याउन नै सक्छन्, तर तिनले तँलाई पुरानो धार्मिक मण्डलीहरूमा लैजान्छन्–र यदि त्यसो भयो भने, के तँ परमेश्‍वरप्रतिको तेरो विश्‍वासमा पछि हटिरहेको हुनेथिएनस् र?

बाइबलले दस्तावेज राखेको कुरा भनेको, इस्राएलका चुनिएका मानिसहरूले गरेका केही कुरा लगायत, इस्राएलमा परमेश्‍वरले गर्नुभएको काम हो। समावेश गरिने वा हटाउने केही चयन गरिएका अंशहरू थिए भन्ने तथ्यको बाबजुद पनि, पवित्र आत्माले स्वीकृति नदिनुभएको भए पनि, उहाँले कुनै दोष दिनुभएन। बाइबल विशुद्ध रूपमा इस्राएलको इतिहास हो, जुन परमेश्‍वरको कार्यको इतिहास पनि हो। अवश्य नै, यशैया, दानिएल र अन्य अगमवक्ताहरूका अगमवाणीहरू, वा यूहन्नाका दर्शनहरूको पुस्तक बाहेक यसमा अभिलेख गरिएका मानिसहरू, मामिलाहरू, र कुराहरू सबै वास्तविक थिए, र तीमध्ये कुनैको चिन्हगत अर्थ थिएन। इस्राएलका प्रारम्भिक मानिसहरू ज्ञानी र सभ्य थिए, र तिनीहरूको प्राचीन ज्ञान र संस्कृति उन्नत नै थियो, र यसैले उनीहरूले जे लेखेका थिए ती आजका मानिसहरूले लेख्ने भन्दा उच्च स्तरको थियो। परिणामस्वरूप, ती पुस्तकहरू लेख्न सक्नु कुनै छक्क लाग्दो कुरा होइन, किनभने यहोवाले तिनीहरूका बीचमा धेरै काम गर्नुभएको थियो र तिनीहरूले धेरै कुरा देखेका थिए। दाऊदले यहोवाका कार्यहरू आफ्नै आँखाले हेरे, उनले व्यक्तिगत रूपमा ती अनुभव गरे, र धेरै चिह्नहरू र चमत्कारहरू देखे, र उनले यहोवाका कार्यहरूको प्रशंसामा ती सबै भजनहरू लेखे। तिनीहरूले निश्‍चित अवस्थाहरूमा यी पुस्तकहरू लेख्न सके, उनीहरूसँग असाधारण प्रतिभा भएको कारणले होइन। तिनीहरूले यहोवाको प्रशंसा गरे किनभने तिनीहरूले उहाँलाई देखेका थिए। यदि तैँले यहोवाको केही पनि नदेखेको छैनस् भने, र उहाँको अस्तित्वबारे तँ अनजान छस् भने, तैँले कसरी उहाँको प्रशंसा गर्न सक्थिस्? यदि तिमीहरूले

यहोवालाई देखेका छैनौ भने, तिमीहरूले उहाँको प्रशंसा गर्न जान्ने थिएनौ, न त उहाँको उपासना गर्न नै जान्नेथियौ, तिमीहरूले उहाँको गुणगान गर्ने गीत लेख्ने कुरा त परै जाओस्, र तिमीहरूलाई यहोवाको केही कामहरू आविष्कार गर्न भनियो भने पनि, तिमीहरूले त्यसो गर्न सक्नेथिएनौ। आज तिमीहरूले परमेश्वरको प्रशंसा गर्न सक्छौ र परमेश्वरलाई प्रेम गर्न सक्छौ किनकि तिमीहरूले उहाँलाई देखेका छौ र उहाँको कामको अनुभव पनि गरेका छौ–र यदि तिमीहरूको क्षमता सुधारिन्छ भने, के तिमीहरूले पनि, दाऊदले जस्तै परमेश्वरको प्रशंसामा कविताहरू लेख्न सक्नेछैनौ र?

बाइबल बुझ्नु, इतिहास बुझ्नु, तर पवित्र आत्माले आज के गरिरहेको छ भनेर नबुझ्नु–त्यो गलत हो! तैँले इतिहासको अध्ययनमा निकै राम्रो गरेको छस्, तैँले एउटा उत्कृष्ट काम गरेका छस्, तर पवित्र आत्माले आज गर्नुहुने कामको बारेमा तैँले केही बुझ्दैनस्। के यो मूर्खता होइन र? अरू मानिसहरूले तँलाई सोध्छन्: "आज परमेश्वर के गर्दैहुनुहुन्छ? आज तँ के कुरामा प्रवेश गर्नुपर्छ? तेरो जीवनको खोज कस्तो भइरहेको छ? के तँ परमेश्वरको इच्छालाई बुझ्छस्?" तँसँग उनीहरूले सोधेको कुनै कुराको उत्तर हुनेछैन–त्यसैले तँलाई के थाहा छ र? तैँले भन्नेछस्: "मैले आफ्नो देहप्रति पिठिउँ फर्काउनुपर्छ र आफैलाई चिन्नुपर्छ भन्ने मात्रै मलाई थाहा छ।" अनि यदि तिनीहरूले "तपाईंलाई अरू के थाहा छ?" भनेर सोधे भने, तँलाई परमेश्वरको सबै बन्दोबस्तहरू पालन गर्ने बारेमा थाहा छ, र तैँले बाइबलको थोरै इतिहासको बारेमा बुझेको छस्, र त्यति नै हो भनेर तैँले भन्नेछस्। के यतिका वर्षहरूमा परमेश्वरमाथि विश्वास गरेर तैँले प्राप्त गरेको कुरा यति हो त? यदि तैँले बुझेको सबै कुरा हो त्यति नै भने, तँसँग धेरै कुराको कमी छ। यसैले, तिमीहरूको हालको कद आधारभूत रूपमा मैले तिमीहरूबाट चाहेको कुरा हासिल गर्न असमर्थ छ, र तिमीहरूको फरक छुट्याउने क्षमताका साथै तिमीहरूले बुझ्ने सत्यताहरू पनि साना छन्–भन्नुको अर्थ, तिमीहरूको विश्वास एकदम सतही छ! तिमीहरू सत्यले अझ बढी सुसज्जित हुनुपर्दछ, तिमीहरूलाई अझ बढी ज्ञानको आवश्यकता छ, तिमीहरूले अझ धेरै देख्नुपर्छ, त्यसपछि मात्र तिमीहरू सुसमाचार फैलाउन सक्षम हुनेछौ, किनकि तिमीहरूले हासिल गर्नुपर्ने भनेकै यही हो!

## अभ्यास (१)

विगतमा, मानिसहरूले अनुभव गर्ने तरिकाहरूमा धेरै विचलनहरू र विसङ्गतिहरू थिए। तिनीहरूले परमेश्वरका मापदण्डहरूका स्तरहरूलाई बुझ्दै बुझेनन्, त्यसैले विभिन्न क्षेत्रहरूमा मानिसहरूका अनुभवहरू गलत भए। परमेश्वरले मानिसबाट के चाहनुहुन्छ भने मानिसले सामान्य मानव जीवन जिउन सकोस्। उदाहरणको लागि, खाने कुरा र लुगाफाटोको सम्बन्धमा आधुनिक परम्पराहरू अनुसरण गर्नु, सुट र टाई लगाउनु, आधुनिक कलाको बारेमा थोरै सिक्नु र तिनीहरूका फुर्सदको समयमा कला, संस्कृति र मनोरञ्जनको आनन्द लिनु ठीकै कुरा हो। तिनीहरूले केही अविस्मरणीय फोटोहरू लिन सक्छन्, तिनीहरूले पढेर केही उपयोगी ज्ञान प्राप्त गर्न सक्दछन्, र जिउने वातावरण तुलनात्मक रूपमा राम्रो बनाउन सक्छन्। यी सबै कुराहरू सामान्य मानव जीवनको लागि उपयुक्त छन्, तैपनि मानिसहरूले ती कुराहरूलाई परमेश्वरले घृणा गर्नुहुने कुराको

रूपमा लिन्छन् र ती कामहरू गर्नदेखि आफूलाई रोक्छन्। उनीहरूको अभ्यासमा केही नियमहरू पालन गर्ने कार्य मात्र समावेश हुन्छ, जसले खाडलको पानी जस्तो सुस्त र पूर्णतया अर्थहीन जीवनतर्फ उन्मुख गराउँछ। वास्तवमा, परमेश्‍वरले कहिल्यै पनि मानिसहरूले यस तरिकाले काम गर्नुपर्छ भनी भन्नुभएको छैन। सबै मानिसहरू आफ्नो स्वभावलाई नियन्त्रण गर्न चाहन्छन् र परमेश्‍वरसँग नजिक रहनका लागि निरन्तर प्रार्थना गर्छन्, तिनीहरूले आफ्नो मनमा परमेश्‍वरका अभिप्रायहरूका बारेमा निरन्तर विचार गर्छन्, तिनीहरूका आँखाले निरन्तर यो वा त्यो कुराहरूको अवलोकन गर्छन्, परमेश्‍वरसँगको तिनीहरूको सम्बन्ध कसरी-कसरी तोडिनेछ कि भनेर डराउँछन्। यी सबै मानिस आफैले निकाल्ने निष्कर्षहरू हुन्; ती मानिसहरू आफैले बनाएका नियमहरू हुन्। यदि तँलाई आफ्नै स्वभावको सार थाहा छैन र तेरो अभ्यास कुन स्तरमा पुग्न सक्छ भन्ने बुझ्न सक्दैनस् भने, परमेश्‍वरले मानिसबाट कुन मापदण्ड चाहनुहुन्छ त्यो निश्‍चित रूपले जान्ने तँसित कुनै उपाय हुँदैन, र तँसँग अभ्यासको सटीक मार्ग पनि हुनेछैन। परमेश्‍वरले मानिसबाट खास के चाहनुहुन्छ भन्ने कुरा तैँले बुझ्न नसक्ने हुनाले, तेरो मन सधैँ चलिरहेको हुन्छ, तँ परमेश्‍वरका अभिप्रायहरूको विश्‍लेषण गर्दै आफ्नो मस्तिष्कलाई कष्ट दिन्छस् र पवित्र आत्माद्वारा प्रभावित हुन र अन्तर्दृष्टि प्राप्त गर्ने कुनै मार्गको खोजी गर्दै छामछुम गर्छस्। फलस्वरूप, तँ अभ्यासका त्यस्ता केही तरिकाहरूको विकास गर्छस् जुन उपयुक्त छ भन्ने तँलाई लाग्छ। परमेश्‍वरले मानिसबाट वास्तवमा के माग गर्नुहुन्छ भन्ने बारेमा तँलाई अत्तोपत्तो छैन; नतिजाको बारेमा अलिकति पनि वास्ता नगरी र तेरो अभ्यासमा विचलन वा त्रुटिहरू छन् कि छैनन् भनी वास्ता नै नगरी, तेरो आफ्नै अभ्यासहरूलाई तँ अन्धाधुन्ध अघि बढाउँछस्। यसरी, तेरो अभ्यासमा प्राकृतिक रूपमा नै सटीकताको कमी हुन्छ र सिद्धान्त विहीन हुन्छ। यसमा खास गरी सामान्य मानव तर्क र विवेकको, साथै परमेश्‍वरको तारिफ र पवित्र आत्माको सहकार्यको कमी हुन्छ। तेरो आफ्नै बाटोमा हिँड्नु नै पूर्ण रूपमा सजिलो हुन्छ। यस किसिमको अभ्यास भनेको आफैलाई प्रतिबन्धित गर्न र नियन्त्रण गर्न नियमहरू पालना गर्नु वा जानाजानी अधिक भार उठाउनु हो। तापनि तँ आफ्नो अभ्यास सही र ठीक छ भनी सोच्छस्, तर तँलाई तेरो अधिकांश अभ्यासमा अनावश्यक प्रक्रिया वा नियम पालन समावेश छ भन्ने तँलाई थाहा छैन। आफ्नो स्वभावमा कुनै परिवर्तन नगरी, कुनै नयाँ बुझाइ र नयाँ प्रवेश प्राप्त नगरी वर्षौंसम्म यसरी अभ्यासहरू गर्नेहरू धेरै छन्। तिनीहरूले अन्जानमा उही पुराना गल्तीहरू दोहोर्‍याउँछन् र तिनीहरूले आफ्नो क्रूर स्वभावलाई पूर्ण रूपमा प्रकट हुन दिन्छन्, यहाँसम्म कि कति चोटि त तिनीहरूले विवेकहीन अमानवीय कार्यहरू गर्छन्, र त्यस्तो व्यवहार गर्दछन् जसले मानिसहरूलाई सोचमा पार्छन् र छक्क पर्छन्। के यस्ता मानिसहरूले स्वभावको परिवर्तन अनुभव गरेका छन् भनेर भन्न सकिन्छ?

अब, परमेश्‍वरमाथिको विश्‍वास परमेश्‍वरको वचनको युगमा प्रवेश गरेको छ। तुलनात्मक रूपले भन्ने हो भने, मानिसहरूले कुनै बेला जति प्रार्थना गर्थे त्यति प्रार्थना गर्दैनन्; परमेश्‍वरका वचनहरूले सत्यता र अभ्यासका सबै पक्षहरूको बारेमा स्पष्ट रूपमा बताएको छ, त्यसैले अब मानिसहरूले खोजी गर्ने र छामछुम गर्ने कुनै आवश्यकता छैन। राज्यको युगमा, परमेश्‍वरको वचनले मानिसहरूलाई अगाडि बढाउँछ, र यो त्यस्तो जीवन हो जसमा सबै कुरा उनीहरूले देख्ने गरी स्पष्ट

पारिएको हुन्छ–किनकि परमेश्‍वरले सबै कुरा स्पष्ट रूपमा उदाङ्गो पार्नुभएको छ, र मानिसलाई जीवनमा अनुभूतिको आधारमा अघि बढ्न बाध्य गरिएको छैन। विवाह, सांसारिक मामिलाहरू, जीवन, भोजन, वस्त्र र आश्रय, पारस्परिक सम्बन्धहरूको विषयमा व्यक्तिले कसरी परमेश्‍वरको इच्छा पूरा गर्ने तरिकामा सेवा गर्न सक्छ, व्यक्तिले कसरी देहलाई त्याग्नुपर्छ, र यस्तै अन्य कुराहरू, यीमध्ये परमेश्‍वरले तिमीहरूलाई कुन-कुन कुराको बारेमा वर्णन गर्नुभएको छैन? के तैँले अझै पनि प्रार्थना र खोजी गर्नुपर्छ? वास्तवमा त्यसको कुनै आवश्यकता छैन! यदि तैँले अझै पनि यी कुराहरू गर्छस् भने, तैँले अनावश्यक रूपमा कार्य गरिरहेको छस्। यो अज्ञानता र मूर्खता हो, र पूर्ण रूपमा अनावश्यक कुरा हो! योग्यताको अभावमा रहेका र परमेश्‍वरका वचनहरू बुझ्न नसक्नेहरूले मात्र लगातार मूर्खतापूर्ण प्रार्थनाहरू गर्छन्। सत्यताको अभ्यास गर्नका लागि मुख्य कुरा भनेको तँसँग संकल्प छ कि छैन भन्‍ने हो। कतिपय मानिसहरू तिनीहरूका शारीरिक इच्छाहरूलाई पछ्याउँदा त्यो कार्य सत्यता अनुरूप हुँदैन भनेर जाने पनि त्यसको पछि लाग्ने जिद्दी गर्छन्। अनि यसले तिनीहरूका आफ्नै जीवनको प्रगतिमा बाधा पुर्‍याउँछ, अनि प्रार्थना र खोजी गरे पनि उनीहरू अझै पनि शरीरको अघि झुकेर व्यवहार गर्न चाहन्छन्। यसो गरेर, के तिनीहरूले जानाजानी पाप गरिरहेका हुँदैनन् र? शरीरको सुखविलासको लालसा गर्नेहरू र पैसाको लालसा गर्नेहरूले जस्तै तिनीहरूले परमेश्‍वरसित यसरी प्रार्थना गर्दछन्: “हे परमेश्‍वर! के तपाईं मलाई शरीरको सुखको र धनको लालच गर्न अनुमति दिनुहुन्छ? के मैले यस प्रकारले पैसा कमाउनु तपाईंको इच्छा हो?” के यो प्रार्थना गर्ने उपयुक्त तरिका हो? यसो गर्ने मानिसहरूलाई स्पष्ट रूपमा नै परमेश्‍वर यी कुराहरूमा प्रसन्‍न हुनुहुन्‍न, र उनीहरूले यी कुराहरूलाई त्याग्नुपर्छ भन्‍ने राम्ररी नै थाहा हुन्छ, तर तिनीहरूले आफ्नो हृदयमा राख्ने कुरा पहिल्यै निश्‍चित भइसकेको हुन्छ, र जब तिनीहरूले प्रार्थना र खोजी गर्छन् तिनीहरूले परमेश्‍वरलाई यस प्रकारले तिनीहरूलाई व्यवहार गर्ने अनुमति दिन करमा पार्ने कोसिस गरिरहेका हुन्छन्। तिनीहरूका हृदयमा, तिनीहरूले यसको समर्थनमा परमेश्‍वरले केही भन्‍नुभएको होस् भनी माग पनि गर्छन्–यसैलाई नै विद्रोहीपन भनिन्छ। मण्डलीका दाजुभाइ-दिदीबहिनीहरूलाई आफ्नो पक्षमा बनाउने र तिनीहरूका आफ्नै स्वतन्त्र राज्य खडा गर्ने मानिसहरू पनि छन्। यस्ता कार्यहरूले परमेश्‍वरको विरोध गर्दछ भन्‍ने तँलाई राम्ररी नै थाहा हुन्छ, तर तैँले यस्तो केही गर्ने सङ्कल्प गरिसकेपछि पनि तँ शान्त र हताश नभई परमेश्‍वरलाई खोज्न र प्रार्थना गर्न थाल्छस्। तँ कति बेसरम र निर्लज्ज छस्! सांसारिक थोकहरूलाई छोड्ने विषयमा, धेरै पहिले नै बताइएको छ। परमेश्‍वरले संसारका थोकहरूलाई घृणा गर्नुहुन्छ भनेर स्पष्ट रूपमा जान्दा-जान्दै, यसरी प्रार्थना गर्ने मानिसहरू पनि छन्: “हे परमेश्‍वर! म सांसारिक थोकहरूको पछि लागेको तपाईं चाहनुहुन्‍न भन्‍ने मलाई थाहा छ, तर तपाईंको नाउँ बदनाम नहोस् भनेर म यो गर्दछु; सांसारिक मानिसहरूले ममा तपाईंको महिमा देख्न सकून् भनेर म यसो गर्छु।” यो कस्तो प्रकारको प्रार्थना हो? के तिमीहरू भन्‍न सक्छौ? यो परमेश्‍वरलाई बाध्य पार्ने र दबाबमा पार्ने प्रार्थना हो। के यसरी प्रार्थना गर्न तँलाई लाज लाग्दैन? यसरी प्रार्थना गर्ने मानिसहरूले जानाजानी परमेश्‍वरको विरोध गर्दछन्, र यस प्रकारको प्रार्थना पूर्ण रूपले शङ्कास्पद अभिप्राय हो; यो वास्तवमा शैतानी स्वभावको अभिव्यक्ति हो। परमेश्‍वरका वचनहरू स्पष्ट छन्, निश्‍चित रूपमा

उहाँको इच्छा, उहाँको स्वभाव र उहाँले विभिन्न प्रकारका मानिसहरूलाई कसरी व्यवहार गर्नुहुन्छ भन्ने सम्बन्धमा बोलिएका वचनहरू। यदि तैंले सत्यता बुझ्दैनस् भने, तैंले परमेश्‍वरका वचनहरू अझ धेरै पढ्नुपर्छ—यसो गर्दाको परिणाम अन्धाधुन्ध प्रार्थना गरेर खोजी गरेर आउने परिणाम भन्दा उत्तम हुन्छ। धेरै वटा अवस्थाहरूमा खोजी र प्रार्थनाको सट्टामा परमेश्‍वरका वचनहरू पढ्ने र सत्यमा सङ्गति गर्ने गर्नु राम्रो हुन्छ। तेरो नियमित प्रार्थनाहरूमा, तैंले परमेश्‍वरका वचनहरू भित्रबाट आफूलाई अझ बढी मनन गर्ने र जान्ने प्रयास गर्नुपर्दछ। यो तेरो जीवनको प्रगतिका लागि अझै बढी लाभदायक हुन्छ। यदि अहिले पनि, तँ आकाशतिर आँखा उठाउँदै खोजी गर्छस् भने, के यसले तँ अझै पनि अस्पष्ट परमेश्‍वरमा विश्‍वास गर्छस् भन्ने देखाउँदैन र? पहिले, तैंले आफ्नो खोजी र प्रार्थनाबाट परिणामहरू देखिस्, र पवित्र आत्माले तेरो आत्मालाई केही हदसम्म छुनुभयो किनभने त्यो अनुग्रहको युगको समय थियो। तैंले परमेश्‍वरलाई देख्न सक्दैनथिइस्, त्यसैले अनुभूतिको आधारमा अगाडिको बाटो हिँड्नु र त्यसरी खोजी गर्ने बाहेक तँसँग कुनै विकल्प थिएन। अब परमेश्‍वर मानिसको बीचमा आउनुभएको छ, वचन देहमा देखा पर्नुभएको छ, र तैंले परमेश्‍वरलाई देखेको छस्; यसैले पवित्र आत्माले अब पहिलेजस्तो काम गर्नुहुन्‍न। युग परिवर्तन भएको छ र पवित्र आत्माले काम गर्ने तरिका पनि बदलेको छ। मानिसहरूले पहिले जस्तो प्रार्थना नगर्ने भए पनि, परमेश्‍वर पृथ्वीमा हुनुहुने हुँदा, अब मानिसहरूका निम्ति परमेश्‍वरलाई प्रेम गर्ने मौका छ। मानवजाति परमेश्‍वरलाई प्रेम गर्ने युगमा प्रवेश गरेको छ र सामान्यतया तिनीहरू आफूभित्र नै परमेश्‍वरको नजिक जान सक्दछन्: "हे परमेश्‍वर! तपाईं साँच्चै अति भलो हुनुहुन्छ, र म तपाईंलाई प्रेम गर्न चाहन्छु!" केवल केही स्पष्ट र सरल वचनहरूले मानिसहरूको हृदयमा परमेश्‍वरप्रतिको प्रेमको आवाज दिन्छ; यो प्रार्थना मानिस र परमेश्‍वर बीचको प्रेमलाई गहिराउनका लागि मात्र बोलिएको हो। तँ कहिलेकहीँ आफैले विद्रोहीपन प्रकट गरेको देख्छस् र यसो भन्छस्: "हे परमेश्‍वर! म किन यति भ्रष्ट छु?" तँलाई आफैलाई एक-दुई पटक हिर्काउने तीव्र इच्छा हुन्छ, र तेरो आँखा आँसुले भरिन्छ। यस्तो समयमा, तैंले आफ्नो हृदयमा पछुतो र आपदको महसुस गर्छस्, तर तँसित यी भावनाहरू व्यक्त गर्ने कुनै तरिका हुँदैन। यो अहिलेको पवित्र आत्माको काम हो, तर जीवनको पछि लाग्नेहरूले मात्र यसलाई प्राप्त गर्न सक्दछन्। तँलाई तँप्रति परमेश्‍वरसँग धेरै प्रेम छ र तँसँग एक विशेष प्रकारको भावना छ भन्ने लाग्छ। तँसँग स्पष्टसँग प्रार्थना गर्न शब्दहरू नभए पनि, तँलाई परमेश्‍वरको प्रेम सधैँ समुद्र जस्तो गहिरो भएको महसुस हुन्छ। यो अवस्थाको बारेमा व्यक्त गर्नका लागि कुनै उपयुक्त शब्दहरू छैनन्, र यो यस्तो अवस्था हो जुन प्रायजसो आत्मामा उत्पन्न हुन्छ। व्यक्तिलाई उसको हृदयमा परमेश्‍वरको नजिक लैजाने उद्‌देश्यको यस किसिमको प्रार्थना र सङ्गति सामान्य हो।

अहिले मानिसहरूले छामछुम गर्ने र खोजी गर्ने समय अतीत बनिसकेको भए पनि, यसको अर्थ उनीहरूले अबदेखि प्रार्थना र खोजी गर्नु आवश्यकता छैन भन्ने होइन, न त यसको अर्थ मानिसहरूले काम गर्न थाल्नुभन्दा अघि परमेश्‍वरको इच्छा प्रकट होस् भनी पर्खनुपर्छ भन्ने नै हो; यी मानिसका भ्रमहरू मात्र हुन्। परमेश्‍वर मानिसहरूको बीचमा बास गर्न, तिनीहरूका ज्योति, जीवन, र मार्ग बन्न आउनुभएको छ: तथ्य यही हो। अवश्य नै, पृथ्वीमा परमेश्‍वरको आगमन हुँदा

उहाँले निश्चय पनि मानवजातिका लागि व्यावहारिक मार्ग र जीवन ल्याउनुहुन्छ, जुन तिनीहरूले आनन्द लिनका लागि तिनीहरूको कदको निम्ति उपयुक्त हुन्छ—उहाँ मानव अभ्यासका सबै तरिकाहरू तोड्न आउनुभएको होइन। मानिस अब छामछुम र खोजी गर्दै जिउँदैन, किनकि त्यसको बदली परमेश्वर उहाँको काम गर्न र वचन बोल्न पृथ्वीमा आउनुभएको छ। उहाँ मानिसलाई तिनीहरूले जिउँदै आइरहेको अन्धकार र अस्पष्टताको जीवनबाट छुटकारा दिन, र तिनीहरूलाई ज्योतिले भरिपूर्ण जीवन दिन आउनुभएको छ। अहिलेको काम भनेको थोकहरू स्पष्ट पार्नु, स्पष्ट रूपमा बोल्नु, प्रत्यक्ष जानकारी दिनु र काम-कुराहरूलाई स्पष्ट रूपमा परिभाषित गर्नु हो, ताकि जसरी यहोवा परमेश्वरले इस्राएलीहरूलाई बलिहरू कसरी चढाउने र मन्दिर कसरी निर्माण गर्ने भनी बताउँदै डोऱ्याउनुभयो त्यसरी नै मानिसहरूले यी कुराहरू व्यवहारमा उतार्न सकून्। त्यसकारण, प्रभु येशू जानुभएपछि जसरी तिमीहरूले उत्कट खोजी गर्ने जीवन जिउँथ्यौ अब त्यसरी जिउनु आवश्यक छैन। के तिमीहरूले भविष्यमा सुसमाचार फैलाउने काम अन्धाधुन्ध गर्नुपर्छ र? के तिमीहरूले जिउनका लागि उचित तरिका पत्ता लगाउने कोसिसमा छामछुम गर्नुपर्छ? के तिमीहरूले आफ्ना कामहरू कसरी गर्ने भनेर छामछुम गर्नुपर्छ? के तिमीहरूले कसरी साक्षी दिनुपर्दछ भनी जान्नका लागि तिमीहरू भुइँमा घोप्टो पर्नु आवश्यक छ? के तिमीहरूले कसरी वस्त्र लाउनुपर्छ र जिउनुपर्छ भनी जान्न उपवास र प्रार्थना गर्नु आवश्यक छ? के तिमीहरूले परमेश्वरद्वारा विजय गरिने कार्यलाई स्वीकार गर्न स्वर्गका परमेश्वरसँग निरन्तर प्रार्थना गर्नु आवश्यक छ? के तैँले परमेश्वरको आज्ञा कसरी पालन गर्नुपर्छ भनी जान्नका निम्ति निरन्तर, रातदिन प्रार्थना गर्नु आवश्यक छ? तिमीहरूको बीचमा यस्ता धेरै छन् जसले कुरा नबुझेको कारण अभ्यास गर्न सक्दैनौं भनी भन्छन्। मानिसहरूले आजका दिनमा परमेश्वरको काममा ध्यान नै दिइरहेका छैनन्! मैले धेरै पहिले नै धेरै वचनहरू बताएको थिएँ, तर तिमीहरूले ती वचनहरू पढ्नका निम्ति कहिले पनि ध्यान दिएनौ, यसैले अभ्यास कसरी गर्ने भनी तिमीहरूले नजान्नु कुनै अचम्मको कुरा होइन। अवश्य नै, आजको युगमा पवित्र आत्माले अझै पनि मानिसहरूलाई आनन्द महसुस गराउन तिनीहरूलाई छुनुहुन्छ, र उहाँ मानिसको साथमा जिउनुहुन्छ। यो तेरो जीवनमा प्रायजसो आउने ती[क] विशेष, रमाइला भावनाहरूको स्रोत हो। कहिलेकहीँ, त्यस्तो दिन आउँछ जब तँ परमेश्वर प्रेमिलो हुनुहुन्छ भन्ने महसुस गर्छस् र तँ उहाँसित प्रार्थना नगरी बस्न सक्दैनस्: "हे परमेश्वर! तपाईंको प्रेम यति सुन्दर छ र तपाईंको स्वरूप यति महान् छ। म तपाईंलाई गहिरो प्रेम गर्न चाहन्छु। म आफैलाई पूर्ण रूपमा समर्पण गर्न र मेरो सम्पूर्ण जीवन तपाईंको निम्ति अर्पण गर्न चाहन्छु। तपाईंको लागि हो भने, यसो गर्दा मैले तपाईंलाई प्रेम गर्न सक्छु भने म तपाईंलाई सबै थोक समर्पण गर्नेछु...।" यो पवित्र आत्माले तँलाई दिनुभएको आनन्दको अनुभूति हो। यो अन्तर्दृष्टि होइन, न यो ज्योति नै हो; यो छोइनुको अनुभव हो। यससँग मिल्दोजुल्दो अनुभवहरू घरीघरी प्राप्त हुनेछन्: कहिलेकहीँ जब तँ काम गर्नका लागि जान्छस्, तँ प्रार्थना गर्छस् र परमेश्वरको नजिक आउँछस् र तँले यति छुवाइको महसुस गर्छस् कि आशुले तेरो अनुहार भिजाउनेछ र, तँले सबै

क. मूल पाठमा "यी केही हुन्" भनेर पढिन्छ।

आत्म-नियन्त्रण गुमाउँछस्, र तँ आफ्नो हृदय भित्रको आनन्द प्रकट गर्न सक्ने स्थानको खोजी गर्ने उत्कट इच्छा गर्छस्...। त्यहाँ यस्ता समयहरू हुन्छन् जब तँ केही सार्वजनिक ठाउँमा हुन्छस्, र तैँले परमेश्‍वरको प्रेमको धेरै आनन्द प्राप्त गरेको छस्, तेरो भाग्य साधारण छ, र त्योभन्दा बढी तँ अरू कसैले भन्दा बढी अर्थपूर्ण जीवन जिइरहेका छस् भन्ने तँलाई अनुभूति हुन्छ। परमेश्‍वरले तँलाई उठाउनुभएको छ र त्यो तँप्रतिको परमेश्‍वरको महान् प्रेम हो भन्ने कुरा तैँले भित्री रूपमा जान्नेछस्। तेरो मनको गहिराइमा तँलाई मानिसले व्यक्त गर्न नसक्ने र मानिसले बुझ्न नसक्ने किसिमको प्रेम परमेश्‍वरमा छ भन्ने तैँले महसुस गर्छस्, मानौं तँलाई त्यो थाहा छ तर त्यो वर्णन गर्ने कुनै उपाय छैन, यसले तँलाई सधैँ सोच्न बाध्य तुल्याउँछ, तर तैँले त्यसलाई व्यक्त गर्न सक्दैनस्। यस्तो समयमा, तँ कहाँ छस् भन्ने पनि तैँले बिर्सन्छस्, र तैँले यसरी पुकार्छस्: “हे परमेश्‍वर! तपाईं यति बुझ्न नसकिने र यति प्रेमिलो हुनुहुन्छ!” यसले मानिसहरूलाई अलमल्लमा पार्छ, तर त्यस्ता कुराहरू बारम्बार भइरहन्छन्। तिमीहरूले धेरै पटक यस्तो अनुभव गरेका छौ। पवित्र आत्माले आज तँलाई दिनुभएको र तैँले अहिले जिउनुपर्ने जीवन यही हो। यो तँलाई जिउनदेखि रोक्नको लागि दिइएको होइन, तर तेरो जिउने तरिका बदल्नका निम्ति हो। यो त्यस्तो भावना हो जसलाई वर्णन गर्न वा व्यक्त गर्न सकिँदैन। यो मानिसको वास्तविक अनुभूति पनि हो, र त्योभन्दा पनि बढी, यो पवित्र आत्माको काम हो। तैँले यसलाई तेरो हृदयमा बुझ्न सक्छस्, तर तैँले यसबारे कसैलाई पनि स्पष्ट रूपमा बताउन सक्दैनस्। यो तँ ढिलो बोल्ने भएकोले वा तँ भकभकाउने भएकोले होइन, तर यो शब्दहरूमा व्यक्त गर्न नसकिने भावना भएकोले हो। आज तँलाई यी थोकहरूको आनन्द लिन दिइएको छ, र तैँले यही जीवन जिउनु पर्छ। अवश्य, तेरो जीवनका अन्य पक्षहरू खाली छैनन्; यति मात्र हो कि यो छुवाइको अनुभव तेरो जीवनको एक किसिमको आनन्द बन्छ, जसले तँलाई पवित्र आत्माबाट सधैँ त्यस्ता अनुभवहरूको आनन्द लिन इच्छुक बनाउँछ। तर तैँले यो जान्नुपर्छ कि यस प्रकारको छुवाइ देहदेखि बाहिर जान, तेस्रो स्वर्गमा जानु वा सारा संसारभरि यात्रा गर्नको निम्ति दिइने होइन। बरु, तैँले आज उपभोग गरेको परमेश्‍वरको प्रेमलाई तैँले महसुस गर्, र त्यसको स्वाद लिन सक्, परमेश्‍वरको आजको कामको महत्त्व अनुभव गर्न सक्, र आफूलाई परमेश्‍वरको वास्ता र सुरक्षासँग फेरि परिचित गरा भनेर यो दिइएको हो। यी सबै कुराहरू तँलाई परमेश्‍वरको आजको कामको बारेमा अझ ठूलो ज्ञान प्राप्त होस् भनेर दिइएको हो—परमेश्‍वरले यो काम गर्नुको लक्ष्य यही हो।

परमेश्‍वर देहधारी हुनुभन्दा अघि जिउने तरिका भनेको खोजी र छामछुम गर्नु नै थियो। त्यस बेला मानिसहरूले परमेश्‍वरलाई देख्न सक्दैनथिए, त्यसैले खोज्नु र छामछुम गर्नु बाहेक अरू विकल्प थिएन। आज तैँले परमेश्‍वरलाई देखेका छस् र तैँले कसरी अभ्यास गर्नुपर्छ त्यो उहाँले प्रत्यक्ष रूपमा बताउनुहुन्छ; यसैले तैँले छामछुम वा खोजी गर्नु आवश्यक छैन। उहाँले मानिसलाई जुन बाटोमा डोऱ्याउनुहुन्छ त्यो सत्यको मार्ग हो, र उहाँले मानिसलाई बताउनुहुने कुराहरू र मानिसले प्राप्त गर्ने कुराहरू जीवन र सत्यता हुन्। तँसँग मार्ग र जीवनको सत्यता छ, यसैले खोजी गरिरहनुपर्ने के आवश्यकता छ र? पवित्र आत्माले सँगसँगै दुई चरणहरूको काम गर्नुहुन्न। यदि जब म आफ्नो वचन बोलिसक्छु, तब मानिसहरूले होसियारीसाथ परमेश्‍वरको वचन खाँदैनन् र

पिउँदैनन्, र सत्यलाई राम्ररी पछ्याउँदैनन्, अझै पनि तिनीहरू अनुग्रहको युगमा गरेझैं काम गर्दछन्, अन्धोजस्तो बनेर छामछुम गर्छन्, निरन्तर प्रार्थना र खोजी गर्छन् भने, के त्यसको अर्थ मेरो यस चरणको काम—वचनहरूको काम—व्यर्थमा भइरहेको छ भन्ने हुँदैन र? मैले मेरो वचन बोलेर समाप्त गरिसकेको भए पनि, मानिसहरूले अझै पनि पूर्ण रूपमा बुझ्न सक्दैनन्, किनकि तिनीहरूमा क्षमताको अभाव छ। मण्डली जीवन जिएर र एक-अर्कासँग सङ्गति गरेर यो समस्या समाधान गर्न सकिन्छ। पहिले, अनुग्रहको युगमा, परमेश्‍वरले देहधारण गर्नुभएको भए तापनि, उहाँले वचनहरूको काम गर्नुभएन, यसैले कामलाई कायम राख्नका लागि पवित्र आत्माले त्यस समयमा त्यसरी काम गर्नुभयो। त्यसबेला मुख्य रूपमा पवित्र आत्माले नै काम गर्नुभयो, तर अहिले देहधारी परमेश्‍वरले पवित्र आत्माको स्थान लिएर आफैले काम गरिरहनुभएको छ। पहिले, जबसम्म मानिसहरूले बारम्बार प्रार्थना गर्थे, तिनीहरूले शान्ति र आनन्द अनुभव गर्थे; त्यहाँ निन्दा साथसाथै अनुशासन पनि थियो। यो सब पवित्र आत्माको काम थियो। अब यी अवस्थाहरू बारम्बार हुँदैनन्। पवित्र आत्माले कुनै एउटा युगमा एक किसिमको काम मात्र गर्न सक्नुहुन्छ। यदि देहले मानिसहरूमा एक प्रकारको काम गर्दै र पवित्र आत्माले अर्को प्रकारको काम गर्दै उहाँले एकसाथ दुई किसिमको काम गर्नुभएको भए, र यदि देहले भनेका कुराहरूको महत्त्व थिएन र आत्माले गर्नुभएको कामको मात्र महत्त्व थियो भने, ख्रीष्टसँग कुनै सत्यता, बाटो वा जीवन हुनेथिएन। यो आफैमा परस्पर-विरोधमा हुनेथियो। के पवित्र आत्माले त्यसरी काम गर्न सक्नुहुन्छ? परमेश्‍वर सर्वशक्तिमान्, सर्वज्ञानी, पवित्र र धर्मी हुनुहुन्छ, र उहाँले निश्‍चित रूपमा कुनै गल्ती गर्नुहुन्न।

मानिसको विगतका अनुभवहरूमा धेरै विचलन र त्रुटिहरू थिए। सामान्य मानवता भएका मानिसहरूमा हुनुपर्ने वा तिनीहरूले गर्नुपर्ने केही कुरा थिए वा मानव जीवनमा टाढा बस्‍न कठिन हुने गल्तीहरू थिए, र जब ती कुराहरूलाई राम्रोसँग सामना गरिँदैनथियो, मानिसहरूले त्यसका निम्ति परमेश्‍वरलाई जिम्मेवार बनाउँथे। एउटी बहिनीले घरमा पाहुनाहरू बोलाएकी थिइन्। उनको बफाइएका रोटीहरू राम्ररी बाफिएका थिएनन्, त्यसैले उनले सोचिन्: “यो पक्कै पनि परमेश्‍वरको अनुशासन हो। परमेश्‍वरले मेरो व्यर्थको हृदयलाई फेरि निराकरण गर्दै हुनुहुन्छ; मेरो घमण्ड साँच्चै ठूलो छ।” वास्तवमा, जहाँसम्म मानिसको सामान्य सोच्ने तरिकाको कुरा छ, जब पाहुनाहरू आउँछन्, तँ उत्साहित बन्छस् र हतार गर्छस्, तैंले जे गरिरहेको हुन्छस् त्यसमा अव्यवस्थित बन्छस्, अनि यसरी कि त भात डढ्छ वा खाने कुरामा नुन चर्को हुन्छ। काममा धेरै नै व्यस्त हुँदा यस्तो हुन आउँछ, तर मानिसहरूले अन्त्यमा त्यसलाई “परमेश्‍वरले दिनुभएको अनुशासन” भन्ने ठान्छन्। वास्तवमा, यी सबै मानव जीवनमा हुने गल्तीहरू मात्र हुन्। यदि तैंले परमेश्‍वरमा विश्‍वास गर्दैनस् भने पनि के तैंले बारम्बार यस्तो कुराको सामना गर्दैनस् र? जुन समस्याहरू उत्पन्‍न हुन्छन् ती प्रायः मानिसहरूले गरेका गल्तीहरूका परिणाम हुन्—त्यस्ता गल्तीहरू पवित्र आत्माका काम हुन् भन्ने हुँदैन। परमेश्‍वरसँग त्यस्ता गल्तीहरूको कुनै सरोकार हुँदैन। जस्तै, जब खाइरहेको बेला तैंले आफ्नो जिब्रो टोक्छस्, के त्यो परमेश्‍वरको अनुशासन हो त? परमेश्‍वरको अनुशासनका सिद्धान्तहरू हुन्छन् र सामान्यतया यो तब देखिन्छ जब तँ जानाजानी अपराध गर्छस्। जब तँ परमेश्‍वरको नाउँ वा उहाँको गवाही वा कामसँग सम्बन्धित कार्य गर्छस् तब मात्र उहाँले तँलाई अनुशासनमा

राख्नुहुन्छ। अहिले मानिसहरूले उनीहरूले गर्ने कार्यहरूमा सचेत हुनका निम्ति चाहिने सत्यता पर्याप्त मात्रामा बुझेका छन्। उदाहरणको लागि: तैंले मण्डलीको पैसा हिनामिना गरिस् वा त्यो लापरवाहसाथ खर्च गरिस् भने के तँलाई केही महसुस नहुने हुनसक्छ र? त्यसो गर्दा तैंले केही त महसुस गर्नेछस्। त्यो गरिसकेपछि केही महसुस गर्नु मात्र पनि असम्भव हुन्छ। तैंले आफ्नो विवेकको विरुद्धमा गरेका कार्यहरूको बारेमा तैंले आफ्नो हृदयमा स्पष्ट बुझेको हुन्छस्। मानिसहरूको आ-आफ्नै रुचि र प्राथमिकताहरू हुने भएकाले, सत्यलाई कसरी अभ्यास गर्नुपर्छ भनी जानेर पनि उनीहरू आफैमा लिप्त हुन्छन्। त्यस्तो हुँदा, तिनीहरूले केही गरिसकेपछि, तिनीहरूले कुनै प्रत्यक्ष अपमानको महसुस गर्दैनन् वा कुनै स्पष्ट अनुशासनबाट भएर जाँदैनन्। यसको कारण यो हो कि तिनीहरूले जानाजानी अपराध गरेका हुन्छन्, त्यसैले परमेश्‍वरले तिनीहरूलाई अनुशासनमा राख्नुहुन्‍न; जब धर्मी न्यायको समय आउँछ, हरेकले उनीहरूको कर्मको आधारमा परमेश्‍वरबाट दण्ड पाउँछ। अहिले मण्डलीमा केही मानिसहरू छन् जसले पैसा हिनामिना गर्छन्, जसले पुरुष र महिलाबीच स्पष्ट सिमा कायम गर्दैनन्, र कतिले परमेश्‍वरको कामलाई गोप्यमा दोष लाउँछन्, अवज्ञा गर्छन् र ध्वस्त पार्ने कोसिस गर्छन्। तापनि किन तिनीहरूको सबै कुरा राम्रो छ? त्यस्ता कामहरू गर्दा, तिनीहरू सचेत हुन्छन्, र आफ्नो हृदयमा निन्दाको महसुस गर्छन् र यसैको कारण कहिलेकहीँ तिनीहरूले सजाय र शोधन भोग्छन्, तर तिनीहरू अत्यन्तै निर्लज्ज छन्! मानिसहरू छाडापनमा संलग्न हुँदा जस्तै—त्यस बेला तिनीहरूले के गर्दैछन् सो तिनीहरूले जान्दछन्, तर तिनीहरूको अभिलाषा धेरै नै ठूलो हुन्छ र तिनीहरूले आफैलाई नियन्त्रण गर्न सक्दैनन्। पवित्र आत्माले तिनीहरूलाई अनुशासनमा राख्नुभयो भने पनि, त्यसद्वारा केही फाइदा हुँदैन, त्यसैले पवित्र आत्माले अनुशासनमा राख्नुहुन्‍न। यदि पवित्र आत्माले तिनीहरूलाई अनुशासनको कारबाही गर्नुभएन भने, यदि तिनीहरूले कुनै धिक्कारको महसुस गर्दैनन् र तिनीहरूको देहलाई केही पनि हुँदैन भने, त्यसपछि कस्तो निन्दा हुनसक्छ र? त्यो काम गरिसकेपछि—कस्तो अनुशासन हुन सक्छ? यसले तिनीहरू अत्यन्तै निर्लज्ज छन् र तिनीहरूमा मानवताको अभाव छ, र तिनीहरू श्राप र दण्डको योग्य छन् भन्‍ने मात्र प्रमाणित गर्दछ! पवित्र आत्माले अनावश्यक रूपमा काम गर्नुहुन्‍न। यदि तँलाई सत्यता राम्ररी थाहा छ तर त्यसको अभ्यास गर्दैनस् भने, यदि तँ कुनै पनि दुष्कर्म गर्न सक्षम छस् भने, तँ दुष्टको साथमा तँलाई दण्ड दिइने दिनको प्रतीक्षा गर्न मात्र सक्छस्। यो तेरो लागि उत्तम अन्त्य हो! अहिले मैले विवेकको बारेमा बारम्बार प्रचार गरेको छु, जुन न्यूनतम मापदण्ड हो। यदि मानिसहरूमा विवेकको कमी छ भने, उनीहरूले पवित्र आत्माको अनुशासन गुमाएका छन्; तिनीहरू जे गर्न चाहन्छन् त्यो गर्न सक्छन् र परमेश्‍वरले त्यसमा कुनै ध्यान दिनुहुन्‍न। जुन मानिसहरूमा साँच्चै विवेक र बुद्धि हुन्छ तिनीहरूले कुनै गल्ती गर्दैछन् भने उनीहरूलाई त्यो थाहा हुन्छ। तिनीहरूले विवेकमा थोरै दोषी महसुस गर्दा असहज महसुस गर्छन्; तिनीहरूले भित्री लडाइँको सामना गर्नुपर्नेछ र अन्ततः शरीरलाई त्याग्नेछन्। तिनीहरू त्यस्तो स्थितिमा पुग्नेछैनन् जहाँ उनीहरूले गम्भीर रूपमा परमेश्‍वरको विरोध गर्ने कुनै काम गर्न सक्छन्। मानिसहरूले जब केही गलत गर्छन् तब चाहे पवित्र आत्माले तिनीहरूलाई अनुशासन र दण्ड दिनुभए पनि नदिनुभए पनि, उनीहरूलाई केही त महसुस हुन्छ। यसैले, अहिले मानिसहरूले सबै

प्रकारका सत्यताहरू बुझ्दछन् र यदि तिनीहरूले ती अभ्यास गर्दैनन् भने त्यो एउटा मानवीय समस्या हो। म मानिसहरूसँग कहिल्यै पनि यसरी कुनै प्रतिक्रिया दिँदिनँ, न त म तिनीहरूबाट कुनै आशा नै गर्छु। तैँले आफूलाई जस्तो मन लाग्छ त्यस्तो गर्न सक्छस्।

जब कतिपय मानिसहरू भेला हुन्छन्, तिनीहरूले परमेश्वरको वचनलाई एकातिर राख्छन् र सधैँ यो व्यक्ति वा त्यो व्यक्ति कस्तो छ भनी कुरा गरिरहन्छन्। अवश्य, थोरै विवेकी हुनु राम्रो कुरा हो, ताकि तँ जहीँ गए पनि तँ सजिलै धोकामा पर्नेछैनस्, र सजिलै ठगिने वा मूर्ख बन्नेछैनस्–यो पनि मानिसहरूमा हुनुपर्ने पक्ष हो। तर तँ यस पक्षमा मात्र केन्द्रित हुनु हुँदैन। यो काम-कुराहरूको नकारात्मक पक्षसँग सम्बन्धित छ, र तैँले सधैँ आफ्ना आँखाहरू अरू मानिसहरूमा लगाइरहन सक्दैनस्। अहिले तँमा पवित्र आत्माले कसरी काम गर्नुहुन्छ भन्ने कुराको थोरै ज्ञान छ, परमेश्वरमाथिको तेरो विश्वास अति सतही छ, र तँमा थोरै मात्र सकारात्मक कुराहरू छन्। तैँले विश्वास गरेको व्यक्ति परमेश्वर हुनुहुन्छ, र तैँले बुझ्नुपर्ने व्यक्ति परमेश्वर नै हुनुहुन्छ, शैतान होइन। यदि तँलाई शैतानले कसरी काम गर्दछ र दुष्टात्माहरूले काम गर्ने सबै तरिकाहरूको बारेमा मात्र थाहा छ, तर परमेश्वरको बारेमा कुनै पनि प्रकारको ज्ञान छैन भने, त्यसको के अर्थ हुन्छ र? के आज तैँले विश्वास गर्ने भनेको परमेश्वरलाई होइन र? तेरो ज्ञानमा यी सकारात्मक कुराहरू किन सामेल छैनन्? तैँले प्रवेशको सकारात्मक पक्षमा ध्यान दिँदैनस्, न त तैँले त्यसलाई बुझ्छस्, त्यसोभए तँ आफ्नो विश्वासमा के प्राप्त गर्न चाहन्छस्? के तैँले कसरी खोजी गर्नुपर्छ भनी जान्दैनस्? तैँले नकारात्मक पक्षहरूको बारेमा धेरै जान्दछस्, तर प्रवेशको सकारात्मक पक्षको बारेमा तँलाई केही पनि थाहा छैन, त्यसरी तेरो कद कसरी बढ्न सक्छ? शैतानसित लडाइँको बारेमा मात्र कुरा गर्ने तँजस्तो व्यक्तिका निम्ति भविष्यमा कस्तो सम्भावनाहरू हुन सक्छ? के तेरो प्रवेश अति पुरानो हुनेछैन र? तैँले अहिले यस्तो काम गरेर के प्राप्त गर्न सक्नेछस्? अहिले तैँले बुझ्नुपर्ने मुख्य कुरा भनेका परमेश्वरले अहिले के गर्न चाहनुहुन्छ, मानिसले कसरी सहयोग गर्नुपर्दछ, तिनीहरूले परमेश्वरलाई कसरी प्रेम गर्नुपर्दछ, तिनीहरूले पवित्र आत्माको कामलाई कसरी बुझ्नुपर्छ, आज परमेश्वरले भन्नुहुने सबै वचनहरूमा तिनीहरू कसरी प्रवेश गर्नुपर्दछ, तिनीहरूले ती कसरी खानु, पिउनु, अनुभव गर्नु र बुझ्नुपर्छ, तिनीहरूले परमेश्वरको इच्छालाई कसरी पूरा गर्नुपर्छ, कसरी परमेश्वरद्‌वारा पूर्ण रूपमा विजय गरिनुपर्छ र परमेश्वरको अगि समर्पित हुनुपर्छ आदि हुन्...। तैँले ध्यान केन्द्रित गर्नुपर्ने र तँ अहिले प्रवेश गर्नुपर्ने कुराहरू यिनै हुन्। के तैँले बुझिस्? अरू मानिसहरूको बारेमा असल-खराब छुट्याउने क्षमतामा मात्रै ध्यान केन्द्रित गर्दा के फाइदा हुन्छ? तँ यहाँ शैतानलाई चिन्न सक्छस्, त्यहाँ दुष्टात्माहरूलाई चिन्न सक्छस्–तैँले दुष्टात्माहरूको बारेमा पूर्ण ज्ञान पाउन सक्छस्, तर यदि तैँले परमेश्वरको कामको बारेमा केही पनि भन्न सक्दैनस् भने, के यस्तो समझशक्ति परमेश्वर सम्बन्धी ज्ञानको विकल्प हुन सक्छ? मैले पहिले नै दुष्टात्माको कामका अभिव्यक्तिहरूको बारेमा सङ्गति गरिसकेको छु, तर यो त्यसको मुख्य भाग होइन। अवश्य मानिसहरूमा केही समझशक्ति हुनुपर्दछ र यो परमेश्वरको सेवा गर्नेहरूमा हुनुपर्ने कुरा हो, यसैले कि तिनीहरू मूर्खतापूर्ण कामहरू गर्न र परमेश्वरको काममा बाधा दिनबाट जोगिऊन्। तापनि, सबैभन्दा महत्त्वपूर्ण कुरा भनेको परमेश्वरको कामको ज्ञान हुनु र परमेश्वरको इच्छालाई बुझ्नु हो।

तँभित्र परमेश्‍वरको कार्यको यस चरणको के ज्ञान छ? के तँ परमेश्‍वरले के काम गर्नुहुन्छ, परमेश्‍वरको इच्छा के हो, तेरा आफ्नै कमी-कमजोरीहरू के हुन् र तैँले आफूलाई के कुराले सुसज्जित पार्नुपर्छ भन्‍ने विषयमा कुरा गर्न सक्छस्? के तैँले तेरो सबैभन्दा नयाँ प्रवेश के हो सो भन्‍न सक्छस्? तैँले फल कटनी गर्न र नयाँ प्रवेशको बारेमा बुझाइ प्राप्‍त गर्न सक्नुपर्छ। भ्रममा परेको बहाना नगर्; आफ्नो अनुभव र ज्ञानलाई गहिरो बनाउन तैँले नयाँ प्रवेशमा धेरै कोसिस गर्नुपर्छ, र अझ बढी तैँले नयाँ-नयाँ प्रवेशहरूको र अनुभवहरूको अति नै सही तरिकाको ज्ञान प्राप्‍त गर्नुपर्छ। यति मात्र होइन, नयाँ काम र नयाँ प्रवेशहरूमार्फत, तैँले तेरो अघिल्लो पुरानो र विचलन भएका अभ्यासहरूको सम्बन्धमा समझशक्ति पाएको हुनुपर्छ, र नयाँ अनुभवहरूमा प्रवेश गर्नका लागि तिनलाई कसरी फाल्ने सो कुराको खोजी गर्नुपर्छ। तैँले तुरुन्तै बुझ्नुपर्ने र प्रवेश गर्नुपर्ने कुराहरू यिनै हुन्। तैँले पुरानो र नयाँ प्रवेशहरू बीचको भिन्‍नता र सम्बन्धलाई बुझ्नुपर्छ। यदि तैँले यी कुराहरू बुझेको छैनस् भने, तेरो निम्ति प्रगति गर्ने कुनै उपाय हुनेछैन, किनकि तैँले पवित्र आत्माको कामको गतिलाई पछ्याउन सक्नेछैनस्। तैँले सामान्य रूपमा परमेश्‍वरको वचन खाने र पिउने गर्न सक्नुपर्छ र सामान्य सङ्गति गर्न सक्नुपर्छ अनि तेरो पहिलेको पुरानो अभ्यास र तेरो परम्परागत धारणा बदल्न तिनको प्रयोग गर्नुपर्छ, ताकि तँ नयाँ अभ्यासमा प्रवेश गर्न सक् र परमेश्‍वरको नयाँ काममा प्रवेश गर्न सक्। तैँले हासिल गर्नुपर्ने कुराहरू यिनै हुन्। मैले तँलाई तँ सही रूपमा कस्तो छस् त्यो मात्र पत्ता लाउन लगाइरहेको छैनँ; लक्ष्य यो होइन। बरु म तँलाई सत्यता सम्बन्धी तेरो अभ्यास र जीवन प्रवेश सम्बन्धी तेरो बुझाइलाई गम्भीरतासाथ ली भनेर मात्र भनिरहेको छु। तैँले आफैलाई चिन्‍ने क्षमताले तेरो वास्तविक कदको प्रतिनिधित्व गर्दैन। यदि तँ परमेश्‍वरको कामको अनुभव गर्न सक्छस् भने, परमेश्‍वरको वचनको सत्यताको अनुभव गर्न र बुझ्ने क्षमता छ, र तेरो पहिलेका व्यक्तिगत धारणा र गल्तीहरू बुझ्न सक्छस् भने, त्यही नै तेरो वास्तविक कद हो र यो तिमीहरू सबैले हासिल गर्नुपर्ने कुरा हो।

धेरै परिस्थितिहरूमा कसरी अभ्यास गर्ने भन्‍ने तिमीहरूलाई थाहा हुँदैन, र पवित्र आत्माले कसरी काम गर्नुहुन्छ भन्‍ने कुरा त तिमीहरूलाई झनै कम थाहा हुन्छ। कहिलेकहीँ तैँले यस्तो काम गर्छस् जुन स्पष्‍ट रूपमा पवित्र आत्माप्रतिको अनाज्ञाकारिता हुन्छ। परमेश्‍वरका वचनहरू खाएकोले र पिएकोले, तँमा यस विषयको सिद्धान्तको ज्ञान पहिले नै छ, त्यसैले तँभित्र दोष र अशान्तिको अनुभूति छ; निश्‍चय यो त्यस्तो भावना हो, जुन कसैले पनि केही सत्य जानेपछि महसुस गर्दछ। यदि मानिसहरूले परमेश्‍वरको आजको वचनअनुसार सहकार्य वा अभ्यास गर्दैनन् भने, उनीहरूले पवित्र आत्माको काममा बाधा पुर्‍याइरहेका हुन्छन्, र उनीहरूले निश्‍चय नै आफूभित्र असन्तुष्‍टि महसुस गर्छन्। भनौं, तैँले कुनै विशेष कुराको सिद्धान्त बुझ्छस्, तर तैँले त्यस अनुसार अभ्यास गर्दैनस् भने, तैँले मनभित्र निन्दाको भावना भोग्छस्। यदि तैँले सिद्धान्त बुझ्दैनस् र सत्यको यस पक्षलाई पटक्कै जान्दैनस् भने, तैँले यस कुरामा निन्दाको अनुभूति महसुस गर्नेछस् भन्‍नेछैन। पवित्र आत्माको निन्दा सधैँ प्रसंग अनुसार हुन्छ। तैँले प्रार्थना गरेका छैनस् र पवित्र आत्माको काममा सहकार्य गरेको छैनस् यसैले तैँले त्यो काममा ढिलाइ गरिस् भन्‍ने तँलाई लाग्छ। वास्तवमा, यसलाई ढिलाइ गर्न सकिँदैन। पवित्र आत्माले अरू कसैलाई प्रभावित गर्नुहुनेछ; पवित्र

आत्माको कामलाई कसैले पनि बन्धनमा पार्न सक्दैन। तैँले परमेश्वरलाई निराश पारेको छस् भन्ने लाग्छ, र यो तेरो विवेकमा हुनुपर्ने अनुभूति हो। तैँले सत्यता प्राप्त गर्न सक्छस् कि सक्दैनस् त्यो तेरो आफ्नै सरोकारको कुरा हो र त्यो परमेश्वरसित सम्बन्धित छैन। कहिलेकहीँ तेरो आफ्नै विवेकले तँलाई दोषी महसुस गराउँछ, तर यो पवित्र आत्माबाट आएको ज्ञान वा प्रकाश होइन, न त यो पवित्र आत्माले गर्नुभएको निन्दा नै हो। बरु यो मानव विवेकभित्रको भावना हो। यदि तँ परमेश्वरको नाउँ, परमेश्वरको गवाही वा परमेश्वरको कामसँग सम्बन्धित मामिलामा अनुचित प्रकारले काम गर्छस् भने, परमेश्वरले तँलाई त्यतिकै छोड्नुहुनेछैन। तर एउटा सीमा छ—परमेश्वरले तँसँग सामान्य, स-साना कुराहरूमा झमेला लिनुहुनेछैन। उहाँले तँलाई बेवास्ता गर्नुहुनेछ। यदि तैँले सिद्धान्तहरू उल्लङ्घन गर्छस्, र तैंले परमेश्वरको कामलाई बाधा दिँदै समस्यामा पार्छस् भने, उहाँले आफ्नो क्रोध तँमाथि प्रकट खन्याउनुहुनेछ र तँलाई बिलकुल छोड्नुहुनेछैन। तैंले गर्ने केही गल्तीहरू मानव जीवनको क्रममा अपरिहार्य रूपमा हुने गल्तीहरू हुन्। उदाहरणका लागि, तँ आफ्नो रोटी ठीकसँग बफाउँदैनस् र त्यो परमेश्वरले तँलाई अनुशासनको कारबाही गर्नुभएको हो भन्छस्—यो भन्नु पूरै अतर्कशील कुरा हो। तैंले परमेश्वरमा विश्वास गर्नु अघि, के यस प्रकारको घटना प्रायजसो हुँदैन थियो र? तँलाई त्यो पवित्र आत्माले गर्नुभएको अनुशासनको कारबाही हो जस्तो लाग्छ, तर वास्तवमा कुरा त्यस्तो होइन (केही विशेष परिस्थितिहरू बाहेक), किनकि यो काम पूर्णतया पवित्र आत्माबाट आएको हुँदैन, बरु मानवीय भावनाहरूबाट आएको हुन्छ। तापनि, विश्वास गर्ने मानिसहरूले यस्तो प्रकारले सोच्नु सामान्य कुरा हो। तैंले परमेश्वरमा विश्वास नगरेको समयमा यस्तो विचार गर्नेथिइनस्। तैंले परमेश्वरमा विश्वास गरेपछि, तैंले यी कुराहरूबारे सोचविचार गर्दै समय बिताउन थालिस्, त्यसैले तैंले स्वभाविक रूपमा यस्तो प्रकारले सोच्न थालेको हुन्छस्। यो सामान्य मानिसको सोचबाट उत्पन्न हुन्छ र उनीहरूको मानसिकतासँग सम्बन्धित हुन्छ। तर म तँलाई बताउँछु, त्यस्तो सोच पवित्र आत्माको कामको दायराभित्र पर्दैन। यो पवित्र आत्माले मानिसहरूलाई तिनीहरूको विचारद्वारा दिनुहुने सामान्य प्रतिक्रियाको एउटा उदाहरण हो; तर तैंले यो बुझ्नुपर्छ कि यो प्रतिक्रिया पवित्र आत्माको काम होइन। यस प्रकारको "ज्ञान" छ भन्दैमा, त्यसले तँमा पवित्र आत्माको काम छ भन्ने कुराको प्रमाण दिँदैन। तेरो ज्ञान पवित्र आत्माको ज्ञानबाट उत्पन्न हुँदैन, यो पवित्र आत्माको काम हुने त कुरै भएन। यो केवल सामान्य मानवीय सोचको उपज हो र पवित्र आत्माको अन्तर्दृष्टि वा प्रकाशसँग यसको कुनै सम्बन्ध हुँदैन—यी पूर्ण रूपले भिन्नाभिन्नै घटनाहरू हुन्। त्यस्ता सामान्य मानव विचारहरू पूर्ण रूपमा पवित्र आत्माबाट आउँदैनन्। जब पवित्र आत्माले मानिसहरूलाई अन्तर्दृष्टि दिनका निम्ति काम गर्नुहुन्छ, तब उहाँले सामान्यतया तिनीहरूलाई परमेश्वरको कामको ज्ञान र तिनीहरूको वास्तविक प्रवेश र वास्तविक अवस्थाको ज्ञान दिनुहुन्छ। उहाँले तिनीहरूलाई परमेश्वरका जरुरी अभिप्रायहरू र आज मानिसका लागि उहाँका मागहरू बुझ्ने पनि तुल्याउनुहुन्छ, यसैले तिनीहरूमा परमेश्वरलाई सन्तुष्ट पार्न, सतावट र विपत्तिको सामना गर्नु पर्दा समेत परमेश्वरलाई प्रेम गर्न, र रगत बगाउन वा आफ्नो प्राणसमेत अर्पण गर्न परे पनि परमेश्वरका निम्ति खडा हुनलाई आफ्ना सबै कुरा त्याग्ने संकल्प गर्न सकून् र कुनै पछितो नगरी त्यसो गर्न सकून्। यदि तँसँग यस प्रकारको संकल्प छ

भने, त्यसको अर्थ तँमा पवित्र आत्माको उत्साह र काम छ भन्ने हुन्छ—तर यो जान् कि बितेर जाने हरेक क्षणमा तँसित यस्तो उत्साह हुँदैन। कहिलेकहीँ सेवाहरूमा जब तँ प्रार्थना गर्छस् र परमेश्‍वरका वचनहरू खान्छस् र पिउँछस्, तब तैँले आफ्नो हृदय छोएको र प्रेरणा पाएको महसुस गर्छस्। जब सङ्गतिमा हुने अरू कसैले आफ्नो अनुभव र परमेश्‍वरको वचनको बुझाइबारे बताउँछन् त्यस बेला तँलाई अति नयाँ र ताजा महसुस हुन्छ र तेरो हृदय पूर्ण सफा र उज्यालो हुन्छ। यो सबै पवित्र आत्माको काम हो। यदि तँ एक अगुवा होस् र तँ मण्डलीमा काम गर्न जाँदा, पवित्र आत्माले तँलाई असाधारण ज्ञान र प्रकाश दिनुहुन्छ, मण्डलीभित्र रहेका समस्याहरूको बारेमा अन्तर्ज्ञान दिनुहुन्छ, र तिनलाई समाधान गर्ने सत्यतामा सङ्गति कसरी बाँढ्‍ने त्यो जान्‍न दिनुहुन्छ, तँलाई आफ्नो काममा अविश्‍वसनीय रूपमा जोशिलो, जिम्मेवार र गम्भीर बनाउनुहुन्छ भने, यी सबै पवित्र आत्माको काम हो।

# अभ्यास (२)

बितेको समयमा, मानिसहरूले परमेश्‍वरसँग रहन र हरेक क्षणमा आत्मामा जिउनको लागि आफैलाई तालिम दिन्थे। आजको अभ्यासको तुलनामा, यो आत्मिक तालिमको एउटा साधारण रूप हो; यो मानिसहरू जीवनको सही मार्गमा प्रवेश गर्नुअघि तिनीहरूले गर्नुपर्ने अभ्यासको सबैभन्दा सतही र सरल विधि हो, र यो मानिसहरूको विश्‍वासको अभ्यासको सबैभन्दा पहिलो चरण हो। यदि मानिसहरू सधैँ आफ्नो जीवनमा यस किसिमको अभ्यासमा भर पर्दछन् भने, तिनीहरूसँग धेरै भावनाहरू हुनेछन्, र तिनीहरूले गल्तीहरू पनि गर्न सक्नेछन्, र तिनीहरू वास्तविक जीवनमा प्रवेश गर्न असमर्थ हुनेछन्; तिनीहरूले आफ्नो आत्मालाई तालिम दिन, आफ्नो हृदयमा सामान्य रूपमा परमेश्‍वरको नजिक जान मात्र सक्नेछन्, र तिनीहरूले परमेश्‍वर आफूसँग भएकोमा सधैँ ठूलो आनन्द पाउनेछन्। तिनीहरूले आफैलाई परमेश्‍वरसँगको एकताको सानो क्षेत्रमा सीमित राख्नेछन्, र कुनै पनि अत्यन्तै गहन कुरालाई पहुँच गर्न सक्नेछैनन्। यस्ता सीमाहरूभित्र जिउने मानिसहरूले कुनै ठूलो प्रगति गर्न सक्दैनन्। कुनै पनि समयमा, तिनीहरू यसो भन्दै चिच्याउन सक्छन्, “अहो! प्रभु येशू! आमेन!” तिनीहरू लगभग हरेक दिन नै यस्तै हुन्छन्—यो विगतको समयको अभ्यास हो, हरेक क्षण आत्मामा जिउने कार्यको अभ्यास। यो अभद्र कार्य होइन र? आज, जब परमेश्‍वरका वचनहरू चिन्तन गर्ने समय हुन्छ, केवल परमेश्‍वरका वचनहरूमा चिन्तन गर्नुमा ध्यान देओ; जब सत्यलाई अभ्यास गर्ने समय आउँछ, सत्यलाई अभ्यास गर्ने कुरामा ध्यान देओ; जब तेरो कर्तव्य पूरा गर्ने समय हुन्छ, केवल तेरो कर्तव्य पूरा गर्। यस प्रकारको अभ्यास वास्तवमा एकदम स्वतन्त्रता दिने किसिमको हुन्छ; यसले तँलाई मुक्त गर्छ। यो बूढो धार्मिक मानिसहरूले प्रार्थना गरेका र अनुग्रहको शब्द बोलेको जस्तो होइन। अवश्य नै, पहिले यो विश्‍वासका मानिसहरूका अभ्यासहरू थिए, तर अब यस तरिकाले अभ्यास गर्नु अत्यन्तै पछौटेपन हो। अहिले परमेश्‍वरको काम उच्च स्तरमा छ; आज बताइने, अर्थात्, “परमेश्‍वरलाई वास्तविक जीवनमा ल्याउनु” भन्ने वाक्य अभ्यासको सबैभन्दा महत्त्वपूर्ण पक्ष हो। मानिसहरूको वास्तविक जीवनमा हुनुपर्ने सामान्य

मानवता यही हो, र मानिसहरूको सामान्य मानवतामा हुनुपर्ने कुरा भनेको परमेश्‍वरले आज बोल्नुहुने सबै वचनहरू हुन्। परमेश्‍वरका यी वचनहरूलाई वास्तविक जीवनमा ल्याउनु नै "परमेश्‍वरलाई वास्तविक जीवनमा ल्याउनु" भन्‍ने वाक्यको व्यावहारिक अर्थ हो। आज, मानिसहरूले मुख्यतया निम्न कुराद्वारा आफूलाई सुसज्जित गर्नुपर्छ: एउटा सन्दर्भमा, तिनीहरूले आफ्नो क्षमता सुधार गर्नुपर्दछ, शिक्षित हुनुपर्दछ, र उनीहरूको पढ्ने र बुझ्ने क्षमतामा सुधार गर्नुपर्छ; अर्कोमा, तिनीहरूले सामान्य मानिसको जीवन बिताउनुपर्छ। तँ भर्खरै संसारबाट परमेश्‍वरको सामु आएको छस्; तैंले पहिले आफ्नो हृदयलाई परमेश्‍वरको अगाडि शान्त हुन तालिम दिनुपर्छ। अभ्यासको सबैभन्दा पहिलो सुरुआत यही हो, र यो तेरो जीवनको स्वभाव परिवर्तनको पहिलो कदम पनि हो। कतिपय मानिसहरू आफ्ना अभ्यासमा तुलनात्मक रूपमा अनुकूल हुन सक्छन्; तिनीहरूले काम गर्दै गर्दा नै वास्तविकतामा बुझ्नुपर्ने सत्यताहरू र अभ्यासका सिद्धान्तहरूलाई पत्ता लगाउँदै सत्यको बारेमा सोच्छन्। एउटा पक्ष के हो भने, तँसँग सामान्य मानव जीवन हुनुपर्दछ, र अर्को कुरा भनेको सत्यतामा प्रवेश हुनैपर्छ। यी सबै कुराहरूले वास्तविक जीवनको लागि उत्तम अभ्यासको निर्माण गर्छन्।

परमेश्‍वरलाई मानिसहरूको वास्तविक जीवनमा ल्याउनका लागि मुख्यतया तिनीहरूले परमेश्‍वरको आराधना गर्नुपर्छ, परमेश्‍वरलाई चिन्‍ने प्रयास गर्नुपर्दछ, र सामान्य मानवतामा रहेर परमेश्‍वरको सृष्टिको रूपमा रहेको कर्तव्य पूरा गर्नुपर्दछ। यो गर्नु भनेको तिनीहरूले हरेक पल्ट कुनै काम गर्दा परमेश्‍वरसँग प्रार्थना गर्नुपर्छ, तिनीहरूले प्रार्थना गरेनन् भने त्यो ठीक होइन र तिनीहरूले उहाँप्रति ऋणी महसुस गर्नुपर्दछ भन्‍ने होइन। आजको अभ्यास त्यस्तो छैन; यो वास्तवमै खुकुलो र सरल छ! यसका लागि मानिसहरूले सिद्धान्तहरू पालन गर्नु आवश्यक पर्दैन। बरु, प्रत्येक व्यक्तिले तिनीहरूको आफ्नो व्यक्तिगत कदअनुसार काम गर्नुपर्छ: यदि तेरो परिवारका सदस्यहरूले परमेश्‍वरमा विश्‍वास गर्दैनन् भने, तिनीहरूलाई अविश्‍वासीको रूपमा व्यवहार गर्, र यदि तिनीहरू विश्‍वास गर्छन् भने, उनीहरूलाई विश्‍वासीको रूपमा व्यवहार गर्। प्रेम र धैर्यको प्रयोग नगर्, बरु बुद्धिको प्रयोग गर्। केही मानिसहरू तरकारी किन्‍न बाहिर जान्छन् र हिँड्दै गर्दा तिनीहरू यसो भन्दै गुनगुनाउँछन्: "हे परमेश्‍वर! तपाईं आज मैले कुन-कुन सब्जीहरू खरीद गरेको चाहनुहुन्छ? म तपाईंको सहायता माग्छु। हामीले सबै कुरामा उहाँको नाउँको महिमा गर्नुपर्छ र हामी सबैले उहाँको गवाही दिनुपर्छ भनी परमेश्‍वरले माग गर्नुहुन्छ, त्यसैले यदि विक्रेताले मलाई सडेको सब्जी दिए पनि म परमेश्‍वरलाई धन्यवाद दिनेछु—म सहनेछु। हामी परमेश्‍वरमा विश्‍वास गर्ने मानिसहरूले तरकारीहरू छनौट गरेर लिन सक्दैनौं।" यसो गर्नु भनेको गवाही दिनु हो भन्‍ने तिनीहरूलाई लाग्छ, र यसको फलस्वरूप तिनीहरूले सडेका सब्जीहरू किन्‍न पैसा खर्च गर्छन्, तर तिनीहरू अझै प्रार्थना गर्दै यसो भन्छन्: "हे परमेश्‍वर! तपाईंलाई स्वीकार्य छ भने म यी सडेका तरकारीहरू खानेछु।" के त्यस्तो अभ्यास हास्यास्पद छैन र? के यो कुनै सिद्धान्त अनुसरण गर्नु होइन र? यसभन्दा पहिले, मानिसहरू हरेक क्षण आत्मामा जिउन तालिम लिन्थे—यो पहिले अनुग्रहको युगमा गरिने गरिएको कामसँग सम्बन्धित छ। भक्ति, नम्रता, प्रेम, धैर्य, सबै कुराहरूका लागि धन्यवाद दिनु—यी सब अनुग्रहको युगमा प्रत्येक विश्‍वासीबाट माग गरिएको कुरा थियो।

त्यस बेला, मानिसहरूले परमेश्‍वरसँग सबै कुराको निम्ति प्रार्थना गर्थे; तिनीहरूले लुगा किन्दा प्रार्थना गर्थे र भेला हुने बारेमा सूचना पाउँदा पनि, उनीहरूले यसरी प्रार्थना गर्थे: "हे परमेश्‍वर! तपाईं म गएको चाहनुहुन्छ कि चाहनुहुन्‍न? यदि तपाईं म गएको चाहनुहुन्छ भने, मेरो लागि एक सहज मार्ग तयार गर्नुहोस्। यदि तपाईं म नगएको चाहनुहुन्छ भने मलाई अल्झाएर लडाउनुहोस्।" तिनीहरूले प्रार्थना गर्दा परमेश्‍वरलाई बिन्ती गर्थे, र प्रार्थनापछि तिनीहरूले असहज महसुस गर्थे र जाँदैनथिए। केही दिदी-बहिनीहरू भेलाहरूबाट घर फर्कंदा आफ्ना अविश्‍वासी पतिहरूले कुटपिट गर्लान् भनी डराएको कारण प्रार्थना गर्दा असहज महसुस गर्थे र भेलाहरूमा जाँदैनथे। तिनीहरू त्यो परमेश्‍वरको इच्छा हो भनी विश्‍वास गर्थे, वास्तवमा, तिनीहरू गएकै भए पनि केही हुने थिएन। परिणाम स्वरूप तिनीहरूले त्यो भेला छुटाउँथे। यी सबै कुरा मानिसहरूको अज्ञानताको परिणाम थियो। यस्तो अभ्यास गर्ने मानिसहरू तिनीहरूका आफ्नै भावनाहरूद्वारा जिउँछन्। अभ्यास गर्ने यो तरिका अति त्रुटिपूर्ण र हास्यास्पद छ र अस्पष्टताले रङ्गिएको छ। यसमा तिनीहरूका आफ्नै व्यक्तिगत भावना र विचारहरू धेरै छन्। यदि तँलाई भेला हुने बारेमा बताइन्छ भने जा; त्यसका निम्ति परमेश्‍वरसित प्रार्थना गर्नु आवश्यक छैन। के यो सरल छैन र? यदि तैँले आज कुनै वस्त्र किन्नुपर्छ भने, तुरुन्तै गएर किन्। परमेश्‍वरलाई प्रार्थना गर्दै यसो नभन्: "हे परमेश्‍वर! तपाईं म गएको चाहनुहुन्छ कि चाहनुहुन्‍न? म गएपछि कुनै दाजुभाइ र दिदीबहिनी आए भने के होला?" कुनै दाजुभाइ वा दिदीबहिनी आउला भनी तँ डराउँछस्, तर परिणाम यो हुन्छ कि साँझ परिसक्दा पनि कोही आउँदैन। अनुग्रहको युगमा पनि, अभ्यास गर्ने यो तरिका अव्यावहारिक र गलत थियो। यसैले, यदि मानिसहरूले बितेको समयमा जस्तै अभ्यास गर्छन् भने, तिनीहरूको जीवनमा कुनै परिवर्तन हुनेछैन। तिनीहरूले अज्ञानतामा जे आउँछ त्यो सहनेछन्, समझशक्तिलाई ध्यान दिनेछैनन्, र अन्धाधुन्ध आज्ञापालन गर्ने र सहने बाहेक अरू केही गर्नेछैनन्। त्यसबेला, मानिसहरूले परमेश्‍वरको महिमा गर्ने कुरामा ध्यान केन्द्रित गर्थे, तर परमेश्‍वरले तिनीहरूबाट कुनै महिमा प्राप्त गर्नुहुन्‍नथियो, किनभने तिनीहरू व्यावहारिक जीवन बिताउँदैनथे। तिनीहरूले आफ्नो व्यक्तिगत धारणाअनुसार आफैलाई बन्धनमा राखे र सीमित बनाए, अनि धेरै वर्षको अभ्यासले पनि उनीहरूको जीवनमा कुनै परिवर्तन ल्याएन। तिनीहरूले केवल सहन, नम्र हुन, प्रेम गर्न र क्षमा गर्न मात्र जान्दथे, तर तिनीहरूमा पवित्र आत्माबाट पाइने अति थोरै ज्ञानको पनि अभाव थियो। त्यस्तो प्रकारले मानिसहरूले कसरी परमेश्‍वरलाई चिन्‍न सक्थे? र तिनीहरूले सम्भवतः कसरी परमेश्‍वरको महिमा गर्न सक्थे?

यदि मानिसहरूले परमेश्‍वरलाई आफ्नो वास्तविक जीवनमा, र तिनीहरूका सामान्य मानव जीवनमा ल्याउँछन् भने मात्र तिनीहरू परमेश्‍वरमाथिको विश्‍वासको सही मार्गमा प्रवेश गर्न सक्दछन्। परमेश्‍वरका वचनहरूले नै आज तिमीहरूलाई डोर्‍याउँछ; विगतको समयमा जस्तो खोज्नु र छामछाम-छुमछुम गर्नु कुनै आवश्यक छैन। जब तैँले परमेश्‍वरका वचनहरू बमोजिम अभ्यास गर्न सक्छस्, र आफैलाई मानवीय स्थितिहरू बमोजिम जाँच्न र नाप्न सक्छस्, तब तैँले परिवर्तन हासिल गर्न सक्नेछस्। यो कुनै धर्मसिद्धान्त होइन, तर परमेश्‍वरले मानिसबाट जे चाहनुहुन्छ त्यो हो। आज, म तँलाई अवस्थाहरू कस्ता छन् सो बताउँछु: तैँले मेरा वचनहरू अनुसार कार्य गर्नमा

मात्र ध्यान दे। तँलाई मैले गरेका मेरा मागहरू एक सामान्य मानिसका आवश्यकताहरूमा आधारित छन्। मैले तँलाई पहिले नै मेरा वचनहरू भनिसकेको छु; जबसम्म तैँले ती अभ्यास गर्ने कुरामा ध्यान दिन्छस्, तँ परमेश्वरको अभिप्रायहरूसँग अनुरूप हुनेछस्। परमेश्वरका वचनहरूभित्र जिउने समय अहिले नै हो। परमेश्वरका वचनहरूले सबै कुराको वर्णन गरेका छन्, सबै कुरा स्पष्ट पारिएको छ, र जबसम्म तँ परमेश्वरका वचनहरू अनुसार जिउँछस्, तब तैँले पूर्ण रूपमा स्वतन्त्र र मुक्त जीवन जिउनेछस्। विगतमा, जब मानिसहरूले परमेश्वरलाई उनीहरूको वास्तविक जीवनमा ल्याउँथे, तिनीहरूले अति धेरै सिद्धान्त र विधिविधानको अभ्यास गरे, र त्यसबाट गुज्रेर गए; यहाँसम्म कि स-साना मामिलाहरूमा पनि उनीहरू प्रार्थना गर्थे र खोजी गर्थे, यस क्रममा स्पष्टसँग बताइएका परमेश्वरका वचनहरूलाई पन्साउथे र ती पढ्न बेवास्ता गर्थे। यसको साटो, तिनीहरूले आफ्नो सम्पूर्ण समय खोजी कार्यमा लगाउँथे–फलस्वरूप कुनै परिणाम प्राप्त हुँदैनथ्यो। उदाहरणको लागि, भोजन र लुगाफाटोका विषयहरूलाई लिऊँ: परमेश्वरले तेरा लागि सबै कुरा मिलाइदिनुभएको होस् भन्दै तँ प्रार्थना गर्छस् र यी विषयहरूलाई परमेश्वरको हातमा राख्छस्। जब परमेश्वरले यी शब्दहरू सुन्नुहुन्छ, उहाँले भन्नुहुनेछ: “के मैले आफैलाई यस्ता तुच्छ कुराहरूमा संलग्न गर्नु आवश्यक छ? मैले तेरा लागि सृष्टि गरेको सामान्य मानवता र तर्क-शक्ति कहाँ गयो?” कहिलेकहीँ, कसैले उनीहरूको कार्यहरूमा गल्ती गर्दछन्; त्यसपछि तिनीहरू आफूले परमेश्वरलाई अप्रसन्न पारेका छन् भनी विश्वास गर्छन् र सङ्कोची बन्छन्। कतिपय मानिसका स्थिति धेरै राम्रो हुन्छ, तर जब उनीहरूले कुनै स-साना कामहरू गलत तरिकाले गर्छन्, तिनीहरू परमेश्वरले तिनीहरूलाई सजाय दिइरहनुभएको छ भन्ने विश्वास गर्छन्। वास्तवमा, यो परमेश्वरले गर्नुभएको काम हुँदैन, तर मानिसहरूका आफ्नै मनको प्रभाव हो। कहिलेकहीँ, तैँले कसरी अनुभव गरिरहेको कुरामा केही गलत हुँदैन, तर अरूले चाहिँ तैँले सही प्रकारले अनुभव गरिरहेको छैनस् भनी भन्छन्, र त्यसैले तँ पासोमा पर्छस्–तँ आन्तरिक रूपमा नकारात्मक बन्छस्, र अन्धकारमा हुन्छस्। धेरै चोटि, जब मानिसहरू यस प्रकारले नकारात्मक हुन्छन्, तिनीहरूलाई परमेश्वरले सजाय दिइरहनुभएको छ भन्ने लाग्छ, तर परमेश्वर भन्नुहुन्छ: “मैले तँलाई सजाय दिने कुनै काम गरेको छैनँ; तैँले कसरी मलाई त्यसरी दोष दिन सक्छस्?” मानिसहरू सजिलै नकारात्मक बन्छन्। तिनीहरू बारम्बार अति संवेदनशील पनि बन्छन् र प्रायजसो परमेश्वरको विषयमा गुनासो गर्दछन्। तैँले त्यस्तो प्रकारले कष्ट भोगेको परमेश्वर चाहनुहुन्न, तैपनि तैँले आफैलाई त्यो स्थितिमा पर्न दिन्छस्। त्यस प्रकारको दु:ख भोगाइको कुनै मूल्य हुँदैन। मानिसहरूलाई परमेश्वरले गर्नुभएका कामहरूको बारेमा थाहा छैन, र धेरै कुराहरूमा तिनीहरू अनजान हुन्छन् र स्पष्टसँग बुझ्न असमर्थ छन्, त्यसैले तिनीहरू आफ्नै धारणा र कल्पनाहरूमा फस्न थाल्छन्, झन्-झन् गहन रूपमा फस्दै जान्छन्। कतिपय मानिसहरू भन्छन्, कि सबै थोक र विषय परमेश्वरको हातमा छन्–त्यसकारण के मानिसहरू नकारात्मक हुँदा परमेश्वरलाई थाहा हुँदैन र? अवश्य परमेश्वरलाई थाहा हुन्छ। जब तँ मानव धारणामा फस्छस्, तब पवित्र आत्माले तँमा काम गर्ने कुनै उपाय हुँदैन। धेरै चोटि कतिपय मानिसहरू नकारात्मक अवस्थामा फस्छन्, तर म अझै पनि मेरो कामलाई जारी राख्छु। तँ नकारात्मक भए पनि सकारात्मक भए पनि, म तँद्वारा करमा पर्दिनँ–तर मैले बोल्ने धेरै वचनहरू

र मैले गर्ने धेरै काम मानिसहरूको अवस्थाअनुसार एक-अर्कासँग घनिष्ठ रूपमा सम्बन्धित छन्। जब तँ नकारात्मक हुन्छस्, यसले पवित्र आत्माको काममा बाधा दिँदैन। सजाय र मृत्युको परीक्षाको समयमा, मानिसहरू सबै एक नकारात्मक अवस्थामा फसेका थिए, तर त्यसले मेरो काममा बाधा पुऱ्याएन। जब तँ नकारात्मक थिइस्, पवित्र आत्माले अरूमा गर्नुपर्ने काम गरिरहनुभयो। तैँले एक महिनाको लागि पछि लाग्न छोड्न सक्छस्, तर म काम गरिरहन्छु—तैँले वर्तमान वा भविष्यमा जे गरे पनि, यसले पवित्र आत्माको काम रोक्न सक्दैन। कतिपय नकरात्मक स्थितिहरू मानिसको कमजोरीबाट आउँछन्; जब मानिसहरूले साँच्चै परमेश्वरका आवश्यकताहरू पूरा गर्न वा तिनलाई बुझ्न सक्दैनौं भन्ने ठान्छन्, तब तिनीहरू नकारात्मक बन्छन्। उदाहरणको लागि, सजायको समयमा, परमेश्वरका वचनहरूले सजायको बीचमा पनि केही हदसम्म परमेश्वरलाई प्रेम गर्ने कुरा बताएको छ, तर मानिसहरूले आफूलाई असक्षम ठाने। तिनीहरूको देहलाई शैतानले अति धेरै गहन रूपले भ्रष्ट पारेकोमा र तिनीहरूका क्षमता अति कमजोर भएकोमा तिनीहरूले विशेष गरी शोक गरे र विलाप गरे। तिनीहरूले आफू त्यस्तो वातावरणमा जन्मेकोमा अति दुःखी महसुस गरे। र कतिपय मानिसहरूलाई आफूले परमेश्वरमा विश्वास गर्न र परमेश्वरलाई चिन्नको लागि धेरै ढिलो भएको छ, र तिनीहरू सिद्ध बनाइन अयोग्य छन् भन्ने महसुस गरे। यी सबै सामान्य मानव अवस्थाहरू हुन्।

मानिसको देह शैतानको हो, यो विद्रोही स्वभावले भरिएको छ, यो निकै दुःखलाग्दो किसिमको फोहोर छ, र यो अशुद्ध कुरा हो। मानिसहरू देहको मनोरञ्जनको अति नै लोभ गर्दछन् र देहका प्रकटीकरणहरू धेरै छन्; यसैकारण परमेश्वरले मानिसको देहलाई केही हदसम्म तुच्छ ठान्नुहुन्छ। जब मानिसहरूले शैतानका फोहोर र भ्रष्ट थोकहरू फ्याँक्छन्, तिनीहरूले परमेश्वरको मुक्ति प्राप्त गर्छन्। तर यदि तिनीहरूले अझै आफूलाई फोहोर र भ्रष्टताबाट अलग गर्दैनन् भने, तिनीहरू अझै पनि शैतानको अधिकार क्षेत्रमा जिइरहेका हुन्छन्। मानिसहरूले गर्ने गुप्त सहायता, छलकपट र कुटिलपन सबै शैतानका कुराहरू हुन्। परमेश्वरले दिनुहुने मुक्ति तँलाई शैतानका यिनै कुराहरूबाट मुक्त गर्नका निम्ति हो। परमेश्वरको काम गलत हुन सक्दैन; यो सबै मानिसहरूलाई अन्धकारबाट मुक्त गर्नका लागि गरिन्छ। जब तैँले एक निश्चित बिन्दुसम्म विश्वास गरेको छस् र आफूलाई देहको भ्रष्टताबाट अलग गर्न सक्छस्, र अब उप्रान्त यो भ्रष्टताको बन्धनमा रहँदैनस्, तब के तैँले मुक्ति पाएको हुँदैनस् र? जब तँ शैतानको अधिकार क्षेत्रमा जिउँछस् तब तँ परमेश्वरलाई प्रकट गर्न असमर्थ हुन्छस्, तँ कुनै फोहोर वस्तु हुन्छस् र परमेश्वरको उत्तराधिकार प्राप्त गर्न सक्दैनस्। तँलाई शुद्ध पारिएपछि र सिद्ध बनाइएपछि, तँ पवित्र हुनेछस्, तँ एक सामान्य मानिस हुनेछस्, र तैँले परमेश्वरबाट आशिष् पाउनेछस् र तँ परमेश्वरका निम्ति आनन्दको मानिस बन्नेछस्। आज परमेश्वरले गर्नुभएको काम मुक्ति हो, र यसबाहेक, यो न्याय, सजाय र सराप हो। यसका धेरै वटा पक्षहरू छन्। तिमीहरू सबैले देख्छौ कि परमेश्वरका वाणीहरूमा न्याय र दण्डका साथै सरापहरू पनि छन्। म एउटा प्रभाव हासिल गर्नका लागि, मानिसलाई तिनीहरू आफैलाई चिन्ने बनाउनका लागि बोल्छु, मानिसहरूलाई मार्नका लागि होइन। मेरो हृदय तिमीहरूको हितका लागि हो। बोल्नु मैले कार्य गर्ने एउटा तरिका हो; वचनहरू मार्फत म परमेश्वरको स्वभाव व्यक्त गर्दछु र तँलाई

परमेश्वरको इच्छाबारे बुझाउँछु। तेरो देह मर्न सक्छ, तर तँसँग एउटा आत्मा र एउटा प्राण छ। यदि मानिसहरूमा देह मात्र थियो भने, तिनीहरूको विश्वासको कुनै अर्थ हुनेथिएन, न त मैले गरेको यो सब कामको कुनै अर्थ नै हुनेथियो। आज, म एउटा तरिकामा बोल्छु र फेरि अर्को तरिकामा बोल्छु; केही समय म मानिसलाई अत्यन्तै घृणा गर्छु, र केही समय म अत्यन्तै प्रेम गर्छु। म तेरो स्वभावमा परिवर्तन ल्याउन, साथसाथै परमेश्वरको कामसम्बन्धी तेरो धारणालाई रूपान्तरण गर्नका लागि यी सब गर्दछु।

आखिरी दिनहरू आइपुगेका छन् र विश्वभरिका देशहरू गोलमालमा छन्। राजनीतिक अस्तव्यस्तता छ, जताततै अनिकाल, रूढी, बाढी-पहिरो र खडेरी जताततै देखा परेको छ। मानिसको संसारमा विनाश आएको छ; स्वर्गले पनि विपत्ति पठाएको छ। यी आखिरी दिनका चिन्हहरू हुन्। तर मानिसहरूका लागि त, यो संसार भव्य र सान्दार छ भन्ने देखिन्छ; यो झन्-झन् बढी त्यस्तै हुँदैछ, मानिसहरूका सारा हृदय यसप्रति तानिन्छ, र धेरै मानिसहरू यसमा फसिएका छन् र आफैलाई यसबाट मुक्त गर्न सक्दैनन्; धेरै सङ्ख्याका मानिसहरूलाई चलाकी र जादूगरमा संलग्न हुनेहरूले मोहित तुल्याउनेछन्। यदि तँ प्रगतिको लागि प्रयास गर्दैनस्, आदर्शहरू विहीन छस्, र आफैलाई साँचो मार्गमा बसालेको छैनस् भने, तँलाई पापको बढ्दो छालले बगाइदिनेछ। सबै देशहरूमध्ये चीन सबैभन्दा पछाडिएको देश हो; यो त्यो देश हो जहाँ ठूलो रातो अजिङ्गर गुँडुल्केर बस्छ, यसमा मूर्तिपूजा गर्ने र जादू-मन्त्र गर्ने धेरै मानिसहरू छन्, यहाँ धेरै मन्दिरहरू छन्, र यो फोहोर भूतात्माहरू बास बस्ने ठाउँ हो। तँ यहीँ जन्मेका थिइस्, तैँले यसद्वारा शिक्षा पाइस् र त्यसको प्रभावमा परिस्; तँ त्यसद्वारा भ्रष्ट पारिएको र सताइएको छस्, तर बिउँझिएपछि तैँले त्यसलाई त्याग्छस् र परमेश्वरद्वारा पूर्ण रूपमा प्राप्त गरिन्छस्। यो परमेश्वरको महिमा हो, र यसैले कामको यस चरणको ठूलो महत्त्व छ। परमेश्वरले यत्रो ठूलो काम गर्नुभएको छ, यति धेरै वचनहरू बोल्नुभएको छ, र उहाँले आखिरमा तिमीहरूलाई पूर्ण रूपमा प्राप्त गर्नुहुनेछ—यो परमेश्वरको व्यवस्थापनको कामको एउटा हिस्सा हो, र तिमीहरू शैतानसँगको परमेश्वरको लडाइँका “विजय गरी लुटिएका थोकहरू” हौ। तैँले सत्यलाई जति धेरै बुझ्छस् र तेरो मण्डली जीवन जति राम्रो हुन्छ, त्यो ठूलो रातो अजिङ्गरलाई त्यति नै बढी घुँडा टेकाइन्छ। यी सबै आत्मिक संसारका विषयहरू हुन्—ती आत्मिक संसारका लडाइँहरू हुन्, र जब परमेश्वर विजयी हुनुहुनेछ, शैतान लज्जित हुनेछ र ढल्नेछ। परमेश्वरको कामको यस चरणको ठूलो महत्त्व छ। परमेश्वर यस्तो वृहत् काम गर्नुहुन्छ र मानिसहरूको यो समूहलाई पूर्ण रूपमा मुक्ति दिनुहुन्छ, ताकि तैँले शैतानको प्रभावबाट मुक्त हुन, पवित्र भूमिमा बस्न, परमेश्वरको ज्योतिमा रहन, र ज्योतिको नेतृत्व र अगुवाइ पाउन सक्छस्। अनि त्यसपछि तेरो जीवनको अर्थ हुन्छ। तिमीहरूले जे खान्छौ र पहिरिन्छौ त्यो अविश्वासीहरूको भन्दा फरक हुन्छ; तिमीहरूलाई परमेश्वरका वचनहरूमा आनन्द लाग्छ, र तिमीहरू अर्थपूर्ण जीवन जिउँछौ—र तिनीहरू कुन कुरामा रमाउँछन्? तिनीहरूले केवल आफ्ना “पुर्ख्यौली सम्पदा” र “राष्ट्रिय भावना” मा आनन्द मनाउँछन्। तिनीहरूसँग मानवताको छाप रत्तीभर पनि हुँदैन! तिमीहरूका वस्त्र, बोलीवचन र कार्यहरू उनीहरूको भन्दा फरक छन्। आखिरमा, तिमीहरू पूर्ण रूपमा फोहोरबाट उम्कनेछौ, अब उप्रान्त शैतानको परीक्षाको पासोमा फस्नेछैनौ, र परमेश्वरको

दैनिक प्रबन्ध प्राप्त गर्नेछौ। तिमीहरू सधैँ सतर्क हुनुपर्दछ। तिमीहरू फोहोर ठाउँमा बसे पनि तिमीहरूलाई फोहोरको दाग लागेको छैन र तिमीहरू परमेश्‍वरको महान् सुरक्षा पाउँदै उहाँको छेउमा बस्न सक्छौ। परमेश्‍वरले तिमीहरूलाई पहेँलो देशका सबै मानिसहरू मध्येबाट चुन्‍नुभएको छ। के तिमीहरू सबैभन्दा धन्य व्यक्तिहरू होइनौ र? तँ एक सृष्टि गरिएको प्राणी होस्–तैँले अवश्य पनि परमेश्‍वरको आराधना गर्नुपर्छ र अर्थपूर्ण जीवनको खोजी गर्नुपर्छ। यदि तैँले परमेश्‍वरको आराधना गर्दैनस् तर तेरो आफ्नै फोहोर देहमा जिउँछस् भने, के तँ मानिसको वस्त्र धारण गरेको पशु हुँदैनस् र? तँ एक मानिस भएकोले तैँले आफैलाई परमेश्‍वरका निम्ति समर्पित गर्नुपर्छ र सबै दुःखहरू भोग्‍नुपर्छ। तँ आज जुन सानो दुःखमा परेको छस् त्यसलाई तैँले खुसी र दृढतासाथ स्वीकार गर्नुपर्छ, अनि अय्यूब र पत्रुसले जस्तो एक अर्थपूर्ण जीवन जिउनुपर्छ। यस संसारमा, मानिसले शैतानको वस्त्र लगाउँछ, शैतानबाट लिएर खान्छ, र शैतानकै फोहोरमा कुल्चीमिल्ची भई त्यसकै हुकुममा रही काम र सेवा गर्दछ। यदि तैँले जीवनको अर्थ बुझ्दैनस् वा साँचो मार्ग प्राप्त गर्दैनस् भने, यस्तो प्रकारले जिउनुको के महत्त्व हुन्छ र? तिमीहरू त्यस्ता मानिसहरू हौ जसले सही मार्गलाई पछ्याउँछन्, जसले सुधारका खोजी गर्छन्। तिमीहरू त्यस्ता मानिसहरू हौ जो ठूला रातो अजिङ्गरको देशमा खडा हुन्छन्, जसलाई परमेश्‍वरले धर्मी भन्‍नुहुन्छ। के त्यो सबैभन्दा अर्थपूर्ण जीवन होइन र?

# देहधारणको रहस्य (१)

अनुग्रहको युगमा, यूहन्‍नाले येशूको निम्ति बाटो तयार पारे। यूहन्‍ना आफैले परमेश्‍वरको काम गर्न सक्दैन थिए, तर केवल मानिसको कर्तव्य पूरा गरे। यूहन्‍ना प्रभुको अग्रदूत थिए, तैपनि तिनी परमेश्‍वरको प्रतिनिधित्व गर्न असमर्थ थिए; तिनी पवित्र आत्माले प्रयोग गर्नुभएको व्यक्ति मात्र थिए। येशूले बप्तिस्मा लिनुभएपछि, पवित्र आत्मा ढुकुरजस्तै उहाँमाथि ओर्लनुभयो। त्यसपछि उहाँले आफ्नो काम सुरु गर्नुभयो, अर्थात् उहाँले ख्रीष्टको सेवकाइ गर्न थाल्नुभयो। त्यसैकारण उहाँले परमेश्‍वरको पहिचान धारण गर्नुभयो, किनकि उहाँ परमेश्‍वरबाट आउनुभएको थियो। यसभन्दा पहिले उहाँको विश्‍वास जे-जस्तो भए पनि–त्यो कहिलेकहीँ कमजोर, वा कहिलेकहीँ बलियो भएको हुन सक्छ–त्यो सबै सामान्य मानव जीवनमा हुने कुरा हो, जुन उहाँले आफ्नो सेवकाइको काम गर्नुभन्दा पहिले उहाँमा थियो। उहाँले बप्तिस्मा लिइसकेपछि (अर्थात्, अभिषेक हुनुभएपछि), परमेश्‍वरको शक्ति र महिमा तुरुन्तै उहाँसँग थियो, त्यसैले उहाँले आफ्नो सेवकाइ गर्न थाल्नुभयो। उहाँले चिन्हहरू र अचम्मका कामहरू गर्न सक्नुहुन्थ्यो, आश्‍चर्यकर्महरू गर्न सक्नुहुन्थ्यो र उहाँसित शक्ति र अधिकार थियो, किनकि उहाँले सीधै परमेश्‍वरको तर्फबाट काम गर्दै हुनुहुन्थ्यो; उहाँले आत्माको तर्फबाट काम गर्दै हुनुहुन्थ्यो र आत्माको आवाज प्रकट गर्दै हुनुहुन्थ्यो। त्यसकारण, उहाँ आफै परमेश्‍वर हुनुहुन्थ्यो; यो निर्विवाद छ। यूहन्‍ना त्यस्तो व्यक्ति थिए जसलाई पवित्र आत्माले प्रयोग गर्नुभएको थियो। तिनले परमेश्‍वरको प्रतिनिधित्व गर्न सक्दैनथिए, न त तिनले परमेश्‍वरको प्रतिनिधित्व गर्नु सम्भव नै थियो। यदि तिनले त्यसो गर्ने इच्छा गरेका भए, पवित्र आत्माले

तिनलाई त्यसो गर्ने अनुमति दिनुहुनेथिएन, किनकि तिनले त्यो काम गर्न सक्दैनथिए, जुन परमेश्‍वर आफैले पूरा गर्न चाहनुहुन्थ्यो। हुन सक्छ, तिनमा मानिसको इच्छाका धेरै कुराहरू थिए, वा विचलित पार्ने केही कुरा थियो; कुनै पनि परिस्थितिमा तिनले सीधै परमेश्‍वरको प्रतिनिधित्व गर्न सक्दैन थिए। तिनका गल्तीहरू र मूर्खताहरूले तिनी आफैलाई मात्र प्रतिनिधित्व गर्थे, तर तिनको काम भनेको पवित्र आत्माको प्रतिनिधि हुनु थियो। तापनि, तिनका सबै कुराले परमेश्‍वरको प्रतिनिधित्व गर्थे भनेर तैँले भन्‍न सक्दैनस्। के तिनको विचलन र गल्तीले पनि परमेश्‍वरको प्रतिनिधित्व गर्न सक्थ्यो? मानिसको प्रतिनिधित्व गर्दा गल्ती गर्नु सामान्य कुरा हो, तर यदि कसैले परमेश्‍वरको प्रतिनिधित्व गर्दा गल्ती गर्छ भने के उसले परमेश्‍वरको अनादर गर्दैन? के यो पवित्र आत्माको विरुद्ध ईश्‍वरनिन्दा हुनेछैन र? पवित्र आत्माले मानिसलाई हलकासाथ परमेश्‍वरको स्थानमा खडा हुने अनुमति दिनुहुन्‍न, चाहे ऊ अरूद्वारा उच्च पारिएको नै किन नहोस्। यदि ऊ परमेश्‍वर होइन भने, ऊ अन्त्यसम्म स्थिर बस्‍न सक्दैन। पवित्र आत्माले मानिसको इच्छाअनुसार कुनै व्यक्तिलाई परमेश्‍वरको प्रतिनिधित्व गर्ने अनुमति दिनुहुन्‍न! उदाहरणका लागि, पवित्र आत्माले नै यूहन्‍नाको बारेमा साक्षी दिनुभएको थियो र तिनी येशूका निम्ति बाटो तयार पार्ने व्यक्ति हुन् भनी पवित्र आत्माले नै तिनलाई प्रकट गर्नुभएको थियो, तर तिनीमाथि गरिएको पवित्र आत्माको काम राम्ररी निर्धारित गरिएको थियो। येशूको निम्ति बाटो तयार पार्ने व्यक्ति हुनु, उहाँको निम्ति बाटो तयार पार्नु भनेर मात्रै यूहन्‍नालाई भनिएको थियो। भन्‍नुपर्दा, पवित्र आत्माले तिनलाई बाटो तयार पार्ने काममा मात्र समर्थन गर्नुभयो र तिनलाई त्यो काम मात्र गर्ने अनुमति दिनुभयो–तिनलाई अरू कुनै काम गर्न दिइएन। यूहन्‍नाले एलियाको प्रतिनिधित्व गर्थे र तिनले बाटो तयार पार्ने एक अगमवक्ताको प्रतिनिधित्व गरे। पवित्र आत्माले तिनलाई यसमा समर्थन गर्नुभयो; जबसम्म तिनको काम बाटो तयार पार्ने थियो पवित्र आत्माले तिनलाई समर्थन गर्नुभयो। तापनि, यदि तिनले आफू परमेश्‍वर हुँ भनेर दाबी गरेका भए, र तिनी मुक्तिको काम पूरा गर्न आएका हुन् भनेका भए पवित्र आत्माले तिनलाई अनुशासनमा राख्‍नु हुनेथियो। यूहन्‍नाको काम जति नै महान् भए पनि र त्यसलाई पवित्र आत्माले समर्थन गर्नुभएको भए पनि, तिनको काम सीमाहीन थिएन। मानिलिऊँ, पवित्र आत्माले साँच्‍चै तिनको कामलाई समर्थन गर्नुभएको भए पनि, तिनलाई दिइएको शक्ति बाटो तयार पार्ने कामसम्म मात्र सीमित थियो। तिनले अरू कुनै पनि काम पटक्कै गर्न सकेनन्, किनकि तिनी बाटो तयार पार्ने यूहन्‍ना मात्र थिए, येशू थिएनन्। त्यसकारण, पवित्र आत्माको गवाही महत्त्वपूर्ण हुन्छ, तर पवित्र आत्माले मानिसलाई जुन काम गर्ने अनुमति दिनुहुन्छ त्यो अझ महत्त्वपूर्ण हुन्छ। के यूहन्‍नाले त्यतिबेला ठूलठूला साक्षी पाएका थिएनन् र? के तिनको काम पनि महान् थिएन र? तर तिनले गरेको कामले येशूको कामलाई उछिन्‍न सकेन, किनकि तिनी पवित्र आत्माले प्रयोग गर्नुभएको मानिसभन्दा बढी केही थिएनन् र सीधै परमेश्‍वरको प्रतिनिधित्व गर्न सक्दैन थिए, त्यसैले तिनले गरेका काम सीमित थियो। तिनले बाटो तयार पार्ने काम गरिसकेपछि, पवित्र आत्माले अब तिनको गवाहीलाई समर्थन गर्नुभएन, तिनीबाट कुनै नयाँ काम भएन, परमेश्‍वर आफैले काम सुरु गर्नुभएपछि तिनी गए।

केही व्यक्तिहरू हुन्छन्, जो दुष्टात्माले सताइएका हुन्छन् र डरलाग्दो आवाजमा कराउँदै

भन्छन्, "म ईश्वर हुँ!" तापनि, अन्त्यमा उनीहरू प्रकट हुन्छन्, किनकि उनीहरूले जसको प्रतिनिधित्व गर्छन् त्यसमा तिनीहरू गलत हुन्छन्। उनीहरूले शैतानको प्रतिनिधित्व गर्दछन् र पवित्र आत्माले तिनीहरूलाई सुन्नुहुन्न। तैँले आफूलाई जति नै उच्च पारे पनि वा तँ जति नै बल लगाएर कराए पनि तँ सृष्टि गरिएको एक प्राणी मात्र होस् र तँ शैतानको होस्। म कहिल्यै पनि यसो भन्दै कराउँदिन, "म ईश्वर हुँ, म ईश्वरको प्यारो छोरा हुँ!" तर मैले गर्ने काम भनेको परमेश्वरको काम हो। के म चिच्याउनु पर्छ? उच्च पारिनुपर्ने कुनै आवश्यकता छैन। परमेश्वरले आफ्नो काम आफै गर्नुहुन्छ र उहाँलाई कुनै व्यक्तिको दर्जा वा सम्मानजनक पदवी दिन मानिसको सहमति चाहिँदैन: उहाँको कामले उहाँको पहिचान र प्रतिष्ठाको प्रतिनिधित्व गर्दछ। बप्तिस्मा लिनु अघि, के येशू स्वयम् परमेश्वर हुनुहुन्न थियो र? के उहाँ परमेश्वरको देहधारी शरीर हुनुहुन्नथ्यो र? निस्सन्देह, उहाँले साक्षी प्राप्त गर्नुभएपछि मात्र उहाँ परमेश्वरका एकले पुत्र बन्नुभयो भनी भन्न सकिँदैन। उहाँले आफ्नो काम सुरु गर्नुभन्दा धेरै अघिदेखि नै के येशूको नाउँको कुनै मानिस थिएन र? तैँले नयाँ बाटोहरू बनाउन वा आत्माको प्रतिनिधित्व गर्न सक्दैनस्। तैँले आत्माको काम वा उहाँले बोल्नुहुने वचनहरूलाई व्यक्त गर्न सक्दैनस्। आफैले परमेश्वरको काम गर्न तँ असमर्थ छस्, र आत्माको काम गर्न पनि तँ असमर्थ नै छस्। परमेश्वरको बुद्‌धि, चमत्कार, अथाहपन र उहाँको स्वभावको सम्पूर्णता–जसबाट परमेश्वरले मानिसलाई सजाय दिनुहुन्छ–यी सबै तेरो व्यक्त गर्ने क्षमतादेखि बाहिर छन्। यसैले परमेश्वर हुँ भनेर दाबी गर्ने प्रयास गर्नु व्यर्थ हो; तँसँग केवल नाउँ मात्र हुनेछ र कुनै पनि सार हुँदैन। परमेश्वर स्वयम् आउनुभएको छ, तर कसैले उहाँलाई चिन्दैनन्, तापनि उहाँ आफ्नो काममा लागिरहनुहुन्छ र आत्माको प्रतिनिधित्व गर्दै त्यसो गर्नुहुन्छ। तैँले चाहे उहाँलाई मानिस भन् वा परमेश्वर, प्रभु भन् वा ख्रीष्ट, वा उहाँकी बहिनी भन्, त्यसले कुनै फरक पार्दैन। तर उहाँले गर्नुहुने काम आत्माको हो र यो कामले स्वयम् परमेश्वरको प्रतिनिधित्व गर्दछ। मानिसले उहाँलाई जसरी सम्बोधन गरे पनि उहाँले त्यो वास्ता गर्नुहुन्न। के नाउँले उहाँको काम निर्धारित गर्न सक्छ? तैँले उहाँलाई जसरी सम्बोधन गरे पनि, जहाँसम्म परमेश्वरको कुरा छ, उहाँ परमेश्वरका आत्माको देहधारी शरीर हुनुहुन्छ; उहाँले आत्माको प्रतिनिधित्व गर्नुहुन्छ र आत्माद्‌वारा स्वीकृत हुनुहुन्छ। यदि तैँले नयाँ युगको लागि बाटो बनाउन वा पुरानोलाई अन्त्य गर्न वा नयाँ युगमा प्रवेश गर्न, वा नयाँ काम गर्न सक्दैनस् भने, तँ परमेश्वर कहलिन सक्दैनस्!

पवित्र आत्माद्‌वारा प्रयोग गरिएको मानिसले पनि परमेश्वर स्वयम्‌को प्रतिनिधित्व गर्न सक्दैन। त्यस्तो मानिसले परमेश्वरको प्रतिनिधित्व गर्न सक्दैन भन्ने मात्र होइन, तर उसले गर्ने कामले पनि सीधै परमेश्वरको प्रतिनिधित्व गर्न सक्दैन। अर्को शब्दमा भन्ने हो भने, मानव अनुभवलाई प्रत्यक्ष रूपमा परमेश्वरको व्यवस्थापनमा राख्न सकिँदैन, र यसले परमेश्वरको व्यवस्थापनको प्रतिनिधित्व गर्न सक्दैन। परमेश्वर आफैले गर्ने काम पूर्ण रूपमा त्यो काम हो जुन उहाँले आफ्नै व्यवस्थापन योजनामा गर्न चाहनुहुन्छ र यो महान् व्यवस्थापनसँग सम्बन्धित छ। मानिसले गर्ने काममा तिनीहरूको व्यक्तिगत अनुभव मिसिएको हुन्छ। यसमा पहिलेबाटै गइसकेकाहरूले टेकेका भन्दा उता अनुभवको एउटा नयाँ बाटो खोजिन्छ, अनि पवित्र आत्माको अगुवाइमा आफ्ना भाइ-बहिनीहरूलाई डोऱ्याइन्छ। यी मानिसहरूले आफ्ना अनुभवहरू वा आत्मिक मानिसहरूको आत्मिक

लेखनहरू प्रदान गर्छन्। यी मानिसहरू पवित्र आत्माद्वारा प्रयोग गरिएका भए पनि, उनीहरूले गर्ने काम छ हजार वर्षको महान् योजनाको व्यवस्थापन कार्यसित सम्बन्धित हुँदैनन्। उनीहरू केवल ती हुन्, जो उनीहरूले गर्न सक्ने कामहरू समाप्त नभएसम्म वा उनीहरूका जीवन समाप्त नभएसम्मका निम्ति पवित्र आत्माले विभिन्न कालखण्डमा पवित्र आत्माको प्रवाहमा मानिसहरूलाई अगुवाइ गर्नका निम्ति खडा गर्नुभएको हुन्छ। उनीहरूले गर्ने काम परमेश्वर स्वयम्का निम्ति बाटो तयार पार्नु वा पृथ्वीमा परमेश्वर स्वयम्को व्यवस्थापनको एक खास पक्षलाई निरन्तरता दिनु मात्र हो। उनीहरू आफैमा, यी मानिसहरू उहाँको व्यवस्थापनको ठूलो काम गर्न असमर्थ हुन्छन्, न त उनीहरूले नयाँ तरिकाहरू निकाल्न सक्छन्, अझ थोरैले मात्र परमेश्वरको पहिलेका युगका सबै कार्यहरूलाई टुङ्गोमा पुर्‍याउन सक्छन्। यसैले, उनीहरूले गर्ने कार्यले केवल सृष्टि गरिएको प्राणीले आफ्नो कार्य पूरा गर्नुलाई मात्र प्रतिनिधित्व गर्दछ र परमेश्वर आफैले आफ्नो सेवकाइ गर्नुहुने कुरालाई प्रतिनिधित्व गर्न सक्दैन। किनकि उनीहरूले गर्ने काम परमेश्वर आफैले गर्नुहुने कामजस्तो हुँदैन। नयाँ युगमा प्रवेश गर्ने काम भनेको परमेश्वरको स्थानमा रहेर मानिसले गर्न सक्ने काम होइन। यो काम परमेश्वर स्वयम्ले बाहेक अरू कसैले गर्न सक्दैन। मानिसले गर्ने सबै कामहरू सृष्टि गरिएको प्राणीको रूपमा उसले निभाउने आफ्नो कर्तव्य मात्र हुन् र पवित्र आत्माद्वारा प्रेरित भएर वा ज्ञान प्राप्त गरेपछि मात्र यो गरिन्छ। यी मानिसहरूले प्रदान गर्ने मार्गनिर्देशनमा पूर्ण रूपमा मानिसलाई दैनिक जीवनमा अभ्यास गर्ने, र उसले कसरी परमेश्वरको इच्छा अनुरूप व्यवहार गर्नुपर्छ भन्ने देखाउनु हो। मानिसको कामले न त परमेश्वरको व्यवस्थापनलाई सम्मिलित गर्दछ, न आत्माको कामलाई प्रतिनिधित्व गर्दछ। उदाहरणको लागि, विटनेस ली र वाचम्यान नीको काम भनेको बाटो देखाउनु थियो। बाटो नयाँ होस् वा पुरानो, त्यो काम बाइबलमै रहेको सिद्धान्तमा आधारित थियो। चाहे त्यो काम स्थानीय चर्चको पुनर्स्थापना गर्ने होस् वा स्थानीय चर्च निर्माण गर्ने होस्, जे भए पनि तिनीहरूको काम चर्च स्थापना गर्नुसित सम्बन्धित थियो। तिनीहरूले जुन काम अगि बढाए त्यो येशू र उहाँका प्रेरितहरूले अधूरो छोडेका वा अनुग्रहको युगमा थप विकास नभएको काम थियो। तिनीहरूले त्यो कामलाई पुनर्स्थापित गरे जुन येशूले त्यस बेलाको उहाँको काममा उहाँको पछि आउने पुस्ताहरूलाई गर्न भनी अह्राउनुभएको थियो, जस्तै उनीहरूका शिर ढाक्ने, बप्तिस्मा लिने, रोटी भाँच्ने, वा दाखमद्य पिउने। यो भन्न सकिन्छ, कि तिनीहरूको काम बाइबल पालन गर्दैजानु र बाइबलभित्र बाटाहरू खोज्नु थियो। तिनीहरूले कुनै पनि प्रकारको नयाँ प्रगति गरेनन्। त्यसकारण, तिनीहरूको काममा केवल बाइबलभित्रका नयाँ बाटाहरू साथै अझ राम्रो र अझ बढी यथार्थवादी अभ्यासहरूलाई पत्ता लगाउने कार्यलाई मात्रै देख्न सकिन्छ। तर तिनीहरूको काममा परमेश्वरको वर्तमान इच्छा भेट्टाउन सकिँदैन, परमेश्वरले अन्त्यको दिनमा गर्न चाहनुभएका नयाँ काम भेट्टाउने कुरा परै जाओस्। किनकि तिनीहरूले हिँडेका बाटो अझै पनि पुरानो नै थियो—त्यसमा कुनै नवीकरण थिएन र कुनै प्रगति थिएन। तिनीहरूले येशूको क्रूसीकरणलाई समाति राखे, मानिसहरूलाई पश्चात्ताप गर्न र उनीहरूका पापहरू स्वीकार गर्न लगाउने अभ्यासलाई पालना गरे, अनि जो आखिरीसम्म स्थिर रहन्छ त्यसले उद्धार पाउनेछ र पुरुष स्त्रीको शिर हो, पत्नीले आफ्नो पतिको आज्ञापालन गर्नुपर्छ भन्ने भनाइलाई नै पालना गरिरहे, र

अझ बढी परम्परागत धारणा पालन गर्दै दिदी-बहिनीहरूले प्रचार गर्नुहुँदैन, तर आज्ञापालन मात्र गर्नुपर्छ भनी भने। यदि यस्तो प्रकारको नेतृत्वलाई निरन्तरता दिइएको भए पवित्र आत्माले कहिल्यै पनि नयाँ कामहरू गर्न, मानिसहरूलाई नियमहरूबाट छुटकारा दिन वा तिनीहरूलाई शिक्षाबाट स्वतन्त्र तुल्याउन वा सुन्दरताको क्षेत्रभित्र लैजान सक्नुहुने थिएन। त्यसकारण, युगलाई परिवर्तन गर्ने कामको यो चरणमा परमेश्‍वर आफैले काम गर्नु र बोल्नु आवश्यक हुन्छ; अन्यथा कसैले पनि उहाँको सट्टामा त्यसो गर्न सक्दैन। अहिलेसम्म, यस प्रवाहदेखि बाहिर गरिएको पवित्र आत्माका सबै काम ठप्प भएका छन्, र पवित्र आत्माद्वारा प्रयोग भएका व्यक्तिहरूले आफ्नो प्रासङ्गिकतालाई हराएका छन्। त्यसकारण, पवित्र आत्माले प्रयोग गर्नुभएको व्यक्तिको काम परमेश्‍वर आफैले गर्नुभएको कामजस्तो हुँदैन, उनीहरूका पहिचानहरू र उनीहरूले जसको लागि काम गर्छन् ती पनि त्यस्तै फरक हुन्छन्। किनभने पवित्र आत्माले गर्न चाहनुभएको काम फरक हुन्छ, र काम गर्ने अरूलाई फरक-फरक पहिचान र दर्जाहरू दिइन्छ। पवित्र आत्माले प्रयोग गर्नुहुने मानिसहरूले पनि केही नयाँ काम गर्न सक्दछन्, र पहिलेको युगमा गरिएका केही कामहरूलाई हटाउन सक्दछन्, तर उनीहरूले जे गर्छन् त्यसले नयाँ युगमा परमेश्‍वरको भित्री स्वभाव र इच्छा प्रकट गर्न सक्दैनन्। उनीहरू केवल पहिलेको युगको कामलाई हटाउनका लागि मात्र काम गर्दछन्, अनि परमेश्‍वर स्वयम्‌को स्वरूपको सिधा प्रतिनिधित्व गर्ने उद्‌देश्‍यले काम गर्दैनन्। यसैले, उनीहरूले जति नै पुराना अभ्यासहरू रद्द गरे पनि वा जति नयाँ अभ्यासहरू लागू गरे पनि तिनीहरूले मानिसको र सृष्‍टि गरिएका प्राणीहरूको नै प्रतिनिधित्व गर्दछन्। तापनि, जब परमेश्‍वर आफैले काम गर्नुहुन्छ, उहाँले खुल्लमखुल्ला पुरानो समयका अभ्यासहरू रद्द भएको घोषणा गर्नुहुन्न वा नयाँ युगको सुरुवात भएको भनी प्रत्यक्ष रूपमा घोषणा गर्नुहुन्न। उहाँ आफ्नो काममा प्रत्यक्ष र स्पष्‍ट हुनुहुन्छ। आफूले गर्न चाहेको काम गर्न उहाँ स्पष्‍ट हुनुहुन्छ; अर्थात् उहाँले गर्नुभएको काम उहाँले प्रत्यक्ष रूपमा प्रकट गर्नुहुन्छ, उहाँले सुरुमा चाहनुभएको जस्तै आफ्नो अस्तित्व र स्वभाव प्रकट गर्दै आफ्नो काम प्रत्यक्ष रूपमा गर्नुहुन्छ। जब मानिसहरूले यसलाई हेर्छन्, उहाँको स्वभाव र त्यसरी उहाँको काम पनि विगतका युगहरूको भन्दा फरक हुन्छ। तापनि, परमेश्‍वर स्वयम्‌को दृष्‍टिकोणबाट, यो केवल उहाँको कार्यको निरन्तरता र थप विकास मात्रै हो। जब परमेश्‍वर आफैले काम गर्नुहुन्छ, उहाँले आफ्नो वचन प्रकट गर्नुहुन्छ र सीधै नयाँ काम ल्याउनुहुन्छ। यसको विपरीत, जब मानिसले काम गर्दछ, यो जानी-जानी र अध्ययन मार्फत हुन्छ, वा यो ज्ञानको विस्तार हो र अरूको काममा आधारित अभ्यासको प्रणालीबद्‌धता हो। भन्‍नुको अर्थ, मानिसले गरेको कामको सार भनेको स्थापित व्यवस्था पालन गर्नु हो र “नयाँ जुत्ता लगाएर पुरानो बाटोमा हिँड्‌नु” हो। यसको अर्थ पवित्र आत्माले प्रयोग गर्नुभएका मानिसहरू हिँड्‌ने बाटो पनि परमेश्‍वर आफैले सुरु गर्नुभएको कुरामा निर्मित हुन्छ भन्‍ने हो। त्यसैले, यी सबै कुरालाई विचार गर्दा, मानिस अझै मानिस नै हो, र परमेश्‍वर पनि परमेश्‍वर नै हुनुहुन्छ।

जसरी इसहाक प्रतिज्ञाद्‌वारा अब्राहामको निम्ति जन्मेका थिए, त्यसरी नै यूहन्‍ना पनि प्रतिज्ञामा नै जन्मेका थिए। तिनले येशूका लागि बाटो बनाए, र धेरै काम गरे, तर तिनी परमेश्‍वर थिएनन्। बरु, तिनी अगमवक्ताहरूमध्ये एक थिए, किनकि तिनले केवल येशूको निम्ति बाटो मात्रै तयार

पारे। तिनको काम पनि महान् थियो, र तिनले बाटो तयार पारेपछि मात्र येशूले आधिकारिक रूपमा आफ्नो काम सुरु गर्नुभयो। सारांशमा भन्नुपर्दा, तिनले केवल येशूका निम्ति परिश्रम मात्रै गरे, र तिनले गरेको काम येशूको सेवाका लागि गरिएको काम थियो। तिनले बाटो तयार पारिसकेपछि, येशूले आफ्नो काम सुरु गर्नुभयो, जुन काम नयाँ, अझ ठोस र विस्तृत थियो। यूहन्नाले कामको सुरुको भाग मात्रै गरे; त्यो नयाँ कामको धेरैजसो भाग येशूले नै गर्नुभयो। यूहन्नाले पनि नयाँ काम त गरे, तर नयाँ युग सुरुवात गर्ने व्यक्ति तिनी थिएनन्। यूहन्ना प्रतिज्ञाद्वारा जन्मेका थिए, र तिनको नाउँ स्वर्गदूतले राखेका थिए। त्यस बेला, कसै-कसैले तिनको नाउँ तिनका बुबा जकरिया कै नाउँ राख्न चाहन्थे, तर तिनकी आमाले भनिन्, "यो बालकलाई त्यो नाउँले बोलाउन सकिँदैन। उसलाई यूहन्ना भनिनुपर्छ।" यो सबै पवित्र आत्माको आज्ञामा भएको थियो। येशूको नाउँ पनि पवित्र आत्माको आज्ञामा राखिएको थियो, उहाँ पवित्र आत्माबाट जन्मनुभएको थियो, र उहाँ पवित्र आत्माद्वारा प्रतिज्ञा गरिनुभएको थियो। येशू परमेश्‍वर, ख्रीष्ट र मानिसको पुत्र हुनुहुन्थ्यो। तर, यूहन्नाको काम पनि ठूलो थियो भने तिनलाई किन परमेश्‍वर भनिएन? येशूले गर्नुभएको काम र यूहन्नाले गरेको कामबीचको वास्तविक भिन्नता के थियो? के त्यसको एक मात्र कारण यूहन्नाले येशूका निम्ति बाटो तयार पारेकोले हो? कि तिनी परमेश्‍वरद्वारा पहिलेबाटै नियुक्त गरिएकोले गर्दा हो? यूहन्नाले पनि "पश्‍चात्ताप गर: किनभने स्वर्गको राज्य नजिकै छ," भनेर भनेको भए पनि र तिनले पनि स्वर्गको राज्यको सुसमाचार प्रचार गरेको भए पनि, तिनको काम त्योभन्दा अघि बढेन, तिनले केवल सुरुआत मात्र गरे। यसको विपरीत, येशूले नयाँ युगको थालनी गर्नुभयो र पुरानोलाई अन्त्य गर्नुभयो, तर उहाँले पुरानो करारको व्यवस्था पनि पूरा गर्नुभयो। उहाँले गर्नुभएको काम यूहन्नाको भन्दा महान् थियो, र त्यति मात्र होइन, उहाँ सारा मानव जातिलाई उद्धार गर्न आउनुभयो–उहाँले त्यो चरणको काम पूरा गर्नुभयो। यूहन्नाको कुरा गर्ने हो भने तिनले बाटो मात्र तयार पारे। तिनको काम महान् थियो, तिनका वचनहरू धेरै थिए र तिनको पछि लाग्ने चेलाहरू धेरै थिए, तैपनि तिनको कामले मानिसलाई एउटा नयाँ सुरुवातमा ल्याउनुभन्दा बढी केही गरेन। मानिसले तिनीबाट कहिल्यै पनि जीवन वा बाटो वा गहिरा सत्यताहरू प्राप्त गरेन, न मानिसले तिनीबाट परमेश्‍वरको इच्छाको बुझाइलाई नै प्राप्त गर्न सक्यो। यूहन्ना एक महान् अगमवक्ता (एलिया) थिए, जसले येशूको कामका लागि नयाँ आधार खोलिदियो, र चुनिएकाहरूलाई तयार गरे; तिनी अनुग्रहको युगका अग्रदूत थिए। त्यस्ता मामिलाहरूलाई तिनीहरूको सामान्य मानवीय उपस्थितिलाई हेरेर मात्र बुझ्न सकिँदैन। यो अझ बढी उपयुक्त पनि छ, किनकि यूहन्नाले पनि धेरै काम गरे, अनि त्यसबाहेक तिनी पवित्र आत्माद्वारा प्रतिज्ञा गरिएका थिए, र तिनको कामलाई पवित्र आत्माले समर्थन गर्नुभएको थियो। त्यस्तो भएकोले, उनीहरूले गरेका कामद्वारा मात्र कसैले पनि उनीहरूका विशेष पहिचानको भिन्नतालाई छुट्याउन सक्दछ, किनकि कुनै व्यक्तिको बाहिरी रूप हेरेर उसको सार बताउने सक्ने कुनै उपाय छैन, न त मानिसले पवित्र आत्माको गवाही निश्‍चित गर्ने कुनै उपाय नै छ। यूहन्नाले गरेका काम र येशूले गर्नुभएको काम फरक र भिन्नाभिन्नै प्रकृतिका थिए। यसैबाट नै कसैले पनि यूहन्ना परमेश्‍वर थिए कि थिएनन भनी निश्‍चित गर्न सक्दछ। येशूको कामको थालनी गर्नु, जारी राख्नु, निष्कर्षमा पुऱ्याउनु र त्यसलाई सफल तुल्याउनु

पर्नेथियो। उहाँले यी सबै चरणहरू पूरा गर्नुभयो, तर यूहन्नाको काम सुरुवात गर्नुभन्दा बाहेक अरू केही थिएन। सुरुमा, येशूले सुसमाचार प्रचार गर्नुभयो र पश्चात्तापको बाटो प्रचार गर्नुभयो, र त्यसपछि मानिसलाई बप्तिस्मा दिन, बिरामीहरूलाई निको पार्न र भूतात्माहरू निकाल्न थाल्नुभयो। अन्त्यमा, उहाँले मानव जातिलाई पापबाट छुटाउनुभयो र सम्पूर्ण युगका लागि आफ्नो काम पूरा गर्नुभयो। उहाँ मानिसलाई प्रचार गर्दै र स्वर्गको राज्यको सुसमाचार फैलाउँदै सबै ठाउँमा जानुभयो। यस सन्दर्भमा उहाँ र यूहन्ना एक समान हुनुहुन्थ्यो, भिन्नता यति मात्र थियो कि येशूले नयाँ युग सुरु गर्नुभयो र मानिसका निम्ति अनुग्रहको युग ल्याउनुभयो। उहाँको मुखबाट मानिसले अभ्यास गर्नुपर्ने वचनहरू र अनुग्रहको युगमा मानिसले हिँड्नुपर्ने बाटो आयो र अन्त्यमा उहाँले छुटकाराको काम समाप्त गर्नुभयो। यूहन्नाले यो काम कहिल्यै गर्न सक्दैनथियो। अनि यसरी येशूले परमेश्वर स्वयम्‌ले गर्नुहुने काम गर्नुभयो, र उहाँ परमेश्वर स्वयम् हुनुहुन्छ, जसले प्रत्यक्ष रूपमा परमेश्वरको प्रतिनिधित्व गर्नुहुन्छ। मानिसका धारणाले प्रतिज्ञाद्वारा जन्मने, पवित्र आत्माद्वारा जन्मने, पवित्र आत्माद्वारा समर्थन गरिएका र नयाँ बाटो खोल्नेहरू सबै परमेश्वर हुन् भनी भन्छ। यस तर्कअनुसार त यूहन्ना पनि परमेश्वर हुनेथियो, साथै मोशा, अब्राहाम र दाऊद..., सबै परमेश्वर हुनेथिए। के यो ठूलो ठट्टा होइन र?

आफ्नो सेवकाइको काम गर्नुभन्दा पहिले, येशू पनि केवल एक सामान्य व्यक्ति हुनुहुन्थ्यो जसले पवित्र आत्माले जे गर्नुभयो त्यस अनुसार काम गर्नुभयो। त्यतिबेला उहाँलाई आफ्नो पहिचान थाहा भएको भए पनि वा नभए भए पनि, उहाँले परमेश्वरबाट आएका सबै कुरा पालन गर्नुभयो। उहाँको सेवकाइ सुरु हुनुभन्दा अघि पवित्र आत्माले आफ्नो पहिचान कहिल्यै प्रकट गर्नुभएन। जब उहाँले आफ्नो सेवकाइको थाल्नुभयो तब मात्र उहाँले ती नियमहरू र ती व्यवस्थाहरू रद्द गर्नुभयो, र उहाँले आधिकारिक रूपमा आफ्नो सेवाको काम सुरु गर्नुभएपछि मात्र उहाँका वचनहरू अधिकार र शक्तिले ओतप्रोत भए। उहाँले आफ्नो सेवकाइ सुरु गर्नुभएपछि मात्र उहाँले नयाँ युगको सुरुआत गर्नका लागि काम गर्नुभयो। यसभन्दा अघि, २९ वर्षसम्म पवित्र आत्मा उहाँभित्र लुकेर रहनुभयो, जुन अवधिमा उहाँले केवल एक मानिसको प्रतिनिधित्व गर्नुभयो र उहाँ परमेश्वरको पहिचान विहीन हुनुहुन्थ्यो। परमेश्वरको काम उहाँको काम र उहाँको सेवकाइसँगै सुरु भयो, कुनै मानिसले उहाँलाई नचिने पनि उहाँले आफू भित्रको योजनाअनुसार काम गर्नुभयो र उहाँले गर्नुभएको काम स्वयम् परमेश्वरको प्रत्यक्ष प्रतिनिधित्व थियो। त्यस बेला, येशूले आफ्नो वरपरका मानिसहरूलाई सोध्नुभयो, "तिमीहरू म को हुँ भनी भन्दछौ?" तिनीहरूले जबाफ दिए, "तपाईं अगमवक्ताहरूमध्ये सबैभन्दा महान् र हाम्रा उत्कृष्ट चिकित्सक हुनुहुन्छ" र कोहीले भने, "तपाईं हाम्रा प्रधान पूजाहारी हुनुहुन्छ" र त्यस्तै अरू। सबै किसिमका उत्तरहरू दिइए, कति जनाले त उहाँ यूहन्ना नै हुनुहुन्छ, उहाँ एलिया हुनुहुन्छ भनी भने। त्यसपछि येशू सिमोन पत्रुसतर्फ फर्कनुभयो र सोध्नुभयो, "म को हुँ भनी तिमी भन्दछौ?" पत्रुसले जबाफ दिए, "तपाईं जीवित परमेश्वरको पुत्र ख्रीष्ट हुनुहुन्छ।" त्यस बेलादेखि, मानिसहरूले उहाँ परमेश्वर नै हुनुहुन्छ भनी जाने। जब उहाँको पहिचान प्रकट भयो, त्यसबारे सबैभन्दा पहिले थाहा पाउने पत्रुस नै थिए, र तिनको मुखबाट यो बोलिएको थियो। तब येशूले भन्नुभयो, "तिमीले भनेको कुरा मासु र रगतले होइन, तर मेरा पिताले प्रकट गर्नुभयो।"

उहाँको बप्तिस्मापछि, अरूलाई यो थाहा नभए पनि, उहाँले गर्नुभएको काम परमेश्‍वरको तर्फबाट थियो। उहाँ आफ्नो काम गर्न आउनुभयो, उहाँको पहिचान प्रकट गर्नु होइन। पत्रुसले यसबारे बोलेपछि मात्र उहाँको पहिचान खुल्लमखुल्ला जानियो। उहाँ स्वयम् परमेश्‍वर हुनुहुन्छ भनी तैँले नजाने पनि नजाने पनि, जब समय आयो, तब उहाँले आफ्नो काम थाल्नुभयो। अनि तँलाई यो कुरा थाहा नभए पनि, उहाँले पहिलेजस्तै आफ्नो काम गर्दैजानुभयो। यदि तैँले यसलाई अस्वीकार गऱ्यौ भने पनि, उहाँले आफ्नो काम गर्नुहुने नै थियो र त्यो गर्ने समय भएपछि त्यो पूरा गर्नुहुनेथियो, तर मानिसहरूले उहाँको देहलाई जान्न सकून् भनेर होइन, बरु मानिसले उहाँको कामलाई स्वीकार गरोस् भनेर उहाँ आफ्नो काम र सेवकाइ गर्न आउनुभयो। यदि तैँले यो दिनको कामको चरण परमेश्‍वर स्वयम्‌को काम हो भनी चिन्‍न असफल भइस् भने, त्यो तँमा दर्शनको अभाव भएकोले गर्दा हो। अझै, तँ यस चरणको कामलाई अस्वीकार गर्न सक्दैनस्; तँ यो पहिचान गर्न सक्दैनस् भन्दैमा त्यसले पवित्र आत्माले काम गरिरहनुभएको छैन वा उहाँको काम गलत छ भनी प्रमाणित गर्दैन। कोही-कोही छन्, जसले बाइबलमा भएको येशूको कामसँग तुलना गर्दै वर्तमान कार्यको जाँच गर्दछन् र यस चरणको कामलाई अस्वीकार गर्न त्यसबाट देखिएको कुनै पनि अमेलहरूको प्रयोग गर्दछन्। के यो अन्धाको काम होइन र? बाइबलमा लेखिएका कुराहरू सीमित छन्; तिनले पूर्ण रूपमा परमेश्‍वरको कामको प्रतिनिधित्व गर्न सक्दैनन्। सुसमाचारका चार वटा पुस्तकहरूमा जम्मा एक सयभन्दा कम अध्यायहरू छन्, जसमा सीमित सङ्ख्यामा घटनाहरू छन्, जस्तै येशूले अञ्जीरको रूखलाई सराप दिनुभएको, पत्रुसले प्रभुलाई तीन पल्ट इन्कार गरेको, येशू उहाँको क्रूसको मृत्यु र पुनरुत्थानपछि चेलाहरूकहाँ देखापर्नुभएको, उपवासको बारेमा सिकाउनुभएको, प्रार्थनाको बारेमा सिकाउनुभएको, सम्बन्धविच्छेदको बारेमा सिकाउनुभएको, येशूको जन्म र वंशावली, येशूले चेलाहरू नियुक्त गर्नुभएको, र यस्तै अरू। तापनि, मानिसले ती कुरालाई धन जत्तिकै महत्त्व दिन्छ, तिनलाई आजको कामको विरुद्ध तुलना पनि गर्छ। तिनीहरू येशूले आफ्नो जीवनमा गर्नुभएका सबै कामहरू यति मात्र थिए, परमेश्‍वरले यति मात्र गर्न सक्नुहुन्थ्यो, त्योभन्दा बढी केही पनि गर्न सक्नुहुन्‍नथियो भनी विश्‍वास गर्छन्। के यो हास्यास्पद छैन र?

पृथ्वीमा येशूले बिताउनुभएको समय साढे तेत्तीस वर्ष थियो, अर्थात् उहाँ पृथ्वीमा साढे तेत्तीस वर्षसम्म जिउनुभयो। यस समयको साढे तीन वर्ष मात्र उहाँको सेवकाइ गर्नुमा खर्च भयो; बाँकी समय उहाँले सामान्य मानव जीवन बिताउनुभयो। सुरुमा, उहाँ सभाघरमा आराधना गर्न जानुहुन्थ्यो र त्यहाँ पूजाहारीहरूले गर्ने धर्मशास्त्रको व्याख्या र अरूको प्रचार सुन्‍नुहुन्थ्यो। उहाँले बाइबलको धेरै ज्ञान प्राप्त गर्नुभयो: उहाँ त्यस्तो ज्ञानसहित जन्मनुभएको थिएन, र पढेर अनि सुनेर मात्र त्यो प्राप्त गर्नुभएको थियो। बाइबलमा स्पष्ट रूपमा लेखिएको छ, कि उहाँले बाह्र वर्षको उमेरमा सभाघरका शिक्षकहरूलाई प्रश्‍न गर्नुहुन्थ्यो: प्राचीन अगमवक्ताहरूका भविष्यवाणीहरू कुन-कुन थिए? मोशाको व्यवस्थाको विषयमा के भन्‍न सकिन्छ? पुरानो करार? मन्दिरमा पूजाहारीको पोसाक लगाएर परमेश्‍वरको सेवा गर्ने मानिसको बारेमा के भन्‍न सकिन्छ? ... उहाँले धेरै प्रश्‍नहरू सोध्नुहुन्थ्यो, किनकि उहाँमा न त ज्ञान थियो न बुझाइ नै थियो। उहाँ पवित्र आत्माबाट जन्मनु भएको भए पनि, उहाँ पूर्ण रूपमा सामान्य मानिसजस्तो जन्मनुभएको थियो; उहाँमा केही विशेष

गुणहरू थिए, तैपनि उहाँ एक सामान्य मानिस नै हुनुहुन्थ्यो। उहाँको कद र उमेरको अनुपातमा नै उहाँको बुद्धि निरन्तर वृद्धि हुँदै गयो र उहाँले सामान्य मानिसको जीवनका चरणहरू पार गर्नुभयो। मानिसहरू कल्पनामा, येशूले कुनै बाल्यावस्था र किशोरावस्थाको अनुभव गर्नुभएन; उहाँले जन्मने बित्तिकै ३० वर्षे मानिसको जीवन जिउन थाल्नुभयो, र आफ्नो काम पूरा भएपछि उहाँ क्रूसमा टाँगिनुभयो। उहाँ सायद सामान्य मानिसको जीवनका चरणहरूबाट भएर जानुभएन; उहाँले न त अन्य मानिसहरूसँग खानपान गर्नुभयो न त सम्बन्ध स्थापना नै गर्नुभयो, र उहाँको एक झलक पाउन समेत मानिसहरूलाई सजिलो थिएन। उहाँ सायद मतिभ्रममा हुनुहुन्थ्यो, जसले उहाँलाई देख्नेहरूलाई तर्साउनुहुन्थ्यो, किनकि उहाँ परमेश्‍वर हुनुहुन्थ्यो। देहमा आउनुहुने परमेश्‍वर पक्कै पनि सामान्य मानिस जस्तो जिउनुहुन्‍न भन्‍ने विश्‍वास मानिसहरू गर्छन्; उनीहरू उहाँले दाँत माझ्नु पर्दैन वा मुख धुनु पर्दैन किनभने उहाँ पवित्र व्यक्ति हुनुहुन्छ भन्‍ने विश्‍वास गर्छन्। के यी सब विशुद्ध रूपमा मानव धारणा होइनन् र? बाइबलले मानिसको रूपमा येशूले जिउनुभएको जीवनको बारेमा वर्णन गरेको छैन, उहाँको कामको मात्र वर्णन गरेको छ, तर त्यसले उहाँमा सामान्य मानवता थिएन वा तीस वर्षको हुनुभन्दा अघिसम्म उहाँले सामान्य मानव जीवन जिउनुभएन भनी प्रमाणित गर्दैन। उहाँले २९ वर्षको उमेरमा आफ्नो आधिकारिक काम सुरु गर्नुभयो, तर उहाँको त्यो उमेरभन्दा अघिको उहाँको सम्पूर्ण जीवनलाई तैँले खारिज गर्न सक्दैनस्। बाइबलले त्यस अवधिलाई यस विवरणबाट हटाएको मात्रै हो; किनकि त्यो सामान्य मानिसको रूपमा उहाँको जीवन थियो, र उहाँले ईश्‍वरीय कार्य गर्नुभएको अवधि थिएन, त्यसैले त्यो लेख्नु जरुरी थिएन। किनकि येशूको बप्तिस्माभन्दा अघि पवित्र आत्माले प्रत्यक्ष रूपमा कार्य गर्नुभएन, तर येशूले उहाँको सेवकाइ गर्ने समय नआउञ्जेल सामान्य मानिसको रूपमा जिउनुभयो। उहाँ देहधारी परमेश्‍वर हुनुहुन्थ्यो, तैपनि उहाँ सामान्य मानिसजस्तै परिपक्व हुने क्रमबाट भएर जानुभयो। परिपक्वताको यो प्रक्रिया बाइबलबाट हटाइएको थियो। त्यसले मानिसको जीवनको विकासमा कुनै ठूलो सहयोग नपुर्‍याउने भएकोले त्यसलाई हटाइएको हो। उहाँको बप्तिस्माभन्दा अघिको अवधि लुकेको अवधि थियो, जुन बेला उहाँले कुनै चिन्ह र आश्‍चर्यकर्महरू गर्नुभएन। बप्तिस्मापछि मात्र येशूले मानव जातिको छुटकारा, प्रशस्त र अनुग्रह, सत्यता, र प्रेम र दयाको सारा काम गर्न थाल्नुभयो। यस कामको सुरुआत निश्‍चित रूपमा अनुग्रहको युगको सुरुआत पनि थियो; यस कारणले गर्दा, यसबारे लेखियो र वर्तमानसम्म हस्तान्तरण गरियो। त्यसले एउटा मार्ग खोल्नु थियो र अनुग्रहको युगमा र क्रूसको बाटोमा खुट्टा टेक्नका निम्ति सबैलाई सिद्धतामा ल्याउनु थियो। यो मानिसद्वारा लेखिएको विवरणबाट आएको भए पनि सबै कुरा सत्य तथ्य हो, तापनि कता-कता स-साना त्रुटिहरू भेट्टाइन्छ। त्यसो भए पनि, यी विवरणहरू असत्य छन् भन्‍न सकिँदैन। जुन कुराहरू लेखिएका छन् ती पूर्ण रूपमा सत्य छन्, मानिसहरूले यसबारे लेख्दा मात्र केही गल्तीहरू गरे। कसै-कसैले के भन्छन् भने, यदि येशू सामान्य र साधारण मानवतामा हुनुहुन्थ्यो भने, उहाँले कसरी चिह्न र चमत्कारहरू गर्न सक्नुभयो? येशू जुन चालीस दिनको परीक्षाबाट भएर जानुभयो त्यो एउटा आश्‍चर्यको चिन्ह थियो, जुन एक साधारण मानिसले हासिल गर्न सक्दैनथियो। उहाँको चालीस दिनको परीक्षा पवित्र आत्माको काम गर्ने स्वभावमा थियो; त्यसैले कसैले उहाँमा अलौकिक शक्ति अलिकति पनि थिएन

भनी कसरी भन्न सक्छ? चिन्ह र चमत्कारहरू गर्ने उहाँको क्षमताले उहाँ मानवभन्दा माथिको व्यक्ति हुनुहुन्थ्यो, सामान्य मानिस होइन भनी प्रमाणित गर्दैन; यो पवित्र आत्माले उहाँजस्तो एक सामान्य मानिसमा गर्नुभएको काम हो; त्यसैले उहाँलाई आश्चर्यकर्महरू गर्न र अझ ठूलो काम गर्न सक्षम बनाइयो। येशू आफ्नो सेवकाइ गर्नुभन्दा अघि, वा बाइबलले भने अनुसार, पवित्र आत्मा उहाँमाथि ओर्लिनुभन्दा अघि केवल एक साधारण मानिस हुनुहुन्थ्यो र कुनै पनि हिसाबले अलौकिक हुनुहुन्न थियो। जब पवित्र आत्मा उहाँमाथि ओर्लनुभयो, अर्थात् जब उहाँले आफ्नो सेवकाइको काम सुरु गर्नुभयो, उहाँ अलौकिकताले भरिनुभयो। यसरी, मानिसले परमेश्‍वरको देहधारी शरीरमा सामान्य मानवता हुँदैन भनी विश्‍वास गर्छ; यसबाहेक, उसले देहधारी परमेश्‍वरमा ईश्‍वरत्व मात्र हुन्छ, तर मानवता हुँदैन भनी गलत विचार गर्छ। निस्सन्देह, जब परमेश्‍वर पृथ्वीमा आफ्नो काम गर्न आउनुहुन्छ, सबै मानिसहरूले अलौकिक घटनाहरू देख्छन्। उनीहरूले आफ्ना आँखाले जे देख्छन् र उनीहरूले आफ्नो कानले जे सुन्छन् ती सबै अलौकिक हुन्, किनकि उहाँको काम र उहाँका वचनहरू बुझ्न नसकिने र प्राप्त गर्न नसकिने कुरा हुन्। यदि स्वर्गको कुनै चीज पृथ्वीमा ल्याइयो भने त्यो अलौकिक नभएर अरू के हुन सक्छ र? जब स्वर्गको राज्यका रहस्यहरू पृथ्वीमा ल्याइन्छन्, रहस्यहरू जुन बुझ्न नसकिने र अज्ञात हुन्छन्, जुन आश्चर्यजनक र बुद्धिमान हुन्छन्—के ती सबै अलौकिक होइनन् र? तापनि, तँलाई थाहा हुनुपर्छ, त्यो जतिसुकै अलौकिक भए पनि, सबै थोक उहाँको सामान्य मानवतामा नै सम्पन्न हुन्छन्। परमेश्‍वरको देहधारी शरीर मानवतामा छ; यदि उहाँ हुनुहुन्नथ्यो भने उहाँ परमेश्‍वरको देहधारी शरीर हुनुहुनेथिएन। येशूले आफ्नो समयमा धेरै आश्चर्यकर्महरू गर्नुभयो। त्यस समयका इस्राएलीहरूले जे देखे त्यो अलौकिक कुराले भरिएका थिए; तिनीहरूले स्वर्गदूतहरू र सन्देशवाहकहरू देखे, अनि तिनीहरूले यहोवाको आवाज सुने। के यी सबै अलौकिक थिएनन् र? निश्‍चय, आज त्यहाँ केही दुष्ट आत्माहरू छन् जसले अलौकिक चीजहरूद्वारा मानिसलाई धोका दिन्छन्? तिनीहरूले गर्ने नकल बाहेक अरू केही होइन, पवित्र आत्माले अहिले नगर्नुहुने कामद्वारा मानिसहरूलाई धोका दिन्छन्। धेरै मानिसहरूले चमत्कारहरू गर्छन् र बिरामीहरूलाई निको पार्छन् र भूतहरू धपाउँछन्; यी सबै दुष्टात्माको कामबाहेक अरू केही होइन, किनकि पवित्र आत्माले अहिले त्यस्तो काम गर्नुहुन्न, र त्यस समयदेखि पवित्र आत्माको कामको नकल गर्ने सबै जना वास्तवमा साँच्चै दुष्टात्माहरू हुन्। इस्राएलमा त्यसबेला गरिएका सबै कामहरू अलौकिक प्रकृतिको काम थिए, यद्यपि पवित्र आत्मा अहिले त्यस्तो तरिकाले काम गर्नुहुन्न, र त्यस्ता कुनै पनि काम अहिले शैतानको नकल र छली भेष र त्यसको खलबली हो। तर तैँले जुनै पनि अलौकिक कार्य दुष्ट आत्माबाट नै आउँछ भनेर भन्न सक्दैनस्—यो परमेश्‍वरको कामको युगमा निर्भर हुन्छ। वर्तमान समयमा देहधारी परमेश्‍वरले गर्नुभएको कामलाई विचार गर्: यसको कुन पक्ष अलौकिक होइन? के उहाँका वचनहरू तेरो निम्ति बुझ्न नसकिने र प्राप्त गर्न नसकिने छन्, र उहाँले गर्नुहुने काम कुनै मानिसले गर्न सक्दैन। उहाँले जे बुझ्नुहुन्छ त्यसलाई बुझ्न मानिसको निम्ति कुनै उपाय छैन, र उहाँको ज्ञानको विषयमा भन्दा, त्यो कहाँबाट आउँछ मानिसले जान्दैन। केही मानिसहरू भन्छन्, "म पनि तपाईंजस्तो नै सामान्य छु, तर तपाईंले जे जान्नुहुन्छ त्यो म जान्दिनँ, यो कसरी हुन सक्छ? म जेठो छु र अनुभवमा धनी छु, तर म जे जान्दिनँ त्यो

तपाईंले कसरी जान्नुहुन्छ?" जहाँसम्म मानिसको कुरा छ, यी सबै यस्ता कुरा हुन् जुन मानिसले प्राप्त गर्न सक्दैन। त्यसपछि यस्ता मानिसहरू पनि छन्, जो भन्छन्, "इस्राएलमा गरिएको काम कसैले जान्दैन, र बाइबलका व्याख्याकारहरूले पनि कुनै स्पष्टीकरण दिन सक्दैनन्; तपाईंले कसरी ती जान्न सक्नुहुन्छ?" के यी सबै अलौकिक विषयहरू होइनन्? उहाँसँग आश्चर्यकर्मको कुनै अनुभव छैन, तापनि उहाँले सबै कुरा जान्नुहुन्छ; उहाँ बोल्नुहुन्छ र ठूलो सहजतासँग सत्य व्यक्त गर्नुहुन्छ। के यो अलौकिक होइन? उहाँको कामले देहले प्राप्त सक्ने चीजलाई पार गर्दछ। मासुको शरीर भएको कुनै पनि मानिसको विचारमा यो प्राप्त गर्न नसकिने र मानिसको मनको तर्कले बुझ्नै नसक्ने कुरा हो। उहाँले कहिल्यै बाइबल पढ्नुभएको थिएन, तापनि उहाँले इस्राएलमा परमेश्वरले गर्नुभएको कामलाई बुझ्नुहुन्छ। उहाँ यस पृथ्वीमा उभिएर बोल्नुहुन्छ, तापनि उहाँले तेस्रो स्वर्गका रहस्यहरूको कुरा बोल्नुहुन्छ। जब मानिसले यी वचनहरू पढ्छन्, यो भावनाले उसलाई जित्न सक्छ: "के यो तेस्रो स्वर्गको भाषा होइन?" के यी सबै मामिलाहरू सामान्य मानिसले हासिल गर्न सक्नेभन्दा बढी छैनन् र? त्यस समय, जब येशू चालीस दिन उपवास बस्नुभयो, के त्यो अलौकिक थिएन र? यदि तँ चालीस दिनको उपवास सबै अवस्थाहरूमा अलौकिक हो, जो दुष्टात्माको काम हो भनी भन्छस् भने, के तैँले येशूको निन्दा गर्दैनस् र? आफ्नो सेवकाइ गर्नुभन्दा अघि येशू एक साधारण मानिसजस्तै हुनुहुन्थ्यो। उहाँ पनि पाठशाला जानुभयो; नत्र भने उहाँले कसरी पढ्न र लेख्न सिक्नुहुन्थ्यो र? जब परमेश्वर देह बन्नुभयो, आत्मा देहमा लुक्नुभएको थियो। यद्यपि, एक सामान्य मानिस भएकोले, उहाँ विकास र परिपक्वताको प्रक्रियाबाट भएर जानु आवश्यक थियो, र उहाँको अनुभूति गर्ने क्षमता परिपक्व नहुञ्जेल र उहाँले सबै कुरा बुझ्न सक्ने नहुञ्जेल उहाँलाई एक साधारण मानिस मान्न सकिन्थ्यो। उहाँको मानवता परिपक्व भएपछि मात्र उहाँले आफ्नो सेवकाइ गर्न सक्नुभयो। उहाँको सामान्य मानवता अपरिपक्व नभई र उहाँको विवेक कमजोर हुँदाहुँदै उहाँले आफ्नो सेवकाइ कसरी गर्न सक्नुहुन्थ्यो र? निश्चय, उहाँले छ वा सात वर्षको उमेरमा आफ्नो सेवकाइको गरून् भनी अपेक्षा गर्न सकिँदैनथ्यो! परमेश्वरले उहाँ पहिलोचोटि देह बन्नुभएको बेला किन आफैलाई खुलेआम प्रकट गर्नुभएन? किनभने उहाँको देहको मानवता अझै अपरिपक्व थियो; उहाँको देहको संज्ञानात्मक प्रक्रियाहरू, र यस देहको सामान्य मानवता पूर्ण रूपमा उहाँको अधीनमा थिएनन्। यसकारण उहाँले आफ्नो काम सुरु गर्नुभन्दा अघि नै उहाँमा सामान्य मानवता र सामान्य व्यक्तिको सामान्य ज्ञान हुनुपर्ने पूर्ण आवश्यकता थियो—यतिसम्म कि उहाँले देहमा आफ्नो काम पूरा गर्न पर्याप्त रूपमा सुसज्जित हुनुभएको होस्। यदि उहाँ यस कामको बराबरी हुनुहुन्नथ्यो भने उहाँ बढ्दै र परिपक्व हुँदै जानु आवश्यक हुनेथियो। यदि येशूले सात वा आठ वर्षको उमेरमा आफ्नो काम सुरु गर्नुभएको भए, के मानिसले उहाँलाई विलक्षण प्रतिभा सम्पन्न व्यक्ति ठान्ने थिएनन् र? के सबै मानिसले उहाँलाई एउटा बालक ठान्ने थिएनन् र? कसले उहाँलाई पत्याउन सकिने मान्ने थियो होला र? सात वा आठ वर्षको बालक खडा हुने मञ्चभन्दा अग्लो हुँदैन, यदि ऊ त्यसको पछाडि खडा भयो भने के ऊ प्रचार गर्न योग्य हुन्छ? उहाँको सामान्य मानवता परिपक्व हुनुभन्दा अघि, उहाँले कार्य गर्नु हुँदैनथ्यो। जहाँसम्म अझै अपरिपक्व नै रहेको उहाँको मानवताको कुरा छ, कामको राम्रो अंश प्राप्त गर्न सकिँदैनथियो। शरीरमा हुने परमेश्वरका

आत्माको काम पनि त्यसका आफ्नै सिद्धान्तहरूद्वारा संचालन हुन्छ। उहाँ सामान्य मानवतामा सुसज्जित हुनुभएपछि मात्र उहाँले काम गर्न सक्नुहुन्छ र पिताको कार्यभार लिन सक्नुहुन्छ। तब मात्र उहाँले आफ्नो काम सुरु गर्न सक्नुहुन्छ। उहाँको बाल्यकालमा, येशूले पुरानो समयमा घटेका धेरै कुराहरूको बारेमा केही बुझ्न सक्नुहुन्नथियो, र सभाघरका शिक्षकहरूलाई सोधेर मात्र उहाँले यो कुरा बुझ्न सक्नुभयो। यदि उहाँले बोल्न सिक्ने बित्तिकै आफ्नो काम सुरु गर्नुभएको थियो भने, के उहाँले गल्ती नगर्नु सम्भव हुनेथियो? परमेश्‍वरले कसरी गलत कदम चाल्न सक्नु सम्भव हुन्छ? तसर्थ, जब उहाँ काम गर्न सक्षम हुनुभयो तब मात्र उहाँले आफ्नो काम सुरु गर्नुभयो; जबसम्म उहाँ यो काम गर्न पूर्ण रूपमा सक्षम हुनुभएन तबसम्म उहाँले कुनै काम गर्नुभएन। २९ वर्षको उमेरमा, येशू पहिले नै परिपक्व हुनुहुन्थ्यो र उहाँले गर्नुपर्ने काम गर्न उहाँको मानवता पर्याप्त थियो। तब मात्र परमेश्‍वरका आत्माले उहाँमा आधिकारिक रूपमा काम गर्न थाल्नुभयो। त्यसबेला, यूहन्नाले उहाँका निम्ति बाटो खोल्नलाई सात वर्षसम्म तयारी गरेका थिए र तिनको काम सिध्याएपछि तिनी झ्यालखानामा परे। त्यसपछि यो बोझ पूरै येशूमाथि आइपर्‍यो। यदि उहाँले यो काम २१ वा २२ वर्षको उमेरमा गर्नुभएको भए भने, त्यो बेला उहाँमा मानवताको अझै कमी हुन्थ्यो, उहाँ भर्खर मात्र युवा वयस्क अवस्थामा प्रवेश गर्नुभएको हुनुहुनेथियो, र उहाँले बुझ्न नसक्ने धेरै कुराहरू हुनेथिए, तब उहाँ नियन्त्रण गर्न असक्षम हुनुहुनेथियो। येशूले उहाँको काम सुरु गर्नुभन्दा अघि नै यूहन्नाले आफ्नो काम समाप्त गरेको केही समय भइसकेको थियो, जुन बेला उहाँ अधबैँसे भइसक्नुभएको थियो। त्यस उमेरमा, उहाँको सामान्य मानवता उहाँले गर्नुपर्ने कामका निम्ति पर्याप्त थियो। अब, देहधारी परमेश्‍वरको पनि सामान्य मानवता छ, र तुलनात्मक रूपमा उहाँको परिपक्वता तिमीहरू बीचका वृद्धको जति नभए पनि यो मानवता उहाँको यो कार्य गर्नका लागि पहिलेबाट नै पर्याप्त छ। आजको कामका परिस्थितिहरू पूर्ण रूपमा येशूको समयको जस्तै छैनन्। येशूले बाह्र प्रेरितलाई किन चुन्नुभयो? यो सबै उहाँको कार्यको समर्थनमा र त्यसमा मिलेर काम गर्नका निम्ति थियो। एकातिर, त्यस बेला उहाँले आफ्नो कामको लागि जग बसाल्नुपर्थ्यो भने अर्कोतर्फ आउने दिनहरूका निम्ति उहाँले आफ्नो कामको जग बसाल्नु पर्नेथियो। त्यस बेलाको कामको आधारमा, बाह्र प्रेरितहरू चुन्ने इच्छा येशूको थियो, किनकि यो परमेश्‍वर स्वयम्‌को इच्छा थियो। उहाँले बाह्र प्रेरितहरू चुन्नुपर्छ र सबै ठाउँमा प्रचारको लागि डोर्‍याउनुपर्छ भन्ने विश्‍वास उहाँको थियो। तर आज तिमीहरूको बीच यसको कुनै आवश्यकता छैन! जब देहधारी परमेश्‍वरले शरीरमा काम गर्नुहुन्छ, त्यसमा धेरै वटा सिद्धान्तहरू हुन्छन्, र थुप्रै कुराहरू हुन्छन् जुन मानिसले सजिलै बुझ्दैन; मानिसले उहाँको काम गर्न वा परमेश्‍वरबाट धेरै मागहरू गर्न लगातार आफ्ना धारणाहरूको प्रयोग गर्दछ। तापनि आजको दिनसम्म धेरै मानिसहरूलाई तिनीहरूका ज्ञान पूर्ण रूपमा तिनीहरूका आफ्नै धारणाले बनेको छ भन्ने थाहा छैन। परमेश्‍वरले जुनै युग वा जुन स्थानमा देहधारण हुनुभए पनि, उहाँले शरीरमा गर्नुहुने कामका सिद्धान्तहरू अपरिवर्तित छन्। उहाँले देह बनेर आफ्नो काममा शरीरको सीमालाई नाघ्न सक्नुहुन्न; झन् उहाँ देह बनेर शरीरको सामान्य मानवताभित्र काम नगर्न त अझै सक्नुहुन्छ। अन्यथा, परमेश्‍वरको देहधारणको महत्त्व विलीन हुनेथियो, र वचन देहधारी बन्नुभयो भन्ने कुरा पूर्ण अर्थहीन हुनेथियो। यसबाहेक, स्वर्गमा

बस्नुहुने पिताले (आत्माले) मात्र परमेश्‍वरको देहधारणको बारेमा जान्नुहुन्छ, र अरू कसैले जान्दैन, न त देह आफैले जान्नुहुन्छ न स्वर्गका सन्देशवाहकहरूले जान्दछन्। यस्तो भएकोले परमेश्‍वरले शरीरमा गर्नुहुने काम अति सामान्य हुन्छ, र वचन साँच्चै देहधारी बन्नुभएको छ भनी देखाउन राम्ररी सक्षम हुन्छ, र देहको अर्थ एक साधारण र सामान्य मानिस भन्‍ने हुन्छ।

कसै-कसैलाई यस्तो लाग्न सक्छ, "किन परमेश्‍वर आफैले यो युगको सुरुवात गर्नुपर्दछ? के कुनै सृष्टि गरिएको प्राणी उहाँको स्थानमा खडा हुन सक्दैन र?" तिमीहरू सबैलाई थाहा छ, कि परमेश्‍वर एउटा नयाँ युग सुरु गर्ने स्पष्ट उद्‌देश्यसहित देह बन्नुभयो, र निश्‍चय, जब उहाँ एउटा नयाँ युगमा प्रवेश गर्नुहुन्छ, त्यसको साथमा उहाँले पहिलेको युगको अन्त्य गर्नुभएको हुनेछ। परमेश्‍वर सुरु र अन्त्य हुनुहुन्छ; उहाँ आफैले आफ्नो कामलाई गति दिनुहुन्छ, त्यसैले यो पहिलेको युगको अन्त्य गर्ने पनि स्वयम् उहाँ नै हुनुपर्दछ। त्यो उहाँले शैतानलाई जित्नुभएको र संसारमा उहाँको विजयको प्रमाण हो। प्रत्येक चोटि जब उहाँले मानिसको माझमा काम गर्नुहुन्छ, त्यो एक नयाँ लडाइँको सुरुवात हुन्छ। नयाँ कार्यको सुरुवातविना स्वाभाविक रूपले पुरानोको अन्त्य भएको हुँदैन। र जब पुरानोको अन्त्य भएको हुँदैन, तब त्यो शैतानसँगको लडाइँ अझै समाप्‍त भएको छैन भन्‍ने कुराको प्रमाण हुन्छ। यदि परमेश्‍वर स्वयम् आउनुहुन्छ, र मानिस बीचमा नयाँ कामहरू गर्नुहुन्छ भने मात्र, मानिसले शैतानको अधीनताबाट छुटकारा पाएर नयाँ जीवन प्राप्‍त गरी नयाँ सुरुआत गर्न सक्दछ। अन्यथा, मानिस सदासर्वदा पुरानो युगमा जिउनेछ र सधैँका लागि शैतानको पुरानो प्रभावमा जिउनेछ। परमेश्‍वरले अगुवाइ गर्नुभएको हरेक युगमा, मानिसका एक अंश स्वतन्त्र हुन्छ, र यसरी मानिस परमेश्‍वरको कामसहित नयाँ युगतर्फ अगि बढ्छ। परमेश्‍वरको विजय हुनुको अर्थ उहाँलाई पछ्याउने सबैको विजय हो। यदि सृष्टि गरिएको मानव जातिलाई युगको अन्त्य गर्ने जिम्मेवारी दिइयो भने त्यो मानिस वा त शैतानको दृष्टिकोणबाट हुन्छ, र त्यो परमेश्‍वरको विरोध गर्नु वा उहाँलाई धोका दिनुभन्दा काम हुँदैन, त्यो परमेश्‍वरको आज्ञापालन हुँदैन, र मानिसले गर्ने काम शैतानको हतियार बन्दछ। यदि मानिसले परमेश्‍वर आफैले सुरु गर्नुभएको युगमा परमेश्‍वरको आज्ञापालन गर्दछ भने मात्र शैतानलाई पूर्ण रूपले विश्‍वस्त तुल्याउन सकिन्छ, किनकि सृष्टि गरिएको प्राणीको कर्तव्य त्यही नै हो। त्यसकारण म भन्छु, कि तिमीहरूले केवल उहाँलाई पछ्याउनु र आज्ञापालन गर्नुपर्छ, त्योभन्दा बढी तिमीहरूले गर्नुपर्दैन। प्रत्येकले आफ्नो कर्तव्य पालन गर्नु र प्रत्येकले आ-आफ्नो काम गर्नु भनेको यही नै हो। परमेश्‍वरले आफ्नै काम गर्नुहुन्छ र उहाँको खातिर मानिसले यो गरिदिनु आवश्यक छैन, न त उहाँ सृष्टि गरिएका प्राणीहरूको काममा नै सहभागी बन्नुहुन्छ। मानिसले आफ्नै कर्तव्य पूरा गर्छ र ऊ परमेश्‍वरको काममा सहभागी हुँदैन। यो मात्र आज्ञापालन र शैतानको हारको प्रमाण हो। परमेश्‍वर आफैले नयाँ युग सुरु गर्ने काम समाप्‍त गर्नुभएपछि मानव जातिको बीचमा काम गर्न फेरि उहाँ आफै आउनुहुन्‍न। तब मात्र मानिसले आफ्नो काम गर्न र सृष्टि गरिएको एक प्राणीको रूपमा उसको काम पूरा गर्न आधिकारिक रूपमा नयाँ युगमा पाइला टेक्छ। यी नै ती सिद्‌धान्तहरू हुन् जसद्‌वारा परमेश्‍वरले काम गर्नुहुन्छ, जसलाई कसैले उल्लङ्घन गर्न सक्दैन। यस तरिकाले कार्य गर्नु मात्र समझदारी र व्यावहारिक हुन्छ। परमेश्‍वरको काम परमेश्‍वर आफैले गर्नुपर्छ। उहाँ नै हुनुहुन्छ जसले आफ्नो कामलाई गति

दिनुहुन्छ, र उहाँ नै हुनुहुन्छ, जसले आफ्नो काम समाप्त गर्नुहुन्छ। उहाँले कामको योजना बनाउनुहुन्छ, र उहाँ यसलाई प्रबन्ध गर्नुहुन्छ, र अझ बढी, उहाँ नै हुनुहुन्छ, जसले कामलाई फलदायी बनाउनुहुन्छ। जसरी बाइबलमा भनिएको छ "आदि र अन्त्य म नै हुँ; म बीउ छर्ने र कटनी गर्ने हुँ।" उहाँको व्यवस्थापन कार्यसित सम्बन्धित सबै कुरा परमेश्वर आफैले गर्नुहुन्छ। उहाँ छ हजार वर्षे व्यवस्थापन योजनाको शासक हुनुहुन्छ; उहाँको स्थानमा रहेर कसैले पनि उहाँको काममा गर्न सक्दैन र कसैले पनि उहाँको कामलाई समाप्त गर्न सक्दैन, किनकि उहाँ नै हुनुहुन्छ, जसले सबै थोक आफ्नो हातले समात्नुहुन्छ। संसार सृष्टि गर्नुभएपछि, उहाँले सारा संसारलाई उहाँको ज्योतिमा जिउनका निम्ति डोऱ्याउनुहुन्छ, र उहाँले सम्पूर्ण युगलाई पनि समाप्त गर्नुहुन्छ, त्यसरी आफ्नो सम्पूर्ण योजनालाई सफल तुल्याउनुहुनेछ!

# देहधारणको रहस्य (२)

त्यो बेला जब येशूले यहूदियामा काम गर्नुभयो, उहाँले खुल्लमखुल्ला त्यसो गर्नुभयो, तर अहिले म तिमीहरूको माझमा गुप्त रूपमा काम गर्छु र बोल्छु। अविश्वासीहरू यसबारे पूर्ण रूपमा अनजान छन्। तिमीहरूको बीचको मेरो काम बाहिरकाहरूका लागि बन्द छ। यी वचनहरू, यी सजाय र न्यायहरू, तिमीहरूलाई मात्र थाहा छ, अरू कसैलाई थाहा छैन। यी सबै काम तिमीहरूको बीचमा गरिन्छ र तिमीहरूकै निम्ति खुलासा गरिन्छ; अविश्वासीहरूमध्ये कसैले पनि यो कुरा जान्दैन, किनकि समय अझ आइपुगेको छैन। यहाँका यी मानिसहरू सजाय सहेपछि पूर्ण बनाउन लागिएका छन्, तर बाहिरकाहरूलाई यसबारे केही पनि थाहा छैन। यो काम धेरै नै लुकेको छ! उनीहरूका लागि, देहधारी परमेश्वर लुक्नुभएको छ, तर यस प्रवाहमा हुनेहरूका लागि उहाँ खुला हुनुहुन्छ भनी भन्न सकिन्छ। परमेश्वरमा सबै खुला छन्, सबै प्रकट भएको छ, र सबै स्वतन्त्र पारिएको छ, तैपनि यो कुरा उहाँमा विश्वास गर्नेहरूका लागि मात्र सत्य छ; जहाँसम्म बाँकी मानिसहरू, अर्थात् अविश्वासीहरूको कुरा छ, उनीहरूलाई केही पनि थाहा दिइएको छैन। अहिले तिमीहरूको बीचमा र चीनमा भइरहेको काम तिनीहरूलाई जान्न नदिनका निम्ति कडाइका साथ बन्द छ। यदि उनीहरूले यस कामको बारेमा थाहा पाए भने, उनीहरूले यसलाई दोषी ठहर्नेछन् र त्यसको निम्ति सतावट गर्नेछन्। उनीहरूले यसमा विश्वास गर्नेथिएनन्। ठूलो रातो अजिङ्गरको देशमा, यो सबैभन्दा पछौटे स्थानमा काम गर्नु सजिलो छैन। यदि यो कामलाई खुला गरिएको भए, यसलाई अगाडि बढाउन असम्भव हुनेथियो। कामको यो चरण यस ठाउँमा पूरा गर्न सकिँदै-सकिँदैन। यदि यो काम खुला रूपमा गर्ने हो भने उनीहरूले यसलाई कसरी अगाडि बढ्न दिन सक्थे? के त्यसले कामलाई अझ बढी जोखिममा पार्नेथिएन र? यदि यो काम लुकाइएको थिएन, बरु येशूको समयमा जस्तो उहाँले आश्चर्यजनक रूपमा बिरामीहरूलाई निको पार्दै र दुष्टात्माहरू निकाल्दै गरिएको थियो भने, के धेरै पहिला नै भूतात्माहरूद्वारा "पक्रिएको" हुनेथिएन र? के उनीहरूले परमेश्वरको अस्तित्वलाई सहन गर्न सक्नेथिए र? यदि अहिले मैले सभाघरहरूमा पसेर त्यहाँ प्रचार गरेँ र मानिसहरूलाई भाषण दिएँ भने के म धेरै पहिले नै टुक्रा-टुक्रा पारिनेथिइनँ र? यदि त्यस्तो हुन्थ्यो भने, मेरो काम कसरी

भइरहन सक्थ्यो र? खुल्लमखुल्ला कुनै चिन्ह र चमत्कारहरू प्रकट नगरिनुको कारण यसलाई लुकाउनका लागि नै हो। यसैले, अविश्वासीहरूले मेरो काम देख्न, जान्न, वा थाहा पाउन सक्दैनन्। यदि यो चरणको काम पनि अनुग्रहको युगमा येशूको जस्तै गरी गरिएको भए, यो अहिलेको जस्तो स्थिर हुन सक्दैनथियो। यसैले, यस तरिकाले गोप्य रूपमा काम गर्नु तिमीहरूका लागि र सम्पूर्ण कामका लागि फाइदाजनक छ। जब पृथ्वीमा परमेश्वरको काम समाप्त हुन्छ, अर्थात् जब यो गुप्त कार्य समाप्त हुन्छ, तब कामको यो चरण खुला रूपमा विस्फोट हुनेछ। चीनमा विजेताहरूको एउटा समूह छ भनी सबैले थाहा पाउनेछन्; र परमेश्वर चीन देशमा देहधारी हुनुभएको छ र उहाँको काम समाप्त भएको छ भनी सबैले थाहा पाउनेछन्। त्यसपछि मात्रै मानिसले यो कुरा देख्नेछः चीनले अझै पनि किन ह्रास वा पतन देखाउनु बाँकी छ? के देखिन्छ भने, परमेश्वरले चीनमा व्यक्तिगत रूपमा आफ्नो काम गरिरहनुभएको छ र मानिसहरूको एउटा समूहलाई विजेताहरू बन्न सिद्ध पार्नुभएको छ।

परमेश्वरले व्यक्तिगत रूपमा आफ्नो काम गर्नुभएको बेला उहाँको पछि लाग्ने केही मानिसहरूलाई मात्र देहधारी बन्नुभएका परमेश्वरले आफैलाई प्रकट गर्नुहुन्छ, सबै प्राणीहरूलाई होइन। उहाँ केवल आफ्नो कामको एक चरण पूरा गर्न मात्र देह बन्नुभयो, मानिसलाई आफ्नो स्वरूप देखाउनका निम्ति होइन। यद्यपि उहाँको काम उहाँ आफैले गर्नुपर्दछ, त्यसैले उहाँले देहमा नै त्यो गर्नु आवश्यक छ। जब यो काम समाप्त हुन्छ, उहाँ मानव संसारबाट प्रस्थान गर्नुहुनेछ; उहाँ आउने कामको बाटोमा खडा हुने डरले मानिसजाति बीच लामो समयसम्म बस्न सक्नुहुन्न। उहाँले भीडलाई जे देखाउनुहुन्छ त्यो उहाँको धर्मी स्वभाव र उहाँका सबै कामहरू मात्र हुन्, र उहाँ दुई पटक मानिस बन्नुभएको स्वरूप होइन, किनकि परमेश्वरको स्वरूपलाई उहाँको स्वभावद्वारा मात्र देखाउन सकिन्छ, र उहाँको देहधारी मासुले त्यसको स्थान लिन सक्दैन। उहाँको देहको स्वरूप सीमित मानिसहरूलाई मात्र, उहाँले देहमा काम गर्नुहुँदा उहाँको पछि लाग्नेहरूलाई मात्र देखाइन्छ। यसैले गर्दा अहिले भइरहेको काम गोप्य रूपमा गरिन्छ। त्यसरी नै, जब येशूले आफ्नो काम गर्नुभयो, तब उहाँले आफूलाई यहूदीकहाँ मात्र देखाउनुभयो, र अरू कुनै पनि जातिको सामु आफैलाई खुल्लमखुल्ला कहिल्यै देखाउनुभएन। यसरी, उहाँले आफ्नो काम सिध्याइसक्नुभएपछि, उहाँ मानिसको संसारबाट तुरुन्तै जानुभयो र त्यहाँ बस्नुभएन; पछिबाट आफैलाई प्रकट गर्ने उहाँ अर्थात् मानिसको स्वरूप हुनुहुन्न थियो, तर पवित्र आत्मा हुनुहुन्थ्यो, जसले प्रत्यक्ष रूपमा काम गर्नुभयो। जब देहधारी परमेश्वरको काम पूर्ण रूपमा समाप्त हुन्छ, उहाँ मरणशील संसारबाट जानुहुन्छ, र उहाँले देहमा हुँदा जुन काम गर्नुभयो त्यो काम फेरि कहिल्यै गर्नुहुनेछैन। त्यसपछि, सबै काम पवित्र आत्माले नै प्रत्यक्ष रूपमा गर्नुहुनेछ। यस अवधिमा, मानिसले उहाँको शारीरिक स्वरूपलाई मुस्किलले देख्न सक्छ; उहाँले आफूलाई मानिसकहाँ कुनै पनि हालतमा देखाउनुहुन्न, तर सदासर्वदा लागि लुक्नुहुन्छ। देहधारी परमेश्वरको कामको समय सीमित छ। यो एक निश्चित युग, अवधि, जाति र विशेष मानिसहरू माझ पूरा गरिन्छ। यो कामले केवल परमेश्वरले देहधारण गर्नुभएको अवधिमा गरिएको कार्यलाई मात्रै प्रतिनिधित्व गर्दछ; यसले एउटा युगको प्रतिनिधित्व गर्छ, र यसले एक विशेष युगमा परमेश्वरका आत्माको कामलाई प्रतिनिधित्व गर्दछ, र उहाँको सम्पूर्ण कार्यलाई

होइन। त्यसैले, देह बनेको परमेश्‍वरको स्वरूप सबै मानिसलाई देखाइनेछैन। भीडलाई जे देखाइन्छ त्यो उहाँ दुईचोटि देह बन्‍नुहुँदाको उहाँको स्वरूप होइन, बरु परमेश्‍वरको धार्मिकता र यसको पूर्णतामा उहाँको स्वभाव हो। मानिसलाई देखाइएको स्वरूप यो एउटै मात्र होइन, न त दुईवटा मिश्रित स्वरूपहरू नै हो। त्यसकारण, परमेश्‍वरको देहधारी शरीरले आफूले गर्नुपर्ने काम पूरा गरेपछि यस पृथ्वीबाट प्रस्थान गर्नु अनिवार्य छ, किनकि उहाँ आफूले गर्नुपर्ने काम गर्न मात्र आउनुहुन्छ, मानिसहरूलाई आफ्नो स्वरूप देखाउनु होइन। देहधारणको महत्त्वलाई परमेश्‍वरले दुई पटक देह बनेर पूरा गरिसक्‍नुभएको छ, तापनि उहाँलाई अघि कहिल्यै नदेख्‍ने कुनै पनि जातिको सामु उहाँले आफूलाई प्रकट गर्नुहुनेछैन। येशू फेरि कहिल्यै पनि आफूलाई धार्मिकताको सूर्यको रूपमा यहूदीहरू सामु देखा पर्नुहुनेछैन, न त उहाँ जैतून डाँडाको टुप्पामा खडा भएर सबै मानिसहरूको सामु देखा नै पर्नुहुनेछ; यहूदीहरूले येशू यहूदियामा हुनुहुँदाको अवधिमा उहाँको चित्र मात्र देखेका छन्। किनकि येशूले उहाँको देहधारणमा गर्नुभएको काम दुई हजार वर्ष अघि नै समाप्त भयो; उहाँ एक यहूदीको रूपमा यहूदियामा फर्कनुहुनेछैन, उहाँले आफैलाई कुनै पनि अन्यजाति मानिसहरूकहाँ प्रकट गर्नुहुनेछ भन्‍ने कुरा त परै जाओस्, किनकि मानिस बनेको येशूको देह एक यहूदीको रूप मात्र हो, र यूहन्‍नाले देखेका मानिसको पुत्रको स्वरूप होइन। येशूले आफ्ना चेलाहरूलाई उहाँ फेरि आउनुहुनेछ भनेर प्रतिज्ञा गर्नुभए पनि उहाँले आफैलाई ती सबै अन्यजाति राष्ट्रहरूमा एक यहूदीको रूपमा प्रकट गर्नुहुनेछैन। देहधारी परमेश्‍वरको काम भनेको एउटा युग सुरु गर्नु हो भन्‍ने तिमीहरूले जान्‍नुपर्छ। यो काम केही वर्षहरूमा सीमित हुन्छ, र उहाँले परमेश्‍वरको आत्माका सबै काम पूरा गर्न सक्‍नुहुन्‍न, जसरी एक यहूदीको रूपमा रहेको येशूको रूपले केवल उहाँले यहूदियामा काम गर्नुहुँदाको परमेश्‍वरको स्वरूपलाई मात्र प्रतिनिधित्व गर्नसक्थ्यो, र उहाँले क्रूसमा टाँगिने काम मात्र गर्न सक्‍नुहुन्थ्यो। येशू देहमा हुनुभएको अवधिमा, उहाँले युगलाई अन्त्य गर्ने वा मानव जातिलाई नाश पार्ने काम गर्न सक्‍नुभएन। त्यसकारण, उहाँ क्रूसमा टाँगिनुभएपछि र आफ्नो कामलाई निष्कर्षमा पुर्‍याउनुभएपछि, उहाँ सर्वोच्चमा चढिजानुभयो र सधैँभरिका लागि आफूलाई मानिसबाट लुकाउनुभयो। त्यस बेलादेखि यता, अन्यजाति देशहरूका विश्‍वासयोग्य विश्‍वासीहरू प्रभु येशूको प्रकटीकरण देख्‍न असमर्थ थिए, तर तिनीहरूले भित्तामा टाँसेका उहाँको तस्विरलाई मात्रै देख्‍न सक्थे। यो चित्र मानिसले बनाएको चित्र मात्रै हो, र त्यो परमेश्‍वरले आफैलाई मानिसकहाँ देखाउनुभएको चित्र होइन। परमेश्‍वरले आफैलाई उहाँले दुईचोटि देहधारण गर्नुभएको देहमा खुल्लमखुल्ला भीडहरूको सामु प्रकट गर्नुहुनेछैन। उहाँले मानव जातिको बीचमा गर्नुहुने काम भनेको उनीहरूलाई उहाँको स्वभाव बुझ्ने मौका दिनको लागि हो। मानिसलाई यी सबै कुरालाई विभिन्‍न युगहरूको कामद्वारा देखाइन्छ; यो येशूको प्रकटीकरणद्वारा नभई उहाँले प्रकट गर्नुभएको स्वभाव र उहाँले गर्नुभएका कामद्वारा पूरा हुन्छ। यो भनेको के हो भने, देहधारण भएको स्वरूपद्वारा होइन, तर देहधारी परमेश्‍वरले गर्नुभएको कामद्वारा मानिसको निम्ति परमेश्‍वरको स्वरूप प्रकट गरिन्छ, जोसँग स्वरूप र रूप दुवै छ; र उहाँको कामद्वारा, उहाँको स्वरूप देखाइन्छ र उहाँको स्वभावलाई प्रकट गरिन्छ। उहाँले देहमा गर्न चाहनुभएको कामको महत्त्व यही हो।

जब परमेश्‍वरका दुईवटा देहधारणका काम समाप्त हुन्छ, तब उहाँले अविश्‍वासीहरूका सबै

राष्ट्रहरूभरि आफ्नो धार्मिक स्वभाव देखाउन सुरु गर्नुहुनेछ, र भीडलाई उहाँको स्वरूप देख्न दिनुहुनेछ। उहाँले आफ्नो स्वभाव प्रकट गर्नुहुनेछ र यसद्वारा मानिसका विभिन्न वर्गहरूको अन्त्य स्पष्ट पार्नुहुनेछ, त्यसद्वारा पुरानो युगलाई पूर्ण रूपमा अन्त्य ल्याउनुहुनेछ। उहाँले देहमा गर्नुभएको काम धेरै फैलिएन (जसरी येशूले यहूदियामा मात्रै काम गर्नुभयो, र आज म केवल तिमीहरूको बीचमा काम गर्दछु) किनकि देहमा उहाँले गर्नुहुने कामहरूको सिमा र हदहरू छन्। उहाँले एक साधारण र सामान्य मानिसको स्वरूपमा छोटो समयका निम्ति काम गर्दैहुनुहुन्छ; उहाँले अनन्तको काम गर्न वा अविश्‍वासी राष्ट्रका मानिसहरूको सामु देखा पर्न देहधारी शरीरको प्रयोग गरिरहनुभएको छैन। देहको काम क्षेत्रमा मात्र सीमित हुन सक्छ (जस्तै केवल यहूदियामा वा केवल तिमीहरूका बीचमा मात्रै काम गर्नु), त्यसपछि, यी सीमाहरूभित्र गरिएको कामद्वारा यसको दायरा विस्तार गर्न सकिन्छ। निश्‍चय नै, विस्तारको काम सीधै उहाँको आत्माद्वारा गरिन्छ, तब यो उप्रान्त उहाँको देहधारणको देहको काम हुनेछैन। किनकि देहको कामका सिमानाहरू हुन्छन् र त्यो ब्रह्माण्डका सबै कुनामा फैलिँदैन—यसले यो पूरा गर्न सक्दैन। देहमा गरिने कामद्वारा, उहाँका आत्माले त्यसपछिको काम गर्नुहुन्छ। त्यसकारण, देहमा गरिएको काम उद्घाटन प्रकृतिको हो, जुन निश्‍चित सिमानाहरूभित्र गरिन्छ; त्यसपछि, उहाँका आत्माले यो काम अगाडि बढाउनुहुन्छ, र उहाँले एउटा विस्तृत क्षेत्रमा त्यो गर्नुहुन्छ।

परमेश्‍वर युगलाई डोऱ्याउनको लागि मात्रै पृथ्वीमा काम गर्न आउनुहुन्छ; उहाँले एउटा नयाँ युग सुरु गर्ने र पुरानो युगलाई समाप्त गर्ने मात्र अभिप्राय राख्नुहुन्छ। उहाँ पृथ्वीमा कुनै मानिसको जीवनको बिताउन, मानव संसारको जीवनको आनन्द र दुःखहरू आफै अनुभव गर्न, वा आफ्नै हातद्वारा कुनै विशेष व्यक्तिलाई सिद्ध बनाउन वा कुनै व्यक्ति बढ्दै गएको व्यक्तिगत रूपमा हेर्न आउनुभएको होइन। यो उहाँको काम होइन; उहाँको काम भनेको नयाँ युगलाई सुरु गर्नु र पुरानोलाई अन्त्य गर्नु मात्रै हो। अर्थात्, उहाँले व्यक्तिगत रूपमा एउटा युगको सुरु गर्नुहुनेछ, व्यक्तिगत रूपमा अर्कोलाई अन्त्य गर्नुहुन्छ, र व्यक्तिगत रूपले आफ्नो काम गरी शैतानलाई पराजित गर्नुहुनेछ। प्रत्येक चोटि जब उहाँले आफ्नो काम व्यक्तिगत रूपमा गर्नुहुन्छ, तब त्यो उहाँले युद्धको मैदानमा खुट्टा टेक्नुभएको जस्तो हुन्छ। सर्वप्रथम, शरीरमा हुँदा उहाँले संसारलाई परास्त गर्नुहुन्छ र शैतानमाथि विजयी बन्नुहुन्छ। उहाँले सम्पूर्ण महिमा लिनुहुन्छ र दुई हजार वर्षको सम्पूर्ण कामको पर्दा उठाउनुहुन्छ, जसले गर्दा पृथ्वीमा सबै मानिसले हिँड्ने सही मार्ग र जिउनका निम्ति शान्ति र आनन्दको जीवन पाउन सक्छन्। तापनि, परमेश्‍वर मानिससँग लामो समयसम्म यस संसारमा बस्न सक्नुहुन्न, किनकि परमेश्‍वर, परमेश्‍वर नै हुनुहुन्छ, र जे भए पनि मानिसजस्तो हुनुहुन्न। उहाँले सामान्य व्यक्तिको जीवनकाल बाँच्न सक्नुहुन्न, अर्थात् उहाँ पृथ्वीमा त्यस्तो व्यक्तिको रूपमा वास गर्न सक्नुहुन्न, जो कुनै साधारण व्यक्तिभन्दा केही पनि होइन, किनकि उहाँसँग आफ्नो मानव जीवन थामेर राख्नका निम्ति एक सामान्य व्यक्तिको सामान्य मानवताको केवल थोरै मात्र अंस छ। अर्को शब्दमा भन्नुपर्दा, परमेश्‍वरले कसरी पृथ्वीमा एउटा परिवार सुरु गर्न, व्यवसाय बनाउन र छोराछोरीहरूलाई हुर्काउन सक्नुहुन्छ? के त्यो उहाँको बदनाम हुनेछैन र? सामान्य रूपले काम गर्न दिने उद्देश्यले मात्र उहाँलाई सामान्य मानवता प्रदान गरिएको

हो, एक सामान्य मानिसले जस्तो परिवार र व्यवसाय बनाउन दिनको लागि होइन। उहाँको सामान्य ज्ञान, सामान्य दिमाग र सामान्य भोजन र उहाँको शरीरको लुगा नै उहाँसँग सामान्य मानवता छ भन्ने कुराको पर्याप्त प्रमाण हो; उहाँसँग सामान्य मानवता छ भनी प्रमाणित गर्ने उहाँको परिवार वा व्यवसाय हुनु आवश्यकता थिएन। यो पूर्ण रूपमा अनावश्यक हुनेथियो! परमेश्वर पृथ्वीमा आउनु भनेको वचन देहधारी हुनु हो; उहाँले मानिसलाई उहाँको वचन बुझ्न र उहाँको वचन हेर्न दिइरहनुभएको छ, अर्थात् देहले गरेको काम मानिसलाई हेर्न दिनुहुन्छ। मानिसहरूले उहाँको देहलाई कुनै खास तरिकाले व्यवहार गरून् भन्ने होइन, तर मानिसले आखिरीसम्म आज्ञापालन गरोस्, अर्थात् उहाँको मुखबाट निस्केका सबै वचन पालन गरोस्, र उहाँले गर्नुहुने सबै काममा समर्पित होस् भन्ने उहाँको उद्देश्य थियो। उहाँले केवल शरीरमा काम गरिरहनुभएको छ; उहाँले जानाजानी मानिसलाई उहाँको देहको महानता र पवित्रतालाई उचाल्न भनिरहनुभएको छैन, बरु उहाँले आफ्नो कामको ज्ञान र उहाँले पाउनुभएको सम्पूर्ण अधिकारको प्रदर्शन गर्दैहुनुहुन्छ। त्यसकारण, उहाँसित उत्कृष्ट मानवता भए पनि उहाँले कुनै घोषणा गर्नुहुन्न, र उहाँले गर्नुपर्ने काममा मात्र ध्यान केन्द्रित गर्नुहुन्छ। परमेश्वर देहधारी हुनुभयो र पनि उहाँले आफ्नो सामान्य मानवताको किन प्रचार गर्नुहुन्न वा गवाही दिनुहुन्न, तर केवल आफूले गर्न चाहनुभएको काम गर्नुहुन्छ त्यो तिमीहरूलाई थाहा हुनुपर्दछ। त्यसकारण, तिमीहरूले देहधारी परमेश्वरबाट देख्न सक्ने भनेको उहाँ ईश्वरीय रूपमा जो हुनुहुन्छ त्यही मात्र हो; यसको कारण के हो भने मानिसले अनुकरण गर्नको लागि उहाँले उहाँ मानिसको रूपमा को हुनुहुन्छ त्यो कहिल्यै पनि घोषणा गर्नुहुन्न। जब मानिसले मानिसहरूलाई डोऱ्याउँछ तब मात्र उसले अरूबाट प्रशंसा र सङ्कल्पता प्राप्त गरेर अरूको नेतृत्व प्राप्त गर्नको लागि मानिसको रूपमा ऊ को हो भनी बताउँछ। यसको विपरीत, परमेश्वरले उहाँको कामद्वारा मात्रै मानिसलाई जित्नुहुन्छ (अर्थात् मानिसले प्राप्त गर्न नसक्ने काम); उहाँलाई कुनै मानिसले प्रशंसा गर्नु वा उहाँले मानिसलाई उहाँको श्रद्धा गर्ने बनाउनुको कुनै अर्थ छैन। उहाँले मानिसभित्र उहाँप्रति श्रद्धाको भाव वा उहाँको अथाहपनको भाव मात्रै हालिदिनुहुन्छ। परमेश्वरले मानिसलाई प्रभावित पारिरहनुको कुनै आवश्यकता छैन; तैँले उहाँको स्वभाव देखेपछि उहाँलाई आदर मात्र गर्नुपर्छ। परमेश्वरले गर्नुहुने काम उहाँकै हो; मानिसले उहाँको सट्टामा यो गर्न, न त मानिसले यसलाई प्राप्त नै गर्नसक्छ। परमेश्वरले मात्रै आफ्नो काम आफै गरेर मानिसलाई नयाँ जीवनमा ल्याउनका निम्ति नयाँ युग ल्याउनुहुन्छ। उहाँले गर्नुहुने काम भनेको मानिसलाई नयाँ जीवन आफ्नो बनाउन सक्ने तुल्याउनु र नयाँ युगमा प्रवेश गराउनका निम्ति हो। बाँकी काम सामान्य मानवता भएका ती व्यक्तिहरूलाई सुम्पिएको छ, जसलाई अरूले इज्जत गर्छन्। त्यसकारण, अनुग्रहको युगमा, उहाँले दुई हजार वर्षको काम आफ्नो तेत्तीस वर्षको शरीरबाट मात्र साढे तीन वर्षमा पूरा गर्नुभयो। जब परमेश्वर पृथ्वीमा आफ्नो काम पूरा गर्न आउनुहुन्छ, उहाँले जहिले पनि केही वर्षको छोटो अवधिभित्र दुई हजार वर्षको वा एउटा सम्पूर्ण युगको काम पूरा गर्नुहुन्छ। उहाँ रोकिनुहुन्न, र उहाँले ढिलाइ गर्नुहुन्न; धेरै वर्षको काम केही वर्षभित्रै पूरा होस् भनेर उहाँले केवल त्यसलाई छोट्याउनुहुन्छ। यसको कारण के हो भने, उहाँले व्यक्तिगत रूपमा जुन काम गर्नुहुन्छ त्यो पूर्ण रूपमा नयाँ बाटो खोल्न र नयाँ युगतिर डोऱ्याउनका निम्ति हुन्छ।

# देहधारणको रहस्य (३)

जब परमेश्‍वरले आफ्नो काम गर्नुहुन्छ, उहाँ कुनै निर्माण कार्यमा वा अभियानमा संलग्न हुनका लागि आउनुहुन्‍न, तर आफ्नो सेवकाइ पूरा गर्ने आउनुहुन्छ। प्रत्येक पटक उहाँ देह बन्नुहुँदा केवल एक चरणको काम पूरा गर्न र नयाँ युग सुरु गर्नका निम्ति हो। अब परमेश्‍वरको राज्यको युग पनि आइपुगेको छ, त्यसरी नै राज्यको तालिम पनि आइपुगेको छ। कामको यो चरण मानिसले गर्ने काम होइन, र यो मानिसले कुनै हदसम्म गर्नुपर्ने काम होइन, तर केवल परमेश्‍वरको कामको एक अंश पूरा गर्नका लागि हो। उहाँले गर्ने काम मानिसको काम होइन, यो काम गर्ने मानिसले पृथ्वी छोड्नु अघि केही निश्‍चित परिणाम प्राप्त गर्नु होइन; यो उहाँको सेवकाइ पूरा गर्नु र उहाँले गर्नुपर्ने काम समाप्त गर्नु हो, जुन यस पृथ्वीमा उहाँको कामका लागि उचित प्रबन्धहरू गर्नु र त्यसद्वारा महिमा प्राप्त गर्नु हो। देहधारी परमेश्‍वरले गर्नुहुने काम पवित्र आत्माद्वारा प्रयोग भएका मानिसहरूले गर्ने कामभन्दा भिन्‍न हुन्छ। जब परमेश्‍वर पृथ्वीमा आफ्नो काम गर्न आउनुहुन्छ, उहाँले केवल आफ्नो सेवकाइको पूरा गर्नुमा ध्यान दिनुहुन्छ। उहाँको सेवकाइसँग सम्बन्धित नभएका अरू सबै मामलाहरूमा, उहाँले प्रायः भाग लिनुहुन्‍न, यहाँसम्म कि उहाँले आँखा पनि बन्द गर्नुहुन्छ। आफूले गर्नुपर्ने काम मात्र उहाँले गर्नुहुन्छ, र मानिसले गर्नुपर्ने काममा उहाँले थोरै मात्र चासो राख्‍नुहुन्छ। उहाँले गर्नुहुने काम पूर्ण रूपमा उहाँ हुनुभएको युग र उहाँले पूरा गर्नुपर्ने सेवकाइसँग सम्बन्धित हुन्छ, मानौं अरू सबै विषयहरू उहाँको कार्यक्षेत्र बाहिर छन्। मानव जातिको बीचमा जिउनका लागि उहाँले आफूलाई आधारभूत ज्ञानले सुसज्जित पार्नुहुन्‍न, न त उहाँले धेरै सामाजिक सीपहरू सिक्नुहुन्छ, न आफूलाई मानिसले बुझ्ने अरू कुनै कुराद्वारा सुसज्जित पार्नुहुन्छ। मानिसमा हुनुपर्ने कुराहरूले उहाँलाई चिन्तित बनाउँदैन, र उहाँले केवल आफ्नो काम गर्नुहुन्छ जुन उहाँको कर्तव्य हो। यसरी मानिसले हेर्दा, देहधारी परमेश्‍वरलाई धेरै कुरामा कमी देख्छ कि उहाँले मानिसमा हुनुपर्ने धेरै कुराहरूमा समेत ध्यान दिनुहुन्‍न, उहाँलाई यस्ता विषयहरूको केही पनि ज्ञान छैन। जीवनको बारेमा सामान्य ज्ञान जस्ता कुराहरू, साथै व्यक्तिगत आचरण र अरूसँग गरिने बातचितको उहाँसँग कुनै सम्बन्ध नभएको जस्तो देखिन्छ। तर तैँले देहधारी परमेश्‍वरबाट असामान्यताको सानोभन्दा सानो सङ्केत पनि पाउन सक्दैनस्। भन्नुको अर्थ, उहाँको मानवताले केवल एक सामान्य व्यक्तिको रूपमा उहाँको जीवनलाई, उहाँको दिमागको सामान्य तर्कलाई थामेर राख्छ, उहाँलाई सही र गलत छुट्याउने क्षमता प्रदान गर्दछ। तापनि, उहाँ अरू कुनै कुराले सुसज्जित हुनुहुन्‍न, ती सबै थोकहरू केवल मानिसमा (सृष्‍टि गरिएका प्राणीहरूमा) मात्र हुनुपर्छ। परमेश्‍वर केवल उहाँको आफ्नै सेवकाइ पूरा गर्न मात्र शरीर बन्नुहुन्छ। उहाँको काम एउटा सम्पूर्ण युगतिर निर्देशित हुन्छ, कुनै एक व्यक्ति वा स्थानमा होइन, तर सम्पूर्ण ब्रह्माण्डमा। उहाँको कामको दिशा र उहाँले काम गर्ने सिद्धान्त यही नै हो। यसलाई कसैले पनि परिवर्तन गर्न सक्दैन, र मानिसको निम्ति यसमा संलग्न हुने कुनै उपाय छैन। प्रत्येक पटक जब परमेश्‍वर देह बन्नुहुन्छ, उहाँले आफ्नो साथमा त्यस युगको काम ल्याउनुहुन्छ, र मानिसले अझ राम्ररी उहाँलाई

बुझून् र प्राप्त गरून् भनी उहाँ मानिससँग बीस, तीस, चालीस, वा सत्तरी वा असी वर्षसम्म जिइरहने उहाँको कुनै उद्‌देश्य हुँदैन। त्यसको कुनै आवश्यकता छैन! त्यसो गर्दा कुनै पनि प्रकारले परमेश्‍वरको भित्री स्वभावसम्बन्धी मानिसको ज्ञानलाई गहिरो बनाउँदैन; यसको साटो, त्यसले केवल उसका धारणाहरू मात्र बढाउँछ र उसका धारणा र विचारहरूलाई जीवाश्म बनाउँछ। यसैले तिमीहरू सबैले देहधारी परमेश्‍वरको काम के हो भनेर ठ्याक्कै बुझ्नु आवश्यक छ। मैले बोलेका वचनहरू तिमीहरूले पक्कै पनि बुझ्न सक्छौ: "म सामान्य मानव जीवनको अनुभव गर्न आएको थिइनँ?" के तिमीहरूले यी वचनहरू भुलेका छौ: "परमेश्‍वर पृथ्वीमा एक सामान्य मानिसको जीवन जिउन आउनुभएको होइन?" तिमीहरू परमेश्‍वर देह बन्नुको उद्‌देश्य बुझ्दैनौ, न त तिमीहरू "सृष्टि गरिएको प्राणीको जीवनको अनुभव गर्ने मनसायले पृथ्वीमा कसरी परमेश्‍वर आउन सक्नुहुन्छ?" भन्ने कुराको अर्थ जान्दछौ। परमेश्‍वर केवल आफ्नो काम पूरा गर्न पृथ्वीमा आउनुहुन्छ, र यसैले पृथ्वीमा उहाँको काम अल्पकालीन हुन्छ। उहाँ पवित्र आत्मालाई उहाँको आफ्नो मासुको शरीरलाई चर्चको नेतृत्व गर्ने महामानव बनाउन लगाउने उद्‌देश्यले पनि आउनुहुन्न। जब परमेश्‍वर पृथ्वीमा आउनुहुन्छ, यो वचन देहधारी बन्नु नै हो; तापनि, मानिसले उहाँको कामबारे जान्दैन र जबरजस्ती उहाँलाई विभिन्न उपाधिहरू दिन्छ। तर तिमीहरू सबैले बुझ्नुपर्छ, कि परमेश्‍वर "वचन देह बन्नुहुन्छ," केही क्षणसम्म परमेश्‍वरको भूमिका खेल्न परमेश्‍वरका आत्माले तयार गर्नुभएको मासुको शरीर होइन। परमेश्‍वर आफै पनि हेरचाहको उपज हुनुहुन्न, तर वचन देहधारी हुनुभएको हो, र आज उहाँले आधिकारिक रूपमा तिमीहरू सबैको माझ आफ्नो काम गर्नुहुन्छ। तिमीहरू सबैलाई थाहा छ, र स्वीकार गर्छौ, कि परमेश्‍वरले देहधारण हुनुभएको कुरा वास्तविक सत्यता हो, तापनि, तिमीहरू यसलाई बुझेको जस्तो व्यवहार गर्छौ। देहधारी परमेश्‍वरको कामदेखि उहाँको देहधारणको महत्त्व र तत्त्वसम्म तिमीहरू थोरै पनि बुझ्न सक्दैनौ र स्मरणबाट सजिलै भन्न सकिने वचनहरूद्‌वारा अरूलाई पछ्याउँछौ। के देहधारी परमेश्‍वर तैँले कल्पना गरेको जस्तो हुनुहुन्छ भनी तँ विश्‍वास गर्छस्?

परमेश्‍वर केवल युगलाई डोऱ्याउन र नयाँ कामलाई गति दिनका निम्ति मात्रै देह बन्नुहुन्छ। तिमीहरूले यो कुरा बुझ्नु आवश्यक छ। यो मानिसको प्रकार्यभन्दा धेरै फरक छ, र दुवैलाई उही रूपमा उल्लेख गर्न सकिँदैन। मानिसलाई काम गर्न प्रयोग गर्नुभन्दा पहिले उसलाई लामो समयसम्म विकास गर्नु र सिद्‌ध बनाउनु आवश्यक हुन्छ, र जुन प्रकारको मानवता चाहिएको हुन्छ त्यो विशेष प्रकारले उच्च स्तरको हुन्छ। मानिसले सामान्य मानवताको ज्ञानलाई कायम राख्न सक्ने मात्र होइन, तर उसले अरूसँग सम्बन्धित आफ्नो आचरणलाई नियन्त्रण गर्ने धेरै सिद्‌धान्तहरू र नियमहरूलाई बुझ्न, र यसबाहेक ऊ बुद्‌धि र नैतिक ज्ञानको बारेमा अझ बढी अध्ययन गर्न प्रतिबद्‌ध हुन सक्नुपर्छ। मानिस यस्तै कुराले सुसज्जित हुनुपर्छ। तापनि, देह बन्नुहुने परमेश्‍वरको हकमा त्यस्तो हुँदैन, किनकि उहाँको कामले न त मानिसको न मानिसको कामको प्रतिनिधित्व गर्छ, बरु, उहाँको अस्तित्वको प्रत्यक्ष अभिव्यक्ति र उहाँले गर्नुपर्ने कामको प्रत्यक्ष कार्यान्वयनको प्रतिनिधित्व गर्दछ। (स्वाभाविक रूपमा, उहाँको काम उपयुक्त समयमा सम्पन्न हुन्छ, संयोगले वा निरुद्‌देश्यमा होइन, र यो उहाँको सेवकाइ पूरा गर्ने समय भएको बेलामा सुरु भएको छ)। उहाँ मानिसको जीवनमा वा मानिसको काममा सहभागी हुनुहुन्न, अर्थात् उहाँको

मानवता यीमध्ये कुनै पनि कुराद्वारा सुसज्जित छैन (यद्यपि यसले उहाँको कामलाई असर गर्दैन)। उहाँ तब मात्र आफ्नो सेवकाइ पूरा गर्नुहुन्छ जब उहाँले यसो गर्ने समय आउँछ; उहाँको दर्जा जे-सुकै भए पनि, उहाँ आफूले गर्नुपर्ने काममा लगातार अगि बढ्नुहुन्छ। मानिसले उहाँको विषयमा जे जान्दछ, उहाँको विषयमा मानिसको विचार जे-जस्तो भए पनि उहाँको काम पूर्ण रूपमा अप्रभावित हुन्छ। उदाहरणका लागि, जब येशूले आफ्नो काम पूरा गर्नुभयो, उहाँ को हुनुहुन्छ भनेर ठ्याक्कै कसैलाई पनि थाहा थिएन, तर उहाँ केवल आफ्नो काममा अगि बढ्नुभयो। यी कुनै पनि कुराले उहाँले गर्नुपर्ने काम गर्न उहाँलाई कुनै बाधा पुऱ्याएन। त्यसकारण, उहाँले सुरुमा आफ्नो पहिचान स्वीकार गर्ने र घोषणा गर्ने गर्नुभएन, र मानिस उहाँको पछि लागेका मात्र थिए। स्वाभाविक रूपमा, यो परमेश्‍वरको नम्रता मात्र थिएन, तर परमेश्‍वरले देहमा काम गर्नुहुने तरिका पनि थियो। उहाँले यसरी मात्र काम गर्न सक्नुहुन्थ्यो, किनकि नाङ्गो आँखाले उहाँलाई चिन्ने मानिसको कुनै उपाय थिएन। अनि यदि मानिसले उहाँलाई चिनेको भए पनि उसले उहाँको काममा कुनै सहयोग गर्न सक्दैनथ्यो। यसबाहेक, मानिसले उहाँको देहलाई चिनोस् भनेर उहाँ देह बन्नुभएको थिएन; यो उहाँले आफ्नो काम गर्न र आफ्नो सेवकाइ पूरा गर्नको लागि थियो। यसकारण, उहाँले आफ्नो पहिचान सार्वजनिक गर्नुलाई कुनै महत्त्व दिनुभएन। जब उहाँले गर्नुपर्ने सबै कामहरू पूरा गर्नुभयो तब उहाँको सम्पूर्ण पहिचान र दर्जा स्वाभाविक रूपमा मानिसको अगि स्पष्ट भयो। देहधारी परमेश्‍वर चुपचाप रहनुहुन्छ र कहिल्यै पनि कुनै घोषणाहरू गर्नुहुन्न। उहाँले न त मानिसलाई न मानिसले कसरी उहाँलाई पछ्याउँदैछ भनेर ध्यान दिनुहुन्छ, तर केवल आफ्नो सेवकाइ पूरा गर्न र उहाँले गर्नुपर्ने काम पूरा गर्न अगि बढ्नुहुन्छ। उहाँको कामको बाटोमा कोही पनि खडा हुन सक्दैन। जब उहाँको काम समाप्त गर्ने समय आउँदछ, यो निश्‍चय नै निष्कर्षमा पुग्नेछ र समाप्त हुनेछ, र कसैले पनि अन्यथा निर्देशित गर्न सक्दैन। उहाँले मानिसमा आफ्नो काम पूरा गरेर जानुभएपछि मात्र मानिसले उहाँले गर्नुहुने कामलाई बुझ्नेछ, तापनि अझै पूर्ण रूपमा स्पष्ट होइन। उहाँले पहिलो आफ्नो काम कुन उद्‌देश्यले गर्नुभएको थियो भनी बुझ्न मानिसलाई धेरै लामो समय लाग्नेछ। अर्को शब्दमा भन्नुपर्दा, देहधारी परमेश्‍वरको युगको काम दुई भागमा बाँडिएको छ। एउटा भागमा देहधारी परमेश्‍वर आफैले गर्नुहुने काम र परमेश्‍वरको देहधारी शरीर आफैले बोल्नुहुने वचनहरू छन्। उहाँको शरीरको सेवकाइ पूर्णरूपमा पूरा भएपछि, त्यो कामको अर्को भाग ती मानिसहरूद्वारा गरिनुपर्छ जो पवित्र आत्माद्वारा चलाइन्छन्। मानिसले आफ्नो काम पूरा गर्ने समय यही हो, किनकि परमेश्‍वरले अघिबाटै बाटो खोलिदिइसक्नुभएको हुन्छ, र त्यसमा मानिस आफै हिँड्नुपर्छ। भन्नुको अर्थ, देहधारी बन्नुभएका परमेश्‍वरले कामको एक भाग पूरा गर्नुहुन्छ, र त्यसपछि पवित्र आत्मा र पवित्र आत्माले प्रयोग गर्नुभएका मानिसहरूले बाँकी काम गर्नुपर्छ। त्यसकारण, देहधारी हुनुभएका परमेश्‍वरले यस चरणमा गर्नुहुने मुख्य काम के हो र देह बन्नुभएका परमेश्‍वरको महत्त्व के हो र उहाँले गर्नुपर्ने काम के हो त्यसलाई मानिसले ठीकसँग बुझ्नुपर्छ, र उसले मानिससँग माग गरेजस्तो परमेश्‍वरसित माग गर्नुहुँदैन। यसैमा मानिसको गल्ती, उसको धारणा र त्योभन्दा बढी उसको अनाज्ञाकारिता लुकेको हुन्छ।

परमेश्‍वर मानिसलाई उहाँको देहबारे जान्न दिने, वा देहधारी परमेश्‍वरको शरीर र मानिसको

शरीर बीचका भिन्नताहरू छुट्ट्याउन दिने उद्देश्यले देहधारी बन्नुभएको होइन; न त परमेश्वर मानिसको समझशक्तिलाई तालिम दिनका लागि नै देह बन्नुभएको हो, र मानिसलाई परमेश्वरको देहधारी शरीरको पूजा गर्ने अनुमति दिने र त्यसरी ठूलो महिमा प्राप्त गर्ने उद्देश्यले त झन् यो हुँदै-होइन। यी कुनै पनि कुरा परमेश्वर देह बन्नुको मूल अभिप्राय होइन। न त मानिसलाई दोषी ठहराउनका लागि, न त जानाजानी मानिसलाई प्रकट गर्न, न त उसका निम्ति स्थितिहरू गाह्रो बनाउन परमेश्वर देह बन्नुभएको हो। यीमध्ये कुनै पनि कुराहरू परमेश्वरको अभिप्राय होइन। हरेक पल्ट जब परमेश्वर देह बन्नुहुन्छ, त्यो अपरिहार्य कुरा हुन्छ। उहाँले जसरी काम गर्नुहुन्छ त्यो उहाँको महान् काम र उहाँको ठूलो व्यवस्थापनको खातिर गर्नुहुन्छ, मानिसले कल्पना गरेको जस्तो प्रकारले काम गर्नको लागि होइन। परमेश्वर उहाँको कामको आवश्यकताअनुसार मात्र पृथ्वीमा आउनुहुन्छ, र आवश्यक पर्दा मात्र आउनुहुन्छ। उहाँ केवल यता-उता हेर्नका निम्ति मात्र पृथ्वीमा आउनुहुन्न, तर उहाँले गर्नुपर्ने काम पूरा गर्न आउनुहुन्छ। उहाँले आफ्नो काम पूरा गर्न किन यस्तो गह्रौं बोझ लिनुहुन्छ र यस्तो ठूलो जोखिम उठाउनुहुन्छ? जब आवश्यक पर्छ तब परमेश्वर देह बन्नुहुन्छ, र सधैँ द्विवितिय महत्त्वसहित देह बन्नुहुन्छ। यदि मानिसहरूलाई उहाँतिर हेर्न लगाउनु र तिनीहरूका क्षितिजलाई फराकिलो बनाउनका लागि मात्र हो भने, निश्चित रूपमा उहाँ कहिल्यै पनि त्यति सजिलै मानिसहरूको बीचमा आउनुहुने थिएन। उहाँ आफ्नो व्यवस्थापन र उहाँको महान् कामको खातिर, र अझै बढी मानवजाति प्राप्त गर्न सकूँ भनेर पृथ्वीमा आउनुहुन्छ। उहाँ युगको प्रतिनिधित्व गर्न आउनुहुन्छ, उहाँ शैतानलाई हराउन आउनुहुन्छ, र शैतानलाई हराउनका लागि उहाँले आफैमा शरीर धारण गर्नुहुन्छ। अझ बढी, उहाँ सम्पूर्ण मानवजातिलाई तिनीहरूको जीवन जिउन अगुवाइ गर्नका निम्ति आउनुहुन्छ। यी सबै उहाँको व्यवस्थापनसित सम्बन्धित छन्, र यो सम्पूर्ण ब्रह्माण्डको कामसँग सम्बन्धित छ। यदि मानिसलाई उहाँको देह चिन्ने तुल्याउन र मानिसहरूका आँखा खोलिदिनका निम्ति मात्र परमेश्वर मानिस बन्नुभयो भने उहाँले किन सबै देशको यात्रा गर्नुभएन? के यो अत्यन्तै सजिलो कुरा हुनेछैन र? तर उहाँले त्यसो गर्नुभएन, बरु उहाँले बस्नलाई उपयुक्त स्थान चुनेर आफूले गर्नुपर्ने काम सुरु गर्नुहुन्छ। यो देह मात्रै पनि धेरै महत्त्वपूर्ण छ। उहाँले सम्पूर्ण युगको प्रतिनिधित्व गर्नुहुन्छ, साथै सम्पूर्ण युगको काम पनि गर्नुहुन्छ; उहाँले अघिल्लो युगको अन्त्य गर्ने र नयाँ युग सुरु गर्ने, दुवै काम गर्नुहुन्छ। यी सबै महत्त्वपूर्ण कुरा हुन्, जुन परमेश्वरको व्यवस्थापनसँग सम्बन्धित छ, र यो सबै एक चरणको कामको महत्त्व हो, जुन काम गर्न परमेश्वर पृथ्वीमा आउनुहुन्छ। जब येशू पृथ्वीमा आउनुभयो, उहाँले केही वचनहरू मात्र बोल्नुभयो र केही कामहरू गर्नुभयो; उहाँले आफैलाई मानिसको जीवनसँग सम्बन्धित गर्नुभएन, र आफ्नो काम समाप्त गर्नसाथ उहाँ जानुभयो। आज, जब मैले बोलिसकेँ र तिमीहरूलाई मेरा वचनहरू दिइसकेँ, र जब तिमीहरू सबैले बुझेका छौ, तिमीहरूको जीवन जस्तै भए पनि मेरो कामको यो चरण समाप्त भइसकेको हुनेछ। भविष्यमा मेरो काममा यस चरणलाई अगाडि बढाउने र यी वचनहरू अनुसार पृथ्वीमा काम जारी राख्ने केही मानिसहरू हुनुपर्छ; त्यस बेला, मानिसको काम र मानिसको पुनः निर्माण कार्य सुरु हुनेछ। तर वर्तमान समयमा, परमेश्वरले केवल आफ्नो सेवकाइ पूरा गर्न र उहाँको कामको एक चरण पूरा गर्नको लागि मात्रै आफ्नो काम गर्नुहुन्छ। परमेश्वरले

मानिसको तरिकाले काम गर्नुहुन्न। मानिसलाई मण्डलीहरू र मञ्चहरू मन पर्दछ, र समारोहलाई महत्त्व दिँदछ, तर परमेश्वरलाई सबैभन्दा मन नपर्ने कुरा भनेको मण्डलीहरू र मानिसहरूका सभाहरू हुन्। परमेश्वर मानिससँग अनौपचारिक रूपमा कुराकानी गर्नुहुन्छ र बोल्नुहुन्छ; परमेश्वरको काम यही हो, जुन असाधारण रूपमा स्वतन्त्र पारिएको छ र यसले तिमीहरूलाई स्वतन्त्र पार्दछ। यद्यपि म तिमीहरूसँग भेला हुन पटक्कै मन पराउँदिन, र म तिमीहरूको जस्तो संगठित जीवनसित अभ्यस्त हुन असमर्थ छु। सबैभन्दा बढी म नियमहरू मन पराउँदिन; तिनले मानिसलाई बाधा दिन्छन्, यहाँसम्म कि मानिस हिँडडुल गर्न डराउँछ, बोल्न डराउँछ, र गाउन डराउँछ, उसका आँखाहरूले सिधा अगाडि तँलाई हेरिरहेको हुन्छ। म तिमीहरूको भेला हुने तरिकालाई एकदम घृणा गर्दछु र ठूला मण्डलीहरूलाई झन् बढी घृणा गर्दछु। म केवल तिमीहरूसँग यस प्रकारले भेला हुन अस्वीकार गर्दछु, किनकि यस प्रकारको जीवन शैलीले एक व्यक्तिलाई बन्धनमा परेको महसुस गराउँछ अनि तिमीहरू धेरै वटा उत्सवहरू र धेरै नियमहरू पालन गर्दछौ। यदि तिमीहरूलाई नेतृत्व गर्ने अनुमति दिइयो भने तिमीहरू सबै मानिसहरूलाई नियमहरूको अधीनमा पार्छौ, र तिमीहरूको नेतृत्वका नियमहरूलाई पन्साउने कुनै तरिका तिनीहरूसँग हुँदैन; यसको सट्टामा धर्मको वातावरण झन्-झन् तीव्र हुँदै जान्छ, र मानिसका अभ्यासहरू भने बिस्तारै वृद्धि विकास भइरहन्छ। केही मानिसहरू तिनीहरू भेला हुँदा बोलिरहन्छन् र बोलिरहन्छन्, तिनीहरू कहिल्यै थाक्दैनन्, र कोही-कोही त धेरै दिनसम्म नरोकी प्रचार गरिरहन्छन्। यी सबै ठूला मण्डलीहरू र मानिसका सभाहरू मानिन्छन्; तिनीहरूको खाने र पिउने, रमाइलो गर्ने वा आत्मा स्वतन्त्र हुने कुरासँग कुनै सरोकार हुँदैन। यी सबै सभाहरू हुन्! तिमीहरूका सहकर्मीहरूका सभाहरू, साथै ठूला र साना मण्डलीहरू सबै मेरो लागि घृणित छन्, र तीबारे मलाई कहिल्यै पनि कुनै चासो लागेको छैन। म यही सिद्धान्तद्वारा काम गर्दछु: म भेलाहरूको अवधिमा प्रचार गर्न चाहन्नँ, न त म कुनै ठूलो सार्वजनिक भेलामा केही घोषणा गर्ने, न केही दिनको विशेष सम्मेलनमा तिमीहरूलाई सबै कुरा बताउने इच्छा नै गर्छु। तिमीहरू सबै भेला हुँदा बस्नु, औपचारिक हुनु र उचित हुनुपर्छ भन्ने कुरासँग म सहमत छैन; तिमीहरू कुनै पनि समारोहमा सीमित भएर बस्ने कुरालाई म घृणा गर्दछु, र अझ त्योभन्दा बढी, म तिमीहरूको त्यस्तो समारोहमा भाग लिन इन्कार गर्दछु। तिमीहरूले जति धेरै यसो गर्छौ मलाई त्यो त्यत्ति नै बढी घृणास्पद लाग्छ। मलाई यी समारोहहरूमा र तिमीहरूका नियमहरूमा अलिकति पनि चासो छैन। तिमीहरूले तीबाट जत्ति नै राम्रो काम गरे पनि मलाई ती सबै घृणास्पद लाग्छ। तिमीहरूको व्यवस्था अनुपयुक्त छ वा तिमीहरू अति तुच्छ छौ भन्ने होइन; तर यो हो भने म तिमीहरूको जीवनशैलीलाई घृणा गर्दछु र त्योभन्दा बढी, म यसमा बानी हुन सक्दिन। मैले गर्न चाहने कामलाई तिमीहरू अलिकति पनि बुझ्दैनौ। जब येशूले विगतमा त्यो बेला आफ्नो काम गर्नुहुन्थ्यो, कुनै ठाउँमा उपदेश दिइसक्नुभएपछि, उहाँले आफ्ना चेलाहरूलाई सहरबाट बाहिर लजानुहुन्थ्यो र तिनीहरूसँग तिनीहरूले बुझ्नु खाँचो रहेको मार्गको बारेमा कुरा गर्नुहुन्थ्यो। उहाँले प्रायः त्यस्तो तरिकाले काम गर्नुहुन्थ्यो। भीडको बीचमा उहाँले गर्नुहुने काम थोरै र कहिलेकहीँ मात्र हुन्थ्यो। तिमीहरूले उहाँसँग जे माग्छौ, त्यस अनुसार परमेश्वर जो देहधारी बन्नुहुन्छ उहाँसँग सामान्य मानव जीवन हुनुहुँदैन; उहाँले आफ्नो काम गर्नुपर्दछ, र चाहे उहाँ

बसिरहनुभएको, उभिरहनुभएको, हिँडिरहनुभएको होस्, जुनसुकै बेला उहाँ बोल्नैपर्छ। उहाँले हरसमय काम गर्नुपर्दछ, र "कार्यहरू" लाई कहिल्यै रोक्न सक्नुहुन्न, अन्यथा उहाँले आफ्नो कर्तव्यहरूलाई उपेक्षा गरिरहनुभएको हुन्छ। के मानिसका यी मागहरू मानव चेतनाका लागि उपयुक्त छन्? तिमीहरूको इमानदारीता कहाँ छ? के तिमीहरू आवश्यकभन्दा बढी नै माग गर्दैनौ र? मैले काम गर्दा मेरो जाँच गर्न के मलाई तेरो खाँचो पर्छ? के मैले सेवकाइ गर्दा मेरो निरीक्षण गर्न मलाई तेरो आवश्यकता पर्छ? मैले के काम गर्नुपर्दछ र मैले कहिले काम गर्नुपर्छ त्यो मलाई राम्ररी थाहा छ; अरूले हस्तक्षेप गर्नुपर्ने कुनै आवश्यकता छैन। सायद तँलाई यस्तो लाग्न सक्छ कि मैले धेरै काम गरेको छैनँ, तर तबसम्ममा मेरो काम यसको अन्त्यमा पुगिसकेको हुन्छ। उदाहरणका लागि, चार सुसमाचारका पुस्तकहरूमा पाइने येशूका वचनहरूलाई लिऊँ: के ती पनि सीमित थिएनन् र? त्यस बेला, जब येशू सभाघरमा पस्नुहुन्थ्यो र एउटा उपदेश प्रचार गर्नुहुन्थ्यो, उहाँले प्रायः केही मिनेटमा नै समाप्त गर्नुहुन्थ्यो, र बोलिसक्नुभएपछि उहाँले केही नभनी आफ्ना चेलाहरूलाई डुङ्गामा चढाएर लजानुहुन्थ्यो। बढीमा सभाघरमा बस्नेहरूले आपसमा बहस गर्थे, तर येशूले त्यसमा भाग लिनुहुन्नथियो। परमेश्वरले त्यो काम मात्र गर्नुहुन्छ, जुन उहाँले गर्नुपर्छ, र त्योभन्दा बढी केही पनि गर्नुहुन्न। अब धेरैले म धेरै बोलुँ र कम्तीमा पनि दिनमा धेरै घण्टा बातचित गरूँ भन्ने चाहन्छन्। तिमीहरू देख्न सक्छौ, परमेश्वर बोल्नुहुन्न भने उहाँ परमेश्वर हुन छोड्नुहुन्छ, र जो बोल्नुहुन्छ उहाँ परमेश्वर हुनुहुन्छ। तिमीहरू सबै अन्धा छौ! सबै क्रूर छौ! तिमीहरू सबै अज्ञानी चीजहरू हौ, जसको कुनै चेतना छैन! तिमीहरूसँग धेरै धारणाहरू छन्! तिमीहरूका मागहरू धेरै छन्! तिमीहरू अमानवीय छौ! परमेश्वर के हुनुहुन्छ भनी तिमीहरू अलिकति पनि बुझ्दैनौ! बोल्नेहरू र वक्ताहरू सबै परमेश्वर नै हुन्, र जसले तिमीहरूलाई वचनहरू प्रदान गर्न चाहन्छ, त्यो तिमीहरूका बुबा हो भनी तिमीहरू विश्वास गर्दछौ। मलाई भन, के तिमीहरूको राम्ररी बनेका विशेषताहरू र असामान्य रूप सहितका तिमीहरूमा के अलिकता पनि चेतना छ? के तिमी अझै पनि हेभेनसनलाई चिन्छौ! तिमीहरू प्रत्येक एक लोभी र भ्रष्ट अधिकारी जस्तै छौ, यसैले तिमीहरू चेतनालाई कसरी देख्न सक्छौ? तिमीहरू सही र गलत बीच कसरी भेद छुट्ट्याउन सक्छौ? मैले तिमीहरूलाई धेरै कुरा दिएको छु, तर तिमीहरूमध्ये कति जनाले त्यसलाई महत्त्व दिएका छौ? कसले त्यसलाई पूर्ण रूपमा प्राप्त गरेको छ? तिमीहरू आज हिँड्ने बाटो कसले खोलेको हो त्यो तिमीहरू जान्दैनौ, त्यसैले तिमीहरू निरन्तर मसँग माग गर्दछौ, मसँग यस्तो हास्यास्पद र अनुचित मागहरू गर्दछौ। के तिमीहरू अप्ठ्यारो मान्दै रातो भएका छैनौ? के म पर्याप्त बोलेको छैन र? के मैले पर्याप्त गरेको छैन? तिमीहरूमध्ये कसले मेरा वचनहरूलाई साँचो धनको रूपमा साँचेर राख्न सक्छ? मेरो उपस्थितिमा हुँदा तिमीहरूले मलाई चापलुसी गर्छौ, तर नहुँदा तिमीहरू झूटो बोल्छौ र ठग्छौ। तिमीहरूका कार्यहरू पनि तुच्छ छन्, र तिनले मेरो विद्रोह गर्छन्! मलाई थाहा छ, तिमीहरूका जीवनलाई परिवर्तन गर्न होइन, तर तिमीहरूका आँखाहरूलाई आनन्द दिन र तिमीहरूका क्षितिज फराकिलो बनाउन म तिमीहरूसँग बोलिरहुँ र म काम गरिरहुँ भनी तिमीहरू भन्छौ। म तिमीहरूसँग धेरै बोलिसकेको छु। तिमीहरूका जीवन धेरै पहिले नै परिवर्तन भइसकेको हुनुपर्थ्यो, तर पनि किन तिमीहरू अझै आफ्नो पुरानो अवस्थाहरूमा फर्कन्छौ? के तिमीहरूबाट मेरा वचनहरू खोसिएकोले र

तिमीहरूले ती ग्रहण नगरेकाले गर्दा हो? सत्य कुरा भन्दा, म तिमीहरूजस्तो पतित मानिसहरूलाई अरू बढी भन्न चाहन्नँ–त्यो व्यर्थ हुन्छ! म व्यर्थका काम धेरै गर्न चाहन्नँ! तिमीहरू केवल आफ्नो क्षितिज फराकिलो बनाउन वा तिमीहरूका आँखाहरूलाई तृप्त पार्न मात्र चाहन्छौ, र जीवन प्राप्त गर्न चाहँदैनौ! तिमीहरूले आफैलाई धोका दिइरहेका छौ! म तिमीहरूलाई सोध्छु, मैले तिमीहरूलाई आमनेसामने भनेका कति वटा कुराहरू तिमीहरूले व्यवहारमा अपनाएका छौ? तिमीहरू अरूलाई छक्याउन चालहरू मात्र खेल्छौ! तिमीहरूको माझमा जो दर्शकहरू जस्तो मात्र भएर हेर्छन् तिनीहरूलाई म घृणा गर्दछु, र मैले तिमीहरूको कौतुहलता अत्यन्तै घृणित पाउँछु। यदि तिमीहरू यहाँ सत्य मार्गलाई पछ्याउन वा सत्यताका लागि तिर्खाउनका निम्ति छैनौ भने, तिमीहरू मेरो घृणाका पात्र हौ! म जान्दछु, कि तिमीहरू आफ्नो कौतुहलता मेटाउन वा तिमीहरूको कुनै लोभी इच्छा पूरा गर्नको लागि मात्र मैले बोलेको सुन्छौ। तिमीहरूमा सत्यताको अस्तित्व खोज्ने वा जीवनमा प्रवेश गर्ने सही मार्ग पत्ता लगाउने विचार छैन; यी मागहरू तिमीहरूको बीचमा छँदैछैन। तिमीहरूले परमेश्वरलाई तिमीहरूले अध्ययन गर्ने र सराहना गर्ने खेलौनालाई जस्तो व्यवहार गर्दछौ। तिमीहरूमा जीवनलाई पछ्याउने जोश थोरै छ, तर जिज्ञासु हुने इच्छाहरू धेरै छन्! त्यस्ता मानिसहरूलाई जीवनको मार्गको वर्णन गर्नु हावामा बोलिपठाउनु बराबर हो; म केही नबोल्न पनि सक्छु! म तिमीहरूलाई भन्दछु: यदि तिमीहरू केवल आफ्नो हृदयभित्रको रित्तोपन भर्न खोज्दैछौ भने तिमीहरू मकहाँ नआउनु नै राम्रो हुन्छ! तिमीहरूले जीवन प्राप्त गर्ने कुरालाई महत्त्व दिनुपर्छ! आफैलाई मूर्ख नतुल्याओ! तिमीहरूले आफ्नो जिज्ञासालाई जीवनको खोजी गर्ने आधार नबनाउनु वा मलाई तिमीहरूसँग बोल्न गर्न आग्रह गर्ने एउटा बहानाको रूपमा प्रयोग नगर्नु नै राम्रो हुन्छ। यी सबै ती युक्तिहरू हुन् जसमा तिमीहरूलाई धेरै बानी परिसकेको छ! म तिमीहरूलाई फेरि सोध्छु: मैले तँलाई जतिसम्म प्रवेश गर्नु भनेको थिएँ त्यसमा तँ वास्तवमा कतिसम्म प्रवेश गरेको छस्? के मैले तँलाई भनेका सबै कुराहरू तैँले बुझेको छस्? के मैले तँलाई भनेका सबै कुरा व्यवहारमा अपनाउने गरेको छस्?

प्रत्येक युगको काम परमेश्वर आफैले सुरु गर्नुभएको हो, तर परमेश्वरले जुनसुकै तरिकाले काम गर्नुभए पनि, उहाँले कुनै अभियान सुरु गर्नुहुन्न, वा विशेष सम्मेलनहरू राख्नुहुन्न, वा तिमीहरूको पक्षमा कुनै प्रकारको संगठन स्थापना गर्न आउनुहुन्न भन्ने तँलाई थाहा हुनुपर्छ। उहाँ आफूले गर्नुपर्ने काम पूरा गर्न मात्र आउनुहुन्छ। उहाँको कामलाई कुनै मानिसले बाधा दिन सक्दैन। उहाँले आफ्नो काम आफ्नो इच्छाअनुसार गर्नुहुन्छ; मानिसले त्यसको बारेमा जे विचार गर्छ वा जान्दछ, त्यस कुराले कुनै फरक पार्दैन, उहाँ केवल आफ्नो काम पूरा गर्नुमा मात्र ध्यान दिनुहुन्छ। संसारको सृष्टिदेखि अहिलेसम्म, कामका तीन चरणहरू भइसकेका छन्; यहोवादेखि येशूसम्म र व्यवस्थाको युगदेखि अनुग्रहको युगसम्म, परमेश्वरले मानिसका लागि कहिल्यै विशेष सम्मेलनको आयोजना गर्नुभएको छैन, न त उहाँले विशेष विश्वव्यापी कार्यकारी सम्मेलन आयोजना गर्न र त्यसद्वारा उहाँको कामको क्षेत्र बढाउन सम्पूर्ण मानव जातिलाई एकसाथ भेला गर्नुभएको छ। उहाँले केवल एक उपयुक्त समयमा र उपयुक्त ठाउँमा सम्पूर्ण युगको प्रारम्भिक कार्य पूरा गर्नुहुन्छ, र त्यसरी युग सुरु गर्नुहुन्छ र मानव जातिलाई उनीहरूको जीवन जिउनका लागि डोर्‍याउनुहुन्छ।

विशेष सम्मेलनहरू मानिसको झुण्डहरू हुन्; चाडपर्व मनाउन मानिसहरूलाई भेला गर्ने काम मानिसकै काम हो। परमेश्वरले चाडपर्वहरू मनाउनुहुन्न र, त्यसबाहेक ती कुराहरूलाई उहाँ घृणित गर्नुहुन्छ; उहाँले विशेष सम्मेलनहरू बोलाउनुहुन्न र साथै, उहाँ तिनलाई घृणा गर्नुहुन्छ। अब देहधारी परमेश्वरले गर्नुहुने काम के हो भन्ने कुरालाई तैँले ठीकसित बुझ्नुपर्छ!

## देहधारणको रहस्य (४)

तिमीहरूलाई बाइबलको पृष्ठभूमिको कथा र यसको निर्माणको बारेमा थाहा हुनुपर्दछ। यो ज्ञान ती व्यक्तिहरूको स्वामित्वमा हुँदैन जसले परमेश्वरको नयाँ कामलाई ग्रहण गरेका छैनन्। तिनीहरूलाई थाहा छैन। यदि तँ तिनीहरूसँग सारका यी विषयहरूमा स्पष्टसँग कुरा गर्छस् भने, तिनीहरूले उप्रान्त तँसँग बाइबलको बारेमा त्यत्ति कुरा गर्नेथिएनन्। तिनीहरू अगमवाणी गरिएको कुरालाई लगातार खोतलिरहन्छन्: के यो भनाइ पूरा भएको छ? के त्यो भनाइ पूरा भएको छ? तिनीहरूले सुसमाचारलाई बाइबलअनुसार ग्रहण गरेका हुन्छन्, र तिनीहरूले बाइबलअनुसार नै सुसमाचार प्रचार गर्छन्। परमेश्वरमाथि तिनीहरूले गरेको विश्वास बाइबलका वचनहरूमा आधारित हुन्छ; बाइबलविना, तिनीहरूले परमेश्वरमा विश्वास गर्नेछैनन्। तिनीहरू यसरी बाइबलका स-साना कुराहरू जाँच्दै यस्तै प्रकारले जिउँछन्। जब तिनीहरू एक पल्ट फेरि बाइबल खोतल्छन् र तँलाई स्पष्टीकरणका लागि सोध्छन्, तँ भन्छस्, "पहिले, हामी प्रत्येक भनाइको सत्यता प्रमाणित नगरौं। त्यसको साटो, पवित्र आत्माले कसरी काम गर्नुहुन्छ सो हेरौं। हामी हिँडेका मार्गलाई लिऔं, र त्यसलाई सत्यतासँग तुलना गरौं, कि यो मार्ग साँच्चै पवित्र आत्माको काम हो कि होइन हेरौं, र हामी पवित्र आत्माको काम प्रयोग गरी त्यो मार्ग सही छ कि छैन भनेर जाँचौं। यो भनाइ वा त्यो भनाइ अघिबाटै भनिएझैँ पूरा हुनआएको छ कि छैन भन्ने कुराचाहिँ हामी मानिसले पत्ता लगाउने कोसिस गर्नुहुँदैन। त्यसको साटो हामीले पवित्र आत्माको काम र परमेश्वरले हालमा गरिरहनुभएको कामको बारेमा कुरा गर्नु उत्तम हुन्छ।" बाइबलमा भएका अगमवाणीहरू अगमवक्ताहरूको समयमा दिइएका परमेश्वरका वचनहरू हुन् र ती परमेश्वरले प्रयोग गर्नुभएका मानिसहरूले प्रेरणा प्राप्त गरेपछि लेखेका वचनहरू हुन्; यी परमेश्वर स्वयम्‌ले मात्र यी वचनहरूलाई व्याख्या गर्न सक्नुहुन्छ, र केवल पवित्र आत्माले ती वचनहरूको अर्थ प्रकट गर्न सक्नुहुन्छ, र केवल परमेश्वर आफैले मात्र ती सात वटा मोहोर तोड्न र चर्मपत्रको मुट्ठो खोल्न सक्नुहुन्छ। तँ भन्छस्: "तपाईं परमेश्वर हुनुहुन्न, न त म नै हुँ। त्यसोभए, कसले हल्कासाथ परमेश्वरको वचनको व्याख्या गर्ने आँट गर्छ? के तँ अझै यी वचनहरूलाई व्याख्या गर्ने हिम्मत गर्छस्? यर्मिया, यूहन्ना र एलिया अगमवक्ताहरू आए भने पनि उनीहरूले समेत ती वचनहरू बोल्ने र तिनको व्याख्या गर्ने आँट गर्नेथिएनन्, किनकि तिनीहरू थुमा होइनन्। केवल थुमाले मात्र सात मोहोर तोड्न र चर्मपत्रको मुट्ठो खोल्न सक्नुहुन्छ, र अरू कसैले पनि उहाँको वचनको व्याख्या गर्न सक्दैन। म परमेश्वरको नाउँ खोस्ने हिम्मत गर्दिनँ, उहाँका वचनहरूको व्याख्या गर्ने कोसिस गर्ने त कुरै नगरौं। म त्यो व्यक्ति मात्र हुन सक्छु जसले परमेश्वरको आज्ञापालन गर्दछ। के तपाईं परमेश्वर हुनुहुन्छ? परमेश्वरका कुनै

पनि प्राणीहरूले त्यो चर्मपत्रको मुट्ठो खोल्ने वा ती वचनहरूको व्याख्या गर्ने हिम्मत गर्दैनन्, र म पनि तिनको व्याख्या गर्ने आँट गर्दिनँ। तपाईंले तिनको व्याख्या गर्ने कोसिस नगर्नु नै राम्रो हुन्छ। कसैले पनि तिनको व्याख्या गर्ने कोसिस गर्नुहुँदैन। हामी पवित्र आत्माको कामको बारेमा कुरा गरौं; मानिसले यति मात्र गर्नु सक्छ। मलाई यहोवा र येशूको कामको बारेमा थोरै मात्र थाहा छ, तर मलाई यस्तो कामको कुनै व्यक्तिगत अनुभव नभएको कारण, म यसको बारेमा केही हदसम्म मात्र कुरा गर्न सक्छु। यशैया वा येशूले उहाँहरूको समयमा बोल्नुभएका वचनहरूको अर्थको बारेमा म कुनै स्पष्टीकरण दिनेछैनँ। म बाइबलको अध्ययन गर्दिनँ, बरु म त परमेश्वरको वर्तमान कामको अनुसरण गर्दछु। तपाईंले वास्तवमा बाइबललाई सानो चर्मपत्रको मुट्ठो रूपमा हेर्नुहुन्छ, तर के यो केवल थुमाले मात्र खोल्न सक्ने वस्तु होइन र? थुमाबाहेक, अरू कसले यो खोल्न सक्छ र? तपाईं थुमा हुनुहुन्न, मैले म आफै परमेश्वर हुँ भनेर दाबी गर्ने आँट गर्ने कुरा त परै जाओस्, त्यसैले हामी बाइबलको विश्लेषण नगरौं वा यसका स-साना कुराहरूको जाँच नगरौं। पवित्र आत्माले गर्नुभएको कामको, अर्थात् वर्तमानमा परमेश्वर आफैले गर्नुभएको कामको बारेमा छलफल गर्नु धेरै राम्रो हुन्छ। परमेश्वरले कुन-कुन सिद्धान्तहरूद्वारा काम गर्नुहुन्छ, र उहाँको कामको सार के हो सो हेरौं अनि, यसलाई प्रयोग गर्दै के आज हामी हिँडेका मार्ग सही छ कि छैन सो जाँचौं, र त्यसरी यसलाई निश्चित गरौं।" यदि तिमीहरू सुसमाचार प्रचार गर्न चाहन्छौ भने, विशेष गरी धार्मिक संसारमा हुनेहरूलाई प्रचार गर्न चाहन्छौ भने, तिमीहरूले बाइबललाई बुझ्नुपर्छ र त्यसको भित्री कथालाई राम्ररी जान्नुपर्छ; अन्यथा, तेरो निम्ति सुसमाचार प्रचार गर्ने कुनै उपाय छैन। तैंले समग्र चित्रलाई राम्ररी बुझेर बाइबलका मृत शब्दहरूलाई एक-एक गरी जाँच्न बन्द गरिस्, अनि परमेश्वरको काम र जीवन सत्यताको बारेमा मात्र कुरा गर्छस् भने, तब तैंले साँचो हृदयले खोजी गर्नेहरूलाई प्राप्त गर्न सक्नेछस्।

यहोवाको काम, उहाँले राख्नुभएका व्यवस्थाहरू, र उहाँले मानिसहरूलाई जीवन जिउन डोऱ्याउनको लागि प्रयोग गर्नुभएका सिद्धान्तहरू, व्यवस्थाको युगमा उहाँले गर्नुभएको कामको विषयवस्तु, उहाँले आफ्नो व्यवस्थालाई स्थापित गर्नुको महत्त्व, अनुग्रहको युगका निम्ति उहाँले गर्नुभएको काम र परमेश्वरले यस अन्तिम चरणमा गर्नुहुने कामको महत्त्व: तिमीहरूले बुझ्नैपर्ने कुराहरू यिनै हुन्। पहिलो चरण व्यवस्थाको युगको काम हो, दोस्रो अनुग्रहको युगको काम र तेस्रो आखिरी दिनहरूको काम हो। तिमीहरू परमेश्वरको कामका यी चरणहरूको बारेमा स्पष्ट हुनुपर्दछ। सुरुदेखि अन्त्यसम्म, जम्मा तीन चरणहरू छन्। कामको प्रत्येक चरणको सार के हो? छ हजार वर्षको प्रबन्ध योजनाको काममा कति वटा चरणहरू पूरा गरिन्छ? यी चरणहरूलाई कसरी पूरा गरिन्छ र किन प्रत्येकलाई त्यसको आफ्नै तरिकामा गरिन्छ? यी सबै महत्त्वपूर्ण प्रश्नहरू हुन्। प्रत्येक युगको कामको प्रतिनिधिमूलक महत्त्व छ। यहोवाले कुन काम गर्नुभयो? उहाँले त्यो किन विशेष तरिकाले गर्नुभयो? उहाँलाई किन यहोवा भनियो। फेरि, अनुग्रहको युगमा येशूले कुन काम गर्नुभयो र कुन तरिकामा त्यो गर्नुभयो? परमेश्वरको स्वभावको कुन पक्षहरूलाई कामको प्रत्येक चरण र प्रत्येक युगले प्रतिनिधित्व गर्दछ? उहाँको स्वभावका कुन-कुन पक्षहरूलाई व्यवस्थाको युगमा प्रकट गरिएका थिए? र अनुग्रहको युगमा कुन-कुनलाई प्रकट गरिएका थिए? र अन्तिम युगमा कुन-कुनलाई प्रकट

गरियो? यी सारगत प्रश्नहरू हुन्, जुन विषयमा तिमीहरू स्पष्ट हुनुपर्दछ। परमेश्वरको सम्पूर्ण स्वभाव छ हजार वर्षको व्यवस्थापन योजनाको क्रममा प्रकट भएको छ। यो अनुग्रहको युगमा मात्र प्रकट भएको छैन, न त व्यवस्थाको युगमा मात्र प्रकट गरिएको छ, आखिरी दिनहरूमा मात्रै यसलाई प्रकट गरिएको छ भन्ने कुरा त परै जाओस्। आखिरी दिनहरूमा गरिएको कार्यले न्याय, क्रोध र सजायलाई प्रतिनिधित्व गर्दछ। आखिरी दिनहरूमा गरिएको कामले व्यवस्थाको युगको वा अनुग्रहको युगको कामको स्थान लिन सक्दैन। यद्यपि, यी तीन चरणहरू एकसाथ जोडिएका छन्, एउटै अस्तित्वमा छन्, र सबै एउटै परमेश्वरका काम हुन्। स्वाभाविक रूपमा, यस कामको कार्यान्वयनलाई अलग-अलग युगहरूमा विभाजित गरिएको छ। आखिरी दिनहरूमा गरिएको कामले सबै कुराको अन्त्य गर्दछ; व्यवस्थाको युगमा गरिएको काम सुरुवातको काम थियो; अनि अनुग्रहको युगमा गरिएको काम छुटकाराको काम थियो। छ हजार वर्षको व्यवस्थापन योजनाको कामका दर्शनहरूको कुरा गर्ने हो भने कसैले पनि त्यसको अन्तर्दृष्टि वा समझ प्राप्त गर्न सक्दैन, र यी दर्शनहरू पहेलीहरू नै रहन्छन्। आखिरी दिनहरूमा, राज्यको युगलाई प्रारम्भ गर्नका लागि वचनको काम मात्र गरिन्छ, तर यसले सबै युगको प्रतिनिधित्व गर्दैन। आखिरी दिनहरू आखिरी दिनहरूभन्दा बढी केही होइनन्, र परमेश्वरको राज्यको युगभन्दा बढी होइन, र तिनले अनुग्रहको युग वा व्यवस्थाको युगलाई प्रतिनिधित्व गर्दैन। यति मात्र हो, कि आखिरी दिनहरूमा, छ हजार वर्षे व्यवस्थापनको योजनाका सबै काम तिमीहरूलाई प्रकट गरिएको छ। यो रहस्यको घुम्टो उठाउनु हो। यस प्रकारको रहस्य कुनै मानिसले प्रकट गर्न नसक्ने कुरा हो। मानिससँग बाइबलसम्बन्धी ज्ञान जति नै धेरै भए पनि त्यो वचनहरू भन्दा बढी केही हुँदैन, किनकि मानिसले बाइबलको सारलाई बुझ्दैन। बाइबल पढ्दा मानिसले केही सत्यता बुझ्न सक्छ, केही वचनको व्याख्या गर्न सक्छ, वा केही प्रसिद्ध खण्डहरू र अध्यायहरूमाथि सूक्ष्म जाँच गरेको हुनसक्छ, तर उसले ती वचनहरूभित्र रहेको अर्थ कहिल्यै पनि बुझ्न सक्दैन, किनकि मानिसले देख्ने भनेका मृत शब्दहरू मात्र हुन्, यहोवा र येशूको कामको दृश्य देख्दैनन्, र मानिससँग यस कामको रहस्य पत्ता लगाउने कुनै तरिका हुँदैन। त्यसकारण, छ हजार वर्षे व्यवस्थापन योजनाको रहस्य सबैभन्दा ठूलो रहस्य हो, यसलाई सबैभन्दा गहिराइमा लुकाइएको छ, र यो मानिसका निम्ति पूर्ण रूपमा बुझ्न नसकिने छ। परमेश्वर आफैले मानिसलाई नबताउञ्जेल र प्रकट नगरुञ्जेलसम्म कसैले पनि परमेश्वरको इच्छा स्पष्ट रूपमा बुझ्न सक्दैन; अन्यथा, यी कुराहरू मानिसका निम्ति सधैँ रहस्यको कुरा बन्नेछन्, सधैँका लागि मोहोर लगाइएका रहस्यहरू रहनेछन्। धार्मिक संसारमा हुनेहरू सबैको कहिल्यै वास्ता नगर; यदि आज तिमीहरूलाई नबताइएको भए तिमीहरूले पनि यो बुझ्ने थिएनौ। छ हजार वर्षको यो काम अगमवक्ताहरूका सबै अगमवाणीहरूभन्दा धेरै रहस्यमय छ। सृष्टिदेखि अहिलेसम्मको सबैभन्दा ठूलो रहस्य यही हो, र युगौँ युगका अगमवक्ताहरूमध्ये कसैले पनि यसलाई बुझ्न सकेको छैन, किनकि यो रहस्यलाई अन्तिम युगमा मात्र प्रकट गरिन्छ र यसभन्दा अघि यसलाई कहिल्यै प्रकट गरिएको छैन। यदि तिमीहरू यस रहस्यलाई बुझ्न सक्छौ भने, र यदि तिमीहरूले यसलाई सम्पूर्ण रूपमा ग्रहण गर्न सक्छौ भने, सबै धार्मिक व्यक्तिहरू यो रहस्यद्वारा परास्त हुनेछन्। सबैभन्दा ठूलो दर्शन यही नै हो; यो मानिसले बुझ्ने सबैभन्दा उत्कट

इच्छा गर्ने, तर उसका निम्ति धेरै अस्पष्ट कुरा हो। जब तिमीहरू अनुग्रहको युगमा थियौ, त्यस बेला येशूले गर्नुभएको काम वा यहोवाले गर्नुभएको काम के थियो भन्ने तँलाई थाहा थिएन। परमेश्‍वरले किन व्यवस्था दिनुभयो, किन उहाँले मानिसहरूलाई त्यो व्यवस्था पालन गर्न लगाउनुभयो वा मन्दिर किन बनाउनुपर्‍यो भनी मानिसहरूले बुझेनन्, र इस्राएलीहरूलाई किन मिश्रबाट उजाड-स्थानमा र त्यसपछि कनानमा लगियो भन्ने कुरा मानिसहरूले बुझ्ने कुरा त परै जाओस्। आज आएर मात्रै यी विषयहरूलाई प्रकट गरिएको छ।

आखिरी दिनहरूमा हुने काम तीनवटा चरणमध्ये अन्तिम चरण हो। यो अर्को नयाँ युगको काम हो र यसले व्यवस्थापनको कामको सम्पूर्णतालाई प्रतिनिधित्व गर्दैन। छ हजार वर्षको व्यवस्थापन योजनाको कामलाई तीन चरणमा विभाजन गरिएको छ। कुनै पनि एउटा चरणले मात्र तीनवटा युगको कामको प्रतिनिधित्व गर्न सक्दैन, तर सम्पूर्णको केवल एक भागलाई मात्र प्रतिनिधित्व गर्दछ। यहोवाको नाउँले परमेश्‍वरको सम्पूर्ण स्वभावलाई प्रतिनिधित्व गर्न सक्दैन। उहाँले व्यवस्थाको युगमा आफ्नो काम गर्नुभयो भन्ने तथ्यले परमेश्‍वर व्यवस्थाको अधीनमा मात्र परमेश्‍वर हुन सक्नुहुन्छ भनी प्रमाणित गर्दैन। यहोवाले मानिसका लागि व्यवस्था दिनुभयो र मानिसलाई आज्ञाहरू सुम्पनुभयो र मानिसलाई मन्दिर र वेदीहरू बनाउन लगाउनुभयो; उहाँले गर्नुभएको कामले व्यवस्थाको युगलाई मात्र प्रतिनिधित्व गर्दछ। उहाँले गर्नुभएको कामले परमेश्‍वर मानिसलाई व्यवस्था पालन गर्न लगाउने परमेश्‍वर मात्र हुनुहुन्छ, वा उहाँ मन्दिरमा आउनुहुने परमेश्‍वर हुनुहुन्छ वा उहाँ वेदीको सामने आउनुहुने परमेश्‍वर हुनुहुन्छ भनी प्रमाणित गर्दैन। त्यसो हो भनी भन्नु असत्य हुनेथियो। व्यवस्था अन्तर्गत गरिएको कामले केवल एउटा युगलाई मात्र प्रतिनिधित्व गर्न सक्छ। त्यसकारण, यदि परमेश्‍वरले व्यवस्थाको युगमा मात्र काम गर्नुभएको थियो भने, मानिसले परमेश्‍वरलाई निम्नलिखित परिभाषाभित्र सीमित तुल्याउनेथियो, "परमेश्‍वर मन्दिरमा बस्नुहुने परमेश्‍वर हुनुहुन्छ, र परमेश्‍वरको सेवा गर्न हामीले पूजाहारीको पोसाक लगाउनुपर्छ र मन्दिरभित्र प्रवेश गर्नुपर्दछ।" यदि अनुग्रहको युगमा यो काम कहिल्यै नभएको भए र व्यवस्थाको युग अहिलेसम्म जारी नै रहेको भए मानिसले परमेश्‍वर दयालु र प्रेमिलो पनि हुनुहुन्छ भनी जान्ने थिएन। यदि व्यवस्थाको युगमा काम नगरिएको भए, त्यसको साटो अनुग्रहको युगमा मात्र काम भएको भए, परमेश्‍वरले मानिसलाई छुटकारा दिन र मानिसका पापहरू क्षमा गर्न मात्र सक्नुहुन्छ भनेर मात्रै मानिसले जान्नेथिए। मानिसले उहाँ पवित्र र निर्दोष हुनुहुन्छ, र मानिसको खातिर उहाँले आफैलाई बलिदान गर्न र क्रूसमा टाँगिन सक्नुहुन्छ भनेर मात्र जान्नेथियो। मानिसले यी सबै कुराहरू मात्र जान्नेथियो, तर अरू केही पनि बुझेको हुनेथिएन। त्यसकारण हरेक परमेश्‍वरको स्वभावको एउटा भागलाई प्रतिनिधित्व गर्छ। व्यवस्थाको युगमा, अनि अनुग्रहको युगमा, र यस वर्तमान चरणमा परमेश्‍वरको स्वभावका कुन-कुन पक्षहरूको प्रतिनिधित्व गरियो भन्ने सम्बन्धमा चाहिँ: जब ती सबै तीन चरणहरूलाई एकट्ठा गरिन्छ, तब मात्र परमेश्‍वरको स्वभावको सम्पूर्णता प्रकट हुन सक्दछ। मानिसले तीन वटै चरणहरूलाई जानिसकेपछि मात्रै उसले यसलाई पूर्ण रूपमा बुझ्न सक्छ। यी तीन चरणमध्ये कुनैलाई पनि हटाउन सकिँदैन। तैंले यी तीन चरणको कार्यलाई बुझिस् भने मात्र परमेश्‍वरको स्वभावलाई पूर्ण रूपमा बुझ्नेछस्। परमेश्‍वरले

व्यवस्थाको युगमा उहाँको आफ्नो काम पूरा गर्नुभयो भन्ने तथ्यले उहाँ व्यवस्थाको अधीनमा हुनुहुने परमेश्‍वर मात्र हुनुहुन्छ भन्ने कुरालाई प्रमाणित गर्दैन, र उहाँले आफ्नो छुटकाराको काम पूरा गर्नुभयो भन्ने तथ्यको अर्थ परमेश्‍वरले मानवजातिलाई सधैँ छुटकारा दिइरहनुहुन्छ भन्ने हुँदैन। यी सबै मानिसका निष्कर्षहरू हुन्। अनुग्रहको युग समाप्त भइसकेपछि, तैंले परमेश्‍वर केवल क्रूसको स्वामित्वमा हुनुहुन्छ र क्रूसले मात्र परमेश्‍वरको मुक्तिलाई प्रतिनिधित्व गर्दछ भन्न सक्दैनस्। त्यसो गर्नु भनेको परमेश्‍वरलाई परिभाषित गर्नु हो। वर्तमान चरणमा, परमेश्‍वरले मुख्य रूपमा वचनको काम गरिरहनुभएको छ, तर तँ परमेश्‍वर मानिसप्रति कहिल्यै कृपालु हुनुभएको छैन र उहाँले सजाय र न्याय मात्र ल्याउनुभएको छ भन्न सक्दैनस्। आखिरी दिनहरूका कामले यहोवाको र येशूका कामलाई साथै मानिसले नबुझेका सबै रहस्यहरूलाई प्रकट गर्दछ, जसले मानवजातिको गन्तव्य र अन्त्य, र मानवजातिको माझमा मुक्तिका सबै काम समाप्त भएको कुरालाई प्रकट गर्दछ। आखिरी दिनहरूमा गरिने कामको यो चरणले सबै कुरालाई समाप्त गर्दछ। मानिसले नबुझेका सबै रहस्यहरू प्रकट गर्नु, मानिसहरूलाई ती कुराहरू गहिरो रूपले बुझ्न दिनु र तिनीहरूका हृदयमा पूर्ण रूपमा स्पष्ट बुझाइ हुन दिनु आवश्यक छ। त्यसपछि मात्र मानवजातिलाई तिनीहरूका प्रकारअनुसार वर्गमा छुट्ट्याउन सकिन्छ। छ हजार वर्षको व्यवस्थापन योजना पूरा भएपछि मात्र मानिसले पूर्ण रूपमा परमेश्‍वरको स्वभावलाई बुझ्न सक्नेछ, किनकि त्यस बेला उहाँको व्यवस्थापन योजना अन्त्य भएको हुनेछ। अब तिमीहरूले अन्तिम युगमा परमेश्‍वरको कामलाई अनुभव गरेका छौ, त्यसकारण परमेश्‍वरको स्वभाव कस्तो छ? के तँ परमेश्‍वर वचनहरू मात्र बोल्ने र त्योभन्दा बढी अरू केही नगर्ने परमेश्‍वर हुनुहुन्छ भनी भन्ने हिम्मत गर्छस्? तैंले त्यस्तो निष्कर्ष निकाल्ने हिम्मत गर्दैनस्। परमेश्‍वर रहस्यहरू प्रकट गर्ने परमेश्‍वर हुनुहुन्छ, परमेश्‍वर थुमा हुनुहुन्छ र सातवटा मोहोर तोड्ने व्यक्ति हुनुहुन्छ भनेर कतिले भन्छन्। तर कसैले पनि यस्तो निष्कर्ष निकाल्ने आँट गर्दैन। सायद अरूले भन्छन्, कि परमेश्‍वर देहधारी मानिस हुनुहुन्छ, तर पनि यो अझै सही हुँदैन। अझ अरूले भन्छन् होला, कि देहधारी परमेश्‍वरले केवल वचनहरू बोल्नुहुन्छ, र चिहन र चमत्कारका कामहरू गर्नुहुन्न, तर तँ यस प्रकारले बोल्ने आँट कमै गर्छस्, किनकि येशू देहधारी बन्नुभयो र उहाँले चिन्ह र चमत्कारका कामहरू गर्नुभयो, ताकि तैंले परमेश्‍वरलाई यत्ति हलुका रूपमा परिभाषित गर्ने हिम्मत नगर्। छ हजार वर्षे व्यवस्थापन योजनाभरि गरिएका सबै काम अब मात्रै समाप्त हुन्छ। यी सबै कामहरू मानिसलाई प्रकट गरेपछि र मानवजातिको बीचमा गरिएपछि मात्र मानवजातिले परमेश्‍वरका सबै स्वभाव साथै उहाँसँग के छ र उहाँ के हुनुहुन्छ भनी जान्नेछ। जब यस चरणको काम पूर्ण रूपमा समाप्त हुन्छ, मानिसले नबुझेका सबै रहस्यहरू प्रकट भएका हुन्छन्, पहिले नबुझेका सबै सत्यताहरू स्पष्ट पारिनेछन्, र मानवजातिलाई उनीहरूको भावी मार्ग र गन्तव्यको बारेमा बताइनेछ। वर्तमान चरणमा गरिनुपर्ने सम्पूर्ण काम यही हो। मानिसले आज हिँडेको बाटो क्रूसको र दुःखको बाटो भए पनि मानिसले जुन अभ्यासहरू गर्छ, र उसले आज जे खान्छ, पिउँछ र उपभोग गर्छ त्यो व्यवस्थाको अधीनमा हुँदा र अनुग्रहको युगमा मानिसले पाएको कुराभन्दा धेरै फरक छ। आज मानिसबाट जे माग गरिन्छ त्यो विगतको जस्तो छैन र व्यवस्थाको युगको मानिससित माग गरिएको जस्तो त झन्

छँदै-छैन। अब, व्यवस्थाको अधीनमा परमेश्वरले इस्राएलमा आफ्नो काम गरिरहनुभएको बेला मानिससँग के माग गरिएको थियो? मानिसले शबाथ र यहोवाको व्यवस्था पालन गर्नु बाहेक अरू केही गर्नु पर्दैनथियो। कसैले पनि शबाथको दिनमा काम गर्नुहुँदैनथ्यो वा परमप्रभुको व्यवस्था उल्लङ्घन गर्नुहुँदैनथ्यो। तर अहिले त्यस्तो छैन। शबाथमा मानिस काम गर्छ, भेला हुन्छ र सामान्य रूपमा प्रार्थना गर्दछ, र उसमाथि कुनै प्रतिबन्ध लगाइएको छैन। अनुग्रहको युगमा हुनेहरूले बप्तिस्मा लिनुपर्थ्यो, र उनीहरूलाई उपवास बस्न, रोटी भाँच्न, दाखमद्य पिउन, शिर ढाक्न र अरूका खुट्टा धोइदिन लगाइएको थियो। अहिले यी नियमहरू खारिज गरिएका छन्, तर मानिसबाट अझ ठूला मागहरू गरिएका छन्, किनकि परमेश्वरको काम अझ गहिरो हुँदैजान्छ र मानिसको प्रवेश अझ उच्च हुँदैजान्छ। विगतमा, येशूले आफ्नो हात मानिसमाथि राख्नुहुन्थ्यो र प्रार्थना गर्नुहुन्थ्यो, तर अब सबै कुरा भनिएको छ, यसैले हात राखेर के हुन्छ? वचनहरूले मात्र परिणाम प्राप्त गर्न सक्छ। विगतमा जब उहाँले मानिसमाथि आफ्नो हात राख्नुहुन्थ्यो, त्यो मानिसलाई आशिष् दिन र उसका रोगहरू निको पार्नका निम्ति हुन्थ्यो। त्यस बेला पवित्र आत्माले त्यसरी नै काम गर्नुभयो, तर अहिले त्यस्तो छैन। अहिले पवित्र आत्माले काम गर्न र परिणामहरू प्राप्त गर्न वचनहरूको प्रयोग गर्नुहुन्छ। उहाँका वचनहरू तिमीहरूलाई स्पष्ट पारिएको छ, र भनिएजस्तै गरी तिमीहरूले तिनलाई आफ्नो व्यवहारमा उतार्नुपर्छ। उहाँका वचनहरू उहाँका इच्छा हुन्; ती उहाँले गर्न चाहनुभएका काम हुन्। उहाँका वचनहरूद्वारा तैँले उहाँको इच्छालाई र तैँले के प्राप्त गरेको उहाँ चाहनुहुन्छ त्यो बुझ्नेछस्, र हातहरू राख्नुपर्ने कुनै आवश्यकताविना नै तैँले सीधै उहाँका वचनहरूलाई व्यवहारमा उतार्न सक्छस्। कसै-कसैले यसो भन्लान्, "तपाईंको हात ममाथि राख्नुहोस्! तपाईंका हातहरू ममाथि राख्नुहोस् र मैले तपाईंको आशीर्वाद पाउन सकूँ र म तपाईंमा सहभागी हुन सकूँ।" यी सबै अतीतका पुराना अभ्यासहरू हुन्, जुन अब अप्रचलित भएका छन्, किनकि युग परिवर्तन भएको छ। न त उद्देश्य विहीन रूपले न त नियमहरू अनुसार, तर पवित्र आत्माले युगअनुसार काम गर्नुहुन्छ। युग परिवर्तन भएको छ, र नयाँ युगले अनिवार्य रूपमा नै आफ्नो साथमा नयाँ काम ल्याउँदछ। कामको हरेक चरणमा यही कुरा लागू हुन्छ, त्यसैले उहाँको काम कहिल्यै दोहोरिँदैन। अनुग्रहको युगमा, येशूले त्यस प्रकारको काम प्रशस्तै गर्नुभयो, जस्तै बिरामीलाई निको पार्ने, भूतहरू निकाल्ने, मानिसको निम्ति प्रार्थना गर्न ऊमाथि आफ्नो हात राख्ने र मानिसलाई आशिष् दिने। तापनि, वर्तमान समयमा त्यसो गर्नु अर्थहीन हुनेछ। पवित्र आत्माले त्यस समयमा त्यसरी नै काम गर्नुभयो, किनकि त्यो अनुग्रहको युग थियो, र मानिसले उपभोग गर्न सक्ने पर्याप्त अनुग्रह थियो। ऊबाट कुनै प्रकारको मूल्य माग गरिएको थिएन र जबसम्म ऊसँग विश्वास हुन्थ्यो, तबसम्म उसले अनुग्रह प्राप्त गर्थ्यो। सबैसँग अनुग्रहको साथ व्यवहार गरिन्थ्यो। अब युग परिवर्तन भएको छ, र परमेश्वरको काम अझ अगाडि बढेको छ; सजाय र न्यायको माध्यमबाट मानिसको विद्रोहीपन र मानिसभित्रको अशुद्ध थोकहरूलाई हटाइन्छ। त्यो चरण मुक्तिको चरण भएकोले मानिसले उपभोग गर्न सक्ने प्रशस्त अनुग्रह प्रकट गर्दै, अनुग्रहको माध्यमद्वारा तिनीहरूका पाप क्षमा गर्न परमेश्वरले त्यस प्रकारले काम गर्न आवश्यक भयो। यस वर्तमान चरणचाहिँ दण्ड, न्याय, वचनहरूको प्रहार, साथै अनुशासन र वचनहरूको प्रकाशद्वारा मानिसभित्रको अधर्मलाई प्रकट

गर्नु हो, यसैले कि त्यसपछि मानवजातिले मुक्ति पाउन सकोस्। यो काम छुटकाराभन्दा अझ गहिरो हुन्छ। अनुग्रहको युगमा भएको अनुग्रह मानिसको उपभोगका लागि पर्याप्त थियो; अब मानिसले यो अनुग्रहको अनुभव गरिसकेको छ, अब उसले यो उपभोग गर्नुपर्दैन। यो कामको समय अब बितिसकेको छ र अब यो गर्नुपर्दैन। अब मानिस वचनको न्यायद्वारा बच्नुपर्छ। मानिसको न्याय भएपछि, उसले सजाय पाएपछि र शोधन गरिएपछि त्यसैद्वारा उसको स्वभाव परिवर्तन हुन्छ। के यो सबै मैले बोलेका वचनहरूको कारणले गर्दा होइन र? कामको प्रत्येक चरणलाई सम्पूर्ण मानवजातिको प्रगति र युग अनुरूप नै गरिन्छ। काम सबै महत्त्वपूर्ण छ, र यो सबै अन्तिम मुक्तिका लागि गरिन्छ, यसैले कि मानवजातिले भविष्यमा एक राम्रो गन्तव्य पाउन सकोस्, र अन्त्यमा मानवजाति प्रकारअनुसार वर्गीकरण हुन सकोस्।

आखिरी दिनहरूको काम भनेको वचनहरू बोल्नु हो। वचनहरूको माध्यमद्वारा मानिसमा ठूला परिवर्तनहरू आउन सक्छन्। यी वचनहरू स्वीकार गर्दा ती मानिसहरूमा आउने परिवर्तनहरू, अनुग्रहको युगका चिह्न र चमत्कारका कामहरूलाई स्वीकार गर्दा मानिसहरूमा परेको प्रभावभन्दा बढी हुन्छ। किनकि अनुग्रहको युगमा, मानिसमाथि हात राखेर प्रार्थना गरेर ऊबाट भूतहरू निकालिन्थ्यो, तर मानिसभित्रको भ्रष्ट स्वभाव अझै रहिरहन्थ्यो। मानिसलाई उसको बिमारीबाट निको पारिन्थ्यो र उसका पापहरू क्षमा गरिन्थ्यो, तर मानिसलाई ऊभित्रको भ्रष्ट शैतानिक स्वभावबाट शुद्ध पार्नुपर्ने काम गर्न अझै बाँकी नै थियो। मानिसलाई उसको विश्वासको लागि मात्र मुक्ति दिइन्थ्यो र उसका पापहरू क्षमा गरिन्थ्यो, तर मानिसको पापी स्वभाव नाश पारिएको थिएन, र त्यो अझै पनि ऊभित्र नै रहन्थ्यो। मानिसका पापहरू देहधारी परमेश्वरको माध्यमबाट क्षमा गरिएको थियो, तर यसको अर्थ मानिसभित्र उप्रान्त कुनै पाप थिएन भन्ने होइन। मानिसका पापहरू पापबलिद्वारा क्षमा गर्न सकिन्थ्यो, तर मानिसलाई कसरी फेरि पाप नगर्ने बनाउन सकिन्छ, र उसको पापमय प्रकृति कसरी पूर्ण रूपले हटाउन र रूपान्तरित गर्न सकिन्छ, यो समस्या समाधान गर्ने ऊसँग कुनै उपाय हुँदैन। मानिसका पापहरू क्षमा गरिए, र यो परमेश्वरको क्रूसीकरणको कामको कारणले गर्दा हो, तर मानिस निरन्तर आफ्नो पुरानो भ्रष्ट शैतानिक स्वभावमा जिइरह्यो। यस्तो भएकोले, मानिस उसको भ्रष्ट शैतानिक स्वभावबाट पूर्ण रूपमा जोगिनुपर्छ, ताकि उसको पापमय प्रकृति पूर्ण रूपले नाश हुन सकोस्, र फेरि कहिल्यै विकास नहोस् र यसरी मानिसको स्वभाव रूपान्तरण हुन सकोस्। यसको निम्ति मानिसले जीवनको वृद्धिको मार्गलाई, जीवनको मार्गलाई र आफ्नो स्वभाव बदल्ने तरिकालाई बुझ्नु आवश्यक हुन्छ। यसबाहेक, मानिसले यो मार्गअनुसार व्यवहार गर्नु आवश्यक हुन्छ, यसैले कि उसको स्वभाव बिस्तारै परिवर्तन हुन सकोस् र ऊ ज्योतिको उज्यालोमा जिउन सकोस्, यसैले कि उसले जे गर्छ सबै परमेश्वरको इच्छाबमोजिम होस्, यसैले कि उसले आफ्नो भ्रष्ट शैतानिक स्वभावलाई त्याग्न सकोस् र त्यसरी ऊ शैतानको अन्धकारको प्रभावबाट मुक्त हुन सकोस्, र पापबाट पूर्ण रूपमा माथि उठ्न सकोस्। तब मात्र मानिसले पूर्ण मुक्ति पाउनेछ। जुन बेला येशूले आफ्नो काम गर्दैहुनुहुन्थ्यो, उहाँसम्बन्धी मानिसको ज्ञान अझै अनिश्चित र अस्पष्ट नै थियो। मानिसले सधैँ उहाँ दाऊदको छोरा हुनुहुन्छ भनी विश्वास गरे, र उहाँलाई एक महान् अगमवक्ता, मानिसका पापबाट छुटकारा दिने परोपकारी प्रभु भनी घोषणा गरे।

कोही-कोही आफ्नो विश्वासको शक्तिले गर्दा उहाँको वस्त्रको छेउ छुँदा मात्रै पनि निको भए; अन्धोले देख्न सक्यो र मरेकाहरू समेत फेरि जीवित हुन सके। तापनि, मानिस ऊ आफै भित्र गहिरो जरा गाडेर बसेको भ्रष्ट शैतानिक स्वभावलाई पत्ता लाउन असमर्थ नै थियो, न त त्यसलाई कसरी फाल्ने भन्ने कुरा नै थाहा थियो। मानिसले प्रशस्त अनुग्रह प्राप्त गऱ्यो, जस्तै शरीरको शान्ति र सुख, एक जना सदस्यको विश्वासले सम्पूर्ण परिवारमा आशिष् ल्याउने, बिमारी निको पार्ने, इत्यादि। बाँकी मानिसका असल कामहरू र उसको धार्मिक रूप थियो; यदि कोही यी कुराका आधारमा जिउन सक्छ भने तिनीहरूलाई स्वीकार्य विश्वासी मानिन्थ्यो। केवल यस प्रकारका विश्वासीहरू मात्रै मृत्युपछि स्वर्गमा प्रवेश गर्न सक्थे, जसको अर्थ तिनीहरूले मुक्ति पाएका थिए भन्ने हुन्थ्यो। तर, तिनीहरूको जीवनकालमा, यी मानिसहरूले जीवनका सबै मार्गलाई बुझेनन्। तिनीहरूले पापहरू गर्ने अनि फेरि आफ्ना पापहरू स्वीकार गर्ने निरन्तर चक्रमा परेका थिए, तर आफ्ना स्वभाव बदल्ने कुनै तरिका तिनीहरूले जानेका थिएनन्: अनुग्रहको युगमा मानिसको अवस्था यस्तै थियो। के मानिसले पूर्ण मुक्ति पाएको छ? छैन! त्यसकारण कामको त्यो चरण समाप्त भएपछि पनि न्याय र सजायको काम बाँकी नै रह्यो। यो चरण भनेको वचनद्वारा मानिसलाई शुद्ध बनाउनको निम्ति, अनि त्यसद्वारा पछ्याउनको लागि उसलाई एक मार्ग दिनका निम्ति हो। यदि भूतहरू नै निकालिरहने हो भने यो चरण फलदायी वा अर्थपूर्ण हुँदैन, किनकि त्यो मानिसको पापी प्रकृति हटाउन असफल हुनेथियो, र मानिस आफ्ना पापहरूको क्षमामा नै अड्किरहने थियो। पापबलिको माध्यमले मानिसलाई उसका पापहरूका निम्ति क्षमा गरिएको छ, किनकि क्रूसीकरणको काम अघिबाटै समाप्त भइसकेको छ र परमेश्वर शैतानमाथि विजयी हुनुभएको छ। तर मानिसको भ्रष्ट स्वभाव अझै ऊभित्रै रहेको छ, मानिसले अहिले पनि पाप गर्न र परमेश्वरको विरोध गर्न सक्छ, र परमेश्वरले मानवजातिलाई प्राप्त गर्नुभएको छैन। यसैले कामको यस चरणमा परमेश्वरले मानिसको भ्रष्ट स्वभाव प्रकट गर्न वचनको प्रयोग गर्नुहुन्छ, र उसलाई सही मार्गअनुसार हिँड्ने अभ्यास गर्न लगाउनुहुन्छ। यो चरण अघिल्लोभन्दा धेरै अर्थपूर्ण छ, साथै धेरै फलदायी पनि छ, किनकि अहिले वचनले नै सोझै मानिसको जीवनलाई प्रदान गर्छ र मानिसको स्वभावलाई पूर्ण रूपले नवीकरण गर्छ; यो कामको अझै विस्तृत चरण हो। त्यसकारण, आखिरी दिनहरूमा हुने देहधारणले परमेश्वरको देहधारणको महत्त्वलाई पूरा गरेको छ र मानिसको मुक्तिको लागि परमेश्वरको व्यवस्थापन योजनालाई पूर्ण रूपमा समाप्त गरेको छ।

परमेश्वरले मानिसलाई मुक्ति दिने काम सोझै आत्माको विधि र आत्माको पहिचानको माध्यमबाट गरिँदैन, किनकि उहाँका आत्मालाई मानिसले न त छुन सक्छ न त देख्न नै सक्छ, न त मानिस नजिक जान नै सक्दछ। यदि उहाँले मानिसलाई सीधा आत्माको दृष्टिकोण प्रयोग गरी मुक्ति दिन खोज्नुभयो भने, मानिस उहाँको मुक्ति प्राप्त गर्न असमर्थ बन्नेथियो। यदि परमेश्वरले सृष्टि गरिएको मानिसको बाहिरी रूप धारण गर्नुभएको थिएन भने, मानिसले यो मुक्ति पाउने कुनै उपाय हुनेथिएन। किनकि जसरी यहोवाको बादलको नजिक कोही पनि जान सकेन त्यसरी नै मानिस उहाँको नजिक आउने कुनै उपाय छैन। केवल एक सृष्टि गरिएको एक प्राणी बनेर अर्थात् उहाँको वचनलाई उहाँ बन्न लाग्नुभएको मासुको शरीरमा राखेर मात्र उहाँले आफ्नो पछि लाग्नेहरूमा

व्यक्तिगत तवरले वचनअनुसार काम गर्न सक्नुहुन्छ। तब मात्र मानिसले व्यक्तिगत रूपमा उहाँको वचनलाई देख्न र सुन्न सक्दछ, र यसरी मात्र उसले पूर्ण रूपमा मुक्ति पाउन सक्छ। यदि परमेश्‍वर मानिस बन्नुभएको थिएन भने, मासु र रगत हुने कसैले पनि त्यस्तो ठूलो उद्धार प्राप्त गर्न सक्नेथिएन, न त एकै जना व्यक्तिले समेत मुक्ति पाउनेथियो। यदि परमेश्‍वरका आत्माले मानवजातिको माझ प्रत्यक्ष रूपमा काम गर्नुभएको भए, सम्पूर्ण मानवजाति नै नष्ट हुनेथियो, अन्यथा, परमेश्‍वरको सम्पर्कमा आउनै नसक्ने गरी तिनीहरू पूर्ण रूपले शैतानको कैदमा पर्नेथिए। पहिलो देहधारण मानिसलाई पापबाट छुटकारा दिनका लागि, मानिसलाई येशूको मासुको शरीरको माध्यमबाट छुटकारा दिनु थियो, अर्थात्, उहाँले मानिसलाई क्रूसबाट बचाउनुभयो, तर मानिसभित्र भ्रष्ट शैतानिक स्वभाव अझै रहिरह्यो। दोस्रो देहधारण पापको बलिदानको रूपमा सेवा गर्नु होइन, तर पापबाट छुटकारा पाएकाहरूलाई पूर्ण रूपमा बचाउनका लागि हो। यो यसकारण गरिएको हो, कि क्षमा गरिएकाहरूले तिनीहरूको पापबाट छुटकारा पाऊन् र पूर्ण रूपमा शुद्ध पारिऊन्, र स्वभावमा परिवर्तन प्राप्त गरेर शैतानको अन्धकारको प्रभावबाट मुक्त हुन सकून् र परमेश्‍वरको सिंहासनको अगाडि फर्कन सकून्। यस तरिकाले मात्र मानिस पूर्ण रूपमा पवित्र हुन सक्छ। व्यवस्थाको युग समाप्त भएर अनुग्रहको युगबाट परमेश्‍वरले मुक्तिको कामको सुरु गर्नुभयो, जुन आखिरी दिनहरूसम्म जारी रहन्छ, जब मानवजातिलाई उनीहरूको विद्रोहका लागि न्याय गर्ने र सजाय दिने क्रममा, उहाँले मानवजातिलाई पूर्ण रूपमा शुद्ध पार्नुहुनेछ। त्यसबेला मात्र परमेश्‍वरले आफ्नो मुक्तिको कामलाई समाप्त गर्नुहुनेछ र विश्राममा प्रवेश गर्नुहुनेछ। त्यसकारण, कामका तीन चरणमा, परमेश्‍वर आफैले मानिसहरूको बीचमा काम गर्नका निम्ति केवल दुई पटक मात्र देहधारी बन्नुभयो। किनभने कामका तीन चरणमध्ये एउटा मानिसलाई उनीहरूको जीवनमा डोऱ्याउनु थियो, अनि अन्य दुईवटा मुक्तिको काम गर्नका निम्ति हो। केवल मानिस बनेर मात्र परमेश्‍वर मानिससँग बस्न, संसारको दुःख अनुभव गर्न, र मानिसको सामान्य मासुको शरीरमा जिउन सक्नुहुन्छ। केवल यस तरिकाले मात्र उहाँले मानिसलाई सृष्टि गरिएका प्राणीहरूको रूपमा चाहिने कुराहरू व्यावहारिक तरिकाले प्रदान गर्न सक्नुहुन्छ। परमेश्‍वरको देहधारणद्वारा मानिसले परमेश्‍वरबाट पूर्ण मुक्ति पाउँछ, उसको प्रार्थनाको जबाफ स्वरूप सीधै स्वर्गबाट होइन। किनकि मानिस देह र रगतको भएकोले ऊसँग परमेश्‍वरका आत्मालाई कुनै पनि तरिकाले देख्न सक्दैन, उहाँको आत्माको नजिक जाने कुरा त परै जाओस्। मानिस केवल परमेश्‍वरले देहधारण गर्नुभएको शरीरसित सम्पर्कमा आउन सक्छ, र केवल यस तरिकाले मात्र मानिसले सबै मार्गहरू र सबै सत्यताहरू बुझ्न सक्दछ, र पूर्ण मुक्ति प्राप्त गर्दछ। दोस्रो देहधारण मानिसका पापहरू मेटाउन र उसलाई पूर्ण रूपमा शुद्ध गर्न पर्याप्त हुनेछ। यसैले, दोस्रो देहधारणद्वारा परमेश्‍वरको सम्पूर्ण कामलाई समाप्त गरिनेछ र परमेश्‍वरको देहधारणको महत्त्व पूरा हुनेछ। त्यसपछि, शरीरमा गरिने परमेश्‍वरको काम पूर्ण रूपमा अन्त्य हुनेछ। दोस्रो देहधारणपछि, उहाँ आफ्नो कामको लागि तेस्रो पटक शरीर बन्नुहुनेछैन। किनकि उहाँको सम्पूर्ण व्यवस्थापन अन्त्य भएको हुनेछ। आखिरी दिनहरूका देहधारणले उहाँका चुनिएका मानिसहरूलाई पूर्ण रूपमा प्राप्त गर्नुभएको हुनेछ, र आखिरी दिनहरूमा मानवजाति सबैलाई उनीहरूका प्रकारअनुसार वर्गीकरण गरिएको हुनेछ। उहाँले फेरि

मुक्तिको काम गर्नुहुनेछैन, न त उहाँ कुनै काम गर्न देहमा फर्केर नै आउनुहुनेछ। आखिरी दिनहरूको काममा, वचन चिह्न र चमत्कारका कार्यहरूको प्रकटीकरणभन्दा अझ शक्तिशाली हुन्छ, र वचनको अधिकारले चिह्न र चमत्कारका कार्यहरूलाई उछिन्नेछ। त्यो वचनले मानिसको हृदयको गहिराइमा गडेका सबै भ्रष्ट स्वभावलाई प्रकट गर्दछ। तँसित त्यसलाई आफै पहिचान गर्ने कुनै उपाय छैन। जब वचनद्वारा तिनलाई तेरो अगि उदाङ्गो पारिन्छ तब तैँले तिनलाई प्राकृतिक रूपमै चिन्नेछस्; तैँले तिनलाई अस्वीकार गर्न सक्नेछैनस्, र तँ पूर्ण रूपमा विश्‍वस्त हुनेछस्। के यो वचनको अधिकार होइन र? यो आज वचनको कामद्वारा प्राप्त गरिने परिणाम हो। त्यसकारण, रोग निको पारेर र भूतहरू निकालेर मानिस उसका पापहरूबाट पूर्ण रूपले मुक्त हुन सक्दैन, न त चिह्न र चमत्कारहरू देखाएर नै उसलाई सम्पूर्ण रूपमा पूर्ण बनाउन सकिन्छ। रोग निको पार्ने र भूतहरू धपाउने अधिकारले मानिसलाई अनुग्रह मात्र दिन्छ, तर मानिसको शरीर अझै पनि शैतानकै अधीनमा हुन्छ, र ऊभित्र त्यो भ्रष्ट शैतानिक स्वभाव अझै रहिरहन्छ। अर्को शब्दमा भन्ने हो भने, जुन कुरा अझै शुद्ध पारिएको हुँदैन त्यो पाप र फोहोरसँग सम्बन्धित हुन्छ। वचनको माध्यमबाट शुद्ध पारिएपछि मात्र मानिस परमेश्‍वरद्वारा प्राप्त हुन र पवित्र हुन सक्छ। जब मानिसबाट भूतहरू निकालिन्थ्यो र उसले छुटकारा पाउँथ्यो, त्यसको मतलब ऊ शैतानको हातबाट खोसिएर परमेश्‍वरमा फर्कियो भन्ने मात्र हुन्थ्यो। तापनि, परमेश्‍वरद्वारा शुद्ध नपारी वा परिवर्तन नगरी ऊ भ्रष्ट मानिसजस्तो नै रहन्छ। मानिसभित्र अझै पनि फोहोर, विरोध, र विद्रोहीपन हुन्छ; परमेश्‍वरले छुटकारा दिनुभएकोले मानिस उहाँकहाँ फर्केको मात्र हुन्छ, तर ऊसँग परमेश्‍वरको बारेमा रत्तीभर पनि ज्ञान हुँदैन र अझै पनि ऊ उहाँको विरोध गर्न र उहाँलाई धोका दिन सक्षम हुन्छ। मानिसलाई छुटकारा दिनुभन्दा अघि, शैतानका धेरै वटा विषयहरू ऊभित्रै रोपिएको हुन्छ, र हजारौं वर्षसम्म शैतानद्वारा भ्रष्ट पारिएपछि, ऊभित्र एउटा स्थापित प्रकृति हुन्छ जसले परमेश्‍वरको विरोध गर्छ। यसकारण जब मानिसलाई छुटकारा दिइएको हुन्छ, त्यो ठूलो मूल्य तिरेर मानिसलाई छुटाइएको घटनाभन्दा अरू केही हुँदैन, तर ऊभित्रको विषाक्त प्रकृति हटेको हुँदैन। अशुद्ध भएको मानिस परमेश्‍वरको सेवाको योग्य हुनुभन्दा अघि परिवर्तनको प्रक्रियाबाट भएर जानुपर्छ। न्याय र सजायको यस कार्यको माध्यमबाट, मानिसले आफैभित्र भएको फोहोर र भ्रष्ट सारलाई पूर्ण रूपमा चिन्नेछ, र ऊ पूर्णरूपमा परिवर्तन हुन र शुद्ध हुन सक्षम हुनेछ। यसरी मात्र मानिस परमेश्‍वरको सिंहासनको अगि फर्केर आउनको योग्य हुन सक्छ। यस दिनमा गरिएका सबै काम मानिस शुद्ध र परिवर्तन हुन सकोस् भनेर हो; वचनको न्याय र सजाय, साथै शोधनको माध्यमबाट, मानिसले आफ्नो भ्रष्टतालाई हटाउन र शुद्ध हुन सक्छ। कामको यस चरणलाई मुक्तिका निम्ति हो भनी ठान्नुको साटो यो शुद्धीकरणको काम हो भन्नु धेरै उचित हुन्छ। वास्तवमा, यो चरण विजयको चरण हो साथ साथै यो मुक्तिको कामको दोस्रो चरण पनि हो। यो वचनको न्याय र सजायको माध्यमबाट नै मानिस परमेश्‍वरद्वारा प्राप्त गरिने स्थितिमा आउँछ, र वचन प्रयोग गर्दा नै मानिसको हृदयभित्रका सबै अशुद्धता, धारणा, अभिप्राय र व्यक्तिगत आकांक्षाहरूलाई शुद्ध गर्न, न्याय गर्न र पूर्ण रूपमा प्रकट गरिन्छ। किनकि मानिसलाई छुटकारा दिइएको र उसका पापहरू क्षमा गरिएको हुन सक्छ, तर त्यसलाई परमेश्‍वरले मानिसका अपराधहरू सम्झनुहुन्न र मानिससँग उसको

अपराधअनुसार व्यवहार गर्नुहुन्‍न भनेर मात्र मान्‍न सकिन्छ। तापनि, जब मासुको शरीरमा जिउने मानिस पापबाट छुटाइएको हुँदैन, उसले पापै मात्र गरिरहन सक्छ, यसरी अटुट रूपमा आफ्नो भ्रष्ट शैतानिक स्वभाव प्रकट गर्छ। यो मानिसले जिउने जीवन हो, जहाँ पाप गर्ने र क्षमा गरिने चक्र निरन्तर चलिरहन्छ। अधिकांश मानवजातिले दिनमा पाप गर्छन् र साँझमा मात्र त्यो स्वीकार गर्छन्। यसरी, पापको बलि मानिसका लागि सदासर्वदा प्रभावकारी भए पनि त्यसले मानिसलाई पापबाट बचाउन सक्दैन। मुक्तिको काम आधा मात्र सम्पन्‍न भएको छ, किनकि मानिसमा अझै पनि भ्रष्ट स्वभाव छ। उदाहरणका लागि, जब मानिसहरूले आफूहरू मोआबबाट आएका हौँ भन्‍ने थाहा पाए, तब तिनीहरूले गुनासोका शब्दहरू बोले, जीवनको खोजी गर्न छाडे, र अति नै नकारात्मक बने। के यसले मानवजाति अझै पनि परमेश्‍वरको शासनको अधीनमा पूर्ण रूपमा बस्‍न असमर्थ छ भनी देखाउँदैन र? के यही नै तिनीहरूको भ्रष्ट शैतानिक स्वभाव होइन? जब तँलाई दण्डको अधीनमा परिएको थिएन, तेरा हातहरू अरू सबैका भन्दा माथि उठ्थे, यहाँसम्म कि येशूको भन्दा पनि माथि। र तँ ठूलो स्वरमा कराउँथिस्: "परमेश्‍वरको प्यारो छोरा हुनू! परमेश्‍वर एक घनिष्ठ हुनू! हामी शैतानको सामु झुक्नुभन्दा बरु मर्छौं! प्राचीन शैतानको विरुद्ध विद्रोह गर! त्यो ठूलो रातो अजिङ्गरको विरुद्धमा विद्रोह गर! त्यो ठूलो रातो अजिङ्गर शक्तिबाट नराम्रो घतले खसोस्। परमेश्‍वरले हामीलाई पूर्ण बनाउनुभएको होस्!" तेरो पुकार अरू सबैको भन्दा चर्को थियो। तर त्यसपछि सजायको समय आयो, र एकचोटि फेरि, मानवजातिको भ्रष्ट स्वभाव प्रकट भयो। त्यसपछि तिनीहरूका पुकार रोकियो, र उनीहरूको संकल्प असफल भयो। मानिसको भ्रष्टता यही नै हो; जुन पापभन्दा गहिरो गाडिएको छ, यो शैतानले रोपेको कुरा हो र यसले मानिसभित्र गहिरो जरा गाडेको छ। आफ्ना पापहरू थाहा पाउनु मानिसको निम्ति सजिलो छैन, उसले गहिरो जरा गाडेको आफ्नो प्रकृतिलाई चिन्‍ने कुनै उपाय छैन, र यो नतिजा प्राप्‍त गर्न ऊ वचनद्वारा गरिने न्यायमा भर पर्नुपर्छ। तब मात्र मानिस बिस्तारै यस बिन्दुबाट परिवर्तन हुन सक्छ। मानिस विगतमा यसरी चिच्च्यायो, किनभने उसलाई आफ्नो अन्तर्निहित भ्रष्ट स्वभावको बारेमा कुनै ज्ञान थिएन। मानिसभित्र अवस्थित अशुद्धताहरू यिनै हुन्। न्याय र सजायको यति लामो अवधिमा, मानिस तनावको वातावरणमा बाँच्यो। के यो सबै वचनको माध्यमद्वारा हासिल भएको थिएन र? के तँ पनि सेवाकर्ताहरूको परीक्षण हुनु अघि एकदमै ठूलो आवाजमा कराइनस् र? "परमेश्‍वरको राज्यभित्र प्रवेश गर्नुहोस्! यो नाउँ स्वीकार गर्नेहरू सबै परमेश्‍वरको राज्यमा प्रवेश गर्नेछन्! सबै जना परमेश्‍वरमा सहभागी हुनेछन्।" जब सेवाकर्ताहरूको परीक्षा आयो, तँ रुनै छोडिस्। सबैभन्दा सुरुमा सबै जना कराए, "हे परमेश्‍वर! तपाईं मलाई जहाँ राख्‍नुहुन्छ, म तपाईंद्वारा संचालित हुनलाई अधीनमा बस्‍नेछु।" परमेश्‍वरका वचनहरू पढिसकेपछि मानिसहरूले भने, "मेरो पावल को हुनेछ? म राजी छु!" तब तिनीहरूले यी वचनहरू देखे, "अनि अय्यूबको विश्‍वासको बारेमा के भन्‍ने?" र भने, "म अय्यूबको विश्‍वासलाई आफैमा लिन तयार छु। हे परमेश्‍वर, कृपया मलाई जाँच्नुहोस्!" जब सेवा-कर्ताहरूको परीक्षण आयो, तिनीहरू एकैचोटि ढले, र मुस्किलले फेरि खडा हुन सके। त्यसपछि, अलिअलि गर्दै तिनीहरूको हृदयमा भएका अशुद्धताहरू कम हुँदै गए। के यो वचनद्वारा प्राप्‍त भएको थिएन र? यसैले, आज तिमीहरूले जे अनुभव गर्‍यौ ती वचनद्वारा प्राप्‍त गरिएका परिणामहरू

हुन्, ती येशूको चिन्ह र चमत्कारहरूद्वारा प्राप्त गरिएका भन्दा महान् छन्। तैँले देखेको परमेश्‍वरको महिमा र तैँले देख्ने परमेश्‍वर स्वयम्‌को अख्तियार केवल क्रूसीकरण, बिरामीलाई निको पार्ने र भूतहरू निकाल्ने माध्यमबाट मात्र देखिँदैन, तर त्योभन्दा बढी उहाँको वचनले गर्ने न्यायबाट देखिन्छ। यसले तँलाई परमेश्‍वरको अख्तियार र शक्तिमा केवल चिन्हहरू, बिरामीलाई निको पार्ने र भूतहरू धपाउने काम मात्र सामेल हुँदैन, तर परमेश्‍वरको वचनको न्यायले परमेश्‍वरको अख्तियारलाई अझ राम्री प्रतिनिधित्व गर्न र उहाँको महानतालाई प्रकट गर्न सक्छ।

मानिसले अहिले के हासिल गरेको छ—उसको वर्तमान कद, ज्ञान, प्रेम, बफादारीता, आज्ञाकारीता र अन्तर्दृष्टि—वचनको न्यायको माध्यमबाट प्राप्त भएका कुराहरू यिनै हुन्। तँ आजको दिनसम्म बफादार हुन र खडा रहन सकेको छस्, त्यो वचनको माध्यमद्वारा नै हो। अहिले मानिसले देहधारी परमेश्‍वरको काम वास्तवमै असाधारण छ, र यसमा मानिसले प्राप्त गर्न नसक्ने, र रहस्य र अचम्मका कुराहरू धेरै कुराहरू छन् भन्ने देख्न सक्छ। त्यसैकारण धेरै जना अधीनमा बसेका छन्। कोही-कोही तिनीहरूका जन्मदेखि नै कहिल्यै कसैको अधीनमा बसेका छैनन्, तापनि तिनीहरूले आजको दिनमा परमेश्‍वरका वचनहरू देख्दा तिनीहरूले थाहै नपाई तिनीहरू अधीनमा बसेका हुन्छन्, अनि तिनीहरू जाँच्ने वा अरू कुनै कुरा गर्ने आँट गर्दैनन्। मानवता वचनको अधीनमा परेको छ र वचनको न्यायको मुनि लम्पसार परेको छ। यदि परमेश्‍वरका आत्माले मानिससँग सीधै बोल्नुहुन्थ्यो भने मानवजाति सबै त्यो आवाजको अधीनमा बस्नेथिए, अनि जसरी पावल दमस्कसको बाटोको ज्योतिले गर्दा भुइँमा लडेका थिए त्यसरी नै तिनीहरू प्रकाशको वचनविना नै लड्नेथिए। यदि परमेश्‍वरले यस प्रकारले काम गरिरहनुभएको भए, मानिसले कहिल्यै पनि वचनको न्यायद्वारा आफ्नो भ्रष्टतालाई जान्न र त्यसबाट मुक्ति प्राप्त गर्न सक्दैनथियो। केवल मानिस बनेर मात्र परमेश्‍वरले प्रत्येक र सबै मानवजातिको कानमा उहाँका वचनहरू पुर्‍याउन सक्नुहुन्छ, यसरी जसको कान छ ती सबैले उहाँको वचन सुन्न र वचनद्वारा न्यायको कामलाई स्वीकार गर्न सक्छन्। यो आत्मा प्रकट भएर मानिसलाई अधीनमा बस्न डर देखाएर होइन, बरु उहाँको वचनद्वारा प्राप्त गरिने परिणाम हो। यस्तो व्यावहारिक र अझ असाधारण कार्यको माध्यमबाट मात्रै धेरै वर्षदेखि भित्र लुकेको मानिसको पुरानो स्वभावलाई पूर्ण रूपमा प्रकट गर्न सकिन्छ, यसरी मानिसले त्यसलाई चिन्न र परिवर्तन गर्न सक्दछ। यी सबै देहधारी परमेश्‍वरका व्यावहारिक कार्यहरू हुन्, जसमा व्यावहारिक रूपमा बोलेर अनि न्याय कार्यान्वयन गरेर उहाँले वचनद्वारा मानिसमा न्यायको परिणाम प्राप्त गर्नुहुन्छ। देहधारी परमेश्‍वरको अधिकार र परमेश्‍वरको देहधारणको महत्त्व यही हो। यो देहधारी परमेश्‍वरको अधिकार जनाउन, वचनको कामले हासिल गरेका परिणामहरू जनाउन र आत्मा देहमा आउनुभएको छ भनी बताउन र वचनद्वारा मानिसको न्याय गरी उहाँको अधिकार प्रदर्शन गर्नका निम्ति गरिन्छ। उहाँको शरीर एक साधारण र सामान्य मानवताको बाहिरी रूप भए पनि उहाँका वचनहरूले प्राप्त गरेका परिणामहरूले मानिसलाई उहाँ अधिकारले पूर्ण हुनुहुन्छ, उहाँ स्वयम् परमेश्‍वर हुनुहुन्छ र उहाँका वचनहरू स्वयम् परमेश्‍वरका अभिव्यक्ति हुन् भनी देखाउँछ। यस माध्यमद्वारा सबै मानवजातिलाई उहाँ स्वयम् परमेश्‍वर हुनुहुन्छ, उहाँ देह बन्नुभएका परमेश्‍वर हुनुहुन्छ, उहाँलाई कसैले उल्लङ्घन गर्नु हुँदैन, र अनि कसैले पनि वचनद्वारा गरिने उहाँको

न्यायलाई उछिन्न सक्दैन, अन्धकारको कुनै शक्ति उहाँको अख्तियारमाथि विजयी हुन सक्दैन भनी देखाइन्छ। उहाँ देहधारी हुनुभएका वचन हुनुहुन्छ, त्यसकारण र उहाँको अधिकारको कारण र वचनद्वारा उहाँले गर्ने न्यायको कारण मानिस पूर्ण रूपमा उहाँको अधीनमा बस्छ। उहाँको देहधारी शरीरद्वारा ल्याइएको काम उहाँसित भएको अधिकार हो। शरीरले पनि अख्तियार प्राप्त गर्न सकोस् भनेर उहाँ देह बन्नुको हो, र उहाँ मानिसले देख्न र अनुभव गर्न सक्ने गरी मानिसमा व्यावहारिक ढङ्गले काम गर्न सक्षम हुनुहुन्छ। यो काम परमेश्वरका आत्माले सीधै गर्नुभएको कामभन्दा धेरै यथार्थ परक हुन्छ, जोसँग सबै अधिकार छ, र यसका परिणामहरू पनि स्पष्ट हुन्छन्। किनकि देहधारी परमेश्वर व्यावहारिक रूपमा बोल्न र काम गर्न सक्नुहुन्छ। उहाँको देहको बाहिरी रूपको कुनै अधिकार हुँदैन, र मानिस त्यसको नजिक जान सक्छ, जबकी उहाँको सारले अख्तियार बोक्दछ, तर उहाँको अख्तियारलाई कसैले देख्न सक्दैन। जब उहाँ बोल्नुहुन्छ र काम गर्नुहुन्छ, मानिसले उहाँको अख्तियारको अस्तित्व पत्ता लगाउन सक्दैन; यसले उहाँलाई व्यावहारिक प्रकृतिको काम गर्न सहयोग पुर्‍याउँछ। यो सबै व्यावहारिक कार्यले परिणामहरू प्राप्त गर्न सक्छ। कुनै मानिसले उहाँमा अधिकार छ भन्ने महसुस नगरे पनि, वा उहाँलाई दुःखी बनाउनु हुँदैन भनी नबुझे पनि, वा उहाँको क्रोध नदेखे पनि, उहाँले उहाँको गुप्त अख्तियार, उहाँको लुकेको क्रोध र उहाँले खुल्लमखुल्ला बोल्नुहुने वचनबाट आफ्ना वचनहरूद्वारा आफूले चाहनुभएको परिणाम प्राप्त गर्नुहुन्छ। अर्को शब्दमा, उहाँको आवाजको सुर, उहाँको बोलीको कठोरता, र उहाँको वचनका सबै बुद्धिद्वारा मानिस पूर्ण रूपले विश्वस्त हुन्छ। यस प्रकारले, मानिस देहधारी परमेश्वरको अधीनमा बस्छ, जसको कुनै अधिकार छैन जस्तो देखिन्छ, यसरी मानिसलाई बचाउने परमेश्वरको उद्देश्य पूरा हुन्छ। यो उहाँको देहधारणको महत्त्वको अर्को पक्ष हो: अझ बढी यथार्थतापूर्वक बोल्नु र उहाँको वचनको वास्तविकतालाई मानिसमा प्रभाव पार्ने तुल्याउनु, यसैले कि मानिसले परमेश्वरको वचनको शक्तिलाई देख्न सकोस्। त्यसकारण, यदि देहधारणको माध्यमद्वारा यो काम गरिएको थिएन भने, त्यसले थोरै परिणामहरू पनि प्राप्त गर्न सक्दैनथियो र पापी मानिसहरूलाई पूर्ण रूपमा मुक्ति दिन सक्ने थिएन। यदि परमेश्वर मानिस नबन्नुभएको भए उहाँ आत्मा नै रहनुहुने थियो, जो मानिसका निम्ति अदृश्य र अनुभव गर्न नसकिने दुवै हुनेथियो। मानिस शारीरिक प्राणी भएकोले ऊ र परमेश्वर दुई फरक संसारका हुनुहुन्छ र जसका विभिन्न प्रकृतिहरू छन्। मानिस देह भएकोले परमेश्वरका आत्मा ऊसित सँगै रहन सक्दैन, र तिनको बीचमा सम्बन्ध स्थापित गर्ने कुनै उपाय छैन, अनि मानिस आत्मामा परिवर्तन हुनु त झन् हुनै नसक्ने कुरा हो। यस्तो भएकोले, आफ्नो मूल कार्यलाई गर्नको लागि परमेश्वरका आत्मा सृष्टि गरिएको प्राणी हुनु नै पर्दछ। परमेश्वर उच्च स्थानमा चढ्न र मानव प्राणी बन्नका निम्ति आफूलाई नम्र तुल्याउन, दुवै कार्य गर्न सक्ने हुनुहुन्छ, यसरी उहाँले मानवजातिका माझमा काम गर्न र तिनीहरूका बीचमा सक्नुहुन्छ, तर मानिस उच्च स्थानमा उक्लिन र आत्मा बन्न सक्दैन, र ऊ तल्लो स्थानमा त झनै ओर्लन सक्दैन। यसैले गर्दा परमेश्वर आफ्नो काम पूरा गर्न मानिस बन्नुपर्छ। यसरी नै, पहिलो देहधारणको अवधिमा देहधारी परमेश्वरको शरीरले मात्रै उहाँको क्रूसीकरणद्वारा मानिसलाई छुटकारा दिन सक्यो, नत्र भने परमेश्वरका आत्मा मानिसको पापबलिको रूपमा क्रूसमा टाँगिने कुनै उपाय हुनेथिएन। परमेश्वर

मानिसको पापबलि हुनका निम्ति सीधै मानिस बन्न सक्नुहुन्थ्यो, तर मानिस परमेश्‍वरले उसको निम्ति तयार पार्नुभएको पापबलि बोकेर सीधै स्वर्गमा उक्लिन सक्दैनथ्यो। यस्तो भएकोले, परमेश्‍वरलाई स्वर्ग र पृथ्वीको बीचमा केही पल्ट आउने र जाने गर्न लाउनु मात्र सम्भव हुन्थ्यो, मानिसलाई मुक्ति पाउनका निम्ति स्वर्गमा उक्लिन लगाउनु सम्भव भएन, किनकि मानिस पतित भएको थियो, साथै मानिस यसै पनि स्वर्गमा उक्लिनु सक्दैन, झन् पापबलि प्राप्त गर्न सक्नु त कुरै नगरौं। त्यसकारण, येशू मानवजातिको बीचमा आउनु र कुनै मानिसले गर्न नसक्ने काम व्यक्तिगत रूपमा गर्नु आवश्यक थियो। हरेक चोटि परमेश्‍वर अति आवश्यक परेकोले गर्दा मात्रै मानिस बन्नुहुन्छ। यदि कुनै पनि चरणहरू प्रत्यक्ष रूपमा परमेश्‍वरका आत्माद्वारा पूरा गर्न सकिन्थ्यो भने उहाँ देहधारी हुने अपमानजनक कार्यमा समर्पित बन्नुहुने थिएन।

कामको यो अन्तिम चरणमा, वचनको माध्यमद्वारा परिणामहरू प्राप्त गरिन्छ। वचनको माध्यमबाट, मानिसले धेरै वटा रहस्यहरू र परमेश्‍वरले विगतका पुस्ताहरूमा गर्नुभएको कामलाई बुझ्न सक्छ; वचनद्वारा मानिसले पवित्र आत्माबाट ज्ञान प्राप्त गर्दछ; वचनद्वारा नै मानिसले विगतका पुस्ताहरूले कहिल्यै बुझ्न नसकेका रहस्यहरू साथै विगत समयका अगमवक्ता र प्रेरितहरूका कामहरूलाई र उनीहरूले काम गरेका सिद्धान्तहरूलाई बुझ्न सक्दछ; वचनद्वारा, मानिसले स्वयम् परमेश्‍वरको स्वभावलाई साथै मानिसको विद्रोहीपन र विरोधलाई बुझ्न सक्छ, साथै उसको आफ्नै सारलाई पनि बुझ्न सक्छ। कामका यी चरणहरू र बोलिएका सबै वचनहरूद्वारा, मानिसले आत्माको काम, देहधारी परमेश्‍वरको शरीरले गर्ने काम, र अझ त्योभन्दा बढी उहाँको सम्पूर्ण स्वभावको बारेमा जान्दछ। परमेश्‍वरको छ हजार वर्षभन्दा धेरै समयको व्यवस्थापनको कामसम्बन्धी तेरो ज्ञान पनि वचनको माध्यमबाट नै प्राप्त भएको थियो। के तेरा पहिलेका धारणाहरू र तिनलाई पन्छ्याउने कार्यमा तैँले पाएको सफलता पनि वचनबाटै प्राप्त भएको होइन? अघिल्लो चरणमा, येशूले चिह्न र चमत्कारका कामहरू गर्नुभयो, तर यस चरणमा कुनै चिह्न र चमत्कारहरू छैनन्। परमेश्‍वरले किन चिह्न र चमत्कारहरू प्रकट गर्नुहुन्न भन्ने तेरो बुझाइ पनि के वचनद्वारा नै प्राप्त गरिएको होइन र? त्यसकारण, यस चरणमा बोलिएका वचनहरूले विगतका पुस्ताहरूका प्रेरितहरू र अगमवक्ताहरूले गरेका कार्यलाई उछिन्छन्। अगमवक्ताहरूले गरेका अगमवाणीहरूले पनि यो परिणाम प्राप्त गर्न सक्दैनथियो। अगमवक्ताहरूले केवल अगमवाणी बोले, तिनीहरूले भविष्यमा के हुनेछ भन्ने कुरा बताए, तर त्यस समयमा परमेश्‍वरले गर्न चाहनुभएको कामको बारेमा बताएनन्। न त उनीहरूले मानवजातिलाई तिनीहरूका जीवनमा डोर्‍याउन, वा मानवजातिलाई सत्यता दिन, वा तिनीहरूलाई रहस्य प्रकट गर्न नै बोले, जीवन प्रदान गर्नको लागि बोल्ने कुरा त परै जाओस्। यस चरणमा बोलिएका वचनहरूमा भविष्यवाणी र सत्यता छ, तर मुख्य रूपमा यी वचनहरूले मानिसलाई जीवन प्रदान गर्ने काम गर्दछ। वर्तमानका यी वचनहरू अगमवक्ताहरूका अगमवाणीहरूभन्दा फरक छन्। यो चरणको काम मानिसको जीवनका लागि हो, मानिसको जीवनको स्वभाव परिवर्तन गर्नका लागि हो, तर अगमवाणी बोल्नका लागि होइन। पहिलो चरण यहोवाको कामको निम्ति थियो: उहाँको काम भनेको पृथ्वीमा मानिसहरूलाई परमेश्‍वरको आराधना गर्न तयार पार्नु थियो। यो पृथ्वीमा काम सुरु गर्ने ठाउँ खोज्ने सुरुवाती काम

थियो। त्यसबेला, यहोवाले इस्राएलीहरूलाई शबाथ पालन गर्न, तिनीहरूका आमाबाबुको आदर गर्न र एक-अर्कासित मिलेर जीवन बिताउन सिकाउनुभयो। किनभने त्यस समयका मानिसहरूले मानिस कुन कुराले बनेको छ भनी बुझेका थिएनन्, न त तिनीहरूले यस पृथ्वीमा कसरी जिउने भनी बुझेका नै थिए। कामको पहिलो चरणमा उहाँले मानवजातिलाई तिनीहरूका जीवन जिउन मार्गनिर्देशन गर्नु आवश्यक थियो। यहोवाले उनीहरूलाई भन्नुभएका सबै कुरा अघिबाट मानवजातिलाई थाहा थिएन वा तिनीहरूको स्वामित्वमा थिएन। त्यस बेला परमेश्वरले अगमवाणीहरू बोल्न धेरै जना अगमवक्ताहरू खडा गर्नुभयो, र तिनीहरूले ती सबै यहोवाको निर्देशनमा गरे। यो परमेश्वरको कामको एउटा भाग मात्र थियो। पहिलो चरणमा, परमेश्वर देह बन्नुभएन, यसैले उहाँले सबै कुल र जातिहरूलाई अगमवक्ताहरूद्वारा निर्देशन दिनुभयो। जब येशूले आफ्नो समयमा काम गर्नुभयो, उहाँ आजको दिनमा जत्तिकै धेरै बोल्नुभएन। आखिरी दिनहरूमा हुने वचन कामको यो चरण विगतको कुनै पनि युगहरू र पुस्ताहरूमा कहिल्यै गरिएको छैन। यशैया, दानिएल र यूहन्नाले धेरै अगमवाणीहरू बोलेका भए तापनि, तिनीहरूका अगमवाणीहरू अहिले बोलिएका वचनहरूभन्दा बिलकुलै फरक थिए। तिनीहरूले जे बोले ती अगमवाणीहरू मात्र थिए, तर अहिले बोलिएका वचनहरू त्यस्ता होइनन्। यदि मैले अहिले बोलेका सबै कुरालाई अगमवाणीमा परिणत गरें भने के तिमीहरू त्यसलाई बुझ्न सक्नेछौ? मैले बोलेको कुरा म गएपछि हुने कुराहरू हुन् भन्ने मानिलिने हो भने, तैँले त्यो कसरी बुझ्न सक्नेछस्? वचनको काम येशूको समयमा वा व्यवस्थाको युगमा कहिल्यै गरिएको थिएन। सायद कतिले भन्नेछन्, "के यहोवाले पनि उहाँको कामको समयमा वचनहरू बोल्नुभएन र? के येशूले काम गरिरहनुभएको बेला रोग निको पार्ने, भूतहरू निकाल्ने, र चिन्ह र चमत्कारका कामहरू गर्ने बाहेक वचनहरू पनि बोल्नुभएन र?" बोलिएका कुराहरूका बीचमा भिन्नता हुन्छन्। यहोवाले बोल्नुभएका वचनहरूको सार के थियो? उहाँले मानवजातिलाई पृथ्वीमा आफ्नो जीवन बिताउन मात्र डोऱ्याउँदै हुनुहुन्थ्यो, जसले जीवनका आत्मिक विषयहरूलाई छोएन। जब यहोवाले बोल्नुभयो, सबै ठाउँका मानिसहरूलाई निर्देशन दिनलाई बोल्नुभयो भनी किन भनिएको छ? "निर्देशन" शब्दको अर्थ स्पष्ट रूपमा भन्नु र सिधा आदेश दिनु भन्ने हुन्छ। उहाँले मानिसलाई जीवन मात्र दिनुभएन; उहाँले दृष्टान्तहरूको माध्यमद्वारा होइन बरु मानिसलाई हातले समात्नुभयो र उहाँलाई आदर गर्न सिकाउनुभयो। यहोवाले इस्राएलमा गर्नुभएको काम मानिसको निराकरण गर्न वा उसलाई अनुशासनमा राख्न वा न्याय र दण्ड दिनका निम्ति थिएन, त्यो मानिसलाई डोऱ्याउनका निम्ति थियो। यहोवाले मोशालाई तिनका आफ्ना मानिसहरूलाई उजाड्-स्थानमा मन्न बटुल्न लगाउनू भनी आज्ञा दिनुभयो। प्रत्येक बिहान सूर्योदय हुनुभन्दा अघि उनीहरूले त्यो दिनलाई पुग्नेजति मन्न बटुल्नु पर्थ्यो। मन्न भोलिको दिनसम्म राख्न सकिँदैनथ्यो, किनकि त्यो कुहिहाल्थ्यो। उहाँले मानिसहरूलाई भाषण दिनुभएन वा तिनीहरूको प्रकृति प्रकट गरिदिनुभएन, न त उहाँले तिनीहरूका विचार र सोचाइहरूलाई नै खुलासा गरिदिनुभयो। उहाँले मानिसहरूलाई परिवर्तन गर्नुभएन, बरु उनीहरूको जीवन अगि बढाउन मार्गनिर्देशन दिनुभयो। त्यस समयका मानिसहरू केही नबुझ्ने र केही आधारभूत व्यावहारिक गतिविधिहरू गर्न नसक्ने बालबालिकाहरू जस्ता थिए, त्यसैले यहोवाले भीडहरूलाई डोऱ्याउन व्यवस्थाहरू मात्र घोषणा गर्नुभयो।

यसैले साँचो हृदयले खोजी गर्नेहरूले आजको दिनमा गरिएको कामको ज्ञान प्राप्त गरून् र तिनीहरू पूर्ण रूपमा विश्वस्त हुन सकून् भनी सुसमाचार फैलाउनका लागि, तैँले भित्रको कथा, त्यसको सार र प्रत्येक चरणमा गरिएको कामको महत्त्वलाई स्पष्ट रूपमा बुझ्नुपर्छ। यसलाई यस्तो बनाएर राख्, ताकि तेरो सङ्गति सुनेर अरूले पनि यहोवाको काम, येशूका काम र अझ बढी आजका परमेश्वरका सबै कामहरू, साथै यी तीन चरणहरूको बीचका सम्बन्धहरू साथै भिन्नताहरूलाई बुझ्न सकून्। यसलाई यस्तो बनाएर राख्, ताकि तिनीहरूले सुनिसकेपछि, अरूले यी तीन चरणले एकले अर्कोलाई बाधा दिएनन्, तर यी सबै एउटै आत्माको काम हुन् भनी बुझ्न सकून्। उहाँहरूले विभिन्न युगहरूमा काम गर्नुहुने भए तापनि, उहाँहरूले गर्नुहुने कामको विषयवस्तु भिन्न भए तापनि, र उहाँहरूले बोल्ने वचनहरू फरक भए तापनि, उहाँहरूले काम गर्ने सिद्धान्तहरू एउटै र उस्तै हुन्छन्। यी कुराहरू परमेश्वरलाई पछ्याउने सबै मानिसहरूले बुझ्नुपर्ने सबैभन्दा ठूला दर्शनहरू हुन्।

# दुई देहधारणहरूले देहधारणको महत्त्व पूरा गर्छन्

परमेश्वरले गर्नुभएको कामको हरेक चरणको आफ्नै व्यवहारिक महत्त्व छ। त्यो बेला, जब येशू आउनुभयो, उहाँ पुरुषको स्वरूपमा हुनुहुन्थ्यो, र यस पटक जब परमेश्वर आउनुहुन्छ, उहाँ महिलाको स्वरूपमा हुनुहुन्छ। यसबाट, के देख्न सकिन्छ भने परमेश्वरले सृष्टि गर्नुभएको पुरुष र स्त्री दुवैलाई उहाँको काममा प्रयोग गर्न सकिन्छ, र उहाँको लागि लिङ्गको कुनै भिन्नता छैन। जब उहाँको आत्मा आउनुहुन्छ, उहाँले आफूलाई खुशी लागेको कुनै पनि देह लिन सक्नुहुन्छ, र त्यो देहले उहाँलाई प्रतिनिधित्व गर्न सक्छ; चाहे यो पुरुष होस् या स्त्री, जबसम्म यो उहाँको देहधारी शरीर हो, यसले परमेश्वरलाई प्रतिनिधित्व गर्न सक्छ। यदि उहाँ आउनुहुँदा येशू स्त्रीको रूपमा देखा पर्नुभएको भए, अर्को शब्दमा भन्दा, यदि पवित्र आत्माद्वारा शिशु बालक नभई शिशु बालिका गर्भमा बसेको भए, कामको त्यो चरण उही रूपमा पूरा भएको हुनेथियो। यदि त्यसो भएको भए, कामको वर्तमान चरण पुरुषद्वारा पूरा गरिनु पर्नेथियो, तर काम उही रूपमा पूरा हुनेथियो। यीमध्ये हरेक चरणमा गरिएको कामको उत्तिकै महत्त्व छ; कुनै पनि चरणको काम दोहोरिँदैन, न त यो अर्कोसँग बाझिने नै गर्छ। त्यो समयमा, येशूले आफ्नो काम गर्ने क्रममा, उहाँलाई एक मात्र पुत्र भनियो, र "पुत्र" ले पुरुष लिङ्गलाई जनाउँछ। हालको यो चरणमा किन एक मात्र पुत्रलाई उल्लेख गरिँदैन? कामका आवश्यकताहरूको कारणले येशूको भन्दा फरक लिङ्ग परिवर्तनलाई बाध्य गरेको छ। परमेश्वरको लागि लिङ्गमा कुनै भिन्नता छैन। उहाँले आफ्नो इच्छा अनुसार आफ्नो काम गर्नुहुन्छ, र आफ्नो काम गर्ने क्रममा उहाँ कुनै पनि प्रतिबन्ध हरूको अधीनमा हुनुहुन्न, तर विशेष गरी स्वतन्त्र हुनुहुन्छ। तैपनि कामको हरेक चरणको आफ्नै व्यवहारिक महत्त्व छ। परमेश्वर दुई पटक देह बन्नुभयो, र आखिरी दिनहरूको अवधिमा भएको उहाँको देहधारण अन्तिम पटक हो भन्ने कुरा आफैमा स्पष्ट छ। आफ्ना सबै कार्यहरूलाई प्रकट गर्नको लागि उहाँ आउनुभएको छ। यदि यो चरणमा मानिसले साक्षी दिने गरी व्यक्तिगत रूपमा नै काम गर्नको लागि उहाँ देह नबन्नुभएको भए, परमेश्वर पुरुष मात्रै हुनुहुन्छ, स्त्री हुनुहुन्न भन्ने धारणालाई मानिसले सदासर्वदा

पक्रिराख्ने थियो। यसभन्दा पहिले, सारा मानवजातिले परमेश्‍वर पुरुष मात्रै हुन सक्नुहुन्छ र स्त्रीलाई परमेश्‍वर भनेर भन्न सकिँदैन भनेर विश्‍वास गऱ्यो, किनभने सारा मानवजातिले स्त्रीहरूमाथि पुरुषहरूकै अख्तियार हुन्छ भन्‍ने ठाने। तिनीहरूले कुनै पनि स्त्रीले अख्तियार लिन सक्दैन, पुरुषहरूले मात्रै सक्छ भन्‍ने विश्‍वास गरे। यति मात्र होइन, स्त्रीको शिर पुरुष नै हो र स्त्रीले पुरुषको आज्ञा पालन गर्नैपर्छ, उसलाई उछिन्‍नुहुँदैन भनेर समेत तिनीहरूले भने। विगतका समयहरूमा, जब पुरुष स्त्रीको शिर हो भनेर भनियो, यो आदम र हव्वाप्रति निर्देशित थियो, जो सर्पद्वारा छलिएका थिए–सुरुमा यहोवाले सृष्टि गर्नुभएकै पुरुष र स्त्रीप्रति होइन। अवश्य नै, एक स्त्रीले आफ्नो पतिको आज्ञापालन गर्नुपर्छ र उसलाई प्रेम गर्नुपर्छ, र पतिले आफ्नो परिवारलाई खुवाउन र सहायता गर्न सिक्‍नैपर्छ। यी यहोवाले निर्धारित गर्नुभएका नियम र उर्दीहरू हुन् जसलाई मानवजातिले पृथ्वीमा तिनीहरूको जीवनमा पालन गर्नैपर्छ। यहोवाले स्त्रीलाई भन्‍नुभयो, "तेरो इच्छा तेरो पतितिर हुनेछ, र त्यसले तँमाथि शासन गर्नेछ।" मानवजाति (अर्थात्, पुरुष र स्त्री दुवै) ले यहोवाको प्रभुत्वको अधीनमा रही सामान्य जीवन जिउन सकून्, र मानवजातिको जीवनमा संरचना होस्, र तिनीहरूको उचित संरचनाबाट नखसोस् भनेर मात्रै उहाँले यो बोल्नुभएको थियो। त्यसकारण, पुरुष र स्त्रीले कस्तो व्यवहार गर्नुपर्छ त्यस विषयमा यहोवाले उचित नियमहरू बनाउनुभयो, यद्‌यपि यो पृथ्वीमा जिइरहेका सृजित सबै प्राणीहरूमा मात्रै सम्बन्धित थियो, र परमेश्‍वरको देहधारी शरीरसँग यसको कुनै सम्बन्ध थिएन। परमेश्‍वर कसरी उहाँका सृजित प्राणीहरूजस्तै हुन सक्नुहुन्छ? उहाँका वचनहरू उहाँले सृष्टि गर्नुभएका मानवजातितर्फ मात्रै निर्देशित थिए; मानवजातिले सामान्य जीवन जिओस् भनेर मात्रै उहाँले पुरुष र स्त्रीका लागि नियमहरू स्थापित गर्नुभयो। सुरुमा, जब यहोवाले मानवजातिलाई सृष्टि गर्नुभयो, पुरुष र स्त्री दुवै गरी उहाँले दुई प्रकारका मानवजाति बनाउनुभयो; त्यसैले उहाँको देहधारी शरीरहरूमा पुरुष र स्त्रीको विभाजन छ। उहाँले आदम र हव्वासँग बोल्नुभएको वचनहरूको आधारमा आफ्नो कामको निर्णय गर्नुभएन। उहाँ दुई पटक देह बन्‍नुभयो जुन कुरालाई, उहाँले सुरुमा मानवजातिलाई सृष्टि गर्नुभएको समयको उहाँको विचार अनुसार नै पूर्ण रूपमा निर्धारित गरिएको थियो; अर्थात्, तिनीहरू भ्रष्ट हुनुभन्दा पहिलेको पुरुष र स्त्रीको आधारमा उहाँले आफ्ना दुई देहधारणहरूको काम पूरा गर्नुभयो। यदि सर्पको छलमा परेका आदम र हव्वासँग यहोवाले बोल्नुभएको वचनहरूलाई मानवजातिले लिएका, र त्यसलाई परमेश्‍वरको देहधारणमा लागू गरेका भए, के येशूले पनि जसरी उहाँले गर्नुपर्थ्यो त्यसरी आफ्नी पत्‍नीलाई प्रेम गर्नु पर्दैन थियो र? यसरी, के परमेश्‍वर अझै परमेश्‍वर नै हुनुहुने थियो? अनि यसो भएमा, के उहाँले अझै आफ्नो कामलाई पूरा गर्न सक्षम हुनुहुने थियो? यदि परमेश्‍वरको देहधारी शरीर स्त्री बन्‍नु गलत हो भने, परमेश्‍वरले स्त्रीलाई सृष्टि गर्नु सबैभन्दा ठूलो गल्ती हुने थिएन र? यदि मानिसहरूले अझै परमेश्‍वर स्त्रीको रूपमा देहधारी हुनु गलत हो भन्‍ने विश्‍वास गर्छन् भने, येशू, जसले विवाह गर्नुभएन त्यसकारण आफ्नी पत्‍नीलाई प्रेम गर्न सक्नुभएन, के उहाँ पनि वर्तमान देहधारण जत्तिकै गल्तीमा हुनुहुने थिएन र? तँ वर्तमानको दिनमा परमेश्‍वरको देहधारणको सत्यतालाई मापन गर्नको लागि यहोवाले हव्वासँग बोल्नुभएका वचनहरूको प्रयोग गर्छस्, त्यसकारण तैँले अनुग्रहको युगमा देह बन्‍नुभएका प्रभु येशूलाई न्याय गर्नको लागि

परमेश्वरले आदमलाई दिनुभएको वचनहरूको प्रयोग गर्नैपर्छ। के यी एउटै र उही होइनन्? तैँले सर्पले छल नगरेको पुरुष अनुसार प्रभु येशूको नाप लिन्छस्, त्यसैले तैँले आजको देहधारणको सत्यतालाई सर्पले छल गरेको स्त्री अनुसार न्याय गर्न सक्दैनस्। यो अनुचित हुनेछ! परमेश्वरलाई यसरी मापन गरेको कुराले तँमा तर्कशक्ति छैन भन्ने कुरालाई प्रमाणित गर्छ। जब यहोवा दुई पटक देह बन्नुभयो, उहाँको देहको लिङ्ग ती पुरुष र स्त्रीसँग सम्बन्धित थिए जो सर्पको छलमा परेका थिएनन्; उहाँ दुई पटक देह बन्नुभएको यो ती पुरुष र स्त्री अनुसार थिए जो सर्पको छलमा परेका थिएनन्। येशूको पुरुषत्व, सर्पको छलमा परेको आदमको जस्तै थियो भनेर विचार नगर। उहाँहरू पूर्ण रूपमा असम्बन्धित हुनुहुन्छ, उहाँहरू फरक स्वभाव भएका पुरुषहरू हुनुहुन्छ। येशूको पुरुषत्वले उहाँ सबै स्त्रीहरूका शिर हुनुहुन्छ, सबै पुरुषहरूका होइन भनेर अवश्य नै प्रमाणित गर्दैन? के उहाँ (पुरुष र स्त्री दुवै लगायत) सारा यहूदीहरूका राजा हुनुहुन्न र? उहाँ परमेश्वर स्वयम् हुनुहुन्छ, स्त्रीको शिर मात्रै होइन तर पुरुषको पनि शिर हुनुहुन्छ। उहाँ सारा प्राणीहरूका प्रभु हुनुहुन्छ र सारा प्राणीहरूका शिर हुनुहुन्छ। येशूको पुरुषत्व स्त्रीको शिरको प्रतीक हो भनेर तैँले कसरी निर्धारित गर्छस्? के यो ईश्वरनिन्दा हुनेछैन र? येशू पुरुष हुनुहुन्छ जसलाई भ्रष्ट तुल्याइएको छैन। उहाँ परमेश्वर हुनुहुन्छ; उहाँ ख्रीष्ट हुनुहुन्छ; उहाँ प्रभु हुनुहुन्छ। उहाँ कसरी आदमजस्तो पुरुष हुन सक्नुहुन्छ जो भ्रष्ट तुल्याइएका थिए? येशू परमेश्वरका सबैभन्दा पवित्र आत्माले धारण गर्नुभएको देह हुनुहुन्छ। उहाँ आदमको पुरुषत्व भएको परमेश्वर हुनुहुन्छ भनेर तैँले कसरी भन्न सक्छस्? त्यस हकमा, के परमेश्वरका सबै कार्य गलत हुनेथिएन र? के सर्पको छलमा परेका आदमको पुरुषत्वलाई यहोवाले येशूभित्र समायोजन गर्नुहुनेथियो? के वर्तमान समयका देहधारण देहधारी परमेश्वरको अर्को कामको घटना होइन र, जो येशूभन्दा फरक लिङ्गको हुनुहुन्छ तर स्वभावमा उहाँजस्तै हुनुहुन्छ? के तँ अझै पनि देहधारी परमेश्वर स्त्री हुन सक्नुहुन्न किनभने सर्पले सुरुमा स्त्रीलाई नै छल गरेको थियो भनेर भन्ने आँट गर्छस्? के तँ अझै स्त्री सबैभन्दा अशुद्ध र मानवजातिको भ्रष्टताको स्रोत भएकोले, परमेश्वर स्त्रीको रूपमा देह बन्ने सम्भावना हुन सक्दैन भनेर भन्ने आँट गर्छस्? के तँ "स्त्रीले सँधै पुरुषको आज्ञापालन गर्नुपर्छ र कहिल्यै पनि परमेश्वरको प्रकट वा प्रत्यक्ष रूपमा प्रतिनिधित्व गर्ने गर्नुहुँदैन" भनेर दृढ रूपमा भनिरहने आँट गर्छस्? तैँले विगतमा बुझिनस्, तर के तँ परमेश्वरको कामको, विशेष गरी परमेश्वरको देहधारी शरीरको निन्दा गर्दै हिँड्छस्? यदि यो तँलाई स्पष्ट भएन भने, तैँले आफ्नो जिब्रोलाई सम्हालेर राख्, नत्रता तेरो मूर्खता र अज्ञानता प्रकट गरिनेछ र तेरो कुरूपता खुलासा गरिनेछ। तैँले सबै कुरा बुझ्छस् भन्ने विचार नगर्। म तँलाई भन्छु, तैँले देखेको र अनुभव गरेको सबै कुरा मेरो व्यवस्थापन योजनाको हजारौं भागको एक टुक्रा बुझ्नको लागि पनि तेरो निम्ति पर्याप्त छैन। त्यसो भए तँ किन त्यति अहङ्कारी हुन्छस्? तँसँग भएको थोरै प्रतिभा र अलिकति ज्ञान येशूले आफ्नो कामको लागि एक सेकण्ड प्रयोग गर्नको लागि पनि अपर्याप्त छ! तँसँग वास्तवमा कति अनुभव छ? तैँले देखेका र तैँले आफ्नो जीवनभरि सुनेका सबै अनि तैँले कल्पना गरेका कुराहरू मैले एक पलमा गर्ने कामभन्दा थोरै छन्! तैँले कुरा नकोट्याएको र गल्ती नखोतलेकै जाती हुन्छ। तँ आफूले चाहेजति अहङ्कारी बन्न सक्छस्, तर तँ एउटा प्राणी बाहेक केही पनि होइनस्, कमिला बराबरको

पनि छैनस्! तेरो पेटभित्र जति छ त्यो सबै कमिलाको पेटमा भएको भन्दा थोरै छ! तैँले केही अनुभव र वरिष्ठता प्राप्त गरेको छस् भन्दैमा, यसले तँलाई ठूलो पल्टिने र ठूला-ठूला गफ चुट्ने अधिकार दिन्छ भनेर नसोच्। के तेरा अनुभव र तेरो वरिष्ठता मैले उच्चारण गरेका शब्दहरूको उपज होइनन् र? के तँ ती तेरो आफ्नै परिश्रम र मेहनतको सट्टामा दिइएका हुन् भन्ने विश्वास गर्छस्? आज, म देह बनेको छु भन्ने तैँले देख्छस्, र यसको बारेमा मात्रै तँमा अधिक अवधारणाहरू छन्, र त्यसबाट धारणाको कुनै अन्त्य हुँदैन। यदि मेरो देहधारण नभएको भए, तँसँग असाधारण प्रतिभाहरू भएको भए तापनि, तँसँग त्यति धेरै अवधारणाहरू हुने थिएन; अनि के यीबाट नै तेरा धारणाहरू पैदा हुँदैनन् र? यदि पहिलो पटक येशू देह नबन्नुभएको भए, के तैँले देहधारणको बारेमा जान्ने समेत थिइस् र? पहिलो देहधारणले तँलाई ज्ञान दिएको हुनाले नै दोस्रो देहधारणको न्याय गर्ने दुस्साहस तँसँग छैन र? किन आज्ञाकारी अनुयायी हुनुको सट्टा तैँले यसलाई अध्ययन गरिरहेको छस् र? जब तँ प्रवाहमा प्रवेश गरेको हुन्छस् र देहधारी परमेश्वरको अघि आएको हुन्छस्, के उहाँले तँलाई उहाँको अनुसन्धान गर्न दिनुहुन्छ? तैँले तेरो आफ्नै पारिवारिक इतिहास अनुसन्धान गर्न सक्छस्, तर यदि तैँले परमेश्वरको “पारिवारिक पृष्ठभूमि” को अनुसन्धान गर्ने प्रयास गरिस् भने, आजका परमेश्वरले तँलाई त्यस्तो अध्ययन गर्न दिनुहुन्छ र? के तँ अन्धा छैनस्? के तैँले आफैमा तिरस्कार ल्याउँदैनस् र?

यदि येशूको काम मात्रै पूरा भएको थियो, र आखिरी दिनहरूको यो चरणको कार्यद्वारा यसलाई पूरक गरिएको थिएन भने, मानिस सँधै भरि नै, येशू मात्रै परमेश्वरका एक मात्र पुत्र हुनुहुन्छ, अर्थात्, परमेश्वरको एउटा मात्रै पुत्र छ, त्यसपछि अर्को नाम लिएर आउने जो-कोही परमेश्वरको एक मात्र पुत्र हुँदैनथ्यो, परमेश्वर स्वयम् हुने कुरा त परै जाओस् भन्ने धारणामा टाँसिरहने थियो। पापबलिको रूपमा सेवा गर्ने वा परमेश्वरको तर्फबाट शक्ति लिने र सारा मानवजातिलाई उद्धार गर्ने जोसुकै पनि परमेश्वरका एक मात्र पुत्र हुन सक्छ भन्ने धारणा मानिसमा छ। आउने व्यक्ति पुरुष हो भने, उहाँलाई परमेश्वरका एक मात्र पुत्र र परमेश्वरका प्रतिनिधिको रूपमा लिन सकिन्छ भनेर विश्वास गर्नेहरू पनि छन्। येशू यहोवाका पुत्र, उहाँका एक मात्र पुत्र हुनुहुन्छ भनेर भन्नेहरू समेत छन्। के त्यस्ता धारणाहरू हदभन्दा बढी भएनन् र? यदि कामको यो चरण अन्तिम युगमा नगरिएको भए, परमेश्वरको अघि सारा मानवजाति कालो छायामा छोपिनेथिए। यदि यस्तो भएको भए, पुरुषले आफैलाई स्त्रीभन्दा उच्च ठान्नेथियो, र स्त्रीहरूले कहिल्यै पनि आफ्नो शिर ठाडो पार्न सक्दैनथिए, अनि एक जना स्त्रीलाई पनि मुक्त गर्न सकिँदैनथियो। मानिसहरूले सँधै परमेश्वर पुरुष हुनुहुन्छ, यति मात्र होइन उहाँले सँधै स्त्रीलाई तुच्छ ठान्नुहुन्छ र उनलाई उद्धार दिनुहुन्न भनेर विश्वास गर्छन्। यदि यस्तो हो भने, यहोवाले सृष्टि गर्नुभएका र भ्रष्ट तुल्याइएका सबै स्त्रीहरूले मुक्ति पाउने मौका कहिल्यै पाउने थिएनन् भन्ने सत्य हुनेथिएन र? त्यसो भए यहोवाले स्त्रीलाई सृष्टि गर्नुभएको, अर्थात्, हव्वालाई सृष्टि गर्नुभएको बेकार हुनेथिएन र? अनि के स्त्रीअनन्तको लागि नाश हुनेथिएन र? यसकारणले गर्दा, स्त्रीलाई मात्र होइन तर सम्पूर्ण मानवजातिलाई मुक्त गर्नको लागि आखिरी दिनहरूको कार्यको चरण पूरा गरिन्छ। यदि परमेश्वर स्त्रीको रूपमा देहधारी हुनुभयो भने, यो महिलालाई मुक्ति दिनको लागि मात्रै हुनेछ भनेर यदि

कसैले ठान्छ भने, त्यो व्यक्ति वास्तवमा नै मूर्ख हुनेथियो!

आजको कार्यले अनुग्रहको युगको कार्यलाई अगाडि बढाएको छ; अर्थात्, सम्पूर्ण छ हजार वर्षे व्यवस्थापन योजनाको कार्य अघि बढेको छ। अनुग्रहको युग समाप्त भइसकेको भए तापनि, परमेश्‍वरको काममा प्रगति भएको छ। कामको यो चरण अनुग्रहको युग र व्यवस्थाको युगको जगमा स्थापित छ भनेर म बारम्बार किन भन्छु? किनभने आजको दिनको काम अनुग्रहको युगमा गरिएको कामको निरन्तरता हो, र व्यवस्थाको युगमा गरिएको कार्यको वृद्धि हो। तीन चरणहरू कसिलो गरी एक-अर्कासँग सम्बन्धित छन्, यो साङ्लाको हरेक जोडन अर्कोसँग राम्ररी जोडिएको छ। कार्यको यो चरण येशूले गर्नुभएको काममा निर्माण हुन्छ भनेर म किन भन्छु? यो चरण येशूले गर्नुभएको काममा निर्माण भएन भन्ने मान्यता राख्दा, यो चरणमा क्रूसीकरणको अर्को घटना घट्ने थियो, र अघिल्लो चरणको उद्धारको काम फेरि गरिनुपर्नेथियो। यो अर्थहीन हुनेथियो। त्यसकारण काम पूर्ण रूपमा पूरा भएको होइन, तर युग अघि बढेको छ र कामको स्तर पहिलेको भन्दा माथि उठेको छ। कामको यो चरण व्यवस्थाको युगको जगमा र येशूको कार्यको चट्टानमा निर्माण गरिएको छ भनेर भन्न सकिन्छ। परमेश्‍वरको कार्य एकपछि अर्को चरण गर्दै निर्माण हुन्छ, र यो चरण नयाँ सुरुवात होइन। कार्यका तीन वटा चरणहरूको संयोजनलाई मात्रै छ हजार वर्षे व्यवस्थापन योजनाको रूपमा लिन सकिन्छ। यो चरणको कार्य अनुग्रहको युगको कार्यको जगमा पुरा गरिन्छ। यदि कार्यका यी दुई चरणहरू सम्बन्धित थिएनन् भने, यो चरणमा किन क्रूसीकरण दोहोरिएन? म किन मानिसका पापहरू बोक्दिन, तर सीधै मानिसलाई न्याय गर्न र दण्ड दिन आउँछु? मानिसलाई न्याय गर्ने र सजाय दिने मेरो काम क्रूसीकरणपछि नआएको भए, अनि मेरो आगमन पवित्र आत्माको गर्भधारणद्वारा नभएको अ भए, मानिसलाई न्याय गर्न र सजाय दिनको लागि म योग्य हुनेथिइनँ। म येशूसँग एउटै भएको हुनाले म मानिसलाई सीधै सजाय दिन र न्याय गर्न आउँछु। यो चरणको काम अघिल्लो चरणको काममा नै पूर्ण रूपमा निर्मित छ। यही कारणले गर्दा यस प्रकारको कामले मानिसलाई चरणबद्ध रूपमा मुक्तिमा ल्याउँछ। येशू र म एउटै आत्माबाट आएका हौं। हाम्रा देहहरूमा हामी सम्बन्धित नभए पनि, हाम्रा आत्माहरू एउटै छन्; हामीले गर्ने कामको विषयवस्तु र हामीले लिने काम उही नभए तापनि, सारमा हामी उस्तै छौं; हाम्रा देहहरूले फरक-फरक रूपहरू लिन सक्छ, तर त्यो कुरा युगको परिवर्तन र हाम्रो कामको फरक आवश्यकताहरूको कारणले गर्दा हो; हाम्रा सेवकाइहरू उस्तै छैनन्, त्यसकारण हामीले अघि सार्ने काम र मानिसलाई हामीले प्रकट गर्ने स्वभावहरू पनि फरक छन्। यही कारणले यो दिनमा मानिसले जे देख्छ र बुझ्छ त्यो विगतको जस्तो छैन, जसको कारण युगको परिवर्तन नै हो। उहाँहरू लिङ्गमा र उहाँहरूको देहहरूको रूपमा फरक हुनुहुन्छ, र उहाँहरू एउटै परिवारमा जन्मनुभएको थिएन, उही समय अवधिमा जन्मने कुरा त परै जाओस्, तैपनि उहाँहरूका आत्मा एउटै हो। उहाँहरूका देहमा न त रगतको नाता छ न त कुनै पनि प्रकारको शारीरिक साइनो नै छ, तैपनि उहाँहरू दुई फरक समय अवधिहरूका परमेश्‍वरका देहधारी शरीरहरू हुनुहुन्छ भन्ने कुरालाई नकार्न सकिँदैन। उहाँहरू परमेश्‍वरका देहधारी शरीरहरू हुनुहुन्छ भन्ने कुरा अकाट्य सत्यता हो। तैपनि, उहाँहरू एउटै रगत-वंशीह हुनुहुन्न र उहाँहरूले एउटै मानव भाषा बोल्नुहुन्न

(एक जना पुरुष हुनुहुन्थ्यो जसले यहूदीहरूको भाषा बोल्नुहुन्थ्यो र अर्को महिला हुनुहुन्छ जसले चिनियाँ मात्रै बोल्नुहुन्छ)। यी नै कारणहरूले गर्दा आफूले गर्नुपर्ने काम गर्नको लागि उहाँहरू फरक-फरक देशमा, र फरक-फरक समय अवधिमा जिउनु पनि भयो। उहाँहरू एउटै आत्मा हुनुहुन्छ, उहाँहरूमा एउटै सार छ भन्ने तथ्यको बाबजुद पनि, उहाँहरूको देहहरूको बाहिरी भेसहरूका बीचमा कुनै ठोस समानताहरू छैनन्। उहाँहरू दुवै उही मानवतामा हुनुहुन्छ, तर जहाँ सम्म उहाँहरूको देहहरूको बाहिरी रूप र उहाँहरूको जन्मको परिस्थितिहरूको सवाल छ, उहाँहरू उही हुनुहुन्न। उहाँहरूको सम्बन्धित काममा वा उहाँहरू बारेको मानिसको ज्ञानमा यी कुराहरूले कुनै प्रभाव पार्दैनन्, किनभने, अन्तिम विश्लेषणमा, उहाँहरू एउटै आत्मा हुनुहुन्छ र कसैले पनि उहाँहरूलाई अलग गर्न सक्दैनन्। रगतद्वारा उहाँहरू सम्बन्धित नभए तापनि, उहाँहरूको सम्पूर्ण अस्तित्व उहाँहरूको आत्माहरूको नियन्त्रणमा छन्, जसले उहाँहरूलाई फरक समय अवधिमा फरक काम दिनुहुन्छ, र उहाँहरूको देह फरक-फरक वंशमा पर्छन्। यहोवाको आत्मा येशूका आत्माका पिता हुनुहुन्न, र येशूको आत्मा यहोवाका आत्माका पुत्र हुनुहुन्न: उहाँहरू एउटै र उही आत्मा हुनुहुन्छ। त्यसरी नै, आजका देहधारी परमेश्वर र येशूमा रगतको सम्बन्ध छैन, तर उहाँहरू एउटै हुनुहुन्छ, यो यसैले हो कि उहाँहरूका आत्मा एउटै हुनुहुन्छ। परमेश्वरले कृपा र दयाको, साथै मानिसको धार्मिक न्याय र सजायको, र मानिसमा श्राप हालिदिने काम गर्न सक्नुहुन्छ; र अन्तिममा, उहाँले संसारलाई नष्ट गर्ने र दुष्टलाई दण्ड दिने काम गर्न सक्नुहुन्छ। के उहाँले यो सबै आफै गर्नुहुन्न र? के यो परमेश्वरको सर्वशक्तिमान्ता होइन र? उहाँ मानिसको लागि व्यवस्था प्रकाश गर्न र उसको निम्ति आज्ञाहरू जारी गर्न सक्षम हुनुहुन्थ्यो, र सारा इस्राएलीहरूलाई आफ्नो प्रभुत्वको अधीनमा राख्दै, प्रारम्भिक इस्राएलीहरूलाई पृथ्वीमा तिनीहरूको जीवन जिउन अगुवाइ गर्न, र मन्दिर र वेदीहरू बनाउन तिनीहरूलाई अगुवाइ गर्न पनि सक्षम हुनुहुन्थ्यो। उहाँको अख्तियारको कारणले गर्दा, उहाँ इस्राएलका मानिसहरूसँग दुई हजार वर्षसम्म पृथ्वीमा बस्नुभयो। इस्राएलीहरूले उहाँको विरुद्धमा विद्रोह गर्ने आँट गरेनन्; सबैले यहोवाको श्रद्धा गरे र उहाँका आज्ञाहरूलाई पालन गरे। त्यस प्रकारको कार्य उहाँको अख्तियारको सद्गुण र उहाँको सर्वशक्तिमान्ताद्वारा गरिएको थियो। त्यसपछि, अनुग्रहको युगको अवधिमा, येशू सारा पतित मानवजातिलाई (इस्राएलीहरूलाई मात्रै होइन) छुटकारा दिन आउनुभयो। उहाँले मानिसलाई कृपा र दया देखाउनुभयो। अनुग्रहको युगमा मानिसले देखेका येशू दयाले भरिपूर्ण हुनुहुन्थ्यो र मानिसप्रति उहाँ सँधै प्रेमिलो हुनुहुन्थ्यो, किनभने उहाँ मानवजातिलाई पापबाट मुक्त गर्नको लागि आउनुभएको थियो। उहाँको क्रूसीकरणले मानवजातिलाई पापबाट पूर्ण रूपमा मुक्त नगरेसम्म उहाँ मानिसहरूका पाप क्षमा गर्न सक्षम हुनुहुन्थ्यो। यो अवधिमा, कृपा र दयासहित परमेश्वर मानिस सामु देखा पर्नुभयो; अर्थात्, उहाँ मानिसको लागि पापबलि बन्नुभयो र मानिसको पापहरूको निम्ति क्रूसमा मारिनुभयो, ताकि तिनीहरूलाई सदाको लागि क्षमा दिइन सकोस्। उहाँ कृपालु, करुणामय, धैर्य, र प्रेमिलो हुनुहुन्थ्यो। अनि अनुग्रहको युगमा येशूलाई पछ्याउनेहरू सबैले सबै कुरामा धैर्य र प्रेमिलो बन्ने प्रयास गरे। तिनीहरू सहनशील थिए, र कुटपिट गर्दा, सराप्दा, वा ढुङ्गाले हान्दा पनि तिनीहरू कहिल्यै आफ्नो प्रतिरक्षा गर्न लडेनन्। तर अन्तिम चरणको अवधिमा त्यस उप्रान्त यस्तो हुन सक्दैन। उहाँहरू

एउटै आत्माका हुनुहुन्थ्यो तैपनि येशू र यहोवाको काम पूर्ण रूपमा एउटै थिएन। यहोवाको कामले युगलाई अन्त्य गरेन, तर पृथ्वीमा मानवजातिको जीवनलाई प्रारम्भ गर्दै नयाँ युगको अगुवाइ गऱ्यो, र आजको काम भनेको गम्भीर रूपमा भ्रष्ट बनेका अन्यजाति राष्ट्रका मानिसहरूलाई जित्न, र चीनमा भएका परमेश्‍वरका चुनिएका मानिसहरूलाई मात्रै होइन, तर सम्पूर्ण ब्रह्माण्ड र सारा मानवजातिलाई अगुवाइ गर्नको लागि हो। यो काम चीनमा मात्रै गरिन्छ भन्‍ने तँलाई लाग्न सक्छ, तर वास्तवमा यो अरू देशमा पनि फैलन थालिसकेको छ। किन चीन बाहिरका मानिसहरूले बारम्बार साँचो मार्गको खोजी गर्छन्? यसको कारण के हो भने आत्माले नै काम सुरु गरिसक्नुभएको छ, र आज बोलिएका वचनहरू ब्रह्माण्डभरिका मानिसहरूप्रति लक्षित छन्। यससँगै, कामको आधा भाग पहिले नै भइरहेको छ। संसारको सृष्टिदेखि वर्तमानसम्म, परमेश्‍वरका आत्माले यो महान् कार्यलाई अघि बढाउनुभएको छ, र उहाँले फरक युगहरूमा र फरक राष्ट्रहरूका बीचमा फरक-फरक काम गर्नुभएको छ। हरेक युगका मानिसहरूले उहाँका फरक स्वभावलाई देख्छन्, जसलाई उहाँले गर्नुहुने फरक कामद्वारा स्वभाविक रूपमा नै प्रकट गरिन्छ। उहाँ कृपा र दयाले भरिएका परमेश्‍वर हुनुहुन्छ; उहाँ मानिसको निम्ति पापबलि र मानिसका गोठालो हुनुहुन्छ; तर उहाँ मानिसको न्याय, सजाय, र श्राप पनि हुनुहुन्छ। उहाँ मानिसलाई पृथ्वीमा जिउन दुई हजार वर्षसम्म अगुवाइ गर्न सक्नुभयो, र उहाँले भ्रष्ट मानवजातिलाई पापबाट मुक्त गर्न पनि सक्नुभयो। आज, जसले उहाँलाई चिन्दैनन्, उहाँ ती मानवजातिलाई जित्न, र उहाँको प्रभुत्वमुनि घुँडा टेकाउन पनि सक्नुहुन्छ, ताकि सबै उहाँमा पूर्ण रूपमा समर्पित हुन सकून्। अन्तिममा, उहाँ कृपालु र प्रेमिलो परमेश्‍वर मात्रै हुनुहुन्न, बुद्धि र आश्‍चर्यका परमेश्‍वर मात्रै हुनुहुन्न, पवित्र परमेश्‍वर मात्रै हुनुहुन्न, तर, अझै बढी, मानिसलाई न्याय गर्ने परमेश्‍वर पनि हुनुहुन्छ भन्‍ने कुरालाई देखाउन उहाँले ब्रह्माण्डभरिका मानिसहरूभित्र रहेका अशुद्ध र अधर्मी कुराहरूलाई जलाएर हटाउनुहुन्छ। मानजातिका बीचमा रहेका दुष्टहरूका लागि उहाँ ज्वाला, न्याय, र दण्ड हुनुहुन्छ; सिद्ध हुनुपर्नेहरूका लागि, उहाँ संकष्ट, शोधन, र परीक्षाहरू, साथै सान्त्वना, भरण-पोषण, वचनको प्रावधान, निराकरण, र काट-छाँट हुनुहुन्छ। अनि हटाइएकाहरूका लागि, उहाँ दण्ड र बदला हुनुहुन्छ। मलाई भन्, के परमेश्‍वर सर्वशक्तिमान् हुनुहुन्न? उहाँ कुनै पनि र सबै काम गर्न सक्ने हुनुहुन्छ, तिमीहरूले कल्पना गरेजस्तो, क्रूसमा टाँगिनु सक्ने मात्रै होइन। तैँले परमेश्‍वरलाई अत्यन्तै सानो ठान्छस्! के उहाँले उहाँको क्रूसीकरणद्वारा सारा मानवजातिलाई छुटकारा दिने बाहेक अरू केही गर्न सक्नुहुन्न भन्‍ने तँ विश्‍वास गर्छस्? त्यसपछि, तैँले उहाँलाई जीवनको रूखको फल खान र जीवनको नदीबाट पिउनको लागि स्वर्गसम्मै पछ्याउनेछस्? ... के यो त्यति सरल हुन सक्छ? मलाई भन्, तैँले के पूरा गरेको छस्? के तँमा येशूको जीवन छ? तँलाई वास्तवमा नै उहाँले उद्धार गर्नुभएको थियो, तर क्रूसीकरण येशू स्वयमको काम थियो। मानवजातिको रूपमा तैँले के कर्तव्य पूरा गरेको छस्? तँमा देखावटी भक्ति मात्रै छ, तर तैँले उहाँको मार्गलाई बुझ्दैनस्। के तैँले त्यसरी नै उहाँलाई प्रकट गर्छस्? यदि तैँले परमेश्‍वरको जीवन प्राप्त गरेको छैनस् वा उहाँको धर्मी स्वभावको पूर्णतालाई देखेको छैनस् भने, तैँले आफूलाई मसँग जीवन छ भनी दाबी गर्न सक्दैनस्, र तँ स्वर्गको राज्यको ढोकाबाट प्रवेश गर्न योग्य छैनस्।

परमेश्वर आत्मा मात्रै हुनुहुन्न, उहाँ देह पनि बन्न सक्नुहुन्छ। यसको साथै, उहाँ महिमाको शरीर हुनुहुन्छ। तिमीहरूले उहाँलाई नदेखे पनि, येशूलाई इस्राएलीहरू—त्यो समयका यहूदीहरूले देखेका थिए। उहाँ सुरुमा देहको शरीर हुनुहुन्थ्यो, तर उहाँलाई क्रूसमा टाँगिएपछि, उहाँ महिमाको शरीर बन्नुभयो। उहाँ जहाँसुकै जान सक्ने आत्मा हुनुहुन्छ र उहाँले जुनसुकै ठाउँमा काम गर्न सक्नुहुन्छ। उहाँ यहोवा, वा येशू, वा मसीह हुन सक्नुहुन्छ; अन्त्यमा, उहाँ सर्वशक्तिमान् परमेश्वर पनि बन्न सक्नुहुन्छ। उहाँ धार्मिकता, न्याय, र सजाय हुनुहुन्छ; उहाँ श्राप र क्रोध हुनुहुन्छ; तर उहाँ कृपा र दया पनि हुनुहुन्छ। उहाँले गर्नुभएका सबै कामले उहाँको प्रतिनिधित्व गर्न सक्छ। उहाँ कुन प्रकारको परमेश्वर हुनुहुन्छ भनेर तँ भन्छस्? तैँले व्याख्या गर्न सक्दैनस्। यदि तैँले साँचो रूपमा व्याख्या गर्न सक्दैनस् भने, तैँले परमेश्वरको बारेमा निष्कर्ष निकाल्न सक्दैनस्। उहाँले एउटा चरणमा छुटकाराको काम गर्नुभयो भन्दैमा, परमेश्वर सदासर्वदा कृपा र दयाका परमेश्वर हुनुहुन्छ भन्ने निष्कर्ष ननिकाल्। के तँ उहाँ कृपालु र प्रेमिलो परमेश्वर मात्रै हुनुहुन्छ भन्ने कुरामा निश्चित हुन सक्छस्? यदि उहाँ कृपालु र प्रेमिलो परमेश्वर मात्रै हुनुहुन्छ भने, आखिरी दिनहरूमा उहाँले किन युगको अन्त्य ल्याउनुहुनेछ? उहाँले किन त्यति धेरै विपत्तिहरू पठाउनुहुनेछ? मानिसहरूका धारणा र विचारहरू अनुसार, परमेश्वर अन्त्यसम्मै कृपालु र प्रेमिलो हुनुपर्छ, ताकि मानवजातिको हरेक सदस्य मुक्त हुन सकोस्। तर किन आखिरी दिनहरूमा, परमेश्वरलाई शत्रुको रूपमा हेर्ने यस दुष्ट मानवजातिलाई नष्ट गर्नको लागि उहाँले भूकम्प, महामारी, र अनिकाल पठाउनुहुन्छ? मानिसलाई किन उहाँले यी विपत्तिहरू भोग्न दिनुहुन्छ? तिमीहरूमध्ये कसैले पनि उहाँ कुन प्रकारको परमेश्वर हुनुहुन्छ सो भन्ने आँट गर्दैनौ, र कसैले पनि व्याख्या गर्न सक्दैन। के तँ उहाँ आत्मा हुनुहुन्छ भन्नेमा निश्चित हुन सक्छस्? के तँ उहाँ येशूको देह बाहेक अरू कोही हुनुहुन्न भनेर भन्ने आँट गर्न सक्छस्? अनि के तँ उहाँ मानिसको खातिर सदासर्वदा नै क्रूसमा टाँगिनुभएको परमेश्वर हुनुहुन्छ भनेर भन्ने आँट गर्छस्?

## के त्रिएकत्व अस्तित्वमा छ?

येशूको सत्यता देह हुन आएपछि, मानिसले यस्तो विश्वास गऱ्योः स्वर्गमा, पिता मात्र हुनुहुन्न, तर पुत्र, र आत्मा पनि हुनुहुन्छ। स्वर्गमा यस प्रकारका परमेश्वर हुनुहुन्छ भन्ने मानिसमा भएको यो धारणा परम्परागत होः एक त्रिएकत्व परमेश्वर जो पिता, पुत्र र पवित्र आत्मा हुनुहुन्छ। सबै मानवजातिमा यी धारणाहरू छन्ः परमेश्वर एक परमेश्वर हुनुहुन्छ, तर तीन भागले रचना गरिन्छ, त्यो परम्परागत धारणामा गम्भीर रूपमा गढेर बस्नेहरू सबैले पिता, पुत्र र पवित्र आत्मा हुनुहुन्छ भन्ने ठान्छन्। केवल ती तीन भागले एक सम्पूर्ण परमेश्वर बन्दछ। पवित्र पिता बिना परमेश्वर पूर्ण हुनुहुन्न। त्यस्तै गरी, न ता पुत्र, न पवित्र आत्मा बिना परमेश्वर पूर्ण बन्नुहुन्छ। तिनीहरूका धारणाहरूमा, तिनीहरू विश्वास गर्दछन् कि न ता पितालाई मात्र न पुत्रलाई मात्र परमेश्वर मान्न सकिन्छ। केवल पिता, पुत्र र पवित्र आत्मा मिलेर नै स्वयम् परमेश्वर मान्न सकिन्छ। अब, सबै धार्मिक विश्वासीहरू र तिमीहरूका बीचका प्रत्येक अनुयायीहरूमा यस्तो आस्था छ। तापनि, त्यो

आस्था सही हो कि होइन भनी कसैले पनि बताउन सक्दैन, किनकि तिमीहरू परमेश्‍वर स्वयमको बारेका विषयहरूमा सधैं अन्योलताको बादलमा छौ। यद्यपि यी धारणाहरू हुन्, तिमीहरू ती सही हुन् वा गलत हुन् सो जान्दैनौं, किनकि तिमीहरू धार्मिक धारणाहरूद्वारा गम्भीर रूपमा प्रभावित भएका छौ। तिमीहरूले धर्मका यी परम्परागत धारणाहरूलाई गहिरो रूपमा स्वीकार गरेका छौ, र यो विष तिमीहरूभित्र धेरै गहिराइमा पसेको छ। त्यसकारण, यस विषयमा पनि तिमीहरू यस हानिकारक प्रभावको अगि झुकेका छौ, किनकि त्रिएकत्व परमेश्‍वर अस्तित्वमा छैन। अर्थात्, पिता, पुत्र र पवित्र आत्माको त्रिएकत्व अस्तित्वमा छैन। यी सबै मानिसको परम्परागत धारणाहरू हुन्, र मानिसको झुटा आस्थाहरू हुन्। धेरै शताब्दीहरूदेखि मानिसले यस त्रिएकत्वमा विश्‍वास गरेको, मानिसको मनमा धारणाहरू संकलित गरिएको, मानिसद्वारा निर्माण गरिएको, र मानिसले पहिले कहिल्यै नदेखेको कुरा हो। यति धेरै वर्षहरूमा त्यहाँ बाइबलका धेरै व्याख्याकारहरू भएका छन्, जसले त्रिएकत्वको "साँचो अर्थ" वर्णन गरेका छन्, तर त्रिएक परमेश्‍वरका तीन अलग तत्वका व्यक्तित्वहरूको रूपमा यसरी वर्णन गरेको कुरा अनिश्‍चित र अस्पष्ट छ, र सबै मानिसहरू परमेश्‍वरको यस्तो "बनावट" द्वारा अलमल्लमा परेका छन्। कुनै पनि महान् व्यक्तिले कहिल्यै यसको विस्तृत विवरण प्रस्तुत गर्न सकेको छैन; प्रायः स्पष्टीकरणहरू तर्कको रूपमा र कागजमा संकलन गरिएको छ, तर एकै जना व्यक्तिले पनि यसको अर्थ पूर्ण रूपमा बुझेको छैन। किनकि मानिसको हृदयमा भएको यस महान् त्रिएकत्व कुनै अस्तित्वमा छैन। किनकि अहिलेसम्म कसैले पनि परमेश्‍वरको वास्तविक अनुहार देखेका छैन, र न ता कोही परमेश्‍वर बस्नुहुने स्थानमा कुन-कुन कुराहरू छन्, "परमेश्‍वरको घर" मा कति लाख वा करोड् पुस्ताहरू छन् भनी निश्‍चित गर्न वा परमेश्‍वरको अन्तर्निहित संरचना कति वटा भागले बनेको छ भनी जाँच्न कोही परमेश्‍वरको वासस्थानमा जान सक्ने भाग्यमानी हुन सकेको छ। मुख्य रूपमा जाँच्नु पर्ने कुरा यो होः पिता र पुत्रको साथसाथै पवित्र आत्माको युग; प्रत्येक व्यक्तित्वको आ-आफ्नो प्रकटीकरण; उहाँहरू कसरी विभाजित हुनुभयो, र उहाँहरू कसरी एक हुनुभयो। खेदको कुरा, यति धेरै वर्षहरूमा, कुनै एकै जना मानिसले पनि यी विषयहरूको सत्यता निश्‍चित गर्न सकेको छैन। ती सबै केवल अनुमान मात्र हुन्, किनकि कुनै पनि मानिस उक्लेर स्वर्ग घुम्न गएको छैन र त्रिएकत्वको विषयमा चासो राख्ने सबै उत्कट र भक्त धार्मिक विश्‍वासीहरूलाई सत्यताको विषयमा जानकारी दिन सम्पूर्ण मानवजातिका लागि "अनुसन्धानको रिपोर्ट" लिएर आएको छैन। निश्‍चय, त्यस्ता धारणाहरू बनाएकोमा मानिसलाई दोष दिन सकिंदैन, किनकि मानवजातिलाई सृष्टि गर्दा यहोवा पिताले किन पुत्र येशूलाई साथमा लिनुभएन? यदि सुरुमा, सबै यहोवाको नाउँद्वारा भएको हुन्थ्यो भने त्यो अझ राम्रो हुनेथियो। यदि दोष दिनैपर्छ भने यहोवा पिताको क्षणिक गल्तीलाई दिनुपर्छ, जसले सृष्टिको समयमा पुत्र र पवित्र आत्मालाई उहाँको सामु बोलाउनुभएन, बरु उहाँले आफ्नो काम एकलै गर्नुभयो। यदि उहाँहरू सबैले एकैसाथ काम गर्नुहुन्थ्यो भने, के उहाँहरू एक हुनुहुने थिएन र? यदि सुरुदेखि अन्त्यसम्म यहोवाको नाउँ मात्र हुन्थ्यो भने, र अनुग्रहको युगबाट येशूको नाउँ हुँदैनथ्यो भने, वा यदि उहाँलाई अझै पनि यहोवा भनिन्थ्यो भने, के परमेश्‍वर मानवजातिले गर्ने यो विभाजनको पीडाबाट जोगिनु हुनेथिएन? निस्सन्देह, यी सबैका लागि यहोवालाई दोष दिन मिल्दैन; यदि दोष

दिनु नै पर्छ भने, त्यो पवित्र आत्मालाई दिनुपर्छ, जसले मानिसलाई अन्योल र भ्रममा पार्नुहुँदै हजारौं वर्षसम्म यहोवा, येशू र पवित्र आत्माको नाउँमा आफ्नो काम गरिरहनुभयो, जसको कारण मानिसले परमेश्‍वर को हुनुहुन्छ भनी ठिकसँगले जान्‍न सकेन। यदि पवित्र आत्मा आफैले कुनै रूप वा स्वरूप बिना, र त्यसबाहेक येशूजस्तो कुनै नाउँ बिना नै काम गर्नुहुन्थ्यो, र मानिसले उहाँलाई छुन वा देख्न सक्दैन थियो, गर्जनको आवाज मात्र सुन्‍न सक्थ्यो भने, के त्यस प्रकारको काम मानवजातिका निम्ति धेरै फाइदाजनक हुने थिएन र? त्यसो भए अब के गर्न सकिन्छ? मानिसका धारणाहरू थुप्रिएर पहाड्जस्तै उच्च र समुद्र जतिकै विशाल भएको छ, यस हदसम्म कि वर्तमान समयका परमेश्‍वरले उनीहरूलाई धेरै सहन गर्न सक्नेछैनन् र पूर्ण रूपमा अन्योलमा परेको छ। विगतमा जब यहोवा, येशू मात्र हुनुहुन्थ्यो र उहाँहरूको बीचमा पवित्र आत्मा हुनुहुन्थ्यो, त्यसबेला मानिस अघिबाटै उहाँको कसरी सामना गर्ने भनी अन्योलमा परेको थियो, र अब सर्वशक्तिमान् परमेश्‍वर थपिनुभएको छ, जो परमेश्‍वरको एउटा भाग हुनुहुन्छ भनिएको छ। उहाँ को हुनुहुन्छ भन्‍ने कसलाई थाहा छ, र यति धेरै वर्षसम्म उहाँ त्रिएकत्वको कुन व्यक्तिमा मिसिनुभएको छ वा लुक्नुभएको छ? मानिसले यो कसरी सहन गर्न सक्छ? मानिसलाई त्रिएक परमेश्‍वरको मात्र व्याख्या गर्न जीवनभरको समय लाग्छ, तर अब "चार व्यक्तित्वहरूमा एक परमेश्‍वर" हुनुहुन्छ। यो कसरी वर्णन गर्न सकिन्छ? के तँ व्याख्या गर्न सक्छस्? दाजुभाइ र दिदी-बहिनीहरू हो! तिमीहरूले आजको दिनसम्म कसरी त्यस्तो परमेश्‍वरमा विश्‍वास गरेका छौ? म तिमीहरूलाई बधाई दिन्छु। त्रिएक परमेश्‍वर सहन गर्न पहिले नै पर्याप्त थियो; तिमीहरू चार व्यक्तित्वहरूमा एक परमेश्‍वरमाथि कसरी यस्तो अटल विश्‍वास गरिरहन सक्छौ? तिमीहरूलाई बाहिर निस्कन आग्रह गरिएको छ, तापनि तिमीहरू अस्वीकार गर्छौ। कस्तो बुझ्नै नसकिने कुरा! तिमीहरू साँच्चै केही हौ! एक व्यक्तिले केही वास्ता नराखी चार परमेश्‍वरमा विश्‍वास गर्न सक्छ र त्यसबाट केही पनि पाउँदैन; के तिमीहरू यो एउटा चमत्कार हो भनी सोच्दैनौ? तिमीहरूलाई हेर्दा, कसैले पनि तिमीहरू त्यस्तो ठूलो चमत्कार गर्न सक्षम छौ भनेर सोच्दैन थियो! म तिमीहरूलाई बताउँछु, वास्तवमा, त्रिएक परमेश्‍वर यो ब्रह्माण्डमा कहीं पनि अस्तित्वमा छैनन्। परमेश्‍वरको कुनै पिता र पुत्र छैन, र पिता र पुत्रले एकसाथ मिलेर पवित्र आत्मालाई एक साधनको रूपमा प्रयोग गर्ने अवधारणाको त कुरै छाडौं। यी सबै यस संसारको ठूलो भ्रम हो र यसको कुनै अस्तित्व छैन! यद्यपि यस्तो भ्रमको पनि सुरुआत् छ र यो पूर्ण रूपमा आधारहीन छैन, किनकि तिमीहरूका दिमाग यति सरल छैन, र तिमीहरूका विचारहरू तर्कबिनाको छैनन्। बरु, ती एकदम उचित र स्पष्ट छन्, यतिसम्म कि त्यसलाई कुनै शैतानले पनि जित्‍न सक्दैन। खेदको कुरा, यी विचारहरू सबै भ्रम हुन् र तिनको कुनै अस्तित्व छैन। तिमीहरूले बिलकुल वास्तविक सत्यता देखेका छैनौ; तिमीहरू केवल अनुमान र कल्पनाहरू गर्दछौ, छलपूर्वक अरूको भरोसा प्राप्त गर्न र बुद्धि र विवेक नभएका अति मूर्ख मानिसहरूलाई अधीनमा राख्नका निम्ति तिमीहरूले बनावटी कथा बनाउँछौं, यसैले उनीहरू तिमीहरूका महान् र प्रसिद्ध "विशेष शिक्षाहरू" मा विश्‍वास गर्छन्। के यो सत्य हो? के यो मानिसले ग्रहण गर्नुपर्ने जीवनको बाटो हो? यो सबै बकवास हो! एक शब्द पनि उपयुक्त छैन! यति धेरै वर्षमा, परमेश्‍वर तिमीहरूद्वारा यसरी विभाजित पारिनुभयो, हरेक पुस्तासँग

अझ सूक्ष्म-सूक्ष्म हुँदै विभाजित भइरहेको छ, त्यस हदसम्म कि परमेश्‍वरलाई खुल्लम खुल्ला तीन परमेश्‍वरमा विभाजित हुनुभएको छ। अनि मानिसका निम्ति अहिले परमेश्‍वरलाई एक मानेर फेरि जोडिनु असम्भव छ, किनकि तिमीहरूले उहाँलाई धेरै राम्ररी विभाजित गरेका छौ! यदि ढिलो हुनुभन्दा अघि मैले शीघ्र कार्य गरिनँ भने, यो भन्‍न गाह्रो छ कि तिमीहरूले कति बेरसम्म निर्लज्ज भई त्यसमा लागिरहन्छौ। यसरी परमेश्‍वरलाई विभाजन गरिरहँदा, उहाँ कसरी अझै पनि तिमीहरूका परमेश्‍वर हुन सक्नुहुन्छ? के तिमीहरू अझै परमेश्‍वरलाई चिन्‍न सक्छौ? के तिमीहरू अझै तिमीहरूका मूल भेटाउँछौ? यदि म अलिकति ढिलो आइपुगेको भए, सम्भवतः तिमीहरूले “पिता र पुत्र” यहोवा र येशूलाई इस्राएलमा फिर्ता पठाउने थियौ र तिमीहरू आफै परमेश्‍वरको एक भाग हौ भनी दाबी गर्ने थियौ। भाग्यवश, अहिले नै आखिरी दिनहरू हो। अन्तमा, मैले लामो समयदेखि पर्खेको यो दिन आएको छ, र मैले आफ्नै हातले कामको यो चरण पूरा गरेपछि मात्र तिमीहरूले परमेश्‍वर स्वयमलाई विभाजन गर्ने कार्य रोकिएको छ। यदि यस्तो हुँदैनथ्यो भने, तिमीहरू धेरै बढेर जानेथियौ, तिमीहरूको आराधनाका टेबलहरूमा सबै शैतानहरूलाई राख्‍ने थियौ। यो तिमीहरूको कलाकृति हो! यो तिमीहरूले परमेश्‍वरलाई विभाजित गर्ने माध्यम हो! के तिमीहरू अझै पनि त्यसो गरिरहन्छौं? म तिमीहरूलाई सोध्छुः परमेश्‍वरहरू कति जना छन्? कुन परमेश्‍वरले तिमीहरूलाई मुक्ति दिनुहुनेछ? के पहिलो, दोस्रो वा तिमीहरूले सधैं प्रार्थना गर्ने तेस्रो परमेश्‍वरले? कसमाथि तिमीहरू सँधै विश्‍वास गर्छौ? के पिताले? वा पुत्रले? वा पवित्र आत्माले? मलाई भन तँ कसमाथि विश्‍वास गर्छस्? तेरो हरेक शब्दद्‌वारा तैंले परमेश्‍वरमा विश्‍वास गर्छु भने पनि तिमीहरू वास्तवमा आफ्नै दिमागमा विश्‍वास गर्छौं। तिमीहरूको हृदयमा परमेश्‍वर पटक्कै छैन! अनि अझै तिमीहरूका मनमा यस्ता त्रिएकत्वहरू धेरै छन्! के तिमीहरू सहमत हुँदैनौं?

यदि कामका तीन चरणहरूलाई त्रिएकत्वको अवधारणा अनुसार मूल्याङ्कन गरिन्छ भने, त्यहाँ तीन जना परमेश्‍वर हुनुपर्दछ, किनकि प्रत्येकले गरेको काम एउटै छैन। यदि तिमीहरूमध्ये कसैले त्रिएकत्व साँच्चै छ भन्छौ भने, तीन व्यक्तित्वहरूमा एक परमेश्‍वर भनेको के हो त्यो बताऊ। पवित्र पिता के हुनुहुन्छ? पुत्र के हुनुहुन्छ? पवित्र आत्मा के हुनुहुन्छ? के यहोवा पवित्र पिता हुनुहुन्छ? के येशू पुत्र हुनुहुन्छ? त्यसोभए, पवित्र आत्माको बारेमा के छ? के पिता आत्मा हुनुहुन्‍न? के पुत्रको सार पनि आत्मा होइन र? के येशूको काम पवित्र आत्माको काम थिएन? के त्यसबेला यहोवाको काम येशूको कामजस्तै आत्माद्‌वारा गरिएको थिएन र? परमेश्‍वरसँग कतिवटा आत्मा हुन सक्छ? तेरो बयानअनुसार पिता, पुत्र र पवित्र आत्माका तीन व्यक्तित्वहरू एक हुन्; यदि त्यसो हो भने, तब त्यहाँ तीनवटा आत्मा छन्, तर तीनवटा आत्मा हुनुको अर्थ त्यहाँ तीन परमेश्‍वर छन् भन्‍ने हुन्छ। यसको अर्थ त्यहाँ कुनै एक साँचो परमेश्‍वर छैन; यस प्रकारको परमेश्‍वरसँग अझै पनि परमेश्‍वरको अन्तर्निहित तत्व कसरी हुन सक्छ? यदि तँ एक मात्र परमेश्‍वर हुनुहुन्छ भनेर स्वीकार गर्छस् भने, कसरी उहाँको पुत्र हुन र पिता हुन सक्छ? के यी सबै केवल तेरा धारणाहरू होइनन्? परमेश्‍वरमा एक मात्र हुनुहुन्छ, यस परमेश्‍वरमा एक मात्र व्यक्तित्व हुनुहुन्छ, र परमेश्‍वरका एक आत्मा मात्र हुनुहुन्छ, बाइबलमा “पवित्र आत्मा एउटै मात्र हुनुहुन्छ, र एउटै परमेश्‍वर हुनुहुन्छ” भन्‍नेबारे धेरै लेखिएका छन् भन्‍ने जस्तै। तैंले भन्‍ने पिता र पुत्र अस्तित्वमा भए पनि आखिर

परमेश्‍वर एक मात्र हुनुहुन्छ, अनि तिमीहरूले विश्‍वास गर्ने पिता, पुत्र र पवित्र आत्माको सार पवित्र आत्माको सारमा छ। अर्को शब्दमा भन्‍ने हो भने, परमेश्‍वर आत्मा हुनुहुन्छ, तर उहाँ देह बन्‍न र मानिसहरूका माझ वास गर्न साथै सबै थोकभन्दा उच्च हुन सक्नुहुन्छ। उहाँका आत्मा सर्व-सम्मिलित र सर्वव्यापी छ। उहाँ एकसाथ देहमा र ब्रह्माण्डमा र त्यसमाथि हुन सक्नुहुन्छ। सबै मानिसहरूले परमेश्‍वर एक मात्र साँचो परमेश्‍वर हुनुहुन्छ भन्‍ने गरेकाले, परमेश्‍वर एक मात्र हुनुहुन्छ, कसैले पनि आफ्नो इच्छाले विभाजन गर्न सक्दैन! परमेश्‍वर एक मात्र आत्मा, र एक मात्र व्यक्तित्व हुनुहुन्छ; र त्यो परमेश्‍वरका आत्मा हुनुहुन्छ। यदि तैंले भनेको जस्तै पिता, पुत्र र पवित्र आत्मा हो भने त, के उहाँहरू तीन परमेश्‍वर हुनुहुन्‍न र? पवित्र आत्मा एउटा थोक हुनुहुन्छ, पुत्र अर्को, र पिता अझ अर्को। उहाँहरूका व्यक्तित्व फरक छन् र उहाँहरूका सारहरू फरक छन्, त्यसोभए उहाँहरू प्रत्येक कसरी एउटै परमेश्‍वरका भागहरू हुन सक्नुहुन्छ? पवित्र आत्मा आत्मा हुनुहुन्छ; यो बुझ्न मानिसका निम्ति सजिलो छ। यदि त्यसो हो भने, पिता झन् अझ बढी आत्मा हुनुहुन्छ। उहाँ यस पृथ्वीमा कहिल्यै ओर्लनुभएको छैन र कहिल्यै देह बन्‍नुभएको छैन; मानिसहरूका हृदयमा उहाँ यहोवा परमेश्‍वर हुनुहुन्छ, र निश्‍चय उहाँ एक आत्मा पनि हुनुहुन्छ। त्यसोभए उहाँ र पवित्र आत्माको बीचमा के सम्बन्ध छ? के यो पिता र पुत्रबीचको सम्बन्ध हो? वा के यो पवित्र आत्मा र पिताको आत्मा बीचको सम्बन्ध हो? के प्रत्येक आत्माको सार एउटै हो? वा के पवित्र आत्मा पिताको साधन हुनुहुन्छ? यसलाई कसरी वर्णन गर्न सकिन्छ? तब पुत्र र पवित्र आत्माको बीच के सम्बन्ध छ? के यो दुईवटा आत्मा बीचको सम्बन्ध हो वा मानिस र आत्मा बीचको सम्बन्ध हो? यी सबै यस्तै विषयहरू हुन् जसको हामीसित कुनै स्पष्टीकरण छैन! यदि उहाँहरू सबै एउटै आत्मा हुनुहुन्छ भने, तीन व्यक्तित्वहरूको कुरा हुन सक्दैन, किनकि उहाँहरूमा एउटै आत्मा हुनुहुन्छ। यदि उहाँहरू फरक-फरक व्यक्तित्वहरू थिए भने, उहाँहरूका आत्माहरू शक्तिमा फरक हुनेथियो, र उहाँहरू केवल एक मात्र आत्मा हुन सक्नुहुन्‍न। पिता, पुत्र र पवित्र आत्माको यो अवधारणा सबैभन्दा हास्यस्पद छ! यसले परमेश्‍वरलाई विभाजित गर्दछ र उहाँलाई फरक-फरक प्रतिष्ठा र आत्मा भएका तीन व्यक्तित्वहरूमा बाँड्दछ; त्यसोभए अझै पनि उहाँ कसरी एक आत्मा र एक परमेश्‍वर हुन सक्नुहुन्छ? मलाई भन्, के आकाश र पृथ्वी, र सबै थोक पिता, पुत्र वा पवित्र आत्माले सृष्टि गर्नुभएको हो? कोही भन्छन् कि उहाँहरू सबैले एकसाथ सृष्टि गर्नुभएको हो। त्यसोभए मानवजातिलाई कसले छुटकारा दियो? के पवित्र आत्माले, पुत्रले वा पिताले हो? कसै-कसैले भन्छन्, मानवजातिलाई पुत्रले उद्धार गर्नुभएको हो। त्यसोभए, सारमा पुत्र को हुनुहुन्छ? के उहाँ परमेश्‍वरका आत्माको देहधारण हुनुहुन्‍न र? देहधारणले स्वर्गमा हुनुहुने परमेश्‍वरलाई सृष्टि गरिएको मानिसको दृष्टिकोणबाट पिताको नाउँले सम्बोधन गर्दछ। के येशू पवित्र आत्माद्वारा गर्भधारण भई जन्मनुभएको तँलाई थाहा छैन? उहाँभित्र पवित्र आत्मा हुनुहुन्छ; तैंले जे भने पनि, उहाँ अझै पनि स्वर्गका परमेश्‍वरसँग एक हुनुहुन्छ, किनकि उहाँ परमेश्‍वरका आत्माको देहधारण हुनुहुन्छ। पुत्रको बारेमा यो धारणा असत्य हो। एउटै आत्मा हुनुहुन्छ, जसले सबै काम गर्नुहुन्छ, केवल परमेश्‍वर स्वयमले मात्र, अर्थात् परमेश्‍वरका आत्माले आफ्नो काम गर्नुहुन्छ। परमेश्‍वरका आत्मा को हुनुहुन्छ? के यो पवित्र आत्मा होइन र? के यो येशूमा काम गर्ने पवित्र आत्मा नै होइन र? यदि

यो काम पवित्र आत्मा (अर्थात् परमेश्‍वरका आत्मा) द्‍वारा नगरिएको भए, के उहाँको कामले स्वयम् परमेश्‍वरको प्रतिनिधित्व गर्न सक्थ्यो? येशूले प्रार्थना गर्नुहुँदा स्वर्गका परमेश्‍वरलाई पिता नाउँले सम्बोधन गर्नुभयो, त्यो केवल एक सृष्‍टि गरिएको मानिसको दृष्‍टिकोणबाट गरिएको थियो, किनकि परमेश्‍वरका आत्माले एउटा साधारण र सामान्य देह धारण गर्नुभएको थियो र बाहिरीपट्‍टि सृष्‍टि गरिएको एउटा प्राणीको आवरण थियो। यदि उहाँभित्र पनि परमेश्‍वरका आत्मा हुनुहुन्थ्यो भने, उहाँको बाहिरी रूप अझै पनि सामान्य मानिसको जस्तो देखिन्थ्यो; अर्को शब्दमा भन्‍नुपर्दा, उहाँ “मानिसका पुत्र” बन्‍नुभएको थियो, जसको बारेमा येशू आफैलगायत सबै मानिसहरूले बोलेका थिए। उहाँ मानिसका पुत्र भएकाले (पुरुष वा स्त्री, चाहे जे भए पनि बाहिरी रूपमा मानिसको आवरणमा हुनुहुन्थ्यो) उहाँ साधारण मानिसहरूको सामान्य परिवारमा जन्मनु भएका व्यक्ति हुनुहुन्छ। त्यसकारण, येशूले स्वर्गका परमेश्‍वरलाई त्यसरी नै पिता भनी सम्बोधन गर्नुभयो जसरी तिमीहरूले पहिलोचोटि उहाँलाई पिता भनेका थियौ; उहाँले सृष्‍टि गरिएको मानिसको दृष्‍टिकोणबाट त्यसो भन्‍नुभयो। के तिमीहरूलाई प्रभुको त्यो प्रार्थना याद छ, जुन येशूले तिमीहरूलाई कण्ठ गर्नु भनी सिकाउनुभएको थियो? “हे हाम्रा पिता, जो स्वर्गमा हुनुहुन्छ...।” उहाँले सबै मानिसहरूलाई स्वर्गमा हुनुहुने परमेश्‍वरलाई पिता भनी सम्बोधन गर्नू भन्‍नुभयो। अनि उहाँ आफैले पनि उहाँलाई पिता भन्‍नु भएकोले, उहाँले तिमीहरू सबैको बराबर स्तरमा खडा हुने व्यक्तिको दृष्‍टिकोणबाट त्यसो भन्‍नुभयो। तिमीहरूले स्वर्गमा हुनुहुने परमेश्‍वरलाई पिता भनी सम्बोधन गर्ने हुनाले, येशूले आफैलाई तिमीहरूसँग बराबर स्तरमा, र पृथ्वीमा परमेश्‍वरद्‍वारा चुनिएका एक मानिस (अर्थात् परमेश्‍वरका पुत्र) को रूपमा हेर्नुभयो। यदि तिमीहरू परमेश्‍वरलाई पिता भनी सम्बोधन गर्छौ भने, के यो तिमीहरू एक सृष्‍टि गरिएको प्राणी भएकोले नै होइन र? तापनि क्रूसमा टाँगिनुभन्दा अघि पृथ्वीमा येशूको अधिकार जति नै महान् भए पनि, उहाँ पवित्र आत्मा (अर्थात्, परमेश्‍वर) द्‍वारा संचालित केवल मानिसका पुत्र र पृथ्वीको एक सृष्‍टि गरिएको प्राणी मात्र हुनुहुन्थ्यो, किनकि उहाँले आफ्नो काम पूरा गर्नु अझै बाँकी नै थियो। त्यसकारण, उहाँले स्वर्गमा हुनुहुने परमेश्‍वरलाई पिता भनी सम्बोधन गर्नु पूर्ण रूपमा उहाँको नम्रता र आज्ञाकारिता थियो। तापनि, उहाँले परमेश्‍वर (अर्थात्, स्वर्गमा हुनुहुने आत्मा) लाई त्यसरी सम्बोधन गर्नुले उहाँ स्वर्गमा हुनुहुने परमेश्‍वरका आत्माका पुत्र हुनुहुन्थ्यो भनी प्रमाणित गर्दैन। बरु, कुरा यति मात्र हो, कि उहाँको दृष्‍टिकोण फरक थियो, उहाँ फरक व्यक्ति हुनुहुन्थ्यो भन्‍ने होइन। भिन्‍नाभिन्‍नै व्यक्तित्वहरूको अस्तित्व छ भन्‍नु भ्रम हो! उहाँलाई क्रूसमा टाँगिनुभन्दा अघि येशू देहका सिमाहरूमा सिमित मानिसका पुत्र हुनुहुन्थ्यो, अनि उहाँसित पवित्र आत्माको पूर्ण अधिकार थिएन। त्यसकारण उहाँले सृष्‍टि गरिएको प्राणीको दृष्‍टिकोणबाट परमेश्‍वर पिताको इच्छा खोज्‍न मात्र सक्‍नुहुन्थ्यो। यसैले उहाँले गेतसमनीमा तीन पटक प्रार्थना गर्नुभयोः “मेरो इच्छा होइन, तर तपाईंको इच्छा पूरा होस्।” उहाँलाई क्रूसमा टाँगिनुभन्दा अघि उहाँ यहूदीहरूका मात्र राजा हुनुहुन्थ्यो; उहाँ ख्रीष्‍ट, मानिसका पुत्र, महिमित शरीर हुनुहुन्‍नथियो। त्यसैकारण, सृष्‍टि गरिएको प्राणीको दृष्‍टिकोणबाट उहाँले परमेश्‍वरलाई पिता भन्‍नुभयो। अब, तैँले परमेश्‍वरलाई पिता भन्‍नेहरू सबै पुत्र हुन् भन्‍न सक्दैनस्। यदि त्यस्तो हुन्थ्यो भने, येशूले एकचोटि प्रभुको प्रार्थना सिकाउनुभएपछि के तिमीहरू सबै परमेश्‍वरका पुत्र बन्‍नेथिएनौ

र? यदि तिमीहरू अझै पनि विश्वस्त भएका छैनौ भने मलाई भन्, तिमीहरू कसलाई पिता भन्छौ? यदि तिमीहरू येशूलाई सङ्केत गर्दैछौ भने, येशूका पिताचाहिँ तिमीहरूका निम्ति को हुन्? येशू जानुभएपछि, पिता र पुत्रको यो धारणा अब छैन। यो धारणा येशू देह बन्नु भएका वर्षहरूका लागि मात्र उपयुक्त थियो; यदि तिमीहरू परमेश्‍वरलाई पिता भन्छौ भने अन्य सबै परिस्थितिहरूमा त्यो सम्बन्ध सृष्टिका परमप्रभु र सृष्टि गरिएका प्राणी बीचको मात्र हुन्छ। पिता, पुत्र र पवित्र आत्माको-त्रिएकत्वको धारणा कुनै पनि समय खडा हुन सकेको छैन; यो युगहरूमा बिरलै देखिएको एउटा भ्रम मात्र हो र यसको कुनै अस्तित्व छैन!

यसले प्रायःजसो मानिसहरूका मनमा उत्पत्तिको पुस्तकको वचन सम्झना गराउँछः "मानिसलाई हाम्रै स्वरूपमा, हाम्रै रूपमा बनाऔं।" यहाँ परमेश्‍वरले "हामी" मानिसलाई "हाम्रै स्वरूप" मा बनाऔं भन्नुभएकोले, "हामी" शब्दले दुई वा अधिकलाई संकेत गर्दछ; उहाँले "हामी" भन्नुभएकोले त्यहाँ एक मात्र परमेश्‍वर छैनन्। यसरी, मानिसले अस्पष्ट भिन्नाभिन्नै व्यक्तित्वहरूको बारेमा सोच्न थाल्यो, र यी शब्दहरूबाट पिता, पुत्र र पवित्र आत्माको धारणा उत्पन्न भयो। त्यसो भए पिता कस्तो हुनुहुन्छ? पुत्र कस्तो हुनुहुन्छ? अनि पवित्र आत्मा कस्तो हुनुहुन्छ? के आजको मानवजाति तीन जना मिलेर बनेको एक व्यक्तित्वको स्वरूपमा बनाइनु सम्भव छ? त्यसो भए, के त्यस्तो मानिसको स्वरूप पिता, पुत्र वा पवित्र आत्माको जस्तो हुन्छ? मानिस परमेश्‍वरको कुन व्यक्तित्वहरूको स्वरूपमा छ? मानिसको अवधारणा केवल गलत र मूर्खतापूर्ण छ! यसले एक परमेश्‍वरलाई धेरैवटा परमेश्‍वरहरूमा विभाजन गर्न मात्र सक्दछ। मोशाले उत्पत्तिको पुस्तक लेखेका समयमा मानवजाति संसारको सृष्टिपछि सृष्टि गरिएको थियो। आदिमा, संसार सुरु भएको बेला मोशा थिएनन्। मोशाले धेरैपछि मात्र बाइबल लेखेका थिए, त्यसैले स्वर्गका परमेश्‍वरले के बोल्नुभयो भनी तिनले सम्भवतः कसरी जान्न सक्थे? परमेश्‍वरले संसार कसरी सृष्टि गर्नुभयो भन्ने कुराको तिनलाई अलिकति पनि आभास थिएन। बाइबलको पुरानो करारमा पिता, पुत्र र पवित्र आत्माको बारेमा कुनै उल्लेख गरिएको छैन, केवल एक मात्र सत्य परमेश्‍वर, यहोवाले इस्राएलमा आफ्नो काम गर्नुभएको उल्लेख मात्र छ। युग परिवर्तन हुँदै जाँदा उहाँलाई विभिन्न नाउँहरूले सम्बोधन गरियो, तर ती प्रत्येक नाउँले फरक-फरक व्यक्तित्वलाई बुझाउँछ भनी यसले प्रमाणित गर्दैन। यदि त्यस्तो हुन्थ्यो भने, तब के परमेश्‍वरमा असङ्ख्य व्यक्तित्वहरू हुने थिएनन् र? पुरानो करारमा जे लेखिएको छ त्यो यहोवाको काम हो, त्यो व्यवस्थाको युगमा सुरु गर्न परमेश्‍वर आफैले गर्नुभएको काम थियो। त्यो परमेश्‍वरको काम थियो, जहाँ जसै उहाँ बोल्नुभयो, त्यस्तै हुन आयो र जसै उहाँले आज्ञा गर्नुभयो, त्यस्तै भयो। कुनै पनि समयमा यहोवाले उहाँ काम गर्न आउनुभएका पिता हुनुहुन्छ भन्नुभएन, न ता उहाँले मानवजातिको उद्धार गर्न पुत्र आउनुहुने अगमवाणी नै गर्नुभयो। जब येशूको समय आयो, त्यस बेला परमेश्‍वर सम्पूर्ण मानवजातिलाई छुटकारा दिन देह बन्नुभयो मात्र भनियो, पुत्र आउनुभयो भनी भनिएन। युगहरू एकै प्रकारका नभएकाले र परमेश्‍वर आफैले गर्नुहुने काम पनि फरक-फरक हुने भएकोले, उहाँले आफ्नो कामलाई विभिन्न क्षेत्रहरूमा गर्नु आवश्यक छ। यस प्रकारले, उहाँले प्रतिनिधित्व गर्नुहुने पहिचान पनि फरक-फरक हुन्छन्। मानिसले यहोवा येशूका पिता हुनुहुन्छ भनी विश्‍वास गर्छ, तर वास्तवमा येशूले यसलाई स्वीकार्नु भएन, जसले भन्नुभयोः

"हामी कहिल्यै पनि पिता र पुत्रको रूपमा चिनिंदैनौ; म र स्वर्गमा हुनुहुने पिता एक हौं। पिता ममा हुनुहुन्छ र म पितामा छु; जब मानिसले पुत्रलाई देख्छन्, तिनीहरूले स्वर्गमा हुनुहुने पितालाई देख्दछन्।" सबै भनिसकेपछि, उहाँ चाहे पिता होऊन् वा पुत्र, उहाँहरू एक आत्मा हुनुहुन्छ, अलग-अलग व्यक्तित्वहरूमा विभाजित हुनुहुन्न। मानिसले एक पटक व्याख्या गर्न खोज्यो भने फरक-फरक व्यक्तित्वहरू साथै पिता, पुत्र र पवित्र आत्माको सम्बन्धको धारणाले गर्दा विषयहरू जटिल बन्छन्। जब मानिसले फरक-फरक व्यक्तित्वहरूको कुरा गर्छ, के त्यसले परमेश्‍वरलाई भौतिक बनाउँदैन? मानिसले ती व्यक्तित्वहरूलाई पहिलो, दोस्रो र तेस्रो दर्जामा राख्छ; यी सबै मानिसको कल्पना मात्र हुन्, जुन उल्लेख गर्नु योग्यको छैन, र पूर्ण रूपमा अवास्तविक छ! यदि तैंले उसलाई, "त्यहाँ कतिजना परमेश्‍वरहरू छन्?" भनी सोधिस् भने, उसले भन्‍नेछ कि परमेश्‍वर पिता, पुत्र र पवित्र आत्मा भएको त्रिएकत्व हुनुहुन्छः एक मात्र साँचो परमेश्‍वर। यदि तैंले अझ बढ्ता, "पिता को हुनुहुन्छ?" भनी सोधिस् भने, उसले यसो भन्‍नेछः "पिता स्वर्गमा हुनुहुने परमेश्‍वरका आत्मा हुनुहुन्छ; उहाँ सबैका नियन्त्रक हुनुहुन्छ, र उहाँ स्वर्गका मालिक हुनुहुन्छ।" "त्यसोभए के यहोवा आत्मा हुनुहुन्छ?" उसले भन्‍नेछः "हो!" यदि तैंले उसलाई, "पुत्र को हुनुहुन्छ?" भनी सोधिस् भने, उसले भन्‍नेछ कि अवश्य येशू पुत्र हुनुहुन्छ। "त्यसोभए येशूको कथा के हो? उहाँ कहाँबाट आउनुभएको हो?" उसले भन्‍नेछः "येशू पवित्र आत्माद्‌वारा मरियमको गर्भमा आउनुभयो र जन्मनुभयो।" त्यसो भए के उहाँको सार पनि आत्मा होइन र? के उहाँको काम पनि पवित्र आत्माको प्रतिनिधि होइन र? यहोवा आत्मा हुनुहुन्छ, र यसैले येशूको सार पनि हुनुहुन्छ। अब आखिरी दिनहरूमा, यो भन्‍नु आवश्यक छैन कि यो अझै पनि आत्मा हुनुहुन्छ; उहाँहरू कसरी फरक-फरक व्यक्तित्वहरू हुन सक्छन्? के यो आत्माले भिन्नै दृष्टिकोणबाट गरिरहनुभएको आत्माकै काम होइन र? जस्तै, त्यहाँ व्यक्तित्वहरू बीच कुनै भिन्नता हुँदैन। येशूको गर्भधान पवित्र आत्माबाट भएको थियो, र निस्सन्देह, उहाँको काम ठ्याक्कै पवित्र आत्माको काम थियो। यहोवाले गर्नुभएका कामको पहिलो चरणमा उहाँ न ता देह नै हुनुभयो, न मानिसकहाँ देखा पर्नुभयो। यसैले मानिसले उहाँको रूप कहिल्यै पनि देखेन। उहाँ जतिसुकै महान् र जति नै अग्लो हुनुहुन्थ्यो भने पनि, उहाँ अझै आत्मा, परमेश्‍वर स्वयम् नै हुनुहुन्थ्यो, जसले आदिमा मानिसलाई सृष्टि गर्नुभयो। अर्थात्, उहाँ परमेश्‍वरका आत्मा हुनुहुन्थ्यो। उहाँले बादलहरूको बीचबाट मानिससँग बोल्नुभयो, केवल आत्माको रूपमा र कसैले पनि उहाँ देखापर्नुभएको घटनालाई देखेन। अनुग्रहको युगमा मात्र जब परमेश्‍वरका आत्मा देहमा आउनुभयो र यहूदियामा देहधारण हुनुभयो एक यहूदीको स्वरूपमा पहिलोचोटि मानिसले उहाँलाई देख्यो। उहाँको सन्दर्भमा यहोवाका कुनै कुरा थिएन। तापनि, उहाँ पवित्र आत्माद्‌वारा गर्भधान, अर्थात् स्वयम् यहोवा स्वयमको आत्माद्‌वारा गर्भधान हुनुभयो, र येशू परमेश्‍वरका आत्माको मुर्तरूपको रूपमा जन्मनुभयो। मानिसले पहिले पवित्र आत्मा ढुकुरको रूपमा येशूमाथि ओर्लनुभएको देख्यो; यो केवल येशू मात्र आत्मा थिएन, बरु पवित्र आत्मा हुनुहुन्थ्यो। त्यसोभए के येशूका आत्मालाई पवित्र आत्माबाट अलग गर्न सकिन्छ? यदि येशू, पुत्र र पवित्र आत्मा पवित्र आत्मा नै हुनुहुन्छ भने, तब उहाँहरू कसरी एक हुन सक्नुहुन्छ? यदि त्यस्तो हुन्थ्यो भने, काम गर्न सकिने थिएन। येशूभित्रका आत्मा, स्वर्गमा हुनुहुने आत्मा, र

यहोवाका आत्मा सबै एक हुन्। उहाँलाई पवित्र आत्मा, परमेश्‍वरका आत्मा, सात गुणा तीव्र पारिएको आत्मा र सर्व-सम्मिलित आत्मा भनिन्छ। परमेश्‍वरका आत्माले धेरै काम गर्न सक्नुहुन्छ। उहाँले संसारलाई सृष्टि गर्न सक्नुहुन्छ र जलप्रलय पठाएर यसलाई नाश गर्न पनि सक्नुहुन्छ; उहाँले सबै मानवजातिलाई उद्धार गर्न सक्नुहुन्छ, र यसबाहेक उहाँले सारा मानवजातिलाई जित्न र नाश पार्न सक्नुहुन्छ। यो काम सबै परमेश्‍वर आफैले गर्नुभएको हो र उहाँको सट्टामा परमेश्‍वरको कुनै व्यक्तित्वले गर्न सकिदैन। उहाँका आत्मालाई यहोवा र येशू, साथै सर्वशक्तिमान् भनेर पनि सम्बोधन गर्न सकिन्छ। उहाँ प्रभु र ख्रीष्ट हुनुहुन्छ। उहाँ मानिसको पुत्र पनि बन्न सक्नुहुन्छ। उहाँ स्वर्गहरूमा हुनुहुन्छ र पृथ्वीमा पनि हुनुहुन्छ; उहाँ ब्रह्माण्डभन्दा माथि र भीड्को माझमा हुनुहुन्छ। स्वर्गहरू र पृथ्वीका एकमात्र मालिक उहाँ हुनुहुन्छ! सृष्टिको समयदेखि अहिलेसम्म यो काम परमेश्‍वर स्वयमको आत्माले गर्दै आउनुभएको छ। त्यो काम चाहे स्वर्गहरूमा होस् वा देहमा, सबै उहाँको आफ्नै आत्माद्वारा गरिन्छ। चाहे स्वर्गमा होस् वा पृथ्वीमा, सबै प्राणीहरू उहाँको सर्वशक्तिमान् हत्केलामा छन्; यी सबै स्वयम् परमेश्‍वरका काम हुन् र उहाँको ठाउँमा अरू कसैले यो गर्न सक्दैन। स्वर्गहरूमा उहाँ आत्मा हुनुहुन्छ, तर परमेश्‍वर स्वयम् पनि हुनुहुन्छ; मानिसहरूका माझ उहाँ देह हुनुहुन्छ, तर परमेश्‍वर स्वयम् नै रहनुहुन्छ। यद्यपि उहाँलाई सयौं हजारौं नाउँले सम्बोधन गर्न सकिन्छ, उहाँ अझै पनि उहाँ नै, र उहाँको आत्माको प्रत्यक्ष अभिव्यक्ति हुनुहुन्छ। उहाँको क्रुसिकरणद्वारा सारा मानवजातिको छुटकारा उहाँका आत्माको प्रत्यक्ष कार्य थियो, र आखिरी दिनहरूमा सबै जाति र सबै देशहरूका निम्ति घोषणा पनि हो। सबै समयमा, परमेश्‍वरलाई सर्वशक्तिमान् र एक मात्र साँचो परमेश्‍वर, सर्व-सम्मिलित परमेश्‍वर स्वयम् भन्न सकिन्छ। अलग-अलग व्यक्तित्वहरू छैनन्, पिता, पुत्र र पवित्र आत्माको धारणाको त कुरै नगरौं। स्वर्ग र पृथ्वीमा एउटै मात्र परमेश्‍वर हुनुहुन्छ!

परमेश्‍वरको व्यवस्थापनको योजना छ हजार वर्षसम्म फैलिन्छ र उहाँको कामका भिन्नताहरूको आधारमा तीन युगहरूमा विभाजित भएको छ: पहिलो युग पुरानो करारको व्यवस्थाको युग हो; दोस्रो अनुग्रहको युग हो; र तेस्रो आखिरी दिनहरूको–परमेश्‍वरको राज्यको युग हो। प्रत्येक युगमा फरक पहिचानको प्रतिनिधित्व गरिएको छ। यो काममा भिन्नता, अर्थात्, कामको मागहरूको कारणले मात्र हो। व्यवस्थाको युगको अवधिमा गरिएको कामको पहिलो चरण इस्राएलमा सम्पन्न भयो र छुटकाराको दोस्रो चरणको काम यहूदियामा सम्पन्न गरियो। छुटकाराको कामका लागि, येशू पवित्र आत्माद्वारा गर्भधान हुनुभयो अनि एक मात्र पुत्रको रूपमा जन्मनुभयो। यी सबै कामको मागले गर्दा भएको थियो। आखिरी दिनहरूमा, परमेश्‍वर अन्यजाति राष्ट्रहरूमा आफ्नो कामको विस्तार गर्न र त्यहाँका मानिसहरूलाई जित्न चाहनुहुन्छ, यसैले कि उहाँको नाउँ तिनीहरूका बीचमा महान् होस्। उहाँ मानिसहरूलाई समझमा र सबै सत्यताको प्रवेशमा डोऱ्याउन चाहनुहुन्छ। यी सबै काम एउटै आत्माद्वारा गरिन्छ। यद्यपि उहाँले फरक दृष्टिकोणबाट यो गर्न सक्नुहुनेछ, तर पनि कामका प्रकृति र सिद्धान्तहरू त्यस्तै रहन्छन्। एकचोटि जब तैंले ती सिद्धान्तहरू र उहाँहरूले गरेको कामको प्रकृति अवलोकन गर्छस्, तब यो सब एक आत्माद्वारा गरिएको हो भनी तँलाई थाहा हुनेछ। अझै कसै-कसैले भन्न सक्छः "पिता पिता नै हुनुहुन्छ, पुत्र पुत्र नै हुनुहुन्छ, र पवित्र आत्मा

पवित्र आत्मा नै हुनुहुन्छ, र अन्त्यमा, उहाँहरूलाई एउटै बनाइनुहुनेछ।" त्यसोभए तँ कसरी उहाँहरूलाई एक बनाउँछस्? पिता र पवित्र आत्मालाई कसरी एक बनाउन सकिन्छ? यदि उहाँहरू अन्तर्निहित रूपमा दुई थिए भने, उहाँहरूलाई जसरी एकसाथ जोडे पनि के उहाँहरू दुई जना नै रहँदैनन् र? जब तँ उहाँहरूलाई एक बनाउने बारे कुरा गर्छस्, के त्यो दुई अलग-अलग भागलाई जोडेर एउटा बनाउनुजस्तो हुँदैन र? तर एउटा सिङ्गो बनाउनु अघि के उहाँहरू दुई भाग हुनुहुन्न थियो र? प्रत्येक आत्माको एक अलग सार हुन्छ, र दुई आत्मालाई सिङ्गो एउटा बनाउन सकिंदैन। आत्मा कुनै भौतिक वस्तु होइन र यो भौतिक संसारका अरू कुनै थोकजस्तो हुँदैन। जब मानिसले यसलाई हेर्छ, पिता एक आत्मा हुनुहुन्छ, पुत्र अर्को र पवित्र आत्मा अझ अर्को हुनुहुन्छ, अनि तीनवटा आत्मा तीन गिलास पानीजस्तै एउटैमा मिसिनुहुन्छ। त्यसो गर्नु के तीन जनालाई एउटा बनाउनु होइन र? यो पूर्ण रूपमा गलत र निरर्थक व्याख्या हो। के यो परमेश्‍वरलाई विभाजन गर्नु होइन र? पिता, पुत्र र पवित्र आत्मा सबैलाई कसरी एक बनाउन सकिन्छ? के उहाँहरू प्रत्येक भिन्नाभिन्नै प्रकृति भएका तीन भाग हुनुहुन्न र? कोही यस्तो भन्नेहरू छन्, "के परमेश्‍वरले येशू उहाँका प्यारो पुत्र हुनुहुन्छ भनेर स्पष्ट रूपमा बताउनुभएन र?" येशू परमेश्‍वरका प्रिय पुत्र हुनुहुन्छ, जोसँग उहाँ प्रसन्‍न हुनुहुन्छ—यो परमेश्‍वर स्वयमले भन्‍नुभएको थियो। त्यो परमेश्‍वरले आफैलाई दिनुभएको गवाही थियो, तर एउटा भिन्नै दृष्टिकोणबाट, जुनचाहिँ स्वर्गका आत्माले उहाँको आफ्नै देहधारणको बारेमा दिनुभएको गवाही थियो। येशू उहाँको देहधारण हुनुहुन्छ, स्वर्गमा हुनुहुने उहाँका पुत्रको होइन। के तैंले बुझिस्? के येशूले "म पितामा छु, र पिता ममा हुनुहुन्छ,"—भन्‍नुभएको वचनले उहाँहरू एउटै आत्मा हुनुहुन्छ भनी संकेत गर्दैन? र के देहधारणकै कारणले गर्दा उहाँहरू स्वर्ग र पृथ्वीको बीचमा अलग हुनुभएको थिएन? वास्तवमा, उहाँहरू अझै एक हुनुहुन्छ; चाहे जे भए तापनि, यो केवल परमेश्‍वर आफैलाई दिनुभएको गवाही मात्र हो। युगहरूमा परिवर्तन भएकाले, कामका मागहरू र उहाँको व्यवस्थापन योजनाका विभिन्‍न चरणहरूको कारण, मानिसले उहाँलाई बोलाउने नाउँ पनि फरक हुन्छ। जब उहाँ पहिलो चरणको काम गर्न आउनुभयो, उहाँलाई यहोवा कहलाइन सकिन्थ्यो, जो इस्राएलीहरूका गोठालो हुनुहुन्छ। दोस्रो चरणमा, देहधारी परमेश्‍वरलाई केवल प्रभु र ख्रीष्ट कहलाइन सकिन्थ्यो। तर त्यस बेला स्वर्गमा हुनुहुने आत्माले उहाँ परमेश्‍वरका प्रिय पुत्र हुनुहुन्छ मात्र भन्‍नुभयो, र उहाँ परमेश्‍वरका एक मात्र पुत्र हुनुहुन्छ भनी उल्लेख गर्नुभएन। यो त्यसै भएको थिएन। कसरी परमेश्‍वरको एक मात्र सन्तान हुन सक्छ? त्यसो भए के परमेश्‍वर मानिस बन्‍नुहुन्‍न थियो र? उहाँ देहधारी हुनुभएकोले, उहाँलाई परमेश्‍वरका प्रिय पुत्र भनियो, अनि यसैबाट पिता र पुत्र बीचको सम्बन्ध बन्यो। यो स्वर्ग र पृथ्वी बीचको अन्तरको कारणले भएको थियो। येशूले देहको दृष्टिकोणबाट प्रार्थना गर्नुभयो। उहाँले सामान्य मानिसको देह धारण गर्नुभएको हुनाले देहको दृष्टिकोणबाट उहाँले भन्‍नुभयोः "मेरो बाहिरी खोल सृष्टि गरिएको प्राणीको हो। किनकि यस पृथ्वीमा आउनका लागि मैले देह धारण गर्छु, म अहिले स्वर्गबाट टाढा, धेरै टाढा छु।" यसकारण, उहाँले पिता परमेश्‍वरसँग देहको दृष्टिकोणबाट मात्र प्रार्थना गर्न सक्नुहुन्थ्यो। यो उहाँको कर्तव्य थियो, र परमेश्‍वरका देहधारी आत्मा यही कुराले सुसज्जित हुनुपर्दछ। उहाँले देहको दृष्टिकोणबाट पितासँग प्रार्थना गर्नुभएकोले उहाँ परमेश्‍वर हुनुहुन्‍न भन्‍न सकिंदैन। यद्यपि उहाँ

परमेश्‍वरका प्रिय पुत्र कहलाइनुभयो, उहाँ अझै परमेश्‍वर स्वयम् हुनुहुन्थ्यो, किनकि उहाँ आत्माको देहधारण हुनुहुन्थ्यो, र उहाँको सार अझै आत्मा नै हुनुहुन्थ्यो। यदि उहाँ परमेश्‍वर स्वयम् हुनुहुन्थ्यो भने उहाँले किन प्रार्थना गर्नुभयो भनी मानिसहरूले सोच्दछन्। किनकि उहाँ देहधारी परमेश्‍वर, देहमा वास गर्नुभएका परमेश्‍वर हुनुहुन्थ्यो, स्वर्गमा हुनुहुने आत्मा होइन। मानिसले हेर्दा, पिता, पुत्र र पवित्र आत्मा सबै परमेश्‍वर हुनुहुन्छ। केवल तीनै जना मिलेर बनेको एक जनालाई मात्र साँचो परमेश्‍वर मान्‍न सकिन्छ, र यस प्रकारले, उहाँको शक्ति असाधारण रूपमा महान् छ। कोही यस्तो भन्‍नेहरू छन् कि यसरी मात्र उहाँ सात गुणा तीव्र पारिएको आत्मा हुनुहुन्छ। जब पुत्रले उहाँको आगमनपछि प्रार्थना गर्नुभयो, उहाँले प्रार्थना गर्नुभएको आत्मालाई नै थियो। वास्तवमा, उहाँले सृष्टि गरिएको प्राणीको दृष्टिकोणबाट प्रार्थना गर्दैहुनुहुन्थ्यो। किनकि देह पूर्ण हुँदैन, उहाँ पूर्ण हुनुहुन्‍न थियो र उहाँ देहमा आउनुहुँदा उहाँमा धेरै कमजोरीहरू थिए, र उहाँले आफ्नो देहमा भएर काम गर्नुहुँदा धेरै व्याकुल हुनुभयो। त्यसकारण उहाँलाई क्रूसमा टाँगिनुभन्दा अघि उहाँले पिता परमेश्‍वरसँग तीन पटक प्रार्थना गर्नुभयो, साथै त्योभन्दा अघि पनि धेरै पटक प्रार्थना गर्नुभयो। उहाँले आफ्ना चेलाहरूको बीचमा प्रार्थना गर्नुभयो; उहाँले डाँडामा एक्लै प्रार्थना गर्नुभयो; उहाँले माछा मार्ने डुङ्गामा चढेर प्रार्थना गर्नुभयो; उहाँले मानिसहरूका भीड्को बीचमा प्रार्थना गर्नुभयो; उहाँले रोटी भाँच्दा प्रार्थना गर्नुभयो; र उहाँले अरूलाई आशिर्वाद दिनुहुँदा प्रार्थना गर्नुभयो। उहाँले किन त्यसो गर्नुभयो? उहाँले आत्मालाई प्रार्थना गर्नुभयो; उहाँले आत्मा, अर्थात् स्वर्गमा हुनुहुने परमेश्‍वरलाई देहको दृष्टिकोणबाट प्रार्थना गरिरहनुभएको थियो। त्यसकारण, मानिसको दृष्टिकोणबाट, येशू कामको त्यस चरणमा पुत्र बन्‍नुभयो। तापनि यो चरणमा उहाँले प्रार्थना गर्नुहुन्‍न। यस्तो किन हो? यसको कारण यो हो कि उहाँले वचनको काम, अनि वचनको न्याय र दण्ड प्रकट गर्नुहुन्छ। उहाँलाई प्रार्थनाहरूको कुनै आवश्यकता छैन, र उहाँको सेवकाइ बोल्नु हो। उहाँ क्रूसमा टाँगिनुभएको छैन, र मानिसहरूले उहाँलाई शक्ति हुने मानिसहरूको हातमा सुम्पिनुभएको छैन। उहाँ केवल आफ्नो काम गर्नुहुन्छ। जब येशूले प्रार्थना गर्नुभयो, उहाँले स्वर्गको राज्य ओर्लिओस्, पिताको इच्छा पूरा होस् भनेर र आउने कामका लागि भनी परमेश्‍वर पितासँग प्रार्थना गर्दै हुनुहुन्थ्यो। यस चरणमा, स्वर्गको राज्य अघिबाटै आइसकेको छ, त्यसैले के उहाँले अझै पनि प्रार्थना गर्नु आवश्यक छ? उहाँको काम भनेको युगको अन्त्य गर्नु हो, र त्यहाँ अझ अरू नयाँ युगहरू छैनन्, त्यसैले अर्को चरणका लागि प्रार्थना गर्नु आवश्यक छ? मलाई डर लाग्छ, प्रार्थना गर्नु आवश्यक छैन।

मानिसको व्याख्यामा धेरै विरोधाभासहरू छन्। साँच्चै, यी सबै मानिसका धारणाहरू हुन्; तिमीहरू त्यसको बारेमा थप जाँचबुझ नगरी, ती सबै सही छन् भनी विश्‍वास गर्छौ। के तिमीहरूलाई थाहा छैन कि त्रिएक परमेश्‍वरसम्बन्धी यस्तो विचारहरू केवल मानिसको धारणाहरू मात्र हुन्? मानिसको कुनै ज्ञान पूर्ण र सिद्ध छैन। त्यहाँ सधैं अशुद्धताहरू हुन्छन्, र मानिससँग धेरै विचारहरू हुन्छन्; यसले देखाउँदछ कि सृष्टि गरिएको प्राणीले परमेश्‍वरको कामको व्याख्या गर्न सक्दैन। मानिसका दिमागमा धेरै कुराहरू हुन्छन्, जुन सबै तर्क र विचारबाट आउँदछन्, जुन सत्यको विरोधमा हुन्छन्। के तेरो तर्कले परमेश्‍वरको कामलाई राम्ररी विश्लेषण गर्न सक्छ? के

तैंले यहोवाका सबै कामको अन्तर्दृष्टि पाउन सक्छस्? के मानिसको रूपमा तँ ती सबै देख्न सक्छन् वा के परमेश्वर स्वयम् हुनुहुन्छ जसले अनन्ततादेखि अनन्ततासम्म देख्न सक्नुहुन्छ? के धेरै अघि अनन्ततादेखि स्वर्ग, पृथ्वी, अनि सबै थोकहरूका अनन्ततासम्म देख्न सक्ने तँ होस् वा के यो धेरै अघि अनन्ततादेखि आउने अनन्ततासम्म देख्न सक्ने परमेश्वर नै हुनुहुन्छ? तँ के भन्छस्? तँ परमेश्वरलाई व्याख्या गर्न कसरी योग्य छस्? तेरो स्पष्टीकरणको आधार के हो? के तँ परमेश्वर होस्? स्वर्गहरू र पृथ्वी, अनि सबै थोकहरू परमेश्वर आफैले बनाउनुभएको हो। यो गर्ने तँ होइनस्, त्यसैले तँ किन गलत स्पष्टीकरणहरू दिइरहेको छस्? अब, के तँ अझै त्रिएक परमेश्वरमा विश्वास गरिरहन्छस्? के त्यसो गर्नु तँलाई धेरै बोझिलो लाग्दैन? तैंले तीन परमेश्वरमा होइन, एक परमेश्वरमा विश्वास गर्नु नै सबैभन्दा उत्तम हुन्छ। हलुको हुनु सबैभन्दा उत्तम हो, किनकि प्रभुको बोझ हलुको छ।

## अभ्यास (३)

तिमीहरूले आफै परमेश्वरका वचनहरू खान र पिउन, आफ्नै क्षमतामा परमेश्वरका वचनहरू अनुभव गर्न, र अरूको नेतृत्वविना सामान्य आत्मिक जीवन जिउन सक्षम हुनका लागि तिमीहरूसित स्वतन्त्र रूपमा जिउन सक्ने क्षमता हुनुपर्छ। तैंले जिउन, वास्तविक अनुभवमा प्रवेश गर्न, र साँचो अन्तर्दृष्टि प्राप्त गर्नको लागि परमेश्वरले आज बोल्नुभएका वचनहरूमा भर पर्न सक्नुपर्छ। यसो गरेर मात्र तँ दृढ भएर खडा हुन सक्नेछस्। आज, धेरै मानिसहरूले भविष्यका कष्ट र परीक्षाहरू पूर्ण रूपमा बुझ्दैनन्। भविष्यमा, केही मानिसहरूले कष्टहरू अनुभव गर्नेछन्, र केहीले दण्ड भोग्नेछन्। यो दण्ड अझ बढी कठोर हुनेछ; यो तथ्यहरू आउने कुरा हो। आज, तैंले गर्ने सबै अनुभव, अभ्यास, र प्रकटीकरणले भविष्यका परीक्षाहरूका लागि जग बसाल्छ, र कम्तीमा पनि तँ स्वतन्त्र रूपमा जिउन सक्नुपर्छ। आज, मण्डलीमा धेरै जनाका परिस्थितिहरू सामान्यतया निम्न प्रकारका छन्: यदि त्यहाँ काम गर्न अगुवा र कामदारहरू छन् भने, तिनीहरू खुसी हुन्छन्, र यदि छैनन् भने, तिनीहरू दुःखी हुन्छन्। तिनीहरूले मण्डलीको कामलाई वा तिनीहरूका आफ्नै आत्मिक जीवनलाई ध्यान दिँदैनन्, र तिनीहरूसँग थोरै पनि बोझ हुँदैन—तिनीहरू हनहाओ चरा[क] जस्तो अलमल्ल पर्छन्। स्पष्ट भन्ने हो भने, मैले धेरै मानिसमा गरेको काम विजय प्राप्त गर्नका निम्ति मात्र हो, किनभने तीमध्ये धेरै मूल रूपमा सिद्ध पारिन अयोग्य छन्। मानिसहरूको सानो भागलाई मात्र सिद्ध पार्न सकिन्छ। यदि, यी वचनहरू सुनेपछि पनि तँ "परमेश्वरले गर्नुभएको काम केवल मानिसहरूलाई विजय गर्नु मात्र हो, म औपचारिकताको लागि मात्र पछि लाग्नेछु" भनी सोच्छस् भने त्यस्तो व्यवहार कसरी स्वीकार्य हुन सक्छ र? यदि तँसित साँच्चै विवेक छ भने, तब तँसित

क. हनहाओ चराको कथा एसोपको कमिला र फटेंग्राको कथासँग मिल्दोजुल्दो छ। हनहाओ चरा आफ्नो छिमेकी नीलकण्ठ चराबाट बारम्बार चेताउनीहरू पाए पनि न्यानो मौसम हुँदा गुँड बनाउनुको सट्टा सुत्नु रुचाउँछ। जब हिउँद आउँछ, त्यो चरा चिसोले कठाङ्ग्रिएर मर्छ।

बोझ, र जिम्मेवारीको भावना पनि हुनुपर्छ। तैँले भन्नुपर्छ: “ममाथि विजय गरिए वा नगरिए पनि, मलाई सिद्ध बनाइए वा नबनाइए पनि, मैले गवाहीको यस कदमलाई ठीकसँग वहन गर्नुपर्छ।” परमेश्वरको एक प्राणीको रूपमा, व्यक्ति परमेश्वरद्वारा पूर्ण रूपमा विजय गरिन सक्छ, र अन्त्यमा, ऊ परमेश्वरलाई सन्तुष्ट पार्न सक्षम हुन्छ, र उसले परमेश्वरको प्रेमको पैँचो परमेश्वरलाई प्रेम गर्ने हृदयद्वारा र आफैलाई पूर्ण रूपमा परमेश्वरमा समर्पण गरेर तिर्न सक्छ। यो मानिसको जिम्मेवारी हो, यो मानिसले गर्नुपर्ने कर्तव्य हो, र मानिसले वहन गर्नुपर्ने बोझ हो, र मानिसले यो आज्ञा पूरा गर्नैपर्छ। तब मात्र उसले साँचो रूपमा परमेश्वरमा विश्वास गर्छ। आज, के तैँले मण्डलीमा गर्ने कार्यहरू तेरो जिम्मेवारीको परिपूर्णता हो त? यो तँमा बोझ छ कि छैन भन्ने कुरामा र तेरो आफ्नै ज्ञानमा निर्भर गर्छ। यस कामको अनुभव लिँदा, यदि मानिसलाई विजय गरिन्छ र उसँग सही ज्ञान छ भने, उसले आफ्नो सम्भावना वा नियति जे-जस्तो भए पनि, ऊ आज्ञाकारी हुन सक्नेछ। यस तरिकाले, परमेश्वरको महान् काम त्यसको सम्पूर्णतामा महसुस हुनेछ, किनकि तिमी मानिसहरू यीभन्दा बढी केही गर्न सक्षम छैनौ, र कुनै पनि उच्च मापदण्डहरू पूरा गर्न असमर्थ छौ। तापनि, भविष्यमा केही व्यक्तिहरू सिद्ध बनाइनेछन्। तिनीहरूको क्षमतामा सुधार हुनेछ, तिनीहरूको हौसलामा उनीहरूसँग अझ गहिरो ज्ञान हुनेछ, र तिनीहरूको जीवन वृद्धि हुनेछ...। अझै कोही-कोही भने यो कुरा प्राप्त गर्न पूर्ण रूपमा असक्षम छन्, र त्यसैले मुक्ति पाउन सक्दैनन्। म किन तिनीहरूले मुक्ति पाउन सक्दैनन् भन्दैछु, त्यसको एउटा कारण छ। भविष्यमा, केहीलई विजय गरिनेछ, केहीलाई हटाइनेछ, केहीलाई सिद्ध पारिनेछ, र केहीलाई प्रयोग गरिनेछ—र त्यसरी नै कसैले सङ्कष्टहरू भोग्नेछन्, कसैले दण्ड भोग्नेछन् (प्राकृतिक विपत्तिहरू र मानव निर्मित दुर्भाग्यहरू), केही नष्ट हुनेछन्, र केही बाँच्नेछन्। यसमा, प्रत्येकलाई त्यसको प्रकारअनुसार वर्गीकृत गरिनेछ, प्रत्येक समूहले व्यक्तिको एक प्रकार प्रतिनिधित्व गर्दछ। सबै मानिसहरूलाई हटाइनेछैन, न त सबै मानिसहरूलाई नै सिद्ध बनाइन्छ। यस्तो किन हुन्छ भने चिनियाँ जनताको क्षमता अति कम छ, र त्यहाँ थोरै मानिसहरूमा मात्र पावलको जस्तो आत्म-चेतना छ। तिमीहरूको बीचमा थोरै जनासँग मात्र परमेश्वरलाई प्रेम गर्ने पत्रुसको जस्तो दृढता छ, वा अय्यूबमा भएको जस्तो विश्वास छ। तिमीहरूमध्ये मुस्किलले मात्र कोही त्यस्तो व्यक्ति छ जसले दाऊदले जस्तै यहोवाको डर मान्छ र उहाँको सेवा गर्छ, जोसँग त्यही स्तरको बफादारी छ। तिमीहरू कति दयनीय छौ!

आज, सिद्ध तुल्याइने कुरा केवल एउटा पक्ष हो। चाहे जे भए पनि, तिमीहरूले गवाहीको यस चरणलाई सही रूपमा वहन गर्नुपर्दछ। यदि तिमीहरूलाई मन्दिरमा परमेश्वरको सेवा गर्न भनियो भने, तिमीहरू त्यो कसरी गर्छौ त? यदि तँ पूजाहारी थिइनस्, र जेठो छोरा वा परमेश्वरका छोराहरूको हैसियतमा थिइनस् भने, के तँ अझै पनि बफादारीका लागि योग्य हुनेथिस् त? के तँ अझै पनि परमेश्वरको राज्य विस्तार गर्ने काममा तेरो सम्पूर्ण कोसिस लगाउनेथिस् त? के तँ अझै पनि परमेश्वरले आज्ञा गर्नुभएको काम ठीकसँग गर्न सक्षम हुनेथिस् त? तेरो जीवन जति नै धेरै वृद्धि भएको भए पनि, आजको कामले तँलाई भित्रबाट पूर्ण विश्वस्त तुल्याउँछ, र तेरा सबै धारणाहरू हटाउँछ। जीवनको पछि लाग्नका निम्ति आवश्यक कुराहरू तँसँग होस् वा नहोस्, परमेश्वरको कामले तँलाई पूर्ण विश्वस्त तुल्याउँछ। केही मानिसहरू भन्छन्: “म केवल परमेश्वरमा विश्वास

गर्दछु, र जीवनको पछि लाग्नुको अर्थ के हो, म बुझ्दिनँ।" र कोही भन्छन्: "म परमेश्‍वरमाथिको आफ्नो विश्‍वासमा अलमल्ल परेको छु। मलाई थाहा छ, म सिद्ध पारिन सक्दिनँ, यसैले म दण्ड भोग्न तयार छु।" दण्ड भोग्न वा नष्ट हुन तयार भएका यस्ता मानिसहरूलाई पनि आजको काम परमेश्‍वरद्वारा गरिएको हो भनी स्वीकार गर्न लगाइनेछ। केही व्यक्तिहरूले यस्तो पनि भन्छन्: "म सिद्ध हुनका लागि बिन्ती गर्दिनँ, तर आज म परमेश्‍वरका सबै तालिमहरू स्वीकार्न, र सामान्य मानवताको जीवन बिताउन, मेरो क्षमतामा सुधार गर्न र परमेश्‍वरका सबै प्रबन्धहरू पालन गर्न तयार छु...।" यसमा, तिनीहरूलाई पनि विजय गरिएको हुन्छ र तिनीहरूले गवाही वहन गरेका हुन्छन्, जसले यी मानिसहरूमा परमेश्‍वरको कामको बारेमा केही ज्ञान छ भनी प्रमाणित गर्छ। कामको यो चरण अति नै चाँडो सम्पन्‍न भएको छ, र भविष्यमा यो विदेशमा अझ छिटो सम्पन्‍न हुनेछ। आज, विदेशका मानिसहरूलाई पर्खन धेरै गाह्रो भएको छ, तिनीहरू सबै हतार-हतार चीनतिर गइरहेका छन्—र यदि तिमीहरूलाई सिद्ध पारिन सकिँदैन भने तिमीहरूले विदेशका मानिसहरूलाई ढिलाइ गराइरहेका हुन्छौ। त्यस समयमा, तिमीहरू जति राम्रोसँग प्रवेश गरेको भए पनि वा तिमीहरू जस्तो भए पनि, जब समय आउँछ, तब मेरो काम समाप्त र पूर्ण हुनेछ। तिमीहरूद्वारा मेरो काम बिलम्ब हुनेछैन। म सबै मानवजातिको काम गर्छु, र यसैले मैले तिमीहरूका लागि अझ धेरै समय खर्च गर्नु कुनै आवश्यक छैन। तिमीहरू बढी नै अनुत्प्रेरित छौ, तिमीहरूमा आत्म-जागरूकताको धेरै नै अभावमा छ! तिमीहरू सिद्ध तुल्याइन योग्यका छैनौ—तिमीहरूमा मुस्किलले मात्र कुनै सम्भाव्यता छ! भविष्यमा, यदि मानिसहरू यति खकुलो र लापर्वाह भइरहे भने पनि, र आफ्नो क्षमतामा सुधार गर्न असक्षम रहन्छन् भने पनि, त्यसले सम्पूर्ण ब्रह्माण्डको काममा बाधा उत्पन्‍न गर्नेछैन। जब परमेश्‍वरको काम समाप्त हुने समय आउँछ, तब यो समाप्त हुनेछ, र जब मानिसहरूलाई हटाउने समय आउँछ, तब तिनीहरू हटाइनेछन्। अवश्य नै, जुन मानिसहरूलाई सिद्ध बनाइनुपर्छ, र जो सिद्ध बनाइन योग्यका हुन्छन्, उनीहरूलाई सिद्ध बनाइनेछ—तर यदि तिमीहरूसँग साँच्चै कुनै आशा छैन भने, तब परमेश्‍वरको कामले तिमीहरूलाई पर्खनेछैन! अन्त्यमा, यदि तँलाई विजय गरियो भने त्यसलाई पनि गवाही वहन गरेको मान्‍न सकिन्छ। परमेश्‍वरले तिमीहरूबाट के माग्नुहुन्छ त्यसका सीमाहरू छन्; मानिसले हैसियतको जुन उच्चता हासिल गर्न सक्छ ऊबाट मागिने गवाहीको उचाइ त्यही नै हो। यो मानिसले कल्पना गरेझैं, त्यस्तो गवाही सबैभन्दा उच्च सीमामा पुग्छन् र यो सानदार हुनेछ भन्‍ने हुँदैन—यो तिमी चिनियाँ मानिसहरूमा हासिल गर्न सकिने कुनै उपाय नै छैन। म यो समयभरि तिमीहरूसँग संलग्न रहेको छु र यो कुरा तिमीहरू आफैले देखेका छौ: मैले तिमीहरूलाई विरोध नगर्नू, विद्रोही नहुनू, बाधा पार्ने वा मेरो पिठिउँपछाडि खलबल पार्ने काम नगर्नू भनेको छु। मैले यसबारेमा मानिसहरूलाई धेरैपटक प्रत्यक्ष रूपमा सचेत गराएको छु, तर त्यो पनि पर्याप्त छैन—तिनीहरू फर्केको क्षणमा नै परिवर्तन हुन्छन्, जबकि कसै-कसैले कुनै पछुतो नगरी गोप्य रूपमा विरोध गर्दछन्। के तँ मलाई यी कुराहरू केही थाहा छैन भनी सोच्छस्? के तँ मेरो निम्ति समस्या उत्पन्‍न गर्न सक्छस् र त्यसबाट केही पनि हुँदैन भनी सोच्छस्? तैँले मेरो पिठिउँपछाडि मेरो काम नाश पार्ने कोसिस गरेको, के म जान्दिनँ भनी तँ सोच्छस्? के तेरा नीच युक्तिहरूले तेरो चरित्रको स्थान लिन सक्छ भनी सोच्छस्? तँ सधैं

आज्ञाकारी हुने देखावटी गर्छस्, तर गोप्य रूपमा विश्वासघाती छस्, तँ आफ्नो हृदयमा खराब विचारहरू राख्छस्, तँजस्तो मानिसका निम्ति मृत्यु पनि पर्याप्त दण्ड हुँदैन! के पवित्र आत्माले तँभित्र गर्नुहुने सानो कामले मप्रतिको तेरो श्रद्धाको ठाउँ लिन सक्छ भनी सोच्छस्? के तँ स्वर्गलाई पुकारेर ज्ञान प्राप्त गर्छु भनी सोच्छस्? तँलाई कुनै सरम छैन! तँ अति नै बेकम्मा छस्! के तेरा “असल कामहरू” स्वर्गमा जाँदै थिए, र यसपछि उहाँले एउटा अपवाद बनाउनुभयो र तँलाई थोरै प्रतिभा दिनुभयो, तँलाई बोल्न सिपालु बनाउनुभयो, तँलाई अरूलाई धोका दिने र मलाई धोका दिने अनुमति दिनुभयो भनी सोच्छस्? तँ कति विवेकहीन छस्! तेरो ज्ञान कहाँबाट आउँछ, के तँलाई थाहा छ? तँ कसको भोजन खाएर हुर्किस्, के तँलाई थाहा छैन? तँ कति बेसरम छस्! तिमीहरूमध्ये कोही-कोही चार वा पाँच वर्षसम्म निराकरण भइसकेपछि पनि परिवर्तन भएका छैनौ, र तिमीहरू यी विषयहरूको बारेमा स्पष्ट छौ। तिमीहरू आफ्नो प्रकृतिको बारेमा स्पष्ट हुनुपर्छ, र जब एक दिन तँ त्यागिन्छस् त्यसबेला कुनै विरोध नगर्। आफ्नो सेवामा माथि र तल, दुवैतिर हुनेहरूलाई धोका दिने कोही-कोहीलाई धेरै निराकरण गरिएको छ; कोही-कोहीलाई धनको धेरै लोभी भएकोले पनि थोरै निराकरण गरिएको छैन; कोही-कोहीलाई पुरुष र महिलाबीच स्पष्ट सीमा नराखेकाले गर्दा बारम्बार निराकरण गरिएको छ; कोही अल्छी भएकाले, केवल देहको बारेमा मात्र सोचिरहेकाले, र मण्डलीहरूमा जाँदा सिद्धान्तहरूअनुसार व्यवहार नगरेकाले धेरै निराकरणमा परिरहेका छन्; कति मानिसहरू तिनीहरू जहीं गए पनि गवाही वहन गर्न असफल भएकोले, जानाजानी र लापरवाहसाथ काम गर्ने, र जानाजानी पापसमेत गर्ने भएकाले, यसको बारेमा तिनीहरूलाई धेरैचोटि चेतावनी दिइएको छ; केही मानिसहरू भेला हुँदा केवल वचनहरू र धर्मसिद्धान्तहरूको मात्र कुरा गर्छन्, अरूभन्दा श्रेष्ठ भएको व्यवहार गर्दछन्, तिनीहरूमा सत्य वास्तविकता रत्तिभर पनि हुँदैन, र तिनीहरू आफ्ना दाजुभाइ-दिदीबहिनीहरूको विरुद्धमा षड्यन्त्र र प्रतिस्पर्धा गरिरहेका हुन्छन्—यसैको कारण, उनीहरू बारम्बार उदाङ्गो भएका छन्। मैले यी वचनहरू धेरैपल्ट तिमीहरूलाई भनेको छु र आज, म यसबारे थप केही भन्दिनँ—तिमीहरू जे गर्न चाहन्छौ त्यही गर! आफ्नो निर्णय आफै लेओ! धेरै मानिसहरू केवल एक वा दुई वर्ष मात्र यस तरिकाले निराकरणमा परेका छैनन्, कोही-कोही तीन वा चार वर्षसम्म परेका छन् भने कसै-कसैले एक दशकभन्दा बढी समयसम्म यो अनुभव गरेका छन्, उनीहरू विश्वासी बनेको समयदेखि नै निराकरणमा परेका छन्, तर आजको मितिमा तिनीहरूमा थोरै मात्र परिवर्तन आएको छ। तँ के भन्छस्, के तँ सुँगुरहरूजस्तो छैनस् र? के यो परमेश्वरले तँसँग अन्याय गर्नुभएको हुन सक्छ? तिमीहरू एक निश्चित तहसम्म पुग्न सकेनौ भने परमेश्वरको काम समाप्त हुँदैन भनी नसोच। यदि तिमीहरूले परमेश्वरका मापदण्डहरू पूरा गर्न असक्षम भयौ भने के परमेश्वरले तिमीहरूलाई पर्खनुहुनेछ? म तँलाई स्पष्ट रूपमा भन्छु—अवस्था त्यस्तो छैन। यति धेरै आशा नराख्! आजको कामको एउटा समयसीमा छ, र परमेश्वर केवल तँसँग खेलिरहनुभएको छैन! पहिले, सेवा-कर्ताहरूले परीक्षाको अनुभवको कुरा आउँदा, मानिसहरूले के सोच्थे भने, उनीहरू परमेश्वरको बारेमा आफ्ना गवाहीमा खरो उत्रन र परमेश्वरद्वारा विजय गरिनका निम्ति उनीहरू एउटा निश्चित बिन्दुमा पुग्नुपर्छ—उनीहरू स्वेच्छाले खुसीसाथ सेवा-कर्ता हुनुपर्छ, र उनीहरूले प्रत्येक दिन परमेश्वरको प्रशंसा गर्नुपर्छ, र उनीहरू अलिकति पनि अनियन्त्रित र लापरवाह

हुनु हुँदैन। उनीहरूले तब मात्र आफूहरू साँच्चै सेवा-कर्ता हुनेछौं भनी सोच्थे, तर के अवस्था साँच्चै यही हो र? त्यसबेला, विभिन्न प्रकारका मानिसहरूलाई खुलासा गरियो; तिनीहरूले हरप्रकारका व्यवहार देखाए। कसैले गुनासो गरे, कसैले धारणाहरू फैलाए, कोही भेलाहरूमा उपस्थित हुन छाडे, र कतिले त मण्डलीको पैसा पनि बाँडे। दाजुभाइ-दिदीबहिनीहरूले एकअर्काको विरुद्धमा षड्यन्त्र रचिरहेका थिए। यो वास्तवमै एक ठूलो मुक्ति थियो, तर यसबारेमा एउटा राम्रो कुरा थियो: कोही पनि पछाडि हटेनन्। यही नै सबैभन्दा बलियो कुरा थियो। यसैको कारण, तिनीहरूले शैतानको सामु गवाहीको एक चरण वहन गरे, र पछि परमेश्वरका मानिसहरूको पहिचान प्राप्त गरे अनि आजको दिनसम्म आइपुगे। परमेश्वरको काम तिमीहरूले कल्पना गरेझैं सम्पन्न हुँदैन, बरु जब समय समाप्त हुन्छ, तब त्यो काम समाप्त हुनेछ, चाहे तिमीहरू जुनसुकै स्थितिमा पुगेको नै किन नहोऊ। केही मानिसहरूले भन्न सक्छन्: “यस्तो प्रकारले काम गरेर तपाईं मानिसहरूलाई मुक्ति दिनुहुन्न वा उनीहरूलाई प्रेम गर्नुहुन्न—तपाईं धर्मी परमेश्वर हुनुहुन्न।” म तँलाई स्पष्ट रूपमा भन्छु: आजको मेरो कामको मुख्य कुरा तँलाई विजय गर्नु र तँलाई गवाही वहन गर्ने बनाउनु हो। तँलाई मुक्ति दिनु त एउटा थप कार्य मात्र हो; तैँले मुक्ति पाउन सक्छस् कि सक्दैनस् भन्ने कुरा तेरो आफ्नै खोजीमा निर्भर हुन्छ, र त्यो कुरा मसँग सम्बन्धित छैन। तैपनि मैले तँलाई विजय गर्नु नै पर्छ; मलाई नियन्त्रणमा राखेर डोऱ्याउने कोसिस नगर्—आज म काम गर्छु र तँलाई मुक्ति दिन्छु, तर तैँले यसो गर्छस् भन्ने हुँदैन।

आज, तिमीहरूले जे बुझ्न सकेका छौ त्यो इतिहासभरि कुनै पनि सिद्ध नबनाइएको व्यक्तिले बुझेको भन्दा उच्च छ। चाहे त्यो परीक्षाहरूसम्बन्धी तिमीहरूको ज्ञान होस् वा परमेश्वरमाथिको विश्वास, यो सब परमेश्वरमा विश्वास गर्ने कुनै विश्वासीको भन्दा बढी छ। तिमीहरूले बुझेका कुराहरू ती हुन् जुन तिमीहरूले वातावरणको परीक्षाहरूमा पर्नुभन्दा अघि जानेका थियौ, तर तिमीहरूको वास्तविक कद उनीहरूसँग पूर्ण रूपमा अमिल्दो छ। तिमीहरूले जे जानेका छौ त्यो तिमीहरूले अभ्यास गर्नेभन्दा उच्च छ। तिमीहरू परमेश्वरमा विश्वास गर्ने मानिसहरूले परमेश्वरलाई प्रेम गर्नुपर्छ, र आशिष्का लागि होइन बरु परमेश्वरको इच्छा पूरा गर्ने कोसिस गर्नुपर्छ त भन्छौ, तर तिमीहरूका जीवनमा प्रकट हुने कुराचाहिं योभन्दा धेरै टाढा छ, र अत्यन्तै कलङ्कित छ। धेरै जना मानिसहरू शान्ति र अन्य फाइदाहरू पाउनका लागि परमेश्वरमा विश्वास गर्छन्। यदि त्यो तेरो आफ्नै फाइदाको कुरा होइन भने तँ परमेश्वरमा विश्वास गर्दैनस्, र यदि तैँले परमेश्वरका अनुग्रहहरू प्राप्त गर्न सकिनस् भने, तँ ठुस्किन्छस्। तँ जे भन्छस् त्यो कसरी तेरो वास्तविक कद हुन सक्छ? जब बच्चाहरू बिरामी हुने, प्रियजनहरू अस्पतालमा भर्ना हुने, कम उब्जनी, र परिवारका सदस्यहरूद्वारा सतावट जस्ता अपरिहार्य पारिवारिक घटनाहरूको कुरा आउँछ, प्रायः दिनदिनै भइरहने घटनाहरूसमेत तेरा निम्ति अति हुन्छन्। जब यस्ता कुराहरू हुन्छन्, तँ आत्तिन्छस्, र के गर्नुपर्ने हो सो जान्दैनस्—र प्रायःजसो समय तँ परमेश्वरको बारेमा गुनासो गर्छस्। तँ परमेश्वरका वचनहरूले तँलाई छल गऱ्यो, परमेश्वरको कामले तेरो गिल्ला गऱ्यो भनी गुनासो गर्छस्। के तिमीहरूसँग त्यस्तो विचार छैन र? के तँ त्यस्ता कुराहरू आफूलाईं विरलै हुन्छन् भनी सोच्छस्? तिमीहरू हरेक दिन त्यस्ता घटनाहरूको बीचमा जिउँछौ। तिमीहरू परमेश्वरमाथिको आफ्नो

विश्वासको सफलता, र परमेश्वरको इच्छा कसरी पूरा गर्ने भन्ने विषयमा अलिकति पनि विचार गर्दैनौ। तिमीहरूको वास्तविक कद धेरै सानो छ, सानो चिङ्नाको भन्दा पनि सानो छ। जब तेरो परिवारको व्यवसायमा धन गुम्छ तब तँ परमेश्वरको बारेमा गुनासो गर्छस्, जब तँ आफूलाई परमेश्वरको सुरक्षा नभएको वातावरणमा पाउँछस् तँ अझै परमेश्वरको बारेमा गुनासो गर्छस्, र तेरो एउटा चिङ्ना मर्दा वा गोठमा बुढी गाई बिमार हुँदा पनि तँ गुनासो गर्छस्। तेरो छोराको बिहे गर्ने समय भइसक्दा पनि परिवारमा पुग्दो पैसा नहुँदा तँ गुनासो गर्छस्; तर तँ मेजमानको कर्तव्य निभाउन चाहन्छस्, तर त्यो खर्च उठाउन सक्दैनस्, र त्यसपछि तँ गुनासो गर्छस्। तँ गुनासोहरूले भरिएर पोखिन्छस्, र तँ यसैले गर्दा कहिलेकहीं भेलाहरूमा भाग लिंदैनस् वा परमेश्वरका वचनहरू खाँदैनस् र पिउँदैनस्, कहिलेकहीं धेरै लामो समयसम्म नकारात्मक हुन्छस्। आज तँलाई जे हुन्छ त्यसको तेरो सफलताको सम्भावना वा नियतिसँग कुनै सम्बन्ध छैन; यी कुराहरू त तैँले परमेश्वरमा विश्वास नगरेको भए पनि हुनेथिए, तैपनि आज तँ तिनको जिम्मेवारी परमेश्वरमा सार्छस्, र परमेश्वरले नै तँलाई हटाउनुभएको हो भनी जिद्दी गर्छस्। परमेश्वरमाथिको तेरो विश्वास के भयो? के तैँले साँच्चै आफ्नो जीवन अर्पण गरेको छस्? यदि तिमीहरूले पनि अय्यूबको जस्तै परीक्षाहरू भोगेका हुन्थ्यौ भने, आज परमेश्वरलाई पछ्याउने तिमीहरूमध्ये कोही पनि दृढ भई खडा हुन सक्ने थिएनौ, तिमीहरू लड्ने थियौ। अनि स्पष्टतः तिमीहरू र अय्यूबको बीचमा संसारजतिकै ठूलो भिन्नता छ। आज, यदि तिमीहरूको आधा सम्पत्तिहरू कब्जा गरियो भने तिमीहरू परमेश्वरको अस्तित्वलाई इन्कार गर्ने आँट गर्छौ; यदि तिमीहरूका छोराछोरी तिमीहरूबाट खोसियो भने तिमीहरू सडकमा दुस्साहस गरी कराउनेछौ; यदि तेरो एक मात्र जीविका समाप्त भयो भने तँ प्रयास गरेरै त्यो विषयलाई परमेश्वरकहाँ लैजान्छस्; मैले सुरुमा तँलाई डराउन किन त्यति धेरै वचनहरू भनें भनी तँ सोध्छस्। त्यस्तो समयमा तैँले गर्न आँट नगर्ने कुनै कुरा हुँदैन। यसले तिमीहरूले कुनै पनि सही अन्तर्दृष्टि प्राप्त गरेका छैनौ, र तिमीहरूमा कुनै वास्तविक कद छैन भनी देखाउँछ। यसैले, तिमीहरूमा भएका परीक्षाहरू धेरै ठूला छन्, किनकि तिमीहरू धेरै जान्दछौ, तर तिमीहरूले वास्तवमा जे बुझ्छौ त्यो तिमीहरूले जानेका हजारौं भागको एक भाग पनि हुँदैन। केवल बुझाइ र ज्ञानमा नरोकी; तैँले वास्तवमा कतिसम्म अभ्यास गर्न सक्छस्, तेरो आफ्नै परिश्रमको पसिनाद्वारा कतिसम्म पवित्र आत्माको ज्ञान र प्रकाश प्राप्त गरिएको थियो, अनि तेरा अभ्यासहरूमध्ये कतिवटामा तैँले आफ्नो संकल्प पूरा गरेको छस् त्यो त्यो हेर्नु राम्रो हुन्छ। तैँले आफ्नो कद र अभ्यासलाई गम्भीरतासाथ लिनुपर्छ। परमेश्वरमाथिको तेरो विश्वासमा तँ कसैको निम्ति झारा टार्ने मात्र गर्नु हुँदैन—तैँले अन्त्यमा सत्य र जीवन प्राप्त गर्छस् कि गर्दैनस् भन्ने कुरा तँ आफैले गरेको सत्यको खोजीमा निर्भर गर्छ।

## अभ्यास (४)

आज मैले कुरा गरेको शान्ति र आनन्द तैँले विश्वास गरेको र बुझेको जस्तो शान्ति होइन। तँ शान्ति र आनन्द भनेको दिनभरि खुसी रहनु, तेरो परिवारमा रोग वा विपत्ति नहुनु हो, तेरो

हृदयमा अलिकति पनि शोक नभई सधैँ खुसी रहनु र तेरो जीवन जुन हदसम्म विकास भएको भए पनि आनन्दको अवर्णनीय अनुभूति हुनु हो भनी सोच्छस्। त्यो तेरो छोरालाई हुर्काउनु र उसलाई विश्वविद्यालयमा भर्ना गर्नु बाहेकको कुरा हो। यी कुरालाई मनमा राखेर, तैँले परमेश्‍वरसित प्रार्थना गरिस् र परमेश्‍वरको अनुग्रह कति महान् छ भनी देखेर तँ कानदेखि कानमा ङिच्च परेर हाँस्दै अति आनन्दित भइस्, र परमेश्‍वरलाई धन्यवाद दिन रोकिँदैनस्। यस्तो शान्ति र आनन्द पवित्र आत्माको उपस्थितिबाट आउने साँचो शान्ति र आनन्द होइन। बरु, यो देहको सन्तुष्टिबाट प्राप्त हुने शान्ति र आनन्द हो। आज कुन युग हो त्यो तैंले बुझ्नुपर्छ; यो अनुग्रहको युग होइन, र अब यो तैँले रोटीले आफ्नो पेट भर्न प्रयास गर्ने समय होइन। तँ धेरै आनन्दित होलास्, किनकि तेरो परिवारको निम्ति सबै कुरा राम्रो भइरहेको हुन्छ, तर तेरो जीवनले अन्तिम सास फेर्दैछ–र यसरी तेरो आनन्द जति नै ठूलो भए पनि, पवित्र आत्मा तँसँग हुनुहुन्‍न। पवित्र आत्माको उपस्थिति प्राप्त गर्नु सरल कुरा हो: तैंले जे गर्नुपर्छ त्यो ठीकसँगले गर्, मानवको कर्तव्य र कार्य राम्रोसँग पूरा गर्, र तेरा कमी-कमजोरीहरू सुधार गर्न आफैलाई आवश्यक कुराहरूले सुसज्जित पार्। यदि तँमा सधैँ आफ्नो जीवनको लागि बोझ छ र परमेश्‍वरको सत्यता बुझेको वा परमेश्‍वरको वर्तमान कामलाई बुझेकोमा खुसी छस् भने त्यो साँच्चै पवित्र आत्माको उपस्थिति प्राप्त गर्नु हो। वा, यदि तैंले कसरी सामना गर्नुपर्छ भनी नजानेको समस्या सामना गर्नु पर्दा, वा तैंले सङ्गति गरेको सत्यता नबुझेकोले कहिलेकहीँ तँ चिन्ताले ग्रस्त हुन्छस् भने त्यसले पवित्र आत्मा तेरो साथमा हुनुहुन्छ भन्‍ने प्रमाण दिन्छ। यी जीवनको अनुभवका सामान्य अवस्थाहरू हुन्। तैंले पवित्र आत्माको उपस्थिति र अभाव बीचको भिन्नतालाई बुझ्नुपर्छ, र यसको बारेमा रहेको तेरो दृष्टिकोणमा अत्याधिक सरल हुनु हुँदैन।

यसभन्दा पहिले, पवित्र आत्माको उपस्थिति हुनु र पवित्र आत्माको काम हुनु फरक-फरक कुरा हो भनेर भनिएको थियो। पवित्र आत्माको उपस्थिति हुनुको सामान्य अवस्था सामान्य विचारहरू, सामान्य विवेक र सामान्य मानवतामा प्रकट हुन्छ। व्यक्तिको चरित्र पहिले जस्तो थियो त्यस्तै रहनेछ, तर तिनीहरूभित्र शान्ति हुनेछ, र बाहिरी रूपमा तिनीहरूमा सन्तको शिष्टता हुनेछ। पवित्र आत्मा तिनीहरूसँग हुनुहुँदा तिनीहरू यस्तै हुनेछन्। जब कसैसँग पवित्र आत्माको उपस्थिति हुन्छ, तिनीहरूको सोचविचार सामान्य हुन्छ। जब तिनीहरू भोकाउँछन् तब तिनीहरू खान चाहन्छन्, जब तिनीहरू तिर्खाउँछन् तिनीहरू पानी पिउन चाहन्छन्। … यस प्रकारको सामान्य मानवताको प्रकटीकरणहरू पवित्र आत्माको अन्तर्दृष्टि होइन; ती त पवित्र आत्माको उपस्थितिमा हुने मानिसहरूका सामान्य सोचाइ र सामान्य स्थिति हुन्। कतिपय मानिसहरूले गलत रूपमा के विश्‍वास गर्छन् भने, जोसँग पवित्र आत्माको उपस्थिति हुन्छ तिनीहरू भोकाउँदैनन्, तिनीहरू थाक्दैनन्, र तिनीहरूले आफ्नो परिवारको बारेमा सोच्दैनन्, आफैलाई देहबाट पूर्ण रूपले अलग गरेका हुन्छन्। वास्तवमा, मानिसहरूसँग पवित्र आत्मा जति धेरै रहनुहुन्छ, उनीहरू त्यति नै सामान्य हुन्छन्। तिनीहरू परमेश्‍वरको लागि दुःख भोग्न र काम-कुराहरूलाई त्याग्न, आफैलाई परमेश्‍वरको निम्ति अर्पण गर्न, र परमेश्‍वरप्रति बफादार हुन जान्दछन्; त्यसबाहेक, तिनीहरूले खाना र लुगाफाटोको बारेमा पनि विचार गर्छन्। अर्को शब्दमा भन्दा, मानिसहरूमा हुनुपर्ने र हुने सामान्य

मानवतालाई तिनीहरूले अलिकति पनि गुमाएका हुँदैनन्, बरु तिनीहरूमा खास तर्कशक्ति हुन्छ। कहिलेकहीँ तिनीहरूले परमेश्वरका वचनहरू पढ्छन् र परमेश्वरको कामको बारेमा चिन्तन गर्दछन्; तिनीहरूका हृदयमा विश्वास हुन्छ र तिनीहरू सत्यको पछि लाग्न इच्छुक हुन्छन्। स्वाभाविक रूपमा, पवित्र आत्माको काम यही जगमा आधारित हुन्छ। यदि मानिसहरूमा सामान्य सोचविचार छैन भने, तिनीहरूमा कुनै तर्कशक्ति हुँदैन—यो सामान्य अवस्था होइन। जब मानिसहरूमा सामान्य सोचविचार हुन्छ र पवित्र आत्मा तिनीहरूसँग हुनुहुन्छ, तिनीहरूमा अवश्य नै सामान्य मानिसको तर्कशक्ति हुन्छ, त्यसैले तिनीहरूसँग सामान्य अवस्था हुन्छ। परमेश्वरको कामको अनुभव गर्दा, पवित्र आत्माको काम कहिलेकहीँ प्राप्त हुन्छ, जबकि पवित्र आत्माको उपस्थिति प्रायः निरन्तर रहिरहन्छ। जबसम्म मानिसहरूको तर्कशक्ति र सोचविचार सामान्य हुन्छ, र जबसम्म तिनीहरूको अवस्था सामान्य हुन्छ, तबसम्म पवित्र आत्मा अवश्य नै तिनीहरूको साथमा रहनुहुन्छ। जब मानिसहरूका तर्कशक्ति र सोचविचार सामान्य हुँदैनन्, तब तिनीहरूको मानवता सामान्य हुँदैन। यदि यस क्षणमा, तँमा पवित्र आत्माको काम छ भने, पवित्र आत्मा निश्चय नै तँसँग हुनुहुनेछ। तर यदि पवित्र आत्मा तँसँग हुनुहुन्छ भने, यसले पवित्र आत्माले तँभित्र अवश्य नै काम गरिरहनुभएको छ भन्ने जनाउँदैन, किनकि पवित्र आत्माले विशेष समयहरूमा काम गर्नुहुन्छ। पवित्र आत्माको उपस्थिति प्राप्त गर्नुले मानिसको सामान्य अस्तित्वलाई मात्रै कायम राख्न सक्छ, तर पवित्र आत्माले निश्चित समयहरूमा मात्र काम गर्नुहुन्छ। उदाहरणका लागि, यदि तँ एक अगुवा वा सेवक होस् भने, जब तँ मण्डलीको लागि पानी हाल्छस् वा भरणपोषण गर्छस्, तब पवित्र आत्माले तँलाई केही वचनहरूको प्रकाश दिनुहुनेछ जुन अरूलाई निर्माण गर्ने किसिमको हुन्छ र त्यसले तेरा दाजुभाइ-दिदीबहिनीहरूका केही व्यावहारिक समस्याहरूलाई समाधान गर्न सक्छ—त्यस्तो समयमा पवित्र आत्माले काम गरिरहनुभएको हुन्छ। कहिलेकहीँ, जब तैँले परमेश्वरका वचनहरू खाइरहेको र पिइरहेको हुन्छस्, त्यस बेला पवित्र आत्माले तँलाई निश्चित वचनहरूको प्रकाश दिनुहुन्छ जुन तेरो आफ्नै अनुभवहरूसित सान्दर्भिक हुन्छन्, अनि त्यसले तँलाई आफ्नै अवस्थाको बारेमा अझ ठूलो ज्ञान दिन्छ; यो पनि पवित्र आत्माको काम नै हो। कहिलेकहीँ, जब म बोल्छु, तिमीहरू सुन्छौ र मेरो वचनहरूको आधारमा तिमीहरूको आफ्नै अवस्थालाई मापन गर्न सक्छौ, र कहिलेकहीँ तँ प्रभावित वा उत्प्रेरित हुन्छस्; यो सबै पवित्र आत्माको काम नै हो। कतिपय मानिसहरू पवित्र आत्माले तिनीहरूमा सधैँ काम गरिरहनुभएको छ भनी भन्छन्। यो असम्भव छ। यदि तिनीहरूले पवित्र आत्मा सधैँ उनीहरूको साथमा हुनुहुन्छ भनी भन्छन् भने त्यो यथार्थ परक हुनेथियो। यदि तिनीहरूले आफ्ना सोचविचार र चेतना सधैँ सामान्य छन् भनी भन्छन् भने त्यो पनि यथार्थ परक हुनेछ र त्यसले पवित्र आत्मा तिनीहरूसँग हुनुहुन्छ भनी देखाउनेथियो। यदि पवित्र आत्माले तिनीहरूमा सधैँ काम गरिरहनुभएको छ, तिनीहरूले परमेश्वरबाट अन्तर्दृष्टि पाएका छन् र प्रत्येक क्षण पवित्र आत्माद्वारा छोइएका छन् र हरसमय नयाँ ज्ञान प्राप्त गर्दछन् भनी भन्छन् भने, त्यो कुनै पनि हालतमा सामान्य कुरा होइन! यो पूर्ण रूपमा अलौकिक हो! त्यस्ता मानिसहरू दुष्टात्माहरू हुन् भन्नेमा कुनै शङ्का छैन! परमेश्वरका आत्मा देहमा आउनुहुँदा समेत, कहिलेकहीँ उहाँले खानु र विश्राम गर्नुपर्दछ भने—मानिसको बारेमा त झन् केही नभने हुन्छ।

दुष्ट आत्माहरूद्वारा ग्रस्त मानिसहरूमा देहको कुनै कमजोरी नभएको जस्तो देखिन्छ। तिनीहरूले सबै थोक छोड्न र त्याग्न सक्छन्, तिनीहरू भावनाबाट मुक्त हुन्छन्, यातना सहन सक्ने हुन्छन् र अलिकति पनि थकान महसुस गर्दैनन्, मानौं तिनीहरूले शरीरलाई पार गरिसकेका छन्। के यो अत्यन्त अलौकिक होइन र? दुष्टात्माहरूको काम अलौकिक हुन्छ—कुनै पनि मानिसले त्यस्तो कुरा हासिल गर्न सक्दैन! विवेकको कमी हुनेहरू त्यस्ता मानिसहरूलाई देख्दा ईर्ष्यालु हुन्छन्: परमेश्वरमाथिको आफ्नो विश्वासमा तिनीहरूसित जोश छ, ठूलो विश्वास छ भनी तिनीहरू भन्छन्, र कमजोरीको सानोभन्दा सानो चिन्ह समेत कहिल्यै देखाउँदैनन्! वास्तवमा ती सबै दुष्ट आत्माको कामका प्रकटीकरणहरू हुन्। किनकि, सामान्य मानिसहरूसित अपरिहार्य रूपमा नै मानवीय कमजोरीहरू हुन्छन्; जोसँग पवित्र आत्माको उपस्थिति हुन्छ तिनीहरूमा हुने सामान्य अवस्था यही नै हो।

आफ्नो गवाहीमा दृढ भएर खडा हुनु भनेको के हो? केही व्यक्तिहरूले अहिले गरिरहे जस्तै पछ्याउँछौं र उनीहरू जीवन प्राप्त गर्न सक्षम छन् कि छैनन् भन्ने वास्ता गर्दैनन् भनी भन्छन्; तिनीहरू जीवनको खोजी गर्दैनन्, तर तिनीहरू पछि पनि हट्दैनन्। तिनीहरू कामको यो चरण मात्र परमेश्वरले नै गर्नुहुन्छ भन्ने कुरालाई स्वीकार गर्छन्। के यो तिनीहरूको गवाहीमा असफल हुनु होइन र? त्यस्ता मानिसहरूले आफूलाई विजय गरिएको गवाही पनि दिँदैनन्। जितिएका मानिसहरूले अरू सबै कुराहरूको बाबजुत पनि पछ्याउँछन् र जीवनको खोजी गर्न सक्छन्। तिनीहरूले व्यावहारिक परमेश्वरमा विश्वास मात्र गर्दैनन्, तर परमेश्वरका सबै प्रबन्धहरू पछ्याउन पनि जान्दछन्। गवाही दिनेहरू त्यस्तै व्यक्तिहरू हुन्। गवाही नदिनेहरू कहिल्यै पनि जीवनको पछि लागेका हुँदैनन् र अझै पनि अस्तव्यस्त भएर पछ्याइरहेका हुन्छन्। तैँले पछ्याउँछस् होला, तर त्यसको अर्थ तँ जितिएको छस् भन्ने हुँदैन, किनकि तँलाई परमेश्वरको आजको कामको कुनै ज्ञान छैन। विजय गरिनको लागि केही सर्तहरू पूरा गर्नुपर्दछ। पछ्याउनेहरू सबै जितिन सक्दैनन्, किनकि आजका परमेश्वरलाई किन पछ्याउनुपर्छ भन्ने बारेमा तैँले आफ्नो हृदयमा केही पनि बुझ्दैनस्, न त तँलाई आजको दिनसम्म तँ कसरी आइपुगिस्, कसले तँलाई आजको दिनसम्म सहायता गर्‍यो सो कुरा नै जान्दछस्। केही व्यक्तिहरूको परमेश्वरमाथिको विश्वासको अभ्यास सधैँ अन्धाधुन्ध र अलमल्ल किसिमको हुन्छ; त्यसैले पछ्याउनुको अर्थ तँसित गवाही छ भन्ने हुँदैन। वास्तवमा, साँचो गवाही भनेको के हो? यहाँ कुरा गरिएको गवाहीका दुई भाग छन्: एउटा जितिएको गवाही हो, र अर्कोचाहिँ सिद्ध पारिएको गवाही हो (जुन स्वाभाविक रूपमा भविष्यको ठूला परीक्षाहरू र महासंकष्ट पछि हुनेछ)। अर्को शब्दमा, यदि तँ महासंकष्ट र परीक्षाहरूमा दृढ भएर खडा हुन सकिस् भने, तैँले गवाहीको दोस्रो चरण धारण गरेको हुनेछस्। आजको लागि महत्त्वपूर्ण भनेको गवाहीको पहिलो चरण नै हो: हरेक सजाय र न्यायको परीक्षाको अवधिमा दृढ भई खडा हुन सक्षम हुनु। विजय गरिनुको गवाही यही हो। किनकि विजयको समय अहिले नै हो। (पृथ्वीमा परमेश्वरले काम गर्नुहुने समय अहिले नै हो भन्ने कुरालाई तैँले याद गर्नुपर्छ; पृथ्वीमा देहधारी परमेश्वरको मुख्य काम भनेको मानिसहरूको यो समूहलाई जित्नु हो जसले न्याय र सजायबाट भएर जाँदा उहाँलाई पछ्याउँछ।) तैँले गवाही दिन सक्छस् कि सक्दैनस् भन्ने कुरा तैँले

अन्त्यसम्म पछ्याउन सक्छस् कि सक्दैनस् भन्ने कुरामा मात्र निर्भर नभएर, त्योभन्दा अझ महत्त्वपूर्ण कुरा, तैँले परमेश्‍वरको कामको प्रत्येक चरण अनुभव गर्ने क्रममा, तैँले परमेश्‍वरको सजाय र न्यायलाई साँचो रूपमा बुझ्न सक्छस् कि सक्दैनस्, र तैंले यो सारा कामलाई साँचो रूपमा बुझ्छस् कि बुझ्दैनस् भन्ने कुरामा निर्भर हुन्छ। तँ अन्त्यसम्म पछ्याएर मात्र उम्कन सक्दैनस्। तँ प्रत्येक सजाय र न्यायको अवधिमा स्वेच्छाले समर्पित हुन सक्नुपर्छ, तैंले अनुभव गर्ने कामको प्रत्येक चरणलाई साँच्चै राम्ररी बुझ्न सक्नुपर्छ, अनि परमेश्‍वरको स्वभावको ज्ञान र आज्ञापालन प्राप्त गर्न सक्नुपर्छ। विजय गरिनुको अन्तिम गवाही यही हो, जुन गवाही तैँले दिनुपर्छ। विजय गरिनुको गवाहीले मुख्य रूपमा देहधारी परमेश्‍वर सम्बन्धी तेरो ज्ञानलाई सङ्केत गर्दछ। अत्यन्त महत्त्वपूर्ण कुरा, गवाहीको यो चरण परमेश्‍वरको देहधारणको निम्ति हो। तैंले संसारका मानिसहरू वा अधिकार प्रयोग गर्ने व्यक्तिहरूका अगाडि के गर्छस् वा के भन्छस् भन्ने कुराको महत्त्व हुँदैन; सबैभन्दा महत्त्वपूर्ण कुरा के हो भने, तैँले परमेश्‍वरका मुखबाट निस्केका सबै वचनहरू र उहाँका सबै कामहरूलाई पालन गर्न सक्छस् कि सक्दैनस्। त्यसकारण, गवाहीको यो चरण शैतान र परमेश्‍वरका सबै शत्रुहरूप्रति निर्देशित हुन्छ—परमेश्‍वर दोस्रो पटक देह बन्‍नुहुनेछ र अझ महान् काम गर्न आउनुहुनेछ भनी विश्‍वास नगर्ने, यसबाहेक, परमेश्‍वर देहमा आउनुभएको तथ्यलाई पनि विश्‍वास नगर्ने भूतात्माहरू र शत्रुहरूप्रति निर्देशित हुन्छ। अर्को शब्दमा भन्दा, यो सम्पूर्ण ख्रीष्ट-विरोधीहरूमा निर्देशित हुन्छ—परमेश्‍वरको देहधारणमा विश्‍वास नगर्ने सबै शत्रुहरूप्रति।

परमेश्‍वरको बारेमा सोच्नु र परमेश्‍वरको तिर्सना गर्नुले तँ परमेश्‍वरद्‌वारा जितिएको छस् भन्ने प्रमाणित गर्दैन; यो तैंले उहाँ देह बन्‍नुभएका वचन हुनुहुन्छ भनी विश्‍वास गर्छस् कि गर्दैनस्, वचन देहधारी हुनुभएको छ भनी विश्‍वास गर्छस् कि गर्दैनस्, र परमेश्‍वरका आत्मा वचन बन्‍नुभएको छ भन्ने कुरामा विश्‍वास गर्छस् कि गर्दैनस्, र वचन देहमा प्रकट हुनुभएको छ भनी विश्‍वास गर्छस् कि गर्दैनस् भन्ने कुरामा निर्भर हुन्छ। मुख्य गवाही यही हो। तैँले कसरी पछ्याउँछस् त्यो महत्त्वपूर्ण छैन, न त तैँले आफैलाई कसरी समर्पित गर्छै त्यो नै महत्त्वपूर्ण हुन्छ; महत्त्वपूर्ण कुरा भनेको तैँले यस सामान्य मानवताबाट वचन देह बन्‍नुभएको छ र सत्यका आत्मा शरीरमा प्रकट हुनुभएको छ—सत्य, बाटो र जीवन सबै देहमा आएका छन्, परमेश्‍वरका आत्मा साँच्चै पृथ्वीमा आउनुभएको छ र आत्मा देहमा आउनुभएको छ भन्ने कुरालाई पत्ता लगाउन सक्छस् कि सक्दैनस् भन्ने हो। बाहिरबाट हेर्दा, यो पवित्र आत्माको धारणभन्दा फरक देखिने भए पनि, यस काममा तैंले आत्मा पहिले नै देह बन्‍नुभएको छ, यसबाहेक, वचन देहधारी बन्‍नुभएको छ र वचन देहमा देखा पर्नुभएको छ भन्ने कुरालाई स्पष्ट रूपमा देख्न सक्छस्। तैँले यी वचनहरूको सही अर्थ बुझ्न सक्छस्: “प्रारम्भमा वचन हुनुहुन्थ्यो, र वचन परमेश्‍वरसँग हुनुहुन्थ्यो, र वचन नै परमेश्‍वर हुनुहुन्थ्यो।” यसबाहेक, तैंले आजको वचन परमेश्‍वर हुनुहुन्छ भन्ने बुझ्नुपर्छ, र वचन देहधारी बन्‍नुहुन्छ भन्ने कुरालाई देख्नुपर्छ। तैंले दिन सक्ने सर्वोत्तम गवाही यही हो। परमेश्‍वर देहधारी बन्‍नुभएको छ भन्ने बारेमा तँसँग सही ज्ञान छ भन्ने यसैले प्रमाणित गर्दछ—तँ उहाँलाई चिन्‍न मात्र सक्दैनस् तर आज तँ हिँडिरहेको बाटो जीवनको बाटो हो र सत्यको बाटो हो भनेर पनि जान्दछस्। येशूले गर्नुभएको कामको चरणले “वचन परमेश्‍वरसँग हुनुहुन्थ्यो” भन्ने सार मात्र पूरा गर्‍यो: परमेश्‍वरको सत्यता

परमेश्वरसँग थियो, र परमेश्वरका आत्मा देहसँग हुनुहुन्थ्यो र त्यो देहबाट अलग गर्न नसकिने थियो। अर्थात्, देहधारी परमेश्वरको देह परमेश्वरका आत्माको साथमा हुनुहुन्थ्यो, जुन देहधारण गर्नुहुने येशू नै परमेश्वरको पहिलो देहधारण हुनुहुन्थ्यो भन्ने कुराको अझ ठूलो प्रमाण हो। कामको यो चरणले “वचन देह बन्नुहुन्छ” भन्ने वाक्यांशको सटीक रूपमा भित्री अर्थ पूरा गर्दछ, “वचन परमेश्वरसँग हुनुहुन्थ्यो, र वचन परमेश्वर हुनुहुन्थ्यो” भन्ने वाक्यांशमा गहिरो अर्थ थप्दछ र तँलाई “आदिमा वचन थियो” भन्ने वचनमा ठोस रूपमा विश्वास गर्ने तुल्याउँछ बनाउँछ। भन्नुको अर्थ के हो भने, सृष्टिको समयमा परमेश्वरसँग वचनहरू थिए, उहाँका वचनहरू उहाँसँगै थिए र उहाँबाट अलग हुन सक्दैनथे, अनि अन्तिम युगमा, उहाँले आफ्ना वचनहरूको शक्ति र अख्तियारलाई अझ स्पष्ट पार्नुहुन्छ र मानिसलाई उहाँका सबै मार्गहरू देख्ने–उहाँका सबै वचनहरू सुन्ने अनुमति दिनुहुन्छ। अन्तिम युगको काम यस्तै हो। तैँले यी कुराहरू सम्पूर्ण रूपमा बुझ्नुपर्छ। यो देहलाई जान्नुको सवाल होइन, तर तैँले देह र वचनलाई कसरी बुझ्छस् भन्ने कुराको सवाल हो। यो तैँले धारण गर्नुपर्ने, सबैले जान्नुपर्ने गवाही हो। यो दोस्रो देहधारणको काम हो–र परमेश्वर देह बन्नुहुने अन्तिम पटक हो–त्यसैले यसले देहधारणको महत्त्वलाई पूर्ण रूपमा पूरा गर्दछ, र देहमा परमेश्वरका सम्पूर्ण कामहरूलाई पूरा र प्रस्तुत गर्दछ, परमेश्वर देहमा हुनुहुने युगलाई समाप्त गर्दछ। यसैले, तैँले देहधारणको अर्थ जान्नुपर्छ। तँ कति धेरै दगुरिहिंड्छस्, वा तैँले अरू बाहिरी कुराहरू कति राम्ररी गर्छस् भन्ने कुराले फरक पार्दैन; तर तँ देहधारी परमेश्वरको सामु साँच्चै समर्पित हुन र तेरो सम्पूर्ण अस्तित्व परमेश्वरमा समर्पण गर्न, र उहाँको मुखबाट निस्कने सबै वचनहरू पालन गर्न सक्छस् कि सक्दैनस् भन्ने कुरा महत्त्वपूर्ण हुन्छ। तैँले यही नै गर्नुपर्दछ, र तैँले यसैलाई पालन गर्नुपर्छ।

गवाहीको अन्तिम चरण भनेको तँ सिद्ध बनाइने योग्यको छस् कि छैनस् भन्ने कुराको गवाही हो–भन्नुको अर्थ, देहधारी परमेश्वरको मुखबाट बोलिएका सबै वचनहरू बुझिसकेपछि तँमा परमेश्वरको बारेमा ज्ञान हुन्छ र तँ उहाँको बारेमा निश्चित हुन्छस्, र तँ परमेश्वरको मुखबाट निस्केका सबै वचनअनुसार जिउँछस्, र परमेश्वरले तँबाट माग्नुभएका सर्तहरू हासिल गर्छस्–पत्रुसको शैली र अय्यूबको विश्वास–यहाँसम्म कि तँ मृत्युसम्म आज्ञा पालन गर्न सक्छस्, आफूलाई पूर्णरूपमा उहाँमा समर्पित गर्न सक्छस्, र अन्त्यमा एक यस्तो व्यक्तिको स्वरूप प्राप्त गर्न सक्छस् जुन मापदण्ड अनुसारको हुन्छ, अर्थात् यस्तो व्यक्तिको स्वरूप जो परमेश्वरको न्याय र सजाय अनुभव गरेपछि विजय गरिएको र सिद्ध पारिएको हुन्छ। अन्तिम गवाही यही हो–सिद्ध बनाइएको व्यक्तिले अन्त्यमा दिनुपर्ने गवाही यही हो। तैँले दिनुपर्ने गवाहीका दुई चरण यी नै हुन्, ती अन्तर-सम्बन्धित र अपरिहार्य छन्। तर तैँले जान्नैपर्ने एउटा कुरा छ: आज मैले तँबाट चाहेको गवाही संसारका मानिसहरूप्रति निर्देशित छैन, न त कुनै एकल व्यक्तिप्रति नै छ, तर मैले तँलाई गर्न भनी भनेको कुरामा निर्देशित छ। तैँले मलाई सन्तुष्ट पार्न सक्छस् कि सक्दैनस्, साथै मैले तिमीहरू प्रत्येकबाट माग गरेका सर्तहरूको मापदण्ड तैँले पूर्ण रूपमा पूरा गर्न सक्छस् कि सक्दैनस् भन्ने कुराद्वारा यसको मापन गरिन्छ। तैँले बुझ्नुपर्ने कुरा यही नै हो।

# अभ्यास (५)

अनुग्रहको युगको अवधिमा, येशूले केही वचनहरू बोल्नुभयो र एक चरणको काम गर्नुभयो। ती सबैको निम्ति एउटा सन्दर्भ थियो र त्यस समयका मानिसहरूको अवस्थाको निम्ति ती उचित थिए; येशूले त्यस बेलाको सन्दर्भ अनुसार बोल्नुभयो र काम गर्नुभयो। उहाँले केही अगमवाणीहरू पनि गर्नुभयो। आखिरी दिनहरूमा सत्यको आत्मा आउनुहुनेछ र कामको एक चरणको कामलाई अघि बढाउनुहुनेछ भनेर येशूले अगमवाणी गर्नुभयो। भन्नुको अर्थ, त्यस युगमा उहाँ आफैले गर्नुपर्ने कामबाहेक उहाँलाई केही पनि थाहा थिएन; अर्को शब्दमा, देहधारी परमेश्‍वरले ल्याउनुभएको काम सीमित छ। यसैले, उहाँले आफू जुन युगमा हुनुहुन्छ त्यही युगको काम मात्र गर्नुहुन्छ र उहाँसँग सम्बन्ध नभएका अन्य काम गर्नुहुन्‍न। त्यस बेला, येशूले भावना वा दर्शनहरू अनुसार काम गर्नुभएन, तर समय र सन्दर्भसँग मेल खाने किसिमले काम गर्नुभयो। उहाँलाई कसैले पनि अगुवाइ वा मार्गदर्शन गरेन। उहाँको कामको सम्पूर्णता नै उहाँको आफ्नै अस्तित्व थियो—यो परमेश्‍वरको देहधारी आत्माले अघि बढाउनुपर्ने काम थियो, जुन देहधारणले अस्तित्वमा ल्याएको सारा काम थियो। येशूले उहाँ आफैले जे देख्नुभएको र सुन्‍नुभएको थियो त्यही अनुसार मात्र काम गर्नुभयो। अर्को शब्दमा, आत्माले प्रत्यक्ष रूपमा काम गर्नुभयो; उहाँको निम्ति सन्देश वाहकहरू प्रकट भएर उहाँलाई सपनाहरू दिनुपर्ने आवश्यकता थिएन, न त उहाँमाथि कुनै महान् ज्योति चम्केर उहाँलाई देख्‍ने नै तुल्याउनु पर्‍यो। उहाँले स्वतन्त्र भएर विना अवरोध काम गर्नुभयो, किनभने उहाँको काम भावनाहरूमा आधारित थिएन। अर्को शब्दमा, जब उहाँले काम गर्नुभयो, उहाँले छामछाम-छुमछुम गर्नुभएन र अनुमान लगाउनुभएन, तर उहाँका आफ्नै विचारहरू र उहाँका आफ्नै आँखाले देख्नुभएका कुराहरूको आधारमा काम गर्दै र बोल्दै आफूलाई पछ्याउने चेलाहरूलाई तत्कालीन भरणपोषण उपलब्ध गराउँदै सहजताका साथ काम कुराहरू पूरा गर्नुभयो। परमेश्‍वरको काम र मानिसहरूको काम बीचको फरक यही हो: जब मानिसहरूले काम गर्छन्, तिनीहरूले थप गहिराइ हासिल गर्न अरूले बसालेको जगको आधारमा सधैँ अनुकरण गर्दै र सोचविचार गर्दै खोज्छन् र छामछाम-छुमछुम गर्छन्। परमेश्‍वरको काम उहाँ जो हुनुहुन्छ त्यसको प्रबन्ध हो र उहाँले आफूले गर्नुपर्ने काम गर्नुहुन्छ। उहाँले कुनै पनि मानिसको ज्ञानलाई प्रयोग गरेर मण्डलीलाई भरण-पोषण प्रदान गर्नुहुन्‍न। बरु, उहाँले मानिसहरूको अवस्थामा आधारित भएर वर्तमान काम गर्नुहुन्छ। तसर्थ, यस तरिकाले काम गर्नु मानिसहरूले गर्ने कामभन्दा हजारौं गुणा बढी स्वतन्त्र हुन्छ। मानिसहरूलाई परमेश्‍वरले आफ्नो कर्तव्य पूरा गर्नुहुन्‍न र उहाँलाई जसरी मन लाग्छ त्यसरी काम गर्नुहुन्छ जस्तो पनि लाग्‍न सक्छ—तर उहाँले गर्नुहने सबै काम नयाँ छ। तैपनि, तैंले देहधारी परमेश्‍वरको काम कहिल्यै पनि भावनाहरूमा आधारित हुँदैन भन्‍ने जान्‍नुपर्छ। त्यस समय, येशूले क्रूसमा टाँगिनुपर्ने आफ्नो काम सिध्याउनुभएपश्‍चात, येशूलाई पछ्याउने चेलाहरूले उनीहरू आफ्नो अनुभवको कुनै खास स्थितिमा पुगेपछि परमेश्‍वरको दिन नजिकै आएको र उनीहरूले चाँडै प्रभुलाई भेट्नेछन् भन्‍ने अनुभूति गरे। उनीहरूको भावना यही थियो, र उनीहरूको लागि यो भावना अत्यन्त महत्त्वपूर्ण थियो। तर वास्तवमा, मानिसहरूभित्रका भावनाहरू भरोसायोग्य हुँदैनन्। उनीहरूले सायद आफूहरू बाटोको अन्त्यमा पुग्‍न लागेको, वा उनीहरूले गरेका र कष्ट भोगेका सबै

कुराहरू परमेश्‍वरले नै पूर्वनिर्धारित गर्नुभएको थियो भन्‍ने अनुभूति गरे। पावलले पनि आफूले दौड सिद्ध्याइसकेको र उत्तम लड़ाइँ लडिसकेको अनि आफ्नो निम्ति धार्मिकताको मुकुट राखिसकिएको कुरा गरेका थिए। तिनले गरेको अनुभूति यही थियो, र यसको बारेमा तिनले पत्रहरू लेखे र मण्डलीहरूलाई पठाए। त्यस्ता कार्यहरू तिनले मण्डलीहरूका लागि बोकेको बोझबाट आए र यसरी पवित्र आत्माद्‌वारा बेवास्ता गरिए। जब पावलले यी वचनहरू बोले, तिनमा असहजताको कुनै भाव थिएन, न त तिनले कुनै प्रकारको दोष नै महसुस गरे, त्यसैले तिनले त्यस्ता कुराहरू अति सामान्य र बिलकुल सही थिए, र ती पवित्र आत्माबाट आएका थिए भन्‍ने विश्‍वास गरे। तर आजको दृष्टिकोणबाट हेर्दा ती बिलकुलै पवित्र आत्माबाट आएका थिएनन्। ती अरू केही नभएर मानिसका भ्रम मात्र थिए। मानिसहरूभित्र धेरै भ्रमहरू छन्, र ती प्रकट हुँदा परमेश्‍वरले तीमाथि ध्यान दिनुहुन्‍न वा कुनै विचार व्यक्त गर्नुहुन्‍न। पवित्र आत्माका धेरैजसो काम मानिसहरूका भावनाहरूमार्फत पूरा गरिँदैनन्—परमेश्‍वर देह बन्‍नुभन्दा अघिको कठिन, अन्धकार समयमा वा कुनै प्रेरित वा कारिन्दाहरू नभएको समयमा बाहेक पवित्र आत्माले मानिसहरूका भावनाहरूभित्र काम गर्नुहुन्‍न। कामको त्यस चरणमा पवित्र आत्माको कामले मानिसहरूलाई केही विशेष भावना जगाउँछ। उदाहरणको लागि: जब मानिसहरूलाई परमेश्‍वरका वचनहरूको मार्गनिर्देशन हुँदैन, तब उनीहरूले प्रार्थना गर्दा खुसीको अवर्णनीय बोध हुन्छ; उनीहरूको हृदयमा आनन्दको अनुभूति हुन्छ, र उनीहरू शान्ति र सहजतामा हुन्छन्। एकपटक वचनहरूको मार्गनिर्देशन प्राप्त गरेपछि मानिसहरू उनीहरूका आत्मामा उज्यालो महसुस गर्छन्, उनीहरूका कार्यहरूमा अभ्यासको मार्ग हुन्छ, र अवश्य पनि, उनीहरूमा शान्ति र सहजताका भावनाहरू पनि हुन्छन्। जब मानिसहरूले खतराको सामना गर्छन्, वा परमेश्‍वरले उनीहरूलाई केही कुराहरू गर्नबाट रोक्‍नुहुन्छ, उनीहरू आफ्नो हृदयमा अशान्त र असहज महसुस गर्छन्। यी सबै पवित्र आत्माले मानिसलाई प्रदान गर्नुभएका भावनाहरू हुन्। तैपनि, यदि प्रतिकूल वातावरणले भयको स्थिति उत्पन्‍न गर्‍यो र त्यसले मानिसलाई अति नै चिन्तित र डरपोक बनाउँछ भने, त्यो मानवजातिको सामान्य अभिव्यक्ति हो र पवित्र आत्माको कामसँग त्यसको कुनै सम्बन्ध हुँदैन।

मानिसहरू सधैं आफ्ना भावनाहरूमाझ बाँचिरहेका हुन्छन्, र तिनीहरूले धेरै वर्षदेखि त्यसो गर्दैआएका छन्। जब उनीहरूको हृदयमा शान्ति हुन्छ, उनीहरूले (उनीहरू इच्छुक हुनु शान्तिको भावना हो भन्‍ने विश्‍वास गर्दै) कार्य गर्छन्, र जब उनीहरूको हृदयमा शान्ति हुँदैन, उनीहरूले (उनीहरूका अनिच्छा वा अरुचि असहजताको भावना हो भनी विश्‍वास गर्दै) कार्य गर्दैनन्। यदि स्थिति सहज छ भने उनीहरू यो परमेश्‍वरको इच्छा हो भन्‍ने सोच्छन्। (वास्तवमा, यो यस्तो कुरा हो जुन सहज रूपमा चल्नुपर्छ, किनकि यो वस्तुहरूको प्राकृतिक नियम हो।) जब स्थिति सहज हुँदैन, तब उनीहरू त्यो परमेश्‍वरको इच्छा होइन भन्‍ने सोच्छन्। जब उनीहरूले त्यस्तो कुराको सामना गर्छन् जुन सहज हुँदैन, उनीहरू रोकिन्छन्। त्यस्ता भावनाहरू सही हुँदैनन्, र ती भावनाअनुसार कार्य गर्नाले धेरै ढिलाइहरू उत्पन्‍न हुन्छन्। उदाहरणको लागि, निश्‍चय नै सत्यतालाई व्यवहारमा उतार्न गाह्रो हुन्छ र परमेश्‍वरको इच्छाको काम गर्नु त अझ धेरै कठिन हुन्छ। धेरैवटा सकारात्मक कुराहरू महसुस गर्न गाह्रो हुन्छ। जस्तै भनाइ नै छ नि, "असल कुरा महसुस गर्नुभन्दा

अघि प्रायः कठिन कुराहरू अनुभव गर्नुपर्ने हुन्छ।” मानिसहरूको व्यावहारिक जीवनमा औधी धेरै भावनाहरू हुन्छन्, ती भावनाहरूले उनीहरूलाई अन्योलमा पार्छन् र धेरै कुराहरूको बारेमा अनिश्चित तुल्याउँछन्। मानिसहरूले सत्यतालाई नबुझेसम्म उनीहरूका निम्ति केही पनि स्पष्ट हुँदैन। तर सामान्यतः जब उनीहरूले भावनाहरूअनुसार काम गर्छन् वा बोल्छन्, यो कुराले प्राथमिक सिद्धान्तहरूको उल्लङ्घन नगरुन्जेलसम्म, पवित्र आत्माले केही पनि प्रतिक्रिया गर्नुहुन्न। यो पावलले महसुस गरेको “धार्मिकताको मुकुट” जस्तो हो: धेरै वर्षसम्म कसैले पनि तिनको भावना गलत छ भनेर विश्वास गरेन, न त पावल आफैले नै आफ्ना भावनाहरू गलत भएको महसुस गरे। मानिसका भावनाहरू कहाँबाट आउँछन् त? तिनीहरू वास्तवमा उनीहरूको दिमागबाट आउने प्रतिक्रियाहरू हुन्। विभिन्न वातावरण र विभिन्न मामिलाअनुसार विभिन्न भावनाहरू उत्पन्न हुन्छन्। धेरैजसो समय, मानिसहरूले मानवीय तर्कअनुसार सुत्रात्मक ढाँचा प्राप्त गर्ने निष्कर्षहरू निकाल्छन्, जसको परिणामस्वरूप धेरै मानवीय भावनाहरू निर्माण हुन्छन्। यो कुरालाई महसुसै नगरी, मानिसहरू उनीहरूका आफ्नै तार्किक निष्कर्षहरूमा प्रवेश गर्छन्, र यसरी यी भावनाहरू मानिसहरूले आफ्नो जीवन जिउने आधार बन्छन्; ती भावनाहरू उनीहरूको जीवनमा संवेगात्मक बैसाखी बन्छन्, जस्तै पावलको “धार्मिकताको मुकुट” वा विटनेस लीले “प्रभुलाई आकाशमा भेट्नु।” परमेश्वरका निम्ति मानिसका यी भावनाहरूमा हस्तक्षेप गर्ने कुनै उपाय छैन र उहाँले उनीहरूलाई उनीहरूकै इच्छाअनुसार बढन दिनु नै पर्छ। आज, मैले तँसित सत्यताको विभिन्न पक्षबारे स्पष्ट रूपमा कुरा गरेको छु। यदि तँ आफ्ना भावनाहरूअनुसार अगि बढिरहन्छस् भने के तँ अझै पनि अस्पष्टताको बीचमा बाँचिरहेको छैनस् र? तैँले तेरो लागि स्पष्ट रूपमा तय गरिएका वचनहरू स्वीकार गर्दैनस्, र सधैं तेरा व्यक्तिगत भावनाहरूमा भरोसा गर्छस्। यसमा, के तँ एउटा हात्तीलाई छाम्ने अन्धो मानिसजस्तो छैनस् र? र तँ आखिरमा के नै प्राप्त गर्नेछस् र?

आज देहधारी परमेश्वरले गर्नुभएका सबै कामहरू वास्तविक छन्। यो तैँले महसुस गर्न सक्ने कुरा होइन, वा तैँले कल्पना गर्न सक्ने कुरा होइन, झन् यो तैंले निष्कर्ष निकाल्न सक्ने कुरा हुने त कुरै नगरौं–यो त यस्तो कुरा हो जसलाई तैँले तँमाथि तथ्यहरू आएपछि मात्र बुझ्न सक्छस्। कहिलेकहीं, तथ्यहरू आए पनि तैँले अझै स्पष्ट रूपमा देख्न सक्दैनस्, र मानिसहरूले तबसम्म बुझ्नेछैनन् जबसम्म व्यक्तिगत रूपमै परमेश्वर आफैले घटित भइरहेका साँचो तथ्यहरूलाई ठूलो रूपमा स्पष्टता प्रदान गर्नुहुन्न। त्यस बेला, येशूलाई पछ्याउने चेलाहरूमाझ धेरै भ्रमहरू थिए। उनीहरूले परमेश्वरको दिन नजिकै आउँदैछ र उनीहरू प्रभुको लागि चाँडै मर्नेछन् र चाँडै प्रभु येशूसँग भेट्नेछन् भन्ने विश्वास गरे। यही भावनाको कारण पत्रुसले पूरै सात वर्ष पर्खे तैपनि त्यो दिन आएन। उनीहरूले आफ्नो जीवन परिपक्व भएको महसुस गरे; उनीहरूभित्रका भावनाहरू वृद्धि हुँदै गए र यी भावनाहरू अझ बढी तीव्र भए, तर उनीहरूले धेरै असफलताहरू भोगे र सफलता हासिल गर्न सकेनन्। के हुँदैछ भन्ने उनीहरू आफैलाई थाहा थिएन। के पवित्र आत्माबाट साँचो रूपले आएको कुरा पूरा हुन सक्दैनथ्यो त? मानिसहरूका भावनाहरू भरोसायोग्य हुँदैनन्। मानिसहरूका आ-आफ्नै सोच्ने तरिका र विचारहरू हुन्छन्, त्यसकारण, उनीहरूले त्यस समयको परिप्रेक्ष्य र अवस्थाहरूको आधारमा असंख्य सम्बन्ध र अर्थहरू निर्माण गर्छन्। विशेष रूपमा, जब

सोचविचार गर्ने स्वस्थ तरिकाहरू भएका मानिसहरूलाई केही हुन्छ, उनीहरू अति उत्तेजित हुन्छन् र असंख्य सम्बन्ध र अर्थहरू निर्माण नगरिरहन सक्दैनन्। यो विशेष गरी उच्च ज्ञान र सिद्धान्तहरू भएका "विशेषज्ञहरू" मा लागू हुन्छ, जसका सम्बन्ध र अर्थहरू संसारसँग धेरै वर्षको कार्य-व्यवहारपछि अझ प्रचुर हुन्छन्; उनीहरूले महसुसै नगरी, ती कुराहरूले उनीहरूका हृदयलाई नियन्त्रणमा लिन्छन् र ती कुराहरू उनीहरूका अति नै शक्तिशाली भावनाहरू बन्छन्, र उनीहरू ती कुराहरूसँग सन्तुष्ट हुन्छन्। जब मानिसहरूले केही गर्न चाहन्छन्, उनीहरूभित्र भावना र कल्पनाहरू देखा पर्दछन् अनि उनीहरूले आफू सही छु भन्ने सोच्दछन्। पछि, जब उनीहरूले ती कुराहरू पूरा नभएका देख्छन्, तब उनीहरूले के गलत गलत भयो भन्ने बुझ्दैनन्। सायद उनीहरूले परमेश्वरले नै आफ्नो योजना बदल्नुभयो भन्ने विश्वास गर्छन्।

सबै मानिसहरूमा अपरिहार्य रूपमा भावनाहरू हुन्छन्। व्यवस्थाको युगमा धेरै मानिसहरूमा पनि केही निश्चित भावनाहरू थिए, तर उनीहरूका भावनाहरूमा आजका मानिसहरूको भन्दा कम त्रुटिहरू थिए। किनकि, पहिले, मानिसहरूले यहोवा देखा पर्नुभएको देख्न सक्थे; उनीहरूले सन्देशवाहकहरू देख्न सक्थे र उनीहरूलाई सपनाहरू आउँथ्यो। आजका मानिसहरू ईश्वरीय दर्शनहरू वा सन्देशवाहकहरू देख्न सक्दैनन्, र यसरी उनीहरूका भावनाहरूमा रहेका त्रुटिहरूमा बढोत्तरी भएको छ। जब आजका मानिसहरूले केही कुरालाई विशेष रूपमा सही भएको महसुस गर्छ र त्यसलाई व्यवहारमा ल्याउँछन्, तब पवित्र आत्माले उनीहरूलाई दोष लगाउनुहुन्न, अनि तिनीहरूलाई मनभित्र शान्ति मिल्छ। यो तथ्यपश्चात, सङ्गति वा परमेश्वरको वचन पढेर मात्र उनीहरूले आफू गलत रहेको थाहा पाउँछन्। यसको एउटा पक्ष के हो भने त्यहाँ मानिसहरूकहाँ देखा पर्ने कोही पनि सन्देशवाहकहरू छैनन्, सपनाहरू विरलै मात्र आउँछन्, र मानिसहरूले आकाशमा कुनै पनि ईश्वरीय दर्शनहरू देख्दैनन्। अर्को पक्ष के हो भने पवित्र आत्माले मानिसहरूभित्र उहाँको ताडना र अनुशासन कारबाही बढाउनुहुन्न; उनीहरूभित्र पवित्र आत्माको काम विरलै हुन्छ। तसर्थ, यदि मानिसहरूले परमेश्वरका वचनहरू खाँदैनन् र पिउँदैनन्, व्यावहारिक रूपमा सत्यको खोजी गर्दैनन्, र अभ्यासको मार्ग बुझ्दैनन् भने उनीहरूले केही पनि हासिल गर्नेछैनन्। पवित्र आत्माको कामका सिद्धान्तहरू यसप्रकार छन्: उहाँले त्यो कुरामा ध्यान दिनुहुन्न, जसको सम्बन्ध उहाँको कामसँग छैन; यदि कुनै कुरा उहाँको कार्यक्षेत्रको दायराभित्र छैन भने, उहाँले कहिल्यै पनि हस्तक्षेप वा मध्यस्थता गर्नुहुन्न, मानिसहरूलाई उनीहरूले चाहेका जुनसुकै समस्या खडा गर्न दिनुहुन्छ। तँ जसरी चाहन्छस् त्यसरी कार्य गर्न सक्छस्, तर त्यो दिन आउनेछ, जुन दिन तैंले आफैलाई आतंक र हानिले ग्रस्त भएको पाउनेछस्। परमेश्वर केवल उहाँको आफ्नै देहमा मात्र एकाग्र मनले काम गर्नुहुन्छ, उहाँले मानिसको काममा कहिल्यै हस्तक्षेप गर्नुहुन्न। यसको सट्टा, उहाँले मानिसको संसारलाई फराकिलो ठाउँ दिनुहुन्छ, र आफूले गर्नुपर्ने कामहरू गर्नुहुन्छ। यदि तैंले आज केही गलत गरिस् भने तँलाई दोष लगाइने छैन, न त भोलि तैंले केही राम्रो गरिस् भने तँलाई पुरस्कार नै दिइनेछ। यी मानवीय विषयहरू हुन्, र यिनको पवित्र आत्माको कामसँग अलिकति पनि सम्बन्ध हुँदैन—यो मेरो कामको दायराभित्र बिलकुलै पर्दैन।

पत्रुसले आफूले काम गरिरहेका समयमा धेरै वचनहरू बोले, र धेरै कामहरू गरे। के यो कुनै

पनि मानवीय विचारहरूबाट नआएको हुनु सम्भव छ? किनकि यो सम्पूर्ण रूपले पवित्र आत्माबाट आउन असम्भव छ। पत्रुस केवल परमेश्‍वरको एक सृष्टि थिए, तिनी एक अनुयायी थिए, तिनी पत्रुस थिए, येशू थिएनन् र उहाँहरूका सार एकसमान थिएनन्। पत्रुस पवित्र आत्माद्वारा पठाइएका भए पनि तिनले गरेका सबै काम-कुराहरू पवित्र आत्माबाट आएका थिएनन्, किनकि आखिर तिनी एक मानिस मात्र थिए। पावलले पनि धेरै वचनहरू बोले र तिनले मण्डलीहरूलाई थोरै पत्रहरू लेखेनन्, तीमध्ये कतिपय बाइबलमा संकलित गरिएका छन्। पवित्र आत्माले कुनै रायहरू व्यक्त गर्नुभएन, किनकि त्यस बेला पावललाई पवित्र आत्माले प्रयोग गरिरहनुभएको थियो। तिनले केही अनुभव र ज्ञानहरू प्राप्त गरे, र तिनले ती कुराहरूलाई लेखे, र प्रभुमा तिनका भाई-बहिनीहरूलाई हस्तान्तरण गरिदिए। येशूको कुनै प्रतिक्रिया थिएन। किन त्यस बेला पवित्र आत्माले तिनलाई रोक्नुभएन? किनकि मानिसहरूको सामान्य सोच्ने तरिकाबाट केही अशुद्धताहरू आउँछन्; यो अपरिहार्य कुरा हो। यसबाहेक, तिनका कार्यहरू हस्तक्षेप वा विघ्नवाधाको हदसम्म पुगेनन्। जब मानवताबाट यस किसिमको केही काम हुन्छ, तब मानिसहरूले त्यसलाई स्वीकार गर्न सजिलो हुन्छ। यदि मानिसको सामान्य सोच्ने तरिकाका अशुद्धताहरूले कुनै कुरामा हस्तक्षेप गर्दैनन् भने, तिनहरू सामान्य मानिन्छ। अर्को शब्दमा, सामान्य सोच्ने तरिका भएका सबै मानिसहरूले त्यस प्रकारले सोच्न सक्छन्। जब मानिसहरू देहमा जिउँछन्, उनीहरूका सोचविचार गर्ने आफ्नै तरिका हुन्छन्, तर ती विचारहरूलाई उखेलेर फ्याक्ने कुनै तरिका हुँदैन। तैपनि, केही समय परमेश्‍वरको कामको अनुभव गरेपछि र केही सत्य बुझेपछि, यस प्रकारले सोचविचार गर्ने तरिकाहरू थोरै हुनेछन्। जब उनीहरूले धेरै कुराहरूको अनुभव गरेका हुन्छन्, तब उनीहरूले स्पष्ट रूपमा देख्न सक्नेछन् र यसरी विभिन्न काम-कुराहरूमा कम बाधा पुर्‍याउनेछन्। अर्को शब्दमा, जब मानिसहरूका कल्पना र तार्किक निष्कर्षहरू खण्डन गरिन्छन्, तब उनीहरूको असामान्य भावनाहरू कम हुनेछन्। देहमा जिउने सबैको आ-आफ्नै सोच्ने तरिका हुन्छ, तर आखिरमा, परमेश्‍वरले उनीहरूमा त्यो हदसम्म काम गर्नुहुन्छ कि उनीहरूको सोच्ने तरिकाले उनीहरूलाई बाधा पुर्‍याउन सक्नेछैन, उनीहरू अबउप्रान्त आफ्नो जीवनका भावनाहरूमा भर पर्नेछैनन्, उनीहरूको वास्तविक कद बढ्नेछ, र उनीहरू वास्तविकतामा परमेश्‍वरका वचनहरूअनुसार जिउन सक्नेछन्, र अबउप्रान्त उनीहरूले अस्पष्ट वा निरर्थक काम-कुराहरू गर्नेछैनन्, र उनीहरूले विघ्नवाधा खडा गर्ने कार्यहरू गर्नेछैनन्। यसप्रकार उनीहरूका भ्रम अबउप्रान्त रहँदैनन्, र यस समयपश्चात उनीहरूका कार्यहरू उनीहरूको वास्तविक कदअनुरूपका हुनेछन्।

## विजयको कामको भित्री सत्यता (१)

मानवजाति शैतानद्वारा यति गम्भीर रूपले भ्रष्ट भएको छ कि उसले परमेश्‍वर हुनुहुन्छ भनी जान्दैन, र उसले परमेश्‍वरको आराधाना गर्न छाडेको छ। आदिमा, जब आदम र हव्वाको सृष्टि गरिएको थियो, यहोवाको महिमा र गवाही सधैं उपस्थित थिए। तर भ्रष्ट बनेपछि, मानिसले त्यो महिमा र गवाही गुमायो, किनकि सबैले परमेश्‍वरको विरुद्धमा विद्रोह गरे, र उहाँलाई पूरै आदर

गर्न छाडे। आजको विजयको काम भनेको सम्पूर्ण गवाही र सम्पूर्ण महिमा फेरि प्राप्त गर्नु, र सबै मानिसहरूलाई परमेश्‍वरको आराधाना गर्ने बनाउनु हो, यसैले कि सृष्टि गरिएकाहरूका बीचमा गवाही होस्; यो यस चरणको दौरान गर्नुपर्ने काम हो। वास्तवमा, कसरी मानवजातिमाथि विजय प्राप्त गर्नुपर्छ? मानिसलाई पूर्ण रूपमा विश्‍वास दिलाउन यस चरणको कामका वचनहरू प्रयोग गर्दै; उसलाई पूर्ण रूपमा मनाउन न्याय, सजाय र क्रूर श्राप प्रयोग गर्दै; मानिसको विद्रोहीपनलाई खुलासा गर्दै अनि उसको प्रतिरोधको न्याय गर्दै ताकि उसले मानवजातिको अधार्मिकता र फोहोरलाई जान्न सकोस्, र यसरी ती चीजहरूलाई परमेश्‍वरको धार्मिक स्वभावको प्रतिभारको रूपमा प्रयोग गर्न सकोस्। मुख्य रूपमा यी वचनहरूद्वारा नै मानिस उपर विजय प्राप्त गर्न र पूर्ण रूपमा राजी बनाउन सकिन्छ। वचनहरू मानवजातिलाई जित्ने अन्तिम माध्यम हुन्, र सबै जसले परमेश्‍वरको विजयलाई स्वीकार गर्दछन् उहाँको वचनको प्रहार र न्यायलाई पनि स्वीकार गर्नुपर्दछ। आजको बोल्ने प्रक्रिया ठ्याक्कै जित्ने प्रक्रिया हो। अनि मानिसहरूले कसरी सहयोग गर्नुपर्छ? यी वचनहरू कसरी खाने र पिउने भनी जान्दै, र ती बुझ्ने समझ प्राप्त गर्दै। मानिसहरूलाई कसरी जित्ने भन्ने सम्बन्धमा, तिनीहरू आफैँले गर्न सक्ने केही कुरा होइन। यी वचनहरू खाएर अनि पिएर तैँले गर्न सक्ने आफ्नो भ्रष्टता र फोहोर, आफ्नो विद्रोहीपन र अधार्मिकता थाहा पाउँने, र परमेश्‍वरको अगाडि अगि निहुरिने मात्र हो। यदि, परमेश्‍वरको इच्छा बुझेपछि, तैँले अभ्यास गर्न सकिस्, र यदि तँसँग दर्शनहरू छन् र यी वचनहरूप्रति पूर्ण रूपमा समर्पित हुन सकिस्, र आफैले कुनै छनौट गर्दैनस् भने, तँमाथि विजय भएको हुनेछ-अनि त्यो यी वचनहरूकै फलस्वरूप भएको हुनेछ। किन मानवजातिले गवाही गुमायो? किनकि परमेश्‍वरमाथि कसैको विश्‍वास छैन, किनकि मानिसहरूको हृदयमा परमेश्‍वरको कुनै स्थान छैन। मानवजातिलाई जित्नु भनेको मानवजातिको विश्‍वास पुनर्स्थापना गर्नु हो। मानिसहरू सधैँ अनियन्त्रित रूपमा सांसारिक संसारमा दगुर्न चाहन्छन्, तिनीहरूले अत्यधिक आशा राख्छन्, तिनीहरूको भविष्यका लागि धेरै नै कुराहरू चाहन्छन्, र तिनीहरूका धेरै नै असाधारण मागहरू छन्। तिनीहरू जहिल्यै पनि शरीरको बारेमा सोच्दछन्, शरीरका लागि योजना गर्दछन्, र परमेश्‍वरप्रतिको विश्‍वासको मार्ग खोज्न कुनै चासो राख्दैनन्। तिनीहरूका हृदयहरू शैतानले हरण गरेको हुन्छ, तिनीहरूले परमेश्‍वरप्रति आफ्नो श्रद्धा गुमाएका छन्, र तिनीहरू शैतानमा अटल छन्। तर मानिसको सृष्टि परमेश्‍वरले गर्नुभएको थियो। यसैले, मानिसले उक्त गवाही गुमाएको छ, अर्थात उसले परमेश्‍वरको महिमा गुमाएको छ। मानवजाति उपर विजय प्राप्त गर्नुको उद्देश्य परमेश्‍वरप्रतिको मानिसको श्रद्धाको महिमा फेरि दाबी गर्नु हो। यसलाई यसरी भन्न सकिन्छः यस्ता धेरै मानिसहरू छन् जसले जीवनलाई पछ्याउँदैनन्; जीवनको पछि लाग्ने यदि कोही छन् भने पनि, तिनीहरूका सङ्ख्या औँलामा गन्न सकिने मात्र छ। मानिसहरू आफ्नो भविष्यमा व्यस्त छन् र जीवनप्रति कुनै ध्यान दिँदैनन्। कसै-कसैले परमेश्‍वरको विरुद्ध विद्रोह र विरोध गर्छन्, उहाँको पिठिउँ पछाडि उहाँलाई दोष लगाउँछन् र सत्यताको अभ्यास गर्दैनन्। अहिलेलाई यी मानिसहरूलाई बेवास्ता गरिन्छ; अहिलेलाई यी विद्रोहीका छोराहरूलाई केही पनि गरिदैँन, तर भविष्यमा तँ रुँदै र दाह्रा किट्दै, अन्धकारमा जिउनेछस्। तँ त्यसमा जिउँदा तैँले ज्योतिको बहुमूल्यता महसुस गर्नेछैनस्, तर एक पल्ट त्यो अँध्यारो रातमा जिइरहदा तैँले त्यो

कति मूल्यवान् रहेछ भनी महसुस गर्नेछस् र तब तँ दुःखी हुनेछस्। तँलाई अहिले ठीकै लाग्छ, तर त्यस्तो दिन आउनेछ जब तँ दुःखी हुनेछस्। जब त्यो दिन आउँछ, तब अँध्यारो आइपर्छ र ज्योति रहँदैन, र पछुतो गर्न पनि धेरै ढिलो हुनेछ। किनकि तैँले आजको काम अझै बुझेको छैनस् र अहिले तँसँग भएको समयलाई कदर गर्न असफल छस्। जब सम्पूर्ण ब्रह्माण्डको काम सुरु हुन्छ, अर्थात् आज मैले भनेका सबै कुराहरू साँचो हुन्छ, धेरै मानिसहरू आफ्नो टाउको समातेर कष्टको आँसु रुनेछन्। अनि त्यसो गर्दा, के तिनीहरू रुँदै र दाह्रा किट्दै अन्धकारमा परेका हुँदैनन् र? वास्तवमा जीवनलाई पछ्याउने र पूर्ण बनाइएका सबैको प्रयोग गर्न सकिन्छ भने, प्रयोग गर्न अयोग्य विद्रोहका सबै छोराहरू अन्धकारमा पर्नेछन्। तिनीहरू पवित्र आत्माको कामबाट अलग्गिएका हुनेछन् र कुनै पनि कुराको अर्थ बुझ्न असमर्थ हुनेछन्। त्यसैले तिनीहरूलाई सजाय दिइनेछ र रुवाइका पीडा भोग्नेछन्। यदि तँ कामको यस चरणमा राम्रोसँग सुसज्जित भइस्, र तँ आफ्नो जीवनमा बढेको छस् भने, तँ प्रयोग हुन योग्य छस्। यदि तँ राम्ररी सुसज्जित छैनस् भने, तँलाई अर्को चरणको कामका लागि बोलाइएको छ भने पनि, तँ प्रयोगका निम्ति अयोग्य हुनेछस्—यो बेला तैँले आफैलाई सुसज्जित पार्ने इच्छा गरिस् भने पनि अर्को मौका पाउने छैनस्। परमेश्‍वरलाई छोडिएको हुनेछ; अहिले तेरो सामु रहेको यस किसिमको अवसर पाउँन तँ कहाँ जान सक्छस् र? परमेश्‍वरले व्यक्तिगत रूपमा प्रबन्ध गर्नुभएको त्यो अभ्यास प्राप्त गर्न तँ कहाँ जान सक्छस् र? त्यतिबेला, परमेश्‍वर व्यक्तिगत रूपमा बोल्नु हुनेछैन वा आवाज दिनु हुनेछैन; तैँले गर्न सक्ने भनेको आज बोलिएका कुराहरू पढ्न सक्ने मात्र हो-त्यस्तो भए समझ सजिलै कसरी आउँन सक्छ? आजको भन्दा भविष्यको जीवन कसरी राम्रो हुन सक्छ? त्यस स्थितिमा, के तैँले रुँदै र दाँत किट्दै जिउँदो मृत्यु भोगिरहेको हुँदैनस् त? तँलाई अहिले आशिषहरू दिइँदैछ, तर ती कसरी उपभोग गर्ने भनेर तँलाई थाहा छैन; तँ आशिषमा बाँचिरहेको छस्, तर पनि तँ अनजान छस्। यसबाट तैँले कष्ट भोग्ने निश्‍चित छ भनी प्रमाणित हुन्छ। आज, केही मानिसहरूले प्रतिरोध गर्छन्, केहीले विद्रोह गर्छन्, कसैले यो वा त्यो गर्छन्, र म यसलाई बेवास्ता गर्छु, तर म तिमीहरूले गर्न लागेका कुराबारे अनजान छु भनी नसोच। के म तिमीहरूको सार बुझ्दिनँ र? किन मेरो विरुद्ध झगडा गरिरहन्छौ? के तँ आफ्नै खातिर जीवन र आशिष्हरूको पछि लाग्नलाई परमेश्‍वरमा विश्‍वास गर्दिनस्? के तैँले विश्‍वास गरेको तेरो आफ्नै लागि होइन र? हाल, म केवल बोलेर विजयको कार्य गर्दैछु, र यो विजयको काम समाप्त भएपछि, तेरो अन्त्य पक्कै हुनेछ। के मैले तँलाई स्पष्ट रुपमा भनिरहनु पर्छ र?

आजको विजयको कामको उद्‌देश्य मानिसको अन्त्य कस्तो हुनेछ भनी स्पष्ट पार्नु हो। किन आजको सजाय र न्याय आखिरी दिनहरूमा ठूलो सेता सिंहासनको अघि हुने न्याय हो भनेर भनिन्छ? के तँ यो देख्दैनस्? विजयको काम किन अन्तिम चरणमा छ? के यो सबै वर्गका मानिसहरूको अन्त्य कस्तो प्रकारको हुनेछ भन्ने कुरा स्पष्ट रूपमा प्रस्तुत गर्नका निम्ति होइन र? के यो दण्ड र न्यायको विजयको क्रममा सबैलाई आफ्नो वास्तविक रङ्ग देखाउने अनुमति दिन र त्यसपछि तिनीहरूका आ-आफ्नै प्रकारअनुसार वर्गीकरण गर्नका लागि होइन र? यसलाई मानवजातिलाई जित्नु भन्नुभन्दा बरु प्रत्येक वर्गको व्यक्तिले कस्तो प्रकारको अन्त्यको सामना

गर्नुपर्छ त्यो देखाउनु हो भन्नु राम्रो हुन्छ। यो मानिसहरूको पापहरूको न्याय गर्ने र त्यसपछि विभिन्न वर्गहरूका मानिसहरूलाई प्रकट गर्दै त्यसद्वारा तिनीहरू दुष्ट वा धर्मी के हुन् भनेर निर्णय गर्नु हो। विजयको कामपछि, असललाई इनाम दिने र दुष्टलाई दण्ड दिने काम हुन्छ। पूर्ण रूपमा आज्ञापालन गर्ने मानिसहरूलाई-अर्थात् पूर्ण रूपले जितिएका मानिसहरूलाई-सम्पूर्ण ब्रह्माण्डमा परमेश्वरको कार्य फैलाउने अर्को चरणमा राखिनेछ; अनि नजितिएकाहरूलाई अन्धकारमा राखिनेछन् र तिनीहरूले विपत्तिको सामना गर्नेछन्। यसरी मानिसलाई तिनीहरूका प्रकारअनुसार वर्गीकरण गरिनेछ, दुष्ट काम गर्नेहरू दुष्टहरूको समूहमा राखिनेछन्, फेरि सूर्यको किरणसँग नहुने गरी राखिनेछन्, र धर्मीहरू असल मानिसहरूको समूहमा राखिनेछन्, जसले ज्योति प्राप्त गर्नेछन् र सदासर्वदा ज्योतिमा जिउँनेछन्। सबै चीजहरूको अन्त्य नजिक छ; मानिसको अन्त्य उसको आँखाको अघि स्पष्ट देखाइएको छ, र सबै चीजहरू त्यसको प्रकारअनुसार वर्गीकृत गरिनेछ। त्यसोभए, मानिसहरूले तिनीहरूको प्रकारअनुसार वर्गीकरण गरिएको पीडाबाट कसरी उम्कन सक्छन्? सबै चीजहरूको अन्त्य नजिक आउँदा प्रत्येक प्रकारको व्यक्तिको अन्त्य प्रकट हुन्छ, र यो (विजयका सबै कामहरू लगायत, वर्तमान कार्यबाट सुरु गर्दै) सम्पूर्ण ब्रह्माण्डलाई जित्ने काम गरिने अवधिमा गरिन्छ। सबै मानवजातिको अन्त्यको प्रकाश न्यायको सिंहासनअघि, दण्ड दिने अवधिमा, र आखिरी दिनहरूको विजयको कामको क्रममा गरिन्छ। प्रकारअनुसार मानिसहरू वर्गीकरण गर्नु भनेको मानिसहरू तिनीहरूका सुरुको वर्गमा फर्कनु होइन, किनकि सृष्टिको समयमा मानिस सृष्टि गरिएको बेला एक किसिमको मानिस मात्र थियो, पुरुष र स्त्रीको भेद मात्र थियो। त्यहाँ धेरै प्रकारका मानिसहरू थिएनन्। हजारौं वर्ष भ्रष्टतापछि मात्र मानिसहरूका विभिन्न वर्गहरू देखा परेको हो, कोही फोहोर दियावलसहरूको क्षेत्रमा हुन्छन्, कोही दुष्ट दियावलसहरूको क्षेत्रमा पर्छन्, र कोही जीवनको पछि लाग्नेहरू जो सर्वशक्तिमान्को क्षेत्रमा हुन्छन्। केवल यसरी मानिसहरूको माझमा बिस्तारै वर्गहरू अस्तित्वमा आए, र मानिसको ठूलो परिवारभित्र त्यसरी मात्र मानिसहरू वर्गहरूमा बाँडिन्छन्। सबै मानिसहरूले भिन्न भिन्न "पिता" प्राप्त गरे; सबै मानिस पूर्ण रूपमा सर्वशक्तिमान्को प्रभुत्वमा हुन्छन् भन्ने होइन, किनकि मानिस अति विद्रोही छ। धार्मिक न्यायले प्रत्येक प्रकारको मानिसको वास्तविक रूप प्रकट गर्दछ, कुनै पनि कुरा लुक्दैन। सबैले ज्योतिमा आफ्नो वास्तविक अनुहार देखाउँछन्। यस अवस्थामा, मानिस सुरुमा जस्तो थियो अब त्यस्तो हुँदैन, उसका पुर्खाहरूको मूल स्वरूप धेरै समयअघि नै हराइ सक्यो, किनकि आदम र हव्वाका अनगिन्ती सन्तानहरू लामो समयदेखि शैतानको पासोमा परेका छन्, फेरि कहिल्यै स्वर्गसूर्यलाई जान्दैनन्, र किनकि मानिसहरू शैतानको हर किसिमको विषद्वारा भरिएका छन्। यसैले, मानिसहरूले आफ्नो उचित गन्तव्य पाएका छन्। साथै, यो उनीहरूको भिन्न-भिन्नै विषको आधारमा तिनीहरूलाई तिनीहरूका प्रकारअनुसार वर्गीकृत गरिएको छ, जसको अर्थ हुन्छ, तिनीहरूलाई आज जुन हदसम्म जितिएको छ त्यसको आधारमा वर्गीकरण गरिएको छ। मानिसको अन्त्य संसारको सृष्टिदेखि पूर्वनिर्धारित गरिएको कुरा होइन। किनभने आदिमा, केवल एउटा मात्र वर्ग थियो, जसलाई सामूहिक रूपमा "मानवजाति" भनिन्थ्यो, र सुरुमा मानिस शैतानद्वारा भ्रष्ट भएको थिएन, र सबै मानिसहरू परमेश्वरको ज्योतिमा जिउँथे, तिनीहरूमाथि अन्धकार आइपरेको थिएन। तर मानिस

शैतानद्वारा भ्रष्ट भएपछि, सबै प्रकार र किसिमका मानिसहरू पृथ्वीभरि फैलिए-त्यो परिवारबाट आएका सबै प्रकार र किसिमका मानिसहरूलाई "मानवजाति" भन्ने नाम दिइयो, जुन पुरुष र स्त्रीले रचना गरिए। तिनीहरू आफ्ना पुर्खाहरूले तिनीहरूका सबैभन्दा प्राचीन पुर्खाहरूबाट-पुरुष र स्त्रीले रचना गरिएको मानवजाति (अर्थात्, प्रारम्भको आदम र हव्वा, सबैभन्दा प्राचीन पुर्खाहरूबाट)– भड्काइएका थिए। त्यस बेला, पृथ्वीमा जिउने मानिसहरू इस्रायलीहरू मात्र थिए, जो यहोवाद्वारा डोऱ्याइएका थिए। सम्पूर्ण इस्रायली (अर्थात् सुरुको परिवारको वंश) बाट निस्केका विभिन्न किसिमका मानिसहरूले यहोवाको मार्गनिर्देशन गुमाए। यी सुरुका मानिसहरू मानव संसारका मामिलाहरूबारे पूर्ण रूपमा अनभिज्ञ थिए, पछि उनीहरू आफ्ना पुर्खाहरूसँग उनीहरूले दाबी गरेका क्षेत्रहरूमा बस्न गए, जुन आजको दिनसम्म जारी छ। यसरी तिनीहरू कसरी यहोवाबाट तर्केर गए र आजको दिनसम्म तिनीहरू कसरी सबै प्रकारका फोहोर दियावलस र दुष्टात्माहरूबाट भ्रष्ट भएका छन् भन्ने कुराका बारेमा अनजान छन्। जो व्यक्तिहरू अहिलेसम्म गम्भीर रूपमा भ्रष्ट भएका र विषाक्त छन्-जसलाई आखिरीमा उद्धार गर्न सकिदैन, तिनीहरूका निम्ति आफ्ना पुर्खाहरू, अर्थात् तिनीहरूलाई भ्रष्ट पार्ने दियावलसहरूसँग जानु बाहेक अरू विकल्प हुनेछैन। तिनीहरू जसलाई आखिरीमा मुक्त गर्न सकिनेछ तिनीहरू मानवजातिको उपयुक्त गन्तव्यमा जानेछन्, जसको अर्थ हो, तिनीहरू मुक्ति पाएका र जितिएकाहरूका निम्ति आरक्षित गरिएको गन्तव्यमा जानेछन्। तिनीहरू जसलाई मुक्त गर्न सकिन्छ उनीहरूलाई मुक्त गर्नका निम्ति सबै कुरा गरिनेछ-तर असंवेदनशील र असाध्य मानिसहरूका लागि एकमात्र विकल्प तिनीहरूका पुर्खाहरूको पछिपछि दण्डको अतल कुण्डमा जानु हुनेछ। तेरो अन्त्य आदिमा पूर्वनिर्धारित थियो र अहिले प्रकट गरिएको छ भनेर नसोच्। यदि तँ त्यसरी सोच्छस् भने, के तैँले मानवजातिको प्रारम्भिक सृष्टिको क्रममा, कुनै पनि अलग शैतानी वर्गको सृष्टि गरिएको थिएन भनेर बिर्सिस्? के तैँले आदम र हव्वाले बनेको एउटा मात्र मानवजाति सृष्टि गरिएको थियो (अर्थात्, केवल पुरुष र स्त्री मात्र सृष्टि गरिएको थियो) भनेर बिर्सिस्? यदि तँ सुरुमा हुने शैतानको सन्तान भएको भए, के यसको अर्थ यहोवाले मानिसलाई सृष्टि गर्नुहुँदा उहाँले शैतानी समूहलाई उहाँको सृष्टिमा समावेश गर्नुभयो भन्ने हुँदैन र? के उहाँले त्यस्तो केही गर्नुहुन्छ र? उहाँले मानिसलाई उहाँको गवाहीका लागि सृष्टि गर्नुभयो; उहाँले मानिसलाई आफ्नो महिमाको लागि सृष्टि गर्नुभयो। उहाँको विरोध गर्छ भनी जान्दाजान्दै उहाँले शैतानको सन्तानको किन बनाउनु हुन्थ्यो र? यहोवाले त्यस्तो कार्य कसरी गर्न सक्नुहुन्थ्यो? यदि उहाँले त्यसो गर्नुहुन्थ्यो भने, कसले उहाँ धार्मिक परमेश्वर हुनुहुन्छ भनी भन्ने थियो होला? जब म अहिले तिमीहरूमध्ये कोही-कोही अन्त्यमा शैतानको साथ जानेछौ भन्छु, त्यसको अर्थ तँ सुरुदेखि नै शैतानको साथमा थिइस भन्ने होइन; बरु, यसको अर्थ तँ यति तल डुबेका छस् कि परमेश्वरले तँलाई मुक्त गर्ने कोसिस गर्नुभए पनि तँ त्यो मुक्ति प्राप्त गर्न असफल छस् भन्ने हो। तँलाई शैतानको वर्गमा राख्नु बाहेक अरू विकल्प छैन। किनभने तँ मुक्तिभन्दा पर छस्, तर परमेश्वर तँप्रति अधर्मी हुनुभएकोले र तँलाई जानीजानी शैतानको मूर्त रूप बनाएर शैतानको वर्गमा राख्दै जानीजानी दुःख दिन चाहनुभएकोले गर्दा होइन। यो विजयको कामको भित्री सत्यता होइन। यदि तैँले विश्वास गर्ने यही हो भने, तिमीहरूको समझ अति नै एकतर्फी हो! विजयको अन्तिम

चरणको उद्देश्य मानिसहरूलाई मुक्त गर्नु र उनीहरूको अन्त्य प्रकट गर्नु हो। यो न्यायको माध्यमबाट मानिसहरूको पतित अवस्था प्रकट गर्नु, र त्यसो गरेर उनीहरूलाई पश्‍चात्ताप गर्न, माथि उठ्न, र जीवन र मानव जीवनको सही मार्गलाई पछ्याउने बनाउनु हो। यो चेतनाहीन र मन्द बुद्धिका मानिसहरूको हृदयलाई ब्युँझाउनु र न्यायद्वारा तिनीहरूका भित्री विद्रोहीपन देखाउनु हो। तथापि, यदि मानिसहरू अझै पनि पश्‍चात्ताप गर्न असमर्थ छन् भने, अझै पनि मानव जीवनको सही बाटोको पछि लाग्‍न असमर्थ छन् भने र यी भ्रष्टताहरू त्याग्‍न असमर्थ छन् भने, तिनीहरू मुक्तिभन्दा धेरै पर छन् र शैतानद्वारा निलिनेछन्। परमेश्‍वरको विजयको महत्त्व यस्तो छ: मानिसहरूलाई मुक्त गर्नु, र तिनीहरूका अन्त्यहरू पनि देखाउनु। असल अन्त्यहरू, खराब अन्त्यहरू-ती सबै विजयको कामद्वारा प्रकट हुनेछन्। मानिसहरू मुक्त बनाइनेछन् वा श्रापित हुनेछन् यी सबै विजयको कामको दौरान प्रकट गरिनेछ।

आखिरी दिनहरू ती हुन् जब सबै चीजहरूलाई विजयद्वारा तिनका प्रकारअनुसार वर्गीकृत गरिनेछ। विजय हासिल गर्नु आखिरी दिनहरूको काम हो; अर्को शब्दमा, प्रत्येक व्यक्तिको पापको न्याय गर्नु आखिरी दिनहरूको काम हो। अन्यथा, मानिसहरूलाई वर्गीकृत कसरी गर्न सकिन्छ? वर्गीकरणको काम जुन तिमीहरूको बीचमा गरिन्छ त्यो सम्पूर्ण ब्रह्माण्डमा गरिने यस्तो कामको सुरूवात हो। त्यसपछि, सबै देशहरू र सबै मानिसहरूलाई पनि विजयको कामको अधीनमा ल्याइनेछ। यसको अर्थ सृष्टिको प्रत्येक व्यक्तिलाई उसको प्रकारअनुसार वर्गीकृत गरी न्याय गरिनको लागि न्यायको आसन अगाडि समर्पित गराइनेछ। कुनै व्यक्ति वा कुनै पनि कुरा यस सजाय र न्याय भोग्नुबाट बच्न सक्दैन, न ता कुनै व्यक्ति वा चीजलाई त्यसको प्रकारले वर्गीकृत नगरिएको हुन्छ; प्रत्येक व्यक्तिलाई वर्गीकृत गरिनेछ, किनकि सबै चीजको अन्त्य नजिकै आउँदैछ, अनि सारा आकाश र पृथ्वी आफ्नो निष्कर्षमा पुगेको हुनेछ। मानिस कसरी मानवजातिको अस्तित्वको अन्तिम दिनबाट उम्कन सक्छ? र यसैले, तिमीहरूको अनाज्ञाकारिताका कार्यहरू कहिलेसम्म लम्बिरहन्छ? के तिमीहरूका आखिरी दिनहरू नजिकै छ भनी बुझ्दैनौ? परमेश्‍वरलाई आदर गर्ने र उहाँ देखा परेको चाहनेहरूले परमेश्‍वरको धार्मिकताको देखा पर्ने घटनाको दिन किन देख्‍न सक्दैनन् र? तिनीहरूले भलाइका लागि अन्तिम पुरस्कार किन प्राप्त गर्न सक्दैनन् र? के तिमीहरू असल काम गर्नेहरू हौ वा खराब काम गर्नेहरू हौ? के तँ धार्मिक न्याय स्वीकार गर्ने र त्यसपछि आज्ञापालन गर्ने व्यक्ति होस्, वा के तँ धार्मिक न्याय स्वीकार गरेर श्रापित हुने व्यक्ति होस्? के तँ ज्योतिमा न्याय-आसनको अगि बस्छस् वा के तँ अन्धकारको बीचमा पातालमा बस्छस्? के तँ त्यो व्यक्ति होस्, जसलाई आफूले अन्त्यमा इनाम वा दण्ड के पाउनेछु भनी थाहा छैन? के तँ त्यो व्यक्ति होस्, जसले परमेश्‍वर धार्मिक हुनुहुन्छ भनी एकदमै स्पस्ट रुपले जानेको छ र गहिरो रूपले बुझेको छ? यसैले तेरो आचरण र हृदय कस्तो छ? आज मैले तँलाई जित्दा, के मैले तँलाई तेरो व्यवहार असल वा खराब छ भनी बताउनु आवश्यक छ? तिमीहरूले मेरो लागि कतिसम्म त्याग गरेका छौ? तैँले कतिसम्म गहिरो रूपमा आराधना गर्छस्? के तैँले मसित कस्तो व्यवहार गरेका छस् भन्‍ने कुरा आफै स्पष्ट जान्दैनस् र? तेरो अन्तिम अवस्था कस्तो हुनेछ भन्‍ने कुरा अरू कसैले भन्दा तैँले नै राम्ररी जान्‍नु पर्दछ! साँच्चै, म तँलाई भन्दछु: मानवजातिलाई मैले नै बनाएँ, र मैले तँलाई

पनि सृष्टि गरें, तर मैले तिमीहरूलाई शैतानको हातमा दिइनँ; न ता मैले जानाजानी तिमीहरूलाई मेरो विरुद्ध विद्रोह गर्ने वा मेरो विरोध गर्ने बनाएर मद्वारा दण्ड पाउने बनाएको हुँ। के यी सबै विपत्तिहरू र कष्टहरू तिमीहरूका हृदय धेरै कठोर र तिमीहरूको आचरण पनि घृणित भएकोले होइन र? यसैले के तिमीहरू आफैले निर्धारित गरेको अन्त्यको सामना तिमीहरूले गर्नुपर्दैन र? के तिमीहरू आफ्नो हृदयमा तिमीहरूको अन्त्य कस्तो हुनेछ भनी अरू कसैले भन्दा राम्ररी जान्दैनौ र? मैले मानिसहरूलाई जित्नुको कारण तिनीहरूलाई खुलासा गर्नु र राम्रोसँगले मुक्तिमा ल्याउनु हो। यो तँलाई दुष्ट कार्य गराउनका लागि होइन, न ता यो जानाजानी विनाशको नरकमा जानका लागि हो। जब समय आउँछ, तेरा सबै ठूलो दु:ख, तिमीहरूको रुवाइ र दाह्रा किटाइ—के यी सबै तेरो पापहरूको कारणले होइन र? यसैले, के यो तेरो आफ्नै भलोपन वा तेरो आफ्नै खराबीको सर्वोत्तम न्याय होइन? के यो तेरो अन्त्य कस्तो हुनेछ भन्ने कुराको उत्तम प्रमाण होइन र?

आज, म चीनमा परमेश्वरले चुन्नुभएका मानिसहरूको माझमा तिनीहरूका सबै विद्रोही स्वभावहरू प्रकट गर्न र उनीहरूका सबै कुरूपताको नकाब उतार्नका निम्ति काम गर्दछु, र यसले मलाई मैले भन्नु पर्ने सबै कुरा भन्ने सन्दर्भ प्रदान गर्दछ। पछिबाट, जब म सम्पूर्ण ब्रह्माण्डमा विजय हासिल गर्ने अर्को चरणको काम सम्पन्न गर्दछु, मैले तिमीहरूमाथि गर्ने मेरो न्यायलाई म सम्पूर्ण ब्रह्माण्डमा भएका सबैको अधर्महरूको न्याय गर्न प्रयोग गर्नेछु, किनकि तिमीहरू मानवजाति बीचमा विद्रोहीहरूको प्रतिनिधिहरू हौ। तिनीहरू जो कदम बढाउन सक्दैनन् तिनीहरू केवल प्रतिभार र सेवा गर्ने वस्तुहरू बन्नेछन्, जबकि कदम अगि बढाउनेहरूलाई प्रयोगमा ल्याइनेछ। म किन भन्दछु, कि जो कदम बढाउँदैनन् तिनीहरूले बाधाको रूपमा मात्र काम गर्छन्? किनभने मेरो वर्तमान वचनहरू र काम सबै तिमीहरूको पृष्ठभूमितिर लक्षित हुन्छन्, अनि किनभने तिमीहरू सारा मानवजातिको बीचमा विद्रोहीहरूका प्रतिनिधि र प्रतीकहरू बनेका छौ। पछिबाट, तिमीहरूलाई जित्ने यी वचनहरू म लिएर पराई देशहरूमा लैजानेछु, र त्यहाँका मानिसहरूलाई जित्न ती प्रयोग गर्नेछु, तापनि तिमीहरूले तिनीहरूलाई प्राप्त गरेका हुनेछैनौ। के त्यसले तँलाई विफल बनाउँदैन र? सारा मानवजातिको भ्रष्ट स्वभाव, मानिसको विद्रोही कार्य, र मानिसको कुरूप छवि र अनुहार—यी सबै आज तिमीहरूलाई जित्न प्रयोग गरिएका वचनहरूमा अभिलेख राखिएका छन्। अनि म यी वचनहरू हरेक राष्ट्र र सबै सम्प्रदायका मानिसहरूलाई जित्न प्रयोग गर्नेछु, किनकि तिमीहरू मुख्य नमुना, उदाहरण हौ। तापनि, मैले जानाजानी तिमीहरूलाई त्याग्न लागेको थिइनँ; यदि तँ आफ्नो खोजीमा राम्रो गर्न असफल हुन्छस् र त्यसरी तँ निको नहुने साबित हुन्छस् भने, के तँ केवल सेवा गर्ने वस्तु र प्रतिभार हुँदैनौ र? मैले एक पटक भनें, कि मेरो बुद्धि शैतानका योजनाहरूको आधारमा प्रयोग गरिएको थियो। मैले किन त्यसो भनें? के मैले अहिले भनिरहेको र गरिरहेको कुराको पछि रहेको सत्यता यही होइन र? यदि तँ अगि बढन सक्दैनस् भने, यदि तँ सिद्ध बनाइएको छैनस्, बरु त्यसको साटो दण्ड पाएको छस् भने, के तँ प्रतिभार बन्दैनस्? तैंले आफ्नो समयमा धेरै दु:ख भोगेको छस् होला, तर अझै पनि तँ केही बुझ्दैनस्; तँ जीवनबारे सबै विषयमा अनजान छस्। यद्यपि तँलाई दण्ड दिइएको र न्याय गरिएको भए पनि, तँ बिल्कुल परिवर्तन भएको छैनस्, र तैंले भित्रबाट जीवन प्राप्त गरेको छैनस्। जब तेरो कामको जाँच गर्ने

समय आउँछ, तैँले आगोजस्तो कठोर जाँचको र अझ ठूलो सङ्कष्टको अनुभव गर्नेछस्। यो आगोले तेरो सम्पूर्ण अस्तित्वलाई खरानी बनाउँनेछ। कुनै जीवन नभएको व्यक्ति, भित्रपट्टि अलिकति पनि शुद्ध सुन नभएको व्यक्ति, अझै पनि पुरानो भ्रष्ट स्वभावसित अल्झेको व्यक्ति, विफल भइकन एउटै पनि राम्रो काम गर्न नसक्ने व्यक्तिको रूपमा, तँ किन हटाइदैनस् र? के एक पैसाभन्दा कम मूल्य भएको व्यक्ति, अनि जीवन नै नभएको व्यक्ति विजयको कामको लागि कुनै काम लाग्छ? जब त्यो समय आउँछ, तिमीहरूका दिनहरू नोआ र सदोमको भन्दा कठिन हुनेछ! त्यस बेला तेरो प्रार्थनाले तेरो निम्ति कुनै राम्रो गर्नेछैन। मुक्तिको काम अघिबाटै समाप्त भइसकेपछि, तँ पछि आएर फेरि कसरी नयाँगरी पश्चाताप शुरू गर्न सक्छस्? मुक्तिको सबै काम एक पल्ट समाप्त भइसकेपछि, त्यो फेरि हुनेछैन; दुष्टहरूलाई दण्ड दिने कामको सुरुआत मात्र हुनेछ। तँ प्रतिकार गर्छस्, तँ विद्रोह गर्छस्, र तँ ती कुरा गर्छस् जुन खराब छन् भनी तँ जान्दछस्। के तँ कठोर दण्डको भागिदार होइनस्? मैले आज यी कुराहरू तँलाई भन्दैछु। यदि तँ सुन्न अस्वीकार गर्छस् भने, पछि तँमाथि विपत्ति आइपर्दा, त्यसबेला पछुतो गर्न सुरु गर्नु र विश्वास गर्न थाल्नु के धेरै ढिलो हुनेछैन र? आजको दिन म तँलाई पश्चाताप गर्ने मौका दिंदैछु, तर तँ त्यसो गर्न तयार छैनस्। तँ कहिलेसम्म पर्खन चाहन्छस्? के दण्ड पाउने दिनसम्म? मलाई आज तेरो विगतका अपराधहरूको सम्झना छैन; म तँलाई तेरो नकारात्मक पक्षलाई नहेरेर तेरो सकारात्मक पक्षलाई मात्र हेरेर बारम्बार क्षमा दिन्छु, किनकि मेरा सबै वर्तमान वचनहरू र काम तँलाई मुक्त गर्नका लागि हुन् र तँप्रति मेरो कुनै खराब उद्देश्य छैन। तापनि तँ प्रवेश गर्न इन्कार गर्छस्; तँ असल र खराब छुट्ट्याउन सक्दैनस् र दयालाई कसरी कदर गर्ने त्यो जान्दैनस्। के त्यस्ता मानिसहरूले दण्ड र धार्मिक सजाय मात्र पर्खेर बसिरहेका हुँदैनन् र?

जब मोशाले चट्टानलाई हिर्काए र यहोवाले दिनुभएको पानी निस्कियो, त्यो उनको विश्वासको कारणले थियो। जब दाऊदले म, यहोवाको प्रशंसामा आनन्दले भरिएको हृदयले वीणा बजायो—त्यो उसको विश्वासको कारणले थियो। जब अय्यूबले डाँडाकाँडा ढाक्ने वस्तुभाउ र असंख्य सम्पत्ति गुमायो र उसको शरीर कष्टकर खटिराले ढाक्यो, त्यो उसको विश्वासको कारणले थियो। जब उसले मेरो, अर्थात् यहोवाको, आवाज सुन्न र मेरो, अर्थात् यहोवाको, महिमा देख्न सक्यो, त्यो उसको विश्वासको कारणले थियो। पत्रुसले येशू ख्रीष्टलाई पछ्याउन सक्नुको कारण उसको विश्वास नै थियो। उसले मेरो खातिर क्रूसमा टाँगिन र महिमित गवाही दिन सक्नु उसकै विश्वासको कारणले थियो। जब यूहन्नाले मानिसको पुत्रको महिमित प्रतिरूप देख्यो, त्यो उसको विश्वासको कारणले थियो। जब उसले आखिरी दिनहरूका चिन्हहरू देख्यो, त्यो सबै उसकै विश्वासको कारणले थियो। अन्यजाति भनाउँदा भीडहरूले मेरो प्रकाश प्राप्त गर्नु र मानिसको बीचमा मेरो काम गर्नको निम्ति म शरीरमा फर्केको छु भन्ने कुरा थाहा पाउनुको कारण पनि तिनीहरूको विश्वासकै कारणले हो। मेरा कठोर वचनहरूद्वारा प्रहार गरिएका र तीद्वारा सान्त्वना पाएका अनि मुक्ति पाएका सबैले यो कुरा तिनीहरूको आफ्नै विश्वासले गरेका होइनन् र? मानिसहरूले तिनीहरूको विश्वासको कारण धेरै कुरा पाएका छन्, र त्यो सधैं आशिष् नै हुँदैन। तिनीहरूले दाऊदले महसुस गरेको सुख र आनन्द नपाउन सक्छन्, वा मोशाले जस्तो यहोवाले दिनुभएको पानी नपाउन सक्छन्। उदाहरणका

लागि, अय्यूबले आफ्नो विश्वासको कारण यहोवाद्वारा आशिष् पाए, तर तिनले विपत्ति पनि भोगे। चाहे तँ आशिष पाएको व्यक्ति होस् वा विपत्ति भोगेको व्यक्ति, ती दुवै आशिषित घटनाहरू हुन्। बिना विश्वास, तँ यो विजयको काम प्राप्त गर्न सक्ने थिइनस्, आज तेरो आँखा अगाडि प्रकट गरिएका यहोवाका कामहरू देख्ने कुरा त परै जाओस्। तिमीहरूले देख्न सक्ने थिएनौँ, तिमीहरूले ग्रहण गर्न सक्ने कुरा त परै जाओस्। यी कोर्राहरू, यी विपत्तिहरू, र सबै न्यायहरू–यदि ती तँ माथि आइलागेनन् भने, के तँ आज यहोवाका कामहरू देख्न सक्ने थिइनस्? आज, विश्वासले नै तँलाई जित्न सकिने बनाउँछ, यो जितिएपछि नै तँ यहोवाको हरेक काममा विश्वास गर्न सक्ने हुन्छस्। विश्वासको कारणले नै तैँले त्यस्तो दण्ड र न्याय पाउँछस्। यो दण्ड र न्यायद्वारा, तँलाई जितिन्छ र सिद्ध बनाइन्छ। आज तैँले पाइरहेको यस किसिमको दण्ड र न्यायविना, तेरो विश्वास व्यर्थ हुनेथ्यो, किनकि तैँले परमेश्वरलाई चिनेको हुँदैन थिइस्, तैँले उहाँमाथि जति धेरै विश्वास गरे पनि, तेरो विश्वास त रहनेथ्यो, तर वास्तवमा एउटा आधारहीन खाली अभिव्यक्ति मात्र। तैँले विजयको यो काम प्राप्त गरेपछि मात्र, जुन कामले तँलाई पूर्ण आज्ञाकारी बनाउँछ, त्यसले तेरो विश्वासलाई सत्य र विश्वसनीय बनाउँछ, र तेरो हृदय परमेश्वरतिर फर्कन्छ। यदि तैँले यो “विश्वास” शब्दको कारण ठूलो दण्ड र श्राप भोग्नुपर्यो भने पनि, तँसँग साँचो विश्वास छ भने तैँले अति सत्य, सबैभन्दा वास्तविक र सबैभन्दा बहुमूल्य चीज पाउछस्। यसको कारण यो हो कि न्यायको क्रममा मात्र तैँले परमेश्वरको सृष्टिको अन्तिम गन्तव्य देख्छस्; यो न्यायमा तैँले सृष्टिकर्तालाई प्रेम गरिनुपर्दछ भनी बुझ्छस्; विजयको यस्तो काममा तैँले परमेश्वरको बाहुली देख्छस्; यो विजयमा तैँले मानव जीवनलाई पूर्ण रूपमा बुझ्छस्; यही विजयमा तैँले मानव जीवनको सही बाटो प्राप्त गर्छस् र “मानिस” को वास्तविक अर्थ बुझ्छस्; यो विजयमा मात्र तैँले सर्वशक्तिमानको धार्मिक स्वभाव र उहाँको सुन्दर, महिमित अनुहार देख्छस्; यही विजयको काममा तैँले मानिसको उत्पत्तिबारे जान्दछस् र मानवजातिको “अमर इतिहास” लाई बुझ्छस्; यही विजयमा तैँले मानवजातिका पुर्खाहरू र मानवजातिको भ्रष्टताको सुरुआतबारे बुझ्छस्; यस विजयमा तैँले आनन्द र सान्त्वना पाउँछस्, साथै अनन्त ताडना, अनुशासन, र सृष्टिकर्ताबाट उहाँले सृष्टि गर्नुभएको मानवजातिलाई गर्नुहुने निन्दाका शब्दहरू प्राप्त गर्दछस्; यही विजयको काममा तैँले आशिष्हरू प्राप्त गर्दछस्, साथै मानिसले पाउनु पर्ने विपत्तिहरू प्राप्त गर्दछस्...। के यो सब तेरो थोरै विश्वासको कारणले होइन र? अनि के यी कुराहरू प्राप्त गरेपछि तेरो विश्वास बढ्यो? के तैँले धेरै मात्रामा प्राप्त गरेको छैनस् र? तैँले परमेश्वरको वचन सुनेको र परमेश्वरको ज्ञान देखेको मात्र छैइनस्, तर तैँले उहाँको कामको प्रत्येक चरणको व्यक्तिगत रूपमा अनुभव पनि गरेको छस्। हुन सक्छ, तैँले भन्छस् यदि तँमा विश्वास हुँदैनथ्यो भने, तैँले यस किसिमको दण्ड वा यस किसिमको न्याय भोग्नु पर्नेथिएन। तर तँलाई थाहा हुनुपर्छ, कि बिना विश्वास, तँ सर्वशक्तिमानबाट यस किसिमको दण्ड वा यस किसिमको वास्ता प्राप्त गर्न सक्ने मात्र थिइनस्, तर तैँले सृष्टिकर्तालाई भेट्ने अवसर सधैका निम्ति गुमाउने थिइस्। तैँले मानवजातिको उत्पत्तिको बारेमा कहिल्यै पनि जान्ने थिइनस् र मानव जीवनको महत्त्व कहिल्यै बुझ्ने थिइनस्। यदि तेरो शरीर मरेर तेरो प्राण निस्केर गयो भने पनि, तैँले अझै सृष्टिकर्ताका सबै कार्यहरू बुझ्न सक्ने थिइनस्, सृष्टिकर्ताले मानवजातिलाई सृष्टि गर्नुभएपछि

पृथ्वीमा गर्नुभएका महान् कामलाई जान्ने कुरा त परै छाडौं। उहाँले बनाउनुभएको मानवजातिको सदस्यको रूपमा, के तँ अनजानमा यस प्रकारले अन्धकारमा पर्न र अनन्त दण्ड भोग्न इच्छुक छस्? यदि तैँले आजको दण्ड र न्यायबाट आफूलाई अलग गर्छस् भने, तैँले कुन कुराको सामना गर्छस्? के तँ एक पल्ट वर्तमान न्यायबाट अलग हुँदा यो कठिन जीवनबाट उम्किन सक्छस् भनी विचार गर्छस्? के यो सत्य होइन कि यदि तैँले "यो ठाउँ" छोडिस् भने तैँले दियावलसले ल्याउने कष्टमय यातना वा क्रूर दुर्व्यवहारहरू सामना गर्छस्? हुन सक्छ, तैँले असहनीय दिनहरू र रातहरूको सामना गर्नुपर्छ? के तँ सोच्छस्, कि आज तँ यो न्यायबाट उम्किस् भने, सधैंका लागि त्यो भविष्यको यातनालाई छल्न सक्छस्? तेरो बाटोमा के आउँछ? के त्यो साँच्चै तैँले आशा गरेको साङ्ग्रिला हुन सक्छ? के तँलाई लाग्छ कि तँ आफुसँग अहिले भएको वास्तविकताबाट टाढा भागेर भविष्यको अनन्त दण्डबाट उम्किन सक्छस्? आजको दिनपछि, के तैँले यस किसिमको मौका र यस किसिमको आशिष पाउन सक्नेछस्? तँमाथि विपत्ति आइपर्दा के तँ ती पाउन सक्छस्? सारा मानवजाति विश्राममा प्रवेश गर्दा के तँ ती प्राप्त गर्न सक्छस्? तेरो अहिलेको सुखी जीवन र तेरो मिलेको सानो परिवार–के ति तेरो भविष्यको अनन्त गन्तव्यको प्रतिस्थापना हुन सक्छ। यदि तँसँग साँचो विश्वास छ भने, र यदि तैँले आफ्नो विश्वासको कारण ठूलो कुरा प्राप्त गरिस् भने, तँ–सृष्टि गरिएको प्राणीले–जे प्राप्त गर्नुपर्छ र तैँले पहिलो स्थानमा जे प्राप्त गर्नुपर्दछ, त्यो यही नै हो। त्यस्तो विजय भन्दा बढी कुनै कुरा तेरो विश्वास र जीवनको लागी लाभदायक हुँदैन।

आज, तैँले परमेश्‍वरले जितिएका मानिसहरूसँग के माग गर्नुहुन्छ, सिद्ध भएका व्यक्तिहरूप्रति उहाँको दृष्टिकोण कस्तो छ, र तँ अहिले कुन कुरामा प्रवेश गर्नुपर्दछ त्यो बुझ्नु आवश्यक छ। केही कुराहरू तैँले थोरै मात्र बुझ्नु आवश्यक हुन्छ। तैँले रहस्यका केही वचनहरूलाई छानबिन गर्नु पर्दैन; ती कुराले जीवनलाई धेरै सहायता गर्दैन, र तिनलाई केवल सर्सर्ती मात्र हेर्नुपर्छ। तैँले आदम र हव्वाको रहस्यजस्ता रहस्यहरू पढ्न सक्छस्: आदम र हव्वा त्यति बेला के कस्ता थिए, र आज परमेश्‍वरले के काम गर्न चाहनुहुन्छ। तैँले यो बुझ्नु आवश्यक छ, कि मानिसलाई जित्ने र सिद्ध गर्ने काममा, परमेश्‍वर मानिसलाई आदम र हव्वाको जस्तो मार्गमा फर्काउन चाहनुहुन्छ। तेरो हृदयमा, पूर्णताको तहको बारेमा राम्रो विचार हुनुपर्दछ, जुन परमेश्‍वरका स्तरहरू पूरा गर्न प्राप्त गर्नैपर्दछ, र त्यसपछि तैँले त्यो प्राप्त गर्ने प्रयास गर्नैपर्छ। यो तेरो अभ्याससँग सम्बन्धित छ, र यो तैँले बुझ्नु पर्ने कुरा हो। यी विषयहरूको बारेमा तैँले परमेश्‍वरको वचनहरूअनुसार प्रवेश गर्न खोज्नु नै पर्याप्त छ। जब तैँले "मानवजाति आजको स्थितिमा आइपुग्नको लागि दसौं हजार वर्षको इतिहास लाग्यो" भनेर पढ्छस्, तँ उत्सुक हुन्छस्, र तँ दाजुभाइ तथा दिदी-बहिनीहरूसित जबाफ पाउने कोसिस गर्छस्। "परमेश्‍वर भन्नुहुन्छ, मानवजातिको विकास विगत छ हजार वर्षको छ, होइन त? यो दस हजारौं वर्षको कुरा के हो?" यस प्रश्नको उत्तर पाउन कोसिस गर्नुको के नै उपयोग छ र? चाहे परमेश्‍वर आफैले दस हजारौं वर्षदेखि वा लाखौं वर्षदेखि काम गरिरहनुभएको छ–के तैँले यसबारे साँच्चै जानेको उहाँ चाहनुहुन्छ? यो त्यस्तो चीज होइन जुन तँ सृष्टि गरिएको व्यक्तिले जान्नु आवश्यक छ। आफैलाई संक्षिप्तमा यस किसिमको कुराकानीलाई विचार गर्ने अनुमति देऊ, र यसलाई कुनै एउटा दर्शनजस्तो सोचेर बुझ्ने कोसिस नगर। आज तँ कुन कुरामा

प्रवेश गर्नुपर्छ र बुझ्नुपर्छ त्यो जान्नुपर्छ, अनि तैँले त्यसलाई राम्ररी बुझ्नु आवश्यक छ। तब मात्र तँ जितिनेछस्। माथिको कुरा पढिसकेपछि, तँमा एउटा सामान्य प्रतिक्रिया हुनुपर्दछ: परमेश्‍वर चिन्ताले जल्दै हुनुहुन्छ, उहाँ हामीलाई जित्न अनि महिमा र गवाही पाउन चाहनुहुन्छ, त्यसोभए हामीले उहाँलाई कसरी सहकार्य गर्नुपर्छ? उहाँद्‌वारा पूर्ण रूपमा जितिन र उहाँको गवाही बन्नको निम्ति हामीले के गर्नुपर्दछ? परमेश्‍वरलाई महिमा प्राप्त गर्न सक्ने बनाउन हामीले के गर्नैपर्छ? हामीले आफूलाई शैतानको राज्य-क्षेत्रमुनि होइन तर परमेश्‍वरको राज्य-क्षेत्रअन्तर्गत जिउन दिन के गर्नैपर्छ? मानिसहरूले यस विषयमा सोचिरहेको हुनुपर्छ। तिमीहरूमध्ये हरेक परमेश्‍वरको विजयको महत्वको बारे स्पष्ट हुनुपर्दछ। त्यो स्पष्ट भएपछि मात्र तैँले प्रवेश पाउनेछस्, तैँले यो चरणको कामलाई जान्नेछस्, अनि तँ पूर्ण आज्ञाकारी बन्नेछस्। नत्र, तिमीहरूले साँचो आज्ञाकारिता प्राप्त गर्नेछैनौ।

## तँ किन प्रतिभार हुन अनिच्छुक छस्?

विजय गरिएका व्यक्तिहरू प्रतिभारहरू हुन्, र मानिसहरू सिद्ध तुल्याइएपछि मात्र आखिरी दिनहरूको कामका आदर्श र दृष्टान्तहरू बन्छन्। पूर्ण तुल्याइनुअघि तिनीहरू पर्णिकाहरू, औजारहरूका साथै सेवाका वस्तुहरू हुन्छन्। परमेश्‍वरद्‌वारा पूर्ण रूपमा विजय गरिएका मानिसहरू उहाँको व्यवस्थापन कार्यको मूर्तरूपका साथै आदर्श र दृष्टान्तहरू हुन्। मैले त्यस्ता मानिसहरूको वर्णन गर्न प्रयोग गरेका वचनहरू साधारण हुन सक्छन्, तर तिनले धेरै रोचक कथाहरू उजागर गर्छन्। तिमीहरू थोरै विश्‍वास भएकाहरू सधैँ आफ्नो अनुहार रातो नहुञ्जेल एक साधारण नाम-पदवीको बारेमा बहस गर्दछौ, र कहिलेकहीं त्यसैको परिणामस्वरूप सम्बन्धहरूसमेत बिग्रन्छन्। यो केवल एउटा सानो नाम-पदवी भए पनि तिमीहरूको सोच र तिमीहरूको विश्‍वासमा यो एक नगण्य उपाधिभन्दा निकै ठूलो कुरा मात्र होइन, यो त तिमीहरूको नियतिसित जोडिएको एउटा महत्त्वपूर्ण विषय पनि हो। त्यसकारण, विवेक नभएका व्यक्तिहरूहरूले प्रायः यस्ता तुच्छ कुरामा ठूलो नोक्सानी भोग्छन्—यो थोरै बचत गरेर धेरै गुमाउनु मात्र हो। केही महत्त्वहीन नाम-पदवीका निम्ति तिमीहरू भाग्नेछौ र कहिल्यै फर्कनेछैनौ। यस्तो किन हुन्छ भने तिमीहरूले जीवनलाई महत्त्वहीन रूपमा हेर्छौ र आफूलाई सम्बोधन गर्ने नामलाई धेरै महत्त्व दिन्छौ। त्यसैले तिमीहरूको आत्मिक जीवनमा, र तिमीहरूको व्यावहारिक जीवनमा पनि तिमीहरूले आफ्ना कदसम्बन्धी धारणाहरूको कारण धेरै वटा जटिल र अनौठा कथाहरू निर्माण गर्छौ। हुन सक्छ, तिमीहरूले स्वीकार नगरौला, तर म तिमीहरूलाई के भन्छु भने तिमीहरू अझै व्यक्तिगत रूपमा त्यस्ता व्यक्तिहरूको सम्पर्कमा आएको नभए पनि त्यस्ता मानिसहरू वास्तविक जीवनमा साँच्चै अस्तित्वमा छन्। यस प्रकारका कुराहरू तिमीहरू प्रत्येकको जीवनमा घटित भएका छन्। यदि तिमीहरू विश्‍वास गर्दैनौ भने, तल दिइएको एउटी बहिनी (वा एक जना भाइ) को छोटो विवरण हेर। यो सम्भव छ कि त्यो व्यक्ति वास्तवमै तँ नै होस्, वा हुन सक्छ त्यो तेरो जीवनमा परिचित कोही व्यक्ति हो। यदि म गल्ती छैन भने, यो छोटो विवरणले तैँले गरेको अनुभवको वर्णन गर्छ। त्यो वर्णनमा केही पनि कमी छैन,

एउटै विचार वा धारणा पनि छोडिएको छैन, सबै कुराहरूलाई सम्पूर्ण रूपमा यो कथाभित्र लेखिएका छन्। तँलाई विश्‍वास लागेन भने, पहिले यो पढ्।

यो एक “आत्मिक व्यक्ति” को एउटा सानो अनुभव हो।

मण्डलीका दाजुभाइ-दिदीबहिनीहरूले गरेका धेरै कुरा परमेश्‍वरको इच्छाबमोजिम नभएको देखेर उनी चिन्तित भइन्, त्यसैले उनले तिनीहरूलाई गाली गर्न थालिन्: “तिमीहरू नीच प्राणीहरू! के तिमीहरूसित विवेक छैन? तिमीहरू वास्तवमा किन विवेकहीन कुराहरू गर्दैछौ? तिमीहरू जे मन लाग्यो त्यो गर्न छोडेर किन सत्यको खोजी गर्दैनौ? ... र मैले यी कुराहरू तिमीहरूलाई भनिरहेछु, तर यही बेला म आफैलाई घृणा गर्छु। म परमेश्‍वर अधैर्यताले जल्नुभएको देख्छु र आफूभित्र आगोको अनुभव गर्छु। म परमेश्‍वरले मलाई सुम्पनुभएको कामलाई पूर्ण रूपमा पूरा गर्न साँच्चै नै इच्छुक छु र म साँच्चै नै तिमीहरूको सेवामा रहन चाहन्छु। यति मात्र हो कि अहिले म अति कमजोर छु। परमेश्‍वरले हामीमाथि धेरै समय बिताउनुभएको छ र धेरै वचनहरू बोल्नुभएको छ, तर हामी अझै पनि उस्तै छौं। म सधैं आफ्नो हृदयमा परमेश्‍वरको धेरै ऋणी भएको महसुस गर्छु...।” (उनी रुन थालिन्, बोल्न असमर्थ भइन्।) त्यसपछि उनले प्रार्थना गर्न थालिन्: “हे परमेश्‍वर! म तपाईंसँग बिन्ती गर्छु, मलाई शक्ति दिनुहोस् र मलाई तपाईंले पहिले उत्प्रेरित गर्नुभएको भन्दा बढी उत्प्रेरित गर्नुहोस्, र तपाईंका आत्माले ममा काम गरून्। म तपाईंसँग सहकार्य गर्न इच्छुक छु। तपाईं आखिरमा महिमा प्राप्त गर्नुहुन्जेलसम्म, म अहिले नै आफैलाई सम्पूर्ण रूपमा तपाईंलाई दिन तयार छु, चाहे त्यसको निम्ति मैले आफ्नो जीवन नै दिनु किन नपरोस्। हामी ठूला प्रशंसाहरू अर्पण गर्न चाहन्छौं ताकि हाम्रा दाजुभाइ-दिदीबहिनीहरू तपाईंको पवित्र नाउँको प्रशंसा गर्न, तपाईंलाई प्रकट गर्न, तपाईंको काम साँचो हो भनी प्रमाणित गर्न, तपाईंले बोक्नुभएका बोझहरूका निम्ति तपाईंलाई सारा वास्ता प्रकट गर्न खुसीसाथ गीत गाउन र नाच्न सकून्...।” उनले यसरी गम्भीरतासाथ प्रार्थना गरिन्, र पवित्र आत्माले साँच्चै नै उनलाई एउटा बोझ दिनुभयो। यस अवधिमा, उनले असाधारण बोझ पाइन्, र उनले सारा दिन पढ्न, लेख्न, र सुन्नमा बिताउने गर्थिन्। उनी सम्भवतः व्यस्त हुन सकिने हदसम्म नै व्यस्त थिइन्। उनको आत्मिक स्थिति उत्कृष्ट थियो, र उनी आफ्नो हृदयमा सधैं ऊर्जावान् र बोझ भएकी थिइन्। बेला-बेलामा उनी कमजोर हुन्थिन् र विघ्नवाधा भोग्थिन्, तर धेरै समय नबित्दै उनी आफ्नो सामान्य स्थितिमा फर्कन्थिन्। यस प्रकारको समयपछि, द्रुत गतिमा उनको प्रगति हुन्थ्यो, उनले परमेश्‍वरका धेरै वचनहरूको बारेमा केही बुझाइ प्राप्त गर्न सक्थिन्, र उनले भजनहरू पनि चाँडै सिक्थिन्–समग्रमा, उनको आत्मिक स्थिति उत्कृष्ट थियो। जब उनले मण्डलीका धेरै कुराहरू परमेश्‍वरको इच्छाअनुरूप नभएको देखिन्, तब उनी चिन्तित भइन् र उनले आफ्ना दाजुभाइ तथा दिदी-बहिनीहरूको निन्दा गर्दै भनिन्: “के यो तिमीहरूको कर्तव्यप्रतिको भक्ति हो? किन तिमीहरू यति थोरै मूल्य तिर्न पनि असमर्थ छौ? यदि तिमीहरू यो काम गर्न चाहँदैनौ भने, म गर्नेछु...।”

जब उनमा बोझ थियो, उनले आफ्नो विश्‍वासमा अझै बलियो महसुस गरिन्, किनकि पवित्र आत्माले धेरैभन्दा धेरै काम गरिरहनुभएको थियो। कहिलेकहीं उनले केही कठिनाइहरूको सामना गर्थिन् र नकारात्मक बन्थिन्, तर उनी यी सबैमाथि विजय पाउन सक्षम थिइन्। अर्थात्, जब उनले

पवित्र आत्माको काम अनुभव गर्थिन्, उनको अवस्था राम्रो हुँदाहुँदै पनि, उनी अझै पनि कुनै खास कठिनाइहरूको सामना गर्न वा केही हदसम्म कमजोर हुनबाट बच्न सक्दिनथिन्। यस्ता कुराहरू अपरिहार्य रूपमा घटित हुन्थे, तर चाँडै नै उनी ती अवस्थाहरूबाट बाहिर आउन सक्थिन्। जब उनी कमजोर महसुस गर्थिन्, तब उनी प्रार्थना गर्थिन् र आफ्नै कद वास्तवमै अपर्याप्त भएको महसुस गर्थिन्, तर उनी परमेश्‍वरसँग सहकार्य गर्न इच्छुक थिइन्। परमेश्‍वरले जे गर्नु भए पनि, उनी उहाँको इच्छा पूरा गर्न र उहाँका सबै प्रबन्धहरू पालन गर्न इच्छुक थिइन्। त्यहाँ उनको बारेमा निश्‍चित धारणा र पूर्वाग्रहहरू भएका केही व्यक्तिहरू थिए, तर उनले आफूलाई बेवास्ता गरी सक्रियतासाथ उनीहरूको सङ्गतिमा संलग्न हुन सक्षम थिइन्। पवित्र आत्माले उहाँको सामान्य काम गरिरहनुभएको बेला मानिसहरूका अवस्थाहरू यस्तै हुन्छन्। केही समय बितेपछि, परमेश्‍वरको काम परिवर्तन हुन थाले, र सबै मानिसहरू कामको अर्को चरणमा प्रवेश गरे, जसमा परमेश्‍वरले उनीहरूको लागि भिन्नै मापदण्डहरू तय गर्नुभएको थियो। त्यसैले त्यहाँ नयाँ वचनहरू बोलिए, जसले मानिसहरूको लागि नयाँ मापदण्डहरू तय गर्‍यो: "... मसित तिमीहरूका निम्ति घृणा मात्र छ, आशिष्‌हरू छँदै छैनन्। मैले तिमीहरूलाई आशिष् दिने कुरा कहिल्यै सोचेको छैनँ, न त मैले कहिल्यै तिमीहरूलाई पूर्ण गर्ने विचार नै गरेको छु, किनकि तिमीहरू अति नै विद्रोही छौ। तिमीहरू बेइमान र छली छौ, र तिमीहरूमा योग्यताको कमी छ र तिमीहरू निम्न कदका छौ, त्यसैले तिमीहरू मेरो नजरभित्र वा मेरो हृदयमा कहिल्यै पनि रहेका छैनौ। मेरो काम तिमीहरूलाई दोषी ठहराउने अभिप्रायले मात्र गरिन्छ; मेरो हात तिमीहरूबाट कहिल्यै पनि टाढा भएको छैन, न त मेरो ताडना नै टाढा रहेको छ। मैले तिमीहरूलाई निरन्तर न्याय गरेको र सराप दिएको छु। तिमीहरूले मलाई नबुझ्ने भएकोले मेरो क्रोध सधैं तिमीहरूमाथि खनिएको छ। मैले सधैं तिमीहरूको बीचमा काम गरेको भए पनि तिमीहरूले तिमीहरूप्रतिको मेरो मनोभावलाई जान्नुपर्छ। यो घृणाबाहेक अरू केही होइन–अरू कुनै मनोभाव वा धारणा छैन। म यति मात्र चाहन्छु कि तिमीहरूले मेरो बुद्‌धि र मेरो महान् शक्तिका लागि प्रतिभारको रूपमा काम गर। तिमीहरूको विद्रोहीपनद्‌वारा मेरो धार्मिकता प्रकट हुने भएकोले तिमीहरू मेरा प्रतिभारबाहेक अरू केही होइनौ। मैले तिमीहरूलाई मेरो कामका प्रतिभार, मेरो कामका सहायक अङ्ग बन्‍न् लगाएको छु...।" "सहायक अङ्ग" र "प्रतिभार" भन्‍ने शब्दहरू देख्नेबित्तिकै उनले सोच्न थालिन्: "यी वचनहरूको आधारमा मैले कसरी पछ्याउने? त्यस्तो मूल्य चुकाएपछि पनि म अझै प्रतिभार मात्र हुँ। के प्रतिभार भनेको एउटा सेवा-कर्ता मात्र होइन र? विगतमा, हामी सेवा-कर्ताहरू हुनेछैनौं, हामी परमेश्‍वरका मानिसहरू हुनेछौं भनिएको थियो, तर के हामी आज पनि सेवा-कर्ताको भूमिकामा छैनौं र? के सेवा-कर्ताहरूमा जीवनको अभाव हुँदैन र? मैले जति धेरै कष्ट सहे पनि परमेश्‍वरले त्यसका लागि मेरो प्रशंसा गर्नुहुनेछैन! म प्रतिभार बनिसकेपछि, के यो समाप्त हुँदैन र? ..." उनले यस विषयमा जति धेरै सोचिन् त्यत्ति नै बढी उनी दुःखी बनिन्। उनले मण्डलीमा आएर आफ्ना दाजुभाइ तथा दिदी-बहिनीहरूको अवस्था देख्दा झनै नराम्रो महसुस गरिन्: "तिमीहरू ठीक छैनौ! म ठीक छैनँ! म नकारात्मक भएकी छु। उफ! के गर्न सकिन्छ? परमेश्‍वरले अझै पनि हामीलाई चाहनुहुन्‍न। यस प्रकारको काम गर्नुभएर उहाँले हामीलाई नकारात्मक नबनाउनुहुने कुनै कुरै छैन। मलाई थाहा छैन ममा के गलत छ। म प्रार्थना पनि गर्न

चाहन्नँ। जे होस्, म अहिल्यै ठीक छैनँ र वास्तवमै आफ्नो आन्तरिक उत्साह बटुल्न सक्दिनँ। मैले धेरैचोटि प्रार्थना गरेको छु, तर म अझै गर्न सक्दिनँ, र म त्यो गरिरहन चाहन्नँ। म यसलाई यसरी नै हेर्छु। परमेश्‍वर भन्‍नुहुन्छ, हामी प्रतिभारहरू हौं, त्यसो भए के प्रतिभारहरू केवल सेवा-कर्ताहरू होइनन् र? परमेश्‍वर भन्‍नुहुन्छ, हामी प्रतिभारहरू हौं, उहाँका छोराहरू होइनौं, अनि उहाँका मानिसहरू पनि होइनौं। हामी उहाँका छोराहरू होइनौं, झन् उहाँका ज्येष्ठ छोराहरू हुने त कुरै छोडौं। हामी केही पनि होइनौं, केवल प्रतिभारहरू हौं। यदि हामी त्यही हौं भने, के हामीले राम्रो परिणाम पाउन सम्भव छ त? प्रतिभारहरूको कुनै आशा हुँदैन किनकि तिनीहरूसँग जीवन हुँदैन। यदि हामी उहाँका छोराहरू, उहाँका मानिसहरू हुन्थ्यौं भने, त्यसमा आशा हुनेथियो–हामी पूर्ण तुल्याइन सक्थ्यौं। के प्रतिभारहरूले परमेश्‍वरको जीवन बोक्न सक्छन्? के परमेश्‍वरले उहाँको सेवा गर्नेहरूमा जीवन हालिदिन सक्नुहुन्छ? उहाँले प्रेम गर्नुहुने व्यक्तिहरू तिनीहरू हुन् जोसँग उहाँको जीवन छ, र जोसँग उहाँको जीवन छ तिनीहरू मात्र उहाँका छोराहरू, उहाँका मानिसहरू हुन्। म नकारात्मक र कमजोर भए पनि म आशा गर्छु, तिमीहरू सबै नकारात्मक छैनौ। मलाई थाहा छ, यसरी पछाडि फर्कँदा र नकारात्मक हुँदा त्यसले परमेश्‍वरको इच्छा पूरा गर्न सक्दैन, तर म प्रतिभार हुन तयार छैन। म एक प्रतिभार बन्‍न डराउँछु। जे होस्, मसँग त्यति ऊर्जा मात्र छ, र म अब निरन्तरता दिन सक्दिनँ। म आशा गर्छु, मैले जे गरें त्यस्तो तिमीहरूमध्ये कसैले पनि गर्नेछैनौ, बरु मबाट केही हदसम्म प्रेरणा प्राप्त गर्न सक्नेछौ। मलाई लाग्छ, म मर्न पनि सक्छु! मैले मृत्युको सामना गर्नुभन्दा अघि म तिमीहरूलाई केही अन्तिम कुराहरू छोडिराख्नेछु–म आशा गर्छु, तिमीहरू अन्त्यसम्म प्रतिभारहरूको रूपमा काम गर्न सक्नेछौ; हुन सक्छ, अन्त्यमा परमेश्‍वरले प्रतिभारहरूको प्रशंसा गर्नुहुनेछ...।" जब दाजुभाइ-दिदीबहिनीहरूले यो देखे तब उनीहरूले अचम्मित हुँदै भने: "उनी कसरी त्यति नकारात्मक हुन सक्छिन्? के उनी पछिल्ला दुई-चार दिन पूर्ण स्वस्थ थिइनन् र? उनले किन अचानक सबै बल गुमाइन्? उनी किन सामान्य नभएकी हुन्?" उनले भनिन्: "म सामान्य भइरहेकी छैन नभन। वास्तवमा, म मेरो हृदयमा सबै कुरामा स्पष्ट छु। मलाई थाहा छ, मैले परमेश्‍वरको इच्छा पूरा गरेकी छैनँ, तर के यो मैले उहाँको प्रतिभारको रूपमा कार्य गर्न नचाहेकीले गर्दा होइन र? मैले केही खराब गरेकी छैनँ। हुन सक्छ, एक दिन परमेश्‍वरले 'प्रतिभारहरू' भन्‍ने नामलाई बदलेर 'प्राणीहरू' बनाउनुहुनेछ, र त्यत्ति मात्र होइन, उहाँद्वारा महत्त्वपूर्ण रूपमा प्रयोग गरिएकाहरूलाई उहाँका प्राणीहरू बनाउनुहनेछ। के यसमा केही आशा छैन? म आशा गर्छु, तिमीहरू नकारात्मक वा निराश हुनेछैनौ, र परमेश्‍वरको अनुसरण गरिरहनेछौ र प्रतिभारहरूको रूपमा आफूले सक्दो सेवा गर्नेछौ। जुनै अवस्था भए पनि, म निरन्तरता दिन सक्दिनँ। मेरा कार्यहरूले तिमीहरूलाई सिमित नबनाओस्।" अरू मानिसहरूले यो कुरा सुने, र भने, "तपाईंले उहाँलाई पछ्याउन छाड्नुभयो भने पनि, हामी निरन्तरता दिनेछौं, किनकि परमेश्‍वरले हामीलाई कहिल्यै अनुचित व्यवहार गर्नुभएको छैन। हामी तपाईंको नकरात्मकताद्वारा बाध्य हुनेछैनौं।"

केही समयसम्म यो अनुभवबाट गुज्रिसकेपछि पनि उनी अझै प्रतिभार हुने कुरामा नकारात्मक अवस्थामा थिइन्, त्यसैले मैले उनलाई भनें: "तँलाई मेरो कामको बारेमा केही ज्ञान छैन। तँसँग मेरा वचनहरूको भित्री सत्य, सार, वा अपेक्षित परिणामबारे कुनै बुझाइ छैन। तँलाई मेरो कामका

लक्ष्यहरू थाहा छैन, न त यसभित्रका ज्ञान-बुद्धि नै थाहा छ। तँमा मेरो इच्छाको कुनै बोध छैन। तँ पछि हट्न मात्र जान्दछस्, किनकि तँ एक प्रतिभार होस्—तँले आफैलाई हैसियतको कुरामा धेरै लगाइराख्छस्! तँ कति मूर्ख छस्! मैले तँलाई विगतमा धेरै कुरा भनेको थिएँ। मैले भनेको थिएँ कि म तँलाई सिद्ध पार्नेछु; के तैंले भुलिस्? मैले प्रतिभारको बारेमा कुरा गर्नुभन्दा अघि के मैले सिद्ध पार्ने कुरा गरेको थिइनँ र?" "पर्खनुहोस्, मलाई यसको बारेमा सोच्न दिनुहोस्। हो, त्यो सही हो! तपाईंले प्रतिभारको विषयमा कुरा गर्नुभन्दा पहिले ती कुराहरू गर्नुभएको थियो!" "जब मैले सिद्ध पार्ने कुरा गरेको थिएँ, तब के मैले मानिसहरूलाई विजय गरिएपछि मात्र सिद्ध पार्न सकिनेछ भनेको थिइनँ र?" "थियो!" "के मेरा वचनहरू निष्कपट थिएनन् र? के ती असल नियतले भनिएका थिएनन् र?" "हो! तपाईं परमेश्‍वर हुनुहुन्छ, तपाईंले कहिल्यै पनि बेइमानीपूर्वक कुरा गर्नुभएको छैन—यो कुरालाई कसैले पनि इन्कार गर्ने आँट गर्न सक्दैन। तर तपाईं अत्यन्तै धेरै तरिकाले बोल्नुहुन्छ।" "के मेरा बोल्ने तरिकाहरू कामका विभिन्न चरणहरूअनुसार बदलिँदैन र? के मैले भनेका कुराहरू तेरा आवश्यकताहरूको आधारमा गरिएका र भनिएका छैनन् र?" "तपाईं मानिसहरूको आवश्यकताअनुसार काम गर्नुहुन्छ र तपाईंले उनीहरूका खाँचोहरू पूरा गरिदिनुहुन्छ। यो असत्य होइन!" "त्यसो भए, के मैले तँलाई भनेका कुराहरू लाभदायक छैनन् र? के मेरा सजायहरू तेरै खातिर प्रदान गरिएका छैनन् र?" "तपाईं अझै कसरी भन्न सक्नुहुन्छ कि यो मेरो खातिर हो! तपाईंले मलाई मरणासन्न हुने गरी सजाय दिनुभयो—म अझ अरू जिउन चाहन्नँ। आज तपाईं यो भन्नुहुन्छ, भोलि तपाईंले त्यो भन्नुहुन्छ। मलाई थाहा छ, तपाईंले मेरो आफ्नै खातिर मलाई सिद्ध पार्दैहुनुहुन्छ, तर तपाईंले मलाई सिद्ध पार्नुभएको छैन—तपाईंले मलाई प्रतिभार बनाउनुहुन्छ र अझै पनि तपाईं मलाई दण्ड दिनुहुन्छ। तपाईं मलाई घृणा गर्नुहुन्छ, हैन र? कसैले पनि तपाईंका वचनहरूमा विश्‍वास गर्ने हिम्मत गर्दैन, र अहिले मात्र मैले स्पष्ट बुझेँ कि तपाईंको सजाय तपाईंको हृदयको घृणालाई ठीक पार्नलाई हो, मलाई मुक्ति दिनलाई होइन। तपाईंले पहिले मबाट सत्य लुकाउनुभयो; तपाईंले भन्नुभयो कि तपाईंले मलाई सिद्ध पार्नुहुनेछ र त्यो सजाय मलाई सिद्ध पार्नका निम्ति हुनेछ। यसैले मैले सधैं तपाईंको आज्ञा पालन गरेको छु; मैले सोचेकै थिइनँ, आज मैले प्रतिभारको उपाधि धारण गर्नेछु। हे परमेश्‍वर, के तपाईंले मलाई अरू कुनै अरू कार्य गर्न लगाउनुभएको भए राम्रो हुनेथिएन र? के तपाईंले मलाई एउटा प्रतिभारको टोपी नै लगाइदिनुपर्थ्यो र? मैले राज्यमा द्वारपाल हुने कुरासमेत स्वीकार गर्नेथिएँ। म वरिपरि दौडँदै छु र आफैलाई अर्पित गर्दै छु, तर अन्त्यमा मेरा हातहरू खाली छन्—मसँग एक पैसा पनि छैन। तैपनि तपाईं अहिले मैले तपाईंको प्रतिभारको रूपमा काम गर्नुपर्छ भनेर भन्नुहुन्छ। मैले आफ्नो अनुहारसमेत कसरी देखाउन सक्छु र?" "तैंले के कुरा गर्दैछस्? मैले विगतमा यति धेरै न्यायको काम गरेको छु र तँ त्यो बुझ्दैनस्? के तैंले आफैलाई राम्ररी बुझेको छस्? के 'प्रतिभार' को उपाधि वचनहरूको न्याय पनि होइन र? के तँ प्रतिभारहरूसम्बन्धी मेरा सबै कुराकानीहरू एउटा विधि पनि हो, तेरो न्याय गर्ने तरिका पनि हो भनी सोच्छस्? त्यसो भए, तैँले कसरी मलाई पछ्याउँछस्?" "मैले अझसम्म तपाईंलाई कसरी पछ्याउने भनी योजना बनाएको छैन। पहिले मैले जान्नुपर्छ: म प्रतिभार हुँ वा होइन? के प्रतिभारहरूलाई पनि सिद्ध पार्न सकिन्छ? के 'प्रतिभार' को उपाधि बदल्न

सकिन्छ? के मैले एक प्रतिभार भएर सानदार गवाही दिन सक्छु, र त्यसपछि सिद्ध तुल्याइने व्यक्ति बन्न सक्छु, जो परमेश्‍वरलाई प्रेम गर्ने व्यक्तिको एक उदाहरण हुन्छ, र जो परमेश्‍वरको घनिष्ठ हुन्छ? के म पूर्ण बनाइन सक्छु? मलाई सत्य भन्‍नुहोस्!" "के तँलाई सधैं विकसित भइरहने, सधैं परिवर्तन भइरहने कुराहरूबारे थाहा छैन? जबसम्म तँ एक प्रतिभारको रूपमा तेरो वर्तमान भूमिकामा आज्ञाकारी हुन इच्छुक हुन्छस् तँ बदलिन सक्छस्। तँ एक प्रतिभार होस् वा नहोस् भन्‍ने कुराको तेरो भवितव्यसँग कुनै सरोकार छैन। मुख्य कुरा के हो भने तँ जीवनको स्वभावमा परिवर्तन भएको व्यक्ति हुन सक्छस् कि सक्दैनस् भन्‍ने हो।" "तपाईंले मलाई सिद्ध पार्न सक्नुहुन्छ कि हुन्‍न के त्यो भन्‍न सक्नुहुन्छ?" "जबसम्म तैंले पछ्याउँछस र आखिरीसम्म आज्ञापालन गर्छस्, तबसम्म म प्रत्याभूति दिन्छु कि म तँलाई सिद्ध बनाउन सक्छु।" "अनि मैले कस्तो किसिमको कष्ट भोग्‍नुपर्नेछ?" "तैंले कठिनाइको साथसाथै वचनहरूको न्याय र सजायको पनि अनुभव गर्नुपर्नेछ, विशेष गरी वचनहरूको सजाय, जुन प्रतिभारको दण्डजस्तै हो!" "प्रतिभारको रूपमा पनि उस्तै दण्ड? ठीक छ, यदि म कठिनाइबाट गुज्रेपछि तपाईंद्वारा सिद्ध पारिन सक्छु भने, यदि त्यहाँ आशा छ भने, त्यो त राम्रो हो। यदि यो केवल आशाको एक त्यान्द्रो मात्र हो भने पनि त्यो एउटा प्रतिभार हुनुभन्दा राम्रो हो। त्यो 'प्रतिभार,' भन्‍ने नाम-पदवी अति नै नराम्रो सुनिन्छ। म एक प्रतिभार बन्‍न इच्छुक छैनँ!" "प्रतिभारसित त्यत्ति नराम्रो के कुरा छ र? के प्रतिभारहरू उनीहरू आफैमा पूर्ण रूपले असल हुँदैनन् र? के प्रतिभारहरू आशिष्‌को आनन्द लिन अयोग्य छन् र? यदि म प्रतिभारहरूले आशिष्‌हरूको आनन्द लिन सक्छन् भन्छु भने, तैंले आशिष्‌हरूको आनन्द लिन सक्छस्। के मेरो कामको कारण मानिसहरूको नाम-पदवी बदलिन्छ भन्‍ने कुरा सत्य होइन र? तैपनि एउटा सामान्य उपाधिको कुराले मात्र पनि तँलाई यति धेरै चिन्तित पार्दैछ? तँ यस प्रकारको प्रतिभार हुनु तँलाई ठीक सुहाउँछ। के तँ पछ्याउन इच्छुक छस् कि छैनस्?" "ठीक छ, के तपाईं मलाई पूर्ण बनाउन सक्नुहुन्छ कि हुन्‍न? के तपाईं मलाई तपाईंका आशिष्‌हरूको आनन्द लिन दिनुहुन्छ?" "के तँ अन्त्यसम्म पछि लाग्‍न इच्छुक छस् वा छैनस्? के तँ आफैलाई अर्पण गर्न इच्छुक छस्?" "मलाई यसको बारेमा सोच्‍न दिनुहोस्। एउटा प्रतिभारले पनि तपाईंको आशिष्‌को आनन्द लिन सक्छ, र उसलाई पूर्ण तुल्याउन सकिन्छ। मलाई पूर्ण तुल्याइसकेपछि म तपाईंको घनिष्ठ हुनेछु र तपाईंको इच्छालाई सम्पूर्ण रूपले बुझ्‍नेछु, र तपाईंसँग जे छ त्यो मसँग पनि हुनेछ। तपाईं जुन कुरामा आनन्द लिन सक्षम हुनुहुन्छ म त्यसमा आनन्द लिन सक्षम हुनेछु, र तपाईं जे कुरा जान्‍नुहुन्छ त्यो कुरा म जान्‍नेछु। ... कठिनाइबाट गुज्रेर गएपछि र सिद्ध पारिएपछि, म आशिष्‌हरूको आनन्द लिन सक्नेछु। त्यसो भए मैले कस्ता आशिष्‌हरूको आनन्द लिन पाउनेछु त?" "तैंले कस्ता आशिष्‌हरू पाउनेछस् भनी चिन्ता नगर्। यदि मैले तँलाई यी कुराहरू भनें भने पनि ती तेरो कल्पनाभन्दा बाहिरका छन्। एक राम्रो प्रतिभार बने पछि, तँलाई विजय गरिनेछ, र तँ एक सफल प्रतिभार हुनेछस्। यो विजय प्राप्त गरिएको व्यक्तिको आदर्श र दृष्टान्त हो, तर निश्‍चय नै तँलाई विजय गरिएपछि मात्र तँ एउटा आदर्श र दृष्टान्त बन्‍न सक्छस्।" "एउटा आदर्श र दृष्टान्त भनेको के हो?" "यो सबै अन्यजातिहरूका लागि आदर्श र दृष्टान्त हो, अर्थात् तिनीहरूको लागि जसलाई विजय गरिएको छैन।" "यसमा कति जना मानिसहरू पर्छन्?" "धेरै धेरै मानिसहरू। यो तिमीहरूमध्ये चार

वा पाँच हजार मानिस मात्र होइन—सारा संसारमा यो नाउँलाई स्वीकार गर्ने सबैलाई विजय गरिनु नै पर्छ।" "त्यसो भए यो केवल पाँच वा दस सहरहरू मात्र होइन!" "अब यसबारे चिन्ता नगर्, र आफूलाई बढ्तै चिन्तित नपार्। अहिले तैँले कसरी प्रवेश प्राप्त गर्न सक्छस् त्यसमा ध्यान दे! म प्रत्याभूति दिन्छु, तँलाई पूर्ण बनाइन सकिन्छ।" "कुन हदसम्म? अनि मैले के-कस्ता आशिष्हरूको आनन्द लिन सक्छु?" "तँ किन यति धेरै चिन्तित हुन्छस्? तँलाई पूर्ण बनाइन सकिन्छ भनेर मैले प्रत्याभूति दिएको छु त। के म भरोसायोग्य छु भन्ने कुरा तैँले भुलिस्?" "यो सत्य हो कि तपाईं भरोसायोग्य हुनुहुन्छ, तर तपाईंको बोल्ने केही तरिकाहरू सधैं परिवर्तन हुन्छन्। आज तपाईं मलाई पूर्ण पारिनेछ भनी प्रत्याभूति दिनुहुन्छ, तर भोलि तपाईं यो त अनिश्चित छ भन्न सक्नुहुन्छ। अनि केही मानिसहरूलाई तपाईं भन्नुहुन्छ 'म प्रत्याभूति दिन्छु, तँजस्तो कसैलाई पनि पूर्ण बनाउन सकिँदैन।' मलाई थाहा छैन तपाईंका वचनहरूलाई के हुँदैछन्। म त्यसमा विश्वास गर्ने आँट गर्दिनँ।" "त्यसो भए के तँ आफैलाई अर्पण गर्न सक्छस् कि सक्दैनस्?" "के अर्पण गर्नु?" "तेरो भविष्य र तेरा आशाहरू अर्पण गर्।" "ती कुराहरू त छोड्न सजिलो छ! मुख्य कुरा भनेको 'प्रतिभार' को उपाधि हो—म वास्तवमै त्यो चाहन्नँ। यदि तपाईंले मबाट त्यो नाम-पदवी हटाउनुभयो भने म कुनै पनि कुराका निम्ति खुल्ला हुनेछु, जेसुकै पनि गर्न सक्नेछु। के यी केवल साना कुराहरू होइनन् र? के तपाईं त्यो पद हटाउन सक्नुहुन्छ?" "त्यो त सजिलो हुन्छ, होइन र? यदि म तँलाई त्यो नाम-पदवी दिन सक्छु भने, म निश्चय नै त्यो हटाउन पनि सक्छु। तर अहिले त्यो समय होइन। तैँले पहिले यो कामको चरणको अनुभव पूरा गर्नुपर्छ, अनि मात्र तैँले नयाँ उपाधि प्राप्त गर्न सक्छस्। कुनै व्यक्ति जति धेरै तँजस्तो हुन्छ उत्ति नै बढी उसले एउटा प्रतिभार हुनुपर्छ। तँ एउटा प्रतिभार हुन जति धेरै डराउँछस्, त्यत्ति नै बढी म तँलाई त्यो नाम दिनेछु। तँजस्तो व्यक्तिलाई कडा अनुशासन कारबाही र व्यवहार गरिनुपर्छ। व्यक्ति जति धेरै विद्रोही हुन्छ, उत्ति नै बढी तिनीहरू सेवा-कर्ताहरू हुनेछन् र अन्त्यमा तिनीहरूले केही पनि पाउनेछैनन्।" "मैले धेरै लगनसाथ खोजी गरिरहेको छु तर पनि किन म 'प्रतिभार' नाउँ त्याग्न सक्दिनँ? हामीले यी सारा वर्षहरूमा तपाईंलाई पछ्याएका छौं र थोरै दुःख भोगेका छैनौं। हामीले तपाईंका लागि धेरै कुराहरू गरेका छौं। हामीले बतास र वर्षा भोगेका छौं, हामी आफ्नो युवावस्थाको अन्त्यतिर पुग्दै छौं। हामीले न त विवाह गरेका छौं न त परिवार सुरु गरेका छौं, र त्यसो गर्ने हामीमध्ये कोही अझै बाहिर आउँछन्। म उच्च माध्यमिक अध्ययन गरून्जेल स्कुलमा बसें, तर तपाईं आउनुभएको सुन्नासाथ मैले विश्वविद्यालय जाने मौका छोडिदिएँ। अनि तपाईं भन्नुहुन्छ, हामी प्रतिभारहरू हौं! हामीले यति धेरै गुमाएका छौं! हामीले यी सबै कुराहरू गरेका छौं, तर अहिले यस्तो देखिन्छ कि हामी केवल तपाईंका प्रतिभारहरू हौं। यो देखेर मेरा पुराना सहपाठी र दौंतरीहरूले के सोच्लान्? जब उनीहरूले मलाई देख्छन् र मेरो कद र मेरो पदको बारेमा सोध्छन्, म तिनीहरूलाई त्यो कुरा बताउन कसरी लज्जित नहुँला र? सुरुमा, मैले तपाईंप्रतिको आफ्नो विश्वासका निम्ति जुनसुकै मूल्य पनि चुकाएँ, अरू सबैले मलाई मूर्ख ठानेर मेरो हाँसो उडाए। तर मैले तपाईंलाई पछ्याइरहें अनि विश्वास नगर्ने ती सबैलाई देखाउन सक्ने मेरो दिन आउला भनी आशा गरिरहें। तर यसको सट्टा, आज तपाईंले मलाई म एक प्रतिभार हुँ भनी भन्नुभयो। यदि तपाईंले मलाई सबैभन्दा तल्लो उपाधि दिनुभएको

भए, यदि तपाईंले मलाई राज्यका मानिसहरूमध्ये एक जना हुन दिनुभएको भए त्यो राम्रो हुनेथियो! म तपाईंको चेला वा तपाईंको विश्वासपात्र हुन सकिनँ भने पनि तपाईंको अनुयायी बन्नु राम्रै हुन्छ! हामीले धेरै वर्षदेखि तपाईंलाई पछ्याएका छौं, हाम्रा परिवारहरूलाई त्यागेका छौं, र अहिलेसम्म खोज्दैआउन धेरै गाह्रो भएको छ, तर यसको सट्टामा हामीले पाएको देखाउन सकिने कुरा भनेको 'प्रतिभार' को उपाधि मात्र हो! मैले तपाईंका लागि सबै कुरा त्यागेको छु; मैले सबै सांसारिक सम्पत्तिहरू छोडिदिएको छु। पहिले, कसैले मलाई सम्भावित जीवनसाथीसँग परिचय गरायो। ऊ वास्तवमै सुन्दर र राम्रो पहिरनवाला थियो; ऊ एक उच्च-सरकारी अधिकारीको छोरो थियो। त्यसबेला म ऊप्रति चासो राख्थें। तर मैले परमेश्वर आउनुभएको छ र उहाँले आफ्नो काम गरिरहनुभएको छ, र तपाईंले हामीलाई राज्यमा लैजानुहुँदै छ र हामीलाई सिद्ध बनाउनुहुँदै छ, र तपाईंले हामीलाई अलिकति पनि समय नगुमाई सबै कुरा छोड्ने संकल्प गर्न आग्रह गर्नुभएको छ भन्ने कुरा सुन्नासाथ मैले आफूमा संकल्पको पूर्ण कमी भएको देखें। त्यसपछि मैले आफैलाई कठोर बनाएँ र त्यो अवसरलाई अस्वीकार गरें। त्यसपछि, उसले मेरो परिवारका निम्ति धेरैपटक उपहारहरू पठायो, तर मैले ती उपहारहरू हेर्दै हेरिनँ। के तपाईं त्यस बेला म दुःखी थिएँ भनी सोच्नुहुन्छ? यो औधी राम्रो कुरा थियो, तर त्यो व्यर्थ भएको छ। म कसरी दुःखी हुन सक्दिनँथिएँ र? म यसबारे धेरै दिनसम्म दुःखी बनें यहाँसम्म कि म रातमा सुत्न सक्दिनथिएँ, तर अन्त्यमा मैले त्यो कुरा छाडिदिएँ। प्रत्येकचोटि मैले प्रार्थना गर्दा मलाई पवित्र आत्माले उत्प्रेरित गर्नुहुन्थ्यो जो भन्नुहुन्थ्यो: 'के तँ मेरो लागि सबै कुरा त्याग्न इच्छुक छस्? के तँ मेरो लागि आफैलाई अर्पण गर्न इच्छुक छस्?' जब म तपाईंका ती वचनहरू विचार गर्थें, म रुन्थें। म धेरै प्रभावित भएको थएँ र उदासीमा म कतिचोटि रोएँ त्यो मलाई नै थाहा छैन। एक वर्षपछि मैले सुनें कि त्यो व्यक्तिले बिहे गरेछ। भन्नु नपर्ला, म दुःखी थिएँ, तर पनि मैले तपाईंको खातिर त्यो कुरालाई छोडिदिएँ। अनि अरू सबै त कुरै नगरौं, मेरो भोजन र कपडाहरू पनि घटिया छन्–मैले त्यो विवाह छोडिदिएँ, मैले यी सबै त्यागें, त्यसकारण तपाईंले मलाई प्रतिभारको रूपमा व्यवहार गर्नु हुँदैन! मैले मेरो विवाह, मेरो जीवनको सबैभन्दा महत्त्वपूर्ण घटना त्यागिदिएँ, यी सबै मैले आफैलाई तपाईंमा अर्पण गर्नका लागि गरें। एक व्यक्तिको सम्पूर्ण जीवन एक राम्रो जीवनसाथी पाउनु र एक खुसीको परिवार प्राप्त गर्नुभन्दा बढी अरू केही होइन। मैले यो सब, सबैभन्दा राम्रो कुरो छोडिदिएँ, र अहिले मसँग केही छैन र म एकलो छु। तपाईं मलाई कहाँ पठाउन चाहनुहुन्छ? मैले तपाईंलाई पछ्याउन थालेदेखि नै पीडा भोगेको छु। मैले राम्रो जीवन बिताएको छैनँ। मैले आफ्नो परिवार र आफ्नो पेशाका साथै दैहिक आनन्दहरू त्यागेको छु, र हामी सबैले गरेका यो बलिदान अझै पनि तपाईंका आशिष्हरू पाउन पर्याप्त छैन? त्यसैले अहिले यो 'प्रतिभार' को कुरा आयो। परमेश्वर, तपाईंले अति नै गर्नुभएको छ! हामीलाई हेर्नुहोस्–यो संसारमा हामीले भर पर्न सक्ने केही पनि छैन। हामीमध्ये कतिले हाम्रा छोराछोरीलाई त्यागेका छौं, कतिले आफ्नो काम, आफ्नो पति/पत्नी,[क] आदि इत्यादि त्यागेका छन्; हामीले सबै शारीरिक सुखहरू त्यागेका छौं। हाम्रो निम्ति अरू के आशा छ? हामी संसारमा कसरी

क. मूल पाठमा "पत्नीहरू" भनेर पढिन्छ।

जीवित रहन सक्छौं? के हामीले गरेका यी बलिदानहरू एक पैसा मूल्यको पनि छैनन्? के तपाईं ती सब देख्न सक्नुहुन्न? हाम्रो कद तुच्छ छ र हाम्रो योग्यतामा कमी छ–हामी त्यो स्वीकार्छौं, तर तपाईंले हामीबाट चाहनुभएको कुरामा हामीले कहिले ध्यान दिएका छैनौ र? अहिले तपाईंले निर्दयतापूर्वक हामीलाई छोड्दै हुनुहुन्छ र त्यसको साटोमा हामीलाई 'प्रतिभार' को उपाधि दिंदैहुनुहुन्छ? के हाम्रो बलिदानले हाम्रो निम्ति ल्याएको सबै कुरा यही नै हो? अन्त्यमा, यदि मानिसहरूले मलाई परमेश्‍वरमा विश्‍वास गरेर के पायौ भनी प्रश्‍न गरे भने के म तिनीहरूलाई वास्तवमै यो 'प्रतिभार' भन्ने शब्द देखाउन सक्छु? म एक 'प्रतिभार' हुँ भन्न म कसरी मुख खोल्न सक्छु? म यो कुरा मेरा बाबुआमालाई बताउन सक्दिनँ, र म मेरो पहिलेको सम्भावित जीवनसाथीलाई बताउन सक्दिनँ। मैले त्यत्ति धेरै मूल्य चुकाएको छु, र यसको बदलामा मैले जे बन्न पाएँ त्यो 'प्रतिभार' हो! आह! म धेरै दुःखी महसुस गर्छु!" (उनले आफ्नो तिघ्रामा बारम्बार मुक्का हान्दै रुन थालिन्।) "यदि मैले अहिले तँलाई प्रतिभारको उपाधि दिँदिनँ, बरु तँलाई मेरा मानिसहरूमध्ये एक बनाउनेछु र तँलाई अगाडि बढने र सुसमाचार फैलाउने निर्देशन दिन्छु भनें भने, यदि मैले तँलाई काम गर्ने हैसियत दिएँ भने, के तँ त्यो काम गर्न सक्छस्? तैंले यो कामको एकपछि अर्को चरणबाट वास्तवमा के प्राप्त गरेको छस्? तैपनि अझै तँ यहाँ छस्, तेरो कथाले मलाई आनन्द दिंदैछस्– तँलाई सरम नै छैन! तँ भन्दैछस् कि तैंले मूल्य चुकाएर पनि केही प्राप्त गरेको छैनस्। के मैले तँलाई व्यक्तिलाई प्राप्त गर्ने मेरा सर्तहरू नबताएको हुन सक्छ? मेरो काम कसका लागि हो? के तँलाई थाहा छ? यहाँ तैंले पुराना गुनासोहरू बल्झाउँदैछस्! के तँ अब एक मानिसको रूपमा समेत गणना हुन्छस् र? के तैंले भोगेको कुनै पनि पीडा तेरो आफ्नै इच्छाले प्राप्त गरेको होइन र? अनि के तेरा दुःखहरू आशिष् प्राप्त गर्नका लागि भोगिएका थिएन र? के तैंले मेरा सर्तहरू पूरा गरिस्? तँ केवल आशिष् प्राप्त गर्न चाहन्छस्। तँलाई कुनै सरम नै छैन! मैले तँलाई दिएका सर्तहरू के सधैं अनिवार्य थिए र? यदि तँ मलाई पछ्याउन इच्छुक छस् भने तैंले सबै कुरामा मेरो आज्ञा पालन गर्नैपर्छ। सर्तहरूसँग सम्झौता गर्ने प्रयास नगर्। आखिर, मैले तँलाई अघि नै भनेको थिएँ कि यो मार्ग दु:खको मार्ग हो। यो डरलाग्दा सम्भावनाहरूले भरिएको छ, राम्रो कुरा थोरै मात्र पाइन्छ। के तैंले भुलिस्? मैले यो धेरैपटक भनेको छु। यदि तँ कष्ट भोग्न इच्छुक छस् भने मेरो पछि लाग्। यदि तँ कष्ट भोग्न इच्छुक छैनस् भने, रोकी। म तँसँग जबरजस्ती गर्दिनँ–तँ आउन वा जान स्वतन्त्र छस्! तैपनि, मेरो काम यसरी नै गरिन्छ र तेरो व्यक्तिगत विद्रोहको कारण म आफ्नो सम्पूर्ण काममा ढिलाइ गर्न सक्दिनँ। तँ आज्ञापालन गर्न इच्छुक नहोलास्, तर अरूहरू इच्छुक छन्। तिमीहरू सबै हताश भएका मानिसहरू हौ! तिमीहरू कुनै पनि कुराको डर मान्दैनौ! तैंले मसँग सर्तहरूको सम्झौता गर्दैछस्–के तँ बाँच्न चाहन्छस् कि चाहँदैनस्? तँ आफ्नै निम्ति योजना बनाउँछस् र तेरो आफ्नै प्रसिद्धि र फाइदाका लागि संघर्ष गर्छस्। के मेरो काम सबै तिमीहरूका लागि होइन र? के तँ अन्धो छस्? म देह बन्नुभन्दा पहिले तैंले मलाई देख्न सक्दैनथिस्, र तैंले बोलेका यी वचनहरू त्यसबेला क्षमायोग्य थिए, तर अहिले मैले देहधारण गरेको छु र मैले तिमीहरूमाझ काम गर्दैछु, तैपनि तँ देख्न सक्दैनस्? तँ के बुझ्दैनस्? तँ भन्छस् कि तैंले हानि खपिस्; यसैले म तिमीहरू हताश भएका मानिसहरूलाई मुक्ति दिन देह बनेको छु र धेरै कामहरू

गरेको छु, र अहिले पनि तँ गुनासो गर्दैछस्—के तैंले हानि खपेको छु भन्छस् होइन? के मैले गरेका सबै काम तिमीहरूको लागि होइन र? म मानिसहरूको वर्तमान कदअनुसार यो उपाधि प्रयोग गर्दछु। यदि म तँलाई 'प्रतिभार' भन्छु भने तँ तुरुन्तै एक प्रतिभार बन्छस्। त्यसरी नै, यदि म तँलाई 'परमेश्‍वरका मानिसहरूमध्ये एक' भन्छु भने, तँ तुरून्तै त्यस्तो बन्छस्। म तँलाई जे भनेर बोलाउँछु, तँ त्यही होस्। अनि मेरा थोरै शब्दहरू तेरो निम्ति रिसउठदो छन्? त्यसो भए, मलाई माफ गर्। यदि तैंले अब आज्ञापालन गर्दैनस् भने, अन्त्यमा तँ श्रापित हुनेछस्—के तब तँ खुसी हुन्छस्? तँ जीवनको मार्गमा ध्यान दिंदैनस्, तर तेरो हैसियत र नाम-पदवीमा मात्र ध्यान दिन्छस्; तेरो जीवन कस्तो किसिमको छ? म तैंले ठूलो मूल्य चुकाएको कुरा इन्कार गर्दिनँ छस्, तर तेरो आफ्नै कद र अभ्यासलाई हेर्—र अहिले पनि तँ सर्तहरूको विषयमा सम्झौता गर्ने कोसिस गर्दैछस्। के तैंले तेरो संकल्पद्‌वारा प्राप्त गरेको कद यही हो त? के तँसँग अलिकति पनि इमानदारिता छ? के तेरो विवेक छ? के गल्ती गर्ने म हुँ? के मैले तँलाई दिएका सर्तहरू गलत थिए? त्यसो भए, त्यो के हो? म तँलाई केही दिनका लागि एक प्रतिभारको रूपमा काम गर्न लगाउन चाहन्छु र अझै पनि तँ त्यसो गर्न इच्छुक छैनस्। त्यो कस्तो प्रकारको संकल्प हो? तिमीहरू सबै कमजोर इच्छा भएका कायरहरू हौ। तँजस्ता मानिसहरूलाई अब दण्ड दिनु नै पर्ने भो!" मैले एकपटक यो भनेपछि, उनले एक वचन पनि बोलिनन्।

अहिले यस प्रकारको कामको अनुभव गर्नका निम्ति तिमीहरूसँग परमेश्‍वरको कामका चरणहरू र मानिसलाई रूपान्तरण गर्ने उहाँका तरिकाहरूको केही बुझाइ हुनुपर्छ। रूपान्तरणको नतिजा प्राप्त गर्ने यो एक मात्र तरिका हो। तिमीहरूको खोजीमा, तिमीहरूसँग अत्यन्तै धेरै धारणा, आशा र भविष्यहरू छन्। अहिलेको काम तिमीहरूको हैसियतको चाहना र असाधारण चाहनाहरूको निराकरण गर्नको निम्ति हो। आशा, हैसियत र धारणाहरू सबै शैतानिक स्वभावका उत्कृष्ट प्रतिनिधित्वहरू हुन्। शैतानको विषले सधैँ मानिसहरूका विचारहरूलाई नष्ट गर्छ र मानिसहरू शैतानका यी परीक्षाहरूदेखि मुक्त हुन सधैँ असमर्थ छन्, त्यही कारणले नै मानिसहरूका हृदयमा यी कुराहरूको अस्तित्व छ। तिनीहरू पापको माझमा जिउँछन् तापनि यसलाई पाप भनी विश्‍वास गर्दैनन्, तैपनि तिनीहरू सोच्छन्: "हामी परमेश्‍वरमा विश्‍वास गर्छौं, त्यसैले उहाँले हामीलाई आशिष्‌हरू दिनुपर्छ र हाम्रो निम्ति सबै कुरा उचित तवरले व्यवस्था गर्नुपर्छ। हामी परमेश्‍वरमा विश्‍वास गर्छौं, यसैले हामी अरूभन्दा श्रेष्ठ हुनुपर्छ र हाम्रो हैसियत र भविष्य अरूको भन्दा अझ धेरै हुनुपर्छ। हामीले परमेश्‍वरमा विश्‍वास गर्ने हुनाले, उहाँले हामीलाई असीमित आशिष्‌हरू दिनुपर्छ। अन्यथा, यसलाई परमेश्‍वरमाथि गरिने विश्‍वास भनिने थिएन।" धेरै वर्षसम्म, आफ्नो अस्तित्वका निम्ति मानिसहरू भर परेका सोचहरूले तिनीहरूको हृदयहरूलाई यति हदसम्म बिगारेका छन् कि तिनीहरू छली, डरपोक र घृणित बनेका छन्। तिनीहरूमा इच्छाशक्ति र सङ्कल्पको अभाव मात्र नभएर, तिनीहरू लोभी, अहङ्कारी र मनमानी गर्ने पनि भएका छन्। तिनीहरूसँग स्वयम्‌लाई उछिन्ने सङ्कल्पको अभाव छ, र त्योभन्दा बढी, यी अँध्यारा प्रभावहरूबाट मुक्त हुने अलिकति पनि साहस तिनीहरूसँग छैन। मानिसहरूका विचार र जीवन यति कुहिएका छन् कि परमेश्‍वरमाथि विश्‍वास गर्ने सम्बन्धमा तिनीहरूका दृष्टिकोणहरू अझ पनि असहनीय रूपले घृणित छन् र त्योभन्दा बढी, जब मानिसहरूले

परमेश्वरमाथिको तिनीहरूको विश्वासको सम्बन्धमा आफ्ना दृष्टिकोणहरू राख्छन् त्यो सुन्न नसकिने किसिमका हुन्छन्। मानिसहरू सबै डरपोक, अयोग्य, घृणित र कमजोर छन्। अन्धकारका शक्तिहरूप्रति तिनीहरूले घृणाको महसुस गर्दैनन् र तिनीहरू ज्योति र सत्यताप्रति प्रेमको महसुस गर्दैनन्; बरु तिनलाई निष्कासित गर्ने भरमग्दुर प्रयास तिनीहरू गर्छन्। के तिमीहरूका अहिलेका सोच र दृष्टिकोणहरू यस्तै छैनन् र? "मैले परमेश्वरमाथि विश्वास गर्ने हुनाले ममाथि आशिष्‌हरूको वर्षा हुनुपर्छ र मेरो हैसियत कहिले पनि फुत्केर नगएको होस् र त्यो गैरविश्वासीहरूको भन्दा उच्च रहनुपर्छ भन्ने कुराको सुनिश्चित गरिनुपर्छ।" तिमीहरूले आफूभित्र त्यस किसिमको दृष्टिकोण केवल एक वा दुई वर्षदेखि मात्र होइन तर धेरै वर्षदेखि राखेका छौ। तिमीहरूको कारोबारी तरिकाको सोचाइ अति विकसित भएको छ। तिमीहरू आज यस चरणमा आइपुगेको भए तापनि तिमीहरूले हैसियतलाई अझ पनि छाडेका छैनौ तर एक दिन तिमीहरूको हैसियत गुम्नेछ र तिमीहरूको नाम नष्ट हुनेछ भन्ने गहिरो डरको साथ यसको बारेमा निरन्तर सोधपुछ गर्नमा सङ्घर्ष गर्छौ र दिनहुँ यसको अवलोकन गर्छौ। मानिसहरूले सहजता प्रतिको आफ्नो चाहनालाई कहिल्यै पन्छाएका छैनन्। यसैले, आज म यसरी तिमीहरूको न्याय गर्दैछु, अन्त्यमा तिमीहरूसँग कुन हदसम्म बुझाइ हुनेछ? तिमीहरूले आफ्नो हैसियत उच्च नभए पनि परमेश्वरको उचाइको आनन्द लिएका छौं भनी भन्नेछौ। तिमीहरूको जन्म तुच्छ भएकोले तिमीहरूको कुनै हैसियत छैन, तर परमेश्वरले तिमीहरूलाई उचाल्नुहुने भएकोले तिमीहरूको हैसियत प्राप्त गर्छौ—यो उहाँले तिमीहरूलाई दिनुभएको कुरा हो। आज तिमीहरू व्यक्तिगत रूपमा परमेश्वरको प्रशिक्षण, उहाँको दण्ड, र उहाँको न्याय प्राप्त गर्न सकछौ। यो पनि उहाँले उचाल्नुभएको कार्य नै हो। तिमीहरू व्यक्तिगत रूपमा उहाँको शुद्धीकरण र प्रज्वलन प्राप्त गर्न सक्षम छौ। यो परमेश्वरको महान् प्रेम हो। युगौंयुगदेखि त्यहाँ एक जना पनि त्यस्तो व्यक्ति छैन जसलाई उहाँको शुद्धीकरण र प्रज्वलन प्राप्त भएको छ, र एक जना व्यक्ति पनि उहाँका वचनहरूद्वारा सिद्ध हुन सकेको छैन। अहिले परमेश्वर तिमीहरूलाई शुद्ध पार्दै, तिमीहरूका भित्री विद्रोहीपन प्रकट गर्दै तिमीहरूसँग आमनेसामने बोल्दैहुनुहुन्छ—यो निश्चय नै उहाँले उचाल्नुभभएको कार्य हो। मानिसहरूसँग के-कस्ता योग्यताहरू छन्? चाहे तिनीहरू दाऊदका छोराहरू हुन् वा मोआबका सन्तानहरू, समग्रमा, मानिसहरू सृष्टि गरिएका प्राणीहरू हुन्, जोसँग घमन्ड गर्न लायकको केही पनि छैन। तिमीहरू परमेश्वरका प्राणीहरू भएकाले तिमीहरूले प्राणीको कर्तव्य पूरा गर्नुपर्छ। तिमीहरूका लागि अरू आवश्यक सर्तहरू छैनन्। तिमीहरूले यसरी प्रार्थना गर्नुपर्छ: "हे परमेश्वर! चाहे मेरो हैसियत होस् वा नहोस्, म अब आफूलाई बुझ्छु। यदि मेरो हैसियत उच्च छ भने यो तपाईंले उचाल्नुभएकोले गर्दा हो, र यदि यो तुच्छ छ भने यो तपाईंको पूर्वनिर्धारणले गर्दा हो। सबै कुरा तपाईंको हातमा छन्। मसँग न त कुनै विकल्प छ, न कुनै गुनासो छ। म यस देशमा र यी मानिसहरूको बीचमा जन्मनुपर्छ भनी तपाईंले नै पूर्वनिर्धारित गर्नुभयो, र मैले गर्नुपर्ने भनेको तपाईंको अधीनमा पूर्ण रूपमा आज्ञाकारी हुनु मात्र हो, किनकि सबै कुरा तपाईंले पूर्वनिर्धारित गर्नुभएको प्रबन्धभित्र छन्। म हैसियतको बारेमा विचार गर्दिनँ; आखिर, म एक प्राणी मात्र हुँ। यदि तपाईंले मलाई अतल कुण्डमा, आगो र गन्धकको कुण्डमा राख्नुभयो भने, म एक प्राणीबाहेक अरू केही पनि होइन। यदि तपाईं मलाई प्रयोग गर्नुहुन्छ भने म एक

प्राणी हुँ। यदि तपाईं मलाई सिद्ध पार्नुहुन्छ भने पनि म एक प्राणी नै हुँ। यदि तपाईं मलाई सिद्ध पार्नुहुन्न भने पनि म तपाईंलाई प्रेम गर्नेछु, किनकि म एक प्राणीभन्दा बढी अरू केही होइन। म सृष्टिका परमप्रभुद्वारा सृष्टि गरिएको एक क्षुद्र प्राणीबाहेक अरू केही पनि होइन, सृष्टि गरिएका सारा मानिसहरूमध्ये एक जना मात्र हुँ। तपाईंले नै मलाई सृष्टि गर्नुभयो, र अब एकचोटि फेरि तपाईंले मलाई तपाईंको इच्छाअनुसार गर्न आफ्नो हातमा राख्नुभएको छ। म तपाईंको औजार र तपाईंको प्रतिभार बन्न इच्छुक छु, किनकि सबै कुरा तपाईंले नै पूर्वनिर्धारण गर्नुभएको हो। यसलाई कसैले परिवर्तन गर्न सक्दैन। सबै थोक र सबै घटनाहरू तपाईंको हातमा छन्।" जब त्यो समय आउँछ जसले तँलाई हैसियतको बारेमा सोचविचार गर्न दिँदैन, तब तँ त्यसबाट मुक्त हुनेछस्। तब मात्र तँ आत्मविश्वास र हिम्मतका साथ खोजी गर्न सक्षम हुनेछस्, र तब मात्र तेरो हृदय कुनै पनि करकापबाट मुक्त हुन सक्छ। एकपटक मानिसहरू यी कुराहरूबाट मुक्त भए भने त्यसपछि उनीहरूलाई कुनै चिन्ताहरू हुँदैनन्। अहिले तिमीहरूमध्ये धेरैको चिन्ताहरू के-के छन्? तिमीहरू सधैं हैसियतद्वारा विवश हुन्छौ र निरन्तर आफ्नै सम्भाव्यताहरूप्रति चिन्तित रहन्छौ। तिमीहरू जहिल्यै पनि परमेश्वरका वाणीहरूको पृष्ठ पल्टाउछौ, मानवजातिको गन्तव्यको बारेमा बताउने भनाइहरू पढ्ने इच्छा राख्छौ र तेरा सम्भाव्यताहरू के-के हुन् र तेरो गन्तव्य के हुनेछ भनी जान्न चाहन्छौ। तिमीहरू सोच्छौ, "के साँच्चै मेरा कुनै सम्भाव्यताहरू छन्? के परमेश्वरले तिनलाई हटाइदिनुभएको छ? परमेश्वरले म एक प्रतिभार हुँ मात्र भन्नुहुन्छ; त्यसो भए, मेरा सम्भाव्यताहरू के-कस्ता छन् त?" तिमीहरूलाई आफ्ना सम्भाव्यताहरू र भवितव्यलाई पन्छाउन गाह्रो हुन्छ। तिमीहरू अब अनुयायी हौ र तिमीहरूले यस चरणको कामको बारेमा केही समझ प्राप्त गरेका छौ। यद्यपि, तिमीहरूले अझ पनि आफ्नो हैसियतको इच्छालाई पन्छाएका छैनौ। तिमीहरूको हैसियत उच्च हुँदा तिमीहरू असल तवरले खोजी गर्छौ, तर तिमीहरूको हैसियत कम हुँदा तिमीहरू खोजी नै गर्दैनौ। हैसियतका आशिष्‌हरू सधैँ तिमीहरूको मनमा हुन्छन्। किन अधिकांश मानिसहरूले आफूलाई नकरात्मकताबाट हटाउन सक्दैनन्? के उत्तर सधैं "आशाहीन सम्भावनाहरूको कारणले" भन्ने हुँदैन र? परमेश्वरका वाणीहरू जारी भएलगत्तै तिमीहरू आफ्नो हैसियत र पहिचान के हो भनी हेर्न हतार गर्छौ। तिमीहरू हैसियत र पहिचानलाई प्राथमिकतामा राख्छौ, र ईश्वरीय दर्शनलाई दोस्रो स्थानमा झार्छौ। तेस्रो स्थानमा त्यो कुरा हुन्छ जसमा तिमीहरू प्रवेश गर्नुपर्छ, अनि चौथो स्थानमा परमेश्वरको वर्तमान इच्छा हुन्छ। तिमीहरू पहिले परमेश्वरले तिमीहरूलाई दिनुभएको उपाधि "प्रतिभार" बदलिएको छ कि छैन भनी हेर्छौ। तिमीहरूले पढेको पढ्यै गर्छौ, र जब तिमीहरूले "प्रतिभार" को उपाधि हटाइएको देख्छौ, तब तिमीहरू खुसी हुन्छौ र परमेश्वरलाई प्रशस्त रूपमा धन्यवाद दिन्छौ र उहाँको महान् शक्तिको प्रशंसा गर्छौ। तर यदि तिमीहरूले आफूलाई अझै प्रतिभारहरू नै भएको देख्यौ भने, तिमीहरू दुःखी हुन्छौ र तिमीहरूको हृदयको उत्साह तुरुन्तै हराउँछ। तैँले जति यस किसिमले खोजी गर्छस्, तैँले त्यति नै कम कटनी गर्छस्। व्यक्तिको हैसियतको इच्छा जति ठूलो हुन्छ, तिनीहरूसँग त्यति नै धेरै गम्भीर निराकरण गरिनुपर्ने हुन्छ र तिनीहरू त्यति नै ठूलो शोधन भएर जानुपर्ने हुन्छ। यस्ता मानिसहरू बेकम्मा हुन्छन्! तिनीहरूले यी कुराहरूलाई पूर्ण रूपमा छोड्नको लागि तिनीहरूको यथेष्ट निराकरण र

न्याय गरिनुपर्छ। यदि तिमीहरू अन्त्यसम्मै यसरी पछि लाग्यौ भने, तिमीहरूले केही पनि कटनी गर्नेछैनौ। जीवनको पछि नलाग्नेहरूलाई रूपान्तरण गर्न सकिँदैन र सत्यको निम्ति नतिर्खाउनेहरूले सत्य प्राप्त गर्न सक्दैनन्। तैँले व्यक्तिगत रूपान्तरण र प्रवेशको पछि लाग्ने कुरामा ध्यान दिँदैनस्, तर परमेश्वरमाथिको तेरो विश्वासमा अवरोध गर्ने र उहाँको नजिक लानबाट तँलाई रोक्ने असामान्य इच्छा र चीजहरूमा ध्यान दिन्छस्। के ती कुराहरूले तेरो रूपान्तरण गर्न सक्छन्? के तिनीहरूले तँलाई राज्यभित्र ल्याउँछन्? यदि सत्यको खोजी गर्नु तेरो खोजीको उद्‌देश्य होइन भने, तैँले यस मौकाको फाइदा लिएर यसमा सफल हुनको निम्ति संसारतिर फर्कनुपर्छ। तेरो समय यसरी फाल्नु उचित हुँदैन—तैँले आफैलाई किन कष्ट दिने? तैँले सुन्दर संसारमा भएका सबै किसिमका चीजहरूको आनन्द लिन सक्थिस् भन्ने कुरा सत्य होइन? पैसा, सुन्दर स्त्रीहरू, हैसियत, अभिमान, परिवार, बालबच्चाहरू र अन्य—के संसारका यी उत्पादनहरू तैँले आनन्द मनाउन सक्ने सर्वोत्तम कुराहरू होइनन् र? तैँले सुख पाउने ठाउँ कहाँ पाउलास् भनेर यहाँ भौतारिनुको के फाइदा? मानिसको पुत्रको शिर राख्ने ठाउँ कहीँ छैन, यसैले तैँले आरामको ठाउँ कसरी पाउन सक्थिस्? उहाँले तेरो निम्ति आराम गर्ने एउटा सुन्दर ठाउँ कसरी सृजना गर्न सक्नुहुन्थ्यो र? के त्यो सम्भव छ? मेरो न्याय बाहेक, आज तैँले सत्यको बारेमा शिक्षाहरू मात्र प्राप्त गर्न सक्छस्। तैँले मबाट सान्त्वना प्राप्त गर्न सक्दैनस् र तैँले दिनरात चाहना गर्ने गुलाबको ओछ्यान प्राप्त गर्न सक्दैनस्। म तँलाई संसारको धनसम्पत्ति दिनेछैन। यदि तैँले साँच्चिकै पछ्याइस् भने म तँलाई जीवनको मार्ग सम्पूर्ण रूपमा दिन, तँलाई पानीमा फर्किएको माछा जस्तो बनाउन इच्छुक छु। यदि तैँले साँच्चिकै पछ्याउँदैनस् भने, म सबै फिर्ता लिनेछु। आरामको लोभ गर्नेहरूलाई म मेरा मुखका वचनहरू दिन तयार छैनँ, जो सुँगुर र कुकुरहरू जस्ता छन्।

## विजयको कामको दोस्रो चरणका प्रभावहरू कसरी हासिल हुन्छन्

सेवा गर्नेहरूको काम विजयको कामको पहिलो चरण थियो। आज विजयको कामको दोस्रो चरण हो। विजयको काममा पनि किन त्यहाँ सिद्‌ध बनाइने कुरा उल्लेख छ? यो भविष्यका लागि आधार निर्माण गर्नलाई हो। आज विजयको कामको अन्तिम चरण हो; मानवजातिलाई सिद्‌ध बनाउने कार्यको औपचारिक सुरुआत गर्ने महासङ्कष्टको अनुभव गर्ने समय त्यसपछि आउनेछ। अहिले मुख्य विषय विजय हो, तर अहिले सिद्‌धताको प्रक्रियाको पहिलो चरणको समय पनि हो। यो पहिलो चरणले मानिसहरूको ज्ञान र आज्ञाकारितालाई सिद्‌ध बनाउनु आवश्यक हुन्छ, जसले वास्तवमा विजयको कामका लागि आधार तयार गर्दछ। यदि तँ सिद्‌ध पारिने हो भने, तँ भविष्यको महासङ्कष्टको बीचमा दृढ भएर खडा रहन सक्नुपर्छ र कामको अर्को चरणलाई फैलाउन तेरा सबै थोक दिनुपर्छ; सिद्‌ध पारिनुको अर्थ यही हो, र अनि यस्तो समय परमेश्वरले मानिसहरूलाई पूर्ण रूपमा प्राप्त गरिने समय पनि हो। आज हामी विजय गरिने बारेमा कुरा गर्दैछौं, जुन सिद्‌ध बनाइने बारेमा कुरा गर्नुजस्तै हो। तर आज गरिने काम भविष्यमा सिद्‌ध बनाउनुको आधार हो; सिद्‌ध बनाइनका लागि, मानिसहरूले विपत्तिको अनुभव गर्नैपर्छ, र विपत्तिको यो अनुभवको आधार

जितिएको कुरामा हुनुपर्दछ। यदि मानिसहरू आजको जगविना छन् भने—यदि तिनीहरू पूर्ण रूपमा जितिएका छैनन् भने—कामको अर्को चरणमा तिनीहरूलाई दृढ भएर खडा हुन गाह्रो हुनेछ। जितिनु मात्रै अन्तिम लक्ष्य होइन। यो शैतानको अगाडि परमेश्वरको गवाही दिने एउटा चरण मात्र हो। सिद्ध बनाइनु नै अन्तिम लक्ष्य हो, र यदि तँलाई सिद्ध बनाइएन भने, तँ नष्ट हुनेछस्। भविष्यमा कठिनाइको सामना गर्नु पर्दा मात्र तेरो वास्तविक कद देखिनेछ; भन्नुको अर्थ, तब मात्र परमेश्वरप्रतिको तेरो प्रेमको शुद्धताको स्तर स्पष्ट हुनेछ। आज मानिसहरूले भन्ने गरेका कुरा यो हो: "परमेश्वरले जेसुकै गर्नुभए पनि हामीले उहाँको आज्ञापालन गर्नैपर्छ। त्यसैले हामी प्रतिभार हुन इच्छुक छौं जसले परमेश्वरको महान् शक्ति र परमेश्वरको स्वभावको प्रकट गर्न सक्दछ। परमेश्वर हामीप्रति दयालु हुनुभए पनि वा उहाँले हामीलाई सराप दिनुभए पनि, वा उहाँले हाम्रो न्याय गर्नुभए पनि, हामी अझै पनि परमेश्वरप्रति धन्यवादी छौं।" तैँले यसो भन्नुले तँमा केही मात्रामा ज्ञान छ भन्ने मात्र देखाउँछ, तर यस्तो ज्ञान वास्तविकतामा प्रयोग गर्न सकिन्छ कि सकिँदैन भन्ने कुरा यो ज्ञान वास्तविक हो कि होइन भन्ने कुरामा निर्भर गर्दछ। आज मानिसहरूमा त्यस्तो अन्तर्दृष्टि र ज्ञान हुनु भनेको विजयको कामको प्रभाव हो। तँ सिद्ध पारिन सक्छस् कि सक्दैनस् भन्ने कुरा विपत्तिको सामना गर्नु पर्दा मात्र देख्न सकिन्छ, र त्यस बेला तैँले आफ्नो हृदयबाट परमेश्वरलाई साँच्चै प्रेम गर्छस् कि गर्दैनस् भन्ने देखिनेछ। यदि तेरो प्रेम साँच्चै शुद्ध छ भने, तैँले यसो भन्नेछस्: "हामी प्रतिभार हौं, हामी परमेश्वरका हातका प्राणीहरू हौं।" जब तैँले अन्यजाति राष्ट्रहरूमा सुसमाचार फैलाउँछस्, तब तैँले भन्नेछस्, "म सेवा मात्रै गर्दैछु। हामीभित्रको भ्रष्ट स्वभावहरू प्रयोग गरेर, परमेश्वरले हामीलाई उहाँको धार्मिक स्वभाव देखाउन यी सबै कुरा भन्नुभएको छ; यदि उहाँले त्यस्ता कुराहरू नभन्नुभएको भए, हामी परमेश्वरलाई देख्न सक्नेथिएनौं, उहाँको बुद्धि बुझ्न सक्नेथिएनौं, न त त्यति ठूलो मुक्ति र त्यति महान् आशिष्हरू पाउन नै सक्नेथियौं।" यदि तँसँग साँच्चै यो व्यावहारिक ज्ञान छ भने, त्यो पर्याप्त छ। तापनि तैँले आज भन्ने धेरैजसो कुरामा कुनै ज्ञान छैन, र त्यो नाराहरू मात्र हो: "हामी प्रतिभार र सेवाकर्ताहरू हौं; हामी जितिन र परमेश्वरका निम्ति गहन गवाही दिन चाहन्छौं।" चिच्याएर मात्र त्यसको अर्थ तँसँग वास्तविकता छ भन्ने हुँदैन, न त यसले तँसँग कद छ भनी प्रमाणित नै गर्दछ; तँसित वास्तविक ज्ञान हुनुपर्दछ, र तेरो ज्ञानलाई जाँच गरिनु पर्छ।

परमेश्वरले समयको यस अवधिमा व्यक्त गर्नुभएका यी वाणीहरूलाई तैँले अझै धेरै पढ्नुपर्छ, र त्यसको तुलनामा तेरा कार्यहरूलाई हेर्नुपर्छ: यो साँच्चै सत्य हो कि तँ साँच्चै र वास्तवमा नै एक प्रतिभार होस्! आज तेरो ज्ञानको सीमा कति छ? तेरा उपायहरू, तेरा विचारहरू, तेरा व्यवहार, तेरा बोलीवचन र कामहरू—के यी सबै अभिव्यक्तिहरू परमेश्वरको धार्मिकता र पवित्रताका निम्ति तुलनाको आधार होइनन् र? के तिमीहरूका अभिव्यक्तिहरू परमेश्वरका वचनहरूद्वारा प्रकट गरिएको भ्रष्ट स्वभावका अभिव्यक्तिहरू होइनन् र? तेरा सोचाइ र विचारहरू, तेरा प्रेरणाहरू, र तँमा प्रकट भएको भ्रष्टताले के परमेश्वरको धर्मी स्वभाव, साथै उहाँको पवित्रतालाई देखाउँदैन र। परमेश्वर पनि फोहोरको देशमा जन्मिनुभएको थियो, तर उहाँ फोहोरद्वारा कलङ्कित नभई रहनुभयो। उहाँ तँ जस्तै त्यही फोहोर संसारमा बस्नुहुन्छ, तर उहाँमा विवेक र समझ छ, र उहाँले

फोहोरलाई घृणा गर्नुहुन्छ। सायद तैँले आफ्नो बोलीवचन र काममा रहेको कुनै फोहोर फेला पार्न सक्दैनस्, तर उहाँले त्यसो गर्न सक्नुहुन्छ, र उहाँले तँलाई ती देखाउनुहुन्छ। तेरा ती पुराना थोकहरू–तँमा भएको विकास, समझ र ज्ञानको कमी, र तेरो पछाडिएको जीवन शैली–ती सबैलाई कसरी आजको प्रकाशले ज्योतिमा ल्याएको छ; परमेश्‍वर यसरी काम गर्न पृथ्वीमा आउनुभयो भने मात्रै मानिसहरूले उहाँको पवित्रता र धर्मी स्वभावलाई देख्छन्। उहाँले तेरो न्याय गर्नुहुन्छ र तँलाई सजाय दिनुहुन्छ, जसले गर्दा तैँले समझ प्राप्त गर्छस्; कहिलेकहीँ, तेरो शैतानी प्रकृति प्रकट हुन्छ, र उहाँले त्यो तँलाई देखाउनुहुन्छ। उहाँले आफ्नो हत्केलालाई जस्तै मानिसको सारलाई जान्नुहुन्छ। उहाँ तिमीहरूको बीचमा जिउनुहुन्छ, उहाँले तैँले खाने जस्तै भोजन खानुहुन्छ, र उहाँ उही वातावरणमा बस्नुहुन्छ–तर पनि, उहाँले अझ धेरै कुरा जान्नुहुन्छ; उहाँले तँलाई खुलासा गर्न सक्नुहुन्छ र मानवताको भ्रष्ट सारलाई देख्न सक्नुहुन्छ। उहाँले जिउनेसम्बन्धी मानिसका सिद्धान्तहरू र कुटिलता र छलीपनलाई भन्दा बढी अरू कुनै कुरालाई घृणा गर्नुहुन्न। उहाँले विशेष गरी मानिसहरूका शारीरिक अन्तरक्रियाहरूलाई घृणा गर्नुहुन्छ। उहाँ मानिसको जिउने सिद्धान्तहरूसित परिचित नहुन सक्नुहुन्छ, तर मानिसहरूले प्रकट गर्ने भ्रष्ट स्वभावहरूलाई उहाँले स्पष्ट रूपमा देख्न र पर्दाफास गर्न सक्नुहुन्छ। उहाँ यी कुराहरूका माध्यमबाट मानिससँग बोल्न र उसलाई सिकाउन काम गर्नुहुन्छ, मानिसहरूको न्याय गर्न, अनि उहाँको आफ्नै धर्मी र पवित्र स्वभाव प्रकट गर्न उहाँले यी कुराहरूको प्रयोग गर्नुहुन्छ। यसरी मानिसहरू उहाँको कामका निम्ति प्रतिभारहरू अर्थात् तुलना गर्ने आधारहरू बन्छन्। केवल देहधारी परमेश्‍वरले मात्र मानिसको भ्रष्ट स्वभाव र शैतानका सबै कुरूप अनुहारहरूलाई स्पष्ट पार्न सक्नुहुन्छ। उहाँले तँलाई दण्ड नदिनुभए पनि, र तँलाई उहाँको धार्मिकता र पवित्रताका लागि प्रतिभार वा तुलनाको आधारको रूपमा प्रयोग गर्नुभए पनि, तैँले लज्जित महसुस गर्छस् र लुक्ने कुनै ठाउँ पाउँदैनस्, किनकि तँ अति नै फोहोरी छस्। उहाँले मानिसमा प्रकट भएका थोकहरू प्रयोग गरेर बोल्नुहुन्छ, र जब यी थोकहरू प्रकाशमा ल्याइन्छन् तब मात्र मानिसहरूले परमेश्‍वर कत्तिसम्म पवित्र हुनुहुन्छ भनी जान्दछन्। उहाँले मानिसहरूमा भएको थोरै अपवित्रतालाई समेत नदेखेको जस्तो गर्नुहुन्न, चाहे ती तिनीहरूको हृदयमा भएका फोहोर विचारहरू नै किन नहोऊन्; यदि मानिसहरूका बोलीवचन र कामहरू उहाँको इच्छासँग मिल्दैनन् भने, उहाँले तिनीहरूलाई क्षमा गर्नुहुन्न। उहाँका वचनहरूमा, मानिस वा अरू कुनै थोकको फोहोरको निम्ति कुनै ठाउँ छैन–यो सबैलाई प्रकाशमा ल्याइनुपर्छ। तब मात्र तैँले उहाँ साँच्चै मानिस जस्तो हुनुहुन्न भनी देख्नेछस्। यदि मानिसहरूमा थोरै मात्र पनि फोहोर छ भने, उहाँले तिनीहरूलाई पूर्ण रूपमा घृणा गर्नुहुन्छ। कहिलेकहीँ यस्ता समयहरू पनि हुन्छन् जब मानिसहरूले बुझ्न सक्दैनन् र भन्छन्, "परमेश्‍वर, तपाईं किन त्यति धेरै रिसाउनुहुन्छ? तपाईं किन मानिसका कमजोरीहरूबारे विचार गर्नुहुन्न? तपाईं किन मानिसहरूप्रति थोरै क्षमाशील हुन सक्नुहुन्न? तपाईं किन मानिसको बारेमा विचार गर्नुहुन्न? मानिसहरू कुन हदसम्म भ्रष्ट छन् भनी तपाईं स्पष्ट जान्नुहुन्छ, तापनि तपाईं किन अझै उनीहरूसँग यस्तो व्यवहार गर्नुहुन्छ?" उहाँले पापलाई घृणा गर्नुहुन्छ, त्यसप्रति उहाँ घिनाउनुहुन्छ, र तँमा अनाज्ञाकारिताको कुनै लक्षण छ भने उहाँले विशेष गरी घृणा गर्नुहुन्छ। जब तँ विद्रोही स्वभाव प्रकट गर्छस्, उहाँले त्यो देख्नुहुन्छ र अत्यन्तै

घिनाउनुहुन्छ–असाधारण रूपमा घिनाउनुहुन्छ। यिनै कुराहरूद्वारा उहाँको स्वभाव र परमेश्वर के हुनुहुन्छ भन्ने कुरा प्रकट हुन्छन्। जब तँ आफैलाई तुलना गर्दै माथि उठाउँछस्, तब उहाँले मानिसले जस्तै खाने कुरा खानुभए पनि, त्यस्तै लुगाफाटो लगाउनुभए पनि, तिनीहरूले जस्तै तिनै कुराहरूमा रमाउनुभए पनि र तिनीहरूका साथमा जिउनु र बस्नुभए पनि, उहाँ मानिसजस्तो हुनुहुन्न भन्ने कुरा तैँले देख्छस्। के यो प्रतिभारको महत्त्व होइन? यिनै मानवीय थोकहरूद्वारा नै परमेश्वरको शक्तिलाई देखाइन्छ; अन्धकारले नै ज्योतिको अनमोल अस्तित्वलाई तय गर्दछ।

अवश्य नै, परमेश्वरले तिमीहरूलाई यसैको खातिर मात्र प्रतिभार बनाउनुहुन्न। बरु, जब यो कामले फल फलाउँछ तब मात्र मानिसको विद्रोह परमेश्वरको धर्मी स्वभावका लागि एउटा प्रतिभार हो भन्ने स्पष्ट हुन्छ, र तिमीहरू प्रतिभारहरू भएकाले मात्र तिमीहरूसित परमेश्वरको धार्मिक स्वभावको प्राकृतिक अभिव्यक्ति जान्ने मौका हुन्छ। तिमीहरूको विद्रोहको कारण तिमीहरूलाई न्याय गरिन्छ र सजाय दिइन्छ, तर तिमीहरूको विद्रोहको कारणले गर्दा पनि तिमीहरू प्रतिभार बनाउँछ, र तिमीहरूको विद्रोहको कारण नै परमेश्वरले तिमीहरूमाथि प्रदान गर्नुहुने ठूलो अनुग्रह तिमीहरू प्राप्त गर्दछौ। तिमीहरूको विद्रोह परमेश्वरको सर्वशक्ति र बुद्धिका निम्ति एउटा प्रतिभार हो, र तिमीहरूको विद्रोहको कारणले नै तिमीहरूले यति ठूलो मुक्ति र आशिष् प्राप्त गरेका छौ। तिमीहरूलाई बारम्बार मैले न्याय गरेको भए पनि, मानिसले पहिले कहिल्यै नपाएको ठूलो मुक्ति तिमीहरूले पाएका छौ। यो काम तिमीहरूका लागि अत्यन्त महत्त्वपूर्ण छ। एउटा "प्रतिभार" हुनु पनि तिमीहरूका लागि मूल्यवान् कुरा हो: तिमीहरूले मुक्ति पायौ र मुक्तिको अनुग्रह प्राप्त गर्‍यौ, किनकि तिमीहरू प्रतिभार हौ, त्यसैले के प्रतिभार अत्यन्त मूल्यवान् छैन र? के यो ठूलो महत्त्वको कुरा होइन? तिमीहरू परमेश्वर बस्नुभएकै क्षेत्रमा, त्यही फोहोर देशमा बस्छौ, यसैले तिमीहरू प्रतिभार हौ र सबैभन्दा ठूलो मुक्ति प्राप्त गर्छौ। यदि परमेश्वर देह नबन्नुभएको भए, तिमीहरू जस्तो तुच्छ मानिसहरूप्रति को दयालु हुन्थ्यो होला, र कसले तिमीहरूजस्तो नीच मानिसहरूलाई हेरचाह गर्थ्यो होला? कसले तिमीहरूलाई वास्ता गर्थ्यो होला? यदि परमेश्वर तिमीहरूको बीच काम गर्न देह नबन्नुभएको भए तिमीहरूले यो मुक्ति कहिले पाउनेथियौ, जुन तिमीहरूभन्दा अघिका मानिसहरूले कहिल्यै पाएनन्? यदि म तिमीहरूको हेरचाह गर्न, तिमीहरूका पापहरूको न्याय गर्न देह नबनेको भए, के तिमीहरू धेरै अघि नै पातालमा पर्नेथिएनौ र? यदि म देह नबनेको भए र तिमीहरूको माझमा आफैलाई नम्र नबनाएको भए, तिमीहरू परमेश्वरको धार्मिक स्वभावको एक प्रतिभार कसरी हुन सक्थ्यौ र? के मैले मानिसको रूप धारण गरेकोले र तिमीहरूले महान् मुक्ति प्राप्त गर्न सक्षम बनाउन तिमीहरूको माझमा आएकोले नै तिमीहरू प्रतिभार भएका होइनौ र? के म मानिस बनेकोले नै तिमीहरूले यो मुक्ति प्राप्त गरेका होइनौ र? यदि परमेश्वर तिमीहरूसँग बस्नका लागि मानिस नबन्नुभएको भए, के तिमीहरूले अझै पनि मानव नरकमा कुकुर र सुँगुरभन्दा तुच्छ जीवन जिउँदैछौ भनी थाहा पाउनेथियौ? के तिमीहरू देहको मेरो कामको प्रतिभार भएकोले तिमीहरूलाई सजाय दिइएको र न्याय गरिएको छैन र? तिमीहरूका निम्ति प्रतिभारको कामभन्दा उपयुक्त अर्को काम छैन, किनकि तिमीहरू प्रतिभारहरू भएकाले तिमीहरूलाई न्यायको माझमा बचाइएको छ। के तिमीहरूलाई तिमीहरू प्रतिभारको रूपमा काम गर्न योग्यको हुनु तिमीहरूको

जीवनको आशिष हो जस्तो लाग्दैन? तिमीहरू केवल प्रतिभारको काम गर्दछौ, तैपनि तिमीहरूले यस्तो मुक्ति प्राप्त गर्छौ, जुन तिमीहरूले पहिले कहिल्यै न त पाएका, न त कल्पना गरेका थियौ। आज, तिमीहरूको कर्तव्य एक प्रतिभार हुनु हो, र तिमीहरूले पाउने इनामचाहिं भविष्यमा पाउने अनन्तका आशिष्हरू हुन्। तिमीहरूले पाएका मुक्ति कुनै क्षणिक जानकारी वा आजका लागि बितेर जाने ज्ञानको केही भाग मात्र होइन, बरु त्यो ठूलो आशिष् हो: जीवनको अनन्त निरन्तरता। मैले तिमीहरूलाई जित्न "प्रतिभार" प्रयोग गरेको भए पनि, तिमीहरूले यो बुझ्नुपर्छ, कि यो मुक्ति र आशिष् तिमीहरूलाई प्राप्त गर्नका लागि दिइएको हो; यो विजयको लागि हो, तर यसले तिमीहरूलाई अझ राम्ररी बचाओस् भनेर पनि हो। "प्रतिभार" तथ्य हो, तर तिमीहरू प्रतिभार हुनुको कारण तिमीहरूको विद्रोहीपन हो, र यसैकारण तिमीहरूले ती आशिषहरू प्राप्त गरेका छौ, जुन अरू कसैले कहिल्यै प्राप्त गरेको छैन। आज तिमीहरूलाई हेर्न र सुन्न दिइएको छ; भोलि तिमीहरूले प्राप्त गर्नेछौ, र त्योभन्दा बढी, तिमीहरूले ठूलो आशिष् पाउनेछौ। यसैले, के प्रतिभारहरू ठूलो मूल्यका छैनन् र? आजको विजयको कामका प्रभावहरूलाई प्रतिभारको रूपमा काम गर्ने तिमीहरूका विद्रोही स्वभावहरूद्वारा प्राप्त गरिन्छ। अर्थात्, सजाय र न्यायको दोस्रो घटनाको चरमोत्कर्ष भनेको तिमीहरूको फोहोर र विद्रोहलाई एक प्रतिभारको रूपमा प्रयोग गर्नु हो, जसले तिमीहरूलाई परमेश्‍वरको धार्मिक स्वभाव देखाउँछ। जब तिमीहरूले न्याय र सजायको दोस्रो घटनामा आफैलाई फेरि आज्ञाकारी बनाउँछौ, तब परमेश्‍वरको धार्मिक स्वभावको सम्पूर्णता तिमीहरूलाई खुल्लमखुल्ला प्रकट हुन्छ। भन्नुको अर्थ, जब तिमीहरूले विजयको कामलाई स्वीकार गर्ने कार्य अन्त्य गर्छौ, त्यसै बेला तिमीहरूले प्रतिभारको कर्तव्य पूरा गर्ने काम पनि समाप्त हुन्छ। तिमीहरूलाई नामहरू दिने मेरो उद्‌देश्य होइन। बरु, म विजयको कामको पहिलो घटनालाई पूरा गर्न परमेश्‍वरको धार्मिक र उल्लङ्‌घन गर्न नसकिने स्वभाव प्रकट गर्दै तिमीहरूको सेवा-कर्ताहरूको भूमिकालाई प्रयोग गर्दैछु। तिमीहरूका तुलनात्मक कुराद्‌वारा, प्रतिभारको रूपमा काम गर्ने तिमीहरूका विद्रोहीपनद्‌वारा विजयको कामको दोस्रो घटनाका प्रभावहरू हासिल हुन्छन्, यसरी परमेश्‍वरको धार्मिक स्वभाव त्यसको पूर्णतामा तिमीहरूलाई देखाइन्छ, जसलाई पहिलो घटनामा पूर्ण रूपमा प्रकट गरिएको थिएन, र तिमीहरूलाई परमेश्‍वरको धर्मी स्वभाव, उहाँ जे हुनुहुन्छ त्यो सबै, जसमा बुद्‌धि, आश्‍चर्य, र उहाँको कामको सुरुको पवित्रता छ त्यसलाई त्यसको पूर्णतामा देखाइन्छ। यस्तो कार्यको प्रभाव विभिन्न अवधिमा गरिएका विजयद्‌वारा र विभिन्न हदका न्यायद्‌वारा हासिल गरिन्छ। न्याय यसको चरमोत्कर्षको जति नजिक पुग्छ, त्यति नै बढी त्यसले मानिसहरूको विद्रोही स्वभावहरू प्रकट गर्दछ, र विजय पनि उत्तिनै बढी प्रभावकारी हुन्छ। विजयको यो कामको अवधिमा परमेश्‍वरको सम्पूर्ण धार्मिक स्वभावलाई स्पष्ट पारिन्छ। विजयको कामलाई दुई चरणमा विभाजन गरिएको छ, र यसका भिन्नाभिन्नै चरणहरू र हदहरू छन्, अवश्य नै, हासिल गरिने प्रभावहरू पनि फरक-फरक छन्। भन्नुको अर्थ, मानिसहरूको समर्पणताको ह अझै गहन बन्छ। यसपछि मात्र मानिसहरूलाई सिद्‌धताको सही मार्गमा पूर्ण रूपमा ल्याइन्छ; विजयका सबै काम पूरा भएपछि मात्र (जब दोस्रो चरणको न्यायले त्यसको अन्तिम प्रभाव हासिल गरेको हुन्छ) मानिसहरूको न्याय गरिँदैन, तर जीवनको अनुभव गर्ने सही मार्गमा प्रवेश गर्ने अनुमति दिइन्छ। किनकि न्याय

विजयको एक प्रतिनिधित्व हो, र विजयले न्याय र सजायको रूप लिन्छ।

परमेश्वर सबैभन्दा पछौटे र फोहर ठाउँमा देह बन्नुभयो, र यस्तो तरिकाले मात्र परमेश्वरले उहाँको पवित्र र धर्मी स्वभावको सम्पूर्णता स्पष्ट रूपमा देखाउन सक्नुहुन्छ। अनि उहाँको धर्मी स्वभाव कुन माध्यमबाट देखाइन्छ? यो त्यस बेला देखाइन्छ जब उहाँले मानिसको पापको न्याय गर्नुहुन्छ, जब उहाँले शैतानको न्याय गर्नुहुन्छ, जब उहाँले पापलाई घृणा गर्नुहुन्छ, र जब उहाँको विरोध गर्ने र उहाँको विरुद्‌धमा विद्रोह गर्ने शत्रुहरूलाई तुच्छ ठान्नुहुन्छ। मैले आज बोल्ने वचनहरू मानिसका पापको न्याय गर्न, मानिसको अधर्मको न्याय गर्न, मानिसको अनाज्ञाकारितालाई श्राप दिनका निम्ति हुन्। मानिसको कुटिलपन र कपट, मानिसका बोली-वचनहरू र कामहरू—जुन सबै परमेश्वरको विरोधाभासमा छन्, ती सबलाई न्यायको दायरामा ल्याउनुपर्छ, र मानिसको अनाज्ञाकारितालाई पापको रूपमा भर्त्सना गरिनुपर्छ। उहाँका वचनहरू न्यायका सिद्‌धान्तहरूमा नै केन्द्रित हुन्छन्; उहाँले आफ्नै धार्मिक स्वभाव प्रकट गर्न मानिसको अधर्मको न्याय, मानिसको विद्रोहीपनको श्राप, र मानिसको कुरूप अनुहारको खुलासालाई प्रयोग गर्नुहुन्छ। पवित्रता उहाँको धार्मिक स्वभावको प्रतिनिधित्व हो, र वास्तवमा परमेश्वरको पवित्रता उहाँको धार्मिक स्वभाव नै हो। तिमीहरूका भ्रष्ट स्वभावहरू नै आजका वचनहरूको सन्दर्भ हुन्—म तिनलाई बोल्न र न्याय गर्न, अनि विजयको काम पूरा गर्नको लागि प्रयोग गर्दछु। वास्तविक काम यही मात्र हो, र यो यसले मात्र परमेश्वरको पवित्रतालाई पूर्ण रूपमा चम्कने तुल्याउँछ। यदि तँमा भ्रष्ट स्वभावको कुनै छाप छैन भने, परमेश्वरले तँलाई न्याय गर्नुहुनेछैन, न त उहाँले तँलाई उहाँको धर्मी स्वभाव नै देखाउनुहुनेछ। तँमा एक भ्रष्ट स्वभाव भएकोले, परमेश्वरले तँलाई त्यसै छोड्नुहुनेछैन, र यसैद्‌वारा नै उहाँको पवित्रतालाई देखाइन्छ। यदि परमेश्वरले मानिसको अपवित्रता र विद्रोहीपन अति ठूलो भएको देख्नुभयो र पनि उहाँ बोल्नुभएन वा तेरो न्याय गर्नुभएन, न त तेरो अधर्मका लागि तँलाई सजाय नै दिनुभयो, तब त्यसले उहाँ परमेश्वर हुनुहुन्न भन्ने प्रमाणित गर्छ, किनकि उहाँमा पापप्रति कुनै घृणा हुनेथिएन, उहाँ मानिस झैं फोहोर हुनुहुनेथियो। आज तेरो फोहोरकै कारण म तेरो न्याय गर्दछु, र तेरो भ्रष्टता र विद्रोहीपनको कारण म तँलाई सजाय दिन्छु। मैले वाहवाही पाउन वा जानी-जानी तिमीहरूलाई दमन गर्नका निम्ति मेरो शक्तिको प्रयोग गरिरहेको छैनँ; यस फोहोर देशमा जन्मेका तिमीहरू फोहोरद्‌वारा नराम्रोसँग दूषित भएका हुनाले म यी कुराहरू गर्छु। तिमीहरूले आफ्नो सत्यनिष्ठता र मानवता हराएका छौ र तिमीहरू संसारको सबैभन्दा फोहोर कुनाहरूमा जन्मेका सुँगुरहरूजस्ता भएका छौ, र त्यसैले गर्दा तिमीहरूको न्याय गरिन्छ र म तिमीहरूमाथि मेरो क्रोध पोखाउँछु। ठीक यही न्यायको कारण तिमीहरूले परमेश्वर धर्मी परमेश्वर हुनुहुन्छ, र परमेश्वर पवित्र परमेश्वर हुनुहुन्छ भनी बुझ्न सकेका छौ; उहाँको यही पवित्रता र धार्मिकताको कारण नै उहाँले तिमीहरूको न्याय गर्नुहुन्छ र तिमीहरूमाथि उहाँको आफ्नो क्रोध पोखाउनुहुन्छ। उहाँले मानिसहरूको विद्रोहपन देख्दा उहाँको धर्मी स्वभाव प्रकट गर्न सक्नुहुने भएकोले, र उहाँले मानिसको फोहोर देख्दा उहाँको पवित्रता प्रकट गर्न सक्नुहुने भएकोले, यही नै उहाँ स्वयम् परमेश्वर हुनुहुन्छ, जो पवित्र र मौलिक अवस्थाको हुनुहुन्छ, तापनि उहाँ फोहोरको देशमा बस्नुहुन्छ भनी देखाउन पर्याप्त हुन्छ। यदि व्यक्ति अरूसँग हिलोमा लडबडिन्छ, र उसमा केही पनि पवित्र छैन

भने, र ऊसँग कुनै धार्मिक स्वभाव छैन भने, ऊ मानिसको अधर्मको न्याय गर्न योग्यको हुँदैन, न त ऊ मानिसको न्याय गर्न नै योग्यको हुन्छ। यदि कुनै व्यक्तिले अर्को व्यक्तिको न्याय गर्ने हो भने, के त्यो उनीहरूले आफैलाई अनुहारमा झापड हानेको जस्तो हुनेथिएन र? एक-अर्कामा एकसमान रूपले फोहोर रहेका व्यक्तिहरू आफूजस्तै व्यक्तिहरूको न्याय गर्न कसरी योग्य हुन सक्छन्? पवित्र परमेश्‍वर स्वयम् मात्र सम्पूर्ण फोहोर मानव जातिको न्याय गर्न सक्षम हुनुहुन्छ। मानिसले कसरी मानिसकै पापहरूको न्याय गर्न सक्छ? मानिसले कसरी मानिसका पापहरू देख्न सक्दछ, र ती पापहरूलाई दोषी ठहराउन मानिस कसरी योग्यको हुन सक्छ? यदि परमेश्‍वर मानिसका पापहरूको न्याय गर्न योग्य हुनुहुन्नथियो भने, उहाँ कसरी धर्मी परमेश्‍वर स्वयम् हुन सक्नुहुन्थ्यो? जब मानिसहरूका भ्रष्ट स्वभावहरू प्रकट हुन्छन्, परमेश्‍वर मानिसहरूको न्याय गर्नका निम्ति बोल्नुहुन्छ र मात्र मानिसहरूले उहाँ पवित्र हुनुहुन्छ भनी देख्छन्। जब उहाँले मानिसका पापहरू प्रकट गर्दै मानिसलाई उसका पापहरूका निम्ति न्याय गर्नुहुन्छ र सजाय दिनुहुन्छ, कुनै पनि व्यक्ति वा थोक यस न्यायबाट उम्कन सक्दैन; सबै फोहोर कुराहरूलाई उहाँले नै न्याय गर्नुहुन्छ, र यसरी मात्र उहाँको स्वभावलाई धर्मी भन्न सकिन्छ। यदि यो अन्यथा थियो भने, तिमीहरू नाउँ र तथ्य, दुवैमा प्रतिभार हौ भनी कसरी भन्न सकिन्थ्यो?

इस्राएलमा गरिएको काम र आजको कामको बीचमा ठूलो भिन्नता छ। यहोवाले इस्राएलीहरूको जीवनलाई डोऱ्याउनुभयो र त्यहाँ त्यति धेरै सजाय र दण्ड थिएन, किनकि त्यसबेला मानिसहरूले संसारलाई थोरै मात्र बुझेका थिए, र भ्रष्ट स्वभावहरू थोरै थिए। त्यसबेला, इस्राएलीहरूले पूर्ण रूपमा यहोवाको आज्ञा पालन गर्थे। जब उहाँले तिनीहरूलाई वेदीहरू बनाउनू भनी भन्नुभयो, तब तिनीहरूले तुरुन्तै वेदीहरू निर्माण गरे; जब उहाँले तिनीहरूलाई पूजाहारीको पोसाक लगाउनू भनी भन्नुभयो, तिनीहरूले आज्ञापालन गरे। ती दिनहरूमा, यहोवा भेडाको बगाललाई हेरचाह गर्ने गोठालो झैं हुनुहुन्थ्यो, भेडाहरू गोठालोको अगुवाइमा हिँड्थे र चरनका घाँसहरू खान्थे; के खाने, कसरी लुगा लगाउने, कसरी बस्ने अनि कसरी यात्रा गर्ने भनी बताउँदै यहोवाले तिनीहरूको जीवनलाई डोऱ्याउनुभयो। त्यो परमेश्‍वरको स्वभाव स्पष्ट पार्ने समय थिएन, किनकि त्यस समयको मानवजाति भर्खर जन्मेको थियो; त्यहाँ विद्रोही र विरोधीहरू थोरै थिए, मानवजातिको बीचमा त्यति फोहोर थिएन, यसैले मानिसहरूले परमेश्‍वरको स्वभावको प्रतिभारको रूपमा काम गर्न सक्दैनथिए। त्यो फोहोरको देशबाट आएकै मानिसहरूद्वारा परमेश्‍वरको पवित्रतालाई देखाइन्छ; आज, उहाँले फोहोर देशका यी मानिसहरूमा प्रकट भएको फोहोर प्रयोग गर्नुहुन्छ, र उहाँले न्याय गर्नुहुन्छ, र न्यायको बीचमा उहाँले यही कुरा प्रकट गर्नुहुन्छ। उहाँले किन न्याय गर्नुहुन्छ? उहाँले न्यायको वचनहरू बोल्न सक्नुहुन्छ, किनकि उहाँले पापलाई घृणा गर्नुहुन्छ; यदि उहाँले मानवजातिको विद्रोहीपनलाई घृणा गर्नु हुँदैनथियो भने उहाँले कसरी त्यति रिसाउन सक्नुहुन्थ्यो? यदि उहाँभित्र कुनै घृणा, कुनै इन्कार थिएन भने, यदि उहाँले मानिसहरूको विद्रोहलाई ध्यान नदिनुभएको भए, त्यसले उहाँलाई मानिस जस्तै फोहोर साबित गर्नेथियो। उहाँले मानिसको न्याय गर्न र मानिसलाई सजाय दिन सक्नुहुन्छ, किनकि उहाँ फोहोरलाई घृणा गर्नुहुन्छ, र उहाँले जुन कुरालाई घृणा गर्नुहुन्छ त्यो उहाँमा छँदैछैन। यदि उहाँमा पनि विरोध र विद्रोह भएको भए, उहाँले विरोधी र विद्रोहीहरूलाई तुच्छ

मान्नुहुने थिएन। यदि आखिरी दिनहरूको काम इस्राएलमा गरिएको भए त्यसको कुनै अर्थ हुने थिएन। आखिरी दिनहरूको काम किन चीनमा भइरहेको छ, जुन सबैभन्दा अन्धकार र पछौटे ठाउँ हो? यो उहाँको पवित्रता र धार्मिकता प्रदर्शन गर्नका लागि हो। संक्षेपमा, ठाउँ जति धेरै अन्धकार हुन्छ परमेश्‍वरको पवित्रता त्यत्ति नै बढी स्पष्ट रूपमा देखाउन सकिन्छ। वास्तवमा, यी सबै परमेश्‍वरको कामका लागि हो। आज मात्र तिमीहरूले परमेश्‍वर स्वर्गबाट तिमीहरूको बीचमा खडा हुन तल आउनुभयो, तिमीहरूको फोहोर अवस्था र विद्रोहीपन देखाउनुभयो भन्‍ने थाहा पायौ, र अहिले मात्र तिमीहरूले परमेश्‍वरलाई चिन्यौ। के यो सबैभन्दा ठूलो उत्थान होइन र? वास्तवमा, तिमीहरू चीनका मानिसहरूको त्यो समूह हौ जसलाई चुनिएको थियो। तिमीहरू चुनिएकाले र तिमीहरूले परमेश्‍वरको अनुग्रहको आनन्द पाएकाले, अनि तिमीहरू त्यत्ति ठूलो अनुग्रहको आनन्द लिन योग्य नभएका हुनाले, यसले यो प्रमाणित गर्दछ कि यी सबै तिमीहरूको सर्वोच्च उत्थान हो। परमेश्‍वर तिमीहरूको सामु देखापर्नुभएको छ, र तिमीहरूलाई उहाँको सम्पूर्ण स्वभाव देखाउनुभएको छ, र उहाँले तिमीहरूलाई सबै कुरा दिनुभएको छ, र तिमीहरूले आनन्द लिन सक्ने सबै आशिषहरू दिनुभएको छ। तिमीहरूले परमेश्‍वरको धार्मिक स्वभावको स्वाद मात्र पाएका छैनौ, तर त्यसबाहेक, तिमीहरूले परमेश्‍वरको मुक्तिको, परमेश्‍वरको छुटकाराको र परमेश्‍वरको असीमित, अनन्त प्रेमको स्वाद पनि पाएका छौ। तिमीहरू जो सबैभन्दा फोहोर छौ, तिमीहरूले त्यत्ति ठूलो अनुग्रह उपभोग गरेका छौ भने, के तिमीहरू आशिषित होइनौ र? के यो परमेश्‍वरले तिमीहरूलाई उचाल्नुभएको होइन र? तिमीहरूको हैसियत सबैभन्दा कम छ; तिमीहरू अन्तर्निहित रूपले नै त्यस्तो ठूलो आशिष् पाउन अयोग्य छौ, तरै पनि परमेश्‍वरले अपवादको रूपमा तँलाई उचाल्नुभयो। के तँलाई लाज लाग्दैन? यदि तँ आफ्नो कर्तव्य पूरा गर्न असमर्थ छस् भने, तँ अन्त्यमा आफै लाजमा पर्नेछस्, र तैँले आफैलाई दण्ड दिनेछस्। आज, तँ अनुशासनमा परेको छैनस्, न त तैँले दण्ड नै पाएको छस्; तेरो देह सुरक्षित र स्वस्थ छ—तर अन्त्यमा, यी वचनहरूले तँलाई लाजमा पार्नेछन्। आजको दिनसम्म मैले कसैलाई खुल्लमखुल्ला सजाय दिएको छैनँ; मेरा वचनहरू कठोर हुन सक्छन्, तर मैले मानिसहरूसित कसरी व्यवहार गर्ने? म तिनीहरूलाई सान्त्वना दिन्छु, र तिनीहरूलाई प्रोत्साहन दिन्छु, र तिनीहरूलाई स्मरण गराउँछु। तिमीहरूलाई बचाउनु बाहेक अरू कुनै पनि कारणले म यो गर्दिनँ। के तिमीहरू साँच्चै मेरो इच्छा बुझ्दैनौ? मैले के भनेको छु त्यो तिमीहरूले बुझ्नुपर्छ र त्यसबाट उत्प्रेरित हुनुपर्छ। अहिले मात्र बुझ्ने मानिसहरू धेरै छन्। के यो प्रतिभार हुनुको आशिष् होइन र? के प्रतिभार हुनु सबैभन्दा ठूलो आशिषको कुरा होइन र? अन्त्यमा, जब तिमीहरू सुसमाचार फैलाउन जान्छौ, तिमीहरू यसो भन्छौ: "हामी आम किसिमका प्रतिभारहरू हौं।" तिनीहरूले तँलाई सोध्नेछन्, "तिमी प्रतिभार हौ भन्नुको अर्थ के हो?" र तैँले भन्नेछस्: "हामी परमेश्‍वरको कामको, र उहाँको महान् शक्तिको प्रतिभार हौं। हाम्रो विद्रोहीपनद्वारा परमेश्‍वरको सम्पूर्ण धार्मिक स्वभाव प्रकाशमा ल्याइन्छ; हामी आखिरी दिनहरूको परमेश्‍वरको कार्यको सेवा गर्ने वस्तुहरू हौं, हामी उहाँका कामका थप भागहरू हौं, र यसका साधनहरू पनि हौं।" जब तिनीहरूले त्यो सुन्नेछन्, तिनीहरू छक्क पर्छन्। त्यसपछि तैँले भन्नेछस्: "हामी परमेश्‍वरले सम्पूर्ण ब्रह्माण्डको काम पूरा गर्नुभएको, र उहाँले सारा मानवजातिलाई जित्नुभएको तथ्यका नमुनाहरू र उदाहरणहरू हौं। हामी पवित्र वा

फोहोर जे भए पनि, समग्रमा, हामी तिमीहरूभन्दा अझै बढी आशिषित् छौं, किनकि हामीले परमेश्‍वरलाई देखेका छौं, र उहाँले हामीमाथि विजय हासिल गर्ने मौकाको माध्यमद्वारा परमेश्‍वरको महान् शक्तिलाई देखाइएको छ; हामी फोहोर र भ्रष्ट भएकाले गर्दा मात्रै उहाँको धार्मिक स्वभाव प्रकट भएको छ। के तिमीहरूले त्यसरी नै परमेश्‍वरको अन्तिम दिनको कामको साक्षी दिन सक्छौ? तिमीहरू योग्यका छैनौ! यो अरू केही नभएर परमेश्‍वरले हामीलाई उच्च पार्नुभएको तथ्य हो! हामी अहङ्कारी नभए पनि, हामीले गर्वसाथ परमेश्‍वरको प्रशंसा गर्न सक्छौं, किनकि त्यस्तो महान् प्रतिज्ञाको हकदार कोही पनि हुन सक्दैन, र कसैले पनि त्यस्तो ठूलो आशिष् उपभोग गर्न सक्दैन। हामी असाध्यै कृतज्ञ छौं किनभने, हामी यति फोहोरी भएर पनि परमेश्‍वरको व्यवस्थापनको अवधिमा प्रतिभारको रूपमा काम गर्न सक्छौं।" र जब तिनीहरूले सोध्छन्, "नमुनाहरू र उदाहरणहरू के-के हुन्?" तैँले भन्नेछस्, "हामी सबैभन्दा विद्रोही र फोहोरी मानवजाति हौं; हामी शैतानद्वारा गहन रूपले भ्रष्ट पारिएका छौ, देहमा हामी सबैभन्दा पछौटे र तुच्छ छौं। हामी शैतानद्वारा प्रयोग गरिएकाहरूको उत्कृष्ट उदाहरण हौं। आज, हामी परमेश्‍वरद्वारा जितिने मानवजातिको माझमा पहिलो मानिसहरूको रूपमा चुनिएका छौं, र हामीले परमेश्‍वरको धार्मिक स्वभावलाई देखेका छौं र उहाँको प्रतिज्ञा पाएका छौं; हामी धेरै मानिसलाई जित्न प्रयोग भइरहेका छौं, त्यसैले हामी मानवजातिमा जितिएका मानिसहरूको नमूना र उदाहरण हौं।" यी वचनहरूभन्दा अझ राम्रो साक्षी अरू छैन, र यो तेरो सर्वोत्तम अनुभव हो।

## विजयको कामको भित्री सत्यता (२)

तिमीहरू राजाको रूपमा शासन गर्न खोज्थ्यौ, र आज तिमीहरूले यसलाई पूर्ण रूपमा त्याग्न अझै बाँकी छ; तिमीहरू अझै पनि राजाको रूपमा शासन गर्न, स्वर्गहरूलाई नियन्त्रण गर्न र पृथ्वीलाई समर्थन गर्न चाहन्छौ। अब, यो प्रश्‍नलाई विचार गर: के तिमीसँग त्यस्ता योग्यताहरू छन्? के तिमी पूर्ण रूपमा चेतनाहीन भइरहेका छैनौ र? के तिमी जे खोज्छौ र जुन कुरामा ध्यान दिन्छौ त्यसमा समर्पित छौ? तिमीमा सामान्य मानवता पनि छैन–के यो दयनीय हैन? यसैले, आज म केवल विजय गर्ने, गवाही दिने, तिम्रो क्षमता सुधार गर्ने, र सिद्ध हुने मार्गमा प्रवेश गर्ने कुरा गर्दछु, र अरू केही कुरा गर्दिनँ। केही मानिसहरू अमिश्रित सत्यताबाट थकित छन्, र जब तिनीहरूले सामान्य मानवताको र मानिसहरूको क्षमता सुधारका यी सबै कुरा देख्छन्, तिनीहरू अनिच्छुक हुन्छन्। तिनीहरू जसले सत्यलाई प्रेम गर्दैनन् तिनीहरूलाई सिद्ध बनाउन सजिलो हुँदैन। जबसम्म तिमीहरू आज प्रवेश गर्छौ, र परमेश्‍वरको इच्छाअनुसार, एक–एक चरण गर्दै कार्य गर्छौ, के तिमी हटाइन सक्छौ? मुख्य भूमि चीनमा परमेश्‍वरले यति धेरै काम–यति ठूलो परिमाणको काम–गरिसक्नुभएपछि, र उहाँले यति धेरै शब्दहरू बोल्नुभएपछि, के उहाँले आधा बाटोमा छोड्नुहुन्थ्यो? के उहाँले मानिसहरूलाई अतल कुण्डमा लैजानुहुन्थ्यो? आज, महत्त्वपूर्ण कुरा यो हो कि तिमीहरूले मानिसको तत्वलाई थाहा पाउनुपर्दछ, र तिमीहरूले कुन कुरामा प्रवेश गर्नुपर्दछ भनेर जान्नुपर्दछ; तिमीले जीवनमा प्रवेश गर्ने, र स्वभावमा हुने परिवर्तन, वास्तवमा कसरी जितिने, र

कसरी पूर्ण रूपमा परमेश्‍वरको आज्ञा पालन गर्ने, कसरी परमेश्‍वरको अन्तिम गवाही दिने, र कसरी मृत्युसम्मै आज्ञाकारी हुने भन्‍ने कुराहरूको बारेमा बातचित गर्नैपर्छ। तिमीले यी कुराहरूमा ध्यान केन्द्रित गर्नैपर्दछ, र जुन वास्तविक वा महत्त्वपूर्ण छैन त्यो पहिले अलग राख्नुपर्छ र बेवास्ता गर्नुपर्दछ। आज, तिमीले कसरी जितिने, र जितिएपछि मानिसहरूले कसरी आफूलाई संचालन गर्छन् त्यो बारेमा सचेत हुनुपर्दछ। सायद तिमीलाई जितिएको छ भन्छौं होला, तर के तिमी मृत्युसम्म आज्ञा पालन गर्न सक्छौ? कुनै सम्भावनाहरू भए पनि वा नभए पनि तिमी अन्त्यसम्म पछि लाग्नुपर्दछ, वातावरण जस्तै भए पनि तिमीले परमेश्‍वरप्रतिको विश्‍वास गुमाउनुहुँदैन। आखिरीमा, तिमीले गवाहीका दुई पक्ष प्राप्त गर्नुपर्छः अय्यूबको गवाही–मृत्युसम्म आज्ञाकारिता; र पत्रुसको गवाही–परमेश्‍वरप्रतिको सर्वोच्च प्रेम। एउटा पक्षमा, तिमी अय्यूबजस्तै हुनुपर्छः तिनले सबै भौतिक सम्पत्तिहरू गुमाए, र शरीर पीडाले ढाकियो, तापनि तिनले यहोवाको नाउँ त्यागेनन्। यो अय्यूबको गवाही थियो। पत्रुस मृत्युसम्म परमेश्‍वरलाई प्रेम गर्न सक्षम थिए। जब तिनलाई क्रूसमा टाँगियो र तिनले मृत्युको सामना गरे, त्यस बेला पनि तिनले परमेश्‍वरलाई प्रेम गरिरहे; तिनले आफ्नै सम्भावनाहरूको बारेमा सोचेनन् वा सुन्दर आशा वा असाधारण विचारहरूको पछि लागेनन्, तिनले केवल परमेश्‍वरलाई प्रेम गर्न र परमेश्‍वरका सबै प्रबन्धहरूको पालन गर्न खोजे। तिमीले गवाही दिनेबारे विचार गर्नुभन्दा अघि, जितिएर सिद्ध बनाइएपछिको कुनै व्यक्ति बन्नु भन्दा पहिले, तिमीले यस्तो स्तर प्राप्त गर्नुपर्छ। आज, यदि मानिसहरूले साँच्चै आफ्नो सार र दर्जा थाहा पाउथ्यो भने, के उनीहरूले अझै पनि सम्भावना र आशाहरू खोज्ने थिए? तिमीले जान्नुपर्ने कुरा यो होः परमेश्‍वरले मलाई सिद्ध बनाउनु भए पनि वा नबनाउनु भए पनि, म परमेश्‍वरको पछि लाग्नुपर्छ; अहिले उहाँले गर्नुहुने सबै कुरा असल छन् र ती मेरो खातिर गरिएको हुन्, र यसैले कि हाम्रो स्वभाव परिवर्तन हुन सकोस् र हामी आफैलाई शैतानको प्रभावबाट छुटाउन सकौं, हामी आफैलाई फोहोरको भूमिमा जन्मन दिने अनुमति दिन सकौं, र आफैलाई अशुद्धताबाट मुक्त गर्न सकौं, फोहोर र शैतानको प्रभावलाई फाल्न सकौं, त्यसलाई पछाडि छोड्न सकौं। अवश्य, तिमीबाट चाहिने यही नै हो, तर परमेश्‍वरका निम्ति यो विजय मात्र हो, यसैले कि मानिसहरूले आज्ञापालन गर्ने सङ्कल्प गरून् र परमेश्‍वरका सबै योजनाहरूको अधीनमा बस्न सकून्। यही तरिकाले, सबै कुराहरू सम्पन्न हुनेछन्। आज, अधिकांश व्यक्तिहरू अघि नै जितिसकिएका छन्, तर तिनीहरूभित्र अझै पनि विद्रोही र अनाज्ञाकारी धेरै कुरा छन्। मानिसहरूको वास्तविक कद अझै पनि धेरै सानो छ, र आशाहरू र सम्भावनाहरू हुन्छन् भने मात्र तिनीहरू शक्तिले पूर्ण हुन सक्नेछन्; आशा र सम्भावनाहरूको अभावमा, तिनीहरू नकारात्मक बन्छन्, र परमेश्‍वरलाई छोड्ने विषयमा विचार गर्दछन्। यसबाहेक, मानिसहरूमा सामान्य मानवता जियाउन खोजी गर्ने कुनै ठुलो चाहना छैन। यो अस्वीकार्य छ। यसैले, मैले अझै पनि विजयको कुरा गर्नैपर्छ। वास्तवमा, विजय भएकै समयमा सिद्धता पनि हुन्छ: जब तिमी जितिन्छौ, तब सिद्ध बन्नुको पहिलो प्रभावहरू पनि प्राप्त गरिन्छ। जहाँ जितिने र सिद्ध बनाइने कुरा बीच भिन्नता हुन्छ, त्यो पनि मानिसहरूमा भएको परिवर्तनको तहअनुसार हुन्छ। सिद्ध बनाइनुको पहिलो चरण जितिनु हो, अनि त्यसको अर्थ तिनीहरू पूर्णरूपमा सिद्ध भइसकेका छन् भन्‍ने होइन, न त यो तिनीहरू पूर्ण रूपमा परमेश्‍वरद्वारा प्राप्त गरिएका

छन् भन्ने प्रमाण नै हो। मानिसहरू जितिएपछि, तिनीहरूको स्वभावमा केही परिवर्तनहरू हुन्छन्, तर त्यस्ता परिवर्तनहरू परमेश्वरबाट पूर्ण रूपमा प्राप्त भएका व्यक्तिहरूमा कम हुन्छन्। आज, जे गरिन्छ त्यो मानिसहरूलाई सिद्ध बनाउने–तिनीहरूलाई जित्ने प्रारम्भिक काम हो–अनि यदि तिमीले विजय हुने कामलाई प्राप्त गर्न सक्दैनौं भने, तिमीसँग सिद्ध हुने र परमेश्वरद्वारा पूर्ण रूपले जितिने कुनै माध्यम हुनेछैन। तिमीले दण्ड र न्यायको थोरै वचनहरू प्राप्त गर्नेछौ, तर ती तिम्रो हृदय पूर्ण रूपमा परिवर्तन गर्न असमर्थ हुनेछन्। यसैले तिमी ती मध्येका एक हुनेछौ, जो हटाइनेछन्; त्यो टेबलमाथिको भव्य भोज हेर्नु, तर नखानु भन्दा त्यत्ति फरक हुँदैन। के यो तिम्रो लागि दुःखद परिदृश्य होइन र? अनि त्यसकारण तिमीले परिवर्तनहरू खोज्नुपर्दछ: चाहे त्यो जित्ने होस् वा सिद्ध पारिने, ती दुवै तिमीभित्र परिवर्तनहरू भएका छन् कि छैनन्, र तिमी आज्ञाकारी छौ कि छैनौ भन्ने कुरासित सम्बन्धित हुन्छन्, अनि त्यसले तिमी परमेश्वरद्वारा प्राप्त गर्न सक्छौ कि सक्दैनौ भन्ने कुरा निश्चित गर्दछ। यो जान कि “जितिनु” र “सिद्ध बनाइनु” परिवर्तन र आज्ञाकारिताको मात्रामा साथै परमेश्वरप्रति तिम्रो प्रेम कति शुद्ध छ भन्ने कुरामा आधारित हुन्छन्। आज हामीलाई चाहिने कुरा के हो भने तिमी पूर्ण रूपमा सिद्ध हुन सक्छौ, तर सुरुमा तिमीलाई जितिनुपर्छ–तिमीमा परमेश्वरको दण्ड र न्यायको पर्याप्त ज्ञान हुनुपर्दछ, उहाँलाई पछ्याउने विश्वास हुनुपर्दछ, र परिवर्तन खोज्ने र ज्ञानको खोजी गर्ने व्यक्ति बन्नुपर्दछ। तब मात्र तिमी त्यो व्यक्ति बन्नेछौ जो सिद्ध बनाइन खोजिन्छ। तिमीहरूले बुझ्नुपर्दछ, कि सिद्ध हुने क्रममा तिमी जितिनेछौ, र जितिने क्रममा तिमी सिद्ध बनाइनेछौ। आज, तिमी सिद्ध बनाइन वा तिम्रो बाहिरी मानवतामा परिवर्तन गर्न र तिम्रो क्षमतामा सुधार गर्न खोजी गर्न सक्छौ, तर प्रमुख महत्त्वको कुरा यो हो कि आज परमेश्वरले गर्नुहुने सबै कुराको अर्थ छ र त्यो लाभदायक छ भनी बुझ्न सक्नेछौ: यसले तिमी फोहोर देशमा जन्मेको व्यक्तिलाई फोहोरबाट उम्कन र ती फाल्न सक्षम बनाउँछ, यसले तिमीलाई शैतानको प्रभावलाई जित्न, र शैतानको अन्धकारको प्रभाव पछाडी छोडीराख्न सक्षम बनाउँछ। यी कुराहरूमा ध्यान दिँदा, तिमी फोहोरको यो देशमा सुरक्षित हुनेछौ। आखिरमा, तिमीलाई के गवाही दिन आग्रह गरिन्छ? तिमी फोहोरको देशमा जन्मेका छौ, तर तिमी पवित्र बन्न सक्षम छौ, र शैतानको क्षेत्रमा जिउनका निम्ति फेरि कहिल्यै फोहोरद्वारा दुषित हुँदैनौ, तर आफैलाई शैतानको प्रभावबाट छुटाउछौ, शैतानको कब्जा वा उत्पीडनमा पर्दैनौ, सर्वशक्तिमानका हातहरूमुनि जिउछौ। शैतानसितको लडाइँमा पाएको विजयको गवाही र प्रमाण यही नै हो। तिमी शैतानलाई त्याग्न सक्षम हुन्छौ, तिमी आफ्नो जियाइमा शैतानी स्वभावहरू प्रकट गर्दैनौ, बरु परमेश्वरले मानिसलाई सृष्टि गर्नुहुँदा उहाँले माग गर्नुभएअनुसार जिउनेछौः सामान्य मानवता, सामान्य ज्ञान, सामान्य अन्तर्दृष्टि, परमेश्वरलाई प्रेम गर्ने सामान्य संकल्प, र परमेश्वरप्रतिको बफादारीता। यो परमेश्वरको एक प्राणीले वहन गर्ने गवाही हो। तिमी भन्छौ, “हामी फोहोरको देशमा जन्मिएका छौं, तर परमेश्वरको सुरक्षाको कारण, उहाँको नेतृत्वको कारण, र उहाँले हामीलाई जित्नुभएको कारण, हामीले आफैलाई शैतानको प्रभावदेखि छुटाएका छौं। आज हामीले आज्ञापालन गर्न सक्नु पनि परमेश्वरले हामीलाई जित्नुभएको प्रभाव हो, अनि यो हामी असल भएकोले, वा हामीले स्वाभाविक रूपले परमेश्वरलाई प्रेम गरेकोले होइन। परमेश्वरले हामीलाई चुन्नुभएकोले र

हामीलाई पूर्वनियुक्त गर्नुभएकोले आज हामी जितिएका छौं, र उहाँको गवाही दिन सक्छौं, उहाँको सेवा गर्न सक्छौं; यसरी, उहाँले हामीलाई चुन्नुभएको र रक्षा गर्नुभएकोले पनि, हामी शैतानको क्षेत्रबाट बचाइएको र छुटाइएका छौं, अनि फोहोर पछाडि छोड्न र ठूलो रातो अजिङ्गरको देशमा शुद्ध हुन सक्छौं।" यसबाहेक, तिमी बाहिरी रूपमा जसरी जिउँछौ त्यसले तिमीमा सामान्य मानवता छ भन्ने देखाउँछ, तिमीले जे भन्छौं त्यसको अर्थ हुन्छ, र तिमी सामान्य व्यक्तिको स्वरूप जियाउँछौं। जब अरूले तिमीलाई हेर्छन्, तिमीले उनीहरूलाई यसो भन्न लाउनुहुँदैन: "के यो ठूलो रातो अजिङ्गरको स्वरूप होइन?" दिदी–बहिनीहरूको आचरण एउटी बहिनीलाई नसुहाउने छ; दाजुभाइहरूको आचरण एक भाइलाई नसुहाउने छ; अनि तिमीमा सन्तहरूको शिष्टता थोरै पनि छैन। तब मानिसहरूले भन्नेछन्, "यो अचम्म मान्नु पर्ने कुरा होइन, कि परमेश्वरले तिनीहरूलाई मोआबको सन्तान भन्नुभयो, उहाँ पूर्ण रूपमा सही हुनुहुन्थ्यो।" यदि मानिसहरूले तिमीहरूलाई हेर्छन् र भन्दछन्, "यद्यपि परमेश्वरले तिमीहरूलाई मोआबको सन्तान भन्नुभए पनि, तिमीहरू जसरी जिइरहेका छौ त्यसले तिमीहरूले शैतानको प्रभावलाई पछाडी छोडी राखेका छौ भन्ने प्रमाणित गर्दछ; यद्यपि ती कुराहरू तिमीहरूभित्र छन्, तिमीहरू त्यसप्रति आफ्नो पिठिउँ फर्काउन सक्छौ, यसले तिमीहरू पूर्ण रूपमा जितिएका छौ भन्ने देखाउँदछ," तिमीहरू जो जितिएका र बचाइएका छौ, तिमीहरू भन्नेछौ, "यो साँचो हो, कि हामी मोआबका सन्तानहरू हौं, तर हामी परमेश्वरद्वारा मुक्त भएका छौं, र विगतमा मोआबका सन्तानहरू त्यागिएका र श्रापित थिए, र इस्राएलका मानिसहरूद्वारा अन्यजातिहरूको माझमा निर्वासित थिए, आज परमेश्वरले हामीलाई मुक्त गर्नुभएको छ। यो सत्य हो कि हामी सबै मानिसहरूमध्ये सबैभन्दा भ्रष्ट छौं–यो परमेश्वरले घोषणा गर्नुभएको थियो, यो तथ्य हो, र यो सबैले इन्कार गर्न नसक्ने कुरा हो। तर आज हामी त्यो प्रभावबाट उम्केका छौं। हामी हाम्रा पुर्खालाई घृणा गर्दछौं, हामी हाम्रा पुर्खातर्फ पिठिउँ फर्काउन, त्यो पूर्ण रूपले त्याग्न र परमेश्वरको इच्छाबमोजिम काम गर्दै र उहाँले हामीबाट गर्नुभएका मागहरू प्राप्त गर्दै र परमेश्वरको इच्छाको सन्तुष्टि हासिल गर्दै, परमेश्वरका सबै व्यवस्थाहरू पालन गर्दछौं। मोआबले परमेश्वरलाई धोका दियो, उसले परमेश्वरको इच्छाअनुसार कार्य गरेन, र परमेश्वरले उसलाई घृणा गर्नुभयो। तर हामीले परमेश्वरको हृदयको ख्याल राख्नुपर्दछ, र आज, हामी परमेश्वरको इच्छा बुझ्दछौं, त्यसैले हामी परमेश्वरलाई धोका दिन सक्दैनौं, र हाम्रो पुरानो पुर्खालाई त्याग्नुपर्छ!" पहिले मैले ठूलो रातो अजिङ्गरलाई त्याग गर्ने कुरा गरें, र आज, यो मुख्य रूपले मानिसको पुरानो पुर्खालाई त्याग गर्ने कुरा हो। यो मानिसहरूको विजयको एउटा गवाही हो, र तिमी आज जसरी प्रवेश गरे पनि, यस क्षेत्रमा तिम्रो साक्षीमा कमी हुनुहुँदैन।

मानिसहरूको क्षमता धेरै दुर्बल छ, तिनीहरूमा सामान्य मानवताको धेरै कमी छ, तिनीहरूका प्रतिक्रियाहरू एकदमै सुस्त, एकदमै अल्छी छन्, शैतानको भ्रष्टताले तिनीहरूलाई बोधो र मन्द बुद्धि बनाएको छ, र यद्यपि तिनीहरू एक वा दुई वर्षमा पूर्ण रूपमा परिवर्तन हुन सक्दैनन्, तिनीहरूसँग सहकार्य गर्ने संकल्प हुनुपर्दछ। यो शैतानको सामु एउटा गवाही हो पनि भन्न सकिन्छ। आजको गवाही वर्तमान विजयको कामद्वारा प्राप्त गरेको प्रभाव हो, साथै भविष्यका अनुयायीहरूका लागि नमुना र आदर्श हो। भविष्यमा, यो सबै राष्ट्रहरूमा फैलिनेछ; चीनमा गरिएको

काम सबै देशहरूमा फैलिनेछ। मोआबका सन्तानहरू विश्वका सबैभन्दा न्यूनतम संख्या भएकामानिसहरू हुन्। केही व्यक्तिहरू सोध्छन्, "के हामका सन्तानहरू सबैभन्दा न्यूनतम संख्याका छैनन्?" ठूलो रातो अजिङ्गरको सन्तान र हामका सन्तानहरू विभिन्न प्रतिनिधिमूलक महत्त्वका छन्, र हामका सन्तानहरू एउटा फरक विषय हुन्ः तिनीहरू जति नै श्रापित भए पनि, तिनीहरू अझै पनि नोआका सन्तान हुन्; यसै बीचमा, मोआबको उत्पत्ति भने शुद्ध थिएनः मोआब व्यभिचारबाट आएको थियो, र यसै कुरामा भिन्नता छ। यद्यपि ती दुवै श्रापित थिए, तापनि तिनीहरूको ओहोदा एउटै थिएनन्, र यसकारण मोआबका सन्तानहरू सबैभन्दा न्यूनतम संख्या भएका मानिसहरू हुन्–र सबैभन्दा न्यूनतम संख्या भएकामानिसहरूलाई जित्नुभन्दा बढी विश्वसनीय तथ्य अरू हुन सक्दैन। आखिरी दिनहरूको कामले सबै नियमहरू तोड्दछ, अनि तिमी श्रापित वा आशिष पाएको व्यक्ति, जो भए पनि, जबसम्म तिमीले मेरो काममा सहायता गर्छौ र आजको विजयको कामका निम्ति उपयोगी हुन्छौ, तब तिमी मोआबको सन्तान वा ठूलो रातो अजिङ्गरको सन्तान, जो भए पनि, जबसम्म तिमी कामको यस चरणमा परमेश्वरको एउटा प्राणीको कर्तव्य पूरा गर्छौ र तिमीले गर्न सक्ने सक्दो गर्छौ, तब पाउनु पर्ने प्रभाव प्राप्त हुनेछ। तिमी ठूलो रातो अजिङ्गरको सन्तान हौं, र तिमी मोआबको सन्तान हौं; समग्रमा भन्ने हो भने, जो मासु र रगतका हुन् तिनीहरू सबै परमेश्वरका प्राणीहरू हुन् र तिनीहरू सृष्टिकर्ताद्वारा बनाइएका थिए। तिमी परमेश्वरको प्राणी हौं, तिमीसँग कुनै विकल्प हुनुहुँदैन, र यो तिम्रो कर्तव्य हो। अवश्य, आज सृष्टिकर्ताको काम सम्पूर्ण ब्रह्माण्डप्रति निर्देशित छ। तिमी जुन वंशबाट आएको सन्तान भए पनि, सबैभन्दा महत्त्वपूर्ण कुरा तिमी परमेश्वरको एउटा प्राणी हौं, तिमीहरू–जो मोआबको सन्तान हौं–परमेश्वरका प्राणीहरूको भाग हौं, फरक यति मात्र छ कि तिम्रो मूल्य कम छ। आज, परमेश्वरको काम सबै प्राणीहरूको माझमा र सारा ब्रह्माण्डमा गरिने भएकोले, सृष्टिकर्ता उहाँको काम गर्नका निम्ति कुनै पनि मानिसहरू, विषयहरू वा थोकहरू चुन्न स्वतन्त्र हुनुहुन्छ। तिमी कुन वंशबाट आएका थियौ भन्ने कुरा उहाँले परवाह गर्नुहुन्न; जबसम्म तिमी उहाँको प्राणीहरू मध्ये एउटा प्राणी रहन्छौ, र जबसम्म तिमी उहाँको काम–विजय र गवाहीको काम–का निम्ति फाइदाजनक हुन्छौ, उहाँले तिमीभित्र कुनै संकोचबिना उहाँको काम पूरा गर्नुहुनेछ। यसले मानिसहरूका परम्परागत धारणाहरूलाई चकनाचूर पार्छ, जुनचाहिँ यही हुन् कि परमेश्वरले अन्यजातिहरूका बीचमा कहिल्यै पनि काम गर्नुहुनेछैन, विशेष गरी तिनीहरूका माझमा जो श्रापित र तुच्छ छन्; किनकि जो श्रापित छन्, तिनीहरूबाट भविष्यमा आउने सबै पुस्ताहरू पनि सदाका लागि श्रापित हुनेछन्, जसको निम्ति मुक्ति पाउने कुनै पनि सम्भावना हुँदैन; परमेश्वर कहिल्यै पनि अन्यजातिहरूको देशमा ओर्लेर काम गर्नुहुने छैन, र उहाँले फोहोरको देशमा कहिल्यै पनि खुट्टा टेक्नु हुनेछैन, किनकि उहाँ पवित्र हुनुहुन्छ। आखिरी दिनहरूमा परमेश्वरको कामद्वारा यी सबै धारणाहरू चकनाचूर पारिएका छन्। यो जान कि परमेश्वर सबै प्राणीहरूका परमेश्वर हुनुहुन्छ, स्वर्गहरू, पृथ्वी र सबै थोकहरूमाथि उहाँको अधिकार छ, अनि उहाँ इस्राएलका मानिसहरूका परमेश्वर मात्र हुनुहुन्न। त्यसैले, चीनमा भएको यो कामको ठूलो महत्त्व छ, र के यो सबै देशहरूमा फैलिएको छैन र? भविष्यको ठूलो गवाही चीनमा मात्र सीमित हुनेछैन; यदि परमेश्वरले तिमीहरूलाई जित्नु मात्र सक्नुभयो भने, के

भूतात्माहरू विश्वस्त हुन सक्छन्? तिनीहरू विजय हुनु के हो, वा परमेश्वरको महान् शक्ति के हो बुझ्दैनन्, अनि जब सारा ब्रह्माण्डका परमेश्वरका चुनिएका मानिसहरूले अन्तिम प्रभावहरू देख्दछन्, तब सबै प्राणीहरू जितिनेछन्। मोआबका सन्तानहरू भन्दा बढी कोही पनि पिछडिएको वा भ्रष्ट छैन। मात्र यदि ती मानिसहरू जो धेरै भ्रष्ट छन्, जसले परमेश्वरलाई स्वीकार गर्दैनन् वा परमेश्वर हुनुहुन्छ भनी विश्वास गर्दैनन्, जित्न सकियो भने, र तिनीहरूका मुखले परमेश्वरलाई स्वीकार गर्छन्, उहाँको प्रशंसा गर्छन् र उहाँलाई प्रेम गर्न सक्छन् भने, के यो विजयको गवाही हुनेछैन र। यद्यपि तिमीहरू पत्रुस होइनौ, तिमीहरू पत्रुसको स्वरूपअनुसार जिउछौ, तिमीहरू पत्रुसको र अय्यूबको गवाही धारण गर्न सक्छौ, र यो सबैभन्दा ठूलो गवाही हो। अन्त्यमा तिमी यसो भन्नेछौः "हामी इस्राएलीहरू होइनौं, तर मोआबको त्यागिएका सन्तानहरू हौं, हामी पत्रुस होइनौं, जसको क्षमता प्राप्त गर्न हामी असक्षम छौं, न त अय्यूब हौं, अनि हामी परमेश्वरको लागि दुःख भोग्ने र आफैलाई परमेश्वरमा समर्पण गर्ने पावलको संकल्पसित तुलना गर्न सक्दैनौं, र हामी धेरै पछौटे छौं, र यसैले हामी परमेश्वरको आशिषको आनन्द लिन अयोग्य छौं। आज पनि परमेश्वरले हामीलाई माथि उठाउनुभएको छ; त्यसकारण हामीले परमेश्वरलाई सन्तुष्ट गर्नुपर्दछ, र हामी अपर्याप्त क्षमता वा योग्यताका भए पनि, हामी परमेश्वरलाई सन्तुष्ट पार्न तयार छौं–हामीसँग यो संकल्प छ। हामी मोआबका सन्तानहरू हौं, र हामी श्रापित थियौं। यो परमेश्वरद्वारा घोषणा गरिएको थियो, र हामी यसलाई परिवर्तन गर्न असक्षम छौं, तर हाम्रो जीवनशैली र हाम्रो ज्ञान परिवर्तन हुन सक्दछ, र हामी परमेश्वरलाई सन्तुष्ट पार्न कटिबद्ध छौं।" जब तिमीसँग यो संकल्प हुन्छ, तब त्यसले तिमीले विजय प्राप्त गरिरहेको गवाही दिएका छौ भन्ने प्रमाणित गर्दछ।

## विजयको कामको भित्री सत्यता (३)

विजयको कामको अपेक्षित प्रभाव, सबैभन्दा बढी, मानिसको देहले अब उसो विद्रोह नगरोस्; अर्थात्, मानिसको दिमागले परमेश्वरको बारेमा नयाँ ज्ञान प्राप्त गरोस्, मानिसको हृदयले परमेश्वरको पूरा आज्ञापालन गरोस्, र मानिसले परमेश्वरको निम्ति हुने आकांक्षा राखोस् भन्ने हो। मानिसहरू आफ्नो स्वभाव वा देह परिवर्तन हुँदा त्यसलाई विजय प्राप्त भएको कुराको रूपमा लिंदैनन्; जब मानिसको सोच, मानिसको चेतना, र मानिसको समझ परिवर्तन हुन्छ, भन्नुको अर्थ, जब तेरो सम्पूर्ण मानसिक मनोवृति परिवर्तन हुन्छ–त्यस बेला तँ परमेश्वरद्वारा जितिएका हुन्छस्। जब तिमी आज्ञापालन गर्ने संकल्प गर्छौ र नयाँ मानसिकता अपनाउँछौ, जब तिमी परमेश्वरका वचनहरू र काममा आफ्नो कुनै पनि विचारहरू वा अभिप्रायहरू ल्याउँदैनौ, जब तिम्रो दिमागले सामान्य रूपमा सोचविचार गर्न सक्छ–जसको मतलब हो, जब तिमी सम्पूर्ण हृदयले आफैलाई परमेश्वरका निम्ति प्रयोगमा ल्याउँछौ–तब तिमी त्यस्तो मानिस बन्छौ, जो पूर्ण रूपमा जितिएको हुन्छ। धर्ममा, धेरै मानिसहरूले आफ्नो जीवनभरि ठूलो दुःख भोग्छन्ः तिनीहरू आफ्नो देहलाई वशमा राख्छन्, र तिनीहरूको क्रूस बोक्दछन्, र मृत्यु हुन लाग्दा समेत तिनीहरू कष्ट भोग्छन् र सहन्छन्! कोही-कोही त आफ्नो मृत्यु हुने बिहानसम्म उपवास बसिरहेका हुन्छन्।

तिनीहरू आफ्नो सारा जीवनभरि राम्रो भोजन, र वस्त्र अस्वीकार गर्छन्, केवल कष्टमा मात्र ध्यान दिन्छन्। तिनीहरू आफ्नो देहलाई वशमा राख्न र आफ्नो देह त्याग्न सक्षम हुन्छन्। कष्ट भोग्न सक्ने तिनीहरूका भावना सराहनीय हुन्छ। तर तिनीहरूको सोचविचार, तिनीहरूको धारणाहरू, तिनीहरूको मानसिक मनोवृत्ति, र वास्तवमै तिनीहरूको पुरानो स्वभाव अलिकति पनि निराकरण गरिएको हुँदैन। तिनीहरूमा आफ्नै बारेमा सही ज्ञानको कमी हुन्छ। परमेश्वरको बारेमा तिनीहरूका मानसिक छवि एक परम्परागत, अस्पष्ट परमेश्वरको हुन्छ। परमेश्वरका लागि कष्ट भोग्ने तिनीहरूको संकल्प तिनीहरूका जोश र तिनीहरूको मानवताको असल चरित्रबाट आउँदछ। तिनीहरूले परमेश्वरमा विश्वास गरे पनि, तिनीहरू न त उहाँलाई बुझ्दछन्, न उहाँको इच्छा जान्दछन्। तिनीहरू केवल काम गर्छन् र परमेश्वरका लागि अन्धाधुन्ध कष्ट भोग्छन्। तिनीहरूले भेदशक्तिलाई कुनै प्रकारको महत्त्व दिँदैनन्, तिनीहरूका सेवाले साँच्चै परमेश्वरको इच्छा कसरी पूरा गर्दछ भन्ने सुनिश्चित गर्न त्यत्ति वास्ता गर्दैनन्, र परमेश्वरको ज्ञान कसरी प्राप्त गर्ने भन्ने कुरा त परै छाडौं। तिनीहरूले सेवा गरेका परमेश्वर उहाँको अन्तर्निहित स्वरूपमा हुनुहुन्न, तर तिनीहरूले कल्पयना गरेका परमेश्वर, तिनीहरूले सुनेका परमेश्वर वा लिखित दन्त्यकथाहरूमा पढेका परमेश्वर मात्र हुनुहुन्छ। त्यसपछि परमेश्वरका निम्ति कष्ट भोग्न आफ्ना उर्वर कल्पनाहरू र धार्मिकता प्रयोग गर्छन् र परमेश्वरले गर्न चाहनुभएको परमेश्वरका काम गर्न थाल्छन्। तिनीहरूका सेवा अति नै अवास्तविक हुन्छ, किनकि व्यावहारिक रूपमा तिनीहरू कुनैले पनि वास्तवमा परमेश्वरको इच्छाअनुसार सेवा गर्न सक्दैन। तिनीहरूले जति नै खुसीसाथ दु:ख भोगे पनि, सेवाको बारेमा तिनीहरूको मूल दृष्टिकोण र परमेश्वरको बारेमा तिनीहरूका मानसिक छबि अपरिवर्तित रहन्छ, किनभने तिनीहरूले परमेश्वरको न्याय, दण्ड, शुद्धीकरण र सिद्धता भोगेका हुँदैनन्, र न ता कसैले तिनीहरूलाई सत्यको प्रयोग गरी डोऱ्याएको हुन्छ। तिनीहरूले मुक्तिदाता येशूमा विश्वास गरे पनि तिनीहरूमध्ये कसैले पनि मुक्तिदातालाई देखेका हुँदैनन्। तिनीहरू उहाँलाई केवल दन्त्य कथा र सुनेका कुराहरूको माध्यमबाट जान्दछन्। फलस्वरूप, तिनीहरूका सेवा आँखा बन्द गरेर बिना उद्देश्य गरिएको कामभन्दा बढी हुँदैन, त्यो एक अन्धोले आफ्नो बुबाको सेवा गरेको जस्तो हुन्छ। त्यस्तो सेवाबाट अन्त्यमा के हासिल गर्न सकिन्छ? अनि यसलाई कसले अनुमोदन गर्नेछ? सुरुदेखि अन्त्यसम्म, तिनीहरूको सेवा एक समान रहन्छ; तिनीहरू केवल मानव निर्मित पाठहरू प्राप्त गर्दछन् र तिनीहरूको सेवा केवल तिनीहरूको सहजता र तिनीहरूका आफ्नै रुचिहरूमा आधारित हुन्छन्। यसले कस्तो इनाम ल्याउन सक्छ? येशूलाई देख्ने पत्रुसले पनि परमेश्वरको इच्छाअनुसार सेवा गर्न जान्दैन थिए; तिनले पछिबाट अन्त्यतिर, तिनको बुढेसकालमा मात्र जाने। यसले ती अन्धो व्यक्तिहरूको बारेमा के भन्छ जसले निराकरण गरिएको वा छाँटकाँट गरिएको अलिकति पनि अनुभव गरेका हुँदैनन्, र जसलाई कसैले डोऱ्याएको हुँदैनन्? के आज तिमीहरूमध्ये धेरैको सेवा ती अन्धा मानिसहरूको जस्तो छैन र? ती सबै जसले न्याय प्राप्त गरेका छैनन्, काँटछाँट र निराकरण प्राप्त गरेका छैनन् र जो परिवर्तन भएका छैनन्—के तिनीहरू सबै अधुरो मात्र जितिएका छैनन्? त्यस्ता मानिसहरू कुन कुरामा काम लाग्छन्? यदि तेरो सोच, जीवनको बारेमा तेरो ज्ञान, र परमेश्वरसम्बन्धी तेरो ज्ञानले कुनै नयाँ परिवर्तन देखाउँदैन र तैँले वास्तवमा केही पनि प्राप्त

गर्दैनस् भने, त्यसकारण तैँले आफ्नो सेवामा कुनै उल्लेखनीय कुरा कहिले पनि हासिल गर्नेछैनस्! दर्शन र परमेश्वरको कामको नयाँ ज्ञानबिना, तँलाई जितिएको हुँदैन। तब परमेश्वरलाई पछ्याउने तेरो तरिका कष्ट भोग्ने र उपवास बस्नेहरूको जस्तो हुनेछः थोरै मूल्यको! सही रूपमा के हो भने, तिनीहरू जे गर्छन् त्यसमा गवाही थोरै मात्र छ, म भन्छु, तिनीहरूका सेवा व्यर्थ छ! आफ्नो जीवनभरि तिनीहरूले कष्ट भोग्छन् अनि झ्यालखानमा समय बिताउँछन्; तिनीहरू सधैं सहनशील, प्रेमिलो हुन्छन्, र तिनीहरूले सधैं क्रूस बोक्दछन्, संसारद्वारा तिनीहरूको हाँसो उडाइन्छ र अस्वीकार गरिन्छ, तिनीहरू हरप्रकारका कठिनाइ अनुभव गर्छन्, र यद्यपि तिनीहरू अन्त्यसम्म आज्ञाकारी हुन्छन्, तापनि तिनीहरू अझै पनि जितिएका हुँदैनन्, र जितिएको कुनै कुराको गवाही दिन सक्दैनन्। तिनीहरूले ठूलो पीडा भोगेका छन्, तर भित्रपट्टि तिनीहरूले परमेश्वरलाई पटक्कै चिन्दैनन्। तिनीहरूको पुरानो सोचविचार, पुराना धारणाहरू, धार्मिक अभ्यासहरू, मानव-निर्मित ज्ञान, र मानवीय विचारहरू निराकरण गरिएको छैन। तिनीहरूमा नयाँ ज्ञानको अलिकति पनि सङ्केत छैन। परमेश्वरसम्बन्धी तिनीहरूको ज्ञान थोरै पनि सत्य वा सहि हुँदैन। तिनीहरूले परमेश्वरको इच्छा गलत बुझेका हुन्छन्। के यसले परमेश्वरको सेवा गर्दछ? विगतमा परमेश्वरसम्बन्धी तेरो ज्ञान जे–जस्तो भए पनि, यदि त्यो आज त्यस्तै रहिरहन्छ भने र परमेश्वरले जे गर्नुभए पनि उहाँसम्बन्धी तेरो ज्ञान तेरा आफ्नै विचारहरूमा आधारित गर्न जारी राख्छस् भने, भन्नुको अर्थ, यदि तँमा परमेश्वरसम्बन्धी कुनै नयाँ, साँचो ज्ञान छैन भने र यदि तँ परमेश्वरको साँचो छबि र स्वभावलाई जान्न असफल हुन्छस् भने, यदि परमेश्वरसम्बन्धी तेरो ज्ञान सामन्ती, अन्धविश्वासपूर्ण सोचबाट निर्देशित छ र अझै मानव कल्पना र धारणाबाट जन्मेको छ भने, तँ जितिएको छैनस्। मैले तँलाई बताउने धेरै वचनहरू तँलाई यी वचनहरू जान्न दिनु, यो ज्ञानले तँलाई अझ नयाँ, सही ज्ञानमा डोर्याओस् भनेर हो; म यी कुराहरू तँमा भएका ती पुराना धारणाहरू र पुरानो ज्ञानको तरिका मेटाउनका लागि भन्छु, यसैले कि तँ नयाँ ज्ञान प्राप्त गर्न सक! यदि तैँले साँच्चै मेरा वचनहरू खायौ र पियौ भने, तेरो ज्ञानमा धेरै परिवर्तन हुनेछ। जबसम्म तँ आज्ञाकारी हृदयसहित परमेश्वरका वचनहरू खान्छस् र पिउँछस्, तब तेरो दृष्टिकोण उल्टाइनेछ। जबसम्म तँ बारम्बार दोहोरिने सजायहरू स्वीकार गर्न सक्छस्, तेरो पुरानो मानसिकता बिस्तारै परिवर्तन हुनेछ। जब तेरो पुरानो मानसिकताको स्थान पूर्ण रूपमा नयाँले लिन्छ, त्यहीअनुसार तेरो अभ्यास पनि परिवर्तन हुनेछ। यस तरिकाले, तेरो सेवा झनझन् लक्ष्यमा केन्द्रित हुनेछ, र झन् बढी परमेश्वरको इच्छा पूरा गर्न सक्षम हुनेछस्। यदि तैँले आफ्नो जीवन, मानव जीवनसम्बन्धी तेरो ज्ञान र परमेश्वरसम्बन्धी तेरा धेरैवटा धारणाहरू परिवर्तन गर्न सकिस् भने, तेरो स्वाभाविकता बिस्तारै घट्दै जान्छ। जब परमेश्वरले मानिसहरूलाई जित्नुहुन्छ तब यो, र यस्तो कुनै पनि कुरामा त्यसको प्रभाव हुँदैन, यो मानिसहरूभित्र हुन आउने प्रभाव हो। यदि, परमेश्वरप्रतिको तेरो विश्वासमा तँ आफ्नो देहलाई वशमा राख्नु र सहनु, र कष्ट भोग्नु मात्र जानेका छस् भने र त्यो सही हो कि गलत भनी तँलाई थाहा छैन, त्यो कसको खातिर गरिएको हो भन्ने पत्तो नै छैन भने, त्यस्तो अभ्यासले कसरी परिवर्तनतिर डोऱ्याउँछ?

यो बुझ कि मैले तिमीहरूसँग मागेको कुराचाहिँ तिमीहरूको देहलाई दासत्वमा राख वा

तिमीहरूका दिमागलाई स्वतन्त्र रूपमा सोचविचारहरू गर्नबाट रोक भनेको होइन। यो न ता त्यस कामको लक्ष्य हो, न त्यो काम अहिले गर्नु नै आवश्यक छ। अहिले, तिमीहरूसँग सकारात्मक पक्षको ज्ञान हुनुपर्दछ, जसले गर्दा तिमीहरू आफैलाई परिवर्तन गर्न सक्छौ। सबैभन्दा आवश्यक कार्य भनेको तिमीले आफैलाई परमेश्वरको वचनले सुसज्जित पार्नु हो, जसको अर्थ, तिमीहरूले आफैलाई अहिले वर्तमान सत्यता र दर्शनले सुसज्जित पार्नु, अनि त्यसपछि बाहिर जानु र त्यसलाई व्यवहारमा अपनाउनु हो भन्ने हुन्छ। यो तिमीहरूको जिम्मेवारी हो। मैले तिमीहरूलाई अझ ठूलो अन्तर्दृष्टि खोज्नु र प्राप्त गर्नु भनेको होइन। वर्तमानमा, तिमीहरूसँग त्यसका लागि कद छैन। तिमीहरूसँग माग गरिएको यति मात्र हो, कि तिमीहरूले परमेश्वरका वचनहरू खान र पिउनका लागि जे गर्न सक्छौ त्यो गर। तिमीहरूले परमेश्वरको कामलाई बुझ्नुपर्दछ र तिमीहरूको स्वभाव, तिमीहरूको सार र तिमीहरूका पुरानो जीवनलाई जान्नुपर्दछ। विशेष रूपमा, तिमीहरूले विगतका ती गलत र निरर्थक अभ्यासहरू र तिमीहरू संलग्न रहेका ती मानवीय कार्यहरू जान्नु आवश्यक छ। परिवर्तन हुनका निम्ति, तिमीहरूले आफ्नो सोचविचार परिवर्तन गर्दै सुरु गर्नुपर्छ। पहिले, तिमीहरूका पुराना सोचविचारलाई नयाँले प्रतिस्थापन गर, र तिमीहरूका नयाँ सोचविचारलाई तिमीहरूका वचन र कार्यहरू अनि तिमीहरूका जीवन नियन्त्रित गर्न देऊ। आज तिमीहरू प्रत्येकबाट माग गरिएको यही नै हो। अन्धाधुन्ध अभ्यास नगर वा अन्धाधुन्ध पछि नलाग। तिमीहरूसँग एउटा आधार र एउटा लक्ष्य हुनुपर्दछ। आफैलाई मूर्ख नबनाऊ। परमेश्वरप्रतिका तिमीहरूका विश्वास वास्तवमा केका लागि हो, त्यसबाट के प्राप्त हुनुपर्दछ र अहिले तिमीहरू कहाँ प्रवेश गर्नुपर्छ त्यो तिमीहरूलाई थाहा हुनुपर्दछ। तिमीहरूले यो सब जान्नु अत्यावश्यक छ।

तिमीहरू अहिले प्रवेश गर्नुपर्ने कुराचाहिँ तिमीहरूको जीवनलाई माथि उठाउनु र तिमीहरूका क्षमता बढाउनु हो। यसबाहेक, तिमीहरूले आफ्नो विगतका ती पुराना दृष्टिकोणहरू परिवर्तन गर्नु, तिमीहरूका सोचविचार परिवर्तन गर्नु, र तिमीहरूका धारणाहरू परिवर्तन गर्नु आवश्यक छ। तिमीहरूको सम्पूर्ण जीवन नवीकरण गर्नु आवश्यक पर्छ। जब परमेश्वरका कामहरूबारे तिमीहरूका ज्ञान परिवर्तन हुन्छ, जब तिमीहरूमा परमेश्वरले भन्नुहुने सबै कुराको सत्यताको नयाँ ज्ञान हुन्छ, र जब तिमीहरूभित्रको ज्ञान उच्च हुन्छ, तब तिमीहरूका जीवनले अझ राम्रोको लागि मोड् लिन्छ। मानिसहरूले गर्ने र भन्ने सबै कुरा अब व्यावहारिक छन्। यी धर्मसिद्धान्तहरू होइनन्, बरु मानिसहरूलाई आफ्नो जीवनका लागि आवश्यक पर्ने कुराहरू, र तिनीहरूमा हुनुपर्ने कुराहरू हुन्। विजयको कामको अवधिमा मानिसहरूमा हुने परिवर्तन, मानिसहरूले अनुभव गर्नुपर्ने परिवर्तन यही नै हो, र यो तिनीहरू जितिएपछिको प्रभाव हो। जब तैँले आफ्नो सोचविचार परिवर्तन गरेका, नयाँ मानसिक दृष्टिकोण अपनाएका, तेरा धारणा र अभिप्रायहरू र तेरो विगतका उचित तर्कहरूलाई उल्टाएका, तँभित्र जरा गाडेका कुराहरूलाई त्यागेका र परमेश्वरप्रतिको विश्वासको एउटा नयाँ ज्ञान प्राप्त गरेका हुन्छस्, तब तैँले दिने गवाहीहरू उच्च पारिनेछन्, र तेरो सम्पूर्ण अस्तित्व साँच्चै परिवर्तन भएको हुनेछ। यी सबै अति व्यावहारिक, सबैभन्दा वास्तविक, सबै कुराभन्दा मुख्य–विगतमा मानिसहरूले बुझ्न नसकेका कुराहरू, र तिनीहरू संलग्न हुन नसक्ने कुराहरू हुन्। ती आत्माको सांचो काम हुन्। विगतमा तैँले बाइबललाई कतिसम्म ठिक प्रकारले बुझथिस्? आज

यसलाई तुलना गर तैँले थाहा पाउनेछस्। विगतमा तैँले मोशा, पत्रुस, पावल, वा ती सबै बाइबलीय भनाइहरू र दृष्टिकोणहरूलाई दिमागी रूपमा माथि उठाइस्, र तिनीहरूलाई एउटा आधारमा राखिस्। अब, तँलाई यदि बाइबललाई एउटा आधारमा राख्न भनियो भने के तँ त्यो गर्नेछस्? तैँले बाइबलमा मानिसद्वारा लेखिएका धेरैवटा विवरणहरू देख्नेछस्, र बाइबल भनेको परमेश्‍वरका दुई चरणको कामको मानिसको विवरण मात्र हो। यो इतिहासको पुस्तक हो। के यसको अर्थ त्यससम्बन्धी तेरो ज्ञान परिवर्तन भएको छ भन्‍ने होइन र? यदि तैँले आज मत्तीको सुसमाचारको पुस्तकमा दिइएको येशूको वंशावली हेरिस् भने, तैँले यसो भन्‍नेछस्, “येशूको वंशावली? मूर्ख कुरा! यो योसेफको वंशावली हो, येशूको होइन। येशू र योसेफबीच कुनै सम्बन्ध छैन।” जब तैँले अहिले बाइबल हेर्छस्, त्यसबारे तेरो ज्ञान फरक हुन्छ, अर्थात् तेरो दृष्टिकोण परिवर्तन भएको हुन्छ, अनि त्यसको विषयमा तैँले धर्मका अग्रज विद्वानहरूले भन्दा उच्च ज्ञान ल्याउछस्। जब कसैले त्यो वंशावलीमा केही छ भन्छ, तब तैँले यस्तो जबाफ दिनेछस्, “यसमा के छ र? अगाडि बढेर वर्णन गर्। येशू र योसेफ सम्बन्धित छैनन्। के तँलाई त्यो थाहा छैन? के येशूको वंशावली हुन सक्छ? येशूका पुर्खाहरू कसरी हुन सक्छन्? उहाँ कसरी मानिसका सन्तान हुन सक्नुहुन्छ? उहाँको देह मरियमबाट जन्मेको थियो; उहाँको आत्मा परमेश्‍वरका आत्मा हो, मानिसको आत्मा होइन। येशू परमेश्‍वरका प्रिय पुत्र हुनुहुन्छ, त्यसोभए के उहाँको वंशावली हुन सक्छ? पृथ्वीमा हुनुहुँदा उहाँ मानवजातिको सदस्य हुनुहुन्‍न थियो, त्यसोभए उहाँको वंशावली कसरी हुन सक्छ?” जब तैँले वंशावलीको विश्‍लेषण गर्छस् र भित्री सत्यतालाई स्पष्टसँग व्याख्या गर्छस्, तैँले जे बुझेको छस् त्यो भन्छस्, तब त्यो व्यक्ति अवाक बन्‍नेछ। केही मानिसहरूले बाइबललाई सन्दर्भको रूपमा लिएर तँलाई सोध्नेछन्, “येशूको वंशावली थियो। के तेरा आजका परमेश्‍वरको वंशावली छ?” अनि तैँले तिनीहरूलाई आफ्नो ज्ञान बताउनेछस्, जुन सबैभन्दा वास्तविक हो, र यस तरिकाले, तेरो ज्ञानले एक प्रभाव प्राप्त गरेको हुनेछ। वास्तवमा, येशूको योसेफसँग कुनै सम्बन्ध थिएन, अब्राहामको कुरा त परै छाडौं; उहाँ इस्राएलमा जन्मनु मात्र भएको थियो। तापनि, परमेश्‍वर एक इस्राएली वा इस्राएलीहरूको सन्तान हुनुहुन्‍न। इस्राएलमा जन्मेको कारणले नै परमेश्‍वर इस्राएलीहरूका मात्र परमेश्‍वर हुनुहुन्छ भन्‍ने हुँदैन। उहाँले आफ्नो कामको खातिर मात्र देहधारणको उहाँको कार्य सम्पन्‍न गर्नुभयो। परमेश्‍वर सारा ब्रह्माण्ड भरिका सबै सृष्टिहरूका परमेश्‍वर हुनुहुन्छ। उहाँले केवल इस्राएलमा पहिला आफ्नो कामको एक चरण सम्पन्‍न गर्नुभयो, त्यसपछि उहाँले अन्यजातिहरूको राष्ट्रहरू माझमा काम गर्न थाल्नुभयो। तापनि, मानिसहरूले येशूलाई इस्राएलीहरूका परमेश्‍वर माने र यसबाहेक उहाँलाई इस्राएलीहरूको माझमा र दाऊदका सन्तानहरूको माझमा राखे। बाइबलले भन्छ, कि ती दिनहरूको अन्त्यमा, अन्यजाति राष्ट्रहरूका बीचमा यहोवाको नाउँ महान् हुनेछ, जसको अर्थ, परमेश्‍वरले आखिरी दिनहरूमा अन्यजाति राष्ट्रहरूका बीचमा काम गर्नुहुनेछ भन्‍ने हो। परमेश्‍वर यहूदियामा देहधारी हुनुभएको कुराले परमेश्‍वरले यहूदीहरूलाई मात्र प्रेम गर्नुहुन्छ भन्‍ने संकेत गर्दैन। कामका निम्ति आवश्यक परेकोले मात्र त्यसो भएको थियो; परमेश्‍वरले इस्राएलमा (किनकि इस्राएलीहरू उहाँका चुनिएका मानिसहरू थिए) मात्र देहधारण गर्न सक्नुहुन्थ्यो भन्‍ने होइन। के परमेश्‍वरका चुनिएका मानिसहरू अन्यजाति राष्ट्रहरूका माझ पाइँदैनन्? येशूले यहूदियामा काम गरिसक्नुभएपछि त्यो काम

अन्यजाति राष्ट्रहरूमा फैलियो। (इस्राएलीहरूले इस्राएलका बाहेक अरू सबै जातिलाई “अन्यजाति” भन्थे)। वास्तवमा, ती अन्यजाति राष्ट्रहरूमा पनि परमेश्‍वरका चुनिएका मानिसहरू थिए; यति मात्र हो कि त्यो समय त्यहाँ कुनै काम गरिएको थिएन। मानिसहरूले इस्राएललाई धेरै महत्त्व दिन्छन्, किनकि पहिलो दुई चरणको काम इस्राएलमा भएको थियो र अन्यजाति राष्ट्रहरूमा कुनै काम गरिएको थिएन। अन्यजाति राष्ट्रहरू बीचको काम आज मात्रै सुरू हुँदैछ, त्यसैकारण मानिसहरूले यसलाई स्वीकार गर्न धेरै गाह्रो मान्छन्। यदि तिमीले यी सबै कुरा स्पष्टसँग बुझ्न सक्यौ भने, यदि तिमीले त्यसलाई आत्मसात र सही प्रकारले कदर गर्न सक्यौ भने, तिमीले आजका र विगतका परमेश्‍वरको बारेमा सही ज्ञान प्राप्त गर्नेछौ, र यो नयाँ ज्ञान सम्पूर्ण इतिहासका सन्तहरूमा भएको परमेश्‍वरसम्बन्धी ज्ञानभन्दा उच्च हुनेछ। यदि तैँले आजको कामको अनुभव गर्छस् र आज परमेश्‍वरले व्यक्तिगत रूपमा बोल्नुभएका वाणीहरू सुन्छस्, तैपनि तँमा परमेश्‍वरको बारेमा सम्पूर्ण ज्ञान, तेरो खोज सधैंको जस्तै रहन्छ भने र कुनै नयाँ कुराले प्रतिस्थापन गर्दैनस् भने, विशेष गरी यदि तैँले विजयको यी सबै कामको अनुभव गर्छस्, तापनि अन्त्यमा तँमा कुनै पनि प्रकारको परिवर्तन देखिंदैन भने, के तेरो विश्‍वास आफ्नो भोक मेटाउन रोटीको खोजी गर्ने मानिसहरूको जस्तो हुँदैन र? त्यस्तो अवस्थामा, त्यो विजयको कामले तँमा कुनै प्रभाव पारेको हुनेछैन, के तँ पनि हटाइनु पर्ने मानिसहरूमध्ये एक हुँदैन र?

जब विजयको सबै काम समाप्त हुन्छ, त्यसबेला तिमीहरू सबैले यो बुझ्नु आवश्यक हुन्छ, कि परमेश्‍वर इस्राएलीहरूको मात्र होइन, तर सारा सृष्टिका पनि परमेश्‍वर हुनुहुन्छ। उहाँले सारा मानवजातिलाई सृष्टि गर्नुभयो, इस्राएलीहरूलाई मात्र होइन। यदि तँ परमेश्‍वर इस्राएलीहरूका मात्र परमेश्‍वर हुनुहुन्छ वा परमेश्‍वरले इस्राएलदेखि बाहिर देहधारण गर्नु असम्भव छ भन्छस् भने, तैँले विजयको कामको क्रममा कुनै ज्ञान हासिल गर्नु अझै बाँकी नै हुन्छ, अनि परमेश्‍वर तेरा परमेश्‍वर हुनुहुन्छ भनी तैँले अलिकति पनि स्वीकार गर्दैनस्; तँ केवल यति बुझ्छस् कि, परमेश्‍वर इस्राएलबाट चीन सर्नुभयो, र तेरा परमेश्‍वर हुन कर लाउँदैछन्। यदि अझै पनि तँ कुराहरूलाई यसरी हेर्छस् भने, तँमा मेरो काम निष्फल भएको छ, र मैले भनेको एउटै पनि कुरा तैँले बुझेको छैनस्। यदि, आखिरीमा, तैँले पनि मत्तीले जस्तै उपयुक्त पुर्खाहरू चुनेर, मेरो सही पूर्वज खोजेर–परमेश्‍वरको दुईवटा देहधारणमा उहाँका दुईवटा वंशावली भएजस्तै–मेरो अर्को वंशावली लेख्छस् भने के त्यो संसारमा सबैभन्दा ठूलो ठट्टा हुनेछैन र? के तँ मेरो वंशावली भेट्टाउने “राम्रै मनसाय भएका व्यक्ति”, परमेश्‍वरलाई विभाजन गर्ने व्यक्ति बनेका छैनस् र? के तँ यो पापको बोझ बोक्न सक्षम छस्? विजयका यी सबै कामपछि, अझै पनि यदि तँ परमेश्‍वर सारा सृष्टिका परमेश्‍वर हुनुहुन्छ भनी विश्‍वास गर्दैनस् भने, यदि तँ अझै पनि परमेश्‍वर इस्राएलीहरूका मात्र परमेश्‍वर हुनुहुन्छ भन्ने सोच्छस् भने, के तँ खुल्लमखुल्ला परमेश्‍वरको विरोध गर्ने व्यक्ति हुँदैनस् र? आज तँलाई जित्नुको उद्देश्य परमेश्‍वर तेरा परमेश्‍वर र अरूका पनि परमेश्‍वर हुनुहुन्छ स्वीकार गराउनु हो, र सबैभन्दा महत्त्वपूर्ण कुरा, उहाँ उहाँलाई प्रेम गर्ने सबैका र सारा सृष्टिका परमेश्‍वर हुनुहुन्छ। उहाँ इस्राएलीहरूका परमेश्‍वर र मिश्रका मानिसहरूका परमेश्‍वर हुनुहुन्छ। उहाँ ब्रिटिसहरूका परमेश्‍वर र अमेरिकीहरूका परमेश्‍वर हुनुहुन्छ। उहाँ आदम र हव्वाका परमेश्‍वर मात्र हुनुहुन्न, तर तिनीहरूका सबै सन्तानहरूका

पनि परमेश्वर हुनुहुन्छ। उहाँ स्वर्गमा भएका सबै थोक र पृथ्वीमा भएका सबै थोकका परमेश्वर हुनुहुन्छ। सबै परिवारहरू, चाहे ती इस्राएली होस् वा अन्यजातिहरू, सबै एकै परमेश्वरका हातमा छन्। उहाँले हजारौं वर्षसम्म इस्राएलमा काम मात्र गर्नुभएन र एक पटक यहूदियामा जन्मनुभएको मात्र होइन, तर आज उहाँ चीनमा ओर्लनुहुन्छ, यो त्यही ठाउँ हो जहाँ ठूलो रातो अजिङ्गर गुँडुलिएर बसेको छ। यदि यहूदियामा जन्म भएकोले उहाँलाई यहूदीहरूका राजा बनाउँछ भने, के उहाँ तिमीहरू सबैका माझमा ओर्लनुभएको कुराले उहाँलाई तिमीहरू सबैका परमेश्वर बनाउँदैन र? उहाँले इस्राएलीहरूलाई डोऱ्याउनुभयो र यहूदियामा जन्मनुभयो, र उहाँ अन्यजाति देशमा पनि जन्मनुभएको छ। के उहाँले गर्नुभएका सबै काम उहाँले सृष्टि गर्नुभएको सम्पूर्ण मानवजातिका लागि होइन र? के उहाँले इस्राएलीहरूलाई सय गुणा प्रेम गर्नुहुन्छ र अन्यजातिहरूलाई हजार गुणा घृणा गर्नुहुन्छ? के यो तिमीहरूको धारणा होइन र? कुराचाहिँ परमेश्वर कहिले पनि तिमीहरूका परमेश्वर हुनुहुन्न थियो भन्ने होइन, तर बरु तिमीहरूले उहाँलाई स्वीकार गर्दैनौ भन्ने हो; परमेश्वर तिमीहरूका परमेश्वर बन्न अनिच्छुक हुनुहुन्छ भन्ने होइन, तर बरु तिमीहरूले उहाँलाई अस्वीकार गर्छौ भन्ने हो। सृष्टि गरिएका प्राणीहरूमध्ये कुनचाहिँ सर्वशक्तिमानको हातमा छैन। आज तिमीहरूलाई जित्नुको उद्‌देश्य परमेश्वर तिमीहरूका परमेश्वर बाहेक अरूका हुनुहुन्न भनी तिमीहरूलाई स्वीकार गर्न लाउनु होइन र? यदि तिमीहरू अझै पनि परमेश्वर इस्राएलीहरूका मात्र परमेश्वर हुनुहुन्छ, र इस्राएलमा दाऊदको घराना परमेश्वरको जन्मको उत्पत्ति हो र इस्राएलबाहेक अरू कुनै पनि राष्ट्र परमेश्वरलाई “जन्माउने” योग्यको छैन भनी विचार गर्छौ भने, अन्यजाति परिवारले यहोवाको कामलाई व्यक्तिगत रूपमा स्वीकार गर्ने कुरा त परै छाडौं–यदि तँ अझै पनि यस्तै विचार गर्छस् भने, के त्यसले तँलाई हठी विरोधी बनाउँदैन र? सधैं इस्राएलमा नै केन्द्रित नहोऊ। परमेश्वर आज यहाँ तिमीहरूको बीचमा हुनुहुन्छ। न त तैँले स्वर्गतिर नै हेरिरहनु पर्छ। तेरा परमेश्वरलाई स्वर्गमा नै अड्काएर नराख! परमेश्वर तिमीहरूको बीचमा आउनुभएको छ, त्यसोभए उहाँ स्वर्गमा कसरी हुन सक्नुहुन्छ? तैँले धेरै लामो समयदेखि परमेश्वरमा विश्वास गरेका छैनस्, तापनि उहाँको बारेमा तँसित धेरैवटा धारणाहरू छन्, यहाँसम्म कि तँ एकै क्षण पनि इस्राएलीहरूका परमेश्वरले उहाँको उपस्थितिमा तिमीहरूलाई अनुग्रह गर्ने कृपा गर्नुहुन्न भनी सोच्ने साहस गर्दैनस्। तिमीहरू असाध्यै फोहोर भएकोले गर्दा परमेश्वर तिमीहरूकहाँ व्यक्तिगत रूपमा कसरी देखा पर्नुहुन्छ भन्ने कुरा सोच्न त तिमीहरू झनै साहस गर्दैनौ। न त तिमीहरूले कहिल्यै अन्यजाति देशमा परमेश्वर व्यक्तिगत रूपले ओर्लन सक्नुहुन्छ भनी सोचेका छौ। उहाँ त सीनै पर्वतमा वा जैतून डाँडामा ओर्लनु पर्ने र इस्राएलीहरूकहाँ देखा पर्नुपर्ने हो। के अन्यजातिहरू सबै (अर्थात्, इस्राएलदेखि बाहिरका मानिसहरू) उहाँको घृणाका पात्रहरू होइनन् र? उहाँले कसरी व्यक्तिगत रूपमा उनीहरूका माझमा काम गर्न सक्नुहुन्छ? यी तिमीहरूले धेरै वर्षदेखि विकास गर्दै आएका, गहिरो जरा गाडेका धारणाहरू हुन्। आज तिमीहरूलाई जित्नुको उद्‌देश्य तिमीहरूका ती धारणाहरूलाई चकनाचूर पार्नु हो। यसरी तिमीहरूले सीनै पर्वतमा वा जैतून डाँडामा होइन, तर उहाँले कहिल्यै नडोऱ्याउनु भएका, तिमीहरूको माझमा परमेश्वरको व्यक्तिगत देखा पर्ने घटना देख्छौ। परमेश्वरले इस्राएलमा उहाँका दुई चरणको काम सम्पन्न गर्नुभएपछि, इस्राएलीहरू र सबै अन्यजातिहरूले परमेश्वरले सबै थोक सृष्टि गर्नुभएको

भए पनि, उहाँ केवल इस्राएलीहरूका निम्ति मात्र परमेश्वर हुन चाहनुहुन्छ, अन्यजातिहरूका निम्ति होइन भन्ने धारणा राखे। इस्राएलीहरू निम्न कुरा विश्वास गर्छन्: परमेश्वर हाम्रो मात्र परमेश्वर हुन सक्नुहुन्छ, तिमीहरू अन्यजातिहरूका परमेश्वर हुनुहुन्न, र तिमीहरूले यहोवालाई आदर नगरेकोले, यहोवा हाम्रा परमेश्वरले तिमीहरूलाई घृणा गर्नुहुन्छ। ती यहूदी मानिसहरूले निम्न कुरामा पनि विश्वास गर्दछन्: प्रभु येशूले हामी यहूदी जातिको रूप धारण गर्नुभयो र यहूदी मानिसहरूको चिह्न बोक्नुहुने परमेश्वर हुनुहुन्छ। हाम्रो बीचमा नै परमेश्वरले काम गर्नुहुन्छ। परमेश्वरको स्वरूप र हाम्रो स्वरूप एक समान छ; हाम्रो स्वरूप परमेश्वरको स्वरूप नजिक छ। प्रभु येशू हामी यहूदीहरूका राजा हुनुहुन्छ; अन्यजातिहरू त्यस्तो ठूलो मुक्ति पाउन योग्य छैनन्। प्रभु येशू हामी यहूदीहरूका लागि पाप बलि हुनुहुन्छ। कामका ती दुई चरणको आधारमा इस्राएलीहरू र यहूदी मानिसहरूले यी सबै धारणाहरू स्थापना गरे। तिनीहरू धाक जमाउँदै परमेश्वर तिनीहरूका आफ्नै हो भनी दाबी गर्छन्, तिनीहरू परमेश्वरलाई अन्यजातिहरूका परमेश्वर हुन दिँदैनन्। यसरी, अन्यजातिहरूका हृदयमा परमेश्वर एउटा रिक्त स्थान हुनुभयो। तिनीहरू सबैले परमेश्वर अन्यजातिहरूका परमेश्वर हुन चाहनुहुन्न, र उहाँले इस्राएलीहरूलाई–उहाँका चुनिएका मानिसहरू–र यहूदी मानिसहरू, विशेष गरी उहाँलाई पछ्याउने चेलाहरू मात्र मन पराउनुहुन्छ भनी विश्वास गरेका कारण यस्तो भएको हो। के तँलाई थाहा छैन कि यहोवा र येशूले गर्नुभएको काम सम्पूर्ण मानवजातिलाई बचाउनका लागि हो? के तँ अब परमेश्वर इस्राएल बाहिर जन्मेका तिमीहरू सबैका परमेश्वर हुनुहुन्छ भनी स्वीकार गर्छौ? के परमेश्वर आज यहाँ तिमीहरूको बीचमा हुनुहुन्न? यो सपना हुन सक्दैन, के हुन सक्छ र? के तिमीहरू यो वास्तविकतालाई स्वीकार गर्दैनौ? तिमीहरू यसलाई विश्वास गर्ने वा त्यसको बारेमा विचार गर्ने आँट गर्दैनौ। तिमीहरूले यसलाई जसरी हेरे पनि, के परमेश्वर यहाँ तिमीहरूको बीचमा हुनुहुन्न र? के तिमीहरू अझै पनि यी वचनहरू विश्वास गर्न डराउँछौ? यस दिनदेखि उता, के सबै जितिएका मानिसहरू र परमेश्वरको अनुयायी बन्न चाहनेहरू परमेश्वरका चुनिएका जनहरू होइनन्? तिमीहरू सबै, जो आज अनुयायीहरू हौ, के इस्राएलदेखि बाहिरको चुनिएका जनहरू होइनौ? के तिमीहरूको ओहोदा पनि इस्राएलीहरूको जस्तै छैन र? तिमीहरूले स्वीकार गर्नुपर्ने कुरा के यही होइन र? के तिमीहरूलाई जित्ने कामको लक्ष्य यही होइन? तिमीहरूले परमेश्वरलाई देख्न सक्ने भएकोले, उहाँ सुरुदेखि र भविष्यमा, सदासर्वदा तिमीहरूको परमेश्वर बन्नुहुनेछ। जबसम्म तिमीहरू उहाँलाई पछ्याउने, उहाँको बफादार, आज्ञाकारी प्राणीहरू हुने इच्छा गर्दछौ, उहाँले तिमीहरूलाई त्याग्नुहुनेछैन।

मानिसहरू परमेश्वरलाई प्रेम गर्न जति नै आकांक्षी भए पनि, तिनीहरू प्रायः आजको दिनसम्म उहाँलाई पछ्याउनमा आज्ञाकारी भएका छन्। आखिरीसम्म, कामको यो चरण समाप्त नहुञ्जेल, तिनीहरूले पूर्ण रूपमा पश्चाताप गर्नेछन्। त्यही बेला नै हो जब मानिसहरू साँच्चै जितिनेछन्। अहिले, तिनीहरू केवल विजयको प्रक्रियामा छन्। जुन क्षण काम समाप्त हुन्छ, तिनीहरू पूर्ण रूपमा जितिनेछन्, तर अहिलेको मुद्दा त्यो होइन! सबै जना विश्वस्त भए पनि, त्यसको अर्थ तिनीहरू पूर्ण रूपमा जितिएका छन् भन्ने होइन। किनकि वर्तमानमा, मानिसहरूले केवल वचनहरू मात्र देखेका छन्, र तथ्यात्मक घटनाहरू होइन, र तिनीहरूले जति नै गहिरो रूपमा विश्वास गरे पनि,

अनिश्चित रहन्छन्। यसैले अन्तिम तथ्यात्मक घटनासितै, वचनहरू वास्तविकता बनेपछि, मानिसहरू पूर्ण रूपले जितिनेछन्। अहिले, यी मानिसहरू जितिएका हुन्छन्, किनकि तिनीहरूले धेरै रहस्यहरू सुन्छन् जुन तिनीहरूले पहिले कहिल्यै सुनेका थिएनन्। तर तिनीहरू प्रत्येक र हरेकभित्र, तिनीहरूले अझै केही तथ्यात्मक घटनाहरूलाई हेरिरहेका र पर्खिरहेका छन्, जसले तिनीहरूलाई परमेश्‍वरको प्रत्येक वचन वास्तविक भएको देख्ने अनुमति दिन्छ। तब मात्र तिनीहरू पूर्ण रूपमा विश्‍वस्त हुनेछन्। अन्त्यमा, जब सबैले यथार्थ बनेको वास्तविकताहरू देखेका हुन्छन् र यी वास्तविकताहरूले तिनीहरूलाई निश्‍चित महसुस गराएको हुन्छ, तब तिनीहरूका हृदय, तिनीहरूका बोलीवचन र तिनीहरूका आँखाहरूले दृढ विश्‍वास देखाउँछन्, र तिनीहरूका हृदयको गहिराईबाट पूर्ण रूपले विश्‍वस्त हुन्छन्। मानिसको स्वभाव यस्तो हुन्छः तिमीहरूले यी वचनहरू सबै सत्य हुँदै आएको देख्नु आवश्यक छ, तिमीहरूले केही तथ्यात्मक घटनाहरू भइरहेको देख्नु आवश्यक छ र केही मानिसहरूमाथि विपत्ति आइपरेको देख्नु आवश्यक छ, र त्यसपछि तिमीहरू गहिराईभित्र पूर्ण रूपमा विश्‍वस्त हुनेछौ। यहूदीहरू जस्तै, तिमीहरू पनि चिन्ह र आश्‍चर्यकर्महरू देख्नमा व्यस्त हुन्छौ। तापनि, तिमीहरू चिन्हहरू र चमत्कारहरू छन्, र तिमीहरूका आँखाहरू धेरै खोल्नका लागि वास्तविकता भइरहेका छन् भनी बुझ्न तिमीहरू निरन्तर असफल भएका छौ। चाहे त्यो आकाशबाट ओर्लंदै गरेको कोही होस् वा तिमीहरूसँग बोल्ने बादलको खामो होस्, वा तिमीहरूमध्ये कोही एकका लागि गरेको मन्त्रतन्त्र वा तिमीहरूका बीचमा मेरो गर्जनजस्तो गहिरो सोर होस्, तिमीहरूले सधैं यस किसिमको घटना देख्न चाहेका छौ र सधैं चाहनेछौ। कसैले भन्न सक्दछ कि परमेश्‍वरमा विश्‍वास गर्दा तिमीहरूका सबैभन्दा ठूलो इच्छा परमेश्‍वर आऊन् र तिमीहरूलाई व्यक्तिगत रूपमा एउटा चिन्ह देखाऊन् भन्ने हो। अनि तिमीहरू सन्तुष्ट हुनेछौ। तिमी मानिसहरूलाई जित्नका लागि, मैले स्वर्गहरू र पृथ्वीको सृष्टिमा गरेको जस्तै काम गर्नुपर्दछ, र त्यसबाहेक, तिमीहरूलाई कुनै प्रकारको चिन्ह देखाउनुपर्दछ। त्यसपछि तिमीहरूका हृदयहरू पूर्ण रूपमा जित्नेछन्।

## विजयको कामको भित्री सत्यता (४)

सिद्ध बनाइनु भनेको के हो? जितिनु भनेको के हो? मानिसहरूलाई जित्नका निम्ति कुन मापदण्डहरू पूरा हुनुपर्दछ? र तिनीहरूलाई सिद्ध बनाउनका निम्ति कुन मापदण्डहरू पूरा गर्नुपर्दछ? जित्नु र सिद्ध बनाउनु दुवै नै मानिसलाई पूर्ण बनाउने उद्‌देश्यका निम्ति हो, यसैले कि ऊ फेरि आफ्नो सुरुको स्वरूपमा फर्कन सकोस्, उसको भ्रष्ट शैतानिक स्वभाव र शैतानको प्रभावबाट स्वतन्त्र हुन सकोस्। यो विजय मानिसको कामको प्रक्रियामा सुरुमा नै आउँछ; वास्तवमा, कामको पहिलो चरण यही नै हो। सिद्‌ध बनाउनु दोस्रो चरण हो, र यो अन्तिम कार्य हो। प्रत्येक मानिस जितिने प्रक्रियाबाट भएर जानुपर्छ। नत्र भने, तिनीहरूसित परमेश्‍वरलाई चिन्ने कुनै उपाय हुने थिएन, न त तिनीहरूले परमेश्‍वर हुनुहुन्छ, भनेर नै थाहा पाउनेथिए, भन्नुको अर्थ, तिनीहरूका निम्ति परमेश्‍वरलाई स्वीकार गर्न असम्भव हुनेथियो। र यदि मानिसहरूले परमेश्‍वरलाई स्वीकार गर्दैनन भने, तिनीहरू परमेश्‍वरद्‌वारा पूर्ण बनाइनु पनि असम्भव हुन्छ, किनकि तैँले यो पूर्णताका

मापदण्डहरू पूरा गरेको हुँदैनस्। यदि तैँले परमेश्‍वरलाई स्वीकार गर्दैनस् भने, तैँले उहाँलाई कसरी चिन्‍न सक्छस्? तँ कसरी उहाँको पछि लाग्‍न सक्छस्? तैँले उहाँको गवाही पनि दिन सक्‍नेछैनस्, र तँसित उहाँलाई सन्तुष्‍ट पार्ने विश्‍वास हुने कुरा त परै जाओस्। यसकारण, पूर्ण हुन चाहने जोकोहीको लागि पहिलो चरण भनेको विजयको कामबाट भएर जानुपर्छ। पहिलो सर्त यही नै हो। जित्‍ने र सिद्ध बनाउने, दुवै मानिसहरूमा काम गर्दै तिनीहरूलाई परिवर्तन गर्नका निम्ति हो, प्रत्येक मानिसलाई प्रबन्ध गर्ने कामको हिस्सा हो। कसैलाई पूर्ण बनाउन यी दुवै चरणहरू आवश्यक हुन्छन्, र ती कुनैलाई पनि बेवास्ता गर्न सकिँदैन। "जितिनु" भन्‍ने कुरा त्यत्ति राम्रो सुनिँदैन भन्‍ने कुरा साँचो हो, तर वास्तवमा, कसैलाई जित्‍ने प्रक्रिया भनेको तिनीहरूलाई परिवर्तन गर्ने प्रक्रिया नै हो। तँलाई जितिएपछि पनि तेरो भ्रष्‍ट स्वभाव पूर्ण रूपमा मेटिएको नहुन सक्छ, तर तैँले त्यो जानेका हुनेछस्। विजयको कामद्वारा, तैँले आफ्नो तुच्छ मानवता, साथै तेरा आफ्नै धेरै वटा अनाज्ञाकारिता जान्‍न सक्‍नेछस्। विजयको कार्यको छोटो अवधिमा तैँले यी कुराहरू त्याग्‍न वा परिवर्तन गर्न नसक्‍ने भए पनि तैँले ती कुराहरूलाई जान्‍नेछस् र त्यसले तेरो सिद्धताका लागि जग बसाल्‍नेछन्। त्यस्तै गरी, जितिने र सिद्ध पार्ने दुवै काम मानिसलाई परिवर्तन गर्न, तिनीहरूका भ्रष्‍ट शैतानिक स्वभावहरूबाट छुटकारा दिनका लागि गरिन्छ, यसरी तिनीहरूले आफैलाई पूर्ण रूपमा परमेश्‍वरमा समर्पण गर्न सक्छन्। विजय गरिनु भनेको मानिसहरूको स्वभाव परिवर्तन गर्ने कार्यको पहिलो चरण मात्रै हो साथै मानिसहरूले आफैलाई परमेश्‍वरमा पूर्ण रूपमा समर्पण गर्नुको पहिलो चरण हो अनि यो सिद्ध हुने चरणभन्दा तलको हुन्छ। जितिएको व्यक्तिको जीवनको स्वभाव सिद्ध पारिएको व्यक्तिको भन्दा धेरै कम परिवर्तन हुन्छ। जितिनु र सिद्ध पारिनु भन्‍ने कुरा वैचारिक रूपमा एक-अर्कोबाट फरक छन्, किनकि ती कामका विभिन्‍न चरणहरू हुन्, किनभने तिनले मानिसहरूलाई विभिन्‍न स्तरहरूमा राख्छन्; विजयले मानिसहरूलाई तल्लो स्तरमा राख्छ, सिद्धताले तिनीहरूलाई उच्च स्तरमा राख्छ। सिद्ध पारिएकाहरू धर्मी मानिसहरू हुन्, पवित्र बनाइएका मानिसहरू हुन्; तिनीहरू मानवताको व्यवस्थापन कार्यलाई स्पष्‍ट पार्ने कुरा, वा अन्तिम उपजहरू हुन्। तिनीहरू सिद्ध मानिसहरू नभए पनि, तिनीहरू अर्थपूर्ण जीवन बिताउन खोज्‍नेहरू हुन्। जितिएकाहरूले चाहिँ बोलीमा मात्र परमेश्‍वरको अस्तित्वलाई स्वीकार गर्छन्; तिनीहरू परमेश्‍वरले देहधारण गर्नुभएको, वचन देहमा प्रकट हुनुभएको र परमेश्‍वर पृथ्वीमा न्याय र सजायको काम गर्न आउनुभएको कुरालाई स्वीकार गर्छन्। तिनीहरूले परमेश्‍वरको न्याय र सजाय, र उहाँको ताडना र शुद्धीकरण सबै मानिसका लागि लाभदायक हुन्छन् भन्‍ने पनि स्वीकार गर्छन्। तिनीहरूले भर्खरै केही हदसम्म मानिसको स्वरूप प्राप्‍त गर्न थालेका हुन्छन्। तिनीहरूसित जीवनको बारेमा केही अन्तर्दृष्‍टि हुन्छ, तर यो अझै अस्पष्‍ट नै हुन्छ। अर्को शब्दमा, तिनीहरूले भर्खरै मानवता प्राप्‍त गर्न थालेका हुन्छन्। जितिनुका प्रभावहरू यस्ता हुन्छन्। जब मानिसहरूले सिद्धताको बाटोमा पाइला टेक्छन्, तिनीहरूका पुरानो स्वभाव परिवर्तन हुन सक्छन्। यसबाहेक, तिनीहरूका जीवनहरू बढ्दैजान्छ, र तिनीहरू बिस्तारै सत्यतामा गहिरो रूपमा प्रवेश गर्छन्। तिनीहरू संसारलाई र सत्यताको पछि नलाग्‍ने सबैलाई घृणा गर्न सक्छन्। तिनीहरूले विशेष गरी आफैलाई घृणा गर्छन्, तर त्योभन्दा बढी तिनीहरूले आफैलाई स्पष्‍ट रूपमा चिन्छन्। तिनीहरू सत्यमा जिउन इच्छुक

बन्छन् र सत्यताको खोजी गर्ने कार्यलाई आफ्नो लक्ष्य बनाउँछन्। तिनीहरू आफ्नै दिमागले उब्जाएका विचारहरू भित्र बस्न अनिच्छुक हुन्छन्, र तिनीहरूले मानिसको स्व-धार्मिकता, हठीपन, र आत्म-सन्तुष्टिप्रति घृणा महसुस गर्दछन्। तिनीहरू मर्यादाको कडा भावनाका साथ बोल्छन्, चेतना र बुद्धिले चीजहरू चलाउँछन्, र परमेश्‍वरप्रति बफादार र आज्ञाकारी हुन्छन्। यदि तिनीहरूले सजाय र न्यायको अनुभव गरे भने, तिनीहरू केवल निष्क्रिय वा कमजोर हुँदैनन्, तर तिनीहरूले परमेश्‍वरबाट पाएको त्यस सजाय र न्यायका लागि कृतज्ञ बन्छन्। तिनीहरू परमेश्‍वरको सजाय र न्यायविना रहन सक्दैनन्, र त्यसले तिनीहरूको सुरक्षा गर्दछ भनी विश्‍वास गर्छन्। तिनीहरू शान्ति र आनन्द खोज्ने विश्‍वासको र भोक मेटाउन रोटीको पछि लाग्दैनन्। न त तिनीहरू क्षणिक शारीरिक सुखविलासको पछि लाग्दछन्। सिद्ध पारिएकाहरूमा यही हुन्छ। मानिसहरू जितिएपछि, तिनीहरूले परमेश्‍वर हुनुहुन्छ भनेर स्वीकार गर्छन्, तर त्यो स्वीकार तिनीहरूमा सीमित तरिकाहरूमा प्रकटीकरण हुन्छन्। वचन शरीरमा प्रकट हुनुको वास्तविक अर्थ के हो? देहधारणको अर्थ के हो? देहधारी परमेश्‍वरले के गर्नुभएको छ? उहाँको कामको लक्ष्य र महत्त्व के हो? उहाँको धेरै काम अनुभव गरेपछि, देहमा उहाँका कामहरू अनुभव गरेपछि, तैंले के प्राप्त गरेको छस्? यी सबै कुराहरू बुझेपछि मात्र तँ जितिने व्यक्ति बन्नेछस्। यदि तैँले परमेश्‍वर हुनुहुन्छ भनेर मात्रै स्वीकार गर्छस्, तर तैंले त्याग्नुपर्ने पर्ने कुरा त्याग्दैनस्, तैंले त्याग्नु पर्ने शारीरिक सुखविलास मनोरञ्जन त्याग्न सक्दैनस्, तर त्यसको साटो तैंले सधैँ गर्दै आएझैँ शारीरिक सुविधाहरूको लालसा गरिनै रहन्छस्, र यदि तँ दाजुभाइ र दिदी-बहिनीहरूको विरुद्ध कुनै पूर्वाग्रह हटाउन सक्दैनस्, र धेरै वटा साधारण अभ्यासहरू व्यवहारमा ल्याउन कुनै मूल्य चुकाउँदैनस् भने त्यसले तँलाई विजय गरिनु अझै बाँकी नै छ भन्ने प्रमाणित गर्दछ। त्यस्तो अवस्थामा, यदि तैंले धेरै कुरा बुझिस् भने पनि त्यसद्वारा केही हुनेछैन। जितिएका मानिसहरू ती हुन् जसले सुरुका केही परिवर्तनहरू र सुरुको प्रवेश प्राप्त गरेका हुन्छन्। परमेश्‍वरको न्याय र सजायको अनुभवले मानिसहरूलाई परमेश्‍वरको सुरुवाती ज्ञान, र सत्यताको सुरुवाती समझ दिन्छ। तँ गहिरो, अझ विस्तृत सत्यताहरूको गहिराइमा पस्न असक्षम छस् होला, तर तेरो वास्तविक जीवनमा तँ धेरै वटा प्राथमिक सत्यताहरू व्यवहारमा अपनाउन सक्षम छस्, जस्तै तेरो शारीरिक आनन्द लिने वा तेरो व्यक्तिगत दर्जाका कुराहरू। यी सबै जितिने प्रक्रियाको अवधिमा मानिसहरूमा प्राप्त हुनेको प्रभाव हुन्। जितिएका मानिसहरूमा स्वभावमा परिवर्तनहरू आएको पनि देख्न सकिन्छ; उदाहरणको निम्ति, तिनीहरू लवाइखवाई र आफैलाई प्रस्तुत गर्ने तरिका, र तिनीहरू जिउने तरिका–ती सबै परिवर्तन हुन सक्छन्। परमेश्‍वरमाथिको तिनीहरूको विश्‍वास सम्बन्धी दृष्टिकोण परिवर्तन हुन्छ, तिनीहरू आफ्ना लक्ष्यहरूको बारेमा स्पष्ट हुन्छन्, र तिनीहरूका आकांक्षाहरू उच्च हुन्छन्। विजयको कामको अवधिमा, तिनीहरूका जीवनको स्वभावमा पनि त्यस्तै परिवर्तनहरू हुन्छन्। त्यहाँ परिवर्तनहरू हुन्छन्, तर ती खोक्रा, प्रारम्भिक र स्वभावमा भएका परिवर्तनहरू अनि सिद्ध बनाइएकाहरूका खोजीको लक्ष्यभन्दा धेरै निम्न हुन्छन्। यदि जित्ने क्रममा एक व्यक्तिको स्वभाव बिलकुल परिवर्तन हुँदैन, र तिनीहरूले कुनै सत्यता प्राप्त गर्दैन भने त्यो व्यक्ति बेकम्मा र पूर्ण रूपमा बेकार हुन्छ! जुन मानिसहरू जितिएका हुँदैनन् तिनीहरूलाई सिद्ध बनाइन सकिँदैन! यदि एक व्यक्तिले जितिन मात्र चाहन्छ भने तिनीहरूलाई

जितिएको समयमा तिनीहरूका स्वभावमा अरू केही निश्चित परिवर्तनहरू भए पनि तिनीहरूलाई सम्पूर्ण रूपमा पूर्ण बनाइन सकिँदैन। तिनीहरूले प्राप्त गरेका प्रारम्भिक सत्यताहरू पनि गुमाउनेछन्। जितिएकाहरू र सिद्ध पारिएकाहरूको स्वभावका आएका परिवर्तनहरूमा ठूलो भिन्नता हुन्छ। तर जितिनु नै परिवर्तनको पहिलो चरण हो; जग यही नै हो। यस प्रारम्भिक परिवर्तनको अभाव हुनु भनेको एक व्यक्तिले वास्तवमा परमेश्वरलाई चिन्दैन भन्ने कुराको प्रमाण हो, किनकि यो ज्ञान न्यायबाट आउँछ, र त्यस्तो न्याय विजयको कामको एक प्रमुख हिस्सा हो। त्यसरी नै, सिद्ध बनाइएकाहरू सबैलाई पनि पहिले जितिनुपर्छ; नत्र भने, तिनीहरूका निम्ति सिद्ध बनिने कुनै उपाय हुँदैन।

तँ देहधारी परमेश्वरलाई स्वीकार गर्छु भनी भन्छस्, र तँ वचन देहमा प्रकट हुनुभएको कुरा पनि स्वीकार गर्छस्, तापनि तँ उहाँको पिठिउँ पछाडि केही कुराहरू गर्छस्, जुन कुराहरू उहाँले माग गर्नुभएका कुराहरूको विपरीत हुन्छ, र तेरो हृदयमा तँ उहाँको भय मान्दैनस्। के परमेश्वरलाई स्वीकार गर्नु भनेको यही हो र? उहाँले जे भन्नुहुन्छ त्यो तँ स्वीकार गर्छस्, तर तँ जे अभ्यास गर्न सक्छस् त्यो गर्दैनस्, न त तँ उहाँको मार्गमा नै हिँड्छस्। के परमेश्वरलाई स्वीकार गर्नु भनेको यही हो? र तैंले उहाँलाई स्वीकार गरे पनि तेरो मानसिकता सधैँ उहाँप्रति सचेत रहने मात्र हुन्छ, उहाँप्रति श्रद्धा देखाउने कहिल्यै पनि हुँदैन। यदि तैंले उहाँको कार्य देखेको छस् र उहाँ परमेश्वर हुनुहुन्छ भनी बुझेर पनि तँ मनतातो र पूर्ण अपरिवर्तित रहन्छस् भने, तँ त्यस्तो व्यक्ति होस् जो अझै पनि जितिएको छैन। जो जितिएका छन् तिनीहरूले आफूले सक्दो सबै कुरा गर्नुपर्छ, र तिनीहरू अझ उच्च सत्यतामा प्रवेश गर्न नसके पनि र यी सत्यताहरू तिनीहरूभन्दा माथि भए पनि त्यस्ता मानिसहरू आफ्नो हृदयमा यो प्राप्त गर्न इच्छुक हुन्छन्। तिनीहरूले जे स्वीकार गर्छन् त्यसको एउटा सिमा भएकोले तिनीहरूले जे अभ्यास गर्न सक्छन् त्यसको पनि हद र सीमाहरू हुन्छन्। तापनि, कम्तीमा तिनीहरूले सक्ने सबै कुरा तिनीहरूले गर्नुपर्छ, र यदि तैंले त्यो प्राप्त गर्न सकिस् भने विजयको कामद्वारा हासिल गरिएको प्रभाव त्यही नै हो। मानिलिऔं, तँ भन्छस्, "मानिसले भन्न नसक्ने यति धेरै वचनहरू उहाँले भन्न सक्नुहुन्छ भने, यदि उहाँ परमेश्वर हुनुहुन्न भने को हुनुहुन्छ त?" यस्तो विचार गर्नुको अर्थ तँ परमेश्वरलाई स्वीकार गर्छस् भन्ने हुँदैन। यदि तँ परमेश्वरलाई स्वीकार गर्छस् भने, तैंले आफ्ना वास्तविक कार्यहरूद्वारा यसलाई प्रकट गर्नुपर्छ। यदि तँ मण्डलीको अगुवाइ गर्छस्, तापनि धार्मिकताको अभ्यास गर्दैनस् भने, यदि तँ पैसा र धनको चाहना गर्छस्, र चर्चको कोष जहिल्यै पनि आफ्नै लागि खर्च गर्छस् भने, के त्यसो गर्नु परमेश्वर हुनुहुन्छ भनी स्वीकार गर्नु हो? परमेश्वर सर्वशक्तिमान् हुनुहुन्छ, र उहाँ आदरको योग्य हुनुहुन्छ। यदि तँ परमेश्वर हुनुहुन्छ भनी साँच्चै स्वीकार गर्छस् तँ डर नमानी कसरी रहन सक्छस्? यदि तँ त्यस्ता घृणित कार्यहरू गर्न सक्छस् भने, के तँ उहाँलाई साँच्चै स्वीकार गर्छस्? तैंले विश्वास गरेको परमेश्वरमा नै हो त? तैंले जसमा विश्वास गर्छस् ऊ एक अस्पष्ट परमेश्वर हो; त्यसैकारण तँ डराउँदैनस्! परमेश्वरलाई साँच्चै स्वीकार गर्ने र चिन्नेहरूले सबै उहाँको भय मान्छन् र उहाँको विरुद्ध वा तिनीहरूका विवेकलाई उल्लङ्घन गर्ने कुनै पनि कुरा गर्न डराउँछन्; विशेष गरी तिनीहरूले ती काम गर्न डराउँछन्, जुन परमेश्वरको इच्छाको

विरुद्धमा छ भनी तिनीहरूले जानेका हुन्छन्। यसलाई मात्र परमेश्‍वरको अस्तित्वलाई स्वीकार गरेको मान्‍न सकिन्छ। तेरा आमाबाबुले तँलाई परमेश्‍वरमा विश्‍वास गर्नबाट रोक्‍न खोज्दा तैँले के गर्नुपर्छ? तेरा अविश्‍वासी पति तँप्रति भलो छ भने तैँले परमेश्‍वरलाई कसरी प्रेम गर्नुपर्छ? अनि तेरा दाजुभाइ, दिदीबहिनीहरूले तँलाई घृणा गर्दा तैँले परमेश्‍वरलाई कसरी प्रेम गर्नुपर्छ? यदि तँ उहाँलाई स्वीकार गर्छस् भने, यी मामिलाहरूमा तँ उचित व्यवहार गर्छस् र वास्तविकतामा जिउँछस्। यदि तँ ठोस कार्यहरू गर्न असफल हुन्छस् तर परमेश्‍वरको अस्तित्व स्वीकार गर्छु मात्र भन्छस् भने, तब तँ केवल गफ लडाउने व्यक्ति मात्र होस्! तँ भन्छस्, कि तँ उहाँमा विश्‍वास गर्छस् र उहाँलाई स्वीकार गर्छस्, तर तँ कस्तो प्रकारले उहाँलाई स्वीकार गर्छस्? तँ कस्तो प्रकारले उहाँमा विश्‍वास गर्छस्? के तँ उहाँको भय मान्छस्? के तँ उहाँलाई आदर गर्छस्? के तँ उहाँलाई हृदयभित्रबाटै प्रेम गर्छस्? जब तँ दु:खी बन्छस् र भरोसा गर्नको लागि कोही पनि हुँदैन, तब तैँले परमेश्‍वरको प्रेमिलोपनलाई महसुस गर्दछस्, तर पछि तँ यी सबै बिर्सन्छस्। त्यसो गर्नु परमेश्‍वरलाई प्रेम गर्नु होइन, न त त्यो परमेश्‍वरमा विश्‍वास गर्नु नै हो! आखिरमा मानिसले के हासिल गरेको परमेश्‍वर चाहनुहुन्छ? मैले उल्लेख गरेको सबै अवस्थाहरू, जस्तै तेरो आफ्नै महत्त्वबाट एकदमै प्रभावित भएको महसुस गर्नु, तँ नयाँ कुराहरू सिक्‍न र बुझ्न छिटो छस् भनी महसुस गर्नु, अरूलाई वशमा राख्‍नु, अरूलाई हेला गर्नु, मानिसहरूका रूप-रङ्ग हेरेर उनीहरूको न्याय गर्नु, निष्कपट मानिसहरूलाई हेप्‍नु, मण्डलीको पैसाको लोभ गर्नु, र यस्तै अरू—जब यी सबै भ्रष्‍ट शैतानी स्वभावहरू केही हदसम्म तँबाट हटाइएको हुनेछ, तब मात्र तेरो विजय प्रकट हुनेछ।

तिमीहरूमाथि गरिएको विजयको कामको महत्त्व सबैभन्दा गहिरो छ: एक सन्दर्भमा, यस कार्यको उद्देश्य मानिसहरूको एउटा समूहलाई सिद्ध बनाउनु हो, भन्‍नुको अर्थ, तिनीहरू विजेताहरू, अर्थात् सिद्ध तुल्याइएका मानिसहरूको पहिलो समूह, अथवा पहिलो फलहरूको एउटा समूह बन्‍न सकून् भनेर तिनीहरूलाई सिद्ध बनाउनु हो। अर्को सन्दर्भमा, यो सृष्‍टि गरिएका प्राणीहरूलाई परमेश्‍वरको प्रेमको आनन्द लिन, परमेश्‍वरको पूर्ण र सबैभन्दा ठूलो मुक्ति प्राप्‍त गर्न दिनु हो, मानिसलाई दया र करुणा मात्र उपभोग गर्न दिने होइन, तर अझ महत्त्वपूर्ण कुरा, सजाय र न्यायको उपभोग गर्न दिनु पनि हो। संसारको सृष्‍टिदेखि अहिलेसम्म, परमेश्‍वरले आफ्नो काममा मानिसप्रति कुनै पनि घृणा नराखी गर्नुभएका सबै प्रेम हो। तैँले देखेको सजाय र न्याय पनि प्रेम नै हो, अझ सत्य र अझ बढी साँचो प्रेम, एउटा यस्तो प्रेम जसले मानिसहरूलाई जीवनको सही मार्गमा डोऱ्याउँछ। अझै अर्को सन्दर्भमा, यो शैतानको सामु गवाही दिनु हो। र अझै अर्को सन्दर्भमा, यो भविष्यको सुसमाचारको काम फैलाउनका लागि एउटा जग बसाल्नु हो। उहाँले गर्नुभएका सबै कामहरूको उद्देश्य मानिसहरूलाई मानव जीवनको सही मार्गमा डोऱ्याउनु हो, यसैले कि तिनीहरू सामान्य मानिसहरू जस्तो जिउन सकून्, किनकि तिनीहरू कसरी जिउनुपर्छ भनी जान्दैनन्, र यो अगुवाइविना तैँले रित्तो जीवन मात्र जिउनेछस्; तेरो जीवन मूल्य विहीन वा अर्थरहित हुनेछ, र तँ एक सामान्य व्यक्ति बन्‍न सक्नेछैनस्। मानिसलाई जित्नुको सबैभन्दा गहिरो अर्थ यही हो। तिमीहरू सबै मोआबका सन्तान हौ; जब तिमीहरूमा विजयको काम गरिन्छ, यो ठूलो मुक्ति हो। तिमीहरू सबै पाप र व्यभिचारको देशमा बस्छौ, र तिमीहरू सबै व्यभिचारी र पापी छौ। आज

तिमीहरू परमेश्वरलाई हेर्न मात्र असक्षम छैनौ, तर अझ महत्त्वपूर्ण कुरा, तिमीहरूले सजाय र न्याय पाएका छौ, तिमीहरूले साँच्चिकै गम्भीर मुक्ति पाएका छौ, भन्नुको मतलब, तैंले परमेश्वरको सबैभन्दा ठूलो प्रेम पाएको छस्। उहाँले जे गर्नुहुन्छ ती सबैमा परमेश्वर साँच्चै तिमीहरूप्रति प्रेमिलो हुनुहुन्छ। उहाँमा कुनै खराब अभिप्राय छैन। तिमीहरूको पापको कारणले गर्दा नै उहाँले तिमीहरूको न्याय गर्नुहुन्छ, यसैले कि तिमीहरूले आफैलाई जाँच्न सक र यो ठूलो मुक्ति पाउन सक। यो सबै मानिसलाई पूर्ण बनाउने उद्देश्यले गरिन्छ। सुरुदेखि अन्त्यसम्म, परमेश्वरले मानिसलाई बचाउन यथासक्दो गरिरहनुभएको छ, र उहाँका आफ्नै हातहरूले बनाउनुभएका मानिसहरूलाई पूर्ण रूपमा नष्ट गर्न चाहनुहुन्न। आज, उहाँ तिमीहरूको माझमा काम गर्न आउनुभएको छ; के अझै ठूलो मुक्ति होइन र? यदि उहाँले तिमीहरूलाई घृणा गर्नुहुन्थ्यो भने, के उहाँले तिमीहरूलाई व्यक्तिगत तवरमा मार्गदर्शन गर्न अझै यत्रो ठूलो काम गर्नुहुन्थ्यो र? उहाँले किन त्यस्तो कष्ट भोग्नुहुन्थ्यो? परमेश्वरले तिमीहरूलाई घृणा गर्नुहुन्न वा तिमीहरूप्रति कुनै नराम्रो अभिप्राय राख्नुहुन्न। तिमीहरूलाई थाहा हुनुपर्दछ कि परमेश्वरको प्रेम सबैभन्दा सत्य प्रेम हो। मानिसहरू अनाज्ञाकारी भएकोले मात्र उहाँले तिनीहरूलाई न्यायको माध्यमबाट बचाउनुपर्छ; यदि त्यसो नगरिने भए, तिनीहरूलाई बचाउन असम्भव हुनेथियो। तिमीहरूले कसरी जिउने भनी नजानेकाले र कसरी जिउने भनी थाहा नपाएकोले, र तिमीहरू व्यभिचारी र फोहोर शैतानहरू भएकोले, उहाँले तिमीहरूलाई अझ बढी भ्रष्ट हुन दिन सक्नुहुन्न, तिमीहरू अहिले यो फोहोर देशमा शैतानको इच्छाद्वारा कुल्चिएर जसरी जिइरहेका छौ त्यो उहाँले देख्न सक्नुहुन्न, र उहाँले तिमीहरूलाई पातालमा पस्न दिन सक्नुहुन्न। उहाँ केवल मानिसहरूको यो समूहलाई प्राप्त गर्न र तिमीहरूलाई पूर्ण रूपमा मुक्ति दिन चाहनुहुन्छ। तिमीहरूमाथि गरिने विजयको कामको मुख्य उद्देश्य यही नै हो—यो केवल मुक्तिको लागि हो। यदि तँमाथि गरिएका सबै कुरा प्रेम र मुक्ति हो भनी तैंले बुझ्न सक्दैनस् भने, यदि तँ यो एउटा तरिका मात्र हो, मानिसलाई यातना दिने उपाय र विश्वसनीय कुरा हो भनी सोच्छस् भने तँ पनि दु:ख र कठिनाइ भोग्नका लागि संसारमा फर्केर जान सक्छस्! यदि तँ यस प्रवाहमा हुन, र यो न्याय र यो महान् मुक्तिको आनन्द लिन, यी सबै आशिषहरूको आनन्द लिन, मानव संसारमा कहीँ पनि नपाइने आशिष् पाउन र यो प्रेमको आनन्द लिन, अनि असल बन्न इच्छुक छस् भने: विजयको काम प्राप्त गर्न यो प्रवाहमा नै बस्, यसरी तँ सिद्ध पारिन सक्नेछस्। परमेश्वरको न्यायको कारण आज तैंले थोरै पीडा र शुद्धीकरण भोग्नुपर्ला, तर त्यो पीडा भोग्नुको मूल्य र अर्थ छ। यद्यपि मानिसहरूलाई शोधन गरिने र परमेश्वरको सजाय र न्यायद्वारा निर्दयतासाथ उदाङ्गो पारिने भए पनि—त्यसको उद्देश्य तिनीहरूका पापहरूका निम्ति तिनीहरूलाई दण्ड दिनु, तिनीहरूका देहलाई दण्ड दिनु हो—यो कुनै पनि काम तिनीहरूका देहलाई नाश पार्नका निम्ति गरिँदैन। वचनद्वारा गम्भीर खुलासा गर्नु सबैको उद्देश्य तँलाई सही मार्गमा डोऱ्याउने उद्देश्यका लागि हो। तिमीहरूले व्यक्तिगत रूपमा यो कामका धेरै अनुभव गरेका छौ, अनि स्पष्ट छ, यसले तिमीहरूलाई खराब मार्गमा डोऱ्याएको छैन! यो सबै तँलाई सामान्य मानवजाति भएर जिउने बनाउनलाई हो, र यो सबैलाई तेरो सामान्य मानवताद्वारा हासिल गर्न सकिन्छ। परमेश्वरको कामको हरेक चरण तेरो आवश्यकताहरूमा आधारित छ, तेरो कमजोरीहरू अनुसार, र तेरो वास्तविक

कदअनुसार छ र कुनै असहनीय भार तिमीहरूमाथि राखिँदैन। तँलाई आज यो स्पष्ट छैन, र म तँप्रति कठोर भएजस्तो तँलाई लाग्छ, त्यसैकारणले मैले तँलाई घृणा गर्ने हुनाले प्रत्येक दिन म तँलाई दण्ड दिन्छु, न्याय गर्छु र तेरो निन्दा गर्छु भन्ने तँलाई लाग्छ। तर तैंले दण्ड र न्याय भोग्नु परे पनि यो वास्तवमा तँप्रतिको प्रेम हो, र सबैभन्दा ठूलो सुरक्षा हो। यदि तैंले यो कामको गहिरो अर्थ बुझ्न सकिनस् भने, त्यसलाई अनुभव गरिरहन तेरो निम्ति असम्भव हुन्छ। यो उद्धारले तँमा सान्त्वना ल्याउनुपर्छ। होसमा आउन अस्वीकार नगर्। यहाँसम्म आइपुगेपछि, विजयको कामको महत्त्व तँलाई स्पष्ट भएको हुनुपर्छ, र तँमा यस बारेमा कुनै पनि प्रकारका विचारहरू हुनुहुँदैन।

## अभ्यास (६)

आज, पत्रुसमा भएको समझ प्राप्त गर्ने बारेमा चिन्ता नगर–धेरै मानिसहरूले पावलको समझ पनि प्राप्त गर्न सक्दैनन्। तिनीहरूसँग पावलको आत्म-जागरूकता पनि हुँदैन। पावलले प्रभु येशूलाई सताएको कारणले गर्दा तिनलाई प्रभुले प्रहार गर्नुभएको भए पनि, पछि तिनले प्रभुको निम्ति काम गर्ने र कष्ट भोग्ने संकल्प गरे। येशूले तिनलाई एउटा रोग दिनुभयो, र पछि, पावलले काम गर्न थालेपछि यो रोगलाई निरन्तर भोगे। किन तिनले तिनको शरीरमा एउटा काँडो छ भनी भने? त्यो काँढा वास्तवमा एउटा रोग थियो र पावलका लागि यो एक घातक कमजोरी थियो। तिनले जति धेरै काम गरे पनि वा तिनले कष्ट सहने जति ठूलो संकल्प गरे पनि तिनले त्यो काँडोबाट छुटकारा पाउन सकेनन्। तापनि, पावल आज तिमी मानिसहरू भन्दा धेरै क्षमता भएका व्यक्ति थिए, र उनी आत्म-सचेत थिए र तिनमा तिमीहरू भन्दा पनि बढी बुद्धि थियो। येशूद्वारा प्रहार गरिएपछि, पावलले येशूका चेलाहरूलाई सताउन छाडे र येशूको प्रचार गर्न र दुःख सहन थाले। कुन कुराले तिनलाई दुःखकष्ट सहन प्रेरित गऱ्यो? तिनले ठूलो ज्योति देखेका थिए, यसैले तिनले प्रभु येशूको साक्षी दिनैपर्छ, अब येशूका चेलाहरूलाई सताउनु हुँदैन, र अब उप्रान्त परमेश्वरको कामको विरोध गर्नु हुँदैन भनी तिनले विश्वास गरे। पावल धर्मको एक उच्च ओहदाका व्यक्ति थिए। तिनी धेरै जानकार र प्रतिभाशाली थिए, तिनले सामान्य मानिसहरूलाई हेला गर्थे, र तिनको व्यक्तित्व धेरै मानिसहरूको भन्दा बलियो थियो। तर तिनीमाथि त्यो "ठूलो ज्योति" चम्किएपछि, तिनले प्रभु येशूका लागि काम गर्न, परमेश्वरका लागि कष्ट भोग्ने दृढ संकल्प गर्न र आफूलाई परमेश्वरको सामु अर्पण गर्न सके, जुन कुराले तिनीसित समझ थियो भन्ने कुरालाई प्रमाणित गऱ्यो। तिनले येशूका चेलाहरूलाई सताइरहेका र तिनीहरूलाई पक्राउ गरिरहेका बेला, तिनीकहाँ देखा परेर येशूले भन्नुभयो: "ए पावल, तिमी किन मलाई सताउँछौ?" पावल तुरुन्तै लडे र तिनले भने: "प्रभु, तपाईं को हुनुहुन्छ?" आकाशबाट आएको आवाजले भन्यो: "म येशू हुँ जसलाई तिमी सताउँछौ।" पावल तुरुन्तै ब्यूँझे, र त्यसपछि मात्र तिनले येशू नै ख्रीष्ट हुनुहुन्छ, उहाँ परमेश्वर हुनुहुन्छ भनी जाने। "मैले आज्ञापालन गर्नैपर्छ। परमेश्वरले मलाई यो अनुग्रह दिनुभएको छ–मैले उहाँलाई यसरी सताएको हुँ, तर पनि उहाँले मलाई प्रहार गर्नुभएन, न त उहाँले मलाई सराप्नुभयो। मैले उहाँका

लागि कष्ट भोग्नैपर्छ।" पावलले के कुरालाई स्वीकार गरे भने, तिनले प्रभु येशू ख्रीष्टलाई सताइरहेका र अब तिनले उहाँका चेलाहरूलाई मारिरहेका थिए, र पनि परमेश्‍वरले तिनलाई सराप दिनुभएको थिएन, तर तिनीमाथि ज्योति चम्काउनुभएको थियो। यसले तिनलाई उत्प्रेरणा दियो र तिनले भने: "मैले उहाँको अनुहार हेरिनँ, तैपनि मैले उहाँको सोर सुनेँ र उहाँको ठूलो ज्योति देखेँ। अब मात्र मैले बुझेँ, कि परमेश्‍वरले मलाई साँच्चै धेरै प्रेम गर्नुहुन्छ, र प्रभु येशू ख्रीष्ट साँच्चै मानिसलाई दया गर्नुहुने र मानिसका पापहरू सदाका लागि क्षमा गर्नुहुने परमेश्‍वर हुनुहुन्छ। म एक पापी हुँ भन्ने कुरा मैले साँच्चै देखेँ।" पछि परमेश्‍वरले काम गर्न पावलका प्रतिभाहरूको प्रयोग गर्नुभएको भए पनि, केही क्षणका लागि यो कुरालाई बिर्स। त्यस समय तिनको संकल्प, तिनको सामान्य मानवीय समझ, र तिनको आत्म-जागरूकता—तिमीहरूले यी कुराहरू प्राप्त गर्न सक्दैनौ। आज, के तिमीहरूले धेरै प्रकाश पाएका छैनौ र? के परमेश्‍वरको स्वभाव महानता, क्रोध, न्याय र सजायको हो भनी धेरैले यो देखेका छैनन् र? मानिसहरूमाथि धेरै पटक सराप, परीक्षा, र शोधन आइलागेको छ—अनि तिनीहरूले के सिकेका छन्? तैँले अनुशासनमा परेर अनि निराकरण गरिएर के प्राप्त गरेको छस्? तँमाथि धेरै चोटि कठोर वचनहरू, पिटाइ र न्याय आइलागेको छ, तापनि तँ तिनमा ध्यान दिँदैनस्। तँमा पावलमा भएको समझ अलिकति पनि छैन—के तँ अति नै पछौटे होइनस् र? पावलले स्पष्टसँग नबुझेका कुराहरू पनि धेरै थिए। तिनलाई यति मात्र थाहा थियो कि एउटा ज्योति तिनीमाथि चम्केको थियो, तर तिनलाई प्रहार गरिएको थियो भन्ने कुरा तिनलाई थाहा थिएन; तिनले व्यक्तिगत रूपमा के विश्‍वास गरे भने तिनीमाथि ज्योति चम्केपछि तिनले आफूलाई परमेश्‍वरको निम्ति समर्पण गर्नुपर्दछ, परमेश्‍वरको निम्ति कष्ट भोग्नुपर्दछ, प्रभु येशू ख्रीष्टका लागि मार्ग प्रशस्त गर्न सबै कुरा गर्नुपर्दछ, र धेरै पापीहरूलाई प्रभुको छुटकारा दिलाउनुपर्छ। यो तिनको संकल्प र तिनको कामको एक मात्र उद्‌देश्य थियो—तर जब तिनले काम गरे, यो रोगले तिनलाई अझै पनि छोडेन, तिनको मृत्यु भइञ्जेलसम्म पनि छोडेन। पावलले २० वर्षभन्दा बढी समयसम्म काम गरे। तिनले ठूलो दुःख र धेरै सतावटहरू भोगे, निश्‍चय यी सब पत्रुसले भोगेका परीक्षाहरूभन्दा कम थिए। यदि तिमीहरूमा पावलको जति पनि समझ छैन भने यो कति दयनीय कुरा हुन्छ? यस्तो भएकोले, परमेश्‍वरले तिमीहरूमा अझ ठूलो काम गर्न कसरी सुरु गर्न सक्नुहुनेछ?

जब पावलले सुसमाचार फैलाए, तब तिनले ठूलो यातना भोगे। त्यस बेला तिनले गरेका काम, तिनको संकल्प, तिनको विश्‍वास, बफादारी, प्रेम, धैर्य, र तिनको नम्रता, र तिनले जिएका अन्य धेरै बाहिरी कुराहरू आज तिमीहरूको भन्दा उच्च थिए। कडा शब्दमा भन्ने हो भने, तिमीहरूभित्र कुनै सामान्य समझ छैन; तिमीहरूमा कुनै विवेक वा मानवता छैन। तिमीहरूमा धेरै कुराको अभाव छ! यसैले, तिमीहरूले जिउने कुरामा धेरैजसो समयमा कुनै सामान्य समझ पाइँदैन, र आत्म-जागरूकताको कुनै सङ्केत हुँदैन। त्यसबेला पावल शारीरिक रोगले ग्रस्त भए पनि तिनले प्रार्थना र खोजी गरिरहे: "वास्तवमा, यो रोग के हो? मैले प्रभुका निम्ति यी सबै काम गरेको छु, यो कष्टबाट म किन छुटकारा पाउँदिन? के प्रभु येशूले मलाई जाँचिरहनुभएको हुन सक्छ? के उहाँले मलाई प्रहार गर्नुभएको हो? यदि उहाँले मलाई प्रहार गर्नुभएको हो भने म त्यतिखेर नै मर्नेथिएँ, र उहाँको निम्ति यी सबै कामहरू गर्न असमर्थ हुनेथिएँ, न त मैले त्यति धेरै ज्योति पाउन सक्थें।

उहाँले मेरो संकल्प पनि पुरा गर्नुभयो।” पावलले त्यो रोग परमेश्वरले तिनलाई जाँच्न पठाउनु भएको हो, र त्यो तिनको विश्वास र इच्छा-शक्तिलाई सन्तुलन गर्ने कार्य हो भन्ने महसुस गरे—पावलले यस कुरालाई यसरी नै हेरेका थिए। वास्तवमा, तिनको बिमारी प्रभु येशूले तिनलाई प्रहार गर्नुभएपछिको बाँकी रहेको परिणाम थियो। त्यसले तिनलाई भावनात्मक दबाबमा पार्‍यो, र तिनको विद्रोहपनलाई लगाम लगायो। यदि तिमीहरूले आफूलाई पावलको परिस्थितिमा पायौ भने, तिमीहरूले के गर्नेथियौ? के तिमीहरूको संकल्प र दुःख भोग्ने क्षमता पावलको जत्तिको हुनसक्थ्यो? आज, यदि तिमीहरूमाथि कुनै रोग आइलाग्यो, वा तिमीहरूले ठूलो परीक्षा भोग्नुपर्‍यो, र तिमीहरू कष्टमा पर्‍यौ भने, तिमीहरू कस्तो हुनेछौ भन्ने कसलाई के थाहा। यदि तिमीहरू पिँजडामा राखियो र तिमीहरूलाई निरन्तर खान-पिउन दिइयो भने, तिमीहरू ठीकठाक हुनेछौ। अन्यथा तिमीहरू मानवताको अभाव भएका ब्वाँसाहरू जस्तै हुनेछौ। त्यसैले जब तिमीहरूले थोरै बाधा वा कठिनाइ भोग्छौ, त्यो तिमीहरूका निम्ति राम्रो हुन्छ; यदि तिमीहरूलाई यसको सहज समय दिइयो भने तिमीहरू बरबाद हुनेथियौ, तब तिमीहरू कसरी सुरक्षित हुन सक्थ्यौ? आज, तिमीहरूलाई सजाय, न्याय र सराप दिइएको हुनाले तिमीहरूलाई सुरक्षा दिइएको छ। तिमीहरूले धेरै दुःख भोगेका हुनाले नै तिमीहरू सुरक्षित छौ। होइन भने तिमीहरू धेरै अघि नै भ्रष्टतामा पर्नेथियौ। यो जानी-जानी तिमीहरूको स्थिति गाह्रो बनाइएको होइन—मानिसको प्रकृति परिवर्तन गर्नु गाह्रो छ, र तिनीहरूका स्वभाव परिवर्तन गर्न पनि त्यत्तिकै कठिन छ। आज, तिमीहरूमा पावलको जस्तो विवेक वा अनुभूति छैन, न त तिमीहरूमा आत्म-चेतना नै छ। तिमीहरूलाई सधैँ दबाबमा पार्नुपर्छ, र तिमीहरूका आत्मालाई जगाउन तिमीहरूलाई सधैँ सजाय दिइनुपर्छ र न्याय गर्नुपर्छ। सजाय र न्याय नै तिमीहरूका जीवनका निम्ति सर्वोत्तम छ। अनि आवश्यक पर्दा, तिमीहरूमाथि आउने तथ्यहरूको पनि सजाय हुनुपर्दछ; तब मात्र तिमीहरू पूर्ण रूपमा समर्पित हुनेछौ। तिमीहरूका प्रकृति यस्तै छन् कि सजाय र श्रापविना तिमीहरू आफ्नो शिर झुकाउन तयार हुँदैनौ, समर्पित हुन इच्छुक हुँदैनौ। तिमीहरूको आँखा अगाडि तथ्यहरू नराखिकन, कुनै प्रभाव हुनेछैन। तिमीहरू चरित्रमा अति तुच्छ र महत्त्वहीन छौ। सजाय र न्यायविना तिमीहरूलाई जित्न गाह्रो हुन्छ, र तिमीहरूको अधर्म र अनाज्ञाकारीतामाथि विजय हासिल गर्न गाह्रो हुन्छ। तिमीहरूको पुरानो स्वभावको जरा गहिरो गाडिएको छ। यदि तिमीहरूलाई सिंहासनमा राखिएको भए, तिमीहरूलाई स्वर्गको उँचाइ र पृथ्वीको गहिराइको बारेमा केही पनि थाहा हुँदैनथियो, तिमीहरू कहाँ जाँदैछौ भन्ने थाहा हुनु त परै जाओस्। तिमीहरू कहाँबाट आएका हौ भन्ने पनि तिमीहरूलाई थाहा हुँदैन, त्यसैले तिमीहरूले सृष्टिकर्ता परमप्रभुलाई कसरी चिन्न सक्छौ? आजको सामयिक सजाय र श्रापविना तिमीहरूको अन्तिम दिन धेरै अघि नै आइसकेको हुनेथियो। यो तिमीहरूको भाग्यको बारेमा केही भनिएको होइन—के त्यो झन् बढी तत्कालीन खतरामा पर्नेथिएन र? यो सामयिक सजाय र न्यायविना तिमीहरू कति धेरै अहङ्कारी हुनेथियौ, वा तिमीहरू कति भ्रष्ट हुनेथियौ सो कसलाई थाहा छ र। यस सजाय र न्यायले तिमीहरूलाई आजको दिनमा ल्याएको छ, र तिनले तिमीहरूको अस्तित्व सुरक्षित राखेका छन्। यदि तिमीहरू अझै पनि तिमीहरूका “पितापुर्खा” का जस्तै विधिहरू प्रयोग गरी “शिक्षित” हुन्थ्यौ भने, तिमीहरू कुन क्षेत्रभित्र प्रवेश गर्नेथियौ भनी कसले जान्दछ! तिमीहरूमा आफैलाई

नियन्त्रण गर्ने र आफ्नै बारेमा चिन्तन-मनन गर्ने क्षमता छँदै छैन। तिमीहरूजस्ता मानिसहरू यदि कुनै पनि हस्तक्षेप वा बाधाविना पछि लाग्छौ र आज्ञापालन गर्छौ भने, मेरा उद्देश्यहरू हासिल हुनेछन्। के तिमीहरूले आजको सजाय र न्यायलाई स्वीकार गर्न अझ राम्रो गर्नुपर्दैन र? तिमीहरूसँग अरू कुन विकल्पहरू छन् र? जब पावलले प्रभु येशूले बोलिरहनुभएको र काम गरिरहनुभएको देखे, त्यसबेला पनि तिनले विश्वास गरेनन्। पछि, प्रभु येशू क्रूसमा टाँगिनुभयो र पुनरुत्थान हुनुभयो, तब तिनले यो तथ्य थाहा पाए, तैपनि तिनले सतावट र विरोध गर्न जारी राखे। जानाजानी पाप गर्नु भनेको यही नै हो र त्यसैले तिनलाई प्रहार गरियो। सुरुमा, तिनले यहूदीहरूको माझमा एक जना राजा छन् जसलाई येशू पनि भनिन्छ भन्ने थाहा पाए, तिनले यो कुरा सुनेका थिए। पछि, तिनले मन्दिरमा प्रवचन दिने र देशभरि प्रचार गर्ने क्रममा, ऊ येशूको विरुद्धमा गए र अहङ्कार गर्दै कुनै मानिसको आज्ञा पालन गर्न इन्कार गरे। यी कुराहरू त्यस समयमा कामको लागि बाधा भए। जब येशू काम गर्दैहुनुहुन्थ्यो, त्यस बेला पावलले प्रत्यक्ष रूपमा मानिसहरूलाई सताएनन् र पक्राउ गरेनन्, तर येशूका कामहरूलाई नाश पार्न तिनले प्रचार र वचनहरूको प्रयोग गरे। पछि, प्रभु येशू ख्रीष्टलाई क्रूसमा टाँगिएपछि, तिनले चेलाहरूलाई पक्राउ गर्न थाले, हतार-हतार ठाउँ-ठाउँमा गए अनि उनीहरूलाई सताउन यथासक्दो कोसिस गरे। तिनीमाथि त्यो "ज्योति" चम्केपछि मात्र तिनी ब्यूँझे र ठूलो पछुतो महसुस गरे। तिनलाई प्रहार गरिएपछि तिनलाई रोगले कहिल्यै छोडेन। कहिलेकहीँ, तिनले आफ्नो कष्ट झन्-झन् बढेर गएको महसुस गरे, र ओछ्यानबाट उठ्न सक्दैनथिए। तिनले सोचे: "यो के भइरहेको छ? के मलाई साँच्चै प्रहार गरिएको छ?" त्यो रोगले तिनलाई कहिल्यै पनि छोडेन, र यही बिरामीको कारण तिनले धेरै काम गरे। यो भन्न सकिन्छ, कि पावलको अहङ्कार र हठको कारण येशूले तिनमा यो रोग राख्नुभएको थियो; यो पावलको लागि एउटा दण्ड थियो, तर पावलका वरदानहरूलाई परमेश्वरको काममा प्रयोग गर्नका लागि पनि त्यसो गरिएको थियो, यसैले कि उहाँको काम बढेर जान सकोस्। वास्तवमा भन्ने हो भने, परमेश्वरको इच्छा पावललाई मुक्ति दिने होइन, तर तिनलाई प्रयोग गर्ने थियो। तैपनि पावलको स्वभाव अत्यन्तै अहङ्कारी र हठी थियो, त्यसैले तिनमा एउटा "काँढो" राखियो। आखिरमा, पावलले आफ्नो काम सिध्याएको समय सम्ममा त्यो रोग तिनका लागि त्यति ठूलो यातना रहेन र तिनको काम समाप्त हुन लागेको हुनाले, तिनले यसो भन्न सके, "मैले असल लडाइ लडेको छु, मैले मेरो यात्रा पूरा गरेको छु, मैले विश्वासलाई कायम राखेको छु: अबदेखि उसो मेरो लागि धार्मिकताको मुकुट राखिएको छ"—तिनले परमेश्वरको कामलाई नचिनेको हुनाले तिनले त्यसो भनेका थिए। तिमीहरूको माझमा पावल जस्ता व्यक्तिहरू धेरै छन्, तर यदि तिमीहरूमा साँच्चै अन्त्यसम्म नै मार्गलाई पछ्याउने संकल्प छ भने, तिमीहरूलाई दुर्व्यवहार गरिनेछैन। पावलले कस्तो प्रकारले विद्रोह र प्रतिरोध गरे भन्ने बारेमा हामी यहाँ छलफल गर्नेछैनौं; हामी तिनका सकारात्मक र सराहनीय पक्षको बारेमा हेरौं: तिनीसँग विवेक थियो, र तिनले "ज्योति" पाइसकेपछि तिनले आफूलाई परमेश्वरमा समर्पण गर्न र परमेश्वरका लागि कष्ट भोग्न सके। यो तिनको एउटा बलियो पक्ष थियो। तापनि, यदि तिनमा एउटा बलियो पक्ष थियो यसैले तिनी एक आशिषित व्यक्ति थिए भनी विश्वास गर्नेहरू छन् भने, यदि तिनलाई सजाय दिइएको थियो भन्ने छैन भनी

तिनीहरू सोच्छन् भने, यी त मानिसहरूका अर्थहीन शब्दहरू हुन्।

प्रार्थना गर्दा र परमेश्‍वरका वचनहरू पढ्दा धेरैजसो मानिसहरू परमेश्‍वरको अधीनमा बस्न तयार हुन्छन्, तर त्यसपछि एकान्तमा दुराचारी बन्छन्, र त्यसको बारेमा केही पनि सोच्दैनन्। एकपछि अर्को तह प्रकट गर्दै परमेश्‍वरका वचनहरू बारम्बार बोलिएका छन्, र मानिसहरूको तल्लो तहको पर्दाफास भएपछि मात्र तिनीहरूले “शान्ति पाउँछन्” र कम अभिमानी र हठी बन्छन्, कम असह्य अहङ्कारी हुन्छन्। आज तिमीहरूको अवस्था जस्तो छ, त्यस अनुसार त तिमीहरूलाई अझै पनि निर्ममतापूर्वक प्रहार र पर्दाफास गर्नुपर्छ र एक-एकवटा कुरालाई समेत नछोडीकन न्याय गरिनुपर्छ, यसैले कि तिमीहरूले सास फेरिरहने मौका नहोस्। तिमीहरूलाई कठोर सजाय र न्यायले नछोडेकै उचित हुन्छ, र निन्दा र सरापहरू तिमीहरूबाट टाढा नहटोस्, यसैले कि तिमीहरूले परमेश्‍वरका प्रशासनिक हातका आदेशहरू तिमीहरूबाट कहिल्यै अलग हुँदैन भन्ने देख्न सक। व्यवस्थाको युगमा परमप्रभुले आफूलाई कहिल्यै नत्याग्नुभएको हारूनले देखे, ठीक त्यसरी नै (तिनले यहोवाको निरन्तर मार्गदर्शन र सुरक्षा देखेका थिए; आज तिमीहरूले देख्ने परमेश्‍वरको मार्गदर्शन भनेका सजाय, सराप र न्याय हुन्) आज यहोवाको प्रशासनिक आदेशहरूको हातले तिमीहरूलाई छोड्दैन। तापनि, एउटा कुरामा तिमीहरू ढुक्क हुन सक्छौ: तिमीहरूले जसरी विरोध, विद्रोह र न्याय गरे पनि, तिमीहरूको देहलाई कुनै हानि हुनेछैन। तर यदि तिनीहरूको विरोधमा धेरै हदसम्म जान्छन् र काममा बाधा दिन्छन् भने, त्यो स्वीकार्य हुँदैन; त्यसमा एउटा सिमा छ। मण्डलीको जीवनलाई बाधा नदेओ वा हस्तक्षेप नगर, र पवित्र आत्माको काममा बाधा नदेओ। बाँकी कुराका लागि, तैँले जे चाहन्छस् त्यही गर्न सक्छस्। यदि तँ जीवनलाई पछ्याउन चाहँदैनस् र संसारमा फर्कन चाहन्छस् भनी भन्छस् भने छिटो गर्, र जा! तिमीहरूले जे गर्छौ त्यसले परमेश्‍वरको काममा बाधा पुर्‍याउँदैन भने तिमीहरूले जेसुकै गर्न सक्छौ। तैपनि तैँले जान्नुपर्ने अर्को एउटा कुरा छ: अन्त्यमा, त्यसरी जानाजानी पाप गर्नेहरू सबैलाई नाश पारिनेछन्। आज, तँलाई निन्दा नगरिएला, तर अन्त्यमा, मानिसहरूको थोरै भागले मात्र साक्षी दिन सक्नेछन्—र बाँकी सबै खतरामा पर्नेछन्। यदि तँ यस प्रवाहमा हुन चाहँदैनस् भने त्यो ठीक छ। आजका मानिसहरू सहनशीलताको साथ व्यवहार गरिन्छ; यदि तँ भोलिको सजायप्रति डराउँदैनस् भने म तँलाई सीमित गर्दिनँ। तर यदि तँ यो प्रवाहमा छस् भने, तैंले गवाही दिनुपर्दछ, र तँलाई सजाय दिइनैपर्छ। यदि तँ यसलाई अस्वीकार गरेर संसारमा फर्कन चाहन्छस् भने, ठीकै छ—कसैले तँलाई रोक्दैन! तर यदि तैँले विनाशकारी काम गर्छस् र परमेश्‍वरको काममा बाधा पुर्‍याउँछस् भने, तँलाई त्यसका लागि बिलकुलै क्षमा गर्न सकिँदैन! मानिसहरूलाई जुन कुराको बारेमा सजाय दिइन्छ, र कसका परिवारहरूलाई श्राप दिइन्छ भन्ने बारेमा तेरो आँखाले देख्ने र तेरो कानले सुन्ने कुराहरूको बारेमा भन्दा, यी सबैका लागि सीमितता र सीमाहरू छन्। पवित्र आत्माले हलकासित काम गर्नुहुन्न। यदि तिमीहरूले गरेका पापहरूको आधारमा, तिमीहरूसित व्यवहार गर्नुपर्‍यो र तिमीहरूको आफ्नै अधर्मअनुसार तिमीहरूलाई गम्भीरतासाथ लिनुपर्‍यो भने, तिमीहरूमध्ये को बाँच्न सक्नेथियो? तिमीहरू सबै विपत्तिमा पर्ने थियौ, र तिमीहरूमध्ये कसैको पनि राम्रो परिणाम हुनेथिएन। तैपनि आज धेरै मानिसहरूलाई सहिष्णुताका साथ व्यवहार गरिन्छ। तिमीहरूले न्याय,

विद्रोह, र विरोध गरे पनि, जबसम्म तिमीहरूले बाधा दिंदैनौ, तबसम्म म तिमीहरूलाई मुस्कानसहित सामना गर्नेछु। यदि तिमीहरूले साँच्चै नै जीवनको खोजी गर्दैछौ भने, तिमीहरूले थोरै सजाय भोग्नुपर्नेछ, र तिमीहरू शल्यक्रियाको टेबलमा जान तिमीहरूले मन पराएको भागलाई अलग गरेको पीडा सहनु पर्नेछ; पत्रुसले परीक्षा र कष्टको स्वीकार गरेजस्तै तैँले पीडा सहनु नै पर्नेछ। आज, तँ न्याय आसनको सामुन्ने छस्। भविष्यमा, तँ "शिर काट्ने यन्त्र" मा जानुपर्छ, जुन तैँले आफैलाई "बलिदान" गर्ने समय हुनेछ।

आखिरी दिनहरूमा कामको यो अन्तिम चरणमा, सायद तँ परमेश्वरले तेरो शरीरलाई नाश गर्नुहुनेछैन, र तैंले उहाँको कुनै विरोध गरिस् वा उहाँलाई दोष लगाइस् भने पनि तैँले कुनै व्यथा सहनेछैनस् भन्ने विश्वास गर्छस् होला—तर जब तँमाथि परमेश्वरका कठोर वचनहरू आउँछन्, जब तेरो विद्रोह र प्रतिरोध अनि तेरो घिनलाग्दो रूप सबै उदाङ्गो हुन्छ, तब तँ लुक्न सक्नेछैनस्। तँ आतङ्कित हुनेछस्, र अन्योलमा पर्नेछस्। आज, तिमीहरूमा थोरै भए पनि विवेक हुनुपर्छ। परमेश्वरको विरोध र विद्रोह गर्ने दुष्टहरूको भूमिका नखेल। तैंले आफ्नो पुरानो पुर्खातर्फ पिठिउँ फर्काउनुपर्छ; तँमा हुनुपर्ने कद यही हो, र तँमा हुनुपर्ने मानवता यही हो। तँ सधैँ आफ्नो भविष्यका सम्भावनाहरू वा आजको आनन्दलाई पन्साउन असक्षम छस्। परमेश्वर भन्नुहुन्छ: "जबसम्म तिमीहरू मेरो अनुसरण गर्न र सत्यको पछि लाग्न सक्दो प्रयास गर्छौ, म तिमीहरूलाई निश्चित रूपले सिद्ध बनाउनेछु। तिमीहरू सिद्ध पारिएपछि, तिमीहरूको गन्तव्य सुन्दर हुनेछ—तिमीहरूलाई मेरो राज्यमा मसँग आशिषहरूको आनन्द लिन ल्याइनेछ।" तिमीहरूका निम्ति एउटा सुन्दर गन्तव्यको प्रतिज्ञा गरिएको छ, तापनि तिमीहरूबाट गरिएका मागहरूलाई कहिल्यै पनि कम गर्न सकिँदैन। एउटा सर्त पनि छ: तिमीहरूलाई विजय गरिए पनि वा सिद्ध बनाइए पनि, आज तिमीहरूले केही सजाय र केही कष्ट भोग्नुपर्नेछ; तिमीहरूलाई पिटिनु र अनुशासित गरिनुपर्छ; तैंले मेरो वचन सुन्नुपर्छ, मेरो मार्गलाई पछ्याउनुपर्छ, र परमेश्वरको इच्छाबमोजिम काम गर्नुपर्छ—तिमी मानिसहरूले गर्नुपर्ने कार्य यही हो। तैंले जसरी पछ्याए पनि, तैंले यसरी स्पष्ट रूपमा सुन्नुपर्छ। यदि तँसँग सच्चा अन्तर्दृष्टिहरू छन् भने, तँ पछि लागिरहन सक्छस्। यदि तँलाई यहाँ कुनै सम्भावना वा आशा छैन भन्ने लाग्छ भने, तँ जान सक्छस्। तँलाई यी वचनहरू स्पष्ट रूपमा बताइएको छ, तर यदि तँ साँच्चै जान चाहन्छस् भने, त्यसले तँसित अलिकति पनि विवेक छैन भन्ने मात्र देखाउँदछ; तेरो यस्तो कार्य तँ एउटा भूत होस् भन्ने प्रमाणित गर्न पर्याप्त हुन्छ। तैँले सबै कुरा परमेश्वरको प्रबन्धमा छोडेको छु भनेर भन्छस्, तापनि तेरो देह र तैँले जसरी जिउँछस्, त्यसको आधारमा हेर्दा अझै पनि तँ शैतानको अधीनमा बस्छस्। शैतान पनि परमेश्वरको हातमा भए पनि, तँ आफै अझै पनि शैतानको अधीनमा छस् र तँलाई परमेश्वरद्वारा मुक्त गरिनु अझै बाँकी नै छ, किनकि तँ अझै पनि शैतानको प्रभावमा बाँचिरहेको छस्। तैंले मुक्ति पाउनका लागि कसरी खोजी गर्नुपर्छ? निर्णय गर्ने काम तेरो हो—तैँले हिँड्ने बाटो तैंले आफै चुन्नुपर्छ। अन्त्यमा, यदि तैँले "मसँग केही पनि राम्रो छैनँ, म मेरो विवेकद्वारा परमेश्वरको प्रेमको ऋण चुकाउँछु, र मसँग थोरै मात्र भए पनि मानवता हुनुपर्छ। मैले कुनै ठूलो कुरा हासिल गर्न सक्दिनँ, न त मेरो क्षमता त्यति उच्च छ; म परमेश्वरको कामको दर्शन र अर्थलाई बुझ्दिनँ। म केवल परमेश्वरको

प्रेमको ऋण तिर्छु, म त्यही गर्दछु जे परमेश्वरले भन्नुहुन्छ, र म जे गर्न सक्छु ती सब गर्छु। म परमेश्वरको सृष्टिको रूपमा रहेको मेरो कर्तव्य राम्ररी पूरा गर्दछु," यसो भन्न सकिस् भने, म सन्तुष्ट हुनेछु। तैँले दिनसक्ने सबैभन्दा उत्कृष्ट गवाही यही हो। मानिसहरूको एउटा भागबाट माग गरिएको सर्वोच्च मापदण्ड यही हो: परमेश्वरको सृष्टिको कर्तव्य पूरा गर्नु। तैँले जति गर्न सक्छस् त्यत्ति गर्; तँबाट गरिएको माग त्यत्ति धेरै उच्च छैन। जबसम्म तैँले सक्ने जति सबै गर्छस्, तब त्यो तेरो गवाही हुन्छ।

## अभ्यास (७)

तिमीहरूको मानवतामा धेरै कुराको कमी छ, तिमीहरूको जीवनशैली अति नै निम्न र पतित छ, तिमीहरूसँग कुनै मानवता छैन, र तिमीहरूमा अन्तर्दृष्टिको कमी छ। त्यसकारण तिमीहरूले आफैलाई सामान्य मानवताका थोकहरूले सुसज्जित पार्नु आवश्यक छ। अन्तस्करण, तर्क-शक्ति र अन्तर्दृष्टि हुनु; कसरी बोल्ने र काम-कुराहरूलाई हेर्ने सो जान्नु; सरसफाइमा ध्यान दिनु; सामान्य मानवजस्तो व्यवहार गर्नु—यी सबै सामान्य मानवताको ज्ञानका विशेषताहरू हुन्। जब तिमीहरू यी कुराहरूमा उचित व्यवहार गर्छौ, तब तिमीहरूमा मानवताको एक स्वीकार्य स्तर भएको मानिन्छ। तिमीहरूले आफैलाई आत्मिक जीवनका लागि पनि सुसज्जित पार्नुपर्छ। तैँले परमेश्वरको पृथ्वीको कार्यको सम्पूर्णतालाई जान्नुपर्छ र तँसँग उहाँका वचनहरूको अनुभव हुनुपर्दछ। उहाँको प्रबन्धको पालना कसरी गर्ने र सृष्टि गरिएको प्राणीको कर्तव्य कसरी पूरा गर्ने सो तैँले जान्नुपर्छ। तैँले आज प्रवेश गर्नुपर्ने कुराको दुई पक्षहरू यिनै हुन्—मानवताको जीवनको लागि आफैलाई सुसज्जित पार्नु, र आत्मिक जीवनका लागि अभ्यास गर्नु। यी दुवै अपरिहार्य छन्।

केही व्यक्तिहरू हास्यास्पद छन्: तिनीहरूले आफैलाई केवल मानवताका विशेषताहरूद्वारा सुसज्जित पार्न मात्र जान्दछन्। तिनीहरूको रूप-रङ्गमा कुनै दोष भेट्टाउन सकिँदैन; तिनीहरूले भन्ने कुरा र तिनीहरूका बोल्ने तरिका उचित हुन्छ, र तिनीहरूको वस्त्र अति मर्यादित र उचित हुन्छ। तर तिनीहरू भित्री रूपमा खाली हुन्छन्; तिनीहरूमा बाहिरी रूपमा मात्र सामान्य मानवता भएको जस्तो देखिन्छ। के खाने, के लगाउने, र के भन्ने जस्ता कुराहरूमा मात्र ध्यान केन्द्रित गर्नेहरू पनि कतिपय छन्। भुइँ सफा गर्ने, ओछ्यान मिलाउने, र साधारण सरसफाइ जस्ता कार्यहरूमा विशेष ध्यान दिनेहरू समेत छन्। यी सबै कार्यहरूमा तिनीहरू पोख्त हुन सक्दछन्, तर तैँले तिनीहरूलाई अन्त्यको दिनका परमेश्वरले गर्नुभएका कामहरू, वा सजाय, न्याय, वा परीक्षाहरू र शोधनको बारेमा रहेको तिनीहरूको ज्ञानको बारेमा कुरा गर्न लगाइस् भने, सायद तिनीहरूले सानोभन्दा सानो अनुभव पनि प्रदर्शन गर्दैनन्। तैँले तिनीहरूलाई सोध्न सक्छस्: "के तिमीले परमेश्वरले पृथ्वीमा गर्नुभएको प्राथमिक कामको बारेमा बुझेका छौ? आजका देहधारी परमेश्वरको काम येशूको कामभन्दा कसरी फरक छ? यहोवाको कामभन्दा कसरी फरक छ? के उहाँहरू एउटै परमेश्वर हुनुहुन्छ? के उहाँ यस युगलाई समाप्त गर्न आउनुभएको हो कि मानवजातिलाई मुक्ति दिन आउनुभएको हो?" तर त्यस्ता मानिसहरूसँग यी विषयहरूमा भन्नुपर्ने केही पनि हुँदैन। कसै-कसैले आफूलाई सुन्दर ढङ्गले, तर

बाहिरपट्टि मात्र सिङ्गार्छन्: दिदी-बहिनीहरू आफूलाई फूलजस्तै सुन्दर रूपमा सिङ्गार्छन्, र दाजुभाइहरूले राजकुमार वा धनी ठाँटिला जवानहरूले जस्तै पोसाक पहिरिन्छन्। तिनीहरूले बाहिरी थोकहरूको मात्र वास्ता राख्छन्, जस्तै तिनीहरूले खाने र लाउने थोकहरू; भित्रपट्टि तिनीहरू निराश हुन्छन् र परमेश्वरको अलिकति पनि ज्ञान हुँदैन। यसमा के अर्थ हुन सक्छ? अनि कोही-कोही हुन्छन् जो गरिब भिखारीको जस्तो लुगा लाउँछन्—तिनीहरू वास्तवमा पूर्वी एसियाली दासहरू जस्ता देखिन्छन्! म तिमीहरूबाट के माग्छु के त्यो तिमीहरू साँच्चै बुझ्दैनौ? तिमीहरू आपसमा सर-सल्लाह गर: तिमीहरूले वास्तवमा के प्राप्त गरेका छौ? तिमीहरूले यतिका वर्षसम्म परमेश्वरमा विश्वास गरेका छौ, र पनि तिमीहरूले कटनी गरेका कुराहरू यिनै हुन्—के तिमीहरूलाई लाज लाग्दैन? के तिमीहरूलाई लाज लाग्दैन? तिमीहरू यतिका वर्षसम्म साँचो मार्गको पछि लागेका थियौ, तापनि आज तिमीहरूको कद एउटा भँगेरीको भन्दा कम छ! तिमीहरू बीचका जवान स्त्रीहरूलाई हेर, आफैलाई एक-अर्कासँग दाँज्दै, तिमीहरूका वस्त्रहरू र शृङ्गारमा तिमीहरू तस्विरहरूजस्तो सुन्दर छौ—अनि तिमीहरू केको तुलना गर्छौ? तिमीहरूका सुखचैन? तिमीहरूका मागहरू? के म मोडेलहरू भर्ना गर्न आएको हुँ भनी तिमीहरू सोच्छौ? तिमीहरूलाई कुनै लाज छैन! तिमीहरूको जीवन कहाँ छ? के तिमीहरूले खोज्ने भनेको तिमीहरूका आफ्नै असंयमित इच्छा होइन र? तिमीहरू अति धेरै सुन्दर छौ भनी तिमीहरू सोच्छौ, तर तैँले हरप्रकारले सर्वोत्तम वस्त्र लगाइस् भने पनि के तँ वास्तवमा गोबरको थाकमा जन्मेको स्याउँस्याउँ गर्ने कीरा होइनस् र? आज, तैँले जुन यी स्वर्गीय आशिषहरूको आनन्द लिने सौभाग्य पाएका छस् त्यो तेरो सुन्दर अनुहारको कारणले होइन, तर परमेश्वरले तँलाई माथि उठाएर छूट दिनुभएकोले गर्दा हो। तँ कहाँबाट आएको होस् भन्ने कुरा के अझै पनि तँलाई अस्पष्ट छ? जीवनको कुरा गर्दा, तँ मूर्तिजस्तो गुँगो बन्दै आफ्नो मुख बन्द गर्छस्, तापनि तँमा पनि वस्त्र पहिरिने आँट छ। अझै पनि तँलाई आफ्नो अनुहारमा लालिमा र पाउडर लगाउन मन लाग्छ! र तिमीहरूको माझमा भएका ठाँटिला व्यक्तिहरूलाई हेर, अनियन्त्रित मानिसहरू, जसले विरक्त अनुहार पारेर आरामसाथ घुम्दै, लखर-लखर गर्दै पूरा दिन बिताउँछन्। के एउटा व्यक्तिले यस्तै व्यवहार गर्नुपर्छ? तिमीहरूको माझमा प्रत्येक पुरुष र स्त्रीले सारा दिन आफ्नो ध्यान कुन कुरामा लगाउँछौ? भोजन खानका निम्ति कसमाथि निर्भर छौ भनी के तिमीहरू जान्दछौ? तिमीहरूका वस्त्र हेर, तिमीहरूले आफ्ना हातहरूमा के कटनी गरेका छौ हेर, तिमीहरूका पेट माड, तिमीहरूले विश्वासमा यतिका वर्षसम्म रगत र पसिनाको मूल्य चुकाएर तिमीहरूलाई के लाभ भएको छ? तँ अझै पनि ठाउँहरू हेर्न जाने कुरा सोच्छस्, तँ अझै पनि आफ्नो दुर्गन्धित शरीरलाई सिङ्गार्न चाहन्छस्—व्यर्थका खोजहरू! तँलाई एक सामान्य व्यक्ति हुने अनुरोध गरिएको छ, तापनि अहिले तँ केवल असामान्य मात्र होइन, पथभ्रष्ट पनि होस्। त्यस्तो व्यक्तिले मेरो सामुन्ने आउने आँट कसरी गर्न सक्छ? अरूको प्रशंसा पाउन आफ्नो आकर्षण र शरीरको आडम्बर देखाउने त्यस्तो मानवता, जो सधैँ शरीरको अभिलाषामा जिउँछ—के तँ फोहोर भूतात्माहरू र दुष्टात्माहरूको सन्तान होइनस् र? म त्यस्तो फोहोर भूतात्मालाई लामो समयसम्म अस्तित्वमा रहन दिनेछैनँ! अनि तँ आफ्नो हृदयमा के सोच्छस् त्यो मलाई थाहा छैन भन्ने नठान्। तँ आफ्नो अभिलाषा र तेरो शरीरलाई कडा नियन्त्रणमा राख्न सक्छस् होला, तर

तैँले आफ्नो हृदयमा राखेका विचारहरूलाई म कसरी जान्न सक्दिनँ र? तेरा आँखाहरूले चाहना गर्ने सबै कुरा म कसरी थाहा पाउन सक्दिनँ र? के तिमी जवान स्त्रीहरू तिमीहरूका शरीर प्रदर्शन गर्न आफैलाई सुन्दर बनाउँदैनौ र? तिमीहरूका लागि पुरुषहरू के फाइदाका हुन्छन्? के तिनीहरूले साँच्चै तिमीहरूलाई कष्टको समुद्रबाट बचाउन सक्छन् र? तिमीहरू माझका ठाँटिला मानिसहरूको विषयमा कुरा गर्दा, तिमीहरू सबै आफूलाई भद्र र विशिष्ट देखाउन वस्त्र पहिरिन्छौ, तर के यो तिमीहरूको आकर्षक रूपतिर ध्यान खिच्नलाई बनाइने छली योजना होइन र? तिमीहरूले यो कसका निम्ति गरिरहेका छौ? तिमीहरूका लागि स्त्रीहरू के फाइदाका हुन्छन्? के तिनीहरू तिमीहरूका पापको स्रोत होइनन् र? तिमी पुरुष र स्त्रीहरूलाई मैले आफ्ना धेरै वचनहरू भनेको छु, तापनि तिमीहरूले तीमध्ये थोरै मात्र पालना गरेका छौ। तिमीहरूका कानले सुन्न गाह्रो छ, तिमीहरूका आँखाहरू धमिला भएका छन्, र तिमीहरूका हृदय यतिसम्म कठोर भएको छ कि यसले तिमीहरूको शरीरमा अभिलाषा बाहेक अरू केही छैन, जसको पासोमा तिमीहरू परेका छौ, र त्यसबाट उम्कन सक्दैनौ भनेर औँल्याउन सक्दैन। फोहोर र मैलामा मडारिने तिमी कीराहरूको नजिक आउन को चाहन्छ? यो नभुल, कि तिमीहरू तीभन्दा बढी होइनौ जसलाई मैले गोबरको थुप्रोबाट उठाएको छु, कि सुरुमा तिमीहरूमा सामान्य मानवता थिएन। मैले तिमीहरूसँग माग्ने भनेको सामान्य मानवता हो, जुन सुरुमा तिमीहरूसित थिएन, तिमीहरूले आफ्नो अभिलाषा प्रकट गर भनेर होइन वा तिमीहरूको गनाउने शरीरलाई खुल्ला अधिकार दिनुपर्छ भन्ने होइन, जसलाई शैतानले धेरै वर्षदेखि तालीम दिएको छ। जब तिमीहरूले त्यस्तो प्रकारले वस्त्र लाउँछौ तब तिमीहरू अझ गहिरो रूपले पासोमा पर्नेछौ भनी तिमीहरू डराउँदैनौ। के तिमीहरू सुरुमा पापको अधीनमा थियौ भन्ने तिमीहरूलाई थाहा छैन? के तिमीहरूलाई थाहा छैन कि तिमीहरूका शरीरहरू अभिलाषाले पूरा भरिएका छन् अनि त्यो तिमीहरूका वस्त्रबाट पनि चुहुन्छ, र यसले तिमीहरूको अवस्था सहनै नसकिने गरी घिनलाग्दो र फोहोर भूतात्माहरूको जस्तो छ भनी प्रकट गर्दछ। के यो अरू कसैले भन्दा तिमीहरूले अझ स्पष्ट रूपमा जानेको कुरा होइन र? तिमीहरूका हृदय, तिमीहरूका आँखा, तिमीहरूका ओठ–के ती सबै फोहोर भूतात्माद्वारा अपवित्र पारिएका छैनन् र? के तिमीहरूका यी अङ्गहरू फोहोर छैनन् र? के तैँले जबसम्म काम गर्दैनस् तबसम्म तँ अति पवित्र छस् भनी सोच्छस्? के तैँले सुन्दर वस्त्रहरू पहिरिएर तिमीहरूको फोहोर आत्माहरूलाई लुकाउन सक्छौ भनी सोच्छस्? त्यसले काम गर्नेछैन! म तिमीहरूलाई अझ बढी वास्तविक हुने सल्लाह दिन्छु: छली र नकली नबन, अनि आफैलाई प्रदर्शन नगर। तिमीहरू एक-अर्काको अभिलाषाको प्रशंसा गर्दछौ, तर त्यसको बदलीमा तिमीहरू अनन्त दुःख-कष्ट र निर्मम दण्ड मात्रै पाउनेछौ। तिमीहरूले एकअर्कालाई आँखा झिम्क्याउने र रोमान्समा लिप्त हुने के आवश्यकता छ? के यो तिमीहरूका इमानदारीको मापन, तिमीहरूका सोझोपनको सीमा हो? म तिमीहरू माझका ती मानिसहरूलाई घृणा गर्दछु, जो खराब औषधि र मन्त्रतन्त्रमा लिप्त छन्; म तिमीहरू बीचका ती युवा र युवतीहरूलाई घृणा गर्दछु, जसले तिनीहरूका आफ्नै शरीरलाई प्रेम गर्दछन्। तिमीहरूले आफैलाई नियन्त्रणमा राख्नु राम्रो हुन्थ्यो, किनकि अब तिमीहरूले सामान्य मानवता धारण गर्नु आवश्यक छ, र तिमीहरूलाई आफ्नो अभिलाषाको प्रदर्शन गर्ने अनुमति छैन–तापनि तिमीहरू आफूले सके जति हरेक मौका लिन्छौ,

किनकि तिमीहरूको शरीर अति नै पर्याप्त छ र तिमीहरूका अभिलाषा अति नै ठूलो छ!

बाहिरी रूपमा, तेरो मानवताको जीवन धेरै राम्रोसँग व्यवस्थित छ, तर तँलाई जीवनको बारेमा आफ्नो ज्ञानको कुरा गर्न लगाइयो भने तँसँग भन्नको लागि केही पनि हुँदैन; र यसमा तँ गरिब छस्। तैँले आफैलाई सत्यताले सुसज्जित पार्नुपर्छ! तेरो मानवताको जीवन अझ राम्रोका लागि परिवर्तन भएको छ, र त्यसरी तँभित्रको जीवन पनि परिवर्तन हुनुपर्दछ; तेरा विचारहरू परिवर्तन गर्, परमेश्वरमा विश्वास राख्ने सम्बन्धी तेरो धारणा परिवर्तन गर्, तँभित्रको ज्ञान र सोच परिवर्तन गर्, र तेरो धारणाभित्र रहेको परमेश्वर सम्बन्धी ज्ञान परिवर्तन गर्। निराकरणद्वारा र प्रकाशहरूद्वारा र भरण-पोषणद्वारा तैँले आफ्नै बारेमा, मानव जीवन र परमेश्वरमाथिको विश्वासको बारेमा आफ्नो ज्ञान बिस्तारै परिवर्तन गर्दै जा; तेरो बुझाइलाई शुद्धताको लागि सक्षम बना। यस प्रकारले, मानिस भित्रका विचारहरू परिवर्तन हुन्छन्, उसले थोकहरूलाई हेर्ने तरिका परिवर्तन हुन्छ, र उसको मानसिक दृष्टिकोण परिवर्तन हुन्छ। यसलाई मात्र जीवनको स्वभाव परिवर्तन भनेर भन्न सकिन्छ। तँलाई सारा दिन परमेश्वरका वचनहरू पढेर, वा लुगाफाटो धोएर र सफा गरेर बिताउन भनिएको छैन। सामान्य मानवताको जीवन स्वाभाविक रूपमा कम्तीमा पनि सहनीय हुनुपर्छ। यसको अतिरिक्त, बाहिरी विषयहरूको सामना गर्दा तैँले अझै पनि केही अन्तर्दृष्टि र विवेक प्रयोग गर्नुपर्दछ; तर सबैभन्दा महत्त्वपूर्ण कुरा के हो भने तँ जीवनको सत्यताले सुसज्जित हुनुपर्छ। जब तैँले आफैलाई जीवनका लागि सुसज्जित पारिरहेको हुन्छस्, तैँले परमेश्वरको वचनहरू खाने र पिउने कुरामा ध्यान दिनु पर्दछ, तैँले परमेश्वरको ज्ञान, मानव जीवनबारे तेरो दृष्टिकोण, र निश्‍चित रूपमा, आखिरी दिनहरूको अवधिमा परमेश्वरले गर्नुभएको काम सम्बन्धी तेरो ज्ञानको कुरा गर्न सक्नुपर्दछ। तैँले जीवनलाई पछ्याउने हुनाले, तैँले आफैलाई यी कुराहरूद्वारा सुसज्जित पार्नुपर्छ। जब तँ परमेश्वरको वचन खान्छस् र पिउँछस्, तब तैँले ती कुराहरूसँग तेरो आफ्नै वास्तविकतालाई नाप्नुपर्छ। अर्थात्, जब तैँले आफ्नो वास्तविक अनुभवको क्रममा तेरा कमजोरीहरू पत्ता लगाउँछस्, तब तैँले अभ्यास गर्ने मार्ग खोज्न, तेरा गलत अभिप्राय र धारणाहरूलाई त्याग्न सक्नुपर्छ। यदि तँ सधैँ यी थोकहरूका लागि प्रयास गर्छस् र तिनलाई हासिल गर्न तेरो हृदय समर्पित गर्छस् भने, तब तँसँग हिँड्ने मार्ग हुनेछ, तैँले रित्तो महसुस गर्नेछैनस्, यसरी तैँले एउटा सामान्य स्थिति कायम राख्न सक्छस्। तब मात्र तँ आफ्नो जीवनको बोझ बोक्ने, विश्वास भएको व्यक्ति हुनेछस्। किन केही मानिसहरूले परमेश्वरका वचनहरू पढेपछि ती अभ्यास गर्न सक्दैनन्? के तिनीहरूले अत्यन्त महत्त्वपूर्ण कुराहरू बुझ्न नसकेकाले गर्दा होइन र? के तिनीहरूले जीवनलाई गम्भीरतासाथ नलिएकाले गर्दा होइन र? तिनीहरूले महत्त्वपूर्ण कुराहरूलाई बुझ्न नसक्नु र तिनीहरूसँग अभ्यास गर्ने कुनै मार्ग नहुनुको कारण के हो भने, जब उनीहरूले परमेश्वरका वचनहरू पढ्छन्, तब तिनीहरू ती वचनसँग आफ्नो अवस्थालाई जोड्न सक्दैनन्, न त उनीहरूले आफ्नै अवस्थालाई नै वशमा राख्न सक्छन्। कतिपय मानिसहरू भन्छन्: "म परमेश्वरका वचनहरू पढ्छु र मेरो अवस्थालाई ती वचनसँग जोड्छु, र म भ्रष्ट र कमजोर क्षमताको छु भन्ने मलाई थाहा छ, तर म परमेश्वरको इच्छा पूरा गर्न सक्दिनँ।" तैँले केवल सतह मात्र देखेको छस्; तँलाई थाहा नभएका धेरै वास्तविक कुराहरू छन्: शरीरका मनोरञ्जनहरूलाई कसरी पन्साउने, आत्म-धार्मिकतालाई कसरी पन्छ्याउने, आफैलाई कसरी परिवर्तन

गर्ने, यी कुराहरूमा कसरी प्रवेश गर्ने, तेरो क्षमतालाई कसरी सुधार गर्ने? र कुन पक्षबाट सुरु गर्ने। तैँले सतहका केही कुराहरूलाई मात्र बुझ्छस्, र तैँले जानेको कुरा यति मात्र हो कि तँ धेरै भ्रष्ट छस्। जब तँ आफ्ना दाजुभाइ-दिदीबहिनीहरूलाई भेट्छस्, तब तैँले तँ कति धेरै भ्रष्ट छस् भन्ने बारेमा मात्र कुरा गर्छस्, र यस्तो देखिन्छ कि तैँले आफैलाई चिन्छस् र तेरो जीवनका लागि तैँले ठूलो बोझ बोक्छस्। वास्तविकतामा त, तेरो भ्रष्ट स्वभाव परिवर्तन भएको छैन, जसले के प्रमाणित गर्छ भने तैँले अभ्यास गर्ने मार्ग फेला पारेको छैनस्। यदि तैँले कुनै मण्डलीको नेतृत्व गरिरहेको छस् भने, तैँले दाजुभाइ-दिदीबहिनीहरूको अवस्थालाई बुझ्न र त्यो कुरा औँल्याउन सक्नुपर्छ। के यसो भनेर मात्र पुग्छ: "तिमी मानिसहरू अनाज्ञाकारी र पछौटे छौ!"? होइन, तैँले निश्‍चित रूपमा उनीहरूको अनाज्ञाकारिता र पछौटेपन कसरी प्रकट हुन्छन् त्यो बताउनुपर्छ। तैँले उनीहरूको अनाज्ञाकारी अवस्थाहरू, उनीहरूका अनाज्ञाकारी व्यवहारहरू, र उनीहरूका शैतानी स्वभावहरूको बारेमा कुरा गर्नैपर्छ, र तैँले यी कुराहरू त्यसरी बताउनुपर्छ कि तेरा वचनहरूमा सत्यता छ भनी तिनीहरू पूर्ण रूपले विश्‍वस्त होऊन्। तेरा कुराहरू बुझाउन तथ्य र उदाहरणहरू प्रयोग गर्, र उनीहरू कसरी विद्रोही व्यवहारबाट अलग हुन सक्छन् त्यो सटीक रूपले भन्, र अभ्यास गर्ने मार्ग देखा—मानिसहरूलाई विश्‍वस्त तुल्याउनुपर्ने यसरी नै हो। यसो गर्नेहरूले मात्र अरूलाई नेतृत्व गर्न सक्छन्; उनीहरूमा मात्र सत्य वास्तविकता हुन्छ।

अहिले सङ्गतिद्वारा तिमीहरूलाई धेरै सत्यहरू प्रदान गरिएको छ, र तैँले ती सञ्चय गरेर राख्नुपर्छ। त्यहाँ जम्मा कति वटा सत्यताहरू छन् भनी तैँले निष्कर्षमा भन्न सक्नुपर्छ। तैँले व्यक्तिमा हुनुपर्ने सामान्य मानवताका विभिन्न पक्षहरूलाई जानेपछि र आफैले तिनका भिन्नता छुट्याउन सकेपछि, व्यक्तिको जीवनको स्वभावमा हुने परिवर्तनहरूका मुख्य पक्षहरू, गहन हुँदै जाने दर्शनहरू, र जान्न र अनुभव गर्नको लागि मानिसहरूले युगौँ युगदेखि प्रयोगमा ल्याएका त्रुटिपूर्ण साधनहरू को बारेमा जान्न सकेपछि मात्र तँ सही मार्गमा हुनेछस्। धर्मका मानिसहरूले बाइबललाई पुज्छन्, मानौं यो परमेश्‍वर नै हुनुहुन्छ; निश्‍चित रूपमा, तिनीहरूले नयाँ करारका चार सुसमाचारलाई येशूका चार वटा फरक-फरक अनुहारको रूपमा लिन्छन् र तिनीहरूले पिता, पुत्र र पवित्र आत्मा त्रिएक परमेश्‍वरको बारेमा कुरा गर्छन्। यो सबैभन्दा हास्यास्पद कुरा हो, र तिमीहरू सबैले यस कुरालाई देख्नुपर्छ; त्योभन्दा पनि बढी, तँसँग देहधारी परमेश्‍वरको अस्तित्वको र आखिरी दिनहरूका कामको ज्ञान हुनुपर्छ। अभ्यास गर्ने ती पुराना तरिकाहरू पनि छन्, अभ्याससँग सम्बन्धित ती भ्रमहरू र विचलनहरू—आत्मामा जिउनु, पवित्र आत्माले भरिपूर्ण हुनु, जुनसुकै कुरा आइपरे पनि धैर्यसाथ स्वीकार गर्नु, अख्तियारको अधीनमा बस्नु—जुन कुराको बारेमा तँलाई थाहा हुनुपर्दछ; मानिसहरूले पहिले कसरी अभ्यास गरे, र आज मानिसहरूले कसरी अभ्यास गर्नुपर्छ त्यो तैँले जान्नुपर्छ। मण्डलीमा अगुवाहरू र कामदारहरूले कसरी सहकार्य गर्नुपर्छ; स्व-धार्मिकता र उच्चता देखाउने व्यवहार कसरी पन्साउने; दाजुभाइ-दिदीबहिनीहरू कसरी एक-अर्कासँग मिलेर बस्नुपर्छ; अन्य मानिसहरू र परमेश्‍वरसँग कसरी सामान्य सम्बन्धहरू स्थापना गर्ने; मानव जीवनमा कसरी सामान्यता हासिल गर्ने; मानिसहरूसँग तिनीहरूको आत्मिक जीवनमा के हुनुपर्छ; तिनीहरूले परमेश्‍वरका वचनहरू कसरी खानु र पिउनुपर्छ; परमेश्‍वरका कुन-कुन वचनहरू ज्ञानसँग सम्बन्धित

छन्, तीमध्ये कुन-कुन दर्शनहरूसित सम्बन्धित छन्, र तीमध्ये कुन-कुन अभ्यास गर्ने मार्गसँग सम्बन्धित छन्—के यी सबैको बारेमा कुरा गरिएको छैन र? सत्यको पछि लाग्नेहरूका लागि यी वचनहरू खुला छन्, र कसैलाई पनि प्राथमिकता दिएर व्यवहार गरिँदैन। आज, तिमीहरूले परानिर्भरताको मानसिकतामा भर नपरेर, स्वतन्त्र रूपमा बाँच्ने क्षमता विकास गर्नुपर्छ। भविष्यमा, जब तिमीहरूलाई अगुवाइ गर्ने कोही हुँदैन, त्यसबेला तैँले मेरा यी वचनहरूको बारेमा सोच्नेछस्। महासङ्कष्टको समयमा, जब मण्डलीको जीवन जिउन सम्भव हुँदैन, जब दाजुभाइ-दिदीबहिनीहरूले एक-अर्कासँग भेट्न सक्दैनन्, तिनीहरूमध्ये धेरै जना एकलो जिइरहेका हुन्छन्, बढीमा मानिसहरूले उनीहरूको स्थानीय क्षेत्रका मानिसहरूसँग मात्र कुराकानी गर्न सक्छन्, ती समयहरूमा तिमीहरूको अहिलेको कदले तिमीहरू खडा हुन सक्दैनौ। महासङ्कष्टको बीचमा धेरैलाई दृढ रहन गाह्रो हुन्छ। जीवनको बाटो चिन्नेहरू र सत्यले पर्याप्त मात्रमा सुसज्जित भएकाहरू मात्र प्रगति गर्दै र बिस्तारै शुद्धीकरण र रूपान्तरण प्राप्त गर्दै अगाडि बढ्न सक्छन्। महासङ्कष्टबाट भएर जानु सजिलो कुरा होइन; यदि तैँले केही दिन मात्र तँ त्यसबाट भएर जानेछस् भनी सोच्छस् भने तेरो सोचविचार कतिको साधारण छ त्यस कुरालाई यसले प्रमाणित गर्दछ! तँलाई लाग्छ, धेरै सिद्धान्त बुझेर, तँ दृढ भएर खडा हुन सक्नेछस्, तर त्यस्तो होइन! यदि तैँले परमेश्‍वरको वचनका अत्यावश्यक कुराहरूलाई चिन्दैनस् भने, सत्यताको महत्त्वपूर्ण विशेषताहरूलाई बुझ्न सक्दैनस् र तँसँग अभ्यास गर्ने कुनै मार्ग छैन भने, जब समय आउँछ र तँलाई केही हुन्छ तब तँ अलमल्लमा पर्नेछस्। तैँले शैतानको परीक्षाको सामना गर्न सक्नेछैनस्, न त शोधनमा अघि बढ्न सक्छस्। यदि तँभित्र कुनै सत्यता छैन र तँमा दर्शनको अभाव छ भने, जब समय आउँछ, तब तैँले आफैलाई ढल्नबाट रोक्न सक्नेछैनस्। तैँले सबै आशा त्याग्नेछस् र भन्नेछस्, “ठीक छ, यदि म यसै पनि मर्दैछु भने, म अन्त्यसम्म नै सजाय भोग्नेछु! चाहे त्यो सजाय होस् वा अग्निको कुण्डमा पठाइने कार्य होस्, जे भए पनि त्यस्तै होस्—म जे आइपर्छ सो स्विकार्नेछु!” यो सेवा-कर्ताहरूको समयमा जस्तो थियो त्यस्तै छ: केही व्यक्तिहरूले चाहे जे भए पनि आफूहरू सेवा-कर्ता ठान्थे, त्यसैले उनीहरूले उप्रान्त जीवनको खोजी गरेनन्। तिनीहरूले धूम्रपान गरे र पिए, आफ्नो देहमा लिप्त रहे, र उनीहरूलाई जे मन पऱ्यो त्यही गरे। कोही-कोही काम गर्नका निम्ति संसारमा फर्के। एउटा बस्न अयोग्य वातावरण पनि त्यस्तै हुन्छ; यदि तँ त्यसमाथि विजयी बन्न सकिनस् भने, तैँले आफैमाथिको पकड अलिकति पनि गुमाइस् भने, तैँले सबै आशा त्याग्नेछस्। यदि तैँले शैतानको प्रभावलाई जित्न सक्दैनस् भने, तैँले थाहै नपाई शैतानले तँलाई कैदी बनाउनेछ र तँलाई फेरि विनाशमा पठाउनेछ। त्यसैले आज तैँले आफैलाई सत्यले सुसज्जित पार्नुपर्छ; तँ स्वतन्त्र रूपमा जिउन सक्नुपर्छ; र जब तँ परमेश्‍वरका वचनहरू पढ्छस्, तब तैँले अभ्यास गर्ने मार्गलाई खोज्न सक्नुपर्छ। यदि तँलाई पानी हाल्ने र गोठालो गर्ने कुनै अगुवाहरू वा कार्यकर्ताहरू छैनन् भने पनि, तैँले पछ्याउने मार्ग पत्ता लगाउन सक्नुपर्छ, आफ्नै कमी-कमजोरीहरू पत्ता लगाउन सक्नुपर्छ, तैँले आफैलाई सुसज्जित पार्नुपर्ने र अभ्यास गर्नुपर्ने सत्यताहरू पत्ता लगाउन सक्नुपर्छ। के परमेश्‍वर पृथ्वीमा आउनुभएपछि मानिससँग निरन्तर साथमा रहन सक्नुहुन्छ? केही मानिसहरू आफ्ना धारणाहरूमा यस्तो विश्‍वास गर्दछन्: “परमेश्‍वर, यदि तपाईंले हाम्रो निम्ति एक निश्‍चित बिन्दुसम्म काम गर्नुभएन भने तपाईंको काम

समाप्त भएको मानिँदैन, किनकि शैतानले तपाईंलाई दोष लगाउँदैछ।" म तँलाई भन्छु, जब म मेरा वचनहरू बोली सक्छु, तब मेरो काम सफलतापूर्वक समाप्त भएको हुनेछ। जब मसँग भन्नको लाग थप केही हुँदैन, तब मेरो काम पूरा हुनेछ। मेरो कामको समाप्ति नै शैतानको हारको प्रमाण हुनेछ, त्यसैले शैतानको कुनै दोषारोपणविना नै यो सफलतापूर्वक पूरा भएको छ भनेर भन्न सकिन्छ। तर मेरो काम समाप्त भइसक्दा पनि तँमा कुनै परिवर्तन भएन भने, तँजस्ता मानिसहरू मुक्तिभन्दा बाहिर हुन्छन् र तिनीहरूलाई नष्ट पारिनेछ। म चाहिएको भन्दा बढी कुनै काम गर्नेछैनँ। तिमीहरूलाई केही हदसम्म विजय नगरुञ्जेल, र तिमीहरू सबैसँग सत्यको सबै पक्षको स्पष्ट ज्ञान नहुञ्जेल, र तेरो क्षमतामा सुधार नहुञ्जेल र तैंले भित्री र बाहिरी रूपमा साक्षी नदिउञ्जेल म पृथ्वीमा मेरो काम जारी राख्नेछैनँ। त्यो असम्भव हुनेछ! आज, मैले तिमीहरूमा गर्ने कामको उद्देश्य तिमीहरूलाई सामान्य मानवताको जीवनमा डोऱ्याउनु हो; यो नयाँ युगको प्रारम्भ गर्ने र मानवजातिलाई नयाँ युगको जीवनमा डोऱ्याउने काम हो। यो काम एक-एक चरण गर्दै पूरा गरिन्छ र यो तिमीहरूको बीचमा प्रत्यक्ष रूपमा विकास हुन्छ: म तिमीहरूलाई आमने-सामने सिकाउँछु; म तिमीहरूका हात समातेर डोऱ्याउँछु; म तिमीहरूले नबुझेका कुनै पनि कुरा बताउँछु, तिमीहरूमा अभाव भएको कुनै पनि थोक प्रदान गर्छु। यो भन्न सकिन्छ कि, तिमीहरूका लागि यो सब काम जीवनका निम्ति तिमीहरूको प्रबन्ध हो, यो तिमीहरूलाई सामान्य मानवताको जीवनमा डोऱ्याउनका निम्ति पनि हो; यो विशेष गरी आखिरी दिनहरूमा मानिसहरूको यो समूहको जीवनको पालनपोषण गर्ने उद्देश्यका लागि हो। मेरो लागि, यो सबै कामको अर्थ पुरानो युग अन्त्य गर्नु र एउटा नयाँ सुरुआत गर्नु हो; शैतानको लागि, म विशेष गरी त्यसलाई हराउन देह बनेको हुँ। मैले अहिले तिमीहरूको बीचमा गर्ने काम आज तिमीहरूका लागि भरण-पोषण र तिमीहरूको उचित समयको मुक्ति हो, तर यी केही छोटा वर्षहरूको अवधिमा, म तिमीहरूलाई सबै सत्यता, जीवनको सम्पूर्ण मार्ग, र भविष्यको काम पनि बताउनेछु; यो भविष्यमा तिमीहरूलाई विभिन्न कुराहरू सामान्य रूपले अनुभव गर्न सक्षम बनाउनको निम्ति पर्याप्त हुनेछ। मैले तिमीहरूलाई मेरा सबै वचनहरू मात्र सुम्पेको छु। म अरू कुनै सल्लाह दिँदिनँ; आज, मैले तिमीहरूसँग बोलेका सबै कुरा तिमीहरूका लागि मेरो सल्लाह हुन्, किनकि आज तिमीहरूलाई मैले बोल्ने धेरै वचनहरूको अनुभव तिमीहरूसँग छैन, र तिमीहरू तिनका भित्री अर्थ बुझ्दैनौ। आज मैले भनेको जस्तै एक दिन तिमीहरूका अनुभवहरूले फल दिनेछन्। यी वचनहरू तिमीहरूका आजको दर्शन हुन्, र ती यस्ता कुरा हुन् जसमाथि भविष्यमा तिमीहरू निर्भर हुनेछौ; ती आजको जीवनका लागि भरण-पोषण र भविष्यका लागि एउटा सल्लाह हुन्, र कुनै पनि अर्ती योभन्दा राम्रो हुन सक्दैन। किनकि पृथ्वीमा मैले काम गर्ने समय तिमीहरूले मेरा वचनहरूको अनुभव गर्ने समय जति लामो छैन; मैले केवल आफ्नो काम मात्र पूरा गर्दैछु, जबकि तिमीहरू जीवनको खोजी गर्दैछौ, जुन यस्तो प्रक्रिया हो जसको लागि जीवनभरिको लामो यात्रा समावेश हुन्छ। धेरै वटा कुराहरूको अनुभव गरेपछि मात्र तैँले जीवनको मार्ग प्राप्त गर्न सक्नेछस्; तब मात्र तैँले आज मैले बोलेका वचनहरूको भित्री अर्थ बुझ्न सक्नेछस्। जब तिमीहरूका हातमा मेरा वचनहरू हुन्छन्, मैले तिमीहरू दिनुपर्ने सबै आज्ञाहरू तिमीहरूलाई दिइसकेपछि जब तिमीहरू प्रत्येकले मेरा सबै आज्ञाहरू प्राप्त गरेका हुन्छौ, र जति नै ठूलो प्रभाव

हासिल गरे पनि, जब वचनहरूको काम समाप्त हुन्छ, त्यसबेला परमेश्‍वरको इच्छाको कार्यान्वयन पनि हासिल गरिएको हुनेछ। यो तैंले कल्पना जस्तो होइन, कि तँ केही हदसम्म परिवर्तन हुनुपर्छ; परमेश्‍वरले तेरा धारणाहरू अनुसार काम गर्नुहुन्न।

मानिसहरूले केही दिनमा नै आफ्नो जीवनमा वृद्धि हासिल गर्दैनन्। तिनीहरूले दिनहुँ परमेश्‍वरका वचनहरू खाए र पिए पनि त्यो पर्याप्त हुँदैन। तिनीहरूले आफ्नो जीवनमा वृद्धिको एउटा अवधि अनुभव गर्नुपर्दछ। यो एक आवश्यक प्रक्रिया हो। आजका मानिसहरूको क्षमतालाई विचार गर्दा, तिनीहरूले के प्राप्त गर्न सक्छन्? परमेश्‍वरले मानिसहरूसँग तिनीहरूका आन्तरिक क्षमताको आधारमा माग गर्दै, तिनीहरूका आवश्यकता अनुसार काम गर्नुहुन्छ। मानौं, यो कार्य उच्च क्षमता भएका मानिसहरूको समूहमा गरिएको छ: तब बोलिएका वचनहरू तिमीहरूसँग बोलिएका वचनहरूभन्दा उच्च हुनेथिए, दर्शनहरू उच्च हुनेथिए र सत्यताहरू अझ धेरै उच्च हुनेथिए। केही वचनहरू अधिक कठोर, मानिसहरूको जीवनका लागि प्रबन्ध गर्न अझ सक्षम, रहस्यहरू प्रकट गर्न अझ बढी सक्षम हुनेथिए। त्यस्ता मानिसहरूको बीचमा बोल्दा, परमेश्‍वरले तिनीहरूका आवश्यकताअनुसार प्रबन्ध गर्नुहुनेथियो। आज तिमीहरूसँग गरिएका मागहरूलाई धेरै नै कठोर भन्न सकिन्छ; यदि यो काम उच्च क्षमताका मानिसहरूका बीचमा गरिएको भए, मागहरू अझै उच्च हुनेथिए। परमेश्‍वरका सबै काम मानिसको आन्तरिक क्षमताअनुसार गरिन्छ। मानिसहरू आज जुन हदसम्म परिवर्तन भएका र जितिएका छन्, त्यो सम्भव भएसम्मको सबैभन्दा ठूलो हद हो; कामको यस चरण कतिको प्रभावकारी भयो भनेर मापन गर्न तिमीहरूको आफ्नै विचारहरूको प्रयोग नगर। तिमीहरू आफूभित्र कुन कुरा छ भन्ने बारेमा स्पष्ट हुनुपर्दछ, र तिमीहरूले आफैले आफैलाई धेरै ठूलो सम्झनु हुँदैन। सुरुमा, तिमीहरू कोही पनि जीवनको पछि लागेनौ, तर तिमीहरू सडकमा घुमिहिँड्ने भिखारीहरू थियौ। तिमीहरू सबै एउटा ठूलो दर्शन देखेको जस्तो गरी पूर्ण विश्‍वस्त बनेर भुइँमा घोप्टो परेको कारण, तिमीहरूले कल्पना गरेको जस्तो हद अनुसार परमेश्‍वरले काम गर्नु–त्यो असम्भव हुनेछ! यो असम्भव छ, किनकि जसले परमेश्‍वरका आश्‍चर्यकर्महरू देखेको छैन उसले मैले भनेका सबै कुरा विश्‍वास गर्न सक्दैन। यदि तिमीहरूले मेरो वचनहरूलाई ध्यानपूर्वक जाँच्यौ भने पनि, तिमीहरूले तिनमा अझै पूर्ण रूपमा विश्‍वास गर्नेछैनौ; यो मानिसको प्रकृति हो। सत्यको पछि लाग्नेहरू केही परिवर्तनहरूबाट भएर जानेछ, जबकि सत्यको पछि नलाग्नेहरूको विश्‍वास घट्दै जानेछ र विलुप्त हुन पनि सक्नेछ। तिमीहरूको सबैभन्दा ठूलो कठिनाइ के हो भने, तिमीहरूले परमेश्‍वरको वचनको पूरा भएको नदेखुन्जेल पूर्ण रूपमा विश्‍वास गर्न सक्दैनौ, र उहाँका आश्‍चर्यकर्महरू नदेखुन्जेल तिमीहरूको मिलाप हुँदैन। त्यस्ता कुराहरू नदेखेसम्म परमेश्‍वरप्रति को पूर्ण रूपमा बफादार हुन सक्छ र? र यसैले म भन्छु कि तिमीहरू जे विश्‍वास गर्छौ त्यो परमेश्‍वरमाथिको विश्‍वास होइन, तर आश्‍चर्यकर्महरूमाथिको विश्‍वास हो। मैले अहिले सत्यका विभिन्‍न पक्षहरूको बारेमा स्पष्ट बताएको छु; ती प्रत्येक पूर्ण छन्, र ती सबैको बीचमा घनिष्ठ सम्बन्ध छ। तिमीहरूले ती देखेका छौ, र अब तिमीहरूले ती अभ्यास गर्नुपर्छ। आज म तँलाई बाटो देखाउँछु, र भविष्यमा, तँ आफैलाई त्यो अभ्यास गर्नुपर्छ। मैले अहिले बोल्ने वचनहरूले मानिसहरूको वास्तविक अवस्थाको आधारमा तिनीहरूसित माग गर्दछ, र म तिनीहरूका

आवश्यकताहरू र तिनीहरूको भित्री कुराहरूको आधारमा काम गर्दछु। व्यावहारिक परमेश्वर मानिसहरूका वास्तविक अवस्था र आवश्यकताअनुसार काम गर्न, व्यावहारिक कार्य गर्न पृथ्वीमा आउनुभएको छ। उहाँ अव्यावहारिक हुनुहुन्‍न। जब परमेश्वरले काम गर्नुहुन्छ, उहाँ मानिसहरूलाई जबरजस्ती गर्नुहुन्‍न। उदाहरणका लागि, चाहे तँ विवाह गर्ने वा नगर्ने, त्यो तेरा परिस्थितिहरूको वास्तविकताको आधारमा हुनुपर्छ; तँलाई स्पष्ट रूपमा सत्यता बताइएको छ, र म तँलाई रोक्दिनँ। केही मानिसहरूका परिवारहरूले उनीहरूलाई थिचोमिचो गर्छन्, यसैले तिनीहरूले विवाह नगरेसम्म परमेश्वरमा विश्वास गर्न सक्दैनन्। यस प्रकारले, प्रतिकूल रूपमा विवाह उनीहरूको लागि उपयोगी हुन्छ। अरूका लागि विवाहले कुनै फाइदा गर्दैन, तर उनीहरूसँग पहिले जे थियो त्यसको मूल्य चुकाउनुपर्छ। यस सम्बन्धी तेरो आफ्नै मामला तेरा वास्तविक परिस्थितिहरू र तेरो आफ्नै संकल्पले निर्धारण गर्नुपर्दछ। म यहाँ तँसँग मागहरू गर्नका निम्ति नियम र नीतिहरू आविष्कार गर्न आएको होइन। धेरै मानिसहरूले लगातार यसो भन्‍ने गर्छन्, “परमेश्वर व्यावहारिक हुनुहुन्छ; उहाँको काम वास्तविकतामा आधारित छ, र हाम्रो परिस्थितिको वास्तविकतामा”—तर साँच्चै, यसलाई कुन कुराले वास्तविक बनाउँछ के तँलाई थाहा छ? तेरा खोक्रा शब्दहरू धेरै नै भइसके! परमेश्वरको काम वास्तविक र यथार्थतामा आधारित हुन्छ; यसको कुनै सिद्धान्त छैन, तर यो पूर्ण रूपमा स्वतन्त्र छ, यो सबै खुला र स्पष्ट छ। यी केही सिद्धान्तहरूको विशेष विवरणहरू के-के हुन्? परमेश्वरको कामको कुन भाग यस प्रकारको छ के तँ भन्‍न सक्छस्? तैँले विस्तृत रूपमा बोल्नुपर्छ, तँसँग धेरै प्रकारका अनुभवका साक्षीहरू हुनुपर्दछ, र तँ परमेश्वरको कामको यस विशेषताको बारेमा एकदमै स्पष्ट हुनुपर्दछ—तैँले यो कुरा जान्‍नुपर्छ, र मात्र तँ यी वचनहरू बोल्न योग्यको हुनेछस्। यदि कसैले तँलाई यी प्रश्‍नहरू गरे भने के तँ जबाफ दिन सक्छस्: “आखिरी दिनमा देहधारी परमेश्वरले पृथ्वीमा के काम गर्नुभएको छ? तँ किन उहाँलाई व्यावहारिक परमेश्वर भन्छस्? यहाँ ‘व्यावहारिक’ को अर्थ के हो? के तँ उहाँको व्यावहारिक कामको बारेमा, त्यसले के कुरालाई समावेश गर्छ त्यसको बारेमा कुरा गर्न सक्छस्? येशू देहधारी परमेश्वर हुनुहुन्छ, र आजका परमेश्वर पनि देहधारी परमेश्वर नै हुनुहुन्छ, त्यसो भए उहाँहरूको बीचमा के-के भिन्‍नताहरू छन्? र के समानताहरू छन्? अनि समानताहरू के-के छन्? उहाँहरू प्रत्येकले के गर्नुभएको छ?” यो सब गवाही दिने कुरासित सम्बन्धित छ! यी कुराहरूको बारेमा अलमल्ल नपर। अरू मानिसहरू छन् जसले यसो भन्छन्: “आजको परमेश्वरको काम वास्तविक छ। यो कहिले पनि चमत्कार र आश्‍चर्यकर्महरूको प्रदर्शन होइन।” के उहाँले साँच्चै आश्‍चर्यकर्म र चमत्कारहरू गर्नुहुन्‍न? के तँ निश्‍चित छस्? के तँलाई मेरो खास काम के हो भन्‍ने थाहा छ? कसैले भन्ला कि उहाँले आश्‍चर्यकर्म र चमत्कारहरू गर्नुहुन्‍न, तर के उहाँले गर्ने काम र उहाँले बोलेका वचनहरू सबै आश्‍चर्यकर्म होइनन् र? कसैले भन्‍न सक्छ कि उहाँले आश्‍चर्यकर्म र चमत्कारहरू गर्नुहुन्‍न, तर यसलाई कसरी वर्णन गरिन्छ र यो कोप्रति लक्षित गरी भनिएको हो भन्‍ने कुरामा निर्भर हुन्छ। मण्डलीमा नगई उहाँले मानिसहरूको अवस्था उदाङ्गो पारिदिनुभएको छ, र बोल्ने बाहेक अरू कुनै काम नगरी, उहाँले मानिसहरूलाई अगाडि बढ्न प्रेरित गर्नुभएको छ—के यी आश्‍चर्यकर्महरू होइनन्? केवल वचनहरूद्वारा मात्र उहाँले मानिसहरूलाई जित्नुभएको छ, र मानिसहरू कुनै आशा वा आकांक्षा नराखी खुसीसाथ उहाँलाई

पछ्याउँछन्—के यो एउटा आश्चर्यकर्म होइन? जब उहाँ बोल्नुहुन्छ, उहाँको वचनले मानिसमा निश्चित मनोभाव जगाउँछ। यदि तिनीहरूले आनन्दित अनुभव गरेनन् भने उनीहरू दुःखी महसुस गर्छन्; यदि तिनीहरू शोधनमा पर्दैनन् भने तिनीहरू सजायमा पर्छन्। केही तीखा वचनहरू प्रयोग गरेर, उहाँले मानिसहरूमाथि सजाय ल्याउनुहुन्छ—के यो अलौकिक कुरा होइन र? के मानिसहरूले त्यस्तो काम गर्न सक्छन्? तैंले यत्तिका वर्षसम्म बाइबल पढेको छस्, तर तैंले केही पनि बुझेको छैनस्, कुनै अन्तर्दृष्टि प्राप्त गरेको छैनस्; तैंले आफूलाई ती पुरानो, विश्वास गर्ने परम्परागत तरिकाबाट अलग गर्न सकेको छैनस्। तँसँग बाइबलको अर्थ बुझाउने कुनै तरिका छैन। तापनि उहाँले बाइबललाई पूर्ण रूपमा बुझ्न सक्नुहुन्छ—यो अलौकिक कुरा होइन? यदि परमेश्वर पृथ्वीमा आउनुहुँदा उहाँको बारेमा कुनै अलौकिक कुरा थिएन भने, के उहाँले तिमीहरूलाई जित्न सक्नुहुन्थ्यो होला? उहाँको असाधारण, ईश्वरीय कार्यविना, तिमीहरूमध्ये को विश्वस्त हुनेथियौ? तेरा दृष्टिमा, तिमीहरूसँग एक सामान्य व्यक्तिले काम गरिरहेको र जिइरहेको जस्तो देखिन्छ—बाहिरी रूपमा उहाँ सामान्य, साधारण व्यक्ति जस्तो देखिनुहुन्छ; तैंले जे देख्छस् त्यो सामान्य मानवताको बाहिरी रूप हो, तर वास्तवमा त्यो ईश्वरीय काम हो। त्यो सामान्य मानवता होइन, तर ईश्वरत्व हो; यो परमेश्वर आफैले काम गर्नुभएको हो, जुन काम उहाँले सामान्य मानवताको प्रयोग गरेर गर्नुहुन्छ। यसैले, उहाँको काम साधारण र अलौकिक दुवै छ। उहाँले गर्नुहुने काम मानिसले गर्न सक्दैन; र यो सामान्य मानिसहरूले गर्न नसक्ने भएकोले, यो एक असाधारण प्राणीद्वारा गरिन्छ। तापनि त्यो असाधारण कुरा ईश्वरत्व नै हो, मानवता होइन; ईश्वरत्व मानवता भन्दा फरक छ। पवित्र आत्माले प्रयोग गर्नुहुने व्यक्ति पनि साधारण, सामान्य मानिस हो, तर तिनीहरू यो काम गर्न असमर्थ हुन्छन्। भिन्नता यसैमा लुकेको छ। तँ भन्छस् होला: "परमेश्वर अलौकिक परमेश्वर हुनुहुन्न; उहाँले कुनै अलौकिक कार्य गर्नुहुन्न। हाम्रा परमेश्वरले व्यवहारिक र वास्तविक वचनहरू बोल्नुहुन्छ। उहाँ वास्तविक र व्यावहारिक कार्य गर्न मण्डलीमा आउनुहुन्छ। प्रत्येक दिन, उहाँ हामीसँग आमनेसामने बोल्नुहुन्छ, र उहाँले आमनेसामने हाम्रा अवस्थाहरूलाई औंल्याउनुहुन्छ—हाम्रा परमेश्वर वास्तविक हुनुहुन्छ! उहाँ हामीसँग जिउनुहुन्छ, र उहाँको हरेक कुरा पूर्ण रूपमा सामान्य छ। उहाँको रूप-रङ्गमा भएको कुनै पनि कुराले उहाँलाई परमेश्वर भनेर छुट्याउँदैन। कहिलेकहीँ यस्तो समय पनि हुन्छ जब उहाँ क्रोधित बन्नुहुन्छ र हामी उहाँको क्रोधको प्रतापलाई देख्छौं, र कहिलेकहीँ उहाँ मुस्कुराउनुहुन्छ, र हामी उहाँको मुस्कुराउने आचरण देख्छौं। उहाँ देह र रगतद्वारा बनिएको आकार र रूपसहितका परमेश्वर स्वयम् हुनुहुन्छ जो साँचो र वास्तविक हुनुहुन्छ।" जब तैंले यसरी गवाही दिन्छस्, यो एउटा अधुरो गवाही हुन्छ। त्यसले अरूलाई के सहायता गर्न सक्छ? यदि तैंले परमेश्वर स्वयम्‌को कामको भित्री कथा र सारको गवाही दिन सक्दैनस् भने, तेरो "गवाही" नाउँ लिन लायकको पनि हुँदैन!

परमेश्वरलाई गवाही दिनु भनेको मुख्य रूपले परमेश्वरको कामको बारेमा रहेको तेरो ज्ञान, परमेश्वरले मानिसहरूलाई कसरी जित्नुहुन्छ, उहाँले मानिसहरूलाई कसरी बचाउनुहुन्छ सो बताउनु हो; यो भनेको परमेश्वरले मानिसहरूलाई उहाँद्वारा जितिन, सिद्ध बनाइन र उहाँद्वारा बचाइन दिँदै, कसरी उहाँले तिनीहरूलाई सत्यताको वास्तविकतामा प्रवेश गर्न अगुवाइ गर्नुहुन्छ भनी बताउनु

हो। गवाही दिनु भनेको उहाँको काम र तैँले अनुभव गरेका सबै कुराहरूको बारेमा बताउनु हो। उहाँको कामले मात्र उहाँको प्रतिनिधित्व गर्न सक्दछ, र उहाँको कार्यले मात्र उहाँलाई उहाँको सम्पूर्णतामा सार्वजनिक रूपमा प्रकट गर्न सक्दछ; उहाँको कामले उहाँको गवाही दिन्छ। उहाँको काम र वाणीहरूले सीधै आत्माको प्रतिनिधित्व गर्छन्; उहाँले गर्नुहुने कामलाई आत्माले अघि बढाउनुहुन्छ, र उहाँले बोल्नुहुने वचनहरू आत्माद्‌वारा बोलिन्छन्। यी कुराहरू केवल परमेश्‍वरको देहधारी शरीरको माध्यमबाट मात्र व्यक्त गरिन्छ, तापनि वास्तवमा ती आत्माका अभिव्यक्तिहरू हुन्। उहाँले गर्नुहुने सबै काम र उहाँले बोल्नुहुने सबै वचनहरूले उहाँको सारतत्त्वलाई प्रतिनिधित्व गर्दछ। यदि, उहाँले शरीर धारण गरेर मानिसको माझ आउनुभएपछि परमेश्‍वरले बोल्नुहुन्न वा काम गर्नुहुन्न भने र तिमीहरूलाई उहाँको वास्तविकता, उहाँको सामान्यता र उहाँको सर्वशक्ति जान्न लगाइयो भने के तँ त्यसो गर्न सक्नेथिइस्? के तैँले आत्माको सार के हो भनी जान्न सक्नेथिइस्? के तैँले उहाँको देहका विशेषताहरू के-के हुन् भनी जान्न सक्नेथिइस्? तिमीहरूले उहाँको कामको प्रत्येक चरणको अनुभव गरेको हुनाले मात्रै उहाँले तिमीहरूलाई उहाँको साक्षी दिन अनुरोध गर्नुभएको हो। यदि तिमीहरू त्यस्तो अनुभवरहित भएको भए उहाँले तिमीहरूलाई गवाही दिन लगाउन जोड् दिनुहुनेथिएन। यसैले जब तैँले परमेश्‍वरको गवाही दिन्छस्, तैँले उहाँको बाहिरी सामान्य मानवताको मात्र गवाही होइन, तर उहाँले गर्नुहुने काम र उहाँले देखाउनुहुने मार्गको पनि गवाही दिइरहेको हुन्छस्; तँलाई कसरी उहाँले जित्नुभयो र कुन-कुन पक्षहरूमा तँलाई सिद्‌ध बनाइयो सो बारे तैँले गवाही दिनुपर्छ। तैँले दिनुपर्ने प्रकारको गवाही यही हो। यदि तँ जहीँ गए पनि यसरी कराउँछस् भने: "हाम्रा परमेश्‍वर काम गर्न आउनुभएको छ, र उहाँको काम साँच्चै व्यावहारिक छ! उहाँले कुनै अलौकिक कार्यहरू नगरी, कुनै आश्‍चर्यकर्म र चमत्कारहरू नगरी हामीलाई प्राप्त गर्नुभएको छ!" अरूले सोध्नेछन्: "उहाँले आश्‍चर्यकर्म र चमत्कारहरू गर्नुहुन्न भनी तिमीले भन्नुको अर्थ के हो? आश्‍चर्यकर्म र चमत्कारहरू नगरी उहाँले कसरी तिमीलाई जित्नु सक्नुभयो?" र तँ भन्छस्: "उहाँले कुनै चमत्कार वा आश्‍चर्यकर्महरू प्रदर्शन नगरी बोल्नुहुन्छ, उहाँले हामीलाई जित्नुभएको छ। उहाँको कामले हामीलाई जितेको छ।" अन्त्यमा, यदि तैँले कुनै महत्त्वपूर्ण कुरा भन्न सक्दैनस्, यदि तैँले निश्‍चित कुरा गर्न सक्दैनस् भने, के त्यो साँचो गवाही हो? जब देहधारी परमेश्‍वरले मानिसहरूलाई जित्नुहुन्छ, उहाँको ईश्‍वरीय वचनहरूले नै त्यो काम गर्दछ। मानिसले त्यो काम पूरा गर्न सक्दैन; यो कुनै मरणशीलले हासिल गर्न सक्ने कुरा होइन, र सामान्य मानिसहरूमध्ये सबैभन्दा उच्च क्षमताको व्यक्तिले पनि यो काम गर्न सक्दैन, किनकि उहाँको ईश्‍वरत्व कुनै पनि सृष्टि गरिएको प्राणीको भन्दा उच्च छ। यो मानिसहरूका लागि असाधारण कुरा हो; आखिर, सृष्टिकर्ता कुनै पनि सृष्टिभन्दा उच्च हुनुहुन्छ। सृष्टि गरिएका प्राणीहरू सृष्टिकर्ताभन्दा उच्च हुन सक्दैनन्; यदि तँ उहाँभन्दा उच्च थिइस् भने, उहाँले तँलाई जित्न सक्नुहुने थिएन, र उहाँ तँभन्दा उच्च हुनुभएकोले मात्रै उहाँले तँलाई जित्न सक्नुहुन्छ। जसले सम्पूर्ण मानवजातिलाई जित्न सक्नुहुन्छ उहाँ नै सृष्टिकर्ता हुनुहुन्छ, र अरू कसैले होइन तर उहाँले मात्र यो काम गर्न सक्नुहुन्छ। यी वचनहरू नै "गवाही" हुन्—तैँले दिनुपर्ने प्रकारको गवाही। तैँले चरणबद्‌ध रूपमा दण्ड, न्याय, शोधन, परीक्षाहरू, बाधाहरू र सङ्कष्टहरूको अनुभव गरेको छस्, र तँलाई जितिएको

छ; तैँले शरीरका सम्भावनाहरूलाई, तेरा व्यक्तिगत प्रेरणाहरूलाई र देहको भित्री रुचिहरूलाई पन्छाएको छस्। अर्को वचनमा, परमेश्‍वरका वचनहरूले तेरो हृदयलाई पूर्ण रूपमा जितेको छ। तँ उहाँले माग गर्नुभएजस्तो प्रकारले आफ्नो जीवनमा वृद्धि भएको छैनस्, तापनि यी सबै कुरा तँलाई थाहा छ र उहाँले जे गर्नुहुन्छ त्यसप्रति तँ पूर्ण रूपमा विश्‍वस्त छस्। यसैले यसलाई गवाही भन्‍न सकिन्छ, यस्तो गवाही जुन वास्तविक र सत्य छ। परमेश्‍वर जुन काम गर्न आउनुभयो, अर्थात् न्याय गर्ने र दण्ड दिने काम, त्यसको उद्देश्य भनेको मानिसलाई जित्नु हो, तर उहाँले आफ्नो कामलाई अन्त्य पनि गर्दैहुनुहुन्छ, युगको अन्त्य गर्दैहुनुहुन्छ र निष्कर्षको काम पूरा गर्दै हुनुहुन्छ। उहाँले सम्पूर्ण युगको अन्त्य गर्दैहुनुहुन्छ, सारा मानव जातिलाई बचाउँदै हुनुहुन्छ, मानव जातिलाई एकै पल्टमा सधैँभरिका निम्ति पापबाट छुटकारा दिँदैहुनुहुन्छ; आफूले सृष्टि गर्नुभएको मानव जातिलाई उहाँले पूर्ण रूपमा प्राप्त गर्दैहुनुहुन्छ। तैँले यी सबै कुराको गवाही दिनुपर्छ। तैँले परमेश्‍वरको धेरै कामको अनुभव गरेको छस्, तैँले यो आफ्नै आँखाले देखेको छस् र व्यक्तिगत रूपमा अनुभव गरेको छस्; जब तँ अन्त्यमा पुगेको हुन्छस्, तब तँलाई जुन काम गर्ने कर्तव्य दिइएको छ त्यो गर्न तँ असक्षम हुनु हुँदैन। त्यो धेरै दुःखलाग्दो कुरा हुनेछ! भविष्यमा, जब सुसमाचार फैलाइन्छ, तैँले आफ्नै ज्ञानको कुरा गर्न सक्षम हुनुपर्दछ, तैँले आफ्नो हृदयमा प्राप्त गरेका सबै कुराहरूको गवाही दिनुपर्छ, र कुनै पनि कोसिस बाँकी राख्नुहुँदैन। सृष्टि गरिएको प्राणीले प्राप्त गर्नु पर्ने कुरा यही हो। परमेश्‍वरको कामको यस चरणको वास्तविक महत्त्व के हो? यसको प्रभाव के हो? र मानिसमा यो कतिसम्म अघि बढाइन्छ? मानिसहरूले के गर्नुपर्छ? जब तिमीहरूले देहधारी परमेश्‍वरले संसारमा आउनुभएपछि गर्नुभएका सबै कामहरूको बारेमा स्पष्ट बताउन सक्छौ, तब तिमीहरूको गवाही पूर्ण हुनेछ। जब तैँले यी पाँच वटा कुरा स्पष्ट रूपमा बताउन सक्छस्: उहाँको कामको महत्त्व; त्यसको विषयवस्तुहरू; त्यसको सार; त्यसले प्रतिनिधित्व गर्ने स्वभाव र त्यसका सिद्धान्तहरू, तब त्यसले तँ परमेश्‍वरको गवाही दिन सक्षम छस्, र तँमा साँच्चै ज्ञान छ भन्‍ने प्रमाण दिन्छ। मैले तिमीहरूबाट गरेका मागहरू अति उच्च छैनन्, र जो वास्तविक खोजीमा छन् तिनीहरूले त्यो प्राप्त गर्न सक्छन्। यदि तैँले परमेश्‍वरका गवाहीहरूमध्ये एक बन्‍ने संकल्प गर्छस् भने, परमेश्‍वरले कुन कुरालाई घृणा गर्नुहुन्छ र कुन कुरालाई प्रेम गर्नुहुन्छ सो तैँले बुझ्नैपर्छ। तैँले उहाँका धेरै कामहरूको अनुभव गरेको छस्; यस कामद्वारा तैँले उहाँको स्वभाव जान्‍नुपर्छ, उहाँको इच्छा र मानव जातिसँग उहाँले गर्नुभएको मागलाई बुझ्नुपर्छ र उहाँको गवाही दिन र तेरो कर्तव्य पूरा गर्न तैँले त्यो ज्ञानको प्रयोग गर्नुपर्दछ। तैँले यसो मात्रै भन्‍न सक्छस्: "हामी परमेश्‍वरलाई चिन्छौँ। उहाँको न्याय र सजाय धेरै कठोर छन्। उहाँका वचनहरू अति कठोर छन्; ती धर्मी र प्रतापी छन्, र तिनलाई कुनै पनि मानिसले उल्लङ्घन गर्न सक्दैनन्," तर के यी वचनहरूले आखिरमा मानिसका लागि प्रबन्ध गर्दछन्? मानिसहरूमा तिनको प्रभाव कस्तो हुन्छ? न्याय र सजायको यो काम तेरो लागि सबैभन्दा फाइदाजनक छ भनी के तँलाई साँच्चै थाहा छ? परमेश्‍वरको न्याय र सजायले तेरो विद्रोहीपन र भ्रष्टतालाई खुलासा गर्दैछन्, होइन र? तिनले तँभित्रका घिनलाग्दा र भ्रष्ट थोकहरूलाई सफा गर्न र निकाल्न सक्छन्, के सक्दैनन् र? यदि कुनै न्याय र सजाय नभएको भए, तँ कस्तो हुनेथिइस् होला? शैतानले तँलाई अति गहन हदसम्म भ्रष्ट

पारेको छ भन्ने कुरालाई के तैँले साँच्चै बुझ्न सक्छस्? आज, तिमीहरूले आफैलाई यी कुराहरूले सुसज्जित पार्नुपर्छ र ती कुरालाई राम्ररी जान्नुपर्छ।

वर्तमान समयमा परमेश्वरमाथि विश्वास गर्नु तिमीहरूले कल्पना गरेको जस्तो–अर्थात् परमेश्वरको वचन पढ्नु, प्रार्थना गर्नु, भजन गाउनु, नाच्नु, आफ्नो कर्तव्य पूरा गर्नु र सामान्य मानवताको जीवन जिउनु होइन। के विश्वास गर्नु साँच्चै त्यत्ति सजिलो हुनसक्छ? परिणामहरू मुख्य कुरा हुन्। तँसँग कामहरू गर्ने तरिकाहरू कति वटा छन् त्यो महत्त्वपूर्ण होइन; तैँले कस्तो प्रकारले सर्वोत्तम नतिजा प्राप्त गर्न सक्छन् त्यो महत्त्वपूर्ण हुन्छ। हुन सक्छ, तैँले परमेश्वरका केही वचनहरूलाई पालन गर्न सक्छस् र तेरा केही ज्ञानको बारेमा व्याख्या गर्न सक्छस्, तर जब तँ तिनलाई पन्साउँछस्, तँसँग भन्नुपर्ने केही पनि हुँदैन। यसैबाट तँ अक्षरहरू र सिद्धान्तहरूको कुरा गर्न सक्छस्, तर तँमा अनुभवको ज्ञानको कमी छ भन्ने प्रमाणित हुन्छ। आज, यदि तँ महत्त्वपूर्ण कुरा बुझ्न असफल भइस् भने यसले काम गर्नेछैन–यो वास्तविकतामा प्रवेश गर्नका निम्ति अति नै महत्त्वपूर्ण हुन्छ! आफैलाई यसरी तालिम दिन सुरु गर्: पहिलो, परमेश्वरका वचनहरू पढ्; तिनमा भएका आत्मिक शब्दहरूलाई राम्ररी जान्; तीभित्र रहेको मुख्य दर्शनहरूको खोजी गर्; अभ्याससँग सम्बन्धित भागहरूलाई पहिचान गर्; यी सबै कुरालाई एक-एक गर्दै एकसाथ मिला; तेरो अनुभवभित्र रही तिनमा प्रवेश गर; तैँले बुझ्नैपर्ने महत्त्वपूर्ण कुराहरू यिनै हुन्। परमेश्वरका वचनहरू खाँदा र पिउँदा पूरा गर्नुपर्ने सबैभन्दा महत्त्वपूर्ण अभ्यास भनेको यही हो: परमेश्वरका वचनहरूको एउटा अध्याय पढिसकेपछि तैँले दर्शनहरूसित सम्बन्धित मुख्य भागहरूलाई पत्ता लगाउन सक्नुपर्छ, र तैंले अभ्याससित सम्बन्धित मुख्य भागहरूलाई पनि चिन्न सक्नुपर्छ; दर्शनलाई जगको रूपमा प्रयोग गर्, र अभ्यासलाई तेरो जीवनको मार्गदर्शकको रूपमा प्रयोग गर्। तिमीहरूमा धेरै अभाव हुने र तिमीहरूका निम्ति सबैभन्दा कठिन कुराहरू यिनै हुन्; आफ्नो हृदयमा तिमीहरू वास्तवमा ती कुरामा बिरलै ध्यान दिन्छौ। सामान्यतया, तिमीहरू सबै आलस्य, प्रेरणा नपाएको, कुनै पनि व्यक्तिगत बलिदान गर्न अनिच्छुक अवस्थामा हुन्छौ; वा तिमीहरू निष्क्रियतासाथ पर्खन्छौ, र कतिले त गुनासो पनि गर्छौ; तिनीहरू परमेश्वरको कामका लक्ष्यहरू र महत्त्वलाई बुझ्दैनन्, र सत्यताको पछि लाग्नु तिनीहरूलाई कठिन हुन्छ। त्यस्ता मानिसहरू सत्यतालाई घृणा गर्छन् र अन्त्यमा तिनीहरूलाई हटाइनेछ। तिनीहरूमध्ये कसैलाई पनि सिद्ध बनाउन सकिँदैन, र कोही पनि जीवित रहन सक्दैन। यदि मानिसहरूमा शैतानका शक्तिहरूको विरोध गर्ने थोरै पनि संकल्प छैन भने तिनीहरूका निम्ति कुनै आशा हुँदैन!

अब, तिमीहरूको खोजी प्रभावकारी भएको छ वा छैन त्यसको नाप तिमीहरूमा अहिले जे छ त्यसद्वारा गरिन्छ। तिमीहरूको परिणाम निर्धारण गर्न यही कुरा प्रयोग गरिन्छ; भन्नुको अर्थ तिमीहरूको परिणाम तिमीहरूले गरेका बलिदानहरूमा र तिमीहरूले गरेका कामहरूमा प्रकट गरिन्छ। तिमीहरूको नतिजा तिमीहरूको खोजी, तिमीहरूको विश्वास र तिमीहरूले जे गरेका छौ त्यसद्वारा प्रकट गराइनेछ। तिमीहरू सबैमध्ये धेरै जना यस्ता छन् जो पहिलेबाटै मुक्तिभन्दा धेरै पर छन्, किनकि आजको दिन मानिसका परिणामहरू प्रकट गर्ने दिन हो, र म मेरो काममा अस्तव्यस्त दिमाग भएको व्यक्ति हुनेछैन; मुक्तिबाट पूर्ण रूपमा पछि हुनेहरूलाई म अर्को युगमा डोऱ्याउनेछैनँ।

एउटा यस्तो समय आउनेछ जब मेरो काम समाप्त हुन्छ। म ती दुर्गन्धित, आत्माविहीन लासहरूमा काम गर्नेछैनँ जसलाई पटक्कै मुक्ति दिन सकिँदैन। मानिसको मुक्तिका आखिरी दिनहरू अहिले नै हो, र म व्यर्थको काम गर्नेछैन। स्वर्ग र पृथ्वीको विरुद्ध निन्दा नगर–संसारको अन्त्य आउँदैछ। यो अपरिहार्य छ। स्थिति यस अवस्थामा आइपुगेको छ, र मानव जातिको रूपमा त्यसलाई रोक्नको लागि तैँले गर्न सक्ने कुनै कुरा छैन; तैँले आफ्नो इच्छाअनुसार स्थिति बदल्न सक्दैनस्। हिजो, तैँले सत्यको पछि लाग्न मूल्य चुकाएनस् र तँ बफादार थिएनस्; आज समय आएको छ, तँ मुक्तिभन्दा बाहिर छस्; अनि भोलि तँलाई हटाइनेछ, र तेरो मुक्तिको लागि कुनै उपमार्ग हुनेछैन। मेरो मुटु नरम छ र मैले तँलाई बचाउन यथासक्दो गर्दैछु तैपनि, यदि तैँले आफ्नो तर्फबाट कोसिस गर्दैनस् वा आफ्नै लागि केही विचार गर्दैनस् भने, त्योसँग मेरो के सरोकार हुन्छ र? जसले आफ्नो देहको बारेमा मात्र सोच्छ र आराम-सुविधा उपभोग गर्छ; जसले विश्वास गरेकोजस्तो देखिन्छ तर वास्तवमा विश्वास गरेका हुँदैनन्, जो खराब औषधी र मन्त्रतन्त्रमा लागेका हुन्छन्, जो व्यभिचारी, भ्रष्ट र थाङ्ने छन्, जसले यहोवालाई चढाइएका बलिहरू र उहाँका सम्पत्तिहरू चोर्छन्, जसले घूसहरू मन पराउँछन्, जसले केही नगरिकन स्वर्गमा उक्लने सपना देख्छन्, जो घमण्डी र अहङ्कारी छन्, जसले व्यक्तिगत ख्याति र सम्पत्ति मात्र पाउने प्रयास गर्दछन्; जसले अशिष्ट वचनहरू फैलाउँछन्; जसले स्वयम् परमेश्‍वरको निन्दा गर्छन्, जसले केही गर्दैनन् तर स्वयम् परमेश्‍वरको विरुद्ध दोष लाउँछन् र उहाँको गिल्ला गर्छन्; जसले समूहहरू बनाउँछन् र स्वतन्त्रताको खोजी गर्छन्; जसले आफूलाई परमेश्‍वरभन्दा माथि उठाउँछन्; ती अगम्भीर युवाहरू, प्रौढहरू र वृद्ध-वृद्धा पुरुष र महिलाहरू, जो व्यभिचारमा फसेका छन्; ती पुरुष र स्त्रीहरू जो व्यक्तिगत ख्याति र भाग्यमा आनन्द लिन्छन् र अरूको बीचमा व्यक्तिगत प्रतिष्ठाको पछि लाग्छन्, ती अपश्‍चात्तापी मानिसहरू जो पापमा फसेका छन्–के तिनीहरू सबै मुक्ति पाउनदेखि बाहिर छैनन् र? व्यभिचार, पापी अवस्था, खराब औषधी, मन्त्रतन्त्र, अपवित्रता र अशिष्ट वचनहरू सबैले तिमीहरूको माझमा दङ्गा मच्चाउँछन्; र तिमीहरूको माझमा सत्यता र जीवनका वचनहरू कुल्चिइन्छ र तिमीहरूको माझमा पवित्र भाषालाई अशुद्ध पारिएको छ। तिमी अन्यजातिहरू, फोहोर र अनाज्ञाकारिताले फुलिएका छौ! तिमीहरूको अन्तिम परिणाम के हुनेछ? जसले देहलाई प्रेम गर्दछन्, जसले देहको मन्त्रतन्त्र गर्दछन् र जो व्यभिचारको पापमा फसेका छन् तिनीहरूसँग जीवित रहने साहस कसरी हुन सक्छ! के तिमीलाई थाहा छैन, कि तिमीहरूजस्ता मानिसहरू मुक्ति पाउनै नसक्ने कीराहरू हौ? तिमीहरूलाई यो र त्यो माग गर्ने अधिकार कुन कुराले दिन्छ? आजको मितिसम्म, सत्यलाई प्रेम नगर्नेहरू र केवल देहलाई प्रेम गर्नेहरूमा अलिकता पनि परिवर्तन आएको छैन–त्यस्ता मानिसहरूले कसरी मुक्ति पाउन सक्छन्? जसले जीवनको मार्गलाई प्रेम गर्दैनन्, जसले परमेश्‍वरलाई उच्च पार्दैनन् र उहाँको गवाही दिँदैनन्, जसले आफ्नै प्रतिष्ठाका लागि युक्ति रच्छन्, जसले आफ्नै गुणगान गर्दछन्–के तिनीहरू आज पनि त्यस्तै छैनन् र? तिनीहरूलाई मुक्ति दिनुको मूल्य के छ र? तैँले मुक्ति पाउन सक्छस् कि सक्दैनस् भन्ने कुरा तेरो वरिष्ठता वा तैँले कति वर्षदेखि काम गर्दै आएको छस् भन्ने कुरामा निर्भर हुँदैन, र यो तैँले कति वटा योग्यता-प्रमाणहरू निर्माण गरेको छस् भन्ने कुरामा त झनै कम निर्भर हुन्छ। बरु, यो त तेरो खोजीले फल फलाएको छ कि छैन

भन्ने कुरामा निर्भर हुन्छ। तैँले यो जान्नु पर्दछ, जसलाई मुक्ति दिइएको छ तिनीहरू फल फलाउने "रूखहरू" हुन्, रमणीय पातहरू र प्रशस्त फूलहरू मात्र भएको तर फल नफल्ने रूखहरू होइनन्। यदि तैँले धेरै वर्ष सडकहरूमा घुमेर बिताएका छस् भने पनि, त्यसको के मतलब हुन्छ र? तेरो गवाही कहाँ छ? परमेश्‍वरप्रतिको तेरो आदर आफैप्रतिको तेरो प्रेम र तेरा कामुक अभिलाषाहरूभन्दा धेरै कम छ–के यस किसिमको मानिस पतित होइन र? तिनीहरू कसरी मुक्तिका नमूना र आदर्श बन्न सक्छन्? तेरो प्रकृति सुधार्न नसकिने छ, तँ अत्यन्तै विद्रोही छस्, तैँले मुक्ति पाउन सक्दैनस्। के यस्तै मानिसहरू ती होइनन् जसलाई हटाइनेछ? के मेरो काम समाप्त हुने समय तिमीहरूको अन्तिम दिन आउने समय होइन र? मैले तिमीहरूको माझमा धेरै काम गरेको छु र धेरै वचनहरू बोलेको छु–तीमध्ये कति साँच्चै तिमीहरूका कानभित्र पसेका छन्? तीमध्ये कति तिमीहरूले पालन गरेका छौ? जब मेरो काम समाप्त हुन्छ, त्यो यस्तो समय हुनेछ जब तैँले मेरो विरोध गर्न छोड्नेछस्, जब तँ मेरो विरुद्धमा खडा हुन छोड्नेछस्। जब म काम गर्छु, तिमीहरू निरन्तर मेरो विरुद्धमा काम गर्दछौ; तिमीहरू कहिल्यै पनि मेरा वचनहरूको पालन गर्दैनौ। म मेरो काम गर्दछु, र तँ तेरो आफ्नै "काम" गर्छस्, र आफ्नै सानो राज्य बनाउँछस्। तिमीहरू स्यालहरू र कुकुरहरूको झुन्ड बाहेक अरू केही होइनौ, जसले सबै कुरा मेरो विरुद्धमा गर्दछ! तिमीहरू निरन्तर तिनीहरूलाई आफ्नो अङ्गालोमा ल्याउने कोसिस गर्छौ जसले तिमीहरूलाई आफ्नो अविभाजित प्रेम दिन्छन्–तिमीहरूको आदर कहाँ छ? तिमीहरूले गर्ने सबै कुरा छली हुन्छन्! तिमीहरूसँग कुनै आज्ञाकारीता वा आदर छैन, र तिमीहरूले गर्ने सबै कुरा छली र निन्दापूर्ण छन्! के त्यस्ता मानिसहरूले मुक्ति पाउन सक्छन्? यौन रूपमा अनैतिक र कामुक पुरुषहरू सधैँ उनीहरूका आफ्नै आनन्दका निम्ति उत्ताउली वेश्याहरूलाई आकर्षित गर्न चाहन्छन्। म त्यस्ता यौन अनैतिक भूतात्माहरूलाई पटक्कै मुक्ति दिनेछैनँ। म तिमी फोहोर भूतात्माहरूलाई घृणा गर्छु र तिमीहरूका कामुकता र उत्ताउलोपनले तिमीहरूलाई नरकमा डुबाउनेछ। तिमीहरूको आफ्नै बारेमा तिमीहरूको भनाइ के छ? तिमी फोहोर भूतात्माहरू र दुष्टात्माहरू घृणित छौ! तिमीहरू घिनलाग्दा छौ! यस्तो फोहोरलाई कसरी मुक्ति दिन सकिन्छ र? के पापमा फस्नेहरूलाई अझै मुक्ति दिन सकिन्छ? आज, यो सत्यले, यो मार्गले र यो जीवनले तिमीहरूलाई आकर्षित गर्दैन; बरु, तिमीहरू पापीपन; प्रतिष्ठा; ख्याति र प्राप्तितिर; देहका मनोरञ्जनतिर, पुरुषको सुन्दरता र स्त्रीको आकर्षणतिर आकर्षित छौ। कुन कुराले तिमीहरूलाई मेरो राज्यमा प्रवेश गर्ने योग्यको बनाउँछ? तिमीहरूको तस्विर परमेश्‍वरको भन्दा अझ ठूलो छ, तिमीहरूको प्रतिष्ठा परमेश्‍वरको भन्दा पनि उच्च छ, मानिसहरूको माझमा तिमीहरूका इज्जतको त झन् कुरै नगरौँ–तिमीहरू एउटा मूर्ति बनेका छौ जसलाई मानिसहरूले पूजा गर्छन्। के तँ प्रधान स्वर्गदूत बनेको छैनस् र? जब मानिसहरूका परिणामहरूलाई प्रकट गरिन्छ, जुन बेला मुक्तिको कामको पनि अन्त्य नजिकै आइपुगेको हुन्छ, त्यस बेला तिमीहरूमध्ये धेरै जना मुक्ति पाउन नसक्ने र नष्ट पारिनु पर्ने लासहरू भइसकेका हुनेछौ। मुक्तिको कामको बेला, म सबै मानिसहरूप्रति दयालु र भलो हुन्छु। जब काम समाप्त हुन्छ, विभिन्न प्रकारका मानिसहरूका परिणामहरू प्रकट हुनेछन्, र त्यस बेला म उप्रान्त दयालु र भलो हुनेछैन, किनकि मानिसहरूका नतिजाहरू प्रकट भइसकेका हुनेछन्, र तिनीहरू प्रत्येक आ-आफ्नो प्रकारअनुसार वर्गीकृत भइसकेका

हुनेछन्, र अझ थप मुक्तिको काम गर्नुको कुनै फाइदा हुनेछैन, किनकि मुक्तिको युग बितिसकेको हुनेछ, र बितिसकेको हुनाले त्यो फर्कनेछैन।

## अभ्यास (८)

तिमीहरूले अझै पनि सत्यका विभिन्न पक्षहरूलाई बुझ्दैनौ, र तिमीहरूको अभ्यासमा अझै पनि केही त्रुटिहरू र अस्थिरताहरू छन्; धेरै वटा क्षेत्रहरूमा, तिमीहरू आफ्ना धारणाहरू र कल्पनाहरू अनुसार जिउँछौ, अभ्यासका सिद्धान्तहरू कहिल्यै पनि बुझ्न सक्दैनौ। यसैले अझै पनि मानिसहरूलाई सही मार्गमा प्रवेश गराउनका निम्ति मार्गनिर्देशन गर्नु आवश्यक छ; अर्को शब्दमा, यसैले कि उनीहरूले आफ्नो मानवीय र आत्मिक जीवन संचालन गर्न सकून्, दुवै पक्षको अभ्यास गर्न सकून्, र यसरी उनीहरूलाई बारम्बार सहयोग वा मार्गनिर्देशन गर्न नपरोस्। तब मात्र तिनीहरूसँग साँचो कद हुनेछ। अनि भविष्यमा तँलाई मार्गनिर्देशन गर्ने कोही छैन भने पनि, तँ आफैले अनुभव गर्न सक्नेछस्। आज, यदि तैँले सत्यको कुन पक्षहरू महत्त्वपूर्ण छन् र कुन छैनन् भनी बुझिस् भने, तँ भविष्यमा वास्तविकतामा प्रवेश गर्न सक्नेछस्। आज, तिमीहरू सही मार्गमा डोऱ्याइँदैछौ, तिमीहरूलाई धेरै सत्यताहरू बुझ्न दिइएको छ, र भविष्यमा तिमीहरू अझ गहिराइमा जान सक्नेछौ। यो भन्न सकिन्छ, कि अहिले मानिसहरूलाई जे बुझ्न दिइँदैछ त्यो नै शुद्ध तरिका हो। आज, तँलाई सही मार्गमा डोऱ्याइँदैछ—र एक दिन, तँलाई मार्गनिर्देशन गर्ने कोही नहुँदा पनि तैँले अभ्यास गर्नेछस् र सबैभन्दा शुद्ध मार्गअनुसार अझ गहिराइमा बढ्नेछस्। आज, मानिसहरूलाई कुन प्रकारका अभ्यासहरू सही र कुन अस्थिर छन् भनेर बुझ्न दिइएको छ। यी कुराहरू बुझिसकेपछि, भविष्यमा उनीहरूका अनुभवहरू अझ गहिरो हुनेछन्। आज, तिमीहरूको अभ्यासमा धारणाहरू, कल्पनाहरू र अस्थिरताहरू उल्टिँदैछन्, अनि अभ्यास र प्रवेशको मार्ग तिमीहरूलाई प्रकट गरिँदैछ, त्यसपछि कामको यो चरण समाप्त हुनेछ, र तिमीहरू त्यो बाटोमा हिँड्न थाल्नेछौ जुन बाटोमा मानवजाति हिँड्नुपर्छ। तब मेरो काम समाप्त हुनेछ, र त्यस बिन्दुबाट अगि तिमीहरूले मलाई फेरि भेट्ने छैनौ। आज, तिमीहरूको कद अझै पनि सानो छ। मानिसको प्रकृति सारबाट उत्पन्न हुने कठिनाइहरू धेरै छन्, र त्यसरी नै गहिरो जरा गाडेका केही कुराहरू छन् जसलाई अझै खोतल्नु बाँकी नै छ। तिमीहरूले मानिसहरूको प्रकृति सारको अझ उत्तम विवरणहरूलाई बुझ्दैनौ, र ती देखाउन अझै पनि तिमीहरूलाई मेरो आवश्यकता पर्छ, नत्र तिमीहरूले ती कुराहरू बुझ्न सक्नेछैनौ। एक निश्चित बिन्दुमा जब तिमीहरूको हड्डी र रगत भित्रका कुराहरू प्रकट हुन्छन्, यही कुरालाई नै सजाय र न्याय भनिन्छ। जब मेरो काम पूर्ण र सम्पूर्ण रूपमा सम्पन्न हुन्छ तब मात्र म यसलाई समाप्त गर्नेछु। तिमीहरूका भ्रष्ट सारलाई जति गहन रूपले प्रकट गरिन्छ, तिमीहरूले उति नै बढी ज्ञान पाउनेछौ, र यो तिमीहरूको भविष्यको गवाही र सिद्धताका लागि ठूलो महत्त्वको हुनेछ। जब सजाय र न्यायको कामलाई सम्पूर्ण रूपले राम्ररी सम्पन्न गरिसकेपछि मात्र मेरो काम पूरा हुनेछ, र तिमीहरूले मेरो सजाय र न्यायद्वारा मलाई जान्नेछौ। तिमीहरूले मेरो स्वभाव र धार्मिकतालाई मात्र होइन, तर सबैभन्दा महत्त्वपूर्ण कुरा तिमीहरूले मेरो सजाय र

न्यायलाई जान्नेछौ। तिमीहरूमध्ये धेरै जनामा मेरो कामको विवरणको नयाँपन र स्तरको बारेमा ठूलो धारणा छ। जेसुकै भए पनि, तिमीहरूले यो बुझ्नुपर्छ, कि मेरो काम नयाँ र विस्तृत छ, र म तिमीहरूको हात समातेर तिमीहरूलाई आमनेसामने अभ्यास गर्न सिकाउँछु। यो तिमीहरूको अभ्यास र भविष्यमा स्थिर रहन तिमीहरूको क्षमताका लागि फाइदाजनक छ; अन्यथा, तिमीहरू शरद ऋतुका पातहरू जस्तो हुनेछौ, ओइलाउँछौ, पहेँलिन्छौ र सुक्खा हुन्छौ, कुनै मूल्यविनाका हुन्छौ। तिमीहरूले यो जान्नुपर्छ, कि म तिमीहरूका हृदय र आत्माका सबै कुरा जान्दछु; र तिमीहरूले यो जान्नुपर्छ कि मैले गर्ने काम र मैले बोल्ने वचनहरू अत्यन्तै जटिल छन्। तिमीहरूलाई तिमीहरूका स्वभाव र क्षमताको आधारमा, व्यवहार गर्नुपर्छ। यसरी मात्र मेरो सजाय र न्यायको बारेमा तिमीहरूको ज्ञान अझ स्पष्ट हुन्छ, र आज तिमीहरूले जानेनौ भने पनि भोलि जान्नेछौ। सृष्टि गरिएको कुनै पनि प्राणी मेरो सजाय र न्यायका वचनहरूमा पर्नेछ, किनकि कुनै मानिसले मेरो विरोध गरेको म सहँदिन।

तिमीहरू सबै आफ्नो जीवन उचित रूपले संचालन गर्न सक्ने हुनुपर्छ। तिमीहरूले हरेक दिन आफ्नो चाहनाअनुसार व्यवस्थित गर्न सक्छौ; तिमीहरू आफूलाई जे मन पर्छ त्यो गर्न स्वतन्त्र छौ; तिमीहरू परमेश्‍वरका वचनहरू पढ्न, भजनहरू वा प्रवचनहरू सुन्न सक्छौ, वा उपासनाका टिप्पणीहरू लेख्न सक्छौ; र यदि तिमीहरूलाई रुचि छ भने तिमीहरू भजन पनि लेख्न सक्छौ। के यी सबैद्वारा उपयुक्त जीवन बन्दैन र? यी सबै कुराहरूले नै मानव जीवन बनेको हुनुपर्छ। मानिसहरू स्वाभाविक रूपमा जिउनुपर्छ; जब तिनीहरूले आफ्नो सामान्य मानवता र आफ्नो आत्मिक जीवन, दुवैमा फल फलाउँछन् तब मात्र तिनीहरू सामान्य जीवनमा प्रवेश गरेका छन् भन्ने मान्न सकिन्छ। आज, तँसित मानवताको सम्बन्धमा मात्र अन्तर्दृष्टि र विवेकको कमी छ भन्ने होइन। मानिसहरू सुसज्जित हुनुपर्ने धेरै दर्शनहरू छन् भनी जान्नुपर्छ, र तैँले जुनसुकै पाठ सिके पनि त्यो तैँले सिक्नुपर्ने पाठ नै हो; तँ वातावरणसँग मिल्दो हुन सक्ने हुनुपर्छ। फलदायी हुनका निम्ति तेरो शिक्षाको स्तर बढाउने कार्य लामो समयसम्म गर्नुपर्छ। सामान्य मानव जीवनका निम्ति तैँले आफैलाई सुसज्जित पार्नुपर्ने केही कुरा छन्, र तैँले जीवनमा आफ्नो प्रवेशलाई पनि बुझ्नुपर्छ। आज, तैँले परमेश्‍वरका वचनहरू फेरि पढेर धेरै बुझेको छस्—जुन तैँले त्यति बेला बुझिनस्, र अहिले तेरो हृदय धेरै स्थिर भयो। यी पनि तैँले कमाएका परिणामहरू नै हुन्। जुन दिन तँ परमेश्‍वरका वचनहरू खान्छस् र पिउँछस्, र तँभित्र थोरै बुझाइ हुन्छ, तब तैँले आफ्ना दाजुभाइ र दिदी-बहिनीहरूसँग यस बारेमा खुलस्त कुराकानी गर्न सक्छस्। के तँमा हुनुपर्ने जीवन यही नै होइन र? कहिलेकहीँ, केही प्रश्‍नहरू उठाइन्छ, वा तँ एउटा विषयमाथि चिन्तन गर्छस्, र त्यसले तँलाई भेदशक्तिमा अझ राम्रो बनाउँदछ, र तँलाई अझ बढी अन्तर्दृष्टि र बुद्धि दिन्छ, तँलाई केही सत्यताहरू बुझ्ने तुल्याउँछ—र के यो आज बताइएको आत्मिक जीवनभित्र समावेश कुरा होइन र? आत्मिक जीवनको एक पक्षलाई मात्र अभ्यास गर्ने कुरा स्वीकार्य हुँदैन; परमेश्‍वरको वचन खानु र पिउनु, प्रार्थना गर्नु र भजनहरू गाउनु यी सबैद्वारा आत्मिक जीवन बन्दछ, र जब तँसित आत्मिक जीवन हुन्छ, तब तँसित सामान्य मानवताको जीवन पनि हुनुपर्दछ। आज, भनिएका धेरै कुराहरू मानिसहरूलाई तर्कशक्ति र अन्तर्दृष्टि दिनका लागि हो, तिनीहरूलाई सामान्य

मानवताको जीवन प्रदान गराउनको लागि हो। अन्तर्दृष्टि हुनु भनेको के हो; सामान्य पारस्परिक सम्बन्धहरू हुनु भनेको के हो; तैँले मानिससँग कसरी कुराकानी गर्नुपर्दछ—तैँले परमेश्‍वरका वचनहरू खाएर अनि पिएर आफैलाई यी कुराहरूद्वारा सुसज्जित पार्नुपर्छ, र तँबाट जे माग गरिएको छ त्यो मानवताद्वारा प्राप्त गर्न सकिन्छ। आफैलाई ती कुराहरूद्वारा सुसज्जित पार् जसद्वारा तँ सुसज्जित हुनुपर्छ, र जे उचित छ त्योभन्दा बढी नगर्; केही मानिसहरूले सबै किसिमका शब्दहरू र शब्दावलीहरूको प्रयोग गर्दछन्, र यसमा उनीहरूले आफ्नो आकर्षण देखाउँछन्। र अरू सबै प्रकारका पुस्तकहरू पढ्छन्, जसद्वारा उनीहरू शरीरका अभिलाषाहरूमा लिप्त हुन्छन्। तिनीहरू संसारका तथाकथित महान् व्यक्तिहरूका जीवनीहरू र भनाइहरू अध्ययन गर्छन् र तिनका अनुकरण गर्छन्, र अश्‍लील सामग्रीहरू पढ्छन्—यो अझ बढी हाँसउठ्दो कुरा हो! यस्ता मानिसहरूले जीवनमा प्रवेश गर्ने बाटो जानेका हुँदैनन्, परमेश्‍वरको आजको कामको बारेमा जान्नु त परै जाओस्। हरेक दिन कसरी बिताउने भन्ने कुरा समेत तिनीहरू जान्दैनन्। उनीहरूका जीवनको शून्यता यस्तै हुन्छ! उनीहरू कुन कुरामा प्रवेश गर्ने भनेर तिनीहरू पूर्णतया अनजान छन्। तिनीहरू एक-अर्कसँग बातचित र कुराकानी मात्र गर्छन्, मानौं कुराकानी भनेको उनीहरूको आफ्नै प्रवेशको प्रतिस्थापन हो। के तिनीहरूसँग लाज छैन? यी त्यस्ता मानिसहरू हुन् जसले कसरी जिउनुपर्छ भनी जान्दैनन्, र जसले मानव जीवनलाई बुझ्दैनन्; तिनीहरूले दिनभरि आफ्नो अनुहारहरू निराशाले भर्छन्, र व्यर्थका कुराहरू गर्छन्—यस प्रकारको जिउनुको अर्थ के हुन्छ? मैले देखेको छु, कि धेरै जना मानिसहरू खानपान गर्नु र लुगाफाटो लगाउनुबाहेक तिनीहरूको बहुमूल्य समय अर्थहीन कार्यहरूमा लगाउँछन्, चाहे यो ख्यालठट्ठा र मूर्खतापूर्ण कुराहरू गर्ने, निन्दा-चर्चा गर्ने कार्य होस् वा दिनभरि सुतिरहने होस्। के यो सन्तको जीवन हो? के यो सामान्य मानिसको जीवन हो? के यस्तो जीवनले तँलाई सिद्ध बनाउँछ, जब कि यो सुस्त, पछिल्तिर लैजाने र उदासीन छ? के तँ बिनसित्ति आफैलाई शैतानको हातमा गुमाउन इच्छुक छस्? जब मानिसहरूको जीवन सहज हुन्छ, र तिनीहरूको वातावरणमा कुनै कष्ट हुँदैन, तिनीहरू अनुभव गर्न असमर्थ हुन्छन्। आरामदायक वातावरणमा, मानिसहरू भ्रष्ट हुनु सजिलो हुन्छ—तर प्रतिकूल वातावरणले तँलाई ठूलो आतुरीको साथ प्रार्थना गर्ने बनाउँछ, र तँलाई यस्तो बनाउँछ कि तँ परमेश्‍वरलाई छाड्ने आँट गर्दैनस्। मानिसहरूको जीवन जति सजिलो र बोधो हुन्छ, त्यत्ति नै बढी उनीहरू जिउनुको कुनै अर्थ छैन भन्ने महसुस गर्छन्, र उनीहरूलाई बरु मर्नु राम्रो हुन्छ भन्ने समेत लाग्छ। मानिसको देह यति भ्रष्ट छ; तिनीहरू परीक्षामा परे भने मात्र तिनीहरूलाई फाइदा हुन्छ।

येशूको कामको त्यो चरण यहूदिया र गालीलमा गरिएको थियो, र अन्यजातिहरूलाई त्यसबारे केही थाहा थिएन। उहाँले गर्नुभएको काम अत्यन्त गोप्य थियो, र इस्राएल बाहेक अरू कुनै देशलाई त्यो थाहा थिएन। जब येशूले आफ्नो काम पूरा गर्नुभयो र यसको बारेमा थाहा पाएपछि त्यसले खैलाबैला मच्चायो, अनि त्यो बेला उहाँ जानुभयो। येशू कामको एक चरण गर्न आउनुभयो, केही मानिसहरूलाई प्राप्त गर्नुभयो, र एक चरणको काम पूरा गर्नुभयो। परमेश्‍वरको कामको जुन-सुकै चरणमा पनि उहाँलाई पछ्याउनेहरू धेरै हुन्छन्। यदि त्यो परमेश्‍वर आफैले मात्र गर्नुभयो भने, यो अर्थहीन हुनेथियो; परमेश्‍वरको कामको त्यो चरण टुङ्गोमा नपुगिन्जेल उहाँलाई पछ्याउने मानिसहरू

हुनुपर्छ। जब परमेश्‍वरको आफ्नै काम पूरा हुन्छ तब मात्र मानिसहरूले परमेश्‍वरद्वारा अह्राइएको काम गर्न थाल्छन्, त्यसपछि मात्र परमेश्‍वरको काम फैलिन थाल्छ। परमेश्‍वरले एउटा नयाँ युगतिर डोऱ्याउने काम मात्र गर्नुहुन्छ; मानिसको काम भनेको त्यसलाई अगाडि बढाउनु हो। यसैले, आजको काम धेरै लामो समयसम्म चल्दैन; मानिससँगको मेरो जीवन धेरै लामो समयसम्म रहँदैन। म केवल मेरो काम पूरा गर्दछु, र तिमीहरूलाई त्यो काम गर्न लगाउँछु, जुन तिमीहरूले गर्नुपर्छ, यसैले कि यो काम र यो सुसमाचार अन्यजातिहरू र अन्य राष्ट्रहरू माझ सकेसम्म छिटो फैलियोस्– त्यसरी मात्र तिमीहरूले मानिसको रूपमा रहेको आफ्नो कर्तव्य पूरा गर्न सक्नेछौ। आजको समय सबैभन्दा मूल्यवान् छ। यदि तैँले यसलाई बेवास्ता गरिस् भने, तँ मूर्ख होस्; यदि, यस वातावरणमा, तैँले यी वचनहरू खाइस् र पिइस् भने र यो कामको अनुभव गरिस् भने, र अझै पनि तँमा सत्यताको पछि लाग्ने दृढताको कमी हुन्छ भने, र तैँले अलिकति पनि बोझ महसुस गर्दैनस् भने– तेरो भविष्य के होला? के तँजस्तो व्यक्ति हटाइन लायकको हुँदैन र?

# इस्राएलीहरूले जस्तै सेवा गर्

आजभोलि धेरै मानिसहरूले अरूसित सहकार्य गर्दा के-कस्ता पाठहरू सिक्नुपर्छ भनेर ध्यान दिँदैनन्। तिमीहरूमध्ये धेरैले अरूसित सहकार्य गर्दा पाठहरू सिक्न सक्दैनौ भनेर मैले पत्ता लगाएको छु; तिमीहरूमध्ये धेरै जना तिमीहरूका आफ्नै विचारहरूमा लागिरहन्छौ। मण्डलीमा काम गर्दा, तँ आफ्नो विचार पोख्छस् अनि अरू कसैले तिनीहरूका आफ्नै विचारहरू पोख्छन्, अनि एउटाको अर्कोसित कुनै सम्बन्ध हुँदैन; तिमीहरूले वास्तवमा केही सहकार्य नै गर्दैनौ। सानो मात्रामा नै भएपनि जीवनको खोजी नगरिकन तिमीहरू सबै केवल आफ्नै अन्तर्दृष्टिहरूलाई व्यक्त गर्नुमा वा तिमीहरूले आफूभित्र बोकेका "बोझहरू" लाई फुकाउनुमा नै मग्न हुन्छौ। अरू कसैले के भन्छ वा गर्छ भन्ने कुराको पर्बाह नगरी तँ सधैँ आफ्नै बाटोमा हिँड्नुपर्छ भनी विश्‍वास गर्दै तैँले झारा टार्ने हिसाबले मात्रै काम गरिरहेको देखिन्छ; अरूका परिस्थितिहरू जस्तोसुकै भए तापनि त्यसलाई पर्बाह नगरीकन, पवित्र आत्माले अगुवाइ गर्नुभएअनुसार तैँले सङ्गति गर्नुपर्छ भन्ने तँलाई लाग्छ। तँ अरूका बलिया पक्षहरू पत्ता लगाउन सक्षम छैनस्, अनि न त तँ आफैलाई जाँच्न सक्षम छस्। तिमीहरू जसरी काम-कुराहरूलाई स्वीकार गर्छौ, त्यो साँच्चि नै पथभ्रष्ट र भ्रमपूर्ण छ। यसो भन्न सकिन्छ कि अहिले पनि तिमीहरूले अझै प्रशस्त स्व-धार्मिकता प्रदर्शन गर्दछौ, मानौँ तिमीहरू पुरानै बिमारीको दशामा फर्केका जस्तो छौ। तिमीहरू एक-अर्कासित पूर्ण रूपले खुला हुने किसिमले बातचित गर्दैनौ, उदाहरणको निम्ति, निश्‍चित मण्डलीहरूको कामबाट तिमीहरूले कस्तो प्रकारको परिणाम हासिल गरेका छौ, वा तेरा भित्री अवस्थाहरूको हालैको स्थिति, र यस्तै इत्यादि कुराहरूको बारेमा; तिमीहरूले त्यस्ता कुराहरूको बारेमा पटक्कै कुराकानी गर्दैनौ। आफ्ना धारणाहरूलाई छोडिदिने वा आफूलाई परित्याग गर्ने जस्ता अभ्यासहरूमा तिमीहरूको बिलकुल तल्लीनता छैन। अगुवा र कार्यकर्ताहरूले केवल तिनीहरूका दाजुभाइ-दिदीबहिनीहरूलाई कसरी नकारात्मक हुनदेखि बचाउने अनि कसरी तिनीहरूलाई जोशपूर्वक पछ्याउने तुल्याउने भनेर मात्र सोच्छन्। तैपनि,

तिमीहरू सबै आफैले जोशपूर्वक पछ्याउनु पर्याप्त छ भनी सोच्छौ अनि आफैलाई जान्नु र आफैलाई परित्याग गर्नु के हो भन्ने बारेमा तिमीहरूसित आधारभूत रूपमा कुनै बुझाइ छैन, अरूसित सहकार्य गरेर सेवा गर्नुको अर्थ बुझ्नु त झन् परको कुरा हो। तिमीहरू केवल तिमीहरू आफैमा परमेश्‍वरलाई उहाँको प्रेमको कर्जा तिर्ने इच्छा राख्ने, आफैमा पत्रुसको शैलीमा जिउने इच्छा राख्ने बारेमा मात्रै सोच्छौ। यी कुराहरू बाहेक, तिमीहरू अरू कुनै कुराको बारेमा सोच्दैनौ। तैँले के समेत भन्छस् भने, अरू मानिसहरूले जे गरे पनि, तँ अन्धो भएर समर्पित हुनेछैनस्, अनि अरू मानिसहरू जस्तोसुकै भएपनि, तैँले चाहिँ परमेश्‍वरद्वारा प्राप्त हुने सिद्धता खोज्नेछस्, अनि त्यही नै पर्याप्त हुनेछ। तथापि, तथ्य के हो भने, तेरो इच्छाले कुनै पनि प्रकारले वास्तविकतामा ठोस अभिव्यक्ति पाएको छैन। के यो सबै तिमीहरूले हिजोआज प्रदर्शन गर्ने व्यवहार होइन र? तिमीहरूमध्ये हरेकले आफ्नै अन्तर्दृष्टिलाई पक्रन्छौ, अनि तिमीहरू सबै सिद्ध तुल्याइने चाहना गर्छौ। म देख्छु कि तिमीहरूले त्यति धेरै प्रगति नगरिकन त्यति लामो समयसम्म सेवा गरेका छौ; निश्‍चित रूपमा, एक-आपसमा मिलेर काम गर्ने सम्बन्धी यस पाठमा तिमीहरूले केही हासिल गरेका छैनौ! मण्डलीहरूमा जाँदा तिमीहरू आफ्नै तरिकाले कुराकानी गर्छौ, अनि अरूले आफ्नै तरिकाले कुराकानी गर्छन्। मेलपूर्ण सहकार्य बिरलै हुन्छ, अनि तिमीहरूभन्दा तलका अनुयायीहरूको सम्बन्धमा यो कुरा अझै बढी लागू हुन्छ। भन्नुको अर्थ, तिमीहरूमध्ये कसैले परमेश्‍वरको सेवा गर्नु भनेको के हो वा कसरी परमेश्‍वरको सेवा गर्नुपर्छ भन्ने कुरा विरलै मात्र बुझ्छौ। तिमीहरू अन्योलमा छौ र यस प्रकारका पाठहरूलाई हल्का विषयहरूको रूपमा लिन्छौ। यस्ता मानिसहरू अझ धेरै छन् जो सत्यताको यस पक्षलाई अभ्यास गर्नमा मात्र चुक्दैनन् तर जानी-जानी समेत गल्ती गर्छन्। धेरै वर्षसम्म सेवा गर्नेहरू समेत एक-प्रकारको विरुद्धमा लड्छन्, एक-अर्काको विरुद्ध युक्ति रच्छन् अनि तिनीहरू ईर्ष्यालु र प्रतिस्पर्धात्मक छन्; हरेकले आफ्नै हित मात्रै खोज्दछ, अनि तिनीहरूले बिलकुल सहकार्य गर्दैनन्। के यी सबै कुराहरूले तिमीहरूको वास्तविक कदलाई प्रतिनिधित्व गर्दैन र? प्रतिदिनको जीवनमा सेवा गर्ने तिमीहरू इस्राएलीहरू जस्तै छौ, जसले हरेक दिन मन्दिरमा परमेश्‍वर स्वयम्‌को प्रत्यक्ष सेवा गरे। परमेश्‍वरको सेवा गर्ने तिमीहरूसित नै कसरी सहकार्य गर्ने वा कसरी सेवा गर्ने भन्ने कुराको कुनै ज्ञान छैन, यो कसरी हुनसक्छ?

त्यो बेला, इस्राएलीहरूले मन्दिरमा यहोवाको प्रत्यक्ष सेवा गर्थे, अनि तिनीहरू पूजाहारीहरू भनी चिनिन्थे (अवश्य, हरेक व्यक्ति पूजाहारी थिए भन्ने छैन; केवल मन्दिरमा यहोवाको सेवा गर्नेहरूसित मात्रै त्यस्तो पहिचान थियो)। तिनीहरूले यहोवाले तिनीहरूलाई दिनुभएका मुकुटहरू पहिरिन्थे (भन्नुको अर्थ, तिनीहरूले यहोवाका मापदण्डहरू अनुसार यी मुकुटहरू बनाउथे; यहोवाले तिनीहरूलाई प्रत्यक्ष रूपमा ती मुकुटहरू दिनुभएको होइन)। तिनीहरूले यहोवाले तिनीहरूलाई दिनुभएको पूजाहारीको लबेदाहरू पनि पहिरिन्थे र मन्दिरमा प्रत्यक्ष रूपले बिहानदेखि साँझसम्मै खाली खुट्टा उहाँको सेवा गर्थे। यहोवाप्रति तिनीहरूको सेवा लापरवाही थिएन, अनि यसमा अन्धाधुन्ध यताउति दौड्ने कुरा समावेश थिएन; बरु यो सबै नियमहरूअनुसार नै गरिन्थे जुन नियमलाई उहाँको सेवा गर्ने कसैले पनि प्रत्यक्ष रूपले भङ्ग गर्न सक्दैनथिए। तिनीहरू सबैले यी नीति नियमहरूलाई पालना गर्नुपर्थ्यो; नत्रभने, तिनीहरू मन्दिरमा पस्नदेखि बन्चित हुन्थे। यदि कसैले मन्दिरका

नियमहरू तोडे भने–अर्थात्, यदि कसैले यहोवाका आज्ञाहरू अवज्ञा गरे भने–तब त्यस व्यक्तिलाई उहाँले जारी गर्नुभएको नियमहरूअनुसार व्यवहार गरिनुपर्थ्यो, अनि कसैलाई यसप्रति आपत्ति जनाउन वा अपराधीलाई सुरक्षा दिन अनुमति दिइँदैनथ्यो। तिनीहरूले जति वर्ष परमेश्‍वरको सेवा गरे पनि, सबैले नियमहरूको पालना गर्नु आवश्यक हुन्थ्यो। यही कारणले, धेरै पूजाहारीहरूले पूजाहारीको लबेदा पहिरिन्थे र यही शैलीमा वर्षभरि यहोवाको निरन्तर सेवा गर्थे, यद्यपि उहाँले तिनीहरूलाई विशेष व्यवहार गर्नुभएको थिएन। तिनीहरूले आफ्नो सम्पूर्ण जीवन समेत वेदीको सामु र मन्दिरमा बिताउँथे। यही नै तिनीहरूको वफादारिता र अधीनताको प्रकटीकरण थियो। यहोवाले तिनीहरूमाथि त्यस्तो आशिषहरू राखिदिनुभएको थियो भन्ने कुरामा कुनै आश्‍चर्य मान्‍नुपर्दैन; तिनीहरूको वफादारिताको कारणले नै तिनीहरूले यो सबै कृपा प्राप्त गरे र यहोवाका सबै कार्यहरू देखे। त्यो बेला जब यहोवाले इस्राएलमा आफ्ना चुनिएका मानिसहरूको माझमा काम गर्नुभयो, तब उहाँले तिनीहरूबाट कडा मागहरू गर्नुभयो। तिनीहरू सबै अत्यन्तै आज्ञाकारी थिए र व्यवस्थाहरूद्‌वारा प्रतिबन्धित थिए; यी व्यवस्थाहरूले यहोवालाई सम्मान गर्ने तिनीहरूको क्षमतालाई सुरक्षित गर्ने काम गर्थ्यो। यी सबै यहोवाका प्रशासनिक आदेशहरू थिए। यदि ती पूजाहारीहरूमध्ये कसैले पनि विश्राम दिन पालन गरेनन् वा यहोवाका आज्ञाहरूलाई भङ्‌ग गरे भने, अनि यदि तिनीहरूलाई साधारण मानिसहरूले पत्ता लगाए भने, त्यस व्यक्तिलाई तुरुन्तै वेदीको सामु लगिन्थ्यो र ढुङ्‌गाले हानेर मारिन्थ्यो। ती लाशहरूलाई मन्दिरमा वा मन्दिर वरिपरि राखिने अनुमति दिइँदैनथियो; यहोवाले त्यस गर्ने अनुमति दिनुभएको थिएन। जसले त्यसो गर्थ्यो, त्यसलाई “अशुद्‌ध बलिदानहरू” चढाउने व्यक्तिको रूपमा व्यवहार गरिन्थ्यो, अनि ठूलो खाल्डोमा खसालिन्थ्यो र मृत्युदण्ड दिइन्थ्यो। अवश्य, त्यस्ता सबै मानिसहरूले आफ्नो ज्यान गुमाउँथे; कसैलाई पनि छोडिँदैनथियो। “अशुद्‌ध आगो” चढाउनेहरू समेत थिए; अर्को शब्दमा भन्दा, यहोवाले तोक्नुभएका दिनहरूमा बलिदान नचढाउने मानिसहरूलाई तिनीहरूले चढाएका बलिदानका थोकहरूसँगै उहाँको आगोले जलाउथ्यो, जुन थोकहरूलाई वेदीमा रहिरहन अनुमति दिइँदैनथियो। पूजाहारीहरूलाई दिइएका नियमहरू यस्ता थिए: तिनीहरूले आफ्नो खुट्टा नधोइकन तिनीहरूलाई मन्दिर वा त्यसको बाहिरी चोकमा समेत प्रवेश गर्ने अनुमति दिइँदैनथियो; पूजाहारीको लबेदा नपहिरेसम्म तिनीहरूले मन्दिरभित्र प्रवेश गर्न सक्दैनथिए; तिनीहरूले पूजाहारीका मुकुटहरू शिरमा नपहिरेसम्म तिनीहरूले मन्दिर प्रवेश गर्न सक्दैनथिए; यदि लाशले अपवित्र भएमा तिनीहरू मन्दिर प्रवेश गर्न सक्दैनथिए; अधर्मी व्यक्तिको हात छोइसकेपछि तिनीहरूले आफ्नो हात नधोएसम्म तिनीहरूले मन्दिरमा प्रवेश गर्न सक्दैनथिए; अनि तिनीहरूले स्त्रीहरूसित आफैलाई अशुद्‌ध पारेपछि तिनीहरू मन्दिर प्रवेश गर्न सक्दैनथिए (तीन महिनाको लागि, सधैँको लागि होइन), न त तिनीहरूलाई यहोवाको मुहार देख्‍ने अनुमति दिइन्थ्यो। समय पूरा भएपछि–भनाइको अर्थ, तीन महिनापछि मात्र तिनीहरूलाई पूजाहारीको सफा लबेदा पहिरिने अनुमति दिइन्थ्यो–तब यहोवाको मुहार हेर्न तिनीहरूले मन्दिर प्रवेश गर्न सक्नुभन्दा अघि तिनीहरूले बाहिरी चोकमा सात दिनसम्म सेवा गर्नुपर्थ्यो। यहोवाको मन्दिरलाई अपवित्र हुन नदिन तिनीहरूलाई पूजाहारीको यो कुनै पनि वस्त्र मन्दिरभित्र मात्रै पहिरिन अनुमति दिइन्थ्यो, र कहिल्यै पनि बाहिर पहिरिने अनुमति थिएन।

ती सबै पूजाहारीहरूले यहोवाका व्यवस्थाहरू भङ्‍ग गर्ने अपराधीहरूलाई उहाँको वेदीको सामु ल्याउनुपर्थ्यो, जहाँ तिनीहरूलाई साधारण मानिसहरूले मृत्युदण्ड दिन्थे; नत्रभने, अपराधको साक्षी भएका पूजाहारीमाथि आगो वर्षन्थ्यो। यसरी, तिनीहरू नचुकीकन यहोवाप्रति वफादार हुन्थे, किनभने उहाँका व्यवस्थाहरू तिनीहरूको निम्ति अति कठोर थिए, अनि तिनीहरूले उहाँका प्रशासनिक आदेशहरूलाई त्यत्तिकै भङ्‍ग गर्ने साहस कहिल्यै पनि गर्न सक्दैनथिए। इस्राएलीहरू यहोवाप्रति वफादार थिए किनभने तिनीहरूले उहाँको आगो देखेका थिए, अनि त्यस हातलाई देखेका थिए जसद्वारा उहाँले मानिसहरूलाई सजाय दिनुभएको थियो, अनि किनभने सुरुमा उहाँलाई तिनीहरूले यसरी सम्मान गर्थे। त्यसैकारण, तिनीहरूले केवल यहोवाको ज्वाला मात्र प्राप्त गरेनन् तर उहाँको वास्ता, उहाँको सुरक्षा र उहाँका आशिषहरू पनि प्राप्त गरे। तिनीहरूका सबै कार्यहरूमा यहोवाका वचनहरूको पालना गर्नु नै तिनीहरूको वफादारिता थियो, अनि कसैले अवज्ञा गरेनन्। यदि कुनै अनाज्ञाकारिता भयो भने, अरूले यहोवाका वचनहरू पालना गर्थे र यहोवाको विरुद्धमा जाने जोकोहीलाई पनि मृत्युदण्ड दिन्थे, अनि त्यस व्यक्तिलाई उहाँबाट बिलकुल लुकाउँदैनथिए। जसले विश्राम दिनलाई भङ्‍ग गर्थे, जो व्यभिचारको दोषी हुन्थे, अनि जसले यहोवाका भेटीहरू चोर्थे, तिनीहरूलाई विशेष कठोरताका साथ दण्ड दिइन्थ्यो। विश्राम दिनलाई भङ्‍ग गर्नेहरूलाई तिनीहरूले (साधारण मानिसहरूले) ढुङ्‍गाले हान्थे, वा कोर्राले हानेर मारिन्थ्यो, जसमा कुनै अपवाद हुँदैनथियो। जसले व्यभिचार गर्थे–जसले आकर्षक स्त्रीहरूको लालसा गर्थे वा दुष्ट स्त्रीहरूलाई हेरेर कामुक विचारहरूलाई मनमा आउन दिन्थे, वा जवान स्त्रीहरूलाई हेरेर अभिलाषी हुन्थे–ती सबैलाई मृत्युदण्ड दिइन्थ्यो। आवरण वा घुम्टो नलगाउने जवान स्त्रीहरूले यदि कुनै मानिसलाई अनैतिक व्यवहारमा फसाउन परीक्षा गरे भने, त्यस स्त्रीलाई मृत्युदण्ड दिइन्थ्यो। यदि यस प्रकारको व्यवस्थाहरू भङ्‍ग गर्ने मानिस पूजाहारी (जसले मन्दिरमा सेवा गर्थ्यो) थियो भने, उसलाई क्रूसमा चढाइन्थ्यो वा झुण्ड्याइन्थ्यो। त्यस्तो कुनै पनि प्रकारको मानिसलाई बाँच्ने अनुमति दिइँदैनथियो, अनि एउटै व्यक्तिले पनि यहोवाको सामु कृपा पाउँदैनथिए। यस्तो प्रकारको मानिसका आफन्तहरूलाई उसको मृत्युको तीन वर्षसम्म यहोवालाई वेदीको सामु बलिदानहरू चढाउने अनुमति दिइँदैनथियो, न त यहोवाद्वारा साधारण मानिसहरूलाई प्रदान गरिएला बलिदानहरूमा सहभागी हुन नै दिइन्थ्यो। त्यो समय सिद्धिएपछि मात्रै तिनीहरूले उच्च गुणस्तरको गाईवस्तु वा भेडाहरूलाई यहोवाको वेदीमाथि चढाउन सक्थे। यदि अन्य कुनै अपराधहरू भएमा, तिनीहरूले उहाँको अनुग्रहको निम्ति बिन्ती गर्दै यहोवाको सामु तीन दिनसम्म उपवास बस्नुपर्थ्यो। उहाँका व्यवस्थाहरू अति कठोर र अति कडा भएको कारणले मात्रै तिनीहरूले यहोवाको आराधना गर्दैनथिए; उहाँको अनुग्रह र उहाँप्रति तिनीहरूको वफादारिताको परिणामस्वरूप तिनीहरूले यसो गर्थे। त्यसो हुँदा, आजको दिनसम्म तिनीहरू आफ्नो सेवामा त्यसरी नै वफादार रहेका छन्, अनि तिनीहरू यहोवाको सामु आफ्ना बिन्तीहरू गर्ने कार्यमा कहिल्यै पछि हटेका छैनन्। हिजोआज, इस्राएलका मानिसहरूले अझै उहाँको वास्ता र सुरक्षा प्राप्त गर्छन्, अनि उहाँ अझै पनि तिनीहरूको माझमा अनुग्रह हुनुहुन्छ र सधैँ तिनीहरूसित वास गरिरहनुहुन्छ। तिनीहरूले कसरी यहोवाको सम्मान गर्नुपर्छ, र तिनीहरूले उहाँको सेवा कसरी गर्नुपर्छ भन्ने तिनीहरू सबैलाई थाहा छ, अनि उहाँको वास्ता तथा सुरक्षा पाउनको निम्ति तिनीहरूले कसरी

व्यवहार गर्नुपर्छ भन्ने तिनीहरू सबैलाई थाहा छ; किनकि तिनीहरू सबैले आफ्नो हृदयमा उहाँलाई सम्मान गर्दछन्। तिनीहरूको सबै सेवाको सफलताको रहस्य उहाँप्रतिको तिनीहरूको सम्मानभन्दा अरू केही होइन। त्यसैले, तिमीहरू सबै हिजोआज कस्ता छौ? के इस्राएलका मानिसहरूसित तिमीहरूको कुनै समानता छ? के तँलाई हिजोआज सेवा गर्ने काम महान् आत्मिक व्यक्तित्वको अगुवाइलाई पछ्याउनु नै हो भन्ने लाग्छ? तिमीहरूसित कुनै वफादारिता र सम्मान नै छैन। तिमीहरूले यथेष्ट अनुग्रह प्राप्त गर्दछौ, अनि तिमीहरू सबैले प्रत्यक्ष रूपले परमेश्‍वरको सेवा गरिरहेका हुनाले, तिमीहरू इस्राएली पूजाहारीहरू सरह छौ। तिमीहरू मन्दिरमा प्रवेश नगरे पनि, तिमीहरूले जे प्राप्त गर्‍यौ र तिमीहरूले जे देख्छौ, त्यो मन्दिरमा यहोवाको सेवा गर्ने पूजाहारीहरूले प्राप्त गरेको भन्दा अति धेरै हो। तैपनि, तिमीहरूले तिनीहरूले भन्दा धेरै पटक विद्रोह गर्छौ र विरोध गर्दछौ। तिमीहरूको सम्मान धेरै सानो छ, अनि त्यसको परिणामस्वरूप, तिमीहरूले अति थोरै अनुग्रह प्राप्त गर्दछौ। तिमीहरूले अति थोरै समर्पण गरे पनि, ती इस्राएलीहरूले पाएको भन्दा धेरै बढी तिमीहरूले पाएका छौ। यी सबै कुरामा के तिमीहरूलाई उदारताको साथ व्यवहार गरिएको छैन र? इस्राएलमा काम हुँदै गर्दा, मानिसहरूले जानी-जानी यहोवालाई न्याय गर्ने साहस गर्दैनथिए। तापनि, तिमीहरूको बारेमा के भन्ने? तिमीहरूलाई जित्न हाल मैले गरिरहेको कामको खातिर नहुँदो हो त, तिमीहरूले मेरो नाउँलाई घातक रूपले लज्जित तुल्याएको म कसरी सहन सक्थेँ र? यदि तिमीहरू बाँच्ने युग व्यवस्थाको युग भएको भए, तिमीहरूका वचनहरू र कार्यहरू अनुसार त तिमीहरूमध्ये एक जना पनि जीवित रहनेथिएनन्। तिमीहरूको सम्मान अति थोरै छ! तिमीहरूमाथि धेरै कृपा नवर्षाएकोमा तिमीहरू सधैँ मलाई दोष लगाइरहन्छौ, र मैले तिमीहरूलाई आशिषका पर्याप्त वचनहरू दिँदिन अनि तिमीहरूका निम्ति मसित श्रापहरू मात्र छन् भनेर तिमीहरू दाबी समेत गर्दछौ। मप्रतिको त्यस्तो थोरै सम्मानले मेरो आशिषहरू स्वीकार गर्न तिमीहरूको निम्ति असम्भव छ भन्ने के तिमीहरूलाई थाहा छैन? के तिमीहरूको सेवाको दयनीय अवस्थाको कारणले म तिमीहरूमाथि निरन्तर श्राप र न्याय खन्याउँछु भनेर के तिमीहरूलाई थाहा छैन? के तिमीहरूलाई अन्याय गरिएको छ भन्ने तिमीहरू सबैलाई लाग्छ? म कसरी विद्रोही र समर्पित नहुने मानिसहरूको झुण्डलाई आशिष दिन सक्छु? मेरो नाउँमा अनादर ल्याउने मानिसहरूलाई म कसरी त्यत्तिकै अनुग्रह प्रदान गर्न सक्छु र? तिमीहरूलाई पहिले नै अत्यन्त ठूलो दयासहित व्यवहार गरिएको छ। यदि इस्राएलीहरू आज तिमीहरू जस्तो विद्रोही भएका भए म तिनीहरूलाई धेरै अघि नै नाश गरिसक्नेथिएँ। तैपनि, म तिमीहरूलाई कोमलता बाहेक अरू कुनै किसिमले व्यवहार गर्दिनँ। के यो उदारता होइन र? के तिमीहरू यो भन्दा ठूला आशिषहरू चाहन्छौ? उहाँको सम्मान गर्नेहरूलाई मात्रै यहोवाले आशिष दिनुहुन्छ। उहाँको विरुद्ध विद्रोह गर्ने मानिसहरूलाई उहाँले सजाय दिनुहुन्छ, तिनीहरूमध्ये एउटैलाई पनि उहाँले कहिल्यै क्षमा दिनुहुन्न। कसरी सेवा गर्ने भन्ने थाहा नभएका आजका मानिसहरू, तिमीहरूको हृदय पूर्ण रूपले परिवर्तन हुनको लागि के तिमीहरूलाई सजाय र न्यायको अझै बढी खाँचो छैन? के त्यस्ता सजाय र न्याय तिमीहरूलाई दिनुपर्ने सर्वोत्तम प्रकारका आशिषहरू होइनन् र? के ती तिमीहरूका सर्वोत्तम सुरक्षा होइनन् र? के तीविना तिमीहरूमध्ये कसैले यहोवाको बलिरहेको आगो सहन सक्थ्यौ र? यदि तिमीहरूले पनि इस्राएलीहरूले जस्तै साँचो रीतिले

वफादारिता पूर्वक सेवा गर्न सक्ने भए, के तिमीहरूले पनि आफ्नो निरन्तर साथीको रूपमा अनुग्रह पाउनेथिएनौ र? के तिमीहरूले सधैँ आनन्द र पर्याप्त निगाह पाउनेथिएनौ र? कसरी सेवा गर्नुपर्छ भन्ने कुरा के तिमीहरू सबैलाई थाहा छ?

मिलेर सँगै काम गर्नको लागि तिमीहरूबाट आज गरिएको माग यहोवाले इस्राएलीहरूबाट माग गर्नुभएको सेवा समान छ: नत्रभने, सेवा गर्न बन्द गरिहाल। तिमीहरू प्रत्यक्ष रूपले परमेश्‍वरको सेवा गर्ने मानिसहरू भएको कारणले, कम्तीमा तिमीहरू आफ्नो सेवामा वफादारितामा र अधीनतामा रहन सक्ने हुनैपर्छ, अनि व्यवहारिक रूपले पाठहरू सिक्न सक्ने हुनैपर्छ। विशेष रूपमा मण्डलीमा काम गरिरहेका तिमीहरूको विषयमा भन्दा, के तिमीहरूभन्दा मुनिका भाइ बहिनीहरूमध्ये कसैले तिमीहरूको निराकरण गर्ने साहस गर्छ? के कसैले तिमीहरूलाई प्रत्यक्ष रूपमा तिमीहरूका गल्तीहरू बताउने साहस गर्नसक्छ? तिमीहरू अरू सबैभन्दा उच्चमा खडा छौ; तिमीहरू राजा जस्तै राज्य गर्छौ! तिमीहरू यस्ता प्रकारका व्यवहारिक पाठहरू अध्ययन गर्दैनौ वा त्यसभित्र प्रवेश गर्दैनौ, तापनि तिमीहरू अझै परमेश्‍वरको सेवा गर्ने कुरा गर्छौ! हाल, तँलाई केही संख्यामा मण्डलीहरू अगुवाई गर्न भनिएको छ, तर तैँले आफैलाई परित्याग नगर्ने मात्र होइन, तर तँ यसो भन्दै आफ्नै धारणाहरू तथा विचारहरूमा लागिरहन्छस्, “मलाई लाग्छ, यो यसरी गरिनुपर्छ, किनकि परमेश्‍वरले भन्नुभएको छ, कि हामी अरूबाट नियन्त्रित हुनु हुँदैन अनि हिजोआज हामी अन्धाधुन्ध समर्पित हुनु हुँदैन।” त्यसैकारण, तिमीहरूमध्ये हरेक आफ्नै विचारमा दृढ रहन्छौ, अनि कसैले एक-अर्काको आज्ञा मान्दैन। तेरो सेवा गतिरोध बनेको छ भन्ने कुरा तैँले स्पष्टसित जाने तापनि तँ अझै यसो भन्छस्, “मैले देखे अनुसार, मेरो बाटो निशानाभन्दा टाढा छैन। कुनै पनि मामलामा, हामी हरेकको एउटा पक्ष हुन्छ: तपाईं आफ्नो कुरा गर्नुहोस्, म आफ्नो कुरा गर्नेछु; तपाईं आफ्नो दर्शनहरूको बारेमा सङ्गति गर्नुहोस्, अनि म आफ्नो प्रवेशको बारेमा कुरा गर्नेछु।” निराकरण गरिनुपर्ने धेरै कुराहरूको निम्ति तिमीहरू कहिल्यै जिम्मेवारी लिँदैनौ, वा तिमीहरूमध्ये हरेकले आफ्नै विचारहरू व्यक्त गर्दै अनि आफ्नै हैसियत, प्रतिष्ठा र मुहारलाई बुद्धिमानीपूर्वक बचाउँदै तिमीहरू झारा टार्ने काम गर्छौ। तिमीहरूमध्ये कोही पनि आफूलाई नम्र तुल्याउन इच्छुक छैनौ, अनि जीवन तीव्र गतिमा अघि बढोस् भनेर दुवै पक्षले आफैलाई परित्याग गर्ने र एक-अर्काको कमजोरीहरू पूर्ति गर्ने पहल गर्दैनौ। जब तिमीहरू सँगै सहकार्य गर्छौ, तब तिमीहरूले सत्यतालाई खोजी गर्न सिक्नुपर्छ। तैँले भन्छस् होला, “मसित सत्यताको यस पक्षको स्पष्ट बुझाइ छैन। यस बारेमा तपाईंसँग कस्तो अनुभव छ?” अथवा, तैँले यसो भन्छस् होला, “यस पक्षको सम्बन्धमा तपाईंसित मेरोभन्दा बढी अनुभव छ; कृपया के तपाईं मलाई केही मार्गदर्शन दिन सक्नुहुन्छ?” के त्यो काम सुरु गर्ने राम्रो तरिका हुने थिएन र? तिमीहरूले धेरै वचनहरू सुनेका छौ, अनि सेवा गर्ने विषयमा तिमीहरूसँग केही अनुभव छन्। यदि मण्डलीहरूमा काम गर्दा तिमीहरूले एक-अर्काबाट सिकेनौ, एक-अर्कालाई सहायता गरेनौ र एक-अर्काको कमी कमजोरीहरूलाई पूर्ति गरेनौ भने, तिमीहरूले कसरी कुनै पाठ सिक्न सक्छौ र? जब तिमीहरूले कुनै कुराको सामना गर्छौ, तिमीहरूले एक-अर्कासित सङ्गति गर्नुपर्छ ताकि तिमीहरूको जीवनले लाभ पाएको होस्। यसको अतिरिक्त, तिमीहरूले कुनै पनि निर्णयहरू गर्नुभन्दा अघि कुनै पनि प्रकारको कुराहरूको बारेमा होशियारीपूर्वक सङ्गति गर्नुपर्छ।

त्यसो गरेर मात्रै तैँले लापरवाही ढङ्गले काम गर्नुको साटोमा मण्डलीको निम्ति जिम्मेवारी लिइरहेको हुन्छस्। तिमीहरू सबै मण्डलीहरूमा गइसकेपछि, तिमीहरू एक ठाउँमा भेला हुनुपर्छ र तिमीहरूले पत्ता लगाएका मामलाहरू र तिमीहरूले आफ्नो काममा सामना गरेका कुनै समस्याहरूको बारेमा सङ्गति गर्नुपर्छ, अनि त्यसपछि तिमीहरूले प्राप्त गरेको अन्तर्दृष्टि र प्रकाशको बारेमा कुराकानी गर्नुपर्छ—यो नै सेवाको अत्यावश्यक अभ्यास हो। तिमीहरूले परमेश्वरको कामको उद्देश्यको निम्ति, मण्डलीको फाइदाको निम्ति, अनि तिमीहरूका भाइबहिनीहरूलाई अघि बढ्न प्रोत्साहन दिनको निम्ति मैत्रीपूर्ण सहकार्य हासिल गर्नुपर्छ। हरेकले अर्कालाई सुधार्दै र कामको उत्तम नतिजा प्राप्त गर्दै परमेश्वरको इच्छालाई वास्ता गर्नको निम्ति तैँले एक अर्कासित सहकार्य गर्नुपर्छ। साँचो सहकार्य भनेको यही नै हो, अनि यसमा लागिपर्नेले मात्रै साँचो प्रवेश पाउनेछ। सहकार्य गर्ने क्रममा, तैँले बोल्ने केही शब्दहरू असुहाउँदो होला तर त्यसले केही फरक पार्दैन। त्यसको बारेमा पछि सङ्गति गर्, अनि त्यसको स्पष्ट बुझाइ प्राप्त गर्; त्यसलाई बेवास्ता नगर्। यस प्रकारको सङ्गतिपछि, तैँले तेरा दाजुभाइ-दिदीबहिनीहरूका कमजोरीहरूको पूर्ति गर्न सक्छस्। तेरो काममा यसरी गहिरिँदै जाँदा मात्रै तैँले उत्तम नतिजाहरू प्राप्त गर्न सक्छस्। परमेश्वरलाई सेवा गर्ने मानिसहरू भएको हैसियतले तिमीहरू हरेकले तिमीहरूले गर्ने हरेक काममा आफ्ना हितहरूलाई विचार गर्नुको साटोमा मण्डलीका हितहरूलाई रक्षा गर्न सक्नुपर्छ। एकले अर्कालाई हानि पुऱ्याएर एकलै काम गर्नु ग्रहणयोग्य हुँदैन। यस्तो प्रकारले व्यवहार गर्नेहरू परमेश्वरको सेवा गर्न योग्य हुँदैनन्! त्यस्ता मानिसहरूको स्वभाव भयानक हुन्छ; तिनीहरूमा अलिकति पनि मानवता बाँकी हुँदैन। तिनीहरू सय प्रतिशत शैतान हुन्! तिनीहरू पशुहरू हुन्! अहिले पनि, त्यस्ता कुराहरू अझै तिमीहरूका माझमा हुन्छन्; तिमीहरू यतिसम्म पनि जान्छौ कि कुनै सानातिना विषयमा विवाद गर्दै जानी-जानी निहुँ खोज्दै अनि अनुहार रातो पार्दै सङ्गतिको समयमा तिमीहरू एक-अर्कालाई आक्रमण गर्छौ, दुवै पक्षको व्यक्तिले आफैलाई एकातिर पन्साउँदैनन्, हरेक व्यक्तिले एक-अर्कासित आफ्ना भित्री विचारहरू लुकाउँछन्, अर्को पक्षलाई नियतपूर्वक हेर्छन् र सधैँ आक्रमक रहन्छन्। के यस्तो प्रकारको स्वभाव परमेश्वरको सेवाको निम्ति योग्य हुन्छ? तेरो त्यस्तो प्रकारको कामले तिमीहरूका दाजुभाइ-दिदीबहिनीहरूलाई कुनै कुरा प्रदान गर्न सक्छ? तैँले मानिसहरूलाई एउटा सही जीवन मार्गमा डोऱ्याउन मात्र नसक्ने होइन, तर तैँले वास्तवमा तेरा दाजुभाइ-दिदीबहिनीहरूमाथि तेरो आफ्नै भ्रष्ट स्वभावहरू लादिरहेको छस्। के तैँले अरूलाई चोट पुऱ्याइरहेको छैनस् र? तेरो विवेक डरलाग्दो छ, अनि यो गुदीसम्मै कुहिएको छ! तँ वास्तविकताभित्र प्रवेश गर्दैनस्, न त तैँले सत्यतालाई नै अभ्यास गर्छस्। यसको अतिरिक्त, तैँले निर्लज्जतापूर्वक आफ्नो शैतानिक स्वभाव अरूलाई प्रकट गर्छस्। तँलाई कुनै लाज लाग्दैन! तँलाई यी दाजुभाइ-दिदीबहिनीहरू सुम्पिएका छन्, तापनि तँ तिनीहरूलाई नरकमा लिएर जाँदैछस्। के तँ विवेक कुहिएको व्यक्ति होइनस् र? तँसित लाज-सरम भन्ने कुरै छैन!

# क्षमता बढाउनु परमेश्‍वरको मुक्ति पाउनका खातिर हो

मनिसहरूको क्षमता बढाउनुको अर्थ तिमीहरूले आफ्नो बुझ्ने क्षमतामा सुधार ल्याउनु हो, जसले गर्दा तिमीहरूले परमेश्‍वरका वचनहरू बुझ्‍न, र ती वचनहरूलाई कसरी अभ्यास गर्ने भनेर जान्‍न सक्छौ। यो सबैभन्दा आधारभूत शर्त हो। यदि तैँले मैले भनेको कुरा नै नबुझी मलाई पछ्याइस् भने, के तेरो विश्‍वास अस्पष्ट हुँदैन र? मैले जतिसुकै वचनहरू बोले पनि, यदि ती वचनहरू तिमीहरूको पहुँचभन्दा टाढा छन् भने, मैले जेसुकै भने पनि यदि तैँले केही बुझिनस् भने, यसको अर्थ तिमीहरूको क्षमता कजमोर छ। बुझाइको शक्तिबिना, तिमीहरूले मैले बोलेको केही पनि बुझ्दैनौ, जसले इच्छाइएको प्रभाव प्राप्त गर्न एकदमै गाह्रो बनाउँछ; मैले तिमीहरूलाई सीधै भन्‍न नसक्ने धेरै कुरा छन्, र इच्छाइएको प्रभाव प्राप्त गर्न सकिँदैन, र यसरी यसमा अतिरिक्त कार्य आवश्यक पर्छ। तिमीहरूको बुझ्ने शक्ति, परिस्थिति बुझ्ने तिमीहरूको क्षमता, र तिमीहरू बाँच्ने स्तर एकदमै अपूर्ण छ, त्यसैले तिमीहरूमा "क्षमता बढाउने" कार्य गरिनु पर्दछ। यो अपरिहार्य छ, र यसको कुनै विकल्प छैन। त्यसरी मात्रै केही प्रभाव हासिल गर्न सकिन्छ, यदि भएन भने, मैले भनेका सबै वचनहरूको कुनै अर्थ रहदैँन। अनि त्यसो हुँदा, तिमीहरू सबै इतिहासमा पापीको रूपमा परिचित हुँदैनौ र? के तिमीहरू पृथ्वीका सबैभन्दा निकृष्ट प्राणी बन्दैनौ र? तिमीहरूमा के कार्य भइरहेको छ, र तिमीहरूले के शर्त पूरा गर्न आवश्यक छ भनेर तिमीहरूलाई थाहा छैन र? तिमीहरूले आफ्नो क्षमता जान्‍नैपर्छ: यसले मेरो आवश्यकता शर्तलाई पूरा गर्दैन। र के यसले मेरो कार्यलाई ढिलो बनाउँदैन र? तिमीहरूको हालको क्षमता र तिमीहरूको चरित्रको हालको अवस्थाको आधारमा, तिमीहरू कोही पनि मेरो गवाही दिन योग्य छैनौ, न त तिमीहरूमध्ये कोही नै मेरो भविष्यको कार्यको भारी जिम्मेवारीका लागि काँध थाप्‍न योग्य छौ। के तिमीहरूमा गहिरो लाजको भान भएको छैन? यदि तँ यसरी नै अघि बढिस् भने, तैँले मेरो इच्छालाई कसरी सन्तुष्ट पार्न सक्छस्? तैँले तेरो जीवन पूर्ण रूपमा जिउनुपर्छ। समयलाई व्यर्थमा व्यतीत हुन नदे—त्यसो गर्नुको कुनै अर्थ हुन्‍न। तँ के-कस्ता कुराद्‍वारा सुसज्जित हुनुपर्छ भन्‍ने कुरा तैँले बुझ्नुपर्छ। आफूलाई सबै कुरा जान्‍ने नसम्झी—तैँले अझै धेरै लामो यात्रा तय गर्नु छ! मानवताको न्यूनतम सामान्य सुझबुझ पनि तँमा छैन भने, भन्‍नुपर्ने कुरा के नै पो रह्‍यो र? के यो सबै व्यर्थ छैन र? अनि मलाई आवश्यक पर्ने मानवता र क्षमताको लागि तिमीहरूमध्ये एक जना पनि पूर्ण रूपमा योग्य छैनौ। प्रयोगका लागि योग्य व्यक्ति पत्ता लगाउनु एकदमै गाह्रो छ। मेरो लागि महान् कार्य गर्न आफू सक्षम भएको तिमीहरू विश्‍वास गर्छौ, र मबाट महान् कुराहरूको जिम्मेवारी तिमीहरूलाई दिइएको छ भन्‍ने विश्‍वास गर्छौ; वास्तवमा, तिमीहरूको आँखैअगाडि भएका पाठहरूमा कसरी प्रवेश गर्ने भनेर पनि तिमीहरूलाई थाहा छैन—अनि कसरी तिमीहरू गहिरो सत्यतामा प्रवेश गर्न सक्छौ? तिमीहरूको प्रवेश तहगत पद्‍धति र मात्राअनुसार हुनुपर्छ। यो अव्यवस्थित हुनु हुँदैन—त्यो राम्रो होइन। सबैभन्दा हल्का प्रवेशबाट शुरु गर्नू: यी वचनहरूप्रति बुझाइ र स्पष्टता हासिल नहुँदासम्म प्रत्येक वाक्य पढ्‍नू। जब तैँले परमेश्‍वरका वचनहरू पढ्‍छस्, तब तैँले घोडामा बसेर दौड्‍दै फूलहरूको प्रशंसा गरेजस्तो गर्दै सरर मात्रै हेर्ने नगर्नू, र केवल पढेको जस्तो मात्र नगर्नू। आफ्नो ज्ञान बढाउनका

लागि तैँले नियमित रूपमा केही सन्दर्भ पुस्तकहरू (जस्तै व्याकरण वा अलङ्कारसम्बन्धी पुस्तकहरू) पनि पढ्न सक्छस्। माया-प्रेमसम्बन्धी उपन्यास, महान् व्यक्तिहरूको जीवनकथा, वा सामाजिक विज्ञानसम्बन्धी पुस्तकहरू नपढ्नू; यी पुस्तकहरू कति पनि फाइदाका छैनन्, र यीनले क्षति मात्रै पुऱ्याउन सक्छन्। तैँले प्रवेश गर्नुपर्ने र बुझ्नुपर्ने सबै कुरामा तैँले सिद्धता हासिल गर्नुपर्छ। मानिसहरूको क्षमता बढाउनुको प्रयोजन तिनीहरूलाई तिनीहरूको आफ्नै सार, पहिचान, हैसियत र महत्त्वको चेतना प्रदान गर्नु हो। मानिसहरूले परमेश्‍वरमा विश्‍वास गर्दा सत्यताको खोजी किन गर्नुपर्छ, र मानिसहरूको क्षमता नबढाउने कुरा तिनीहरूका लागि स्वीकार्य छ वा छैन भनेर तैँले बुझ्नुपर्छ। तिमीहरूले आफूलाई शिक्षित राख्नु अनिवार्य हुन्छ; तैँले यसलाई फ्याँक्नु हुँदैन! मानिसहरूको क्षमता किन बढाइनुपर्छ, कसरी बढाइनुपर्छ, र कुन पक्षहरूमा प्रवेश गर्नुपर्छ भनेर तिमीहरूले बुझ्नुपर्छ। तैँले सामान्य मानवतामा जिउनुको महत्व, यो कार्य गर्नुपर्ने कारण, र मानिसले खेल्नुपर्ने भूमिकाको बारेमा बुझ्नुपर्छ। उदाहरणका लागि, शिक्षित बन्दा, कुन पक्षहरूको अध्ययन गरिनुपर्छ, र तिनमा कुनै व्यक्तिले कसरी प्रवेश गर्नुपर्छ भनेर तिमीहरूले बुझ्नुपर्छ। शिक्षित हुनुको लक्ष्य के हो भनेर तिमीहरू सबैले बुझ्नुपर्छ। के यो परमेश्‍वरका वचनहरू बुझ्न र सत्यतामा प्रवेश गर्न होइन र? आज मण्डलीहरूमा के चलिरहेको छ? मानिसहरूलाई शिक्षित बन्न लगाउँदा, यसले तिनीहरूलाई परमेश्‍वरका वचनहरूको आनन्द पनि भुल्ने बनाउँछ, र तिनीहरू दिनभरि शिक्षित बन्नेभन्दा अरु केही काम गर्दैनन्। यदि तँ तिनीहरूलाई सामान्य मानवतामा जिउन लगाउँछस् भने, तिनीहरूले आफ्नो घरलाई सफा गर्ने, खाना पकाउने, वा भान्साका भाँडाकुँडा किन्ने मात्रै गर्नेछन्। यीनै कुराहरू तिनीहरूका लागि सधैँ मुख्य कुरा बन्नेछन्; तिनीहरूलाई सामान्य मण्डली जीवन कसरी अघि बढाउने भन्नेसम्मको चेत हुनेछैन। यदि तैँले आफूलाई हालको परिस्थितिमा पाउँछस् भने, तँ तेरो अभ्यासमा पथभ्रष्ट भएको छस्। उसो भए, तँलाई आत्मिक जीवनमा प्रवेश गर्न किन भनिएको छ त? ती कुराहरू मात्र सिक्दा तँलाई भनिएको कुरा गर्न तँ अक्षम हुनेछस्। अझै पनि जीवनमा प्रवेश गर्नु सबैभन्दा महत्त्वपूर्ण छ; त्यो कार्य गर्नुको कारण भनेको मानिसहरूले तिनीहरूको अनुभवमा सामना गर्ने साह्रो-गाह्रोको समाधान गर्नु हो। तेरो क्षमता बढाउनाले तँलाई मानव प्रकृति तथा मानिसको सारको ज्ञान प्राप्त हुन्छ, जसको मुख्य अभिप्राय मानिसहरूको आत्मिक जीवन बढ्न सकोस् र तिनीहरूको स्वभाव परिवर्तन हुन सकोस् भन्ने हो। तँलाई राम्रो देखिन कसरी लुगा लगाउने र आफूलाई श्रृङ्गार्ने भनेर थाहा हुनसक्छ, तँ अन्तर्दृष्टियुक्त र चलाख हुन सक्छस्, र तर अन्ततोगत्वा, जब तँ कार्यमा जाने दिन आउँछ, तँ जान सक्दैनस्। तसर्थ, तेरो क्षमता बढाइँदै गर्दा के गरिनुपर्छ भनेर पनि तँमा चेत हुनुपर्दछ। यसको लक्ष्य भनेको तँलाई परिवर्तन गर्नु हो; तेरो क्षमता बढाउनु पूरक हो। यदि तेरो क्षमतामा सुधार भएन भने यसले काम गर्दैन, र यदि तेरो स्वभाव परिवर्तन भएन भने, त्यो झनै नराम्रो हुन्छ। यी दुइटै कुरा छुटाउन सकिन्न। सामान्य मानवता ग्रहण गर्नुको अर्थ तैँले सानदार गवाही दिएको छस् भन्ने हुँदैन—तैँले के कुरा पूरा गर्न आवश्यक छ भन्ने कुरा त्यति सहज छैन।

मानिसहरूको क्षमतालाई तिनीहरूले सामान्य मानवता भएका मानिसहरूको बोध र जीवनशैली प्राप्त गर्ने, र जीवनमा प्रवेश पनि गर्ने हदसम्म बढाइएपछि मात्रै—त्यतिबेला मात्रै तिनीहरूसँग

बोल्नको लागि परिवर्तन र गवाहीहरू हुनेछन्। जब तेरो लागि साक्षी दिने दिन आउनेछ, तँले तेरो मानव जीवनमा भएका परिवर्तनहरू, र तँभित्र भएको परमेश्‍वरको ज्ञानको बारेमा पनि बोल्नुपर्छ। यी दुईवटा पक्षहरूको मिश्रण मात्रै तेरो साँचो गवाही र तेरो प्रतिफल हो। तँसँग कुनै पनि भित्री बुझाइ छैन भने तेरो मानवता बाहिरबाट परिवर्तन भएर पुग्दैन, न त तैँले तेरो सामान्य मानवता जिउने विषय नजरअन्दाज गर्छस् भने तँसँग भित्री बुझाइ र सत्यता भएर नै पुग्नेछ। तँमा आज गरिएको कार्य देखाउँनका लागि होइन, तर तँलाई परिवर्तन गर्नका लागि हो। तैँले गर्नुपर्ने एक मात्र कार्य भनेको आफूलाई परिवर्तन गर्नमा केन्द्रित हुने हो। तेरो जीवनमा अरु केही छैन भने, प्रत्येक दिन लेखेर र सुनेर मात्र हुनेछैन; तेरो प्रवेश प्रत्येक पक्षमा हुनुपर्छ। तँसँग सन्तको सामान्य जीवन हुनुपर्छ। धेरै दिदीबहिनीहरूले युवतीहरूको जस्तै र दाजुभाइहरूले उच्चपदस्थ वा ठूला व्यक्तिहरूको जस्तै कपडा लगाउँछन्, जुन सन्तहरूको शिष्टताभन्दा सवर्था भिन्न हुन्छ। कुनै व्यक्तिको क्षमता बढाउनु एउटा कुरा हो—यो आकस्मिक रूपमा हासिल गरिन्छ। परमेश्‍वरका वचनहरू खानु र पिउनु अर्को कुरा हो—यो चुरो कुरो हो। यदि तेरो क्षमता बढाइएको थियो तर तैँले परमेश्‍वरका वचनहरू नखाएको र नपिएकोले यसलाई प्रयोगमा ल्याइनस् भने, के तैँले सिक्नका लागि गरेका प्रयासलाई खेर फालेको हुँदैनस् र? दुवै पक्षहरूलाई सम्मिश्रण गरिनुपर्छ। तैँले के कुरा पूरा गर्न आवश्यक गरिएको छ भन्ने विषयमा छलफल गर्दा परमेश्‍वरप्रतिको ज्ञान किन ल्याउने त? के यो आगामी कामको प्रतिफलको खातिर होइन र? तँमाथि विजय प्राप्त भएपछि, तँ तेरा आफ्नै अनुभवहरूबाट गवाही दिन सक्षम हुनुपर्छ। यदि तेरो बाहिरी आवरण सामान्य मानवताको छ, तर तँ तेरा अनुभवहरूलाई बोलीमा राख्न असक्षम छस् भने यसले काम गर्नेछैन। सामान्य आत्मिक जीवन हुँदा, तैँले सामान्य मानवता पनि हासिल गर्नुपर्छ, जसका धेरै कुराहरू आकस्मिक रूपमा सिकिँदै गइनेछ। के तेरो विचारमा भुँईमा कुचो लगाउनका लागि कुनै निश्‍चित अभ्यासको खाँचो पर्छ? यो भन्दा पनि खराब त खाना खाँदा काँटाचम्चा कसरी समात्ने भनेर एक घण्टा अभ्यास गर्नु हो! सामान्य मानवतामा के-कस्ता पक्षहरू समावेश हुन्छन्? अन्तर्दृष्टि, बोध, विवेक, र चरित्र। यदि तैँले यी प्रत्येक पक्षहरूमा सामान्यता हासिल गरिस् भने, तेरो मानवता उपयुक्त स्तरको हुनेछ। तँसँग सामान्य मानवको रूप हुनुपर्छ, तँ परमेश्‍वरको विश्‍वासी समान हुनुपछ। तैँले धेरै कुरा हासिल गर्नुपर्दैन, न त कुटनीतिमा सहभागी नै हुनुपर्छ; तँ केवल सामान्य मानिसको बोध भएको सामान्य मानिस हुनुपर्छ, परिस्थिति खुट्याउन सक्ने हुनुपर्छ, र कम्तमिा सामान्य मानव जस्तो देखिनुपर्छ। यति पर्याप्त हुनेछ। तैँले आज जे कुरा पूरा गर्न आवश्यक छ ती कुराहरू तेरो क्षमताभित्रै छ, यो क्षमताभन्दा बढी गर्न दबाब दिने मामिला होइन। तँमाथि कुनै अनुपयोगी वचन वा अनुपयोगी कार्य गरिनेछैन। तेरो जीवनमा व्यक्त वा प्रकट भएका सबै कुरूपतालाई फाल्नुपर्छ। तिमीहरू शैतानबाट भ्रष्ट भएका छौं र शैतानको विषले पूरा भरिएका छौं। तँबाट मागिएको कुरा त शैतानको यो भ्रष्ट स्वभावलाई फाल् भनेको मात्र हो। तँलाई कुनै उच्चपदस्थ कर्मचारी, वा प्रसिद्ध वा महान् व्यक्ति बन् भनिएको होइन। यसमा कुनै तुक छैन। तिमीहरूमा गरिएको कार्यले तिमीहरूका अन्तर्निहित कुराहरूलाई मध्यनजर गरेको हुन्छ। मैले मानिसहरूबाट माग्ने कुराहरू सीमामा बाँधिएका छन्। यदि बौद्धिक व्यक्तिहरूले बोल्ने तरिका र लवजमा तैँले अभ्यास गरेको थिइस्

भने, यसले काम गर्नेछैन; तैँले यसलाई गर्न सक्नेछैनस्। तिमीहरूको क्षमताको आधारमा, तिमीहरूले कम्तीमा बुद्धि पुर्‍याएर र विनम्रताका साथ बोल्न र कुराहरूलाई स्पट र बुझ्नयोग्य तरिकाले व्याख्या गर्न सक्नुपर्छ। शर्तहरू पूरा गर्नका लागि यति मात्रै चाहिन्छ। यदि, कम्तीमा पनि, तैँले अन्तर्दृष्टि र बोध प्राप्त गरिस् भने, यतिले काम गर्छ। अहिलेका लागि सबैभन्दा महत्त्वपूर्ण कुरा भनेको तेरो भ्रष्ट शैतानी स्वभाव फाल्नु हो। तँभित्र प्रकट भएको कुरूपता तैँले फाल्नुपर्छ। यी कुराहरू तैँले फाल्दैनस् भने, तैँले सर्वोच्च बोध र सर्वोच्च अन्तर्दृष्टिका बारेमा कसरी कुरा गर्न सक्छस्? युग परिवर्तन भएको देखेर, धेरै मानिसहरूमा कुनै विनम्रता वा धैर्यता छैन, र तिनीहरूमा कुनै प्रेम वा सन्तको शिष्टाचार पनि छैन। यस्ता मानिसहरू कति विवेकशून्य होलान्! के तिनीहरूमा अलिकति पनि सामान्य मानवता होला त? के तिनीहरूमा बोल्नको लागि कुनै गवाही होला त? तिनीहरूसँग अन्तर्दृष्टि वा समझ सवर्था छैन। पक्कै पनि, मानिसहरूका केही विकृत र गलत अभ्यासलाई सच्याइनुपर्छ; उदाहरणका लागि, तिनीहरूको पहिलेको कडा आत्मिक जीवनहरू र तिनीहरूका भावशून्य र अल्पबुद्धि रूप—यी सबै कुराहरूलाई परिवर्तन गरिनुपर्छ। परिवर्तनको अर्थ तँलाई जे मन लाग्यो त्यही बोल्दै, देहमा स्वछन्द वा लिप्त हुन दिने भन्ने होइन। तैँले हल्का रूपमा बोल्नु हुँदैन। सामान्य मानवको बोली तथा अचारण हुनु भनेको तर्कसंङ्गत रूपमा बोल्नु हो, तैँले “हुन्छ” भन्दा “हुन्छ” भन्नु, “हुन्न” भन्दा “हुन्न” भन्नु हो। तथ्यपरक रूपमा र उपयुक्त ढङ्गले बोल्। नठग्, र झुटो नबोल्। स्वभावको परिवर्तनको सन्दर्भमा व्यक्तिले जानसक्ने हदहरू बुझ्नुपर्छ। यदि यसो भएन भने, तँ वास्तविकतामा प्रवेश गर्न सक्नेछैनस्।

## मोआबका सन्तानहरूलाई बचाउनुको महत्त्व

यी दुईदेखि तीन वर्षको काममा, तिमीहरूमाथिको न्यायको काममा जे हासिल गरिनुपर्ने थियो, त्यो आधारभूत रूपमा हासिल गरिएको छ। अधिकांश मानिसहरूले तिनीहरूका भविष्यका केही सम्भावनाहरू र नियतिलाई छोडिदिएका छन्। तथापि, जब तिमीहरू मोआबका सन्तानहरू हौ भनी उल्लेख गरिन्छ, तिमीहरूमध्ये धेरैले यसलाई सहन सक्दैनौं—तिमीहरूको रूप बिग्रन्छ, तिमीहरूको मुख बाङ्गिन्छ, अनि तिम्रा आँखाहरू अचल हुन्छन्। तिमीहरू मोआबका सन्तानहरू हौ भनी तिमीहरू विश्वास गर्न सक्दै-सक्दैनौ। मोआबलाई श्राप दिइएपछि यस भूमिमा निर्वासित गरिएको थियो। उनको वंशजलाई आजको दिनसम्मै उनका सन्तानहरूमा हस्तान्तरण गरिएको छ, अनि तिमीहरू सबै तिनका सन्तान हौ। यसमा मैले गर्न सक्ने केही पनि छैन—कसले तँलाई मोआबको घरानामा जन्मिनु भन्यो? म तँलाई टिठ्याउँछु र तँमाथि त्यस्तो भएको चाहँदिन, तर कसैले यस तथ्यलाई बदल्न सक्दैन। तँ मोआबको सन्तान होस्, अनि तँ दाऊदको सन्तान होस् भनी म भन्न सक्दिनँ। तँ जसको सन्तान भए तापनि तँ अझै पनि सृजिएको प्राणी होस्, यद्यपि तँ तल्लो दर्जाको प्राणी होस्, निम्न स्तरमा जन्मेको एउटा प्राणी। सृजिएका सबै प्राणीहरूले परमेश्‍वरको सबै काम अनुभव गर्नैपर्छ; तिनीहरू सबै उहाँको जीतका पात्रहरू हुन्, अनि ती सबैले उहाँको धार्मिक स्वभावलाई देख्नैपर्छ अनि उहाँको बुद्धि तथा सर्वशक्तिलाई अनुभव गर्नैपर्छ। आज, तँ मोआबको

सन्तान होस्, अनि तैँले यो न्याय तथा सजायलाई स्वीकार गर्नैपर्छ; यदि तँ मोआबको सन्तान नभएको भए, के तैँले यो न्याय तथा सजायलाई पनि स्वीकार गर्नुपर्ने थिएन र? यसलाई पहिचान गर्! वास्तवमा, आज मोआबका सन्तानहरूमाथि काम गर्नु सबैभन्दा बहुमूल्य र सबैभन्दा महत्त्वपूर्ण छ। तिमीहरूमाथि काम गरिने हुनाले, यसको विशाल महत्त्व छ। यदि हामका सन्तानहरूमाथि काम गरिएको भए, यो त्यति महत्त्वपूर्ण हुने थिएन, किनकि मोआबको विपरीत, तिनीहरूको जन्म निम्न स्तरको थिएन। नोआका दोस्रो छोरा हामको सन्तानलाई श्राप मात्रै दिइएको थियो–तिनीहरू व्यभिचारबाट आएनन्। नोआले तिनीहरूलाई दासहरूको दास हुनू भनी श्राप दिएका हुनाले मात्रै तिनीहरू तल्लो दर्जाका हुन्। तिनीहरू तल्लो दर्जाका हुन्, तर तिनीहरूको मौलिक मूल्य निम्न स्तरको थिएन। मोआबको कुरा गर्दा, मानिसहरूले उसको मौलिक दर्जा नीच स्तरको थियो भनी जान्दछन् किनकि ऊ व्यभिचारबाट जन्मेको थियो। लोतको दर्जा धेरै उच्च भएको भए तापनि, मोआब लोत र उसकी छोरीबाट जन्मे। लोतलाई धार्मिक भनियो, तर मोआब श्रापित नै थिए। मोआब तल्लो स्तरका थिए र तिनको दर्जा तल्लो थियो, अनि यदि ऊ श्रापित नभएको भए पनि, ऊ अझै पनि फोहोरी हुन्थ्यो, अनि त्यसैले ऊ हामभन्दा फरक थियो। तिनले यहोवालाई स्वीकार गरेनन्, तर त्यसको साटो यहोवाको विरुद्धमा प्रतिरोध गरे र विद्रोह गरे–यसैले ऊ सबैभन्दा अँध्यारो ठाउँमा खस्यो। अहिले मोआबका सन्तानहरूमाथि काम गर्नु भनेको सबैभन्दा ठूलो अन्धकारमा खसेकाहरूलाई मुक्ति दिनु हो। तिनीहरूलाई श्राप दिइएको भए तापनि, परमेश्‍वर तिनीहरूबाट महिमा प्राप्त गर्न इच्छुक हुनुहुन्छ, किनकि तिनीहरू पहिले त्यस्ता मानिसहरू थिए जसको हृदयमा परमेश्‍वर हुनुहुन्नथियो; हृदयमा परमेश्‍वर नभएका मानिसहरूलाई उहाँको आज्ञापालन गर्ने र प्रेम गर्ने तुल्याउनु नै साँचो विजय हो, अनि त्यस्तो कामको फल धेरै मूल्यवान् र धेरै विश्‍वसनीय हुन्छ। महिमा प्राप्त गर्नु भनेको यो मात्रै हो–आखिरी दिनहरूमा परमेश्‍वरले प्राप्त गर्न चाहनुभएको महिमा यही नै हो। यी मानिसहरू तल्लो दर्जाका भए तापनि, तिनीहरूले अहिले त्यस्तो ठूलो मुक्ति पाउन सकेको तथ्य साँच्चिकै परमेश्‍वरद्‌वारा गरिएको एउटा उत्थान हो। यो काम अत्यन्त महत्त्वपूर्ण छ, अनि न्यायद्‌वारा नै उहाँले यी मानिसहरूलाई प्राप्त गर्नुहुन्छ। यी मानिसहरूलाई दण्ड दिनु होइन तर तिनीहरूलाई मुक्ति दिनु उहाँको अभिप्राय हो। यदि आखिरी दिनहरूको अवधिमा, उहाँले अझै पनि इस्राएलमा विजयको काम गरिरहनुभएको भए, यो मूल्यहीन हुनेथियो; यसले फल फलाएको भए पनि, यसको मूल्य वा कुनै ठूलो महत्त्व हुने थिएन, अनि उहाँले सबै महिमा हासिल गर्न सक्नुहुने थिएन। उहाँले तिमीहरूमाथि काम गरिरहनुभएको छ, जो सबैभन्दा अन्धकारपूर्ण ठाउँमा खसेका छन्, जो सबैभन्दा पिछडिएका छन्। यी मानिसहरूले परमेश्‍वर हुनुहुन्छ भनी स्वीकार गर्दैनन् र परमेश्‍वर हुनुहुन्छ भनी कहिल्यै जानेका छैनन्। यी प्राणीहरू शैतानद्‌वारा यति भ्रष्ट भएका छन् कि तिनीहरूले परमेश्‍वरलाई बिर्सेका छन्। तिनीहरू शैतानद्‌वारा अन्धा तुल्याइएका छन् अनि स्वर्गमा परमेश्‍वर हुनुहुन्छ भनी तिनीहरू बिलकुल जान्दैनन्। तिमीहरूको हृदयमा, तिमीहरू सबैले मूर्तिहरूलाई पूजा गर्छौ र शैतानको आराधना गर्छौ–के तिमीहरू सबैभन्दा तल्लो, सबैभन्दा पिछडिएका मानिसहरू होइनौ र? तिमीहरू कुनै व्यक्तिगत स्वतन्त्रता नभएका, सबैभन्दा तल्लो स्तरका देह हौ अनि तिमीहरूले कठिनाइहरू पनि भोग्छौ। तिमीहरू, विश्‍वासको

स्वतन्त्रता समेत नभएका, यस समाजको सबैभन्दा तल्लो तहका मानिसहरू पनि हौ। यसैमा तिमीहरूमाथि काम गर्नुको महत्त्व छ। तिमीहरू, अर्थात् मोआबको सन्तानमाथि काम गर्नु, तिमीहरूलाई अपमानित गर्नको निम्ति होइन तर कामको महत्त्व प्रकट गर्नको निम्ति हो। तिमीहरूका निम्ति यो ठूलो उत्थान हो। यदि कुनै व्यक्तिसित तर्क र अन्तर्दृष्टि छ भने, तिनीहरूले यसो भन्नेछन्: "म मोआबको सन्तान हुँ, आज परमेश्‍वरद्वारा दिइएको यति ठूलो उचाइ वा यति ठूलो आशिष प्राप्त गर्न म साँच्चिकै अयोग्य छु। मैले गर्ने र भन्ने सबै कुरामा, अनि मेरो हैसियत र मूल्यअनुसार म परमेश्‍वरको यति ठूलो आशिषको बिलकुल योग्य छैनँ। परमेश्‍वरको निम्ति इस्राएलीहरूसित ठूलो प्रेम थियो, अनि तिनीहरूले पाएको अनुग्रह परमेश्‍वरले नै तिनीहरूलाई प्रदान गर्नुभएको हो तर तिनीहरूको हैसियत हाम्रो भन्दा ज्यादै उच्च छ। अब्राहाम यहोवाप्रति धेरै भक्त थिए, अनि पत्रुस पनि येशूप्रति धेरै भक्त थिए–तिनीहरूको भक्ति हाम्रो भन्दा सय गुणा बढी थियो। हाम्रो कार्यहरूका आधारमा, हामी परमेश्‍वरको अनुग्रहमा आनन्दित हुन पूर्ण रूपले अयोग्य छौँ।" चीनका यी मानिसहरूको सेवालाई परमेश्‍वरको अघि ल्याउन सकिँदैन। यो पूर्ण रूपमा गोलमालमय अवस्थामा छ; तिमीहरूले अहिले परमेश्‍वरको यति धेरै अनुग्रहको आनन्द लिनु भनेको विशुद्ध रूपमा परमेश्‍वरले गर्नुभएको उत्थान हो! कहिले तिमीहरूले परमेश्‍वरको कामको खोजी गरेका छौ? कहिले तिमीहरूले आफ्नो काम उहाँको निम्ति बलिदान गरेका छौ? कहिले तिमीहरूले आफ्नो परिवार, आफ्नो बाबुआमा अनि आफ्ना छोराछोरीहरूलाई इच्छा पूर्वक त्यागेका छौ? तिमीहरूमध्ये कसैले पनि ठूलो मूल्य चुकाएका छैनौ! यदि पवित्र आत्माले तिमीहरूलाई बाहिर ननिकाल्नुभएको भए, तिमीहरूमध्ये कति जना सबै कुरा बलिदान गर्न सक्षम हुनेथियौ? दबाब र बाध्यतामा परेर मात्रै तिमीहरूले आजसम्म पछ्याएका छौ। तिमीहरूको भक्ति कहाँ छ? तिमीहरूको आज्ञाकारीता कहाँ छ? तिमीहरूको कार्यहरूका आधारमा त, तिमीहरू धेरै लामो समय अघि नै नष्ट भइसक्नु पर्नेथियो–तिमीहरू सबै मेटाइसक्नु पर्नेथियो। कुन कुराले तिमीहरूलाई त्यस्तो ठूलो आशिषहरूको आनन्द लिने योग्यको बनाउँछ? तिमीहरू अलिकति पनि योग्यका छैनौ! तिमीहरूमध्ये कसले आफ्नै बाटो बनाएका छौ? तिमीहरूमध्ये कसले आफै साँचो बाटो भेट्टाएको छ? तिमीहरू सबै अल्छी, घिचुवा, आराम खोज्ने बेकामेहरू हौ! के तिमीहरू महान् छौ भन्ने तिमीहरूलाई लाग्छ? तिमीहरूसँग घमन्ड गर्ने के कुरा छ? तिमीहरू मोआबका सन्तान हौ भन्ने कुरालाई बेवास्ता गर्दा पनि, के तिमीहरूको स्वभाव वा तिमीहरूको जन्मस्थान उच्चतम प्रकारको छ? तिमीहरू उसका सन्तान हौ भन्ने कुरालाई बेवास्ता गर्दा पनि, के तिमीहरू सबै हरेक पक्षबाट मोआबका सन्तानहरू होइनौ र? के तथ्यहरूको सत्यता बद्लिन सक्छ र? तिमीहरूको स्वभावलाई अहिले उजागर गर्दा के यसले तथ्यहरूको सत्यतालाई गलत प्रकारले प्रतिनिधित्व गर्दछ र? तिमीहरूको गुलामी, तिमीहरूको जीवन, अनि तिमीहरूको चरित्रलाई हेर–तिमीहरू मानवजातिमध्ये सबैभन्दा नीचहरूमध्ये पनि तिमीहरू नीच हौ भन्ने के तिमीहरूलाई थाहा छैन? तिमीहरूसँग घमन्ड गर्नको लागि के छ र? समाजमा तिमीहरूको दर्जालाई हेर। के तिमीहरू यसको सबैभन्दा तल्लो तहमा छैनौ र? के मैले गल्ती बोलेको भन्ने तिमीहरूलाई लाग्छ? अब्राहामले इसहाकलाई अर्पण गरे–तिमीहरूले के अर्पण गरेका छौ? अय्यूबले सबै थोक अर्पण गरे–तिमीहरूले के अर्पण गरेका छौ? कति धेरै मानिसहरूले

सत्य बाटो खोज्नका निम्ति आफ्नो जीवन दिएका छन्, आफ्नो शिर अर्पण गरेका छन्, आफ्नो रगत बगाएका छन्। के तिमीहरूले त्यो मूल्य चुकाएका छौ? तुलना गर्दा, त्यस्तो महान् अनुग्रहको आनन्द लिन तिमीहरू बिलकुल योग्यका छैनौ। आज तिमीहरू मोआबका सन्तान हौ भनेर भन्दा के यसले तिमीहरूलाई अन्याय हुन्छ? तिमीहरू आफैलाई ज्यादै ठूलो नसोच। तिमीहरूसित घमन्ड गर्ने कुरा केही छैन। तिमीहरूलाई त्यस्तो ठूलो मुक्ति, त्यस्तो ठूलो अनुग्रह सित्तैँमा दिइएको छ। तिमीहरूले केही बलिदान दिएका छैनौ, तापनि तिमीहरूले सित्तैँमा अनुग्रहको आनन्द लिन्छौ। के तिमीहरू लाज लाग्दैन? के यो साँचो बाटो तिमीहरू आफैले खोजेको र भेट्टाएको कुरा हो र? के पवित्र आत्माले तिमीहरूलाई यो स्वीकार गर्न विवश गर्नुभएको होइन र? तिमीहरूसित कहिल्यै खोजी गर्ने हृदय थिएन, सत्यताको निम्ति खोजी गर्ने र तिर्सना गर्ने हृदय त परको कुरा हो। तिमीहरू पछाडि बसेर यसको आनन्द मात्र लिइरहेका छौ; तिमीहरूले यो सत्यतालाई सबैभन्दा सानो प्रयास नै नगरीकन प्राप्त गरेका छौ। तिमीहरूसित गुनासो गर्ने के अधिकार छ? के तिमीहरू सबैभन्दा ठूलो मूल्यका छौ भनी तिमीहरू सोच्छौ? ती आफ्नो जीवन बलिदान गर्ने र रगत बगाउने मानिसहरूसित तुलना गर्दा तिमीहरूसित गुनासो गर्नको निम्ति के छ र? अहिले नै तिमीहरूलाई नष्ट गर्नु नै ठीक र स्वभाविक हुन्थ्यो! तिमीहरूसित आज्ञापालन गर्ने र पछ्याउने बाहेक अर्को कुनै विकल्प छैन। तिमीहरू पटक्कै योग्यका छैनौ! तिमीहरूमध्ये धेरैलाई बोलाइएको थियो, तर यदि तिमीहरूको वातावरणले तिमीहरूलाई बाध्य नतुल्याएको भए वा तिमीहरूलाई नबोलाइएको भए, तिमीहरू बाहिर निस्कन पूर्ण रूपले अनिच्छुक हुनेथियौ। त्यस्तो परित्यागलाई आत्मसात् गर्न को इच्छुक हुन्छ? देहका लालसाहरूलाई त्याग्न को इच्छुक हुन्छ? तिमीहरू सबै त्यस्ता मानिसहरू हौ जसले लोभले आराम गर्दै मोज-मस्ती गर्छौ र विलासी जीवनको खोजी गर्छौ! तिमीहरूले त्यस्तो ठूला आशिषहरू पाएका छौ–तिमीहरूले अरू के भन्नु छ र? तिमीहरूसित के गुनासाहरू छन् र? तिमीहरूलाई स्वर्गमा सबैभन्दा ठूलो आशिषहरू र सबैभन्दा ठूलो अनुग्रहको आनन्द लिन दिइएको छ, अनि पृथ्वीमा पहिले कहिल्यै नगरिएको काम आज तिमीहरूलाई प्रकट गरिएको छ। के यो आशिष होइन र? तिमीहरूलाई आज त्यसरी सजाय दिइएको छ किनकि तिमीहरूले परमेश्वरको प्रतिरोध गरेका छौ र उहाँको विरुद्धमा विद्रोह गरेका छौ। उहाँको यो सजायको कारणले गर्दा, तिमीहरूले परमेश्वरको कृपा र प्रेम देखेका छौ, अनि अझ बढी, तिमीहरूले उहाँको धार्मिकता र पवित्रता देखेका छौ। यो सजायको कारणले अनि मानवजातिको फोहोरीपनको कारणले, तिमीहरूले परमेश्वरको ठूलो शक्ति देखेका छौ, अनि तिमीहरूले उहाँको पवित्रता र महानता देखेका छौ। के यो अत्यन्त दुर्लभ सत्यता होइन र? के यो अर्थपूर्ण जीवन होइन र? परमेश्वरले गर्नुहुने काम अर्थले भरिपूर्ण हुन्छ! यसरी, तिमीहरूको दर्जा जति तल्लो हुन्छ, तिमीहरू परमेश्वरद्वारा उचालिएका हौ भनेर त्यति नै बढी प्रमाणित हुन्छ, अनि तिमीहरूमाथि आज उहाँले गर्नुभएको कामको ठूलो मूल्य त्यति नै बढी प्रमाणित हुन्छ। यो स्पष्ट रूपमा एउटा अमूल्य सम्पत्ति हो, जसलाई अरू कतै पनि पाउन सकिँदैन! युगौं-युगदेखि कसैले यस्तो ठूलो मुक्तिको आनन्द लिएका छैनन्। तिमीहरूको दर्जा तल्लो छ भन्ने तथ्यले, परमेश्वरको मुक्ति कति ठूलो छ भन्ने देखाउँछ, अनि यसले परमेश्वर मानवजातिप्रति विश्वासयोग्य हुनुहुन्छ भन्ने कुरा देखाउँछ–उहाँले मुक्ति दिनुहुन्छ, उहाँले नष्ट गर्नुहुन्न।

चिनियाँ मानिसहरूले कहिल्यै परमेश्वरमाथि विश्वास गरेका छैनन्; तिनीहरूले कहिल्यै यहोवाको सेवा गरेका छैनन्, अनि कहिल्यै येशूको सेवा गरेका छैनन्। तिनीहरूले केवल प्रणाम गर्छन्, धूप बाल्छन्, आत्मा-पत्ती बाल्छन् अनि बुद्धको पूजा गर्छन्। तिनीहरूले मूर्तिहरूको मात्र आराधना गर्छन्—तिनीहरू सबै हदैसम्मको विद्रोही हुन्छन्। त्यसैले, मानिसहरूको दर्जा जति तल्लो हुन्छ, त्यति नै बढी तिमीहरूबाट परमेश्वरले झन् बढी महिमा हासिल गर्नुहुन्छ भन्ने यसले देखाउँछ। कसैले आफ्नो दृष्टिकोणबाट भन्न सक्ला: "परमेश्वर, तपाईंले गर्ने काम के हो?" तपाईं त्यस्तो उच्च परमेश्वर, त्यस्तो पवित्र परमेश्वर फोहोरी देशमा आउनुहुन्छ? के तपाईं आफैलाई यति सानो सोच्नुहुन्छ? हामी यति फोहोरी छौं, तर तपाईं हामीसित रहन इच्छुक हुनुहुन्छ? तपाईं हाम्रो माझमा बस्न इच्छुक हुनुहुन्छ? हामी यति तल्लो दर्जाका हौं, तर तपाईं हामीलाई पूर्ण बनाउन इच्छुक हुनुहुन्छ? अनि तपाईंले हामीलाई नमूना र आदर्शको रूपमा प्रयोग गर्न चाहनुहुन्छ? म भन्छु: तैँले मेरो इच्छालाई बुझ्दैनस्। म जुन काम गर्न चाहन्छु, सो तैँले बुझ्दैनस्, न त तैँले मेरो स्वभावलाई नै बुझ्छस्। मैले गर्न गइरहेको कामको महत्त्व तेरा क्षमताले भ्याउनेभन्दा पर छ। के मेरो काम तेरो मानव धारणाहरू अनुरूप हुन्छ र? मानव धारणाहरू अनुसार त, म उच्च हैसियतको हुँ भनेर देखाउन, म ठूलो मूल्यको हुँ भनेर देखाउन, मेरो आदर, पवित्रता र महानता देखाउन म एउटा राम्रो देशमा जन्मिनु पर्ने थियो। यदि म मलाई पहिचान गराउने स्थानमा, एउटा कुलीन परिवारमा जन्मिएको भए, अनि यदि म उच्च दर्जाको र हैसियतको भएको भए, मसँग अत्यन्तै राम्रो व्यवहार गरिन्थ्यो। त्यसले मेरो कामलाई लाभ पुर्‍याउने थिएन, अनि त्यस्तो ठूलो मुक्ति अझै प्रकट गरिन सकिन्थ्यो र? ती जसले मलाई देख्छन्, तिनीहरू सबैले मेरो आज्ञा मान्थे, अनि तिनीहरू फोहोरले प्रदूषित हुँदैनथे। म त्यस्तो प्रकारको ठाउँमा जन्मिनुपर्थ्यो। तिमीहरूले विश्वास गर्ने यही नै हो। तर यसको बारेमा सोच: परमेश्वर पृथ्वीमा आनन्दको निम्ति आउनुभयो कि कामको निम्ति? यदि मैले त्यस्तो प्रकारको सजिलो, आरामदायी ठाउँमा काम गरेको भए, के मैले मेरो पूरा महिमा प्राप्त गर्न सक्थेँ र? के म मेरो सारा सृष्टिलाई जित्न सक्षम हुन्थें र? जब परमेश्वर पृथ्वीमा आउनुभयो, उहाँ यस संसारका हुनुहुन्नथियो, र उहाँ संसारको आनन्द लिन मानिस बन्नुभएन। जुन स्थानमा काम गर्दा उहाँको स्वभाव प्रकट हुन्थ्यो र सबैभन्दा अर्थपूर्ण हुन्थ्यो त्यो उहाँ जन्मनुभएको स्थान थियो। चाहे त्यो एक पवित्र देश होस् वा फोहोर देश होस्, र उहाँले जहाँ-सुकै काम गर्नुभए पनि उहाँ पवित्र हुनुहुन्छ। संसारमा भएका सबै थोक उहाँद्वारा सृष्टि गरिएका थिए, तापनि यो सबै शैतानद्वारा भ्रष्ट पारिएका छन्। यद्यपि सबै थोक उहाँकै हुन्; ती सबै उहाँकै हातमा छन्। उहाँ आफ्नो पवित्रतालाई प्रकट गर्नको लागि एउटा फोहोर देशमा आउनुहुन्छ र त्यहाँ काम गर्नुहुन्छ; उहाँले यो केवल आफ्नो कामको खातिर गर्नुहुन्छ, जसको अर्थ यस फोहोर देशका मानिसहरूलाई मुक्ति दिन उहाँले त्यस्तो काम गर्न ठूलो अपमान सहनुहुन्छ भन्ने हो। यो सबै मानव जातिको खातिर साक्षी दिनका लागि गरिन्छ। त्यस्तो कामले मानिसहरूलाई परमेश्वरको धार्मिकता देखाउँदछ, र यसले राम्ररी परमेश्वरको सर्वोच्चता प्रकट गर्न सक्छ। उहाँको महानता र इमानदारीता अरूले खिसी गर्ने तुच्छ मानिसहरूको एउटा समूहको मुक्तिमा प्रकट हुन्छ। फोहोर देशमा जन्मनुले उहाँ तुच्छ हुनुहुन्छ भन्ने प्रमाणित गर्दैन; यसले केवल सबै सृष्टिलाई मानव जातिप्रतिको उहाँको

महानता र उहाँको साँचो प्रेम देख्ने मौका दिँदछ। उहाँले जति बढी त्यसो गर्नुहुन्छ, त्यत्ति नै बढी उहाँको शुद्ध प्रेम, मानिसप्रति उहाँको निष्खोट प्रेम प्रकट हुन्छ। परमेश्वर पवित्र र धर्मी हुनुहुन्छ। उहाँ फोहोर भूमिमा जन्मनुभएको भए पनि, र येशू अनुग्रहको युगमा पापीहरूसँग बस्नुभएको जस्तै उहाँ फोहोरले भरिएका मानिसहरूको साथमा बस्नुभएको भए पनि, के उहाँको कामको प्रत्येक भाग सबै मानव जातिलाई जीवित राख्नका निम्ति गरिएको होइन र? के यो सबै मानव जातिले महान् मुक्ति पाऊन् भनेर होइन गरिएको र? दुई हजार वर्ष अघि, उहाँ केही वर्षसम्म पापीहरूसँग बस्नुभयो। त्यो छुटकाराको लागि थियो। आज, उहाँ फोहोर, तुच्छ मानिसहरूको एउटा समूहसँग बसिरहनुभएको छ। यो मुक्तिको खातिर हो। के उहाँका सबै कामहरू तिमी मानिसहरूका खातिर नै होइन र? यदि मानव जातिलाई बचाउनु पर्दैनथ्यो भने एउटा डूँडमा जन्मेर उहाँले त्यत्ति धेरै वर्षसम्म किन पापीहरूको माझमा जिउनु र दुःख भोग्नुपर्थ्यो र? र यदि मानव जातिलाई बचाउनु पर्दैनथ्यो भने, उहाँ किन दोस्रो पटक देहमा फर्केर आउनुपर्थ्यो, भूतात्माहरू भेला हुने यो देशमा किन जन्मनुपर्थ्यो, र शैतानद्वारा गहिरो रूपमा भ्रष्ट पारिएका मानिसहरूको साथमा बस्नुपर्थ्यो र? के परमेश्वर विश्वासयोग्य हुनुहुन्न? उहाँको कामको कुन भाग मानव जातिका लागि गरिएको छैन र? कुन भाग तिमीहरूको भाग्यका लागि गरिएको छैन? परमेश्वर पवित्र हुनुहुन्छ—यो अपरिवर्तनीय छ! उहाँ फोहोरद्वारा अप्रदूषित हुनुहुन्छ, यद्यपि उहाँ फोहोर देशमा आउनुभएको छ; यी सबैको अर्थ केवल यो हुन सक्छ कि मानव जातिप्रति परमेश्वरको प्रेम अत्यन्त निस्वार्थ छ र उहाँले भोग्नुभएको कष्ट र अपमान अत्यन्तै ठूलो छ! तिमीहरू सबै र तिमीहरूका गन्तव्यका निम्ति उहाँले भोग्नुहुने अपमान कति ठूलो छ भनी के तिमीहरूलाई थाहा छैन? उहाँले महान् व्यक्तिहरू वा धनी र शक्तिशाली परिवारका छोराहरूलाई बचाउनुको साटो, उहाँले नम्रहरूलाई र तुच्छ ठानिएकाहरूलाई बचाउनुहुन्छ। के यो सबै उहाँको पवित्रता होइन र? के यो सबै उहाँको धार्मिकता होइन र? सबै मानव जाति बाँचून् भनेर उहाँ बरु फोहोर देशमा जन्मनुहुनेथियो र हरप्रकारको अपमान सहनुहुनेथियो। परमेश्वर साँच्चै वास्तविक हुनुहुन्छ—उहाँले कुनै झूटो काम गर्नुहुन्न। के कामको प्रत्येक चरण त्यस्तो व्यावहारिक तरिकाले नै गरिएको छैन र? सबै मानिसले उहाँको निन्दा गर्ने र उहाँ पापीहरूसँग टेबुलमा बस्नुहुन्छ भनी भन्ने भए पनि, सबै मानिसहरूले उहाँको खिल्ली उडाउने भए पनि र उहाँ फोहोरका छोराहरूसँग बस्नुहुन्छ, उहाँ सबैभन्दा तुच्छ मानिसहरूसँग बस्नुहुन्छ भन्ने भए पनि, उहाँले आफैलाई निःस्वार्थ रूपमा दिनुहुन्छ, र उहाँलाई अझै पनि यसरी मानव जातिको बीचमा इन्कार गरिन्छ। के उहाँले भोग्नुहुने कष्टहरू तिमीहरूको भन्दा बढी छैन र? के उहाँले गर्नुहुने काम तिमीहरूले चुकाएका मूल्यभन्दा बढी छैन र? तिमीहरू भूतात्माहरू भेला हुने ठाउँमा जन्मियौ, तापनि तिमीहरूले ठूलो सुरक्षा पाएका छौ। तिमीहरूसित के विकल्प छ र? तिमीहरूसित के गुनासा छन्? के उहाँले भोग्नुभएको कष्ट तिमीहरूले भोगेको कष्टभन्दा ठूलो छैन र? उहाँ पृथ्वीमा आउनुभएको छ र कहिल्यै मानव संसारको खुसीयालीहरूमा आनन्दित हुनुभएको छैन। उहाँले त्यस्ता कुराहरूलाई घृणा गर्नुहुन्छ। मानिसहरूले उहाँलाई भौतिक कुराहरू उपलब्ध गराऊन् भनेर परमेश्वर पृथ्वीमा आउनुभएन, न त उहाँ खाना, कपडा, अनि गरगहनाको आनन्द लिन नै आउनुभयो। उहाँले यी कुराहरूलाई कुनै ध्यान दिनहुन्न। उहाँ पृथ्वीमा

मानिसको निम्ति कष्ट उठाउन आउनुभयो, भौतिक सम्पत्तिको आनन्द लिन होइन। उहाँ कष्ट भोग्न, काम गर्न, र उहाँको व्यवस्थापन योजनाको काम पूरा गर्न आउनुभयो। उहाँले एउटा राजदूतावास वा एउटा भव्य होटेलमा बस्न एउटा राम्रो ठाउँ रोज्नुभएन, न त उहाँसित उहाँलाई पर्खने नोकरहरूको झुण्ड नै छ। तिमीहरूले जे देखेका छौ, त्यसको आधारमा, के तिमीहरूलाई उहाँ काम गर्न आउनुभयो कि आनन्दको निम्ति भन्ने थाहा छैन? के तिमीहरूका आँखाले देख्दैनन्? उहाँले तिमीहरूलाई कति धेरै दिनुभएको छ? यदि उहाँ एउटा आरामदायी ठाउँमा जन्मिनुभएको भए, के उहाँले महिमा प्राप्त गर्न सक्नुहुन्थ्यो? के उहाँले काम गर्न सक्नुहुन्थ्यो? के उहाँले त्यसो गर्नुको कुनै महत्त्व हुन्थ्यो? के उहाँले मानवजातिलाई पूर्ण रीतिले विजय गर्न सक्नुहुन्थ्यो? के उहाँले मानिसहरूलाई फोहोरको देशबाट उद्धार गर्न सक्नुहुन्थ्यो? मानिसहरूले आफ्नो धारणाहरू अनुसार सोध्छन्: "परमेश्वर पवित्र हुनुहुन्छ भने किन उहाँ हाम्रो यस फोहोर ठाउँमा जन्मिनुभयो? तपाईंले हामी फोहोरी मानिसहरूलाई घृणा र तिरस्कार गर्नुहुन्छ; तपाईंले हाम्रो प्रतिरोध र हाम्रो विद्रोहीपनलाई घृणा गर्नुहुन्छ, त्यसैले, किन तपाईं हामीसित बस्नुहुन्छ? तपाईं एउटा सर्वोच्च परमेश्वर हुनुहुन्छ। तपाईं कहीँ पनि जन्मिन सक्नुहुन्थ्यो, तब किन तपाईं यस फोहोरी देशमा जन्मिनु पर्‍यो? तपाईंले हामीलाई हरेक दिन सजाय दिनुहुन्छ र न्याय गर्नुहुन्छ, अनि तपाईं स्पष्ट रूपले जान्नुहुन्छ कि हामी मोआबका सन्तानहरू हौँ, तैपनि किन तपाईं अझै हाम्रो माझ बस्नुहुन्छ? किन तपाईं मोआबका सन्तानहरूको परिवारमा जन्मिनुभयो? तपाईंले किन त्यसो गर्नुभयो?" तिमीहरूका त्यस्ता विचारहरू पूर्ण रूपले तर्करहित छन्! केवल त्यस्तो कामले मात्रै मानिसहरूलाई उहाँको महानता, उहाँको नम्रता र गुप्तता देखाउँछ। उहाँ आफ्नो कामको खातिर सबै कुरा बलिदान गर्न इच्छुक हुनुहुन्छ, अनि उहाँले आफ्नो कामको खातिर सबै कष्ट सहनुभएको छ। उहाँले मानवजातिको खातिर, अनि त्यसभन्दा बढी, शैतानलाई जित्नको लागि कार्य गर्नुहुन्छ, ताकि सबै सृष्टि उहाँको अधीनतामा सुम्पिन सकेका होऊन्। अर्थपूर्ण, मूल्यवान् काम यही मात्रै हो। यदि याकूबका सन्तानहरू चीनमा, यो भूमिको टुक्रामा जन्मेका भए, अनि तिनीहरू तिमीहरू सबै भएका भए, तिमीहरूमाथि गरिने कामको महत्त्व के हुनेथियो? शैतानले के भन्नेथियो? शैतानले यसो भन्नेथियो: "तिनीहरूले पहिले तपाईंको डर माने, तिनीहरूले सुरुदेखि नै तपाईंको आज्ञा माने, अनि तपाईंलाई धोका दिएको तिनीहरूसित कुनै इतिहास छैन। तिनीहरू मानवजातिमध्ये सबैभन्दा अन्धकारपूर्ण, नीच वा सबैभन्दा पिछडिएका होइनन्।" यदि वास्तवमा काम यस प्रकारले गरिएको भए, यसबाट को विश्वस्त हुनेथियो? सारा ब्रम्हाण्डमा, चिनियाँ मानिसहरू नै सबैभन्दा पिछडिएका मानिसहरू हुन्। तिनीहरू निम्न स्तरको भइ, नीच नैतिकता सहित जन्मिन्छन्; तिनीहरू मन्दबुद्धिका र सुस्त छन्, अनि तिनीहरू अशिष्ट र पतनोन्मुख छन्। तिनीहरू शैतानी स्वभावहरूले भिजेका, फोहोरी तथा छाडा छन्। तिमीहरूमा यी सबै शैतानी स्वभाव छन्। यो काम सिद्धिएपछि, मानिसहरूले यी भ्रष्ट स्वभावहरूलाई त्यागिदिनेछन् र पूर्ण रूपले आज्ञापालन गर्न र सिद्ध तुल्याइन सक्नेछन्। केवल त्यस्ता फलहरू मात्र सृष्टिभित्रका गवाही हुन्! गवाही के हो भन्ने के तिमीहरू बुझ्दछौ? वास्तवमा गवाही कसरी वहन गरिनुपर्छ? यस प्रकारको कामले तिमीहरूलाई प्रतिभार, साथै सेवा दिने वस्तुहरू बनाएको छ; योभन्दा पनि बढी, यसले तिमीहरूलाई मुक्तिका पात्रहरू बनाएको छ। आज, तिमीहरू परमेश्वरका

जनहरू हौ; पछि तिमीहरू नमूना तथा आदर्शहरू हुनेछौ। यस काममा, तिमीहरूले विभिन्न प्रकारका भूमिकाहरू खेल्छौ, अनि, अन्त्यमा, तिमीहरू मुक्तिका पात्रहरू हुनेछौ। यसको कारणले धेरै मानिसहरू नकारात्मक छन्; के तिनीहरू पूर्ण रूपले अन्धा छैनन् र? तैँले केही पनि स्पष्ट देख्दैनस्! तँलाई केवल त्यसरी बोलाउँदा तँ व्याकुल हुन्छस्? के तँ परमेश्‍वरको धार्मिक स्वभाव के हो भन्ने बुझ्छस्? के तँ परमेश्‍वरको मुक्ति के हो भन्ने बुझ्छस्? के तँ परमेश्‍वरको प्रेम के हो भन्ने बुझ्छस्? तँसित सत्यनिष्ठा छैन! जब राम्रोसित उल्लेख गरिन्छ, तँ खुशी हुन्छस्। जब नराम्रोसित उल्लेख गरिन्छ, तँ अनिच्छुक हुन्छस् र पछि हट्छस्। तँ के होस्? तैँले साँचो बाटोको खोजी गरिरहेको छैनस्! तुरुन्तै खोजी गर्न बन्द गर्–यो लाजमर्दो छ! के यति सानो कुराले पनि तँलाई व्याकुल बनाउँछ भन्ने कुरा लाजको सङ्केत होइन र?

तैँले आफैलाई अलिकति जान्नु उत्तम हुनेथियो। आफैलाई ज्यादै ठूलो नसम्झी, अनि स्वर्गमा जाने सपना नदेख्–केवल पृथ्वीमा कर्तव्य पूर्वक विजय हुन खोज्। ती अवास्तविक सपनाहरूको बारेमा नसोच् जुन अस्तित्वमा छैनन्! यदि कसैले तलको जस्तो केही कुरा भन्छ भने, यी अठोट र दृढता भएको व्यक्तिका शब्दहरू हुन्: “म मोआबको सन्तान भए तापनि, म परमेश्‍वरको निम्ति संघर्ष गर्न इच्छुक छु। म मेरो पुरानो पुर्खातर्फ आफ्नो पिठ्यूँ फर्काउनेछु! उसले मलाई जन्म दियो र मलाई कुल्चियो, अनि म अहिलेसम्म अन्धकारमा बस्दै आइरहेको छु। आज, परमेश्‍वरले मलाई छुटकारा दिनुभएको छ, अनि मैले अन्ततः स्वर्गसूर्यलाई देखेको छु। परमेश्‍वरद्वारा खुलासा गरिएको कारण मैले अन्ततः म मोआबको सन्तान हुँ भन्ने देखेको छु। पहिले, मेरो आँखामा पट्टीहरू थिए, अनि परमेश्‍वरले यति धेरै काम गर्नुभएको छ भनी मैले जानिनँ, किनकि म पुरानो शैतानद्वारा अन्धा तुल्याइएको थिएँ। म त्यसतर्फ आफ्नो पिठ्यूँ फर्काउनेछु र पूर्ण रूपले त्यसलाई होच्याउनेछु!” त्यसैले, के तिमीहरूसित त्यस्तो अठोट छ? तिमीहरूमध्ये हरेक व्यक्ति मानव जस्तै देखिन्छौ भन्ने तथ्यको बाबजुद पनि, तिमीहरू कुनै व्यक्तिभन्दा चाँडो टुक्रा-टुक्रा हुन्छौ, अनि यस विषयमा तिमीहरू सबैभन्दा बढी संवेदनशील छौ। तिमीहरू मोआबका सन्तानहरू हौ भनी उल्लेख गर्ने बितिकै, तिमीहरू ओठ लेब्र्याएर मुख बँङ्ग्याउँछौ। के यो सुँगुरको स्वभाव होइन र? तिमीहरू व्यर्थका छौ। तिमीहरू ख्याति र सम्पत्तिको खातिर आफ्नो जीवन बलिदान गर्छौ! तँ मोआबको सन्तान नहुने इच्छा गर्दछस् होला, तर के तँ त्यही होइनस् र? तँ मोआबकै सन्तान होस् भनी म आज भन्दैछु, अनि तैँले त्यसलाई स्वीकार गर्नैपर्छ। म तथ्यको विपरीत बोल्दिनँ। कोही मानिसहरू यसको कारणले नकारात्मक हुन्छन्, तर यसमा नकारात्मक हुनुपर्ने के कुरा छ र? के तँ ठूलो रातो अजिङ्गरको सन्तान पनि होइनस् र? तँ मोआबको सन्तान होस् भन्नु के अन्यायपूर्ण हुन्छ र? तैँले भित्र र बाहिर कुन कुरामा जीवन बिताइरहेको छस्, विचार गर्। तेरो शिरदेखि पाउसम्म कुनै कुरा प्रशंसायोग्य कुरा छैन। कामुकता, फोहोरीपन, अन्धोपन, प्रतिरोध, विद्रोहीपन–के तेरो स्वभावका सबै भागहरू यिनै होइनन् र? तँ सधैँ कामुकताको भूमिमा रहन्छस्, अनि तँ कुनै खराबी गर्न बाँकी राख्दैनस्। तँ सोच्छस् कि तँ अद्‌भुत रीतिले पवित्र छस्। तैँले गरेका कामहरूलाई हेर्, अनि अझै पनि तँ आफैसित यति प्रसन्न छस्। तैँले प्रशंसाको योग्य के गरेको छस्? तँ पशुहरू जस्तै छस्। तँसित कुनै मानवता छैन! तँ जनावरहरूसित मिलेर बस्छस् अनि खराब, कामुक विचारहरूको

बीचमा बस्छस्। तिमीहरूका कमी-कमजोरी कति धेरै छन्? तिमीहरू ठूलो रातो अजिङ्गरका सन्तानहरू हौ भनी तिमीहरू सहमत हुन्छौ, अनि तिमीहरू सेवा गर्न इच्छुक हुन्छौ, तर पछि जब तँ मोआबको सन्तान होस् भनेर भनिन्छ, तब तिमीहरू नकारात्मक हुन्छौ। के सत्यता यही होइन र? यो त तँ तेरा बाबुआमाबाट जन्मेको जस्तो हो–तिनीहरू जतिसुकै भयानक होऊन्, तँ उहाँहरूबाट नै जन्मेको होस्। यदि तैँले तँलाई धर्मपुत्र बनाउने आमा भेट्टाइस् र आफ्नो घर छोडिस् भने पनि, के तँ अझै पनि तेरा वास्तविक आमाबाबुका सन्तान हुँदैनस् र? के त्यो तथ्यलाई परिवर्तन गर्न सकिन्छ र? के मैले तँलाई विना कारण मोआबको सन्तान होस् भनेर उपनाम दिएको छु र? कतिपय मानिसहरू भन्छन्: "के तपाईंले मलाई अरू केही भनेर बोलाउन सक्नुहुन्नथियो र?" म भन्छु: "मैले तँलाई प्रतिभार भनेर बोलाएँ भने नि?" तिनीहरू प्रतिभार हुन पनि इच्छुक छैनन्। अतः तिमीहरू के हुन इच्छुक छौ त? प्रतिभार, सेवाकर्ताहरू–के तिमीहरू त्यही होइनौ र? तैँले अरू के छान्थिस् र? के तँ ठूलो रातो अजिङ्गरको देशमा जन्मेको व्यक्ति होइनस् र? तैँले आफूलाई दाऊदको सन्तान हुँ भनेर जसरी भने पनि, यो तथ्यहरूसित मेल खाँदैन। के यो तैँले आफ्नै निम्ति छान्ने कुरा हो र? के तँलाई मनपर्ने कुनै राम्रो नाउँ तैँले आफ्नो निम्ति छान्न सक्छस्? उल्लेख गरिएको ठूलो रातो अजिङ्गरका सन्तानहरू के तिमी भ्रष्ट मानिसहरू नै होइनौ र? सेवाकर्ताहरूको सम्बन्धमा चाहिँ–के तिनीहरू पनि तिमी भ्रष्ट मानिसहरू नै होइनौ र? उल्लेखित विजय गरिएका आदर्श तथा नमुनाहरू–के तिमीहरू तिनै मानिसहरू होइनौ र? के सिद्ध तुल्याइने बाटोको बारेमा तिमीहरूलाई बताइएको छैन र? सजाय दिइएका र न्याय गरिएका ती मानिसहरू तिमीहरू नै हौ; ती जो पछि सिद्ध तुल्याइन्छन्, के तिनीहरूमध्ये केही तिमीहरूको माझमा हुनेछैनन् र? के यो शीर्षक अझै महत्त्वपूर्ण छ? तिमीहरू यति चेतनाशून्य छौ; के तिमीहरू यति सानो कुरालाई पनि स्पष्टसित देख्न सक्दैनौ? कसको वंश को हो भन्ने तँ जान्दैनस् तर मेरो निम्ति यो स्पष्ट छ, अनि म तिमीहरूलाई भन्दैछु। आज यसको पहिचान गर्न सक्नु ठीकै हो। सधैँ आफैलाई तुच्छ भएको महसुस नगर्। तँ जति बढी नकारात्मक हुन्छस् र पछि हट्छस्, त्यति नै बढी तँ शैतानको सन्तान होस् भन्ने कुरालाई यसले प्रमाणित गर्दछ। तैँले तिनीहरूलाई भजनहरू सुन्न लगाउँदा कोही-कोही यसो भन्नेहरू छन्: "के मोआबका सन्तानले भजनहरू सुन्न सक्छन् र? म त सुन्नेछैन; म योग्य छैनँ!" यदि तैँले तिनीहरूलाई गाउन लगाइस् भने, तिनीहरू भन्छन्: "यदि मोआबका सन्तानले गीत गाउँछन् भने, के परमेश्वर सुन्न इच्छुक हुनुहुन्छ त? परमेश्वरले मलाई घृणा गर्नुहुन्छ। म परमेश्वरको अघि जान अति लज्जित छु र म उहाँको निम्ति गवाही दिन सक्दिनँ। म गीत गाउनेछैन, नत्र भने जब परमेश्वरले यसलाई सुन्नुहुन्छ, उहाँले दिक्क मान्नुहुनेछ।" के यसलाई सामना गर्ने यो नकारात्मक तरिका होइन र? सृजिएको प्राणीको हैसियतले, तँ कामुकताको भूमिमा जन्मेको सन्तान होस्, अनि तँ ठूलो रातो अजिङ्गरको सन्तान; मोआबको सन्तान होस्; तैँले आफ्नो पुरानो पुर्खालाई आफ्नो पिठ्यूँ फर्काउनुपर्छ र पुरानो शैतानलाई आफ्नो पिठ्यूँ फर्काउनुपर्छ। केवल जसले यस्तो गर्छ, त्यो परमेश्वरलाई साँचो रीतिले चाहने व्यक्ति हो।

सुरुमा, जब मैले तिमीहरूलाई परमेश्वरका मानिसहरूको दर्जा थिएँ, तब तिमीहरू अरूको भन्दा ठूलो आनन्दले तल माथि उफ्रियौ। तापनि, तिमीहरू मोआबका सन्तान हौ भनी मैले भन्नेबित्तिकै

तिमीहरू कस्तो भयौ? तिमीहरू सबै चकनाचूर भयौ! तिमीहरूको कद कहाँ छ? दर्जा सम्बन्धी तिमीहरूको अवधारणा अति मजबुत छ! धेरैजसो मानिसहरूले आफैलाई माथिलाई उठाउन सक्दैनन्। कोही व्यापार गर्न जान्छन्, अनि कोही काम गर्न जान्छन्। मैले तिमीहरू मोआबका सन्तानहरू हौ भन्नेबित्तिकै, तिमीहरू सबै भाग्न चाहन्छौ। के परमेश्वरको निम्ति तिमीहरूले बोक्ने गवाही यही हो, जसको बारेमा तिमीहरू दिनभरि चिच्याउँछौ? के यस प्रकारले शैतान विश्वस्त हुनेछ र? के यो लाजको प्रतीक होइन र? तिमीहरूलाई प्राप्त गर्नुमा के अर्थ भयो र? तिमीहरू सबै फोहोर कसिङ्गर हौ! तिमीहरूले कस्तो प्रकारको कष्ट सहेका छौ र तिमीहरूले यति अन्यायको महसुस गर्छौ? तिमीहरू सोच्छौ कि परमेश्वरले तिमीहरूलाई एउटा हदसम्म यातना दिनुभएपछि, उहाँ खुशी हुनुहुनेछ, मानौं उहाँ तिमीहरूलाई दोषी ठहऱ्याउने उद्देश्यले नै आउनुभएको हो, अनि तिमीहरूलाई दोषी ठहऱ्याएपछि र नष्ट पार्नुभएपछि उहाँको काम सिद्धिन्छ। के मैले भनेको त्यही हो त? के तिमीहरूको अन्धोपनको कारणले तिमीहरूले त्यसरी सोच्दैनौ र? के यो तिमीहरू आफैले राम्रो गर्न प्रयत्न नगरेको हो वा मैले जानी-जानी तिमीहरूलाई दोषी ठहऱ्याएको हो? मैले त्यस्तो कहिल्यै गरेको छैनँ–यो तिमीहरू आफैले सोचेका हौ। त्यो मैले काम गर्ने तरिका कदापि होइन, न त मसित त्यस्तो अभिप्राय नै छ। यदि मैले साँच्चि नै तिमीहरूलाई नष्ट गर्न चाहेको भए, मैले त्यस्तो कष्ट भएर जान आवश्यक हुन्थ्यो र? यदि मैले तिमीहरूलाई साँच्चिकै नष्ट गर्न चाहेको भए, मैले तिमीहरूसित यति गम्भीरता पूर्वक बोल्न आवश्यक हुन्थ्यो र? मेरो इच्छा यो हो: जब मैले तिमीहरूलाई मुक्ति दिएको हुन्छु, तब नै मैले विश्राम गर्न सक्नेछु। कुनै व्यक्ति जति नीच छ, तिनीहरू त्यति नै बढी मेरो मुक्तिका पात्र हुन्छन्। जति बढी अग्रसरका साथ तिमीहरू भित्र प्रवेश गर्न सक्छौ, म त्यति नै बढी खुशी हुनेछु। तिमीहरू जति चकनाचूर हुन्छौ, म त्यति नै बढी खिन्न हुन्छु। तिमीहरू सधैँ गम्केर हिँड्न चाहन्छौ र सिंहासन हत्याउन चाहन्छौ–म तिमीहरूलाई भन्छु, त्यो तिमीहरूलाई फोहोरबाट बचाउने मार्ग होइन। सिंहासनमा बस्ने भ्रमपूर्ण कल्पनाले तिमीहरूलाई सिद्ध पार्न सक्दैन; त्यो यथार्थपूर्ण हुँदैन। तँ मोआबको सन्तान होस् भनी म भन्छु, अनि तँ बेखुशी हुन्छस्। तँ भन्छस्: "यदि तपाईंले मलाई अतल कुण्डमा जान लगाउनुहुन्छ भने, म तपाईंको गवाही हुनेछैनँ वा तपाईंको लागि कष्ट भोग्नेछैनँ।" तेरो त्यस्तो कार्य मेरो विरोधमा हुनेथिएन र? त्यसो गर्दा के त्यसले तँलाई फाइदा गर्थ्यो र? मैले तँलाई कति धेरै अनुग्रह दिएको छु–तैँले बिर्सिस्? तिमीहरूले परमेश्वरको हृदयलाई तिरस्कार गरेका छौ र तुच्छ ठानेका छौ, जुन एउटा आमाको हृदय जस्तो छ; तिमीहरूको निम्ति परिणाम के हुनेछ? यदि तँ मेरो गवाही भइनस् भने म तँलाई दबाब दिनेछैन–तर तँ अन्त्यमा मेरो विनाशको निशाना हुनेछस्। यदि मैले तँमा गवाही प्राप्त गर्न सकिनँ भने, म अरू मानिसहरूमा त्यो प्राप्त गर्नेछु। त्यसले मलाई फरक पार्दैन, तर अन्त्यमा, तैँले अफसोस गर्नेछस्, अनि त्यस समयमा, तँ लामो समयदेखि अन्धकारमा खसिसकेको हुनेछस्। तब, तँलाई कसले बचाउन सक्नेछ? तँविना काम हुन सक्नेछैन भनेर नसोच्–तँलाई प्राप्त गर्नु धेरै कुरा प्राप्त गर्नु होइन, अनि तेरो कमी हुनु धेरै कुराको कमी हुनु होइन। तैँले आफैलाई यति धेरै आदरसहित ठूलो नसम्झि। यदि तँ मलाई पछ्याउन इच्छुक छैनस् भने यसले तँ विद्रोही छस्, अनि तँमा कुनै चाहनायोग्य कुरा छैन भन्ने प्रमाणित गर्छ। यदि तँ राम्ररी कुरा गर्ने व्यक्ति होस्

भने के यो मैले मेरो कामद्वारा ल्याएका शब्दहरूद्वारा तैँले आफैलाई सुसज्जित गरेकोले होइन र? तँमा प्रशंसायोग्य के छ र? तेरो कल्पनालाई तँसित भाग्न नदे! यदि मैले तिमी मोआबका सन्तानहरूबाट महिमा प्राप्त गर्न सकिनँ भने मैले महिमा प्राप्त नगरेसम्म मेरो कामको निम्ति म मोआबका सन्तानहरूका दोस्रो र तेस्रो समूहलाई छान्नेछु। यदि तँ मेरो निम्ति गवाही हुन इच्छुक छैनस् भने, बाहिर निस्किहाल्! म तँलाई कर लगाउनेछैनँ! म तँविना एक कदम पनि अघि बढाउन सक्दिनँ भनी नठान्। चीनको यस भूमिमा मेरो कामको निम्ति सुहाउँदो पात्रहरू भेट्टाउनु सहज छ। यस भूमिमा अरू केही पनि भेट्टाउन सकिँदैन—फोहोर, भ्रष्ट मानिसहरू जताततै व्याप्त छन्, अनि मेरो काम कहीँ पनि गर्न सकिन्छ। धेरै घमन्डी नहो! तँ जति नै घमन्डी भए पनि, के तँ अझै व्यभिचारबाट जन्मेको होइनस् र? तेरो मूल्यलाई हेर्—तँसित अरू के विकल्प छ र? तँलाई जिउन दिनु मात्र प नि एउटा ठूलो उत्थान हो, त्यसैले, तँ अझै केको बारेमा शेखी गर्छस्? यदि युगलाई अन्त्य गर्ने मेरो काम नभएको भए, के तँ धेरै लामो समयअघि नै प्राकृतिक र मानवनिर्मित विपत्तिहरूको बीचमा खसिसक्ने थिइनस् र? के तँ अझै आरामदायी रूपले जिउन सक्छस् र? तँ यस विषयमा अझै निरन्तर रूपमा बहस गर्छन्। मैले तँ मोआबको सन्तान होस् भनेकोले तैँले हरसमय तेरो ओठ लेब्र्याइरहेको छस्। तैँले आफैलाई शिक्षित तुल्याउँदैनस्, तैँले परमेश्वरका वचनहरू पढ्दैनस् अनि तँ यस वा त्यस व्यक्तिलाई सहन सक्दैनस्। जब तँ अन्य मानिसहरू शिक्षित भइरहेको देख्छस्, तँ तिनीहरूलाई बिथोल्छस् र निरुत्साहजनक कुराहरू भन्छस्। तँसित केही हिम्मत छ! तँ भन्छस्: "मोआबको सन्तानले के शिक्षा हासिल गर्न सक्ला र? म झमेला लिनेछैन।" के यो एउटा पशुले भन्ने कुरा होइन र? के तँ मानिसको रूपमा समेत गन्ती हुन्छस्? मैले धेरै कुरा भनेको छु, तर यसले तँमा केही पनि हासिल गरेको छैन। के मैले यो सबै काम व्यर्थमा गरेको छु? के मैले यी सबै शब्दहरू व्यर्थमा बोलेको छु? कुकुरले पनि आफ्नो पुच्छर हल्लाउँछ; त्यस्तो व्यक्ति एउटा कुकुर जतिको पनि असल हुँदैन! के तिमीहरू मानिस कहलाइन योग्यका छौ? जब मैले मोआबका सन्तानको बारेमा कुरा गर्छु, कतिपय मानिसहरूले जानीबुझीकन आफैलाई हीन गर्छन्। तिनीहरूले पहिलेभन्दा भिन्दै किसिमले वस्त्र लगाउँछन् अनि यति अस्तव्यस्त हुन्छन् कि तिनीहरू मानिसहरू जस्ता पनि देखिँदैनन्, अनि तिनीहरू यसो भन्दै बड्बडाउन थाल्छन्: "म मोआबको सन्तान हुँ। म असल छैन। मैले कुनै आशिष पाउँछु भनेर सोच्नु दिउँसै सपना देख्नु हो। के मोआबका सन्तानहरू सिद्ध तुल्याइन सक्छन्?" मैले मोआबका सन्तानहरूको बारेमा बोल्नेबित्तिकै, धेरै मानिसहरूसित उप्रान्त आशा हुँदैन; तिनीहरू भन्छन्: "परमेश्वर भन्नुहुन्छ हामी मोआबका सन्तान हौं—त्यसले के जनाउँछ? उहाँले अपनाउनुभएको आवाजलाई हेर—यो अटल छ! उहाँका वचनहरूमा कुनै प्रेम छैन। के हामी विनाशका शिकार होइनौं र?" के तैँले पहिले के भनिएको थियो सो बिर्सेको छस्? तँ अहिले "मोआबका सन्तानहरू" भन्ने शब्दहरू मात्र सम्झिन्छन्? वास्तवमा, धेरै शब्दहरूको उद्देश्य प्रभाव हासिल गर्नु हो, तर तिनले तथ्यहरूको सत्यतालाई पनि प्रकट गर्छन्। धेरैजसो मानिसहरूले यसलाई विश्वास गर्दैनन्। तँ मेरो निम्ति त्यसरी कष्ट भोग्न इच्छुक छैनस्। तँ मृत्युदेखि डराउँछस् र सधैँ भाग्न चाहन्छन्। यदि तँ जान चाहन्छस् भने, म तँलाई बस्न कर गर्दिनँ, तर मैले तँलाई यो कुरा स्पष्टसित बताउनुपर्छ: तेरो सम्पूर्ण जीवन

व्यर्थतामा नजी, अनि मैले तँलाई विगतमा बताएका कुराहरूलाई नबिर्सी। सृजिएको प्राणी भएको हुनाले, तैँले सृजिएको प्राणीको कर्तव्य पूरा गर्नुपर्छ। तेरो विवेकको विरुद्‌धमा काम नगर्; तैँले गर्नुपर्ने कुरा भनेको आफैलाई सृष्टिका प्रभुमा समर्पण गर्नु हो। मोआबका सन्तानहरू पनि सृजिएका प्राणीहरू नै हुन्, कुरा यति मात्र हो कि तिनीहरू प्रतिभारहरू हुन् अनि तिनीहरू श्रापित हुन्। जे सुकै भए पनि, तँ एउटा सृजिएको प्राणी नै होस्। तैँले यसो भन्दा अतिशयोक्ति हुँदैन: "म मोआबको सन्तान भए पनि, मैले यति धेरै परमेश्वरको अनुग्रहको आनन्द लिएको छु कि मसित केही विवेक हुनैपर्छ। म केवल यसलाई स्वीकार गर्नेछु तर म यसैमा रहिरहँदिन। यदि म यही प्रवाहभित्र रहेर कष्ट भोग्छु भने पनि, म अन्त्यसम्म कष्ट भोग्नेछु, अनि यदि म मोआबको सन्तान हुँ भने पनि, यस्तै होस्। म अझै अन्त्यसम्म पछ्याउनेछु!" तैँले अन्त्यसम्म पछ्याउनुपर्छ। यदि तँ भागिस् भने, तेरो साँच्चि नै कुनै सम्भावना हुनेछैन–तैँले विनाशको बाटोमा पाइला टेकेको हुनेछस्।

तिमीहरूलाई आफ्नो आरम्भ बुझाउनु, अनि तिमीहरूलाई तथ्यपूर्ण सत्यताले कामलाई लाभ पुऱ्याउँछ भनी बुझाउनु राम्रो हुन्छ। त्यसो नगरीकन चाहेको परिणाम हासिल गर्न सकिँदैन। यो विजयको कामको एउटा भाग हो, अनि काममा यो एउटा आवश्यक चरण हो। त्यो एउटा तथ्य हो। यो काम मानिसहरूको आत्माहरूलाई जगाउनको निम्ति, तिनीहरूको विवेकको चेतना जगाउनको निम्ति र तिनीहरूलाई यो महान् मुक्ति हासिल गर्न दिनको निम्ति हो। यदि कोहीसित विवेक छ भने, तिनीहरूले जब आफू तल्लो दर्जाको भएको देख्छन्, तब तिनीहरूले परमेश्वरलाई झन् बढी धन्यवाद चढाउनुपर्छ। तिनीहरूले आफ्नो हातमा उहाँका वचनहरूलाई पक्रनुपर्छ, उहाँले तिनीहरूलाई दिनुभएको अनुग्रहलाई कसेर पक्रनुपर्छ अनि जोडले बिलौना गर्नुपर्छ र भन्नुपर्छ: "हाम्रो दर्जा नीच छ अनि हामीले यस संसारमा केही पनि हासिल गरेका छैनौं। कसैले तल्लो दर्जाका मानिसहरूलाई नजर लगाउँदैन। हामीलाई आफ्नो घरको वातावरणमा सताइन्छ, हाम्रा पतिले हामीलाई तिरस्कार गर्दछन्, हाम्रा पत्नीले हामीलाई गाली गर्छन्, हाम्रा बाल-बच्चाले हामीलाई होच्याउँछन्, अनि हामी वृद्‌ध-वृद्‌धा भएपछि, हाम्रा बुहारीहरूले पनि हामीलाई दुर्व्यवहार गर्छन्। हामीले साँच्चि नै थोरै परिमाणमा कष्ट भोगेका छैनौं, अनि हामीले अहिले परमेश्वरको आनन्द लिनु कस्तो राम्रो सौभाग्यको कुरा हो! यदि परमेश्वरले हामीलाई मुक्ति नदिनुभएको भए, हामीले मानव कष्टलाई कसरी स्पष्ट प्रकारले देख्न सक्थ्यौं? के हामी पापमा अझै पतित हुँदै गइरहेका हुनेथिएनौं र? के यो परमेश्वरबाटको हाम्रो उत्थान होइन र? म सबैभन्दा तल्लो मानिसहरूमध्येको एक हुँ, अनि परमेश्वरले मलाई यति उच्चमा उठाउनुभएको छ। यदि म नष्ट हुन्छु नै भने पनि, मैले अझै उहाँको प्रेमको कर्जा तिर्नुपर्छ। परमेश्वरले हाम्रो बारेमा राम्रो विचार राख्नुहुन्छ, अनि हामी त्यस्तो तल्लो मानिसहरूसित आमने-सामने बोल्नुहुन्छ। उहाँले मलाई सिकाउन मेरो हात समात्नुहुन्छ। उहाँको मुखले मलाई खुवाउनुहुन्छ। उहाँ मसँग जिउनुहुन्छ र मसँग कष्ट भोग्नुहुन्छ। यदि उहाँले मलाई सजाय नै दिनुहुन्छ भने पनि–म के भन्न सक्छु र? के सजाय दिइनु परमेश्वरबाट उठाइनु पनि होइन र? मलाई सजाय दिइएको भए तापनि म उहाँको धार्मिकतालाई देख्न सक्छु। म विवेकरहित हुन सक्दिनँ–मैले परमेश्वरको प्रेमको कर्जा चुकाउनैपर्छ। मैले अबदेखि परमेश्वरको विरुद्‌धमा विद्रोह गर्नु हुँदैन।" परमेश्वरको हैसियत र स्तर मानिसहरूका जस्तै होइनन्–उहाँको

कष्ट उस्तै हो, अनि उहाँको खाना र वस्त्र उस्तै हुन्, तर सबै मानिसहरूले उहाँलाई आदर गर्छन्, अनि भिन्नता यही मात्र हो। के उहाँले आनन्द लिनुहुने अरू सबै कुरा मानिसको जस्तै होइन र? त्यसैले कुन कुराले तँलाई एउटा निश्चित प्रकारले व्यवहार गर्नको निम्ति परमेश्वरसित आग्रह गर्ने हकदार तिमीहरूलाई बनाउँछ? परमेश्वरले त्यस्तो ठूलो कष्ट सहनुभएको छ अनि त्यस्तो ठूलो काम गर्नुभएको छ, अनि तिमीहरू–कमिलाहरूभन्दा साना, उडुसभन्दा साना–आज कति उच्चमा उठाइएका छौ। यदि तैँले परमेश्वरको प्रेमको कर्जा चुकाउन सक्दैनस् भने, तेरो विवेक कहाँ छ? कतिपय मानिसहरूले आफ्नो हृदयबाट भन्छन्: "जब-जब म परमेश्वरलाई छोड्ने बारेमा सोच्छु, तब-तब मेरा आँखाहरू आँसुले भरिन्छन् अनि मेरो विवेक घोचिन्छ। म परमेश्वरप्रति ऋणी छु। म यो गर्न सक्दिनँ। म उहाँलाई त्यसरी व्यवहार गर्न सक्दिनँ। यदि म मर्नुपर्ने भयो अनि मरेर उहाँको कामलाई महिमा दिनुपर्ने भयो भने, मेरो सन्तुष्टिको सीमा नै हुने थिएन। नत्रभने, म बाचेँ भने पनि, मैले कुनै शान्तिको अनुभूति गर्नेछैन।" यी शब्दहरूलाई सुन–त्यसले सृजिएको प्राणीले गर्नुपर्ने कर्तव्यलाई बयान गर्दछ। यदि कुनै व्यक्तिभित्र सधैँ यो दर्शन छ भने, तिनीहरू स्पष्ट हुनेछन् र भित्री रूपमा चैनमा हुनेछन्; तिनीहरू यी कुराहरूको बारेमा निश्चित हुनेछन्। तैँले यसो भन्नेछस्: "परमेश्वरले मलाई हानि गरिरहनुभएको छैन, अनि उहाँले जानी-जानी मेरो हाँसो उडाइरहनुभएको वा मलाई लज्जित तुल्याइरहनुभएको छैन। उहाँले अलि कठोरताको साथ बोल्नुभए पनि र यसले हृदयमा प्रहार गर्ने भए पनि, यो त मेरो आफ्नै लागि हो। उहाँ यति कठोरताको साथ बोल्नुहुने भए तापनि, उहाँले मलाई अझै मुक्ति दिइरहनुभएको छ, अनि उहाँले अझै मेरा कमजोरीहरूलाई बुझ्नुहुन्छ। उहाँले मलाई दण्ड दिन तथ्यहरूको प्रयोग गरिरहनुभएको छैन। म विश्वास गर्छु कि परमेश्वर नै मेरो मुक्ति हुनुहुन्छ।" यदि तँसित साँच्चै यो दर्शन छ भने, तँ भाग्ने सम्भावना कम हुनेछ। तेरो विवेकले तँलाई जान दिनेछैन, अनि यसको दोषले तँलाई तैँले परमेश्वरलाई त्यस प्रकारले व्यवहार गर्नुहुँदैन भनी भन्नेछ। तैँले हासिल गरेको सबै अनुग्रहको बारेमा तैँले सोच्छस्। तैँले मेरा धेरै वचनहरू सुनेको छस्–के तैँले ती व्यर्थमा सुनेको थिइस् र? जोसुकै भागे तापनि, तँ भाग्न सक्दैनस्। अरू मानिसहरूले विश्वास गर्दैनन्, तर तैँले विश्वास गर्नैपर्छ। अरू मानिसहरूले परमेश्वरलाई त्याग्छन्, तर तैँले परमेश्वरलाई विश्वास गरिरहनुपर्छ र उहाँको गवाही हुनुपर्छ। अरूले परमेश्वरको निन्दा गर्छन्, तर तैँले त्यसो गर्न सक्दैनस्। परमेश्वर तँप्रति जति नै कठोर हुनुभए तापनि, तैँले अझै उहाँद्वारा ठीक कुरा गर्नैपर्छ। तैँले उहाँको प्रेमको कर्जा चुकाउनैपर्छ, अनि तँसित विवेक हुनैपर्छ किनकि परमेश्वर निर्दोष हुनुहुन्छ। मानवजातिको माझमा काम गर्न स्वर्गबाट पृथ्वीमा आउनुभएर उहाँले पहिल्यै ठूलो कष्ट भोगिसक्नुभएको छ। उहाँ अलिकति पनि फोहोर नभएको पवित्र हुनुहुन्छ। फोहोरको भूमिमा आएर, उहाँले कति अपमान सहनुभएको छ? उहाँले तिमीहरूकै खातिर तिमीहरूमा काम गर्नुहुन्छ। यदि तिमीहरूले विनाविवेक उहाँसित व्यवहार गर्छौ भने, चाँडो मर्नु नै राम्रो हुनेछ!

हाल, धेरै मानिसहरूमा दर्शनको यस पक्षको कमी छ; तिनीहरूले यस कार्यलाई बिलकुल बुझ्न सक्दैनन् अनि परमेश्वरले अन्त्यमा यसद्वारा के हासिल गर्न चाहनुहुन्छ भन्ने तिनीहरू जान्दैनन्। विशेष गरी ती भ्रमित हुनेहरू–यस्तो लाग्छ मानौँ तिनीहरू भूलभूलैयाभित्र प्रवेश गरेका छन् र केही

मोडहरूपछि तिनीहरूले आफ्नो बाटो हराएका छन्। यदि तैँले तिनीहरूलाई परमेश्वरको व्यवस्थापन योजनाको उद्देश्यको बारेमा पूर्ण रूपले बयान गर्छस् भने, तिनीहरू भ्रमित हुनेछैनन्। धेरै मानिसहरूले यसलाई बुझ्न सक्दैनन्, अनि परमेश्वरको काम त मानिसहरूलाई यातना दिनु हो भनी विश्वास गर्छन्। तिनीहरूले उहाँको कामको बुद्धि तथा आश्चर्यलाई बुझ्दैनन्, अनि उहाँको काम उहाँको महान् शक्तिलाई प्रकट गर्नु अनि त्यसभन्दा बढी, मानवजातिलाई मुक्ति दिनु हो भनी तिनीहरूले बुझ्दैनन्। तिनीहरूले त्यो सबै देख्दैनन्; तिनीहरूले केवल आफ्नो केही सम्भावना छ कि, तिनीहरू स्वर्गमा प्रवेश गर्न सक्नेछन् कि भनी हेर्छन्। तिनीहरू भन्छन्: "परमेश्वरको काम सधैँ यति घुमाउरो हुन्छ; हामीलाई तपाईंको बुद्धि प्रत्यक्ष रूपमा देख्न दिनु नै राम्रो हुन्थ्यो। तपाईंले हामीलाई यस प्रकारले यातना दिनु हुँदैन। हामीमा पनि क्षमताको कमी छ, अनि हामी तपाईंको इच्छालाई बुझ्दैनौं। यदि तपाईंले हामीसित प्रत्यक्ष रूपमा बोल्नुभयो र काम गर्नुभयो भने राम्रो हुन्थ्यो। हामीले अनुमान गरेको तपाईं चाहनुहुन्छ, तर हामी यसो गर्न सक्दैनौं। यदि तपाईंले हतार गर्नुभयो र हामीलाई तपाईंको महिमा देख्न दिनुभयो भने राम्रो हुन्थ्यो। त्यस्तो घुमाउरो प्रकारले कामहरू गर्नुको आवश्यकता के छ र?" तिमीहरूसित अहिले सबैभन्दा बढी विवेकको कमी छ। अझ बढी विवेक राख। वास्तवमा कसले यस कामका चरणहरूलाई गरिराख्नुभएको छ भनी हेर्न तिमीहरूका आँखा राम्ररी खोलेर हेर। त्यत्तिकै निष्कर्षमा नपुग। अहिले, बढीमा, तैँले अनुभव गनुपर्ने जीवनको मार्गको सतही पक्षको केही कुरा तैँले बुझेको छस्। तैँले अनुभव गर्नुपर्ने सत्यता अझै धेरै छ, अनि जब तैँले यसलाई पूर्ण रूपले बुझ्न सक्ने दिन आउँछ, तब तैँले यस प्रकारले उप्रान्त बोल्नेछैनस्, न त तैँले गुनासो नै गर्नेछस्। न त काम-कुराहरूलाई परिभाषित गर्न तँ यति छिटो नै हुनेछस्। तैँले भन्नेछस्: "परमेश्वर कति बुद्धिमान हुनुहुन्छ, परमेश्वर कति पवित्र हुनुहुन्छ, परमेश्वर कति शक्तिशाली हुनुहुन्छ!"

## पत्रुसका अनुभवहरू: सजाय र न्याय सम्बन्धी उनको ज्ञान

परमेश्वरद्वारा सजाय प्राप्त गर्दा, पत्रुसले यसो भन्दै प्रार्थना गरे, "हे परमेश्वर! मेरो देह अनाज्ञाकारी छ, र तपाईंले मलाई सजाय दिनुहुन्छ र न्याय गर्नुहुन्छ। म तपाईंको सजाय र न्यायमा आनन्द मनाउँछु, र तपाईंले मलाई नचाहनुभए तापनि, तपाईंको न्यायमा म तपाईंको पवित्र र धर्मी स्वभावलाई देख्छु। अरूहरूले तपाईंको न्यायमा तपाईंको धर्मी स्वभावलाई देख्न सकून् भनेर, जब तपाईंले मलाई न्याय गर्नुहुन्छ, तब म सन्तुष्टिको आभास गर्छु। यदि यसले तपाईंको स्वभावलाई व्यक्त गर्न सक्छ र तपाईंको धर्मी स्वभावलाई सबै प्राणीहरूद्वारा देख्न सक्ने तुल्याउँछ भने, र यदि यसले तपाईंप्रतिको मेरो प्रेमलाई अझै शुद्ध तुल्याउन सक्छ, कि जो धर्मी हुनुहुन्छ म उहाँजस्तै बन्न सक्छु भने, तपाईंको न्याय असल छ, किनभने तपाईंको अनुग्रही इच्छा त्यस्तै छ। मभित्र अझै धेरै विद्रोही कुराहरू छन्, र तपाईंको सामु आउनको लागि म अझै पनि योग्यको छैन भन्ने कुरा मलाई थाहा छ। तपाईंले मलाई अझै बढी न्याय गर्नुभएको होस् भन्ने मेरो कामना छ, चाहे त्यो विषम परिस्थितिद्वारा होस् या महासंकष्टहरूद्वारा होस्; तपाईंले जे गर्नुहुन्छ, त्यो

मेरो लागि बहुमूल्य छ। तपाईंको प्रेम अति नै प्रगाढ छ, र म अलिकति पनि गुनासो नगरिकन आफूलाई तपाईंको कृपामा समर्पित गर्न इच्छुक छु।" यो परमेश्वरको कार्यलाई अनुभव गरिसकेपछिको पत्रुसको बोध हो, र यो परमेश्वरप्रतिको तिनको प्रेमको गवाही पनि हो। आज, तिमीहरूलाई पहिले नै विजय गरिएको छ—तर तिमीहरूमा कसरी यो विजय व्यक्त गरिएको छ? कतिपय मानिसहरू भन्छन्, "मेरो विजय भनेको परमेश्वरको सर्वोच्च अनुग्रह र उच्चता हो। अहिले मात्रै म मानिसको जीवन खोक्रो र महत्त्वहीन छ भन्ने कुरालाई महसुस गर्छु। मानिसले एकपछि अर्को पुस्ताको सन्तान पैदा गर्दै र हुर्काउँदै दौडधूपमा आफ्नो जीवन बिताउँछ, र अन्त्यमा केही पनि बाँकी रहँदैन। आज, परमेश्वरद्वारा विजय गरिएपछि मात्रै यसरी जिउनुको कुनै मूल्य छैन भन्ने कुरालाई मैले देखेको छु; यो साँच्चै नै एउटा अर्थहीन जीवन हो। म पनि मर्न सक्छु र यससँग कुरै सकिन सक्छ!" विजय गरिएका त्यस्ता मानिसहरू के परमेश्वरद्वारा प्राप्त गरिन सक्छन्? के तिनीहरू आदर्शहरू र नमुनाहरू बन्न सक्छन्? त्यस्ता मानिसहरू निष्क्रियताको एउटा पाठ हुन्; तिनीहरूसँग कुनै आकांक्षा छैन, र तिनीहरूले आफूलाई सुधार गर्ने प्रयास गर्दैनन्। तिनीहरू विजय गरिएकाहरूको रूपमा गन्ती हुन्छन् तापनि, त्यस्ता निष्क्रिय मानिसहरू सिद्ध पारिनको लागि असक्षम हुन्छन्। उनलाई सिद्ध बनाइएपछि, आफ्नो जीवनको अन्त्यतिर, पत्रुसले भने, "हे परमेश्वर! यदि मैले थप केही वर्ष जिउनु पर्थ्यो भने, म तपाईंको अझ शुद्ध र अझ गहन प्रेमलाई प्राप्त गर्ने कामना गर्नेथिएँ।" उनी क्रूसमा टाँगिन लागेको बेला, उनले आफ्नो हृदयमा यसो भन्दै प्रार्थना गरे, "हे परमेश्वर! तपाईंको समय अब आइपुगेको छ; तपाईंले मेरो लागि तयार पार्नुभएको समय आइपुगेको छ। म तपाईंको लागि क्रूसमा टाँगिनैपर्छ, मैले तपाईंलाई यो गवाही दिनैपर्छ, र मेरो प्रेमले तपाईंका मागहरूलाई पूरा गर्न सक्छ, र यो अझै शुद्ध हुन सक्छ भन्ने म आशा गर्छु। आज, तपाईंको लागि मर्न सक्नु, र तपाईंको लागि क्रूसमा टाँगिन सक्नु, मेरो लागि सान्त्वना दिने र आश्वासन दिने किसिमको छ, किनभने तपाईंको लागि क्रूसमा मर्न सक्नु र तपाईंका इच्छाहरूलाई पूरा गर्नु, र आफैलाई तपाईंमा दिन सक्नु, तपाईंलाई आफ्नो जीवन चढाउनु जत्तिको आनन्दको कुरा मेरो लागि अरू केही छैन। हे परमेश्वर! तपाईं कति प्रेमिलो हुनुहुन्छ! यदि तपाईंले मलाई जिउन दिनुभएको भए, तपाईंलाई म अझै बढी प्रेम गर्न इच्छुक हुनेथिएँ। जबसम्म म जीवित रहन्छु, तबसम्म म तपाईंलाई नै प्रेम गर्नेछु। म तपाईंलाई अझै गहन रूपमा प्रेम गर्न चाहन्छु। तपाईंले मलाई न्याय गर्नुहुन्छ, र मलाई सजाय दिनुहुन्छ, र मलाई जाँच्नुहुन्छ किनभने म धर्मी छैन, किनभने मैले पाप गरेको छु। अनि तपाईंको धर्मी स्वभाव मेरो लागि अझै स्पष्ट हुन्छ। यो मेरो लागि एउटा आशिष् हो, किनभने म तपाईंलाई अझै गहन रूपमा प्रेम गर्न सक्छु, र तपाईंले मलाई प्रेम गर्नुभएन भने पनि म तपाईंलाई यसरी नै प्रेम गर्न इच्छुक छु। तपाईंको धर्मी स्वभावलाई हेर्न म इच्छुक छु, किनभने यसले मलाई अर्थपूर्ण जीवन जिउनको लागि अझै सक्षम तुल्याउँछ। मेरो जीवन अहिले अझै अर्थपूर्ण भएको छ भन्ने मलाई आभास हुन्छ, किनभने म तपाईंको लागि क्रूसमा टाँगिएको छु, र तपाईंको लागि मर्नु अर्थपूर्ण छ। तैपनि, मलाई अझै पनि सन्तुष्टिको आभास छैन, किनभने मलाई तपाईंको बारेमा अत्यन्तै थोरै मात्रै थाहा छ, तपाईंका इच्छाहरूलाई पूर्ण रूपमा पूरा गर्न म सक्दिनँ भन्ने मलाई थाहा छ, र तपाईंलाई थोरै मात्रै फिर्ता दिएको छु। मेरो जीवनमा,

तपाईंलाई मैले मेरो सम्पूर्णता फिर्ता दिन असक्षम रहेको छु; म त्योबाट धेरै टाढा छु। यस क्षणमा फर्केर हेर्दा, म तपाईंप्रति अत्यन्तै ऋणी भएको आभास गर्छु, र मेरा सबै गल्तीहरूको निम्ति र मैले तपाईंलाई फिर्ता नदिएको सबै प्रेम चुकाउन मसँग यो बाहेक अरू क्षण छैन।"

मानिसले अर्थपूर्ण जीवन जिउने प्रयास गर्नुपर्छ, र आफ्ना वर्तमान परिस्थितिहरूप्रति ऊ सन्तुष्ट हुनुहुँदैन। पत्रुसको स्वरूपमा जिउनको लागि, उसले पत्रुसको ज्ञान र अनुभवहरूलाई प्राप्त गर्नैपर्छ। मानिसले अझै उच्च र अझै प्रगाढ कुराहरूको खोजी गर्नुपर्छ। मानिसले अझै गहन, अझै शुद्ध परमेश्वरप्रतिको प्रेम, र मूल्य र अर्थ सहितको जीवनको खोजी गर्नुपर्छ। यो मात्रै जीवन हो; तब मात्र मानिस पत्रुसजस्तै हुनेछ। तैँले सकरात्मक पक्षमा आफ्नो प्रवेशप्रति कर्मठ हुनमा ध्यान दिनुपर्छ, र अझै प्रगाढ, अझै निर्दिष्ट र अझै व्यवहारिक सत्यताहरूलाई बेवास्ता गर्दै क्षणिक सुखको खातिर आफूलाई विवश रूपमा विश्वासत्याग गर्न दिनु हुँदैन। तेरो प्रेम व्यवहारिक हुनुपर्छ, र तैँले पशुको भन्दा फरक नभएको यो भ्रष्ट, लापरवाही जीवनबाट आफूलाई स्वतन्त्र पार्ने उपायहरू पत्ता लगाउनैपर्छ। तैँले अर्थपूर्ण जीवन, मूल्य भएको जीवन जिउनुपर्छ, र तैँले आफैलाई मूर्ख तुल्याउने वा आफ्नो जीवनलाई खेलौनाजस्तो व्यवहार गर्नुहुँदैन। परमेश्वरलाई प्रेम गर्न इच्छा गर्ने हरेकको लागि, प्राप्त गर्न नसक्ने सत्यताहरू छैनन् र तिनीहरू दह्रिलो गरी खडा हुन नसक्ने त्यस्तो कुनै न्याय छैन। तैँले आफ्नो जीवन कसरी जिउनुपर्छ? तैँले परमेश्वरलाई कसरी प्रेम गर्नुपर्छ, र उहाँको इच्छालाई पूरा गर्नको लागि कसरी यो प्रेमको प्रयोग गर्नुपर्छ? तेरो जीवनमा योभन्दा ठूलो विषय अरू कुनै छैन। सबैभन्दा महत्त्वपूर्ण कुरा, तँसँग यस किसिमका आकांक्षाहरू र दृढता हुनैपर्छ, र मेरुदण्ड नभएकाहरू, दुर्बल व्यक्तिहरू जस्ता तँ बन्नु हुँदैन। अर्थपूर्ण जीवनको अनुभव र अर्थपूर्ण सत्यताहरूको अनुभव कसरी गर्ने त्यो तैँले सिक्नैपर्छ, र आफैलाई त्यसरी आलटाल गर्ने व्यवहार गर्नु हुँदैन। तैँले महसुस नै गर्न नपाइ, तेरो जीवनले तँलाई छोडेर जानेछ; त्यसपछि, के तैँले परमेश्वरलाई प्रेम गर्ने अर्को मौका पाउनेछस्? के मरेपछि मानिसले परमेश्वरलाई प्रेम गर्न सक्छ र? तँसँग पनि पत्रुसको जस्तै आकांक्षाहरू र विवेक हुनुपर्छ; तेरो जीवन अर्थपूर्ण हुनैपर्छ, र तैँले आफैसँग खेलबाड गर्नु हुँदैन। एक मानव भएको हुनाले, र परमेश्वरको खोजी गर्ने एक व्यक्ति भएको हुनाले, तैँले आफ्नो जीवनलाई कस्तो व्यवहार गर्छस्, तैँले आफैलाई परमेश्वरमा कसरी समर्पण गर्नुपर्छ, परमेश्वरमा तैँले कसरी अझै अर्थपूर्ण विश्वास राख्नुपर्छ, र परमेश्वरलाई तैँले प्रेम गर्ने हुनाले, तैँले उहाँलाई अझै शुद्ध, अझै सुन्दर, अझै असल तरिकाले कसरी प्रेम गर्नुपर्छ सो बारेमा होसियारीसाथ विचार गर्न सक्षम हुनुपर्छ। आज, तँलाई कसरी विजय गरिएको छ त्यसप्रति मात्रै तँ सन्तुष्ट हुन सक्दैनस्, तर भविष्यमा तँ हिँड्ने मार्गको बारेमा पनि तैँले विचार गर्नैपर्छ। शुद्ध पारिनको लागि तँसँग आकांक्षाहरू र साहस हुनैपर्छ, र तैँले आफूलाई सँधै असक्षम ठान्नु हुँदैन। के सत्यताका मन पर्ने कुराहरू हुन्छन्? के सत्यताले मानिसहरूलाई जानी-जानी विरोध गर्न सक्छ? यदि तैँले सत्यताको खोजी गरिस् भने, के यसले तँलाई व्याकुल बनाउन सक्छ? यदि तँ न्यायको लागि दह्रिलो गरी खडा भइस् भने, के यसले तँलाई ढाल्नेछ? यदि जीवनको खोजी गर्ने तेरो आकाङ्क्षा साँचो हो भने, के जीवनले तँलाई छल्न सक्छ? यदि तँ सत्यविहीन छस् भने, सत्यताले तँलाई बेवास्ता गरेको कारणले होइन, तर तँ सत्यताबाट टाढा बस्ने हुँदा त्यसो भएको

हो; यदि तँ न्यायको लागि दृढ रूपमा खडा हुन सक्दैनस् भने, न्यायमा कुनै गल्ती भएको कारणले होइन, तर यो तथ्यहरूसँग मिल्दैन भनेर तैँले ठानेको कारणले गर्दा यसो भएको हो; धेरै वर्षसम्म जीवनको खोजी गरेर पनि तैँले जीवन प्राप्त गरेको छैनस् भने, तँप्रति जीवनको कुनै विवेक नभएर होइन, तर जीवनप्रति तँसँग कुनै विवेक नभएकोले र तैँले जीवनलाई धपाएको हुनाले यसो भएको हो; यदि तँ ज्योतिमा जिउँछस्, र ज्योति प्राप्त गर्न असमर्थ भएको छस् भने, ज्योतिले तँलाई प्रकाश दिन नसकेकोले होइन, तर ज्योतिको अस्तित्वलाई तैँले कुनै पनि ध्यान नदिएको कारण, र यसैले ज्योति तँबाट चुपचाप टाढा गएकोले यसो भएको हो। यदि तैँले खोजी गर्दैनस् भने, तँ मूल्यहीन रद्दी होस्, र तेरो जीवनमा कुनै साहस छैन, र अन्धकारको शक्तिलाई विरोध गर्ने आत्मा तँमा छैन भनेर मात्रै भन्न सकिन्छ। तँ अत्यन्तै कमजोर छस्! तँलाई घेरेर राखेको शैतानका शक्तिहरूबाट तँ उम्कन सक्दैनस्, र यस प्रकारको सुरक्षित र निश्चिन्त जीवन जिउन र अज्ञानतामा मर्न मात्रै तँ इच्छुक छस्। तैँले हासिल गर्नुपर्ने कुरा भनेको विजय गरिने तेरो खोजी हो; यो तेरो अपरिहार्य कर्तव्य हो। यदि तँ विजय गरिनुमा नै सन्तुष्ट छस् भने, तैँले ज्योतिको अस्तित्वलाई धपाउँछस्। तैँले सत्यताको लागि कष्ट भोग्नैपर्छ, तैँले आफैलाई सत्यतामा समर्पित गर्नैपर्छ, तैँले सत्यताको लागि अपमान सहनैपर्छ, र अझै बढी सत्यतालाई प्राप्त गर्नको लागि तैँले अझै बढी कष्टबाट भएर जानैपर्छ। तैँले गर्नुपर्ने कुरा यही हो। शान्तिपूर्ण पारिवारिक जीवनको खातिर तैँले सत्यतालाई फ्याँक्नु हुँदैन, र क्षणिक सुखचैनको खातिर तैँले आफ्नो जीवनको प्रतिष्ठा र सत्यनिष्ठालाई गुमाउनु हुँदैन। तैँले जुन कुरा सुन्दर र असल छ ती सबै कुराको खोजी गर्नुपर्छ, र तैँले जीवनमा अझै अर्थपूर्ण रहेको मार्गलाई पछ्याउनुपर्छ। यदि तैँले त्यस किसिमको अशिष्ट जीवन जिउँछस्, र कुनै पनि उद्देश्यहरूलाई पछ्याउँदैनस् भने, के तैँले आफ्नो जीवनलाई खेर फाल्दैनस् र? यस्तो जीवनबाट तैँले के प्राप्त गर्नसक्छस्? एउटा सत्यताको खातिर तैँले पापमय स्वभावका सबै सुखचैनहरूलाई त्याग्नुपर्छ, र थोरै सुखचैनको खातिर सारा सत्यतालाई फ्याँक्नु हुँदैन। यस किसिमका मानिसहरूसँग कुनै सत्यनिष्ठा वा प्रतिष्ठा हुँदैन; तिनीहरूको अस्तित्वको कुनै अर्थ हुँदैन!

परमेश्‍वरले मानिसलाई सजाय दिनुहुन्छ र उसको न्याय गर्नुहुन्छ किनभने यो उहाँको कार्यको लागि आवश्यक छ, र, यति मात्र होइन, किनभने मानिसलाई यसको आवश्यक छ। मानिसलाई सजाय दिइनुपर्छ र न्याय गरिनुपर्छ, त्यसपछि मात्रै उसले परमेश्‍वरको प्रेम प्राप्त गर्नसक्छ। आज, तिमीहरू पूर्ण रूपमा विश्‍वस्त भएका छौ, तर जब तिमीहरूले अलिकति बाधाको सामना गर्छौ, तिमीहरू कष्टमा पर्छौ; गहन ज्ञान प्राप्त गर्नको लागि तिमीहरूको कद अझै पनि अत्यन्तै सानो छ, र तिमीहरूले अझै त्यस किसिमको सजाय र न्यायको अनुभव गर्नुपर्छ। आज, परमेश्‍वरप्रति तिमीहरूसँग केही श्रद्धा छ, र तिमीहरूले परमेश्‍वरको भय मान्छौ, र उहाँ नै साँचो परमेश्‍वर हुनुहुन्छ भन्ने तिमीहरूलाई थाहा छ, तर तिमीहरूसँग उहाँप्रतिको महान् प्रेम छैन, तिमीहरूले शुद्ध प्रेम प्राप्त गर्ने कुरा त परै जाओस्; तिमीहरूको ज्ञान अत्यन्तै सतही छ, र तिमीहरूको कद अझै अपर्याप्त छ। जब तैँले साँचो रूपमा एउटा परिस्थितिको सामना गर्छस् र जसमा तैँले अझै साक्षी दिएको छैनस्, तेरो प्रवेश अत्यन्तै थोरै सक्रिय हुन्छ, र कसरी अभ्यास गर्ने सो तँलाई केही पनि

थाहा हुँदैन। धेरैजसो मानिसहरू निष्क्रिय र सुस्त छन्; तिनीहरूले परमेश्वरलाई आफ्नो हृदयमा गोप्य रूपमा मात्र प्रेम गर्छन्, तर तिनीहरूमा अभ्यास गर्ने कुनै उपाय हुँदैन, न त आफ्ना उद्देश्यहरू के हुन् भन्ने विषयमा नै तिनीहरू स्पष्ट छन्। सिद्ध पारिएकाहरूमा सामान्य मानवता मात्रै हुँदैन, तर विवेकका नापहरूभन्दा माथिका सत्यताहरू तिनीहरूमा हुन्छ, जुन विवेकका मापदण्डहरूभन्दा माथि हुन्छ; तिनीहरूले परमेश्वरको प्रेमको ऋण तिर्न विवेकको प्रयोग गर्ने मात्रै होइन, तर, त्योभन्दा पनि बढी, तिनीहरूले परमेश्वरलाई चिनेका छन्, र परमेश्वर प्रेमिलो हुनुहुन्छ, र मानिसको प्रेमको योग्य हुनुहुन्छ, अनि परमेश्वरमा प्रेम गर्नुपर्ने कुरा धेरै छन् भन्ने कुरालाई देखेका छन्; मानिसले उहाँलाई प्रेम नगरिकन बस्न सक्दैन! सिद्ध पारिएकाहरूको परमेश्वरप्रतिको प्रेम भनेको तिनीहरूका आफ्नै आकांक्षाहरूलाई पूरा गर्नको लागि हो। तिनीहरूको प्रेम स्वाभाविक प्रेम हो, जुन प्रेमले यसको सट्टामा केही पनि माग्दैन, र जुन कारोबार होइन। अरू केही कारणले होइन तर उहाँप्रतिको तिनीहरूको ज्ञानको कारणले मात्रै तिनीहरूले परमेश्वरलाई प्रेम गर्छन्। परमेश्वरले तिनीहरूलाई अनुग्रह गर्नुहुन्छ कि गर्नुहुन्न त्यस कुरालाई त्यस्ता मानिसहरूले वास्ता गर्दैनन्, र परमेश्वरलाई सन्तुष्ट दिने बाहेक अरू केही कुराद्वारा तिनीहरू सन्तुष्ट हुँदैनन्। तिनीहरूले परमेश्वरसँग मोलतोल गर्दैनन्, न त परमेश्वरप्रतिको आफ्नो प्रेमलाई नै तिनीहरूले विवेकको आधारमा मापन गर्छन्: “तपाईंले मलाई दिनुभएको छ, त्यसैले यसको सट्टामा म तपाईंलाई प्रेम गर्छु; यदि तपाईंले मलाई दिनुहुन्न भने, यसको सट्टामा मसँग तपाईंको लागि केही पनि हुँदैन।” सिद्ध पारिएकाहरूले सँधै नै यस्तो विश्वास गर्छन्: “परमेश्वर नै सृष्टिकर्ता हुनुहुन्छ, र उहाँले हामीमा आफ्नो कामलाई अघि बढाउनुहुन्छ। सिद्ध पारिनको लागि मसँग यो मौका, अवस्था, र योग्यता भएको हुनाले, मेरो उद्देश्य भनेको अर्थपूर्ण जीवन जिउने हुनुपर्छ, र मैले उहाँलाई सन्तुष्ट पार्नुपर्छ।” यो पत्रुसले अनुभव गरेको जस्तै छ: तिनी सबैभन्दा कमजोर अवस्थामा हुँदा, तिनले परमेश्वरसँग यसो भन्दै प्रार्थना गरे, “हे परमेश्वर! समय वा स्थान जेसुकै भए तापनि, म तपाईंलाई सँधै सम्झन्छु भन्ने तपाईंलाई थाहा छ। समय वा स्थान जेसुकै भए तापनि, म तपाईंलाई प्रेम गर्न चाहन्छु भन्ने तपाईं जान्नुहुन्छ, तर मेरो कद निकै सानो छ, म निकै कमजोर र शक्तिहीन छु, मेरो प्रेम अत्यन्तै सीमित छ, र तपाईंप्रतिको मेरो इमानदारीता अत्यन्तै थोरै छ। तपाईंको प्रेमको तुलनामा, म जिउन समेत योग्य छैन। मेरो जीवन व्यर्थ नहोस्, र मैले तपाईंको प्रेमको ऋण तिर्न मात्र होइन, तर मसँग भएको सबै कुरा म तपाईंलाई समर्पण गर्न सकूँ भन्ने यही नै मेरो कामना छ। यदि मैले तपाईंलाई सन्तुष्ट पार्न सक्छु भने, एक प्राणीको रूपमा, मैले मनमा शन्ति पाउनेछु, र अरू केही पनि माग्नेछैन। अहिले म कमजोर र शक्तिहीन भए तापनि, म तपाईंका अर्तीहरूलाई बिर्सनेछैन, र म तपाईंको प्रेमलाई बिर्सनेछैन। अहिले मैले तपाईंको प्रेमको ऋण तिर्ने बाहेक अरू केही पनि गरिरहेको छैन। हे परमेश्वर, मलाई कति नराम्रो लाग्छ! म मेरो हृदयमा भएको प्रेम तपाईंलाई कसरी दिन सक्छु, मैले गर्न सक्ने जति सबै कसरी गर्न सक्छु, तपाईंका इच्छाहरूलाई पूरा गर्न सक्छु, र मसँग भएका सबै कुरा तपाईंलाई अर्पण गर्न सक्छु? मानिसको कमजोरी तपाईंलाई थाहा छ; तपाईंको प्रेमको लागि म कसरी योग्य बन्न सक्छु? हे परमेश्वर! म सानो कदको छु, मेरो प्रेम अत्यन्तै थोरै छ भन्ने तपाईंलाई थाहा छ। यस किसिमको वातावरणमा सक्दो मैले कसरी गर्न

सक्छु? मैले तपाईंको प्रेमको ऋण तिर्नुपर्छ भन्ने मलाई थाहा छ, मसँग भएको सबै कुरा मैले तपाईंलाई दिनुपर्छ भन्ने मलाई थाहा छ, तर आज मेरो कद अत्यन्तै सानो छ। मलाई शक्ति र आत्मबल दिनुहोस् भनी म बिन्ती गर्छु, ताकि तपाईंलाई समर्पण गर्नको लागि मैले अझै बढी शुद्ध प्रेम प्राप्त गर्न सकूँ, र मसँग भएका सबै कुरालाई अझै बढी तपाईंमा समर्पण गर्न सकूँ; म तपाईंको प्रेमको ऋण तिर्न सक्ने मात्रै होइन, तर तपाईंको सजाय, न्याय र परीक्षाहरूलाई, र अझै बढी गम्भीर श्रापहरूलाई म अझै बढी अनुभव गर्न सक्नेछु। तपाईंले मलाई तपाईंको प्रेम हेर्न दिनुभएको छ, र तपाईंलाई प्रेम नगरी बस्न म असक्षम छु, र म आज कमजोर र शक्तिहीन भए तापनि, म तपाईंलाई कसरी बिर्सन सक्थें र? तपाईंको प्रेम, सजाय र न्याय सबैले मलाई तपाईंलाई जान्ने तुल्याएको छ, तैपनि तपाईंको प्रेमलाई पूरा गर्नको लागि म असक्षम छु भन्ने मलाई लाग्छ, किनभने तपाईं अत्यन्तै महान् हुनुहुन्छ। मसँग भएको सबै कुरालाई मैले सृष्टिकर्तालाई कसरी समर्पण गर्न सक्छु?" पत्रुसको अनुरोध यस्तै थियो, तैपनि तिनको कद अत्यन्तै अपर्याप्त थियो। यस क्षणमा, उनले यस्तो महसुस गरे मानौं उसको हृदयमा छुरी चलाइएको छ। उनी वेदनामा थिए; यस्तो अवस्थामा के गर्ने हो उनलाई केही थाहा थिएन। तैपनि उनले प्रार्थनालाई जारी नै राखे: "हे परमेश्‍वर! मानिस बालकको जस्तो कदमा छ, उसको विवेक दुर्बल छ, र मैले पूरा गर्न सक्ने एउटै मात्र कुरा भनेको तपाईंको प्रेमको ऋण तिर्नु मात्रै हो। आज, तपाईंका इच्छाहरूलाई कसरी सन्तुष्ट पार्ने त्यो कुरा मलाई थाहा छैन, र मैले गर्न सक्ने सबै कुरा गर्न, मसँग भएको सबै कुरा दिन, र मसँग भएको सबै कुरा तपाईंमा समर्पित गर्ने एउटै इच्छा मसँग छ। तपाईंको न्यायको बाबजुत पनि, तपाईंको सजायको बाबजुत पनि, तपाईंले मलाई जे दिनुहुन्छ त्यसको बाबजुत पनि, तपाईंले मबाट जे लिनुहुन्छ त्यसको बाबजुत पनि, तपाईंप्रति गर्ने सानोभन्दा सानो गुनासोबाट मलाई स्वतन्त्र गर्नुहोस्। तपाईंले मलाई सजाय दिनुहुँदा र मेरो न्याय गर्नुहुँदा धेरै पटक मैले आफैसँग गनगन गरेँ, र शुद्धतालाई प्राप्त गर्न, वा तपाईंका इच्छाहरूलाई पूरा गर्न म असक्षम रहेँ। तपाईंको प्रेमको ऋण तिर्ने मेरो कार्य बाध्यताद्वारा पैदा भएको थियो, र यो क्षणमा म आफैलाई अझै बढी घृणा गर्छु।" परमेश्‍वरको अझ शुद्ध प्रेमको खोजी गरेको कारणले पत्रुसले यसरी प्रार्थना गरे। तिनले खोजी गरिरहेका थिए, र तिनी बिन्ती गरिरहेका थिए, र, यसको साथै, तिनले आफैलाई दोषी ठहराइरहेका थिए, र परमेश्‍वरसँग आफ्नो पाप स्वीकार गरिरहेका थिए। आफू परमेश्‍वरप्रति ऋणी भएको उनलाई महसुस भयो, र आफैप्रति घृणाको महसुस भयो, तैपनि केही हिसाबले उनी दुःखित र निष्क्रिय पनि थिए। उनी परमेश्‍वरका इच्छाहरू पूरा गर्न पर्याप्त थिएनन् र उनको सक्दो गर्न असक्षम थिए झैँ गरी उनले सँधै यस्तै महसुस गर्थे। त्यस्ता अवस्थाहरूमा पनि पत्रुसले अय्यूबको जस्तो विश्‍वासको अनुसरण गरे। अय्यूबको विश्‍वास कति महान् थियो भन्ने कुरालाई उनले देखेका थिए, किनभने उनले आफूसँग सबै थोक परमेश्‍वरले दिनुभएको हो, र तिनीबाट सबै कुरा परमेश्‍वरले लानु स्वभाविकै हो, परमेश्‍वरले जसलाई चाहनुहुन्छ त्यसलाई दिनुहुन्छ भन्ने कुरा अय्यूबले देखेका थिए–परमेश्‍वरको धर्मी स्वभाव त्यस्तो थियो। आय्यूबसँग कुनै गुनासो थिएन, र उनले अझै पनि परमेश्‍वरको प्रशंसा गर्न सक्थे। पत्रुसले आफैलाई चिनेका थिए, र आफ्नो हृदयमा तिनले यसो भन्दै प्रार्थना गरे, "आज, मेरो विवेकको प्रयोग गरेर तपाईंको प्रेमको ऋण तिरेर अनि मैले तपाईंलाई जति

नै धेरै प्रेम फिर्ता दिए पनि, त्यसमा मात्रै म सन्तुष्ट हुनुहुँदैन, किनभने मेरा विचारहरू अत्यन्तै भ्रष्ट छन्, र तपाईंलाई सृष्टिकर्ताको रूपमा हेर्न म असक्षम छु। तपाईंलाई प्रेम गर्नको निम्ति म अझै पनि अयोग्य भएको हुनाले, मैले मसँग भएको सबै कुरा तपाईंलाई समर्पण गर्ने क्षमताको विकास गर्नुपर्छ, जुन म स्वेच्छाले गर्नेछु। तपाईंले गर्नुभएका सबै कुरा मैले जान्नैपर्छ, र मसँग कुनै विकल्प छैन, र मैले तपाईंको प्रेमलाई हेर्नैपर्छ, र तपाईंको प्रशंसा गर्नैपर्छ र तपाईंको पवित्र नाउँको बढाइ गर्नुपर्छ, ताकि तपाईंले मबाट महान् महिमा प्राप्त गर्नुभएको होस्। तपाईंप्रतिको यो साक्षीमा म दह्रिलो गरी खडा हुन तत्पर छु। हे परमेश्‍वर! तपाईंको प्रेम कति बहुमूल्य र सुन्दर छ; म कसरी दुष्टको हातमा जिउने इच्छा गर्न सक्छु र? के मलाई तपाईंले बनाउनुभएको होइन र? म कसरी शैतानको अधिकार क्षेत्रमा जिउन सक्छु? मेरो सम्पूर्णता नै तपाईंको सजायमा जिओस् भन्ने मेरो चाहना छ। दुष्टको अधिकार क्षेत्रमा जिउन मलाई मन छैन। यदि म शुद्ध बनाइन सक्छु भने, र मसँग भएका सबै कुरा तपाईंमा समर्पण गर्न सक्छु भने, म मेरो शरीर र मन तपाईंको न्याय र सजायको निम्ति समर्पित गर्न तत्पर छु, किनभने म शैतानलाई घृणा गर्छु, र म त्यसको अधिकार क्षेत्रमा जिउन चाहन्‍नँ। मलाई तपाईंले गर्नुहुने न्यायद्वारा, तपाईंले आफ्नो धर्मी स्वभावलाई देखाउनुहुन्छ; म खुशी छु, र मसँग अलिकति पनि गुनासो छैन। यदि मैले एउटा प्राणीको दायित्वलाई पूरा गर्न सक्छु भने, मेरो सम्पूर्ण जीवनमा नै तपाईंको न्यायको साथ होस् भन्ने म चाहन्छु, जसद्वारा म तपाईंको धर्मी स्वभावलाई जान्नेछु, र दुष्टको प्रभावबाट आफैलाई म मुक्त गर्नेछु।" पत्रुसले सँधै यसरी प्रार्थना गर्थे, सँधै यसरी खोजी गर्थे, र तुलनात्मक रूपमा भन्दा, उनी उच्च क्षेत्रमा पुगे। उनले परमेश्‍वरको प्रेमको ऋण तिर्न मात्र सकेनन्, तर, अझै महत्वपूर्ण कुरा त, एक प्राणीका रूपमा आफ्नो कर्तव्यलाई पनि उनले पूरा गरे। उनलाई उनको विवेकले दोष मात्रै दिएन, तर उनले विवेकका मापदण्डहरूलाई नाघ्न सके। उनको प्रार्थनाहरू निरन्तर रूपमा माथि परमेश्‍वरकहाँ गए, जसले गर्दा उनका आकांक्षाहरू सँधै उच्च थिए, र परमेश्‍वरप्रतिको उनको प्रेम सँधै महान् थियो। उनले वेदनापूर्ण पीडा सहे तापनि, उनले परमेश्‍वरलाई प्रेम गर्न भुलेनन्, र उनले परमेश्‍वरको इच्छालाई बुझ्न सक्ने क्षमतालाई प्राप्त गर्ने प्रयास गरे। आफ्नो प्रार्थनाहरूमा उनले निम्न शब्दहरूको उच्चारण गरे: "तपाईंको प्रेमको ऋण तिर्ने बाहेक मैले अरू केही पनि गरेको छैन। मैले शैतानको अघि तपाईंको साक्षी दिएको छैन, मैले आफैलाई शैतानको प्रभावबाट मुक्त गरेको छैन, र म अझै पनि शरीरमा जिउँछु। म शैतानलाई हराउनको लागि, यसलाई लाजमा पार्नको लागि मेरो प्रेम प्रयोग गर्न, र यसरी तपाईंको इच्छालाई पूरा गर्न चाहन्छु। म मेरो सम्पूर्णता तपाईंलाई दिन चाहन्छु, म आफैलाई अलिकति पनि शैतानलाई दिन चाहन्‍नँ, किनभने शैतान तपाईंको शत्रु हो।" तिनले यो दिशामा जति खोजी गरे, त्यति नै तिनी उत्तेजित भए, र यी विषयहरूमा तिनको ज्ञान त्यति नै उच्च भयो। यसलाई महसुस नगरिकन नै, उनले आफैलाई शैतानको प्रभावबाट मुक्त गर्नुपर्छ, र आफैलाई पूर्ण रूपमा परमेश्‍वर फर्काउनुपर्छ भन्ने कुरा जाने। उनले प्राप्त गरेको क्षेत्र यस्तो थियो। उनले शैतानको प्रभावलाई नाघ्दैथिए, र शरीरको सुख-चैन र आनन्दहरूबाट आफैलाई मुक्त गर्दैथिए, र परमेश्‍वरको सजाय र उहाँको न्याय दुवैलाई अझै गहन रूपमा अनुभव गर्न इच्छुक हुँदैथिए। उनले भने, "म तपाईंको सजायको माझमा छु, र तपाईंको

न्यायको माझमा छु तापनि, त्यसले ल्याउने कठिनाइको बाबजुत पनि, म शैतानको अधिकार क्षेत्रमा जिउन अनिच्छुक छु, शैतानको चलाकीको कष्ट भोग्न म अनिच्छुक छु। तपाईंका श्रापहरूमा जिउन म आनन्द मान्छु, र शैतानको आशीर्वादहरूमा जिएर म पीडित छु। तपाईंको न्यायमा जिएर म तपाईंलाई प्रेम गर्छु, र यसले मलाई निकै ठूलो आनन्द दिन्छ। तपाईंका सजाय र न्याय धार्मिक र पवित्र छन्; यो मलाई शुद्ध पार्नको लागि हो, र त्योभन्दा पनि बढी, यो मलाई मुक्ति दिनको लागि हो। म मेरो सम्पूर्ण जीवन तपाईंको न्यायमा नै बिताउन इच्छा गर्छु ताकि म तपाईंको हेरचाहमा रहन सकूँ। म एक क्षण पनि शैतानको अधिकार क्षेत्रमा जिउन चाहन्नँ; म तपाईंबाट शुद्ध पारिन चाहन्छु; कष्ट नै भोग्नु परे तापनि, म शैतानद्वारा शोषित हुन र त्यसको छलमा पर्न चाहन्नँ। म, अर्थात् यस प्राणीलाई तपाईंद्वारा प्रयोग गरिनुपर्छ, तपाईंद्वारा स्वामित्वमा राखिनुपर्छ, तपाईंद्वारा न्याय गरिनुपर्छ, र तपाईंद्वारा सजाय दिइनुपर्छ। म तपाईंद्वारा श्रापित समेत हुनुपर्छ। जब तपाईं मलाई आशिष दिन इच्छुक हुनुहुन्छ तब मेरो हृदय आनन्दित हुन्छ, किनभने मैले तपाईंको प्रेम देखेको छु। तपाईं सृष्टिकर्ता हुनुहुन्छ, र म एक प्राणी हुँ: तपाईंलाई धोका दिएर म शैतानको अधिकार क्षेत्रमा जिउनु हुँदैन, न त म शैतानद्वारा शोषित हुनुपर्छ। शैतानको लागि जिउनुभन्दा त म तपाईंको घोडा, वा गोरु हुनु परोस्। बरु म कुनै पनि शारीरिक आनन्दविना नै तपाईंको सजाय सहेर बस्छु, र मैले तपाईंको अनुग्रहलाई गुमाउनु परे तापनि यसले मलाई आनन्द दिन्छ। तपाईंको अनुग्रह मसँग नभए पनि, तपाईंको सजाय र न्यायमा म आनन्द लिन्छु; तपाईंको सबैभन्दा उत्तम आशिष, तपाईंको महान् अनुग्रह यही नै हो। मप्रति तपाईं सँधै प्रतापी र क्रोधित हुनुभए तापनि, म तपाईंलाई छोड्न असक्षम छु, र तपाईंलाई पर्याप्त प्रेम गर्न सक्दिन। म तपाईंको घरमा बस्न रुचाउँछु, म तपाईंद्वारा श्रापित हुन, सजाय दिइएको, र प्रहार गरिएको चाहन्छु, र म शैतानको अधिकार क्षेत्रमा जिउन इच्छुक छैन, न त म शरीरको लागि मात्रै दौडधूप गर्न र व्यस्त हुन इच्छुक छु, शरीरको लागि जिउने कुरा त परै जाओस्।" पत्रुसको प्रेम एउटा शुद्ध प्रेम थियो। सिद्ध बनाइनुको अनुभव, र सिद्ध बनाइनुको सबैभन्दा उच्च क्षेत्र यही नै हो; योभन्दा अर्थपूर्ण जीवन अरू छैन। उनले परमेश्‍वरको सजाय र न्यायलाई स्वीकार गरे, उनले परमेश्‍वरको धर्मी स्वभावलाई बहुमूल्य ठाने, र पत्रुसको बारेमा अझै बहुमूल्य केही पनि थिएन। उनले भने, "शैतानले मलाई भौतिक आनन्दहरू दिन्छ, तर म तिनलाई बहुमूल्य ठान्दिनँ। ममाथि परमेश्‍वरको सजाय र न्याय आउँछ—यसमा मैले अनुग्रह पाउँछु, यसमा मैले आनन्द पाउँछु, र यसमा म आशिषित छु। परमेश्‍वरको न्याय नभएको भए, मैले परमेश्‍वरलाई कहिल्यै पनि प्रेम गर्ने थिइन, म अझै पनि शैतानको अधिकार क्षेत्रमा हुने थिएँ, अझै पनि यसद्वारा नियन्त्रित र यसकै आज्ञामा हुने थिएँ। त्यस्तो भएको भए, म कहिल्यै पनि वास्तविक मानव बन्ने थिइन, किनभने परमेश्‍वरलाई सन्तुष्ट तुल्याउन म असक्षम हुन्थें, र मेरो सम्पूर्णता परमेश्‍वरलाई समर्पित गर्ने थिइन। ममा कुनै भित्री सान्त्वना नछोडी मभित्र आगो नै बलिरहेको जस्तो गरी मलाई छोडेर, र शान्ति वा आनन्दविना मलाई छोडेर, परमेश्‍वरले मलाई आशिष नदिनुभए तापनि, साथै परमेश्‍वरको सजाय र अनुशासन मबाट कहिल्यै टाढा नगए तापनि, परमेश्‍वरको सजाय र न्यायमा म उहाँको धर्मी स्वभावलाई हेर्न सक्षम हुन्छु। म यसमा आनन्दित हुन्छु; जीवनमा योभन्दा बढी बहुमूल्य वा अर्थपूर्ण कुरा केही

पनि छैन। उहाँको सुरक्षा र हेरचाह निर्दयी सजाय, न्याय, श्रापहरू, र प्रहार बनेको भए तापनि, म यी कुराहरूमा आनन्द लिन्छु, किनभने यी कुराहरूले मलाई अझै राम्ररी शुद्ध पार्न र परिवर्तन गर्न सक्छन्, मलाई परमेश्वरको नजिकमा ल्याउन सक्छ, परमेश्वरलाई प्रेम गर्न मलाई अझै सक्षम तुल्याउन सक्छ, र परमेश्वरप्रतिको मेरो प्रेमलाई अझै शुद्ध बनाउन सक्छ। यसले मलाई एक प्राणीको रूपमा मेरो कर्तव्यलाई पूरा गर्न सक्षम तुल्याउँछ, र मलाई परमेश्वरको सामु लैजान्छ अनि शैतानको प्रभाबाट टाढा लैजान्छ, ताकि मैले त्यस उप्रान्त शैतानको सेवा गर्नु नपरोस्। जब म शैतानको अधिकार क्षेत्रमा जिउँदिन, र जब कुनै पनि कुरा बाँकी नराखिकन मसँग भएका सबै कुरा र मैले परमेश्वरको लागि गर्न सक्ने सबै कुरा परमेश्वरलाई समर्पण गर्न सक्छु—त्यो नै म पूर्ण रूपमा सन्तुष्ट हुने क्षण हुनेछ छु। मलाई मुक्ति दिने परमेश्वरको सजाय र न्याय नै हो, र मेरो जीवनलाई परमेश्वरको सजाय र न्यायबाट अलग गर्न सकिँदैन। संसारमा रहेको मेरो जीवन शैतानको अधिकार क्षेत्रमा रहेको छ, र परमेश्वरको सजाय र न्यायको वास्ता र सुरक्षा नभएको भए, म सँधै शैतानको अधिकार क्षेत्रमा जिउनेथिएँ, र, यति मात्रै होइन, मैले अर्थपूर्ण जीवन जिउने मौका वा माध्यमहरू पाउने थिइनँ। परमेश्वरको सजाय र न्यायले मलाई कहिल्यै छोडेन भने मात्रै परमेश्वरद्वारा म शुद्ध पारिन सक्षम हुनेछु। परमेश्वरको कठोर वचन र धर्मी स्वभाव, अनि परमेश्वरको प्रतापी न्यायद्वारा मात्रै, मैले सर्वोच्च सुरक्षा पाएको छु र म ज्योतिमा जिएको छु, र मैले परमेश्वरका आशिषहरू प्राप्त गरेको छु। आफैलाई शुद्ध पारिनु, र शैतानबाट स्वतन्त्र पारिनु, साथै परमेश्वरको प्रभुत्वमा जिउनु—आज यो नै मेरो जीवनको सबैभन्दा महान् आशिष हो।" पत्रुसले अनुभव गरेको सबैभन्दा उच्च क्षेत्र यही नै हो।

सिद्ध पारिए पछि मानिसले प्राप्त गर्नुपर्ने स्थिति यही नै हो। यदि तैँले यो प्राप्त गर्न सक्दैनस् भने, तैँले अर्थपूर्ण जीवन जिउन सक्दैनस्। मानिस शरीरमा जिउँछ, जसको अर्थ ऊ मानव नरकमा, अनि परमेश्वरको न्याय र सजायविना मानिस शैतानजस्तै अशुद्ध छ। मानिसलाई कसरी पवित्र पार्न सकिन्थ्यो? परमेश्वरद्वारा दिइने सजाय र न्याय नै मानिसको सबैभन्दा उत्तम सुरक्षा र सबैभन्दा महान् अनुग्रह हो भन्ने विश्वास पत्रुसको थियो। परमेश्वरको सजाय र न्यायद्वारा मात्रै मानिस बिउँझन सक्छ र उसले शरीरलाई घृणा गर्न, शैतानलाई घृणा गर्न सक्छ। परमेश्वरको कठोर अनुशासनले मात्रै मानिसलाई शैतानको प्रभावबाट मुक्त गर्छ, उसलाई आफ्नै सानो संसारबाट मुक्त गर्छ, र उसलाई परमेश्वरको उपस्थितिको ज्योतिमा जिउन दिन्छ। सजाय र न्यायभन्दा उत्तम मुक्ति कुनै छैन। पत्रुसले यसो भन्दै प्रार्थना गरे, "हे परमेश्वर! जबसम्म तपाईंले मलाई सजाय दिनुहुन्छ र न्याय गर्नुहुन्छ, तबसम्म म तपाईंले मलाई छोड्नुभएको छैन भन्ने थाहा गर्नेछु। तपाईंले मलाई आनन्द वा शान्ति नदिनुभए तापनि, र मलाई कष्टमा जिउन दिनुभए तापनि, र ममाथि अनगन्ती सजायहरू दिनुभए तापनि, जबसम्म तपाईं मलाई छोड्नुहुन्न, तबसम्म मेरो हृदय सहजतामा हुनेछ। आज, तपाईंको सजाय र न्याय मेरो सबैभन्दा उत्तम सुरक्षा र मेरो सबैभन्दा महान् आशिष बनेका छन्। तपाईंले दिनुहुने अनुग्रहले मलाई सुरक्षा दिन्छ। आज तपाईंले मलाई दिनुहुने अनुग्रह तपाईंको धर्मी स्वभावको प्रकटीकरण हो, र सजाय र न्याय हो; यसको साथै, यो एउटा परीक्षा हो, र, त्योभन्दा पनि बढी, यो कष्टको जीवन हो।" पत्रुसले आफ्ना

शरीरका सुख-चैनहरूलाई पन्छ्याएर गहन प्रेम र महान् सुरक्षाको खोजी गर्न सके, किनभने उनले परमेश्‍वरको सजाय र न्यायबाट अत्यन्तै धेरै अनुग्रह प्राप्त गरेका थिए। आफ्नो जीवनमा, यदि मानिस शुद्ध पारिन चाहन्छ र आफ्नो स्वभावमा परिवर्तन प्राप्त गर्न चाहन्छ भने, यदि ऊ अर्थपूर्ण जीवन जिउन र प्राणीको रूपमा रहेको आफ्नो कर्तव्य पूरा गर्न चाहन्छ भने, उसले परमेश्‍वरको सजाय र न्यायलाई स्वीकार गर्नैपर्छ, र आफूबाट परमेश्‍वरको अनुशासन र परमेश्‍वरको प्रहारलाई टाढा जान दिनु हुँदैन, ताकि उसले आफैलाई शैतानको चालबाजी र प्रभावबाट स्वतन्त्र गर्न सकोस्, र ऊ परमेश्‍वरको ज्योतिमा जिउन सकोस्। परमेश्‍वरको सजाय र न्याय नै ज्योति, र मानिसको मुक्तिको ज्योति हो, र मानिसको लागि योभन्दा उत्तम आशिष, अनुग्रह वा सुरक्षा कुनै छैन भन्‍ने जान। मानिस शैतानको प्रभावमा जिउँछ, र शरीरमा अस्तित्वमा छ; यदि उसलाई शुद्ध पारिएको छैन र उसले परमेश्‍वरको सुरक्षालाई प्राप्त गर्दैन भने, मानिस अझै भ्रष्ट बन्‍नेछ। यदि उसले परमेश्‍वरलाई प्रेम गर्न चाहन्छ भने, उसलाई धोइन र मुक्त गरिनैपर्छ। पत्रुसले प्रार्थना गरे, "परमेश्‍वर, तपाईंले मसँग दयालु व्यवहार गर्नुहुँदा म प्रसन्‍न हुन्छु, र सान्त्वनाको महसुस गर्छु; जब तपाईंले मलाई सजाय दिनुहुन्छ, म अझै बढी सान्त्वना र आनन्दको महसुस गर्छु। म कमजोर भए पनि, र मैले असीमित कष्‍ट सामना गरे तापनि, त्यहाँ आँसु र दु:ख भएतापनि, यो दु:खको कारण मेरो अनाज्ञाकारीता, र मेरो कमजोरी नै हो भन्‍ने तपाईं जान्‍नुहुन्छ। म बिलौना गर्छु किनभने म तपाईंका इच्छाहरूलाई पूरा गर्न सक्दिनँ, म शोक र अपसोसको महसुस गर्छु किनभने तपाईंका मापदण्डहरूका लागि म अपर्याप्त छु, तर यो क्षेत्र प्राप्त गर्न म इच्छुक छु, तपाईंलाई सन्तुष्‍ट गर्नको लागि मैले सक्‍ने सबै गर्न म इच्छुक छु। तपाईंको सजायले मलाई सुरक्षा दिएको छ, र मलाई उत्तम मुक्ति दिएको छ; तपाईंको न्यायले तपाईंको सहनशीलता र धैर्यतालाई ढाकेको छ। तपाईंको सजाय र न्यायविना, म तपाईंको कृपा र दयामा रमाउने थिइनँ। आज, तपाईंको प्रेमले स्वर्गहरूलाई माथ गरेको छ र अरू सबै थोकहरूलाई उछिनेको म अझै बढी देख्छु। तपाईंको प्रेम त कृपा र दया मात्रै होइन; त्योभन्दा पनि बढी, यो सजाय र न्याय हो। तपाईंको सजाय र न्यायले मलाई धेरै कुरा दिएको छ। तपाईंको सजाय र न्यायविना, एक जना व्यक्तिलाई पनि शुद्ध पारिँदैनथ्यो, र एक जना व्यक्तिले पनि सृष्‍टिकर्ताको प्रेमलाई अनुभव गर्नेथिएन। मैले सयौं परीक्षाहरू र संकष्‍टहरूको सामना गरेको, र म मृत्युको नजिक पुगेको भए तापनि, ती सबैले मलाई साँचो रूपमा तपाईंलाई जान्‍न र सर्वोच्च मुक्ति प्राप्त गर्न दिएको छ। यदि तपाईंको सजाय, न्याय र अनुशासन मबाट टाढा भएको भए, म अन्धकारमा, शैतानको अधिकार क्षेत्रमा जिउनेथिएँ। मानिसको शरीरसँग के लाभहरू छन् र? यदि तपाईंको सजाय र न्यायले मलाई छोडेको भए, यो तपाईंको आत्माले मलाई बिर्सिनुभएको जस्तो हुनेथियो, तपाईं मसँग त्यस उप्रान्त नहुनुभएको जस्तो हुनेथियो। त्यसो भएको भए, म कसरी जिइरहन सक्थेँ र? यदि तपाईंले मलाई रोग दिएर मेरो स्वतन्त्रतालाई लिनुभएको भए, म जिइरहन सक्थेँ, तर तपाईंको सजाय र न्यायले मलाई कहिल्यै छोडेको भए, म जिइरहने कुनै उपाय थिएन। यदि म तपाईंको सजाय र न्यायविना थिएँ भने, मैले तपाईंको प्रेमलाई गुमाउनेथिएँ, जुन प्रेम मेरो यति गहन् छ कि म त्यसलाई शब्दमा भन्‍न सक्दिनँ। तपाईंको प्रेमविना, म शैतानको अधिकार क्षेत्रमा जिउनेथिएँ, र तपाईंको महिमित

अनुहारलाई देख्न असमर्थ हुनेथिएँ। म कसरी निरन्तर जिउन सक्थेँ र? मैले त्यस्तो अन्धकार, त्यस्तो जीवनलाई सहन सक्दिनँ थिएँ। तपाईं मसँग हुनु भनेको तपाईंलाई हेर्नु जस्तै हो, त्यसकारण म तपाईंलाई कसरी छोड्न सक्थेँ र? मेरो सबैभन्दा महान् सान्त्वनालाई मबाट नलैजानुहोस् भनेर म तपाईंलाई अनुरोध गर्छु, बिन्ती गर्छु, चाहे यो एक-दुई शब्दको निश्चयता नै किन नहोस्। मैले तपाईंको प्रेमको आनन्द लिएको छु, र आज म तपाईंबाट टाढा हुन सक्दिन; म तपाईंलाई प्रेम नगरिकन कसरी बस्न सक्थेँ र? तपाईंको प्रेमको खातिर मैले शोकका धेरै आँसु बगाएको छु, तैपनि यस्तो जीवन अझै अर्थपूर्ण छ, यसले मलाई अझै समृद्ध तुल्याउनसक्छ, मलाई अझै बढी परिवर्तन गर्नसक्छ, र सृष्टि गरिएका प्राणीहरूले प्राप्त गर्नुपर्ने सत्यतालाई प्राप्त गर्ने यसले मलाई अझै बढि सक्षम तुल्याउँछ भन्ने कुरालाई मैले सँधै अनुभव गरेको छु।"

मानिसले सम्पूर्ण जीवन शैतानको अधिकार क्षेत्रमा जिउँछ, र आफ्नै प्रयासद्वारा आफूलाई शैतानको प्रभावबाट मुक्त गर्न सक्ने एक जना पनि छैन। सबै नै अलिकति अर्थ वा मूल्य नै नभएको अशुद्ध संसारमा, भ्रष्टतामा र रिक्ततामा जिउँछन्; तिनीहरू शरीरको लागि, अभिलाषाको लागि, अनि शैतानको लागि त्यस्तो लापरवाही जीवन जिउँछन्। तिनीहरूको अस्तित्वमा अलिकति पनि मूल्य छैन। शैतानको प्रभावबाट आफूलाई मुक्त गराउने सत्यतालाई भेट्टाउन मानिस असक्षम छ। मानिसले परमेश्वरलाई विश्वास गर्ने र बाइबल पढ्ने गर्छ, तैपनि शैतानको प्रभावको नियन्त्रणबाट आफैलाई कसरी मुक्त गर्ने त्यो उसले बुझ्दैन। युगौँ-युगदेखि, अत्यन्तै थोरै मानिसहरूले मात्रै यो रहस्यलाई पत्ता लगाएका छन्, अत्यन्तै थोरैले मात्रै यसलाई बुझेका छन्। त्यसैले, मानिसले शैतानलाई घृणा गरे पनि, र शरीरलाई घृणा गरे पनि, शैतानको षड्यन्त्रपूर्ण प्रभावबाट आफैलाई कसरी मुक्त गर्ने त्यो उसलाई थाहा हुँदैन। आज, के तिमीहरू अझै पनि शैतानको अधिकार क्षेत्रमा छैनौ र? तिमीहरूले आफ्नो अनाज्ञाकारीताको कार्यहरूमा पछुतो गर्दैनौ, तिमीहरू अशुद्ध र अनाज्ञाकारी छौ भन्ने कुराको महसुस गर्नु त परै जाओस्। परमेश्वरको विरोध गरिसकेपछि, तिमीहरूको मनमा शान्ति हुन्छ र तिमीहरू ठूलो शान्ति महसुस गर्छौ। के तिमीहरूका शान्ति तिमीहरू भ्रष्ट भएकोले प्राप्त गरेका होइनौ र? के यो मनको शान्ति तिमीहरूको अनाज्ञाकारीताबाट आउँदैन र? मानिस मानव-नरकमा जिउँछ, ऊ शैतानको गाढा प्रभावमा जिउँछ; सारा मुलुकभरि, मानिसको शरीरलाई अतिक्रमण गर्दै भूतहरू मानिससँग जिउँछन्। पृथ्वीमा, तँ सुन्दर स्वर्गलोकमा जिउँदैनस्। तिमीहरू जिउने संसार दियाबलसको राज्य हो, यो एउटा मानव-नरक, मृतकहरूको संसार हो। यदि मानिसलाई शुद्ध पारिएन भने, ऊ अशुद्ध हुन्छ; यदि उसलाई परमेश्वरले सुरक्षा दिनुभएन र हेरचाह गर्नुभएन भने, ऊ अझै शैतानकै कैदी हुन्छ; उसलाई न्याय गरिएन र सजाय दिइएन भने, शैतानको गाढा प्रभावको दमनबाट उम्कने कुनै पनि माध्यम उसँग हुनेछैन। तैँले देखाउने भ्रष्ट आचरण र तैँले जिउने अनाज्ञाकारी आचरण नै तँ अझै पनि शैतानको अधिकार क्षेत्रमा छस् भन्ने कुरालाई प्रमाणित गर्नको लागि पर्याप्त छन्। यदि तेरो मन र विचारहरू शुद्ध पारिएका छैनन् भने, र तेरो स्वभावलाई न्याय गरिएको छैन र सजाय दिइएको छैन भने, तेरो समग्र अस्तित्व नै शैतानको अधिकार क्षेत्रद्वारा नियन्त्रित छ, तेरो मन शैतानको नियन्त्रणमा छ, तेरा विचारहरू शैतानको चालबाजीमा परेको छ, र तेरो सम्पूर्ण अस्तित्व शैतानका हातहरूको

नियन्त्रणमा छ। तँ अहिले पत्रुसको मापदण्डहरूबाट कति टाढा छस् भन्ने कुरा के तँलाई थाहा छ? के तँमा त्यो क्षमता छ? आज तँलाई सजाय र न्यायको बारेमा कति थाहा छ? पत्रुसले जुन कुरालाई जाने त्यो तँमा कति छ? यदि तँ आज यसलाई जान्न सक्दैनस् भने, के तैँले भविष्यमा यो ज्ञान हासिल गर्न सक्नेछस् र? तँजस्तो अल्छी र कायर मानिस सजाय र न्यायको बारेमा जान्न असक्षम हुन्छ। यदि तैँले शरीरको शान्ति, र शरीरका सुख-चैनहरूलाई खोज्छस् भने, शुद्ध पारिन तँसँग कुनै माध्यम हुनेछैन, र अन्त्यमा तँ शैतानकहाँ नै फर्कनेछस्, किनभने तँ जे जिइरहेको छस् त्यो शैतान हो, र त्यो शरीर नै हो। आजको यस्तो अवस्थामा, धेरै मानिसहरूले जीवनको खोजी गर्दैनन्, जसको अर्थ तिनीहरूले शुद्ध पारिने बारेमा, वा जीवनको अझै गहन अनुभवमा प्रवेश गर्ने बारेमा तिनीहरू वास्ता गर्दैनन्। परिणामस्वरूप, तिनीहरूलाई कसरी सिद्ध पार्न सकिन्छ? जीवनको खोजी नगर्ने मानिसहरूसँग सिद्ध पारिने मौका छैन, र परमेश्वरको ज्ञानलाई खोजी नगर्नेहरू, आफ्नो स्वभावलाई परिवर्तन गर्ने कार्यको खोजी नगर्नेहरू, शैतानको गाढा प्रभावबाट उम्कन सक्दैनन्। तिनीहरू विधि मात्र अनुसरण गर्ने र नियमित सेवाहरूमा सहभागी हुनेहरू जस्तै परमेश्वरसम्बन्धी आफ्नो ज्ञान र आफ्नो स्वभावको परिवर्तनमा हुने प्रवेशको बारेमा तिनीहरू गम्भीर छैनन्। के त्यो समयको बरबादी होइन र? परमेश्वरमाथिको मानिसको विश्वासमा, यदि ऊ जीवनका मामलाहरूप्रति गम्भीर छैन, उसले सत्यतामा प्रवेश गर्ने कार्यको खोजी गर्दैन, आफ्नो स्वभावमा परिवर्तन ल्याउने कार्यको खोजी गर्दैन, परमेश्वरको कार्यको ज्ञानको खोजी त झन् गर्दै गर्दैन भने, उसलाई सिद्ध पारिन सकिँदैन। यदि तँ सिद्ध पारिन चाहन्छस् भने, तैँले परमेश्वरको कार्यलाई बुझ्नैपर्छ। निश्चित रूपमा भन्दा, उहाँको सजाय र न्यायको महत्त्वलाई र किन मानिसमा यो कार्य गरिन्छ भन्ने कुरालाई तैँले बुझ्नैपर्छ। के तँ स्वीकार गर्न सक्छौ? यस प्रकारको सजायको बेला, के तँ पत्रुसको जस्तै अनुभवहरू र ज्ञान प्राप्त गर्न सक्षम हुन्छस्? यदि तैँले परमेश्वरको ज्ञान र पवित्र आत्माको कार्यको खोजी गर्छस् भने, र यदि तैँले आफ्नो स्वभावलाई परिवर्तनको खोजी गर्छस् भने, तँसँग सिद्ध पारिने मौका छ।

सिद्ध पारिनुपर्नेहरूका लागि, विजय गरिने कार्यको यो चरण अपरिहार्य छ; मानिसलाई एक पटक मात्र विजय गरिएपछि उसले सिद्ध पारिने कार्यलाई अनुभव गर्न सक्छ। विजय गरिएको भूमिकालाई निर्वाह गर्नुमा मात्रै कुनै ठूलो महत्त्व छैन, जसले तपाईंलाई परमेश्वरद्वारा प्रयोग गरिनको लागि योग्य तुल्याउनेछैन। सुसमाचार फैलाउने कार्यमा तैँले आफ्नो भूमिका निर्वाह गर्ने कुनै माध्यमहरू तँसँग हुनेछैन, किनभने तैँले जीवनको खोजी गर्दैनस्, र आफूमा परिवर्तन र नवीकरणको खोजी गर्दैनस्, त्यसैले तँसँग जीवन सम्बन्धी कुनै खास अनुभव छैन। एकपछि अर्को गरिने यो चरणबद्ध कार्यमा, तैँले एक पटक सेवाकर्ताको रूपमा र प्रतिभारको रूपमा काम गरिस्, तर अन्तिममा पत्रुसजस्तै बन्ने प्रयास गर्दैनस् भने, र जुन तरिकाद्वारा पत्रुस सिद्ध पारिए तेरो प्रयास त्यस अनुसार छैन भने, स्वाभाविक रूपमा नै, तैँले आफ्नो स्वभावमा परिवर्तनहरूको अनुभव गर्नेछैनस्। यदि तँ सिद्ध पारिने प्रयासमा लागेको व्यक्ति होस् भने, तैँले साक्षी दिनेछस्, र तैँले यसो भन्नेछस्: “परमेश्वरको यो चरणबद्ध कार्यमा, मैले परमेश्वरको सजाय र न्यायलाई स्वीकार गरेको छ, र मैले ठूलो कष्ट भोगेको भए तापनि, परमेश्वरले मानिसलाई कसरी सिद्ध पार्नुहुन्छ

सो कुरा मैले जानेको छु, परमेश्वरले गर्नुभएको काम मैले प्राप्त गरेको छु, मैले परमेश्वरको धार्मिकताको ज्ञान पाएको छु, र उहाँको सजायले मलाई मुक्त गरेको छ। उहाँको धर्मी स्वभाव ममा आएको छ र मलाई आशिष्‌हरू र अनुग्रह ल्याएको छ; उहाँको न्याय र सजायले नै मलाई सुरक्षा दिएको छ र शुद्ध पारेको छ। यदि परमेश्वरद्वारा मलाई दण्ड दिइएको थिएन र न्याय गरिएको थिएन, र परमेश्वरको कठोर वचन मकहाँ नआएको भए, मैले परमेश्वरलाई चिन्ने थिइन, न त मैले मुक्ति नै पाउन सक्नेथिएँ। आज म देख्छु: एक प्राणीको रूपमा, उसले परमेश्वरद्वारा सृष्टि गरिएका सबै कुराहरूको आनन्द लिने मात्रै होइन, तर, अझै महत्त्वपूर्ण कुरा त, सम्पूर्ण प्राणीहरूले परमेश्वरको धर्मी स्वभाव र उहाँको धर्मी न्यायमा आनन्द लिनुपर्छ, किनभने परमेश्वरको स्वभाव मानिसको आनन्दको योग्य छ। शैतानद्वारा भ्रष्ट तुल्याइएको एक प्राणीको रूपमा, उसले परमेश्वरको धर्मी न्यायमा आनन्द लिनुपर्छ। उहाँको धर्मी स्वभावमा सजाय र न्याय छ, र, त्यति मात्र होइन, त्यहाँ महान् प्रेम छ। आज परमेश्वरको प्रेम पूर्ण रूपमा प्राप्त गर्न म असक्षम भए तापनि, यसलाई हेर्ने असल मौका मैले प्राप्त गरेको छु, र यसमा मैले आशिष् पाएको छु।" सिद्ध पारिएको अनुभव गर्नेहरूले हिँड्ने बाटो यही नै हो, र तिनीहरूले बताउने ज्ञान यही नै हो। त्यस्ता मानिसहरू पत्रुसजस्तै हुन्; तिनीहरूमा पत्रुसको जस्तै अनुभवहरू छन्। त्यस्ता मानिसहरू जीवन प्राप्त गरेका, जससँग सत्यता छ। जब तिनीहरूले अन्त्यसम्मै अनुभव गर्छन्, परमेश्वरको न्यायको अवधिमा तिनीहरूले आफैलाई शैतानको प्रभावबाट मुक्त गर्नेछन्, र तिनीहरू परमेश्वरद्वारा प्राप्त गरिनेछन्।

मानिसहरूलाई विजय गरिएपछि, तिनीहरूसँग कुनै गुञ्जायमान साक्षी हुँदैन। तिनीहरूले शैतानलाई लाजमा मात्रै पारेका छन्, तर तिनीहरू परमेश्वरको वचनको वास्तविकतामा जिएका छैनन्। तिमीहरूले दोस्रो मुक्ति प्राप्त गरेका छैनौ; तिमीहरूले पापबलि मात्र प्राप्त गरेका छौ, तैपनि तिमीहरूलाई सिद्ध तुल्याइएको छैन–यो एउटा ठूलो नोक्सानी हो। तिमीहरू केमा प्रवेश गर्नुपर्छ, र तिमीहरूले के अनुरूप जिउनुपर्छ सो तिमीहरूले बुझ्नुपर्छ, र तिमीहरू तिनमा प्रवेश गर्नैपर्छ। यदि अन्त्यमा, सिद्ध पारिने कार्यलाई तैँले पूरा गरिनस् भने, तँ वास्तविक मानिस बन्नेछैनस्, र तँ अफसोसले भरिनेछस्। सुरुमा परमेश्वरद्वारा सृष्टि गरिएका आदम र हव्वा पवित्र मानिसहरू थिए, अर्थात्, अदनको बगैंचामा हुँदा तिनीहरू पवित्र, अशुद्धताले दूषित नभएका थिए। तिनीहरू यहोवाप्रति विश्वासयोग्य थिए, र यहोवालाई धोका दिने बारेमा तिनीहरूलाई केही पनि थाहा थिएन। तिनीहरू शैतानको प्रभावको बाधारहित, शैतानको विषरहित थिए, र सारा मानवजातिमध्ये सबैभन्दा शुद्ध थिए, त्यही कारणले यसो भएको हो। तिनीहरू कुनै पनि अशुद्धताद्वारा अशुद्ध नपारिएका, शरीरको बसमा नपरेका अवस्थामा अदनको बगैंचामा बस्थे, र तिनीहरूले यहोवाको श्रद्धामा बस्थे। पछि शैतानको परीक्षामा परेपछि, तिनीहरूमा सर्पको विष पऱ्यो, र यहोवालाई धोका दिने इच्छा जाग्यो, र तिनीहरू शैतानको प्रभावमा जिए। सुरुमा, तिनीहरू पवित्र थिए र तिनीहरूले यहोवाको श्रद्धा गर्थे; यो अवस्थामा मात्रै तिनीहरू मानव थिए। पछि शैतानको परीक्षामा परेपछि, तिनीहरूले असल र खराबको ज्ञानको रूखको फल खाए, र शैतानको प्रभावमा जिए। तिनीहरूलाई शैतानले बिस्तारै भ्रष्ट बनाउँदै लग्यो, र तिनीहरूले मानिसको मूल स्वरूपलाई गुमाए। सुरुमा, मानिसमा

यहोवाको सास थियो, ऊ अलिकति पनि अनाज्ञाकारी थिएन, र उसको हृदयमा कुनै दुष्टता थिएन। त्यो समयमा, मानिस साँच्चै मानव थियो। शैतानद्वारा भ्रष्ट गरिएपछि, मानिस जनावर बन्यो। उसका विचारहरू दुष्टता र अशुद्धताद्वारा भरिएका थिए, त्यसमा कुनै असल कुरा वा पवित्रता थिएन। के यो शैतान होइन र? तैँले परमेश्वरको कार्य धेरै अनुभव गरेको छस्, तैपनि तँ परिवर्तन वा शुद्ध भएको छैनस्। तँ अझै पनि शैतानको अधिकार क्षेत्रमा जिउँछस्, र परमेश्वरमा अझै पनि समर्पित छैनस्। यो विजय गरिएको तर सिद्ध नतुल्याइएको व्यक्ति हो। र त्यस्तो व्यक्तिलाई सिद्ध तल्याइएको छैन भनेर किन भनिएको? किनभने यस्तो व्यक्तिले जीवनलाई वा परमेश्वरको कार्य सम्बन्धी ज्ञानलाई खोजी गर्दैन, र शरीरको सुख-चैन र क्षणिक सहजताको मात्रै लोभ गर्छ। परिणामस्वरूप, तिनीहरूको जीवनको स्वभावमा कुनै परिवर्तन हुँदैन, र परमेश्वरले सृष्टि गर्नुभएको जस्तो तिनीहरूको मूल स्वरूपलाई तिनीहरूले पुनः प्राप्त गरेका छैनन्। त्यस्ता मानिसहरू जिउँदो लासहरू हुन्, तिनीहरू आत्मा नै नभएका मृतक मानिसहरू हुन्! आत्ममा तत्वहरूको ज्ञान खोजी नगर्नेहरू, पवित्रता खोजी नगर्नेहरू, र सत्यता अनुरूप जिउन नखोज्नेहरू, नकरात्मक पक्षमा मात्रै विजय गरिएकोमा सन्तुष्ट हुनेहरू, र परमेश्वरको वचनअनुसार जिउन र पवित्र मानिसहरू बन्न नसक्नेहरू–यिनीहरू त्यस्ता मानिसहरू हुन् जसलाई मुक्ति दिइएको छैन। किनभने, यदि ऊ सत्यविहीन छ भने, परमेश्वरका जाँचहरूको अवधिमा त्यो मानिस दह्रिलो गरी खडा हुन सक्दैन; परमेश्वरका जाँचहरूको अवधिमा दह्रिलो गरी खडा हुन सक्नेहरू मात्रै मुक्ति पाएकाहरू हुन्। म पत्रुसजस्ता मानिसहरू, सिद्ध तुल्याइन खोज्ने मानिसहरू चाहन्छु। आजको सत्यता तिनीहरूलाई नै दिइन्छ जो यसको लागि उत्कट इच्छा गर्छन् र यसको खोजी गर्छन्। परमेश्वरबाट मुक्ति पाउन इच्छा गर्नेहरूलाई नै यो मुक्ति दिइन्छ, र यो तिमीहरूले मात्रै प्राप्त गर्नुपर्छ भन्ने छैन। यसको उद्देश्यचाहिँ तिमीहरूलाई परमेश्वरले प्राप्त गर्नुभएको होस् भन्ने हो; तिमीहरूलाई परमेश्वरले प्राप्त गर्न सक्नुभएको होस् भनेर तिमीहरूले परमेश्वरलाई प्राप्त गर्छौ। आज मैले यी वचनहरू तिमीहरूलाई बताएको छु, र तिमीहरूले ती सुनेका छौ, र तिमीहरूले यी वचनहरू अनुसार अभ्यास गर्नुपर्छ। अन्त्यमा, तिमीहरूले यी वचनहरूलाई अभ्यास गर्ने समय नै मैले यी वचनहरूद्वारा तिमीहरूलाई प्राप्त गरेको क्षण हुनेछ; यसको साथै, तिमीहरूले यी वचनहरूलाई पनि प्राप्त गरेका हुनेछौ, अर्थात्, तिमीहरूले यो सर्वोच्च मुक्तिलाई प्राप्त गरेका हुनेछौ। तिमीहरूलाई एक पटक शुद्ध पारिएपछि, तिमीहरू वास्तविक मानव बनेका हुनेछौ। यदि तँ सत्यतामा जिउन, वा सिद्ध पारिएकोजस्तो गरी जिउन सक्दैनस् भने, तँ मानिस होइनस्, तर एउटा जिउँदो लास, पशु होस्, किनभने तँ सत्यविहीन छस्, जसको अर्थ के हो भने तँ यहोवाको सासविहीन छस्, त्यसैले तँ आत्मा नभएको मृतक मानिस होस् भनी भन्न सकिन्छ! विजय गरिएपछि साक्षी दिनु सम्भव भए तापनि, तैँले थोरै मुक्ति बाहेक केही पनि प्राप्त गर्दैनस्, र तँ आत्मा भएको जीवित प्राणी बनेको छैनस्। तैँले सजाय र न्यायको अनुभव गरेको भए तापनि, यसको परिणामस्वरूप तेरो स्वभाव नवीकरण वा परिवर्तन भएको छैन; तँ अझै पनि तेरो पुरानो मनुष्यत्व होस्, तँ अझै पनि शैतानको स्वामित्वमा छस्, र तँ शुद्ध पारिएको मानिस होइनस्। सिद्ध बनाइएकाहरू मात्रै मूल्यवान् छन्, र यस्ता मानिसहरूले मात्रै साँचो जीवन प्राप्त गरेका छन्। एक दिन, कसैले तँलाई यसो भन्नेछ,

“तपाईंले परमेश्वरको कामलाई अनुभव गर्नुभएको छ, त्यसैले उहाँको काम कस्तो छ बताउनुहोस्। दाऊदले परमेश्वरको कार्यको अनुभव गरे, र यहोवाको कार्यहरूलाई देखे, मोशाले पनि यहोवाका कार्यहरूलाई देखे, र तिनीहरू दुवैले यहोवाका कार्यहरू व्याख्या गर्न सक्षम थिए, र यहोवाका महानताहरूका बारेमा बताउन सके। अन्तिम दिनहरूको समयमा देहधारी परमेश्वरले गर्नुभएको कार्यलाई तपाईंहरूले हेर्नुभएको छ; के तपाईं उहाँको बुद्धिको बारेमा बताउन सक्नुहुन्छ? के तपाईं उहाँको कार्यको महानताको बारेमा बताउन सक्नुहुन्छ? परमेश्वरले तपाईंहरूलाई के मागहरू गर्नुभयो, र तपाईंहरूले कसरी तिनीहरूको अनुभव गर्नुभयो? अन्तिम दिनहरूमा तपाईंहरूले परमेश्वरको कार्यलाई अनुभव गर्नुभएको छ—तपाईंहरूको सबैभन्दा महान् दर्शन के हो? के तपाईंहरू यसको बारेमा बताउन सक्नुहुन्छ? के तपाईंहरू परमेश्वरको धर्मी स्वभावको बारेमा बताउन सक्नुहुन्छ?” यस्ता प्रश्नहरूको सामना गर्दा तैँले कसरी उत्तर दिनेछस्? यदि तैँले “परमेश्वर यति धर्मी हुनुहुन्छ कि, उहाँले हामीलाई सजाय दिनुहुन्छ र न्याय गर्नुहुन्छ, र हामीलाई निर्मम तरिकाले प्रकट गर्नुहुन्छ; परमेश्वरको स्वभावले साँच्चै नै मानिसको उल्लङ्घनलाई सहँदैन; परमेश्वरको कार्य अनुभव गरिसकेपछि, मैले हाम्रो आफ्नै क्रूरतालाई जान्न पुगेको छु, र मैले साँच्चै नै परमेश्वरको धर्मी स्वभावलाई अवलोकन गरेको छु” भनेर भन्यौ भने, अर्को व्यक्तिले प्रश्नलाई जारी राख्नेछ, “परमेश्वरको बारेमा तपाईंलाई अरू के कुरा थाहा छ? कुनै व्यक्ति कसरी जीवनमा प्रवेश गर्छ? के तपाईंसँग कुनै व्यक्तिगत आकांक्षाहरू छन्?” तैँले यो जवाफ दिनेछस्, “शैतानद्वारा भ्रष्ट पारिएपछि, परमेश्वरका सृष्टिहरू जनावरहरू बने, र तिनीहरू गधाहरूभन्दा फरक थिएनन्। आज, म परमेश्वरको हातमा जिउँछु, र त्यसैले मैले सृष्टिकर्ताका इच्छाहरूलाई सन्तुष्ट गर्नुपर्छ र उहाँले जे सिकाउनुहुन्छ सो पालन गर्नुपर्छ। मसँग अर्को कुनै विकल्प छैन।” यदि तैँले यसरी सामान्य किसिमले मात्रै कुरा गर्छस् भने, तैँले के भनिरहेको छस् सो त्यस व्यक्तिले बुझ्नेछैन। परमेश्वरको कार्यको बारेमा तँसँग के ज्ञान छ भनेर तिनीहरूले सोध्दा, तिनीहरूले तेरो व्यक्तिगत अनुभवहरूका बारेमा सोधिरहेका हुन्छन्। परमेश्वरको सजाय र न्यायलाई अनुभव गरिसकेपछि तँमा यस बारेमा के ज्ञान छ भनेर तिनीहरूले सोधिरहेका हुन्छन्, र यसमा तिनीहरूले तेरो व्यक्तिगत अनुभवहरूका बारेमा उल्लेख गरिरहेका हुन्छन्, र सत्यतासम्बन्धी तेरो ज्ञानको बारेमा बताउनको लागि तिनीहरूले तँलाई अनुरोध गरिरहेका हुन्छन्। यदि तँ त्यस्ता कुराहरूका बारेमा बोल्न असक्षम छस् भने, तँलाई आजको कामको बारेमा केही पनि थाहा छैन भन्ने कुरा यसले प्रमाणित गर्छ। तँ सँधै स्पष्ट, वा विश्वव्यापी रूपमा थाहा भएको शब्दहरू बोल्छस्; तँसँग कुनै विशेष अनुभवहरू छैन, तेरो ज्ञानमा सारतत्व हुने कुरा त परै जाओस्, र तँमा साँचो गवाहीहरू पनि छैनन्, त्यसकारण अरू तँप्रति विश्वस्त हुँदैनन्। परमेश्वरलाई पछ्याउने निष्क्रिय व्यक्ति नबन्, र तँलाई जिज्ञासु तुल्याउने कुराको खोजी नगर्। तातो न चीसो भइस् भने, यसले तँ आफैलाई बरबाद गर्नेछ र तेरो जीवनलाई ढिलाइ गर्नेछ। त्यस्तो असक्रियता र निष्क्रियताबाट तैँले आफैलाई मुक्त गर्नैपर्छ, र सकारात्मक कुराहरूको खोजी गर्ने र आफ्नै कमजोरीहरूलाई जित्ने कार्यमा तँ सिपालु हुनुपर्छ, ताकि तैँले सत्यतालाई प्राप्त गर्न सक् र तँ सत्यतामा जिउन सक्। तेरा दुर्बलताहरूका बारेमा डराउनुपर्ने कुनै कारण छैन, र तेरा कमजोरीहरू तेरो सबैभन्दा ठूलो समस्या होइन। तेरो सबैभन्दा ठूलो समस्या, र तेरो सबैभन्दा ठूलो कमजोरी

भनेको तँ तातो न चीसो हुनु र सत्यतालाई खोज्ने इच्छा तँमा नहुनु नै हो। तिमीहरू सबैको सबैभन्दा ठूलो समस्या भनेको जस्तो छ त्यसैमा खुशी हुने, र हात बाँधेर पर्खेर बस्ने तिमीहरूको कायर मानसिकता हो। सत्यताको तिमीहरूको खोजीमा तिमीहरूको सबैभन्दा ठूलो बाधा, र सबैभन्दा ठूलो शत्रु यही नै हो। मैले तँसँग बोलेका वचनहरू अत्यन्तै उल्लेखनीय भएकोले मात्रै तैँले आज्ञापालन गर्छस् भने, तँमा साँच्चै ज्ञान छैन, न त तैँले सत्यतालाई नै बहुमूल्य ठान्छस्। तेरो जस्तो आज्ञापालन साक्षी होइन, र म त्यस्तो आज्ञापालनलाई स्वीकृति दिन्नँ। कसैले तँलाई सोध्न सक्छ, "तिम्रो परमेश्वर वास्तवमा कहाँबाट आउनुहुन्छ? तिम्रो यो परमेश्वरको सारतत्व के हो?" तैँले उत्तर दिनेछस्, "उहाँको सारतत्व भनेको सजाय र न्याय हो।" त्यसपछि उसले आफ्नो कुरालाई जारी राख्छ, "के परमेश्वर मानिसप्रति करुणामय र प्रेमिलो हुनुहुन्न र? के तपाईंलाई यसको बारेमा थाहा छैन?" तैँले भन्नेछस्, "त्यो त अरूका परमेश्वर हो। यो त धर्मका मानिसहरूले विश्वास गर्ने परमेश्वर हो, र यो हाम्रो परमेश्वर होइन।" तँजस्तो मानिसहरूले सुसमाचार प्रचार गर्दा, तैँले साँचो मार्गलाई बङ्ग्याउँछस्, अनि तँसित उपयोगी कुरा के नै हुन्छ र? तँबाट अरूले कसरी साँचो मार्ग प्राप्त गर्न सक्छन् र? तँ सत्यविहीन छस्, र तैँले सत्यताको बारेमा केही पनि बताउन सक्दैनस्, त्यति मात्रै होइन, न त तँ सत्यतामा जिउन सक्छस्। परमेश्वरको सामु जिउनको लागि केले तँलाई योग्य तुल्याउँछ? जब तँ अरूलाई सुसमाचार प्रचार गर्छस्, र जब तैँले सत्यताको बारेमा सङ्गति गर्छस् र परमेश्वरको साक्षी दिन्छस्, यदि तैँले तिनीहरूलाई जित्न सक्छस् भने, तिनीहरूले तेरा वचनहरूलाई खण्डन गर्नेछन्। के तँ ठाउँको बरबादी मात्रै होइनस् र? तैँले परमेश्वरको यति धेरै कामलाई अनुभव गरेको छस्, तैपनि जब तैँले सत्यताको बारेमा बताउँछस् त्यो अर्थपूर्ण हुँदैन। के तँ केही न कामको होइनस् र? तँसित काम लाग्ने के छ र? तिमीहरूले परमेश्वरको कार्यलाई त्यति धेरै अनुभव गरेर पनि उहाँको बारेमा तिमीहरूसँग कसरी अलिकति ज्ञान पनि नभएको त? परमेश्वरको बारेमा तँसँग वास्तविक ज्ञान के छ भनी तिनीहरूले सोध्दा, तँ अवाक् हुन्छस्, वा परमेश्वर शक्तिशाली हुनुहुन्छ, तैँले प्राप्त गरेको सबैभन्दा ठूलो आशिष्हरू वास्तवमा परमेश्वरको बढाइ नै हो, र परमेश्वरलाई व्यक्तिगत रूपमा हेर्न सक्षम हुनु जत्तिको महान् सौभाग्य अरू छैन भनेर यस्ता केही असान्दर्भिक उत्तर दिन्छस्। यसो भन्नुको मूल्य के छ? ती व्यर्थ, खोक्रा शब्दहरू हुन्! परमेश्वरको कार्यको बारेमा त्यति धेरै अनुभव गरिसकेपछि पनि, के परमेश्वरको बढाइ नै सत्यता हो भन्ने कुरा मात्रै तैँले जान्दछस्? तैँले परमेश्वरको कार्यलाई जान्नैपर्छ, त्यसपछि मात्रै तैँले परमेश्वरको साँचो साक्षी दिनेछस्। सत्यतालाई प्राप्त नगरेकाहरूले कसरी परमेश्वरको साक्षी दिन सक्छन् र?

यदि यति धेरै काम, र यति धेरै वचनले पनि तँमा कुनै प्रभाव पारेको छैन भने, परमेश्वरको कार्यलाई फैलाउने समय आउँदा, तैँले आफ्नो कर्तव्य पूरा गर्न सक्नेछैनस्, र लज्जित हुनेछस् र सर्ममा पर्नेछस्। त्यो समयमा, तँ परमेश्वरप्रति धेरै ऋणी छस्, परमेश्वरसम्बन्धी तेरो ज्ञान अति सतही छ भन्ने तैँले महसुस गर्नेछस्। यदि तैँले उहाँले काम गरिरहनुभएको बेला, आज परमेश्वरको ज्ञानलाई खोजी गरेनस् भने, पछि धेरै ढीला भइसकेको हुनेछ। अन्त्यमा, बताउनको लागि तँसँग कुनै ज्ञान हुनेछैन—तँ रित्तो छोडिनेछस्, तँसँग केही पनि हुनेछैन। परमेश्वरलाई लेखा दिनको लागि तैँले के प्रयोग गर्नेछस्? के परमेश्वरलाई हेर्ने आँट तँसँग छ? अहिले आफ्नो खोजीमा तैँले कठिन

परिश्रम गर्नुपर्छ, ताकि अन्त्यमा तैँले पनि पत्रुसले जस्तै मानिसको लागि परमेश्‍वरको सजाय र न्याय कति लाभदायक छ, र उहाँको सजाय र न्यायविना मानिसलाई मुक्ति दिन सकिँदैन, र ऊ यो अशुद्ध मुलुकमा अर्थात् दलदलमा हरदम झन्-झन् तल-तल डुब्दै जान मात्र सक्छ, भन्‍ने कुरा बुझ्‍नेछस्। मानिसहरू शैतानद्‌वारा भ्रष्‍ट पारिएका छन्, एक-अर्काको विरुद्‌धमा षड्यन्त्र गरेका छन् र एक-अर्कालाई कुल्चिमिल्ची गरेका छन्, परमेश्‍वरप्रतिको भय गुमाएका छन्। तिनीहरूको अनाज्ञाकारीता निकै ठूलो छ, तिनीहरूका विचारहरू धेरै छन्, र तिनीहरू सबै शैतानको स्वामित्वमा छन्। परमेश्‍वरको सजाय र न्यायविना, मानिसको दुष्‍ट स्वभावलाई शुद्‌ध पार्न सकिँदैनथ्यो र उसलाई मुक्ति दिन सकिँदैनथ्यो। देहधारी परमेश्‍वरको काम शरीरमा जे प्रकट गरिन्छ ठीक उही नै आत्माद्‌वारा प्रकट गरिन्छ, र आत्माले गरे अनुसार नै उहाँले पनि गर्नुहुन्छ। आज, यो कार्यको बारेमा तँमा केही पनि ज्ञान छैन भने, तँ अत्यन्तै मूर्ख होस्, र तैँले धेरै कुरा गुमाएको छस्! यदि तैँले परमेश्‍वरको मुक्ति प्राप्‍त गरेको छैनस् भने, तेरो विश्‍वास धार्मिक विश्‍वास मात्र हो, र तँ धर्मको मात्रै इसाई होस्। तैँले मृत सिद्‌धान्तलाई पक्रिराख्‍ने हुनाले, तैँले पवित्र आत्माको नयाँ कार्यलाई गुमाएको छस्; परमेश्‍वरको प्रेमलाई खोजी गर्ने अरू मानिसहरूले सत्यता र जीवनलाई प्राप्‍त गर्न सक्छन्, जबकी तेरो विश्‍वासले परमेश्‍वरको स्वीकृति प्राप्‍त गर्न सक्दैन। बरु, तँ दुष्‍ट काम गर्ने मानिस बनेको छस्, विध्वंसकारी र घृणास्पद कार्यहरू गर्ने मानिस भएको छस्; तँ शैतानका हस्यौलीहरूको निसाना, र शैतानको कैदी बनेको छस्। मानिसले परमेश्‍वरलाई विश्‍वास गर्नु पर्दैन, तर उसले उहाँलाई प्रेम गर्नुपर्छ, र उसले उहाँको खोजी र आराधना गर्नुपर्छ। यदि आज तैँले खोजी गरेनस् भने, यस्तो दिन आउनेछ जब तैँले भन्‍नेछस्, "त्यो बेला मैले किन परमेश्‍वरलाई उचित रूपमा पछ्याइन, उहाँलाई उचित रूपमा किन सन्तुष्‍ट पारिन, मेरो जीवनको स्वभावलाई परिवर्तन गर्ने कार्यको खोजी किन गरिन? त्यो समयमा परमेश्‍वरमा समर्पित हुन नसकेकोमा, र परमेश्‍वरको वचनको ज्ञानलाई खोजी नगरेकोमा मलाई कति अफसोस छ। त्यो बेला परमेश्‍वरले धेरै कुरा भन्‍नुभएको थियो; मैले कसरी खोजी गर्न नसकेको? म कति मूर्ख थिएँ!" केही हदसम्म अझै तैँले आफैलाई घृणा गर्नेछस्। आज, मैले भन्‍ने वचनहरूमा तँ विश्‍वास गर्दैनस्, र तिनलाई तैँले ध्यानै दिँदैनस्; जब यस प्रकारको काम फैलने दिन आउनेछ र तैँले यसलाई यसको सम्पूर्णतामा देख्‍नेछस्, तब तँ पछुताउनेछस्, र त्यो समयमा तँ हक्‍का न बक्‍क हुनेछस्। आशिष्‌हरू छन्, तैपनि तिनमा आनन्द लिन तैँले जान्दैनस्, र सत्यता छ, तैपनि तैँले यसको खोजी गर्दैनस्। के तैँले आफैमा तिरस्कार ल्याउँदैनस् र? आज, परमेश्‍वरको कार्यको अर्को चरण अहिलेसम्म सुरु नभइसकेको भए तापनि, तँबाट गरिएका मागहरू र तँलाई जिउन गरिएका आग्रहहरू कुनै पनि अनौठो कुरा होइनन्। काम धेरै छन्, र सत्यता धेरै छन्; के ती तैँले थाहा पाउन योग्य छैनन् र? के परमेश्‍वरको सजाय र न्याय तेरो आत्मालाई बिउँझाउन असक्षम छ? के परमेश्‍वरको सजाय र न्याय तँ आफैले आफैलाई घृणा गर्ने बनाउन असक्षम छ? के तँ शैतानको प्रभावमा रही शान्ति र आनन्द अनि थोरै शारीरिक सहजतामा जिउन पाउँदा सन्तुष्‍ट छस्? के तँ सबै मानिसहरूमध्ये सबैभन्दा नीच छैनस् र? मुक्तिलाई अवलोकन गर्ने तर यसलाई प्राप्‍त गर्नको लागि खोजी नगर्ने मानिसहरू जत्तिको मूर्ख अरू कोही पनि हुँदैन; आफैलाई शरीरमा मस्त पार्ने र शैतानमा आनन्द लिने मानिसहरू यिनै

हुन्। परमेश्वरमाथिको तेरो विश्वासमा कुनै पनि चुनौतीहरू वा संकष्टहरू, वा थोरै कष्ट आउनेछैन भन्ने आशा तँ गर्छस्। तँ सँधै त्यस्ता कुराहरूको खोजी गर्छस् जुन व्यर्थ छन्, र तैँले जीवनलाई कुनै मूल्यको ठान्दैनस्, बरु सत्यताको सट्टा आफ्नै अनावश्यक विचारहरूलाई राख्छस्। तँ कति बेकामको छस्! तँ सुँगुरजस्तै जिउँछस्—तँ, अनि सुँगुरहरू र कुकुरहरूको बीचमा के भिन्नता छ र? सत्यताको खोजी नगरेर, शरीरलाई प्रेम गर्नेहरू सबै पशुहरू नै होइनन् र? आत्माविहीन रहेका मृतक मानिसहरू सबै जिउँदो लासहरू होइनन् र? तिमीहरूका बीचमा कति वचनहरू बलिएका छन्? के तिमीहरूका बीचमा थोरै काम मात्रै गरिएका छन्? तिमीहरूका बीचमा मैले कति जुटाएँ? त्यसो भए तैँले यसलाई किन प्राप्त गरेका छैनस्? तैँले केको बारेमा गुनासो गर्नु छ? के तैँले शरीरलाई अत्यन्तै धेरै प्रेम गर्ने हुनाले तैँले केही पनि प्राप्त गरेको छैनस् भन्ने कुरा साँचो होइन र? र के यो तेरा विचारहरू अत्यन्तै अनावश्यक भएकोले होइन र? के यो तँ अत्यन्तै मूर्ख भएकोले होइन र? यदि तँ यी आशिष्हरू प्राप्त गर्न असक्षम छस् भने, तँलाई मुक्ति नदिनुभएकोमा के तैँले परमेश्वरलाई दोष दिन सक्छस्? तैँले खोजी गर्ने कुरा भनेको परमेश्वरमा विश्वास गरिसकेपछि शान्ति प्राप्त गर्न सक्षम हुनु हो, तेरा छोराछोरी रोग-बिमारीबाट मुक्त होऊन् भन्ने हो, तेरो श्रीमानले राम्रो जागिर पाओस् भन्ने हो, तेरो छोराले असल श्रीमती पाओस् भन्ने हो, तेरो छोरीले योग्य श्रीमान पाओस् भन्ने हो, तेरो गोरु र घोडाले राम्ररी खेत जोतून् भन्ने हो, तेरो बालीको लागि वर्षभरि राम्रो मौसम होस् भन्ने हो। तैँले खोजी गर्ने कुरा यही हो। तेरो खोजी भनेको आराममा जिउनु मात्र हो, तेरो परिवारमा कुनै दुर्घटना नघटोस् भन्ने हो, तँबाट भएर बतास चलोस् भन्ने हो, तेरो अनुहार धूलोले नछुओस् भन्ने हो, तेरो परिवारको अन्न-बाली बाढीले नबगाओस् भन्ने हो, तँलाई कुनै पनि विपत्तिले असर नपारोस् भन्ने हो, परमेश्वरको अङ्गालोमा बस्न पाऊँ, आरामदायी निवासमा बस्न पाऊँ भन्ने हो। सँधै शरीरको खोजी गर्ने तँजस्तो कायर—के तँमा हृदय छ, के तँसँग आत्मा छ? के तँ जनावर होइनस् र? सट्टामा केही पनि नमागीकन नै म तँलाई साँचो मार्ग दिन्छु, तैपनि तैँले यसको खोजी गर्दैनस्। के तँ परमेश्वरमा विश्वास गर्नेहरूमध्ये एक होस्? मैले तँलाई साँचो मानव जीवन दिएको छु, तैपनि तँ यसलाई खोज्दैनस्। के तँ सुँगुर वा कुकुरभन्दा फरक छस् र? सुँगुरहरूले मानिसको जीवनको खोजी गर्दैनन्, तिनीहरू शुद्ध गरिने कार्यको खोजी गर्दैनन्, र जीवन के हो भन्ने कुरा तिनीहरूले बुझ्दैनन्। हरेक दिन, टन्न खाएपछि, तिनीहरू सुत्छन्। मैले तँलाई साँचो मार्ग दिएको छु, तैपनि तैँले यसलाई प्राप्त गरेको छैनस्: तेरो हात रित्तो छ। के तँ यो जीवनलाई अर्थात् सुँगुरको जीवनलाई जारी राख्न तयार छस्? त्यस्तो मानिसहरू जीवित हुनुको महत्त्व के छ र? तेरो जीवन तिरस्कारयोग्य र नीच छ, तँ फोहोर र दुराचारको बीचमा जिउँछस्, र तैँले कुनै पनि उद्देश्यहरूको खोजी गर्दैनस्; के तेरो जीवन सबैभन्दा नीच छैन र? के परमेश्वरलाई हेर्ने आँट तँसँग छ? यदि तैँले यस्तै अनुभव गरिरहिस् भने, के तैँले केही प्राप्त गर्नेछस् र? साँचो मार्ग तँलाई दिइएको छ, तर तैँले यसलाई प्राप्त गर्न सक्छस् कि सक्दैनस् भन्ने कुरा तेरो आफ्नै व्यक्तिगत खोजीमा निर्भर हुन्छ। मानिसहरू के भन्छन् भने, परमेश्वर धर्मी परमेश्वर हुनुहुन्छ, र जबसम्म मानिसले उहाँलाई अन्त्यसम्मै पछ्याउँछ, उहाँ मानिसहरूप्रति निश्चय नै निष्पक्ष हुनुहुनेछ, किनभने उहाँ सबैभन्दा धर्मी हुनुहुन्छ। मानिसले उहाँलाई अन्तिमसम्मै पछ्याउँछ भने पनि, के उहाँले मानिसलाई

पन्छ्याउन सक्नुहुन्थ्यो? म सबै मानिसहरूप्रति निष्पक्ष छु, र म सबै मानिसहरूलाई मेरो धर्मी स्वभावद्वारा न्याय गर्छु, तैपनि मानिसको लागि तय गरेको मापदण्डहरूको उचित सर्तहरू छन्, र उनीहरू जोसुकै भए पनि मैले माग गरेको कुरालाई सबै मानिसहरूले पूरा गर्नुपर्छ। तेरा योग्यताहरू कति छन्, वा तैँले तिनलाई कति लामो समयदेखि पक्रिराखेको छस् म त्यो कुराको वास्ता गर्दिनँ; तँ मेरो मार्गमा हिँड्छस् कि हिँड्दैनस्, र तैँले सत्यलाई प्रेम गर्छस् कि गर्दैनस् र यसको तृष्णा गर्छस् कि गर्दैनस् म त्यो कुरालाई मात्रै वास्ता गर्छु। यदि तँमा सत्यताको कमी छ, र यसको सट्टा तैँले मेरो नाउँमा सर्म ल्याउँछस्, र कुनै वास्ता वा चिन्ता नगरिकन पछ्याउने काम मात्रै गर्दै मेरो मार्गअनुसार काम गर्दैनस् भने, त्यो बेला म तँलाई तेरो दुष्टताको लागि प्रहार गर्नेछु र दण्ड दिनेछु, र त्यसपछि तैँले के भन्नेछस्? परमेश्‍वर धर्मी हुनुहुन्न भनेर भन्न तँ सक्षम हुनेछस् त? आज, मैले बोलेका वचनहरूलाई तैँले पाल गरेका छस् भने, तँ त्यस्तो प्रकारको व्यक्ति होस् जसलाई म स्वीकार गर्छु। परमेश्‍वरलाई पछ्याउने क्रममा सँधै कष्ट भोगेको छस्, दु:ख र सुख दुवै अवस्थामा तैँले उहाँलाई पछ्याएको छस्, र उहाँसँग खुशीका पलहरू र दु:खका पलहरू बिताएको छस् भनेर तँ भन्छस्, तर परमेश्‍वरले बोल्नुभएको वचनमा तँ जिएका छैनस्; तैँले परमेश्‍वरको लागि दौडधूप गर्ने र हरेक दिन आफैलाई परमेश्‍वरको निम्ति खर्च गर्ने इच्छा मात्रै गर्छस्, र तैँले अर्थपूर्ण जीवन जिउने बारेमा कहिल्यै पनि विचार गरेको छैनस्। तँ यो पनि बन्छस्, “कुनै हालतमा पनि, परमेश्‍वर धर्मी हुनुहुन्छ भन्ने म विश्‍वास गर्छु। मैले उहाँको लागि कष्ट भोगेको छु, उहाँको लागि दगुरी हिँडेको छु, र उहाँको लागि आफैलाई समर्पित गरेको छु, अनि कुनै सम्मान प्राप्त नगरे तापनि कठिन परिश्रम गरेको छु; उहाँले निश्‍चय नै मलाई याद गर्नुहुन्छ।” परमेश्‍वर धर्मी हुनुहुन्छ भन्ने कुरा साँचो हो, तैपनि यो धार्मिकता कुनै पनि अशुद्धताहरूदेखि कलङ्कित छैन: यसमा कुनै पनि मानव इच्छा समावेश हुँदैन, र यो शरीर, वा मानव लेनदेनहरूद्वारा कलङ्कित छैन। विद्रोही र विरोध गर्नेहरू सबैलाई, उहाँको मार्ग अनुसार नहिँड्नेहरू सबैलाई दण्ड दिइनेछ; कसैलाई पनि क्षमा दिइनेछैन, र कसैलाई पनि छूट दिइनेछैन! कतिपय मानिसहरू भन्छन्, “आज म तपाईंको निम्ति दौडधूप गर्छु; जब अन्त्य आउँछ, के तपाईं मलाई अलिकति आशिष् दिन सक्नुहुन्छ?” त्यसैले म तँलाई प्रश्‍न गर्छु, “के तैँले मेरा वचनहरूलाई पालन गरेको छस्?” तैँले जुन धार्मिकताको बारेमा कुरा गर्छस् त्यो लेनदेनमा आधारित छ। म सबै मानिसहरूप्रति धर्मी र निष्पक्ष छु, र मलाई अन्त्यसम्मै पछ्याउनेहरू सबैलाई मुक्ति दिइनेछन् र उनीहरूले मेरो आशिषहरू प्राप्त गर्नेछन् भन्ने मात्र तँ ठान्छस्। “मलाई अन्त्यसम्मै पछ्याउनेहरू निश्‍चय नै मुक्ति दिइनेछ” भन्ने मेरो वचनमा भित्री आशय छ: मलाई अन्त्यसम्मै पछ्याउनेहरूलाई नै मद्वारा पूर्ण रूपमा प्राप्त गरिनेहरू हुन्, मद्वारा विजय गरिएपछि सत्यताको खोजी गर्ने र सिद्ध पारिने तिनीहरू नै हुन्। तैँले के-कस्ता परिस्थितिहरू प्राप्त गरेको छस्? मलाई अन्त्यसम्मै पछ्याउने बाहेक अरू तिमीहरूले के प्राप्त गरेका? के तैँले मेरा वचनहरूलाई पालन गरेको छस्? तैँले मेरा पाँच वटा मापदण्डहरूमध्ये एउटालाई पूरा गरेको छस्, तैपनि बाँकी चार वटालाई पूरा गर्ने कुनै अभिप्राय तँसँग छैन। तैँले सबैभन्दा सरल, सबैभन्दा सजिलो मार्गलाई मात्रै भेट्टाएको छस्, र भाग्यमानी हुने आशा गर्दै यसलाई पछ्याएको छस्। तँजस्तो व्यक्तिको लागि मेरो धर्मी स्वभाव भनेको सजाय र न्याय हो,

यो एउटा धर्मी प्रतिफल हो, र यो दुष्ट काम गर्ने सबैलाई दिइने धर्मी दण्ड हो; तिनीहरूले अन्त्यसम्म नै पछ्याए तापनि मेरो मार्गमा नहिँड्ने सबैलाई अवश्य नै दण्ड दिइनेछ। परमेश्‍वरको धार्मिकता यही नै हो। मानिसलाई दण्ड दिने क्रममा जब यो धर्मी स्वभावलाई प्रकट गरिन्छ, मानिस अवाक् हुनेछ, र परमेश्‍वरलाई पछ्याउने क्रममा उहाँको मार्गमा नहिँडेकोमा उसले अफसोस गर्नेछ। "त्यस बेला, परमेश्‍वरलाई पछ्याउने क्रममा मैले अलिकति मात्रै कष्ट भोगेँ, तर परमेश्‍वरको मार्गमा हिँडिनँ। के बहानाहरू छन् र? सजाय पाउने बाहेक अरू कुनै पनि विकल्प छैन!" तैपनि उसले आफ्नो मनमा यो विचार गरिरहेको हुन्छ, "जे होस्, मैले अन्त्यसम्मै पछ्याएको छु, त्यसैले तपाईंले मलाई सजाय दिनुभयो भने पनि, यो अत्यन्तै कठोर सजाय हुन सक्दैन, र यो सजाय दिइसक्नुभएपछि तपाईंले मलाई अझै पनि चाहनुहुनेछ। मलाई थाहा छ तपाईं धर्मी हुनुहुन्छ, र मलाई सँधैभरि त्यस्तो व्यवहार गर्नुहुनेछैन। आखिर, म ती मानिसहरूजस्तो छैन जसलाई नष्ट गरिनेछन्; नष्ट गरिनेहरूले भारी सजाय प्राप्त गर्नेछन्, तर मेरो सजाय हल्का हुनेछ।" धर्मी स्वभाव तैँले भनेको जस्तो होइन। आफ्नो पापलाई स्वीकार गर्न सिपालु मानिसहरूलाई उदारको साथ निराकरण गरिनेछ भन्ने होइन। धार्मिकता भनेको पवित्रता हो, र यो त्यस्तो स्वभाव हो जसले मानिसले गरेको उल्लङ्घनलाई सहँदैन, र सबै अशुद्ध र परिवर्तन नभएकाहरू परमेश्‍वरको घृणाका निसानाहरू हुन्। परमेश्‍वरको धर्मी स्वभाव व्यवस्था होइन, तर प्रशासनिक आदेश हो: यो राज्यभित्रको प्रशासनिक आदेश हो, र यो प्रशासनिक आदेश सत्यता नहुने र परिवर्तन नभएका र मुक्तिको लागि कुनै गुन्जाइस नभएका जोकोहीको धर्मी दण्डको लागि हो। जब हरेक व्यक्तिलाई उसको प्रकारअनुसार वर्गीकरण गरिन्छ, तब असललाई इनाम दिइनेछ र दुष्टलाई दण्ड दिइनेछ। मानिसको गन्तव्य स्पष्ट पारिने बेला यही हो; यो मुक्तिको काम समाप्त हुनेछ समय हो, जुन समयपछि, त्यस उप्रान्त मानिसलाई मुक्ति दिने कार्य गरिनेछैन, र दुष्ट कार्य गर्ने हरेकमाथि दण्ड ल्याइनेछ। कतिपय मानिसहरू भन्छन्, "प्रायजसो उहाँकै पक्षमा हुने हरेकलाई परमेश्‍वरले स्मरण गर्नुहुन्छ। हामीमध्ये एक जनालाई पनि उहाँले बिर्सनुहुनेछैन। परमेश्‍वरद्वारा सिद्ध पारिनेछौं भन्ने बारेमा हामीलाई ग्यारेन्टी दिइएको छ। जो तल छन् उहाँले तिनीहरू कसैलाई पनि सम्झनुहुनेछैन, तल रहेका मानिसहरूमध्येमा जसलाई सिद्ध पारिनेछ तिनीहरू, परमेश्‍वरलाई धेरै पटक भेट गर्ने हामीभन्दा तल नै हुनेछन् भन्ने ग्यारेन्टी छ; हामीमध्ये कसैलाई पनि परमेश्‍वरले बिर्सनुभएको छैन, हामी सबैलाई परमेश्‍वरले स्वीकार गर्नुभएको छ, र परमेश्‍वरद्वारा सिद्ध पारिनेछौ भन्ने बारेमा हामीलाई ग्यारेन्टी दिइएको छ।" तिमीहरूसँग यस्तो धारणाहरू छन्। के यो धार्मिकता हो? तैँले सत्यतालाई अभ्यास गरेको छस् कि छैनस्? तैँले वास्तवमा यस्ता हल्लाहरू फैलाएको छस्—तँमा कुनै ग्लानि छैन!

आज, कतिपय मानिसहरू परमेश्‍वरद्वारा प्रयोग गरिएको खोजी गर्छन्, तर विजय गरिसकेपछि तिनीहरूलाई सोझै प्रयोग गर्न सकिँदैन। आज बोलिएका शब्दहरूका विषयमा भन्दा, यदि, जब परमेश्‍वरले मानिसहरूलाई प्रयोग गर्नुहुन्छ, तँ तिनलाई पूरा गर्न असमर्थ छस्, तब तँ अझै पनि सिद्ध पारिएको छैनस्। अर्को शब्दमा भन्दा, मानिसलाई सिद्ध बनाइने युगको अन्त्यको आगमनले नै मानिसलाई परमेश्‍वरले हटाउनुहुन्छ कि प्रयोग गर्नुहुन्छ भन्ने कुरालाई निर्धारण गर्नेछ। विजय गरिएकाहरू निष्क्रियता र नकारात्मकताका उदाहरणहरू बाहेक अरू केही होइनन्; तिनीहरू आदर्शहरू

र नमुनाहरू हुन्, तर तिनीहरू पूरक बाहेक केही पनि होइनन्। मानिसको जीवनको स्वभाव परिवर्तन भएपछि मात्रै, र उसले भित्र र बाहिर नै परिवर्तन प्राप्त गरेको छ भने मात्रै, उसलाई पूर्ण रूपमा सिद्ध बनाइएको हुनेछ। आज, तिमीहरू कुन चाहन्छौ: विजय गरिनु, वा सिद्ध पारिनु? तँ कुन कुरालाई प्राप्त गर्न चाहन्छस्? के तैँले सिद्ध पारिनुका लागि पूरा गर्नुपर्ने सर्तहरूलाई पूरा गरेको छस्? तँमा अझै कुन-कुन सर्तहरूको कमी छ? तैँले आफैलाई कसरी सुसज्जित बनाउनुपर्छ, र आफ्ना त्रुटिहरूको लागि तैँले कसरी हर्जाना भर्नुपर्छ? तँ सिद्ध पारिने मार्गमा कसरी प्रवेश गर्नुपर्छ? तँ कसरी पूर्ण रूपमा समर्पित हुनुपर्छ? तँ सिद्ध पारिनको लागि अनुरोध गर्छस्, त्यसैले के तँ पवित्रताको खोजी गर्छस्? के तँ त्यस्तो व्यक्ति होस् जसले सजाय र न्यायको अनुभव गर्न खोजी गर्छ ताकि तँ शुद्ध हुन सक्? तँ शुद्ध पारिन चाहन्छस्, त्यसैले के तँ सजाय र न्यायलाई स्वीकार गर्न इच्छुक छस्? तँ परमेश्‍वरलाई जान्नको निम्ति आग्रह गर्छस्, तर के तँसँग उहाँको सजाय र न्यायको ज्ञान छ? आज, उहाँले तँमा गर्ने धेरैजसो कार्य सजाय र न्याय नै हो; तँमा गरिएको यो कार्य सम्बन्धी तेरो के ज्ञान छ? के तैँले अनुभव गरेको सजाय र न्यायले तँलाई शुद्ध पारेको छ? के यसले तँलाई परिवर्तन गरेको छ? के यसले तँमा कुनै प्रभाव पारेको छ? के तँ आजका धेरै कामद्वारा थकित छस्—श्रापहरू, न्यायहरू, र भन्डाफोरहरू—वा यी कुराहरू तेरो लागि निकै लाभदायक छन् भन्ने तँलाई लाग्छ? तँ परमेश्‍वरलाई प्रेम गर्छस्, तर तँ किन उहाँलाई प्रेम गर्छस्? के तैँले थोरै अनुग्रह प्राप्त गरेको हुनाले परमेश्‍वरलाई प्रेम गर्छस्? वा शान्ति र आनन्द प्राप्त गरिसकेको हुनाले तैँले परमेश्‍वरलाई प्रेम गर्छस्? वा उहाँको सजाय र न्यायले शुद्ध पारिएपछि तँ परमेश्‍वरलाई प्रेम गर्छस्? वास्तवमा के कुराले तँलाई परमेश्‍वरलाई प्रेम गर्ने तुल्याउँछ? सिद्ध पारिनको लागि पत्रुसले कुन-कुन सर्तहरूलाई पुरा गरे? उनलाई सिद्ध पारिएपछि, यसलाई व्यक्त गरिएको अत्यन्तै महत्त्वपूर्ण तरिका के थियो? के तिनी उहाँको लागि तृषित भएकाले हो कि तिनले उहाँलाई देख्न नसकेकोले, अथवा तिनलाई तिरस्कार गरिएको कारणले तिनले प्रभु येशूलाई प्रेम गरेका थिए? वा के तिनले कष्टहरूका संकष्टहरूलाई स्वीकार गरेका हुनाले, र आफ्नै अशुद्धता र अनाज्ञाकारीतालाई जानेकाले, प्रभुको पवित्रतालाई जानेको कारणले तिनले प्रभु येशूलाई प्रेम गरेका थिए? के परमेश्‍वरको सजाय र न्यायले गर्दा परमेश्‍वरप्रतिको उसको प्रेम अझै शुद्ध भयो कि अन्य कुनै कुराले गर्दा? यो कुनचाहिँ हो? परमेश्‍वरको अनुग्रहको कारणले, र आज उहाँले तँलाई केही सानो आशिष् दिनुभएको हुनाले तँ परमेश्‍वरलाई प्रेम गर्छस्। के यो साँचो प्रेम हो? तैँले परमेश्‍वरलाई कसरी प्रेम गर्नुपर्छ? के तैँले उहाँको सजाय र न्यायलाई स्वीकार गर्नुपर्छ, र, उहाँको धर्मी स्वभावलाई अवलोकन गरिसकेपछि, उहाँलाई साँचो रूपमा प्रेम गर्न सक्षम हुनुपर्छ, जसले गर्दा तँ पूर्ण रूपमा विश्‍वस्त हुन्छस्, र उहाँको बारेमा ज्ञान पाउँछस्? पत्रुसले जस्तै, के तैँले परमेश्‍वरलाई पर्याप्त रूपमा प्रेम गर्न सक्दैनस् भनेर तँ भन्न सक्छस्? तैँले खोजी गर्ने कुरा सजाय र न्यायपछि विजय गरिनु हो कि, वा सजाय र न्यायपछि शुद्ध पारिनु, सुरक्षित गरिनु र वास्ता गरिनु हो? यीमध्ये कुनको खोजी तँ गर्छस्? के तेरो जीवन अर्थपूर्ण छ, वा यो अर्थहीन र मूल्यहीन छ? तँ देह चाहन्छस् कि सत्यता चाहन्छस्? तँ न्यायको कामना गर्छस् कि सहजताको? परमेश्‍वरको धेरै कार्यलाई अनुभव गरिसकेपछि, र परमेश्‍वरको पवित्रता र धार्मिकतालाई अवलोकन गरिसकेपछि, तैँले कसरी खोजी

गर्नुपर्छ? तैँले यो मार्गमा कसरी हिँड्नुपर्छ? तैँले परमेश्‍वरको प्रेमलाई कसरी व्यवहारमा लागू गर्नुपर्छ? के परमेश्‍वरको सजाय र न्यायले तँमा कुनै प्रभाव पारेको छ? तँमा परमेश्‍वरको सजाय र न्यायको ज्ञान छ कि छैन भन्‍ने कुरालाई तँ कस्तो जीवन जिउँछौ, र तैँले परमेश्‍वरलाई कुन हदसम्म प्रेम गर्छस् भन्‍ने कुरामा निर्भर हुन्छ! तँ परमेश्‍वरलाई प्रेम गर्छस् भनेर तेरो ओठले भन्छ, तैपनि तँ जुन जीवन जिउँछस् त्यो पुरानो, भ्रष्ट स्वभाव हो; तँमा परमेश्‍वरको कुनै डर छैन, तँमा विवेक हुने कुरा त परै जाओस्। के त्यस्ता मानिसहरूले परमेश्‍वरलाई प्रेम गर्छन्? के त्यस्ता मानिसहरू परमेश्‍वरप्रति निष्ठावान हुन्छन्? के तिनीहरू परमेश्‍वरका सजाय र न्यायलाई स्वीकार गर्नेहरू हुन्? परमेश्‍वरलाई प्रेम गर्छु र उहाँलाई विश्‍वास गर्छु भनेर तँ भन्छस्, तैपनि तँ आफ्ना विचारहरूलाई छोड्दैनस्। तेरो काममा, प्रवेशमा, तैँले बोल्ने वचनमा, र तेरो जीवनमा, परमेश्‍वरप्रतिको तेरो प्रेमको कुनै प्रकटीकरण छैन, र परमेश्‍वरप्रतिको कुनै श्रद्धा छैन। के सजाय र न्याय प्राप्त गरेको व्यक्ति यही हो? के यस्तो व्यक्ति पत्रुस हुन सक्छ? के पत्रुसजस्ता मानिसहरूमा ज्ञान मात्रै हुन्छ, तर जीवन जियाई हुँदैन? आज, वास्तविक जीवन जिउनको लागि मानिसलाई चाहिने सर्त के हो? के पत्रुसका प्रार्थनाहरू उसको मुखबाट आएका शब्दहरूभन्दा बढी केही पनि थिएनन् त? के ती उनको हृदयको अन्तस्करणबाट आएका शब्दहरू थिएनन् र? के पत्रुसले प्रार्थना मात्रै गर्थे, र सत्यतालाई अभ्यास गर्दैनथे? तेरो खोजी कसको लागि हो? परमेश्‍वरको सजाय र न्यायको बेला कसरी तैँले आफूलाई परमेश्‍वरको सुरक्षा र शुद्धीकरणलाई प्राप्त गर्ने तुल्याउँछस्? के परमेश्‍वरको दण्ड सजाय र न्याय मानिसको लागि कुनै लाभ छैन? के सबै न्याय दण्ड नै हो? के शान्ति र आनन्द, भौतिक आशिष्‌हरू र क्षणिक सहजता मात्रै मानिसको जीवनको लागि लाभदायक हुनसक्छ? यदि मानिस सुखद र सहज परिस्थितिमा, न्यायको जीवन विहीन भएर जिउँछ भने, के उसलाई शुद्ध पारिन सक्छ? यदि मानिसले परिवर्तन हुन र शुद्ध पारिन चाहन्छ भने, उसले सिद्ध पारिनुलाई कसरी स्वीकार गर्नुपर्छ? आज तैँले कुन मार्गलाई छनौट गर्नुपर्छ?

## तिमीहरूले कामलाई बुझ्‍नै पर्छ—दुबिधामा नपछ्‍याओ!

वर्तमानमा यस्ता धेरै मानिसहरू छन् जसले भ्रमित तरिकाले विश्‍वास गर्छन्। तिमीहरूसँग धेरै उत्सुकता छ, आशिष् पाउने धेरै इच्छा छ, र जीवनको खोजी गर्ने अति थोरै आकांक्षा छ। वर्तमान समयमा मानिसहरू येशूप्रतिको आफ्नो विश्‍वासको निम्ति उत्साहले भरिएका छन्। येशूले तिनीहरूलाई स्वर्गीय घरमा फर्काउन लाग्‍नुभएको छ, त्यसैले तिनीहरूले किन विश्‍वास गर्न सक्दैनन् र? केही मानिसहरू तिनीहरूका सारा जीवनभरि विश्‍वासी हुन्छन्; चालीस वा पचास वर्षसम्म विश्‍वास गरेपछि पनि तिनीहरू अझै पनि बाइबल पढ्न कहिल्यै थाक्दैनन्। किनभने चाहे जे भए पनि जबसम्म तिनीहरूमा विश्‍वास छ तिनीहरू स्वर्गमा जान्छन् भन्‍ने तिनीहरू सोच्छन्।[क] तिमीहरूले केही वर्षदेखि मात्र यस मार्गमा परमेश्‍वरलाई पछ्‍याइरहेका छौ, तर तिमीहरू

क. मूल पाठमा “तिनीहरू सोच्छन्” भन्‍ने वाक्यांश समावेश छैन।

लरखराइसकेका छौ; तिमीहरूले आफ्नो धैर्य गुमाएका छौ, किनकि आशिष प्राप्त गर्ने तिमीहरूको इच्छा अति नै बलियो छ। तिमीहरू यो सही मार्गमा हिँड्ने कार्य, आशिष पाउने तिमीहरूको इच्छा र तिमीहरूको उत्सुकताद्वारा प्रभावित छ। तिमीहरूसँग कामको यस चरणको बारेमा त्यति धेरै ज्ञान छैन। आज मैले भनिरहेका धेरै कुराहरू येशूमा विश्वास गर्नेहरूतिर निर्देशित छैनन्, न त मैले यी कुराहरू तिनीहरूका धारणाहरूको सामना गर्नका निम्ति नै भन्दैछु। वास्तवमा, प्रकट भइरहेका यी धारणाहरू तिमीहरू भित्रै छन्, किनकि तिमीहरू बाइबललाई किन पन्छ्याइएको छ, म किन यहोवाको काम पुरानो भएको छ भनेर भन्दछु, वा म किन येशूको काम पुरानो भएको छ भनेर भन्दछु सो तिमीहरू बुझ्दैनौ। वास्तविकता के हो भने, तिमीहरू आफ्ना मनमा धेरै धारणाहरू राख्दछौ जसको बारेमा तिमीहरू मुखले बोल्दैनौ, साथसाथै तिमीहरूका हृदयको गहिराइमा धेरै वटा विचारहरू बन्द भएर रहेका छन्, र तिमीहरू त्यसै भीडको पछि लाग्छौ। के तिमीहरू साँच्चै आफ्नो मनमा धेरै वटा धारणाहरू राख्दैनौ भन्ने सोच्छौ? यति मात्र हो कि तिमीहरूले तिनको बारेमा बताउँदैनौ! वास्तवमा, तिमीहरूले लापरवाहीसाथ मात्रै परमेश्वरलाई पछ्याउँछौ, तिमीहरू साँचो मार्गको खोजी गर्न पटक्कै आउँदैनौ र तिमीहरू जीवन प्राप्त गर्ने उद्देश्यले आएका छैनौ। तिमीहरूको विचार के हुनेछ होला भनेर हेर्ने मात्र छ। तिमीहरूले आफ्ना धेरै वटा पुराना धारणाहरू नछाडेकाले, तिमीहरूको माझमा एकै जना पनि त्यस्तो व्यक्ति छैन जसले आफैलाई पूर्ण रूपले समर्पण गर्न सकेको छ। यस्तो स्थितिमा आइपुगेपछि, दिन र रात तिमीहरूका विचारहरू मन्थन गर्दै तिमीहरू आफ्नै भाग्यको बारेमा चिन्ता गरिरहन्छौ, त्यस विचारलाई त्याग्न सक्दैनौ। जब म फरिसीहरूको कुरा गर्छु, के तिमीहरू मैले धर्मका "बुढा मानिसहरू" को कुरा गरेको हो भन्ने सोच्छौ? के तिमीहरू आफै वर्तमान युगका सबैभन्दा वृहत् फरिसीहरूका प्रतिनिधिहरू होइनौ र? मैले जब मलाई बाइबलको तुलनामा हेर्नेहरूको बारेमा कुरा गर्दछु तब के मैले धार्मिक क्षेत्रका बाइबल विशेषज्ञहरूको कुरा गरेको हो भनी तिमीहरू सोच्छौ? मैले एकचोटि फेरि परमेश्वरलाई क्रूसमा टाँग्ने मानिसहरूको बारेमा कुरा गर्दा के मैले धार्मिक क्षेत्रका अगुवाहरूको बारेमा कुरा गरेको हुँ भनी तँ विश्वास गर्छस्? के तिमीहरू यो भूमिका खेल्नको लागि सबैभन्दा उत्कृष्ट कलाकार होइनौ र? के मैले मानिसहरूका धारणाहरूको सामना गर्न बोलेका सबै वचनहरू पाष्टरहरू र एल्डरहरूलाई गिल्ला गर्नका निम्ति मात्र हुन् भनी तँ सोच्छस्? यी सबै कुरामा के तिमीहरूले पनि आफ्नो भूमिका खेलेका छैनौ र? के तँ तिमीहरूले आफ्ना मनमा थोरै धारणाहरू राख्छौ भन्ने विश्वास गर्छस्? यति मात्र हो कि तिमीहरू सबैले अब धेरै चलाख हुन सिकेका छौ। तिमीहरू आफूले नबुझेका विषयको बारेमा कुरा गर्दैनौ वा तिनका विषयमा आफ्ना भावनाहरूलाई धोका दिन्छौ, तर श्रद्धा र समर्पणको हृदय तिमीहरूभित्र उत्पन्न हुँदैन। तिमीहरूको दृष्टिकोणमा, आज तिमीहरूको अभ्यास गर्ने सर्वोत्तम तरिका अध्ययन गर्नु अवलोकन गर्नु र प्रतीक्षा गर्नु मात्र हो। तिमीहरूले धेरै चलाख हुन सिकेका छौ। तापनि, यो एक प्रकारको मनोवैज्ञानिक चलाकी हो भन्ने के तिमीहरूलाई थाहा छ? के तिमीहरूले गरेको चलाकीको क्षणले तिमीहरूलाई अनन्त दण्डबाट उम्कन सहायता गर्नेछ भनी सोच्छौ? तिमीहरूले धेरै "बुद्धिमान्" हुन सिकेका छौ! यसबाहेक, कतिपय मानिसहरू मलाई यस्ता प्रश्नहरू सोध्छन्: "कुनै दिन जब धार्मिक क्षेत्रका मानिसहरूले मलाई 'तिमीहरूका परमेश्वरले किन

एउटै पनि चमत्कार गरेका छैनन्' भनी सोधे भने मैले कसरी वर्णन गर्ने?" आज भोलि धार्मिक क्षेत्रका मानिसहरूले मात्र यो कुरा सोध्दैनन्; कुरा यो पनि हो कि तैँले पनि आजको कामलाई बुझ्दैनस्, र धेरै धारणा बोकेर परिश्रम गर्छस्। मैले धार्मिक अधिकारीहरूको कुरा गर्दा म कसलाई सङ्केत गरिरहेको हुन्छु भन्ने के तँ अझै पनि जान्दैनस्? म कसको लागि बाइबलको व्याख्या गर्दैछु भनी के तँ जान्दैनस्? मैले परमेश्‍वरको कामको तीन चरणको बारेमा वर्णन गर्दा म कसका निम्ति बोलिरहेको हुन्छु भन्ने के तँ जान्दैनस्? के मैले ती कुरा नभनेको भए, के तिमीहरूले यति सजिलै विश्‍वास गर्ने थियौ र? के तिमीहरूले त्यत्ति सजिलै आफ्नो शिर निहुराउथ्यौ र? के तिमीहरूले त्यत्ति सजिलैसँग ती पुराना धारणाहरूलाई पन्साउँथ्यौ र? विशेष गरी ती "पुरुषार्थी मानिसहरू," जो कहिल्यै कसैको अधीनमा बसेका छैनन्—के तिनीहरू सजिलैसँग अधीनमा बस्थे? म जान्दछु, तिमीहरूको मानवता एक निम्न श्रेणीको छ र तिमीहरू अति कम योग्यताका छौ, तिमीहरूमा कम विकसित दिमाग छ, र परमेश्‍वरमा विश्‍वास गरेको धेरै लामो इतिहास छैन, तापनि वास्तवमा तिमीहरूमा धेरै धारणाहरू छन्, सजिलै अरूको अधीनमा नबस्ने तिमीहरूको भित्री स्वभाव छ। तापनि, आज तिमीहरू अधीनमा बस्न सक्छौ, किनकि तिमीहरू बाध्य र असहाय छौ; तिमीहरू फलामको पिँजरामा परेका बाघहरू हौ, तिमीहरूका सीपहरूलाई खुल्लमखुल्ला प्रयोग गर्न सक्दैनौ। यदि तिमीहरूका पखेटाहरू थिए भने पनि, तिमीहरूलाई उड्न गाह्रो हुनेथियो। आशिषहरू नदिइएको भए पनि तिमीहरू पछि लाग्न इच्छुक छौ। तापनि, "असल मानिसहरू" को रूपमा यो तिमीहरूको उत्साह होइन; बरु, कुरा यो हो कि तिमीहरू पूर्ण रूपमा ढालिएका छौ र तिमीहरूको बुद्धि सकिएको छ। कुरा यो हो कि यो सम्पूर्ण कामले तिमीहरूलाई ढालेको छ। यदि तिमीहरूले प्राप्त गर्न सक्ने केही कुरा थियो भने, आज तिमीहरू जस्तो आज्ञाकारी छौ त्यस्तो हुनेथिएनौ, किनकि पहिले तिमीहरू सबै मरुभूमिका जङ्गली गधाहरू थियौ। यसैले आज जे भनिँदैछ त्यो विभिन्न धर्म र सम्प्रदायका मानिसहरूतिर मात्र लक्षित छैन, न त यो तिनीहरूका धारणाहरूको सामना गर्नका निम्ति नै हो; यो तिमीहरूका धारणाहरूको सामना गर्नका निम्ति हो।

धार्मिकताको न्याय सुरु भएको छ। के परमेश्‍वरले अझै पनि पापको बलिको रूपमा काम गर्नुहुनेछ? के उहाँले एकचोटि फेरि तिनीहरूका लागि महान् डाक्टरको भूमिका खेल्नुहुनेछ? के परमेश्‍वरसँग योभन्दा ठूलो कुनै अख्तियार छैन? मानिसहरूको एउटा समूहलाई पहिले नै सिद्ध पारिएको छ, र सिंहासनको अघि पुर्‍याइएको छ; के उहाँले अझै पनि भूतहरू निकाल्नुहुन्छ र बिरामीहरूलाई निको पार्नुहुन्छ? के यो अति नै पुरानो कुरा होइन? यदि यही रहिरह्यो भने के गवाही दिनु सम्भव हुन्छ? के परमेश्‍वरलाई एक पटक क्रूसमा टाँगिएपछि उहाँ सधैँभरि क्रूसमा झुन्डिरहनुहुन्छ? के उहाँले एक पटक भूतहरू निकाल्नुभएपछि सधैँभरि तिनीहरूलाई निकालिरहनुहुन्छ? के त्यसलाई अपमान मानिनेछैन र? जब यो चरणको काम अघिल्लो चरणको भन्दा उच्च हुन्छ तब मात्र युग अगाडि बढ्दछ, र त्यसपछि आखिरी दिनहरू नजिकै आउनेछ, र त्यो यस युगको अन्त्य हुने समय हुनेछ। जुन मानिसहरू सत्यको पछि लाग्दछन् उनीहरूले दर्शनहरू बुझ्ने कुरामा ध्यान दिनैपर्छ; जग यही नै हो। प्रत्येक चोटि मैले दर्शनहरूको बारेमा तिमीहरूसित सङ्गति गर्दा, म सधैँ केही मानिसहरू सुन्न इच्छुक नभएकोले आँखा बटार्दै टाउको

निहुराएको देख्छु। अरूले सोध्छन्, "तपाईं किन सुनिरहनुभएको छैन?" तिनीहरू जबाफ दिन्छन्, "यसले मेरो जीवनलाई वा वास्तविकतामा मेरो प्रवेशलाई सहायता गर्दैन। हामी त अभ्यासका मार्गहरू चाहन्छौं।" जब म अभ्यासका मार्गहरूको सट्टा कामको बारेमा कुरा गर्छु, तब तिनीहरू भन्छन्, "तपाईंले कामको बारेमा कुरा गर्नसाथ म निदाउन थाल्छु।" जब म अभ्यास गर्ने मार्गहरूको बारेमा कुरा गर्न थाल्छु, तिनीहरू टिप्पणीहरू लेख्न थाल्छन्, र जब म कामको बारेमा व्याख्या गर्न थाल्छु, तिनीहरू फेरि सुन्न छोड्छन्। तिमीहरू अहिले कुन कुराले सुसज्जित हुनु आवश्यक छ त्यसबारे के तिमीहरूलाई थाहा छ? यसको एक पक्षमा काम सम्बन्धी दर्शनहरू पर्छन्, र अर्को पक्ष तेरो अभ्यास हो। तैंले यी दुवै पक्षहरूलाई बुझ्नुपर्छ। यदि जीवनमा प्रगति गर्ने तेरो खोजीमा तँसँग दर्शनहरू छैनन् भने तँसित कुनै जग हुनेछैन। यदि तँसँग थोरै दर्शन पनि छैन र अभ्यासका मार्गहरू मात्र छन् भने, अनि समग्र व्यवस्थापन योजनाको कामको बारेमा कुनै पनि प्रकारको ज्ञान छैन भने, तँ कुनै काम नलाग्ने मानिस होस्। तैंले दर्शनहरू सम्बन्धी सत्यताहरूलाई बुझ्नुपर्छ, र अभ्याससँग सम्बन्धित सत्यहरू बुझिसकेपछि तैंले तिनलाई अभ्यास गर्ने उचित मार्गहरू खोज्नुपर्छ; तैंले वचनहरू अनुसार अभ्यास गर्नुपर्दछ, र तँ तेरा अवस्थाहरू अनुसार प्रवेश गर्नुपर्दछ। दर्शनहरू जग हुन्, र यदि तैंले यस तथ्यलाई ध्यान दिइनस् भने, तैंले अन्तसम्म पछ्याउन सक्नेछैनस्; यस्तो तरिकाले अनुभव गरिस् भने कि त तैंले बाटो बिराउन सक्छस् वा तँ ढल्नेछस् र विफल हुनेछस्। तँ सफल हुने कुनै उपाय हुनेछैन! जुन मानिसहरूसित जगको रूपमा महान् दर्शनहरू हुँदैन तिनीहरू असफल मात्र हुन्छन्; तिनीहरू सफल हुन सक्दैनन्। तँ दह्रो भई खडा हुन सक्दैनस्! के तँलाई परमेश्‍वरमा विश्‍वास गर्ने कार्यमा कुन-कुन कुराहरू समावेश हुन्छन् भन्ने थाहा छ? के तँलाई परमेश्‍वरको पछि लाग्नुको अर्थ के हो सो थाहा छ? कुनै दर्शनविना, तँ कुन मार्गमा हिंड्नेछस्? आजको काममा, यदि तँसँग कुनै दर्शन छैन भने तँ पूर्ण बनाइने योग्यको बिलकुलै हुनेछैनस्। तँ कसमाथि विश्‍वास गर्छस्? तँ उहाँमा किन विश्‍वास गर्छस्? तँ किन उहाँलाई पछ्याउँछस्? के तँ आफ्नो विश्‍वासलाई एक प्रकारको खेलको रूपमा हेर्छस्? के तैंले आफ्नो जीवनलाई एक प्रकारको खेलौनाको रूपमा लिंदैछस्? आजका परमेश्‍वर सबैभन्दा ठूलो दर्शन हुनुहुन्छ। तैंले उहाँलाई कतिसम्म जान्दछस्? तैंले उहाँलाई कतिसम्म देखेको छस्? आजका परमेश्‍वरलाई देखेपछि के परमेश्‍वरमाथिको तेरो विश्‍वासको जग बलियो भएको छ? के तँ जबसम्म यसरी अलमल्ल तरिकाले पछि लाग्छस् तब तैंले मुक्ति पाउनेछस् भन्ने सोच्छस्? के तँ हिलोको पानीमा माछा पक्रन सक्छु भन्ने सोच्छस्? के यो त्यत्ति सजिलो छ? आज परमेश्‍वरले बोल्नुहुने वचनहरू सम्बन्धी कति वटा धारणाहरूलाई तैंले पर पन्साएको छस्? के तँसँग आजका परमेश्‍वरको दर्शन छ? आजको परमेश्‍वरको बारेमा तेरो बुझाइ कहाँ छ? तँ सधैं उहाँको पछि लागेर वा उहाँलाई हेरेर मात्र पनि उहाँलाई[ख] प्राप्त गर्न सक्छस् र कोही पनि तँबाट मुक्त हुन सक्नेछैन भन्ने सोच्छस्। परमेश्‍वरलाई पछ्याउनु त्यस्तो सजिलो कुरा हो भन्ने नठान्। उहाँलाई तैंले चिन्नैपर्छ, तैंले उहाँको कामलाई जान्नैपर्छ, र उहाँको खातिर कठिनाइ सहन गर्ने, आफ्नो जीवन उहाँको निम्ति

ख. मूल पाठमा "उहाँलाई" भन्ने शब्द समावेश छैन।

बलिदान दिने र उहाँद्वारा सिद्ध पारिने इच्छा तँमा हुनैपर्छ, मुख्य कुरा यही नै हो। तँमा हुनुपर्ने दर्शन यही हो। यदि तेरा सोचहरू अनुग्रहको आनन्द लिने कुरामा मात्र सधैँ झुक्छन् भने त्यसलाई बदल्नुपर्छ। परमेश्वर मानिसहरूको आनन्दको निम्ति मात्र वा तिनीहरूमाथि अनुग्रह प्रदान गर्नको निम्ति मात्र यहाँ हुनुहुन्छ भन्ने नठान्। तँ गलत हुनेछस्! यदि एक व्यक्तिले उहाँलाई पछ्याउनको निम्ति आफ्नो जीवन खतरामा राख्न सक्दैन भने र यदि एक व्यक्तिले पछ्याउनको निम्ति संसारका हरेक सम्पत्ति त्याग्न सक्दैन भने, त्यसले उहाँलाई अन्तिमसम्म पछ्याइरहन निश्चय पनि सक्नेछैन। तेरो जगको रूपमा तँसँग दर्शनहरू हुनुपर्छ। यदि एक दिन तँमाथि दुर्भाग्य आइलाग्यो भने, तैँले के गर्नुपर्छ? के तैँले अझ पनि उहाँलाई पछ्याउन सक्छस्? तैँले अन्तिमसम्म उहाँलाई पछ्याउन सक्षम हुनेछस् कि हुनेछैनस् भनेर हलुका रूपमा कुरा नगर्। अहिले कति बेला भयो भनेर हेर्न तैँले आफ्ना आँखा खोलेको नै राम्रो। तिमीहरू अहिले मन्दिरको स्तम्भहरू जस्तै हुनसक्ने भए तापनि, एउटा यस्तो बेला आउनेछ जुन बेला त्यस्ता सबै स्तम्भहरू कीराहरूले खानेछन्, जसको कारण मन्दिर ढल्नेछ, किनकि वर्तमान समयमा तिमीहरूमा धेरै दर्शनहरूको अभाव छ। तिमीहरूले आफ्ना साना संसारहरूलाई मात्र ध्यान दिन्छौ र खोजको सबैभन्दा भरपर्दो र उचित बाटो के हो सो तिमीहरूलाई थाहा छैन। तिमीहरूले आजको कामको दर्शनलाई ध्यान दिँदैनौ, न त यी कुराहरूलाई आफ्ना हृदयमा नै राख्छौ। एक दिन तिमीहरूका परमेश्वरले तिमीहरूलाई सबैभन्दा अपरिचित ठाउँमा राख्नुहुनेछ भन्ने कुरालाई तिमीहरूले ध्यान दिएका छौ? एक दिन मैले तिमीहरूबाट सबै थोक खोसेँ भने तिमीहरूको के हाल हुनेछ के त्यसबारे तिमीहरूले कल्पना गर्न सक्छौ? के तिमीहरूको त्यस दिनको ऊर्जा अहिलेको जस्तै हुनेछ? तिमीहरूको विश्वास पुनः देखा पर्नेछ? परमेश्वरलाई पछ्याउँदा तिमीहरूले यस महान् दर्शनलाई जान्नै पर्छ जो "परमेश्वर" हुनुहुन्छ: यो सबैभन्दा महत्त्वपूर्ण विषय हो। साथै, पवित्र हुनका लागि सांसारिक मानिसहरूबाट अलग भएपछि तँ अनिवार्य रूपमा परमेश्वरको परिवारमा हुनेछस् भन्ने नठान्। यी दिनहरूमा परमेश्वर आफैले सृष्टिमा काम गरिरहनुभएको छ; कुनै अभियान अगाडि बढाउनु होइन तर उहाँको आफ्नै काम गर्ने मानिसहरूको बीचमा आउनुहुने उहाँ नै हुनुहुन्छ। तिमीहरूको माझमा थोरै मानिस पनि छैनन् जसले आजको काम स्वर्गका परमेश्वरको काम हो, जो देह बन्नुभएको छ भनी बुझ्न सक्छ। यसको अर्थ तिमीहरू प्रतिभा भएको विशेष व्यक्तिहरू हुनुपर्छ भन्ने होइन; यो तिमीहरूलाई मानव जीवनको महत्त्व जान्न, मानव प्राणीको गन्तव्य थाहा पाउन, र परमेश्वर अनि उहाँको सम्पूर्णतालाई जान्न सहायता गर्नका लागि हो। तैंले यो जान्नुपर्छ कि तँ सृष्टिकर्ताको हातमा रहेको सृष्टिको एक वस्तु होस्। तैंले के बुझ्नुपर्छ, तैंले के गर्नुपर्छ, र तैंले परमेश्वरलाई कसरी पछ्याउनुपर्छ—के तैंले बुझ्नुपर्ने सत्यताहरू यिनै होइनन् र? के तैंले देख्नुपर्ने दर्शनहरू यिनै होइनन् र?

मानिसहरूले दर्शन पाएपछि तिनीहरूमा एउटा जग हुन्छ। जब तँ यस जगको आधारमा अभ्यास गर्छस्, तब प्रवेश गर्नु धेरै सजिलो हुनेछ। त्यसरी नै, तैंले प्रवेश गर्ने जग पाएपछि तँमा कुनै सन्देह हुनेछैन, र प्रवेश गर्ने कार्य तेरो निम्ति धेरै सजिलो हुनेछ। दर्शनहरू बुझ्ने र परमेश्वरको कामबारे जान्ने यो पक्ष महत्त्वपूर्ण छ; तिमीहरूको हतियारको भण्डारमा यो हुनुपर्दछ। यदि तँ सत्यको यस पक्षद्वारा सुसज्जित भएको छैनस् भने, र अभ्यासको मार्गहरूको बारेमा कसरी कुरा

गर्नुपर्छ भनेर मात्र जानेको छस् भने तँ अत्यन्तै दोषपूर्ण हुनेछस्। मैले थाहा पाएको छु कि तिमीहरूमध्ये धेरै जनाले सत्यको यो पक्षलाई जोड दिँदैनौ, र जब तिमीहरू यसलाई सुन्छौ, तब तिमीहरूले शब्दहरू र सिद्धान्तहरू सुनिरहेको जस्तो मात्र देखिन्छ। एक दिन तँ हार्नेछस्। यी दिनहरूमा केही भनाइहरू छन् जुन तैंले त्यत्ति राम्ररी बुझ्दैनस् र स्वीकार गर्दैनस्; त्यस्ता अवस्थाहरूमा तैंले धैर्यतापूर्वक खोजी गर्नुपर्छ, र त्यस्तो दिन आउनेछ जब तैँले यी कुरालाई बुझ्नेछस्। बिस्तारै आफूलाई झन्-झन् धेरै दर्शनहरूले सुसज्जित गर्। तैंले थोरै आत्मिक सिद्धान्तहरू मात्र बुझिस् भने पनि, त्यो दर्शनहरूमा ध्यान नदिनुभन्दा त उत्तम हुन्छ, र केही पनि नबुझ्नुभन्दा त झनै राम्रो हुन्छ। यो सबै तेरो प्रवेशका लागि उपयोगी छ, र यसले तेरा सबै शङ्काहरू हटाउनेछ। यो तँ धारणाहरूले भरिनुभन्दा उत्तम हो। यदि तँसँग जगको रूपमा यी दर्शनहरू छन् भने तँलाई धेरै राम्रो हुनेछ। तँसँग कुनै पनि प्रकारको सन्देह हुनेछैन, र तँ निर्भयता र हिम्मतका साथ प्रवेश गर्न सक्नेछस्। किन सधैँ यस्तो अन्योल, शङ्कालु तरिकाले परमेश्वरलाई पछ्याउने झमेलामा पर्ने? के यो आफ्नो टाउको बालुवामा लुकाउनुजस्तो होइन र? गजक्क परी गम्कँदै परमेश्वरको राज्यमा प्रवेश गर्नु कति राम्रो हुनेछ! किन त्यति धेरै सन्देहले भरिनु? के तैंले आफैलाई नरकमा पारिरहेको छैनस् र? तैंले यहोवाको काम, येशूको काम र यस चरणको कामको ज्ञान प्राप्त गरिसकेपछि, तैंले जग प्राप्त गर्नेछस्। यस समयमा, तँलाई त्यो अति सरल छ भन्ने लाग्नसक्छ। कतिपय मानिसहरू भन्छन्, “जब समय आउँछ र पवित्र आत्माले महान् कार्य सुरु गर्नुहुन्छ, तब म यी सबै थोकको बारेमा कुरा गर्न सक्नेछु। मैले अहिले त्यति बुझ्न नसक्नुको कारण के हो भने, पवित्र आत्माले मलाई त्यति धेरै अन्तर्दृष्टि दिनुभएको छैन।” यो त्यति सजिलो छैन। यो तँ अहिले सत्यलाई[ग] स्वीकार गर्न तयार छस् भने, समय आएपछि तँ त्यसलाई कुशलतापूर्वक प्रयोग गर्नेछस् भन्ने होइन। यो अनिवार्य रूपमा त्यस्तै हुनेछ भन्ने हुँदैन! तँ वर्तमानमा अति राम्ररी सुसज्जित भएको छस्, र ती धार्मिक मानिसहरू र सबैभन्दा महान् सिद्धान्तवादीहरूलाई जबाफ दिन तँलाई कुनै समस्या हुनेछैन, तँ तिनीहरूलाई खण्डन पनि गर्न सक्नेछस् भन्ने तँलाई लाग्छ। के तँ साँच्चै त्यसो गर्न सक्नेछस्? तेरा बाहिरी अनुभवहरू लिएर तैँले कुन ज्ञानको कुरा गर्न सक्छस्? सत्यद्वारा सुसज्जित हुनु, सत्यको लडाइँ लड्नु, र परमेश्वरको नाउँको गवाही दिनु तैंले सोचेको कुराजस्तो होइन—जबसम्म परमेश्वरले काम गर्नुहुन्छ, तबसम्म सबै कुरा पूरा गरिनेछ। त्यतिन्जेल, तँ केही प्रश्नहरूद्वारा अलमल्ल पर्नेछस् र त्यसपछि तँ आश्चर्यचकित हुनेछस्। मुख्य कुरा भनेको तँलाई यस चरणको कामको बारेमा स्पष्ट ज्ञान छ कि छैन, र यसको बारेमा तँ कतिसम्म जान्दछस् भन्ने हो। यदि तँ शत्रुका सेनालाई जित्न सक्दैनस् वा धर्मका शक्तिहरूलाई हराउन सक्दैनस् भने, के तँ बेकम्मा हुनेछैनस् र? तैंले आजको कामको अनुभव गरेको छस्, तेरो आफ्नै आँखाले त्यो देखेको छस्, र तेरो आफ्नै कानले सुनेको छस्, तर अन्त्यमा, यदि तैंले साक्षी दिन सकिनस् भने, के तँमा अझै जिइरहने साहस हुन्छ? तैँले कसको सामना गर्न सक्नेछस्? त्यो त्यत्ति सजिलो हुनेछ भनी अहिले कल्पना नगर्। भविष्यको काम तैंले

ग. मूल पाठमा “सत्य” भन्ने शब्द समावेश छैन।

कल्पना गरेको जस्तो सजिलो हुनेछैन; सत्यको लडाइँ लड्नु त्यत्ति सजिलो हुँदैन, त्यो त्यत्ति सरल छैन। अहिले, तँ सुसज्जित हुनु आवश्यक छ; यदि तँ सत्यद्वारा सुसज्जित छैनस् भने, जब समय आउँछ र पवित्र आत्माले अलौकिक ढङ्गले काम गर्नुहुन्न, तब तँ अन्योलमा पर्नेछस्।

## तँ मार्गको अन्तिम भागसम्म कसरी हिँड्नुपर्छ

तँ अहिले मार्गको अन्तिम भागमा छस्, अनि यो मार्गको एउटा महत्त्वपूर्ण भाग हो। सायद तैँले असाध्य कष्ट सहेको छस्, धेरै काम गरेको छस्, धेरै बाटोहरूमा यात्रा गरेको छस्, अनि धेरै प्रवचनहरू सुनेको छस्; सायद तँ अहिले जहाँ छस्, त्यहाँसम्म पुग्न सजिलो भएको छैन होला। यदि तैँले हाल सामना गरिरहेको कष्ट सहन सक्दैनस् भने र यदि तैँले विगतमा गरेकै कार्यलाई जारी राखिस् भने, तँलाई सिद्ध तुल्याइन सकिँदैन। यी वचनहरूको उद्देश्य तँलाई भयभीत तुल्याउन होइन–ती तथ्य हुन्। पत्रुसले परमेश्‍वरको धेरै काम अनुभव गरेपछि, उनले केही कुराहरूको अन्तर्दृष्टि र अझै बढी समझशक्ति पनि हासिल गरे। उनले सेवाको सिद्धान्तको सम्बन्धमा धेरै कुरा बुझे, अनि पछि जुन कुरा येशूले उनलाई सुम्पिनुभएको थियो, त्यसप्रति उनले आफैलाई पूर्ण रूपले अर्पण गर्न सके। उनले आफैले गरेको कुराहरूको निम्ति उनी परमेश्‍वरप्रति अति धेरै ऋणी छन् र उनले कहिल्यै पनि त्यसको बदला तिर्न सक्दैनन् भन्ने उनलाई लागेकै कारणले गर्दा नै उनले ठूलो शोधन प्राप्त गरेका थिए। पत्रुसले मानिस धेरै भ्रष्ट छन् भनेर पनि पहिचान गरे, जसले उनलाई उनको विवेकमा दोषी अनुभूति गर्ने तुल्यायो। येशूले पत्रुसलाई धेरै कुराहरू भन्नुभएको थियो, तर जब यी कुराहरू भनिएका थिए, त्यस समयमा, उनले थोरै बुझाइ मात्र प्राप्त गर्न सक्थे, अनि कहिलेकाहीँ उनले अझै केही विरोध र विद्रोहीपनलाई मनमा स्थान दिन्थे। येशूलाई क्रूसमा टाँगिएपछि, अन्ततः उनले केही जागरणको अनुभव गरे, अनि उनले आफैप्रति निन्दाका ठूला सन्तापहरू अनुभूति गरे। अन्त्यमा, यो यस्तो बिन्दुसम्म पुग्यो जहाँ कुनै पनि बेठीक विचारहरू राख्नु अस्वीकारयोग्य हो भनी उनले अनुभूति गरे। उनलाई आफ्नै अवस्थाको बारेमा राम्ररी थाहा थियो, अनि उनलाई प्रभुको पवित्रताको बारेमा पनि थाहा थियो। परिणामस्वरूप, उनीभित्र प्रभुको निम्ति अझ धेरै प्रेमको हृदय वृद्धि भयो, अनि उनी आफ्नै जीवनप्रति अझ बढी केन्द्रित भए। उनले ठूला कठिनाइहरू भोगेका हुनाले, अनि समय समयमा उनी गम्भीर बिमारी भए अनि उनी मरेको जस्तो प्रतीत भएको भए तापनि, उनले धेरै पल्ट यस प्रकारको शोधनबाट भएर गएपछि, उनले आफ्नै बारेमा अझ बढी बुझाइ हासिल गरे, अनि प्रभुको निम्ति सच्चा प्रेमको विकास गरे। यसो भन्न सकिन्छ कि उनको पूरै जीवन शोधनमा, अनि त्यसभन्दा पनि बढी, सजायमा बितेको थियो। उनको अनुभव अरू कुनै पनि व्यक्तिको भन्दा फरक थियो, अनि उनको प्रेमले सिद्ध नतुल्याइएका कुनै पनि व्यक्तिको प्रेमलाई उछिन्यो। उनलाई नमूनाको रूपमा चुनिनुको कारण के थियो भने, उनले आफ्नो जीवनकालमा धेरै व्यथा अनुभव गरे, र तिनका अनुभवहरू सबैभन्दा सफल थिए। यदि तिमीहरू पनि पत्रुसले जस्तै साँच्चिकै बाटोको अन्तिम भागसम्म हिँड्न सक्छौ भने, कुनै पनि सृष्टिले तिमीहरूका आशिषहरू खोसेर लैजान सक्दैन।

पत्रुस एउटा विवेकशील मानिस थिए, तर उनीसित भएको मानवताद्वारा पनि, जब उनले प्रभुलाई पछ्याउन सुरु गरे, त्यस समयमा उनीसित धेरै विरोधी तथा विद्रोही विचारहरू थिए। तर, जब उनले येशूलाई पछ्याइरहेका थिए, तब उनले यी कुराहरूलाई गम्भीरतापूर्वक लिएनन्, किनभने उनले मानिसहरू यस्तै प्रकारको हुनुपर्छ भन्ने विश्वास गर्थे। त्यसैले, सुरुमा उनले कुनै निन्दाको अनुभूति गरेनन्, न त उनलाई कुनै निराकरण नै गरियो। येशूले पत्रुसका प्रतिक्रियाहरूलाई गम्भीरतापूर्वक लिनुभएन, न त उहाँले त्यसप्रति कुनै ध्यान नै दिनुभयो, तर उहाँले आफूले गर्नुपर्ने कामलाई नै निरन्तरता दिइरहनुभयो। उहाँले पत्रुस र अरूको गल्तीलाई कहिल्यै पनि अनावश्यक रूपमा खोतल्नुभएन। तैँले यसो भन्लास्: "के तिनीहरूसित भएका विचारहरूको बारेमा येशूलाई थाहा नभएको हुन सक्ला र?" यो हुनै सक्दैन! किनभने उहाँले साँच्चिकै पत्रुसलाई चिन्नुहुन्थ्यो–वास्तवमा, यसो भन्न सकिन्छ कि उहाँसित उनको बारेमा यति ठूलो बुझाइ थियो–कि येशूले उनको विरुद्धमा कुनै कदमहरू लिनुभएन। उहाँले मानवजातिलाई घृणा गर्नुहुन्थ्यो र तिनीहरूलाई दया पनि गर्नुहुन्थ्यो। के तिमीहरूको माझमा अहिले पावल जस्तै विरोधी, अनि त्यस समयमा प्रभु येशूप्रति पत्रुससित जुन धारणाहरू थिए तिनै धारणाहरू बोक्ने मानिसहरू छैनन्? म तँलाई भन्छु, यदि तैँले तेरो तेस्रो इन्द्रिय, तेरो अनुभूति गर्ने इन्द्रियलाई अति विश्वास नगर्नु नै सर्वोत्तम हुन्थ्यो, जुन अत्यन्तै अविश्वसनीय हुन्छ र धेरै लामो समयअघि नै शैतानको भ्रष्टताद्वारा पूर्ण रूपले नष्ट गरिएको थियो। के तँलाई तेरो अनुभूति सिद्ध र दोषरहित छ भन्ने लाग्छ? पावलले धेरै पल्ट प्रभु येशूलाई विरोध गरे, तर येशूले कुनै प्रतिक्रिया दिनुभएन। के येशूले बिरामीलाई निको पार्न सक्नुभयो र भूतात्माहरूलाई निकाल्न सक्नुभयो, तापनि पावलमा भएको "भूतात्मा" लाई चाहिँ निकाल्न सक्नुभएन भन्ने हुन सक्छ? किन येशू पुनरुत्थान भइसकेपछि र स्वर्गारोहण भइसकेपछि मात्रै, पावल येशूका चेलाहरूलाई निर्दयतापूर्वक पक्राउ गरिरहेका बेलामा अन्त्यमा उहाँ दमस्कसको बाटोमा उनीकहाँ देखा पर्नुभई उनलाई प्रहार गर्नुभयो? के प्रभु येशूले अति ढिलो प्रतिक्रिया जनाउनुभएको हुनसक्छ त? अथवा, उहाँ देहमा हुनुहुँदा उहाँसित कुनै अधिकार नभएकोले यसो भएको हुन सक्ला? के जब तँ मेरो पछाडि गुप्त प्रकारले विध्वंसकारी र विरोधी हुन्छस्, तब मलाई थाहा हुँदैन भन्ने तँलाई लाग्छ? के तैँले पवित्र आत्माबाट पाउने अन्तर्दृष्टिका टुक्राहरूलाई मेरो विरोध गर्न प्रयोग गर्न सकिन्छ भन्ने तँलाई लाग्छ? जब पत्रुस अपरिपक्व थिए, तब उनले येशूको सम्बन्धमा धेरै विचारहरूलाई मनमा राखेका थिए, तब किन त उनलाई दोषी ठहऱ्याइएन? अहिले, धेरै मानिसहरूले विना दोष कामहरू गरिरहेका छन्, अनि तिनीहरूले जे गरिरहेका छन्, त्यो ठीक छैन भनी स्पष्ट प्रकारले तिनीहरूलाई बताइँदा पनि तिनीहरूले सुन्दैनन्। के यो पूर्ण रूपले मानिसको विद्रोहीपनको कारणले होइन र? मैले अहिले धेरै कुरा भनिसकेको छु, तर अझै पनि तँमा विवेकको दृष्टिकोणको सानो टुक्राको पनि कमी छ, त्यसैले बाटो नटुङ्गिएसम्म हिँडिरहनको निम्ति तँ कसरी बाटोको अन्तिम भागसम्म हिँड्न सक्नेछस् र? के यो वृहत् परिमाणको प्रश्‍न हो भन्ने तँलाई लाग्दैन?

मानिसहरूलाई जितिएपछि, तिनीहरूले परमेश्‍वरको योजनाबद्ध कार्यलाई पालन गर्न सक्छन्; तिनीहरूसित आफ्नो विश्‍वास र आफ्नो इच्छा दुवै हुन्छन् जसद्वारा तिनीहरूले परमेश्‍वरलाई प्रेम

गर्छन्, अनि तिनीहरू उहाँलाई पछ्याउन यीमाथि भर पर्छन्। त्यसैले, बाटोको अन्तिम भागमा कसरी हिँड्न सकिन्छ त? सङ्कष्ट अनुभव गर्दाका तेरा दिनहरूमा, तैँले सबै कठिनाइहरू सहनैपर्छ, अनि तँसित कष्ट भोग्न इच्छा हुनैपर्छ; केवल यसरी मात्रै तँ बाटोको यस भागमा राम्रोसित हिँड्न सक्छस्। के तँलाई बाटोको यस भागमा हिँड्न यति सजिलो छ भन्ने लाग्छ? तैँले कुन कार्य पूरा गर्नुपर्छ भनेर जान्नुपर्छ; तिमीहरूले आफ्नो क्षमतालाई बढाउनैपर्छ अनि आफैलाई पर्याप्त सत्यताले सुसज्जित पार्नुपर्छ। यो एक वा दुई दिनको काम होइन, अनि यो तैँले सोचेको जस्तो सरल छैन! बाटोको अन्तिम भागमा हिँड्ने कुरा तँसित साँच्चिकै कस्तो प्रकारको विश्वास र इच्छा छ भन्ने कुरामा निर्भर हुन्छ। सायद तैँले तँभित्र पवित्र आत्माले काम गरिरहनुभएको देख्न सक्दैनस्, वा सायद तैँले मण्डलीमा पवित्र आत्माले काम गरिरहनुभएको पत्ता लगाउन सक्दैनस्, त्यसैले अगाडिको बाटोको निम्ति तँ निराशावादी छस् र हताश र नैराश्यताले भरिपूर्ण छस्। निश्चित रूपमा, विगतका महान् योद्धाहरू सबै पतित भएका छन्—के यो सबै तेरो लागि प्रहार होइन र? तैँले यी कुराहरूलाई कसरी हेर्नुपर्छ? तँसित विश्वास छ, कि छैन? तैँले आजको कामलाई पूर्ण रूपले बुझ्न सक्छस् कि सक्दैनस्? यी कुराहरूले तँ बाटोको अन्तिम भागसम्म सफलतापूर्वक हिँड्न सक्छस् कि सक्दैनस् भन्ने कुरालाई निर्धारण गर्दछ।

तिमीहरू अहिले बाटोको अन्तिम भागमा छौ भनेर किन भनिन्छ? किनभने तिमीहरूले बुझ्नुपर्ने हरेक कुरा तिमीहरूले बुझेका छौ, अनि मानिसहरूले हासिल गर्नुपर्ने हरेक कुरा मैले तिमीहरूलाई बताएको छु। तिमीहरूलाई सुम्पिएको हरेक कुराको बारेमा पनि मैले तिमीहरूलाई बताएको छु। त्यसैले, अहिले तिमीहरू हिँडिरहेको बाटो मार्गको अन्तिम भाग हो, जुन बाटोबाट मैले मानिसहरूलाई डोऱ्याउँछु। म केवल तिमीहरूले स्वतन्त्र प्रकारले जिउने क्षमता हासिल गर भन्ने अपेक्षा गर्छु; तँसित सधैँ र हरेक समयमा हिँड्ने बाटो हुनेछ, अनि तैँले पहिले जस्तै आफ्नो क्षमता वृद्धि गर्नेछस्, सामान्य प्रकारले परमेश्वरका वचनहरू पढ्नेछस्, अनि सामान्य मानव जीवन जिउनेछस्। म अहिले तँलाई यस प्रकारले जिउन अगुवाई गर्दैछु तर भविष्यमा जब म तँलाई अगुवाइ गर्दिनँ, के तँ अझै पनि यसो गर्न सक्षम हुनेछस्? के तँ अघि बढिरहन सक्षम हुनेछस्? पत्रुसको अनुभव यस्तो थियो: जब येशूले उनलाई डोऱ्याइरहनुभएको थियो, तिनीसँग कुनै बुझाइ थिएन; उनी सधैँ एउटा निष्फिक्री बच्चा जस्तै थिए, अनि आफूले गरेका कुराहरूप्रति उनी गम्भीर थिएनन्। येशू बिदा भइसक्नुभएपछि मात्रै उनले सामान्य मानव जीवन सुरु गरे। येशू बिदा भइसक्नुभएपछि मात्रै उनको अर्थपूर्ण जीवन सुरु भयो। उनीसित सामान्य मानवताको केही चेतना र एउटा सामान्य व्यक्तिमा हुनुपर्ने केही कुराहरू रहेको भए तापनि, येशू बिदा नभएसम्म उनको साँचो अनुभव र खोजीको नयाँ सुरुवात भएको थिएन। तिमीहरूको हालको अवस्था के छ? म तिमीहरूलाई अहिले यस बाटोमा डोऱ्याउँदैछु, अनि यो उदेकको छ भन्ने तँलाई लाग्छ। तँमाथि आइपर्ने कुनै परिस्थिति वा परीक्षाहरू छैनन्, तापनि तेरो कद वास्तवमै कस्तो प्रकारको छ भनी हेर्ने कुनै उपाय छैन, न त तँ साँच्चिकै सत्यतालाई पछ्याउने व्यक्ति हो कि होइन भनेर देख्ने कुनै उपाय नै छ। तैँले आफ्नो सारलाई बुझ्छस् भनेर तँ आफ्नो मुखले भन्छस्, तर यी रित्ता शब्दहरू हुन्। भविष्यमा जब तथ्यहरू तँकहाँ आउँछन्, तब तेरो बुझाइ प्रमाणित हुनेछ। अहिले, तँसित यस्तो प्रकारको बुझाइ छ: “मेरो

आफ्नै देह अत्यन्तै भ्रष्ट छ, अनि मानिसहरूको देहको सार भनेको परमेश्‍वरको विरुद्धमा विद्रोह गर्नु र विरोध गर्नु हो भन्‍ने म बुझ्छु। परमेश्‍वरको न्याय र सजाय प्राप्‍त गर्न सक्नु नै उहाँले मानिसहरूलाई माथि उठाउने तरिका हो। मैले अहिले त्यो कुरा बुझेको छु, अनि म परमेश्‍वरको प्रेमको कर्जा तिर्न इच्छुक छु।" तर यो भन्‍न सजिलो छ। पछि तँमाथि जब सतावट, परीक्षाहरू, र कष्‍ट आउँछन्, यी कुराहरूबाट भएर जान सजिलो हुनेछैन। तिमीहरूले यो बाटोलाई हरेक दिन पछ्याउँछौ, तर तिमीहरूले अझै पनि तिमीहरूको अनुभवलाई निरन्तरता दिन सक्दैनौ। यदि मैले तिमीहरूलाई छोडिदिने हो र तिमीहरूलाई बेवास्ता गर्ने हो भने अवस्था झन् खराब हुनेथियो; धेरै मानिसहरू पतित हुनेथिए र नूनको खाँबो, लाजको चिन्हमा परिणत हुनेथिए। त्यस्ता नियतिहरू सम्भव छन्। के तँ यसको बारेमा चिन्तित वा व्याकुल छैनस्? पत्रुस त्यस प्रकारको परिस्थिति भएर गए र त्यस प्रकारको कष्‍ट भएर गए, तर उनी अझै पनि दृढ भई खडा भए। यदि तँ त्यस प्रकारको परिस्थितिमा परेको भए, के तँ दृढ भइ खडा हुन सक्नेथिइस्? येशूले पृथ्वीमा हुँदा भन्‍नुभएका कुराहरू र उहाँले गर्नुभएका कामहरूले पत्रुसलाई एउटा जग प्रदान गर्‍यो, अनि यही जगबाटै उनी पछिको मार्गमा हिँडे। के तिमीहरू त्यो स्तरमा पुग्‍न सक्छौ? तैँले हिँडेको मार्गहरू र तैँले बुझेका सत्यताहरू—के ती तेरो जग हुन सक्छ, जसमाथि तँ भविष्यमा दृढ भई खडा हुन सक्छस्? के यी कुराहरू तँ पछि दृढ भई खडा हुनको निम्ति तेरो दर्शन बन्‍नसक्छ? म तिमीहरूलाई सत्यता बताउनेछु—अहिले मानिसहरूले जे बुझ्छन्, ती सबै सिद्धान्तहरू हुन् भनेर भन्‍न सकिन्छ। किनकि तिनीहरूसित तिनीहरूले बुझेका सबै कुराहरूको अनुभव हुँदैन। तँ अहिलेसम्म अघि बढिरहन सफल हुनुको कारण के हो भने, तँ नयाँ ज्योतिद्वारा डोर्‍याइएको छस्। तेरो कद कुनै निश्‍चित तहसम्म पुगेको कारणले होइन, तर मेरा वचनहरूले तँलाई हालको दिनसम्म डोर्‍याएकोले गर्दा हो; तँसित ठूलो विश्‍वास भएको कारणले होइन, तर मेरा वचनहरूको बुद्धिको कारणले हो, जसले तँलाई आजसम्म अरू केही गर्ने होइन, तर मलाई नै पछ्याउने तुल्यायो। यदि मैले तँसित अहिले नबोल्ने हो भने, मेरो आवाज उच्चारण नगर्ने हो भने, तँ अघि बढिरहन असमर्थ हुने थिइस् र तुरुन्तै अघि बढ्‍न छोड्ने थिइस्। के तिमीहरूको वास्तविक कद यही होइन र? कुन पक्षहरूबाट भित्र प्रवेश गर्ने अनि तिमीहरूसित जे कुराको कमी छ, त्यसलाई कुन पक्षहरूले पूर्ति गर्ने भन्‍ने बारेमा तिमीहरूसित कुनै ज्ञान छैन। कसरी अर्थपूर्ण मानव जीवन जिउने, परमेश्‍वरको प्रेमको कर्जा कसरी तिर्ने, वा कसरी शक्तिशाली र शानदार गवाही कसरी दिने सो तिमीहरू बुझ्दैनौ। तिमीहरू यी कुराहरू हासिल गर्न पूर्ण रूपले असक्षम छौ। तिमीहरू अल्छी र बेवकुफ दुवै छौ! तिमीहरूले गर्न सक्ने एउटै कुरा भनेको अरू कुनै कुरामाथि अडेस लाग्‍नु हो, अनि अहिले जुन कुरामाथि तिमीहरू अडेस लाग्छौ, त्यो नयाँ ज्योति हो र तिमीहरूको अघि हुनुहुने, तिमीहरूलाई डोर्‍याइरहनुभएका परमेश्‍वर हो। आजसम्म तिमीहरू अघि बढिरहन सक्नुको कारण के हो भने, तिमीहरू नयाँ ज्योतिमा र सबैभन्दा हालैका वाणीहरूमा निर्भर छौ। तिमीहरू पत्रुस जस्तो बिलकुल छैनौ, जो साँचो बाटोलाई पछ्याउन निपुण थिए, वा अय्यूब जस्तो बिलकुल छैनौ जो यहोवालाई भक्ति पूर्वक आराधना गर्न र यहोवाले जसरी उनलाई जाँचे पनि, उहाँले उनलाई आशिष दिनुभए पनि, नदिनुभए पनि यहोवा नै परमेश्‍वर हुनुहुन्छ भनी विश्‍वास गर्न सक्षम थिए। के तिमीहरू त्यसो गर्न सक्छौ? तिमीहरू कसरी जितिएका

छौ? एउटा पक्ष न्याय, सजाय र श्राप हो, अनि अर्को पक्ष तिमीहरूलाई जित्ने रहस्यहरू हुन्। तिमीहरू सबै गधाहरू जस्ता हौ। यदि म जे भन्छु, त्यो तिमीहरूको लागि पर्याप्त रूपले उत्कृष्ट छैन र त्यसमा कुनै रहस्यहरू छैनन् भने तिमीहरूलाई जितिन सकिँदैन। यदि कुनै व्यक्तिले प्रचार गरिरहेको भए र तिनीहरूले केही समयावधिको निम्ति त्यही कुराहरूको बारेमा प्रचार गरेका भए, तिमीहरू दुई वर्षभित्रै छोडेर जानेथियौ र छरपष्ट हुनेथियौ; तिमीहरू अघि बढिरहन सक्नेथिएनौ। तिमीहरूलाई कसरी अझ गहिरोतिर जाने भन्ने थाहा छैन, न त कसरी सत्यता वा जीवनको मार्गलाई पछ्याउने सो कुरालाई नै बुझ्छौ। तिमीहरूले बुझ्ने एउटै कुरा भनेको नयाँ जस्तो लाग्ने कुरालाई ग्रहण गर्नु हो, जस्तै रहस्यहरू वा दर्शनहरू, वा कसरी परमेश्‍वरले काम गर्नुहुन्थ्यो, वा पत्रुसका अनुभवहरू, वा येशूको क्रूसीकरणको पृष्ठभूमिको बारेमा सुन्ने...। तिमीहरू यस्ता कुराहरूको बारेमा मात्रै सुन्न चाहन्छौ, अनि जति बढी सुन्छौ, त्यति नै बढी जोशले भरिन्छौ। यी सबै कुराहरू तिमीहरू केवल आफ्ना पीडा र न्यास्रोपनलाई हटाउनको निम्ति सुनिरहेका छौ। तिमीहरूका जीवन पूर्ण रूपले यिनै नयाँ कुराहरूद्वारा पोषित हुन्छन्। के तँ आज जहाँ छस्, त्यहाँ तँ आफ्नै विश्‍वासद्वारा पुगेको छस् भन्ने तँलाई लाग्छ? के तिमीहरूसँग भएको यो क्षुद्र, दयनीय सानो कद होइन र? तिमीहरूको सत्यनिष्ठा कहाँ छ? तिमीहरूको मानवता कहाँ छ? के तिमीहरूमा मानव जीवन छ? सिद्ध तुल्याइनको निम्ति तिमीहरूसँग कति वटा तत्वहरू छन्? के मैले भनिरहेको कुरा तथ्य होइन र? म यस प्रकारले बोल्छु र काम गर्छु, तर अझै पनि तिमीहरूले कुनै ध्यान दिँदैनौ। तिमीहरूले पछ्याउने क्रममा ध्यान पनि देऊ। तिमीहरू सधैँ उदासीनताको रूपलाई कायम राख्छौ, अनि तिमीहरू सधैँ जबरजस्ती डोऱ्याइन्छौ। तिमीहरू सबै यसरी नै अघि बढेका छौ; आज तिमीहरू जहाँ छौ, त्यहाँ तिमीहरूलाई जुन कुराले डोऱ्याएको छ, त्यो पूर्ण रूपले सजाय, शोधन र ताडना नै रहेको छ। यदि जीवन प्रवेशको बारेमा केही वचनहरू मात्र प्रचार गरिएको भए, के तिमीहरू सबै धेरै लामो समयअघि नै सुटुक्कै छोडेर जाने थिएनौ र? तिमीहरूमध्ये हरेक पहिलेभन्दा बढी दम्भले भरिपूर्ण छौ, तर वास्तवमा तिमीहरूको पेट अरू केही होइन, तर फोहोर पानीले भरिएको छ! तँ अहिलेसम्म लागिपरेको छस् किनकि तैँले केही रहस्यहरू, केही कुराहरू बुझ्दै आएको छस्, जुन मानिसहरूले पहिले कहिल्यै बुझेका थिएनन्। तिमीहरूसँग नपछ्याउने कुनै कारणहरू नै छैन, त्यसैले तिमीहरू दृढ संकल्पले भरिपूर्ण हुन र भीडलाई पछ्याउन सक्षम भएका छौ। यो मेरा वचनहरूद्वारा हासिल गरिएको परिणाम हो, अनि यो निश्‍चय नै तिमीहरू आफैले सम्पन्न गरेको साहसिक कार्य होइन। तिमीहरूसित घमन्ड गर्नका निम्ति कुनै कुरा छैन। त्यसैले, कामको यो चरणमा, तिमीहरू मुख्य रूपले वचनहरूद्वारा नै वर्तमान दिनसम्म डोऱ्याइएका हौ। नत्रभने, तिमीहरूमध्ये को आज्ञाकारी हुन सक्षम हुनेथियो? को आजसम्म लागिपर्न सक्षम हुनेथियो? सुरुबाट नै तिमीहरू यथासम्भव छिटो छोडेर जान चाहन्थ्यौ, तर तिमीहरूले त्यसो गर्ने साहस गर्न सकेनौ; तिमीहरूमा साहसको कमी थियो। आजसम्म पनि तिमीहरूले आधा हृदयले पछ्याइरहेका छौ।

येशूलाई क्रूसमा टाँगिएपछि र उहाँ बिदा हुनुभएपछि मात्रै पत्रुसले आफ्नै दिशामा हिँड्न सुरु गरे र आफू जानुपर्ने बाटो हिँड्न सुरु गरे; उसले आफ्नै अपर्याप्तताहरू र कमी-कमजोरीहरू देखेपछि मात्रै ऊ सुसज्जित हुन थाल्यो। परमेश्‍वरको निम्ति आफूसित अत्यन्तै थोरै प्रेम रहेछ अनि कष्ट

भोग्ने उनको इच्छा कति अपर्याप्त रहेछ, आफूसित कुनै अन्तर्दृष्टि छैन रहेछ अनि आफूसित चेतनाको कमी रहेछ भनी उसले देख्यो। आफूमा रहेका धेरै कुराहरू येशूको इच्छाअनुरूप नरहेको, धेरै कुराहरू विद्रोही र विरोधी तथा मानव इच्छाद्वारा भ्रष्ट भएको छ भन्ने उनले देखे। केवल यसपछि मात्रै उनले हरेक पक्षमा प्रवेश हासिल गरे। जब येशूले उनलाई डोऱ्याइरहनुभएको थियो, तब येशूले उनको अवस्थालाई प्रकट गरिदिनुभयो र पत्रुसले त्यसलाई मानिलिए र येशूले जे भन्नुभयो, त्यससित सहमत भए, तापनि पछिको समय आउनुभन्दा अघिसम्म उनीसँग अझै साँचो बुझाइ थिएन। किनभने त्यस समयमा उनीसँग आफ्नै कदको बारेमा कुनै अनुभव वा ज्ञान थिएन। भन्नुको अर्थ, म अहिले तिमीहरूलाई डोऱ्याउनको लागि वचनहरू मात्रै प्रयोग गरिरहेको छु, र थोरै समयावधिमा तिमीहरूलाई सिद्ध बनाउनु असम्भव छ, अनि तिमीहरू सत्यतालाई बुझ्न र जान्न सक्ने क्षमतामा मात्रै सीमित हुनेछौ। किनकि तँलाई जित्नु र तेरो हृदयमा तँलाई मनाउनु नै हालको काम हो, अनि मानिसहरू जितिएपछि मात्रै तिनीहरूमध्ये कोही सिद्ध तुल्याइनेछन्। अहिले, तैँले बुझ्ने ती दर्शनहरू र ती सत्यताहरूले तेरा भविष्यका अनुभवहरूको निम्ति एउटा जग बसालिरहेका छन्; भविष्यका संकष्टमा तिमीहरू सबैसित यी वचनहरूको व्यवहारिक अनुभव हुनेछ। पछि, जब तँमाथि परीक्षाहरू आइपर्छ अनि तँ संकष्टबाट भएर जान्छस्, तैँले आज भनेको वचनहरूको बारेमा सोच्नेछस्, जुन यी हुन्: "मैले जुनसुकै संकष्ट, परीक्षाहरू, वा ठूला विपत्तिहरू सामना गर्नुपरे तापनि, मैले परमेश्‍वरलाई सन्तुष्ट पार्नैपर्छ।" पत्रुसका अनुभवहरूलाई, अनि त्यसपछि अय्यूबका अनुभवहरूलाई सम्झी—तँ आजका वचनहरूद्वारा उत्तेजित हुनेछस्। केवल यसरी मात्रै तेरो विश्‍वास प्रेरित हुन सक्नेछ। त्यस समयमा, परमेश्‍वरको न्याय र सजाय पाउन आफू योग्य छैन भनी पत्रुसले भने, अनि जब समय आउँछ, तब तँद्वारा सबै मानिसहरूले धार्मिक स्वभाव देखून् भन्ने कुरामा तँ पनि इच्छुक हुनेछस्। तैँले उहाँको न्याय र सजाय तत्परताका साथ स्वीकार गर्नेछस् र उहाँको न्याय, सजाय र श्राप तेरो निम्ति सान्त्वना हुनेछ। अहिले, सत्यताले सुसज्जित नहुनु तेरो निम्ति स्वीकारयोग्य छैन। यसविना, तँ भविष्यमा दृढ भई खडा हुन नसक्ने मात्रै होइन, तर तँ हालको काम पनि अनुभव गर्न नसक्ने हुन सक्छस्। यदि यस्तो भयो भने, के तँ ती बहिष्कृत र दण्डितहरूमध्ये एउटा हुनेछैनस् र? अहिले, तँकहाँ कुनै तथ्यहरू आएका छैनन्, अनि तँमा जुन पक्षको कमी छ, मैले तँलाई त्यसैमा आपूर्ति गरेको छु; म हरेक पक्षबाट बोल्छु। तिमीहरूले धेरै कष्ट सहेका छैनौ; तिमीहरूले कुनै मूल्य नतिरीकनै जे उपलब्ध छ, त्यो लिन्छौ, अनि त्यसभन्दा बढी, तिमीहरूसित कुनै साँचो अनुभवहरू वा अन्तर्दृष्टिहरू छैनन्। त्यसैले, तिमीहरूले जे बुझ्छौ, त्यो तिमीहरूको साँचो कदहरू होइनन्। तिमीहरू आफ्ना बुझाइ, ज्ञान, र दृष्टिमा सीमित छौ, तर तिमीहरूले धेरै फसल कटनी गरेका छैनौ। यदि मैले तिमीहरूलाई कहिल्यै वास्ता नगरेर तिमीहरूलाई तिमीहरूका आफ्नै घरमा अनुभवहरूबाट भएर जान दिएको भए, तिमीहरू लामो समयअघि नै ठूलो संसारमा द्रुत गतिमा भागेर जानेथियौ। भविष्यमा तैँले जुन बाटो हिँड्नेछस्, त्यो कष्टको बाटो हुनेछ, अनि यदि तँ सफलतापूर्वक हालको बाटोको अन्तिम भागसम्म हिँड्छस् भने, जब तँ भविष्यमा ठूलो संकष्ट भएर जानेछस् तब तँसित गवाही हुनेछ। यदि तैँले मानव जीवनको महत्त्वलाई बुझ्छस् अनि मानव जीवनको सही बाटो लिएको छस्, र यदि परमेश्‍वरले तँसित जसरी व्यवहार गर्नुभए

पनि तँ कुनै गुनासो नगरी वा छनौट नगरी उहाँका योजनाहरूमा आफैलाई सुम्पिन्छस् भने, अनि यदि तँ परमेश्‍वरलाई कुनै मागहरू गर्दैनस् भने, यस प्रकारले तँ मूल्यवान् व्यक्ति हुनेछस्। अहिले तँ संकष्टबाट भएर गएको छैनस्, त्यसैले तँ कुनै भेदभावविना आज्ञापालन गर्न सक्छस्। परमेश्‍वरले तँलाई जसरी डोऱ्याउनुभए पनि त्यो बाटो ठीक छ, अनि उहाँका सबै योजनाबद्ध कार्यहरूमा तैँले आफैलाई सुम्पिन्छस् भनेर तँ भन्छस्। परमेश्‍वरले तँलाई सजाय वा श्राप दिनुभए पनि, तँ उहाँलाई सन्तुष्ट गर्न इच्छुक हुनेछस्। त्यति भनिसकेपछि पनि, तैँले अहिले भन्ने कुराले तेरो कदलाई प्रतिनिधित्व गर्छ नै भन्ने छैन। अहिले तँ जे गर्न इच्छुक छस्, त्यसले तँ अन्त्यसम्म पछ्याउन सक्षम छस् भनी देखाउँदैन। जब ठूला परीक्षाहरू तँमाथि आउँछन् वा जब तँ केही सतावट वा दबाब वा अझ ठूला परीक्षाहरू भएर जान्छस्, तब तैँले ती वचनहरू भन्न सक्नेछैनस्। यदि तँसित तब त्यस प्रकारको बुझाइ हुनसक्छ र तँ दृढ भइ खडा हुन्छस् भने, यो तेरो कद हुनेछ। त्यस समयमा पत्रुस कस्तो थियो? पत्रुसले भने: "प्रभु, म तपाईंको निम्ति मेरो जीवन अर्पण गर्नेछु। यदि तपाईंले म मरेको चाहनुहुन्छ भने पनि म मर्नेछु!" उनले त्यस समयमा त्यसरी नै प्रार्थना गरे। उनले यसो पनि भने: "यदि अरूले तपाईंलाई प्रेम गर्दैनन् भने पनि म तपाईंलाई अन्त्यसम्मै प्रेम गर्नेछु। म तपाईंलाई हर समय पछ्याउनेछु।" त्यस समय उनले भनेको कुरा यही नै हो, तर उनीमाथि परीक्षाहरू आउनेबित्तिकै उनी लडे र धुरुधुरु रोए। पत्रुसले तीन पल्टसम्म प्रभुलाई इन्कार गरे भन्ने कुरा तिमीहरू सबैलाई थाहा छ, थाहा छैन र? धेरै मानिसहरू छन् जसले आफूमाथि परीक्षाहरू आउँदा धुरुधुरु रुनेछन् र मानव कमजोरी देखाउनेछन्। तँ आफ्नै मालिक होइनस्। यसमा, तैँले आफैलाई नियन्त्रण गर्न सक्दैनस्। सायद, आज तैँले धेरै राम्रो गर्दैछस्, तर तँसित अनुकूल वातावरण भएकोले गर्दा यसो भएको हो। यदि भोलि त्यो परिवर्तन भयो भने, तैँले आफ्नो कायरता र असक्षमता, तेरो घिनलाग्दोपन र अयोग्यता देखाउनेछस्। तेरो "पुरुषार्थ" निष्फल भएको लामो समय भइसकेको हुनेछ, अनि कहिलेकहीँ तैँले तेरो कामलाई एकातिर पन्छ्याउनेछस् र आफ्नो बाटो लाग्नेछस्। यसले के देखाउनेछ भने, त्यस समय तैँले जे बुझिस्, त्यो तेरो वास्तविक कद थिएन। कुनै व्यक्तिले साँच्चिकै परमेश्‍वरलाई प्रेम गर्छन् कि गर्दैनन्, तिनीहरू साँच्चिकै परमेश्‍वरको योजनामा पूर्ण रूपमा समर्पित हुन सक्छन् कि सक्दैनन्, अनि परमेश्‍वरले जे माग गर्नुहुन्छ, त्यसलाई प्राप्त गर्न तिनीहरूले सबै शक्ति लगाउन सक्छन् कि सक्दैनन्, अनि आफ्नै जीवन बलिदान दिनु परे पनि तिनीहरू परमेश्‍वरप्रति वफादार रहन, र परमेश्‍वरलाई सबै थोकको सर्वोत्तम भाग दिन सक्छन् कि सक्दैनन् भनेर हेर्नको लागि व्यक्तिको वास्तविक कदलाई हेर्नुपर्छ।

अहिले यी वचनहरू बोलिएका छन् भन्ने कुरालाई तैँले याद गर्नुपर्छ: पछि तैँले अझ ठूलो संकष्ट र अझ ठूलो कष्ट अनुभव गर्नेछस्! सिद्ध तुल्याइनु साधारण वा सजिलो कुरा होइन। कम्तीमा, तँमा अय्यूबको विश्‍वास हुनुपर्छ वा सायद तिनको भन्दा अझ ठूलो विश्‍वास हुनुपर्छ। भविष्यमा अय्यूबको परीक्षाहरूभन्दा ठूला परीक्षाहरू हुनेछन् अनि तँ अझै पनि दीर्घकालीन सजाय भएर जानुपर्छ भन्ने कुरा तैँले जान्नैपर्छ। के यो सरल कुरा हो र? यदि तेरो क्षमतालाई सुधार गर्न सकिँदैन, यदि तेरो बुझ्ने क्षमतामा कमी छ भने, अनि यदि तँलाई अत्यन्तै थोरै कुरा मात्र थाहा छ भने, त्यस समयमा तँसित कुनै गवाही हुनेछैन, तर बरु तँ शैतानको निम्ति एउटा ठट्टा र

खेल्ने कुरा हुनेछस्। यदि अहिले तैँले दर्शनहरूलाई पक्रिन सक्दैनस् भने, तँसित बिलकुल कुनै जग छैन, अनि भविष्यमा तँलाई फ्याँकिनेछ! बाटोको कुनै पनि भाग हिँड्नको निम्ति सजिलो छैन, त्यसैले यसलाई हल्का रूपमा नली। यसलाई होशियारीपूर्वक तौली र तयारीहरू गर् ताकि तँ यस बाटोका अन्तिम भागसम्म उचित प्रकारले हिँड्न सक्। यो भविष्यमा हिँड्नैपर्ने बाटो, सबै मानिसहरूले हिँड्नैपर्ने बाटो हो। तैँले यो ज्ञानलाई बेवास्ता गर्नु हुँदैन; म तँलाई जे भन्छु, त्यो सबै सासको बरबादी मात्र हो भनी नसोच्। त्यो दिन आउनेछ जब तैँले यसलाई राम्रो प्रयोगमा लगाउनेछस्—मेरा वचनहरू व्यर्थमा बोल्न सकिँदैन। यो आफैलाई सुसज्जित पार्ने समय हो, भविष्यको निम्ति बाटो तयार गर्ने समय हो। तैँले पछि हिँड्नुपर्ने बाटो तयार गर्नुपर्छ; तँ भविष्यमा कसरी दृढ भई खडा हुनेछस् भन्ने बारेमा तँ चिन्तित र व्याकुल हुनुपर्छ, अनि तेरो भविष्यको बाटोको निम्ति राम्रोसित तयार गर्नुपर्छ। घिचुवा र अल्छी नहो! तेरो समयको सर्वोत्तम प्रयोग गर्न तैँले गर्नसक्ने हरेक कुरा गर्नुपर्छ, ताकि तँलाई चाहिने हरेक कुरा तैँले हासिल गर्न सक्। तैँले बुझ्न सक् भनेर म तँलाई सबै कुरा दिइरहेको छु। तीन वर्षभन्दा कम समयमा मैले कति धेरै कुराहरू गरेको छु र कति धेरै काम गरेको छु भनी तिमीहरूले आफ्नै आँखाले देखेका छौ। मैले यस प्रकारले काम गर्नुको एउटा कारण के हो भने, मानिसहरूमा धेरै कुराको कमी छ, अनि अर्को कारण समय अति छोटो छ; अब अरू कुनै ढिलाइ हुन सक्दैन। मानिसहरूले तिनीहरू गवाही हुन सक्नुभन्दा अघि र उपयोगी हुन सक्नुभन्दा अघि तिनीहरूले पहिले पूर्ण रूपमा आन्तरिक स्पष्टता प्राप्त गर्नुपर्छ भन्ने कल्पना गर्छन्—तर के त्यो धेरै सुस्त हुने थिएन र? त्यसैले, मैले कति लामो समयसम्म तँलाई साथ दिनुपर्ने हो? यदि म बूढो भइञ्जेल र मेरो कपाल फुलुञ्जेलसम्म मैले तिमीहरूलाई साथ दिएको तिमीहरू चाहन्छौ भने, त्यो असम्भव हुनेछ! ठूला संकष्टहरूबाट गुज्रेर नै मानिसहरूभित्र साँचो बुझाइलाई हासिल गर्न सकिनेछ। काम गर्ने कदमहरू यिनै हुन्। तैँले आज सङ्गति गरेका दर्शनहरूलाई पूर्ण रूपले बुझेपछि र तैँले साँचो कद प्राप्त गरेपछि, भविष्यमा तँ जस्तोसुकै कठिनाइहरू भएर गए तापनि त्यसले तँलाई व्याकुल बनाउनेछैन, अनि तैँले त्यसलाई सामना गर्न सक्नेछस्। जब मैले कामको यो अन्तिम कदम पूरा गरेको हुनेछु र आखिरी वचनहरू उच्चारण गरेर सिध्याएको हुनेछु, भविष्यमा मानिसहरू आफ्नै बाटोमा हिँड्न आवश्यक हुनेछ। यसले पहिले बोलिएका वचनहरूलाई पूरा गर्नेछ: पवित्र आत्मासित हरेक व्यक्तिको निम्ति आज्ञा छ, र हरेक व्यक्तिमा गर्ने काम छ। भविष्यमा, हरेक व्यक्ति पवित्र आत्माद्वारा डोऱ्याइएर तिनीहरू हिँड्नुपर्ने बाटोमा हिँड्नेछन्। सङ्कष्टबाट भएर जाँदा कसले अरूको निम्ति वास्ता गर्न सक्नेछ? हरेक व्यक्तिको आफ्नै कष्ट हुन्छ, अनि हरेकको आफ्नै कद हुन्छ। कसैको कद पनि अरूको कदसित समान छैन। पतिहरूले आफ्नी पत्नीको वास्ता गर्न सक्नेछैनन् वा आमाबाबुले आफ्नै छोराछोरीको वास्ता गर्न सक्नेछैनन्; कसैले पनि अरू कसैको वास्ता गर्न सक्नेछैन। यो पारस्परिक वास्ता र सहायता अझै सम्भव भएको अहिलेको समय जस्तो हुनेछैन। त्यो हरेक प्रकारको व्यक्तिलाई खुलासा गरिने समय हुनेछ। भन्नुको अर्थ, जब परमेश्वरले गोठालाहरूलाई प्रहार गर्नुहुन्छ, तब बगालका भेडाहरू छरपष्ट हुनेछन्, अनि त्यस समयमा तिमीहरूसित कुनै साँचो अगुवा हुनेछैन। मानिसहरू विभाजित हुनेछन्—तिमीहरू एउटा झुण्डको रूपमा सँगै आउन सक्ने

अहिलेको जस्तो यो हुनेछैन। भविष्यमा, जोसित पवित्र आत्माको काम छैन, तिनीहरूले आफ्नो साँचो रङ देखाउनेछन्। पतिहरूले आफ्ना पत्नीहरूलाई बेच्नेछन्, पत्नीहरूले आफ्ना पतिहरूलाई बेच्नेछन्, बच्चाहरूले आफ्ना बाबुआमाहरूलाई बेच्नेछन्, अनि बाबुआमाहरूले आफ्ना बच्चाहरूलाई सताउनेछन्—मानव हृदय नापि नसक्नुको छ! गर्न सकिने एउटै कुरा भनेको व्यक्तिसित जे छ, त्यसलाई पक्रिराख्नु हो, अनि मार्गको अन्तिम भागसम्म हिँड्नु हो। अहिले, तिमीहरूले यसलाई प्रस्टसित देख्दैनौ; तिमीहरू सबै निकटको कुरा मात्रै देख्न सक्छौ। कामको यो कदम सफलतापूर्वक अनुभव गर्नु सजिलो कुरा होइन।

संकष्टको समयलाई अति धेरै लम्बाइएको हुनेछैन; वास्तवमा, यो एक वर्षभन्दा कम समयसम्म रहनेछ। यदि यो एक वर्षसम्म रहने हो भने, कामको अर्को कदम ढिलो हुनेछ, अनि मानिसहरूको कद अपर्याप्त हुनेछ। यदि यो अति लामो भएको भए, मानिसहरूले यसलाई सामना गर्न सक्नेथिएनन्। आखिर, मानिसहरूको कदका आफ्नै सीमितताहरू छन्। मेरो आफ्नै काम पूरा भएपछि, अर्को कदम भनेको मानिसहरूले आफूले हिँड्नुपर्ने मार्ग हिँड्नु हुनेछ। हरेकले आफूले कुन मार्ग हिँड्नुपर्छ भन्ने कुरा बुझ्नैपर्छ—यो एउटा मार्ग हो र कष्टको एउटा प्रक्रिया हो, अनि यो परमेश्वरलाई प्रेम गर्ने तेरो इच्छालाई शोधन गर्ने एउटा मार्ग पनि हो। तँ कुन सत्यताहरूभित्र प्रवेश गर्नुपर्छ, तैँले कुन सत्यताहरू पूर्ति गर्नुपर्छ, तैँले कसरी अनुभव गर्नुपर्छ, अनि तैँले कुन पक्षबाट प्रवेश गर्नुपर्छ—तैँले यी सबै कुरालाई बुझ्नैपर्छ। तैँले अहिले नै आफूलाई सुसज्जित पार्नुपर्छ। जब तँमाथि सतावट आइपर्छ, तब अति ढिलो भइसकेको हुनेछ। हरेक व्यक्तिले तिनीहरूको आफ्नै जीवनको बोझ बोक्नुपर्छ, अनि सधैँ अरूको चेतावनीहरू वा अरूले नै तँलाई जबरजस्ती डोऱ्याऊन् भनेर सधैँ पर्खने नगर्। मैले धेरै कुरा भनेको छु, तर तँ कुन सत्यताहरूभित्र प्रवेश गर्नुपर्छ वा कुन सत्यताहरूले आफैलाई सुसज्जित पार्नुपर्छ भन्ने तँलाई अझै थाहा छैन। यसले के देखाउँछ भने, तैँले परमेश्वरका वचनहरू पढ्ने कार्यमा अझै प्रयास गरेको छैनस्। तैँले तेरो आफ्नै जीवनको निम्ति कुनै पनि बोझ बोक्दैनस्—यो कसरी ग्रहणयोग्य हुन सक्ला र? तँ केमा प्रवेश गर्नुपर्छ भन्ने बारेमा स्पष्ट छैनस्, तैँले बुझ्नुपर्ने कुरालाई तँ बुझ्दैनस्, अनि तिमीहरूले लिनुपर्ने भविष्यको मार्गको सम्बन्धमा तिमीहरू सबै अझै अन्योलमै छौ। के तिमीहरू पूर्ण रूपमा बेकामको छैनौ र? तिमीहरूको प्रयोग के छ र? तिमीहरूले अहिले जे गरिरहेका छौ, त्यो तिमीहरूका आफ्नै बाटोहरू बनाउने र निर्माण गर्ने कार्य हो। मानिसहरूले के हासिल गर्नुपर्छ भन्ने कुरा तैँले जान्नैपर्छ र मानवजातिको निम्ति परमेश्वरले दिनुभएका मागहरूको मापदण्डलाई तैँले जान्नैपर्छ। तँसित निम्न बुझाइ हुनैपर्छ: जे-सुकै भए तापनि, म नराम्ररी भ्रष्ट भएको भए तापनि, मैले परमेश्वरको सामु आफ्ना यी कमीहरूलाई पूरा गर्नैपर्छ। परमेश्वरले मलाई भन्नुअघि, मैले बुझिनँ, तर अहिले उहाँले मलाई भन्नुभएको छ र मैले बुझेको छु, त्यसैले मैले कमी-कमजोरीलाई पूर्णता दिन, सामान्य मानवताको जीवन जिउन, परमेश्वरको इच्छालाई पूरा गर्ने स्वरूपको जीवन जिउन हतार गर्नुपर्छ। मैले पत्रुसले जिएको जीवन अनुरूप जिउन नसके तापनि, कम्तीमा मैले सामान्य मानवताको जीवन जिउनुपर्छ। यस प्रकारले मैले परमेश्वरको हृदयलाई सन्तुष्ट पार्न सक्छु।

यस मार्गको अन्तिम भाग अहिलेदेखि भविष्यको संकष्ट नसिद्धिएसम्मै फैलिनेछ। मार्गको

यो भाग मानिसहरूको साँचो कद प्रकट भएपछि हुनेछ, साथै तिनीहरूसित साँचो विश्‍वास छ वा छैन भनेर पनि यसले देखाउनेछ। मार्गको यो भाग यस अघि मानिसहरूले हिँडेको मार्गभन्दा बढी कठिन, चट्टाने बाटो हुने हुनाले, यसलाई "मार्गको अन्तिम भाग" भनेर भनिन्छ। सत्यता के हो भने, यो बाटोको सबैभन्दा अन्तिम खण्ड होइन; किनकि सङ्कष्टबाट भएर गइसकेपछि, तँ सुसमाचार फैलाउने कामबाट भएर जानेछस् अनि मानिसहरूका केही भाग प्रयोग हुने कामबाट भएर जानेछन्। त्यसैले, "मार्गको अन्तिम भाग" मानिसहरूलाई शोधन गर्ने संकष्ट तथा कठोर वातावरणको सन्दर्भमा मात्र भनिएको हो। विगतमा हिँडिएको मार्गको त्यो भागमा, मैले तँलाई सिकाउन हातले पक्रेर, र मेरो आफ्नै मुखबाट तँलाई खुवाएर मैले व्यक्तिगत रूपमा तँलाई त्यस सुखद यात्रामा डोऱ्याएँ। तँ धेरै पल्ट सजाय र न्यायबाट भएर गए तापनि, जहाँसम्म तेरो कुरा छ, ती हल्का प्रहारहरूको श्रृंखलाभन्दा बढी थिएनन्। अवश्य नै, त्यसले परमेश्‍वरमाथिको तेरो विश्‍वासको दृष्टिकोणहरूलाई उल्लेखनीय ढङ्गले परिवर्तन गराएको छ; यसले तेरो स्वभावलाई पनि उल्लेखनीय ढङ्गले स्थिर गराएको छ, अनि तँलाई मेरो बारेमा केही बुझाई हासिल गर्न दिएको छ। तर म के भन्दैछु भने, जब मानिसहरू मार्गको त्यस भागमा हिँडिरहेका थिए, तब मानिसहरूले तिरेको मूल्य वा परिश्रमी प्रयास केही हदसम्म सानो थियो—तँ आज जहाँ छस्, त्यहाँसम्म तँलाई डोऱ्याउने म नै हुँ। किनकि म तँलाई केही गर्न लगाउँदिन; वास्तवमा, तँबाट मैले गरेका मागहरू बिलकुल उच्च छैनन्—जे उपलब्ध छ म तँलाई त्यही लिन अनुमति दिन्छु। यस समयावधिमा, मैले तिमीहरूका खाँचोहरू अटुट रूपले पूरा गरेको छु, अनि मैले कहिल्यै अनुचित मागहरू गरेको छैनँ। तिमीहरूले पटक-पटक सजाय सहेका छौ, तापनि तिमीहरूले मेरो मूल मागहरूलाई हासिल गरेका छैनौ। तिमीहरू पछि हट्छौ र खिन्न हुन्छौ, तर म त्यसलाई ध्यान दिँदिन किनकि अहिले यो मेरो व्यक्तिगत कामको समय हो, अनि म तेरो "उपासना" लाई धेरै गम्भीरतापूर्वक लिँदिनँ। तर यसभन्दा उताको मार्गमा, म उप्रान्त काम गर्ने वा बोल्नेछैनँ, अनि जब समय आउँछ, म तिमीहरूलाई उप्रान्त त्यस्तो सुस्त ढङ्गले अघि बढ्न दिनेछैनँ। म तिमीहरूलाई प्रशस्त पाठहरू सिकाउनेछु, अनि म तिमीहरूलाई जे उपलब्ध छ, त्यो लिन दिनेछैनँ। तिमीहरूसँग आज जुन साँचो कद छ, त्यसलाई खुलासा गरिनैपर्छ। तेरा वर्षौंदेखिको प्रयास अन्ततः फलदायी भएको छ वा छैन भन्ने कुरा तँ मार्गको यस अन्तिम भागमा हिँड्छस् त्यस कुरामा देखिनेछ। विगतमा, तिमीहरूले परमेश्‍वरलाई विश्‍वास गर्नु धेरै सरल छ भनी सोच्थ्यौ, किनकि परमेश्‍वरले तँलाई कठोरतापूर्वक व्यवहार गरिरहनुभएको थिएन। अनि अहिले नि? के तिमीहरूलाई परमेश्‍वरमा विश्‍वास गर्नु सरल हो भन्ने लाग्छ? के तिमीहरूलाई अझै परमेश्‍वरमा विश्‍वास गर्दा यसले तिमीहरूलाई सडकमा खेलिरहेका बच्चाहरूलाई जस्तै खुशी र निष्फिक्री बनाउनेछ भन्ने लाग्छ? तिमीहरू भेडाहरू हौ भन्ने कुरा साँचो हो; तथापि, तिमीहरूले परमेश्‍वरको अनुग्रहको कर्जा चुकाउन, र तिमीहरूले विश्‍वास गर्ने परमेश्‍वरलाई पूर्ण रूपले हासिल गर्न तिमीहरूले आफूले हिँड्नुपर्ने यो मार्ग हिँड्न सक्नैपर्छ। आफैलाई ठट्टामा नउडाओ, अनि आफैलाई मूर्ख नबनाओ! यदि तँ मार्गको यस भागमा दृढ रहन सक्छस् भने, तैँले मेरो सुसमाचारीय कार्य सम्पूर्ण ब्रह्माण्डभरि फैलिएको अभूतपूर्व दृश्यलाई देख्न सक्नेछस्, अनि तैँले मसित घनिष्ठ हुने र सम्पूर्ण ब्रह्माण्डभरि मेरो कामलाई फैलाउने कार्यमा

तेरो भूमिका खेल्ने सौभाग्य पाउनेछस्। त्यस समयमा, तँ हिँड्नुपर्ने बाटोमा तँ धेरै खुशीसाथ निरन्तर हिँड्नेछस्। भविष्य असीमित रूपले उज्यालो हुनेछ, तर अहिलेको प्राथमिक कुरा भनेको मार्गको यस अन्तिम भागसम्म ठीक प्रकारले हिँड्नु हो। तैँले खोजी गर्नैपर्छ र यो काम कसरी गर्ने हो, त्यसको निम्ति तयारी गर्नैपर्छ। तैँले अहिले गर्नुपर्ने कुरा यही नै हो; यो अहिलेको जरुरी विषय हो!

# मण्डलीहरूमा हिँड्ने क्रममा ख्रीष्टले दिनुभएका वचनहरू
# ३

(जुलाइ १९९३ देखि मार्च १९९४ सम्म)

# तँ तेरो भविष्यको मिसनमा कसरी संलग्न हुनुपर्छ?

के तँ हरेक युगमा परमेश्‍वरले व्यक्त गर्नुभएको स्वभावलाई युगको महत्त्व उचित रूपमा संप्रेषितगर्ने भाषामा ठोस तरिकाले संचार गर्नसक्छस्? के आखिरी दिनहरूका परमेश्‍वरको कार्यलाई अनुभव गर्ने तँ, परमेश्‍वरको धर्मी स्वभावलाई विस्तृत रूपमा व्याख्या गर्न सक्छस्? के परमेश्‍वरको स्वभावको बारेमा तैँले स्पष्ट र सटीक रूपमा गवाही दिन सक्छस्? धार्मिकताको निम्ति भोकाउने र तिर्खाउने अनि तैँले तिनीहरूको गोठाला गरोस् भनी तँलाई प्रतीक्षा गरिरहेका दयनीय, गरिब, र भक्त धार्मिक विश्‍वासीहरूलाई तैँले कसरी आफूले देखेका र अनुभव गरेका कुराहरू हस्तान्तरण गर्नेछस्? तैँले तिनीहरूको गोठालो गरोस् भनी कस्तो प्रकारका मानिसहरूले तँलाई प्रतीक्षा गरिरहेका छन्? के तँ कल्पना गर्न सक्छस्? के तेरा काँधहरू, तेरो कार्यभार, अनि तेरो जिम्मेवारीको बोझको बारेमा तँलाई थाहा छ? ऐतिहासिक मिसनको तेरो आभास कहाँ छ? अर्को युगमा मालिकको रूपमा तैँले कसरी पर्याप्त रूपमा सेवा गर्नेछस्? के तँमा मालिकपनको बलियो आभास छ? यावत् थोकका मालिकको बारेमा तैँले कसरी व्याख्या गर्नेछस्? के यो साँच्चै संसारका सारा जीवित प्राणीहरू अनि सारा भौतिक कुराहरूको मालिक हो? कामको अर्को चरणको प्रगतिको लागि तँसँग के-कस्ता योजनाहरू छन्? कति धेरै मानिसहरूले तँलाई तिनीहरूका गोठालो हुनका लागि प्रतीक्षा गरिरहेका छन्? के तेरो काम बोझमय छ? तिनीहरू अन्धकारमा बिलौना गरिरहेका गरिब, दयनीय, अन्धाहरू हुन्, र तिनीहरू नोक्सानीमा छन्—यो मार्ग कहाँ छ? धेरै वर्षदेखि मानिसलाई थिचोमिचोमा पारेको अन्धकारको शक्तिहरूलाई उल्का झैँ अचानकज्योति तल झरेर हटाओस्भनी तिनीहरू कति तड्पिन्छन्। तिनीहरूले यसको लागि उत्सुकताका साथ जुन हदसम्म आशा गर्छन्, र दिन-रात यसको लागि जसरी विलाप गर्छन् त्यो कसले जान्न सक्छ र? ज्योति चम्केर जाने दिनमा समेत, गहन रूपमा कष्ट भोगिरहेका यी मानिसहरू कालकोठरीमा रिहाइको कुनै आशाविना बन्दी नै रहिरहन्छन्; कहिले तिनीहरूले बिलौना गर्न छोड्नेछन्? कहिल्यै विश्राम नदिइएका यी कमजोर आत्माहरूको दुर्भाग्य कति भयानक छ, अनि निर्दयी बन्धनहरू र कठ्याङ्ग्रिएको इतिहासद्वारा तिनीहरूलाई यो अवस्थामा बन्धनमा राखिएको धेरै भइसकेको छ। अनि तिनीहरूको बिलौनाको आवाज कसले सुनेको छ र? कसले तिनीहरूलाई तिनीहरूको दयनीय अवस्थामा हेरेको छ र? परमेश्‍वरको हृदय कति शोकित र व्याकुल छ भन्ने तैँले कहिल्यै विचार गरेको छस्? उहाँको आफ्नै हातले सृष्टि गर्नुभएको निर्दोष मानवजातिले त्यस्तो पीडा भोगेको उहाँले कसरी देख्न सक्नुहुन्छ? आखिर, मानवजाति विष खुवाइएका पीडितहरू नै त हुन्। मानवजाति आजको दिनसम्म बाँचेको भए तापनि, मानवजातिलाई धेरै पहिले नै दुष्टले विष खुवाएको छ भन्ने कसलाई थाहा हुनेथियो र? के तँ पीडितहरूमध्ये एक होस् भन्ने तैँले बिर्सिस्? के परमेश्‍वरप्रतिको तेरो प्रेमको खातिर, यी बाँचेकाहरूलाई मुक्तगर्ने प्रयास गर्न तँ इच्छुक छैनस्? के तँ मानवजातिलाई आफ्नै मासुर रगतजस्तै प्रेम गर्नुहुने परमेश्‍वरको ऋण तिर्न आफ्नो सारा ऊर्जा अर्पण गर्न इच्छुक छैनस्? जब सबै कुरा भनिन्छ र गरिन्छ, तब तेरो असाधारण जीवन जिउनको लागि परमेश्‍वरद्वारा

प्रयोग गरिनुलाई तैँले कसरी अर्थ लगाउँछस्? के तँसँग एक भक्त, परमेश्‍वरको सेवा गर्ने व्यक्तिको अर्थपूर्ण जीवन जिउने अठोट र आत्मविश्‍वास साँच्चै छ त?

## मानवजातिलाई व्यवस्थापन गर्ने उद्‌देश्य

यदि मानिसहरूले मानव जीवनको सही मार्ग र मानवजातिका निम्ति परमेश्‍वरको व्यवस्थापन योजनाको उद्‌देश्य स्पष्ट रूपमा देख्न सके भने, तिनीहरू आफ्नो व्यक्तिगत भविष्य र भाग्यलाई धनको रूपमा आफ्नो हृदयमा समातेर राख्दैनन्। तब तिनीहरूले आफ्ना बाबुआमाको सेवामा चासो राख्ने छैनन्, जो सुँगुरहरू र कुकुरहरूभन्दा खराब छन्। के मानिसको भविष्य र गन्तव्य ठीक पत्रुसका वर्तमान समयका तथाकथित "आमाबाबुहरू" होइनन् र? तिनीहरू मानिसका मासु र रगतजस्ता छन्। मानिसको गन्तव्य र भविष्य के हुनेछ? के यो जीवित छँदै परमेश्‍वरलाई देख्न पाउने हुनेछ, वा मृत्युपछि परमेश्‍वरलाई प्राणले भेट्ने कार्य हुनेछ? देह भोलि महासङ्कष्टको एक ठूलो भट्टीमा समाप्त हुनेछ, कि अग्नि-कुण्डमा? के यस्ता प्रश्‍नहरू मानिसको देहले दुर्भाग्य सहनेछ कि कष्ट भोग्नेछ भन्ने कुरा यस वर्तमान प्रवाहमा रहेका, मस्तिष्क भएका र संवेदनशील जो कोहीसित बढी सम्बन्धित हुँदैन र? (यहाँ, सहनुले आशिष पाउने कुरालाई जनाउँछ; यसको अर्थ भविष्यमा हुने परीक्षाहरू मानिसका गन्तव्यका लागि फाइदाजनक हुन्छन्। दुर्भाग्यले दृढ खडा हुन नसक्नुलाई, वा धोकामा पर्नुलाई बुझाउँछ; वा यसको अर्थ व्यक्तिले दुर्भाग्यपूर्ण परिस्थितिहरूको सामना गर्नेछ र विपत्तिहरूमा परेर आफ्नो ज्यान गुमाउनेछ, र उसको आत्माको निम्ति कुनै उपयुक्त गन्तव्य छैन भन्ने हो।) मानिसहरूसँग ठोस कारण भए पनि, सायद तिनीहरूले जे सोच्छन् त्यो तिनीहरूका समझशक्ति जुन कुराले सुसज्जित हुनुपर्छ त्योसँग पूर्ण रूपले मेल खाँदैन। किनकि तिनीहरू सबै भ्रमित हुन्छन् र अन्धाधुन्ध कुराहरूलाई पछ्याउँछन्। तिनीहरू के भित्र प्रवेश गर्नुपर्छ त्यो तिनीहरू सबैले राम्ररी बुझ्नुपर्छ, र विशेष रूपमा महसंकष्टकालमा (अर्थात् आगोको भट्टीमा शुद्ध पारिंदा) केमा प्रवेश गर्नुपर्छ, साथै आगोको परीक्षणको अवधिमा तिनीहरू कुन कुराले सुसज्जित हुनुपर्छ त्यो कुरा पत्ता लगाउनुपर्छ। सधैँ आफ्ना आमाबाबुको (अर्थ देह) सेवा नगर् जो सुँगुरहरू र कुकुरहरू जस्ता छन् र कमिला र उडुसहरू भन्दा पनि खराब छन्। यसमा व्याकुल हुनु, बल पूर्वक सोचविचार गर्नुको र तेरो दिमागलाई कष्ट दिनुको के अर्थ छ? देह तेरो स्वामित्वमा छैन, तर परमेश्‍वरको हातमा छ, जसले तँलाई नियन्त्रण मात्र गर्नुहुन्न, तर शैतानलाई पनि हुकुम गर्नुहुन्छ। (यसको अर्थ देह सुरुमा शैतानको स्वामित्वमा हुन्छ भन्ने हो। शैतान पनि परमेश्‍वरको हातमा छ, त्यसैले यस कुरालाई यो शब्दमा मात्र भन्न सकिन्छ। किनकि यस प्रकारले भन्दा धेरै पत्यारिलो हुन्छ; यसले मानिसहरू सम्पूर्ण रूपमा शैतानको स्वामित्वमा छैनन्, तर परमेश्‍वरको हातमा छन् भन्ने बुझाउँछ।) तँ शरीरको यातनामा परेर जिइरहेको छस्—तर के देह तेरो स्वामित्वमा छ? के यो तेरो वशमा छ? त्यसको विषयमा तेरो दिमागलाई किन कष्ट दिन्छस्? किन लामो समयदेखि तेरो सडेको देहको निम्ति निरन्तर परमेश्‍वरसँग बिन्ती गरिरहन्छस्, जुन लामो समयदेखि दोषी ठहरिएको छ, श्रापित छ र अशुद्‌ध आत्माहरूद्‌वारा अशुद्‌ध भएको छ? शैतानका

सहयोगीहरूलाई तेरो हृदयको नजिकमा राख्नुको के आवश्यकता छ? के देहले तेरो वास्तविक भविष्यलाई, तेरो सुन्दर आशाहरूलाई, र तेरो जीवनको वास्तविक गन्तव्यलाई बिगार्न सक्छ भन्ने कुरामा तँ चिन्तित हुँदैनस् र?

आजको मार्ग हिँड्न सजिलो छैन। यो प्राप्त गर्नु निकै गाह्रो छ भनेर भन्न सकिन्छ, र सबै युगौंयुगभरि, यो अति दुर्लभ रहेको छ। तापनि, मानिसको देह मात्रै पनि उसलाई बरबाद पार्न पर्याप्त हुनेछ भनी कसले सोचेको थियो? आजको काम अवश्य नै वसन्तको झरीजस्तै अनमोल छ, र मानिसप्रति परमेश्‍वरको कृपा जत्तिकै मूल्यवान् छ। तापनि, यदि मानिसले उहाँको वर्तमान कामको उद्‌देश्य जान्दैन भने वा मानवजातिको सार बुझ्दैन भने, यसको अनमोलता र बहुमूल्यताको कुरा कसरी गर्न सकिन्छ? देह मानिसहरूको आफ्नै स्वामित्वमा हुँदैन, त्यसैले यसको वास्तविक गन्तव्य कहाँ हुनेछ भनेर कसैले पनि स्पष्ट रूपमा बुझ्न सक्दैन। तैपनि, तैंले यो राम्ररी जान्नुपर्छ कि सृष्टिका प्रभुले सृष्टि गरिएको मानवजातिलाई त्यसको सुरुको स्थानमा फर्काउनुहुनेछ, र तिनीहरूको सृष्टिको समयदेखिको तिनीहरूको मूल स्वरूप पुनर्स्थापित गर्नुहुनेछ। उहाँले मानिसभित्र फुकिदिनुभएको सास पूर्ण रूपमा फिर्ता लिनुहुनेछ, हड्‌डी र मासुलाई फेरि कब्जा गर्नुहुनेछ र सबै थोक सृष्टिका प्रभुमा फर्काउनुहुनेछ। उहाँले मानवजातिलाई पूर्ण रूपमा परिवर्तन र नवीकरण गर्नुहुनेछ, र मानिसबाट परमेश्‍वरको सम्पूर्ण सम्पदा फिर्ता लिनुहुनेछ जुन मानवजातिको होइन, तर परमेश्‍वरको हो, र त्यो फेरि कहिल्यै मानवजातिलाई दिनुहुनेछैन। किनकि पहिलो कुरा त यो हो कि ती कुनै पनि थोक मानवजातिको थिएन। उहाँले ती सबैलाई फिर्ता लिनुहुनेछ—यो अनुचित लुट होइन; बरु, यसको उद्‌देश्य स्वर्ग र पृथ्वीलाई तिनीहरूको मूल अवस्थामा पुनर्स्थापना गर्नु, साथै मानिसलाई रूपान्तरण र नवीकरण गर्नु हो। यो मानिसको लागि उचित गन्तव्य हो, तापनि यो मानिसहरूले सोचेजस्तो देहलाई सजाय दिइएपछि फेरि आफ्नो बनाउने कुरा होइन। देह नष्ट भएपछि परमेश्‍वरले त्यसको अस्थिरपंजर चाहनुहुन्‍न; उहाँ मानिसमा भएको मूल तत्त्वहरू चाहनुहुन्छ जुन सुरुदेखि नै परमेश्‍वरको स्वामित्वमा थियो। यसैले, उहाँले मानवजातिलाई नष्ट गर्नुहुनेछैन वा मानिसको देहलाई पूर्ण रूपले नष्ट पार्नुहुनेछैन, किनकि मानिसको देह उसको निजी सम्पत्ति होइन। बरु, यो मानवजातिलाई व्यवस्थापन गर्ने परमेश्‍वरको अतिरिक्त भाग हो। उहाँले आफ्नो "आनन्द" का लागि मानिसका देहलाई कसरी नष्ट पार्न सक्नुहुन्छ र? अहिलेसम्म, के तैंले वास्तवमै आफ्नो देहलाई सम्पूर्ण रूपमा छोडेको छस्, जुन एक पैसा मूल्यको पनि छैन? यदि तैंले आखिरी दिनहरूको कामको तीस प्रतिशत मात्रै बुझ्न सकिस् भने (यसको तीस प्रतिशत भन्नुको अर्थ पवित्र आत्माको आजको काम र आखिरी दिनहरूमा भएको परमेश्‍वरको काम हो), तैँले आफ्नो देहको "सेवा" गरिरहँदैनस् वा "सन्तानको सेवा" गरिरहँदैनस्, जुन शरीर आज जस्तै धेरै वर्षदेखि भ्रष्ट रहेको छ। मानिसहरू अहिले अभूतपूर्व अवस्थामा विकसित भएका छन्, र अब इतिहासका पाङ्ग्राहरू जस्तै अगाडि बढ्नेछैन। तेरो पुरानो देह लामो समयदेखि झिँगोहरूले ढाकिएको छ, त्यसैले परमेश्‍वरले आजको दिनसम्म अगि बढ्न दिनुभएको इतिहासका पाङ्ग्राहरूलाई यसले कसरी उल्टाउन सक्छ? आखिरी दिनहरूको शान्त रूपमा टिक-टिक गर्ने घडीलाई यसले फेरि कसरी टिक-टिक गर्ने बनाउन अनि त्यसका काँटाहरूलाई घडीको दिशामा चल्ने बनाउन सक्छ? यसले बाक्लो कुहिरोमा ढाकिएको

संसारलाई कसरी रूपान्तरण गर्न सक्छ? के तेरो देहले पहाड-पर्वत र नदी-नालालाई पुनर्जीवित पार्न सक्छ? तेरो शरीर, जसको थोरै मात्र काम छ, के त्यसले साँच्चै तैंले अति नै चाहेको मानव संसारको पुनर्स्थापित गर्न सक्छ? के तँ आफ्ना सन्तानलाई साँच्चै “मानव प्राणी” बन्ने शिक्षा दिन सक्छस्? के तैंले अहिले यो कुरा बुझिस्? तेरो शरीर वास्तवमा केको स्वामित्वमा छ? मानिसलाई मुक्ति दिनु, मानिसलाई सिद्ध पार्नु र मानिसलाई रूपान्तरण गर्नुको परमेश्वरको सुरुको अभिप्राय भनेको तँलाई एउटा सुन्दर गृहदेश दिनु वा मानिसको शरीरलाई शान्तिपूर्ण विश्राम दिनु भन्ने थिएन; यो त उहाँको महिमा र उहाँको गवाहीको लागि, मानवजातिको भविष्यको अझ उत्तम आनन्दका लागि, र यसरी तिनीहरूले चाँडै विश्राम गर्न सकून् भन्ने अभिप्रायको लागि थियो। अझै यो तेरो देहको निम्ति थिएन, किनकि मानिस परमेश्वरको व्यवस्थापनको पूँजी हो, र मानिसको देह अतिरिक्त सहायक मात्रै हो। (मानिस आत्मा र शरीर दुवै भएको एक वस्तु हो, जबकि देह नष्ट भएर जाने वस्तु हो। यसको अर्थ देह व्यवस्थापन योजनामा प्रयोग गरिने एउटा साधन हो भन्ने हुन्छ।) तँलाई थाहा हुनुपर्दछ कि परमेश्वरको सिद्धता, पूर्णता र मानिसहरूको प्राप्तिले तिनीहरूका देहमा तरवार र चोटहरू, अन्त्यहीन दुःख, जलन, क्रूर न्याय, सजाय, र श्रापहरू अनि असिम परीक्षाहरू बाहेक अरू केही ल्याउँदैन। मानिसको व्यवस्थापन कार्यको भित्री कथा र सत्यता यही हो। तापनि, यी सबै कुराहरू मानिसको देहमा लक्षित हुन्छन्, र शत्रुताका सबै वाणहरू निर्दयतापूर्वक मानिसको देहप्रति लक्षित गरिन्छन् (किनकि मानिस निर्दोष छ)। यो सबै उहाँको महिमा र गवाहीका लागि हो, र उहाँको व्यवस्थापनका लागि हो। कारण उहाँको काम मानव जातिका लागि मात्र होइन, तर सम्पूर्ण योजनाका लागि पनि हो, साथै उहाँले मानव जातिलाई सृष्टि गर्नुभएको समयको उहाँको सुरुको इच्छा पूरा गर्नलाई पनि हो। त्यसकारण, सायद मानिसले गर्ने अनुभवको नब्बे प्रतिशतमा दुःखहरू र कठिनाइको आगो सामेल हुन्छ, र त्यहाँ मानिसको देहले चाहना गरेका मीठा र खुसीयालीका दिनहरू थोरै हुन्छन् वा एउटै पनि हुँदैन। मानिसले परमेश्वरसित सुन्दर समय बिताउँदै देहमा खुसीका क्षणहरू झनै कम अनुभव गर्न सक्छ। देह फोहोर छ, त्यसैले मानिसको देहले जे देख्छ वा उपभोग गर्छ त्यो परमेश्वरको ताडना बाहेक अरू केही पनि हुँदैन, जसलाई मानिसले अनुपयुक्त पाउँछ, मानौं त्यसमा सामान्य अनुभूतिको अभाव थियो। किनभने परमेश्वरले आफ्नो धार्मिक स्वभाव प्रकट गर्नुहुन्छ, जसलाई मानिसले समर्थन गर्दैन, जसले मानिसका अपराधहरू सहँदैन, र शत्रुहरूलाई घृणा गर्दछ। परमेश्वरले कुनै पनि उपायद्वारा उहाँको सम्पूर्ण स्वभाव प्रकट गर्नुहुन्छ, त्यसरी शैतानसँग उहाँको छ हजार वर्षको लडाइँको–सारा मानव जातिको मुक्तिको कामर प्राचीन कालको शैतानलाई नाश पार्ने काम समाप्त गर्नुहुन्छ।

## मानिसको सार र पहिचान

वास्तवमा, इस्राएलीहरू हताश छैनन्; तिनीहरूले परमेश्वरद्वारा विगत छ हजार वर्षदेखि गरिँदै आएको कामलाई ध्यानपूर्वक हेरेका छन्, किनभने मैले तिनीहरूलाई त्यागिनँ। बरु, तिनीहरूका पितापुर्खाले असल र खराबको ज्ञान दिने रूखबाट फल खाएको कारणले, जुन तिनीहरूलाई दुष्टद्वारा

दिइएको उपहार थियो, तिनीहरूले पापको निम्ति मलाई त्यागे। असल सधैँ मेरो नै हो, जबकि खराब दुष्टको हो जसले पापको खातिर मलाई फुस्ल्याउँछ। म मानिसहरूलाई दोष लगाउँदिनँ, न त म तिनीहरूलाई निर्दयतापूर्वक नाश गर्छु र निर्मम सजायको भागिदार बनाउँछु, किनभने खराब मौलिक रूपमा मानिसजातिको थिएन। त्यसैकारण, इस्राएलीहरूले मलाई सार्वजनिक रूपमा क्रुसमा टाँगे तापनि, तिनीहरू जसले मसीह तथा यहोवालाई पर्खंदै आएका छन् र मुक्तिदाता येशूको चाहना गरिरहेका छन्, तिनीहरूले मेरो प्रतिज्ञा कहिल्यै बिर्सेका छैनन्ः किनभने मैले तिनीहरूलाई त्यागेको छैनँ। आखिर, मैले रगतलाई मानवजातिसित स्थापित गरेको करारको प्रमाणको रूपमा लिएको थिएँ, यो तथ्य "रगतको करार" भएको छ जुन एउटा छापजस्तै अनि स्वर्ग तथा पृथ्वी अनन्त रूपमा परस्पर निर्भर भएजस्तै जवान तथा निर्दोषहरूको हृदयमा अंकित भएको छ। यी दुःखी मानिसहरू जसलाई मैले पूर्वनियुक्त गरेँ, चुनेँ, अनि पछि उद्धार र हासिल गरेँ, तिनीहरूलाई मैले कहिल्यै धोका नदिएको कारण, अनि तिनीहरूले मलाई त्यस दुष्टलाई भन्दा बढी प्रेम गरेकाले, तिनीहरू उत्सुकतापूर्वक मेरो पुनरागमनको अपेक्षा गर्छन् अनि व्यग्रतापूर्वक मलाई भेट्ने प्रतीक्षा गर्छन्। मैले रगतद्वारा तिनीहरूसित स्थापित गरेको करारलाई कहिल्यै नमेटेको कारण तिनीहरूले व्यग्रतापूर्वक प्रतीक्षा गरेकोमा कुनै आश्चर्य मान्नुपर्दैन। म यी थुमाहरूलाई फेरि ग्रहण गर्नेछु जो धेरै वर्षदेखि हराएका छन्, किनभने मैले सधैँ मानिसहरूलाई प्रेम गरेको छु; यो त केवल खराबका तत्वहरू तिनीहरूमा भएका असलमा जोडिएको कुरा हो। म यी दरिद्र मानिसहरूलाई हासिल गर्नेछु जसले मलाई प्रेम गर्छन् र जसलाई मैले यति लामो समयदेखि प्रेम गरेको छु, तर म कसरी ती दुष्टहरूलाई मेरो घरभित्र ल्याउन सक्छु जसले मलाई कहिल्यै प्रेम गरेका छैनन् र जसले मलाई शत्रुजस्तै व्यवहार गरेका छन्? मैले रगतद्वारा मानवजातिसित करार स्थापित गरेको भए तापनि मलाई घृणा गर्ने, विरोध गर्ने, प्रतिरोध गर्ने, आमक्रण गर्ने र सराप्ने दियाबलस तथा सर्पका ती वंशजलाई म मेरो घरभित्र ल्याउनेछैन। मेरो कामको उद्देश्य के हो अनि कसको निम्ति म त्यो काम गर्छु भनी तैँले यथार्थ रूपले जान्नुपर्छ। के तेरो प्रेममा असल वा खराब सामेल छ? तँसित भएको मेरो बारेको ज्ञान दाऊद तथा मोशाको समान छ वा छैन? मप्रतिको तेरो सेवा अब्राहमको समान छ वा छैन? तँ वास्तवमा मद्वारा सिद्ध पारिँदैछस्, तर तैँले कसलाई प्रतिनिधित्व गर्नेछस् अनि कसको परिणाममा तँ भागीदार हुनेछस् भनी तैँले जान्नुपर्छ। तेरो जीवनकालभरि, मेरो कामसम्बन्धी तेरो अनुभवमा, के तैँले हर्षपूर्ण रूपले र प्रशस्त मात्रामा बाली भित्र्याएको छस्? के यो भरपूर तथा फलदायक छ? तैँले आफूले आफैमाथि चिन्तन गर्नुपर्छः तैँले मेरो खातिर वर्षौं मेहनत गरेको छस्, तर के तैँले केही हासिल गरेको छस्? के तैँले केही रूपान्तरण अनुभव गरेको वा केही हासिल गरेको छस्? तेरो अत्यन्तै कठिन अनुभवहरूको बदलामा, के तँ पत्रुसजस्तै भएको छस् जसलाई क्रुसमा टाँगियो वा पावलजस्तो भएको छस् जसलाई ठूलो ज्योतिको प्रहार एवं प्राप्ति भयो? तँसित यी कुराबारे केही चेतना हुनुपर्छ। म सदा तेरो जीवनबारे कुरा गरिरहेको छैनँ वा तेरो जीवनमाथि सोचिरहेको छैनँ जुन तोरीको बीउभन्दा पनि सूक्ष्म छ र बालुवाको कण जतिकै सानो छ। स्पष्ट रूपमा भन्नुपर्दा, मैले मानवजातिलाई व्यवस्थित गर्छु। तथापि, मैले एकपल्ट घृणा गरेको तर पछि फेरि उठाएको मानिसको जीवनलाई म मेरो व्यवस्थापनको महत्वपूर्ण हिस्सा मान्दिनँ।

तिमीहरूको भूतपूर्व पहिचानको साँचो प्रकृति, साथै तिमीहरू दासको रूपमा कसको अधीनमा थियौ भन्ने बारेमा तँसित स्पष्ट बुझाइ हुनुपर्छ। यसर्थ, मानिसलाई व्यवस्थापन गर्नको लागि कच्चा पदार्थको रूपमा म शैतानसँग मिल्ने मानिसको अनुहार प्रयोग गर्दिनँ, किनभने मानिसहरू कहिल्यै पनि मूल्यवान वस्तु थिएनन्। तिमीहरूले सुरुमा तिमीहरूप्रति भएको मेरो मनोवृत्ति स्मरण गर्नुपर्छ, अनि त्यतिबेला मैले कसरी तिमीहरूलाई सम्बोधन गरेको थिएँ, सो सम्झना गर्नुपर्छ–जुन व्यावहारिक महत्वविनाको आग्रह थिएन। तिमीहरू जुन उपनाम पहिरिन्छौ, त्यो विनाकारण छैन भनी तैँले जान्नुपर्छ। म अनुमान गर्छु कि यो कुरा तिमीहरू सबैलाई थाहा छ, तिमीहरू परमेश्‍वरका थिएनौ बरु सुरुमै शैतानद्वारा कब्जा गरिएका थियौ अनि तिमीहरूले त्यसको घरमा बफादार दास भएर सेवा गरेका थियौ; यसअलावा, तिमीहरूले मलाई धेरै पहिले नै बिर्सियौ किनभने तिमीहरू लामो समयसम्म मेरो घरभन्दा बाहिर अनि दुष्टको हातमा रह्यौ। म जसलाई उद्धार गर्छु, तिनीहरू मैले लामो समयअघि नै पूर्वनियुक्त गरेका अनि मद्वारा उद्धार गरिएका मानिसहरू हुन् जबकि तिमीहरू नियमको अपवादको रूपमा मानवतामाझ राखिएका दरिद्र मानिसहरू हौ। तिमीहरूलाई थाहा हुनपर्छ कि तिमीहरू दाऊद वा याकूब घरानाका होइनौ बरु मोआब घरानाका हौ जसका सदस्यहरू अन्य कुलमा पर्छन्। किनभने मैले तिमीहरूसित कुनै करार स्थापित गरिनँ, बरु मात्र काम गरेँ, तिमीहरूको माझमा बोलेँ, अनि तिमीहरूलाई डोऱ्याएँ। मेरो रगत तिमीहरूका निम्ति बगाइएको थिएन, मेरो गवाहीको खातिर तिमीहरूको माझमा मैले केवल आफ्नो काम गरिरहेको थिएँ। के यो कुरा तिमीहरूलाई थाहा थिएन र? के मेरो काम तिमीहरूको निम्ति जसरी येशूले रगत बगाएर मृत्युवरण गर्नुभयो, वास्तवमै त्यो समान छ र? पहिलो कुरा, मैले तिमीहरूको निम्ति त्यस्तो ठूलो अपमान सहेको केही फाइदाको कुरो भएन। परमेश्‍वर जो पूर्ण रूपमा पापरहित हुनुहुन्छ, उहाँ सीधै अत्यन्तै घिनलाग्दो तथा बीभत्स ठाउँमा आउनुभयो, मानव बसोबासको निम्ति अयोग्य रहेको सुङ्गुर र कुकुरहरूको ठाउँमा आउनुभयो, तपानि मैले यी सबै क्रुर अपमानहरू मेरा पिताको महिमाको निम्ति र अनन्त गवाहीको निम्ति सहेँ। तिमीहरूले तिमीहरूको व्यवहार कस्तो छ भनी जान्नुपर्छ र तिमीहरू “धनी तथा शक्तिशाली खानदान” मा जन्मेका बच्चाहरू होइनौ बरु केवल शैतानका दयनीय सन्तानहरू हौ भनी बुझ्नुपर्छ। तिमीहरू मानवजातिका कुलपिताहरू पनि होइनौ, न त तिमीहरूसित मानवअधिकार वा स्वतन्त्रता नै छ। मौलिक रूपमा तिमीहरू मानवजातिका आशिष्हरूको कुनै पनि कुरामा भागीदार थिएनौ, न त तिमीहरू स्वर्गको राज्यका आशिष्हरूमा नै भागीदार थियौ। यस्तो किन हो भने तिमीहरू मानवजातिको सबैभन्दा तल्लो तहमा छौ, अनि मैले तिमीहरूको भविष्यको बारेमा कहिल्यै विचार गरेको छैनँ। यसैकारण, आज तिमीहरूलाई सिद्ध तुल्याउने आत्मविश्‍वास मसित हुन्छ भन्ने मेरो योजनाको एउटा भाग भए तापनि यो एक अभूतपूर्व काम हो, किनभने तिमीहरूको स्तर अति निम्न छ अनि मौलिक रूपमा तिमीहरूको मानवजातिमा कुनै हिस्सा नै थिएन। मानिसहरूको लागि, प्रष्ट रूपले के यो आशिष् होइन र?

म जसलाई उद्धार गर्छु तिनीहरू मैले लामो समयअघि नै पापशोधनको भाँडोबाट मुक्त गरिएका मानिसहरू हुन्, साथै तिनीहरू मैले लामो समयअघि भेट गरेका चुनिएका मानिसहरू हुन्, किनकि तिनीहरूले म फेरि तिनीहरूमाझ पुनः प्रकट हुनुपर्छ भन्ने तिर्सना गरेका छन। तिनीहरूले

मलाई प्रेम गरेका छन्, अनि मेरो करारलाई तिनीहरूले आफ्नो हृदयमा कुँदेर राखेका छन् जुन मैले रगतद्वारा स्थापित गरेको थिएँ किनकि मैले तिनीहरूलाई प्रेम गरेको छु। तिनीहरू हराएका थुमाजस्ता छन् जसले धेरै वर्षदेखि मलाई खोज्दै आइरहेका छन्, अनि तिनीहरू असल छन्; त्यसकारण, म तिनीहरूलाई असल इस्राएलीहरू अनि प्यारा साना स्वर्गदूतहरू भन्दछु। यदि म तिनीहरूको माझमा भएको भए मैले त्यस्तो अपमान सहने थिइनँ। किनभने तिनीहरूले मलाई आफ्नो जीवनभन्दा पनि बढी प्रेम गर्छन्, अनि म तिनीहरूलाई सबै थोकमा सबैभन्दा सुन्दर भनी प्रेम गर्छु। किनभने तिनीहरू मद्वारा सृष्टि गरिएका र मेरा हुन्, तिनीहरूले मलाई कहिल्यै बिर्सेका छैनन्। तिनीहरूको प्रेमले तिमीहरूको प्रेमलाई माथ गर्छ, अनि तिमीहरूले आफ्नै जीवनलाई प्रेम गरेको भन्दा बढी तिनीहरूले मलाई प्रेम गर्छन्। तिनीहरू ममा त्यसरी समर्पण हुन्छन् जसरी साना सेता ढुकुरहरू आकाशमा समर्पण हुन्छन्, अनि तिनीहरूको हृदयमा मप्रति भएको आज्ञाकारिता तिमीहरूको हृदयमा भएको भन्दा बढी छ। अनि यस्तो किन हो भने तिनीहरू आदमका सन्तान हुन्, याकूबका वंशज हुन् अनि मेरा चुनिएकाहरूमध्येका हुन्, यस्तो किन हो भने मैले तिनीहरूलाई धेरै लामो समयदेखि प्रेम गरेको छु–अनि मैले तिमीहरूलाई भन्दा बढी तिनीहरूलाई प्रेम गरेको छु; किनकि तिमीहरू अति विद्रोही छौ, तिमीहरूसित त्यति भयानक विरोध छ, तिमीहरूले मलाई त्यति तुच्छ नजरले हेर्दछौ, तिमीहरू मप्रति ज्यादै चिसो छौ, तिमीहरू मलाई ज्यादै कम माया गर्छौ, अनि तिमीहरूले मलाई अति घृणा गर्छौ। तिमीहरू मेरो कामलाई ज्यादै अवहेलना गर्छौ अनि मेरो क्रियाकलापलाई ज्यादै तुच्छ ठान्छौ। तिनीहरूभन्दा विपरीत रूपमा, तिमीहरूले मेरो कामलाई कहिल्यै बहुमूल्य ठानेका छैनौँ। बरु, तिमीहरूले त्यसलाई तुच्छ ठान्छौ, तिमीहरूका आँखा शैतानको जस्तै चिन्ताले राता छन्। तिमीहरूको समर्पण कहाँ छ? तिमीहरूको चरित्र कहाँ छ? तिमीहरूको प्रेम कहाँ छ? तिमीहरूभित्र भएको प्रेमका अंश तिमीहरूले कहिले प्रदर्शन गरेका छौ? तिमीहरूले कहिले मेरो कामलाई गम्भीरतापूर्वक लिएका छौ? ती प्यारा स्वर्गदूतहरूलाई दया मिलोस् जसले उत्सुकतापूर्वक मेरो आगमनलाई पर्खन्छन् अनि व्यग्रतापूर्वक मलाई पर्खिंरहदा अति धेरै कष्ट उठाउँछन्, त्यसका लागि म तिनीहरूलाई असाध्यै प्रेम गर्छु। तथापि, म आज जे देख्छु त्यो एउटा यस्तो अमानवीय संसार हो जसको तिनीहरूसित कुनै सम्बन्ध छैन। के तिमीहरूको विवेक लामो समयअघि नै सुस्त र संवेदनाशून्य भएको जस्तो तिमीहरूलाई लाग्दैन? के तिमीहरू ती प्यारा स्वर्गदूतहरूसित मेरो पुनर्मिलन हुन बाधा दिइरहेको फोहोरमैला हौ जस्तो तिमीहरूलाई लाग्दैन? कहिले तिनीहरूले मेरो पुनरागमनलाई पर्खिरहेका छैनन् र? मसित पुनर्मिलन हुन कहिले तिनीहरूले पर्खिरहेका छैनन् र? मसित सुन्दर दिनहरू बिताउन र मसित भोज खान सकूँ भनेर कहिले तिनीहरूले अपेक्षा गरेका छैनन् र? तिमीहरूले आज के गरिरहेका छौ भनी कहिल्यै महसुस गरेका छौः संसारभरि उपद्रव मच्चाउने; एक अर्काको विरुद्ध षडयन्त्र रच्ने; एक अर्कालाई छल्ने; धोकापूर्वक, गोप्यतापूर्वक, र निर्लज्जतापूर्वक व्यवहार गर्ने; सत्यतालाई नजान्ने; धोका र कुटिलतायुक्त कार्य गर्ने; चाप्लुसी गर्ने; आफैलाई अरूभन्दा सधैँ ठीक र उत्तम ठान्ने; अभिमानी बन्ने; र पहाडमा बस्ने जङ्गली जनावरहरूजस्तै बर्बरतापूर्वक व्यवहार गर्ने अनि पशुहरूका राजासरह अशिष्ट व्यवहार गर्ने–के यी व्यवहारहरू एउटा मानिसको लागि उपयुक्त छ र? तिमीहरू अशिष्ट र अविवेकी छौ।

तिमीहरूले कहिल्यै मेरा वचनहरूलाई बहुमूल्य ठानेका छैनौँ तर त्यसप्रति घृणायुक्त रवैया अपनाएका छौ। यस प्रकारका उपलब्धिहरू, साँचो मानव जीवन अनि सुन्दर आशाहरू कहाँबाट आउँछन्? के तेरो फजुल कल्पनाले तँलाई बाघको मुखदेखि साँच्चै उद्धार गर्छ र? के यसले तँलाई जलिरहेको आगोबाट उद्धार गर्छ र? यदि तैँले साँचो रीतिले मेरा कामलाई अमुल्य सम्पत्तिजस्तै सम्मान गरेको भए के तँ यस हदसम्म खसेका हुन्थिस् र? तेरो भाग्य वास्तवमै परिवर्तन गर्न नसकिने हुन सक्छ र? के तँ त्यस्तो अफसोसका साथ मर्न इच्छुक छस् र?

## मानिसको अन्तर्निहित पहिचान र उसको मूल्य: वास्तवमा ती कस्ता हुन्छन्?

तिमीहरू हिलोबाट अलग गरियौ र जेसुकै भए तापनि, तिमीहरू फोहोरी र परमेश्वरद्वारा घृणा गरिएका थिग्रोहरूका बीचबाट टिपिएका वस्तु थियौ। तिमीहरू शैतानका थियौ र एक पटक त्यसबाट कुल्चिएका र दूषित पारिएका थियौ। यसैले तिमीहरू हिलोबाट अलग गरिएका थियौ भनिएको हो, र तिमीहरू पवित्र हुनु त कता हो कता, बरु तिमीहरू लामो समयदेखि शैतानको छलकपटको वस्तु रहँदै आएका गैर-मानव थोकहरू हौ। तिमीहरूको सबैभन्दा उचित मूल्याङ्कन यही नै हो। तिमीहरू मूल रूपमा समात्नको निम्ति आकर्षक माछा र झिँगे माछा नभई जमेर दुर्गन्धित भएको पानी र हिलोमा पाइने अशुद्ध थोकहरू थियौ भन्ने कुरा तिमीहरूले जान्नुपर्छ, किनकि आनन्द प्रदान गर्ने कुनै पनि कुरा तिमीहरूबाट प्राप्त गर्न सकिन्न। यसलाई रूखो तवरले भन्नुपर्दा, तिमीहरू तल्लो समाजका सबैभन्दा भ्रष्ट पशुहरू हौ, सुँगुर र कुकुरहरूभन्दा पनि खराब। खुलस्त भन्नुपर्दा, तिमीहरूलाई यस्ता शब्दहरूले सम्बोधन गर्नु न त अतिशयोक्ति हो न त अत्युक्ति नै हो; बरु, यसले विषयलाई सरलीकृत पो गर्छ। तिमीहरूलाई यस्ता शब्दहरूले सम्बोधन गर्नु तिमीहरूलाई सम्मान देखाउने एउटा तरिका हो भनेर समेत भन्न सकिन्छ। हिलोमा भएको तिमीहरूको हैसियत लगायत तिमीहरूको अन्तर्दृष्टि, बोली-वचन, मानिसको रूपमा व्यवहार र तिमीहरूका जीवनको हरेक पक्ष, तिमीहरूको पहिचान “सामान्यभन्दा बाहिरको” हो भन्ने कुरालाई प्रमाणित गर्न पर्याप्त छन्।

## जसले सिक्दैनन् र अनजान रहन्छन्: के तिनीहरू जनावरहरू होइनन् र?

तँ आजको बाटोमा हिँड्ने क्रममा सबैभन्दा उपयुक्त किसिमको खोजी के हो? तेरो खोजीमा, तैँले आफैलाई कस्तो किसिमको व्यक्तिको रूपमा हेर्नुपर्छ? यसले आज तँमाथि आइपर्ने सबै कुरालाई तैँले कसरी सामना गर्नुपर्छ सो जान्ने योग्य बनाउँछ, चाहे त्यो जाँचहरू होऊन् वा कठिनाइहरू वा निर्दयी सजाय र सराप होऊन्। यी सबै कुराहरूको सामना गर्नु पर्दा, तैँले हरेक मामिलामा तीमाथि ध्यानपूर्वक विचार गर्नुपर्छ। म यो किन भन्छु? म यो भन्छु, किनकि आज तँमाथि आइलाग्ने कुराहरू आखिर छोटो अवधिका परीक्षाहरू हुन् जुन बारम्बार देखा पर्छन्; सायद जहाँसम्म तेरो कुरा

छ, ती खासगरी आत्माका निम्ति भार होइनन्, त्यसैले तँ ती कुराहरूलाई आफ्नो स्वाभाविक मार्गमा बग्न दिन्छस्, र तिनलाई प्रगतिको खोजीमा बहुमूल्य सम्पत्तिको रूपमा लिँदैनस्। तँ कति विचारहीन छस्! यहाँसम्म कि तैँले यो बहुमूल्य सम्पत्तिलाई तेरो आँखाको अगाडि तैरिरहेको बादलजस्तो ठान्छस्, र घरीघरी बर्सिने यी कठोर प्रहारहरूलाई तैँले बहुमूल्य ठान्दैनस्–त्यस्ता प्रहारहरू जुन छोटो हुन्छ र तेरो लागि ती थोरै वजनको जस्तो देखिन्छ–बरु तँ ती कुराहरूलाई हृदयबाट नलिइकन चिसो टुक्राको रूपमा हेर्छस्, र तिनलाई केवल एक मौकाको प्रहारको रूपमा लिन्छस्। तँ कति अहङ्कारी छस्! समय-समयमा आइरहने यी क्रूर आँधी-बेहरीजस्ता आक्रमणहरूलाई हल्का रूपले लिँदै तैँले केवल बेवास्ता गर्छस्; कहिलेकहीँ तैँले चीसो मुस्कानसम्म पनि दिन्छस् र त्यसरी पूर्ण उदासीनताको भाव प्रकट गर्छस्–किनकि तैँले किन त्यस्ता "दुर्भाग्यहरू" भोगिरहन्छस् भनी तैँले आफै कहिल्यै विचार गरेको छैनस्। के मानिसप्रति म एकदम अनुचित भएको छु भन्ने हुनसक्छ? के तेरो गल्ती खोतल्नुलाई नै म मेरो व्यवसाय बनाउँछु? तेरो मानसिकताका समस्याहरू मैले वर्णन गरेजस्तो गम्भीर नहुन सक्छ, तापनि तेरो बाहिरी हाउभाउ हेर्दा तैँले आफ्नो भित्री संसारको सही चित्र कोरेको धेरै लामो समय भइसक्यो। तेरो हृदयको गहिराइमा लुकेको एउटै मात्र कुरा दुःखका अभद्र अपशब्द र अस्पष्ट छापहरू हुन् जसलाई अरूले मुस्किलले बुझ्न सक्छन्। तैँले यस्ता कष्टहरू भोग्नु अत्यन्तै अन्याय भएको ठान्ने हुनाले तँ सराप्छस्; र यी परीक्षाहरूले तँलाई संसारको उजाडपन महसुस गराउने भएकोले तँ उदासीनताले भरिन्छस्। बारम्बार आउने यी प्रहार र अनुशासनका कार्यहरूलाई सर्वोत्तम सुरक्षाको रूपमा हेर्नुको साटो तँ तिनलाई स्वर्गबाट आएको अर्थहीन समस्या, वा तँलाई दिइएको उचित प्रतिफलको रूपमा हेर्छस्। तँ कति अनजान छस्! तैँले असल समयलाई निर्दयी पूर्वक अन्धकारमा सीमित गर्छस्; तैँले बारम्बार अचम्मका परीक्षाहरू र अनुशासनको कार्यहरूलाई तेरा शत्रुहरूले गरेको आक्रमणको रूपमा हेर्छस्। तँ आफ्नो वातावरणमा कसरी अनुकूल हुने सो जान्दैनस्, र तँ त्यसो गर्न अझ कम इच्छुक छस्, किनकि तँ यस दोहोरिने अनि तेरो सोचाइको हिसाबमा, निर्दयी सजायबाट केही पनि प्राप्त गर्न इच्छुक छैनस्। तँ खोजी वा अन्वेषण गर्ने कुनै प्रयास गर्दैनस्, र केवल आफ्नो भाग्यमा आफूलाई सुम्पेर, त्यसले जता डोर्‍याउँछ त्यतैतिर जान्छस्। तँलाई निर्मम लाग्ने सजायका कार्यहरूले तेरो हृदय परिवर्तन गरेका छैनन्, न त तिनले तेरो हृदयलाई नियन्त्रण नै गरेको छ; त्यसको साटो, तिनले तेरो हृदयमा छुरी रोप्छन्। तँ यो "क्रूर सजाय" लाई यो जीवनको तेरो शत्रुको रूपमा मात्रै हेर्छस्, त्यसैले तैँले केही पनि प्राप्त गरेको छैनस्। तँ कति स्व-धर्मी छस्! तैँले आफ्नै अयोग्यताका कारण त्यस्ता परीक्षाहरू भोग्छस् भनी तैँले विरलै विश्वास गर्छस्; त्यसको सट्टामा, मैले सधैं तेरो गल्ती कोट्याउँछु भन्दै तैँले आफैलाई अभागी ठान्छस्। अब कामकुराहरू यस्तो अवस्थामा आइपुगिसकेपछि, मैले भन्ने र गर्ने कुराहरूका बारेमा तँ कतिसम्म बुझ्छस्? तँ प्राकृतिक रूपमै विलक्षण प्रतिभा लिएर जन्मेको पुत्र, स्वर्गहरूभन्दा अलिकति मात्र तल, तर पृथ्वीभन्दा असीमित रूपमा उच्च व्यक्ति होस् भनी नसोच्। तँ अरू कोहीभन्दा चलाख छँदै-छैनस्–र यो पनि भन्न सकिन्छ कि यस पृथ्वीका विवेक भएको कुनै पनि मानिसभन्दा तँ कति धेरै मूर्ख छस् त्यो हास्यास्पद छ, किनकि तैँले आफूलाई धेरै उच्च ठान्छस्, र तँमा कहिल्यै पनि हीनताको भाव थिएन, मानौँ तैँले मेरा कामहरूको सानोभन्दा

सानो कुरा बुझ्न सक्छस्। वास्तवमा भन्ने हो भने, तँ त्यस्तो व्यक्ति होस् जसमा मूल रूपमा नै विवेकको अभाव छ, किनकि म के गर्न चाहन्छु त्यो तँलाई थाहा छैन, र मैले अहिले के गर्दैछु त्यसबारे तँलाई अझै थोरै थाहा छ। अनि यसैले म भन्छु कि तँ खेतमा कठोर परिश्रम गर्ने वृद्ध किसानको बराबरी समेत छैनस्, यस्तो किसान जोसँग मानव जीवनको बारेमा थोरै दृष्टिकोण हुँदैन र जो आफ्नो खेतमा खेती गर्दा सम्पूर्ण रूपले स्वर्गको आशिषमाथि निर्भर हुन्छ। तैँले आफ्नो जीवनको सम्बन्धमा एकै क्षण पनि विचार गर्दैनस्, तँलाई ख्यातिको बारेमा केही थाहा छैन, र तँसँग आफ्नो बारेमा ज्ञान हुने कुरा त परै जाओस्। तँ साँच्चै "यी सबैभन्दा माथि" छस्। साँच्चै, तँ ढर्रा देखाउने र सुन्दर जवान तरुणीहरूका निम्ति म चिन्तित छु: अझ ठूलो तुफान बढेर आउँदा तँ कसरी खडा हुन सक्नेछस्? यी ढर्रा देखाउनेहरूले आफूलाई जुन कठिन परिस्थितिमा पाउँछन् त्यसप्रति तिनीहरू पूर्णतया उदासीन छन्। तिनीहरूका लागि यो नगण्य कुरा जस्तो देखिन्छ, त्यसैले तिनीहरू यसबारे केही सोच्दैनन्, न त नकारात्मक महसुस गर्छन्, न त आफूलाई तुच्छ नै ठान्छन्; यसको साटो पहिले जस्तै तिनीहरू आफ्ना प्रशंसकहरूको प्रतीक्षा गर्दै बाटोमा छिटो-छिटो हिँड्छन्। यी "विशिष्ट व्यक्तिहरू," जो सिक्दैनन् र अज्ञानी रहन्छन्, तिनीहरूले म किन तिनीहरूलाई त्यस्ता कुराहरू भन्छु भन्ने जान्दैनन्; तिनीहरूका अनुहारहरू रिसाएको हुन्छ, तिनीहरूले आफूलाई सामान्य निरीक्षण मात्र गर्छन्, र पछि तिनीहरूको खराब चालहरू नबदली त्यसैमा अगि बढ्छन्; तिनीहरूले मलाई छाडेपछि, तिनीहरू एकचोटि फेरि सेखी गर्दै र ठग्दै अनियन्त्रित बनेर संसारमा दगुर्न थाल्छन्। तेरो अनुहारको भाव कति चाँडो परिवर्तन हुन्छ। यसरी, एकचोटि फेरि तँ यस्तो प्रकारले मलाई धोका दिन खोज्दैछ–तँ कति साहसी छस्! ती सुन्दर स-साना तरुणीहरू अझ बढी हास्यास्पद छन्। मेरो जरुरी वाणीहरू सुन्दा र तिनीहरू जुन अप्ठ्यारो अवस्थामा हुन्छन् त्यो देखेर तिनीहरूको अनुहारमा अनियन्त्रित रूपमा आँसु बग्छ, तिनीहरूका शरीर अगि-पछि बटारिन्छन् र तिनीहरूले तमासा गरेका जस्तो देखिन्छ–कति विद्रोही! आफ्नै कदको बारेमा थाहा पाएर, तिनीहरू आफ्ना ओछ्यानमा थ्याच्च बस्छन् र तिनीहरूले अन्तिम सास फेरेको जस्तो गरी निरन्तर रुन्छन्। अनि, जब यी वचनहरूले उनीहरूको आफ्नै बालकपन र तुच्छता देखाएपछि तिनीहरू नकारात्मकताको कारण यति ठूलो भारमा पर्दछन् कि उनीहरूको आँखाबाट ज्योति निस्केर जान्छ र, न मेरो बारेमा गुनासो गर्छन् वा न त मलाई घृणा गर्छन्, तर तिनीहरू आफ्नो उदासीनतामा पूर्णतया अचल हुन्छन्, त्यसरी नै तिनीहरू सिक्न असफल बन्छन् र अज्ञानी रहन्छन्। मलाई छोडेपछि, तिनीहरू आमोद-प्रमोद गर्छन् र खेल्छन्, तिनीहरूका गड्गडाउँदो हाँसो "राजकुमारीको चाँदीको घण्टी" जस्तो सुनिन्छ। तिनीहरू आत्म-प्रेममा कति कमजोर र अभावमा छन्! मानवजातिमा दोषपूर्ण अस्वीकृत भएका तिमीहरू सबै–तिमीहरूमा मानवताको कति धेरै अभाव छ! तिमीहरू आफूलाई कसरी प्रेम गर्ने, वा कसरी आफूलाई सुरक्षित राख्ने भन्ने कुरा जान्दैनौ, तिमीहरूमा कुनै चेतना छैन, तिमीहरू सत्य मार्ग खोज्दैनौ, तिमीहरू सत्य ज्योतिलाई प्रेम गर्दैनौ, र यति मात्र होइन, आफैलाई कसरी प्रेम गर्ने त्यो तिमीहरू जान्दैनौ। जहाँसम्म मैले तिमीहरूलाई दिएको शिक्षाको कुरा छ, तिमीहरूले लामो समयदेखि बारम्बार तिनलाई आफ्नो दिमागबाट हटाउँदै आएका छौ, यहाँसम्म कि तिमीहरू ती कुरालाई तिमीहरूको फुर्सदमा समय कटाउने खेलौनाजस्तो व्यवहार

गर्दछौ। यी सबैलाई तिमीहरू सधैँ आफ्नो व्यक्तिगत "जन्तर" को रूपमा हेर्छौ। जब शैतानले आरोप लगाउँछ, तिमीहरू प्रार्थना गर्दछौ; जब नकारात्मक हुन्छौ, तब गहिरो निद्रामा पर्छौ; जब खुसी हुन्छौ, तब अनियन्त्रित भएर दगुर्छौ; जब म तिमीहरूलाई हप्काउँछु, तिमीहरू निहुरिन्छौ र एक कदम पछाडि हट्छौ; र त्यसपछि, मेरो उपस्थितिबाट निस्केर जानसाथ तिमीहरू द्वेषपूर्ण रूपमा हर्षित हुन्छौ। तैँले आफूलाई अरू सबैभन्दा माथि ठान्छस्, तर तँ आफूलाई सबैभन्दा अहङ्कारीको रूपमा कहिल्यै हेर्दैनस्, र तँ सँधै उच्च, आत्मसन्तुष्ट र शब्दमा वर्णन गर्न नसकिने गरी हठी छस्। कहिल्यै नसिक्ने र अज्ञानी नै रहने त्यस्ता "युवा सज्जनहरू," "जवान युवतीहरू," "कुलीन पुरुषहरू" र "कुलीन महिलाहरू" ले कसरी मेरो वचनलाई अनमोल खजाना ठान्न सक्छन्? म तँलाई फेरि सोध्छु: यति लामो समयसम्म तैँले मेरा वचनहरू र मेरो कामबाट के सिकिस्? के तैँले छल गर्ने काममा अझ धेरै सीप प्राप्त गरिस्? वा तेरो देहमा ठूलो विशेषज्ञता प्राप्त गरिस्? वा मप्रतिको तेरो आचरणमा अझ बढी अनादर प्राप्त गरिस्? म तँलाई सिधा भन्छु: मैले गरेको यो सबै कामहरूले नै तँलाई साहसिलो बनाएको छ, जोसँग मुसाको जस्तो साहस थियो। मप्रति तैँले महसुस गर्ने डर प्रत्येक दिन बित्दैजाँदा झन्-झन् कम हुन्छ, किनकि म धेरै नै कृपालु छु र हिंसाको माध्यमले तेरो देहमा कहिल्यै पनि प्रतिबन्ध लगाएको छैन। हुन सक्छ, तैँले देखेजस्तै, म केवल कठोर वचनहरू मात्रै बोल्दैछु–तर म तँलाई प्रायजसो हँसिलो अनुहार नै देखाउँछु, र मैले तेरो मुखको सामु कहिल्यै तेरो निन्दा गरेको छैनँ। यसबाहेक, मैले सधैँ तेरो कमजोरीलाई क्षमा गरेको छु र यही कारणले गर्दा तैँले मलाई सर्पले दयालु किसानसँग गरेको जस्तो व्यवहार गरिस्। म मानव जातिको अवलोकन गर्ने शक्तिहरूमा रहेको चरम सीप र समझको कदर कति धेरै गर्दछु! म तँलाई एउटा सत्य बताउँछु: आज तँमा आदर गर्ने हृदय छ कि छैन भन्ने कुराको महत्त्व त्यति छैन; त्यस विषयमा म न उत्सुक छु न चिन्तित नै छु। तर मैले तँलाई यो पनि भन्नैपर्छ: तँ, यस "प्रतिभाशाली व्यक्ति" जसले सिक्दैन र अज्ञानी नै रहन्छ, तँलाई अन्ततः तरो आत्म-प्रशंसा, तुच्छ धूर्ततादवारा खसालिनेछ–तँ त्यो व्यक्ति हुनेछस् जसले कष्ट भोग्छ र सजाय पाउँछ। तैँले नरकमा पीडा भोगिरहँदा म तँलाई साथ दिने जत्तिको मूर्ख हुनेछैन, किनकि म तँजस्तो छैन। तँ एक सृष्टि गरिएको प्राणी होस् जसलाई मैले सरापेको छु, तैपनि मैले सिकाएको र मुक्त गरेको छु छौ, अनि तँमा त्यस्तो केही छैन जसमा म भाग लिन बाध्य हुन्छु। मैले आफ्नो काम जुनसुकै समयमा गरे पनि म कुनै व्यक्ति, घटना, वा वस्तुद्वारा बाध्य हुँदिनँ। मानव जातिको सम्बन्धमा मेरो आचरण र मेरो दृष्टिकोण सधैँ एक समान रहन्छ। म निश्चित रूपमा तँप्रति राजी भएको छैनँ किनकि तँ मेरो व्यवस्थापनको लागि भारीमाथि सुपारी होस्, र अन्य कुनै प्राणीभन्दा खास विशेष छँदै-छैनस्। तँलाई मेरो सल्लाह यो छ: तैँले हरबखत तँ परमेश्वरको एक प्राणीभन्दा बढी अरू केही होइनस् भन्ने कुरालाई सम्झनुपर्छ। तैँले मसँग आफ्नो अस्तित्व बाँड्न सक्ने भए पनि तैँले आफ्नै पहिचान चिन्नुपर्छ; आफूलाई धेरै उच्च नठान्। यदि मैले तँलाई हप्काइनँ वा तँलाई निराकरण गरिनँ तर हँसिलो अनुहारले तँलाई अभिवादन गर्छु भन्दैमा तँ मजस्तै छस् भन्ने प्रमाणित गर्न त्यो पर्याप्त छैन। तैँले आफैलाई सत्यताको पछि लाग्ने व्यक्तिको रूपमा चिन्नुपर्छ, तैँले आफैलाई सत्यको रूपमा हेर्ने होइन। तँ हरसमय मेरो वचनअनुसार परिवर्तन हुन तयार हुनुपर्दछ। यसबाट तँ उम्कन

सक्दैनस्। तँसँग यो दुर्लभ अवसर भएको यस अनमोल समयमा तैँले कुनै कुरा गर्न कोसिस गर् र सिक् भन्ने म तँलाई आज्ञा गर्छु। मलाई मूर्ख नबना; मलाई जाँच्न र धोका दिनका निम्ति तैँले मसँग चापलुसी गरेको म चाहन्नँ। जब तैँले मलाई खोज्छस्, त्यो पूर्ण रूपमा मेरो लागि हुँदैन, तर तेरो आफ्नै लागि हुन्छ।

## चीनका चुनिएका मानिसहरूले इस्राएलको कुनै पनि कुलको प्रतिनिधित्व गर्न सक्दैनन्

मूल रूपमा यहोवाबाट प्रतिज्ञाहरू तथा उत्तराधिकार प्राप्त गर्ने परिवार दाऊदको घराना नै थियो। यो सुरुमा इस्राएलको कुलहरूमध्ये एउटा थियो अनि चुनिएका मानिसहरूमध्येको थियो। त्यस समयमा, यहोवाले इस्राएलीहरूका निम्ति एउटा उर्दी जारी गर्नुभयो जसमा दाऊदका घरानाका मानिसहरूले–त्यस घरानाभित्र जन्मेका सबैले–उहाँको उत्तराधिकार प्राप्त गर्नेछन् भनी घोषणा गरिएको थियो। तिनीहरू त्यस्ता मानिसहरू हुनेथिए जसले सय गुणा प्राप्त गर्नेथिए, जसले ज्येष्ठ पुत्रहरूको अधिकार प्राप्त गर्नेथिए; तिनीहरू त्यस समयमा, इस्राएलीहरूका सबै परिवारहरूमध्ये सबैभन्दा उच्च पद प्राप्त गरेका, र सारा इस्राएलीहरूमध्ये सबैभन्दा उचालिएला मानिसहरू हुनेथिए, अनि तिनीहरूले पूजाहारीको लबेदा र मुकुटहरू पहिरेर सीधै मन्दिरमा यहोवाको सेवा गर्नेथिए। तब, यहोवाले तिनीहरूलाई विश्‍वासयोग्य जन र सन्त सेवकहरू भनी बोलाउनुभयो, अनि तिनीहरूले इस्राएलका अरू सबै कुलहरूको सम्मान प्राप्त गरे। यसरी, त्यस समयमा, तिनीहरू सबैलाई प्रभुहरू भनी सम्मान पूर्वक उल्लेख गरिन्थ्यो–यो सबै व्यवस्थाको युगमा यहोवाले गर्नुभएको काम थियो। आज, तिनीहरूले यहोवालाई मन्दिरमा अझै पनि त्यस्तो सेवा प्रदान गर्छन्, त्यसैले तिनीहरू सदासर्वदा राजाहरू हुन् जसलाई यहोवाले सिंहासनमा बसाल्नुभयो। कसैले तिनीहरूको मुकुट खोस्न सक्दैन, अनि कसैले तिनीहरूको सेवालाई बदल्न सक्दैन, किनभने तिनीहरू दाऊद घरानाका हुन्; यहोवाले तिनीहरूलाई दिनुभएको कुरा यही नै थियो। तिमीहरू दाऊदको घरानाको नहुनुको कारण के हो भने, तिमीहरू इस्राएलका मानिसहरू होइनौ, बरु इस्राएल बाहिरका अन्यजाति परिवारका हौ। यसबाहेक, तिमीहरूको प्रकृति यहोवालाई आराधना गर्ने नभई उहाँलाई विरोध गर्नु हो, त्यसैले तिमीहरूको हैसियत स्वभावैले दाऊदको घरानाका मानिसहरूभन्दा भिन्न छ, अनि तिमीहरू त्यस्ता मानिसहरू होइनौ जसले मेरो उत्तराधिकार पाउनेछौ, न त तिमीहरू त्यस्ता मानिसहरू हौ जसले सयगुणा नै पाउनेछ।

त्यस समयमा, इस्राएल भिन्न-भिन्न घराना र भिन्न-भिन्न कुलहरूमा विभाजित गरिएको थियो, तापनि तिनीहरू सबै चुनिएका मानिसहरू थिए। तथापि, इस्राएल अरू जातिहरूमध्ये यस अर्थमा भिन्दै छन् कि यसका मानिसहरू कुलद्‌वारा वर्गीकृत गरिएका छन्, साथै यहोवाको सामु तिनीहरूका पदहरू तथा हरेक व्यक्ति बस्ने भूमि सबै वर्गीकृत गरिएका छन्। इस्राएल बाहेक सबै देशहरूमा, कसैले पनि दाऊद, याकूब तथा मोशाको घरानाहरूमा त्यत्तिकै सदस्यता दाबी गर्न सक्दैनन्। यो तथ्यको विपरीत हुन्थ्यो–इस्राएलका कुलहरू अरू देशहरूको हो भनी लापरवाही

तरिकाले दाबी गर्न सकिँदैन। मानिसहरूले प्रायजसो दाऊद, अब्राहाम, एसाव आदिको नाउँहरूलाई दुरुपयोग गर्छन्, वा तिनीहरू भन्छन्: "हामीले परमेश्‍वरलाई स्वीकार गरेका छौँ, त्यसैकारण हामी याकूबका घरानाका हौँ।" त्यस्ता कुराहरू भन्नु अरू केही नभई आधारहीन मानव तर्क मात्रै हो; यो प्रत्यक्ष रूपमा यहोवाबाट आउँदैन, न त यो मेरो आफ्नै विचारहरूबाट नै आउँछ। यो विशुद्ध रूपमा मानव बकवास हो! जसरी एउटा वक्ताले रोमाञ्चक कथा बुन्छ, मानिसहरूले आधारहीन रूपमा आफैलाई दाऊदको घराना वा याकूबको परिवारको भाग हौँ भनी सोच्छन् किनभने आफू त्यसको योग्य छौँ भन्ने विश्‍वास तिनीहरूको हुन्छ। दाऊदका घराना लामो समयअघि नै यहोवाद्वारा नै नियुक्त गरिएका हुन् अनि दाऊद आफैले राजाको मुकुट पहिरेका होइनन् भनी के मानिसहरूलाई थाहा छैन? तथापि, धेरै छन् जसले निर्लज्जतापूर्वक दाऊदको घराना हौँ भनी दाबी गर्छन्–मानिसहरू कति अज्ञानी छन्! सत्यता त के हो भने, अन्यजातिहरूसित इस्राएलका कामकाजहरूको कुनै सम्बन्ध छैन–ती दुई बेग्ला-बेग्लै कुरा हुन्, पूर्ण रूपले असम्बन्धित कुरा। इस्राएलका कामकाजहरूको बारेमा इस्राएलका मानिसहरूसित मात्र बोल्न सकिन्छ, ती अन्यजातिहरूका निम्ति असम्बन्धित हुन्छन्, अनि त्यसैगरी हाल अन्यजातिहरूको माझमा गरिँदै आएको कामको पनि इस्राएलका मानिसहरूसित कुनै सम्बन्ध छैन। म अहिले जे भन्छु, त्यसले अन्यजातिहरूको बारेमा जे भनिएको छ, त्यसलाई निर्धारण गर्दछ, अनि इस्राएलमा गरिएको कामलाई अन्यजातिहरूको माझमा गरिएको कामको "पूर्व लक्षण" भन्न सकिन्न। के त्यसले परमेश्‍वर अति परम्परागत हुनुहुन्छ भन्ने कुरा देखाउँदैन र? जब परमेश्‍वरको काम अन्यजातिहरूको माझमा सुरु हुन्छ, तब मात्र तिनीहरूको बारेमा जे भनिएको छ त्यो वा त्यसको परिणाम प्रकट हुन्छ। त्यसैले, मानिसहरूले विगतमा जस्तै, "हामी दाऊदका वंश हौँ", वा "येशू दाऊदका पुत्र हुनुहुन्छ" भनी भन्नु झनै निरर्थक हुन्छ। मेरो काम वर्गीकृत छ। म "घोडालाई हरिण" भनेर भन्दिनँ; बरु, कामलाई यसको क्रमानुसार विभाजन गरिन्छ।

## आशिषको बारेमा तिमीहरूको बुझाई कस्तो छ?

यद्यपि यस युगमा जन्मेका मानिसहरू शैतान र अशुद्ध भुतात्माहरूद्वारा भ्रष्ट पारिएता पनि, त्यस्तो भ्रष्टताले तिनीहरूको निम्ति अत्यन्त ठूलो मुक्ति पनि ल्याएको छ जुन मुक्ति पहाडहरू र पशुधनले भरिएको बेंसी अनि अय्यूबको अथाह सम्पत्तिभन्दा पनि ठूलो छ, अनि अय्यूबले तिनको परिक्षाहरूपछि प्राप्त गरेको यहोवालाई हेर्ने आशिषभन्दा पनि ठूलो छ। अय्यूब मृत्युको परिक्षा भएर गएपछि मात्रै तिनले यहोवा बोल्नुभएको सुने अनि तिनले भुमरीमा यहोवाको आवाज सुने। तथापि, तिनले यहोवाको मुहार भने देखेनन्, अनि तिनले उहाँको स्वभावलाई जानेनन्। अय्यूबले प्राप्त गरेको कुरा केवल भौतिक सम्पत्ति थियो जसले तिनलाई शारीरिक सुखशयलहरू तथा वरिपरिका सबै शहरहरूमा रहेकाहरूमध्ये सबैभन्दा सुन्दर सन्तानहरू, साथै स्वर्गको स्वर्गदूहरूको सुरक्षा प्रदान गर्‍यो। तिनले यहोवालाई कहिल्यै देखेनन् अनि यद्यपि, तिनी धर्मी कहलाइएको भएतापनि, तिनले यहोवाको स्वभावलाई कहिल्यै जानेनन्। अनि यद्यपि, आजका मानिसहरूका भौतिक आनन्दहरू अस्थायी रुपले थोरै छन् भन्न सकिएतापनि वा बाहिरी संसारको

वातावरण शत्रुतापूर्ण भएतापनि, म मेरो स्वभाव देखाउँछु जुन मैले प्राचीनकालदेखि मानिसलाई कहिल्यै प्रकट गरेको छैन र जुन सधैँ गुप्त रहेको छ, साथै अनन्तकालका रहस्यहरू ती मानिसहरूलाई देखाउँछु जो सबैभन्दा दीन छन् तर जसलाई मैले मेरो सबैभन्दा ठूलो मुक्ति दिएको छु। यसबाहेक, मैले यी कुराहरू प्रकट गरेको पहिलोपल्ट हो; मैले त्यस्तो काम पहिले कहिल्यै गरेको छैन। यद्यपि तिमीहरू अय्यूबभन्दा अति नै निम्न भएतापनि, तिमीहरूले हासिल गरेको र तिमीहरूले देखेको कुराले उसलाई माथ दिएको छ। यद्यपि, तिमीहरू सबै प्रकारका कष्टहरू भएर गएको, र सबै प्रकारको यातनालाई अनुभव गरेको भएतापनि, त्यो कष्ट अय्यूबको जस्तो बिलकुल छैन; बरु यो न्याय र ताड़ना हो जुन मानिसहरूले तिनीहरूका विद्रोहीपनाको कारणले, तिनीहरूको विरोधको कारणले, अनि मेरो धर्मी स्वभावको कारणले पाएका हुन्; यो धर्मी न्याय, दण्ड र श्राप हो। अर्कोतिर, अय्यूब इस्राएलीहरूको माझमा एउटा धर्मी मानिस थिए जसले यहोवाको ठूलो प्रेम तथा कोमलता पाए। तिनले कुनै खराब कामहरू गरेका थिएनन्, अनि तिनले यहोवाको विरोध गरेनन्; बरु, तिनी विश्वासयोग्यतापूर्वक यहोवाप्रति समर्पित थिए। तिनको धार्मिकताको कारणले, तिनी परिक्षाहरूमा परेका थिए, अनि तिनी अग्निमय परिक्षाहरू भएर गए किनकि तिनी यहोवाका एक विश्वासयोग्य सेवक थिए। आजका मानिसहरू तिनीहरूका अशुद्धता र अधार्मिकताको कारणले मेरो न्याय तथा श्रापमा परेका छन्। यद्यपि, तिनीहरूको कष्ट अय्यूब भएर गएको कष्टको तुलनामा केही होइन जब तिनले आफ्नो पशुधन, आफ्नो सम्पत्ति, आफ्ना नोकरहरू, आफ्ना सन्तानहरू अनि तिनले प्रिय ठानेका सबै गुमाए, तिनीहरूले भोग्ने कुरा अग्निमय शुद्धिकरण र ज्वलन हो। अनि अय्यूबले भोगेको भन्दा त्यसलाई गम्भीर बनाउने कुरा यो हो कि त्यस्ता कष्टहरू मानिसहरू कमजोर भएकाले घटाइँदैनन् अथवा हटाइँदैनन्; बरु, ती लामो समयसम्म रहन्छन्, अनि मानिसहरूको जीवनको अन्तिम दिनसम्म नै रहिरहन्छन्। यो दण्ड, न्याय र श्राप हो; यो दयाविनाको ज्वलन हो, अनि अझबढी, यो मानवजातिको न्यायोचित “उत्तराधिकार” हो। मानिसहरू यसैका हकदार छन्, अनि यहाँ नै मेरो धर्मी स्वभाव प्रकट हुन्छ। यो नै एउटा ज्ञात तथ्य हो। तथापि, मानिसहरूले जुन ठूलो कुरा हासिल गरेका छन्, त्यसले आज तिनीहरूले भोग्ने कष्टलाई माथ गर्दछ। जुन कष्ट तिमीहरूले भोग्छौ, त्यो केवल तिमीहरूको मूर्खताको परिणामस्वरुप आएको एउटा असफलता हो, जबकि जुन तिमीहरूले हासिल गरेका छौ, त्यो तिमीहरूको कष्टभन्दा सय गुणा ठूलो छ। पुरानो करारमा इस्राएलको व्यवस्थाहरूअनुसार, ती सबै जसले मेरो विरोध गर्छन्, ती सबै जसले मलाई खुल्लमखुल्ला न्याय गर्छन्, अनि ती सबै जसले मेरो मार्ग पछ्याउँदैनन्, र जसले साटोमा मलाई अपवित्र बलिदानहरू चढाउने साहस गर्छन्, तिनीहरू निश्चय नै मन्दिरमा आगोले जलाइनेछन् वा केही चुनिएका मानिसहरूद्वारा ढुङ्गाले हानेर मार्नेछन् र तिनीहरूका आफ्नै कुलका सन्तानहरू अनि अन्य नजिकका कुटुम्बले मेरो श्राप भोग्नेछन्। आउने जीवनमा, तिनीहरू स्वतन्त्र हुनेछैनन्, तर मेरा दासहरूका पनि दासहरू हुनेछन्, अनि म तिनीहरूलाई अन्यजातिहरूको माझमा निर्वासित हुनका निम्ति धपाइदिनेछु, अनि तिनीहरू आफ्नो जन्मभूमिमा फर्कन सक्नेछैनन्। तिनीहरूका कार्य तथा व्यवहारमाथि आधारित गर्दा, आजका मानिसहरूले सहने कष्ट इस्राएलीहरूले सहेको कष्ट जतिको पनि गम्भीर छैन। तिमीहरूले हाल सहिरहेको कष्ट प्रतिशोध हो भन्ने भनाइ न्यायसङ्गत

छैन किनकि तिमीहरूले रेखा नाघिसकेका छौ। यदि तिमीहरू इस्राएलमा भएको भए, तिमीहरू अनन्त पापीहरू हुने थियौ, अनि इस्राएलीहरूद्वारा लामो समय अघि नै टुक्रा टुक्रा पारिने थियौ अनि यहोवाको मन्दिरमा स्वर्गबाट आगोद्वारा भष्म पारिने थियौ। तिमीहरूले अहिले हासिल गरेको कुरा के हो? तिमीहरूले के पाएका छौ, र तिमीहरूले के आनन्द पाएका छौ? मैले तिमीहरूमा मेरो धर्मी स्वभाव प्रकट गरेको छु, तर सबैभन्दा महत्वपूर्ण कुरा यो हो कि मैले मानवजातिलाई उद्धार गर्नको निम्ति मेरो धैर्य प्रकट गरेको छु। कसैले यसो भन्न सक्छ कि मैले तिमीहरूमा गरेको काम धैर्यको काम हो; यो मेरो व्यवस्थापनको खातिर गरिएको हो र, यसबाहेक, यो मानवजातिको आनन्दको खातिर गरिएको हो।

यद्यपि, अय्यूब यहोवाका परिक्षाहरूबाट भएर गएको भएतापनि, तिनी केवल एउटा धर्मी मानिस थिए जसले यहोवालाई आराधना गर्दथे। ती परिक्षाहरूबाट भएर जानु पर्दा पनि, तिनले यहोवाको बारेमा गुनासो गरेनन्, अनि तिनले उहाँसितको जम्काभेटलाई बहमूल्य सम्झे। आजका मानिसहरूले यहोवाको उपस्थितिलाई प्रिय नठान्ने मात्र होइन, तर तिनीहरूले उहाँको देखा पर्ने घटनालाई इन्कार गर्छन्, घृणा गर्छन्, त्यसको बारेमा गुनासो गर्छन् र खिल्ली उडाउँछन्। के तिमीहरूले ज्यादा हासिल गरेका छैनौँ र? के तिमीहरूको कष्ट साँच्चि नै साह्रै ठूलो भएको छ र? के तिमीहरू मरियम र याकूबभन्दा सौभाग्यशाली भएका छैनौ र? अनि के तिमीहरूको विरोध साँच्चि नै साधारण रहेको छ र? मैले तिमीहरूबाट चाहेको र मैले तिमीहरूबाट मागेको कुरा के साह्रै ठूलो र धेरै भएको छ र? मेरो क्रोध ती इस्राएलीहरूमाथि मात्रै खनिएको थियो जसले मेरो विरोध गरे, तिमीहरूमाथि यो प्रत्यक्ष खनिएको छैन; तिमीहरूले पाएको केवल मेरो दयाविनाको न्याय र प्रकाशहरू मात्रै हुन्, साथै अनवरत अग्निमय शुद्धिकरण पनि। यसको बावजूद पनि, मानिसहरूले मलाई विरोध गर्न र खण्डन गर्न जारी राख्छन्, अनि तिनीहरूले रतिभर अधीनताविना त्यसो गर्छन्। केही यस्ता पनि छन् जसले मदेखि दूरी राख्छन् र मलाई इन्कार गर्छन्; त्यस्ता मानिसहरू कोरह र दातानको दलभन्दा उत्तम छैनन् जसले मोशाको विरोध गरे। मानिसहरूको हृदय धेरै कठोर छ, अनि तिनीहरूको स्वभाव धेरै हठी छ। तिनीहरूले कहिल्यै आफ्ना पुराना मार्गहरू परिवर्तन गर्दैनन्। म भन्छु, तिनीहरू मध्यदिनको उज्यालोमा निर्वस्त्र राखिएका वेश्याहरू झैं हुन्, र मेरा वचनहरू यस विषयमा कठोर भएको हुनाले सायद ती “कानको निम्ति अप्रिय” लाग्न सक्छ, यसले मानिसहरूका स्वभावहरूलाई दिनको उज्यालोमा उदाङ्गो गर्दछ–तापनि तिनीहरूले केवल आफ्ना शिरहरू मात्र हल्लाउँछन्, आँशुका केही थोपाहरू झार्छन् अनि आफैलाई जबर्दस्ती अलिकति दुःखी महसुस गराउँछन्। यो बितिसकेपछि, तिनीहरू पहाडहरूमा बस्ने जङ्गली पशुहरूका राजा जस्तै क्रूर हुन्छन्, अनि तिनीहरूसित अलिकति पनि सचेतना छैनन्। त्यस्तो स्वभाव भएका मानिसहरूले कसरी तिनीहरू अय्यूबभन्दा सय गुणा सौभाग्यशाली छन् भनी जान्न सक्छन्? कसरी तिनीहरूले महसुस गर्न सक्छन् कि तिनीहरू जुन कुरामा आनन्दित छन्, ती आशिषहरू हुन् जुन पूरै युगहरूमा मुश्किलैले मात्र देखिएका छन् र कसैले पनि यस अघि आनन्द लिएका छैनन्? कसरी मानिसहरूका विवेकहरूले त्यस्ता आशिषहरूलाई अनुभूत गर्न सक्छन्, जुन आशिषहरूमा दण्ड सम्मिलित हुन्छ? स्पष्ट रुपले भन्दा, मैले तिमीहरूबाट चाहेको कुरा केवल यति मात्र हो कि तिमीहरू मेरो कामको

नमूनाहरू, मेरो सम्पूर्ण स्वभाव तथा कामहरूका गवाहीहरू हुन सक ताकि शैतानले दिने कष्टहरूदेखि तिमीहरू स्वतन्त्र हुन सक्नेछौ। तथापि, मानिसहरू सधैँ मेरो कामदेखि विकर्षित हुन्छन् अनि जानाजान यसप्रति वैरी हुन्छन्। कसरी त्यस्ता मानिसहरूले इस्राएलका व्यवस्थाहरू फेरि ल्याउन अनि इस्राएलमाथि मैले ल्याएको क्रोध तिनीहरूमाथि ल्याउन मलाई उत्तेजित नगरी रहन सक्लान्? यद्यपि, तिमीहरूमध्ये धेरै छन् जो मप्रति "आज्ञाकारी तथा विनीत" छन्, त्यहाँ कोरह दलका किसिमका मानिसहरू पनि धेरै छन्। एकपल्ट मेरो पूरा महिमा प्राप्त गरिसकेपछि, म स्वर्गबाट आगो पठाएर तिनीहरूलाई भष्म गर्नेछु। म मानिसहरूलाई अबदेखि मेरा वचनहरूले मात्रै मानिसहरूलाई सजाय दिनेछैन भनी तिमीहरूले जान्नुपर्छ; बरु इस्राएलको काम गर्नुभन्दा अघि, मलाई विरोध गर्ने र धेरै अघि मैले निमिट्यान्न गरेको "कोरहको दल" लाई म पूर्ण रुपले भष्म गरिदिनेछु। मानवजातिलाई मेरो आनन्द लिने अवसर अब उप्रान्त हुनेछैन; बरु तिनीहरूले केवल स्वर्गबाट मेरो क्रोध र आगोका ज्यालाहरू देख्नेछन्। म सबै प्रकारका मानिसहरूका विभिन्न परिणामहरू प्रकट गरिदिनेछु, अनि म तिनीहरू सबैलाई समूहहरूमा वर्गीकरण गर्नेछु। म तिनीहरूको हरेक विद्रोही कार्यलाई ध्यान दिनेछु अनि त्यसपछि मेरो काम सिध्याउनेछु ताकि मानिसहरूका परिणामहरू पृथ्वीमा हुँदा मेरो जुन फैसलामा आधारित थियो, र साथै मप्रति तिनीहरूको आचरण जस्तो थियो, त्यसैले निर्धारित गर्नेछन्। जब समय आउँछ, तिनीहरूको परिणामहरूलाई परिवर्तन गर्ने कुनै कुरा हुनेछैन। मानिसहरूले आफ्ना परिणामहरू आफै प्रकट गरुन्! तब, म मानिसहरूका परिणामहरूलाई स्वर्गीय पिताको हातमा सुम्पिदिनेछु।

## परमेश्वरको बारेमा तेरो बुझाइ के छ?

मानिसहरूले लामो समयदेखि परमेश्वरमा विश्वास गरेका भए तापनि तिनीहरूमध्ये धेरैलाई "परमेश्वर" शब्दको अर्थ के हो भन्ने कुराको समझसम्म छैन, र अलमलमा परेर उहाँलाई पछ्याउँछन् मात्र। मानिसले परमेश्वरमाथि किन विश्वास गर्नुपर्छ वा परमेश्वर के हुनुहुन्छ भन्ने कुराको सुइँको तिनीहरूले पाएका छैनन्। यदि मानिसहरूले परमेश्वरमा विश्वास गर्न र उहाँलाई पछ्याउन मात्र जान्दछन् तर परमेश्वर के हुनुहुन्छ भन्ने कुरा जान्दैनन् भने र यदि तिनीहरूले परमेश्वरलाई चिन्दैनन् पनि भने के यो एउटा ठूलो मजाक मात्र होइन र? यति टाढासम्म आइपुगे र, मानिसहरूले धेरै स्वर्गीय रहस्यका कुराहरू देखेका र मानिसले पहिले कहिले पनि नबुझेको धेरै गहन ज्ञानलाई सुनेका भए तापनि मानिसले यस अगाडि चिन्तन नगरेका धेरैजसो मूलभूत सत्यताहरूको बारेमा तिनीहरू अनजान छन्। कसैले यसो भन्ला, "हामीले धेरै वर्षसम्म परमेश्वरमा विश्वास गर्‍यौँ। परमेश्वर के हुनुहुन्छ भन्ने कुरा हामीलाई किन थाहा नहुने? के यस प्रश्नले हामीलाई तुच्छ्याउँदैन र?" तैपनि, वास्तवमा आज मानिसहरूले मलाई पछ्याए तापनि तिनीहरूलाई आजका कुनै पनि कामको बारेमा थाहा छैन र अत्यन्तै स्पष्ट र सजिला प्रश्नहरूलाई पनि राम्ररी बुझ्न सक्दैनन्, परमेश्वर बारेका जस्ता अत्यन्तै जटिल प्रश्नहरूको त कुरै नगरौँ। तैँले मतलब नै नगरेका, तैँले पहिचान नै नगरेका प्रश्नहरूलाई नै तैँले बुझ्नु अत्यन्तै जरुरी छ, किनकि आफूलाई जे कुराले

सुसज्जित पार्नु पर्ने हो सो कुरालाई ध्यान नदिएर र वास्ता नराखेर भीडको पछि लाग्न मात्र तँलाई आउँछ। के तँलाई आफूले परमेश्वरमा किन विश्वास गर्नुपर्छ भन्ने साँच्चै थाहा छ? के तँलाई परमेश्वर के हुनुहुन्छ भन्ने साँच्चै थाहा छ? के तँलाई मान्छे के हो भन्ने साँच्चै थाहा छ? परमेश्वरमा विश्वास भएको एक व्यक्तिको रूपमा, यदि तँ यी कुराहरू बुझ्न असफल भइस् भने, के तैँले परमेश्वरमाथि विश्वास राख्ने विश्वासीको मर्यादालाई गुमाउँदैनस् र? आजको मेरो काम यही हो: मानिसहरूलाई तिनीहरूको सारको बारेमा बुझाउनु, मैले गर्ने सबै कुरा बुझाउनु र परमेश्वरको साँचो मुहार चिनाउनु। यही नै मेरो व्यवस्थापन योजनाको अन्तिम कार्य, मेरो कामको अन्तिम चरण हो। यही कारणले गर्दा जीवनका सबै रहस्यहरूको बारेमा मैले तिमीहरूलाई अगाडि नै बताइरहेको छु, ताकि तिमीहरूले तिनलाई मबाट स्वीकार गर। यो अन्तिम युगको काम भएको हुनाले यस अघि तिमीहरूले कहिल्यै ग्रहण नगरेका सारा जीवन सत्यता मैले तिमीहरूलाई बताउनै पर्छ, यद्यपि आफ्ना कमजोरी र अयोग्यताका कारण तिमीहरूले यसलाई बुझ्न वा अपनाउन असक्षम छौ। मैले मेरो काम सम्पन्न गर्नैपर्छ; मैले गर्नुपर्ने काम मैले पूरा गर्नैपर्छ र मैले तिमीहरूलाई आज्ञा गर्नुपर्ने सबै कुराहरू तिमीहरूलाई बताउनैपर्छ, अन्यथा अन्धकार ओर्लेर आएको बेला तिमीहरू फेरि बरालिन्छौ वा दुष्टका योजनाहरूमा पर्छौ। तिमीहरूले नबुझ्ने धेरै तरिकाहरू छन् र तिमीहरूलाई धेरै विषयको ज्ञान छैन। तिमीहरू अत्यन्तै अनजान छौ; मलाई तिमीहरूको कद र कमजोरीहरूको बारेमा पूर्ण रूपमा थाहा छ। त्यसैले तिमीहरूले बुझ्न नसक्ने धेरै शब्दहरू भए तापनि तिमीहरूले पहिले ग्रहण नगरेका सबै सत्यताहरूको बारेमा तिमीहरूलाई बताउन अझ पनि म राजी नै छु, किनकि अहिले कै अवस्थामा तिमीहरू मेरो गवाहीमा बलियोसँग खडा हुन सक्छौ कि सक्दैनौ भन्ने कुराको चिन्ता गरिरहन्छु। मैले तिमीहरूलाई कम सोचेर यसो गरेको होइन; तिमीहरू सबै पशु सरह नै छौ जसले मेरो औपचारिक तालिम अझ पनि पाएका छैन, र तिमीहरू भित्र कति महिमा छ भन्ने कुरा म बिलकुल देख्न सक्दिनँ। मैले तिमीहरूमा काम गर्नको निम्ति धेरै शक्ति खर्च गरेको भए तापनि व्यवहारिक रूपमा सकारात्मक शक्तिको अस्तित्व तिमीहरूमा छैन भन्ने देखिन्छ र नकारात्मक तत्वहरूलाई औँलामा गन्न सकिन्छ र तिनले शैतानलाई शर्ममा पार्ने गवाहीको रूपमा काम गर्छन्। तिमीहरूमा भएका अरू सबै कुराहरू शैतानको विष हो। तिमीहरू मुक्तिदेखि बाहिर रहेको छौ जस्तो म देख्दछु। म तिमीहरूका विविध अभिव्यक्ति र आचरणहरूलाई हेर्छु र अन्ततः तिमीहरूको वास्तविक कद थाहा पाउँछु। यसै कारण म तिमीहरूप्रति सधैँ चिन्तित भइरहेको हुन्छु: के मानिसहरूलाई आफ्नै तरिकाले जिउन छाडिदिए बेस होला वा अहिलेको अवस्थाको तुलनामा असल होलान्? के तिमीहरूको शिशु कदले तिमीहरूलाई चिन्तित तुल्याउँदैन? के तिमीहरू साँच्चै इस्राएलका चुनिएका मानिसहरूजस्तै हरसमय मप्रति मात्र बफादार हुन सक्छौ? तिमीहरूमा प्रकट भएको कुरा आफ्ना अभिभावकहरूबाट बरालिएका बालबालिकाहरूमा हुने किसिमको बदमासी होइन, तर आफ्ना मालिकको कोर्रा नखाएका पशुहरूबाट उत्पन्न हुने पशुत्व हो। तिमीहरूले आफ्नो स्वभाव जान्नुपर्छ, यो तिमीहरू सबैमा भएको कमजोरी पनि हो; यो तिमीहरू सबैको साझा रोग हो। यसैले तिमीहरूको निम्ति आजको मेरो अर्ती यही हो कि तिमीहरू मेरो गवाहीमा बलियो गरी खडा होओ। कुनै पनि हालतमा पुरानो रोगलाई फर्किन

नदेओ। गवाही बन्नु सबैभन्दा महत्त्वपूर्ण हो–यो नै मेरो कामको मुटु हो। तिमीहरूले मेरा वचनहरूलाई त्यसरी नै ग्रहण गर्नुपर्छ जसरी मरियमले आफ्नो सपनामा आएको यहोवाको प्रकाशलाई ग्रहण गरिन्: विश्‍वास गरेर अनि आज्ञापालन गरेर। यही नै पवित्र हुन योग्य छ। किनभने सबैभन्दा धेरै मेरा वचनहरू सुन्‍ने र मद्‌वारा सबैभन्दा बढी आशिषित तिमीहरू नै हौ। मैले तिमीहरूलाई मेरा सबै मूल्यवान् सम्पत्तिहरू दिएको छु, मैले तिमीहरूलाई सबै थोक प्रदान गरेको छु, तापनि तिमीहरूको अवस्था इस्राएलका मानिसहरूको भन्दा धेरै फरक छ; तिमीहरू आकाश-पातलले फरक छौ। तर तिमीहरूले तिनीहरूको तुलनामा धेरै नै प्राप्त गरेका छौ; तिनीहरू व्यग्रताका साथ मेरो उपस्थितिको प्रतिक्षा गर्छन् भने तिमीहरूले चाहिँ मेरो प्रशस्ततामा सहभागी भएर रमाइला दिनहरू बिताइरहेका छौ। यस भिन्‍नताको बाबजुद मसँग गुनासो र कचकच गर्ने तथा मेरो सम्पत्तिबाट तिमीहरूको हिस्सा माग्‍ने अधिकार तिमीहरूलाई केले दिन्छ? के तिमीहरूले धेरै नै पाएका छैनौ र? म तिमीहरूलाई धेरै दिन्छु तर यसको बदलामा तिमीहरूले मलाई हृदयविदारक दुःख र चिन्ता, अदम्य घृणा र असन्तुष्टि मात्र दिएका छौ। तिमीहरू यति घृणित छौ–तथापि तिमीहरू दयनीय पनि छौ, यसैले मेरा सबै घृणालाई निल्नु र तिमीहरूलाई मेरा विरोधहरू घरीघरी व्यक्त गर्नु बाहेक मसँग अर्को विकल्प छैन। हजारौँ वर्षको काममा मैले मानवजातिसँग कहिले पनि प्रतिवाद गरिनँ किनकि मैले यो कुरा पत्ता लगाएँ कि, मानवजातिको विकास हुने क्रमभरि, तिमीहरूका माझमा प्राचीन समयका प्रख्यात पुर्खाहरूले तिमीहरूको निम्ति छोडेको उत्तराधिकार जस्तै केवल "धोकाहरू" मात्र धेरै प्रख्यात भएको छ। ती अमानवीय सुँगुर र कुकुरहरूलाई म कति घृणा गर्छु। तिमीहरूमा विवेकको निकै अभाव छ! तिमीहरूको चरित्र अत्यन्तै नीच छ! तिमीहरूका हृदय अति कठोर छन्! यदि मैले मेरा वचन र कामहरू इस्राएलीहरूकहाँ पुर्‍याएको भए, मैले धेरै अगाडि नै महिमा प्राप्त गरिसक्‍ने थिएँ। तर तिमीहरूको बीचमा यो अप्राप्य छ; तिमीहरूको माझमा तिमीहरूका क्रूर उपेक्षा, तिमीहरूका बेपरवाह र तिमीहरूका बहानाहरू मात्र छन्। तिमीहरू अत्यन्तै असंवेदनशील र पूर्ण रूपमा बेकम्मा छौ!

तिमीहरूले आफ्ना सबै कुराहरू मेरो कामको लागि समर्पण गर्नुपर्छ। तिमीहरूले मलाई फाइदा हुने काम गर्नुपर्छ। तिमीहरूमा अभाव भएका कुराहरू मबाट प्राप्त गर्न सक भनेर तिमीहरूले नबुझ्ने सबै कुराहरू तिमीहरूलाई बुझाउन म तयार छु। तिमीहरूका कमी-कमजोरीहरू गन्‍न नै नसकिने भए तापनि तिमीहरूले मबाट लाभ प्राप्त गर्न सक र तिमीहरूमा अभाव रहेको र संसारले कहिले पनि नदेखेको महिमा प्राप्त गर्न सक भनेर मेरो अन्तिम दया म तिमीहरूलाई दिँदै मैले तिमीहरूमा गर्नुपर्ने काम जारी राख्‍न म तयार छु। मैले यति धेरै वर्ष काम गरेँ तापनि कुनै पनि मानिसले मलाई चिनेको छैन। मैले कसैलाई पनि नभनेको रहस्यको कुरा म तिमीहरूलाई बताउने इच्छा गर्दछु।

मानिसहरूको बीचमा म आत्मा थिएँ जसलाई तिनीहरूले देख्‍न सकेनन्, त्यो आत्मा जससँग तिनीहरू कहिल्यै संलग्‍न हुन सकेनन्। पृथ्वीमा मेरो तिन चरणको काम (संसारको सृष्टि, छुटकारा र नाश) को कारण, तिनीहरूको माझमा मेरो काम गर्न म तिनीहरूकहाँ विभिन्‍न समयमा देखा पर्छु (सार्वजनिक रूपमा होइन)। छुटकाराको युगको समयमा म पहिलो पटक मानिसहरूको बीचमा

आएँ। यो निश्चित हो कि, म यहूदी परिवारमा आएँ, यसैले परमेश्‍वर संसारमा आएको पहिलो पटक देख्ने मानिसहरू यहूदीहरू नै थिए। मेरो देहधारी शरीरलाई छुटकाराको निम्ति पाप बलीको रूपमा प्रयोग गर्न मैले चाहेको कारणले नै मैले यो काम व्यक्तिगत रूपमा गरेको हुँ। यसैले, अनुग्रहको युगमा मलाई पहिलो पटक देख्ने यहूदीहरू नै हुन्। मैले शरीरमा काम गरेको पहिलो पटक त्यही नै थियो। राज्यको युगमा मेरो काम भनेको विजय गर्नु र सिद्ध गर्नु हो, यसैले म फेरि मेरो गोठालाको काम शरीरमा नै गर्छु। मैले शरीरमा काम गरेको यो दोस्रो पटक हो। अन्तिम दुई चरणका काममा, मानिसहरू नदेखिने र अमूर्त आत्मासँग होइन तर त्यस्तो व्यक्तिसँग संलग्न हुन्छन् जो देहमा प्रकट हुनुभएका आत्मा हुनुहुन्छ। यसैले मानिसको आँखामा म फेरि मानव बन्छु, जसमा परमेश्‍वरको कुनै रूप र अनुभूति हुँदैन। यसबाहेक मानिसहरूले देख्ने परमेश्‍वर पुरुष मात्र होइन, तर महिला पनि हो, जुन तिनीहरूका लागि अचम्मको र छक्क पार्ने कुरा हो। समय समयमा, मेरा असाधारण कामले धेरै वर्षदेखि गरिएका पुराना विश्‍वासहरूलाई चकनाचूर पारेको छ। मानिसहरू छक्क पर्छन्! परमेश्‍वर पवित्र आत्मा अर्थात् सात गुणा तीव्र आत्मा वा सबै कुरालाई समेट्ने आत्मा मात्र हुनुहुन्न, तर एक साधारण अर्थात् अत्यन्तै साधारण मनुष्य पनि हुनुहुन्छ। उहाँ पुरुष मात्र नभएर स्त्री पनि हुनुहुन्छ। तिनीहरू उस्तै हुन् किनकि ती दुबै मानिसहरू हुन् र फरक यति मात्र हो कि एक जना पवित्र आत्माद्वारा गर्भमा आउनुभयो भने अर्कोचाहिँ मानिसद्वारा, तथापि उहाँ आत्माद्वारा सीधै आउनुभएको हो। दुबै जना उस्तै हुनुहुन्छ किनकि दुबैले परमेश्‍वर पिताको काम गर्ने देहधारी शरीरका परमेश्‍वर हुनुहुन्छ, उहाँहरू बीचको फरक यही हो कि एक जनाले छुटकाराको काम गर्नुभयो भने अर्कोले विजयको काम गर्नुहुन्छ। दुबैले परमेश्‍वर पिताको प्रतिनिधित्व गर्नुहुन्छ, तर एक प्रेम र दयाले भरिएको उद्धारक हुनुहुन्छ भने अर्कोचाहिँ क्रोध र न्यायले भरपूर धार्मिकताका परमेश्‍वर हुनुहुन्छ। एक छुटकाराको काम सुरुवात गर्ने सर्वोच्च सेनापति हुनुहुन्छ भने अर्को विजयको काम पूरा गर्ने धार्मिकताका परमेश्‍वर हुनुहुन्छ। एक जना सुरु हुनुहुन्छ भने अर्को अन्त्य। एक जना पापरहितको शरीर हुनुहुन्छ भने अर्को छुटकाराको कामलाई पूरा गर्ने, कामलाई जारी राख्ने र कहिले पनि पाप नगर्ने शरीर हुनुहुन्छ। दुबै छुट्टाछुट्टै शरीरमा बास गर्ने, छुट्टै ठाउँमा जन्म लिनुभएका र हजारौँ वर्षको अन्तरमा आउनुभएका एउटै आत्मा हुनुहुन्छ। यद्यपि उहाँहरूको काम एक-अर्कामा परिपूरक छ, कुनै द्वन्द्व नभएको र एउटै सासमा भन्न सकिने किसिमको छ। दुवै मानिसहरू हुनुहुन्छ तर एउटाचाहिँ छोरा र अर्कोचाहिँ शिशु छोरी हुनुहुन्थ्यो। यतिका वर्षसम्म मानिसहरूले आत्मा र मानिस अर्थात् पुरुषलाई मात्र होइन, तर मानव धारणाहरूसँग मेल नखाने धेरै कुराहरू पनि देखे, यसरी मानिसहरूले मलाई कहिले पनि पूर्ण रूपमा बुझ्न सक्दैनन्। तिनीहरूले मलाई कहिले अस्तित्वमा रहेको जस्तो त कहिले भ्रमात्मक सपना जस्तो आधा विश्‍वास गर्छन् र आधा शङ्का गर्छन्, आजको दिनसम्म पनि मानिसहरूले परमेश्‍वर के हुनुहुन्छ भनेर जान्दैनन्। के तँ एउटा सामान्य वाक्यमा मेरो बारेमा बताउन सक्छस्? के तैँले, "येशू अरू कोही नभएर परमेश्‍वर नै हुनुहुन्छ र परमेश्‍वर अरू कोही नभएर येशू नै हुनुहुन्छ" भन्ने हिम्मत गर्न सक्छस्? के तँ साँच्चै "परमेश्‍वर अरू कोही नभएर आत्मा हुनुहुन्छ र आत्मा अरू कोही नभएर परमेश्‍वर नै हुनुहुन्छ" भन्ने हिम्मत गर्छस्? के तँ "परमेश्‍वर देहको भेसमा आउनुभएको

मानव मात्र हुनुहुन्छ” भन्ने हिम्मत गर्न सक्छस्? के तँमा साँच्चै “येशूमा भएको स्वरूप परमेश्‍वरको महान् स्वरूप हो” भन्ने हिम्मत छ? परमेश्‍वरको स्वभाव र स्वरूपको बारेमा पूर्ण रूपमा वर्णन गर्नको निम्ति के तँ आफ्नो वाक्पटुताको प्रयोग गर्न सक्छस्? के तँ “परमेश्‍वरले आफ्नो स्वरूपमा पुरुषलाई मात्र बनाउनुभयो, महिलालाई होइन” भन्ने हिम्मत गर्न सक्छस्? यदि तैँले यसो भनिस् भने कुनै पनि महिला मैले चुनिएका भित्र पर्दैनन्, महिलाहरू मानवजातिको एक वर्ग हुनु त परै जाओस्। अब परमेश्‍वर के हुनुहुन्छ भन्ने कुरा तँलाई साँच्चै थाहा छ? के परमेश्‍वर मानव हुनुहुन्छ? के परमेश्‍वर आत्मा हुनुहुन्छ? के परमेश्‍वर साँच्चै पुरुष हुनुहुन्छ? के मैले गर्ने काम येशूले मात्र गर्न सक्नुहुन्छ? यदि मेरो सारको बारेमा बताउन माथिका मध्ये कुनै एउटाको मात्रै छनौट गरिस् भने, तँ एकदमै अनजान वफादार विश्‍वासी हौ। यदि मैले एक पटक मात्र शरीर धारण गरेर काम गरेँ भने के तँ मलाई सीमित बनाउँछस्? के तैँले मलाई एक झलक हेरेर नै पूर्ण रूपमा बुझ्न सक्छस्? तेरो जीवनकालमा तैँले देखेका र भोगेका कुराहरूकै आधारमा मेरो बारेमा पूर्ण रूपमा बताउन सक्छस्? यदि मेरा दुबै देहधारणहरूमा मैले एउटै किसिमका काम गरेको भए तैँले मलाई कसरी बुझ्थिस्? के तँ मलाई क्रूसमा सधैँको निम्ति काँटी ठोकेर राख्छस्? के परमेश्‍वर तैँले दाबी गरे जस्तै साधारण हुनुहुन्छ?

तिमीहरूको विश्‍वास अत्यन्तै सच्चा भए तापनि, तिमीहरूमध्ये कसैले पनि मेरो बारेमा पूर्ण रूपमा बताउन सक्दैन, तिमीहरूले देखेका सबै तथ्यहरूको पूर्ण गवाही कसैले पनि दिन सक्दैन। यसको बारेमा सोच: आज तिमीहरूमध्ये धेरै जना आफ्नो कर्तव्यबाट विमुख भएर शरीरका कुराहरूको खोजी गर्ने, शरीरलाई सन्तुष्ट पार्ने र लालचका साथ शरीरको मज्जा लिने भएका छौ। तिमीहरूसँग थोरै मात्र सत्यता छ। यस्तो हो भने तिमीहरूले देखेका सबै कुराहरूको गवाही कसरी दिन सक्छौ? के तिमीहरू मेरा साक्षी बन्न सक्छौ भन्ने कुरामा साँच्चै तिमीहरू निश्‍चित छौ? तिमीहरूले आज देखेका सबै कुराहरूको गवाही दिन नसक्ने दिन आयो भने तिमीहरूले सृजित प्राणीहरूको कार्य गुमाएको हुनेछौ र तिमीहरूको अस्तित्वको कुनै अर्थ रहनेछैन। तिमीहरू मानिस हुनको निम्ति अयोग्य हुनेछौ। यसो पनि भन्न सकिन्छ कि तिमीहरू मानिस हुने छैनौ! मैले तिमीहरूमा मापन नै गर्न नसकिने काम गरेको छु, तर तिमीहरूले अहिले केही पनि नसिकेको, थाहा नपाएको र तिमीहरूका परिश्रमहरूमा अप्रभावी भएको कारण मैले मेरो कामलाई विस्तार समय आउँदा तिमीहरूले खाली नजर, बाँधिएको जिब्रो र पूर्ण रूपमा बेकम्मा भएर हेर्नेछौ। यसले तिमीहरूलाई सदाको निम्ति पापी बनाउनेछैन र? जब त्यो समय आउँछ, के तिमीहरूले सबैभन्दा गहिरो पश्‍चातापको अनुभव गर्नेछैनौ र? के तिमीहरू निराशामा डुब्ने छैनौ र? आज मैले गर्ने सबै कामहरू निष्क्रियता र आलस्यतामा होइन तर भविष्यको मेरो कामको लागि जग निर्माण गर्नको निम्ति गरिन्छन्। मैले केही गर्न नै नसक्ने प्रतिरोधको अवस्थामा आएको कारण केही नयाँ गरौँ भनेर यसो गरेको होइन। मैले गर्ने काम तैँले बुझ्नुपर्छ; यो बालकले सडकमा खेले जस्तो होइन, यो त मेरा पिताको प्रतिनिधित्व गर्ने गरिने काम हो। यी सबै कुराहरू म आफैँ गर्दिनँ तर म मेरा पिताको प्रतिनिधित्व गर्छु भन्ने कुरा तिमीहरूले जान्नुपर्छ। यस बीच, तिमीहरूको भूमिका भनेको पछ्याउनु, आज्ञा पालन गर्नु, परिवर्तन गर्नु र गवाही दिनु हो। तिमीहरूले ममाथि किन विश्‍वास

गर्नुपर्छ भन्ने तिमीहरूले बुझ्नुपर्छ; यो तिमीहरू हरेकले बुझ्नुपर्ने सबैभन्दा महत्त्वपूर्ण प्रश्‍न हो। मेरा पिताले आफ्नो महिमाको निम्ति संसारको सृष्टिदेखि नै तिमीहरूलाई मेरो निम्ति अघिबाटै नियुक्त गर्नुभएको हो। उहाँले तिमीहरूलाई यो मेरो काम र उहाँको महिमाको निम्ति अघिबाटै नियुक्त गर्नुभएको हो। मेरा पिताको कारण तिमीहरूले ममाथि विश्‍वास गर्छौ; मेरा पिताले अघिबाटै नियुक्त गर्नुभएको कारण तिमीहरूले मलाई पछ्याउँछौ। यीमध्ये कुनै पनि कुरा तिमीहरूले आफैले छनौट गरेका होइनौ। मेरा पिताले मेरो गवाहीको उद्देश्य राखेर तिमीहरूलाई मकहाँ सुम्पिनुभएको हो भन्ने कुरा तिमीहरूले बुझ्नु अझ महत्त्वपूर्ण कुरा हो। उहाँले मलाई तिमीहरू प्रदान गर्नुभएको कारण तिमीहरूलाई मैले दिएका कुराहरूका साथै मेरा मार्गहरू र मैले तिमीहरूलाई सिकाउने वचनहरूमा तिमीहरू रहनुपर्छ, किनकि मेरा मार्गहरूमा रहनु तिमीहरूको कर्तव्य हो। ममाथिको तिमीहरूको विश्‍वासको मूल उद्देश्य यही हो। यसैले म तिमीहरूलाई भन्छु: तिमीहरू मेरा मार्गमा चल्नको निम्ति मेरा पिताले मलाई सुम्पिनुभएका मानिसहरू मात्र हौ। यद्यपि तिमीहरू ममाथि विश्‍वास मात्र गर्छौ; तिमीहरू इस्राएली परिवारका नभएका कारण मबाट आएका होइनौ, तिमीहरू त प्राचीन सर्पबाटका हौ। मैले तिमीहरूलाई गर्नको निम्ति भनेको कुरा यही हो कि तिमीहरू मेरो गवाही बन, तर आजचाहिँ तिमीहरू मेरा मार्गहरूमा हिँड्नुपर्छ। यी सबै कुराचाहिँ भविष्यको गवाहीको निम्ति हो। यदि तिमीहरूले मेरा मार्गहरूको बारेमा सुन्ने मानिसहरूको रूपमा मात्रै कार्य गर्‍यौ भने तिमीहरू मूल्य नभएका व्यक्तिहरू हुनेछौ र मेरा पिताले तिमीहरूलाई मेरो निम्ति सुम्पिनुभएको कुराको महत्त्व हराउने छ। मैले तिमीहरूलाई जोड दिएर भन्ने कुरा यही हो: तिमीहरू मेरो मार्गमा हिँड्नुपर्छ।

## वास्तविक व्यक्ति बन्नुको अर्थ के हो

मानिसको व्यवस्थापन गर्नु हमेसा मेरो कर्तव्य रहिआएको छ। यसको अतिरिक्त, मैले संसारको सृष्टि गर्दा नै मानिसमाथिको विजयको ठहर गरेँ। आखिरी दिनहरूमा मानिसलाई पूर्ण रूपमा जित्ने छु अथवा मानवजातिका बीचमा भएका विद्रोहीहरूको विजय नै शैतानमाथिको मेरो विजयको प्रमाण हो भन्ने कुरा मानिसहरूलाई थाहा नहुन सक्छ। तर जब मेरो शत्रु मसँग युद्ध गर्न आयो, तब मैले त्यसलाई शैतानले बन्दी बनाएर आफ्ना सन्तान र त्यसको घरको रखवाली गर्ने निष्ठावान दासहरू बनाएकाहरूलाई म जित्ने छु भनेर अगाडिबाटै भनेँ। जित्नुको मूल अर्थ हराउनु, शर्ममा पार्नु हो; इस्राएलीहरूको भाषामा, यसको अर्थ पूर्ण रूपमा हराउनु, नाश गर्नु र मेरो विरुद्धमा थप प्रतिरोध गर्न असक्षम तुल्याउनु भन्ने हुन्छ। तर आज तिमीहरूको माझ प्रयोग गर्दा यसको अर्थ जित्नु हुन्छ। मानवजातिको दुष्टलाई पूर्ण रूपमा समाप्त गर्नु र पूरै पराजित गर्नु सधैँको मेरो अभिप्राय रहिआएको छ भन्ने कुरा तिमीहरूले जान्नुपर्छ, ताकि त्यसले फेरि मेरो विरुद्ध विद्रोह गर्न नसकोस्, मेरो कामलाई बाधा दिने वा खलबलाउने कुनै सास हुने कुरा त परै जाओस्। यसैले, मानिसको सवालमा यस शब्दको अर्थ विजय हासिल गर्नु हुन आउँछ। यस शब्दको अर्थहरू जेसुकै भए तापनि मानवजातिलाई हराउनु मेरो काम हो। मानवजाति मेरो व्यवस्थापनको थप भाग हो

भन्ने कुरा केही समयको लागि सत्य हो, यसलाई अझ स्पष्टताका साथ भन्दा मानवजातिमाथि मेरो शत्रुबाहेक अरू कोही पनि होइन। मानवजाति मेरो विरोध गर्ने र अवज्ञा गर्ने दुष्ट हो। मानवजाति मैले श्राप दिएको दुष्टको सन्तानबाहेक अरू कोही पनि होइन। मानवजाति मलाई धोका दिने प्रधान स्वर्गदूतको सन्तानबाहेक अरू कोही पनि होइन। मानवजाति मैले धेरै पहिले त्यागेको दुष्टको पैतृक सम्पत्ति बाहेक कोही पनि होइन, जो त्यस बेलादेखि यता मेरो कट्टर विरोधी भइआएको छ। किनभने सारा मानवजाति माथिको आकाश स्पष्टताको कुनै पनि सङ्केत नभएको धमिलो र कालो छ र मानव जगत घोर अन्धकारमा डुबेको छ, यसैले त्यहाँ बसोबास गर्नेले आफ्नो अनुहार अगाडि फैलिएको आफ्नो हात वा टाउको माथि उठाउँदा सूर्य पनि देख्न सक्दैन। उसको खुट्टामुनिको सडक हिलोले ढाकेको र खाल्डा-खुल्डीहरूले व्याप्त छ, विचलित पार्ने गरी भूलभूलैया छ; सारा जमिन लासहरूले ढाकेको छ। अँध्यारा कुनाहरू मृतकहरूका अवशेषहरूले भरिएका छन्, र शान्त र अँध्यारा कुनाहरूमा भूतहरूका भीडले बसोबास गरेका छन्। अनि मानिसहरूका संसारमा भूतहरू भीड-भाड गर्दै आवतजावत गर्छन्। फोहोरले ढाकिएका सबै प्रकारका जनावरहरूका सन्तान भीषण युद्धबाट घेरिएका छन् जसको आवाजले हृदयमा आतङ्क पैदा गर्छ। यस्तो समयमा "सांसारिक वैकुण्ठ" रूपी संसारमा जीवनको परमसुख खोज्न कुनै एक व्यक्ति कहाँ जान्छ? जीवनको लक्ष्य खोज्न कुनै एक व्यक्ति कहाँ जानसक्छ? शैतानको खुट्टाले कुल्चिएपछि मानवजाति पहिलेदेखि नै शैतानको स्वरूप लिएको कलाकार बनेको छ—त्योभन्दा पनि बढी मानवजाति शैतानको मूर्त रूप हो र ठूलो र स्पष्ट आवाजमा शैतानको गवाही दिने प्रमाणको काम गर्छ। यस्तो मानव जाति, यस्ता फोहोरका पोकोहरू, यस्तो भ्रष्ट मानव परिवारको सन्तान कसरी परमेश्‍वरको गवाही बन्न सक्छ? मेरो महिमा कहाँबाट आउँछ? कसैले मेरो गवाही बोल्न कहाँबाट सुरु गर्छ? किनकि मेरो विरुद्ध उभिने शत्रुले मानिसलाई भ्रष्ट पारेर मानवजातिलाई अघि नै आफ्नो बनाइसकेको छ—त्यो मानवजाति जसलाई मैले धेरै पहिले सृष्टि गरेँ र जो मेरो महिमाले र जीवनशैलीले भरिएको थियो—त्यसलाई दूषित पारेको छ। त्यसले मेरो महिमा खोसेर लगेको छ र शैतानको कुरूपता मिश्रित विष तथा असल र खराबको ज्ञान दिने रूखको फलको रसले मानिसलाई सन्तृप्त पारेको छ। सुरुमा मैले मानवजातिलाई बनाएँ; अर्थात् मानवजातिको पुर्खा आदमलाई बनाएँ। ऊ बल, तेजले भरिएको स्वरूप र प्रतिरूपले सुसम्पन्न थियो, यसका अतिरिक्त, ऊ मेरो महिमाको सहभागितामा थियो। मैले मानिसलाई बनाएको त्यो दिन महिमित दिन थियो। त्यसपछि, आदमको शरीरबाट हव्वालाई बनाइयो, र तिनी पनि मानिसकी पुर्खा थिइन्, र यसरी मैले सृष्टि गरेका मानिसहरू मेरा सासले भरिए र मेरो महिमाले भरिपूर्ण भए। आदम मूलरूपमा मेरै हातबाट जन्मिएको थियो र मेरो स्वरूपको प्रतिनिधि थियो। यसैले "आदम" को मूल अर्थ मद्वारा बनाइएको, मेरो जीवनशक्तिद्वारा ओतप्रोत भएको, मेरो महिमाले ओतप्रोत भएको, मेरै स्वरूप र प्रतिरूप भएको, आत्मा र सास भएको भन्ने थियो। ऊ आत्मा भएको, मेरो प्रतिनिधित्व गर्न सक्ने, मेरो प्रतिरूप भएको र मेरो सास भएको सृष्टि गरिएको एक मात्र प्राणी थियो। सुरुमा, हव्वाचाहिँ सास प्राप्त गरेकी दोस्री मानव थिइन् जसको सृष्टि मैले नै ठहराएँ, यसैले "हव्वा" को मूल अर्थ मेरो महिमालाई निरन्तरता दिने, मेरो जीवनशक्तिद्वारा भरिएकी र यसको अतिरिक्त मेरो महिमाले

भरिएकी हुन्छ। हव्वा आदमबाट आई, त्यसैले उसमा पनि मेरो प्रतिरूप थियो, किनकि ऊ मेरो प्रतिरूपमा सृजिएकी दोस्रो मानव थिइन्। "हव्वा" को मूल अर्थ आत्मा, शरीर र हाड भएकी जीवित मानव भन्ने थियो, जो मानवजातिको बीचमा मेरो दोस्रो गवाहीका हुनुका साथै मेरो दोस्रो प्रतिरूप पनि थिइन्। तिनीहरू मानवजातिका पुर्खाहरू, मानिसका शुद्ध र बहुमूल्य सम्पत्ति, र सुरुबाट नै आत्मा भएका जीवित प्राणीहरू थिए। तथापि, मानवजातिको संसारलाई पूर्ण अन्धकारमा धकेल्दै मानवजातिका पुर्खाहरूका सन्तानलाई दुष्टले कुल्चियो र बन्दी बनायो र ती सन्तानले मेरो अस्तित्वमा विश्वासै नगर्ने बनाइदियो। त्योभन्दा घृणित कुरा त यो छ कि दुष्टले मानिसहरूलाई भ्रष्ट पार्ने र तिमीहरूलाई कुल्चीमिल्ची पार्ने काम गर्दा यसले मेरो महिमा, मेरो गवाही, मैले तिनीहरूलाई दिएको जीवनशक्ति, तिनीहरूमाथि मैले फुकेको सास र जीवन, मानव संसारमा भएको सारा महिमा र मैले मानवजातिमा खर्च गरेको मुटुको सारा रगतलाई क्रूरताका साथ जबरजस्ती खोस्दै छ। मानवजाति अब उप्रान्त ज्योतिमा छैन, मानिसहरूले मैले दिएका सबै कुराहरू गुमाएका छन् र मैले दिएको महिमालाई तिनीहरूले लत्याएका छन्। सृष्टि गरिएका सबै प्राणीहरूको परमप्रभु म नै हुँ भन्ने कुरा तिनीहरूले कसरी स्वीकार्न सक्छन्? स्वर्गमा भएको मेरो अस्तित्वलाई तिनीहरूले कसरी निरन्तर विश्वास गर्न सक्छन्? पृथ्वीमा मेरो महिमाको प्रकटीकरणलाई तिनीहरूले कसरी पत्ता लगाउन सक्छन्? तिनीहरूका पुर्खाहरूले श्रद्धा गरेका परमेश्वरलाई यी नातिनातिनाहरूले कसरी तिनीहरूलाई सृष्टि गर्ने परमेश्वरको रूपमा लिन सक्छन्? यी दयनीय नातिनातिनाहरूले मैले आदम र हव्वालाई दिएको महिमा, प्रतिरूप र गवाहीका साथै मैले मानवजातिलाई प्रदान गरेको अस्तित्वमा रहनको निम्ति तिनीहरू भर पर्ने जीवन उदारतापूर्वक दुष्टलाई "सुम्पिएका" छन्; र दुष्टको उपस्थितिप्रति तिनीहरू पूर्णरूपमा अनभिज्ञ छन्, र मेरो सारा महिमा त्यसलाई दिन्छन्। "मैला" शब्दको स्रोत यही होइन र? यस्तो मानवजाति, यस्ता दुष्ट भूतहरू, यस्ता हिँड्ने लाशहरू, यस्ता शैतानका आकृतिहरू, यस्ता मेरा शत्रुहरूले कसरी मेरो महिमा प्राप्त गर्छन्? म मेरो महिमालाई पुनः कब्जा गर्नेछु, मानिसहरूको माझमा रहेको मेरो गवाही र कुनै बेला मसँग भएका सबै कुराहरू र मैले धेरै पहिले मानवजातिलाई दिएका कुराहरूलाई म पुनः कब्जा गर्नेछु—म मानवजातिलाई पूर्ण रूपमा जित्ने छु। तथापि, मैले सृष्टि गरेका मानवहरू मेरा प्रतिरूप र मेरो महिमा भएका पवित्र मानिसहरू थिए भन्ने कुरा तैँले थाहा पाउनुपर्छ। तिनीहरू शैतानका थिएनन्, न त तिनीहरू त्यसको कुल्चाइका वशमा नै थिए, तर तिनीहरू अलिकति पनि शैतानको विष नभएका मेरा विशुद्ध प्रकटीकरण थिए। अनि यसैले, मैले मेरा हातले सृष्टि गरेका, मैले प्रेम गर्ने र अन्य कसैको स्वामित्वमा नभएका पवित्र जनहरूलाई मात्र म चाहन्छु भन्ने कुराको जानकारी म मानवजातिलाई दिन चाहन्छु। यसका अतिरिक्त, म तिनीहरूमा आनन्दित हुनेछु र तिनीहरूलाई मेरा महिमा ठान्नेछु। तथापि, शैतानले भ्रष्ट पारेको, आज शैतानको वशमा भएका र जो उप्रान्त मेरो मूल सृष्टि होइनन् ती मानवजातिको चाहना मैले गरेको होइन। किनकि शैतानलाई पराजित गरेको महिमाको प्रमाणको रूपमा मानव संसारमा अस्तित्वमा रहेको मेरो महिमालाई म पुनः कब्जा गर्नेछु, मानवजातिका बीचमा बाँचेकाहरूमाथि म पूर्ण विजय हासिल गर्नेछु। मेरो व्यक्तित्वको क्रिस्टलीकरणको लागि मेरै गवाहीलाई मात्र मेरो आनन्दको वस्तुको रूपमा म लिन्छु। मेरो इच्छा यही हो।

मानवजातिलाई अहिलेको अवस्थामा आइपुग्न इतिहासका दशौं हजार वर्ष लागेको छ, तथापि मैले सुरुमा सृष्टि गरेको मानवजातिचाहिँ लामो समयदेखि भ्रष्टतामा डुबेको छ। मानवजाति मैले इच्छा गरे जस्तो मानवजाति छैन, र यसैले मेरो नजरमा मानिसहरू मानवजातिको नामले बोलाइन योग्यका छैनन्। बरु तिनीहरू मानवजातिका मैलाहरू हुन् जसलाई शैतानले बन्दी बनाएको छ, तिनीहरू शैतानले बास गरेका हिँड्ने कुहिएका लाशहरू हुन् जसलाई शैतानले कपडाको रूपमा पहिरिन्छ। मानिसहरूलाई मेरो अस्तित्वमाथि भरोसा छैन, न त तिनीहरूले मेरो आगमनलाई स्वागत नै गर्छन्। मानवजातिले मेरा अनुरोधहरूलाई अस्थायी रूपमा स्वीकार गरे तापनि असन्तुष्टिका साथ तिनको जवाफ दिन्छ र जीवनका आनन्द तथा दुःखहरू मसँग इमानदारीका साथ बाँड्दैन। मानिसहरूले मलाई रहस्यमय ठान्ने हुनाले तिनीहरूले मलाई देखावटी मुस्कान दिन्छन्, तिनीहरूको मनोवृत्ति शक्तिमा आराम गर्नेको जस्तो छ, किनकि मानिसहरूलाई मेरो कामको ज्ञान छैन, मेरो इच्छाको त अहिले कुरै नगरौं। म तिमीहरूसँग इमान्दार हुनेछुः जब त्यो दिन आउँछ मेरा आराधना गर्ने जोकोहीको दुःख तिमीहरूका भन्दा सहन गर्न सक्ने किसिमका हुनेछन्। ममाथिको तिमीहरूको विश्वास वास्तवमा अय्यूबको भन्दा बढी छैन–यहूदी फरिसीहरूको विश्वासले पनि तिमीहरूको विश्वासलाई जित्छ–यसैले आगोको दिन आउँदा तिमीहरूको दुःख येशूले हप्काउनुभएका फरिसीहरू, मोशाको विरोध गर्ने २५० अगुवाहरू र आफ्नो विनाशको प्रचण्ड ज्वालाको चपेटामा परेको सदोमको भन्दा गम्भीर हुनेछ। जब मोशाले चट्टानलाई हिर्काए र यहोवाले दिनुभएको पानी निस्कियो, त्यो उनको विश्वासको कारणले थियो। जब दाऊदले म, यहोवाको प्रशंसामा आनन्दले भरिएको हृदयले वीणा बजायो–त्यो उसको विश्वासको कारणले थियो। जब अय्यूबले डाँडाकाँडा ढाक्ने वस्तुभाउ र असंख्य सम्पत्ति गुमायो र उसको शरीर कष्टकर खटिराले ढाक्यो, त्यो उसको विश्वासको कारणले थियो। जब उसले मेरो, अर्थात् यहोवाको, आवाज सुन्न र मेरो, अर्थात् यहोवाको, महिमा देख्न सक्यो, त्यो उसको विश्वासको कारणले थियो। पत्रुसले येशू ख्रीष्टलाई पछ्याउन सक्नुको कारण उसको विश्वास नै थियो। उसले मेरो खातिर क्रूसमा टाँगिन र महिमित गवाही दिन सक्नु उसकै विश्वासको कारणले थियो। जब यूहन्नाले मानिसको पुत्रको महिमित प्रतिरूप देख्यो, त्यो उसको विश्वासको कारणले थियो। जब उसले आखिरी दिनहरूका चिन्हहरू देख्यो, त्यो सबै उसकै विश्वासको कारणले थियो। अन्यजाति भनाउँदा भीडहरूले मेरो प्रकाश प्राप्त गर्नु र मानिसको बीचमा मेरो काम गर्नको निम्ति म शरीरमा फर्केको छु भन्ने कुरा थाहा पाउनुको कारण पनि तिनीहरूको विश्वासकै कारणले हो। मेरा कठोर वचनहरूद्वारा प्रहार गरिएका र तीद्वारा सान्त्वना पाएका अनि मुक्ति पाएका सबैले यो कुरा तिनीहरूको आफ्नै विश्वासले गरेका होइनन् र? ममाथि विश्वास गरे तापनि कठिनाइ भोग्नेहरू संसारदेखि पनि अस्वीकृत भएका छैनन् र? मेरा वचनबाहिर जिउनेहरू, परीक्षाको संकष्टदेखि भाग्नेहरू, के तिनीहरू सबै संसारमा यता-उता बरालिरहँदैनन् र? तिनीहरू शरद्का पातहरूझैं एक ठाउँमा नबसी घरी यता, घरी उता सलबलाउँछन्, मेरा सान्त्वनाका वचनहरूको त कुरै नगरौं। मेरो सजाय र शोधनले तिनीहरूलाई नपछ्याए तापनि के तिनीहरू एक ठाउँदेखि अर्को ठाउँमा, स्वर्गको राज्य बाहिरका सडकहरूमा भौतारिने भिखारीहरू होइनन् र? के संसार साँच्चै तेरो विश्राम स्थल हो त? के तैँले

मेरो सजायलाई पन्छाएर साँच्चै नै यस संसारबाट सन्तुष्टिको सबैभन्दा मन्द मुस्कान प्राप्त गर्न सक्छस्? के तैँले तेरो क्षणिक आनन्दलाई तेरो हृदयको लुकाउन नमिल्ने रिक्ततालाई ढाक्नको निम्ति प्रयोग गर्न सक्छस्? तैँले तेरो परिवारका सबैलाई मूर्ख बनाउन सक्लास्, तर तैँले मलाई कहिल्यै पनि मूर्ख बनाउन सक्दैनस्। तेरो विश्वास अत्यन्तै थोरै भएको कारण आजको दिनसम्म पनि तँमा जिन्दगीले दिने आनन्द पत्ता लगाउने शक्ति छैन। म तँलाई आग्रह गर्छु: मानिसले सहन नसक्ने दुःख सहेर सम्पूर्ण जीवन मामुली र देहको निम्ति व्यस्त रहनुभन्दा मेरो निम्ति इमान्दारीपूर्वक आधा जीवन जिउनु तेरो लागि असल हुन्छ। मेरो सजायबाट भागेर आफैलाई जोगाउनुको उद्‌देश्य के छ र? मेरो क्षणिक सजायबाट लुकेर अनन्तको लज्जा, अनन्तको सजायको कटनी गर्नुको के अर्थ छ र? वास्तवमा म कसैलाई पनि मेरो इच्छातिर झुकाउँदिन। यदि कोही मेरा सबै योजनाहरूप्रति साँचो रूपमा समर्पित हुने इच्छा गर्छ भने, तिनीहरूसँग म तुच्छ व्यवहार गर्नेछैन। तर सबै मानिसहरूले ममाथि विश्वास गर्नुपर्छ, जसरी अय्यूबले म, यहोवामाथि विश्वास गरे। यदि तिमीहरूको विश्वासले थोमाको विश्वासलाई जित्छ भने तिमीहरूको विश्वासले मेरो प्रशंसा प्राप्त गर्नेछ, तिमीहरूको निष्ठामा तिमीहरूले मेरो परमानन्द पाउनेछौ र तिमीहरूका दिनमा तिमीहरूले मेरो महिमा पक्कै पाउनेछौ। तथापि संसार र दुष्टमाथि विश्वास गर्ने मानिसहरूले आँखामा बतासले उडाएर लैजाने बालुवा र मुखमा दुष्टका भेटीहरू राखेर सदोम सहरका मानिसहरूले झैँ तिनीहरूका हृदय कठोर पारेका छन्, जसका बादलले ढाकेका मनहरू लामो समयदेखि संसारलाई अनधिकृत रूपमा हडप्ने दुष्टले नियन्त्रणमा लिएको छ। तिनीहरूका विचारहरू लगभग पूर्ण रूपले प्राचीन समयको दुष्टको बन्धनमा परेका छन्। अनि यसैले मानवजातिको विश्वास हावामा उडेको छ र तिनीहरू मेरो कामलाई देख्न समेत असमर्थ छन्। मेरो कामलाई देखावटी रूपमा लिने वा कामचलाउ रूपमा यसको विश्लेषण गर्ने कमजोर प्रयास मात्र तिनीहरूले गर्न सक्छन्, किनकि तिनीहरू धेरै अगाडिदेखि नै शैतानको विषको नियन्त्रणमा छन्।

मानवजातिलाई म जित्नेछु किनकि मानिसहरूको सृष्टि मैले नै गरेँ र, यसका अतिरिक्त, तिनीहरूले मेरो सृष्टिको प्रचुरताको आनन्द लिएका छन्। तर मानिसहरूले मलाई इन्कार पनि गरेका छन्; म तिनीहरूका हृदयमा अनुपस्थित छु, अनि तिनीहरूले मलाई तिनीहरूको अस्तित्वको निम्ति बोझको रूपमा हेर्छन्, यतिसम्म कि तिनीहरूले मलाई देखेर पनि अझै इन्कार नै गर्छन् र मलाई हराउने हरसम्भव तरिकाहरूको बारेमा सोचेर तिनीहरूका दिमागलाई यातना दिन्छन्। तिनीहरूलाई मैले गम्भीर तवरले व्यवहार गरेको वा तिनीहरूसँग कठोर मागहरू गरेको मानिसहरू चाहँदैनन्, न त तिनीहरूको अधार्मिकताको न्याय गर्ने वा त्यसको सजाय दिने अनुमति नै मलाई दिन्छन्। यसमा संलग्न हुनु त दूरको कुरा, बरु तिनीहरूलाई यो झमेलामय लाग्छ। र यसैले मानवजातिलाई लिनु र तिनीहरूलाई पराजित गर्नु मेरो काम हो, जो ममा खान्छ, पिउँछ र रमाउँछ तर मलाई चिन्दैन। म मानवजातिलाई निःशस्त्र पार्नेछु, र त्यसपछि मेरा स्वर्गदूतहरू, मेरो महिमालाई लिएर मेरो वासस्थानमा फर्कनेछु। किनकि मानिसहरूका कार्यहरूले धेरै पहिलेदेखि नै मेरो हृदय तोडेको छ र मेरा कामलाई टुक्राटुक्रा पारेका छन्। मानिसहरूलाई तिनीहरूको जीवन निरन्तर रूपमा जिउन, निरन्तर “शान्ति र सन्तुष्टिका साथ जिउन र काम गर्न”, निरन्तर

"तिनीहरूका आफ्नै खेतबारीहरूमा खेतीपाती गर्न" दिएर म खुसीसाथ फर्केर जानुअघि म मेरो महिमा पुनः कब्जा गर्ने मेरो इरादा छ, र म तिनीहरूको जीवनमा कहिले पनि हस्तक्षेप गर्नेछैन। तर अहिले दुष्टको हातबाट मेरो महिमा पूर्ण रूपमा पुनः कब्जा गर्ने, पृथ्वीको सृष्टि गर्दा मैले मानिसभित्र हालिदिएको महिमाको पूर्णता फिर्ता लिने मेरो इरादा छ। मानव जातिलाई म कहिले पनि यो फेरि दिनेछैन। किनकि मानिसहरूले मेरो महिमाको संरक्षण गर्न चुकेका मात्र छैनन्, तर तिनीहरूले यसलाई शैतानको प्रतिरूपसँग साटेका पनि छन्। मानिसहरू मेरो आगमनलाई मूल्यवान् ठान्दैनन् न त मेरो महिमाको दिनलाई नै महत्त्व दिन्छन्। मेरो महिमा मलाई फिर्ता दिनु त कहाँ हो कहाँ, तिनीहरू मेरो सजाय प्राप्त गर्ने कुरामा प्रसन्न समेत हुँदैनन्, न त तिनीहरू दुष्टको विष फ्याँक्न नै इच्छुक छन्। मानवजातिले मलाई त्यही पुरानो तरिकाले नै निरन्तर रूपमा धोका दिन्छ, मानिसहरूले अहिले पनि उही पुरानो तरिकाले नै उज्यालो मुस्कानहरू र खुसी अनुहारहरू धारण गर्छन्। तिनीहरूबाट मेरो महिमा हटेपछि तिनीहरूमाथि आइपर्ने अन्धकारको गहिराइको बारेमा तिनीहरू अनभिज्ञ छन्। विशेष गरी, जब सम्पूर्ण मानवजातिमाथि मेरो दिन आउँछ, यो तिनीहरूको निम्ति नोआको समयको भन्दा कठिन हुन्छ, किनकि इस्राएलबाट मेरो महिमा हट्दा इस्राएल कति अँध्यारो भएको थियो भन्ने तिनीहरूलाई थाहा छैन, किनकि निस्पट्ट अन्धकारमय रात कटाउन कति कठिन थियो भन्ने कुरा मानिसले बिहान हुँदा भुलिहाल्छ। जब सूर्य फेरि लुक्न जान्छ अनि मानिसमाथि अन्धकार आइपर्छ, उसले फेरि अन्धकारमा विलाप गर्छ र आफ्ना दाह्रा किट्नेछ। इस्राएलबाट मेरो महिमा हट्दा ती कष्टका दिनहरू सहन इस्राएलीहरूलाई कति कठिन भएको थियो भन्ने के तिमीहरूले बिर्सेका छौ? तिमीहरूले मेरो महिमा देख्ने समय अहिले नै हो, र तिमीहरू मेरो महिमामा सहभागी हुने समय पनि अहिले नै हो। जब मेरो महिमाले यो फोहोरी भूमि छोड्छ तब अन्धकारको बीचमा मानिसले विलाप गर्नेछ। मैले काम गर्ने महिमाको दिन अहिले नै हो, मैले मानवजातिलाई दुःखबाट मुक्त गर्ने दिन यही हो, किनकि पीडा र संकष्टका समयहरू म तिनीहरूसँग बाँड्नेछैनँ। म मानवजातिलाई पूर्ण रूपमा जित्न र मानवजातिको दुष्टलाई पूर्ण रूपमा पराजित गर्न मात्र चाहन्छु।

## विश्वासको बारेमा तँलाई के थाहा छ?

मानिससँग विश्वासको अनिश्चित शब्द मात्र हुन्छ, तैपनि केले विश्वासको निर्माण हुन्छ भन्ने मानिसले जान्दैन, उसमा विश्वास हुन्छ भन्ने कुरा त परै जाओस्। मानिसले अति थोरै जान्दछ, र मानिस आफैमा अति नै कमी-कमजोरी छ; मप्रति उसको विश्वास त विचारहीन र अज्ञानता मात्र हो। विश्वास भनेको के हो सो उसले जान्दैन, न त उसले ममा किन विश्वास गर्छ भन्ने कुरा नै जान्दछ, तैपनि उसले आवेगमा मलाई विश्वास गरिरहन्छ। मैले मानिसबाट मलाई यसरी आवेगमा पुकारा गरोस् वा असङ्गत ढाँचामा विश्वास गरोस् भन्ने माग गर्दिनँ, किनभने म मानिसले मलाई देखोस् र मलाई चिनोस् भनेर काम गर्छु, प्रभावित होस् र मलाई नयाँ ज्योतिमा हेरोस् भनेर होइन। कुनै समयमा मैले धेरै चिन्हहरू र चमत्कारहरू प्रकट गरेँ र धेरै आश्चर्यकर्महरू गरेँ, अनि

त्यस बेला इस्राएलीहरूले मेरो उच्च सराहना गरे र बिरामीलाई निको पार्ने र भूतहरू धपाउने मेरो अद्‌भुत क्षमतालाई अत्यन्त कदर गरे। त्यस बेला, यहूदीहरूले निको पार्ने मेरो शक्तिलाई अद्‌वितीय र असाधारण भएको ठाने–मेरा धेरै कार्यहरूले गर्दा, तिनीहरू सबैले मलाई आदर गरे र मेरा सबै शक्तिहरूको खातिर आभारी भएको महसुस गरे। यसैले मैले आश्‍चर्यकर्महरू गरेको देखेका सबै समीप रूपमा मेरो पछि लागे, यहाँसम्म कि मैले बिरामीलाई निको पारेको हेर्न हजारौँले मलाई घेरे। मैले यति धेरै चिन्हहरू र चमत्कारहरू प्रकट गरेँ, तापनि मानिसहरूले मलाई केवल अद्‌भुत वैद्‌यको रूपमा मात्र हेरे; त्यसैले पनि मैले त्यस बेला मानिसहरूका अघि शिक्षाको धेरै वचनहरू बोलेँ, तैपनि तिनीहरूले मलाई आफ्ना चेलाहरूभन्दा उच्च गुरुको रूपमा मात्र ठाने। आज समेत, मानिसले मेरा कामहरूको ऐतिहासिक अभिलेख देखेपछि पनि म बिरामीलाई निको पार्ने महान् वैद्‌य र अनभिज्ञलाई सिकाउने शिक्षक हुँ भन्ने तिनीहरूको व्याख्या जारी छ, र तिनीहरूले मलाई कृपालु प्रभु येशू ख्रीष्टको रूपमा परिभाषित गरेका छन्। ती धर्मशास्त्र व्याख्या गर्नेहरूले निको पार्ने मेरा सीपहरूलाई उछिनेका हुन सक्छन् वा तिनीहरू आफ्ना शिक्षकलाई उछिनेका चेलाहरू समेत हुन सक्छन्, तैपनि संसारभरि नाम चलेका यस्ता अति प्रसिद्‌ध मानिसहरूले मलाई केवल नीच वैद्‌य मात्र भएको ठान्छन्। मेरा कार्यहरू समुद्र किनारका बालुवाका कणहरूभन्दा धेरै छन् र मेरो बुद्‌धि सोलोमनका सबै छोराहरूभन्दा अधिक छ, तैपनि मानिसहरूले मलाई थोरै मात्र महत्त्व भएको वैद्‌यको रूपमा र मानिसको अज्ञात शिक्षकको रूपमा मात्र ठान्छन्। मैले तिनीहरूलाई निको पारेँ भनेर मात्र धेरैले मलाई विश्‍वास गर्छन्। मैले तिनीहरूको शरीरबाट अशुद्‌ध आत्माहरू निकाल्न मैले मेरो शक्ति प्रयोग गरौं भनेर र तिनीहरूले शान्ति र आनन्द प्राप्त गर्न सकून् भनेर मात्र धेरैले ममा विश्‍वास गर्छन्। मबाट धेरै भौतिक सम्पत्ति माग गर्नलाई मात्र धेरैले ममा विश्‍वास गर्छन्। यस जीवनलाई शान्तिमा बिताउन र आउने संसारमा सुरक्षित र सकुशल हुनलाई मात्रै धेरैले ममा विश्‍वास गर्छन्। नरकको कष्टहरूबाट बच्न र स्वर्गका आशिष्‌हरू प्राप्त गर्नलाई धेरैले ममा विश्‍वास गर्छन्। धेरैले अस्थायी सान्त्वनाको निम्ति मात्र ममा विश्‍वास गर्छन्, तैपनि आउने संसारको कुनै पनि कुरा प्राप्त गर्न खोज्दैनन्। जब मैले मेरो क्रोध मानिसमाथि खन्याएँ र कुनै समयमा ऊसँग भएको सबै आनन्द र शान्ति खोसेँ, मानिस सशंकित भयो। मैले मानिसलाई नरकको कष्ट दिएर स्वर्गको आशिष् फिर्ता गर्दा मानिसको शर्म रिसमा परिणत भयो। निको पार्नलाई मानिसले मलाई बिन्ती गर्दा मैले कुनै ध्यान दिइनँ र ऊप्रति घृणा महसुस गरेँ; बरु मानिस मबाट अलग भएर दुष्ट औषधि र टुनामुनाको मार्ग खोज्नतिर लाग्यो। जब मानिसले मबाट माग गरेको सबै थोक मैले खोसेँ, सबै जना कुनै निशानाविना नै गायब भए। यसैले, म अति धेरै अनुग्रह दिन्छु र प्राप्त गर्ने कुरा अति धेरै भएको हुनाले मानिसले ममा विश्‍वास गर्छ भनी म भन्छु। यहूदीहरूले मेरो अनुग्रहको कारण ममा विश्‍वास गरे र म जहाँ गए पनि तिनीहरू मेरो पछि लागे। यी सीमित ज्ञान र अनुभव भएका मानिसहरूले मैले प्रकट गरेका चिन्हहरू र चमत्कारहरू हेर्न मात्र खोजे। तिनीहरूले मलाई ठूलठूला आश्‍चर्यकर्म गर्ने यहूदीहरूको घरानाको मुखियाको रूपमा माने। त्यसैले मानिसहरूबाट मैले भूतहरू निकाल्दा, यसले तिनीहरू माझ बहस उब्जाउथ्यो: तिनीहरूले मलाई एलिया, मोशा, सबै अगमवक्ताहरूमा प्राचीन अगमवक्ता, सबै वैद्‌यहरूभन्दा महान्

थिएँ भनी भने। म जीवन, बाटो र सत्य हुँ भनी म आफैले भनेको बाहेक मेरो अस्तित्व र मेरो पहिचानलाई कसैले थाहा गरेनन्। मेरा पिता बस्नुहुने ठाउँ स्वर्ग हो भनी मैले भनेको बाहेक मलाई म परमेश्‍वरको पुत्र र परमेश्‍वर स्वयम् हुँ भनी कसैले चिनेनन्। मैले सारा मानवजातिकहाँ उद्धार ल्याउनेछु र मानवजातिको छुटकाराको मूल्य तिर्नेछु भनी म आफैले भनेको बाहेक, म मानवजातिको उद्धारक हुँ भनी कसैले जानेनन् र मानिसहरूले मलाई एक परोपकारी र कृपालु मानिसको रूपमा मात्र चिने। म आफैले मेरो बारे बताउन सकेको भन्दा बाहेक कसैले मलाई चिनेनन् र म जीवित परमेश्‍वरको पुत्र हुँ भनी कसैले मलाई विश्‍वास गरेनन्। मप्रति मानिसको विश्‍वास र तिनीहरूले मलाई मूर्ख तुल्याउन खोज्ने तरिका यस्तो छ। तिनीहरूले मप्रति यस्तो धारणा राखेर मेरो निम्ति कसरी साक्षी दिन सक्थे र?

मानिसहरूले ममा विश्‍वास गर्छन्, तर तिनीहरू मेरो निम्ति गवाही दिन असक्षम छन्, न त मैले आफैलाई प्रकट गर्न अघि तिनीहरूले मेरो निम्ति गवाही नै दिन सक्छन्। मैले प्राणीहरू र सबै पवित्र मानिसहरूलाई उछिन्छु भन्ने मात्र मानिसहरूले देख्छन् र मैले गरेको काम मानिसहरूले गर्न सक्दैनन् भन्ने मात्र देख्छन्। यसैले, यहूदीहरूदेखि हालका दिनका मेरा सबै महिमित कार्यहरू देख्ने सबै मानिसहरू मप्रति जिज्ञासाले भन्दा अरू कुनै पनि कुराले भरिएका छैनन् र कुनै पनि प्राणीको मुखले मेरो निम्ति साक्षी दिन सकेको छैन। मेरा पिताले मात्र मेरो निम्ति गवाही दिनुभयो र सबै प्राणीहरूको माझ बाटो तयार पार्नुभयो; यदि उहाँले गवाही दिनुभएको थिएन भने, मैले जति काम गरेको भए पनि, म सृष्टिको प्रभु हुँ भनी मानिसले कहिल्यै चिन्ने थिएनन्, किनभने मानिसले मबाट लिन मात्र जान्दछन् र मेरो कामको परिणामस्वरूप मप्रति विश्‍वास गर्दैनन्। म निर्दोष र कुनै पनि पक्षमा पापी छैन, म विभिन्‍न रहस्यहरूलाई व्याख्या गर्न सक्छु, म भीडहरूभन्दा माथि छु वा मानिसले मबाट धेरै लाभ लिएको छ, त्यसकारणले मात्र मानिसले मलाई चिन्छन्, तैपनि म सृष्टिको प्रभु हुँ भनेर थोरैले मात्र विश्‍वास गर्छन्। यसैले मानिसले उसँग मप्रतिको विश्‍वास किन हुन्छ भनी जान्दैन भनी म भन्छु; मप्रति विश्‍वास गर्नुको उद्देश्य वा महत्त्व उसले जान्दैन। मानिसमा वास्तविकताको कमी छ, त्यसैले ऊ मेरो निम्ति गवाही दिन विरलै योग्य छ। तिमीहरूसित साँचो विश्‍वास अति थोरै छ र तिमीहरूले अति थोरै हासिल गरेका छौ, त्यसैले तिमीहरूसित अति थोरै गवाही छ। यसको अलाबा, तिमीहरूले अति थोरै बुझ्छौ, यहाँसम्म कि तिमीहरू मेरा कामहरूको निम्ति गवाही दिनलाई लगभग अयोग्य छौ। तिमीहरूको संकल्प साँच्चै उल्लेखनीय छ, तर के तिमीहरूले परमेश्‍वरको सारलाई सफलतापूर्वक सिद्ध गर्न सक्नेछौ भन्ने कुरामा तिमीहरू पक्का छौ त? तिमीहरूले भोगेका र देखेका कुराहरू सारा युगका सन्तहरू र अगमवक्ताहरूको भन्दा पनि अधिक छन्, तर के तिमीहरूले विगतका यी सन्तहरू र अगमवक्ताहरूका वचनभन्दा ठूलो गवाही दिन सक्छौ त? मैले अहिले तिमीहरूलाई दिने कुराहरूले मोशा र दाऊदलाई दिएका कुरालाई नै उछिन्छ, त्यसरी नै तिमीहरूका गवाही मोशाको भन्दा अधिक र तिमीहरूका शब्दहरू दाऊदका भन्दा महान् होस् भन्ने म चाहन्छु। म तिमीहरूलाई सय गुणा दिन्छु–तिमीहरूले उही रूपमा फिर्ता गरेको म चाहन्छु। मानवजातिलाई जीवन दिने म नै हुँ भनी तिमीहरूलाई थाहा हुनुपर्छ, अनि मबाट जीवन पाउने र मेरो निम्ति गवाही दिने तिमीहरू नै हौ। मैले तिमीहरूलाई दिएको कर्तव्य यही

हो, जुन तिमीहरूले मेरो निम्ति गर्नुपर्छ। मैले मेरा सबै महिमा तिमीहरूलाई दिएको छु, मेरा चुनिएका मानिसहरू, इस्राएलीहरूले कहिल्यै प्राप्त नगरेका जीवन मैले तिमीहरूलाई दिएको छु। अधिकारद्वारा नै, तिमीहरूले मेरो गवाही दिनुपर्छ र तिमीहरूको जवानी र तिमीहरूको जीवन मलाई अर्पण गर्नुपर्छ। जसलाई म मेरो महिमा दिन्छु उसले मेरो गवाही दिनेछ र मेरो निम्ति तिनीहरूको जीवन दिनेछन्। यसलाई मैले उहिले नै निर्धारण गरेको छु। मैले तिमीहरूलाई मेरो महिमा दिनु त तिमीहरूको लागि सौभाग्यको कुरा हो र तिमीहरूको कर्तव्यचाहिँ मेरो महिमाको गवाही दिनु हो। यदि तिमीहरूले आशिष् पाउनलाई मात्र ममा विश्वास गरेका थियौ भने, मेरो कामको महत्त्व कम हुन्थ्यो र तिमीहरूले आफ्नो कर्तव्य पूरा गरिरहेका हुँदैनथियौ। इस्राएलीहरूले मेरो कृपा, प्रेम र महानता मात्रै देखे र यहूदीहरूले मेरो धैर्यता र उद्धार मात्र देखे। तिनीहरूले मेरो आत्माको काम अतिभन्दा अति कम देखे, यहाँसम्म कि ती तिमीहरूले सुनेका र देखेका भन्दा दशौं हजारमा एक भाग जति मात्र तिनीहरूले बुझे। तिमीहरूले देखेका कुराहरूले तिनीहरूका प्रधान पूजाहारीलाई पनि उछिन्छ। तिमीहरूले आज बुझेका कुराहरूले तिनीहरूले बुझेका कुरालाई उछिन्छ; तिमीहरूले आज जे देखेका छौ यसले व्यवस्थाको युग साथै अनुग्रहको युगमा देखिएको कुरालाई पनि उछिन्छ र तिमीहरूले भोगेका कुराहरू मोशा र एलियाको भन्दा पनि अधिक छन्। इस्राएलीहरूले जे बुझे त्यो परमप्रभुको व्यवस्था मात्र थियो र तिनीहरूले जे देखे त्यो परमप्रभुको पिठ्यूँ मात्र थियो; यहूदीहरूले जे बुझे त्यो येशूको उद्धार मात्र थियो, तिनीहरूले जे प्राप्त गरे त्यो येशूले दिनुभएको अनुग्रह मात्र थियो र तिनीहरूले जे देखे त्यो यहूदीहरूको घरानाभित्रको येशूको स्वरूप मात्र थियो। आज तिमीहरूले जे देख्छौ त्यो परमप्रभुको महिमा, येशूको उद्धार र यस दिनको मेरा सबै कामहरू हुन्। त्यसैले तिमीहरूले मेरो आत्माका वचनहरू सुनेका छौ, मेरो बुद्धिको बखान गरेका छौ, मेरो चमत्कार थाहा पाएका छौ र मेरो स्वभाव जानेका छौ। मैले तिमीहरूलाई मेरो सारा व्यवस्थापन योजना पनि बताएको छु। तिमीहरूले जे देखेका छौ त्यो प्रेमिलो र कृपालु परमेश्‍वर मात्र होइन, तर धार्मिकताले पूर्ण परमेश्‍वर हो। तिमीहरूले मेरो चमत्कारपूर्ण काम देखेका छौ र म प्रताप र क्रोधले भरिएको छु भन्ने जानेका छौ। यसको अतिरिक्त, कुनै समय मैले इस्राएलको घरानामाथि मेरो उर्लंदो क्रोध खन्याएँ र आज यो तिमीहरूमाथि आएको छ भन्ने तिमीहरू जान्दछौ। तिमीहरूले स्वर्गको मेरा रहस्यहरूलाई यशैया र यूहन्नाले भन्दा बढी बुझ्छौ; तिमीहरूले मेरो मनोरमता र संवेदनशीलतालाई विगतका सबै सन्तहरूले भन्दा पनि बढी जान्दछौ। तिमीहरूले प्राप्त गरेको कुरा मेरो सत्यता, बाटो र जीवन मात्र होइन, तर यूहन्नाको भन्दा पनि ठूलो दर्शन र प्रकाश हो। तिमीहरूले धेरैभन्दा धेरै रहस्यहरू बुझ्छौ र मेरो साँचो मुहारमा हेरेका छौ; तिमीहरूले मेरो न्याय धेरै स्वीकार गरेका छौ र मेरो धार्मिक स्वभावलाई बढी जान्दछौ। त्यसै गरी, तिमीहरू आखिरी दिनहरूमा जन्मिएका भए तापनि तिमीहरूको बुझाइ विगतको जस्तो छ, र तिमीहरूले आजका कुराहरू पनि अनुभव गरेका छौ र यी सबै म स्वयम्‌ले गरेको थिएँ। मैले तिमीहरूसँग जे मागेको छु त्यो अत्याधिक छैन, किनभने मैले तिमीहरूलाई धेरै दिएको छु, र तिमीहरूले ममा धेरै देखेका छौ। यसैले, तिमीहरूले विगतका सन्तहरूलाई मेरो निम्ति गवाही देओ भन्ने म चाहन्छु र मेरो हृदयको एक मात्र इच्छा यही हो।

मेरो निम्ति पहिले गवाही दिनुहुने मेरो पिता हुनुहुन्थ्यो, तर म महान् महिमा प्राप्त गर्न र सृष्टि गरिएका प्राणीहरूको मुखबाट गवाहीका शब्दहरू आओस् भन्ने चाहन्छु—ताकि मसँग भएका सबै थोक तिमीहरूलाई दिन सकूँ, ताकि तिमीहरूले मानिसहरू माझ मेरो कामलाई खतम गरेर तिमीहरूको कर्तव्य पूरा गर्न सक। तिमीहरूले ममा किन विश्वास गर्छौ सो तिमीहरूले बुझ्नुपर्छ; यदि तिमीहरू मेरो शिष्य वा मेरो बिरामी हुन वा स्वर्गका सन्तहरूमध्ये एक जना हुन चाहन्छौ भने तिमीहरूले मलाई पछ्याएको व्यर्थ हुनेछ। यसरी मेरो पछि लाग्नु ऊर्जाको बरबादी मात्र हुन्छ; ममा यस्तो किसिमको विश्वास गर्नु तिमीहरूको दिन गुजार्नु, तिमीहरूको जवानी उडाउनु मात्र हो। अनि अन्तमा तिमीहरूले केही पनि पाउनेछैनौ। के त्यो व्यर्थको परिश्रम हुँदैन र? म यहूदीहरुको माझबाट निस्केको धेरै भइसक्यो र यस उप्रान्त म मानिसको वैद्य होइन, न त म मानिसको निम्ति औषधी नै हुँ। यस उप्रान्त म मानिसले धपाउनु पर्ने भारी बोक्ने वा आफ्नै खुशीमा काटिने पशु होइन; बरु, मानिसले मलाई चिनोस् भनी न्याय गर्न र सजाय दिन म मानिसको माझमा आएको छु। कुनै समयमा मैले उद्धारको काम गरेँ भन्ने कुरा तिमीहरूले जान्नुपर्छ; म कुनै समयमा येशू थिएँ, तर जसरी म कुनै समयमा परमप्रभु थिएँ र पछि येशू भए जस्तै सदैव येशू रहन नै सक्दिनथेँ। म मानवजातिको परमेश्वर, सृष्टिको प्रभु हुँ, तर म सदैव येशू वा यहोवा रहन सक्दिनँ। मानिसले वैद्य ठाने झैँ म वैद्य भएको छु, तर परमेश्वर मानिसको निम्ति वैद्य मात्र हुनुहुन्छ भनेर भन्न सकिँदैन। त्यसैले, यदि मप्रतिको विश्वासमा तिमीहरूको दृष्टिकोण पुरानै छ भने, तिमीहरूले केही पनि प्राप्त गर्नेछैनौ। तिमीहरूले आज मेरो जति नै प्रशंसा गरे पनि: “परमेश्वरले मानिसलाई कति प्रेम गर्नुहुन्छ; उहाँले मलाई निको पार्नुहुन्छ र आशिष्, शान्ति र आनन्द दिनुहुन्छ। परमेश्वर मानिसको निम्ति कति असल हुनुहुन्छ; यदि हामीमा उहाँप्रति विश्वास मात्रै छ भने, हामीले पैसा र सम्पत्तिको बारे फिक्री गर्नुपर्दैन...,” म अझ पनि मेरो मौलिक कार्यलाई अवरोध गर्न सक्दिनँ। यदि आज तैँले ममा विश्वास गर्छस् भने, तैँले मेरो महिमा पाउनेछस् र तँ मेरो साक्षी दिन योग्यको हुनेछस् र सबै कुरा द्वित्तिय हुनेछन्। तैँले यो स्पष्ट रूपमा जान्नुपर्छ।

अब तैँले किन ममा विश्वास गर्छस् के तँलाई सो साँच्चै थाहा छ त? के तैँले मेरो कामको उद्देश्य र महत्त्वलाई साँच्चै बुझ्छस्? के तँलाई आफ्नो कर्तव्य साँच्चै थाहा छ? के तँलाई मेरो गवाही साँच्चै थाहा छ? यदि तैँले ममा विश्वास मात्र गर्छस्, तैपनि तँमा मेरो महिमा वा गवाहीको कुनै सङ्केत छैन भने, मैले तँलाई उहिले नै हटाइसकेको छु। यी सबै कुराहरू जान्नेहरूको हकमा, तिनीहरू मेरो आँखाका र घरको काँडा बाहेक अरू केही होइनन्, तिनीहरू मेरो बाटोका बाधाहरू बाहेक केही होइनन्, तिनीहरू मेरो कार्यबाट निफन्नु पर्ने सामाहरू हुन्, तिनीहरूको कुनै उपयोगीता छैन, तिनीहरू निकम्मा हुन् र मैले तिनीहरूलाई उहिलेदेखि नै तिरस्कार गरेको छु। गवाहीबाट वञ्चित गरिएकाहरू सबैमाथि मेरो क्रोध आइपर्छ र तिनीहरूबाट मेरो छडी कहिल्यै दूर हुँदैन। मैले तिनीहरूलाई दुष्टको हातमा सुम्पेको धेरै भइसकेको छ; तिनीहरूलाई मेरा आशिष्बाट वञ्चित गरिएको छ। जब समय आउँछ, तब तिनीहरूको सजाय मूर्ख स्त्रीहरूको भन्दा पनि बढी पीडादायी हुनेछ। आज मैले गर्नु पर्ने मेरो कर्तव्यको काम मात्र गर्छु; म सबै गहुँलाई ती सामाहरूसँगै बाँध्नेछु। अहिलेको मेरो काम यही हो। ती सामाहरू मैले निफन्ने समयमा निफनिनेछन्, अनि गहुँलाई

गोदाममा जम्मा गरिनेछन् र ती निफनिएका सामाहरूलाई खरानी हुने गरी जलाउनलाई आगोमा हालिनेछ। अहिलेको मेरो काम भनेको सबै मानिसहरूलाई बिटोमा बाँध्नु मात्रै हो; अर्थात् तिनीहरूलाई पूर्ण रूपमा जित्नु हो। त्यसपछि म सबै मानिसहरूको अन्त प्रकट गर्न निफन्न सुरु गर्नेछु। त्यसैले तैँले अहिले मलाई कसरी तृप्त पार्ने र मप्रति तेरो विश्‍वासको सही मार्गमा तँ कसरी लाग्ने सो जान्‍नुपर्छ। मैले अहिले चाहने भनेको तेरो बफादारीता र आज्ञाकारीता, तेरो प्रेम र गवाही हो। यस बेला गवाही के हो वा प्रेम के हो सो तँलाई थाहा नभए पनि, तैँले आफ्नो सबै कुरा ल्याउनुपर्छ र तेरो एक मात्र खजाना मलाई सुम्पनुपर्छ: तिमीहरूको बफादारीता र आज्ञाकारीता। जसरी मानिसको पूर्ण विजयमा गवाही हुन्छ, त्यस्तै शैतानलाई पराजित गर्ने गवाही मानिसको बफादारीता र आज्ञाकारीतामा रहन्छ भन्‍ने कुरा तैँले जान्‍नुपर्छ। मप्रतिको तेरो विश्‍वासको कर्तव्य भनेको नै मेरो निम्ति साक्षी दिनु, म बाहेक अरू कोहीप्रति बफादार नहुनु, र अन्तसम्म नै आज्ञाकारी हुनु हो। मैले मेरो कामको अर्को चरण सुरु गर्न अघि, तैँले मेरो निम्ति कसरी साक्षी दिनेछस्? तँ मप्रति कसरी बफादार र आज्ञाकारी हुनेछस्? के तँ आफ्ना सबै बफादारीता आफ्नै काममा अर्पण गर्छस् कि हरेस खान्छस्? तँ (मृत्यु वा विनाश नै आइपरे पनि) मेरो हरेक प्रबन्धको अधीनमा रहन्छस् कि मेरो सजायबाट बच्न बीचैबाट भाग्छस्? तँ मेरो साक्षी दिने बन्, मप्रति बफादार र आज्ञाकारी बन् भनेर म तँलाई सजाय दिन्छु। यति मात्र कहाँ हो र, हालको सजाय मेरो कामको अर्को चरण प्रकट गर्नु र कामलाई निर्बाध रूपमा अघि बढ्न दिनको लागि हो। त्यसैले, म तँलाई बुद्धिमान बन् अनि आफ्नो जीवनलाई अनि आफ्नो अस्तित्वलाई निकम्मा बालुवाको रूपमा व्यवहार नगर् भन्‍ने उत्साह दिन्छु। आउनेवाला मेरो काम ठ्याक्कै कस्तो हुनेछ भनी के तैँले जान्‍न सक्छस्? आउने दिनमा म कसरी काम गर्नेछु र मेरो काम कसरी प्रकट हुनेछ भन्‍ने के तँ जान्दछस्? तैँले मेरो कामप्रतिको तेरो अनुभवको महत्त्व र मप्रति तेरो विश्‍वासको महत्त्वलाई जान्‍नुपर्छ। मैले यति धेरै गरेको छु; तैँले कल्पना गरेजस्तो म कसरी बीचैमा छोड्न सक्थेँ? मैले यति व्यापक काम गरेको छु; म यसलाई कसरी नष्ट गर्न सक्थेँ? वास्तवमा, म यो युगलाई अन्त गर्न आएको हुँ। यो सत्य हो, तर मैले नयाँ युग सुरु गर्नुपर्छ, नयाँ काम सुरु गर्नुपर्छ र सबैभन्दा मुख्य कुरा, राज्यको सुसमाचार फैलाउनुपर्छ भन्‍ने तैँले जान्‍नुपर्छ। त्यसैले हालको कामचाहिँ नयाँ युग ल्याउन, आउने समयमा सुसमाचार फैलाउन र भविष्यमा युगलाई अन्त गर्नको निम्ति जग बसाल्नलाई मात्र हो भन्‍ने तैँले जान्‍नुपर्छ। मेरो काम तैँले सोचेजस्तो सरल छैन, न त तैँले विश्‍वास गरेजस्तो यो निकम्मा वा व्यर्थ नै छ। यसकारण, मैले अझ पनि तँलाई भन्‍नुपर्छ: तैँले आफ्नो जीवन मेरो कामको निम्ति दिनुपर्छ, र यस बाहेक, तैँले आफूलाई मेरो महिमाको निम्ति अर्पण गर्नुपर्छ। मैले जति लामो समयदेखि तैँले मेरो निम्ति गवाही दिओस् भन्‍ने उत्कट इच्छा गरेको छु, तैँले मेरो सुसमाचार फैलाएको होस् भन्‍ने कुरालाई मैले त्योभन्दा बढी चाहेको छु। मेरो हृदयमा के छ सो तैँले बुझ्नुपर्छ।

# जब झर्ने पातहरू तिनको जराहरूमा फर्कन्छन्, आफूले गरेका सबै दुष्ट कामका निम्ति तैँले पछुतो गर्नेछस्

मैले तिमीहरूका बीचमा गरेका कामहरू तिमीहरूले आफ्नै आँखाले देखेका छौ, मैले बोलेका वचनहरू तिमीहरू आफैले सुनेका छौ, र तिमीहरूप्रतिको मेरो आचरण तिमीहरू सबैले जानेका छौ, यसैले मैले तिमीहरूमा यो काम किन गर्दैछु त्यो तिमीहरूलाई थाहा हुनुपर्छ। म पूरा इमानदारीसाथ तिमीहरूलाई भन्छु, कि तिमीहरू आखिरी दिनहरूमा मेरो कामको विजयका साधनहरू, अन्यजातिहरू माझ मेरो काम फैलाउने उपकरणहरू बाहेक अरू केही होइनौ। अन्यजातिहरूको बीचमा मेरो काम अझै राम्ररी विस्तार गर्न र मेरो नाउँ फैलाउन, अर्थात् इस्राएलदेखि बाहिरको कुनै पनि जातिहरूमा यसलाई फैलाउन म तिमीहरूका अधर्म, फोहोरपन, विरोध र विद्रोहको माध्यमबाट बोल्छु। मेरो नाउँ, मेरा कार्यहरू र मेरो सोर अन्यजाति देशहरूमा फैलिन सकोस्, र त्यसरी ती सबै जातिहरू जो इस्राएलका होइनन् तिनीहरू मद्‌वारा जितिन सकून् र मेरो आराधना गर्न सकून्, र इस्राएल र मिश्र देशहरूदेखि बाहिर मेरा पवित्र देशहरू बनून् भनेर म यसो गर्छु। मेरो काम विस्तार गर्नु भनेको वास्तवमा मेरो विजयको कामलाई विस्तार गर्नु हो र मेरो पवित्र भूमिलाई विस्तार गर्नु हो; यो पृथ्वीमा मेरो पाउदान विस्तार गर्नु हो। तिमीहरू स्पष्ट हुनुपर्दछ कि तिमीहरू अन्यजातिहरूका बीचमा मैले सृष्टि गरेका प्राणीहरू मात्र हौ, जसलाई म जित्छु। मूल रूपमा, तिमीहरूसित न त हैसियत न त उपयोग हुने कुनै मूल्य नै थियो, र तिमीहरू कुनै कामको थिएनौ। मैले सम्पूर्ण देशमाथिको मेरो विजयको नमुना बन्न, मेरो सम्पूर्ण देशमाथि विजयको एकमात्र "सन्दर्भ सामग्री" हुनका निम्ति गोबरको थुप्रोबाट कीराहरू उठाएकोले मात्रै तिमीहरू मेरो सम्पर्कमा आउन सक्ने, र अहिले मेरो साथमा भेला हुन सक्ने सौभाग्य पाएका छौ। तिमीहरूको तुच्छ हैसियतले गर्दा मैले तिमीहरूलाई मेरा नमुनाहरू र आदर्श बन्न चुनेको छु। यही कारणले गर्दा मात्र म तिमीहरूका बीचमा काम गर्छु र बोल्छु, र म तिमीहरूसित जिउँछु र बसोबास गर्छु। तिमीहरूलाई थाहा हुनुपर्छ कि यो मेरो व्यवस्थापनको कारणले र गोबरको थुप्रोमा हुने कीराहरूप्रतिको मेरो चरम घृणाको कारणले, म तिमीहरूको बीचमा बोलिरहेको छु—यो यस्तो स्थितिमा पुगेको छ कि म क्रोधित भएको छु। तिमीहरूको बीचमा गरिएको मेरो काम यहोवाले इस्राएलमा गर्नुभएको कामजस्तो बिलकुलै होइन, र विशेष गरी यो यहूदियामा येशूले गर्नुभएको काम जस्तो होइन। म ठूलो सहिष्णुताका साथ काम गर्छु र बोल्छु, र यी भ्रष्टहरूलाई म क्रोध र दण्डसहित जित्छु। यो इस्राएलमा यहोवाले आफ्ना जनहरूलाई डोर्‍याउनुभएको जस्तो पटक्कै होइन। इस्राएलमा उहाँको काम भोजन र जिउँदो पानी प्रदान गर्नुथियो, र आफ्ना जनहरूका निम्ति प्रबन्ध गर्दा उहाँ तिनीहरूप्रति दया र प्रेमले भरिपूर्ण हुनुहुन्थ्यो। आजको काम एक श्रापित जातिको बीचमा गरिन्छ, जो चुनिएका होइनन्। त्यहाँ प्रशस्त भोजन छैन, न त त्यहाँ तिर्खा मेट्ने जिउँदो पानीको पोषण नै छ, र त्यहाँ भौतिक वस्तुहरूको पर्याप्त आपूर्ति हुने कुरा त परै जाओस्; त्यहाँ पर्याप्त न्याय, श्राप, र सजायको आपूर्ति मात्र छ। गोबरको थुप्रोमा बसोबास गर्ने यी कीराहरू मैले इस्राएललाई दिएको जस्तो गाईवस्तु र भेडाहरूले भरिएका पहाडहरू, धेरै धन-सम्पत्ति, र सारा देशकै सबैभन्दा सुन्दर छोराछोरीहरू प्राप्त

गर्न अयोग्य छन्। समकालीन इस्राएलीहरूले वेदीमा गाईवस्तु, भेडाहरू र सुन र चाँदीका थोकहरू चढाउँछन्, जसद्वारा म त्यसका मानिसहरूलाई पालनपोषण गर्दछु, व्यवस्था अन्तर्गत यहोवाले माग गर्नुभएको दश भागको एक अंशलाई उछिन्छु, यसरी मैले तिनीहरूलाई व्यवस्था अन्तर्गत इस्राएलीहरूले प्राप्त गरेकोभन्दा सय गुणा बढी दिन्छु। म जुन थोकले इस्राएललाई पालनपोषण गर्छु, त्यो अब्राहामले प्राप्त गरेकाभन्दा र इसहाकले प्राप्त गरेकाभन्दा बढी हुन्छ। म इस्राएलको परिवारलाई फलदायी बनाउनेछु र वृद्धि गराउनेछु, र म मेरा इस्राएलका मानिसहरूलाई पृथ्वीभरि फैलाउनेछु। म जसलाई आशीर्वाद दिन्छु र वास्ता गर्छु तिनीहरू अझै पनि इस्राएलका चुनिएका मानिसहरू नै हुन्—अर्थात्, ती मानिसहरू, जसले सबै कुरा मलाई समर्पण गर्छन् र जसले मबाट सबै थोक प्राप्त गरेका छन्। उनीहरूले मलाई आफ्नो मनमा राख्ने हुनाले तिनीहरूले आफ्ना नवजात बाछाहरू र थुमाहरू मेरो पवित्र वेदीमा बलि चढाउँछन् र उनीहरूसँग भएका सबै थोक मेरो सामु अर्पण गर्छन्, यहाँसम्म कि म फर्केर आउने आशामा उनीहरूका नवजात जेठा छोराहरूलाई पनि चढाउँछन्। र तिमीहरूचाहिँ के गर्दछौ? तिमीहरू मेरो क्रोध जगाउँछौ, मसँग मागहरू गर्दछौ, र मलाई बलि चढाउनेहरूले चढाएका थोकहरू चोरी गर्दछौ, र तिमीहरूले मलाई चोट पुर्‍याइरहेका छौ भनी तिमीहरूलाई थाहा हुँदैन; यसैले तिमीहरूले प्राप्त गर्ने भनेको अन्धकारमा रुवाइ र दण्ड मात्र हो। तिमीहरूले धेरै पटक मलाई रिस उठाएका छौ, र मैले मेरो जलिरहेका आगोहरू यतिसम्म बर्साएँ कि केही व्यक्तिहरूको दुःखद अन्त्य भएको छ, र खुसीका घरहरू उजाड् चिहानहरू बनेका छन्। यी कीराहरूका निम्ति मसँग अन्त्य नहुने क्रोध मात्र छ, र तिनीहरूलाई आशिष् दिने मेरो कुनै अभिप्राय छैन। मेरो कामको खातिर मात्र मैले एउटा अपवाद बनाएको छु र तिमीहरूलाई उठाएको छु, र ठूलो अपमान सहेको छु र तिमीहरूको बीचमा काम गरेको छु। यदि मेरा पिताको इच्छा नभएको भए म गोबरको थुप्रोमा कीराहरू स्याउँस्याउँ गरिरहेको त्यही घरमा कसरी बस्न सक्थें? तिमीहरूका सबै कार्य र बोलीवचनलाई म अत्यन्तै घृणा गर्दछु, र जे भए पनि, तिमीहरूको फोहोरपन र विद्रोहप्रति ममा केही "चासो" भएकोले, यो मेरा वचनहरूको ठूलो सङ्ग्रह भएको छ। अन्यथा, म तिमीहरूको बीचमा लामो समयसम्म बिलकुलै रहने थिइनँ। त्यसकारण, तिमीहरूले थाहा पाउनु पर्दछ, कि तिमीहरूप्रति मेरो आचरण सहानुभूति र दया मात्रै हो; ममा तिमीहरूप्रति एक थोपा प्रेम पनि छैन। तिमीहरूप्रति मसँग सहिष्णुता मात्र छ, किनकि म यो मेरो कामको खातिर मात्र गर्दछु। र मैले फोहोर र विद्रोहीपनलाई "कच्चा पदार्थहरू" को रूपमा चुनेको हुनाले मात्रै तिमीहरूले मेरा कार्यहरूलाई देखेका छौ; अन्यथा, म यी कीराहरूलाई मेरा कार्यहरू बिलकुलै प्रकट गर्दिनथिएँ। म अनिच्छाले मात्र तिमीहरूमा काम गर्दछु, त्यस्तो तत्परता र इच्छासहित होइन जसरी मैले इस्राएलमा मेरो काम गरेको थिएँ। मैले आफैलाई तिमीहरूसित बोल्न कर लाउँदै मैले मेरो क्रोध थामिरहेको छु। यदि मेरो महान् काम हुँदैनथ्यो भने म कसरी त्यस्ता कीराहरूको दृश्य हेरिरहन सक्थें र? यदि मेरो नाउँको खातिर नभएको भए, म धेरै पहिले नै सबैभन्दा उच्च स्थानमा चढेको हुन्थें र गोबरको थुप्रोमा भएका यी कीराहरूलाई जलाएर पूर्ण रूपमा भस्म बनाएको हुन्थें! यदि मेरो महिमाका लागि नभएको भए, यी दुष्ट भूतात्माहरूलाई म कसरी खुल्लमखुल्ला मेरो आँखाको अगाडि टाउको हल्लाउँदै मेरो विरोध गर्ने अनुमति दिन्थें र? यदि सानोभन्दा सानो बाधाविना

सुचारु रूपले मेरो काम गर्नु नपरेको भए म कीराहरू जस्ता यी मानिसहरूलाई जानी-जानी मसँग दुर्व्यवहार गर्ने अनुमति कसरी दिन सक्थें र? यदि इस्राएलको गाउँमा एक सय जना मानिस यस प्रकारले मेरो विरोध गर्न उठेका भने, तिनीहरूले मलाई बलिदानहरू चढाए पनि, म तिनीहरूलाई नाश पर्नेथिएँ र तिनीहरूलाई जमिनका चिराहरूमा हालिदिनेथिएँ, यसरी अन्य सहरका मानिसहरूलाई फेरि विद्रोह गर्नबाट रोक्नेथिएँ। म सबै कुरा भस्म गर्ने आगो हुँ र म अपराध सहँदिन। मानिसहरू सबै मद्वारा सृष्टि गरिएको हुनाले, म जे भन्छु र गर्छु, त्यो तिनीहरूले पालना गर्नैपर्छ र तिनीहरूले विद्रोह गर्नु हुँदैन। मानिसहरूलाई मेरो काममा हस्तक्षेप गर्ने अधिकार छैन, र मेरो काम र मेरा वचनहरूमा के सही वा के गलत छन् भनी विश्लेषण गर्न तिनीहरू योग्य हुने कुरा त परै जाओस्। म सृष्टिको प्रभु हुँ, र सृष्टि गरिएका प्राणीहरूले मैले माग गरेका सबै कुरा आदरको हृदयसहित हासिल गर्नुपर्दछ; तिनीहरूले मसँग तर्क गर्ने कोसिस गर्नु हुँदैन, र विशेष रूपमा तिनीहरूले विरोध गर्नु हुँदैन। मेरो अधिकारद्वारा म मेरा मानिसहरूमाथि शासन गर्दछु, र जो मेरो सृष्टि भाग हुन् तिनीहरू सबै मेरो अख्तियारको अधीनमा बस्नुपर्छ। आज तिमीहरू मेरो सामु साहसी र हठी भए पनि, जुन वचनहरूद्वारा म तिमीहरूलाई शिक्षा दिन्छु ती तिमीहरूले पालन नगरे पनि र कुनै डर नमाने पनि म सहिष्णुतासाथ मात्रै तिमीहरूका विद्रोहीपनको सामना गर्दछु; सानो, तुच्छ कीराहरूले गोबरको थुप्रोमा फोहोर उठायो भन्दैमा म आफ्नो रिस पोखाउँदिन र मेरो कामलाई प्रभावित गर्दिनँ। मेरा पिताको इच्छाको खातिर म मैले घिनाउने गर्ने सबै कुरा र मैले घृणा गर्ने सबै कुराहरूको अस्तित्वलाई सहन गर्दछु, मेरा वाणीहरू पूर्ण नहुञ्जेल, मेरो अन्तिम क्षणसम्मै म त्यसो गर्नेछु। चिन्ता नगर्! म नाम विनाको कीराको स्तरमा डुब्न सक्दिनँ, र म आफ्नो सीपको स्तरलाई तँसँग तुलना गर्दिनँ। म तँलाई घृणा गर्दछु, तर म सहन सक्छु। तैंले मेरो आज्ञा उल्लङ्घन गर्छस्, तर तँ त्यस दिनबाट उम्कन सक्दैनस्, जुन बेला म तँलाई सजाय दिनेछु, जुन मेरा पिताले मसँग प्रतिज्ञा गर्नुभएको थियो। के सृष्टि गरिएको कीरालाई सृष्टिका प्रभुसँग तुलना गर्न सकिन्छ? शरद ऋतुमा, झर्ने पातहरू तिनका जराहरूमा फर्कन्छन्; तँ तेरा “पिता” को घर फर्कनेछस्, र म मेरा पिताको छेउमा फर्कनेछु। म उहाँको कोमल स्नेहको साथमा हुनेछु, र तेरा पितापछि तँ कुल्चिइनेछस्। मसँग मेरा पिताको महिमा हुनेछ, र तँसँग तेरो पिताको सर्म हुनेछ। म तँलाई साथ दिन धेरै अघिदेखि रोकेर राखेको सजायको प्रयोग गर्नेछु, र लाखौं वर्षदेखि भ्रष्ट भएको तेरो दुर्गन्धित देहमा तैंले मेरो सजाय भोग्नेछस्। मैले सहिष्णुताको साथमा तँमा मेरा वचनहरूको काम पूरा गरेको हुनेछु, र तैंले मेरा वचनहरूबाट विपत्ति भोग्ने भूमिका पूरा गर्न सुरु गर्नेछस्। म धेरै आनन्दित हुनेछु र इस्राएलमा काम गर्नेछु; तँ हिलोमा लुटपुटिँदै र मर्दै रुनेछस् र दाह्रा किट्नेछस्। म मेरो मूल स्वरूपलाई फेरि प्राप्त गर्नेछु र अझै तँसँग फोहोरमा बस्नेछैनँ, जबकी तैंले आफ्नो मूल कुरूपता फेरि पाउनेछस् र गोबरको थुप्रो वरिपरि प्वाल बनाइरहनेछस्। जब मेरो काम र वचनहरू समाप्त हुन्छन् त्यो मेरो लागि आनन्दको दिन हुनेछ। जब तेरो विरोध र विद्रोहीपन सकिन्छ, त्यो तेरो लागि रुने दिन हुनेछ। म तँप्रति सहानुभूति राख्नेछैनँ, र तैंले मलाई फेरि कहिल्यै देख्नेछैनस्। म अब उप्रान्त तँसँग कुनै बातचित गर्नेछैनँ, र तैंले मलाई फेरि कहिल्यै भेट्नेछैनस्। म तेरो विद्रोहीपनलाई घृणा गर्नेछु, र तैंले मेरो प्रेमिलोपनलाई याद गर्नेछस्। म तँलाई प्रहार गर्नेछु, र तैंले

मेरो धेरै चाहना गर्नेछस्। म खुसीसाथ तँबाट बिदा हुनेछु, र तैंले तँ मप्रति कति ऋणी छस् भनी थाहा पाउनेछस्। म तँलाई फेरि कहिल्यै भेट्नेछैनँ, तर तैंले सधैँ मेरो लागि आशा गर्नेछस्। म तँलाई घृणा गर्दछु, किनकि तैंले अहिले मेरो विरोध गर्छस्, र तैंले मलाई याद गर्नेछस्, किनकि वर्तमानमा म तँलाई सजाय दिन्छु। म तँसँगै बस्न इच्छुक हुनेछैनँ, तर तैंले त्यसका निम्ति अति नै तृष्णा गर्नेछस् र अनन्तसम्म रुनेछस्, किनकि तैंले मलाई जे गरिस् ती सबैका निम्ति पछुतो गर्नेछस्। तैंले आफ्नो विद्रोह र विरोधको लागि पछुतो गर्नेछस्, तैंले पछुताउँदै आफ्नो अनुहार भुइँतिर घोप्ट्याउने समेत छस् र मेरो अगाडि लम्पसार परेर फेरि कहिल्यै पनि मेरो आज्ञा उल्लङ्घन नगर्ने शपथ खान्छस्। आफ्नो हृदयमा तैंले मलाई मात्र प्रेम गरे तापनि तैंले मेरो आवाज कहिल्यै पनि सुन्न सक्नेछैनस्। म तँलाई आफैप्रति लज्जित तुल्याउनेछु।

अहिले मैले तेरो भोगी देहलाई हेर्दैछु, जसले मलाई फुस्ल्याउँछ र मसँग तेरा निम्ति एउटा सानो चेताउनी मात्र छ, यद्यपि म सजायले तेरो “सेवा” गर्नेछैन। तैंले मेरो काममा के भूमिका खेल्छस् सो तैंले जान्नुपर्छ, त्यसपछि म सन्तुष्ट हुनेछु। यसभन्दा परको मामिलाहरूमा, यदि तैंले मेरो विरोध गर्छस् वा मेरो पैसा खर्च गर्छस् वा म, यहोवाका लागि चढाइएका बलिहरू खान्छस्, वा यदि तिमीहरू, अर्थात् कीराहरूले एक-अर्कालाई टोक्छौ, वा यदि तँ कुकुरजस्ता प्राणीहरू एक-अर्कासित झगडा गर्छस् वा उल्लङ्घन गर्छस् भने—मलाई ती कुनै पनि कुराको चिन्ता छैन। तिमीहरूलाई यति मात्र थाहा हुनुपर्छ कि तिमीहरू कस्तो किसिमका थोकहरू हौ, र म सन्तुष्ट हुनेछु। यी सबै कुराबाहेक, यदि तिमीहरू एक-अर्काको विरुद्धमा हतियारहरू निकाल्छौ भने वा एक-अर्कासित शब्दहरूको युद्ध गर्छौ भने त्यो ठीकै छ; म त्यस्ता कुराहरूमा हस्तक्षेप गर्न चाहन्नँ, र मानिसका मामिलाहरूमा अलिकति पनि समावेश छैन। यसको अर्थ म तिमीहरू बीचका द्वन्द्वहरूलाई वास्ता गर्दिनँ भन्ने होइन; के हो भने, म तिमीहरूमध्ये एक होइन, त्यसकारण तिमीहरू बीचमा रहेका मामलाहरूमा म सहभागी हुँदिनँ। म आफै सृष्टि गरिएको प्राणी होइन, र म संसारको होइन, त्यसैले म मानिसहरूको कलहमय जीवन र उनीहरूको बीचमा अव्यवस्थित, अनुचित सम्बन्धहरूलाई घृणा गर्दछु। म विशेष गरी हल्लाखल्ला गर्ने भीडहरूलाई घृणा गर्दछु। तापनि, सृष्टि गरिएको प्रत्येक प्राणीको हृदयमा हुने अशुद्धताको बारेमा मसित गहिरो ज्ञान छ, र मैले तिमीहरूलाई सृष्टि गर्नुभन्दा अघि, मलाई मानिसको हृदयभित्र रहेको अधर्मको बारेमा पहिले नै थाहा थियो, र मैले मानिसको हृदयमा हुने सबै छल र धूर्तताहरू जानेको थिएँ। त्यसकारण, मानिसहरूले कुन बेला अधर्मी कार्यहरू गर्छ भन्ने त्यहाँ कुनै सङ्केतहरू नभए तापनि, म तिमीहरूको हृदयभित्र गढेर बसेका अधर्म मैले सृष्टि गरेका सबै थोकहरूको प्रचुरताभन्दा बढी हुन्छ भन्ने मलाई अझै थाहा छ। तिमीहरू सबै भीडहरूको शिखरमा उठेका छौ; तिमीहरू जनसमुदायका पुर्खाहरू हुन उक्लिएका छौ। तिमीहरू अत्यन्तै स्वेच्छाचारी छौ, र सजिलो ठाउँ खोज्न र आफूभन्दा साना कीराहरूलाई खाने कोसिस गर्दै तिमीहरू सबै कीराहरूको बीचमा अनियन्त्रित भई दगुर्छौ। तिमीहरू आफ्नो हृदयमा द्वेषपूर्ण र खराब छौ, समुद्रको तलमा डुबेका भूतहरूलाई पनि उछिनेका छौ। तँ कीराहरू शान्त नहुन्जेल, र केही क्षणका निम्ति एक अर्कासँग लडेर चुप नलागेसम्म तिनीहरूलाई माथिबाट तलसम्म अशान्त पार्दै गोबरको फेदमा बस्छस्। तिमीहरूलाई आफ्नो ठाउँ थाहा छैन,

तैपनि तिमीहरू एक-अर्कासँग गोबरमा लडाइँ गर्छौ। त्यस्तो सङ्घर्षबाट तैंले के प्राप्त गर्न सक्छस्? यदि तिमीहरूको हृदयमा मेरो लागि साँच्चै आदर थियो भने, तिमीहरू मेरो पिठिउँ पछाडि कसरी एक-अर्कोसँग लडाइँ गर्न सक्थ्यौ? तेरो हैसियत जति नै उच्च भए पनि के तँ अझै पनि गोबरमा बस्ने गनाउने सानो गँड्यौला होइनस् र? के तँ पखेटा टुसाउन सक्छस् र आकाशमा उड्ने ढुकुर बन्न सक्छस्? तिमीहरू साना गन्हाउने गँड्यौलाहरू म यहोवाको वेदीमा चढाइएका भेटीहरू चोर्छौ; त्यसो गर्दा, के तँ आफ्नो नष्ट भएको, असफल प्रतिष्ठालाई बचाउन सक्छस् र इस्राएलका चुनिएका मानिसहरू बन्न सक्छस्? तँ निर्लज्ज नीच व्यक्ति होस्! वेदीका ती बलिहरू मलाई श्रद्धा गर्ने मानिसहरूको तर्फबाट दयालु भावनाहरूको अभिव्यक्ति स्वरूप मानिसहरूले मलाई चढाएका हुन्। ती मेरो नियन्त्रण र मेरो प्रयोगका लागि हुन्, त्यसो भए मानिसहरूले मलाई चढाएका ती स-साना जङ्गली ढुकुरहरूलाई तैंले कसरी मबाट लुटेर लैजान सक्छस्? के तँ यहूदा बन्छु भनी डराउँदैनस्? के तेरो जमिन रगतको खेत बन्ला भनी डराउँदैनस्? तँ निर्लज्ज प्राणी! के मानिसहरूले चढाएका जङ्गली ढुकुरहरू तँ कीराको पेटलाई पोषण दिनको निम्ति हो भनी सोच्छस्? मैले तँलाई के दिएको छु त्यसमा म सन्तुष्ट छु र तँलाई दिन इच्छुक छु; मैले जे तँलाई दिएको छैन त्यो मेरो सामने छ। तैंले मेरा भेटीहरू त्यसरी चोर्न सक्दैनस्। काम गर्ने म नै हुँ, यहोवा—सृष्टिका प्रभु—र मानिसहरूले मेरै कारणले बलिहरू चढाउँछन्। के यो तैंले गर्ने सबै भागदौडको प्रतिफल हो भनी सोच्छस्? तँ साँच्चै निर्लज्ज छस्! तँ कसको लागि दगुरिहिँड्छस्? के यो तेरो आफ्नै लागि होइन र? तँ किन मेरा बलिहरू चोर्छस्? तँ मेरो थैलीबाट किन पैसा चोर्छस्? के तँ यहूदा इस्करियोतको छोरा होइनस् र? म यहोवालाई चढाइएका बलिहरू पूजाहारीहरूले उपभोग गर्नुपर्छ। के तँ पूजाहारी होस्? तैंले आत्म-तृप्त भएर मेरा बलिहरू खाने आँट गर्छस्, र ती टेबलमा राख्छस्; तँ कुनै मूल्यको छैनस्! तँ मूल्यहीन अभागी! मेरो आगो, म यहोवाको आगोले जलाएर तँलाई नाश पार्नेछ।

## जो देहको हो ऊ क्रोधको दिनबाट उम्कन सक्दैन

मेरो काम सुचारु रूपमा बढ्दै जाओस् र सारा ब्रह्माण्डमा मेरो उद्घाटनको काम सही र सिद्ध रूपमा गरियोस् भनेर, आज म मेरा वचनहरू, अधिकार, प्रताप र न्याय सबै देश र जातिका मानिसहरू प्रकट गर्दै तिमीहरूको आफ्नै अस्तित्वको खातिर तिमीहरूलाई अर्ती दिन्छु। म जुन काम तिमीहरूका माझमा गर्छु, त्यो सारा ब्रह्माण्डमा हुने मेरो कामको सुरुआत हो। अहिले आखिरी दिनहरूको समय आइसकेको भए पनि यो जान कि "आखिरी दिनहरू" अरू केही नभएर एउटा युगको नाउँ मात्रै हो; व्यवस्थाको युग र अनुग्रहको युगले जस्तै यसले एउटा युगलाई सङ्केत गर्दछ, र यसले अन्तिम केही वर्ष वा महिनालाई मात्र नबुझाएर सम्पूर्ण युगलाई नै जनाउँछ। तापनि आखिरी दिनहरू अनुग्रहको युग र व्यवस्थाको युगजस्तो हुँदैन। आखिरी दिनहरूको काम इस्राएलमा गरिँदैन, तर अन्यजातिहरूको माझमा गरिन्छ; यो इस्राएल बाहिरका सबै जाति र कुलका मानिसहरूको मेरो सिंहासन अगि हुने विजय हो, यसैले कि सारा ब्रह्माण्डमा भएको मेरो महिमाले ब्रह्माण्ड र आकाशमण्डललाई भर्न सकोस्। यसरी त्यसले अझ ठूलो महिमा प्राप्त गर्न सकोस्,

अनि पृथ्वीका सबै प्राणीहरूले पुस्ता-पुस्तासम्म मेरो महिमा प्रत्येक जातिमा सार्न सकून्, र स्वर्ग र पृथ्वीमा भएका सबै प्राणीहरूले पृथ्वीमा मैले प्राप्त गरेको महिमा देख्न सकून्। आखिरी दिनहरूको अवधिमा गरिने कार्य विजयको कार्य हो। यो पृथ्वीमा हुने सबै मानिसहरूका जीवनको मार्गनिर्देशन होइन, तर पृथ्वीमा मानव जातिको अविनाशी, हजारौं वर्ष लामो कष्टको जीवन हो। त्यसको फलस्वरूप, आखिरी दिनहरूका काम इस्राएलमा भएको हजारौं वर्षको कामजस्तो हुँदैन, न त त्यो यहूदियामा गरिएको केही वर्षको काम जस्तो नै हुन्छ, जुन परमेश्‍वरको दोस्रो देहधारण नहुञ्जेल दुई हजार वर्षसम्म जारी रहेको थियो। आखिरी दिनमा जिउने मानिसहरूले उद्धारक फेरि शरीरमा देखा पर्नु भएको मात्र देख्नेछन् अनि तिनीहरूले परमेश्‍वरको व्यक्तिगत काम र वचनहरू प्राप्त गर्नेछन्। आखिरी दिनहरू समाप्त हुनुभन्दा अघि दुई हजार वर्ष बितेको हुनेछैन; ती छोटो हुनेछन्; ठीक त्यो समयजस्तै जुन बेला येशूले यहूदियामा अनुग्रहको युगको काम गर्नुभएको थियो। किनकि आखिरी दिनहरू सम्पूर्ण युगको समाप्ति हुनेछ। ती परमेश्‍वरको छ हजार वर्षे व्यवस्थापन योजनाको परिपूर्ति र समाप्ति हुनेछ, अनि तिनले मानव जातिको कष्टको जीवन यात्रालाई समाप्त गर्नेछ। तिनले सम्पूर्ण मानव जातिलाई एउटा नयाँ युगभित्र लैजाने छैनन् वा मानव जातिको जीवनलाई निरन्तर बढ्ने अनुमति दिने छैनन्; मेरो व्यवस्थापन योजनामा वा मानिसको अस्तित्वका निम्ति त्यसको कुनै महत्त्व हुँदैन। यदि मानव जाति यसरी नै अगि बढिरह्यो भने, ढिलो चाँडो तिनीहरू दियाबलसद्वारा पूर्ण रूपमा नाश पारिनेछन्, अनि तिनीहरूका आत्मा, जुन मेरो हो, त्यो त्यसको हातद्वारा नाश हुनेछ। मेरो काम छ हजार वर्षसम्म रहन्छ, र म प्रतिज्ञा गर्दछु, कि सारा मानव जातिमाथि रहेको दुष्टको नियन्त्रण पनि छ हजार वर्षभन्दा धेरै रहनेछैन। यसैले अब समय समाप्त भएको छ। म न त यो जारी राख्छु न अझै ढिलो नै गर्छु: आखिरी दिनहरूमा म शैतानलाई पराजित गर्नेछु, म मेरो सारा महिमा फिर्ता लिनेछु, अनि पृथ्वीमा रहेका मेरा सबै आत्माहरू फेरि प्राप्त गर्नेछु, ताकि यी दुःखी प्राणहरू कष्टको समुद्रदेखि उम्कन सकून्, यसरी पृथ्वीमा मेरा सबै काम समाप्त हुनेछ। यो दिनदेखि उसो म पृथ्वीमा फेरि कहिल्यै देह हुनेछैन, अनि सबैमाथि नियन्त्रण गर्ने मेरो आत्माले पृथ्वीमा फेरि कहिल्यै काम गर्नेछैन। म पृथ्वीमा एउटै मात्र काम गर्नेछु: म मानव जातिलाई फेरि पहिलेदेखि बनाउनेछु, जुन मानव जाति पवित्र हुनेछ र जुन पृथ्वीमा मेरो विश्‍वासयोग्य सहर हुनेछ। तर यो जान, कि म सम्पूर्ण संसारलाई पूर्ण रूपमा नाश पार्नेछैन, न त म मानव जातिको संसारलाई नै पूर्ण रूपमा नाश पार्नेछु। म बाँकी रहेको तेस्रो भागलाई बचाएर राख्नेछु—त्यो तेस्रो भाग जसले मलाई प्रेम गर्छ र जो मद्वारा पूर्ण रूपमा जितिएको छ, र म यो तेस्रो भागलाई फलदायी र वृद्धि हुने बनाउनेछु, जसरी व्यवस्थाको अधीनमा इस्राएलीहरू भएका थिए, म तिनीहरूलाई प्रशस्त भेडा र गाईवस्तु साथै पृथ्वीका सारा सम्पत्तिले पोषण गर्नेछु। यो मानव जाति सदासर्वदा मेरो साथमा रहनेछ, तापनि यो आजको दुःखलाग्दो फोहोर मानव जाति हुनेछैन, तर यस्तो मानव जाति, त्यही मानिसहरूको झुन्ड हुनेछ जो मद्वारा प्राप्त गरिएको छ। त्यस्तो मानव जातिलाई शैतानले हानि गर्न, बाधा दिन वा फन्दामा पार्न सक्नेछैन, अनि मैले शैतानलाई जितेपछि पृथ्वीमा हुने एक मात्र मानव जाति हुनेछ। यो त्यही मानव जाति हो जसलाई आज मैले जितेको र जसले मेरो प्रतिज्ञा प्राप्त गरेको छ। अनि यसैले

आखिरी दिनहरूमा जितिने मानव जाति त्यही मानव जाति हो जो बचाइनेछ र मेरो अनन्त आशिषहरूद्वारा प्राप्त गरिनेछ। शैतान माथि मेरो विजयको प्रमाण र शैतानसित लडाइँबाट प्राप्त भएको लुटको माल यही मात्र हुनेछ। लडाइँका यी लुटका मालहरू शैतानको अधिकार क्षेत्रबाट खोसेर मैले बचाएँ, र यी मेरो छ हजार वर्षे व्यवस्थापन योजनाको एकमात्र टुङ्गो र फल हो। तिनीहरू प्रत्येक जाति र सम्प्रदायबाट, सारा ब्रह्माण्डका प्रत्येक स्थान र देशबाट आउँछन्। तिनीहरू फरक-फरक जातिका, विभिन्न भाषा-भाषीहरू, रीतिथितिहरू र छालाको वर्णको हुन्छन्, र तिनीहरू विश्वको प्रत्येक जाति र सम्प्रदायमा संसारको हरेक कुनामा फैलिएका छन्। आखिरीमा, तिनीहरू सम्पूर्ण मानव जाति निर्माण गर्न एकसाथ आउनेछन्, त्यो मानिसको यस्तो झुन्ड हुनेछ जहाँ शैतानका शक्तिहरू पुग्न सक्दैन। मैले मानव जातिको बीचबाट मुक्ति नदिएका र नजितेका मानिसहरू चुपचाप समुद्रको गहिराइमा डुब्नेछन्, अनि सारा अनन्तताभरि मेरो भस्म पार्ने ज्वालामा जल्नेछन्। म यो पुरानो, अति नै फोहोर मानव जातिलाई नाश पार्नेछु, जसरी मैले मिश्रमा जन्मेका ज्येष्ठ पुत्रहरू र पशुहरूलाई मारेको थिएँ, अनि थुमाको मासु खाने, थुमाको रगत पिउने, ढोकाको चौकोसमा थुमाको रगत छ्याप्ने इस्राएलीहरूलाई मात्र छोडिदिएको थिएँ। के मैले जितेका मानिसहरू, जो मेरो परिवारका पनि हुन्, तिनीहरूले त्यो थुमाको मासु खाँदैनन् र, जुन थुमा म हुँ, र के तिनीहरूले थुमाको रगत पिउँदैनन् र, जुन थुमा म हुँ, के तिनीहरू मद्वारा छुटकारा पाएकाहरू र मेरो आराधना गर्नेहरू होइनन् र? के यस्ता मानिसहरूको साथमा सधैँ मेरो महिमा हुँदैन र? के मेरो, अर्थात्, थुमाको मासु नहुनेहरू अघिबाटै चुपचाप समुद्रको गहिराइमा डुबेका छैनन् र? आज तिमीहरू मेरो विरोध गर्छौ, र मेरा वचनहरू त्यस्तै छन् जस्तो वचन यहोवाले इस्राएलका छोराहरू र नातिहरूसित बोल्नुभएको थियो। तापनि, तिमीहरूका हृदयको गहिराइमा भएको कठोरताले मेरो क्रोध बटुल्दैछ, तिमीहरूको शरीरमा अझ धेरै कष्ट ल्याउँछ, तिमीहरूका पापको निम्ति अझ धेरै दण्ड ल्याउँछ, अनि तिमीहरूको अधर्ममाथि अझ धेरै क्रोध ल्याउँछ। यदि तिमीहरू आज मसित यस्तो व्यवहार गर्छौ भने मेरो क्रोधको दिनमा को बच्न सक्छ? मेरो सजायको दृष्टिबाट कसको अधर्म उम्कन सक्छ? कसका पापहरू म, सर्वशक्तिमान्‌को हातबाट उम्कन सक्छ? कसको अनाज्ञाकारीता म, सर्वशक्तिमान्‌को न्यायबाट उम्कन सक्छ? म, यहोवा, यी कुराहरू तिमीहरू, अन्यजाति परिवारका सन्तानहरूलाई भन्दछु, र मैले तिमीहरूसित बोलेका यी वचनहरू व्यवस्थाको युग र अनुग्रहको युगमा बोलेका वचनहरूभन्दा उच्च छन्, तर तिमीहरू मिश्रका सबै मानिसहरूभन्दा कठोर छौ। मैले शान्तिसाथ मेरो काम रहिरहँदा के तिमीहरूले मेरो क्रोध थुपार्दैनौ र? म, सर्वशक्तिमान्‌को दिनमा तिमीहरू हानिबाट कसरी उम्कन सक्छौ?

मैले तिमीहरूको बीचमा यस्तो प्रकारले काम गरेको छु र बोलेको छु, मैले धेरै ऊर्जा र कोसिस खर्च गरेको छु, तापनि मैले तिमीहरूलाई स्पष्ट रूपमा भनेको कुरा के तिमीहरूले कहिले सुनेका छौ? तिमीहरू म, सर्वशक्तिमान्‌को अघि कहाँ निहुरिएको छौ? तिमीहरू मसित किन यस्तो व्यवहार गर्छौ? तिमीहरूले भनेका सबै कुराहरूले किन मेरो रिस जगाउँछ? तिमीहरूका हृदय किन यति कठोर छ? के मैले कहिल्यै तिमीहरूलाई प्रहार गरेर ढालेको छु? तिमीहरू किन केही गर्दैनौ, तर मलाई दुःखी र चिन्तित मात्र बनाउँछौ? के तिमीहरू म, यहोवाको क्रोधको दिन तिमीहरूमाथि आओस्

भनी पर्खिरहेका छौ? के म तिमीहरूको अनाज्ञाकारिताले उत्पन्न गरेको मेरो क्रोध पठाऊँ भनी पर्खिरहेका छौ? के मैले गर्ने सबै काम तिमीहरूका निम्ति होइन र? तापनि म, यहोवासित तिमीहरूले यस्तो व्यवहार गरेका छौ: मेरा बलिहरू चोरेका छौ, मेरो वेदीका भेटीहरू घरमा लगेर ब्वाँसोको गुफामा त्यसका बच्चाहरूलाई र ती बच्चाहरूका पनि बच्चाहरूलाई खुवाउन लैजान्छौ; मानिसहरू एक-अर्कोको विरुद्धमा लड्छन्, एक-अर्कासित क्रोधको नजरले, तरबारहरू र भालाहरूले सामना गर्छन्, म, सर्वशक्तिमान्का वचनहरूलाई मलजस्तै फोहोर बनाउन शौचालयमा फाल्छन्। तिमीहरूको इमानदारीता कहाँ छ? तिमी मानव जाति जनावरजस्तो भएका छौ! तिमीहरूका हृदय ढुङ्गामा परिणत भएको धेरै भइसकेको छ। के तिमीहरूलाई थाहा छैन, जब मेरो क्रोधको दिन आउनेछ, त्यो दिन तिमीहरूले आज म, सर्वशक्तिमान्को विरुद्धमा गरेका खराबीको न्याय गर्नेछु? के तिमीहरू मलाई यसरी मूर्ख बनाएर, मेरा वचनहरू हिलोमा फालेर अनि ती नसुनेर, मेरो पिठिउँ पछाडि यस्तो काम गरेर मेरो क्रोधको नजरबाट उम्कन सक्छौ भनी सोच्छौ? तिमीहरूले मेरा बलिहरू चोरी गर्दा र मेरा सम्पत्तिहरूको लालच गर्दा म, यहोवाका आँखाहरूले अघिबाटै तिमीहरूलाई देखिसकेको थिए भन्ने के तिमीहरू जान्दैनौ? जब तिमीहरूले मेरा बलिहरू चोरी गर्‍यौ त्यो तिमीहरूले त्यस वेदीको सामु गर्‍यौ जहाँ बलिहरू चढाइन्छन् भन्ने के तिमीहरू जान्दैनौ? तिमीहरू यसरी चतुर भएर मलाई धोका दिन सकिन्छ भनी कसरी सोच्न सक्छौ? तिमीहरूका जघन्य पापहरूबाट मेरो क्रोध कसरी हट्न सक्छ? मेरो दन्किरहेको रिसले तिमीहरूले गरिरहेका दुष्ट कार्यलाई कसरी छोड्न सक्छ? तिमीहरूले आज गरेका खराब कामले तिमीहरूका निम्ति उम्कने बाटो बनाउँदैन, तर तिमीहरूका लागि भोलिका निम्ति सजाय थुपार्दछ; यसले तिमीहरूको विरुद्ध म, यहोवाको सजायलाई उक्साउँछ। तिमीहरू खराब कामहरू गरेर अनि खराब कुराहरू बोलेर मेरो सजायबाट कसरी उम्कन सक्छौ? तिमीहरूका प्रार्थनाहरू कसरी मेरो कानसम्म पुग्न सक्छन्? म तिमीहरूको अधर्मका निम्ति उम्कने बाटो कसरी खोल्न सक्छु? तिमीहरूले मलाई चुनौती दिएर जुन खराबी गरेका छौ त्यसलाई म त्यसै कसरी छोडिदिन सक्छु? म तिमीहरूको सर्पको जस्तो विषालु जिब्रो नकाट्न कसरी सक्छु र? तिमीहरू आफ्नो धार्मिकताका निम्ति मलाई पुकार्दैनौ, तर तिमीहरूका अधर्मको फलस्वरूप तिमीहरू मेरो क्रोध थुपार्छौ। म तिमीहरूलाई कसरी क्षमा गर्न सक्थेँ र? म, सर्वशक्तिमान्को आँखामा तिमीहरूका बोलीवचन र कार्यहरू घिनलाग्दा छन्। म सर्वशक्तिमान्का आँखाले तिमीहरूको अधर्मलाई कठोर सजायको योग्य देख्दछ। मेरो धार्मिक सजाय र न्याय तिमीहरूदेखि कसरी अलग हुन सक्छ र? तिमीहरूले मसँग यसो गरेर मलाई दुःखी र क्रोधित बनाएको हुनाले तिमीहरूलाई मेरो हातबाट कसरी उम्केर जान दिनु र म यहोवाले तिमीहरूलाई सजाय र सराप दिने दिनबाट अलग गर्न सक्छु? के तिमीहरूलाई थाहा छैन, तिमीहरूका सबै दुष्ट कुराहरू र बोली मेरा कानहरूमा पुगिसकेका छन्? के तिमीहरूका अधर्मले अघिबाटै मेरो धार्मिकताको वस्त्रलाई फोहोर पारिसकेको छ भन्ने तिमीहरू जान्दैनौ? के तिमीहरूको अनाज्ञाकारिताले अघिबाटै मेरो प्रचण्ड रिस जगाइसकेको छ भन्ने तिमीहरू जान्दैनौ? के तिमीहरूले लामो समयदेखि मलाई उत्तेजित बनाएर छोडेका छौ र लामो समयदेखि मेरो धैर्यको जाँच गरेका छौ भन्ने तिमीहरू जान्दैनौ? के तिमीहरूले मेरो शरीरलाई थाङ्नाजस्तो बनाएर अघिबाटै मेरो क्षति गरिसकेका छौ भन्ने तिमीहरू? मैले अहिलेसम्म सहेको

छु, म मेरो रिस प्रकट गर्छु, उप्रान्त तिमीहरूप्रति सहनशील हुन छोडिदिन्छु। के तिमीहरूका दुष्टता अघिबाटै मेरो कानमा पुगेको छ, मेरा पुकारहरू अघिबाटै मेरा पिताका कानहरूमा पुगेका छन् भन्ने तिमीहरू जान्दैनौ? कसरी उहाँले तिमीहरूलाई मसँग यस्तो व्यवहार गर्न दिन सक्नुहुन्छ? के मैले तिमीहरूभित्र गर्ने कुनै पनि काम तिमीहरूका खातिर होइन र? तापनि तिमीहरूमध्ये को म, यहोवाको कामलाई धेरै प्रेम गर्ने भएका छौ? म कमजोर भएकोले, र मैले भोगेका वेदनाहरूको कारण के म पिताको इच्छाप्रति अविश्‍वासी हुन सक्छु? के तिमीहरू मेरो हृदयलाई बुझ्दैनौ? म तिमीहरूसँग यहोवा बोल्नुभएझैँ बोल्छु; के मैले तिमीहरूका निम्ति धेरै कुरा दिएको छैन र? म आफ्ना पिताको कामको खातिर यो सब दुःख भोग्न तयार भए पनि मेरो दुःखको परिणाम स्वरूप मैले तिमीहरूमाथि ल्याउने सजायबाट तिमीहरू कसरी छुट्न सक्छौ? के तिमीहरूले मबाट धेरै आनन्द पाएका छैनौ र? आज, मेरा पिताले मलाई तिमीहरूका निम्ति दिनुभएको छ; के तिमीहरूले मेरा उदार वचनहरूभन्दा धेरै कुराहरू उपभोग गरेका छैनौं र? के मेरो जीवन तिमीहरूका जीवन र तिमीहरू रमाउने कुराहरूका निम्ति साटिएको थियो भन्ने तिमीहरू जान्दैनौ? के मेरा पिताले शैतानसँग लड्न मेरो जीवनको प्रयोग गर्नुभयो, र तिमीहरूलाई सयौं गुणा प्राप्त गर्ने तुल्याउन साथै धेरै वटा परीक्षाहरूबाट बचाउनका निम्ति शैतानसँग लड्न उहाँले तिमीहरूलाई मेरो जीवन दिनुभयो भन्ने तिमीहरू जान्दैनौ? के मेरो कामद्‌वारा मात्र तिमीहरूले धेरै वटा परीक्षाहरू र धेरै वटा अग्निमय सजायहरूबाट छुटकारा पाएका छौ भन्ने तिमीहरू जान्दैनौ र? के मेरो कारणले गर्दा मात्र मेरा पिताले अहिलेसम्म तिमीहरूलाई आनन्द लिने अनुमति दिनुभएको छ भन्ने तिमीहरू जान्दैनौ? तिमीहरूका हृदयमा कठोरता बढेको जस्तो आज तिमीहरू कसरी यति कठोर र हठी हुन सक्छौ? तिमीहरूले आज गरिरहेको दुष्टता, म पृथ्वीबाट गएपछि सुरु हुने त्यो क्रोधको दिनबाट कसरी बच्न सक्छ? जुन व्यक्तिहरू अति कठोर र हठी छन् तिनीहरूलाई म, यहोवाको क्रोधबाट उम्कने अनुमति कसरी दिन सक्छु?

विगतको बारेमा विचार गर: तिमीहरूप्रति मेरो हेराइ कहिले क्रोधित, मेरो आवाज कहिले कठोर भएको छ? मैले तिमीहरूको केश कहिले लुछेको छु? मैले कहिले तिमीहरूलाई अनुचित प्रकारले हप्काएको छु? मैले कहिले तिमीहरूलाई तिमीहरूको मुखैमा हप्काएको छु? मेरा पिताले तिमीहरूलाई हरेक परीक्षाबाट बचाऊन् भनी मैले गरेको पुकारा के मेरै कामको निम्ति होइन र? तिमीहरू मसँग किन यस्तो व्यवहार गर्छौ? के मैले कहिल्यै तिमीहरूको देहमा प्रहार गर्न मेरो अधिकार प्रयोग गरेको छु? तिमीहरू किन त्यसरी मसँग बदला लिन्छौ? मतर्फ तातो र चिसो उडाएपछि तिमीहरू न त तातो न चिसो हुन्छौ, र त्यसपछि तिमीहरू मलाई झुक्याउन खोज्छौ र मबाट कुराहरू लुकाउने कोसिस गर्छौ र तिमीहरूका मुख अधर्मका थुकले भरिएका हुन्छन्। के तिमीहरूका जिब्रोले मेरो आत्मालाई छल्न सक्छ भन्ने तिमीहरू सोच्छौ? के तिमीहरूका जिब्रो मेरो क्रोधबाट उम्कन सक्छ भन्ने सोच्छौ? के तिमीहरूका जिब्रोहरूले यसले चाहे अनुसार, म, यहोवाका कामहरूको न्याय गर्न सक्छ भनी सोच्छौ? के म मानिसहरूले न्याय गर्ने परमेश्‍वर हो? के म एउटा सानो भुसुनोलाई त्यसरी मेरो निन्दा गर्ने अनुमति दिन सक्छु? त्यस्ता अनाज्ञाकारी सन्तानलाई म कसरी अनन्त आशिषहरूको माझमा राख्न सक्छु? तिमीहरूका शब्दहरू र व्यवहारहरूलाई धेरै अघि खुलस्त गरिएका

छन् र त्यसले तिमीहरूलाई दोषी ठहराएको छ। जब मैले आकाश फिँजाएँ र सबै थोकहरू सृष्टि गरें, त्यसबेला मैले कुनै पनि प्राणीलाई तिनीहरूका इच्छाअनुसार सहभागी हुन दिइनँ, मैले कुनै पनि कुरालाई तिनीहरूका इच्छाअनुसार मेरो काम र व्यवस्थापनमा बाधा पुऱ्याउन दिनु त परै जाओस्। मैले कुनै मानिस वा वस्तुलाई सहन गरिनँ; मप्रति क्रूर र अमानवीय हुनेहरूलाई झन् म कसरी सहन सक्छु? मेरो वचनको विरुद्ध विद्रोह गर्नेहरूलाई म कसरी क्षमा गर्न सक्छु? मेरो अवज्ञा गर्नेहरूलाई म कसरी छोड्न सक्छु? के मानिसको भाग्य म, सर्वशक्तिमान्‌को हातमा छैन र? म तिमीहरूको अधर्म र अनाज्ञाकारितालाई कसरी पवित्र मान्न सक्छु? तिमीहरूका पापहरूले मेरो पवित्रतालाई कसरी अशुद्ध पार्न सक्छ? म अधर्मको अशुद्धताद्वारा अपवित्र भएको छैनँ, न त म अधर्मका भेटीहरूमा नै आनन्दित हुन्छु। यदि तिमीहरू म, यहोवाप्रति बफादार हुन्थ्यौ भने मेरो वेदीमा भएका बलिहरू तिमीहरू आफ्नै निम्ति लिन सक्थ्यौ र? के तिमीहरू आफ्नो विषालु जिब्रो मेरो पवित्र नाउँको निन्दा गर्न प्रयोग गर्न सक्थ्यौ? के तिमीहरूले यसरी मेरो वचनको विरुद्धमा विद्रोह गर्न सक्थ्यौ? के तिमीहरू मेरो महिमा र पवित्र नाउँलाई साधन बनाएर दुष्ट शैतानको सेवा गर्न सक्थ्यौ? मेरो जीवन पवित्र जनहरूका निम्ति उपलब्ध गराइएको छ। म तिमीहरूले चाहेअनुसार मेरो जीवनसित खेल्ने र त्यसलाई तिमीहरूको झगडामा एउटा साधनको रूपमा प्रयोग गर्ने अनुमति तिमीहरूलाई कसरी दिन सक्छु? तिमीहरू भलाइको मार्गमा र मप्रतिको व्यवहारमा त्यस्तो हृदय विहीन र अभावग्रस्त कसरी हुन सक्छौ? मैले अघिबाटै तिमीहरूका दुष्ट कार्यहरू जीवनका यी वचनहरूमा लेखिसकेको छु भनी के तिमीहरू जान्दछौ? मैले मिश्रलाई सजाय दिँदा तिमीहरू क्रोधको दिनबाट कसरी उम्कन सक्छौ? म कसरी तिमीहरूलाई यसरी घरीघरी मेरो विरोध गर्ने र मलाई चुनौती दिने अनुमति दिन सक्छु? म तिमीहरूलाई स्पष्ट भन्दछु, जब त्यो दिन आउँछ, तिमीहरूको सजाय मिश्रको भन्दा बढता असहनीय हुनेछ! तिमीहरू मेरो क्रोधको दिनबाट कसरी उम्कन सक्छौ? म तिमीहरूलाई साँचो भन्दछु: मेरो सहनशीलता तिमीहरूका दुष्ट कार्यहरूका निम्ति तयार गरिएको थियो, र त्यस दिन तिमीहरूलाई सजाय दिनका निम्ति अस्तित्वमा रहेको छ। म आफ्नो सहनशीलताको अन्त्यमा पुगेपछि त्यो क्रोधपूर्ण दण्ड सहने मानिसहरू के तिमीहरू नै होइनौ र? के सबै कुरा म, सर्वशक्तिमान्‌को हातमा छैनन् र? म कसरी स्वर्गहरूमुनि तिमीहरूलाई त्यसरी मेरो अवज्ञाकारी हुने अनुमति दिन सक्छु? तिमीहरूका जीवन धेरै कठिन हुनेछ, किनकि तिमीहरूले मसीहलाई भेटेका छौ, जसको बारेमा उहाँ आउनुहुन्छ भनिएको थियो, तापनि जो कहिल्यै आउनुभएन। के तिमीहरू उहाँका शत्रुहरू होइनौ? येशू तिमीहरूका मित्र बन्नुभएको छ, तापनि तिमीहरू मसीहका शत्रुहरू हौ। के तिमीहरू येशूका मित्रहरू भए पनि तिमीहरूका दुष्ट कार्यहरूले तिनीहरूका भाँडाहरू भरेका छन्, जो घृणित छन् भन्ने तिमीहरू जान्दैनौ? तिमीहरू यहोवाको धेरै नजिक भए पनि के तिमीहरूका खराब शब्दहरू यहोवाको कानमा पुगेका छन् र तिनले उहाँको क्रोध जगाएको छ भन्ने तिमीहरू जान्दैनौ? उहाँ कसरी तिमीहरूको नजिक हुन सक्नुहुन्छ, र उहाँले दुष्ट कार्यहरूले भरिएका तिमीहरूका ती भाँडाहरू किन जलाउन सक्नुहुन्न? उहाँ तिमीहरूका शत्रु किन बन्न सक्नुहुन्न?

# मुक्तिदाता पहिले नै "सेतो बादल" मा फर्किसक्नुभएको छ

धेरै सहस्राब्दीदेखि मानिसले मुक्तिदाताको आगमन देख्न सक्ने उत्कट इच्छा गरेको छ। हजारौँ वर्षदेखि उहाँको निम्ति उत्कट इच्छा गर्ने र चाह गर्नेहरूका बीचमा मुक्तिदाता येशू व्यक्तिगत रूपमै सेतो बादलको सवारीमा ओर्लनुभएको देख्ने उत्कट इच्छा मानिसले गरेको छ। मानिसले मुक्तिदाताको आगमन र तिनीहरूसँगको पुनर्मिलनको पनि उत्कट इच्छा गरेको छ; अर्थात्, हजारौँ वर्षदेखि मानिसहरूबाट अलग गरिनुभएका मुक्तिदाता येशू फर्केर आउनुभएको र यहूदीहरू माझ गर्नुभएको उद्धारको काम फेरि एक पटक कार्यान्वयन गरेको, मानिसप्रति करुणामय र प्रेमिलो भएको, मानिसको पाप क्षमा गरेको, मानिसका पापहरू बहन गरेको, मानिसका सबै अपराधहरू समेत बहन गरेको र मानिसलाई पापबाट छुटकारा दिएको उत्कट चाह गरेको छ। मानिसले खास चाहेको कुराचाहिँ मुक्तिदाता येशू पहिलेको जस्तै हुनुभएको होस् भन्ने हो—एक मुक्तिदाता जो प्रेमिलो, दयालु र सम्माननीय हुनुहुन्छ, जो मानिससँग कहिल्यै क्रोधित हुनुहुन्न, र जसले कहिल्यै पनि मानिसको निन्दा गर्नुहुन्न, तर जसले क्षमा गर्नुहुन्छ, मानिसका सबै पापहरू लिनुहुन्छ र पहिलेको जस्तै, मानिसको निम्ति क्रूसमाथि मर्नुहुनेछ। येशू बिदा भएर जानुभएपछि, उहाँलाई पछ्याउने चेलाहरू, साथै उहाँको नाउँमा मुक्ति पाउने सन्तहरू सबैले उहाँको उत्कट चाह गर्दै र उहाँको प्रतीक्षा गर्दै आएका छन्। अनुग्रहको युगमा येशू ख्रीष्टको अनुग्रहद्वारा मुक्ति पाएका सबै मानिसहरू आखिरी दिनहरूको त्यो महान् दिनको तृष्णा गर्दै आइरहेका छन् जब मुक्तिदाता येशू सारा मानिसहरूकहाँ देखा पर्न सेतो बादलमा ओर्लनुहुन्छ। वास्तवमा, यो आज मुक्तिदाता येशूको नाउँ ग्रहण गर्ने सबै जनाको सामूहिक इच्छा पनि हो। येशू मुक्तिदाताको मुक्तिलाई जान्ने ब्रह्माण्डका हरेकले पृथ्वीमा हुनुहुँदा: "म जसरी गएको छु त्यसै गरी आउनेछु" भन्नुभएको कुरा पूरा गर्न येशू ख्रीष्ट अचानक देखा पर्नुभएको होस् भनी उत्कट इच्छा गर्दैआइरहेका छन्। क्रुसीकरण र पुनरुत्थानपछि, सर्वोच्चको दाहिने हातपट्टिको उहाँको स्थान लिन येशू सेतो बादलमा स्वर्ग फर्केर जानुभयो भनी मानिसले विश्वास गर्छ। त्यसरी नै, हजारौँ वर्षदेखि उहाँको उत्कट चाह गर्नेहरूमाझ, येशू सेतो बादलमा (यो बादलले येशू स्वर्गमा फर्कनुहुँदा चढ्नुभएको बादललाई जनाउँछ) फेरि ओर्लिआउनुहुनेछ र उहाँले यहूदीहरूको स्वरूप बहन गर्नुहुनेछ र पोसाक धारण गर्नुहुनेछ। मानिसकहाँ देखा पर्नुभएपछि, उहाँले तिनीहरूलाई खाना दिनुहुनेछ र तिनीहरूका निम्ति जिउँदो पानी निस्कन लगाउनुहुनेछ र मानिसहरू माझ अनुग्रहले पूर्ण, प्रेमले पूर्ण, सुस्पष्ट र यथार्थ भएर जिउनुहुनेछ। मानिसहरूले यस्तै सारा धारणाहरूमा विश्वास गर्छन्। तैपनि मुक्तिदाता येशूले यसो गर्नुभएन; उहाँले मानिसहरूले बुझेको भन्दा विपरीत गर्नुभयो। उहाँको पुनःआगमनको उत्कट इच्छा गर्नेहरूमाझ उहाँ आउनुभएन र सेतो बादलमा सवार भएर उहाँ सबै मानिसहरूकहाँ देखा पर्नुभएन। उहाँ पहिले नै आइसक्नुभएको छ, तर मानिसलाई थाहा छैन र यसबारे अज्ञात रहन्छ। उहाँ अघि नै "सेतो बादलमा" (त्यो बादलचाहिँ उहाँको आत्मा, उहाँका वचनहरू, उहाँको सारा स्वभाव र उहाँ जे हुनुहुन्छ सो सबै हो) ओर्लिआइसक्नुभएको छ भन्ने कुराप्रति बेखवर भएर, मानिसले उहाँलाई लक्ष्यहीन रूपमा प्रतीक्षा मात्रै गरिरहन्छन् र अहिले उहाँ आखिरी दिनहरूको अवधिमा उहाँले बनाउनुहुने

विजेताहरूको समूह माझ हुनुहुन्छ। मानिसले यो कुरा जान्दैन: मानिसको निम्ति पवित्र मुक्तिदाता येशूसित भएको सारा स्नेह र प्रेमको बाबजुद पनि, फोहोरी र अशुद्ध आत्माहरूले बास गरेको "मन्दिरहरू" मा उहाँले कसरी काम गर्न सक्नुहुन्छ? मानिसले उहाँको आगमनको प्रतीक्षा गर्दैआइरहेको भए पनि, अधर्मीको देह खानेहरू, अधर्मीको रगत पिउनेहरू, र अधर्मीको वस्त्र धारण गर्नेहरू, उहाँमा विश्वास गर्ने तर उहाँलाई नचिन्ने र उहाँलाई निरन्तर धुतिरहनेहरूकहाँ उहाँ कसरी देखा पर्न सक्नुहुन्थ्यो? येशू प्रेमले पूर्ण, र करुणाले भरिएको हुनुहुन्छ, र उहाँ पाप बलि र उद्धारले पूर्ण हुनुहुन्छ भन्ने मात्र मानिसले जान्दछ। यद्यपि, उहाँ स्वयम् परमेश्वर हुनुहुन्छ जो धार्मिकता, प्रताप, क्रोध र न्यायले पूर्ण, अख्तियारले भएको र प्रतिष्ठाले पूर्ण हुनुहुन्छ भन्ने कुरा मानिसले जान्दैन। यसकारण, मानिसले उद्धारकर्ताको आगमनको उत्कट इच्छा र चाह गरे पनि, र तिनीहरूको प्रार्थनाले "स्वर्ग" नै हल्लाए पनि, उहाँमा विश्वास गर्ने तर उहाँलाई नचिन्नेहरूकहाँ मुक्तिदाता येशू देखा पर्नुहुन्न।

मैले इस्राएलमा मेरो काम गर्दा "यहोवा" नाउँ धारण गरेँ र यसको अर्थ (परमेश्वरले चुन्नुभएको) इस्राएलीहरूको परमेश्वर भन्ने हुन्छ, जसले मानिसलाई टिठ्याउनुहुन्छ, मानिसलाई सराप दिनुहुन्छ, मानिसको जीवनको मार्गदर्शन गर्नुहुन्छ; त्यो परमेश्वर जसले महान् शक्ति धारण गर्नुहुन्छ र जो बुद्धिले पूर्ण हुनुहुन्छ। "येशू" इम्मानुएल हुनुहुन्छ, जसको अर्थ प्रेमले पूर्ण र करुणाले पूर्ण पाप बलि भन्ने हुन्छ र जसले मानिसलाई उद्धार गर्नुहुन्छ। उहाँले अनुग्रहको युगको काम गर्नुभयो, र उहाँले अनुग्रहको युग प्रतिनिधित्व गर्नुहुन्छ र उहाँले व्यवस्थापन योजनाको कामको एक हिस्साको मात्र प्रतिनिधित्व गर्न सक्नुहुन्छ। यसको तात्पर्य, यहोवा मात्र इस्राएलका चुनिएका मानिसहरूको परमेश्वर, अब्राहामका परमेश्वर, इसहाकका परमेश्वर, याकूबका परमेश्वर, मोशाका परमेश्वर र इस्राएलका सारा मानिसहरूका परमेश्वर हुनुहुन्छ। त्यसैले, हालको युगमा, यहूदी मानिसहरू बाहेक सारा इस्राएलीहरूले यहोवाको आराधना गर्छन्। तिनीहरूले उहाँलाई वेदीमा बलि चढाउँछन् र पूजाहारीको पोसाक लगाएर मन्दिरमा उहाँको सेवा गर्छन्। तिनीहरूले आशा गर्ने कुराचाहिँ यहोवाको पुर्नउदय हो। येशू मात्र मानवजातिको उद्धारक हुनुहुन्छ, र उहाँ मानवजातिलाई पापबाट उद्धार गर्ने पापबलि हुनुहुन्छ। जसको तात्पर्य, येशूको नाउँ अनुग्रहको युगबाट आयो र अनुग्रहको युगमा उद्धारको कामको कारणले अस्तित्वमा आयो। येशूको नाउँ अनुग्रहको युगका मानिसहरूलाई नयाँ जन्म दिन र मुक्त गर्न अस्तित्वमा आयो, र यो समग्र मानवजातिको उद्धारको निम्ति एउटा विशेष नाउँ हो। यसैले, येशूको नाउँले उद्धारको कामको प्रतिनिधित्व गर्छ, र अनुग्रहको युगलाई सूचित गर्छ। यहोवा नाउँ व्यवस्थाको अधीनमा बसेका इस्राएलका मानिसहरूको निम्ति विशेष नाउँ हो। कामको हरेक युग र हरेक चरणमा, मेरो नाउँ आधारहीन छैन, तर यसले प्रतिनिधिमूलक महत्त्व राख्छ: हरेक नाउँले एउटा युगको प्रतिनिधित्व गर्छ। "यहोवा" ले व्यवस्थाको युगको प्रतिनिधित्व गर्नुहुन्छ, र यो इस्राएलको मानिसहरूले आराधना गर्ने परमेश्वरलाई बोलाउने आदरार्थी नाम हो। "येशू" ले अनुग्रहको युगको प्रतिनिधित्व गर्नुहुन्छ, र यो अनुग्रहको युगको अवधिमा उद्धार पाएकाहरू सबैका परमेश्वरको नाउँ हो। यदि मानिसले अझै आखिरी दिनहरूको अवधिमा मुक्तिदाता येशूको आगमनको चाह गर्छ, र अझै उहाँले यहूदियामा बहन गर्नुभएको स्वरूपमा उहाँ आउनुभएको

अपेक्षा गर्छ भने, सम्पूर्ण छ हजार वर्षको व्यवस्थापन योजना उद्धारको युगमा रोकिन्थ्यो, र अलिकता पनि अघि बढ्न सक्दैनथ्यो। यसको अलावा, आखिरी दिनहरू कहिल्यै आउने थिएन, र त्यो युगको अन्त कहिल्यै हुने थिएन। किनभने मुक्तिदाता येशू मानवजातिको उद्धार र मुक्तिको निम्ति मात्र हुनुहुन्छ। अनुग्रहको युगका सबै पापीहरूका खातिर मात्र मैले येशूको नाउँ धारण गरेँ, तर मैले समग्र मानवजातिलाई अन्तमा ल्याउने नाउँ यो होइन। यहोवा, येशू, र मसीह सबैले मेरो आत्माको प्रतिनिधित्व गर्ने भए पनि, यी नाउँहरूले मेरो व्यवस्थापन योजनाको विभिन्न युगहरूलाई सूचित गर्छन्, र समग्र रूपमा मेरो प्रतिनिधित्व गर्दैनन्। पृथ्वीका मानिसहरूले मलाई पुकार्ने नाउँहरूले मेरो समग्र स्वभाव र म जे छु सो सारा कुरालाई व्यक्त गर्न सक्दैनन्। तिनीहरू विभिन्न युगहरूको अवधिमा मलाई पुकारिने विभिन्न नाउँहरू मात्र हुन्। त्यसैले जब अन्तिम युग–आखिरी दिनहरूको युग–आउँछ, मेरो नाउँ फेरि बदलिनेछ। मसीह भन्नु त छोडिदिऊँ, मलाई यहोवा वा येशू पनि भनिनेछैन–मलाई शक्तिशाली सर्वशक्तिमान परमेश्वर स्वयम् भनिनेछ, र म यही नाउँमा समग्र युगको अन्त ल्याउनेछु। म कुनै समय यहोवाको रूपमा चिनिन्थेँ। मलाई कुनै समय मसीह भनिन्थ्यो र मानिसहरूले प्रेम र आदरसाथ मलाई मुक्तिदाता येशू भनी पुकार्थे। यद्यपि, आज म यस उप्रान्त मानिसहरूले विगतको समयमा चिनेको यहोवा वा येशू होइन; म त आखिरी दिनहरूमा फर्केर आएको परमेश्वर, युगको अन्त ल्याउने परमेश्वर हुँ। म पृथ्वीको पल्लो छेउबाट उदय हुने, मेरो समग्र स्वभावले पूर्ण भएको, र अधिकार, आदर र महिमाले भरिपूर्ण परमेश्वर स्वयम् हुँ। मानिसहरू कहिल्यै पनि मसँग सम्बद्ध भएका छैनन्, मलाई कहिल्यै चिनेका छैनन् र सदैव मेरो स्वभावप्रति अनभिज्ञ भएका छन्। संसारको सृष्टिदेखि अहिलेसम्म नै एक जनाले पनि मलाई देखेको छैन। आखिरी दिनहरूमा मानिसमा देखा पर्नुहुने र मानिसहरू माझ गुप्त परमेश्वर उहाँ नै हुनुहुन्छ। उहाँ मानिस माझ सत्य र वास्तविक रूपमा उज्ज्वल सूर्य र प्रज्वलित ज्वालाजस्तै शक्ति र अधिकारले पूर्ण भएर बास गर्नुहुन्छ। मेरा वचनहरूद्वारा न्याय नगरिने एक जना व्यक्ति वा चीज छैन र प्रज्वलित आगोद्वारा शुद्ध नपारिने एक जना व्यक्ति वा चीज छैन। अन्तमा, मेरा वचनहरूको कारणले सबै जातिहरूलाई आशिष् दिइनेछ, र मेरो वचनहरूको कारणले टुक्रा-टुक्रा पारिनेछ। यसरी, आखिरी दिनहरूको अवधिका सबै मानिसहरूले म फर्केर आएको मुक्तिदाता हुँ र म सारा मानवजातिमाथि विजय हासिल गर्ने सर्वशक्तिमान् परमेश्वर हुँ भनी देख्नेछन्। म कुनै समय मानिसको निम्ति पापबलि थिएँ, तर म आखिरी दिनहरूमा सबै थोकलाई भस्म गर्ने सूर्यको ज्वालाका साथसाथै सबै थोकलाई उदाङ्गो पार्ने धार्मिकताको सूर्य पनि भएको छु भनी सबैले देख्नेछन्। आखिरी दिनहरूका मेरो काम यही हो। मैले यो नाउँ धारण गरेँ र यो स्वभाव हासिल गरेँ ताकि म धर्मी परमेश्वर, उज्वल सूर्य, प्रज्वलित ज्वाला हुँ भन्ने सबै मानिसहरूले देखून्, र ताकि सबैले म, एक मात्र साँचो परमेश्वरको आराधना गरून्, र ताकि तिनीहरूले मेरो साँचो रूप देख्न सकून्: म इस्राएलीहरूको मात्र परमेश्वर होइन, र म उद्धारकर्ता मात्र होइन; म स्वर्गहरू, पृथ्वी र समुद्रभरिका सबै प्राणीहरूका परमेश्वर हुँ।

यदि आखिरी दिनहरूको अवधिमा मुक्तिदाता आउनुभयो भने र अझै येशू नै कहलाइनुभयो भने र फेरि एक पटक यहूदियामा नै जन्मिनुभयो र उहाँको काम त्यहाँ नै गर्नुभयो भने त, मैले

इस्राएलका मानिसहरूलाई मात्र सृष्टि गरेँ र इस्राएलको मानिसहरूलाई मात्र उद्धार गरेँ र गैर-यहूदीहरूसँग मेरो कुनै सरोकार छैन भन्ने कुरा यसले साबित गर्नेथियो। के यो "म स्वर्गहरू, पृथ्वी र सबै थोकहरू सृष्टि गर्ने परमेश्वर हुँ" भन्ने मेरा वचनहरूसँग विरोधाभासपूर्ण हुँदैन र? मैले यहूदियालाई छोडेँ र गैर-यहूदीहरू माझ मेरो काम गर्छु, किनभने म इस्राएलका मानिसहरूको मात्र परमेश्वर होइन, तर सारा प्राणीहरूको परमेश्वर हुँ। म आखिरी दिनहरूको अवधिमा गैर-यहूदीहरू माझ देखा पर्छु किनभने म इस्राएलका मानिसहरूको परमेश्वर, यहोवा मात्र होइन, तर यसको अतिरिक्त, म गैर-यहूदीहरू माझका मेरा चुनिएकाहरू सबैका सृष्टिकर्ता हुँ। मैले इस्राएल, मिश्र र लेबनान मात्र सृष्टि गरेको होइन, तर इस्राएलभन्दा बाहिरका सबै गैर-यहूदी राष्ट्रहरूलाई पनि सृष्टि गरेँ। यसैले म सबै प्राणीहरूको प्रभु हुँ। मैले इस्राएललाई मेरो काम प्रारम्भ गर्नको निम्ति प्रारम्भिक बिन्दुको रूपमा मात्रै प्रयोग गरेँ र यहूदिया र गालीललाई उद्धारको कामको किल्लाको रूपमा चलाएँ, र अहिले म गैर-यहूदी राष्ट्रहरूलाई सम्पूर्ण युगको अन्त ल्याउने आधारको रूपमा प्रयोग गर्छु। मैले इस्राएलमा कामका दुई चरणहरू गरेँ (यी दुई चरणहरू व्यवस्थाको युग र अनुग्रहको युग हुन्), र मैले इस्राएल बाहिरका मुलुकहरूभरि कामका थप दुई चरणहरू (अनुग्रहको युग र राज्यको युग) लाई कार्यान्वयन गर्दै आइरहेको छु। गैर-यहूदी राष्ट्रहरू माझ, म विजयको काम गर्नेछु, र त्यसरी नै युग समाप्त गर्नेछु। यदि मानिसहरूले मलाई सदैव येशू ख्रीष्ट भन्छन्, तर आखिरी दिनहरूको अवधिमा मैले नयाँ युग सुरु गरेको छु र नयाँ काम सुरु गरेको छु भन्ने जान्दैनन् भने, र यदि मानिसहरूले मुक्तिदाता येशूको आगमनलाई नै उन्मत्त रूपमा प्रतीक्षा गरिरहन्छन् भने त, म यस्ता मानिसहरूलाई त ममा विश्वास नगर्ने मानिसहरू भन्नेछु; तिनीहरू मलाई नचिन्ने मानिसहरू हुन्, र मप्रतिको तिनीहरूको विश्वास झूटो हो। के यस्ता मानिसहरूले स्वर्गबाट आउनुभएको मुक्तिदाता येशूको आगमनलाई देख्न सक्छन्? तिनीहरूले प्रतीक्षा गरेको कुरा मेरो आगमन होइन, तर यहूदीहरूका राजाको आगमन हो। यो अशुद्ध पुरानो संसारलाई मैले सर्वनाश गरेको तिनीहरू चाहना गर्दैनन्, बरु येशूको दोस्रो आगमनको उत्कट इच्छा गर्छन् जसमा तिनीहरूको उद्धार गरिनेछन्। अझै एक पटक यो अशुद्ध र अधर्मी मुलुकबाट सारा मानवजातिलाई येशूले उद्धार गर्नुभएको होस् भनी तिनीहरूले अपेक्षा गर्छन्। यस्ता मानिसहरूले आखिरी दिनहरूमा मेरो कामलाई पूरा गर्ने मानिसहरू बन्न सक्छन्? मानिसको चाहनाहरू मेरा इच्छाहरू पूरा गर्न वा मेरो काम सम्पन्न गर्न असक्षम छन्, किनभने मानिसले मैले पहिले गरेका कामको मात्र सराहना गर्छन् वा कदर गर्छन्, र म सदैव नयाँ हुने र कहिल्यै पुरानो नहुने परमेश्वर स्वयम् हुँ भन्ने त तिनीहरूलाई थाहा नै छैन। मानिसले म यहोवा र येशू हुँ भन्ने मात्र जान्दछ र मानवजातिलाई समाप्त पार्ने आखिरी दिनहरूमध्ये एउटा म नै हुँ भन्ने कुराको कुनै आभास उसलाई छैन। मानिसले चाहेको र जानेका सबै कुराहरू तिनीहरूको आफ्नै धारणहरूबाट नै आउँछन् र यो तिनीहरूको आफ्नै आँखाले देख्न सक्ने कुराहरू मात्र हुन्। यो मैले गर्ने कामसँग मिल्दैन, तर योसँग असङ्गतमा छ। यदि मेरो काम मानिसका विचारहरू बमोजिम सञ्चालित थिए भने, यो कहिले अन्त हुन्थ्यो? मानवजाति विश्राममा कहिले प्रवेश गर्थ्यो? अनि म कहिले सातौँ दिन अर्थात् शबाथमा प्रवेश गर्न सक्षम हुन्थेँ? म मेरो योजना र मेरो उद्देश्य मुताबिक काम गर्छु—मानिसको अभिप्रायहरू अनुसार होइन।

# सुसमाचार फैलाउने काम पनि मानिसलाई मुक्ति दिने काम नै हो

सबै मानिसहरूले पृथ्वीमा मेरो कामका उद्‌देश्यहरू बुझ्न आवश्यक छ, भन्नुको अर्थ, म अन्ततः जे प्राप्त गर्न चाहन्छु, र यसलाई पूरा गर्न सक्नुभन्दा पहिले मैले यो काममा कुन स्तर हासिल गर्नुपर्छ। आजको दिनसम्म मसँग हिँडिसकेपछि, यदि मानिसहरूले मेरो काम के हो भन्ने बारेमा बुझेका छैनन् भने, के तिनीहरू मसँग व्यर्थमा हिँडेका होइनन् र? यदि मानिसहरूले मलाई पछ्याउँछन् भने, तिनीहरूले मेरो इच्छा पनि जान्नुपर्छ। म यस पृथ्वीमा हजारौं वर्षदेखि काम गर्दै आइरहेको छु, र हालसम्म पनि मेरो कामलाई निरन्तरता दिन्छु। मेरो काममा धेरै परियोजनाहरू भए तापनि, यसको उद्‌देश्य अपरिवर्तित रहन्छ; यद्यपि म मानिसप्रतिको न्याय र सजायले भरिएको छु, उदाहरणका लागि, मैले जे गर्छु त्यो अझै पनि उसैको मुक्तिको खातिर हो, र मानिसलाई पूर्ण बनाइसकेपछि सबै अन्यजातिहरूका माझ मेरो सुसमाचार अझ फैलाउनको खातिर र मेरो काम अझ विस्तार गर्नको खातिर हो। यसैले आज, धेरै मानिसहरू लामो समयदेखि गहिरो निराशामा डुबेको यस्तो समयमा, म अझै पनि मेरो कामलाई निरन्तरता दिन्छु, मैले मानिसलाई न्याय गर्न र सजाय दिन मैले गर्नुपर्ने काम जारी राख्छु। म जे भन्छु त्योसँग मानिस वाक्क भएको छ भन्ने यथार्थताको बाबजुद पनि, र उसलाई मेरो कामप्रति चासो राख्ने कुनै इच्छा नभए तापनि, म अझै पनि आफ्नो कर्तव्य पूरा गर्दैछु, किनकि मेरो कामको उद्‌देश्य अपरिवर्तित रहन्छ, र मेरो मौलिक योजना भङ्ग हुनेछैन। मेरो न्यायको कार्य भनेको मानिसलाई राम्रोसँग मेरो आज्ञा पालन गर्न सक्षम पार्नु हो, र मेरो सजायको उद्‌देश्य भनेको मानिसलाई अधिक प्रभावकारी रूपमा परिवर्तन हुन दिनु हो। म जे गर्छु त्यो मेरो व्यवस्थापनको खातिर नै हुने भएकोले, मैले कहिल्यै पनि कुनै काम मानिसका लागि फाइदा नहुने गरी गरेको छैन, किनकि म इस्राएलभन्दा बाहिरका सबै जातिहरूलाई पनि इस्राएलीहरू जस्तो आज्ञाकारी बनाउन, उनीहरूलाई सच्चा मानिसहरू बनाउन चाहन्छु, ताकि इस्राएलभन्दा बाहिरको भूमिमा पनि मैले पाइला टेक्ने ठाउँ पाउन सकूँ। यो मेरो व्यवस्थापन हो; मैले अन्यजातिहरूका बीचमा पूरा गर्दै गरेको कार्य यही हो। अहिले समेत, धेरै मानिसहरूले अझै पनि मेरो व्यवस्थापनलाई बुझ्दैनन्, किनभने उनीहरूले त्यस्ता कुराहरूमा रुचि राख्दैनन्, र आफ्नै भविष्य र गन्तव्यको मात्र वास्ता गर्छन्। मैले जे भने तापनि, उनीहरू मैले गर्ने कामप्रति उदासीन रहन्छन्, यसको सट्टामा उनीहरूको आफ्नै भोलिका गन्तव्यमा मात्रै पूर्ण रूपमा ध्यान केन्द्रित गर्दै रहन्छन्। यदि यस्तै कुरा जारी रहन्छ भने, मेरो कामको विस्तार कसरी हुनेछ? मेरो सुसमाचार कसरी सारा संसारभरि फैलाउन सकिन्छ? याद गर कि जब मेरो काम फैलिन्छ, म तिमीहरूलाई तितरबितर पार्नेछु, र जसरी यहोवाले इस्राएलको प्रत्येक कुललाई प्रहार गर्नुभयो त्यसरी नै तिमीहरूलाई पनि प्रहार गर्नेछु। यी सबै कुराहरू हुनेछन् ताकि मेरो सुसमाचार पृथ्वीभरि फैलिन सकोस्, ताकि यो अन्यजातिहरूमा पनि पुग्न सकोस्, ताकि मेरो नाम साना-ठूला सबैले समान रूपले उचाल्न सकून्, र मेरो पवित्र नाम सबै कुलहरू र जातिहरूका मानिसहरूको मुखमा उच्च होस्। यसो हुन्छ ताकि यो अन्तिम युगमा अन्यजातिहरूको माझ मेरो नाम उचालिओस्, ताकि अन्यजातिहरूले मेरा कामहरू देखेर तिनीहरूले मलाई मेरो कामको खातिर

सर्वशक्तिमान् भनेर बोलाउन सकून्, ताकि मेरा वचनहरू छिटै पूरा हुन सकून्। म इस्राएलीहरूका मात्र होइन, तर मैले श्रापित तुल्याइएकाहरू लगायत, सबै अन्यजातिहरूका पनि परमेश्‍वर हुँ भनेर म सबै मानिसहरूलाई बुझाउनेछु। म सारा सृष्टिको परमेश्‍वर हुँ भनेर म सबै मानिसहरूलाई बुझ्न लगाउनेछु। मेरो सबैभन्दा महान् काम, आखिरी दिनहरूको लागि मेरो कार्य योजनाको उद्‌देश्य, र आखिरी दिनहरूमा पूरा गर्नुपर्ने एउटै काम यही नै हो।

आखिरी दिनहरूमा मात्र हजारौं वर्षदेखि मैले व्यवस्थापन गर्दै आइरहेको कार्य मानिसकहाँ पूर्ण रूपमा प्रकट हुन्छ। अहिले मात्र मैले मानिसलाई मेरो व्यवस्थापनको सम्पूर्ण रहस्य प्रकट गरेको छु, र मानिसले मेरो कामको उद्‌देश्य जानिसकेको छ, र यति मात्र होइन, मेरा सबै रहस्यहरू बुझ्न पुगेको छ। मैले मानिसलाई पहिले नै त्यो गन्तव्यको बारेमा सबै कुरा बताइसकेको छु, जसको बारेमा उसले चासो राख्छ। मैले मानिसका लागि पहिले नै मेरा सबै रहस्यहरू, अर्थात् ५,९०० वर्षदेखि लुकाइएका रहस्यहरू उजागर गरिसकेको छु। यहोवा को हुनुहुन्छ? मसीह को हुनुहुन्छ? येशू को हुनुहुन्छ? तिमीहरूलाई यो सबै थाहा हुनुपर्छ। मेरो काम यी नामहरूमाथि निर्भर रहन्छ। के तिमीहरूले त्यो बुझेका छौ? मेरो पवित्र नाम कसरी घोषणा गरिनुपर्छ? मलाई मेरा कुनै पनि नामहरूले बोलाउने ती अन्यजातिहरू समक्ष कसरी मेरो नाम फैलाउनुपर्छ? मेरो काम विस्तार हुँदैछ, र म यसको सम्पूर्णता कुनै पनि र सबै जातिहरूमा फैलाउनेछु। मेरो काम तिमीहरूमा गरिसकिएको हुनाले, जसरी यहोवाले इस्राएलमा दाऊदका घरानाका गोठालाहरूलाई प्रहार गर्नुभएको थियो त्यसरी नै म पनि तिमीहरूलाई हरेक जातिमा तितरबितर हुने गरी प्रहार गर्नेछु। किनकि आखिरी दिनहरूमा म सबै जातिहरूलाई टुक्रा-टुक्रा हुने गरी चकनाचूर पार्नेछु र त्यहाँका मानिसहरूलाई नयाँ प्रकारले वितरित हुन लगाउनेछु। जब म फेरि फर्कन्छु, जातिहरू पहिले नै मेरो जलिरहेको ज्वालाद्‌वारा तय गरिएको सीमामा विभाजित भइसकेका हुनेछन्। कुनै बेला जसरी म, यहोवा, यहूदी कुलहरूको बीच हिँडे त्यस बेला पनि म आफैलाई मानवजातिकहाँ तिनीहरूले कहिल्यै नदेखेका पवित्र परमेश्‍वरको स्वरूपमा तिनीहरूका बीचमा खुल्ला रूपमा प्रकट गर्दै, बहुसङ्ख्यक जातिहरूको बीचमा हिँड्दै, चर्को घाम झैँ नयाँ गरी प्रकट गर्नेछु। तत्पश्‍चात्, म मानवलाई पृथ्वीमा तिनीहरूको जीवनमा अगुवाइ गर्नेछु। त्यहाँ तिनीहरूले पक्कै मेरो महिमा देख्नेछन्, र तिनीहरूको जीवनमा अगुवाइ गर्न तिनीहरूले पक्कै पनि आकाशमा बादलको खम्बा देख्नेछन्, किनकि म पवित्र स्थानहरूमा प्रकट हुनेछु। मानिसले मेरो धार्मिकताको दिन र मेरो महिमित प्रकटीकरण पनि देख्नेछ। मैले सारा पृथ्वीमाथि शासन गरेर मेरा धेरै पुत्रहरूलाई महिमामा ल्याएपछि त्यसो हुनेछ। पृथ्वीमा जताततै, मानिसहरू झुक्नेछन्, र मेरो पवित्र वासस्थान मैले आज गरेको कार्यको जगमाथि दृढताका साथ मानवजातिको बीचमा खडा हुनेछ। मानिसहरूले मन्दिरमा पनि मेरो सेवा गर्नेछन्। फोहोर र घृणित चीजहरूले ढाकिएको वेदीलाई म टुक्राटुक्रा पार्नेछु र नयाँ बनाउनेछु। नवजात थुमाहरू र बाछोहरूलाई पवित्र वेदीमा जम्मा पार्नेछु। म आजको मन्दिर भत्काउनेछु र नयाँ मन्दिर निर्माण गर्नेछु। घृणित मानिसहरूले भरिएको अहिले खडा रहेको मन्दिरलाई नष्ट गरिनेछ, र मैले बनाएको त्यस मन्दिर मप्रति वफादार सेवकहरूले भरिनेछन्। उनीहरू फेरि मेरो मन्दिरको महिमाको लागि खडा हुनेछन् र मेरो सेवा गर्नेछन्। तिमीहरूले पक्कै पनि त्यो दिन देख्नेछौ जुन दिन म ठूलो महिमा प्राप्त गर्छु, र तिमीहरूले

त्यो दिन पक्कै देख्नेछौ जब म मन्दिर भत्काउनेछु र नयाँ निर्माण गर्नेछु। साथै, तिमीहरूले पक्कै पनि मेरो पवित्र-वासस्थान मानिसहरूको संसारमा आएको दिन देख्नेछौ। जसरी म मन्दिरलाई भत्काउनेछु, त्यसरी नै म आफ्नो पवित्र-वासस्थानलाई मानिसहरूको संसारमा ल्याउनेछु, त्यो तिनीहरूले म तल ओर्लेको देखेजस्तै हुनेछ। मैले सबै जातिहरूलाई धूलोपीठो बनाएपछि, म तिनीहरूलाई नयाँ गरी समेट्नेछु, तत्पश्चात्, मेरो मन्दिर निर्माण र मेरो वेदी स्थापित गर्नेछु, ताकि सबैले मलाई बलिदान चढाउन, मेरो मन्दिरमा मेरो सेवा गर्न, र अन्यजातिहरूमा गरिएको मेरो कामप्रति तिनीहरू विश्वासयोग्य रूपमा समर्पित हुन सकून्। तिनीहरू पूजाहारीको पोसाक र मुकुटले सुसज्जित भएर, तिनीहरूको माझमा मेरो, यहोवाको, प्रताप हुन्छ, र मेरा वैभव तिनीहरूमाथि परिभ्रमण गर्दै र तिनीहरूसँग साथसाथै रहँदै गर्दा तिनीहरू वर्तमान दिनका इस्राएलीहरू जस्तै हुनेछन्। अन्यजातिहरूमा पनि मेरो काम त्यस्तै गरी कार्यान्वयन हुनेछ। मेरो काम इस्राएलमा जस्तो थियो, त्यस्तै काम अन्यजातिहरूमा पनि हुनेछ, किनभने म मेरो काम इस्राएलमा विस्तार गर्नेछु र अन्यजातिहरूमा फैलाउनेछु।

मेरो आत्माले महान् कार्य गर्ने समय, र अन्यजातिहरूमा मैले मेरो कार्य सुरु गर्ने समय अहिले नै हो। त्योभन्दा बढी, यो त्यो समय हो जब म सृष्टि गरिएका सबै प्राणीहरू प्रत्येकलाई त्यसको यथाक्रम श्रेणीमा राख्दै वर्गीकरण गर्छु, ताकि मेरो काम अझ छिटोछरितो र प्रभावकारी ढङ्गले अगाडि बढ्न सकोस्। त्यसैले, म तिमीहरूलाई के भन्छु भने अझै पनि तैँले आफ्नो सम्पूर्णतालाई मेरा सबै काममा अर्पण गर्, अनि, यसको साथै, मैले तँमा गरेका मेरा सबै कामलाई तैँले स्पष्ट रूपमा छुट्या र निश्चित बन, र तैँले आफ्नो सम्पूर्ण शक्ति मेरो काममा लगा, ताकि यो अधिक प्रभावशाली बन्न सकोस्। यो कुरा तैँले बुझ्नुपर्छ। आपसमा झगडा गर्ने, पछि हट्ने बाटो खोज्ने, वा शारीरिक सुख-विलासहरू खोज्ने जस्ता कार्यहरूबाट टाढा बस्, जसले मेरो कामलाई सुस्त गर्छ, र तेरो सुन्दर भविष्यलाई सुस्त गर्छ। तँलाई जोगाउनु त कता हो कता, यस्ता कार्यले तँमाथि विनाश निम्त्याउनेछ। के यो तेरो मूर्खता हुनेछैन र? तँ आज लोभिएर जुन खुसीमा भुल्छस्, तेरो भविष्यलाई बिगार्ने त्यही कुरा हो, जबकी तैँले जुन दुःख आज भोग्छस्, तेरो रक्षा गर्ने त्यही कुरा हो। तँ यी चीजहरूका बारे स्पष्ट रूपमा सजग हुनुपर्छ, ताकि कडा परिश्रम गरेर पनि आफूलाई उम्काउन कठिन हुने परीक्षाको सिकार हुनबाट तँ जोगिन सक्, र भूललाई घाम नै देख्न नसकिने बाक्लो कुहिरोभित्र लुकाउने कार्यबाट पछि हट्न सक्। जब बाक्लो कुहिरो हट्छ, तैँले आफैलाई न्यायको महान् दिनमा रहेको पाउनेछस्। त्यस समयसम्म, मेरो दिन मानिस जातिको नजिक आउँदै गरेको हुनेछ। तँ कसरी मेरो न्यायबाट उम्कनेछस्? तैँले कसरी सूर्यको चर्को तापलाई सहन सक्नेछस्? जब म मानिसलाई मेरो प्रशस्तता दिन्छु, उसले यसलाई आफ्नो छातीमा कदर गरी राख्दैन, तर यसलाई कसैले पनि नदेख्ने ठाउँमा फाल्छ। जब मेरो दिन मानिसमाथि आउँछ, उसले उप्रान्त मेरो प्रशस्तता पत्ता लगाउन सक्दैन, वा धेरै अघि मैले उसलाई भनेका सत्यका तीता वचनहरू भेट्टाउन सक्दैन। ऊ विलाप गर्नेछ र रुनेछ, किनभने उसले ज्योतिको उज्यालो गुमाइसकेको हुन्छ र ऊ अन्धकारमा फसिसकेको हुन्छ। आज तिमीहरूले जे देख्दैछौ त्यो मेरो मुखको धारिलो तरबार मात्र हो। तिमीहरूले मेरो हातमा भएको डन्डा वा मानिसलाई जलाउने

आगोको ज्वाला देखेका छैनौ, र यसैले मेरो उपस्थितिमा तिमीहरू अझै पनि अहङ्कारी र असंयमित छौ। यसैले तिमीहरूको मानवीय जिब्रोले मेरो मुखबाट निस्केका कुराहरूसँग बहस गर्दै तिमीहरू अझै मसँग मेरो घरमा झगडा गर्छौ। मानिस मसँग डराउँदैन, र उसले आफूलाई आज पनि मसँगको दुस्मनीमा खडा गरेको भए तापनि, ऊ कुनै त्रास बिना नै रहन्छ। तिमीहरूको मुखमा अधर्मी जिब्रो र दाँतहरू छन्। तिमीहरूको वचन र व्यवहार सर्पका जस्ता छन् जसले हव्वालाई पाप गर्न लोभ्यायो। तिमीहरूले एक-अर्काबाट आँखाको बदला आँखा र दाँतको बदला दाँत माग गर्छौ, र तिमीहरूले मेरो उपस्थितिमा आफ्नै लागि पद, प्रतिष्ठा, फाइदाको लागि सङ्घर्ष गर्छौ, तर पनि तिमीलाई थाहा छैन, कि मैले तिमीहरूको वचन र व्यवहार गोप्य रूपमा हेर्दैछु। तिमीहरू मेरो उपस्थितिमा आउनुभन्दा पहिले नै, मैले तिमीहरूको हृदयको भित्री आवाजलाई सुनिसकेको छु। मानिस जहिले पनि मेरो हातको पकडबाट उम्कन र मेरो नजरको अवलोकनबाट भाग्न चाहन्छ, तर म उसका वचनहरू वा व्यवहारहरूबाट कहिल्यै पछि हटिँन। यसको सट्टामा, मैले उद्देश्यपूर्ण रूपमा ती वचनहरू वा व्यवहारहरूलाई मेरो नजरमा प्रवेश गर्न दिन्छु, ताकि मैले मानिसको अधर्मको सजाय दिन सकूँ र उसको विद्रोहमाथि न्याय कार्यान्वयन गर्न सकूँ। यसरी, मानिसका गोप्य वचनहरू वा व्यवहारहरू सधैँ मेरो न्याय आसनको अगाडि रहन्छन्, र मेरो न्यायले मानिसलाई कहिल्यै छोडेको छैन, किनकि उसको विद्रोह एकदमै धेरै छ। मेरो काम भनेको मेरो आत्माको उपस्थितिमा बोलिएका र गरिएका मानिसका वचनहरू र व्यवहारहरूलाई जलाउनु र शुद्ध पार्नु हो। यस प्रकारले,[क] जब म पृथ्वी छोड्छु, मानिसहरूले पृथ्वीमा मेरा कामहरू पूर्ण नहुन्जेलसम्मै त्यसलाई जारी राख्दै अझै पनि मप्रति आफ्नो बफादारीता कायम राख्नेछन्, र अझै पनि मेरा पवित्र सेवकहरूले मेरो काममा सेवा गरेजस्तै गरी सेवा गर्नेछन्।

## तिमीहरू चरित्रमा अति नै तुच्छ छौ!

तिमीहरू सबै आफू जस्तै प्रकारका युवा पुस्ताहरूलाई प्रवचन गर्दै र तिनीहरूलाई आफूसँगै बसाउँदै सुशोभित आसनमा बस्छौ। तिमीहरूलाई अलिकति पनि थाहा छैन कि तिमीहरूका “वंशजहरू” धेरै अघि नै सास न बास भइसकेका छन् र मेरो कामलाई गुमाइसकेका छन्। मेरो प्रताप पूर्वदेखि पश्चिमसम्मको भूभागमा चम्कन्छ, तैपनि जब यो प्रताप पृथ्वीको अन्त्यसम्म फैलन्छ र फेरि झुल्कन थाल्छ र परसम्म चम्कन्छ, तब म मेरो प्रतापलाई पूर्वबाट लिएर पश्चिम ल्याउँछु ताकि मलाई पूर्वमा परित्याग गर्ने अध्याँरोवासी मानिसहरू तत्पश्चात् ज्योतिबाट बन्चित रहून्। जब त्यस्तो हुन्छ, तब तिमीहरू अन्धकारको घाटीमा बाँच्नेछौ। आजभोलीका मानिसहरू पहिलेका मानिसहरूभन्दा सयौं गुणा असल भए पनि तिनीहरूले मेरा मापदण्डहरू पुऱ्याउँदैनन्, र तिनीहरू अझै पनि मेरो प्रतापको साक्षी भएका छैनन्। तिमीहरू पहिलेभन्दा सयौं गुणा असल हुन सक्षम हुनु भनेको सम्पूर्ण रूपमा मेरो कामको परिणाम हो; यो पृथ्वीमा मैले गरेको कामको उपज

---

क. मूल पाठमा “यस प्रकारले” भन्ने वाक्यांश समावेश छैन।

हो। तथापि, म अझै पनि तिमीहरूका वचनहरू र कर्महरूका साथै तिमीहरूको चरित्रलाई घृणा गर्छु र म तिमीहरूले मेरो सामु जसरी कार्य गर्छौ त्यसप्रति अविश्‍वसनीय रूपले द्‌वेष महसुस गर्छु किनभने तिमीहरूमा मप्रतिको बुझाइ नै छैन। अनि, कसरी तिमीहरूले मेरो प्रतापमा जिउन सक्छौ र कसरी तिमीहरू मेरो भावी कामप्रति पूर्ण बफादार बन्‍न सक्छौ? तिमीहरूको विश्‍वास अत्यन्तै सुन्दर छ; तिमीहरू मेरो कामको खातिर आफ्नो सम्पूर्ण जीवनकाल समर्पित गर्न र यसको लागि आफ्नो जीवन बलिदान गर्न इच्छुक छौ भनेर भन्छौ, तर तिमीहरूका स्वभाव चाहिँ त्यति धेरै बदलिएको छैन। तिमीहरू केवल अहङ्कारका साथ बोल्छौ, जबकी तिमीहरूको वास्तविक व्यवहार एकदमै नीच छ। यो त मानिसहरूको जिब्रो र ओठहरू स्वर्गमा भएको तर पाउहरू चाहिँ धर्तीमा रहेको जस्तो भयो, जसको फलस्वरूप तिनीहरूका शब्द र कर्महरू अनि तिनीहरूको मान-मर्यादा अझै पनि कबाफ र बरबादीमै छन्। तिमीहरूको मान-मर्यादा नाश भएको छ, तिमीहरूको तौरतरिका भ्रष्ट बनेको छ, तिमीहरूको बोल्ने शैली तुच्छ छ, र तिमीहरूका जीवनहरू घृणास्पद छन्; तिमीहरूको सम्पूर्ण मानवता समेत तुच्छ दीनतामा डुबेको छ। तिमीहरू अन्य व्यक्तिहरूप्रति संकीर्ण छौ र तिमीहरू हर तुच्छ कुरामा बखेडा झिक्छौ। तिमीहरू आफ्नै मान-मर्यादा र हैसियतको विषयलाई लिएर यति हदसम्म झगडा गर्छौ कि तिमीहरू नर्क र अग्‍निकुण्डमा जाकिन पनि इच्छुक हुन्छौ। मैले तिमीहरू पापी छौ भनी निर्क्योल गर्नको लागि तिमीहरूको वर्तमान शब्द र कर्महरू नै काफी छन्। मलाई तिमीहरू अधर्मीहरू हौ भनी निर्क्योल गर्नको लागि मेरो कामप्रतिको तिमीहरूका मनोवृत्ति नै काफी छन् र तिमीहरू सबै द्‌वेषले भरिपूर्ण फोहोरी प्राणहरू हौ भनी देखाउनको लागि तिमीहरूका सारा स्वभावहरू नै काफी छन्। तिमीहरू अशुद्‌ध आत्माहरूको रगत अघाउन्जेल पिएका व्यक्तिहरू हौ भनी भन्‍नको लागि तिमीहरूको प्रकटीकरण अनि तिमीहरूले देखाउने कुराहरू मेरो लागि नै पर्याप्‍त छन्। जब राज्यमा प्रवेश गर्ने कुरा गरिन्छ, तिमीहरूले आफ्ना भावनाहरू प्रटक गर्दैनौ। के तिमीहरू स्वर्गको मेरो राज्यको प्रवेशद्‌वारबाट जानको लागि अहिले तिमीहरू जस्ता छौ त्यो नै काफी छ भनेर विश्‍वास गर्छौ? के तिमीहरू मैले तिमीहरूका आफ्नै शब्द र कर्महरूलाई पहिले जाँच नगरिकनै मेरो काम र वचनहरूको पवित्र स्थलमा तिमीहरूले प्रवेश प्राप्‍त गर्न सक्छौ भनी विश्‍वास गर्छौ? कसले मेरो आँखामा पर्दा टाङ्न सक्छ? तिमीहरूका घृणास्पद, तुच्छ व्यवहार र कुराकानीहरू मेरो नजरबाट कसरी बच्न सक्छन्? मैले तिमीहरूका जीवनलाई ती अशुद्‌ध आत्माहरूका रगत र मासु खाने जीवन भनी निर्धारण गरेको छु किनभने तिमीहरूले हरेक दिन मेरो अगाडि तिनीहरूको नक्कल गर्छौ। मेरो अगाडि, तिमीहरूको व्यवहार विशेष रूपमै खराब रहेको छ, अनि मैले तिमीहरूलाई कसरी घिनलाग्दो पाउँदिनथिएँ र? तिमीहरूका शब्दहरूमा अशुद्‌ध आत्माहरूका अशुद्‌धताहरू छन्: तिमीहरू जादूगरी गर्नेहरू र अधर्मीहरूको रगत पिउने छलीहरूले जस्तै चापलुसी गर्छौ, कुरा लुकाउँछौ र झूटो तारिफ गर्छौ। मानिसका सबै अभिव्यक्तिहरू अधर्मी छन्, अनि कसरी धर्मीहरू रहेको पवित्र स्थलमा सबै मानिसहरूलाई राख्न सकिन्छ? के तँ तेरा घिनलाग्दा व्यवहारहरूले तँलाई ती अधर्मीहरूको तुलनामा पवित्र भनी छुट्याउँछ भनी सोच्छस्? आखिरमा तेरो सर्पजस्तो जिब्रोले विनाश र द्‌वेष मच्चाउने तेरो देहलाई बरबाद पार्नेछ र अशुद्‌ध आत्माका रगतमा लतपत तेरा हातहरूले पनि आखिरमा तेरो आत्मालाई नर्कतिर तानेर लैजानेछन्।

अनि किन तैँले फोहोरमा लतपत तेरा हातहरू धुने यो मौकाको फाइदा उठाउँदैनस्? किन तैँले अधर्मी शब्दहरू बोल्ने तेरो जिब्रो काटेर फाल्ने यो अवसरको सदुपयोग गर्दैनस्? के तँ तेरा हातहरू, जिब्रो र ओठहरूको लागि नर्कका ज्वालाहरूमा पीडा भोग्न इच्छुक भएकोले यस्तो भएको हो? म हरेक व्यक्तिको हृदयलाई मेरा दुवै आँखाहरू लगाई हेर्छु, किनभने मैले मानवजाति सृजना गर्नुभन्दा धेरै अघि मैले तिनीहरूको हृदयलाई मेरा हातहरूमा लिएको थिएँ। मैले धेरै अघि मानिसहरूको हृदयलाई हेरेको छु, अनि कसरी तिनीहरूको सोच मेरो दृष्टिबाट बच्न सक्छन् र? तिनीहरू मेरो आत्माद्वारा जल्नबाट बच्नलाई कसरी धेरै ढीला भइसकेको हुँदैन र?

तेरा ओठहरू ढुकुरहरूभन्दा दयालु छन्, तर तेरो हृदय चाहिँ प्राचीन सर्पभन्दा पनि कुटिल छ। तेरा ओठहरू लेबनानी स्त्रीहरूभन्दा पनि सुन्दर छन्, तैपनि तेरो हृदय चाहिँ तिनीहरूको हृदयभन्दा दयालु छैन, र कनानीहरूको सौन्दर्यसँग त यसको तुलना गर्नै सकिँदैन। तेरो हृदय अत्यन्तै जाली छ! मैले घृणा गर्ने कुराहरू भनेका अधर्मीहरूका ओठहरू र तिनीहरूका हृदयहरू मात्रै हुन्, अनि मानिसहरूको लागि मेरा आवश्यक मापदण्डहरू मैले सन्तहरूबाट जे अपेक्षा गर्छु त्योभन्दा बिलकुलै उच्च छैनन्; यति मात्र हो कि, म अधर्मीहरूको दुष्कर्महरूप्रति घृणा महसुस गर्छु, र म तिनीहरू आफ्नो फोहोरीपन फाल्न सक्षम हुन सकून् र आफ्नो वर्तमान दुर्दशाबाट बच्न सफल होऊन् भन्ने आशा गर्दछु ताकि तिनीहरू अधर्मीहरूभन्दा अलग र राम्रा देखिन अनि धर्मीहरूसँग पवित्र भई साथै जिउन सकून्। म जस्तो परिस्थितिमा छु तिमीहरू पनि त्यस्तै परिस्थितिमा छौ, तैपनि तिमीहरू फोहोरमा लतपत भएका छौं; सुरुवातमा सृष्टि गरिएका मानिसहरूको मूल प्रतिरूप तिमीहरूमा अलिकति पनि छैन। अझ भन्ने हो भने, तिमीहरूले हरेक दिन अशुद्ध आत्माहरूको प्रतिरूपको नक्कल गर्दै तिनीहरूले जे गर्छन् त्यही गर्ने र तिनीहरूले जे भन्छन् त्यही भन्ने भएकोले, तिमीहरूका सबै अङ्गहरू–तिमीहरूका जिब्राहरू र ओठहरू समेत–गन्हाउने पानीमा यति हदसम्म भिजेका छन् कि तिमीहरूलाई सम्पूर्ण रूपमा दाग र धब्बाले ढाकेको छ, र तिमीहरूको एउटा अङ्ग पनि मेरो कार्यको लागि प्रयोग गर्न सकिँदैन। यो एकदमै हृदय विदारक छ! तिमीहरू घोडाहरू र चौपायाहरूको यस्तो संसारमा जिउँछौं, तैपनि तिमीहरूले वास्तवमै समस्यामा भएको महसुस गर्दैनौ; तिमीहरू खुशीले भरिपूर्ण छौ अनि स्वतन्त्र र सहज रूपले जिउँछौ। तिमीहरू गन्हाउने पानीमा यताउता पौडिरहेका छौ, तैपनि तिमीहरूले आफूहरू यस्तो दुर्दशामा खसेका छौं भनी वास्तवमै महसुस गर्दैनौ। हरेक दिन तिमीहरू अशुद्ध आत्माहरूसँग समय बिताउँछौ र "आची" सँग खेल्छौ। तिमीहरूका जीवन निकै छाडा छन्, तैपनि तिमीहरूलाई मानव संसारमा आफूहरू बिलकुलै पनि अस्तित्वमा नभएको एवं तिमीहरू आफै आफ्नो काबूमा नभएको कुरा वास्तवमै थाहा छैन। के तँलाई तेरो जीवन धेरै पहिले नै ती अशुद्ध आत्माहरूद्वारा कुल्चिइसकिएको छ वा तेरो चरित्र धेरै पहिले नै गन्हाउने पानीद्वारा दूषित भइसकेको छ भन्ने थाहा छैन? के तैँले आफूलाई सांसारिक स्वर्गमा बाँचिरहेको छु अनि खुसीयालीमाझ रमाइरहेको छु भन्ने ठान्छस्? के तँ अशुद्ध आत्माहरूको साथमा जीवन बाँचेको छस् र तिनीहरूले तेरो लागि तयार गरेका सबै कुराहरूसँग तँ सह-अस्तित्वमा छस् भन्ने तँलाई कुरा थाहा छैन? तैँले जिउने शैलीको कसरी कुनै अर्थ हुन सक्छ र? कसरी तेरो जीवनको कुनै मूल्य हुन सक्छ र? तँ तेरा बुबाआमाहरू, अशुद्ध

आत्माका बाबुआमाहरूको लागि यताउता दौडधूप गर्दै आएको छस्, तैपनि तँलाई थाहै छैन कि तँलाई फन्दामा पार्ने भनेका ती अपवित्र आत्माका बुबाआमाहरू हुन जसले तँलाई जन्म दिए र हुर्काए। यसको साथै, तेरा ती सबै फोहोरी कुराहरू वास्तवमा तँलाई तिनीहरूले नै दिएका हुन् भन्ने कुरा तँलाई थाहा छैन; तँलाई थाहा भएको एउटै कुरा भनेको तिनीहरूले तँलाई "आनन्द" उपलब्ध गराइदिन्छन्, तिनीहरूले तँलाई सजाय दिँदैनन्, न त तिनीहरूले तेरो न्याय नै गर्छन्, अनि तिनीहरूले विशेष गरी तँलाई श्राप दिँदैनन् भन्ने हो। तिनीहरू कहिल्यै पनि तेरो अघि रिसले चूर भएका छैनन्, बरु तिनीहरूले तँलाई स्नेह र दयाको साथ व्यवहार गर्छन्। तिनीहरूका शब्दहरूले तेरो हृदयलाई पोषण दिन्छ र तँलाई बन्धनमा पार्छन्, ताकि तँ भ्रमित बनेर तैँले महसुसै नगरी तँ फस्दै जा र तिनीहरूलाई सेवा दिन इच्छुक बन्, अनि तिनीहरूको निकास र सेवक बन्। तँसित कुनै गुनासाहरू हुँदैनन्, बरु तँ उनीहरूका लागि कुकुरहरू, घोडाहरू झैं काम गर्न इच्छुक हुन्छस्; तँ तिनीहरूको छलमा पर्छस्। यस कारण, मैले गर्ने कामप्रति तेरो बिलकुल कुनै प्रतिक्रिया छैन। तँ सधैँ गुप्त रूपले मेरा औँलाहरूको बीचबाट लुसुक्क भाग्न चाहन्छस् भन्दा अचम्म लाग्दैन र मबाट धोका पूर्वक निगाह पाउनको लागि तैँले सधैँ मीठा-मीठा शब्दहरू प्रयोग गर्नु स्वभाविकै हो। पछि थाहा हुँदा, तँसँग पहिले नै अन्य योजना, अन्य बन्दोबस्त हुन्छ। तैँले सर्वशक्तिमान्‌को रूपमा मैले गरेका मेरा कार्यहरूको केही अंश देख्न सक्छस्, तर तँलाई मेरो न्याय र सजायको बारेमा अलिकति पनि ज्ञान छैन। तँलाई मेरो सजायको काम कहिले सुरु भयो भन्ने बारेमा केही थाहा छैन; तँलाई कसरी मलाई ठग्ने भन्ने बारेमा मात्र थाहा छ–तैपनि म मानिसको कुनै पनि उल्लंघन सहन्न भन्ने तँलाई थाहा छैन। तैँले पहिले नै मलाई सेवा गर्ने संकल्प गरेको हुनाले, म तँलाई जान दिन्नँ। म दुष्टतालाई घृणा गर्ने परमेश्‍वर हुँ अनि म मानवताप्रति ईर्ष्या गर्ने परमेश्‍वर हुँ। तैँले तेरा वचनहरूलाई यसअघि नै वेदीमा चढाइसकेको हुनाले, मेरा आँखा अघिबाट तँ भागेको म सहन्न, न त म तैँले दुई जना मालिकलाई सेवा गरेको नै सहन्छु। के तँ तेरा वचनहरू मेरो वेदीमा अनि मेरा आँखै अघि चढाइसकेपछि, तँसँग दोस्रो प्रेम हुनसक्छ भन्ने ठान्छस्? कसरी मैले मानिसहरूलाई त्यस प्रकारले म आफैलाई मूर्ख बनाउन दिन सक्छु? के तँ तेरो जिब्रोले यत्तिकै लापरवाही रूपमा भाकल गर्न र शपथ लिन सक्छु भन्ने ठान्छस्? तैँले कसरी मेरो सिंहासन, म सर्वोच्चको मेरो आफ्नो सिंहासनको अगाडि शपथ लिन सक्छस्? के तँ तेरा शपथहरू यसअघि नै समाप्त भइसके भन्ने ठान्छस्? म तिमीहरूलाई भन्छु: तिमीहरूको देह मरेर गए पनि, तिमीहरूको शपथ मर्दैन। अन्त्यमा, म तिमीहरूलाई तिमीहरूका शपथहरूको आधारमा दोषी ठहराउनेछु। तथापि, तिमीहरूले आफ्ना वचनहरू मेरो अघि राखेर मेरो सामना गर्न सक्छौ अनि तिमीहरूका हृदयले अशुद्ध आत्माहरू र दुष्ट आत्माहरूको सेवा गर्न सक्छन् भन्ने तिमीहरू विश्‍वास गर्छौ। कसरी मेरो क्रोधले मलाई ठग्ने त्यस्ता कुकुरजस्ता, सुँगुरजस्ता मानिसहरूलाई सहन सक्छ? मैले मेरा प्रशासनिक आदेशहरू लागू गर्नैपर्छ अनि अशुद्ध आत्माहरूका हातहरूबाट मैले ती सबै ममाथि विश्‍वास गर्ने सङ्कुचित, "धर्मी" व्यक्तिहरूलाई खोसेर लिनैपर्छ ताकि तिनीहरू अनुशासनपूर्ण ढाँचामा मेरो "सेवामा उभिऊन्", मेरा गोरुहरू बनून्, मेरा घोडाहरू बनून्, अनि मेरो संहारको कृपामा रहून्। म तँलाई फेरि तेरो पहिलेको संकल्प लिन लगाउँछु अनि फेरि पनि मेरो सेवा गर्न लगाउँछु। मलाई ठग्ने कुनै

पनि सृष्टिलाई म सहन्न। के तैँले मेरोअघि मनमानी ढङ्गले अनुरोधहरू गर्न र ढाँट्न सक्छु भन्ने सोचेको थिइस्? के तैँले तेरा शब्दहरू र कर्महरू मैले सुनेको वा देखेको थिइन भन्ने ठानेको थिइस्? कसरी तेरा शब्दहरू र कर्महरू मेरो दृष्टिमा नपरेको हुन सक्थ्यो र? कसरी मैले मानिसहरूलाई त्यसरी मलाई धोका दिन दिन्छु र?

म धेरै वसन्त र शरद ऋतुहरूमा तिमीहरूसँग सङ्गत गर्दै तिमीहरूमाझ रहेको छु; म तिमीहरूमाझ लामो समयदेखि जिएको छु, अनि म तिमीहरूसँगै जिएको छु। तिमीहरूका घिनलाग्दा व्यवहारहरूमध्ये कति चाहिँ मेरा आँखै अघिबाट फुत्किएर बचेका छन् र? तिमीहरूका ती हृदयस्पर्शी शब्दहरू निरन्तर मेरा कानहरूमा गुन्जिरहेका छन्; तिमीहरूका लाखौं-लाख आकांक्षाहरू मेरो वेदीमा चढाइएका छन्—अति धेरै छन् कि त्यसलाई गन्न पनि सकिँदैन। तथापि, जहाँसम्म तिमीहरूको समर्पणता अनि तिमीहरूले के अर्पण गर्न सक्छौ भन्ने सवाल छ, तिमीहरूले एक सुका पनि दिँदैनौ। तिमीहरूले मेरो वेदीमा एक थोपा इमानदारीता पनि चुहाउँदैनौ। मप्रतिको तिमीहरूको विश्वासका फलहरू कहाँ छन् त? तिमीहरूले मबाट अनन्त अनुग्रह प्राप्त गरेका छौ, र तिमीहरूले स्वर्गबाट आएका अनन्त रहस्यहरू देखेका छौ; मैले तिमीहरूलाई स्वर्गको ज्वाला समेत देखाएको छु, तर मसँग तिमीहरूलाई जलाउने हृदय छैन। तैपनि, तिमीहरूले यसको बदलामा मलाई कति दिएका छौ? तिमीहरू मलाई कति दिन इच्छुक छौ? मैले तिमीहरूलाई दिएको खानेकुरा हातमा लिएर तिमीहरू मतिर फर्कन्छौ र मलाई त्यो खानेकुरा दिन्छौ, अनि तिमीहरू यो हदसम्म जान्छौ कि तिमीहरूले त्यो खानेकुरा आफ्नै कडा मेहनतको पसिनाको बदलामा पाएका हौं भनी भन्छौ र तिमीहरूले मलाई तिमीहरूसँग भएको सबै कुरा दिइरहेका छौ भनी भन्छौ। तैँले मलाई दिएका “दानहरू” सबै मेरै वेदीबाट चोरिएका कुराहरू हुन् भन्ने कुरा तँलाई कसरी थाहा हुन सक्दैन र? यसको साथै, अहिले तैँले ती कुराहरू मलाई उपहार दिँदैछस्, के तैँले मलाई ठगिरहेको छैनस् र? मैले आज जे कुरामा आनन्द लिन्छु त्यो सबै मेरो वेदीका भेटीहरू हुन्, र तैँले तेरो कडा मेहनतबाट प्राप्त गरेर मलाई उपहार दिएका कुराहरू होइनन् भन्ने कुरा तँलाई कसरी थाहा हुन सक्दैन र? तिमीहरूले वास्तवमा यसरी मलाई ठग्ने दुस्साहस गर्छौ, अनि तिमीहरूलाई कसरी मैले क्षमा दिन सक्छु र? मैले यो कुरालाई अझै सहिरहूँ भनेर तिमीहरूले कसरी अपेक्षा गर्न सक्छौ? मैले तिमीहरूलाई सब थोक दिएको छु। मैले तिमीहरूको लागि हरेक कुरा खुला गरेको छु, तिमीहरूको आवश्यकताहरूको लागि प्रबन्ध गरेको छु, र तिमीहरूको आँखा खोलेको छु, तैपनि तिमीहरूले आफ्ना विवेकलाई बेवास्ता गर्दै यस प्रकारले मलाई ठग्छौ। मैले निस्वार्थ रूपमा तिमीहरूलाई सब थोक अर्पेको छु, ता कि तिमीहरूले कष्ट भोगे पनि मैले स्वर्गबाट ल्याएका सब थोक तिमीहरूले प्राप्त गर। यति हुँदाहुँदै पनि तिमीहरूसँग कुनै समर्पणता छैन, अनि तिमीहरूले एकदमै थोरै योगदान दिएको भए तापनि तिमीहरूले पछि मसँग त्यसको “हिसाब किताब मिलाउन” खोज्छौ। के तेरो दान व्यर्थ हुनेछैन र? तैँले मलाई जे दिएको छस् त्यो केवल बालुवाको कण हो, तैपनि तैँले मबाट जे माग्छस् त्यो एक टन सुन हो। के तँ केवल अनुचित हुँदै छैनस् र? म तिमीहरूमाझ काम गर्छु। मलाई दश प्रतिशत दिनुपर्ने कुराको बिलकुलै कुनै नामनिसाना छैन, अतिरिक्त बलिदानहरूको त कुरै छोडौं। यसको साथै, जो भक्तिपूर्ण छन् तिनीहरूले दान दिएको दश प्रतिशत पनि दुष्टहरूले

कब्जा गर्छन्। के तिमीहरू मबाट टाढा छरिएका छैनौ र? के तिमीहरू सबै मेरो विरोधी भएका छैनौ र? के तिमीहरू सबैले मेरो वेदी तहसनहस पारिरहेका छैनौ र? कसरी त्यस्ता मानिसहरूलाई मेरा नजरले सम्पत्तिको रूपमा हेर्न सक्छ र? के तिनीहरू मैले घृणा गर्ने सुँगुर र कुकुरहरू होइनन् र? कसरी मैले तिमीहरूका दुष्कर्महरूलाई सम्पत्तिको रूपमा उल्लेख गर्न सक्छु र? मेरो काम वास्तवमा कसको लागि गरिएको हो? के यसको उद्देश्य केवल मेरो अख्तियारी प्रकट गर्न तिमीहरू सबैलाई प्रहार गर्नको लागि हुन सक्छ? के तिमीहरूको जीवन मेरो एउटा शब्दमा नै अडिएको छैन र? किन होला मैले तिमीहरूलाई निर्देशन दिन वचनहरू मात्र प्रयोग गरिरहेको छु, र तिमीहरूलाई सकेसम्म चाँडो प्रहार गर्न वचनहरूलाई तथ्यमा परिणत गरेको छैन? के मेरा वचनहरू र कामको उद्देश्य मानवजातिलाई प्रहार गर्नु मात्र हो? के म त्यस्तो परमेश्वर हुँ जसले निर्दोषहरूलाई जथाभाबी मार्छ? अहिले, तिमीहरूमध्ये कति जना मानव जीवनको सही मार्ग खोजी गर्न आफ्नो सम्पूर्ण सारत्व लिएर मेरो सामु आइरहेका छौ? तिमीहरूको शरीर मात्र मेरो सामु छ; तिमीहरूको हृदय स्वतन्त्र घुमिरहेको छ, मदेखि धेरै, धेरै टाढा रहेको छ। तिमीहरूलाई मेरो काम वास्तवमा के हो भन्ने थाहा नभएकोले, तिमीहरूमध्ये धेरै जना, सजाय वा न्याय नभएको स्वर्गमा बाँच्ने आशा गर्दै, मलाई छाडी जान र आफूलाई मदेखि टाढा लैजान चाहन्छौ। के मानिसहरूले आफ्नो हृदयभित्र चाहेको कुरा यही होइन र? मैले अवश्य पनि तँलाई वाध्य पार्ने कोसिस गरिरहेको छैन। तैँले जुन मार्ग लिन्छस् त्यो तेरो आफ्नै रोजाइ हो। आजको मार्गमा न्याय र श्राप पनि साथै छ, तर तिमीहरू सबैलाई थाहा हुनुपर्छ कि मैले तिमीहरूलाई जे प्रदान गरेको छु ती तिमीहरूलाई मैले प्रदान गर्नसक्ने सबैभन्दा राम्रा उपहारहरू हुन र ती तिमीहरूलाई तुरुन्तै चाहिने कुरा हुन्, चाहे ती न्याय हुन् वा सजाय नै किन नहोऊन्।

## व्यवस्थाको युगको काम

यहोवाले इस्राएलीहरूका बीचमा गर्नुभएको कार्यले मानवजातिको बीचमा परमेश्वरको सांसारिक उद्‌गम स्थान स्थापना गर्‍यो, जुन एउटा पवित्र स्थान पनि थियो र उहाँ त्यहाँ उपस्थित हुनुहुन्थ्यो। उहाँले आफ्नो कार्यलाई इस्राएलीहरूका बीचमा सीमित गर्नुभयो। सुरुमा उहाँले इस्राएल बाहिर काम गर्नुभएन, तर आफ्नो कामको दायरालाई सीमित गर्नका लागि उहाँले उपयुक्त मानिसहरूको छनौट गर्नुभयो। इस्राएल त्यही स्थान हो जहाँ परमेश्वरले आदम र हव्वालाई सृष्टि गर्नुभयो र त्यस ठाउँको धुलोबाट यहोवाले मानिसलाई बनाउनुभयो; यही ठाउँ नै पृथ्वीमा उहाँको कामको आधार बन्न गयो। नोआ तथा आदमका सन्तानका रूपमा रहेका इस्राएलीहरू नै पृथ्वीमा यहोवाको कामका आधार थिए।

यस समयमा सारा पृथ्वीमा उहाँको कामको थालनी गर्नु नै इस्राएलमा रहेको यहोवाको कार्यको महत्त्व, उद्‌देश्य र चरणहरू थिए, यस कार्यले इस्राएललाई आफ्नो केन्द्र बनायो र बिस्तारै अन्यजाति राष्ट्रहरूमा यो फैलियो। एउटा नमुना स्थापना गर्न र सारा ब्रह्माण्डमा भएका सबै मानिसहरूले उहाँको सुसमाचार नसुनेसम्म त्यस नमुनालाई फैलाउन उहाँले यही सिद्‌धान्तबमोजिम यस

ब्रह्माण्डभरि काम गर्नुहुन्छ। पहिला इस्राएलीहरू नोआका सन्तान थिए। यी मानिसहरूले केवल यहोवाको सास मात्र प्राप्त गरेका थिए र जीवनका आधारभूत आवश्यकताहरू कसरी पूरा गर्ने त्यस कुरालाई मात्र पर्याप्त मात्रामा बुझेका थिए, तर यहोवा कस्तो परमेश्वर हुनुहुन्थ्यो वा मानिसको लागि उहाँको इच्छा के थियो भन्ने तिनीहरूलाई थाहा थिएन, सारा सृष्टिका परमप्रभुलाई कसरी आदर दिने भन्ने कुरा त परै जाओस्। पालन गर्नुपर्ने[क] कुनै नियम तथा कानुन वा सृष्टि गरिएका कुराहरूले सृष्टिकर्ताप्रति गर्नु पर्ने कुनै कर्तव्य पो थिए कि भन्ने बारेमा आदमका सन्तानलाई अत्तोपत्तो थिएन। उनीहरूलाई केवल यति कुरा मात्र थाहा थियो कि पतिले परिश्रमका साथ पसीना बगाएर आफ्नो परिवारको पालनपोषण गर्नुपर्छ र पत्नीले आफ्ना पतिको अधीनमा बस्दै यहोवाले सृष्टि गर्नुभएको मानवजातिलाई निरन्तरता दिनुपर्छ। अर्को शब्दमा भन्नु पर्दा, परमेश्वरका नियमहरू कसरी पछ्याउने वा सम्पूर्ण सृष्टिका प्रभुलाई कसरी सन्तुष्ट पार्ने भन्ने जस्ता केही पनि कुराहरू केवल यहोवाको सास र उहाँको जीवन मात्रै भएका मानिसहरूलाई थाहा थिएन। तिनीहरूले अत्यन्तै थोरै कुरा मात्र बुझ्थे। तिनीहरूको हृदयमा कुटिलता वा छल कपट नभए पनि र तिनीहरूका बीचमा ईर्ष्या र विवाद विरलै उत्पन्न हुने गरेको भए पनि, उनीहरूलाई सम्पूर्ण सृष्टिका मालिक यहोवाको बारेमा कुनै ज्ञान वा समझ थिएन। मानिसका यी पुर्खाहरूलाई केवल यहोवाले दिनुभएका कुराहरू खाने र यहोवाका कुराहरू उपभोग गर्ने कुरा मात्र थाहा थियो, तर तिनीहरू यहोवाको आदर गर्न जान्दैनथे। तिनीहरूले घुँडा टेकेर आराधना गर्नु पर्ने व्यक्ति परमप्रभु नै हुनुहुन्छ भन्ने कुरा तिनीहरूलाई थाहा थिएन। यदि त्यसो हो भने तिनीहरूलाई कसरी उहाँका प्राणीहरू भनेर भन्न सकिन्छ? यदि त्यसो हो भने, “यहोवा सारा सृष्टिका प्रभु हुनुहुन्छ” र “मानिसले उहाँलाई प्रकट गरोस्, उहाँको महिमा गरोस् र उहाँको प्रतिनिधित्व गरोस् भनेर उहाँले मानिसलाई सृष्टि गर्नुभयो” भन्ने कुरा व्यर्थमा बोलिएको हो त? यहोवालाई पटक्कै आदर नगर्ने मानिसहरू कसरी उहाँको महिमाको गवाही बन्न सक्थे र? तिनीहरू कसरी उहाँको महिमाको प्रकटीकरण हुन सक्थे र? “मानिसलाई मैले मेरै स्वरूपमा सृष्टि गरेँ” भन्ने यहोवाका वचनहरू दुष्ट शैतानको हातमा हतियार बन्ने थिएनन् र? के ती वचनहरू यहोवाले मानवजातिलाई गरेको सृष्टिमाथि कै अपमानको रूपमा रहने थिएनन् र? कामको त्यो चरण पूरा गर्नको निम्ति परमप्रभुले मानवजातिलाई सृष्टि गर्नुभएपछि आदमदेखि नोआको पालासम्म तिनीहरूलाई कुनै शिक्षा वा मार्गदर्शन दिनुभएन। बरु जलप्रलयले संसारलाई नाश गरेपछि मात्र उहाँले औपचारिक रूपमा नोआ तथा आदमका सन्तान अर्थात् इस्राएलीहरूलाई डोर्‍याउन थाल्नुभयो। तिनीहरूले सारा इस्राएलमा आफ्नो जीवन बिताउने क्रममा उहाँले इस्राएलमा गर्नुभएको काम र उहाँले बोल्नुभएका वाणीहरूले तिनीहरूलाई मार्गदर्शन दिए, यसले मानवजातिलाई यो कुरा देखाउँछ कि मानिसहरूले उहाँबाट जीवन पाऊन् र धुलोबाट सृष्टि गरिएका मानवजातिको रूपमा खडा होऊन् भनेर तिनीहरूभित्र सास फुकिदिन मात्र यहोवा सक्षम हुनुहुन्न, तर उहाँ मानवजातिलाई भस्म पार्न र सराप्न पनि सक्नुहुन्छ साथै मानवजातिलाई शासन गर्न आफ्नो छडीको प्रयोग पनि गर्न सक्नुहुन्छ। त्यसकारण यहोवाले पृथ्वीमा मानिसको

क. मूल पाठमा “पालन गर्नुपर्ने” भन्ने वाक्यांश समावेश छैन।

जीवन अगुवाई गर्न सक्नुहुन्छ अनि दिन र रातको समयअनुसार मानवजातिको माझमा बोल्न र काम गर्न सक्नुहुन्छ भन्ने पनि तिनीहरूले देखे। मान्छे उहाँले उठाउनुभएको धुलोबाट आएको हो र उसलाई उहाँले नै बनाउनुभएको हो भन्ने कुरा उहाँले सृष्टि गर्नुभएको मानिसले जानोस् भनेर मात्र उहाँले यो कार्य गर्नुभयो। यति मात्र होइन अन्यजातिहरू र राष्ट्रहरू (जो वास्तवमा इस्राएलबाट अलग थिएनन्, तर इस्राएलकै हाँगा थिए, तिनीहरू पनि आदम र हव्वाबाट नै आएका थिए) ले इस्राएलबाट सुसमाचार पाउन सकून् भनेर उहाँले आफ्नो पहिलो काम इस्राएलमा गर्नुभयो, ताकि ब्रह्माण्डमा सृष्टि गरिएका सबै प्राणीहरूले यहोवाको आदर गर्न सकून् र उहाँलाई महान् मान्न सकून्। यहोवाले इस्राएलमा आफ्नो काम सुरु नगरेर मानवजातिको सृष्टि गरेपछि तिनीहरूलाई पृथ्वीमा बेफिक्रि जीवन जिउन दिनुभएको भए मानिसको शारीरिक प्रकृतिको कारण (यो प्रकृति भनेको आफूले देख्न नसक्ने चीजहरू मानिसले कहिले पनि बुझ्न नसक्नु हो, यसको अर्थ के हो भने मानवजातिलाई सृष्टि गर्नुहुने परमप्रभु नै हुनुहुन्छ भन्ने कुरा उसलाई थाहा हुने थिएन र त्यसो किन गर्नुभयो भन्ने कुरा त परै जाओस्) मानवजातिलाई सृष्टि गर्नुहुने यहोवा नै हुनुहुन्छ वा उहाँ सारा सृष्टिका मालिक हुनुहुन्छ भनेर उसले कहिले पनि थाहा पाउने थिएन। यदि यहोवाले मानिसलाई सृष्टि गरेपछि उसलाई पृथ्वीमा राखेर तिनीहरूलाई केही समयसम्म अगुवाइ गर्नको लागि मानवजातिको बीचमा नबसी आफ्नो हात टकटक्याउँदै आफ्नो बाटो लाग्नुभएको भए सम्पूर्ण मानवता शून्यतामा फर्किने थियो। स्वर्ग तथा पृथ्वी र उहाँले बनाउनुभएका सबै असंख्य चिजहरू, र सम्पूर्ण मानवजाति शून्यतामा फर्कने थिए, त्योभन्दा पनि बढी त तिनीहरूलाई शैतानले कुल्चने थियो। यसरी "पृथ्वीमा अर्थात् उहाँको सृष्टिको बीचमा उहाँ उभिने ठाउँ वा एक पवित्र स्थान हुनुपर्दछ" भन्ने यहोवाको इच्छा चकनाचूर हुनेथियो। यसैले मानवजातिको सृष्टिपछि तिनीहरूको जीवनलाई मार्गदर्शन दिन र तिनीहरूसँग कुराकानी गर्नको लागि उहाँ तिनीहरूका बीचमा रहन सक्षम हुनुभयो–यो सबै कुरा उहाँले आफ्नो इच्छालाई महसुस गर्न र आफ्नो योजना हासिल गर्नका लागि गर्नुभएको थियो। इस्राएलमा उहाँले गर्नुभएको काम सबै थोकको सृष्टिअघि आफूले बनाएको योजनालाई कार्यान्वयन गर्नको लागि मात्र गरिएको थियो, यसैले उहाँले सुरुमा इस्राएलीहरूका माझमा मात्र गर्नुभएको काम र उहाँले सृष्टि गर्नुभएका सबै कुराहरूका बीचमा अमेल थिएन। यी कुराहरू त उहाँको व्यवस्थापन, कार्य र महिमाको निम्ति गरिएका थिए अनि यी कुराहरू उहाँले गर्नुभएको मानवजातिको सृष्टिको अर्थलाई गहन बनाउनको निम्ति गरिएका थिए। उहाँले नोआको समयपछि दुई हजार वर्षसम्म पृथ्वीमा मानवजातिको जीवनलाई मार्गनिर्देशन गर्नुभयो यस समयमा उहाँले सम्पूर्ण सृष्टिका प्रभु, यहोवालाई कसरी आदर गर्ने, आफ्नो जीवनलाई कसरी सञ्चालन गर्ने, कसरी बाँच्ने र सबै भन्दा महत्त्वपूर्ण कुरा यहोवाको साक्षीको रूपमा कसरी काम गर्ने, उहाँमा कसरी आज्ञाकारी हुने र उहाँलाई कसरी आदर दिने तथा दाऊद र उनका धर्मगुरुहरूले जस्तै सङ्गीतद्वारा उहाँको प्रशंसा कसरी गर्ने जस्ता कुराहरू बुझ्न मानवजातिलाई सिकाउनुभयो।

यहोवाले आफ्नो कार्य गर्नुभएको दुई हजार वर्षको अवधिभन्दा अगाडि मानिसलाई केही पनि थाहा थिएन र प्रायः सबै मानवजाति भ्रष्टतामा गिरेको थियो, जलप्रलयले संसारलाई नष्ट गर्नु अगाडि सम्ममा तिनीहरू छाडापन र भ्रष्टताको गहिराइमा पुगिसकेका थिए, यसरी तिनीहरूको हृदय

पूर्ण रूपमा यहोवा रहित र उहाँको मार्गको चाहना नगर्ने भएको थियो। यहोवाले गर्न लाग्नुभएको कार्यलाई तिनीहरूले कहिल्यै पनि बुझेनन्; तिनीहरूमा समझशक्तिको अभाव थियो, तिनीहरूमा ज्ञान अझै थोरै मात्र थियो, तिनीहरू सास फेर्ने यन्त्रहरू झैँ मानिस, परमेश्वर, संसार र जीवन जस्ता कुराहरूका बारेमा पूर्ण रूपमा अनभिज्ञ थिए। पृथ्वीमा तिनीहरू सर्प झैँ धेरै प्रलोभनमा संलग्न भए र तिनीहरूले यहोवालाई रिस उठाउने धेरै कुराहरू भने, तर तिनीहरू अनभिज्ञ भएको कारण यहोवाले तिनीहरूलाई सजाय दिने वा अनुशासनमा राख्ने गर्नुभएन। जलप्रलयपछि जब नोआ ६०१ वर्ष पुगे तब यहोवा औपचारिक रूपमा नोआकहाँ देखा पर्नुभयो अनि उनी र उनका परिवारलाई पथप्रदर्शन गर्नुभयो, यस क्रममा उहाँले नोआ र तिनका सन्तानहरूका साथमा जलप्रलयबाट बाँचेका पंक्षी र जनावरहरूलाई व्यवस्थाको युग अन्त नभएसम्म २,५०० वर्ष अगुवाइ गर्नुभयो। उहाँले इस्राएलमा २,००० वर्ष औपचारिक रूपमा काम गर्नुभयो र इस्राएल तथा त्यस बाहिर एकसाथ ५०० वर्ष काम गर्नुभयो, यसरी उहाँले जम्मा २,५०० वर्ष काम गर्नुभयो। त्यस अवधिमा उहाँले यहोवाको सेवा गर्नको लागि मन्दिर बनाउनुपर्छ, पूजाहारीले लगाउने कपडा लगाउनुपर्छ, बिहान मन्दिरभित्र खाली खुट्टा हिँडेर जानुपर्छ नत्रत तिनीहरूका जुत्ताहरूले मन्दिरलाई अपवित्र पार्छन् र मन्दिरको माथिल्लो भागबाट आगो झरेर तिनीहरूलाई जलाएर मार्छ भनेर इस्राएलीहरूलाई निर्देशन दिनुभयो। तिनीहरूले आफ्नो कर्तव्य निभाए र यहोवाका योजनाहरूमा समर्पित भए। तिनीहरूले मन्दिरमा यहोवासँग प्रार्थना गरे र यहोवाको प्रकाश प्राप्त गरेपछि अर्थात् यहोवा तिनीहरूसँग बोल्नुभएपछि तिनीहरूले भीडको अगुवाइ गरे र तिनीहरूलाई तिनीहरूका परमेश्वर यहोवाको आदर गर्न सिकाए। अनि यहोवाले तिनीहरूलाई एउटा मन्दिर र वेदी बनाउनुपर्छ, र यहोवाले तोक्नुभएको समयमा, अर्थात, निस्तारको बेलामा तिनीहरूले परमेश्वरको सेवाको निम्ति बलिदान गर्नलाई भर्खरै जन्मेका बाछा र थुमाहरूलाई वेदीमा तयार पारेर राख्नुपर्छ भनी भन्नुभयो, जसले तिनीहरूलाई अन्य कुराहरूबाट रोक्थ्यो र यहोवाको आदर गर्ने कुरालाई तिनीहरूको हृदयमा हालिदिन्थ्यो। तिनीहरूले यस व्यवस्थाको पालना गरे कि गरेनन् भन्ने कुरा यहोवाप्रति तिनीहरूको निष्ठाको मापन बन्यो। यहोवाले तिनीहरूको निम्ति उहाँको सृष्टिको सातौँ दिनलाई शबाथको दिन भनेर पनि ठहराइदिनुभयो। शबाथको दिनपछिको दिनलाई उहाँले पहिलो दिन अर्थात् यहोवाको प्रशंसा गर्ने, बलिदान चढाउने र उहाँको निम्ति सङ्गीत बजाउने दिनको रूपमा ठहराइदिनुभयो। यस दिन, मानिसहरूले यहोवाको वेदीको बलिदानहरू आनन्द मानेर खान सकून् भनेर यहोवाले वेदीमा भएको बलिदानलाई तिनीहरूको बीचमा बाँड्नको निम्ति सबै पूजाहारीहरूलाई भेला गराउनुभयो। तिनीहरूले परमेश्वरसँग मिलेर खाएका र तिनीहरू उहाँका चुनिएका मानिसहरू (यो इस्राएलीसँगको उहाँको करार थियो) भएका हुनाले यहोवाले तिनीहरूलाई धन्यका भन्नुभयो। यसैले आजका दिनसम्म पनि इस्राएलका मानिसहरूले यहोवा तिनीहरूका मात्रै परमेश्वर हुन्, अन्यजातिहरूका परमेश्वर होइनन् भनी भन्छन्।

व्यवस्थाको युगको अवधिमा, मिश्रबाट मोशालाई पछ्याउने इस्राएलीहरूलाई हस्तान्तरण गर्नको निम्ति भनेर यहोवाले मोशालाई धेरै आज्ञाहरू दिनुभयो। यी आज्ञाहरू यहोवाले इस्राएलीहरूको निम्ति दिनुभएको थियो, र मिश्रसँग ती आज्ञाहरूको केही पनि सम्बन्ध थिएन; इस्राएलीहरूलाई

नियन्त्रण गर्नको निम्ति ती आज्ञाहरू दिइएका थिए र उहाँले तिनीहरूलाई मागहरू गर्नको निम्ति ती आज्ञाहरूको प्रयोग गर्नुभयो। तिनीहरूले शबाथको दिनको पालना गर्ने कि नगर्ने, वा आफ्ना आमाबाबुलाई आदर गर्ने कि नगर्ने वा मूर्तिहरूको पूजा गर्ने कि नगर्ने–तिनीहरू धर्मी छन् कि पापी छन् भन्ने कुराको न्याय यिनै सिद्धान्तहरूका आधारमा गरिन्थ्यो। तिनीहरूमध्ये कोहीलाई यहोवाको आगोद्वारा भस्म पारियो, कोहीलाई ढुङ्गाले हानेर मारियो र कोहीले यहोवाबाट आशिष् प्राप्त गरे, अनि तिनीहरूले आज्ञाहरू पालना गरेका छन् कि छैनन् भन्ने कुराको आधारमा यसको तय गरिन्थ्यो। शबाथको दिन पालना नगर्नेहरूलाई ढुङ्गाले हानेर मारियो। शबाथको दिन पालना नगर्ने पूजाहारीहरूलाई यहोवाको आगोले भस्म पार्‍यो। आफ्ना आमाबाबुको आदर नगर्नेहरूलाई पनि ढुङ्गाले हानेर मारिए। यी सबै कुराको आज्ञा यहोवाले नै दिनुभएको थियो। मानिसहरूको जीवनलाई अगुवाइ गर्ने क्रममा तिनीहरूले उहाँका वचन सुनून् र तिनको पालना गरून् अनि उहाँको विरोधी नहोऊन् भनेर यहोवाले आफ्ना आज्ञा र व्यवस्थाहरू स्थापित गर्नुभयो। नयाँ जन्मेका मानवजातिलाई नियन्त्रणमा राख्न र योभन्दा बढी त आफ्नो भविष्यको कार्यको निम्ति जग तयार गर्नको निम्ति उहाँले यी व्यवस्थाहरूको प्रयोग गर्नुभयो। यसैले यहोवाले गर्नुभएको कार्यलाई आधार मानेर नै पहिलो युगलाई व्यवस्थाको युग भनिएको हो। यहोवाले धेरै वाणीहरू बोल्नुभएको र धेरै काम गर्नुभएको भए तापनि उहाँले यी अनभिज्ञ मानिसहरूलाई मानव कसरी हुने, कसरी जिउने र कसरी यहोवाको मार्गलाई बुझ्ने भन्ने कुरा सिकाउँदै सकारात्मक तरिकाले पथ-प्रदर्शन मात्र गर्नुभयो। उहाँले गर्नुभएको कामको धेरैजसो हिस्सा मानिसहरूलाई उहाँको मार्ग पालना गर्न र उहाँका व्यवस्था अनुसरण गर्न प्रेरित गर्नु नै थियो। सतही रूपमा भ्रष्ट भएका मानिसहरूमा यो कार्य गरिएको थियो; यसले तिनीहरूको स्वभाव वा जीवनको प्रगतिलाई रूपान्तरण गर्ने सम्मको काम भने गरेन। उहाँको चासो भनेको व्यवस्थाको प्रयोग गरेर मानिसहरूलाई प्रतिबन्ध लगाउनु र नियन्त्रण गर्नु मात्र थियो। त्यस बेलाका इस्राएलीहरूको निम्ति यहोवा मन्दिरमा रहने परमेश्‍वर अर्थात् स्वर्गका परमेश्‍वर मात्र हुनुहुन्थ्यो। उहाँ बादलको खाँबो र आगोको ज्वाला हुनुहुन्थ्यो। तिनीहरूले आजका मानिसहरूले व्यवस्था र आज्ञाहरूको रूपमा जानेका कुराहरूको पालना गरून् भन्ने मात्रै उहाँले चाहनुभयो–तिनलाई नियमहरू पनि भन्न सकिन्छ–किनकि यहोवाले तिनीहरूलाई रूपान्तरण गर्ने होइन, तर मानिसले प्राप्त गर्नुपर्ने थप कुराहरू तिनीहरूलाई दिन र आफ्नै मुखले तिनीहरूलाई सिकाउनको निम्ति उहाँले यसो गर्नुभयो किनकि सृष्टि गरिएपछि केही कुरा पनि मानिसको स्वामित्वमा थिएन। यसैले यहोवाले पृथ्वीमा रहँदाको जीवनमा मानिसहरूले प्राप्त गर्नुपर्ने कुराहरू तिनीहरूलाई दिएर उहाँले अगुवाइ गरेका मानिसहरूलाई तिनीहरूका पुर्खा आदम र हव्वाभन्दा उत्कृष्ट बनाउनुभयो किनकि उहाँले तिनीहरूलाई दिनुभएको कुरा उहाँले सुरुमा आदम र हव्वालाई दिनुभएको कुराभन्दा उत्कृष्ट थियो। जे होस्, यहोवाले इस्राएलमा गर्नुभएको कुराको उद्देश्य मानवजातिलाई पथ-प्रदर्शन गर्नु र तिनीहरूका सृष्टिकर्तालाई चिन्ने बनाउनु मात्र थियो। उहाँले तिनीहरूमाथि विजय हासिल गर्नुभएन वा तिनीहरूलाई रूपान्तरण गर्नुभएन, तर केवल तिनीहरूको नेतृत्व मात्र गर्नुभयो। व्यवस्थाको युगमा यहोवाको कार्यको सारांश यही नै हो। यो नै इस्राएलको सम्पूर्ण भूमिमा उहाँले गर्नुभएको कार्यको पृष्ठभूमि तथा सत्य कथा, सार हो, साथै यो

मानवजातिलाई आफ्नो हातको नियन्त्रणमा राख्न यहोवाले गर्नुभएको छ हजार वर्ष लामो कार्यको सुरुवात पनि हो। यसबाट नै उहाँको छ हजार वर्षे व्यवस्थापन योजनामा थप कार्यको जन्म भयो।

## उद्धारको युगको कार्यको पछाडिको वास्तविक कथा

मेरो सम्पूर्ण व्यवस्थापन योजना, छ-हजार-वर्षको व्यवस्थापन योजनामा, तिन चरणहरू छन्, या तिन युगहरू छन्: सुरुवातको व्यवस्थाको युग; अनुग्रहको युग (जुन उद्धारको युग पनि हो); र अन्तिम दिनहरूको राज्यको युग। यी तिन युगहरूमा मेरो कार्य हरेक युगको प्रकृति अनुसारको अन्तर्वस्तु भिन्न-भिन्न छन्, तर प्रत्येक चरणमा यस कार्यले मानिसको आवश्यकताहरूलाई पूरा गर्छ—वा, अझै स्पष्ट रूपमा भन्दा, यो शैतानले त्यो युद्धमा चाल्ने युक्ति अनुसार गरिन्छ जुन युद्ध म त्यसको विरुद्धमा सुरु गर्छु। मेरो कार्यको उदेश्य शैतानलाई पराजित गर्नु हो, मेरो विवेक र सर्वशक्तिमान्तालाई प्रकट गर्नु, शैतानको सबै युक्तिहरूलाई उजागर गर्नु, र फलस्वरूप सम्पूर्ण मानव जातिलाई मुक्ति दिनु हो, जो शैतानको अधिकार क्षेत्रभित्र जिउँछन्। यो मेरो विवेक र सर्वशक्तिमान्ता देखाउनु, र शैतानको असहनीय उग्रतालाई प्रकट गर्नुको लागि हो; र अझै त्यो भन्दा पनि बढि, यो सृजित प्राणीहरूलाई असल र दुष्टको बीच भेदभाव गर्न अनुमति दिनको लागि हो, यो थाहा दिनको लागि कि म नै सबै थोकको शासक हुँ, यो स्पष्ट रूपमा देखाउन कि शैतान मानव जातिको शत्रु हो, एउटा पतित, एउटा दुष्ट हो, र तिनीहरूलाई असल र दुष्ट, सत्य र झूट, पवित्रता र अपवित्रता, र के महान् हो र के नीच हो सोको बीचको अन्तरलाई पूर्ण निश्चितताका साथ भन्न दिनको लागि हो। यस प्रकारले अज्ञानी मानवजाति मेरो लागि यस कुरामा गवाही दिन सक्षम हुनेछन् कि मानव जातिलाई भ्रष्ट गराउने म होइन, र केवल म—सृष्टिकर्ताले—मात्रै मानवजातिलाई मुक्ति दिन सक्छु, मानिसहरूलाई ती कुराहरू दिन सक्छु जुन कुराको तिनीहरूले आनन्द लिन सक्छन्; र तब तिनीहरूले जान्नेछन् कि म नै सबै थोकको शासक हुँ र शैतान केवल ती प्राणीहरू मध्ये एक हो जसलाई मैले सृजना गरे र पछि मेरो विरुद्धमा खडा भयो। मेरो छ-हजार-वर्ष व्यवस्थापनको योजना तिन वटा चरणहरूमा विभाजित छन्, र सृजित प्राणीहरूलाई मेरो गवाही दिनको लागि, र मेरो इच्छा बुझ्न, र म नै सत्य हुँ भनी जान्नको लागि सक्षम बनाउने प्रभावलाई प्राप्त गर्नको निम्ति म काम गर्दछु। यस कारणले, मेरो छ-हजार-वर्षको व्यवस्थापन योजनाको सुरुवाती कार्यको दौरानमा, मैले व्यवस्थाको कार्य गरे, जुन त्यो कार्य थियो जहाँ यहोवाले मानिसहरूलाई अगुवाई गर्नुभयो। दोस्रो चरण अनुग्रहको युगको कार्य यहूदाको गाउँहरूमा सुरु भयो। येशूले अनुग्रहको युगको सबै कार्यहरूको प्रतिनिधित्व गर्नुहुन्छ; उहाँ शरीरमा देहधारी हुनुभएको थियो, र क्रूसमा टाँगिनुभयो, र उहाँले अनुग्रहको युग पनि सुरु गर्नुभयो। उहाँले उद्धारको कार्यलाई पूरा गर्नको निम्ति, व्यवस्थाको युगलाई अन्त्य गरी अनुग्रहको युग सुरु गर्नको निम्ति क्रूसमा टाँगिनुभयो, र त्यसैले उहाँलाई “सर्वोच्च सेनापति,” “पापको बलिदान,” र “उद्धारकर्ता” पनि भनिन्छ। परिणाम स्वरूप, येशूको कार्य यहोवाको कार्यको अन्तर्वस्तुभन्दा भिन्न थियो, यद्यपि तिनीहरू एकै सिद्धान्तका थिए। यहोवाले व्यवस्थाको युग सुरु गर्नुभयो, पृथ्वीमा परमेश्वरको कार्यको लागि

आधार स्थापना गर्दै–सुरुवातको विन्दुको रूपमा–यसो गर्नुभयो, र व्यवस्था र आज्ञाहरू जारी गर्नुभयो। उहाँद्वारा गरिएको कामको यी दुई टुक्राहरू हुन्, र तिनीहरूले व्यवस्थाको युगलाई प्रतिनिधित्व गर्छन्। येशूले अनुग्रहको युगमा गर्नुभएको कार्य व्यवस्था जारी गर्नको लागि थिएन, तर त्यसलाई पुरा गर्नु थियो, फलस्वरूप अनुग्रहको युग आरम्भ भयो र व्यवस्थाको युग समाप्त भयो जुन दुई हजार वर्षसम्म रहेको थियो। उहाँ पथ प्रदर्शक हुनुहुन्थ्यो, जो अनुग्रहको युगको सुरुवात गर्न आउनुभयो, तरै पनि उहाँको कार्यको मुख्य हिस्सा उद्धारको कार्यमा थियो। त्यसैले उहाँको कार्य दुई भागको पनि थियो: एउटा नयाँ युगको सुरुवात गर्ने, र उहाँको क्रूसद्वारा उद्धारको कार्य पूरा गर्ने, जुन पश्चात् उहाँ बिदा हुनुभयो। र त्यस पश्चात् व्यवस्थाको युगको अन्त्य भयो र अनुग्रहको युगको सुरुवात भयो।

येशूले गर्नुभएको कार्य त्यस युगका मानिसको आवश्यकता बमोजिम थियो। उहाँको कार्य मानव जातिको उद्धार गर्नुथियो, तिनीहरूको पापको निम्ति क्षमा दिनु थियो, र त्यसैले उहाँको स्वभाव पूर्ण रूपले एउटा नम्रता, धैर्यता, प्रेम, धार्मिकता, सहिष्णुता, कृपा, र प्रेममय थियो। उहाँले मानवजातिमा प्रशस्त अनुग्रह र आशिषहरू ल्याउनुभयो, र ती सबै दिनुभयो जुन कुराको मानिसहरूले सम्भवतः आनन्द लिन सक्दछन्, उहाँले तिनीहरूलाई तिनीहरूको आनन्दको निम्ति: शान्ति र खुसी, उहाँको सहिष्णुता र प्रेम, उहाँको कृपा र प्रेमपूर्ण दया दिनुभयो। त्यस समयमा, ती चीजहरूको प्रचुरताको आनन्द लिन मानिसहरूले तिनीहरूको हृदयभित्र शान्ति र सुरक्षाको आभास गरेका थिए, तिनीहरूको आत्माहरूमा पुनः निश्चितताको महसुस, र मुक्तिदाता येशूमा तिनीहरूको निर्भरता–सबै त्यस युगमा थियो जुन युगमा तिनीहरू जिइरहेका थिए। अनुग्रहको युगमा, मानिसलाई शैतानले पहिले नै भ्रष्ट पारिसकेको थियो, र त्यसैकारणले सबै मानवजातिलाई उद्धार गर्ने कार्य प्राप्त गर्नको निम्ति प्रशस्त अनुग्रह, असीम सहिष्णुता र धैर्यता, र त्यो भन्दा पनि बढि यसको प्रभावको लागि एउटा बलिदानको आवश्यकता थियो जुन मानवजातिको पापहरूको प्रायश्चितको लागि पर्याप्त थियो। जे कुरा मानवजातिले अनुग्रहको युगमा देखे त्यो केवल मानवजातिको पापहरूको निम्ति मेरो प्रायश्चितको बलिदान थियो जो येशू हुनुहुन्छ। तिनीहरूले परमेश्वर कृपालु र सहनशील हुनुहुन्छ भन्ने मात्रै जानेका थिए, र तिनीहरूले येशूको कृपा र प्रेमलाई मात्रै देखेका थिए। यो पूर्ण रूपमा यसकारणले भयो किनकि तिनीहरू अनुग्रहको युगमा जन्मेका थिए। त्यसैले, तिनीहरूको उद्धार हुनुभन्दा अगाडि, तिनीहरूले धेरै प्रकारका अनुग्रहको आनन्दहरू लिनुथियो जुन येशूले यसबाट लाभ लिनको निम्ति तिनीहरूलाई दिनुभयो। यस तरिकामा, तिनीहरूको अनुग्रहको आनन्दको माध्यमबाट तिनीहरूको पापको क्षमा दिन सकिन्थ्यो, र येशूको सहिष्णुता र धैर्यताको आनन्दको माध्यमबाट उद्धार पाउने मौका पनि हुन सक्थ्यो। केवल येशूको सहिष्णुता र धैर्यताद्वारा तिनीहरूले क्षमा प्राप्त गर्ने र येशूले दिनुभएको प्रशस्त अनुग्रहको आनन्द लिने अधिकार जिते। येशूले भन्नुभएजस्तै: म धर्मीलाई होइन तर पापीलाई उद्धार गर्न आएको छु, पापीहरूलाई तिनीहरूको पापहरूबाट क्षमा दिन आएको छु। जब उहाँ देहधारी हुनुभयो, येशूले यदि न्याय, श्राप, र मानिसको उल्लङ्घनको सहनशीलताको स्वभाव लिएर आउनुभएको भए मानिसले कदापि उद्धार पाउने अवसर पाउने थिएन, र ऊ सदाको लागि पापी रहने थियो। यदि यस्तो

भइदिएको भए, छ-हजार-वर्षको व्यवस्थापनको योजना व्यवस्थाको युगमा आएर रोकिन्थ्यो, र व्यवस्थाको युग छ हजार वर्षसम्म लम्बिने थियो। मानिसको पापहरू केवल अझै धेरै अनगिन्ती र घोर भई बढ्ने थियो, र मानवजातिको सृष्टि व्यर्थको लागि हुनेथियो। मानिसहरूले यहोवालाई केवल व्यवस्थाको अधीनमा भएर मात्रै सेवा गर्न सक्थे, तर तिनीहरूका पापहरू पहिलो सृष्टि गरिएका मानिसको भन्दा अधिक हुनेथियो। येशूले मानवजातिलाई तिनीहरूको पापको क्षमा दिई तिनीहरूलाई प्रशस्त दया र प्रेमपूर्ण कृपामा ल्याएर तिनीहरूलाई जति धेरै प्रेम गर्नुभयो, त्यति नै धेरै मानवजाति येशूद्वारा मुक्ति पाउनको लागि हकदार भए, उसलाई हराएको थुमाहरू भनिनु पऱ्यो जसलाई येशूले ठूलो मूल्य तिरेर फर्काई ल्याउनुभयो। शैतानले यस कार्यमा हस्तक्षेप गर्न सकेन, किनकि येशूले उहाँको अनुयायीहरूलाई यस्तो व्यवहार गर्नुभयो जस्तो कि एउटा प्रेम गर्ने आमाले शिशुलाई आफ्नो काखमा राख्दा व्यवहार गर्छिन्। उहाँ तिनीहरूप्रति क्रोधित या अभिमानी हुनुभएन, तर सान्त्वनाले भरिनुभएको थियो; उहाँ तिनीहरूका बीच रिसमा आउनुभएन, तर तिनीहरूको पापहरूमा सहिष्णुता राख्नुभयो र तिनीहरूको मूर्खता र अज्ञानतामा यति हदसम्म आँखा चिम्लनुभयो र भन्नुभयो, "अरूलाई सात गुणा सत्तरी पटक क्षमा दिनु।" यस प्रकारले अरूहरूको हृदयहरू उहाँको हृदयद्वारा रूपान्तरित भयो, र केवल तब मात्र उहाँको सहिष्णुताद्वारा मानिसहरूले तिनीहरूको पापको क्षमा प्राप्त गरे।

यद्यपि येशू उहाँको देहधारणमा पूर्ण रूपले बिना भावनाको हुनुहुन्थ्यो, उहाँले सधैँ उहाँको चेलाहरूलाई सान्त्वना दिनुभयो, तिनीहरूको लागि सबै कुरा जुटाउनुभयो, तिनीहरूलाई मदत गर्नुभयो, र समर्थन गर्नुभयो। तथापि उहाँले जति नै काम गर्नुभए तापनि, या उहाँले जति नै दुख सहनुभए तापनि, उहाँले कहिल्यै पनि मानिसमा अति धेरै मागहरू गर्नुभएन, तर तिनीहरूको पापमा सधैँ धैर्य र सहिष्णुता बस्नुभयो, त्यसरी नै अनुग्रहको युगका मानिसले उहाँलाई प्रेमले "प्रेमिलो मुक्तिदाता येशू" भनी बोलाए। त्यस समयका मानिसहरूको लागि–सबै मानिसहरूका लागि–जे येशूमा थियो र जो येशू हुनुहुन्थ्यो, त्यो दया र प्रेमपूर्ण कृपा नै थियो। उहाँले कहिल्यै पनि मानिसहरूको अपराधहरूलाई सम्झनुभएन, र तिनीहरूप्रति उहाँको व्यवहार कहिल्यै पनि तिनीहरूको अपराधमा आधारित थिएन। किनभने त्यो एउटा बेग्लै युग थियो, उहाँले धेरै पटक मानिसहरूलाई भरपूर मात्रामा भोजन दिनुभयो ताकि तिनीहरूले आफ्नो पेट भर्न सकून्। उहाँले आफ्ना सबै चेलाहरूलाई अनुग्रहद्वारा व्यवहार गर्नुभयो, बिमारीलाई चङ्गाइ गर्नुभयो, भूतात्मा निकाल्नुभयो, मरेकालाई जीवित उठाउनुभयो। मानिसहरूले उहाँमा विश्वास गर्न सकून् र उहाँले गर्नुभएका सबै कुरा नम्रतापूर्वक र इमानदारीता पूर्वक गर्नुभएको थियो भनी देख्न सकून् भनेर, उहाँले यहाँसम्म पनि गर्नुभयो कि एउटा सडिसकेको लासलाई समेत पुनरुत्थान गर्नुभयो, र यसद्वारा उहाँको हातमा मृतक मानिस पनि फर्केर जीवनमा आउन सक्छ। यस तरिकामा उहाँले चुपचाप सहेर तिनीहरूको बीचमा उहाँको उद्धारको कार्य गर्नुभयो। उहाँ क्रूसमा टाँगिनुभन्दा पहिले समेत, येशूले आफैमा मानवजातिको पापहरू लिइसक्नुभएको थियो र मानवजातिको लागि पापको एउटा बलिदान हुनुभयो। उहाँ क्रूसमा टाँगिनुभन्दा पहिले समेत, उहाँले मानवजातिको उद्धार गर्नको निम्ति बाटो खोलिसक्नुभएको थियो। अन्ततः उहाँ क्रूसमा काँटी ठोकेर झुन्ड्याइयो, क्रूसको खातिर आफैलाई

बलिदान दिनुभयो, र उहाँले मानवजातिलाई आफ्नो सबै कृपा, दया, र पवित्रता दिनुभयो। मानवजाति प्रति, उहाँ सधैँ सहनशील हुनुहुन्थ्यो, कहिल्यै प्रतिशोधी हुनुहुन्नथ्यो, तिनीहरूको पापहरूको क्षमा दिँदै, तिनीहरूलाई पश्चाताप गर्नको लागि प्रेरित गर्दै, र धैर्यता, संयम र प्रेमद्वारा उहाँको कदम पछ्याउँदै र तिनीहरू आफैलाई क्रूसको खातिर बलिदान दिनको निम्ति सिकाउनुहुन्थ्यो। दाजुभाइहरू र दिदीबहिनीहरूको लागि उहाँको प्रेम मरियमको लागि भन्दा बढि थियो। ती काम जुन उहाँले यसको सिद्धान्तको रूपमा लिनुभयो बिमारीलाई चङ्गाइ गर्ने र भूतात्माहरू निकाल्ने, यी सबै उहाँको उद्धारको कार्यको खातिर गर्नुभएको थियो। उहाँ जहाँ गए तापनि, उहाँले उहाँलाई पछ्याउने सबैलाई अनुग्रही व्यवहार गर्नुभयो। उहाँले गरिबलाई धनी, लङ्गडोलाई हिँड्ने, अन्धोले देख्ने, र बहिरोले सुन्ने बनाउनुभयो। उहाँले सबैभन्दा तुच्छ, बेसाहाहरू, पापीहरूलाई उहाँसँगै एउटै मेचमा बस्नको निम्ति आमन्त्रित गर्नुभयो, तिनीहरूलाई कहिल्यै पनि अलग्याउनुभएन तर सधैँ धैर्यता राख्दै, यो पनि भन्नुभयो: जब एउटा गोठालोले सय ओटा भेडा मध्ये एउटालाई हराउँछ, उसले उनान्सय भेडालाई छोडेर त्यो एउटा हराएको भेडालाई खोज्न जान्छ, र जब उसले त्यसलाई भेट्टाउँछ उ अत्यन्त धेरै आनन्दित हुन्छ। उहाँले आफ्नो अनुयायीहरूलाई त्यसै गरी प्रेम गर्नुभयो जसरी एउटा आमा भेडाले आफ्नो पाठालाई प्रेम गर्छ। तिनीहरू मूर्ख र अज्ञानी भए पनि, र उहाँको आँखा अगाडि पापी भए पनि, र साथसाथै समाजका सबैभन्दा तुच्छ सदस्यहरू भए तापनि, उहाँले ती पापीहरूलाई–ती मानिसहरू जसलाई अरूले बहिष्कार गरेका थिए–आफ्नो आँखाको नानीको रूपमा लिनुभयो। उहाँले तिनीहरूको पक्ष लिनुभएको हुनाले, वेदिमा बलिदान चढाइएको थुमाको रूपमा उहाँले आफ्नो जीवन तिनीहरूको निम्ति दिनुभयो। उहाँ तिनीहरूको माझ यसरी जानुभयो जस्तो कि उहाँ तिनीहरूको दास हुनुहुन्थ्यो, तिनीहरूलाई उहाँको प्रयोग गर्न र उहाँको हत्या गर्न दिनुभयो, तिनीहरूमा निसर्त रूपमा आफैलाई सुम्पनुभयो। उहाँका अनुयायीहरूको लागि उहाँ प्रेमिलो मुक्तिदाता येशू हुनुहुन्थ्यो, तर फरिसीहरू, जसले मानिसहरूमा एउटा उच्च आसनबाट भाषण दिन्थे, तिनीहरूलाई उहाँले कृपा र प्रेमपूर्ण दया देखाउनुभएन, तर घृणा र आक्रोश देखाउनुभयो। उहाँले फरिसीहरूको माझमा त्यति धेरै कामहरू गर्नुभएन, केवल कहिलेकाहीँ तिनीहरूमा प्रवचन दिने र ताडना दिने गर्नुभयो; उहाँले तिनीहरूको बीचमा उद्धारको कार्य गर्दै जानुभएन, न त उहाँले चिन्हहरू र चमत्कार नै देखाउनुभयो। उहाँले आफ्नो अनुयायीहरूलाई सबै दया र प्रेमपूर्ण कृपा दिनुभयो, अन्तिमसम्म यी पापीहरूका खातिर उहाँले सहनुभयो र उहाँ क्रूसमा टाँगिनुभयो, र उहाँले पूर्ण रूपमा सबै मानवजातिलाई उद्धार नगरेसम्म हरेक अपमानलाई भोग्नुभयो। यो नै उहाँको कार्यको कूल आशय हो।

येशूको उद्धार बिना, मानवजाति सदाको लागि पापमा जिउने थियो र पापको सन्तान बन्ने थियो, दुष्टका सन्तानहरू बन्ने थियो। यस प्रकारले यहि नै जारी रहेको भए, पुरै संसार त्यो जगत् बन्ने थियो जहाँ शैतान बसोबास गर्छ, त्यो बसोबास गर्ने ठाउँ। यद्यपि, उद्धारको कार्यको लागि दया देखाउन र मानवजातिप्रति प्रेमपूर्ण कृपा देखाउन आवश्यक थियो; केवल त्यस माध्यमबाट मात्रै मानवजातिले क्षमा प्राप्त गर्न सक्थ्यो र अन्ततः पूर्ण बनाइन र परमेश्वरद्वारा पूर्ण रूपले प्राप्त गरिने हक जित्न सक्थ्यो। यस चरणको कार्य बिना, छ-हजार-वर्षको व्यवस्थापनको योजनाले

प्रगति गर्न सक्दैनथियो। यदि येशू क्रूसमा नटाँगिनुभएको भए, यदि उहाँले केवल बिरामीलाई चङ्गाइ गर्ने र दुष्ट आत्मा भगाउने कार्य मात्रै गर्नुभएको भए, मानिसहरूलाई तिनीहरूको पापबाट पूर्ण रूपले क्षमा गर्न सकिने थिएन। येशूले पृथ्वीमा आफ्नो कार्य गरी बिताउनुभएको साढे तीन वर्षसम्मको अवधिमा, उहाँले आफ्नो उद्धारको कार्यको केवल आधा कार्य मात्रै पूरा गर्नुभएको थियो; त्यसपछि, क्रूसमा झुण्ड्याएर र पापमय शरीरको समान बनेर, दुष्टको हातमा आफैलाई सुम्पिएर, उहाँले क्रूसमा मर्ने कार्यलाई पूरा गर्नुभयो र मानवजातिको गन्तव्यलाई पूरा गर्नुभयो। उहाँ शैतानको हातमा सुम्पिनु भएपछि मात्रै उहाँले मानवजातिलाई उद्धार गर्नुभयो। साढे तेत्तीस वर्षसम्म उहाँले पृथ्वीमा दुःख भोग्नुभयो, उहाँको ठट्टा गरियो, निन्दा गरियो, र उहाँलाई त्यागियो, त्यस परिस्थितिसम्म पुग्नुभयो जहाँ उहाँको शिर राख्ने ठाउँ भएन, विश्राम गर्ने स्थान भएन, र पछि उहाँलाई उहाँको पूर्ण अस्तित्व सहित क्रूसमा चढाइयो–एउटा पवित्र र निर्दोष शरीर–सँगै उहाँलाई क्रूसमा टाँगियो। उहाँले त्यहाँ भएको हरेक प्रकारको कष्ट भोगाइलाई सहनुभयो। तिनीहरू जो सत्तामा थिए तिनीहरूले उहाँको निन्दा गरे र उहाँलाई कोर्रा लगाए, यहाँसम्म कि सेनाहरूले उहाँको मुखमा थुकिदिए; तैपनि उहाँ चुप भई बस्नुभयो र अन्त्य सम्ममा सहनुभयो, निसर्त रूपमा आफैलाई मृत्युको अन्तिम बिन्दुसम्म पनि सुम्पँदै, उहाँले सबै मानवजातिलाई उद्धार दिनुभयो। तब मात्रै उहाँले विश्राम लिन अनुमति पाउनुभयो। येशूले गर्नुभएको कार्यले केवल अनुग्रहको युगको प्रतिनिधित्व गर्छ; यसले व्यवस्थाको युगलाई प्रतिनिधित्व गर्दैन, न त यो अन्तिम दिनहरूको कार्यको लागि विकल्प थियो। यो नै अनुग्रहको युगमा येशूले गर्नुभएको कार्यको सार थियो, दोस्रो युग जुन मानवजातिले पार गरेका छन्–उद्धारको युग।

## जवान र वृद्धको निम्ति वचनहरू

मैले पृथ्वीमा धेरै काम गरेको छु र म धेरै वर्षसम्म मानवजातिको बिचमा हिँडेको छु, तथापि मानिसहरूसँग मेरो स्वरूप र स्वभावको ज्ञान विरलै मात्र छ र केही मानिसहरूले मात्र मैले गर्ने कामको राम्ररी वर्णन गर्न सक्छन्। मानिसहरूमा धेरै कुराको कमी छ, तिनीहरूमा मैले गर्ने कामको बुझाइको कमी छ, तिनीहरूलाई मैले अर्को परिस्थितिमा राख्ने छु र त्यसपछि तिनीहरूप्रति ध्यान दिन्न भनेर तिनीहरू गहिरो रूपमा डराएझैँ सधैँ तिनीहरूका हृदयहरू सावधन रहन्छन्। यसैले, मप्रति मानिसहरूका मनोवृत्तिहरू सधैँ मनतातो हुनुका साथै सतर्कताको मात्रा बढी नै छ। यो यस कारणले भएको हो कि मैले गर्ने काम नबुझिकनै मानिसहरू वर्तमानमा आएका छन् र विशेषगरी मैले तिनीहरूसँग बोलेका वचनहरूबाट तिनीहरू चकित परेका छन्। तिनीहरूले आफैँलाई तिनमा भएका अपरिवर्तनशील विश्वासप्रति प्रतिबद्ध बनाउनुपर्छ कि निर्णय नै नगरेर तिनीहरूलाई बिर्सनुपर्छ भन्ने नजानेर तिनीहरू मेरा वचनहरूलाई आफ्ना हातहरूमा बोक्छन्। तिनीहरूलाई व्यवहारिक प्रयोगमा ल्याउनुपर्छ कि पर्खेर हेर्नुपर्छ, सबै कुरालाई पन्छाएर साहसका साथ पछ्याउनुपर्छ कि पहिले जस्तै निरन्तर संसारसँग मित्रता कायम गर्नुपर्छ भन्ने तिनीहरूलाई थाहा छैन। मानिसहरूका आन्तरिक संसारहरू एकदमै जटिल छन् र तिनीहरू एकदमै धुर्त छन्।

मानिसहरूले स्पष्ट र पूर्ण रूपमा मेरा वचनहरू देख्न नसकेका हुनाले तिनीहरूमध्ये धेरैलाई ती कुराहरू व्यवहारमा उतार्न कठिन छ र तिनीहरूका हृदयहरू मेरा अगाडि राख्न कठिन छ। म तिमीहरूका कठिनाइहरू गहिरोसँग बुझ्छु। शरीरमा जिउँदा धेरै कमजोरीहरू अपरिहार्य हुन्छन् र धेरै वस्तुगत कारकहरूले तिमीहरूको निम्ति कठिनाइको सृजना गर्छन्। तिमीहरू आफ्ना परिवारलाई खुवाउँछौ, आफ्ना दिनहरू कठिन काम गरेर बिताउँछौ अनि महिना र वर्षहरू कठिनाइमा बित्छन्। शरीरमा जिउँदा धेरै कठिनाइहरू छन्—म यसलाई इन्कार गर्दिनँ र निश्चित रूपमा तिमीहरूबाट मैले अपेक्षा गरेका सर्तहरू तिमीहरूका कठिनाइबमोजिम छन्। मैले गर्ने कामका शर्तहरू तिमीहरूका वास्तविक कदबमोजिम छन्। सायद विगतमा, तिमीहरूमाथि मानिसहरूका शर्तहरूमा अधिकताका तत्वहरू मिसिएका थिए तर मैले भन्ने र गर्ने कुराहरूमा मैले तिमीहरूलाई अत्यधिक सर्तहरू राखेको छैनँ भन्ने तिमीहरूले जान्नुपर्छ। सबै शर्तहरू मानिसहरूका प्रकृति, शरीर र तिनीहरूका आवश्यकतामा आधारित छन्। तिमीहरूले जान्नुपर्छ र म एकदमै स्पष्टताका साथ तिमीहरूलाई भन्न सक्छु कि मानिसहरूसँग भएका निश्चित उचित सोचका तरिकाहरूको म विरोध गर्दिनँ र म मानवजातिको अन्तर्निहित प्रकृतिको विरोध गर्दिनँ। यो यही कारणले मात्र हो कि मैले तिनीहरूको निम्ति राखेका मापदण्डहरू वास्तवमा के हुन् भन्ने मानिसहरूले बुझ्दैनन्, न त तिनीहरूले मेरा वचनहरूका मूल अर्थ नै बुझ्छन्, मानिसहरूले मेरा वचनहरूलाई अहिलेसम्म हुनाले शङ्का गर्दै आएका छन् र आधाभन्दा कम मानिसहरूले मेरा वचनहरूमाथि विश्वास गर्छन्। बाँकीचाहिँ विश्वास नगर्नेहरू हुन् र अझ धेरैचाहिँ मैले “कथाहरू भनेको” सुन्न चाहनेहरू हुन्। यसका अतिरिक्त, तमाशामा आनन्द मनाउने धेरै छन्। म तिमीहरूलाई सचेत गराउँछु: मेरा वचनहरूमध्ये धेरै ममाथि विश्वास गर्नेहरूको अगाडि पहिले नै खुलस्त गरिएका छन् र राज्यको सुन्दर दृष्यमा आनन्द मनाउने तर त्यसको प्रवेशद्वारबाहिर थुनिएकाहरूलाई मद्वारा हटाइएका छन्। के तिमीहरू मद्वारा घृणा गरिएका र अस्वीकृत सामाहरू मात्र होइनौ र? म फर्केको हेर्न र त्यसपछि मेरो फर्काइलाई आनन्दका साथ स्वागत गर्न तिमीहरूले कसरी सक्थ्यौ? म तिमीहरूलाई भन्छु, निनवेका मानिसहरूले यहोवाका क्रोधित वचन सुनेपछि तिनीहरूले तत्कालै भाङ्ग्रा र खरानी लगाएर पश्चाताप गरे। किनकि तिनीहरूले उहाँका वचनहरूमाथि विश्वास गरेको कारण तिनीहरू डर र भयले भरिए अनि त्यसैले भाङ्ग्रा र खरानी लगाएर पश्चाताप गरे। आजका मानिसहरूको बारेमा भन्दा तिमीहरूले मेरा वचनहरूमाथि विश्वास राखेता पनि र त्योभन्दा बढी यहोवा तिमीहरूको माझमा आज फेरि एक पटक आउनुभएको छ भन्ने विश्वास गरेता पनि, तिमीहरूको मनोवृत्ति अनादरयुक्त छ, जस्तो कि तिमीहरूले हजारौं वर्ष अगाडि यहूदियामा जन्मनुभएका येशूलाई अवलोकन गरिरहेका छौ र अहिले तिमीहरूका माझमा आउनुभएको छ। तिमीहरूका हृदयमा अस्तित्वमा रहेका कपटलाई म गहिरो तवरले बुझ्छु; तिमीहरूमध्ये धेरैले जिज्ञासाको कारण मलाई पछ्याउँछौ र खालीपनको कारण मलाई खोज्न आएका छौ। जब तिमीहरूका तेस्रो इच्छा चकनाचूर हुन्छ—शान्तिमय र सुखी जीवनको लागि तिमीहरूको इच्छा—तब तिमीहरूको जिज्ञासा पनि गायब हुन्छ। तिमीहरू हरेकका हृदयमा अस्तित्वमा रहेको कपट तिमीहरूका वचन र कामहरूद्वारा भन्डाफोर हुन्छन्। खुलस्त भन्नुपर्दा, तिमीहरू मेरो बारेमा जिज्ञासु मात्र छौ तर मसँग डराएका छैनौ; तिमीहरू आफ्ना जिब्रोलाई वसमा

राख्दैनौ र तिमीहरूका व्यवहारमा तिमीहरूले अझै कम संयमता अपनाउँछौ। तब तिमीहरूसँग साँच्चै कस्तो पक्राको विश्वास छ? के यो सच्चा छ? तिमीहरू मेरा वचनहरूलाई आफ्ना चिन्ताहरू हटाउन र तिमीहरूका दिक्दारी कम गर्नको निम्ति मात्र प्रयोग गर्छौ, तिमीहरूका जीवनमा बाँकी रहेका खालीपन भर्नलाई। तिमीहरूमध्ये कसले मेरा वचनहरूलाई व्यवहारमा उतारेको छ? कोसँग सच्चा विश्वास छ? परमेश्वर मानिसहरूको हृदयको गहिराइ देख्ने परमेश्वर हुनुहुन्छ भनेर तिमीहरू चिच्याइरहन्छौ, तर तिमीहरूले चिच्याउने तिमीहरूको हृदयमा भएको परमेश्वर मसँग कतिको मेल खान्छ? तिमीहरू यसरी चिच्याइरहेका छौ भने किन तिमीहरू त्यस्तो व्यवहार गर्छौ? के तिमीहरूले मलाई तिर्न चाहने प्रेम यही हुनसक्छ? तिमीहरूका ओठमा अलिकति पनि समर्पणता छैन, तर तिमीहरूका बलिदानहरू र तिमीहरूका असल कामहरू कहाँ छन्? तिमीहरूका वचनहरू मेरा कानसम्म आई नपुगेका भए, म तिमीहरूलाई किन यति धेरै घृणा गर्नेथिएँ र? यदि तिमीहरूले साँच्चै ममा विश्वास गरेका भए, कसरी तिमीहरू यस्तो हैरानीको अवस्थामा पुग्नेथियौ र? पातालमा कष्ट भोग्दै गरेको जस्तै तिमीहरूको अनुहारमा निराशा झल्किन्छ। तिमीहरूमा सजिवताको एक टुक्रा पनि छैन र तिमीहरू तिमीहरूका आन्तरिक आवाजको बारेमा कमजोर तवरले कुरा गर्छौ; तिमीहरू गुनासो र श्रापहरूले समेत भरिएका छौ। मैले गर्ने कामप्रति तिमीहरूले धेरै पहिले नै विश्वास गुमायौ र तिमीहरूको मूल विश्वास समेत हराएको छ, यसैले तिमीहरूले कसरी अन्तिमसम्म पछ्याउन सक्छौ र? यसो भएको हुनाले, तिमीहरू कसरी मुक्त हुन सकौला?

मेरो काम तिमीहरूका लागि धेरै उपयोगी भए पनि, मेरा वचनहरू सधैँ तिमीहरूमा हराउँछन् र तिमीहरूमा केही पनि आउँदैन। मद्‌वारा सिद्‌ध पारिने लक्षित थोकहरू प्राप्त गर्न गाह्रो छ, र आज मैले तिमीहरूमा लगभग आशा गुमाइसकेको छु। मैले तिमीहरूको माझमा धेरै वर्षदेखि खोज्दै आएको छु, तर मेरो विश्वासयोग्य हुन सक्ने कसैलाई भेट्‌टाउन गाह्रो छ। मलाई यस्तो लाग्छ कि मसित तिमीहरूका बीचमा काम जारी राख्ने कुनै आत्मविश्वास छैन, र तिमीहरूलाई प्रेम गरिरहने कुनै प्रेम पनि छैन। किनकि म धेरै पहिले नै तिमीहरूका “उपलब्धिहरू” देखि विरक्त भएको छु, किनकि ती अति तुच्छ र दयनीय छन्; यस्तो देखिन्छ कि मैले तिमीहरूको बीचमा कहिल्यै पनि बोलेको छैनँ र कहिल्यै पनि तिमीहरूमा काम गरेको छैनँ। तिमीहरूका उपलब्धिहरू अति घिनलाग्दा छन्। तिमीहरूले सधैँ आफैमाथि विनाश र सर्म ल्याउँछौ, र तिमीहरूको लगभग कुनै मूल्य छैन। म मुस्किलले तिमीहरूमा एउटा मानिसको स्वरूप पाउँछु, न त मानिसको चिन्हको गन्ध नै पाउन सक्छु। तिमीहरूको ताजा सुगन्ध कहाँ छ? तिमीहरूले धेरै वर्षसम्म चुकाएको मूल्य कहाँ छ, र परिणामहरू कहाँ छन्? के तिमीहरूले कहिले कुनै परिणाम पाएका छौ? अब मेरो कामको नयाँ सुरुआत छ, एक नयाँ थालनी भएको छ। म ठूला योजनाहरू पूरा गर्न जाँदैछु र म अझै ठूला कामहरू पूरा गर्न चाहन्छु, तापनि तिमीहरू पहिलेजस्तै अझै पनि हिलोमा लडीबुडी गर्दैछौ, विगतको फोहोर पानीमा बसिरहेका छौ, र आफैलाई तिमीहरूको सुरुको अप्ठ्यारो अवस्थाबाट छुटाउन लगभग असफल भएका छौ। त्यसकारण, तिमीहरूले अझै पनि मेरो वचनबाट केही प्राप्त गरेका छैनौ। तिमीहरूले अझै पनि आफूलाई आफ्नो सुरुको हिलोको फोहोर ठाउँ र फोहोर पानीबाट छुटाउन सकेका छैनौ, र तिमीहरू मेरा वचनहरू मात्र जान्दछौ, तर वास्तवमा तिमीहरू मेरा वचनहरूको

स्वतन्त्रताको क्षेत्रमा प्रवेश गरेका छैनौ, त्यसैले मेरा वचनहरू तिमीहरूका निम्ति कहिल्यै पनि खोलिएको छैन; ती हजारौं वर्षसम्म बन्द गरी राखिएको अगमवाणीको पुस्तक जस्तै छन्। म तिमीहरूका जीवनमा देखा पर्छु, तर तिमीहरू सधैँ यसबारे अनजान रहन्छौ। तिमीहरू मलाई चिन्न समेत सक्दैनौ। मैले तिमीहरूलाई भनेका लगभग आधा जति वचनहरू तिमीहरूको न्यायका लागि हुन्, र तिनले जति प्रभाव प्राप्त गर्नुपर्छ त्यसको आधा जति मात्र प्राप्त गर्दछन्, जुन तिमीहरूभित्र गहिरो भय हालिदिनु हो। बाँकी आधा वचनहरू तिमीहरूलाई जीवनको बारेमा र कसरी व्यवहार गर्ने भनी सिकाउनलाई हो। तरै पनि यस्तो लाग्छ, कि जहाँसम्म तिमीहरूको प्रश्न छ, तिमीहरूका निम्ति यो वचनहरूको अस्तित्व नै छैन, वा यो यस्तो छ, कि तिमीहरूले बच्चाहरूको कुराहरू सुनेको जस्तै, तिमीहरूले सधैँ एक अस्पष्ट मुस्कान दिन्छौ, तर कहिल्यै पनि त्यस अनुसार कार्य गर्दैनौ। तिमीहरूले यी कुराहरूप्रति कहिल्यै पनि चासो देखाएका छैनौ; तिमीहरूले मुख्य रूपमा उत्सुकताको कारण मात्र मेरा कार्यहरू हेर्ने गरेका छौ, जसको परिणाम स्वरूप अहिले तिमीहरू अन्धकारमा परेका छौ र उज्यालोलाई देख्न सक्दैनौ, त्यसैले तिमीहरू अन्धकारमा दयालाग्दो प्रकारले विलाप गर्दछौ। मैले चाहेको चाहिँ तिमीहरूको आज्ञाकारिता हो, तिमीहरूको विनासर्तको आज्ञाकारिता, र त्योभन्दा अझ बढी, तिमीहरू मैले भनेका सबै कुरामा पूर्ण निश्चित होओ भन्ने म माग गर्दछु। तैंले उपेक्षा गर्ने व्यवहार अपनाउनु हुँदैन, र विशेष गरी मैले भनेका वचनहरूलाई तैंले चुनी-चुनी लिनु हुँदैन, न त मेरा वचनहरू र मेरो कामप्रति नै तँ उदासीन बन्नु पर्छ, जसो गर्ने तिमीहरूको बानी छ। मेरो काम तिमीहरूको बीचमा गरिन्छ र मैले मेरा धेरै वचनहरू तिमीहरूलाई प्रदान गरेको छु, तर यदि तिमीहरूले मसँग यस्तो व्यवहार गऱ्यौ भने तिमीहरूले प्राप्त नगरेका वा अभ्यास नगरेका कुराहरू म अन्यजाति परिवारहरूलाई मात्र दिन सक्छु। सृष्टि गरिएका सबै प्राणीमध्ये कुन चाहिँलाई मैले मेरो हातमा समातेको छैन? तिमीहरूमध्ये धेरै जना एक “परिपक्व वृद्ध उमेर” का छौ, र तँमा मसँग भएको यस प्रकारको काम स्वीकार गर्ने ऊर्जा छैन। तँ एउटा हनहाओ चरा[क] जस्तै छस्, मुस्किलले जिइरहेको छस्, र तैंले मेरा वचनहरूलाई कहिल्यै पनि गम्भीरतापूर्वक लिएको छैनस्। जवान मानिसहरू अति व्यर्थ र अति नै लिप्त छन् र मेरो काममा अझ थोरै मन लगाउँछन्। तिनीहरूलाई मेरो भोजको स्वादिष्ठ भोजन खाने कुनै चासो छैन; तिनीहरू एउटा सानो चराजस्तै हुन् जसले आफ्नो पिञ्जराबाट निस्केर टाढा उडेर जाने साहस गरेको छ। यस्ता जवान र वृद्ध मानिसहरू मेरो लागि कसरी उपयोगी हुन सक्छन्? धेरै उमेर पुगेका मानिसहरू आफू मरेपछि तिनीहरूका आत्मा स्वर्गमा जान सकोस् भनी तिनीहरू चिहानमा नपुगुन्जेल मेरा वचनहरूलाई पेन्सनको रूपमा प्रयोग गर्न तयार छन्; तिनीहरूका निम्ति यति गर्नु नै पर्याप्त छ। यी वृद्ध मानिसहरू अहिले मनमा सधैँ “ठूला आकांक्षाहरू” र “अटल विश्वास” राख्छन्। तिनीहरूमा मेरो कामप्रति ठूलो धैर्य छ र वृद्ध व्यक्तिहरूमा हुनुपर्ने सोझो र अटल रहने

---

क. हनहाओ चराको कथा एसोपको कमिला र फटेंग्राको कथासँग मिल्दोजुल्दो छ। हनहाओ चरा आफ्नो छिमेकी नीलकण्ठ चराबाट बारम्बार चेताउनीहरू पाए पनि न्यानो मौसम हुँदा गुँड बनाउनुको सट्टा सुत्नु रुचाउँछ। जब हिउँद आउँछ, त्यो चरा चिसोले कठाङ्ग्रिएर मर्छ।

गुण छ, जो कुनै व्यक्ति वा थोकद्वारा घिसारिँदैन वा पराजित हुँदैन वास्तवमा, तिनीहरू अभेद्य किल्लाजस्तै छन्–तर के यी मानिसहरूको विश्वास अन्धविश्वासको रोगको पर्दामा लुकेको हुँदैन र? तिनीहरूको मार्ग कहाँ छ? तिनीहरूका लागि, के तिनीहरूको मार्ग धेरै लामो, धेरै टाढा छैन र? तिनीहरूले मेरो इच्छालाई कसरी जान्न सक्छन्? तिनीहरूका आत्मविश्वास प्रशंसनीय छ भने पनि, यी वृद्धहरूमध्ये कति जनाले अलमल्ल नपरी पछ्याउनुको सट्टा, वास्तवमा जीवनको खोजी गरिरहेका छन्? कति जनाले साँच्चै मेरो कामको वास्तविक महत्त्वलाई बुझ्दछन्? आज संसारमा मलाई पछ्याउनेहरूमा निकट भविष्यमा पातालमा फालिनु नपरोस् तर मद्वारा अर्को राज्यमा लगिओस् भन्ने उद्देश्य कसको छैन र? के तिमीहरूको गन्तव्य यति साधारण कुरा हो भन्ने तिमीहरूलाई लाग्छ? तिमी जवान मानिसहरू सबै जवान सिंहहरू जस्ता भए पनि, तिमीहरूको हृदयमा साँचो मार्ग थोरै छ। तिमीहरूको जवानीले तिमीहरूलाई मेरो धेरै कामको हकदार बनाउँदैन; यसको विपरीत, तैँले सधैँ तँप्रतिको मेरो घृणालाई जगाउँछस्। तिमीहरू जवान भए पनि तिमीहरूमा शक्तिको वा महत्वाकांक्षाको कमी छ, र तिमीहरू आफ्नो भविष्यको बारेमा सधैँ वचनबद्ध छैनौ; मानौं तिमीहरू उदासीन र चिन्ताग्रस्त छौ। यो भन्न सकिन्छ कि जवानहरूमा जुन शक्ति-जीवन, आदर्शहरू र दृढ दृष्टिकोण लिने प्रवृत्ति हुन्छ त्यो तिमीहरूमा एउटै पनि पाउन सकिँदैन; तँ यस प्रकारको जवान व्यक्ति कुनै दृष्टिकोणविनाको छस् र तँमा सही र गलत, असल र खराब, सौन्दर्य र कुरूपता बीच भिन्नता छुट्ट्याउने कुनै क्षमता छैन। तिमीहरूमा कुनै पनि ताजा तत्त्वहरू भेट्टाउन असम्भव छ। तिमीहरू लगभग पूर्णरूपमा पुरानो विचार-धारा भएका हौ, र तिमीहरू जस्तो जवान मानिसले भिडलाई पछ्याउन, विवेकहीन हुन पनि सिकेका छौ। तिमीहरूले कहिल्यै पनि सही र गलत स्पष्ट रूपमा छुट्ट्याउन सक्दैनौ, सत्य र झूटो बीचको भिन्नता छुट्ट्याउन सक्दैनौ, कहिल्यै उत्कृष्टताका लागि प्रयास गर्न सक्दैनौ, न त तिमीहरू सही के हो र के गलत, सत्य के हो र कपट के हो भनी भन्न नै सक्छौ। वृद्ध मानिसहरूमा भन्दा तिमीहरूमा धर्मको अझ कडा दुर्गन्ध छ। तँ अहङ्कारी र विवेकहीन समेत छस्, तँ प्रतिस्पर्धी छस्, र आक्रमकताप्रतिको तेरो रुचि धेरै बलियो छ–यस किसिमको जवान व्यक्तिमा सत्यता कसरी हुन सक्छ? दृढ दृष्टिकोण नभएको कुनै व्यक्तिले कसरी साक्षी दिन सक्छ? सही र गलत छुट्याउने क्षमता नभएको कुनै व्यक्तिलाई कसरी एक जवान मानिस भन्न सकिन्छ? जोसँग जोस, उत्साह, फुर्तिलोपन, शान्तपन र एक जवान मानिसमा हुनुपर्ने स्थिरता हुँदैन उसलाई कसरी मेरो अनुयायी भनेर भन्न सकिन्छ? जोसँग सत्यता छैन, न्यायको समझ छैन, तर जो खेल्न र झगडा गर्न मन पराउँछ, ऊ कसरी मेरो साक्षी हुन योग्यको हुन सक्छ? जवान मानिसहरूसँग अरूप्रति कपट र पूर्वाग्रहपूर्ण नजरहरू हुनुहुँदैन र जवान मानिसहरूले विनाशकारी, घृणित कामहरू गर्नुहुँदैन। तिनीहरू विचार, आकांक्षाहरू र आफैलाई अझ असल बनाउने उत्साही चाहना विहीन हुनुहुँदैन; तिनीहरू आफ्ना सम्भावनाहरूको बारेमा निराश बन्नु हुँदैन, न त तिनीहरूले जीवनको आशा वा भविष्यको आत्मविश्वास नै गुमाउनुपर्छ; तिनीहरूमा तिनीहरूले अहिले रोजेको सत्यताको मार्गलाई निरन्तरता दिने धैर्य हुनुपर्छ–तिनीहरूको सम्पूर्ण जीवन मेरो निम्ति खर्च गर्ने तिनीहरूको इच्छालाई महसुस गर्न। तिनीहरू सत्यतारहित हुनु हुँदैन, न त तिनीहरूले ढोंगीपन र अधर्म नै लुकाउनु हुन्छ–तिनीहरू उचित अडानमा बलियोसँग खडा

हुनुपर्छ। तिनीहरू त्यतिकै बहकिनु हुँदैन, तर न्याय तथा सत्यताको निम्ति बलिदानहरू गर्ने र संघर्ष गर्न साहस गर्ने आत्मा तिनीहरूमा हुनुपर्छ। अन्धकारका शक्तिहरूको थिचोमिचोको शिकार नहुने र आफ्नो अस्तित्वको महत्त्वलाई रूपान्तरण गर्ने साहस जवान मानिसहरूमा हुनुपर्छ। जवान मानिसहरूले विपत्तिहरूप्रति आत्मसमर्पण गर्नुहुँदैन तर आफ्ना दाजुभाइ दिदीबहिनीहरूप्रति क्षमाको आत्मा सहित खुला र स्पष्ट हुनुपर्छ। अवश्य, हरेकका निम्ति यी मेरा सर्तहरू र हरेकका निम्ति मेरा सल्लाहहरू हुन्। तर यसका अतिरिक्त, सबै जवान मानिसहरूका निम्ति यी मेरा सुखदायक वचनहरू हुन्। तिमीहरूले मेरा वचनअनुसार अभ्यास गर्नुपर्छ। विशेष रूपमा, जवान मानिसहरू विवादहरू सुल्झाउने र न्याय तथा सत्यताको खोजी गर्ने संकल्परहित हुनुहुँदैन। तिमीहरूले सबै सुन्दर र असल कुराहरूको खोजी गर्नुपर्छ र तिमीहरूले सबै सकारात्मक कुराहरूको वास्तविकता प्राप्त गर्नुपर्छ। तिमीहरू आफ्नो जीवनप्रति उत्तरदायी बन्नुपर्छ र यसलाई हल्का रूपमा लिनु हुँदैन। मानिसहरू पृथ्वीमा आउँछन् र मसँग जम्काभेट हुनु दुर्लभ कुरा हो, अनि सत्यताको खोजी गर्ने र त्यसलाई प्राप्त गर्ने अवसर प्राप्त गर्नु पनि दुर्लभ कुरा हो। यस सुन्दर समयलाई तिमीहरू यस जीवनमा खोजी गर्नुपर्ने सही मार्गको रूपमा किन महत्त्व दिँदैनौ? अनि सत्यता र न्यायलाई तिमीहरू किन सधैँ यति धेरै उपेक्षा गर्छौ? मानिसहरूसँग खेलबाड गर्ने त्यस अधर्म र त्यस घिनलाग्दो कुराको निम्ति किन तिमीहरू आफैलाई कुल्चँदैछौ र नष्ट गर्दैछौ? अनि तिमीहरू किन अधर्मीहरूले गर्ने काममा संलग्न हुने वृद्ध मानिसहरू जस्तो अभिनय गर्छौ? तिमीहरू किन पुराना कुराहरूका पुराना तरिकाहरूको नक्कल गर्छौ? तिमीहरूका जीवन न्याय, सत्यता र पवित्रताले भरिपूर्ण हुनुपर्छ; तिमीहरूको जीवन यस्तो युवा उमेरमा नै तिमीहरूलाई पातालमा डोऱ्याउने गरी यति भ्रष्ट हुनुहुँदैन। के यो भयानक दुर्भाग्य हुनेछ भन्ने तिमीहरूलाई महसुस हुँदैन? के यो डरलाग्दो अन्याय हुनेछ भन्ने तिमीहरूलाई महसुस हुँदैन?

तिमीहरू सबैले आफ्ना सर्वथा सिद्ध काम गर्नुपर्छ र तिमीहरूले मलाई सुम्पन परम, अद्वितीय बलिदान बनाएर त्यसलाई मेरो वेदीमा बलिदान गर्नुपर्छ। तिमीहरू सबै आफ्ना दृष्टिकोणमा बलियो गरी खडा हुनुपर्छ र आकाशका बादलहरू जस्तै हरेक मन्द हावासँगै उड्ने हुनु हुँदैन। तिमीहरूले आफ्नो आधा जीवनसम्म कठिन परिश्रम गर्छौ, यसैले तिमीहरूले किन आफूले पाउनुपर्ने लक्ष्यको खोजी नगर्ने? तिमीहरू आधा जीवनसम्म परिश्रम गर्छौ, तथापि तिमीहरू सुँगुर र कुकुर जस्ता तिमीहरूका अभिभावकहरूलाई सत्यता र तिमीहरूको महत्त्वपूर्ण व्यक्तिगत अस्तित्वलाई चिहानमा तान्न दिन्छौ। यो तेरा विरुद्धको ठूलो अन्याय हो भन्ने तँलाई लाग्दैन? के तँलाई यस तरिकाले जीवन जिउनु अत्यन्तै व्यर्थ हो भन्ने महसुस हुँदैन? यस तरिकाले सत्यता र सही मार्गको खोजी गर्नाले समस्याहरू पैदा हुन्छन् जसको कारण छिमेकीहरूले असहज महसुस गर्छन् र सम्पूर्ण परिवार दुःखी हुन्छ अनि यसले घातक प्रकोपहरूतर्फ डोऱ्याउँछ। यदि तँ यसरी जिउँछस् भने, के यो सबैभन्दा व्यर्थ जीवन होइन र? कसको जीवन तेरोभन्दा भाग्यशाली हुन सक्छ र कसको जीवन तेरोभन्दा हास्यास्पद हुन सक्छ? के तँ मेरो आनन्द र तेरो निम्ति सान्त्वनाका वचनहरू प्राप्त गर्न नै मेरो खोजी गर्दैनस् र? तर तँ आधा जीवन यताउता दौडेपछि, म रिसले चूर नहोउन्जेलसम्म र तेरो वास्ता नराखुन्जेल वा तेरो प्रशंसा नगरुन्जेलसम्म मलाई क्रोधित तुल्याउँछस्—के यसको

अर्थ तेरो सम्पूर्ण जीवन व्यर्थमा गएको छ भन्ने हुँदैन र? शुद्ध हुने स्थानबाट मुक्त पारिएका युगौं-युगका ती सन्तहरूका आत्माहरूलाई हेर्न जाने धृष्टता तैँले कसरी गर्न सक्छस्? तँ मप्रति उदासीन छस् र अन्तमा तैँले घातक विपत्ति पैदा गर्छस्—यस मौकाको फाइदा लिनु र विशाल समुद्र वारपार आनन्दमय यात्रा गर्नु र त्यसपछि मेरो "सुम्पिएको कार्य" पालन गर्नु नै असल हुने थियो। मैले तँलाई धेरै पहिले भनेको थिएँ, तँ जस्तो उदासीन तापनि अलग हुन अनिच्छुक व्यक्तिलाई, मैले सृजना गरेका छालहरूले विलय गर्नेछ र निल्नेछ। के तिमीहरूले साँच्चै आफैलाई सुरक्षा दिन सक्छौ? तेरो अहिलेको खोजले तँ सिद्ध छस् भन्ने कुरालाई सुनिश्चित गर्नेछ भन्ने कुरामा तँ साँच्चै पक्का छस्? के तेरो हृदय धेरै कठोर छैन र? यस किसिमको पछ्याइ, यस किसिमको खोज, यस किसिमको जीवन र यस किसिमको चरित्र—यसले कसरी मेरो स्याबासी प्राप्त गर्न सक्थ्यो?

## तैँले सम्पूर्ण मानवजाति वर्तमान दिनसम्म कसरी विकसित भयो भन्ने जान्नुपर्छ

छ हजार वर्षभन्दा लामो अवधिमा गरिएको कामको सम्पूर्णता फरक-फरक युग आउने र जाने क्रममा परिवर्तन भएको छ। यो कार्यको परिवर्तन संसारको समग्र स्थिति र मानवजातिको समग्र विकास सम्बन्धी प्रवाहहरूमा आधारित छ; व्यवस्थापन कार्य पनि सोही अनुरूप बिस्तारै मात्रै परिवर्तन भएको छ। यी सबै सृष्टिको सुरुवातदेखि योजना गरिएको थिएन। संसारको सृष्टि हुनुभन्दा पहिले, वा त्यसको केही समयपछि, यहोवाले कार्यको पहिलो चरण, अर्थात् व्यवस्थाको कार्य; कार्यको दोस्रो चरण, अर्थात् अनुग्रहको कार्य; वा कार्यको तेस्रो चरण, अर्थात् विजयको कार्य—जुन उहाँले सुरुमा मोआबका केही सन्तानबाट सुरु गर्नुहुने थियो, र यसद्वारा सम्पूर्ण ब्रह्माण्ड विजय गर्नुहुने थियो—त्यसको योजना बनाउनुभएको थिएन। संसारलाई सृष्टि गरिसकेपछि, उहाँले यी वचन कहिल्यै बोल्नुभएन, न त मोआबपछि नै ती उहाँले कहिल्यै बोल्नुभयो; वास्तवमा, लोतभन्दा पहिले, ती उहाँले कहिल्यै उच्चारण गर्नुभएन। परमेश्वरको सबै काम तत्कालीन रूपमा गरिन्छ। उहाँको व्यवस्थापनको सम्पूर्ण छ हजार वर्षे कार्यको विकास पनि ठीक यसरी नै भएको छ; उहाँले संसारको सृष्टि हुनुभन्दा पहिले कुनै पनि हालतमा "मानवजातिको विकासको सारांश चार्ट" जस्तो योजना लेख्नुभएन। परमेश्वरको कार्यमा, उहाँ जे हो त्यो प्रत्यक्ष रूपमा व्यक्त गर्नुहुन्छ; योजना बनाउन उहाँले आफ्नो मस्तिष्कलाई पीडा दिनुहुन्न। अवश्य नै, केही अगमवक्ताले निकै धेरै अगमवाण बोलेका छन्, तर परमेश्वरको कार्य सँधै नै सटीक योजना अन्तर्गत नै रह्यो भन्न सकिँदैन; ती अगमवाणी परमेश्वरको त्यो समयको कार्य अनुसार गरिएका थिए। उहाँले गर्नुहुने सबै कार्य सबभन्दा वास्तविक कार्य हुन्छ। उहाँले हरेक युगको विकास अनुसार यो गर्नुहुन्छ, र काम-कुराहरू कसरी परिवर्तन हुन्छन् त्यसैको आधारमा गर्नुहुन्छ। उहाँक लागि, आफ्नो काम अघि बढाउनु भनेको बिरामीलाई उपचार गर्ने औषधि दिनुजस्तै हो; आफ्नो काम गर्ने क्रममा, उहाँले अवलोकन गर्नुहुन्छ, र उहाँका अवलोकन अनुसार आफ्नो कार्य जारी राख्नुहुन्छ। आफ्नो कार्यको हरेक चरणमा, परमेश्वर आफ्नो प्रचुर बुद्धि र क्षमता व्यक्त गर्न सक्षम हुनुहुन्छ; उहाँले आफ्नो

प्रशस्त बुद्धि र अख्तियार कुनै निश्चित युगको कार्यको आधारमा प्रकट गर्नुहुन्छ, र उहाँले त्यस युगमा फर्काएर ल्याउनुभएका सबैलाई उहाँको सम्पूर्ण स्वभाव देख्ने तुल्याउनुहुन्छ। आफूले जे काम गर्नुपर्ने हो त्यो, उहाँले हरेक युगमा गर्न आवश्यक रहेको काम अनुसार नै मानिसको खाँचो पूरा गर्नुहुन्छ। शैतानले जुन हदसम्म मानिसलाई भ्रष्ट तुल्याएको छ त्यही अनुसार उहाँले तिनीहरूको खाँचो पूरा गरिदिनुहुन्छ। जसरी पृथ्वीमा परमेश्‍वरलाई प्रकट गर्न सकून् र तिनीहरूले सृष्टिको माझमा परमेश्‍वरको गवाही दिन सकून् भनेर यहोवाले प्रारम्भमा आदम र हव्वालाई सृष्टि गर्नुभयो, यो पनि त्यस्तै हो। तैपनि, सर्पको प्रलोभनमा परेपछि हव्वाले पाप गरिन्, र आदमले पनि त्यसै गऱ्यो; बगैँचामा, तिनीहरू दुवैले असल र खराबको ज्ञान दिने रूखको फल खाए। तसर्थ, यहोवाले तिनीहरूमा थप काम गर्नुपऱ्यो। तिनीहरूको नग्नता देखेपछि, उहाँले पशुका छालाबाट बनाइएको वस्त्रद्वारा तिनीहरूको शरीर ढाकिदिनुभयो। त्यसपछि उहाँले आदमलाई भन्‍नुभयो, “तैँले तेरी श्रीमतीको कुरा सुनेको छस्, र मैले तँलाई यसबाट नखानू भनेर आज्ञा दिएको रुखबाट खाएको छस् त्यसकारण: तँ भूमिमा नफर्कुन्जेलसम्म ... तेरो खातिर भूमि श्रापित भएको छ; किनभने तँ यसबाटै निकालिएको थिइस्: तँ धूलो होस् र तँ धूलोमै फर्कनेछस्।” त्यो स्त्रीलाई उहाँले भन्‍नुभयो, “म तेरा कष्ट र तेरो सुत्केरी-वेदनालाई ज्यादै बढाइदिनेछु; तैँले कष्टमा नै बच्चाहरू जन्माउनेछेस्; र तेरो इच्छा तेरो पतितिर हुनेछ, र त्यसले तँमाथि शासन गर्नेछ।” त्यसपछि, उहाँले तिनीहरूलाई अदनको बगैंचाबाट निकाल्नुभयो र अहिले जसरी आधुनिक मानिस पृथ्वीमा जिउँछन्, त्यसरी नै तिनीहरूलाई त्यसको बाहिरपट्टि जिउने तुल्याउनुभयो। प्रारम्भमा परमेश्‍वरले मानिसलाई सृष्टि गर्नुहुँदा सृष्टि भएपछि मानिसलाई सर्पद्वारा प्रलोभनमा पर्न दिने र त्यसपछि मानिस र सर्पलाई सराप्ने उहाँको योजना थिएन। उहाँसँग वास्तवमै त्यस्तो योजना थिएन; घटनाक्रम नै त्यसरी विकसित भयो जसले उहाँलाई उहाँको सृष्टिको बीचमा नयाँ काम गर्ने अवसर दियो। पृथ्वीमा आदम र हव्वा बीच यहोवाले आफ्नो काम गरिसक्नुभएपछि, मानवजाति हजारौं वर्षसम्म विकास भइरह्यो, जब “पृथ्वीमा मानिसको दुष्टता ठूलो थियो र उसको हृदयको विचारहरूको हरेक कल्पना निरन्तर रूपमा दुष्ट मात्र थियो भन्‍ने यहोवाले देख्नुभयो। अनि यहोवाले पृथ्वीमा मानिस बनाउनुभएकोमा अफसोस मान्‍नुभयो र आफ्नो हृदयमा उहाँ दुःखित हुनुभयो। ... तर नोआले यहोवाको नजरमा अनुग्रह पाए।” यस पटक यहोवासँग गर्नुपर्ने धेरै नयाँ काम थियो, किनभने उहाँले सृष्टि गर्नुभएको मानवजाति सर्पको प्रलोभनमा परेपछि अत्यन्तै पापी बनेको थियो। यी परिस्थितिलाई ध्यानमा राख्दै, यहोवाले सारा मानवजातिको बीचबाट बचाउन नोआको परिवारलाई चुन्‍नुभयो, र त्यसपछि उहाँले बाढीद्वारा संसारलाई नष्ट गर्ने आफ्नो काम अघि बढाउनुभयो। आजका दिनसम्म पनि मानवजाति यही शैलीमा झन्-झन् भ्रष्ट हुँदै विकसित हुने काम जारी छ, अनि जब मानव यस्तो विकासको चरम विन्दुमा पुग्छ, तब यसले मानवजातिको अन्त्य ल्याउनेछ। प्रारम्भदेखि संसारको अन्त्यसम्मै, उहाँको कार्यको आन्तरिक सत्य सधैँ यस्तै रह्यो र सधैँ यस्तै रहनेछ। यो मानिसलाई कसरी तिनीहरूका प्रकार अनुसार वर्गीकरण गरिनेछ भन्‍ने जस्तै छ; यो हरेक व्यक्ति सुरुमा नै निश्चित वर्गमा पर्नेछ भनी पुर्वनिर्धारण गरिएको भन्‍ने मामिला भन्दा निकै परको कुरा हो; बरु, विकासको प्रक्रियाबाट भएर गएपछि मात्रै हरेकलाई क्रमिक रूपमा वर्गीकरण

गरिन्छ। अन्त्यमा, पूर्ण मुक्तिमा ल्याउन नसकिने हरेकलाई तिनीहरूका “पितापुर्खा” कहाँ नै फर्काइन्छ। मानवजाति बीच परमेश्‍वरले गर्ने कुनै पनि कार्यको तयारी संसारको सृष्टि हुँदा नै गरिएको थिएन; बरु, परिस्थितिको विकासले नै परमेश्‍वरलाई मानवजातिको बीचमा चरणबद्‌ध र अझै वास्तविक र व्यवहारिक रूपमा आफ्नो काम गर्ने तुल्याएको छ। उदाहरणको लागि, यहोवा परमेश्‍वरले स्त्रीलाई प्रलोभन गर्न सर्पको सृष्टि गर्नुभएन; त्यो उहाँको निश्‍चित योजना थिएन, न त त्यो उहाँले जानी-जानी पहिले नै निर्धारित गर्नुभएको केही कुरा नै थियो। त्यो अनपेक्षित घटना थियो भनेर भन्‍न सकिन्छ। तसर्थ, यही कारणले यहोवाले आदम र हव्वालाई अदनको बगैंचाबाट निकाल्नुभयो र फेरि कहिल्यै मानिस सिर्जना नगर्ने शपथ खानुभयो। तैपनि, यही जगमा मात्रै मानिसले परमेश्‍वरको बुद्‌धि पत्ता लगाउँछन्। यो मैले यसभन्दा पहिले भनेको जस्तै हो: “म शैतानको षड्‌यन्त्रहरू अनुसार मेरो बुद्‌धि प्रयोग गर्छु।” मानवजाति जति भ्रष्‍ट भए पनि वा सर्पले तिनीहरूलाई जसरी प्रलोभन गरे पनि, यहोवासँग उहाँको बुद्‌धि छँदैछ; तसर्थ, संसारको सृष्टि गरेदेखि नै उहाँ नयाँ काममा संलग्‍न हुनुहुन्छ, र यो कार्यको कुनै पनि चरण कहिल्यै दोहोरिएको छैन। शैतानले निरन्तर रूपमा षड्‌यन्त्रहरू लागू गरेको छ, मानवजाति निरन्तर रूपमा शैतानद्‌वारा भ्रष्‍ट तुल्याइएका छन्, र यहोवा परमेश्‍वरले अटुट रूपमा आफ्नो बुद्‌धिमानी कार्य अघि बढाउनुभएको छ। संसारको सृष्टि गरेपछि उहाँ कहिल्यै असफल हुनुभएको छैन, न त उहाँले कहिल्यै काम गर्न नै छोड्नुभएको छ। मानिसहरू शैतानद्‌वारा भ्रष्‍ट तुल्याइएपछि, उहाँले भ्रष्‍टताको स्रोत, अर्थात् त्यस शत्रुलाई विजय गर्नको लागि तिनीहरूका बीचमा काम गरिरहनुभएको छ। प्रारम्भदेखि नै यो युद्‌ध सुरु भएको छ, र संसारको अन्त्य भइञ्जेल जारी रहनेछ। यी सबै कार्य गर्ने क्रममा, यहोवा परमेश्‍वरले शैतानद्‌वारा भ्रष्‍ट तुल्याइएका मानिसलाई समेत उहाँको महान् मुक्ति प्राप्‍त गर्ने मात्र तुल्याउनुभएको छैन, तर तिनीहरूलाई उहाँको बुद्‌धि, सर्शक्तिमान्‌ता र अख्तियार देख्‍ने पनि तुल्याउनुभएको छ। यसका साथै, अन्तिममा, उहाँले दुष्‍टलाई दण्ड दिँदै र असललाई इनाम दिँदै, तिनीहरूलाई उहाँको न्यायपरायण स्वभाव देखाउनुहुनेछ। उहाँले शैतानसँग आजको दिनसम्मै युद्‌ध गर्नुभएको छ र उहाँ कहिल्यै हार्नुभएको छैन। किनभने उहाँ बुद्‌धिमानी परमेश्‍वर हुनुहुन्छ, र उहाँले शैतानको षड्‌यन्त्रहरूका आधारमा आफ्नो बुद्‌धि प्रयोग गर्नुहुन्छ। त्यसकारण, परमेश्‍वरले स्वर्गमा भएका सबै कुरालाई उहाँको अख्तियारमा समर्पित हुने मात्रै तुल्याउनुहुन्‍न, तर उहाँले पृथ्वीको सबै कुरालाई उहाँको पाउदानमुनि राख्‍नुभएको छ र, निश्‍चित रूपमा, मानवजातिलाई आक्रमण गर्ने र सताउने दुष्‍टलाई उहाँको सजायमा पर्ने तुल्याउनुहुन्छ। उहाँकै बुद्‌धिका कारण यी सबै कामका परिणाम आउँछन्। मानवजातिको अस्तित्वभन्दा पहिले उहाँले आफ्नो बुद्‌धिलाई कहिल्यै पनि प्रकट गर्नुभएको थिएन, किनभने स्वर्ग, पृथ्वी, वा ब्रह्‌माण्डमा कतै पनि उहाँको शत्रु थिएन, र प्रकृतिमा आक्रमण गर्ने कुनै पनि अन्धकारका शक्ति थिएन। प्रधान स्वर्गदूतले उहाँलाई धोका दिएपछि, उहाँले पृथ्वीमा मानवजातिको सृष्टि गर्नुभयो, र मानवजातिकै कारण उहाँले प्रधान स्वर्गदूत, अर्थात् शैतानसँगको सहस्त्राब्दीयौं लामो युद्‌ध–हरेक अर्को चरणसँगै अझै उग्र हुँदै जाने युद्‌ध–सुरु गर्नुभयो। यी हरेक चरणमा उहाँको सर्वशक्तिमान्‌ता र बुद्‌धि उपस्थित छन्। त्यसपछि मात्रै स्वर्ग र पृथ्वीका सबै चीज परमेश्‍वरको बुद्‌धि, सर्वशक्तिमान्‌ता र खासगरि परमेश्‍वरको

वास्तविकताको साक्षी हुनेछन्। उहाँले आजको दिनसम्म पनि यस्तै वास्तविक रूपमा आफ्नो काम गर्नुहुन्छ; साथै, उहाँले आफ्नो काम गर्ने क्रममा, आफ्नो बुद्धि र सर्वशक्तिमान्तालाई पनि प्रकट गर्नुहुन्छ। उहाँले तिमीहरूलाई कार्यको हरेक चरणको भित्री सत्य देख्ने, परमेश्‍वरको सर्वशक्तिमान्तालाई ठ्याक्कै व्याख्या गर्ने, साथै, परमेश्‍वरको वास्तविकताको अन्तिम व्याख्यालाई हेर्ने तुल्याउनुहुन्छ।

येशूलाई यहूदाले दिएको धोका बारे कतिपय मानिसले सोच्ने गर्छन्: के यो संसारको सृष्टिभन्दा पहिले निर्धारित गरिएको थिएन र? वास्तवमा, समयको वास्तविकताका आधारमा नै पवित्र आत्माले यी योजना बनाउनुभयो। संयोगवस यहूदा नाम भएको कुनै व्यक्तिले सँधै कोष हिनामिना गर्थ्यो, त्यसकारण यस व्यक्तिलाई यही भूमिका निर्वाह गर्न र यसरी सेवा गर्नका लागि चुनियो। यो स्थानीय स्रोत साधनलाई प्रयोगमा ल्याउने साँचो उदाहरण थियो। सुरुमा येशू यस बारेमा अनभिज्ञ हुनुहुन्थ्यो; पछि, यहूदाको बारेमा पर्दाफास गरिएपछि मात्रै येशूले यसबारे थाहा पाउनुभयो। यो भूमिका निर्वाह गर्न सक्ने अरू कुनै व्यक्ति भएको भए, यहूदाको सट्टा त्यही व्यक्तिले यसो गर्ने थिए। वास्तवमा पूर्वनिर्धारित कुरा पवित्र आत्माले त्यही क्षणमा गर्नुभएको काम थियो। पवित्र आत्माको काम सँधै तत्कालीन रूपमा गरिन्छ; उहाँले कुनै पनि समयमा आफ्नो योजना बनाउन सक्नुहुन्छ, र यसलाई कुनै पनि समय अघि बढाउन सक्नुहुन्छ। पवित्र आत्माको कार्य वास्तविक छ, र यो सधैँ नयाँ हुन्छ, कहिल्यै पुरानो हुँदैन, र यो सधैँ उच्च हदसम्मै ताजा हुन्छ भनेर म सधैँ किन भन्छु? संसारको सृष्टि हुँदा पहिले नै उहाँको कामको योजना गरिएको थिएन; त्यो जे भयो ती सबै होइन! कामको हरेक चरणले यसको सम्बन्धित समयमा उचित प्रभाव प्राप्त गर्छ, र ती चरणहरूले एक-अर्कालाई हस्तक्षेप गर्दैनन्। धेरै पटक, पवित्र आत्माको हालैको कामसँग तेरो मनमा भएका योजनाहरू तुलनायोग्य हुँदैनन्। उहाँको काम मानव तर्कजस्तो सरल छैन, न त यो मानव कल्पनाजस्तो जटिल नै छ—यसमा मानिसलाई तिनीहरूको वर्तमान आवश्यकता अनुसार कुनै पनि समय र कुनै पनि स्थानमा आपूर्ति गर्ने कार्य समावेश हुन्छ। मानिसको सारतत्व बारे उहाँ जत्ति स्पष्ट अरू कोही छैन, र त्यही कारणले मानिसको यथार्थ खाँचोका निम्ति उहाँले गर्ने काम जत्ति उपयुक्त अरू केही हुँदैन। त्यसकारण, मानव परिप्रेक्ष्यबाट विचार गर्दा, उहाँको काम कैयौं सहस्त्राब्दी पहिले नै योजना गरिएको जस्तो देखिन सक्छ। अहिले उहाँले तिमीहरूका बीचमा काम गर्नुहुँदा, तिमीहरू जुन स्थितिमा छौ त्यसलाई हेर्दै काम गर्ने र बोल्ने गर्नुहुन्छ, त्यस क्रममा उहाँले मानिसहरूलाई जे खाँचो छ त्यही अनुसारको वचन बोल्दै, आइपर्ने हरेक स्थितिमा सहि वचनहरू बोल्नुहुन्छ। उहाँको कामको पहिलो चरणलाई लिऔं: सजायको समय। त्यसपछि, मानिसहरूले अनेक किसिमका बानीबेहोरा प्रदर्शन गरे र निश्‍चित तरिकामा विद्रोह गरे; जसरी निश्‍चित नकरात्मक अवस्थाहरू आए, त्यसरी नै विभिन्न सकारात्मक अवस्थाहरू पनि देखा परे। तिनीहरू नकारात्मकताको एउटा विन्दुमा आइपुगे र खस्किने सबैभन्दा तल्लो सीमा देखाए। परमेश्‍वरले यी सबै कुराका आधारमा, आफ्नो कामद्वारा अझै राम्रो परिणाम हासिल गर्न ति कुरालाई पकडमा राख्दै, आफ्नो काम गर्नुभएको छ। अर्थात्, कुनै निश्‍चित समयमा तिनीहरूको तत्कालीन अवस्था कस्तो छ त्यही अनुसार उहाँले मानिसहरूका बीचमा दिगो काम गर्नुहुन्छ; मानिसहरूको वास्तविक

अवस्थाहरू अनुसार उहाँले आफ्नो कामको हरेक चरणलाई अघि बढाउनुहुन्छ। सम्पूर्ण सृष्टि उहाँकै हातमा छ; उहाँले कसरी तिनीहरूलाई नचिन्न सक्नुहुन्छ? परमेश्‍वरले गर्नु पर्ने कामको अर्को चरण कुनै पनि समयमा र कुनै पनि स्थानमा मानिसहरूका अवस्थाहरू अनुसार गर्नुहुन्छ। कुनै पनि हालतमा यो काम हजारौं वर्ष पहिले योजना गरिएको थिएन; त्यो त मानव धारणा हो! उहाँले आफ्नो कामको प्रभावहरूको अवलोकन गर्दै काम गर्नुहुन्छ, र उहाँको काम निरन्तर रूपमा गहन र विकसित हुँदै जान्छ; हरेक पटक, आफ्नो कामको परिणामहरू अवलोकन गरिसकेपछि, उहाँले आफ्नो कामको अर्को चरण कार्यान्वयन गर्नुहुन्छ। क्रमिक रूपमा परिवर्तन गर्न र समय बित्दै जाँदा मानिसहरूलाई उहाँको नयाँ काम देखाउन उहाँले धेरै कुराहरूको प्रयोग गर्नुहुन्छ। कार्य गर्ने यो शैलीले मानिसहरूको खाँचो पूरा गर्न सक्छ, किनभने परमेश्‍वरले मानिसहरूलाई राम्ररी चिन्नुहुन्छ। उहाँले स्वर्गबाट आफ्नो काम यसरी नै गर्नुहुन्छ। त्यस्तै, देहधारी परमेश्‍वरले वास्तविक परिस्थितिहरू अनुसार यसरी नै बन्दोबस्त गर्दै र मानिसहरूका बीचमा काम गर्दै आफ्नो काम गर्नुहुन्छ। उहाँको कुनै पनि काम संसारको सृष्टि गरिनुभन्दा पहिले नै बन्दोबस्त गरिएको थिएन, न त यसको बारेमा पहिले नै सतर्कताको साथ योजना नै गरिएको थियो। संसारको सृष्टि गरिएको दुई हजार वर्षपछि, यहोवाले मानवजाति यति धेरै भ्रष्ट भएको देख्नुभयो कि व्यवस्थाको युग समाप्त भएपछि, यहोवाले अनुग्रहको युगमा मानवजातिलाई छुटकारा दिने आफ्नो काम गर्नुहुनेछ भनेर भविष्यवाणी गर्न उहाँले अगमवक्ता यशैयाको मुख प्रयोग गर्नुभयो। अवश्य नै, यो यहोवाको योजना थियो, तर यो योजना पनि त्यो समय उहाँले अवलोकन गरिरहनुभएको परिस्थितिहरू अनुसार नै बनाइएको थियो; अवश्य नै, उहाँले आदमको सृष्टि गरेलगत्तै यस बारे विचार गर्नुभएको थिएन। यशैयाले अगमवाणी मात्रै गरिदिए, तर यहोवाले व्यवस्थाको युगको अवधिमा यस कामको लागि अग्रिम तयारीहरू गर्नुभएको थिएन; बरु, उहाँले अनुग्रहको युगको प्रारम्भमा यो कामलाई गति दिनुभयो। यो त्यहि बेला थियो, जुन बेला परमेश्‍वर देह बन्नुहुनेछ भन्ने सन्देशबारे योसेफलाई उजागर गर्ने सन्देशवाहक उसको सपनामा देखा पर्‍यो, अनि त्यसपछि मात्रै उहाँको देहधारणको काम सुरु भयो। मानिसहरूले कल्पना गरेजस्तो, परमेश्‍वरले देहधारणको आफ्नो कार्यको योजना संसारको सृष्टि गरेपछि तुरुन्तै गर्नुभएको थिएन; मानवजातिको विकासको हद र शैतानसँगको उहाँको युद्धको अवस्थाको आधारमा मात्रै यस सम्बन्धी निर्णय गरिएको थियो।

जब परमेश्‍वर देह बन्नुहुन्छ, उहाँको आत्मा मानिसमा ओर्लिनुहुन्छ; अर्को शब्दमा भन्दा, परमेश्‍वरका आत्माले भौतिक शरीर धारण गर्नुहुन्छ। उहाँ केही सीमित चरणहरू नल्याइकन पृथ्वीमा आफ्नो काम गर्न आउनुहुन्छ; उहाँको काम पूर्णतया असीमित छ। देहमा पवित्र आत्माले गर्नुहुने कामलाई अझै उहाँको कामका परिणामहरूद्वारा नै निर्धारित गरिन्छ, र देहमा हुँदा उहाँले गर्नुहुने कामको समय अवधि निर्धारित गर्न उहाँले यस्तै कुराहरूको प्रयोग गर्नुहुन्छ। उहाँ अघि बढ्ने क्रममा उहाँको कामको जाँच गर्दै, पवित्र आत्माले उहाँको कामको हरेक चरण प्रत्यक्ष रूपमा प्रकट गर्नुहुन्छ; यो काम मानिसको कल्पनालाई तन्काउने जत्तिको अलौकिक पनि छैन। यो स्वर्गहरू र पृथ्वी अनि यावत् थोक सृष्टि गर्ने क्रममा यहोवाले गर्नुभएको काम जस्तै छ; उहाँले योजना बनाउनुभयो र एकै साथकाम गर्नुभयो। उहाँले अन्धकारबाट ज्योतिलाई अलग गर्नुभयो, अनि बिहान

र साँझ अस्तित्वमा आयो–यसको लागि एक दिन लाग्यो। दोस्रो दिन, उहाँले आकाश सृष्टि गर्नुभयो, र त्यसको लागि पनि एक दिन लाग्यो; त्यसपछि उहाँले पृथ्वी, समुद्रहरू, र तिनलाई वृद्धि गर्दै लाने सबै प्राणीहरूसृष्टि गर्नुभयो, जसको लागि अर्को दिन लाग्यो। यो छैटौं दिनसम्म जारी रह्यो, जुनबेला उहाँले मानिस सृष्टि गर्नुभयोअनि तिनलाई पृथ्वीमा भएका सबै थोकको व्यवस्थापन गर्न दिनुभयो। त्यसपछि, सबै थोक सृष्टि गरिसिध्याएपछि सातौं दिनमा, उहाँले विश्राम लिनुभयो। परमेश्‍वरले सातौं दिनलाई आशिष् दिनुभयो र यसलाई पवित्र दिन भन्‍नुभयो। उहाँले सबै थोक सृष्टि गरिसक्‍नुभएपछि मात्रै यो पवित्र दिनको स्थापना गर्ने निर्णय गर्नुभयो, तिनीहरूलाई सृष्टि गर्नुभन्दा पहिले होइन। यो काम पनि तत्कालीन रूपमा नै गरियो; सबै थोक सृष्टि गर्नुभन्दा पहिले, उहाँले छ दिनमा संसारको सृष्टि गर्ने अनि सातौं दिनमा विश्राम गर्ने निर्णय गर्नुभएको थिएन; त्यस्ता कुराहरू सत्य होइनन्। उहाँले त्यस्तो केही भन्‍नुभएन, न त यसको बारेमा योजना नै बनाउनुभएको थियो। यावत् थोकको सृष्टि छैटौं दिनमा समाप्त हुनेछ र सातौं दिनमा उहाँले विश्राम गर्नुहुनेछ भनेर उहाँले कुनै पनि हालतमा भन्‍नुभएको थिएन; बरु, त्यो समय उहाँलाई जे असल लाग्यो त्यही अनुसार नै सृष्टि गर्नुभयो। उहाँले सबै कुरा सृष्टि गरिसक्‍नुभएपछि, पहिले नै छैटौं दिन भइसकेको थियो। उहाँले सबै कुरा सृष्टि गरी सकिञ्जेलसम्म पाँचौं दिन भइसकेको थियो भने, उहाँले छैटौं दिनलाई पवित्र दिन भनी भन्‍नुहुने थियो। तैपनि, उहाँले वास्तवमा छैटौं दिनमा सबै थोक सृष्टि गरिसक्‍नुभयो, अनि सातौं दिन पवित्र बन्यो, जसलाई आजको दिनसम्म पनि हस्तान्तरण गरिँदै आएको छ। त्यसकारण, उहाँको हालको कार्य पनि यसरी नै गरिन्छ। तिमीहरूका परिस्थितिहरू अनुसार तिमीहरूका खाँचोको निम्ति उहाँले बोल्नुहुन्छ र जुटाउनुहुन्छ। अर्थात्, मानिसहरूका परिस्थिति अनुसार आत्माले बोल्नुहुन्छ र काम गर्नुहुन्छ; उहाँले सबैमाथि नजर राख्नुहुन्छ र कुनै पनि समयमा र कुनै पनि स्थानमा काम गर्नुहुन्छ। म जे गर्छु, त्यही भन्छु, तिमीहरूलाई दिन्छु, र तिमीहरूलाई प्रदान गर्छु, त्यो तिमीहरूलाई चाहिने त्यो नै हो भन्‍नेमा कुनै शङ्का छैन। तसर्थ, मेरो कुनै पनि काम वास्तविकताबाट अलग छैन; यो सबै वास्तविक छ, किनभने "परमेश्‍वरका आत्माले सबैमाथि नजर राख्नुहुन्छ" भन्‍ने तिमीहरू सबैलाई थाहा छ। यदि यी सबै कुराको निर्णय पहिले नै गरिएको थियो भने, के यो अति स्पष्ट हुनेथिएन र? यो परमेश्‍वरले सम्पूर्ण छ सहस्राब्दीको लागि योजना बनाएर मानवजातिलाई विद्रोही, विरोधी, बेइमान र धोकेबाज बन्‍ने, र देहको भ्रष्टता, शैतानिक स्वभाव, आँखाको अभिलाषा, र व्यक्तिगत लुप्तता बोक्‍ने तुल्याउनुभयो भनेर तैँले विचार गर्नुजस्तै हुनेथियो। तीमध्ये कुनैलाई पनि परमेश्‍वरले पहिलेबाटै नियुक्त गर्नुभएको थिएन, तर यी सबै शैतानको भ्रष्टताको परिणामस्वरूप भए। कसैले यसो भन्‍न सक्छ, "के शैतान पनि परमेश्‍वरकै पकडमा थिएन र? शैतानले मानिसलाई यसरी भ्रष्ट तुल्याउनेछ, र त्यसपछि परमेश्‍वरले मानिसको बीचमा आफ्नो काम गर्नुहुनेछ भनेर परमेश्‍वरले पहिलेबाटै निर्धारित गर्नुभएको थियो।" के शैतानले मानवजातिलाई भ्रष्ट तुल्याओस् भनेर परमेश्‍वरले वास्तवमा पहिले नै निर्धारण गर्नुहुने थियो र? परमेश्‍वरले मानवजातिलाई सामान्य रूपमा जिउन दिने मात्रै उत्कट इच्छा गर्नुहुन्छ, त्यसकारण के उहाँले तिनीहरूको जीवनमा वास्तवमा नै हस्तक्षेप गर्नुहुनेथियो र? यदि त्यसो हो भने, शैतानलाई हराउने र मानवजातिलाई मुक्त गर्नेकार्य बेकामको

प्रयास हुनेथिएन र? मानवजातिको विद्रोहीपनलाई कसरी पहिलेबाटै निर्धारित गर्न सकिने थियो र? यो शैतानको हस्तक्षेपद्वारा घटेको घटना हो, त्यसकारण के यसलाई परमेश्वरले पहिलेबाट नै निर्धारित गर्नुभएको हुन सक्थ्यो र? शैतान परमेश्वरको पकडमा छ भनेर तिमीहरूले जे विचार गर्छौ, त्यो शैतान परमेश्वरको पकडमा छ भनेर मैले विचार गर्नेभन्दा अत्यन्तै फरक छ। "परमेश्वर सर्वशक्तिमान् हुनुहुन्छ, अनि शैतान उहाँको हातमा छ" भन्ने तिमीहरूको अभिव्यक्ति अनुसार त शैतानले उहाँलाई कहिल्यै धोका नै दिन सक्दैन थियो। के तैँले परमेश्वर सर्वशक्तिमान् हुनुहुन्छ भनेर भनिनस् र? तिमीहरूको ज्ञान अत्यन्तै अमूर्त छ, र वास्तविकताभन्दा बाहिर छ; मानिसले परमेश्वरका सोचाइहरूलाई कहिल्यै बुझ्न सक्दैन, न त मानिसले उहाँको बुद्धिलाई नै कहिल्यै बुझ्न सक्छ! परमेश्वर सर्वशक्तिमान् हुनुहुन्छ; यो झूट हुँदै-होइन। प्रधान स्वर्गदूतले परमेश्वरलाई धोका दियो किनभने परमेश्वरले सुरुमा त्यसलाई केही अख्तियार दिनुभएको थियो। अवश्य नै, जसरी हव्वा सर्पको परीक्षाको सिकार बनिन् त्यसरी नै यो पनि एउटा अनपेक्षित घटना थियो। तैपनि, शैतानले त्यसको धोकालाई जसरी अघि बढाए पनि, त्योअझै पनि परमेश्वर जत्तिको शक्तिशाली हुँदैन। तिमीहरूले भनेझैँ, शैतान केवल बलवान् मात्रै छ; त्यसले जेसुकै गरे तापनि, त्यसलाई परमेश्वरको अख्तियारले सधैँ जित्नेछ। "परमेश्वर सर्वशक्तिमान् हुनुहुन्छ, अनि शैतान उहाँको हातमा छ" भन्ने भनाइको पछाडि रहेको साँचो अर्थ यही नै हो। त्यसकारण, शैतानसँगको युद्धलाई एक-एक चरण गरी अघि बढाइनुपर्छ। यसको साथै, शैतानका चालहरूको प्रतिक्रिया स्वरूप, परमेश्वरले आफ्नो कामको योजना गर्नुहुन्छ–अर्थात्, सम्बन्धित युगलाई लाभ हुने गरी उहाँले मानवजातिकहाँ मुक्ति ल्याउनुहुन्छ, र उहाँको सर्वशक्तिमान्ता र बुद्धिलाई प्रकट गर्नुहुन्छ। त्यसरी नै, अनुग्रहको युगभन्दा पहिले, प्रारम्भतिर नै आखिरी दिनहरूको कामको पूर्वनिर्धारण गरिएन; यसरी पूर्वनिर्धारणको काम सुव्यवस्थित रूपमा गरिँदैन: पहिलो, मानिसको बाहिरी स्वभावको परिवर्तन गर्नु; दोस्रो, मानिसलाई उहाँको सजाय दिनु र परीक्षाहरू गर्नु; तेस्रो, मानिसलाई मृत्युको परीक्षा भएर जाने तुल्याउनु; चौथो, मानिसलाई प्रेमिलो परमेश्वरको समय अनुभव गर्न र सृष्टि गरिएको प्राणीको संकल्प व्यक्त गर्न दिनु; पाँचौं, मानिसलाई परमेश्वरको इच्छा देख्ने र उहाँलाई पूर्ण रूपमा चिन्ने तुल्याउनु; अनि अन्तिममा, मानिसलाई पूर्ण तुल्याउनु। उहाँले यी सबै कुराको योजना अनुग्रहको युगको अवधिमा गर्नुभएन; बरु, उहाँले वर्तमान युगमा नै तिनको योजना बनाउन थाल्नुभयो। जसरी परमेश्वर काममा हुनुहुन्छ, त्यसरी नै शैतान पनि काममा नै छ। शैतानले त्यसको भ्रष्ट स्वभाव व्यक्त गर्छ, तर परमेश्वरले सीधा रूपमा बोल्नुहुन्छ अनि तात्विक कुराहरू प्रकट गर्नुहुन्छ। आज गरिने काम यही नै हो, र संसारको सृष्टिपछि, धेरै पहिले प्रयोग गरिएको काम गर्ने सिद्धान्त यही नै हो।

सुरुमा परमेश्वरले आदम र हव्वालाई सृष्टि गर्नुभयो, अनि उहाँले सर्पलाई पनि सृष्टि गर्नुभयो। सबै कुरामध्ये, यो सर्प सबैभन्दा विषालु थियो; त्यसको शरीरमा विष थियो, जसको फाइदा लिन शैतानले त्यसको प्रयोग गर्‍यो। हव्वालाई पाप गर्न लगाउन परीक्षा गर्ने सर्प नै थियो। हव्वापछि आदमले पाप गरे, र त्यसपछि तिनीहरू दुवैले असल र खराब छुट्याउन सके। यदि सर्पले हव्वालाई परीक्षा गर्ने थियोर हव्वाले आदमलाई परीक्षा गर्ने थियोभन्ने यहोवालाई थाहा थियो भने, किन

उहाँले तिनीहरू सबैलाई बगैंचाभित्रै राख्नुभयो? यदि उहाँले यी कुराहरूको बारेमा पूर्वानुमान गर्न सक्नुभएको थियो भने, उहाँले किन सर्पलाई सृष्टि गरेर अदनको बगैंचामा राख्नुभयो? किन अदनको बगैंचामा असल र खराबको ज्ञान दिने रूखको फल थियो? के तिनीहरूले खाऊन् भन्ने आसय उहाँको थियो? जब यहोवा आउनुभयो, न त आदमले न त हव्वाले उहाँको सामना गर्न सके, अनि तिनीहरूले असल र खराबको ज्ञान दिने रूखको फल खाएर सर्पको छलको सिकार बनेका छन् भन्ने कुरा यहोवाले त्यसपछि मात्रै थाहा पाउनुभयो। आखिरमा, उहाँले सर्पलाई श्राप दिनुभयो, अनि उहाँले आदम र हव्वा दुवैलाई पनि श्राप दिनुभयो। जब ती दुईले रूखको फल खाए, तिनीहरूले यसो गर्दैछन् भन्ने यहोवालाई थाहा थिएन। मानवजाति यति हदसम्म दुष्टता र यौनजन्य रूपमा छाडा भए कि, तिनीहरूको हृदयमा बास गर्ने सबै कुरा दुष्ट र अधर्म मात्रै थियो; यो सबै फोहोर थियो। त्यसकारण मानवजातिलाई सृष्टि गरेकोमा यहोवा पछुताउनुभयो। त्यसपछि, उहाँले संसारलाई जल-प्रलयद्‌वारा नष्ट गर्ने कार्य अघि बढाउनुभयो, जसमा नोआ र उनका छोराहरू बाँचे। कतिपय कुराहरू वास्तवमा मानिसहरूले कल्पना गरे जत्तिको वृहत् र अलौकिक हुँदैनन्। कतिले सोध्छन्, “प्रधान स्वर्गदूतले उहाँलाई धोका दिनेछ भन्ने परमेश्‍वरले जान्नुहुन्थ्यो भने, उहाँले त्यसलाई किन सृष्टि गर्नुभयो?” ती तथ्यहरू यसप्रकार छन्: पृथ्वी अस्तित्वमा हुनुभन्दा पहिले, त्यो प्रधान स्वर्गदूत स्वर्गका स्वर्गदूतहरूमध्ये सबैभन्दा महान् थियो। स्वर्गका सारा स्वर्गदूतहरूमाथि त्यसको क्षेत्राधिकारथियो; परमेश्‍वरले त्यसलाई प्रदान गर्नुभएको अख्तियार यही नै थियो। परमेश्‍वर बाहेक, स्वर्गका स्वर्गदूतहरूमध्ये यो नै सबैभन्दा महान् थियो। पछि, परमेश्‍वरले मानवजातिलाई सृष्टि गरिसक्नुभएपछि, तल पृथ्वीमा त्यस प्रधान स्वर्गदूतले परमेश्‍वरको विरुद्‌धमा अझै ठूलो षड्यन्त्र गर्‍यो। म के भन्छु भने त्यसले मानवजातिलाई व्यवस्थापन गर्न र परमेश्‍वरको अख्तियारलाई नाघ्न चाहेकोले त्यसले परमेश्‍वरलाई धोका थियो। हव्वालाई परीक्षा गरी पाप गर्न लगाउने त्यही प्रधान स्वर्गदूत थियो, र त्यसले त्यसो गर्‍यो किनभनेत्यसले पृथ्वीमा आफ्नो राज्य स्थापना गर्न र मानिसहरूले परमेश्‍वरलाई आफ्नो पिठ्यूँ फर्काएर उहाँको सट्टा प्रधान स्वर्गदूतको आज्ञापालन गर्ने तुल्याउन चाहन्थ्यो। धेरै कुराहरूले त्यसको आज्ञापालन गर्न सक्छन्त्यस–पृथ्वीका मानिसहरूले जस्तै स्वर्गदूतहरूले पनि त्यसो गर्न सक्छन् भन्ने त्यस प्रधान स्वर्गदूतले देख्यो। आदम र हव्वाले त्यस प्रधान स्वर्गदूतको आज्ञा पालन गर्दा, चराचुरुङ्‌गी र वनपशुहरू, रूखहरू, जङ्‌गलहरू, पहाड-पर्वत, खोलानाला, र पृथ्वीमा भएका सबै कुरा मानवजाति, अर्थात् आदम र हव्वाको हेरचाहमा थियो। त्यसकारण, त्यस प्रधान स्वर्गदूतले परमेश्‍वरको अख्तियारलाई नाघ्ने र परमेश्‍वरलाई धोका दिने इच्छा गर्‍यो। त्यसपछि, त्यसले धेरै स्वर्गदूतहरूलाई परमेश्‍वरको विरुद्‌ध विद्रोह गर्न उक्सायो, जो पछि विभिन्न प्रकारका अशुद्‌ध आत्माहरू बने। के आजको दिनसम्मको मानवजातिको विकास प्रधान स्वर्गदूतको भ्रष्टताले नै पैदा गरेको होइन र? मानवजाति आज जस्ता छन् त्यो प्रधान स्वर्गदूतले परमेश्‍वरलाई धोका दिएर मानवजातिलाई भ्रष्ट तुल्याएको कारणले गर्दा नै हो। यो चरणबद्‌ध कार्य मानिसहरूले कल्पना गरेजस्तो अमूर्त र सरल छँदै-छैन। शैतानले कुनै कारणले त्यसको धोकालाई अघि बढायो, तैपनि त्यति सरल तथ्यलाई बुझ्न मानिसहरू असमर्थ छन्। स्वर्गहरू र पृथ्वी अनि यावत् थोक सृष्टि गर्नुहुने परमेश्‍वरले किन शैतानलाई पनि सृष्टि गर्नुभयो?

परमेश्वरले शैतानलाई अत्यन्तै धेरै घृणा गर्नुहुन्छ, र शैतान उहाँको शत्रु हो, त्यसो हुँदा-हुँदै पनि, किन उहाँले शैतानलाई सृष्टि गर्नुभयो? शैतानको सृष्टि गरेर, के उहाँले शत्रुको सृष्टि गर्दै हुनुहुन्नथियो र? परमेश्वरले वास्तवमा शत्रुको सृष्टि गर्नुभएन; बरु, उहाँले स्वर्गदूत सृष्टि गर्नुभयो, र पछि त्यो स्वर्गदूतले उहाँलाई धोका दियो। त्यसको हैसियत वृद्धि भएर यति महान् भयो कि त्यसले परमेश्वरलाई नै धोका दिन चाहयो। यो संयोग थियो भनेर भन्न सकिन्छ, तर यो एउटा अपरिहार्य कुरा पनि थियो। कुनै व्यक्ति निश्चित विन्दुसम्म परिपक्व भइसकेपछि कसरी आखिरमा मर्छ यो त्यस्तै छ; काम-कुराहरू विकास हुँदै त्यो चरणमा पुग्यो। कतिपय विवेकहीन मूर्खहरू भन्छन्, "शैतान तपाईंको शत्रु हो भने, तपाईंले किन त्यसको सृष्टि गर्नुभयो? त्यसप्रधान स्वर्गदूतले तपाईंलाई धोका दिनेछ भन्ने तपाईंलाई थाहा थिएन र? के तपाईंले अनन्तदेखि अनन्तसम्म देख्न सक्नुहुन्न र? के तपाईंलाई त्यस प्रधान स्वर्गदूतको स्वभावथाहा थिएन र? त्यसले तपाईंलाई धोका दिनेछ भन्ने तपाईंलाई स्पष्ट रूपमा थाहा हुँदाहुँदै, तपाईंले किन त्यसलाई प्रधान स्वर्गदूत बनाउनुभयो? त्यसले तपाईंलाई धोका मात्रै दिएन, तर त्यसले आफूसँग अरू धेरै स्वर्गदूतहरूलाई लिएर मरणशीलहरूको संसारमा मानवजातिलाई भ्रष्ट तुल्याउन ओर्ल्यो, तैपनि आजको दिनसम्मै, तपाईंले अझै आफ्नो छ हजार वर्षे व्यवस्थापन योजना पूरा गर्न सक्नुभएको छैन।" के यी शब्दहरू सहि छन् त? जब तँ यसरी विचार गर्छस्, के तैँले आफैलाई आवश्यकताभन्दा बढी समस्याबाट गुजारिरहेको हुँदैनस् र? अरू यसो भन्नेहरू पनि छन्, "आजको दिनसम्मै शैतानले मानवजातिलाई भ्रष्ट नतुल्याएको भए, परमेश्वरले मानवजातिलाई यसरी मुक्तिमा ल्याउनुहुने थिएन। तसर्थ, परमेश्वरको बुद्धि र सर्वशक्तिमान्ता अदृश्य हुने थियो; उहाँको बुद्धि कहाँ प्रकट गरिने थियो र? त्यसकारण, परमेश्वरले मानवजातिलाई शैतानको लागि सृष्टि गर्नुभयो ताकि उहाँले पछि आफ्नो सर्वशक्तिमान्ता प्रकट गर्न सक्नुभएको होस्–अन्यथा, मानिसले कसरी परमेश्वरको बुद्धि पत्ता लगाउन सक्थ्यो र? यदि मानिसले परमेश्वरको विरोध नगरेको भए वा उहाँको विरुद्धमा विद्रोह नगरेको भए, उहाँका कार्यहरू प्रकट गर्नु आवश्यक नै हुने थिएन। यदि सारा सृष्टिले उहाँको आराधना गर्नु र उहाँमा समर्पित हुनु थियो भने, परमेश्वरसँग कुनै काम नै हुने थिएन।" यो त झन् वास्तविकताभन्दा अझै परको कुरा हो, किनभने परमेश्वरमा केही पनि अशुद्धता छैन, त्यसकारण उहाँले अशुद्धताको सृष्टि गर्न सक्नुहुन्न। उहाँले अहिले आफ्नो शत्रुलाई जित्न, आफूले सृष्टि गर्नुभएको मानिसहरूलाई मुक्त गर्न, र उहाँलाई घृणा गर्ने, धोका दिने, र विरोध गर्ने, अनि प्रारम्भमा उहाँको प्रभुत्वमा र उहाँको स्वामित्वमा रहेका भूत आत्माहरू र शैतानलाई जित्नको लागि मात्रै आफ्ना कार्यहरू प्रकट गर्नुहुन्छ। परमेश्वरले यी भूत आत्माहरूलाई हराउन, र त्यस क्रममा, उहाँको सर्वशक्तिमान्ता सबै थोकलाई प्रकट गर्न चाहनुहुन्छ। मानवजाति र पृथ्वीमा भएका सबै कुरा अहिले शैतानको राज्यक्षेत्रमा छ र दुष्टको राज्यक्षेत्रको अधीनमा छ। मानिसहरूले उहाँलाई चिन्न सकून् भनेर परमेश्वरले सबै कुरालाई आफ्ना कार्यहरू प्रकट गर्न चाहनुहुन्छ, र त्यसद्वारा शैतानलाई हराउन र उहाँका शत्रुहरूलाई पूर्ण रूपमा जित्न चाहनुहुन्छ। यो कार्यको पूर्णतालाई उहाँको कार्यहरूको प्रकटद्वारा पूरा गरिन्छ। उहाँका सारा सृष्टि शैतानको राज्यक्षेत्रमा छ, त्यसकारण परमेश्वरले तिनीहरूलाई आफ्नो सर्वशक्तिमान्ता प्रकट गर्न चाहनुहुन्छ, जसद्वारा शैतानलाई हराउन

चाहनुहुन्छ। यदि शैतान नै हुदैनथ्योभने, उहाँले आफ्ना कार्यहरू प्रकट गर्नु आवश्यक हुने थिएन। शैतानले उत्पीडन नगरेको भए, परमेश्वरले मानवजातिलाई सृष्टि गरेर तिनीहरूलाई अदनको बगैंचामा नै जिउन अगुवाइ गर्नुहुने थियो। शैतानले धोका दिनुभन्दा पहिले, किन परमेश्वरले स्वर्गदूतहरूलाई वा प्रधान स्वर्गदूतलाई आफ्ना कार्यहरू कहिल्यै प्रकट गर्नुभएन? यदि प्रारम्भमा, सबै स्वर्गदूतहरू र प्रधान स्वर्गदूतले परमेश्वरलाई चिनेका र उहाँमा समर्पित भएका भए, परमेश्वरले ती अर्थहीन कार्यहरू गर्नुहुनेथिएन। शैतान र भूत आत्माहरूको अस्तित्वको कारणले, मानिसहरूले पनि परमेश्वरको विरोध गरेका छन्, र तिनीहरू विद्रोही स्वभावले भरिएका छन्। त्यसकारण परमेश्वरले आफ्नो कार्यहरू प्रकट गर्न चाहनुहुन्छ। उहाँले शैतानसँग युद्ध गर्न चाहनुहुने हुनाले, त्यसलाई हराउनको लागि उहाँले आफ्नै अख्तियार र उहाँका सबै कार्यहरूको प्रयोग गर्नुपर्छ; यसरी, उहाँले मानिसहरूका बीचमा गर्नुहुने मुक्तिको कामले तिनीहरूलाई उहाँको बुद्धि र सर्वशक्तिमान्ता देख्ने तुल्याउनेछ। आज परमेश्वरले गर्दैगर्नुभएको काम अर्थपूर्ण छ, र कतिपय मानिसहरूले यसो भन्ने क्रममा जे भन्छन् त्यससँगत्यसले कुनै पनि हालतमा मेल खाँदैन, "के तपाईंले गर्नुहुने काम विरोधाभासपूर्ण छैन र? के कामको यो चरण तपाईंको आफ्नै लागि समस्या पैदा गर्ने अभ्यास मात्रै होइन र? तपाईंले शैतानको सृष्टि गर्नुभयो, र त्यसपछि तपाईंलाई धोका दिन र विरोध गर्न त्यसलाई अनुमति दिनुभयो। तपाईंले मानवको सृष्टि गर्नुभयो, त्यसपछि आदम र हव्वालाई परीक्षामा पर्न दिँदै तिनीहरूलाई शैतानको हातमा सुम्पनुभयो। तपाईंले यी सबै कुराहरू उद्देश्य राखेर नै गर्नुभयो भने, तपाईंले किन अझै पनि मानवजातिलाई घृणा नै गर्नुहुन्छ? तपाईंले किन शैतानलाई घृणा गर्नुहुन्छ? के यी सबै तपाईंले नै बनाउनुभएको होइन र? तपाईंले घृणा गर्नुपर्ने के छ र?" कतिपय मूर्ख मानिसहरूले मात्रै त्यस्ता कुराहरू भन्छन्। तिनीहरूले परमेश्वरलाई प्रेम गर्ने इच्छा गर्छन्, तर भित्र गहिराइमा, परमेश्वरको बारेमा गुनासो गर्छन्। कस्तो विरोधाभास! तैँले सत्यतालाई बुझ्दैनस्, तँसँग अत्यन्तै धेरै अलौकिक विचारहरू छन्, अनि परमेश्वरले गल्ती गर्नुभयो भनेर समेत तँ दाबी गर्छस्–तँ कति मूर्ख छस्! सत्यतासँग खेलबाड गर्ने तँ नै होस्; परमेश्वरले गल्ती गर्नुभएको होइन! कतिपय मानिसहरू घरी-घरी गुनासो समेत गर्छन्, "शैतानलाई सृष्टि गर्ने तपाईं नै हुनुहुन्छ, अनि शैतानलाई मानिसहरूका बीचमा झार्ने अनि तिनीहरूलाई त्यसको हातमा सुम्पने तपाईं नै हुनुहुन्छ। मानिसहरूले शैतानी स्वभाव प्राप्त गरेपछि, तपाईंले तिनीहरूलाई क्षमा दिनुभएन; त्यसको विपरीत, तपाईंले तिनीहरूलाई निश्चित हदसम्म घृणा गर्नुभयो। सुरुमा तपाईंले तिनीहरूलाई निश्चित हदसम्म प्रेम गर्नुभयो, तर अहिले तपाईं तिनीहरूलाई तिरस्कार गर्नुहुन्छ। मानवजातिलाई घृणा गर्ने तपाईं नै हुनुहुन्छ, तैपनि मानवजातिलाई प्रेम गर्ने पनि तपाईं नै हुनुहुन्छ। वास्तवमा यहाँ के भइरहेको छ? के यो विरोधाभास होइन र?" तिमीहरूले यसलाई जसरी हेरे तापनि, स्वर्गमा यही भएको हो; यसरी नै प्रधान स्वर्गदूतले परमेश्वरलाई धोका दियो र मानवजाति भ्रष्ट भयो, अनि मानवजाति आजसम्म पनि यस्तै छ। तिमीहरूले यसलाई जसरी बताए पनि, सम्पूर्ण कथा त्यही नै हो। तैपनि, परमेश्वरले आज गरिरहनुभएको यो कामको पछाडि रहेको सम्पूर्ण उद्देश्य भनेको तिमीहरूलाई मुक्त गर्नुर शैतानलाई पराजित गर्नु हो भन्ने तिमीहरूले बुझ्नैपर्छ।

स्वर्गदूतहरू विशेष रूपमा कमजोर थिए र बोल्नसक्ने कुनै क्षमता तिनीहरूसँग थिएन,

त्यसकारण, तिनीहरूलाई अख्तियार दिने बित्तिकै तिनीहरू अहङ्कारी बने। प्रधान स्वर्गदूतको हकमा यो विशेष गरी लागू थियो, जसको हैसियत अरू कुनै पनि स्वर्गदूतको भन्दा उच्च थियो। स्वर्गदूतहरूका बीचमा राजा भएकोले, त्यसले तिनीहरूमध्ये करोडौँलाई नेतृत्व गरे, र यहोवाको अधीनमा, त्यसको अख्तियार अरू कुनै पनि स्वर्गदूतहरूलाई उछिन्थ्यो। त्यसले यो र त्यो गर्न, अनि संसारलाई नियन्त्रण गर्नको लागि स्वर्गदूतहरूलाई मानिसहरूका बीचमा झार्न चाहन्थ्यो। उहाँ नै ब्रह्माण्डको नियन्त्रण गर्ने हुनुहुन्छ भनेर परमेश्‍वरले भन्नुभयो; तर ब्रह्माण्ड नियन्त्रण गर्ने त्यही हो भनेर प्रधान स्वर्गदूतले भन्यो—त्यसपछि, प्रधान स्वर्गदूतले परमेश्‍वरलाई धोका दियो। परमेश्‍वरले स्वर्गमा अर्को संसारको सृष्टि गर्नुभयो, अनि प्रधान स्वर्गदूतले यो संसारलाई नियन्त्रण गर्ने, साथै मरणशील संसारमा ओर्लने इच्छा गर्‍यो। के परमेश्‍वरले त्यसलाई यसो गर्न दिनुभयो? तसर्थ, उहाँले प्रधान स्वर्गदूतलाई प्रहार गर्नुभयो र त्यसलाई मध्याकाशमा फालिदिनुभयो। त्यसले मानिसहरूलाई भ्रष्ट तुल्याएपछि नै, तिनीहरूलाई मुक्त गर्नको लागि परमेश्‍वरले प्रधान स्वर्गदूतसँग युद्ध गर्नुभएको छ; उहाँले यो छ सहस्त्राब्दीलाई त्यसको हारको लागि प्रयोग गर्नुभएको छ। सर्वशक्तिमान् परमेश्‍वरसँग सम्बन्धित तिमीहरूको अवधारणा परमेश्‍वरले हाल गरिरहनुभएको कामसँग मिल्दैन; यो पूर्णतया अव्यवहारिक, र अत्यन्तै भ्रामक छ! वास्तवमा, प्रधान स्वर्गदूतको धोकापछि मात्रै परमेश्‍वरले त्यसलाई आफ्नो शत्रुको रूपमा घोषणा गर्नुभयो। त्यसको धोकाको कारणले गर्दा मात्रै प्रधान स्वर्गदूत भौतिक संसारमा आइपुगेपछि त्यसले मानवजातिलाई आघात पुर्‍यायो, अनि यही कारणले गर्दा नै मानवजाति यस विन्दुसम्म विकास भइआएको छ। त्यो घटना घटेपछि, परमेश्‍वरले शैतानसँग शपथ खानुभयो, “म तँलाई पराजित गर्नेछु र मैले सृष्टि गरेको सारा मानवलाई मुक्ति दिनेछु।” सुरुमा अविश्‍वस्त, शैतानले उत्तर दियो, “तपाईंले साँच्चै मलाई के गर्न सक्नुहुन्छ? के तपाईंले मलाई प्रहार गरेर मध्याकाशमा झार्न सक्नुहुन्छ? तपाईंले मलाई साँच्चै पराजित गर्नुहुन्छ?” परमेश्‍वरले त्यसलाई मध्याकाशमा झारिसक्नुभएपछि, उहाँले त्यसप्रधान स्वर्गदूतलाई थप कुनै ध्यान दिनुभएन, र पछि शैतानको निरन्तर वाधाहरूका बाबजुद पनि उहाँले मानवजातिलाई मुक्त गर्नर आफ्नो कामलाई अगि बढाउन सुरु गर्नुभयो। शैतानले यो र त्यो गर्न सक्यो, तर यो सबै परमेश्‍वरले पहिले त्यसलाई दिनुभएको शक्तिको कारणले गर्दा थियो; त्यसले यी कुराहरूलाई आफूसँग मध्याकाशमा लिएर गयो, अनि आजको दिनसम्मै राखेको छ। प्रधान स्वर्गदूतलाई प्रहार गरेर मध्याकाशमा झार्ने क्रममा, परमेश्‍वरले त्यसको अख्तियार फिर्ता लिनुभएन, र त्यसैले शैतानले मानवजातिलाई निरन्तर रूपमा भ्रष्ट तुल्यायो। अर्कोतर्फ, सृष्टिपछि तुरुन्तै शैतानले भ्रष्ट तुल्याएको मानवजातिलाई मुक्त गर्नेकाम परमेश्‍वरले सुरु गरिहाल्नुभयो। स्वर्गमा हुँदा परमेश्‍वरले आफ्ना कार्यहरू प्रकट गर्नुभएन; तैपनि, पृथ्वीको सृष्टि गर्नुभन्दा पहिले, उहाँले सृष्टि गर्नुभएका संसारका मानिसहरूलाई स्वर्गमा उहाँका कार्यहरूदेख्ने अनुमति दिनुभयो, यसरीउहाँले यी मानिसहरूलाई माथि स्वर्गमा अगुवाइ गर्नुभयो। उहाँले तिनीहरूलाई बुद्धि र बौद्धिक क्षमता दिनुभयो, अनि ती मानिसहरूलाई त्यससंसारमा जिउन अगुवाइ गर्नुभयो। स्वाभाविक रूपमै, तिमीहरू कसैले पनि यसभन्दा अघि यसको बारेमा कहिल्यै सुनेका छैनौ। पछि, परमेश्‍वरले मानिसहरूलाई सृष्टि गरिसक्नुभएपछि, प्रधान स्वर्गदूतले तिनीहरूलाई भ्रष्ट तुल्याउन थाल्यो; पृथ्वीमा, सारा

मानवजाति अस्तव्यस्ततामा फस्यो। त्यसपछि मात्रै परमेश्वरले शैतान विरुद्धको आफ्नो युद्ध सुरु गर्नुभयो, अनि यस पटक मात्रै मानिसहरूले उहाँका कार्यहरू देख्न थाले। प्रारम्भमा, त्यस्ता कार्यहरूलाई मानवजातिबाट लुकाइएको थियो। शैतानलाई मध्याकाशमा झारिएपछि, त्यसले आफ्नै काम-कुराहरू गर्‍यो अनि शैतानको विरुद्धमा निरन्तर युद्ध गर्दै, परमेश्वरले आखिरी दिनहरूसम्मै आफ्नो कामलाई जारी राख्नुभयो। शैतानलाई नष्ट गर्नुपर्ने समय अहिले नै हो। सुरुमा, परमेश्वरले त्यसलाई अख्तियार दिनुभयो, र उहाँले पछि त्यसलाई प्रहार गरेर मध्याकाशमा झार्नुभयो, तैपनि यो विद्रोही नै रह्‍यो। त्यसपछि, त्यसले पृथ्वीमा मानवजातिलाई भ्रष्ट तुल्यायो, तर परमेश्वर त्यहीँ नै मानवजातिलाई व्यवस्थापन गर्दै हुनुहुन्थ्यो। परमेश्वरले शैतानलाई हराउनको लागि उहाँले मानिसहरूको व्यवस्थापनको प्रयोग गर्नुहुन्छ। मानिसहरूलाई भ्रष्ट तुल्याएर, शैतानले तिनीहरूको भविष्यलाई समाप्त गर्छ र परमेश्वरको कार्यमा वाधा दिन्छ। अर्कोतर्फ, मानवजातिको मुक्ति नै परमेश्वरको कार्य हो। परमेश्वरको कामको कुन चरण मानवजातिलाई मुक्त गर्नको लागि होइन? कुन चरण मानवजातिलाई धुनको लागि, र तिनीहरूलाई धर्मी रूपमा व्यवहार गर्ने र प्रेम गर्न सकिनेहरूको प्रतिरूपमा जिउने तुल्याउनको लागि होइन? तैपनि, शैतानले यसो गर्दैन। त्यसले मानवजातिलाई भ्रष्ट तुल्याउँछ; त्यसले मानवजातिलाई भ्रष्ट तुल्याउने त्यसको काम सम्पूर्ण ब्रह्‍माण्डभरि नै निरन्तर रूपमा जारी राख्छ। अवश्य नै, परमेश्वरले पनि शैतानलाई कुनै ध्यान नै नदिइकन आफ्नो काम गर्नुहुन्छ। शैतानसँग जति नै धेरै अख्तियार भए तापनि, त्यो अख्तियार परमेश्वरले नै त्यसलाई दिनुभएको थियो; परमेश्वरले आफ्नो सम्पूर्ण अख्तियार त्यसलाई दिनुभएन, त्यसकारण शैतानले जेसुकै गरे तापनि, त्यसले परमेश्वरलाई कहिल्यै उछिन्नसक्दैन र यो सधैँ नै परमेश्वरको पकडभित्रै हुनेछ। स्वर्गमा हुँदा परमेश्वरले आफ्नो कुनै पनि कार्य प्रकट गर्नुभएन। उहाँले शैतानलाई अख्तियारको सानो भाग मात्रै दिएर त्यसलाई अरू स्वर्गदूतहरूमाथि नियन्त्रण अभ्यास गर्न दिनुभयो। त्यसकारण, शैतानले जेसुकै गरे तापनि, त्यसले परमेश्वरको अख्तियारलाई उछिन्न सक्दैन, किनभने परमेश्वरले त्यसलाई सुरुमा दिनुभएको अख्तियार सीमित छ। परमेश्वरले काम गर्नुहुँदा, शैतानले वाधा दिन्छ। आखिरी दिनहरूमा, त्यसका अवरोधहरू समाप्त हुनेछन्; त्यसरी नै, परमेश्वरको कार्य पनि समाप्त हुनेछ, अनि परमेश्वरले जुन प्रकारका मानिसहरूलाई पूर्ण बनाउन चाहनुहुन्छ तिनीहरू पनि पूर्ण हुनेछन्। परमेश्वरले मानिसहरूलाई सकारात्मक रूपमा निर्देशित गर्नुहुन्छ; उहाँको जीवन जिउँदो पानी हो, जुन नाप्न नसकिने र सीमारहित छ। शैतानले मानिसलाई निश्चित हदसम्म भ्रष्ट तुल्याएको छ; अन्त्यमा, जीवनको जिउँदो पानीले मानिसलाई पूर्ण बनाउनेछ, अनि हस्तक्षेप गर्नु र त्यसको काम गर्नु शैतानको लागि असम्भव हुनेछ। यसरी, परमेश्वरले यी मानिसहरूलाई पूर्ण रूपमा प्राप्त गर्न सक्नुहुनेछ। अहिले समेत, शैतानले यो स्वीकार गर्न मान्दैन; त्यसले निरन्तर रूपमा आफैलाई परमेश्वरको विरुद्धमा खडा गर्छ, तर उहाँले त्यसलाई कुनै ध्यान दिनुहुन्न। परमेश्वरले भन्नुभएको छ, "शैतानका सारा अन्धकारका शक्तिहरू र सारा अन्धकारका प्रभावहरूमथि म विजय हुनेछु।" अहिले देहमा गरिनुपर्ने काम यही नै हो, र देह बन्ने कार्यलाई महत्त्वपूर्ण तुल्याउने पनि यही नै हो: अर्थात्, आखिरी दिनहरूमा शैतानलाई हराउने कामको चरण पूरा गर्नु, अनि शैतानको स्वामित्वमा रहेका सबै कुरालाई हटाउनु। शैतानमाथिको परमेश्वरको विजय

अपरिहार्य छ! वास्तवमा, शैतान धेरै पहिले नै असफल भइसक्यो। जब ठूलो रातो अजिङ्गरको देशभरि सुसमाचार फैलन सुरु भयो–अर्थात्, जब देहधारी परमेश्‍वरले आफ्नो काम सुरु गर्नुभयो र यो काम अघि बढ्‍यो–तब शैतान पूर्ण रूपमा पराजित भयो, किनभने देहधारणको खास उद्‌देश्य नै शैतानलाई जित्नु थियो। परमेश्‍वर फेरि पनि देह बन्‍नुभएको छ र कुनै पनि शक्तिले रोक्न नसक्ने आफ्नो काम उहाँले सुरु गर्नुभएको छ भन्‍ने थाहा पाउने बित्तिकै, शैतान यो कामको अघि हक्‍का न बक्‍क बन्यो, अनि थप कुनै पनि दुष्कर्म गर्ने आँट गरेन। सुरुमा शैतानले पनि प्रशस्तै बुद्‌धि प्राप्‍त गरेको छु भन्‍ने ठान्यो, अनि त्यसले परमेश्‍वरको कार्यमा वाधा दियो र सतायो; तैपनि, परमेश्‍वर फेरि देह बन्‍नुहुनेछ, वा उहाँको काममा, परमेश्‍वरले शैतानको विद्रोहीपनलाई मानवजातिको लागि प्रकाश र न्यायको रूपमा प्रयोग गर्नुहुनेछ, जसद्‌वारा उहाँले मानिसहरूलाई विजय गर्नुहुनेछ र शैतानलाई हराउनुहुनेछ भन्‍ने अपेक्षा त्यसले गरेको थिएन। परमेश्‍वर शैतानभन्दा बुद्‌धिमानी हुनुहुन्छ, र उहाँको कामले त्यसलाई अत्यन्तै बढी मात्रामा उछिन्छ। त्यसकारण, मैले यसभन्दा अघि उल्लेख गरेझैँ, “मैले गर्ने काम शैतानको चालहरूको प्रतिक्रियामा गरिन्छ; अन्त्यमा, म मेरो सर्वशक्तिमान्‌ता र शैतानको शक्तिहीनतालाई प्रकट गर्नेछु।” परमेश्‍वरले अग्रस्थानमा आफ्नो काम गर्नुहुन्छ, तर आखिरमा, नष्ट भइञ्जेलसम्म शैतान पछि-पछि दगुर्छ–त्यसलाई केले प्रहार गर्‍यो त्यो पनि त्यसलाई थाहा हुनेछैन! त्यसलाई पहिले नै प्रहार गरेर चकनाचूर पारिसकिएपछि मात्रै त्यसले सत्यतालाई महसुस गर्नेछ, र त्यो बेलासम्म, यो पहिले नै आगोको कुण्डमा परिसकेको हुनेछ। के त्यसबेला यो पूर्ण रूपमा विश्‍वस्त हुनेछैन र? किनभने त्यसपछि शैतानसँग प्रयोग गर्ने कुनै पनि युक्ति हुनेछैन!

परमेश्‍वरको हृदयलाई मानवजातिप्रतिको शोकद्‌वारा धेरै पटक भारी तुल्याउने यही चरणबद्‌ध, वास्तविक कार्य नै हो, त्यसकारण शैतानसँगको उहाँको युद्‌ध छ हजार वर्षसम्म जारी रहेको छ, र परमेश्‍वरले भन्‍नुभएको छ, “म फेरि कहिल्यै पनि मानवजातिको सृष्‍टि गर्नेछैन, न त म फेरि कहिल्यै स्वर्गदूतहरूलाई अख्तियार नै दिनेछु।” त्यसपछि, जब स्वर्गदूतहरू काम गर्न पृथ्वीमा आए, तिनीहरूले केही काम गर्न केवल परमेश्‍वरलाई पछ्याए; उहाँले फेरि कहिल्यै कुनै पनि अख्तियार दिनुभएन। इस्राएलीहरूले देखेका स्वर्गदूतहरूले कसरी आफ्ना काम गरे? तिनीहरूले आफैलाई सपनाहरूमा प्रकट गरे अनि यहोवाका वचनहरू व्यक्त गरे। क्रूसीकरणको तीन दिनपछि जब येशू पुनरुत्थान हुनुभयो, ठूलो ढुङ्गालाई गुडाउने स्वर्गदूतहरू नै थिए; परमेश्‍वरका आत्माले यो काम व्यक्तिगत रूपमा गर्नुभएन। स्वर्गदूतहरूले मात्रै यस प्रकारको काम गर्थे; तिनीहरूले सहयोगी भूमिका निर्वाह गर्थे, तर तिनीहरूसँग कुनै अख्तियार थिएन, किनभने परमेश्‍वरले तिनीहरूलाई फेरि कहिल्यै कुनै अख्तियार दिनुभएन। पृथ्वीमा परमेश्‍वरले प्रयोग गर्नुभएका मानिसहरूले केही समयसम्म काम गरिसकेपछि परमेश्‍वरको हैसियतलाई लिए अनि भने, “म ब्रह्‍माण्डलाई नाघ्न चाहन्छु! म तेस्रो स्वर्गमा खडा हुन चाहन्छु! हामी सार्वभौम शक्तिका शासनहरू लिन चाहन्छौं!” धेरै दिनको कामपछि तिनीहरू अहङ्कारी बन्‍नेथिए; तिनीहरूले पृथ्वीमाथि सार्वभौम अख्तियार लिने, अर्को राष्‍ट्र स्थापना गर्ने, सबै कुरा तिनीहरूको खुट्टामुनि राख्‍ने, र तेस्रो स्वर्गमा खडा हुने इच्छा गरे। के तँ परमेश्‍वरले प्रयोग गर्नुभएको मानिस मात्रै होस् भन्‍ने तँलाई थाहा छैन? तँ कसरी

तेस्रो स्वर्गमा चढ्न सक्थिस् र? परमेश्वर चुपचाप र कुनै चिच्याहट विना नै काम गर्न पृथ्वीमा आउनुहुन्छ, अनि आफ्नो काम गुप्तमा समाप्त गरेर जानुहुन्छ। उहाँ मानिसहरूजस्तो कहिल्यै चिच्याउनुहुन्न, तर उहाँ आफ्नो काम गर्नमा व्यवहारिक हुनुहुन्छ। न त उहाँ मण्डलीमा प्रवेश गरेपछि यसो भनेर नै चिच्याउनुहुन्छ, "म तिमीहरू सबैलाई परास्त गर्नेछु! म तिमीहरूलाई सराप्नेछु अनि सजाय दिनेछु!" उहाँले आफ्नो कामलाई जारी मात्रै राख्नुहुन्छ, अनि यो समाप्त भएपछि जानुहुन्छ। बिरामी निको पार्ने, भूत आत्माहरू धपाउने, पुल्पिटबाट अरूलाई भाषण दिने, लामो र आडम्बरी भाषणहरू ठोक्ने, अनि अवास्तिक कुराहरूको बारेमा बहस गर्ने ती धार्मिक पाष्टरहरू सबै, भित्रैबाट अहङ्कारी छन्! तिनीहरू प्रधान स्वर्गदूतका सन्तान बाहेक केही पनि होइनन्!

वर्तमानको दिनसम्म आफ्नो छ हजार वर्षे कामलाई अघि बढाइसकेपछि, परमेश्वरले पहिले नै उहाँका धेरै कार्यहरू प्रकट गरिसक्नुभएको छ, जसको प्राथमिक उद्देश्य भनेको शैतानलाई हराउनु र सारा मानवजातिमा मुक्ति ल्याउनु हो। उहाँले स्वर्गमा भएको सबै कुरालाई, पृथ्वीका सबै कुरालाई, समुद्रका सबै कुरालाई, र पृथ्वीमा भएका परमेश्वरका सृष्टिका हरेक अन्तिम वस्तुलाई उहाँको सर्वशक्तिमानता देख्न र उहाँका कार्यहरू अवलोकन गर्न दिनको लागि यो मौकाको प्रयोग गरिरहनुभएको छ। मानिसहरूलाई आफ्ना सबै कार्यहरू प्रकट गर्न, अनि शैतानलाई हराउने कार्यमा उहाँलाई प्रशंसा गर्न र उहाँको बुद्धिलाई उचाल्न तिनीहरूलाई सक्षम गर्नको लागि शैतानमाथिको उहाँका जीतले प्रदान गरेकोमौकाको प्रयोग गरिरहनुभएको छ। पृथ्वीमा, स्वर्गमा, अनि समुद्रमा भएका यावत् थोकले परमेश्वरमा महिमा ल्याउँछन्, उहाँको सर्वशक्तिमान्ताको प्रशंसा गर्छन्, उहाँका हरेक कार्यको प्रशंसा गर्छन्, र उहाँको पवित्र नाउँलाई पुकार्छन्। शैतानलाई उहाँले हराउनुभएको कुराको प्रमाण यही हो; उहाँले शैतानलाई जित्दैहुनुहुन्छ भन्ने कुराको प्रमाण यही हो। अझै महत्त्वपूर्ण कुरा, यो मानवजातिलाई उहाँले दिनुभएको मुक्तिको प्रमाण हो। परमेश्वरका सम्पूर्ण सृष्टिले उहाँमा महिमा ल्याउँछ, उहाँले आफ्नो शत्रुलाई हराएर विजयको साथ फर्कनुभएकोमा उहाँको प्रशंसा गर्छ, अनि उहाँलाई महान् विजयी राजाको रूपमा उचाल्छ। उहाँको उद्देश्य भनेको शैतानलाई हराउनु मात्रै होइन, त्यही कारणले उहाँले छ हजार वर्षसम्म निरन्तर रूपमा काम गर्नुभएको छ। उहाँले मानवजातिलाई मुक्त गर्नको लागि शैतानको हारलाई प्रयोग गर्नुहुन्छ; उहाँका सबै कार्य र उहाँका सारा महिमा प्रकट गर्नको लागि उहाँले शैतानको हारलाई प्रयोग गर्नुहुन्छ। उहाँले महिमा प्राप्त गर्नुहुनेछ, अनि स्वर्गदूतहरूका सारा भीडले उहाँका सारा महिमा देख्नेछन्। स्वर्गका दूतहरू, पृथ्वीका मानिसहरू, अनि पृथ्वीका सृष्टिका यावत् थोकले सृष्टिकर्ताको महिमा देख्नेछन्। उहाँले गर्नुहुने काम यही नै हो। स्वर्ग र पृथ्वीको उहाँको सृष्टि सबैले उहाँको महिमा देख्नेछ, अनि शैतानलाई पूर्ण रूपमा हराएपछि उहाँ विजयको साथ फर्कनुहुनेछ, अनि मानवजातिलाई उहाँको प्रशंसा गर्न दिनुहुनेछ, जसद्वारा आफ्नो काममा उहाँले दोबर विजय हासिल गर्नुहुनेछ। अन्त्यमा, सारा मानवजाति उहाँद्वारा विजय गरिनेछ, र विरोध गर्ने वा विद्रोह गर्ने जोकोहीलाई उहाँले मेटाउनुहुनेछ; अर्को शब्दमा भन्दा, शैतानका स्वामित्वमा हुने सबैलाई उहाँले मेटाउनुहुनेछ। तैँले हाल परमेश्वरका यति धेरै कार्यहरू देखिरहेको छस्, तैपनि, तँ अझै विरोध गर्छस्, विद्रोही छस्, अनि समर्पित हुँदैनस्; तँभित्र तैँले अनेक कुराहरू राखेको छस्, र तँ जे मन लाग्यो त्यही गर्छस्। तँ आफ्नै अभिलाषा र

अभिरुचिहरूलाई पछ्याउँछस्; यो सबै नै विद्रोह र विरोध हो। देह र आफ्नै अभिलाषाहरूका खातिर, साथै आफ्नै अभिरुचिहरू, संसार, र शैतानको खातिर गरिने परमेश्‍वरमाथिको कुनै पनि विश्‍वास घिन लाग्दो कुरा हो; यो स्वभावैले विरोध र विद्रोह हो। आजभोली, अनेक किसिमका विश्‍वास छन्: कतिले विपत्तिबाट बासस्थान खोज्छन्, अनि अरूले आशिषहरू प्राप्त गर्न खोज्छन्; कतिले रहस्यहरू बुझ्न चाहन्छन्, अरूले पैसाको खोजी गर्छन्। यी हरेक किसिमका विरोध हुन् र ती सबै ईश्‍वर निन्दा-हुन्! कसैले विरोध गर्छ वा विद्रोह गर्छ भन्नु भनेको—के त्यसले यस्तै बानीबेहोरालाई जनाउँदैन र? आजका धेरै मानिसहरूले गनगनाउने, गुनासो गर्ने, वा न्याय गर्ने गर्छन्। यी सबै कुराहरू दुष्टले गर्छ; यी मानवीय विरोध र विद्रोहका उदाहरणहरू हुन्। त्यस्ता मानिसहरूमा शैतान हुन्छ र तिनीहरूमा त्यसैले बास गर्छ। परमेश्‍वरले प्राप्त गर्नुभएकाहरू उहाँमा पूर्ण रूपमा समर्पित हुनेहरू हुन्; तिनीहरू शैतानद्वारा भ्रष्ट तुल्याइएका तर परमेश्‍वरको हालको कामद्वारा मुक्त भएका र विजय गरिएका, संकष्टहरूको सामना गरेका, र आखिरमा, परमेश्‍वरद्वारा पूर्ण रूपमा प्राप्त गरिएका, त्यस उप्रान्त शैतानको राज्यक्षेत्रको अधीनमा नरहने, अधार्मिकताबाट स्वतन्त्र भएका, अनि पवित्रतामा जिउन इच्छा गर्नेहरू हुन्—त्यस्ताहरू सबैभन्दा पवित्र मानिसहरू हुन्; तिनीहरू वास्तवमा नै पवित्र जनहरू हुन्। यदि तेरा हालका कार्यहरू परमेश्‍वरका मापदण्डहरूको एउटा भागसँग समेत मिल्दैन भने, तँलाई हटाइनेछ। यो निर्विवाद कुरा हो। सबै कुरा अहिले के हुन्छ त्यसमा निर्धारित छ; तँलाई पहिलेबाटै नियुक्त गरिएको र चुनिएको भए तापनि, आजका तेरा कार्यहरूले तेरो परिणामलाई निर्धारित गर्ने नै छ। यदि तँ अहिलेको गतिमा हिँड्न सक्दैनस् भने, तँलाई हटाइनेछ। यदि तँ अहिलेको गतिमा हिँड्न सक्दैनस् भने, तैँले पछिको गतिलाई कसरी पछ्याउन सक्छस्? तेरो अघि यति ठूलो आश्‍चर्यकर्मको घटना घटेको छ, तैपनि तँ अझै विश्‍वास गर्दैनस्। त्यसो भए, जब पछि उहाँले आफ्नो काम गरिसक्नुहुनेछ र उप्रान्त त्यस्तो काम गर्नुहुनेछैन, त्यो बेला के तैँले परमेश्‍वरमा विश्‍वास गर्नेछस्? त्यस बेलासम्म, तैँले उहाँलाई पछ्याउनु अझै असम्भव हुनेछ! पछि, तँ पापी होस् कि धर्मी होस् सो निर्धारण गर्न, वा तँ सिद्ध बनाइएको होस् कि हटाइएको होस् भन्ने निर्धारण गर्न परमेश्‍वर तेरो मनोवृत्तिमा, देहधारी परमेश्‍वरको कामप्रतिको तेरो ज्ञानमा नै भर पर्नुहुनेछ। तैँले अहिले स्पष्ट देख्नुपर्छ। पवित्र आत्माले यसरी काम गर्नुहुन्छ: आजको तेरो बानीबेहोरा अनुसार नै उहाँले तेरो परिणामलाई निर्धारित गर्नुहुन्छ। कसले आजको वचन बोल्नुहुन्छ? कसले आजको काम गर्नुहुन्छ? आज तँलाई हटाइनेछ भनेर कसले निर्णय गर्छ? तँलाई सिद्ध बनाउन कसले निर्णयगर्छ? के यो म आफै गर्दिन र? यी वचनहरू बोल्ने म नै हुँ; यस्तो काम गर्ने म नै हुँ। मानिसहरूलाई श्राप दिने, सजाय दिने, र न्याय गर्ने सबै मेरो कामका भागहरू हुन्। आखिरमा, तँलाई हटाउने पनि मेरै काम हुनेछ। यी सबै कुरा मेरो काम हुन्! तँलाई सिद्ध बनाउने मेरै काम हो, र तँलाई आशिषहरू उपभोग गर्न दिने पनि मेरै काम हो। यो सबै मैले गर्ने काम हो। तेरो परिणाम यहोवाले पहिले नै निर्धारित गर्नुभएको थिएन; यसलाई आजका परमेश्‍वरले निर्धारित गरिदै हुनुहुन्छ। यसलाई अहिले नै निर्धारित गरिदै छ; यसलाई संसारको सृष्टि गर्नुभन्दा पहिले निर्धारित गरिएको थिएन। केही विवेकहीन मानिसहरूले भन्छन्, "सायद तपाईंको नजरमा केही खराबी छ, र तपाईंले मलाई जसरी देख्नु पर्ने हो त्यसरी देख्नुहुन्न।

आखिरमा, आत्माले जे प्रकट गर्नुहुन्छ तपाईंले त्यही नै देख्नुहुनेछ!" येशूले पहिले यहूदालाई आफ्नो चेलाको रूपमा चुन्नुभयो। मानिसहरू सोध्छन्: "उहाँले कसरी उहाँलाई धोका दिने चेला चुन्न सक्नुभयो?" सुरुमा, येशूलाई धोका दिने कुनै अभिप्राय यहूदासँग थिएन; यो पछि मात्रै भयो। त्यो बेला, येशूले यहूदालाई निकै निगाहका साथ हेर्नुभएको थियो; उहाँले त्यस मानिसलाई उहाँलाई पछ्याउने तुल्याउनुभएको थियो, र उहाँहरूको आर्थिक मामलालाई सम्हाल्ने जिम्मेवारी तिनलाई दिनुभएको थियो। यहूदाले पैसा हिनामिना गर्नेछ भन्ने येशूलाई थाहा भएको भए, उहाँले तिनलाई कहिल्यै पनि त्यस्ता मामलाहरूको इन्चार्ज हुन दिनुहुने थिएन। यो मानिस कुटिल र धोकेबाज छ, वा त्यसले उसका दाजुभाइ-दिदीबहिनीहरूलाई धोका दिन्छ भन्ने येशूलाई सुरुमा थाहा थिएन भनेर भन्न सकिन्छ। पछि, यहूदाले येशूलाई केही समय पछ्याइसकेपछि, येशूले तिनलाई तिनका दाजुभाइ-दिदीबहिनीहरू चापलुसी गरेको र परमेश्वरको चापलुसी गरेको देख्नुभयो। पैसाको झोलाबाट यहूदाले पैसा लिने गर्थ्यो भन्ने पनि मानिसहरूले थाहा पाए, अनि तिनीहरूले येशूलाई यसको बारेमा बताए। तब मात्र के भइरहेको छ त्यो सबैको बारेमा येशूलाई थाहा भयो। येशूले क्रूसीकरणको काम गर्नुपर्ने थियो अनि उहाँलाई धोका दिने कसैको खाँचो थियो, र यो भूमिकालाई अघि बढाउनको लागि यहूदा सहि व्यक्ति निस्क्यो, त्यसकारण येशूले भन्नुभयो, "तिमीहरूमध्ये एक जनाले मलाई धोका दिनेछ। मानिसको पुत्रले यस धोकेबाजलाई आफ्नो क्रूसीकरणको लागि प्रयोग गर्नेछ, अनि तीन दिनपछि पुनरुत्थान हुनेछ।" त्यो बेला, येशूले यहूदालाई उहाँलाई धोका दिनको लागि वास्तवमा छनौट गरिसक्नुभएको थिएन; यसको विपरीत, यहूदा निष्ठावान चेला हुनेछ भन्ने उहाँले आशा गर्नुभएको थियो। अनपेक्षित रूपमा, यहूदा प्रभुलाई धोका दिने लोभी भ्रष्ट निस्कियो, त्यसकारण येशूले यहूदालाई यो कामको लागि छनौट गर्न यही अवस्थाको प्रयोग गर्नुभयो। यदि येशूका बाह्र जना चेलाहरू निष्ठावान भएका थिए भने र तिनीहरूका बीचमा कोही पनि यहूदा जस्तो नभएको भए, येशूलाई धोका दिने व्यक्ति आखिरमा अरू कुनै व्यक्ति हुने थियो जो चेलाहरूमध्येको एक हुने थिएन। तैपनि, त्यो बेला यस्तो अवस्था हुन आयो कि चेलाहरूमध्ये एक जना घुस लिन मन पराउने व्यक्ति रहेछ: यहूदा। त्यसकारण, येशूले यस मानिसलाई आफ्नो काम पूरा गर्न प्रयोग गर्नुभयो। यो कति सरल कुरा थियो! येशूले आफ्नो कामको सुरुमा यसलाई पहिले नै निर्धारित गर्नुभएको थिएन; काम-कुराहरू विकास भएर निश्चित विन्दुमा आइपुगेपछि मात्रै उहाँले यो निर्णय गर्नुभयो। यो येशूको निर्णय थियो, भन्नुको अर्थ, यो परमेश्वरका आत्मा स्वयम्‌को निर्णय थियो। मूल रूपमा, यहूदालाई चुन्ने येशू नै हुनुहुन्थ्यो; जब यहूदाले पछि येशूलाई धोका दियो, यो उहाँको आफ्नै उद्देश्यहरूलाई पूरा गर्नको लागि पवित्र आत्मा स्वयम्‌ले गर्नुभएको थियो। यो त्यो समयमा गरिएको पवित्र आत्माको काम थियो। जब येशूले यहूदालाई चुन्नुभयो, तब उहाँलाई तिनले धोका दिनेछ भन्ने उहाँलाई थाहै थिएन। उहाँलाई त्यो मानिस यहूदा इस्करियोत हुन् भन्ने मात्रै थाहा थियो। तिमीहरूका परिणामहरू पनि आजको तिमीहरूको अधीनताको स्तर अनुसार र तिमीहरूको जीवनको वृद्‌धिको स्तरमा निर्धारित हुन्छ, तेरा परिणामहरू संसारको सृष्टि हुँदा पहिले नै निर्धारित गरिएको थियो भन्ने कुनै मानव धारणा अनुसार होइन। तैँले यी कुराहरूलाई स्पष्ट रूपमा बुझ्नैपर्छ। यसमध्ये कुनै काम तैँले कल्पना गरे अनुसार गरिँदैन।

# पद र पहिचानको सम्बन्धमा

यदि तँ परमेश्‍वरद्वारा प्रयोगयोग्य हुन चाहन्छस् भने, तैँले परमेश्‍वरको कार्यलाई जान्‍नैपर्छ, तैँले यसभन्दा पहिले (नयाँ र पुरानो करारमा) उहाँले गर्नुभएको कामलाई जान्‍नैपर्छ, अनि, यति मात्र होइन, तैँले उहाँको आजको कामलाई जान्‍नैपर्छ; भन्‍नुको अर्थ, ६,००० वर्षको अवधिमा गरिएका परमेश्‍वरको कार्यका तीन चरणहरूलाई जान्‍नैपर्छ। यदि तँलाई सुसमाचार फैलाउन लगाइएको छ भने, परमेश्‍वरको कार्यलाई नजानिकन तैँले त्यसो गर्न सक्‍नेछैनस्। कसैले तँलाई तिमीहरूका परमेश्‍वरले बाइबल, पुरानो करार, र त्यस बेलाको येशूको काम र वचनहरूका बारेमा के भन्‍नुभएको छ भनी प्रश्‍न गर्न सक्छ। यदि तैँले बाइबलको भित्री कथालाई बताउन सक्दैनस् भने, तिनीहरू विश्‍वस्त हुनेछैनन्। त्यो बेला, येशूले आफ्ना चेलाहरूसँग पुरानो करारको बारेमा धेरै कुरा गर्नुभयो। तिनीहरूले पढ्ने सबै कुरा पुरानो करारबाट नै थियो; येशूलाई क्रूसमा मारिएको धेरै दशकपछि मात्रै नयाँ करार लेखिएको थियो। सुसमाचार फैलाउनको लागि, तैँले बाइबलको भित्री सत्यता, र परमेश्‍वरले इस्राएलमा गर्नुभएको कार्य अर्थात् यहोवाले गर्नुभएको कार्यलाई मुख्य रूपमा बुझ्नुपर्छ, र येशूले गर्नुभएको कामको बारेमा पनि तँसँग बुझाइ हुनुपर्छ। सबै मानिसहरूले सबैभन्दा चासो राख्‍ने विवादहरू यिनै हुन्, र तिनीहरूले नसुनेको कुरा कामका ती दुई चरणहरूको भित्री कथा नै हो। सुसमाचार फैलाउने क्रममा, पहिला पवित्र आत्माले आज गर्नुहुने कामको कुराकानीलाई पन्छ्याएर राख्। कामको यो चरण तिनीहरूको पहुँचभन्दा बाहिर छ, किनभने तिमीहरूले जे कुराको खोजी गर्छौ त्यो सबैभन्दा उत्कृष्ट छ—परमेश्‍वरको ज्ञान, र पवित्र आत्माको कामको ज्ञान—अनि यी दुई कुराहरू जत्तिको उचालिएका कुराहरू केही पनि छैन। यदि तैँले सुरुमा उत्कृष्ट कुराको बारेमा कुरा गर्छस् भने, यो तिनीहरूको लागि अति धेरै हुनेछ, किनभने पवित्र आत्माको त्यस्तो कार्यलाई कसैले पनि अनुभव गरेको छैन; यसको कुनै उदाहरण छैन, र यसलाई स्वीकार गर्नु मानिसको लागि सहज हुँदैन। तिनीहरूका अनुभवहरू पवित्र आत्माले बेला-बेलामा गर्नुभएका कामहरूसहितका विगतका पुराना कुराहरू हुन्। तिनीहरूले अनुभव गर्ने कुरा पवित्र आत्माको आजको काम, वा परमेश्‍वरको आजको इच्छा होइन। कुनै पनि नयाँ ज्योति विना, र कुनै पनि नयाँ कुराहरू विना, तिनीहरू अझै पनि पुरानै अभ्यासहरू अनुसार कार्य गर्छन्।

येशूको युगमा, पवित्र आत्माले मुख्य रूपमा येशूमा नै काम गर्नुभयो, जबकी पूजाहारीको वस्त्रहरू लगाएर मन्दिरमा यहोवाको सेवा गर्नेहरूले अटल निष्ठाको साथ त्यसो गरे। तिनीहरूसँग पनि पवित्र आत्माको काम थियो, तर तिनीहरू परमेश्‍वरको वर्तमान इच्छालाई बुझ्न असमर्थ थिए, र तिनीहरू पुराना प्रचलनहरू अनुसार मात्रै यहोवाप्रति विश्‍वासयोग्य रहे, र तिनीहरू नयाँ मार्गदर्शनरहित थिए। येशू आउनुभयो र नयाँ काम ल्याउनुभयो, तैपनि मन्दिरमा सेवा गर्नेहरूसँग नयाँ मार्गदर्शन थिएन, न त तिनीहरूसँग नयाँ काम नै थियो। मन्दिरमा सेवा गरेर, तिनीहरूले पुराना अभ्यासहरूलाई मात्रै कायम राख्‍न सक्थे, र मन्दिरलाई नछोडीकन, तिनीहरू कुनै पनि नयाँ प्रवेश पाउन असमर्थ थिए। नयाँ काम येशूले नै ल्याउनुभएको थियो, र येशू आफ्नो काम गर्नको लागि मन्दिरमा जानुभएन। उहाँले मन्दिरभन्दा बाहिर मात्रै आफ्नो काम गर्नुभयो, किनभने

परमेश्वरको कार्यको क्षेत्र धेरै पहिले नै परिवर्तन भइसकेको थियो। उहाँले मन्दिरभित्र काम गर्नुभएन, र जब मानिसहरूले त्यहाँ परमेश्वरको सेवा गरे तिनीहरूले काम-कुराहरूलाई यथास्थितिमा राख्नको लागि मात्रै सेवा गरे, र तिनीहरूले कुनै पनि नयाँ कार्य ल्याउन सकेनन्। त्यसरी नै, आजका धार्मिक मानिसहरू अझै पनि बाइबलकै उपासना गर्छन्। यदि तैँले तिनीहरूका बीचमा सुसमाचार फैलाइस् भने, तिनीहरूले तँलाई बाइबलका वचनहरूको सानातिना विवरणहरूले प्रहार गर्नेछन्, अनि तिनीहरूले धेरै प्रमाण पाउनेछन्, तँलाई हक्का न बक्क र अवाक् तुल्याउनेछ; त्यसपछि तिनीहरूले तिमीहरूलाई एउटा नाम दिनेछन् र तिमीहरू आफ्नो विश्वासमा मूर्ख छौ भन्ने ठान्नेछन्। तिनीहरूले भन्नेछन्, “तिमीलाई बाइबल, परमेश्वरको वचन समेत थाहा छैन भने, तिमी परमेश्वरमा विश्वास गर्छौ भनेर कसरी भन्न सक्छौ?” त्यसपछि तिनीहरूले तँलाई नीच दृष्टिकोणले हेर्नेछन्, र यो पनि भन्नेछन्, “तिमीहरूले विश्वास गर्ने उहाँ परमेश्वर नै हुनुहुन्छ भने, उहाँले किन तिमीहरूलाई पुरानो र नयाँ करारको बारेमा सबै कुरा बताउनुहुन्न? उहाँले इस्राएलबाट पूर्वमा आफ्नो महिमा ल्याउनुभएको हो भने, उहाँलाई इस्राएलमा गरिएको कार्यबारे किन थाहा छैन? उहाँलाई येशूको बारेमा किन थाहा छैन? यदि तिमीहरूलाई थाहा छैन भने, तिमीहरूलाई बताइएको छैन भन्ने यसले प्रमाणित गर्छ; उहाँ येशूको दोस्रो देहधारण हुनुहुन्छ भने, उहाँलाई कसरी यी कुराहरू थाहा नहुन सक्छ र? यहोवाले गर्नुभएको काम येशूलाई थाहा थियो; उहाँलाई कसरी थाहा नहुन सक्छ र?” जब समय आउँछ, तिनीहरूले तँलाई त्यस्ता प्रश्नहरू सोध्नेछन्। तिनीहरूका टाउको यस्ता कुराहरूले भरिपूर्ण छन्; तिनीहरूले नसोधी कसरी बस्न सक्थे र? यो प्रवाहभित्र हुने तिमीहरूले बाइबलमा ध्यान केन्द्रित गर्दैनौ, किनभने परमेश्वरले आज गर्नुभएको चरणबद्ध कार्यलाई तिमीहरूले पछ्याएका छौ, तिमीहरूले यो चरणबद्ध कार्यलाई तिमीहरूका आफ्नै आँखाले देखेका छौ, र तिमीहरूले कार्यका तीन चरणलाई स्पष्ट रूपमै हेरेका छौ, त्यसकारण तिमीहरूले बाइबललाई तल राखेर यसलाई अध्ययन गर्न छोड्नु परेको थियो। तर तिनीहरूले यसलाई अध्ययन नगरी बस्न सक्दैनन्, किनभने तिनीहरूसँग यो चरणबद्ध कामको कुनै ज्ञान छैन। कतिपय मानिसहरूले यो सोध्नेछन्, “देहधारी परमेश्वर र विगतका समयहरूका अगमवक्ता र प्रेरितहरूले गरेका कामको बीचमा रहेको भिन्नता के हो? दाऊदलाई पनि प्रभु भनेर भनियो, र येशूलाई पनि त्यसै भनेर भनियो; उनीहरूले गरेका काम फरक-फरक भए तापनि, उनीहरूलाई उही नाउँले बोलाइयो। मलाई बताऊ, किन उनीहरूका पहिचानहरू एउटै थिएनन्? यूहन्नाले जे देखे त्यो दर्शन थियो, र त्यो पनि पवित्र आत्माबाट नै आएको थियो, अनि पवित्र आत्माले भन्ने अभिप्राय राख्नुभएका वचनहरूलाई तिनले पनि भन्न सके; किन यूहन्नाको पहिचान येशूको भन्दा फरक थियो?” येशूले बोल्नुभएका वचनहरूले परमेश्वरलाई पूर्ण रूपमा प्रतिनिधित्व गर्न सके, र तिनले पूर्ण रूपमा परमेश्वरको कार्यलाई प्रतिनिधित्व गर्न सके। यूहन्नाले जे देखे त्यो दर्शन थियो, र तिनले परमेश्वरको कार्यलाई पूर्ण रूपमा प्रतिनिधित्व गर्न सक्दैनथिए। किन यूहन्ना, पत्रुस, र पावलले येशूले जस्तै धेरै वचनहरू बोले, तैपनि किन तिनीहरूको पहिचान येशूको जस्तै थिएन? तिनीहरूले गरेको कार्य फरक थियो भन्ने नै यसको मुख्य कारण हो। येशूले परमेश्वरका आत्मालाई प्रतिनिधित्व गर्नुभयो र प्रत्यक्ष रूपमा काम गर्ने परमेश्वरका आत्मा नै हुनुहुन्थ्यो। उहाँले नयाँ युगको काम गर्नुभयो, जुन कार्यलाई

पहिले कसैले पनि गरेको थिएन। उहाँले नयाँ मार्ग खोल्नुभयो, यहोवालाई प्रतिनिधित्व गर्नुभयो, र परमेश्वर स्वयमलाई प्रतिनिधित्व गर्नुभयो, तैपनि पत्रुस, पावल, र दाऊदको हकमा, तिनीहरूलाई जेसुकै भनेर भनिए तापनि, तिनीहरूले परमेश्वरको एक सृष्टिको पहिचानलाई मात्रै प्रतिनिधित्व गरे, र तिनीहरूलाई येशू वा यहोवाले पठाउनुभएको थियो। त्यसकारण तिनीहरूले जति नै धेरै काम गरेका भए तापनि, तिनीहरूले जति नै ठूला-ठूला आश्चर्यकर्महरू गरेका भए तापनि, तिनीहरू केवल परमेश्वरका सृष्टिहरू मात्रै थिए, र तिनीहरूले परमेश्वरका आत्मालाई प्रतिनिधित्व गर्न सक्दैनथिए। तिनीहरूले परमेश्वरको नाउँमा काम गरे वा परमेश्वरले पठाउनुभएपछि काम गरे; यसको साथै, तिनीहरूले येशू वा यहोवाले सुरु गर्नुभएका युगहरूमा काम गरे, र तिनीहरूले अरू कुनै काम गरेनन्। आखिरमा, तिनीहरू परमेश्वरका सृष्टिहरू मात्रै थिए। पुरानो करारमा, धेरै अगमवक्ताहरूले भविष्यवाणीहरू गरे वा भविष्यवाणीका पुस्तकहरू लेखे। तिनीहरू परमेश्वर हुन् भनेर कसैले भनेनन्, तर येशूले काम सुरु गर्ने बित्तिकै, परमेश्वरका आत्माले उहाँ परमेश्वर हुनुहुन्छ भन्ने गवाही दिनुभयो। किन त्यसो भयो? यस विन्दुमा तँलाई पहिले नै थाहा भइसकेको हुनुपर्छ! पहिले, प्रेरितहरू र अगमवक्ताहरूले विभिन्न पत्रहरू लेखे, र विभिन्न भविष्यवाणीहरू गरे। पछि, मानिसहरूले तीमध्ये कतिलाई बाइबलमा समावेश गर्न छनौट गरे, र कति हराएर गए। तिनीहरूले बोलेका हरेक कुरा पवित्र आत्माबाट नै आएका थिए भनी भन्ने मानिसहरू पनि छन्, त्यसकारण किन यसमध्ये कतिलाई असल ठानिन्छ र यसमध्ये कतिलाई खराब ठानिन्छ त? अनि किन कतिलाई छनौट गरियो, अरूलाई गरिएन? यदि ती वास्तवमै पवित्र आत्माले बोल्नुभएका वचनहरू नै थिए भने, मानिसहरूले ती छनौट गरिरहनुपर्ने आवश्यकता हुनेथियो र? किन येशूले बोल्नुभएका वचनहरू र उहाँले गर्नुभएको कामका विवरणहरू सुसमाचारका चार वटा पुस्तकहरूमा फरक-फरक छन्? के यो ती विवरण लेख्नेहरूको गल्ती होइन र? कतिपय मानिसहरूले सोध्नेछन्, "पावल र नयाँ करारका अन्य लेखकहरूले लेखेका पत्रहरू र तिनीहरूले गरेको काम आंशिक रूपमा मानिसको इच्छाबाट पैदा भएको हुनाले, र मानिसका धारणाहरू मिश्रित भएका हुनाले, के तपाईं (परमेश्वर) ले आज बोल्नुहुने वचनहरूमा मानव अशुद्धता हुँदैन र? के तिनीहरूमा वास्तवमै मानिसको कुनै धारणा समावेश हुँदैन र?" परमेश्वरले गर्नुभएको यो चरणको कार्य पावल र धेरै प्रेरितहरू अनि अगमवक्ताहरूले गरेको कामभन्दा पूर्ण रूपमा फरक छ। पहिचानमा मात्रै भिन्नता छैन, तर, मुख्यतः गरिने कार्यमा पनि भिन्नता छ। पावललाई प्रहार गरेर तिनी प्रभुको अघि लडेपछि, तिनलाई पवित्र आत्माले नै काम गर्न अगुवाइ गर्नुभयो, अनि तिनी पठाइएका एक व्यक्ति बने। त्यसकारण तिनले मण्डलीहरूलाई पत्रहरू लेखे, अनि यी पत्रहरू सबै येशूका शिक्षाहरू अनुरूप नै थिए। पावललाई प्रभुले प्रभु येशूको नाममा काम गर्न पठाउनुभएको थियो, तर जब परमेश्वर स्वयम् आउनुभयो, उहाँले कुनै पनि नाममा काम गर्नुभएन, र उहाँले आफ्नो काममा परमेश्वरका आत्मालाई बाहेक कसैलाई प्रतिनिधित्व गर्नुभएन। परमेश्वर आफ्नो काम प्रत्यक्ष रूपमा गर्न आउनुभयो: उहाँलाई मानिसले सिद्ध तुल्याएको थिएन, र उहाँको कार्य कुनै पनि मानिसका शिक्षाहरू अनुसार गरिएन। कामको यो चरणमा परमेश्वरले आफ्ना व्यक्तिगत अनुभवहरूका बारेमा कुरा गरेर अगुवाइ गर्नुहुन्न, तर उहाँसँग जे छ त्यसको आधारमा उहाँले आफ्नो काम प्रत्यक्ष रूपमा गर्नुहुन्छ।

उदाहरणको लागि, सेवा गर्नेको परीक्षा, सजायको समय, मृत्युको परीक्षा, परमेश्‍वरलाई प्रेम गर्ने समय...। यो सबै यसभन्दा पहिले कहिल्यै नगरिएको काम हो, र यो मानिसको अनुभवहरूको भन्दा बरु वर्तमान युगको काम हो। मैले बोलेका वचनहरूमा, कुन-कुनचाहिँ मानिसका अनुभवहरू हुन्? के ती सबै प्रत्यक्ष रूपमा आत्माबाट नै आउँदैनन्, र के ती आत्माले नै जारी गर्नुभएको होइन र? तिमीहरूको क्षमता कमजोर भएकोले मात्रै तिमीहरू सत्यतालाई देख्न सक्दैनौ! मैले बताउने जीवनको व्यावहारिक मार्ग भनेको मार्गमा डोर्‍याउनु हो, र यसको बारेमा यसभन्दा पहिले कसैले बताएको छैन, न त कसैले कहिल्यै यो मार्गलाई अनुभव गरेको, वा यो वास्तविकतालाई जानेको छ। मैले यी वचनहरू उच्चारण गर्नुभन्दा पहिले, कसैले पनि ती बोलेका छैनन्। त्यस्ता अनुभवहरूका बारेमा कसैले पनि कहिल्यै कुरा गरेका छैनन्, न त तिनीहरूले त्यस्ता विवरणहरूका बारेमा नै बोलेका छन्, यसको साथै, यस्ता कुराहरूलाई प्रकट गर्नको लागि कसैले यस्ता स्थितिहरूलाई कहिल्यै औँल्याएका छैनन्। मैले आज डोर्‍याउने मार्गलाई कसैले कहिल्यै पनि डोर्‍याएको छैन, र यदि यसलाई मानिसले डोर्‍याएको थियो भने, यो नयाँ मार्ग हुनेथिएन। उदाहरणको लागि, पावल र पत्रुसलाई लिऊँ। येशूले मार्गको अगुवाइ गर्नुभन्दा पहिले तिनीहरूसँग तिनीहरूका आफ्नै अनुभवहरू थिएनन्। येशूले मार्गको अगुवाइ गर्नुभएपछि मात्रै येशूले बोल्नुभएका वचनहरूलाई अनि उहाँले अगुवाइ गर्नुभएको मार्गलाई तिनीहरूले अनुभव गरे; यसद्‌वारा तिनीहरूले धेरै अनुभवहरू प्राप्त गरे, र तिनीहरूले पत्रहरू लेखे। त्यसकारण, मानिसका अनुभवहरू परमेश्‍वरका काम जस्तै उही हुँदैनन्, र परमेश्‍वरको काम अनि मानिसका धारणा र अनुभवहरूले व्याख्या गरेको ज्ञान एउटै होइनन्। मैले बारम्बार भनेको छु, आज मैले नयाँ मार्गको अगुवाइ गरिरहेको छु, र मैले नयाँ काम गरिरहेको छु, अनि मेरो काम र वाणीहरू यूहन्ना र अरू सबै अगमवक्ताहरूका भन्दा फरक छन्। सुरुमा मैले अनुभवहरू प्राप्त गरेर तिमीहरूलाई ती बताउने काम मैले कहिल्यै गरेको छैन—मामला त्यो हुँदै होइन। यदि यस्तो हो भने, के त्यसले तिमीहरूलाई धेरै पहिले नै विलम्बित गरेको हुनेथिएन र? विगतमा, धेरैले बताउने ज्ञानलाई पनि उचालिन्थ्यो, तर तथाकथित आत्मिक व्यक्तित्वहरूका आधारमा मात्रै तिनीहरूका सबै वचन बोलिएका हुन्थे। तिनीहरूले मार्गको अगुवाइ गरेनन्, तर ती तिनीहरूका अनुभवहरूबाट, तिनीहरूले जे देखेका थिए त्यसबाट, र तिनीहरूका ज्ञानबाट आएका थिए। कतिपय तिनीहरूका धारणाबाट आएका थिए, र कति तिनीहरूले भोगेका अनुभवहरूद्‌वारा रचना गरिए। आज, मेरो कार्यको प्रकृति तिनीहरूकोभन्दा पूर्ण रूपमा फरक छ। मैले अरूद्‌वारा अगुवाइ गरिने कार्यको अनुभव गरेको छैन, न त अरूद्‌वारा सिद्‌ध पारिने कार्यलाई नै मैले स्वीकार गरेको छु। यसको साथै, मैले बोलेका र सङ्गति गरेका सबै कुरा अरू कसैको जस्तो छैन र तिनलाई अरू कसैले कहिल्यै बोलेका छैनन्। आज, तिमीहरू जो भए पनि, तिमीहरूको काम मैले बोल्ने वचनहरूका आधारमा गरिन्छ। यी वाणीहरू र कामविना, यी कुराहरूलाई (सेवा गर्नेको परीक्षा, सजायको समय...) कसले अनुभव गर्न सक्थ्यो र, अनि त्यस्तो ज्ञान कसले बोल्न सक्थ्यो र? के तँ साँच्चै यसलाई देख्न सक्दैनस्? कार्यको चरण जेसुकै भए तापनि, मेरा वचनहरू बोलिएपछि तुरुन्तै, तिमीहरू मेरा वचनहरू अनुसार सङ्गति गर्न, र ती अनुसार काम गर्न सुरु गर्छौ, अनि यो तिमीहरूमध्ये कसैले सोचेको मार्ग होइन। यति टाढासम्म आइसकेपछि, के तँ त्यति स्पष्ट र सरल

प्रश्नलाई देख्न सक्दैनस् र? यो कतिपयले सोचेको मार्ग होइन, न त यो कुनै पनि आत्मिक व्यक्तित्वहरूमा आधारित छ। यो नयाँ मार्ग हो, र येशूले कुनै बेला बोल्नुभएका धेरैजसो वचनहरू समेत अब उप्रान्त लागू हुँदैनन्। मैले नयाँ युगको सुरुवात गर्ने कार्यको बारेमा बोलिरहेको छु, र यो एकलै खडा हुने काम हो; मैले गर्ने काम, अनि मैले बोल्ने वचनहरू सबै नयाँ छन्। के यो आजको नयाँ काम होइन र? येशूको कार्य पनि यस्तै थियो। उहाँको काम पनि मन्दिरका मानिसहरूको भन्दा फरक थियो, र यो फरिसीहरूको कामभन्दा पनि फरक नै थियो, न त यो इस्राएलका सबै मानिसहरूले गरेको कामसँग नै कुनै पनि रीतिले मिल्थ्यो। यसलाई देखिसकेपछि, मानिसहरूले आफ्नो मनमा यो निर्णय गर्न सकेनन्: "के यो साँच्चै परमेश्वरले नै गर्नुभएको हो?" येशूले यहोवाको कुनै पनि व्यवस्थालाई पक्रिनुभएन; जब उहाँ मानिसलाई शिक्षा दिन आउनुभयो, तब उहाँले जे बोल्नुभयो त्यो नयाँ र प्राचीन सन्तहरू र पुरानो करारका अगमवक्ताहरूले भनेका भन्दा फरक थियो, र यसले गर्दा, मानिसहरू अनिश्चित नै रहे। यही कारणले गर्दा मानिसलाई निराकरण गर्नु निकै कठिन हुन्छ। कामको यो नयाँ चरणलाई स्वीकार गर्नुभन्दा पहिले, तिमीहरूमध्ये बहुसंख्यकले हिँडेको मार्ग भनेको ती आत्मिक व्यक्तित्वहरूको जगलाई अभ्यास गर्नु र त्यसमा प्रवेश गर्नु थियो। तर आज, मैले गर्ने काम अत्यन्तै फरक छ, त्यसकारण यो सहि हो कि होइन सो निर्णय गर्न तिमीहरूले सक्दैनौ। तैँले पहिले कुन मार्ग हिँडिस् मलाई त्यसको चासो छैन, न त तैँले कसको "भोजन" खाइस् वा तैँले कसलाई आफ्नो "पिता" को रूपमा लिइस् त्यसप्रति मलाई कुनै चासो छ। मैले आएर मानिसलाई अगुवाइ गर्न नयाँ काम ल्याएको हुनाले, मलाई पछ्याउने सबैले मैले जे भन्छु सोही अनुसार काम गर्नुपर्छ। तँ जत्तिसुकै शक्तिशाली "परिवार" बाट आएको भए तापनि, तैँले मलाई पछ्याउनैपर्छ, तैँले तेरा पहिलेका अभ्यासहरू अनुसार व्यवहार गर्नु हुँदैन, "तेरो अभिभावक पिता" तल झर्नैपर्छ, र तेरो अधिकारमा पर्ने भागको खोजी गर्नको लागि तँ आफ्नो परमेश्वर सामू आउनुपर्छ। तेरो पूर्णता मेरै हातमा छ, र तैँले तेरो संरक्षक पितालाई अति धेरै अन्धविश्वास अर्पण गर्नु हुँदैन; उसले तँलाई पूर्ण रूपमा नियन्त्रण गर्न सक्दैन। आजको काम एकलै खडा हुन्छ। आज मैले बताउने सबै कुरा अवश्य नै विगतको जगमा आधारित छैन; यो नयाँ सुरुवात हो, र यो मानिसको हातले सृष्टि गरेको हो भनेर भन्छस् भने, मुक्ति दिन नसकिने गरी अन्धा भएको तँ नै होस्!

यशैया, इजकिएल, मोशा, दाऊद, अब्राहाम, र दानिएल इस्राएलका चुनिएका मानिसहरूका बीचमा अगुवाहरू वा अगमवक्ताहरू थिए। किन तिनीहरूलाई परमेश्वर कहलाइएन? किन पवित्र आत्माले तिनीहरूको लागि गवाही दिनुभएन? येशूले काम थालनी गर्ने र आफ्ना वचनहरू सुरु गर्ने बित्तिकै किन पवित्र आत्माले उहाँको गवाही दिनुभयो? अनि किन पवित्र आत्माले अरूको लागि गवाही दिनुभएन? तिनीहरू, अर्थात् देहका मानिसहरू, सबै "प्रभु" कहलाइए। तिनीहरूलाई जे कहलाइए पनि, तिनीहरूका कार्यले तिनीहरूको अस्तित्व र सारलाई प्रतिनिधित्व गर्छ, र तिनीहरूको अस्तित्व र सारले तिनीहरूको पहिचानलाई प्रतिनिधित्व गर्छ। तिनीहरूका सार तिनीहरूका पदहरूसँग सम्बन्धित छैन; तिनीहरूले जे व्यक्त गरे, र तिनीहरूले जे जिए त्यसले यसैको प्रतिनिधित्व गर्छ। पुरानो करारमा, प्रभु भनेर कहलाइनु कुनै असाधारण कुरा थिएन, अनि व्यक्तिलाई जेसुकै भनेर

बोलाउन सकिन्थ्यो, तर उसको सार र अन्तर्निहित पहिचान अपरिवर्तनीय हुन्थे। झूटा ख्रीष्टहरू, झूटा अगमवक्ताहरू, र धोकेबाजहरूका बीचमा, "परमेश्‍वर" कहलाइनेहरू पनि छैनन् र? अनि किन तिनीहरू परमेश्‍वर होइनन्? किनभने तिनीहरूले परमेश्‍वरको कार्य गर्न सक्दैनन्। मूल रूपमा, तिनीहरू मानव हुन्, मानिसहरूलाई धोका दिनेहरू हुन्, परमेश्‍वर होइनन्, त्यसकारण तिनीहरूमा परमेश्‍वरको पहिचान छैन। के दाऊद बाह्र कुलका बीचमा प्रभु भनेर कहलिदैन थियो र? येशूलाई पनि प्रभु कहलाइयो; किन येशूलाई मात्रै देहधारी परमेश्‍वर कहलाइयो? के यर्मियालाई पनि मानिसको पुत्र भनेर चिनिँदैन थियो र? अनि के येशू मानिसको पुत्रको रूपमा चिनिनुहुन्‍न थियो र? किन येशू परमेश्‍वरको खातिर क्रूसमा टाँगिनुभयो? के उहाँको सार फरक भएकोले होइन र? के उहाँले गर्नुभएको काम फरक भएकोले होइन र? के शीर्षकले अर्थ राख्छ र? येशूलाई मानिसको पुत्र कहलाइए तापनि, उहाँ परमेश्‍वरको पहिलो देहधारण हुनुहुन्थ्यो, उहाँ शक्ति धारण गर्न, र छुटकाराको काम पूरा गर्न आउनुभएको थियो। यसले येशूको पहिचान र सार मानिसको पुत्र भनेर कहलाइने अरूका भन्दा फरक थिए भन्‍ने कुरालाई प्रमाणित गर्छ। आज, तिमीहरूका बीचमा कसले पवित्र आत्माले प्रयोग गर्नुभएकाहरूले बोलेका सबै वचनहरू पवित्र आत्माबाट नै आएका थिए भनेर भन्‍ने आँट गर्छ? के कसैले त्यस्ता कुराहरू भन्‍ने आँट गर्छ? यदि तैँले त्यस्ता कुराहरू भन्‍ने आँट गर्छस् भने, एज्राको अगमवाणीको पुस्तकलाई किन खारेज गरियो, र प्राचीन सन्तहरू र अगमवक्ताहरूको पुस्तकलाई पनि किन त्यसै गरियो? यदि ती सबै पवित्र आत्माबाट नै आएका थिए भने, तिमीहरूले किन त्यस्तो स्वेच्छाचारी छनौटहरू गर्ने आँट गर्छौ? के तँ पवित्र आत्माको कार्यलाई छनौट गर्न योग्य छस्? इस्राएलका धेरै कथाहरूलाई पनि खारेज गरियो। अनि यदि तँ विगतका यी लेखहरू पवित्र आत्माबाट आएका हुन् भन्‍ने विश्‍वास गर्छस् भने, किन कतिपय पुस्तकहरूलाई खारेज गरियो? यदि ती सबै पवित्र आत्माबाट नै आएका थिए भने, तिनीहरू सबैलाई सुरक्षित राखिनुपर्थ्यो, र पढ्नको लागि मण्डलीहरूका दाजुभाइ-दिदीबहिनीहरूकहाँ पठाइनु पर्नेथियो। तिनीहरूलाई मानिसको इच्छाद्‌वारा चुनिनु वा हटाउनु हुँदैनथियो; त्यसो गर्नु गलत हो। पावल र यूहन्‍नाका अनुभवहरू तिनीहरूका व्यक्तिगत अन्तर्दृष्टिहरूसँग मिसिएका थिए भन्दैमा तिनीहरूका अनुभवहरू र ज्ञान शैतानबाट आएको थियो भन्‍ने हुँदैन, तर तिनीहरूसँग तिनीहरूका व्यक्तिगत अनुभवहरू र अन्तर्दृष्टिहरूबाट आएका कुराहरू थिए भन्‍ने मात्रै यसको अर्थ हुन्छ। तिनीहरूका ज्ञान त्यस बेलाको तिनीहरूको खास अनुभवहरूको पृष्ठभूमि अनुरूप थियो, र यो सबै पवित्र आत्माबाट नै आएको थियो भनेर कसले निर्धक्‍कसाथ भन्‍न सक्छ? सुसमाचारका चार वटै पुस्तकहरू पवित्र आत्माबाट आएका थिए भने, किन मत्ती, मर्कूस, लूका र यूहन्‍नाले येशूको कामको बारेमा केही फरक-फरक कुरा भने? यदि तिमीहरू यो कुरामा विश्‍वास गर्दैनौ भने, पत्रुसले प्रभुलाई कसरी तीन पटक इन्कार गरे त्यसको बारेमा बाइबलमा दिइएको विवरणलाई हेर: तिनीहरू सबै फरक छन्, र ती प्रत्येकमा आ-आफ्नै विशेषताहरू छन्। अज्ञानी धेरैहरूले यसो भन्छन्, "देहधारी परमेश्‍वर पनि मानिस नै हुनुहुन्छ भने, के उहाँले बोल्नुहुने वचनहरू पूर्ण रूपमा पवित्र आत्माबाट नै आउन सक्छन्? यदि पावल र यूहन्‍नाका वचनहरू मानव इच्छाद्‌वारा मिश्रित थिए भने, के उहाँले बोल्नुहुने वचनहरूमा मानव इच्छा वास्तवमै मिश्रित छैनन् र?" यस्ता कुराहरू भन्‍ने मानिसहरू अन्धा र अज्ञानी हुन्!

सुसमाचारका चार पुस्तकहरूलाई ध्यान दिएर पढ; येशूले गर्नुभएका कुराहरू र उहाँले बोल्नुभएका वचनहरूका बारेमा तिनमा के विवरण दिइएका छन् त्यसलाई पढ। हरेक पुस्तक अलिक फरक छ, र हरेकको आ-आफ्नै दृष्टिकोण छ। यदि यी पुस्तकहरूका लेखकहरूले लेखेका कुराहरू सबै पवित्र आत्माबाट आएका थिए भने, यो सबै उही र समरूप हुनुपर्ने थियो। त्यसो भए किन तिनमा भिन्नताहरू छन् त? के यसलाई देख्न नसक्ने गरी मानिस अत्यन्तै मूर्ख छैन र? यदि तँलाई परमेश्वरको गवाही दिन लगाइएको छ भने, तैँले कस्तो प्रकारको गवाही दिन सक्छस्? के परमेश्वरलाई चिन्ने त्यस्तो तरिकाले उहाँको गवाही दिन सक्छ र? यदि अरूले तँलाई "यदि यूहन्ना र लूकाका विवरणहरूमा मानव इच्छा मिश्रित थिए भने, के तिमीहरूका परमेश्वरले बोलेका वचनहरूमा पनि मानव इच्छा मिश्रित छैनन् र?" भनी सोध्यो भने, के तँ स्पष्ट उत्तर दिन सक्छस्? लूका र मत्तीले येशूका वचनहरू सुनिसकेपछि, र येशूको काम देखिसकेपछि, तिनीहरूले येशूले गर्नुभएको कामका केही तथ्यहरूको विवरणलाई स्मरण गर्ने तरिकाले आफ्नै ज्ञान अनुसार बोले। के तँ तिनीहरूका ज्ञान पवित्र आत्माले नै पूर्ण रूपमा प्रकट गर्नुभएको थियो भनी भन्न सक्छस्? बाइबलभन्दा बाहिर, तिनीहरूका भन्दा उच्च ज्ञान भएका धेरै आत्मिक व्यक्तित्वहरू थिए, त्यसो भने किन तिनीहरूका वचनहरूलाई पछिका पुस्ताहरूले लिएनन्? के तिनीहरूलाई पनि पवित्र आत्माले प्रयोग गर्नुभएको थिएन र? यो जान कि, आजको काममा, मैले येशूको कामको जगमा आधारित मेरा आफ्नै अन्तर्दृष्टिहरू बोलिरहेको छैन, न त येशूको कामको पृष्ठभूमि विरुद्धमा मेरो आफ्नै ज्ञानको बारेमा नै बोलिरहेको छु। त्यो बेला येशूले के काम गर्नुभयो? अनि आज मैले के काम गरिरहेको छु? मैले जे गर्छु र भन्छु त्यसको पूर्वानुमान छैन। आज मैले हिँड्ने मार्गमा पहिले कहिल्यै हिँडिएको छैन, विगतका युगहरू र पुस्ताहरूका मानिसहरू कहिल्यै यसमा हिँडेका छैनन्। आज, यसको सुरुवात भएको छ, र के यो आत्माको काम होइन र? यो पवित्र आत्माको काम भए तापनि, विगतका अगुवाहरू सबैले आफ्नो कामलाई अरूका जगको आधारमा अघि बढाए; तैपनि, परमेश्वर स्वयमको काम भने फरक छ। येशूको कामको चरण पनि यस्तै थियो: उहाँले नयाँ मार्ग खोल्नुभयो। जब उहाँ आउनुभयो, उहाँले स्वर्गको राज्यको सुसमाचार प्रचार गर्नुभयो, र मानिसले पश्चात्ताप गर्नुपर्छ र स्वीकार गर्नुपर्छ भनेर भन्नुभयो। येशूले आफ्नो काम पूरा गर्नुभएपछि, पत्रुस र पावल अनि अरूले येशूको कार्यलाई अघि बढाउन सुरु गरे। येशूलाई क्रूसमा काँटी ठोकिएर स्वर्गमा उचालिनुभएपछि, क्रूसको मार्ग फैलाउनको लागि तिनीहरूलाई आत्माले पठाउनुभएको थियो। पावलका वचनहरू उच्च रहेको भए तापनि, ती पनि येशूले जे भन्नुभएको थियो त्यसको जगमा आधारित थिए, जस्तै धैर्यता, प्रेम, कष्ट-भोग, शिर ढकाइ, बप्तिस्मा, वा पालन गर्नुपर्ने अरू धर्मसिद्धान्तहरू। यो सबै येशूको वचनहरूको जगको आधारमा बोलिएको थियो। तिनीहरूले नयाँ मार्ग खोल्न सक्दैन थिए, किनभने तिनीहरू सबै परमेश्वरले प्रयोग गर्नुभएका मानिसहरू थिए।

त्यस बेलाको येशूका वाणीहरू र कार्यले धर्मसिद्धान्तलाई पछ्याएन, र उहाँले पुरानो करारको व्यवस्थाको कार्य अनुसार आफ्नो काम गर्नुभएन। यसलाई अनुग्रहको युगमा गरिनुपर्ने कार्य अनुसार अघि बढाइएको थियो। उहाँले अघि सार्नुभएको काम अनुसार, उहाँको आफ्नै योजना अनुसार, र उहाँको आफ्नै सेवकाइ अनुसार परिश्रम गर्नुभयो; उहाँले पुरानो करारको व्यवस्था अनुसार काम

गर्नुभएन। उहाँले गर्नुभएको कुनै पनि कुरा पुरानो करारको व्यवस्था अनुसार थिएन, र उहाँ अगमवक्ताहरूका वचनहरूलाई पूरा गर्नको लागि काम गर्न आउनुभएन। प्राचीन अगमवक्ताहरूको भविष्यवाणीहरूलाई पूरा गर्नको लागि मात्रै भनेर परमेश्‍वरको कामको हरेक चरण प्रस्तुत गरिएन, र उहाँ धर्मसिद्‌धान्तको पालन गर्न वा प्राचीन अगमवक्ताहरूको भविष्यवाणीहरूलाई जानी-जानी पुरा गर्नको लागि आउनुभएन। तैपनि उहाँका कार्यहरूले प्राचीन अगमवक्ताहरूका भविष्यवाणीहरूलाई भङ्‌ग गरेन, न त उहाँले पहिले गर्नुभएको काममा नै तिनीहरूले बाधा दिए। उहाँको कामको प्रमुख बुँदा भनेको उहाँ कुनै पनि धर्मसिद्‌धान्तद्‌वारा बाँधिनुको सट्‌टा, उहाँ स्वयमले गर्नुपर्ने काम गर्नुभयो भन्‍ने थियो। उहाँ अगमवक्ता वा द्रष्टा हुनुहुन्‍न थियो, तर कर्ता हुनुहुन्थ्यो जो वास्तवमा आफूले गर्नु पर्ने काम गर्न आउनुभयो, र उहाँ आफ्नो नयाँ युग सुरु गर्न र आफ्नो नयाँ कार्यलाई अघि बढाउन आउनुभयो। अवश्य नै, जब येशू आफ्नो काम गर्न आउनुभयो, उहाँले पुरानो करारका प्राचीन अगमवक्ताहरूले बोलेका धेरै वचनहरूलाई पनि पूरा गर्नुभयो। त्यसरी नै आजको कार्यले पनि पुरानो करारका प्राचीन अगमवक्ताहरूका भविष्यवाणीहरूलाई पूरा गरेको छ। यति मात्रै हो कि, "पुरानो भएर पहेँलो भइसकेको तिथि-पत्र" लाई म पालन गर्दिन। किनभने मैले गर्नै पर्ने काम धेरै छन्, मैले तिमीहरूसँग बोल्नै पर्ने वचनहरू धेरै छन्, र यो काम र यी वचनहरू बाइबलका अनुच्छेदहरूबाट व्याख्या गर्नुभन्दा धेरै नै महत्त्वपूर्ण छन्, किनभने तिमीहरूका निम्ति त्यस्ता कामको ठूलो महत्त्व वा मूल्य हुँदैन, र तिनले तिमीहरूलाई सहायता गर्न, वा तिमीहरूलाई परिवर्तन गर्न सक्दैनन्। म बाइबलको कुनै पनि अनुच्छेदलाई पूरा गर्नको खातिर नयाँ काम गर्ने अभिप्राय राख्दिनँ। यदि परमेश्‍वर बाइबलका प्राचीन अगमवक्ताहरूका वचनहरूलाई पूरा गर्न मात्रै आउनुभयो भने, को ठूलो हो, देहधारी परमेश्‍वर कि ती प्राचीन अगमवक्ताहरू? आखिर, अगमवक्ताहरू परमेश्‍वरको रेखदेख गर्ने हुन् कि परमेश्‍वर अगमवक्ताहरूका रेखदेख गर्ने हुनुहुन्छ? तँ कसरी यी वचनहरूलाई व्याख्या गर्छस्?

सुरुमा, जब येशूले आफ्नो सेवकाइलाई आधिकारिक रूपमा सुरु गर्न बाँकी नै थियो, उहाँलाई पछ्याउने चेलाहरूजस्तै उहाँ पनि कहिलेकहीँ मन्दिरका भेलाहरूमा जानुहुन्थ्यो, र भजनहरू गाउनुहुन्थ्यो, प्रशंसा चढाउनुहुन्थ्यो, र पुरानो करार पढ्नुहुन्थ्यो। उहाँ बप्तिस्मा लिएर बाहिर निस्कनुभएपछि, आत्मा आधिकारिक रूपमै उहाँमाथि आउनुभयो र उहाँको पहिचान र उहाँले लिनुपर्ने सेवकाइलाई प्रकट गर्दै काम गर्न थाल्नुभयो। यसभन्दा पहिले, कसैले पनि उहाँको पहिचान जानेको थिएन, र मरियम बाहेक, यूहन्‍नालाई समेत थाहा थिएन। बप्तिस्मा लिनुहुँदा येशू २९ वर्षको हुनुहुन्थ्यो। उहाँको बप्तिस्मा पूरा भइसकेपछि, आकाश खोलिए, अनि एउटा आवाजले भन्यो: "यो मेरो प्रिय पुत्र हो, जसमा म अति प्रसन्‍न छु।" येशूले बप्तिस्मा लिनुभएपछि, पवित्र आत्माले यसरी उहाँको गवाही दिन थाल्नुभयो। २९ वर्षको उमेरमा बप्तिस्मा लिनुभन्दा पहिले, खाने बेलामा खाने, सामान्य रूपमै सुत्ने र वस्त्र लगाउने जस्ता कार्य गर्दै उहाँले सामान्य व्यक्तिको जीवन जिउनुभयो, अनि उहाँको बारेमा केही पनि अरूभन्दा फरक थिएन, यद्‌यपि यो मानिसको देहको नजरको लागि मात्रै थियो। बाइबलमा यसरी लेखिए झैँ, कहिलेकहीँ उहाँ पनि कमजोर बन्‍नुहुन्थ्यो, र कहिलेकहीँ उहाँले पनि काम-कुराहरूलाई पहिचान गर्न सक्नुहुन्‍नथियो: उहाँको बौद्‌धिकता उहाँको उमेरसँगै

वृद्धि भयो। यी वचनहरूले उहाँसँग सामान्य र साधारण मानवता थियो, र उहाँ अरू साधारण मानिसहरूभन्दा विशेष रूपमा फरक हुनुहुन्नथियो भन्ने मात्रै देखाउँछ। उहाँ पनि सामान्य व्यक्ति जस्तै हुर्कनुभयो, र उहाँको बारेमा विशेष केही पनि थिएन। तैपनि, उहाँ परमेश्‍वरको हेरचाह र सुरक्षामा हुनुहुन्थ्यो। बप्तिस्मा लिएपछि, उहाँ परीक्षामा पर्न थाल्नुभयो, जसपछि उहाँले आफ्नो सेवकाइ गर्न र काम गर्न सुरु गर्नुभयो, अनि उहाँमा शक्ति, बुद्धि र अख्तियार थियो। यसो भन्नुको अर्थ उहाँको बप्तिस्माभन्दा पहिले पवित्र आत्माले उहाँमा काम गर्नुभएन, वा उहाँभित्र पवित्र आत्मा हुनुहुन्नथियो भन्ने होइन। उहाँको बप्तिस्माभन्दा पहिले पवित्र आत्मा पनि उहाँभित्र बास गर्नुहुन्थ्यो तर उहाँले आधिकारिक रूपमा काम गर्न सुरु गर्नुभएको थिएन, किनभने परमेश्‍वरले कहिले आफ्नो काम गर्नुहुन्छ त्यसका सीमितताहरू हुन्छन्, यसको साथै, सामान्य मानिसहरूमा वृद्धि हुने सामान्य प्रक्रिया हुन्छ। पवित्र आत्माले सधैँ नै उहाँभित्र बास गर्नुभएको थियो: जब येशूको जन्म भयो, उहाँ अरूभन्दा फरक हुनुहुन्थ्यो, र बिहानीको तारा देखा पर्‍यो; उहाँको जन्मभन्दा पहिले, सपनामा योसेफकहाँ एक जना स्वर्गदूत देखा परे र मरियमले एक बालक जन्माउनेछिन्, र उक्त बालक पवित्र आत्माद्वारा गर्भधारण भएको हो भनी तिनलाई भने। येशूको बप्तिस्मा भएपछि, पवित्र आत्माले आफ्नो काम सुरु गर्नुभयो, तर यसको अर्थ पवित्र आत्मा भर्खरै येशूमा ओर्लनुभएको थियो भन्ने हुँदैन। पवित्र आत्मा ढुकुरजस्तै उहाँमा ओर्लनुभयो भन्नुले उहाँको सेवकाइको आधिकारिक सुरुवातलाई जनाउँछ। परमेश्‍वरका आत्मा पहिले नै उहाँभित्र हुनुहुन्थ्यो, तर उहाँले त्यस बेलासम्म काम गर्न सुरु गर्नुभएको थिएन, किनभने समय आइसकेको थिएन, र आत्माले हतारमा काम सुरु गर्नुभएन। आत्माले बप्तिस्माद्वारा उहाँको गवाही दिनुभयो। जब उहाँ पानीबाट माथि उठ्नुभयो, तब आत्माले आधिकारिक रूपमा नै उहाँमा काम गर्न सुरु गर्नुभयो, जसले परमेश्‍वरको देहधारी शरीरले आफ्नो सेवकाइलाई पूरा गर्न थाल्नुभएको थियो र छुटकाराको काम सुरु गर्नुभएको थियो, अर्थात् अनुग्रहको युग आधिकारिक रूपमा सुरु भएको थियो भन्ने अर्थ दिन्छ। त्यसकारण, उहाँले जुनसुकै काम गर्नुभए तापनि परमेश्‍वरको कार्यको समय हुन्छ। उहाँको बप्तिस्मापछि, येशूमा कुनै निश्‍चित परिवर्तनहरू आएको थिएन; उहाँ अझै पनि उहाँको मूल देहमा नै हुनुहुन्थ्यो। के मात्रै थियो भने उहाँले आफ्नो काम सुरु गर्नुभयो र आफ्नो पहिचान प्रकट गर्नुभयो, र उहाँ अख्तियार र शक्तिले भरिपूर्ण हुनुभयो। यस हिसाबमा उहाँ पहिलेभन्दा फरक हुनुहुन्थ्यो। उहाँको पहिचान फरक थियो, भन्नुको अर्थ, उहाँको हैसियतमा निकै ठूलो परिवर्तन आएको थियो; यो पवित्र आत्माको गवाही थियो, मानिसले गरेको काम होइन। सुरुमा, मानिसहरूलाई थाहा थिएन, र त्यसरी पवित्र आत्माले येशूको गवाही दिनुभएपछि मात्रै तिनीहरूले थोरै जान्न पुगे। यदि पवित्र आत्माले उहाँको गवाही दिनुभन्दा पहिले येशूले ठूलो काम गर्नुभएको थियो, तर यो परमेश्‍वर स्वयमको गवाही विनाको थियो भने, उहाँको काम जति नै ठूलो भए तापनि, मानिसहरूले कहिल्यै पनि उहाँको पहिचानलाई जान्ने थिएनन्, किनभने मानव आँखाले यसलाई देख्न सक्दैन। पवित्र आत्माको गवाहीको चरणविना, उहाँलाई कसैले पनि देहधारी परमेश्‍वरको रूपमा पहिचान गर्नेथिएन। यदि पवित्र आत्माले उहाँको गवाही दिएपछि, येशूले कुनै पनि भिन्नताविना उही तरिकाले निरन्तर काम गर्नुभएको भए, यसको त्यति प्रभाव हुनेथिएन, र यही कारणले नै पवित्र आत्माको

कार्यलाई पनि प्रदर्शन गरिन्छ। पवित्र आत्माले गवाही दिनुभएपछि, पवित्र आत्माले आफैलाई देखाउनु परेको थियो ताकि तैँले उहाँ परमेश्‍वर हुनुहुन्छ, उहाँभित्र परमेश्‍वरका आत्मा हुनुहुन्थ्यो भन्‍ने कुरालाई स्पष्ट देख्‍न सक्; परमेश्‍वरको गवाही गलत थिएन, र उहाँको गवाही सहि थियो भन्‍ने कुरालाई यसले प्रमाणित गर्न सक्यो। यदि पवित्र आत्माको गवाहीभन्दा पहिलेको काम र पछिको काम उही रहेको थियो भने, उहाँको देहधारी सेवकाइ र पवित्र आत्माको कार्य स्पष्ट हुनेथिएन, तसर्थ मानिसले पवित्र आत्माको कार्यलाई पहिचान गर्नेथिएन, किनभने तिनमा कुनै स्पष्ट भिन्‍नता हुनेथिएन। गवाही दिइसक्नुभएपछि, पवित्र आत्माले यो गवाहीलाई कायम राख्‍नु पर्नेथियो, त्यसकारण उहाँले येशूमा उहाँको बुद्धि र अख्तियार प्रकट गर्नु पर्नेथियो, जुन विगतको भन्दा फरक थियो। अवश्य नै, यो बप्‍तिस्माको प्रभाव थिएन—बप्‍तिस्मा एउटा विधि मात्रै हो—बप्‍तिस्मा भनेको अब उहाँको सेवकाइ गर्ने समय आएको छ भन्‍ने देखाउने एउटा तरिका मात्रै थियो। त्यस्तो कार्य परमेश्‍वरको महान् शक्तिलाई स्पष्ट पार्न, पवित्र आत्माको गवाहीलाई स्पष्ट पार्नको लागि मात्रै थियो, र पवित्र आत्माले यो गवाहीको लागि अन्त्यसम्मै जिम्मेवारी लिनुहुनेथियो। आफ्नो सेवकाइ गर्नुभन्दा पहिले, येशूले पनि प्रवचनहरू सुन्‍नुभयो, विभिन्‍न स्थानमा सुसमाचार प्रचार गर्ने र फैलाउने काम गर्नुभयो। उहाँले कुनै ठूलो काम गर्नुभएन किनभने उहाँको सेवकाइ गर्ने बेला आइसकेको थिएन, किनभने परमेश्‍वर स्वयम् नै नम्र भई देहमा लुक्‍नुभएको थियो, र उहाँले समय तयार नभइञ्जेलसम्म कुनै काम गर्नुभएन। उहाँले दुई कारणले गर्दा बप्‍तिस्माभन्दा पहिले काम गर्नुभएन: पहिलो, काम गर्नको लागि पवित्र आत्मा आधिकारिक रूपमा उहाँमा ओर्लनुभएको थिएन (भन्‍नुको अर्थ, त्यस्तो काम गर्नको लागि पवित्र आत्माले येशूलाई शक्ति र अख्तियार दिनुभएको थिएन), र उहाँले आफ्नै पहिचान जान्‍नुभएको भए तापनि, उहाँले पछि गर्ने अभिप्राय राख्‍नुभएको काम गर्न येशूले सक्नुहुन्‍नथियो, र उहाँले आफ्नो बप्‍तिस्माको दिनसम्म प्रतीक्षा गर्नुपर्नेथियो। यो परमेश्‍वरको समय थियो, र यसलाई कसैले पनि उल्लङ्घन गर्न सक्दैनथियो, चाहे यो येशू स्वयम् नै किन नहोस्; येशू स्वयम्‌ले आफ्नो काममा बाधा दिन सक्नुहुन्‍नथियो। अवश्य नै, यो परमेश्‍वरको नम्रता थियो, र परमेश्‍वरको कार्यको नियम पनि थियो; यदि परमेश्‍वरको आत्माले काम नगर्नुभएको भए, कसैले पनि उहाँको काम गर्न सक्दैनथियो। दोस्रो, उहाँलाई बप्‍तिस्मा दिइनुभन्दा पहिले, उहाँ अत्यन्तै सामान्य र साधारण मानिस हुनुहुन्थ्यो, र अरू सामान्य र सर्वसाधारण मानिसहरूभन्दा फरक हुनुहुन्‍नथियो; देहधारी परमेश्‍वर किन अलौकिक हुनुहुन्‍नथियो त्यसको एउटा पक्ष यही नै हो। देहधारी परमेश्‍वरले परमेश्‍वरको आत्माका बन्दोबस्तहरूलाई अवहेलना गर्नुभएन; उहाँले सुव्यवस्थित तरिकाले काम गर्नुभयो र उहाँले अत्यन्तै सामान्य रूपमा काम गर्नुभयो। बप्‍तिस्मापछि मात्रै उहाँको काममा अख्तियार र शक्ति भयो। भन्‍नुको अर्थ, उहाँ देहधारी परमेश्‍वर हुनुभए तापनि, उहाँले कुनै पनि अलौकिक कार्यहरू गर्नुभएन, र उहाँ अरू सामान्य मानिसहरू जस्तै उही तरिकामा हुर्कनुभयो। यदि येशूले पहिले नै उहाँको आफ्नो पहिचानलाई जान्‍नुभएको थियो, उहाँको बप्‍तिस्माभन्दा पहिले नै देशभरि सबै ठाउँमा ठूलो काम गर्नुभएको थियो, र आफैलाई असाधारण रूपमा प्रदर्शन गर्दै, उहाँ सामान्य मानिसहरूभन्दा फरक हुनुभएको थियो भने, यूहन्‍नाले आफ्नो काम गर्नु असम्भव मात्रै हुनेथिएन, तर परमेश्‍वरले

आफ्नो कामको अर्को चरण सुरु गर्ने पनि कुनै उपाय हुनेथिएन। त्यसकारण परमेश्‍वरले जे गर्नुभएको थियो त्यो गलत थियो भन्‍ने यसले प्रमाणित गर्नेथियो, र मानिसको लागि, परमेश्‍वरको आत्मा र परमेश्‍वरको देहधारी शरीर एउटै स्रोतबाट आउनुभएको होइन भन्‍ने जस्तो देखिनेथियो। त्यसकारण बाइबलमा विवरण दिइएको येशूको कार्य उहाँको बप्‍तिस्मापछि गरिएको कार्य थियो, जुन तीन वर्षको अवधिमा गरिएको कार्य थियो। उहाँको बप्‍तिस्मा हुनुभन्दा पहिले उहाँले के गर्नुभयो त्यसको बारेमा बाइबलले विवरण दिँदैन किनभने उहाँले बप्‍तिस्मा लिनुभन्दा पहिले यो काम गर्नुभएन। उहाँ एक साधारण मानिस मात्रै हुनुहुन्थ्यो र सामान्य मानिसको प्रतिनिधित्व गर्नुभयो; येशूले आफ्नो सेवकाइ गर्न सुरु गर्नुभन्दा पहिले, उहाँ सामान्य मानिसहरूभन्दा फरक हुनुहुन्‍नथियो, र अरूले उहाँमा कुनै भिन्‍नता देख्‍न सक्दैनथिए। उहाँ २९ वर्ष पुग्नुभएपछि मात्रै उहाँ परमेश्‍वरको कार्यको एउटा चरण पूरा गर्न आउनुभएको हो भन्‍ने येशूलाई थाहा भयो; त्योभन्दा पहिले, उहाँ स्वयमलाई यो थाहा थिएन, किनभने परमेश्‍वरले गर्नुभएको कार्य अलौकिक थिएन। जब बाह्र वर्षको उमेरमा उहाँ सभाघरको भेलामा सहभागी हुनुभयो, मरियमले उहाँको खोजी गरिरहेकी थिइन्, र उहाँले अरू कुनै पनि बच्‍चाकै शैलीमा जस्तै गरि एउटा वाक्य भन्‍नुभयो: “आमा! मैले मेरो पिताको इच्छालाई नै सबैभन्दा माथि राख्‍नुपर्छ भन्‍ने तपाईंलाई थाहा छैन?” अवश्य नै, उहाँ पवित्र आत्माद्वारा गर्भधारण भई जन्मनुभएको हुनाले, के येशू कुनै न कुनै तरिकाले विशेष हुन सक्नुहुन्‍नथियो र? तर उहाँको विशेषपनले उहाँ अलौकिक हुनुहुन्थ्यो भन्‍ने अर्थ दिँदैन, तर अरू कुनै पनि साना बालकले भन्दा बढी उहाँले परमेश्‍वरलाई प्रेम गर्नुहुन्थ्यो। स्वरूपमा उहाँ मानव हुनुहुन्थ्यो, तैपनि उहाँको सार अझै विशेष, र अरूको भन्दा फरक थियो। तैपनि बप्‍तिस्मापछि मात्रै, पवित्र आत्माले उहाँमा काम गरिरहनुभएको छ भन्‍ने कुरालाई उहाँले वास्तवमै अनुभूति गर्न सक्नुभयो, उहाँ परमेश्‍वर स्वयम् नै हुनुहुन्छ भन्‍ने अनुभूति गर्नुभयो। उहाँ ३३ वर्षको उमेरमा पुग्नुभएपछि मात्रै पवित्र आत्माले उहाँद्वारा क्रूसीकरणको काम गर्ने अभिप्राय राख्‍नुभएको छ भन्‍ने उहाँले साँचो रूपमा पहिचान गर्नुभयो। ३२ वर्षको उमेरमा, उहाँले मत्तीको सुसमाचारमा लेखिएजस्तै, केही भित्री सत्यताहरूलाई जान्‍नुभएको थियो: “अनि सिमोन पत्रुसले जवाफ दिएर भने, तपाईं जीवित परमेश्‍वरको पुत्र ख्रीष्‍ट हुनुहुन्छ। ... त्यस समयदेखि येशूले आफ्ना चेलाहरूलाई उहाँ कसरी यरूशलेम जानुपर्छ र धर्मगुरु, मुख्य पुजारी र व्यवस्थाका पण्डितहरूबाट धेरै किसिमका कष्‍ट भोग्नुपर्छ र मारिनुपर्छ अनि तेस्रो दिनमा फेरि उठाइनुपर्छ भन्‍ने कुरा देखाउन थाल्नुभयो।” उहाँले के काम गर्नुपर्छ भन्‍ने कुरा उहाँलाई पहिले थाहा भएन, तर निश्‍चित समयमा मात्रै थाहा भयो। उहाँ जन्मने बित्तिकै उहाँलाई पूर्ण रूपमा थाहा भएन; पवित्र आत्माले उहाँमा क्रमिक रूपमा काम गर्नुभयो, र त्यहाँ कामको प्रक्रिया थियो। यदि, सुरुमा नै, उहाँ परमेश्‍वर, र ख्रीष्‍ट, अनि मानिसको देहधारी पुत्र हुनुहुन्छ, उहाँले क्रूसीकरणको काम पूरा गर्नुपर्छ भन्‍ने उहाँलाई थाहा हुन्थ्यो भने, उहाँले किन पहिले काम गर्नुभएन? आफ्ना चेलाहरूलाई आफ्नो सेवकाइको बारेमा बताइसक्नुभएपछि मात्रै किन येशूले शोकको अनुभूति गर्नुभयो, र यसको लागि उत्कटताको साथ प्रार्थना गर्नुभयो? पहिले उहाँले नबुझ्नुभएका धेरै कुराहरूलाई उहाँले बुझ्नुभन्दा पहिले किन यूहन्‍नाले उहाँको लागि बाटो खोलिदियो र उहाँलाई बप्‍तिस्मा दियो? यसले के प्रमाणित गर्छ भने, यो देहधारी परमेश्‍वरले देहमा

गर्नुहुने काम थियो, त्यसकारण उहाँले बुझ्ने र हासिल गर्ने एउटा प्रक्रिया थियो, किनभने उहाँ परमेश्‍वरको देहधारी शरीर हुनुहुन्थ्यो, जसको काम आत्माले प्रत्यक्ष रूपमा गर्नुभएको कामभन्दा फरक थियो।

परमेश्‍वरको कामको हरेक चरणले एउटै र उही प्रवाहलाई पछ्याउँछ, त्यसकारण परमेश्‍वरको छ हजार वर्षे व्यवस्थापनको योजनामा, संसारको जग बसालिएको देखि आजको दिनसम्मै हरेक चरणलाई अर्को चरणले नजिकबाट पछ्याएको थियो। यदि मार्ग तयार गर्ने कोही नभएको भए, त्यसपछि आउने कोही पनि हुनेथिएन; त्यसपछि आउनेहरू पनि भएका हुनाले, मार्ग तयार गर्नेहरू पनि हुन्छन्। यसरी यो कामलाई चरणबद्ध रूपमा हस्तान्तरण गरिएको छ। एउटा चरणले अर्कोलाई पछ्याउँछ, र मार्ग खुला गर्ने कुनै व्यक्ति विना, काम सुरु गर्नु असम्भव हुनेथियो, र आफ्नो कार्यलाई अघि बढाउने कुनै माध्यम परमेश्‍वरसँग हुनेथिएन। कुनै पनि चरण अरू चरणसँग बाझिँदैन, र एउटाले अर्कोलाई प्रवाह निर्माण गर्ने गरी क्रमबद्ध रूपले पछ्याउँछ; यो सबै उही आत्माले गर्नुहुन्छ। तर कसैले मार्ग खोले पनि वा अर्कोको काम गरे पनि, यसले तिनीहरूको पहिचानलाई निर्धारित गर्दैन। के यो सहि होइन र? यूहन्नाले मार्ग खोले, र येशूले आफ्नो कामलाई अघि बढाउनुभयो, त्यसकारण के यसले येशूको पहिचान यूहन्नाको भन्दा सानो थियो भन्ने प्रमाणित गर्छ? यहोवाले येशूले भन्दा पहिले आफ्नो काम गर्नुभयो, त्यसकारण के यहोवा येशूभन्दा महान् हुनुहुन्छ भनेर तैँले भन्न सक्छस्? तिनीहरूले मार्ग तयार गरे पनि वा अरूको काम गरे पनि त्यो महत्त्वपूर्ण कुरा होइन; तिनीहरूको कामको सार र त्यसले प्रतिनिधित्व गर्ने पहिचान नै सबैभन्दा महत्त्वपूर्ण कुरा हो। के यो सहि होइन र? परमेश्‍वरले मानिसको बीचमा काम गर्ने अभिप्राय राख्नुभएको हुनाले, उहाँले मार्ग तयार गर्ने काम गर्न सक्नेहरूलाई खडा गर्नुपर्यो। जब यूहन्नाले भर्खरै प्रचार गर्न सुरु गरेका थिए, उनले भने, "परमप्रभुको बाटो तयार पार, उहाँका मार्गहरू सोझा बनाओ।" "पश्‍चात्ताप गर: किनभने स्वर्गको राज्य नजिकै छ।" तिनले सुरुदेखि नै त्यसरी बोलेका थिए, र किन तिनले यी वचनहरू भन्न सके? वचनहरू बोलिने क्रमको हिसाबले, स्वर्गको राज्यको सुसमाचार सुरुमा बोल्ने यूहन्ना नै थियो, अनि त्यसपछि उसो येशूले बोल्नुभयो। मानिसका धारणाहरू अनुसार, नयाँ मार्ग खोल्ने यूहन्ना नै थिए, त्यसकारण अवश्य नै यूहन्ना नै येशूभन्दा महान् थिए। तर तिनी ख्रीष्ट हुन् भनेर यूहन्नाले भनेनन्, र परमेश्‍वरले तिनी परमेश्‍वरका प्रिय पुत्र हुन् भनी साक्षी दिनुभएन, तर प्रभुको मार्ग खोल्न र तयार गर्नको लागि मात्रै प्रयोग गर्नुभयो। उनले येशूको लागि मार्ग तयार गरे, तर उनले येशूको तर्फबाट काम गर्न सकेनन्। मानिसको सबै कामलाई पनि पवित्र आत्माले नै कायम राख्नुहुन्छ।

पुरानो करारको युगमा, मार्गलाई अगुवाइ गर्ने यहोवा नै हुनुहुन्थ्यो, र यहोवाको कार्यले पुरानो करारको सम्पूर्ण युग, र इस्राएलमा गरिएको सबै कार्यलाई प्रतिनिधित्व गर्‍यो। मोशाले यो कार्यलाई पृथ्वीमा थामी राख्यो मात्रै, र तिनका परिश्रमहरूलाई मानिसले प्रदान गरेको सहकार्यको रूपमा लिइन्छ। त्यो बेला, मोशालाई बोलावट गर्नुहुँदै, बोल्नुहुने यहोवा नै हुनुहुन्थ्यो, र उहाँले मोशालाई इस्राएलका मानिसहरूका बीचमा खडा गर्नुभयो, र तिनलाई उजाड स्थानदेखि कनानसम्म तिनीहरूलाई डोर्याउने बनाउनुभयो। यो कार्य मोशा स्वयमको थिएन, तर यहोवाले व्यक्तिगत रूपमा

निर्देशित गर्नुभएको कार्य थियो, त्यसकारण मोशालाई परमेश्‍वर कहलाइन सकिँदैन। मोशाले व्यवस्थालाई पनि कायम गरे, तर यो व्यवस्था व्यक्तिगत रूपमा यहोवाले नै जारी गर्नुभएको थियो। उहाँले मोशालाई यो व्यक्त गर्न लगाउनुभएको मात्रै थियो। येशूले पनि आज्ञाहरू गर्नुभयो, र उहाँले पुरानो करारको व्यवस्थालाई रद्द गर्नुभयो र नयाँ युगका निम्ति आज्ञाहरूलाई स्थापित गर्नुभयो। किन येशू परमेश्‍वर स्वयम् हुनुहुन्छ? किनभने एउटा भिन्नता छ। त्यो बेला, मोशाले गरेको कामले युगलाई प्रतिनिधित्व गरेन, न त यसले नयाँ मार्ग नै खुल्ला गर्‍यो; तिनलाई यहोवाले नै अगाडि निर्देशित गर्नुभएको थियो र तिनी परमेश्‍वरले प्रयोग गर्नुभएको व्यक्ति मात्रै थिए। जब येशू आउनुभयो, यूहन्नाले मार्ग तयार गर्ने कार्यको चरणलाई अघि बढाएका थिए र स्वर्गको राज्यको सुसमाचारलाई फैलाउन थालेका थिए (पवित्र आत्माले नै यसको सुरुवात गर्नुभएको थियो)। जब येशू आउनुभयो, उहाँले प्रत्यक्ष रूपमै उहाँको आफ्नो काम गर्नुभयो, तर उहाँको काम र मोशाको कामको बीचमा ठूलो भिन्नता थियो। यशैयाले पनि धेरै अगमवाणीहरू बोलेका थिए, तैपनि किन तिनी परमेश्‍वर स्वयम् थिएनन्? येशूले धेरै अगमवाणीहरू बोल्नुभएन, तैपनि किन उहाँ परमेश्‍वर स्वयम् नै हुनुहुन्थ्यो? त्यो बेला येशूको काम पवित्र आत्माबाट आएको हो भनेर कसैले पनि भन्ने आँट गरेन, न त तिनीहरूले यो मानिसको इच्छाबाट आएको हो वा यो पूर्ण रूपमा परमेश्‍वर स्वयम्‌को काम हो भनेर भन्ने नै आँट गरे। त्यस्ता कुराहरूलाई विश्‍लेषण गर्ने कुनै उपाय मानिससँग थिएन। यशैयाले त्यस्तो काम गरे, र त्यस्ता अगमवाणीहरू बोले, र ती सबै पवित्र आत्माबाट नै आएका थिए भनेर भन्न सकिन्छ; ती यशैया स्वयम्‌बाट नै सीधै आएको थिएन, तर यहोवाबाट आएका प्रकाशहरू थिए। येशूले ठूलो मात्रामा काम गर्नुभएन, र धेरै वचनहरू बोल्नुभएन, न त उहाँले धेरै अगमवाणीहरू नै बोल्नुभयो। मानिसको लागि, उहाँको प्रचार खास रूपमा उच्च देखिएन, तैपनि उहाँ परमेश्‍वर स्वयम् नै हुनुहुन्थ्यो र यसलाई मानिसले वर्णन गर्न सक्दैन। कसैले पनि कहिल्यै यूहन्ना, वा यशैया, वा दाऊदमा विश्‍वास गरेका छैनन्, न त कसैले तिनीहरूलाई परमेश्‍वर, वा दाऊद परमेश्‍वर, वा यूहन्ना परमेश्‍वर भनेर नै भनेका छन्; कसैले पनि त्यसरी बोलेको छैन, र येशूलाई मात्रै ख्रीष्ट भनेर भनिएको छ। यो वर्गीकरण परमेश्‍वरको गवाही, उहाँले गर्नुभएको काम, र उहाँले गर्नु भएको सेवकाइ अनुसार गरिएको हो। बाइबलका महान् पुरुषहरूका बारेमा कुरा गर्दा—अब्राहाम, दाऊद, यहोशू, दानिएल, यशैया, यूहन्ना, र येशू—उनीहरूले गरेका कामद्वारा नै, तैँले को परमेश्‍वर स्वयम् हो, र कस्ता प्रकारका मानिसहरू अगमवक्ताहरू हुन्, र प्रेरितहरू को हुन् भनेर भन्न सक्छस्। कसलाई परमेश्‍वरले प्रयोग गर्नुभएको थियो, र को परमेश्‍वर स्वयम् हुनुहुन्थ्यो त्यस कुरालाई उनीहरूले गरेका कामको सार र प्रकारद्वारा नै भिन्नता छुटाइन्छ र निर्धारित गरिन्छ। यदि तैँले भिन्नताहरू छुट्याउन सक्दैनस् भने, परमेश्‍वरमा विश्‍वास गर्नु भनेको के हो सो तँलाई थाहा छैन भन्ने यसले प्रमाणित गर्छ। येशू नै परमेश्‍वर हुनुहुन्छ किनभने उहाँले धेरै वचनहरू बोल्नुभयो, र धेरै काम गर्नुभयो, निश्‍चित रूपमा उहाँले धेरै आश्‍चर्यकर्महरू प्रदर्शन गर्नुभयो। त्यसरी नै, यूहन्नाले पनि मोशाले जस्तै धेरै काम गरे, र धेरै वचनहरू बोले; किन तिनीहरूलाई परमेश्‍वर भनेर कहलाइएन? आदमलाई प्रत्यक्ष रूपमा परमेश्‍वरले नै सृष्टि गर्नुभएको थियो; किन तिनलाई परमेश्‍वर भन्नुको सट्टा, सृष्टि भनेर भनियो? यदि कसैले तँलाई, "आज, परमेश्‍वरले धेरै काम

गर्नुभएको छ, र उहाँले धेरै वचन बोल्नुभएको छ; उहाँ परमेश्वर स्वयम् नै हुनुहुन्छ। मोशाले धेरै वचन बोलेका हुनाले, तिनी पनि पक्कै परमेश्वर स्वयम् नै थिए!" भनेर भन्छ भने, तैँले यसको जवाफमा तिनीहरूलाई यो सोध्नुपर्छ, "त्यो बेला, किन परमेश्वरले येशूलाई परमेश्वर स्वयम् भनी गवाही दिनुभयो तर यूहन्नालाई दिनुभएन? के यूहन्ना येशूभन्दा पहिले आएका थिएनन् र? कुनचाहिँ महान् थियो, यूहन्नाको काम कि येशूको काम? मानिसको लागि, यूहन्नाको काम येशूको भन्दा महान् देखिन्छ, तर किन पवित्र आत्माले येशूको गवाही दिनुभयो तर यूहन्नाको गवाही दिनुभएन?" आज पनि यही कुरा भइरहेको छ! त्यो समयमा, जब मोशाले इस्राएलका मानिसहरूलाई डोऱ्याए, यहोवा तिनीसँग बादलहरूका बीचबाट बोल्नुहुन्थ्यो। मोशाले प्रत्यक्ष रूपमा बोलेनन्, तर तिनलाई यहोवाले नै प्रत्यक्ष रूपमा अगुवाइ गर्नुभएको थियो। यो पुरानो करारमा भएको इस्राएलको काम थियो। मोशाभित्र आत्मा हुनुहुन्नथियो, न त परमेश्वरको अस्तित्व नै। तिनले त्यो काम गर्न सकेनन्, त्यसकारण तिनले गरेको काम र येशूले गर्नुभएको कामको बीचमा ठूलो भिन्नता छ। र त्यसको कारण के हो भने उनीहरूले गरेको काम फरक थियो! कुनै व्यक्ति परमेश्वरले प्रयोग गर्नुभएको व्यक्ति हो कि अगमवक्ता, प्रेरित हो कि परमेश्वर स्वयम् नै हो सो कुरालाई उसले गरेको कामको प्रकृतिद्वारा पत्ता लगाउन सकिन्छ, अनि यसले तेरा शङ्काहरूलाई अन्त्य गर्नेछ। बाइबलमा थुमाले मात्रै सात वटा मोहोर तोड्न सक्नुहुन्छ भनेर लेखिएको छ। युगहरूभरि, ती महान् व्यक्तित्वहरू मध्येमा धर्मशास्त्रका व्याख्या गर्ने धेरै छन्, तब के तैँले तिनीहरू सबै थुमा हुन् भनेर भन्न सक्छस्? के तँ तिनीहरूको स्पष्टीकरण सबै परमेश्वरबाट नै आउँछन् भनेर भन्न सक्छस्? तिनीहरू व्याख्याकार मात्रै हुन्; तिनीहरूसँग थुमाको पहिचान छैन। तिनीहरू कसरी सात मोहरहरू तोड्न योग्य हुन सक्थे र? "थुमाले मात्र सात मोहरहरू तोड्न सक्नुहुन्छ" भन्ने कुरा साँचो हो, तर उहाँ सात मोहरहरू तोड्न मात्रै आउनुहुन्न; यो कामको कुनै आवश्यकता छैन, यसलाई संयोगवश गरिन्छ। उहाँको आफ्नै कामको बारेमा उहाँ पूर्ण रूपमा स्पष्ट हुनुहुन्छ; के उहाँले धर्मशास्त्रको अर्थ लगाउँदै धेरै समय बिताउनु आवश्यक हुन्छ? के छ हजार वर्षे कार्यमा "धर्मशास्त्रको अर्थ लगाउने थुमाको युग" लाई थप्नुपर्छ? उहाँ नयाँ काम गर्न आउनुहुन्छ, तर मानिसहरूलाई छ हजार वर्षको कामको सत्यतालाई बुझ्न सहायता गर्दै, उहाँले विगतका समयहरूको कामको बारेमा पनि केही प्रकाशहरू प्रदान गर्नुहुन्छ। बाइबलका धेरै अनुच्छेदहरूको व्याख्या गर्नुपर्ने कुनै आवश्यकता छैन; आजको काम नै कुञ्जी, महत्त्वपूर्ण कुरा हो। परमेश्वर सात मोहरहरू तोड्नको लागि मात्रै विशेष गरी आउनुहुन्न, तर मुक्तिको काम गर्नको लागि आउनुहुन्छ भन्ने तैँले जान्नुपर्छ।

तैँले येशू आखिरी दिनहरूको अवधिमा ओर्लनुहुनेछ भन्ने मात्रै जान्दछस्, तर उहाँ खास कसरी ओर्लनुहुनेछ? भर्खरै छुटकारा पाएको, र परमेश्वरद्वारा परिवर्तन भई नसकेको, वा सिद्ध भई नसकेको तिमीहरूजस्तो पापी, के तँ परमेश्वरको हृदय अनुसारको बन्न सक्छस्? अझै पनि तेरो पुरानो मनुष्यतामा रहेको तेरो विषयमा भन्दा, तँलाई येशूले मुक्ति दिनुभएको थियो, र परमेश्वरले दिनुभएको मुक्तिको कारण तँलाई पापीको रूपमा गन्ती गरिँदैन भन्ने कुरा साँचो हो, तर तँ पापी छैनस्, र तँ अशुद्ध छैनस् भन्ने कुरालाई यसले प्रमाणित गर्दैन। तँ परिवर्तन भएको छैनस् भने तँ कसरी सन्तमय बन्न सक्छस्? भित्री रूपमा, तँ अपवित्रता, स्वार्थ र छुद्रले भरिएको छस्, तैपनि

तँ अझै येशूसँग उचालिन चाहन्छस्–तँ त धेरै भाग्यमानी हुनुपर्छ! परमेश्‍वरमाथिको भरोसामा तैँले एउटा कदमलाई चुकाएको छस्: तँलाई छुटकारा मात्रै दिइएको छ, तर तँ परिवर्तन भएको छैनस्। तँ परमेश्‍वरको हृदय अनुसारको बन्‍नको लागि, परमेश्‍वरले तँलाई व्यक्तिगत रूपमै परिवर्तन गर्ने र धुने काम गर्नुपर्छ; यदि तँलाई छुटकारा मात्रै दिइएको हो भने, तैँले पवित्रता प्राप्त गर्न सक्नेछैनस्। यसरी तँ परमेश्‍वरको कार्यको असल आशिषहरूमा सहभागी हुन अयोग्य हुनेछस्, किनभने मानिसलाई व्यवस्थापन गर्ने परमेश्‍वरको कार्यको चरणलाई तैँले चुकाएको छस्, जुन परिवर्तन हुने र सिद्ध पारिने कार्यको मुख्य चरण हो। भर्खरै छुटकारा दिइएको पापी, तैँले प्रत्यक्ष रूपमा परमेश्‍वरको उत्तराधिकार प्राप्त गर्न सक्दैनस्।

कामको यो नयाँ चरणको सुरुवातविना, तिमी सुसमाचार प्रचार गर्नेहरू, प्रचारकहरू, व्याख्या गर्नेहरू र तथाकथित महान् आत्मिक मानिसहरू कति हदसम्म जानेथियौ कसलाई थाहा छ र! कामको यो नयाँ चरणको सुरुवातविना, तिमीहरूले जे कुरा गर्छौ त्यो थोत्रो हुनेथियो! यो कि त सिंहासनमा उक्लने बारेमा हो, कि त राजा बन्‍नको लागि कद तयार गर्ने बारेमा हो; कि त यो आफैलाई इन्कार गर्ने बारेमा हो कि त आफ्नो शरीरलाई काबुमा राख्ने बारेमा हो; कि त यो धैर्य बन्‍ने बारेमा हो कि त सबै कुराबाट पाठहरू सिक्ने बारेमा हो; कि त नम्रता हो कि त प्रेम हो। के यो त्यही पुरानो गीत गाउनुजस्तै होइन र? यो एउटै कुरालाई फरक नामले बोलाउनु सरह हो! कि त आफ्नो शिर ढाक्ने र रोटी भाँच्ने, कि त शिरमा हात राखेर प्रार्थना गर्ने अनि बिरामीलाई निको पार्ने र भूतहरू धपाउने हो। के कुनै नयाँ काम हुन सक्छ? के विकासको कुनै अपेक्षा हुन सक्छ? यदि तँ निरन्तर रूपमा यसरी अघि बढिरहन्छस् भने, तैँले अन्धाधुन्ध धर्मसिद्धान्तलाई पछ्याउनेछस् वा प्रचलनलाई पालना गर्नेछस्। तिमीहरूका काम उत्कृष्ट छ भन्‍ने तिमीहरू विश्‍वास गर्छौ, तर के यो सबै प्राचीन समयका “वृद्ध मानिसहरू” ले हस्तान्तरण गरेका र सिकाएका हुन् भन्‍ने तिमीहरूलाई थाहा छैन र? के तिमीहरूले भन्‍ने र गर्ने सबै ती वृद्ध मानिसहरूका आखिरी वचनहरू होइनन् र? के यो तिनीहरू मरेर जानुभन्दा पहिले ती वृद्ध मानिसहरूले आज्ञा गरेको कुरा होइन र? के तिमीहरूका कार्यहरूले विगतका पुस्ताहरूका प्रेरितहरू र अगमवक्ताहरूलाई उछिन्‍न सक्छ, र सबै थोकलाई समेत उछिन्‍न सक्छ भन्‍ने तँलाई लाग्छ? कामको यो चरणको सुरुवातले राजा बन्‍ने र सिंहासनमा बस्‍ने प्रयास गर्ने विट्नेस लीको कार्यप्रतिको तेरो भक्तिलाई समाप्त गरेको छ, र यसले तेरो अहङ्कार र घमण्डलाई पकडमा राखेको छ, ताकि तैँले कामको यो चरणमा हस्तक्षेप गर्न सक्दैनस्। कामको यो चरणविना, तिमीहरू छुटकारा दिन नसक्ने अवस्थासम्म नै झन्-झन् गहिराइमा डुब्दै जानेथियौ। तिमीहरूका बीचमा पुराना कुराहरू धेरै नै छन्! खुसीको कुरा, आजको कामले तिमीहरूलाई फर्काएर ल्याएको छ; अन्यथा, तिमीहरू कुन दिशामा जानेथियौ कसलाई के थाहा! परमेश्‍वर सधैँ नयाँ र कहिल्यै पुरानो नहुने परमेश्‍वर हुनुहुन्छ भने, किन तैँले नयाँ कुराहरूलाई खोजी गर्दैनस्? तँ किन सधैँ पुरानो कुराहरूमा टाँसिरहन्छस्? त्यसकारण, पवित्र आत्माको आजको कार्यलाई जान्‍नु भनेको सबैभन्दा महत्त्वपूर्ण कुरा हो!

# सिद्ध भएकाहरूले मात्र अर्थपूर्ण जीवन जिउन सक्छन्

वास्तवमा, अहिले भइरहेको काम मानिसहरूलाई उनीहरूको पुरानो पुर्खा शैतानलाई त्याग्न लगाउनका लागि हो। वचनद्वारा गरिएका सबै न्यायहरूको उद्देश्य मानवताको भ्रष्ट स्वभाव उजागर गर्नु र मानिसहरूलाई जीवनको सार बुझ्नको लागि सक्षम तुल्याउनु हो। यी पटक-पटक गरिएका न्यायहरूले मानिसको हृदयलाई छेड्छन्। प्रत्येक न्यायले प्रत्यक्ष रूपमा तिनीहरूको नियतिसँग सम्बन्ध राख्दछ र यसको काम तिनीहरूको हृदयमा चोट पुर्‍याउनु हो जसले गर्दा तिनीहरूले ती सबै थोकहरू छोडिदेऊन् र जीवनलाई जान्न सकून्, यस फोहोरी संसारलाई जान्न सकून्, परमेश्‍वरको बुद्धि र सर्वशक्तिमान्‌तालाई जान्न सकून्, र मानवजातिलाई पनि चिन्न सकून् जसलाई शैतानले भ्रष्ट बनाएको छ। मानिसले जति धेरै यस प्रकारको सजाय र न्याय पाउँछन्, त्यति नै धेरै मानिसको हृदयमा चोट पुग्न सक्दछ र त्यति नै धेरै उनको आत्मा जाग्न सक्छ। यस प्रकारको न्यायको लक्ष्य भनेको यस्ता अत्यन्त भ्रष्ट भएका र सबैभन्दा गहन रूपमा धोकामा परेका व्यक्तिहरूको आत्मालाई जागृत गराउनु हो। मानिससँग आत्मा छैन, अर्थात् उसको आत्मा निकै अघि मर्‍यो र उसलाई स्वर्ग छ भन्‍ने कुरा थाहा छैन, परमेश्‍वर हुनुहुन्छ भनेर थाहा छैन र ऊ मृत्युको पातालमा संघर्ष गरिरहेको छ भन्‍ने कुरा निश्‍चय पनि जान्दैन; ऊ यस दुष्ट नरक पृथ्वीमा बाँचिरहेको छ भन्‍ने उसले कसरी थाहा पाउन सक्थ्यो र? ऊसँग भएको यो दुर्गन्धित लास शैतानको भ्रष्टताको कारण मृत्युको पातालमा खसेको कुरा उसले कसरी थाहा पाउन सक्छ? धेरै पहिले नै पृथ्वीमा भएका सबै कुरालाई मर्मत नै गर्न नसकिने गरी मानवजातिले नाश गरिसकेका छन् भनेर उसलाई कसरी थाहा हुनसक्थ्यो? र सृष्टिकर्ता आज पृथ्वीमा आउनुभएको छ र उहाँले मुक्ति दिन सक्ने भ्रष्ट मानिसहरूको समूहलाई खोज्दै हुनुहुन्छ भनेर उसलाई कसरी थाहा हुनसक्थ्यो? मानिसले सम्भव भएको हरेक शोधन र न्यायको अनुभव गरेपछि पनि उसको बोधो चेतना अझै सायदै चलायमान हुन्छ र वास्तवमा यो लगभग उदासीन नै हुन्छ। मानवता कत्ति पतित छ! र यस किसिमको न्याय आकाशबाट खसेको क्रूर असिनाजस्तो हुने भए तापनि, यो मानिसको लागि सबैभन्दा महान् लाभ हो। यदि यस्ता मानिसहरूलाई न्याय नगरिने हो भने, कुनै पनि नतिजा हुनेथिएन र मानिसहरूलाई पीडाको पातालबाट जोगाउन पक्कै पनि असम्भव हुनेथियो। यदि यो काम नगरिएको भए, मानिसहरूलाई पाताल लोकबाट बाहिर निस्कन धेरै गाह्रो हुनेथियो किनभने उनीहरूको हृदय धेरै अघि मरिसकेको थियो र तिनीहरूका आत्माहरूलाई शैतानले कुल्चेको हुनेथियो। पतनको निकै गहिराइमा डुबेका तिमीहरूलाई बचाउनका लागि तिमीहरूलाई कडा रूपमा बोलावट दिनुपर्छ, तिमीहरूलाई कडाइका साथ न्याय गर्नुपर्छ; अनि मात्र तिमीहरूको जमेको हृदयहरूलाई जगाउन सम्भव हुनेछ।

तिमीहरूको शरीर, तिमीहरूको असाधारण इच्छाहरू, तिमीहरूको लोभ र तिमीहरूको कामवासनाले तिमीहरूमा गहिरो रूपमा जरा गाडेर बसेको छ। यी थोकहरूले तिमीहरूको हृदयलाई निरन्तर रूपमा यसरी नियन्त्रण गर्दैछन् कि तिमीहरू पुरानो र पतित विचारहरूलाई त्याग्न असक्षम छौ। तिमीहरू न त आफ्नो अहिलेको अवस्था परिवर्तन गर्न चाहन्छौ, न त अन्धकारको प्रभावबाट

मुक्त हुन चाहन्छौ। तिमीहरू यी कुराहरूले बाँधिएका छौ। तिमीहरू सबैले यो जीवन निकै पीडादायी छ र मानिसहरूको यो संसार निकै अँध्यारो छ भन्ने थाहा पाए पनि, तिमीहरूमध्ये कोही एक जनासँग पनि आफ्नो जीवन परिवर्तन गर्ने साहस छैन। तँ यो जीवनको वास्तविकताबाट मुक्त हुन, आत्माको श्रेष्ठता प्राप्त गर्न, र शान्तिमय, खुशी, स्वर्ग जस्तो वातावरणमा बस्न मात्र चाहन्छस्। तिमीहरू आफ्नो अहिलेको जीवन परिवर्तन गर्नका लागि कठिनाइहरू सहन तयार छैनौ; न त तिमीहरू यो न्याय र सजायको बीचमै आफू प्रवेश गर्नुपर्ने जीवनको खोजी गर्न इच्छुक छौ। बरु, तिमीहरू शरीरबाहिरको त्यो सुन्दर संसारको बारेमा पूरै अवास्तविक सपनाहरू देख्छौ। तिमीहरूले जुन जीवनको खोजी गर्छौ, त्यो तिमीहरूले कुनै पीडाको अनुभव नगरीकन सहजै प्राप्त गर्न सक्छौ। त्यो पूर्ण रूपमा अव्यवहारिक छ! किनभने तिमीहरूले जुन कुराको आशा गरेका छौ त्यो शरीरमा अर्थपूर्ण जीवन बिताउनु र जीवनकालमा सत्य प्राप्त गर्नु होइन, अर्थात्, सत्यको लागि बाँच्नु र न्यायको लागि उभिनु होइन। यो तिमीहरूले चम्किलो, आकर्षक ठान्ने जीवन होइन। यो आकर्षक वा अर्थपूर्ण जीवन हुनेछैन भन्ने तिमीहरूलाई लाग्छ। तिमीहरूको नजरमा, यस्तो जीवन बिताउनु अन्याय हो जस्तो लाग्छ! तिमीहरूले आज यो सजाय स्वीकार गरे पनि तिमीहरूले खोजिरहेको कुरा सत्य प्राप्त गर्नु वा वर्तमानमा सत्यमा जिउनु होइन, बरु पछि शरीरबाहिरको सुखी जीवनमा प्रवेश गर्न सक्षम हुनु हो। तिमीहरूले सत्य खोजिरहेका छैनौ, न त तिमीहरू सत्यको पक्षमा खडा भइरहेका छौ, र तिमीहरू पक्कै पनि सत्यका लागि अस्तित्वमा रहेका छैनौ। तिमीहरूले आज प्रवेशलाई खोजी गरिरहेका छैनौ, तर यसको सट्टामा तिमीहरूका विचारहरू भविष्यले र कुनै दिन के हुन सक्छ त्यसले नियन्त्रण गरेको छ: तपाईं नीलो आकाशलाई नियाल्छौ, तीतो आँसु बगाउँछौ, र कुनै दिन स्वर्गमा लगिने अपेक्षा गर्छौ। के तिमीलाई तिमीहरूको सोचाइ पहिले नै वास्तविकताको बाहिर छ भन्ने थाहा छैन? तिमीहरू के सोचिरहन्छौ भने यो संसारमा कठिनाइ र दु:खकष्ट सहने तिमीलाई आफूसँग लैजानको लागि एक दिन असीम दया र करुणा सहितका मुक्तिदाता निश्चय नै आउनुहुनेछ, र तिमीलाई पीडित तुल्याउने र थिचोमिचो गर्नेहरूलाई तिमीहरूका खातिर बदला लिनुहुनेछ। के तिमीहरू पापले भरिएको छैनौ? के यस संसारमा दुःख भोग्ने तिमीहरू मात्रै हौ? तिमीहरू आफै शैतानको अधिकार क्षेत्रमा पऱ्यौ र कष्ट भोग्यौ—के परमेश्वरले तिमीहरूका लागि अझै बदला लिनुपर्छ? तिनीहरू जो परमेश्वरको माग पूरा गर्न असमर्थ छन्—के तिनीहरू सबै परमेश्वरका शत्रुहरू होइनन्? जो देहधारी परमेश्वर विश्वास गर्दैनन्—के तिनीहरू ख्रीष्टविरोधी होइनन्? तिम्रा सुकर्महरू केको लागि गनिन्छ? के तिनीहरूले परमेश्वरको उपासना गर्ने हृदयको ठाउँ लिन सक्दछन्? केही सुकर्महरू गरेर मात्रै तिमीहरूले परमेश्वरको आशीर्वाद प्राप्त गर्न सक्दैनौ र तिमीलाई पीडित तुल्याइएको र थिचोमिचोमा पारिएकै आधारमा परमेश्वरले तिमीहरूका खातिर बदला लिइदिनुहुनेछैन। जसले परमेश्वरमा विश्वास गरे पनि परमेश्वरलाई चिन्दैनन्, तर जसले असल काम गर्दछन्—के ती सबैलाई पनि सजाय दिइँदैन र? तँ केवल परमेश्वरमा विश्वास गर्छस्, तेरो विरुद्धमा गरिएका गलत कार्यहरूका निम्ति परमेश्वरले प्रतिकार गरिदिनुभएको होस् र बदला लिइदिनुभएको होस् भन्ने मात्रै चाहन्छस् र परमेश्वरले तँलाई तेरो त्यो दिन दिनुभएको तँ चाहन्छस्, जुन दिन तँ आखिरमा आफ्नो शिर ठाडो गर्न सक्नेछस्। तर तँ सत्यलाई ध्यान दिन

अस्वीकार गर्छस् र न त सत्यमा जिउने तृष्णा नै तँ गर्छस्। तँ यो कठिन, रित्तो जीवनबाट बाहिरिन सक्ने कुरा त परै जाओस्। बरु, तेरो देहको जीवन र तेरो पापको जीवन बिताउने क्रममा, तैँले आफ्ना गुनासोहरू सुधार्न र तेरो अस्तित्वको कुहिरोलाई हटाउनको लागि परमेश्वरले अपेक्षाको साथ हेर्छस्। तर के यो सम्भव छ? यदि तँसँग सत्य छ भने, तैँले परमेश्वरलाई पछ्याउन सक्छस्। यदि तँ जिएको छस् भने, तँ परमेश्वरको वचनको अभिव्यक्ति हुन सक्छस्। यदि तँमा जीवन जियाई छ भने, तैँले परमेश्वरको आशिष प्राप्त गर्नेछस्। जोसँग सत्य छ उसले परमेश्वरको आशिष प्राप्त गर्नसक्छ। उहाँलाई पूर्ण हृदयले प्रेम गर्ने र कठिनाइ र कष्ट सहनेहरूका लागि न्याय गरिदिने निश्चयता दिनुहुन्छ, तर केवल आफूलाई मात्र प्रेम गर्ने र शैतानको छलको शिकार भएकाहरूका लागि भने होइन। सत्यलाई प्रेम नगर्नेहरूमा कसरी भलाई हुनसक्छ? केवल शरीरलाई प्रेम गर्नेहरूमा कसरी धार्मिकता हुनसक्छ? के धार्मिकता र भलाइको बारेमा, केवल सत्यको सन्दर्भमा मात्र बोलिँदैन र? के पूर्ण हृदयले परमेश्वरलाई प्रेम गर्नेहरूका लागि ती छुट्याइएका छैनन्? जसले सत्यलाई प्रेम गर्दैनन् र जो केवल लास मात्र हुन्—के यी सबै व्यक्तिहरूले दुष्कर्मलाई सुरक्षित राख्दैनन्? जो सत्यमा जिउन सक्दैनन्—के तिनीहरू सबै सत्यका शत्रुहरू होइनन् र? र तिमीहरू कस्ता छौ?

यदि तँ अन्धकारका यी प्रभावहरूबाट उम्कन सक्छस् र आफूलाई ती अशुद्ध थोकहरूबाट मुक्त गर्न सक्छस् भने, यदि तँ पवित्र हुन सक्छस् भने, तँमा सत्यता हुनेछ। तेरो प्रकृति परिवर्तन भएको होइन, तर तँ सत्यलाई अभ्यास गर्न सक्षम छस् र शरीरलाई त्याग्न सक्षम छस्। शुद्ध पारिएकाहरूमा हुने गुण यही नै हो। विजयको कामको मुख्य उद्देश्य भनेको मानवतालाई शुद्ध पार्नु हो जसले गर्दा मानिसले सत्यतालाई प्राप्त गर्न सक्छ, किनभने मानिसले सत्यलाई अत्यन्तै थोरै मात्र बुझ्छ! त्यस्ता मानिसहरूमा विजयको काम गर्नु भनेको निकै महत्त्वपूर्ण कुरा हो। तिमीहरू सबै जना अन्धकारको प्रभावमा परेका छौ र तिमीहरूलाई गहिरो चोट लागेको छ। त्यसैले यो कामको लक्ष्य भनेको तिमीहरूलाई मानव प्रकृतिबारे जान्न र सत्यतामा जिउन सक्षम गर्नु हो। सिद्ध हुनु भनेको यस्तो कुरा हो जसलाई सृष्टि गरिएका सबै प्राणीहरूले स्विकार्नुपर्छ। यदि यस चरणको काममा मानिसहरूलाई सिद्ध गर्ने कार्य मात्रै समावेश भएको भए, यो ब्रिटेन, वा अमेरिका, वा इजरायलमा गर्न सकिन्थ्यो; यसलाई कुनै पनि राष्ट्रको मानिसहरूमा गर्न सकिन्थ्यो। तर विजयको काम छनोट गर्ने खालको छ। विजयको कामको पहिलो चरण अल्पकालीन हो; यसबाहेक, यो शैतानको अपमान गर्न र सम्पूर्ण ब्रह्माण्डलाई जित्नका लागि प्रयोग गरिनेछ। यो विजयको प्रारम्भिक कार्य हो। कसैले परमेश्वरमा विश्वास गर्ने कुनै पनि प्राणीलाई सिद्ध गर्न सकिन्छ भनेर भन्न सक्छ किनभने सिद्ध हुनु भनेको दिर्घकालीन परिवर्तनपछि मात्र प्राप्त गर्न सकिने कुरा हो। तर विजयी गरिनु भनेको फरक कुरा हो। विजयको लागि नमूना र प्रतिरूप सबैभन्दा पछाडि भएको हुनुपर्दछ, गहिरो अन्धकारमा रहनुपर्छ; तिनीहरू सबैभन्दा नीच, परमेश्वरलाई मान्न सबैभन्दा अनिच्छुक र परमेश्वरप्रति सबैभन्दा अनाज्ञाकारी हुनुपर्दछ। यो ठ्याक्कै त्यस्तै किसिमको व्यक्ति हो जसले विजय प्राप्त गरिएको बारेमा साक्षी दिन सक्छ। विजयको कामको मुख्य लक्ष्य भनेको शैतानलाई हराउनु हो, जबकी मानिसहरूलाई सिद्ध बनाउनुको मुख्य लक्ष्य भनेको मानिसहरूलाई

प्राप्त गर्नु हो। यो विजय गरिएपछि मानिसहरूमा विजयको कार्य तिमीहरू जस्तै मानिसहरूमा गरिएको छ भन्ने कुराको साक्षी छ भन्ने कुरालाई सक्षम गराउनु हो। विजय प्राप्त गरेपछि मानिसहरूलाई साक्षी दिन लगाउनु यसको उद्‌देश्य हो। यी विजय गरिएका मानिसहरूलाई शैतानको अपमान गर्ने लक्ष्य प्राप्त गर्नका लागि प्रयोग गरिनेछ। त्यसो भए, विजयको मुख्य विधि के हो? सजाय, न्याय, श्रापहरू र खुलासा—मानिसहरूलाई जित्नको लागि धर्मी स्वभावको प्रयोग गर्ने, ताकि तिनीहरू परमेश्वरको धर्मी स्वभावको कारण पूर्ण रूपमा विश्वस्त हुन सकून्। मानिसहरूलाई विजय गर्न र तिनीहरूलाई पूर्ण रूपमा विश्वस्त बनाउनको लागि वचनको यथार्थता र अधिकारको प्रयोग गर्नु—विजय गरिनुको अर्थ यही हो। सिद्‌ध गरिएका व्यक्तिहरूले विजय प्राप्त भएपछि आज्ञाकारीतालाई मात्र प्राप्त गर्न सक्षम हुँदैनन्, उनीहरू न्यायको कामको ज्ञान प्राप्त गर्न, आफ्नो स्वभाव बदल्न, र परमेश्वरलाई चिन्न पनि सक्षम हुन्छन्। तिनीहरूले परमेश्वरलाई प्रेम गर्ने मार्गको अनुभव गर्छन् र सत्यले भरिन्छन्। उनीहरू परमेश्वरको कार्यलाई कसरी अनुभव गर्ने, परमेश्वरको लागि कष्ट भोग्न सक्ने र उनीहरूको आफ्नै इच्छा-शक्तिहरू पाउन सक्षम हुने भन्ने कुराहरू सिक्छन्। सिद्‌ध पारिएकाहरू तिनै हुन् जोसँग परमेश्वरको वचनको अनुभव पाएको कारणले सत्यको वास्तविक ज्ञान छ। विजय गरिएकाहरू तिनै हुन् जसले सत्य जान्दछन् तर सत्यको वास्तविक अर्थलाई स्वीकार गरेका छैनन्। विजय गरिसकिएपछि, तिनीहरूले आज्ञापालन गर्छन्, तर तिनीहरूको आज्ञाकारीता भनेको उनीहरूले पाएको न्यायको परिणाम हो। तिनीहरूसँग धेरै सत्यहरूको वास्तविक अर्थको बारेमा कुनै पनि बुझाइ छैन। तिनीहरूले सत्यलाई मौखिक रूपमा स्वीकार्छन्, तर उनीहरू सत्यमा प्रवेश गरेका छैनन्; तिनीहरू सत्यलाई बुझ्छन्, तर तिनीहरूले सत्यको अनुभव गरेका छैनन्। सिद्‌ध गरिएकाहरूमा गरिने काममा जीवनको प्रावधानसँगै दण्डहरू र न्यायहरू हुन्छन्। सत्यमा प्रवेश गर्नुलाई मूल्यको ठान्ने व्यक्ति नै सिद्‌ध गरिनुपर्ने व्यक्ति हो। सिद्‌ध गरिएकाहरू र विजय गरिनुपर्नेहरूको बीचमा रहेको भिन्नता भनेको उनीहरू सत्यमा प्रवेश गर्छन् की गर्दैनन् भन्ने नै हो। सिद्‌ध पारिएकाहरू तिनीहरू नै हुन् जसले सत्यलाई बुझ्दछन्, सत्यमा प्रवेश गरेका छन् र सत्यमा जिइरहेका छन्; सिद्‌ध गर्न नसकिने मानिसहरू तिनीहरू नै हुन् जसले सत्यलाई बुझ्दैनन् र जो सत्यमा प्रवेश गर्दैनन्, अर्थात जो सत्यमा जिइरहेका छैनन्। यदि यस्ता मानिसहरू अहिले पूर्ण रूपमा आज्ञापालन गर्न सक्षम छन्, भने तिनीहरू विजय गरिएका छन्। यदि विजय गरिएकाले सत्यको खोजी गर्दैनन्—यदि तिनीहरूले सत्यतालाई पछ्याउँछन् तर यसमा जिउँदैनन् भने, यदि तिनीहरूले सत्यलाई हेर्छन् र सुन्छन् तर सत्यमा जिउने कार्यलाई बहुमूल्य ठान्दैनन् भने भने—तिनीहरूलाई सिद्‌ध पारिन सकिँदैन। सिद्‌ध पारिनुपर्ने मानिसहरूले सिद्‌धको बाटोमा हिँड्दै परमेश्वरको आवश्यकताहरू अनुसार सत्यको अभ्यास गर्छन्। यस मार्फत, तिनीहरूले परमेश्वरको इच्छालाई सन्तुष्ट गर्छन् र तिनीहरूलाई सिद्‌ध पारिन्छ। विजयको काम समाप्त हुनु अघि अन्त्यसम्मै पछ्याउने जोकोही व्यक्ति विजय गरिएको व्यक्ति हो, तर सिद्‌ध पारिएको व्यक्तिको बारेमा त्यसो भन्न सकिँदैन। “सिद्‌ध पारिएका” ले ती मानिसहरूलाई जनाउँछ जसले विजयको काम समाप्त भएपछि सत्यलाई पछ्याउन सक्छन् र परमेश्वरद्‌वारा प्राप्त गरिएका हुन्छन्। यसले ती व्यक्तिहरूलाई जनाउँछ जो विजयको काम समाप्त भएपछि संकष्टमा दृढ भएर

खडा हुन्छन् र सत्यमा जिउँछन्। विजय गरिनु र सिद्ध गरिनुलाई कामको चरणमा हुने फरक र मानिसहरूले सत्यलाई बुझ्ने र त्यसमा प्रवेश गर्ने कुरामा रहेको फरकको हदले भिन्नता छुट्याउँछ। सिद्ध हुने बाटोमा नहिँडेका ती सबै, अर्थात् जोसँग सत्यको स्वामित्व छैन, उनीहरूलाई अन्ततः हटाइनेछ। जोसँग सत्य छ र जो सत्यमा जिउँछ तिनीहरूलाई मात्रै परमेश्‍वरले पूर्ण रूपमा प्राप्त गर्नुहुन्छ। अर्थात्, पत्रुसको स्वरूपमा जिउनेहरू सिद्ध पारिएकाहरू हुन् भने अरू सबै विजय गरिएकाहरू हुन्। विजय गरिएकाहरूमा गरिएका काममा श्रापहरू दिने, सजाय दिने, र क्रोधको प्रदर्शन गर्ने कार्यहरू समावेश हुन्छन् र तिनीहरूमा आउने भनेको धार्मिकता र श्रापहरू हो। त्यस्ता व्यक्तिमा काम गर्नु भनेको कुनै समारोह वा शिष्टाचारविना प्रकट गर्नु हो–उनीहरू भित्रको भ्रष्ट स्वभावलाई उजागर गर्नु ताकि उनीहरू आफैले यसलाई पहिचान गरून् र पूर्णरूपमा विश्‍वस्त होऊन्। जब मानिस पूर्ण रूपमा आज्ञाकारी हुन्छ, विजयको काम समाप्त हुन्छ। अधिकांश मानिसहरूले अझै पनि सत्यलाई बुझ्नको लागि प्रयास नगरे पनि विजयको काम समाप्त भएको हुनेछ।

यदि तँ सिद्ध हुन चाहन्छस् भने, त्यसका लागि पुरा गर्नुपर्ने मापदण्ड छन्। तेरो संकल्प, तेरो लगनशीलता र तेरो विवेकमार्फत र तेरो खोजमार्फत, तँ जीवनको अनुभव लिन र परमेश्‍वरको इच्छालाई सन्तुष्ट पार्न सक्षम हुनेछस्। यो तेरो प्रवेश हो, र सिद्धताको बाटोका लागि चाहिने कुराहरू यी हुन्। सिद्धताको काम सबै मानिसहरूमा गर्न सकिन्छ। परमेश्‍वरलाई खोज गर्ने जोसुकै पनि सिद्ध हुन सक्छ र उनीहरूसँग सिद्ध हुनका लागि चाहिने अवसर र योग्यताहरू हुन्छन्। यसको कुनै निश्‍चित नियम छैन। कोही व्यक्ति सिद्ध हुन सक्छ कि सक्दैन भन्ने कुरा मुख्यतया उसले के कुरा खोज गर्ने लक्ष्य राख्छ भन्ने कुरामा भर पर्छ। सत्यलाई प्रेम गर्ने र सत्यमा जिउन सक्ने मानिसहरू पक्कै पनि सिद्ध हुन सक्छन्। सत्यलाई प्रेम नगर्ने मानिसहरूलाई परमेश्‍वरले सराहना गर्नुहुन्न; उनीहरूले परमेश्‍वरले खोज्नुभएको जीवनलाई स्वामित्व गर्दैनन् र तिनीहरू सिद्ध हुन सक्दैनन्। सिद्धताको काम भनेको मानिसहरू प्राप्त गर्नका लागि हो र यो शैतानको विरुद्धमा लड्ने कामको भाग होइन; विजयको काम भनेको शैतानको विरुद्धमा लड्ने मात्र हो जसको अर्थ मानिसको विजयलाई शैतानलाई पराजय गर्नका लागि प्रयोग गर्नु हो भन्ने हुन्छ। विजयको काम मुख्य काम, सबैभन्दा नयाँ काम, सबै युगहरूमा नभएको काम हो। कोही व्यक्तिले भन्न सक्छ कि यो चरणको कामको लक्ष्य भनेको मुख्यतया सबै मानिसलाई जित्नु र शैतानलाई हराउनु हो। मानिसहरूलाई सिद्ध बनाउने काम–यो नयाँ काम होइन। देहमा परमेश्‍वरको कामको दौरान सबै कामको लक्ष्यको सारतत्व भनेको मानिसहरूलाई जित्नु हो। यो अनुग्रहको युगमा भएको जस्तै हो, जुन बेलाको मुख्य काम भनेको क्रूसीकरणद्वारा सबै मानवजातिलाई छुटकारा दिनु थियो। “मानिसहरूलाई प्राप्त गर्नु” देहमा हुने कामको अतिरिक्त थियो र यो क्रुसीकरण पछि मात्र गरिन्थ्यो। जब येशू आउनुभयो र उहाँको काम गर्नुभयो, उहाँको लक्ष्य भनेको मुख्यतया मृत्यु र पातालको दासत्वमाथि विजय प्राप्त गर्नु, शैतानको प्रभावमाथि विजय प्राप्त गर्नु–अर्थात्, शैतानलाई पराजित गर्न उहाँको क्रसीकरण प्रयोग गर्नु थियो। येशूलाई क्रूसमा टाँगिएपछि मात्र पत्रुस एक पटकमा एक कदम चाल्दै सिद्धताको बाटोमा आएका थिए। अवश्य पनि, येशूले काम गरिरहेका

बेलामा येशूलाई पछ्याइरहेका व्यक्तिहरूमध्ये पत्रुस पनि एक जना थिए, तर त्यो समयमा उनी सिद्ध भइसकेका थिएनन्। बरु, येशूले उहाँको काम पुरा गरेपछि मात्र पत्रुसले विस्तारै सत्य बुझे र त्यसपछि सिद्ध भए। परमेश्‍वर छोटो समयमा कुनै कामको प्रमुख, महत्वपूर्ण चरण पुरा गर्नका लागि मात्र धर्तीमा देहधारी भई आउनुहुन्छ, धर्तीका मानिसहरूलाई सिद्ध गर्नका लागि लामो समयसम्म जिउनका लागि होइन। उहाँले त्यो काम गर्नुहुन्‍न। उहाँले उहाँको काम समाप्त गर्नका लागि मानिस पूर्ण रूपमा सिद्ध हुने समयसम्म पर्खनुहुन्‍न। त्यो उहाँको देहधारणको लक्ष्य र महत्त्व होइन। उहाँ मानवता मुक्त गर्नको लागि गर्नुपर्ने छोटो समयको कामका लागि मात्र आउनुहुन्छ, मानवतालाई सिद्ध गर्ने लामो समयको कामका लागि होइन। मानवता मुक्त गर्ने काम एक प्रतिनिधिमूलक र नयाँ युग सुरु गर्ने क्षमता राख्ने खालको हुन्छ। यो छोटो समय अवधिमा पुरा हुन सक्छ। तर मानवतालाई सिद्ध गराउने कामले मानिसलाई एउटा निश्‍चित तहसम्म पुर्‍याउने माग गर्दछ; यस्तो कामका लागि लामो समय लाग्छ। यो काम परमेश्‍वरको आत्माले गर्नुपर्छ, तर यो देहको कामको समयमा बोलिएको सत्यको जगमा गरिन्छ। उहाँले मानवतालाई सिद्ध गर्ने उहाँको लक्ष्य हासिल गर्नका लागि प्रेरितहरूलाई खडा गरेर लामो समय अवधिको गोठालो गर्ने काम मार्फत पनि गर्नुहुन्छ। देहधारी परमेश्‍वरले यो काम गर्नुहुन्‍न। उहाँले मानिसहरूले बुझ्‍ने जीवनको बाटोको बारेमा मात्र बोल्नुहुन्छ र उहाँले मानवतालाई सत्यको अभ्यास गर्नका लागि निरन्तर साथ दिने भन्दा पनि मानवतालाई सत्य मात्र दिनुहुन्छ किनभने यो उहाँको सेवकाइमा छैन। त्यसैले, उहाँले मानिसले पूर्ण रूपमा सत्य बुझेको र पूर्ण रूपमा सत्य प्राप्त गरेको दिनसम्म मानिसलाई साथ दिनुहुनेछैन। जब मानिस परमेश्‍वरको विश्‍वासको सही बाटोमा औपचारिक रूपमा प्रवेश गर्छ, जब मानिसले सिद्ध हुने सही बाटोमा पाइला चाल्छ, तब देहमा हुने उहाँको काम पुरा हुन्छ। यो पक्कै पनि उहाँले पूर्ण रूपले शैतानलाई पराजय गरी संसारमाथि विजय प्राप्त गर्दा मात्र हुन्छ। उहाँले न मानिस अन्ततः त्यो समयमा सत्यमा प्रवेश गर्‍यो कि गरेन भन्‍ने कुराको ख्याल राख्‍नुहुन्छ, न त उहाँले मानिसको जीवन महान वा हस्तलेख हो भन्‍ने कुरामा वास्ता गर्नुहुन्छ। यीमध्ये कुनै पनि देहमा हुने उहाँले व्यवस्थापन गर्नुपर्ने कुरा होइनन्; यीमध्ये कुनै पनि देहधारी परमेश्‍वरको सेवकाइभित्र पर्दैनन्। जब उहाँले उहाँको अभिप्रायको काम पुरा गर्नुहुन्छ, उहाँले देहमा हुने उहाँको काम समाप्त गर्नुहुनेछ। त्यसैले, देहधारी परमेश्‍वरले गर्ने काम भनेको परमेश्‍वरको आत्माले सीधै गर्न नसक्ने काम हो। साथै, यो मुक्तिको छोटो समयको काम हो, उहाँले धर्तीमा लामो समयसम्म पुरा गर्ने काम होइन।

तिमीहरूको क्षमता बढाउने कार्य मेरो कामको क्षेत्रभित्र पर्दैन। मैले तिमीहरूलाई यो गर्न भनिरहेको छु किनभने तिमीहरूको क्षमता निकै कम छ। सत्य भन्‍नु पर्दा, यो सिद्धताको कामको भाग होइन; बरु, यो तिमीहरूमा गरिएको अतिरिक्त काम हो। आज तिमीहरूमा पुरा गरिएको काम तिमीहरूको आवश्यकताअनुसार गरिएको हो। यो व्यक्तीकृत छ र यो सिद्ध भइरहेका हरेक व्यक्ति प्रवेश गर्नुपर्ने बाटो होइन। तिमीहरूको क्षमता विगतमा सिद्ध भएका जोसुकैको भन्दा कम भएकाले, जब तँमा यो काम गरिन्छ, निकै धेरै व्यवधानहरू हुन्छन्। म यो अतिरिक्त काम गरिरहेका तिमीहरूमध्ये पर्छु किनभने सिद्धताका लक्ष्यहरू फरक छन्। सारगत तवरमा, जब

परमेश्वर धर्तीमा आउनुहुन्छ, उहाँ उहाँको सही सीमामा रहनुहुन्छ र उहाँको काम गर्नुहुन्छ र अन्य असम्बन्धित विषयहरूको झन्झटमा पर्नुहुन्न। उहाँ पारिवारिक विषयहरूमा संलग्न हुनुहुन्न वा मानिसहरूको जीवनहरूमा पनि सहभागी हुनुहुन्न। उहाँले बिलकुलै यस्ता तुच्छ कुराहरूमा चासो राख्नुहुन्न; तिनीहरू उहाँको सेवकाइको भाग होइनन्। तर तिमीहरूको क्षमता मैले खोजेको भन्दा निकै कम छ–कुनै पनि हालतमा, त्यसको तुलना हुँदैन–यसले काममा निकै अवरोध गर्दछ। साथै, यो काम चीनको यो भूमिका मानिसहरूको बीचमा गर्नुपर्छ। तिमीहरू यति अशिक्षित छौ कि मसँग बोल्ने र तिमीहरूले आफूहरूलाई शिक्षित बनाउनुहोस् भनेर माग गर्ने बाहेक अरू छनोट छैन। मैले तिमीहरूलाई यो अतिरिक्त काम हो, तर यो तिमीहरूले प्राप्त गर्नुपर्ने केही कुरा हो र तिमीहरूलाई सिद्ध हुनका लागि सहयोग गर्ने केही कुरा हो भनेर भनेको छु। साँचो भन्नुभन्दा, शिक्षा, आफ्नो व्यवहारको बारेमा आधारभूत ज्ञान, र जीवनको बारेमा आधारभूत ज्ञान तिमीहरूले स्वभाविक रूपमा स्वामित्व गर्नुपर्ने सबै कुराहरू हुन्; मैले तिमीहरूसँग यी विषयहरूमा कुराकानी गर्नुपर्दैन। तर तिमीहरूसँग यी चीजहरू नभएकाले, तिमीहरू यो संसारमा जन्म लिइसकेपछि तिमीहरूमा यी चीजहरू स्थापना गर्ने काम बाहेक मसँग अरू कुनै छनोट छैन। तिमीहरूले मेरो बारेमा धेरै मान्यताहरू हृदयमा राखेको भएपनि, म अझै पनि तिमीहरूबाट यो माग गर्दछु–मैले अझै पनि तिमीहरूले तिमीहरूको क्षमता बढाओ भनी माग गर्दछु। आएर यो काम गर्ने मेरो अभिप्राय छैन, किनभने मेरो काम भनेको तिमीहरूलाई विजय गर्नु, तिमीहरूको न्याय गरी तिमीहरूको पूर्ण दृढ विश्वास प्राप्त गर्नु, र त्यसद्वारा तिमीहरू प्रवेश गर्नुपर्ने जीवनको बाटो देखाउनु हो। यसलाई अर्को तरिकाले भन्दा, तिमीहरू कति शिक्षित छौ र तिमीहरू जीवनको बारेमा कत्तिको ज्ञान राख्छौ भन्ने कुराले मलाई कुनै मतलब राख्दैन, बरु मैले तिमीहरूलाई मेरो वचनले विजय गर्नुपर्छ। यो सबै विजयको काममा र तिमीहरूको अनुवर्ती सिद्धताका खातिर नतिजाहरू प्राप्त गरिन्छ भनी सुनिश्चित गर्नका लागि थपिएको छ। यो विजयको कामको कुनै भाग होइन। तिमीहरू कम क्षमता भएको र तिमीहरू अल्छी र लापरवाही, मूर्ख र मन्द बुद्धि भएको, काठ जस्तो र मूर्ख भएकाले–तिमीहरू अत्याधिक असामान्य भएकाले–तिमीहरूले पहिले तिमीहरूको क्षमता बढाउनुपर्छ भनी म माग गर्दछु। सिद्ध हुन चाहने जोसुकैले पनि निश्चित मापदण्ड पुरा गर्नुपर्छ। सिद्ध हुनका लागि, कुनै पनि व्यक्ति स्पष्ट र सचेत मनको हुनुपर्छ र अर्थपूर्ण जीवन बिताउने चाहना राख्नुपर्छ। यदि तिमीहरू बेकार जीवन बाँच्न नचाहने, सत्यको खोजी गर्ने, आफूले गर्ने हरेक काममा व्यग्र रहने, र असाधारण रूपमा सामान्य मानवता भएको कोही हौ भने, तिमीहरूले सिद्ध हुने सर्तहरू पुरा गर्छौ।

तिमीहरूको बीचमा भइरहेको यो काम के काम गरिनुपर्छ भन्ने अनुसार नै तिमीहरूमा गरिएको हुनुपर्दछ। यी मानिसहरूलाई विजय गरेपछि, मानिसहरूको एउटा समूह सिद्ध हुनेछ। त्यसैले, अहिलेको धेरै काम तिमीहरूलाई सिद्ध बनाउने लक्ष्यको तयारीका लागि पनि हो, किनभने सिद्ध हुन सक्ने धेरै मानिसहरू सत्यको निम्ति भोकाइरहेका छन्। यदि विजयको काम तिमीहरूमा गरिन्छ र त्यसपछि थप काम केही पनि गरिँदैन भने, त्यसपछि के यो सत्यको खोजी गरिरहेको व्यक्तिले यसलाई प्राप्त गर्ने घटना बन्दैन? अहिलेको कामले पछि मानिसहरूलाई सिद्ध गर्ने बाटो खोल्ने लक्ष्य राख्दछ। यद्यपि मेरो काम भनेको विजयको काम मात्र हो, मैले भन्ने जीवनको बाटो

मानिसहरूलाई सिद्ध गर्ने तयारीका लागि हो। विजयपछि आउने काम मानिसहरूलाई सिद्ध गर्ने काममा केन्द्रित हुन्छ, र जित्ने काम सिद्ध गर्ने कामको जग बिछ्याउनका लागि गरिन्छ। मानिस विजय प्राप्त गरेपछि मात्र सिद्ध हुन्छ। अहिले, मुख्य काम भनेको जित्नु हो; पछि, सत्य खोज्ने र त्यसको पछि लाग्नेहरू सिद्ध हुनेछन्। सिद्ध हुनुले मानिसहरूको प्रवेशको सक्रिय पक्षहरू समावेश गर्दछ: के तिमीहरूसँग परमेश्‍वरलाई प्रेम गर्ने हृदय छ? तिमीहरूले यो बाटो हिँड्दै गर्दा तिमीहरूको अनुभवको गहिराइ के भएको छ? परमेश्‍वरप्रतिको तिमीहरूको प्रेम कत्तिको चोखो छ? तिमीहरूको सत्यको अभ्यास कत्तिको सही छ? सिद्ध हुनका लागि, कुनै व्यक्तिसँग मानवताको सबै पक्षहरूको आधारभूत ज्ञान हुनुपर्छ। यो एउटा आधार रेखा आवश्यकता हो। तिनीहरू सबै जो विजय गरेर पनि सिद्ध हुन सक्दैनन्, सेवा गर्ने पात्रहरू बन्छन् र अन्ततः अझै पनि आगो र गन्धकको कुण्डमा फ्याँकिन्छन् र अझै पनि अतल खाडलमा खस्नेछन्, किनभने तिमीहरूको स्वभाव परिवर्तन भएको छैन र तँ अझै पनि शैतानकै हुनुहुन्छ। यदि कुनै मानिसमा सिद्धताका लागि सर्तहरूको कमी छ भने, त्यो व्यक्ति बेकम्मा हो–ऊ फोहोर, एक औजार हो, जुनले आगोको परीक्षणको सामना गर्न सक्दैन! अहिले परमेश्‍वरप्रति तेरो प्रेम कत्तिको ठूलो छ? तेरो आफ्नो घृणा कत्तिको ठूलो छ? तैँले शैतानलाई वास्तवमा कत्तिको गहन रूपमा चिनेको छस्? के तेरो आफ्नो संकल्प बलियो छ? के तेरो मानवताभित्रको तेरो जीवन सहिसँग नियमन भएको छ? के तेरो जीवन बदलिएको छ? के तँ नयाँ जीवन बाँचिरहेको छस्? के तिमीहरूको जीवनको दृष्टिकोण बदलिएको छ? यदि यी कुराहरू परिवर्तन भएका छैनन् भने, तिमीहरू पछि नहटे पनि सिद्ध हुन सक्दैनौ; बरु, तँलाई विजय गरिएको मात्र छ। जब तँलाई परीक्षण गर्ने समय आउँछ, तँमा सत्यको अभाव हुनेछ, तेरो मानवता असामान्य हुनेछ, र तँ बोझको जनावर जत्तिकै निम्न हुनेछस्। तेरो एक मात्र प्राप्ति विजय गरिएको हुनु थियो–तँ मैले विजय गरेको केवल एक चीज हुन सक्छस्। जसरी गधा एक पटक मालिकको कुटाइको अनुभव गरेपछि, डराउँछ र मालिकलाई हरेक पटक देख्दा केही गर्न डराउँछ, तँ केवल विजय गरिएको गधा मात्र हुनेछस्। यदि कुनै व्यक्तिसँग ती सकारात्मक पक्षहरू छैनन् र त्यसको सट्टामा निष्क्रिय र डरलाग्दो, डरपोक र सबै कुरामा हिचकिचाहट, स्पष्ट रूपमा कुनै कुरा बुझ्न असमर्थ, सत्यलाई स्वीकार गर्न असमर्थ, अभ्यासको लागि कुनै मार्ग विनाको, र त्यो भन्दा पनि परमेश्‍वरलाई प्रेम गर्ने हृदय विनाको हुन्छ–यदि एक व्यक्तिले परमेश्‍वरलाई कसरी प्रेम गर्ने, कसरी अर्थपूर्ण जीवन बिताउने वा कसरी वास्तविक व्यक्ति बन्ने भन्ने कुरा बुझेको छैन भने–त्यस्तो व्यक्तिले कसरी परमेश्‍वरको साक्षी दिन सक्छ? यसले तेरो जीवनको थोरै मूल्य छ र तँ विजय गरिएको गधा होस् भन्ने देखाउँछ। तँलाई जित्नेछ, तर यसको केवल अर्थ यो हो कि तैँले ठूलो रातो अजिङ्गर त्यागेर यसको अधिकार क्षेत्रमा आज्ञापालन गर्न अस्वीकार गर्यौ; यसको मतलब तँ परमेश्‍वर हुनुहुन्छ भनेर विश्‍वास गर्छस्, परमेश्‍वरको सबै योजनाहरू पालना गर्न चाहन्छस्, र तँसँग कुनै गुनासो छैन भन्ने हुन्छ। तर सकारात्मक पक्षहरूका लागि, के तँ परमेश्‍वरको वचनमा जिउन र परमेश्‍वरलाई प्रकट गर्न सक्छस्; यदि तँमा यीमध्ये कुनै पनि पक्षहरू छैनन् भने, यसको अर्थ तँलाई परमेश्‍वरले हासिल गर्नुभएको छैन र तँ केवल विजय गरिएको गधा होस् भन्ने हुन्छ। तँमा केही कुरा इच्छित छैन र पवित्र आत्माले तँमा काम गरिरहनुभएको छैन। तँमा

मानवताको पनि कमी छ; परमेश्‍वरले तँलाई प्रयोग गर्न असम्भव छ। तँलाई परमेश्‍वरले अनुमोदन गर्नुपर्नेछ र तँ अविश्‍वासी जनावरहरू र हिँड्ने मृत मानिसहरू भन्दा सय गुणा राम्रो हुनुपर्दछ–यस स्तरमा पुग्ने व्यक्तिहरू मात्र सिद्‍ध हुन योग्य छन्। यदि कसैसँग मानवता छ र विवेक छ भने मात्र यो परमेश्‍वरको प्रयोगको लागि उपयुक्त व्यक्ति हो। तँ सिद्‍ध भएमा मात्र तँलाई मानवको रूपमा लिइन्छ। सिद्‍ध भएकाहरू मात्र अर्थपूर्ण जीवन बाँच्ने मानिसहरू हुन्। त्यस्ता मानिसहरू ले मात्र परमेश्‍वर सामु अझ ठूलो स्वरले साक्षी दिन सक्छन्।

## तैंले प्रतिष्ठाका आशिष्‌हरूलाई पन्छ्याउनुपर्छ र मानिसको निम्ति मुक्ति ल्याउने परमेश्‍वरको इच्छालाई बुझ्नुपर्छ

मानिसको दृष्टिकोणबाट हेर्दा, मोआबका सन्तानहरूलाई पूर्ण बनाउनु सम्भव छैन, न त उनीहरू त्यस्तो बनाइने योग्यका नै छन्। अर्कोतिर, दाऊदका सन्तानसित निश्‍चय पनि आशा छ र तिनीहरूलाई साँच्चै पूर्ण बनाउन सकिन्छ। यदि कोही मोआबको सन्तान हो भने, उनीहरूलाई पूर्ण बनाउन सकिँदैन। अहिले पनि तिमीहरूलाई तिमीहरूका बीचमा गरिँदैगरेको कार्यको महत्त्व थाहा छैन। यस चरणमा, अझै तिमीहरू आफ्नो भविष्यका सम्भावनाहरू हृदयमा राख्छौ, र तिनलाई त्याग्न मन पराउँदैनौं। परमेश्‍वरले तिमीहरूजस्ता सबैभन्दा अयोग्य मानिसहरूको झुन्डमा काम गर्ने कुरा किन चुन्नुभयो त्यसलाई आज कसैले वास्ता गर्दैन। के उहाँले आफ्नो काममा गल्ती गर्नुभएको हुन सक्छ? के यो काम क्षणिक निरीक्षण हो? तिमीहरू मोआबका सन्तान हौं भनी सधैँ जान्नुहुने परमेश्‍वर किन ठीक तिमीहरूकै बीचमा काम गर्न ओर्लनुभयो? के यो कहिल्यै तिमीहरूको मनमा आउँदैन? के परमेश्‍वरले आफ्नो काम गर्नुहुँदा यसमाथि कहिल्यै विचार गर्नुहुन्‍न? के उहाँले आक्रमक व्यवहार गर्नुहुन्छ? तिमीहरू मोआबका सन्तान हौ भन्‍ने कुरा के उहाँलाई सुरुदेखि नै थाहा थिएन र? के तिमीहरू यी कुराहरूको विचार गर्न जान्दैनौ? तिमीहरूका धारणाहरू कहाँ गए? के तिमीहरूका स्वस्थ सोचविचार असन्तुलित भएका छन्? तिमीहरूको चतुरता र बुद्‌धि कहाँ गए? के तिमीहरूको व्यवहार गर्ने ढङ्ग यति उदार भएकोले तिमीहरू त्यस्ता साना कुराहरूमा ध्यान दिँदैनौ? तिमीहरूका दिमागहरू तिमीहरूको भविष्यका सम्भावनाहरू र तिमीहरूको आफ्नै भाग्यजस्ता कुरामा बढी संवेदनशील हुन्छन्, तर जब अरू कुनै कुरा आउँछ, ती चेतनाशून्य, बोधो-बुद्‌धिको र पूर्ण रूपमा अनभिज्ञ हुन्छन्। आखिर तिमीहरू कुन कुरामा विश्‍वास गर्छौ? के तेरो भविष्यका सम्भावनाहरूमा? वा परमेश्‍वरमा? के तैंले विश्‍वास गर्ने सबै कुरा तेरो सुन्दर गन्तव्य नै होइन र? के यो तेरो भावी सम्भावनाहरू होइन र? अहिले तैंले जीवनको बाटोलाई कतिसम्म बुझेको छस्? तैंले कति प्राप्त गरेको छस्? के तँ अहिले मोआबको सन्तानमा हुँदै गरेको काम तँलाई अपमान गर्नका निम्ति हो भनी सोच्छस्? के यो जानाजानी तेरो कुरूपता प्रकट गर्नका निम्ति गरिन्छ? के यो तिमीहरूलाई सजाय स्वीकार गर्ने बनाउन र त्यसपछि तिमीहरूलाई आगोको कुण्डमा

फाल्नलाई जानाजानी गरिन्छ? मैले तिमीहरूको भविष्यको कुनै सम्भावनाहरू छैनन् भनी कहिल्यै पनि भनेको छैन, तिमीहरू नाश हुनुपर्छ वा तिमीहरूले विनाश भोग्नुपर्छ भन्ने कुरा गर्ने त परै जाओस्। के मैले सार्वजनिक रूपमा त्यस्ता कुराको घोषणा गरेको छु? तँ भन्छस्, कि तँ आशाविहीन छस्, तर यो तँ आफैले निकालेको निष्कर्ष होइन र? के यो तेरो आफ्नै मानसिकताको प्रभाव होइन र? के तेरो आफ्नै निष्कर्षहरूको गन्ती हुन्छ? यदि मैले तँ आशिषित भएको छैनस् भनी भनेँ भने, तँ निश्चय विनाशको पात्र हुनेछस्; र यदि मैले तँ आशिषित छस् भनी भनेँ भने तँ निश्चय नाश हुनेछैनस्। म यति मात्र भन्दैछु कि तँ मोआबको सन्तान होस्; तँ नाश हुनेछस् भनी म भन्दिनँ। के मात्रै हो भने, मोआबका सन्तान श्रापित भएको छ, र त्यो भ्रष्ट मानिसहरूको एउटा जाति हो। पापको बारेमा पहिले नै उल्लेख गरिएको थियो; के तिमीहरू सबै पापी होइनौ र? के सबै पापीहरूलाई शैतानले भ्रष्ट पारेको छैन र? के पापीहरू सबै परमेश्‍वरप्रति अनाज्ञाकारी र विद्रोही हुँदैनन्? के परमेश्‍वरको आज्ञा नमान्नेहरू श्रापित हुँदैनन् र? के पापीहरू सबै नष्ट पारिनु पर्दैन र? त्यस्तो अवस्थामा, मासु र रगतका मानिसहरूमध्ये कसले मुक्ति पाउन सक्छ? तँ आजसम्म कसरी जीवित रहन सकेको छस्? के तँ मोआबका सन्तान भएकोले तँ नकारात्मक बनेको छस्; के तिमीहरू जो पापी हौ, तिमीहरू पनि मानिसहरूको रूपमा गणना हुँदैनौ र? तिमीहरू यो दिनसम्म कसरी टिकेका छौ? जब सिद्धताको कुरा गरिन्छ, तिमीहरू खुसी बन्छौ। तिमीहरूले महासंकष्टको अनुभव गर्नैपर्छ भन्ने सुनेपछि त्यसले तिमीहरूलाई अझ बढी आशिषित बनाउनेछ भन्ने महसुस तिमीहरू गर्छौ। त्यो महासंकष्टबाट निस्केपछि तिमीहरू विजयी बन्छौ, अनि यसबाहेक यो परमेश्‍वरको ठूलो आशिष् हो र उहाँले तिमीहरूलाई उच्च पार्नुभएको हो भन्ने सोच्छौ। मोआबको उल्लेख गर्ने बित्तिकै तिमीहरूको माझमा कोलाहल जाग्छ; वयस्कहरू र बालबच्चाहरू सबैले एकसमान रूपमा वर्णन गर्न नसकिने उदासीनता महसुस गर्छन् र तेरो हृदयमा आनन्द बिलकुल हुँदैन, र तिमीहरू आफू जन्मेकोमा अफसोस गर्छौ। तिमीहरूले मोआबका सन्तानहरूमा भइरहेको यस चरणको कामको महत्त्व बुझ्दैनौ; तिमीहरूले उच्च ओहदाहरू मात्रै खोज्न जान्दछौ, र जब तिमीहरूलाई कुनै आशा छैन भन्ने लाग्छ, तिमीहरू पछि हट्छौ। सिद्धताको र भविष्यको गन्तव्य कुरा गर्ने बित्तिकै तिमीहरूलाई खुसी लाग्छ; तिमीहरूले आशिष् पाउन र राम्रो गन्तव्य पाउन सकौं भनेर मात्र परमेश्‍वरमा विश्‍वास गर्छौ। केही मानिसहरू अहिले आफ्नो प्रतिष्ठाको कारण आशंकित महसुस गर्छन्। तिनीहरू कम मूल्य र कम प्रतिष्ठाका भएकाले, तिनीहरूले सिद्ध पारिने कार्यको खोजी गर्ने चाहना गर्दैनन्। पहिलो, सिद्धताको कुरा गरियो, र त्यसपछि मोआबको सन्तानको चर्चा गरिएको थियो, त्यसैले मानिसहरूले पहिले उल्लेख गरिएको सिद्धताको मार्गलाई उपेक्षा गरे। किनभने सुरुदेखि अन्त्यसम्म तिमीहरूले यो कामको महत्त्व कहिल्यै जानेका छैनौ, न त तिमीहरू त्यसको महत्त्वलाई वास्ता नै गर्छौ। तिमीहरू धेरै सानो कदका छौ र सानोभन्दा सानो बाधासमेत सहन सक्दैनौ। जब तैंले आफ्नो कद धेरै सानो भएको देख्छस् तब तँ नकारात्मक बन्छस् र खोजी गर्दैजाने आत्मविश्‍वास गुमाउँछस्। मानिसहरूले अनुग्रह प्राप्त गर्नु र शान्ति उपभोग गर्नुलाई मात्र विश्‍वासको प्रतीकको रूपमा हेर्छन्, र आशिषको खोजी गर्नुलाई परमेश्‍वरमाथिको तिनीहरूका विश्‍वासको आधारको रूपमा लिन्छन्। अति थोरै मानिसहरूले परमेश्‍वरलाई चिन्न वा आफ्नो

स्वभाव परिवर्तन गर्न खोज्छन्। आफ्नो विश्वासमा मानिसहरू तिनीहरूलाई उपयुक्त गन्तव्य र तिनीहरूलाई चाहिएका सबै अनुग्रह दिनका निम्ति परमेश्वरलाई करमा पार्न खोज्छन्, उहाँलाई तिनीहरूको नोकर बनाउन खोज्छन्, जहिल्यै पनि तिनीहरूसँग शान्तिमय र मित्रताको सम्बन्ध राख्न लगाउँछन्, ताकि कुनै पनि समय तिनीहरूका बीचमा कुनै प्रकारको द्वन्द्व नहोस्। अर्थात्, तिनीहरूले बाइबलमा पढेका "म तिमीहरूका सबै प्रार्थनाहरू सुन्नेछु" भन्ने वचनको आधारमा उहाँले तिनीहरूका सबै आवश्यकताहरू पूरा गर्ने र तिनीहरूले जे सुकै मागे पनि त्यो प्रदान गर्ने उहाँको प्रतिज्ञालाई परमेश्वरमाथिको तिनीहरूको विश्वासले माग गर्दछ। तिनीहरू परमेश्वरले कसैको न्याय नगरून् वा कसैलाई दण्ड नदेऊन् भनी आशा गर्छन्, किनकि उहाँ सधैँ दयालु मुक्तिदाता येशू हुनुहुन्छ, जसले हरसमय र सबै ठाउँमा मानिसहरूसँग राम्रो सम्बन्ध राख्नुहुन्छ। मानिसहरूले परमेश्वरमा यसरी विश्वास गर्दछन्: तिनीहरू विद्रोही वा आज्ञाकारी जो भए पनि, उहाँले तिनीहरूलाई अन्धाधुन्ध जे पनि दिनुहुन्छ भनी विश्वास गर्दै तिनीहरूले निर्लज्ज बनी परमेश्वरसँग माग गर्छन्। तिनीहरूले निरन्तर परमेश्वरबाट "ऋण उठाउँछन्," र उहाँले कुनै विरोध नगरी "चुक्ता" गर्नुपर्छ, यसबाहेक त्यसको दोबर तिर्नुपर्छ भनी विश्वास गर्छन्; परमेश्वरले तिनीहरूबाट केही प्राप्त गर्नुभए पनि नभए पनि, उहाँ तिनीहरूको चालबाजीमा मात्रै पर्नुपर्छ, र उहाँले मनमानी ढङ्गले मानिसहरूलाई योजनाबद्ध तरिकाले चलाउन सक्नुहुन्न, धेरै वर्षदेखि लुकेर रहेको उहाँको बुद्धि र धर्मी स्वभाव उहाँले चाहनुभएको बेला मानिसहरूको अनुमति नलिई तिनीहरूलाई प्रकट गर्न सक्ने कुरा त परै जाओस्। तिनीहरूले आफ्ना पापहरू परमेश्वरको सामु स्वीकार मात्रै गर्छन्, र परमेश्वरले ती पापहरूलाई बिलाउनुहुन्छ, उहाँले त्यसो गर्न दिक्क मान्नुहुन्न र यो कुरा सदासर्वदा भइरहन्छ भनी विश्वास गर्छन्। परमेश्वर मानिसहरूबाट सेवा पाउन आउनुभएन, तर तिनीहरूको सेवा गर्न आउनुभयो, र उहाँ तिनीहरूका दास बन्नका निम्ति यहाँ आउनुभएको हो भनी बाइबलमा लेखिएको हुनाले उहाँले तिनीहरूको कुरा मानिहाल्नुहुन्छ भन्दै तिनीहरूले परमेश्वरलाई आदेश दिन्छन्। के तिमीहरूले सधैँ यस किसिमले विश्वास गरेका छैनौ र? जब तैँले परमेश्वरबाट कुनै कुरा प्राप्त गर्न सक्दैनस्, तँ भाग्ने इच्छा गर्छस्; जब तँ कुनै कुरा बुझ्दैनस्, तब तँ धेरै रिसाउँछस्, र उहाँलाई हरप्रकारको गाली गर्ने हदसम्म जान्छस्। तिमीहरू परमेश्वरलाई स्वयम्लाई उहाँको बुद्धि र चमत्कार प्रकट गर्ने अनुमति दिँदै-दिँदैनौ; त्यसको साटो, तिमीहरू क्षणिक आराम र सुविधाको आनन्द मात्र लिन चाहन्छौ। अहिलेसम्म, परमेश्वरमा विश्वास गर्ने तिमीहरूको आचरण तिनै पुराना विचारहरूद्वारा बनेको छ। यदि परमेश्वरले तिमीहरूलाई प्रतापको सानो झल्को मात्र देखाउनुभयो भने, तिमीहरू दुःखी बन्नेछौ। के तिमीहरूले अहिले आफ्नो कद कति ठूलो छ भनी ठीकसँग देख्छौ? जब तिमीहरूका पुराना विचारहरू बदलिएकै छैनन् भने तिमीहरू सबै परमेश्वरप्रति बफादार छौ भनी नसोच। जब तँमाथि केही पनि आइलाग्दैन, तब तँ सबै कुरा ठीकसँगले चलिरहेको छ, र परमेश्वरप्रतिको तेरो प्रेम सर्वोच्च बिन्दुमा पुग्छ भन्ने विश्वास गर्छस्। जब तँलाई कुनै सानो कुरा हुन्छ, तँ पातालमा झर्छस्। के परमेश्वरप्रति बफादार हुनु भनेको यही हो?

यदि विजयको अन्तिम चरणको काम इस्राएलमा सुरु भएको भए त्यस्तो विजयको कामको कुनै अर्थ हुनेथिएन। त्यो काम चीनमा र तिमी मानिसहरूमा गरिन्छ भने त्यो धेरै महत्त्वपूर्ण

हुन्छ। तिमीहरू मानिसहरूमध्ये सबैभन्दा तुच्छ हौ, सबैभन्दा तुच्छ प्रतिष्ठा भएका मानिसहरू; तिमीहरू त्यस्ता हौ जो यस समाजका सबैभन्दा तल्लो स्तरका हौ, र तिमीहरू त्यो हौ जसले सुरुमा परमेश्‍वरलाई सबैभन्दा कम रूपमा स्वीकार गरेका थियौ। तिमीहरू ती मानिसहरू हौ जो परमेश्‍वरबाट धेरै टाढा भएका थियौ र जसको अत्यन्त गम्भीर रूपमा क्षति भएको थियो। यस चरणको काम केवल विजयको लागि मात्र हो, त्यसकारण तिमीहरू भविष्यमा साक्षी बन्नलाई चुनिनु सबैभन्दा उपयुक्त छैन? यदि विजयको कामको पहिलो चरण तिमी मानिसहरूमा नगरिएको भए, आउनेवाला विजयको कामलाई अगाडि बढाउन गाह्रो हुनेथियो, किनकि पछिबाट हुने विजयको कामका परिणामहरू आज गरिने यो कामको तथ्यको आधारमा प्राप्त हुनेछ। अहिलेको विजयको काम विजयको समग्र कामको सुरुवात मात्र हो। तिमीहरू जितिनु पर्ने पहिलो समूह हौ; जितिनु पर्ने सबै मानव जातिको प्रतिनिधि तिमीहरू नै हौ। जो मानिसहरूमा सच्चा रूपमा ज्ञान हुन्छ तिनीहरूले आज परमेश्‍वरले गर्नुहुने काम महान् छ, र उहाँले मानिसहरूलाई उनीहरूको आफ्नै विद्रोहीपन जान्न मात्र दिनुहुन्न, तर तिनीहरूको हैसियत पनि प्रकट गर्नुहुन्छ भनी देख्‍नेछन्। उहाँका वचनहरूको उद्‌देश्य र अर्थ मानिसहरूलाई निरुत्साहित पार्नु होइन, न त तिनीहरूलाई लडाउनु नै हो। यो तिनीहरूले उहाँका वचनहरूबाट अन्तर्दृष्टि र मुक्ति प्राप्त गरून् भनेर हो; यो उहाँका वचनहरूद्‌वारा तिनीहरूका आत्मालाई जगाउनको लागि हो। संसारको सृष्टि भएदेखि नै मानिस शैतानको अधिकार क्षेत्रमा बाँचिरहेको छ, उसलाई परमेश्‍वर हुनुहुन्छ भन्‍ने न थाहा छ, न त विश्‍वास छ। यी मानिसहरूलाई परमेश्‍वरको ठूलो मुक्तिमा सामेल गर्न सकिन्छ र परमेश्‍वरले धेरै माथि उठाउन सक्नुहुन्छ भन्‍ने कुराले साँच्चै परमेश्‍वरको प्रेमलाई देखाउँछ; साँचो रूपमा बुझ्‍नेहरू सबैले यसमा विश्‍वास गर्नेछन्। त्यस्तो ज्ञान नहुनेहरूलाई चाहिँ के हुन्छ? उनीहरूले भन्‍नेछन्, "अँ, परमेश्‍वर भन्‍नुहुन्छ, हामी मोआबका सन्तान हौं; उहाँले यो आफ्नै वचनहरूमा भन्‍नुभयो। के हामी अझै पनि राम्रो परिणाम प्राप्त गर्न सक्छौं? हामीलाई कसले मोआबको सन्तान बनायो? विगतमा कसले हामीलाई उहाँको त्यत्ति धेरै विरोध गर्ने बनायो? परमेश्‍वर हामीलाई दोषी ठहराउन आउनुभएको छ; के तँ देख्दैनस् कि कसरी उहाँले सधैँ सुरुदेखि नै हाम्रो न्याय गर्नुभएको छ? हामीले परमेश्‍वरको विरोध गरेकाले, हामीलाई यसरी नै सजाय हुनुपर्छ।" के यी शब्दहरू सही छन्? आज परमेश्‍वरले तिमीहरूको न्याय गर्नुहुन्छ, तिमीहरूलाई सजाय दिनुहुन्छ, र तिमीहरूलाई दोषी ठहराउनुहुन्छ, तर तैंले यो थाहा पाउनु पर्छ, कि तँलाई दोष लाउनुको लक्ष्य तैंले आफैलाई चिन भन्‍ने हो। उहाँले तँलाई दोष लाउनुहुन्छ, सराप्नुहुन्छ, न्याय गर्नुहुन्छ, र सजाय दिनुहुन्छ, यसैले कि तैंले आफूलाई चिन्‍न सक्, ताकि तेरो स्वभाव परिवर्तन हुन सकोस्, ताकि तैंले आफ्नो मूल्यलाई जान्‍न सक् र परमेश्‍वरका सबै कामहरू धार्मिक र उहाँको स्वभाव र उहाँको कामका आवश्यकताहरू अनुसार छन्, र उहाँले मानिसको मुक्तिको योजनाअनुसार काम गर्नुहुन्छ, अनि उहाँ मानिसलाई प्रेम गर्नुहुने, बचाउनुहुने, न्याय गर्नुहुने र दण्ड दिनुहुने धर्मी परमेश्‍वर हुनुहुन्छ भनी देख्‍न सक्। यदि तँलाई तँ निम्न प्रतिष्ठाको छस्, तँ भ्रष्ट र अनाज्ञाकारी छस् भन्‍ने मात्र थाहा छ, तर परमेश्‍वरले आज तँमाथि पठाउनुहुने न्याय र सजायद्‌वारा उहाँको मुक्तिलाई स्पष्ट पार्न चाहनुहुन्छ भनी जानिनस् भने तैंले अनुभव प्राप्त गर्ने कुनै उपाय हुँदैन, अनि तँ अझ अगि बढ्न

योग्य हुने कुरा त परै जाओस्। परमेश्‍वर मार्न वा नाश गर्न आउनुभएको होइन, तर न्याय गर्न, सराप्न, सजाय दिन र बचाउन आउनुभएको हो। उहाँको ६,००० वर्षको व्यवस्थापन योजना नजिक नआउञ्जेलसम्म–उहाँले प्रत्येक वर्गको मानिसको नतिजा प्रकट गर्नुभन्दा पहिले–पृथ्वीमा परमेश्‍वरले गर्नुहुने काम मुक्तिका लागि हुनेछ; यसको उद्‌देश्य भनेको उहाँलाई प्रेम गर्नेहरूलाई पूर्ण–सम्पूर्ण रूपमा–बनाउनु नै हो र उनीहरूलाई उहाँको प्रभुत्वको अधीनमा ल्याउनु हो। परमेश्‍वरले मानिसहरूलाई जसरी बचाउनु भए पनि, त्यो सबै तिनीहरूका पुरानो शैतानिक स्वभावबाट तिनीहरूलाई अलग पारेर नै गरिन्छ; अर्थात्, उहाँले तिनीहरूलाई जीवनको खोजी गर्ने बनाएर बचाउनुहुन्छ। यदि तिनीहरूले त्यसो गरेनन् भने, तिनीहरूसँग परमेश्‍वरको मुक्तिलाई स्वीकार गर्ने कुनै उपाय हुँदैन। मुक्ति परमेश्‍वर स्वयम्‌को काम हो, र जीवनको खोजी गर्नु भनेको मुक्ति स्वीकार गर्नको लागि मानिसले गर्नैपर्ने कुरा हो। मानिसको नजरमा मुक्ति परमेश्‍वरको प्रेम हो र परमेश्‍वरको प्रेम कहिल्यै पनि सजाय, न्याय र सरापहरू हुन सक्दैन; मुक्तिमा प्रेम, दया र त्यसबाहेक सान्त्वनाका शब्दहरू, साथसाथै परमेश्‍वरले प्रदान गर्नुभएका असीमित आशिषहरू हुनुपर्दछ। जब परमेश्‍वरले मानिसलाई बचाउनुहुन्छ, तब मानिसहरूले आफ्ना हृदयहरू परमेश्‍वरलाई दिन सकून् भनी परमेश्‍वरले उनीहरूलाई आफ्ना आशिषहरू र अनुग्रहले असर पार्दै त्यसो गर्नुहुन्छ भनी मानिसहरू विश्‍वास गर्दछन्। भन्‍नुको तात्पर्य यो हो, कि उहाँले मानिसलाई छुनु भनेको उहाँले तिनीहरूलाई बचाउनु हो। यस प्रकारको मुक्ति एक सम्झौता गरेर गरिन्छ। जब परमेश्‍वरले तिनीहरूलाई एक सय गुणा दिनुहुन्छ तब मात्र मानिस परमेश्‍वरको नाउँको सामु अधीनमा आउँदछ र उहाँका निम्ति राम्रो गर्ने र उहाँलाई महिमा दिने कोसिस गर्छ। मानव जातिका लागि परमेश्‍वरको अभिप्राय यो होइन। परमेश्‍वर भ्रष्ट मानव जातिलाई बचाउन पृथ्वीमा काम गर्न आउनुभएको छ; यसमा कुनै झूट छैन। यदि यो झूट थियो भने, निश्‍चय उहाँ व्यक्तिगत रूपले आफ्नो काम गर्न आउनुहुने थिएन। विगतमा, उहाँको मुक्तिको माध्यमहरूमा चरम प्रेम र दया देखाउने कार्य समावेश थियो, यहाँसम्म कि, उहाँले मानव जातिलाई सम्पूर्ण रूपमा प्राप्त गर्न शैतानलाई आफ्नो सबै कुरा दिनुभयो। वर्तमान विगतजस्तो अलिकति पनि छैन: आज तिमीहरूलाई दिइएको मुक्ति आखिरी दिनहरूमा, प्रत्येकलाई उसको प्रकारअनुसार वर्गीकरण गरिएको समयमा आउँछ; तिमीहरूको मुक्तिको माध्यम प्रेम वा करुणा होइन, तर त्यो सजाय र न्याय हो, यसैले कि मानिसले पूर्ण रूपमा मुक्ति पाओस्। यसैले, तिमीहरूले पाउने भनेको सजाय, न्याय र निर्दयी प्रहार मात्र हो, तर यो कुरा जान: यो निर्दयी प्रहारमा दण्ड अलिकति पनि छैन। मेरा वचनहरू जति नै कठोर भए पनि, तँमाथि आइपर्ने चाहिँ थोरै वचनहरू मात्र हुन् जुन तिमीहरूलाई निर्दयी लाग्न सक्छ, रम जति नै रिसाए पनि तिमीहरूमाथि बर्सिने भनेको मेरो शिक्षाका वचनहरू नै हुन्, मेरो उद्‌देश्य तिमीहरूको हानि गर्ने वा तिमीहरूलाई मार्ने होइन। के यो सबै तथ्य होइनन् र? यो जान् कि हिजोआज चाहे धार्मिक न्याय होस् वा निर्दयी शुद्‌धीकरण र सजाय होस्, सबै कुरा मुक्तिकै लागि हुन्। आज प्रत्येकलाई प्रकार अनुसार वर्गीकरण गरिए पनि वा मानिसका वर्गहरूलाई उदाङ्गो पारिए पनि, परमेश्‍वरका सबै वचनहरू र कामको उद्‌देश्य भनेको परमेश्‍वरलाई साँचो रूपमा प्रेम गर्नेहरूलाई मुक्ति दिनु नै हो। धर्मी न्याय मानिसलाई शुद्‌ध गर्नका लागि ल्याइन्छ, र निर्दयी शोधन तिनीहरूलाई शुद्‌ध पार्नका लागि गरिन्छ; कठोर वचनहरू वा ताडना, दुवै

शुद्ध पार्नका लागि र मुक्तिको खातिर दिइन्छ। यसैले, आजको मुक्तिको विधि विगतको जस्तो छैन। आज, तिमीहरूको मुक्ति धार्मिक न्यायको माध्यमबाट ल्याइन्छ, र यो तिमीहरूलाई प्रकारअनुसार वर्गीकरण गर्ने उत्तम साधन हो। यसबाहेक, निर्दयी सजायले तिमीहरूको पूर्ण मुक्तिको रूपमा काम गर्दछ—र त्यस्तो सजाय र न्यायको सामना गर्नुपर्दा तिमीहरूले के भन्नुपर्ने हुन्छ? के तिमीहरूले सुरुदेखि अन्त्यसम्म सधैँ मुक्तिको आनन्द लिइरहेका छैनौ र? तिमीहरूले देहधारी परमेश्वरलाई देखेका छौ र उहाँको सर्वशक्तिमान्ता र बुद्धिलाई महसुस गरेका छौ; यसबाहेक अझै तिमीहरूले बारम्बारको पिटाइ र अनुशासनको अनुभव गरेका छौ। तापनि, के तिमीहरूले सर्वोच्च अनुग्रह पनि प्राप्त गरेका छैनौ र? के तिमीहरूका आशिषहरू अरू कसैको भन्दा ठूलो छैनन् र? तिमीहरूका अनुग्रहहरू सोलोमनले उपभोग गरेका गौरव र धन-सम्पत्तिभन्दा पनि प्रचुर छन्! यसको बारेमा विचार गर: यदि म आउनुको उद्देश्य तिमीहरूलाई मुक्ति दिनु नभएर तिमीहरूलाई दोष लाउनु र दण्ड दिने थियो भने, के तिमीहरूका दिनहरू यति लामो लम्बिने थियो? के मासु र रगतका तिमी पापी प्राणीहरू आजको दिनसम्म जीवित रहन सक्थ्यौ? यदि मेरो लक्ष्य तिमीहरूलाई दण्ड दिनु मात्र थियो भने, म किन मानिस बन्थें र त्यस्तो ठूलो काम सुरु गर्थें? के तिमीहरूजस्ता मरणशील प्राणीलाई एकै शब्द बोलेर मात्रै पनि दण्ड दिन सकिँदैनथियो र? के तिमीहरूलाई जानाजानी दोष लगाएपछि मैले तिमीहरूलाई नाश पार्नु आवश्यक हुन्थ्यो? के तिमीहरू अझै पनि मेरा यी वचनहरूमा विश्वास गर्दैनौ? के म मानिसहरूलाई प्रेम र दयाको माध्यमबाट मात्र बचाउन सक्थेँ? वा के मानिसलाई बचाउन म क्रूसको मृत्यु मात्र प्रयोग गर्न सक्थेँ? के मेरो धार्मिक स्वभाव मानिसलाई पूर्णतया आज्ञाकारी बनाउन अझ उपयोगी छैन र? के यो मानिसलाई पूर्ण रूपमा बचाउन अझ सक्षम छैन र?

मेरा वचनहरू कठोर हुन सक्छन्, तापनि ती सबै मानिसका मुक्तिका लागि भनिएका छन्, किनकि म केवल वचनहरू मात्र बोल्दैछु र मानिसको देहलाई दण्ड दिइरहेको छैन। यी वचनहरूले मानिसलाई ज्योतिमा बस्न, ज्योति छ भनी जान्न, त्यो ज्योति अनमोल छ भनेर बुझ्न र अझ त्योभन्दा बढी, यी वचनहरू तिनीहरूका लागि कति धेरै लाभदायक छन् भनेर जान्न, साथै परमेश्वर मुक्ति हुनुहुन्छ भनी बुझ्न पनि सहायता गर्दछन्। मैले सजाय र न्यायका धेरै वचनहरू बोलेको भए पनि, तिनले जुन कुराको प्रतिनिधित्व गर्दछन् त्यो तिमीहरूमा व्यवहारिक रूपमा गरिएको छैन। म मेरो काम गर्न र मेरा वचनहरू बोल्न आएको हुँ, र मेरा वचनहरू कठोर भए पनि ती तिमीहरूको भ्रष्टता र तिमीहरूको विद्रोहको न्याय गर्न बोलिएका हुन्। मेरो यो कामको उद्देश्य मानिसलाई शैतानको अधिकार क्षेत्रबाट बचाउनु नै हो; मानिसलाई बचाउन मैले मेरा वचनहरू प्रयोग गर्दैछु। मेरो उद्देश्य भनेको मेरा वचनहरूद्वारा मानिसको हानि गर्नु होइन। मेरो कामको नतिजा प्राप्त गर्नका लागि नै मेरा वचनहरू कठोर छन्। त्यस्तो कामद्वारा मात्र मानिसले आफैलाई चिन्न र आफ्नो विद्रोही स्वभावबाट अलग हुन सक्छ। वचनहरूको कामको सबैभन्दा ठूलो महत्त्व भनेको मानिसहरूले सत्य कुरा बुझेपछि तिनीहरूलाई त्यो व्यवहारमा अपनाउने, तिनीहरूको स्वभाव परिवर्तन गर्ने र आफ्नो र परमेश्वरको कार्यको ज्ञान प्राप्त गर्ने तुल्याउनु हो। वचनहरू बोलेर काम गर्दा मात्रै परमेश्वर र मानिसबीच कुराकानी गर्नु सम्भव हुन्छ, र वचनहरूले मात्र सत्यतालाई वर्णन

गर्न सक्दछ। यस तरिकाले काम गर्नु नै मानिसलाई जित्ने सबैभन्दा उत्तम माध्यम हो; वचनहरू बोल्ने बाहेक, अरू कुनै पनि विधिले मानिसहरूलाई सत्यता र परमेश्‍वरको काम स्पष्ट रूपमा बुझाउन सक्दैन। यसैले, आफ्नो अन्तिम चरणको काममा, परमेश्‍वरले मानिससँग मानिसले अझैसम्म नबुझेका सत्यता र रहस्यहरू प्रकट गर्न, तिनीहरूलाई परमेश्‍वरबाट साँचो बाटो र जीवन प्राप्त गर्ने तुल्याउन र त्यसरी उहाँको इच्छा पूरा गर्नको लागि बोल्नुहुन्छ। परमेश्‍वरले मानिसमा गर्नुहुने कामको उद्देश्य तिनीहरूलाई परमेश्‍वरको इच्छा पूरा गर्न सक्षम बनाउनु हो, र यो तिनीहरूकहाँ मुक्ति ल्याउनका लागि गरिन्छ। त्यसकारण, मानिसले उहाँको मुक्ति पाएको समयमा, उहाँले तिनीहरूलाई दण्ड दिने काम गर्नुहुन्न। मानिसकहाँ मुक्ति ल्याउने क्रममा, परमेश्‍वरले दुष्टलाई दण्ड वा असल इनाम दिनुहुन्न, न त उहाँले विभिन्न किसिमका मानिसहरूका गन्तव्यहरू नै प्रकट गर्नुहुन्छ। बरु, उहाँको कामको अन्तिम चरण पूरा भएपछि मात्र उहाँले खराबीलाई दण्ड दिने र असल कार्यलाई इनाम दिने काम गर्नुहुनेछ, तब मात्र उहाँले सबै किसिमका विभिन्न मानिसहरूको अन्त्य प्रकट गर्नुहुन्छ। दण्ड पाउने तिनीहरू हुनेछन् जो वास्तवमा मुक्ति पाउन असमर्थ हुन्छन्, अनि बचाइएकाहरू ती हुनेछन् जसले परमेश्‍वरले मानिसलाई मुक्ति दिनुभएको समयमा परमेश्‍वरको मुक्ति प्राप्त गरेका हुन्छन्। परमेश्‍वरले मुक्ति दिने कार्य गरिरहनुभएको बेला मुक्ति पाउन सक्ने प्रत्येक व्यक्तिले हरसम्भव मुक्ति पाउनेछ, र तिनीहरूमध्ये कसैलाई पनि फालिनेछैन, किनकि परमेश्‍वरको कामको उद्‌देश्य भनेको मानिसलाई बचाउनु नै हो। ती सबै जो, परमेश्‍वरले मानिसलाई मुक्ति दिइरहनुभएको समयमा आफ्नो स्वभावमा परिवर्तन हासिल गर्न असमर्थ हुन्छन्—साथै तिनीहरू सबै जो पूर्ण रूपले परमेश्‍वरको अधीनमा बस्न असमर्थ हुन्छन्—तिनीहरू दण्डका पात्रहरू बन्नेछन्। कामको यो चरणले, अर्थात् वचनहरूको कामले मानिसहरूले बुझ्न नसक्ने सबै मार्गहरू र रहस्यहरू खोल्नेछ, यसरी तिनीहरूले परमेश्‍वरको इच्छा र परमेश्‍वरले तिनीहरूबाट गर्नुभएका मागहरू बुझ्न सक्छन्, र यसरी तिनीहरूले परमेश्‍वरको वचनहरू अभ्यास गर्ने र तिनीहरूको स्वभावमा परिवर्तन गर्ने पूर्वसर्तहरू पाउन सक्छन्। परमेश्‍वरले उहाँको आफ्नो काम गर्न केवल वचनहरू प्रयोग गर्नुहुन्छ र मानिस थोरै विद्रोही हुँदा उसलाई दण्ड दिनुहुन्न; किनकि अहिले मुक्तिको कामको समय हो। यदि विद्रोही काम गर्ने कुनै पनि व्यक्तिलाई दण्ड दिइयो भने कसैले पनि मुक्ति पाउने मौका पाउनेथिएन; सबैले दण्ड पाउनेथिए र पातालमा खस्नेथिए। मानिसलाई न्याय गर्ने वचनहरूको उद्‌देश्य भनेको तिनीहरूलाई आफैलाई चिन्ने र परमेश्‍वरमा समर्पित हुने मौका दिनु हो; यो तिनीहरूलाई त्यस्तो न्यायद्‌वारा दण्ड दिनु होइन। वचनहरूको कामको अवधिमा, धेरै मानिसहरूले आफ्नो विद्रोहीपन र अनादर साथसाथै देहधारी परमेश्‍वरप्रति तिनीहरूको अनाज्ञाकारितालाई प्रकट गर्नेछन्। तापनि, त्यसको फलस्वरूप उहाँले यी सबै मानिसहरूलाई दण्ड दिनुहुन्न, तर त्यसको साटो उहाँले भित्रैदेखि भ्रष्ट र मुक्ति पाउन नसक्ने ती सबै मानिसलाई पर पन्छ्याउनुहुनेछ। उहाँले तिनीहरूको देह शैतानलाई दिनुहुनेछ र केही अवस्थाहरूमा तिनीहरूको देह नाश पार्नुहुनेछ। बाँकी रहेकाहरू पछि लागिरहनेछन् र तिनीहरूले निराकरण र छिँवल्ने कार्यको अनुभव गर्नेछन्। यदि पछ्याउने क्रममा, यी मानिसहरू अझै पनि निराकरण र छिँवल्ने कार्यलाई स्वीकार गर्न सक्दैनन् र झन्-झन् पतित हुँदै जान्छन् भने,

तिनीहरूले मुक्ति पाउने आफ्नो मौका गुमाउनेछन्। प्रत्येक व्यक्ति जो वचनहरूद्वारा जितिनका निम्ति समर्पित हुन्छन् तिनीहरूले मुक्ति पाउने प्रशस्त मौका पाउनेछन्; यी प्रत्येक मानिसमा आएको परमेश्वरको मुक्तिले उहाँको परम उदारतालाई देखाउनेछ। अर्को शब्दमा, तिनीहरूलाई अत्याधिक सहिष्णुता देखाइनेछ। जबसम्म मानिसहरू गलत मार्गबाट फर्कन्छन्, र जबसम्म तिनीहरूले पश्चात्ताप गर्न सक्छन्, परमेश्वरले तिनीहरूलाई उहाँको मुक्ति प्राप्त गर्ने मौका दिनुहुनेछ। जब मानिसले पहिलो पटक परमेश्वरको विरुद्धमा विद्रोह गर्‍यो, उहाँले तिनीहरूलाई मार्ने कुनै इच्छा गर्नुहुन्न; बरु, तिनीहरूलाई बचाउन उहाँले सक्दो कोसिस गर्नुहुन्छ। यदि कसैसँग मुक्तिको लागि कुनै ठाउँ छैन भने, परमेश्वरले तिनीहरूलाई पन्छ्याउनुहुनेछ। परमेश्वरले केही मानिसहरूलाई दण्ड दिनु ढिलो गर्नुको कारण यो हो कि मुक्ति पाउन निम्ति योग्य सबै मानिसलाई मुक्ति दिने उहाँको चाहना हुन्छ। उहाँले वचनद्वारा मात्रै मानिसहरूलाई न्याय गर्नुहुन्छ, ज्ञान दिनुहुन्छ, र डोर्‍याउनुहुन्छ, र तिनीहरूलाई मार्न उहाँले डन्डा चलाउनुहुन्न। मानिसहरूलाई मुक्तिमा ल्याउनका लागि वचनहरू प्रयोग गर्नु नै अन्तिम चरणको कामको उद्देश्य र महत्त्व हो।

## आफ्ना धारणाहरूमा परमेश्वरलाई सीमित गर्नेले परमेश्वरको प्रकाश कसरी प्राप्त गर्न सक्छ?

परमेश्वरका कार्यहरू सदैव अघि बढिरहन्छन्, र उहाँको कामको उद्देश्य परिवर्तन नभए पनि, उहाँले काम गर्ने तरीका नित्य परिवर्तन हुन्छ, जसको आशय के हो भने परमेश्वरलाई पछ्याउनेहरू पनि नित्य परिवर्तन भइरहन्छन्। परमेश्वरले जति धेरै काम गर्नुहुन्छ उत्ति नै परमेश्वरबारे मानिसको ज्ञान पनि पूर्ण हुन्छ। परमेश्वरको कामको जागरणमा मानिसको स्वभावमा पनि सोही अनुरूपको परिवर्तनहरू आउँछन्। तैपनि, परमेश्वरको काम सदैव परिवर्तन भइरहने हुनाले पवित्र आत्माको काम नजान्नेहरू र सत्यता नचिन्ने ती अर्थहीन मानिसहरू नै परमेश्वरलाई विरोध गर्ने मानिसहरू बन्छन्। परमेश्वरको काम मानिसको धारणाअनुसार कहिल्यै हुँदैन, किनभने उहाँको काम सदैव नयाँ हुन्छ र पुरानो कहिल्यै हुँदैन र उहाँ पुरानो कामलाई कहिल्यै पनि दोहोर्‍याउनुहुन्न, बरु यस अघि कहिल्यै नभएका कामहरू गर्दै अघि बढ्नुहुन्छ। परमेश्वरले आफ्नो काम कहिल्यै नदोहोर्‍याउनुहुने भएकोले र मानिसले परमेश्वरको हालको कामलाई उहाँले विगतमा गर्नुभएको कामको आधारमा सँधै न्याय गर्ने भएकोले नयाँ युगको कामको हरेक चरणलाई कार्यान्वयन गर्न परमेश्वरलाई अत्यन्त कठिन भएको छ। मानिससित अत्यन्तै धेरै जटिलताहरू छन्! ऊ उसको सोचाइमा अत्यन्त रूढिवादी छ! परमेश्वरको कामलाई कसैले जान्दैन, तैपनि हरेकले यसलाई सीमित गर्छ। जब मानिसले परमेश्वरलाई छोड्छ, तब उसले जीवन, सत्य, र परमेश्वरको आशिष् गुमाउँछ, तैपनि उसले न जीवन न त सत्यतालाई नै स्वीकार गर्छ, परमेश्वरले मानवजातिलाई दिनुहुने अझै ठूलो आशिष् स्वीकार गर्नु त परै जाओस्। सबै मानिसहरूले परमेश्वरलाई पाउन चाहन्छन्, तैपनि परमेश्वरको काममा हुने कुनै पनि परिवर्तन सहन असक्षम हुन्छन्। परमेश्वरको नयाँ कामलाई स्वीकार नगर्नेहरूले परमेश्वरको काम अपरिवर्तनशील हुन्छ, यो सदैव अचल रहन्छ भन्ने विश्वास

गर्छन्। तिनीहरूको विश्वासमा, तिनीहरूले परमेश्वरबाट मुक्ति पाउनलाई गर्नुपर्ने काम भनेको नै व्यवस्था पालन गर्नु हो, र तिनीहरूले आफ्ना पापहरू स्वीकार गरेसम्म र पश्चात्ताप गरेसम्म, परमेश्वरको इच्छा सदैव पूरा हुनेछ। तिनीहरू परमेश्वर व्यवस्थाको मातहतमा हुने परमेश्वर र मानिसको निम्ति क्रूस टाँगिएको परमेश्वर मात्र हुन सक्नुहुन्छ भन्ने धारणाका हुन्छन्; परमेश्वरले बाइबललाई अतिक्रमण गर्नु हुन्न र गर्न सक्नुहुन्न भन्ने पनि तिनीहरूको धारणा हुन्छ। यी नै धारणाहरूले तिनीहरूलाई पुरानो व्यवस्थाको जन्जिरमा जोडसँग पारेको छ र मृत नियमहरूमा जकडाएको छ। परमेश्वरको काम जस्तोसुकै नयाँ होस् यसलाई अगमवाणीहरूले पुष्टि गर्नुपर्छ र यस्ता कार्यको हरेक चरणमा साँचो हृदयले पछ्याउनेहरूलाई प्रकाशहरू पनि प्रकट गरिनु नै पर्छ, नत्र यस्तो काम परमेश्वरको काम हुन सक्दैन भनी विश्वास गर्नेहरू त अझै धेरै छन्। परमेश्वरलाई चिन्नु मानिसको निम्ति सजिलो काम होइन। मानिसको निरर्थक हृदयको अतिरिक्त स्व-महत्त्व र स्व-अहङ्कार भएको उसको विद्रोही स्वभावलाई लिँदा उसलाई परमेश्वरको नयाँ कामलाई स्वीकार गर्नु अझ धेरै कठिन हुन्छ। मानिसले न त परमेश्वरको नयाँ कामलाई सावधानीपूर्वक छानबिन गर्छ, न यसलाई नम्रतासँग स्वीकार गर्छ; बरु, उसले परमेश्वरबाट प्रकाश र मार्गदर्शनको प्रतीक्षा गर्ने क्रममा उसले घृणाको धारणा अङ्गीकार गर्छ। के यो परमेश्वरको विरुद्ध विद्रोह गर्ने र उहाँको विरोध गर्नेहरूको आचरण होइन र? यस्ता मानिसहरूले परमेश्वरको स्वीकृति कसरी प्राप्त गर्न सक्छन्?

यहोवेको काम अनुग्रहको युगको पछि परेको छ भनी येशूले भन्नुभयो, त्यसरी नै येशूको काम पनि पछि परेको छ भनी आज म भन्छु। यदि अनुग्रहको युग नभइ व्यवस्थाको युगमा मात्र भएको थियो भने, येशू क्रूसमा टाँगिनुहुनेथिएन र सबै मानवजातिलाई छुटकारा दिन सक्नुहुन्नथ्यो। यदि व्यवस्थाको युग मात्र भइदिएको भए, के मानवजाति आजको दिनसम्म आइपुग्न सक्थे? इतिहास अघि बढ्छ, अनि के इतिहास परमेश्वरको कामको प्राकृतिक व्यवस्था होइन र? के यो सारा ब्रह्माण्डभरि मानिसप्रतिको उहाँको व्यवस्थापनको चित्रण होइन र? इतिहास अघि बढ्छ, त्यसरी नै परमेश्वरको काम पनि अघि बढ्छ। परमेश्वरको इच्छा निरन्तर परिवर्तन भइरहन्छ। उहाँ छ हजार वर्षसम्म कामको एकै चरणमा रहन सक्नुहुन्नथियो, किनभने परमेश्वर सदैव नयाँ हुनुहुन्छ र कहिल्यै पनि पुरानो हुनुहुन्न भन्ने कुरा सबैलाई थाहा छ, सम्भवतः उहाँले क्रूसमा मारिने काम एक, दुई, तीन...। पटक गरिरहन सक्नुहुन्नथियो। यस्तो सोच्नु हास्यास्पद कुरा हुनेथियो। परमेश्वरले उही काम गरिरहनुहुन्न; मैले तिमीहरूसँग धेरै नयाँ वचनहरू बोलेजस्तै र हरेक दिन नयाँ काम गरेजस्तै, उहाँको काम सदैव परिवर्तन भइरहन्छ र सधैँ नयाँ हुन्छ। मैले गर्ने काम यही हो, र चाबीहरूचाँहि "नयाँ" र "चमत्कारी" शब्दहरू हुन्। "परमेश्वर अपरिवर्तनशील हुनुहुन्छ र परमेश्वर सदैव परमेश्वर नै हुनुहुनेछ": यो भनाइ साँच्चै सत्य छ; परमेश्वरको सार परिवर्तन हुँदैन, परमेश्वर सदैव परमेश्वर नै हुनुहुन्छ, र उहाँ कहिल्यै पनि शैतान हुन सक्नुहुन्नथ्यो, तर उहाँको काम उहाँको सारजस्तै स्थिर र अपरिवर्तनीय छ भन्ने कुरा यसले प्रमाणित गर्दैन। परमेश्वर अपरिवर्तनशील हुनुहुन्छ भनेर तँ नै भन्छस्, अनि परमेश्वर सदैव नयाँ हुनुहुन्छ र कहिल्यै पनि पुरानो हुनुहुन्न भनी तैँले कसरी वर्णन गर्न सक्छस्? परमेश्वरको काम निरन्तर रूपमा फैलिन्छ र

अनवरत रूपमा परिवर्तन भइरहन्छ, अनि उहाँको इच्छा मानिसलाई निरन्तर रूपमा प्रकट गरिन्छ र देखाइन्छ। जब मानिसले परमेश्‍वरको कामको अनुभव गर्छ, तब जसरी उसको ज्ञान बढ्छ त्यसरी नै उसको स्वभाव अविरल रूपमा परिवर्तन हुन्छ। अनि यो परिवर्तन कहाँबाट उदय हुन्छ? के यो सदैव परिवर्तन भइरहने परमेश्‍वरको कामबाट नै आउँदैन र? यदि मानिसको स्वभाव परिवर्तन हुन सक्छ भने, मानिसले मेरो काम र मेरो वचनहरूलाई पनि किन परिवर्तन हुन दिँदैन? के म मानिसको प्रतिबन्धमा रहनुपर्छ? यसमा के तैँले जबरजस्ती बहस र विकृत तर्क प्रयोग गरिरहेको छैनस् र?

पुनरुत्थानपछि येशू आफ्ना चेलाहरूकहाँ देखा पर्नुभयो र भन्नुभयो, “म तिमीहरूमाथि मेरा पिताको प्रतिज्ञा पठाउँछु: तर तिमीहरूले माथिबाट शक्ति प्राप्त नगरेसम्म तिमीहरू येरुशलेममा नै रहो।” यी वचनहरूलाई कसरी व्याख्या गर्न सकिन्छ सो तँलाई थाहा छ? के अहिले तँलाई उहाँको शक्ति दिइएको छ? “शक्ति” ले केलाई जनाउँछ भन्‍ने तँ बुझ्छस्? अन्तिम दिनहरूमा मानिसहरूलाई सत्यको आत्मा दिइन्छ भनी येशूले घोषणा गर्नुभयो। अन्तिम दिनहरू अहिले यहाँ छ; सत्यको आत्माले वचनहरूलाई कसरी व्यक्त गर्नुहुन्छ भनी तँ बुझ्छस्? सत्यको आत्मा कहाँ देखा पर्नुहुन्छ र काम गर्नुहुन्छ? अगमवक्ता यशैयाको अगमवाणीको पुस्तकमा नयाँ करारको युगमा येशू नाम गरिएको बालक जन्मनेछ भनी कहिल्यै पनि बताइएको थिएन; इम्मानुएल नाम गरेको पुरुष बालक जन्मनेछ भनी लेखिएको मात्र छ। येशूको नाउँ किन उल्लेख नगरिएको? पुरानो करारभरि यो नाउँ कतै पनि देखा पर्दैन, त्यसो भए तँ किन अझै पनि येशूमा विश्‍वास गर्छस्? पक्कै पनि तैँले येशूलाई आफ्नै आँखाले देखेपछि मात्र विश्‍वास थिइनस्, थिइस् त? वा के तैँले प्रकाश पाएपछि विश्‍वास गर्न थालेको हो? के परमेश्‍वरले तँलाई साँच्चै नै यस्तो अनुग्रह देखाउनुहुन्थ्यो? के उहाँले तँलाई यत्रो आशिष् प्रदान गर्नुहुन्छ? येशूप्रति तेरो विश्‍वासको आधार के हो? आज परमेश्‍वर देह बन्नुभएको छ भन्‍ने कुरा तँ किन विश्‍वास गर्दैनस्? तँलाई परमेश्‍वरबाट आउने प्रकाशको अभाव छ भन्दैमा उहाँ देहधारी नहुनुभएको कुरा साबित गर्छ भनी तँ कसरी भन्‍न सक्छस्? के परमेश्‍वरले कुनै काम सुरु गर्न अघि मानिसहरूलाई जानकारी दिनु नै पर्छ त? के उहाँले पहिले तिनीहरूबाट स्वीकृति लिनुपर्छ र? यशैयाले डुँडमा पुरुष बालक जन्मिनेछन् भनेर मात्र बताए; तर मरियमले येशूलाई जन्माउनेछिन् भनी उनले कहिल्यै पनि अगमवाणी गरेनन्। मरियमबाट जन्मनुभएको येशूप्रतिको तेरो विश्‍वासलाई तैले खास केमा बसाल्छस्? निश्‍चय नै तेरो विश्‍वासमा गडबडी त आएको छैन? केहीले भन्छन्, परमेश्‍वरको नाउँ परिवर्तन हुँदैन। त्यसो भए यहोवेको नाउँ किन येशू भयो त? मसीह आउनुहुनेछ भनी भविष्यवाणी गरिएको थियो, त्यसो भए किन येशू नाउँ गरिएको मानिस आउनुभयो त? परमेश्‍वरको नाउँ किन परिवर्तन भयो? के यस्ता काम धेरै पहिले कार्यान्वयन गरिएको थिएन र? के परमेश्‍वरले आज नयाँ काम गर्न सक्नुहुन्‍न? हिजो गरिएको कामलाई बदल्न सकिन्छ, र येशूको काम यहोवाको कामको निरन्तरता हुन सक्छ। त्यसो भए, के येशूको कामपछि अरू काम आउन सक्दैन र? यदि यहोवाको नाउँ येशूमा परिणत हुन्छ भने, येशूको नाउँ पनि परिवर्तन हुन सक्दैन र? यी कुनै पनि अनौठो कुरा होइनन्; यो के मात्रै हो भने मानिसहरू अत्यन्तै सरल विचार-धाराका छन्। परमेश्‍वर सदैव परमेश्‍वर नै हुनुहुनेछ। उहाँको काम जति परिवर्तन भए पनि, र उहाँको नाउँ

जति परिवर्तन भए तापनि, उहाँको स्वभाव र बुद्धि कहिल्यै परिवर्तन हुँदैन। यदि तँ परमेश्वरलाई येशूको नाउँद्वारा मात्र पुकार्न सकिन्छ भनी विश्वास गर्छस् भने, तेरो ज्ञान अत्यन्त सीमित छ। के तँ परमेश्वरको नाउँ सदासर्वदा येशू नै रहनेछ र परमेश्वरलाई सदासर्वदा र सदैव येशूको नाउँले नै पुकारिन्छ भनी निश्चय गर्ने हिम्मत गर्छस्? येशूको नाउँले नै व्यवस्थाको युगको अन्त गर्‍यो र अन्तिम युगलाई पनि यही नाउँले नै अन्त गर्नेछ भनी के तँ निश्चयताका साथ पक्का गर्ने हिम्मत गर्छस्? येशूको अनुग्रहले नै युगलाई अन्ततिर ल्याउन सक्छ भनी कसले भन्न सक्छ? यदि तँमा यी सत्यताहरूको बारे स्पष्ट बुझाइको कमी छ भने, तँ सुसमाचार प्रचार गर्न असक्षम मात्र होइन, तँ आफै पनि दृढ भएर खडा हुन असक्षम हुनेछस्। जब तैँले ती धार्मिक मानिसहरूको सारा जटिलताहरू हल गर्ने र तिनीहरूका सबै भ्रमहरूलाई गलत साबित गर्ने दिन आउँछ, तब तँ कामको यो चरणबारे पूर्ण रूपमा निश्चित छस् र तँसित कुनै सन्देह छैन भन्ने कुराको प्रमाण त्यही नै हुनेछ। यदि तैँले तिनीहरूको भ्रमहरूलाई खण्डन सक्दैनस् भने, तिनीहरूले तँलाई फसाउनेछन् र निन्दा गर्नेछन्। के त्यो अपमानजनक कुरा होइन र?

सबै यहूदीहरूले पुरानो करार पढे र डुँडमा एउटा पुरुष बालक जन्मनेछ भन्ने यशैयाको अगमवाणीलाई बुझे। यो अगमवाणीप्रति पूर्ण रूपमा सचेत भएर पनि, तिनीहरूले येशूलाई किन सताए त? के यो तिनीहरूको विद्रोही स्वभाव र पवित्र आत्माको कामको अनभिज्ञताको कारणले होइन? त्यो समयमा, येशूको काम अगमवाणी गरिएका ती पुरुष बालकको भन्दा फरक छ भन्ने फरिसीहरूले विश्वास गरे अनि आज मानिसहरूले परमेश्वरलाई इन्कार गर्छन् किनभने देहधारी हुनुभएका परमेश्वरको काम बाइबलअनुसार छैन। के यो परमेश्वरप्रतिको तिनीहरूको विद्रोहीपनको सार उही होइन र? के तँ पवित्र आत्माको सबै कार्यलाई विनाप्रश्न स्वीकार गर्छस्? यदि यो पवित्र आत्माको काम हो भने, यो सही प्रवाह हो र तैँले यसलाई कुनै सन्देहविना स्वीकार गर्नुपर्छ; के स्वीकार गर्ने भनी तैँले रोज्नु र छान्नु हुँदैन। यदि तैँले परमेश्वरबाट धेरै अन्तर्ज्ञान पाइस् र उहाँप्रति धेरै सतर्कता अपनाइस् भने के यो अनावश्यक कुरा होइन र? तैँले बाइबलबाट अरू सबुतको खोजी गर्नु पर्दैन; यदि यो पवित्र आत्माको काम हो भने, तैँले यसलाई स्वीकार गर्नुपर्छ, किनभने तैँले परमेश्वरलाई पछ्याउन परमेश्वरमा विश्वास गर्छस् र तैँले उहाँको अनुसन्धान गर्नु हुँदैन। म तेरो परमेश्वर हुँ भन्ने साबित गर्न तैँले मबाट अरू प्रमाण खोज्नु पर्दैन, तर म तेरो निम्ति लाभदायक छु कि छैन सो छुट्याउन तँ सक्षम हुनुपर्छ—सबैभन्दा महत्त्वपूर्ण कुरा यही हो। यदि तैँले बाइबलभित्र धेरै अकाट्य प्रमाण भेट्टाइस् भने पनि, यसले तँलाई मेरो सामु पूर्ण रूपमा ल्याउन सक्दैन। तँ बाइबलको परिधिभित्र मात्र जिउँछस्, मेरो सामने होइन; मलाई चिन्नको निम्ति बाइबलले तँलाई सहायता गर्न सक्दैन, न त यसले मप्रतिको तेरो प्रेमलाई नै गहिरो बनाउन सक्छ। बाइबलले पुरुष बालक जन्मिनेछ भनी भविष्यवाणी गरे तापनि त्यो भविष्यवाणी कसको जीवनमा पूरा हुने हो सो कसैले बुझ्न सकेनन्, किनभने मानिसलाई परमेश्वरको काम थाहा थिएन, र यही कुराले फरिसीहरूलाई येशूको विरुद्ध खडा हुन लगायो। मेरो काम मानिसको हितमा हुन्छ भन्ने केहीले जान्दछन्, तैपनि येशू र म पूर्ण रूपमा फरक अर्थात् पारस्परिक रूपमा नमिल्ने अस्तित्व हौँ भन्ने विश्वास गरिरहन्छन्। त्यो समयमा, येशूले आफ्ना चेलाहरूलाई अनुग्रहको युगमा अभ्यास

कसरी गर्ने, सँगसँगै कसरी भेला हुने, प्रार्थनामा अन्तर्बिन्ती कसरी गर्ने, अरूहरूलाई कस्तो व्यवहार गर्ने र यस्तै अरूहरू विषयहरूमा शृङ्खलाबद्ध प्रवचनहरू मात्रै दिनुभयो। उहाँले कार्यान्वयन गर्नुभएको काम अनुग्रहको युग थियो र चेलाहरू र उहाँलाई पछ्याउनेहरूले कसरी अभ्यास गर्ने भनेर मात्र व्याख्या गर्नुभयो। उहाँले अनुग्रहको युगको काम मात्र गर्नुभयो र उहाँले अन्तको दिनका कुनै पनि कामहरू गर्नुभएन। जब यहोवाले व्यवस्थाको युगमा पुरानो करारको व्यवस्था ल्याउनुभयो, तब उहाँले अनुग्रहको युगको कार्य किन गर्नुभएन त? उहाँले अनुग्रहको युगको कामलाई पहिले नै किन स्पष्ट पार्नुभएन? के यसले मानिसहरूलाई यसलाई स्वीकार गर्न सहायता गर्दैनथ्यो र? एउटा बालक जन्मनेछ र शक्तिशाली हुन्छ भनेर मात्र उहाँले अगमवाणी गर्नुभयो, तर उहाँले अनुग्रहको युगलाई पहिले नै कार्यान्वयन गर्नुभएन। हरेक युगको परमेश्‍वरको कामका सीमाहरू स्पष्ट हुन्छन्; उहाँले हालको युगको काम मात्र गर्नुहुन्छ, र उहाँ अर्को युगको कामलाई कहिल्यै पनि अग्रिम रूपमा गर्नुहुन्न। यसरी मात्र हरेक युगको उहाँको प्रतिनिधि कामलाई अगाडी ल्याउन सकिन्छ। येशूले अन्तको दिनका चिन्हहरू, कसरी धैर्यवान् हुने, कसरी मुक्ति पाउने, कसरी पश्‍चात्ताप गर्ने र स्वीकार गर्ने, क्रूस कसरी बोक्ने र कष्टहरू कसरी सहने भन्ने बारेमा मात्र बताउनुभयो; अन्तको दिनमा मानिसले कसरी प्रवेश पाउने भनेर उहाँले कहिल्यै पनि बताउनुभएन, न त उसले परमेश्‍वरको इच्छा कसरी पूरा गर्न खोज्ने भन्नेबारे नै उहाँले बताउनुभयो। यसरी नै, अन्तको दिनमा परमेश्‍वरले गर्नुहुने कामको बारे बाइबलमा खोजी गर्नु हास्यास्पद कुरो होइन र? बाइबल मात्र पक्रेर तैँले के देख्न सक्छस्? बाइबलको व्याख्या गर्ने होस् वा प्रचारक होस्, आजको कामलाई कसले पहिले नै देख्न सक्थ्यो र?

"आत्माले मण्डलीहरूलाई के भन्नुहुन्छ सो, कान हुनेले सुनोस्।" के तिमीहरूले अहिले पवित्र आत्माका वचनहरू सुनेका छौ? परमेश्‍वरका वचनहरू तिमीहरूकहाँ आएका छन्। के तिमीहरू तिनलाई सुन्छौ? परमेश्‍वरले अन्तका दिनहरूमा वचनहरूको काम गर्नुहुन्छ, यस्ता वचनहरू पवित्र आत्माका वचनहरू हुन्, किनभने परमेश्‍वर पवित्र आत्मा हुनुहुन्छ र उहाँ देह पनि बन्न सक्नुहुन्छ; यसकारण, विगतमा बोलिएजस्तै, पवित्र आत्माका वचनहरू आज देहधारी परमेश्‍वरका वचनहरू हुन्। धेरै मूर्ख मानिसहरू छन् जसले बोल्नुहुने पवित्र आत्मा हुनुहुन्छ, त्यसकारण उहाँको आवाज मानिसहरूले सुन्ने गरी स्वर्गबाट आउनुपर्छ भनी विश्‍वास गर्छन्। यसरी विचार गर्ने कसैले पनि परमेश्‍वरको काम थाहा गर्दैन भन्ने विचार गर्छन्। वास्तवमा, पवित्र आत्माले बोल्नुभएका वाणीहरू देहधारी हुनुभएका परमेश्‍वरले बोल्नुभएका कुराहरू नै हुन्। पवित्र आत्मा मानिससँग सोझै बोल्न सक्नुहुन्न; व्यवस्थाको युगमा पनि परमप्रभु मानिसहरूसँग सोझै बोल्नुभएन। आज यस युगमा पनि उहाँले त्यसो गर्ने सम्भावना अत्यन्त कम हुँदैनथ्यो र? कामको कार्यान्वयन गर्नको लागि वाणीहरू बोल्न, उहाँ शरीर बन्नुपर्छ; नत्र, उहाँको काम यसको लक्ष्य पूरा गर्न सक्षम हुँदैन। देहधारी परमेश्‍वरलाई इन्कार गर्नेहरूले पवित्र आत्मालाई चिन्दैनन् वा परमेश्‍वरले काम गर्ने सिद्धान्तहरू जान्दैनन्। अहिले पवित्र आत्माको युग हो भनी विश्‍वास गर्ने, तैपनि उहाँको नयाँ कार्य स्वीकार नगर्नेहरू अस्पष्ट र अमूर्त विश्‍वासको माझमा जिउनेहरू हुन्। यस्ता मानिसहरूले पवित्र आत्माको कामलाई कहिल्यै पनि ग्रहण गर्दैनन्। पवित्र आत्मालाई बोल्न र उहाँको काम प्रत्यक्ष रूपमा

कार्यान्वयन गर्न पुकारा गर्नेहरू र देहधारी परमेश्‍वरका काम वा वचनहरूलाई स्वीकार नगर्नेहरू कहिल्यै नयाँ युगमा प्रवेश गर्न सक्षम हुनेछैनन् वा उनीहरूलाई परमेश्‍वरद्‌वारा पूर्ण मुक्तिमा ल्याइनेछैन!

## परमेश्‍वर र उहाँको कार्यलाई चिन्‍नेहरूले मात्र परमेश्‍वरलाई सन्तुष्‍ट पार्न सक्छन्

देहधारी परमेश्‍वरको कार्य दुई भागमा समावेश छ। जब उहाँ पहिलो पटक देह बन्‍नुभयो, मानिसहरूले उहाँमा विश्‍वास गरेनन् वा उहाँलाई चिनेनन्, र तिनीहरूले येशूलाई क्रूसमा टाँगे। त्यसपछि, जब उहाँ दोस्रो पटक देह बन्‍नुभयो, मानिसहरूले अझै पनि उहाँमा विश्‍वास गरेनन्, उहाँलाई जान्‍ने कुरा त परै जाओस्, र फेरि एक पटक तिनीहरूले ख्रीष्‍टलाई क्रूसमा टाँगे। के मानिस परमेश्‍वरको शत्रु होइन र? यदि मानिसले उहाँलाई चिन्दैन भने, मानिस कसरी परमेश्‍वरसँग घनिष्‍ठ हुन सक्थ्यो र? ऊ कसरी परमेश्‍वरको गवाही दिन योग्य हुन सक्थ्यो र? के परमेश्‍वरलाई प्रेम गर्ने, परमेश्‍वरको सेवा गर्ने, र परमेश्‍वरलाई महिमित गर्ने मानिसका दाबीहरू सबै कपटपूर्ण झूट होइनन् र? यदि तैँले आफ्नो जीवन यस्ता अवास्तविक, अव्यवहारिक कुराहरूमा समर्पित गर्छस् भने, के तैँले व्यर्थमा परिश्रम गर्दैनस् र? जब परमेश्‍वर को हुनुहुन्छ भन्‍ने कुरा समेत तँलाई थाहा छैन भने कसरी तँ परमेश्‍वरसँग घनिष्‍ठ हुन सक्थिस्? के यस्तो किसिमको खोजी अस्पष्‍ट र अमूर्त छैन र? के यो कपटपूर्ण छैन र? कुनै व्यक्ति कसरी परमेश्‍वरसँग घनिष्‍ठ बन्‍न सक्छ? परमेश्‍वरसँग घनिष्‍ठ हुनुको व्यावहारिक महत्त्व के हो? के तँ परमेश्‍वरको आत्मासँग घनिष्‍ठ हुन सक्छस्? आत्मा कति महान् र उच्च हुनुहुन्छ भन्‍ने कुरा के तँ देख्‍न सक्छस्? अदृश्य, अस्पृश्य परमेश्‍वरसँग घनिष्‍ठ हुनु—के त्यो अस्पष्‍ट र अमूर्त छैन र? यस्तो खोजीको व्यावहारिक महत्त्व के हो? के यो सबै कपटपूर्ण झूट होइन र? तँ जे कुराको पछि लाग्छस् त्यो परमेश्‍वरसँग घनिष्‍ठ बन्‍नु हो, तथापि वास्तवमा तँ शैतानको काखे-कुकुर होस्, किनकि तैँले परमेश्‍वरलाई चिन्दैनस्, र तँ अस्तित्वविहीन “यावत् थोकहरूका परमेश्‍वर” को पछि लाग्छस्, जुन अदृश्य, अस्पृश्य, र तेरो आफ्नै विचारहरूको एक उपज हो। मोटामोटी रूपमा भन्‍नुपर्दा, यस्तो “परमेश्‍वर” शैतान हो, र व्यावहारिक रूपमा भन्‍नुपर्दा, यो तँ आफै होस्। तँ आफैसँग घनिष्‍ठ हुन खोज्छस्, तैपनि तँ परमेश्‍वरसँग घनिष्‍ठ बन्‍न खोज्छु भनी भन्छस्—के यो ईश्‍वरनिन्दा होइन र? यस्तो खोजीको महत्त्व के हो? यदि परमेश्‍वरको आत्मा देह बन्‍नुहुन्‍न भने, परमेश्‍वरको सारतत्त्व केवल मानिसको निम्ति एक अदृश्य, अस्पर्श्य जीवनको आत्मा, आकारविहीन र निराकार, अभौतिक प्रकारको, पहुँचरहित र अबोध्य हुन्छ। मानिस कसरी यस्तो अपार्थिव, अनुपम, अगाध आत्मासँग घनिष्‍ठ हुन सक्थ्यो र? के यो एक ठट्‌टा होइन र? यस्तो निरर्थक तर्क अमान्य र अव्यावहारिक छ। सृष्‍टि गरिएको मानिस परमेश्‍वरको आत्माभन्दा स्वभावैले फरक प्रकृतिको छ, त्यसैले यी दुई कसरी घनिष्‍ठ हुन सक्छन्? यदि परमेश्‍वरको आत्मा देहमा नआउनुभएको भए, यदि परमेश्‍वर देह नबन्‍नुभएको र सृष्‍टि गरिएको प्राणी बन्‍नको लागि उहाँले आफैलाई नहोच्याउनुभएको भए, सृष्‍टि गरिएको मानिस उहाँसँग घनिष्‍ठ हुनको लागि दुवै

अयोग्य र असक्षम हुनेथियो, र आफ्ना आत्मा स्वर्गमा प्रवेश गरिसकेपछि परमेश्वरसँग घनिष्ठ हुने मौका पाउन सक्ने ती धर्मी विश्वासीहरूभन्दा बाहेक, अधिकांश मानिसहरू परमेश्वरको आत्मासँग घनिष्ठ हुन असमर्थ हुनेथिए। अनि यदि मानिसहरू देहधारी परमेश्वरको अगुवाइ अन्तर्गत स्वर्गमा हुनुहुने परमेश्वरका निकटवर्तीहरू बन्ने इच्छा गर्छन् भने, के तिनीहरू अचम्मै मूर्ख गैर-मानिसहरू होइनन् र? मानिसहरू अदृश्य परमेश्वरप्रतिको "विश्वासयोग्यता" लाई फगत पछ्याउँछन्, र देख्न सकिने परमेश्वरलाई कति पनि ध्यान दिँदैनन्, किनकि अदृश्य परमेश्वरलाई पछ्याउनु अति सजिलो छ। मानिसहरू यो उनीहरूले चाहेजस्तै गर्न सक्छन्, तर दृश्यगत परमेश्वरको खोजी त्यति सजिलो छैन। अस्पष्ट परमेश्वरलाई खोज्ने व्यक्तिले परमेश्वरलाई प्राप्त गर्न नितान्तै असमर्थ हुन्छ, किनकि अस्पष्ट र अमूर्त कुराहरू सबै मानिसहरूद्वारा परिकल्पित हुन्छन्, र मानिसद्वारा हासिल गरिन असक्षम हुन्छन्। यदि तिमीहरूको माझमा आउनुभएको परमेश्वर उच्च हुनुभएको र उचालिनुभएको परमेश्वर, जो तिमीहरूको पहुँचरहित हुनुभएको भए, तिमीहरूले उहाँको इच्छा कसरी बुझ्न सक्थ्यौ र? अनि तिमीहरूले उहाँलाई कसरी चिन्न र जान्न सक्थ्यौ? यदि उहाँले आफ्नो कार्य मात्र गर्नुभएको भए, र मानिससँग कुनै सामान्य सम्पर्क नगर्नुभएको भए, वा सामान्य मानवत्व नभएको र केवल मरणशीलहरूसम्म पहुँचरहित हुनुभएको भए, अनि, यदि उहाँले तिमीहरूको लागि निकै कार्य समेत गर्नुभएको भएको तर तिमीहरूले उहाँसँग कुनै सम्पर्क नराखेका भए, र उहाँलाई देख्न असमर्थ भएका भए, तिमीहरूले उहाँलाई कसरी जान्न सक्थ्यौ र? यदि यस देहले सामान्य मानवत्व धारण नगरेको भए, मानिसले परमेश्वरलाई जान्ने कुनै उपाय हुनेथिएन्; यो त परमेश्वरको देहधारणले गर्दा मात्र मानिस देहधारी परमेश्वरसँग घनिष्ठ हुन योग्य भएको हो। मानिसहरू परमेश्वरसँग घनिष्ठ बन्छन् किनकि तिनीहरू उहाँको सम्पर्कमा आउँछन्, तसर्थ तिनीहरू उहाँसँग सँगै जिउँछन् र उहाँको सङ्गतमा रहन्छन्, र यसरी उहाँलाई बिस्तारै चिन्छन्। यदि यो यस्तो नभएको भए, के मानिसको खोजी व्यर्थै हुनेथिएन र? भन्नुको मतलब, यो सबै परमेश्वरको कार्यको कारणले गर्दा मानिस परमेश्वरसँग घनिष्ठ हुन योग्य भएको होइन, तर देहधारी परमेश्वरको वास्तविकता र स्वाभाविकताको कारणले हो। यो केवल परमेश्वर देह बन्नुहुने कारणले गर्दा मात्रै मानिसले आफ्नो कर्तव्य पूरा गर्ने मौका, र साँचो परमेश्वरलाई आराधना गर्ने मौका पाउँछ। के यो सबैभन्दा वास्तविक र व्यावहारिक सत्यता होइन र? अब, के तँ अझै पनि स्वर्गमा हुनुहुने परमेश्वरसँग घनिष्ठ हुने इच्छा गर्छस्? परमेश्वरले आफैलाई कुनै बिन्दुसम्म होच्याउनु हुँदा मात्र, भन्नुको मतलब, परमेश्वर देह बन्नुहुँदा मात्र, मानिस उहाँसँग घनिष्ठ र विश्वासपात्र हुन सक्छ। परमेश्वर आत्मा हुनुहुन्छ: मानिसहरू कसरी यस आत्मासँग घनिष्ठ हुन सक्छन् जो यति उच्च र अगाध हुनुहुन्छ? जब परमेश्वरको आत्मा देहमा अवतरण गर्नुहुन्छ, र बाहिरी स्वरूपमा मानिसजस्तै प्राणी बन्नुहुन्छ, तब मात्र मानिसहरूले उहाँको इच्छा बुझ्न सक्छन् र वास्तवमा उहाँद्वारा प्राप्त गरिन सक्छन्। उहाँ देहमा बोल्नुहुन्छ र कार्य गर्नुहुन्छ, मानिस जातिको सुख, दुःख, र सङ्कष्टहरूमा सामेल हुनुहुन्छ, मानिस जातिजस्तै त्यही संसारमा जिउनुहुन्छ, मानिस जातिलाई संरक्षण गर्नुहुन्छ, र तिनीहरूलाई अगुवाइ गर्नुहुन्छ, र यसद्वारा उहाँले मानिसहरूलाई शुद्ध पार्नुहुन्छ र तिनीहरूलाई उहाँको उद्धार र उहाँको आशिष प्राप्त गर्ने

दिनुहुन्छ। यी कुराहरू प्राप्त गरेर, मानिसहरूले साँच्चै परमेश्‍वरको इच्छा बुझ्छन्, र तब मात्र तिनीहरू परमेश्‍वरसँग घनिष्ठ हुन सक्छन्। यो मात्र व्यावहारिक छ। यदि परमेश्‍वर मानिसहरूको निम्ति अदृश्य र अमूर्त हुनुभएको भए, तिनीहरू कसरी उहाँसँग घनिष्ठ हुन सक्थे होलान्? के यो खोक्रो सिद्धान्त होइन र?

अहिलेसम्म परमेश्‍वरमा विश्‍वास गरेर, धेरै मानिसहरूले अझै पनि त्यही पछ्याउँछन् जुन अस्पष्ट र अमूर्त छ। तिनीहरूसँग आज परमेश्‍वरको कार्यको यथार्थको बारे कुनै बुझाइ छैन, र अझै पनि अक्षरहरू र सिद्धान्तहरूको माझ जिउँछन्। यति मात्र होइन, अधिकांश त अझै पनि "परमेश्‍वरलाई प्रेम गर्नेहरूको नयाँ पुस्ता," "परमेश्‍वरको घनिष्ठ," "परमेश्‍वरलाई प्रेम गर्नेहरूको उदाहरण र नमुना," र "पत्रुसको शैली" जस्ता नयाँ वाक्याङ्‌शहरूको यथार्थभित्र प्रवेश गर्न बाँकी नै छन्; यसको सट्टामा, तिनीहरूको खोजी अझै पनि अस्पष्ट र अमूर्त छ, तिनीहरू अझै पनि सिद्धान्तलाई छामछुम गर्छन्, र तिनीहरूसँग यी शब्दहरूको यथार्थको कुनै बोध छैन। जब परमेश्‍वरको आत्मा देह बन्नुहुन्छ, तैँले देहमा उहाँको कार्य हेर्न र स्पर्श गर्न सक्छस्। अझै पनि यदि तँ उहाँको निकटवर्ती बन्न असक्षम छस् भने, यदि तँ अझै पनि उहाँको विश्‍वासपात्र बन्न असमर्थ छस् भने, तँ कसरी परमेश्‍वरको आत्माको विश्‍वासपात्र हुन सक्लास्? यदि तैँले आजको परमेश्‍वरलाई चिन्दैनस् भने, परमेश्‍वरलाई प्रेम गर्नेहरूको नयाँ पुस्ताको एक व्यक्ति कसरी हुन सक्छस्? के यी वाक्यांशहरू खोक्रा अक्षरहरू र सिद्धान्तहरू होइनन् र? के तँ आत्मालाई हेर्न र उहाँको इच्छा बुझ्न समर्थ छस्? के यी वाक्यांशहरू खोक्रा छैनन् र? यी वाक्यांशहरू र शब्दावलीहरू उच्चारण गर्नु मात्र तेरो लागि पर्याप्त छैन, र न त तैँले सङ्कल्पद्वारा मात्र परमेश्‍वरको सन्तुष्टि हासिल गर्न सक्छस्। तँ यी शब्दहरूलाई उच्चारण गरेर मात्र सन्तुष्ट छस्, र तैँले आफ्नै इच्छाहरू सन्तुष्ट पार्न, तेरो आफ्नै अवास्तविक आदर्शहरू सन्तुष्ट पार्न, र तेरा आफ्नै धारणाहरू र विचारलाई सन्तुष्ट पार्न यसो गर्छस्। यदि तैँले आजको परमेश्‍वरलाई चिन्दैनस् भने, तैँले जेसुकै गरेतापनि तँ परमेश्‍वरको हृदयको इच्छा पूरा गर्न असमर्थ हुनेछस्। परमेश्‍वरको विश्‍वासपात्र हुनु भनेको अर्थ के हो? के तँ अझै पनि यो बुझ्दैनस्? मानिस परमेश्‍वरसँग घनिष्ठ भएको हुनाले, त्यस्तै परमेश्‍वर पनि मानिस हुनुहुन्छ। अर्थात्, परमेश्‍वर देह हुनुभएको छ, र मानिस बन्नुभएको छ। तिनीहरूले मात्रै एक-अर्कालाई विश्‍वासपात्रहरू भनी भन्न सक्छन् जो एकै किसिमका छन्, तब मात्र तिनीहरूलाई घनिष्ठहरू भनी विचार गर्न सकिन्छ। यदि परमेश्‍वर आत्मा हुनुहुन्थ्यो भने, सृष्टि गरिएको मानिस कसरी उहाँसँग घनिष्ठ हुन सक्थ्यो र?

परमेश्‍वरमा तेरो विश्‍वास, सत्यताको तेरो खोजी, र तैँले आफैलाई व्यवहार गर्ने तेरो शैली समेत पनि सबै यथार्थमाथि आधारित हुनुपर्छ: तैँले गर्ने हरेक कुरा व्यवहारिक हुनुपर्छ, र जुन कुराहरू भ्रामक र काल्पनिक छन् ती तैँले पछ्याउनु हुँदैन। यस्तो प्रकारले व्यवहार गर्नुको कुनै मूल्य हुँदैन, र यति मात्र होइन, यस्तो जीवनको कुनै अर्थ हुँदैन। तेरो खोजी र तेरो जीवन असत्यता र छलभन्दा बढि कुनै कुराको बीचमा नबिताउने हुनाले, र तैँले मूल्य र महत्त्व भएका कुराहरू नपछ्याउने हुनाले, तैँले हासिल गर्ने कुराहरू भनेका निरर्थक तर्क र सिद्धान्त मात्र हुन् जुन सत्यताका कुराहरू होइनन्। यस्ता कुराहरूले तेरो अस्तित्वको महत्त्व र मूल्यसँग कुनै सम्बन्ध

राख्दैनन्, र तँलाई खोक्रो जगतमा मात्र ल्याउन सक्छन्। यसरी, तेरो सम्पूर्ण जीवन कुनै मूल्य वा अर्थरहित हुनेछ–अनि यदि तैँले अर्थको जीवन खोजी गरिनस् भने, तँ एक सय वर्ष नै बाँच्न सके पनि यो सबै बेकामको हुनेथियो। त्यसलाई कसरी मानव जीवन भन्न सकिन्थ्यो र? के यो वास्तवमा पशुको जीवन होइन र? त्यसै गरी, यदि तिमीहरूले परमेश्‍वरमा विश्‍वासको मार्ग पछ्याउन कोसिस गर्यौ, तापनि देख्न सकिने परमेश्‍वरलाई पछ्याउने कुनै प्रयत्न गर्दैनौ र यसको सट्टामा अदृश्य र अमूर्त परमेश्‍वरलाई आराधना गर्छौ भने, यस्तो खोजी अझ धेरै निरर्थक हुँदैन र? अन्तमा, तेरो खोजी भग्नावशेषको थुप्रो बन्‍नेछ। यस्तो खोजले तँलाई के लाभ दिन्छ? मानिससँगको सबैभन्दा ठूलो समस्या भनेको यही हो कि उसले हेर्न र स्पर्श गर्न नसकिने कुराहरूलाई मात्र प्रेम गर्छ, जुन कुराहरू अति रहस्यमय र आश्‍चर्यपूर्ण छन्, र जुन कुराहरू मानिसद्वारा अकल्पनीय छन् र फगत मरणशीलहरूद्वारा हासिल गर्न नसकिने छन्। यी कुराहरू जति धेरै अवास्तविक हुन्छन्, त्यत्ति नै धेरै तिनलाई मानिसहरूद्वारा विश्‍लेषण गरिन्छन्, र मानिसहरूले तिनलाई अरू सबैभन्दा बेमतलबी भएर समेत पछ्याउँछन्, र तिनलाई पाउने प्रयत्न गर्छन्। ती जति धेरै अवास्तविक हुन्छन्, त्यत्ति नै धेरै मानिसहरूले तिनको बारे तिनीहरूको आफ्नै पूर्ण धारणहरू बनाउने हदसम्म पर गएर समेत तिनलाई नजिकबाट परीक्षण र विश्‍लेषण गर्छन्। त्यसको विपरीत, कुराहरू जति धेरै व्यावहारिक हुन्छन्, मानिसहरू तीप्रति त्यत्ति नै धेरै बेपर्बाही हुन्छन्; तिनीहरूले तिनलाई फुटेका आँखाले समेत हेर्दैनन्, र तिनलाई उपेक्षा समेत गर्छन्। आज मैले गर्ने वास्तविक कार्यप्रतिको तिमीहरूको प्रवृत्ति ठीक यही होइन र? यी कुराहरू जति धेरै वास्तविक हुन्छन्, त्यत्ति नै धेरै तिमीहरू तिनको विरुद्धमा पूर्वाग्रही हुन्छौ। तिनलाई परीक्षण गर्न तिमीहरू कुनै समय खर्चँदैनौ, तर खालि तिनलाई बेवास्ता गर्छौ; तिमीहरू यी व्यावहारिक, न्यून-स्तरीय आवश्यकताहरूलाई फुटेका आँखाले समेत हेर्दैनौ, र सबैभन्दा वास्तविक यस परमेश्‍वरको बारे असङ्ख्य धारणाहरू समेत बनाउँछौ, र उहाँको वास्तविकता र स्वाभाविकतालाई स्विकार गर्न केवल असक्षम छौ। यस प्रकारले, के तिमीहरूले अगम्य अस्पष्ट कायम गर्दैनौ र? तिमीहरूसँग विगत समयको अस्पष्ट परमेश्‍वरमा अकम्पनीय विश्‍वास छ, आजको साँचो परमेश्‍वरमा कुनै रुचि छैन। हिजोको परमेश्‍वर र आजको परमेश्‍वर दुई भिन्‍न युगहरूबाटको हुनुभएकोले गर्दा यस्तो भएको होइन र? हिजोको परमेश्‍वर स्वर्गको उचालिनुभएको परमेश्‍वर, जबकी आजको परमेश्‍वर पृथ्वीमा सानो मानव हुनुभएकोले यसो भएको हैन र? यसको साथै, मानिसद्वारा आराधना गरिएको परमेश्‍वर उसको धारणाहरूद्वारा उत्पादित भएको, जबकी आजको परमेश्‍वर साँचो देहको, पृथ्वीमा उत्पादित भएकोले गर्दा यस्तो भएको होइन र? जब सबै भनिन्छ र गरिन्छ, तब आजको परमेश्‍वर अति वास्तविक भएकोले गर्दा मानिसले उहाँलाई नपछ्याएको होइन र? किनकि आजको परमेश्‍वरले मानिसहरूलाई जे गर्नको लागि भन्‍नुहुन्छ त्यो गर्नको लागि नै मानिसहरू सबैभन्दा अनिच्छुक हुन्छन्, र जसले तिनीहरूलाई लज्जाबोध गराउँछ। के यसले मानिसहरूको लागि कुराहरू कठिन बनाउँदै छैन र? के यसले मानिसहरूको घाउमा नुनचुक थप्दैन र? यसरी, यथार्थलाई नपछ्याउनेहरू देहधारी परमेश्‍वरका शत्रुहरू बन्छन्, ख्रीष्ट विरोधीहरू बन्छन्। के यो एक स्पष्ट तथ्य होइन र? विगतमा, जब परमेश्‍वर अझै देह बन्‍न बाँकी थियो, तब तँ एक धार्मिक पात्र, वा एक भक्त विश्‍वासी भएको हुन सक्थिस्।

परमेश्वर देह बन्नुभएपछि, धेरै यस्ता भक्त विश्वासीहरू अनजानमा ख्रीष्ट विरोधीहरू भए। यहाँ के हुँदैछ के तँलाई थाहा छ? परमेश्वरमाथिको तेरो विश्वासमा, तैँले यथार्थमाथि ध्यान दिँदैनस् वा सत्यतालाई पछ्याउँदैनस्, तर यसको सट्टा असत्यताहरूले मन-मस्तिष्क भर्छस्–के यो देहधारी परमेश्वरसँगको तेरो दुस्मनीको सबैभन्दा स्पष्ट स्रोत होइन र? देहधारी परमेश्वरलाई ख्रीष्ट भनिन्छ, त्यसैले देहधारी परमेश्वरलाई विश्वास नगर्नेहरू सबै जना ख्रीष्ट विरोधीहरू होइनन् र? त्यसैले, तैँले जसमा विश्वास गर्छस् र जसलाई साँच्चै प्रेम गर्छस् के उहाँ देहमा हुनुहुने यही परमेश्वर हुनुहुन्छ त? के यो साँच्चै जीवित, श्वास-प्रश्वास गर्ने परमेश्वर हुनुहुन्छ, जो सबैभन्दा वास्तविक र असाधारण रूपमा सामान्य हुनुहुन्छ? तेरो खोजीको खास उद्देश्य के हो? यो स्वर्गमा छ कि पृथ्वीमा? यो धारणा हो कि यो सत्यता हो? यो परमेश्वर हुनुहुन्छ कि यो कोही अलौकिक व्यक्ति हो? वास्तवमा, सत्यता नै जीवनका सूत्रहरूको सर्व यथार्थ हो, र सारा मानिस जातिमाझ यस्ता सूत्रहरू सर्वोच्च हुन्छ। परमेश्वरले यसलाई मानिसबाटको आवश्यकता बनाउनुभएको हुनाले, र यो परमेश्वरद्वारा व्यक्तिगत रूपमा गरिएको कार्य भएको हुनाले, यसलाई "जीवनको सूत्र" भनिएको हो। यो सूत्र केही कुराबाट सारांश गरिएको होइन, न त यो कुनै महान् हस्तीबाट आएको प्रसिद्ध उद्धरण नै हो। यसको सट्टामा, यो त स्वर्ग र पृथ्वी र सबै थोकका मालिकबाट मानिस जातिको लागि आएको उच्चारण हो; यो मानिसद्वारा सारांश गरिएका केही शब्दहरू होइनन्, तर परमेश्वरको अन्तर्निहित जीवन हो। अनि त्यसैले यसलाई "सबै जीवनका सूत्रहरूमध्येको सर्वोच्च" भनी भनिएको हो। सत्यतालाई अभ्यासमा लगाउने मानिसहरूको खोजी उनीहरूको कर्तव्यको पालन हो–भन्नुको मतलब, यो परमेश्वरको मागलाई सन्तुष्ट पार्ने खोजी हो। यस मागको सार नै सबै सत्यताहरूको सर्व यथार्थ हो, कुनै पनि मानिसले हासिल गर्न सक्ने खोक्रा सिद्धान्त होइन। यदि तेरो खोजी अरू केही नभएर सिद्धान्त मात्रै हो र त्यसमा कुनै यथार्थ समावेश छैन भने, के तैँले सत्यताको विरुद्धमा विद्रोह गर्दैनस् र? के तँ सत्यतालाई आक्रमण गर्ने व्यक्ति हुँदैनस् र? यस्तो व्यक्ति कसरी परमेश्वरलाई प्रेम गर्न खोज्ने व्यक्ति बन्न सक्ला? यथार्थ बिनाका मानिसहरू ती हुन् जसले सत्यतालाई परित्याग गर्छन्, र तिनीहरू सबै अन्तर्निहित रूपमा विद्रोही हुन्छन्।

तैँले जस्तोसुकै गरी पछ्याए तापनि, सबैभन्दा माथि, आज परमेश्वरले गर्नुहुने कार्यलाई तैँले बुझ्नुपर्छ, र तैँले यस कार्यको महत्त्वलाई जान्नुपर्छ। जब उहाँ अन्तिम दिनहरूमा आउनुहुन्छ, परमेश्वरले कुन कार्य ल्याउनुहुन्छ, उहाँले कुन स्वभाव ल्याउनुहुन्छ, र मानिसमा कुन कुरा पूर्ण गर्नुहुनेछ भन्ने बारेमा तैँले बुझ्नुपर्छ र जान्नुपर्छ। उहाँले देहमा गर्नलाई आउनुभएको कार्यलाई यदि तैँले जान्दैनस् वा बुझ्दैनस् भने, तैँले उहाँको इच्छा कसरी जान्न सक्छस्, र तँ उहाँसँग कसरी घनिष्ठ हुन सक्छस्? वास्तवमा, परमेश्वरसँग घनिष्ठ हुनु जटिल छैन, तर न त छ यो सरल नै छ। यदि मानिसहरूले यो कुरा पूरै बुझ्न सक्छन् र यसलाई अभ्यास गर्न सक्छन् भने, यो सरल बन्छ; यदि मानिसहरूले यसलाई पूरै बुझ्न सक्दैनन् भने, यो अझ धेरै कठिन हुन्छ, र, यति मात्र होइन, तिनीहरू आफ्नो खोजीलाई अस्पष्टतातिर लिएर जानलाई लालायित हुन्छन्। यदि, परमेश्वरको खोजीमा, मानिसहरूसँग आफ्नै अडानमा खडा हुने अवस्था छैन भने, र तिनीहरूले कुन सत्यतालाई अङ्गीकार गर्नुपर्ने हो सोबारे जान्दैनन् भने, यसको अर्थ यही हो कि तिनीहरूसँग कुनै

जग छैन, र त्यसैले तिनीहरूलाई दृढ खडा हुन कठिन हुन्छ। आज, सत्यतालाई नबुझ्ने यति धेरै छन्, जसले असल र खराबबीचको भिन्नता छुट्ट्याउन सक्दैनन् वा केलाई प्रेम गर्ने वा घृणा गर्ने भन्न सक्दैनन्। यस्ता मानिसहरू मुस्किलै दृढ खडा हुन सक्छन्। परमेश्‍वरमाथिको विश्‍वासको कुन्जी भनेको सत्यतालाई अभ्यासमा लगाउन सक्नु, परमेश्‍वरको इच्छालाई वास्ता गर्नु, उहाँ देहमा आउनुहुँदा मानिसमा परमेश्‍वरको कार्यलाई र उहाँले जुन सिद्धान्तहरूद्वारा बोल्नुहुन्छ त्यसलाई जान्नु हो। हूलहरूको पछि नलाग्। तैँले प्रवेश गर्नुपर्ने कुरामा तँसँग सिद्धान्तहरू हुनुपर्छ, र तैँले तिनलाई अङ्गीकार गर्नुपर्छ। परमेश्‍वरको अन्तर्दृष्टिद्वारा ल्याइएका तँभित्र भएका ती कुराहरूलाई दृढपूर्वक पक्रिराख्दा सो तेरो लागि सहयोगी हुनेछ। यदि तैँले पक्रँदैनस् भने, आज तैँले एक प्रकारले दिशा परिवर्तन गर्नेछस्, भोलि अर्को तरिकाले दिशा परिवर्तन गर्नेछस्, र तैँले कहिल्यै पनि कुनै वास्तविक कुरा पाउने छैनस्। यस्तो हुनु तेरो आफ्नै जीवनको लागि लाभदायक छैन। सत्यतालाई नबुझ्नेहरूले सदैव अरूहरूलाई पछ्याउँछन्: यदि मानिसहरूले यो पवित्र आत्माको कार्य हो भनी भन्छन् भने, तैँले पनि यो पवित्र आत्माको कार्य हो भनी भन्छस्; यदि मानिसहरूले यो दुष्टात्माको कार्य हो भनी भन्छन् भने, तँ पनि शङ्कालु हुन्छस्, वा यो दुष्टात्माको कार्य हो भनी भन्छस्। तँ सदैव अरूहरूको कुराहरूलाई सुगारटाइ गर्छस्, र आफैँ केही कुरा छुट्ट्याउन असक्षम हुन्छस्, न त तँ आफ्नै लागि सोच्न समर्थ हुन्छस्। यो कुनै अडान बिनाको व्यक्ति हो, जो भिन्नता छुट्ट्याउन असमर्थ छ—यस्तो व्यक्ति एक निकम्मा नालायक हुन्छ! तँ सदैव अरूहरूको कुराहरू दोहोर्याउँछस्: आज यस्तो भनिन्छ कि यो पवित्र आत्माको कार्य हो, तर यस्तो सम्भावना छ कि कुनै दिन कसैले भन्नेछ कि यो पवित्र आत्माको कार्य होइन, र वास्तवमा यो मानिसको कार्यभन्दा बाहेक अरू केही होइन—तापनि तँ यसलाई छुट्ट्याउन सक्दैनस्, र अरूहरूद्वारा यो कुरा बताइएको तँ प्रत्यक्षदर्शी हुँदा, तैँले पनि त्यही कुरा भन्छस्। यो वास्तवमा पवित्र आत्माको कार्य हो, तर तँ यो मानिसको कार्य हो भनी भन्छस्; के तँ पवित्र आत्माको कार्यको विरुद्धमा निन्दा गर्नेहरूमध्ये एक हुँदैनस् र? यसमा, तैँले भिन्नता छुट्ट्याउन नसकेको कारणले गर्दा परमेश्‍वरलाई विरोध गरेको छैनस् र? सायद कुनै दिन कुनै मूर्ख प्रकट हुनेछ जसले भन्छ "यो दुष्टात्माको कार्य हो," र जब तँ यी शब्दहरू सुन्छस्, तँ नोकसानीमा हुनेछस्, र फेरि एक पटक तँ अरूहरूको कुराहरूद्वारा बन्धित हुनेछस्। हरेक पटक कसैले खलबल पैदा गर्छ, तँ आफ्नो अडानमा खडा हुन असक्षम हुन्छस्, र यो सबै तँसँग सत्यता नभएकोले गर्दा हो। परमेश्‍वरमा विश्‍वास गर्ने र परमेश्‍वरलाई जान्न खोज्ने कुरा सरल छैन। यी कुराहरू केवल सँगै भेला भएर अनि प्रचार सुनेर हासिल गर्न सकिँदैन, र तँ जोसद्वारा मात्र सिद्ध गरिन सक्दैनस्। तैँले आफ्नो कार्यहरू अनुभव गर्नुपर्छ, र जान्नुपर्छ, र तँ तिनमा सिद्धान्तवान् हुनुपर्छ, र पवित्र आत्माको कार्य हासिल गर्नुपर्छ। जब तँ अनुभवहरूबाट गुज्रेको हुन्छस्, तब तैँले धेरै कुराहरू छुट्ट्याउन समर्थ हुनेछस्—तँ असल र खराबबीचको, धार्मिकता र दुष्टताबीचको, शरीर र रगत को हो र सत्यता के हो सोबीचको भिन्नता छुट्ट्याउन समर्थ हुनेछस्। तैँले यी सबै कुराहरूको बीचको भिन्नतालाई छुट्ट्याउन सक्नुपर्छ, र यसो गर्दा, परिस्थितिहरू जस्तोसुकै भएतापनि, तँ कहिल्यै हराउने छैनस्। यही मात्र तेरो वास्तविक पूर्णताको नाप हो।

परमेश्वरको कार्य बुझ्नु भनेको सजिलो कुरा होइन। तेरो खोजीमा तँसँग मापदण्डहरू र उद्देश्य हुनुपर्छ, तैँले साँचो मार्ग कसरी खोज्ने भन्ने बारे जान्नुपर्छ, यो सही मार्ग हो कि होइन, र यो परमेश्वरको कार्य हो कि होइन भन्ने कसरी मापन गर्ने सो जान्नुपर्छ। साँचो मार्ग खोज्ने सबैभन्दा आधारभूत सिद्धान्त के हो? यस मार्गमा पवित्र आत्माको कार्य छ कि छैन, यी शब्दहरू सत्यताको अभिव्यक्ति हुन् कि होइनन्, को प्रमाणित भएको छ, र यसले तेरो लागि के ल्याउँछ भनी तैँले हेर्नुपर्छ। साँचो मार्ग र झूटो मार्गबीचको भिन्नता छुट्ट्याउनको लागि आधारभूत ज्ञानका धेरै पक्षहरू चाहिन्छ, जसको सबैभन्दा आधारभूत पक्ष भनेको त्यसमा पवित्र आत्माको कार्य उपस्थित छ कि छैन भनी बताउनु हो। किनकि परमेश्वरमाथिको मानिसहरूको विश्वासको सारतत्त्व भनेको परमेश्वरको आत्मामाथिको विश्वास हो, र यो देह नै परमेश्वरको आत्माको वासस्थान भएकोले, देहधारी परमेश्वरमाथिको तिनीहरूको विश्वास पनि हो, जसको अर्थ यो हो कि यस्तो विश्वास भनेको अझै आत्मामाथिको विश्वास हो। आत्मा र देहबीचमा भिन्नता छ, तर यस देह आत्माबाट आएको हुनाले, र वचन देह हुन आएकोले, मानिसले जे विश्वास गरेपनि त्यो परमेश्वरको अन्तर्निहित सारतत्त्व नै हो। त्यसैले, यो साँचो मार्ग हो कि होइन भनेर छुट्ट्याउँदा, सबैभन्दा मुख्य कुरा तैँले यसमा पवित्र आत्माको कार्य छ कि छैन भन्ने कुरा हेर्नुपर्छ, त्यसपछि तैँले यस मार्गमा सत्यता छ कि छैन हेर्नुपर्छ। सत्यता भनेको सामान्य मानवत्वको जीवन स्वभाव हो, भन्नुको मतलब, यो त्यो कुरा हो जुन परमेश्वरले सुरुमा मानिसलाई सृष्टि गर्नुहुँदा उबाट माग गर्नुभएको थियो, जस्तो कि, (मानव भाव, अन्तर्दृष्टि, बुद्धि, र मानिस हुनुको आधारभूत ज्ञान लगायत) सामान्य मानवत्वको सम्पूर्णता। अर्थात्, यस मार्गले मानिसहरूलाई सामान्य मानवत्वको जीवनमा डोर्याउन सक्छ कि सक्दैन, बोलिएको सत्यता सामान्य मानवत्वको यथार्थअनुसार माग गरिएको छ कि छैन, यस सत्यता व्यवहारिक र वास्तविक छ कि छैन, र यो सर्व समय सापेक्षिक छ कि छैन भनी तैँले हेर्नुपर्छ। यदि सत्यता छ भने, यसले मानिसलाई सामान्य र वास्तविक अनुभवहरूमा अग्रसर गराउन समर्थ हुन्छ; यसको साथै, मानिसहरू पहिलाभन्दा अझै सामान्य हुन्छन्, तिनीहरूको मानव भाव पहिलाभन्दा अझ पूर्ण हुन्छ, शरीरमा तिनीहरूको जीवन र आत्मिक जीवन पहिलाभन्दा अझ व्यवस्थित हुन्छन्, र तिनीहरूको भावनाहरू पहिलाभन्दा अझ सामान्य हुन्छ। यो दोस्रो सिद्धान्त हो। एउटा अर्को सिद्धान्त छ, जुन मानिसहरूसँग परमेश्वरको बारेमा बढ्दो ज्ञान छ कि छैन, र यस्तो कार्य र सत्यता अनुभव गर्दा यसले तिनीहरूमा परमेश्वरप्रतिको प्रेमको निम्ति प्रेरणा दिन सक्छ कि सक्दैन र तिनीहरूलाई पहिलाभन्दा अझ परमेश्वरको नजिक ल्याउँछ कि ल्याउँदैन भन्ने हो। यसमा यो नै साँचो मार्ग हो कि होइन भनी यसलाई मापन गर्न सकिन्छ। सबैभन्दा आधारभूत कुरा यो मार्ग अलौकिकभन्दा पनि व्यावहारिक छ कि छैन, र यसले मानिसको जीवन प्रदान गर्न समर्थ छ कि छैन भन्ने हो। यदि यो यी सिद्धान्तहरूसँग मिल्छ भने, यही मार्ग सत्य मार्ग हो भन्ने निष्कर्ष निकाल्न सकिन्छ। तिमीहरूको भावी अनुभवहरूमा अन्य मार्गहरू स्विकार गराउनको लागि म तिमीहरूलाई यी कुराहरू भन्दिनँ, न त भविष्यमा अर्को नयाँ युगको कार्य हुनेछ भनी पूर्वानुमानको रूपमा नै भन्छु। म ती भन्छु ताकि तिमीहरू आजको मार्ग नै साँचो मार्ग हो भन्ने कुरामा निश्चय हुन सक, ताकि तिमीहरू आजको कार्यमा आफ्नो विश्वासमा आंशिक रूपमा मात्र

पक्का हुनेछैनौ र यसमा अन्तर्दृष्टि पाउन असमर्थ हुनेछैनौ। निश्चित हुनुको बाबजुद पनि अझै धेरै जना अन्योलमा पछ्याउँछन्; यस्तो निश्चयतामा कुनै सिद्धान्त हुँदैन, र यस्ता मानिसहरू चाँडो वा ढिलो निमिट्यान्न हुनुपर्छ। आफ्नो पछ्याइमा विशेष गरी उत्सुक भएकाहरू समेत पनि तीन भाग निश्चित र पाँच भाग अनिश्चित हुन्छन्, जसले देखाउँछ कि तिनीहरूसँग कुनै जग छैन। तिमीहरूको क्षमता अति कमजोर छ र तिमीहरूको जग अति सतही छ त्यसैले तिमीहरूसँग फरक छुट्ट्याउने समझ नै छैन। परमेश्वरले आफ्नो कार्य दोहोर्याउनुहुन्न, उहाँले त्यस्तो कार्य गर्नुहुन्न जुन यथार्थपरक हुँदैन, उहाँले मानिससँग अत्याधिक मागहरू गर्नुहुन्न, र उहाँले यस्तो कार्य गर्नुहुन्न जुन मानिसको भावभन्दा पर हुन्छ। उहाँले गर्नुहुने सबै कार्य मानिसको सामान्य भावको हदभित्र हुन्छ, र यसले सामान्य मानवत्वको भावलाई उछिन्दैन, र उहाँको कार्य मानिसको सामान्य आवश्यकताहरू अनुसार गरिन्छ। यदि यो पवित्र आत्माको कार्य हो भने, मानिसहरू पहिलाको भन्दा अझ बढी सामान्य बन्छन्, र तिनीहरूको मानवत्व पहिलाको भन्दा अझ अधिक सामान्य हुन्छ। मानिसहरूले तिनका भ्रष्ट शैतानी स्वभावको बारे, र मानिसको सारबारे बढ्दो ज्ञान हासिल गर्छन्, र तिनीहरूले सत्यताको लागि पहिलेको भन्दा अझ ठूलो तिर्सना पनि राख्छन्। भन्नुको मतलब, मानिसको जीवन वृद्धि हुन्छ र वृद्धि हुन्छ, र मानिसको भ्रष्ट स्वभाव झन्-झन् धेरै परिवर्तनको सक्षम बन्छ—यी सबैको अर्थ परमेश्वर मानिसको जीवन बन्नुहुन्छ भन्ने हो। यदि कुनै मार्गले मानिसको सारका ती कुराहरू प्रकट गर्न असक्षम छ, मानिसको स्वभावलाई परिवर्तन गर्न असक्षम छ, र, यसको साथै, मानिसहरूलाई परमेश्वरको सामुन्ने ल्याउन वा परमेश्वरको बारेमा तिनीहरूलाई साँचो समझ दिन असक्षम छ, र तिनीहरूको मानवत्वलाई अझ पहिलाको भन्दा पनि बढि खस्कने बनाउँछ र तिनीहरूको भाव अझ पहिलाको भन्दा असामान्य बनाउँछ भने, यो मार्ग सत्य मार्ग हुँदै होइन, र यो दुष्टात्माको कार्य, वा पुरानो मार्ग हुन सक्छ। छोटकरीमा, यो पवित्र आत्माको वर्तमान कार्य हुन सक्दैन। तिमीहरूले यी सब वर्ष परमेश्वरमा विश्वास गरेका छौ, तापनि तिमीहरूसँग साँचो मार्ग र झूटो मार्गको बीचमा फरक छुट्ट्याउनको लागि, वा यस सत्य मार्ग खोजी गर्नको लागि यस सिद्धान्तको बारे अलिकति पनि ज्ञान छैन। अधिकांश मानिसहरू यी कुराहरूमा रुचि समेत राख्दैनन्; तिनीहरू केवल त्यहीँ जान्छन् जहाँ बहुसंख्यक जान्छन्, र त्यही दोहोर्याउँछन् जे बहुसंख्यकले भन्छन्। यो व्यक्ति कसरी साँचो मार्ग खोज्ने व्यक्ति हो? यस्ता मानिसहरूले साँचो मार्गलाई कसरी पत्ता लगाउन सक्छन्? यदि तिमीहरूले यी विभिन्न मुख्य सिद्धान्तहरू बुझ्छौ भने, जेसुकै भएतापनि, तिमीहरू धोकामा पर्नेछैनौ। आज, यो महत्त्वपूर्ण छ कि मानिसहरूले भिन्नता छुट्ट्याउन सकून्; सामान्य मानवत्वद्वारा धारण गरिनुपर्ने कुरा यही हो, र मानिसहरूले आफ्नो अनुभवमा धारण गर्नुपर्ने कुरा यही हो। यदि, आज पनि, मानिसहरूले पछ्याउने क्रममा अझै पनि केही भिन्नता छुट्ट्याउन सक्दैनन्, र यदि तिनीहरूको मानव भाव अझै वृद्धि भएको छैन भने, मानिसहरू अति मूर्ख छन्, र तिनीहरूको खोजी गलत र भ्रष्ट भएको छ। आज तेरो खोजीमा अलिकति पनि भिन्नता छैन, र तैँले भनेजस्तै यो सत्य होला कि तैँले सत्य मार्ग पत्ता लगाएको छस्, तर के तैँले यसलाई प्राप्त गरेको छस्? के तँ केही छुट्ट्याउन समर्थ भएको छस्? यस सत्य मार्गको सारतत्त्व के हो? यस सत्य मार्गमा, तैँले सत्य मार्ग प्राप्त गरेको छैनस्; तैँले सत्यताको

कुनै कुरा प्राप्त गरेको छैनस्। भन्नुको मतलब, तैँले त्यो कुरा हासिल गरेको छैनस् जुन परमेश्‍वरले तँबाट माग गर्नुहुन्छ, र यसरी तेरो भ्रष्टतामा कुनै परिवर्तन भएको छैन। यदि तैँले यसरी नै खोजी जारी राखिस् भने, तँ अन्ततः निमिट्यान्न हुनेछस्। यस दिनसम्म पछ्याएको हुनाले, तैँले समातेको मार्ग सही मार्ग हो भन्ने कुरामा तँ निश्‍चित हुनुपर्छ, र अब उप्रान्त कुनै शङ्का गर्नुहुँदैन। केही झीनामसिना मामिलाहरूको कारण धेरै मानिसहरू सदैव अनिश्‍चित हुन्छन् र सत्यताको पछि लाग्न छोड्छन्। यस्ता मानिसहरू ती हुन् जोसँग परमेश्‍वरको कार्यको विषयमा कुनै ज्ञान हुँदैन; तिनीहरू ती हुन् जसले अन्योलमा परमेश्‍वरलाई पछ्याउँछन्। ती मानिसहरू जसलाई परमेश्‍वरको कार्यको बारेमा थाहा हुँदैन ती उहाँसँग घनिष्ठ हुन, वा उहाँको गवाही दिन असक्षम हुन्छन्। म तिनीहरूलाई परामर्श दिन्छु जसले आशिषहरू मात्र खोज्छन् र जति सक्दो चाँडो सत्यतालाई पछ्याउन अस्पष्ट र अमूर्त कुरा मात्र पछ्याउँछन्, ताकि तिनीहरूको जीवनले अर्थ पाउन सकून्। अब उप्रान्त आफैलाई मूर्ख नबनाओ।

## देहधारी परमेश्‍वरको सेवकाइ र मानिसको दायित्व बीचको भिन्नता

तिमीहरूले परमेश्‍वरको कार्यका दर्शनहरूलाई जान्नैपर्छ र उहाँको कार्यको सामान्य निर्देशनलाई बुझ्नैपर्छ। यो सकारात्मक प्रवेश हो। तँ दर्शनहरूको सत्यतामाथि विशुद्ध रूपमा पारङ्गत भइसकेपछि, तेरो प्रवेश सुरक्षित रहनेछ; परमेश्‍वरका कार्यहरू जति नै परिवर्तन भएतापनि, तँ आफ्नो हृदयमा स्थिर रहनेछस्, दर्शनहरूका बारेमा स्पष्ट हुनेछस्, र आफ्नो प्रवेश र आफ्नो खोजीप्रति तेरो एउटा लक्ष्य हुनेछ। यसरी, तँभित्रका सारा अनुभव र ज्ञान अझै गहिरो भएर बढ्नेछन् र अझै विस्तृत हुनेछन्। तैँले पूर्ण रूपमा समग्र चित्रलाई बुझेपछि, तैँले जीवनमा कुनै पनि नोकसानीहरूलाई भोग्नु पर्नेछैन, न त तँ बाटो बिराएर नै जानेछस्। यदि तैँले कार्यका यी कदमहरूलाई जानेको छैनस् भने, तैँले हरेक कदममा नोकसानी भोग्नुपर्नेछ, र सबै कुराहरूलाई मिलाउनको लागि तँलाई धेरै दिन लाग्नेछ, न त तँ केही हप्तापछि नै सहि मार्गमा आउन सक्नेछस्। के यसले विलम्ब गराउनेछैन र? तिमीहरूले पूर्ण रूपमा पारङ्गत हुनुपर्ने सकारात्मक प्रवेश र अभ्यासको मार्गमा धेरै कुराहरू छन्। परमेश्‍वरको कार्यका दर्शनहरूको बारेमा कुरा गर्दा, तैँले निम्न बुँदाहरूलाई बुझ्नैपर्छ: विजयको सम्बन्धमा उहाँको कार्यको महत्त्व, सिद्ध पारिँदै गरिएको भविष्यको मार्ग, परीक्षाहरू र सङ्कष्टहरूलाई अनुभव गरेर प्राप्त गर्नैपर्ने कुरा, न्याय र सजायको महत्त्व, पवित्र आत्माको कार्यको पछाडि रहेका सिद्धान्तहरू, र सिद्धता र विजयको पछाडि रहेका सिद्धान्तहरू। यी सबै कुराहरू दर्शनहरूको सत्यतामा पर्छन्। बाँकी व्यवस्थाको युग, अनुग्रहको युग, र राज्यको युगमा भएको कार्यका तीन चरणहरूको साथै भविष्यको गवाही हुन्। यी पनि दर्शनहरूको सत्यता हुन्, र ती सबैभन्दा आधारभूत हुनुको साथै सबैभन्दा महत्त्वपूर्ण कुराहरू हुन्। वर्तमानमा, तिमीहरूले प्रवेश गर्नुपर्ने र अभ्यास गर्नुपर्ने धेरै कुराहरू छन्, र अहिले यो अझै गहन र अझै विस्तृत छ। यदि तँसँग यी सत्यताहरूको बारेमा कुनै ज्ञान छैन भने, तैँले प्रवेशलाई अझै प्राप्त गर्न बाँकी नै छ भन्ने कुरालाई यसले प्रमाणित गर्छ। धेरैजसो समयमा, सत्यता सम्बन्धी मानिसहरूको ज्ञान

अत्यन्तै सतही हुन्छ; निश्चित आधारभूत सत्यताहरूलाई अभ्यास गर्ने तिनीहरू असक्षम हुन्छन् र सानातिना कुराहरूलाई कसरी सम्हाल्ने भन्ने कुरा समेत तिनीहरू जान्दैनन्। मानिसहरूले सत्यतालाई व्यवहारमा प्रयोग गर्न नसक्नुको कारण के हो भने तिनीहरूको स्वभाव विद्रोही छ, र आजको कार्यसम्बन्धी तिनीहरूको ज्ञान अत्यन्तै सतही र एकतर्फी छ। तसर्थ, मानिसहरूको लागि सिद्ध बनाइनु त्यति सजिलो कार्य होइन। तँ अत्यन्तै बढी विद्रोही छस्, र तैँले धेरै मात्रामा आफ्नो पुरानो स्वभावलाई कायम राख्छस्; तँ सत्यताको पक्षमा खडा हुन सक्दैनस्, र तँ सबैभन्दा स्पष्ट सत्यताहरूलाई समेत अभ्यास गर्न सक्दैनस्। यस्ता मानिसहरूलाई बचाउन सकिँदैन र तिनीहरू विजय नगरिएका मानिसहरू हुन्। यदि तेरो प्रवेशसँग न त कुनै विवरण छ न त कुनै उद्देश्यहरू छन् भने, तँमा वृद्धि आउन निकै विलम्ब हुनेछ। यदि तेरो प्रवेशमा अलिकति पनि वास्तविकता छैन भने, तेरो खोजी व्यर्थ हुनेछ। यदि तँ सत्यताको सारतत्त्वको बारेमा अनभिज्ञ छस् भने, तँ अपरिवर्तित नै रहनेछस्। वास्तविकतामा प्रवेश गरेर, र यस अतिरिक्त, विस्तृत अनुभवहरूमा प्रवेश गरेर मानिसको जीवनमा वृद्धि र उसको स्वभावमा परिवर्तन हासिल गर्न सकिन्छ। यदि तेरो प्रवेशको बेला तैँले धेरै विस्तृत अनुभवहरू प्राप्त गरेको छस् भने, र तँसँग धेरै वास्तविक ज्ञान र प्रवेश छ भने, स्वभाव तुरुन्तै परिवर्तन हुनेछ। यदि, वर्तमानमा, तँ अभ्यासको बारेमा पूर्ण रूपमा स्पष्ट छैनस् भने पनि, तँ कम्तीमा पनि परमेश्वरको कार्यका दर्शनहरूको बारेमा स्पष्ट हुनुपर्छ। अन्यथा, तँ प्रवेशको लागि असमर्थ हुनेछस्; तैँले सत्यताको ज्ञान प्राप्त गरिसकेपछि मात्रै प्रवेश सम्भव हुन्छ। यदि पवित्र आत्माले तँलाई तेरो अनुभवमा अन्तर्दृष्टि दिनुहुन्छ भने मात्रै तैँले सत्यताको गहन बुझाइलाई, र गहन प्रवेशलाई प्राप्त गर्नेछस्। तिमीहरूले परमेश्वरको कार्यलाई बुझ्नैपर्छ।

सुरुमा, मानिस जातिको सृष्टिपछि, इस्राएलीहरूले परमेश्वरको कार्यको आधारको रूपमा सेवा गरे। सारा इस्राएल नै पृथ्वीमा यहोवाको कार्यको आधार बने। यहोवाको कार्य भनेको व्यवस्था स्थापित गरेर मानिसलाई प्रत्यक्ष रूपमा नेतृत्व गर्नु र गोठाला गर्नु थियो, ताकि पृथ्वीमा मानिसले सामान्य जीवन जिउन सकोस् र यहोवालाई सामान्य तरिकाले आराधना गर्न सकोस्। व्यवस्थाको युगमा परमेश्वरलाई मानवद्वारा न त देख्न सकिन्थ्यो न त छुन सकिन्थ्यो। शैतानद्वारा भ्रष्ट गरिएका प्रारम्भिक मानिसहरूलाई शिक्षा दिँदै र तिनीहरूलाई गोठाला गर्दै उहाँले अगुवाइ मात्रै गर्नुभएको हुनाले, उहाँको वचनमा व्यवस्थाहरू, विधिविधानहरू, र मानव आचरणका मूल्य-मान्यताहरू मात्रै समावेश थिए, र यसले तिनीहरूलाई जीवनका सत्यताहरू प्रदान गरेन। उहाँको नेतृत्व अन्तर्गत रहेका इस्राएलीहरू शैतानद्वारा गहन रूपमा भने भ्रष्ट गरिएका थिएनन्। उहाँको व्यवस्थाको कार्य मुक्तिको कार्यको केवल प्रथम चरण, मुक्तिको कार्यको केवल सुरुवात मात्रै थियो, र मानिसको जीवन आचरणको परिवर्तनसँग व्यवहारिक रूपमा यसको कुनै सम्बन्ध नै थिएन। त्यसकारण, मुक्तिको कार्यको सुरुवातमा उहाँले इस्राएलमा गर्नुभएको कार्यको लागि देह धारण गर्नुपर्ने कुनै आवश्यकता थिएन। यही कारणले गर्दा, मानिससँग संलग्न हुनको लागि उहाँलाई एउटा माध्यम—एउटा औजार—को आवश्यकता पर्‍यो। तसर्थ, सृष्टि गरिएका प्राणीहरूका बीचमा यहोवाको लागि बोल्ने र कार्य गर्नेहरूको उदय भयो, जसले गर्दा, मानिसका पुत्रहरू र अगमवक्ताहरू

मानिसहरूका बीचमा कार्य गर्न आए। मानिसका पुत्रहरूले मानिसहरूका बीचमा यहोवाको तर्फबाट कार्य गरे। यहोवाद्वारा "मानिसका पुत्रहरू" भनेर बोलाइनुको अर्थ यहोवाको तर्फबाट यस्ता मानिसहरूले व्यवस्थालाई स्थापित गरे भन्ने हो। इस्राएलका मानिसहरूका बीचमा तिनीहरू पूजाहारीहरू पनि थिए, यहोवाद्वारा रेखदेख गरिएका र सुरक्षा दिइएका पूजाहारीहरू, र जसमा यहोवाको आत्माले कार्य गर्नुहुन्थ्यो; तिनीहरू मानिसहरूका बीचमा रहेका अगुवाहरू थिए र तिनीहरूले प्रत्यक्ष रूपमा यहोवाको सेवा गर्थे। अर्कोतर्फ, अगमवक्ताहरू सारा भूमिका र जातिका मानिसहरूसँग यहोवाको तर्फबाट बोल्ने कार्यप्रति समर्पित थिए। तिनीहरूले यहोवाको कार्यको बारेमा अगमवाणी पनि गर्थे। चाहे तिनीहरू मानिसका पुत्रहरू होऊन् वा अगमवक्ताहरू होऊन्, तिनीहरू सबै स्वयम् यहोवाको आत्माद्वारा खडा गरिए र तिनीहरूमा यहोवाको कार्य थियो। मानिसहरूका बीचमा, यहोवालाई प्रत्यक्ष रूपमा प्रतिनिधित्व गर्नेहरू तिनीहरू नै थिए; तिनीहरू यहोवाद्वारा खडा गरिएका हुनाले मात्रै तिनीहरूले आफ्ना कार्य गरे र स्वयम् पवित्र आत्मा देहधारी हुनुभएको देह तिनीहरूसँग भएको हुनाले होइन। त्यसकारण, परमेश्‍वरको तर्फबाट बोल्नमा र कार्य गर्नमा तिनीहरू उस्तै भएतापनि, व्यवस्थाको युगमा मानिसका पुत्रहरू र अगमवक्ताहरू देहधारी परमेश्‍वरका देह थिएनन्। अनुग्रहको युगमा र अन्तिम चरणमा परमेश्‍वरको कार्य ठीक विपरीत थियो, किनकि मुक्तिको कार्य र मानिसको न्याय दुवै स्वयम् देहधारी परमेश्‍वरले गर्नुभयो, र उहाँको तर्फबाट कार्य गर्नको लागि अगमवक्ताहरू र मानिसका पुत्रहरू खडा गर्ने अब फेरि कुनै आवश्यकता परेन। मानिसको नजरमा, तिनीहरूको कार्यको सारतत्त्व र विधिको बीचमा कुनै उल्लेखनीय भिन्नताहरू छैनन्। अनि यही कारणले गर्दा मानिसहरूले निरन्तर रूपमा देहधारी परमेश्‍वरको कार्यलाई अगमवक्ताहरू र मानिसका पुत्रहरूको कार्यसँग अन्योल पैदा गर्दै हुन्छन्। देहधारी परमेश्‍वरको रूप र अगमवक्ताहरू तथा मानिसका पुत्रहरूको रूप आधारभूत रूपमा उस्तै थियो। अनि देहधारी परमेश्‍वर अगमवक्ताहरूभन्दा अझै सामान्य र अझै वास्तविक हुनुहुन्थ्यो। यसरी, उहाँहरूबीचको भिन्नता छुट्याउन मानिस असमर्थ छ। मानिसले केवल रूपमा मात्रै ध्यान दिन्छ, कार्य गराइ र बोलाइमा यी दुई उस्तै भएतापनि, तिनीहरूका बीचमा तात्त्विक भिन्नता छ भन्ने बारेमा मानिस पूर्ण रूपमा अनभिज्ञ छ। उस्तै देखिने कुराहरूका बीचमा रहेको भिन्नतालाई बताउने मानिसको क्षमता अत्यन्तै कमजोर भएको हुनाले, उसले सामान्य कुराहरूका बीचमा रहेको भिन्नतालाई छुट्याउन असमर्थ हुन्छ, अति जटिल कुनै कुराको बारेमा त कुरै नगरौं। जब पवित्र आत्माद्वारा प्रयोग गरिएका यी अगमवक्ताहरू र मानिसहरूले बोले र कार्य गरे, यो मानिसका दायित्वहरूलाई अघि बढाउनको लागि थियो, सृष्टि गरिएको प्राणीको प्रकार्यलाई पूरा गर्नको लागि थियो, र यो मानिसले गर्नुपर्ने कार्य थियो। तैपनि, देहधारी परमेश्‍वरका वचनहरू र कार्य भनेको उहाँको सेवकाइलाई अघि बढाउनु थियो। उहाँको बाहिरी रूप सृष्टि गरिएको प्राणीको जस्तो थियो, तैपनि उहाँको कार्य भनेको आफ्नो प्रकार्यलाई होइन तर आफ्नो सेवकाइलाई अघि बढाउनु थियो। सृष्टि गरिएका प्राणीहरूको हकमा "दायित्व" भन्ने शब्दको प्रयोग गरिन्छ, तर देहधारी परमेश्‍वरको देहको हकमा भने "सेवकाइ" भन्ने शब्दको प्रयोग गरिन्छ। यी दुईको बीचमा एउटा अपरिहार्य भिन्नता रहेको छ; यिनलाई एक-अर्कासँग प्रतिस्थापन गर्न सकिँदैन। मानिसको कार्य भनेको केवल आफ्नो

दायित्वलाई पूरा गर्नु हो भने, परमेश्‍वरको कार्य भनेको आफ्नो सेवकाइलाई व्यवस्थापन गर्नु, र अघि बढाउनु हो। त्यसकारण, धैरै प्रेरितहरू पवित्र आत्माद्वारा प्रयोग गरिएका भएतापनि र धैरै अगमवक्ताहरू उहाँद्वारा भरिएका भएतापनि, तिनीहरूको कार्य र वचनहरू भनेका सृष्टि गरिएका प्राणीहरूका रूपमा रहेको आफ्नो दायित्वलाई पूरा गर्नु मात्रै थियो। तिनीहरूका अगमवाणीहरूले देहधारी परमेश्‍वरद्वारा बोलिएको जीवनको मार्गलाई नाघेका हुन सक्थे, र तिनीहरूको मानवत्वले देहधारी परमेश्‍वरको मानवत्वलाई अझै नाघेको हुन सक्थ्यो, तर तिनीहरूले अझै आफ्नो दायित्व पूरा गर्दै थिए, र सेवकाइलाई पूरा गर्दै थिएनन्। मानिसको दायित्वले मानिसको प्रकार्यलाई जनाउन सक्छ; मानिसद्वारा प्राप्त गरिने कुरा पनि यही नै हो। तैपनि, देहधारी परमेश्‍वरद्वारा अघि बढाइएको सेवकाइ उहाँको व्यवस्थापनसँग सम्बन्धित छ, र यो मानवद्वारा प्राप्त गरिँदैन। देहधारी परमेश्‍वरले चाहे बोल्नुहुन्छ, चाहे कार्य गर्नुहुन्छ, वा चाहे जे-जस्ता आश्‍चर्यका कुराहरू प्रकट गर्नुहुन्छ, उहाँले आफ्नो व्यवस्थापनभित्र रहेर नै महान् कार्य गर्दै हुनुहुन्छ, र उहाँको सट्टामा त्यस किसिमको कार्य मानिसद्वारा गर्न सकिँदैन। मानिसको कार्य भनेको परमेश्‍वरको व्यवस्थापनको कार्यको निश्‍चित चरणमा रहेर सृष्टि गरिएको प्राणीको रूपमा आफ्नो दायित्वलाई पूरा गर्नु मात्रै हो। परमेश्‍वरको व्यवस्थापन नभएको भए, अर्थात्, यदि देहधारी परमेश्‍वरको सेवकाइ हराएको भए, सृष्टि गरिएको प्राणीको दायित्व हराउने थियो। आफ्नो सेवकाइलाई अघि बढाउनको लागि परमेश्‍वरले गर्ने कार्य मानिसलाई व्यवस्थापन गर्नको लागि हो, जबकी मानिसले निभाउने आफ्नो दायित्व भनेको सृष्टिकर्ताका मागहरूलाई पूरा गर्न उसको दायित्व निभाउनु हो, र आफ्नै सेवकाइलाई अघि बढाउने विचार गर्ने कुरा कुनै पनि हालतमा हुन सक्दैन। परमेश्‍वरको अन्तर्निहित सारतत्त्वको लागि–उहाँको आत्माको लागि–परमेश्‍वरको कार्य भनेको उहाँको व्यवस्थापन नै हो, तर सृष्टि गरिएको प्राणीको बाहिरी रूपलाई धारण गर्नुहुने देहधारी परमेश्‍वरको लागि, उहाँको कार्य भनेको आफ्नो सेवकाइलाई अघि बढाउनु हो। उहाँले गर्नुहुने जेसुकै कार्य भनेको आफ्नो सेवकाइलाई अघि बढाउनको लागि हो; मानिसले गर्न सक्ने भनेको परमेश्‍वरको व्यवस्थापनको क्षेत्राधिकारभित्र र उहाँको मार्गदर्शनको अन्तर्गत रही सक्दो प्रयास गर्नु मात्रै हो।

वास्तविकतामा, मानिसले पूरा गर्ने आफ्नो दायित्व भनेको मानिसभित्र अन्तर्निहित रहेका सबै कुराहरूको उपलब्धि हो, भन्नुको अर्थ, जुन कुरा मानिसको लागि सम्भव छ। त्यसपछि उसको दायित्व पूरा हुन्छ। आफ्नो सेवाको अवधिमा देखिने मानिसका कमजोरीहरू प्रगतिशील अनुभव र न्यायबाट भएर जानु पर्ने प्रक्रियामार्फत विस्तारै घटाइन्छन्; तिनले मानिसको दायित्वलाई वाधा दिँदैन वा प्रभाव पार्दैन। आफ्नो सेवामा कमजोरीहरू हुन सक्छन् भन्ने डरले सेवा गर्न वा परिणाम ल्याउन छोड्ने र पछि हट्ने मानिसहरू नै सबैभन्दा कायरहरू हुन्। यदि मानिसहरूले सेवाको अवधिमा व्यक्त गर्नुपर्ने कुरालाई व्यक्त गर्न सक्दैनन् वा तिनीहरूको लागि सम्भव भएका कुराहरूलाई अन्तर्निहित रूपमा तिनीहरूले उपलब्धि गर्न सक्दैनन्, र यसको सट्टामा समय बरबाद गर्छन् र आलटाल मात्रै गर्छन् भने, तिनीहरूले सृष्टि गरिएको प्राणीमा हुनुपर्ने कार्यगत प्रकार्यलाई गुमाएका हुन्छन्। त्यस्ता मानिसहरू "मध्यम-स्तरीय" भनेर चिनिन्छन्; तिनीहरू कार्य नलाग्ने रद्दी हुन्। त्यस्ता मानिसहरूलाई कसरी उचित रूपमा सृष्टि गरिएका प्राणीहरू भन्न सकिन्छ? के

तिनीहरू भ्रष्ट प्राणीहरू होइनन् र, जो बाहिर चम्कन्छन् तर भित्र कुहिएका हुन्छन्? यदि कुनै मानिसले आफैलाई परमेश्वर हुँ भनी भन्छ तैपनि ईश्वरत्वलाई व्यक्त गर्न, स्वयम् परमेश्वरको कार्य गर्न, वा परमेश्वरलाई प्रतिनिधित्व गर्न असक्षम हुन्छ भने, ऊ निःसन्देह नै परमेश्वर होइन, किनकि ऊसँग परमेश्वरको सारतत्त्व छैन, र जुन कुरा परमेश्वरले अन्तर्निहित रूपमा प्राप्त गर्न सक्नुहुन्छ त्यो ऊभित्र अस्तित्वमा हुँदैन। यदि मानिसले ऊद्वारा अन्तर्निहित रूपमा नै प्राप्त गर्न सकिने कुरालाई गुमाउँछ भने, उसलाई अब उप्रान्त मानिस भन्न सकिँदैन, र ऊ सृष्टि गरिएको प्राणीको रूपमा खडा हुन वा परमेश्वरको अघि आउन र उहाँको सेवा गर्न योग्य हुँदैन। यसको साथै, परमेश्वरको अनुग्रह ग्रहण गर्न वा उहाँको हेरचाह पाउन, सुरक्षा प्राप्त गर्न, र परमेश्वरद्वारा सिद्ध गरिन ऊ योग्यको हुँदैन। परमेश्वरको भरोसालाई गुमाएका धेरैले परमेश्वरको अनुग्रहलाई पनि गुमाउन पुग्छन्। तिनीहरूले आफ्ना दुष्कर्महरूलाई घृणा मात्रै गर्दैनन्, तर तिनीहरूले परमेश्वरको मार्ग गलत छ भन्ने विचारलाई निर्धक्कसाथ प्रचार गर्छन्, र विद्रोहीहरूले त परमेश्वरको अस्तित्वलाई समेत इन्कार गर्छन्। त्यस किसिमको विद्रोहले भरिएका त्यस्ता मानिसहरू परमेश्वरको अनुग्रहको आनन्द लिनका लागि कसरी हकदार बन्न सक्छन्? आफ्नो दायित्वलाई पूरा नगर्ने मानिसहरू परमेश्वरको विरुद्धमा अत्यन्तै विद्रोही हुन्छन्, र उहाँप्रति धेरै ऋणी हुन्छन्, तैपनि तिनीहरू पछि फर्कन्छन् र परमेश्वर नै गलत हुनुहुन्छ भनेर तीखो आलोचना गर्छन्। त्यस किसिमको मानिस कसरी सिद्ध बनाइनको लागि योग्य हुनसक्छ? के यो हटाइनु र दण्डित हुनुको अग्रिम लक्षण होइन र? परमेश्वरको अघि आफ्नो दायित्वलाई पूरा नगर्ने मानिसहरू पहिले नै अति दुष्ट अपराधको दोषी भइसकेका हुन्छन्, जसको निम्ति मृत्यु समेत पनि अपर्याप्त दण्ड हुन्छ, तैपनि परमेश्वरसँग तर्क गर्ने र उहाँको विरुद्धमा आफै जोरी खोज्ने आँट तिनीहरूसँग छ। त्यस्ता मानिसहरूलाई सिद्ध पार्नुको औचित्य के छ र? जब मानिसहरू आफ्नो दायित्व पूरा गर्न असफल हुन्छन्, तिनीहरूले दोषी र ऋणी भएको महसुस गर्नुपर्छ; तिनीहरूले आफ्ना कमजोरी र अनुपयोगितालाई, आफ्ना विद्रोह र भ्रष्टतालाई घृणा गर्नुपर्छ, र अझ अधिक, परमेश्वरलाई आफ्नो जीवन दिनुपर्छ। त्यसपछि मात्रै तिनीहरू परमेश्वरलाई साँचो रूपमा प्रेम गर्ने सृष्टि गरिएका प्राणीहरू हुन्छन्, र त्यस्ता मानिसहरू मात्रै परमेश्वरका आशिषहरू र प्रतिज्ञामा रमाउनका लागि, र उहाँद्वारा सिद्ध बनाइनका लागि योग्य हुन्छन्। अनि तिमीहरूमध्ये अधिकांश कस्ता छौ? तिमीहरूका बीचमा जिउनुहुने परमेश्वरलाई तिमीहरूले कस्तो व्यवहार गर्छौ? उहाँको सामुन्ने तिमीहरूले आफ्नो दायित्वलाई कसरी निभाएका छौ? के तिमीहरूलाई जे गर्नको लागि बोलाइएको थियो, तिमीहरूले आफ्नै जीवनको बाजी समेत राखेर, ती सबै पूरा गरेका छौ? तिमीहरूले के बलिदान दिएका छौ? के तिमीहरूले मबाट धेरै कुरा पाएका छैनौ र? के तिमीहरूले छुट्याउन सक्छौ? तिमीहरू मप्रति कति निष्ठावान् छौ? तिमीहरूले मलाई कसरी सेवा गरेका छौ? अनि मैले तिमीहरूलाई जे दिएको छु र तिमीहरूका लागि मैले जे गरेको छु, त्यसको बारेमा के? के तिमीहरूले यी सबै कुराहरूलाई नापेका छौ? के तिमीहरू सबैले तिमीहरूभित्र भएको थोरै विवेकसँग यसलाई मूल्याङ्कन र तुलना गरेका छौ? तिमीहरूका वचनहरू र कार्यहरू कसको योग्य हुनसक्छ? के तिमीहरूले गरेको त्यति सानो बलिदान मैले तिमीहरूलाई दिएका सबै कुराको योग्य हुनसक्छ? मसँग अरू कुनै

विकल्प छैन र तिमीहरूप्रति म पूर्ण हृदयले समर्पित भएको छु, तैपनि तिमीहरूले मप्रति दुष्ट अभिप्रायहरू राखेका छौ र मप्रति अर्ध हृदयका भएका छौ। तिमीहरूको दायित्वको हद, तिमीहरूको एउटै मात्र कार्य त्यही नै हो। के यस्तै होइन र? तिमीहरू सृष्टि गरिएको प्राणीको दायित्वलाई पूरा गर्न पूर्ण रूपमा असफल भएका छौ भन्ने कुरा के तिमीहरूलाई थाहा छैन? तिमीहरूलाई कसरी सृष्टि गरिएको प्राणीको रूपमा लिन सकिन्छ? तिमीहरूले जे व्यक्त गर्दैछौ र जसरी जीवन बिताउँदैछौ त्यो तिमीहरूलाई स्पष्ट नै छैन र? तिमीहरू आफ्नो दायित्व पूरा गर्न असफल भएका छौ, तर तिमीहरू परमेश्‍वरको सहिष्णुता र प्रशस्त अनुग्रह प्राप्त गर्न खोज्छौ। त्यस किसिमको अनुग्रह तिमीहरू जस्ता अनुपयोगी र नीचहरूका लागि तयार गरिएको होइन, तर तिनको लागि हो जसले केही पनि माग्दैनन् र खुसीसाथ बलिदान दिन्छन्। तिमीहरू जस्ता मानिसहरू, यस्ता मध्यम-स्तरीयहरू, स्वर्गको अनुग्रहको आनन्द उपभोग गर्न पूर्ण रूपमा अयोग्य छौ। तिमीहरूका दिनहरूलाई कठिनाइ र अनन्त दण्डले साथ दिनेछन्! यदि तिमीहरू मप्रति विश्‍वासयोग्य हुन सक्दैनौ भने, तिमीहरूको नियति कष्टको हुनेछ। यदि तिमीहरू मेरा वचनहरू र मेरो कार्यप्रति जबाफदेही हुन सक्दैनौ भने, तिमीहरूको परिणाम दण्डको नै हुनेछ। राज्यका सारा अनुग्रह, आशिषहरू, र सुन्दर जीवनले तिमीहरूसँग कुनै सरोकार राख्नेछैनन्। तिमीहरूले पाउन योग्य अन्त्य र तिमीहरू आफैले निम्त्याएको परिणाम यही नै हो! अज्ञानता र अहङ्कार भएकाहरूले सक्दो प्रयास नगर्ने मात्र होइन, आफ्नो दायित्व पूरा नगर्ने मात्रै होइन, तिनीहरूले अनुग्रहको लागि आफ्ना हातहरू समेत पसार्छन्, मानौं तिनीहरूले मागेको कुरा पाउन तिनीहरू योग्य छन्। अनि यदि तिनीहरूले आफूले मागेको कुरा प्राप्त गर्न असफल भए भने, तिनीहरू अझै कम विश्‍वासयोग्य बन्छन्। त्यस्ता मानिसहरूलाई कसरी उचित मान्‍न सकिन्छ? तिमीहरू कमजोर क्षमता भएका र तर्करहित छौ, व्यवस्थापनको कार्यको अवधिमा तिमीहरूले पूरा गर्नुपर्ने दायित्वलाई पूरा गर्न तिमीहरू पूर्ण रूपमा असक्षम छौ। तिमीहरूको मूल्य पहिले नै गिरिसकेको छ। त्यस्तो अनुग्रह तिमीहरूलाई देखाएकोमा तिमीहरूले मलाई तिर्नुपर्ने मूल्य तिर्ने तिमीहरूको असफलता आफैमा पनि एउटा चरम विद्रोह हो, तिमीहरूलाई दोषी ठहर्याउन र तिमीहरूको कायरता, असक्षमता, नीचता, र अयोग्यतालाई देखाउनको लागि त्यही नै पर्याप्त छ। तिमीहरूलाई आफ्नो हात फैलाउनको लागि केले हकदार बनाउँछ? कि तिमीहरू मेरो कार्यको लागि थोरै पनि सहयोगी हुन असमर्थ हुनु, निष्ठावान् हुन असमर्थ हुनु, र मेरो लागि साक्षीको रूपमा खडा हुन असमर्थ हुनु नै तिमीहरूको दुष्कर्महरू र असफलताहरू हुन्, तैपनि तिमीहरूले यसको सट्टा मलाई आक्रमण गर्छौ, मेरो बारेमा झूटा कुरा गर्छौ, र म अधार्मिक हुँ भनेर गुनासो गर्छौ। के तिमीहरूको निष्ठा यसैले बनेको हो त? के तिमीहरूको प्रेम यसैले बनेको हो त? यसभन्दा पर, तिमीहरूले अरू के कार्य गर्न सक्छौ? पूरा गरिएका सबै कार्यमा तिमीहरूले कस्तो योगदान दिएका छौ? तिमीहरूले कति धेरै समर्पणता गरेका छौ? मैले तिमीहरूलाई दोष नदिइकन पहिले नै निकै ठूलो सहिष्णुता देखाइसकेको छु, तैपनि तिमीहरूले मसँग लाजै नमानी बहाना गर्छौ र गुप्तमा मेरो बारेमा गुनासो गर्छौ। के तिमीहरूमा मानवताको अलिकति पनि अवशेष बाँकी छ? मानिसको दायित्व मानिसको मन र उसका धारणाहरूद्वारा कलङ्कित भएको भएतापनि, तिमीले आफ्नो दायित्वलाई पूरा गर्नैपर्छ र आफ्नो

निष्ठालाई देखाउनैपर्छ। मानिसको कार्यमा रहेका अशुद्धताहरू भनेको उसको क्षमताको समस्या हो, जबकी, यदि मानिसले आफ्नो दायित्वलाई पूरा गर्दैन भने, यसले उसको विद्रोहलाई देखाउँछ। मानिसको दायित्व र ऊ आशिषित भएको छ कि श्रापित भएको छ भन्ने बीच कुनै अन्योन्याश्रित सम्बन्ध छैन। दायित्व भनेको मानिसले पूरा गर्नुपर्ने कुरा हो; यो उसको स्वर्गबाट पठाइएको कार्य हो, र यो भरणपोषण, सर्तहरू, वा तर्कहरूमा निर्भर हुनुहुँदैन। तब मात्रै उसले आफ्नो दायित्व पूरा गर्दै हुन्छ। आशिषित हुनु भनेको कसैले न्यायको अनुभव गरिसकेपछि सिद्ध बनाइनु र परमेश्‍वरको आशिषहरू प्राप्त गर्नु हो। श्रापित हुनु भनेको सजाय र न्याय भोगिसकेपछि पनि कसैको स्वभाव परिवर्तन नहुनु हो, यो तब हुन्छ जब तिनीहरूले सिद्ध बनाइएको अनुभव गर्दैनन् र तिनीहरू दण्डित हुन्छन्। तर चाहे तिनीहरूले आशिष पाऊन् वा श्राप पाऊन्, सृष्टि गरिएका प्राणीहरूले आफूले गर्नुपर्ने कार्य गर्दै, र आफूले गर्न सक्ने कार्य गर्दै आफ्नो दायित्वलाई पूरा गर्नुपर्छ; कुनै पनि व्यक्ति, जो परमेश्‍वरको पछि लाग्छ, उसले गर्नुपर्ने न्यूनतम कार्य यही हो। आशिषित हुनको लागि मात्रै तैँले आफ्नो दायित्वलाई पूरा गर्नु हुँदैन, र श्रापित हुने डरले तैँले कार्य गर्न इन्कार गर्नु हुँदैन। म तिमीहरूलाई यो एउटा कुरा बताउन चाहन्छु: मानिसले पूरा गर्ने आफ्नो दायित्व भनेको उसले गर्नुपर्ने कार्य हो, र यदि ऊ आफ्नो दायित्व पूरा गर्न असक्षम छ भने, यो उसको विद्रोह हो। आफ्नो दायित्वलाई पूरा गर्ने प्रक्रियाद्वारा मानिस बिस्तारै परिवर्तन गरिन्छ, र यही प्रक्रियाद्वारा उसले आफ्नो निष्ठालाई प्रदर्शन गर्छ। जस्तो कि, तैँले जति आफ्नो दायित्वलाई पूरा गर्न सक्षम हुन्छस्, त्यति नै तैँले सत्यतालाई प्राप्त गर्नेछस्, र त्यति नै वास्तविक तेरो अभिव्यक्ति हुनेछ। आफ्नो दायित्व पूरा गर्ने कार्यमा आलटाल गर्ने र सत्यतालाई नखोज्नेहरू अन्त्यमा हटाइनेछन्, किनकि त्यस्ता मानिसहरूले सत्यताको अभ्यासमा आफ्नो दायित्वलाई पूरा गर्दैनन्, र आफ्नो दायित्व पूरा गर्नमा सत्यतालाई अभ्यास गर्दैनन्। तिनीहरू ती हुन् जो अपरिवर्तित रहन्छन् र श्रापित हुनेछन्। तिनीहरूको अभिव्यक्तिहरू अशुद्ध मात्रै छैनन्, तर तिनीहरूले अभिव्यक्त गर्ने हरेक कुरा नै दुष्ट छ।

अनुग्रहको युगमा, येशूले पनि धेरै वचनहरू बोल्नुभयो र धेरै कार्य गर्नुभयो। उहाँ कसरी यशैयाभन्दा फरक हुनुहुन्थ्यो? उहाँ कसरी दानिएलभन्दा फरक हुनुहुन्थ्यो? के उहाँ अगमवक्ता हुनुहुन्थ्यो? उहाँ ख्रीष्ट हुनुहुन्छ भनेर किन भनिन्छ? उहाँहरूका बीचमा रहेका भिन्नताहरू के-के हुन्? उहाँहरू सबै नै वचन बोल्ने मानिसहरू हुनुहुन्थ्यो, र उहाँहरूका वचनहरू मानिसको लागि लगभग उस्तै देखिन्थे। उहाँहरू सबैले वचनहरू बोल्नुहुन्थ्यो र कार्य गर्नुहुन्थ्यो। पुरानो करारका अगमवक्ताहरूले अगमवाणीहरू बोले, र त्यसरी नै, येशूले पनि बोल्न सक्नुभयो। किन यसो भयो? यहाँ रहेको भिन्नता कार्यको प्रकृतिमा आधारित छ। यस विषयलाई बुझ्नको लागि, तैँले देहको प्रकृतिलाई विचार गर्नु हुँदैन, न त तैँले उहाँहरूको वचनको गहिराइ वा सतहीपनलाई नै विचार गर्नु हुन्छ। सधैँ नै तैँले पहिला उहाँहरूको कार्य र मानिसमा उहाँहरूको कार्यले हासिल गर्ने प्रभावहरूलाई विचार गर्नुपर्छ। त्यो समयमा अगमवक्ताहरूद्वारा बोलिएका अगमवाणीहरूले मानिसको जीवन आपूर्ति गरेन, र यशैया र दानिएल जस्ता व्यक्तिहरूद्वारा प्राप्त गरिएका प्रेरणाहरू अगमवाणीहरू मात्रै थिए, र जीवनका मार्ग थिएनन्। यदि यहोवाको प्रत्यक्ष प्रकाश नभएको भए, कसैले पनि त्यो

कार्य गर्न सक्ने थिएन, जुन मरणशीलहरूका लागि सम्भव छैन। येशूले पनि धेरै वचनहरू बोल्नुभयो, तर ती वचनहरू जीवनका मार्ग थिए जसबाट मानिसले अभ्यास गर्ने मार्ग पाउन सक्थे। भन्नुको अर्थ के हो भने, पहिलो, उहाँले मानिसको जीवन आपूर्ति गर्न सक्नुभयो, किनकि येशू जीवन हुनुहुन्छ; दोस्रो, उहाँले मानिसका विचलनहरूलाई सुल्ट्याउन सक्नुभयो; तेस्रो, यस युगलाई अघि बढाउनको लागि उहाँको कार्यले यहोवाको कार्यलाई निरन्तरता दिन सक्यो; चौथो, उहाँले मानिसभित्रका आवश्यकताहरूलाई भेउ पाउन सक्नुभयो र मानिसमा के कमी छ त्यसलाई बुझ्न सक्नुभयो; पाँचौं, उहाँले नयाँ युगलाई अस्तित्वमा ल्याउन र पुरानोलाई समाप्त गर्न सक्नुभयो। यही कारणले गर्दा उहाँलाई परमेश्‍वर र ख्रीष्ट भनिन्छ; यशैयाभन्दा मात्र होइन तर अरू सबै अगमवक्ताहरूभन्दा उहाँ फरक हुनुहुन्छ। यशैयालाई अगमवक्ताहरूका कार्यको लागि एउटा तुलनाको रूपमा लेऊ। पहिलो, उसले मानिसको जीवन आपूर्ति गर्न सकेन; दोस्रो, उसले नयाँ युग अस्तित्वमा ल्याउन सकेन। उसले यहोवाको नेतृत्वमा रहेर कार्य गर्दै थिए र नयाँ युगको प्रारम्भ गर्नु थिएन। तेस्रो, उसले बोलेका वचनहरू उनीभन्दा परका कुरा थिए। उसले परमेश्‍वरको आत्माबाट प्रत्यक्ष रूपमा प्रकाशहरू प्राप्त गर्दै थिए, र अरूहरूले तिनलाई सुन्दा समेत पनि बुझ्दैन थिए। उसका वचनहरू अगमवाणीभन्दा बढी केही थिएन, यहोवाको पक्षमा गरिएको कार्यको एउटा पक्षभन्दा बढी अरू केही थिएन भन्ने कुरालाई प्रमाणित गर्नको लागि यी थोरै कुराहरू नै पर्याप्त छन्। तैपनि, उसले यहोवालाई पूर्ण रूपमा प्रतिनिधित्व गर्न सकेन। उनी यहोवाको एक सेवक थिए, यहोवाको कार्यमा एक साधन। उसले व्यवस्थाको युगभित्र र यहोवाको कार्यको क्षेत्राधिकारभित्र मात्रै कार्य गर्दै थियो; उसले व्यवस्थाको युगभन्दा पर कार्य गरेन। यसको विपरीत, येशूको कार्य फरक थियो। उहाँले यहोवाको क्षेत्राधिकारलाई पार गर्नुभयो; उहाँले देहधारी परमेश्‍वरको रूपमा कार्य गर्नुभयो र सारा मानव जातिलाई उद्धार गर्नको लागि उहाँ क्रूसमा जानुभयो। भन्नुको अर्थ के हो भने, यहोवाद्वारा गरिएको कार्यभन्दा बाहिर उहाँले नयाँ कार्य गर्नुभयो। यो नयाँ युग अस्तित्वमा ल्याउने कार्य थियो। यस अतिरिक्त, उहाँले त्यस्तो कुराको बारेमा बताउन सक्षम हुनुभयो जसलाई मानिसले प्राप्त गर्न सक्दैनथ्यो। उहाँको कार्य परमेश्‍वरको व्यवस्थापनभित्रकै कार्य थियो र सम्पूर्ण मानव जाति यसमा समावेश थियो। उहाँले केही मानिसहरूमा मात्रै कार्य गर्नुभएन, न त सीमित सङ्ख्याका मानिसहरूलाई नेतृत्व गर्नु नै उहाँको कार्यको आशय थियो। परमेश्‍वर कसरी मानिसको रूपमा देहधारी हुनुभयो, त्यो समयमा पवित्र आत्माले कसरी प्रकाशहरू दिनुभयो, र कार्य गर्नको लागि पवित्र आत्मा कसरी मानिसमा ओर्लनुभयो भन्ने विषयमा कुरा गर्दा—यी कुराहरू मानिसहरूले देख्न वा छुन नसक्ने विषयहरू हुन्। यी सत्यताहरूले उहाँ नै देहधारी परमेश्‍वर हुनुहुन्छ भन्ने कुराको प्रमाणको रूपमा कार्य गर्नु पूर्ण रूपमा असम्भव छ। जस्तो की, परमेश्‍वरका वचनहरू र कार्यको बीचमा मात्रै भिन्नता छुट्याउन सकिन्छ, जुन मानिसको लागि मूर्त छन्। यो मात्रै वास्तविक छ। यसको कारण के हो भने पवित्र आत्माका कुराहरू तेरो लागि अदृश्य छन् र स्वयम् परमेश्‍वरद्वारा मात्रै यसलाई स्पष्ट रूपमा जानिन्छ, र परमेश्‍वरको देहधारी देहले समेत सबै कुरा जान्दैन; उहाँले गर्नुभएको कार्यद्वारा मात्रै उहाँ परमेश्‍वर हुनुहुन्छ कि हुनुहुन्न भन्ने कुरालाई तैँले पुष्टि गर्न सक्छस्। उहाँको कार्यबाट, के देख्न सकिन्छ भने, पहिलो, उहाँ नयाँ युग सुरु गर्न सक्षम हुनुहुन्छ;

दोस्रो, उहाँ मानिसको जीवन आपूर्ति गर्न र पछ्याउनु पर्ने बाटो मानिसलाई देखाउन सक्षम हुनुहुन्छ। उहाँ स्वयम् परमेश्‍वर नै हुनुहुन्छ भन्‍ने कुरालाई स्थापित गर्नको लागि यो नै पर्याप्त छ। कम्तीमा पनि, उहाँले गर्नुहुने कार्यले परमेश्‍वरको आत्मालाई पूर्ण रूपले प्रतिनिधित्व गर्न सक्छ, र परमेश्‍वरका आत्मा उहाँभित्र हुनुहुन्छ भन्‍ने कुरा त्यस किसिमको कार्यबाट देख्‍न सकिन्छ। देहधारी परमेश्‍वरले गर्नुभएको कार्य मुख्य रूपमा नयाँ युगलाई अस्तित्वमा ल्याउन, नयाँ कार्यलाई अघि बढाउन, र नयाँ जगत स्थापना गर्नको लागि भएकोले, उहाँ स्वयम् परमेश्‍वर नै हुनुहुन्छ भन्‍ने कुरालाई स्थापित गर्न यी मात्रै पनि पर्याप्त छन्। तसर्थ, यसले उहाँलाई यशैया, दानिएल, र अरू महान् अगमवक्ताहरूबाट अलग गर्छ। यशैया, दानिएल, र अरूहरू अत्यन्तै उच्च शिक्षा पाएका र सभ्य मानिसहरू थिए; तिनीहरू यहोवाको नेतृत्व अन्तर्गत रहेका असाधारण मानिसहरू थिए। देहधारी परमेश्‍वरको देह पनि ज्ञानवर्धक थियो र उहाँमा चेतनाको कमी थिएन, तर उहाँको मानवत्व खास रूपमा सामान्य थियो। उहाँ एक सामान्य मानिस हुनुहुन्थ्यो, र नाङ्गो आँखाले उहाँसँग सम्बन्धित कुनै पनि विशेष मानवत्वलाई छुट्याउन वा उहाँको मानवत्वमा अरूहरूबाट भिन्‍न रहेको कुनै पनि कुरालाई पत्ता लगाउन सकिँदैनथ्यो। उहाँ पूर्ण अलौकिक वा अद्‌वितीय हुनुहुन्‍नथ्यो, र उहाँसँग कुनै पनि उच्च शिक्षा, ज्ञान, वा सिद्‌धान्त थिएन। उहाँले बोल्नुभएको जीवन र उहाँले देखाउनुभएको मार्ग सिद्‌धान्तद्‌वारा, ज्ञानद्‌वारा, जीवनको अनुभवद्‌वारा, वा पारिवारिक पृष्ठभूमिद्‌वारा प्राप्त गरिएका थिएनन्। बरु, ती पवित्र आत्माको प्रत्यक्ष कार्य थिए, जुन देहधारी देहको कार्य हो। मानिससँग परमेश्‍वरको बारेमा ठूला-ठूला धारणाहरू भएकाले, र अझ खास रूपमा, यी धारणाहरू अत्यन्तै धैरै अथाह र अलौकिक तत्त्वहरूसँग सम्बन्धित भएकाले, जस्तो की मानिसको नजरमा, चिन्हहरू र आश्‍चर्यकर्महरू गर्न नसक्ने, मानवीय कमजोरी सहितका एक सामान्य परमेश्‍वर निश्‍चित रूपमा नै परमेश्‍वर हुनुहुन्‍न भन्‍ने धारणाले गर्दा यसो भएको हो। के यी मानिसका त्रुटिपूर्ण धारणाहरू होइनन् र? यदि देहधारी परमेश्‍वरको देह एक सामान्य मानिस थिएन भने, उहाँ देह हुनुभयो भनेर कसरी भन्‍न सकिन्छ? देह धारण गर्नु भनेको सामान्य, साधारण मानिस बन्नु हो; यदि उहाँ अभौतिक प्राणी रहिआउनुभएको भए, उहाँ देह बन्नुहुने थिएन। उहाँ देहबाटको हुनुहुन्छ भन्‍ने कुरालाई प्रमाणित गर्नको लागि, देहधारी परमेश्‍वरले सामान्य देहलाई धारण गर्नु आवश्यक पर्‍यो। यो केवल देहधारणको महत्त्वलाई पूरा गर्नको लागि मात्रै थियो। तैपनि, अगमवक्ताहरू र मानिसका पुत्रहरूका हकमा यो लागू भएको थिएन। तिनीहरू पवित्र आत्माद्‌वारा प्रयोग गरिएका वरदान प्राप्त मानिसहरू थिए; मानिसको नजरमा, तिनीहरूको मानवत्व खास रूपमा महान् थियो, र तिनीहरूले सामान्य मानवत्वलाई माथ दिने विभिन्‍न कार्यहरू गरे। यसकारणले गर्दा, मानिसले तिनीहरूलाई परमेश्‍वरको रूपमा लिए। अब तिमीहरूले यो कुरालाई स्पष्ट रूपमा बुझ्नुपर्छ, किनभने यो विगतका युगहरूका सबै मानिसहरूद्‌वारा सहजै अन्योलमा पारिएको विषय हो। यस अतिरिक्त, देहधारण रहस्यमय कुराहरूमध्ये सबैभन्दा रहस्यमय कुरा हो, र मानिसले देहधारी परमेश्‍वरलाई स्विकार गर्न सबैभन्दा कठिन छ। म जे भन्छु त्यो तिमीहरूको प्रकार्यलाई पूरा गर्ने र देहधारणको रहस्य सम्बन्धी तिमीहरूको बुझाइप्रति अनुकूल छ। यी सबै नै परमेश्‍वरको व्यवस्थापनसँग, दर्शनहरूसँग सम्बन्धित छन्। दर्शनहरू, अर्थात् परमेश्‍वरको व्यवस्थापनको कार्य सम्बन्धी ज्ञान

प्राप्त गर्नको लागि यसबारे तिमीहरूको बुझाइ अझै लाभदायक हुनेछ। यसरी, तिमीहरूले विभिन्न प्रकारका मानिसहरूले पूरा गर्नुपर्ने दायित्वको बारेमा धेरै नै बुझाइ प्राप्त गर्नेछौ। यी वचनहरूले तिमीहरूलाई प्रत्यक्ष रूपमा मार्ग नदेखाए तापनि, तिमीहरूको प्रवेशको लागि ती अझै पनि निकै नै सहयोगीसिद्ध छन्, किनकि वर्तमानमा तिमीहरूको जीवन दर्शनहरूमा निकै अभावग्रस्त छ, र यो तिमीहरूको प्रवेशलाई रोक्ने निकै ठूलो बाधा बन्नेछ। यदि तिमीहरू यी समस्याहरूलाई बुझ्न असमर्थ रहेका छौ भने, तिमीहरूको प्रवेशलाई अघि बढाउने कुनै उत्प्रेरणा हुनेछैन। अनि तिमीहरूको दायित्वलाई पूरा गर्नको लागि त्यस्तो खोजीले कसरी तिमीहरूलाई सर्वोत्तम रूपमा सक्षम पार्न सक्छ र?

# परमेश्वर सारा सृष्टिका प्रभु हुनुहुन्छ

अघिल्लो दुई युगहरूको कार्यको एउटा चरणलाई इस्राएलमा अघि बढाइएको थियो, र एउटालाई यहूदियामा अघि बढाइयो। सामान्य रूपमा भन्दा, न त यो कामको कुनै पनि चरणले इस्राएललाई छोड्यो, र प्रत्येक चरण प्रथम चुनिएका मानिसहरूका माझमा नै गरिएको थियो। परिणामस्वरूप, यहोवा परमेश्वर इस्राएलीहरूका एक मात्र परमेश्वर हुनुहुन्छ भन्नू इस्राएलीहरूले विश्वास गर्छन्। येशूले यहूदियामा काम गर्नुभयो, जहाँ उहाँले क्रूसीकरणको काम गर्नुभयो, त्यसकारण यहूदीहरूले उहाँलाई यहूदी मानिसहरूका मुक्तिदाताको रूपमा हेर्छन्। तिनीहरूले सोच्छन् कि उहाँ यहूदीहरूका मात्रै राजा हुनुहुन्छ, अरू कुनै मानिसहरूको होइन; अर्थात्, उहाँ अङ्ग्रेजहरूलाई छुटकारा दिने प्रभु हुनुहुन्न, अमेरिकीहरूलाई छुटकारा दिने प्रभु हुनुहुन्न, तर इस्राएलीहरूलाई छुटकारा दिने प्रभु हुनुहुन्छ; अनि इस्राएलमा उहाँले छुटकारा दिनुभएकाहरू यहूदीहरू नै थिए। वास्तविकतामा, परमेश्वर यावत् थोकका मालिक हुनुहुन्छ। उहाँ सारा सृष्टिका परमेश्वर हुनुहुन्छ। उहाँ इस्राएलीहरूका मात्रै परमेश्वर हुनुहुन्न, न त यहूदीहरूका मात्रै परमेश्वर हुनुहुन्छ; उहाँ सारा सृष्टिका परमेश्वर हुनुहुन्छ। उहाँको कार्यका अघिल्ला दुई चरणहरू इस्राएलमा भए, जसले मानिसहरूमा निश्चित धारणाहरू सिर्जना गरेको छ। तिनीहरुले विश्वास गर्छन कि यहोवाले आफ्नो काम इस्राएलमा गर्नुभयो, येशू स्वयमले आफ्नो काम यहूदियामा गर्नुभयो, र, यसको साथै, उहाँ काम गर्नको लागि देह बन्नुभयो—र जेसुकै भए तापनि, यो काम इस्राएलभन्दा टाढा विस्तार गरिएन। परमेश्वरले मिश्रीहरू वा भारतीयहरूमा काम गर्नुभएन; उहाँले इस्राएलीहरूमा मात्रै काम गर्नुभयो। यसरी मानिसहरूले विभिन्न धारणाहरू निर्माण गर्छन्, अनि परमेश्वरको कार्यलाई निश्चित क्षेत्रभित्र चित्रण गर्छन्। तिनीहरू भन्छन् कि जब परमेश्वरले काम गर्नुहुन्छ, उहाँले चुनिएका मानिसहरूका माझमा, र इस्राएलमा नै सो गर्नुपर्छ; इस्राएलीहरू बाहेक, परमेश्वरले अरू कसैको माझमा काम गर्नुहुन्न, न त उहाँको कामको कुनै ठुलो क्षेत्र नै छ। देहधारी परमेश्वरलाई ठीक ठाउँमा राख्ने बारेमा तिनीहरू विशेष गरी कठोर हुन्छन्, र इस्राएलको सीमाभन्दा टाढा उहाँलाई जाने अनुमति दिँदैनन्। के यी सबै मानव धारणाहरू मात्रै होइनन् र? परमेश्वरले स्वर्गहरू र पृथ्वी अनि यावत् थोकहरू बनाउनुभयो, उहाँले सारा सृष्टिलाई बनाउनुभयो, त्यसकारण उहाँले कसरी आफ्नो कामलाई इस्राएलमा मात्रै सीमित राख्न

सक्नुहुन्छ र? यदि त्यसो हो भने, उहाँले सारा सृष्टिलाई बनाउनुको अर्थ के हुने थियो र? उहाँले सारा संसार सृष्टि गर्नुभयो, र उहाँले इस्राएलमा मात्रै होइन, तर ब्रह्माण्डका हरेक व्यक्तिमा आफ्नो छ हजार वर्षे व्यवस्थापन योजनालाई कार्यान्वयन गर्नुभएको छ। तिनीहरू चीन, संयुक्त राज्य अमेरिका, बेलायतमा बसून् या रूसमा बसून्, हरेक व्यक्ति आदमका सन्तान नै हुन्; तिनीहरू सबैलाई परमेश्‍वरले नै बनाउनुभएको हो। तिनीहरूमध्ये एक जना पनि सृष्टिको सीमानाहरूबाट बाहिर उम्कन सक्दैनन्, र तिनीहरूमध्ये एक जनाले पनि आफूलाई "आदमका सन्तान" भन्ने नामबाट आफूलाई अलग गर्न सक्दैनन्। तिनीहरू सबै परमेश्‍वरका प्राणीहरू हुन्, तिनीहरू सबै आदमका सन्तान हुन्, र तिनीहरू सबै नै आदम र हव्वाका भ्रष्ट तुल्याइएका वंश पनि हुन्। परमेश्‍वरको सृष्टि इस्राएलीहरू मात्रै होइन्, तर सबै मानिसहरू हुन्; यति मात्रै हो कि कतिलाई श्राप दिइएको छ, र कतिलाई आशिष दिइएको छ। इस्राएलीहरूका बारेमा सहमत गर्न सकिने कुराहरू धेरै छन्; परमेश्‍वरले शुरुमा तिनीहरूमा काम गर्नुभयो किनभने तिनीहरू सबैभन्दा कम भ्रष्ट थिए। चिनियाँहरूलाई तिनीहरूसँग तुलना गर्न सकिँदैन; तिनीहरू अत्यन्तै निम्न छन्। त्यसकारण, प्रारम्भमा परमेश्‍वरले इस्राएलका मानिसहरूका माझमा काम गर्नुभयो, र उहाँको कामको दोस्रो चरणलाई यहूदियामा मात्रै गरियो–जसले मानिसको माझमा विभिन्न धारणाहरू र नियमहरू पैदा गरेको छ। वास्तवमा, यदि परमेश्‍वरले मानवीय धारणाहरू अनुसार काम गर्नुभएको थियो भने, उहाँ इस्राएलीहरूका मात्रै परमेश्‍वर हुनुहुने थियो, र आफ्नो कामलाई गैरयहूदी राष्ट्रहरूमा बढाउन असक्षम हुनुहुने थियो, किनभने उहाँ इस्राएलीहरूका मात्रै परमेश्‍वर हुनुहुने थियो, सारा सृष्टिका परमेश्‍वर होइन। गैरयहूदी राष्ट्रहरूका बीच यहोवाको नामको महिमा हुनेछ, कि यो गैरयहूदी राष्ट्रहरूमा फैलनेछ भनेर अगमवाणीहरूले बताए। किन यो अगमवाणी गरियो? यदि परमेश्‍वर इस्राएलीहरूका मात्रै परमेश्‍वर हुनुहुन्थ्यो भने, उहाँले इस्राएलमा मात्रै काम गर्नुहुने थियो। यसको साथै, उहाँले यो कामलाई फैलाउनुहुने थिएन, र उहाँले त्यस्तो अगमवाणी गर्नुहुने थिएन। उहाँले यो अगमवाणी गर्नुभएको हुनाले, उहाँले अवश्य नै गैरयहूदी राष्ट्रहरू, हरेक राष्ट्र र हरेक भूमिमा आफ्नो काम फैलाउनुहुनेछ। उहाँले यसो भन्नुभएको हुनाले, उहाँले यो गर्नु नै पर्छ; उहाँको योजना यही नै हो, किनभने उहाँ स्वर्गहरू र पृथ्वी अनि यावत् थोकहरू सृष्टि गर्नुहुने प्रभु, र सारा सृष्टिका परमेश्‍वर हुनुहुन्छ। उहाँले इस्राएलीहरूका माझमा काम गर्नुभए पनि, वा यहूदियाभरि काम गर्नुभए पनि, उहाँले गर्नुहुने काम सम्पूर्ण ब्रह्माण्डको काम हो र सम्पूर्ण मानवजातिको काम हो। विशाल रातो अजिङ्गरको देशमा–गैरयहूदी देशमा–आज उहाँले गर्नुहुने काम अझै सम्पूर्ण मानवजातिको काम हो। पृथ्वीमा उहाँको कामको आधार इस्राएल हुन सक्यो; त्यसरी नै, चीन पनि गैरयहूदी राष्ट्रहरूका माझमा उहाँले गर्नुहुने कामको आधार बन्न सक्छ। के उहाँले अब "गैरयहूदी राष्ट्रहरूका माझमा यहोवाको नामको महिमा हुनेछ" भन्ने अगमवाणीलाई पूरा गर्नुभएको छैन र? गैरयहूदी राष्ट्रहरूका माझमा उहाँको कामको पहिलो चरण, अर्थात् उहाँले विशाल रातो अजिङ्गरको देशमा गर्नुहुने काम, अर्थात् यही काम हो। देहधारी परमेश्‍वरले यो भूमिमा काम गर्नुपर्छ, र यी श्रापित मानिसहरूका माझमा काम गर्नुपर्छ भन्ने कुरा मानव धारणाहरूका लागि निश्‍चय नै अलिक अमिल्दो छ; यिनीहरू सबैभन्दा निम्न मानिसहरू हुन्, र तिनीहरूका कुनै मूल्य छैन, र तिनीहरूलाई शुरुमा यहोवाद्वारा

त्यागिएका थिए। मानिसहरूलाई अरू मानिसहरूले त्याग्न् सक्छन्, तर यदि तिनीहरूलाई परमेश्वरद्वारा त्यागिन्छन् भने, त्यतिको प्रतिष्ठाविहीन कोही पनि हुँदैन, त्यतिको कम मूल्यको कोही पनि हुँदैन। परमेश्वरको सृष्टिको लागि, शैतानको वशमा हुनु वा मानिसहरूद्वारा त्यागिनु अत्यन्तै पीडादायक कुरा हो–तर कुनै सृष्टि उसको सृष्टिकर्ताद्वारा त्यागिनु जतिको निम्न प्रतिष्ठा केही हुँदैन। मोआबका सन्तानहरू श्रापित थिए, र तिनीहरू त्यस पिछडिएको देशमा जन्मिएका थिए; अन्धकारको प्रभावमा रहेका सबै मानिसहरूमध्ये, मोआबका सन्तानहरू नै सबैभन्दा कम प्रतिष्ठा भएकाहरू हुन् भन्ने कुरामा कुनै शङ्का छैन। यी मानिसहरूका अहिलेसम्म सबैभन्दा कम प्रतिष्ठा भएका हुनाले, तिनीहरूमा गरिने कामले मानव धारणाहरूलाई राम्ररी तोड्न सक्छ, र यो परमेश्वरको सम्पूर्ण छ हजार वर्षे व्यवस्थापन योजनाको लागि पनि सबैभन्दा फाइदाजनक छ। यी मानिसहरूका माझमा त्यस किसिमको काम गर्नु भनेको मानव धारणाहरूलाई तोड्ने सबैभन्दा राम्रो तरिका हो, र यससँगै परमेश्वरले नयाँ युगको शुरूवात गर्नुहुन्छ; यसद्वारा उहाँले सारा मानव धारणाहरूलाई तोड्नुहुन्छ; यसद्वारा उहाँले सम्पूर्ण अनुग्रहको युगको कार्यलाई समाप्त गर्नुहुन्छ। उहाँको पहिलो काम इस्राएलको सिमानाभित्र, यहूदियामा गरियो; गैरयहूदी राष्ट्रहरूका माझमा, उहाँले नयाँ युग आरम्भ गर्नको लागि कुनै काम गर्नुभएन। त्यो कामको अन्तिम चरणलाई अन्यजातिहरूका माझमा गरिने मात्रै होइन, तर अझै बढी श्रापित भएकाहरूका माझमा अझै बढी गरिन्छ। यो एउटा बुँदा शैतानलाई अपमान गर्नुमा सबैभन्दा बढी सक्षम प्रमाण हो, र तसर्थ, यो परमेश्वर ब्रह्माण्डका सारा सृष्टिका परमेश्वर, यावत् थोकका प्रभु, जीवन भएका हरेक कुराले आराधना गर्ने पात्र "बन्नुहुन्छ।"

आज, परमेश्वरले के नयाँ कामको शुरुवात गर्नुभएको छ भनेर अझै नबुझ्नेहरू पनि छन्। गैरयहूदी राष्ट्रहरूका माझमा, परमेश्वरले नयाँ शुरुवातलाई प्रारम्भ गर्नुभएको छ। उहाँले नयाँ युगको शुरुवात गर्नुभएको छ, र नयाँ कार्यलाई प्रारम्भ, गर्नुभएको छ–र उहाँले मोआबका सन्तानहरूमा यो काम गर्नुहुन्छ। के यो उहाँको सबैभन्दा नयाँ काम होइन र? इतिहासभरिका कसैले पनि यो कामलाई पहिले कहिल्यै अनुभव गरेको छैन। कसैले पनि यसको बारेमा कहिल्यै सुनेको छैन्, यसलाई सराहना गर्ने कुरा त परै जाओस्। परमेश्वरको बुद्धि, परमेश्वरको आश्चर्य, परमेश्वरको अगम्यता, परमेश्वरको महान्ता, र परमेश्वरको पवित्रता सबैलाई कामको यो चरण, अर्थात् आखिरी दिनहरूका कामद्वारा प्रकट गरिन्छन्। के यो नयाँ कार्य, अर्थात् मानव धारणाहरूलाई तोड्ने कार्य होइन र? यस्तो तरिकाले विचार गर्नेहरू पनि छन्; "परमेश्वरले मोआबलाई श्राप दिनुभएको र उहाँले मोआबका सन्तानलाई त्याग्नेछु भनी भनिसक्नु भएको हुनाले, उहाँले तिनीहरूलाई अहिले कसरी मुक्ति दिन सक्नुहुन्छ र?" यिनीहरू परमेश्वरद्वारा श्रापित भएका र इस्राएलद्वारा बहिष्कृत अन्यजातिहरू हुन्; इस्राएलीहरूले तिनीहरूलाई "अन्यजाति कुकुरहरू" भन्थे। हरेकको नजरमा, तिनीहरू अन्यजाति कुकुरहरू मात्रै होइन्, तर त्यो भन्दा खराब, विनाशका पुत्रहरू हुन् भन्नुको अर्थ, तिनीहरू परमेश्वरका चुनिएका मानिसहरू होइनन् भन्ने हो। तिनीहरू इस्राएलका सिमानाहरूभित्र जन्मिएका हुन सक्छन्, तर तिनीहरू इस्राएलका मानिसहरूमा पर्दैनन्, र तिनीहरूलाई गैरयहूदी राष्ट्रहरूमा निष्कासित गरिए। तिनीहरू सबै मानिसहरूमध्ये सबैभन्दा निम्न छन्। यो स्पष्ट छ

किनकि तिनीहरू मानवजातिमा सबैभन्दा निम्न भएका हुनाले परमेश्‍वरले तिनीहरूका माझमा नयाँ युगको प्रारम्भ गर्ने उहाँको काम गर्नुहुन्छ, किनभने तिनीहरूले भ्रष्ट मानवजातिको प्रतिनिधित्व गर्छन्। परमेश्‍वरको कार्य चयनशील र लक्षित छ; उहाँले यी मानिसहरूका माझमा आज गर्नुहुने काम उहाँले सृष्टिमा गर्नुहुने काम पनि हो। नोआ उनका सन्तानहरू जस्तै परमेश्‍वरका सृष्टि थिए। देह र रगतले बनिएका संसारमा भएका जोकोही मानिसहरू परमेश्‍वरका सृष्टिहरू हुन्। परमेश्‍वरको कार्य सारा सृष्टिप्रति लक्षित छ; कुनै व्यक्ति सृष्टि गरिएपछि श्रापित छ कि छैन भन्‍ने कुरामा यो निर्भर हुदैन। उहाँको व्यवस्थापन कार्य सारा सृष्टिप्रति लक्षित छ, श्रापित नभएका चुनिएका मानिसहरूप्रति होइन। परमेश्‍वरले आफ्नो् काम आफ्नो सृष्टिको माझमा गर्न चाहनुहुने भएकोले, उहाँले यसलाई सफलतापूर्वक पूरा गर्ने गरी यो गर्नुहुनेछ, र उहाँले उहाँको कामको लागि फाइदाजनक मानिसहरूका माझमा काम गर्नुहुनेछ। त्यसकारण, मानिसहरूका माझमा काम गर्ने क्रममा उहाँले सबै परम्पराहरूलाई तोड्नुहुन्छ; उहाँको लागि, "श्रापित," "सजाय दिइएको" र "आशिषित" भन्‍ने शब्दहरू अर्थहीन छन्! यहूदी मानिसहरू, इस्राएलका चुनिएका मानिसहरू जस्तै असल छन्; तिनीहरू असल क्षमता र मानवता भएका मानिसहरू हुन्। शुरुमा, तिनीहरूकै माझमा यहोवाले आफ्नो काम शुरु गर्नुभयो र आफ्नो सबैभन्दा शुरुको काम गर्नुभयो—तर तिनीहरूमा आज विजयको काम गर्नु व्यर्थ हुने थियो। तिनीहरू पनि सृष्टिको भाग हुन सक्छन्, र तिनीहरूको बारेमा धेरै कुरा सकारात्मक हुन सक्छ, तर तिनीहरूका माझमा कामको यो चरण गर्नुको कुनै अर्थ हुने थिएन; परमेश्‍वरले मानिसहरूलाई विजय गर्न सक्नुहुने थिएन, न त उहाँले सारा सृष्टिलाई विश्‍वस्त तुल्याउन नै सक्नुहुने थियो, र उहाँको कामलाई विशाल रातो अजिङ्गरको देशका मानिसहरूमा सार्नको कारण पनि ठीक त्यही नै हो। यहाँ सबैभन्दा महत्त्वपूर्ण कुरा भनेको उहाँले युगको शुरूवात गर्नु, उहाँले सारा नियमहरू र सारा मानव धारणाहरूलाई तोड्नु र सम्पूर्ण अनुग्रहको युगको कार्यलाई समाप्त गर्नु हो। यदि उहाँको हालको कार्यलाई इस्राएलीहरूका माझमा गरिएको भए, छ हजार वर्षे व्यवस्थापन योजना समाप्त भइञ्जेलसम्ममा, सबैले परमेश्‍वर इस्राएलीहरूका मात्रै परमेश्‍वर हुनुहुन्छ, इस्राएलीहरू मात्रै परमेश्‍वरका चुनिएका मानिसहरू हुन्, परमेश्‍वरको आशिष र प्रतिज्ञाको हकदार हुन योग्य इस्राएलीहरू मात्रै हुन् भनेर विश्‍वास गर्ने थिए। विशाल रातो अजिङ्गरको देश अर्थात् गैरयहूदी देशमा आखिरी दिनहरूको अवधिमा भएको परमेश्‍वरको देहधारणले सारा सृष्टिका परमेश्‍वरका रूपमा परमेश्‍वरको कामलाई पूरा गर्छ; उहाँले आफ्नो सम्पूर्ण व्यवस्थापन कार्यलाई पूरा गर्नुहुन्छ, र उहाँले आफ्नो् कामको प्रमुख भाग विशाल रातो अजिङ्गरको देशमा समाप्त गर्नुहुन्छ। यी तीन वटा चरणहरूको कार्यको केन्द्र भनेको मानिसको मुक्ति हो—अर्थात्, सारा सृष्टिलाई सृष्टिकर्ताको आराधना गर्ने बनाउनु हो। तसर्थ, कामको हरेक चरणको ठूलो अर्थ हुन्छ; परमेश्‍वरले अर्थ वा मूल्य विनाको केही पनि गर्नुहुन्‍न। एकतर्फ, कामको यो चरणले नयाँ युगलाई प्रारम्भ गर्छ र अघिल्ला दुई वटा युगहरूलाई समाप्त गर्छ; अर्कोतर्फ, यसले सारा मानव धारणाहरू र मानव विश्‍वास र ज्ञानको सबै पुराना शैलीहरूलाई तोड्छ। अघिल्ला दुई युगहरूको कार्य फरक मानव धारणाहरू अनुसार गरियो; तैपनि, यो चरणले मानव धारणाहरूलाई पूर्ण रूपमा हटाउँछ, जसद्‌वारा यसले मानवजातिलाई पूर्ण रूपमा जित्छ। मोआबका सन्तानहरूलाई विजय गरेर,

मोआबका सन्तानहरूका माझमा गरिएको कार्यद्वारा, परमेश्वरले ब्रह्माण्डभरिका सारा मानिसहरूलाई विजय गर्नुहुनेछ। उहाँको कामको यो चरणको सबैभन्दा गहन महत्त्व यही नै हो, र उहाँको कामको यो चरणको सबैभन्दा बहुमूल्य पक्ष यही नै हो। तेरो प्रतिष्ठा निम्न छ र तेरो मूल्य थोरै छ भन्ने तँलाई थाहा छ भने पनि, तैँले सबैभन्दा आनन्ददायी कुरा भेटेको छस् भन्ने तैँले अनुभव गर्नेछस्; तँ महान् आशिषको हकदार भएको छस्, तैँले महान् प्रतिज्ञा प्राप्त गरेको छस्, र तैँले परमेश्वरको यो महान् कार्यलाई पूरा गर्न सहायता गर्न सक्छस्। तैँले परमेश्वरको साँचो मुहारलाई हेरेको छस्, तँलाई परमेश्वरको अन्तर्निहित स्वभाव थाहा छ, र तैँले परमेश्वरको इच्छा गर्छस्। परमेश्वरको कार्यको अघिल्ला दुई चरणहरू इस्राएलमा गरिए। यदि आखिरी दिनहरूको अवधिमा उहाँको कार्यको यो चरणलाई पनि इस्राएलीहरूका माझमा नै गरिएको भए, इस्राएलीहरू मात्रै परमेश्वरका चुनिएका मानिसहरू हुन् भन्ने सारा सृष्टिले विश्वास गर्ने मात्र होइन, तर परमेश्वरको सम्पूर्ण व्यवस्थापन योजनाले यसको अपेक्षित परिणाम प्राप्त गर्न असफल हुने थियो। उहाँको कार्यका दुई वटा चरणहरू इस्राएलमा गरिएका अवधिमा, न त कुनै नयाँ कार्य, न नयाँ युग शुरु गर्ने कुनै कार्य नै गैरयहूदी राष्ट्रहरू माझमा गरियो। आजको कार्यको चरण–नयाँ युगलाई प्रारम्भ गर्ने कार्य–शुरुमा गैरयहूदी राष्ट्रहरूका माझमा गरिन्छ, र यसको साथै, यसलाई शुरुमा मोआबका सन्तानहरूका माझमा गरिन्छ, जसद्वारा सम्पूर्ण नयाँ युगको शुरुवात गरिन्छ। मानव धारणाहरूभित्र निहित भएका कुनै पनि ज्ञानलाई परमेश्वरले तोड्नुभएको छ, अलिकति पनि बाँकी राख्नु भएको छैन। आफ्नो विजयको काममा, उहाँले मानव धारणाहरू, अर्थात् ती पुराना, ज्ञानका प्रारम्भिक मानव शैलीहरूलाई तोड्नुभएको छ। उहाँले परमेश्वरको लागि कुनै नियमहरू छैन, परमेश्वरको बारेमा पुरानो केही छैन, उहाँले गर्नुहुने काम पूर्ण रूपमा विमुक्त, पूर्ण रूपमा स्वतन्त्र छ, र उहाँले गर्नुहुने सबै काममा उहाँ सहि हुनुहुन्छ भन्ने कुरा मानिसहरूलाई देखाउनुहुन्छ। उहाँले सृष्टिका माझमा गर्नुहुने कुनै पनि काममा तँ पूर्ण रूपमा समर्पित हुनुपर्छ। उहाँले गर्नुहुने सबै कामको अर्थ हुन्छ, र उहाँको आफ्नै इच्छा र बुद्धि अनुसार ती गरिन्छन्, र मानव छनौटहरू र धारणाहरू अनुसार होइन। यदि कुनै कुरा उहाँको कामको लागि फाइदाजनक छ भने, उहाँले यो गर्नुहुन्छ; अनि यदि कुनै कुरा उहाँको कामको लागि फाइदाजनक छैन भने, यो जति नै असल भए पनि उहाँले यो गर्नुहुन्न! उहाँले आफ्नो कामको अर्थ र उद्देश्यअनुसार काम गर्नुहुन्छ र सोही अनुसार उहाँको कामका प्रापकहरू र स्थान छनौट गर्नुहुन्छ। काम गर्ने क्रममा उहाँले विगतका नियमहरू पालना गर्नुहुन्न, न त उहाँले पुराना सूत्रहरूलाई नै पछ्याउनुहुन्छ। बरु, उहाँले कामको महत्त्वअनुसार आफ्नो कामको योजना बनाउनुहुन्छ। अन्तिममा, उहाँले सच्चा परिणाम र प्रत्याशित लक्ष्य प्राप्त गर्नुहुन्छ। यदि तैँले यी कुराहरूलाई आज बुझिनस् भने, तँमा यो कामको कुनै प्रभाव हुनेछैन।

# तेह्र पत्रहरूमा तँ कहाँ खडा हुन्छस्?

बाइबलको नयाँ करारमा पावलका तेह्र पत्रहरू छन्। पावलले आफूले काम गरेको अवधिमा येशू ख्रीष्टमा विश्वास गर्ने मण्डलीहरूलाई यी तेह्र पत्रहरू लेखे। यसको अर्थ, पावललाई खडा गरिएको थियो र येशूको स्वर्ग-आरोहण भएपछि तिनले यी पत्रहरू लेखे। यी पत्रहरू प्रभु येशूको मृत्युपछि भएको उहाँको पुनरुत्थान र स्वर्ग-आरोहणका गवाहीहरू हुन्, र तिनले पश्‍चाताप र क्रूस बहन गर्ने मार्गको प्रचार गर्छन्। अवश्य नै, यी सबै सन्देश र गवाहीहरू तत्कालीन यहूदिया वरपरका विविध स्थानका दाजुभाइ र दिदीबहिनीहरूलाई सिकाउने उद्‌देश्यका लागि थिए, किनभने त्यति बेला पावल प्रभु येशूका सेवक थिए र तिनलाई प्रभु येशूको गवाही दिन खडा गरिएको थियो। पवित्र आत्माको कामको हरेक अवधिमा, उहाँका विविध काम गर्न अर्थात् परमेश्‍वर स्वयम्‌ले पूरा गर्नुहुने कामलाई जारी राख्न प्रेरितहरूको काम गर्नका लागि धेरै मानिसहरू खडा गरिएका थिए। यदि पवित्र आत्माले प्रत्यक्ष रूपमा आफैले यो काम गर्नुभएको भए, र मानिसहरू कसैलाई खडा नगरिएको भए, यो काम पूरा गर्न एकदमै मुस्किल हुनेथियो। यसरी, पावल त्यस्तो व्यक्ति बने जसलाई दमस्कसतर्फ जाने बाटोमा प्रहार गरियो, र जसलाई त्यसपछि प्रभु येशूको गवाही दिनको लागि खडा गरियो। तिनी येशूका बाह्र चेलाहरू बाहेकका एक प्रेरित थिए। सुसमाचार फैलाउनुका अलाबा, तिनले विविध स्थानहरूका मण्डलीहरूको गोठालो गर्ने काम गरे, जसमा मण्डलीहरूका दाजुभाइ-दिदीबहिनीहरूको हेरविचार गर्ने कार्य पर्थ्यो–अर्को शब्दमा भन्दा, दाजुभाइ र दिदीबहिनीहरूलाई प्रभुमा डोऱ्याउने कार्य पर्थ्यो। पावलका गवाही भनेको प्रभु येशूको पुनरुत्थान र स्वर्ग-आरोहणको तथ्यलाई सर्वविदित तुल्याउन र मानिसहरूलाई पश्‍चाताप गर्न, स्वीकार गर्न र क्रूसको मार्गमा हिँड्न सिकाउनु थियो। तिनी येशू ख्रीष्टका त्यति बेलाका एक गवाही थिए।

पावलका तेह्र पत्रलाई बाइबलमा प्रयोग गर्नको लागि छनौट गरिएका थिए। तिनले ती सबै तेह्र पत्रहरू विविध स्थानका मानिसहरूको विभिन्‍न स्थितिहरूलाई सम्बोधन गर्नको लागि लेखे। तिनले ती पत्रहरू लेख्नको लागि पवित्र आत्माद्‌वारा प्रेरणा पाए र तिनले सबैतिरका दाजुभाइ-दिदीबहिनीहरूलाई प्रेरितको स्थानबाट (प्रभु येशूको सेवकको दृष्टिकोणबाट) सिकाए। तसर्थ, पावलका पत्रहरू अगमवाणीहरू वा सोझै ईश्‍वरीय दर्शनबाट आएका थिएनन्, बरु तिनले गरेका कामबाट आएका थिए। ती पत्रहरू त्यति अनौठा छैनन्, न त ती अगमवाणीहरूजति बुझ्न नै अप्ठ्यारा छन्। तिनलाई केवल पत्रहरूको रूपमा लेखिएको छ, र तिनमा न त अगमवाणीहरू न त रहस्यहरू नै समावेश गरिएका छन्; तिनमा निर्देशनका सामान्य शब्दहरू मात्रै समावेश छन्। तिनका धेरै शब्दहरू मानिसहरूले टिप्न वा बुझ्न गाह्रो हुन सक्छन्, तापनि ती केवल पावलका आफ्नै व्याख्या र पवित्र आत्माको अन्तर्दृष्टिबाट आएका हुन्। पावल एक प्रेरित मात्र थिए; तिनी प्रभु येशूद्‌वारा प्रयोग गरिएका सेवक थिए, अगमवक्ता थिएनन्। विभिन्‍न ठाउँहरूमा जाने क्रममा तिनले मण्डलीका दाजुभाइ र दिदीबहिनीहरूलाई यी पत्रहरू लेखे, वा तिनी बिरामी परेको बेला, तिनले खास रूपमा जाने भनी सोचेका तर जान नसकेका मण्डलीहरूलाई यी पत्रहरू लेखे। यसरी नै, तिनका पत्रहरूलाई मानिसहरूले राखे र पछि भावी पुस्ताले तिनलाई संकलित गरे, व्यवस्थित पारे र बाइबलमा चार

सुसमचारको पछाडि राखे। अवश्य नै, तिनीहरूले तिनले लेखेका सबै सर्वोत्कृष्ट पत्रहरू छनौट गरी एक सँगालो तयार पारे। यी पत्रहरू मण्डलीहरूका दाजुभाइ र दिदीबहिनीहरूको जीवनको लागि लाभदायक थिए, र खास गरी ती तिनको जीवनकालमा अत्यन्तै प्रसिद्ध थिए। जब पावलले ती पत्रहरू लेखे, तिनको उद्देश्य दाजुभाइ र दिदीबहिनीहरूलाई अभ्यासको मार्ग पत्ता लगाउन सक्षम तुल्याउने आत्मिक कृति लेख्नु वा आफ्ना अनुभवहरू व्यक्त गर्नको लागि आत्मिक जीवनी लेख्नु थिएन; तिनले लेखक बन्नको लागि पुस्तक लेख्न चाहेका थिएनन्। तिनले त केवल प्रभु येशूका मण्डलीहरूका दाजुभाइ र दिदीबहिनीहरूलाई पत्रहरू लेखेका थिए। तिनले एक सेवकको हैसियतबाट आफ्ना दाजुभाइ र दिदीबहिनीहरूलाई सिकाउन, आफ्ना बोझहरू, प्रभु येशूका इच्छाहरू, र भविष्यको लागि उहाँले मानिसहरूलाई सुम्पनुभएका यावत् कार्यहरूको बारेमा बताउन लेखे। पावलले गरेको काम यही थियो। तिनका वचनहरू भविष्यका सबै दाजुभाइ र दिदीबहिनीहरूको लागि ज्ञानवर्धक थिए। तिनले यी धेरै पत्रहरूमा बताएका सत्यताहरू अनुग्रहको युगमा मानिसहरूले अभ्यास गर्नुपर्ने सत्यताहरू थिए, त्यसैले यी पत्रहरूलाई पछिल्ला पुस्ताहरूले नयाँ करारमा राखे। पावलका परिणामहरू अन्त्यमा जे-जस्तो हुनगए पनि, तिनी आफ्नो समयमा प्रयोग गरिएका व्यक्ति थिए जसले मण्डलीहरूका आफ्ना दाजुभाइ र दिदीबहिनीहरूलाई भरण-पोषण गरे। तिनको परिणाम तिनको सारका साथै तिनलाई सुरुमा प्रहार गरिएको घटनाद्वारा निर्धारित भयो। तिनले त्यो समयमा ती वचनहरू बोल्न सके किनभने तिनको साथमा पवित्र आत्माको काम थियो, र यही कामको कारण पावलले मण्डलीहरूको लागि बोझ बोकेका थिए। यसरी, तिनले आफ्ना दाजुभाइ र दिदीबहिनीहरूलाई भरणपोषण प्रदान गर्न सके। तथापि, केही निश्चित विशेष परिस्थितिहरूको कारण, पावल व्यक्तिगत रूपमा मण्डलीहरूमा काम गर्न जान सक्दैनथिए, त्यसैले तिनले प्रभुमा रहेका आफ्ना दाजुभाइ र दिदी बहिनीहरूलाई अर्ती दिनको लागि पत्रहरू लेखे। सुरुमा, पावलले प्रभु येशूका चेलाहरूलाई दुःख दिए, तर येशूको स्वर्ग-आरोहण भएपछि अर्थात्, पावलले "ज्योति देखे" पछि, तिनले येशूका चेलाहरूलाई दुःख दिन छाडे, त्यसपछि प्रभुको मार्गको खातिर सुसमाचार प्रचार गर्ने सन्तहरूलाई कहिल्यै दुःख दिएनन्। पावलले येशूलाई उज्यालो ज्योतिको रूपमा आफूकहाँ देखा पर्नुभएको देखेपछि, तिनले प्रभुको आज्ञा स्वीकार गरे, र यसरी तिनी पवित्र आत्माले सुसमाचार फैलाउन प्रयोग गर्नुभएको व्यक्ति बने।

त्यति बेला पावलको काम आफ्ना दाजुभाइ र दिदीबहिनीहरूलाई सहायता र भरणपोषण प्रदान गर्नु मात्र थियो। तिनी आफ्नो करियर बनाउन वा साहित्यिक कृति लेख्न चाहने, समस्या समाधानको अन्य बाटो अन्वेषण गर्न चाहने, वा मण्डलीहरूका मानिसहरूलाई तिनीहरूले नयाँ प्रवेश पाउन सकून् भनी डोऱ्याउनको लागि बाइबलबाहेकका अन्य मार्ग पत्ता लगाउन चाहने मानिसहरूजस्ता थिएनन्। पावल यस्ता व्यक्ति थिए, जसलाई प्रयोग गरिएको थियो; तिनले गरेका कार्यहरूमा तिनले केवल आफ्नो कर्तव्य निर्वाह गरिरहेका थिए। यदि तिनले मण्डलीहरूको लागि बोझ नबोकेका भए, तिनले आफ्नो कर्तव्य बेवास्ता गरेको भनेर मानिन्थ्यो। यदि कुनै प्रकारको विध्वंसकारी घटना घटेको भए, वा मण्डलीमा त्यहाँका मानिसहरूमा असामान्य स्थिति पैदा गराउने किसिमको कुनै धोकाको घटना घटेको भए, तिनले आफ्नो काम उचित रूपमा सम्पन्न गर्न नसकेको भनेर मान्न

सकिन्थ्यो। यदि कुनै कामदारले मण्डलीप्रतिको बोझ वहन गर्छ, र आफ्नो क्षमताले भ्याएअनुसार सर्वश्रेष्ठ रूपमा पनि काम गर्छ भने, त्यसले उक्त व्यक्ति योग्य अर्थात प्रयोग गर्न सकिने कामदार हो भन्ने प्रमाणित गर्छ। यदि कुनै व्यक्तिले मण्डलीप्रति कुनै बोझको अनुभूति गर्दैन, र तिनीहरूको काममा कुनै पनि नतिजा हासिल गर्दैन र तिनीहरूले डोऱ्याएका अधिकांश व्यक्तिहरू कमजोर छन् वा तिनीहरू पतितसमेत हुन्छन् भने, त्यस्तो कामदारले आफ्नो कर्तव्य पूरा गरेको हुँदैन। यस रूपमा, पावल अपवाद थिएनन्, त्यसकारण तिनले मण्डलीहरूको हेरविचार गर्नुपर्थ्यो र तिनका दाजुभाइ र दिदीबहिनीहरूलाई बारम्बार पत्रहरू लेख्नुपर्थ्यो; यसरी मात्रै तिनले मण्डलीहरूलाई भरणपोषण गर्न र तिनका दाजुभाइ-दिदीबहिनीहरूलाई हेरचाह गर्न सके; यस तरिकामार्फत मात्र मण्डलीहरूले तिनीबाट भरणपोषण र गोठालोपन प्राप्त गर्न सके। तिनले लेखेका पत्रहरूका वचनहरू एकदमै गहन थिए, तर ती पत्रहरू तिनले पवित्र आत्माको अन्तर्दृष्टि प्राप्त गरिसकेको अवस्थामा तिनका दाजुभाइ र दिदीबहिनीहरूलाई लेखिएका थिए, र ती पत्रहरूमा तिनले आफ्ना व्यक्तिगत अनुभवहरू र तिनले अनुभूति गरेको बोझलाई समेटेका थिए। पावल पवित्र आत्माले प्रयोग गर्नुभएको व्यक्ति मात्रै थिए, र तिनका पत्रहरूको विषयवस्तुभित्र तिनका व्यक्तिगत अनुभवहरू छरिएर रहेका थिए। तिनले गरेको कामले एक प्रेरितको कामलाई मात्र प्रतिनिधित्व गर्छ, पवित्र आत्माले प्रत्यक्ष रूपमा गर्नुभएको कामलाई प्रतिनिधित्व गर्दैन, र यो ख्रीष्टको कामभन्दा भिन्न पनि छ। पावलले आफ्नो कर्तव्य मात्र निर्वाह गरिरहेका थिए, त्यसकारण तिनले प्रभुमा आफ्ना दाजुभाइ र दिदीबहिनीहरूलाई आफ्नो जिम्मेवारीका साथसाथै आफ्ना व्यक्तिगत अनुभवहरू र अन्तर्दृष्टिद्वारा भरणपोषण गरे। पावलले आफ्ना व्यक्तिगत अन्तर्दृष्टि र बुझाइ प्रदान गरेर केवल परमेश्वरको आज्ञाको कामलाई अघि बढाइरहेका थिए; यो पक्कै पनि परमेश्वर स्वयम्ले प्रत्यक्ष रूपमा गर्नुभएको काम थिएन। यसरी, पावलको काममा मण्डलीहरूको कामप्रतिको मानव अनुभव अनि मानव दृष्टिकोण र बुझाइको मिश्रण थियो। तैपनि, यी मानव दृष्टिकोण र बुझाइलाई दुष्ट आत्माको काम वा देह र रगतको काम भनेर भन्न सकिँदैन; ती कामलाई पवित्र आत्माद्वारा अन्तर्दृष्टि प्राप्त गरेको व्यक्तिका ज्ञान र अनुभवहरू मात्र भनेर भन्न सकिन्छ। यसबाट मैले के भन्न खोजेको हुँ भने पावलका पत्रहरू स्वर्गबाट आएका होइनन्। ती पवित्र छैनन्, र पवित्र आत्माद्वारा बोलिएका वा व्यक्त गरिएका हुँदै होइनन्; ती केवल मण्डलीहरूप्रति रहेको पावलको बोझको अभिव्यक्ति मात्र हुन्। यसो भन्नुको मेरो उद्देश्य तिमीहरूलाई परमेश्वरको काम र मानिसको कामबीचको भिन्नता बुझाउनु हो: परमेश्वरको कामले परमेश्वर स्वयम्लाई प्रतिनिधित्व गर्छ जबकि मानिसको कामले मानिसका कर्तव्य र अनुभवहरूलाई प्रतिनिधित्व गर्छ। कसैले पनि परमेश्वरको सामान्य कामलाई मानिसको इच्छाको रूपमा र उहाँको अलौकिक कामलाई परमेश्वरको इच्छाको रूपमा लिनु हुँदैन; यसअलावा, कसैले पनि मानिसको उच्च प्रवचनलाई परमेश्वरका वाणीहरू वा स्वर्गबाट आएका पुस्तकहरूको रूपमा लिनु हुँदैन। यस्ता सबै दृष्टिकोणहरू नीतिपरक हुँदैनन्। मैले पावलका तेह्र पत्रहरूको चिरफार गरेको सुनेपछि, धेरै मानिसहरूले पावलका पत्रहरू पढ्नु हुँदैन र पावल भयानक रूपमा पापी मान्छे थिए भनी विश्वास गर्छन्। धेरै मानिसहरू यस्ता पनि छन् जो सोच्छन् कि मेरा वचनहरू संवेदनाहीन छन्, पावलका पत्रहरूबारेको मेरो लेखाजोखा सही छैनन् र ती पत्रहरूलाई

मानिसका अनुभव र बोझहरूको अभिव्यक्तिको रूपमा लिन सकिँदैन। तिनीहरू विश्‍वास गर्छन् कि तिनलाई परमेश्‍वरका वचनहरूको रूपमा लिइनुपर्छ, ती यूहन्‍नाको प्रकाशको पुस्तक जस्तै महत्त्वपूर्ण छन्, तिनलाई छोट्याउन वा तिनमा थपथाप गर्न सकिँदैन, र यसअलावा, तिनलाई हल्का रूपमा व्याख्या गरिनु हुँदैन। के यी सबै मानव दाबीहरू गलत छैनन् र? के त्यो पूर्णतया मानिसहरूमा कुनै विवेक नभएको तथ्यले गर्दा भएको होइन र? पावलका पत्रहरूले मानिसहरूलाई धेरै फाइदा गर्छन्, र तिनको इतिहास २,००० वर्षभन्दा पुरानो छ। तथापि, आजको दिनसम्म, धेरै मानिसहरूले त्यति बेला तिनले के भनेका थिए भनी बुझ्न सक्दैनन्। मानिसहरूले पावलका पत्रहरूलाई ईसाइजगतकै सर्वोत्कृष्ट कृतिको रूपमा बुझ्छन्, अनि कसैले पनि तिनीहरूको व्याख्या गर्न सक्दैन र कसैले पनि तिनीहरूलाई पूर्ण रूपमा बुझ्न सक्दैन। वास्तवमा, यी पत्रहरू कुनै आत्मिक व्यक्तिको जीवनीजस्तै छन् र तिनीहरूलाई येशूका वचनहरू वा यूहन्‍नाको महान ईश्‍वरीय दर्शनसँग तुलना गर्न सकिँदैन। यसको तुलनामा, यूहन्‍नाले जे देखेका थिए त्यो स्वर्गबाट आएको ईश्‍वरीय दर्शन अर्थात्, परमेश्‍वर स्वयम्‌को कामका अगमवाणीहरू थिए, जुन मानिसहरूद्वारा प्राप्त गर्न नसकिने थिए जबकि पावलका पत्रहरू मानिसले जे देख्यो र अनुभव गर्‍यो त्यसको वृतान्त मात्रै थियो। तिनीहरू मानिसहरूले गर्न सक्ने कुराहरू हुन् तर अगमवाणीहरू वा ईश्‍वरीय दर्शनहरू होइनन्; तिनीहरू केवल विभिन्‍न स्थानहरूमा पठाइएका पत्रहरू हुन्। तथापि, त्यति बेलाका मानिसहरूको लागि पावल एक कामदार थिए, र त्यसैले तिनका वचनहरूको महत्त्व थियो किनभने तिनी यस्ता व्यक्ति थिए जसले आफूलाई सुम्पिइएको काम स्वीकार गरेको थियो। यसर्थ, तिनका पत्रहरू ख्रीष्टको खोजी गर्ने व्यक्तिहरू सबैको लागि फाइदाजनक थिए। ख्रीष्टले व्यक्तिगत रूपमा ती वचनहरू नबोल्नुभएको भए तापनि, त्यो समयको लागि ती अत्यावश्यक थिए। यसैले, पावलपश्‍चात आएका मानिसहरूले तिनका पत्रहरूलाई बाइबलमा राखे र आजका दिनसम्म हस्तान्तरण हुँदै आउने तुल्याए। के तिमीहरूले मेरो अर्थ बुझ्दैछौ? म तिमीहरूलाई यी पत्रहरूको सही विवरण प्रदान गर्दैछु र मानिसहरूको लागि सन्दर्भ सामग्रीको रूपमा तिनीहरूको फाइदा र महत्त्वलाई इन्कार नगरी तिनलाई चिरफार गर्दैछु। मेरा वचनहरू पढिसकेपछि, यदि तिमीहरूले पावलका पत्रहरूलाई इन्कार गर्ने मात्र होइन बरु तिनीहरूलाई अधर्मी वा महत्वहीनसमेत निर्धारण गर्छौ भने, के मात्रै भन्‍न सकिन्छ भने तिमीहरूको बोध-क्षमता एकदमै कमजोर छ, र विभिन्‍न कुराहरूप्रतिको तिमीहरूको अन्तर्दृष्टि र मूल्याङ्‌कन क्षमता पनि त्यस्तै नै छ; अवश्य पनि मेरा वचनहरूलाई अत्यन्तै एकतर्फी छन् भनेर भन्‍ने सकिँदैन। के तिमीहरूले अहिले बुझ्यौ? तिमीहरूले बुझ्नुपर्ने महत्वपूर्ण कुराहरू भनेका पावलले काम गर्दाको त्यो समयको वास्तविक अवस्था र ती पत्रहरू लेखिनुपछाडिको पृष्ठभूमि हुन्। यदि तिमीहरूमा यी परिस्थितिहरूको सही दृष्टिकोण छ भने तिमीहरूमा पावलका पत्रहरूको बारेमा पनि सही दृष्टिकोण हुनेछ। यसको साथै, तैँले यी पत्रहरूको सार बुझेपछि बाइबल सम्बन्धी तेरो विश्‍लेषण पनि सही हुनेछ, र तैँले पछिल्ला पुस्ताका मानिसहरूले किन वर्षौंसम्म पावलका पत्रहरूको आराधना गरे, साथै पावललाई किन धेरै मानिसहरूले परमेश्‍वरको रूपमा लिए भन्‍ने कुरा बुझ्नेछस्। यदि तिमीहरूले नबुझेको भए, तिमीहरूले पनि यस्तै सोच्दैनथ्यौ र?

जो परमेश्वर स्वयम् होइन उसले परमेश्वर स्वयम्‌लाई प्रतिनिधित्व गर्न सक्दैन। पावलको कामलाई मानव दृष्टिकोणको एक हिस्सा र पवित्र आत्माको अन्तर्दृष्टिको एक हिस्सा भनेर मात्र भन्‍न सकिन्छ। पावलले यी पत्रहरू मानव दृष्टिकोणबाट, पवित्र आत्माको अन्तर्दृष्टिद्वारा लेखे। यो दुर्लभ कुरा होइन। त्यसकारण, तिनका वचनहरूमा केही मानव अनुभवहरू मिश्रित हुनु अपरिहार्य थियो र तिनले पछि गएर आफ्ना दाजुभाइ र दिदीबहिनीहरूलाई भरणपोषण र साथ प्रदान गर्न आफ्नै व्यक्तिगत अनुभवहरूको प्रयोग गरे। तिनले लेखेका यी पत्रहरूलाई जीवन अध्ययनको रूपमा वर्गीकरण गर्न सकिँदैन, न त तीनलाई जीवनी वा सन्देशको रूपमा वर्गीकरण नै गर्न सकिन्छ। यसअलावा, ती पत्रहरू न त मण्डलीहरूद्वारा अभ्यास गरिने सत्यताहरू थिए न त मण्डलीका प्रशासनिक विधिहरू नै थिए। बोझ बोकेको एक व्यक्तिको रूपमा अर्थात पवित्र आत्माले काम सुम्पिनुभएको व्यक्तिको रूपमा, यो त तिनीहरूले गर्नैपर्ने काम मात्र हो। यदि पवित्र आत्माले मानिसहरूलाई खडा गर्नुभएर तिनीहरूलाई बोझ बोक्‍न लगाउनुहुन्छ तर तिनीहरूले मण्डलीको कामको जिम्मा लिँदैनन् र यसको काम-कारबाही राम्रोसँग सञ्चालन गर्न सक्दैनन् वा यसका यावत् समस्याहरूलाई चित्तबुझ्दो रूपमा सुल्झाउन सक्दैनन् भने, यसले ती मानिसहरूले आफ्नो कर्तव्य उचित रूपले पूरा गरेनन् भन्‍ने प्रमाणित गर्छ। त्यसकारण, एक प्रेरितले आफ्नो कामको सिलसिलामा पत्रहरू लेख्‍न सक्नु त्यति रहस्यमय कुरा होइन। यो त तिनीहरूको कामको हिस्सा हो; तिनीहरू यसो गर्नु बाध्य थिए। पत्रहरू लेख्‍नुको तिनीहरूको उद्देश्य जीवन अध्ययन वा आत्मिक जीवनी लेख्‍नु थिएन र निश्‍चय पनि यो कुरा सन्तहरूको लागि अप्ठ्यारोबाट बाहिर निस्कने अर्को मार्ग खुला गर्नको लागि थिएन। बरु, तिनीहरूले त आफ्नो कार्यभार पूरा गर्न र परमेश्वरको बफादार सेवक हुनको लागि यसो गरेका थिए, ताकि परमेश्वरले तिनीहरूलाई सुम्पिनुभएको कामको सन्दर्भमा तिनीहरूले उहाँलाई लेखा दिन सकून्। तिनीहरूले आफैले आफ्नो लागि र आफ्ना दाजुभाइ र दिदीबहिनीहरूको लागि जिम्मेवारी लिनुपर्थ्यो, र तिनीहरूले आफ्नो काम राम्ररी गर्नुपर्थ्यो र मण्डलीको काम-कारबाहीलाई हृदयभित्र राख्‍नुपर्थ्यो: यी सबै कुरा तिनीहरूको कामको हिस्सा मात्र थिए।

यदि तिमीहरूले पावलका पत्रहरूको बारेमा बुझाइ हासिल गर्‍यौ भने, तिमीहरूसँग पत्रुस र यूहन्‍ना दुवैका पत्रहरूको बारेमा पनि सही विचार र विश्लेषण हुनेछ। तिमीहरूले फेरि कहिल्यै पनि यी पत्रहरूलाई पवित्र र उल्लंघन गर्न नसकिने, स्वर्गबाट आएका पुस्तकहरूको रूपमा लिनेछैनौ, पावललाई परमेश्वरको रूपमा लिनु त परै जाओस्। आखिर, परमेश्वरको काम मानिसको कामभन्दा फरक छ, यसको साथै, उहाँका अभिव्यक्तिहरू कसरी तिनीहरूका जस्तै हुनसक्छन्? परमेश्वरसँग उहाँको आफ्नै विशेष स्वभाव छ, जब कि मानिससँग उसले पूरा गर्नुपर्ने कर्तव्यहरू हुन्छन्। परमेश्वरको स्वभाव उहाँका कामहरूमा व्यक्त हुन्छ, जब कि मानिसको कर्तव्य मानिसको अनुभवहरूमा समाविष्ट हुन्छ र मानिसको खोजहरूमा व्यक्त हुन्छ। यसैले कुनै कुरा परमेश्वरको अभिव्यक्ति हो कि मानिसको अभिव्यक्ति हो भन्‍ने कुरा गरिएको कामद्वारा नै स्पष्ट हुन्छ। परमेश्वर स्वयम्‌द्वारा यसको व्याख्या गरिनु आवश्यकता छैन, न त यसमा मानिसले गवाही बन्‍नको निम्ति प्रयास गर्ने आवश्यकता नै छ; यसको अतिरिक्त, यसको लागि कुनै मानिसलाई

दमन गर्न परमेश्वर स्वयम्‌लाई आवश्यकता पर्दैन। यो सबै प्राकृतिक प्रकाशको रूपमा आउँछ; न त यो जबरजस्ती हुने कुरा हो न त यो मानिसले हस्तक्षेप गर्न सक्ने कुरा नै हो। मानिसको कर्तव्यलाई तिनीहरूका अनुभवहरूद्‌वारा जान्न सकिन्छ र यसको निम्ति मानिसहरूले कुनै पनि थप अनुभवको काम गर्नु जरुरत छैन। मानिसको सारा सार तिनीहरूले आफ्नो कर्तव्य निर्वाह गर्दा प्रकट हुन्छ, जब कि परमेश्वरले आफ्नो काम गर्दा आफ्नो अन्तर्निहित स्वभाव व्यक्त गर्न सक्नुहुन्छ। यदि यो मानिसको काम हो भने यसलाई ढाकछोप गर्न सकिँदैन। यदि यो परमेश्वरको काम हो भने, कसैले परमेश्वरको स्वभावलाई लुकाउन झन् असम्भव हुन्छ, मानिसले नियन्त्रण गर्ने कुरा त परै जाओस्। कुनै पनि मानिसलाई परमेश्वर भन्न सकिँदैन, न त तिनीहरूको काम र वचनहरूलाई पवित्र भनेर हेर्न वा अपरिवर्तनीय ठान्न सकिन्छ। परमेश्वरलाई मानव भन्न सकिन्छ किनकि उहाँले देह धारण गर्नुभयो, तर उहाँको कामलाई मानिसको काम वा मानिसको कर्तव्यको रूपमा लिन सकिँदैन। यसको अतिरिक्त, परमेश्वरका वाणीहरू र पावलका पत्रहरूलाई समान रूपमा हेर्न सकिँदैन, न त परमेश्वरको न्याय र सजाय अनि मानिसका निर्देशनका वचनहरूलाई समान रूपमा लिन सकिन्छ। यसैले परमेश्वरका कामलाई मानिसका कामदेखि फरक छुट्याउने सिद्‌धान्तहरू छन्। यिनीहरूलाई तिनीहरूका सारहरू अनुसार छुट्याइन्छ, कामको क्षेत्र वा यसको अस्थायी प्रभावकारिता अनुसार होइन। यस विषयमा, धेरै मानिसहरूले सिद्‌धान्तहरूको गल्ती गर्छन्। किनकि मानिसले बाहिरी कुरा हेर्छ, जुन तिनीहरूले हासिल गर्नसक्छन्, जब कि परमेश्वरले सारलाई हेर्नुहुन्छ, जसलाई मानवजातिका शारीरिक आँखाले अवलोकन गर्न सक्दैनन्। यदि तैँले परमेश्वरका वचनहरू र कामलाई औसत मानिसका कर्तव्यहरूको रूपमा लिन्छस् भने र मानिसका ठूला परिमाणका कामलाई मानिसले पूरा गर्ने कर्तव्यको रूपमा नभइ देह धारण गर्नुभएका परमेश्वरको कामको रूपमा हेर्छस् भने, के तैँले सिद्‌धान्तमा गल्ती गरेको हुँदैनस् र? मानिसका पत्रहरू र जीवनीहरूलाई सजिलै लेख्न सकिन्छ, तर पवित्र आत्माको कामको जगमा मात्र। तैपनि, परमेश्वरका अभिव्यक्तिहरू र कामलाई मानिसद्‌वारा वा मानिसको बुद्‌धि र सोचद्‌वारा सजिलै हासिल गर्न सकिँदैन, न त मानिसहरूले तिनीहरूको अन्वेषण गरिसकेपछि तिनीहरूको पूर्ण रूपमा व्याख्या नै गर्न सक्छन्। यदि सिद्‌धान्तका यी विषयहरूले तिमीहरूमा कुनै किसिमका प्रतिक्रिया पैदा गर्दैनन् भने, तिमीहरूका विश्वास स्पष्ट रूपमा त्यति सत्य वा शुद्‌ध छैन। तिमीहरूको विश्वास अस्पष्टताले भरिएको छ र यो अलमल र सिद्‌धान्त विहीन दुवै छ भनेर मात्रै भन्न सकिन्छ। परमेश्वर र मानिसका सबैभन्दा आधारभूत विषयहरूलाई पनि नबुझीकन, के यस प्रकारको विश्वास पूर्ण रूपमा समझशक्ति नभएको विश्वास होइन र? सारा इतिहासमा, कसरी पावल एक मात्र प्रयोग गरिएका व्यक्ति हुन सके त? कसरी उनी मण्डलीको लागि काम गर्ने एक मात्र व्यक्ति हुन सके त? कसरी उनी मण्डलीलाई भरणपोषण गर्न पत्र लेख्ने एक मात्र व्यक्ति हुन सके त? यी मानिसहरूको कामको मात्रा र प्रभाव जे-जस्तो भए पनि, वा तिनीहरूको कामको नतिजासमेत जे-जस्तो भए पनि, के त्यस्ता कामका सिद्‌धान्तहरू र सार उस्तै छैनन् र? के तिनमा परमेश्वरको कामभन्दा पूर्ण रूपमा फरक कुराहरू छैनन् र? परमेश्वरको कामको प्रत्येक चरणबीचमा स्पष्ट भिन्नताहरू भए पनि, र उहाँका कामका धेरै तरिकाहरू सबै उस्तै नभए पनि, के तिनीहरूको सार र स्रोत एउटै

होइन र? यसरी नै, यदि व्यक्ति अहिले यी कुराहरूको बारेमा अझै स्पष्ट छैन भने, तिनीहरूमा तर्कको अत्यन्तै अभाव हुन्छ। यी वचनहरू पढिसकेपछि यदि व्यक्ति अझै पनि पावलका पत्रहरू पवित्र र उल्लंघन गर्न नसकिने छन् र कुनै आत्मिक व्यक्तित्वको जीवनीभन्दा फरक छन् भनी भन्छ भने, उक्त व्यक्तिको तर्कशक्ति अत्यन्तै विकृत छ र त्यस्तो व्यक्ति निःसन्देह धर्मसिद्धान्तको एक यस्तो विशेषज्ञ हो जोसँग अलिकति पनि दिमाग छैन। तैँले पावललाई आराधना गरे पनि, तैँले तिनीप्रतिको स्नेही भावनालाई तथ्यहरूको सत्यतालाई बङ्ग्याउन वा सत्यतालाई खण्डन गर्न प्रयोग गर्न सक्दैनस्। यसअलावा, मैले भनेका कुराहरूले कुनै पनि हालतमा पावलका सम्पूर्ण काम र पत्रहरूलाई जलाई खरानी पार्दैन वा सन्दर्भ सामग्रीको रूपमा तिनीहरूको महत्त्वलाई पूर्ण रूपमा नकार्दैन। जेसुकै भए तापनि, यी वचनहरू बोल्नुपछाडिको मेरो उद्देश्य तिमीहरूले यावत् कुरा र मानिसहरूको बारेमा उचित बुझाइ र मनासिब विश्लेषण गर्न सक भन्ने हो: यो मात्रै सामान्य तर्कशक्ति हो; सत्यता धारण गरेका धर्मी मानिसहरूले आफूलाई सुसज्जित पार्नुपर्ने कुरा यही मात्रै हो।

## सफलता वा असफलता मानिसले हिँड्ने मार्गमा नै निर्भर हुन्छ

धेरैजसो मानिसहरूले आफ्नो भविष्यको गन्तव्यको खातिर, वा अस्थाई आनन्दको लागि परमेश्‍वरमा विश्‍वास गर्छन्। निराकरणबाट भएर नगएकाहरूका हकमा भन्दा, तिनीहरू स्वर्ग प्रवेश गर्नको लागि, इनामहरू प्राप्त गर्नको लागि परमेश्‍वरमा विश्‍वास गर्छन्। तिनीहरू सिद्ध पारिन, वा परमेश्‍वरको सृष्टिको रूपमा रहेको कर्तव्य निभाउनको लागि परमेश्‍वरमा विश्‍वास गर्दैनन्। भन्नुको अर्थ, धेरैजसो मानिसहरू आफ्ना जिम्मेवारीहरूलाई पूरा गर्न, वा आफ्नो कर्तव्य निभाउनको लागि परमेश्‍वरमा विश्‍वास गर्दैनन्। अर्थपूर्ण जीवन जिउनको लागि त मानिसहरूले परमेश्‍वरमा विरलै विश्‍वास गर्छन्, न त मानिस जीवित भएकोले उसले परमेश्‍वरलाई प्रेम गर्नुपर्छ किनभने त्यसो गर्नु स्वर्गले तोकेको र पृथ्वीले स्वीकार कुरा हो, अनि मानिसको प्राकृतिक इच्छा हो भनेर विश्‍वास गर्नेहरू नै छन्। यसरी, फरक-फरक मानिसहरू आ-आफ्नै लक्ष्यहरूको पछि लाग्ने भए तापनि, तिनीहरूको खोजीको लक्ष्य र यसको पछाडि रहेको उत्प्रेरणा सबै उस्तै हुन्छन्, र यति मात्र होइन, तिनीहरूमध्ये धेरैको आराधनाका पात्रहरू लगभग उही नै हुन्छन्। विगतका हजारौं वर्षको अवधिमा, धेरै विश्‍वासीहरू मरेका छन्, र धेरै जना मरेर पनि फेरि पुनर्जन्म पाएका छन्। परमेश्‍वरको खोजी गर्नेहरू एक-दुई जना मानिसहरू मात्रै छैनन्, न त एक-दुई हजार नै छन्, तैपनि यीमध्ये धेरैजसो मानिसहरूले तिनीहरूका आफ्नै अपेक्षाहरू वा भविष्यका निम्ति तिनीहरूका महिमित आशाहरूका खातिर नै खोजी गर्छन्। ख्रीष्टप्रति समर्पितहरू निकै कम र टाढा-टाढा छन्। धेरैजसो भक्त विश्‍वासीहरू तिनीहरूका आफ्नै जालमा फसेर मरेका छन्, र यसको साथै विजयी मानिसहरूको सङ्ख्या अत्यन्तै सानो छ। आजको दिनसम्मै, मानिसहरू किन असफल हुन्छन्, वा तिनीहरूको विजयका रहस्यहरू के हुन् भन्ने कुरा अझै पनि तिनीहरूका लागि अज्ञात छ। ख्रीष्टको पछि लाग्नमा तल्लीन हुनेहरूले अझै पनि अचानक अन्तर्दृष्टिको क्षण पाएका छैनन्, तिनीहरू यी

रहस्यहरूका पिँधमा पुगेका छैनन्, किनभने तिनीहरूलाई थाहै छैन। तिनीहरूको खोजीमा तिनीहरूले परिश्रमीपूर्वक प्रयासहरू गरे तापनि, तिनीहरूले हिँड्ने मार्ग तिनीहरूभन्दा अघि जानेहरूले हिँडिसकेको असफलताको मार्ग हो, सफलताको मार्ग होइन। यसरी, तिनीहरूले जसरी खोजी गरे तापनि, के तिनीहरू अझै पनि अन्धकारतर्फ लैजाने मार्गमा नै हिँड्दैनन् र? के तिनीहरूले प्राप्त गर्ने तीतो फल होइन र? विगतमा सफल हुनेहरूको अनुकरण गर्ने मानिसहरू आखिरमा सौभाग्यमा पुग्नेछन् कि कष्टमा पुग्नेछन् भनेर अनुमान गर्नु नै पनि कठिन छ। त्यसैले, असफल भएकाहरूका पाइलाहरूलाई पछ्याएर खोजी गर्ने मानिसहरूको झन् कति नराम्रो हालत हुन्छ? के तिनीहरू असफल हुने सम्भावना अझै बढी हुँदैन र? तिनीहरू हिँड्ने मार्गको के मूल्य छ र? के तिनीहरूले आफ्नो समय बरबाद गरिरहेका हुँदैनन् र? मानिसहरू तिनीहरूको खोजीमा सफल भए पनि असफल भए पनि, छोटकरीमा भन्दा, तिनीहरू किन त्यसो गर्छन् भन्ने कुराको कारण छ, र तिनीहरूको सफलता वा असफलता तिनीहरूले जसरी मन लाग्यो त्यसरी खोजी गरेर निर्धारित हुन्छ भन्ने छैन।

परमेश्‍वरमाथिको मानिसको विश्‍वासको सबैभन्दा आधारभूत माग भनेको ऊसँग इमानदार हृदय हुनुपर्छ, र उसले आफैलाई पूर्ण रूपमा समर्पित गरेर साँचो रूपमा आज्ञापालन गर्नुपर्छ भन्ने हो। साँचो विश्‍वासको साटोमा आफ्नो सम्पूर्ण जीवन दिनु नै मानिसको लागि सबैभन्दा कठिन कुरा हो, जसद्वारा उसले सम्पूर्ण सत्यता प्राप्त गर्न सक्छ, र परमेश्‍वरको सृष्टिको रूपमा रहेको उसको कर्तव्यलाई पूरा गर्न सक्छ। असफल हुनेहरूले प्राप्त गर्न नसक्ने कुरा यही नै हो, र ख्रीष्टलाई भेट्टाउन नसक्नेहरूको लागि यो प्राप्त गर्नु अझै बढी कठिन हुन्छ। आफैलाई परमेश्‍वरमा पूर्ण रूपमा समर्पित गर्नमा मानिस त्यति असल नभएकोले, सृष्टिकर्ताप्रतिको आफ्नो कर्तव्य निभाउन मानिस इच्छुक नभएकोले, मानिसले सत्यतालाई देखे पनि यसबाट टाढा बसी आफ्नै मार्गमा हिँड्ने हुनाले, मानिसले सधैँ असफल भएकाहरूको मार्गलाई पछ्याएर खोजी गर्ने हुनाले, मानिसले सधैँ स्वर्गको अवज्ञा गर्ने हुनाले, यसैले, मानिस सधैँ असफल हुन्छ, सधैँ शैतानको छलमा पर्छ, र उसको आफ्नै जालमा फस्छ। मानिसले ख्रीष्टलाई नचिन्ने हुनाले, मानिस सत्यतालाई बुझ्न र अनुभव गर्नमा माहिर नभएकोले, मानिस पावलप्रति अत्यन्तै भक्त भएकोले र स्वर्गको अत्यन्तै लालच गर्ने हुनाले, मानिसले सधैँ ख्रीष्टलाई उसको आज्ञापालन गर्न माग गर्ने र परमेश्‍वरलाई हुकुम गर्ने हुनाले, यसैले ती महान् व्यक्तित्वहरू र संसारका विभिन्न घटनाहरूको अनुभव गर्नेहरू मरणशील नै हुन्, र अझै पनि तिनीहरू परमेश्‍वरको सजायको दौरान नै मर्नेछन्। त्यस्ता मानिसहरूको बारेमा मैले भन्न सक्ने भनेको तिनीहरू दुःखद मृत्यु मर्छन्, र तिनीहरूको परिणाम—तिनीहरूको मृत्यु—न्यायोचित नै हुन्छन् भन्ने हो। के तिनीहरूको असफलता स्वर्गको कानुनको लागि अझै असहनीय हुँदैन र? मानिसको संसारबाट सत्यता आउँछ, तैपनि मानिसमाझको सत्यता ख्रीष्टले नै हस्तान्तरण गर्नुभएको हो। यो ख्रीष्टबाट, अर्थात् परमेश्‍वर स्वयम्बाट उत्पन्न हुन्छ, र यसको लागि मानिस सक्षम छैन। तैपनि ख्रीष्टले सत्यता मात्रै दिनुहुन्छ; मानिस सत्यता सम्बन्धी आफ्नो खोजीमा सफल हुनेछ कि हुनेछैन भन्ने कुराको निर्णय गर्न उहाँ आउनुहुन्न। त्यसैले सत्यतासम्बन्धी सफलता वा असफलताको कुरा सबै मानिसको खोजीमा नै निर्भर हुन्छ। सत्यतासम्बन्धी मानिसको सफलता वा असफलता ख्रीष्टसँग कहिल्यै सम्बन्धित रहेको छैन, तर त्यसको सट्टा यसलाई उसकै

खोजीले निर्धारित गर्छ। मानिसको गन्तव्य अनि उसको सफलता वा असफलतालाई परमेश्‍वरले नै बोक्नुभएको होस् भनेर यसलाई परमेश्‍वरको शिरमा थोपर्न मिल्दैन, किनभने यो परमेश्‍वर स्वयम्‌को मामला होइन, तर यो परमेश्‍वरका सृष्टिहरूले पूरा गर्नुपर्ने कर्तव्यसँग नै प्रत्यक्ष रूपमा सम्बन्धित छ। पावल र पत्रुसका खोजी र गन्तव्यको बारेमा धेरैजसो मानिसहरूसँग थोरै ज्ञान हुन्छ, तैपनि पत्रुस र पावलका परिणामहरूका बारेमा बाहेक अरू केही कुराको बारेमा मानिसहरूलाई थाहा हुँदैन, र पत्रुसको सफलता पछाडिको रहस्य, वा पावललाई असफल तुल्याउने त्रुटिहरूका बारेमा तिनीहरू अनजान छन्। त्यसकारण, तिमीहरू तिनीहरूको खोजीको सारलाई देख्‍न पूर्ण रूपमा असमर्थ छौ भने, तिमीहरूमध्ये धेरैजसोको खोजी अझै असफल नै हुनेछ, र तिमीहरूमध्ये थोरै व्यक्तिहरू सफल भयौ भने पनि, तिनीहरू पत्रुस बराबर हुनेछैनन्। यदि तेरो खोजीको मार्ग सहि छ भने, तँसँग सफलताको आशा हुन्छ; यदि सत्यताको खोजीमा तैँले हिँड्ने बाटो गलत छ भने, तैँले सदासर्वदा नै सफलता पाउन सक्नेछैनस्, र तैँले पनि पावलको जस्तै परिणाम भोग्नु पर्नेछ।

पत्रुस सिद्ध पारिएका मानिस थिए। सजाय र न्याय अनुभव गरेर परमेश्‍वरप्रति विशुद्ध प्रेम प्राप्त गरिसकेपछि मात्रै, तिनलाई पूर्ण रूपमा सिद्ध पारियो; उनले हिँडेको मार्ग सिद्ध पारिने मार्ग थियो। भन्नुको अर्थ, सुरुदेखि नै, पत्रुसले हिँडेको मार्ग सहि थियो, र परमेश्‍वरमाथि विश्‍वास गर्ने उनको उत्प्रेरणा सहि थियो, र त्यसकारण तिनी सिद्ध पारिएका व्यक्ति बने र मानिसले पहिले कहिल्यै नहिँडेको मार्गमा तिनले पाइला चाले। तैपनि, सुरुदेखि नै पावलले हिँडेको मार्ग ख्रीष्ट-विरोधी मार्ग थियो, र पवित्र आत्माले तिनलाई प्रयोग गर्न, र आफ्नो कार्यको लागि उनका सबै वरदानहरू र उनका सबै योग्यताहरूलाई प्रयोग गर्न चाहनुभएको हुनाले मात्रै, तिनले ख्रीष्टका लागि धेरै दशकसम्म काम गरे। तिनी पवित्र आत्माद्वारा प्रयोग गरिएका एकजना व्यक्ति मात्रै थिए, र येशूले तिनको मानवतालाई निगाहको दृष्टिकोणले हेर्नुभएको कारणले होइन, तर तिनका वरदानहरूका कारण तिनलाई प्रयोग गरिएको थियो। तिनलाई प्रहार गरिएको हुनाले तिनले येशूको लागि काम गर्न सके, तिनी त्यसो गर्न खुशी थिए भनेर होइन। पवित्र आत्माको अन्तर्दृष्टि र अगुवाइको कारण तिनले त्यस्तो काम गर्न सके, अनि तिनले गरेको कामले उनको खोजी, वा उनको मानवतालाई कुनै पनि हालतमा प्रतिनिधित्व गरेन। पावलको कार्यले सेवकको कार्यलाई प्रतिनिधित्व गर्‍यो, भन्नुको अर्थ, तिनले एक प्रेरितको रूपमा काम गरे। तैपनि पत्रुस फरक थिए: तिनले पनि केही काम गरे; यो पावलको काम जत्तिकै महान् थिएन, तर तिनले आफ्नै प्रवेशको खोजी गर्दै काम गरे, अनि तिनको काम पावलको कामभन्दा फरक थियो। पत्रुसको काम परमेश्‍वरको एकजना सृष्टिको कर्तव्य पूरा गर्ने काम थियो। उनले प्रेरितको भूमिकामा रहेर काम गरेनन्, तर परमेश्‍वरप्रतिको प्रेमको खोजी गर्दै काम गरे। पावलको कार्यको मार्गमा उनको व्यक्तिगत खोजी पनि समावेश थियो: उनको खोजी भनेको उनको भविष्यको लागि उनले गरेका आशाहरू, र असल गन्तव्यको लागि उनले गरेका इच्छा भन्दा बढी केही थिएन। आफ्नो कामको अवधिमा उनले शोधन स्वीकार गरेनन्, न त उनले काट-छाँटको कार्य र निराकरणलाई नै स्वीकार गरे। जबसम्म उसले गर्ने कामले परमेश्‍वरलाई सन्तुष्ट तुल्याउँछ, र उसले गर्ने सबै कामले परमेश्‍वरलाई प्रसन्‍न तुल्याउँछ, तबसम्म उसलाई आखिरमा इनामले पर्खिरहेकै हुन्छ भन्‍ने विश्‍वास उनको थियो। उनको

काममा कुनै व्यक्तिगत अनुभवहरू थिएनन्—यो सबै उनको आफ्नै खातिर थियो, र परिवर्तनको खोजीको दौरान गरिएको थिएन। उनको कामको सबै कुरा लेनदेन नै थियो, त्यसमा परमेश्‍वरको एकजना सृष्टिको कर्तव्य वा समर्पणता केही पनि समावेश थिएन। उनको कामको अवधिमा, पावलको पुरानो स्वभावमा कुनै परिवर्तन आएन। उनको काम अरूको सेवाको लागि मात्रै थियो, र यसले उनको स्वभावमा परिवर्तन ल्याउन सकेन। सिद्ध पारिने वा निराकरण गरिने कार्यविना नै पावलले आफ्नो काम प्रत्यक्ष रूपमा गरे, र तिनी इनामद्वारा उत्प्रेरित थिए। पत्रुस फरक थिए: तिनी काट-छाँट र निराकरणबाट भएर गएका व्यक्ति थिए र तिनी शोधन भएर गए। पत्रुसको कामको उद्देश्य र उत्प्रेरणा आधारभूत रूपमै पावलको भन्दा फरक थिए। पत्रुसले धेरै मात्रामा काम नगरेको भए तापनि, उनको स्वभाव धेरै परिवर्तनहरू भएर गयो, र तिनले जे खोजी गरे त्यो सत्यता, र यथार्थ परिवर्तन थियो। उनले कामकै खातिर मात्रै आफ्नो काम गरेका थिएनन्। पावलले धेरै काम गरेको भए तापनि, यो सबै पवित्र आत्माको कार्य थियो, र पावलले यो काममा सहकार्य गरेको भए तापनि, तिनले यसको अनुभव गरेनन्। पवित्र आत्माले तिनीद्वारा धेरै काम नगर्नुभएको हुनाले मात्रै पत्रुसले थोरै काम गरेका थिए। तिनीहरूलाई सिद्ध पारिएका थिए कि थिएनन् भन्ने कुरालाई तिनीहरूले गरेको कामको मात्राले निर्धारण गरेन; एउटाको खोजी इनामहरू प्राप्त गर्नको लागि थियो, अनि अर्कोको खोजी परमेश्‍वरको निम्ति सर्वश्रेष्ठ प्रेम हासिल गर्न, र परमेश्‍वरको इच्छालाई सन्तुष्ट गर्नको लागि उसले सुन्दर स्वरूपमा जिउन सकून् भन्ने हदसम्म परमेश्‍वरको सृष्टिको रूपमा रहेको आफ्नो कर्तव्य पूरा गर्नको लागि थियो। बाहिरी रूपमा तिनीहरू फरक थिए, र त्यसरी नै तिनीहरूका सार पनि फरक थिए। तिनीहरूमध्ये कसलाई सिद्ध पारिएको थियो भन्ने कुरा तिनीहरूले कति काम गरे भन्ने आधारमा तैँले निर्धारित गर्न सक्दैनस्। पत्रुसले परमेश्‍वरलाई प्रेम गर्ने व्यक्तिको स्वरूपअनुसार जिउने, परमेश्‍वरको आज्ञापालन गर्ने व्यक्ति बन्ने, निराकरण र काट-छाँट गर्ने कार्यलाई स्वीकार गर्ने व्यक्ति बन्ने, र परमेश्‍वरको सृष्टिको रूपमा रहेको आफ्नो कर्तव्यलाई पूरा गर्ने व्यक्ति बन्न खोजी गरे। तिनले आफैलाई परमेश्‍वरमा अर्पण गर्न, आफ्नो सम्पूर्णतालाई परमेश्‍वरको हातमा समर्पित गर्न, र मृत्युसम्मै उहाँको आज्ञापालन गर्न सके। तिनले त्यही गर्ने संकल्प गरेका थिए, र यसको साथै तिनले त्यही कुरा हासिल गरे। आखिरमा उनको अन्त्य किन पावलको भन्दा फरक भयो त्यसको आधारभूत कारण यही नै हो। पवित्र आत्माले पत्रुसमा गर्नुभएको काम तिनलाई सिद्ध पार्नको लागि थियो, र पवित्र आत्माले पावलमा गर्नुभएको काम उनलाई प्रयोग गर्नको लागि थियो। किनभने तिनीहरूका प्रकृति र खोजीसम्बन्धी तिनीहरूका दृष्टिकोणहरू उस्तै थिएनन्। दुवैसँग पवित्र आत्माको कार्य थियो। पत्रुसले यो कार्यलाई आफैमा लागू गरे, र अरूलाई पनि यो प्रदान गरे; यस बीच, पावलले पवित्र आत्माको कार्यको सम्पूर्णता मात्रै अरूलाई प्रदान गरे, र यसबाट आफूले केही पनि प्राप्त गरेनन्। यसरी, त्यति धेरै वर्षसम्म पवित्र आत्माको कार्यलाई अनुभव गरिसकेपछि, पावलमा आएको परिवर्तनहरू लगभग अस्तित्वमा नै थिएनन्। तिनी अझै पनि लगभग तिनको स्वभाविक अवस्थामा नै रहिरहेका थिए, र तिनी अझै पनि पहिलेकै पावल थिए। धेरै वर्षको कार्यको कठिनाइ भोगिसकेपछि मात्रै, तिनले कसरी “काम” गर्ने भन्ने सिकेका थिए र दृढ रहन सिकेका थिए, तर तिनको पुरानो प्रकृति—तिनको अत्यन्तै धेरै

प्रतिस्पर्धी र भाडावाला प्रकृति–अझै पनि रहिरहेकै थियो। धेरै वर्षसम्म काम गरिसकेपछि पनि उनले आफ्नो भ्रष्ट स्वभाव चिनेनन्, न त उनले आफैलाई आफ्नो पुरानो स्वभावबाट अलग नै गरेका थिए, र यो अझै पनि उसको काममा स्पष्टै देख्न सकिन्थ्यो। तिनमा कामको अझै बढी अनुभव मात्रै थियो, तर त्यति थोरै अनुभवले मात्रै उनलाई परिवर्तन गर्न सक्दैन थियो र अस्तित्व वा उसको खोजीको महत्वको बारेमा उनका दृष्टिकोणहरूलाई परिवर्तन गर्न सक्दैन थियो। तिनले ख्रीष्टको निम्ति धेरै वर्ष काम गरेको र फेरि प्रभु येशूलाई कहिल्यै सतावट नगरेको भए तापनि, तिनको हृदयमा परमेश्‍वरसम्बन्धी तिनको ज्ञानमा कुनै परिवर्तन आएको थिएन। यसको अर्थ तिनले आफैलाई परमेश्‍वरमा समर्पित गर्नको लागि काम गरेनन्, तर बरु तिनी आफ्नो भविष्यको गन्तव्यको लागि काम गर्न बाध्य थिए भन्ने हुन्छ। किनभने, सुरुमा उनले ख्रीष्टलाई सताए, र तिनी ख्रीष्टमा समर्पित भएनन्; तिनी अन्तर्निहित रूपमै ख्रीष्टलाई जानी-जानी विरोध गर्ने विद्रोही, र पवित्र आत्माको कामको बारेमा कुनै ज्ञान नभएको व्यक्ति थिए। उनको काम लगभग समाप्त हुन लागेको बेला पनि, तिनले पवित्र आत्माको कार्यलाई जानेनन्, र पवित्र आत्माको इच्छालाई अलिकति समेत ध्यान नदिइकन, तिनले आफ्नै चरित्रअनुसार काम मात्रै गरे। त्यसकारण उनको प्रकृति ख्रीष्टप्रति शत्रुवत् थियो र सत्यतालाई पालना गरेन। पवित्र आत्माको कार्यले त्यागेको, पवित्र आत्माको कार्यलाई नचिन्ने, र ख्रीष्टलाई पनि विरोध गर्ने यस्तो कुनै व्यक्ति–त्यस्तो व्यक्ति कसरी मुक्त हुन सक्छ र? मानिसले मुक्ति पाउन सक्छ कि सक्दैन भन्ने कुरा उसले कति धेरै काम गर्छ, वा ऊ कति धेरै समर्पित हुन्छ त्यस कुरामा निर्भर हुँदैन, तर यसलाई उसले पवित्र आत्माको कामलाई चिनेको छ कि छैन, उसले सत्यतालाई अभ्यास गर्न सक्छ कि सक्दैन, र खोजीसम्बन्धी उसका दृष्टिकोणहरू सत्यतासँग मिल्छ कि मिल्दैन त्यस कुराले निर्धारित गर्छ।

पत्रुसले येशूलाई पछ्याउन थालेपछि स्वभाविक प्रकाशहरू देखा परेका भए तापनि, स्वभावमा तिनी सुरुदेखि नै पवित्र आत्मामा समर्पित हुन र ख्रीष्टको खोजी गर्न इच्छुक व्यक्ति थिए। पवित्र आत्माप्रतिको तिनको आज्ञापालन विशुद्ध थियो: तिनले ख्याति र सम्पत्तिको खोजी गरेनन्, तर त्यसको साटो तिनी सत्यताको पालनाद्वारा उत्प्रेरित थिए। तीन पटक पत्रुसले ख्रीष्टलाई चिनेको बारे इन्कार गरेको भए तापनि, र तिनले प्रभु येशूलाई परीक्षा गरेको भए तापनि, उनको प्रकृतिसँग त्यस्तो हल्का मानव कमजोरीको कुनै सम्बन्ध थिएन, यसले तिनको भविष्यको खोजीलाई प्रभाव पारेन, र यसले उसको परीक्षा ख्रीष्ट-विरोधीको कार्य थियो भनेर पर्याप्त रूपमा प्रमाणित गर्दैन। सामान्य मानव कमजोरी संसारका सबै मानिसहरूमा हुने कुरा हो–के तँ पत्रुस योभन्दा फरक थिए भन्ने अपेक्षा गर्छस्? पत्रुसले धेरै मूर्ख गल्तीहरू गरेका हुनाले के मानिसहरूले तिनको बारेमा निश्‍चित दृष्टिकोणहरू राख्दैनन् र? अनि पावलले गरेको सबै काम, र उनले लेखेका सबै पत्रहरूका कारण के मानिसहरूले तिनलाई श्रद्धा गर्दैनन् र? मानिस कसरी मानिसको सारलाई देख्न सक्ने हुन्छ र? अवश्य नै जोसँग साँचो रूपमा चेतना हुन्छ के तिनीहरूले त्यति सानो कुरा देख्न सक्छन् र? पत्रुसको धेरै वर्षको पीडादायी अनुभवको बारेमा बाइबलमा विवरण नदिइएको भए तापनि, यसले पत्रुससँग वास्तविक अनुभवहरू थिएन वा पत्रुस सिद्ध पारिएका थिएनन् भन्ने प्रमाणित गर्दैन। परमेश्‍वरको कार्यलाई मानिसले कसरी पूर्ण रूपमा बुझ्न सक्छ? बाइबलमा दिइएका विवरणहरू

येशूले व्यक्तिगत रूपमा छनौट गर्नुभएको थिएन, तर ती पछिका पुस्ताहरूले सङ्कलित गरेका थिए। त्यसो हुनाले, बाइबलमा विवरण दिइएका सबै कुरा के मानिसका विचारहरूअनुसार चुनिएको थिएन र? यसको साथै, पत्रुस र पावलको अन्त्यलाई पत्रहरूमा स्पष्ट रूपमा उल्लेख गरिएका छैनन्, त्यसकारण मानिसले पत्रुस र पावललाई उसका आफ्नै दृष्टिकोणहरू, र उसका आफ्नै रुचिहरूअनुसार मूल्याङ्कन गर्छ। अनि पावलले धेरै काम गरेका हुनाले, उसका "योगदानहरू" अत्यन्तै धेरै भएकाले, उनले नै धेरैको भरोसा जिते। के मानिस सतही कुरामा मात्रै केन्द्रित हुँदैन र? मानिस कसरी मानिसको सारलाई देख्न सक्ने हुन्छ र? पावल हजारौं वर्षदेखि आराधनाको पात्र बनेका छन् भन्ने कुरालाई ध्यानमा राख्दा, उनको कार्यलाई हतारमा कसले इन्कार गर्ने आँट गर्छ? पत्रुस एक मछुवा मात्रै थिए, त्यसकारण उनको योगदान कसरी पावलको जत्तिकै महान् हुन सक्थ्यो र? तिनीहरूले गरेका योगदानहरूका हिसाबमा, पावललाई पत्रुसभन्दा पहिले नै इनाम दिइनुपर्ने थियो, र परमेश्वरको अनुमोदन प्राप्त गर्नको लागि तिनी अझै बढी योग्य हुनुपर्ने थियो। पावललाई व्यवहार गर्ने क्रममा परमेश्वरले तिनका वरदानहरूद्वारा मात्रै तिनलाई काम गर्न लगाउनुभयो, जबकी परमेश्वरले पत्रुसलाई सिद्ध पार्नुभयो भनेर कसले कल्पना गर्न सक्थ्यो र। प्रभु येशूले सुरुदेखि नै पत्रुस र पावलको लागि योजना बनाउनुभएको थियो भन्ने कुरा कुनै पनि हालतमा हुँदै-होइन: बरु, तिनीहरूका अन्तर्निहित प्रकृति अनुसार नै तिनीहरूलाई सिद्ध तुल्याइयो वा काममा लगाइयो। त्यसकारण, मानिसहरूले देख्ने भनेको मानिसका बाहिरी योगदानहरू मात्रै हुन्, जबकी परमेश्वरले मानिसको सार साथै सुरुदेखि नै मानिसले पछ्याउने मार्ग अनि मानिसको खोजीको पछाडिको उत्प्रेरणालाई देख्नुहुन्छ। मानिसहरूले कुनै पनि मानिसलाई तिनीहरूका धारणा, र तिनीहरूका आफ्नै दृष्टिकोणहरूअनुसार नाप्छन्, तैपनि मानिसको अन्तिम समाप्ति उसका बाहिरी कुराहरूअनुसार निर्धारित गरिँदैन। त्यसकारण यदि तैँले सुरुबाटै लिने मार्ग सफलताको मार्ग हो, र खोजीप्रतिको तेरो दृष्टिकोण सुरुदेखि नै सहि छ भने, तँ पत्रुस जस्तै होस्; यदि तैँले हिँड्ने मार्ग असफलताको मार्ग हो भने, तैँले जेसुकै मूल्य चुकाए तापनि, तेरो समाप्ति अझै पनि पावलको जस्तै हुनेछ। तेरो गन्तव्य के हुनेछ, र तँ सफल हुनेछस् कि असफल हुनेछस् भन्ने दुवै कुरा तैँले हिँड्ने बाटो सहि छ कि छैन भन्ने कुराले निर्धारित गर्छ, तेरो समर्पणता वा तैँले चुकाउने मूल्यले होइन। पत्रुस र पावलको सार, र तिनीहरूले पछ्याएका लक्ष्यहरू फरक-फरक थिए; मानिसले यी कुराहरूलाई पत्ता लगाउन सक्दैन, र परमेश्वरले मात्रै यी कुराहरूलाई पूर्ण रूपमा जान्न सक्नुहुन्छ। किनभने परमेश्वरले जे देख्नुहुन्छ त्यो मानिसको सार हो, जबकि मानिसलाई उसको आफ्नै सारको बारेमा केही पनि थाहा हुँदैन। मानिसले मानिसभित्र रहेको सारलाई, वा उसको वास्तविक कदलाई देख्न सक्दैन, तसर्थ उसले पावल र पत्रुसको असफलता र सफलताका कारणहरूलाई पहिचान गर्न सक्दैन। धेरैजसो मानिसहरूले पत्रुसलाई होइन तर पावललाई आराधना गर्नुको कारण यो हो कि पावललाई सार्वजनिक कार्यको लागि प्रयोग गरिएको थियो, र मानिसले यो कार्यलाई बुझ्न सक्छ अनि त्यसकारण मानिसहरूले पावलका "उपलब्धीहरूलाई" स्वीकार गर्छन्। तैपनि, पत्रुसका अनुभवहरू मानिसका लागि अदृश्य छन्, र उसले जे कुराको खोजी गरे त्यसलाई कुनै पनि मानिसले प्राप्त गर्न सक्दैन, र त्यसैले मानिसमा पत्रुसप्रति कुनै चासो छैन।

निराकरण र शोधनको अनुभवद्वारा पत्रुसलाई सिद्ध पारिएको थियो। उनले भने, "मैले सधैँ परमेश्वरका इच्छाहरूलाई सन्तुष्ट पार्नैपर्छ। मैले गर्ने सबै कुरामा म परमेश्वरका इच्छालाई मात्रै सन्तुष्ट तुल्याउने प्रयास गर्छु, र मलाई दण्ड दिइए पनि, वा मेरो न्याय गरिए पनि, म त्यसो गर्न खुशी नै हुन्छु।" पत्रुसले परमेश्वरलाई आफ्नो सम्पूर्णता दिए, र उनका काम, वचन, र सम्पूर्ण जीवन सबै नै परमेश्वरलाई प्रेम गर्नको खातिर थिए। तिनी पवित्रताको खोजी गर्ने व्यक्ति थिए, र तिनले जति अनुभव गरे, तिनको हृदयभित्र गहिराइमा परमेश्वरप्रतिको तिनको प्रेम त्यति नै ठूलो बन्यो। यस बीच, पावलले बाहिरी काम मात्रै गरे, र तिनले पनि कठिन परिश्रम नै गरेको भए तापनि, तिनका परिश्रमहरू आफ्नो काम उचित रूपमा गरेर इनाम प्राप्त गर्नको खातिर थिए। तिनले कुनै पनि इनाम प्राप्त गर्नेछैनन् भन्ने तिनलाई थाहा भएको भए, उनले आफ्नो कामलाई छोड्ने थिए। पत्रुसलाई आफ्नो हृदयभित्रको साँचो प्रेमको बारेमा, र व्यवहारिक र हासिल गर्न सकिने कुरामा मात्रै चासो थियो। तिनले इनाम प्राप्त गर्नेछन् कि छैनन् भन्ने बारेमा होइन, तर तिनको स्वभाव परिवर्तन हुन सक्छ कि सक्दैन भन्ने विषयमा तिनलाई चासो थियो। पावललाई सधैँ कठिन परिश्रम गर्ने बारेमा चासो थियो, तिनलाई बाहिरी काम र भक्तिको बारेमा चासो थियो, र सामान्य मानिसहरूले अनुभव नगरेका धर्मसिद्धान्तहरूका बारेमा चासो थियो। तिनलाई आफ्नो अन्तस्करणमा हुने परिवर्तनहरूका बारेमा चासो थिएन, न त परमेश्वरप्रतिको साँचो प्रेमको बारेमा नै चासो थियो। पत्रुसका अनुभवहरू परमेश्वरप्रतिको साँचो प्रेम र साँचो ज्ञान हासिल गर्नको लागि थियो। उनका अनुभवहरू परमेश्वरसँग अझै घनिष्ठ सम्बन्ध प्राप्त गर्न, र व्यावहारिक जियाइ प्राप्त गर्नको लागि थियो। पावलका कामहरू येशूले तिनलाई सुम्पिनुभएको कारण र तिनले तृष्णा गरेका कुराहरू प्राप्त गर्नको लागि गरिएका थिए, तैपनि ती आफ्नो र परमेश्वरको बारेमा रहेको उसको ज्ञानसँग सम्बन्धित थिएनन्। तिनको कार्य सजाय र दण्डबाट उम्कनको खातिर मात्रै थियो। पत्रुसले जे खोजे त्यो चोखो प्रेम थियो, र पावलले जे खोजे त्यो धार्मिकताको मुकुट थियो। पत्रुसले धेरै वर्ष पवित्र आत्माको कार्य अनुभव गरेका थिए, र तिनमा ख्रीष्टको बारेमा व्यवहारिक ज्ञान, साथै आफ्नै बारेमा गहन ज्ञान थियो। त्यसकारण, परमेश्वरप्रतिको तिनको प्रेम चोखो थियो। धेरै वर्षको शोधनले येशू र जीवनसम्बन्धी उनको ज्ञानलाई उच्च पारेको थियो, र उनको प्रेम सर्तरहित प्रेम थियो, यो स्वभाविक प्रेम थियो, र उनले सट्टामा केही पनि मागेनन्, न त तिनले कुनै लाभहरूको आशा नै गरे। पावलले धेरै वर्षसम्म काम गरे, तैपनि तिनमा ख्रीष्टसम्बन्धी ठूलो ज्ञान थिएन, र आफ्नै बारेमा रहेको तिनको ज्ञान निकै सानो थियो। ख्रीष्टप्रति तिनमा प्रेम नै थिएन, र तिनको काम र तिनले दौडेको दौड अन्तिम पुष्प-मुकुट प्राप्त गर्नको लागि नै थियो। तिनले उत्तम मुकुटको खोजी गरे, विशुद्ध प्रेमको होइन। तिनले सक्रिय रूपमा होइन, तर निष्क्रिय रूपमा खोजी गरे; तिनले आफ्नो कर्तव्य निभाइरहेका थिएनन्, तर पवित्र आत्माको कार्यले तिनलाई आफ्नो पकडमा लिइसकेपछि उसको खोजीमा तिनी बाध्य गरिए। त्यसकारण, तिनको खोजीले तिनी परमेश्वरका सुयोग्य सृष्टि थिए भन्ने प्रमाणित गर्दैन; परमेश्वरको सुयोग्य प्राणी पत्रुस नै थिए जसले आफ्नो कर्तव्य पूरा गरे। मानिसले विचार गर्छ कि परमेश्वरको निम्ति योगदान दिने सबैले इनाम प्राप्त गर्नुपर्छ, र योगदान जति ठूलो हुन्छ, तिनीहरूले परमेश्वरको निगाह प्राप्त गर्नुपर्छ

भन्ने कुरालाई त्यति नै बढी मानिलिन्छ। मानिसको दृष्टिकोणको सार लेनदेनमा आधारित छ, र परमेश्‍वरको सृष्टिको रूपमा रहेको आफ्नो कर्तव्यलाई उसले सक्रिय रूपमा प्रस्तुत गर्ने प्रयास गर्दैन। परमेश्‍वरको लागि, मानिसहरूले जति बढी परमेश्‍वरप्रतिको साँचो प्रेम र परमेश्‍वरप्रति पूर्ण आज्ञापालन गर्न खोज्छन्—जुन परमेश्‍वरको सृष्टिको रूपमा रहेको तिनीहरूको कर्तव्यलाई पूरा गर्न खोज्नु पनि हो—तिनीहरूले परमेश्‍वरको अनुमोदनलाई त्यति नै बढी प्राप्त गर्न सक्छन्। परमेश्‍वरको दृष्टिकोण भनेको मानिसलाई उसको मूल कर्तव्य र प्रतिष्ठालाई पुनःप्राप्ति गर्न लगाउनु हो। मानिस परमेश्‍वरको सृष्टि हो, र त्यसकारण मानिसले परमेश्‍वरबाटको कुनै पनि मागहरू गरेर आफैलाई नाघ्नु हुँदैन, र परमेश्‍वरको सृष्टिको रूपमा रहेको आफ्नो कर्तव्यलाई पूरा गर्ने बाहेक केही पनि गर्नु हुँदैन। परमेश्‍वरका सृष्टिका रूपमा रहेका तिनीहरूका कर्तव्यलाई तिनीहरूले पूरा गर्न सके कि सकेनन् त्यसअनुसार पावल र पत्रुसको गन्तव्यलाई मापन गरिए, तिनीहरूका योगदानको आकारअनुसार होइन; तिनीहरूले सुरुदेखि नै जे कुराकोखोजी गरे त्यस अनुसार तिनीहरूका गन्तव्य निर्धारित गरिए, तिनीहरूले कति धेरै काम गरे, वा अरू मानिसहरूले तिनीहरूको मुल्याङ्कन कसरी गरे त्यसअनुसार होइन। त्यसकारण, परमेश्‍वरको सृष्टिको रूपमा रहेको आफ्नो कर्तव्यलाई सक्रियताको साथ पूरा गर्न खोज्नु नै सफलताको मार्ग हो; परमेश्‍वरप्रतिको साँचो प्रेमको मार्ग खोज्नु नै सबैभन्दा सहि मार्ग हो; आफ्नो पुरानो स्वभावमा परिवर्तनहरू खोज्नु, र परमेश्‍वरप्रतिको चोखो प्रेमको खोजी गर्नु नै सफलताको मार्ग हो। सफलताको त्यस्तो मार्ग नै परमेश्‍वरको सृष्टिको रूपमा रहेको मूल कर्तव्य साथै मूल स्वरूप पुनःप्राप्ति गर्ने मार्ग हो। पुनःप्राप्तिको मार्ग यही नै हो, र सुरुदेखि अन्त्यसम्मै परमेश्‍वरको सम्पूर्ण कार्यको उद्‌देश्य पनि यही नै हो। यदि मानिसको खोजी व्यक्तिगत लालची मागहरू र तर्कहीन आकांक्षाहरूले कलङ्कित छ भने, हासिल गरिने प्रभाव मानिसको स्वभावमा हुने परिवर्तन हुनेछैन। यो पुनःप्राप्तिको कार्यको विपरीत हुन्छ। यो पवित्र आत्माले गर्नुहुने काम होइन भन्नेमा कुनै शङ्का छैन, र त्यसकारण यस प्रकारको खोजीलाई परमेश्‍वरले स्वीकृति दिनुहुन्न भन्ने कुरालाई यसले प्रमाणित गर्छ। परमेश्‍वरले स्वीकृति नदिनुभएको खोजीको के महत्त्व हुन्छ र?

पावलले गरेको काम मानिसको अघि प्रदर्शन गरियो, तर परमेश्‍वरप्रतिको तिनको प्रेम कति चोखो थियो र आफ्नो हृदयको अन्तस्करणमा तिनले परमेश्‍वरलाई कति धेरै प्रेम गर्थे—मानिसले यी कुराहरू देख्न सक्दैन। उसले गरेको कामलाई मात्रै मानिसले देख्न सक्छ, जसद्वारा मानिसले तिनी पवित्र आत्माद्वारा प्रयोग गरिएका थिए भन्ने जान्दछ, र त्यसकारण मानिसले के विचार गर्छ भने पावल पत्रुसभन्दा उत्तम थिए, तिनको काम महान् थियो, किनभने तिनले मण्डलीहरूलाई प्रदान गर्न सकेका थिए। पत्रुसले आफ्नो व्यक्तिगत अनुभवहरूलाई मात्रै हेरे र उनले बेला-बेलामा गर्ने कामको अवधिमा थोरै मानिसहरू मात्रै प्राप्त गरे। तिनका एक-दुई वटा त्यति परिचित नरहेका पत्रहरू मात्रै छन्, तर तिनको हृदयको अन्तस्करणमा परमेश्‍वरको लागि तिनको प्रेम कति महान् थियो भन्ने कुरा कसलाई थाहा छ र? दिन-रात पावलले परमेश्‍वरकै लागि काम गर्थे: जबसम्म गर्नुपर्ने काम हुन्थ्यो, उनले त्यो काम गर्थे। यसरी तिनले मुकुट प्राप्त गर्नेछन्, र परमेश्‍वरलाई सन्तुष्ट पार्न सक्नेछन् भन्ने उनलाई लागेको थियो, तैपनि तिनले आफ्नो कामद्वारा आफैलाई

परिवर्तन गर्ने तरिकाहरूको खोजी गरेनन्। परमेश्‍वरको चाहनालाई सन्तुष्‍ट नगर्ने पत्रुसको जीवनको कुनै पनि कुराले तिनलाई असहज महसुस गरायो। यदि यसले परमेश्‍वरको चाहनालाई सन्तुष्‍ट पार्दैन थियो भने, तिनले ग्लानिको अनुभव गर्ने थिए, र परमेश्‍वरको हृदयलाई सन्तुष्‍ट पार्ने प्रयास गर्नको लागि तिनले उचित मार्गको खोजी गर्ने थिए। उनको जीवनको सबैभन्दा सानो र महत्त्वहीन पक्षहरूमा समेत, उनले आफैलाई परमेश्‍वरको चाहना सन्तुष्‍ट पार्न लगाउँथे। आफ्नो पुरानो स्वभावको हकमा तिनको मापदण्ड कम थिएन, त्यसैले तिनले सत्यतामा अझै गहन रूपमा अघि बढ्नको लागि आफैलाई झन्-झन् कठिन मापदण्डहरू दिन्थे। पावलले सतही सम्मान र हैसियत मात्रै खोज्थे। उनले आफैलाई मानिसको अघि प्रदर्शन गर्न खोज्थे, र जीवन प्रवेशमा कुनै पनि गहन प्रगति गर्ने प्रयास गर्दैन थिए। तिनलाई वास्तविकताको होइन धर्मसिद्‌धान्तको चासो थियो। कतिपय मानिसहरू भन्छन्, "परमेश्‍वरको लागि पावलले धेरै काम गरे, किन तिनलाई परमेश्‍वरले सम्झनु भएन? पत्रुसले परमेश्‍वरको लागि थोरै काम बाहेक केही पनि गरेनन्, र मण्डलीहरूप्रति ठूलो योगदान दिएनन्, त्यसोभए किन तिनलाई सिद्‌ध पारियो?" परमेश्‍वरले माग गर्नुभएको निश्‍चित विन्दुसम्म पत्रुसले परमेश्‍वरलाई प्रेम गरे; यस्तो मानिसहरूमा मात्रै गवाही हुन्छ। पावलको विषयमा के भन्ने? कुन हदसम्म पावलले परमेश्‍वरलाई प्रेम गरे? के तँलाई थाहा छ? पावलको काम केको लागि गरियो? अनि पत्रुसको काम केको लागि गरियो? पत्रुसले त्यति धेरै काम गरेनन्, तर उसको हृदयको अन्तस्करणभित्र के थियो भन्ने के तँलाई थाहा छ? पावलको काम मण्डलीहरूको निम्ति प्रावधान, र मण्डलीहरूको सहयोगसँग सम्बन्धित थियो। पत्रुसले जे अनुभव गरेका थिए त्यो उनको जीवनको स्वभावका परिवर्तनहरू थिए; तिनले परमेश्‍वरप्रतिको प्रेमको अनुभव गरे। तिनीहरूका सारका बारेमा रहेका भिन्नताहरू अब तँलाई थाहा भएको हुनाले, के तँ आखिरमा कसले साँचो रूपमा परमेश्‍वरलाई प्रेम गर्‍यो, र कसले परमेश्‍वरलाई साँचो रूपमा प्रेम गरेन सो देख्‍न सक्छस्? तिनीहरूमध्ये एक जनाले परमेश्‍वरलाई साँचो रूपमा प्रेम गरे, र अर्कोले परमेश्‍वरलाई साँचो रूपमा प्रेम गरेनन्; एक जना आफ्नो स्वभावमा परिवर्तन भएर गयो, र अर्को गएन; एउटाले नम्रताको साथ सेवा गरे, र मानिसहरूले तिनलाई त्यति सजिलै ध्यान दिएनन्, र अर्कोलाई मानिसहरूले आराधना गरे, र तिनी एक ठूलो छविको व्यक्ति थिए; एउटाले पवित्रताको खोजी गरे, र अर्कोले खोजी गरेन, र तिनी अशुद्‌ध थिएनन्, तैपनि तिनमा चोखो प्रेम थिएन; एक जनामा साँचो मानवता थियो, र अर्कोमा थिएन; एक जनामा परमेश्‍वरको सृष्‍टिको रूपमा आभास थियो, र अर्कोमा थिएन। पावल र पत्रुसको सारमा रहेका भिन्नताहरू यिनै हुन्। पत्रुसले हिँडेको मार्ग सफलताको मार्ग थियो, जुन सामान्य मानवता पुनःप्राप्ति र परमेश्‍वरका सृष्‍टिको कर्तव्य पुनःप्राप्ति हासिल गर्ने मार्ग पनि थियो। पत्रुसले तिनीहरू सबैलाई प्रतिनिधित्व गर्छन् जो सफल छन्। पावलले हिँडेको मार्ग असफलताको मार्ग थियो, र तिनले आफुस्वयमलाई सतही रूपमा समर्पित हुने र खर्च गर्ने, अनि परमेश्‍वरलाई सच्चा प्रेम नगर्नेहरू सबैलाई प्रतिनिधित्व गर्छन्। पावलले तिनीहरू सबैलाई प्रतिनिधित्व गर्छन्, जोसँग सत्य छैन। परमेश्‍वरमाथिको विश्‍वासमा, पत्रुसले सबै कुरामा परमेश्‍वरलाई नै सन्तुष्‍ट पार्न खोजे, र परमेश्‍वरबाट आएका सबै कुरालाई पालना गर्न खोजे। अलिकति पनि गुनासो नगरिकन, उनले सजाय र न्याय, साथै शोधन, संकष्‍ट र उसको जीवनमा

नरोकिकन स्वीकार गर्न सकेका थिए, जसमध्ये कुनैले पनि परमेश्‍वरप्रतिको तिनको प्रेमलाई परिवर्तन गर्न सकेन। के यो परमेश्‍वरप्रतिको सर्वश्रेष्ठ प्रेम थिएन र? के यो परमेश्‍वरको एकजना सृष्टिको कर्तव्यको पूर्णता थिएन र? सजाय, न्यायमा होस् या संकष्टमा होस्, तैँले सँधै मृत्युसम्मै आज्ञापालन हासिल गर्न सक्छस्, र परमेश्‍वरको एकजना सृष्टिले हासिल गर्नुपर्ने यही नै हो, र परमेश्‍वरप्रतिको प्रेमको विशुद्‌धता यही नै हो। यदि मानिसले यतिसम्म हासिल गर्न सक्छ भने, ऊ परमेश्‍वरको सुयोग्य प्राणी हो, र सृष्टिकर्ताको चाहनालाई यसले जत्तिको राम्ररी सन्तुष्ट पार्ने अरू केही छैन। मानौं तँ परमेश्‍वरको लागि काम गर्न सक्छस्, तैपनि तँ परमेश्‍वरको आज्ञापालन गर्दैनस्, र तँ परमेश्‍वरलाई साँचो रूपमा प्रेम गर्न सक्दैनस्। यसरी, तैँले परमेश्‍वरको सृष्टिको रूपमा रहेको कर्तव्यलाई पूरा नगरेको मात्रै हुने छैनस्, तर तँलाई परमेश्‍वरले दोषी पनि ठहर्याउनु हुनेछ, किनभने तँ त्यस्तो व्यक्ति होस् जोसँग सत्य छैन, जसले परमेश्‍वरको आज्ञापालन गर्न सक्दैन, र जो परमेश्‍वरप्रति अनाज्ञाकारी छ। तैँले परमेश्‍वरको लागि काम गर्ने बारेमा मात्रै चासो गर्छस्, र सत्यतालाई अभ्यास गर्ने वा आफैलाई चिन्ने बारेमा चासो गर्दैनस्। तैँले सृष्टिकर्तालाई बुझ्दैनस् वा चिन्दैनस्, र सृष्टिकर्ताको आज्ञापालन गर्दैनस् वा उहाँलाई प्रेम गर्दैनस्। तँ परमेश्‍वरप्रति अन्तर्निहित रूपमा अनाज्ञाकारी रहेको व्यक्ति होस्, र त्यसकारण त्यस्ता मानिसहरूलाई परमेश्‍वरले प्रिय ठान्नुहुन्न।

कतिपय मानिसहरूले भन्छन्, "पावलले निकै धेरै मात्रामा काम गरे, र मण्डलीहरूका लागि उनले निकै ठूलो भार थामे र तिनीहरूका निम्ति धेरै योगदान दिए। २,००० वर्षको अनुग्रहको युगमा पावलका तेह्र वटा पत्रहरूलाई समर्थन गरियो, र तिनलाई चार वटा सुसमाचारपछि दोस्रोमा गनिन्छ। कसलाई तिनीसित तुलना गर्न सक्छ? यूहन्नाको प्रकाशको पुस्तकलाई कसैले पनि अर्थ्याउन सक्दैन, जबकी पावलका पत्रहरूले जीवन प्रदान गर्छन्, र तिनले गरेको काम मण्डलीहरूका लागि लाभदायक थियो। अरू कसले यस्ता कुराहरू हासिल गर्न सक्थ्यो र? अनि पत्रुसले के काम गऱ्यो र?" जब मानिसले अरूको लेखा-जोखा गर्छ, उसले तिनीहरूको योगदानअनुसार नै त्यसो गर्छ। जब परमेश्‍वरले मानिसको लेखा-जोखा गर्नुहुन्छ, उहाँले मानिसको प्रकृतिअनुसार त्यसो गर्नुहुन्छ। जीवनको खोजी गर्नेहरूमध्ये, पावल त्यो व्यक्ति थिए जसलाई आफ्नै सार थाहा थिएन। तिनी कुनै पनि हालतमा नम्र वा आज्ञाकारी थिएनन्, न त तिनलाई परमेश्‍वरको विरोधमा रहेको उसको सारबारे नै थाहा थियो। त्यसकारण तिनी विस्तृत अनुभवहरूबाट गुज्रेर नगएका व्यक्ति, र सत्यतालाई अभ्यास नगरेका व्यक्ति थिए। पत्रुस फरक थिए। तिनलाई आफ्ना असिद्‌धताहरू, कमजोरीहरू, र परमेश्‍वरको सृष्टिको रूपमा रहेको आफ्नो भ्रष्ट स्वभावको बारेमा थाहा थियो, र त्यसकारण उनमा आफ्नो स्वभाव परिवर्तन गर्नको लागि अभ्यासको मार्ग थियो; तिनी धर्मसिद्‌धान्त मात्रै भएका तर कुनै वास्तविकता नभएकाहरूमध्ये एक थिएनन्। परिवर्तन हुनेहरू मुक्ति पाएका नयाँ मानिसहरू हुन्, तिनीहरू सत्यताको खोजी गर्नको लागि सुयोग्य मानिसहरू हुन्। परिवर्तन नहुने मानिसहरू स्वभाविक रूपमै थोत्रा मानिसहरू हुन्; तिनीहरू मुक्ति नपाएका, अर्थात् परमेश्‍वरले तिरस्कार र इन्कार गर्नुहुने मानिसहरू हुन्। तिनीहरूको काम जति नै ठूलो भए तापनि तिनीहरूलाई परमेश्‍वरले स्मरण गर्नुहुनेछैन। जब तँ यसलाई तेरो आफ्नै खोजीसँग तुलना

गर्छस्, तब तँ आखिरमा पत्रुस जस्तो व्यक्ति हो कि पावल जस्तो व्यक्ति होस् त्यो आफै स्पष्ट हुन्छ। तैँले जे खोजी गर्छस् त्यसमा अझै कुनै सत्यता छैन भने, र आज समेत तँ पावलजस्तै अहङ्कारी र अटेरी छस्, र तिनीजस्तै अझै पनि गफ हाँक्ने र घमण्डी छस् भने, तँ असफल हुने अपभ्रष्ट व्यक्ति होस् भन्नेमा कुनै शङ्का छैन। यदि तँ पत्रुसले खोजी गरेकै कुरा खोज्छस्, यदि तँ अभ्यासहरू र साँचो परिवर्तनहरूको खोजी गर्छस्, अनि तँ अहङ्कारी वा मनोमानी गर्ने छैनस्, तर तैँले आफ्नो कर्तव्य पूरा गर्छस् भने, तँ परमेश्‍वरको विजय हासिल गर्न सक्ने सृष्टि बन्‍नेछस्। उसको आफ्नो सार वा भ्रष्टताको बारेमा पावललाई थाहा थिएन, तिनलाई आफ्नै अनाज्ञाकारीताको बारेमा थाहा हुने कुरा त परै जाओस्। ख्रीष्टप्रतिको तिनको घृणित अनाज्ञाकारितालाई तिनले कहिल्यै उल्लेख गरेनन्, न त तिनी अत्यन्तै अपसोसी नै थिए। तिनले छोटो स्पष्टीकरण मात्रै दिए र, आफ्नो हृदयको अन्तस्करणमा, तिनी परमेश्‍वरमा पूर्ण रूपमा समर्पित भएनन्। तिनी दमस्कसको बाटोमा लडेको भए तापनि, तिनले आफैभित्रको गहिराइमा हेरेनन्। तिनी निरन्तर काम गरिरहनमा नै सन्तुष्ट थिए, र तिनले आफैलाई चिन्‍नु र आफ्नो पुरानो स्वभावलाई परिवर्तन गर्नुलाई सबैभन्दा महत्त्वपूर्ण समस्याको रूपमा लिएनन्। तिनी सत्यता बोल्नुमा, उसको आफ्नो विवेकको मलमको रूपमा अरूको लागि जुटाउनुमा, र आफ्नो विगतको पापहरूको लागि आफैलाई सान्त्वना दिन र आफैलाई क्षमा दिन येशूका चेलाहरूलाई त्यस उप्रान्त नसताउनुमा मात्रै सन्तुष्ट थिए। तिनले पछ्याएको उद्‌देश्य भविष्यको मुकुट र परिवर्तनात्मक कार्यभन्दा बढी केही पनि थिएन, उनले पछ्याएको उद्‌देश्य प्रशस्त अनुग्रह थियो। तिनले पर्याप्त सत्यतालाई खोजी गरेनन्, न त तिनी पहिले तिनले नबुझेको सत्यतामा अझै गहन रूपमा अघि बढ्‌न नै खोजे? त्यसकारण आफ्नो बारेमा रहेको तिनको ज्ञानलाई झूट भनेर भन्‍न सकिन्छ, र तिनले सजाय वा न्यायलाई स्वीकार गरेनन्। तिनले काम गर्न सके भन्दैमा तिनलाई आफ्नो प्रकृति वा सारको ज्ञान थियो भन्‍ने होइन; तिनको ध्यान भनेको बाहिरी अभ्यासहरूमा मात्रै केन्द्रित थियो। यसको साथै, तिनी जेको लागि मरिमेट्‌थे त्यो परिवर्तन होइन, तर ज्ञान थियो। तिनको काम पूर्ण रूपमा दमस्कसको बाटोमा येशू देखा पर्नुभएको घटनाको परिणाम थियो। यो तिनले मूल रूपमा गर्ने भनी अठोट गरेको कुरा थिएन, न त उसको पुरानो स्वभावलाई काट-छाँट गर्ने कार्यलाई तिनले स्वीकार गरिसकेपछि गरिएको कार्य नै थियो। तिनले जसरी काम गरेको भए तापनि, तिनको पुरानो स्वभाव परिवर्तन भएन, र त्यसकारण तिनको कार्यले तिनलाई तिनको पापहरूबाट प्रायश्‍चित गरेन तर त्यो समयका निश्‍चित मण्डलीहरूका बीचमा निश्‍चित भूमिका मात्रै निर्वाह गऱ्यो। यस्तो कुनै व्यक्ति, जसको पुरानो स्वभाव परिवर्तन भएन–भन्‍नुको अर्थ, तिनले मुक्ति प्राप्त गरेनन्, र तिनमा सत्यताको अझै कमी थियो–तिनी प्रभु येशूले स्वीकार गरेकाहरूमध्ये एक बन्‍न सक्दैन थिए। तिनी येशू ख्रीष्टप्रतिको प्रेम र श्रद्‌धाले भरिएको व्यक्ति थिएनन्, न त तिनी सत्यताको खोजी गर्नमा सिपालु व्यक्ति नै थिए, तिनी देहधारणको रहस्यलाई खोज्ने व्यक्ति थिए भन्‍ने त कुरै नगरौं। तिनी त्यो व्यक्ति मात्रै थिए जो दर्शनवादमा निपुर्ण थिए, र जो तिनीभन्दा उच्च वा सत्यता भएका कसैप्रति पनि समर्पित नहुने व्यक्ति थिए। उनको विपरीत रहेका वा उनीप्रति शत्रुवत रहेका मानिसहरू वा सत्यताहरूप्रति तिनी डाहा गर्थे, यसरी तिनले महान् छवि प्रस्तुत गर्ने र गहन ज्ञान

भएका वरदान प्राप्त मानिसहरूलाई रुचाउथे। साँचो मार्गको खोजी गर्ने र सत्यता बाहेक केही कुराको चासो नगर्ने गरिब मानिसहरूसँग कुराकानी गर्न तिनलाई मन पर्दैन थियो, र बरु धर्मसिद्धान्तहरूको बारेमा मात्रै कुरा गर्ने र प्रशस्त ज्ञान भएका धार्मिक संस्थाका माथिल्ला पदका धार्मिक व्यक्तिहरूसँग आफैलाई उठबस गराउँथे। पवित्र आत्माको नयाँ कार्यप्रति तिनीसँग कुनै प्रेम थिएन र पवित्र आत्माको नयाँ कार्यको अभियानको उनलाई चासो थिएन। बरु, आधारभूत सत्यताहरूभन्दा माथि रहेका नियम र धर्मसिद्धान्तहरूलाई नै तिनी मन पराउँथे। तिनको जन्मजात सार र तिनले जे कुराको खोजी गरे त्यसको सम्पूर्णतामा, तिनलाई सत्यताको खोजी गर्ने ख्रीष्टीयन भनेर भन्नु योग्य छैन, परमेश्वरको घरको विश्वासयोग्य सेवक भनेर भन्ने कुरा त परै जाओस्, किनभने तिनको ढोङ्गीपन अत्यन्तै धेरै थियो, र तिनको अनाज्ञाकारीता अत्यन्तै ठूलो थियो। तिनी प्रभु येशूको सेवकको रूपमा चिनिए तापनि, तिनी स्वर्गको राज्यको द्वारमा प्रवेश गर्न योग्य थिएनन्, किनभने सुरुदेखि अन्त्यसम्मका तिनका कार्यहरूलाई धर्मी भनेर भन्न सकिँदैन। तिनलाई पाखण्डी, र अधर्म गर्ने, तैपनि ख्रीष्टको लागि काम गर्ने व्यक्तिको रूपमा मात्रै हेर्न सकिन्छ। तिनलाई दुष्ट भनेर भन्न नसकिए तापनि, तिनलाई अधर्म गर्ने मानिस भनेर उपयुक्त रूपमै भन्न सकिन्छ। तिनले धेरै काम गरे, तैपनि तिनलाई तिनले गरेको कामको मात्राको आधारमा होइन, तर त्यसको गुणस्तर र सारको आधारमा मात्रै मूल्याङ्कन गरिनुपर्छ। यसरी मात्रै यस विषयको पिँधमा पुग्न सम्भव हुन्छ। तिनले सधैँ यो विश्वास गरे: "म काम गर्न सक्षम छु; म धेरैजसो मानिसहरूभन्दा उत्तम छु; मैले प्रभुको बोझलाई जति बुझ्न सक्छु त्यति कसैले पनि बुझ्न सक्दैन, र मैले जत्तिको गहन रूपमा कसैले पनि पश्चात्ताप गर्दैन, किनभने मलाई ठूलो ज्योति ममाथि चम्किएको छ, र मैले ठूलो ज्योति देखेको छु, र त्यसकारण मेरो पश्चात्ताप अरू कसैको भन्दा गहन छ।" त्यो बेला, उनले आफ्नो हृदयमा यही सोचे। आफ्नो कामको अन्त्यतिर, पावलले भने: "मैले लडाइ लडेको छु, मैले मेरो दौड सिध्याएको छु, र मेरो लागि धार्मिकताको मुकुट राखिएको छ।" तिनको लडाइ, काम, र यात्रा पूर्ण रूपमा धार्मिकताको मुकुटकै खातिर थियो, र तिनी सक्रिय रूपमा अघि बढेनन्। आफ्नो काममा तिनी लापरवाही नरहेको भए तापनि, आफ्ना गल्तीहरूलाई पूर्ति गर्न, उसका विवेकका दोषहरूलाई पूर्ति गर्नको लागि मात्रै उनले काम गरेका थिए भनेर भन्न सकिन्छ। तिनले आफूले तृष्णा गरेको तिनको धार्मिकताको मुकुटलाई चाँडोभन्दा चाँडो प्राप्त गर्न सकूँ भनेर जतिसक्दो चाँडो आफ्नो काम पूरा गर्ने, आफ्नो दौड पूरा गर्ने, र लडाइ लड्ने आशा मात्रै गरेका थिए। तिनले आफ्ना अनुभवहरू र साँचो ज्ञानद्वारा प्रभु येशूलाई भेट्ने होइन, तर तिनको कामले तिनको लागि कमाएका इनामहरू प्रभु येशूलाई भेट्ने बितिकै प्राप्त गर्नको लागि जति सक्दो चाँडो आफ्नो काम समाप्त गर्ने तृष्णा गरे। तिनले आफैलाई सान्त्वना दिन, र आफ्नो भविष्यको मुकुटको साटो सम्झौता गर्नको लागि आफ्नो कामको प्रयोग गरे। तिनले सत्यता वा परमेश्वरलाई होइन, तर मुकुटलाई मात्रै खोजे। त्यस्तो खोजी कसरी मापदण्डको स्तरमा पुग्न सक्छ? तिनको उत्प्रेरणा, तिनको कार्य, तिनले चुकाएको मूल्य, र तिनका सबै प्रयासहरू–ती सबै नै तिनका सुन्दर कल्पनाहरूले व्याप्त थिए, र तिनले पूर्ण रूपमा आफ्नै चाहनाहरूअनुसार काम गरे। तिनको कामको सम्पूर्णतामा, तिनले चुकाएको मूल्यमा अलिकति पनि तत्परता थिएन; तिनी सम्झौता गर्ने कार्यमा

मात्रै संलग्न भएका थिए। आफ्नो कर्तव्य पूरा गर्नको लागि मात्रै तिनले स्वेच्छाले प्रयासहरू गरेका थिएनन्, तर सम्झौताको उद्‌देश्यलाई हासिल गर्नको लागि मात्रै स्वेच्छाले ती गरेका थिए। के त्यस्ता प्रयासहरूको कुनै मूल्य छ र? तिनका अशुद्‌ध प्रयासहरूलाई कसले तारिफ गर्ने थियो र? त्यस्ता प्रयासहरूप्रति कसैसँग कुनै चासो छ र? तिनको काम भविष्यका सपनाहरूले भरिपूर्ण थिए, सुन्दर योजनाले भरिपूर्ण थिए, र मानव स्वभावलाई परिवर्तन गर्ने कुनै मार्ग समावेश थिएन। तिनका धेरैजसो उपकारहरू बहाना मात्रै थिए; तिनको कार्यले जीवन प्रदान गरेन, तर त्यो देखावटी शिष्टाचार मात्रै थियो; यो सम्झौता गर्ने कार्य मात्रै थियो। यस्तो कार्यले मानिसलाई कसरी आफ्नो मूल कर्तव्य पुनःप्राप्ति गर्ने मार्गमा डोर्याउन सक्छ?

पत्रुसले जे खोजी गरे त्यो सबै परमेश्वरको हृदय अनुरूप थिए। तिनले परमेश्वरका चाहनाहरूलाई पूरा गर्न खोजे, र कष्ट-भोग र विपत्तिको बाबजुद पनि, तिनी परमेश्वरको इच्छा पूरा गर्न इच्छुक थिए। परमेश्वरका विश्वासीले गर्ने खोजी योभन्दा ठूलो हुँदैन। पावलले जे खोजी गरे त्यो तिनकै आफ्नै देहद्‌वारा, तिनकै आफ्नै धारणाहरूद्‌वारा, र तिनका आफ्नै योजनाहरूद्‌वारा र युक्तिहरूद्‌वारा कलङ्कित थियो। तिनी कुनै पनि हालतमा परमेश्वरका सुयोग्य सृष्टि थिएनन्, तिनी परमेश्वरको इच्छा पूरा गर्न खोज्ने व्यक्ति थिएनन्। पत्रुस परमेश्वरको योजनाबद्‌ध कार्यमा समर्पित हुन खोज्थे, अनि तिनले गरेको काम ठुलो नभएको भए तापनि, तिनको खोजी पछाडिको अभिप्राय र तिनले हिँडेको मार्ग सहि थियो; तिनले धेरै मानिसहरू प्राप्त गर्न नसकेको भए तापनि, तिनले सत्यको मार्ग पछ्याउन सके। यही कारणले तिनी परमेश्वरका सुयोग्य सृष्टि थिए भनेर भन्न सकिन्छ। आज, तँ कामदार नभए तापनि, तैँले परमेश्वरको सृष्टिको कर्तव्यलाई निभाउन सक्नुपर्छ र परमेश्वरका सबै योजनाबद्‌ध कार्यमा समर्पित हुने प्रयास गर्नुपर्छ। परमेश्वरले जे भन्नुहुन्छ त्यसलाई तैँले पालना गर्न, र सबै प्रकारका संकष्ट र शोधनलाई अनुभव गर्न सक्नुपर्छ, अनि तँ कमजोर भए तापनि, आफ्नो हृदयमा तैँले परमेश्वरलाई प्रेम गर्न सक्नुपर्छ। तिनीहरूका आफ्नो जीवनको लागि जिम्मेवारी लिनेहरू परमेश्वरको सृष्टिको रूपमा कर्तव्यलाई निभाउन इच्छुक हुन्छन्, र खोजीसम्बन्धी त्यस्ता मानिसहरूको दृष्टिकोण सहि हुन्छ। परमेश्वरलाई चाहिने मानिसहरू यिनै हुन्: यदि तैँले धेरै काम गरेको छस्, र अरूले तेरा शिक्षाहरू प्राप्त गरेका छन्, तर तँ आफै परिवर्तन भइनस्, र कुनै पनि गवाही वहन गरेको छैनस्, वा तँमा कुनै साँचो अनुभव छैन, यहाँसम्म कि तेरो जीवनको अन्त्यसम्म पनि तैँले जे गरेको छस् त्यसले कुनै गवाही वहन गर्दैन भने, के तँ परिवर्तन भएको व्यक्ति होस् र? के तँ सत्यताको खोजी गर्ने व्यक्ति होस्? त्यो बेला, पवित्र आत्माले तँलाई प्रयोग गर्नुभयो, तर जब उहाँले तँलाई प्रयोग गर्नुभयो, तब उहाँले कामको लागि प्रयोग गर्न सकिने तेरो भागलाई प्रयोग गर्नुभयो, र प्रयोग गर्न नसकिने तेरो भागलाई उहाँले प्रयोग गर्नुभएन। यदि तैँले परिवर्तनको खोजी गरिस् भने, प्रयोग हुने प्रक्रियाको अवधिमा तँ क्रमिक रूपमा सिद्‌ध पारिने थिइस्। तैपनि तँलाई आखिरमा प्राप्त गरिने छ कि छैन भन्ने बारेमा पवित्र आत्माले कुनै पनि जिम्मेवारीहरू स्वीकार गर्नुहुन्न, र यो तेरो खोजीको तरिकामा नै निर्भर हुन्छ। यदि तेरो व्यक्तिगत स्वभावमा कुनै परिवर्तनहरू छैन भने, खोजीसम्बन्धी तेरो दृष्टिकोण गलत भएकोले नै त्यसो भएको हो। यदि तँलाई कुनै इनाम दिइएन भने, त्यो तेरो आफ्नै समस्या हो, र

तैँले सत्यतालाई अभ्यास नगरेको हुनाले र तैँले परमेश्‍वरको चाहनालाई पूरा गर्न नसक्ने भएकोले यस्तो हुन्छ। त्यसकारण, तेरा व्यक्तिगत अनुभवहरू जत्तिको धेरै महत्त्वपूर्ण अरू केही हुँदैन, र तेरो व्यक्तिगत प्रवेश जत्तिको गम्भीर कुरा अरू केही हुँदैन! कतिपय मानिसहरू यसो भन्‍ने अवस्थामा पुग्छन्, "मैले तपाईंको लागि धेरै काम गरेको छु, र मैले कुनै पनि उल्लासपूर्ण उपलब्धिहरू प्राप्त नगरेको भए तापनि, मेरा प्रयासहरूमा म लगनशील नै भएको छु। के तपाईं मलाई जीवनको फल खानको लागि स्वर्गमा प्रवेश गर्न मात्रै दिन सक्नुहुन्‍न र?" मैले कस्ता प्रकारका मानिसहरूलाई चाहन्छु तैँले जान्‍नैपर्छ; अशुद्धहरूलाई राज्यमा प्रवेश गर्ने अनुमति छैन, अशुद्धहरूलाई पवित्र भूमि अपवित्र तुल्याउने अनुमति छैन। तैँले धेरै काम गरेको, र धेरै वर्षसम्म काम गरेको हुन सक्ने भए तापनि, आखिरमा तँ दुःखलाग्दो किसिमले घिन लाग्दो छस् भने, तैँले मेरो राज्यमा प्रवेश गर्न चाहनु स्वर्गको कानुनको लागि असहनीय हुनेछ! संसारको जग बसालेदेखि अहिलेसम्म, मसँग चापलुसी गर्नेहरूलाई मैले राज्यमा सहज रूपमा प्रवेश गर्न कहिल्यै दिएको छैन। यो स्वर्गीय नियम हो, र कसैले पनि यसलाई तोड्‍न सक्दैन! तैँले जीवनको खोजी गर्नैपर्छ। आज, सिद्ध पारिनेहरू पत्रुसजस्तै हुन्: तिनीहरू आफ्नै स्वभावमा परिवर्तन खोज्‍ने, र परमेश्‍वरको गवाही वहन गर्न र परमेश्‍वरका सृष्टिको रूपमा रहेको आफ्नो कर्तव्य निभाउन इच्छुक हुने मानिसहरू हुन्। यस्ता मानिसहरूलाई मात्रै सिद्ध पारिनेछ। यदि तँ इनामहरूलाई मात्रै हेर्छस्, र आफ्नो जीवनको स्वभावलाई परिवर्तन गर्न खोज्दैनस् भने, तेरा सबै प्रयासहरू व्यर्थ हुनेछन्—यो अपरिवर्तनीय सत्यता हो!

पत्रुस र पावलका सारहरूमा रहेका भिन्‍नताबाट तैँले जीवनको खोजी नगर्नेहरू व्यर्थमा परिश्रम गर्छन् भन्‍ने बुझ्नुपर्छ! तैँले परमेश्‍वरमा विश्‍वास गर्छस् र परमेश्‍वरलाई नै पछ्याउँछस्, र त्यसकारण तेरो हृदयमा तैँले परमेश्‍वरलाई प्रेम गर्नैपर्छ। तैँले आफ्नो भ्रष्‍ट स्वभावलाई पन्छ्याउनैपर्छ, तैँले परमेश्‍वरको चाहनालाई पूरा गर्न खोज्नुपर्छ, र परमेश्‍वरको सृष्टिको रूपमा रहेको कर्तव्यलाई तैँले निभाउनैपर्छ। तैँले परमेश्‍वरमा विश्‍वास गर्ने र पछ्याउने हुनाले, तैँले सबै कुरा उहाँलाई नै चढाउनुपर्छ, र तैँले व्यक्तिगत छनौटहरू वा मागहरू गर्नुहुँदैन, अनि तैँले परमेश्‍वरका चाहनाहरूको पूर्णता हासिल गर्नुपर्छ। तँलाई सृष्‍टि गरिएको हुनाले, तैँले तँलाई सृष्‍टि गर्नुहुने प्रभुको आज्ञापालन गर्नुपर्छ, किनभने अन्तर्निहित रूपमा तँप्रति तेरो आफ्नै प्रभुत्व छैन, र तेरो आफ्नै गन्तव्यलाई नियन्त्रण गर्ने कुनै क्षमता तँसँग छैन। तँ परमेश्‍वरलाई विश्‍वास गर्ने व्यक्ति भएको हुनाले, तैँले पवित्रता र परिवर्तनको खोजी गर्नुपर्छ। तँ परमेश्‍वरको सृष्‍टि होस्, त्यसकारण तैँले तेरो कर्तव्यलाई पालना गर्नुपर्छ, र तेरो स्थानलाई कायम राख्‍नुपर्छ, अनि तैँले आफ्नो कर्तव्यलाई नाघ्नु हुँदैन। यो तँलाई धर्मसिद्धान्तद्वारा बन्धनमा पार्नु, वा तँलाई दबाउनको लागि होइन, तर यो त तैँले तेरो कर्तव्य निभाउन सक्ने मार्ग हो, र धार्मिकताको काम गर्ने सबैले यसलाई हासिल गर्नुपर्छ र हासिल गर्न सक्छन्। यदि तैँले पत्रुस र पावलका सारहरूलाई तुलना गरिस् भने, तैँले कसरी खोजी गर्नुपर्ने हो त्यो तैँले जान्‍नेछस्। पत्रुस र पावलले हिँडेका मार्गहरूमध्ये, एउटा सिद्ध पारिने मार्ग हो, र अर्को निष्कासन हुने मार्ग हो; पत्रुस र पावलले दुई फरक-फरक मार्गहरूलाई प्रतिनिधित्व गर्छन्। तिनीहरू प्रत्येकले पवित्र आत्माको काम प्राप्त गरे, र प्रत्येकले पवित्र आत्माको अन्तर्दृष्‍टि र ज्योति

प्राप्त गरे, र प्रत्येकले प्रभु येशूद्वारा तिनीहरूलाई सुम्पिएका कुरालाई स्वीकार गरे, तैपनि प्रत्येकमा फलेको फल उही थिएन: एउटाले साँचो रूपमा फल फलायो, अर्कोले फलाएन। तिनीहरूका सारहरू, तिनीहरूले गरेका काम, तिनीहरूले बाहिरी रूपमा व्यक्त गरेका कुरा, र तिनीहरूका अन्तिम समाप्तिका आधारमा, तैँले कुन मार्गमा हिँड्नुपर्छ, तैँले कुन मार्गमा हिँड्ने निर्णय गर्नुपर्छ सो बुझ्नुपर्छ। तिनीहरूले दुई वटा स्पष्ट रूपमा फरक-फरक मार्ग हिँडे। पावल र पत्रुस, तिनीहरू प्रत्येक मार्गका सिद्ध उदाहरण थिए, र त्यसकारण सुरुदेखि नै तिनीहरू यी दुई मार्गका प्रतीक बने। पावलका अनुभवहरूका मुख्य बुँदाहरू के-के हुन्, र तिनी किन सफल भएनन्? पत्रुसका अनुभवहरूका मुख्य बुँदाहरू के-के हुन्, र तिनले सिद्ध बनाइने कार्यलाई कसरी अनुभव गरे? तिनीहरू प्रत्येकले के कुरालाई वास्ता गर्थे त्यसलाई तैँले तुलना गरिस् भने, परमेश्‍वरले ठ्याक्कै कस्तो प्रकारको व्यक्ति चाहनुहुन्छ, परमेश्‍वरको इच्छा के हो, परमेश्‍वरको स्वभाव के हो, कस्तो प्रकारको व्यक्तिलाई आखिरमा सिद्ध पारिन्छ, र कस्तो प्रकारको व्यक्तिलाई सिद्ध पारिनेछैन तैँले सो जान्‍नेछस्; सिद्ध पारिनेहरूको स्वभाव के हो, र सिद्ध नपारिनेहरूको स्वभाव के हो सो तैँले जान्‍नेछस्—सारसम्बन्धी यी कुराहरूलाई पत्रुस र पावलका अनुभवहरूमा देख्न सकिन्छ। परमेश्‍वरले सबै थोक सृष्टि गर्नुभयो, त्यसकारण उहाँले सबै सृष्टिलाई उहाँको प्रभुत्वको अधीनमा आउने र उहाँको प्रभुत्वमा समर्पित हुने तुल्याउनुहुन्छ; उहाँले सबै थोकमाथि हुकुम चलाउनुहुनेछ, ताकि सबै थोक उहाँकै हातमा होऊन्। जीव-जनावर, वनस्पति, मानवजाति, पहाड-पर्वत र नदि, अनि तालहरू लगायत परमेश्‍वरका सबै सृष्टि—सबै नै उहाँको प्रभुत्वको अधीनमा आउनैपर्छ। आकाश र जमिनका सबै थोक उहाँको प्रभुत्वको अधीनमा आउनैपर्छ। तिनीहरूसँग कुनै विकल्प हुन सक्दैन र सबै उहाँको योजनाबद्ध कार्यमा समर्पित हुनैपर्छ। यो परमेश्‍वरले आदेश दिनुभएको थियो, र यो परमेश्‍वरको अख्तियार हो। परमेश्‍वरले नै सबै थोकमाथि हुकुम चलाउनुहुन्छ, र हरेकलाई उसको प्रकारअनुसार वर्गीकरण गर्दै, र परमेश्‍वरको इच्छाअनुसार तिनीहरूको आफ्नै स्थान प्रदान गरेर सबै थोकलाई व्यवस्थित गर्नुहुन्छ र क्रम मिलाएर राख्नुहुन्छ। यो जति नै ठूलो भए तापनि, कुनै पनि थोकले परमेश्‍वरलाई उछिन्‍न सक्दैन, परमेश्‍वरले सृष्टि गर्नुभएको मानवजातिलाई नै सबै थोकले सेवा गर्छ, र कुनै पनि थोकले परमेश्‍वरको आज्ञा उल्लङ्घन गर्ने वा परमेश्‍वरलाई कुनै माग गर्ने आँट गर्दैन। त्यसकारण, परमेश्‍वरको सृष्टिको रूपमा मानिसले पनि मानिसको कर्तव्य निभाउनैपर्छ। ऊ सबै थोकका प्रभु वा हेरचाह गर्ने व्यक्ति भए तापनि, सबै थोकको बीचमा मानिसको हैसियत जति उच्च भए तापनि, ऊ परमेश्‍वरको प्रभुत्वको अधीनमा रहेको सानो मानव बाहेक केही पनि होइन, र महत्त्वहीन मानवजाति, परमेश्‍वरको सृष्टि बाहेक केही पनि होइन, र ऊ परमेश्‍वरभन्दा माथि कहिल्यै हुनेछैन। परमेश्‍वरको सृष्टिको रूपमा, मानिसले परमेश्‍वरको सृष्टिको रूपमा रहेको कर्तव्यलाई निभाउने प्रयास गर्नुपर्छ, र अरू कुनै छनौटहरू नगरिकन परमेश्‍वरलाई प्रेम गर्ने खोज्नुपर्छ, किनभने परमेश्‍वर मानिसको प्रेमको योग्य हुनुहुन्छ। परमेश्‍वरलाई प्रेम गर्ने खोजी गर्नेहरूले कुनै पनि व्यक्तिगत लाभहरूको खोजी गर्ने वा तिनीहरूले व्यक्तिगत रूपमा तृष्णा गर्ने कुराहरूको खोजी गर्ने गर्नुहुँदैन; खोजी गर्ने सबैभन्दा सहि माध्यम यही नै हो। यदि तैँले सत्यताको खोजी गर्छस्, यदि तैँले सत्यतालाई अभ्यास गर्छस् भने, र तैँले आफ्नो स्वभावमा परिवर्तन हासिल

गर्छस् भने, तैँले हिँड्ने मार्ग सहि छ। यदि तैँले देहका आशिषहरूको खोजी गर्छस् भने, र तैँले तेरा आफ्ना धारणाहरूको सत्यतालाई अभ्यास गर्छस् भने, र तेरो स्वभावमा कुनै परिवर्तन छैन, र देहमा तँ परमेश्वरप्रति पूर्ण रूपमा आज्ञाकारी छैनस्, अनि तँ अझै अस्पष्टतामा नै जिउँछस् भने, तैँले जे कुराको खोजी गर्छस् त्यसले तँलाई अवश्य नै नरक लैजानेछ, किनभने तैँले हिँड्ने मार्ग असफलताको मार्ग हो। तँलाई सिद्ध पारिनेछ कि हटाइनेछ भन्ने कुरा तेरो आफ्नै खोजीमा निर्भर हुन्छ, भन्नुको अर्थ सफलता वा असफलता मानिसले हिँड्ने मार्गमा नै निर्भर हुन्छ।

## परमेश्वरको काम र मानिसको काम

मानिसको कति काम पवित्र आत्माको काम हो र कति चाहिँ मानिसको अनुभव हो? मानिसहरूले यी प्रश्नहरू अझै पनि बुझ्दैनन् भनी भन्न सकिन्छ, र तिनीहरूले पवित्र आत्माको कामको सिद्धान्तहरू बुझेका छैनन् त्यसकारण त्यसो भएको हो। जब म "मानिसको काम" भन्छु, निश्चय नै मैले जोसँग पवित्र आत्माको काम छ वा पवित्र आत्माद्वारा प्रयोग गरिएका मानिसहरूलाई उल्लेख गरिरहेको हुन्छु। मैले मानिसको इच्छाबाट उत्पन्न भएको कामलाई उल्लेख गरेको होइनँ, तर प्रेरितहरू, सेवकहरू, वा पवित्र आत्माको कामको क्षेत्रभित्र पर्ने साधारण दाजुभाइ तथा दिदीबहिनीहरूको कामलाई उल्लेख गरेको हो। यहाँ "मानिसको काम" ले देहधारी परमेश्वरको कामलाई बुझाउँदैन, तर पवित्र आत्माले मानिसहरूमा प्रदर्शन गर्नुहुने कामका सिद्धान्तहरू र क्षेत्रलाई बुझाउँछ। यी सिद्धान्तहरू पवित्र आत्माको कामका सिद्धान्तहरू र क्षेत्रहरू भए तापनि, यिनीहरू देहधारी परमेश्वरको कामका सिद्धान्तहरू र क्षेत्रजस्तै होइनन्। मानिसको काममा मानिसको सार र सिद्धान्तहरू हुन्छन्, र परमेश्वरको काममा परमेश्वरको सार र सिद्धान्तहरू हुन्छन्।

पवित्र आत्माको प्रवाहमा गरिएको काम चाहे परमेश्वरको आफ्नै काम होस् वा प्रयोग गरिएका मानिसहरू काम होस्, त्यो काम पवित्र आत्माको काम हो। परमेश्वर स्वयम्‌को सारतत्त्व आत्मा हुनुहुन्छ, जसलाई पवित्र आत्मा वा सात गुणा प्रबल आत्मा भन्न सकिन्छ। जे भए तापनि, तिनीहरू परमेश्वरका आत्मा हुन्, यद्यपि परमेश्वरको आत्मालाई फरक युगहरूमा फरक नामले सम्बोधन गरिएको छ। उहाँहरूको सार एउटै हो। त्यसैले, परमेश्वर स्वयम्‌को काम नै पवित्र आत्माको काम हो, साथै देहधारी परमेश्वरको काम पवित्र आत्माले गर्नुहुने कामबाहेक अरू केही होइन। प्रयोग गरिएका मानिसहरूले गर्ने काम पनि पवित्र आत्माको काम नै हो। तैपनि, परमेश्वरको काम पवित्र आत्माको पूर्ण अभिव्यक्ति हो, जुनचाहिँ पूर्णतया साँचो हुन्छ, तर प्रयोग गरिएका मानिसहरूको काममा थुप्रै मानवीय कुराहरू मिसिएका हुन्छन्, र ती पवित्र आत्माको प्रत्यक्ष अभिव्यक्ति होइनन्, त्यो उहाँको पूर्ण अभिव्यक्ति हुने कुरा त परै जाओस्। पवित्र आत्माको काम अनेक छन् र कुनै सर्तहरूद्वारा सीमित छैनन्। पवित्र आत्माको काम फरक मानिसहरूमा फरक-फरक छन्; त्यसले फरक सारतत्त्व प्रकट गर्छ, र यो युग र देश अनुसार फरक हुन्छ। निश्चय नै, पवित्र आत्माले फरक तरिकाले र विभिन्न सिद्धान्तहरू अनुसार काम गर्नुभए तापनि यो काम जसरी गरिए पनि वा जुनसुकै मानिसहरूमा गरिएको भए पनि त्यसको सारतत्त्व सधैँ फरक हुन्छन्; फरक मानिसहरूमा

गरिने सबै कामको फरक-फरक सिद्धान्तहरू हुन्छन्, र ती सबैले आफ्नो उद्‌देश्यको सारतत्त्व प्रतिनिधित्व गर्न सक्छ। यसो हुनुको कारण चाहिँ पवित्र आत्माको काम क्षेत्रको हिसाबले पूर्णतया निर्दिष्ट छ र पूर्णतया मापन गर्न सकिन्छ। देहधारण हुनुभएको शरीरमा गरिएको काम मानिसहरूमा गरिएको काम जस्तै हुँदैन, र जुन व्यक्तिमा काम गरिन्छ उसको योग्यता अनुसार काम फरक हुन्छ। देहधारी शरीरमा गरिने काम मानिसहरूमा गरिने काम होइन, र यो काम मानिसहरूमा गरिने काम जस्तै होइन। संक्षिप्तमा, काम जसरी गरिने भए तापनि फरक वस्तुमा गरिने काम कहिल्यै उही हुँदैनन्, र उहाँले काम गर्नुहुने मानिसहरूको स्थिति र प्रवृत्ति अनुसार उहाँले काम गर्नुहुने सिद्धान्तहरू फरक-फरक हुन्छन्। पवित्र आत्माले मानिसहरूमा अन्तर्निहित सारको आधारमा फरक-फरक काम गर्नुहुन्छ र उनीहरूको सारतत्त्वभन्दा ज्यादा हुने गरी उहाँले तिनीहरूलाई माग गर्नुहुन्न, न त उहाँले उनीहरूको अन्तर्निहित क्षमतालाई नाघ्ने गरी काम गर्नुहुन्छ। त्यसैले, मानिसमा गरिने पवित्र आत्माको कामले मानिसहरूलाई कामको उद्‌देश्यको सार देख्ने तुल्याउँछ। मानिसको अन्तर्निहित सार परिवर्तन हुँदैन; उसको अन्तर्निहित क्षमता सीमित हुन्छ। पवित्र आत्माले मानिसहरूलाई प्रयोग गर्नुहुन्छ वा उनीहरूको योग्यताको सीमितता अनुसार उनीहरूमा काम गर्नुहुन्छ, ताकि त्यसबाट उनीहरूले फाइदा लिन सकून्। जब प्रयोग गरिएका मानिसहरूमा पवित्र आत्माले काम गर्नुहुन्छ, तब ती मानिसहरूको क्षमता र अन्तर्निहित योग्यता प्रस्फुटन हुन्छन्, रोकिएका हुँदैनन्। उनीहरूको अन्तर्निहित योग्यता कामको सेवामा प्रयोग गरिएको हुन्छ। यसलाई यसो भन्न सकिन्छ कि उहाँले आफ्नो काममा प्रयोग गर्न सकिने मानिसहरूको भागहरूलाई प्रयोग गर्नुहुन्छ, ताकि कामको परिणामहरू प्राप्त गर्न सकियोस्। यसको विपरीत, देहधारी शरीरमा गरिने कामले प्रत्यक्ष रूपमा आत्माको काम व्यक्त गर्छ र त्यसलाई मानिसको मन र सोचविचारले दूषित बनाएको हुँदैन; न त मानिसहरूको वरदानहरूले न त मानिसको अनुभवले वा मानिसको जन्मसिद्ध अवस्थाले नै त्यसलाई पहुँच गर्न सक्छ। पवित्र आत्माका सबै असङ्‌ख्य कामको अर्थ मानिसलाई फाइदा पुऱ्याउनु र सुसज्जित पार्नु हो। जे भए तापनि, कतिपय मानिसहरू सिद्ध तुल्याइएका हुन्छ भने कतिपयमा चाहिँ सिद्धताको अवस्था हुँदैन, जसको अर्थ उनीहरूलाई सिद्ध तुल्याउन सकिँदैन र उनीहरूलाई मुक्ति दिन निकै कठिन हुन्छ, र उनीहरूसँग पवित्र आत्माको काम भएको हुन सक्ने भए तापनि, उनीहरूलाई अन्तमा हटाइन्छन्। पवित्र आत्माको काम मानिसहरूलाई सुसज्जित पार्नुको लागि भए तापनि, तैपनि पवित्र आत्माको काम भएका सबै जना पूर्ण रूपमा सिद्ध बनाइनेछन् भनी भन्न सकिँदैन, किनकि धेरै मानिसहरूले अनुसरण गरिरहेको मार्ग उनीहरूलाई सिद्ध बनाउने मार्ग होइन। उनीहरूसँग पवित्र आत्माको एकपक्षीय काम मात्र छ, तर न त उनीहरूसँग मानवीय सहकार्यको कुनै कुरा छ, न त उनीहरूको मानवीय अनुसरण नै सही छ। त्यसैले, यी मानिसहरूमा गरिने पवित्र आत्माको कामले सिद्ध तुल्याइएका मानिसहरूलाई सेवा पुऱ्याउँछ। पवित्र आत्माको कामलाई मानिसहरूले प्रत्यक्ष रूपमा देख्न सक्दैनन्, न त मानिसहरूले त्यसलाई प्रत्यक्ष रूपमा स्पर्श नै गर्न सक्छन्। यसलाई केवल कामको वरदान पाएकाहरूले मात्र व्यक्त गर्न सक्छन्, अर्थात् मानिसहरूको अभिव्यक्तिहरूद्‌वारा पवित्र आत्माको काम अनुयायीहरूलाई प्रदान गरिन्छ।

पवित्र आत्माको काम थुप्रै किसिमका मानिसहरू र थुप्रै फरक अवस्थाहरूबाट सम्पन्न गरिन्छन् र पूरा गरिन्छन्। देहधारी परमेश्‍वरको कामले सम्पूर्ण युगको कामको प्रतिनिधित्व गर्न सक्ने, र सम्पूर्ण युगमा मानिसहरूको प्रवेशलाई पनि प्रतिनिधित्व गर्न सक्ने भए तापनि, पवित्र आत्माले प्रयोग गर्नुभएका मानिसहरूले ले नै मानिसहरूको प्रवेशका विस्तृत विवरणका काम सम्पन्न गर्नु आवश्यक छ, देहधारी परमेश्‍वरले होइन। त्यसैले, परमेश्‍वरको काम वा परमेश्‍वरको आफ्नो सेवकाइ चाहिँ परमेश्‍वरको देहधारी शरीरको काम हो, जुन मानिसले उहाँको सट्टामा गर्न सक्दैन। पवित्र आत्माको काम धेरै किसिममा मानिसहरूबाट सम्पन्न गरिएको हुन्छ; कुनै एक व्यक्तिले यसलाई पूर्णतया हासिल गर्न सक्दैन, र कुनै एक व्यक्तिले यसलाई पूर्णतया व्यक्त गर्न सक्दैन। मण्डलीहरू अगुवाइ गर्नेहरूले पनि पवित्र आत्माको कामलाई पूर्णतया प्रतिनिधित्व गर्न सक्दैनन्; तिनीहरूले केही अगुवाइका काम मात्र गर्न सक्छन्। त्यसैले पवित्र आत्माको कामलाई तीन भागमा विभाजन गर्न सकिन्छ: परमेश्‍वरको आफ्नै काम, प्रयोग गरिएका मानिसहरूको काम, र पवित्र आत्माको प्रवाहमा रहेकाहरूमा काम। परमेश्‍वरको आफ्नै कामचाहिँ सम्पूर्ण युगलाई अगुवाइ गर्नु हो; प्रयोग गरिएका मानिसहरूको काम भनेको, परमेश्‍वरले आफ्नो काम पूरा गर्नुभएपछि परमेश्‍वरद्‌वारा पठाइनु वा परमेश्‍वरबाट आदेशहरू प्राप्त गर्नु हो, परमेश्‍वरका अनुयायीहरूलाई अगुवाइ गर्नु हो, र परमेश्‍वरको काममा सहकार्य गर्नेहरू यिनीहरू नै हुन्; प्रवाहमा भएकाहरूमाथि पवित्र आत्माले गर्नुभएको काम चाहिँ उहाँका सबै कामलाई कायम राख्नु हो, अर्थात् उहाँका सम्पूर्ण व्यवस्थापन र उहाँको साक्षी कायम राख्नु हो, यसको साथ-साथै सिद्‌ध बनाउन सकिनेहरूलाई सिद्‌ध बनाउनु हो। सँगसँगै, यी तीन भाग पवित्र आत्माको कामको पूर्णता हुन्, तर परमेश्‍वर स्वयम्‌को काम विना, व्यवस्थापनको काम त्यसको पूर्णतामा निष्क्रिय रहन्छ। परमेश्‍वर स्वयम्‌को काममा सबै मानिसहरूको काम समावेश हुन्छ, र यसले सम्पूर्ण युगको कामको पनि प्रतिनिधित्व गर्छ, अर्थात् परमेश्‍वर स्वयम्‌को कामले पवित्र आत्माको प्रत्येक गतिशीलता र प्रचलनलाई प्रतिनिधित्व गर्छ, भने प्रेरितहरूको काम परमेश्‍वरको आफ्नो काम पछि आउँछ र त्यसबाट अघि बढ्छ, र त्यसले युगलाई अगुवाइ गर्दैन, न त त्यसले सारा युगमा पवित्र आत्माको कामको प्रचलनलाई नै प्रतिनिधित्व गर्छ। मानिसले गर्नुपर्ने काम मात्र तिनीहरूले गर्छन्, जसमा व्यवस्थापन कार्यसँग कुनै सम्बन्ध हुँदैन। परमेश्‍वर स्वयम्‌ले गर्नुहुने काम व्यवस्थापन कार्यभित्रकै एउटा परियोजना हो। मानिसको काम चाहिँ प्रयोग गरिएका मानिसहरूले पूरा गर्नुपर्ने कर्तव्य मात्र हो, र यो व्यवस्थापन कार्यसँग सम्बन्धित छैन। यथार्थमा ती दुवै पवित्र आत्माको काम भए तापनि, कामका पहिचानहरू र प्रतिनिधित्वहरूमा भिन्नताहरू भएको कारण परमेश्‍वर स्वयम्‌को काम र मानिसको कामको बीचमा स्पष्ट र ठोस भिन्नताहरू छन्। यसबाहेक, पवित्र आत्माले गर्नुभएको कामको हदमा पहिचानहरूमा भिन्नता हुनुका साथै उद्‌देश्यमा फरक हुन्छ। यिनीहरू पवित्र आत्माको कामका सिद्‌धान्तहरू र क्षेत्र हुन्।

मानिसको कामले उसको अनुभव र उसको मानवतालाई दर्साउँछ। मानिसले दिने कुरा र उसले गर्ने कामले उसकै प्रतिनिधित्व गर्छ। मानिसको अन्तर्दृष्टि, मानिसको तार्किक क्षमता, मानिसको तर्क, र उसको प्रचुर कल्पना-शक्ति यी सबै कुरा उसको काममा समावेश भएका हुन्छन्। मानिसको

अनुभवले विशेष रूपमा उसको कामलाई दर्शाउन सक्षम हुन्छ, र व्यक्तिका अनुभवहरू उसको कामको भागहरू बन्छन्। मानिसको कामले उसको अनुभव अभिव्यक्त गर्न सक्छ। जब केही मानिसहरूले नकारात्मक कुरा अनुभव गर्छन्, तिनीहरूको सङ्गतिको अधिकांश भाषामा नकारात्मक तत्त्वहरू समावेश हुनेछन्। यदि तिनीहरूको अनुभव एक निश्चित समयको निम्ति सकारात्मक छ र तिनीहरू सकारात्मक धारणाको मार्गमा विशेष गरी रहे भने, तिनीहरूको सङ्गति अत्यन्त उत्साहजनक हुन्छ, र मानिसहरूले तिनीहरूबाट सकारात्मक बन्दोबस्तहरू प्राप्त गर्न सक्छन्। यदि एक जना कामदार एक निश्चित समयको निम्ति नकारात्मक बन्छ भने उसको सङ्गतले सधैँ नकारात्मक तत्त्वहरू बोकी हिँड्छ। यस किसिमको सङ्गत निराशाजनक हुन्छ, र अरू व्यक्तिहरू पनि उसको सङ्गतपछि अन्जानमै निराश बन्नेछन्। अगुवाको आधारमा नै उसलाई पछ्याउने व्यक्तिहरूको अवस्था परिवर्तन हुन्छ। एक कामदार भित्रपट्टि जस्तो छ, उसले त्यही कुरा व्यक्त गर्छ, र पवित्र आत्माको काम प्रायजसो मानिसको स्थितिसँगै परिवर्तन हुन्छ। उहाँले मानिसहरूको अनुभव अनुसार काम गर्नुहुन्छ र उहाँले तिनीहरूलाई दबाब दिनुहुन्न, तर मानिसहरूबाट तिनीहरूको अनुभवको सामान्य गति अनुसार माग गर्नुहुन्छ। अर्थात् मानिसको सङ्गत परमेश्वरको वचनभन्दा फरक हुन्छ। मानिसले सङ्गति गर्ने कुराले तिनीहरूको व्यक्तिगत अन्तर्दृष्टि र अनुभवलाई बताउँछ, यस क्रममा तिनीहरूले परमेश्वरको कामको आधारमा आफ्ना अन्तर्दृष्टि र अनुभव व्यक्त गर्छ। तिनीहरूको जिम्मेवारी परमेश्वरले काम गर्नुहुन्छ वा बोल्नुहुन्छ, त्यसमध्ये तिनीहरूले अभ्यास गर्नुपर्ने वा प्रवेश गर्नुपर्ने कुरा के हो भनी पत्ता लगाउनु हो, त्यसपछि अनुयायीहरूलाई ती प्रदान गर्नु हो। त्यसकारण, मानिसको कामले उसको प्रवेश र अभ्यासलाई प्रतिनिधित्व गर्छ। निश्चय नै, यस किसिमको काममा मानिसका शिक्षाहरू र अनुभव वा केही मानवीय विचार मिश्रित हुन्छ। जे भए तापनि पवित्र आत्माले काम गर्नुहुन्छ, चाहे मानिसमा होस् वा देहधारी परमेश्वरमा होस्, कामदारहरूले ती के हुन् भनी सधैँ व्यक्त गर्छन्। काम गर्नुहुने पवित्र आत्मा नै हुनुभए तापनि, मानिस स्वाभाविक रूपमा जो हो, काम त्यसैमा आधारित भएको हुन्छ, किनकि पवित्र आत्माले जगविना काम गर्नुहुन्न। अर्को शब्दमा, काम शून्यताबाट आउँदैन, तर सधैँ यथार्थ परिस्थितिहरू र वास्तविक अवस्थाहरू अनुसार गरिएको हुन्छ। यसरी मात्र मानिसको स्वभाव रूपान्तरित हुन सक्छ र उसका पुराना धारणा र विचारहरू परिवर्तन हुन सक्छन्। मानिसले व्यक्त गर्ने कुरा उसले देख्ने, अनुभव गर्ने र कल्पना गर्न सक्ने कुरा नै हो, अनि मानिसको सोच-विचारले त्यसलाई हासिल गर्न सक्छ, चाहे त्यो सिद्धान्त होस् वा धारणाहरू होस्। मानिसको कामले मानिसको अनुभवको क्षेत्रलाई पार गर्न सक्दैन, काम जुनसुकै आकारको भए तापनि मानिसले देख्ने कुरा, मानिसले सोच्ने कुरा वा कल्पना गर्ने कुरालाई त्यसले पार गर्न सक्दैन। परमेश्वरले व्यक्त गर्नुहुने सबै कुरा उहाँ स्वयम् को हुनुहुन्छ भन्ने कुरा नै हो, र यो मानिसले प्राप्त गर्न सक्दैन—यो मानिसको सोचाइभन्दा बाहिर छ। उहाँले सबै मानिसहरूलाई अगुवाइ गर्ने आफ्नो काम व्यक्त गर्नुहुन्छ, र यो मानव अनुभवको विवरणहरूसँग सम्बन्धित छैन, बरु यसले उहाँको आफ्नो व्यवस्थापनसँग सरोकार राख्छ। मानिसले व्यक्त गर्ने कुराचाहिँ उसको अनुभव हो भने परमेश्वरले व्यक्त गर्नुहुने कुराचाहिँ उहाँको सारतत्त्व हो, जुन उहाँको अन्तर्निहित स्वभाव हो, यो मानिसको पहुँचभन्दा बाहिर छ। मानिसको अनुभव

चाहिँ परमेश्‍वरले व्यक्त गर्नुभएको उहाँको सारतत्त्वको आधारमा हासिल गरिएको उसको अन्तर्दृष्टि र ज्ञान हो। यस किसिमको अन्तर्दृष्टि र ज्ञानलाई मानिसको सारतत्त्व भनिन्छ, र तिनीहरूको अभिव्यक्तिको आधारचाहिँ मानिसको अन्तर्निहित स्वभाव र क्षमता हो—यसैकारण तिनीहरूलाई पनि मानिसको सारतत्त्व भनिन्छ। मानिस उसले अनुभव गर्ने र देख्ने कुराको बारेमा सङ्गति गर्न सक्षम छ। आफूले अनुभव नगरेको, नदेखेको, वा तिनीहरूको सोचाइले भ्याउन नसक्ने, तिनीहरूभित्र नभएका कुराहरूको बारेमा कसैले पनि सङ्गति गर्न सक्दैन। यदि मानिसले व्यक्त गर्ने कुरा उसको अनुभवबाट आएको होइन भने त्यो उसको परिकल्पना वा सिद्धान्त हो। सरल भाषामा भन्नुपर्दा, उसको वचनमा कुनै वास्तविकता हुँदैन। यदि तँ कहिल्यै पनि समाजको सम्पर्कमा आएको थिइनस् भने तँ समाजको जटिल सम्बन्धहरूसँग स्पष्ट सङ्गत गर्न सक्षम हुने थिएनस्। यदि तेरो परिवार नभएको भए, परिवारका समस्याहरूको बारेमा कुरा गर्ने अरू थिए भने, तिनीहरूले भनेका अधिकांश कुरा तैँले बुझ्दैनथिस्। त्यसैले, मानिसले सङ्गत गर्ने र उसले गर्ने कामले उसको भित्री सारतत्त्वको प्रतिनिधित्व गर्छ। यदि कसैले सजाय र न्यायको बारेमा उसको बुझाइसँग सङ्गत गर्‍यो, तर तँसँग त्यसको कुनै अनुभव थिएन भने तैँले उसको ज्ञानलाई इन्कार गर्ने साहस गर्ने थिइनस्, शत प्रतिशत त्यसमा सहमत हुन साहस गर्ने कुरा त परै जाओस्। किनकि तैँले तिनीहरूले सङ्गत गरेको कुरा कहिल्यै अनुभव गरेको छैनस्, तैँले कहिल्यै थाहा पाएको थिइनस्, र तेरो मनले त्यसको बारेमा कल्पना गर्न सक्दैन। तिनीहरूको ज्ञानबाट तैँले लिन सक्ने कुरा भनेको भविष्यमा सजाय र न्याय भएर जानका लागि चाहिने एक मार्ग हो। तर यो मार्ग एक सैद्धान्तिक ज्ञान मात्र हुन सक्छ; यसले तेरो आफ्नो बुझाइको ठाउँ लिन सक्दैन, न त तेरो अनुभवको नै। सायद तिनीहरूले भनेको कुरा सही नै छ भनी तँ विचार गर्छस्, तर तेरो आफ्नै अनुभवमा तँ त्यो कुरा धेरै किसिमले अव्यावहारिक भएको पत्ता लगाउँछस्। सायद तैँले सुन्ने कतिपय कुराहरू पूर्णतया अव्यावहारिक भएको महसुस गर्छस्; त्यो समयमा यसको धारणालाई लिन्छस्, र तैँले त्यसलाई स्वीकार गरे तापनि, तैँले अनिच्छुक रूपमा मात्रै स्वीकार गर्छस्। तर तेरो आफ्नै अनुभवमा, तैँले जुन कुराबाट ज्ञान प्राप्त गरेको छस्, त्यो धारणा तेरो व्यवहार गर्ने तरिका बन्छ, र तैँले जति धेरै तपाईंले व्यवहार गर्छस्, तैँले सुनेका वचनहरूको साँचो मूल्य र अर्थलाई त्यति नै बुझ्छस्। तैँले आफैले अनुभव गरिसकेपछि तैँले अनुभव गरेको कुराको ज्ञानको बारेमा त्यसपछि तैँले कुरा गर्न सक्छस्। यसको साथै, तैँले कसको ज्ञान वास्तविक र व्यावहारिक छ अनि कसको ज्ञान सिद्धान्तमा आधारित छ र व्यर्थको छ भनी छुट्याउन पनि सक्छस्। त्यसैले, तैँले स्वीकार गरेको ज्ञान सत्यतासँग मेल खान्छ कि खाँदैन भन्ने कुरा तैँले व्यावहारिक रूपमा त्यसलाई अनुभव गरेको छस् कि छैनस् भन्ने कुरामा निर्भर रहन्छ। जब तेरो अनुभवमा सत्यता हुन्छ, तब तेरो ज्ञान व्यावहारिक र मूल्यवान् बन्नेछ। आफ्नो अनुभवबाट तैँले विवेक र अन्तर्दृष्टि पनि हासिल गर्न सक्छस्, आफ्नो ज्ञानलाई गहिराउन सक्छस्, र तैँले आफूसँग कसरी व्यवहार गर्नुपर्छ भन्ने बारेमा तैँले तेरो बुद्धि र सामान्य चेतनालाई वृद्धि गर्न सक्छस्। मानिसहरूले व्यक्त गर्ने त्यस्तो ज्ञान जसको सत्यता छैन, त्यो सिद्धान्त हो, चाहे त्यो जतिसुकै उच्चकोटीको किन नहोस्। यस किसिमको व्यक्ति शरीरका विषयमा धेरै बुद्धिमान ठहरिन सक्छ तर आत्मिक कुराको विषयमा कुनै भेद

छुट्याउन सक्दैन। किनकि यस किसिमका मानिसहरूसँग आत्मिक मामिलाको बारेमा कुनै पनि अनुभव हुँदैन। यी मानिसहरूले आत्मिक मामिलामा प्रकाश पाएका हुँदैनन् र आत्मिक कुराहरू बुझ्दैनन्। तैँले जुनसुकै ज्ञान व्यक्त गरे पनि, यदि त्यो तेरो सारतत्त्व हो भने त्यो तेरो व्यक्तिगत अनुभव हो, तेरो वास्तविक ज्ञान हो। सिद्धान्तको बारेमा मात्र कुरा गर्ने मानिसहरू—यी मानिसहरूसँग न त सत्यता हुन्छ न त वास्तविकता नै हुन्छ—छलफललाई पनि तिनीहरूको अस्तित्व भन्न सकिन्छ, किनकि उनीहरूको गहिरो सोचविचारद्वारा मात्रै तिनीहरू आफ्नो सिद्धान्तको निर्क्योलमा आइपुगेका छन् र यो उनीहरूको गम्भीर चिन्तनको परिणाम हो। तैपनि यो केवल सिद्धान्त मात्र हो, यो कल्पनाभन्दा अरू केही होइन! सबै प्रकारका मानिसहरूको अनुभवहरूले उनीहरूभित्र भएका कुराहरूको प्रतिनिधित्व गर्छन्। कुनै पनि आत्मिक अनुभव नभएको कसैले पनि सत्यताको ज्ञानको बारेमा बोल्न सक्दैन, न त विविध आत्मिक कुराहरूको सही ज्ञानको बारेमा नै कुरा गर्न सक्छन्। मानिसले जे व्यक्त गर्छ त्यो उभित्र जे छ त्यही हो—यो निश्चित हो। यदि कसैले आत्मिक कुराहरूको ज्ञान र सत्यताको ज्ञान प्राप्त गर्ने चाहना गर्छ भने उससँग वास्तविक अनुभव हुनुपर्छ। यदि तैँले मानव जीवनका सामान्य चेतनाका बारेमा स्पष्टसँग बोल्न सक्दैनस् भने तैँले त्योभन्दा कति थोरै मात्रामा आत्मिक कुराहरूको बारेमा बोल्न सक्नेछौ? मण्डलीहरूलाई अगुवाइ गर्न, मानिसहरूलाई जीवन दिन, र मानिसहरूका निम्ति प्रेरितहरू बन्न सक्नेहरू यथार्थता अनुभव हुनुपर्छ; उनीहरूसँग आत्मिक कुराहरूको सही बुझाइ हुनुपर्छ र उनीहरूमा सत्यताको सही किसिम बुझाइ र अनुभव हुनुपर्छ। यस किसिमका मानिसहरू मात्र मण्डलीहरूलाई अगुवाइ गर्ने सेवक वा प्रेरितहरू बन्न योग्य हुन्छन्। अन्यथा, उनीहरूले साना व्यक्तिहरूको रूपमा पछ्याउन मात्रै सक्छन् र अगुवाइ गर्न सक्दैनन्, मानिसहरूलाई जीवन उपलब्ध गराउन सक्ने प्रेरितहरू बन्न सक्ने त परै जाओस्। किनकि प्रेरितहरूको कार्य हतार गर्नु वा झगडा गर्नु होइन; बरु जीवन सम्बन्धी सेवाको काम गर्नु र अरूलाई तिनीहरूको स्वभाव रूपान्तरण गर्न अगुवाइ गर्नु हो। यो कार्य गर्नेहरूलाई गाह्रो जिम्मेवारी पूरा गर्नको लागि नियुक्ति गरिएको हुन्छ, यस्तो कार्य जो-कोहीले पूरा गर्न सक्दैन। यस किसिमको काम केवल जीवन भएकाहरूले मात्र पूरा गर्न सक्छन्, अर्थात्, सत्यताको अनुभव गरिसकेकाहरूले मात्र पूरा गर्न सक्छन्। यस किसिमको काम त्यतिकै छोडेर हिँड्ने, हतार गर्ने वा आफैलाई खर्च गर्न इच्छुकहरू जोकसैले पूरा गर्न सक्दैन; सत्यताको अनुभव नभएका, नछिवलिएका वा न्याय नगरिएका मानिसहरू यस किसिमको काम गर्न असक्षम हुन्छन्। अनुभव नभएका मानिसहरू, यथार्थता नभएका मानिसहरू, वास्तविकतालाई स्पष्टसँग देख्न नसक्ने हुन्छन् किनकि उनीहरू आफैमा यस किसिमको सार हुँदैन। त्यसैले, यस किसिमको व्यक्ति अगुवापनको काम गर्न असक्षम हुने मात्र होइन, तर यदि लामो समयसम्म तिनीहरू सत्यतारहित भइरहन्छन् भने उनीहरू विनाशको पात्र बन्नेछन्। तैँले व्यक्त गर्ने अन्तर्दृष्टि तैँले जीवनमा अनुभव गरेका कठिनाइहरूको प्रमाणको रूपमा खडा हुन सक्छ, जुन कुराहरूको निम्ति तँलाई सजाय दिइएको हुन्छ, र जुन विषयको निम्ति तेरो न्याय गरिएको हुन्छ। परीक्षाहरूको हकमा पनि यही कुरा लागू हुन्छ: जहाँ व्यक्तिलाई शोधन गरिएको हुन्छ, जहाँ व्यक्ति कमजोर हुन्छ—यी ती क्षेत्र हुन् जसमा व्यक्तिले अनुभव गरेको हुन्छ, जसमा व्यक्तिको मार्ग हुन्छ। उदाहरणका लागि, यदि

कसैले वैवाहिक सम्बन्धमा नैराश्यता भोग्छन् भने उनीहरूले प्रायजसो यस्तो सङ्गति गर्छन्, "परमेश्वरलाई धन्यवाद होस्, परमेश्वरको प्रशंसा होस्, मैले परमेश्वरको हृदयको चाहनालाई सन्तुष्ट पार्नुपर्छ र मैले मेरो सम्पूर्ण जीवन अर्पण गर्नुपर्छ, र मैले मेरो वैवाहिक सम्बन्धलाई पूर्णतया परमेश्वरको हातमा समर्पण गर्नुपर्छ। म मेरो सारा जीवन परमेश्वरमा समर्पण गर्ने इच्छुक छु।" मानिसभित्र भएका सबै कुराहरू सङ्गतिद्वारा प्रदर्शन गर्न सकिन्छ। चाहे उनीहरू चर्को स्वरमा बोलून् वा शान्त स्वरमा बोलून्, व्यक्तिको बोलीवचनको ढाँचा अनुभवका विषयहरू होइन र तिनले उनीहरूसँग के छ र उनीहरू को हुन् भन्ने कुराको प्रतिनिधित्व गर्न सक्दैनन्। यी कुराहरूले व्यक्तिको चरित्र असल कि खराब छ, वा उनीहरूको प्रकृति असल छ कि खराब छ भन्ने मात्र बताउन सक्छ, तर कसैसँग अनुभव छ कि छैन त्यस कुरासँग तिनलाई तुलना गर्न सकिँदैन। बोल्दा आफैलाई व्यक्ति गर्न सक्ने क्षमता, वा बोलीको सीप वा गति केवल अभ्यासको प्रतिफल हो र यसले व्यक्तिको अनुभवलाई प्रतिस्थापन गर्न सक्दैन। जब तँ आफ्नो व्यक्तिगत अनुभवहरूको बारेमा कुरा गर्छस्, तब तैँले महत्वपूर्ण ठानेका र तँभित्र भएका सबै कुराहरूका बारेमा सङ्गति गर्छस्। मेरो बोलीले मेरो अस्तित्वको प्रतिनिधित्व गर्छ, तर मैले भन्ने कुरा मानिसको पहुँचभन्दा बाहिर छ। मैले भन्ने कुरा मानिसले अनुभव गर्ने कुरा होइन, र यो मानिसले देख्न सक्ने कुरा पनि होइन; यो मानिसले छुन सक्ने कुरा पनि होइन, तर मैले भन्ने कुरा म स्वयम् नै हुँ। कतिपय मानिसहरूले मैले शिक्षा दिने कुरा नै मैले गरेको अनुभव हो भनी स्वीकार गर्छन्, तर त्यो आत्माको प्रत्यक्ष अभिव्यक्ति हो भनी तिनीहरूले पहिचान गर्दैनन्। अवश्य नै, मैले जे भन्छु त्यो मैले अनुभव गरेको कुरा हो। छ हजार वर्षसम्म व्यवस्थापनको काम गर्ने म नै हुँ। मैले मानवजातिको सृष्टिको सुरुआतदेखि वर्तमान समयसम्म भएका सबै कुरा अनुभव गरेको छु; कसरी म त्यसको बारेमा चर्चा गर्न असक्षम हुन्छु र? जब मानिसको प्रकृतिको कुरा आउँछ, मैले त्यो स्पष्ट देखेको छु; मैले त्यो लामो समयदेखि अवलोकन गरेँ। कसरी म त्यसको बारेमा स्पष्टसँग कुरा गर्न असक्षम हुन सक्छु र? मैले मानिसको सारलाई स्पष्ट रूपमा देखिसकेको छु, त्यसकारण म मानिसलाई सजाय दिन र उसको न्याय गर्न योग्य छु, किनकि सबै मानिस मबाट आएका हुन् तर उनीहरू शैतानद्वारा भ्रष्ट बनाइएका छन्। निश्चय नै, मैले गरेको कामलाई मूल्याङ्कन गर्न म योग्य छु। यो काम मेरो शरीरले नगरेको भए पनि, यो आत्माको प्रत्यक्ष अभिव्यक्ति हो, र मसँग जे छ र म जे हुँ त्यो यही हो। त्यसैले, त्यसलाई व्यक्त गर्न र मैले गर्नुपर्ने काम गर्न म योग्य छु। मानिसहरूले भन्ने कुरा भनेका उनीहरूले अनुभव गरेका कुरा हुन्। त्यो उनीहरूले देखेका, उनीहरूको मनले बुझ्न पुग्न सक्ने, र उनीहरूको चेतनाले थाहा पाउन सक्ने कुरा हुन्। तिनीहरूले सङ्गति गर्न सक्ने कुरा यही हो। परमेश्वरको देहधारी शरीरले बोल्नुभएका वचनहरू आत्माको प्रत्यक्ष अभिव्यक्ति हुन् र यी वचनहरूले आत्माद्वारा गरिएको काम व्यक्त गर्छन्, जुनचाहिँ शरीरले अनुभव गरेको वा देखेको छैन, तैपनि उहाँले आफ्नो अस्तित्वलाई व्यक्त गर्नुहुन्छ, किनकि देहको सारतत्त्व आत्मा नै हो, र उहाँले आत्माको काम व्यक्त गर्नुहुन्छ। यो आत्माले अघिबाटै गरिसक्नुभएको काम हो, तापनि त्यो देहको पहुँचभन्दा बाहिर छ। देहधारणपछि, देहको अभिव्यक्तिद्वारा उहाँले मानिसहरूलाई परमेश्वरको अस्तित्व थाहा गर्न सक्षम तुल्याउनुहुन्छ र

मानिसहरूलाई परमेश्‍वरको स्वभाव र उहाँले गर्नुभएको काम देख्‍ने तुल्याउनुहुन्छ। मानिसको कामले मानिसहरूलाई उनीहरू केमा प्रवेश गर्नुपर्छ र उनीहरूले के बुझ्नुपर्छ सोबारे ठूलो स्पष्टता दिन्छ; यसमा मानिसहरूलाई सत्यताको बुझाइ र अनुभवतिर अगुवाइ गर्ने कुरा समावेश हुन्छ। मानिसको काम भनेको मानिसहरूलाई पालनपोषण गर्नु हो; परमेश्‍वरको काम भनेको मानिसहरूको निम्ति नयाँ मार्ग र नयाँ युगहरूको सुरुवात गरिदिनु, र मरणशील मानिसहरूले थाहा गर्न नसक्‍ने कुरा मानिसहरूलाई प्रकट गरिदिनु हो, यसरी तिनीहरूले उहाँको स्वभाव बुझ्न सक्छन्। परमेश्‍वरको काम भनेको सबै मानवजातिलाई अगुवाइ गर्नु हो।

पवित्र आत्माका सबै कार्य मानिसहरूको फाइदाको निम्ति गरिएका हुन्छन्। यसले मानिसहरूलाई सुधार गर्छ; मानिसहरूलाई फाइदा नगर्ने कुनै कार्य छैन। चाहे सत्यता सतही होस् वा गहन होस्, र सत्यता ग्रहण गर्नेहरूको क्षमता जस्तोसुकै होस्, पवित्र आत्माले जे पनि गर्नुहुन्छ, त्यसले मानिसहरूलाई फाइदा गर्छ। तर पवित्र आत्माको काम प्रत्यक्ष रूपमा गरिँदैन; उहाँसँग सहकार्य गर्ने मानिसहरूद्वारा नै यसलाई व्यक्त गरिनुपर्छ। केवल यसरी मात्रै पवित्र आत्माको कामको परिणामहरू प्राप्त गर्न सकिन्छ। निश्‍चय नै, जब पवित्र आत्माले प्रत्यक्ष रूपमा काम गर्नुहुन्छ, यसमा कुनै मिलावट हुँदैन; तर जब पवित्र आत्माले मानिसद्वारा काम गर्नुहुन्छ, यो अत्यन्तै कलङ्कित बन्छ र यो पवित्र आत्माको मौलिक काम हुँदैन। यसकारण, सत्यता फरक हदमा परिवर्तन हुन्छ। अनुयायीहरूले पवित्र आत्माको मौलिक अभिप्राय प्राप्त गर्दैनन् तर पवित्र आत्माको काम र मानिसको अनुभव र ज्ञानको संयोजन प्राप्त गर्छन्। अनुयायीहरूले पवित्र आत्माको कामको जुन हिस्सा प्राप्त गर्छन् त्यो सही हुन्छ, जबकी उनीहरूले प्राप्त गर्ने मानिसको अनुभव र ज्ञान फरक-फरक हुन्छ किनकि सेवकहरू फरक छन्। पवित्र आत्माको प्रकाश र अगुवाइ पाएका सेवकहरूले यो प्रकाश र अगुवाइ हासिल गर्छन्। यी अनुभवहरूभित्र मानिसको मन र अनुभव साथै मानवताको सार, समावेश हुन्छ, त्यसपछि, तिनीहरूले प्राप्त गर्नुपर्ने ज्ञान वा अन्तर्दृष्टि तिनीहरूले प्राप्त गर्छन्। यो चाहिँ सत्यता अनुभव गरिसकेपछिको मानिसको अभ्यास गर्ने तरिका हो। यस किसिमको अभ्यास गर्ने तरिका सधैँ एक समानको हुँदैन, किनकि मानिसहरूले फरक किसिमले अनुभव गर्छन् र मानिसहरूले अनुभव गर्ने कुराहरू पनि फरक नै हुन्छन्। यस किसिमले पवित्र आत्माको उही प्रकाशले पनि फरक ज्ञान र अभ्यास ल्याउँछ, किनकि प्रकाश प्राप्त गर्नेहरू फरक हुन्छन्। कतिपय मानिसहरूले अभ्यास गर्ने क्रममा सानातिना गल्तीहरू गर्छन् भने कतिपयले ठूलै गल्ती पनि गर्छन्, र कतिपयले चाहिँ गल्ती बाहेक केही पनि गर्दैनन्। मानिसहरूको बुझ्ने क्षमता फरक-फरक हुने भएकोले यस्तो हुन्छ, साथै उनीहरूमा अन्तर्निहित क्षमताको कारण पनि यस्तो हुन्छ। कतिपय मानिसहरूले सन्देश सुनेपछि एक किसिमले बुझ्छन्, र कतिपयले सत्यता सुनिसकेपछि अर्कै किसिमले बुझ्छन्। कतिपय मानिसहरूले हल्का रूपमा तलमाथि बुझ्छन् भने कतिपयले त सत्यताको वास्तविक अर्थ बुझेकै हुँदैनन्। त्यसैले, एक व्यक्तिले अरूलाई कसरी अगुवाइ गर्नेछ भन्‍ने कुरालाई उसको बुझाइले निर्देशित गर्छ; यो साँचो हो, किनकि व्यक्तिको काम उसको अस्तित्वको अभिव्यक्ति नै हो। सत्यताको सही बुझाइ भएकाहरूले अगुवाइ गरेका मानिसहरूसँग पनि सत्यताको सही बुझाइ हुन्छ। गलत बुझाइ भएका मानिसहरू भए तापनि

त्यस्ता मानिसहरू अत्यन्त थोरै हुन्छन्, र प्रत्येक व्यक्तिमा त्रुटि हुनेछ भन्ने छैन। यदि कुनै व्यक्तिको सत्यता सम्बन्धी बुझाइमा त्रुटि छ भने उसलाई पछ्याउनेहरू पनि गलत नै हुनेछन्, र यी मानिसहरू वचनको हरेक धारणामा गलत हुनेछन् भन्नेमा कुनै शङ्का हुँदैन। अनुयायीहरूले सत्यता कति मात्रामा बुझ्छन् भन्ने कुरा सेवकहरूमा निर्भर हुन्छ। निश्चय नै, परमेश्वरबाट आएको सत्यता सही हुन्छ, र यसमा कुनै गल्ती हुँदैन, र यो पूर्णतया निश्चित हुन्छ। तैपनि सेवकहरू पूर्णतया सही नहुन सक्छन् र पूर्णतया भरोसायोग्य हुन्छन् भनेर भन्न पनि सकिँदैन। यदि सेवकहरूसँग सत्यतालाई अभ्यास गर्ने व्यावहारिक तरिका छ भने अनुयायीहरूसँग पनि त्यही किसिमको अभ्यास गर्ने तरिका हुनेछ। यदि सेवकहरूसँग सत्यता अभ्यास गर्ने व्यावहारिक तरिका छैन तर धर्मसिद्धान्त मात्र छ भने अनुयायीहरूसँग कुनै वास्तविकता हुनेछैन। अनुयायीहरूको योग्यता र प्रवृत्ति जन्मजात निर्धारित हुन्छ र यो सेवकहरूसँग सम्बन्धित हुँदैन, तर अनुयायीहरूले कति मात्रामा सत्यता बुझ्छन् र परमेश्वरलाई चिन्छन् भन्ने कुरा सेवकहरूमा निर्भर हुन्छ (यो केही मानिसहरूमा मात्र लागू हुन्छ)। सेवक जस्तो हुन्छ, उसले अगुवाइ गर्ने अनुयायीहरू पनि त्यस्तै हुनेछन्। सेवकले जे कुरा व्यक्ति गर्छ, त्यो उसको सार हो, यसमा कुनै पूर्वाग्रह हुँदैन। उसलाई पछ्याउनेहरूसँग उसले माग गर्नेहरू नै उसले चाहना गरेको कुरा हो वा उसले हासिल गर्न सक्ने कुरा हुन्। आफूले जे गर्ने गरेका छन् त्यही कुराको आधारमा अधिकांश सेवकहरूले आफ्ना अनुयायीहरूबाट ती कुरा माग गर्छन्, यद्यपि उनीहरूका अनुयायीहरूले त्यति धेरै कुरा हासिल गर्न सक्दैनन्—र हासिल गर्न नसकिने त्यही कुरा नै व्यक्तिको प्रवेशको बाधक बन्छ।

काँटछाँट गरिएका, निराकरण गरिएका, न्याय गरिएका र सजाय दिइएकाहरूले गर्ने काममा निकै थोरै भिन्नता हुन्छ, र उनीहरूको कामको अभिव्यक्ति धेरै हदसम्म ठीक हुन्छ। काम गर्न आफ्नो स्वाभाविक गुणमा निर्भर रहने मानिसहरूले ठूला गल्तीहरू गर्छन्। असिद्ध मानिसहरूको कामले उनीहरूको आफ्नो अत्यन्तै धेरै स्वाभाविक गुण व्यक्त गर्छन्, जसले पवित्र आत्माको काममा ठूलो बाधा दिन्छ। व्यक्तिको क्षमता जतिसुकै राम्रो भए तापनि परमेश्वरले आदेश दिनुभएको काम गर्न त्यो व्यक्ति काँटछाँट, निराकरण, र न्यायको प्रक्रिया भएर जानैपर्छ। यदि उनीहरू त्यस किसिमको न्याय भएर गएका छैनन् भने उनीहरूले जतिसुकै राम्ररी काम गरे पनि त्यो काम सत्यताको सिद्धान्तहरूसँग एकरूप हुँदैन र त्यो काम उनीहरूको आफ्नै स्वाभाविक र मानवीय गुणको उपज बन्छ। काँटछाँट, निराकरण, र न्यायको प्रक्रिया भएर नगएका मानिसहरूको तुलनामा यो प्रक्रियाबाट भएर गएका मानिसहरूको काम धेरै हदसम्म ठीक हुन्छ। न्याय भएर नगएका मानिसहरूले मानव बौद्धिकता र जन्मजात प्रतिभासँग मिसिएको मानवीय शारीरिकपन र विचारहरूभन्दा अरू कुनै कुरा व्यक्त गर्दैनन्। परमेश्वरको कामको सही मानवीय अभिव्यक्ति यो होइन। यस किसिमका मानिसहरूको अनुसरण गर्नेहरू उनीहरूको जन्मसिद्ध क्षमताद्वारा आकर्षित भएका हुन्छन्। उनीहरूले मानिसको अन्तर्दृष्टि र अनुभव धेरै मात्रामा व्यक्त गर्छन्, जुन परमेश्वरको मौलिक अभिप्रायबाट अलगिएको हुन्छ र त्यसबाट धेरै हदसम्म तलमाथि भएको हुन्छ, त्यसकारण यस किसिमको व्यक्तिको कामले मानिसहरूलाई परमेश्वरको अगाडि ल्याउन सक्दैन, बरु तिनीहरूलाई मानिसको अगाडि ल्याउँछ। त्यसैले, न्याय र सजायको प्रक्रिया भएर

नगएका मानिसहरू परमेश्‍वरले आदेश गर्नुभएको कामलाई अघि बढाउन अयोग्य हुन्छन्। योग्य सेवकको कामले मानिसहरूलाई सही मार्गमा ल्याउन सक्छ र उनीहरूलाई सत्यताको ठूलो प्रवेश प्रदान गर्छ। उसको कामले मानिसहरूलाई परमेश्‍वरको अघि ल्याउन सक्छ। साथै, उसले गर्ने काम व्यक्ति पिच्छे फरक हुन सक्छ र यो नीतिनियमद्वारा बाँधिएको हुँदैन, जसले गर्दा मानिसहरूले जीवनमा क्रमिक रूपमा वृद्धि हुन र सत्यताप्रतिको अझै गहन प्रवेश प्राप्त गर्नको लागि छुटकारा र स्वतन्त्रता प्राप्त गर्छन् क्षमता। अयोग्य सेवकको काम मापदण्डभन्दा धेरै टाढा हुन्छ। उसको काम मूर्खता हो। उसले मानिसहरूलाई नीतिनियमहरूमा मात्र ल्याउन सक्छ, र उसले मानिसहरूबाट माग गर्ने कुरा व्यक्ति पिच्छे फरक हुँदैन; उसले मानिसहरूको वास्तविक आवश्यकताहरू बमोजिम काम गर्दैन। यस किसिमको काममा थुप्रै नीतिनियम र सिद्धान्तहरू हुन्छन्, अनि त्यसले मानिसहरूलाई वास्तविकतामा ल्याउन सक्दैन, न त जीवन वृद्धिको सामान्य अभ्यास नै ल्याउँछ। यसले मानिसहरूलाई केवल अर्थहीन एक-दुई वटा नीतिनियमहरूको अनुयायी बन्न सक्षम तुल्याउँछ। यस किसिमको अगुवाइले मानिसहरूलाई अन्यत्रै डोऱ्याउन सक्छ। उसले तँलाई आफूजस्तै बनाउँछ; उसले तँलाई उसँग जे छ र ऊ जो हो त्यस्तै बनाउँछ। अगुवाहरू योग्य छन् कि छैन भनी छुट्याउन उनीहरूले अगुवाइ गर्ने मार्ग र उनीहरूको कामको परिणामलाई अनुयायीहरूले एउटा मुख्य कुराको रूपमा हेर्नु, र अनुयायीहरूले सत्यता अनुरूप सिद्धान्तहरू प्राप्त गरेका छन् कि छैनन् भनेर हेर्नु, र उनीहरूले आफ्नो रूपान्तरण सुहाउँदो अभ्यासका तरिकाहरू पाएका छन् कि छैनन् भनेर पनि हेर्नु हो। तैँले फरक किसिमका मानिसहरूका फरक-फरक कामको बीचमा भिन्नता छुट्याउनुपर्छ; तँ मूर्ख अनुयायी बन्नु हुँदैन। मानिसहरूको प्रवेशको लागि यो विशेष रूपले महत्त्वपूर्ण छ। यदि तैँले कुन व्यक्तिको अगुवापनमा सही मार्ग छ र कुन व्यक्तिकोमा छैन भनी छुट्याउन सक्षम भइनस् भने तँ सजिलैसँग भ्रममा पर्नेछस्। यी सबै कुराले तेरो जीवनमा प्रत्यक्ष सरोकार राख्छ। असिद्ध मानिसहरूको काममा धेरै प्राकृतिकपन हुन्छ; यसमा धेरै मानवीय इच्छा मिश्रित हुन्छन्। उनीहरूको अस्तित्व नै तिनीहरूको प्राकृतिकपन हो–उनीहरू त्यससँगै जन्मिएका हुन्छन्। यो चाहिँ निराकरण गरिसकेपछिको जीवन वा रूपान्तरण भइसकेपछिको वास्तविकता होइन। त्यस्तो व्यक्तिले कसरी जीवनको खोजी गर्नेहरूलाई समर्थन गर्न सक्छ? मानिससँग जुन जीवन छ यो उसको जन्मसिद्ध बौद्धिकता वा क्षमतामा नै हो। यस किसिमको बौद्धिकता वा क्षमता परमेश्‍वरले मानिसबाट माग गर्नुभएको कुराबाट धेरै टाढा हुन्छ। यदि मानिस सिद्ध बनाइएको छैन र उसको भ्रष्ट स्वभावलाई छिँवलिएको र निराकरण गरिएको छैन भने उसले व्यक्त गर्ने कुरा र सत्यता बीच ठूलो अन्तर रहन्छ; उसले व्यक्त गर्ने कुराहरू अस्पष्ट कुराहरूसँग मिश्रित हुनेछ, जस्तै उसको कल्पना र एकोहोरो अनुभव। साथै, उसले जसरी काम गरे तापनि सारा मानिसहरूको प्रवेशको लागि समग्र लक्ष्य र सत्यता छैन भन्ने मानिसहरूले महसुस गर्छन्। मानिसहरूबाट माग गरिने अधिकांश कुराहरू उनीहरूको क्षमताभन्दा बाहिरको कुरा हुन्छ, मानौं उनीहरू काठमा टुसुक्क बस्न लगाएको हाँस हुन्। यो मानवीय इच्छाको काम हो। मानिसको भ्रष्ट स्वभाव, उसका सोचविचारहरू, र उसको धारणाले उसको शरीरको सबै अङ्गलाई दुषित बनाउँछ। मानिस सत्यता अभ्यास गर्ने प्रवृत्ति सहित जन्मेको हुँदैन, न त उसँग सत्यतालाई प्रत्यक्ष रूपमा बुझ्ने प्रवृत्ति नै हुन्छ। त्यसमा मानिसको भ्रष्ट स्वभाव

थपौं–जब यस किसिमको प्राकृतिक व्यक्तिले काम गर्छ, के यसले अवरोधहरू ल्याउँदैन र? तर सिद्ध बनाइएको व्यक्तिमा मानिसहरूले बुझ्नुपर्ने सत्यताको अनुभव, र उनीहरूको भ्रष्ट स्वभावहरूको ज्ञान हुन्छ, ताकि उसको काममा भएको व्यर्थ र अवास्तविक कुराहरू विस्तारै हराएर जाऊन्, मानवीय व्यभिचार कम हुँदै जाओस्, र उसको काम र सेवा परमेश्‍वरले माग गर्नुभएको मापदण्डको झन्-झन् नजिक आउन सकोस्। यसरी उसको काम सत्यता वास्तविकतामा प्रवेश गरेको हुन्छ र त्यो वास्तविक पनि बनेको हुन्छ। मानिसको मनमा भएको सोचविचारले पवित्र आत्माको कामलाई रोक्छ। मानिससँग प्रशस्त कल्पना र उचित तर्क पाइन्छ, र उससँग विभिन्न मामिलाहरू समाधान गर्ने लामो अनुभव पनि हुन्छ। यदि मानिसका यी पक्षहरू काँटछाँट र सुधार भएर गएनन् भने यी सबैले काममा अवरोध ल्याउँछन्। त्यसैले, मानिसको कामले उच्चतम शुद्धता हासिल गर्न सक्दैन, विशेष गरी असिद्ध मानिसहरूको कामले।

मानिसको काम एक निश्‍चित दायराभित्र रहन्छ र यो सीमित छ। एक व्यक्तिले एक निश्‍चित चरणको काम गर्न सक्छ र सम्पूर्ण युगको काम गर्न सक्दैन–अन्यथा, उसले मानिसहरूलाई नीतिनियमहरूमा डोऱ्याउनेछ। मानिसको काम एक निश्‍चित समय वा चरणमा मात्र लागु हुन्छ। किनकि मानिसको अनुभवको आफ्नो क्षेत्र हुन्छ। कसैले पनि मानिसको कामलाई परमेश्‍वरको कामसँग तुलना गर्न सक्दैन। मानिसको अभ्यास गर्ने तरिकाहरू र सत्यता सम्बन्धी उसको ज्ञान निश्‍चित क्षेत्रमा लागु हुन्छन्। मानिसले पछ्याउने मार्ग पूर्ण रूपमा पवित्र आत्माको इच्छा हो भनी भन्न सकिँदैन, किनकि मानिस पवित्र आत्माद्वारा मात्रै प्रकाशित हुन सक्छ, र पवित्र आत्माद्वारा पूर्ण रूपमा भरिन सक्दैन। मानिसले अनुभव गर्न सक्ने कुराहरू सबै सामान्य मानवताको क्षेत्रभित्र पर्छन् र यसले सामान्य मानव मनमा भएको सोचविचारको दायरालाई नाघ्न सक्दैन। अनुभवको सत्यता वास्तविकतामा जिउन सक्नेहरू यही दायराभित्र पर्छन्। जब तिनीहरूले सत्यताको अनुभव गर्छन्, यो सँधै पवित्र आत्माद्वारा प्रकाशित सामान्य मानव जीवनको अनुभव हो; यस किसिमको अनुभव सामान्य मानव जीवनबाट विचलित हुँदैन। उनीहरूले आफ्नो मानव जीवन जिउने कार्यको आधारमा पवित्र आत्माको प्रकाशको सत्यता अनुभव गर्छन्। साथै, यो सत्यता व्यक्ति पिच्छे फरक हुन्छ, र यसको गहिराइ व्यक्तिको अवस्थामा निर्भर रहन्छ। व्यक्तिले हिँडिरहेको मार्ग सत्यता पछ्याउने कसैको सामान्य मानव जीवन हो भनेर मात्रै भन्न सकिन्छ, र यसलाई पवित्र आत्माद्वारा प्रकाशित सामान्य व्यक्तिले हिँड्ने मार्ग हो भनी भन्न सकिन्छ। उनीहरूले हिँड्न मार्ग नै पवित्र आत्माले लिनुहुने मार्ग हो भनी भन्न सकिँदैन। सामान्य मानवीय अनुभवमा, मानिसहरूले उही मार्ग पछ्याउँदैनन्, त्यसकारण पवित्र आत्माको काम पनि उही किसिमको हुँदैन। साथै, मानिसहरूले अनुभव गर्ने वातावरण र उनीहरूको अनुभवको दायरा उही नहुने भएकोले, र तिनीहरूको मन र सोचविचारको मिश्रणको कारण, तिनीहरूको अनुभव फरक-फरक हदमा मिश्रित हुन्छन्। प्रत्येक व्यक्तिले आफ्नो फरकपन र व्यक्तिगत अवस्थाहरू बमोजिम सत्यतालाई बुझ्छ। सत्यताको वास्तविक अर्थ सम्बन्धी उनीहरूको बुझाइ पूर्ण हुँदैन र यो केवल त्यसको एउटा पक्ष वा केही पक्षहरू मात्र हुन्छन्। मानिसले अनुभव गर्ने सत्यताको क्षेत्र पनि व्यक्तिको अवस्था अनुसार व्यक्ति पिच्छे फरक हुन्छ। यस किसिमले, उही सत्यताको ज्ञान पनि फरक मानिसहरूले व्यक्त

गर्दा उही हुँदैन। मानिसको अनुभवमा सधैँ सीमितता हुन्छ र यसले पवित्र आत्माको इच्छालाई पूर्णरूपमा प्रतिनिधित्व गर्न सक्दैन, न त मानिसको कामलाई परमेश्वरको कामको रूपमा हेर्न सकिन्छ, चाहे मानिसले व्यक्त गर्ने कुरा परमेश्वरको इच्छासँग मिल्दोजुल्दो नै किन नहोस् र चाहे मानिसको अनुभव पवित्र आत्माको सिद्ध तुल्याउने कामसँग मिल्दोजुल्दो नै किन नहोस्। परमेश्वरले उसको जिम्मामा सुम्पिदिनुभएको काम गर्दै मानिस परमेश्वरको सेवक मात्र बन्न सक्छ। पवित्र आत्माले दिनुभएको ज्ञानलाई र उसले आफ्नो व्यक्तिगत अनुभवहरूबाट प्राप्त गरेका सत्यताहरूलाई मात्रै मानिसले व्यक्त गर्न सक्छ। मानिस अयोग्य छ र उसले पवित्र आत्माको माध्यम बन्नको लागि आवश्यक सर्तहरू पूरा गर्दैन। उसको काम परमेश्वरको काम हो भन्ने अधिकार उसलाई दिइएको छैन। मानिससँग मानिसको काम गर्ने सिद्धान्तहरू छन्, र सबै मानिसहरूसँग फरक-फरक अनुभवहरू हुन्छन् र फरक-फरक सर्तहरू हुन्छन्। मानिसको काममा पवित्र आत्माद्वारा प्रकाश दिइएको उसका सबै अनुभवहरू पनि समावेश हुन्छन्। यी अनुभवहरूले मानिसको अस्तित्वलाई मात्रै प्रतिनिधित्व गर्छन् र यसले परमेश्वरको अस्तित्व वा पवित्र आत्माको इच्छालाई प्रतिनिधित्व गर्दैन। त्यसैले, मानिसले हिँड्ने मार्गलाई पवित्र आत्माले हिँड्नुहुने मार्ग भनेर भन्न सकिँदैन, किनकि मानिसको कामले परमेश्वरको कामलाई प्रतिनिधित्व गर्दैन, र मानिसको काम र मानिसको अनुभव पवित्र आत्माको पूर्ण इच्छा होइनन्। मानिसको काम नीतिनियममा पतन हुन सक्ने सम्भावना रहन्छ, र उसको कामको पद्दति सजिलै सीमित क्षेत्रमा बन्धित हुन्छ, र त्यसले मानिसहरूलाई स्वतन्त्र मार्गमा अगुवाइ गर्न सक्दैन। अधिकांश अनुयायीहरू सीमित क्षेत्रमा जिउँछन्, र उनीहरूको अनुभवको क्षेत्र पनि सीमित हुन्छ। मानिसको अनुभव सधैँ सीमित रहेको छ; उसको कामको पद्दति पनि थोरै प्रकारमा सीमित रहेको छ र त्यसलाई पवित्र आत्माको काम वा परमेश्वर स्वयंको कामसँग तुलना गर्न सकिँदैन। किनकि आखिरमा मानिसको अनुभव सीमित हुन्छ। तैपनि परमेश्वरले आफ्नो काम गर्नुहुन्छ, यो नीतिनियमबाट बाँधिएको हुँदैन; जसरी गरिए पनि यो कुनै एउटा पद्दतिमा सीमित हुँदैन। परमेश्वरको काममा कुनै पनि नीतिनियम हुँदैन—उहाँका सबै काम मुक्त छन् र स्वतन्त्र छन्। मानिसले उहाँलाई पछ्याउन जति नै धेरै समय खर्च गरे तापनि उसले परमेश्वरको काम गर्ने तरिकालाई शासन गर्ने नियमहरू बुझ्न सक्दैन। उहाँको काम सैद्धान्तिक हुने भए तापनि, यो सधैँ नयाँ तरिकाबाट गरिन्छ र त्यसमा नयाँ विकासहरू हुन्छन्, र यो मानिसको पहुँचभन्दा बाहिर हुन्छ। एउटै समयावधिमा परमेश्वरले फरक-फरक किसिमका थुप्रै काम गर्न सक्नुहुन्छ र मानिसहरूलाई अगुवाइ गर्ने फरक तरिकाहरू अपनाउन सक्नुहुन्छ, ताकि मानिसहरूले सधैँ नयाँ प्रवेश पाऊन् र परिवर्तित होऊन्। तैँले उहाँको कामको नियम पत्ता लगाउन सक्दैनस् किनकि उहाँले सधैँ नयाँ तरिकाले काम गरिरहनुहुन्छ, र यसरी मात्रै परमेश्वरका अनुयायीहरू नीतिनियमबाट बाँधिएका हुँदैनन्। परमेश्वर स्वयंको कामले सधैँ मानिसहरूको धारणालाई इन्कार गर्छ र त्यसको विपरित काम गर्छ। उहाँलाई साँचो हृदयले पछ्याउने र अनुसरण गर्ने मानिसहरूले मात्र आफ्नो स्वभाव रूपान्तरण भएको पाउन सक्छन् र स्वतन्त्र भएर जिउन सक्छन्, यसैले उनीहरू कुनै नियमद्वारा बाँधिएका हुँदैनन् वा धार्मिक धारणाहरूद्वारा बाँधिएका हुँदैनन्। मानिसको आफ्नो अनुभव र आफूले हासिल गर्न सक्ने कुराको

आधारमा उसको कामले मानिसहरूबाट मागहरू गरेको हुन्छ। यी आवश्यकताहरूको मापदण्ड एक निश्चित क्षेत्रिभत्र सीमित भएको हुन्छ, र अभ्यासका पद्दतिहरू पनि अत्यन्तै सीमित हुन्छन्। यसरी अनुयायीहरू अजानमा यो सीमित क्षेत्रभित्रै जिउँछन्; समय बित्दै जाने क्रममा, यी कुराहरू नीतिनियम र धर्मविधिहरू बन्छन्। परमेश्वरको सिद्ध तुल्याउने प्रक्रिया भएर नगएको र उहाँको न्याय प्राप्त नगरेको कुनै पनि व्यक्तिले कामको एक समयावधिमा अगुवाइ गरेको छ भने, उसका अनुयायीहरू सबै धार्मिक विधिमा जिउने र परमेश्वरको विरोध गर्ने विज्ञहरू बन्नेछन्। त्यसैले, यदि कुनै व्यक्ति योग्य अगुवा हो भने त्यो व्यक्ति न्यायको प्रक्रिया भएर गएको हुनुपर्छ र सिद्ध तुल्याउने कार्यलाई स्वीकार गरेको हुनुपर्छ। न्याय भएर नगएका व्यक्तिहरूसँग पवित्र आत्माको काम हुन सक्ने भए तापनि उनीहरूले अस्पष्ट र अवास्तविक कुराहरू मात्रै व्यक्त गर्छन्। समयसँगै, उनीहरूले मानिसहरूलाई अस्पष्ट र अलौकिक नीतिनियमहरूमा डोऱ्याउनेछन्। परमेश्वरले गर्नुहुने काम मानिसको देहसँग मिल्दैन। यो मानिसको सोचविचारसँग मिल्दैन, तर मानिसको धारणा विपरीत हुन्छ; यो व्यर्थका धार्मिक रङ्गहरूद्वारा कलङ्कित तुल्याइएको हुँदैन। परमेश्वरको कामको प्रतिफलहरू उहाँद्वारा सिद्ध नतुल्याइएको व्यक्तिले हासिल गर्न सक्दैन; यो मानिसको सोचाइबाट बाहिरको कुरा हो।

मानिसको विचारमा काम भनेको मानिसले अत्यन्तै सहजै हासिल गर्ने कुरा हो। उदाहरणको लागि, धार्मिक संसारका पाष्टर र अगुवाहरू आफ्नो काम गर्नका लागि आफ्ना वरदान र पदहरूमा भर पर्छन्। तिनीहरूलाई लामो समयसम्म पछ्याउने मानिसहरू तिनीहरूका वरदानहरूद्वारा सङ्क्रमित हुनेछन् र तिनीहरूको केही सारत्वद्वारा प्रभावित हुनेछन्। तिनीहरूले मानिसहरूका वरदान, क्षमता र ज्ञानमा ध्यान केन्द्रित गर्छन्, र तिनीहरूले अलौकिक कुराहरू अनि धेरै गहन, अवास्तविक सिद्धान्तहरूमा ध्यान दिन्छन् (अवश्य नै, यी गहन सिद्धान्तहरू अप्राप्य छन्)। तिनीहरूले मानिसहरूका स्वभावमा हुने परिवर्तनमा होइन, तर प्रचार गर्ने र काम गर्नको लागि मानिसहरूलाई तालिम दिन, मानिसहरूको ज्ञान र तिनीहरूको प्रशस्त धार्मिक सिद्धान्तहरूलाई सुधार गर्नमा ध्यान केन्द्रित गर्छन्। तिनीहरूले मानिसहरूको स्वभाव कति परिवर्तन हुन्छ भन्नेमा ध्यान केन्द्रित गर्दैनन्, न त मानिसहरूले कति धेरै सत्यतालाई बुझ्छन् भन्नेमा नै ध्यान केन्द्रित गर्छन्। तिनीहरूले मानिसहरूको सारमा चासो दिँदैनन्, तिनीहरूले मानिसहरूको सामान्य र असामान्य स्थितिहरूलाई जान्ने प्रयास गर्नु त परै जाओस्। तिनीहरूले मानिसहरूका धारणाहरूलाई खण्डन गर्दैनन्, न त तिनीहरूले आफ्ना धारणाहरूलाई प्रकट नै गर्छन्, तिनीहरूले मानिसहरूका त्रुटिहरू वा भ्रष्टताहरूका लागि तिनीहरूलाई काट-छाँट गर्नु त परै जाओस्। तिनीहरूलाई पछ्याउने धेरैजसोले तिनीहरूका वरदानहरूद्वारा सेवा गर्छन्, अनि तिनीहरूले व्यक्त गर्ने भनेका त्यही धार्मिक धारणाहरू र धर्मशास्त्रीय सिद्धान्तहरू मात्र हुन्, जुन वास्तविकताको छुवाइभन्दा बाहिर छन् र मानिसहरूलाई जीवन दिन पूर्ण रूपमा असमर्थ छन्। वास्तवमा, तिनीहरूको कामको सार भनेको प्रतिभाको वृद्धि-विकास गर्नु, केही पनि नभएको व्यक्तिलाई प्रतिभावान् तुल्याई सेमिनारी दीक्षान्तसम्म शिक्षा-दीक्षा दिनु हो जसले पछि गएर काम गर्छ र अगुवाइ गर्छ। के परमेश्वरको छ हजार वर्षको काममा तैँले कुनै नियमहरू पत्ता लगाउन सक्छस्? मानिसले गर्ने काममा धेरै नियम

र बन्देजहरू हुन्छन्, र मानव मष्तिष्क अत्यन्तै कट्टरपन्थी हुन्छ। त्यसकारण, मानिसले व्यक्त गर्ने भनेका उसको अनुभवको क्षेत्र भित्रका ज्ञान र अनुभूतिहरू नै हुन्। मानिसले यसभन्दा बाहेकको कुनै पनि कुरा व्यक्त गर्न सक्दैन। मानिसको अनुभव वा ज्ञान उसका अन्तर्निहित वरदान वा उसको जन्मजात क्षमताबाट आउँदैनन्; ती परमेश्‍वरको अगुवाइ र प्रत्यक्ष गोठालोपनको कारण आउँछन्। मानिससँग यस गोठालोपनलाई स्वीकार गर्ने क्षमता मात्रै हुन्छ र ईश्‍वरत्व के हो त्यसलाई प्रत्यक्ष रूपमा व्यक्त गर्न सक्ने क्षमता हुँदैन। मानिस स्रोत हुन सक्दैन; ऊ स्रोतबाट आउने पानीलाई स्वीकार गर्ने भाँडो मात्रै बन्न सक्छ। मानवको जन्मजात क्षमता अर्थात मानवको रूपमा व्यक्तिमा हुनुपर्ने गुण नै यही हो। यदि व्यक्तिले परमेश्‍वरको वचनलाई स्वीकार गर्ने क्षमतालाई गुमाउँछ र मानवको जन्मजात क्षमतालाई गुमाउँछ भने, त्यस व्यक्तिले सबैभन्दा बहुमूल्य कुरालाई पनि गुमाउँछ, र सृष्टि गरिएको मानिसको कर्तव्यलाई पनि गुमाउँछ। यदि व्यक्तिमा परमेश्‍वरको वचनको वा उहाँको कामको कुनै ज्ञान वा अनुभव छैन भने, त्यस व्यक्तिले सृष्टि गरिएको प्राणीको रूपमा आफूले पूरा गर्नुपर्ने कर्तव्यलाई गुमाउँछ, र उसले सृष्टि गरिएको प्राणीको गरिमालाई पनि गुमाउँछ। ईश्‍वरत्व के हो त्यसलाई व्यक्त गर्नु परमेश्‍वरको अन्तर्निहित गुण हो, चाहे यो देहमा व्यक्त गरियोस् वा पवित्र आत्माले प्रत्यक्ष रूपमा व्यक्त गर्नुभएको होस्; परमेश्‍वरको सेवकाइ यही हो। परमेश्‍वरको काम वा त्यसपछिको अवधिमा मानिसले आफ्नै अनुभवहरू वा ज्ञानलाई व्यक्त गर्छ (अर्थात्, उसले ऊ जे हो त्यही व्यक्त गर्छ); मानिसको जन्मजात क्षमता र मानिसको कर्तव्य यही हो, र मानिसले हासिल गर्नुपर्ने कुरा यही हो। मानिसको अभिव्यक्ति परमेश्‍वरले जे व्यक्त गर्नुहुन्छ त्यसको मापदण्डबाट निकै नै चुक्ने भए तापनि, र मानिसको अभिव्यक्ति विभिन्न नियमहरूले बाँधिने भए तापनि, मानिसले आफूले पूरा गर्नुपर्ने कर्तव्यलाई पूरा गर्नैपर्छ र उसले जे गर्नु आवश्यक छ त्यो गर्नैपर्छ। मानिसले आफ्नो कर्तव्यलाई पूरा गर्नको लागि मानवीय रूपमा सम्भव भएको सबै कुराहरू गर्नुपर्छ, र उसले त्यसप्रति अलिकति पनि संदेह गर्नु हुँदैन।

वर्षौंसम्म काम गरिसकेपछि, मानिसले आफ्नो धेरै वर्षको कामको अनुभवलाई र साथसाथै उसले बटुलेका ज्ञान-बुद्धि र नियमहरूलाई सारांशित गर्नेछ। धेरै समयसम्म काम गरेको व्यक्तिले पवित्र आत्माको कामको गतिविधिलाई कसरी अनुभूति गर्ने सो जान्दछ; उसले पवित्र आत्माले कहिले काम गरिरहनुभएको हुन्छ र कहिले काम गरिरहनुभएको हुँदैन सो जान्दछ; बोझ बोक्दै कसरी सङ्गति गर्ने सो उसलाई थाहा हुन्छ; अनि पवित्र आत्माको कामको सामान्य स्थिति र मानिसहरूको जीवनमा हुने वृद्धिको सामान्य स्थितिको बारेमा ऊ सचेत हुन्छ। वर्षौंसम्म काम गरेको र पवित्र आत्माको कार्यलाई जान्ने व्यक्ति यस्तै हुन्छ। लामो समयसम्म काम गरेकाहरूले सुनिश्‍चितताको साथ र हतार नगरीकन बोल्छन्; भन्नको लागि तिनीहरूसँग केही नहुँदा पनि, तिनीहरू शान्त हुन्छन्। भित्री रूपमा, तिनीहरूले पवित्र आत्माको कार्यको खोजी गर्नको लागि निरन्तर रूपमा प्रार्थना गर्न सक्छन्। कार्यमा तिनीहरू अनुभवी हुन्छन्। लामो समयसम्म काम गरेको, धेरै अनुभव बटुलेको र धेरै पाठहरू सिकेको व्यक्तिभित्र धेरै कुरा हुन्छ जसले पवित्र आत्माको कार्यमा बाधा पुऱ्याउँछ; उसको दीर्घकालीन कामको खराबी यही हो। भर्खरै काम गर्न सुरु

गरेको व्यक्तिमा मानव पाठहरू वा अनुभवद्वारा बदलाव आएको हुँदैन र विशेष रूपमा ऊ पवित्र आत्माले कसरी काम गर्नुहुन्छ भन्नेबारे अन्योलमा हुन्छ। तैपनि, कार्यको सिलसिलामा, उसले पवित्र आत्माले कसरी काम गर्नुहुन्छ भन्ने अनुभूति गर्न क्रमिक रूपमा सिक्दै जान्छ, अनि पवित्र आत्माको कार्यलाई प्राप्त गर्न के गर्नुपर्छ, अरूको कमजोरीहरूमा प्रहार गर्नको लागि के गर्नुपर्छ, र काम गर्नेहरूमा हुनुपर्ने त्यस्तै अन्य आम ज्ञानबारे ऊ सचेत हुन्छ। समय बित्दै जाँदा, कार्यसम्बन्धी त्यस्तो बुद्धि र सामान्य ज्ञानबारे उसलाई उसको हतकेला जत्तिकै थाहा हुन्छ, र काम गर्ने क्रममा उसले यसलाई सहजै प्रयोग गरेको देखिन्छ। तैपनि, जब पवित्र आत्माले आफ्नो काम गर्ने तरिकालाई परिवर्तन गर्नुहुन्छ, उसले कामसम्बन्धी आफ्नो पुरानो ज्ञान र कामसम्बन्धी पुराना नियमहरूलाई नै पालना गरिरहन्छ र कामको नयाँ गतिशीलताको बारेमा उसलाई त्यति थाहा हुँदैन। वर्षौंको काम अनि पवित्र आत्माको उपस्थिति र अगुवाइको भरिपूर्णताले उसलाई कामसम्बन्धी झन्-झन् बढी पाठहरू र झन्-झन् बढी अनुभव दिन्छ। त्यस्ता कुराहरूले उसलाई आत्मविश्वासले भर्छ, र त्यो आत्मविश्वास घमण्ड होइन। अर्को शब्दमा भन्दा, ऊ आफ्नो कामप्रति निकै प्रसन्न हुन्छ र पवित्र आत्माको कामबारे उसले प्राप्त गरेको सामान्य ज्ञानप्रति सन्तुष्ट हुन्छ। खास गरी, अरूले प्राप्त नगरेका कुराहरू पाएको वा अनुभूति गरेकोमा त्यसले उसलाई आफूप्रति अझै बढी आत्मविश्वास प्रदान गर्छ; यस्तो लाग्छ ऊभित्रको पवित्र आत्माको कामलाई कहिल्यै पनि निभाउन सकिँदैन, जबकि अन्य व्यक्तिहरू यस किसिमको विशेष व्यवहार पाउन अयोग्य छन्। ऊजस्तै वर्षौंसम्म काम गरेका र जसको प्रयोग निकै बहुमूल्य छ त्यस्ता मानिसहरू मात्र यो प्राप्त गर्न योग्य छन्। यी कुराहरू उसले पवित्र आत्माको नयाँ कार्यलाई स्वीकार गर्ने कार्यमा निकै ठूलो बाधा बन्छन्। उसले नयाँ कार्यलाई स्वीकार गर्न सके तापनि, उसले रातारात त्यसो गर्न सक्दैन। यसलाई स्वीकार गर्नुअघि निश्चय पनि ऊ धेरै मोडहरू र घुम्तीहरू भएर जान्छ। उसका पुराना धारणाहरूको निराकरण गरिसकेपछि र उसको पुरानो स्वभावलाई न्याय गरिसकेपछि मात्रै यो अवस्थालाई क्रमिक रूपमा उल्ट्याउन सकिन्छ। यी चरणहरू भएर नगईकन, उसले आफ्ना पुराना धारणाहरूलाई त्याग्दैन र तीसँग नमिल्ने नयाँ शिक्षणहरू र कार्यलाई सहजै स्वीकार गर्दैन। मानिसमा निराकरण गर्नुपर्ने सबैभन्दा कठिन कुरो यही नै हो, र यसलाई परिवर्तन गर्न सजिलो छैन। यदि सेवकको रूपमा, उसले तुरुन्तै पवित्र आत्माको कामलाई बुझ्न र यसका गतिशीलतालाई सारांशित गर्न सक्छ, र यदि ऊ कामसम्बन्धी आफ्ना अनुभवहरूद्वारा सीमित हुँदैन र पुरानो कामको आधारमा नयाँ कार्यलाई स्वीकार गर्न सक्छ भने, ऊ ज्ञानी मानिस र योग्य सेवक हो। मानिसहरू प्रायजसो यस्तै हुन्छन्: तिनीहरू कामसम्बन्धी आफ्नो अनुभवलाई सारांशित गर्न नसकीकनै धेरै वर्ष काम गर्छन्, वा, कामसम्बन्धी तिनीहरूको अनुभव र ज्ञान-बुद्धिलाई सारांशित गरिसकेपछि, नयाँ काम स्वीकार गर्न तिनीहरूलाई बाधा हुन्छ र तिनीहरूले पुरानो र नयाँ कामलाई उचित रूपमा बुझ्न वा सही रूपमा लिन सक्दैनन्। मानिसहरूलाई सम्हाल्न साँच्चै निकै कठिन छ! तिमीहरूमध्ये धेरैजसो यस्तै छौ। पवित्र आत्माको वर्षौंको कार्यलाई अनुभव गरेकाहरूले नयाँ कार्यलाई स्वीकार गर्न कठिन मान्छन्, र तिनीहरू पन्छ्याउन नसक्ने धारणाहरूले सधैँ भरिपूर्ण हुन्छन्, जबकि भर्खरै काम गर्न सुरु गरेको मानिसमा कामको बारेमा सामान्य ज्ञानको

कमी हुन्छ र उसलाई सबैभन्दा सरल विषयहरूलाई कसरी सम्हाल्ने भन्ने समेत थाहा हुँदैन। तिमीहरू साँच्चै कठिन छौ! केही ज्येष्ठहरू यति अभिमानी र घमण्डी छन् कि तिनीहरूले आफूहरू कहाँबाट आएको हो भन्ने कुरा नै बिर्सेका छन्। तिनीहरूले जवान मानिसहरूलाई सधैँ नीच रूपमा हेर्छन्, तैपनि तिनीहरूले नयाँ कामलाई स्वीकार गर्न सक्दैनन् र तिनीहरूले वर्षौंदेखि संगालेर राखेका धारणाहरूलाई छोड्न सक्दैनन्। ती जवान, अनजान मानिसहरूले पवित्र आत्माको नयाँ कार्यलाई केही हदसम्म स्वीकार गर्न सक्ने भए तापनि र तिनीहरू अलिक उत्साहित हुने भए तापनि, तिनीहरू सधैँ अलमलमा पर्छन् र समस्याहरू आइपर्दा के गर्ने तिनीहरूलाई थाहै हुँदैन। तिनीहरू उत्साहित हुन्छन् तैपनि अनजान हुन्छन्। पवित्र आत्माको कामको बारेमा तिनीहरूसँग थोरै मात्र ज्ञान हुन्छ र तिनीहरूले त्यसलाई आफ्नो जीवनमा प्रयोग गर्न सक्दैनन्; यो पूर्ण रूपमा बेकामको सिद्धान्त मात्रै हुन्छ। तिमीहरूजस्ता मानिसहरू धेरै नै छन्; प्रयोगयोग्य त कति जना छन् र? पवित्र आत्माको अन्तर्दृष्टि र प्रकाशलाई पालन गर्न सक्ने र परमेश्वरको इच्छा अनुसार चल्न सक्ने कति जना छन् र? आजसम्म पछ्याउनेहरूको रूपमा रहँदै आएका तिमीहरू अत्यन्तै आज्ञाकारी छौ जस्तो देखिन्छौ, तर वास्तवमा, तिमीहरूले तिमीहरूका धारणाहरूलाई त्यागेका छैनौ, तिमीहरूले अझै पनि बाइबलमा खोजी गरिरहेका छौ, अस्पष्टतामा विश्वास गरिरहेका छौ, वा धारणाहरूमा अलमलिरहेका छौ। आजको वास्तविक कार्यलाई होसियारी साथ अनुसन्धान गर्ने वा यसको गहिराइमा जाने कोही पनि छैन। तिमीहरूले आजको मार्गलाई तिमीहरूका पुराना धारणाहरूद्वारा स्वीकार गरिरहेका छौ। त्यस्तो विश्वासद्वारा तिमीहरूले के प्राप्त गर्न सक्छौ? के भन्न सकिन्छ भने तिमीहरूमा त्यस्ता धेरै धारणाहरू लुकेका छन् जसलाई प्रकट गरिएको छैन, र तिमीहरूले तिनलाई सहजै प्रकट नगरीकन, तिनलाई लुकाउन सबैभन्दा ठूलो प्रयास गरिरहेका छौ। नयाँ कार्यलाई तिमीहरूले इमानदारिताको साथ स्वीकार गर्दैनौ, र तिमीहरूले तिमीहरूका पुराना धारणाहरूलाई त्याग्ने सोच बनाउँदैनौ; तिमीहरूमा जीविकोपार्जनसम्बन्धी अति धेरै दर्शनहरू छन्, र तिनीहरू अत्यन्तै ठोस् छन्। तिमीहरूले आफ्ना पुराना धारणाहरूलाई त्याग्दैनौ र तिमीहरूले मन नलागी-नलागी नयाँ कार्यको सामना गर्छौ। तिमीहरूको हृदय अत्यन्तै कुटिल छ, र तिमीहरूले नयाँ कार्यका चरणहरूलाई हृदयमा राख्दै-राख्दैनौ। के तिमीहरूजस्तो बेकामेहरूले सुसमाचार फैलाउने काम गर्न सक्छौ र? के तिमीहरूले यसलाई सम्पूर्ण ब्रह्माण्डभरि फैलाउने काम लिन सक्छौ र? तिमीहरूका यी परिपाटीहरूले तिमीहरूलाई तिमीहरूको स्वभाव परिवर्तन गर्न र परमेश्वरलाई चिन्नबाट रोकिरहेको छ। यदि तिमीहरूले यसलाई जारी राख्यौ भने, तिमीहरूलाई हटाइने निश्चित छ।

तिमीहरूले परमेश्वरको कार्यलाई मानिसको कार्यबाट कसरी अलग गर्ने हो सो कुरा जान्नैपर्छ। तैँले मानिसको काममा के देख्न सक्छस्? मानिसको काममा मानिसको अनुभवका धेरै तत्वहरू हुन्छन्; मानिसले ऊ जे हो त्यही व्यक्त गर्छ। परमेश्वरको आफ्नै कामले पनि उहाँ जे हुनुहुन्छ त्यसलाई व्यक्त गर्छ, तर उहाँको सारत्व मानिसको भन्दा फरक छ। मानिसको सारत्वले मानिसको अनुभव र जीवनलाई (मानिसले आफ्नो जीवनमा जे अनुभव गर्छ वा जे कुराको सामना गर्छ, वा जिउनको लागि उसँग जे-जस्ता दर्शनहरू छन् त्यसलाई) प्रतिनिधित्व गर्छ, र फरक-फरक वातावरणमा जिउने मानिसहरूले फरक-फरक सारत्वलाई व्यक्त गर्छन्। तँसँग समाजका अनुभवहरू

छन् या छैनन् र तेरो परिवारमा वास्तवमा तँ के-कसरी बस्छस् र यसभित्र तैँले के-कस्तो अनुभव गर्छस्, यी सबै कुराहरू तैँले जे व्यक्त गर्छस् त्यसमा देख्न सकिन्छ, जबकि देहधारी परमेश्वरको काममा तैँले उहाँसँग सामाजिक अनुभवहरू छन् कि छैनन् भनेर देख्न सक्दैनस्। मानिसको सारको बारे उहाँलाई राम्ररी थाहा छ र उहाँले सबै प्रकारका मानिसहरूसँग सम्बन्धित सबै प्रकारका अभ्यासहरूलाई प्रकट गर्न सक्नुहुन्छ। मानिसका भ्रष्ट स्वभावहरू र विद्रोही बानीबेहोरालाई प्रकट गर्नमा उहाँ अझै सिपालु हुनुहुन्छ। उहाँ सांसारिक मानिसहरूका बीचमा जिउनुहुन्न, तर मरणशीलहरूको प्रकृति र सांसारिक मानिसहरूको सारा भ्रष्टताबारे उहाँलाई थाहा छ। उहाँको सारत्व यही नै हो। उहाँले संसारसँग व्यवहार गर्नुहुन्न, तैपनि संसारसँग व्यवहार गर्ने नियमहरू उहाँलाई थाहा छ, किनभने उहाँले मानव प्रकृतिलाई राम्ररी बुझ्नुहुन्छ। आज र विगत दुवैमा, मानिसको आँखाले देख्न नसक्ने र मानिसको कानले सुन्न नसक्ने पवित्र आत्माको काम उहाँलाई थाहा छ। यसमा त्यो ज्ञान-बुद्धि पर्छ जुन जीवन जिउने दर्शन अनि मानिसहरूले बुझ्न नसक्ने आश्‍चर्य होइन। उहाँको सारत्व यही हो, जुन मानिसहरूको निम्ति खुला छ र मानिसहरूबाट लुकाइएको पनि छ। उहाँले जे व्यक्त गर्नुहुन्छ त्यो असाधारण व्यक्तिको सारत्व होइन, तर त्यो आत्माका अन्तर्निहित गुणहरू र सारत्व हो। उहाँले संसारको भ्रमण गर्नुहुन्न तर यसको सबै कुरा जान्नुहुन्छ। उहाँले “नर-वानरहरू” लाई सम्पर्क गर्नुहुन्छ जोसँग कुनै ज्ञान वा अन्तर्दृष्टि छैन, तर उहाँले ज्ञानभन्दा उच्च अनि महान् मानवहरूभन्दा माथिका वचनहरू व्यक्त गर्नुहुन्छ। उहाँ सुस्त र बोधो मानिसहरूका बीचमा बस्नुहुन्छ जो मानवताविहीन छन् र जसले मानवताको प्रचलन र जीवनलाई बुझ्दैनन्, तर उहाँले मानवजातिलाई मानवजातिको नीच र तुच्छ मानवतालाई प्रकट गर्दै सामान्य मानवतामा जिउन लगाउन सक्नुहुन्छ। यो सबै उहाँको सारत्व हो, र यो सारत्व कुनै पनि मासु र रगतले बनेको व्यक्तिको भन्दा उच्च छ। उहाँको लागि, उहाँले गर्नुपर्ने काम गर्नको लागि र भ्रष्ट मानवजातिको सारलाई पूर्णरूपमा प्रकट गर्नको लागि जटिल, कष्टकर, र घिनलाग्दो सामाजिक जीवनको अनुभव गर्नु जरुरी छैन। घिनलाग्दो सामाजिक जीवनले उहाँको देहलाई सुधार गर्दैन। उहाँको काम र वचनले मानिसको स्वभावलाई मात्रै प्रकट गर्छन् तर यिनले मानिसलाई संसारको सामना गर्नको लागि अनुभव र पाठहरू प्रदान गर्दैनन्। जब उहाँले मानिसलाई जीवन दिनुहुन्छ उहाँले समाज वा मानिसको परिवारको अनुसन्धान गर्नु जरुरी छैन। मानिसलाई उदाङ्गो पार्नु र न्याय गर्नु उहाँको देहका अनुभवहरूको अभिव्यक्ति होइन; यो त मानिसको अवज्ञाको बारेमा लामो समयको ज्ञान अनि मानिसको भ्रष्टताप्रतिको घृणापश्‍चात उहाँले मानिसको अधर्मसम्बन्धमा गर्नुभएको प्रकाश हो। उहाँले गर्नुहुने सबै कामको उद्‌देश्य मानिसलाई उहाँको स्वभाव प्रकट गर्नु र उहाँको सारत्वलाई व्यक्त गर्नु हो। उहाँले मात्रै यो काम गर्न सक्नुहुन्छ; यो मासु र रगतले बनेको व्यक्तिले हासिल गर्न सक्ने कुरा होइन। उहाँको कामबाट मानिसले उहाँ कुन प्रकारको व्यक्ति हुनुहुन्छ भनेर भन्न सक्दैन। उहाँको कामको आधारमा पनि मानिसले उहाँलाई सृष्टि गरिएको प्राणीको रूपमा वर्गीकरण गर्न सक्दैन। उहाँको सारत्वले पनि उहाँलाई सृष्टि गरिएको व्यक्तिको रूपमा वर्गीकरण गर्न नसकिने तुल्याउँछ। मानिसले उहाँलाई गैर-मानव मात्रै ठान्छ, तर उहाँलाई कुन वर्गमा राख्ने हो सो कुरा जान्दैन, त्यसकारण मानिस उहाँलाई परमेश्‍वरको वर्गमा राख्न बाध्य

हुन्छ। मानिसले त्यसो गर्नु अतार्किक छैन, किनभने परमेश्वरले मानिसहरूका बीचमा मानिसले गर्न नसक्ने धेरै काम गर्नुभएको छ।

परमेश्वरले गर्नुहुने कामले उहाँको देहको अनुभवलाई प्रतिनिधित्व गर्दैन; मानिसले गर्ने कामले उसको अनुभवको प्रतिनिधित्व गर्छ। हरेक व्यक्तिले आफ्नो व्यक्तिगत अनुभवको बारेमा कुरा गर्छ। परमेश्वरले प्रत्यक्ष रूपमै सत्यता व्यक्त गर्न सक्नुहुन्छ, जबकि मानिसले उसले अनुभव गरेको सत्यतासम्बन्धी अनुभवलाई मात्रै व्यक्त गर्न सक्छ। परमेश्वरको कामका कुनै पनि नियमहरू छैनन् र यो समय वा भौगोलिक सीमाहरूमा सीमित छैन। उहाँ जे हुनुहुन्छ सो उहाँले कुनै पनि समय, कुनै पनि स्थानमा व्यक्त गर्न सक्नुहुन्छ। उहाँले आफ्नो इच्छाअनुसार काम गर्नुहुन्छ। मानिसको कामका अवस्था र प्रसंग हुन्छन्; तीविना उसले काम गर्न सक्दैन र परमेश्वरसम्बन्धी आफ्नो ज्ञान वा सत्यतासम्बन्धी आफ्नो अनुभवलाई व्यक्त गर्न सक्दैन। कुनै कुरा परमेश्वरको आफ्नै काम हो कि मानिसको काम हो भनेर बताउनको लागि, तैँले ती दुईबीचको भिन्नतालाई तुलना मात्रै गर्नुपर्छ। यदि परमेश्वर स्वयम्ले गर्नुभएको कुनै काम छैन र मानिसले गरेको काम मात्रै छ भने, तैँले मानिसका शिक्षणहरू अरू कुनै पनि व्यक्तिको क्षमताभन्दा उच्च, धेरै परको रहेछ भनी स्पष्ट रूपमै जान्नेछस्; तिनीहरूको बोल्ने शैली, काम-कुराहरू सम्हाल्नेसम्बन्धी तिनीहरूका सिद्धान्तहरू, र तिनीहरूको अनुभवी र स्थिर किसिमको काम गर्ने शैली अरूको पहुँचभन्दा बाहिर हुन्छन्। तिमीहरूले असल क्षमता र उत्कृष्ट ज्ञान भएका यी मानिसहरूलाई सराहना गर्छौ, तर तैँले परमेश्वरको काम र वचनहरूबाट उहाँको मानवता कति उच्च छ भन्ने कुरा देख्न सक्दैनस्। बरु, उहाँ साधारण हुनुहुन्छ, र, काम गर्दा, उहाँ सामान्य र वास्तविक हुनुहुन्छ तैपनि मरणशीलहरूले नाप्न नसक्ने हुनुहुन्छ, जसले मानिसहरूलाई उहाँप्रति एक प्रकारको श्रद्धाभावको अनुभूति गराउँछ। शायद आफ्नो कामप्रतिको व्यक्तिको अनुभव निश्चित रूपमा उच्च हुनसक्छ, वा उसको कल्पना र तर्क निश्चित रूपमा उच्च हुनसक्छ, र उसको मानवता निश्चित रूपमा असल हुनसक्छ; त्यस्ता गुणहरूले मानिसहरूको सराहना मात्रै प्राप्त गर्न सक्छ, तर तिनीहरूमा विस्मय र डर जागृत गर्न सक्दैन। जसले राम्ररी काम गर्न सक्छन्, जोसँग निश्चित रूपमा गहन अनुभव छ, र जसले सत्यताको अभ्यास गर्न सक्छन् तिनीहरूलाई मानिसहरूले सराहना गर्छन्, तर त्यस्ता मानिसहरूले कहिल्यै पनि विस्मय जागृत गर्न सक्दैनन्, सराहना र ईर्ष्या मात्रै जागृत गर्न सक्छन्। तर परमेश्वरको कार्यलाई अनुभव गरेका मानिसहरूले परमेश्वरलाई सराहना गर्दैनन्; बरु, तिनीहरूले ठान्छन् कि उहाँको काम मानव पहुँचभन्दा बाहिर छ र मानिसको लागि बुझ्न नसकिने छ, अर्थात् यो ताजा अनि आश्चर्यको छ। जब मानिसहरूले परमेश्वरको कामलाई अनुभव गर्छन्, तब उहाँसम्बन्धी तिनीहरूको पहिलो ज्ञान भनेको उहाँ बुझ्न नसकिने, बुद्धिमानी, र आश्चर्यको हुनुहुन्छ भन्ने हुन्छ, र तिनीहरूले अचेत रूपमा उहाँलाई आदर गर्छन् र उहाँले गर्नुहुने कामको रहस्यलाई अनुभव गर्छन्, जुन मानव मनको पहुँचभन्दा बाहिर छ। मानिसहरूले उहाँका मापदण्डहरूलाई पूरा गर्न, उहाँका इच्छाहरूलाई सन्तुष्ट तुल्याउन सकौं भन्ने मात्रै चाहन्छन्; तिनीहरूले उहाँलाई नाघ्न चाहँदैनन्, किनभने उहाँले गर्नुहुने काम मानिसको सोचाइ र कल्पनाभन्दा बाहिर जान्छ र त्यसलाई उहाँको सट्टामा मानिसले गर्न सक्दैन। मानिस स्वयम्ले

समेत उसका अपर्याप्तताहरूलाई जान्दैन, तैपनि परमेश्‍वरले नयाँ मार्ग ल्याउनुभएको छ र मानिसलाई अझै नयाँ र अझै सुन्दर संसारमा ल्याउनको लागि आउनुभएको छ, त्यसकारण मानवजातिले प्रगति गरेको छ र नयाँ सुरुवात गरेको छ। मानिसहरूले परमेश्‍वरको लागि अनुभव गर्ने भनेका सराहना होइन, अथवा, सराहना मात्रै होइन। तिनीहरूको सबैभन्दा गहन अनुभव भनेको विस्मय र प्रेम हो; तिनीहरूले परमेश्‍वर वास्तवमै आश्‍चर्यको हुनुहुन्छ भन्‍ने अनुभव गर्छन्। उहाँले मानिसले गर्न नसक्ने काम गर्नुहुन्छ र मानिसले भन्‍न नसक्ने कुराहरू भन्‍नुहुन्छ। परमेश्‍वरको कामलाई अनुभव गरेका मानिसहरूसँग सधैँ वर्णन गर्न नसकिने अनुभूतिहरू हुन्छन्। पर्याप्त रूपमा गहन अनुभव पाएका मानिसहरूले परमेश्‍वरको प्रेमलाई बुझ्न सक्छन्; तिनीहरूले उहाँको प्रेमिलो स्वभावलाई अनुभव गर्न सक्छन्, उहाँ अत्यन्तै ज्ञानी हुनुहुन्छ, अत्यन्तै आश्‍चर्यका हुनुहुन्छ भन्‍ने अनुभव गर्न सक्छन्, र त्यसकारण तिनीहरूका बीचमा असीमित शक्ति पैदा हुन्छ। यो डर वा बेलाबखतको प्रेम र आदर होइन, बरु यो त मानिसप्रतिको परमेश्‍वरको करुणा र ऊप्रतिको सहनशीलताको गहन अनुभूति हो। तैपनि, उहाँको दण्ड र न्यायलाई अनुभव गरिसकेका मानिसहरूले उहाँको प्रतापलाई र उहाँले कुनै पनि अपराधहरूलाई सहनुहुन्‍न भन्‍ने कुरालाई अनुभूति गर्छन्। उहाँको धेरै काम अनुभव गरिसकेका मानिसहरूले समेत उहाँलाई बुझ्न सक्दैनन्; उहाँलाई साँचो रूपमा आदर गर्ने सबैले उहाँको काम मानिसहरूको धारणाहरूअनुरूप छैन बरु सधैँ तिनीहरूका धारणाहरू विरुद्ध जान्छ भन्‍ने कुरा जान्दछन्। मानिसहरूले उहाँलाई पूर्ण रूपमा सराहना गर्नु वा उहाँलाई देखावटी समर्पणता दिनु आवश्यकता छैन; बरु, तिनीहरूले साँचो श्रद्धा र साँचो समर्पणता हासिल गर्नुपर्छ। उहाँको धेरैजसो काममा, साँचो अनुभव सहितका जोसुकैले उहाँप्रति साँचो श्रद्धाको अनुभूति गर्छन्, जुन सराहनाभन्दा उच्च छ। उहाँको दण्ड र न्याय दिने कार्यको कारण मानिसहरूले उहाँको स्वभावलाई देखेका छन्, त्यसकारण तिनीहरूले आफ्नो हृदयमा उहाँलाई आदर गर्छन्। परमेश्‍वरको आदर गरिनुपर्छ र उहाँको आज्ञा पालना गरिनुपर्छ, किनभने उहाँको सारत्व र उहाँको स्वभाव सृष्टि गरिएका प्राणीहरूको जस्तो छैन बरु ती त सृष्टि गरिएका प्राणीहरूको भन्दा उच्च छन्। परमेश्‍वर स्वअस्तित्वमा हुनुहुन्छ र अनन्त हुनुहुन्छ, उहाँलाई सृष्टि गरिएको होइन, र श्रद्धा र आज्ञापालनको योग्य परमेश्‍वर मात्रै हुनुहुन्छ; यसको लागि मानिस योग्य छैन। त्यसकारण, उहाँको कार्यलाई अनुभव गरिसकेकाहरू र उहाँलाई साँचो रूपमा चिनेकाहरूले उहाँप्रति श्रद्धाको अनुभूति गर्छन्। तैपनि, उहाँसँग सम्बन्धित आफ्ना धारणाहरूलाई त्याग्न नसक्नेहरूसँग–उहाँलाई परमेश्‍वरको रूपमा लिँदै-नलिनेहरूसँग–उहाँप्रति कुनै श्रद्धा हुँदैन, र तिनीहरूले उहाँलाई पछ्याए तापनि, तिनीहरू जितिएका हुँदैनन्; तिनीहरूको प्रकृति नै अनाज्ञाकारी हुन्छ। यसरी काम गरेर उहाँले के हासिल गर्न चाहनुहुन्छ भने सृष्टि गरिएका सबै प्राणीहरूमा सृष्टिकर्ताको लागि श्रद्धा गर्ने हृदय होस्, तिनीहरूले उहाँको आराधना गरून्, र निःशर्त रूपमा तिनीहरू उहाँको प्रभुत्वमा समर्पित होऊन्। उहाँको सबै कामले हासिल गर्नुपर्ने अन्तिम परिणाम यही हो। यदि त्यस्तो कार्यलाई अनुभव गरिसकेका मानिसहरूले परमेश्‍वरलाई अलिकति पनि आदर गर्दैनन् भने, र यदि तिनीहरूको विगतको अवज्ञा परिवर्तन नै हुँदैन भने, तिनीहरूलाई निश्‍चय नै हटाइन्छ। यदि परमेश्‍वरप्रति व्यक्तिको मनोवृत्ति भनेको उहाँको सराहना गर्ने वा उहाँलाई टाढैबाट आदर गर्ने, र

उहाँलाई अलिकति पनि प्रेम नगर्ने किसिमको छ भने, परमेश्‍वरलाई प्रेम गर्ने हृदय नभएको व्यक्ति आइपुगेको परिणाम-स्थल यही हो, र त्यस व्यक्तिमा सिद्ध पारिनको लागि चाहिने शर्तहरूको कमी हुन्छ। यदि त्यति धेरै कामले व्यक्तिको साँचो प्रेम प्राप्त गर्न सक्दैन भने, त्यस व्यक्तिले परमेश्‍वरलाई प्राप्त गरेको छैन र उसले सच्चा रूपमा सत्यतालाई पछ्याउँदैन। परमेश्‍वरलाई प्रेम नगर्ने व्यक्तिले सत्यतालाई प्रेम गर्दैन, तसर्थ उसले परमेश्‍वरलाई प्राप्त गर्न सक्दैन, परमेश्‍वरको स्वीकृती प्राप्त गर्ने कुरा त परै जाओस्। त्यस्ता मानिसहरूले पवित्र आत्माको कार्यलाई जसरी अनुभव गरे तापनि, र तिनीहरूले जसरी न्यायको अनुभव गरे तापनि, तिनीहरूले परमेश्‍वरलाई श्रद्धा गर्न सक्दैनन्। यी त्यस्ता मानिसहरू हुन् जसको प्रकृतिलाई परिवर्तन गर्न सकिँदैन र जोसँग अत्यन्तै दुष्ट स्वभाव छ। परमेश्‍वरको आदर नगर्नेहरू सबैलाई हटाइनुपर्छ, तिनीहरूलाई दण्डका पात्रहरू बनाइनुपर्छ, र दुष्ट काम गर्नेहरूलाई जस्तै दण्ड दिइनुपर्छ, अधर्म कुराहरू गर्नेहरूलाई भन्दा बढी कष्ट दिइनुपर्छ।

# परमेश्‍वरको कामका तीन चरणहरूलाई जान्नु नै परमेश्‍वरलाई चिन्ने मार्ग हो

मानवजातिलाई व्यवस्थापन गर्ने कामलाई तीन भागमा विभाजन गरिएको छ, जसको अर्थ मानवजातिलाई बचाउने कामलाई तीन चरणहरूमा विभाजन गरिएको छ। यी तीन चरणहरूमा संसारलाई सृष्टि गरिएको कार्य पर्दैन, तर व्यवस्थाको युग, अनुग्रहको युग र राज्यको युगका कामका तीन चरणहरू हुन्। संसारलाई सृष्टि गर्ने काम सारा मानवजातिलाई पैदा गर्ने काम थियो। यो मानिसलाई मुक्ति दिने काम थिएन, मानवजातिलाई मुक्ति दिने कार्यसँग यसको कुनै सरोकार छैन, किनभने संसार सृष्टि गर्दा मानवजाति शैतानद्वारा भ्रष्ट पारिएका थिएनन्, त्यसैले मानवजातिको मुक्तिको कार्यलाई अघि बढाउनु आवश्यक थिएन। जब मानवजाति शैतानद्वारा भ्रष्ट भयो तब मात्र मानवजातिलाई मुक्ति दिने कार्य सुरु भयो, त्यसैले मानवजाति भ्रष्ट भएपछि मात्र मानवजातिको व्यवस्थापनको कार्य सुरुवात भयो। अर्को शब्दमा, परमेश्‍वरको मानव व्यवस्थापनको कार्य मानवजातिलाई उद्धार गर्ने कार्यको परिणामस्वरूप प्रारम्भ भयो र यो संसारलाई सृष्टि गर्ने कुराबाट उदय भएन। मानवजातिले भ्रष्ट स्वभाव प्राप्त गरेपछि मात्र व्यवस्थापनको कार्य अस्तित्वमा आयो, त्यसैले मानवजातिलाई व्यवस्थापन गर्ने कार्यमा चार चरणहरू वा चार युगहरूभन्दा पनि तीन भागहरू पर्छन्। परमेश्‍वरले मानवजातिको व्यवस्थापन गर्ने कार्यलाई जनाउने उपयुक्त तरिका यही मात्र हो। जब अन्तिम युगको अन्त आउँछ, तब मानवजातिको व्यवस्थापन कार्यको पूर्ण अन्त आएको हुनेछ। व्यवस्थापन कार्यको समाप्तिको अर्थ सबै मानवजातिलाई उद्धार गर्ने कार्य पूर्ण रूपमा सिद्धिनु, र मानवजातिको निम्ति यो चरण पूरा भइसकेको छ भन्ने हो। सारा मानवजातिलाई मुक्ति दिने कार्यविना मानवजातिको व्यवस्थापनको कार्य अस्तित्वमा रहने थिएन, न त कार्यका तीन चरणहरू नै हुनेथिए। यो त मानवजातिको भ्रष्टताकै कारणले थियो र मानवजाति मुक्तिको तत्काल आवश्यकतामा थियो त्यसकारण

परमप्रभुले सृष्टिको काम टुङ्ग्याउनुभयो र व्यवस्थाको युगको काम सुरुवात गर्नुभयो। त्यसपछि मात्र मानवजातिको व्यवस्थापन गर्ने कार्य सुरुवात भयो, जसको अर्थ त्यसपछि मात्र मानवजातिलाई मुक्ति दिने कार्य सुरु भयो भन्ने हुन्छ। "मानवजातिको व्यवस्थापन" को अर्थ पृथ्वीमा भर्खरै सृष्टि गरिएका मानवजातिको जीवनको अगुवाइ गर्नु होइन (जसको तात्पर्य, मानवजाति अझै भ्रष्ट भएको थिएन)। बरु, यो त शैतानद्वारा भ्रष्ट पारिएको मानवजातिको मुक्ति हो, जसको तात्पर्य, यो भ्रष्ट मानवजातिलाई रूपान्तरण गर्नु हो। "मानवजातिको व्यवस्थापन" को अर्थ यही हो। मानवजातिलाई मुक्ति दिने कार्यमा संसार सृष्टि गर्ने कुरा पर्दैन, त्यसरी नै मानवजातिलाई व्यवस्थापन गर्ने कार्यमा संसारलाई सृष्टि गर्ने काम पर्दैन, तर यसमा संसारको सृष्टिभन्दा अलग कार्यका तीन चरणहरू मात्र पर्छन्। मानवजातिको व्यवस्थापनको कार्यलाई बुझ्न कार्यका तीन चरणहरूका इतिहासप्रति सजग हुनु आवश्यक हुन्छ—मुक्ति पाउनको निम्ति हरेक व्यक्ति यही कुरामा सजग हुनुपर्छ। परमेश्वरको सृष्टिहरू भएको हैसियतले, मानिसलाई परमेश्वरले सृष्टि गर्नुभएको हो भनी तिमीहरूले जान्नुपर्छ र मानवजातिको भ्रष्टताको स्रोत र यसको अलाबा, मानिसको मुक्तिको प्रक्रियालाई तिमीहरूले पहिचान गर्नुपर्छ। यदि तिमीहरूलाई परमेश्वरको कृपा पाउने प्रयासमा सिद्धान्तअनुसार काम गर्न मात्र आउँछ, तर परमेश्वरले मानिसलाई कसरी मुक्ति दिनुहुन्छ वा मानवजातिको भ्रष्टताको स्रोतको बारेमा थाहा छैन भने, परमेश्वरको प्राणी भएको हैसियतले तिमीहरूमा यही कुराको कमी छ। परमेश्वरको व्यवस्थापन कार्यको व्यापक क्षेत्रप्रति अनभिज्ञ रहँदा पनि व्यवहारमा उतार्न सकिने ती सत्यताहरूको बुझाइसित मात्र तँ सन्तुष्ट हुनु हुँदैन—यदि यस्तै अवस्था हो भने तँ अत्यन्त कट्टर छस्। कार्यका तीन चरणहरू मानिसलाई व्यवस्थापन गर्ने परमेश्वरको कार्य, सम्पूर्ण संसारमा सुसमाचारको आगमन, सबै मानवजाति माझ महान् रहस्यका भित्री कथा हुन्, र तिनीहरू सुसमाचार फैलाउने क्रियाको जग पनि हुन्। यदि तँ आफ्नो जीवनसँग सम्बन्धित साधारण सत्यताहरू बुझ्नमा मात्र ध्यान दिन्छस् र सारा रहस्यहरू र दर्शनहरूभन्दा महान् यो कुराबारे केही जान्दैनस् भने त, के तेरो जीवन हेर्नको लागि बाहेक केही कामको नहुने बिग्रेको सामग्रीजस्तो छैन र?

यदि मानिसले अभ्यासमा मात्र ध्यान दिन्छ, र परमेश्वरको काम र मानिसले जान्नु पर्ने कुरालाई द्वित्तिय कुराको रूपमा हेर्छ भने, मूल्यहीन कुरालाई बहुमूल्य ठानेर बहुमूल्य कुरालाई मूल्यहीन ठान्नु होइन र? तैँले जे कुरा जान्नुपर्छ सो तैँले जान्नु नै पर्छ; जुन कुरालाई तैँले व्यवहारमा लागू गर्नुपर्छ त्यसलाई तैँले व्यवहारमा उतार्नैपर्छ। त्यसपछि मात्र तँ सत्यताको अनुसरण कसरी गर्नुपर्छ भनी जान्ने व्यक्ति बन्नेछस्। जब तैँले सुसमाचार फैलाउने समय आउँछ, यदि तँ परमेश्वर महान् र धर्मी परमेश्वर हुनुहुन्छ, उहाँ कुनै पनि महान् मानिससँग तुलना गर्न नसकिने एक सर्वोच्च परमेश्वर हुनुहुन्छ र उहाँ त्यस्तो परमेश्वर हुनुहुन्छ जोभन्दा माथि अरू कोही छैन मात्र भन्न सक्छस् भने..., यदि तँ अत्यन्त महत्वपूर्ण र मूलभूत कुराहरू भएका वचनहरू भन्नलाई पूर्ण रूपमा असमर्थ छस् तर यी असान्दर्भिक र सतही कुराहरू मात्र भन्न सक्छस् भने; यदि तैँले परमेश्वरलाई चिन्ने वा परमेश्वरको कामबारे केही भन्नु छैन, यसको साथै, सत्यताको व्याख्या गर्न, वा मानिसमा केको कमी छ सो प्रदान गर्न सक्दैनस् भने, तँजस्तो व्यक्ति आफ्नो कर्तव्य पूरा

गर्न असमर्थ हुन्छ। परमेश्‍वरको गवाही दिने र राज्यको सुसमाचार फैलाउने काम साधारण कुरा होइन। तँ पहिले सत्यता र बुझ्नै पर्ने दर्शनहरूले सुसज्जित हुनुपर्छ। जब तँ परमेश्‍वरको कामको विभिन्‍न पक्षहरूको दर्शनहरू र सत्यताहरूबारे स्पष्ट छस् भने, अनि तैँले आफ्नो हृदयमा परमेश्‍वरको कामबारे थाहा पाउँछस्, र परमेश्‍वरले धार्मिक न्याय वा मानिसको शुद्धीकरणको काम जे गर्नुभए पनि तँसित तेरो जगको रूपमा महान् दर्शन हुन्छ र तँसित अभ्यास गर्नु पर्ने सत्यता हुन्छ, अनि तैँले परमेश्‍वरलाई अन्तसम्म नै पछ्याउन सक्नेछस्। उहाँले जे काम गर्नुभए पनि परमेश्‍वरको कामको लक्ष्य बदलिँदैन, उहाँको कामको मर्म बद्‌लिँदैन र मानिसप्रति उहाँको इच्छा बद्‌लिँदैन भन्‍ने तैँले जान्‍नुपर्छ। उहाँका वचनहरू जति नै कठोर भए पनि, वातावरण जति नै प्रतिकूल भए पनि, उहाँका कामका सिद्‌धान्तहरू परिवर्तन हुँदैनन् र मानिसलाई उद्‌धार गर्ने उहाँको अभिप्राय परिवर्तन हुँदैन। यदि यो मानिसको अन्त वा मानिसको गन्तव्यको प्रकाशको कार्य होइन भने, र अन्तिम चरणको काम वा परमेश्‍वरको व्यवस्थापनको समग्र योजनाको कार्यलाई समाप्त गर्ने होइन भने, र यदि यो मानिसलाई तयार पार्ने समयमा भने, उहाँको कामको मर्म परिवर्तन हुनेछैन। यो सधैँ मानवजातिको मुक्ति नै हुनेछ। परमेश्‍वरप्रति तिमीहरूको विश्‍वासको आधार यही नै हुनुपर्छ। कार्यको तीन चरणहरूको लक्ष्य सारा मानवजातिको मुक्ति हो—यसको अर्थ शैतानको अधिकार क्षेत्रबाट मानिसको पूर्ण मुक्ति हो। कार्यका हरेक तीन चरणहरूको फरक-फरक उद्‌देश्य र महत्त्व रहेको भए तापन, ती प्रत्येक नै मानवजातिको मुक्तिको कार्यको हिस्सा हो र ती प्रत्येक मानवजातिको आवश्यक अनुसार गरिने मुक्तिका विभिन्‍न काम हुन्। तँलाई कार्यका यी तीन चरणहरूबारे स्पष्ट भएपछि, ती कार्यका हरेक चरणको सराहना कसरी गर्ने भन्‍ने कुराप्रति तँ सचेत हुनेछस् र कसरी परमेश्‍वरको इच्छा पूरा गर्ने सो कुरालाई पहिचान गर्नेछस्। यदि तँ यस चरणमा पुग्न सक्छस् भने, यी सबैभन्दा महान् दर्शनहरू नै परमेश्‍वरप्रतिको तेरो विश्‍वासको जग बन्‍नेछ। तैँले अभ्यासका सहज तरिका वा गहन सत्यताहरूलाई मात्रै पछ्याउनु हुँदैन, तर अभ्यासलाई दर्शनहरूसँग समायोजन गर्नुपर्छ, ताकि व्यवहारमा उतार्न सकिने सत्यता र दर्शनहरूमा आधारित ज्ञान दुवै हुन्छन्। त्यसपछि मात्र तँ सत्यतालाई वृहत् रूपमा अनुसरण गर्ने व्यक्ति बन्‍नेछस्।

कार्यका तीन चरणहरू परमेश्‍वरको समग्र व्यवस्थापनको मर्म हुन् र तिनीहरूमा नै परमेश्‍वरको स्वभाव र उहाँ जे हुनुहुन्छ सो व्यक्ति गरिन्छ। परमेश्‍वरका कार्यका तीन चरणहरू नजान्‍नेहरूले परमेश्‍वरले उहाँको स्वभाव कसरी व्यक्त गर्नुहुन्छ भन्‍ने जान्दैनन्, न त तिनीहरूले परमेश्‍वरको कार्यको बुद्‌धिलाई नै जान्दछन्। उहाँले मानवजातिलाई मुक्ति दिने धेरै तरिकाहरू र समग्र मानवजातिको निम्ति उहाँको इच्छाबारे पनि तिनीहरू अनभिज्ञ नै हुन्छन्। कार्यका तीन चरणहरू मानवजातिलाई बचाउने कार्यको पूर्ण अभिव्यक्ति हुन्। कार्यका तीन चरणहरू नजान्‍नेहरू पवित्र आत्माको कामको विभिन्‍न विधिहरू र सिद्‌धान्तहरूबारे अनभिज्ञ हुन्छन् र कार्यको कुनै चरणबाट बाँकी रहेको सिद्‌धान्तमा नै कठोरतापूर्वक टाँसिरहनेहरू परमेश्‍वरलाई सिद्‌धान्तमा सीमित पार्ने मानिसहरू हुन् र परमेश्‍वरप्रति तिनीहरूको विश्‍वास अस्पष्ट र अनिश्‍चित हुन्छ। यस्ता मानिसहरूले कहिल्यै पनि परमेश्‍वरको मुक्ति प्राप्त गर्नेछैनन्। परमेश्‍वरका कार्यका तीन चरणहरूले मात्र परमेश्‍वरको समग्र स्वभावलाई पूर्ण रूपमा व्यक्त गर्न सक्छ र सारा मानवजातिलाई मुक्ति दिने

परमेश्वरको अभिप्राय साथै मानवजातिको मुक्तिको समग्र प्रक्रियालाई पूर्ण रूपमा व्यक्त गर्न सक्छ। उहाँले शैतानलाई पराजित गर्नुभएको छ र मानवजातिलाई प्राप्त गर्नुभएको छ भन्ने कुराको प्रमाण यही हो; यो परमेश्वरको विजयको सबुत हो र परमेश्वरको सम्पूर्ण स्वभावको अभिव्यक्ति हो। परमेश्वरका कार्यका तीन चरणहरूमध्ये एक चरणलाई मात्र बुझ्नेहरूले परमेश्वरको आंशिक स्वभावलाई मात्र जान्दछन्। मानिसको धारणामा, यो कार्यको एक चरण सजिलै सिद्धान्त बन्न सक्छ, र मानिसले परमेश्वरबारे निर्दिष्ट नियमहरू स्थापित गर्ने र परमेश्वरको स्वभावको यही एउटा हिस्सालाई परमेश्वरको सम्पूर्ण स्वभावको प्रतिनिधित्वको रूपमा प्रयोग गर्ने सम्भावना हुन्छ। यसको अलाबा, यसभित्र मानसको धेरै कल्पना मिसिन्छ, यहाँसम्म कि कुनै समय परमेश्वर यस्तो हुनुहुन्थ्यो, अनि उहाँ हरसमय यस्तै रहनुहुनेछ र कहिल्यै परिवर्तन हुनुहुनेछैन भन्ने विश्वास गरेर यस्ता मानिसले परमेश्वरको स्वभाव, अस्तित्व र बुद्धिलाई साथै परमेश्वरको कार्यको सिद्धान्तहरूलाई सीमित मापदण्डहरूभित्र कठोरतापूर्वक कैद गर्छन्। कार्यका तीन चरणहरू जान्नेहरूले मात्र परमेश्वरलाई पुर्ण रूपमा र सही रूपमा चिन्न सक्छन्। कम्तीमा पनि, तिनीहरूले परमेश्वरलाई इस्राएलीहरू वा यहूदीहरूका परमेश्वरको रूपमा परिभाषित गर्दैनन् र उहाँलाई मानिसको खातिर सदासर्वदा क्रूसमा टाँगिएको परमेश्वरको रूपमा हेर्नेछैनन्। यदि कसैले परमेश्वरलाई उहाँको कार्यको एक चरणबाट मात्र चिन्छ भने तिनीहरूको ज्ञान अत्यन्तै सानो र महासागरको एक थोपाभन्दा बढी हुँदैन। होइन भने, धेरै पुरानो धार्मिक रक्षकहरूले परमेश्वरलाई किन जीवितै क्रूसमा टाँग्थे? के मानिसले परमेश्वरलाई कुनै मापदण्डहरूभित्र सीमित गर्ने गरेकोले होइन र? के मानिसहरूले परमेश्वरको विविध र विभिन्न काम नजानेकाले, तिनीहरूले पवित्र आत्माको कार्यलाई ज्ञान र सिद्धान्तको अत्यन्त सानो कणले मापन गर्ने हुँदा परमेश्वरको विरोध गरेका र पवित्र आत्माको कामलाई अवरोध गरेका होइनन् र? यस्ता मानिसहरूको अनुभव सतही भए पनि, तिनीहरू अहङ्कारी र भोगी प्रकृतिका हुन्छन् र तिनीहरूले पवित्र आत्माको कार्यलाई घृणा गर्छन्, पवित्र आत्माको अनुशासनलाई बेवास्ता गर्छन्, यसको अलाबा पवित्र आत्माको कामलाई “पुष्टि गर्न” तिनीहरूको नगण्य पुरानो तर्कलाई प्रयोग गर्छन्। तिनीहरूले एउटा कार्यलाई धारण गर्छन् र तिनीहरूको आफ्नै शिक्षा र बुद्धिमा विश्वस्त हुन्छन् अनि तिनीहरू सारा संसारभरि यात्रा गर्न सक्षम छन् भनी विश्वस्त हुन्छन्। के यस्ता मानिसहरू पवित्र आत्माद्वारा घृणा गरिएका र तिरस्कार गरिएका मानिसहरू होइनन् र के तिनीहरूलाई नयाँ युगद्वारा हटाइने छैनन् र? के परमेश्वरको सामु आएर खुल्लमखुल्ला उहाँको विरोध गर्नेहरू अज्ञानी र अबुझ घृणितहरू होइनन् र, जसले तिनीहरू कति प्रखर छन् भनी देखाउने प्रयास गरिरहेका हुन्छन्? बाइबलको नगण्य ज्ञानमा तिनीहरूले संसारको “शैक्षिक समुदाय” मा दङ्गा गर्ने गर्छन्, मानिसहरूलाई सिकाउने सतही सिद्धान्तद्वारा तिनीहरूले पवित्र आत्माको कार्यलाई उल्टाउन खोज्छन् र यसलाई तिनीहरूको आफ्नै वैचारिक प्रक्रियाको सेरोफेरोमा घुमाउने प्रयास गर्छन्। तिनीहरू अदूरदर्शी भए पनि, परमेश्वरको छ हजार वर्षको कामलाई एकै झलकमा हेर्ने प्रयास गर्छन्। यी मानिसहरूमा उल्लेख गर्न लायक कुनै अनुभूति हुँदैन। वास्तवमा, मानिसहरूमा जति धेरै परमेश्वर सम्बन्धी ज्ञान हुन्छ उत्ति नै तिनीहरू उहाँको न्याय गर्नमा सुस्त हुन्छन्। यसको अलाबा, तिनीहरू परमेश्वरको आजको

काम सम्बन्धी तिनीहरूको नगण्य ज्ञानको मात्र कुरा गर्छन्, तर तिनीहरू तिनीहरूका न्यायहरूमा हतार गर्दैनन्। मानिसहरूले परमेश्वरलाई जति थोरै चिन्छन् तिनीहरू उत्ति नै अहङ्कारी र अति दृढ हुन्छन् र अझ धेरै ढिठ भएर परमेश्वरको अस्तित्वको घोषणा गर्छन्—तैपनि तिनीहरूले सिद्धान्तको मात्र कुरा गर्छन् र कुनै वास्तविक प्रमाण पेश गर्दैनन्। यस्ता मानिसहरू कुनै मूल्यका हुँदैनन्! पवित्र आत्माको कामलाई खेलको रूपमा हेर्नेहरू खेलबाड गर्नेहरू हुन्! पवित्र आत्माको नयाँ कामलाई अनुभव गर्दा होसियारी नहुनेहरू, बढी बोल्नेहरू न्याय गर्नुमा छिटो हुन्छन्, आफ्नो मनस्थितिलाई अनियन्त्रित छोड्नेहरूले पवित्र आत्माको कामको धार्मिकतालाई इन्कार गर्छन्, जसले यसको अपमान गर्छन् र ईश्वर-निन्दा पनि गर्छन्—के यस्ता अनादरणीय मानिसहरू पवित्र आत्माको कामप्रति अनजान हुँदैनन् र? यसको अलावा के तिनीहरू महाघमण्डका मानिसहरू होइनन्, जो अन्तर्निहित रूपमा घमण्डी र अनियन्त्रित हुन्छन्? यस्ता मानिसहरूले पवित्र आत्माको काम स्वीकार गर्ने कुनै दिन नै आए पनि, परमेश्वरले यस्ता मानिसलाई अझै सहनुहुनेछैन। तिनीहरूले परमेश्वरको निम्ति काम गर्नेहरूलाई नीच रूपमा हेर्ने मात्र होइन, तर तिनीहरू परमेश्वर स्वयम्‌को ईश्वर-निन्दा पनि गर्छन्। यस्ता दुस्साहसी मानिसहरूलाई यो युगमा वा आउने युगमा क्षमा गरिनेछैन, र तिनीहरू नरकमा सदाको निम्ति नष्ट हुनेछन्! यस्ता अनादरणीय र भोगी मानिसहरूले परमेश्वरमा विश्वास गरेको नाटक गरिरहन्छन्, र मानिसहरू जति धेरै यस्ता हुन्छन् उत्ति नै तिनीहरू परमेश्वरको प्रशासनिक आदेशहरू उल्लङ्घन गर्ने हुन्छन्। सबै अहङ्कारीहरू जन्मजातै अनियन्त्रित हुने, र कहिल्यै कसैको आज्ञापालन नगर्ने, के तिनीहरू सबै यही मार्गमा हिँड्दैनन् र? सँधै नयाँ र कहिल्यै पुरानो नहुने परमेश्वरलाई तिनीहरूले दिनदिनै विरोध गर्दैनन् र? परमेश्वरको कामको तीन चरणहरूको महत्त्व तिमीहरूले किन जान्नुपर्छ सो आज तिमीहरूले बुझ्नुपर्छ। मैले तिमीहरूलाई भनेका वचनहरू रित्तो गफहरू होइनन् तर यी तिमीहरूका लागि फाइदाजनक छन्। यदि तिमीहरूले यिनीहरूलाई घोडा चढेर जाँदा बाटोमा फूलको प्रशंसा गरेझैँ पढ्छौ भने, के मेरो परिश्रम व्यर्थै हुनेछैन र? तिमीहरू हरेकले आ-आफ्नो स्वभाव बुझ्नुपर्छ। तिमीहरूमध्ये धेरै जना तर्क गर्न खप्पिस छौ; सैद्धान्तिक प्रश्नहरूप्रतिको जबाफहरू तिमीहरूको जिब्रोबाट फरर निस्कन्छन्, तर मूलभूत निहित प्रश्नहरूबारे बताउन तिमीहरूसँग कुनै कुरा हुँदैन। तिमीहरू आज पनि असावधानी कुराकानीमा लिप्त नै हुन्छौ, तिमीहरूका पुरानो स्वभाव बदल्न सक्दैनौ र उच्च सत्यता हासिल गर्नको निम्ति तिमीहरूमध्ये धेरै जनासित तिमीहरूले अनुसरण गरिरहेका मार्ग परिवर्तन गर्ने कुनै इरादा छैन, बरु आफ्नो जीवन उदासीन रूपमा जिउँछौ। यस्ता मानिसहरूले कसरी अन्तसम्म परमेश्वरलाई पछ्याउन सक्छन्? यदि तिमीहरू अन्तसम्म नै यस मार्गमा हिँड्न सके तापनि, तिमीहरूलाई के लाभ हुनेछ र? ढिलो हुन अघि नै तिमीहरूको विचार परिवर्तन गर्नु उत्तम हुन्छ, कि त साँचो रूपमा अनुसरण गर कि त पहिले नै हटिजा। समय बित्दै जाँदा तिमीहरू आश्रित परजीवी हुनेछौ—के तिमीहरू यस्ता नीच र अधम भूमिका खेल्न तत्पर छौ?

कामका तीन चरणहरू परमेश्वरको सम्पूर्ण कामको अभिलेख हो; ती मानवजातिको निम्ति परमेश्वरको मुक्तिको अभिलेख हुन् र तिनीहरू काल्पनिक कुरा होइनन्। यदि तँ परमेश्वरको सम्पूर्ण स्वभावको ज्ञान खोज्ने इच्छा गर्छस् भने, परमेश्वरले गर्नुभएको कार्यको तीन चरणहरूलाई

तिमीहरूले जान्नुपर्छ, यसको अलावा, तिमीहरूले कुनै पनि चरणलाई छोड्नु हुँदैन। परमेश्वरलाई चिन्न चाहनेहरूले हासिल गर्नुपर्ने न्यूनतम कुरा यही हो। मानिस स्वयम्ले परमेश्वरको साँचो ज्ञान निर्माण गर्न सक्दैन। यो मानिस स्वयम्ले कल्पना गर्न सक्ने कुरा होइन, न त यो कुनै एक जनालाई गरिएको पवित्र आत्माको विशेष कृपाको परिणाम नै हो। बरु, यो त परमेश्वरको कामलाई अनुभव गरेपछि मानिसमा आउने ज्ञान हो र यो परमेश्वरको कामका तथ्यहरूलाई अनुभव गरेपछि मात्र आउने परमेश्वरको ज्ञान हो। यस्तो ज्ञान सहजै प्राप्त गर्न सकिँदैन, न त यो सिकाउन सकिने कुरा नै हो। यो पूर्ण रूपमा व्यक्तिगत अनुभवसँग सम्बन्धित कुरा हो। मानवजातिको निम्ति परमेश्वरको मुक्ति कार्यका यी तीन चरणहरूको सार हो, तैपनि मुक्तिको कामभित्र परमेश्वरको स्वभाव व्यक्त गरिने कामका केही विधिहरू र केही माध्यमहरू समावेश छन्। मानिसले पहिचान गर्नको लागि सबैभन्दा कठिन यही हो र मानिसले बुझ्नको लागि जटिल कुरा यही हो। युगहरूको विभाजन, परमेश्वरको कामका परिवर्तनहरू, कामको अवस्थितिमा हुने परिवर्तनहरू, यो कार्यको प्रापकहरूमा आउने परिवर्तन र अरू यस्तै कुराहरू सबैलाई कामको तीन चरणहरूमा समावेश गरिएका छन्। निश्चित रूपमा, पवित्र आत्माको काम गर्ने तरिकामा भिन्नता, साथै परमेश्वरको स्वभाव, स्वरूप, नाउँ, पहिचान वा अन्य परिवर्तनहरूमा हुने बदलावहरू सबै कार्यको तीन चरणहरूका हिस्सा हुन्। कामको एउटा चरणले एक भागको मात्र प्रतिनिधित्व गर्न सक्छ, र यो निश्चित क्षेत्रभित्र सीमित हुन्छ। अन्य पक्षहरूको त कुरै छोडौं, यसले युगहरूको विभाजन वा परमेश्वरको काममा परिवर्तनलाई पनि समेट्दैन। यो स्पष्ट तथ्य हो। कामका तीन चरणहरू परमेश्वरले मानवजातिलाई मुक्ति दिने कामको पूर्णता हो। मुक्तिको काममा परमेश्वरले गर्नुहुने काम र परमेश्वरको स्वभावलाई मानिसले जान्नुपर्छ; यो तथ्य विना, परमेश्वर सम्बन्धी तेरो ज्ञान खोक्रा शब्दहरू बाहेक अरू केही पनि होइन, यो अव्यवहारिक धर्माध्यक्षताभन्दा केही पनि होइन। यस्तो ज्ञानले न त मानिसलाई विश्वस्त पार्छ न जित्न नै सक्छ; यो यथार्थतासँग मेल खाँदैन, र यो सत्य होइन। यो कानको निम्ति प्रचुर र प्रसन्न तुल्याउने कुरा हुनसक्छ, तर यदि यो परमेश्वरको निहित स्वभावसँग मेल खाँदैन भने, परमेश्वरले तँलाई छोड्नुहुनेछैन। उहाँले तेरो ज्ञानको सराहना मात्र गर्नुहुनेछैन तर उहाँको निन्दा गर्ने पापी भएकोमा उहाँले तँलाई प्रतिशोध पनि लिनुहुनेछ। परमेश्वरलाई चिन्ने सम्बन्धी शब्दहरूलाई हल्का रूपमा बोलिँदैन। तँ वाक्पटु र सुवक्ता नै भए पनि र तँ सेतोलाई कालो र कालोलाई सेतो बनाउने गरी चतुर नै भए तापनि परमेश्वरको ज्ञानको बारे बताउनु पर्दा तँ आफ्नो गहनताभन्दा बाहिर हुनेछस्। परमेश्वर तिमीहरूले सुझबुझविना नै न्याय गर्न सक्ने वा अकस्मात् रूपमा प्रशंसा गर्न सक्ने वा बेपर्बाही रूपमा बदनाम गर्न सक्ने कुनै व्यक्ति हुनुहुन्न। तैँले कुनै वा हरेकको प्रशंसा गर्छस्, तैपनि परमेश्वरको महान् अनुग्रहको वर्णन गर्नलाई सही शब्द पाउन तँलाई गाह्रो हुन्छ–हरेक हरुवाले यही महसुस गर्न पुग्छ। परमेश्वरको बारे वर्णन गर्न सक्ने धेरै भाषिक विशेषज्ञहरू भए तापनि तिनीहरूले वर्णन गरेका कुराहरू भनेका परमेश्वरका मानिसहरूले बताएको सत्यताको सय भागको एक भाग मात्र हुन्, तिनीहरूसँग सीमित शब्दावलीहरू हुने भए तापनि, प्रयोग गर्नलाई प्रचुर अनुभव उपलब्ध हुन्छ। यसैले परमेश्वरको ज्ञान शब्दहरूको चलाकीपूर्ण प्रयोगमा होइन सत्यता र यथार्थतामा रहन्छ अनि मानिसको ज्ञान र

परमेश्वरको ज्ञान पूर्ण रूपमा असम्बन्धित कुराहरू हुन् भन्ने देख्न सकिन्छ। परमेश्वरलाई चिन्ने पाठ मानवजातिको कुनै पनि प्राकृतिक विज्ञानभन्दा उच्च छ। यो परमेश्वरलाई जान्न खोज्ने अत्यन्त थोरै मानिसले मात्र हासिल गर्न सक्ने पाठ हो र यसलाई कुनै पनि प्रतिभावान् मानिसले हासिल गर्न सक्दैन। त्यसैले, तिमीहरूले परमेश्वरलाई चिन्ने र सत्यता अनुसरण गर्ने कुरालाई बालकले पनि हासिल गर्न सक्ने कुराको रूपमा हेर्नु हुँदैन। सायद तँ आफ्नो पारिवारिक जीवनमा वा आफ्नो जीविकोपार्जनमा, वा आफ्नो विवाहमा पूर्ण रूपमा सफल छस् होला, तर जब सत्यता र परमेश्वरलाई चिन्ने कुरा आउँछ, तब तँसित आफ्नो निम्ति देखाउने कुरा केही पनि हुँदैन र तैँले केही पनि हासिल गरेको हुँदैनस्। सत्यतालाई व्यवहारमा उतार्न तिमीहरूलाई महाकठिन हुन्छ र परमेश्वरलाई चिन्ने कुरा अझै ठूलो समस्यापूर्ण हुन्छ भन्न सकिन्छ। यो तिमीहरूको कठिनाइ हो र यो सारा मानवजातिले भोगेको कठिनाइ पनि हो। परमेश्वरलाई चिन्ने अभियानमा केही उपलब्धि हासिल गर्नेहरूमध्ये मापदण्डसम्म आइपुगे लगभग कोही पनि छैन। परमेश्वरलाई चिन्नुको अर्थ, वा परमेश्वरलाई जान्न कि आवश्यक छ वा परमेश्वरलाई चिन्न कुन हदसम्म हासिल गर्नुपर्छ भन्ने मानिसले जान्दैन। यो मानवजातिको निम्ति निकै अन्यौलपूर्ण कुरा हो र यो मानवजातिले सामना गर्ने सबैभन्दा ठूलो अड्को हो–यो प्रश्नको जवाफ दिन सक्षम कोही पनि छैन, न त यो प्रश्नको जवाफ दिन नै कोही तत्पर छ, किनभने हालसम्म कुनै पनि मानवजातिले यो कार्यको अध्ययनमा कुनै सफलता हासिल गरेको छैन। सायद, मानवजातिलाई कार्यको तीन चरणहरूको अड्को प्रकट गरिँदा परमेश्वरलाई चिन्ने प्रतिभाशाली मानिसहरूको एउटा समूह अनुक्रममा देखा पर्नेछ। अवश्य नै, त्यही होस् भन्ने म आशा गर्छु, यसको साथै, म यो काम कार्यान्वयन गर्ने क्रममा छु र निकट भविष्यमा यस्ता धेरै प्रतिभाशाली मानिसहरू देखा परेको देख्ने आशा गर्छु। तिनीहरू कार्यका यी तीन चरणहरूको तथ्यको गवाही दिनेहरू बन्नेछन् र अवश्य नै, तिनीहरू कामको यी तीन चरणहरूको गवाही दिनमा पहिलो पनि हुनेछन्। तर परमेश्वरको काम अन्त हुने दिनमा यस्ता प्रतिभाशाली मानिसहरू देखा परेनन् भने वा देहधारी परमेश्वरले सिद्ध तुल्याएर व्यक्तिगत रूपमा स्वीकार गर्नुहुने व्यक्ति एक वा त्यस्ता मानिसहरू दुई जना मात्र भए भने त्योभन्दा अरू कष्टदायी र खेदपूर्ण कुरा केही पनि हुँदैन। तथापि, यो एक खराब घटनाको परिदृश्य मात्रै हो। मामला जेसुकै होस्, उहाँलाई साँचो रूपमा अनुसरण गर्नेले यो आशिष् पाउन सक्छ भन्ने म अझै आशा गर्छु। समयको सुरुवातदेखि नै यस्तो काम कहिल्यै भएको छैन; मानव विकासको इतिहासमा यस्तो कार्य कहिल्यै पनि भएको छैन। यदि तँ परमेश्वरलाई चिन्नेहरूमध्ये पहिलो हुन सक्छस् भने, के यो सारा सृष्टिहरू माझ सबैभन्दा उच्च आदरको कुरा हुँदैनथ्यो र? के मानिसहरूमाझ परमेश्वरले कदर गर्ने अरू कुनै सृष्टि हुन्थ्यो? यस्तो काम हासिल गर्न सहज छैन, तर अझै अन्तमा इनामको कटनी गर्नेछ। तिनीहरूको लिङ्ग वा राष्ट्रियता जे भए तापनि परमेश्वरको ज्ञान हासिल गर्न सक्षम हुनेहरू सबैले अन्तमा परमेश्वरको ठूलो सम्मान प्राप्त गर्नेछन् र परमेश्वरको अधिकार हासिल गर्ने तिनीहरू मात्र हुनेछन्। आजको काम यही हो र भविष्यको काम पनि यही नै हो; ६,००० वर्षको काममा पूरा गरिने अन्तिम र सबैभन्दा उच्च काम यही हो अनि मानिसको हरेक वर्गलाई प्रकट गर्ने कामको तरीका यही हो। मानिसलाई परमेश्वर चिन्ने तुल्याउँदा विभिन्न

वर्गका मानिसहरूलाई प्रकट गरिन्छ: परमेश्‍वरलाई चिन्नेहरू परमेश्‍वरको आशिष् पाउन र उहाँका प्रतिज्ञाहरू स्वीकार गर्न योग्यका हुन्छन्, जबकी परमेश्‍वरलाई नचिन्नेहरू उहाँको आशिष् प्राप्त गर्न र उहाँका प्रतिज्ञाहरू स्वीकार गर्न अयोग्य हुन्छन्। परमेश्‍वरलाई चिन्नेहरू परमेश्‍वरका घनिष्ठ व्यक्तिहरू हुन् र परमेश्‍वरलाई नचिन्नेहरूलाई परमेश्‍वरका घनिष्ठ व्यक्तिहरू भनी भन्‍न सकिँदैन; परमेश्‍वरका घनिष्ठ मानिसहरूले उहाँका कुनै पनि आशिष्‌हरू प्राप्त गर्न सक्छन्, तर उहाँसँग घनिष्ठ नभएकाहरू उहाँको कामको योग्यका हुँदैनन्। संकष्टहरू, शुद्धीकरण वा न्यायहरू यी सबै अन्तमा परमेश्‍वरको ज्ञान हासिल गर्नको निम्ति नै हुन्, ताकि मानिस परमेश्‍वरको अधीनमा रहन सकोस्। अन्तमा हासिल गरिने एक मात्र प्रभाव यही हो। कार्यको तीन चरणहरूमा कुनै पनि कुरा लुकाइँदैन र यो परमेश्‍वरसम्बन्धी मानिसको ज्ञानको निम्ति लाभदायक हुन्छ र मानिसलाई परमेश्‍वरको अझ पूर्ण र यसले विस्तृत ज्ञान हासिल गर्न सहायता गर्छ। यी सबै काम मानिसको लाभको निम्ति हो।

परमेश्‍वर स्वयमको काम मानिसले जान्‍नै पर्ने दर्शन हो, किनभने परमेश्‍वरको कामलाई मानिसले हासिल गर्न सक्दैन, र यो मानिसमा छैन। कार्यका तीन चरणहरू परमेश्‍वरको व्यवस्थापनको पूर्णता, र मानिसले जान्‍नुपर्ने योभन्दा ठूलो कुनै दर्शन छैन। यदि मानिसलाई यो शक्तिशाली दर्शनको बारेमा थाहा हुँदैन भने, परमेश्‍वरलाई चिन्‍नु सहज हुँदैन, परमेश्‍वरको इच्छालाई बुझ्‍नु सजिलो हुँदैन, यसको साथै, मानिसले हिँड्ने मार्ग झन्-झन् कठिन हुनेछ। दर्शनहरूविना, मानिस यति टाढासम्म आइपुग्ने थिएन। आजको दिनसम्म मानिसलाई सुरक्षा दिने दर्शन यही नै हो, र जसले मानिसलाई सबैभन्दा ठूलो सुरक्षा प्रदान गरेको छ। भविष्यमा, तिमीहरूको ज्ञान गहिरिनैपर्छ, र तैँले उहाँको इच्छाको सम्पूर्णता र कार्यका तीन वटा चरणहरूभित्रको उहाँको बुद्धिमानी कार्यको सारलाई जान्‍नैपर्छ। यो मात्रै तिमीहरूको साँचो कद हो। कार्यको अन्तिम चरण एकलै खडा हुँदैन, तर यो अघिल्लो दुई चरणहरूसँग एकसाथ निर्माण भएको पूर्णताको भाग हो, भन्‍नुको अर्थ, कार्यका तीन वटा चरणहरूमध्ये एउटालाई मात्रै पूरा गरेर मुक्तिको सम्पूर्ण कार्यलाई पूरा गर्नु असम्भव छ। कामको अन्तिम चरणले मानिसलाई पूर्ण रूपमा मुक्ति दिन सके तापनि, यो एकल चरणलाई एकलै अघि बढाउनु मात्रै आवश्यक छ, र मानिसलाई शैतानको प्रभावबाट मुक्त गर्नको लागि कामका अघिल्ला दुई चरणहरू आवश्यक छैन भन्‍ने यसको अर्थ हुँदैन। तीन चरणहरूमध्ये कुनै पनि एउटा चरणलाई सबै मानवजातिले जान्‍नैपर्ने एक मात्र दर्शनको रूपमा लिन सकिँदैन, किनभने मुक्तिको कामको सम्पूर्णता कार्यका तीन चरण हुन्, तीमध्ये एउटा चरण मात्रै होइन। जबसम्म मुक्तिको काम पूरा हुँदैन, तबसम्म परमेश्‍वरको व्यवस्थापन पूर्ण समाप्तिमा पुग्‍न सक्नेछैन। परमेश्‍वरको अस्तित्व, उहाँको स्वभाव, र उहाँको बुद्धिलाई मुक्तिको कामको सम्पूर्णतामा व्यक्त गरिन्छ; मानिसलाई ती सुरुमा नै प्रकट गरिँदैन, तर मुक्तिको काममा क्रमिक रूपमा व्यक्त गरिएको छ। मुक्तिको कामको हरेक चरणले परमेश्‍वरको स्वभावको भाग, र उहाँको अस्तित्वको भागलाई व्यक्त गर्छ; कामको कुनै पनि चरणले प्रत्यक्ष रूपमा र पूर्ण रूपमा परमेश्‍वरको अस्तित्वको सम्पूर्णतालाई व्यक्त गर्न सक्दैन। त्यसैले, कार्यका तीन चरण पूरा गरिसकिएपछि मात्रै मुक्तिको कामलाई पूर्ण रूपमा समाप्त गर्न सकिन्छ, त्यसकारण परमेश्‍वरको सम्पूर्णता

सम्बन्धी मानिसको ज्ञानलाई परमेश्‍वरको कार्यका तीन चरणहरूबाट अलग गर्न सकिँदैन। कामको एउटा चरणबाट मानिसले प्राप्त गर्ने कुरा भनेको उहाँको कामको एउटा भागमा व्यक्त गरिने परमेश्‍वरको स्वभाव मात्रै हो। पहिलेको वा पछिको चरणहरूमा व्यक्त गरिने स्वभाव र अस्तित्वलाई यसले प्रतिनिधित्व गर्न सक्दैन। किनभने मानवजातिलाई मुक्ति दिने कामलाई एउटै समयको अवधिमा, वा एउटै स्थानमा सीधै समाप्त गर्न सकिँदैन, तर यो फरक-फरक समय र फरक-फरक स्थानमा मानिसको विकासको स्तर अनुसार क्रमिक रूपमा गहिरो-गहिरो बन्दै जान्छ। यो चरण-चरणमा अघि बढाइने कार्य हो, र यसलाई एउटै चरणमा पूरा गरिँदैन। त्यसकारण, परमेश्‍वरको सम्पूर्ण बुद्धिलाई एउटै व्यक्तिगत चरणमा होइन, तर तीन चरणहरूमा स्पष्ट गरिन्छ। उहाँको सम्पूर्ण अस्तित्व र उहाँको सम्पूर्ण बुद्धिलाई यी तीन चरणमा प्रस्तुत गरिन्छ, र हरेक चरणमा उहाँको अस्तित्व समावेश हुन्छ, अनि हरेक चरण नै उहाँको कामको बुद्धिको विवरण हो। यी तीन चरणमा व्यक्त गरिने परमेश्‍वरको सम्पूर्ण स्वभावलाई मानिसले जान्‍नुपर्छ। परमेश्‍वरको अस्तित्वको यो सबै कुरा सारा मानवजातिको लागि सबैभन्दा महत्त्वपूर्ण छ, र यदि परमेश्‍वरलाई आराधना गर्दा मानिसहरूमा यो ज्ञान हुँदैन भने, तिनीहरू बुद्धलाई आराधना गर्नेहरूभन्दा फरक हुँदैनन्। मानिसको बीचमा परमेश्‍वरले गर्नुहुने कार्य मानिसबाट लुकेको छैन, र परमेश्‍वरको आराधना गर्ने सबैले यसलाई जान्‍नुपर्छ। परमेश्‍वरले मानिसको बीचमा मुक्तिको कामका तीन चरणलाई अघि बढाइसक्नुभएको हुनाले, कार्यका तीन चरणमा मानिसले उहाँसँग जे छ र उहाँ जे हुनुहुन्छ त्यसको अभिव्यक्तिलाई जान्‍नुपर्छ। मानिसले गर्नैपर्ने कुरा यही नै हो। मानिसबाट परमेश्‍वरले लुकाउनुहुने कुरा मानिसले हासिल गर्न नसक्ने र मानिसले जान्‍नु नपर्ने कुरा हो, जबकी परमेश्‍वरले मानिसलाई देखाउनुहुने कुरा मानिसले जान्‍नुपर्ने, र मानिसमा हुनुपर्ने कुरा हो। कार्यका तीन चरणमध्ये हरेकलाई अघिल्लो चरणको जगमा नै अघि बढाइन्छ; यसलाई स्वतन्त्र रूपमा, मुक्तिको कामभन्दा अलग रूपमा अघि बढाइँदैन। गरिने कार्य र काममा ठूला भिन्‍नताहरू भए तापनि, मूल रूपमा यो मानवजातिको मुक्ति नै हो, र मुक्तिको कामको हरेक चरण अघिल्लोभन्दा अझ गहन हुन्छ। कामको हरेक चरण रद्द नगरिएको अघिल्लोको जगमा निरन्तर रहन्छ। यसरी, सधैँ नयाँ र कहिल्यै पुरानो नहुने आफ्नो काममा, परमेश्‍वरले मानिसलाई पहिले कहिल्यै व्यक्त नगरिएको आफ्नो स्वभावको पक्षलाई लगातार व्यक्त गरिरहनुभएको हुन्छ, र मानिसलाई सधैँ उहाँको नयाँ कार्य र उहाँको नयाँ अस्तित्व प्रकट गरिरहनुभएको हुन्छ, र पुरानो धार्मिक रक्षकले यसलाई प्रतिरोध गर्नको लागि सकेजति गर्ने र यसलाई खुलेआम विरोध गर्ने भए तापनि, परमेश्‍वरले सधैँ आफूले गर्ने अभिप्राय राख्नुभएको नयाँ काम गर्नुहुन्छ। उहाँको काम सधैँ परिवर्तन भइरहेको हुन्छ, र यसले गर्दा, यसले सधैँ मानिसको विरोधलाई सामना गरिरहेको हुन्छ। त्यसकारण, उहाँको कामको युग र यसलाई प्राप्त गर्नेहरू जस्तै उहाँको स्वभाव पनि सधैँ परिवर्तन भइरहेको हुन्छ। यसको साथै, मानिसको लागि पहिले गरिएको कामको विरोधाभासमा रहेको जस्तो देखिने कार्यलाई समेत त्यसको प्रत्युत्तर स्वरूप अघि बढाउँदै, उहाँले सधैँ पहिले कहिल्यै नगरिएको काम गरिरहनुभएको हुन्छ। मानिसले एउटै प्रकारको काम, वा एउटै तरिकाको अभ्यासलाई मात्रै स्वीकार गर्न सक्छ, र तीभन्दा विपरीत, वा तीभन्दा उच्च कार्य, वा अभ्यासको तरिकालाई स्वीकार गर्न मानिसको लागि

कठिन हुन्छ। तर पवित्र आत्माले सधैँ नयाँ काम गरिरहनुभएको छ, त्यसकारण परमेश्‍वरको नयाँ कामलाई विरोध गर्नको लागि धार्मिक विशेषज्ञहरूको एकपछि अर्को समूह देखा पर्छन्। मानिससँग कसरी परमेश्‍वर सधैँ नयाँ हुनुहुन्छ र कहिल्यै पुरानो हुनुहुन्‍न त्यसको बारेमा ज्ञान हुँदैन, र परमेश्‍वरको कार्यका सिद्धान्तहरूको ज्ञान हुँदैन, यसको साथै परमेश्‍वरले मानिसलाई मुक्ति दिने विभिन्‍न तरिकाको ज्ञान हुँदैन, ठीक यही कारणले गर्दा नै यी मानिसहरू विशेषज्ञ बनेका छन्। यसैले, यो पवित्र आत्माबाट आउने काम हो कि होइन, र यो परमेश्‍वर स्वयम्‌बाट आउने काम हो कि होइन सो कुरा बताउन मानिस पूर्ण रूपमा असमर्थ छ। कतिपय मानिसहरूले यस्तो मनोवृत्तिलाई पक्रिरहन्छन् कि यदि कुनै कुरा पहिले आएका वचनहरूसँग मिल्छन् भने त्यसलाई तिनीहरू स्वीकार गर्छन्, र पहिलेको कामसँग त्यसका केही भिन्‍नताहरू छन् भने, त्यसलाई तिनीहरू विरोध गर्छन् र त्यसलाई इन्कार गर्छन्। आज, के तिमीहरू सबै त्यस्ता सिद्धान्तहरू अनुसार चल्दैनौ र? तिमीहरूमा अहिलेसम्म मुक्तिको कामको तीन चरणले ठूलो प्रभाव पारेको छैन, र कामका अघिल्ला दुई चरण तिनीहरूले जान्‍नै नपर्ने भार हो भनेर विश्‍वास गर्नेहरू पनि छन्। तिनीहरू के विचार गर्छन् भने, यी चरणहरूलाई धेरै मानिसहरूका बीचमा घोषणा गरिनु हुँदैन र तिनलाई जतिसक्दो चाँडो रद्द गरिनुपर्छ, ताकि मानिसहरू कार्यका तीन चरणका अघिल्ला दुई चरणद्वारा विचलित नहोऊन्। कामका अघिल्ला दुई चरणहरूलाई चिनाउनु धेरै टाढाको कुरा हो, र परमेश्‍वरलाई चिन्‍नमा यसले कुनै सहयोग गर्दैन भन्‍ने विश्‍वास धेरैजसो मानिसहरूले गर्छन्—तिमीहरूले यही विचार गर्छौ। आज, यस्तो व्यवहार गर्नु सहि छ भन्‍ने तिमीहरू सबैले विश्‍वास गर्छौ, तर तिमीहरूले मेरो कामको महत्त्वलाई महसुस गर्ने दिन पनि आउनेछ: म महत्त्व नै नभएको कुनै पनि काम गर्दिन भन्‍ने जान। मैले तिमीहरूका सामने कार्यका तीन चरणको घोषणा गरिरहेको हुनाले, ती तिमीहरूको लागि लाभदायक हुनैपर्छ; कार्यका यी तीन चरण परमेश्‍वरको सम्पूर्ण व्यवस्थापनको केन्द्रमा रहेको हुनाले, ती ब्रह्माण्डका हरेकको मुख्य ध्यानको विषय बन्‍नुपर्छ। एक दिन, तिमीहरू सबैले यो कामको महत्त्वलाई महसुस गर्नेछौ। यो जान, कि तिमीहरू परमेश्‍वरको कार्यलाई विरोध गर्छौ, वा आजको कामलाई नाप्‍नको लागि तिमीहरूका आफ्नै धारणाहरूको प्रयोग गर्छौ, किनभने तिमीहरूलाई परमेश्‍वरको कार्यका सिद्धान्तहरू थाहा छैन, र किनभने तिमीहरूले पवित्र आत्माको कार्यलाई रूखो तरिकाले व्यवहार गरेका हुनाले। परमेश्‍वरप्रतिको तिमीहरूको विरोध र पवित्र आत्माको कामप्रतिको अवरोध तिमीहरूका धारणा र अन्तर्निहित अहङ्कारले पैदा गरेको हो। परमेश्‍वरको कार्य गलत भएर होइन, तर तिमीहरू प्राकृतिक रूपमै अत्यन्तै अनाज्ञाकारी भएकोले यसो भएको हो। परमेश्‍वरमाथिको आफ्नो आस्थालाई भेटिसकेपछि, कतिपय मानिसहरूले मानिस कहाँबाट आएको हो भनेर समेत निश्‍चयताको साथ भन्‍न सक्दैनन्, तैपनि तिनीहरू पवित्र आत्माको कामका सही र गलत कुराहरूलाई मूल्याङ्कन गर्दै सार्वजनिक भाषणहरू दिने आँट गर्छन्। तिनीहरू टिप्पणीहरू गर्दै र अनुचित गफ लडाउँदै पवित्र आत्माको नयाँ काम भएका प्रेरितहरूलाई समेत भाषण दिन्छन्; तिनीहरूको मानवता अत्यन्तै नीच छ, र तिनीहरूमा अलिकति पनि चेतना छैन। के त्यस्ता मानिसहरूलाई पवित्र आत्माले इन्कार गरेर नरकको आगोद्वारा जलाउनुहुने दिन आउनेछैन र? तिनीहरूलाई परमेश्‍वरको कामको बारेमा थाहा छैन, तैपनि उहाँको कामको आलोचना गर्छन्, र

कसरी काम गर्ने भनेर परमेश्‍वरलाई समेत निर्देशन दिने प्रयास गर्छन्। त्यस्ता अनुचित मानिसहरूले कसरी परमेश्‍वरलाई चिन्‍न सक्छन् र? खोजी गर्ने र अनुभव गर्ने प्रक्रियामा मानिसले परमेश्‍वरलाई चिन्‍न पुग्छ; आवेगमा आलोचना गरेर होइन तर पवित्र आत्माको अन्तर्दृष्‍टिद्‌वारा मानिसले परमेश्‍वरलाई चिन्‍न पुग्छ। परमेश्‍वर सम्बन्धी मानिसहरूको ज्ञान जति यथार्थ हुन्छ, तिनीहरूले त्यति नै कम विरोध गर्छन्। यसको विपरीत, मानिसहरूले परमेश्‍वरलाई जति कम चिन्छन्, तिनीहरूले उहाँको विरोध गर्ने सम्भावना त्यति नै बढी हुन्छ। तेरा धारणाहरू, तेरो पुरानो प्रकृति, र तेरो मानवता, चरित्र र नैतिक दृष्‍टिकोण तैँले परमेश्‍वरलाई प्रतिरोध गर्ने पूँजी हो, र तेरा नैतिकताहरू जति भ्रष्‍ट, तेरा गुणहरू जति घिन लाग्दो, र तेरो मानवता जति नीच बन्छ, तँ त्यति नै बढी परमेश्‍वरको शत्रु बन्छस्। जोसँग दह्रिला धारणाहरू हुन्छन् र जोसँग आत्म-धर्मी स्वभाव हुन्छ तिनीहरू देहधारी परमेश्‍वरको अझै बढी शत्रुतामा हुन्छन्; त्यस्ता मानिसहरू ख्रीष्‍ट विरोधीहरू हुन्। यदि तेरा धारणाहरूलाई सुधार गरिएन भने, ती सधैँ नै परमेश्‍वरको विरुद्ध हुनेछन्; तँ कहिल्यै पनि परमेश्‍वरसँग मिल्‍ने बन्‍नेछैनस्, र तँ उहाँबाट सधैँ अलग हुनेछस्।

तेरा पुराना धारणाहरूलाई पन्छ्याएपछि मात्रै तैँले नयाँ ज्ञान प्राप्‍त गर्न सक्छस्, तैपनि पुरानो ज्ञान र पुराना धारणाहरू उही हुन् भन्‍ने छैन। "धारणाहरू" ले मानिसले कल्पना गरेका कुराहरू हुन्, जुन वास्तविकतासँग मिल्दैनन्। यदि पुरानो ज्ञानको म्याद पुरानो युगमा नै सकिएको छ र यसले मानिसलाई नयाँ काममा प्रवेश गर्न रोकेको छ भने, त्यस्तो ज्ञान पनि धारणा नै हो। यदि मानिसले त्यस्तो ज्ञानलाई सही रूपमा पहुँच गर्न सक्छ र पुरानो र नयाँलाई एकट्ठा गरेर विभिन्‍न पक्षहरूबाट परमेश्‍वरलाई चिन्‍न सक्छ भने, पुरानो ज्ञान मानिसको सहायता बन्छ, र मानिस नयाँ युगमा प्रवेश गर्ने आधार बन्छ। परमेश्‍वरलाई चिन्‍ने सम्बन्धी पाठको लागि तँ धेरै सिद्‌धान्तहरूमा पोख्त हुनुपर्छ: परमेश्‍वरलाई चिन्‍ने मार्गमा कसरी प्रवेश गर्ने, परमेश्‍वरलाई चिन्‍नको लागि तैँले के-कस्ता सत्यताहरू बुझ्‍नैपर्छ, र परमेश्‍वरको नयाँ कामका सबै बन्दोबस्तहरूमा समर्पित हुन सकूँ भनेर तेरा धारणाहरू र पुराना स्वभावबाट आफैलाई कसरी मुक्त गर्ने। यदि तैँले परमेश्‍वरलाई चिन्‍ने सम्बन्धी पाठमा प्रवेश गर्नको लागि जगको रूपमा यी सिद्‌धान्तहरूलाई प्रयोग गरिस् भने, तेरो ज्ञान झन्-झन् गहन बन्‍नेछ। यदि तँसँग कार्यका तीन चरणको—अर्थात् परमेश्‍वरको सम्पूर्ण व्यवस्थापन योजनाको बारेमा स्पष्‍ट ज्ञान छ भने—र यदि तैँले परमेश्‍वरको कार्यका अघिल्ला दुई चरणहरूलाई वर्तमान चरणसँग पूर्ण रूपमा सम्बन्धित गर्न सक्छस्, र यो एउटै परमेश्‍वरले गर्नुभएको कार्य हो भन्‍ने देख्‍न सक्छस् भने, तँसँग अतुलनीय रूपमा मजबुत जग हुनेछ। कार्यका तीन चरणलाई एउटै परमेश्‍वरले गर्नुभएको थियो; सबैभन्दा ठूलो दर्शन यही नै हो, र परमेश्‍वरलाई चिन्‍ने एउटै मार्ग यही नै हो। कार्यका तीन चरणलाई परमेश्‍वर स्वयम्‌ले मात्र गर्न सक्नुहुन्थ्यो, र उहाँको तर्फबाट कुनै पनि मानिसले त्यसो गर्न सक्दैनथियो—भन्‍नुको अर्थ सुरुदेखि आजको दिनसम्म परमेश्‍वरले मात्रै उहाँको आफ्‍नो काम गर्न सक्नुहुन्थ्यो। परमेश्‍वरको कार्यका तीन चरणहरूलाई फरक-फरक युग र स्थानहरूमा गरिएको भए तापनि, र हरेक चरणको काम फरक भए तापनि, यो सबै एउटै परमेश्‍वरले गर्नुभएको कार्य हो। सबै दर्शनहरूमध्ये, मानिसले जान्‍नुपर्ने सबैभन्दा ठूलो दर्शन यही नै हो, र यदि यसलाई मानिसले पूर्ण रूपमा बुझ्‍न सक्यो भने, ऊ दृढ रूपमा खडा हुन

सक्नेछ। आज, विभिन्न धर्महरू र सम्प्रदायहरूले सामना गरिरहेको सबैभन्दा ठूलो समस्या यो हो कि तिनीहरूलाई पवित्र आत्माको कामबारे थाहा छैन, र तिनीहरूले पवित्र आत्माले गर्नुहुने काम र पवित्र आत्माले नगर्नुहुने काम बीचमा भिन्नता छुट्याउन सक्दैनन्—यसकारणले गर्दा, कामको यो चरण पनि कामका गत दुई चरणहरूजस्तै यहोवा परमेश्वरले गर्नुभएको हो कि होइन भनेर तिनीहरूले भन्न सक्दैनन्। मानिसहरूले परमेश्वरलाई पछ्याउने भए तापनि, धेरैजसोले अझै पनि यो सहि मार्ग हो कि होइन भनेर बताउन सक्दैनन्। यो परमेश्वर स्वयम्ले व्यक्तिगत रूपमा अगुवाइ गर्नुभएको मार्ग हो कि होइन, र परमेश्वरको देहधारण सत्य हो कि होइन भन्ने बारेमा मानिसले अझै चिन्ता गर्छ, र त्यस्ता कुराहरूलाई कसरी छुट्याउने त्यसको बारेमा धेरैजसो मानिसहरूलाई अझै पनि अत्तोपत्तो छैन। परमेश्वरलाई पछ्याउनेहरूले मार्गलाई निर्धारित गर्न सक्दैनन्, त्यसकारण, बोलिएका सन्देशहरूले यी मानिसहरूका बीचमा आंशिक प्रभाव मात्रै पार्छ, र ती पूर्ण रूपमा प्रभावकारी हुन सक्दैनन्, त्यसकारण यसले त्यस्ता मानिसहरूको जीवन प्रवेशलाई प्रभाव पार्छ। यदि मानिसले कार्यका तीन चरणमा परमेश्वरले नै तिनलाई फरक-फरक समयमा, फरक-फरक स्थानमा, र फरक-फरक मानिसहरूमा अघि बढाउनुभएको हो भन्ने देख्न सक्छ भने; यदि काम फरक भए पनि, यो सबै एउटै परमेश्वरले गर्नुभएको हो, अनि यो एउटै परमेश्वरले गर्नुभएको हुनाले, यो पक्कै पनि सहि र त्रुटि विहीन हुनुपर्छ, र यो मानिसको धारणाहरू विपरीत भए तापनि, यो एउटै परमेश्वरको काम हो भन्ने कुरालाई इन्कार गर्न सकिँदैन भन्ने मानिसले देख्न सक्छ भने—यदि यो एउटै परमेश्वरको काम हो भनेर मानिसले सुनिश्चितताको साथ भन्न सक्छ भने, मानिसका धारणाहरूलाई उल्लेख गर्न पनि लायक नछोडीकन सानातिना धारणामा घटाइनेछ। मानिसका दर्शनहरू स्पष्ट नभएकाले, र मानिसले यहोवालाई मात्रै परमेश्वरको रूपमा, र येशूलाई प्रभुको रूपमा चिन्ने हुनाले, र आजका देहधारी परमेश्वरको बारेमा दोधारमा रहेका हुनाले, धेरै मानिसहरू यहोवा र येशूको कार्यमा नै समर्पित छन्, र आजको कामको बारेमा अक्रान्त छन्, धेरैजसो मानिसहरू सधैँ शङ्कालु हुन्छन्, र आजको कामलाई गम्भीर रूपमा लिँदैनन्। कार्यका अन्तिम दुई चरणहरूका बारेमा मानिसमा कुनै धारणाहरू छैनन्, जुन अदृश्य थिए। यो यसैले हो किनभने मानिसले कार्यका अन्तिम दुई चरणको वास्तविकतालाई बुझ्दैन, र तिनलाई व्यक्तिगत रूपमा देखेन। यो यसैले हो किनभने कार्यका यी चरणहरूलाई मानिसले देख्न नसक्ने हुँदा आफूलाई मन परे अनुसार मानिसले कल्पना गर्छ; उसले जे निष्कर्ष निकाले तापनि, त्यस्ता कल्पनाहरूलाई प्रमाणित गर्ने कुनै तथ्यहरू छैनन्, र तिनलाई सुधार गर्ने कोही छैन। मानिसले कुनै पर्बाह नगरिकन र आफ्नो कल्पनालाई स्वतन्त्र छोडिदिँदै आफ्नो मिजासलाई बेलगाम छोड्छ; उसका कल्पनाहरूलाई पुष्टि गर्ने कुनै तथ्यहरू हुँदैन, त्यसकारण तिनको कुनै प्रमाण भए पनि नभए पनि, मानिसका कल्पनाहरू "तथ्य" बन्छन्। यसरी मानिसले आफ्नो मनमा आफैले कल्पना गरेको परमेश्वरमा विश्वास गर्छ, र वास्तविकताको परमेश्वरलाई खोजी गर्दैन। यदि एउटा व्यक्तिमा एक प्रकारको आस्था हुन्छ भने, सय जना मानिसहरूमा सय प्रकारका आस्था हुन्छन्। मानिसले परमेश्वरको कार्यको वास्तविकतालाई नदेखेको हुनाले, उसले यसलाई आफ्ना कानद्वारा मात्रै सुनेको र आफ्नो आँखाले नदेखेको हुनाले मानिसमा त्यस्तो आस्था हुन्छ। मानिसले दन्तकथा र कथाहरू सुनेको

हुन्छ–तर परमेश्‍वरको कार्यको ज्ञानलाई उसले बिरलै सुनेको हुन्छ। तसर्थ एक वर्षदेखि विश्‍वासी बनेका मानिसहरू तिनीहरूका आफ्नै धारणाहरूद्वारा परमेश्‍वरमा विश्‍वास गर्न पुगेका हुन्छन्। आफ्नो जीवनभरि परमेश्‍वरमा विश्‍वास गरेका मानिसहरूको हकमा पनि यही कुरा लागू हुन्छ। तथ्यहरूलाई देख्न नसक्नेहरू परमेश्‍वरका बारेमा रहेका धारणाहरू सहितको विश्‍वासबाट कहिल्यै उम्कन सक्नेछैनन्। मानिसले आफैलाई आफ्ना पुराना धारणाहरूका बन्धनहरूबाट मुक्त गरेको छ र ऊ नयाँ क्षेत्रमा प्रवेश गरेको छ भन्‍ने विश्‍वास गर्छ। के परमेश्‍वरको साँचो मुहारलाई देख्न नसक्नेहरूको ज्ञान धारणाहरू र हल्लाहरू बाहेक केही पनि होइनन् भन्‍ने कुरा मानिसलाई थाहा हुँदैन र? उसका धारणाहरू सही छन् र त्रुटि रहित छन् भन्‍ने मानिसले विचार गर्छ, र उसले यी धारणाहरू परमेश्‍वरबाट आउँछन् भन्‍ने विचार गर्छ। आज, जब मानिसले परमेश्‍वरको काम देख्छ, उसले धेरै वर्षसम्म थुप्रिएर बसेका धारणाहरूलाई खुला छोड्छ। विगतका कल्पनाहरू र विचारहरू यो चरणको कार्यको निम्ति अवरोध बनेको छ, र त्यस्ता धारणाहरूलाई छोड्न र त्यस्ता विचारहरूलाई खण्डन गर्न मानिसको लागि कठिन भएको छ। आजसम्म परमेश्‍वरलाई पछ्याएका धेरैको यो चरणबद्ध कार्य सम्बन्धी धारणाहरू अझै बढी गम्भीर बनेको छ, र यी मानिसहरूले क्रमिक रूपमा देहधारी परमेश्‍वरप्रति जिद्दी शत्रुता निर्माण गरेका छन्। यो घृणाको स्रोत मानिसका धारणाहरू र कल्पनाहरूमा निहित छ। मानिसका धारणा र कल्पनाहरू आजको कामको शत्रु बनेको छ, जुन काम मानिसका धारणाहरूका विपरीत छ। तथ्यहरूले मानिसलाई उसका कल्पनाहरू बेलगाम छोड्न दिँदैन, यसको साथै यसलाई मानिसले सहजै खण्डन गर्न सक्दैन, र मानिसका धारणा र कल्पनाहरू तथ्यहरूको अस्तित्वसँग मिल्दैन, यसको साथै, मानिसले तथ्यहरूको सटीकता र सत्यतालाई विचार गर्दैन, र एकोहोरो रूपमा आफ्ना धारणाहरूलाई झोडिदिन्छ र उसको आफ्नो कल्पनाहरूको प्रयोग गर्छ, ठीक यही कारणले यसो भएको हो। यो मानिसका धारणाहरूको गल्ती हो भनेर मात्रै भन्‍न सकिन्छ, अनि परमेश्‍वरको कामको गल्ती हो भनेर भन्‍न सकिँदैन। मानिसले आफूलाई जस्तो मन लाग्यो त्यस्तै कल्पना गर्न सक्छ, तर उसले परमेश्‍वरको कार्यको कुनै पनि चरण वा यसको कुनै पनि भागलाई स्वतन्त्र रूपमा खण्डन गर्न सक्दैन; परमेश्‍वरको कार्यको तथ्यलाई मानिसले तोड्न सक्दैन। तैँले आफ्नो कल्पनालाई बेलगाम छोड्न सक्छस्, र यहोवा र येशूको कामको बारेमा राम्रो कथाहरू पनि सङ्कलन गर्न सक्छस्, तर यहोवा र येशूको कार्यको हरेक चरणको तथ्यलाई तैँले खण्डन गर्न सक्दैनस्; सिद्धान्त यही हो, र प्रशासनिक आदेश पनि यही हो, अनि तैँले यी विषयहरूका महत्त्वलाई बुझ्नुपर्छ। कामको यो चरण मानिसका धारणाहरू अनुरूप छैन, र कामका अघिल्ला दुई चरणहरू यस्तो थिएन भन्‍ने मानिसले विश्‍वास गर्छ। आफ्नो कल्पनामा, मानिसले अघिल्ला दुई चरणको काम अवश्य नै आजको काम जस्तो छैन भनेर विश्‍वास गर्छ–तर परमेश्‍वरको कार्यका सिद्धान्तहरू सबै उस्तै छन्, उहाँको काम सधैँ व्यवहारिक हुन्छ, र जुनसुकै युग भए तापनि, उहाँको कार्यको तथ्यलाई प्रतिरोध गर्ने र विरोध गर्ने धेरै मानिसहरूको उदय सधैँ नै हुनेछन् भन्‍ने कुरालाई तैँले कहिल्यै विचार गरेको छस्? आज कामको यो चरणलाई प्रतिरोध गर्ने र विरोध गर्ने सबैले विगतमा पनि परमेश्‍वरको कामलाई विरोध गर्नेथिए भन्‍नेमा कुनै शङ्का छैन, किनभने त्यस्ता मानिसहरू सधैँ नै परमेश्‍वरका शत्रुहरू हुनेछन्। परमेश्‍वरको

कार्यको तथ्यलाई जान्ने मानिसहरूले कार्यका तीन चरणलाई एउटै परमेश्वरको कार्यको रूपमा हेर्नेछन्, र आफ्ना धारणाहरूलाई त्याग्नेछन्। यी मानिसहरू परमेश्वरलाई चिन्ने मानिसहरू हुन्, र त्यस्ता मानिसहरू परमेश्वरलाई साँचो रूपमा पछ्याउने मानिसहरू हुन्। जब परमेश्वरको सम्पूर्ण व्यवस्थापन समाप्तितिर आइरहेको हुन्छ, परमेश्वरले सबै थोकलाई प्रकार अनुसार वर्गीकरण गर्नुहुनेछ। मानिसलाई सृष्टिकर्ताको हातले बनाएको थियो, र अन्त्यमा उहाँले मानिसलाई उहाँको प्रभुत्वमा पूर्ण रूपमा फर्काउनुपर्छ; कार्यका तीन चरणको निष्कर्ष यही हो। आखिरी दिनहरूको कामको चरण, र इस्राएल र यहूदियामा भएका अघिल्ला दुई चरणहरू सम्पूर्ण ब्रह्माण्डमा परमेश्वरको व्यवस्थापन योजना हुन्। कसैले पनि यसलाई इन्कार गर्न सक्दैन, र परमेश्वरको कार्यको तथ्य यही हो। मानिसहरूले यो कामको धेरै भाग अनुभव गरेका वा देखेका छैनन्, तैपनि तथ्यहरू भनेका तथ्यहरू नै हुन्, र यसलाई कुनै पनि मानिसले खण्डन गर्न सक्दैन। ब्रह्माण्डको हरेक देशमा परमेश्वरलाई विश्वास गर्ने मानिसहरू सबैले कार्यका तीन चरणलाई स्वीकार गर्नेछन्। यदि तँलाई कामको निश्चित चरण मात्रै थाहा छ, तर कामको अरू दुई चरणको बारेमा थाहा छैन भने, विगतमा परमेश्वरले गर्नुभएको कामलाई तैँले बुझ्दैनस् भने, तैँले परमेश्वरको सम्पूर्ण व्यवस्थापन योजनाको बारेमा बोल्न सक्दैनस्, र परमेश्वर सम्बन्धी तेरो ज्ञान एकतर्फी हुन्छ, किनभने परमेश्वरमाथिको तेरो विश्वासमा तैँले उहाँलाई जान्दैनस् वा बुझ्दैनस्, त्यसकारण तँ परमेश्वरको साक्षी दिन योग्य छैनस्। यी कुराहरू सम्बन्धी तेरो हालको ज्ञान गहन भए पनि वा सतही भए पनि, आखिरमा, तिमीहरूमा ज्ञान हुनैपर्छ, र पूर्ण रूपमा विश्वस्त हुनैपर्छ, अनि सबै मानिसहरूले परमेश्वरको कार्यको सम्पूर्णतालाई देख्नेछन् र तिनीहरू परमेश्वरको प्रभुत्वमा समर्पित हुनेछन्। यो कामको अन्त्यमा, सबै धर्महरू एउटै हुनेछ, सबै सृष्टिहरू सृष्टिकर्ताको प्रभुत्वमा फर्किनेछन्, सबै सृष्टिहरूले एउटै साँचो परमेश्वरलाई आराधना गर्नेछन्, र सबै दुष्ट धर्महरू कहिल्यै देखा नपर्ने गरी सुन्यतामा पुग्नेछन्।

किन कार्यका तीन चरणको बारेमा यसरी निरन्तर उल्लेख गर्ने? युगहरू बितेर जाने कार्य, सामाजिक विकास, र प्रकृतिको परिवर्तनशील मुहार यी सबैले कार्यका तीन चरणका परिवर्तनहरूलाई पछ्याउँछन्। मानवजाति परमेश्वरको काम अनुसार समयसँगै परिवर्तन हुन्छ, र यो आफै विकास हुँदैन। सबै सृष्टि र हरेक धर्म र सम्प्रदायका सबै मानिसहरूलाई एउटै परमेश्वरको प्रभुत्वमा ल्याउनको लागि परमेश्वरको कार्यका तीन चरणहरूको बारेमा उल्लेख गरिएको हो। तँ जुनसुकै धर्मको भए तापनि, आखिरमा तिमीहरू सबै परमेश्वरको प्रभुत्वमा समर्पित हुनेछौ। परमेश्वर स्वयम्ले मात्रै यो काम गर्न सक्नुहुन्छ; यो कुनै पनि धार्मिक प्रमुखले गर्न सक्दैन। संसारमा धेरै मुख्य धर्महरू छन्, र हरेकको आ-आफ्नै प्रमुख वा अगुवा छन्, र अनुयायीहरू संसारका विभिन्न देश र क्षेत्रहरूमा छरिएका छन्; ठूलो होस् कि सानो होस्, लगभग हरेक देशभित्र फरक-फरक धर्महरू हुन्छन्। तैपनि, संसारभरि जति धेरै धर्महरू भए तापनि, ब्रह्माण्डभित्रका सारा मानिसहरू आखिरमा एउटै परमेश्वरको अगुवाइमा अस्तित्वमा रहन्छन्, र तिनीहरूको अस्तित्वलाई धार्मिक प्रमुख हरू वा अगुवाहरूले अगुवाइ गर्दैनन्। यसो भन्नुको अर्थ के हो भने मानवजाति निश्चित धर्मको प्रमुख वा अगुवाद्वारा अगुवाइ गरिएको हुँदैन; बरु, सारा मानवजातिलाई सृष्टिकर्ताले नै अगुवाइ गर्नुहुन्छ,

जसले स्वर्गहरू र पृथ्वी अनि यावत् थोक सृष्टि गर्नुभयो, र जसले मानवजातिलाई पनि सृष्टि गर्नुभयो–तथ्य यही नै हो। संसारमा धेरै मुख्य धर्महरू भए तापनि, तिनीहरू जति नै ठूलो भए तापनि, तिनीहरू सबै सृष्टिकर्ताको प्रभुत्वमुनि अस्तित्वमा रहन्छन्, र तिनीहरू कसैले पनि यो प्रभुत्वको क्षेत्रलाई नाघ्न सक्दैनन्। मानवजातिको विकास, सामाजमा पुरानो कुरालाई नयाँ कुराले जित्ने काम, प्राकृतिक विज्ञानहरूको विकास–प्रत्येकलाई नै सृष्टिकर्ताको बन्दोबस्तबाट अलग गर्न सकिँदैन, र यो कार्य कुनै पनि निश्चित धर्मको प्रमुखले गर्न सक्ने कुरा होइन। कुनै धार्मिक प्रमुख निश्चित धर्मको अगुवा मात्रै हो, र तिनीहरूले परमेश्वरलाई प्रतिनिधित्व गर्न सक्दैनन्, न त तिनीहरूले स्वर्गहरू र पृथ्वी अनि यावत् थोक सृष्टि गर्नुहुनेलाई नै प्रतिनिधित्व गर्न सक्छन्। कुनै धार्मिक प्रमुखले त्यस धर्मका सबैलाई नेतृत्व गर्न सक्छन्, तर तिनीहरूले स्वर्गहरू मुनिका सबै सृष्टिहरूमाथि हुकुम चलाउन सक्दैनन्–यो विश्वव्यापी रूपमा स्वीकार्य तथ्य हो। धार्मिक प्रमुख भनेको अगुवा मात्रै हो, र परमेश्वर (सृष्टिकर्ता) कै दर्जामा खडा हुन सक्दैन। सबै थोक सृष्टिकर्ताकै हातमा छ, र आखिरमा तिनीहरू सृष्टिकर्ताकै हातमा फर्कनेछन्। मानवजातिलाई परमेश्वरले नै बनाउनुभयो, र धर्म जुनसुकै भए तापनि, हरेक व्यक्ति परमेश्वरको प्रभुत्वमा फर्कनेछन्–यो अपरिहार्य छ। सबै थोकका बीचमा परमेश्वर मात्रै सर्वोच्च हुनुहुन्छ, र सबै सृष्टिहरूका बीचमा रहेका उच्च शासक पनि उहाँकै प्रभुत्वमा फर्कनुपर्छ। मानिसको हैसियत जति नै उच्च भए तापनि, त्यो मानिसले मानवजातिलाई उचित गन्तव्यमा पुर्‍याउन सक्दैन, र कसैले पनि सबै थोकलाई प्रकार अनुसार वर्गीकरण गर्न सक्दैन। यहोवा स्वयम्‌ले मानवजाति सृष्टि गर्नुभयो र हरेकलाई प्रकार अनुसार वर्गीकरण गर्नुभयो, अनि जब अन्त्यको समय आउँछ, उहाँले सबै थोकलाई प्रकार अनुसार वर्गीकरण गर्दै आफ्नो काम अझै पनि आफै गर्नुहुनेछ–परमेश्वर बाहेक कसैले पनि यो काम गर्न सक्दैन। सुरुदेखि अहिलेसम्म गरिएका कार्यका तीन चरणलाई परमेश्वर स्वयम्‌ले अघि बढाउनुभएको थियो, र एउटै परमेश्वरले अघि बढाउनुभएको थियो। कार्यका तीन चरणको तथ्य सारा मानवजातिमाथि रहेको परमेश्वरको नेतृत्वको तथ्य, अर्थात् कसैले पनि इन्कार गर्न नसक्ने तथ्य हो। कार्यका तीन चरणको अन्त्यमा, सबै थोकलाई प्रकार अनुसार वर्गीकरण गरिनेछ र सबै परमेश्वरको प्रभुत्वमा फर्कनेछन्, किनभने सम्पूर्ण ब्रह्माण्डभरि यही एक मात्र परमेश्वर मात्रै अस्तित्वमा हुनुहुन्छ, र अरू कुनै धर्महरू छैनन्। संसारको सृष्टि गर्न नसक्नेले यसलाई अन्त्यमा पुर्‍याउन पनि सक्नेछैन, जबकी संसार सृष्टि गर्नुहुनेले अवश्य नै यसलाई अन्त्य गर्न सक्नुहुनेछ। त्यसकारण, यदि कुनै व्यक्तिले युगलाई अन्त्य गर्न सक्दैन र मानिसलाई उसको मस्तिष्क विकास गर्न मात्रै सहायता गर्न सक्छ भने, ऊ अवश्य नै परमेश्वर हुन सक्दैन, र अवश्य नै मानवजातिका प्रभु बन्न सक्नेछैन। उसले त्यस्तो महान् काम गर्न सक्नेछैन; त्यस्तो कार्य गर्न सक्ने एउटै मात्र हुनुहुन्छ, र यो काम गर्न नसक्ने सबै अवश्य नै शत्रुहरू हुन्, परमेश्वर होइनन्। सबै दुष्ट धर्महरू परमेश्वरसँग मेल खाँदैन, र तिनीहरू परमेश्वरसँग मेल नखाने हुनाले, तिनीहरू परमेश्वरका शत्रुहरू हुन्। सबै काम यही एउटै साँचो परमेश्वरले गर्नुहुन्छ, र सारा ब्रह्माण्डमाथि यही एउटै परमेश्वरले हुकुम चलाउनुहुन्छ। उहाँको इस्राएलमा भए पनि चीनमा भए पनि, त्यो कार्य आत्माले वा देहले गरे पनि, सबै परमेश्वर स्वयम्‌ले नै गर्नुहुन्छ, र अरू कसैले यसलाई गर्न सक्दैन। उहाँ स्पष्ट

रूपमा सारा मानवजातिका परमेश्‍वर हुनुभएकोले नै उहाँले कुनै पनि सर्तहरूद्वारा नबाँधिइकन स्वतन्त्र रूपमा काम गर्नुहुन्छ—यो सबै दर्शनहरूमा सबैभन्दा महान् हो। परमेश्‍वरको सृष्टिको रूपमा, यदि तँ परमेश्‍वरको सृष्टिको कर्तव्यलाई पूरा गर्न र परमेश्‍वरको इच्छालाई बुझ्‍न चाहन्छस् भने, तैँले परमेश्‍वरको कार्यलाई बुझ्‍नैपर्छ, तैँले सृष्टिहरूका लागि परमेश्‍वरको इच्छा के छ त्यसलाई बुझ्‍नैपर्छ, तैँले उहाँको व्यवस्थापन योजना बुझ्‍नैपर्छ, र तैँले उहाँले गर्नुहुने कामको सबै महत्त्वलाई बुझ्‍नैपर्छ। यसलाई नबुझ्‍नेहरू परमेश्‍वरका योग्य सृष्टिहरू होइनन्! परमेश्‍वरको सृष्टिको रूपमा, यदि तैँले आफू कहाँबाट आएको हो भन्‍ने बुझ्दैनस्, मानवजातिको इतिहास र परमेश्‍वरले गर्नुभएको सबै काम बुझ्दैनस्, यसको साथै, मानवजाति कसरी आजसम्म विकास भएको छ भन्‍ने बुझ्दैनस्, र सारा मानवजातिमाथि कसले हुकुम चलाउनुहुन्छ भन्‍ने बुझ्दैनस् भने, तैँले तेरो कर्तव्यलाई पूरा गर्न सक्दैनस्। परमेश्‍वरले नै मानवजातिलाई आजसम्म डोऱ्याउनुभएको छ, र उहाँले मानिसलाई पृथ्वीमा सृष्टि गर्नुभएदेखि नै उसलाई कहिल्यै छोड्नुभएको छैन। पवित्र आत्माले कहिल्यै काम गर्न छोड्नुभएको छैन, कहिल्यै मानवजातिलाई अगुवाइ गर्न छोड्नुभएको छैन, र कहिल्यै मानवजातिलाई त्याग्नुभएको छैन। तर परमेश्‍वर हुनुहुन्छ भन्‍ने मानवजातिले महसुस गर्दैन, उसले परमेश्‍वरलाई चिन्‍ने कुरा त परै जाओस्। परमेश्‍वरका सारा सृष्टिहरूका लागि योभन्दा अपमानजनक कुरा अरू केही छ र? परमेश्‍वरले व्यक्तिगत रूपमै मानिसलाई डोर्‍याउनुहुन्छ, तर मानिसले परमेश्‍वरको कार्यलाई बुझ्दैन। तँ परमेश्‍वरको सृष्टि होस्, तैपनि तैँले तेरो आफ्नै इतिहासलाई बुझ्दैनस्, र कसले तँलाई तेरो यात्रामा डोर्‍याएको छ त्यसबारे तँ अनजान छस्, परमेश्‍वरले गर्नुभएको कामप्रति तँ बेखबर छस्, र त्यसैले तैँले परमेश्‍वरलाई चिन्‍न सक्दैनस्। यदि तँलाई अझै पनि थाहा छैन भने, तँ परमेश्‍वरको गवाही दिनको लागि कहिल्यै पनि योग्य हुनेछैनस्। आज, सृष्टिकर्ताले फेरि पनि सबै मानिसहरूलाई व्यक्तिगत रूपमै डोर्‍याउनुहुन्छ, र सबै मानिसहरूलाई उहाँको बुद्धि, सर्वशक्तिमान्‌ता, मुक्ति, र आश्‍चर्यपनलाई देख्‍ने तुल्याउनुहुन्छ। तैपनि तँ अझै महसुस गर्दैनस् वा बुझ्दैनस्—त्यसकारण, के तँ मुक्ति नपाउने व्यक्ति होइनस् र? जो शैतानको स्वामित्वमा छन् तिनीहरूले परमेश्‍वरको वचन बुझ्दैनन्, तर जो परमेश्‍वरको स्वामित्वमा छन् तिनीहरूले परमेश्‍वरको आवाज सुन्‍न सक्छन्। मैले बोल्ने वचनहरू महसुस गर्ने र बुझ्‍ने सबै तिनीहरू हुन् जसलाई मुक्ति दिइनेछ र जसले परमेश्‍वरको लागि गवाही दिनेछन्; मैले बोल्ने वचनहरूलाई नबुझ्‍नेहरूले परमेश्‍वरको गवाही दिन सक्दैनन्, र तिनीहरू त्यस्ता हुन् जसलाई हटाइनेछ। जसले परमेश्‍वरको इच्छालाई बुझ्दैनन् र परमेश्‍वरको कार्यलाई महसुस गर्दैनन् तिनीहरूले परमेश्‍वरको ज्ञान हासिल गर्न सक्दैनन्, र त्यस्ता मानिसहरूले परमेश्‍वरको गवाही दिन सक्दैनन्। यदि तँ परमेश्‍वरको गवाही दिन चाहन्छस् भने, तैँले परमेश्‍वरलाई चिन्‍नैपर्छ; परमेश्‍वरको ज्ञान परमेश्‍वरको कार्यद्वारा पूरा गरिन्छ। समग्रमा, यदि तँ परमेश्‍वरलाई चिन्‍न चाहन्छस् भने, तैँले परमेश्‍वरको कार्यलाई जान्‍नैपर्छ: परमेश्‍वरको कार्यलाई जान्‍नु सबैभन्दा महत्त्वपूर्ण कुरा हो। जब कार्यका तीन चरण अन्त्यमा पुग्छ, परमेश्‍वरको गवाही दिनेहरूको समूह, परमेश्‍वरलाई चिन्‍नेहरूको समूहलाई निर्माण गरिनेछ। यी मानिसहरू सबैले परमेश्‍वरलाई चिन्‍नेछन् र तिनीहरूले सत्यतालाई अभ्यास गर्न सक्नेछन्। तिनीहरूमा मानवता र चेतना हुनेछ, र सबैले परमेश्‍वरको मुक्तिको कार्यका तीन चरणहरूलाई

जान्नेछन्। यो अन्त्यमा पूरा गरिने काम हो, र यी मानिसहरू ६,००० वर्षको व्यवस्थापन कार्यका उत्कृष्टता हुन्, र शैतानको अन्तिम हारको सबैभन्दा शक्तिशाली गवाही हुन्। परमेश्‍वरको गवाही दिन सक्नेहरूले परमेश्‍वरको प्रतिज्ञा र आशिषलाई प्राप्त गर्न सक्नेछन्, र तिनीहरू अन्त्यसम्मै रहिरहने समूह, परमेश्‍वरको अख्तियार पाएको र परमेश्‍वरको गवाही दिने समूह बन्नेछन्। सायद तिमीहरूमध्ये सबै जना, वा सायद आधा मात्रै, वा एक-दुई जना मात्रै यो समूहको सदस्य बन्न सक्छौ–यो तिमीहरूको इच्छा र तिमीहरूको खोजीमा भर पर्छ।

## भ्रष्ट मानवजाति देहधारी परमेश्‍वरको मुक्तिको अझै बढी खाँचोमा छ

परमेश्‍वर देह बन्नुभयो किनभने उहाँको कामको पात्र शैतानको आत्मा, वा कुनै पनि अमूर्त कुरा होइन, तर मानिस हो, जो देहको हो र जसलाई शैतानले भ्रष्ट तुल्याएको छ। मानिसको देह भ्रष्ट तुल्याइएको कारणले नै परमेश्‍वरले देहको मानिसलाई आफ्नो कामको पात्र बनाउनुभयो; यसको साथै, मानिस भ्रष्टताको पात्र भएकोले, परमेश्‍वरले मानिसलाई नै आफ्नो मुक्तिको कार्यको सबै चरणहरूको एक मात्र पात्र बनाउनुभयो। मानिस मरणशील प्राणी हो, ऊ देह र रगतले बनिएको छ, र मानिसलाई मुक्त गर्न सक्ने परमेश्‍वर मात्रै हुनुहुन्छ। यसरी, आफ्नो काम गर्नको लागि परमेश्‍वर मानिसको जस्तै गुणहरू भएको देह बन्नुपर्छ, ताकि उहाँको कामले अझै उत्तम प्रभावहरू हासिल गर्न सकोस्। मानिस देहको हो, र ऊ पापमाथि विजय प्राप्त गर्न र आफैलाई देहबाट मुक्त गर्नको लागि असक्षम छ, ठीक यही कारणले गर्दा आफ्नो काम गर्नको लागि परमेश्‍वर देह बन्नैपर्छ। देहधारी परमेश्‍वरको सार र पहिचान मानिसको सार र पहिचानबाट निकै फरक भए तापनि, उहाँको स्वरूप मानिसको जस्तै छ; उहाँमा सामान्य मानिसको जस्तो स्वरूप छ, र उहाँले सामान्य मानिसको जीवन जिउनुहुन्छ, र उहाँलाई देख्नेहरूले उहाँलाई सामान्य मानिसबाट अलग गर्न सक्दैनन्। यो सामान्य स्वरूप र सामान्य मानवता नै उहाँको लागि सामान्य मानवतामा आफ्नो ईश्‍वरीय काम गर्न पर्याप्त छन्। उहाँको देहले उहाँलाई सामान्य मानवतामा आफ्नो काम गर्न दिन्छ, र मानिसको बीचमा उहाँको काम गर्न यसैले सहायता गर्छ, यसको साथै, उहाँको सामान्य मानवताले मानिसको बीचमा मुक्तिको काम गर्न सहायता गर्छ। उहाँको सामान्य मानवताले मानिसको बीचमा निकै कोलाहल पैदा गरेको भए तापनि, त्यस किसिमको कोलाहलले उहाँको कार्यको सामान्य प्रभावहरूलाई असर गरेको छैन। छोटकरीमा, उहाँको सामान्य देहको काम मानिसको लागि निकै फाइदाजनक छ। धेरैजसो मानिसहरूले उहाँको सामान्य मानवतालाई स्वीकार नगरे तापनि, उहाँको कार्यले परिणामहरू पैदा गर्न सक्छ, र उहाँको सामान्य मानवताले गर्दा नै यी परिणामहरू हासिल गरिन्छ। यसमा कुनै शङ्का छैन। देहमा उहाँले गर्ने कार्यद्वारा, मानिसले उसको सामान्य मानवताको बारेमा मानिसको बीचमा रहेका धारणाहरूभन्दा दशौं वा दर्जनौं गुणा बढी कुराहरू प्राप्त गर्छ, र त्यस्ता धारणाहरू सबैलाई आखिरीमा उहाँको कार्यले निलिदिनेछन्। अनि उहाँको कार्यले हासिल गरेको प्रभाव, भन्नुको अर्थ, उहाँको विषयमा मानिससँग भएको ज्ञान उहाँको बारेमा मानिसमा भएका

धारणाहरूभन्दा निकै बढी हुन्छ। देहमा उहाँले गर्नुहुने कामको कल्पना गर्ने वा नाप्ने कुनै तरिका छैन, किनभने उहाँको देह कुनै पनि देहको मानवजस्तो छैन; बाहिरी भेष समान भए पनि, सार भने समान छैन। उहाँको देहले मानिसको बीचमा परमेश्वर सम्बन्धी अनेक धारणाहरू उत्पन्न गर्छ, तैपनि उहाँको देहले मानिसलाई अझै बढी ज्ञान प्राप्त गर्न दिन्छ, र त्यस्तै बाहिरी भेष भएको कुनै पनि व्यक्तिलाई विजय समेत गर्नसक्छ। किनभने उहाँ मानव मात्रै हुनुहुन्न, तर मानवको बाहिरी भेष भएको ईश्वर हुनुहुन्छ, र कसैले पनि उहाँलाई पूर्ण रूपमा जान्न वा बुझ्न सक्दैन। अदृश्य र अस्पृश्य परमेश्वरलाई सबैले प्रेम र स्वागत गर्छन्। यदि परमेश्वर मानिसको लागि अदृश्य आत्मा मात्रै हुनुहुन्छ भने, मानिसलाई परमेश्वरमा विश्वास गर्न निकै सहज हुन्छ। मानिसहरूले आफ्ना कल्पनालाई बेलगाम छोडिदिन सक्छन्, आफैलाई प्रसन्न पार्न र आफूलाई खुसी तुल्याउनको लागि तिनीहरूले परमेश्वरको स्वरूपको रूपमा जेसुकैलाई चुन्न सक्छन्। यसरी, मानिसहरूले निस्सङ्कोच तिनीहरूका आफ्नै परमेश्वरले के गरेको मन पराउँछन् र चाहन्छन् त्यही गर्न सक्छन्। यति मात्र कहाँ हो र, मानिसहरू परमेश्वरप्रति तिनीहरू जत्तिको निष्ठावान र भक्त कोही पनि छैन, र अरू सबै अन्यजाति कुकुरहरू हुन्, र परमेश्वरप्रति विश्वासघातीहरू हुन् भन्ने विश्वास गर्छन्। परमेश्वरमाथिको जसको विश्वास अस्पष्ट र सिद्धान्तमा आधारित छ, तिनीहरूले खोज्ने यही नै हो भनेर भन्न सकिन्छ; तिनीहरूले सिक्ने कुरा पनि लगभग उस्तै हुन्छ, त्यसमा अलिकति मात्रै अन्तर हुन्छ। तिनीहरूका कल्पनामा भएका परमेश्वरका स्वरूपहरू फरक मात्रै छन्, तैपनि तिनीहरूको सार वास्तवमा उस्तै छन्।

मानिस परमेश्वरमाथिको उसको लापरवाही विश्वासप्रति शान्त छ र उसले जस्तो मन लाग्यो त्यस्तै किसिमले परमेश्वरमा विश्वास गर्छ। यो "मानिसका अधिकारहरू र स्वतन्त्रताहरू मध्येको" एउटा हो, जसलाई कसैले पनि हस्तक्षेप गर्नु हुँदैन, किनभने मानिसहरूले तिनीहरूका आफ्नै परमेश्वरमा विश्वास गर्छन्, अरू कसैको परमेश्वरमा होइन; यो तिनीहरूको आफ्नै निजी सम्पत्ति हो, र लगभग हरेकसँग नै यस प्रकारको निजी सम्पत्ति हुन्छ। मानिसहरूले यो सम्पत्तिलाई बहुमूल्य खजानाको रूपमा लिन्छन्, तर परमेश्वरको लागि योभन्दा नीच वा बेकम्मा केही पनि छैन, किनभने मानिसको यो निजी सम्पत्ति जत्तिको परमेश्वरको विरोधको स्पष्ट सङ्केत अरू केही छैन। देहधारी परमेश्वरको कामको कारणले गर्दा नै परमेश्वर भौतिक स्वरूप सहितको देह बन्नुहुन्छ, र जसलाई मानिसले देख्न र छुन सक्छ। उहाँ स्वरूपविनाको आत्मा हुनुहुन्न, तर मानिसले देख्न सक्ने र सम्पर्क गर्न सक्ने देह हुनुहुन्छ। तैपनि, परमेश्वरका मानिसहरूमध्ये धेरैजसोले विश्वास गर्ने भनेका देहहीन ईश्वरहरू हुन् जसको कुनै आकार हुँदैन, जसको स्वरूप पनि हुँदैन। यसरी, देहधारी परमेश्वर, परमेश्वरमा विश्वास गर्ने धेरैजसो मानिसहरूको शत्रु बन्नुभएको छ, त्यसरी नै, परमेश्वरको देहधारणको तथ्यलाई स्वीकार गर्न नसक्नेहरू, परमेश्वरका विरोधीहरू बनेका छन्। उसको सोच्ने शैलीको कारणले वा उसको विद्रोहीपनको कारणले गर्दा होइन, तर मानिसको यो निजी सम्पत्तिको कारणले गर्दा मानिसमा अनेक धारणाहरू हुन्छन्। यी सम्पत्तिको कारण नै धेरैजसो मानिसहरू मर्छन्, र छुन नसकिने, देख्न नसकिने, र वास्तविकतामा अस्तित्वमा नभएका यही अस्पष्ट परमेश्वरले नै मानिसको जीवनलाई बरबाद गर्छ। देहधारी परमेश्वरले होइन, स्वर्गका परमेश्वरले त

झन् हुँदै होइन, तर मानिसको आफ्नै कल्पनाको परमेश्‍वरले मानिसको जीवनलाई जफत गर्छ। देहधारी परमेश्‍वर देहमा आउनुको एउटै मात्र कारण भनेको भ्रष्‍ट मानिसहरूको आवश्यकताको कारणले गर्दा मात्रै हो। परमेश्‍वरको होइन, तर मानिसका आवश्यकताहरूको कारणले नै यसो भएको हो, र उहाँका सबै बलिदानहरू र दु:खकष्‍टहरू मानवजातिको खातिर हुन्, परमेश्‍वर स्वयमको फाइदाको लागि होइन। परमेश्‍वरको लागि कुनै फाइदा र बेफाइदा वा इनाम छैन; उहाँले कुनै भविष्यको कटनी होइन, तर जुन कुरा मूल रूपमा उहाँको थियो त्यसको कटनी गर्नुहुन्छ। उहाँले मानवजातिको लागि गर्ने र बलिदान दिने सबै कुराहरू उहाँले ठूलो इनामहरू प्राप्‍त गर्न सक्नुभएको होस् भनेर होइन, तर पूर्ण रूपमा मानवजातिकै खातिर गरिन्छन्। देहमा परमेश्‍वरले गर्नुहुने कार्यमा विभिन्‍न अकल्पनीय कठिनाइहरू समावेश भए तापनि, यसले आखिरमा हासिल गर्ने प्रभावहरू आत्माले प्रत्यक्ष रूपमा गर्नुभएको कामभन्दा बढी हुन्छ। देहको कार्यमा धेरै कठिनाइ समावेश छ, र देहले आत्माले जस्तै महान् पहिचान प्राप्‍त गर्न सक्दैन, उहाँले आत्माले जस्तै अलौकिक कार्यहरू गर्न सक्नुहुन्‍न, उहाँले आत्माको जस्तै अख्तियार पाउन सक्ने कुरा त परै जाओस्। तैपनि उहाँको साधारण देहले गर्ने कार्यको सार आत्माले प्रत्यक्ष रूपमा गर्ने कामभन्दा धेरै नै श्रेष्‍ठ हुन्छ, र सारा मानवजातिको आवश्यकताहरूको उत्तर यही देह स्वयम् नै हुनुहुन्छ। मुक्त गरिनेहरूका लागि, आत्माको उपयोगी मूल्य देहको भन्दा निकै कम हुन्छ: आत्माको कामले सारा ब्रह्माण्ड, सारा हिमाल, नदीहरू, तालतलैयाहरू, अनि समुद्रहरूलाई समावेश गर्न सक्ने भए तापनि, देहको काम उहाँ सम्पर्कमा आउने हरेक व्यक्तिसँग अझै प्रभावकारी रूपमा सम्बन्धित हुन्छ। यति मात्र होइन, परमेश्‍वरको देहको मूर्त रूपलाई मानिसले अझै राम्ररी बुझ्न र भरोसा गर्न सक्छ, र यसले परमेश्‍वर सम्बन्धी मानिसको ज्ञानलाई अझै थप रूपमा गहन तुल्याउन सक्छ, र परमेश्‍वरका वास्तविक कार्यहरूका बारेमा मानिसमा अझै प्रगाढ छवि छोड्न सक्छ। आत्माको कामलाई रहस्यले ढाकेको हुन्छ; मरणशील प्राणीको लागि यो बुझ्न कठिन छ, र तिनीहरूले यसलाई देख्न अझै कठिन छ, त्यसकारण तिनीहरू खोक्रा कल्पनाहरूको मात्रै भर पर्न सक्छन्। तैपनि, देहको काम सामान्य, र वास्तविकतामा आधारित छ, अनि यसमा प्रशस्त बुद्धि छ, साथै यो मानिसको भौतिक आँखाले देख्न सक्ने तथ्य हो; परमेश्‍वरको कामको बुद्धिलाई मानिसले व्यक्तिगत रूपमा नै अनुभव गर्न सक्छ, र उसको प्रशस्त कल्पनाहरूको प्रयोग गर्ने कुनै आवश्यकता हुँदैन। देहमा परमेश्‍वरले गर्नुहुने कामको यथार्थता र वास्तविक मूल्य यही नै हो। आत्माले मानिसको लागि अदृश्य र उसलाई कल्पना गर्न कठिन हुने कुराहरू मात्रै गर्न सक्नुहुन्छ, उदाहरणको लागि आत्माको अन्तर्दृष्टि, आत्माको हलचल, र आत्माको अगुवाइ, तर मन भएको मानिसको लागि, यिनले कुनै पनि स्पष्‍ट अर्थ प्रदान गर्दैन। तिनीहरूले स्पर्श, वा वृहत् अर्थ मात्रै प्रदान गर्न सक्छन्, र शब्दहरूद्वारा निर्देशन दिन सक्दैनन्। तैपनि, देहमा परमेश्‍वरले गर्नुहुने कार्य निकै फरक छ: यसमा शब्दहरूको यथार्थ निर्देशन संलग्न हुन्छ, यसको स्पष्‍ट इच्छा हुन्छ, र यसमा आवश्यक उद्देश्यहरू स्पष्‍ट हुन्छन्। त्यसकारण मानिसले छामछुम गरिहिँड्नु वा आफ्नो कल्पनाको प्रयोग गर्नु आवश्यक हुँदैन, अनुमानहरू गर्नु पर्ने त परै जाओस्। देहको कामको स्पष्‍टता यही हो, र यो आत्माको कामभन्दा निकै फरक छ। सीमित क्षेत्रको लागि मात्रै आत्माको काम उपयुक्त हुन्छ र यसले देहको कामलाई

प्रतिस्थापन गर्न सक्दैन। देहको कार्यले मानिसलाई आत्माको कार्यले भन्दा धेरै यथार्थ र आवश्यक लक्ष्यहरू र अझै वास्तविक, बहुमूल्य ज्ञान दिन्छ। भ्रष्ट मानिसको लागि सबैभन्दा मूल्यवान् काम भनेको त्यही हो जुन कामले सटीक शब्दहरू, पछ्याउनको लागि स्पष्ट लक्ष्यहरू प्रदान गर्न सक्छ, जसलाई देख्न र छुन सकिन्छ। मानिसको स्वादको लागि वास्तविक काम र समय अनुसारको अगुवाइ मात्रै उपयुक्त छन्, र वास्तविक कार्यले मात्रै मानिसलाई उसको भ्रष्ट र पतित स्वभावबाट मुक्त गर्न सक्छ। यसलाई देहधारी परमेश्‍वरले मात्रै हासिल गर्न सक्नुहुन्छ; देहधारी परमेश्‍वरले मात्रै मानिसलाई उसको पहिलेको भ्रष्ट र पतित स्वभावबाट मुक्त गर्न सक्नुहुन्छ। आत्मा परमेश्‍वरको अन्तर्निहित सार भए तापनि, यस प्रकारको कामलाई उहाँको देहले मात्र गर्न सक्नुहुन्छ। यदि आत्माले एकलै काम गर्नुभयो भने, उहाँको काम प्रभावकारी हुनु सम्भव हुनेथिएन—यो स्पष्ट सत्यता हो। यो देहको कारण धेरैजसो मानिसहरू परमेश्‍वरका शत्रुहरू बनेका भए पनि, जब उहाँले आफ्नो काम समाप्त गर्नुहुन्छ, तब उहाँका विरुद्‌धमा हुनेहरू उहाँका शत्रुहरू बन्न छोडेका मात्र हुनेछैनन्, तर यसको विपरीत तिनीहरू उहाँका साक्षीहरू बन्नेछन्। तिनीहरू उहाँले विजय गर्नुभएका साक्षीहरू, उहाँको लागि अनुकूल र उहाँबाट अलग गर्न नसकिने साक्षीहरू बन्नेछन्। उहाँले मानिसलाई मानिसको निम्ति देहमा उहाँको कार्यको महत्त्वलाई जान्ने तुल्याउनुहुन्छ, र मानिसको अस्तित्वको लागि मानिसले उहाँको देहको महत्त्वलाई जान्नुपर्छ, मानिसको जीवनको वृद्‌धिको लागि उहाँको वास्तविक मूल्यलाई जान्नुपर्छ, यति मात्र होइन, यो देह जीवनको जीवित जग बन्नेछ जसबाट मानिस अलग हुन सक्दैन भन्ने पनि जान्नुपर्छ। परमेश्‍वरको देहधारी शरीर परमेश्‍वरको पहिचान र स्थानसँग मिल्दै नमिल्ने, र मानिसको लागि यो उहाँको वास्तविक स्थितिसँग अमेल देखिने भए तापनि, परमेश्‍वरको साँचो स्वरूप वा परमेश्‍वरको साँचो पहिचान नभएको यो देहले त्यो काम गर्न सक्नुहुन्छ जुन काम गर्न परमेश्‍वरको आत्मा असमर्थ छ। परमेश्‍वरको देहधारणको साँचो महत्त्व र मूल्य यही हो, र मानिसले कदर गर्न र स्वीकार गर्न नसक्ने भनेको यही महत्त्व र मूल्य नै हो। सबै मानवजातिले परमेश्‍वरको आत्मालाई आदरका साथ हेर्ने र परमेश्‍वरको देहलाई हेलाको साथ हेर्ने भए तापनि, तिनीहरूले जसरी हेरे पनि वा विचार गरे पनि, देहको वास्तविक महत्त्व र मूल्य आत्माको भन्दा बढी नै छ। अवश्य नै, यो भ्रष्ट मानिसको लागि मात्रै हो। सत्यको खोजी गर्ने र परमेश्‍वरको प्रकटको लागि तृष्णा गर्ने हरेकको लागि, आत्माको कामले स्पर्श वा प्रेरणा, अनि अवर्णनीय र अकल्पनीय आश्‍चर्यको आभास, अनि यो महान्, श्रेष्ठ, र प्रशंसनीय छ, तैपनि सबैको लागि यो प्राप्त गर्न र भेट्टाउन नसकिने छ भन्ने भाव मात्रै दिन्छ। मानिस र परमेश्‍वरका आत्माले एक-अर्कालाई टाढाबाट मात्रै हेर्न सक्नुहुन्छ, मानौं उहाँहरूको बीचमा ठूलो दूरी छ, र उहाँहरू कहिल्यै उस्तै बन्न सक्नुहुन्न, मानौं मानिस र परमेश्‍वरलाई अदृश्य पर्खालले अलग गरेको छ। वास्तवमा, यो आत्माले मानिसलाई दिनुभएको एउटा भ्रम मात्रै हो, किनभने आत्मा र मानिस उस्तै प्रकारको हुनुहुन्न र उहाँहरू एउटै संसारमा सँगै अस्तित्वमा कहिल्यै रहन सक्नुहुन्न, किनभने आत्मामा मानिसको केही पनि छैन। त्यसकारण मानिसलाई आत्माको खाँचो छैन, किनभने मानिसलाई सबैभन्दा बढी आवश्यक पर्ने काम आत्माले प्रत्यक्ष रूपमा गर्न सक्नुहुन्न। देहको कामले मानिसलाई पछ्याउनको लागि वास्तविक उद्‌देश्यहरू, स्पष्ट शब्दहरू र उहाँ वास्तविक र

सामान्य हुनुहुन्छ, उहाँ नम्र र सर्वसाधारण हुनुहुन्छ भन्ने आभास दिन्छ। मानिसले उहाँको डर मान्न सक्ने भए तापनि, धेरैजसो मानिसहरूका लागि उहाँ सजिलै सम्बन्धित हुन सकिने हुनुहुन्छ: मानिसले उहाँको मुहारलाई हेर्न सक्छन्, र उहाँको आवाजलाई सुन्न सक्छन्, र उसले उहाँलाई टाढाबाट हेर्नु पर्दैन। यो देह मानिसले पहुँच गर्न सकिने हुनुहुन्छ, टाढा, बुझ्न नसकिने होइन, तर देख्न सकिने र छुन सकिने हुनुहुन्छ, किनभने यो देह मानिसकै संसारमा हुनुहुन्छ।

देहमा जिउने सबैका लागि, तिनीहरूको स्वभावलाई परिवर्तन गर्नको लागि लक्ष्यहरूको पछि लाग्न आवश्यकता पर्छ, र परमेश्‍वरलाई चिन्नको लागि परमेश्‍वरको वास्तविक कार्यहरू र वास्तविक मुहारलाई हेर्नु आवश्यक हुन्छ। यी दुवै कुरा परमेश्‍वरको देहधारी शरीरले मात्रै हासिल गर्न सक्नुहुन्छ, र यी दुवै कुरा सामान्य र वास्तविक देहले मात्रै पूरा गर्न सक्नुहुन्छ। यही कारणले देहधारण अत्यावश्यक छ, र यसै कारणले सारा भ्रष्ट मानवजातिलाई यसको खाँचो छ। मानिसहरूले परमेश्‍वरलाई जान्नु आवश्यक भएकोले, तिनीहरूका हृदयबाट अस्पष्ट र अलौकिक ईश्‍वरहरूका स्वरूपहरूलाई हटाइनै पर्छ, अनि तिनीहरूले आफ्ना भ्रष्ट स्वभावलाई त्याग्नु आवश्यक भएकोले, तिनीहरूले सुरुमा आफ्ना भ्रष्ट स्वभावलाई चिन्नैपर्छ। यदि मानिसले मानिसहरूका हृदयबाट अस्पष्ट ईश्‍वरहरूका स्वरूपहरूलाई हटाउने काम मात्रै गर्‍यो भने, ऊ उचित प्रभाव हासिल गर्न असफल हुनेछ। मानिसहरूको हृदयमा भएको अस्पष्ट ईश्‍वरहरूका स्वरूपहरूलाई वचनहरूले मात्रै खुलासा गर्न, हटाउन, वा पूर्ण रूपमा निकाल्न सक्दैन। यसो गर्ने क्रममा, आखिरमा अझै मानिसहरूका हृदयबाट जरा गाडेर बसेका यी कुराहरूलाई हटाउन सम्भव हुनेछैन। यी अस्पष्ट र अलौकिक कुराहरूलाई व्यवहारिक परमेश्‍वर र परमेश्‍वरको साँचो स्वरूपले प्रतिस्थापन गरेर, अनि मानिसहरूलाई बिस्तारै ती चिनाएर मात्रै, उचित प्रभाव हासिल गर्न सकिन्छ। विगतमा उसले खोजेको परमेश्‍वर अस्पष्ट र अलौकिक छ भन्ने कुरालाई मानिसले पहिचान गर्छ। यो प्रभाव हासिल गर्न सक्ने आत्माको प्रत्यक्ष नेतृत्व होइन, निश्‍चित व्यक्तिको शिक्षाहरूको त कुरै छाँडौ, तर यो त देहधारी परमेश्‍वर नै हुनुहुन्छ। जब देहधारी परमेश्‍वरले आधिकारिक रूपमा आफ्नो काम गर्नुहुन्छ तब मानिसका धारणाहरूलाई नाङ्गेझार पारिन्छ, किनभने देहधारी परमेश्‍वरको सामान्यता र वास्तविकता नै मानिसको कल्पनामा भएको अस्पष्ट र अलौकिक ईश्‍वरलाई हटाउने प्रतिपक्ष हो। मानिसको मूल धारणाहरूलाई देहधारी परमेश्‍वरको विरुद्धमा तुलना गरियो भने मात्रै खुलासा गर्न सकिन्छ। देहधारी परमेश्‍वरसँगको तुलनाविना, मानिसका धारणाहरूलाई खुलासा गर्न सकिँदैन; अर्को शब्दमा भन्दा, प्रतिभारको रूपमा रहेको वास्तविकताविना, अस्पष्ट कुराहरूलाई प्रकट गर्न सकिँदैन। यो कार्य गर्नको लागि वचनहरूको प्रयोग गर्न सक्ने कोही छैन, र वचनहरूको प्रयोग गरी यो स्पष्ट पार्न सक्ने कोही पनि छैन। परमेश्‍वर स्वयमले मात्रै उहाँको आफ्नो काम गर्न सक्नुहुन्छ, र कसैले पनि उहाँको तर्फबाट यो काम गर्न सक्दैन। मानिसको भाषा जति नै सम्पन्‍न भए तापनि, परमेश्‍वरको वास्तविकता र सामान्यतालाई स्पष्ट रूपमा व्यक्त गर्न ऊ सक्षम छैन। यदि परमेश्‍वरले व्यक्तिगत रूपमा मानिसको बीचमा काम गर्नुभयो र आफ्नो स्वरूप र आफ्नो अस्तित्वलाई पूर्ण रूपमा देखाउनुभयो भने मात्रै, मानिसले अझै व्यवहारिक रूपमा परमेश्‍वरलाई चिन्न सक्छ, र उहाँलाई अझै स्पष्ट रूपमा चिन्न सक्छ। यो प्रभावलाई देहका कुनै पनि मानिसले हासिल गर्न

सक्दैन। अवश्य नै, यो प्रभाव हासिल गर्न परमेश्वरका आत्मा असमर्थ हुनुहुन्छ। परमेश्वरले भ्रष्ट मानिसलाई शैतानको प्रभावबाट मुक्त गर्न सक्नुहुन्छ, तर यो काम परमेश्वरका आत्माले प्रत्यक्ष रूपमा पूरा गर्न सक्नुहुन्न; बरु, यो परमेश्वरका आत्माले धारण गर्नुहुने देहले, अर्थात् परमेश्वरको देहधारी शरीरले मात्रै पूरा गर्न सक्छ। यो देह मानिस हो र परमेश्वर पनि हुनुहुन्छ, यो सामान्य मानवता भएको मानिस अनि पूर्ण ईश्वरीयता भएको परमेश्वर पनि हुनुहुन्छ। त्यसकारण, यो देह परमेश्वरका आत्मा हुनुहुन्न, र आत्माभन्दा निकै फरक हुनुहुन्छ, तैपनि मानिसलाई मुक्ति दिनुहुने देहधारी परमेश्वर स्वयम् नै हुनुहुन्छ, जो आत्मा हुनुहुन्छ र देह पनि हुनुहुन्छ। उहाँलाई जसरी कहलाइए तापनि, आखिरमा मानवजातिलाई मुक्ति दिनुहुने परमेश्वर स्वयम् नै हुनुहुन्छ। परमेश्वरका आत्मा देहबाट अविभाज्य छ, र देहको काम परमेश्वरका आत्माको काम पनि हो; यति मात्रै हो कि यो काम आत्माको पहिचान प्रयोग गरेर गरिँदैन, तर देहको पहिचान प्रयोग गरेर गरिन्छ। आत्माले प्रत्यक्ष रूपमा गर्नु पर्ने कामको लागि देहधारणको आवश्यकता पर्दैन, र देहले गर्नु पर्ने कामलाई आत्माले प्रत्यक्ष रूपमा गर्न सक्नुहुन्न, र देहधारी परमेश्वरले मात्रै यो गर्न सक्नुहुन्छ। यो कामको लागि आवश्यक पर्ने कुरा यही हो, र भ्रष्ट मानवजातिलाई आवश्यक पर्ने कुरा यही नै हो। परमेश्वरको कार्यका तीन चरणहरूमा, एउटै चरणलाई मात्रै पवित्र आत्माले प्रत्यक्ष रूपमा गर्नुभयो, र बाँकी दुई वटा चरणहरूलाई देहधारी परमेश्वरले गर्नुहुन्छ, प्रत्यक्ष रूपमा आत्माले होइन। आत्माले गर्नुभएको व्यवस्थाको युगको कार्यमा मानिसको भ्रष्ट स्वभावलाई परिवर्तन गर्ने कार्य समावेश थिएन, न त परमेश्वरसँग सम्बन्धित मानिसको ज्ञानसँग नै यसको कुनै सम्बन्ध थियो। अनुग्रहको युग र राज्यको युगको परमेश्वरको देहको काममा मानिसको भ्रष्ट स्वभाव र परमेश्वर सम्बन्धी उसको ज्ञान संलग्न छ, र यो मुक्तिको कामको महत्त्वपूर्ण र निर्णायक भाग हो। त्यसकारण, भ्रष्ट मानवजाति देहधारी परमेश्वरको मुक्तिको अझै बढी खाँचोमा छ, र देहधारी परमेश्वरको प्रत्यक्ष कार्यको अझै बढी खाँचोमा छ। उसलाई गोठाला गर्न, उसलाई सहयोग गर्न, उसलाई पानी दिन, उसलाई खुवाउन, उसलाई न्याय गर्न र सजाय दिनको लागि मानवजातिलाई देहधारी परमेश्वर चाहिन्छ, र देहधारी परमेश्वरबाट उसलाई अझै बढी अनुग्रह र अझै बढी छुटकाराको खाँचो छ। देहमा हुनुहुने परमेश्वर मात्रै मानिसको सहयोगी, मानिसको गोठालो, सँधै उपलब्ध हुने सहयोग हुन सक्नुहुन्छ, र आज र विगतको समय दुवैमा देहधारणको आवश्यकता यी सबै हो।

मानिसलाई शैतानले भ्रष्ट तुल्याएको छ र ऊ परमेश्वरका प्राणीहरूमध्ये सबैभन्दा उच्च छ, त्यसकारण मानिसलाई परमेश्वरको मुक्तिको खाँचो छ। परमेश्वरको मुक्तिको पात्र मानिस नै हो, शैतान होइन, र मुक्त गरिने भनेको मानिसको देह, र मानिसको प्राण नै हो, दियाबलस होइन। शैतान परमेश्वरको विनाशको पात्र हो, मानिस परमेश्वरको मुक्तिको पात्र हो, र मानिसको देहलाई शैतानले भ्रष्ट तुल्याएको छ, त्यसकारण सुरुमा मुक्त गरिने मानिसको देह नै हुनुपर्छ। मानिसको देहलाई अत्यन्तै गहन रूपमा भ्रष्ट तुल्याइएको छ, र यो परमेश्वरलाई विरोध गर्ने कुरा बनेको छ, यति हदसम्म कि यसले खुलेआम परमेश्वरको अस्तित्वको विरोध र इन्कार गर्छ। यो भ्रष्ट देह अत्यन्तै हठी छ, र देहको भ्रष्ट स्वभावलाई निराकरण गर्न वा परिवर्तन गर्न जत्तिको कठिन अरू

केही छैन। बाधाहरू पैदा गर्नको लागि शैतान मानिसको देहमा आउँछ, र परमेश्‍वरको काममा बाधा ल्याउन र परमेश्‍वरको योजनामा हानी गर्न यसले मानिसको देह प्रयोग गर्छ, यसरी मानिस शैतान नै बनेको छ, र परमेश्‍वरको शत्रु बनेको छ। मानिसलाई मुक्त गर्नको लागि, उसलाई पहिले विजय गरिनैपर्छ। यही कारणले गर्दा नै परमेश्‍वर चुनौतीमा उठ्नुहुन्छ र आफ्नो अभिप्रायको काम गर्न, र शैतानसँग लडाइ गर्न देहमा आउनुहुन्छ। उहाँको उद्‌देश्य भनेको भ्रष्ट तुल्याएको मानिसलाई मुक्ति दिनु, र उहाँको विरुद्‌धमा विद्रोह गर्ने शैतानलाई हराउनु र नष्ट गर्नु हो। मानिसलाई विजय गर्ने आफ्नो कामद्‌वारा उहाँले शैतानलाई पराजित गर्नुहुन्छ, जबकि यही क्रममा उहाँले भ्रष्ट मानवजातिलाई मुक्त गर्नुहुन्छ। यसरी, यो एकै पटकमा दुई वटा उद्‌देश्यहरू हासिल गर्ने काम हो। मानिससँग अझै राम्ररी संलग्न हुन, र मानिसलाई राम्ररी विजय गर्नको लागि उहाँले देहमा काम गर्नुहुन्छ, र देहमा बोल्नुहुन्छ, र देहमा नै सबै काम गर्नुहुन्छ। अन्तिम पटक परमेश्‍वर देह बन्नुहुँदा, आखिरी दिनहरूको उहाँको कार्यलाई देहमा समाप्त गरिनेछ। उहाँले सबै मानिसहरूलाई प्रकार अनुसार वर्गीकरण गर्नुहुनेछ, आफ्नो सम्पूर्ण व्यवस्थापनलाई समाप्त गर्नुहुनेछ, र देहको उहाँको सम्पूर्ण कामलाई पनि समाप्त गर्नुहुनेछ। पृथ्वीको उहाँको सबै काम सकिएपछि, उहाँ पूर्ण रूपमा विजयी बन्नुहुनेछ। देहमा काम गर्ने क्रममा, परमेश्‍वरले मानवजातिलाई पुर्ण रूपमा विजय गर्नुभएको हुनेछ, र मानवजातिलाई पूर्ण रूपमा प्राप्त गर्नुभएको हुनेछ। के यसको अर्थ उहाँको सम्पूर्ण व्यवस्थापन समाप्त भइसकेको हुनेछ भन्ने होइन र? उहाँले शैतानलाई पूर्ण रूपमा हराएपछि र विजय बन्नुभएपछि, जब परमेश्‍वरले देहमा आफ्नो काम समाप्त गर्नुहुन्छ, तब मानिसलाई भ्रष्ट तुल्याउने थप मौका शैतानसँग हुनेछैन। परमेश्‍वरको पहिलो देहधारणको काम भनेको मानिसको पापहरूको छुटकारा र क्षमा थियो। अहिले यो मानवजातिलाई विजय गर्ने र पूर्ण रूपमा प्राप्त गर्ने काम हो, ताकि शैतानसँग उप्रान्त त्यसको काम गर्ने कुनै मार्ग नहोस्, र त्यो पूर्ण रूपमा हारोस्, अनि परमेश्‍वर पूर्ण रूपमा विजय बन्नुभएको होस्। देहको काम यही नै हो, र यो परमेश्‍वर स्वयमले गर्नुहुने काम हो। परमेश्‍वरको कार्यका तीन वटा चरणको प्रारम्भिक कार्य आत्माले नै प्रत्यक्ष रूपमा गर्नुभयो, देहले होइन। तैपनि, परमेश्‍वरको कार्यका तीन वटा चरणको अन्तिम कार्य देहधारी परमेश्‍वरले गर्नुहुन्छ, प्रत्यक्ष रूपमा आत्माले होइन। बीचको चरणको छुटकाराको काम पनि देहमा हुनुहुने परमेश्‍वरले नै गर्नुभयो। सम्पूर्ण व्यवस्थापन कार्यभरि, सबैभन्दा महत्त्वपूर्ण काम भनेको मानिसलाई शैतानको प्रभावबाट मुक्त गर्नु हो। मुख्य काम भनेको भ्रष्ट मानिसलाई पूर्ण रूपमा विजय गर्नु, यसरी विजय गरिएको मानिसको हृदयमा परमेश्‍वरप्रतिको मूल भक्तिलाई पुनर्स्थापित गर्नु, र मानिसलाई सामान्य जीवन, अर्थात्, परमेश्‍वरको सृष्टिको सामान्य जीवन हासिल गर्न दिनु हो। यो काम अत्यन्तै महत्त्वपूर्ण छ, र यो व्यवस्थापन कार्यको केन्द्रविन्दु हो। मुक्तिको कार्यको तीन चरणहरूमा, व्यवस्थाको युगको पहिलो चरणको कार्य व्यवस्थापन कार्यको केन्द्रविन्दुबाट निकै टाढा थियो; यसमा मुक्तिको कार्यको अलिकति स्वरूप मात्रै थियो, र यो मानिसलाई शैतानको अधिकार-क्षेत्रबाट मुक्त गर्ने परमेश्‍वरको कार्यको सुरुवात थिएन। कार्यको पहिलो चरण प्रत्यक्ष रूपमा आत्माले नै गर्नुभयो किनभने, व्यवस्थाको अधीनमा, व्यवस्थाको पालन गर्ने बारेमा मात्रै मानिसलाई थाहा थियो, र मानिससँग त्योभन्दा बढी सत्यता थिएन, किनभने व्यवस्थाको युगको

कार्यमा मानिसको स्वभावलाई परिवर्तन गर्ने कार्य मुस्किलले संलग्न थिए, शैतानको अधिकार-क्षेत्रबाट मानिसलाई कसरी मुक्त गर्ने भन्ने कार्यसँग यो सम्बन्धित हुने कुरा त परै जाओस्। यसरी परमेश्‍वरका आत्माले कार्यको यो अत्यन्तै सरल चरणलाई पूरा गर्नुभयो, जसले मानिसको भ्रष्ट स्वभावसँग कुनै सम्बन्ध राखेन। कार्यको यो चरणले व्यवस्थापनको केन्द्रविन्दुसँग त्यति सम्बन्ध राखेन, र मानिसको मुक्तिको आधिकारिक कार्यसँग यसको त्यति धेरै परस्पर सम्बन्ध थिएन, त्यसकारण व्यक्तिगत रूपमा आफ्नो काम गर्नको लागि परमेश्‍वर देह बन्न आवश्यक तुल्याएन। आत्माले गर्नुभएको काम अन्तर्निहित र बुझ्न नसकिने छ, र यो मानिसको लागि गहन रूपमा डरलाग्दो र पहुँच गर्न नसकिने छ; मुक्तिको काम प्रत्यक्ष रूपमा गर्नको लागि आत्मा उपयुक्त हुनुहुन्न, र उहाँ मानिसलाई प्रत्यक्ष रूपमा जीवन दिन उपयुक्त हुनुहुन्न। मानिसको लागि सबैभन्दा उपयुक्त भनेको आत्माको कामलाई मानिसको नजिकको पहुंचमा रूपान्तरण गर्नु हो, भन्नुको अर्थ, आफ्नो काम गर्नको लागि परमेश्‍वर सामान्य, सर्वसाधारण व्यक्ति बन्नु नै मानिसको लागि सबैभन्दा उपयुक्त हो। यसको लागि आफ्नो काममा आत्माको स्थान लिन परमेश्‍वर देहधारी बन्नु आवश्यक हुन्छ, र मानिसको लागि, परमेश्‍वरले काम गर्ने योभन्दा अरू कुनै उपयुक्त तरिका छैन। कार्यका यी तीन वटा चरणहरूमध्ये, दुई चरणलाई देहले अघि बढाउनुहुन्छ, र यी दुई चरणहरू व्यवस्थापन कार्यका मुख्य अवस्थाहरू हुन्। दुई देहधारणहरू पारस्परिक रूपमा परिपूरक छन्, र तिनीहरूले एक-अर्कालाई सिद्ध रूपमा परिपूर्ण गर्छन्। परमेश्‍वरको देहधारणको पहिलो चरणले दोस्रो चरणको लागि जग बसाल्यो, र परमेश्‍वरका दुई देहधारणहरूले एउटै पूर्णतालाई निर्माण गर्छन् र तिनीहरू एक-अर्कासँग परस्पर-विरोधी छैनन् भनेर भन्न सकिन्छ। परमेश्‍वरको कार्यका यी दुई चरणहरूलाई परमेश्‍वरले आफ्नो देहधारी पहिचानमा अघि बढाउनुहुन्छ किनभने सम्पूर्ण व्यवस्थापन कार्यको लागि ती अत्यन्तै महत्त्वपूर्ण छन्। के सम्म भन्न सकिन्छ भने, परमेश्‍वरका दुई देहधारणहरूको कार्यविना, सम्पूर्ण व्यवस्थापन कार्य रोकिने थियो, र मानवजातिलाई मुक्त गर्ने कार्य बकम्फुसे गफ बाहेक केही पनि हुनेथिएन। यो कार्य महत्त्वपूर्ण छ कि छैन भन्ने कुरा मानवजातिका आवश्यकताहरू, मानवजातिको भ्रष्टताको वास्तविकता, र शैतानको अनाज्ञाकारिता र कामप्रतिको त्यसको बाधाको गम्भीरतामा आधारित हुन्छ। कुनै कामको लागि उपयुक्त व्यक्ति को छ त्यस कुरालाई काम गर्नेले गरेको कामको प्रकृति, र कामको महत्त्वको आधारमा पूर्वानुमान गरिन्छ। जब यो कामको महत्त्वको कुरा आउँछ, कार्यको कुन विधि अपनाउने हो त्यसको आधारमा—परमेश्‍वरका आत्माले प्रत्यक्ष रूपमा गर्नुभएको काम, वा देहधारी परमेश्‍वरले गर्नुभएको काम, वा मानिसद्वारा गरिने काम—सुरुमा हटाइने भनेको मानिसद्वारा गरिने कार्य हो, र, कामको प्रकृति, र देहको कामको विरुद्धमा आत्माको कामको प्रकृतिको तुलनाको आधारमा, मानिसको लागि आत्माले प्रत्यक्ष रूपमा गर्नुहुने कामभन्दा देहले गर्ने काम नै लाभदायक छ, र यसले अझै बढी फाइदाहरू प्रदान गर्छ भन्ने नै अन्तिम निर्णय हो। यो काम आत्माद्वारा गर्ने कि देहद्वारा गर्ने भन्ने बारेमा निर्णय गर्ने समयमा परमेश्‍वरले यही विचार गर्नुभयो। कार्यको हरेक चरणको महत्त्व र आधार छ। ती आधारहीन कल्पनाहरू होइनन्, न त ती मनोमानी ढङ्गले नै गरिन्छन्; तिनमा निश्‍चित बुद्धि छ। परमेश्‍वरको सबै कामको पछाडिको सत्यता यस्तै छ। निश्‍चित रूपमा, देहधारी परमेश्‍वरले

मानिसको बीचमा व्यक्तिगत रूपमा काम गरिरहनुभएको बेलामा यति ठूलो काममा परमेश्‍वरको अझै धेरै योजना छ। त्यसकारण, परमेश्‍वरको बुद्धि र उहाँको अस्तित्वको सम्पूर्णता उहाँको कामको हरेक क्रियाकलाप, सोचाइ, र विचारमा प्रतिबिम्बित हुन्छ; यो परमेश्‍वरको अझै ठोस र व्यवस्थित अस्तित्व हो। यी सानातिना सोचाइ र विचारहरू मानिसले कल्पना गर्न कठिन छ, मानिसले विश्‍वास गर्न कठिन छ, यसको साथै, मानिसले जान्न कठिन छ। मानिसले गर्ने काम आधारभूत सिद्धान्तको आधारमा गरिन्छ, जुन मानिसको लागि, अत्यन्तै सन्तोषजनक हुन्छ। तैपनि परमेश्‍वरको कामको तुलनामा, त्यसमा अत्यन्तै धेरै भिन्नता छ; परमेश्‍वरका कर्महरू महान् र परमेश्‍वरको काम विशाल आकारको भए तापनि, तिनका पछाडि मानिसको लागि अकल्पनीय हुने धेरै साना र सटीक योजनाहरू र बन्दोबस्तहरू हुन्छन्। उहाँको कार्यको हरेक चरण सिद्धान्तको आधारमा गरिने मात्रै होइन, तर हरेक चरणमा त्यस्ता धेरै कुराहरू समावेश हुन्छन् जसलाई मानव भाषाले व्यक्त गर्न सक्दैन, र यी कुराहरू मानिसको लागि अदृश्य छन्। चाहे यो आत्माको काम होस् या देहधारी परमेश्‍वरको काम होस्, हरेकमा उहाँको कामका योजनाहरू समावेश हुन्छन्। उहाँले आधारहीन रूपमा काम गर्नुहुन्‍न, र उहाँले निरर्थक काम गर्नुहुन्‍न। जब आत्माले प्रत्यक्ष रूपमा काम गर्नुहुन्छ, यो उहाँको लक्ष्यहरूसहित नै हुन्छ, र जब उहाँ आफ्नो काम गर्नको लागि मानिस बन्‍नुहुन्छ (भन्‍नुको अर्थ, जब उहाँले आफ्नो बाहिरी भेषलाई रूपान्तरण गर्नुहुन्छ), यो अझै बढी उहाँको लक्ष्यहरूसहित हुन्छ। अन्यथा उहाँले किन आफ्नो पहिचानलाई सहजै परिवर्तन गर्नुहुन्थ्यो? अन्यथा उहाँ किन सहजै नीच र सताइएको ठानिने व्यक्ति बन्‍नुहुन्थ्यो?

देहको उहाँको काम सबैभन्दा महत्त्वपूर्ण छ, जसलाई उहाँको कामको सम्बन्धमा उल्लेख गरिन्छ, र आखिरमा काम समाप्त गर्नुहुने देहधारी परमेश्‍वर नै हुनुहुन्छ, आत्मा होइन। कतिपयले यो विश्‍वास गर्छन् कि कुनै अज्ञात समयमा परमेश्‍वर पृथ्वीमा आउनुहुन्छ र मानिसकहाँ देखा पर्नुहुन्छ, त्यसपछि उहाँले कसैलाई नछोडीकन तिनीहरू हरेकलाई पालैपालो गरी जाँच्दै, सारा मानवजातिलाई व्यक्तिगत रूपमा न्याय गर्नुहुनेछ। यस्तो विचार गर्नेहरूलाई देहधारणको कामको यो चरणको बारेमा थाहा छैन। परमेश्‍वरले मानिसलाई पालैपालो गरी न्याय गर्नुहुन्‍न, र उहाँले मानिसलाई पालैपालो गरी जाँच्नुहुन्‍न; त्यसो गर्नु भनेको न्यायको काम होइन। के सारा मानवजातिको भ्रष्टता उस्तै छैन र? के सारा मानवजातिको सार उस्तै छैन र? न्याय गरिने भनेको मानवजातिको भ्रष्ट सार, शैतानले भ्रष्ट तुल्याएको मानिसको सार, र मानिसको सारा पापहरूलाई हो। मानिसका तुच्छ र सानातिना गल्तीहरूलाई परमेश्‍वरले न्याय गर्नुहुन्‍न। न्यायको काम प्रतिनिधिमूलक छ, र यसलाई कुनै निश्‍चित व्यक्तिको लागि विशेष रूपमा अघि बढाइँदैन। बरु, यो त्यस्तो काम हो जसमा सारा मानवजातिको न्यायलाई प्रतिनिधित्व गर्नको लागि मानिसहरूको समूहलाई न्याय गरिन्छ। मानिसहरूको समूहमा आफ्नो कार्य व्यक्तिगत रूपमा गर्नुभएर, देहमा हुनुहुने परमेश्‍वरले सारा मानवजातिको कार्यलाई प्रतिनिधित्व गर्नको लागि आफ्नो कार्यको प्रयोग गर्नुहुन्छ, जसपश्‍चात यो क्रमिक रूपमा फैलिँदै जान्छ। न्यायको काम पनि यस्तै छ। परमेश्‍वरले निश्‍चित प्रकारको व्यक्ति वा मानिसहरूको निश्‍चित समूहलाई न्याय गर्नुहुन्‍न, तर सारा मानवजातिको सारा अधार्मिकतालाई न्याय गर्नुहुन्छ—उदाहरणको लागि, परमेश्‍वरप्रतिको मानिसको विरोध, वा उहाँप्रति मानिसको अनादर,

वा परमेश्‍वरको काममा मानिसको बाधा, इत्यादि। न्याय गरिने भनेको परमेश्‍वरलाई विरोध गर्ने मानिसको सार हो, र यो कार्य नै आखिरी दिनहरूको विजयको काम हो। मानिसले देखेको देहधारी परमेश्‍वरको कार्य र वचन नै आखिरी दिनहरूमा ठूलो सेतो सिंहासनको अगाडि हुने न्यायको काम हो, जुन विगतका समयका मानिसहरूले कल्पना गरेका थिए। देहधारी परमेश्‍वरले हाल गरिरहनुभएको काम नै वास्तवमा ठूलो सेतो सिंहासनको अगाडि हुने न्याय हो। आजका देहधारी परमेश्‍वर नै आखिरी दिनहरूमा सारा मानवजातिलाई न्याय गर्नुहुने परमेश्‍वर हुनुहुन्छ। यो देह र उहाँको काम, उहाँको वचन, अनि उहाँको सम्पूर्ण स्वभाव नै उहाँको सम्पूर्णता हो। उहाँको कामको क्षेत्र सीमित भए पनि, र सम्पूर्ण ब्रह्माण्डलाई प्रत्यक्ष रूपमा संलग्न नगरे पनि, न्यायको कामको सार भनेको सारा मानवजातिको प्रत्यक्ष न्याय हो—यो चीनका चुनिएका मानिसहरूका खातिर मात्र होइन, न त मानिसहरूको सानो समूहको खातिर नै हो। देहमा परमेश्‍वरको कार्यको अवधिमा, यो कार्यको क्षेत्रले सम्पूर्ण ब्रह्माण्डलाई संलग्न नगरे तापनि, यसले सम्पूर्ण ब्रह्माण्डको कार्यलाई प्रतिनिधित्व गर्छ, र जसरी उहाँको पुनरुत्थान र स्वर्ग आरोहणपछि ब्रह्माण्डभरि येशूको सुसमाचारलाई फैलाइयो त्यसरी नै उहाँले आफ्नो देहको कार्य क्षेत्र भित्रको कामलाई समाप्त गर्नुभएपछि, उहाँले यो कार्यलाई तुरुन्तै सारा ब्रह्माण्डभरि फैलाउनुहुनेछ। चाहे यो आत्माको काम होस् या देहको काम होस्, यो सीमित क्षेत्रभित्र गरिने काम हो, तर जसले सम्पूर्ण ब्रह्माण्डको कार्यलाई प्रतिनिधित्व गर्छ। आखिरी दिनहरूको अवधिमा, परमेश्‍वरले आफ्नो देहधारी पहिचानमा देखा परेर आफ्नो काम गर्नुहुन्छ, र देहमा हुनुहुने परमेश्‍वर नै ठूलो सेतो सिंहासनको अगाडि मानिसलाई न्याय गर्नुहुने परमेश्‍वर हुनुहुन्छ। उहाँ आत्मा भए पनि वा देह भए पनि, न्यायको काम गर्नुहुने नै आखिरी दिनहरूमा मानवजातिलाई न्याय गर्नुहुने परमेश्‍वर हुनुहुन्छ। यसलाई उहाँको कामको आधारमा परिभाषित गरिन्छ, र यसलाई उहाँको बाहिरी रूप वा अन्य विभिन्न कारकतत्वहरूको आधारमा परिभाषित गरिँदैन। यी वचनहरूका बारेमा मानिसले अनेक धारणाहरू राख्ने भए तापनि, देहधारी परमेश्‍वरको न्याय र सारा मानवजातिलाई गरिने विजयको तथ्यलाई कसैले पनि इन्कार गर्न सक्दैन। मानिसले यसको बारेमा जे विचार गरे पनि, आखिर सत्य भनेको सत्य नै हो। कसैले पनि यसो भन्न सक्दैन, "काम गर्ने परमेश्‍वर नै हुनुहुन्छ, तर देह परमेश्‍वर हुनुहुन्न।" यो निरर्थक छ, किनभने देहमा हुनुहुने परमेश्‍वरले बाहेक यो काम कसैले गर्न सक्दैन। यो काम पहिले नै पूरा गरिसकिएको हुनाले, यो काम पछि मानिसलाई न्याय गर्ने परमेश्‍वरको काम दोस्रो पटक देखा पर्नेछैन; आफ्नो दोस्रो देहधारणमा परमेश्‍वरले सारा व्यवस्थापनको सम्पूर्ण कार्य समाप्त गरिसक्नुभएको छ, र परमेश्‍वरको कामको चौथो चरण हुनेछैन। न्याय गरिने भनेको मानिस अर्थात्, देहगत र भ्रष्ट तुल्याएको मानिस नै हो, र प्रत्यक्ष रूपमा न्याय गरिने शैतानको आत्मा होइन, त्यसकारण न्यायको काम आत्मिक संसारमा होइन, तर मानिसको बीचमा गरिन्छ। मानिसको देहको भ्रष्टतालाई न्याय गर्ने कामको लागि देहमा हुनुहुने परमेश्‍वर जत्तिको अरू कोही पनि उपयुक्त र योग्य छैन। यदि परमेश्‍वरका आत्माले प्रत्यक्ष रूपमा नै न्याय गर्नुभएको भए, यो सर्व-स्वीकार्य हुँदैनथियो। यसको साथै, मानिसले त्यस्तो कार्यलाई स्वीकार गर्नु कठिन हुनेथियो, किनभने आत्मा मानिससँग आमने-सामने हुन सक्नुहुन्न, र यस कारणले गर्दा, यसको प्रभाव

तत्कालीन हुनेथिएन, मानिसले परमेश्वरको रिस उठाउन नसकिने स्वभावलाई अझै स्पष्ट रूपमा देख्न सक्नु त परै जाओस्। देहमा हुनुहुने परमेश्वरले मानिसको भ्रष्टतालाई न्याय गर्नुभयो भने मात्रै शैतान पूर्ण रूपमा हार्न सक्छ। मानिसजस्तै सामान्य मानवता धारण गर्नुभएको हुनाले, देहमा हुनुहुने परमेश्वरले मानिसको अधार्मिकतालाई प्रत्यक्ष रूपमा न्याय गर्न सक्नुहुन्छ; यो उहाँको अन्तर्निहित पवित्रता, र उहाँको असाधारणताको चिन्ह हो। मानिसलाई न्याय गर्नको लागि परमेश्वर मात्रै योग्य, र यसो गर्ने स्थानमा हुनुहुन्छ, किनभने उहाँमा सत्यता, र धार्मिकता छ, त्यसैले उहाँले मानिसलाई न्याय गर्न सक्नुहुन्छ। सत्यता र धार्मिकता विहीनहरू अरूलाई न्याय गर्न योग्य छैनन्। यदि यो काम परमेश्वरका आत्माले गर्नुभयो भने, यसको अर्थ शैतानमाथिको विजय हो भन्नेथिएन। आत्मा अन्तर्निहित रूपमा मरणशील प्राणीहरूभन्दा उच्च हुन्छ, र परमेश्वरका आत्मा अन्तर्निहित रूपमा नै पवित्र, अनि देहमाथि विजयी हुनुहुन्छ। यदि यो काम आत्माले प्रत्यक्ष रूपमा गर्नुभयो भने, उहाँले मानिसका सारा अनाज्ञाकारितालाई न्याय गर्न सक्नुहुनेथिएन र मानिसको सबै अधार्मिकतालाई प्रकट गर्न सक्नुहुनेथिएन। किनभने न्यायको काम परमेश्वर सम्बन्धी मानिसको धारणाद्वारा पनि अघि बढाइन्छ, र आत्माको बारेमा मानिससँग कुनै धारणा कहिल्यै थिएन, त्यसकारण मानिसको अधार्मिकतालाई अझै राम्ररी प्रकट गर्न आत्मा असक्षम हुनुहुन्छ, त्यस्तो अधार्मिकतालाई पूर्ण रूपमा खुलासा गर्ने कुरा त परै जाओस्। देहधारी परमेश्वर उहाँलाई नचिन्नेहरू सबैका शत्रु हुनुहुन्छ। मानिसका धारणाहरूलाई र उहाँ प्रतिको विरोधलाई न्याय गरेर, उहाँले मानवजातिका सारा अनाज्ञाकारीतालाई खुलासा गर्नुहुन्छ। देहमा उहाँले गर्नुहुने कामका प्रभावहरू आत्माका कामभन्दा अझै स्पष्ट हुन्छन्। त्यसैले, सारा मानवजातिको न्याय प्रत्यक्ष रूपमा आत्माले गर्नुहुन्न, तर यो देहधारी परमेश्वरको काम हो। देहमा हुनुहुने परमेश्वरलाई मानिसले देख्न र छुन सक्छ, र देहमा हुनुहुने परमेश्वरले मानिसलाई पूर्ण रूपमा विजय गर्न सक्नुहुन्छ। देहमा हुनुहुने परमेश्वरसँगको आफ्नो सम्बन्धमा, मानिस विरोधबाट आज्ञापालनमा, सतावटबाट स्वीकारमा, धारणाहरूबाट ज्ञानमा, अनि इन्कारबाट प्रेममा उन्नत हुन्छन्—यी देहधारी परमेश्वरको कामका प्रभावहरू हुन्। उहाँको न्यायलाई स्वीकार गरेर मात्रै मानिस मुक्त हुन सक्छ, उहाँको मुखका वचनहरूद्वारा मात्रै मानिसले बिस्तारै उहाँलाई चिन्दै जान्छ, उहाँप्रतिको उसको विरोधको अवधिमा उहाँले मानिसलाई विजय गर्नुहुन्छ, र उहाँको सजायको स्वीकारको अवधिमा उसले उहाँबाट जीवनको आपूर्ति प्राप्त गर्छ। यी सबै काम देहमा हुनुहुने परमेश्वरको काम हो, र आत्माको रूपमा आफ्ना पहिचानमा हुनुभएका परमेश्वरको काम होइन। देहधारी परमेश्वरले गर्नुभएको काम नै सबैभन्दा ठूलो, र सबैभन्दा उल्लेखनीय काम हो, र परमेश्वरको कार्यका तीन वटा चरणहरूको मुख्य भाग भनेको देहधारणको कार्यका दुई वटा चरणहरू हुन्। मानिसको गहन भ्रष्टता देहधारी परमेश्वरको कामको निम्ति ठूलो बाधा हो। निश्चित रूपमा, आखिरी दिनहरूका मानिसहरूमा गरिने काम निकै कठिन छ, र वातावरण शत्रुवत छ, अनि हरेक प्रकारका व्यक्तिको क्षमता निकै कमजोर छ। तैपनि यो कामको अन्त्यमा, यसले कुनै पनि त्रुटिहरूविना नै उचित प्रभाव हासिल गर्नेछ; देहको कामको प्रभाव यही नै हो, र आत्माको कामभन्दा यो प्रभाव अझै विश्वस्त तुल्याउने किसिमको हुन्छ। परमेश्वरको कार्यका तीन वटा चरणहरूलाई देहमा समाप्त गरिनेछ, र तिनलाई

देहधारी परमेश्‍वरले नै समाप्त गर्नुपर्छ। सबैभन्दा महत्त्वपूर्ण र निर्णायक कार्य देहमा गरिन्छ, र मानिसको मुक्ति देहमा हुनुहुने परमेश्‍वरले व्यक्तिगत रूपमा नै अघि बढाउनुहुन्छ। देहमा हुनुहुने परमेश्‍वर मानिससँग सम्बन्धित देखिँदैन भन्‍ने मानिसले ठाने पनि, वास्तवमा यो देहले सारा मानवजातिको गन्तव्य र अस्तित्वसँग सम्बन्ध राख्छ।

परमेश्‍वरको कार्यको हरेक चरण सारा मानवजातिको खातिर कार्यान्वयन गरिन्छ, र यो सारा मानवजातिप्रति लक्षित हुन्छ। यो देहमा गरिने उहाँको काम भए तापनि, यो सारा मानवजातिप्रति नै लक्षित हुन्छ; उहाँ सारा मानवजातिका परमेश्‍वर हुनुहुन्छ, र उहाँ सृष्‍टि गरिएका र सृष्‍टि नगरिएका सबै प्राणीहरूका परमेश्‍वर हुनुहुन्छ। देहमा उहाँको कार्य सीमित क्षेत्रभित्र रहे तापनि, र यो कार्यको पात्रसमेत फरक भए तापनि, आफ्नो कार्य गर्नलाई जब-जब उहाँ देह बन्‍नुहुन्छ उहाँले अत्यन्तै प्रतिनिधिमूलक रहेको आफ्नो कामको पात्रलाई चुन्‍नुहुन्छ; उहाँले काम गर्नको लागि सरल र अ-उल्लेखनीय मानिसहरूको समूहलाई छनौट गर्नुहुन्‍न, बरु देहमा उहाँको कामको प्रतिनिधिहरू हुन सक्ने मानिसहरूको समूहलाई आफ्नो कामको पात्रको रूपमा छनौट गर्नुहुन्छ। मानिसहरूको यो समूहलाई छनौट गरिन्छ किनभने देहमा उहाँको कार्यको क्षेत्र सीमित हुन्छ, र यो विशेष गरी देहधारी शरीरको लागि तयार गरिएको हुन्छ, र देहमा उहाँको कार्यको लागि विशेष गरी चुनिएको हुन्छ। आफ्नो कार्यका पात्रहरूको परमेश्‍वरको छनौट आधारहीन हुँदैन, तर यो सिद्धान्त अनुसार गरिन्छ: कामका पात्र देहमा परमेश्‍वरको कामको निम्ति फाइदाजनक हुनुपर्छ, र सारा मानवजातिलाई प्रतिनिधित्व गर्न सक्ने हुनुपर्छ। उदाहरणको लागि, येशूको व्यक्तिगत छुटकारालाई स्वीकार गर्ने काममा यहूदीहरूले सारा मानवजातिलाई प्रतिनिधित्व गर्न सके, र देहधारी परमेश्‍वरको व्यक्तिगत विजयलाई स्वीकार गर्ने काममा चिनियाँहरूले सारा मानवजातिलाई प्रतिनिधित्व गर्न सक्छन्। सारा मानवजातिलाई यहूदीहरूले गरेको प्रतिनिधित्वको आधार छ, र परमेश्‍वरको व्यक्तिगत विजयलाई स्वीकार गर्ने काममा चिनियाँ मानिसहरूले सारा मानवजातिलाई गरेको प्रतिनिधित्वको पनि आधार छ। यहूदीहरूका बीचमा गरिएको छुटकाराको कामले जत्तिको अरू कुनै कुराले छुटकाराको महत्त्वलाई प्रकट गर्दैन, र चिनियाँ मानिसहरूका बीचमा गरिदै गरिएको विजयको कामले जत्तिको अरू कुनै पनि कुराले विजयको कामको पूर्णता र सफलतालाई प्रकट गर्न सक्दैन। देहधारी परमेश्‍वरको काम र वचन मानिसहरूको सानो समूहप्रति मात्रै लक्षित गरिएको जस्तो देखिन्छ, तर, वास्तवमा, यो सानो समूहमा गरिने उहाँको काम सम्पूर्ण ब्रह्माण्डको काम हो, र उहाँको वचन सारा मानवजातिप्रति लक्षित छ। देहमा गरिने उहाँको काम समाप्त भएपछि, उहाँलाई पछ्याउनेहरूले तिनीहरूका बीचमा उहाँले गर्नुभएको कामलाई फैलाउन सुरु गर्नेछन्। देहमा गरिने उहाँको कार्यको सबैभन्दा उत्तम कुरा भनेको उहाँले यथार्थ वचनहरू र अर्तीहरू, र मानवजातिप्रतिको उहाँको निश्‍चित इच्छालाई उहाँको पछि लाग्नेहरूमा छोड्न सक्नुहुन्छ, ताकि त्यसपछि उहाँका अनुयायीहरूले अझै यथार्थ रूपमा र अझै ठोस रूपमा देहमा गरिने उहाँको सारा काम, र सारा मानवजातिप्रति उहाँको इच्छालाई यो मार्ग स्वीकार गर्नेहरूमा हस्तान्तरण गर्न सक्नेछन्। मानिसको बीचमा देहमा गरिने परमेश्‍वरको कामले मात्रै परमेश्‍वर मानिससँगै रहनु र सँगै बस्‍नुको तथ्यलाई साँचो रूपमा पूरा गर्न सक्छ। यो कार्यले मात्रै परमेश्‍वरको मुहारलाई हेर्ने, परमेश्‍वरको कामलाई

अवलोकन गर्ने, र परमेश्वरको व्यक्तिगत वचन सुन्ने मानिसको इच्छालाई पुरा गर्न सक्छ। यहोवाको फर्काइ मानवजातिकहाँ देखा परेको बेला मात्रै देहधारी परमेश्वरले त्यो युगलाई समाप्त गर्नुहुन्छ, र अस्पष्ट परमेश्वरमाथिको मानवजातिको विश्वासको युगलाई पनि उहाँले समाप्त गर्नुहुन्छ। निश्चित रूपमा, अन्तिम देहधारी परमेश्वरको कार्यले सारा मानवजातिलाई त्यो युगमा ल्याउँछ जुन अझै वास्तविक, अझै व्यवहारिक, र अझै सुन्दर हुन्छ। उहाँले व्यवस्था र धर्मसिद्धान्तको युगलाई समाप्त गर्ने मात्र होइन, तर अझै महत्त्वपूर्ण कुरा, उहाँले मानवजातिको निम्ति त्यो परमेश्वरलाई प्रकट गर्नुहुन्छ जो वास्तविक र सामान्य हुनुहुन्छ, जो धर्मी र पवित्र हुनुहुन्छ, जसले व्यवस्थापन योजनाको कार्य खुल्ला पार्नुहुन्छ, जसले मानवजातिको रहस्यहरू र गन्तव्यलाई प्रदर्शन गर्नुहुन्छ, जसले मानवजातिलाई सृष्टि गर्नुभयो र व्यवस्थापन कार्यलाई समाप्त गर्नुहुन्छ, अनि जो हजारौं वर्षसम्म गुप्त बस्नुभयो। उहाँले अस्पष्टताको युगलाई पूर्ण रूपमा समाप्त गर्नुहुन्छ, उहाँले त्यो युगलाई अन्त्य गर्नुहुन्छ जुन युगमा सारा मानवजातिले परमेश्वरको मुहारलाई हेर्ने इच्छा गर्छन् तर त्यसो गर्न सक्दैनन्, उहाँले त्यो युगलाई समाप्त गर्नुहुन्छ जुन युगमा सारा मानवजातिले शैतानको सेवा गरे, अनि उहाँले सारा मानवजातिलाई पूर्ण रूपमा नयाँ युगमा डोर्‍याउनुहुन्छ। यी सबै परमेश्वरको आत्माको स्थानमा देहमा हुनुहुने परमेश्वरको कामको परिणाम हो। जब परमेश्वरले देहमा काम गर्नुहुन्छ, उहाँलाई पछ्याउनेहरूले उप्रान्त त्यस्ता कुराहरूलाई खोजी गर्ने र छामछुम गर्ने गर्दैनन्, जुन अस्तित्वमा छ र अस्तित्वमा छैन जस्तो देखिन्छ, र तिनीहरूले अस्पष्ट परमेश्वरको इच्छाको बारेमा अनुमान गर्न छोड्छन्। जब परमेश्वरले देहमा गर्ने आफ्नो कामलाई फैलाउनुहुन्छ, उहाँलाई पछ्याउनेहरूले उहाँले देहमा गर्नुभएको कामलाई सारा धर्महरू र सम्प्रदायहरूमा फैलाउँछन्, र तिनीहरूले उहाँका सबै वचनहरूलाई सारा मानवजातिको कानमा सुनाउनेछन्। उहाँको सुसमाचारलाई ग्रहण गरेकाहरूले सुनेका सबै कुरा उहाँका कार्यका तथ्यहरू हुनेछन्, मानिसले व्यक्तिगत रूपमा देखेका र सुनेका कुराहरू हुनेछन्, र तथ्यहरू हुनेछन्, हल्ला मात्र होइन। यी तथ्यहरू त्यो सबुत हो जसद्वारा उहाँले काम फैलाउनुहुन्छ, र ती उहाँले काम फैलाउने क्रममा प्रयोग गर्नुहुने औजारहरू पनि हुन्। तथ्यहरूको अस्तित्वविना, उहाँको सुसमाचार सारा देशहरू र सबै स्थानहरूमा फैलने थिएनन्; तथ्यहरूविना तर मानिसहरूको कल्पनाहरूद्वारा मात्रै, उहाँले सारा ब्रह्माण्डलाई विजय गर्ने काम कहिल्यै गर्न सक्नुहुने थिएन। आत्मा मानिसको लागि अस्पृश्य छ, र मानिसको लागि अदृश्य छ, र मानिसको लागि गरिने परमेश्वरको कामको थप प्रमाण वा तथ्यहरूलाई छोड्न आत्माको काम असमर्थ छ। मानिसले परमेश्वरको वास्तविक मुहारलाई कहिल्यै हेर्नेछैन, उसले सँधै अस्तित्वमा नभएको अस्पष्ट परमेश्वरमा विश्वास गर्नेछ। मानिसले परमेश्वरको मुहारलाई कहिल्यै हेर्नेछैन, न त मानिसले कहिल्यै परमेश्वरले व्यक्तिगत रूपमा बोल्नुभएको वचनहरूलाई नै सुन्नेछ। आखिर, मानिसका कल्पनाहरू रित्तो छन्, र परमेश्वरको साँचो मुहारलाई प्रतिस्थापन गर्न सक्दैनन्; परमेश्वरको अन्तर्निहित स्वभाव, र परमेश्वर स्वयमको कामको नक्कल मानिसले गर्न सक्दैन। स्वर्गका अदृश्य परमेश्वर र उहाँको कार्यलाई देहधारी परमेश्वरले मात्रै पृथ्वीमा ल्याउन सक्नुहुन्छ जसले व्यक्तिगत रूपमै मानिसहरूको बीचमा आफ्नो काम गर्नुहुन्छ। परमेश्वर मानिसको बीचमा प्रकट हुने सबैभन्दा

उत्तम तरिका यही नै हो, जसमा मानिसले परमेश्वरलाई देख्छ र परमेश्वरको साँचो मुहारलाई चिन्दछ, र गैर-देहधारी परमेश्वरले यो हासिल गर्न सक्नुहुन्न। आफ्नो कामलाई यो चरणसम्म अघि बढाइसकेपछि, परमेश्वरको कार्यले पहिले नै अधिकतम प्रभाव हासिल गरिसकेको छ, र यो पूर्ण रूपमा सफल भएको छ। देहमा परमेश्वरको व्यक्तिगत कामले उहाँको सम्पूर्ण व्यवस्थापन कार्यको नब्बे प्रतिशत काम पहिले नै पूरा गरिसकेको छ। यो देहले उहाँको सम्पूर्ण कामको निम्ति उत्तम सुरुवात, र उहाँको सम्पूर्ण कार्यको सारांश प्रदान गरेको छ, र उहाँले आफ्ना सारा कार्यलाई प्रकट गर्नुभएको छ, र यो सम्पूर्ण कार्यलाई अन्तिम रूपमा पूर्णता दिनुभएको छ। यसपछि, परमेश्वरको कार्यको चौथो चरण गर्नको लागि अर्को देहधारी परमेश्वर हुनुहुनेछैन, र परमेश्वरको तेस्रो देहधारणको कुनै पनि आश्चर्यजनक काम कहिल्यै हुनेछैन।

देहमा परमेश्वरको कार्यको हरेक चरणले उहाँको सम्पूर्ण युगको कार्यलाई प्रतिनिधित्व गर्छ, र मानिसको कार्यले जस्तो, यसले निश्चित अवधिलाई प्रतिनिधित्व गर्दैन। अनि उहाँको अन्तिम देहधारणको कार्यको समाप्तिको अर्थ उहाँको कार्य पूर्ण रूपमा समाप्त भएको छ भन्ने हुँदैन, किनभने देहमा उहाँको कार्यले सम्पूर्ण युगलाई प्रतिनिधित्व गर्छ, र उहाँले देहमा गर्नुहुने आफ्नो कामको अवधिलाई मात्रै प्रतिनिधित्व गर्दैन। के मात्रै हो भने उहाँ देहमा हुनुभएको समय अवधिमा उहाँले सम्पूर्ण युगको आफ्नो कार्यलाई समाप्त गर्नुहुन्छ, यसपछि यो सबै स्थानहरूमा फैलन्छ। देहधारी परमेश्वरले आफ्नो सेवकाइलाई पूरा गर्नुभएपछि, उहाँलाई पछ्याउनेहरूलाई उहाँले आफ्नो भविष्यको कार्य सुम्पनुहुनेछ। यसरी, सम्पूर्ण युगको उहाँको कार्यलाई नटुक्र्याइकन अघि बढाइनेछ। देहधारणको सम्पूर्ण युगको कार्य सम्पूर्ण ब्रहमाण्डमा फैलिएपछि मात्रै यसलाई पूरा भएको मान्न सकिन्छ। देहधारी परमेश्वरको कार्यले नयाँ युग सुरु गर्छ, र उहाँको कार्यलाई जारी राख्नेहरू उहाँद्वारा प्रयोग गरिनेहरू नै हुन्। मानिसले गर्ने कार्य सबै देहमा परमेश्वरको सेवकाइभित्र पर्छ, र यो क्षेत्रभन्दा बाहिर जानु यो असमर्थ छ। यदि देहधारी परमेश्वर आफ्नो काम गर्नको लागि नआउनुभएको भए, मानिसले पुरानो युगलाई समाप्त गर्न सक्ने थिएन र नयाँ युगलाई प्रारम्भ गर्न सक्ने थिएन। मानिसले गर्ने कार्य मानिसले गर्न सम्भव रहेको उसको कर्तव्यको कार्यक्षेत्रभित्र मात्रै हुन्छ, र यसले परमेश्वरको कार्यलाई प्रतिनिधित्व गर्दैन। देहधारी परमेश्वर मात्रै आउन र आफूले गर्ने कामलाई पूरा गर्न सक्नुहुन्छ र, उहाँ बाहेक, कसैले पनि उहाँको खातिर यो काम गर्न सक्दैन। अवश्य नै, म जे बोल्छु त्यो देहधारणको कामसँग सम्बन्धित छ। यस देहधारी परमेश्वरले सुरुमा कामको त्यो चरण गर्नुहुन्छ जुन मानिसका धारणाहरूसँग मिल्दैन, त्यसपछि उहाँले थप काम गर्नुहुन्छ जुन मानिसका धारणाहरूसँग मिल्दैन। कामको लक्ष्य भनेको मानिसको विजय हो। एक हिसाबमा, परमेश्वरको देहधारण मानिसका धारणाहरू अनुरूप छैनन्, यस बाहेक, उहाँले थप काम गर्नुहुन्छ जुन मानिसका धारणाहरूसँग मिल्दैन, अनि मानिसले उहाँको बारेमा अझै आलोचनात्मक दृष्टिकोणहरूको विकास गर्छन्। उहाँले मानिसहरूका बीचमा विजयको काम गर्नुहुन्छ जोसँग उहाँको बारेमा अनेक धारणाहरू हुन्छन्। तिनीहरूले उहाँलाई जस्तो व्यवहार गरे तापनि, उहाँले आफ्नो सेवकाइलाई पूरा गरिसक्नुभएपछि, सबै मानिसहरू उहाँको प्रभुत्वको अधीनस्थ बनिसकेका हुनेछन्। यो कार्यको तथ्य चिनियाँ मानिसहरूका बीचमा मात्रै प्रतिबिम्बित हुँदैन, तर

सारा मानवजातिलाई कसरी विजय गरिने त्यसलाई पनि यसले प्रतिनिधित्व गर्छ। यी मानिसहरूमा हासिल गरिने प्रभावहरू सारा मानवजातिमा हासिल गरिने प्रभावहरूका पूर्वाभास हो, र भविष्यमा उहाँले गर्नुहुने कामको प्रभावहरू यी मानिसहरूमाथिको प्रभावहरू अत्यन्तै धेरै हुनेछ। देहमा परमेश्‍वरको काममा ठूलो प्रसिद्धि संलग्न छैन, न त यो अप्रसिद्धिको कुन्जभित्र नै लुकेको छ। यो वास्तविक र यथार्थ हो, र यो त्यस्तो काम हो जसमा एक जोड एक बराबर दुई हुन्छ। यसलाई कसैबाट लुकाइएको छैन, न त यसले कसैलाई धोका नै दिन्छ। मानिसहरूले जे देख्छन् ती वास्तविक र यथार्थ कुराहरू हुन्, र मानिसले जे प्राप्त गर्छ त्यो वास्तविक सत्यता र ज्ञान हो। जब काम समाप्त हुन्छ, तब मानिसले उहाँको बारेमा नयाँ ज्ञान पाउनेछ, र साँचो रूपमा खोज्नेहरूसँग उहाँको बारेमा उप्रान्त कुनै धारणाहरू हुनेछैन। यो चिनियाँ मानिसहरूमा परेको उहाँको कामको प्रभाव मात्रै होइन, तर सारा मानवजातिलाई विजय गर्ने उहाँको कामको प्रभावलाई पनि यसले प्रतिनिधित्व गर्छ, किनभने सारा मानवजातिलाई विजय गर्ने कार्यको लागि यो देह, यो देहको कार्य, र यो देहको सबै कुराभन्दा बढी अरू केही पनि लाभदायक छैन। ती आजको उहाँको कार्यको निम्ति लाभदायक छन्, र भविष्यको उहाँको कार्यको लागि लाभदायक छन्। यो देहले सारा मानवजातिलाई विजय गर्नेछ र सारा मानवजातिलाई प्राप्त गर्नेछ। योभन्दा उत्तम काम अरू कुनै छैन जसद्वारा सारा मानवजातिले परमेश्‍वरलाई हेर्नेछन्, र परमेश्‍वरको आज्ञापालन गर्नेछन्, र परमेश्‍वरलाई चिन्नेछन्। मानिसले गर्ने कामले सीमित क्षेत्रलाई मात्रै प्रतिनिधित्व गर्छ, र जब परमेश्‍वरले आफ्नो काम गर्नुहुन्छ उहाँ निश्‍चित व्यक्तिसँग बोल्नुहुन्न, तर सारा मानवजाति, र उहाँको वचनलाई पालन गर्नेहरू सबैसँग बोल्नुहुन्छ। उहाँले घोषणा गर्नुहुने अन्त्य नै सारा मानवजातिको अन्त्य हो, निश्‍चित व्यक्तिको मात्रै अन्त्य होइन। उहाँले कसैलाई पनि विशेष व्यवहार गर्नुहुन्न, न त उहाँले कसैलाई पीडित नै तुल्याउनुहुन्छ, र उहाँले सारा मानवजातिको लागि काम गर्नुहुन्छ, र बोल्नुहुन्छ। त्यसकारण यस देहधारी परमेश्‍वरले सारा मानवजातिलाई प्रकार अनुसार वर्गीकृत गरिसक्नुभएको छ, सारा मानवजातिलाई न्याय गरिसक्नुभएको छ, र सारा मानवजातिको लागि उचित गन्तव्य तय गरिसक्नुभएको छ। परमेश्‍वरले आफ्नो काम चीनमा मात्रै गर्नुहुने भए तापनि, वास्तवमा उहाँले सम्पूर्ण ब्रह्‍माण्डको कार्य गर्ने सङ्कल्प गरिसक्नुभएको छ। आफ्ना वाणीहरू र बन्दोबस्तहरू चरणबद्ध रूपमा प्रस्तुत गर्नुभन्दा पहिले उहाँले आफ्नो काम सारा मानवजातिमा फैलिन्जेलसम्म प्रतीक्षा गर्न सक्नुहुन्न। के त्यो अत्यन्तै ढिलो हुनेछैन र? अब उहाँ भविष्यको कामलाई अग्रिम रूपमा पूरा गर्न सक्षम हुनुहुन्छ। जो काम गर्दैहुनुहुन्छ उहाँ देहमा हुनुहुने परमेश्‍वर हुनुभएकोले, उहाँले सीमित क्षेत्रभित्र सीमित काम गर्दैहुनुहुन्छ, र त्यसपछि मानिसले पूरा गर्नुपर्ने कर्तव्यलाई पुरा गर्न मानिसलाई लगाउनुहुन्छ; उहाँको कामको सिद्धान्त यही नै हो। उहाँ केही समयको लागि मात्रै मानिससँग जिउन सक्नुहुन्छ र सम्पूर्ण युगको कार्य समाप्त नभइन्जेलसम्म मानिसको साथ दिन सक्नुहुन्न। यसको कारण के हो भने उहाँ भविष्यको आफ्नो कामको बारेमा अग्रिम रूपमा भविष्यवाणी गर्ने परमेश्‍वर हुनुहुन्छ। त्यसपछि, उहाँले सारा मानवजातिलाई प्रकार अनुसार आफ्नो वचनद्वारा वर्गीकरण गर्नुहुनेछ, र मानवजाति उहाँको वचनहरू अनुसार उहाँको चरणबद्ध कार्यमा प्रवेश गर्नेछन्। कोही पनि उम्कनेछैनन्, र सबैले यही

अनुसार अभ्यास गर्नुपर्छ। त्यसकारण, भविष्यमा उहाँका वचनहरूले युगलाई अगुवाइ गर्नेछ, र आत्माले अगुवाइ गर्नेछैन।

देहको परमेश्वरको कार्य देहमा नै गरिनुपर्छ। यदि यो सीधै परमेश्वरका आत्माले गर्नुभएको भए, यसले कुनै प्रभाव पार्ने थिएन। यो आत्माले गर्नुभएको भए पनि, कामको त्यति ठूलो महत्त्व हुनेथिएन, र आखिरमा यो विश्वस्त तुल्याउने हुनेथिएन। सबै प्राणीहरूले सृष्टिकर्ताको कामको महत्त्व छ कि छैन, र यसले के प्रतिनिधित्व गर्छ, र यो केको खातिर गरिन्छ, र परमेश्वरको काम अख्तियार र बुद्धिले भरिपुर्ण छ कि छैन, र यो अत्याधिक मूल्य र महत्त्वको छ कि छैन भनेर जान्न चाहन्छन्। उहाँले गर्नुहुने काम सारा मानवजातिको मुक्तिको लागि, शैतानलाई हराउनको खातिर, र सबै थोकहरूका माझ उहाँ स्वयमको साक्षी दिनको लागि हो। त्यसैले, उहाँले गर्नुहुने काम ठूलो महत्त्वको हुनैपर्छ। मानिसको देह शैतानद्वारा भ्रष्ट तुल्याइएको छ, र यसलाई सबैभन्दा गहन रूपमा अन्धा तुल्याइएको, र अत्यन्तै उल्लेखनीय रूपमा हानी गरिएको छ। परमेश्वरले किन देहमा व्यक्तिगत रूपमा काम गर्नुहुन्छ त्यसको सबैभन्दा आधारभूत कारण उहाँको मुक्तिको पात्र मानिस भएकोले गर्दा नै हो, जो देह हो, र किनभने परमेश्वरको काममा वाधा दिनको लागि शैतानले पनि मानिसकै देहलाई प्रयोग गर्छ। शैतानसँगको युद्ध भनेको वास्तवमा मानिसलाई विजय गर्ने काम नै हो, र यसको साथै, मानिस पनि परमेश्वरको मुक्तिको पात्र हो। यसरी, देहधारी परमेश्वरको काम अत्यावश्यक छ। शैतानले मानिसको देहलाई भ्रष्ट तुल्यायो, र मानिस शैतानको मूर्तरूप बन्यो, अनि परमेश्वरद्वारा हराउने पात्र बन्यो। यसरी, शैतानसँग युद्ध गर्ने र मानिसलाई मुक्त गर्ने काम पृथ्वीमा हुन्छ, र शैतानसँग युद्ध गर्नको लागि परमेश्वर मानव बन्नैपर्छ। यो सबैभन्दा बढी व्यवहारिकता भएको काम हो। जब परमेश्वरले देहमा काम गरिरहनुभएको हुन्छ, उहाँले वास्तवमा देहमा शैतानसँग युद्ध गरिरहनुभएको हुन्छ। जब उहाँले देहमा काम गर्नुहुन्छ, उहाँले आत्मिक क्षेत्रमा आफ्नो काम गरिरहनुभएको हुन्छ, र उहाँले आफ्नो सम्पूर्ण कार्यलाई पृथ्वीमा आत्मिक क्षेत्रमा वास्तविक बनाउनुहुन्छ। विजय गरिने भनेको मानिस, उहाँप्रति अनाज्ञाकारी रहेको मानिस नै हो, र हराइने भनेको शैतानको मूर्तरूप हो (अवश्य नै, यो पनि मानिस नै हो), जो उहाँप्रति शत्रुतामा छ, र आखिरमा मुक्त गरिने पनि मानिस नै हो। यसरी, परमेश्वर सृष्टिको बाहिरी भेष भएको मानव बन्नु अझै बढी आवश्यक छ, ताकि उहाँले शैतानसँग वास्तविक लडाइ गर्न, उहाँप्रति अनाज्ञाकारी हुने र उहाँको जस्तै बाहिरी भेष भएको मानिसलाई विजय गर्न, र उहाँको जस्तै बाहिरी भेष भएको र शैतानद्वारा हानी गरिएको मानिसलाई मुक्त गर्न सक्नुभएको होस्। उहाँको शत्रु मानिस हो, उहाँको विजयको पात्र मानिस हो, र उहाँको मुक्तिको पात्र मानिस हो, जसलाई उहाँले नै सृष्टि गर्नुभएको थियो। त्यसकारण उहाँ मानव बन्नैपर्छ, र यसरी उहाँको काम निकै सहज बन्छ। उहाँले शैतानलाई हराउन र मानवजातिलाई विजय गर्न सक्नुहुन्छ, यसको साथै, उहाँले मानवजातिलाई मुक्त गर्न सक्नुहुन्छ। यो देह सामान्य र वास्तविक भए तापनि, उहाँ सामान्य देह हुनुहुन्न: उहाँ मानिस मात्रैको देह हुनुहुन्न, तर त्यो देह हुनुहुन्छ जुन मानवीय र ईश्वरीय दुवै हो। उहाँ र मानिसको बीचको भिन्नता यही नै हो, र परमेश्वरको पहिचानको चिन्ह यही नै हो। यस किसिमको देहले मात्रै उहाँले अभिप्राय राख्नुभएको काम गर्न सक्छ, र देहमा परमेश्वरको सेवकाइलाई

पूरा गर्न, र मानिसको बीचमा उहाँको कामलाई पूर्ण रूपमा पूरा गर्न सक्छ। यस्तो नभएको भए, मानिसको बीचमा उहाँको काम सँधै रित्तो र त्रुटिपूर्ण हुनेथियो। परमेश्वरले शैतानको आत्मासँग युद्ध गरेर विजयी भएर निस्कन सक्नुहुने भए तापनि, भ्रष्ट मानिसको पुरानो प्रकृतिलाई कहिल्यै पनि समाधान गर्न सकिँदैन, र परमेश्वरप्रति अनाज्ञाकारी र उहाँको विरोध गर्नेहरू साँचो रूपमा उहाँको प्रभुत्वको अधीनस्थ कहिल्यै बन्न सक्दैनन्, भन्नुको अर्थ, उहाँले मानवजातिलाई कहिल्यै विजय गर्न सक्नुहुन्न, र सारा मानवजातिलाई कहिल्यै प्राप्त गर्न सक्नुहुन्न। यदि पृथ्वीमा उहाँको काम कहिल्यै समाधान गर्न सकिँदैन भने, उहाँको व्यवस्थापनलाई कहिल्यै पनि समाप्त गर्न सकिनेछैन, र सारा मानवजाति विश्राममा प्रवेश गर्न सक्नेछैन। यदि परमेश्वर आफ्ना सारा प्राणीहरूसँग विश्राममा प्रवेश गर्न सक्नुहुन्न भने, त्यस्तो व्यवस्थापन कार्यको परिणाम कहिल्यै हुनेछैन, र परिणामस्वरूप परमेश्वरको महिमा हराउनेछ। उहाँको देहमा कुनै अख्तियार नभए तापनि, उहाँले गर्ने कामले यसको प्रभाव हासिल गर्नेछ। उहाँको कामको अपरिहार्य दिशा यही नै हो। उहाँको देहमा अख्तियार भए पनि वा नभए पनि, जबसम्म उहाँ आफै परमेश्वरको काम गर्न सक्नुहुन्छ, तबसम्म उहाँ परमेश्वर स्वयम नै हुनुहुन्छ। उहाँको देह जति सामान्य र साधारण भए तापनि, उहाँले गर्नुपर्ने काम उहाँले गर्न सक्नुहुन्छ, किनभने यो देह परमेश्वर नै हुनुहुन्छ, मानव मात्रै होइन। यो देहले मानिसले गर्न नसक्ने काम गर्न सक्नुको कारण के हो भने, उहाँको भित्री सार कुनै पनि मानवको जस्तो छैन, र उहाँले मानिसलाई मुक्त गर्न सक्नुको कारण के हो भने, उहाँको पहिचान कुनै पनि मानिसको भन्दा फरक छ। यो देह मानवजातिको निम्ति महत्त्वपूर्ण छ किनभने उहाँ मानिस हुनुहुन्छ, र त्योभन्दा पनि बढी, उहाँ परमेश्वर हुनुहुन्छ, किनभने देहको साधारण मानिसले गर्न नसक्ने काम उहाँले गर्न सक्नुहुन्छ, किनभने उहाँले पृथ्वीमा उहाँसँग बस्ने भ्रष्ट मानिसलाई मुक्त गर्न सक्नुहुन्छ। उहाँ मानिस समान हुनुभए तापनि, देहधारी परमेश्वर मानवजातिको लागि कुनै पनि मूल्यवान् मानिसभन्दा बढी महत्त्वपूर्ण छ, किनभने उहाँले परमेश्वरका आत्माले गर्न नसक्ने काम गर्न सक्नुहुन्छ, परमेश्वर स्वयमको गवाही दिनको लागि परमेश्वरका आत्माभन्दा बढी सक्षम हुनुहुन्छ, र मानवजातिलाई पूर्ण रूपमा प्राप्त गर्नको लागि परमेश्वरका आत्माभन्दा बढी सक्षम हुनुहुन्छ। परिणामस्वरूप, यो देह सामान्य र साधारण भए तापनि, मानवजातिप्रति उहाँको योगदान र मानवजातिको अस्तित्वप्रति उहाँको महत्त्वले उहाँलाई अत्यन्तै बहुमूल्य तुल्याउँछ, र यो देहको वास्तविक मूल्य र महत्त्वलाई कुनै पनि मानवले नाप्न सक्दैन। यो देहले प्रत्यक्ष रूपमा शैतानलाई नष्ट गर्न नसके तापनि, उहाँले मानवजातिलाई विजय गर्न र शैतानलाई हराउन, र शैतानलाई उहाँको प्रभुत्वमा पूर्ण रूपमा समर्पित हुने तुल्याउनको लागि आफ्नो काम प्रयोग गर्न सक्नुहुन्छ। परमेश्वर देहधारी हुनुभएकोले उहाँले शैतानलाई हराउन सक्नुहुन्छ र मानवजातिलाई मुक्त गर्न सक्नुहुन्छ। उहाँले प्रत्यक्ष रूपमा शैतानलाई नष्ट गर्नुहुन्न, बरु शैतानद्वारा भ्रष्ट तुल्याइएका मानवजातिलाई विजय गर्ने काम गर्नको लागि उहाँ देह बन्नुहुन्छ। यसरी, उहाँ आफ्ना प्राणीहरूका माझ आफ्नो लागि गवाही दिन अझै बढी सक्षम हुनुहुन्छ, र भ्रष्ट मानिसलाई मुक्त गर्न उहाँ अझै सक्षम हुनुहुन्छ। परमेश्वरका आत्माद्वारा शैतानलाई प्रत्यक्ष रूपमा नष्ट गर्ने कार्यले भन्दा, देहधारी परमेश्वरको शैतानमाथिको विजयले अझै ठूलो गवाही

दिन्छ, र यो अझै विश्वास दिलाउने हुन्छ। देहमा हुनुहुने परमेश्वर मानिसलाई सृष्टिकर्ता चिन्न सहायता गर्न अझै बढी सक्षम हुनुहुन्छ र उहाँका प्राणीहरूका बीचमा आफ्नो गवाही दिनको लागि अझै बढी सक्षम हुनुहुन्छ।

## परमेश्वरद्वारा बास गरिएको देहको सार

उहाँको पहिलो देहधारणमा परमेश्वर पृथ्वीमा साढे तेत्तीस वर्ष जिउनुभयो, र ती वर्षहरूमध्ये उहाँले साढे तीन वर्षसम्म मात्रै आफ्नो सेवकाइ गर्नुभयो। उहाँले काम गर्नुभएको समय-अवधिमा, र उहाँले आफ्नो काम सुरु गर्नुभन्दा पहिले, उहाँमा सामान्य मानवता थियो; उहाँले आफ्नो सामान्य मानवतामा साढे तेत्तीस वर्ष बास गर्नुभयो। अन्तिम साढे तीन वर्षभरि, उहाँले आफैलाई देहधारी परमेश्वरको रूपमा प्रकट गर्नुभयो। आफ्नो सेवकाइलाई सुरु गर्नुभन्दा पहिले, आफ्नो ईश्वरीयताको कुनै पनि चिन्ह नदेखाइकन उहाँ साधारण, सामान्य मानवतामा देखा पर्नुभयो, र उहाँले आफ्नो सेवकाइलाई औपचारिक रूपमा सुरु गर्नुभएपछि मात्रै उहाँको ईश्वरीयता प्रकट गरियो। ती प्रारम्भिक उनन्तीस वर्षको अवधिको उहाँको जीवन र कार्यले उहाँ सच्चा मानव, मानिसका पुत्र, र देहगत शरीर हुनुहुन्छ भन्ने कुरालाई प्रदर्शन गर्‍यो, किनभने उनन्तीस वर्षको उमेरपछि मात्रै तत्परताको साथ उहाँको सेवकाइ सुरु भयो। त्यो "देहधारण" परमेश्वर देहमा देखा पर्ने घटनाहो; परमेश्वरले सृष्टि गरिएको मानवजातिका बीचमा देहको प्रतिरूपमा काम गर्नुहुन्छ। त्यसकारण परमेश्वर देहधारी हुनको लागि, उहाँ सुरुमा देह, सामान्य मानवता सहितको देह हुनुपर्छ; यो सबैभन्दा आधारभूत सर्त हो। वास्तवमा, परमेश्वरको देहधारणको तात्पर्य भनेको परमेश्वर देहमा जिउनुहुन्छ र काम गर्नुहुन्छ, परमेश्वर उहाँको सार-तत्वमा नै देह बन्नुहुन्छ, मानिस बन्नुहुन्छ भन्ने हो। उहाँको देहधारी जीवन र कामलाई दुई चरणमा विभाजित गर्न सकिन्छ। पहिलो उहाँले आफ्नो सेवकाइ गर्नुभन्दा पहिले जिउने जीवन हो। उहाँ सामान्य मानव आवश्यकताहरू (गाँस, बास, कपास, आराम), सामान्य मानव कमजोरीहरू, र सामान्य मानव भावनाहरू सहित, मानव जीवनका सामान्य नैतिकताहरू र नियमहरूको पालन गर्दै, अत्यन्तै सामान्य मानवतामा साधारण मानव परिवारमा जिउनुहुन्छ। अर्को शब्दमा भन्दा, यो पहिलो चरणको अवधिमा उहाँ सबै सामान्य मानव क्रियाकलापहरूमा संलग्न हुँदै, गैर-ईश्वरीय, पूर्ण रूपमा सामान्य मानवतामा जिउनुहुन्छ। दोस्रो चरण भनेको उहाँले आफ्नो सेवकाइ सुरु गर्नुभएपछि उहाँले जिउनुभएको जीवन हो। अलौकिकताको कुनै बाहिरी चिन्ह नदेखाइकन, उहाँ अझै पनि सामान्य मानव भेष सहितको यस सामान्य मानवतामा बास गर्नुहुन्छ। तैपनि उहाँ पूर्ण रूपमा आफ्नो सेवकाइको खातिर जिउनुहुन्छ, र यो समय अवधिमा उहाँको ईश्वरीयताको सामान्य कार्यलाई कायम राख्नको लागि नै उहाँको सामान्य मानवता पूर्ण रूपमा अस्तित्वमा रहन्छ, किनभने त्यस बेलासम्म उहाँको सामान्य मानवता उहाँको सेवकाइ गर्न सक्ने बिन्दुसम्म परिपक्व भइसकेको हुन्छ। त्यसैले, उहाँको जीवनको दोस्रो चरण भनेको उहाँको सामान्य मानवतामा उहाँको सेवकाइलाई प्रस्तुत गर्नु हो, जुन बेला यो सामान्य मानवता र पूर्ण ईश्वरीयता दुवैको जीवन हुन्छ। उहाँको जीवनको पहिलो चरणको अवधिमा, उहाँले पूर्ण रूपमा

सामान्य मानवताको जीवन जिउनुको कारण के हो भने, उहाँको मानवता ईश्वरीय कार्यको पूर्णतालाई कायम राख्न अझै सक्षम भएको हुँदैन, परिपक्व भएको हुँदैन; उहाँको मानवता वृद्धि भएर परिपक्व भएपछि, आफ्नो सेवकाइको भार उठाउन सक्ने भएपछि मात्रै, उहाँ आफूले गर्नुपर्ने सेवकाइ गर्न तयार बन्न सक्नुहुन्छ। देहको रूपमा, उहाँ वृद्धि हुन र परिपक्व हुन आवश्यक हुने भएकोले, उहाँको जीवनको पहिलो चरण सामान्य मानवताको जीवन हो—जबकि दोस्रो चरणमा, उहाँको मानवता उहाँको काम गर्न र उहाँको सेवकाइलाई प्रदर्शन गर्न सक्षम भइसकेको हुनाले, उहाँको सेवकाइको अवधिमा देहधारी परमेश्वरले जिउनुहुने जीवन मानवता र पूर्ण ईश्वरीयता दुवैको जीवन हो। उहाँको जन्म भएको क्षणदेखि नै देहधारी परमेश्वरले अलौकिक चिन्ह र आश्चर्यकर्महरू गर्दै, आफ्नो सेवकाइलाई तत्परताको साथ सुरु गर्नुभएको भए, उहाँमा कुनै भौतिक सार हुने थिएन। त्यसकारण, उहाँको मानवता उहाँको भौतिक सारको खातिर अस्तित्वमा छ; मानवताविना कुनै देह हुन सक्दैन, र मानवता विनाको व्यक्ति मानव होइन। यसरी, परमेश्वरको देहको मानवता परमेश्वरको देहधारी शरीरको अन्तर्निहित गुण हो। "जब परमेश्वर देह बन्नुहुन्छ उहाँ पूर्ण रूपमा ईश्वरीय हुनुहुन्छ, र कुनै पनि हालतमा मानव हुनुहुन्न" भनी भन्नु भनेको ईश्वरनिन्दा हो, किनभने यो अभिव्यक्ति यथार्थ हुँदै होइन, र यसले देहधारणको सिद्धान्तलाई उल्लङ्घन गर्छ। उहाँले आफ्नो सेवकाइ गर्न सुरु गर्नुभएपछि पनि, आफ्नो काम गर्ने क्रममा उहाँ बाहिरी मानवताको भेष सहित आफ्नो ईश्वरीयतामा जिउनुहुन्छ; यस समयमा मात्रै, उहाँको मानवताले उहाँको ईश्वरीयतालाई सामान्य देहमा काम गर्न दिने एउटै उद्देश्यलाई पूरा गर्छ। त्यसैले कामको प्रतिनिधि उहाँको मानवतामा बास गर्ने ईश्वरीयता हो। उहाँको मानवता होइन, उहाँको ईश्वरीयता काममा छ, तैपनि यो ईश्वरीयता उहाँको मानवताभित्र लुकेको हुन्छ; वास्तवमा, उहाँको मानवताद्वारा होइन, उहाँको पूर्ण ईश्वरीयताद्वारा नै उहाँको कार्य गरिन्छ। तर काम गर्ने उहाँकै देह हो। उहाँ मानिस हुनुहुन्छ र परमेश्वर पनि हुनुहुन्छ भनेर भन्न सकिन्छ, किनभने परमेश्वर मानव भेष र मानव सार तर परमेश्वरको सारसहितको देहमा जिउनुहुने परमेश्वर बन्नुहुन्छ। उहाँ परमेश्वरको सारसहितको मानिस हुनुभएकोले, उहाँ सृष्टि गरिएका सारा मानिसहरूभन्दा माथि, परमेश्वरको काम गर्न सक्ने कुनै पनि मानिसभन्दा माथि हुनुहुन्छ। अनि त्यसैले, उहाँको जस्तो मानव भेष सहितका सबैमध्ये, मानवता सहितका सबैमध्ये, उहाँ मात्रै देहधारी परमेश्वर स्वयम् हुनुहुन्छ—अरू सबै सृष्टि गरिएका मानव हुन्। तिनीहरू सबैमा मानवता भए तापनि, सृष्टि गरिएका मानवमा मानवता बाहेक केही पनि हुँदैन, जबकि देहधारी परमेश्वर फरक हुनुहुन्छ: उहाँको देहमा उहाँमा मानवता मात्रै होइन, तर अझै महत्त्वपूर्ण कुरा, उहाँमा ईश्वरीयता छ। उहाँको देहको बाहिरी रूपमा र उहाँको दैनिक जीवनमा उहाँको मानवतालाई देख्न सकिन्छ, तर उहाँको ईश्वरीयतालाई बुझ्न गाह्रो छ। उहाँमा मानवता भएको बेला मात्रै उहाँको ईश्वरीयतालाई व्यक्त गरिने हुँदा, र मानिसहरूले यसलाई कल्पना गरे जतिको यो अलौकिक नभएको हुँदा, मानिसहरूले यसलाई देख्न निकै कठिन हुन्छ। आज पनि, देहधारी परमेश्वरको साँचो सारलाई बुझ्न मानिसहरूलाई अत्यन्तै कठिन भएको छ। यसको बारेमा यति लामो मैले बोलिसकेपछि पनि, तिमीहरूमध्ये धेरैको लागि यो अझै पनि रहस्य नै छ भन्ने म अपेक्षा गर्छु। वास्तवमा, यो विषय अत्यन्तै सरल छ: परमेश्वर देह बन्नुहुने भएकोले, उहाँको

सार मानवता र ईश्वरीयताको संयोजन हो। यस संयोजनलाई परमेश्वर स्वयम्, पृथ्वीमा परमेश्वर स्वयम् हो भनी भनिन्छ।

येशूले पृथ्वीमा जिउनुभएको जीवन देहको सामान्य जीवन थियो। उहाँ आफ्नो देहको सामान्य मानवतामा जिउनुभयो। उहाँको अख्तियार–आफ्नो काम गर्नु र आफ्नो वचन बोल्नु, वा बिरामीलाई निको पार्नु र भूत आत्माहरूलाई निकाल्नु, त्यस्ता असाधारण कुराहरू गर्नु–ले उहाँले आफ्नो सेवकाइ सुरु नगरुञ्जेलसम्म प्रायजसो, आफैलाई प्रकट गरेन। उनन्तीस वर्षभन्दा पहिलेको, उहाँले आफ्नो सेवकाइ गर्नुभन्दा पहिलेको उहाँको जीवन नै उहाँ सामान्य देहगत शरीर हुनुहुन्थ्यो भन्ने कुराको पर्याप्त प्रमाण थियो। यसकारणले गर्दा, र उहाँले आफ्नो सेवकाइ अझै सुरु नगर्नुभएको कारणले, उहाँमा मानिसहरूले कुनै ईश्वरीय कुरा देखेनन्, सामान्य मानव, सामान्य मानिस बाहेक अरू केही पनि देखेनन्–जसरी त्यो समयमा, कतिपय मानिसहरूले उहाँ योसेफका पुत्र हुन् भन्ने ठान्थे। उहाँ सामान्य मानिसको छोरा हुनुहुन्छ भन्ने मानिसहरूले ठाने, उहाँ परमेश्वरका देहधारी शरीर हुनुहुन्छ भनेर भन्ने तिनीहरूसँग कुनै उपाय थिएन; आफ्नो सेवकाइको अवधिमा, उहाँले धेरै आश्चर्यकर्महरू गर्नुहुँदा समेत, धेरैजसो मानिसहरूले उहाँ योसेफका पुत्र हुनुहुन्छ भनेर भने, किनभने उहाँ सामान्य मानवताको बाहिरी भेष सहितका ख्रीष्ट हुनुहुन्थ्यो। उहाँको सामान्य मानवता र उहाँको कार्य दुवै नै पहिलो देहधारणको महत्त्वलाई पूरा गर्न, परमेश्वर पूर्ण रूपमा देहमा आउनुभएको छ, उहाँ पूर्ण रूपमा सामान्य मानिस बन्नुभएको छ भन्ने प्रमाणित गर्नको लागि अस्तित्वमा थिए। उहाँले आफ्नो काम सुरु गर्नुभन्दा पहिलेको उहाँको सामान्य मानवता उहाँ सामान्य देह हुनुहुन्छ भन्ने कुराको प्रमाण थियो; र त्यसपश्चात उहाँले काम गर्नुभयो भन्ने कुराले पनि उहाँ सामान्य देह हुनुहुन्छ भन्ने प्रमाणित गर्‍यो, किनभने उहाँले सामान्य मानवतासहितको देहमा चिन्हहरू र आश्चर्यका कामहरू गर्नुभयो, बिरामीहरूलाई चङ्गाइ गर्नुभयो र भूत आत्माहरूलाई निकाल्नुभयो। उहाँले आश्चर्यकर्महरू गर्न सक्नुको कारण के थियो भने, उहाँको देहमा परमेश्वरको अख्तियार थियो, परमेश्वरको आत्मालाई धारण गरिएको देह थियो। परमेश्वरको आत्माको कारण उहाँमा यो अख्तियार थियो, र यसको अर्थ उहाँ देह हुनुहुन्न भन्ने थिएन। बिरामीलाई चङ्गाइ गर्नु र भूत आत्माहरूलाई निकाल्नु उहाँले आफ्नो सेवकाइमा गर्नु पर्ने काम थियो, यो उहाँको मानवतामा लुकेको उहाँको ईश्वरीयताको अभिव्यक्ति थियो, र उहाँले जुन चिन्हहरू देखाउनुभए तापनि वा उहाँले आफ्नो अख्तियारलाई जसरी प्रदर्शन गर्नुभए तापनि, उहाँ सामान्य मानवतामा नै जिउनुभयो र सामान्य देह नै हुनुहुन्थ्यो। उहाँ क्रूसमा मर्नुभएपछि पुनरुत्थान भइञ्जेलसम्म, उहाँले सामान्य देहमा नै बास गर्नुभयो। अनुग्रह प्रदान गर्नु, बिरामी निको पार्नु, र भूत आत्माहरूलाई धपाउनु सबै उहाँको सेवकाइका भाग थिए, ती सबै उहाँले आफ्नो सामान्य देहमा गर्नुभएका काम थिए। उहाँ क्रूसमा जानुभन्दा पहिले, चाहे जेसुकै काम गर्दा होस्, उहाँ आफ्नो सामान्य मानव देहबाट कहिल्यै अलग हुनुभएन। उहाँ परमेश्वर स्वयम् हुनुहुन्थ्यो, उहाँले परमेश्वर स्वयम्को काम गर्दै हुनुहुन्थ्यो, तैपनि उहाँ परमेश्वरको देहधारी शरीर हुनुभएकोले, उहाँले खाना खानुभयो र वस्त्र लगाउनुभयो, उहाँका सामान्य मानवीय आवश्यकताहरू थिए, सामान्य मानव तर्क, र सामान्य मानव मन थियो। यी सबै नै उहाँ सामान्य मानिस हुनुहुन्थ्यो भन्ने कुराको प्रमाण थियो, जसले परमेश्वरको देहधारी

शरीर सामान्य मानवता सहितको देह थियो, अलौकिक होइन भन्ने कुराको प्रमाण थियो। उहाँको काम परमेश्‍वरको पहिलो देहधारणको कामलाई समाप्त गर्नु, पहिलो देहधारणले गर्नुपर्ने सेवकाइलाई पूरा गर्नु थियो। देहधारणको महत्त्व भनेको साधारण, सामान्य मानिसले परमेश्‍वर स्वयमको काम गर्छ भन्ने हो; अर्थात्, परमेश्‍वरले आफ्नो ईश्‍वरीय काम मानवतामा गर्नुहुन्छ, र जसद्वारा उहाँले शैतानलाई जित्नुहुन्छ। देहधारणको अर्थ परमेश्‍वरका आत्मा देह बन्नुहुन्छ, अर्थात्, परमेश्‍वर देह बन्नुहुन्छ भन्ने हो; देहले गर्ने काम आत्माको काम हो, जुन देहमा प्रकट हुन्छ, देहद्वारा व्यक्त हुन्छ। परमेश्‍वरको देहले बाहेक अरू कसैले पनि देहधारी परमेश्‍वरको सेवकाइलाई पूरा गर्न सक्दैन; अर्थात्, देहधारी परमेश्‍वरको शरीर, यस सामान्य मानवताले मात्रै–अरू कसैले होइन–ईश्‍वरीय कार्यलाई व्यक्त गर्न सक्छ। यदि, उहाँको पहिलो आगमनको अवधिमा, उनन्तीस वर्षको उमेरभन्दा पहिले परमेश्‍वरसँग सामान्य मानवता नभएको भए–यदि उहाँ जन्मने बित्तिकै उहाँले आश्‍चर्यकर्महरू गर्न सक्नुभएको भए, उहाँले बोल्न सिक्ने बित्तिकै उहाँले स्वर्गको भाषा बोल्न सक्नुभएको भए, यदि उहाँले पृथ्वीमा पाइला टेक्नुभएकै क्षणमा उहाँले सारा सांसारिक कुराहरूलाई बुझ्न, हरेक व्यक्तिका विचार र अभिप्रायहरूलाई जान्न सक्नुभएको भए–त्यस्तो व्यक्तिलाई सामान्य मानिस भनेर भन्न सकिँदैन थियो, र त्यस्तो देहलाई मानव देह भनेर भन्न सकिँदैन थियो। यदि ख्रीष्टको अवस्था यस्तो भएको भए, परमेश्‍वरको देहधारणको अर्थ र सार हराउने थियो। उहाँमा सामान्य मानवता छ भन्ने कुराले उहाँ शरीरमा देहधारी हुनुभएका परमेश्‍वर हुनुहुन्छ भन्ने प्रमाणित गर्छ; उहाँले सामान्य मानवको वृद्धि हुने प्रक्रिया भएर जानुहुन्छ भन्ने तथ्यले उहाँ सामान्य देह हुनुहुन्छ भन्ने कुरालाई थप प्रदर्शन गर्छ; यसको साथै, उहाँ परमेश्‍वरको वचन, परमेश्‍वरको आत्मा नै देह हुनुभएको हो भन्ने प्रमाणित गर्न उहाँको काम नै पर्याप्त छ। उहाँको कामको आवश्यकताहरूको कारण परमेश्‍वर देह बन्नुहुन्छ; अर्को शब्दमा भन्दा, कामको यो चरणलाई देहमा नै गरिनुपर्छ, सामान्य मानवतामा नै गरिनुपर्छ। “वचन देह बन्नुहुन्छ” को पूर्वसर्त यही नै हो, किनभने “वचन देहमा देखा पर्नुहुन्छ,” र परमेश्‍वरका दुई वटा देहधारणहरूको पछाडिको साँचो कथा यही नै हो। येशूले आफ्नो जीवनभरि आश्‍चर्यकर्महरू गर्नुभयो, पृथ्वीमा उहाँको काम समाप्त नभइन्जेलसम्म उहाँले मानवताको कुनै चिन्ह देखाउनुभएन, उहाँसँग सामान्य मानव आवश्यकताहरू वा कमजोरीहरू वा मानव भावनाहरू थिएनन्, जीवनका आधारभूत आवश्यकताहरू थिएनन् वा सामान्य मानव विचार गर्न खाँचो थिएन भनेर मानिसहरूले विचार गर्न सक्छन्। उहाँमा महामानवीय विचार, सर्वश्रेष्ठ मानवता मात्रै छ भन्ने कल्पना तिनीहरू गर्छन्। उहाँ परमेश्‍वर हुनुभएकोले, उहाँले सामान्य मानवले जस्तो विचार गर्नुहुन्न र त्यसरी जिउनुहुन्न, सामान्य मानिस, वास्तविक मानिसले मात्रै सामान्य मानव विचारहरू सोच्न सक्छ र सामान्य मानव जीवन जिउन सक्छ भन्ने विश्‍वास तिनीहरू गर्छन्। यी सबै मानव विचारहरू र मानव धारणाहरू हुन्, र यी धारणाहरू परमेश्‍वरको कामको मूल अभिप्रायहरूका विपरीत बहन्छन्। सामान्य मानव सोचाइले सामान्य मानव तर्क र सामान्य मानवतालाई कायम राख्छ; सामान्य मानवताले देहका सामान्य कार्यहरूलाई कायम राख्छ; र देहका सामान्य कार्यहरूले देहको सामान्य जीवनलाई यसको पूर्णतामा सक्रिय गर्छ। त्यस्तो देहमा काम गरेर मात्रै परमेश्‍वरले आफ्नो देहधारणको उद्‌देश्‍यलाई पूरा गर्न सक्नुहुन्छ। यदि देहधारी परमेश्‍वरको देहको बाहिरी भेष मात्रै

थियो, तर सामान्य मानव विचारहरू सोच्नुहुन्न थियो भने, यो देहमा मानव तर्क हुने थिएन, वास्तविक मानवता हुने कुरा त परै जाओस्। मानवताविनाको यस्तो देहले कसरी देहधारी परमेश्वरले गर्नुपर्ने सेवकाइलाई पूरा गर्न सक्नुहुन्छ? सामान्य मनले मानव जीवनका सम्पूर्ण पक्षहरूलाई कायम राख्न सक्छ; सामान्य मनविना, व्यक्ति मानव हुने थिएन। अर्को शब्दमा भन्दा, सामान्य विचारहरू सोच्न नसक्ने व्यक्ति मानसिक रोगी हो, र मानवता नभएको तर ईश्वरीयता मात्रै भएको ख्रीष्टलाई परमेश्वरको देहधारी शरीर भन्न सकिँदैन। त्यसकारण, परमेश्वरको देहधारी शरीरमा कसरी सामान्य मानवता नहुन सक्छ? ख्रीष्टमा कुनै मानवता छैन भनेर भन्नु के ईश्वरनिन्दा हुँदैन र? मानिसहरू संलग्न हुने सबै क्रियाकलापहरू सामान्य मानव मनको संचालनमा निर्भर हुन्छ। योविना, मानिसहरूले छाडा व्यवहार गर्नेथिए; तिनीहरूले कालो र सेतो, असल र खराबको बीचमा रहेको भिन्नतालाई समेत छुट्याउन सक्दैन थिए; र तिनीहरूमा कुनै पनि मानव नैतिकता र सदाचार सिद्धान्तहरू हुने थिएन। त्यसरी नै, यदि देहधारी परमेश्वरले सामान्य मानवले जस्तो विचार गर्नुहुन्न थियो भने, उहाँ वास्तविक देह, सामान्य देह हुनुहुने थिएन। विना-सोचाइको त्यस्तो देहले ईश्वरीय कामलाई लिन सक्ने थिएन। उहाँ सामान्य देहका क्रियाकलापहरूमा सामान्य रूपमा संलग्न हुन सक्षम हुने थिएन, पृथ्वीमा मानिसहरूसँग एकसाथ जिउने कुरा त परै जाओस्। अनि त्यसैले, परमेश्वरको देहधारणको महत्त्व, परमेश्वर देहमा आउनुको खास सार नै हराउने थियो। देहधारी परमेश्वरको मानवता देहमा सामान्य ईश्वरीय कार्यलाई कायम राख्नको लागि अस्तित्वमा छ; उहाँको सामान्य मानव सोचाइले उहाँको सामान्य मानवता र उहाँका सबै सामान्य भौतिक क्रियाकलापहरूलाई कायम राख्छ। उहाँको सामान्य मानव सोचाइ देहमा परमेश्वरका सारा कार्यलाई कायम राख्नको लागि अस्तित्वमा छ भनेर भन्न सकिन्छ। यदि यो देहमा सामान्य मानव मन थिएन भने, परमेश्वरले देहमा काम गर्न सक्नुहुने थिएन, र उहाँले देहमा जे गर्नु आवश्यक छ त्यसलाई कहिल्यै पनि पूरा गर्न सकिँदैन थियो। देहधारी परमेश्वरमा सामान्य मानव मन भए तापनि, उहाँको काम मानव विचारद्वारा मिलावट भएको छैन; उहाँले मानव मन भएको मानवता धारण गर्ने पूर्वसर्त सहित, सामान्य मन सहित मानवतामा काम गर्नुहुन्छ, सामान्य मानव विचारको अभ्यासद्वारा होइन। उहाँका देहका विचारहरू जति नै उत्कृष्ट भए तापनि, उहाँको काम तर्क वा विचारबाट कलङ्कित छैन। अर्को शब्दमा भन्दा, उहाँको काम उहाँको देहको मनद्वारा पैदा भएको हुँदैन, तर यो उहाँको मानवतामा ईश्वरीय कार्यको प्रत्यक्ष अभिव्यक्ति हो। उहाँका सबै काम उहाँले पूरा गर्नैपर्ने सेवकाइ हो, र यीमध्ये कुनै पनि उहाँको मस्तिष्कमा पैदा हुँदैन। उदाहरणको लागि, बिरामीलाई चङ्गाइ गर्नु, भूत आत्माहरूलाई निकाल्नु, र क्रुसीकरण उहाँको मानव मनका उपजहरू थिएनन्, र मानव मन भएको कुनै पनि मानिसले ती हासिल गर्न सक्ने थिएन। त्यसरी नै, आजको विजयको काम देहधारी परमेश्वरले पूरा गर्नैपर्ने काम हो, तर यो मानव इच्छाको काम होइन, यो उहाँको ईश्वरीयताले गर्नुपर्ने काम हो, जुन काम गर्न कुनै पनि देहगत मानिस सक्षम छैन। त्यसैले देहधारी परमेश्वरमा सामान्य मानव मन हुनैपर्छ, सामान्य मानवता हुनैपर्छ, किनभने उहाँले सामान्य मनसहितको मानवतामा नै आफ्नो काम गर्नुपर्छ। देहधारी परमेश्वरको कामको सार, देहधारी परमेश्वरको खास सार यही नै हो।

येशूले काम गर्नुभन्दा पहिले, उहाँ केवल आफ्नो सामान्य मानवतामा जिउनुभयो। उहाँ परमेश्‍वर हुनुहुन्थ्यो भनेर कसैले भन्‍न सकेन, उहाँ देहधारी परमेश्‍वर हुनुहुन्छ भनेर कसैले पत्ता लगाएन; उहाँ पूर्ण रूपमा साधारण मानिस हुनुहुन्छ भन्‍ने मात्रै मानिसहरूलाई थाहा थियो। उहाँको पूर्ण सामान्य, साधारण मानवता नै परमेश्‍वर शरीरमा देहधारी हुनुभएको थियो, र अनुग्रहको युग देहधारी परमेश्‍वरको कामको युग थियो, आत्माको कामको युग थिएन भन्‍ने कुराको प्रमाण थियो। यो परमेश्‍वरको आत्मा पूर्ण रूपमा देहमा प्रकट हुनुभयो, परमेश्‍वरको देहधारणको युगमा उहाँको देहले आत्माका सबै कार्य गर्नेथियो भन्‍ने कुराको प्रमाण थियो। सामान्य मानवता सहितका ख्रीष्ट त्यो देह हो जसमा आत्मा प्रकट हुनुभयो, र जसमा सामान्य मानवता, सामान्य विवेक, र मानव विचार छ। "प्रकट हुनु" भनेको परमेश्‍वर मानिस बन्‍नु, आत्मा देह बन्‍नु हो; यसलाई अझै सरल रूपमा भन्दा, यो सामान्य मानवता सहितको देहमा परमेश्‍वर स्वयम् वास गर्नु हो, र यसद्वारा उहाँले आफ्नो ईश्‍वरीय कामलाई व्यक्त गर्नुहुन्छ–प्रकट हुनु, वा देहधारी हुनुको अर्थ यही नै हो। उहाँको पहिलो देहधारणको अवधिमा, परमेश्‍वरले बिरामीलाई चङ्गाइ गर्नु र भूत आत्माहरूलाई धपाउनु अत्यावश्यक थियो, किनभने उहाँको काम उद्धार गर्नु थियो। सारा मानवजातिलाई उद्धार गर्नको लागि, उहाँ करुणामयर क्षमा दिने बन्‍नु आवश्यक थियो। उहाँलाई क्रूसमा मारिनुभन्दा पहिले उहाँले गर्नुभएको काम बिरामीलाई चङ्गाइ गर्नु र भूत आत्माहरूलाई निकाल्नु थियो, जुन मानिसलाई पाप र भ्रष्टताबाट गरिने मुक्तिको पूर्वाभास थियो। यो अनुग्रहको युग भएकोले, उहाँले बिरामीलाई निको पार्नु आवश्यक थियो, त्यसद्वारा चिन्हहरू र आश्‍चर्यका कामहरू देखाउनुभयो, जुन त्यस युगको अनुग्रहको प्रतिनिधि थिए–किनभने अनुग्रहको युग अनुग्रह दिनुसँग सम्बन्धित थियो, जुन शान्ति, आनन्द, र भौतिक आशिषहरू, अर्थात् येशूमाथिको मानिसहरूको विश्‍वासका निशानीहरूको प्रतीक थियो। भन्‍नुको अर्थ, बिरामीलाई चङ्गाइ गर्ने, भूत आत्माहरूलाई निकाल्ने, र अनुग्रह प्रदान गर्ने काम अनुग्रहको युगमा येशूको देहमा जन्मजात रूपमा पाउनुभएका क्षमताहरू थिए, ती देहमा प्रकट भएका आत्माको काम थिए। तर जबकि उहाँले त्यस्तो काम गरिरहनुभएको बेलामा, उहाँ देहमा जिइरहनुभएको थियो, र त्यसले देहलाई नाघेन। उहाँले जस्तोसुकै प्रकारको चङ्गाइ गर्नुभए तापनि, उहाँमा सामान्य मानवता नै थियो, उहाँले सामान्य मानव जीवन नै जिउनुभयो। परमेश्‍वरको देहधारणको युगको अवधिमा देहले आत्माको सबै काम गर्‍यो भनेर मैले भन्‍नुको कारण के हो भने, उहाँले जे काम गर्नुभए तापनि, उहाँले यो देहमा नै गर्नुभयो। तर उहाँको कामको कारणले गर्दा, मानिसहरूले उहाँको देहलाई पूर्ण रूपमा भौतिक सार भएको देहको रूपमा ठानेनन्, किनभने यो देहले अचम्मका कामहरू गर्न सक्थ्यो, र विशेष क्षणहरूमा देहको क्षमता बाहिरका कुराहरू गर्न सक्थ्यो। अवश्य नै, यी सबै घटनाहरू उहाँले आफ्नो सेवकाइलाई सुरु गर्नुभन्दा पहिले नै घटे, जस्तै उहाँलाई चालीस दिनसम्म परीक्षा गरिनु वा पर्वतमा उहाँको रूप परिवर्तन हुनु। त्यसकारण येशूमा, परमेश्‍वरको देहधारणको अर्थ पूर्ण भएन, तर यो आंशिक रूपमा मात्रै पूरा भयो। आफ्नो काम सुरु गर्नुभन्दा पहिले उहाँले देहमा जिउनुभएको जीवन सबै पक्षहरूमा अत्यन्तै सामान्य थियो। उहाँले काम सुरु गर्नुभएपछि, उहाँले आफ्नो देहको बाहिरी भेस मात्रै कायम राख्नुभयो। उहाँको काम ईश्‍वरीयताको अभिव्यक्ति थियो, त्यसकारण यसले देहका सामान्य कार्यहरूलाई नाघ्यो। आखिर,

परमेश्वरको देहधारी शरीर मासु र रगतको मानवभन्दा फरक थियो। अवश्य नै, उहाँको दैनिक जीवनमा, उहाँलाई खाना, वस्त्र, निद्रा, र बासको आवश्यकता पर्यो, उहाँलाई सबै सामान्य आवश्यकताहरूको खाँचो भयो, र उहाँमा सामान्य मानवको जस्तै चेतना थियो, र उहाँले सामान्य मानवले जस्तै सोच्नुभयो। मानिसहरूले उहाँलाई सामान्य मानिसको रूपमा नै लिन्थे, उहाँले गर्ने काम अलौकिक मात्रै थियो। वास्तवमा, उहाँले जे गर्नुभए तापनि, उहाँ सामान्य र साधारण मानवतामा जिउनुभयो, र काम गर्ने क्रममा, उहाँको चेतना निश्चित रूपमा सामान्य हुन्थ्यो, उहाँका विचारहरू निश्चित रूपमा अरू कुनै पनि सामान्य मानिसको भन्दा स्पष्ट हुन्थे। देहधारी परमेश्वरमा त्यस्तो सोचाइ र चेतना हुनु अत्यावश्यक थियो, किनभने ईश्वरीय कार्यलाई त्यस देहद्वारा व्यक्त गरिनु आवश्यक थियो जसको चेतना अत्यन्तै सामान्य हुन्थे र जसका विचारहरू अत्यन्तै स्पष्ट हुन्थे—यसरी मात्रै उहाँको देहले ईश्वरीय कामलाई व्यक्त गर्न सक्थ्यो। येशूले पृथ्वीमा बिताउनुभएको साढे तेत्तीस वर्षको अवधिभरि, उहाँले आफ्नो सामान्य मानवतालाई कायम राख्नुभयो, तर साढे तीन वर्षको उहाँको सेवकाइको अवधिमा उहाँले गर्नुभएको कामको कारण, उहाँ अत्यन्तै सर्वोच्च हुनुहुन्छ, उहाँ पहिलेभन्दा अत्यन्तै अलौकिक हुनुहुन्छ भन्ने मानिसहरूले ठाने। वास्तवमा, येशूको सामान्य मानवता उहाँले आफ्नो सेवकाइ सुरु गर्नुभन्दा पहिले र पछि अपरिवर्तित नै रह्यो; यो अवधिमा उहाँको मानवता उस्तै रह्यो, तर उहाँको सेवकाइभन्दा पहिले र पछिको भिन्नताको कारणले गर्दा, उहाँको देहको विषयमा दुई वटा फरक विचारहरू प्रकट भए। मानिसहरूले जे विचार गरे तापनि, देहधारी परमेश्वरले आफ्नो मूल, सामान्य मानवतालाई सम्पूर्ण समय नै कायम राख्नुभयो, किनभने परमेश्वर देहधारी हुनुभएको हुनाले, उहाँ देह, सामान्य मानवता भएको देहमा जिउनुभयो। चाहे उहाँले आफ्नो सेवकाइ गरिरहेको होस् वा नहोस्, उहाँको देहको सामान्य मानवतालाई हटाउन सकिएन, किनभने देहको आधारभूत सार मानवता नै हो। येशूले आफ्नो सेवकाइ गर्नुभन्दा पहिले, सबै सामान्य मानव क्रियाकलापहरूमा संलग्न हुने क्रममा, उहाँको देह पूर्ण रूपमा सामान्य नै रह्यो; उहाँ अलिकति पनि अलौकिक देखिनुभएन, उहाँले कुनै पनि आश्चर्यजनक चिन्हहरू देखाउनुभएन। त्यो समयमा, उहाँ अत्यन्तै सामान्य मानिस मात्रै हुनुहुन्थ्यो जसले परमेश्वरको आराधना गर्थ्यो, यद्यपि उहाँको खोजी कसैको भन्दा अझै इमानदार, अझै निष्कपट थियो। उहाँको अत्यन्तै सामान्य मानवताले आफैलाई यसरी नै प्रकट गर्‍यो। आफ्नो सेवकाइलाई लिनुभन्दा पहिले उहाँले कुनै पनि काम नगर्नुभएको हुनाले, उहाँको पहिचानको बारेमा कसैलाई पनि थाहा थिएन, उहाँको देह अरू सबैको भन्दा फरक छ भनेर कसैले पनि भन्न सकेन, किनभने उहाँले एउटै पनि आश्चर्यकर्म गर्नुभएन, परमेश्वर स्वयमको एउटै पनि काम गर्नुभएन। तैपनि, उहाँले आफ्नो सेवकाइ सुरु गर्नुभएपछि, उहाँले सामान्य मानवताको बाहिरी भेषलाई कायम राख्नुभयो र सामान्य मानव चेतनामा नै जिउनुभयो, तर उहाँले परमेश्वर स्वयमको कामलाई सुरु गर्नुभएको, ख्रीष्टको सेवकाइलाई लिनुभएको र मरणशील प्राणीहरू, मासु र रगतका मानिसहरूले गर्न नसक्ने काम गर्नुभएकोले, उहाँसँग सामान्य मानवता थिएन र उहाँ पूर्ण रूपमा सामान्य देह हुनुहुन्नथियो, तर अपूर्ण देहहुनुहुन्थ्यो भन्ने अनुमान मानिसहरूले गरे। उहाँले गर्नुभएको कामको कारणले गर्दा, उहाँ देहमा प्रकट हुनुभएका परमेश्वर हुनुहुन्छ जसमा सामान्य मानवता छैन भनेर मानिसहरूले भने। त्यस

किसिमको बुझाइ भ्रमपूर्ण छ, किनभने मानिसहरूले परमेश्‍वरको देहधारणको महत्त्वलाई बुझेनन्। यो गलत बुझाइ देहमा हुनुभएका परमेश्‍वरले व्यक्त गर्नुभएको काम सामान्य मानवता सहितको देहमा व्यक्त गरिएको ईश्‍वरीय काम हो भन्‍ने तथ्यबाट उठ्यो। परमेश्‍वरले देह धारण गर्नुभएको थियो, उहाँ देहमा बास गर्नुभयो, र मानवतामा उहाँले गर्नुभएको उहाँको काम उहाँको मानवताको सामान्यतालाई अस्पष्ट पार्‍यो। यस कारणले गर्दा, मानिसहरूले परमेश्‍वरमा मानवता छैन, तर ईश्‍वरीयता मात्रै छ भन्‍ने विश्‍वास गरे।

आफ्नो पहिलो देहधारणमा परमेश्‍वरले देहधारणको कार्यलाई पूरा गर्नुभएन; उहाँले कामको पहिलो चरणलाई मात्रै पूरा गर्नुभयो जसलाई परमेश्‍वरले देहमा गर्नु अत्यावश्यक थियो। त्यसैले, देहधारणको कामलाई पूरा गर्नको लागि, देहका सारा सामान्यता र वास्तविकतामा जिउँदै, अर्थात्, परमेश्‍वरको वचनलाई पूर्ण रूपमा सामान्य र साधारण देहमा प्रकट गर्दै, देहमा उहाँले अपूरो छोड्नुभएको कामलाई त्यसद्वारा समाप्त गर्दै परमेश्‍वर फेरि पनि देहमा फर्कनुभएको छ। वास्तवमा, दोस्रो देहधारी शरीर पहिलोजस्तै छ, तर यो पहिलोभन्दा अझै वास्तविक, अझै सामान्य छ। परिणामस्वरूप, दोस्रो देहधारी शरीरले सामना गर्ने कष्ट पहिलोको भन्दा ठूलो छ, तर यो कष्ट उहाँको देहको सेवकाइको परिणाम हो, जुन भ्रष्ट मानिसको कष्टजस्तो छैन। यो उहाँको देहको सामान्यता र वास्तविकताबाट पनि निस्किआउँछ। उहाँले आफ्नो सेवकाइ अत्यन्तै सामान्य र वास्तविक देहमा गर्नुहुने हुँदा, देहले अत्यन्तै धेरै कठिनाइको सामना गर्नुपर्छ। यो देह जति सामान्य र जति वास्तविक छ, उहाँले आफ्नो सेवकाइ गर्ने क्रममा त्यति नै बढी कष्ट भोग्नुहुनेछ। परमेश्‍वरको कामलाई अत्यन्तै सामान्य देहमा व्यक्त गरिएको छ, जुन अलौकिक छँदै छैन। उहाँको देह सामान्य छ र यसले मानिसलाई मुक्त गर्ने कार्यको भारलाई पनि बोक्नु पर्ने भएकोले, उहाँले अलौकिक देहले भन्दा पनि बढी कष्ट भोग्नुपर्छ—अनि यी सबै कष्ट उहाँको देहको वास्तविकता र सामान्यताबाट आउँछ। आफ्ना सेवकाइहरू गर्ने क्रममा दुई देहधारी शरीरहरूले सामना गरेका कष्टबाट, देहधारी शरीरको सारलाई देख्न सकिन्छ। देह जति सामान्य छ, काम गर्ने क्रममा उहाँले त्यति नै ठूलो कष्ट भोग्नुपर्छ; काम गर्ने देह जति वास्तविक छ, मानिसहरूका धारणा त्यति नै कठोर हुन्छ, र उहाँमा त्यति नै खतराहरू पर्ने सम्भावना हुन्छ। तैपनि, देह जति वास्तविक छ, र देहमा सामान्य मानवको आवश्यकताहरू र पूर्ण चेतना जति हुन्छ, परमेश्‍वरको कामलाई देहमा लिन उहाँ त्यति नै सक्षम हुनुहुन्छ। क्रूसमा कांटी ठोकिएको येशूकै देह थियो, पापबलिको रूपमा दिइएको उहाँकै देह थियो; सामान्य मानवता सहितको देहको माध्यमद्वारा नै उहाँले शैतानलाई जित्नुभयो र मानिसलाई क्रूसबाट पुर्ण रूपमा मुक्त गर्नुभयो। अनि पूर्ण देहको रूपमा नै परमेश्‍वरले आफ्नो दोस्रो देहधारणमा विजयको काम गर्नुहुन्छ र शैतानलाई जित्नुहुन्छ। पुर्ण रूपमा सामान्य र वास्तविक देहले मात्रै विजयको कामलाई पूर्ण रूपमा गर्न सक्छ र शक्तिशाली गवाही दिन सक्छ। भन्‍नुको अर्थ, मानिसको विजय देहमा हुनुभएका परमेश्‍वरको वास्तविकता र सामान्यताद्वारा प्रभावकारी बनाइन्छ, अलौकिक आश्‍चर्यकर्महरू र प्रकाशहरूद्वारा होइन। यस देहधारी परमेश्‍वरको सेवकाइ बोल्नु, र त्यसद्वारा मानिसलाई जित्नु र सिद्ध गर्नु हो; अर्को शब्दमा भन्दा, आत्माको काम देहमा प्रकट भयो, देहको कर्तव्य भनेको बोल्नु र त्यसद्वारा मानिसलाई पूर्ण

रूपमा जित्नु, प्रकट गर्नु, सिद्ध पार्नु, र हटाउनु हो। त्यसैले, विजयको काममा नै परमेश्‍वरले देहमा गर्नुहुने काम पूर्ण रूपमा पूरा हुनेछ। उद्धारको प्रारम्भिक कार्य देहधारणको कार्यको सुरुवात मात्रै थियो; विजयको काम गर्ने देहले देहधारणको सम्पूर्ण कामलाई पूरा गर्नेछ। लिङ्गमा, एक जना पुरुष र अर्को स्त्री हुनुहुन्छ, त्यसकारण परमेश्‍वरको देहधारणको महत्त्व पूरा हुन्छ, र यसले परमेश्‍वर सम्बन्धी मानिसका धारणाहरूलाई हटाउँछ: परमेश्‍वर पुरुष र स्त्री दुवै बन्न सक्नुहुन्छ, र वास्तवमा, देहधारी परमेश्‍वर लिङ्गरहित हुनुहुन्छ। उहाँले पुरुष र स्त्री दुवैलाई बनाउनुभयो, र उहाँको लागि, कुनै लिङ्गको विभाजन छैन। कामको यो चरणमा, परमेश्‍वरले चिन्हहरू र आश्‍चर्यका कामहरू गर्नुहुन्न, ताकि त्यो कामले वचनको माध्यमद्वारा यसका परिणामहरूलाई हासिल गर्न सक्नेछ। यसको साथै, यसको कारण के हो भने, यस पटक देहधारी परमेश्‍वरको काम भनेको बिरामीलाई निको पार्नु र भूत आत्माहरूलाई धपाउनु होइन, तर बोलेर मानिसलाई जित्नु हो, भन्नुको अर्थ परमेश्‍वरको यस देहधारी शरीरमा भएको जन्मजात क्षमता भनेको वचन बोल्नु र मानिसलाई जित्नु हो, बिरामीलाई निको पार्नु र भूत आत्माहरूलाई धपाउनु होइन। सामान्य मानवतामा उहाँको काम भनेको आश्‍चर्यकर्महरू गर्नु होइन, बिरामी निको पार्नु र भूत आत्माहरू धपाउनु होइन, तर बोल्नु हो, र त्यसकारण दोस्रो देहधारी शरीर मानिसहरूका लागि पहिलोभन्दा अझै सामान्य देखिन्छ। परमेश्‍वरको देहधारण झूट होइन भन्ने मानिसहरूले देख्छन्; तर यस देहधारी परमेश्‍वर देहधारी येशूभन्दा फरक हुनुहुन्छ, र उहाँहरू दुवै देहधारी परमेश्‍वर हुनुभए तापनि, उहाँहरू पूर्ण रूपमा उस्तै हुनुहुन्न। येशूमा सामान्य मानवता, साधारण मानवता थियो, तर उहाँले धेरै चिन्हहरू र आश्‍चर्यकर्महरू गर्नुभयो। यस देहधारी परमेश्‍वरमा, मानव आँखाले कुनै चिन्हहरू वा आश्‍चर्यका कामहरू देख्नेछैन, न त बिरामीलाई निको पारेको न त भूत आत्माहरूलाई निकालेको, न त समुद्रमा हिँडेको न त चालीस दिनसम्म उपवास बसेको नै देख्नेछ...। येशूले गर्नुभएको काम उहाँले गर्नुहुन्न, वास्तवमा उहाँको देह येशूको भन्दा फरक भएर होइन, तर बिरामीलाई चङ्गाइ गर्नु र भूत आत्माहरूलाई धपाउनु उहाँको सेवकाइ नभएकोले हो। उहाँले उहाँको आफ्नै कामलाई तोड्नुहुन्न, उहाँको आफ्नै कामलाई वाधा दिनुहुन्न। उहाँले मानिसलाई आफ्ना वास्तविक वचनहरूद्वारा जित्नुहुने हुँदा, उहाँले आश्‍चर्यकर्महरूद्वारा जित्नुको कुनै आवश्यकता पर्दैन, त्यसैले यो चरण भनेको देहधारणको कामलाई पूरा गर्नु हो। तैँले आज देख्ने देहधारी परमेश्‍वर पूर्ण रूपमा देह हुनुहुन्छ, र उहाँको बारेमा केही पनि अलौकिक छैन। उहाँ अरू झैँ बिरामी पर्नुहुन्छ, अरूलाई जस्तै उहाँलाई खाने कुरा र वस्त्र चाहिन्छ; उहाँ पुर्ण रूपमा देह हुनुहुन्छ। यदि यो समयमा, देहधारी परमेश्‍वरले अलौकिक चिन्हहरू र आश्‍चर्यका कामहरू गर्नुभयो भने, यदि उहाँले बिरामीलाई निको पार्नुभयो, भूत आत्माहरूलाई निकाल्नुभयो, वा एउटै वचनले मार्न सक्नुभयो भने, विजयको कामलाई कसरी अघि बढाउन सकिन्थ्यो? अन्यजाति राष्ट्रहरूमा कसरी काम फैलाउन सकिन्छ? बिरामीलाई चङ्गाइ गर्ने र भूत आत्माहरूलाई निकाल्ने काम अनुग्रहको युगको काम थियो, यो छुटकाराको कामको पहिलो चरण थियो, र अब परमेश्‍वरले मानिसलाई क्रूसबाट मुक्त गरिसक्नुभएको हुनाले, उहाँले अब उप्रान्त त्यो काम गर्नुहुन्न। यदि, आखिरी दिनहरूको अवधिमा, बिरामीलाई चङ्गाइ गर्ने, भूत आत्माहरूलाई धपाउने, अनि मानिसको लागि क्रूसमा टाँगिने येशूजस्तै “परमेश्‍वर” देखा पर्नुभयो

भने, यो बाइबलमा दिइएको परमेश्‍वरको व्याख्यासँग मिल्ने र मानिसले सहजै स्वीकार गर्ने भए पनि, त्यो "परमेश्‍वर", परमेश्‍वरको आत्माद्वारा होइन, तर दुष्ट आत्माद्वारा धारण गरिएको देह हुने थियो। किनभने उहाँले जे पहिले नै पूरा गरिसक्नुभएको छ त्यसलाई फेरि नदोहोर्‍याउनु परमेश्‍वरको कामको सिद्धान्त नै हो। त्यसकारण, परमेश्‍वरको दोस्रो देहधारणको काम पहिलोको कामभन्दा फरक छ। आखिरी दिनहरूमा, परमेश्‍वरले विजयको कामलाई सामान्य, साधारण देहमा प्रकट गर्नुहुन्छ; उहाँले बिरामीलाई निको पार्नुहुन्‍न, उहाँ मानिसको लागि क्रूसमा मारिनु हुनेछैन, तर देहमा वचनहरू मात्रै बोल्नुहुन्छ, र देहमा मानिसलाई विजय गर्नुहुन्छ। त्यस्तो देह मात्रै परमेश्‍वरको देहधारी शरीर हो; त्यस्तो देहले मात्रै परमेश्‍वरको कामलाई देहमा पूरा गर्न सक्छ।

चाहे यस चरणमा देहधारी परमेश्‍वरले कष्ट भोगिरहनुभएको होस् वा आफ्नो सेवकाइ गरिरहनुभएको होस्, उहाँले देहधारणको अर्थलाई पूरा गर्न त्यसो गर्नुहुन्छ, किनभने यो परमेश्‍वरको अन्तिम देहधारण हो। परमेश्‍वर दुई पटक मात्रै देहधारी हुन सक्नुहुन्छ। तेस्रो पटक हुन सक्दैन। पहिलो देहधारण पुरुष हुनुहुन्थ्यो, दोस्रो स्त्री हुनुहुन्छ, र त्यसैले परमेश्‍वरको देहको स्वरूप मानिसको मनमा पूरा हुन्छ; यसको साथै, दुई देहधारणहरूले पहिले नै परमेश्‍वरको कामलाई देहमा पूरा गरिसक्नुभएको छ। पहिलो पटक, देहधारणको अर्थलाई पूरा गर्नको लागि देहधारी परमेश्‍वरले सामान्य मानवतालाई धारण गर्नुभयो। यस पटक पनि उहाँले सामान्य मानवतालाई धारण गर्नुहुन्छ, तर यो देहधारणको अर्थ फरक छ: यो अझै गहिरो छ, र उहाँको काम अझै गहन महत्त्वको छ। परमेश्‍वर एक पटक फेरि देह बन्‍नुको कारण भनेको देहधारणको अर्थलाई पूरा गर्नु हो। जब परमेश्‍वरले उहाँको कामको यो चरणलाई पूर्ण रूपमा पूरा गर्नुभयो, देहधारणको सम्पूर्ण अर्थ, अर्थात् देहमा परमेश्‍वरको कार्य पूरा हुनेछ, र देहमा गर्नको लागि थप कुनै काम हुनेछैन। भन्‍नुको अर्थ, अबदेखि उसो आफ्नो काम गर्नको लागि परमेश्‍वर फेरि कहिल्यै देहमा आउनुहुनेछैन। मानवजातिलाई मुक्त गर्न र सिद्ध गर्नको लागि मात्रै परमेश्‍वरले देहधारणको काम गर्नुहुन्छ। अर्को शब्दमा भन्दा, कामको खातिर बाहेक, देहमा आउनु परमेश्‍वरको लागि सामान्य होइन। काम गर्नको लागि देहमा आएर, उहाँले परमेश्‍वर देह हुनुहुन्छ, सामान्य व्यक्ति, साधारण व्यक्ति हुनुहुन्छ भन्‍ने शैतानलाई देखाउनुहुन्छ–तैपनि संसारमाथि उहाँले विजय गरेर राज्य गर्न सक्नुहुन्छ, शैतानलाई जित्‍न, मानवजातिलाई उद्धार गर्न, मानवजातिलाई जित्‍न सक्नुहुन्छ! शैतानको कामको उद्देश्य भनेको मानवजातिलाई भ्रष्ट तुल्याउनु हो, जबकि परमेश्‍वरको उद्देश्य भनेको मानवजातिलाई मुक्ति दिनुहो। शैतानले मानिसलाई अतल कुण्डमा फसाउँछ, जबकि परमेश्‍वरले उसलाई यसबाट छुटाउनुहुन्छ। शैतानले सबै मानिसहरूलाई यसको आराधना गर्ने बनाउँछ, तर परमेश्‍वरले तिनीहरूलाई उहाँको प्रभुत्वको अधीनमा रहने बनाउनुहुन्छ, किनभने उहाँ सृष्टिका प्रभु हुनुहुन्छ। यी सबै काम परमेश्‍वरका दुई देहधारणहरूद्वारा हासिल गरिन्छ। वास्तवमा, उहाँको देह मानवता र ईश्‍वरीयताको मिलाप हो, र यसमा सामान्य मानवता छ। त्यसैले परमेश्‍वरको देहधारी शरीरविना, परमेश्‍वरले मानवजातिलाई मुक्त गर्ने परिणामहरू प्राप्त गर्न सक्नुहुन्‍न थियो, र उहाँको देहको सामान्य मानवताविना, देहमा उहाँले गर्नुहुने कार्यले यी परिणामहरू हासिल गर्न सक्दैन थियो। परमेश्‍वरको देहधारणको सार भनेको उहाँमा सामान्य मानवता हुनैपर्छ भन्‍ने हो; अन्यथा

यो हुनु भनेको देहधारी हुने परमेश्‍वरको मूल अभिप्रायको विपरीत हुने थियो।

किन देहधारणको अर्थ येशूको काममा पूरा भएन भनेर म भन्छु? किनभने वचन पूर्ण रूपमा देह बनेन। येशूले जे गर्नुभयो त्यो देहमा परमेश्‍वरले गर्ने कामको एउटा भाग मात्रै थियो; उहाँले उद्धारको काम मात्रै गर्नुभयो, र मानिसलाई पूर्ण रूपमा प्राप्त गर्ने काम गर्नुभएन। यस कारणले गर्दा, आखिरी दिनहरूमा परमेश्‍वर फेरि देह बन्नुभएको छ। कामको यो चरणलाई पनि सामान्य देहमा नै गरिन्छ; यो पूर्ण रूपमा सामान्य मानवद्वारा गरिन्छ, जसको मानवता अलिकति पनि असाधारण छैन। अर्को शब्दमा भन्दा, परमेश्‍वर पूर्ण रूपमा मानव बन्नुभएको छ; उहाँ त्यो व्यक्ति हुनुहुन्छ जसको पहिचान परमेश्‍वरको, पूर्ण मानवको, पूर्ण देहको छ, जसले काम गरिरहनुभएको छ। मानव आँखाले देहगत शरीरलाई देख्छ जुन विल्कुलै असाधारण छैन, जो एक साधारण व्यक्ति हुनुहुन्छ जसले स्वर्गको भाषा बोल्न सक्नुहुन्छ, जसले कुनै पनि आश्‍चर्यकर्मका चिन्हहरू देखाउने, आश्‍चर्यकर्महरू गर्ने गर्नुहुन्‍न, ठूला सभा हलहरूमा धर्मको आन्तरिक सत्यतालाई खुलासा गर्ने त परै जाओस्। मानिसहरूका लागि, दोस्रो देहधारी शरीरको काम पहिलोको भन्दा अत्यन्तै फरक देखिन सक्छ, यति फरक कि उहाँहरू दुईमा कुनै पनि मिल्ने कुरा छैन भन्‍ने देखिन्छ, र पहिलोको कुनै काम यस पटक देखिँदैन। दोस्रो देहधारी शरीरको काम पहिलोको भन्दा फरक भए तापनि, त्यसले उहाँहरूको स्रोत एउटै र उही होइन भनेर प्रमाणित गर्दैन। उहाँहरूको स्रोत एउटै हो कि होइन भन्‍ने कुरा देहहरूले गर्ने कामको स्वभावमा निर्भर हुन्छ, र उहाँहरूको बाहिरी भेषहरूमा होइन। उहाँको कामको तीन चरणहरूको अवधिमा, परमेश्‍वर दुई पटक देहधारी हुनुभएको छ, र दुवै समयमा देहधारी परमेश्‍वरको कामले नयाँ युगलाई सुरु गर्छ, नयाँ कामलाई आरम्भ गर्छ; देहधारणहरू एक-अर्काका पूरक हुन्। यी दुई देहहरू एउटै स्रोतबाट आउँछन् भनेर मानव आँखाले भन्‍नु असम्भव छ। यो मानव आँखा वा मानव मनको क्षमताभन्दा बाहिरको कुरा हो भनेर भनिरहनु आवश्यक छैन। तर उहाँहरूको सारमा, उहाँहरू एउटै हुनुहुन्छ, किनभने उहाँहरूको काम एउटै आत्माबाट आउँछ। दुई देहधारी शरीरहरू उही स्रोतबाट आउँछ कि आउँदैन भन्‍ने कुरालाई उहाँहरू जन्मनुभएको युग र स्थान वा अन्य कारकतत्वहरूद्वारा मूल्याङ्कन गर्न सकिँदैन, तर उहाँहरूले व्यक्त गर्नुभएको ईश्‍वरीय कामद्वारा गर्न सकिन्छ। दोस्रो देहधारी शरीरले येशूले गर्नुभएको कुनै पनि काम गर्नुहुन्‍न, किनभने परमेश्‍वरको कामले चलनलाई पालन गर्दैन, तर हरेक पटक यसले नयाँ मार्ग खोल्छ। दोस्रो देहधारी शरीरले मानिसहरूको मनमा पहिलो देहको छविलाई गहन बनाउने वा ठोस बनाउने होइन, तर यसलाई पूरा गर्ने र सिद्ध बनाउने, परमेश्‍वर सम्बन्धी मानिसको ज्ञानलाई गहन बनाउने, मानिसहरूको हृदयमा रहेका सम्पूर्ण नियमहरूलाई तोड्ने, र तिनीहरूका हृदयमा भएको परमेश्‍वरका गलत प्रतिरूपहरूलाई हटाउने उद्देश्य राख्छ। परमेश्‍वरको आफ्नै कामको कुनै पनि व्यक्तिगत चरणले मानिसलाई उहाँ सम्बन्धी पूर्ण ज्ञान दिन सक्दैन भनेर भन्‍न सकिन्छ; हरेकले एक भाग मात्रै दिन्छ, पूर्णता होइन। परमेश्‍वरले आफ्नो स्वभावलाई पूर्ण रूपमा व्यक्त गर्नुभएको भए तापनि, मानिसको सीमित समझशक्तिको कारण, परमेश्‍वर सम्बन्धी उसको ज्ञान अपूरो नै रहन्छ। मानव भाषाको प्रयोग गरेर परमेश्‍वरको स्वभावको पूर्णतालाई व्यक्त गर्नु असम्भव छ; यसको साथै, उहाँको कामको एकल चरणले कसरी परमेश्‍वरलाई पूर्ण रूपमा व्यक्त गर्न सक्छ? उहाँले आफ्नो

सामान्य मानवताको आवरणभित्र रही देहमा काम गर्नुहुन्छ, र उहाँको ईश्वरीयताका अभिव्यक्तिहरूद्वारा मात्रै उहाँलाई चिन्न सकिन्छ, उहाँको शारीरिक आवरणद्वारा होइन। मानिसलाई उहाँका विभिन्न कामको माध्यमद्वारा उहाँलाई चिन्न दिनको लागि परमेश्वर देहमा आउनुहुन्छ, र उहाँको कामका कुनै पनि दुई चरणहरू उस्तै हुँदैनन्। यसरी मात्रै देहमा परमेश्वरले गर्नुहुने कामको पूर्ण ज्ञान मानिसले पाउन सक्छ, एउटै मात्र पक्षमा मात्रै सीमित हुँदैन। दुई देहधारी शरीरका काम फरक भए तापनि, देहहरूका सार, र उहाँहरूका कामको स्रोत उस्तै छन्; के मात्रै हो भने उहाँहरू कामका फरक-फरक चरणहरूलाई गर्नको निम्ति अस्तित्वमा हुनुहुन्छ, र दुई फरक युगहरूमा खडा हुनुहुन्छ। जेसुकै भए तापनि, परमेश्वरका देहधारी शरीरहरूको उही सार र उही व्युत्पत्ति छ–यो कसैले पनि नकार्न नसक्ने सत्य हो।

# परमेश्वरको कार्य र मानिसको अभ्यास

मानिसको बीचमा परमेश्वरले गर्ने काम मानिसबाट अलग रहन सक्दैन, किनभने मानिसनै यो कामको लक्ष्य, र परमेश्वरले बनाउनुभएको एउटै मात्र प्राणी हो, जसले परमेश्वरको साक्षी दिन सक्छ। मानिसको जीवन र मानिसका सबै क्रियाकलापहरूलाई परमेश्वरबाट अलग गर्न सकिँदैन, र यी सबै परमेश्वरका हातद्वारा नियन्त्रित छन्, र कुनै पनि व्यक्ति परमेश्वरबाट स्वतन्त्र रहेर अस्तित्वमा रहन सक्दैन भनेर समेत भन्न सकिन्छ। यसलाई कसैले पनि इन्कार गर्न सक्दैन, किनभने यो एउटा तथ्य हो। परमेश्वरले गर्नुहुने सबै कुरा मानवजातिको फाइदाको लागि हो र यो शैतानका युक्तिहरूका विरुद्ध निर्देशित छ। मानिसलाई चाहिने सबै कुरा परमेश्वरबाट आउँछ, र मानिसको जीवनको स्रोत परमेश्वर नै हुनुहुन्छ। तसर्थ, मानिस परमेश्वरबाट अलग हुनै सक्दैन। यसको साथै, मानिसबाट अलग हुने परमेश्वरको कुनै अभिप्राय कहिल्यै रहेको छैन। परमेश्वरले गर्नुहुने काम सारा मानवजातिको खातिर हो, र उहाँका विचारहरू सँधै दयालु छन्। त्यसो भए, मानिसको लागि परमेश्वरको काम र परमेश्वरका विचारहरू (अर्थात्, परमेश्वरको इच्छा) दुवै नै मानिसले जान्नुपर्ने “दर्शनहरू” हुन्। त्यस्ता दर्शनहरू परमेश्वरको व्यवस्थापन र मानिसले गर्न नसक्ने काम पनि हुन्। आफ्नो कामको अवधिमा परमेश्वरले मानिसलाई गर्ने मागहरूलाई, यस बीचमा, मानिसको “अभ्यास” भनिन्छ। दर्शनहरू परमेश्वर स्वयमका काम हुन्, वा ती मानवजातिप्रतिको उहाँको इच्छा वा उहाँको कामका उद्देश्यहरू र महत्त्व हुन्। दर्शनहरूलाई व्यवस्थापनको भाग पनि भन्न सकिन्छ, किनभने यो व्यवस्थापन परमेश्वरको काम हो, र यो मानिसप्रति निर्देशित छ, जसको अर्थ यो परमेश्वरले मानिसको बीचमा गर्नुहुने काम हो भन्ने हुन्छ। यो काम त्यो प्रमाण र मार्ग हो जसद्वारा मानिसले परमेश्वरलाई चिन्छ, र यो मानिसको लागि सबैभन्दा धेरै महत्त्वको छ। यदि मानिसहरूले परमेश्वरको कार्यको ज्ञानमा ध्यान दिनुको सट्टा, परमेश्वरमाथिको विश्वासका धर्मसिद्धान्तहरू, वा सानातिना महत्त्वहीन विवरणहरूमा मात्रै ध्यान दिन्छन् भने, तिनीहरूले परमेश्वरलाई चिन्नेछैनन्, र यसको साथै, तिनीहरू परमेश्वरको हृदयअनुसारका बन्नेछैनन्। परमेश्वर सम्बन्धी मानिसको ज्ञानको लागि अत्यन्तै उपयोगी

परमेश्वरको कामलाई दर्शनहरू भनिन्छ। परमेश्वरको काम, परमेश्वरको इच्छा, र परमेश्वरको कामका लक्ष्यहरू र महत्त्व नै यी दर्शनहरू हुन्; ती सबै मानिसको लागि लाभदायक छन्। अभ्यासले मानिसद्वारा गरिनुपर्ने, परमेश्वरलाई पछ्याउने प्राणीहरूद्वारा गरिनुपर्ने कुरालाई जनाउँछ, र यो मानिसको कर्तव्य पनि हो। मानिसले के गर्नुपर्छ भन्ने कुरा मानिसले सुरुदेखि नै बुझेको कुरा होइन, तर आफ्नो कामको अवधिमा परमेश्वरले मानिसलाई दिनुभएका मागहरू नै हुन्। परमेश्वरले कार्य गर्ने क्रममा यी मागहरू क्रमिक रूपमा अझै गहन र अझै उच्च बन्छन्। उदाहरणको लागि, व्यवस्थाको युगमा, मानिसले व्यवस्थालाई पछ्याउनुपर्थ्यो, र अनुग्रहको युगमा मानिसले क्रूसलाई बोक्नुपर्थ्यो। राज्यको युग फरक छ: मानिसलाई दिइएका मागहरू व्यवस्थाको युग र अनुग्रहको युगको भन्दा उच्च छन्। दर्शनहरू जति उच्च हुँदै जान्छन्, मानिसलाई दिइएका मागहरू त्यति नै उच्च हुँदै जान्छन्, र अझै स्पष्ट र अझै वास्तविक हुँदै जान्छन्। त्यसरी नै, दर्शनहरू पनि बढ्दो रूपमा वास्तविक हुँदै जान्छन्। यी धेरै वास्तविक दर्शनहरू परमेश्वरप्रतिको मानिसको आज्ञापालनसँग मात्रै अनुकूल छैनन्, तर परमेश्वरसम्बन्धी उसको ज्ञानसँग अझै अनुकूल छन्।

अघिल्ला युगहरूको तुलनामा, राज्यको युगको अवधिमा परमेश्वरको काम अझै बढी व्यवहारिक, मानिसको सार-तत्व र उसका स्वभाव परिवर्तनहरूप्रति अझै बढी निर्देशित, र उहाँलाई पछ्याउनेहरू सबैका खतिर परमेश्वर स्वयमको साक्षी दिन अझै बढी सक्षम छ। अर्थात, राज्यको युगको अवधिमा उहाँले काम गर्ने क्रममा, परमेश्वरले आफैलाई मानिसकहाँ विगतको कुनै पनि समयमा भन्दा बढी प्रकट गर्नुहुन्छ, जसको अर्थ मानिसले जान्नुपर्ने दर्शनहरू कुनै पनि अघिल्लो युगको भन्दा उच्च छन् भन्ने हुन्छ। मानिसको बीचमा परमेश्वरले गर्नुहुने काम अभूतपूर्व क्षेत्रमा प्रवेश गरेको हुनाले, राज्यको युगको अवधिमा मानिसले जानेका दर्शनहरू सम्पूर्ण व्यवस्थापनको कार्यभरिमा नै सबैभन्दा उच्च छन्। परमेश्वरको कार्य अभूतपूर्व क्षेत्रमा प्रवेश गरेको छ, र त्यसैले मानिसले जान्नुपर्ने दर्शनहरू सम्पूर्ण दर्शनहरूमा सबैभन्दा उच्च बनेका छन्, र यसको परिणामस्वरूप मानिसले गर्ने अभ्यास पनि अघिल्लो जुनसुकै युगको भन्दा उच्च छ, किनभने मानिसको अभ्यास दर्शनहरूसँगै परिवर्तन हुन्छ, र दर्शनहरूको सिद्धता मानिसलाई दिइएका मागहरूको सिद्धताको पनि सङ्केत हो। परमेश्वरका सबै व्यवस्थापन रोकिने बित्तिकै, मानिसको अभ्यास पनि रोकिन्छ, र परमेश्वरको कामविना, विगत समयका धर्मसिद्धान्तलाई पालन गर्ने बाहेक मानिससँग अरू कुनै विकल्प रहनेछैन, अन्यथा फर्कने ठाउँ कहीँ पनि हुनेछैन। नयाँ दर्शनहरूविना, मानिसद्वारा गरिने कुनै नयाँ अभ्यास हुनेछैन; पूर्ण दर्शनहरूविना, मानिसद्वारा गरिन कुनै सिद्ध अभ्यास हुनेछैन; उच्च दर्शनहरूविना, मानिसद्वारा गरिने कुनै उच्च अभ्यास हुनेछैन। मानिसको अभ्यास परमेश्वरका पाइलाहरूसँगै परिवर्तन हुन्छ, अनि, सोही अनुरूप, मानिसका ज्ञान र अनुभव पनि परमेश्वरको कार्यसँगै परिवर्तन हुन्छन्। मानिस जति सक्षम भए तापनि, ऊ परमेश्वरबाट अलग रहन सक्दैन, र यदि परमेश्वरले एक क्षणको लागि मात्रै भए पनि काम गर्न छोड्नुभयो भने, मानिस उहाँको क्रोधबाट तुरुन्तै मर्ने थियो। घमण्ड गर्नको लागि मानिससँग केही पनि छैन, किनभने मानिसको ज्ञान आज जति नै उच्च किन नहोस्, उसका अनुभवहरू जति नै प्रगाढ किन नहोऊन्, ऊ परमेश्वरको कामबाट अलग रहन सक्दैन–किनभने मानिसको अभ्यास, र परमेश्वरमाथिको आफ्नो विश्वासमा

उसले खोज्नुपर्ने कुरालाई दर्शनहरूबाट अलग गर्न सकिँदैन। परमेश्‍वरको कार्यको हरेक घटनामा, मानिसले जान्नुपर्ने दर्शनहरू छन्, र, यीनै कुराहरूलाई पछ्याउँदै, मानिसलाई उचित मागहरू दिइन्छ। जगको रूपमा रहेका यी दर्शनहरूविना, मानिस अभ्यास गर्न असक्षम हुने थियो, न त ऊ अटल रूपमा परमेश्‍वरलाई पछ्याउन नै सक्षम हुने थियो। यदि मानिसले परमेश्‍वरलाई चिन्दैन वा परमेश्‍वरको इच्छालाई बुझ्दैन भने, मानिसले गर्ने सबै कुरा व्यर्थ, र परमेश्‍वरद्वारा अनुमोदन हुन असक्षम हुन्छ। मानिसका वरदानहरू जति नै प्रशस्त भए पनि, परमेश्‍वरको काम र परमेश्‍वरको अगुवाइबाट ऊ अझै अलग रहन सक्दैन। मानिसका कार्यहरू जति नै असल भए पनि वा मानिसले जति नै कामहरू गरे पनि, तिनले परमेश्‍वरको कार्यलाई अझै प्रतिस्थापन गर्न सक्दैनन्। त्यसैले, कुनै पनि परिस्थितिमा मानिसको अभ्यासलाई दर्शनहरूबाट अलग गर्न सकिँदैन। नयाँ दर्शनहरूलाई स्वीकार नगर्नेहरूसँग कुनै नयाँ अभ्यास हुँदैन। तिनीहरूको अभ्यासले सत्यतासँग कुनै सम्बन्ध राख्दैन किनभने तिनीहरू धर्मसिद्धान्त अनुसार चल्दछन र तिनीहरूले मृत व्यवस्थालाई छाड्दैनन्; तिनीहरूमा कुनै नयाँ दर्शनहरू हुँदैन, र यसको परिणाम स्वरूप, तिनीहरूले नयाँ युगको कुनै पनि कुरालाई अभ्यास गर्दैनन्। तिनीहरूले दर्शनहरूलाई गुमाएका छन्, र यस क्रममा तिनीहरूले पवित्र आत्माको कामलाई पनि गुमाएका छन्, र तिनीहरूले सत्यतालाई गुमाएका छन्। सत्यता विहीनहरू मूर्खताका सन्तान हुन्, तिनीहरू शैतानका मूर्तरूप हुन्। कुनै व्यक्ति चाहे जस्तोसुकै प्रकारको व्यक्ति होस्, तिनीहरू परमेश्‍वरको कामका दर्शनहरू विहीन हुन सक्दैनन्, र पवित्र आत्माको उपस्थिति विहीन हुन सक्दैनन्; कुनै व्यक्तिले दर्शनहरूलाई गुमाउने बित्तिकै, उ पातालमा झरिहाल्छ र अन्धकारको बीचमा जिउँछ। दर्शनहरूविनाका मानिसहरू परमेश्‍वरलाई मूर्खतापूर्ण तरिकाले पछ्याउनेहरू हुन्, तिनीहरू त्यस्ता हुन् जसमा पवित्र आत्माको काम हुँदैन, र तिनीहरू नरकमा जिइरहेका हुन्छन्। त्यस्ता मानिसहरूले सत्यताको खोजी गर्दैनन्, बरु परमेश्‍वरको नामलाई साइनबोर्ड जस्तै झुण्ड्याउँछन्। पवित्र आत्माको कामलाई नचिन्नेहरू, देहधारी परमेश्‍वरलाई नचिन्नेहरू, परमेश्‍वरको व्यवस्थापनको सम्पूर्णताका तीन चरणको कार्यलाई नजान्नेहरू–तिनीहरूलाई दर्शनहरूको बारेमा थाहा छैन, त्यसैले तिनीहरू सत्यता विहीन छन्। अनि सत्यता नभएकाहरू सबै दुष्ट काम गर्नेहरू होइनन् र? सत्यतालाई अभ्यास गर्न इच्छुकहरू, परमेश्‍वरको ज्ञानको खोजी गर्न इच्छुकहरू, र परमेश्‍वरसँग साँचो रूपमा सहकार्य गर्नेहरू ती मानिसहरू हुन् जसका लागि दर्शनहरूले जगको रूपमा काम गर्छन्। तिनीहरूलाई परमेश्‍वरले स्वीकार गर्नुहुन्छ किनभने तिनीहरूले परमेश्‍वरसँग सहकार्य गर्छन्, र मानिसले अभ्यास गर्नुपर्ने यही सहकार्य नै हो।

दर्शनहरूमा अभ्यास गर्नुपर्ने धेरै मार्गहरू समावेश छन्। मानिसले जान्नु पर्ने परमेश्‍वरको काम भएजस्तै, मानिसबाट गरिने व्यवहारिक मागहरू पनि दर्शनहरूभित्र समावेश छन्। विगतमा, विभिन्न स्थानमा आयोजना गरिने विशेष भेलाहरू वा भव्य भेलाहरूमा, अभ्यासको मार्गको एउटै पक्षको बारेमा मात्रै बोलियो। त्यस्तो अभ्यास अनुग्रहको युगको अवधिमा व्यवहारमा उतार्नुपर्ने अभ्यास थियो, र परमेश्‍वर सम्बन्धी ज्ञानसँग यसले मुस्किलले सम्बन्ध राख्थ्यो, किनभने अनुग्रहको युगको दर्शन येशूको क्रुसीकरणको दर्शन मात्रै थियो, र अरू कुनै ठूला दर्शनहरू थिएनन्। क्रुसीकरणद्वारा उहाँले गर्नुभएको मानवजातिको छुट्कारको कामभन्दा बढी कुरा मानिसले जान्नुहुँदैन भन्ने

मानिन्थ्यो, र अनुग्रहको युगको अवधिमा, मानिसले जान्नुपर्ने अरू कुनै पनि दर्शनहरू थिएनन्। यसरी, मानिससँग परमेश्वरसम्बन्धी थोर मात्रै ज्ञान थियो, र येशूको प्रेम र करुणा सम्बन्धी ज्ञान बाहेक, उसले अभ्यास गर्नका लागि थोरै सरल र दयनीय कुराहरू, अर्थात्, आजका कुराहरूभन्दा निकै टाढाको कुराहरू मात्रै थिए। विगतमा, उसको भेलाले जस्तोसुकै आकार लिए पनि, परमेश्वरको कामको व्यवहारिक ज्ञानको बारेमा बताउन मानिस असक्षम थियो, मानिस प्रवेश गर्नुपर्ने सबैभन्दा उपयुक्त अभ्यासको मार्ग कुन हो भन्ने कुरालाई कसैले स्पष्ट रूपमा बताउन सक्नु त परै जाओस्। मानिसले सहनशीलता र धैर्यताको जगमा केही सरल विवरणहरू मात्रै थप्यो; उसको अभ्यासको सारमा कुनै परिवर्तन नै थिएन, किनभने उही युगमा परमेश्वरले कुनै पनि नयाँ काम गर्नुभएन, र मानिसलाई उहाँले गर्नुभएका मागहरू सहनशीलता र धैर्यता, वा क्रूस उठाउने कार्य मात्रै थिए। त्यस्ता अभ्यासहरू बाहेक, येशूको क्रुसीकरणभन्दा अरू कुनै उच्च दर्शनहरू थिएनन्। विगतमा, अरू दर्शनहरूको बारेमा कुनै उल्लेख गरिएन किनभने परमेश्वरले त्यति धेरै काम गर्नुभएन, किनभने उहाँले मानिसलाई सीमित मागहरू मात्रै गर्नुभयो। यसरी, मानिसले जेसुकै गरे तापनि, यी सीमाहरूलाई उल्लङ्घन गर्न ऊ असक्षम थियो, जुन सीमाहरू मानिसले अभ्यास गर्नुपर्ने केही सरल र सतही कुराहरू बाहेक केही पनि थिएनन्। आज म अरू दर्शनहरूका बारेमा बताउँछु किनभने आज धेरै काम गरिएको छ, जुन काम व्यवस्थाको युग र अनुग्रहको युगकोभन्दा धेरै गुणा बढी छ। मानिसलाई दिइएका मागहरू पनि विगतका युगहरूका भन्दा कैयौं गुणा बढी छन्। यदि मानिस त्यस किसिमको कार्यलाई बुझ्न पूर्ण रूपमा असमर्थ छ भने, यसमा त्यति ठूलो महत्त्व हुँदैन; यदि मानिसले यसको लागि आफ्नो सम्पूर्ण जीवनभरको प्रयासलाई समर्पित गर्दैन भने त्यस्ता कार्यलाई पूर्णरूपमा बुझ्न उसलाई कठिनाइ हुनेछ भन्न सकिन्छ। विजयको काममा, अभ्यासको मार्गको बारेमा मात्रै कुरा गर्नुले मानिसको विजयलाई असम्भव तुल्याउनेथियो। मानिसलाई कुनै पनि मागहरू नदिइकन दर्शनहरूका बारेमा मात्रै कुरा गरियो भने यसले पनि मानिसको विजयलाई असम्भव नै तुल्याउनेथियो। यदि अभ्यासको मार्ग बाहेक अरू केहीको बारेमा बोलिएन भने, मानिसको मुख्य कमजोरीलाई प्रहार गर्नु, वा मानिसका धारणाहरूलाई तोड्नु असम्भव हुनेथियो, र मानिसलाई पूर्ण रूपले विजय गर्नु पनि असम्भव नै हुनेथियो। मानिसको विजयको मुख्य औजार दर्शनहरू नै हुन्, तैपनि यदि दर्शनहरू बाहेक अभ्यासको कुनै मार्ग थिएन भने, मानिसले पछ्याउनको लागि कुनै बाटो हुने थिएन, उसँग प्रवेशका कुनै माध्यमहरू हुनु त परै जाओस्। सुरुदेखि अन्तिमसम्मै परमेश्वरको कामको सिद्धान्त यही नै रहेको छ: दर्शनहरूमा ती कुरा छन् जसलाई अभ्यास गर्न सकिन्छ, र अभ्यासबाहेक थप रूपमा दर्शनहरू पनि छन्। मानिसको जीवन र उसको स्वभाव दुवैमा हुने परिवर्तनहरूको तह दर्शनहरूको परिवर्तनसँग साथ-साथै रहन्छ। यदि मानिस आफ्नै प्रयासहरूमा मात्रै भर पर्नु परेकोथियो भने, उसले कुनै पनि ठूलो तहको परिवर्तन हासिल गर्न असम्भव हुनेथियो। दर्शनहरूले परमेश्वर स्वयमको काम र परमेश्वरको व्यवस्थापनको बारेमा बताउँछन्। अभ्यासले मानिसको अभ्यासको मार्ग, र मानिसको अस्तित्वको बाटोलाई जनाउँछ; परमेश्वरको सबै व्यवस्थापनमा, दर्शनहरू र अभ्यास बीचको सम्बन्ध परमेश्वर र मानिस बीचको सम्बन्ध हो। यदि दर्शनहरूलाई हटाइयो भने, वा यदि अभ्यासको बारेमा कुरा नगरिकन तिनको

बारेमा बताइयो भने, वा यदि दर्शनहरू मात्रै थिए र मानिसका अभ्यासलाई हटाइएको थियो भने, त्यस्ता कुराहरूलाई परमेश्‍वरको व्यवस्थापनको रूपमा लिन सकिँदैन, मानवजातिको लागि परमेश्‍वरको कार्य गरिएको थियो भनेर भन्‍न सक्ने त परै जाओस्; यसरी, मानिसको कर्तव्यलाई हटाइने मात्रै होइन, तर यो परमेश्‍वरको कामको उद्‌देश्यको पनि इन्कार हुनेथियो। यदि, सुरुदेखि अन्तिमसम्मै, परमेश्‍वरको कामको संलग्नताविना नै मानिसले अभ्यास मात्रै गर्नु आवश्यक थियो, साथै, मानिसले परमेश्‍वरको कामको बारेमा जान्‍नु आवश्यक थिएन भने, त्यस्तो काम अझै विरलैपरमेश्‍वरको व्यवस्थापन भन्‍न सकिन्थ्यो। यदि मानिसले परमेश्‍वरलाई चिनेको थिएन, र परमेश्‍वरको इच्छाको बारेमा अनजान थियो, अनि उसले आफ्नो अभ्यासलाई अस्पष्ट र अमूर्त रूपमा अन्धाधुन्ध अघि बढाउँथ्यो भने, ऊ कहिल्यै पनि पूर्ण रूपमा योग्य प्राणी बन्‍ने थिएन। त्यसकारण, यी दुवै कुरा अपरिहार्य छन्। यदि परमेश्‍वरको काम मात्रै थियो, भन्‍नुको अर्थ, यदि दर्शनहरू मात्रै थिए र मानिसद्‌वारा कुनै सहकार्य वा अभ्यास गरिएको थिएन भने, त्यस्ता कुराहरूलाई परमेश्‍वरको व्यवस्थापन भन्‍न सकिँदैन। यदि मानिसको अभ्यास र प्रवेश मात्रै थिए भने, मानिस जति उच्‍च मार्गमा प्रवेश गरे तापनि, यो पनि अस्वीकार्य नै हुनेथियो। मानिसको प्रवेश काम र दर्शनहरूसँगै क्रमिक रूपमा परिवर्तन हुनुपर्छ; यो झट्ट परिवर्तन हुन सक्दैन। मानिसको अभ्यासका सिद्‌धान्तहरू स्वतन्त्र र बन्धनमुक्त छैनन् तर ती निश्‍चित सीमाभित्र तय गरिएका हुन्छन्। त्यस्ता सिद्‌धान्तहरू कामको दर्शनहरूसँगै परिवर्तन हुन्छन्। त्यसकारण, परमेश्‍वरको व्यवस्थापन आखिरमा परमेश्‍वरको काम र मानिसको अभ्यासमा नै जोडिन्छ।

मानिसको कारणले गर्दा मात्रै व्यवस्थापनको कार्य आयो, जसको अर्थ मानवजातिको अस्तित्वको कारणले मात्रै यो खडा भयो। मानवजाति हुनु भन्दा पहिले, वा सुरुमा, जब स्वर्ग र पृथ्वी अनि यावत् थोक सृष्टि गरियो, त्यो बेला कुनै व्यवस्थापन थिएन। यदि, परमेश्‍वरको सारा काममा, मानिसको लागि लाभदायक कुनै अभ्यास थिएन भने, अर्थात्, भ्रष्ट मानवजातिलाई परमेश्‍वरले उचित मागहरू नदिनुभएको भए (यदि, परमेश्‍वरले गर्नुभएको काममा, मानिसको अभ्यासको लागि कुनै उपयुक्त मार्ग थिएन भने), यो कार्यलाई परमेश्‍वरको व्यवस्थापन भनेर भन्‍न सकिने थिएन। यदि परमेश्‍वरको कार्यको सम्पूर्णतामा भ्रष्ट मानवजातिलाई तिनीहरूले आफ्नो अभ्यासलाई कसरी अघि बढाउनुपर्छ भन्‍ने बारेमा बताउने कार्य मात्रै समावेश थियो भने, र परमेश्‍वरले आफ्नो कुनै पनि कार्य-कुशलतालाई अघि नबढाउनुभएको भए, र आफ्नो सर्व-शक्ति वा बुद्‌धिको एउटा भाग पनि प्रदर्शन नगर्नुभएको भए, परमेश्‍वरले मानिसलाई दिनुभएको मागहरू जति उच्‍च भए पनि, मानिसको बीचमा परमेश्‍वर जति लामो समय बस्नुभएको भए तापनि, मानिसले परमेश्‍वरको स्वभावको बारेमा केही पनि जान्‍ने थिएन; यदि त्यसो भएको भए, यस प्रकारको कामलाई परमेश्‍वरको व्यवस्थापन भन्‍न अझै अयोग्य हुनेथियो। सरल रूपमा भन्दा, परमेश्‍वरको व्यवस्थापनको काम भनेको परमेश्‍वरले गर्नुभएका, साथै परमेश्‍वरद्‌वारा प्राप्त गरिएकाहरूले परमेश्‍वरको अगुवाइमा गरेका सबै काम हो। त्यस प्रकारको कामलाई व्यवस्थापन भनेर सारांशित गर्न सकिन्छ। अर्को शब्दमा भन्दा, मानिसको बीचमा परमेश्‍वरले गर्नुहुने काम, साथै उहाँलाई पछ्याउनेहरूले उहाँसँग गर्ने सहकार्य सबैलाई समग्रमा व्यवस्थापन भनिन्छ। यहाँ, परमेश्‍वरको

कार्यलाई दर्शनहरू भनिएको छ, र मानिसको सहकार्यलाई अभ्यास भनिएको छ। परमेश्वरको कार्य जति उच्च छ (अर्थात्, दर्शनहरू जति उच्च छन्), परमेश्वरको स्वभावलाई मानिसको लागि त्यति नै सरल तुल्याइन्छ, यो मानिसका धारणाहरूसँग त्यति नै अमिल्दो हुन्छ, र मानिसको अभ्यास र सहकार्य त्यति नै उच्च बन्छ। मानिसलाई दिइएका मापदण्डहरू जति उच्च छन्, मानिसका धारणाहरूसँग परमेश्वरको कार्य त्यति नै अमिल्दो हुन्छ, जसको परिणाम स्वरूप, मानिसका परीक्षाहरू, र उसले पूरा गर्नुपर्ने मापदण्डहरू पनि उच्च बन्छन्। यो कामको समाप्तिमा, सारा दर्शनहरू पूरा गरिएका हुनेछन्, र मानिसले जुन कुरालाई अभ्यास गर्नुपर्ने छ त्यो सिद्धताको शिखरमा पुगेको हुनेछ। यो हरेकलाई यसका प्रकार अनुसार वर्गीकरण गरिने समय पनि हुनेछ, किनभने मानिसले जान्नु आवश्यक कुरा मानिसलाई देखाइएको हुनेछ। त्यसकारण, जब दर्शनहरू चरम विन्दुमा पुग्छन्, सोही अनुरूप काम पनि यसको समाप्तिमा पुग्नेछ, र मानिसको अभ्यास पनि यसको शीर्ष विन्दुमा पुगेको हुनेछ। मानिसको अभ्यास परमेश्वरको काममा आधारित हुन्छ, र परमेश्वरको व्यवस्थापन मानिसको अभ्यास र सहकार्यमा मात्रै पूर्ण रूपमा व्यक्त हुन्छ। मानिस परमेश्वरको कामको प्रदर्शन-नमुना, र परमेश्वरको सारा व्यवस्थापन कार्यको लक्ष्य, साथै परमेश्वरको सम्पूर्ण व्यवस्थापनको परिणाम पनि हो। यदि परमेश्वरले मानिसको सहकार्यविना नै काम गर्नुभयो भने, उहाँको सम्पूर्ण कार्यको उत्कृष्टताको रूपमा रहन सक्ने केही पनि हुनेथिएन, र परमेश्वरको व्यवस्थापनको अलिकति पनि महत्त्व हुनेथिएन। परमेश्वरको कामको अतिरिक्त, आफ्नो कामलाई व्यक्त गर्न र यसको सर्व-शक्ति र बुद्धिलाई प्रमाणित गर्नको लागि परमेश्वरले उचित पात्रहरूलाई छनौट गरेर मात्रै, आफ्नो व्यवस्थापनको उद्देश्यलाई पूरा गर्न, र शैतानलाई पूर्ण रूपमा पराजित गर्नको लागि यी सबै कार्यको प्रयोग गर्नुको आफ्नो लक्ष्यलाई हासिल गर्न सक्नुहुन्छ। त्यसकारण, मानिस परमेश्वरको व्यवस्थापनको कामको अपरिहार्य भाग हो, र परमेश्वरको व्यवस्थापनलाई फल फलाउने र यसको अन्तिम लक्ष्यलाई हासिल गर्ने बनाउन सक्ने मानिस मात्रै हो; मानिस बाहेक, अरू कुनै पनि प्राणीले त्यस किसिमको भूमिकालाई निर्वाह गर्न सक्दैन। यदि मानिस परमेश्वरको व्यवस्थापन कार्यको साँचो उत्कृष्टता हुनु छ भने, भ्रष्ट मानवजातिको अनाज्ञाकारीतालाई पूर्ण रूपमा हटाइनुपर्छ। यसको लागि के आवश्यक पर्छ भने मानिसलाई फरक-फरक समयको लागि उपयुक्त अभ्यास दिइनुपर्छ, र परमेश्वरले मानिसको बीचमा त्यसै अनुरूपको कार्य गर्नुपर्छ। यसरी मात्रै आखिरमा मानिसहरूको त्यो समूहलाई प्राप्त गरिनेछ जो परमेश्वरको व्यवस्थापन कार्यको उत्कृष्टता हुन्। परमेश्वरको कार्यद्वारा मात्रै मानिसको बीचमा परमेश्वरले गर्नुभएको कार्यले परमेश्वरको गवाही दिन सक्दैन; त्यस्तो गवाही हासिल गर्नको लागि उहाँको कामको निम्ति उपयुक्त जीवित मानवजातिको आवश्यकता पर्छ। परमेश्वरले सुरुमा यी मानिसहरूमा काम गर्नुहुन्छ, त्यसपछि त्यसद्वारा उहाँको कामलाई व्यक्त गरिनेछ, र यसरी उहाँको त्यस्तो गवाहीलाई प्राणीहरूका बीचमा वहन गरिनेछ, र यसमा, परमेश्वरले आफ्नो कामको लक्ष्यलाई हासिल गर्नुभएको हुनेछ। शैतानलाई हराउनको लागि परमेश्वरले एक्लै काम गर्नुहुन्न किनभने उहाँले सारा प्राणीहरूका बीचमा आफ्नो गवाही आफै दिन सक्नुहुन्न। यदि उहाँले त्यसो गर्नुभयो भने, मानिसलाई पूर्ण रूपमा विश्वस्त तुल्याउनु असम्भव हुनेथियो, त्यसकारण त्यसलाई जित्नको लागि परमेश्वरले

मानिसमा काम गर्नैपर्छ, त्यसपछि मात्रै उहाँले सारा प्राणीहरूका बीचमा आफ्नो गवाही प्राप्त गर्न सक्नुहुनेछ। यदि मानिसको सहकार्यविना परमेश्वरले मात्रै काम गर्नुभयो भने, वा यदि मानिसले सहकार्य गर्नु आवश्यक थिएन भने, मानिसले परमेश्वरको स्वभावलाई कहिल्यै पनि जान्न सक्नेथिएन, र ऊ परमेश्वरको इच्छाको बारेमा सदासर्वदा नै अनभिज्ञ हुनेथियो; त्यसपछि परमेश्वरको कामलाई परमेश्वरको व्यवस्थापनको काम भनेर भन्न सकिने थिएन। यदि परमेश्वरको कामलाई नबुझीकन मानिसले आफै प्रयास गरेको, र खोजी गरेको, र कठिन परिश्रम गरेको भए, मानिसले मजाक गरिरहेको हुनेथियो। पवित्र आत्माको कार्यविना, मानिसले गर्ने कुरा शैतानकै हुन्छ, ऊ विद्रोही र दुष्ट काम गर्ने हुन्छ; भ्रष्ट मानिसले गर्ने सबै कुरामा शैतानलाई प्रकट गरिन्छ, र परमेश्वरको अनुरूप केही पनि हुँदैन, र मानिसले गर्ने सबै कुरा शैतानको प्रकटीकरण नै हुन्छ। बोलिएका सबै कुरामा दर्शनहरू र अभ्यासबाट कुनै पनि कुरा अलग छैनन्। दर्शनहरूका जगमा, मानिसले अभ्यास र आज्ञापालनको मार्ग भेट्टाउँछ, ताकि उसले आफ्ना धारणाहरूलाई पन्छ्याएर विगतमा उसँग नभएका कुराहरूलाई प्राप्त गर्न सकोस्। मानिसले उहाँसँग सहकार्य गरोस्, उहाँका मागहरूमा मानिस पूर्ण रूपमा समर्पित होस् भनेर परमेश्वरले माग गर्नुहुन्छ, र मानिसले परमेश्वर स्वयमले गर्नुभएको कामलाई हेर्न, परमेश्वरको सर्वशक्तिमान् शक्तिलाई अनुभव गर्न, र परमेश्वरको स्वभावलाई जान्नको लागि अनुरोध गर्छ। सारांशमा, यी परमेश्वरका व्यवस्थापन हुन्। मानिससँगको परमेश्वरको मिलाप नै व्यवस्थापन हो, र यो सबैभन्दा ठूलो व्यवस्थापन हो।

दर्शनहरूमा संलग्न कुराले प्राथमिक रूपमा परमेश्वर स्वयमको कार्यलाई जनाउँछ, र अभ्यासमा संलग्न कुरालाई मानिस स्वयमले गर्नुपर्छ र परमेश्वरसँग यसको कुनै सम्बन्ध हुँदैन। परमेश्वरको कार्यलाई परमेश्वर स्वयमले पूरा गर्नुहुन्छ, र मानिसको अभ्यासलाई मानिस आफैले हासिल गर्छ। जुन कुरा परमेश्वरद्वारा गरिनुपर्छ त्यो मानिसद्वारा गरिनु आवश्यक छैन, र मानिसद्वारा अभ्यास गरिनुपर्ने कुरा परमेश्वरसँग सम्बन्धित छैन। परमेश्वरको कार्य उहाँको आफ्नै सेवकाइ हो र मानिससँग यसको कुनै सम्बन्ध छैन। यो कार्य मानिसद्वारा गरिनु आवश्यक छैन, यसको साथै, परमेश्वरद्वारा गरिनु पर्ने कार्य गर्न मानिस असक्षम हुनेछ। मानिसले अभ्यास गर्नु आवश्यक रहेको कुरालाई मानिसले नै पूरा गर्नुपर्छ, चाहे यो उसको जीवनको बलिदान होस्, वा गवाहीको रूपमा खडा हुनको लागि आफैलाई शैतानको हातमा सुम्पने कार्य नै होस्—यी सबैलाई मानिसले नै पूरा गर्नुपर्छ। आफूले पूरा गर्नुपर्ने सबै काम परमेश्वर स्वयमले पूरा गर्नुहुन्छ, र मानिसले गर्नुपर्ने कुरा मानिसलाई देखाइन्छ, र पूरा गर्नको लागि बाँकी काम मानिसकै लागि छोडिन्छ। परमेश्वरले थप काम गर्नुहुन्न। उहाँले आफ्नो सेवकाइभित्रको काम मात्रै गर्नुहुन्छ, र मानिसलाई बाटो मात्रै देखाउनुहुन्छ, र बाटो खोल्ने काम मात्रै गर्नुहुन्छ, अनि बाटो तयार गर्ने काम गर्नुहुन्न; यस कुरालाई सबैले बुझ्नुपर्छ। सत्यतालाई अभ्यास गर्नु भनेको परमेश्वरको वचनलाई अभ्यास गर्नु हो, र यो सबै नै मानिसको कर्तव्य हो, मानिसले गर्नु पर्ने कुरा हो, र परमेश्वरसँग यसको कुनै सम्बन्ध छैन। यदि परमेश्वरले पनि मानिसले जस्तै सत्यतामा कष्ट र शोधनको पीडा सहनुपर्छ भनेर मानिसले माग गर्छ भने, मानिस अनाज्ञाकारी भएको छ। परमेश्वरको काम भनेको आफ्नो सेवकाइ गर्नु हो, र मानिसको कर्तव्य भनेको कुनै पनि प्रतिरोधविना नै परमेश्वरका सबै मार्गदर्शनलाई पालन गर्नु

हो। परमेश्वरले जुन किसिमले काम गर्नुभए तापनि वा उहाँ जसरी जिउनुभए तापनि, आफूले हासिल गर्नुपर्ने कुरालाई मानिसले पूरा गर्नैपर्छ। परमेश्वरले मात्रै मानिसहरूलाई मागहरू दिन सक्नुहुन्छ, अर्थात्, मानिसलाई माग हरू दिनको लागि परमेश्वर मात्रै योग्य हुनुहुन्छ। मानिससँग कुनै पनि विकल्प हुनुहुँदैन र पूर्ण रूपमा समर्पित भएर अभ्यास गर्ने बाहेक उसले केही पनि गर्नु हुँदैन; मानिसमा हुनुपर्ने चेतना यही नै हो। परमेश्वर स्वयमले गर्नु पर्ने काम पूरा भएपछि, मानिसले यसलाई चरणबद्ध रूपमा अनुभव गर्नु आवश्यक हुन्छ। यदि परमेश्वरको सारा व्यवस्थापन पूरा भएपछि, अन्त्यमा, मानिसले परमेश्वरले माग गर्नुभएको कुरा मानिसले गरेको छैन भने, मानिसलाई दण्ड दिइनुपर्छ। यदि मानिसले परमेश्वरका मागहरूलाई पूरा गर्दैन भने, यो मानिसको अनाज्ञाकारीताको कारणले हो; यसको अर्थ परमेश्वर आफ्नो काममा पर्याप्त रूपमा विस्तृत हुनुभएन भन्ने होइन। परमेश्वरको वचनलाई अभ्यास गर्न नसक्नेहरू, परमेश्वरका मागहरूलाई पूरा गर्न नसक्नेहरू, र आफ्नो बफादारीता दिन र आफ्नो कर्तव्यलाई पूरा गर्न नसक्नेहरू सबैलाई दण्ड दिइनेछ। आज, तिमीहरूले पूरा गर्नु पर्ने भनेका थप मागहरू होइनन्, तर मानिसको कर्तव्य हो, र सबै मानिसहरूले गर्नुपर्ने कार्य हो। यदि तिमीहरू आफ्नो कर्तव्यलाई पूरा गर्न, वा यसलाई राम्ररी गर्न समेत असक्षम छौ भने, के तिमीहरूले आफैमाथि समस्या निम्त्याइरहेका छैनौ र? के तिमीहरूले मृत्युलाई बोलाइरहेका छैनौ र? कसरी तिमीहरूले अझै पनि भविष्य र आशाहरू पाउने अपेक्षा गर्न सक्यौ? परमेश्वरको कार्य मानवजातिको खातिर गरिन्छ, र मानिसको सहकार्य परमेश्वरको व्यवस्थापनको खातिर दिइन्छ। परमेश्वरले आफूले गर्नुपर्ने सबै कुरा गरिसक्नुभएपछि, मानिसले आफ्नो अभ्यासलाई खुला मनले गर्न र परमेश्वरसँग सहकार्य गर्न आवश्यक छ। परमेश्वरको कार्यमा, मानिसले कुनै पनि प्रयास गर्नुहुँदैन, उसले आफ्नो बफादारीता दिनुपर्छ, र विभिन्न धारणाहरूमा लुप्त हुने, वा निष्क्रिय बसेर मृत्यु पर्खिने गर्नु हुँदैन। परमेश्वरले मानिसको लागि आफैलाई बलिदान दिन सक्नुहुन्छ, तब मानिसले किन परमेश्वरलाई आफ्नो बफादारीता दिन सक्दैन? मानिसप्रति परमेश्वर एउटै हृदय र मनको हुनुहुन्छ, तब मानिसले किन सानो सहकार्य दिन सक्दैन? परमेश्वरले मानवजातिको लागि काम गर्नुहुन्छ, तब मानिसले किन परमेश्वरको व्यवस्थापनको खातिर आफ्ना केही कर्तव्यलाई पूरा गर्न सक्दैन? परमेश्वरको काम यति हदसम्म आइसकेको छ, तैपनि तिमीहरू हेर्छौ तर काम गर्दैनौ, तिमीहरू सुन्छौ तर हलचल गर्दैनौ। के यस्ता मानिसहरू अनन्त विनाशका पात्रहरू होइनन् र? परमेश्वरले पहिले नै आफ्नो सम्पूर्णता मानिसलाई समर्पित गरिसक्नुभएको छ, तब आज किन मानिस इमानदारीताको साथ आफ्नो कर्तव्य पूरा गर्न असमर्थ छ? परमेश्वरको लागि, उहाँको कार्य नै उहाँको पहिलो प्राथमिकता हो, र उहाँको व्यवस्थापनको काम नै सबैभन्दा महत्त्वपूर्ण कुरा हो। मानिसको लागि, परमेश्वरको वचनहरूलाई अभ्यास गर्नु र परमेश्वरका हरूलाई पूरा गर्नु उसको पहिलो प्राथमिकता हो। यो तिमीहरू सबैले बुझ्नुपर्छ। तिमीहरूलाई बताइएका वचनहरू तिमीहरूको सारको केन्द्र विन्दुमा नै पुगेको छ, र परमेश्वरको कार्य अभूतपूर्व क्षेत्रमा प्रवेश गरेको छ। धेरै मानिसहरू अझै पनि सत्यतावा यो बाटोको झूटलाई बुझ्दैनन्; तिनीहरू अझै पनि प्रतीक्षा गरिरहेका छन् र हेरिरहेका छन्, र आफ्नो कर्तव्यलाई पूरा गरिरहेका छैनन्। बरु, तिनीहरूले परमेश्वरको हरेक वचन र कार्यलाई छानबिन गर्छन्, तिनीहरू

उहाँले के खानुहुन्छ र के लाउनुहुन्छ भन्ने कुरालाई ध्यान दिन्छन्, र तिनीहरूका धारणाहरू अझै सोचनीय बन्छन्। के त्यस्ता मानिसहरूले व्यर्थमा चासो देखाइरहेका छैनन् र? तिनीहरू कसरी परमेश्वरलाई खोजी गर्ने मानिसहरू हुन सक्छन्? र तिनीहरू कसरी परमेश्वरमा समर्पित हुनको लागि अभिप्राय राख्ने मानिसहरू हुन सक्छन्? तिनीहरूले आफ्नो बफादारीता र कर्तव्यलाई आफ्नो मनको पछाडि राख्छन्, र परमेश्वर अवस्थितिमा ध्यान केन्द्रित गर्छन्। तिनीहरू एक आक्रोश हो! यदि मानिसले आफूले बुझ्नु पर्ने सबै कुरालाई उसले बुझेको छ, र उसले अभ्यास गर्नुपर्ने सबै कुरालाई अभ्यास गरेको छ भने, परमेश्वरले अवश्य नै मानिसमाथि आफ्ना आशिषहरू प्रदान गर्नुहुन्छ, किनभने उहाँले मानिसबाट माग गर्नुहुने कुरा भनेको मानिसको कर्तव्य हो, र मानिसले गर्नुपर्ने कुरा हो। यदि मानिस उसले बुझ्नु पर्ने कुरालाई बुझ्न असक्षम छ भने र उसले अभ्यास गर्नु पर्ने कुरालाई अभ्यास गर्न असक्षम छ भने, मानिसलाई दण्ड दिइनेछ। परमेश्वरसँग सहकार्य नगर्नेहरू परमेश्वरप्रति वैमनस्यतामा छन्, नयाँ कामलाई स्वीकार नगर्नेहरू यसको विरोधमा छन्, यदि त्यस्ता मानिसहरूले केही गरेनन् भने पनि तिनीहरू स्पष्ट रूपमा यसको विरोधमा छन्। परमेश्वरले माग गर्नुभएका सत्यतालाई अभ्यास नगर्नेहरू जानी-जानी विरोध गर्नेहरू र परमेश्वरका वचनहरूप्रति अनाज्ञाकारी हुनेहरू हुन्, चाहे तिनीहरूले पवित्र आत्माको कार्यलाई विशेष रूपमा ध्यान नै किन नदिऊन्। परमेश्वरका वचनहरूलाई पालन नगर्ने र परमेश्वरमा समर्पित नहुने मानिसहरू विद्रोहीहरू हुन्, र तिनीहरू परमेश्वरको विरोधमा छन्। आफ्नो कर्तव्यलाई पूरा नगर्ने मानिसहरू परमेश्वरसँग सहकार्य नगर्ने मानिसहरू हुन्, र परमेश्वरसँग सहकार्य नगर्ने मानिसहरू पवित्र आत्माको कार्यलाई स्वीकार नगर्ने मानिसहरू हुन्।

जब परमेश्वरको काम निश्चित विन्दुमा पुग्छ, र उहाँको व्यवस्थापन निश्चित विन्दुमा पुग्छ, तब उहाँको हृदयअनुसारकाहरू उहाँका मागहरूलाई पूरा गर्न सक्षम हुन्छन्। परमेश्वरले उहाँकै आफ्ना मापदण्डहरू अनुसार, र मानिस जुन कुरा हासिल गर्न सक्षम छ त्यही अनुसार मानिसबाट मागहरू गर्नुहुन्छ। आफ्नो व्यवस्थापनको बारेमा कुरा गर्ने क्रममा, उहाँले मानिसको लागि मार्ग पनि देखाउनुहुन्छ, र मानिसलाई जीवित रहने मार्ग प्रदान गर्नुहुन्छ। परमेश्वरको व्यवस्थापन र मानिसको अभ्यास दुवै एउटै चरणका काम हुन् र दुवैलाई एकसाथ अघि बढाइन्छ। परमेश्वरको व्यवस्थापनको कुरा मानिसको स्वभावको परिवर्तनसँग सम्बन्धित छ, र मानिसले गर्नुपर्ने कुरा र मानिसको स्वभावको परिवर्तन परमेश्वरको कामसँग सम्बन्धित छ; यी दुई अलग हुन सक्ने कुनै समय छैन। मानिसको अभ्यास चरणबद्ध रूपमा परिवर्तन भइरहेको छ। यो यसैले हो किनभने मानिसलाई परमेश्वरले गर्नुभएका मागहरू पनि परिवर्तन भइरहेका छन्, र किनभने परमेश्वरको काम सँधै परिवर्तन भइरहेको छ र प्रगति भइरहेको छ। यदि मानिसको अभ्यास धर्मसिद्धान्तको जालमा नै रहिरहन्छ भने, उसमा परमेश्वरको काम र अगुवाइको कमी छ भन्ने कुरालाई यसले प्रमाणित गर्छ; यदि मानिसको अभ्यास कहिल्यै परिवर्तन हुँदैन वा गहिराइमा जाँदैन भने, मानिसको अभ्यास मानिसको इच्छा अनुसार गरिएको छ, र यो सत्यको अभ्यास होइन भन्ने कुरालाई यसले प्रमाणित गर्छ; यदि पाइला चाल्नको लागि मानिससँग कुनै मार्ग छैन भने, ऊपहिले नै शैतानको हातमा परिसकेको छ, र शैतानद्वारा नियन्त्रित हुन्छ, जसको अर्थ ऊ दुष्ट आत्माहरूद्वारा नियन्त्रित

छ भन्ने हुन्छ। यदि मानिसको अभ्यास गहिराइमा जाँदैन भने, परमेश्‍वरको काम विकास हुनेछैन, र यदि परमेश्‍वरको काममा कुनै परिवर्तन छैन भने, मानिसको प्रवेश रोकिनेछ; यो अपरिहार्य छ। परमेश्‍वरको सारा काममा, यदि मानिसले सँधै यहोवाको व्यवस्थालाई नै पालन गरिरहन्थ्यो भने, परमेश्‍वरको काम अघि बढ्न सक्दैनथियो, सम्पूर्ण युगलाई समाप्त गर्न सम्भव हुने त परै जाओस्। यदि मानिसले सँधै क्रूसलाई नै पक्रिराख्यो र धैर्यता र नम्रतालाई अभ्यास गर्‍यो भने, परमेश्‍वरको काम निरन्तर अघि बढ्नु असम्भव हुनेथियो। व्यवस्थालाई मात्रै पालन गर्ने, वा क्रूसलाई मात्रै पक्रिने र धैर्यता र नम्रताको अभ्यास गर्ने मानिसहरूका बीचमा छ हजार वर्षको व्यवस्थापनलाई समाप्त गर्न सकिँदैन। बरु, परमेश्‍वरको व्यवस्थापनको सम्पूर्ण कार्यलाई आखिरी दिनहरूका तिनीहरूकै बीचमा समाप्त गरिन्छ, जसले परमेश्‍वरलाई चिन्छन्, जो शैतानका पकडबाट उम्केका छन्, जसले आफैलाई शैतानको प्रभावबाट पूर्ण रूपमा मुक्त गरेका छन्। परमेश्‍वरको कार्यको अपरिहार्य दिशा यही नै हो। धार्मिक मण्डलीहरूको अभ्यास पुरानो भइसकेको छ भनेर किन भनिन्छ? किनभने तिनीहरूले जे अभ्यास गर्छन् त्यो आजको कामभन्दा अलग छ। अनुग्रहको युगमा, तिनीहरूले जे अभ्यास गर्थे त्यो सहि थियो, तर युग बितिसकेको र परमेश्‍वरको काम परिवर्तन भइसकेको हुनाले, तिनीहरूको अभ्यास क्रमिक रूपमा पुरानो भइसकेको छ। यसलाई नयाँ कार्य र नयाँ ज्योतिले पछाडि छोडिसकेको छ। आफ्नो मूल जगको आधारमा, पवित्र आत्माको काम धेरै चरण गहिरो गरी अघि बढिसकेको छ। तैपनि ती मानिसहरू परमेश्‍वरको कार्यको मूल चरणमा नै अझै पनि अड्किएर बसेका छन्, र अझै पनि तिनीहरू पुराना अभ्यासहरू र पुरानो ज्योतिमा नै टाँसिन्छन्। तीन वा पाँच वर्षमा नै परमेश्‍वरको काम निकै परिवर्तन हुन सक्छ, त्यसकारण २,००० वर्षको अवधिमा के अझै ठूलो परिवर्तन आउनेथिएन र? यदि मानिसमा कुनै नयाँ ज्योति वा अभ्यास छैन भने, यसको अर्थ उसले पवित्र आत्माको कार्यलाई पछ्याएको छैन भन्ने हुन्छ। यो मानिसको असफलता हो; परमेश्‍वरको नयाँ कार्यको अस्तित्वलाई इन्कार गर्न सकिँदैन किनभने, आज, यसभन्दा पहिले पवित्र आत्माको काम पाएकाहरू अझै पनि पुरानो अभ्यासहरूलाई नै पालन गर्छन्। पवित्र आत्माको काम सँधै अघि बढिरहेको छ, र पवित्र आत्माको प्रवाहमा हुनेहरू सबैले गहन रूपमा प्रगति गरिरहेको र चरणबद्ध रूपमा परिवर्तन भइरहेको हुनुपर्छ। तिनीहरू एउटा चरणमा रोकिनु हुँदैन। पवित्र आत्माको कार्यलाई नजान्नेहरू मात्रै उहाँको मूल कार्यमा रहने थियो, र पवित्र आत्माको नयाँ कार्यलाई स्वीकार गर्दैन थियो। अनाज्ञाकारीहरू मात्रै पवित्र आत्माको कार्यलाई प्राप्त गर्न असमर्थ हुने थियो। यदि मानिसको अभ्यासले पवित्र आत्माको नयाँ कार्यको गतिलाई पछ्याउन सक्दैन भने, मानिसको अभ्यास निश्‍चित रूपमा नै आजको कामबाट अलग हुन्छर आजको कामसँग मिल्दैन। यी जस्ता पुराना भैसकेका मानिसहरू परमेश्‍वरको इच्छालाई हासिल गर्न असमर्थ छन्, तिनीहरू आखिरमा परमेश्‍वरका गवाहीको रूपमा खडा हुन सक्ने मानिसहरू बन्नु त परै जाओस्। यसको साथै, सम्पूर्ण व्यवस्थापन कार्यलाई त्यस्ता मानिसहरूको समूहमा समाप्त गर्न सकिँदैन। कुनै बेला यहोवाको व्यवस्थालाई पक्रिनेहरू, र कुनै बेला क्रूसको लागि कष्ट भोग्नेहरूका लागि, यदि तिनीहरूले आखिरी दिनहरूका कार्यको चरणलाई स्वीकार गर्न सक्दैनन् भने, तिनीहरूले गरेका सबै कुरा व्यर्थ, र बेकामको हुनेछन्। पवित्र आत्माको कामको

सबैभन्दा स्पष्ट अभिव्यक्ति भनेको विगतमा लुप्त नभई, यहाँ र अहिलेलाई अङ्गाल्नु हो। आजको कार्यको गतिलाई पछ्याउन नसक्नेहरू, र आजको अभ्यासबाट अलग भएकाहरू नै पवित्र आत्माको कार्यलाई विरोध गर्ने र स्वीकार नगर्नेहरू हुन्। त्यस्ता मानिसहरूले परमेश्‍वरको वर्तमान कामलाई अवहेलना गर्छन्। तिनीहरू विगतको ज्योतिलाई पक्रेर बस्ने भए तापनि, तिनीहरूले पवित्र आत्माको कामलाई जान्दैनन् भन्ने कुरालाई इन्कार गर्न सकिँदैन। मानिसको अभ्यासको परिवर्तन बारे, विगत र आजको अभ्यासका भिन्नताहरूको बारेमा, अघिल्लो युगमा अभ्यासलाई कसरी अघि बढाइन्थ्यो भन्ने बारेमा, र आजयो कसरी गरिन्छ त्यसको बारेमा किन यति धेरै कुरा भएका छन्? मानिसको अभ्यासका त्यस्ता विभाजनहरूका बारेमा सँधै बताइन्छ किनभने पवित्र आत्माको काम निरन्तर रूपमा अघि बढिरहेको छ, र मानिसको अभ्यास पनि निरन्तर रूपमा परिवर्तन हुनु आवश्यक छ। यदि मानिस एउटै चरणमा अड्केर बस्छ भने, यसले परमेश्‍वरको नयाँ कार्य र नयाँ ज्योतिको गतिलाई पछ्याउन ऊ असक्षम छ भन्ने कुरालाई प्रमाणित गर्छ; व्यवस्थापन सम्बन्धी परमेश्‍वरको योजना परिवर्तन भएको छैन भन्ने कुरालाई यसले प्रमाणित गर्दैन। पवित्र आत्माको प्रवाहबाट बाहिर हुनेहरूले तिनीहरू सहि छन् भन्ने सँधै विचार गर्छन्, तर वास्तवमा, तिनीहरूमा धेरै पहिले नै परमेश्‍वरको काम रोकियो, र पवित्र आत्माको कार्य तिनीहरूमा छैन। परमेश्‍वरको कामलाई धेरै पहिले नै अर्को समूहका मानिसहरूमा स्थानान्तर गरिएको छ, जुन समूहमा उहाँले आफ्नो नयाँ कार्यलाई पूरा गर्ने अभिप्राय राख्नुहुन्छ। धर्ममा हुनेहरू परमेश्‍वरको नयाँ कार्यलाई स्वीकार गर्न असमर्थ छन्, र तिनीहरू विगतका पुरानो कार्यलाई मात्रै पक्री राख्छन्, त्यसैले परमेश्‍वरले यी मानिसहरूलाई त्याग्नुभएको छ, र यो नयाँ कार्यलाई स्वीकार गर्ने मानिसहरूमा नै उहाँले आफ्नो काम गर्नुहुन्छ। यी मानिसहरू उहाँको नयाँ कार्यमा सहकार्य गर्ने मानिसहरू हुन्, र यसरी मात्रै उहाँको व्यवस्थापनलाई पूरा गर्न सकिन्छ। परमेश्‍वरको व्यवस्थापन सँधै अघि बढिरहन्छ, र मानिसको अभ्यास सँधै माथि बढिरहेको छ। परमेश्‍वरले सँधै काम गरिरहनुहुन्छ, र मानिस सँधै खाँचोमा हुन्छ, त्यसरी दुवै आ-आफ्नो शीर्ष विन्दुमा पुग्छन् र परमेश्‍वर र मानिसले पूर्ण एकतालाई हासिल गर्छन्। परमेश्‍वरको कार्यको पूर्णताको अभिव्यक्ति यही हो, र परमेश्‍वरको सम्पूर्ण व्यवस्थापनको अन्तिम परिणाम यही नै हो।

परमेश्‍वरको कार्यको हरेक चरणमा मानिसलाई त्यही अनुरूपका मागहरू दिइन्छ। पवित्र आत्माको प्रवाहभित्र हुनेहरू सबैले पवित्र आत्माको उपस्थिति र अनुशासनलाई प्राप्त गरेका हुन्छन्, र पवित्र आत्माको प्रवाहमा नहुनेहरू शैतानको अधीनमा, र पवित्र आत्माको कुनै पनि कार्य विहीन छन्। पवित्र आत्माको प्रवाहमा हुने मानिसहरू परमेश्‍वरको नयाँ कार्यलाई स्वीकार गर्नेहरू, र परमेश्‍वरको नयाँ कार्यमा सहकार्य गर्नेहरू हुन्। यदि यो प्रवाहभित्र हुनेहरू सहकार्य गर्न असमर्थ छन्, र यो समय अवधिमा परमेश्‍वरले माग गर्नुभएको सत्यतालाई अभ्यास गर्न असक्षम छन् भने, तिनीहरूलाई ताडना दिइनेछ, र सबैभन्दा खराब कुरा त पवित्र आत्माले तिनीहरूलाई त्याग्नुहुनेछ। पवित्र आत्माको नयाँ कार्यलाई स्वीकार गर्नेहरू पवित्र आत्माको प्रवाहभित्र नै जिउनेछन्, र तिनीहरूले पवित्र आत्माको वास्ता र सुरक्षालाई प्राप्त गर्नेछन्। सत्यतालाई अभ्यास गर्न इच्छुक हुनेहरूलाई पवित्र आत्माले अन्तर्दृष्टि दिनुहुन्छ, र सत्यतालाई अभ्यास गर्न इच्छुक

नहुनेहरूलाई पवित्र आत्माले ताडना दिनुहुन्छ, र दण्ड समेत दिन सक्नुहुन्छ। तिनीहरू जस्तोसुकै प्रकारको व्यक्ति भए तापनि, तिनीहरू पवित्र आत्माको प्रवाहभित्र छन् भने, उहाँको नामको खातिर उहाँको नयाँ कामलाई स्वीकार गर्नेहरू सबैका लागि परमेश्वरले जिम्मेवारी लिनुहुनेछ। उहाँको नामलाई महिमित पार्ने र उहाँको वचनलाई अभ्यास गर्न इच्छुक हुनेहरूले उहाँका आशिषहरूलाई प्राप्त गर्नेछन्; उहाँको आज्ञा उल्लङ्घन गर्नेहरू र उहाँको वचनलाई अभ्यास नगर्नेहरूले उहाँको दण्ड पाउनेछन्। पवित्र आत्माको प्रवाहमा हुनेहरू नयाँ कामलाई स्वीकार गर्नेहरू हुन्, र तिनीहरूले नयाँ कार्यलाई स्वीकार गरेका हुनाले, तिनीहरूले उचित रूपमा परमेश्वरसँग सहकार्य गर्नुपर्छ, र आफ्नो कर्तव्यलाई पूरा नगर्ने विद्रोहीहरूले जस्तो व्यवहार गर्नु हुँदैन। परमेश्वरले मानिसलाई दिनुभएको एउटै मात्र मागयही नै हो। नयाँ कार्यलाई स्वीकार नगर्नेहरूमा यस्तो हुँदैन: तिनीहरू पवित्र आत्माको प्रवाहभन्दा बाहिर छन्, र पवित्र आत्माको ताडना र तिरस्कार तिनीहरूमा लागू हुँदैन। सारा दिन, यी मानिसहरू देहमा जिउँछन्, तिनीहरू आफ्नै मनभित्र जिउँछन्, र आफ्नै मस्तिष्कको विश्लेषण र सर्वेक्षणद्वारा पैदा गरेको धर्मसिद्धान्त अनुसार गर्ने बाहेक तिनीहरूले केही पनि गर्दैनन्। पवित्र आत्माको नयाँ कार्यले यो माग गर्दैन, परमेश्वरसँगको सहकार्यमा यो माग गरिनु त परै जाओस्। परमेश्वरको नयाँ कार्यलाई स्वीकार नगर्नेहरू परमेश्वरको उपस्थिति विहीन छन्, यसको साथै, परमेश्वरका आशिषहरू र सुरक्षारहित छन्। तिनीहरूको धेरैजसो वचन र कार्यहरूले पवित्र आत्माको कामको विगतका मागहरूलाई पक्रिराख्छ; ती धर्मसिद्धान्त हुन्, सत्यता होइनन्। यी मानिसहरूको एकसाथको भेला धर्म बाहेक केही पनि होइन भन्ने कुरालाई प्रमाणित गर्न त्यस्ता धर्मसिद्धान्त र नियम नै पर्याप्त छन्; तिनीहरू चुनिएकाहरू वा परमेश्वरका कार्यको पात्रहरू होइनन्। तिनीहरूका बीचको सबैका भेलालाई धर्मको भव्य समाज मात्रै भन्न सकिन्छ, र मण्डली भन्न सकिँदैन। यो अपरिवर्तनीय तथ्य हो। तिनीहरूसँग पवित्र आत्माको नयाँ कार्य छैन; तिनीहरूले जे गर्छन् त्यो धर्मको सूचकजस्तो देखिन्छ, तिनीहरूले जे जिउँछन् त्यो धर्मले भरिपूर्ण देखिन्छ; तिनीहरूमा पवित्र आत्माको उपस्थिति र काम छैन, पवित्र आत्माको अनुशासन वा अन्तर्दृष्टि प्राप्त गर्नको लागि योग्य हुनु त परै जाओस्। यी मानिसहरू सबै निर्जीव लासहरू, र कीराहरू हुन् जसमा आत्मिकता छैन। तिनीहरूसँग मानिसको विद्रोहीपन र विरोधको बारेमा कुनै ज्ञान छैन, मानिसको सबै दुष्कर्मको बारेमा कुनै ज्ञान छैन, परमेश्वरको सारा काम र परमेश्वरको वर्तमान इच्छाको बारेमा तिनीहरूले जान्नु त परै जाओस्। तिनीहरू सबै अज्ञानी, नीच मानिसहरू हुन्, र तिनीहरू मैल हुन् जो विश्वासी भन्न योग्य छैनन्! तिनीहरूले गर्ने कुनै पनि कुराले परमेश्वरको व्यवस्थापनमा कुनै योगदान दिँदैन, यसले परमेश्वरको योजनाहरूलाई बिगार्ने कुरा त परै जाओस्। तिनीहरूका वचन र कार्यहरू अत्यन्तै घृणित, अत्यन्तै दयनीय, र उल्लेख गर्न समेत अयोग्य छन्। पवित्र आत्माको प्रवाहभित्र नहुनेहरूले गर्ने कुनै पनि कामले पवित्र आत्माको नयाँ कामसँग कुनै सम्बन्ध राख्दैन। यसले गर्दा, तिनीहरूले जेसुकै गरे तापनि, तिनीहरू पवित्र आत्माको अनुशासनरहित, साथै, पवित्र आत्माको अन्तर्दृष्टिरहित छन्। तिनीहरू सबै त्यस्ता मानिसहरू हुन जोसँग सत्यताको लागि कुनै प्रेम छैन, र जसलाई पवित्र आत्माले घृणा र इन्कार गर्नुभएको छ। तिनीहरूलाई दुष्ट काम गर्नेहरू भनिन्छ किनभने तिनीहरू देहमा हिँड्छन् र परमेश्वरको नाम लिएर आफूलाई जे मन लाग्छ त्यही गर्छन्।

जब परमेश्‍वर काम गर्नुहुन्छ, तिनीहरू जानी-जानी उहाँप्रति शत्रुवत बन्छन्, र उहाँको विपरीत दिशातर्फ दौडन्छन्। मानिसले परमेश्‍वरसँग सहकार्य गर्न नसक्नु आफैमा अत्यन्तै विद्रोहीपूर्ण छ, त्यसकारण के जानी-जानी परमेश्‍वरको विपरीत दौडने मानिसहरूले निश्‍चित रूपमा नै आफ्ना उचित दण्ड पाउनेछैनन् र? यी मानिसहरूको दुष्कर्मलाई उल्लेख गर्दा, कतिपय मानिसहरू तिनीहरूलाई सराप्न आतुर हुन्छन्, जबकि परमेश्‍वरले भने तिनीहरूलाई बेवास्ता गर्नुहुन्छ। मानिसको लागि, तिनीहरूका कार्यहरू परमेश्‍वरको नामसँग सम्बन्धित छ भन्ने जस्तो देखिन्छ, तर वास्तवमा, परमेश्‍वरको लागि, उहाँको नाम वा उहाँको गवाहीसँग तिनीहरूको कुनै सम्बन्ध हुँदैन। यी मानिसहरूले जेसुकै गरे तापनि, यो परमेश्‍वरसँग सम्बन्धित हुँदैन: यो उहाँको काम र उहाँको हालको काम दुवैसँग सम्बन्धित छैन। यी मानिसहरूले आफैलाई अपमानित गर्छन्, र शैतानलाई प्रकट गर्छन्; तिनीहरू दुष्ट काम गर्नेहरू हुन् जसले क्रोधको दिनको लागि सञ्‍चय गरिरहेका छन्। आज, तिनीहरूको कार्यहरूको बाबजुत, तिनीहरूले परमेश्‍वरको व्यवस्थापनलाई बाधा दिएनन् र परमेश्‍वरको नयाँ कार्यसँग कुनै सम्बन्ध राखेनन् भने, त्यस्ता मानिसहरू सम्बन्धित दण्डमा पर्नेछैनन्, किनभने क्रोधको दिन आउन बाँकी नै छ। धेरै कुरा छन् जुन परमेश्‍वरले पहिले नै निराकरण गरिसक्नुपर्ने हो भनी मानिसहरूले विश्‍वास गर्छन्, र ती दुष्ट काम गर्नेहरूलाई जति सक्दो चाँडो दण्ड दिइनुपर्छ भन्ने तिनीहरू विचार गर्छन्। तर परमेश्‍वरको व्यवस्थापनको काम अहिलेसम्म अन्त्यमा आइपुगेको छैन, र क्रोधको दिन आउन बाँकी नै भएकोले, अधर्मीहरूले अझै आफ्ना अधर्मी कार्यहरूलाई जारी राख्छन्। कतिले भन्छन्, "धर्ममा हुनेहरू पवित्र आत्माको उपस्थिति वा कामरहित हुन्छन्, र तिनीहरूले परमेश्‍वरको नामलाई बदनाम गर्छन्; त्यसकारण तिनीहरूको लापरवाही आचरणलाई अझै सहिरहनुको सट्टा परमेश्‍वरले तिनीहरूलाई किन नष्ट गर्नुहुन्‍न?" यी मानिसहरू, जो शैतानका प्रकटीकरण हुन् र जसले देहलाई व्यक्त गर्छन्, यिनीहरू अज्ञानी, नीच मानिसहरू हुन्; तिनीहरू मूर्ख मानिसहरू हुन्। परमेश्‍वरले मानिसहरूका बीचमा आफ्नो काम कसरी गर्नुहुन्छ भन्ने बारेमा बुझ्नुभन्दा पहिले तिनीहरूले परमेश्‍वरको क्रोधको आगमनलाई अवलोकन गर्दैनन्, र तिनीहरू सबैलाई पूर्ण रूपमा विजय गरिएपछि, ती दुष्ट काम गर्नेहरू सबैले आफ्नो दण्ड पाउनेछन्, र क्रोधको दिनबाट तिनीहरूमध्ये एक जना पनि उम्कन सक्नेछैनन्। अहिले मानिसलाई दण्ड दिने समय होइन, तर विजयको कामलाई अघि बढाइने समय हो, तैपनि परमेश्‍वरको व्यवस्थापनलाई बिगार्ने मानिसहरू छन् भने, त्यस्तो अवस्थामा, तिनीहरूको कार्यहरूको गम्भीरताको आधारमा तिनीहरूलाई दण्ड दिइनेछ। मानवजातिमाथि परमेश्‍वरको व्यवस्थापनको अवधिमा, पवित्र आत्माको प्रवाहभित्र हुनेहरूको सम्बन्ध परमेश्‍वरसँग हुन्छ। पवित्र आत्माद्वारा घृणा गरिएका र इन्कार गरिएकाहरू शैतानको प्रभावमा जिउँछन्, र तिनीहरूले जे कुरालाई अभ्यास गर्छन् त्यसले परमेश्‍वरसँग कुनै सम्बन्ध राख्दैन। परमेश्‍वरको नयाँ कार्यलाई स्वीकार गर्ने र परमेश्‍वरसँग सहकार्य गर्नेहरू मात्रै परमेश्‍वरसँग सम्बन्धित हुन्छन्, किनभने परमेश्‍वरको कार्यलाई यसलाई स्वीकार गर्नेहरूतर्फ मात्रै लक्षित गरिन्छ, र सबै मानिसहरूप्रति यो लक्षित गरिँदैन, चाहे तिनीहरूले यसलाई स्वीकार गरून् वा नगरून्। परमेश्‍वरले गर्नुहुने कामको सँधै लक्ष्यहुन्छ र यो आवेगमा गरिँदैन। तिनीहरू जो शैतानसँग सम्बन्धित छन् तिनीहरू परमेश्‍वरको साक्षी दिनको

लागि योग्य छैनन्, परमेश्‍वरसँग सहकार्य गर्नको लागि तिनीहरू योग्य हुने कुरा त परै जाओस्।

पवित्र आत्माको कामको हरेक चरणलाई पनि मानिसको गवाहीको आवश्यकता पर्छ। कार्यको हरेक चरण परमेश्‍वर र शैतान बीचको युद्ध हो, र युद्धको निशाना शैतान हो, जबकि यस कार्यद्वारा सिद्ध पारिने मानिस नै हो। परमेश्‍वरको कार्यले फल फलाउँछ कि फलाउँदैन भन्‍ने कुरा मानिसले परमेश्‍वरको निम्ति दिने गवाहीको तरिकामा भर पर्छ। उहाँलाई पछ्याउनेहरूबाट परमेश्‍वरले यही गवाहीको माग गर्नुहुन्छ; यो शैतानको सामु दिइने गवाही हो, र उहाँको कार्यको प्रभावहरूको प्रमाण पनि हो। परमेश्‍वरको सम्पूर्ण व्यवस्थापन तीन चरणमा विभाजित छन्, र हरेक चरणमा, मानिसलाई उचित मागहरू गरिन्छ। यसको साथै, युगहरू बितेर जाने र अघि बढ्ने क्रममा, सारा मानवजातिको निम्ति परमेश्‍वरको मागहरू झन्-झन् उच्च हुँदै जान्छन्। यस प्रकारले, चरणबद्ध रूपमा, परमेश्‍वरको व्यवस्थापनको यो कार्य यसको शिखरमा पुग्छ, तब मानिसले “वचन शरीरमा देखा पर्नुभएको” तथ्यलाई देख्छ, र यसरी गवाही दिने सम्बन्धी मानिसका मागहरू जस्तै, मानिसका मागहरू पनि अझै उच्च बन्छ। परमेश्‍वरसँग साँचो रूपमा सहकार्य गर्ने मानिस जति सक्षम हुन्छ, उसले परमेश्‍वरले त्यति नै महिमा प्राप्त गर्नुहुन्छ। मानिसको सहकार्य भनेको उसले दिनुपर्ने गवाही हो, र उसले दिने गवाही मानिसको अभ्यास हो। त्यसकारण, परमेश्‍वरको कार्यले पर्याप्त प्रभाव पार्छ कि पार्दैन, र यो साँचो गवाही हुन सक्छ कि सक्दैन भन्‍ने कुरा अपरिहार्य रूपमा नै मानिसको सहकार्य र गवाहीसँग जोडिएका हुन्छन्। जब काम समाप्त हुन्छ, भन्‍नुको अर्थ, जब परमेश्‍वरको सबै व्यवस्थापन यसको समाप्तिमा पुग्छ, मानिसले उच्च गवाही दिनु आवश्यक हुनेछ, र जब परमेश्‍वरको कार्य यसको समाप्तिमा पुग्छ, मानिसको अभ्यास र प्रवेश यसको शीर्ष विन्दुमा पुग्नेछ। विगतमा, मानिसले व्यवस्था र आज्ञाहरू पालन गर्नुपर्थ्यो, र ऊधैर्य र नम्र हुनुपर्थ्यो। आज, मानिसले परमेश्‍वरका सारा प्रबन्धहरूलाई पालन गर्नुपर्छ र उसँग परमेश्‍वरको सर्वोच्च प्रेम हुनुपर्छ, र अन्तिममा संकष्टको बीचमा पनि उसले परमेश्‍वरलाई प्रेम गर्नुपर्छ। यिनीहरू परमेश्‍वरले आफ्नो सम्पूर्ण व्यवस्थापनमा चरणबद्ध रूपमा मानिसलाई दिनुहुने मागहरूका तीन वटा चरणहरू हुन्। परमेश्‍वरको कार्यको हरेक चरण पछिल्लोभन्दा अझै गहन हुन्छ, र हरेक चरणमा मानिसलाई दिइने मागहरू पछिल्लोभन्दा अझै गहन हुन्छ, र यसरी, परमेश्‍वरको सम्पूर्ण व्यवस्थापनले आकार लिँदै जान्छ। मानिसलाई दिइएका मागहरू अझै उच्च छन् भन्‍ने ठीक त्यही कारणले मानिसको स्वभाव परमेश्‍वरले माग गर्नुभएको मापदण्डहरूको नजिक आउँछ, त्यसपछि मात्रै सारा मानवजाति शैतानको प्रभावबाट तबसम्म क्रमिक रूपमा टाढा हुन्छ, जबसम्म परमेश्‍वरको काम पूर्ण रूपमा समाप्त हुँदैन, र सारा मानवजाति शैतानको प्रभावबाट बचाइएको हुँदैन। जब त्यो समय आउँछ, तब परमेश्‍वरको काम यसको अन्त्यमा पुगेको हुनेछ, र आफ्नो स्वभावमा परिवर्तन हासिल गर्नको लागि त्यस उप्रान्त परमेश्‍वरसँगको मानिसको सहकार्य हुनेछैन, र सारा मानवजाति परमेश्‍वरको ज्योतिमा जिउनेछ, र त्यसपछि, परमेश्‍वरको विरुद्धमा कुनै विद्रोह वा विरोध हुनेछैन। परमेश्‍वरले मानिसबाट मागहरू पनि गर्नुहुनेछैन, र मानिस र परमेश्‍वरको बीचमा अझै मैत्रीपूर्ण सहकार्य हुनेछ, जुन एकसाथ मानिस र परमेश्‍वरको जीवन, अर्थात् परमेश्‍वरको व्यवस्थापन पूर्ण रूपमा समाप्त भएपछि, र शैतानका पकडहरूबाट परमेश्‍वरद्वारा

मानिसलाई पूर्ण रूपमा बचाइएपछिको जीवन हुनेछ। परमेश्‍वरका पाइलाहरूलाई नजिकबाट पछ्याउन नसक्नेहरू त्यस्तो जीवन प्राप्त गर्न असमर्थ हुन्छन्। तिनीहरूले आफैलाई अन्धकारमा खसाएका हुनेछन्, जहाँ तिनीहरू रुनेछन् र दाह्रा किट्नेछन्; तिनीहरू परमेश्‍वरमा विश्‍वास गर्ने तर उहाँलाई नपछ्याउने, परमेश्‍वरमा विश्‍वास गर्ने तर उहाँका सबै कार्यलाई पालन नगर्ने मानिसहरू हुन्। मानिसले परमेश्‍वरमा विश्‍वास गर्ने हुँदा, उसले परमेश्‍वरका पाइलाहरूलाई चरण-चरण गरी नजिकबाट पछ्याउनैपर्छ; उसले "थुमालाई उहाँ जता जानुहुन्छ त्यतै पछ्याउनुपर्छ।" साँचो मार्गको खोजी गर्ने मानिसहरू यिनीहरू मात्रै हुन्, पवित्र आत्माको कामलाई जान्नेहरू तिनीहरू मात्रै हुन्। अक्षरहरू र धर्मसिद्धान्तहरूलाई दासले जस्तो पछ्याउने मानिसहरू पवित्र आत्माको कार्यद्वारा हटाइएकाहरू हुन्। समयको हरेक अवधिमा, परमेश्‍वरले नयाँ काम सुरु गर्नुहुनेछ, र हरेक अवधिमा, मानिसको बीचमा नयाँ सुरुवात हुनेछ। यदि मानिस "यहोवा नै परमेश्‍वर हुनुहुन्छ" र "येशू नै ख्रीष्ट हुनुहुन्छ" भन्ने सत्यताहरू, जुन तिनीहरूको सम्बन्धित युगहरूमा मात्रै लागू हुने सत्यताहरू हुन्, तिनलाई मात्रै पालन गर्छ भने, मानिस पवित्र आत्माको कार्यमा कहिल्यै पनि लागिरहन सक्दैन, र पवित्र आत्माको कार्यलाई प्राप्त गर्न ऊसँधैंको लागि असमर्थ हुनेछ। परमेश्‍वरले जसरी काम गर्नुभए तापनि, मानिसले अलिकति पनि शङ्का नगरिकन पछ्याउँछ, र उसले नजिकबाट पछ्याउँछ। यसरी, मानिसलाई कसरी पवित्र आत्माले हटाउन सक्नुहुन्छ? परमेश्‍वरले जे गर्नुभए तापनि, जबसम्म मानिस यो पवित्र आत्माको काम हो भन्ने कुरामा निश्‍चित हुन्छ, र आशङ्का नगरिकन पवित्र आत्माको काममा सहकार्य गर्छ, र परमेश्‍वरका मागहरूलाई पूरा गर्ने प्रयास गर्छ भने, ऊ कसरी दण्डित हुन सक्छ? परमेश्‍वरको काम कहिल्यै रोकिएको छैन, उहाँका पाइलाहरू कहिल्यै अडिएका छैनन्, र उहाँको व्यवस्थापन कार्य पूरा हुनुभन्दा पहिले, उहाँ जहिल्यै व्यस्त रहनुभएको छ, र उहाँ कहिल्यै रोकिनुहुन्न। तर मानिस फरक छ: पवित्र आत्माको कामलाई थोरै मात्रामा प्राप्त गर्ने बाहेक केही पनि गर्न नसकेपछि, उसले यसलाई यसरी व्यवहार गर्छ मानौं यो कहिल्यै परिवर्तन हुनेछैन; थोरै ज्ञान प्राप्त गरिसकेपछि, ऊ अघि बढेर परमेश्‍वरको नयाँ कामका पाइलाहरूलाई पछ्याउँदैन; परमेश्‍वरको थोरै कामलाई बाहेक केही पनि नदेखेपछि, उसले तुरुन्तै परमेश्‍वरलाई काठको आकृतिको रूपमा निर्धारित गर्छ, र उसले आफ्नो अगाडि देखेको यही रूपमा नै परमेश्‍वर सँधै रहिरहनुहुनेछ, अर्थात् विगतमा यो यस्तै थियो र भविष्यमा पनि यस्तै नै रहनेछ भन्ने विश्‍वास गर्छ; सतही ज्ञान बाहेक केही पनि प्राप्त नगरेपछि, मानिस यति घमण्डी हुन्छ कि उसले आफैलाई बिर्सन्छ र अस्तित्वमा नै नभएको ईश्‍वरको स्वभाव र अस्तित्वलाई घोषणा गर्न थाल्छ; अनि पवित्र आत्माको कामको एउटा चरणको बारेमा निश्‍चित भएपछि, परमेश्‍वरको नयाँ कामलाई घोषणा गर्ने व्यक्ति जस्तोसुकै प्रकारको भए तापनि, मानिसले यसलाई स्वीकार गर्दैन। पवित्र आत्माको नयाँ कामलाई स्वीकार गर्न नसक्ने मानिसहरू यिनीहरू नै हुन्; तिनीहरू अत्यन्तै रूढिवादी छन्, र नयाँ कुराहरूलाई स्वीकार गर्न असमर्थ छन्। त्यस्ता मानिसहरू परमेश्‍वरमा विश्‍वास गर्ने तर उहाँलाई इन्कार पनि गर्नेहरू हुन्। "यहोवामा मात्रै विश्‍वास गरेर येशूमा विश्‍वास नगरेकोमा" इस्राएलीहरू गलत थिए भन्ने विश्‍वास मानिसले गर्छ, तैपनि अधिकांश मानिसहरूले "यहोवामा मात्रै विश्‍वास गर्ने र येशूलाई इन्कार गर्ने" साथै "मसीहको आगमनको लागि उत्कट इच्छा गर्ने, तर येशू भनिने मसीहलाई इन्कार

गर्ने" भूमिकालाई निर्वाह गर्छन्। त्यसैले, पवित्र आत्माको कार्यको एउटा चरणलाई स्वीकार गरिसकेपछि पनि मानिसहरू अझै शैतानको अधिकार-क्षेत्रमा जिउँछन्, र अझै परमेश्वरका आशिषहरूलाई प्राप्त गर्दैनन् भन्ने कुरामा कुनै आश्चर्य मान्नु पर्दैन। के यो मानिसको विद्रोहीपनको परिणाम होइन र? आजको नयाँ काममा लागिरहन नसकेका संसारभरिका ख्रीष्टियनहरू तिनीहरू भाग्यमानी बन्नेछन्, परमेश्वरले तिनीहरूका हरेक कामनाहरूलाई पूरा गर्नुहुनेछ भन्ने मान्यता राख्दै आशामा टाँसिरहेका छन्। तैपनि परमेश्वरले तिनीहरूलाई तेस्रो स्वर्गमा किन लैजानुहुनेछ सो तिनीहरूले निश्चित रूपमा भन्न सक्दैनन्, न त येशू कसरी तिनीहरूलाई लिन सेतो बादलको सवारीमा आउनुहुनेछ भन्ने बारेमा नै तिनीहरू निश्चित छन्, तिनीहरूले कल्पना गरेको दिनमा येशू सेतो बादलमा साँच्चै आइपुग्नुहुनेछ भनेर तिनीहरूले पूर्ण निश्चयताको साथ भन्न सक्नु त परै जाओस्। तिनीहरू पूर्णरूपमा चिन्तित, र अलमलमा छन्; परमेश्वरले हरेक सम्प्रदायका, केही साना मुट्ठीभरका विविध मानिसहरू प्रत्येकलाई लानुहुन्छ कि लानुहुन्न त्यो कुरा तिनीहरूलाई समेत थाहा छैन। परमेश्वरले अहिले, वर्तमान युगमा गर्नुहुने काम, परमेश्वरको इच्छा—यीमध्ये कुनै पनि कुराको बारेमा तिनीहरूलाई केही पनि थाहा छैन, र तिनीहरूले आफ्ना औंलामा दिनहरू गन्ने बाहेक केही पनि गर्न सक्दैनन्। अन्त्यसम्मै थुमाका पाइलाहरूलाई पछ्याउनेहरूले मात्रै अन्तिम आशिष प्राप्त गर्न सक्छन्, जबकि अन्त्यसम्मै पछ्याउन नसक्ने तैपनि सबै प्राप्त गरेका छौं भनी विश्वास गर्ने ती "चलाख मानिसहरू" परमेश्वरको देखा पर्ने घटनालाई देख्न असमर्थ हुन्छन्। तिनीहरू प्रत्येकले आफूलाई पृथ्वीको सबैभन्दा बाठो व्यक्ति हुँ भनी विश्वास गर्छन्, र परमेश्वरको कार्यको निरन्तर विकासलाई कुनै पनि कारणविना छोट्याउँछन्, र परमेश्वरले तिनीहरूलाई अर्थात् "परमेश्वरप्रति उच्च बफादारीता हुनेहरू, परमेश्वरलाई पछ्याउनेहरू र परमेश्वरका वचनहरूलाई पालना गर्नेहरू" लाई स्वर्गमा लैजानुहुनेछ भनी पूर्ण सुनिश्चितताको साथ विश्वास गर्छन् भन्ने देखिन्छ। परमेश्वरले बोल्नुभएका वचनहरूप्रति तिनीहरूसँग "उच्च बफादारीता" भए तापनि, तिनीहरूका वचन र कार्यहरू अझै अत्यन्तै घृणित छन् किनभने तिनीहरूले पवित्र आत्माको कामलाई विरोध गर्छन्, र धोका र छल गर्छन्। अन्तिमसम्मै नपछ्याउनेहरू, पवित्र आत्माको कार्यमा नलागिरहनेहरू, र पुरानो काममा मात्रै टाँसिरहनेहरूले परमेश्वरप्रति बफादारीता हासिल गर्न असफल मात्रै भएका छैनन्, तर यसको विपरीत, तिनीहरू परमेश्वरलाई विरोध गर्नेहरू बनेका छन्, नयाँ युगद्वारा इन्कार गरिएकाहरू बनेका छन्, र जो दण्डित हुनेछन्। के तिनीहरूभन्दा दयनीय अरू कोही छ? धेरैले यो विश्वास गर्छन् कि पुरानो व्यवस्थालाई इन्कार गर्ने र नयाँ कार्यलाई स्वीकार गर्नेहरू विवेकहीन हुन्। "विवेक" को मात्रै कुरा गर्ने र पवित्र आत्माको कामलाई नजान्ने यी मानिसहरूको आशालाई तिनीहरूका आफ्नै विवेकले हटाइदिनेछ। परमेश्वरको काम धर्मसिद्धान्तद्वारा बाँधिँदैन, र यो उहाँको आफ्नै काम हुन सक्ने भए तापनि, परमेश्वरले यसलाई पक्रिराख्नुहुन्न। इन्कार गरिनु पर्ने कुरालाई इन्कार गरिन्छ, हटाइनुपर्ने कुरालाई हटाइन्छ। तैपनि परमेश्वरको व्यवस्थापन कार्यको एउटै मात्र सानो भागलाई पक्रिराखेर मानिसले आफैलाई परमेश्वरको शत्रुता तुल्याउँछ। के यो मानिसको मूर्खता होइन र? के यो मानिसको अज्ञानता होइन र? मानिसहरू जति बढी डरपोक र अनावश्यक रूपमा सतर्क छन् किनभने तिनीहरू परमेश्वरका आशिषहरू प्राप्त गर्न डराउँछन्, त्यति नै बढी तिनीहरू

महान् आशिषहरूलाई प्राप्त गर्न, र अन्तिम आशिष प्राप्त गर्न असमर्थ हुन्छन्। समर्पित भएर व्यवस्थालाई पालन गर्नेहरू सबैले व्यवस्थाप्रति उच्च बफादारीता देखाउँछन्, र तिनीहरूले व्यवस्थाप्रति जति धेरै त्यस्तो बफादारीता देखाउँछन्, तिनीहरू परमेश्वरलाई त्यति नै बढी विरोध गर्ने विद्रोहीहरू हुन्छन्। अहिले व्यवस्थाको युग नभएर राज्यको युग भएकोले, आजको काम र विगतको कामलाई समान रूपमा उल्लेख गर्न सकिँदैन, न त विगतको कामलाई नै आजको कामसँग तुलना गर्न सकिन्छ। परमेश्वरको काम परिवर्तन भएको छ, र मानिसको अभ्यास पनि परिवर्तन भएको छ; यो व्यवस्थालाई पक्रिराख्नु वा क्रूसलाई बोक्नु होइन, त्यसकारण व्यवस्था र क्रूसप्रतिको मानिसहरूको बफादारीताले परमेश्वरको अनुमोदन पाउनेछैन।

राज्यको युगमा मानिसलाई पूरा रूपमा पूर्ण गरिनेछ। विजयको कामपछि, मानिस शोधन र संकष्टमा पर्नेछ। यो संकष्टमा विजय गर्न सक्ने र गवाहीको रूपमा खडा हुन सक्नेहरू नै आखिरमा पूर्ण पारिनेहरू हुन्; तिनीहरू विजेताहरू हुन्। यो संकष्टको अवधिमा, यस शोधनलाई मानिसले स्वीकार गर्नु आवश्यक हुन्छ, र यो शोधन परमेश्वरको कामको अन्तिम घटना हुनेछ। परमेश्वरको व्यवस्थापनको सारा कार्यको समाप्तिभन्दा पहिले मानिसलाई शोधन गरिने यो अन्तिम पटक हो, र परमेश्वरलाई पछ्याउने सबैले यो अन्तिम जाँचलाई स्वीकार गर्नैपर्छ, र यो अन्तिम शोधनलाई तिनीहरूले स्वीकार गर्नैपर्छ। संकष्टद्वारा व्याकुल हुनेहरू पवित्र आत्माको कार्य र परमेश्वरको अगुवाइ विहीन हुन्छन्, तर साँचो रूपमा विजय गरिएकाहरू र परमेश्वरलाई साँचो रूपमा खोज्नेहरू अन्तिममा दह्रिलो गरी खडा हुनेछन्; तिनीहरू मानवता भएकाहरू, र परमेश्वरलाई साँचो रूपमा प्रेम गर्नेहरू हुन्। परमेश्वरले जे गर्नुभए तापनि, यी विजेताहरूमा दर्शनहरूको अभाव हुँदैन र तिनीहरूले आफ्नो गवाहीमा पतन नभइकन सत्यतालाई अभ्यास गर्नेछन्। आखिरमा महा-संकष्टबाट उठी आउनेहरू यिनीहरू नै हुन्। धमिलो पानीमा माछा मार्नेहरूले आज फाइदा लुट्न सक्ने भए तापनि, अन्तिम संकष्टबाट उम्कन कोही पनि सक्दैन, र अन्तिम जाँचबाट कोही पनि उम्कन सक्दैन। विजय गर्नेहरूका लागि, त्यस्तो संकष्ट अति बृहत शोधन हो; तर धमिलो पानीमा माछा मार्नेहरूका लागि, यो पूर्ण निष्कासनको कार्य हो। तिनीहरूलाई जसरी जाँचिए तापनि, आफ्नो हृदयमा परमेश्वर भएकाहरूको निष्ठा अपरिवर्तित नै रहन्छ; तर आफ्नो हृदयमा परमेश्वर नभएकाहरूका लागि, जब परमेश्वरको काम तिनीहरूको देहको लागि लाभदायक हुँदैन, तब तिनीहरूले परमेश्वरप्रतिको आफ्नो दृष्टिकोणलाई परिवर्तन गर्छन्, र तिनीहरू परमेश्वरबाट अलग समेत हुन्छन्। त्यस्ताहरू आखिरमा दह्रिलो गरी खडा हुनेछैनन्, तिनीहरूले परमेश्वरका आशिषहरूको मात्रै खोजी गर्छन् र तिनीहरूमा परमेश्वरको लागि आफैलाई खर्चिने र उहाँमा आफैलाई समर्पित गर्ने कुनै इच्छा हुँदैन। परमेश्वरको काम समाप्तिमा पुगेपछि त्यस्ता नीच मानिसहरूलाई निकालिनेछ, र तिनीहरू कुनै पनि सहानुभूतिको योग्य छैनन्। मानवता विहीनहरू परमेश्वरलाई साँचो रूपमा प्रेम गर्न असमर्थ हुन्छन्। जब वातावरण सुरक्षित र भयरहित हुन्छ, वा जब फाइदाहरू प्राप्त गर्न सकिन्छ, तिनीहरू पूर्ण रूपमा परमेश्वरप्रति समर्पित हुन्छन्, तर जब तिनीहरूले इच्छा गरेको कुरामा सम्झौता हुन्छ वा आखिरमा इन्कार गरिन्छ, तिनीहरूले तुरुन्तै विद्रोह गरिहाल्छन्। एउटै रातको अवधिमा समेत, तिनीहरू मुस्कुराइरहने, "दयालु" व्यक्तिबाट कुरूप देखिने हिंस्रक हत्यारामा परिवर्तन हुन्छन्, अनि

हिजोको आफ्नो हितकारीलाई कुनै पनि शब्द वा कारण विना नै आफ्नो मरणशील शत्रुको रूपमा व्यवहार गर्छन्। यदि यी भूत आत्माहरू, आँखाको झिम्क्याइमै मार्ने यी भूत आत्माहरूलाई निकालिएन भने, के तिनीहरू अदृश्य खतरा बन्नेछैनन् र? मानिसलाई मुक्त गर्ने कार्य विजयको कामको पूर्णतालाई पछ्याएर हासिल गरिँदैन। विजयको काम समाप्त भएको भए तापनि, मानिसलाई शुद्‌ध पार्ने काम समाप्त भएको छैन; मानिसलाई पूर्ण रूपमा शुद्‌ध पारिएपछि, परमेश्‍वरमा पूर्ण रूपमा समर्पित हुनेहरूलाई पूर्ण पारिएपछि, र आफ्नो हृदयमा परमेश्‍वर विहीन हुने ती देखावटी मानिसहरूलाई सफाइ गरिएपछि मात्रै त्यस्तो कार्य पूरा हुनेछ। उहाँको कामको अन्तिम चरणमा परमेश्‍वरलाई सन्तुष्ट नपार्नेहरूलाई पुर्ण रूपमा हटाइनेछ, र हटाइएकाहरू दियाबलसबाटका हुन्। तिनीहरू परमेश्‍वरलाई सन्तुष्ट पार्न असमर्थ हुने हुँदा, तिनीहरू परमेश्‍वरको विरुद्‌धमा विद्रोही छन्, र यी मानिसहरूले आज परमेश्‍वरलाई पछ्याए तापनि, यसले तिनीहरू अन्तिमसम्मै रहनेहरू हुन् भन्ने कुरालाई प्रमाणित गर्दैन। "अन्तिमसम्मै परमेश्‍वरलाई पछ्याउनेहरूले मुक्ति पाउनेछ" भन्ने वचनहरूमा, "पछ्याउनु" को अर्थ संकष्टको बीचमा दह्रिलो गरी खडा हुनु भन्ने हुन्छ। आज, धेरैले परमेश्‍वरलाई पछ्याउनु सजिलो छ भन्ने विश्‍वास गर्छन्, तर जब परमेश्‍वरको काम समाप्त हुन लागेको हुन्छ, तैँले "पछ्याउनु" को साँचो अर्थलाई जान्नेछस्। तैँले विजय गरिएपछि आज अझै पनि परमेश्‍वरलाई पछ्याउन सक्छस् भन्दैमा, तँ सिद्‌ध पारिनेहरूमध्ये एक हुनेछस् भन्ने कुरालाई यसले प्रमाणित गर्दैन। परीक्षाहरूको सामना गर्न नसक्नेहरू, संकष्टको बीचमा विजय बन्न नसक्नेहरू आखिरमा दृढ रूपमा खडा हुन असक्षम हुनेछन्, त्यसकारण परमेश्‍वरलाई अन्तिमसम्मै पछ्याउन असमर्थ हुनेछन्। परमेश्‍वरलाई साँचो रूपमा पछ्याउनेहरू आफ्नो कामको जाँचलाई सामना गर्न सक्नेहरू हुन्, जबकि परमेश्‍वरलाई साँचो रूपमा नपछ्याउनेहरू परमेश्‍वरको कुनै पनि परीक्षाहरूको सामना गर्न असमर्थ हुन्छन्। ढिलो-चाँडो तिनीहरूलाई निकालिनेछ, तर विजेताहरू राज्यमा नै रहनेछन्। मानिसले परमेश्‍वरलाई साँचो रूपले खोजी गर्छ कि गर्दैन भन्ने कुरालाई उसको कामको जाँचले, अर्थात्, परमेश्‍वरका परीक्षाहरूले निर्धारण गर्छ, र मानिस स्वयमले गर्ने निर्णयसँग यसको कुनै सम्बन्ध हुँदैन। परमेश्‍वरले कुनै पनि व्यक्तिलाई आवेगमा इन्कार गर्नुहुन्‍न; उहाँले गर्ने सबै कुराले मानिसलाई पूर्ण रूपमा विश्‍वस्त तुल्याउन सक्छ। मानिसको लागि अदृश्य कुनै पनि कुरा, वा मानिसलाई विश्‍वस्त तुल्याउन नसक्ने कुनै पनि काम उहाँले गर्नुहुन्‍न। मानिसको आस्था साँचो हो कि होइन भन्ने कुरा तथ्यहरूद्‌वारा प्रमाणित हुन्छ र मानिसद्‌वारा यसको निर्णय हुन सक्दैन। "गहुँलाई सामामा परिणत गर्न सकिँदैन, र सामालाई गहुँमा परिणत गर्न सकिँदैन" भन्ने कुरामा कुनै शङ्का छैन। परमेश्‍वरलाई साँचो रूपमा प्रेम गर्नेहरू सबै आखिरमा राज्यमा नै रहनेछन्, र उहाँलाई साँचो रूपमा प्रेम गर्ने कसैलाई पनि परमेश्‍वरले दुर्व्यवहार गर्नुहुन्‍न। तिनीहरूका फरक-फरक कार्यहरू र गवाहीहरूका आधारमा, राज्यभित्रका विजेताहरूले पूजाहारीहरूका रूपमा वा अनुयायीहरूका रूपमा सेवा गर्नेछन्, र संकष्टको बीचमा विजयी हुनेहरू राज्यभित्रका पूजाहारीहरूको निकाय बन्नेछन्। ब्रह्माण्डभरिमा सुसमाचारको कार्य समाप्त भएपछि पूजाहारीहरूको निकायलाई निर्माण गरिनेछ। जब त्यो समय आउँछ, मानिसले गर्नुपर्ने कुरा परमेश्‍वरको राज्यभित्र उसले पूरा गर्नुपर्ने दायित्व, र राज्यभित्र परमेश्‍वरसँग एकसाथको उसको जियाइ हुनेछ। पूजाहारीहरूको

निकायमा प्रधान पूजाहारीहरू र पूजाहारीहरू हुनेछन्, र बाँकीचाहिँ परमेश्‍वरका पुत्रहरू र मानिसहरू हुनेछन्। संकष्टको अवधिमा परमेश्‍वरको निम्ति तिनीहरूले दिएका गवाहीले यो सबैलाई निर्धारण गर्नेछ; ती आवेगमा दिइने पदहरू होइनन्। मानिसको अवस्थालाई स्थापना गरिसकेपछि, परमेश्‍वरको काम बन्द हुनेछ, किनभने हरेकलाई उसको प्रकार अनुसार वर्गीकरण गरिनेछ र तिनीहरूको मूल स्थितिमा फर्काइनेछ, र यो परमेश्‍वरको कार्यको पूर्णताको चिन्ह हो, यो परमेश्‍वरको काम र मानिसको अभ्यासको अन्तिम परिणाम हो, र परमेश्‍वरको कार्य र मानिसको सहकार्यका दर्शनहरूलाई स्पष्ट बनाउने कार्य हो। आखिरमा, मानिसले परमेश्‍वरको राज्यमा विश्राम पाउनेछ, र परमेश्‍वर पनि विश्राम गर्न आफ्नो वासस्थानमा फर्कनुहुनेछ। परमेश्‍वर र मानिस बीचको ६,००० वर्षे सहकार्यको अन्तिम परिणाम यही नै हुनेछ।

# स्वर्गीय पिताको इच्छा पालन गर्नु नै ख्रीष्टको आधारभूत स्वभाव हो

देहधारी परमेश्‍वरलाई ख्रीष्ट भनिन्छ, र परमेश्‍वरका आत्माले ख्रीष्टलाई देहधारण गर्नुभयो। यो देह कुनै पनि देहको मानिसजस्तो छैन। यस भिन्नताको कारण के हो भने ख्रीष्ट देह र रगतले बनिनुभएको हुनुहुन्‍न; उहाँ आत्माको देहधारण हुनुहुन्छ। उहाँमा सामान्य मानवता र पूर्ण ईश्‍वरत्व दुवै छ। उहाँको ईश्‍वरत्व कुनै पनि मानिसमा छैन। उहाँको सामान्य मानवताले देहमा हुने उहाँका सबै सामान्य क्रियाकलापहरूलाई सञ्चालन गर्छ, र उहाँको ईश्‍वरत्वले परमेश्‍वर स्वयमको कार्यलाई अघि बढाउँछ। चाहे यो उहाँको मानवता होस् वा ईश्‍वरत्व होस्, यी दुवै नै स्वर्गमा बस्नुहुने पिताको इच्छामा समर्पित हुन्छन्। ख्रीष्टको सार भनेको आत्मा नै हो, जुन ईश्‍वरत्व हो। त्यसकारण, परमेश्‍वर स्वयम्‌को सार नै उहाँको सार हो; यो सारले उहाँको आफ्नै कार्यलाई बाधा दिँदैन, र उहाँको आफ्नै कार्यलाई नष्ट गर्ने कुनै पनि कार्य उहाँले गर्न सक्नुहुन्‍न, न त उहाँको आफ्नै इच्छा विरुद्ध जाने कुनै पनि वचन उहाँले कहिल्यै बोल्नुहुन्छ। त्यसकारण, देहधारी परमेश्‍वरले आफ्नै व्यवस्थापनलाई अवरोध गर्ने कुनै पनि काम कहिल्यै गर्नुहुन्‍न। सबै मानिसहरूले यही कुरालाई बुझ्नुपर्छ। पवित्र आत्माको कार्यको सार भनेको मानिसलाई मुक्ति दिनु हो, र यो परमेश्‍वरको आफ्नै व्यवस्थापनको लागि हो। त्यसरी नै, ख्रीष्टको कार्य पनि मानिसलाई मुक्ति दिनु नै हो, र यो परमेश्‍वरको इच्छाको लागि हो। परमेश्‍वर देहधारी हुनुहुने हुँदा आफ्नो काम गर्नको लागि उहाँको देह पर्याप्त छ भनेर उहाँले आफ्नो देहभित्रको आधारभूत स्वभावलाई महसुस गर्नुहुन्छ। त्यसकारण, देहधारणको समय अवधिमा ख्रीष्टको कार्यले परमेश्‍वरको आत्माका सबै कार्यलाई प्रतिस्थापन गर्छ, र देहधारणको समयभरि गरिने सबै कार्यको केन्द्र ख्रीष्टको कार्य नै हो। यो अन्य कुनै पनि युगको कार्यसँग मिसिन सक्दैन। र परमेश्‍वर देहधारी हुनुहुने हुँदा उहाँले आफ्नो देहको पहिचानमा कार्य गर्नुहुन्छ; उहाँ देहमा आउनुहुने भएकोले, आफूले गर्नुपर्ने कार्यलाई उहाँले देहमा नै पूरा गर्नुहुन्छ। परमेश्‍वरको आत्मा होस् वा ख्रीष्ट होस्, दुवै नै परमेश्‍वर स्वयम हुनुहुन्छ, र उहाँले आफूले गर्नुपर्ने काम गर्नुहुन्छ र आफूले गर्नुपर्ने सेवकाइ गर्नुहुन्छ।

परमेश्वरको आधारभूत स्वभावले नै अख्तियारको प्रयोग गर्छ, तर उहाँबाट आउने अख्तियारप्रति उहाँ पूर्ण रूपमा समर्पित हुन सक्नुहुन्छ। चाहे यो आत्माको काम होस् वा देहको काम होस्, यीमध्ये कुनै पनि काम एक-अर्कासँग बाझिँदैन। सारा सृष्टिमाथिको अख्तियार परमेश्वरका आत्मासँग छ। परमेश्वरको आधारभूत स्वभाव सहितको देह पनि अख्तियारको अधीनमा हुन्छ, तर देहमा हुनुभएका परमेश्वरले ती सबै कार्यहरूलाई गर्न सक्नुहुन्छ, जुन कार्यहरूले स्वर्गमा हुनुहुने पिताको इच्छालाई पालन गर्छ। यसलाई कुनै पनि व्यक्तिले प्राप्त गर्न वा कल्पना गर्न सक्दैन। परमेश्वर स्वयम् नै अख्तियार हुनुहुन्छ, तर उहाँको देह उहाँको अख्तियारप्रति समर्पित हुन सक्छ। "ख्रीष्टले परमेश्वर पिताको इच्छालाई पालन गर्नुहुन्छ" भनेर भन्ने क्रममा यही कुरालाई सूचित गरिन्छ। परमेश्वर आत्मा हुनुहुन्छ र जसरी परमेश्वर मानिस बन्न सक्नुहुन्छ त्यसरी नै उहाँले मुक्तिको काम पनि गर्न सक्नुहुन्छ। जे भए तापनि, परमेश्वर स्वयमले नै आफ्नो कार्य गर्नुहुन्छ; न त उहाँले बाधा दिनुहुन्छ न त हस्तक्षेप नै गर्नुहुन्छ, उहाँले आफैमा बाझिने किसिमको काम गर्नु त परै जाओस्, किनभने आत्मा र देहले गर्ने कार्यको सार उही प्रकारको हुन्छ। चाहे आत्मा होस् वादेह, दुवैले एउटै इच्छालाई पूरा गर्न र एउटै कार्यलाई व्यवस्थापन गर्नको लागि काम गर्नुहुन्छ। आत्मा र देहका गुणहरू पूर्ण रूपमा फरक भए तापनि, उहाँहरूका आधारभूत स्वभावहरू उस्तै छन्; दुवैमा परमेश्वर स्वयमको आधारभूत स्वभाव, अनि परमेश्वर स्वयमको पहिचान छ। परमेश्वर स्वयममा कुनै पनि अनाज्ञाकारीताको तत्वहरू छैन; उहाँको स्वभाव असल छ। उहाँ सारा सुन्दरता र भलाइ, साथै सारा प्रेमको अभिव्यक्ति हुनुहुन्छ। देहमा समेत परमेश्वरले त्यस्तो कुनै पनि काम गर्नुहुन्न जसले परमेश्वर पिताको अवज्ञा गर्छ। आफ्नो जीवन बलिदान दिनु पर्दा समेत उहाँले हृदयदेखि त्यसो गर्न चाहनुहुन्छ, र उहाँले अन्य कुनै पनि निर्णय गर्नुभएन। परमेश्वरमा स्वःधार्मिकता वा स्वःमहत्त्व, वा अभिमानी र अहङ्कारीको कुनै तत्व छैन; उहाँमा कुटिलका कुनै तत्वहरू छैनन्। परमेश्वरको अवज्ञा गर्ने हरेक कुरा शैतानबाट आउँछ; सारा कुरूपता र दुष्टताको स्रोत शैतान नै हो। मानिसमा शैतानको जस्तै गुणहरू हुनुको कारण के हो भने मानिसलाई शैतानले भ्रष्ट तुल्याएको छ र प्रशोधन गरेको छ। ख्रीष्टलाई शैतानले भ्रष्ट तुल्याएको छैन, त्यसकारण उहाँमा परमेश्वरका चरित्रहरू मात्रै छन्, तर शैतानको कुनै चरित्रहरू छैनन्। काम जतिसुकै कठिन होस् वा देह जतिसुकै कमजोर होस्, जब परमेश्वर देहमा बस्नुहुन्छ, उहाँले परमेश्वर स्वयमको कार्यलाई बाधा दिने कुनै कुरा कहिल्यै पनि गर्नुहुनेछैन, अनाज्ञाकारीतामा परमेश्वर पिताको इच्छालाई त्याग्ने कुरा त परै जाओस्। उहाँले परमेश्वर पिताको इच्छालाई धोका दिनुभन्दा देहको पीडालाई भोग्नुहुन्छ; यो, येशूले प्रार्थनामा भन्नुभएको जस्तै छ, "पिता, यदि सम्भव छ भने, यो कचौरा मबाट हटोस्: तैपनि मेरो इच्छा होइन, तर तपाईंको इच्छा पूरा होस्।" मानिसहरूले आफ्नो लागि आफै निर्णयहरू गर्छन्, तर ख्रीष्टले त्यसो गर्नुहुन्न। उहाँसँग परमेश्वर स्वयमको पहिचान भए तापनि, उहाँले परमेश्वर पिताको इच्छालाई खोज्नुहुन्छ, र परमेश्वर पिताले उहाँलाई सुम्पनुभएको कुरालाई देहको दृष्टिकोणद्वारा पूरा गर्नुहुन्छ। यो मानिसले पूरा गर्न नसक्ने कुरा हो। शैतानबाट आउने कुरामा परमेश्वरको स्वभाव हुँदैन; यसमा परमेश्वरको अवज्ञा गर्ने र उहाँलाई विरोध गर्ने कुरा मात्रै हुन्छ। यसले परमेश्वरलाई पूर्ण रूपमा पालन गर्न सक्दैन, परमेश्वरको

इच्छालाई स्वेच्छाले पालन गर्ने कुरा त परै जाओस्। ख्रीष्टबाट टाढा रहेर सबै मानिसले त्यही काम गर्न सक्छन् जसले परमेश्वरको विरोध गर्छ, र कुनै पनि मानिसले परमेश्वरले सुम्पनुभएको कार्यलाई प्रत्यक्ष रूपमा गर्न सक्दैन; परमेश्वरको व्यवस्थापनलाई पूरा गर्नुपर्ने आफ्नो कर्तव्यको रूपमा एक जनाले पनि लिन सक्दैन। ख्रीष्टको आधारभूत स्वभाव भनेको परमेश्वर पिताको इच्छाप्रति समर्पित हुनु हो; परमेश्वरको विरुद्धमा अनाज्ञाकारी हुने कार्य शैतानको चरित्र हो। यी दुई गुणहरू परस्पर-विरोधी गुणहरू हुन्, र शैतानका गुणहरू भएको कसैलाई पनि ख्रीष्ट भन्न सकिँदैन। मानिसले परमेश्वरको खातिर उहाँको काम गर्न नसक्नुको कारण के हो भने मानिसमा परमेश्वरको कुनै पनि आधारभूत स्वभाव हुँदैन। मानिसको व्यक्तिगत रुचिहरूका लागि र भविष्यको आशाको लागि मात्रै मानिसले परमेश्वरको लागि काम गर्छ, तर ख्रीष्टले परमेश्वर पिताको इच्छालाई पूरा गर्नको लागि काम गर्नुहुन्छ।

ख्रीष्टको मानवता उहाँको ईश्वरत्वद्वारा सञ्चालित छ। उहाँ देहमा हुनुभए तापनि, उहाँको मानवता देहको मानिसजस्तो पूर्ण रूपमा छैन। उहाँमा उहाँको आफ्नै अद्वितीय चरित्र छ, र यो पनि उहाँको ईश्वरत्वद्वारा सञ्चालित छ। उहाँको ईश्वरत्वमा कुनै कमजोरी छैन; ख्रीष्टको कमजोरीले उहाँको मानवताको कमजोरीलाई जनाउँछ। केही हदसम्म, यो कमजोरीले उहाँको ईश्वरत्वलाई दिन्छ, तर त्यस किसिमका सीमितताहरू निश्चित क्षेत्र र समयभित्र हुन्छन्, र ती परिधि विहीन छैनन्। जब उहाँको ईश्वरत्वको कामलाई अघि बढाउने समय आउँछ, तब उहाँको मानवताको बाबजुद पनि यसलाई पूरा गरिन्छ। ख्रीष्टको मानवता पूर्ण रूपमा उहाँको ईश्वरत्वद्वारा निर्देशित छ। उहाँको मानवताको सामान्य जीवन बाहेक, उहाँको मानवताका अरू सबै कार्यहरू उहाँको ईश्वरत्वद्वारा प्रभावित, असरित, र निर्देशित हुन्छन्। ख्रीष्टमा एउटा मानवता भए तापनि, यसले उहाँको ईश्वरत्वलाई बाधा दिँदैन, र ठीक यही कारणले गर्दा ख्रीष्टको मानवता उहाँको ईश्वरत्वद्वारा निर्देशित छ; अरूसँग कसरी व्यवहार गर्ने त्यसमा उहाँको मानवता परिपक्व नभए तापनि, यसले उहाँको ईश्वरत्वको सामान्य कार्यलाई प्रभाव पार्दैन। उहाँको मानवता भ्रष्ट भएको छैन भनी भन्ने क्रममा मैले ख्रीष्टको मानवतालाई उहाँको ईश्वरत्वद्वारा प्रत्यक्ष रूपमा निर्देशित हुन सक्छ, र उहाँमा साधारण मानिसको भन्दा उच्च चेतना छ भनेर भन्न खोजेको हुँ। उहाँको कार्यमा ईश्वरत्वद्वारा निर्देशित हुनको लागि उहाँको मानवता सबैभन्दा उपयुक्त छ; उहाँको मानवता ईश्वरत्वको कार्यलाई व्यक्त गर्न सबैभन्दा बढी सक्षम छ, र त्यस्तो कार्यप्रति समर्पित हुन यो सबैभन्दा बढी सक्षम छ। देहमा काम गर्ने क्रममा उहाँले देहमा रहेको मानिसले पूरा गर्नुपर्ने कर्तव्यलाई कहिल्यै पनि बिर्सनुहुन्न; उहाँ स्वर्गमा परमेश्वरलाई साँचो हृदयले आराधना गर्न सक्षम हुनुहुन्छ। उहाँमा परमेश्वरको स्वभाव छ, र उहाँको पहिचान परमेश्वर स्वयमको पहिचान हो। यो के मात्रै हो भने उहाँ पृथ्वीमा आउनुभएको छ र सृष्टि गरिएको प्राणी बन्नुभएको छ र सृष्टि गरिएको प्राणीको बाहिरी आवरण लिनुभएको छ र, अहिले एउटा मानवतालाई लिनुभएको छ जुन पहिले उहाँमा थिएन। स्वर्गमा परमेश्वरलाई आराधना गर्न उहाँ सक्षम हुनुहुन्छ; उहाँ परमेश्वर स्वयम हुनुहुन्छ र मानिसले उहाँको अनुकरण गर्न सक्दैन। उहाँको पहिचान परमेश्वर स्वयम नै हुनुहुन्छ। देहको दृष्टिकोणद्वारा उहाँले परमेश्वरको आराधना गर्नुहुन्छ; त्यसकारण, "स्वर्गमा ख्रीष्टले

परमेश्वरलाई आराधना गर्नुहुन्छ” भन्ने वचनहरू गलत छैनन्। मानिसबाट उहाँले चाहने कुरा भनेको उहाँको आफ्नै स्वभाव हो; तिनीहरूबाट त्यस कुराको माग गर्नुभन्दा पहिले नै उहाँले मानिसबाट माग गर्नुहुने सबै कुरालाई पूरा गर्नुभएको छ। जुन कुरा आफूमा छैन उहाँले त्यो कुरा अरूबाट कहिल्यै पनि माग गर्नुहुन्न, किनभने यो सबैले नै उहाँको स्वभावलाई निर्माण गर्छ। उहाँले आफ्नो कार्यलाई जसरी अघि बढाउनुभए तापनि, परमेश्वरलाई अवज्ञा गर्ने तरिकाले उहाँले कहिल्यै पनि काम गर्नुहुन्न। उहाँले मानिसबाट जे माग्नुभए तापनि, मानिसले पूरा गर्न सक्नेभन्दा बाहिरको कुनै माग हुँदैन। उहाँले गर्ने सबै कुरा परमेश्वरको इच्छालाई पूरा गर्ने कार्य हो र ती सबै उहाँको व्यवस्थापनको खातिर हो। ख्रीष्टको ईश्वरत्व सबै मानिसभन्दा माथि छ; त्यसकारण, सृष्टि गरिएका सबै प्राणीहरूका सबैभन्दा उच्च अख्तियार उहाँ नै हुनुहुन्छ। उहाँको अख्तियार नै उहाँको ईश्वरत्व हो, अर्थात् परमेश्वर स्वयमको स्वभाव र अस्तित्व, जसले उहाँको पहिचानलाई निर्धारण गर्छ। त्यसकारण, उहाँको मानवता जतिसुकै सामान्य भए तापनि, उहाँमा परमेश्वर स्वयमको परिचय छ भन्ने कुरा अखण्डनीय छ; उहाँले जुनसुकै दृष्टिकोणबाट बोल्नुभए तापनि र उहाँले परमेश्वरको इच्छालाई जसरी पालन गर्नुभए तापनि, उहाँ परमेश्वर स्वयम हुनुहुन्न भनेर भन्न सकिँदैन। मूर्ख र अज्ञानी मानिसहरूले ख्रीष्टको मानवतालाई प्रायजसो सामान्य ठान्छन्। आफ्नो ईश्वरत्वलाई उहाँले जसरी व्यक्त गर्नुभए तापनि र प्रकट गर्नुभए तापनि, उहाँ ख्रीष्ट हुनुहुन्छ भन्ने कुरालाई स्वीकार गर्न मानिस असमर्थ छ। र ख्रीष्टले आफ्नो आज्ञापालनलाई र मानवतालाई जति प्रदर्शन गर्नुहुन्छ, मूर्ख मानिसहरूले ख्रीष्टलाई त्यति नै हल्कासँग लिन्छन्। उहाँलाई बहिष्कार र तिरस्कारको व्यवहार गर्ने, तर उच्च प्रतिष्ठा भएका “महान् मानिसहरू” लाई आराधनाको टेबलमा राख्ने मानिसहरू पनि छन्। परमेश्वरप्रतिको मानिसको विरोध र अनाज्ञाकारीता देहधारी परमेश्वरको स्वभाव परमेश्वरप्रति समर्पित हुन्छ भन्ने तथ्यबाट, साथै ख्रीष्टको सामान्य मानवताबाट आउँछ; परमेश्वरप्रतिको मानिसको विरोध र अनाज्ञाकारीताको स्रोत यही नै हो। यदि ख्रीष्टमा उहाँको मानवको भेष थिएन र उहाँले सृष्टि गरिएको प्राणीको दृष्टिकोणबाट परमेश्वर पिताको इच्छालाई खोज्नुहुन्नथियो, तर उहाँमा अधिक मानवता थियो भने, मानिसको बीचमा कुनै अनाज्ञाकारीता नहुने सम्भावना बढी छ। मानिसले सधैँ स्वर्गको अदृश्य परमेश्वरमा विश्वास गर्न तयार हुनुको कारण के हो भने स्वर्गको परमेश्वरमा कुनै मानवता छैन, न त सृष्टि गरिएको प्राणीको कुनै एउटा गुण समेत उहाँमा छ। त्यसकारण, मानिसले उहाँलाई सबैभन्दा उच्च आदरको दृष्टिकोणले हेर्छ, तर ख्रीष्टप्रति भने तिरस्कारको आचरण राख्छ।

पृथ्वीमा ख्रीष्टले परमेश्वर स्वयमको प्रतिनिधित्व गरेर काम गर्न सक्षम हुनुभए तापनि, सबै मानिसलाई देहमा रहेको आफ्नो स्वरूपलाई देखाउने अभिप्रायका साथ उहाँ आउनुहुन्न। सबै मानिसले उहाँलाई देखून् भनेर उहाँ आउनुहुन्न; उहाँको हातद्वारा मानिसलाई डोऱ्याउनको निम्ति उहाँ आउनुहुन्छ, र यसद्वारा मानिस नयाँ युगमा प्रवेश गर्छ। ख्रीष्टको देहको उद्देश्य परमेश्वर स्वयमको कार्य, अर्थात्, देहमा गरिने परमेश्वरको कार्यको लागि हो, तर उहाँको देहको सारलाई पूर्ण रूपमा बुझ्न मानिसलाई सक्षम गराउनु होइन। उहाँले जसरी काम गर्नुभए तापनि, उहाँले गर्ने कुनै पनि कुरा देहद्वारा प्राप्त गर्न सकिनेभन्दा बाहिर जाँदैन। उहाँले जसरी काम गर्नुभए तापनि, उहाँले

सामान्य मानवताद्वारा देहमा त्यो गर्नुहुन्छ, र मानिसलाई परमेश्‍वरको साँचो अनुहार पूर्ण रूपमा प्रकट गर्नुहुन्‍न। यसको साथै, देहमा उहाँले गर्ने कार्य मानिसले विचार गर्ने जत्तिको अलौकिक वा अथाह कहिल्यै हुँदैन। ख्रीष्टले देहमा परमेश्‍वर स्वयमलाई प्रतिनिधित्व गर्नुभए तापनि र परमेश्‍वर स्वयमले गर्नुपर्ने कार्यलाई व्यक्तिगत रूपमा आफै गर्नुहुने भए तापनि, उहाँले स्वर्गमा हुनुहुने परमेश्‍वरको अस्तित्वलाई इन्कार गर्नुहुन्‍न, न त उहाँले उत्तेजनाको साथ आफ्नै कार्यहरूको घोषणा नै गर्नुहुन्छ। बरु, उहाँ आफ्नो देहभित्र गुप्त, नम्र रहनुहुन्छ। ख्रीष्ट बाहेक, आफूलाई ख्रीष्ट भनी झूटो रूपमा दाबी गर्नेहरूमा उहाँका गुणहरू हुँदैन। झूटा ख्रीष्टहरूको अहङ्कारी र आफैलाई उचाल्ने स्वभावसँग तुलना गर्दा, देहको कुन आचरण साँचो ख्रीष्ट हो त्यस कुरालाई छर्लङ्ग पारिदिन्छ। तिनीहरू जति झूट हुन्, त्यति नै हदसम्म झूटा ख्रीष्टहरूले आफैप्रति घमण्ड गर्छन्, र मानिसहरूलाई धोका दिनका लागि त्यति नै तिनीहरूले चिन्हरू देखाउन र अचम्मका कामहरू गर्न सक्छन्। झूटा ख्रीष्टहरूमा परमेश्‍वरको गुणहरू हुँदैन; झूटा ख्रीष्टहरूको कुनै पनि तत्वद्वारा ख्रीष्ट कलङ्कित हुनुहुन्‍न। देहको कार्य गर्नको लागि मात्रै परमेश्‍वर देह बन्‍नुहुन्छ, उहाँलाई हेर्नको निम्ति मानिसहरूलाई सक्षम तुल्याउनको लागि मात्रै होइन। बरु, उहाँले आफ्नो कामलाई नै उहाँको पहिचान पुष्टि गर्न दिनुहुन्छ, र आफूले प्रकट गरेको कुरालाई नै उहाँले आफ्नो स्वभावलाई प्रमाणित गर्न दिनुहुन्छ। उहाँको स्वभाव आधारहीन छैन; उहाँको पहिचानलाई उहाँको हातद्वारा खोसेर लिइएको थिएन; उहाँको कार्य र उहाँको स्वभावद्वारा नै यसलाई निर्धारित गरिन्छ। उहाँमा परमेश्‍वर स्वयमको स्वभाव भए तापनि र परमेश्‍वर स्वयमको कामलाई पूरा गर्न उहाँ सक्षम हुनुभए तापनि, आखिर उहाँ देह नै हुनुहुन्छ, जुन आत्माभन्दा फरक छ। उहाँ आत्माका गुणहरू भएको परमेश्‍वर हुनुहुन्‍न; उहाँ देहको आवरण भएको परमेश्‍वर हुनुहुन्छ। त्यसकारण, उहाँ जति सामान्य र जति कमजोर भए तापनि, र उहाँले परमेश्‍वर पिताको इच्छालाई जसरी खोज्नु भए तापनि, उहाँको ईश्‍वरत्व अखण्डनीय छ। देहधारी परमेश्‍वरभित्र सामान्य मानवता र यसको कमजोरीहरू मात्रै हुँदैनन्; त्यहाँ उहाँको ईश्‍वरत्वको उदेकता र अज्ञेयता साथै देहमा उहाँले गर्ने सबै कार्यहरू पनि हुन्छन्। त्यसकारण, मानवता र ईश्‍वरत्व दुवै ख्रीष्टभित्र अस्तित्वमा हुन्छ, वास्तविकतामा र व्यवहारिकता दुवैमा। यो सबैभन्दा रित्तो वा अलौकिक कुरामा पर्दैन। उहाँ आफ्नो कार्यलाई अघि बढाउने मुख्य उद्देश्यको साथ पृथ्वीमा आउनुहुन्छ; पृथ्वीमा काम अघि बढाउनको लागि सामान्य मानवता लिनु अपरिहार्य नै हुन्छ; अन्यथा, उहाँको ईश्‍वरत्वको शक्ति जति नै महान् भए तापनि, यसको मूल कार्यलाई असल रूपमा प्रयोग गर्न सकिँदैन। उहाँको मानवताको महत्त्व निकै ठूलो भए तापनि, यो नै उहाँको मूल स्वभाव भने होइन। उहाँको मूल स्वभाव भनेको ईश्‍वरत्व हो; त्यसकारण, उहाँले जुन क्षणमा पृथ्वीमा आफ्नो सेवकाइलाई सुरु गर्नुहुन्छ त्यही क्षणमा नै उहाँले आफ्नो ईश्‍वरत्वलाई व्यक्त गर्न सुरु गर्नुहुन्छ। उहाँको मानवता आफ्नो देहको सामान्य जीवनलाई कायम राख्नको लागि मात्रै अस्तित्वमा रहन्छ ताकि उहाँको ईश्‍वरत्वले देहमा सामान्य रूपमा आफ्नो कार्यलाई अघि बढाउन सकोस्; उहाँको कार्यलाई पूर्ण रूपमा निर्देशित गर्नेचाहिँ ईश्‍वरत्व नै हो। जब उहाँले आफ्नो कार्यलाई पूरा गर्नुहुन्छ, तब उहाँले आफ्नो सेवकाइलाई पूरा गर्नुभएको हुनेछ। उहाँको कार्यको सम्पूर्णता नै मानिसले जान्‍नु पर्ने कुरा हो, र उहाँको कार्यद्वारा नै उहाँलाई चिन्‍नको लागि उहाँले मानिसलाई

सक्षम तुल्याउनुहुन्छ। आफ्नो कार्यको अवधिमा, आफ्नो ईश्वरत्वको स्वभावलाई लगभग पूर्ण रूपमा नै व्यक्त गर्नुहुन्छ, जुन मानवताद्वारा कलङ्कित भएको छैन, विचार र मानव आचरणद्वारा कलङ्कित भएको छैन। जब सारा सेवकाइ पूरा हुने समय आउँछ, उहाँले आफूले व्यक्त गर्नुपर्ने स्वभावलाई पहिले नै सिद्ध रूपमा र पूर्ण रूपमा व्यक्त गरिसक्नुभएको हुनेछ। उहाँको कार्य कुनै पनि मानिसको निर्देशनहरूद्वारा निर्देशित छैन; उहाँको स्वभावको अभिव्यक्ति पनि पूर्णतया स्वतन्त्र नै छ, र यो मनद्वारा नियन्त्रित वा विचारद्वारा सञ्चालित छैन, तर स्वाभाविक रूपमा नै यो प्रकट हुन्छ। यो कुनै पनि मानिसले प्राप्त गर्न नसक्ने कुरा हो। वातावरणहरू कठोर भए पनि वा अवस्थाहरू प्रतिकूल भए तापनि, उहाँले उचित समयमा आफ्नो स्वभावलाई व्यक्त गर्न सक्नुहुन्छ। जो ख्रीष्ट हुनुहुन्छ, उहाँले ख्रीष्ट सारलाई प्रकट गर्नुहुन्छ, तर जो होइनन् तिनीहरूमा ख्रीष्टको स्वभाव हुँदैन। त्यसकारण, सबैले उहाँलाई विरोध गरे पनि वा उहाँलाई विरोध गर्ने धारणा राखे पनि, ख्रीष्टले व्यक्त गर्नुभएको स्वभाव परमेश्‍वरको स्वभाव हो भन्ने कुरालाई मानिसको विचारहरूको आधारमा कसैले पनि इन्कार गर्न सक्दैन। ख्रीष्टलाई साँचो हृदयले पछ्याउने वा मनैबाट परमेश्‍वरलाई खोज्ने हरेकले, उहाँको ईश्वरत्वको अभिव्यक्तिको आधारमा उहाँ नै ख्रीष्ट हुनुहुन्छ भन्ने कुरालाई स्वीकार गर्नेछन्। मानिसको विचारहरूसँग नमिल्ने उहाँको कुनै पनि पक्षहरूको आधारमा तिनीहरूले ख्रीष्टलाई कहिल्यै पनि इन्कार गर्दैनन्। मानिस अत्यन्तै मूर्ख भए तापनि, मानिसको इच्छा के हो र परमेश्‍वरबाट के आउँछ भन्ने कुरा सबैलाई यथार्थ रूपमा थाहा छ। के मात्रै हो भने आफ्ना अभिप्रायहरूका परिणामस्वरूप धेरै मानिसहरूले ख्रीष्टलाई जानी-जानी विरोध गर्छन्। यसको लागि होइन भने, ख्रीष्टको अस्तित्वलाई इन्कार गर्ने कारण कुनै पनि मानिससँग हुनेथिएन, किनभने ख्रीष्टले व्यक्त गर्नुभएको ईश्वरत्व वास्तवमा अस्तित्वमा छ, र उहाँको कार्यलाई नाङ्गो आँखाले देख्न सकिन्छ।

ख्रीष्टको कार्य र अभिव्यक्तिले नै उहाँको स्वभावलाई निर्धारित गर्छ। उहाँमा समर्पित गरिएको साँचो हृदयलाई उहाँले पूर्ण गर्न सक्नुहुन्छ। उहाँले स्वर्गका परमेश्‍वरलाई साँचो हृदयले आराधना गर्न सक्नुहुन्छ, र साँचो हृदयद्वारा नै उहाँले परमेश्‍वर पिताको इच्छालाई खोज्नुहुन्छ। यी सबैलाई उहाँको सारद्वारा नै निर्धारित गरिन्छ। र उहाँको सारद्वारा नै उहाँको प्राकृतिक प्रकाशलाई निर्धारित गरिन्छ; मैले यसलाई "प्राकृतिक प्रकाश" भन्नुको कारण के हो भने उहाँको अभिव्यक्ति अनुकरण होइन, वा मानिसको शिक्षाको परिणाम, वा मानिसले गरेको धेरै वर्षको परिश्रमको परिणाम होइन। उहाँले यो सिक्नुभएन वा आफैलाई यसद्वारा सजाउनुभएन; बरु, यो उहाँ आफैमा अन्तर्निहित छ। मानिसले उहाँको कार्य, उहाँको अभिव्यक्ति, उहाँको मानवता, र उहाँको सामान्य मानवताको सम्पूर्ण जीवनलाई इन्कार गर्न सक्छ, तर उहाँले स्वर्गमा परमेश्‍वरलाई साँचो हृदयले आराधना गर्नुहुन्छ भन्ने कुरालाई कसैले पनि इन्कार गर्न सक्दैन; उहाँ स्वर्गमा हुनुहुने पिताको इच्छालाई पूरा गर्नको लागि आउनुभएको हो भन्ने कुरालाई कसैले पनि इन्कार गर्न सक्दैन, र उहाँले परमेश्‍वर पितालाई जुन इमानदारीताको साथ खोज्नुहुन्छ त्यसलाई कसैले पनि इन्कार गर्न सक्दैन। उहाँको स्वरूप इन्द्रियहरूका लागि आकर्षक नभए तापनि, उहाँको उपदेश असाधारण नभए तापनि, र उहाँको कार्य मानिसले कल्पना गरेजस्तो पृथ्वीलाई छताछुल्ल पार्ने वा स्वर्गलाई हल्लाउने किसिमको नभए

तापनि, उहाँ वास्तवमा नै ख्रीष्ट हुनुहुन्छ, जसले साँचो हृदयको साथ स्वर्गमा हुनुहुने पिताको इच्छालाई पूरा गर्नुहुन्छ, जो स्वर्गीय पिताप्रति पूर्ण रूपमा समर्पित हुनुहुन्छ, र मृत्युसम्मै आज्ञाकारी हुनुहुन्छ। किनभने उहाँको सार ख्रीष्टकै सार हो। मानिसले यो सत्यतालाई विश्वास गर्न कठिन छ, तर सत्य यही नै हो। जब ख्रीष्टको सेवकाइ पूर्ण रूपमा पूरा भएको हुन्छ, उहाँको कार्यद्वारा मानिसले के कुरालाई देख्न सक्छ भने उहाँको स्वभाव र उहाँको अस्तित्वले स्वर्गको परमेश्वरको स्वभाव र अस्तित्वलाई प्रतिनिधित्व गर्छ। त्यो समयमा, उहाँको सम्पूर्ण कार्यको योगले उहाँ वास्तवमा देहधारी हुनुहुने वचन हुनुहुन्छ, र देह र रगतले बनिएको मानिसजस्तो हुनुहुन्न भन्ने कुरालाई पुष्टि गर्न सक्छ। पृथ्वीमा ख्रीष्टले गर्नुहुने कार्यको हरेक चरणले प्रतिनिधित्व गर्ने आफ्नै महत्त्व छ, तर हरेक चरणको वास्तविक कार्यलाई अनुभव गर्ने मानिसले उहाँको कार्यको महत्त्वलाई बुझ्न सक्दैन। परमेश्वरले आफ्नो दोस्रो देहधारणद्वारा अघि सार्नुभएका कार्यको विभिन्न चरणहरूको हकमा यो विशेष गरी लागू हुन्छ। ख्रीष्टको वचनलाई मात्रै सुनेका वा देखेका तर उहाँलाई कहिल्यै नदेखेका धेरैजसोले उहाँको कार्यका धारणाहरूलाई बुझेका हुँदैनन्; ख्रीष्टलाई देखेका र उहाँको वचनलाई सुनेका, साथै उहाँको कार्यलाई अनुभव गरेका मानिसहरूले उहाँको कार्यलाई स्वीकार गर्न कठिन हुन्छ। के यो ख्रीष्टको स्वरूप र सामान्य मानवता मानिसले चाहेको जस्तो नभएको कारणले गर्दा हो? ख्रीष्ट गइसक्नुभएपछि उहाँको कार्यलाई स्वीकार गर्ने मानिसहरूमा त्यस्तो कठिनाइहरू हुँदैन, किनभने तिनीहरूले उहाँको कार्यलाई मात्रै स्वीकार गर्छन् र ख्रीष्टको सामान्य मानवतासँग तिनीहरू सम्पर्कमा आउँदैनन्। परमेश्वरप्रतिको आफ्नो धारणाहरूलाई त्याग्न मानिस असक्षम छ र उसले उहाँलाई तीव्रताको साथ जाँच्छ; यसको कारण के हो भने मानिसले उहाँको स्वरूपमा मात्रै विशेष ध्यान दिन्छ र उहाँको कार्य र उहाँको वचन अनुसार उहाँको सारलाई पहिचान गर्न सक्दैन। यदि मानिसले ख्रीष्टको स्वरूपको निम्ति आफ्नो आँखा बन्द गर्छ वा ख्रीष्टको मानवताको बारेमा छलफल गर्नबाट टाढा बस्छ, र उहाँको ईश्वरत्व, जसको काम र वचनलाई कुनै पनि मानिसले प्राप्त गर्दैन, त्यसको बारेमा मात्रै कुरा गर्छ भने, मानिसका आधा जति धारणाहरू घट्नेछन्, र सबै मानिसका कठिनाइहरू समेत समाधान हुनेछन्। देहधारी परमेश्वरको कार्य अवधिमा, मानिसले उहाँलाई सहन गर्न सक्दैन र मानिसमा उहाँको बारेमा विभिन्न किसिमका धारणाहरू हुन्छन्, र विरोध र अनाज्ञाकारिताका घटनाहरू सामान्य नै हुन्छन्। मानिसले परमेश्वरको अस्तित्वलाई सहन गर्न, ख्रीष्टको नम्रता र ख्रीष्टको गुप्ततातप्रति कोमल व्यवहार गर्न, वा स्वर्गमा हुनुहुने पितालाई पालन गर्ने ख्रीष्टको आधारभूत स्वभावलाई क्षमा गर्न सक्दैन। त्यसकारण, उहाँले आफ्नो काम समाप्त गरेपछि उहाँ मानिससँग अनन्तसम्म बस्न सक्नुहुन्न, किनभने उहाँलाई आफ्ना बीचमा जिउन दिन मानिस अनिच्छुक छ। यदि मानिसले उहाँको कार्य अवधिमा उहाँप्रति कोमल व्यवहार गर्न सक्दैन भने उहाँले आफ्नो सेवकाइलाई पूरा गरेपछि उहाँको वचनलाई क्रमिक रूपमा तिनीहरूले अनुभव गर्दै गएको उहाँले हेर्ने क्रममा कसरी उहाँ तिनीहरूका बीचमा जिएको कुरालाई तिनीहरूले सहन गर्न सम्भव छ र? उहाँको कारण के तिनीहरूमध्ये धेरै जना पतन हुने छैनन् र? मानिसले उहाँलाई पृथ्वीमा काम गर्नको लागि मात्रै अनुमति दिन्छ; मानिसको कोमलताको सबैभन्दा ठूलो हद त्यही नै हो। यदि उहाँको काम नै

नभएको भए, मानिसले उहाँलाई धेरै पहिले नै पृथ्वीबाट निर्वासित गर्नेथियो, उहाँको काम पूरा भइसकेपछि झन् कति कम रूपमा तिनीहरूले उहाँप्रति कोमल व्यवहार देखाउनेछन्? त्यसपछि के मानिसले उहाँलाई मार्ने र मृत्युसम्मै उहाँलाई यातना दिने थिएनन् र? यदि उहाँलाई ख्रीष्ट नभनिएको भए, उहाँले मानवजातिको बीचमा काम गर्न सक्नुहुन्नथियो; यदि उहाँले परमेश्वर स्वयमको पहिचान लिएर काम नगर्नुभएको भए, र एउटा साधारण मानिसको रूपमा मात्रै काम गर्नुभएको भए, उहाँले बोल्नुभएको एउटा वाक्यलाई पनि मानिसले सहने थिएन, उहाँको कामको सानोभन्दा सानो भागलाई सहने कुरा त परै जाओस्। त्यसकारण उहाँले यो पहिचानलाई आफ्नो कार्यमा मात्रै आफूमा लिन सक्नुहुन्छ। यसरी, उहाँले त्यसो नगर्नुभएको अवस्थामा भन्दा यस अवस्थामा उहाँको काम बढी शक्तिशाली हुन्छ, किनभने प्रतिष्ठित र महान् पहिचानलाई पालन गर्न सबै मानिसहरू तयार हुन्छन्। काम गर्ने क्रममा यदि उहाँले परमेश्वर स्वयमको पहिचानलाई नलिनुभएको भए वा उहाँ परमेश्वर स्वयमको रूपमा देखा नपर्नुभएको भए, उहाँले काम गर्ने मौका नै पाउनुहुने थिएन। उहाँमा परमेश्वरको स्वभाव र ख्रीष्टको अस्तित्व नभएको भए, मानिसले सहज भएर उहाँलाई मानिसहरूका बीचमा सहजताको साथ उहाँको काम अघि बढाउन दिने थिएन। आफ्नो काममा उहाँले परमेश्वर स्वयमको पहिचानलाई बोक्नुहुन्छ; त्यस्तो कार्य त्यस्तो पहिचानविना गरेको कार्यभन्दा धेरै गुणा शक्तिशाली हुने भए तापनि, मानिस उहाँमा पूर्ण रूपमा आज्ञाकारी छैन, किनभने मानिस उहाँको प्रतिष्ठाप्रति मात्रै समर्पित छ, उहाँको आधारभूत स्वभावप्रति होइन। यदि त्यसो हो भने, सायद एक दिन ख्रीष्ट आफ्नो पदबाट तल झर्नुभयो भने, के मानिसले उहाँलाई एक दिन पनि जीवित रहन दिन सक्छ? परमेश्वर पृथ्वीमा मानिसको बीचमा बस्न तयार हुनुहुन्छ ताकि आफूले गरेको कामले त्यसपछिका वर्षहरूमा ल्याउने प्रभावहरूलाई उहाँले देख्न सक्नुभएको होस्। तैपनि, उहाँको उपस्थितिलाई मानिसले एक दिन पनि सहन सक्दैन, त्यसकारण उहाँले यस कार्यलाई परित्याग मात्रै गर्न सक्नुभयो। मानिसको बीचमा उहाँले गर्नुपर्ने काम गर्न र उहाँको सेवकाइलाई पूरा गर्न दिनु नै परमेश्वरलाई मानिसले देखाएको सबैभन्दा ठूलो कोमलता र अनुग्रहको हद हो। उहाँद्वारा व्यक्तिगत रूपमा विजय गरिएका मानिसहरूले उहाँलाई त्यस किसिमको अनुग्रह देखाए तापनि, तिनीहरूले उहाँलाई उहाँको काम समाप्त भइञ्जेलसम्म मात्रै बस्न दिन्छन्, त्यसभन्दा बढी एक क्षण पनि बस्न दिँदैनन्। यदि यसो हो भने, विजय नगरिएकाहरूको हकमा के हुन्छ? के मानिसले देहधारी परमेश्वरलाई यसरी व्यवहार गर्नुको कारण उहाँ सामान्य मानवको देह लिनुभएको ख्रीष्ट हुनुभएकोले हो? यदि उहाँमा ईश्वरत्व मात्रै भएको भए र सामान्य मानवता नभएको भए, के मानिसको कठिनाइहरू निकै सहजताको साथ समाधान हुनेथिएनन् र? उहाँको स्वभाव ख्रीष्टको जस्तै छ, जुन स्वर्गमा हुनुहुने पिताको इच्छामा समर्पित छ भन्ने तथ्यको बाबजुत पनि, मानिसले जबरजस्ती उहाँको ईश्वरत्वलाई स्वीकार गर्छ र उहाँको साधारण मानिसको स्वरूपप्रति कुनै चासो देखाउँदैन। त्यसैले, उहाँले मानिससँग आनन्द र शोकहरू बाँड्नका लागि तिनीहरूसँग बस्ने आफ्नो कार्यलाई रद्द मात्रै गर्न सक्नुभयो, किनभने मानिसले उहाँको अस्तित्वलाई उप्रान्त सहन सकेन।

# मानिसको सामान्य जीवन पुनर्स्थापना गर्नु र उसलाई सुन्दर गन्तव्यमा लिएर जानु

मानिसले आजको कामबारे अनि भविष्यको कामबारे थोरै जान्दछ तर उसले त्यो गन्तव्य बुझ्दैन जसमा मानवजाति प्रवेश गर्नेछ। एक सृष्टि भएको हैसियतले, मानिसले प्राणीको कर्तव्य पालना गर्नुपर्दछः परमेश्‍वरले जे गर्नुहुन्छ, उसले त्यसैमा उहाँलाई पछ्याउनुपर्छ। मैले तिमीहरूलाई बताउने जुनसुकै मार्गमा तिमीहरू अगाडि बढ्नुपर्छ। आफ्नै निम्ति प्रबन्ध गर्ने तेरो कुनै उपाय छैन अनि आफैमाथि तेरो कुनै प्रभुत्व छैन; परमेश्‍वरको कृपामा सबै छोडिनुपर्छ, अनि हरेक कुरा उहाँकै हातमा छन्। यदि परमेश्‍वरको कामले मानिसलाई समय अगावै एउटा समाप्ति, उद्‌देश्य वा एउटा सुन्दर गन्तव्य प्रदान गर्‍यो र यदि परमेश्‍वरले मानिसलाई प्रलोभनमा पार्न र उहाँलाई पछ्याउने तुल्याउन यसलाई प्रयोग गर्नुभयो—यदि उहाँले मानिससित सौदा गर्नुभयो भने—यो जित हुने थिएन, न त यो मानिसको जीवनको निम्ति काम हुने थियो। यदि परमेश्‍वरले मानिसलाई नियन्त्रण गर्न अनि उसको हृदयलाई जित्न उसको गन्तव्य प्रयोग गर्ने हो भने यसमा उहाँले मानिसलाई सिद्ध बनाइरहनुभएको हुने थिएन, न त उहाँले मानिसलाई हासिल गर्न नै सक्नुहुने थियो तर त्यसको साटो उहाँले उसलाई नियन्त्रण गर्न उसको गन्तव्यलाई प्रयोग गरिरहनुभएको हुनेथियो। मानिसले आफ्नो भावी उद्‌देश्य, अन्तिम गन्तव्य अनि आशा गर्नको निम्ति कुनै असल कुरा छ वा छैन भन्ने कुरा भन्दा अरू कुनै कुरालाई वास्ता गर्दैन। यदि मानिसलाई जितको कामको अवधिमा एउटा सुन्दर आशा दिइयो, र यदि मानिसलाई जित्नुभन्दा पहिले, पछ्याउनको निम्ति उसलाई एउटा उचित गन्तव्य दिइयो भने मानिसको जितले यसको असरलाई हासिल नगर्ने मात्र होइन तर जितको कामको असर पनि प्रभावित हुनेछ। यसको अर्थ, मानिसको भाग्य र उसको भावी अपेक्षालाई हटाएर अनि मानिसको विद्रोही स्वभावलाई न्याय गरेर अनि त्यसलाई ताडना दिएर मात्रै जितको कामले यसको असरलाई हासिल गर्नसक्छ। यो मानिससित सौदा गरेर अर्थात् उसलाई आशिष् तथा अनुग्रह दिएर होइन तर यसको साटोमा उसलाई “स्वतन्त्रता” बाट वञ्चित गरेर अनि उसको भावी अपेक्षालाई मेटाएर यसद्‌वारा उसको वफादारितालाई प्रकट गरेर हासिल गर्न सकिन्छ। जितको कामको सार यही नै हो। यदि मानिसलाई सुरुमै सुन्दर आशा दिइयो अनि सजाय र न्यायको काम पछि मात्र गरियो भने मानिसले यो सजाय र न्यायको कामलाई उसको भविष्यमा रहेको अपेक्षाको आधारमा स्वीकार गर्नेथियो र अन्त्यमा सृष्टिकर्ताले आफ्ना सृष्टिहरूबाट पाउनुपर्ने निःशर्त आज्ञाकारीता र आराधना हासिल गर्न सक्नुहुने थिएन; केवल अन्धो, अनजान आज्ञाकारीता मात्र हुनेथियो, अन्यथा मानिसले परमेश्‍वरबाट अन्धाधुन्ध मागहरू गर्नेथियो अनि मानिसको हृदय जित्ने कुरा असम्भव हुनेथियो। परिणामस्वरूप, मानिसलाई प्राप्त गर्ने त्यस्तो जितको काम अथवा परमेश्‍वरको गवाही हुने काम असम्भव हुने थियो। त्यस्ता सृष्टिहरू आफ्नो कर्तव्य पालना गर्न असक्षम हुनेथिए अनि तिनीहरूले परमेश्‍वरसित मोलतोल मात्र गर्नेथिए; यो जित हुने थिएन तर कृपा र आशिष मात्रै हुनेथियो। मानिसको सबैभन्दा ठूलो समस्या भनेको उसले आफ्नो भाग्य र भावी अपेक्षा बाहेक अरू केही सोच्दैन र यिनै कुराहरूलाई मूर्ति बनाउँछ।

मानिसले आफ्नो भाग्य र भावी अपेक्षाको खातिर परमेश्वरलाई पछ्याउँदछ; उसले परमेश्वरलाई उहाँको निम्ति प्रेम भएको कारणले आराधना गर्दैन। अनि यसैले मानिसको जितमा स्वार्थ, लोभ अनि परमेश्वरको आराधना गर्न उसलाई बाधा दिने सबै कुराहरूको निराकरण गरिनुपर्छ र त्यसलाई मेटाइनुपर्छ। त्यसो गरेर मानिसको जितका असरहरूलाई हासिल गरिनेछन्। यसको फलस्वरूप, मानिसको जितको प्रथम चरणहरूमा मानिसको जङ्गली लक्ष्यहरू तथा अत्यन्त घातक कमजोरीहरूलाई शुद्ध गर्नु र यसद्वारा परमेश्वरप्रति मानिसको प्रेम प्रकट गर्नु अनि मानव जीवनबारे उसको ज्ञान, परमेश्वरबारे उसको दृष्टिकोण र उसको अस्तित्वको अर्थलाई परिवर्तन गर्नु आवश्यक छ। यसप्रकारले परमेश्वरप्रति मानिसको प्रेमलाई शुद्ध गरिन्छ, अर्को शब्दमा, मानिसको हृदय जितिन्छ। तर सारा सृष्टिप्रति परमेश्वरको आचरणमा, परमेश्वरले जित्नकै खातिर जित्नुहुन्न; बरु मानिसलाई हासिल गर्नको निम्ति, आफ्नै महिमाको खातिर अनि मानिसको सबैभन्दा सुरुको मूल प्रतिरूपलाई पुनर्स्थापना गर्नको निम्ति उहाँले जित्नुहुन्छ। यदि जित्नकै खातिर मात्रै उहाँले जित्नु हुनेथियो भने जितको कामको महत्त्व हराउनेथियो। भनाइको अर्थ, यदि मानिसलाई जितिसकेपछि परमेश्वर मानिसप्रति उत्तरदायी हुन छोड्नुभयो र मानिसको जीवन र मरणलाई नै बेवास्ता गर्नुभयो भने यो मानवजातिको व्यवस्थापन हुने थिएन, न त मानिसको जित उसको मुक्तिको खातिर नै हुनेथियो। केवल मानिसको जितपछि र अन्त्यमा सुन्दर गन्तव्यमा ऊ आइपुगेपछि मानिसलाई हासिल गर्नु मुक्तिको सबै कामको केन्द्रविन्दु हो र यसले मात्रै मानिसको मुक्तिको लक्ष्यलाई हासिल गर्न सक्दछ। अर्को शब्दमा, मानिस सुन्दर गन्तव्यमा आइपुग्नु र विश्राममा प्रवेश गर्नु हरेक सृष्टिले प्राप्त गर्नुपर्ने भावी अपेक्षाहरू र सृष्टिकर्ताद्वारा गरिनुपर्ने काम हुन्। यदि मानिसले यो काम गर्नुथियो भने, यो अति नै सीमित हुनेथियो: यसले मानिसलाई एउटा निश्चित बिन्दुमा लानेथियो तर यसले मानिसलाई अनन्त गन्तव्यमा ल्याउन सक्नेथिएन। मानिसले मानिसको नियति निर्धारण गर्न सक्दैन, यस बाहेक, न त उसले मानिसको भावी अपेक्षा र भावी गन्तव्यलाई सुरक्षित गर्न सक्छ। तथापि, परमेश्वरद्वारा गरिने काम फरक हुन्छ। परमेश्वरले मानिसलाई सृष्टि गर्नुभएको कारण, उहाँले उसलाई डोऱ्याउनुहुन्छ, उहाँले मानिसलाई मुक्ति दिनुहुने कारणले उहाँले उसलाई पूरै मुक्ति दिनुहुनेछ र उसलाई पूर्ण रूपले प्राप्त गर्नुहुनेछ उहाँले मानिसलाई अगुवाइ गर्नुहुने हुनाले, उहाँले उसलाई उचित गन्तव्यमा ल्याउनुहुनेछ; अनि उहाँले मानिसलाई सृष्टि गर्नुभएको र व्यवस्थित गर्नुभएको कारण उहाँले मानिसको भाग्य तथा भावी अपेक्षाको जिम्मेवारी पनि लिनुपर्छ। सृष्टिकर्ताद्वारा गरिने काम यही नै हो। जितको काम मानिसको भावी अपेक्षालाई शुद्ध गरेर हासिल गरिने भएतापनि, मानिसलाई अन्ततः उसको निम्ति परमेश्वरले तयार गर्नुभएको उचित गन्तव्यमा ल्याइनु नै पर्छ। परमेश्वरले मानिसको निम्ति काम गर्नुहुने भएकोले नै मानिससित एउटा गन्तव्य हुन्छ र उसको भाग्य सुनिश्चित हुन्छ। यहाँ उल्लेख भएको उचित गन्तव्य भन्नाले विगतका समयहरूमा शुद्ध गरिएका मानिसको आशा र भावी अपेक्षा होइन, ती दुई फरक छन्। ती कुराहरू जसको लागि मानिसले आशा गर्दछ र पछ्याउँछ, ती उसको देहका अत्याधिक लालसाहरूको अनुसरणबाट उत्पन्न भएका तृष्णाहरू हुन्, मानिसले पाउनुपर्ने गन्तव्य होइन। यसैबीच परमेश्वरले मानिसको निम्ति जे तयार गर्नुभएको छ, ती उसलाई

शुद्ध पारिएपछि मानिसले पाउनुपर्ने आशिषहरू तथा प्रतिज्ञाहरू हुन् जुन परमेश्‍वरले संसार सृष्टि गरिसक्नुभएपछि मानिसको निम्ति तयार गर्नुभयो, जुन मानिसका छनौटहरू, धारणाहरू, कल्पनाहरू अथवा देहद्वारा कलङ्कित हुँदैनन्। यो गन्तव्य एउटा विशेष व्यक्तिको निम्ति तयार गरिएको होइन तर सम्पूर्ण मानवजातिको विश्रामको स्थान हो। अनि यसरी यो गन्तव्य मानवजातिको निम्ति सबैभन्दा उचित गन्तव्य हो।

सृष्टिकर्ताले सृष्टिका सबै प्राणीहरूको प्रबन्ध मिलाउने इच्छा गर्नुहुन्छ। उहाँले गर्ने कुनै कुरालाई तैँले परित्याग गर्नु वा अवज्ञा गर्नुहुँदैन, न त तँ उहाँप्रति विद्रोही नै बन्नु हुन्छ। जब उहाँले गर्नुहुने कामले अन्ततः उहाँका उद्देश्यहरू हासिल गर्दछ, यसमा उहाँले महिमा प्राप्त गर्नुहुन्छ। आज किन तँलाई मोआबको सन्तान होस् वा ठूलो रातो अजिङ्गरको सन्तान होस् भनी भनिएको छैन? किन चुनिएका मानिसहरूको बारेमा कुनै कुराकानी छैन, केवल सृष्टि भएका प्राणीहरूको मात्र कुराकानी हुन्छ? सृष्टि गरिएको प्राणी—यो नै मानिसको सुरुको पदवी नाम थियो र यो नै उसको जन्मसिद्ध परिचय हो। नामहरू हेरफेर हुन्छन् किनभने युगहरू र कामका अवधिहरू हेरफेर हुन्छन्; वास्तवमा, मानिस एउटा साधारण सृष्टि हो। सबै सृष्टिहरू चाहे ती अत्यन्त भ्रष्ट होऊन् वा अत्यन्त पवित्र होऊन्, तिनीहरूले सृष्टि गरिएको प्राणी भएको हैसियतले आफ्नो कर्तव्य पालना गर्नुपर्छ। जब परमेश्‍वरले जितको काम गर्नुहुन्छ, उहाँले तेरो भावी अपेक्षा, भाग्य वा गन्तव्यलाई प्रयोग गरेर तँलाई नियन्त्रण गर्नुहुन्न। वास्तवमा, यस प्रकारले काम गर्नुपर्ने कुनै खाँचो छैन। जितको कामको लक्ष्य मानिसलाई सृष्टि गरिएको प्राणीको रूपमा आफ्नो काम गर्न लगाउनु, उसलाई सृष्टिकर्ताको आराधना गर्न लगाउनु हो; केवल यसपछि मात्रै उसले सुन्दर गन्तव्यमा प्रवेश गर्न सक्छ। मानिसको भाग्य परमेश्‍वरका हातहरूद्वारा नियन्त्रित हुन्छ। तैँले आफैलाई नियन्त्रण गर्न सक्दैनस्: मानिसले सधैँ आफ्नै खातिर भागदौड गरे तापनि, र व्यस्त रहे तापनि उसले आफूलाई नियन्त्रण गर्न सक्दैन। यदि तैँले आफ्नै भविष्य जान्न सक्थिस् भने, यदि तैँले आफ्नै भविष्यलाई नियन्त्रण गर्न सक्थिस् भने के तँ अझै सृष्टि गरिएको प्राणी नै हुनेथिइस् र? संक्षेपमा, परमेश्‍वरले जसरी काम गर्नुभए तापनि, उहाँको सबै काम मानिसको निम्ति हो। उदाहरणको निम्ति, आकाश तथा पृथ्वी र उहाँले सृष्टि गर्नुभएका सबै कुराहरू मानिसको सेवा गर्नकै निम्ति हुन्: उहाँले मानिसको निम्ति बनाउनुभएको चन्द्र, सूर्य, अनि ताराहरू, जनावरहरू र वनस्पति, वसन्त ऋतु, वर्षा ऋतु, शरद ऋतु तथा शिशिर इत्यादि—सबै मानिसको खातिर नै बनाइएका हुन्। त्यसैले परमेश्‍वरले मानिसलाई जसरी सजाय दिनुभए तापनि, न्याय गर्नुभए तापनि, यो सबै मानिसको मुक्तिको निम्ति हो। उहाँले मानिसलाई उसको शारीरिक आशाहरूबाट बन्चित गर्नुहुने भए तापनि यो उसको शुद्धीकरणको निम्ति हो र मानिसको शुद्धीकरण ऊ बाँच्न सकोस् भन्ने हेतुले गरिन्छ। मानिसको गन्तव्य सृष्टिकर्ताको हातमा छ, त्यसैले कसरी मानिसले आफूलाई नियन्त्रण गर्न सक्थ्यो र?

जितको काम पूरा भएपछि, मानिसलाई एउटा सुन्दर देशमा ल्याइनेछ। यो जीवन अवश्य अझै यही पृथ्वीमा नै हुनेछ तर आजको मानिसको जीवनभन्दा पूरै विपरीत हुनेछ। यो जीवन सम्पूर्ण मानवजातिलाई जितिएपछि मानवजातिले पाउने जीवन हुनेछ, यो यस पृथ्वीमा मानिसको निम्ति एउटा नयाँ सुरुवात हुनेछ, अनि मानिसको निम्ति यस्तो जीवन पाउनु मानवजाति एउटा नयाँ र

सुन्दर राज्यभित्र प्रवेश गरेको छ भन्ने कुराको प्रमाण हुनेछ। यो पृथ्वीमा मानिस अनि परमेश्‍वरको जीवनको सुरुवात हुनेछ। यस्तो सुन्दर जीवनको आधार पक्कै पनि मानिस शुद्ध गरिएपछि र जितिएपछि, उसले आफूलाई सृष्टिकर्ताको सामु समर्पित गर्छ भन्ने हुनुपर्छ। यसैले जितको काम भनेको मानवजाति सुन्दर गन्तव्यमा प्रवेश गर्नु अघिको परमेश्‍वरको कामको अन्तिम चरण हो। त्यस्तो जीवन नै भविष्यमा मानिसले पाउने पृथ्वीको जीवन हो, अत्यन्तै सुन्दर जीवन, मानिसले तृष्णा गर्ने जीवन, संसारको इतिहासमा यसभन्दा पहिले मानिसले कहिल्यै हासिल नगरेको जीवन। ६,००० वर्षे व्यवस्थापन कार्यको अन्तिम परिणाम यही नै हो। मानिसले सबैभन्दा बढी तृष्णा गर्ने कुरा यही हो अनि मानिसको निम्ति परमेश्‍वरको प्रतिज्ञा पनि यही नै हो। तर, यस्तो प्रतिज्ञा तुरुन्तै पूरा हुन सक्दैन: मानिस तब भावी गन्तव्यभित्र प्रवेश गर्नेछ जब अन्तिम दिनहरूको काम पूरा भएको हुन्छ र उसलाई पूर्णरूपमा जितिएको हुन्छ अर्थात् शैतान पनि पूर्ण रूपले पराजित भएको हुन्छ। मानिस शोधन गरिसकिएपछि ऊ पापपूर्ण स्वभावरहित हुन्छ किनकि परमेश्‍वरले शैतानलाई पराजित गरिसक्नुभएको हुनेछ, यसको अर्थ, त्यहाँ कुनै विरोधी शक्तिहरूको अतिक्रमण हुनेछैन अनि मानिसको देहलाई आक्रमण गर्ने कुनै विरोधी शक्तिहरू हुनेछैन। यसैले मानिस स्वतन्त्र र पवित्र हुनेछ–उसले अनन्तता प्रवेश गरिसकेको हुनेछ। अन्धकारका विरोधी शक्तिहरूलाई बन्धनमा राखिसकिएपछि मात्रै मानिस जतासुकै गए तापनि स्वतन्त्र हुन्छ अनि ऊ विद्रोहीपन वा विरोधरहित हुनेछ। शैतानलाई बन्धनभित्र राखिनुपर्छ र मानिसको सबै कुरा ठीक-ठाक हुनेछ; शैतानले अझै पृथ्वीमा सबै ठाउँमा समस्या उत्पन्न गर्ने भएकोले र परमेश्‍वरको व्यवस्थापन यसको लक्ष्यमा पुग्न बाँकी रहेकोले हालको स्थिति अस्तित्वमा रहेको हो। शैतानलाई पराजित गरिएपछि मानिस पूर्ण रूपले स्वतन्त्र हुनेछ; जब मानिसले परमेश्‍वरलाई प्राप्त गर्छ र शैतानको अधिकारक्षेत्रबाट बाहिर आउँछ, उसले धार्मिकताको सूर्यलाई हेर्नेछ। सामान्य मानिसले पाउनुपर्ने जीवन पुनर्स्थापित हुनेछ; सामान्य मानिसले अधिकार गर्नुपर्ने सबै कुराहरू–जस्तै असल र खराब छुट्याउन सक्ने क्षमता, आफूले कसरी खानुपर्छ र पहिरिनुपर्छ भन्ने समझ, र सामान्य प्रकारले जिउने क्षमता–यी सबै कुरालाई पुनर्प्राप्ति गरिनेछ। यदि हव्वा सर्पद्वारा परीक्षित नभएको भए सुरुमा मानिस सृष्टि गरिएपछि ऊसित यस प्रकारको जीवन हुनेथियो। उसले खानेथियो, पहिरिनेथियो र पृथ्वीमै सामान्य जीवन जिउनेथियो। मानिस भ्रष्ट भइसकेपछि यो जीवन एउटा अप्राप्य भ्रम भयो र आज पनि मानिसले त्यस्ता कुराहरूको कल्पना गर्ने साहस गर्न सक्दैन। वास्तवमा, मानिसले तृष्णा गरेको यो सुन्दर जीवन एउटा आवश्यकता हो। यदि मानिस त्यस्तो गन्तव्यरहित भएको भए, पृथ्वीमा उसको भ्रष्ट जीवन कहिल्यै टुङ्गिदैन थियो, अनि यदि यस्तो सुन्दर जीवन नभएको भए, शैतानको भाग्य वा यस युग जसमा शैतानको पृथ्वीमाथि शक्ति छ, त्यसको अन्त्य हुँदैनथियो। मानिस अन्धकारका शक्तिहरूले पहुँच गर्न नसक्ने राज्यभित्र आउनुपर्छ र जब मानिस त्यहाँ आइपुग्छ, शैतान पराजित भइसकेको छ भन्ने कुरा यसले प्रमाणित गर्नेछ। यस प्रकारले जब शैतानको कुनै बाधा हुँदैन तब परमेश्‍वर स्वयमले मानवजातिलाई नियन्त्रण गर्नुहुनेछ र उहाँले मानिसको सम्पूर्ण जीवनमाथि हुकुम चलाउनुहुनेछ र नियन्त्रण गर्नुहुनेछ; तब मात्र शैतान साँचो रूपमा हारेको हुनेछ। मानिसको जीवन आज मुख्यतया एउटा अशुद्धताको जीवन

हो; यो अझै पनि कष्ट र पीडाको जीवन हो। यसलाई शैतानको पराजय भन्न सकिँदैन; मानिस अझै पनि कष्टको सागरदेखि उम्कन बाँकी नै छ, मानिसको जीवनभरिको कठिनाइदेखि वा शैतानको प्रभावदेखि उम्कन बाँकी नै छ र ऊसित अझै परमेश्‍वरको अति सूक्ष्म ज्ञान मात्रै छ। मानिसको सबै कठिनाइ शैतानद्वारा सृष्टि गरिएको थियो; मानिसको जीवनभरि पीडा ल्याउने शैतान नै थियो र शैतानलाई बन्धनमा राखिएपछि मात्रै मानिस कष्टको सागरदेखि पूर्ण रूपले उम्कनेछ। तापनि, शैतानको बन्धन मानिसलाई र उसको हृदयलाई जितिसकेपछि अनि मानिसलाई शैतानसितको युद्धमा लुटको माल बनाइसकेपछि मात्रै हासिल गरिन्छ।

आज विजेता हुने र सिद्ध बनाइने मानिसको खोजी यस पृथ्वीमा उसले सामान्य मानव जीवन पाउनुभन्दा अघि उसले खोजी गर्ने कुराहरू हुन्, र शैतानलाई बन्धनमा राखिनुअघि उसले पछ्याउने उद्देश्यहरू तिनै हुन्। सारमा, विजेता हुने र सिद्ध बनाइने वा ठूलो प्रयोगमा आउने सम्बन्धी मानिसको खोजी शैतानको प्रभावदेखि उम्किनका निम्ति हो: मानिसको खोजी भनेको विजेता बन्नु हो, तर ऊ शैतानको प्रभावबाट उम्कनु मात्रै यसको अन्तिम परिणाम हुनेछ। शैतानको प्रभावदेखि उम्केर मात्रै मानिसले यस पृथ्वीमा सामान्य मानव जीवन, परमेश्‍वरको आराधना गर्ने जीवन जिउनसक्छ। आज विजेता हुने र सिद्ध बनाइने मानिसको खोजी त्यस्ता कुराहरू हुन् जुन यस पृथ्वीमा सामान्य मानव जीवन प्राप्त गर्नुभन्दाअघि उसले खोजी गर्ने कुराहरू हुन्। ती शुद्ध हुन र सत्यताको अभ्यास गर्नको खातिर र सृष्टिकर्तालाई आराधना गर्नको निम्ति नै मुख्य रूपमा तिनको खोजी गरिन्छ। यदि मानिसले पृथ्वीमा सामान्य मानव जीवन, कठिनाइ वा कष्टविनाको जीवन प्राप्त गर्छ भने, मानिस विजेता हुने खोजीमा लाग्नेछैन। "विजेता हुनु" र "सिद्ध बनाइनु" परमेश्‍वरले मानिसलाई खोजी गर्नका निम्ति दिनुहुने दुई उद्देश्यहरू हुन् र यी दुई उद्देश्यहरूको खोजीद्वारा नै उहाँले मानिसलाई सत्यताको अभ्यास गर्न र अर्थपूर्ण जीवन जिउन लगाउनुहुन्छ। यसको उद्देश्य भनेको मानिसलाई पूर्ण बनाउनु र उसलाई हासिल गर्नु हो र विजेता हुने र सिद्ध बनाइने कार्यको खोजी केवल एउटा माध्यम मात्रै हो। यदि भविष्यमा मानिस एउटा सुन्दर गन्तव्यमा प्रवेश गर्दछ भने, त्यहाँ विजेता हुने र सिद्ध बनाइने कुनै सन्दर्भ हुनेछैन; त्यहाँ हरेक सृष्टिले आफ्नो कर्तव्य पालना गरिरहेको मात्र हुनेछ। आज मानिसको निम्ति कार्यक्षेत्र निर्धारण गर्न नै मानिसलाई यी कुराहरू खोजी गर्न लगाइन्छ ताकि मानिसको खोजी धेरै लक्षित र व्यवहारिक हुन सकोस्। नत्रभने, मानिस अस्पष्ट अमूर्त कुराहरूको बीचमा जिउनेथियो र अनन्त जीवनको प्रवेशको खोजी गर्नेथियो र यदि यसो भयो भने, मानिस झन् बढी दयनीय हुने थिएन र? यस प्रकारले विनालक्ष्य वा विनासिद्धान्त खोजी गर्नु—के यो आत्म-छल होइन र? अन्ततः यो खोजी स्वभाविक रूपले निष्फल हुनेछ; अन्त्यमा, मानिस अझै शैतानको अधिकारक्षेत्रभित्र जिउनेथियो र त्यसबाट आफैलाई मुक्त गर्न सक्नेथिएन। किन त्यस्तो लक्ष्यहीन खोजीमा आफैलाई राख्ने? जब मानिस अनन्त गन्तव्यमा प्रवेश गर्दछ तब मानिसले सृष्टिकर्तालाई आराधना गर्दछ, अनि मानिसले मुक्तिलाई हासिल गरिसकेको र अनन्तताभित्र प्रवेश गरिसकेको हुने भएकोले उसले अरू कुनै उद्देश्यहरूको खोजी गर्नेछैन, यसबाहेक न त उसले शैतानद्वारा घेराबन्दी हुने कुराको चिन्ता गर्नुपर्नेछ। त्यस समयमा मानिसले आफ्नो स्थान जान्नेछ र आफ्नो कर्तव्य पालना गर्नेछ र यदि

तिनीहरूको सजाय र न्याय नभएको भए पनि हरेक व्यक्तिले आफ्नो कर्तव्य पालना गर्नेछ। त्यस समयमा, मानिस पहिचान र हैसियत दुवैमा एक सृष्टि हुनेछ। त्यहाँ अब उप्रान्त माथिल्लो र तल्लो दर्जाको भिन्नता हुनेछैन; हरेक व्यक्तिले फरक-फरक भूमिका निर्वाह गर्नेछ। तापनि, मानिस अझै पनि मानवजातिको निम्ति व्यवस्थित र उचित गन्तव्यमा जिउनेछ; मानिसले सृष्टिकर्तालाई आराधना गर्नको खातिर कर्तव्य पालना गर्नेछ र यही मानवजाति नै अनन्तताको मानवजाति हुनेछ। त्यस समयमा, मानिसले परमेश्वरद्वारा प्रज्वलित जीवन हासिल गरिसकेको हुनेछ, एउटा यस्तो जीवन जुन परमेश्वरको वास्ता र संरक्षणको अधीनतामा अनि परमेश्वरको साथमा रहने जीवन हुनेछ। मानवजातिले पृथ्वीमा एउटा जीवन जिउनेछ र सबै मानिसहरू ठीक मार्गमा प्रवेश गर्नेछ। ६,००० वर्षे व्यवस्थापन योजनाले शैतानलाई पूर्ण रूपमा पराजित गरिसकेको हुनेछ, यसको अर्थ, परमेश्वरले उहाँको सृष्टिमा मानिसको सुरुको स्वरूप पुनर्स्थापित गरिसक्नुभएको हुनेछ र त्यही रूपमा परमेश्वरको सुरुको उद्‌देश्य पूरा भइसकेको हुनेछ। सुरुमा, शैतानद्वारा मानवजाति भ्रष्ट तुल्याइनुअघि मानवजातिले पृथ्वीमा सामान्य जीवन जिए। पछि, जब मानिस शैतानद्वारा भ्रष्ट भयो, तब मानिसले यो सामान्य जीवन गुमायो, अनि परमेश्वरको व्यवस्थापनको काम र मानिसको सामान्य जीवन पुनर्स्थापना गर्न शैतानसितको लडाइँ सुरु भयो। परमेश्वरको ६,००० वर्षे व्यवस्थापन कार्य समाप्त भएपछि मात्रै पृथ्वीमा सबै मानवजातिको जीवन आधिकारिक रूपले सुरु हुनेछ; तब मात्रै मानिससित सुन्दर जीवन हुनेछ, अनि परमेश्वरले सुरुमा मानिस सृष्टि गर्नुभएको आफ्नो उद्‌देश्य र मानिसको सुरुको स्वरूपलाई पुनर्स्थापित गर्नुहुनेछ। अनि यसरी जब मानिससित पृथ्वीमा मानवजातिको सामान्य जीवन हुनेछ, तब मानिसले विजेता हुने वा सिद्‌ध बनाइने कुराको खोजी गर्नेछैन, किनभने मानिस पवित्र हुनेछ। "विजेताहरू" तथा "सिद्‌ध बनाइने" जसको बारेमा मानिसहरू कुरा गर्छन्, ती परमेश्वर र शैतानबीचको युद्‌धको अवधिमा मानिसलाई खोजी गर्नका निम्ति दिइएका उद्‌देश्यहरू हुन् र मानिस भ्रष्ट भएको कारणले मात्रै त्यसको अस्तित्व छ। तँलाई यो उद्‌देश्य दिएर अनि यो उद्‌देश्यलाई खोजी गर्ने तुल्याएर, शैतानलाई पराजित गरिनेछ। तँलाई विजेता बन्न वा सिद्‌ध बन्न वा प्रयोगमा आउन लगाउनको लागि शैतानलाई पराजित गर्न तैँले गवाही दिनु आवश्यक हुन्छ। अन्त्यमा, मानिसले पृथ्वीमा सामान्य जीवन जिउनेछ, अनि मानिस पवित्र हुनेछ; जब यो हुन्छ, के मानिसहरूले अझै विजेताहरू बन्न खोजी गर्नेछन् र? के तिनीहरू सबै सृष्टिका प्राणीहरू होइनन् र? विजेता हुनु र सिद्‌ध हुनुको बारेमा कुरा गर्दा, यी शब्दहरू शैतानप्रति र मानिसको अशुद्‌धताप्रति लक्षित छन्। के "विजेता" भन्ने यो शब्दले शैतान र त्यसका विरोधी शक्तिहरूमाथि विजयी बन्नुलाई जनाउँदैन र? जब तँ आफू सिद्‌ध बनाइएको छु भनी भन्छस्, तँभित्रको कुन कुरा सिद्‌ध बनाइएको हुन्छ? परमेश्वरको सर्वोच्च प्रेमलाई प्राप्त गर्न सकूँ भनेर तैँले आफूलाई भ्रष्ट शैतानिक स्वभावबाट स्वतन्त्र तुल्याएको हुँदैनस् र? त्यस्ता कुराहरू मानिसभित्रको अशुद्‌ध कुराहरूको सम्बन्धमा अनि शैतानको सम्बन्धमा बोलिन्छ; ती परमेश्वरको सम्बन्धमा बोलिँदैन।

यदि तँ अहिले एक विजयी बन्ने र सिद्‌ध हुने कुराको पछि लाग्दैनस् भने भविष्यमा जब मानव जातिले पृथ्वीमा सामान्य जीवन बिताउँछ त्यस बेला त्यसरी पछि लाग्ने कुनै मौका हुँदैन।

त्यस समयमा, सबै प्रकारका व्यक्तिको अन्त्य प्रकट गरिएको हुनेछ। त्यस समयमा, तँ कस्तो प्रकारको थोक होस् भन्ने स्पष्ट हुनेछ, र यदि तँ एक विजयी हुन चाहन्छस् वा सिद्ध हुने इच्छा गर्छस् भने, त्यो असम्भव हुनेछ। उसको विद्रोहीपनको कारणले मात्रै मानिसलाई प्रकट गरिएपछि उसले दण्ड मात्र भोग्नुपर्नेछ। त्यसबेला, मानिसको खोजीको अरूभन्दा उच्च स्थान हुनेछैन, किनकि कोही विजय हासिल गर्न र अरूले सिद्ध हुन, कोही परमेश्‍वरको जेठो छोरा हुनका निम्ति र अरू परमेश्‍वरको सन्तान हुनलाई ती कुराहरूको पछि लाग्दैनन्। सबै परमेश्‍वरका प्राणीहरू हुनेछन्, सबै पृथ्वीमा बस्नेछन्, र सबै पृथ्वीमा परमेश्‍वरसँगै बस्नेछन्। अहिले परमेश्‍वर र शैतानको बीचमा लडाइँको समय हो, यो यस्तो समय हो जहाँ लडाइँको अन्त्य हुन बाँकी नै छ, एउटा यस्तो समय जब मानिस पूर्ण रूपमा प्राप्त हुन बाँकी नै छ; यो सङ्क्रमणको अवधि हो। अनि यसैले, मानिस एक विजयी बन्ने वा त परमेश्‍वरका मानिसहरूमध्ये एक बन्ने कुराको पछि लाग्नु आवश्यक छ। आज स्थितिमा भिन्नताहरू छन्, तर जब समय आउँछ तब त्यस्ता भिन्नताहरू हुनेछैनन्: विजेता भएकाहरू सबैको स्थिति त्यस्तै हुनेछ, तिनीहरू सबै मानव जातिको योग्य सदस्य हुनेछन्, र पृथ्वीमा समान रूपले बाँच्नेछन्, अर्थात् तिनीहरू सृष्टि गरिएका योग्य प्राणीहरू हुनेछन्, अनि सबैलाई एउटै कुरा दिइनेछ। परमेश्‍वरको कामका युगहरू फरक-फरक छन्, र उहाँको कामका उद्देश्यहरू फरक छन्, त्यसकारण यदि यो काम तिमीहरूमा गरिन्छ भने, तिमीहरू सिद्ध बनाइन र विजेताहरू बन्नका निम्ति योग्य हुन्छौ; यदि यो काम विदेशमा गरियो भने, त्यहाँका मानिसहरू जितिनु पर्ने र सिद्ध बनाइनु पर्ने मानिसहरूको पहिलो समूह बन्नेछन्। आज यो काम विदेशमा गरिएको छैन, यसैले अन्य देशका मानिसहरू सिद्ध बनाइने र जितिने योग्यका छैनन्, र उनीहरू पहिलो समूह बन्न असम्भव छ। परमेश्‍वरको कामको उद्देश्य फरक भएकोले, परमेश्‍वरको कामको युग फरक भएकोले, र यसको कार्यक्षेत्र फरक भएकोले, त्यहाँ पहिलो समूह छ, अर्थात् त्यहाँ विजेताहरू छन्, यसैले त्यहाँ दोस्रो समूह पनि हुनेछ जसलाई सिद्ध बनाइनेछ। त्यहाँ सिद्ध बनाइएको पहिलो समूह भएपछि, त्यहाँ एउटा नमूना र ढाँचा हुनेछ, र भविष्यमा सिद्ध बनाइएकाहरूको दोस्रो र तेस्रो समूह हुनेछ, तर अनन्तमा तिनीहरू सबै एक समान हुनेछन्, र त्यहाँ हैसियतको कुनै वर्गीकरण हुनेछैन। तिनीहरूलाई फरक-फरक समयमा सिद्ध बनाइएको हुनेछ, र हैसियतमा कुनै भिन्नता हुनेछैन। जब सबै जना पूर्ण बनाइने र सम्पूर्ण ब्रह्माण्डको काम समाप्त गर्न समय आउनेछ, त्यहाँ हैसियतको कुनै भिन्नता हुनेछैन, सबै जना समान हैसियतका हुनेछन्। आज, यो काम तिमीहरूको बीचमा गरिन्छ, यसैले कि तिमीहरू विजेता बन्न सक। यदि यो बेलायतमा गरिएको थियो भने जसरी तँ पहिलो समूह हुनेथिइस्, त्यसरी नै बेलायत त्यो पहिलो समूह भएको हुनेथियो। तिमीहरू अनुग्रहसहित आशिष् पाएकोले नै आज त्यस प्रकारले तिमीहरूमा काम भइरहेको छ, र यदि यो काम तिमीहरूमा नगरिएको भए तिमीहरू दोस्रो, वा तेस्रो, वा चौथो, वा पाँचौं समूह हुनेथियौ। यो कामको चरणको कारणले मात्र भिन्नता भएको हो; पहिलो समूह र दोस्रो समूहले तिनीहरू एउटा अर्कोभन्दा उच्च छ वा निम्न स्तरको छ भनेर जनाउँदैन, त्यसले ती मानिसहरूलाई सिद्ध बनाइएको क्रमलाई मात्र जनाउँछ। आज यी वचनहरू तिमीहरूलाई बताइएको छ, तर तिमीहरूलाई पहिले यो किन बताइएन? किनकि, एक प्रक्रियाविना, मानिसहरू चरमतातिर

बढ्छन्। उदाहरणको लागि, येशूले उहाँको समयमा यसो भन्नुभयो: "जसरी म जाँदैछु, त्यसरी नै म आउनेछु।" आज, धेरै जना व्यक्ति यी वचनहरूद्वारा मोहित भएका छन्, र तिनीहरू केवल सेतो वस्त्र पहिरिन्छन् र स्वर्गमा जानका निम्ति उठाइको घटनालाई पर्खन्छन्। यसैले, धेरै वटा यस्ता कुराहरू छन् जुन चाँडै बोल्न सकिँदैन; यदि तिनलाई चाँडै बोलियो भने, मानिसहरू चरमतातिर जान्छन्। मानिसको कद धेरै सानो छ, र ऊ यी वचनहरूको सत्यताहरूलाई देख्न असमर्थ छ।

जब मानिसले पृथ्वीमा मानवको वास्तविक जीवन प्राप्त गर्दछ र शैतानका सम्पूर्ण शक्तिहरू दासत्वमा पर्छन्, तब मानिस पृथ्वीमा सजिलै जिउन सक्छ। परिस्थिति आजको जस्तो कठिन हुनेछैन: मानवीय सम्बन्धहरू, सामाजिक सम्बन्धहरू, जटिल पारिवारिक सम्बन्धहरू–यिनले अति धेरै समस्या, अति धेरै पीडा ल्याउँछन्! यहाँ मानिसको जीवन धेरै नै दयनीय छ! मानिस जितिएपछि, उसको हृदय र मन परिवर्तन हुनेछ: ऊसित त्यस्तो हृदय हुन्छ जसले परमेश्वरलाई आदर र प्रेम गर्दछ। परमेश्वरलाई प्रेम गर्न खोज्ने ब्रह्माण्डका सबै जना जितिएपछि, अर्थात्, शैतानलाई पराजित गरिसकेपछि र शैतानलाई–अन्धकारका सबै शक्तिहरू दासत्वमा परेपछि पृथ्वीमा मानिसको जीवन समस्यारहित हुनेछ, र ऊ पृथ्वीमा स्वतन्त्र रूपमा जिउन सक्नेछ। यदि मानिसको जीवन देहगत सम्बन्ध र देहको जटिलताविना नै थियो भने त्यो धेरै सजिलो हुनेथियो। मानिसको देहको सम्बन्ध धेरै जटिल छ, र मानिसमा यस्ता कुराहरू हुनु भनेको उसले आफूलाई शैतानको प्रभावबाट स्वतन्त्र पार्न सकेको छैन भन्ने कुराको प्रमाण हो। यदि तेरा प्रत्येक दाजुभाइ र दिदीबहिनीसँग त्यस्तै सम्बन्ध थियो भने, यदि तेरो परिवारको प्रत्येक सदस्यसँग उस्तै सम्बन्ध थियो भने, तँलाई कुनै चिन्ता हुनेथिएन, र तैंले कसैको बारेमा चिन्ता लिइरहनु पर्ने थिएन। केही पनि राम्रो हुन सक्दैन, र यसरी मानिसले उसको आधा दुःखबाट छुटकारा पाउँछ। पृथ्वीमा सामान्य मानव जीवन जिउँदा मानिस स्वर्गदूतहरू जस्तै हुनेछन्; अझ पनि शरीरमा नै भए पनि ऊ स्वर्गदूत जस्तै हुनेछ। अन्तिम प्रतिज्ञा यही हो, मानिसलाई दिइएको अन्तिम प्रतिज्ञा। आज मानिस सजाय र न्यायबाट भएर जान्छ; के तँ मानिसले गर्ने त्यस्ता अनुभवहरू अर्थहीन छन् भनी सोच्छस्? के सजाय र न्यायको काम विनाकारण गर्न सकिन्छ? मानिसलाई सजाय दिनु र न्याय गर्नु भनेको उसलाई अतल कुण्डमा फाल्नु हो, जसको अर्थ उसको भाग्य र सम्भावनाहरू खोस्नु हो भनेर यसभन्दा पहिले भनिएको थियो। यो एउटा कुराका लागि हो: मानिसलाई शुद्ध पार्नु। मानिसलाई जानाजानी अतल कुण्डमा हालिँदैन, त्यसपछि परमेश्वरले ऊबाट आफ्ना हातहरू धुनुहुन्छ। यसको साटो, यो मानिस भित्रको विद्रोहीपनको निराकरण गर्नलाई हो, यसैले कि अन्त्यमा मानिसभित्रका थोकहरू शुद्ध हुन सकोस्, यसरी उसले परमेश्वरको सत्य ज्ञान पाउन सकोस् र पवित्र व्यक्तिजस्तो हुन सकोस्। यदि यसो गरियो भने सबै कुरा पूरा हुनेछ। वास्तवमा, जब मानिस भित्रका निराकरण गर्नुपर्ने थोकहरूको निराकरण गरिन्छ, र मानिसको गवाही जोडदार हुन्छ, तब शैतान पनि पराजित हुनेछ, र मानिसभित्र सुरुदेखि नै रहेका केही कुराहरू शुद्ध नभए पनि शैतान पराजित भएपछि यसले उप्रान्त समस्या पैदा गर्नेछैन, र त्यो बेला मानिस पूर्ण रूपमा शुद्ध पारिएको हुनेछ। मानिसले त्यस्तो जीवनको अनुभव कहिल्यै गरेको छैन, तर जब शैतानलाई पराजित गरिएपछि, सबै कुरा मिलाइनेछ अनि ती सबै तुच्छ कुराहरूको समाधान गरिनेछ, र एक पटक त्यो मुख्य

समस्या समाधान गरेपछि अरू सबै समस्याहरू समाप्त हुनेछन्। परमेश्वर पृथ्वीमा देहधारण गरी आउनुभएको यो अवधिमा जब उहाँले पृथ्वीमा मानिसहरूको माझमा व्यक्तिगत रूपमा आफ्नो काम गर्नुहुन्छ, तब उहाँले गर्नुहुने सबै कामहरू शैतानलाई हराउनका लागि गरिन्छ र उहाँले मानिसमाथि विजय हासिल गरेर अनि तिमीहरूलाई सम्पूर्ण बनाएर शैतानलाई हराउनुहुनेछ। जब तिमीहरूले जोडदार गवाही दिन्छौ, यो पनि शैतानको पराजयको चिह्न हुनेछ। पहिले मानिसलाई जितिनेछ र शैतानलाई पराजित गर्नको लागि अन्त्यमा उसलाई पूर्ण रूपमा सिद्ध बनाइन्छ। तापनि, सारमा शैतानको पराजयको साथसाथै यो कष्टको रित्तो समुद्रबाटको सारा मानव जातिको मुक्ति पनि हो। काम सम्पूर्ण ब्रह्माण्डमा गरिओस् वा चीनमा गरिओस्, ती सबै शैतानलाई हराउन र सम्पूर्ण मानव जातिलाई मुक्ति दिनका लागि गरिन्छ, यसैले कि मानिस विश्रामको स्थानमा प्रवेश गर्न सकोस्। देहधारी परमेश्वर, यो सामान्य देह, शैतानलाई हराउनकै निम्ति हो। शरीरमा आउनुभएका परमेश्वरको काम आकाशमुनि उहाँलाई प्रेम गर्नेहरू सबैको मुक्तिका निम्ति हो, यो सम्पूर्ण मानव जातिलाई जित्नका लागि हो र त्यसबाहेक शैतानलाई पराजित गर्नका लागि पनि हो। परमेश्वरका सबै व्यवस्थापन कार्यका मुख्य कुराहरू सारा मानवजातिलाई मुक्ति दिनको लागि शैतानलाई पराजय गर्ने कार्यबाट अलग गर्न सकिँदैन। यो धेरै जस्तो काममा किन तिमीहरूलाई गवाही दिने कुरा गरिन्छ? यो गवाही कोतिर निर्देशित हुन्छ? के यो शैतानतिर निर्देशित हुँदैन? यो गवाही परमेश्वरका निम्ति दिइन्छ, र यो परमेश्वरको कामले यसको प्रभाव प्राप्त गरेको गवाही दिनका निम्ति दिइन्छ। गवाही दिनु शैतानलाई हराउने कामसँग सम्बन्धित छ; यदि शैतानसँग लडाइँ गर्नुपर्ने थिएन भने, मानिसले गवाही दिनु पर्ने थिएन। शैतानलाई पराजित गर्नै पर्ने र त्यसको साथै मानिसलाई मुक्ति दिनु पर्ने भएकोले परमेश्वरले मानिससँग शैतानको अगि गवाही दिने माग गर्नुहुन्छ, जसलाई उहाँले मानिसलाई मुक्ति दिन र शैतानसँग युद्ध गर्नको लागि प्रयोग गर्नुहुन्छ। फलस्वरूप, मानिस मुक्तिको पात्र र शैतानलाई पराजित गर्ने साधन दुवै हो, त्यसैले मानिस परमेश्वरको सम्पूर्ण व्यवस्थापन कार्यको केन्द्र हो भने शत्रु शैतान केवल विनाशको पात्र हो। तैंले केही गरेको छैनस् जस्तो तँलाई लाग्न सक्छ, तर तेरो स्वभावमा भएको परिवर्तनको कारण गवाही दिइएको छ, र त्यो गवाही शैतानतिर निर्देशित हुन्छ र मानिसलाई दिइएको हुँदैन। मानिस त्यस्तो गवाहीको आनन्द लिने योग्यको छैन। उसले परमेश्वरले गर्नुभएको काम कसरी बुझ्न सक्छ? परमेश्वरको लडाइँको पात्र शैतान हो; मानिसचाहिँ केवल मुक्तिको पात्र मात्र हो। मानिससँग शैतानिक भ्रष्ट स्वभावहरू छन्, र यो काम बुझ्न असक्षम छ। यो शैतानको भ्रष्टताको कारणले र यो मानिसमा अन्तर्निहित रूपमा छैन तर शैतानद्वारा निर्देशित हुन्छ। आज, परमेश्वरको मुख्य काम शैतानलाई हराउनु हो, अर्थात् मानिसहरूलाई पूर्ण रूपमा जित्नु हो, यसैले कि मानिसले शैतानको सामु परमेश्वरलाई अन्तिम गवाही दिन सकोस्। यसरी, सबै कुराहरू पूरा हुनेछन्। धेरैजसो अवस्थाहरूमा, तेरो नाङ्गो आँखाको लागि के देखिन सक्छ भने, केही पनि गरिएको छैन, तर वास्तवमा, काम पहिलेबाटै पूरा भइसकेको हुन्छ। मानिस पूरा भएका सबै कामहरू देख्न सकियोस् भन्ने चाहन्छ, तैपनि तिमीहरूका निम्ति देख्न सक्ने नबनाई मैले मेरो काम पूरा गरेको छु, किनकि शैतान अधीनमा पारिएको छ, जसको अर्थ, त्यो पूर्ण रूपमा पराजित भएको छ, परमेश्वरको सबै

ज्ञान, शक्ति र अख्तियारले शैतानलाई हराएको छ। यो हामीले धारण गर्नैपर्ने गवाही हो, तर यो मानिसमा स्पष्ट व्यक्त नगरिए पनि, यो नाङ्गो आँखाले नदेखिए पनि शैतान पहिलेबाटै हारिसकेको छ। यो कामको सम्पूर्णता शैतानको विरुद्ध निर्देशित छ र शैतानसितको लडाइँको कारण यो पूरा गरिन्छ। यसरी, धेरै यस्ता कुराहरू छन् जुन मानिसले सफल भइरहेको भनी देख्दैन, तर जुन परमेश्वरको आँखामा, धेरै अघि नै सफलतापूर्वक पूरा भइसकेका थिए। यो परमेश्वरका सबै कामको एक भित्री सत्यता हो।

जब शैतानलाई पराजित गरिएको हुन्छ, भन्नुको अर्थ, मानिस पूर्ण रूपमा जितिएपछि, मानिसहरूले यी सबै कामहरू मुक्तिको खातिर हो, र यो मुक्तिको माध्यम भनेको मानिसहरूलाई शैतानको हातबाट जफत गर्नु हो भन्ने बुझ्नेछन्। परमेश्वरको ६,००० वर्षको व्यवस्थापनको कामलाई तीन चरणमा विभाजन गरिएको छ: व्यवस्थाको युग, अनुग्रहको युग र राज्यको युग। कामका यी तीन चरणहरू सबै मानव जातिको मुक्तिको लागि हो, भन्नुको तात्पर्य, ती शैतानले गम्भीर रूपमा भ्रष्ट पारेका मानव जातिको मुक्तिको लागि हो। तर परमेश्वरले शैतानको विरुद्धमा लडाइँ गर्न सक्नुभएको होस् भनेर ती अस्तित्वमा छन्। तसर्थ, जसरी मुक्तिको काम तीन चरणमा विभाजित हुन्छ, त्यसरी नै शैतानसँगको लडाइँ पनि तीन चरणमा विभाजित हुन्छ, र परमेश्वरको कामका यी दुई पक्षहरू एकैसाथ सञ्चालन हुन्छन्। शैतानसँगको लडाइँ वास्तवमा मानव जातिको मुक्तिको लागि हो र मानव जातिको मुक्तिको काम सफलतापूर्वक एकै चरणमा पूरा गर्न सकिने कुरा होइन। शैतानसँगको लडाइँ पनि चरणहरू र कालहरूमा विभाजित गरिएको छ, र शैतान विरुद्धको लडाइँ मानिसको आवश्यकता र शैतानले उसलाई कति हदसम्म भ्रष्ट बनाएको छ त्यस अनुसार हुन्छ। सायद, जसरी दुई सेनाले एक-अर्कोसँग लड्छ त्यसरी यो लडाइँमा परमेश्वरले शैतानको विरुद्धमा हतियार उठाउनुहुनेछ भनी मानिसले आफ्नो कल्पनामा विश्वास गर्छ। मानिसको बुद्धिले कल्पना गर्न सक्ने यही मात्रै हो; यो एक अत्यन्त अस्पष्ट र अवास्तविक विचार हो, तापनि मानिसले यसैमा विश्वास गर्दछ। अनि मैले यहाँ मानिसको मुक्ति शैतानसँगको लडाइँको माध्यमद्वारा हुन्छ भनेकोले मानिसले लडाइँ यसरी नै संचालन हुन्छ भनी कल्पना गर्छ। मानिसको मुक्तिको कार्यका तीन चरण छन्, भन्नुको अर्थ शैतानलाई एकै पटकमा सधैँका निम्ति पराजित गर्नका निम्ति त्योसितको लडाइँ तीनवटा चरणमा बाँडिएको छ। तापनि शैतानसँगको लडाइँको सम्पूर्ण कार्यको भित्री सत्यता के हो भने, यसका प्रभावहरू कामको धेरै चरणहरूद्वारा हासिल गरिन्छ: मानिसलाई अनुग्रह प्रदान गर्नु, मानिसको पापबलि हुनु, मानिसका पापहरू क्षमा गर्नु, मानिसलाई जित्नु र मानिसलाई सिद्ध बनाउनु। वास्तवमा, शैतानसँग लडाइँ गर्नु भनेको शैतानको विरुद्ध हतियार उठाउनु होइन, तर मानिसको मुक्ति, मानिसको जीवनको काम र मानिसको स्वभाव परिवर्तन गर्नु हो, यसैले कि उसले परमेश्वरको साक्षी दिन सकोस्। शैतानको पराजय यसरी नै हुन्छ। मानिसको भ्रष्ट स्वभावलाई परिवर्तन गरेर शैतानलाई हराइन्छ। जब शैतान पराजित भएको हुन्छ, अर्थात्, जब मानिसले पूर्ण रूपमा मुक्ति पाएको हुन्छ, तब अपमानित भएको शैतान पूर्ण रूपमा बन्धनमा हुनेछ, र यस प्रकार, मानिसले पूर्ण रूपमा मुक्ति पाएको हुनेछ। यसैले, मानिसको मुक्तिको सार भनेको शैतान विरुद्धको लडाइँ हो र त्यो लडाइँ मुख्य रूपले मानिसको मुक्तिमा झल्किन्छ।

आखिरी दिनहरूको चरण, जसमा मानिस जितिनुपर्छ, यो शैतानसितको लडाइँको अन्तिम चरण हो, र यो शैतानको अधिकार क्षेत्रबाट मानिसलाई पूर्ण मुक्त गर्ने काम पनि हो। मानिसको विजयको भित्री अर्थ शैतानको मूर्त रूपलाई–मानिस जसलाई शैतानले भ्रष्ट पारेको छ–उसको विजयपछि सृष्टिकर्ताकहाँ फर्काएर ल्याउनु हो, जसद्वारा उसले शैतानलाई त्याग्नेछ र पूर्ण रूपमा परमेश्‍वरमा फर्कन्छ। यस तरिकाले, मानिस पूर्ण रूपमा बचाइएको हुनेछ। र यसैले, विजयको काम शैतानको विरुद्ध लडाइँको अन्तिम कार्य हो र शैतानको पराजयको खातिर परमेश्‍वरको प्रबन्धको अन्तिम चरण हो। यो कामविना मानिसको पूर्ण मुक्ति अन्ततः असम्भव नै हुनेथियो, शैतानको पूर्ण पराजय पनि असम्भव हुनेथियो र मानिसजाति कहिल्यै पनि सुन्दर गन्तव्यमा प्रवेश गर्न सक्षम हुने थिएन, वा शैतानको प्रभावबाट स्वतन्त्र हुन सक्नेथिएन। फलस्वरूप, मानिसको मुक्तिको काम शैतानसँगको लडाइँको अन्त्य हुनुभन्दा अघि समाप्त हुन सक्दैन, किनकि परमेश्‍वरको व्यवस्थापन कार्यको मुख्य भाग मानव जातिको मुक्तिको लागि हो। प्रारम्भिक मानव जाति परमेश्‍वरको हातमा थियो, तर शैतानको परीक्षा र भ्रष्टताको कारण, मानिस शैतानको बन्धनमा पऱ्यो र दुष्टको हातमा पऱ्यो। तसर्थ, शैतान परमेश्‍वरको व्यवस्थापन कार्यमा पराजित गरिनुपर्ने पात्र बन्यो। शैतानले मानिसलाई आफ्नो वसमा पारेकोले र मानिस परमेश्‍वरले सबै व्यवस्थापन पूरा गर्न प्रयोग गर्नुहुने पूँजी भएकोले यदि मानिसलाई बचाइनु छ भने, उसलाई शैतानको हातबाट खोसेर फिर्ता लिनैपर्छ, अर्थात्, मानिसलाई शैतान कैदबाट फिर्ता लिनैपर्छ। यसैले मानिसको पुरानो स्वभावमा परिवर्तन ल्याएर शैतानलाई हराउनैपर्छ, यस्तो परिवर्तन जसले मानिसको सुरुको तर्कको अनुभूतिलाई पुनर्स्थापित गर्दछ। यस प्रकार जुन मानिस कैद बनाइएको छ, उसलाई शैतानको हातबाट खोसेर फिर्ता लिन सकिन्छ। यदि मानिसलाई शैतानको प्रभाव र बन्धनबाट मुक्त गरियो भने शैतान लज्जित हुनेछ, मानिसलाई अन्ततः फिर्ता ल्याइनेछ र शैतान पराजित हुनेछ। मानिस शैतानको अन्धकारको प्रभावबाट स्वतन्त्र भएकोले गर्दा, मानिस यो पूरै लडाइँको लुटको सामान बन्छ र लडाइँ समाप्त भएपछि शैतान दण्ड दिनुपर्ने पात्र बन्छ, त्यसपछि मानव जातिको मुक्तिको सम्पूर्ण काम पूरा भएको हुनेछ।

परमेश्‍वरले सृष्टिको कुनै प्राणीसित द्वेष राख्नुहुन्न; उहाँ केवल शैतानलाई हराउन मात्र चाहनुहुन्छ। चाहे सजाय होस् वा न्याय, उहाँका सबै काम शैतानतिर निर्देशित हुन्छ; यो मानव जातिको मुक्तिका लागि गरिन्छ, यो सबै शैतानलाई हराउनका लागि हो, र यसको एउटै उद्‌देश्य छ: अन्त्यसम्म शैतान विरुद्ध लडाइँ गर्नु! परमेश्‍वर त्यत्ति बेलासम्म विश्राम गर्नुहुन्न जबसम्म उहाँले शैतानमाथि विजयी पाउनुहुन्न! शैतानलाई हराएपछि मात्र उहाँले विश्राम गर्नुहुनेछ। परमेश्‍वरले गर्नुभएका सबै कामहरू शैतानतर्फ निर्देशित छन् र शैतानद्वारा भ्रष्ट पारिएकाहरू सबै शैतानको अधिकार क्षेत्रको नियन्त्रणमा छन् र सबै शैतानको अधिकारक्षेत्रभित्र जिउँछन्, त्यसकारण शैतानसित लडाइँ नगरी र त्योसित सम्बन्ध नतोडी शैतानले तिनीहरूमाथिको आफ्नो पकड खुकुलो पार्दैन, र तिनीहरूलाई प्राप्त गर्न सकिँदैन। यदि तिनीहरू प्राप्त गरिएनन् भने, त्यसले शैतानलाई पराजित गरिएको छैन, त्यो हारेको छैन भन्ने प्रमाणित गर्छ। र यसैले, परमेश्‍वरको ६,००० वर्षको व्यवस्थापन योजनाको, पहिलो चरणमा उहाँले व्यवस्थाको काम गर्नुभयो, दोस्रो चरणमा उहाँले अनुग्रहको युगको

काम गर्नुभयो, अर्थात् क्रूसीकरणको काम, र तेस्रो चरणको अवधिमा उहाँले मानव जातिलाई जित्ने काम गर्नुहुन्छ। यो सबै काम शैतानले मानव जातिलाई भ्रष्ट पार्ने हदमा निर्देशित छ, यो सबै शैतानलाई हराउनका लागि गरिन्छ, र प्रत्येक चरण शैतानलाई हराउनका लागि हो। परमेश्‍वरको ६,००० वर्षको व्यवस्थापन कार्यको सार भनेको ठूलो रातो अजिङ्गरको विरुद्धको लडाइँ हो, र मानव जातिको प्रबन्ध गर्ने काम पनि शैतानलाई हराउने काम हो, शैतानसँग लडाइँ गर्ने काम। परमेश्‍वरले ६,००० वर्षसम्म लडाइँ गर्नुभएको छ, यसरी मानिसलाई नयाँ क्षेत्रमा ल्याउन उहाँले छ हजार वर्षसम्म काम गर्नुभएको छ। जब शैतानको पराजय हुन्छ, मानिसलाई पूर्ण रूपमा स्वतन्त्र गरिनेछ। के यो आजको परमेश्‍वरको कामको दिशा होइन र? आजको कामको सटीक दिशा यही हो: मानिसलाई पूर्ण छुटकारा दिनु र स्वतन्त्र बनाउनु, यसैले कि ऊ कुनै नियमको अधीनमा नहोस्, न त कुनै बन्धन वा सीमाहरूद्वारा सीमित होस्। यी सबै काम तिमीहरूको कदको आधारमा र तिमीहरूका आवश्‍यकताहरू अनुसार गरिन्छ, यसको मतलब तिमीहरूले जे हासिल गर्न सक्छौ त्यही तिमीहरूलाई प्रदान गरिन्छ। यो भनेको जबरजस्ती "क्षमताभन्दा बाहिरको काम लगाउनु", तिमीहरूमाथि कुनै कुरा जबरजस्ती लाद्ने होइन, बरु, सबै काम तिमीहरूका वास्तविक आवश्‍यकताहरू अनुसार नै गरिन्छ। कामको प्रत्येक चरण मानिसको वास्तविक आवश्‍यकता र मागहरू अनुसार नै गरिन्छ; कामको प्रत्येक चरण शैतानलाई हराउनका लागि हो। वास्तवमा, सुरुमा सृष्टिकर्ता र उहाँका सृष्टिहरू बीच कुनै अवरोधहरू थिएनन्। यी सबै अवरोधहरू शैतानको कारणले भएका हुन्। शैतानले उसलाई जसरी वाधा दिएको छ र भ्रष्ट बनाएको छ त्यसले गर्दा मानिसले कुनै पनि कुरा देख्न वा छुन सक्दैन। मानिस पीडित हो, जसलाई धोका दिइएको छ। शैतानलाई पराजित गरिएपछि, सृष्टिकर्ताले सृष्टि गरिएका प्राणीहरूलाई हेर्नुहुनेछ, र तिनीहरूलाई व्यक्तिगत रूपमा अगुवाइ गर्न सक्नुहुनेछ। पृथ्वीमा मानिसमा हुनुपर्ने जीवन यही हो। र यसरी, परमेश्‍वरको काम मुख्य रूपमा शैतानलाई हराउनु को लागि नै हो, र शैतानलाई हराइसकेपछि सबै कुराको समाधान हुनेछ। आज, तैँले देखेको छस्, कि परमेश्‍वर मानिसको बीचमा आउनु कुनै सजिलो कुरा होइन। उहाँ प्रत्येक दिन तिमीहरूमा गल्ती भेट्टाउन, यो अनि त्यो कुरा भन्न, वा उहाँ कस्तो हुनुहुन्छ र उहाँ कसरी बोल्नुहुन्छ र जिउनुहुन्छ त्यो तिमीहरूलाई देखाउन आउनुभएको होइन। उहाँलाई हेर्ने तिमीहरूलाई अनुमति दिन, वा तिमीहरूका आँखाहरू खोल्न, वा उहाँले भन्नुभएका रहस्यहरू र उहाँले सातवटा मोहोरहरू खोल्नुभएको तिमीहरूलाई सुन्न दिन मात्र परमेश्‍वर मानिस बन्नुभएको होइन। बरु, उहाँ शैतानलाई हराउनको लागि मानिस बन्नुभएको छ। मानिसलाई मुक्ति दिन र शैतानको विरुद्ध लडाइँ गर्न उहाँ मानिसको बीचमा देहमा आउनुभएको छ; उहाँको देहधारणको महत्त्व यही हो। यदि त्यो शैतानलाई हराउनका लागि थिएन भने उहाँले यो काम व्यक्तिगत रूपमा गर्नुहुने थिएन। परमेश्‍वर पृथ्वीमा मानिसको बीचमा आफ्नो काम गर्न, आफैलाई मानिसकहाँ व्यक्तिगत रूपले प्रकट गर्न र मानिसलाई उहाँलाई हेर्ने मौका दिन आउनुभयो; के यो सानो विषय हो? यो वास्तवमा सरल छैन! यो मानिसले सोचेजस्तो होइन: मानिसले उहाँलाई हेर्न सकोस्, मानिसले परमेश्‍वर यथार्थ हुनुहुन्छ, अस्पष्ट वा खोक्रो होइन, र परमेश्‍वर उच्च हुनुहुन्छ, तर नम्र पनि हुनुहुन्छ भन्ने जानोस् भनी परमेश्‍वर आउनुभएको छ। के यो त्यति सरल हुन सक्छ? शैतानले मानिसको शरीरलाई भ्रष्ट पारेको छ, र

परमेश्वरले मुक्ति दिने अभिप्राय राख्नुभएको मानिस नै हो परमेश्वरले, त्यसकारण शैतानसँग लडाइँ गर्न र मानिसलाई व्यक्तिगत रूपमा गोठाला गर्नको लागि परमेश्वरले देह धारण गर्नुपर्छ। केवल यो मात्रै उहाँको कामको लागि लाभदायक छ। शैतानलाई हराउनका लागि र मानिसजातिलाई अझ राम्ररी मुक्ति दिनको लागि परमेश्वरका दुईवटा देहधारण अस्तित्वमा आएका छन्। चाहे परमेश्वरका आत्मा होऊन् वा परमेश्वरको देहधारणको शरीर, शैतानसँग लडाइँ गर्ने परमेश्वर मात्र हुन सक्नुहुन्छ। छोटकरीमा, शैतानको साथ लडाइँ गर्ने स्वर्गदूतहरू हुन सक्दैनन्, झन् मानिस त हुनै सक्दैन, जसलाई शैतानले भ्रष्ट पारेको छ। स्वर्गदूतहरू यो लडाइँ लड्न शक्तिहीन छन्, र मानिस त झन् अझै दुर्बल छ। त्यसरी नै, यदि परमेश्वर मानिसको जीवनमा काम गर्न चाहनुहुन्छ भने, यदि उहाँ मानिसलाई मुक्ति दिन व्यक्तिगत रूपमा पृथ्वीमा आउन चाहनुहुन्छ भने उहाँ व्यक्तिगत रूपमा नै देह बन्नुपर्दछ–अर्थात्, उहाँले व्यक्तिगत रूपमा देह धारण गर्नुपर्दछ, र आफ्नो जन्मजात पहिचान र उहाँले गर्नुपर्ने कामको साथमा मानिसकहाँ आएर व्यक्तिगत रूपमा मानिसलाई मुक्ति दिनु पर्छ। यदि होइन भने, यदि यो काम परमेश्वरको आत्मा वा मानिसले गर्ने हो भने यो लडाइँबाट कहिल्यै केही पनि प्राप्त हुँदैन, र यो कहिल्यै पनि समाप्त हुँदैन। जब परमेश्वर मानिसको बीचमा शैतानको विरुद्धमा व्यक्तिगत रूपमा युद्धमा जान देह बन्नुहुन्छ तब मात्र मानिसले मुक्ति पाउने मौका पाउँछ। यसको साथै, केवल त्यसपछि मात्रै शैतान सर्ममा पर्छ र त्योसित शोषण गर्ने कुनै मौका वा कार्यान्वयन गर्ने कुनै योजना हुँदैन। देहधारी परमेश्वरले गर्नुहुने काम परमेश्वरका आत्माले हासिल गर्न सक्नुहुन्न र यो मासुले बनेको कुनै पनि मानिसले परमेश्वरको तर्फबाट गर्नु अझ असम्भव हुनेथियो, किनकि उहाँले गर्नुहुने काम मानिसको जीवनका लागि र मानिसको भ्रष्ट स्वभाव परिवर्तन गर्नका लागि हो। यदि मानिसले यस लडाइँमा भाग लिनु परेको भए ऊ केवल लथालिङ्ग अवस्थामा भाग्नेथियो र ऊ आफ्नो भ्रष्ट स्वभाव परिवर्तन गर्न असक्षम हुनेथियो। ऊ मानिसलाई क्रूसबाट बचाउन वा सबै विद्रोही मानव जातिलाई जित्न असक्षम हुनेथियो, तर केवल थोरै पुरानो काम मात्र गर्न सक्नेथियो जुन सिद्धान्तहरू भन्दा पर जान सक्दैन वा शैतानलाई पराजित गर्नेसित सम्बन्धित नरहेको कार्य मात्रै गर्न सक्नेथियो। त्यसोभए किन झमेलामा पर्ने? शैतानलाई हराउने त परै जाओस्, मानव जातिलाई समेत प्राप्त गर्न नसक्ने कामको के महत्त्व हुन्छ? यसैले शैतानसितको लडाइँ केवल परमेश्वर स्वयम्ले मात्र गर्न सक्नुहुन्छ र यो मानिसले गर्नु असम्भव छ। मानिसको कर्तव्य भनेको आज्ञापालन गर्नु र अनुसरण गर्नु हो, किनकि मानिस आकाश र पृथ्वी सृष्टि गर्ने जस्तो काम गर्न असमर्थ छ, यसबाहेक न त उसले शैतानसित लडाइँ गर्ने काम नै गर्नसक्छ। मानिसले परमेश्वर स्वयम्को नेतृत्वमुनि रहेर मात्र सृष्टिकर्तालाई सन्तुष्ट पार्न सक्छ, जसद्वारा शैतान पराजित हुन्छ; मानिसले गर्न सक्ने यति मात्र हो। तसर्थ, हरेक चोटि नयाँ लडाइँ सुरु हुँदा यो काम परमेश्वर स्वयम्ले व्यक्तिगत रूपमा गर्नुहुन्छ, जसद्वारा उहाँले सम्पूर्ण युगको नेतृत्व गर्नुहुन्छ र सम्पूर्ण मानव जातिका लागि नयाँ बाटो खोलिदिनुहुन्छ। प्रत्येक नयाँ युगको उदय शैतानसँगको लडाइँको एउटा नयाँ सुरुआत हो, जसद्वारा मानिस नयाँ, अझ सुन्दर संसारमा प्रवेश गर्दछ, र एउटा नयाँ युगमा जसलाई परमेश्वर स्वयम्ले व्यक्तिगत रूपमा नेतृत्व गर्नुहुन्छ। मानिस सबै थोकको मालिक हो, तर प्राप्त भएकाहरू शैतानसँगका सबै लडाइँका फलहरू हुनेछन्।

शैतानले सबै कुरालाई भ्रष्ट पार्दछ, लडाइँहरूको अन्त्यमा पराजित हुन्छ, र यी लडाइँहरू पछि दण्ड दिइने पनि त्यसलाई नै। परमेश्‍वर, मानिस र शैतानको बीचमा शैतानलाई मात्र घृणा र अस्वीकार गरिनेछ। शैतानले प्राप्त गरेको, तर परमेश्‍वरद्वारा फिर्ता नलिएकाहरू शैतानको पक्षमा दण्ड पाउनेहरू बन्नेछन्। यी तीनमध्ये, सबै थोकले केवल परमेश्‍वरलाई मात्रै आराधना गर्नुपर्दछ। तिनीहरू, जो शैतानद्वारा भ्रष्ट भएका थिए तर परमेश्‍वरद्वारा फिर्ता लिइएका छन् र जो परमेश्‍वरको मार्ग अनुसरण हिँड्दछन्, तिनीहरूचाहिँ परमेश्‍वरको प्रतिज्ञा पाउने र परमेश्‍वरको तर्फबाट दुष्टहरूको न्याय गर्नेहरू हुनेछन्। परमेश्‍वर निश्‍चय विजयी हुनुहुनेछ र शैतान निश्‍चय पराजित हुनेछ, तर मानिसको बीचमा जित्नेहरू हुनेछन् र हार्नेहरू पनि हुनेछन्। जित्नेहरू विजय हुनेहरूका स्वामित्वमा हुनेछन् र हार्नेहरू पराजित हुनेहरूका स्वामित्वमा हुनेछन्; प्रत्येकको प्रकारअनुसारको वर्गीकरण यही हो, यो परमेश्‍वरको सबै कामको अन्तिम समाप्ति हो। यो परमेश्‍वरका सबै कामको लक्ष्य पनि हो, र यो कहिल्यै परिवर्तन हुँदैन। परमेश्‍वरको व्यवस्थापन योजनाको मुख्य काम मानिसको मुक्तिमा केन्द्रित छ, र परमेश्‍वर मुख्य रूपमा यस कामको खातिर र शैतानलाई हराउनका लागि देह बन्नुहुन्छ। पहिलो पटक परमेश्‍वर मानिस बन्नुको कारण पनि शैतानलाई हराउनु नै थियो: पहिलो लडाइँको काम पूरा गर्न, अर्थात् मानव जातिलाई छुटकारा दिनको लागि उहाँ व्यक्तिगत रूपले देह बन्नुभयो अनि उहाँलाई व्यक्तिगत रूपले क्रूसमा काँटी ठोकियो। त्यस्तै गरी, कामको यो चरण पनि परमेश्‍वरले व्यक्तिगत रूपमै गर्नुहुन्छ, जो मानिसको बीचमा आफ्नो काम गर्न, व्यक्तिगत रूपमा उहाँको वचन बोल्न र मानिसलाई उहाँ स्वयम्‌लाई देख्ने तुल्याउन मानिस बन्नुभयो। अवश्य नै, यस क्रममा उहाँले अनिवार्य रूपमा अन्य कामहरू पनि गर्नुहुन्छ, तर उहाँले व्यक्तिगत रूपमा आफ्नो काम गर्नुको मुख्य कारण शैतानलाई पराजित गर्नु, सम्पूर्ण मानव जातिलाई जित्नु र यी मानिसहरूलाई प्राप्त गर्नु नै हो। यसैले, परमेश्‍वरको देहधारणको काम साँच्चै सजिलो छैन। यदि उहाँको उद्देश्य मानिसलाई परमेश्‍वर नम्र र गुप्त हुनुहुन्छ र परमेश्‍वर वास्तविक हुनुहुन्छ भनी देखाउनु मात्रै थियो भने, यदि यो काम गर्नका लागि मात्र थियो भने उहाँ देह बन्नुको कुनै आवश्यक हुँदैनथियो। यदि परमेश्‍वर मानिस नबन्नुभएको भए पनि उहाँले आफ्नो नम्रता र गोप्यता, आफ्नो महान्‌ता र पवित्रता मानिसको सामु प्रत्यक्ष रूपमा प्रकट गर्न सक्नुहुन्थ्यो, तर मानव जातिलाई व्यवस्थापन गर्ने कामसित ती कुराहरूको कुनै सरोकार हुनेथिएन। तिनीहरू मानिसलाई बचाउन वा पूर्ण बनाउन असमर्थ छन्, तिनीहरूले शैतानलाई जित्न सक्ने कुरा त परै जाओस्। यदि शैतानलाई पराजित गर्नका निम्ति आत्माले केवल आत्माको विरुद्ध लडाइँ मात्रै गर्नुपर्थ्यो भने त्यस्तो कामको व्यावहारिक मूल्य अझै कम हुने थियो; त्यो मानिसलाई प्राप्त गर्न असमर्थ हुनेथियो र यसले मानिसको भाग्य र सम्भावनाहरूलाई नाश पार्न सक्थ्यो। त्यसैले, परमेश्‍वरको आजको कामको गहन महत्त्व छ। यो मानिसले उहाँलाई देख्न सकोस् वा मानिसका आँखाहरू खोलिऊन्, वा उसले स्पर्श र उत्साहको केही भावनाहरू प्राप्त गरून् भनेर मात्र होइन; त्यस्तो कामको कुनै महत्त्व हुँदैन। यदि तँ यस प्रकारको ज्ञानको बारेमा मात्रै कुरा गर्न सक्छस् भने तँलाई परमेश्‍वरको देहधारणको वास्तविक महत्त्व थाहा छैन भन्ने त्यसले प्रमाणित गर्छ।

परमेश्‍वरको सम्पूर्ण व्यवस्थापन योजनाको काम परमेश्‍वर आफैले व्यक्तिगत रूपमा गर्नुहुन्छ।

पहिलो चरण—संसारको सृष्टि—परमेश्‍वर स्वयम्‌ले व्यक्तिगत रूपमा गर्नुभएको थियो, र यदि त्यस्तो नभएको भए कसैले पनि मानव जातिलाई सृष्टि गर्न सक्ने थिएन; दोस्रो चरण सम्पूर्ण मानव जातिको उद्धार गर्नुथियो, र यो पनि परमेश्‍वर स्वयम्‌ले व्यक्तिगत रूपमा आफै गर्नुभयो; तेस्रो चरणको बारेमा केही भनिरहनु पर्दैन: यसमा परमेश्‍वरका सबै कामहरू समाप्त गर्नका लागि परमेश्‍वरले काम गर्नु अझ बढी आवश्यक हुन्छ। सम्पूर्ण मानव जातिलाई उद्धार गर्ने, जित्ने, प्राप्त गर्ने र सिद्ध बनाउने काम व्यक्तिगत रूपमा परमेश्‍वर स्वयम्‌ले गर्नुहुन्छ। यदि उहाँले व्यक्तिगत रूपमा यो काम गर्नुभएन भने मानिसद्वारा उहाँको पहिचानको प्रतिनिधित्व हुन सक्दैन, न त मानिसद्वारा उहाँको काम गरिन नै सक्छ। शैतानलाई हराउन, मानव जातिलाई प्राप्त गर्न र पृथ्वीमा मानिसलाई सामान्य जीवन दिनका लागि उहाँले मानिसलाई व्यक्तिगत रूपमा डोऱ्याउनुहुन्छ र मानिसहरूको माझमा व्यक्तिगत रूपले काम गर्नुहुन्छ; उहाँको सम्पूर्ण व्यवस्थापन योजनाको खातिर र आफ्ना सबै कामका लागि उहाँले यो काम व्यक्तिगत रूपमा गर्नुपर्छ। यदि मानिसले उहाँलाई देखोस् भनी परमेश्‍वर आउनुभएको हो, मानिसलाई खुसी पार्न आउनुभएको हो भनी उसले विश्‍वास गर्छ भने त्यस्तो विश्‍वासको कुनै मूल्य हुँदैन, कुनै महत्त्व हुँदैन। मानिसको बुझाइ अति सतही छ! यो काम परमेश्‍वर आफैले गर्नुभयो भने मात्र उहाँले त्यसलाई पूरै र सम्पूर्ण रूपमा गर्न सक्नुहुन्छ। मानिसले परमेश्‍वरको तर्फबाट यो गर्न सक्दैन। ऊसँग परमेश्‍वरको पहिचान वा वास्तविक गुण नभएकोले, ऊ परमेश्‍वरको काम गर्न असक्षम छ, र यदि मानिसले यो काम गऱ्यो भने पनि त्यसको कुनै असर हुँदैन। परमेश्‍वर पहिलो पटक सारा मानव जातिलाई छुटकारा दिन, पापबाट छुटकारा दिन, मानिसलाई शुद्ध हुने र उसका पापहरूको क्षमा पाउने योग्यको बनाउन देह बन्नुभयो। विजयको काम पनि परमेश्‍वरले मानिसहरूको बीचमा व्यक्तिगत रूपमै गर्नुभयो। यदि यस चरणको अवधिमा, परमेश्‍वरले अगमवाणी मात्रै बोल्नुहुन्थ्यो भने, एकजना अगमवक्ता वा कुनै वरदान पाएको व्यक्तिलाई पाउन सकिन्थ्यो जसले उहाँको स्थान लिन सक्थ्यो; यदि केवल अगमवाणी मात्र बोलिएको हुन्थ्यो भने मानिस परमेश्‍वरका लागि खडा हुन सक्थ्यो। तापनि यदि मानिस आफैले व्यक्तिगत रूपले परमेश्‍वरको काम गर्ने कोसिस गरेको भए र मानिसको जीवनको लागि काम गर्ने कोसिस गरेको भए, उसले यो काम गर्न असम्भव हुनेथियो। यो काम परमेश्‍वरले स्वयम्‌ले व्यक्तिगत रूपले गर्नुपर्छ: यो काम गर्न परमेश्‍वर व्यक्तिगत रूपमा देह बन्नुपर्छ। वचनको युगमा, यदि अगमवाणी मात्र बोलिएको भए, तब यो काम यशैया वा एलिया अगमवक्ताले गर्न सक्थ्यो, र परमेश्‍वर आफैले यो काम गर्नुपर्ने आवश्यकता हुँदैनथ्यो। यस चरणमा गरिएको काम अगमवाणी बोल्नु मात्र नभएकोले, र मानिसलाई जित्न र शैतानलाई हराउन वचनहरूको काम प्रयोग गर्नु महत्त्वपूर्ण भएकोले, यो काम मानिसले गर्न सक्दैन र यसलाई परमेश्‍वरले नै व्यक्तिगत रूपमा गर्नुपर्छ। व्यवस्थाको युगमा यहोवाले आफ्नो कामको एक भाग गर्नुभयो, त्यसपछि उहाँले केही वचनहरू बोल्नुभयो र अगमवक्ताहरूद्वारा केही काम गर्नुभयो। किनभने मानिसले यहोवाको काममा उहाँको स्थान लिनसक्छ र दर्शीहरूले हुन आउने कुराहरू भन्न सक्छ र उहाँको तर्फबाट केही सपनाहरूको अर्थ पनि खोल्न सक्छ। सुरुमा गरिएको काम मानिसको स्वभावलाई सीधै परिवर्तन गर्नका निम्ति थिएन, र मानिसको पापसँग सम्बन्धित थिएन, र मानिसले केवल

व्यवस्थाको पालन गर्नु आवश्यक थियो। यसैले यहोवा मानिस बन्नुभएन र उहाँले आफूलाई प्रकट गर्नुभएन; यसको सट्टामा उहाँ सीधै मोशा र अरूसँग बोल्नुभयो, तिनीहरूलाई उहाँको पक्षमा बोल्न र काम गर्न लाउनुभयो, र तिनीहरूलाई प्रत्यक्ष रूपमा मानवजातिको बीचमा काम गर्न लगाउनुभयो। परमेश्वरको कामको पहिलो चरण मानव जातिको नेतृत्व थियो। त्यो शैतान विरुद्धको युद्धको सुरुवात थियो, तर यो युद्ध आधिकारिक रूपमा सुरु हुनु बाँकी नै थियो। शैतान विरुद्धको आधिकारिक युद्ध परमेश्वरको पहिलो देहधारणबाट सुरु भयो, र यो आजको दिनसम्म जारी रहेको छ। यस युद्धको पहिलो लडाइँ देहधारी परमेश्वर क्रूसमा टाँगिनुभएको बेला भएको थियो। देहधारी परमेश्वरको क्रूसीकरणले शैतानलाई हरायो, र यो युद्धको पहिलो सफल चरण थियो। जब देहधारी परमेश्वरले प्रत्यक्ष रूपमा मानिसको जीवनमा लागि काम गर्न थाल्नुभयो, यो मानिसलाई पुन: प्राप्ति गर्ने कामको आधिकारिक सुरुआत थियो, र यो मानिसको पुरानो स्वभाव परिवर्तन गर्ने काम भएकोले यो शैतानसित युद्ध गर्ने काम थियो। सुरुमा यहोवाले गर्नुभएको कामको चरण केवल पृथ्वीमा मानिसको जीवनलाई नेतृत्व गर्नु थियो। यो परमेश्वरको कामको सुरुआत थियो, र यसमा कुनै युद्ध, वा कुनै ठूलो काम सामेल नभएको भए पनि त्यसले आउनेवाला युद्धको जगको बसाल्यो। पछि, अनुग्रहको युगको अवधिको कामको दोस्रो चरणमा मानिसको पुरानो स्वभाव परिवर्तन गर्ने कार्य सामेल थियो, जसको अर्थ यो हो, कि मानव जीवन परमेश्वर आफैले बनाउनुभएको हो। यो काम परमेश्वरले व्यक्तिगत रूपमा गर्नुपर्थ्यो: यसका लागि परमेश्वर व्यक्तिगत रूपमा देह बन्नु आवश्यक थियो। यदि उहाँ मानिस बन्नुभएको थिएन भने यस चरणको काममा अरू कसैले पनि उहाँको स्थान लिन सक्दैनथियो, किनकि त्यसले शैतानको विरुद्ध प्रत्यक्ष लड्ने कामको प्रतिनिधित्व गर्थ्यो। यदि मानिसले परमेश्वरको तर्फबाट यो काम गरेको भए, जब मानिस शैतानको सामु उभिन्थ्यो तब शैतान समर्पित हुने थिएन र त्यसलाई हराउन असम्भव हुनेथियो। त्यसलाई पराजित गर्ने देहधारी परमेश्वर नै हुनुपर्थ्यो, किनकि देहधारी परमेश्वरको सार अझै पनि परमेश्वर नै हुन्छ, उहाँ अझै पनि मानिसको जीवन हुनुहुन्छ र उहाँ अझै पनि सृष्टिकर्ता हुनुहुन्छ; जे हुन्छ, उहाँको पहिचान र वास्तविक गुण परिवर्तन हुनेछैन। यसैले उहाँले देह धारण गर्नुभयो र शैतानलाई पूर्ण समर्पित गराउन काम गर्नुभयो। आखिरी दिनहरूको कामको अवधिमा यदि मानिसले यो काम गर्नुपर्थ्यो भने र सीधै वचनहरू बोल्न लगाइएको थियो भए, ऊ ती बोल्न असमर्थ हुनेथियो, र यदि अगमवाणीहरू बोलिएका भए, त्यो अगमवाणीले मानिसलाई जित्न सक्दैनथियो। देह धारण गरेर परमेश्वर शैतानलाई हराउन र त्यसलाई पूर्ण अधीनतामा ल्याउन आउनुहुन्छ। जब उहाँले शैतानलाई पूर्ण रूपमा पराजित गर्नुहुन्छ, उहाँले मानिसलाई पूर्ण रूपमा विजय गर्नुहुन्छ, र मानिसलाई पूर्ण रूपमा प्राप्त गर्नुहुन्छ, तब यो चरणको काम पूरा हुनेछ र सफलता हासिल गरिनेछ। परमेश्वरको व्यवस्थापनमा मानिस परमेश्वरको लागि खडा हुन सक्दैन। विशेष गरी, युगको नेतृत्व गर्ने र नयाँ काम सुरु गर्ने कार्य परमेश्वर स्वयम्‌ले व्यक्तिगत रूपमा गर्नु झन् ठूलो आवश्यक हुन्छ। मानिसलाई प्रकाश दिने र उसलाई अगमवाणी प्रदान गर्ने काम मानिसले गर्न सक्छ, तर यदि यो काम परमेश्वरले व्यक्तिगत रूपमा गर्नुपर्छ, परमेश्वर स्वयम् र शैतानको बीचको युद्धको काम हो भने, यो काम मानिसले गर्न सक्दैन। कामको पहिलो चरणको

अवधिमा जब शैतानसित कुनै युद्ध भइरहेको थिएन, तब यहोवाले अगमवक्ताहरूद्वारा बोलिएका अगमवाणी प्रयोग गर्दै इस्राएललाई व्यक्तिगत रूपमा डोऱ्याउनुभयो। पछि, दोस्रो चरणको काम शैतानसितको युद्ध थियो, र परमेश्‍वर स्वयम् व्यक्तिगत रूपमा देह बन्‍नुभयो र यो काम गर्न देहमा आउनुभयो। शैतान विरुद्धको युद्ध संलग्‍न कुनै पनि कुरामा परमेश्‍वरको देहधारण पनि सामेल हुन्छ, जसको अर्थ यो युद्ध मानिसले लड्न सक्दैन भन्‍ने हो। यदि मानिसले युद्ध गर्नु परेको भए, ऊ शैतानलाई हराउन असमर्थ हुनेथियो। शैतानकै अधिकार क्षेत्रमा बसेर ऊसँग त्यसको युक्तिको विरुद्ध लड्ने शक्ति कसरी हुन्थ्यो र? मानिस बीचमा छ: यदि तँ शैतानतर्फ झुक्छस् भने तँ शैतानका होस्, तर यदि तैँले परमेश्‍वरलाई सन्तुष्ट पार्छस् भने तँ परमेश्‍वरको होस्। यदि यो युद्धको काममा मानिसले परमेश्‍वरको पक्षमा खडा हुने कोसिस गरेको भए र खडा भएको भए के ऊ सक्षम हुनेथियो? यदि उसले त्यसो गरेको भए, के ऊ धेरै समय अघि नै नाश हुनेथिएन? के ऊ धेरै समय अघि नै पाताल लोकमा प्रवेश गरिसकेको हुनेथिएन र? यसैले मानिसले परमेश्‍वरको काममा उहाँको स्थान लिन सक्दैन, जसको अर्थ यो हो, कि मानिससँग परमेश्‍वरको सार हुँदैन, र यदि तैँले शैतानसँग युद्ध गरिस् भने तैँले त्यसलाई हराउन सक्‍नेथिएनस्। मानिसले केवल केही काम मात्रै गर्न सक्दछ; उसले केही मानिसहरूलाई जित्‍न सक्छ, तर ऊ परमेश्‍वरको स्वयम्‌को काममा परमेश्‍वरको स्थानमा खडा हुनु सक्दैन। मानिसले कसरी शैतानसँग युद्ध गर्न सक्थ्यो र? तैँले युद्ध सुरु गर्नुभन्दा पहिले नै शैतानले तँलाई कैदी बनाउनेथियो। जब परमेश्‍वर स्वयम्‌ले शैतानसँग युद्ध गर्नुहुन्छ र मानिसले यसै आधारमा परमेश्‍वरलाई पछ्याउँछ र उहाँको आज्ञा पालन गर्दछ, तब मात्र मानिस परमेश्‍वरद्वारा प्राप्‍त हुन् सक्छ, र शैतानका बन्धनहरूबाट उम्कन सक्छ। मानिसले जुन कुराहरू आफ्नै बुद्धि र क्षमताहरूले हासिल गर्न सक्छ ती अति सीमित छन्; ऊ मानिसलाई पूर्ण बनाउन, उसलाई डोऱ्याउन र त्यसबाहेक शैतानलाई हराउन असमर्थ छ। मानिसको ज्ञान र बुद्धिले शैतानका योजनाहरूलाई असफल बनाउन सक्दैन, त्यसैले मानिसले त्योसँग कसरी युद्ध गर्न सक्छ?

सबै, जो सिद्ध हुन इच्छुक छन् तिनीहरूसित सिद्ध बनाइने मौका हुन्छ, त्यसैले सबै जना ढुक्क हुनुपर्छ: भविष्यमा तिमीहरू सबै गन्तव्यमा प्रवेश गर्नेछौ। तर यदि तँ सिद्ध हुन इच्छुक छैनस् र त्यो सुन्दर क्षेत्रमा प्रवेश गर्न इच्छुक छैनस् भने त्यो तेरो आफ्नै समस्या हो। ती सबै जो सिद्ध हुन इच्छुक छन् र परमेश्‍वरप्रति बफादार हुन्छन्, ती सबै जसले आज्ञापालन गर्छन्, र जसले विश्‍वासयोग्य ढङ्गले आफ्नो काम गर्दछन्—त्यस्ता सबै मानिसहरूलाई सिद्ध बनाउन सकिन्छ। आज, ती सबै जसले बफादार भई आफ्नो कर्तव्य पालन गर्दैनन्, ती सबै जो परमेश्‍वरप्रति बफादार छैनन्, ती सबै जो परमेश्‍वरको अधीन बस्दैनन्, विशेष गरी तिनीहरू जसले पवित्र आत्माको अन्तर्दृष्टि र ज्योति प्राप्‍त गरेका छन्, तर त्यसलाई व्यवहारमा प्रयोग गर्दैनन् त्यस्ता सबै मानिसहरू सिद्ध बन्‍न असमर्थ हुन्छन्। तिनीहरू सबै जो बफादार छन् र परमेश्‍वरको आज्ञापालन गर्न इच्छुक छन्, तिनीहरू सिद्ध बनाइन सक्छन्, चाहे तिनीहरू थोरै अज्ञानी नै किन नहोऊन्; ती सबै जो पछ्याउन इच्छुक छन्, तिनीहरूलाई सिद्ध पार्न सकिन्छ। यसको बारेमा चिन्ता लिनु आवश्यक छैन। जबसम्म तँ यस दिशातिर लाग्‍न तयार हुन्छस्, तँलाई सिद्ध पारिन सकिन्छ। म

तिमीहरूको बीचमा भएका कसैलाई पनि त्याग्न वा हटाउन इच्छुक छैन, तर यदि मानिसले राम्रो गर्ने कोसिस गर्दैन भने, तैँले आफैलाई नाश पारिरहेको हुन्छस्; तँलाई हटाउने म होइनँ, तर तँ आफै होस्। यदि तँ आफैले राम्रो गर्ने कोसिस गर्दैनस् भने–यदि तँ अल्छी छस् वा आफ्नो कर्तव्य पालन गर्दैनस्, वा तँ बफादार छैनस्, वा सत्यको पछि लाग्दैनस् र सधैँ तँलाई जे मन लाग्छ त्यही गर्छस्, यदि तँ लापरवाही व्यवहार गर्छस्, तेरो आफ्नै प्रसिद्धि र धनको लागि लडाइँ गर्छस्, विपरीत लिङ्गप्रतिको तेरो व्यवहारमा बेइमान छस् भने तैँले आफ्नो पापको बोझ आफै बोक्नेछस्; तँ कसैको दया पाउने लायकको हुँदैनस्। मेरो अभिप्राय तिमीहरू सबै सिद्ध बन, र कम्तीमा पनि जितिएका हौ भन्ने हो, यसैले कि यो चरणको काम सफलतापूर्वक पूरा हुन सकोस्। परमेश्वरको चाहना हरेक व्यक्ति सिद्ध बनोस्, अन्त्यमा उहाँद्वारा प्राप्त हुन सकोस्, उहाँद्वारा पूर्ण रूपमा धोइओस् र उहाँले प्रेम गर्नुहुने मानिसहरू बनोस् भन्ने छ। मैले तिमीहरू पछौटे वा कम क्षमताका छौ भन्दा केही फरक पर्दैन–यो सब तथ्य हो। मैले त्यसो भनेको कुराले म तिमीहरूलाई त्याग्न चाहन्छु, मैले तिमीहरूमाथिको आशा हराएको छु, र तिमीहरूलाई बचाउन अझ कम अनिच्छुक छु भन्ने प्रमाणित गर्दैन। आज म तिमीहरूको मुक्तिको काम गर्न आएको हुँ, जसको अर्थ यो हो, कि मैले गर्ने काम भनेको मुक्तिको कामको निरन्तरता हो। प्रत्येक व्यक्तिसित सिद्ध बन्ने मौका हुन्छ: यति हो तँ इच्छुक हुनुपर्छ, यति हो तैँले खोजी गर्नुपर्छ, अन्त्यमा तँ यो नतिजा प्राप्त गर्न सक्षम हुनेछस्, र तिमीहरूमध्ये एकै जना पनि त्यागिनेछैनौ। यदि तँ कमजोर क्षमताको छस् भने तँसित मेरा मागहरू तेरो कमजोर योग्यता अनुरूप हुनेछ; यदि तँ उच्च क्षमताको छस् भने तँसित मेरा मागहरू तेरो उच्च क्षमता अनुरूप हुनेछ; यदि तँ अन्जान र अशिक्षित छस् भने तँसित मेरा मागहरू तेरो असाक्षरता अनुरूप हुनेछ; यदि तँ साक्षर छस् भने, तँसित मेरा मागहरू तँ साक्षर छस् भन्ने तथ्य अनुरूप हुनेछन्; यदि तँ बुढेसकालमा छस् भने, तँसँग मेरा मागहरू तेरो उमेरको अनुरूप हुनेछ; यदि तँ अतिथिसत्कार प्रदान गर्न सक्छस् भने तँसँग मेरा मागहरू त्यस क्षमताअनुसार हुनेछन्; यदि तँ अतिथिसत्कार गर्न सक्दिनँ, केही कामहरू मात्र गर्न सक्छु भन्छस् भने, जस्तै सुसमाचार फैलाउने वा मण्डलीको देखरेख गर्ने ना अन्य सामान्य कुराहरूमा सहभागी हुने, मैले तँलाई सिद्ध बनाउने काम तैँले गर्ने कामअनुसार हुनेछ। बफादार हुनु, आखिरीसम्म आज्ञापालन गर्नु, र परमेश्वरप्रति सर्वोच्च प्रेम प्राप्त गर्न खोज्नु–यो तैँले पूरा गर्नैपर्ने कुरा हो, र यी तीन कुराभन्दा अझ राम्रा अभ्यासहरू छैनन्। अन्त्यमा, मानिसले यी तीन कुराहरू हासिल गर्नु आवश्यक हुन्छ, र यदि उसले ती प्राप्त गर्न सक्छ भने, उसलाई सिद्ध बनाइनेछ। तर सबैभन्दा मुख्य कुरा, तैँले साँच्चै खोजी गर्नुपर्दछ, तँ सक्रिय रूपमा अगाडि र माथितिर बढ्नुपर्छ र त्यस विषयमा निष्क्रिय हुनुहुँदैन। मैले भनेको छु, कि प्रत्येक व्यक्तिसँग सिद्ध हुने मौका हुन्छ र सिद्ध हुनका लागि सक्षम हुन्छ, र यो सत्य हो, तर तँ आफ्नो खोजीमा अझ उत्तम हुने प्रयास गर्दैनस्। यदि तैँले यी तीन मापदण्डहरू हासिल गर्दैनस् भने, अन्त्यमा तँलाई हटाइनु नै पर्छ। सबैले यो गतिलाई पछ्याउन सकून् भन्ने म चाहन्छु, म सबैले पवित्र आत्माको काम र अन्तर्दृष्टि प्राप्त गरोस्, र आखिरीसम्म आज्ञापालन गर्न सकोस् भन्ने चाहन्छु, किनकि तिमीहरू प्रत्येकले गर्नुपर्ने कर्तव्य यही हो। जब तिमीहरू सबैले आफ्नो कर्तव्य पूरा गर्छौ तब तिमीहरू सबै सिद्ध बनाइएका हुनेछौ, तिमीहरूका

गवाही पनि धेरै शानदार हुन्छ। गवाही हुनेहरू सबै शैतानमाथि विजय बनेका र परमेश्‍वरका प्रतिज्ञा प्राप्त गरेका हुन्छन्, अनि तिनीहरू ती व्यक्तिहरू हुन् जो त्यस सुन्दर गन्तव्यमा बस्नको लागि रहिरहनेछन्।

## परमेश्‍वर र मानिस एकसाथ विश्राममा सँगै प्रवेश गर्नेछन्

प्रारम्भमा, परमेश्‍वर विश्राममा हुनुहुन्थ्यो। त्यस बेला पृथ्वीमा कुनै मानव वा कुनै अरू थोकहरू थिएनन्, र परमेश्‍वरले अझै कुनै काम गर्नुभएको थिएन। मानवजाति अस्तित्वमा आएपछि र मानवजाति भ्रष्ट भएपछि मात्र उहाँले उहाँको व्यवस्थापनको काम सुरु गर्नुभयो; त्यस घडीदेखि उहाँले विश्राम लिनुभएन, बरु मानवजाति माझ व्यस्त हुन थाल्नुभयो। मानवजातिको भ्रष्टताले गर्दा साथै प्रधान स्वर्गदूतको विद्रोहले गर्दा परमेश्‍वरले उहाँको विश्राम गुमाउनुभयो। यदि परमेश्‍वरले शैतानलाई परास्त गर्नुहुन्‍न र भ्रष्ट भएको मानवजातिलाई मुक्त गर्नुहुन्‍न भने, उहाँ फेरि कहिल्यै पनि विश्राममा प्रवेश गर्न सक्षम हुनुहुनेछैन। जसरी मानिसलाई विश्रामको कमी छ, त्यसरी नै परमेश्‍वरलाई पनि विश्रामको कमी छ, र जब फेरि उहाँ एक पटक विश्राम गर्नुहुन्छ, मानवले पनि विश्राम गर्नेछ। विश्राममा जिउनुको अर्थ युद्धरहित, अशुद्धतारहित र कुनै विद्यमान अधार्मिकता रहित जीवन हो भन्‍ने हुन्छ। भन्‍नुको तात्पर्य, यो शैतानको विघ्‍न-बाधाहरू (यहाँ “शैतान” शब्दले वैरी दलहरूलाई जनाउँछ) र शैतानको भ्रष्टता विनाको जीवन हो, अनि न त यो परमेश्‍वरको कुनै विरोधी शक्तिको आक्रमणको जोखिममा हुने जीवन हो; यो सबै थोक आफ्नै तरिका अनुसरण गर्ने र सृष्टिको प्रभुको आराधना गर्न सक्‍ने जीवन हो, र जसमा स्वर्ग र पृथ्वी पूर्ण रूपमा शान्त हुन्छन्–“मानवको विश्रामपूर्ण जीवन” शब्दहरूको तात्पर्य यही हो। जब परमेश्‍वरले विश्राम गर्नुहुन्छ, तब पृथ्वीमा अधार्मिकता विद्यमान रहनेछैन, न त त्यहाँ वैरी दलहरूबाट कुनै अरू आक्रमण हुनेछ, र मानवजाति एउटा नयाँ राज्यमा प्रवेश गर्नेछ–यस उप्रान्त शैतानद्वारा भ्रष्ट पारिएको मानवजाति हुनेछैन, बरु शैतानद्वारा भ्रष्ट पारिएपछि मुक्त गरिएको मानवजाति हुनेछ। मानवजातिको विश्रामको दिन नै परमेश्‍वरको पनि विश्रामको दिन हुनेछ। परमेश्‍वर मौलिक रूपमा नै विश्राम गर्न असक्षम हुनुभएकोले होइन, विश्राममा प्रवेश गर्न मानवजातिको असक्षमताले नै उहाँले उहाँको विश्राम गुमाउनुभयो। विश्राममा प्रवेश गर्नुको अर्थ सबै थोक ठप्प हुन्छ वा विकसित हुन नै रोकिन्छ भन्‍ने होइन; न त यसको आशय, परमेश्‍वरले काम गर्न छोड्नुहुन्छ वा मानव जिउन छोड्छ भन्‍ने नै हो। शैतानलाई नष्ट गरिनु, यसको दुष्कर्मका सरिक हुने दुष्ट मानिसहरूलाई दण्डित गर्नु र निमिट्यान्‍न पार्नु साथै परमेश्‍वरको सारा वैरी दलहरू अस्तित्वमा नरहनु नै विश्राममा प्रवेश गर्ने सङ्केत हुनेछ। परमेश्‍वर विश्राममा प्रवेश गर्नुको अर्थ उहाँले मानवजातिको मुक्तिको निम्ति यस उप्रान्त उहाँको काम नगर्नु हो भन्‍ने हुन्छ। मानवजाति विश्राममा प्रवेश गर्नुको अर्थ सबै मानवजाति परमेश्‍वरको ज्योतिभित्र र उहाँको आशिषहरूमुनि, शैतानको भ्रष्टताविना जिउनेछन् र कुनै अधार्मिकता हुनेछैन भन्‍ने हो। परमेश्‍वरको हेरचाहमुनि, मानव पृथ्वीमा सामान्य रूपमा जिउनेछन्। जब परमेश्‍वर र मानवजाति एकसाथ विश्राममा प्रवेश गर्छन्, यसको अर्थ मानवजातिलाई

मुक्त गरिएको छ, शैतानलाई नष्ट पारिएको छ र मानवमा परमेश्‍वरको काम पूर्ण रूपमा पूरा भएको छ भन्‍ने हुन्छ। परमेश्‍वरले यस उप्रान्त मानवमा काम गर्नुहुनेछैन र तिनीहरू शैतानको अधिकार-क्षेत्रमुनि रहनेछैनन्। त्यसै गरी, परमेश्‍वर यस उप्रान्त व्यस्त हुनुहुनेछैन, र मानव अनवरत गतिमा हुनेछैन; परमेश्‍वर र मानव एकैसाथ विश्राममा प्रवेश गर्नेछन्। परमेश्‍वर उहाँको मौलिक स्थानमा फर्कनुहुनेछ, र हरेक व्यक्ति तिनीहरूको आ-आफ्नो ठाउँमा फर्कनेछन्। एक पटक परमेश्‍वरको समग्र व्यवस्थापन सिद्धिएपछि परमेश्‍वर र मानव बसोबास गर्ने गन्तव्यहरू यी नै हुन्। परमेश्‍वरको परमेश्‍वरकै गन्तव्य छ र मानवको मानवकै गन्तव्य छ। विश्राम गरिरहँदा, परमेश्‍वरले सबै मानवलाई पृथ्वीमा तिनीहरूको जीवनहरूमा मार्गदर्शन गरिरहनुहुनेछ र उहाँको ज्योतिमा हुँदा, तिनीहरूले स्वर्गमा हुनुहुने एक मात्र साँचो परमेश्‍वरको आराधना गर्नेछन्। यस उप्रान्त, परमेश्‍वर मानवजातिको माझमा बस्‍नुहुनेछैन, न त मानिसहरू परमेश्‍वरसँगै उहाँको गन्तव्यमा बस्‍नेछन्। परमेश्‍वर र मानव उही क्षेत्रभित्र रहन सक्दैन; बरु, दुवैको आ-आफ्नै जिउने शैली हुन्छ। परमेश्‍वरले नै सारा मानवजातिलाई मार्गदर्शन गर्नुहुनेछ, र सारा मानवजाति नै परमेश्‍वरको व्यवस्थापन कार्यको निर्दिष्ट रूप हो। मानवलाई नेतृत्व गरिन्छन् र उनीहरू परमेश्‍वर झैँ उही सारका होइनन्। “विश्राम” गर्नुको अर्थ उसको आफ्नै मौलिक स्थानमा फर्कनु हो। यसकारण, जब परमेश्‍वर उहाँको विश्राममा प्रवेश गर्नुहुन्छ, तब यसको अर्थ, उहाँ उहाँको मौलिक स्थानमा फर्कनुभएको छ भन्‍ने हुन्छ। उहाँ यस उप्रान्त पृथ्वीमा बस्‍नुहुनेछैन वा मानवजातिको आनन्द र कष्टमा संलग्‍न हुन मानवजाति माझ हुनुहुनेछैन। जब मानव विश्राममा प्रवेश गर्छन्, यसको अर्थ उनीहरू सृष्टिको साँचो पात्रहरू हुनेछन् भन्‍ने हो; उनीहरूले पृथ्वीबाट नै परमेश्‍वरको आराधना गर्नेछन् र सामान्य जीवन जिउनेछन्। मानिसहरू यस उप्रान्त परमेश्‍वरप्रति अनाज्ञाकारी हुनेछैनन् वा उहाँको प्रतिरोध गर्नेछैनन् अनि आदम र हव्वाको मौलिक जीवनतिर फर्कनेछन्। उनीहरू विश्राममा प्रवेश गरेपछि परमेश्‍वर र मानवका यी आ-आफ्नै जीवनहरू र गन्तव्यहरू हुनेछन्। शैतान र परमेश्‍वर बीचको युद्धमा शैतानको हार अपरिहार्य प्रचलन हो। यस्तै, परमेश्‍वरको व्यवस्थापन कार्यको पूर्णता र विश्राममा मानवजातिको पुर्ण मुक्ति र प्रवेश पछि विश्राममा परमेश्‍वरको प्रवेश पनि अनिवार्य प्रचलनहरू भएका छन्। मानवजातिको विश्रामको स्थान पृथ्वी हो र परमेश्‍वरको विश्रामको स्थान स्वर्ग हो। जब मानवले विश्राममा परमेश्‍वरको आराधना गर्छन्, तब उनीहरू पृथ्वीमा बस्‍नेछन् र जब परमेश्‍वरले बाँकी मानवलाई विश्राममा डोर्‍याउनुहुन्छ, तब उहाँले उनीहरूलाई पृथ्वीबाट होइन स्वर्गबाट अगुवाइ गर्नुहुनेछ। परमेश्‍वर अझै पनि आत्मा नै हुनुहुनेछ, जबकि मानव अझै पनि देहमा नै हुनेछन्। परमेश्‍वर र मानव फरक-फरक किसिमले विश्राममा हुन्छन्। परमेश्‍वरले विश्राम गर्नुहुँदा, उहाँ मानव माझ आउनुहुनेछ र देखा पर्नुहुनेछ; मानवले विश्राम लिँदा, स्वर्ग भ्रमणमा जान साथै त्यहाँको जीवनको आनन्द लिन परमेश्‍वरले तिनीहरूलाई अगुवाइ गर्नुहुनेछ। परमेश्‍वर र मानवजाति विश्राममा प्रवेश गरेपछि, शैतान अस्तित्वमा हुनेछैन; त्यसै गरी, ती दुष्‍ट मानिसहरू पनि अस्तित्वमा रहन बन्द हुनेछन्। परमेश्‍वर र मानवजाति विश्राममा प्रवेश गर्न अघि पृथ्वीमा परमेश्‍वरलाई सताउनेहरू साथै उहाँका अनाज्ञाकारी भएका वैरीहरूलाई पहिले नै नष्‍ट गरिएको हुनेछ; तिनीहरूलाई अन्तका दिनहरूको महाविपत्तिहरूद्वारा निर्मूल गरिएका हुनेछन्।

एक पटक ती दुष्ट मानिसहरूलाई पूर्ण रूपमा नष्ट पारेपछि, पृथ्वीले शैतानको उत्पीडन कहिल्यै पनि भोग्नेछैन। त्यसपछि मात्र मानवजातिले पूर्ण मुक्ति हासिल गर्नेछ र परमेश्‍वरको काम पूर्ण रूपमा सिद्धिनेछ। परमेश्‍वर र मानवजाति विश्राममा प्रवेश गर्नलाई जरुरी कुराहरू यी नै हुन्।

यी सबै थोकहरूको अन्तको निकटताले परमेश्‍वरको कामको पूर्णताको साथै मानवजातिको विकासको अन्तको सङ्केत गर्छ। यसको अर्थ शैतानद्वारा भ्रष्ट पारिएको, मानव तिनीहरूको विकासको अन्तिम चरणमा पुगेको हुनेछ, अनि आदम र हव्वाका सन्तानहरूले तिनीहरूका सन्तानहरूको वृद्धि गर्ने काम पूरा गरेका हुनेछन् भन्ने हो। यसको अर्थ यो पनि हो कि शैतानद्वारा भ्रष्ट पारिएको मानवजातिले निरन्तर विकास गर्न असम्भव हुनेछ भन्ने हुन्छ। आदम र हव्वालाई प्रारम्भमा भ्रष्ट पारिएका थिएन, तर अदनको बगैँचाबाट निकालिएका आदम र हव्वा शैतानद्वारा भ्रष्ट पारिएका थिए। जब परमेश्‍वर र मानव एकसाथ विश्राममा प्रवेश गर्छन्, तब अदनको बगैँचाबाट निकालिएका—आदम र हव्वा—र तिनीहरूका सन्तानहरू आखिरमा अन्तमा आउनेछन्। भविष्यको मानवजाति अझै पनि आदम र हव्वाको सन्तानहरूले रचना गरिएको हुनेछ, तर उनीहरू शैतानको अधिकार-क्षेत्रमुनि बस्ने मानव हुनेछैनन्। बरु, उनीहरू मुक्त गरिएका र शुद्ध पारिएका मानिसहरू हुनेछन्। यो न्याय गरिएका र सजाय दिइएका, र पवित्र भएको मानवजाति हुनेछ। यी मानिसहरू मौलिक रूपमा जस्ता थिए त्यस्ता मानव हुनेछैनन्; यसलाई लगभग यसो भन्न सकिन्छ कि उनीहरू सुरुमा भएका आदम र हव्वा जस्ता थिए त्योभन्दा समग्र रूपमा भिन्न किसिमका मानवजाति हुनेछन्। यी मानिसहरू शैतानद्वारा भ्रष्ट पारिएकाहरू सबैको माझबाट नै छानिएकाहरू हुनेछन्, र उनीहरू परमेश्‍वरको न्याय र सजायको अवधिमा चरम रूपमा दृढ खडा रहनेहरू मध्येका हुनेछन्; उनीहरू भ्रष्ट मानवजाति माझबाट अन्तिम बाँकी रहेका मानवको समूह हुनेछन्। यी मानिसहरू मात्र परमेश्‍वरसँगै अन्तिम विश्राममा प्रवेश गर्न सक्षम हुनेछन्। अन्तका दिनहरूको अवधिमा परमेश्‍वरको न्याय र सजायको कामको अवधिमा—अर्थात्, शुद्धीकरणको अन्तिम कार्यको अवधिमा दृढ खडा रहन सक्षम हुनेहरू नै—परमेश्‍वरसँगै अन्तिम विश्रामभित्र प्रवेश गर्नेहरू हुनेछन्; त्यस्तै, विश्राममा प्रवेश गर्नेहरू सबै शैतानको प्रभावलाई तोडेर मुक्त भएका र परमेश्‍वरको शुद्धीकरणको अन्तिम कार्य भएर गुज्रिएपछि परमेश्‍वरद्वारा हासिल गरिएकाहरू हुनेछन्। अन्तमा परमेश्‍वरद्वारा हासिल गरिएका यी मानव अन्तिम विश्राममा प्रवेश गर्नेछन्। सजाय र न्यायको परमेश्‍वरको कामको मूलभूत उद्देश्य मानवजातिको शुद्धीकरण गर्नु र उनीहरूलाई उनीहरूको अन्तिम विश्रामको निम्ति तयारी गर्नु हो; यस्तो शुद्धीकरणविना, कुनै पनि मानवजाति किसिम बमोजिमका फरक वर्गहरूमा वर्गीकरण गर्न वा विश्राममा प्रवेश गर्न सकिँदैनथ्यो। यो काम विश्राममा प्रवेश गर्ने मानवजातिको एक मात्र मार्ग हो। परमेश्‍वरको शुद्धीकरणको कार्यले मात्र मानवलाई उनीहरूको अधर्मबाट शुद्ध पार्नेछ, र उहाँको सजाय र न्यायको कार्यले मात्र मानवजातिका ती अनाज्ञाकारी तत्त्वहरूलाई ज्योतिमा ल्याउनेछ, त्यसैद्वारा मुक्त गर्न सकिनेलाई मुक्त गर्न नसकिनेबाट र ती टिक्नेहरूलाई नटिक्नेहरूबाट अलग गरिनेछन्। जब यो काम समाप्त हुन्छ, तब ती टिक्न दिइएकाहरू सबैलाई शुद्ध पारिनेछन् र उनीहरू मानवजातिको अझ उच्च अवस्थामा प्रवेश गर्नेछन् जसमा उनीहरूले पृथ्वीमा अझ आश्‍चर्यजनक दोस्रो मानव जीवनको आनन्द लिनेछन्;

अर्को शब्दमा, उनीहरूले विश्रामको उनीहरूको मानव दिन सुरुवात गर्नेछन् र परमेश्वरसँगै रहनेछन्। त्यसपछि, ती टिक्न नदिइएकाहरूलाई सजाय दिइनेछ र न्याय गरिनेछ, तिनीहरूको साँचो रूप-रङ्ग पूर्ण रूपमा प्रकट गरिनेछ, त्यसपछि, उनीहरू सबैलाई नष्ट पारिनेछन् र शैतानलाई झैँ उनीहरूलाई पनि पृथ्वीमा बाँच्न दिइनेछैन। भविष्यको मानवजातिमा यस्ता कुनै किसिमका मानिसहरू पर्नेछैनन्; यस्ता मानिसहरू चरम विश्रामको मुलुकमा प्रवेश गर्न योग्यका हुँदैनन्, न त उनीहरू परमेश्वर र मानवजाति संलग्न हुने विश्रामको दिनमा नै सहभागी हुन योग्यका हुन्छन्, किनभने उनीहरू दण्डका निशानाहरू हुन् र दुष्ट र अधर्मी मानिसहरू हुन्। उनीहरूलाई एक पटक छुटकारा गरिएको थियो, र उनीहरूलाई सजाय दिइएको र न्याय गरिएको पनि छ; उनीहरू पनि कुनै समय परमेश्वरको सेवा गरे। यद्यपि, जब अन्तको दिन आउँछ, उनीहरूका दुष्टताको कारण साथै मुक्त गरिनलाई उनीहरूको अनाज्ञाकारीता र असक्षमताको परिणामस्वरूप उनीहरूलाई अझ पनि हटाइनेछन् र नष्ट पारिनेछन्; उनीहरू भविष्यको संसारमा फेरि कहिल्यै पनि अस्तित्वमा आउनेछैनन्, र उनीहरू यस उप्रान्त भविष्यको मानवजाति माझ जिउनेछैनन्। चाहे उनीहरू मृतहरूका आत्माहरू हुन् वा अझै देहमा जीवितै रहेका मानिसहरूका आत्मा हुन्, सबै दुष्कर्म गर्नेहरू र मुक्त नगरिएकाहरू सबैलाई मानवजाति माझ एक पटक पवित्र भएकाहरू विश्राममा प्रवेश गरेपछि नष्ट पारिनेछन्। जहाँ सम्म यी दुष्कर्म गर्ने आत्माहरू र मानव वा धर्मी मानिसहरूका आत्माहरू र धार्मिकता अभ्यास गर्नेहरूको सवाल छ, उनीहरू जुनै युगका भए तापनि, दुष्ट काम गर्नेहरू सबैलाई अन्त्यमा नष्ट पारिनेछन्, र सबै धर्मीहरू बाँच्नेछन्। कुनै व्यक्ति वा आत्माले मुक्ति पाउने कुरालाई समग्र रूपमा अन्तको युगको कामको आधारमा निर्णय गरिँदैन; बरु, उनीहरू परमेश्वरप्रति अनाज्ञाकारी भएका थिए वा थिएनन्, उहाँको प्रतिरोध गरेका थिए वा थिएनन् भन्ने कुराद्वारा निर्धारण गरिन्छ। अघिल्लो युगमा दुष्ट काम गर्नेहरू र मुक्ति पाउन नसक्नेहरू नै निस्सन्देह रूपमा दण्डको निशानामा पर्नेछन्, साथै हालको युगमा दुष्ट काम गर्नेहरू र मुक्त हुन नसक्नेहरू पनि निश्चय नै दण्डको निशानामा पर्नेछन्। मानवलाई उनीहरू जिएका युगको आधारमा होइन, असल र खराबको आधारमा वर्गीकरण गरिन्छन्। एक पटक यसरी वर्गीकरण गरिसकेपछि, उनीहरूलाई तुरुन्तै दण्ड दिइँदैन वा इनाम दिइँदैन; बरु, परमेश्वरले अन्तको दिनहरूमा विजयको उहाँको कार्यको कार्यान्वयनलाई सिद्ध्याउनुभएपछि मात्र दुष्टलाई दण्ड दिने र असललाई इनाम दिने काम कार्यान्वयन गर्नुहुनेछ। वास्तवमा, उहाँले मानवजाति माझ काम गर्न सुरुवात गर्नुभएदेखि नै उनीहरूलाई असल र खराब गरी छुट्टाउँदै आइरहनुभएको छ। यो यस्तो मात्र हुन्छ कि उहाँको काम समाप्त भएपछि मात्र उहाँले धर्मीलाई इनाम र दुष्टलाई दण्ड दिनुहुनेछ; यो यस्तो होइन कि उहाँको काम पूरा भएपछि उनीहरूलाई वर्गहरूमा छुट्टाउनुहुनेछ र तुरुन्तै दुष्टलाई दण्ड र असललाई इनाम दिनतिर लाग्नुहुनेछ। दुष्टलाई दण्ड दिने र असललाई इनाम दिने परमेश्वरको कामको समग्र उद्देश्य भनेको नै सबै मानवलाई पूर्ण रूपमा शुद्ध पार्नु हो, ताकि उहाँले अनन्त विश्राममा विशुद्ध मानवजाति ल्याउन सक्नुभएको होस्। यस चरणको उहाँको काम सबैभन्दा महत्त्वपूर्ण छ; यो नै उहाँको समग्र व्यवस्थापन कार्यको अन्तिम चरण हो। यदि परमेश्वरले दुष्टलाई नष्ट पार्नुभएन, तर रहन दिनुभयो भने, सबै मानव विश्राममा प्रवेश गर्न अझै असक्षम हुने थियो, र सारा

मानवजातिलाई अझ उत्तम राज्यमा ल्याउन परमेश्‍वर असक्षम हुनुहुने थियो। यस्तो काम पूर्ण हुँदैन थियो। जब उहाँको काम सिद्धिन्छ, तब सारा मानवजाति पूर्ण रूपमा पवित्र हुनेछ; यसरी मात्र परमेश्‍वर शान्तिपूर्वक विश्राममा बस्न सक्षम हुनुहुनेछ।

आजभोली मानिसहरू देहका कुराहरूलाई छोड्न असक्षम छन्; उनीहरू देह, संसार, पैसा, वा उनीहरूका भ्रष्ट स्वभावहरूको विलासलाई छोड्न सक्दैनन्। धेरै जसो मानिसहरूले उनीहरूका आफ्नै शौकहरू बेपरवाह किसिमले गरिहिँड्छन्। वास्तवमा, यी मानिसहरूले उनीहरूको हृदयहरूमा परमेश्‍वरलाई बिलकुलै राख्दैनन्; योभन्दा पनि नराम्रो कुरो त, उनीहरूले परमेश्‍वरको भय मान्दैनन्। उनीहरूको हृदयहरूमा परमेश्‍वर हुनुहुन्‍न, र त्यसैले परमेश्‍वरले गर्नुहुने सबै कुरा उनीहरूले बुझ्न सक्दैनन् र झनै उहाँले बोल्नुभएका कुराहरू बुझ्नु त परै जाओस्। यस्ता मानिसहरू अति शारीरिक हुन्; उनीहरू अति गहन रूपमा भ्रष्ट छन् र कुनै पनि सत्यताको कमी छ। यसको अलाबा, परमेश्‍वर देहधारी हुन सक्नुहुन्छ भन्‍ने उनीहरूले विश्‍वास गर्दैनन्। देहधारी परमेश्‍वरमा विश्‍वास नगर्ने जो कोही पनि–अर्थात् दृश्य परमेश्‍वरमा वा उहाँको काम र वचनहरूमा विश्‍वास नगर्ने, बरु स्वर्गमा हुनुहुने अदृश्य परमेश्‍वरको आराधना गर्ने जो कोही पनि व्यक्तिको हृदयमा परमेश्‍वर हुनुहुन्‍न। यस्ता मानिसहरू परमेश्‍वरप्रति विद्रोही र प्रतिरोधी हुन्छन्। उनीहरूमा मानवता र सुझबुझको कमी हुन्छ, सत्यताको त कुरै नगरौं। यसको अलाबा, यी मानिसहरूका निम्ति दृश्य र मूर्त परमेश्‍वर अझ धेरै विश्‍वास गर्न सकिँदैन, तैपनि उनीहरूले अदृश्य र अमूर्त परमेश्‍वर धेरै विश्‍वासयोग्य र प्रशन्‍नकारी भएको ठान्छन्। उनीहरूले खोजेका कुरा वास्तविक सत्यता होइन, न त यो जीवनको साँचो सार नै हो; परमेश्‍वरको इच्छाको कुरा त परै जाओस्। बरु, उनीहरूले उत्तेजना खोज्छन्। जुन-जुन कुराहरूले उनीहरूलाई उनीहरूको आफ्नै इच्छा पूरा गर्न सक्षम तुल्याउँछन्, निसन्देह नै, ती उनीहरूले विश्‍वास गर्ने कुरा र खोजी गर्ने कुरा हुन्। उनीहरूले सत्यता खोज्न होइन, उनीहरूको आफ्नै चाहनाहरूलाई तृप्त पार्न मात्र परमेश्‍वरमा विश्‍वास गर्छन्। के यस्ता मानिसहरू दुष्कर्म गर्नेहरू होइनन् र? उनीहरू अति नै आत्मविश्‍वासी हुन्छन्, र अनि स्वर्गमा हुनुहुने परमेश्‍वरले उनीहरू जस्ता “असल मानिसहरू” लाई नष्ट गर्नुहुनेछ भनी उनीहरूले विश्‍वास गर्दैनन्। सट्टामा, परमेश्‍वरले उनीहरूलाई रहन दिनुहुनेछ र, परमेश्‍वरको निम्ति धेरै थोकहरू गरेका र उहाँप्रति देखाएका ठूलो “बफादारीता” ले गर्दा उहाँले उनीहरूलाई राम्रो इनाम दिनुहुनेछ भन्‍ने उनीहरूले विश्‍वास गर्छन्। यदि उनीहरूले दृश्य परमेश्‍वरको खोजी गर्नु परेको थियो भने पनि, उनीहरूको चाहनाहरू पूरा नहुने बितिकै, उनीहरू तुरुन्तै परमेश्‍वरको विरुद्ध फर्केर आक्रमण गर्थे वा अत्यन्त क्रोधित हुन्थे। उनीहरू आफूलाई सदैव तिनीहरूका आफ्नै चाहनाहरू तृप्त पार्न खोज्ने घृणित मानिसहरू जस्तो देखाउँछन्; उनीहरू सत्यताको खोजी गर्ने कुरामा सत्यनिष्ठा मानिसहरू होइनन्। यस्ता मानिसहरू ख्रीष्टलाई पछ्याउने कथित दुष्टहरू हुन्। सत्यतालाई नखोज्ने ती मानिसहरूले सम्भवतः सत्यतामा विश्‍वास गर्न सक्दैनन् र अझै मानवजातिको भविष्यको परिणाम बुझ्न असक्षम हुन्छन्, किनभने उनीहरूले दृश्य परमेश्‍वरको कुनै काम वा वचनहरूलाई विश्‍वास गर्दैनन्–साथै यसमा मानवजातिको भविष्यको गन्तव्यमा विश्‍वास गर्न सक्षम नहुने कुरा पनि पर्छ। यसकारण, उनीहरूले दृश्य परमेश्‍वरलाई पछ्याए तापनि, उनीहरूले अझै दुष्ट काम गर्छन् र सत्यता

बिलकुलै खोज्दैनन्, न त उनीहरूले मैले चाहेको सत्यता अभ्यास गर्छन्। उनीहरूलाई नष्ट गरिनेछ भनी विश्वास नगर्नेहरूलाई नै यसको विपरीत नष्ट पारिनेहरू उनीहरू नै हुनेछन्। उनीहरूले आफैलाई निकै चलाख छन् भन्ने विश्वास गर्छन् र उनीहरूले उनीहरू आफैलाई सत्यता अभ्यास गर्ने मानिसहरू ठान्छन्। उनीहरूले उनीहरूका दुष्ट व्यवहारलाई सत्य ठान्छन्, र यसैले यसलाई रुचाउँछन्। यस्ता दुष्ट मानिसहरू निकै आत्मविश्वासी हुन्छन्; उनीहरूले सत्यतालाई सिद्धान्तको रूपमा लिन्छन् र उनीहरूको दुष्ट कर्महरूलाई सत्यताको रूपमा लिन्छन्, तर अन्तमा, उनीहरूले जे छरेका छन् त्यही मात्र कटनी गर्छन्। मानिसहरू जति धेरै आत्मविश्वासी हुन्छ र जति धेरै उनीहरू जथाभाबी अहङ्कारी हुन्छन्, र उत्ति नै धेरै उनीहरू सत्यता हासिल गर्न असक्षम हुन्छन्; जति धेरै स्वर्गमा हुनुहुने परमेश्वरमा विश्वास गर्छन्, उति नै धेरै परमेश्वरको प्रतिरोध गर्छन्। दण्ड दिइने मानिसहरू यिनीहरू नै हुन्। मानवजाति विश्राममा प्रवेश गर्न अघि, हरेक किसिमका व्यक्तिलाई दण्ड वा इनाम दिइन्छ भन्ने कुरा उनीहरूले सत्यता खोजेका छन् वा छैनन्, उनीहरूले परमेश्वरलाई चिन्छन् वा चिन्दैनन् र उनीहरू दृश्य परमेश्वरको अधीनमा बस्न सक्छन् वा सक्दैनन् भन्ने कुरा बमोजिम निर्धारण गरिनेछ। उनीहरू जसले दृश्य परमेश्वरको सेवा गरेका छन्, तैपनि न त उहाँलाई चिन्छन्, न उहाँको अधीनमा बस्छन्, उनीहरूमा सत्यताको कमी हुन्छ। यस्ता मानिसहरू दुष्कर्मीहरू हुन् र दुष्टकर्मीहरू दण्डको भागीदार हुनेछन्; यसको अलाबा, उनीहरू उनीहरूका दुष्ट व्यवहार बमोजिम दण्डित हुनेछन्। परमेश्वर मानवले विश्वास गरिनको निम्ति हुनुहुन्छ र उहाँ उनीहरूका आज्ञाकारीताको योग्य पनि हुनुहुन्छ। अस्पष्ट र अमूर्त परमेश्वरमा विश्वास राख्नेहरू परमेश्वरमा विश्वास नगर्ने मानिसहरू हुन् र परमेश्वरको अधीनमा बस्न असक्षम हुन्छन्। यदि यी मानिसहरूले अझै उहाँको विजयको कार्यको समय सिद्धिँदासम्म पनि दृश्य परमेश्वरमा विश्वास गर्न सफल भएनन् भने, देहमा हुनुहुने दृश्य परमेश्वरप्रति अनाज्ञाकारी भइरहे र प्रतिरोध गरिरहे भने, यी "अस्पष्टवादी" हरू, निश्चय नै, विनाशको पात्रहरू हुनेछन्। यो तिमीहरूकै माझमा रहेको कोहीहरू जस्तो हो–देहधारी परमेश्वरलाई मौखिक रूपमा चिन्ने, तैपनि देहधारी परमेश्वरको अधीनको सत्यता अभ्यास गर्न नसक्ने कोही पनि, ऊ अन्तमा निष्कासन र विनाशको पात्र हुनेछ। यसको अलाबा, अस्पष्ट र अदृश्य परमेश्वरको खोजी गरिरहँदा पनि, उहाँद्वारा व्यक्त गर्नुभएको सत्यतालाई खाँदै र पिउँदै, दृश्य परमेश्वरलाई मौखिक रूपमा चिन्ने कोही भविष्यमा अझ धेरै विनाश पारिने सम्भावनामा हुनेछ। परमेश्वरको काम पूरा भएपछि आउने विश्रामको समयसम्म यी मानिसहरूमध्ये कोही पनि रहन सक्नेछैनन्, न त यस्तै व्यक्तिहरू जस्तो एकल व्यक्ति नै विश्रामको त्यो समयमा रहन सक्छन्। शैतानी मानिसहरू उनीहरू नै हुन् जसले सत्यता अभ्यास गर्दैन; उनीहरूको सार नै परमेश्वरप्रतिको अनाज्ञाकारीता र प्रतिरोध मध्येको एक हो, र उनीहरूमा उहाँको अधीनमा बस्ने हल्का अभिप्राय पनि हुँदैन। यस्ता मानिसहरू सबैलाई नष्ट पारिनेछ। तँसँग सत्यता हुनु वा नहुनु र तैँले परमेश्वरको प्रतिरोध गर्नु वा नगर्नु सो तेरो सारमा निर्भर हुन्छ, तेरो रूप-रङ्गमा वा तैँले कहिलेकाहीँ कसरी बोल्छस् वा कस्तो व्यवहार गर्छस् सो कुरामा निर्भर हुँदैन। कसैलाई नष्ट पारिनेछ वा पारिनेछैन भन्ने कुरा उसको सारद्वारा निर्धारण गरिन्छ; यो उसको आचरण र उसको सत्यताको खोजीद्वारा प्रकट गरिने सारअनुसार निर्धारण गरिन्छ। एक अर्कामा उस्तै भएका उही

काम गर्नेहरू र उही परिमाणको काम गर्नेहरू मानिसहरू माझ, मानव सारहरू असल भएकाहरू र सत्यता भएकाहरूलाई रहन दिइनेछन्, जबकि मानव सारहरू खराब भएका र दृश्य परमेश्वरको अवज्ञा गर्नेहरू विनाशका पात्रहरू हुनेछन्। मानवजातिको गन्तव्यसँग सम्बन्धित परमेश्वरको सबै काम र वचनहरूले नै हरेक व्यक्तिको सार बमोजिम उचित रूपमा निराकरण गर्नेछ; हल्का त्रुटि पनि हुनेछैन, र एउटा गल्ती पनि गरिनेछैन। मानिसहरूले काम गर्दा मात्र मानव संवेग वा आशय परस्पर संसर्गमा आउँछन्। परमेश्वरले गर्नुहुने काम नै सबैभन्दा उपयुक्त हुन्छ; उहाँले निश्चय नै कुनै पनि प्राणीको विरुद्ध झूटो दाबीहरू गर्नुहुन्न। हाल पनि मानवजातिको भावी गन्तव्यलाई नबुझ्ने र मैले भनेका कुराहरू विश्वास नगर्ने धेरै मानिसहरू छन्। ती विश्वास नगर्नेहरू, साथै सत्यता अभ्यास नगर्नेहरू सबै, भूतहरू हुन्!

हिजोआज, खोज्ने र नखोज्नेहरू पूर्ण रूपमा फरक दुई किसिमका मानिसहरू हुन्, जसका गन्तव्यहरू पनि बिलकुलै फरक छन्। सत्यताको ज्ञान खोजी गर्नेहरू र सत्यता अभ्यास गर्नेहरू नै उनीहरू हुन् जसकहाँ परमेश्वरले मुक्ति ल्याउनुहुनेछ। सत्य मार्ग थाहा नपाउनेहरू भूतहरू र वैरीहरू हुन्; उनीहरू प्रधान दूतका सन्तानहरू हुन् र विनाशका पात्रहरू हुनेछन्। अस्पष्ट परमेश्वरका धर्मी विश्वासीहरू पनि, के उनीहरूचाहिँ भूतहरू होइनन्? असल विवेक भएकाहरू, तर सत्य मार्ग स्वीकार नगर्ने मानिसहरू भूतहरू हुन्; उनीहरूका सार परमेश्वरको प्रतिरोध मध्येको एक हो। सत्य मार्ग स्वीकार नगर्नेहरू परमेश्वरको प्रतिरोध गर्नेहरू हुन् र यस्ता मानिसहरूले धेरै कठिनाइहरू सहे पनि, उनीहरूलाई अझ पनि नष्ट पारिनेछ। उनीहरू जो संसारलाई त्याग्न अनिच्छुक हुन्छन्, जो उनीहरूका बाबुआमासँग अलग हुन सक्दैनन्, र जसले आफ्नै देहका सुख-विलासहरूबाट आफैलाई मुक्त गर्न रुचाउँदैनन् उनीहरू परमेश्वरप्रति अनाज्ञाकारी हुन्छन्, र सबै विनाशका पात्रहरू हुनेछन्। देहधारी परमेश्वरमा विश्वास नगर्नेहरू भूतहरू हुन्, र, यसको अलाबा, उनीहरूलाई नष्ट गरिनेछन्। विश्वास भएका तर सत्यता अभ्यास नगर्नेहरू, देहधारी परमेश्वरमा विश्वास नगर्नेहरू र परमेश्वरको अस्तित्वमा बिलकुलै विश्वास नगर्नेहरू पनि विनाशका पात्रहरू हुनेछन्। रहन दिइनेहरू सबै शोधनको कष्टहरू भएर गुज्रेका र दृढ खडा रहेकाहरू हुन्; यी साँचो रूपमा परीक्षाहरूलाई सहेका मानिसहरू हुन्। परमेश्वरलाई नचिन्ने जो कोही पनि शत्रु हो; अर्थात्, देहधारी परमेश्वरलाई नचिन्ने—चाहे उनीहरू यस प्रवाहभित्रका होऊन् वा यस प्रवाह बाहिरका होऊन्—ऊ ख्रीष्ट—विरोधी हो! शैतान को हो, भूतहरू को हुन्, र परमेश्वरका शत्रुहरू को हुन्, यदि परमेश्वरमा विश्वास नगर्ने प्रतिरोधीहरू नै होइनन् भने? के उनीहरू परमेश्वरप्रति अनाज्ञाकारी मानिसहरू नै होइनन् र? के उनीहरू नै ती होइनन् जसले विश्वास भएको दाबी गर्छन्, तैपनि सत्यताको कमी हुन्छ? के उनीहरू परमेश्वरको निम्ति गवाही दिन असक्षम हुँदा पनि आशिष्हरू मात्र प्राप्त गर्न खोज्नेहरू होइनन् र? आज तैँले अझै ती भूतहरूसँग घुलमेल गर्छस् र उनीहरूप्रति सम्मान र प्रेम बहन गर्छस्, तर यस्तो अवस्थामा, के तैँले शैतानप्रति शुभेच्छा बढाइरहेको छैन र? के तँ भूतहरूसँग आबद्ध भइरहेको छैन र? यदि यी दिनहरूका मानिसहरू अझै असल र खराब बीच भिन्नता छुट्याउन असक्षम छन् भने, र परमेश्वरको इच्छाको खोजी गर्ने कुनै इरादाविना नै अन्धाधुन्ध प्रेमिलो र कृपालु भइरहन्छन् भने वा कुनै पनि किसिमले परमेश्वरको इच्छाहरूलाई उनीहरूको आफ्नै झैँ गरी प्रश्रय दिन सक्षम

हुन्छन् भने, उनीहरूको अन्त झनै दयनीय हुनेछ। देहमा हुनुभएको परमेश्‍वरलाई विश्‍वास नगर्ने जो कोही पनि परमेश्‍वरको शत्रु हो। यदि तैँले शत्रुप्रति सम्मान र प्रेम बहन गर्न सक्छस् भने, के तँमा धार्मिकताको भावको कमी छैन र? यदि तँ मैले जे घृणा गर्छु र म जेसँग असहमत हुन्छु, र त्यसैसँग अनुकूल हुन्छस् र उनीहरूप्रति अझै प्रेम वा व्यक्तिगत भावनाहरू बहन गर्छस् भने, तब के तँ अनाज्ञाकारी होइनस् र? के तैँले जानी-जानी परमेश्‍वरको प्रतिरोध गरिरहेका छैनस् र? के यस्तो मानिससित सत्यता हुन्छ? यदि मानिसहरूले शत्रुप्रति सम्मान राख्छन्, भूतहरूलाई प्रेम गर्छन् र शैतानलाई कृपा गर्छन् भने, तब के उनीहरूले परमेश्‍वरको कामलाई जानी-जानी तोडिरहेका हुँदैनन् र? ती मानिसहरू जसले येशूमा मात्र विश्‍वास गर्छन् र अन्तको दिनहरूको देहधारी परमेश्‍वरमा विश्‍वास गर्दैनन्, साथै उनीहरू जसले मौखिक रूपमा देहधारी परमेश्‍वरमा विश्‍वास गर्ने दाबी गर्छन् तर दुष्ट काम गर्छन्, उनीहरू सबै ख्रीष्ट–विरोधीहरू हुन्, परमेश्‍वरमा विश्‍वास नगर्नेहरूको त कुरै नगरौं। यी सबै मानिसहरू विनाशका पात्रहरू हुनेछन्। मानवले अरू मानवको न्याय गर्ने मापदण्ड उनीहरूको आचरणमा आधारित हुन्छ; जसको आचरण असल छ उनीहरू धर्मीहरू हुन्, जबकि जसको आचरण घृणास्पद छ उनीहरू दुष्टहरू हुन्। परमेश्‍वरले मानवको न्याय गर्नुहुने मापदण्डचाँहि उनीहरूको सार उहाँको अधीनमा छ वा छैन भन्ने कुरामा आधारित हुन्छ; परमेश्‍वरको अधीनमा रहने व्यक्ति धर्मी व्यक्ति हो, जबकि अधीनमा नरहने व्यक्ति शत्रु र दुष्ट व्यक्ति हो चाहे त्यो व्यक्तिको आचरण असल होस् वा खराब, र चाहे उनीहरूको बोलीवचन ठीक होस् वा बेठीक। केही मानिसहरूले भविष्यमा असल गन्तव्य हासिल गर्न असल कामहरू प्रयोग गर्ने इच्छा गर्छन्, र केही मानिसहरूले असल गन्तव्य हासिल गर्न शिष्ट शब्दहरू प्रयोग गर्ने इच्छा गर्छन्। परमेश्‍वरले मानिसहरूको परिणामहरू उनीहरूको आचरण हेरेर वा उनीहरूको बोलीवचन सुनेर निर्धारण गर्नुहुन्छ भनी हरेक व्यक्तिले गलत रूपमा विश्‍वास गर्छ; यसकारण, धेरै मानिसहरूले उनीहरूलाई क्षणिक कृपा गर्न परमेश्‍वरलाई छल्न यसको लाभ उठाउने इच्छा गर्छन्। भविष्यमा, विश्रामको अवस्थामा बाँच्ने मानिसहरू सबैले संकष्टको दिन सहेका हुनेछन् र परमेश्‍वरको निम्ति गवाही दिएका पनि हुनेछन्; उनीहरू सबै उनीहरूका कर्तव्यहरू पूरा गरेका र जानी-जानी परमेश्‍वरको अधीनमा रहेका मानिसहरू हुनेछन्। सत्यताको अभ्यास गर्नबाट दूर हुने इरादाले सेवा गर्ने अवसरलाई मात्र प्रयोग गर्ने इच्छा गर्नेहरूलाई रहन दिइनेछैन। हरेक व्यक्तिको परिणामको व्यवस्थापनको निम्ति परमेश्‍वरसँग उपयुक्त मापदण्डहरू छ; उहाँले यी निर्णयहरू कसैको बोलीवचन वा आचरण बमोजिम मात्र गर्नुहुन्न, न त कुनै व्यक्ति कुनै कालखण्डमा कस्तो काम गर्छ भन्ने कुराको आधारमा नै यी निर्णयहरू गर्नुहुन्छ। उहाँ निश्‍चय नै पनि उहाँको निम्ति विगतमा गरिएको सेवाको खातिर कसैको दुष्ट आचरणप्रति उदार हुनुहुनेछैन, न त कसैले कुनै एक समय परमेश्‍वरको निम्ति गरेको लगानीको कारण नै कसैलाई मृत्युबाट बचाउनुहुनेछ। उनीहरूको दुष्टताको प्रतिफललाई कसैले छल्न सक्दैन, र कसैले उनीहरूको दुष्ट आचरण ढाक्न सक्दैन, र त्यसरी विनाशको यातनाहरू छल्न सक्दैन। यदि मानिसहरूले उनीहरूको आफ्नै कर्तव्य साँचो रूपमा पूरा गर्न सक्छन् भने, यसको आशयचाँहि, उनीहरू परमेश्‍वरप्रति अनन्त रूपमा नै विश्‍वासयोग्य छन् र उनीहरूले इनाम खोजिरहेका छैनन् भन्ने हुन्छ, चाहे उनीहरूले आशिष्‌हरू प्राप्त गरून् वा नगरून्,

विपत्ति भोगून् वा नभोगून्। यदि मानिसहरूले आशिष्हरू देख्दा, उनीहरू परमेश्‍वरप्रति विश्‍वासयोग्य हुन्छन्, तर उनीहरूले आशिष्हरू देख्न नसक्दाचाहिँ उनीहरूको विश्‍वासयोग्यता गुमाउँछन् भने, र, अन्तमा, यदि उनीहरू परमेश्‍वरको निम्ति गवाही दिन सक्षम हुँदैनन् वा उनीहरूमाथि नैतिक रूपमा बाध्यकारी भएका कर्तव्यहरू पूरा गर्न असक्षम हुन्छन् भने, तब उनीहरूले पहिले कुनै समयमा परमेश्‍वरप्रति विश्‍वासयोग्य सेवा गरेकै भए तापनि, उनीहरू अझै पनि विनाशको पात्रहरू हुनेछन्। सारांशमा, दुष्ट मानिसहरू अन्तमा बाँच्न सक्दैनन्, न त उनीहरू विश्राममा नै प्रवेश गर्न सक्छन्; धर्मीहरू मात्र विश्रामका अधिपतिहरू हुन्। मानवजाति एक पटक सही मार्गमा आएपछि, मानिसहरूको सामान्य जीवनहरू हुनेछन्। उनीहरूले आ-आफ्ना कर्तव्यहरू पुरा गर्नेछन् र परमेश्‍वरप्रति पूर्ण रूपमा विश्‍वासयोग्य हुनेछन्। उनीहरूले उनीहरूका अनाज्ञाकारीता र उनीहरूका भ्रष्ट स्वभावहरूलाई पूर्ण रूपमा छोड्नेछन्, र उनीहरू दुवै अनाज्ञाकारीता रहित र प्रतिरोधरहित भएर परमेश्‍वरको निम्ति र परमेश्‍वरको कारणले जिउनेछन्। उनीहरू सबै पूर्ण रूपमा परमेश्‍वरको अधीनमा रहन सक्षम हुनेछन्। परमेश्‍वर र मानवजातिको जीवन यस्तो हुनेछ; यो राज्यको जीवन हुनेछ र यो विश्रामको जीवन हुनेछ।

उनीहरूका पूर्ण रूपमा अविश्‍वासी बालबालिकाहरू र नातेदारहरूलाई मण्डलीतिर खिँचेर लानेहरू अत्यन्त स्वार्थीहरू हुन् र उनीहरूले केवल दया देखाइरहेका हुन्छन्। उनीहरूले विश्‍वास गरे पनि नगरे पनि, यो परमेश्‍वरको इच्छा होस् वा नहोस्, यी मानिसहरू प्रेमिलो हुने कुरामा मात्र केन्द्रित हुन्छन्। केहीले आफ्ना पत्नीहरूलाई परमेश्‍वरको सामु ल्याउँछन्, वा आफ्ना आमाबुबाहरूलाई परमेश्‍वरको सामु खिँचेर ल्याउँछन् अनि पवित्र आत्मा यसमा सहमत हुनुभएको छ वा छैन, वा उनीहरूमा काम गरिरहनुभएको छ वा छैन, उनीहरूले “प्रतिभाशाली मानिसहरूलाई” परमेश्‍वरको निम्ति अन्धाधुन्ध रूपमा अपनाई रहन्छन्। यी अविश्‍वासीहरूप्रति दया अघि सारेर के फाइदा लिन सकिन्छ? ती पवित्र आत्माको उपस्थिति नभएकाहरूले परमेश्‍वरलाई पछ्याउने संघर्ष गरे तापनि, कसैले विश्‍वास गरेजस्तो उनीहरूलाई अझै मुक्त गर्न सकिँदैन। उनीहरू जसले मुक्ति पाउन सक्छन्, वास्तवमा उनीहरूलाई पाउन त्यत्ति सजिलो छैन। ती मानिसहरू जो पवित्र आत्माको काम र जाँचहरू भएर गुज्रेका छैनन् र देहधारी परमेश्‍वरद्वारा सिद्ध तुल्याइएको छैनन्, उनीहरूलाई पूर्ण बनाइन सर्वथा अयोग्य हुन्छन्। यसकारण, उनीहरूले सामान्य रूपमा परमेश्‍वरलाई पछ्याउन सुरु गरेदेखि नै, ती मानिसहरूमा पवित्र आत्माको उपस्थितिको कमी हुन्छ। उनीहरूको अवस्थाहरू र वास्तविक स्थितिहरूको प्रकाशमा, उनीहरूलाई केवल पूर्ण बनाउन सकिँदैन। त्यस्तै, पवित्र आत्माले उनीहरूमाथि धेरै सामर्थ्य नखर्चने निर्णय गर्नुहुन्छ, न त उहाँले उनीहरूलाई कुनै किसिमको प्रकाश वा मार्गदर्शन प्रदान गर्नुहुन्छ; उहाँले उनीहरूलाई केवल पछ्याउन मात्र दिनुहुन्छ र अन्तमा उनीहरूका परिणामहरू प्रकट गर्नुहुनेछ—यो नै पर्याप्त छ। मानवजातिको जोश र इरादाहरू शैतानबाट आउँछन्, र यी कुराहरूले कुनै पनि हालतमा पवित्र आत्माको काम पूरा गर्न सक्दैनन्। मानिसहरू जस्तोसुकै होऊन्, उनीहरूमा पवित्र आत्माको काम हुनु नै पर्छ। के मानवले मानवलाई पूर्ण बनाउन सक्छन्? पतिले उसको पत्नीलाई किन प्रेम गर्छ? पत्नीले उनको पतिलाई किन प्रेम गर्छिन्? छोराछोरीहरू किन बुबाआमाप्रति कर्तव्यनिष्ठा हुन्छन्? किन बुबाआमाहरू आफ्ना छोराछोरीहरूप्रति

स्नेही हुन्छन्? वास्तवमा मानिसहरूले कस्ता किसिमका अभिप्रायहरू मनमा राख्छन्? के उनीहरूको मनसाय उनीहरूका आफ्नै योजनाहरू र स्वार्थी चाहनाहरू तृप्त पार्नु होइन र? के उनीहरूको आशय साँच्चै परमेश्‍वरको व्यवस्थापन योजनाको खातिर काम गर्नु नै हो त? के उनीहरूले साँच्चै परमेश्‍वरको कार्यको खातिर नै काम गरिरहेका हुन्छन् त? के उनीहरूको मनसाय सृष्टि गरिएका प्राणीका कर्तव्यहरू पूरा गर्नु हो त? उनीहरूले परमेश्‍वरमा विश्‍वास गर्न सुरु गरेको क्षणदेखि नै पवित्र आत्माको उपस्थिति हासिल गर्न असक्षम हुनेहरूले पवित्र आत्माको काम कहिल्यै पनि हासिल गर्न सक्दैनन्; यी मानिसहरूलाई नष्ट पारिने पात्रहरूको रूपमा निर्दिष्ट गरिएका छन्। कसैले उनीहरूलाई जति धेरै प्रेम गरे तापनि, यसले पवित्र आत्माको कामलाई प्रतिस्थापन गर्न सक्दैन। मानिसहरूको जोश र प्रेमले मानव मनसायहरूको प्रतिनिधित्व गर्छन्, तर परमेश्‍वरका अभिप्रायहरूको प्रतिनिधित्व गर्न सक्दैनन्, न त तिनीहरू परमेश्‍वरको कामको प्रतिस्थापन हुन नै सक्छन्। नामधारी रूपमा परमेश्‍वरमा विश्‍वास गर्नेहरू र परमेश्‍वरमा विश्‍वास गर्नुको वास्तविक अर्थ के हो सो नजानिकन नै उहाँलाई पछ्याउनेहरूप्रति कसैले सम्भावित महान् प्रेम वा कृपा अघि सारे, तापनि उनीहरूले अझै परमेश्‍वरको सहानुभूति पाउनेछैनन् न त उनीहरूले पवित्र आत्माको काम नै प्राप्त गर्नेछन्। ईमानदार रूपमा परमेश्‍वरलाई पछ्याउने मानिसहरू कमजोर क्षमता भएका र धेरै सत्यताहरू बुझ्न असक्षम भए तापनि उनीहरू कहिलेकाहीँ पवित्र आत्माको काम अझ पनि हासिल गर्न सक्छन्; यद्यपि, सापेक्षित रूपमा असल क्षमता भएका तर ईमानदार रूपमा विश्‍वास नगर्नेहरूले पवित्र आत्माको उपस्थिति पाउन सक्दैनन्। यस्ता मानिसहरूलाई निश्‍चय नै मुक्तिको निम्ति कुनै सम्भावना हुँदैन। उनीहरूले परमेश्‍वरको वचनहरू पढे तापनि वा कहिलेकाहीँ वचनहरू प्रचार गरेको सुने तापनि वा परमेश्‍वरको प्रशंसा गाए तापनि उनीहरू अन्तमा विश्रामको समयसम्म बाँच्न सक्षम हुँदैनन्। मानिसहरूले जोशका साथ खोजी गर्छन् वा गर्दैनन् भन्ने कुरा अरूहरूले कसरी न्याय गर्छन् वा वरिपरिकाहरूले कसरी उनीहरूलाई हेर्छन् भन्ने कुराले निर्धारण गर्दैन, तर पवित्र आत्माले उनीहरूमा काम गर्नुहुन्छ वा गर्नुहुन्न र उनीहरूसँग पवित्र आत्माको उपस्थिति छ वा छैन भन्ने कुराद्वारा निर्धारण गरिन्छ। यसको अतिरिक्त, कुनै अवधिभरि पवित्र आत्माको काम भएर गुज्रेपछि उनीहरूको स्वभाव परिवर्तन भएको छ वा छैन र उनीहरूले परमेश्‍वरको बारे कुनै ज्ञान हासिल गरेका छन् वा छैनन् त्यसमा निर्भर हुन्छ। यदि कुनै व्यक्तिमा पवित्र आत्माले काम गर्नुहुन्छ भने, यो व्यक्तिको स्वभाव क्रमिक रूपमा परिवर्तन हुनेछ, र परमेश्‍वरमा विश्‍वास गर्ने उनीहरूको दृष्टिकोण क्रमिक रूपमा शुद्ध हुँदै जानेछ। मानिसहरूले परमेश्‍वरलाई पछ्याएको जति लामो समय भए तापनि उनीहरू परिवर्तन भएसम्म, यसको अर्थ पवित्र आत्माले उनीहरूमा काम गरिरहनुभएको छ भन्ने हो। यदि उनीहरूमा परिवर्तन आएको छैन भने, पवित्र आत्माले उनीहरूमा काम गरिरहनुभएको छैन। यी मानिसहरूले केही सेवाहरू गरे तापनि उनीहरूलाई यसो गर्न लगाउने कुराचाहिँ असल भाग्य हासिल गर्ने इच्छा नै हो। कहिलेकाहीँ सेवाकर्ता कुराले उनीहरूको स्वभावहरूमा हुने परिवर्तनको अनुभवलाई प्रतिस्थापन गर्न सक्दैन। अन्तमा उनीहरूलाई अझ पनि नष्ट गरिनेछ, किनभने राज्यमा सेवा गर्नेहरूको आवश्यक हुँदैन, न त त्यहाँ सिद्ध बनाइएका र परमेश्‍वरप्रति विश्‍वासयोग्य हुने मानिसहरूका निम्ति सेवा गर्नलाई स्वभाव परिवर्तन

नभएकाहरू आवश्यक नै पर्नेछ। "जब कसैले परमेश्‍वरमा विश्‍वास गर्छ, भाग्य पुरै परिवारमाथि मुस्कुराउँछ" भनी विगतका भनिएका ती शब्दहरू अनुग्रहको युगको निम्ति उपयुक्त छन्, तर मानव गन्तव्यसँग असम्बन्धित छन्। तिनीहरू अनुग्रहको युगको एउटा चरणभरि मात्र उपयुक्त थिए। ती शब्दहरूका आशयचाँहि मानिसहरूले उपभोग गरेका शान्ति र भौतिक आशिष्‌हरूप्रति लक्षित थियो; एक जनाले प्रभुमा विश्‍वास गर्दा समग्र परिवार नै प्रभुमा मुक्त हुनेछ भन्‍ने उनीहरूको आशय थिएन, न त एक जनाले असल भाग्य हासिल गर्दा उसको समग्र परिवारलाई नै विश्रामममा ल्याइन्छ भन्‍ने नै उनीहरूको आशय थियो। कसैले आशिष् पाउँछ वा दुर्गति भोग्छ भन्‍ने कुरा उसको सार बमोजिम निर्धारण गरिन्छ, कसैको अरूहरूसँग बाँड्‌न सक्‍ने कुनै पनि साझा सार बमोजिम होइन। त्यस किसिमको भनाइ वा नियमको राज्यमा कुनै स्थान छैन। यदि कुनै व्यक्ति अन्तमा बाँच्‍न सक्षम भयो भने, यो उनीहरूले परमेश्‍वरका मापदण्डहरू पुरा गरेको कारणले हो, र यदि उनीहरू अन्तमा विश्रामको समयसम्म रहन असक्षम भए भने, उनीहरू परमेश्‍वरप्रति अनाज्ञाकारी भएकाले र उनीहरूले परमेश्‍वरका मापदण्डहरू पूरा नगरेकाले नै हो। हरेकको एउटा सुहाउँदो गन्तव्य छ। यी गन्तव्यहरू हरेकको सारअनुसार निर्धारण गरिन्छ र यसको अरू मानिसहरूसँग कुनै सरोकार छैन। एउटा बालक दुष्ट आचरण उनीहरूको बुबाआमाहरूमा सार्न सकिँदैन, न त एउटा बालकको धार्मिकतालाई उनीहरूको बुबाआमासँग बाँड्‌न नै सकिन्छ, एउटा बुबाआमाको दुष्ट आचरण उनीहरूको छोराछोरीहरूमा सार्न सकिँदैन न त एउटा बुबाआमाको धार्मिकतालाई उनीहरूको छोराछोरीहरूसँग बाँड्‌न नै सकिन्छ। हरेकले आ-आफ्नै पापहरू बहन गर्छन्, र हरेकले आ-आफ्नो भाग्य भोग्छन्। कोही पनि अर्को व्यक्तिको प्रतिस्थापन हुन सक्दैन; यो धार्मिकता हो। मानिसको दृष्टिकोणबाट, यदि बुबाआमाको कल्याण हुन्छ भने, उनीहरूका छोराछोरीहरूको पनि कल्याण हुनुपर्छ, र यदि उनीहरूका छोराछोरीहरूले खराबी गर्छ भने, उनीहरूलाई बुबाआमाहरूले ती पापहरूका निम्ति प्रायश्‍चित गर्नुपर्छ। यो मानवीय दृष्टिकोण हो र मानवको काम गर्ने शैली हो; यो परमेश्‍वरको दृष्टिकोण होइन। हरेकको परिणामलाई उनीहरूको आचरणबाट आउने सार बमोजिम निर्धारण गरिन्छ, र यसलाई सदैव उपयुक्त रूपमा निर्धारण गरिन्छ। कसैले अर्काको पापहरू बहन गर्न सक्दैन; यसको अतिरिक्त, कसैले पनि अर्काको सट्टामा दण्ड पाउन सक्दैन। यो पक्का हो। उनीहरूका छोराछोरीहरूप्रति बुबाआमाहरूका स्नेहपूर्ण हेरचाहले उनीहरूले उनीहरूका छोराछोरीहरूमा धार्मिक कामहरू गर्न सक्छन् भन्‍ने सङ्केत गर्दैन, न त एउटा बालकको उनीहरूका बुबाआमाहरूप्रति कर्तव्यनिष्ठा स्नेहको अर्थ उनीहरूले उनीहरूका बुबाआमाहरूको सट्टामा धार्मिक कामहरू गर्न सक्छन् भन्‍ने नै लाग्छ। यही नै वचनहरूको साँचो अर्थ हो, "त्यति बेला खेतमा दुई जना हुनेछन्; एउटालाई लगिनेछ र अर्कोलाई छोडिनेछ। दुई स्त्री जाँतो पिँधिरहेका हुनेछन्; एउटालाई लगिनेछ र अर्कीलाई छोडिनेछ।" मानिसहरूले उनीहरूका दुष्ट कर्म गर्ने छोराछोरीहरूलाई उनीहरूप्रतिको गहन प्रेमको आधारमा विश्रामममा लान सक्दैनन्, न त उनीहरूको धार्मिक आचरणको आधारमा उनीहरूका पति वा पत्नीलाई विश्रामममा लान सक्छन्। यो एउटा प्रशासकीय नियम हो; त्यहाँ कसैको निम्ति छुट हुन सक्दैन। अन्तमा, धार्मिकता गर्नेहरू धार्मिकता गर्नेहरू नै हुन् र दुष्ट काम गर्नेहरू दुष्ट काम गर्नेहरू नै हुन्। धर्मीहरूलाई अन्तमा बाँच्‍न दिइनेछन्,

जबकि दुष्कर्मीहरूलाई नष्ट गरिनेछन्। पवित्रहरू भनेका पवित्रहरू नै हुन्; उनीहरू अपवित्र होइनन्। अपवित्रहरू अपवित्र नै हुन्, र उनीहरूका एक अंश पनि पवित्र होइनन्। नष्ट पारिने मानिसहरू सबै दुष्टहरू हुन् र बाँच्नेहरू धर्मीहरू हुन्—यद्यपि दुष्टहरूका छोराछोरीहरूले धर्मी कामहरू नै गरे पनि, र यद्यपि धर्मीका बुबाआमाहरूले दुष्ट काम गरे पनि। विश्वास गर्ने पति र अविश्वासी पत्नी बीच कुनै सम्बन्ध हुँदैन र विश्वास गर्ने छोराछोरीहरू र विश्वास नगर्ने बुबाआमाहरू बीच कुनै सम्बन्ध हुँदैन; यी दुई किसिमका मानिसहरू पूर्ण रूपमा आपसी विरोधीहरू हुन्। विश्राममा प्रवेश गर्न अघि कसैको शारीरिक नाताहरू हुन्छ, तर एक पटक विश्राममा प्रवेश गरेपछि त्यस उप्रान्त उल्लेख गर्ने योग्यको कुनै शारीरिक नाताहरू हुँदैन। उनीहरूका कर्तव्य पूरा गर्नेहरू उनीहरूका कर्तव्य पूरा नगर्नेहरूका शत्रुहरू हुन्; परमेश्वरलाई प्रेम गर्नेहरू र उहाँलाई घृणा गर्नेहरू एक अर्काको विपक्षमा छन्। विश्राममा प्रवेश गर्नेहरू र नष्ट पारिनेहरू दुई अमिल्दो किसिमका प्राणीहरू हुन्। उनीहरूका कर्तव्यहरू पूरा गर्ने प्राणीहरू बाँच्नेछन्, जबकि उनीहरूका कर्तव्य पूरा नगर्नेहरू विनाशका पात्रहरू हुनेछन्; यसको अतिरिक्त, यो अनन्तसम्म नै रहन्छ। के तैँले सृष्टि गरिएको प्राणीको रूपमा आफ्नो कर्तव्य पूरा गर्नको निम्ति आफ्नो पतिलाई प्रेम गर्छस्? के तैँले सृष्टि गरिएको प्राणीको रूपमा आफ्नो कर्तव्य पूरा गर्नको निम्ति आफ्नो पत्नीलाई प्रेम गर्छस्? के तँ सृष्टि गरिएको सृष्टिको रूपमा आफ्नो कर्तव्य पूरा गर्नको निम्ति आफ्ना अविश्वासी बुबाआमाप्रति कर्तव्यनिष्ठा छस्? के परमेश्वरमा विश्वास गर्ने बारेको मानवीय धारणा सही वा गलत छ? तैँले परमेश्वरमा किन विश्वास गर्छस्? तैँले के पाउन चाहन्छस्? तैँले परमेश्वरलाई कसरी प्रेम गर्छस्? सृष्टि गरिएका सृष्टिहरूको रूपमा उनीहरूका कर्तव्यहरू पूरा गर्न नसक्नेहरू र दिलोज्यानले प्रयास नगर्नेहरू विनाशका पात्रहरू हुनेछन्। अस्तित्वमा रहेका आजका मानिसहरू बीच शारीरिक नाता-सम्बन्धहरूका साथै रगतको सम्बन्धहरू छन्, तर भविष्यमा यी सबै कुराहरू चकनाचूर पारिनेछन्। विश्वासी र अविश्वासीहरू मिल्दो छैनन्; बरु, उनीहरू एक अर्काको विपक्षमा छन्। विश्राममा हुनेहरूले परमेश्वर हुनुहुन्छ भनी विश्वास गर्नेछन्, र परमेश्वरको अधीनमा रहनेछन्, जबकि परमेश्वरप्रति अनाज्ञाकारीहरू सबै नष्ट पारिनेछन्। यस उप्रान्त परिवारहरू पृथ्वीमा रहनेछैनन्, अनि त्यहाँ बुबाआमाहरू वा छोराछोरीहरू वा दाम्पत्य सम्बन्धहरू कसरी हुन सक्थ्यो? विश्वास र अविश्वासको असंगतताले नै यस्ता शारीरिक नाता-सम्बन्धहरूलाई पूर्ण रूपमा छुट्टाइएको हुनेछ!

मौलिक रूपमा मानवजातिमा कुनै परिवारहरू थिएन; मात्र एक पुरुष र एक महिला मात्र अस्तित्वमा थिए—दुई फरक किसिमका मानव। त्यहाँ कुनै देशहरू थिएन, परिवारहरूको त कुरै नगरौं, तर मानवजातिको भ्रष्टताको परिणामस्वरूप, सबै किसिमका मानिसहरूले आफैलाई अलग-अलग कुलहरूमा, र पछि देशहरू र राष्ट्रहरू विकास हुँदै गए। यी देशहरू र राष्ट्रहरू स-साना अलग-अलग परिवारहरूले बनेका छन्, र यसरी नै, सबै किसिमका मानिसहरूलाई विभिन्न भाषाहरू र सिमानाहरूका आधारमा विभिन्न जातिहरूमा विभाजन गरियो। वास्तवमा, संसारमा जति धेरै जातिहरू भए तापनि, मानवजातिको एउटै पुर्खा छ। प्रारम्भमा, दुई किसिमका मात्र मानव मात्र थिए र यी दुई किसिमहरू पुरुष र महिला थिए। तथापि, परमेश्वरको कामको वृद्धि, इतिहासको गतिविधि र भौगोलिक परिवर्तनहरूको कारणले गर्दा, यी दुई किसिमका मानिसहरू केही हदसम्म

अझै धेरै किसिमका मानवमा विकास भए। आधारभूत रूपमा, मानवजाति जति धेरै जातिहरूले बनेको भए तापनि, सबै मानवजाति अझै पनि परमेश्‍वरको सृष्‍टि नै हुन्। मानिसहरू जुनसुकै जातिहरूका होऊन्, उनीहरू सबै उहाँका सृष्‍टिहरू हुन्; उनीहरू सबै आदम र हव्वाका सन्तानहरू हुन्। तथापि, उनीहरूलाई परमेश्‍वरको हातले बनाइएका होइनन्, तर पनि उनीहरू आदम र हव्वाका सन्तानहरू हुन्, जसलाई परमेश्‍वरले व्यक्तिगत रूपमा सृष्‍टि गर्नुभएको थियो। मानिसहरू जुनसुकै जातिमा परेको भए पनि, उनीहरू सबै उहाँका सृष्‍टिहरू हुन्, किनभने उनीहरू मानवजातिमा पर्छन्, जसलाई परमेश्‍वरले सृष्‍टि गर्नुभएको थियो, उनीहरूको गन्तव्य मानवजातिको हुनुपर्ने गन्तव्य नै हो र उनीहरूलाई मानवजातिलाई सङ्गठित गर्ने नियमहरूबमोजिम विभाजन गरिएका छन्। अर्थात्, सबै दुष्‍ट कर्म गर्नेहरू र सबै धर्मीहरू आखिर सृष्‍टिहरू नै हुन्। दुष्‍ट काम गर्ने सृष्‍टिहरूलाई अन्तमा नष्‍ट गरिनेछन् र धर्मी काम गर्ने सृष्‍टिहरू बाँच्नेछन्। यी दुई किसिमका सृष्‍टिहरूका निम्ति सबैभन्दा उपयुक्त व्यवस्थापन यही नै हो। दुष्‍ट काम गर्नेहरू उनीहरूका अनाज्ञाकारिताको कारणले इन्कार गर्न सक्दैनन् कि उनीहरू परमेश्‍वरका सृष्‍टिहरू हुँदाहुँदै पनि, उनीहरू शैतानको कब्जामा छन् र त्यसैले उनीहरू मुक्त हुन सक्दैनन्। उनीहरू बाँच्नेछन् भन्‍ने तथ्यको आधारमा आफैलाई धार्मिक रूपमा आचरण गर्ने सृष्‍टिहरूले उनीहरूलाई परमेश्‍वरले सृष्‍टि गर्नुभएको हो, र तैपनि शैतानद्वारा भ्रष्‍ट पारिएपछि पनि मुक्ति प्राप्‍त गरेका छन् भनी इन्कार गर्न सक्दैनन्। दुष्‍ट काम गर्नेहरू परमेश्‍वरप्रति अनाज्ञाकारी हुने सृष्‍टिहरू हुन्; उनीहरू मुक्त हुन नसकिने सृष्‍टिहरू हुन् र उनीहरू अघिदेखि नै शैतानद्वारा पूर्ण रूपमा कब्जामा पारिएका सृष्‍टिहरू हुन्। दुष्‍ट काम गर्ने मानिसहरू पनि मानिसहरू नै हुन्; उनीहरू चरम रूपमा भ्रष्‍ट पारिएका र मुक्त गर्न नसकिने मानव हुन्। जसरी उनीहरू पनि सृष्‍टिहरू नै हुन्, त्यसरी नै धार्मिक आचरण भएका मानिसहरूलाई पनि भ्रष्‍ट पारिएका छन्, तर उनीहरू उनीहरूका भ्रष्‍ट स्वभावलाई तोडेर स्वतन्त्र हुन तत्पर हुने र आफूलाई परमेश्‍वरको अधीनमा राख्‍न सक्षम भएका मानव हुन्। धर्मी धार्मिक आचरण भएका मानिसहरू धार्मिकताले पूर्ण हुँदैनन्; बरु, उनीहरूले मुक्ति पाएका छन् र उनीहरूका भ्रष्‍ट स्वभावहरूलाई तोडेर स्वतन्त्र भएका छन्; उनीहरू परमेश्‍वरको अधीनमा बस्‍न सक्छन्। उनीहरू अन्तमा दृढ भएर खडा हुनेछन्, तथापि उनीहरू कहिल्यै पनि शैतानद्वारा भ्रष्‍ट पारिएका छैनन् भन्‍ने चाहिँ होइन। आफ्ना सृष्‍टिहरू माझ परमेश्‍वरको काम समाप्‍त भएपछि, त्यहाँ नष्‍ट पारिनेहरू र बाँच्नेहरू हुनेछन्। यो उहाँको व्यवस्थापन कार्यको एउटा अपरिहार्य प्रचलन हो; यसलाई कसैले इन्कार गर्न सक्दैन। दुष्‍ट काम गर्नेहरूलाई बाँच्न दिइनेछैन; अन्तसम्म नै परमेश्‍वरलाई पछ्याउने र उहाँको अधीनमा बस्नेहरू पक्‍का बाँच्छन्। जसरी यो मानवजातिको व्यवस्थापनको काम हो, त्यसरी नै त्यहाँ रहनेहरू र रद्द गरिनेहरू हुनेछन्। यिनीहरू विभिन्‍न किसिमका मानिसहरूको विभिन्‍न परिणामहरू हुन्, र तिनीहरू परमेश्‍वरका सृष्‍टिहरूका निम्ति सबैभन्दा उपयुक्त व्यवस्थापनहरू हुन्। मानवजातिको निम्ति परमेश्‍वरको आखिरी व्यवस्थापनचाहिँ परिवारहरूलाई तोडेर, राष्‍ट्रहरूलाई चुर-चुर बनाएर र राष्‍ट्रिय सीमाहरूलाई नष्‍ट गरेर विनापरिवार वा विनाराष्‍ट्रिय सीमाहरूको एउटा व्यवस्थापनमा उनीहरूलाई विभाजन गर्नु हो, किनकि मानव, आखिर, एउटै पूर्खाबाट जन्मेका थिए र परमेश्‍वरका सृष्‍टि हुन्। सारांशमा, दुष्‍ट काम गर्ने सृष्‍टिहरू सबैलाई नष्‍ट

पारिनेछन् र परमेश्‍वरको आज्ञा पालन गर्ने सृष्टिहरू बाँच्नेछन्। यसरी, त्यहाँ कुनै परिवारहरू हुनेछैन, कुनै देशहरू हुनेछैन र विशेष गरी आउने विश्रामको समयमा कुनै राष्ट्रहरू हुनेछैन; यस किसिमका मानवजाति सबैभन्दा पवित्र किसिमका मानवजाति हुनेछन्। मानवजातिले पृथ्वीमा रहेका सबै थोकहरूको हेरचाह गर्न सकोस् भनी आदम र हव्वालाई मौलिक रूपमा सृष्टि गरिएको थियो; मानव मौलिक रूपमा सबै थोकका मालिकहरू थिए। मानवजातिलाई सृष्टि गर्ने परमप्रभुको अभिप्राय चाहिँ उनीहरूलाई पृथ्वीमा अस्तित्वमा रहन दिएर यसमाथि रहेका सबै थोकहरूको हेरचाह गरोस् भन्‍ने थियो, किनभने मानवजाति मौलिक रूपमा भ्रष्‍ट पारिएका थिएनन् र दुष्‍ट काम गर्न असक्षम थिए। तथापि, मानव भ्रष्‍ट भएपछि, उनीहरू सबै थोकहरूको हेरचाह गर्नेहरू रहेनन्। परमेश्‍वरको मुक्तिको उद्‌देश्‍यचाहिँ मानवजातिको यो कामलाई पुनर्स्थापना गर्नु, मानवजातिको मौलिक विवेक र मौलिक आज्ञाकारीता पुनर्स्थापना गर्नु हो; विश्राममा हुने मानवजाति परमेश्‍वरले उहाँको मुक्तिको कामसँगै हासिल गर्ने आशा गर्नुभएको कुराको दुरुस्त प्रतिनिधित्व हुनेछ। तथापि अदनको बगैँचामा भएको जस्तो जीवन हुनेछैन, तैपनि उनीहरूको सार उस्तै हुनेछ; मानवजाति उनीहरूको पहिलेको भ्रष्‍ट नभएको स्व मात्र हुनेछैन, तर बरु भ्रष्‍ट भएको मानवजाति र पछि मुक्ति पाएको मानवजाति हुनेछ। यी मुक्ति पाएका मानिसहरू अन्तमा (अर्थात्, परमेश्‍वरको काम समाप्त भएपछि) विश्राममा प्रवेश गर्नेछन्। त्यसरी नै, अन्तमा ती दण्ड दिइनेहरूका परिणामहरू पनि पूर्ण रूपमा प्रकट गरिनेछ र परमेश्‍वरको काम समाप्त भएपछि मात्र उनीहरूलाई नष्‍ट पारिनेछन्। अर्को शब्दमा, उहाँको काम सिद्‌धिएपछि, ती दुष्‍ट काम गर्नेहरू र ती मुक्त भएकाहरूलाई प्रकट गरिनेछन्, किनभने सबै किसिमका मानिसहरूलाई (चाहे उनीहरू दुष्‍ट कर्म गर्नेहरू हुन् वा उनीहरूमध्ये मुक्त भएकाहरू हुन्) प्रकट गर्ने कार्य हरेकमाथि एकै समयमा कार्यान्वयन गरिनेछ। दुष्‍ट काम गर्नेहरूलाई हटाइनेछन् र ती रहन दिइएकाहरूलाई एकै समयमा प्रकट गरिनेछन्। यसकारण, सबै किसिमका मानिसहरूका परिणामहरूलाई उही समयमा प्रकट गरिनेछन्। मुक्तिमा ल्याइएका मानिसहरूको समूहलाई परमेश्‍वरले दुष्‍ट काम गर्नेहरूलाई पन्छाउन र एक समयमा उनीहरूलाई थोरै मात्र न्याय गर्न वा दण्ड दिन अघि नै विश्राममा प्रवेश गर्न दिनुहुनेछैन; त्यो तथ्यहरूसँग समान हुँदैन। जब दुष्‍ट काम गर्नेहरूलाई नष्‍ट गरिन्छन् बाँच्न सक्‍नेहरू विश्राममा प्रवेश गर्छन्, तब सारा ब्रह्‍माण्डभरिको परमेश्‍वरको काम पूरा हुनेछ। आशिष्‌हरू पाउनेहरू र दुर्गति भोग्नेहरू माझ कुनै पनि प्राथमिकता क्रम हुनेछैन; ती आशिष् पाउनेहरू सदासर्वदाको निम्ति जिउनेछन्, जबकि दुर्गति भोग्नेहरू सारा अनन्तताको निम्ति नष्‍ट हुनेछन्। यी दुई चरणका कामहरू उही समयमा पूरा गरिनेछन्। अनाज्ञाकारी मानिसहरूको अस्तित्वको कारणले अधीनमा रहनेहरूको धार्मिकता स्वभाविक रूपमा प्रकट गरिनेछ, र त्यहाँ आशिष् प्राप्त गर्नेहरू पनि छन् ताकि दुष्‍ट काम गर्नेहरूले उनीहरूका दुष्‍ट आचरणको कारण दुर्गति भोगेको कुरा प्रकट गरिनेछ। यदि परमेश्‍वरले दुष्‍ट काम गर्नेहरूलाई प्रकट गर्नुभएको थिएन भने, तब इमानदार पूर्वक परमेश्‍वरको अधीनमा रहने मानिसहरूले कहिल्यै पनि सूर्य देख्दैनथे; यदि परमेश्‍वरले उहाँका अधीनमा बस्‍नेहरूलाई उपयुक्त गन्तव्यमा लानु भएन भने, तब परमेश्‍वरप्रति अनाज्ञाकारी हुने उनीहरूलाई सुहाउने प्रतिफलहरू पाउन सक्षम हुँदैनथे। यो परमेश्‍वरको कामको प्रकृया हो। यदि उहाँले दुष्‍टलाई दण्ड दिने र

असललाई इनाम दिने कार्यलाई कार्यान्वयन गर्नुभएको थिएन भने, तब उहाँका सृष्टिहरू उनीहरूका आ-आफ्नो गन्तव्यहरूमा प्रवेश गर्न सक्षम हुने थिएनन्। एक पटक मानवजाति विश्राममा प्रवेश गरेपछि, दुष्ट काम गर्नेहरूलाई नष्ट पारिनेछन् र सबै मानवजाति सही मार्गमा हुनेछ; सबै किसिमका मानिसहरू उनीहरूले गर्नु पर्ने कार्यहरू अनुसार उनीहरूको आ-आफ्नै किसिमसँग हुनेछन्। यो मात्र मानवजातिको विश्रामको दिन हुनेछ, यो मानवजातिको विकासको निम्ति अपरिहार्य प्रचलन हुनेछ, र जब मानवजाति विश्राममा प्रवेश गर्छ अनि मात्र परमेश्‍वरको महान् र आखिरी उपलब्धिले पूर्णता पाउनेछ; यो उहाँको कामको अन्तिम भाग हुनेछ। यो कार्यले मानवजातिको शरीरको पतनशील जीवन साथै भ्रष्ट मानवजातिको जीवनलाई अन्त गर्नेछ। त्यस पश्‍चात्, मानवजाति नयाँ राज्यमा प्रवेश गर्नेछ। तथापि सबै मानव शरीरमा नै जिउँछन्, तर पनि जीवनको सार र भ्रष्ट मानवजातिको जीवनबीच सार्थक भिन्नताहरू छन्। अस्तित्वको सार्थकता र भ्रष्ट मानवजातिको अस्तित्वको सार्थक तापनि फरक हुन्छ। यद्यपि, यो नयाँ किसिमको व्यक्तिको जीवन हुनेछैन, तर पनि यसलाई मुक्ति प्राप्त गरेको मानवजातिको जीवन साथै मानवता र विवेकलाई पुनःप्राप्त गरिएको मानवजातिको एउटा जीवन भन्न सकिन्छ। यी ती मानिसहरू हुन् जो कुनै समय परमेश्‍वरप्रति अनाज्ञाकारी थिए, जसलाई परमेश्‍वरले जित्नुभयो र त्यसपछि उहाँले मुक्त गर्नुभयो; यी ती मानिसहरू हुन् जसले परमेश्‍वरको अपमान गरेका थिए र पछि उहाँको गवाही वहन गरे। उहाँको जाँच भएर गुज्रेर र बाँचेपछि उनीहरूको अस्तित्व सबैभन्दा अर्थपूर्ण छ; उनीहरू शैतानको सामु परमेश्‍वरको गवाही दिने मानिसहरू हुन् र बाँच्न योग्यका मानव हुन्। ती नष्ट पारिनेहरूचाहिँ परमेश्‍वरको निम्ति गवाहीको रूपमा खडा हुन नसक्नेहरू र जिइरहन अयोग्यहरू हुन्। उनीहरूको विनाश उनीहरूको दुष्ट आचरणको परिणाम हुनेछ, र यस्तो सर्वनाश नै उनीहरूको निम्ति उत्तम गन्तव्य हो। भविष्यमा, जब मानवजाति सुन्दर राज्यमा प्रवेश गर्नेछ, मानिसहरूले त्यहाँ पाउनेछन् भनी कल्पना गरेका पति र पत्नीबीच, बुबा र छोरीबीच, वा आमा र छोरा बीचको कुनै सम्बन्धहरू हुनेछैन। त्यस बेला, हरेक मानवले उनीहरूको आ-आफ्नै वर्ग-समूहलाई पछ्याउनेछ र परिवारहरूलाई पहिले नै चकनाचूर पारिएको हुनेछ। पूर्ण रूपमा असफल भएकोले शैतानले मानवजातिलाई फेरि कहिल्यै पनि बाधा दिनेछैन र मानवजातिमा भ्रष्ट शैतानी स्वभावहरू हुनेछैनन्। ती अनाज्ञाकारी मानिसहरूलाई पहिले नै नष्ट गरिसकेका हुनेछन्, र अधीनमा रहने मानिसहरू मात्र रहनेछन्। यस्तै, अति थोरै परिवार मात्र अखण्ड रहेनछन्; शारीरिक नाता-सम्बन्धहरू कसरी रहिरहन सक्छ? मानवजातिको अघिल्लो शारीरिक जीवनलाई पूर्ण रूपमा निषेध गरिनेछ; तब मानिसहरू माझ शारीरिक नाता-सम्बन्धहरू कसरी रहन सक्छ? भ्रष्ट शैतानी स्वभावहरूविना, मानव जीवन यस उप्रान्त विगतको पुरानो जीवन हुनेछैन, तर बरु नयाँ जीवन हुनेछ। बुबाआमाहरूले छोराछोरीहरू गुमाउनेछन् र छोराछोरीहरूले बुबाआमाहरू गुमाउनेछन्। पतिहरूले पत्नीहरूलाई गुमाउनेछन् र पत्नीहरूले पतिहरूलाई गुमाउनेछन्। हाल मानिसहरू बीच शारीरिक नाता-सम्बन्धहरू रहेको छ, तर सबै जना एक पटक विश्राममा प्रवेश गरेपछि, त्यस उप्रान्त सो रहनेछैन। यस किसिमका मानवजातिले मात्र धार्मिकता र पवित्रता हासिल गर्नेछन्; यस किसिमका मानवजातिले मात्र परमेश्‍वरको आराधना गर्न सक्छन्।

परमेश्वरले मानवलाई सृष्टि गर्नुभयो, र उनीहरूलाई पृथ्वीमा राख्नुभयो, र उहाँले उनीहरूलाई त्यस बेलादेखि नै डोऱ्याउनुभएको छ। उहाँले उनीहरूलाई मुक्त गर्नुभयो र मानवजातिको निम्ति पापबलिको रूपमा सेवा गर्नुभयो। अन्तमा, उहाँले अझै मानवजातिलाई जित्नुपर्छ, मानवलाई पूर्ण रूपमा मुक्त गर्नुपर्छ, र उनीहरूलाई उनीहरूको मौलिक स्वरूपमा पुनर्स्थापना गर्नुपर्छ। मानवजातिलाई उनीहरूको मौलिक स्वरूप र प्रतिरूपमा पुनर्स्थापना गर्ने कार्यमा—उहाँ सुरुदेखि नै संलग्न हुनुहुन्छ। परमेश्वरले उहाँको राज्य स्थापना गर्नुहुनेछ र मानवजातिको मौलिक स्वरूप पुनर्स्थापना गर्नुहुनेछ, जसको अर्थ, परमेश्वरले पृथ्वीमा र सारा सृष्टिमाथि उहाँको अधिकार पुनर्स्थापना गर्नुहुनेछ भन्ने हुन्छ। शैतानद्वारा भ्रष्ट भएपछि मानवजातिले परमेश्वरको भय मान्ने उनीहरूको हृदय साथै परमेश्वरको सृष्टिहरूको अनिवार्य कार्य गुमायो, त्यसैद्वारा उनीहरू परमेश्वरप्रति अनाज्ञाकारी शत्रु भए। त्यसपछि मानवजाति शैतानको अधिकार-क्षेत्रमा जियो र शैतानको आज्ञा अनुसरण गऱ्यो; यसरी, परमेश्वरसित आफ्नो सृष्टिहरू माझ काम गर्ने कुनै बाटो नै थिएन, र उनीहरूको भयपूर्ण आदरलाई जित्न उहाँ झनै असक्षम हुनुभयो। मानवलाई परमेश्वरले सृष्टि गर्नुभएको थियो, र उनीहरूले परमेश्वरको आराधना गर्नुपर्छ, तर वास्तवमा उनीहरूले उहाँतिर पिठ्यूँ फर्काए र सट्टामा शैतानको आराधना गरे। शैतान नै उनीहरूको हृदयको मूर्ति भयो। यसरी, परमेश्वरले उनीहरूको हृदयहरूमा उहाँको स्थान गुमाउनुभयो, भन्नुको मतलब, उहाँले मानवजाति सृष्टि गर्नु पछाडिको उहाँको अभिप्राय नै गुमाउनुभयो। यसकारण, उहाँले मानवजाति सृष्टि गर्नु पछाडिको अभिप्राय पुनर्स्थापना गर्न, उहाँले उनीहरूका मौलिक प्रतिरूप पुनर्स्थापना गर्नुपर्छ र मानवजातिलाई उनीहरूको भ्रष्ट स्वभावहरूबाट मुक्त गर्नुपर्छ। मानवलाई शैतानको हातबाट पुनः फिर्ता ल्याउन, उहाँले उनीहरूलाई पापबाट मुक्त गर्नुपर्छ। यसरी मात्र परमेश्वरले क्रमिक रूपले उनीहरूको मौलिक स्वरूप र कार्य पुनर्स्थापना गर्न सक्नुहुन्छ, र अन्तमा, उहाँको राज्य पुनर्स्थापना गर्नुहुन्छ। मानवलाई परमेश्वरको उत्तम आराधना गर्ने दिनको निम्ति र पृथ्वीमा उत्तम गरी जिउन दिनको निम्ति ती अनाज्ञाकारिताका सन्तानहरूको आखिरी विनाशलाई कार्यान्वयन पनि गरिनेछ। परमेश्वरले मानवलाई सृष्टि गर्नुभएको हुनाले, उहाँले उनीहरूलाई उहाँको आराधना गर्न लगाउनुहुनेछ; किनभने उहाँले मानवजातिको मौलिक कार्य पुनर्स्थापना गर्न चाहनुहुन्छ, उहाँले यसलाई पूर्ण रूपमा र विनामिसावट पुनर्स्थापना गर्नुहुनेछ। उहाँको अधिकारको पुनर्स्थापनाको अर्थ मानवजातिलाई उहाँको आराधना गर्न लगाउनु र उहाँको अधीनमा आउन लगाउनु हो भन्ने हुन्छ; यसको अर्थ परमेश्वरले मानवलाई उहाँको कारणले जिउन लगाउनुहुनेछ र उहाँको अधिकारको परिणामस्वरूप उहाँका शत्रुहरूलाई नष्ट हुन लगाउनुहुनेछ भन्ने हुन्छ। यसको अर्थ परमेश्वरले कुनै मानवबाट विनाप्रतिरोध मानव माझ उहाँ बारेको सबै थोकलाई दृढ रहन लगाउनुहुनेछ भन्ने हुन्छ। परमेश्वरले स्थापना गर्ने इच्छा गर्नुभएको राज्य उहाँको आफ्नै राज्य हो। उहाँले चाहनुभएको मानवजातिचाहिँ उहाँको आराधना गर्ने, पूर्ण रूपमा उहाँको अधीनमा रहने र उहाँको महिमा प्रकट गर्ने मानवजाति हो। यदि परमेश्वरले नै भ्रष्ट मानवजातिलाई मुक्त गर्नुहुन्न भने, मानवजातिलाई सृष्टि गर्नु पछाडिको उहाँको अभिप्राय नै गुम्नेछ; मानव माझ उहाँको अझै कुनै अधिकार रहनेछैन र पृथ्वीमा उहाँको राज्य अस्तित्वमा रहन सक्नेछैन। यदि परमेश्वरप्रति अनाज्ञाकारी भएका ती

शत्रुहरूलाई उहाँले नष्ट गर्नुभएन भने, उहाँ उहाँको पूर्ण महिमा हासिल गर्न असक्षम हुनुहुनेछ, न त पृथ्वीमा उहाँको राज्य स्थापना गर्न नै सक्षम हुनुहुनेछ। उहाँको कामको र उहाँको महान् उपलब्धिका पूर्णताका चिन्हहरू यी हुनेछन्: उहाँप्रति अनाज्ञाकारी ती मानवजाति माझका उनीहरूलाई पूर्ण रूपमा नष्ट गर्नु र पूर्ण बनाइएकाहरूलाई विश्राममा ल्याउनु। जब मानिसहरूलाई उनीहरूको मौलिक स्वरूपमा पुनर्स्थापना गरिएका हुनेछन्, र जब उनीहरूले आ-आफ्ना कर्तव्यहरू पूरा गर्न सक्छन्, उनीहरूलाई आ-आफ्नै उचित स्थानहरूमा राख्न सक्छन् र परमेश्‍वरको प्रबन्धहरूको अधीनमा बस्छन्, तब परमेश्‍वरले पृथ्वीमा उहाँको आराधना गर्ने मानिसहरूको एउटा समूह हासिल गर्नुभएको हुनेछ र उहाँले पृथ्वीमा उहाँको आराधना गर्ने उहाँको राज्य स्थापना गरिसकेको हुनुहुनेछ। उहाँले पृथ्वीमाथि अनन्त विजय हासिल गर्नुभएको हुनेछ र उहाँको विरोध गर्नेहरू सबै अनन्तताको निम्ति नष्ट हुनेछन्। यसले मानवजातिलाई सृष्टि गर्ने उहाँको मौलिक अभिप्राय पुनर्स्थापना गर्नेछ; यसले सबै थोक सृष्टि गर्ने उहाँको अभिप्राय पुनर्स्थापना गर्नेछ, यसले सबै थोक माझ र उहाँको शत्रुहरूमाझ पृथ्वीमा उहाँको अधिकार पनि पुनर्स्थापना गर्नेछ। यो उहाँको पूर्ण विजयको सङ्केतहरू हुनेछन्। त्यस पश्‍चात्, मानवजाति विश्राममा प्रवेश गर्नेछ र सही मार्गमा हुने जीवन सुरुवात गर्नेछ। परमेश्‍वर पनि मानवजातिसँगै अनन्त विश्राममा प्रवेश गर्नुहुनेछ अनि उहाँ आफै र मानव दुवैले साझेदारी गर्ने अनन्त जीवनको प्रारम्भ गर्नुहुनेछ। पृथ्वीमा अशुद्धता र अनाज्ञाकारिता हराइसकेको हुनेछ, सबै क्रन्दनहरू दूर भइसकेको हुनेछन्, र परमेश्‍वरको विरोध गर्ने यस संसारको सबै थोकको अस्तित्व नै मेटिसकेको हुनेछ। परमेश्‍वर र उहाँले मुक्ति दिनुभएका मानिसहरू मात्र रहनेछन्; उहाँको सृष्टि मात्र रहनेछ।

# मण्डलीहरूमा हिँड्ने क्रममा ख्रीष्टले दिनुभएका वचनहरू ४

(१९९४ देखि १९९७, २००३ देखि २००५ सम्म)

# तैँले येशूको आत्मिक शरीरलाई देख्दासम्ममा, परमेश्‍वरले स्वर्ग र पृथ्वीलाई नयाँ बनाइसक्नुभएको हुनेछ

के तँ येशूलाई देख्न चाहन्छस्? के तँ येशूसँग बस्ने इच्छा गर्छस्? के तँ येशूले बोल्नुभएको वचन सुन्ने इच्छा गर्छस्? यदि त्यसो हो भने, तैँले येशूको आगमनलाई कसरी स्वागत गर्नेछस्? के तँ पूर्ण रूपमा तयार छस्? तैँले येशूको आगमनलाई कुन रीतिले स्वागत गर्नेछस्? मलाई लाग्छ, येशूलाई पछ्याउने हरेक दाजुभाइ तथा दिदीबहिनीले उहाँलाई राम्ररी स्वागत गर्न रुचाउँछन्। तर के तिमीहरूले यो कुरा विचार गरेका छौ: के येशूको आगमन हुँदा तँ उहाँलाई साँच्चै चिन्नेछस्? के उहाँले भन्नुभएका सबै कुरा तिमीहरूले साँच्चै बुझ्नेछौ र? के उहाँले गर्नुभएका सबै कामहरूलाई तिमीहरूले साँच्चै निशर्त रूपमा स्वीकार गर्नेछौ? बाइबल पढेका सबैले येशूको आगमनबारे जान्दछन् र बाइबल पढ्ने सबैले उहाँको आगमनलाई उत्सुक्तापूर्वक प्रतीक्षा गर्छन्। तिमीहरू सबै त्यो क्षणको आगमनको निम्ति लालायित हुन्छौ, र तिमीहरूको निष्ठा सराहनीय छ, तिमीहरूको विश्‍वास लोभलाग्दो छ, तर तिमीहरूले गम्भीर त्रुटी गरेका छौ भन्ने कुरा के तिमीहरूले महसुस गर्छौ? येशूको आगमन कुन रीतिले हुनेछ? येशू सेतो बादलमा आउनुहुनेछ भनी तिमीहरू विश्‍वास गर्छौ, तर तिमीहरूलाई म सोध्छु: यो सेतो बादलले केलाई जनाउँछ? येशूको आगमनको प्रतीक्षा गरिरहेका यति धेरै उहाँका अनुयायीहरूमा, उहाँ कुन मानिसहरूमाझ ओर्लिआउनुहुनेछ? यदि उहाँ तिमीहरूमाझ पहिले ओर्लिआउनुभयो भने, के अरूहरूले यसलाई अत्यन्त अन्यायपूर्ण कुराको रूपमा हेर्नेछैनन् र? म जान्दछु, तिमीहरू येशूप्रति अत्यन्त निष्ठावान् र बफदार छौ, तर के तिमीहरूले येशूलाई कहिल्यै भेटेका छौ? के तिमीहरूलाई उहाँको स्वभाव थाहा छ? के तिमीहरू कहिल्यै उहाँसँग बसेका छौ? तिमीहरूले उहाँको बारे कति धेरै बुझेका छौ? केहीले भन्नेछन् कि यी कुराहरूले तिनीहरूलाई नाजुक परिबन्धमा पार्‍यो। तिनीहरूले भन्नेछन्, "मैले बाइबल सुरुदेखि अन्तसम्म धेरै पटक पढेको छु। मैले येशूलाई कसरी बुझ्न सक्दिनथेँ र? येशूको स्वभावको त कुरै नगरौँ–उहाँले कुन रङको लुगा लगाउन मन पराउनुहुन्थ्यो सो पनि म जान्दछु। मैले उहाँलाई बुझ्दिनँ भन्दा तैँले मलाई होच्याइरहेका छैनस् र?" यी विषयहरूमा विवाद नगर भनी म तँलाई सुझाव दिन्छु; बरु शान्त भएर तल दिइएका प्रश्‍नहरूको बारेमा संगति गर्नु उत्तम हुन्छः पहिलो, यथार्थ के हो र सिद्धान्त के हो भन्ने के तँलाई थाहा छ? दोस्रो, धारणाहरू के हुन् र सत्यता के हो भन्ने के तँलाई थाहा छ? तेस्रो, कल्पना गरिएको के हो र यथार्थ के हो भन्ने के तँलाई थाहा छ?

केही मानिसहरूले आफूले येशूलाई बुझ्दैन भन्ने तथ्यलाई अस्वीकार गर्छन्। म अझै तिमीहरूलाई भन्छु, तिमीहरूले येशूलाई अलिकता पनि बुझ्दैनौ र उहाँको एक शब्द पनि बुझ्दैनौ। त्योचाहिँ यसैले हो कि तिमीहरूले बाइबलमा उल्लेख गरेको विवरणको कारणले गर्दा र अरूहरूले भनेका कुराको कारणले गर्दा उहाँलाई पछ्याउछौ। तिमीहरूले उहाँलाई कहिल्यै पनि भेटेका छैनौं, उहाँसँग बस्ने कुरा त परै जाओस्, र तैँले उहाँलाई एक क्षणको निम्ति पनि साथ दिएका छैनस्। यस्तो अवस्थामा, येशूबारे तेरो बुझाइ सिद्धान्त बाहेक केही होइन र? के यो यथार्थरहित छैन र? सायद, केही मानिसहरूले येशूको तस्वीर देखेका होलान् वा कोही येशूको घरमा स्वयम् गएका

होलान्। सायद केहीले येशूको लुगा छोएका होलान्। तँ स्वयम्ले येशूले खानुभएको खाना नै खाएको भए पनि, उहाँबारे तेरो बुझाइ अझ पनि व्यावहारिक छैन, केवल सैद्धान्तिक मात्र छ। कुरा जे भए पनि, तैँले येशूलाई कहिल्यै देखेको छैनस् र शारीरिक रूपमा येशूसँग एक क्षण पनि हिडेका छैनस्, त्यसैले येशूबारे तेरो बुझाइ सदैव यथार्थरहित रित्तो सिद्धान्त हुनेछ। सायद मेरा शब्दहरू तेरो निम्ति त्यत्ति रुचिकर नहोलान्, तर म तँलाई यो आग्रह गर्छुः तैँले सबैभन्दा आदर गरेको लेखकका धेरै कृतिहरू पढेको हुन सक्छ, तैपनि तैँले उनीसँग समय नबिताइकन के उनलाई पूर्ण रूपमा बुझ्न सक्छस्? उनको व्यक्तित्व कस्तो छ सो के थाहा पाउछस्? उनी कस्तो जीवन जिउँछन् सो के थाहा पाउछस्? के तँ उनको कुनै संवेगात्मक अवस्थाको बारे जान्दछस्? तैँले प्रशंसा गर्ने मानिसलाई पनि तैँले सम्भवतः पूर्ण रूपमा बुझ्न सक्दैनस्, त्यसो भए येशूलाई कसरी बुझ्न सक्छस् र? तैँले येशूको बारे बुझेका सबै कुराहरू कल्पनाहरू र धारणाहरूले भरिएका छन्, जसमा कुनै सत्यता वा यथार्थता छैन। यसले दुर्गन्ध निकाल्छ र यो देहले भरिएको छ। यस्तो बुझाइले येशूको फर्काइलाई स्वागत गर्न तँलाई कसरी योग्यको तुल्याउन सक्थ्यो र? देहका परिकल्पनाहरू र धारणाहरूले भरिएकाहरूलाई येशूले ग्रहण गर्नुहुनेछैन। येशूलाई नबुझ्नेहरू कसरी उहाँका विश्वासीहरू हुन योग्यको हुन्छन् र?

फरिसीहरूले येशूको विरोध किन गरे भनी के तिमीहरू यसको जड जान्न चाहन्छौ? के तिमीहरू फरिसीहरूको सार जान्न चाहन्छौ? तिनीहरू मसीहका बारेमा कल्पनाहरूले भरिएका थिए। यसको अतिरिक्त, तिनीहरूले मसीह आउनुहुन्छ भनी विश्वास मात्र गरे, तैपनि जीवन सत्यताको पछि लागेनन्। त्यसैले, तिनीहरूले आज पनि अझै मसीहको प्रतीक्षा गर्छन्, किनभने तिनीहरूसित जीवनको मार्गको कुनै ज्ञान छैन र सत्यताको मार्ग के हो सो जान्दैनन्। यस्ता मूर्ख, हट्‌ठी र निर्बुद्धि मानिसहरूले परमेश्‍वरका आशिष् कसरी प्राप्त गर्न सक्थे भनी तिमीहरू भन्छौ? तिनीहरूले मसीहलाई कसरी देख्न सक्थे? तिनीहरूले येशूको विरोध गरे, किनभने तिनीहरूले पवित्र आत्माको कार्यको दिशा थाहा गर्न सकेनन्, किनभने तिनीहरूले येशूले बोल्नुभएको सत्यता जानेनन्; यसका अतिरिक्त, तिनीहरूले मसीहलाई पनि बुझेनन्। तिनीहरूले मसीहलाई कहिल्यै नदेखेका, र तिनीहरू मसीहका साथमा नरहेका हुनाले, तिनीहरूले मसीहको सारलाई सम्भावित कुनै पनि साधनहरूले विरोध गरिरहँदा मसीहको नाउँमा मात्रै व्यर्थमा टाँसिरहने गल्ती गरे। वस्तुतः यी फरिसीहरू हट्‌ठी र अहङ्कारी थिए र सत्यताको पालन गर्दैनथे। परमेश्‍वरप्रति तिनीहरूको विश्‍वासको सिद्धान्त यस्तो थियोः तिम्रो प्रचार जति नै गहन भए पनि, तिम्रो अधिकार जति नै उच्च भए पनि, तिमीलाई मसीह नभनिएसम्म तिमी ख्रीष्ट होइनौं। के यो आस्था उपहासपूर्ण र हाँस्यस्पद छैनन्? म तिमीहरूलाई अझै अरू प्रश्‍नहरू सोध्छु: तिमीहरूसित येशूको थोरै बुझाइ पनि नभएकाले, तैँले पनि प्राचीन फरिसीहरूले गरेका गल्ती गर्न अत्यन्त सजिलो छैन र? के तैँले सत्यताको मार्ग ठम्याउन सक्छस्? तैँले येशूको विरोध गर्नेछैन भनी के तैँले साँच्चै कबुल गर्न सक्छस्? के तैँले पवित्र आत्माको कार्य अनुशरण गर्न सक्छस्? यदि तँले ख्रीष्टको विरोध गर्नेछ कि गर्नेछैन भनी जान्दैनस् भने, म भन्छु कि, तँ अघिदेखि नै मृत्युको खतरामा जिइरहेको छस्। मसीहलाई नचिन्नेहरू सबैले येशूको विरोध गर्न, येशूलाई इन्कार गर्न र उहाँको निन्दा गर्न सक्थे। येशूलाई नबुझ्ने मानिसहरूले

उहाँलाई इन्कार गर्न सक्छन् र गालीगलौज गर्न सक्छन्। यसका अतिरिक्त, तिनीहरूले येशूको आगमनलाई शैतानको छलको रूपमा देख्न सक्छन् र धेरै मानिसहरूले येशू देहमा फर्कनुभएको कुराको निन्दा गर्नेछन्। के यी सबै कुराहरूले तिमीहरूलाई भयभीत तुल्याउँदैनन्? तिमीहरूले सामना गर्ने कुरा पवित्र आत्मा विरुद्धको ईश्वर-निन्दा, मण्डलीहरूका लागि पवित्र आत्माको वचनको बरबादी र येशूले व्यक्त गर्नुभएका सबै कुराको तिरस्कार हुनेछ। यदि तिमीहरू नै यति धेरै अन्योलमा छौ भने तिमीहरूले येशूबाट के प्राप्त गर्न सक्छौ? यदि तिमीहरूले आफ्ना त्रुटिलाई महसुस गर्न हठपूर्वक इन्कार गर्छौ भने, येशू सेतो बादलमा मानिसहरूकहाँ आउनुहुँदा तिमीहरूले उहाँको काम कसरी बुझ्न सक्छौ? म तिमीहरूलाई यसो भन्छुः सत्यता ग्रहण नगर्ने, तैपनि सेतो बादलमा येशूको आगमनलाई अन्धाधुन्द प्रतीक्षा गर्ने मानिसहरूले पवित्र आत्माका विरुद्ध निश्चय नै निन्दा गर्नेछन् र तिनीहरू नष्ट पारिने श्रेणीका मानिसहरू हुन्छन्। तिमीहरूले येशूको अनुग्रहको मात्र चाहना गर्छौ, स्वर्गको उल्लासपूर्ण राज्यको आनन्द लिन मात्र चाहन्छौं; तैपनि येशूले बोल्नुभएका वचनहरू तैँले कहिल्यै पालन गरेको छैनस्, र येशू देहमा आउनुहुँदा बताउनुभएको सत्यता कहिल्यै ग्रहण गरेको छैनस्। सेतो बादलमा येशूको आगमनको तथ्यको सट्टामा तिमीहरूले के समाती राख्नेछौ? तिमीहरूले पटकपटक पाप गर्ने अनि बार-बार स्वीकार गर्ने, के सच्चाइ यही हो? सेतो बादलमा आउनुहुने येशूलाई तिमीहरूले के बलिदान चढाउनेछौ? के यो तिमीहरूले आफैलाई उच्च पार्ने कार्यको वर्ष हो? फर्केर आउनुभएका येशूलाई तिमीहरूप्रति भरोसा गराउन तिमीहरूले के समाती राख्नेछौ? कुनै सत्यता पालन नगर्ने के तिमीहरूको त्यही अहङ्कारी प्रकृति नै हो?

तिमीहरूको बफदारिता शब्दमा मात्र छ, तिमीहरूको ज्ञान बौद्धिक र वैचारिक मात्र हो, तिमीहरूका प्रयासहरू स्वर्गका आशिष्हरू प्राप्त गर्नका लागि मात्र हुन्, अनि त्यसो भए तिमीहरूका विश्वास कस्तो हुनुपर्छ? आज पनि तिमीहरूले सत्यताको हरेक वचनप्रति ध्यान दिदैनौं। परमेश्वर के हुनुहुन्छ सो तिमीहरू जान्दैनौं, ख्रीष्ट के हुनुहुन्छ सो तिमीहरू जान्दैनौं, यहोवा वा परमप्रभुलाई कसरी आदर गर्ने सो तिमीहरू जान्दैनौं, पवित्र आत्माको काममा कसरी प्रवेश गर्ने सो तिमीहरू जान्दैनौं, परमेश्वर स्वयम्को काम र मानिसको छल बीच कसरी फरक छुट्टाउने सो तिमीहरू जान्दैनौं। तेरो विचारसित नमिल्ने परमेश्वरले व्यक्त गर्नुभएको कुनै पनि सत्यको वचनको निन्दा गर्न मात्र तँ जान्दछस्। तेरो नम्रता कहाँ छ? तेरो आज्ञाकारिता कहाँ छ? तेरो बफदारिता कहाँ छ? सत्यता खोजी गर्ने तेरो इच्छा कहाँ छ? परमेश्वरको निम्ति तेरो आदर कहाँ छ? म तिमीहरूलाई बताउँछु, चिन्हहरूका कारणले परमेश्वरमा विश्वास गर्नेहरू निश्चय नै नष्ट पारिने श्रेणीका हुन्। देहमा फर्किआउनुभएका येशूका वचनहरू ग्रहण गर्न असक्षम मानिसहरू निश्चय नै नरकका सन्तानहरू, प्रधान स्वर्गदूतका सन्ततीहरू हुन्, जुन अनन्त विनाशमा अर्पण गरिएका श्रेणीका हुन्। धेरै मानिसहरूले मैले भनेको कुराको वास्ता नगर्न सक्छन्, तर येशूलाई पछ्याउने हरेक तथाकथित सन्तलाई म अझै भन्छु; जब येशू स्वर्गबाट सेतो बादलमा आउनुभएको तिमीहरूका आफ्नै आँखाले देख्छौ, यो धार्मिकताको सूर्यको सार्वजनिक देखा पर्ने घटना हुनेछ। सायद त्यो क्षण तेरो निम्ति ठूलो उल्लासको समय हुन सक्छ, तैपनि येशू स्वर्गबाट ओर्लनुभएको देख्ने समय दण्ड भोग्नलाई तँ नरक जाने बेला पनि हो भन्ने तैँले जान्नुपर्छ। त्यो परमेश्वरको व्यवस्थापन योजनाको अन्तको

समय हुनेछ, अनि यो परमेश्‍वरले असललाई इनाम र दुष्टलाई दण्ड दिने समय हुनेछ। सत्यताको अभिव्यक्ति मात्र हुँदा मानिसले चिन्हहरू देख्नु अघि नै परमेश्‍वरको न्याय अन्त भइसकेको हुनेछ। सत्यता स्वीकार गर्नेहरू, चिन्हहरू नखोज्नेहरू र यसरी शुद्ध पारिएकाहरू, परमेश्‍वरको सिंहासन सामु फर्केका र सृष्टिकर्ताको अंगालोमा प्रवेश गरेका हुनेछन्। "सेतो बादलमा सवार नहुने येशू झुटो ख्रीष्ट हो" भन्ने विश्‍वासमा अड्डी कस्नेहरू अनन्त दण्डको भागीदार हुनेछन्, किनभने तिनीहरूले चिन्ह प्रदर्शन गर्ने येशूमा मात्र विश्‍वास गर्छन्, तर कठोर न्याय घोषणा गर्नुहुने येशू र साँचो मार्ग र जीवनको निकास दिनुहुने येशूलाई स्वीकार गर्दैनन्। यसो मात्र हुन सक्छ, कि सेतो बादलमा येशूको आगमन खुल्ला रूपमा हुँदा नै उहाँले तिनीहरूलाई निराकरण गर्नुहुनेछ। तिनीहरू अति हट्ठी, आफैमा अति दृढ, अति अहङ्कारी छन्। यस्ता भ्रष्टहरूलाई येशूले कसरी इनाम दिन सक्नुहुन्थ्यो? सत्यता स्वीकार गर्न सक्नेहरूका निम्ति येशूको आगमन ठूलो मुक्ति हो, तर सत्यता स्वीकार गर्न असक्षमहरूका निम्ति यो दण्डको चिन्ह हो। तिमीहरूले आफ्नै मार्ग चुन्नैपर्छ र पवित्र आत्माको विरुद्ध ईश्‍वर-निन्दा गर्नुहुँदैन र सत्यतालाई इन्कार गर्नुहुँदैन। तँ निर्बुद्धि र अहङ्कारी व्यक्ति हुनुहुँदैन, तर पवित्र आत्माको मार्गदर्शन पालन गर्ने, सत्यताको उत्कट इच्छा गर्ने र खोजी गर्ने व्यक्ति हुनुपर्छ; तिमीहरू यसरी मात्र लाभान्वित हुनेछौ। परमेश्‍वरप्रतिको विश्‍वासको बाटो होशीयारीपूर्वक हिँड्न म तिमीहरूलाई सल्लाह दिन्छु। निचोडमा नआइहाल; अझ बढी, परमेश्‍वरप्रति तेरो विश्‍वासमा लापरवाह र असावधान नहोऊ। कम्तीमा पनि तिमीहरूले जान्नुपर्छ कि परमेश्‍वरमा विश्‍वास गर्नेहरू नम्र र श्रद्धामय हुनैपर्छ। सत्यता सुनेका तर यसलाई अस्वीकार गर्नेहरू मूर्ख र निर्बुद्धिहरू हुन्। सत्यता सुनेका तैपनि लापरबाही रूपमा निचोडमा पुगेका वा यसको निन्दा गर्नेहरू अहङ्कारद्वारा आक्रान्त हुन्छन्। येशूमा विश्‍वास गर्ने कसैले अरूहरूलाई सराप्दैन वा निन्दा गर्दैन। तिमीहरू सबै चेतना भएका र सत्यता स्वीकार गर्ने व्यक्तिहरू हुनैपर्छ। सायद, सत्यताको मार्ग सुनेर र जीवनको वचन पढेर, यी वचनहरूमध्ये १०,००० मा एउटा मात्र तेरो दृढ निश्‍चयताहरू र बाइबल अनुरूप छन्, त्यसकारण तैँले यी वचनहरूको १०,०००औँ खण्डभित्र निरन्तर खोजी गरिरहनुपर्छ भन्ने तेरो विश्‍वास छ। नम्र हुन, धेरै आत्माविश्‍वासी नहुन र आफैलाई अति उच्च नपार्न म तँलाई अझै सल्लाह दिन्छु। तेरो हृदयमा यति थोरै आदरसँगै तैँले ठूलो ज्योति प्राप्त गर्नेछौ। यदि तैँले यी वचनहरूलाई सावधानीपूर्वक जाँच्छस् र पटकपटक मनन गर्छस् भने, तिनीहरू सत्य हुन् वा होइनन्, तिनीहरू जीवन हुन् वा होइनन् सो तैँले बुझ्नेछस्। सायद केही मानिसहरूले केही वाक्यहरू मात्र पढेर, "यो पवित्र आत्माको केही अन्तर्दृष्टि बाहेक अरू केही पनि होइन" वा "यिनी मानिसहरूलाई धोका दिने झुटा ख्रीष्ट हुन्" भनी यी शब्दहरूका अन्धाधुन्ध निन्दा गर्नेछन्। यसो भन्नेहरू अनभिज्ञताद्वारा अन्धा भएका छन्। तैँले परमेश्‍वरका काम र बुद्धिबारे अत्यन्त थोरै बुझ्छस्, कामचलाउबाट नै फेरि सुरु गर्नका लागि म तँलाई सल्लाह दिन्छु! आखिरी दिनहरूमा झुटा ख्रीष्टको देखा पर्ने घटनाले गर्दा परमेश्‍वरले भन्नुभएका वचनहरूको तिमीहरूले अन्धाधुन्ध रूपमा निन्दा गर्नुहुँदैन र तँ छलमा पर्ने डरले तैँले पवित्र आत्माको विरुद्ध ईश्‍वर-निन्दा गर्नुहुँदैन। के त्यो ठूलो निराशा हुँदैनथ्यो र? धेरै परीक्षण गरेपछि पनि, यी वचनहरू सत्य होइन, बाटो होइन, परमेश्‍वरको अभिव्यक्ति होइन भनी तैँले अझै विश्‍वास गर्छस् भने तँलाई अन्तमा दण्ड दिइनेछ

र तँ आशिष्‌रहित हुनेछस्। यदि तैँले यति स्पष्ट रूपमा र खुल्ला रूपमा बताइएको सत्यता स्वीकार गर्न सक्दैनस् भने, तब के तँ परमेश्‍वरको मुक्तिको निम्ति अयोग्य छैनौं र? के तँ परमेश्‍वरको सिंहासन सामु फर्कनलाई पर्याप्त आशिषित् नभएको व्यक्ति होइनौं र? यसबारे विचार गर! दुस्साहसी र अविवेकी नहोऊ र परमेश्‍वरप्रतिको विश्‍वासलाई खेलको रूपमा नलेऊ। तेरो गन्तव्यको खातिर, तेरो भविष्यको आशाको खातिर, तेरो जीवनको खातिर विचार गर र आफैसँग खिलवाड नगर। के तैँले यी शब्दहरू स्वीकार गर्न सक्छस्?

## ख्रीष्ट अनुरूप नभएकाहरू निश्‍चय नै परमेश्‍वरका विरोधीहरू हुन्

सबै मानिस येशूको साँचो मुहार हेर्न चाहन्छन्, र सबै जना उहाँसँग हुन चाहन्छन्। कुनै दाजुभाइ वा दिदी-बहिनीले हामी येशूलाई हेर्न वा उहाँसँग हुन चाहँदैनौं भनेर भन्छन् जस्तो मलाई लाग्दैन। तिमीहरूले येशूलाई देख्नुभन्दा पहिले–तिमीहरूले देहधारी परमेश्‍वरलाई देख्नुभन्दा पहिले–सम्भवतः तिमीहरूले सबै प्रकारका विचारहरूलाई ध्यान दिन्छौ, उदाहरणको लागि, येशूको स्वरूपको बारेमा, उहाँको बोल्ने तरिकामा, उहाँको जीवनको शैलीमा, र अन्य त्यस्तै कुराहरूमा। तर जब तिमीहरूले उहाँलाई वास्तवमै देखेका हुन्छौ, तिमीहरूका विचारहरू तत्काल परिवर्तन हुनेछ। यस्तो किन हुन्छ? के तिमीहरू जान्न चाहन्छौ? मानिसको सोचाइलाई नजर अन्दाजा गर्न सकिँदैन, जुन सत्य हो–तर त्योभन्दा पनि बढि, ख्रीष्टको सार मानिसद्‌वारा परिवर्तन हुनसक्दैन। ख्रीष्ट अमरणशील या एउटा महात्मा हुनुहुन्छ भन्ने तिमीहरू सोच्छौ, तर कसैले पनि उहाँलाई ईश्‍वरीय सारले भरिएको एउटा साधारण व्यक्ति भनी मान्दैनन्। त्यसै गरी, अधिकांश तिनीहरू जो परमेश्‍वरलाई हेर्नको निम्ति दिन र रात तृषित हुन्छन् तिनीहरू वास्तवमा परमेश्‍वरका शत्रुहरू हुन्, र उहाँ अनुरूप छैनन्। के यो मानिसको गल्ती होइन र? अझै पनि तिमीहरू सोच्छौ कि तिमीहरूको विश्‍वास र भक्तिले नै तिमीहरूलाई ख्रीष्टको मुहार हेर्ने गर्ने योग्य बनाउनको लागि पर्याप्त छ, तर म तिमीहरूलाई अझै धेरै कुराहरूले आफैलाई सुसज्जित पार्नको निम्ति प्रेरित गर्दछु जुन व्यवहारिक छन्! किनकि भूत, वर्तमान, र भविष्यमा, ख्रीष्टको सम्पर्कमा आएका अधिकांश विफल भएका थिए या विफल हुनेछन्; तिनीहरू सबैले फरिसीहरूको भूमिका खेल्छन्। तिमीहरूको असफलताको कारण के हो? यसको कारण ठ्याक्कै के हो भने तिमीहरूको धारणामा एउटा परमेश्‍वर हुनुहुन्छ जो उच्च र सराहनाको योग्य हुनुहुन्छ। तर सत्य त मानिसले इच्छा गरेको जस्तो होइन। ख्रीष्ट उच्च त हुनुहुन्न नै, तर उहाँ विशेष रूपमा सानो पनि हुनुहुन्छ; उहाँ मानिस मात्रै हुनुहुन्न, तर उहाँ एक सामान्य मानिस पनि हुनुहुन्छ; उहाँ स्वर्गमा उचालिन नसक्ने मात्र होइन, तर उहाँ पृथ्वीमा पनि स्वतन्त्र रूपमा हिँड्डुल गर्न सक्नुहुन्न। अनि यस्तो भएको हुनाले, मानिसहरूले एउटा सामान्य व्यक्तिलाई जस्तै गरी उहाँलाई व्यवहार गर्छन्; तिनीहरूले उहाँसँगै हुँदा उहाँलाई सामान्य व्यवहार गर्छन्, र उहाँसँग लापरवाही रूपमा बोल्छन्, जबकी त्यस क्रममा तिनीहरू "साँचो ख्रीष्ट" को आगमनको निम्ति पर्खिरहेका हुन्छन्। तिमीहरूले आइसक्नुभएको ख्रीष्टलाई सामान्य मानिसको रूपमा लिन्छौ, र उहाँको वचनहरूलाई सामान्य व्यक्तिको जस्तो गरि लिन्छौ। यही कारणले गर्दा,

तिमीहरूले ख्रीष्टबाट केही पनि प्राप्त गरेका छैनौ, र त्यसको सट्टामा उहाँले ज्योतिमा तिमीहरूको आफ्नो कुरूपतालाई पूर्ण रूपले खुलासा गरिदिनुभएको छ।

ख्रीष्टको सम्पर्कमा आउनुभन्दा पहिले, तैँले के विश्वास गरेको हुनसक्छस् भने, तेरो आफ्नो स्वभाव पूर्ण रूपले रूपान्तरण भइसकेको छ, तँ ख्रीष्टको एउटा वफादार अनुयायी होस्, कोही पनि तँ जत्तिको ख्रीष्टको आशिषहरू प्राप्त गर्ने योग्यका छैनन्—र तैँले, धेरै सडकहरू यात्रा गरेको, धेरै कार्य गरेको, र धेरै फल ल्याएको हुनाले, तँ निश्चय नै तिनीहरू मध्ये एक हुनेछस् जसले अन्ततः मुकुट प्राप्त गर्नेछ। यद्यपि एउटा सत्य छ जुन तँलाई थाहा नहुनसक्छ: मानिसको भ्रष्ट स्वभाव र उसको विद्रोहीपन र प्रतिरोध तब खुलासा हुँदछ जब उसले ख्रीष्टलाई देख्दछ, र यस बेला खुलासा हुने विद्रोहीपन र प्रतिरोध अरू बेलाको दाँजोमा अझै धेरै पूर्ण र सम्पूर्ण रूपले खुलासा हुँदछ। किनभने ख्रीष्ट मानिसको पुत्र हुनुहुन्छ—मानिसको एउटा पुत्र जसमा सामान्य मानवता छ—मानिसले न त उहाँलाई सम्मान गर्छ न त आदर नै गर्छ। परमेश्वर देहमा बास गर्नुहुने भएकोले मानिसको विद्रोहीपन यति सम्पूर्ण रूपमा र स्पष्ट रूपमा प्रकाशमा ल्याइदिन्छ। त्यसैले म भन्छु कि ख्रीष्टको आगमनले मानवजातिको सबै विद्रोहीपनलाई खुलस्त गरिदिएको छ र मानवजातिको प्रकृतिलाई उदाङ्गो पारिदिएको छ। "एउटा बाघलाई लोभ देखाई डाँडोबाट तल ल्याउनु" र "एउटा ब्वाँसोलाई लोभ देखाई गुफाबाट बाहिर निकाल्नु" भनेको यही हो। तँ परमेश्वरप्रति बफादार छस् भनेर भन्ने हिम्मत तँसँग छ? तैँले परमेश्वरलाई पूर्ण आज्ञाकारीता देखाउँछस् भनेर भन्ने हिम्मत तँसँग छ? तँ विद्रोही छैनस् भन्ने हिम्मत तँसँग छ? कोही-कोहीले भन्नेछन्: "जुन बेला परमेश्वरले मलाई नया वातावरणमा स्थापित गर्नुहुन्छ, म गनगन नगरिकन स्थिर रूपमा आफैलाई समर्पित हुन्छु, र यसको साथै परमेश्वरको बारेमा म कुनै धारणाहरू बुन्दिनँ।" कसैले भन्नेछन्: "परमेश्वरले मलाई गर्न दिनुभएको काम म मेरो क्षमताले भ्याएसम्म गर्नेछु र म त्यसलाई कदापि लापरवाही गर्दिन।" त्यस हकमा, म तिमीहरूलाई यो सोध्छु: जब तिमीहरू उहाँसँगै जिउँछौ तब के तिमीहरू परमेश्वरको अनुरूप हुन सक्छौ? र कहिलेसम्म तँ उहाँको अनुरूप रहनेछस्? एक दिन? दुई दिन? एक घण्टा? दुई घण्टा? तेरो विश्वासको तारिफ गर्न योग्य हुन सक्ला, तर तँ दृढताको बाटोमा त्यति धेरै छैनस्। जब तँ वास्तवमै ख्रीष्टसँग जिइरहेको हुन्छस्, तेरा वचनहरू र क्रियाकलापहरूबाट तेरो स्व-धार्मिकता र आत्म-महत्त्व एक-एक गरेर खुलासा हुनेछ, र त्यसरी नै तेरो घमण्डी चाहनाहरू, तेरो अनाज्ञाकारी मानसिकता र असन्तुष्टि स्वभाविक रूपमा नै प्रकट हुनेछ। अन्ततः तेरो अहङ्कार पहिलेको भन्दा तबसम्म ठूलो हुनेछ, जबसम्म तँ आगो र पानी झैँ नमिल्ने गरी ख्रीष्टको विरोधमा हुन्छस्, र त्यसपछि तेरो प्रकृति पूर्ण रूपले खुलासा हुनेछ। त्यस बेला, तेरा धारणाहरू उप्रान्त ढाक्न सकिँदैन, तेरा गुनासाहरू पनि स्वभाविक रूपमा बाहिर निस्की आउनेछ, र तेरो पतित मानवताको पूर्ण रूपमा खुलासा हुनेछ। तैपनि, त्यसबेला समेत, तैँले अझै पनि तेरो आफ्नो विद्रोहीपन स्वीकार गर्न मान्दैनस्, त्यसको सट्टामा यस प्रकारको ख्रीष्टलाई स्वीकार गर्न सजिलो छैन, कि उहाँ मानिसको लागि अत्यन्त कठोर हुनुहुन्छ, र उहाँ एउटा दयालु ख्रीष्ट हुनुहुन्थ्यो भने तँ पूर्ण रूपमा समर्पित हुनेथिइस् भन्ने विश्वास गर्छस्। तिमीहरूले के विश्वास गर्छौ भने तिमीहरूको विद्रोहीपन उचित छ, उहाँले तिमीहरूलाई हदभन्दा बढी गर्नुभयो भने मात्रै तिमीहरूले उहाँको विरुद्धमा विद्रोह गर्छौ।

तैँले ख्रीष्टलाई परमेश्‍वरको रूपमा हेरेको छैनस्, उहाँमा आज्ञाकारी हुने अभिप्राय तँमा छैन भन्‍ने कुरालाई तिमीहरूले एक पटक पनि विचार गरेनौ। बरु, तँ त ख्रीष्टले चाहिँ तेरो इच्छा बमोजिम कार्य गर्नुभएको होस् भनेर जिद्दी गर्छस् र जब उहाँले तेरो विचारसँग नमिल्ने कुनै कुरा गर्नुहुन्छ तब तैँले उहाँ परमेश्‍वर होइन तर एउटा मानिस हो भन्‍ने विश्‍वास गर्छस्। के तिमीहरूमध्ये उहाँसँग यस तरिकाले संघर्ष गर्ने धेरै छैनन् र? आखिरमा तिमीहरूले कसमाथि विश्‍वास गर्छौ? अनि कुन तरिकामा तिमीहरूले खोजी गर्छौ?

तिमीहरूले सधैँ ख्रीष्टलाई हेर्ने इच्छा गर्छौ, तर म तिमीहरूलाई आग्रह गर्छु कि तिमीहरूले आफैलाई त्यति उच्च स्थानमा नराख; जो-कोहीले पनि ख्रीष्टलाई देख्न सक्छन्, तर म भन्छु, ख्रीष्टलाई हेर्ने योग्यका कोही पनि छैनन्। मानिसको प्रकृति दुष्टता, अहङ्कार, र विद्रोहीपनले भरेको हुने हुँदा, तैँले ख्रीष्टलाई देख्ने बित्तिकै, तेरो प्रकृतिले तँलाई नष्ट पार्नेछ र मृत्यु-दण्ड दिनेछ। एउटा दाजु-भाइ (या दिदी-बहिनी) सँगको तेरो सम्बन्धले तेरो बारेमा धेरै जसो कुरा देखाउँदैन, तर जब तँ ख्रीष्टसँग जोडिन्छस् तब त्यो त्यति सहज हुँदैन। कुनै पनि समयमा, तेरा धारणाहरूले जरा लगाउन सक्छ, तेरो अहङ्कार पलाउन सुरु हुन्छ, र तेरो विद्रोहीपनले अन्जीरहरू फलाउँछ। त्यस्तो मानवताद्वारा तँ कसरी ख्रीष्टसँग जोडिन लायक हुन सक्छस्? के तैँले हरेक दिनको हरेक पल उहाँलाई परमेश्‍वरको रूपमा साँचो तरिकाले व्यवहार गर्न सक्छस्? के तँमा साँच्चै परमेश्‍वरमाथिको समर्पणको वास्तविकता हुनेछ? तिमीहरूले उच्च परमेश्‍वरलाई आफ्नो हृदयमा यहोवाको रूपमा आराधना गर्छौ, जब कि त्यही क्रममा दृश्यमा भएको ख्रीष्टलाई एउटा मानिसको रूपमा लिन्छौ। तेरो भावना अति नै तल्लो दर्जाको छ र तेरो मानवता अत्यन्त पतित छ! तैँले ख्रीष्टलाई सधैँ परमेश्‍वरको रूपमा हेर्न सक्दैनस्; कहिलेकहीँ तिमीहरूलाई मन लागेको बेला मात्रै, तिमीहरू उहाँलाई समाएर उहाँलाई परमेश्‍वरको रूपमा पुज्छौ। यहि कारणले म भन्छु, कि तिमीहरू परमेश्‍वरका विश्‍वासीहरू होइनौ, तर ख्रीष्टको विरुद्धमा लड्ने अपराधी दल हौ। अरूलाई दया देखाउने मानिसहरूलाई पुनः चुक्ता गरिए पनि, र तिमीहरूका बीचमा त्यस्तो काम गर्नुहुने, ख्रीष्टले न त मानिसको प्रेम, न त उहाँको प्रतिफल र समर्पण नै पाउनुभयो। के यो हृदय विदारक कुरा होइन र?

परमेश्‍वरमाथिको तेरो वर्षौंदेखिको सबै विश्‍वासमा, तैँले कसैलाई कहिल्यै पनि सरापेको नहुन सक्छस् या खराब काम गरेको नहुन सक्छस्, तापनि ख्रीष्टसँगको तेरो सम्बन्धमा, तैँले सत्य बोल्न, इमानदारीतामा काम गर्न, या ख्रीष्टको वचन पालन गर्न सक्दैनस्; त्यस्तो स्थितिमा, म त भन्छु, तँ संसारकै सबैभन्दा कपटी र दुर्भावनापूर्ण व्यक्ति होस्। तँ तेरा नातेदारहरू, मित्रहरू, पत्‍नी (या पति), छोरा-छोरीहरू, र अभिभावकहरू, प्रति असाधारण रूपमा मिलनसार र समर्पित छस् होला र कहिल्यै पनि अरूको फाइदा उठाएको छैनस् होला, तर यदि तँ ख्रीष्ट अनुरूप हुन सक्दैनस्, यदि तँ उहाँसँगको एकतामा अन्तरक्रिया गर्न सक्दैनस् भने तैँले आफ्ना छिमेकीहरूका निम्ति आफ्नो सबै आराम अर्पण गर्छस् या आफ्नो बुवा, आमा, र तेरो घरका सदस्यहरूलाई सावधानीपूर्वक हेरचाह नै गरेको छस् भने पनि, म त भन्छु तँ अझै पनि दुष्ट छस्, साथै एउटा धूर्त छलले भरिपूर्ण छस्। तँ अरूसँग मिल्छस् या केही असल कार्य गर्छस् भन्दैमा तँ ख्रीष्ट अनुरूप छस् भन्‍ने नसोच्। के

तेरो परोपकारी अभिप्रायले स्वर्गका आशिषहरू ल्याउन सक्छ भन्‍ने तँलाई लाग्छ? के केही असल कार्यहरू गर्नु तेरो आज्ञाकारीताको विकल्प हो भन्‍ने तँलाई लाग्छ? तिमीहरूमध्ये एक जनाले पनि निराकरण र काटछाँटलाई स्वीकार गर्न सक्दैनौ, र तिमीहरूले परमेश्‍वरप्रतिको आफ्नो आज्ञाकारीताको तुरही निरन्तर रूपमा फुकिरहे पनि तिमीहरू सबैलाई ख्रीष्टको सामान्य मानवता अँगाल्न मुस्किल हुन्छ। तँमा भएको जस्तो विश्‍वासले एउटा उचित दण्ड ल्याउनेछ। काल्पनिक भ्रममा लिप्त हुन र ख्रीष्टलाई हेर्ने इच्छा राख्ने काम गर्न छोड्, किनकि तँ कदमा यति सानो छस् कि तँ उहाँलाई हेर्न समेत योग्य छैनस्। जब तँ आफ्नो विद्रोहीपनबाट पूर्ण रूपमा शुद्ध हुन्छस्, र ख्रीष्टसँगको एकतामा रहन सक्षम हुन्छस्, त्यो क्षण परमेश्‍वर स्वभाविक रूपमा तँकहाँ देखा पर्नुहुन्छ। यदि तँ काँटछाँट या न्यायबाट भएर नगईकन परमेश्‍वरलाई हेर्न जान्छस् भने, तँ निश्‍चय नै परमेश्‍वरको विरोधी हुनेछस् र विनाशमा पर्नेछस्। मानिसको प्रकृति अन्तर्निहित रूपमै परमेश्‍वरप्रति शत्रुतापूर्ण छ, किनकि सबै मानिसहरू शैतानको सबैभन्दा गाढा भ्रष्टतामा परेका छन्। यदि मानिसले आफ्नै भ्रष्टताको बीचमा रही परमेश्‍वरसँग सम्बन्ध कायम गर्ने कोसिस गर्छ भने, निश्‍चय नै यसबाट केही असल कुरा आउँदैन; उसको क्रियाकलाप र शब्दहरूले हरेक मोडमा निश्‍चय नै उसको भ्रष्टता खुलासा गर्नेछ, र परमेश्‍वरसँग सम्बन्ध बनाउने क्रममा उसको विद्रोहीपन त्यसको हरेक पक्षमा प्रकट हुनेछ। अन्जानमै, मानिसले ख्रीष्टको विरोध गर्न, ख्रीष्टलाई छल गर्न, र ख्रीष्टलाई त्याग्न पुग्छ; जब यो हुन आउँछ, मानिस अझै अस्थिर स्थितिमा हुनेछ, र यो जारी रह्यो भने, ऊ दण्डको भागीदार हुनेछ।

कोही-कोहीले के विश्‍वास गर्न सक्छन् भने, यदि परमेश्‍वरसँगको सम्बन्ध यति खतरा छ भने, परमेश्‍वरबाट टाढा बस्‍नु नै बुद्धिमानी हुनसक्छ। यस्ता खालका मानिसहरूले के चाहिँ हासिल गर्न सक्लान् र? के तिनीहरू परमेश्‍वरप्रति बफादार हुन सक्छन्? निश्‍चित रूपमा, परमेश्‍वरसँगको सम्बन्ध धेरै नै कठिन छ—तर त्यो यसकारणले भएको हो किनकि मानिस भ्रष्ट छ, परमेश्‍वरले मानिससँग सम्बन्ध राख्न नसक्नुभएकोले होइन। आफैलाई चिन्‍ने सत्यतामा अझै धेरै प्रयास गर्नु नै तिमीहरूका लागि उत्तम हुनेथियो। किन तिमीहरूले परमेश्‍वरको निगाह पाएको छैनौ? किन तिमीहरूको स्वभाव उहाँको निम्ति घृणित छ? किन तिमीहरूको बोलीले उहाँको अप्रसन्‍नता जगाउँछ? तिमीहरूले थोरै भक्ति प्रदर्शन गर्ने बित्तिकै, तिमीहरूले तिमीहरूका आफ्नै प्रशंसा गाउँछौ, र एउटा सानो योगदानको लागि तिमीहरू इनामको माग गर्छौ; जब तिमीहरूले सानो आज्ञाकारीता पूरा गर्छौ तिमीहरूले अरूलाई तल हेर्छौ, र केही स-साना कार्य पूरा गरिसकेपछि परमेश्‍वरप्रति तिरस्कारपूर्ण बन्छौ। परमेश्‍वरलाई ग्रहण गर्नको लागि, तिमीहरू पैसा, उपहारहरू, र प्रशंसाहरू माग्छौ। एउटा या दुई वटा सिक्का दिनु परे यसले तिमीहरूको हृदय पोल्छ; जब तिमीहरूले दस सिक्का दिन्छौ, तिमीहरूले आशिषको कामना गर्छौ र विशिष्टताको साथ व्यवहार गरियोस् भन्‍ने चाहन्छौ। तिमीहरूको जस्तो मानवता भन्‍न या सुन्‍नको लागि अपमानजनक छ। के तिमीहरूका शब्दहरू र कार्यहरूमा कुनै कुरा प्रशंसा गर्न योग्यको छ? आफ्नो कर्तव्य निर्वाह गर्ने र नगर्नेहरू; अगुवाई गर्नेहरू र पछ्याउनेहरू; परमेश्‍वरलाई ग्रहण गर्नेहरू र नगर्नेहरू; दान दिनेहरू र नदिनेहरू; प्रचार गर्नेहरू र वचन प्राप्त गर्नेहरू, र त्यस्तै अरू: त्यस्ता सबै मानिसहरूले आफैलाई प्रशंसा

गर्छन्। के तिमीहरूलाई यो हास्यास्पद लाग्दैन? परमेश्‍वरमा विश्‍वास गरेको पूर्ण रूपमा राम्ररी जान्दा जान्दै पनि तिमीहरू परमेश्‍वरको अनुरूप हुन सक्दैनौ। तिमीहरू योग्यता बिनाका छौ भन्ने पूर्ण रूपमा जान्दा जान्दै पनि तिमीहरू उही तरिकामा घमण्ड कायम राख्छौ। के तिमीहरू महसुस गर्दैनौ कि तिमीहरूका समझ त्यस बिन्दुसम्म भ्रष्ट भइसक्यो कि तिमीहरूमा आत्म-नियन्त्रण नै बाँकी छैन? यस्तो समझले, तिमीहरूले कसरी परमेश्‍वरसँग सम्बन्ध राख्‍न सक्छौ? के यस परिस्थितिमा तिमीहरू आफ्नै लागि डराउँदैनौ? तिमीहरूको स्वभाव यस बिन्दुसम्म खराब भइसकेको छ कि तिमीहरू परमेश्‍वर अनुरूप हुन सक्दैनौ। यसैले गर्दा, के तिमीहरूको विश्‍वास हास्यास्पद छैन र? के तेरो विश्‍वास निरर्थक छैन? तँ आफ्नो भविष्यको लागि कसरी अघि बढ्दैछस्? कुन बाटो लिने भनेर तैँले कसरी चयन गर्छस्?

## धेरैलाई बोलाइन्छ, तर थोरैलाई चुनिन्छ

मेरा अनुयायीहरू हुन मैले पृथ्वीमा धेरैलाई खोजेको छु। ती सबै अनुयायीहरू मध्ये पूजाहारीहरूका रूपमा सेवा गर्नेहरू, अगुवाई गर्नेहरू, परमेश्‍वरका पुत्रहरू, परमेश्‍वरका जनहरू र सेवा गर्नेहरू छन्। उनीहरूले मप्रति देखाउने वफादारीका आधारमा म उनीहरूको वर्गीकरण गर्छु। जब प्रकारअनुसार सबै वर्गीकृत हुन्छन्, भन्नुको तात्पर्य, जब हरेक प्रकारका व्यक्तिको स्वभाव प्रस्ट हुन्छ, मानवजातिको मुक्तिको मेरो लक्ष्य प्राप्त गर्न म उनीहरू प्रत्येकलाई उनीहरूका न्यायसङ्गत वर्गमा गणना गर्नेछु र उनीहरूलाई प्रकार अनुकूल सुहाउँदो स्थानमा राख्‍नेछु। मैले मुक्त गर्न चाहेकाहरूलाई म मेरो घरमा समूह समूहमा बोलाउँछु र त्यसपछि उनीहरू सबैलाई अन्त्यका दिनहरूका मेरा काम स्वीकार गर्न लगाउँछु। त्यति नै बेला, उनीहरूको प्रकारअनुसार म उनीहरूको वर्गीकरण गर्छु, त्यसपछि उनीहरूको कर्महरूको आधारमा प्रत्येकलाई पुरस्कृत वा दण्डित गर्छु। मेरो कामका चरणहरू यस्ता छन्।

आज, म पृथ्वीमा बस्छु र म मानिसका बीच बस्छु। मानिसहरूले मेरो कामको अनुभव गर्छन् र मेरा वाणीहरूको प्रतीक्षा गर्छन् र यसका साथै मेरा प्रत्येक अनुयायीहरूलाई म सबै सत्यहरू प्रदान गर्दछु कि उनीहरूले मबाट जीवन प्राप्त गर्न सक्छन्, र त्यसैले उनीहरू हिँड्ने बाटो पनि प्राप्त गर्न सक्छन्। किनकी म परमेश्‍वर हुँ, जीवनदाता हुँ। मेरा कामका धेरै वर्षहरूका दौरान मानिसहरूले धेरै कुरा प्राप्त गरेका छन् र धेरै कुरा गुमाएका छन्, तर अझ पनि म भन्छु उनीहरू मलाई साँच्चिकै विश्‍वास गर्दैनन्। किनकी मानिसहरू मुखले मात्र मलाई म परमेश्‍वर हुँ भनी स्वीकार गर्छन्, तर, मैले भनेका सत्यहरूसँग विमति राख्छन्, र अझ मैले उनीहरूलाई भनेको सत्यको अभ्यास गर्दैनन्। भन्नुपर्दा, मानिसहरू परमेश्‍वरको अस्तित्वलाई मात्र स्वीकार गर्छन् तर सत्यको अस्तित्वलाई होइन; मानिसहरू परमेश्‍वरको अस्तित्वलाई मात्र स्वीकार गर्छन् तर जीवनको अस्तित्वलाई होइन। मानिसहरू परमेश्‍वरको नामलाई मात्र स्वीकार गर्छन् तर उहाँको तत्वलाई होइन। उनीहरूको उत्साहको लागि म उनीहरूलाई घृणा गर्छु किनकी मलाई झुक्याउन उनीहरू मीठो सुनिने शब्दहरू प्रयोग मात्र गर्छन्; उनीहरू कसैले पनि मलाई साँच्चिकै आराधना गर्दैनन्।

तिमीहरूका भनाइहरूमा सर्पको प्रलोभन छ; अझ बढी, तिनमा चरम घमण्ड, प्रधान दूतको सत्य घोषणा झल्किन्छ; तिमीहरूका काम कलङ्कित हुने गरी लथालिङ्ग र भताभुङ्ग छन्; तिमीहरूका अधिक चाहनाहरू र लोभी अभिप्रायहरू सुन्न लाजमर्दो छन्। तिमीहरू सबै मेरो घरमा कीराहरू बनेका छौ घृणाको साथ खारेज गर्ने वस्तु बनेका छन्। तिमीहरू कोही पनि सत्यलाई मन पराउँदैनौ; सट्टामा, आशीर्वाद पाउन लालायित हुन्छौ, स्वर्ग चढ्ने इच्छा राख्छौ, ख्रीष्टले उहाँको शक्ति पृथ्वीमा प्रयोग गरेको भव्य दृश्य हेर्ने चाहना राख्छौ। तर के तिमीहरूले कहिल्यै सोचेका छौ तिमीहरू जस्ता पूरै भ्रष्ट जसलाई परमेश्‍वर जे हुनुहुन्छ भन्ने थाहा छैन, तिमीहरू कसरी परमेश्‍वरका अनुयायी हुन लायक हुन्छौ? कसरी तिमीहरू स्वर्गमा चढ्न सक्छौ? कसरी तिमीहरू यस्तो भव्य दृश्य, जुन दृश्यको भव्यताको कुनै पूर्ववर्ती कुरा छैन, त्यो हेर्न लायक हुन्छौ? तिमीहरूका मुख छलकपट र दुर्वचनका, विश्‍वासघात र अहङ्कारका शब्दहरूले भरिएको छ। तिमीहरूले मसँग कहिल्यै पनि सच्चाइका शब्दहरू बोलेका छैनौ, मेरो शब्द अनुभव गरेर कुनै पवित्र शब्द, कुनै विनम्रताका शब्द बोलेका छैनौ। अन्त्यमा, तिमीहरूको विश्‍वास कस्तो छ? तिमीहरूका हृदयमा आकाङ्क्षा र पैसा बाहेक केही पनि छैन र न तिमीहरूका चित्तमा भौतिक वस्तु बाहेक केही छ। प्रत्येक दिन मबाट कसरी केही कुरा लिने तिमी हिसाबकिताब गर्छौ। मबाट कति सम्पत्ति र कति भौतिक वस्तु प्राप्त गर्यौ तिमी हरेक दिन लेखाजोखा गर्छौ। हरेक दिन तिमी अझ बढी कृपा प्राप्त होस् भनेर पर्खन्छौ ताकि ती वस्तुहरूबाट तिमीले अधिक मात्रामा र उच्च तहको आनन्द लिन सकोस्। तिमीहरूको प्रत्येक पलको सोचाइमा म हुन्न न त त्यहाँ मबाट आउने सत्य नै हुन्छ, तर बरु त्यहाँ त तिमीहरूका श्रीमान वा श्रीमती, छोराहरू, छोरीहरू र तिमीहरूले खाने र लगाउने कुराहरू हुन्छन्। तिमीहरू कसरी अझ बृहत्, अझ उच्च आनन्द प्राप्त गर्न सकिन्छ त्यसैमा दत्तचित्त हुन्छौ। तर तिमीहरूले फुट्ने गरी पेट भरे पनि के तिमीहरू अझै लास होइनौ? बाहिरी रूपमा तिमीहरूले आफूलाई यति सुन्दर वस्त्रले सिङ्गारपटार गरे पनि के तिमीहरू अझ पनि जीवन विहीन जिउँदो लास होइनौ? आफ्नो पेटको लागि तिमीहरू कपाल फुलेर सेतो नहुँदासम्म परिश्रम गर्छौ तर पनि मेरो कामको लागि तिमीहरू कसैले पनि एक त्यान्द्रो कपालसम्म उत्सर्ग गर्दैनौ। तिमीहरू आफ्नै देहको लागि, आफ्नै छोराहरू र छोरीहरूको लागि आफ्नो शरीरलाई बोझ बोकाएर र मस्तिष्कलाई यातना दिएर निरन्तर हिँडिरहेका छौ तर पनि मेरो इच्छाको लागि एक जनाले पनि कुनै सरोकार वा चासो राख्दैनौ। तिमीहरूले मबाट अझ पनि प्राप्त गर्न चाहेको त्यस्तो कुरा के हो?

जब म काम गर्छु म कहिल्यै हतारमा गर्दिनँ। मानिसहरूले मलाई जसरी अनुसरण गरे पनि म मेरो काम चरणबद्ध रूपमा र मेरो योजना अनुसार गर्छु। तसर्थ मेरा विरुद्ध तिमीहरूको सबै विद्रोहका बाबजुद म अझ निरन्तर रूपमा काम गर्छु र अझ मैले बोल्नै पर्ने शब्दहरू बोल्न कहिल्यै छाड्दिन। म त्यस्ता व्यक्तिहरूलाई मेरो घरमा निम्त्याउँछु जो मेरो सन्देश सुन्न मद्वारा पहिले नै निश्‍चित गरिएका थिए। मेरा वचनहरू मान्ने, मेरा वचनहरू सुन्न लालायित हुने सबैलाई म मेरो गद्दी सामुन्ने उपस्थित गराउँछु; मेरा वचनहरूलाई बेवास्ता गर्ने, मलाई नटेर्ने र खुलमखुला चुनौती दिने सबैलाई अन्तिम दण्डको लागि तयार रहन एकातिर फालिदिन्छु। सबै मानिसहरू भ्रष्टतासँगै र दुष्टको छत्रछायामा बस्ने भएकाले र मेरा अनुयायीमध्ये थोरै मात्र सत्यको लागि

मरिमेट्छन्। यसो भन्नुपर्छ, अधिकांश मलाई पूर्ण भक्तिभावले उपासना गर्दैनन्, उनीहरू सच्चाइमा मेरो उपासना गर्दैनन् तर भ्रष्टता र विद्रोह जस्ता कपटपूर्ण माध्यमहरूबाट मेरो विश्वास जित्ने प्रयास गर्छन्। यही कारणले म भन्छु: धेरैलाई बोलाइन्छ तर थोरैलाई चुनिन्छ। उनीहरू जसलाई बोलाइन्छ उनीहरू भ्रष्टतामा चुर्लुम्म डुबेका छन् र सबै उही युगमा बाँचेका छन्, तर जो छानिएका छन् उनीहरू तिनीहरूका एक हिस्सा हुन्, उनीहरू सत्यमा विश्वास गर्ने र सत्यलाई स्वीकार गर्ने मानिसहरू हुन् साथै उनीहरू सत्यको अभ्यास गर्छन्। तर ती मानिसहरू सम्पूर्णताको सानो अंश मात्र हुन् र उनीहरूबाटै मैले बढी गौरव प्राप्त गर्नेछु। यी वचनहरूका आधारमा, के तिमीहरू छानिएकाहरूमा पर्यौ भनी तिमीहरूले थाहा पायौ? तिमीहरूको अन्त्य कस्तो हुने रहेछ?

मैले भने झैं, मेरो अनुसरण गर्ने धेरै छन् तर मलाई साँच्चिकै निस्वार्थ प्रेम गर्ने थोरै छन्। सायद कोहीले सोध्न सक्छन्, "मैले हजुरलाई प्रेम गरिनँ भने त्यति धेरै मूल्य मैले चुकाउनु पर्छ र? मैले हजुरलाई प्रेम गरिनँ भने यो बिन्दुसम्म मैले मान्नुपर्छ र?" अवश्य नै, तँसँग असङ्ख्य कारणहरू छन् र निश्‍चय नै, तेरो प्रेम धेरै महान् छ, तर मेरो लागि तेरो प्रेमको के अर्थ? "प्रेम" भनिए अनुसार यस्तो भावना हो जुन शुद्ध र दोषरहित हुन्छ जहाँ तँ प्रेम गर्न, अनुभव गर्न र विचारमग्न हुन आफ्नो हृदय प्रयोग गर्छस्। प्रेममा कुनै सर्तहरू हुँदैन, कुनै अवरोधहरू हुँदैन र कुनै दूरी पनि हुँदैन। प्रेममा कुनै शङ्का हुँदैन, कुनै छलकपट हुँदैन र कुनै धूर्तता पनि हुँदैन। प्रेममा कुनै लेनदेन हुँदैन र केही कुरा पनि अपवित्र हुँदैन। यदि तँ प्रेम गर्छस् भने तैँले छलकपट गर्दैनस्, गुनासो गर्दैनस्, धोका दिँदैनस्, विद्रोह गर्दैनस्, धुत्न वा कुनै कुरा प्राप्त गर्ने अथवा निश्‍चित मात्रामा केही पाउने प्रयास गर्दैनस्। यदि तैँले प्रेम गरिस् भने तैँले खुशीसाथ आफूलाई समर्पण गर्नेछस्, खुसी र दुःखकष्ट सहनेछस्, तँ मेरो अनुकूल हुनेछस्, मेरा लागि आफूसँग भएका सम्पूर्ण कुराहरू त्याग्नेछस्, तैँले आफ्नो परिवार, आफ्नो भविष्य, आफ्नो यौवन र आफ्नो विवाह त्याग्नेछस्। हैन भने, तेरो प्रेम कत्ति पनि प्रेम हुनेछैन, तर त्यो त केवल छलकपट र धोका हुनेछ! तेरो प्रेम कस्तो प्रेम हो? के यो साँचो प्रेम हो? अथवा झूटो? तैँले कति कुरा त्यागिस्? तैँले कति कुरा दिइस्? मैले तँबाट कति प्रेम प्राप्त गरेँ? के तँलाई थाहा छ? तिमीहरूको हृदय पाप, विश्‍वासघात र छलकपटले भरिएको छ, र त्यसकारण तिमीहरूको प्रेम कति अपवित्र छ? तिमीहरू सोच्छौ मेरो लागि प्रशस्त कुराहरू तिमीहरूले त्यागिसकेका छौ; तिमीहरू ठान्छौ मेरो लागि तिमीहरूको प्रेम चाहिनेभन्दा बढी भइसक्यो। तर किन तिमीहरूका भनाइहरू र गराइहरू सधैँ विद्रोही र कपटपूर्ण हुन्छन्? तिमीहरू मेरो अनुसरण गर्छौ तर पनि मेरा वचन स्वीकार गर्दैनौ। के यसलाई प्रेम मान्न सकिन्छ? तिमीहरू मेरो अनुसरण गर्छौ तर पनि त्यसपछि मलाई एकातिर पन्छाइ दिन्छौ। के यसलाई प्रेम मान्न सकिन्छ? तिमीहरू मेरो अनुसरण गर्छौ तर पनि मप्रति सन्देहशील छौ। के यसलाई प्रेम मान्न सकिन्छ? तिमीहरू मेरो अनुसरण गर्छौ तर पनि मेरो अस्तित्व स्वीकार गर्न सक्दैनौ। के यसलाई प्रेम मान्न सकिन्छ? तिमीहरू मेरो अनुसरण गर्छौ तर पनि मलाई सुहाउँदो व्यवहार मसँग गर्दैनौ र हरेक पटक मेरो लागि समस्या सिर्जना गर्छौ। के यसलाई प्रेम मान्न सकिन्छ? तिमीहरू मेरो अनुसरण गर्छौ तर पनि हरेक कुरामा मलाई मूर्ख बनाउने र धोका दिने प्रयास गर्छौ। के यसलाई प्रेम मान्न सकिन्छ? तिमीहरू मेरो सेवा गर्छौ तर मसँग डर मान्दैनौ। के यसलाई प्रेम मान्न

सकिन्छ? हरतरहले र सबै कुरामा तिमीहरू मेरो विरोध गर्छौ। के यो सबैलाई प्रेम मान्न सकिन्छ? यो सत्य हो कि तिमीहरू पूर्ण रूपमा समर्पित छौ तर मैले तिमीहरूबाट चाहेको कुरा तिमीहरूले कहिल्यै पनि अभ्यास गरेनौ। के यसलाई प्रेम भन्न सकिन्छ? सुविचारित लेखाजोखाले देखाउँछ कि तिमीहरूभित्र मेरो लागि प्रेमको अलिकति पनि सङ्केत छैन। यति धेरै वर्षका काम र मैले दिएका यति धेरै वचनहरूपछि तिमीहरूले वास्तवमा कति प्राप्त गर्यौ? के यो पछाडि फर्किएर ध्यानपूर्वक हेर्न लायक छैन? म तिमीहरूलाई सचेत गराउँछु: जसलाई मैले बोलाउँछु उनीहरू कहिल्यै पनि भ्रष्ट नभएका व्यक्ति होइनन्: बरु, जसलाई मैले छानेँ उनीहरू मलाई साँच्चिकै प्रेम गर्छन्। त्यसैले, आफ्ना भनाइ र गराइहरूमा तिमीहरू सचेत हुनैपर्छ, साथै आफ्ना मनसाय र विचारहरूलाई तिमीहरूले जाँच्नुपर्छ ताकि तिनीहरूले सीमा उल्लङ्घन नगरून्। आखिरी दिनहरूका समयमा, तिमीहरूको प्रेम मेरो अगाडि समर्पित गर्न आफूले सक्दो प्रयास गर, अन्यथा मेरो क्रोध तिमीहरूबाट टाढा जाने छैन।

## तैँले ख्रीष्टसँगको अनुकूलताको मार्ग खोजी गर्नुपर्छ

मैले मानिसको बीचमा धेरै काम गरेको छु, जुन अवधिमा मैले धेरै वचनहरू पनि व्यक्त गरेको छु। यी सबै वचनहरू मानिसको मुक्तिको खातिर हुन् र मानिस मेरो निम्ति उपयुक्त बन्न सकोस् भनेर ती व्यक्त गरिएका थिए। तैपनि, मैले पृथ्वीमा केही मानिसहरूलाई मात्रै प्राप्त गरेको छु, जो मेरो निम्ति उपयुक्त छन्, त्यसैले म के भन्छु भने मानिसले मेरा वचनहरूलाई बहुमूल्य ठान्दैन—यसको कारण हो मानिस मेरो निम्ति उपयुक्त नहुनु। यसरी, मैले गर्ने काम मानिसले मेरो आराधना गर्न सकोस् भनेर मात्रै होइन; अझै महत्त्वपूर्ण कुरा, मानिस मेरो निम्ति उपयुक्त बन्न सकोस् भनेर यसो गरिएको हो। मानिस भ्रष्ट पारिएको छ र शैतानको फन्दामा जिउँछ। सबै मानिसहरू शरीरमा जिउँछन्, स्वार्थी इच्छाहरूमा जिउँछन्, र तिनीहरूका बीचमा मप्रति उपयुक्त एक जना पनि छैन। मेरो निम्ति उपयुक्त छु भन्ने मानिसहरू छन्, तर त्यस्ता मानिसहरूले अज्ञात मूर्तिहरूको पूजा गर्छन्। तिनीहरूले मेरो नामलाई पवित्र भनी स्वीकार गरे तापनि, मभन्दा विपरीत दिशातर्फ बढ्ने मार्गमा तिनीहरू पाइला चाल्छन्, र तिनीहरूका वचनहरू अहङ्कार र आत्मविश्वासले भरिएका छन्। यसको कारण हो, मूल रूपमा तिनीहरू मेरो विरुद्धमा हुनु र मेरो निम्ति उपयुक्त छैनन्। हरेक दिन, तिनीहरूले बाइबलमा मेरो निसानाहरू खोज्छन् र जथाभाबी "उपयुक्त" खण्डहरू भेट्छन् जसलाई तिनीहरूले अटुट रूपमा पढ्छन् र धर्मशास्त्रका रूपमा पाठ गर्छन्। मेरो निम्ति कसरी उपयुक्त हुने सो तिनीहरूलाई थाहा छैन न त मेरो विरुद्धमा खडा हुनु भनेको के हो सो नै तिनीहरूलाई थाहा छ। तिनीहरू खालि अन्धाधुन्ध धर्मशास्त्रका खण्डहरू पढ्छन्। तिनीहरूले कहिल्यै नदेखेका र देख्न असक्षम भएका अस्पष्ट परमेश्‍वरलाई बाइबलभित्र सीमित गर्छन् र फुर्सतमा हेर्न यसलाई निकाल्छन्। तिनीहरूले बाइबलको क्षेत्रभित्र मात्रै मेरो अस्तित्वमा विश्‍वास गर्छन्, र तिनीहरूले मलाई बाइबलसँग समान मान्छन्; बाइबलविना म हुँदिन, र मविना बाइबल हुँदैन। मेरो अस्तित्व वा मेरा कार्यहरूलाई तिनीहरूले ध्यानै दिँदैनन्, तर यसको साटो धर्मशास्त्रका एक-एक

शब्दलाई अत्याधिक र विशेष ध्यान दिन्छन्। धर्मशास्त्रले भविष्यवाणी नगरेसम्म मैले चाहेअनुसार केही पनि गर्नु हुँदैन भनी धेरैले पनि विश्वास गर्छन्। तिनीहरूले धर्मशास्त्रलाई अत्याधिक महत्त्व दिन्छन्। के भन्न सकिन्छ भने तिनीहरूले वचनहरू र अभिव्यक्तिहरूलाई यति हदसम्म महत्त्वपूर्ण देख्छन् कि मैले बोल्ने हरेक शब्दलाई मापन गर्न र मलाई दोष दिन तिनीहरूले बाइबलका पदहरू प्रयोग गर्छन्। तिनीहरूले खोज्ने कुरा मप्रति अनुकूल हुने मार्ग वा सत्यतासँग अनुकूल हुने मार्ग होइन, तर बाइबलका वचनहरूप्रति अनुकूल हुने मार्ग हो, र बाइबलसँग नमिल्ने जुनसुकै कुरा मेरो काम होइन, कुनै आपत्तिविना विश्वास गर्छन्। के यस्ता मानिसहरू फरिसीहरूका कर्तव्यनिष्ठा सन्तान होइनन् र? यहूदी फरिसीहरूले येशूलाई दोषी ठहऱ्याउन मोशाको व्यवस्था प्रयोग गरे। तिनीहरूले त्यो समयमा येशूसँग अनुकूल हुने प्रयास गरेनन्, तर तिनीहरूले यति हदसम्म व्यवस्थालाई शब्द-शब्द गरी लगनशीलताको साथ पछ्याए कि–पुरानो करारको व्यवस्थालाई पालन नगरेको र मसीह नभएको आरोप उहाँलाई लगाएपछि–तिनीहरूले आखिरमा निर्दोष येशूलाई क्रूसमा टाँगे। तिनीहरूको सार के थियो? के तिनीहरूले सत्यताप्रति अनुकूल हुने मार्गलाई नखोज्नु नै थिएन र? तिनीहरू धर्मशास्त्रको एक-एक शब्दले ग्रस्त भए तर न त तिनीहरूले मेरो इच्छालाई ध्यान दिए न मेरो कामका चरणहरू र विधिहरूलाई नै ध्यान दिए। तिनीहरू सत्यताको खोजी गर्ने मानिसहरू थिएनन् तर शब्दहरूमा कठोरतासाथ लाग्ने मानिसहरू थिए; तिनीहरू परमेश्‍वरमा विश्वास गर्ने मानिसहरू थिएनन्, तर बाइबलमा विश्वास गर्ने मानिसहरू थिए। वास्तवमा, तिनीहरू बाइबलका रक्षा गर्ने कुकुरहरू थिए। बाइबलका रुचिहरूको सुरक्षा गर्न, बाइबलको इज्जतलाई कायम राख्न, र बाइबलको मर्यादाको संरक्षण गर्न, तिनीहरूले कृपालु येशूलाई क्रूसमा कीला ठोकी मार्ने हदसम्म गए। तिनीहरूले बाइबलको प्रतिरक्षा गर्नको खातिर, र मानिसहरूका हृदयमा बाइबलका एक-एक वचनको प्रतिष्ठालाई कायम गर्नको खातिर मात्रै तिनीहरूले यसो गरे। त्यसकारण तिनीहरूले येशूलाई मृत्युदण्ड दिन आफ्नो भविष्य र पापबलिलाई त्याग्न नै रुचाए, जसले मृत्युसम्म नै धर्मशास्त्रको सिद्‌धान्तअनुसार गर्नुभएन। के तिनीहरू सबै धर्मशास्त्रका एक-एक वचनका दास थिएनन् र?

अनि आजका मानिसहरूको बारेमा के भन्ने? ख्रीष्ट सत्यतालाई प्रकट गर्न आउनुभएको छ, तैपनि तिनीहरूले उहाँलाई यस संसारबाट निकाल्न चाहन्छन् ताकि तिनीहरूले स्वर्ग प्रवेश प्राप्त गरून् र अनुग्रह प्राप्त गरून्। तिनीहरूले बाइबलका रुचिहरूको संरक्षण गर्नको लागि बरु सत्यताको आगमनलाई पूर्ण रूपमा इन्कार गर्छन्, र बाइबलको अनन्त अस्तित्वलाई सुनिश्‍चित गर्नको लागि तिनीहरूले बरु शरीरमा फर्कनुभएको ख्रीष्टलाई क्रूसमा फेरि टाँग्छन्। मानिसको हृदय मप्रति त्यति द्‌वेषपूर्ण छ र उसको स्वभाव मप्रति त्यति विरोधी छ भने उसले कसरी मेरो मुक्ति पाउन सक्छ? म मानिसको बीचमा जिउँछु, तैपनि मानिसलाई मेरो अस्तित्वको बारेमा थाहा छैन। म मानिसमाथि मेरो ज्योति चम्काउँदा पनि, मेरो अस्तित्वको बारेमा ऊ अझ अनभिज्ञ नै रहन्छ। जब म मानिसमाथि आफ्नो क्रोध बर्षाउँछु, उसले अझै अत्यन्तै जोसको साथ मेरो अस्तित्वलाई इन्कार गर्छ। मानिसले वचन अनुकूल हुन र बाइबल अनुकूल हुन खोज्छ, तैपनि सत्यताको अनुकूल हुने मार्गलाई खोज्न एक जना पनि मेरो सामु आउँदैन। मानिसले माथि फर्केर मलाई स्वर्गमा हेर्छ र

स्वर्गमा रहेको मेरो अस्तित्वको लागि खास सरोकार अर्पण गर्छ, तैपनि शरीरमा मेरो लागि कसैले पनि वास्ता गर्दैन, किनभने मानिसको बीचमा बस्ने म अत्यन्तै महत्त्वहीन छु। बाइबलका वचनहरूसँग मात्रै अनुकूल हुन खोज्नेहरू र अस्पष्ट परमेश्वरसँग अनुकूल हुने प्रयास गर्नेहरू मेरो लागि दु:खदायी दृश्य हुन्। यसको कारण हो तिनीहरूले आराधना गर्ने कुराहरू मृत वचनहरू, र तिनीहरूलाई बेहिसाब सम्पत्ति दिन सक्ने परमेश्वर हुन्; तिनीहरूले जे आराधना गर्छन् सो आफैलाई मानिसको कृपामा समर्पित गर्ने परमेश्वर हुन्–अस्तित्वमा नै नभएको परमेश्वर। त्यसो भए, त्यस्ता मानिसहरूले मबाट के प्राप्त गर्न सक्छन्? वचनहरूका निम्ति मानिस अत्यन्तै नीच छ। जो मेरो विरुद्धमा छन्, जसले मबाट असीमित मागहरू गर्छन्, जोसँग सत्यताको निम्ति कुनै प्रेम छैन, जो मप्रति विद्रोही छन्–तिनीहरू कसरी मप्रति अनुकूल हुनसक्छन्?

जो मेरा विरुद्धमा छन् तिनीहरू मेरो अनुकूल छैनन्। सत्यतालाई प्रेम नगर्नेहरूका हकमा पनि यही कुरा लागू हुन्छ। मेरो विरुद्धमा विद्रोह गर्नेहरू अझै बढी मेरो विरुद्धमा छन् र मेरो अनुकूल छैनन्। मप्रति अनुकूल नहुने सबैलाई म दुष्टको हातमा सुम्पिन्छु, र म तिनीहरूलाई दुष्टको भ्रष्टतामा छोडिदिन्छु, तिनीहरूको खराबीपनलाई प्रकट गर्न तिनीहरूलाई बेलगाम छोडिदिन्छु, र अन्तिममा तिनीहरूलाई दुष्टको हातमा सुम्पिन्छु ताकि त्यसले तिनीहरूलाई निलोस्। कति जनाले मेरो आराधना गर्छन् म त्यसको वास्ता गर्दिन, भन्नुको अर्थ, मलाई कति मानिसहरूले विश्वास गर्छन् म त्यसको वास्ता गर्दिन। मलाई चासो लाग्ने एउटै कुरा भनेको मप्रति कति जना अनुकूल छन् भन्ने हो। यसको कारण हो मप्रति अनुकूल नहुने सबै दुष्टहरू हुनु जसले मलाई धोका दिन्छन्; तिनीहरू मेरा शत्रुहरू हुन्, र मैले मेरा शत्रुहरूलाई मेरो घरमा “पवित्रसरह राख्नु” हुँदैन। मप्रति अनुकूल हुनेहरूले सदासर्वदा मेरो घरमा मलाई सेवा गर्नेछन् र मेरो विरुद्ध खडा हुनेहरूले सदासर्वदा मेरो दण्ड भोग्नेछन्। बाइबलका वचनहरूका बारेमा मात्रै चासो राख्नेहरू न त सत्यता न मेरो पाइलाहरूको खोजी गर्नमा सरोकार राख्छन्–तिनीहरू मेरो विरुद्धमा छन्, किनभने तिनीहरूले मलाई बाइबलअनुसार सीमित गर्छन्, मलाई बाइबलभित्रै सीमाबद्ध गर्छन्, त्यसैले तिनीहरू मप्रति चरम ईश्वरविरोधी छन्। यस्ता मानिसहरू कसरी मेरो सामु आउन सक्छन्? तिनीहरूले मेरा कार्यहरू, वा मेरो इच्छा, वा सत्यतालाई कुनै वास्ता गर्दैनन्, तर तिनीहरू वचनहरूप्रति लिप्त भएका छन्–त्यस्ता वचनहरू जसले मार्छ। यस्ता मानिसहरू कसरी मप्रति अनुकूल हुन सक्छन्?

मैले यति धेरै वचन व्यक्त गरेको छु, र मेरो इच्छा र मेरो स्वभावलाई पनि व्यक्त गरेको छु, तैपनि मानिसहरू मलाई चिन्न र मलाई विश्वास गर्न अझै पनि असक्षम छन्। अथवा, यसो भन्न सकिन्छ, मानिसहरू अझै पनि मेरो आज्ञा पालन गर्न असक्षम छन्। बाइबलभित्र नै जिउनेहरू, व्यवस्थाभित्र नै जिउनेहरू, क्रूसमा जिउनेहरू, सिद्धान्तअनुसार जिउनेहरू, आज मैले गर्ने कामको बीचमा जिउनेहरू–तिनीहरूमध्ये को मप्रति अनुकूल छन्? तिमीहरू आशिष् र इनामहरू प्राप्त गर्ने बारेमा मात्रै विचार गर्छौ, तर मप्रति वास्तवमा कसरी अनुकूल हुने, वा आफैलाई म विरुद्ध हुनबाट कसरी रोक्ने त्यसको बारेमा अलिकति पनि विचार गरेका छैनौ। म तिमीहरूप्रति धेरै निराश भएको छु, किनभने मैले तिमीहरूलाई यति धेरै दिएको छु, तैपनि मैले तिमीहरूबाट अत्यन्तै थोरै पाएको

छ। तिमीहरूको छल, तिमीहरूको अहङ्कार, तिमीहरूको लोभ, तिमीहरूको लालची इच्छाहरू, तिमीहरूका धोका, तिमीहरूका अनाज्ञाकारीता—यीमध्ये कुनचाहिँ मेरो नजरबाट उम्कन सक्छ र? तिमीहरू मप्रति लापरवाही छौ, तिमीहरूले मलाई ठग्छौ, तिमीहरू मलाई अपमान गर्छौ, तिमीहरू मेरो चापलुसी गर्छौ, तिमीहरू मेरो बलिदानको लागि मलाई माग गर्छौ र जबरजस्ती गर्छौ—त्यस किसिमको अनिष्टता कसरी मेरो दण्डबाट उम्कन सक्छ। यी सबै दुष्कर्म मेरो विरुद्ध तिमीहरूको शत्रुताको प्रमाण हो र मप्रति तिमीहरू अनुकूल नभएको प्रमाण हो। तिमीहरू प्रत्येकले मप्रति आफू अनुकूल छौ भनेर विश्वास गर्छौ, तर त्यसो भएको भए त, त्यस किसिमको अकाट्य प्रमाण कसमा लागू हुनेथियो? तिमीहरूमा मप्रति अत्याधिक इमानदारीता र बफादारीता छ भन्ने तिमीहरू आफै विश्वास गर्छौ। के तिमीहरू यति कृपालु, यति करुणामय छौ, र मलाई अत्यन्तै धेरै कुरा समर्पित गरेका छौ भन्ने तिमीहरूलाई लाग्छ। तिमीहरूले मेरो लागि गर्नुपर्ने भन्दा बढी नै गरेका छौ भन्ने तिमीहरूलाई लाग्छ। तर के तिमीहरूले कहिल्यै यसलाई तिमीहरूका कार्यहरूसँग तुलना गरेका छौ? म भन्छु, तिमीहरू अत्यन्तै अहङ्कारी, अत्यन्तै लोभी, अत्यन्तै लापरवाही छौ; तिमीहरूले मलाई झुक्याउँछौ युक्तिहरू अत्यन्तै चतुर किसिमका छन्, र तिमीहरूमा प्रशस्तै घृणास्पद अभिप्रायहरू र घृणास्पद विधिहरू छन्। तिमीहरूको बफादारीता अत्यन्तै थोरै छ, तिमीहरूको तत्परता अत्यन्तै नगण्य छ, र तिमीहरूको विवेक झनै कम छ। तिमीहरूको हृदय अत्यन्तै धेरै द्‌वेष छ, र तिमीहरूको द्‌वेषबाट कोही पनि उम्कँदैन, म नै पनि। आफ्नो छोराछोरीको खातिर, वा आफ्नो श्रीमानको खातिर, वा तिमीहरूको आत्मसंरक्षणको खातिर तिमीहरूले मलाई थुन्छौ। मेरो बारेमा वास्ता गर्नुको सट्टा, तिमीहरू आफ्नै परिवार, आफ्नो छोराछोरी, आफ्नो प्रतिष्ठा, आफ्नो भविष्य, र आफ्नो सन्तुष्टिको वास्ता गर्छौ। तिमीहरूले बोल्दा वा काम गर्दा कहिले मेरो बारेमा विचार गरेका छौ? ठन्डा दिनहरूमा, तिमीहरू आफ्नो सन्तान, आफ्नो श्रीमान, आफ्नी श्रीमती, वा आफ्ना आमाबाबुको बारे विचार गर्छौ। गर्मीका दिनहरूमा पनि, तिमीहरूको विचारमा मेरो कुनै स्थान हुँदैन। जब तैँले आफ्नो कर्तव्य निभाउँछस्, तैँले आफ्नै रुचिहरू, आफ्नै व्यक्तिगत सुरक्षा, तेरो परिवारका सदस्यहरूका बारेमा सोचिरहन्छस्। तैँले मेरो लागि हुने कहिले के गरेको छस्? तैँले कहिले मेरो बारेमा विचार गरेको छस्? कहिले तैँले आफूलाई जुनसुकै हालतमा पनि मेरो लागि र मेरो कामको लागि समर्पित गरेको छस्? मप्रति तेरो अनुकूलताको प्रमाण कहाँ छ? मप्रति तेरो वफादारीताको वास्तविकता कहाँ छ? मप्रति तेरो आज्ञाकारीताको वास्तविकता कहाँ छ? कहिले तेरो अभिप्रायहरू मेरा आशिषहरू प्राप्त नगर्नको खातिर रहेका छन्? तिमीहरू मलाई झुक्याउँछौ र मलाई धोका दिन्छौ, तिमीहरू सत्यतामाथि खेलबाड गर्छौ, तिमीहरू सत्यताको अस्तित्वलाई लुकाउँछौ, र सत्यताको सार-तत्वलाई धोका दिन्छौ। यसरी मेरो विरुद्‌धमा गएर भविष्यमा तिमीहरूलाई केले पर्खिन्छ? तिमीहरू अस्पष्ट परमेश्वरप्रतिको अनुकूलतालाई मात्रै खोजी गर्छौ, र अस्पष्ट विश्वासको मात्रै खोजी गर्छौ, तैपनि तिमीहरू ख्रीष्टप्रति अनुकूल छैनौ। के दुष्टले पाउने जस्तै तिमीहरूको अनिष्टताले पनि दण्ड पैदा गर्नेछैन र? त्यो समयमा, ख्रीष्टको अनुकूल नरहने कसैले पनि क्रोधको दिनबाट उम्कन सक्दैन भन्ने कुरालाई तिमीहरूले महसुस गर्नेछौ, र ख्रीष्टको विरुद्‌धमा खडा हुनेहरूमाथि कस्तो प्रकारको दण्ड आउनेछ भन्ने कुरा तिमीहरूले पत्ता लगाउनेछौ। जब त्यो दिन आउँछ, परमेश्वरमाथिको

आफ्नो विश्वासको कारण आशिषित हुने र स्वर्गको प्रवेश प्राप्त गर्ने तिमीहरूका सपनाहरू चकनाचूर हुनेछन्। तैपनि, ख्रीष्टप्रति अनुकूल हुनेहरूका लागि यस्तो हुनेछैन। तिनीहरूले धेरै कुरा गुमाएको भए तापनि, तिनीहरूले धेरै कठिनाइ भोगेका भए तापनि, मैले मानवजातिलाई दिने सबै उत्तराधिकार तिनीहरूले प्राप्त गर्नेछन्। अन्तमा, म मात्रै धर्मी परमेश्वर हुँ, र मानवजातिलाई उसको सुन्दर गन्तव्यमा लैजान सक्ने म मात्रै हुँ भन्ने कुरालाई तिमीहरूले बुझ्नेछौ।

## के तँ परमेश्वरको साँचो विश्वासी होस्?

तैँले परमेश्वरप्रतिको विश्वासको मार्गमा हिँडेको एक-दुई वर्ष भएको हुनसक्छ र सायद तैँले यी वर्षहरूमा आफ्नो जीवनमा धेरै कठिनाइ भोगेको छस् होला; वा सायद तैँले ज्यादा कठिनाइ भोगेको छैनस् होला, र त्यसको सट्टा धेरै अनुग्रह प्राप्त गरेको छस् होला। तैँले न त कठिनाइ न त अनुग्रह नै अनुभव गरेको बरु मामूली जीवन जिएको पनि हुनसक्छ। यसको बाबजुद पनि, तँ अझै परमेश्वरको अनुयायी रहेको छस्, त्यसैले हामी परमेश्वरलाई पछ्याउने विषयमा सङ्गति गरौं। तैपनि यी वचनहरू पढ्ने सबैलाई मैले याद दिलाउनुपर्छ कि परमेश्वरका वचनहरू उहाँलाई स्वीकार गर्ने र पछ्याउनेहरूप्रति लक्षित हुन्छन्, उहाँलाई स्वीकार गर्ने वा नगर्ने सबै मानिसहरूप्रति लक्षित हुँदैनन्। यदि तैँले परमेश्वर संसारमा भएका जनसमुदायहरू, सम्पूर्ण मानिसहरूसँग बोल्नुहुन्छ भनी विश्वास गर्छस् भने, तँमाथि परमेश्वरको वचनको कुनै प्रभाव हुनेछैन। यसरी, तैँले आफ्नो हृदयमा यी सबै वचनहरूलाई सम्झना गर्नुपर्छ र आफूलाई कहिल्यै पनि तिनीहरूबाट अलग गर्नु हुँदैन। जे भए तापनि, हाम्रो घरमा जे भइरहेको छ सोबारेमा कुरा गरौं।

तिमीहरू सबैले अब परमेश्वरमाथिको विश्वासको साँचो अर्थलाई बुझ्नुपर्छ। मैले यसअघि बताएको परमेश्वरमाथिको विश्वासको अर्थ तिमीहरूको सकारात्मक प्रवेशसँग सम्बन्धित छ। आज फरक छः आज, म परमेश्वरमाथिको तेरो विश्वासको सारतत्वको बारेमा विश्लेषण गर्न चाहन्छु। निश्चय नै, यसले तिमीहरूलाई नकारात्मक पक्षबाट मार्गदर्शन गरिरहेको छ; यदि मैले यसो नगरेको भए, तिमीहरूले कहिल्यै आफ्ना साँचो अनुहार चिन्ने थिएनौ, र सदा आफ्ना भक्ति र विश्वसनीयताको बखान गर्थ्यौ। यो भन्नु उचित हुन्छ कि यदि मैले तिमीहरूका हृदयका गहिराइमा भएका कुरूपतालाई उजागर गरिन भने, तिमीहरू हरेकले आफ्ना शिरमाथि मुकुट पहिरिन्थ्यौ र सम्पूर्ण महिमा आफ्नै निम्ति राख्थ्यौ। तिमीहरूका अहङ्कारी र घमण्डी स्वभावहरूले तिमीहरूका आफ्नै विवेकलाई प्रकट गर्न, ख्रीष्टविरुद्ध विद्रोह गर्न र प्रतिवाद गर्न, अनि तिमीहरूका कुरूपता प्रकट गर्न विवश पार्छ र यसरी तिमीहरूका अभिप्राय, धारणा, अनावश्यक लालसा, र लोभले भरिएका आँखाहरूलाई उजागर गरिदिन्छ। तैपनि तिमीहरूले ख्रीष्टको कामको निम्ति आफ्नो जीवनभरिको उत्कट इच्छा र ख्रीष्टले उहिले नै पटक-पटक बताउनुभएका सत्यहरू बकबक गरिरहन्छौ। यो तिमीहरूको “विश्वास” हो–तिमीहरूको “विशुद्ध विश्वास”। मैले मानिसलाई सँधै नै कडा मापदण्डमा राखेको छु। यदि अभिप्राय र सर्तहरूसहित तेरो बफादारिता आउँछ भने, म बरु तेरो कथित बफादारिताविना रहन चाहन्छु, किनकी मलाई आफ्ना अभिप्रायहरूद्वारा धोका दिने र सर्तहरूद्वारा

जबरजस्ती गर्नेहरूलाई म घृणा गर्छु। मानिस मप्रति पूर्ण रूपमा बफादार होस्, र उसले एउटै शब्द, अर्थात् विश्वासको खातिर र त्यसलाई प्रमाणित गर्नको लागि सबै कुरा गरोस् भन्ने मात्रै म कामना गर्छु। मलाई खुशी पार्न कोसिस गर्ने तिमीहरूको चापलुसीको प्रयोगलाई म घृणा गर्छु, किनकि मैले सधैँ तिमीहरूलाई इमानदारिताले व्यवहार गरेको छु, र त्यसैले तिमीहरूले पनि मप्रति साँचो विश्वासले काम गरको चाहन्छु। जब विश्वासको कुरा आउँछ, धेरैले सोच्न सक्छन् कि तिनीहरूले परमेश्वरलाई पछ्याउँछन् किनभने तिनीहरूसँग विश्वास छ र नत्रभने तिनीहरूले यस्ता कष्ट सहँदैनथे। त्यसैले म तँलाई यी कुरा सोध्छु: यदि तैँले परमेश्वरको अस्तित्वमा विश्वास गर्छस् भने, किन तँ उहाँलाई आदर गर्दैनस्? यदि तैँले परमेश्वरको अस्तित्वमा विश्वास गर्छस् भने, किन तेरो हृदयमा उहाँको थोरै भय पनि छैन? यदि तैँले ख्रीष्ट देहधारी परमेश्वर हुनुभएको हो भनी स्वीकार गर्छस् भने, तैँले उहाँलाई किन घृणा गर्छस्? किन तैँले उहाँप्रति श्रद्धाविहीन भई कार्य गर्छस्? किन तैँले उहाँलाई खुल्लम-खुल्ला मूल्याङ्कन गर्छस्? किन तैँले सधैँ उहाँका गतिविधिहरूमाथि जासुसी गर्छस्? किन तँ उहाँका प्रबन्धहरूप्रति समर्पित हुँदैनस्? किन तँ उहाँको वचनअनुरूप काम गर्दैनस्? किन तैँले उहाँबाट उहाँका भेटीहरू जबरजस्ती खोस्ने र लुट्ने कोसिस गर्छस्? किन तँ ख्रीष्टको स्थानबाट बोल्छस्? किन तैँले उहाँको काम र उहाँको वचन सही छ कि छैन भनी मूल्याङ्कन गर्छस्? किन तैँले उहाँको पिठ्यूँपछाडि उहाँको ईश्वरनिन्दा गर्ने साहस गर्छस्? के तेरो विश्वास यी र अन्य कुराहरूले निर्मित छ?

तिमीहरूका वचनहरू र व्यवहारमा ख्रीष्टमाथिको तिमीहरूको अविश्वासका तत्वहरू प्रकट हुन्छन्। तिमीहरूले गर्ने सबै कुराका आशय र लक्ष्यहरूमा अविश्वास व्याप्त छ। तिमीहरूको हेराइको भावमा समेत ख्रीष्टमाथिको अविश्वास रहेको हुन्छ। हरेक मिनेट तिमीहरू प्रत्येकले अविश्वासको तत्वहरूलाई शरण दिन्छौ भनेर भन्न सकिन्छ। यसको अर्थ के हुन्छ भने, हरेक क्षण, तिमीहरू ख्रीष्टलाई धोका दिने खतरामा हुन्छौ, किनकि तिमीहरूको शरीरमा बग्ने रगत देहधारी परमेश्वरमाथिको अविश्वासले भरिएको हुन्छ। त्यसकारण, म त भन्छु, परमेश्वरमाथिको विश्वासको पथमा तिमीहरूले छाड्ने पाइलाहरू वास्तविक होइनन्; तिमीहरू परमेश्वरमाथिको विश्वासको पथमा हिँड्दा, तिमीहरूले आफ्नो पाइला दह्रिलो गरी धरातलमा टेक्दैनौ–तिमीहरू केवल अल्याङ्टल्याङ गरिरहेका हुन्छौ। तिमीहरूले कहिल्यै पनि ख्रीष्टको वचनमा पूर्ण विश्वास गर्दैनौ र यसलाई तुरुन्तै अभ्यास गर्न सक्दैनौ। तिमीहरूमा ख्रीष्टमाथिको विश्वास नहुनुको कारण यही हो। उहाँको बारेमा सधैँ धारणाहरू हुनु पनि तिमीहरूसँग उहाँमाथि विश्वास नहुनुको अर्को कारण हो। सदा ख्रीष्टको कामको बारेमा शङ्कालु हुनु, ख्रीष्टका वचनहरूप्रति कानमा तेल हाल्नु, ख्रीष्टद्वारा गरिने जुनसुकै कामको बारेमा आफ्नै विचार दिनु र यो कामलाई सही तरिकाले बुझ्न नसक्नु, तिमीहरूले जुनै व्याख्या प्राप्त गरे पनि तिमीहरूका धारणाहरूलाई पन्छाउन कठिन हुनु, र त्यस्तै अन्य कुराहरू–यी सबै तिमीहरूका हृदयभित्र मिसिएका अविश्वासका तत्वहरू हुन्। तिमीहरूले ख्रीष्टको कार्यलाई पछ्याउने र कहिल्यै पछि नपर्ने भए पनि, तिमीहरूका हृदयमा ज्यादै धेरै विद्रोह मिसिएको छ। यो विद्रोह परमेश्वरमाथिको तेरो विश्वासको अशुद्धता हो। सायद तिमीहरूले मामिला यस्तै हो भनेर सोच्दैनौ होला, तर यदि तँ यसभित्रैबाट तेरा अभिप्रायहरूलाई चिन्न सक्दैनस् भने, तँ नाश

भइजानेहरूमध्ये एक हुन बाध्य हुन्छस्, किनकि परमेश्‍वरले उहाँमा साँचो रूपमा विश्‍वास गर्नेहरूलाई मात्र सिद्ध पार्नुहुन्छ, उहाँप्रति शङ्का गर्नेहरू र उहाँ परमेश्‍वर हुनुहुन्छ भनी कहिल्यै विश्‍वास नगरे पनि मन नलागी-नलागी उहाँलाई पछ्याउनेहरूलाई होइन।

कतिपय मानिसहरू सत्यमा आनन्दित हुँदैनन्, न्यायको बारेमा त कुरै छोडौं। त्यसको साटो, तिनीहरूले शक्ति र धनसम्पत्तिमा आनन्द लिन्छन्; यस्ता मानिसहरूलाई शक्ति खोज्नेहरू भनिन्छ। तिनीहरूले संसारमा प्रभाव भएका सम्प्रदायहरूको मात्र खोजतलास गर्दछन्, र तिनीहरूले सेमिनरीहरूबाट आएका पाष्टर र शिक्षकहरूलाई मात्र खोजतलास गर्दछन्। तिनीहरूले सत्यको मार्गलाई स्वीकारेका भए पनि, तिनीहरू अर्ध-विश्‍वास गर्नेहरू मात्र हुन्; तिनीहरूले आफ्नो सम्पूर्ण मन र मस्तिष्क दिन सक्दैनन्, तिनीहरू मुखले परमेश्‍वरका निम्ति आफू स्वयम्‌लाई समर्पण गर्ने बारेमा बोल्छन्, तर तिनीहरूका नजर महान् पाष्टर र शिक्षकहरूमा केन्द्रित हुन्छन्, र तिनीहरूले ख्रीष्टलाई दोस्रो नजर पनि लगाउँदैनन्। तिनीहरूका हृदय ख्याति, भाग्य र वैभवमाथि केन्द्रित हुन्छन्। तिनीहरूले त्यस्तो कमजोर व्यक्तिले त्यति धेरै मानिसहरूलाई जित्न सक्छ, त्यति मामूली व्यक्तिले मानिसलाई सिद्ध पार्न सक्छ भन्ने कुरामा प्रश्‍न उठाउँछन्। तिनीहरूले धूलो र गोबरको थुप्रोमध्येका नगन्य मानिसहरू परमेश्‍वरद्वारा चुनिएका मानिसहरू हुन् भन्ने कुरामा शङ्का गर्छन्। यदि यस्ता मानिसहरू परमेश्‍वरका मुक्तिका पात्रहरू हुन्थे भने, स्वर्ग र पृथ्वी उलटपुलट हुन्थ्यो र सम्पूर्ण मानिसहरू हाँस्नेथिए भन्ने तिनीहरू विश्‍वास गर्छन्। यदि परमेश्‍वरले यस्ता नगन्य व्यक्तिहरूलाई सिद्ध पार्न चुन्नुहुन्थ्यो भने, ती महान् मानिसहरू परमेश्‍वर स्वयम बन्नेथिए भन्ने तिनीहरू विश्‍वास गर्छन्। तिनीहरूका दृष्टिकोणहरू अविश्‍वासले दूषित भएका हुन्छन्; विश्‍वास नगर्ने भन्दा बढी, तिनीहरू बेवकुफ पशुहरू हुन्। किनकि तिनीहरूले दर्जा, मर्यादा र शक्तिलाई मात्र मूल्यवान् ठान्दछन् र तिनीहरूले ठूला समूह र सम्प्रदायहरूलाई मात्र मान्यता दिन्छन्। ख्रीष्टले डोऱ्याउनुभएका मानिसहरूप्रति तिनीहरूसँग अलिकति पनि सम्मान हुँदैन; तिनीहरू त ख्रीष्टतर्फ, सत्यतर्फ र जीवनतर्फ आफ्नो पिठ्यूँ फर्काउने विश्‍वासघातीहरू मात्र हुन्।

तैंले सराहना गर्ने कुरा ख्रीष्टको विनम्रता होइन, बरु विख्यात दर्जा भएका झूटा गोठालाहरू हुन्। तैंले ख्रीष्टको प्रेमिलोपन वा बुद्धिलाई होइन बरु संसारका फोहोरमा लडीबडी गर्ने स्वेच्छाचारीहरूलाई श्रद्धा गर्छस्। तँ आफ्नो शिर राख्ने ठाउँ नभएका ख्रीष्टको पीडामा हाँस्छस्, तर तँ भेटीहरू खोजी गर्ने र व्यभिचारमा जिउने लासहरूको प्रशंसा गर्छस्। तँ ख्रीष्टसँगै कष्ट भोग्न इच्छुक छैनस्, तर तैंले लापरवाह, ख्रीष्ट विरोधीहरूका हातमा आफूलाई खुशीसाथ सुम्पन्छस्, जबकि तिनीहरूले तँलाई केवल देह, वचनहरू र नियन्त्रण प्रदान गर्छन्। अहिले पनि तेरो हृदय अझै तिनीहरूका ख्यातितर्फ, तिनीहरूका दर्जातर्फ, तिनीहरूका प्रभावतर्फ फर्किन्छ। अनि तँ अझै यस्तो मनोवृत्तिमा अल्झिरहन्छस्, जसले गर्दा तँलाई ख्रीष्टको कामलाई पत्याउन गाह्रो हुन्छ र तँ यसलाई स्वीकार गर्न अनिच्छुक हुन्छस्। यसकारण म भन्छु, ख्रीष्टलाई स्वीकार गर्नको लागि तँमा विश्‍वासको कमी छ। तैंले आजको दिनसम्म उहाँलाई पछ्याउनुको कारण तँसँग अन्य कुनै विकल्प नभएकोले गर्दा हो। गौरवपूर्ण तस्वीरहरूले सधैँ तेरो हृदयमा अग्लो स्तम्भ बनाइरहेको हुन्छ; तैंले तिनीहरूका कुनै पनि शब्द र कामलाई बिसर्न सक्दैनस्, न त तिनीहरूका प्रभावमय शब्द र

हातहरूलाई नै बिर्सन सक्छस्। तेरो हृदयमा तिनीहरू सदा सर्वोच्च र सदा नायकहरू हुन्छन्। तर यो कुरा आजको ख्रीष्टको हकमा लागू हुँदैन। तेरो हृदयमा उहाँ सदा नै कम महत्त्वको हुनुहुन्छ, र सदा नै सम्मानको अयोग्य हुनुहुन्छ। किनकि उहाँ अत्यन्तै सामान्य हुनुहुन्छ, उहाँको प्रभाव अत्यन्तै कम छ र उहाँ भव्यताबाट टाढा हुनुहुन्छ।

कुनै पनि अवस्थामा पनि, म त भन्छु, सत्यलाई मूल्यवान् नठान्नेहरू सबै सत्यका लागि गैर-विश्वासी र विश्वासघातीहरू हुन्। यस्ता मानिसहरूले कहिल्यै ख्रीष्टको स्वीकृति प्राप्त गर्नेछैनन्। के अब तैंले तँभित्र कति धेरै अविश्वास छ र तँसँग ख्रीष्टप्रति कति धेरै धोका छ भनी पहिचान गरेको छस्? तसर्थ म तँलाई उत्साह प्रदान गर्छु: तैंले सत्यको मार्गलाई चुनेको हुनाले, तैंले आफूलाई सम्पूर्ण हृदयले समर्पण गर्नुपर्दछ; अस्पष्ट वा हतोत्साहित नबन्। तैंले यो बुझ्नुपर्छ कि परमेश्‍वर संसारको स्वामित्वमा हुनुहुन्न न त उहाँ कुनै व्यक्तिको स्वामित्वमा नै हुनुहुन्छ, बरु उहाँ त साँचो रूपले उहाँमा विश्‍वास गर्नेहरू सबै, उहाँको आराधना गर्नेहरू सबै, र उहाँतर्फ समर्पित र विश्‍वासयोग्य हुनेहरू सबैका हुनुहुन्छ।

आज, धेरैजसो अविश्‍वास तिमीहरूभित्र नै रहिरहन्छ। तिमीहरूले आफैभित्र राम्ररी नियालेर हेर, र तिमीहरूले निश्‍चय नै जवाफ भेट्टाउनेछौ। जब तैंले वास्तविक जवाफ भेट्टाउँछस्, तब तैंले तँ परमेश्‍वरको विश्‍वासी होइनस्, बरु उहाँलाई छल गर्ने, निन्दा गर्ने र धोका दिने, र उहाँप्रति बफादार नरहने व्यक्ति होस् भनी स्वीकार गर्नेछस्। त्यसपछि तैंले ख्रीष्ट मानिस हुनुहुन्न, परमेश्‍वर हुनुहुन्छ भनी महसुस गर्नेछस्। जब त्यो दिन आउँछ, तैंले ख्रीष्टलाई सम्मान गर्नेछस्, तँ उहाँप्रति डराउँनेछस् र तैंले साँचो रूपले ख्रीष्टलाई प्रेम गर्नेछस्। हालको समयमा, तिमीहरूका हृदयका तीस प्रतिशत भाग मात्र विश्‍वासले भरिएको छ, जबकि अरू सत्तरी प्रतिशत शङ्काले भरिएको छ। ख्रीष्टले गर्नुहुने र भन्नुहुने हरेक कुराबाट उहाँप्रतिको तिमीहरूका धारणा र रायहरू, अर्थात् उहाँमाथिको तिमीहरूको पूर्ण अविश्‍वासबाट पलाउने धारणा र रायहरू आउँछन्। तिमीहरूले स्वर्गमा हुनुहुने अदृष्य परमेश्‍वरको मात्र सराहना गर्छौ र डर मान्छौं, र पृथ्वीमा हुनुहुने जीवित ख्रीष्टको निम्ति कुनै आदर गर्दैनौ। के यो पनि तिमीहरूको अविश्‍वास होइन र? तिमीहरू विगतमा काम गर्नुहुने परमेश्‍वरको निम्ति मात्र लालायित हुन्छौं, तर आजको ख्रीष्टको सामना गर्दैनौ। यो सबै सदा तिमीहरूका हृदयमा मिसिएको “विश्‍वास” अर्थात् आजको ख्रीष्टमा भरोसा नगर्ने विश्‍वास हो। मैले कुनै पनि तरिकाले तिमीहरूलाई कमको ठानेको छैन, किनकि तिमीहरूभित्र अत्यन्तै धेरै अविश्‍वास छ, अशुद्ध भएका र विच्छेदन गरिनुपर्ने तिमीहरूका धेरै कुराहरू छन्। यी अशुद्धताहरू तिमीहरूसँग कुनै विश्‍वास नै छैन भन्ने कुराको संकेत हो; ती त तिमीहरूले ख्रीष्टलाई त्यागेको निशान हो र तिनले तिमीहरूलाई ख्रीष्टको धोकेबाज भनी कलङ्क लगाउँछन्। तिनीहरू ख्रीष्टसम्बन्धी तिमीहरूको ज्ञानलाई ढाक्ने घुम्टो, ख्रीष्टद्वारा तिमीहरूलाई हासिल गरिने कार्यको लागि बाधा, ख्रीष्टसँगको तिमीहरूको अनुकूलताको लागि रोकावट, र ख्रीष्टले तिमीहरूलाई स्वीकार गर्नुहुन्न भन्ने कुराका प्रमाण हुन्। तिमीहरूको जीवनका सम्पूर्ण भागहरूलाई जाँच गर्ने समय अहिले नै हो! त्यसो गरेमा, त्यसले तिमीहरूलाई कल्पना गर्न सकिने हरेक तरिकाले फाइदा पुऱ्याउनेछ!

# ख्रीष्टले सत्यताद्वारा न्यायको काम गर्नुहुन्छ

आखिरी दिनहरूका काम उनीहरूका किसिमअनुसार सबैलाई छुट्याउनु, र परमेश्‍वरको व्यवस्थापन योजनालाई निष्कर्षमा पुर्‍याउनु हो, किनकि समय नजिक छ र परमेश्‍वरको दिन आएको छ। उहाँको राज्यमा प्रवेश गर्ने सबैलाई परमेश्‍वरले ल्याउनुहुन्छ–अन्तिमसम्म उहाँप्रति निष्ठावान् हुनेहरू सबैलाई–परमेश्‍वर स्वयम्‌को युगमा। परमेश्‍वर स्वयम्‌को युगमा आइपुग्नुभन्दा पहिले, परमेश्‍वरको काम मानवका कार्यहरूलाई अवलोकन गर्नु होइन, वा मानवको जीवनको सोधपूछ गर्नु होइन, तर मानवको अनाज्ञाकारितालाई न्याय गर्नु हो, किनकि परमेश्‍वरको सिंहासनको सामुन्ने आउने सबैलाई उहाँले पवित्र पार्नुहुन्छ। यस दिनसम्म परमेश्‍वरका पाइलाहरूलाई पछ्याउनेहरू सबै परमेश्‍वरको सिंहासनका सामुन्ने आउनेहरू हुन्, अनि यो यस्तो हुँदा, अन्तिम चरणको परमेश्‍वरको कामलाई स्वीकार गर्ने प्रत्येक व्यक्ति परमेश्‍वरको शुद्धीकरणको पात्र हुन्छ। अर्को शब्दमा भन्दा, अन्तिम चरणमा भएको परमेश्‍वरको कामलाई स्वीकार गर्ने प्रत्येक व्यक्ति परमेश्‍वरको न्यायको पात्र हुन्छ।

विगतमा बताइएको, परमेश्‍वरको घरमा सुरु हुने न्यायमा, यी शब्दहरूमा सम्बोधन गरिएको “न्याय” ले अन्तिम दिनहरूमा परमेश्‍वरको सिंहासनका सामु आउने व्यक्तिहरूलाई उहाँले दिने न्यायलाई जनाउँछ। अन्तिम दिनहरू आएपछि, परमेश्‍वरले स्वर्गमा एउटा ठूलो टेबुल खडा गर्नुहुनेछ, त्यसमाथि एउटा सेतो कपडा राखिनेछ, अनि त्यसपछि, सबै मानिसहरू भूइँमा घुँडा टेकिरहँदा ठूलो सिंहासनमा बसेर, उहाँले प्रत्येक व्यक्तिका पापहरू प्रकट गर्नुहुनेछ र तिनीहरूलाई स्वर्गमा उचालिने वा आगो र गन्धकको कुण्डमा पठाइने भनी उहाँले निर्णय गर्नुहुनेछ भन्ने खालका अलौकिक कल्पनाहरूमा विश्‍वास गर्ने व्यक्तिहरू पनि सायद छन्। मानवले जे कुराको कल्पना गरे पनि, यसले परमेश्‍वरको कामको सारलाई परिवर्तन गर्न सक्दैन। मानवका कल्पनाहरू उसका विचारहरूका सृजना बाहेक अरू केही होइनन्; तिनीहरू मानवका मगजबाट आउँछन्, मानवले देखेका र सुनेका कुराहरूलाई जम्मा भएर जोडिएका हुन्छन्। त्यसकारण म भन्दछु, कि तिनीहरूले अनुमान गरेका चित्रहरू जतिसुकै बुद्धिमान् भए पनि, तिनीहरू केवल व्यङ्ग्य-चित्रहरू मात्र हुन् र तिनीहरूले परमेश्‍वरको कामको योजनालाई प्रतिस्थापन गर्न सक्दैनन्। जे नै भए पनि, मानवलाई शैतानले भ्रष्ट पारेको छ, यसैले उसले कसरी परमेश्‍वरका विचारहरूलाई बुझ्न सक्छ र? मानवले परमेश्‍वरको न्यायको कामलाई शानदार कुराको रूपमा कल्पना गर्छ। परमेश्‍वर आफैले नै न्यायको काम गर्नुहुने हुनाले, यो काम अथाह तहको हुने, र मरणशीलले बुझ्न नसक्ने, र यसले स्वर्गलाई थर्काउने, र पृथ्वीलाई हल्लाउने हुनेछ; यदि यसो होइन भने, यो कसरी परमेश्‍वरले गर्नुहुने न्यायको काम हुन सक्छ? यो न्यायको कार्य भएको हुनाले, परमेश्‍वरले काम गर्नुहुँदा खास गरी उहाँचाहिँ दबाब दिने र गौरवशाली हुनैपर्छ र न्याय गरिएकाहरू आँसु झार्दै चिच्याउने र कृपाको निम्ति आफ्ना घुँडा टेक्नेहरू हुनेछन् भनी उनले विश्‍वास गर्छन्। यस्तो दृश्य अवश्य पनि भव्य हुन्छ, र अति रोमाञ्चक हुन्छ…। परमेश्‍वरको न्यायको काम आश्‍चर्यपूर्ण हुन्छ भनी प्रत्येकले कल्पना गर्छ। तथापि, परमेश्‍वरले मानवका बीचमा आफ्नो न्यायको काम

लामो समयदेखि सुरु गर्नुभएको भए पनि, तँ थकित निद्रामा आराम गरिरहेको छस् भनी के तँलाई थाहा छ? परमेश्‍वरको न्यायको काम औपचारिक रूपमा नै सुरु भयो भनी तैँले विचार गरेको समयमा, परमेश्‍वरले स्वर्ग र पृथ्वीलाई नयाँ बनाइसक्नुभएको हुनेछ? त्यसबेला, सायद, तैँले भर्खर मात्र जीवनको अर्थलाई बुझ्न लागेको हुनेछस्, तर परमेश्‍वरको दण्डको निर्दयी कार्यले तँलाई अझै गहिरो निद्रामा, नरकमा ल्याउनेछ। तब मात्र तैँले परमेश्‍वरको न्यायको कार्य पूरा भइसकेको एक्कासि महसुस गर्नेछस्।

अब हामी हाम्रो बहुमूल्य समयलाई खेर नफालौँ, अनि यी घिनलाग्दे र घृणात्मक कुराहरूका बारेमा कुराकानी गर्दै नगरौँ। बरु हामी न्यायमा के संलग्न छ सो बारेमा कुराकानी गरौँ। “न्याय” शब्द उल्लेख हुँदा, यहोवाले हरेक क्षेत्रका मानिसहरूलाई निर्देशन दिन बोल्नुभयो र येशूले फरिसीहरूलाई हप्काउन बोल्नुभएको वचनहरूका बारेमा सायद तैँले विचार गर्छस् होला। ती वचनहरू कठोर हुँदा-हुँदै पनि, ती मानवका लागि दिइएका परमेश्‍वरका न्यायका वचनहरू होइनन्; ती वचनहरू विभिन्न वातावरणहरूभित्र, अर्थात् विभिन्न सन्दर्भहरूमा परमेश्‍वरले बोल्नुभएको थियो। आखिरी दिनहरूका ख्रीष्टले मानवलाई न्याय गर्नुहुँदा उहाँले बोल्नुहुने वचनहरू यी वचनहरूभन्दा भिन्न छन्। आखिरी दिनहरूका ख्रीष्टले मानवलाई सिकाउन, मानवको सारलाई प्रकट गर्न, र मानवका शब्दहरू र कार्यहरूलाई जाँच गर्न विभिन्न सत्यताहरू प्रयोग गर्नुहुन्छ। यी वचनहरूमा मानवको कर्तव्य, मानवले कसरी परमेश्‍वरको आज्ञापालन गर्नैपर्छ, मानव कसरी परमेश्‍वरमा निष्ठावान् हुनैपर्छ, मानव कसरी सामान्य मानवतामा जिउनुपर्छ, र साथसाथै, परमेश्‍वरको बुद्धि र स्वभाव, र यस्तै अन्य कुराहरू जस्ता विभिन्न सत्यताहरू समावेश भएका हुन्छन्। यी सबै वचनहरू मानवका सार र उसका भ्रष्ट स्वभावप्रति निर्देशित हुन्छन्। खास गरी, मानवले कसरी परमेश्‍वरलाई घृणाका साथ इन्कार गर्छ भनी प्रकट गर्ने वचनहरूलाई मानव कसरी शैतानको मूर्तरूप हो, र परमेश्‍वरका विरुद्धको शत्रुवत् दबाब हो भन्ने विषयमा बोलिएको हुन्छ। उहाँको न्यायको कामको अवधिमा, परमेश्‍वरले मानिसको प्रकृतिलाई एक-दुई वटा शब्दहरूले व्याख्या गर्नुहुन्न; उहाँले प्रकट गर्नुहुन्छ, निराकरण गर्नुहुन्छ र लामो समयसम्म काट-छाँट गर्नुहुन्छ। प्रकट गर्ने, निराकरण गर्ने, र छिँवल्ने यी सबै फरक-फरक तरिकाहरू सामान्य वचनहरूसँग साट्न सकिँदैन, तर यसको सत्यताबाट मानव पूर्ण रूपमा वञ्चित भएको हुन्छ। यी जस्ता तरिकाहरूलाई मात्र न्याय भन्न सकिन्छ; यस किसिमको न्यायद्वारा मात्र मानव नियन्त्रणमा रहन सक्छ र परमेश्‍वरको बारेमा पूर्ण रूपमा विश्‍वस्त हुन्छ, र यसका साथसाथै परमेश्‍वरको साँचो ज्ञान प्राप्त गर्न सक्छ। न्यायको कामले ल्याउने कुरा भनेको मानवले परमेश्‍वरको साँचो मुहारलाई बुझ्नु र उसको आफ्नै विद्रोहीपनको सत्यतालाई जान्नु हो। परमेश्‍वरको न्यायले मानवलाई परमेश्‍वरको इच्छा, र परमेश्‍वरको कार्यको उद्‌देश्य, उसले बुझ्नै नसक्ने रहस्यहरूको धेरै बुझाइ प्राप्त गराउँछ। यसले मानवलाई आफ्नो भ्रष्ट सार, उसका भ्रष्टताका जडहरू पहिचान गर्न र जान्न, र साथसाथै मानवका कुरूपतालाई पत्ता लगाउनका लागि स्थान दिन्छ। यी सबै असरहरू न्यायको कामद्वारा ल्याइएका हुन्छन्, किनकि यस कामको सारचाहिँ वास्तवमा परमेश्‍वरमा विश्‍वास राख्नेहरू सबैका लागि परमेश्‍वरको सत्यता, बाटो, र

जीवनलाई खोल्नु हो। यो काम परमेश्‍वरले गर्नुभएको न्यायको काम हो। यदि तैँले यी सत्यताहरूलाई महत्वपूर्ण ठानिनस्, यदि तैँले अरू कुराहरू विचार नै नगरी तिनीहरूलाई कसरी बेवास्ता गर्ने, वा तिनीहरूलाई संलग्‍न नगर्ने नयाँ उपाय कसरी भेट्टाउने भन्‍ने कुरा मात्र तैँले विचार गरिस् भने, तँ डरलाग्दो पापी हो भनी म भन्छु। यदि तेरो विश्‍वास परमेश्‍वरमा छ, तर पनि तैँले सत्यता वा परमेश्‍वरको इच्छा खोज्दैनस्, न त तँलाई परमेश्‍वरको नजिक ल्याउने बाटोलाई प्रेम गर्छस् भने, म के भन्छु भने तँ न्यायबाट उम्कने कोसिस गरिरहेको छस्, र तँ ठूलो सेतो सिंहासनबाट भाग्ने कठपुतली वा धोकेबाज होस्। परमेश्‍वरका आँखाबाट भाग्ने कुनै पनि विद्रोहीलाई परमेश्‍वरले बाँकी राख्नुहुनेछैन। यस्ता मानिसहरूले अझ कडा दण्ड पाउनेछन्। परमेश्‍वरको सामु न्याय गरिनका लागि आउनेहरू, र अझ पवित्र बनाइएकाहरू सदासर्वदा परमेश्‍वरको राज्यमा जिउनेछन्। अवश्य पनि यो भविष्यमा हुने कुरा हो।

न्यायको काम परमेश्‍वरको आफ्नै काम भएको हुनाले, स्वाभाविक रूपमा नै यसलाई परमेश्‍वर आफैले नै कार्यान्वयन गर्नुपर्ने हुन्छ; उहाँको सट्टामा कुनै पनि मानवले यो गर्न सक्दैन। मानवजातिलाई जित्‍नका लागि न्यायचाहिँ सत्यताको प्रयोग भएको हुनाले, मानवका बीचका यस किसिमको काम गर्नका लागि परमेश्‍वर अझै पनि देहधारी रूपमा प्रकट हुनुहुनेछ भन्‍ने कुरामा कुनै प्रश्‍न छैन। त्यसो भन्‍नुको अर्थचाहिँ, आखिरी दिनहरूका ख्रीष्‍टले, सारा संसारभरिका मानिसहरूलाई सिकाउन यो सत्यता प्रयोग गर्नुहुनेछ र तिनीहरूलाई सबै सत्यताहरू प्रकट गरिदिनुहुनेछ। परमेश्‍वरको न्यायको काम यही नै हो। परमेश्‍वरको दोस्रो देहधारणका बारेमा धेरै व्यक्तिहरूमा खराब अनुभूति छन्, किनकि न्यायको काम गर्नका लागि परमेश्‍वर देह बन्‍नुहुन्छ भन्‍ने कुरा विश्‍वास गर्न धेरै मानिसहरूलाई कठिनाइ हुन्छ। तर पनि, परमेश्‍वरको काम प्राय मानवका अपेक्षाहरूभन्दा धेरै पर हुन्छन्, र यसलाई स्वीकार गर्नका लागि मानव मनलाई कठिन हुन्छ भन्‍ने कुरा मैले तँलाई बताउनै पर्छ। किनभने मानिसहरू पृथ्वीका कीराहरू मात्र हुन्, र परमेश्‍वरचाहिँ विश्‍वलाई भर्नुहुने सर्वोच्च व्यक्ति हुनुहुन्छ; मानवको मन फोहोर पानीको खाडलजस्तो हो, जसले कीराहरूमात्रै जन्माउँछ, तर परमेश्‍वरका विचारहरूद्वारा निर्देशित कार्यको प्रत्येक कदम परमेश्‍वरको बुद्धिको फल हो। मानिसहरूले जहिले पनि परमेश्‍वरसँग झगडा गर्ने कोसिस गर्छन्, र अन्त्यमा कसले हार्नेछ भन्‍ने कुरा स्वयं सिद्ध छ भनी म भन्छु। तिमीहरूले आफूलाई सुनभन्दा बढी मूल्यवान् नठान भनी म तिमीहरू सबैलाई अर्ती दिन्छु। यदि अरूले परमेश्‍वरको न्यायलाई स्वीकार गर्न सक्छन् भने, तँ किन सक्दैनस्? तँ अरूहरूभन्दा कति माथि खडा छस्? यदि अरूहरूले सत्यताको सामु आफ्ना शिरहरू निहुर्याउन सक्छन् भने, तँ पनि किन सक्दैनस्? परमेश्‍वरको कामको रोक्नै नसकिने गति छ। तैँले दिएको "योगदान" को कारणले गर्दा मात्रै उहाँले न्यायको कार्यलाई फेरि दोहोर्याउनुहुने छैन, र अनि यति असल अवसरलाई गुमाउनु परेकोमा तँ पछुतोले भरिनेछस्। यदि तँ मेरा वचनहरूलाई विश्‍वास गर्दैनस् भने, तँमाथि न्याय आउनका लागि आकाशको ठूलो सेतो सिंहासनको निम्ति पर्खी! सबै इस्राएलीहरूले येशूलाई निन्दा र इन्कार गरेका कुरा तँलाई थाहा हुनैपर्छ, र पनि सबै मानवजातिका निम्ति भएको येशूको उद्धारको यथार्थ सारा विश्‍वभरि र पृथ्वीको अन्त्यसम्म फैलिएको छ। के परमेश्‍वरले धेरै पहिले बनाउनुभएको यथार्थ यो होइन र?

तँलाई स्वर्ग लैजानका लागि यदि तँ अझै येशूलाई पर्खिरहेको छस् भने, तँ मृत काठको ठुटाजस्तो[क] हठी छस् भनी म भन्दछु। येशूले तँजस्ता सत्यप्रति निष्ठा नभएका र आशिषमात्र खोज्ने झूटा विश्वासीलाई स्वीकार गर्नुहुनेछैन। बरु, लाखौं वर्षसम्म आगोको कुण्डमा जलिरहन उहाँले तँलाई त्यहाँ फाल्दा कुनै कृपादेखाउनुहुनेछैन।

न्याय के हो र सत्यता के हो भनी के तँ अब बुझ्छस्? यदि बुझ्छस् भने, न्याय पाउनका लागि तैँले आज्ञाकारितासाथ आफैलाई समर्पण गर् भनी म तँलाई अर्ती दिन्छु, नत्रभने, तैँले परमेश्वरको प्रशंसा पाउने वा उहाँको राज्यभित्र उहाँले तँलाई ल्याउनुहुने कुराको अवसर कहिल्यै पाउनेछैनस्। जसले न्याय मात्र स्वीकार गर्छन् तर जो कहिल्यै पवित्र पारिँदैनन्, अर्थात्, जो न्यायको कामको बीचबाट भाग्छन्, त्यस्तालाई परमेश्वरले घृणा गर्नुहुन्छ र अस्वीकार गर्नुहुन्छ। तिनीहरूका पाप फरिसीहरूका भन्दा पनि धेरै, र अझै डरलाग्दा हुन्छन्, किनकि तिनीहरूले परमेश्वरलाई धोका दिएका छन् र परमेश्वरका विरुद्धमा विद्रोह गरेका छन्। सेवा गर्नका लागि पनि लायक नभएका यस्ता मानिसहरूले अझै कडा दण्ड पाउनेछन्, जुन दण्डचाहिँ अनन्तसम्म रहिरहन्छ। परमेश्वरले कुनै पनि विश्वासघातीलाई बाँकी राख्नुहुनेछैन जसले एकपल्ट बोलीवचनले निष्ठा देखाएका थिए तर त्यसपछि उहाँलाई धोका दिए। यस किसिमका मानिसहरूलाई आत्मा, प्राण, र शरीरका दण्डद्वारा बदला लिइनेछ। के परमेश्वरको धार्मिक स्वभावको प्रकाश ठीक यही नै होइन र? के मानवलाई न्याय गर्ने र उसलाई प्रकट गरिदिने परमेश्वरको उद्देश्य यही होइन र? न्यायको समयावधिमा सबै किसिमका दुष्ट कार्यहरू गर्नेहरूलाई परमेश्वरले दुष्ट आत्माहरूले भरिएको स्थानमा पठाउनुहुनेछ, र ती दुष्टात्माहरूले आफ्ना खुशी अनुसार तिनीहरूका मासुका शरीरहरूलाई विनाश गर्छन् र मानिसहरूका शरीरले लासहरूका दुर्गन्ध फैलाउँछन्। तिनीहरूले पाउनैपर्ने बदला यस्तो हुन्छ। निष्ठाहिन झूटा विश्वासीहरू, झूटा प्रेरितहरू, र झूटा कामदारहरूका प्रत्येक पापलाई परमेश्वरले तिनीहरूका विवरणका पुस्तकहरूमा लेख्नुहुनेछ, अनि ठीक समय आएपछि, उहाँले तिनीहरूलाई अशुद्ध आत्माहरूका बीचमा फालिदिनुहुनेछ, र यी अशुद्ध आत्माहरूले आफ्ना इच्छाअनुसार तिनीहरूका पूरै शरीरहरूलाई अशुद्ध पार्नेछन्, यसरी तिनीहरू कहिल्यै जीवनमा आउनेछैनन् र तिनीहरूले फेरि कहिल्यै उज्यालो देख्ने छैनन्। केही समयको निम्ति सेवा गर्ने तर अन्तसम्म निष्ठावान भएर रहन नसक्ने ढोंगीहरूलाई परमेश्वरले दुष्टहरू मध्येमा गणना गर्नुभएको छ, यसरी तिनीहरू दुष्टहरूसँग सामेल होऊन् र लठाबज्र समूहका भाग बनून्; अन्त्यमा, परमेश्वरले तिनीहरूलाई विनाश गर्नुहुनेछ। ख्रीष्टप्रति कहिल्यै निष्ठावान् नभएका वा आफ्ना सामर्थ्यका केही कुराहरूका पनि योगदान नदिएकाहरूलाई परमेश्वरले पाखा लगाइदिनुहुनेछ र तिनीहरूप्रति कुनै ध्यान दिनुहुनेछैन, र युगको परिवर्तनसँगै उहाँले तिनीहरू सबैलाई विनाश गर्नुहुनेछ। तिनीहरू पृथ्वीमा रहनेछैनन्, र परमेश्वरको राज्यभित्र प्रवेश गर्ने सम्भावनाको त कुरै नगरौं। परमेश्वरमा कहिल्यै इमानदार नभएकाहरू, तर उहाँसँग परिस्थिति अनुसार मन नलागी-नलागी व्यवहार गर्नेहरू, उहाँका मानिसहरूका निम्ति सेवा गर्नेहरूको गन्तीमा पर्छन्। यस्ता मानिसहरूका सानो समूह मात्र

क. काठको ठुटा: चिनियाँ टुक्का, जसको अर्थ “कामै नलाग्ने” भन्ने हुन्छ।

बच्नेछ, र मापदण्ड अनुसारको सेवा गर्न नसक्नेहरूसँग तिनीहरूमध्ये धेरैको विनाश हुनेछ। अन्त्यमा, परमेश्‍वर र परमेश्‍वरका पुत्रहरूका जस्तै मन भएका मानिसहरू, र पूजाहारीहरू हुनका लागि पूर्वनियुक्ति गरिएकाहरू सबैलाई परमेश्‍वरले उहाँको राज्यमा ल्याउनुहुनेछ। तिनीहरू परमेश्‍वरका कामको शुद्धीकरण हुनेछन्। परमेश्‍वरले निर्धारण गर्नुभएका कुनै पनि वर्गमा नपर्नेहरू अविश्‍वासीहरूमध्येमा गनिनेछन्–तिनीहरूका नतिजा के हुनेछ भन्‍ने बारेमा तिमीहरूले निश्‍चय पनि कल्पना गर्न सक्छौ। मैले तिमीहरूलाई भन्‍नुपर्ने सबै कुराहरू भनिसकेको छु; तिमीहरूले छान्‍नुपर्ने बाटो तिमीहरूको मात्र छनोट हो। तिमीहरूले बुझ्नैपर्ने कुरा यो हो: उहाँसँगको गतिमा अगाडि बढ्न नसक्नेका लागि परमेश्‍वरको कामले पर्खेर बस्दैन, र परमेश्‍वरको धार्मिक स्वभावले कसैलाई पनि दया देखाउँदैन।

## के तँलाई थाहा थियो? परमेश्‍वरले मानिसहरूको बीचमा महान् कुरा गर्नुभएको छ

पुरानो युग बितेको छ, र नयाँ युग आएको छ। एक वर्षपछि अर्को वर्ष र एक दिन पछि अर्को दिन, परमेश्‍वरले धेरै काम गर्नुभएको छ। उहाँ यस संसारमा आउनुभयो र त्यसपछि प्रस्थान गर्नुभयो। यो चक्र आफै धेरै पुस्ताहरू भएर दोहोरिएको छ। आज, पहिले जस्तै परमेश्‍वरले उहाँले गर्नै पर्ने काम निरन्तर गर्नुहुन्छ, त्यो काम जुन उहाँले पूरा गर्न अझ पनि बाँकी छ, किनकी आजका दिनसम्म उहाँ विश्राममा प्रवेश गर्न बाँकी नै छ। सृष्टिको समयदेखि आजका दिनसम्म, परमेश्‍वरले धेरै काम गर्नु भएको छ। तर के तँलाई आज परमेश्‍वरले पहिलेभन्दा अझ धेरै काम गर्नुहुन्छ, र उहाँको कामको परिमाण पहिलेको भन्दा अझ धेरै छ भन्‍ने थाहा थियो। त्यसै कारणले म भन्छु कि परमेश्‍वरले मानिसहरू माझमा महान् कुरा गर्नुभएको छ। परमेश्‍वरका सबै काम अति नै महत्वपूर्ण छन् चाहे त्यो मानिसको लागि होस् वा परमेश्‍वरको लागि होस्, किनकि उहाँको कामको हरेक बिषय मानिससँग सम्बन्धित छ।

परमेश्‍वरको कामलाई न त देख्न सकिन्छ न त लिन सकिन्छ–संसारले साह्रै थोरै मात्र देखेको छ–कसरी त्यो महान् कुनै कुरा हुन सक्छ? कस्तो प्रकारको चीजलाई मात्र महान् मानिन सकिन्थ्यो? निश्‍चय नै, कसैले पनि इन्कार गर्न सक्दैन कि परमेश्‍वरले जे काम गर्नुहुन्छ, यो महान् मान्‍न सकिन्छ, तर म किन परमेश्‍वरले यो दिनमा परमेश्‍वरले गर्नुहुने कामको बारेमा भन्छु। जब म भन्छु कि परमेश्‍वरले महान् कुरा गर्नुभएको छ, यसले निःसन्देह मानिसले बुझ्नै बाँकी धेरै रहस्यहरूलाई समावेश गर्छ। तिनीहरूको बारेमा अब कुरा गरौं।

येशू उहाँको अस्तित्वलाई सहन नसक्ने एउटा डुँडमा त्यो युगमा जन्मिनु भएको थियो, तर त्यसो हुँदा पनि, संसार उहाँको मार्गमा उभिन सकेन, र उहाँ परमेश्‍वरको हेरचाहमा मानिसहरू माझ तेत्तीस वर्ष जिउनुभयो। जीवनका ती धेरै वर्षहरूमा उहाँले संसारको कटुता अनुभव गर्नुभयो र पृथ्वीमा दुःखको जीवन अनुभव गर्नुभयो। सबै मानवजातिलाई छुट्कारा दिलाउन उहाँले क्रूसमा टाँगिने महान् अभिभारा बहन गर्नुभयो। उहाँले शैतानको राज्य-क्षेत्रमा जिइरहेका सबै पापीहरूलाई

छुट्कारा दिनुभयो, र अन्त्यमा, उहाँको पुनरुत्थित शरीर उहाँको आराम गर्ने ठाउँमा फर्कियो। अब परमेश्‍वरको नयाँ काम शुरू भएको छ, र यो नयाँ युगको शुरूवात पनि हो। परमेश्‍वरले छुट्कारा पाएकाहरूलाई मुक्तिको उहाँको नयाँ काम शुरू गर्न उहाँको घरमा तिनीहरूलाई ल्याउनुहुन्छ। यो समय, मुक्तिको काम बितेको समयको भन्दा बढी श्रमसाध्य छ। मानिसलाई आफै परिवर्तन हुने गराउन मानिसमा काम गरिरहनुहुने पवित्र आत्मा हुनुहुने छैन, न त यो काम गर्न मानिसहरू माझ देखा परिरहेको येशूको शरीर नै हुनेछ, र कमसेकम यो काम अन्य माध्यमद्‌वारा गरिनेछ। बरु, यो काम गरिरहेको र यसलाई निर्देशन दिइरहेको देहधारी परमेश्‍वर उहाँ आफै हुनुहुनेछ। उहाँले यसलाई यसरी नयाँ काममा मानिसलाई डोर्‍याउनको लागि गर्नुहुन्छ। के यो महान् कुरा होइन? परमेश्‍वरले यो काम मानवताको अंशमार्फत वा भविष्यवाणीहरूको माध्यमबाट गर्नुहुन्‍न; बरु, परमेश्‍वर आफैले यो गर्नुहुन्छ। कसैले भन्लान् कि यो महान् कुरा होइन, र यसले मानिसमा परमानन्द ल्याउन सक्दैन। तर म तँलाई भन्‍नेछु कि परमेश्‍वरको काम यो मात्र होइन, तर यो भन्दा धेरै महान् र धेरै बढी केही छ।

यो समयको आसपास, परमेश्‍वर आत्मिक शरीरमा होइन तर अति साधारण शरीरमा काम गर्नको लागि आउनुहुन्छ। अझ, यो परमेश्‍वरको दोस्रो देहधारणको शरीर मात्र होइन, यो त्यो शरीर पनि हो जसबाट परमेश्‍वर देहमा फर्किनु हुन्छ। यो अति साधारण देह हो। तैँले उहाँलाई अरूबाट फरक बनाउने त्यस्तो कुनै कुरा पनि देख्‍न सक्दैनस्, तर तैँले उहाँबाट पहिले नसुनिएका सत्यहरूको लाभ पाउन सक्छस्। यो निरर्थक देहले परमेश्‍वरबाट सत्यका सबै वचनहरू मूर्तरूप दिन्छ, आखिरी दिनहरूमा परमेश्‍वरका कामको जिम्मा लिन्छ र मानिसको लागि बुझ्‍नको लागि परमेश्‍वरको स्वभावको सम्पूर्णता व्यक्त गर्छ। के तँ स्वर्गमा हुनुहुने परमेश्‍वरलाई देख्‍न बिछट्टै चाहना राख्दैनस्? के तँ स्वर्गमा हुनुहुने परमेश्‍वरलाई बुझ्‍न बिछट्टै चाहना राख्दैनस्? के तँ मानवजातिको गन्तव्य देख्‍न बिछट्टै चाहना राख्दैनस्? उहाँले तँलाई यी सबै रहस्यहरू बताउनु हुनेछ—यस्ता रहस्यहरू जुन कुनै पनि मानिसले तँलाई बताउन सकेको छैन, र उहाँले तँलाई सत्यहरू पनि बताउनु हुनेछ जुन सत्यहरू तैँले बुझ्दैनस्। उहाँ राज्यमा तेरो प्रवेशद्‌वार र नयाँ युगमा तेरो पथप्रदर्शक हुनुहुन्छ। यस्तो साधारण देहले बुझ्‍न नसकिने धेरै रहस्यहरू धारण गर्छ। उहाँका कार्यहरू तँलाई दुर्बोध हुन सक्छन्, तर उहाँले गर्नुभएका कामको सम्पूर्ण लक्ष्य तँलाई उहाँ मानिसहरूले विश्‍वास गरे जस्तो साधारण देह होइन भन्‍ने तँलाई हेर्न दिन पर्याप्त छ। किनकि उहाँले परमेश्‍वरको इच्छा र आखिरी दिनहरूमा मानवजातिप्रति परमेश्‍वरले देखाउनु हुने हेरविचारको उहाँ प्रतिनिधित्व गर्नुहुन्छ। तैँले उहाँका वचनहरू सुन्‍न नसके पनि जसले स्वर्गहरू र पृथ्वी हल्लाएको देखिन्छ, वा बलिरहेका ज्वालाहरू जस्ता उहाँका आँखाहरू हेर्न नसके पनि, र तैँले उहाँको फलामे डन्डाको अनुशासन अनुभव गर्न नसके पनि, तँ उहाँका वचनहरूबाट सुन्‍न सक्छस् कि परमेश्‍वर क्रोधी हुनुहुन्छ र थाहा पाउन सक्छस् कि परमेश्‍वरले मानवजातिको लागि करुणा देखाइरहनु भएको छ; तँ परमेश्‍वरको धर्मी स्वभाव र उहाँको बुद्‌धि देख्‍न सक्छस् र अझ, सबै मानवजातिको लागि परमेश्‍वरको व्यग्रता महसुस सक्छस्। आखिरी दिनहरूमा परमेश्‍वरको काम पृथ्वीका मानिसहरू माझ जिइरहनुभएको स्वर्गमा हुनुहुने परमेश्‍वर मानिसलाई हेर्न दिनु हो, र परमेश्‍वरलाई बुझ्‍न, उहाँको आज्ञा पालन गर्न, आदर

गर्न र प्रेम गर्न मानिसलाई सक्षम बनाउनु हो। यसैको लागि उहाँ दोस्रो पटक देहमा फर्किनुभएको छ। हुन त यो दिनमा मानिसले देख्ने परमेश्वर मानिस जस्तै हुनुहुन्छ, एउटा नाक र दुई आँखा भएका परमेश्वर, र साधारण परमेश्वर, अन्त्यमा परमेश्वरले तिमीहरूलाई देखाउनु हुनेछ कि यदि यो मानिस अस्तित्वमा थिएन भने, स्वर्ग र पृथ्वीमा भयानक परिवर्तन भएर जाने थियो; यदि यो मानिस अस्तित्वमा थिएन भने, स्वर्गहरू फिका हुने थिए, यो पृथ्वी अस्तव्यस्ततामा जाकिने थियो, र सबै मानवजाति भोकमरी र विपत्तिहरूका माझमा जिउने थिए। तिमीहरूलाई उहाँले देखाउनुहुनेछ कि यदि तिमीहरूलाई आखिरी दिनहरूमा मुक्ति दिन देहधारी परमेश्वर आउनु भएन भने, त्यसबेला परमेश्वरले सबै मानवजातिलाई धेरै अघि नै नरकमा विनाश गरिसक्नु भएको हुने थियो; यदि यो देह अस्तित्वमा रहेको थिएन भने, तिमीहरू सधैँको लागि महापापीहरू हुने थियौ, र तिमीहरू सदैव लाशहरू हुने थियौ। तिमीहरूले थाहा पाउनुपर्छ कि यदि यो देह अस्तित्वमा रहेको थिएन भने, सबै मानवजातिले एक अपरिहार्य विपत्ति सामना गर्नु पर्ने थियो, र आखिरी दिनहरूमा मानवजातिलाई परमेश्वरले दिने त्यो भन्दा कठोर दण्डबाट बच्न उनीहरूलाई असम्भव हुने थियो। यदि यो साधारण देह जन्मिएको थिएन भने, तिमीहरू सबै त्यो स्थितिमा हुने थियौ जहाँ बाँच्न सक्षम नभएर तिमीहरू जीवनको लागि याचना गर्ने थियो र मर्न सक्षम नभएर मृत्युको लागि प्रार्थना गर्ने थियो; यदि यो देह अस्तित्वमा रहेको थिएन भने, त्यसपछि तिमीहरू सत्य प्राप्त गर्न र आज परमेश्वरको सिंहासनको सामुन्ने आउन सक्षम हुने थिएनौ, तर बरु, तेरो घोर पापहरूका कारणले परमेश्वरद्वारा तँ दण्डित हुने थिइस्। के तिमीहरूलाई थाहा थियो कि यदि यो देहमा परमेश्वरको पुनरागमनको लागि थिएन भने, कसैलाई पनि मुक्तिमा मौका हुने थिएन; र यदि यो देहको आगमनको लागि थिएन भने, परमेश्वरले धेरै अगाडि पुरानो युगलाई अन्त्य गरिसक्नुभएको हुने थिएन? यो यसो हुने हुनाले, के तिमीहरू परमेश्वरको दोस्रो देहधारणलाई अझसम्म इन्कार गर्न सक्षम छौ? यो साधारण मानिसबाट तिमीहरूले यति धेरै फाइदाहरू प्राप्त गर्न सक्ने भएकाले, किन तिमीहरूले उहाँलाई खुशीसाथ स्वीकार गरेनौ?

परमेश्वरको काम यस्तो काम हो जसलाई तँ बुझ्न सक्दैनस्। यदि तँ न त तेरो छनोट सही छ कि छैन पूर्ण रूपमा बुझ्न सक्छस् न त तँ परमेश्वरको काम सफल हुन्छ कि भन्ने थाहा पाउन सक्छस्, त्यसो हो भने किन तेरो भाग्यको परीक्षा नगर्ने र हेर्ने कि के यो साधारण मानिस तेरो लागि ठूलो सहयोग हुन सक्छ कि सक्दैन, र के परमेश्वरले साँच्चिकै महान् काम गर्नुभएको छ कि छैन? यद्यपि, मैले तँलाई भन्नैपर्छ कि नोआको समयमा, मानिसहरू खाइरहेका र पिइरहेका, विवाह गरिरहेका र विवाहमा यति हदसम्म दिइरहेका थिए कि परमेश्वरको लागि साक्षी दिन असह्य थियो, त्यसैले आठ जनाको नोआको परिवार र सबै प्रकारका चराहरू र चौपायाहरूलाई मात्र छाडेर मानवजातिलाई नष्ट गर्न उहाँले विशाल जलप्रलय पठाउनुभयो। आखिरी दिनहरूमा, यद्यपि परमेश्वरद्वारा बचाएर राखिएकाहरू सबै अन्त्यसम्म उहाँप्रति बफादार रहेकाहरू थिए। हुन त दुवै युगहरू परमेश्वरलाई साक्षी दिन असह्य ठूलो भ्रष्टताका समय थिए, र दुवै युगहरूमा मानवजाति परमेश्वर उनीहरूको प्रभु हुनुहुन्थ्यो भन्ने इन्कार गर्न यति भ्रष्ट भए कि परमेश्वरले नोआको समयमा मानिसहरूलाई मात्र नष्ट गर्नुभयो। दुवै युगहरूमा मानवजातिले परमेश्वरलाई ठूलो दुःख

दिए, तर पनि परमेश्‍वरले अहिलेसम्म आखिरी दिनहरूका मानिससँग धैर्य गर्नुभयो। किन हो यो? तिमीहरूले किन कहिल्यै आश्‍चर्य मानेनौ? यदि तिमीहरूलाई साँच्चिकै थाहा छैन भने, मलाई भन्‍न देऊ। आखिरी दिनहरूमा मानिसहरूलाई परमेश्‍वरले कृपा गर्न सक्नुको कारण उनीहरू नोआको समयका मानिसहरूभन्दा कम भ्रष्ट भएर होइन, अथवा उनीहरूले परमेश्‍वरलाई पश्‍चाताप देखाएको भएर होइन, आखिरी दिनहरूमा प्रविधि यति आधुनिक छ कि उनीहरूलाई परमेश्‍वर स्वयमले नष्ट गर्न सक्नुहुन्‍न भन्‍ने कुरा त परै छाडौं। बरु, यसको कारण यो हो कि परमेश्‍वरले मानिसहरूको एक समूहमा आखिरी दिनहरूमा गर्नु पर्ने काम छ, र यो काम परमेश्‍वर स्वयमले उहाँको देहधारणमा गर्ने चाहना राख्‍नु हुन्छ। अझ बढी, परमेश्‍वर उहाँको मुक्तिका पात्रहरू र उहाँको व्यवस्थापनको योजनाको फल बन्‍न यो समूहको एक भाग छान्‍ने, र ती मानिसहरूलाई अर्को युगमा ल्याउने चाहना राख्‍नुहुन्छ। त्यसैले, जे भए पनि, परमेश्‍वरले चुकाउनुभएको यो मूल्य पूर्ण रूपले उहाँको देहधारी शरीरले आखिरी दिनहरूमा गर्ने कामको तयारीको लागि हो। यो देहको कारणले तिमीहरू आजका दिनसम्म आइपुगेका छौ। परमेश्‍वर देहमा जिउनुहुने भएकाले तिमीहरूलाई जीवित रहने मौका छ। यो साधारण मानिसको कारणले यो सबै सौभाग्य प्राप्त भएको हो। यति मात्र होइन, तर अन्त्यमा, प्रत्येक राष्ट्रले यो साधारण मानिसलाई आराधना गर्नेछन्, साथै धन्यवाद दिनेछन् र यो महत्वहीन मानिसको आज्ञापालन गर्नेछन्, किनकि यो उहाँले ल्याउनुभएको सत्य, जीवन, र मार्ग हो जसले सबै मानवजातिलाई मुक्ति दिएको छ, परमेश्‍वर र मानिस बीचको द्वन्द्वलाई कम गरेको छ, उनीहरू बीचको दूरीलाई छोट्याएको छ र परमेश्‍वर र मानिसका बिचारहरू बीचको सम्बन्ध खुला गरेको छ। यो उहाँ नै हुनुहुन्छ जसले परमेश्‍वरको लागि अझ महान् महिमा प्राप्त गर्नुभएको छ। के यस किसिमको साधारण मानिस तेरो विश्‍वास र आराधनाको लागि अयोग्य छ? के यस किसिमको साधारण देह ख्रीष्ट भनिन अनुपयुक्त छ? के यस किसिमको साधारण मानिस मानिसहरूका माझ परमेश्‍वरको अभिव्यक्ति बन्‍न सक्दैन? के यस प्रकारको मानिस जसले मानवजातिलाई विपत्तिबाट जोगाएको छ, तिमीहरूको प्रेम र तिम्रो चाहना उहाँमा राख्‍न योग्य छैन? यदि तिमीहरूले उहाँको मुखबाट अभिव्यक्त सत्यहरू इन्कार गर्यौ र तिमीहरू माझ उहाँको अस्तित्व घृणा गर्यौ भने, त्यसपछि अन्त्यमा तिमीहरूको के हुनेछ?

आखिरी दिनहरूमा परमेश्‍वरका सबै काम यही साधारण मानिसद्वारा गरिन्छ। उहाँले सबै कुरा तँलाई प्रदान गर्नुहुनेछ, र त्यो भन्दा बढी, तँसँग सम्बन्धित सबै कुराको निर्णय गर्न उहाँ सक्षम हुनुहुनेछ। के यस प्रकारको मानिस तिमीहरूले उहाँ जस्तो हुनुपर्ने हो विश्‍वास गर्छौ त्यस्तो हुन सक्छ: यति सामान्य मानिस कि उल्लेख गर्न नै अयोग्य? के उहाँको सत्य तिमीहरूलाई पूर्णरूपमा विश्‍वस्त तुल्याउन पर्याप्त छैन? के उहाँका कामहरूको साक्षी तिमीहरूलाई पूर्णरूपमा विश्‍वस्त तुल्याउन पर्याप्त छैन? अथवा के उहाँले तिमीहरूलाई डोर्याउनु हुने त्यो बाटो तिमीहरूको लागि हिँड्न योग्य छैन? जब सबै भनिन्छ र गरिन्छ, त्यस्तो के छ जसले तिमीहरूलाई उहाँलाई घृणा गर्न र उहाँलाई टाढा फाल्न र उहाँलाई फराकिलो स्थान दिन लगाउँछ? यो यही मानिस हो जसले सत्य अभिव्यक्त गर्छ, यो यही मानिस हो जसले सत्य प्रदान गर्छ, र यो यही मानिस हो जसले तिमीहरूलाई पछ्याउने मार्ग दिन्छ। के यो हुन सक्छ कि तिमीहरू यी सत्यहरूभित्र परमेश्‍वरको

कामका चिन्हहरू भेट्न अझसम्म पनि असक्षम छौ? येशूको कामविना, मानवजाति क्रूसबाट ओर्लन सक्ने थिएनन्, तर आजको देहधारण बिना, क्रूसबाट ओर्लिएकाहरूले कहिल्यै परमेश्‍वरको समर्थन प्राप्त गर्न वा नयाँ युगमा प्रवेश गर्न सक्ने थिएनन्। यो साधारण मानिसको आगमनविना, तिमीहरूले परमेश्‍वरको सही मुखाकृति देख्ने अवसर कहिल्यै पाउने थिएनौ, न त तिमीहरू योग्य नै हुने थियौ, किनकि तिमीहरू सबै धेरै पहिले नष्ट गरिसक्नु पर्ने पात्रहरू हौं। परमेश्‍वरको दोस्रो देहधारणको आगमनको कारणले, तिमीहरूलाई परमेश्‍वरले क्षमा दिनुभएको छ र तिमीहरूलाई कृपा देखाउनु भएको छ। यसका बावजुद, मैले तिमीहरूलाई अन्तिमतिर छोड्नै पर्ने वचनहरू अझै यी छन्ः यो साधारण मानिस, जो देहधारी परमेश्‍वर हुनुहुन्छ, तिमीहरूको लागि अति नै महत्वको हुनुहुन्छ। यो परमेश्‍वरले मानिसहरू माझ पहिले नै गरिसक्नु भएको महान् कुरा हो।

## आखिरी दिनहरूका ख्रीष्टले मात्रै मानिसलाई अनन्त जीवनको बाटो दिन सक्नुहुन्छ

जीवनको बाटो जोसुकैले पाउने कुरा होइन, न त यो कसैले सहजै प्राप्त गर्न सक्ने कुरा नै हो। यो यसैले हो किनभने जीवन परमेश्‍वरबाट मात्रै आउन सक्छ, अर्थात्, परमेश्‍वर स्वयम्‌सँग मात्रै जीवनको सारतत्व छ, र परमेश्‍वर स्वयम्‌सँग मात्रै जीवनको बाटो छ। त्यसैले परमेश्‍वर मात्रै जीवनको स्रोत, र जीवनको जिउँदो पानीको सदा-बगिरहने मूल हुनुहुन्छ। उहाँले संसारको सृष्टि गर्नुभएदेखि नै परमेश्‍वरले जीवनको शक्तिसँग सम्बन्धित धेरै काम गर्नुभएको छ, मानिसलाई जीवन दिने धेरै काम गर्नुभएको छ, र मानिसले जीवन प्राप्त गर्न सकोस् भनेर ठूलो मूल्य चुकाउनुभएको छ। यो यसैले हो किनभने परमेश्‍वर स्वयम् नै अनन्त जीवन हुनुहुन्छ, अनि मानिस पुनरुत्थित हुने बाटो परमेश्‍वर स्वयम् नै हुनुहुन्छ। मानिसको हृदयबाट परमेश्‍वर कहिल्यै पनि अलग हुनुहुन्न, र उहाँ सँधैभरि मानिसकै बीचमा बस्नुहुन्छ। उहाँ नै मानिसको जियाइको संचालन शक्ति, मानिसको अस्तित्वको जरा, अनि जन्मपछि मानिसको अस्तित्वको लागि सम्पन्न भण्डार हुनुहुन्छ। मानिसलाई पुनर्जन्म गराउने, र उसको हरेक भूमिकामा दृढताको साथ जिउन सक्षम गराउने उहाँ नै हुनुहुन्छ। उहाँको शक्ति र उहाँको ननिभ्ने जीवन शक्तिकै कारण, मानिस पुस्तौंदेखि जिएको छ, जुन अवधिमा परमेश्‍वरको जीवनको शक्ति नै मानिसको अस्तित्वको मुख्य आधार बनेको छ, र कुनै पनि मानिसले कहिल्यै नतिरेको मूल्य परमेश्‍वरले तिर्नुभएको छ। परमेश्‍वरको जीवन शक्ति अरू कुनै पनि शक्ति माथि प्रबल हुन सक्छ; यसको साथै, यसले कुनै पनि शक्तिलाई उछिन्छ। उहाँको जीवन अनन्त, उहाँको शक्ति असाधारण छ, र सृष्टि गरिएको कुनै पनि प्राणी वा शत्रुको शक्तिले उहाँको जीवन शक्तिलाई जित्न सक्दैन। समय वा स्थानको बावजूद परमेश्‍वरको जीवन शक्ति अस्तित्वमा नै रहन्छ र यसको शानदार चमकलाई चम्काउँछ। स्वर्ग र पृथ्वी धेरै परिवर्तन भएर जान सक्छ, तर परमेश्‍वरको जीवन सदासर्वदा उस्तै रहन्छ। सबै कुराहरू टलेर जान सक्छ, तर परमेश्‍वरको जीवन अझै उस्तै रहनेछ, किनभने सबै कुराहरूको अस्तित्वको स्रोत अनि तिनीहरूको अस्तित्वको जरा परमेश्‍वर नै हुनुहुन्छ। मानिसको जीवन परमेश्‍वरबाट सुरु हुन्छ,

परमेश्वरकै कारणले गर्दा स्वर्गको अस्तित्व छ, अनि परमेश्वरको जीवनको शक्तिबाट पृथ्वीको अस्तित्व उत्पन्न हुन्छ। कुनै पनि थोकको जीवन-शक्तिले परमेश्वरको सार्वभौमिकतालाई उछिन्‍न सक्दैन, र जोसका साथ कुनै पनि थोक परमेश्वरको अख्तियारको प्रभुत्वबाट उम्कन सक्दैन। यसरी, तिनीहरू जोसुकै भए पनि, हरेक नै परमेश्वरको प्रभुत्वमा समर्पित हुनुपर्छ, हरेक नै परमेश्वरको आज्ञाको अधीनमा जिउनुपर्छ, अनि उहाँको हातबाट कोही पनि उम्कन सक्दैन।

सायद तँ अहिले जीवन प्राप्त गर्ने इच्छा गर्छस्, वा सायद तँ सत्यता प्राप्त गर्ने इच्छा गर्छस्। जेसुकै भए पनि, तँ परमेश्वरलाई भेट्ने इच्छा गर्छस्, तैँले भरोसा गर्न सक्ने, र तँलाई अनन्त जीवन दिन सक्ने परमेश्वरलाई भेट्ने इच्छा गर्छस्। यदि तँ अनन्त जीवन प्राप्त गर्ने इच्छा गर्छस् भने, सुरुमा तैँले अनन्त जीवनको स्रोतलाई बुझ्नैपर्छ र पहिले परमेश्वर कहाँ हुनुहुन्छ सो जान्नैपर्छ। मैले पहिले नै भनिसकेको छु कि परमेश्वर मात्रै अपरिवर्तनीय जीवन हुनुहुन्छ, र परमेश्वरमा मात्रै जीवनको बाटो छ। परमेश्वर अपरिवर्तनीय जीवन हुनुभएको हुनाले, उहाँ अनन्त जीवन हुनुहुन्छ; परमेश्वर मात्रै जीवनको बाटो हुनुभएकोले, तसर्थ परमेश्वर स्वयम् नै अनन्त जीवनको बाटो हुनुहुन्छ। त्यसैले, तैँले सुरुमा परमेश्वर कहाँ हुनुहुन्छ, र अनन्त जीवनको यो बाटो कसरी प्राप्त गर्ने सो कुरा बुझ्नुपर्छ। अब यी दुई विषयहरूलाई अलग-अलग रूपमा हामी सङ्गतिमा संलग्न गरौं।

यदि तँ साँच्चै अनन्त जीवनको बाटो प्राप्त गर्न चाहन्छस् भने, र यसको खोजीमा तँ अत्यन्तै तृषित छस् भने, पहिले यो प्रश्‍नको उत्तर दे: आज परमेश्वर कहाँ हुनुहुन्छ? सायद तैँले यो जवाफ दिनेछस्, "निश्चय नै, परमेश्वर स्वर्गमा बस्नुहुन्छ–उहाँ पक्कै पनि तपाईंको घरमा बसिरहनुभएको छैन होला, छ त?" सायद तैँले भन्‍न सक्छस् कि परमेश्वर अवश्य नै सबै कुराहरूका बीचमा बस्नुहुन्छ। वा सायद तैँले भन्‍न सक्छस् कि परमेश्वर हरेक व्यक्तिको हृदयमा बस्नुहुन्छ, वा परमेश्वर आत्मिक संसारमा हुनुहुन्छ। यीमध्ये कुनैलाई पनि म नकार्दिन, तर यो कुरालाई मैले स्पष्ट पार्नैपर्छ। परमेश्वर मानिसको हृदयमा बस्नुहुन्छ भनेर भन्‍नु पूर्ण रूपमा सत्य पनि होइन, तर यो पूर्ण रूपमा गलत पनि होइन। यसको कारण के हो भने, परमेश्वरमा विश्‍वास गर्नेहरूमध्ये, कसैको विश्‍वास साँचो छ र कसैको विश्‍वास झूटो छ, कसैलाई परमेश्वरले स्वीकार गर्नुहुन्छ र कसैलाई उहाँले अस्वीकार गर्नुहुन्छ, कसैले उहाँलाई प्रसन्‍न तुल्याउँछन् र कसैलाई उहाँले घृणा गर्नुहुन्छ, अनि कसैलाई उहाँले सिद्ध तुल्याउनुहुन्छ र कसैलाई उहाँले हटाउनुहुन्छ। त्यसैले म भन्छु कि परमेश्वर एक-दुई जना मानिसहरूको हृदयमा मात्रै बस्नुहुन्छ, र यी मानिसहरू अवश्य नै परमेश्वरमा साँचो रूपमा विश्‍वास गर्नेहरू, परमेश्वरले स्वीकार गर्नुहुनेहरू, उहाँलाई खुशी पार्नेहरू, र उहाँले सिद्ध पार्नुहुनेहरू हुन्। परमेश्वरद्वारा अगुवाइ गरिएकाहरू तिनीहरू नै हुन्। तिनीहरू परमेश्वरद्वारा अगुवाइ गरिएकाहरू भएकाले, पहिले नै परमेश्वरको अनन्त जीवनको बाटोको बारेमा सुन्‍ने र देख्‍ने मानिसहरू तिनीहरू नै हुन्। परमेश्वरमाथि झूटो विश्‍वास हुनेहरू, परमेश्वरले स्वीकार नगर्नेहरू, परमेश्वरले घृणा गर्नेहरू, परमेश्वरले हटाउनुहुनेहरू–तिनीहरूलाई परमेश्वरले इन्कार गर्न बाध्य छन्, तिनीहरू जीवनको बाटो विहीन रहन बाध्य छन्, र परमेश्वर कहाँ हुनुहुन्छ त्यसप्रति अनजान रहन बाध्य छन्। यसको विपरीत, जसको हृदयमा परमेश्वर बस्नुहुन्छ तिनीहरूलाई उहाँ

कहाँ हुनुहुन्छ भन्ने थाहा छ। परमेश्वरले अनन्त जीवनको बाटो दिनुहुने मानिसहरू तिनीहरू नै हुन् र परमेश्वरलाई पछ्याउनेहरू तिनीहरू नै हुन्। अब के तँलाई परमेश्वर कहाँ हुनुहुन्छ भन्ने थाहा छ? परमेश्वर दुवै मानिसको हृदयमा अनि मानिसको छेउमा हुनुहुन्छ। उहाँ आत्मिक संसारमा, अनि सबै कुराहरूभन्दा माथि मात्रै हुनुहुन्न, तर अझै बढी उहाँ पृथ्वीमा हुनुहुन्छ जहाँ मानिसको अस्तित्व छ। त्यसैले आखिरी दिनहरूको आगमनले परमेश्वरको कार्यका चरणहरूलाई नयाँ क्षेत्रमा लगेको छ। यावत् थोक मध्येका सबै कुरामाथि परमेश्वरको सार्वभौमिकता छ, र मानिसको हृदयमा उसको बस्ने आधार उहाँ नै हुनुहुन्छ, र यसको साथै, उहाँ मानिसकै बीचमा अस्तित्वमा रहनुहुन्छ। यसरी मात्रै उहाँले जीवनको बाटो मानवजातिकहाँ ल्याउन, र मानिसलाई जीवनको बाटोमा ल्याउन सक्नुहुन्छ। मानिसले जीवनको बाटो प्राप्त गर्न सकोस्, र मानिस अस्तित्वमा रहन सकोस् भनेर परमेश्वर पृथ्वीमा आउनुभएको छ, र उहाँ मानिसको बीचमा जिउनुहुन्छ। उही समयमा, परमेश्वरले मानिसको बीचमा हुने व्यवस्थापनमा सहकार्यलाई सहज तुल्याउनको लागि पनि यावत् थोकका सबै कुरालाई हुकुम गर्नुहुन्छ। त्यसैले, यदि तैँले परमेश्वर स्वर्गमा हुनुहुन्छ र मानिसको हृदयमा हुनुहुन्छ भन्ने सिद्धान्तलाई मात्रै स्वीकार गर्छस्, तैपनि मानिसको बीचमा परमेश्वरको अस्तित्वलाई स्वीकार गर्दैनस् भने, तैँले कहिल्यै पनि जीवन प्राप्त गर्नेछैनस्, र सत्यको बाटो कहिल्यै प्राप्त गर्नेछैनस्।

परमेश्वर स्वयम् नै जीवन, र सत्य हुनुहुन्छ, र उहाँको जीवन र सत्य सह-अस्तित्वमा रहन्छ। सत्यलाई प्राप्त गर्न नसक्नेहरूले जीवनलाई कहिल्यै पनि प्राप्त गर्नेछैनन्। सत्यको मार्गदर्शन, सहयोग, र प्रावधानविना, तैँले अक्षरहरू, धर्मसिद्धान्तहरू, र, सबैभन्दा माथि, मृत्युलाई मात्रै प्राप्त गर्नेछस्। परमेश्वरको जीवन सदा-उपस्थित छ, र उहाँको सत्य र जीवन सह-अस्तित्वमा रहन्छ। यदि तैँले सत्यको स्रोत भेट्टाउन सक्दैनस् भने, तैँले जीवनको पालनपोषण प्राप्त गर्नेछैनस्; यदि तैँले जीवनको प्रावधानलाई प्राप्त गर्न सक्दैनस् भने, तैँले अवश्य नै सत्य प्राप्त गर्नेछैनस्, र त्यसैले कल्पना र धारणाहरू बाहेक, तेरो शरीरको सम्पूर्णता तेरो देह–तेरो दुर्गन्धित देह बाहेक केही पनि हुनेछैन। पुस्तकका शब्दहरू जीवनको रूपमा गन्ती हुँदैनन्, इतिहासका अभिलेखहरूलाई सत्यको रूपमा आराधना गर्न सकिँदैन, र विगतका नियमहरूले वर्तमानमा परमेश्वरले बोल्नुभएका वचनहरूको विवरणको रूपमा काम गर्न सक्दैनन्। पृथ्वीमा आएर मानिसहरूको बीचमा बस्दा परमेश्वरले व्यक्त गर्नुहुने कुरा मात्रै सत्य, जीवन, परमेश्वरको इच्छा, अनि उहाँको काम गर्ने वर्तमान शैली हो। यदि तैँले विगतका युगहरूको अवधिमा परमेश्वरले बोल्नुभएका वचनहरूको अभिलेखलाई आज लागू गर्छस् भने, त्यसले तँलाई पुरातत्वविद तुल्याउँछ, र तँलाई व्याख्या गर्ने सबैभन्दा राम्रो तरिका भनेको तँ ऐतिहासिक सम्पदा सम्बन्धि विद्वान होस् भनेर भन्नु हो। त्यो यसैले हो किनभने तँ सधैँ परमेश्वरले विगतका समयहरूमा गर्नुभएको कामका निसानाहरूमा विश्वास गर्छस्, यसभन्दा पहिले उहाँले मानिसको बीचमा काम गर्नुभएको बेला छोडिएको परमेश्वरको छायामा मात्रै विश्वास गर्छस्, र पहिलेका समयहरूमा परमेश्वरले आफ्ना अनुयायीहरूलाई दिनुभएको बाटोमा मात्रै विश्वास गर्छस्। तँ आज परमेश्वरको कार्यको दिशामा विश्वास गर्दैनस्, आजको परमेश्वरको महिमित मुहारमा विश्वास गर्दैनस्, र परमेश्वरले हाल व्यक्त

गर्नुभएको सत्यको बाटोमा विश्वास गर्दैनस्। त्यसैले तँ अवश्य नै दिवा-सपना देख्ने होस् जो पूर्ण रूपमा वास्तविकताभन्दा सम्पर्क बाहिर छ। यदि तँ अझै पनि मानिसमा जीवन ल्याउन नसक्ने वचनहरूमा टाँसिन्छस् भने, तँ काठको ठुटाजस्तो[क] काम नलाग्ने छस्, किनभने तँ अत्यन्तै रूढिवादी, अत्यन्तै हठी, अत्यन्तै अविवेकी छस्!

देहधारी हुनुभएका परमेश्वरलाई ख्रीष्ट भनिन्छ, त्यसकारण मानिसहरूलाई सत्यता दिन सक्नुहुने ख्रीष्टलाई परमेश्वर भनिन्छ। यसको बारेमा केही पनि अत्योक्ति छैन, किनभने उहाँमा परमेश्वरको सार छ, र परमेश्वरको स्वभाव छ, र उहाँको काममा बुद्धि छ, जसलाई मानिसले प्राप्त गर्न सक्दैन। आफैलाई ख्रीष्ट भनी भन्ने, तैपनि परमेश्वरको काम गर्न नसक्नेहरू ठगहरू हुन्। ख्रीष्ट पृथ्वीमा परमेश्वरको प्रकटीकरण मात्रै हुनुहुन्न, तर उहाँ मानिसको बीचमा उहाँले आफ्नो काम गर्ने र त्यसलाई पूरा गर्ने क्रममा परमेश्वरले धारण गर्नुहुने खास देह पनि हुनुहुन्छ। यो कुनै पनि मानिसले हटाउन सक्ने देह होइन, तर पृथ्वीमा परमेश्वरको कार्यलाई पर्याप्त रूपमा वहन गर्न, र परमेश्वरको स्वभावलाई व्यक्त गर्न, अनि परमेश्वरको राम्ररी प्रतिनिधित्व गर्न, र मानिसलाई जीवन दिन सक्ने देह हो। ढिलो वा चाँडो, ख्रीष्टको नक्कल गर्नेहरू पतन हुनेछन्, किनभने तिनीहरूले आफूलाई ख्रीष्ट भनी दाबी गर्ने भए तापनि, तिनीहरूमा ख्रीष्टको कुनै पनि सार छैन। त्यसैले म भन्छु कि ख्रीष्टको विशुद्धतालाई मानिसले परिभाषित गर्न सक्दैन, तर परमेश्वर स्वयम्ले मात्र यसको उत्तर दिन र निर्णय गर्न सक्नुहुन्छ। यसरी, यदि तँ जीवनको बाटोलाई साँचो रूपमा खोज्न चाहन्छस् भने, तैँले पहिले, उहाँले पृथ्वीमा आउनु भएर परमेश्वरले मानिसलाई जीवनको बाटो दिने काम गर्नुहुन्छ भन्ने स्वीकार गर्नैपर्छ, र मानिसलाई जीवनको बाटो दिनको लागि आखिरी दिनहरूमा उहाँ आउनुहुन्छ भन्ने तैँले स्वीकार गर्नैपर्छ। यो विगत होइन; यो आज नै भइरहेको छ।

आखिरी दिनहरूका ख्रीष्टले जीवन ल्याउनुहुन्छ, अनि सत्यको नित्य रहने र अनन्त बाटो ल्याउनुहुन्छ। मानिसले जीवन प्राप्त गर्ने मार्ग यही सत्य नै हो, र यो एक मात्र मार्ग हो जसद्वारा मानिसले परमेश्वरलाई चिन्नेछ र परमेश्वरद्वारा स्वीकार गरिनेछ। यदि तँ आखिरी दिनहरूका ख्रीष्टले प्रदान गर्नुभएको जीवनको खोजी गर्दैनस् भने, तैँले कहिल्यै पनि येशूको स्वीकृती प्राप्त गर्नेछैनस्, र स्वर्गको राज्यको ढोकामा प्रवेश गर्न कहिल्यै पनि योग्य हुनेछैनस्, किनभने तँ इतिहासको कठपुतली र कैदी दुवै होस्। नियमहरूको, अक्षरहरूको नियन्त्रणमा हुनेहरू, र इतिहासको बन्धनमा बाँधिनेहरूले कहिल्यै पनि जीवन प्राप्त गर्न सक्नेछैनन् न त जीवनको अनन्त बाटोलाई नै पाउनेछन्। यो यसैले हो किनभने तिनीहरूसँग सिंहासनबाट बग्ने जीवनको पानी होइन तर हजारौं वर्षदेखि जमेर बसेको धमिलो पानी मात्रै छ। जसलाई जीवनको पानी दिइएको छैन तिनीहरू सदासर्वदा नै लासहरू, शैतानका खेलौनाहरू, अनि नरकका पुत्रहरू रहनेछन्। त्यसोभए, तिनीहरूले परमेश्वरलाई कसरी देख्न सक्छन्? यदि तँ विगतलाई मात्रै पक्रिराख्ने प्रयास गर्छस्, ठिङ्ग उभिएर काम-कुराहरूलाई यथास्थितिमा राख्ने प्रयास मात्रै गर्छस्, र यथास्थितिलाई परिवर्तन गर्ने र

क. काठको ठुटा: चिनियाँ टुक्का, जसको अर्थ "कामै नलाग्ने" भन्ने हुन्छ।

इतिहासलाई त्याग्ने प्रयास गर्दैनस् भने, के तँ सँधै परमेश्वरकै विरुद्धमा हुनेछैनस् र? परमेश्वरको कार्यका चरणहरू उर्लेर आउने छालहरू अनि बेरिएर आउने चट्याङहरूजस्तै गहन र शक्तिशाली छन्–तैपनि तँ आफ्नो मुर्खतामा टाँसिदै र केही पनि नगरिकन, विनाशको प्रतीक्षा गर्दै निष्क्रिय रूपमा बस्छस्। यसरी, तँलाई थुमाका पाइलाहरू पछ्याउने व्यक्तिको रूपमा कसरी लिन सकिन्छ? तैँले पक्रेर बसेको परमेश्वर सँधै नयाँ र कहिल्यै पुरानो नहुने परमेश्वर हुनुहुन्छ भनेर तैँले कसरी पुष्टि गर्न सक्छस्? अनि तेरा पहेँलो भइसकेका पुस्तकहरूले तँलाई कसरी नयाँ युगमा लैजान सक्छ? तिनले कसरी तँलाई परमेश्वरको कार्यका चरणहरूको खोजी गर्न अगुवाइ गर्न सक्छन्? अनि के तिनले तँलाई स्वर्ग लैजान सक्छ? तैँले तेरो हातमा जे लिएको छस् ती तँलाई अस्थाई सान्त्वना दिने अक्षरहरू मात्र हुन्, जीवन दिन सक्ने सत्यताहरू होइनन्। तैँले पढ्ने धर्मशास्त्रका खण्डहरूले तेरो जिब्रोलाई मात्रै समृद्ध तुल्याउन सक्छ र ती मानव जिन्दगी जान्न तँलाई सहयोग गर्न सक्ने दर्शनशास्त्रका शब्दहरू होइनन्, ती तँलाई सिद्धतामा लैजान सक्ने मार्गहरू हुने कुरा त परै जाओस्। के यो विसंगतिले तँलाई प्रतिबिम्बित गर्ने तुल्याउँदैन? के यसले तँलाई आफैभित्र समावेश रहेका रहस्यहरूलाई महसुस गर्ने तुल्याउँदैन र? के तँ परमेश्वरलाई भेट्नको लागि आफैले आफैलाई स्वर्ग लैजान सक्छस्? परमेश्वरको आगमनविना, के तँ परमेश्वरसँग पारिवारिक खुशीको आनन्द लिन आफैलाई स्वर्ग लैजान सक्छस्? के तँ अझै पनि सपना देखिरहेको छस्? त्यसो भए, मेरो सुझाव छ, तँ सपना देख्न छोड् अनि अहिले कसले काम गरिरहनुभएको छ हेर्–अहिले आखिरी दिनहरूमा मानिसलाई मुक्ति दिने काम कसले गर्दै हुनुहुन्छ त्यो देख्नको लागि हेर्। यदि तँ त्यसो गर्दैनस् भने, तैँले कहिल्यै सत्यता प्राप्त गर्नेछैनस्, र कहिल्यै जीवन प्राप्त गर्नेछैनस्।

ख्रीष्टले बोल्नुभएको सत्यतामा भरोसा नगरिकन जीवन प्राप्त गर्न चाहनेहरू पृथ्वीका सबैभन्दा हास्यास्पद मानिसहरू हुन्, र ख्रीष्टले ल्याउनुभएको जीवनको बाटोलाई स्वीकार नगर्नेहरू कल्पनामा हराएका छन्। त्यसैले म भन्छु कि आखिरी दिनहरूका ख्रीष्टलाई स्वीकार नगर्नेहरूलाई परमेश्वरले सदासर्वदा नै घिनाउनुहुनेछ। ख्रीष्ट नै आखिरी दिनहरूमा राज्यमा प्रवेश गर्ने मानिसको बाटो हुनुहुन्छ, र उहाँबाट उम्केर कोही पनि जान सक्दैन। ख्रीष्टद्वारा बाहेक परमेश्वरले कसैलाई पनि सिद्ध पार्नुहुन्न। तँ परमेश्वरमा विश्वास गर्छस्, र त्यसकारण तैँले उहाँका वचनहरूलाई स्वीकार गरेर उहाँको बाटोलाई पालन गर्नैपर्छ। सत्यतालाई प्राप्त गर्न असक्षम हुँदा-हुँदै र जीवनको प्रावधानलाई स्वीकार गर्न असक्षम हुँदा-हुँदै, तैँले आशिषहरू प्राप्त गर्ने बारेमा मात्रै विचार गर्न सक्दैनस्। उहाँमा साँचो रूपमा विश्वास गर्नेहरू सबैले जीवन प्राप्त गरून् भनेर ख्रीष्ट आखिरी दिनहरूमा आउनुहुन्छ। उहाँको काम पुरानो युगलाई समाप्त गरेर नयाँ युगमा प्रवेश गर्नको खातिर हो, र उहाँको काम नै नयाँ युगमा प्रवेश गर्ने सबैले हिँड्नै पर्ने मार्ग हो। यदि तैँले उहाँलाई स्वीकार गर्न सक्दैनस्, बरु उहाँलाई दोष दिन्छस्, ईश्वरनिन्दा गर्छस्, वा उहाँको खेदो समेत गर्छस् भने, तँ अवश्य नै अनन्तसम्म जल्नेछस् र परमेश्वरको राज्यमा कहिल्यै प्रवेश गर्नेछैनस्। यही ख्रीष्ट स्वयम् नै पवित्र आत्माको अभिव्यक्ति, परमेश्वरको अभिव्यक्ति, पृथ्वीमा आफ्नो काम गर्नको लागि परमेश्वरले जिम्मा दिनुभएको व्यक्ति हुनुहुन्छ। त्यसैले म भन्छु कि यदि आखिरी दिनहरूका ख्रीष्टले गर्नुभएका सबै कुराहरूलाई तैँले स्वीकार गर्न सक्दैनस् भने, तैँले पवित्र आत्माको

ईश्वरनिन्दा गर्छस्। पवित्र आत्माको ईश्वरनिन्दा गर्नेहरूले पाउने दण्ड सबैको लागि प्रष्टै छन्। म तँलाई यो पनि भन्छु कि यदि तैँले आखिरी दिनहरूका ख्रीष्टको विरोध गरिस् भने, यदि तैँले आखिरी दिनहरूका ख्रीष्टको तिरस्कार गरिस् भने, तेरो सट्टामा परिणामहरू भोगिदिने अरू कोही पनि हुनेछैन। यसको साथै, यो दिनदेखि उसो परमेश्वरबाट स्वीकृती प्राप्त गर्ने अर्को मौका तैँले पाउनेछैनस्; यदि तैँले आफैलाई छुटाउने प्रयास गरिस् भने पनि, तैँले फेरि कहिल्यै पनि परमेश्वरको मुहारलाई देख्नेछैनस्। किनभने तैँले जे विरोध गर्छस् त्यो मानिस होइन, तैँले जे तिरस्कार गर्छस् त्यो कुनै तुच्छ कुरा होइन, तर ख्रीष्ट हुनुहुन्छ। यसको परिणामहरू के हुनेछन् के तँलाई थाहा छ? तैँले सानो गल्ती होइन, तर घृणित पाप गरेको हुनेछस्। त्यसैले म जोकोहीलाई सत्यको अघि आफ्नो दारा नदेखाओ वा लापरवाह आलोचना नगर भन्ने सल्लाह दिन्छु, किनभने सत्यले मात्रै तँलाई जीवन दिनेछ, र सत्य बाहेक अरू केहीले पनि तँलाई पुनर्जन्म पाउने र परमेश्वरको मुहारलाई फेरि हेर्ने तुल्याउन सक्दैन।

## तेरो गन्तव्यका लागि पर्याप्त असल कार्यहरु तयार गर्

मैले तिमीहरूमाझ धेरै कार्यहरु गरिसकेको छु, र पक्कै पनि, धेरै वाणीहरु पनि बोलेको छु। तर पनि आखिरी दिनहरुमा मेरा वचनहरु तथा मेरा कार्यले मेरो कार्यको उद्‌देश्य पूर्ण रुपमा परिपूर्ति गर्न नसकिरहेको जस्तो मलाई प्रतीत भएको छ। किनभने विगतका केही दिनहरुका मेरा कार्यहरु केही निश्चित व्यक्ति वा केही निश्चित मानिसहरुका लागि नभई मेरो अन्तर्निहित स्वभाव प्रदर्शन गर्नेतर्फ उन्मुख छ। तर पनि असंख्य कारणहरुले गर्दा–शायद समयको अभाव वा व्यस्त कार्यतालिकाका कारण, मेरो स्वभावबाट मेरो विषयमा मानिसहरुले कुनै पनि ज्ञान प्राप्त गरेका छैनन्। तसर्थ, म मेरो नयाँ योजना, मेरा अन्तिम कार्य प्रारम्भ गर्दछु, र मेरो कार्यको नयाँ पृष्ठ खोल्दछु, ताकि मलाई भेट्ने सबैले आफ्नो छाती पिट्नेछ र मेरो अस्तित्वको कारण नरोकिइ रोइकराइ र विलाप गर्नेछन्। यसको कारण भनेको म संसारमा मानवजातीको अन्त्य ल्याउँछु, र यो विन्दुपश्चात्, म मानवजातीको समक्ष मेरो सम्पूर्ण स्वभाव उजागर गर्दछु, ताकि मलाई चिन्ने सबै र मलाई नचिन्ने सबैले आ–आफ्ना आँखाबाट आनन्द लिन सकुन् र म वास्तवमै मानव संसारमा आएको छु, सबै कुराहरुको गुणन हुने पृथ्वीमा आएको छु भनेर हेर्न सकुन्। यो मेरो योजना हो, र मानवाजातीको मेरो सृष्टिपछिको मेरो एकमात्र “स्वीकारोक्ति” हो। मेरो प्रत्येक चालमा तिमीहरू अविभक्त ध्यान देऊ, किनकी मेरो दण्ड एकपटक फेरि मानवजातीका उपर, मेरा सबै विरोधीहरुका उपर बज्रन्छ।

स्वर्गहरुसँगसँगै, म मैले गर्नुपर्ने कार्यको प्रारम्भ गर्छु। र त्यसैले म मेरो मार्ग मानिसहरुको बीचबाट निकाल्छु र मेरो गतिविधिहरुको बारेमा कहिल्यै कसैले नसोची वा मेरा वाणीहरुको बारेमा थाहा नपाइकनै, म पृथ्वी र स्वर्गबीच आवतजावत गर्छु। तसर्थ, मेरो योजना सहज रुपमा अघि बढ्छ। तिमीहरूको सबै इन्द्रियहरु यतिसम्म शून्य छन् कि मेरो कार्यका कदमहरुका बारेमा तिमीहरू अनभिज्ञ भएका छौ। तर तिमीहरूले मेरो अभिप्रायहरु थाहा पाउने त्यस्तो दिन पक्कै आउनेछ।

आज, म तिमीहरूसँगै बाँच्छु र तिमीहरूसँगै सहन्छु, र मानवजातीले मप्रति बनाएको दृष्टिकोण मैले बुझ्न थालेको धेरै लामो समय भएको छ। म यसको विषयमा थप बोल्न चाहन्नँ, र यो पीडादायी विषयका उदाहरणहरुको चर्चा गरेर तिमीहरूलाई लज्जित बनाउन त झनै चाहन्नँ। म आशा गर्छु, तिमीहरूले के गरेका छौ भनेर आफ्नो हृदयभित्रै स्मरण गर्छौ जसबाट हामी अर्को पटक भेट्दा हामीले हाम्रो हिसाब मिलान गर्न सक्नेछौँ। म तिमीहरूमध्ये कसैलाई पनि गलत आरोप लगाउन चाहन्नँ, किनभने मैले सधैँ न्यायसङ्गत, निष्पक्ष, र मर्यादित व्यवहार गरेको छु। पक्कै पनि, तिमीहरू इमानदार रहनेछौ र स्वर्ग र पृथ्वी वा तेरो विवेक विरुद्ध हुने कुनै पनि काम गर्नेछैनस् भन्ने पनि मैले आशा गरेको छु। तिमीहरूबाट मैले माग्न सक्ने कुरा यो मात्रै हो। धेरै मानिसहरु सहज परिस्थितिमा व्याकुल र बिरामी महसुस गर्छन् किनभने उनीहरुले धेरै क्रूर गल्तीहरु गरेका हुन्छन्, र धेरैलाई आफूले कहिल्यै एउटा पनि असल कार्य नगरेकोमा लज्जा बोध हुन्छ। तर पनि, आफ्ना पापहरुबाट लज्जा बोध हुँदै नहुनेहरु पनि छन् जो मेरो स्वभावको परीक्षा लिनका लागि, पूर्ण रुपमा उजागर हुन बाँकी उनीहरुको घृणित गुणहरु छोप्ने मुखौटालाई पूर्ण रुपमा उदाङ्गो बनाउँदै खराबबाट निकृष्ट बन्छन्। म कुनै एक व्यक्तिको कुनै कार्यका विषयमा चासो लिन्न र ध्यान पनि दिन्न। बरु, म मैले गर्नुपर्ने कार्य गर्दछु, जानकारी संकलन गर्ने कार्य होस् वा भूमिको भ्रमण गर्ने वा मेरो रुचिभित्र पर्ने अन्य कुनै कार्य नै होस्। मुख्य समयहरुमा, न एक सेकेन्ड चाँडो न एक सेकेन्ड ढिलो, वास्तविक योजना मुताबिक मानिसमाझ म मेरो कामलाई अघि बढाउँछु, दुवै सहजता र स्थिरताका साथ। यद्यपि, मेरो कामको प्रत्येक कदममा, केही विलय हुन्छ, किनभने म उनीहरुको चाप्लुसीले भरिएको व्यवहार र उनीहरुको झूठो अधीनताको तिरस्कार गर्दछु। मेरा विरोधीहरुको त्याग निश्चित रुपमा हुनेछ, चाँहे जानेर होस् वा नजानेर। संक्षिप्त रुपमा भन्नुपर्दा, मैले तिरस्कार गर्ने सबै जना मभन्दा परै रहनेछन्। भनी रहनु नपर्ला, मेरो घरमा बस्ने दुष्टलाई पनि म छोड्ने छैन। मानिसको दण्डको दिन नजिक आउँदै गरेकाले, म मेरो घरमा रहेका तिरस्कृत प्राणहरुको त्याग गर्न हतारो गर्ने छैन किनभने मेरो आफ्नै योजना छ।

अहिले नै मैले प्रत्येक व्यक्तिको लागि अन्त्य निर्धारण गर्ने समय हो, मैले मानिसमा काम गर्न शुरु गरेको चरण होइन। म मेरो अभिलेख खातामा एक–एक गरी प्रत्येक मानिसका बोलीवचन र कार्यहरुका बारेमा, उनीहरुले मेरो अनुयायी बन्न प्रयोग गरेको मार्गका बारेमा, उनीहरुको अन्तर्निहित विशेषताहरुका बारेमा, र उनीहरुले अन्ततः आफ्नो भावनालाई कसरी नियन्त्रण गरेका छन् त्यसको बारेमा लेख्छु। यसरी, ती मानिसहरु जोसुकै भए पनि, मेरो हातबाट कसैले उन्मुक्ति पाउने छैन, र उनीहरु सबै मैले निर्दिष्ट गरेको किसिमकै रहनेछन्। म प्रत्येक व्यक्तिको गन्तव्यको निर्धारण निजको उमेर, वरिष्ठता, भोगाइको परिमाणका आधारमा गर्दिन, र उनीहरुले गर्ने कारुणिक आव्हानका आधारमा त झनै होइन्, तर उनीहरुसँग सत्य छ वा छैन भन्ने आधारमा गर्दछु। योभन्दा अर्को कुनै विकल्प छैन। परमेश्वरको इच्छालाई अनुसरण नगर्ने सबैले दण्ड पाउनेछन् भनेर तिमीहरूले बुझ्नुपर्दछ। यो एक अपरिवर्तनीय तथ्य हो। तसर्थ, दण्डित हुनेहरु सबै परमेश्वरको धार्मिकताका लागि दण्डित भएका हुन् र उनीहरुले गरेका असङ्ख्य दुष्टकर्मका लागि प्रतिशोध दिइएको हो। मैले मेरो योजनामा यसको प्रारम्भदेखि एउटा पनि परिवर्तन गरेको छैन। यो यति

मात्र छ, जहाँसम्म मानिसको कुरा छ, म जसलाई मेरा वचनहरू निर्देशन दिन्छु ती संख्यामा कम हुँदै गइरहेको जस्तो देखिन्छ, जसको म साँच्चिकै स्वीकृति दिन्छु। यद्यपि, मैले मेरो योजनामा कुनै पनि परिर्वतन नगरी कायम राखेको छु; बरु, मानिसको विश्‍वास र प्रेम निरन्तर परिवर्तन भइरहेको छ, सधैँ फितलो हुँदै गएको छ, प्रत्येक व्यक्तिलाई मेरो चाप्लुसी गर्न सम्भव बनाउने हददेखि मप्रति रुचि नदेखाउने र मेरो बारेमा सोच्‍नै छोड्ने हदसम्म। मैले अरुचि र घृणाको अनुभव नगरेसम्म, तिमीहरूप्रतिको मेरो दृष्टिकोण न न्यायो हुनेछ र न चिसो नै, र अन्त्यमा दण्ड तोकिनेछ। यद्यपि, तिमीहरूले दण्ड पाउने दिन, मैले तिमीहरूलाई हेरिरहेको हुनेछु, तर तिमीहरूले मलाई देख्‍न छोड्नेछौ। तिमीहरूबीच रहेको जीवन मेरा लागि कठिन र निरस भइसकेको छ, त्यसैले, मेलै बाँच्‍नका लागि भिन्‍न वातावरणको चयन गरिसकेको छु, तिमीहरूको द्‌वैषले भरिपूर्ण शब्दहरुबाट हुने दुखाइबाट र तिमीहरूको सहन गर्न नसकिने पतित व्यवहारबाट टाढा रहन, ताकि तिमीहरूले मलाई थप मूर्ख बनाउन नसकोस वा मप्रति लापरबाही व्यवहार गर्न नसकोस। तिमीहरूलाई विदा दिनुअघि, सत्यअनुरुप नहुने कार्यहरुबाट आफूलाई टाढा राख्‍न मैले तिमीहरूलाई उपदेश दिनैपर्ने हुन्छ। बरु, तिमीहरूले सबैलाई खुशी बनाउने, सबैले लाभ मिल्न सक्ने, र तेरो आफ्नै गन्तव्यमा पनि लाभ हुन सक्ने कार्यहरु गर्नुपर्दछ, अन्यथा, विपद्‌को बीचमा दुःख पाउने अन्य कोही नभई तँ नै हुनेछस्।

मलाई प्रेम गर्ने र आफूलाई अस्वीकार गर्नेप्रति मेरो कृपा व्यक्त हुनेछ। दुष्टहरुप्रति दण्ड हुनेछ, यही समयमा, यो मेरो धार्मिक स्वभावको सटिक प्रमाण हो, र अझै थप, मेरो क्रोधको साक्षी हो। जब विपद् आउँछ, मेरो विरोध गर्नेहरु भोकमरी र महामारीले पीडित हुँदै रुनेछन्। सबै प्रकारका दुष्टता गर्नेहरु तर धेरै वर्षसम्म मलाई पछ्याएकाहरुले पनि उनीहरुको पापबाट छुटकारा पाउने छैनन्; उनीहरु पनि, विपदमा डुब्नेछन्, यस्तो विपद् जुन विगतका लाखौँ वर्षहरुमा विरलै देखिएको छ, र उनीहरु सन्त्रास र डरको अनवरत स्थितिमा बाँच्‍नेछन्। अनि मप्रति निष्ठा राख्‍ने मेरा अनुयायीहरु आनन्दित हुनेछन् र मेरो शक्तिको प्रशंसा गर्नेछन्। उनीहरुले वर्णन गर्न नसकिने सन्तुष्टि प्राप्त गर्नेछन् र मैले मानवजातीलाई यसअघि कहिल्यै प्रदान नगरेको हर्षका साथ बाँच्‍नेछन्। किनभने म मानिसले गरेका असल कार्यलाई महत्व दिन्छु र उनीहरुको दुष्ट कर्मलाई तिरस्कार गर्दछु। मैले मानवजातीको नेतृत्व गर्न प्रारम्भ गरेदेखि नै, मेरो जस्तै सोच भएका मानिसहरुको समूह प्राप्त गर्ने आशा मैले व्यग्रताका साथ गरेको छु। यसै समयमा, मेरो जस्तो सोच नभएकाहरुलाई पनि म कहिल्यै बिर्सिन्‍न; उनीहरुलाई म मेरो हृदयभित्र सधैँ घृणा गर्दछु, उनीहरुलाई प्रतिशोध लिने अवसरको प्रतीक्षा गरिरहेको छु, र यो हेर्दा मलाई आनन्द आउँनेछ। अब अन्ततः मेरो दिने आएको छ, र मैले अब पर्खनु पर्नेछैन!

मेरो अन्तिम कार्य मानिसलाई दण्ड दिनका लागि मात्रै होइन्, तर मानिसका लागि गन्तव्यको व्यवस्था गर्नका लागि पनि हो। यसका अतिरिक्त, यो कार्य मानिसले मेरो व्यवहार र कार्यहरुप्रति कृतज्ञ रहुन् भन्‍नका लागि हो। मैले गरेका सबै कार्यहरु सही छ र मैले गरेका सबै कार्यहरु मेरो स्वभावको अभिव्यक्ति हो भनेर प्रत्येक व्यक्तिले देखुन् भन्‍ने मेरो चाहाना हो। यो मानिसका कार्यले होइन्, मानिसलाई अगाडि ल्याएको प्रकृतिले त झनै होइन, तर सृष्टिमा भएका सबै जिवित

प्राणीको पालनहार म नै हुँ। मेरो अस्तित्वविना, मानवजाती नाश मात्रै हुँदै जानेछ र विपद्को अभिशाप भोग्नुपर्नेछ। कुनै पनि मानवजातीले सुन्दर सूर्य र चन्द्रमा, वा हराभरा संसार फेरि कहिल्यै देख्न पाउनेछैनन्; मानवजातीले कठ्याङ्ग्रिदो चिसो रात र मृत्युको छायाँको निर्मम उपत्यकाको सामना मात्र गर्नेछन्। म मानवजातीको एकमात्र मुक्ति हुँ। म मानवजातीको एकमात्र आशा हुँ र, अझै थप, ममा नै सबै मानवजातीको अस्तित्व निर्भर रहन्छ। मविना, मानवजाती तत्कालै अवरुद्ध हुनेछ। मविना, मानवजातीले प्रलय भोग्नेछ र सबै प्रकारका प्रेतात्माको पैँतालामुनि कुल्चिइनुपर्नेछ, तथापि मलाई कसैले ध्यान दिँदैनन्। कसैले पनि गर्न नसकेका कार्य मेले गरेको छु, र केही असल कार्यहरुमार्फत् मानिसले मेरो ऋण चुकाउनेछ भन्ने मात्र आशा गरेको छु। तर केहीले मात्र मेरो ऋण चुकाउन सकेका छन्, तथापि म मेरो मानव संसारको यात्रालाई अन्त्य गर्नेछु र उजागर गर्ने मेरो कार्यको अर्को कदमको प्रारम्भ गर्नेछु, किनभने मानिसको बीचमा यी वर्षहरुमा मैले गरेको हतारो आवतजावत फलदायी भएको छ, र म अत्यन्तै खुशी छु। म मानिसहरुको सङ्ख्याका बारेमा चासो दिन्न, बरु उनीहरुको असल कार्यहरुप्रति चासो राख्छु। जे भए पनि, तिमीहरुले तिमीहरुको आफ्नो गन्तव्यका लागि पर्याप्त असल कार्यहरु तयार पारेका छौ भन्ने आशा गर्दछु। त्यसपछि म सन्तुष्ट हुनेछु; अन्यथा, तिमीहरुमाथि आइपर्ने विपत्तिबाट तिमीहरु कोही पनि उम्कन सक्नेछैनौ। विपत्ति मभित्रैबाट उत्पत्ति हुन्छ र पक्कै पनि, मबाटै व्यवस्था हुन्छ। यदि तिमीहरु मेरा आँखामा असल देखा पर्न सकेनौ भने, तिमीहरु विपत्तिको भोगाइबाट उम्कन सक्नेछैनौ। यो विपत्तिको बीचमा, तिमीहरुको कार्य र व्यवहारहरु पूर्ण रुपमा उपयुक्त मानिनेछैन, किनभने तिमीहरुको विश्वास र प्रेम खोक्रो थियो, र तिमीहरुले आफूलाई कायर वा रुखो मात्रै देखायौँ। यस विषयमा, म असल वा खराबको न्याय मात्र गर्नेछु। तिमीहरु प्रत्येकले कसरी व्यवहार गर्छौ र आफूलाई अभिव्यक्त गर्छौ भन्ने विषयमा मेरो सरोकार निरन्तर रहनेछ, जसको आधारमा म तिमीहरुको अन्त्य निर्धारण गर्नेछु। यद्यपि, एउटा कुरा मैले स्पष्ट पार्नुपर्दछ: संकष्टको समयमा मप्रति अलिकति पनि निष्ठा नदेखाउनेहरुप्रति, अब म कृपालु हुनेछैन, किनभने मेरो कृपा यहीँ सम्मका लागि मात्रै थियो। साथै, मलाई एकपटक विश्वासघात गर्नेहरुलाई म मनपराउँदिन, र आफ्ना साथीहरुको हितलाई बिक्री गर्नेहरुसँग संलग्न हुन झनै मनपराउँदिन। मानिस जोसुकै भए पनि मेरो स्वभाव यही हो। मैले तिमीहरुलाई यो भन्नैपर्छ: मेरो हृदय तोड्ने जोसुकैले मबाट दोस्रो पटक क्षमा पाउनेछैन, र मप्रति निष्ठावान् रहनेहरु सधैँ मेरा हृदयमा रहनेछन्।

## तँ कोप्रति निष्ठावान् छस्?

अहिले, प्रत्येक दिन तिमीहरू जिउनु महत्वपूर्ण छ र तिमीहरूको गन्तव्य र तिमीहरूको भवितव्यको लागि यो अत्यन्तै महत्त्वपूर्ण छ, त्यसैले तिमीहरूले आफूसँग आज भएको सबै कुरालाई सम्हाल्नुपर्छ र बित्ने प्रत्येक मिनेटलाई महत्त्व दिनुपर्छ। तिमीहरूले यो जीवन व्यर्थमा बाँच्नु नपरोस् भन्नाका खातिर आफूलाई उच्चतम लाभहरू दिनलाई सकेसम्म धैरै समय दिनुपर्दछ। तिमीहरू मैले किन त्यस्ता वचनहरू बोलिरहेको छु भन्ने कुराले अन्योलमा पर्न सक्छौ। नलुकाई

भन्नुपर्दा, म तिमीहरूमध्ये कसैको व्यवहारबाट अलिकति पनि खुसी छैन, किनकि मैले तिमीहरूबाट जस्तो आशा राखेको थिएँ त्यो तिमीहरू आज जस्तो छौ त्यस्तो थिएन। तसर्थ, म भन्न सक्छु, तिमीहरूमध्ये प्रत्येक जना खतराको जोखिममा छौ र तिमीहरूले विगतमा मद्दतको लागि गरेको हारगुहार, अनि सत्यतालाई पछ्याउने र प्रकाशको खोजी गर्ने तिमीहरूका पहिलेका आकांक्षाहरू अन्त्यमा पुग्न लागेका छन्। यो तिमीहरूको प्रतिपूर्तिको अन्तिम प्रदर्शन हो र यो त्यो कुरा हो जुन मैले कहिल्यै अपेक्षा गरेको थिइन। म तथ्यहरूको विपरीत बोल्न चाहन्न, किनकि तिमीहरूले मलाई एकदमै निराश बनाएका छौ। सायद तिमीहरू यसलाई स्वीकार्न चाहँदैनौ, वास्तविकताको सामना गर्न चाहँदैनौ–अझै पनि मैले तिमीहरूलाई यो कुरा गम्भीर रूपमा सोध्नुपर्छ: यी सारा वर्षहरूमा, तिमीहरूको हृदय वास्तवमा केले भरिएको छ? तिनीहरू कोप्रति निष्ठावान् छन्? यी प्रश्नहरू यत्तिकै आएका हुन् नभन र मैले यस्ता कुराहरू किन सोधेँ भनेर मलाई नसोध। यो कुरा जान: यसको कारण के हो भने, म तिमीहरूलाई राम्रोसँग चिन्छु, तिमीहरूको एकदमै ख्याल गर्छु र तिमीहरूको आचरण र कार्यहरूमा मैले मेरो हृदय धेरै नै दिएको छु, त्यसकारण मैले तिमीहरूलाई अटुट रूपमा लेखा प्रस्तुत गर्न र तीतो कठिनाइ वहन गर्न बोलाएको छु। अहिलेसम्म तिमीहरूले मलाई उदासीनता र सहनै नसकिने त्याग बाहेक कुनै पनि कुरा दिएका छैनौ। तिमीहरू मप्रति ज्यादै लापरवाही भएका छौ; के मलाई यसको बारेमा केही पनि थाहा नहुनु सम्भव छ र? तैँले विश्वास गर्ने कुरा यही हो भने, यसले तैँले मलाई दयाको साथमा साँचो रूपले व्यवहार गर्दैनस् भन्ने तथ्यलाई थप रूपमा प्रमाणित गर्छ। त्यसैले त म भन्छु, तिमीहरूले आफूलाई सत्यबाट लुकाउँदै छौ। तिमीहरू यति चलाख छौ कि तिमीहरूलाई आफूले के गर्दै छु भन्ने समेत थाहा छैन–त्यसैले तिमीहरूले मलाई लेखा प्रस्तुत गर्न के प्रयोग गर्नेछौ?

वास्तवमा तिमीहरूको हृदय कोप्रति निष्ठावान् छ भन्ने प्रश्न नै मेरो लागि सबैभन्दा चासोको प्रश्न हो। मलाई आशा छ, तिमीहरूमध्ये प्रत्येकले आफ्ना सोच व्यवस्थित गर्ने प्रयास गर्नेछौ र तिमीहरू कोप्रति निष्ठावान् छौ र कसको लागि तिमीहरू बाँच्छौ भनेर आफैलाई सोध्नेछौ। सायद तिमीहरूले कहिल्यै पनि यी प्रश्नहरूमा ध्यानपूर्वक विचार गरेका छैनौ, त्यसैले मैले तिमीहरूका निम्ति उत्तरहरू प्रकट गरिदिँदा कस्तो होला?

सम्झना भएका जोकोहीले पनि यो तथ्यलाई स्वीकार्नेछ: मानिस आफ्नो लागि बाँच्छ र आफैप्रति निष्ठावान् हुन्छ। मलाई तिमीहरूका जबाफ पूर्णतया सही छन् भन्ने विश्वास छैन, किनकि तिमीहरू प्रत्येक आ-आफ्नै जीवनमा रहन्छौ र प्रत्येकले आफ्नै पीडामा सङ्घर्ष गर्दै छौ। यस्तो भएकोले, तिमीहरू आफूले प्रेम गर्ने मानिसहरूप्रति र तिमीहरूलाई खुसी बनाउने वस्तुहरूप्रति निष्ठावान् छौ; तिमीहरू आफूप्रति सम्पूर्णतया निष्ठावान् छैनौ। तिमीहरू प्रत्येक आफ्ना वरिपरिका मानिस, घटना र वस्तुहरूबाट प्रभावित भएकोले, तिमीहरू आफूप्रति साँचो रूपमा निष्ठावान छैनौ। तिमीहरू आफूप्रति निष्ठावान् हुनुपर्छ भन्ने कुरालाई समर्थन गर्नको लागि होइन, बरु अन्य कुराप्रति तिमीहरूको निष्ठा भएको खुलासा गर्नको लागि मैले यी वचनहरू बोलेको हुँ, किनभने यत्तिका वर्षसम्म, मैले तिमीहरूमध्ये कसैबाट पनि निष्ठा प्राप्त गरेको छैन। तिमीहरूले यत्तिका वर्षसम्म मलाई पछ्याएका छौ, तर अहिलेसम्म मलाई निष्ठाको एक टुक्रा पनि दिएका छैनौ। बरु, तिमीहरू

आफूले प्रेम गर्ने मानिस र आफूलाई खुसी बनाउने कुराहरूको वरिपरि घुमिरहन्छौ—यहाँसम्म कि हरेक समयमा र तिमीहरू जहाँसुकै जाँदा पनि तिमीहरूले ती कुराहरूलाई आफ्नो हृदयको नजिक राख्छौ र कहिल्यै तिनलाई त्याग्दैनौ। जब तिमीहरू आफूले प्रेम गर्ने कुनै पनि कुराप्रति उत्सुक वा उत्साहित हुन्छौ, यस्तो त तिमीहरूले मलाई पछ्याउँदा पनि हुन्छ वा तिमीहरूले मेरा शब्दहरू सुनिरहँदा पनि हुन्छ। त्यसकारण, म भन्छु, मैले तिमीहरूसँग मागेको निष्ठालाई तिमीहरूले आफ्ना "प्रिय वस्तु" हरूप्रति निष्ठावान् हुन र तिनीहरूलाई प्रेमसाथ सम्हाल्न प्रयोग गरिरहेका छौ। तिमीहरूले मेरो लागि एक-दुई ओटा कुरा बलिदान गरे तापनि, यसले तिमीहरूको सबै कुरालाई प्रतिनिधित्व गर्दैन र तिमीहरू साँचो रूपमा मप्रति नै निष्ठावान् छौ भन्ने बताउँदैन। तिमीहरूले आफूले चाहेका कुराहरूमा नै आफूलाई संलग्न गराउँछौ; केही मानिसहरू छोरा र छोरीहरूप्रति निष्ठावान् हुन्छन् भने अरूहरूचाहिँ पति, पत्नी, धन, काम, हाकिम, हैसियत वा महिलाहरूप्रति निष्ठावान् हुन्छन्। तिमीहरू आफू निष्ठावान् भएका कुराहरूप्रति कहिल्यै थकित वा क्रोधित बन्दैनौ; बरु, तिमीहरूले बढी मात्रामा र बढी परिमाणमा ती कुराहरू पाउन इच्छा गर्छौ र कहिल्यै पनि हरेस खाँदैनौ। म र मेरा वचनहरू जहिले पनि तिमीहरूले चाहेका कुराहरूभन्दा पछाडि धकेलिन्छन्। अनि ती कुराहरूलाई अन्तिम दर्जा दिनु बाहेक तिमीहरूसँग अरू कुनै विकल्प हुँदैन। त्यस्ता व्यक्तिहरू पनि छन् जसले आफूले अहिलेसम्म पत्ता लगाउन बाँकी रहेका कुराहरूका लागि निष्ठावान् हुनको लागि अन्तिम स्थान साँचेर राख्छन्। उनीहरूको हृदयमा मेरो हल्का छाप समेत छैन। तिमीहरूले सोच्छौ होला, मैले तिमीहरूलाई धेरै नै मागिरहेको छु वा तिमीहरूलाई गलत तरिकाले आरोप लगाइरहेको छु—तर के तिमीहरूले आफ्नो परिवारसँग खुसीसाथ समय बिताइरहेको बेला तिमीहरू मप्रति एक पटक पनि निष्ठावान् भएका छैनौ भन्ने तथ्यको बारेमा कहिल्यै सोचेका छौ? यस्ता समयहरूमा, के यसले तिमीहरूलाई पीडा दिँदैन? जब तिमीहरूका हृदय आनन्दले भरिन्छ र तिमीहरूलाई तिमीहरूका परिश्रमको इनाम दिइन्छ, के तिमीहरू आफू पर्याप्त सत्यले सुसज्जित नभएकोमा निरुत्साहित महसुस गर्दैनौ? तिमीहरू मेरो स्वीकृति प्राप्त नगर्दा कहिले रोएका छौ? तिमीहरूले आफ्ना छोरा र छोरीहरूको लागि आफ्नो दिमाग घोट्छौ र ठूलो पीडा भोग्छौ, तर पनि तिमीहरू सन्तुष्ट छैनौ; अझै पनि तिमीहरू तिनीहरूका खातिर लगनशील भएका छैनौ, तिनीहरूका लागि आफूले गर्न सक्ने सबै कुरा गरेका छैनौ भन्ने विश्वास गर्छौ। यद्यपि मप्रति भने तिमीहरू सधैँ नै असावधान र लापरवाही भएका छौ; म तिमीहरूको सम्झनामा मात्र छु, तर म तिमीहरूको हृदयमा रहन सक्दिन। मेरा समर्पण र प्रयासहरूलाई तिमीहरूले कहिल्यै अनुभव गरेनौ र तिनलाई कहिल्यै कुनै पनि कदर गरेनौ। तिमीहरू केवल क्षणिक रूपमा तिनको बारेमा विचार गर्छौ र यति नै पर्याप्त हुनेछ भन्ने विश्वास गर्छौ। यस्तो "निष्ठा" मैले लामो समयदेखि खोजेको निष्ठा होइन, बरु त्यो त मैले लामो समयदेखि घृणा गरेको कुरा हो। तथापि, मैले जेसुकै भने पनि तिमीहरूले एक-दुई ओटा कुरा मात्र स्वीकारिरहन्छौ; तिमीहरूले यसलाई पूर्णतया स्वीकार्न सक्दैनौ, किनकि तिमीहरू सबै अत्यन्तै "विश्वस्त" छौ र मैले बोलेका वचनहरूबाट के स्वीकार्ने त्यसलाई चयन गरी लिन्छौ। तिमीहरू आज पनि यस्तै छौ भने, तिमीहरूको आत्मविश्वासलाई ठीक गर्ने केही विधिहरू मसँग छन्—र त्यति मात्र होइन, मेरा सबै वचनहरू सत्य छन्, र तीमध्ये कुनैले पनि तथ्यहरूलाई

विकृत गर्दैनन् भनेर म तिमीहरूलाई स्वीकार गर्ने तुल्याउनेछु।

यदि अहिले मैले तिमीहरूको अगाडि केही पैसा राखेँ र तिमीहरूलाई छनौट गर्ने स्वतन्त्रता दिएँ भने–र मैले तिमीहरूको छनौटको लागि तिमीहरूलाई दोष लगाइन भने–तिमीहरूमध्ये धेरैजसोले पैसा छनौट गरेर सत्यलाई त्याग्नेथियौ। तिमीहरूमध्ये उत्तम व्यक्तिहरूले पैसालाई त्यागेर मन नलागी-नलागी सत्यतालाई छनौट गर्नेथियौ, जबकी दोधारेहरूले एउटा हातले पैसा हडप्नेथिए र अर्को हातले सत्यता टिप्नेथिए। तिमीहरूको साँचो रङ त्यसपछि आफै स्पष्ट नहोलान् त? तिमीहरूले सत्यता र तिमीहरू निष्ठावान् भएको कुनै कुराको बीचमा छनौट गर्दा, तिमीहरू सबैले यही छनौट गर्थ्यौ र तिमीहरूको मनोवृत्ति उस्तै रहन्थ्यो। के त्यो यस्तै हो नि, होइन र? के तिमीहरूमध्ये धेरै जना सही र गलतको बीचमा घरी यता र घरी उता गरेका व्यक्तिहरू होइनौ र? सकारात्मक र नकारात्मक, कालो र सेतो बीचको प्रतिस्पर्धामा, तिमीहरूले परिवार र परमेश्‍वर, छोराछोरी र परमेश्‍वर, शान्ति र अवरोध, सम्पत्ति र गरिबी, हैसियत र साधारणपन, समर्थन पाउनु र पन्छाइनु र यस्तै अन्य कुराहरूको बीचमा तिमीहरूले गरेको छनौटको बारेमा तिमीहरूलाई अवश्य नै थाहा होला। शान्तिपूर्ण परिवार र टुक्रिएको परिवारको बीचमा, तिमीहरूले पहिलोलाई नै छनौट गर्‍यौ र तिमीहरूले हिचकिचाहटविना त्यस्तो गर्‍यौ; धन र कर्तव्यको बीचमा, तिमीहरूले फेरि पहिलोलाई छनौट गर्‍यौ, यहाँसम्म कि किनारामा फर्किने[क] इच्छा समेत राखेनौ; विलासिता र गरिबीको बीचमा, तिमीहरूले पहिलोलाई छनौट गर्‍यौ; आफ्ना छोरा, छोरी, श्रीमती, श्रीमान अनि मेरो बीचमा छनौट गर्दा, तिमीहरूले पहिलोलाई छनौट गर्‍यौ; र धारणा र सत्यताको बीचमा, तिमीहरूले पहिलोलाई नै छनौट गर्‍यौ। तिमीहरूका सबै दुष्कर्महरूको सबै तरिकालाई सामना गरेको कारण, मैले तिमीहरूमाथिको विश्‍वासलाई गुमाएको छु। तिमीहरूको हृदय यसलाई कोमल बनाउने कार्यप्रति अत्यन्तै प्रतिरोधी छ भन्‍ने कुराले मलाई साँच्चै अचम्मित पार्छ। समर्पण र प्रयासका धेरै वर्षहरूले स्पष्ट रूपमा मलाई तिमीहरूको परित्याग र निराशाभन्दा धेरै अरू केही दिएन, तर तिमीहरूको लागि मेरा आशाहरू बितेको प्रत्येक दिनसँगै बढ्दै जान्छन्, किनकि मेरो दिन पूर्ण रूपमा सबैको अगाडि उदाङ्गो भएको छ। तैपनि तिमीहरू अँध्यारो र दुष्ट कुराहरूको खोजमा छौ र तीमाथिको आफ्नो पकडलाई खुकुलो गर्न अस्वीकार गर्छौ। त्यसो भए, तिमीहरूको परिणाम के हुनेछ? के तिमीहरूले कहिल्यै यसबारे ध्यानपूर्वक विचार गरेका छौ? यदि तिमीहरूलाई फेरि छनौट गर्न लगाइएको थियो भने, तिमीहरूको छनौट के हुनेथियो? के यो अझै पनि पहिलो नै हुनेथियो? के तिमीहरूले अझै पनि मलाई निराशा र दुर्भाग्यपूर्ण शोक ल्याइदिनेथियौ? के तिमीहरूको मुटुमा अझै पनि न्यानोपनको सानो टुक्रा बाँकी रहनेथियो? के तिमीहरू अझै पनि मेरो मुटुलाई सान्त्वना दिन के गर्नुपर्छ सोबारे अनभिज्ञ हुनेथियौ? यो समयमा तिमीहरू केलाई छनौट गर्छौ? तिमीहरू मेरा वचनहरूमा समर्पित हुन्छौ कि तिनीहरूप्रति निरस महसुस गर्छौ? मेरो दिन तिमीहरूकै आँखाअगाडि छ र तिमीहरूले जे देख्छौ सो नयाँ जीवन र एक नयाँ सुरुवातको विन्दु हो। यद्यपि, मैले तिमीहरूलाई के भन्‍नुपर्छ भने, यो सुरुवातको विन्दु पहिलेको नयाँ कामको आरम्भ होइन, तर पुरानोको निष्कर्ष हो। अर्थात्, अन्तिम कार्य यही नै हो।

---

क. किनारामा फर्किने: एक चिनियाँ उखान, जसको अर्थ “आफ्नै दुष्ट मार्गहरूबाट फर्कनु” भन्‍ने हुन्छ।

यस सुरुवातको विन्दुको बारेमा के असामान्य छ सो तिमीहरू सबैले बुझ्न सक्छौ भन्ने मलाई लाग्छ। तैपनि, एक दिन चाँडै तिमीहरूले यस सुरुवातको विन्दुको साँचो अर्थलाई बुझ्नेछौ, त्यसकारण हामी एकसाथ अघि बढौं र आउने समापनलाई स्वागत गरौं। यद्यपि, मलाई तिमीहरूको के कुराले निरन्तर चिन्ता गराउँछ भने, जब तिमीहरू अन्याय र न्यायको सामना गर्छौ, तिमीहरूले सधैँ पहिलोलाई छनौट गर्छौ। तैपनि, त्यो सबै तिमीहरूको अतीतमा छ। म पनि तिमीहरूको अतीतको सबै कुरा बिर्सने आशा गर्दछु, यद्यपि यो गर्न धेरै कठिन छ। तैपनि, यसो गर्ने धेरै राम्रो तरिका मसँग छ: भविष्यले अतीतलाई प्रतिस्थापन गर्न देओ र तिमीहरूको अतीतको छायालाई आजको तिमीहरूको साँचो रूपले ढाकिदेओ। यसरी, तिमीहरूलाई मैले फेरि पनि छनौट गर्न लगाउनुपर्छ: तिमीहरू वास्तवमा कोप्रति निष्ठावान छौ?

## गन्तव्यको सम्बन्धमा

जब-जब गन्तव्यको उल्लेख गरिन्छ, तिमीहरूले त्यसलाई विशेष गम्भीरताका साथ व्यवहार गर्छौ। यसबाहेक, यो यस्तो कुरा हो जसको बारेमा तिमीहरू विशेष रूपले संवेदनशील हुन्छौ। कोही-कोही राम्रो गन्तव्य हासिल गर्न परमेश्‍वरको सामु भुइँमा आफ्नो निधार नै ठोकाइ साष्टाङ्ग दण्डवत् गर्न पनि पछि पर्दैनन्। तिमीहरूको उत्सुकतासित म परिचित छु जसलाई शब्दहरूमा व्यक्त गर्न आवश्यक छैन। यो तिमीहरूले आफ्नो शरीरलाई महाविपत्तीमा पार्न नचाहेको भन्दा बढी होइन, अनि न त तिमीहरू भविष्यमा अनन्त दण्डमा पर्ने चाहना नै गर्छौ। तिमीहरू केवल अलि बढी स्वच्छन्द ढङ्गले, अलि बढी सहजताका साथ जिउने आशा गर्छौ। त्यसैले गन्तव्यको बारेमा उल्लेख गरिँदा तिमीहरू विशेष रूपले अशान्त हुन्छौ र यदि तिमीहरू पर्याप्त रूपले सावधान छैनौ भने तिमीहरूले परमेश्‍वरलाई दुःखित पार्नेछौ र यसरी तिमीहरूले पाउनुपर्ने प्रतिफलको हकदार तिमीहरू हुनेछौ भन्ने कुराप्रति तिमीहरू साह्रै त्रासित हुन्छौ। आफ्नो गन्तव्यको खातिर तिमीहरूले सम्झौताहरू गर्न हिचकिचाएका छैनौ, अनि तिमीहरूमध्ये जो कुनै समय कुटिल र छिचरो थियौ, तिमीहरू अकस्मात् भद्र र इमान्दार भएका छौ; तिमीहरूको देखावटी इमानदारिताले मानिसहरूलाई हड्डीको मासीसम्मै चिसो पार्दछ। तथापि, तिमीहरू सबैसित "इमान्दार" हृदय छ, अनि तिमीहरूले मलाई कुनै कुरा बाँकी नराखी निरन्तर आफ्नो हृदयको गुप्त कुराहरू खोलेका छौ, चाहे त्यो दुःखपोखाइ होस् वा छल होस् वा भक्ति। समग्रमा, तिमीहरूले अत्यन्तै निष्कपटताका साथ मसित त्यस्ता ठोस कुराहरू "स्वीकार" गरेका छौ जुन तिमीहरूको अस्तित्वको भित्री कुनाहरूमा छन्। अवश्य, त्यस्ता कुराहरूको वरिपरि म कहिल्यै घुमेको छैनँ किनकि ती कुराहरू मेरो निम्ति ज्यादै परिचित छन्। तिमीहरू आफ्नो अन्तिम गन्तव्यको खातिर परमेश्‍वरको स्वीकृति पाउनको निम्ति कपालको एउटै केस्रा गुमाउनुभन्दा बरु आगोको समुद्रभित्र प्रवेश गर्ने थियौ। म तिमीहरूसित धेरै कट्टरपन्थी भइरहेको छैनँ; कुरा यो हो कि मैले गर्ने सबै कुराहरूमा मेरो आमनेसामने आउनको लागि तिमीहरूसित भक्तिको हृदयको ज्यादै कमी छ। मैले भर्खरै भनेका कुराहरू सायद तिमीहरू बुझ्दैनौ होला, त्यसैले म एउटा साधारण व्याख्या प्रस्तुत गर्छु: तिमीहरूलाई आवश्यक पर्ने सत्यता र जीवन होइन, न आफूले कसरी व्यवहार

गर्ने भन्ने सिद्धान्तहरू हो, न त मेरो कष्टदायी काम नै। बरु तिमीहरूलाई आवश्यक परेको ती हरेक थोक हुन् जुन तिमीहरूले शरीरमा धारण गर्दछौ: सम्पत्ति, हैसियत, परिवार, विवाह, आदि इत्यादि। तिमीहरू मेरा वचनहरू र कामहरूलाई पूर्ण रूपले उपेक्षा गर्छौ, त्यसैले म तिमीहरूको विश्वासलाई सारांशमा एउटै शब्दमा भन्न सक्छु: लापरवाही। तिमीहरू जुन कुराहरूमा पूर्ण रूपले समर्पित छौ, ती कुराहरू प्राप्त गर्न जुनसुकै दूरी पनि पार गर्न सक्छौ, तर परमेश्वरमाथिको तिमीहरूको विश्वास सम्बन्धी कुराहरूको खातिर त्यसो गर्दैनौ भन्ने मैले पत्ता लगाएको छु। बरु तिमीहरू तुलनात्मक रूपले समर्पित छौ, अनि तुलनात्मक रूपले जोशिला छौ। त्यसैकारण, जसमा पूर्ण इमानदारीताको हृदयमा कमी छन्, तिनीहरू परमेश्वरप्रतिको तिनीहरूको विश्वासमा असफलहरू हुन्। ध्यानपूर्वक सोच–तिमीहरूको माझमा थुप्रै असफलहरू छन् कि?

मानिसहरूको आफ्नै कार्यहरूको परिणामस्वरूप परमेश्वरमाथिको विश्वासमा सफलता हासिल गरिन्छ भन्ने तिमीहरूले जान्नुपर्छ। जब मानिसहरू सफल नभई असफल हुन्छन्, त्यो पनि तिनीहरूका आफ्नै कार्यहरूको कारणले हो अनि त्यसमा कुनै कुराले भूमिका खेल्दैन। म विश्वास गर्छु कि तिमीहरूले परमेश्वरमा विश्वास गर्नुभन्दा बरु कुनै पनि कुरा हासिल गर्न धेरै कठिन र कष्टदायी कुरा गर्नेथियौ अनि त्यसलाई धेरै गम्भीरतापूर्वक व्यवहार गर्नेथियौ; यतिसम्म कि तिमीहरू कुनै पनि गल्तीहरूलाई सहन अनिच्छुक हुनेथियौ; यस्ता प्रकारका अविरल प्रयासहरू तिमीहरू सबै आफ्नो जीवनमा राख्दछौ। यस्ता कतिपय परिस्थितिहरूमा तिमीहरू मेरो देहलाई धोका दिन समेत सक्षम छौ जुन परिस्थितिहरूमा तिमीहरू आफ्नो परिवारको कुनै सदस्यलाई पनि दिने थिएनौ। यो तिमीहरूको निरन्तरको व्यवहार र सिद्धान्त हो जसद्वारा तिमीहरू जिउँछौ। के तिमीहरूले तिमीहरूका गन्तव्य, तिमीहरूले चाहेको सबै कुरा पूर्ण र सिद्ध होस् भनेर आफ्नो गन्तव्यको खातिर मलाई धोका दिन झूटो मकुन्डो लगाइरहेका छैनौं र। तिमीहरूको भक्ति जस्तै तिमीहरूको इमानदारीता अस्थायी मात्र हो भन्ने मलाई थाहा छ। के तिमीहरूको संकल्प र तिमीहरूले चुकाउने मूल्य भविष्यको निम्ति नभई वर्तमान क्षणको खातिर मात्र होइन र? केवल एउटा लेनदेनको उद्देश्य राखेर तिमीहरू सुन्दर गन्तव्य प्राप्त गर्नको निम्ति संघर्ष गर्न केवल एउटा अन्तिम प्रयासमा बल लगाउँछौ। सत्यताप्रति ऋणी हुनदेखि जोगिन तिमीहरू यो प्रयास गर्दैनौ, न त मैले चुकाएको मूल्य फेरि तिर्नको खातिर यो गर्दछौ। संक्षिप्तमा, आफूले चाहेको कुरा प्राप्त गर्न तिमीहरू चलाक रणनीतिहरू काममा लगाउँछौ। तर त्यसको निम्ति खुला लडाइँ लड्दैनौ। के यो तिमीहरूको हृदयको कामना होइन र? तिमीहरूले आफ्नो भेष बदल्नुहुँदैन, न त खान र सुत्न नसक्ने बिन्दुसम्म आफ्ना गन्तव्यको निम्ति तिमीले आफ्नो मगजलाई यातना दिनु नै हुन्छ। तिमीहरूको आखिरमा परिणाम पहिलेबाट नै निर्धारित भइसकेको हुनेछ भन्ने कुरा के साँचो होइन र? तिमीहरू हरेकले आफ्नो कर्तव्य आफ्नो क्षमताले भ्याएसम्म खुला र इमान्दार हृदयसहित गर्नुपर्छ र जस्तोसुकै मूल्य पनि चुकाउनुपर्छ। जसरी तिमीहरूले भनेका छौ, जब त्यो दिन आउँछ, उहाँको निम्ति कष्ट भोग्ने र मूल्य चुकाउने कसैलाई पनि परमेश्वरले बेवास्ता गर्नुहुन्न। यस्तो प्रकारको दृढ निश्चयता पक्रिरहन लायकको छ, अनि तिमीहरूले यो कहिल्यै बिर्सनु हुँदैन भन्ने कुरा सही छ। यसरी मात्रै म तिमीहरूको निम्ति मेरो मनलाई सहजता दिन सक्छु। नत्रभने,

तिमीहरू सधैँभरि यस्ता मानिसहरू हुनेछौ जसको बारेमा मेरो मन निश्चिन्त रहन सक्दैन अनि तिमीहरू मेरो अरुचिका पात्रहरू हुनेछौ। यदि तिमीहरू सबै आफ्नो विवेकलाई पछ्याउन सक्छौ र मेरो कामको निम्ति केही प्रयास बाँकी नराखी अनि मेरो सुसमाचारको निम्ति जीवनभरिको शक्ति अर्पण गरेर मेरो निम्ति आफ्नो सबै दिन सक्छौ भने के मेरो हृदय तिमीहरूको पक्षमा खुशीले उफ्रिने छैन र? यसद्वारा म मेरो मनलाई तिमीहरूको सम्बन्धमा पूर्ण रूपले निश्चिन्त तुल्याउन सक्छु, सक्नेछैन र? यो लाजलाग्दो कुरा हो कि तिमीहरूले गर्नसक्ने कुरा भनेको मैले आशा गरेको कुराको ज्यादै सानो भाग मात्र हो। यसो भएको हुनाले तिमीहरूले आशा गरेको कुराको निम्ति मबाट खोजी गर्ने आँट कसरी तिमीहरू गर्नसक्छौ?

तिमीहरूको गन्तव्य र तिमीहरूको भाग्य तिमीहरूको निम्ति धेरै महत्वपूर्ण छन्—ती गम्भीर चासोको कुरा हुन्। तिमीहरू विश्वास गर्छौ कि यदि तिमीहरूले ठूलो सावधानीका साथ कामहरू गरेनौ भने यसको अर्थ तिमीहरूसित गन्तव्य हुनेछैन, तिमीहरूले आफ्नै भाग्यलाई नाश गरेका हुनेछौ भन्ने हुन्छ। तर केवल आफ्नो गन्तव्यको खातिर मात्र श्रम गर्ने मानिसहरूले व्यर्थमा परिश्रम गरिरहेका छन् भन्ने कुरा कहिल्यै तिमीहरूको मनमा आएको छ? त्यस्ता प्रयासहरू विशुद्ध छैनन्, ती नकली कार्य र छल हुन्। यदि त्यसो हो भने, जसले केवल आफ्नो गन्तव्यको खातिर मात्र काम गर्छन्, तिनीहरू आफ्नो अन्तिम पराजयको सँघारमा छन् किनभने परमेश्‍वरप्रति विश्‍वासमा छलद्वारा नै असफलता आउँछ। मैले पहिल्यै नै भनेको छु कि मलाई चापलुसी वा लोलोपोतो गरेको वा कसैले उत्सुकता दिएर व्यवहार गरेको मन पर्दैन। मलाई मेरो सत्यता र मेरा अपेक्षाहरूको सामना गर्ने इमान्दार मानिसहरू मनपर्छ। अझ योभन्दा बढी, जब मानिसहरूले मेरो हृदयको निम्ति अत्यन्त ठूलो वास्ता र विचार देखाउन सक्छन् अनि मेरो खातिर सबै कुरालाई परित्याग गर्न सक्षम हुन्छन्, म त्यस कुरालाई मन पराउँछु। यसरी मात्रै मेरो हृदयले सान्त्वना पाउँछ। अहिले तिमीहरूका विषयमा मैले मन नपराउने कति धेरै कुराहरू छन्? मैले तिमीहरूका बारेमा मन पराउने कुराहरू कति छन्? के तिमीहरूले आफ्नो गन्तव्यको लागि तिमीहरूले देखाएको कुरूपताका विभिन्न प्रकटीकरणहरूलाई तिमीहरूमध्ये कसैले महसुस गरेका छैनौ भन्ने हुन सक्ला र?

मेरो हृदयमा म कसैको हृदयलाई जुन सकरात्मक छ र जसको चाहना माथितिरको छ, त्यसलाई चोट पुर्‍याउन चाहन्‍न, न त आफ्नो कर्तव्य विश्‍वासयोग्यता पूर्वक गरिरहेका कसैको ऊर्जालाई नै म ओस्याउन चाहन्छु। तथापि, मैले तिमीहरूमध्ये हरेकका अपर्याप्तताहरू तथा अशुद्ध प्राणको बारेमा तिमीहरूलाई सम्झना दिलाउनु पर्दछ जुन तिमीहरूको हृदयका सबैभन्दा गहिरो कुनाहरूमा रहेका छन्। म त्यसो यो आशामा गर्दछु ताकि मेरा वचनहरूको सम्मुख आउँदा तिमीहरूले आफ्नो साँचो हृदय अर्पण गर्न सकेका होऊ किनभने मैले सबैभन्दा बढी घृणा गर्ने भनेको मानिसहरूको मप्रतिको छल नै हो। म केवल यो आशा गर्दछु कि मेरो कामको अन्तिम चरणमा तिमीहरूले आफ्नो सर्वश्रेष्ठ कार्य प्रस्तुत गर्न सक्षम हुनेछौ अनि तिमीहरूले आफ्नो पूरा हृदयले आफूलाई समर्पित गर्नेछौ, उप्रान्त आधा हृदयले होइन। अवश्य, म यो पनि आशा गर्दछु कि तिमीहरू सबैले एउटा राम्रो गन्तव्य पाउनेछौ। तथापि, मसित अझै मेरो अपेक्षा छ तिमीहरूले मलाई तिमीहरूको

एकल र अन्तिम भक्ति दिने विषयमा तिमीहरूले उत्कृष्ट निर्णय गर भन्ने हो। यदि कसैसित यो एक मात्र भक्ति छैन भने, ऊ निश्चय नै शैतानको बहुमूल्य सम्पत्ति हो अनि म उसलाई मेरो प्रयोगको निम्ति राख्नेछैन तर उसको आमाबुबाद्वारा हेरचाह गरिनको निम्ति उसलाई घर पठाइदिनेछु। मेरो काम तिमीहरूको निम्ति एउटा ठूलो सहायता हो; तिमीहरूबाट मैले इमान्दार र माथि उठ्ने चाहना भएको हृदय चाहन्छु, तर अहिलेसम्म मेरो हातहरू खाली नै छन्। यस बारेमा सोच: यदि म एक दिन अझै पनि शब्दहरूले बयान नसक्ने गरी दुःखित छु भने, तब तिमीहरूप्रतिको मेरो आचरण कस्तो हुनेछ? के म तिमीहरूप्रति अहिलेजस्तै मिलनसार हुनेछु र? के तिमीहरू कठोर मेहनत गरेर खेत जोतेपछि पनि एउटै अन्न कटनी गर्न नपाएको व्यक्तिको भावनाहरूलाई बुझ्न सक्छौ? कुनै मानिसलाई चोट पुर्‍याउँदा उसको हृदय कति धेरै घाइते हुन्छ, के तिमीहरू बुझ्न सक्छौ? के तिमीहरू एउटा व्यक्तिको तीतोपना चाख्न सक्छौ जो कुनै समय आशाले परिपूर्ण थियो तर नराम्रो सम्बन्धमा पुगेर ऊ अलग हुनु परेको छ? के तिमीहरूले एउटा क्रोधित तुल्याइएको मानिसबाट क्रोध उत्पन्न भएको देखेका छौ? के तिमीहरू शत्रुता र छलले व्यवहार गरिएको व्यक्तिको बदला लिने आतुरतालाई बुझ्न सक्छौ? यदि तिमीहरू यस्ता मानिसहरूको मानसिकतालाई बुझ्दछौ भने मलाई लाग्छ, परमेश्वरको प्रतिशोधको समयमा उहाँको आचरण कस्तो हुनेछ भनेर कल्पना गर्न तिमीहरूलाई गाह्रो हुँदैन! अन्त्यमा, म आशा गर्छु कि तिमीहरू सबैले आफ्नै गन्तव्यको खातिर गम्भीर प्रयास लगाउँछौ, यद्यपि तिमीहरूले आफ्नो प्रयासमा छलपूर्ण तरिकाहरूको प्रयोग नगरेकै राम्रो हुन्छ, नत्र भने मेरो हृदयमा म तिमीहरूसित निरन्तर दुःखी हुनेछु। अनि त्यस्तो निराशाले केमा लैजान्छ? के तिमीहरू आफैलाई मूर्ख बनाइरहेका छैनौ? जसले आफ्नो गन्तव्यको निम्ति विचार राखेर पनि त्यसलाई नष्ट गर्छ तिनीहरू मुक्ति पाउन सक्नेहरूमा सबैभन्दा पछाडि पर्दछन्। यदि तिमीहरू चिढिन्छौ र क्रोधित हुन्छौ भने पनि त्यस्तो व्यक्तिलाई कसले दया देखाउँथ्यो र? निष्कर्षमा, म चाहना गर्छु कि तिमीहरूले एउटा गन्तव्य पाएका होऊ जुन सुहाउँदो र असल दुवै भएको होस् अनि त्यसभन्दा बढी, तिमीहरूमध्ये कोही पनि महाविपत्तीमा पर्न नपरोस् भनी म आशा गर्दछु।

## तीन अर्तीहरू

परमेश्वरमा विश्वास गर्ने व्यक्तिको रूपमा तैँले सबै कुरामा उहाँ बाहेक अरू कसैप्रति बफादार रहनु हुँदैन र हरेक कुरामा उहाँको इच्छाअनुसार चल्न सक्नुपर्छ। तथापि, सबैले यो सन्देश बुझे पनि, मानिसका विविध कठिनाइहरूको कारण–उदाहरणको लागि, उसको अज्ञानता, निरर्थकता र भ्रष्टताको कारण–यी सत्यहरू उसमा सम्पूर्ण रूपले स्पष्ट देखिँदैनन्, जुन सबैभन्दा स्पष्ट र आधारभूत कुराहरू हुन्, त्यसैले तिमीहरूको अन्त्य अपरिवर्तनीय हुनुभन्दा अगाडि, म पहिले तिमीहरूलाई तिमीहरूको लागि अत्याधिक महत्त्वका केही कुराहरू बताउन चाहन्छु। म अघि बढ्नुभन्दा पहिले, तिमीहरूले यो बुझ्नुपर्छ: मैले बोल्ने वचनहरू सम्पूर्ण मानवजातिप्रति लक्षित सत्यताहरू हुन्; तिनीहरू केवल निश्चित व्यक्ति वा निश्चित प्रकारको व्यक्तिको लागि मात्र

सम्बोधन गरिएका होइनन्। त्यसकारण, तिमीहरूले मेरा वचनहरूलाई सत्यताको दृष्टिकोणबाट बुझ्नको लागि ध्यान केन्द्रित गर्नुपर्छ र तिमीहरूसँग अविभाजित ध्यान र इमानदारीताको आचरण हुनुपर्छ; मैले बोलेका कुनै पनि वचन वा सत्यलाई बेवास्ता नगर्नू र मैले बोलेका सबै वचनहरूलाई हल्का रूपमा नलिनू। तिमीहरूले तिमीहरूको जीवनमा सत्यसँग सान्दर्भिक नहुने धेरै कुराहरू गरेका छौ भन्ने मैले देखेको छु र त्यसैले म तिमीहरूलाई विशेष अनुरोध गर्दछु, कि तिमीहरू सत्यताका सेवकहरू बन, तिमीहरू दुष्टता र कुरूपताको दास नबन र तिमीहरूले सत्यतालाई नकुल्चिओ वा परमेश्वरको घरको कुनै पनि भागलाई अपवित्र नतुल्याओ। तिमीहरूलाई मेरो अर्ती यही हो। अब म हालको विषयमा कुरा गर्नेछु।

पहिलो, तिमीहरूको नियतिको लागि, तिमीहरूले परमेश्वरको स्वीकृति खोजी गर्नुपर्छ। भन्नुको मतलब, तिमीहरूले आफू परमेश्वरको घरानाको एक सदस्य भएको कुरा स्वीकार गरेको हुनाले तिमीहरूले परमेश्वरकहाँ मनको शान्ति ल्याउनुपर्छ र सबै कुराहरूमा उहाँलाई सन्तुष्ट पार्नुपर्छ। अर्को शब्दमा भन्ने हो भने, तँ आफ्ना सबै कार्यहरूमा अनुशासित हुनुपर्छ र तिनीहरूमा सत्यता बमोजिम चल्नुपर्छ। यदि यो कुरा तिमीहरूको वशभन्दा बाहिर छ भने परमेश्वरले तिमीहरूलाई तिरस्कार र इन्कार गर्नुहुनेछ र हरेक मानिसले घृणा गर्नेछ। तिमीहरू यस्तो बन्धनमा फसिसकेपछि, तिमीहरूलाई परमेश्वरको घरानाको सदस्यको रूपमा गणना गर्न सकिँदैन, र परमेश्वरले स्वीकृति नदिनु भन्नुको मतलब ठ्याक्कै यही हो।

दोस्रो, परमेश्वरले इमानदारलाई मन पराउनुहुन्छ भन्ने कुरा तिमीहरूले थाहा पाउनुपर्छ। वास्तवमा, परमेश्वर विश्वासयोग्य हुनुहुन्छ, त्यसैले उहाँका वचनहरूलाई सधैँ विश्वास गर्न सकिन्छ; यसको अलाबा, उहाँका कार्यहरू खोटरहित र निर्विवाद छन्, किनभने परमेश्वरले उहाँप्रति इमानदार हुनेलाई मन पराउनुहुन्छ। इमानदारीता भनेको तेरो हृदय परमेश्वरलाई दिनु, सबै कुरामा परमेश्वरसँग सच्चा हुनु, सबै कुरामा उहाँसँग खुलस्त हुनु, कुनै पनि कुरा कहिल्यै नलुकाउनु, आफूभन्दा माथिका र तलकालाई कहिल्यै धोका दिने प्रयास नगर्नु र कुनै पनि काम परमेश्वरको कृपा पाउन चापलुसी गर्नलाई मात्र नगर्नु हो। छोटकरीमा भन्ने हो भने इमानदार हुनु भनेको आफ्ना कार्य र बोलीहरूमा विशुद्ध हुनु हो र परमेश्वर वा मानिस कसैलाई पनि धोका नदिनु हो। मैले जे भन्छु त्यो एकदमै सरल छ, तर तिमीहरूको लागि त्यो दुई गुणा बढी मुस्किल छ। धेरै मानिसहरू इमानदारीपूर्वक बोल्न र कार्य गर्नुभन्दा बरु दण्डित भई नर्क जान रुचाउँछन्। बेइमानहरूका निम्ति भण्डारमा मसँग अर्कै इलाज छ भन्ने कुरा त्यत्ति आश्चर्यपूर्ण कुरा होइन। अवश्य पनि, तिमीहरूलाई इमानदार हुन कति गाह्रो छ भन्ने कुरा म राम्ररी जान्दछु। तिमीहरू सबै यति चलाख भएका छौ र मानिसहरूलाई आफ्नै तुच्छ मापदण्डले मापन गर्न एकदमै सिपालु भएका छौ, त्यसैले, यसले मेरो कार्यलाई अझ सरल बनाउँछ। अनि तिमीहरू प्रत्येकले आ-आफ्ना गोप्य कुराहरू छातीमा टाँसेर राखेको हुनाले, म तिमीहरूलाई अग्निमार्फत "शिक्षा दिन" एक-एक गर्दै विपदमा पार्नेछु ताकि तत्पश्चात् मेरा वचनहरूमाथिको तिमीहरूको विश्वासमा तिमीहरू दृढ हुनसक्छौ। अन्त्यमा, म तिमीहरूको मुखबाट "परमेश्वर विश्वासयोग्य परमेश्वर हुनुहुन्छ" भन्ने शब्दहरू खोस्नेछु र त्यसपछि तिमीहरू आफ्ना छाती पिट्दै र "मानिसको हृदय छली हुन्छ" भन्दै

विलाप गर्नेछौ। यो बेला तिमीहरूको मनस्थिति कस्तो होला? मलाई लाग्छ, तिमीहरू अहिलेको जति विजयी हुनेछैनौ र आजभन्दा एकदमै कम “गहन र दुर्बोध” हुनेछौ। परमेश्‍वरको उपस्थितिमा, केही मानिसहरू पूर्ण रूपमा स्वच्छ र सही हुन्छन्, उनीहरू “शिष्ट” हुनको लागि कोसिस गर्छन्, तर उनीहरूले आत्माको उपस्थितिमा आफ्ना दाँतहरू देखाउँछन् र नङ्ग्राहरू फिँजाउँछन्। के तिमीहरू त्यस्ता मानिसहरूलाई इमानदार व्यक्तिहरूको रूपमा गणना गर्छौ? यदि तिमीहरू “अन्तर वैयक्तिक सम्बन्धहरू” मा पोख्त भएको पाखण्डी हौ भने म त भन्छु तिमीहरू पक्कै पनि परमेश्‍वरसँग तुच्छ व्यवहार गर्न प्रयास गर्ने व्यक्तिहरू हौ। यदि तिमीहरूका शब्दहरू बहानाहरू र मूल्यहीन औचित्यहरूले भरिएका छन् भने म भन्छु तिमीहरू सत्यतालाई अभ्यास गर्न नरुचाउने व्यक्तिहरू हौ। यदि तँसँग तैँले बाँड्न नचाहने धेरै गोप्य कुराहरू छन् भने, यदि तँ उज्यालो बाटो खोज्नको लागि आफ्ना गोप्य कुराहरू–आफ्ना अप्ठ्याराहरू–लाई अन्य व्यक्तिहरू समक्ष ल्याउन अत्यन्तै अनिच्छुक छस् भने, म भन्छु तँ सजिलैसँग मुक्ति नपाउने र सजिलैसँग अँध्यारोबाट बाहिर नआउने व्यक्ति होस्। यदि तँलाई सत्यको खोजी गर्दा धेरै खुशी मिल्छ भने, तँ त्यस्तो व्यक्ति होस् जो सधैँ उज्यालोमा बस्छ। यदी तँ परमेश्‍वरको घरमा सेवाकर्ता हुन खुशी छस्, तल्लीनताको साथ काम गर्ने र विवेकपूर्ण तवरले गुमनाम हुने, सधैँ दिने तर कहिल्यै नलिने व्यक्ति होस् भने म भन्छु तँ बफादार सन्त होस् किनभने तैँले कुनै इनाम खोजी गर्दैनस् बरु केवल इमानदार बनिरहने व्यक्ति होस्। यदि तँ स्पष्टवादी बन्न इच्छुक हुँदैनस् भने, यदि तँ आफ्ना सबै कुराहरू समर्पण गर्न इच्छुक छस् भने, यदि तँ परमेश्‍वरको लागि आफ्नो जीवन बलिदान दिन सक्षम छस् र आफ्नो गवाहीमा दह्रिलो गरी खडा हुन्छस् भने, यदि तँ परमेश्‍वरलाई सन्तुष्ट पार्न मात्रै जान्ने तर आफ्नोबारे नसोच्ने र आफ्नो लागि केही नलिने हदसम्मको इमानदार छस् भने म भन्छु त्यस्ता मानिसहरू ती व्यक्तिहरू हुन् जो ज्योतिमा हुर्किएका हुन् र जो राज्यमा सदासर्वदा बस्नेछन्। तैँले तँमा साँचो विश्‍वास र साँचो बफादारीता छ कि छैन, तँमा परमेश्‍वरको लागि कष्ट भोगेको अभिलेख छ कि छैन र तँ सम्पूर्ण रूपले परमेश्‍वरप्रति समर्पण भएको छस् कि छैनस् भनेर थाहा पाउनुपर्छ। यदि तँसँग यी कुराहरूको कमी छैन भने तँभित्र अनाज्ञाकारिता, छलकपट, लोभ र गुनासो छन्। तेरो हृदय इमानदारीतादेखि दूर भएकोले तैँले परमेश्‍वरबाट कहिल्यै पनि सकारात्मक पहिचान प्राप्त गरेको छैनस् र प्रकाशमा कहिल्यै पनि बसेको छैनस्। आखिरमा व्यक्तिको नियति कसरी तय हुन्छ भन्ने कुरा उनीहरूसँग इमानदार र रगत झैं रातो हृदय छ कि छैन र उनीहरूसँग विशुद्ध आत्मा छ कि छैन भन्ने कुरामा निर्भर रहन्छ। यदि तँ त्यस्तो व्यक्ति होस् जो एकदमै बेइमान छ, त्यस्तो व्यक्ति जोसँग कपटी हृदय छ, त्यस्तो व्यक्ति जोसँग अशुद्ध प्राण छ भने तँ त्यो ठाउँमा पुग्ने कुरा निश्‍चित छ जहाँ तेरो नियतिको विवरणमा लेखिए अनुरूप तँलाई दण्ड दिइन्छ। यदि तँ आफू एकदमै इमानदार छु भनेर दाबी गर्छस् तर कहिल्यै पनि सत्य अनुरूप व्यवहार गर्न सक्दैनस् वा सत्यको वचन बोल्न सक्दैनस् भने के तैँले अझै परमेश्‍वरबाट इनाम पाउन प्रतीक्षा गरिरहेको छस्? के तँ अझै परमेश्‍वरले तँलाई उहाँको आँखाको नानीझैं राख्नुहुन्छ भन्ने आशा गर्छस्? के यस्ता सोचहरू निरर्थक छैनन् र? तैँले सबै कुराहरूमा परमेश्‍वरलाई धोका दिन्छस्; अनि अपवित्र हातहरू भएका तँ जस्तालाई परमेश्‍वरको घरले कसरी अटाउन सक्थ्यो?

मैले तिमीहरूलाई भन्न चाहेको तेस्रो कुरा हो: प्रत्येक व्यक्तिले परमेश्वरप्रतिको विश्वासमा आफ्नो जीवन जिउने क्रममा परमेश्वरलाई धोका दिने र प्रतिरोध गर्ने खालका कामहरू गरेको छ। केही दुष्कर्महरूलाई कसूरको रूपमा उल्लेख गरिरहनु आवश्यक छैन, तर केही भने अक्षम्य छन्; किनभने त्यसमा धैरै कर्महरू छन् जसले प्रशासनिक विधि उल्लंघन गर्छन् जसले परमेश्वरको स्वभावलाई नै अपमान गर्छन्। आफ्नै अन्तको गतिबारेमा चिन्ता गर्ने धैरै व्यक्तिहरूले यी कर्महरू के-के हुन् भनी सोध्न सक्छन्। तिमीहरू स्वभावैले घमण्डी र अहङ्कारी छौ र तथ्यहरूमा समर्पित हुन अनिच्छुक छौ भन्ने कुरा तिमीहरूले थाहा पाउनुपर्छ। यसकारण, तिमीहरूले आफ्नै बारेमा चिन्तन गरेपछि अलिअलि गरेर म तिमीहरूलाई बताउनेछु। म तिमीहरूलाई प्रशासनिक आदेशका विषयवस्तुहरूको बारेमा अझ राम्रो बुझाइ हासिल गर्न र परमेश्वरको स्वभावको बारेमा जान्ने प्रयास गर्न आग्रह गर्दछु। होइन भने, तिमीहरूले आफ्ना ओठहरू बन्द राख्न गाह्रो महसुस गर्नेछौ र तिमीहरूका जिब्राहरू ठूलठूला लाग्ने कुराहरूसँगै स्वतन्त्र रूपले चल्न थाल्नेछ र तिमीहरूले अविवेकपूर्ण तवरले परमेश्वरको स्वभावलाई अपमान गर्नेछौ र अँध्यारोमा खस्नेछौ, र पवित्र आत्मा र प्रकाशको उपस्थिति गुमाउनेछौ। तिमीहरू आफ्ना कार्यहरूमा अनुशासित नभएको कारण, तिमीहरूले आफूले गर्न र भन्न नहुने कुराहरू गर्ने र भन्ने गरेको कारण, तिमीहरूले सुहाउँदो दण्ड पाउनेछौ। तँ वचन र कर्ममा अनुशासनहीन छस् तर पनि परमेश्वर यी दुवै कुरामा अनुशासित हुनुहुन्छ भन्ने कुरा तैँले बुझ्नुपर्छ। तैँले दण्ड पाउने भनेको तैँले परमेश्वरको अपमान गरेको कारण हो, मानिसको अपमान गरेको कारण होइन। यदि तैँले तेरो जीवनमा परमेश्वरको स्वभाव विरुद्ध धैरै कसूरहरू गर्छस् भने तँ नर्कको सन्तान बन्ने पक्का छ। मानिसलाई तैँले सत्यसँग मेल नखाने केही कार्यहरू मात्र गरेको छस् र त्योभन्दा अरू कुनै कुरा गरेको छैनस् जस्तो लाग्न सक्छ। के तँलाई थाहा छ, परमेश्वरको आँखामा तँ यस्तो व्यक्ति होस् जसको पापको निम्ति अरू कुनै बलिदान छैन? तैँले परमेश्वरको प्रशासनिक आदेशहरू धैरै पल्ट उल्लंघन गरिसकेको हुनाले, र तैँले पश्चातापको कुनै पनि सङ्केत नदेखाएको हुनाले, तेरो लागि नर्कभन्दा अन्य कुनै पनि सहारा छैन जहाँ परमेश्वरले मानिसलाई दण्डित गर्नुहुन्छ। केही मानिसहरूले परमेश्वरको अनुसरण गर्ने क्रममा केही यस्ता कार्यहरू गरे जसले नियमहरू उल्लंघन गऱ्यो, तर आवश्यक कारबाहीमा परेपछि र मार्गदर्शन दिएपछि, उनीहरूले क्रमशः आफ्नो भ्रष्ट आचरणहरू पत्ता लगाए र त्यसपछि वास्तविकताको सही बाटोमा प्रवेश गरे र उनीहरू आज सतर्क भएका छन्। यस्ता मानिसहरू नै ती व्यक्तिहरू हुन् जो अन्त्यसम्म रहन्छन्। तथापि, मैले खोज्ने भनेका इमानदार व्यक्तिहरू हुन्; यदि तँ इमानदार व्यक्ति होस् र नियमहरू अनुरूप कार्य गर्ने व्यक्ति होस् भने तँ परमेश्वरमा दृढ हुन सक्छस्। यदि आफ्ना कार्यहरूमा तैँले परमेश्वरको स्वभावलाई अपमान गर्दैनस्, र परमेश्वरको इच्छा खोज्छस्, र तँसँग परमेश्वरप्रति आदरभाव भएको हृदय छ भने तेरो विश्वास मापदण्ड अनुरूप छ। जसले परमेश्वरलाई आदर गर्दैन र जोसँग डरमा काँप्ने हृदय छैन, उनीहरूले परमेश्वरको प्रशासनिक विधि उल्लंघन गर्ने सम्भावना धैरै हुन्छ। धैरैले आफ्नो जोशको दममा परमेश्वरको सेवा गर्छन् तर उनीहरूमा परमेश्वरको प्रशासनिक व्यवस्थाको कुनै बुझाइ नै हुँदैन र उहाँको वचनका आशयहरूको आभास त परै जाओस्। तसर्थ, उनीहरूको असल नियत हुँदाहुँदै पनि,

उनीहरू परमेश्‍वरको व्यवस्थालाई भङ्ग गर्न पुग्छन्। गम्भीर अवस्थाहरूमा, उनीहरूलाई बाहिर फ्याँकिन्छ, उहाँलाई अनुसरण गर्ने थप अवसरबाट वञ्चित गरिन्छ र नरकमा फ्याँकिन्छ, र परमेश्‍वरको भवनसँगको सबै सम्बन्ध अन्त्य हुन्छ। यी मानिसहरूले आफ्नो अनभिज्ञ असल नियतको दममा परमेश्‍वरको भवनमा काम गर्छन् र अन्त्यमा परमेश्‍वरको स्वभावलाई क्रोधित पार्न पुग्छन्। मानिसहरूले परमेश्‍वरको भवनमा आफ्ना अधिकारीहरू र मालिकहरूको सेवा गर्ने तरिकाहरू लिएर आउँछन् र तिनीहरूले यहाँ प्रयत्‍नविना सजिलै प्रयोग गर्न सकिन्छ भन्‍ने कुरा व्यर्थमा सोचेर तिनीहरूलाई प्रयोगमा ल्याउने कोसिस गर्छन्। परमेश्‍वरको स्वभाव भेडाको पाठाको जस्तो हुँदैन, बरु सिंहको जस्तो हुन्छ भनेर उनीहरूले कहिल्यै पनि कल्पना गर्दैनन्। त्यसकारण, परमेश्‍वरसँग पहिलो पल्ट सम्बन्ध राख्ने व्यक्तिहरूले उहाँसँग वार्तालाप गर्न सक्दैनन् किनभने परमेश्‍वरको हृदय मानिसको हृदयभन्दा फरक हुन्छ। तैँले धेरै सत्यहरू बुझिसकेपछि मात्र तैँले परमेश्‍वरलाई निरन्तर बुझ्न सक्छस्। यो ज्ञान शब्दहरू र सिद्धान्तहरूले बनेको होइन तर यसलाई खजानाको रूपमा प्रयोग गर्न सकिन्छ जसको मद्दतले तँ परमेश्‍वरसँगको निकट निश्‍चयतामा प्रवेश गर्न सक्छस् र यसलाई उहाँ तँसँग प्रसन्‍न हुनुहुन्छ भन्‍ने प्रमाणको रूपमा प्रयोग गर्न सकिन्छ। यदि तँमा ज्ञानको वास्तविकताको कमी छ र तँ सत्यद्वारा सुसज्जित छैनस् भने तेरो आवेगपूर्ण सेवाले परमेश्‍वरको घृणा र द्वेष मात्र निम्त्याउँछ। अहिलेसम्ममा तैँले परमेश्‍वरमाथिको विश्‍वास ईश्‍वर शास्त्रको अध्ययन मात्र होइन भन्‍ने कुरा बुझिसकेको हुनुपर्छ।

मैले तिमीहरूलाई अर्ती दिएका शब्दहरू संक्षिप्‍त भए तापनि मैले बताएका ती सबै कुराहरू तिमीहरूमा निकै कमी छ। मैले अहिले बताएका कुराहरू मानिसहरू माझ मेरो अन्तिम कार्यको लागि र मानिसहरूको अन्त्य निर्धारण गर्नको लागि हो भनी तिमीहरूले बुझ्नुपर्छ। म कुनै उद्देश्य नै पूरा नगर्ने अत्याधिक धेरै कार्य गर्न चाहन्‍न, न त कुहेका काठ जस्तै विवश भई तिमीहरूलाई मार्गदर्शन नै गरिरहन चाहन्छु, झनै गुप्‍तमा गलत नियत थुपारिरहनेहरूलाई अगुवाइ गर्नु त परै जाओस्। शायद एक दिन तिमीहरूले मेरा वचनहरू पछाडिका अभिप्रायहरू र मैले मानवजातिको लागि गरेका योगदानहरूलाई बझ्नेछौ। सायद एक दिन तिमीहरूले त्यो सन्देश बोध गर्नेछौ जसले तिमीहरूलाई आफ्नो अन्त्यबारे निर्णय गर्न सक्षम तुल्याउनेछ।

## अपराधले मानिसलाई नर्कतर्फ डोर्‍याउनेछ

मैले तिमीहरूलाई धेरै चेतावनीहरू दिएको छु र तिमीहरूलाई जित्‍ने मनसाय भएका धेरै सत्यहरू तिमीहरूलाई प्रदान गरेको छु। अहिले सम्ममा, तिमीहरू सबैले तिमीहरू विगतमा भन्दा अत्यन्तै धेरै समृद्ध भएको महसुस गर्छौ, तिमीहरूले व्यक्ति कस्तो हुनुपर्छ भन्‍ने बारेका धेरै सिद्धान्तहरू बुझेका छौ, र तिमीहरूले धेरै हदसम्म विश्‍वसनीय मानिसहरूसँग हुनुपर्ने सामान्य सुझबुझ प्राप्‍त गरेका छौ। यी सबै ती कटनी हुन् जुन तिमीहरूले धेरै वर्षको अन्तरालमा जम्मा गरेका हौ। म तिमीहरूका उपलब्धिहरूलाई इन्कार गर्दिन, तर मैले खुलस्त रूपमा यो पनि भन्‍नुपर्छ कि यी धेरै वर्षहरूको अन्तरालमा तिमीहरूले म विरुद्ध गरेका असंख्य अवज्ञाहरू र विद्रोहहरूलाई पनि

नकार्दिनँ, किनभने तिमीहरू माझमा एक जना पनि सन्त छैन। तिमीहरू शैतानले भ्रष्ट पारेका मानिसहरू हौ भन्नेमा कुनै अपवाद छैन; तिमीहरू ख्रीष्टका शत्रुहरू हौ। आजको मितिसम्ममा तिमीहरूका अपराधहरू र अवज्ञाहरू अनगिन्ती भएका छन्, त्यसैले मैले तिमीहरूलाई निरन्तर सताइरहेको छु भन्ने कुरालाई विरलै मात्र अनौठो मान्न सकिन्छ। म यस्तो तरिकाले तिमीहरूसँग सह-अस्तित्वमा रहन सक्दिन—तर तिमीहरूको भविष्यको निम्ति, तिमीहरूको गन्तव्यहरूको निम्ति, म, यहाँ र अहिले, फेरि एक पटक म तिमीहरूलाई झिझ्याउँछु। म आशा गर्छु कि तिमीहरूले मलाई सन्तुष्ट पार्नेछौ र अझ भन्ने हो भने, तिमीहरूले मेरा हरेक वाणीहरूमा विश्वास गर्न सक्नेछौ र मेरा वचनहरूको गहन तात्पर्य बुझ्नेछौ। मैले जे भन्छु त्यसमा शङ्का नगर, मेरा वचनहरूलाई मन लागे टिप्ने अनि मन लागे हुत्याइफाल्ने त झन् गर्दै-नगर; म यस कार्यलाई सहन सक्दिन। मेरा वचनहरूलाई जाँच नगर, र तिनीहरूलाई हल्का रूपले लिने वा मैले सधैँ तिमीहरूलाई प्रलोभनमा पार्दैछु भन्ने कुरा गर्दै-नगर, वा त्योभन्दा खराब रूपमा, मैले तिमीहरूलाई जे भने त्यसलाई गलत छ भनेर त झन् भन्दै नभन। यी कुराहरूलाई पनि म सहन सक्दिन। तिमीहरूले, मेरा वचनहरूलाई कहिल्यै पनि सराहना नगर्ने अनि मलाई सधैँ उपेक्षा गर्ने कार्य गर्दै, मलाई र मैले भनेका कुराहरूलाई शङ्काको दृष्टिले व्यवहार गर्ने भएकोले म तिमीहरू प्रत्येकलाई पूर्ण गम्भीरताका साथ भन्छु: मैले जे भन्छु त्यसलाई दर्शनशास्त्रसँग नजोड; मेरा वचनहरूलाई छलीहरूको झूटसँग नजोड। अवहेलनाको साथमा मेरा वचनहरूको प्रत्युत्तर दिने कार्य त झन् गर्दै-नगर। शायद भविष्यमा कसैले पनि तिमीहरूलाई मैले जे भन्दैछु त्यो भन्न सक्नेछैन वा तिमीहरूसँग यति उदारताका साथ बोल्न सक्नेछैन, अर्थात् यी बुँदाहरूमा यति धैर्यताका साथ तिमीहरूलाई डोर्याउने कुरा त परै जाओस्। तिमीहरूले राम्रो समयको सम्झना गर्दै आउने ती दिनहरू बिताउनेछौ, वा घ्वाँ-घ्वाँ जोडले रुँदै वा पीडामा अइयाअइया भन्दै बस्नेछौ, वा तिमीहरू सत्य वा जीवनको एक त्यान्द्रो समेत बन्दोबस्त नभइकनै अन्धकार रातमा बाँचिरहेका हुनेछौ वा केवल निराशाका साथ प्रतीक्षा गरिरहेका हुनेछौ, वा तिमीहरूले सम्पूर्ण विवेक गुमाएकोमा अत्यन्तै नमीठो अफसोस मान्दै बसिरहेका हुनेछौ...। वास्तवमा तिमीहरूमध्ये कोही पनि यी सम्भावनाहरूबाट उम्कन सक्दैनौ। किनभने तिमीहरूमध्ये कसैले पनि परमेश्वरलाई साँचो रूपले आराधना गर्ने स्थान ओगट्दैनौ बरु तिमीहरूका विश्वास, तिमीहरूका आत्मा, प्राण, र शरीरमा जीवन र सत्यतासँग कुनै सम्बन्ध नै नभएका र वास्तवमा तिनका विपरीत हुने धेरै कुराहरू मिसाउँदै आफैलाई दुराचार र दुष्टताको संसारमा डुबाउँछौ। त्यसकारण तिमीहरूको लागि म के आशा गर्छु भने तिमीहरूलाई ज्योतिको पथमा ल्याउन सकियोस्। मेरो एकमात्र आशा भनेको तिमीहरू आफ्नो बन्दोबस्ती, आफ्नो हेरविचार आफैले गर्न सक्षम होऊ अनि तिमीहरूले तिमीहरूका व्यवहार र अपराधहरूप्रति उदासीनता प्रकट गर्दै तिमीहरूको गन्तव्यमा मात्र धेरै जोड नदेऊ भन्ने हो।

लामो समयदेखि परमेश्वरमा विश्वास गर्ने मानिसहरू सबैले उत्सुकतापूर्वक सुन्दर गन्तव्यको आशा गरिरहेका छन् र परमेश्वरका विश्वासीहरू सबैले नै अचानक तिनीहरूको भाग्य चम्कनेछ भनी आशा गर्छन्। तिनीहरू सबैले तिनीहरूलाई थाहा हुनुअघि नै शान्तिपूर्वक स्वर्गको एउटा वा अर्को स्थानमा तिनीहरू बसिसकेको पाउनेछन् भनी आशा गर्छन्। तर म भन्छु कि सुन्दर विचारहरू

भएका ती मानिसहरूले तिनीहरू स्वर्गबाट झरी आउने त्यस्तो सौभाग्य प्राप्त गर्नको लागि वा त्यहाँको कुनै स्थानमा बस्नको लागि योग्य छन् कि छैनन् भनेर कहिल्यै पनि जानेका छैनन्। तिमीहरूसँग वर्तमान समयमा आफ्नो बारेमा राम्रो ज्ञान छ, तैपनि तिमीहरूले अझै पनि आखिरी दिनहरूका विपत्तिहरूबाट र उहाँले दुष्टहरूलाई सजाय दिँदै गर्दा सर्वशक्तिमानका हातहरूबाट उम्कने आशा गर्छौ। यस्तो देखिन्छ कि मीठा सपना देख्नु र आफूले चाहेको जस्तै कुराहरू पाउने इच्छा गर्नु शैतानद्वारा भ्रष्ट पारिएका सबै मानिसहरूको एक साझा विशेषता हो अनि त्यो कुरा कोही एक्लो व्यक्तिको कुनै निपुर्ण चाल होइन। त्यति हुँदाहुँदै पनि, म अझै पनि तिमीहरूका यी अनावश्यक इच्छाहरूका साथसाथै आशीर्वादहरू प्राप्त गर्ने तिमीहरूको उत्सुकताको अन्त्य गर्न चाहन्छु। तिमीहरूका अपराधहरू अनगिन्ती छ र तिमीहरूको विद्रोहीपन सधैँ बढिरहन्छ भन्ने कुरालाई ध्यानमा राख्दा, यी कुराहरू कसरी भविष्यको लागि तिमीहरूको सुन्दर योजनाहरूसँग मेल खान सक्छन्? यदि तैँले मनोमानी ढङ्गले कुनै कुरा बाँकी नराखी गल्ती गरिरहन्छस्, तर त्यति नै बेला आफ्नो सपना पनि अझै पूरा होस् भन्ने चाहन्छस् भने, म तँलाई तेरो अचेतपनलाई जारी राख्न अनि कहिल्यै पनि नब्युँझन आग्रह गर्छु—किनभने त्यो तेरो खोक्रो सपना हो र धर्मी परमेश्वरको उपस्थितिमा उहाँले तेरो लागि कुनै अपवाद सृजना गर्नुहुनेछैन। यदि तैँले केवल तेरो सपना पूरा होस् भन्ने चाहन्छस् भने, कहिल्यै पनि सपना नदेख्; बरु सधैँ सत्य र तथ्यको सामना गर्। तँलाई मुक्ति दिन सकिने एउटै मात्र तरिका यही मात्रै हो। ठोस शब्दहरूमा भन्दा, यो तरिकाका चरणहरू के-के हुन्?

पहिलो, तेरा सबै अपराधहरूलाई एकपल्ट हेर् र सत्यतासँग मेल नखाने तेरा जुनसुकै व्यवहार र तँमा भएका जुनसुकै सोचहरूको जाँच गर्।

यो तैँले सजिलैसँग गर्न सक्ने एउटा कुरा हो, र म सबै बुद्धिमान मानिसहरूले यो कुरा गर्न सक्छन् भन्ने विश्वास गर्छु। तथापि, जसलाई अपराध र सत्यता के हुन् भन्ने नै थाहा छैन तिनीहरू अपवाद हुन्, किनभने आधारभूत तहमा तिनीहरू बुद्धिमान मानिसहरू होइनन्। म ती मानिसहरूसँग कुरा गरिरहेको छु जसलाई परमेश्वरले स्वीकार गर्नुभएको छ, जो इमान्दार छन्, अनि जसले गम्भीर रूपमा प्रशासनिक आदेशहरू उल्लंघन गरेका छैनन् र आफ्ना अपराधहरू सजिलैसित देख्न सक्छन्। मैले तिमीहरूलाई पूरा गर्न लगाएको यो कुरा सजिलो भए तापनि, मैले तिमीहरूले पूरा गर्न अनिवार्य गरेको कुरा यही मात्रै होइन। जे-जस्तो कुरा भए पनि, तिमीहरू यी आवश्यकताप्रति एक्लै हाँस्नेछैनौ अनि विशेष गरी तिमीहरूले यसलाई तुच्छ नजरले हेर्नेछैनौ वा यसलाई हल्का रूपले लिनेछैनौ भन्ने म आशा गर्छु। तिमीहरूले यसलाई गम्भीर रूपमा लिनुपर्छ, र बेवास्ता गर्नुहुँदैन।

दोस्रो, तेरा हरेक अपराधहरू र अवज्ञाहरूको लागि तैँले सम्बन्धित सत्यतालाई खोज्नुपर्छ, त्यसपछि ती सत्यताहरूलाई ती समस्याहरू समाधान गर्नको लागि प्रयोग गर्नुपर्छ। त्यसपछि, तेरा ती अपराधी कार्यहरू र अवज्ञाकारी विचार र कार्यहरूलाई सत्यताको अभ्यासद्वारा प्रतिस्थापन गर्नुपर्छ।

तेस्रो, तैँले आफू इमान्दार मानिस बन्नुपर्छ, सँधै बाठो बनिरहने र निरन्तर छली रहिरहने

व्यक्ति होइन। (यहाँ मैले तिमीहरूलाई फेरि पनि एक इमान्दार व्यक्ति बन्नू भनी अनुरोध गरिरहेको छु।)

यदि तैँले यी तीन वटै कुराहरू पूरा गर्न सक्छस् भने, तँ भाग्यमानीहरू मध्येको एक होस्—एक यस्तो व्यक्ति जसको सपना पूरा हुन्छ र जसको भाग्य चम्कन्छ। शायद तिमीहरूले यी तीन अनाकर्षक आवश्यकताहरूलाई गम्भीर रूपमा लिनेछौ होला, वा शायद तिमीहरूले तिनलाई गैर-जिम्मेवारपूर्वक लिनेछौ होला। जेसुकै गरे तापनि, मेरो उद्‌देश्य भनेको तिमीहरूको सपना पूरा गर्नु र तिमीहरूको आदर्शलाई व्यवहारमा उतार्नु हो, तिमीहरूको खिल्ली उडाउनु वा तिमीहरूलाई मूर्ख बनाउनु होइन।

मेरा मागहरू सरल हुन सक्छन्, तर मैले तिमीहरूलाई जे भनिरहेको छु त्यो एकमा एक जोड्दा दुई हुन्छ भन्ने जत्तिको सरल छैन। यदि तिमीहरू यसको बारेमा त्यत्तिकै कुरा मात्रै गर्छौ, वा खोक्रा, आडम्बरी भनाइहरू भट्याउँछौ मात्रै भने तिमीहरूका योजनाहरू र तिमीहरूका इच्छाहरू सधैँभरि केवल खाली पानामा मात्र सीमित रहिरहनेछन्। ममा तिमीहरूमध्येका त्यस्ता व्यक्तिहरूप्रति कुनै पनि दयाभाव हुनेछैन जो वर्षौं कष्ट सहन्छन् र कडा मेहनत गर्छन् तैपनि तिनीहरूसँग देखाउने कुनै कुरा नै हुँदैन। यसको विपरीत, जसले मेरा मागहरू पूरा गरेका छैनन् म तिनीहरूलाई सजाय दिन्छु, पुरस्कार दिन्नँ, सहानुभूति दिने कुरा त परै जाओस्। तिमीहरूले कल्पना गर्न सक्छौ कि वर्षौंसम्म अनुयायी भएर तिमीहरूले जे-जस्तो भए पनि कडा मेहनत गरेका छौ र एक सेवाकर्ता भएकै कारण तिमीहरूलाई परमेश्वरको घरमा एक कचौरा भात प्रदान गरिनुपर्छ। म त भन्छु तिमीहरूमध्ये अधिकांशले यसरी नै सोच्छौ, किनभने तिमीहरूले सधैँ कसरी विभिन्न कुराहरूबाट फाइदा लिने र आफूबाट फाइदा लिन नदिने सिद्‌धान्तलाई पछ्याएका छौ। यसरी, अब म तिमीहरूलाई पूर्ण गम्भीरताका साथ भन्दैछु: तेरो कडा मेहनत कति सराहनीय छ, तेरा योग्यताहरू कति प्रभावशाली छन्, कति नजिकबाट तैँले मलाई पछ्याउँदैछस्, तँ कति प्रख्यात छस्, वा तैँले आफ्नो आचरणमा कति सुधार गरिस् भन्ने कुरामा म ध्यान दिँदिन; जबसम्म तैँले मेरा मागहरू पूरा गरेको हुँदैनस्, तबसम्म तैँले कहिल्यै पनि मेरो प्रशंसा प्राप्त गर्न सक्नेछैनस्। जतिसक्दो चाँडो तिमीहरूका ती सबै विचारहरू र आकलनहरूलाई महत्त्व दिन छोडिदेऊ र मेरा आवश्यकताहरूलाई गम्भीरताका साथ लिन थाल; होइन भने, म मेरो कामको अन्त्य गर्न सबैलाई खरानी पारिदिनेछु र अझै खराब कुरा त, मेरो वर्षौंको काम र कष्टलाई शून्यमा बदलिदिन्छु, किनभने म मेरा शत्रुहरूलाई अनि ती व्यक्तिहरू जसबाट दुष्टताको गन्ध आउँछ र जसमा शैतानको रूप छ तिनीहरूलाई मेरो राज्यमा ल्याउन वा अर्को चरणमा लैजान सक्दिन।

मलाई एकदमै धेरै आशा छ। म आशा गर्दछु कि तिमीहरूले उचित र शिष्ट तवरले व्यवहार गर्छौ, विश्‍वसनीय रूपले आफ्नो कर्तव्य पूरा गर्छौ, सत्यता र मानवता हासिल गर्छौ, यस्ता मानिस बन्छौ जसले परमेश्वरको लागि आफूसँग भएका सबै कुरा र ज्यानै पनि त्याग्नसक्छ, र यस्तै-यस्तै अन्य कुराहरू गर्नेछौ। यी सबै आशाहरू तिमीहरूका अपर्याप्तताहरू अनि तिमीहरूका भ्रष्टता र अवज्ञाबाट आएका हुन्। यदि मैले तिमीहरूसँग गरेका कुनै पनि संवादहरूले तिमीहरूको ध्यान खिच्न अपर्याप्त रहेका छन् भने, सम्भवतः मैले अब गर्न सक्ने सबै कुरा भनेको थप केही नबोल्नु

मात्र हो। तथापि, त्यसको परिणाम के हुन्छ भनेर तिमीहरू बुझ्छौ। म त्यति धेरै पटक थकाइ मार्दिन, त्यसैले यदि म बोल्दिन भने मानिसहरूले हेर्नको लागि म केही गर्नेछु। म कसैको जिब्रो कुहाउन सक्छु, वा कसैलाई अङ्गभङ्ग भई मर्ने बनाउन सक्छु, वा मानिसहरूलाई स्नायु अपाङ्गता दिलाउन सक्छु अनि तिनीहरूलाई धेरै तवरमा कुरूप देखिने बनाउन सक्छु। त्यसपछि पनि फेरि, म मानिसहरूलाई पीडा सहन लगाउन सक्छु जुन मैले विशेष गरी तिनीहरूकै लागि भनेर तयार गरेको छु। यसरी म खुशी हुन्थें, धेरै खुशी हुन्थें, र एकदमै धेरै सन्तुष्ट हुन्थें। सधैँ भनिएको छ कि "राम्रोलाई राम्रैले अनि दुष्टतालाई दुष्टताले नै तिरिन्छ", त्यसो भए अहिले किन त्यसो नगर्ने? यदि तैँले मलाई विरोध गर्न चाहन्छस् र मलाई केही न्याय गर्छस् भने म तेरो मुख कुहाइदिनेछु, र त्यसले मलाई अत्याधिक खुशी दिलाउनेछ। यस्तो किन हो भने अन्ततः तैँले जे गरेको छस् त्यो सत्यता हुँदै-होइन, जीवनसँग यसको कुनै सम्बन्ध हुने कुरा त परै जाओस्, जबकी मैले गर्ने हरेक कराहरू सत्यता हुन्; मेरा सबै कार्यहरू मेरो काम र मैले तयार गरेको प्रशासनिक नियमहरूको सिद्धान्तहरूसँग सम्बन्धित छन्। त्यसकारण, म तिमीहरू प्रत्येकलाई केही सद्गुण एकत्रित गर्न, त्यति धेरै दुष्टताको कार्य नगर्न र फुर्सदको समयमा मेरा मागहरूको बारेमा ध्यान दिन आग्रह गर्छु। त्यसपछि म आनन्दित महसुस गर्नेछु। यदि तिमीहरूले देहमा लगाउने प्रयत्नको एक हजारको एक भाग मात्र सत्यताको लागि योगदान (वा दान) गर्नुपर्थ्यो भने म त भन्छु, तैँले बारम्बार अपराधहरू गर्ने थिइनस् र तेरा मुखहरू कुहिएका हुने थिएनन्। के यो स्पष्ट छैन र?

तैँले जति धेरै अपराधहरू गर्छस् त्यति नै थोरै राम्रो गन्तव्य प्राप्त गर्ने अवसरहरू पाउनेछस्। यसको विपरीत, तैँले जति थोरै अपराधहरू गर्छस् त्यति नै धेरै परमेश्वरबाट तेरो प्रशंसा हुने सम्भावना हुन्छ। यदि तेरा अपराधहरू मैले तँलाई क्षमा दिनै नसक्ने हदसम्म बढ्दै जान्छ भने तैँले क्षमा हुने आफ्नो मौका पूर्ण रूपमा गुमाइसकेको हुनेछस्। यसै गरी, तेरो गन्तव्य पनि माथि हुँदैन, तल हुन्छ। यदि तैँले मलाई विश्वास गर्दैनस् भने तँ साहसी बन् र गलत काम गर्, अनि हेर् तैँले त्यसबाट के पाउँछस्। यदि तँ सत्यताको अभ्यास गर्ने निष्कपट व्यक्ति होस् भने तैँले निश्चय पनि तेरा अपराधहरूको लागि क्षमा पाउने अवसर प्राप्त गर्नेछस्, र तैँले झनझन कम मात्र अवज्ञा गर्नेछस्। यदि तँ अत्यन्तै इमानदारिताको साथ सत्यताको अभ्यास गर्ने व्यक्ति होस् भने अवश्य पनि परमेश्वरसामु तेरा अपराधहरूको संख्या बढ्नेछ र तैँले तबसम्म झनझन बढी अवज्ञा गर्दै जानेछस् जबसम्म तँ तेरो सीमिततामा पुग्छस्, जुन तेरो पूर्ण विनाशको समय हुनेछ। यो त्यही समय हुनेछ जब आशीर्वादहरू प्राप्त गर्ने तेरो मीठो सपना चकनाचूर हुनेछ। आफ्ना अपराधहरूलाई केवल अपरिपक्व वा मूर्ख व्यक्तिले गरेका गल्तीहरूको रूपमा मात्रै नमान्; तैँले आफ्नो कमजोर क्षमताले यसो गर्न असम्भव बनाएकोले गर्दा आफूले सत्यताको अभ्यास गरिन भन्ने बहानाबाजी नगर्। यसबाहेक, तैँले गरेका अपराधहरूलाई केवल त्योभन्दा राम्रो केही थाहा नभएको व्यक्तिले गरेका कार्यहरूको रूपमा नमान्। यदि तँ आफूलाई क्षमा गर्न र आफूलाई उदारताका साथ व्यवहार गर्नमा खप्पिस छस् भने म त भन्छु तँ एक काँतर होस् जसले कहिल्यै पनि सत्यता हासिल गर्नेछैन, न त कहिल्यै तेरा अपराधहरूले तेरो पिछा गर्न नै छाड्नेछन्; तिनीहरूले तँलाई सधैँ सत्यताका मागहरू पूरा गर्नबाट रोक्नेछन्, र तँलाई सधैँको लागि शैतानको

बफादार रहने बनाउनेछन्। अझै पनि तेरो लागि यो मेरो सुझाव हो: आफ्ना लुकेका अपराधहरूलाई देख्न नसकी आफ्नो गन्तव्यमा मात्र ध्यान नदे; अपराधहरूलाई गम्भीर रूपमा हेर्, र तीमध्ये कुनै पनि अपराधलाई आफ्नो गन्तव्यको सरोकारको कारण बेवास्ता नगर्।

## परमेश्वरको स्वभाव बुझ्नु अत्यन्त महत्वपूर्ण हुन्छ

तिमीहरूले धेरै वटा कुराहरू प्राप्त गरेको होस् भन्ने मैले आशा राखेको छु, तर तिमीहरूका सबै कार्यहरू, तिमीहरूका जीवनका सबै थोकहरूले पनि मैले भनेका कुराहरू पूरा गर्न सक्दैनौ, त्यसैले मसँग अर्को कुनै विकल्प छैन, त्यसैले म सीधै मुख्य बुँदामा आउँछु र मेरो इच्छा तिमीहरू सामु वर्णन गर्छु। तिमीहरूको विवेक कमजोर भए जस्तै तिमीहरूको कृतज्ञता पनि कमजोर नै छ, तिमीहरू मेरो स्वभाव र सारतत्त्वका विषयमा नितान्त अनभिज्ञ छौ–त्यसैले, यो अत्यन्त जरुरी विषय भएको कारण म ती तिमीहरूलाई जानकारी गराउँछु। तैँले पहिला जतिसुकै बुझेको भए तापनि, तैँले यी विषयहरू बुझ्न चाहेका भए तापनि, मैले ती सबै तिमीहरूलाई विस्तृत रूपमा व्याख्या गरिदिनुपर्छ। यी विषयहरू तिमीहरूका निम्ति पूर्णतया नयाँ होइनन्, तैपनि तिमीहरूसँग यिनीहरूमा भएको अर्थसँग धेरै बुझाइको, धेरै परिचितताको अभाव छ। तिमीहरूमध्ये धेरै जनासँग निकै थोरै मात्र बुझाइ छ, र आंशिक र अपूर्ण बुझाइ छ। सत्यता राम्ररी अभ्यास गर्न–मेरा वचनहरू राम्ररी अभ्यास गर्न तिमीहरूलाई सहायता गर्न तिमीहरू सबैभन्दा पहिले यी विषयहरूप्रति सचेत हुनु आवश्यक छ भन्ने मलाई लाग्छ। यदि त्यसो भएन भने, तिमीहरूको विश्वास अस्पष्ट, पाखण्डीपनमै सीमित रहनेछ, र धर्मको जालले भरिएको हुनेछ। यदि तिमीले परमेश्वरको स्वभाव बुझेका छैनौ भने तिमीले उहाँको निम्ति गर्नुपर्ने काम गर्न असम्भव हुनेछ। यदि तिमीलाई परमेश्वरको सारतत्त्व थाहा छैन भने तिमीसँग उहाँप्रति आदर र भय हुने कुरा पनि असम्भव हुनेछ; बरु केवल देखावटी धर्म-कार्यहरू र छलछाम र अयोग्य ईश्वरनिन्दा मात्र हुनेछ। परमेश्वरको स्वभाव बुझ्नु अत्यन्त महत्वपूर्ण छ, साथै परमेश्वरको सारतत्त्व थाहा गर्ने कुरालाई नजर अन्दाजा गर्न सकिँदैन, कसैले पनि यी विषयहरू विस्तृत रूपमा जाँच वा गहन अनुसन्धान गरेका छैनन्। तिमीहरूले मैले जारी गरेका सबै प्रशासनिक आदेशहरू रद्द गरेका छौ भन्ने कुरा स्पष्टसँग देख्न सकिन्छ। यदि तिमीहरूले परमेश्वरको स्वभाव बुझ्न सकेनौ भने तिनीहरूले स्वाभाविक रूपमा उहाँको स्वभावलाई उल्लङ्घन गर्नेछौ। उहाँको स्वभावको अपमान गर्नु भनेको परमेश्वरलाई क्रोधित तुल्याउनु हो, यसो भएमा प्रशासनिक आदेश भङ्ग गर्नु नै तिमीहरूका कार्यहरूका आखिरी फल हुनेछ। जब तैँले परमेश्वरको सारतत्त्व थाहा पाउँछस्, तब तैँले परमेश्वरको स्वभावलाई बुझ्न सक्छस्–र जब तैँले उहाँको स्वभावलाई बुझ्छस् तब प्रशासनिक आदेशहरू पनि बुझ्नेछस् भन्ने कुरा अब तैँले महसुस गर्नुपर्छ। यो कुरा भनिराख्नु पर्दैन, प्रशासनिक आदेशहरूमा समावेश गरिएका अधिकांश कुराहरूले परमेश्वरको स्वभावलाई छुन्छ, तर उहाँका सबै स्वभावहरू प्रशासनिक आदेशहरूमा व्यक्त गरिएका छैनन्; त्यसैले, परमेश्वरको स्वभावलाई बुझ्न तँ थप एक कदम अघि बढ्नु आवश्यक छ।

आज म तिमीहरूसँग एक सामान्य वार्तालापमा बोलिरहेको छैन, यसले तिमीहरूलाई मेरा वचनहरू होशियारसाथ पालन गर्न जिम्मेवार बनाउँछ, साथै तिनीहरूमाथि गहन मनन गर्न लगाउँछ। यसबाट मैले के भन्‍न खोजेको छु भने तिमीहरूले मैले बोलेका मेरा वचनहरू पालन गर्न थोरै मात्र प्रयत्न गरेका छौ। तिमीहरू परमेश्‍वरको स्वभावका विषयमा मनन गर्न पनि त्यति धेरै इच्छुक छैनौ; यसको कसैले विरलै प्रयत्न गरेको छ। यसैकारण म भन्छु कि तिमीहरूको विश्‍वास शब्दाडम्बरी भन्दा केही होइन। अहिले पनि तिमीहरूमध्ये कसैले पनि तिमीहरूका सबैभन्दा मुख्य कमजोरी सुधार गर्न कुनै उल्लेखनीय प्रयत्न गरेका छैनौ। मैले तिमीहरूका निम्ति सबै पीडाहरू भोगिसकेपछि पनि तिमीहरूले मलाई निराश बनाएका छौ। यसमा कुनै आश्‍चर्य छैन कि तिमीहरूसँग परमेश्‍वरको निम्ति कुनै आदर छैन र तिमीहरूको जीवनमा सत्यताको उपस्थिति छैन। कसरी यस किसिमका मानिसहरूलाई सन्तहरू मान्‍न सकिन्छ? स्वर्गको कानुनले यस किसिमको कुरा सहनेछैन! तिमीसँग यसको विषयमा थोरै बुझाइ पनि छैन, धेरै सास समर्पण गर्नुभन्दा मसँग अरू कुनै विकल्प छैन।

परमेश्‍वरको स्वभाव प्रत्येक व्यक्तिका निम्ति अत्यन्त अमूर्त विषयजस्तै देखिन्छ र वास्तवमा त्यस्तै हो, साथै यो प्रत्येक व्यक्तिले सजिलै स्वीकार गर्न सक्ने विषय पनि होइन, किनकि उहाँको स्वभाव मानवजातिको व्यक्तित्व जस्तो होइन। परमेश्‍वरको पनि आफ्नै आनन्द, रीस, दुःख र खुशीका भावनाहरू छन्, तर यी भावनात्मक अभिव्यक्तिहरू मानिसका भावनात्मक अभिव्यक्तिहरूभन्दा फरक छन्। परमेश्‍वर जो हुनुहुन्छ उहाँ त्यही हुनुहुन्छ, र उहाँसँग जे छ, उहाँसँग त्यही छ। उहाँले व्यक्त गर्नुभएका र प्रकट गरिदिनुभएका सबै कुराहरू उहाँका सारतत्त्व र उहाँका पहिचानका प्रतिनिधित्वहरू हुन्। उहाँ जो हुनुहुन्छ र उहाँसँग जे छ त्यसलाई, साथै उहाँका सारतत्त्व र पहिचानलाई कुनै पनि मानिसले प्रतिस्थापन गर्न सक्दैन। उहाँको स्वभावमा मानिसजातिका निम्ति उहाँको प्रेम, मानवजातिको सान्त्वना, मानवजातिको घृणा, र मानवजातिको सामान्य बुझाइ सबै नै समावेश छन्। मानिसको व्यक्तित्व आशावादी, जीवन्त, वा संवेदनाहीन हुन सक्छ। परमेश्‍वरको स्वभाव सबै थोकहरू र सबै जीवित प्राणीहरूका शासकको, सारा सृष्टिका प्रभुको स्वभाव हो। उहाँको स्वभावले आदर, शक्ति, प्रताप, महानता, र सबैभन्दा महत्वपूर्ण सर्वोच्चताको प्रतिनिधित्व गर्छ। उहाँको स्वभाव अख्तियारको सङ्केत हो, सबै धार्मिकताको सङ्केत, सबै सुन्दरता र असलपनको सङ्केत हो। यी सबैभन्दा अझ महत्वपूर्ण कुरा त विजयी गर्न नसकिने वा अन्धकार र कुनै पनि शत्रुको शक्तिले आक्रमण गर्न नसकिने[क] व्यक्तिलाई सङ्केत गर्दछ, साथै सृष्टि गरिएका कुनै प्राणीले उल्लङ्घन (उहाँले कुनै उल्लङ्घन सहन सक्नुहुन्‍न)[ख] गर्न नसकिने व्यक्तिलाई सङ्केत गर्दछ। उहाँको स्वभावले सर्वोच्च शक्तिको सङ्केत गर्छ। कुनै पनि व्यक्ति वा व्यक्तिहरूले उहाँको काम वा उहाँको स्वभावलाई अवरोध पुऱ्याउन सक्दैन। तर मानिसको व्यक्तित्व पशुभन्दा अलिकति उच्च छ। मानिस आफैमा वा मानिससँग कुनै अख्तियार छैन, कुनै स्वतन्त्रता छैन, मानिससँग आफैलाई पार गरेर जाने क्षमता पनि छैन, तर उसको सारतत्त्वमा सबै प्रकारका

---

क. मूल पाठमा "यो हुन अयोग्य हुनुको सङ्केत हो" भनेर पढिन्छ।

ख. मूल पाठमा "साथै उल्लङ्घन गरिन नसक्नुको प्रतीक (र उल्लङ्घन गरिएको नसहनु)" भनेर पढिन्छ।

मानिसहरू, घटनाहरू र थोकहरूको नियन्त्रणमा विवश हुने स्वभाव हुन्छ। परमेश्वरको आनन्द धार्मिकता र ज्योतिमा अस्तित्वमा रहन्छ र उदय हुन्छ, किनकि अन्धकार र दुष्टको विनाश भएको छ। उहाँ मानवजातिमा ज्योति र असल जीवन ल्याउनुभएको कुरामा आनन्द मनाउनुहुन्छ। उहाँको आनन्द धार्मिकताको आनन्द हो, यो सबै सकारात्मक कुराको सङ्केत हो, त्यसभन्दा अझ बढी यो शुभ अवसरको सङ्केत हो। अन्यायको अस्तित्व र हस्तक्षेपले मानवजातिमा ल्याउने हानीको कारण, दुष्टता र अन्धकार अस्तित्वमा भएको कारण, सत्यतालाई हटाउने कुराहरू अस्तित्वमा भएका कारण, सुन्दर र असल कुराहरूको विरोध गर्ने तत्त्वहरू अस्तित्वमा भएका कारण, र अन्यायको कारण परमेश्वर क्रोधित बन्नुहुन्छ। उहाँको क्रोध सबै किसिमका नकारात्मक कुराहरू अस्तित्वमा रहनेछैन भन्ने सङ्केत हो, यो भन्दा पनि अझ महत्वपूर्ण कुराचाहिँ यसले उहाँको पवित्रताको सङ्केत गर्छ। उहाँको शोकको कारण मानवजाति नै हो, उहाँले मानवजातिमा आशा राख्नुभएको थियो, तर ती मानवजाति अन्धकारमा पतन भएका छन्, किनकि उहाँले मानवजातिमा गर्नुभएको काम उहाँको अपेक्षाहरूको नापसम्म आउँदैनन्, किनकि उहाँले प्रेम गर्नुभएका मानवजाति सबै जना ज्योतिमा जिउन सक्दैनन्। उहाँले निर्दोष मानवजातिप्रति दुःख महसुस गर्नुहुन्छ, साथै इमानदार तर अज्ञानी मानिस, र असल तर आफ्नै दृष्टिकोणको अभाव भएका मानिसप्रति पनि उहाँले दुःख महसुस गर्नुहुन्छ। उहाँको दुःख उहाँको भलोपन र उहाँको कृपाको सङ्केत हो, सुन्दरता र दयाको सङ्केत हो। उहाँको खुशी निश्चय नै उहाँका शत्रुहरूलाई पराजित गर्ने र मानिसको इमानदारीता जित्ने कार्यबाट आउँछ। यो भन्दा अझ बढी त शत्रुहरूका सबै शक्तिहरूको निष्कासन र विनाशबाट उहाँ खुशी बन्नुहुन्छ, किनकि यसरी मानिसजातिले असल र शान्तिपूर्ण जीवन प्राप्त गर्छन्। परमेश्वरको खुशी मानिसको आनन्द जस्तै होइन, बरु यो त असल फलहरू बटुल्नु जस्तै र आनन्दभन्दा अझ धेरै ठूलो कुरा हो। उहाँको खुसीयालीले मानवजाति यस समयदेखि दुःखकष्टबाट छुटकारा पाएको र मानवजाति ज्योतिको संसारमा प्रवेश गरेको सङ्केत दिन्छ। अर्कोतिर, मानवजातिको भावनाहरू उसका आफ्ना चाहनाहरूबाट उत्पन्न भएका हुन्छन्, त्यो धार्मिकता, ज्योति वा सुन्दर कुरा र स्वर्गबाट दिइएको अनुग्रहका निम्ति हुँदैन। मानवजातिका भावनाहरू स्वार्थी हुन्छन् र ती अन्धकारको संसारका हुन्। यिनीहरू परमेश्वरका इच्छा र योजनाका निम्ति अस्तित्वमा आएका होइनन्, त्यसैले मानिस र परमेश्वरलाई एउटै स्थानमा राखेर कुरा गर्न मिल्दैन। परमेश्वर सदासर्वदा सर्वोच्च हुनुहुन्छ र उहाँ आदरयोग्य हुनुहुन्छ भने मानिस सदैव तुच्छ र मूल्यहीन छन्। यसैकारण परमेश्वरले सधैँ मानिसजातिका निम्ति आफैलाई बलिदान गर्नुहुन्छ र समर्पित गर्नुहुन्छ; मानिसले चाहिँ सधैँ आफ्नो निम्ति राख्छ र आफ्नै निम्ति मात्र प्रयत्न गर्छ। परमेश्वरले सदैव मानिसहरूको अस्तित्व कायम राख्न पीडा उठाउनुहुन्छ, तैपनि मानिसले कहिल्यै पनि ज्योति वा धार्मिकताको खातिर कुनै मूल्य चुकाउँदैन। मानिसले केही समयको लागि प्रयास गरे पनि, मानिसले एउटै प्रहार पनि सहन सक्दैन, किनभने मानिसको प्रयास सधैँ आफ्नै निम्ति मात्र हुन्छ, अरूको लागि हुँदैन। मानिस सधैँ स्वार्थी हुन्छ, भने परमेश्वर स्वार्थरहित हुनुहुन्छ। परमेश्वर न्याय, भलाइ र सुन्दर कुराहरूका स्रोत हुनुहुन्छ भने मानिसहरू घृणित र दुष्ट कुराहरू प्रकट गर्न मात्र सफल हुन्छन्। परमेश्वरले धार्मिकता र सुन्दरताको आफ्नो सारतत्त्व कहिल्यै

अदलबदल गर्नुहुन्न, तर मानिसले पूर्ण रूपमा कुनै पनि समयमा कुनै पनि परिस्थितिमा धार्मिकतालाई धोखा दिएर परमेश्‍वरदेखि टाढा रहन सक्छ।

मैले बोलेका हरेक वाक्यमा परमेश्‍वरको स्वभाव समावेश छन्। तिमीहरूले मेरा वचनहरू होशियारसाथ मनन गर्नेछौ, र तिमीहरूले त्यसबाट निश्‍चय नै ठूलो फाइदा पाउनेछौ। परमेश्‍वरको सारतत्त्वका विषयमा बुझ्न अति गाह्रो हुन्छ, तर तिमीहरू सबै जनासँग परमेश्‍वरको स्वभावका विषयमा केही हदसम्म ज्ञान रहेको छ भनी म विश्‍वास गर्छु। परमेश्‍वरको स्वभावलाई नचिढ्याउने अनि तैँले गरेका कुराहरूका बारेमा मलाई देखाउनको लागि तँसँग धेरै कुराहरू हुनेछन् भन्‍ने मेरो आशा छ। त्यसपछि म सुनिश्‍चित हुनेछु। उदाहरणको लागि, तिमीहरूका हृदयमा परमेश्‍वरलाई सधैँभरि राख्नू। जब तैँले काम गर्छस्, तब उहाँका वचनहरू अनुसार काम गर्नू। सबै कुराहरूमा उहाँको इच्छा खोज्नू, र परमेश्‍वरलाई अपमान र अनादर गर्ने सबै कुराहरूबाट आफूलाई अलग राख्नू। भविष्यमा तेरो हृदयको खालीपन भर्नका लागि मात्र परमेश्‍वरलाई आफ्नो मनको कुनै कुनामा लुकाई राखिस् भने तैँले परमेश्‍वरको स्वभावलाई उल्लङ्घन गरेको हुनेछस्। मानौं, तिमीहरूले आफ्नो जीवनकालभरि कहिल्यै पनि परमेश्‍वरको निन्दा गरेनौ वा परमेश्‍वरको विरुद्‌धमा गुनासो गरेनौ भने, उहाँले तिमीहरूका जिम्मामा सुम्पिदिनुभएका सबै कुराहरू उपयुक्त तरिकाले सदुपयोग गर्नेछौ, साथै तिमीहरूका जीवनभरि आफैलाई उहाँको वचनमा समर्पण गर्नेछौ, त्यसपछि तिमीहरूले प्रशासनिक आदेशहरूका विरुद्‌ध अपराध गर्न छोड्नेछौं। उदाहरणको लागि, यदि तिमीहरूले कहिल्यै यसो भनेका छौ भने, “उहाँ परमेश्‍वर हुनुहुन्छ भनी किन मैले विचार गर्नुपर्छ?” “मेरो विचारमा यी वचनहरू पवित्र आत्माका केही अन्तर्दृष्टिहरूभन्दा केही पनि होइनन्,” “मेरो विचारमा परमेश्‍वरले गर्नुभएका सबै कुराहरू सही हुनुपर्छ भन्‍ने कुनै आवश्यकता छैन,” “परमेश्‍वरको मानवता मेरोभन्दा उच्चकोटीको छैन,” “परमेश्‍वरका वचनहरू विश्‍वास गर्न लायकका छैनन्,” वा यस्तै किसिमका न्यायपूर्ण भनाइहरू व्यक्त गरेका छौ भने आफ्ना पापहरू स्वीकार गर्न र त्यसबाट पश्‍चात्ताप गर्न म तिमीहरूलाई उत्साह दिन्छु। अन्यथा, तिमीहरूले कहिल्यै पनि क्षमादानको अवसर प्राप्त गर्नेछैनौ, किनकि तिमीहरूले मानिसलाई होइन, तर परमेश्‍वरलाई चिढ्याएका छौ। तिमीहरूले मानिसको न्याय गरिरहेको छु भनी विश्‍वास गरेका हुन सक्छौ, तर परमेश्‍वरको आत्माले त्यसरी हेर्नुहुन्न। तिमीहरूले उहाँको देहलाई अनादर गर्नुचाहिँ उहाँ स्वयमलाई अनादर गर्नु बराबर हो। यसरी के तिमीहरूले परमेश्‍वरको स्वभावको उल्लङ्घन गरेका छैनौ र? परमेश्‍वरका आत्माले गर्नुभएका सबै काम उहाँका देहका कामलाई सुरक्षित राख्न र यी कामहरू अझ राम्ररी सम्पन्‍न गर्नका निम्ति हो भन्‍ने कुरा तिमीहरूले याद राख्नुपर्छ। यदि तिमीहरूले यसलाई बेवास्ता गर्‍यौ भने तिमीहरूले कहिल्यै पनि परमेश्‍वरमा विश्‍वास गर्न नसक्ने हुन्छौ भनी म तिमीहरूलाई बताउन चाहन्छु। तिमीहरूले परमेश्‍वरको क्रोधलाई भड्काएको कारण उहाँले तिमीहरूलाई शिक्षा सिकाउन उपयुक्त दण्ड दिनुहुनेछ।

परमेश्‍वरको सारतत्त्वलाई थाहा गर्नु भनेको सामान्य विषय होइन। तैँले उहाँको स्वभावलाई बुझ्नुपर्छ। यसरी तिमीहरूले विस्तारै र थाहै नपाईकन परमेश्‍वरको सारतत्त्व थाहा गर्नेछौ। जब तिमीहरू यस ज्ञानमा प्रवेश गर्छौ, तब तिमीहरूले अझ उच्च र सुन्दर अवस्थामा प्रवेश गरेको

महसुस गर्नेछौ। अन्त्यमा, तिमीहरू आफ्ना घृणित प्राणप्रति लज्जित महसुस गर्नेछौ, र तिमीहरूका लाजबाट लुक्ने कुनै ठाउँ छैन भनी तिमीहरूले महसुस गर्नेछौ। त्यस समयमा, तिमीहरूले परमेश्‍वरको स्वभावलाई अपमान गर्ने आफ्नो व्यवहारलाई कम गर्दै जानेछौ, तिमीहरूको हृदय परमेश्‍वरको हृदयको नजिक-नजिक आउनेछ, र तिमीहरूका हृदयमा उहाँको निम्ति प्रेम विस्तारै बढ्दै जानेछ। यो चाहिँ मानवजाति सुन्दर अवस्थामा प्रवेश गरेको एउटा चिन्ह हो। तर तिमीहरूले यो अवस्था हासिल गरिसकेका हुँदैनौ। तिमीहरू सबै जना आफ्नो नियतिको खातिर कुदिरहेका हुन्छौ, जोसँग परमेश्‍वरको सारतत्त्वलाई थाहा गर्न प्रयत्न गर्ने कुनै चाहना हुँदैन? के यसले निरन्तरता पाउनु हुन्छ, यदि यसो भएमा तिमीहरूले अन्जानमै प्रशासनिक आदेशहरू विरुद्ध अपराध गर्नेछौ, किनकि तिमीहरूले परमेश्‍वरको स्वभावको विषयमा थोरै कुराहरू मात्र बुझेका हुन्छौ। के यसरी तिमीहरूले परमेश्‍वरको स्वभाव विरुद्ध उल्लङ्घन गर्न जग बसालेका हुँदैनौ? तिमीहरूलाई मैले परमेश्‍वरको स्वभाव बुझ्न अनुरोध गरेको कुरा मेरो कामभन्दा बाहिरको कुरा होइन। यदि तिमीहरूले प्रशासनिक आदेशहरू घरीघरी उल्लङ्घन गर्‍यौ भने तिमीहरू दण्डबाट कसरी उम्कने छौ? त्यसपछि के मेरा काम पूर्ण रूपमा व्यर्थ हुनेछैन र? त्यसैले, तैँले आफ्नो व्यवहारलाई नजिकबाट जाँच्दै, तैँले उठाउने आफ्नो कदमहरूमा होशियार रहन म तँलाई आग्रह गर्छु। यो मैले तिमीहरूसँग मागेको यो उच्च माग हो, म आशा गर्छु कि तिमीहरू सबै जनाले यसलाई होशियारसाथ विचार गर्नेछौ र तिमीहरूले लगनशील भई यो माग पूरा गर्नेछौ। तिमीहरूका कामले मलाई अत्यन्त धेरै रीस उठाउने दिन आयो भने त्यसको परिणामहरू तिमीहरूले नै विचार गर्नुपर्नेछ, तिमीहरूको ठाउँमा दण्ड भोग्न त्यहाँ अरू कुनै व्यक्ति हुनेछैन।

## पृथ्वीमा हुनुहुने परमेश्‍वरलाई कसरी चिन्ने

तिमीहरू सबै परमेश्‍वरको अगि इनाम पाउने र परमेश्‍वरद्वारा कृपा पाउने इच्छा राख्छौ; परमेश्‍वरमा विश्‍वास गरेको सुरुसुरुमा सबैले यस्तै कुराहरूको आशा राख्छन्, किनकि सबै जना उच्च कुराहरूको खोजीमा व्यस्त हुन्छन्, र कोही पनि अरूभन्दा पछि पर्न चाहँदैन। मानिसहरू यस्तै प्रकारका हुन्छन्। ठीक यही कारणले गर्दा तिमीहरूमध्ये धेरै जना स्वर्गमा हुनुहुने परमेश्‍वरको निरन्तर चापलुसी गरेर कृपा पाउने कोसिस गर्छौ, तापनि वास्तवमा, परमेश्‍वरप्रतिको तिमीहरूको बफादारीता र इमानदारीता तिमीहरूको आफैप्रतिको बफादारीता र इमानदारीभन्दा धेरै कम हुन्छ। म यो कुरा किन भन्दैछु? किनकि परमेश्‍वरप्रतिको तिमीहरूको बफादारीतालाई म पटक्कै स्वीकार गर्दिनँ, त्यसबाहेक, म तिमीहरूका हृदयहरूमा भएका परमेश्‍वरको अस्तित्वलाई अस्वीकार गर्दछु। भन्नुको अर्थ यो हो, कि तिमीहरू जुन परमेश्‍वरको आराधना गर्छौ, जुन अस्पष्ट परमेश्‍वरको तिमीहरू सराहना गर्दछौ, उहाँको अस्तित्व छँदैछैन। तिमीहरू सत्य परमेश्‍वरबाट धेरै टाढा भएको कारणले गर्दा नै म यो निश्‍चयतापूर्वक भन्न सक्छु। तिमीहरूको वफादारीताको कारण तिमीहरूका हृदयभित्रको मूर्ति हो; मेरो कुरा गर्ने हो भने, अहिले, तिमीहरू जुन परमेश्‍वरलाई हेर्छौ, उहाँ न त महान् न सानो हुनुहुन्छ, तिमीहरू शब्दहरूले मात्र स्वीकार गर्दछौ। जब म तिमीहरू परमेश्‍वरबाट

टाढा छौ भन्छु, मेरो भनाइको अर्थ तिमीहरू सत्य परमेश्‍वरबाट टाढा छौ भन्‍ने हो, त्यो अस्पष्ट परमेश्‍वर भने नजिक छ जस्तो देखिन्छ। जब म “महान् छैन” भन्छु, तब तिमीहरूले यो दिनमा विश्‍वास गरेका परमेश्‍वरको सन्दर्भमा भनेको हुँ, जो कुनै ठूला योग्यताहरू नभएको व्यक्तिजस्तो मात्र देखिनुहुन्छ, यस्तो व्यक्ति, जो त्यत्ति उच्च हुनुहुन्‍न। अनि जब म “सानो छैन” भन्छु, त्यसको अर्थ यो व्यक्तिले बतासलाई बोलाउन र झरीलाई आज्ञा गर्न नसके तापनि उहाँ त्यो काम गर्नका निम्ति परमेश्‍वरका आत्मालाई बोलाउन सक्षम हुनुहुन्छ, जसले आकाश र पृथ्वीलाई हल्लाउनुहुन्छ, जसले मानिसहरूलाई पूर्ण रूपमा अचम्मित बनाउनुहुन्छ। बाहिरी रूपमा पृथ्वीमा तिमीहरू यो ख्रीष्टप्रति धेरै आज्ञाकारी देखिन्छौ, तर वास्तवमा भन्‍ने हो भने उहाँमा तिमीहरू विश्‍वास गर्दैनौ, न त उहाँलाई प्रेम नै गर्छौ। भन्‍नुको अर्थ यो हो, कि जसलाई तिमीहरू साँचो रूपमा विश्‍वास गर्छौ, उहाँ तिमीहरूका आफ्नै भावनाको अस्पष्ट परमेश्‍वर हुनुहुन्छ, र तिमीहरूले साँच्‍चै प्रेम गरेको त्यो परमेश्‍वर, जसको तिमीहरू दिन-रात चाहना गर्दछौ, तापनि उहाँलाई व्यक्तिगत रूपमा कहिल्यै देखेका छैनौं। यस ख्रीष्टतर्फ तिमीहरूको विश्‍वास अपूर्ण छ, र तिमीहरूको प्रेम नगण्य छ। विश्‍वास भनेको आस्था वा भरोसा हो; प्रेम भनेको एक व्यक्तिको हृदयमा हुने भक्ति र प्रशंसा हो, जुन कहिल्यै विभाजित हुँदैन। तापनि आजका ख्रीष्टमा तिमीहरूको विश्‍वास र प्रेम योभन्दा धेरै कम छ। जब विश्‍वासको कुरा आउँछ, तब तिमीहरू उहाँमाथि कसरी विश्‍वास राख्छौ? जब प्रेमको कुरा आउँछ, तिमीहरू कस्तो प्रकारले उहाँलाई प्रेम गर्दछौ? तिमीहरूमा उहाँको स्वभावको बुझाइ छैन, अझ उहाँको गुणको बारेमा त तिमीहरूलाई झनै कम थाहा छ, यसैले तिमीहरू कसरी उहाँमा विश्‍वास गर्छौ? उहाँमा तिमीहरूको विश्‍वासको वास्तविकता कहाँ छ? उहाँलाई तिमीहरू कसरी प्रेम गर्छौ? उहाँमा तिमीहरूको प्रेमको वास्तविकता कहाँ छ?

धेरैले अहिलेसम्म कुनै सङ्कोचविना मलाई पछ्याएका छन्। त्यसैले तिमीहरूले विगत धेरै वर्षहरूमा धेरै थकान पनि अनुभव गरेका छौ। तिमीहरू प्रत्येकको जन्मजात चरित्र र बानीहरूलाई मैले स्पष्टतासाथ बुझेको छु; तिमीहरू प्रत्येकसँगको कुराकानी धेरै नै कठिन भएको छ। दुःखको कुरा यो हो कि, यद्यपि मैले तिमीहरूको बारेमा धेरै कुरा बुझे पनि तिमीहरूले चाहिँ मेरो बारेमा केही पनि बुझेका छैनौ। भ्रमको स्थितिमा तिमीहरू जोसुकैको छलमा फस्छौ भनेर मानिसहरूले भन्‍नु स्वभाविक नै हो। साँच्‍चै, तिमीहरू मेरो स्वभावलाई कति पनि बुझ्दैनौ, मेरो मनमा के छ त्यो त परै जाओस्। आज मबारे तिमीहरूका गलत बुझाइहरू चाँडो-चाँडो फैलिरहेका छन्, र मप्रतिको तिमीहरूको विश्‍वास अन्योलपूर्ण विश्‍वास नै रहिरहन्छ। तिमीहरूको ममा विश्‍वास छ भन्‍नुको साटो मसित चापलुसी गरेर अनि मलाई चिप्ले घसेर तिमीहरू मेरो कृपा पाउने कोसिस गर्दछौ भन्‍नु ठीक हुन्छ। तिनीहरूका अभिप्रायहरू साधारण छन्: म उसैको पछि लाग्‍नेछु, जसले मलाई इनाम दिन सक्छ, र उसैमा विश्‍वास गर्दछु, जसले मलाई ठूला-ठूला विपत्तिहरूबाट उम्काउनेछ, चाहे ऊ परमेश्‍वर वा कुनै पनि परमेश्‍वर नै किन नहोस्। यीमध्ये कुनै पनि मेरो सरोकारको विषय होइन। तिमीहरूमध्ये त्यस्ता धेरै मानिसहरू छन्, र यो अवस्था धेरै गम्भीर छ। यदि एक दिन, तिमीहरूमध्ये कति जनाले ख्रीष्टको सारको जानकारी पाएर उहाँमा विश्‍वास गरेका छौ भनी जाँच गरियो भने, मलाई शङ्का लाग्छ कि तिमीहरूमध्ये एकै जना पनि मेरो निम्ति चित्तबुझ्दो हुनेछैनौ।

यसैले यो प्रश्नमाथि विचार गर्दा तिमीहरू प्रत्येकलाई चोट लाग्नेछैन: तिमीहरूले विश्वास गरेको परमेश्वर मभन्दा धेरै नै फरक छ, अनि यस्तो भएकोले तिमीहरूले परमेश्वरमा विश्वास गर्नुको सार के हो? तिमीहरू जति धेरै आफ्नो तथाकथित परमेश्वरमा विश्वास गर्छौ, त्यत्ति नै मबाट भड्केर टाढा जान्छौ। त्यसो भए यस विषयको सार के हो? यो निश्चित छ, कि तिमीहरूमध्ये कसैले पनि त्यस्तो प्रश्नमाथि कहिल्यै विचार गरेका छैनौ, तर के यसको गम्भीरता तिमीहरूमा उत्पन्न भएको छ? के तिमीहरूले यस्तै प्रकारले विश्वास गरिरहँदा उत्पन्न हुने परिणामहरूबारे सोचेका छौ?

आज, तिमीहरूले धेरै समस्याहरूको सामना गर्छौ, र तिमीहरूमध्ये एक जनालाई पनि समस्या समाधान गर्ने बानी परेको छैन। यो अवस्था जारी रहने हो भने, हार्नको लागि खडा हुनेहरू तिमीहरू मात्रै हुनेछौ। म तिमीहरूलाई समस्याहरू पहिचान गर्न सहायता गर्नेछु, तर तिनलाई समाधान गर्ने काम तिमीहरूकै हो।

अरूसँग शङ्का नगर्नेहरूसँग म खुशी हुन्छु, र सजिलैसँग सत्य स्वीकार्नेहरूलाई म मन पराउँछु; यी दुई प्रकारका मानिसहरूलाई म धेरै वास्ता गर्छु, किनकि तिनीहरू मेरो नजरमा इमानदार मानिसहरू हुन्। यदि तँ छली छस् भने, तँ सबै मानिस र विषयहरूप्रति सतर्क बन्नेछस् र शङ्कालु बन्नेछस्, यसैले मप्रतिको तेरो विश्वास शङ्काको जगमाथि निर्माण हुनेछ। त्यस्तो विश्वासलाई म कहिल्यै स्वीकार्न सक्दिनँ। साँचो विश्वासको अभावमा, तिमीहरू अझ बढी साँचो प्रेमरहित बन्छौ। र यदि तँ परमेश्वरलाई शङ्का गर्न जिम्मेवार छस् र जानी-जानी उहाँको बारेमा अनुमान गर्छस् भने निस्सन्देह तँ सबै मानिसहरूमध्ये सबैभन्दा छली होस्। तँ परमेश्वर मानिसजस्तो हुन सक्नुहुन्छ कि सक्नुहुन्न भनेर अनुमान लगाउँछस्: क्षमा गर्नै नसकिने पापी, क्षुद्र चरित्र भएको, निष्पक्षता र विवेकरहित, न्यायको भावना नभएको, हिंस्रक युक्तिमा लागेको, छलपूर्ण र धूर्त, दुष्ट र अन्धकारद्वारा प्रसन्न, र यस्तै अरू। के मानिसहरूमा परमेश्वरको अलिकति पनि ज्ञान नभएको कारण तिनीहरूमा यस्ता विचारहरू आएका होइनन् र? त्यस्तो विश्वास पापभन्दा कम होइन! केही यस्ता व्यक्तिहरू पनि छन्, जसले मलाई प्रसन्न तुल्याउनेहरू चापलुसी गर्ने र चिप्लो घस्नेहरू हुन्, अनि त्यस्ता सीपको अभाव हुनेहरूलाई परमेश्वरको भवनमा स्वागत गरिँदैन र तिनीहरूले त्यहाँ आफ्नो स्थान गुमाउनेछन् भनी विश्वास गर्छन्। यतिका वर्षहरूमा तिमीहरूले प्राप्त गरेको ज्ञान के यही मात्र हो? के तिमीहरूले प्राप्त गरेको यही नै हो? अनि मेरो बारेमा तिमीहरूको ज्ञान यी भ्रमहरूमा रोकिँदैन; अनि त्योभन्दा अझ नराम्रो तिमीहरूले गरेका परमेश्वरका आत्माको निन्दा र स्वर्गको बदनाम हो। यसैले म भन्छु, कि तिमीहरूको जस्तो विश्वासले तिमीहरूलाई मबाट अझ टाढा बनाउँछ र मेरो विरुद्धमा अझ ठूलो विरोधी बनाउँछ। धेरै वर्ष कामको अवधिमा तिमीहरूले धेरै सत्यहरू देख्यौ, तर मेरा कानले के सुनेको छ के तिमीहरूलाई थाहा छ? तिमीहरूमध्ये कति जना सत्यलाई स्वीकार्न इच्छुक छौ? तिमीहरू सबै जना सत्यका निम्ति मूल्य चुकाउन तयार छौ भनी विश्वास गर्दछौ, तर तिमीहरूमध्ये कति जनाले सत्यका लागि साँच्चै दुःख भोगेका छौ? तिमीहरूका हृदयमा अधार्मिकता सिवाय केही छैन, जसको कारण मानिसहरू जो भए पनि सबै जना एकसमान रूपमा छली र कुटिल छन् भनी तिमीहरू सोच्छौ—यसको हद यति छ कि तिमीहरू

यो समेत विश्वास गर्छौ, कि देहधारी परमेश्वर एक सामान्य मानिसजस्तै दयालु हृदयरहित वा दयालु प्रेमरहित हुन सक्नुहुन्छ। त्योभन्दा बढी, तिमीहरू महान् चरित्र र कृपालु, परोपकारी स्वभाव स्वर्गमा हुनुहुने परमेश्वरको मात्र छ भनी विश्वास गर्दछौ। तिमीहरू विश्वास गर्दछौ, कि त्यस्तो सन्त अस्तित्वमा छैन, पृथ्वीमा अन्धकार र दुष्टले मात्र शासन गर्दछ, जब कि परमेश्वर यस्तो व्यक्ति हुनुहुन्छ, जसको साथमा मानिसहरूले आफ्नो भलाइ र सुन्दरताको चाहना सुम्पिन्छन्, उनीहरूले बनाएका कल्पित व्यक्तित्व हुनुहुन्छ। तिमीहरूको मनमा स्वर्गका परमेश्वर उच्च, धार्मिक र महान्, आराधना र प्रशंसाका योग्य हुनुहुन्छ भने अहिले पृथ्वीमा हुनुहुने यो परमेश्वर स्वर्गका परमेश्वरको एक प्रतिस्थापन, एक साधन हुन्। तिमीहरू यो परमेश्वर स्वर्गका परमेश्वरको बराबर हुन सक्नुहुन्न भनी विश्वास गर्छौ, उहाँको जस्तो सास छ भनी उल्लेख गर्ने कुरा त परै जाओस्। जब परमेश्वरको महानता र सम्मानको कुरा आउँछ, यी स्वर्गमा हुनुहुने परमेश्वरको महिमाका हुन्, तर जब मानिसको स्वभाव र भ्रष्टताको कुरा आउँछ, ती त्यस्ता गुणहरू हुन्, जसमा पृथ्वीमा हुनुहुने परमेश्वरको हिस्सा छ। स्वर्गमा हुनुहुने परमेश्वर सदाका लागि उच्च हुनुहुन्छ, जब कि पृथ्वीमा हुनुहुने परमेश्वर सदाको लागि महत्त्वहीन, कमजोर र अयोग्य हुनुहुन्छ। स्वर्गका परमेश्वर भावना होइन तर धार्मिकतामा मात्र चल्नुहुन्छ, जब कि पृथ्वीका परमेश्वरसँग स्वार्थी उद्देश्यहरू मात्र छन् र उहाँसँग निष्पक्षता वा कारण छैन। स्वर्गका परमेश्वरमा अलिकति पनि कुटिल हुनुहुन्न र सधैँ विश्वासयोग्य हुनुहुन्छ, जब कि संसारका परमेश्वरसित सधैँ एउटा गैर-इमानदार पक्ष छ। स्वर्गका परमेश्वरले मानिसलाई धेरै प्रेम गर्नुहुन्छ, जब कि पृथ्वीका परमेश्वरले मानिसलाई अपर्याप्त वास्ता देखाउनुहुन्छ, यहाँसम्म कि, उहाँले आफैलाई पूर्ण रूपमा बेवास्ता समेत गर्नुहुन्छ। यो गलत ज्ञान लामो समयदेखि तिमीहरूको हृदयमा राखिएको छ र भविष्यमा पनि यो स्थायी नै हुन सक्छ। तिमीहरू ख्रीष्टका सबै कामहरूलाई अधर्मीहरूको नजरबाट हेर्छौ र दुष्टको नजरबाट उहाँका सबै काम, साथै उहाँको पहिचान र सारको मूल्याङ्कन गर्छौ। तिमीहरूले गम्भीर गल्ती गऱ्यौ र जुन तिमीहरूभन्दा अघि आउनेहरूले कहिल्यै गरेनन्। अर्थात्, तिमीहरू शिरमा मुकुट लगाउने स्वर्गमा हुनुहुने उच्च परमेश्वरको मात्र सेवा गर्दछौ, र त्यस परमेश्वरको सामु कहिल्यै जाँदैनौ, जसलाई तिमीहरू यति तुच्छ ठान्छौ कि उहाँ तिमीहरूका निम्ति अदृश्य हुनुहुन्छ। के यो तिमीहरूको पाप होइन? के यो परमेश्वरको स्वभाव विरुद्धको तिमीहरूको उल्लङ्घनको उत्कृष्ट उदाहरण होइन र? तिमीहरू स्वर्गमा हुनुहुने परमेश्वरको आराधना गर्दछौ। तिमीहरू उच्च मूर्तिहरूको आराधना गर्दछौ र विशिष्ट व्यक्तिहरूलाई तिनीहरूका वाक्पटुताका निम्ति सम्मान गर्दछौ। तेरा हातहरू धन-सम्पत्तिले भरिदिनुहुने परमेश्वरका आज्ञाहरूलाई तँ खुशीसाथ स्वीकार गर्छस्, र तँ त्यस परमेश्वरको चाहना गर्छस्, जसले तेरा प्रत्येक चाहना पूरा गर्नुहुन्छ। तैँले आराधना नगर्ने एउटै मात्र परमेश्वर हुनुहुन्छ, जो उच्च हुनुहुन्न; तिमीहरू यो परमेश्वरसँग सम्बन्ध राख्नुलाई मात्र घृणास्पद ठान्छौ, जसलाई कुनै पनि मानिसले उच्च सम्मान गर्न सक्दैन। तँ यो परमेश्वरको मात्र सेवा गर्न अनिच्छुक हुन्छौ, जसले तँलाई एक पैसा पनि दिनुभएको छैन, अनि तँलाई उहाँको चाहना गर्ने बनाउन नसक्ने एक मात्र व्यक्ति यही अप्रिय परमेश्वर हुनुहुन्छ। यस प्रकारको परमेश्वरले तँलाई आफ्ना क्षेत्रहरूलाई विस्तार गर्न, तँलाई सम्पत्ति पाएको जस्तो महसुस गराउन सक्नुहुन्न, तिमीहरूले

इच्छा गरेका कुरा पूरा गर्नु त परै जाओस्। त्यसो भए तँ उहाँको पछि किन लाग्छस्? के तैँले यस्ता प्रश्नहरूमाथि विचार गरेको छस्? तैँले गर्ने कामले यस ख्रीष्टलाई मात्र चिढ्याउँदैन; सबैभन्दा महत्त्वपूर्ण कुरा, त्यसले स्वर्गमा हुनुहुने परमेश्वरलाई चिढ्याउँछ। मेरो रो विचारमा, परमेश्वरमा भएको तिमीहरूको विश्वासको उद्देश्य यो होइन!

परमेश्वर तिमीहरूमा आनन्दित हुनुभएको तिमीहरू चाहन्छौ, तर तिमीहरू परमेश्वरदेखि टाढा छौ। यहाँ के भएको छ? तिमीहरू उहाँका वचनहरूलाई मात्र स्वीकार गर्छौ, तर उहाँको निराकरण वा उहाँको काँटछाँटलाई स्वीकार गर्दैनौ, उहाँका हरेक बन्दोबस्तलाई स्वीकार गर्नु र उहाँमा पूरा विश्वास गर्नु त परै जाओस्। त्यसो भए यहाँ के भइरहेको छ? अन्तिम विश्लेषणमा, तिमीहरूको विश्वास एउटा खाली अण्डाको खोल हो, त्यसले चल्ला जन्माउन सक्दैन। किनकि तिमीहरूको विश्वासले तिमीहरूकहाँ सत्यता ल्याएको छैन वा तिमीहरूलाई जीवन दिइएको छैन, त्यसको साटो तिमीहरूलाई खानपान र आशाको भ्रमात्मक अर्थ दिएको छ। तिमीहरूले परमेश्वरमा विश्वास गर्नुको उद्देश्य सत्यता र जीवन पाउनु होइन, खानपान गर्नु र आशा पाउनु मात्र हो। यसैले म भन्छु, कि परमेश्वरमा तिमीहरूको विश्वासको मार्ग चापलुसी र निर्लज्जताको माध्यमद्वारा परमेश्वरको अनुग्रहद्वारा आफैलाई सन्तुष्ट पार्ने कोसिस बाहेक अरू केही होइन, अनि यो कुनै पनि हिसाबले साँचो विश्वास हुन सक्दैन। यस्तो विश्वासबाट कुखुरोको चल्ला कसरी जन्मन सक्छ? अर्को शब्दमा भन्ने हो भने, त्यस्तो विश्वासले के हासिल गर्न सक्छ? परमेश्वरमा तिमीहरूका विश्वासको उद्देश्य भनेको उहाँलाई प्रयोग गरेर तिमीहरूका आफ्नै लक्ष्यहरू प्राप्त गर्नु हो। के यो परमेश्वरको स्वभाव विरुद्धको तिमीहरूको उल्लङ्घनको थप तथ्य होइन र? तिमीहरू स्वर्गमा हुनुहुने परमेश्वरको अस्तित्वमा विश्वास गर्छौ र पृथ्वीमा हुनुहुने परमेश्वरको अस्तित्वलाई इन्कार गर्छौ, तापनि म तिमीहरूको विचारलाई बुझ्दिनँ; म ती मानिसहरूको मात्र प्रशंसा गर्छु, जसले आफ्ना खुट्टाहरू जमिनमा राख्छन् र पृथ्वीमा हुनुहुने परमेश्वरको सेवा गर्छन्, तर तिनीहरूको कहिल्यै पनि प्रशंसा गर्दिनँ, जसले पृथ्वीमा हुनुहुने ख्रीष्टलाई स्वीकार गर्दैनन्। त्यस्ता मानिसहरू स्वर्गमा हुनुहुने परमेश्वरप्रति जत्ति नै बफादार भए पनि अन्त्यमा तिनीहरू मेरो हातबाट उम्कन सक्ने छैनन्, जसले दुष्टहरूलाई दण्ड दिन्छ। यी मानिसहरू दुष्ट हुन्; तिनीहरू ती दुष्टहरू हुन्, जसले परमेश्वरको विरोध गर्छन् र कहिल्यै पनि खुसीसाथ ख्रीष्टको आज्ञा पालन गरेका हुँदैनन्। निश्चय नै, तिनीहरूका सङ्ख्यामा ती सबै पनि सामेल छन्, जसले ख्रीष्टलाई चिन्दैनन् र यसको अतिरिक्त उहाँलाई स्वीकार गर्दैनन्। के तँ स्वर्गमा हुनुहुने परमेश्वरप्रति बफादार रहुन्जेल ख्रीष्टसँग तैले आफूलाई जस्तो मन लाग्छ, त्यस्तै व्यवहार गर्न सक्छस् भनी विश्वास गर्छस्? गलत! ख्रीष्टको बारेमा रहेको तेरो अज्ञानता स्वर्गमा हुनुहुने परमेश्वरप्रतिको अज्ञानता हो। स्वर्गमा हुनुहुने परमेश्वरप्रति तँ जति नै बफादार भए पनि त्यो खोक्रो गफ र बहाना मात्र हो, किनकि पृथ्वीमा हुनुहुने परमेश्वर मानिसलाई सत्यता र गहिरो ज्ञान प्राप्त गराउन मात्र होइन, तर त्योभन्दा बढी महत्त्वपूर्ण कुरा, मानिसलाई दोषी ठहराउन अनि पछिबाट दुष्टलाई दण्ड दिने तथ्यहरूमा प्रयोग गरिनको लागि पनि सहायक हुनुहुन्छ। के तैँले यहाँ लाभदायक र हानिकारक परिणामहरूलाई बुझिस्? के तैँले ती कुराको अनुभव गरिस्? मेरो इच्छा छ कि, तिमीहरूले एक दिन चाँडै यो सत्यतालाई बुझ्न सक: परमेश्वरलाई

चिन्नका लागि तिमीहरूले स्वर्गमा हुनुहुने परमेश्वरलाई मात्र होइन, तर अझै महत्त्वपूर्ण कुरा, तिमीहरूले पृथ्वीमा हुनुहुने परमेश्वरलाई पनि चिन्नु पर्दछ। तिमीहरूका प्राथमिकताहरूलाई अलमलमा नपार वा गौण कुरालाई मुख्य कुराको स्थान लिने अनुमति नदेओ। यस प्रकारले मात्र तैँले परमेश्वरसँग साँचो सम्बन्ध बनाउन सक्छस्, र तँ परमेश्वरको नजिक हुन, र तेरा हृदयलाई परमेश्वरको नजिक ल्याउन सक्छस्। यदि तैँले धेरै वर्षदेखि विश्वास गर्दै आएको र मसँग लामो समयदेखि जोडिएको भए पनि मबाट टाढै रहिस् भने म भन्छु, कि तैँले धेरै चोटि परमेश्वरको स्वभावलाई उल्लङ्घन गर्छस्, र तेरो अन्त्यलाई गन्ती गर्नु कठिन हुनेछ। यदि मसँगको धेरै वर्षको सङ्गतले तँलाई मानवता र सत्यता भएको व्यक्तिको रूपमा परिवर्तन गर्न असफल मात्र होइन, तर त्यसले तेरो स्वभावमा खराब चालहरू हालिदिएको छ, र तँ पहिलेको भन्दा दोबर अहङ्कारी भएको छस्, मबारे तेरो गलत धारणाहरू वृद्धि भएका छन्, र त मलाई आफ्नो सहायक जस्तो मात्र मान्ने भएका छस् भने म भन्दछु, कि अब तेरो पीडा छालासम्मको गहिरो मात्र नभएर त्यसले तेरा हाडहरूलाई नै छेडेको छ। अब तिमीहरूले अन्तिम संस्कारको तयारीको लागि प्रतीक्षा गर्नु मात्र बाँकी रहेको छ। त्यसपछि तैँले मलाई आफ्ना परमेश्वर हुनका निम्ति बिन्ती गर्नुपर्दैन, किनकि तैँले मृत्यु लायकको पाप, क्षमा नहुने पाप गरेको छस्। यदि मैले तँलाई कृपा गर्न सकेँ भने पनि स्वर्गका परमेश्वरले तेरो प्राण लिन जोर दिनुहुन्छ, किनकि तैँले परमेश्वरको स्वभावको विरुद्धमा गरेको उल्लङ्घनको कुनै सानो समस्या होइन, तर यो एउटा अति नै गम्भीर प्रकृतिको छ। जब समय आउँछ, तब मैले पहिलेबाटै बताइनँ भनी मलाई दोष नलगाऊन्। यो सबैको आसय यही हो: जब तँ ख्रीष्टसँग–संसारमा हुनुहुने परमेश्वर–एक साधारण मानिससँग जस्तो सम्बन्ध राख्छस्, अर्थात् जब तँ यो परमेश्वर अरू कोही नभएर एक व्यक्ति हुनुहुन्छ भनी विश्वास गर्छस्, तब तँ नाश हुनेछस्। तिमीहरू सबैलाई मेरो एक मात्र सल्लाह यही हो।

## एउटा अत्यन्तै गम्भीर समस्या: विश्वासघात (१)

धेरै चाँडो, मेरो काम सकिनेछ र धेरै वर्षहरूको साथ एउटा असहनीय सम्झना बनेको छ। मैले अविच्छिन्न रूपमा मेरा वचनहरू दोहोर्‍याएको छु र मेरो नयाँ कामलाई निरन्तर रूपमा फैलाएको छु। अवश्य नै, मेरो सल्लाह मैले गर्ने कामको हरेक अंशको निम्ति आवश्यक तत्व हो। मेरो परामर्शविना तिमीहरू सबै बरालिनेछौ र तिमीहरूले आफैलाई पूर्ण रूपले हराएको समेत पाउनेछौ। अब मेरो काम सकिन लागेको छ र यसको अन्तिम चरणमा छ। म अझ पनि परामर्श दिने काम अर्थात् तिमीहरूले सुन भनेर सल्लाहका वचनहरू प्रदान गर्न चाहन्छु। मैले भोगेका कष्टहरूलाई तिमीहरूले खेर जान दिँदैनौ र त्योभन्दा बढी, मैले लिएको विचारशील वास्तालाई तिमीहरूले बुझ्न सक्छौ र तिमीहरूले मेरा वचनहरूलाई मानवजातिको रूपमा गर्नुपर्ने व्यवहारको जगको रूपमा लिन्छौ भन्ने मात्रै म आशा गर्छु। ती तिमीहरूले सुन्न इच्छा गरेका वचनहरू भए पनि नभए पनि, ती तिमीहरूले आनन्दसाथ स्वीकार गर्ने भए पनि नगर्ने भए पनि, वा तिमीहरूले तिनलाई असजिलो मानेर मात्रै स्वीकार गर्न सके पनि, तिमीहरूले तिनीहरूलाई गम्भीर रूपमा लिनैपर्छ। अन्यथा,

तिमीहरूको सतही र बेपर्बाह स्वभाव र आचरणहरूले मलाई गम्भीर रूपमा दुःखी बनाउने र अवश्य नै, ममा घृणा पैदा गर्नेछ। तिमीहरू सबैले मेरा वचनहरू घरीघरी–हजारौँ पटक–पढ्न सक्छौ र तिनलाई हृदयबाटै जान्न पुग्नेछौ भन्ने मलाई धेरै आशा छ। यसरी मात्र मैले तिमीहरूमाथि राखेका अपेक्षाहरूमा तिमीहरू असफल हुन सक्नेछैनौ। तथापि, अहिले तिमीहरूमध्ये कोही पनि यसरी जिएका छैनौ। यसको विपरीत, तिमीहरू सबै लम्पटताको जीवनमा, तिमीहरूका हृदय खुसी हुनेगरि खाने र पिउने कुरामा डुबेका छौ र तिमीहरूमध्ये कसैले पनि मेरा वचनहरूलाई तिमीहरूका हृदय र आत्मालाई समृद्ध गराउनको निम्ति प्रयोग गर्दैनौ। यस कारणले गर्दा, मानवजातिको साँचो चेहराको बारेमा म एउटा निष्कर्षमा पुगेको छु: मानिसले मलाई जुनै समयमा विश्‍वासघात गर्न सक्छ र कोही पनि मेरा वचनहरूप्रति पूर्ण रूपमा विश्‍वासयोग्य हुन सक्दैन।

"शैतानले मानिसलाई यति भ्रष्ट पारेको छ कि ऊसँग अब उप्रान्त मानिसको स्वरूप नै छैन।" बहुसङ्ख्यक मानिसहरू अहिले यस वाक्यांशलाई केही हदसम्म पहिचान गर्छन्। मैले यसो भनिरहेको छु, किनकि मैले उल्लेख गरेको "पहिचान" साँचो ज्ञान नभई सतही स्वीकार मात्र हो। तिमीहरूमध्ये कसैले पनि आफ्नो सही मूल्याङ्कन गर्न सक्दैनौ न त आफैलाई पूर्ण विश्‍लेषण नै गर्न सक्छौ, त्यसकारण तिमीहरू मेरा वचनप्रति अस्पष्ट नै छौ। तर यस पटक, म तिमीहरूभित्र अस्तित्वमा रहेको सबैभन्दा गम्भीर समस्याको वर्णन गर्न तथ्यहरूको प्रयोग गरिरहेको छु। त्यो समस्या विश्‍वासघात हो। तिमीहरू सबै "विश्‍वासघात" भन्ने शब्दसँग परिचित छौ, किनकि धेरैजसो मानिसहरूले अर्को व्यक्तिलाई विश्‍वासघात गर्ने केही गरेका हुन्छन्, उदाहरणको लागि श्रीमानले श्रीमतीप्रति गर्ने विश्‍वासघात, श्रीमतीले आफ्नो श्रीमानप्रति गर्ने विश्‍वासघात, छोराले आफ्नो बुबाप्रति गर्ने विश्‍वासघात, छोरीले आफ्नी आमाप्रति गर्ने विश्‍वासघात, नोकरले आफ्नो मालिकप्रति गर्ने विश्‍वासघात, मित्रहरूले एक-अर्काप्रति गर्ने विश्‍वासघात, नातेदारहरूले एक-अर्काप्रति गर्ने विश्‍वासघात, विक्रेताहरूले क्रेताहरूप्रति गर्ने विश्‍वासघात इत्यादि। यी सबै उदाहरणहरूमा विश्‍वासघातको सार सम्मिलित छन्। छोटकरीमा, विश्‍वासघात यस्तो व्यवहार हो जसले मानवताको हराएको कुरालाई प्रदर्शन गर्दै प्रतिज्ञा तोड्छ, नैतिक सिद्धान्तहरूको उल्लङ्घन गर्छ वा मानव नैतिकताको विरुद्धमा काम गर्छ। सामान्य रूपमा भन्दा, यस संसारमा जन्म लिएको एक मानवजातिको रूपमा तैँले सत्यलाई धोका दिने केही कुरा गरेको हुनेछस्, तैँले अर्को व्यक्तिलाई धोका दिने केही कुरा गरेको तैँले सम्झे तापनि वा तैँले यस अघि धेरै पटक अरूप्रति विश्‍वासघात गरेको भए तापनि केही फरक पर्दैन। तैँले आफ्ना अभिभावकहरू वा मित्रहरूप्रति विश्‍वासघात गर्न सक्ने भएको कारण, तँ अरूप्रति पनि विश्‍वासघात गर्न सक्षम छस्, र यसका अलाबा तँ मलाई विश्‍वासघात गर्न र मैले घृणा गर्ने कुराहरू गर्न सक्षम छस्। अर्को शब्दमा, विश्‍वासघात सतही नैतिक व्यवहार मात्र होइन, तर सत्यसँग बाझिने कुरा हो। यथार्थमा यही नै मानवजातिको मप्रतिको प्रतिरोध र अनाज्ञाकारिताको स्रोत हो। यसैले देहायको अभिव्यक्तिमा मैले यसको सारांश दिएको छु: विश्‍वासघात गर्नु मानिसको स्वभाव हो र मसँगको हरेक व्यक्तिको मिलापको निम्ति यो स्वभाव सबैभन्दा ठूलो शत्रु हो।

पूर्ण रूपमा मेरो आज्ञापालन गर्न नसक्ने व्यवहार विश्‍वासघात हो। मप्रति निष्ठावान् हुन

नसक्ने व्यवहार विश्वासघात हो। मप्रति छल गर्ने र मलाई छल गर्नको निम्ति झूट बोल्नु विश्वासघात हो। विभिन्न धारणाहरू राखेर तिनलाई जहाँसुकै फैलाउनु पनि विश्वासघात नै हो। मेरा गवाही र चासोहरूलाई समर्थन गर्न नसक्नु विश्वासघात हो। हृदयमा मदेखि धेरै टाढा रहेर झूटा मुस्कानहरू प्रस्तुत गर्नु विश्वासघात हो। यी सबै विश्वासघातका कामहरू हुन् जसको निम्ति तिमीहरू सधैँ सक्षम छौ र ती तिमीहरूका बीचमा सामान्य रूपमा रहेका छन्। तिमीहरूमध्ये कसैले पनि यसलाई समस्याको रूपमा सोचेका थिएनौ होला तर म त्यस्तो सोच्दिनँ। कुनै व्यक्तिले मलाई गर्ने विश्वासघातलाई म महत्त्वहीन विषयको रूपमा व्यवहार गर्दिनँ र म निश्चय नै यसलाई बेवास्ता गर्न सक्दिनँ। अहिले, मैले तिमीहरूको माझमा काम गर्दा त तिमीहरूले यस्तो व्यवहार गर्छौ–तिमीहरूको निरीक्षण गर्ने कोही नहुने दिन आउँदा, के तिमीहरू आफैलाई आफ्ना स-साना पहाडहरूका राजा घोषणा गर्ने डाँकाहरूजस्तै हुने छैनौ र? जब त्यस्तो हुन्छ र तिमीहरूले घोर विपद् सृजना गर्छौ, तिमीहरू पछि सफा गर्ने को हुनेछ र? विश्वासघातका केही कार्यहरू बेलाबेला हुने घटनाहरू मात्र हुन्, तिमीहरूका दोहोरिरहने व्यवहार होइनन् भन्ने तिमीहरू सोच्छौ र तिमीहरूका घमण्डहरूलाई घायल बनाउने गरी यसरी गम्भीर रूपमा छलफल गर्नुपर्ने कुरा होइन भन्ने ठान्छौ। यदि तिमीहरूले साँच्चै यस्तो सोच्छौ भने तिमीहरूमा होसको अभाव छ। यस्तो सोच्नु विद्रोहको नमुना र आदर्श बन्नु हो। मानिसको प्रकृति नै उसको जीवन हो; यो ऊ जिउनको निम्ति भर पर्ने सिद्धान्त हो र उसले यसलाई बदल्न सक्दैन। विश्वासघातको प्रकृतिलाई उदाहरणको रूपमा लिऊँ। यदि तैँले कुनै एक नातेदार वा मित्रलाई विश्वासघात गरिस् भने त्यसले त्यो तेरो जीवनको भाग हो र तँ जन्मदा साथमा आएको प्रकृति हो भन्ने प्रमाणित गर्छ। यसलाई कसैले पनि इन्कार गर्न सक्दैन। उदाहरणको लागि, यदि कुनै व्यक्तिले अरूबाट चोर्दा आनन्द लिन्छ भने, यो चोरीको आनन्द तिनीहरूको जीवनको भाग हो, चाहे तिनीहरूले कहिलेकहीँ चोर्ने र कहिलेकहीँ नचोर्ने नै गरून्। तिनीहरूले चोरी गरे पनि नगरे पनि, तिनीहरूको चोरी काम एक प्रकारको व्यवहार मात्रै हो भन्ने यसले प्रमाणित गर्दैन। बरु, चोरी गर्नु तिनीहरूको जीवनको एक भाग हो अर्थात् तिनीहरूको प्रकृति नै हो भन्ने यसले प्रमाणित गर्छ। केहीले सोध्नेछन्: यो तिनीहरूको प्रकृति हो भने कहिलेकाहीँ तिनीहरूले राम्रा कुराहरू देखे तापनि किन तिनीहरूले ती कुराहरू चोर्दैनन्? जवाफ एकदमै साधारण छ। तिनीहरूले नचोर्नुका धेरै कारणहरू छन्। तिनीहरूले केही कुरा चोर्दैनन् किनकि त्यो एकदमै ठूलो भएको हुनाले सतर्क आँखाहरूका अगाडि चोर्न कठिन हुन्छ वा त्यो कार्य गर्नको निम्ति उचित समय हुँदैन वा केही कुरा अत्यन्तै महँगो भएको कारण त्यसलाई धेरै कडा पहरा दिइएको हुन्छ वा सायद तिनीहरूलाई त्यस कुराप्रति कुनै चासो हुँदैन वा तिनीहरूको निम्ति त्यसको के प्रयोग हुन्छ भन्ने कुरा देख्दैनन् इत्यादि। यी सबै कारणहरू सम्भव छन्। तर जेसुकै भए तापनि तिनीहरूले केही कुरा चोरुन् वा निचोरुन्, यो विचार क्षणभरको गुज्रेर जाने कुराको रूपमा अस्तित्वमा छ भन्ने कुरालाई यसले प्रमाणित गर्न सक्दैन। यसको विपरीत यो तिनीहरूको स्वभावको यस्तो भाग हो जसलाई परिवर्तन गरेर असल बनाउन कठिन हुन्छ। यस्तो व्यक्ति एक पटक चोरेर मात्र सन्तुष्ट हुँदैन; जब-जब कुनै राम्रो, वा उचित अवस्था आइपर्छ तब-तब तिनीहरूमा अर्काको धनसम्पत्तिलाई आफ्नै सम्पत्तिको रूपमा दाबी गर्ने यस्तो विचार उत्पन्न हुन्छ। यसैले म

भन्छु, यस्तो विचारको उत्पत्ति कहिलेकाहीँ सामान्य रूपमा आउने कुरा होइन, तर यो उक्त व्यक्तिको आफ्नै प्रकृतिमा हुन्छ।

जोसुकैले पनि तिनीहरूको वास्तविक चेहराको प्रतिनिधित्व गर्नको निम्ति आफ्ना शब्द र कार्यहरूको प्रयोग गर्न सक्छन्। यो वास्तविक चेहरा नै तिनीहरूको प्रकृति हो। यदि तँ कुटिल तरिकाले बोल्छस् भने तेरो प्रकृति कुटिल नै हुन्छ। यदि तेरो स्वभाव धूर्त छ भने तँ धूर्त तरिकाले नै कार्य गर्छस् र तैँले अरूलाई अत्यन्तै सहज रूपमा छल गर्छस्। यदि तेरो प्रकृति दुष्ट छ भने तेरा शब्दहरू सुन्नलाई मनोहर होलान्, तर तेरा कार्यहरूले तेरा दुष्ट चालबाजीहरूलाई लुकाउन सक्दैनन्। यदि तेरो प्रकृति नै अल्छे छ भने तैँले भन्ने सबै कुराहरूको अर्थ तेरो लापरवाही र अल्छे पनको निम्ति तेरो जिम्मेवारीलाई टार्नको लागि हुन्छ र तेरा कार्यहरू ढीला र आलटाले प्रवृत्तिका हुन्छन् अनि सत्यता लुकाउन निपुण हुन्छन्। यदि तेरो स्वभाव सबल छ भने तेरा शब्दहरू तर्कसंगत हुनेछन् र तेरा कार्यहरू पनि सत्यतासँग मेल खानेछन्। यदि तेरो प्रकृति निष्ठावान छ भने तेरा शब्दहरू निश्चय नै इमानदार हुन्छन् र तेरो कार्यशैली न्यायसंगत हुन्छ, तेरा मालिकलाई अप्ठ्यारो पार्ने किसिमका कुनै पनि कुराहरूबाट मुक्त हुन्छ। यदि तेरो प्रकृति अभिलाषापूर्ण वा पैसाको लोभ गर्ने छ भने अक्सर तेरो हृदय यी कुराहरूले भरिएको हुन्छ र तैँले अनजानमा पथभ्रष्ट र अनैतिक काम गर्छस् जसलाई मानिसहरूले सजिलै बिर्षनेछैनन् र त्यसलाई मानिसहरूले घृणा गर्नेछन्। मैले भने जसरी नै यदि तँसँग विश्वासघातको प्रकृति छ भने, तैँले सायद आफैलाई यसबाट मुक्त पार्न सक्नेछैनस्। तैँले कसैको हानी गरेको छैनस् त्यसैले तँसँग विश्वासघातको प्रकृति छैन भनेर आफैलाई भाग्यमानी नठान्। यदि तेरो सोच त्यो हो भने, साँच्चै नै, तैँले विद्रोह गर्दैछस्। मैले हरेक पटक बोलेका मेरा सबै वचनहरू कुनै एक व्यक्ति वा एक प्रकारको व्यक्तिप्रति मात्र होइन, सबै मानिसहरूप्रति लक्षित छन्। तैँले मलाई कुनै एउटा कुरामा विश्वासघात गरेको छैनस् भन्दैमा त्यसले तैँले कुनै कुरामा मलाई विश्वासघात गर्दैनस् भन्ने कुरा प्रमाणित गर्दैन। कतिपय मानिसहरूले आफ्ना विवाहमा अवरोध खडा हुँदाको अवधिमा सत्यताको खोजी गर्ने आफ्नो हिम्मत गुमाउँछन्। परिवार बिग्रँदा केही मानिसहरूले मप्रति वफादार हुनुपर्ने तिनीहरूको दायित्वलाई त्याग्छन्। केही मानिसहरूले क्षणभरको आनन्द र उत्तेजनाको खोजी गर्नको निम्ति मलाई त्याग्छन्। केही मानिसहरू ज्योतिमा बस्न र पवित्र आत्माको कामको आनन्द प्राप्त गर्नुको साटो अँध्यारो खाडलमा खस्न चाहन्छन्। केही मानिसहरूले सम्पत्तिप्रतिको आफ्नो अभिलाषालाई सन्तुष्ट पार्ने नाउँमा आफ्ना मित्रहरूको सल्लाहलाई बेवास्ता गर्छन् र अहिले पनि आफ्ना गल्तीहरूलाई स्वीकार गर्न र आफ्नो मार्ग परिवर्तन गर्न सक्दैनन्। केही मानिसहरू मेरो सुरक्षा प्राप्त गर्नको निम्ति अस्थायी रूपमा मात्र मेरो नामको अधीनमा बस्छन् भने अरू बाध्यताका कारण थोरै मात्र मप्रति समर्पित हुन्छन् किनकि तिनीहरू जीवनमा टाँसिन्छन् र मृत्युसँग डराउँछन्। के यी र अन्य अनैतिक कार्यहरू सत्यनिष्ठाविनाका कार्यहरू लामो समयदेखि तिनीहरूको हृदयको गहिराइबाट मलाई विश्वासघात गर्ने मानिसहरूका व्यवहारहरू होइनन्? अवश्य, मानिसहरूले मलाई विश्वासघात गर्ने अग्रिम योजना बनाउँदैनन्; तिनीहरूको विश्वासघात तिनीहरूको प्रकृतिको प्राकृतिक प्रकाश हो। कसैले पनि मलाई विश्वासघात गर्न चाहँदैन र मेरो विश्वासघात गर्ने केही कुरा गरेका

कारण कोही पनि खुशी हुँदैनन्। यसको विपरीत, तिनीहरू भयले काँपिरहेका हुन्छन्, हुँदैनन् र? यसैले, के तिमीहरू यी विश्‍वासघातहरूबाट कसरी छुटकारा पाउने र वर्तमान परिस्थितिलाई कसरी परिवर्तन गर्ने भनेर सोचिरहेका छौ?

## एउटा अत्यन्तै गम्भीर समस्या: विश्‍वासघात (२)

मानिसको स्वभाव मेरो सारभन्दा धेरै फरक छ, किनकि मानिसको स्वभाव पूर्णतया शैतानबाट उत्पन्न हुन्छ; मानिसको स्वभाव शैतानद्वारा चलाइएको र भ्रष्ट पारिको छ। यसर्थ, मानिस त्यसको दुष्टता र कुरूपताको प्रभावमा जिउँछ। मानिस सत्यताको संसारमा वा पवित्र वातावरणमा हुर्कंदैन, मानिस ज्योतिमा जिउने कुरा त परै जाओस्। यसैले, जन्मेदेखि नै स्वभावमा सत्यता हुनु कसैको निम्ति पनि सम्भव छैन, परमेश्‍वरको भय र आज्ञापालन गर्ने सारको साथमा कोही जन्मन सक्ने कुरा त गर्दै-नगरौं। यसको विपरीत, मानिसहरूमा परमेश्‍वरको विरोध गर्ने, अवज्ञा गर्ने र सत्यतालाई प्रेम नगर्ने प्रकृति छ। मैले छलफल गर्न चाहेको समस्या यही प्रकृति–विश्‍वासघात–नै हो। हरेक व्यक्तिले परमेश्‍वरको विरोध गर्ने कार्यको स्रोत विश्‍वासघात नै हो। यो मानिसमा मात्रै अस्तित्वमा रहने समस्या हो, ममा होइन। केही ले सोध्नेछन्: सबै मानिसहरू ख्रीष्ट जस्तै संसारमा बसोबास गर्छन् भने किन सबै मानिसहरूमा परमेश्‍वरलाई विश्‍वासघात गर्ने प्रकृति छ, तैपनि ख्रीष्टमा यो छैन? तिमीहरूका निम्ति स्पष्ट रूपमा व्याख्या गरिनुपर्ने समस्या यही हो।

मानवजातिको अस्तित्वको आधार आत्माको दोहोरिने देहधारण हो। अर्को शब्दमा, हरेक व्यक्तिले आत्माको देहधारण भएपछि देहमा मानव जीवन प्राप्त गर्छ। कुनै व्यक्तिको शरीर जन्मिएपछि देह आफ्नो सीमासम्म नपुगुन्जेल त्यसको जीवनले निरन्तरता दिन्छ, जुन अन्तिम क्षण हो, जब आत्माले आफ्नो आवरण त्याग्छ। कुनै व्यक्तिको आत्मा लगातार आउने र जाने यो प्रक्रिया बारम्बार दोहोरिन्छ र यसरी नै मानवजातिको अस्तित्व कायम हुन्छ। देहको जीवन मानिसको आत्माको जीवन पनि हो र मानिसको आत्माले मानिसको देहको अस्तित्वलाई समर्थन गर्छ। यसको अर्थ हो, हरेक व्यक्तिको जीवन तिनीहरूको आत्माबाट आउँछ र जीवन देहमा अन्तर्निहित हुँदैन। यसैले, मानिसको स्वभाव देहबाट नभई आत्माबाट आउँछ। हरेक व्यक्तिको आत्मालाई मात्रै तिनीहरूले कसरी शैतानका परीक्षा, कष्टहरू र भ्रष्टताको अनुभव गरेका छन् भन्ने कुरा थाहा हुन्छ। यी कुराहरू मानिसको देहको निम्ति अज्ञात छन्। यसैले, मानवजाति अनजानमा अझै अँध्यारो, अझै घिनलाग्दो र अझै बढी दुष्ट बन्छ, मानिस र मबीचको दूरी निरन्तर बढ्दै जान्छ र मानवजातिको निम्ति जीवन निरन्तर अँध्यारो बन्छ। शैतानले मानवजातिका आत्माहरूलाई आफ्नो पकडमा राख्छ, यसैले निश्‍चय नै मानिसको देहलाई पनि शैतानले ओगटेको छ। यस्तो देह र यस्तो मानवजातिले कसरी परमेश्‍वरको विरोध नगरोस्? तिनीहरू कसरी उहाँसँग अन्तर्निहित रूपले मिल्न सक्छन् र? मैले शैतानलाई मध्य आकाशमा फ्याँक्नुको कारण त्यसले मलाई विश्‍वासघात गरेकोले नै हो। त्यसो भए मानव कसरी तिनीहरूका संलग्नतादेखि स्वतन्त्र हुन सक्छन्? त्यसैले विश्‍वासघात मानव प्रकृति हो। मलाई भरोसा छ यस तर्कलाई बुझेपछि

तिमीहरूले ख्रीष्टको सारमा पनि केही हदसम्म विश्वास गरेको हुनुपर्छ। परमेश्वरको आत्माले पहिरनुभएको देह परमेश्वरको आफ्नै देह हो। परमेश्वरको आत्मा सर्वोच्च हुनुहुन्छ; उहाँ सर्वशक्तिमान्, पवित्र र धर्मी हुनुहुन्छ। यसैगरी, उहाँको देह पनि सर्वोच्च, सर्वशक्तिमान्, पवित्र र धर्मी छ। यस्तो देहले मानवजातिको निम्ति धर्मी, हितकारी, पवित्र, महिमित र शक्तिशाली काम मात्र गर्न सक्छ; उहाँले सत्यताको उल्लङ्घन गर्ने, नैतिकता र न्यायको उल्लङ्घन गर्ने केही पनि गर्न सक्नुहुन्न, परमेश्वरको आत्मालाई विश्वासघात कुरा त परै जाओस्। परमेश्वरको आत्मा पवित्र हुनुहुन्छ र उहाँको देहलाई शैतानले भ्रष्ट पार्न सक्दैन; उहाँको देहको सार मानिसको देहभन्दा फरक छ। किनकि शैतानले मानिसलाई भ्रष्ट पारेको हो, परमेश्वरलाई होइन; शैतानले परमेश्वरको देहलाई कदापि भ्रष्ट पार्न सकेन। यसैले मानिस र ख्रीष्ट एउटै स्थानमा बास गर्नुहुने भए तापनि मानिसलाई मात्र शैतानले वश राख्छ, प्रयोग गर्छ र पासो पारेको छ। यसको विपरीत, ख्रीष्ट अनन्तदेखि शैतानको भ्रष्टतादेखि अभेद्य हुनुहुन्छ, किनकि शैतान कहिले पनि उच्च स्थानमा उक्लन सक्षम हुनेछैन र कहिले पनि परमेश्वरको नजिक जान सक्नेछैन। आज तिमीहरू सबैले बुझ्नुपर्छ कि मलाई विश्वासघात गर्ने मानवजातिलाई मात्र शैतानले भ्रष्ट पारेको छ। विश्वासघातको कुरा ख्रीष्टमा कुनै पनि हालतमा लागू हुँदैन।

शैतानद्वारा भ्रष्ट पारिएका सबै आत्माहरू शैतानका राज्यक्षेत्रमा गुलाम पारिएका छन्। ख्रीष्टमा विश्वास गर्नेहरूलाई मात्र छुट्याइएका, शैतानको शिविरबाट बचाइएका र आजको राज्यमा ल्याइएका छन्। यी मानिसहरू अब उप्रान्त शैतानको प्रभावमा बस्दैनन्। यति हुँदाहुँदै पनि, मानिसको प्रकृतिले अझ पनि मानिसको देहमा नै जरा गाडेको छ, यसको अर्थ तिमीहरूका आत्मा बचाइएको भए तापनि तिमीहरूको स्वभाव अझ पनि पहिलेको जस्तै छ र तिमीहरूले मलाई विश्वासघात गर्ने शत प्रतिशत सम्भावना छ। यसैले मेरो काम लामो समयसम्म रहन्छ किनकि तिमीहरूको प्रकृति जिद्दी छ। अहिले तिमीहरू आफ्ना कर्तव्यहरू निर्वाह गर्ने क्रममा तिमीहरूको क्षमताले भ्याएसम्मको कठिनाइहरू भएर गइरहेका छौ, तैपनि तिमीहरू हरेक मलाई विश्वासघात गर्न र शैतानको राज्यक्षेत्रमा, उसको शिविरमा, तिमीहरूका पुराना जीवनमा फर्कन सक्षम छौ–यो निर्विवाद तथ्य हो। त्यस बेला, तिमीहरूले अहिले गरेजस्तै मानवताको भाग वा मानवको जस्तै स्वरूपलाई प्रस्तुत गर्न तिमीहरूको निम्ति सम्भव हुनेछैन। गम्भीर अवस्थाहरूमा, तिमीहरू नष्ट पारिनेछौ र योभन्दा बढी कहिले पनि देहधारण गर्न नपाउने गरी अनन्तको निम्ति नष्ट पारिनेछौ, हदैसम्मको दण्ड पाउनेछौ। तिमीहरूका अगाडि रहेको समस्या यही हो। म तिमीहरूलाई यस तरिकाले सम्झाउँदै छु, ताकि, पहिलो कुरा, मेरो काम व्यर्थमा नजाओस् र दोस्रो कुरा, ताकि तिमीहरू सबै ज्योतिको दिनहरूमा जिउन सक। वास्तवमा, मेरो काम व्यर्थमा छ कि छैन भन्ने कुरा सबैभन्दा महत्त्वपूर्ण समस्या होइन। तिमीहरूले सुखी जीवन र अद्‌भुत भविष्य प्राप्त गर्न सक्षम हुनुचाहिँ महत्त्वपूर्ण छ। मानिसहरूको आत्मा बचाउनु मेरो काम हो। यदि तेरो आत्मा शैतानको हातमा पर्‍यो भने तेरो शरीर शान्तिमा जिउनेछैन। यदि मैले तेरो शरीरको रक्षा गरिरहेको छु भने तेरो आत्मा पनि अवश्य नै मेरो हेरचाहमा रहनेछ। यदि मैले तँलाई साँच्चै घृणा गर्छु भने तेरो शरीर र आत्मा एकै चोटि शैतानको हातमा पर्नेछन्। त्यस बेलाको तेरो अवस्थाको कल्पना गर्न सक्छस्? यदि एक दिन

तिमीहरूमा मेरा वचनहरू हराए भने, कि त म तिमीहरूलाई शैतानको हातमा सुम्पिदिनेछु, जसले तिमीहरूलाई मेरो रिस पूर्ण रूपमा गायब नहुञ्जेलसम्म कष्टदायी यातनामा पार्नेछ, कि त तिमीहरू छुटकारा दिन नसकिने मानवहरूलाई म आफै दण्ड दिनेछु किनकि मलाई विश्‍वासघात गर्ने तिमीहरूका हृदय कहिले पनि परिवर्तन हुनेछैनन्।

तिमीहरूभित्र मप्रतिको विश्‍वासघात कति रहेको छ भन्‍ने कुरा हेर्नको निम्ति अब तिमीहरू सबैले सकेसम्म छिटो आफैभित्र हेर्नुपर्छ। म उत्कटताको साथ तिमीहरूको जबाफको प्रतीक्षा गरिरहेको छु। मसँग लापरवाही भएर व्यवहार नगर। म मानिसहरूसँग कहिल्यै खेलबाड गर्दिनँ। म केही गर्नेछु भनेर म भन्छु भने म त्यो निश्‍चय नै गर्नेछु। म आशा गर्छु तिमीहरू हरेकले मेरा वचनहरू गम्भीरता पूर्वक लिनेछौ र तिनीहरूलाई विज्ञान उपन्यासको रूपमा सोच्नेछैनौ। म तिमीहरूबाट ठोस कार्य भएको चाहन्छु, तिमीहरूका कल्पनाहरू होइन। अब, तिमीहरूले मेरा देहायबमोजिमका प्रश्‍नहरूको जवाफ दिनुपर्छ: १. यदि तँ साँच्चै नै सेवाकर्ता होस् भने के तैँले लापरवाही वा नकारात्मकताको कुनै तत्त्वविना निष्ठावान् भएर मेरो सेवा गर्न सक्छस्? २. मैले तेरो कहिले पनि सराहना नगरेको कुरा यदि तैँले पत्ता लगाइस् भने के तैँले अझ पनि अडिग भएर आजीवन मलाई सेवा पुऱ्याउनेछस्? ३. तैँले धेरै प्रयत्नहरू गर्दागर्दै पनि यदि म अझ तँप्रति उदासीन नै छु भने, के तैँले यस अस्पष्टताका बीच मेरो निम्ति निरन्तर काम गरिरहन सक्नेछस्? ४. तैँले मेरो लागि खर्च गरेपछि यदि मैले तेरा स-साना मागहरू पूरा गरिनँ भने, के तँ मसँग निरुत्साहित र निराश हुनेछस् वा अझ क्रोधित भएर गाली गर्नेछस्? ५. यदि तँ मप्रति धेरै प्रेम राख्दै सधैँ निष्ठावान् रहिआएको छस्, तथापि तैँले बिरामी, गरिबी र तेरा मित्र तथा आफन्तहरूबाट त्यागिएको पीडाको कष्ट भोग्छस् वा तैँले जीवनमा अन्य दुर्गतिहरू सहिस् भने, के मप्रतिको तेरो निष्ठा र प्रेम अझ पनि निरन्तर रहनेछ? ६. यदि मैले गरेको कुरा तैँले तेरो हृदयमा कल्पना गरेका कुरासँग मेल खाएन भने, तेरो भावी मार्गमा तँ कसरी हिँड्नेछस्? ७. यदि तैँले प्राप्त गर्ने आशा गरेका थोकहरू प्राप्त गरिनस् भने के तँ निरन्तर रूपमा मेरो अनुयायी हुन सक्छस्? ८. यदि तैँले मेरो कार्यको उद्‌देश्य र महत्त्वलाई कहिले पनि बुझेको छैनस् भने, के तँ मनोमानी तवरले निर्णयहरू नगर्ने र निष्कर्षहरू ननिकाल्ने आज्ञाकारी व्यक्ति बन्‍न सक्छस्? ९. के तैँले मैले भनेका सबै वचनहरू र मानवजातिसँग रहँदा मैले गरेका सबै कामलाई कदर गर्न सक्छस्। १०. के तँ तैँले केही प्राप्त नगरे तापनि मेरो निम्ति आजीवन पिडा सहन राजी भई मेरो वफादार अनुयायी बन्‍न सक्छस्? ११. के तैँले तेरो भावी अस्तित्वको मार्गको लागि विचार, योजना वा तयारी गर्ने कार्यलाई मेरो खातिर त्याग्न सक्छस्? यी प्रश्‍नहरूले तिमीहरूको निम्ति मेरा अन्तिम आवश्यकताहरूलाई प्रतिनिधित्व गर्छन् र तिमीहरू सबैले मलाई जवाफ दिन सक्नेछौ भन्‍ने मेरो आशा छ। यदि तँलाई सोधिएका एक वा दुई प्रश्‍नहरूलाई तैँले पूरा गरेको छस् भने तैँले प्रयास जारी राख्नुपर्छ। यदि तैँले यी आवश्यकताहरूमध्ये एउटैलाई पनि पूरा गरेको छैनस् भने तँ निश्‍चय नै नरकमा फालिने किसिमको व्यक्ति होस्। यस्ता मानिसहरूलाई मैले केही भन्‍ने आवश्यकता छैन, किनकि तिनीहरू निश्‍चय नै मसँग मिल्ने मानिसहरू होइनन्। कुनै पनि परिस्थितिहरूमा मलाई विश्‍वासघात गर्नेलाई म कसरी मेरो घरमा राख्न सकुँला र? धेरैजसो परिस्थितिहरूमा मलाई धोका दिनेहरूको हकमा,

अन्य बन्दोबस्तहरू गर्नु अगाडि म तिनीहरूको कामको अवलोकन गर्नेछु। यद्यपि, मलाई जुनसुकै परिस्थितिहरूमा विश्वासघात गर्न सक्ने सबैलाई म कहिले पनि बिर्सनेछैनँ; मेरो हृदयमा म तिनीहरूलाई सम्झनेछु र तिनीहरूका दुष्ट कामहरूको बदला लिने मौका पर्खनेछु। मैले उठाएका आवश्यकताहरू तिमीहरूले आफैमा जाँच गर्नुपर्ने समस्याहरू हुन्। मलाई आशा छ तिमीहरू सबैले तिनीहरूलाई गम्भीरता पूर्वक लिन सक्छौ र मसँग लापरवाही तरिकाले व्यवहार गर्दैनौ। निकट भविष्यमा, म मेरा आवश्यकताहरू विरुद्ध तिमीहरूले दिएका जबाफहरूको जाँच गर्नेछु। त्यस बेलासम्म, म तिमीहरूबाट ज्यादा केही माग गर्नेछैनँ र तिमीहरूलाई थप गम्भीर चेतावनी दिनेछैनँ। बरु, म मेरो अधिकारको प्रयोग गर्नेछु। सुरक्षित राखिनुपर्नेहरू सुरक्षित राखिनेछन्, इनाम दिइनुपर्नेहरूलाई इनाम दिइनेछ, शैतानकहाँ सुम्पिइनुपर्नेहरूलाई शैतानकहाँ सुम्पिइनेछ, कठोर दण्ड दिइनुपर्नेहरूलाई कठोर दण्ड दिइनेछ र नष्ट गरिनुपर्नेहरूलाई नष्ट गरिनेछ। यसैले मेरा दिनहरूमा मलाई विचलित पर्नेहरू कोही पनि हुनेछैनन्। के तँ मेरा वचनहरूमा विश्वास गर्छस्? के तँ प्रतिशोधमा विश्वास गर्छस्? मलाई ठग्नेहरू र मलाई विश्वासघात गर्नेहरूलाई म दण्ड दिने छु भन्ने कुरामा तँ विश्वास गर्छस्? त्यो दिन चाँडो आओस् भन्ने आशा गर्छस् कि ढिलो आओस् भन्ने आशा गर्छस्? तँ दण्डदेखि आतङ्कित हुनेमा पर्छस् कि दण्ड सहनै पर्ने भए तापनि मेरो विरोध गर्नेहरूमा पर्छस्? जब त्यो दिन आउँछ, तँ हर्ष र हाँसोमा बस्नेछस् कि तँ रुने वा दाह्रा किट्नेछस् के तँ त्यो कुराको कल्पना गर्न सक्छस्? तेरो अन्त्य कस्तो हुनेछ भन्ने तैँले आशा गरेको छस्? तैँले ममाथि सय प्रतिशत विश्वास गर्छस् कि सय प्रतिशत शङ्का गर्छस् भन्ने कुरालाई तैँले कहिल्यै गम्भीर भएर विचार गरेको छस्? तेरा कार्य र व्यवहारहरूले तँमाथि कस्ता परिणाम र प्रतिफलहरू ल्याउनेछन् भनेर के तैँले कहिल्यै ध्यान दिएर विचार गरेको छस्? के तँ मेरा वचनहरू पूरा हुनेछन् भन्ने साँच्चै आशा गर्छस् कि मेरा वचनहरू पूरा हुनेछन् भनेर आतङ्कित हुन्छस्? यदि मेरा वचनहरू पूरा गर्नलाई म चाँडै नै जानेछु भन्ने तँ आशा गर्छस् भने तेरा आफ्नै शब्दहरू र कार्यहरूलाई तैँले कसरी लिनुपर्छ? यदि तँ मेरो प्रस्थानको आशा गर्दैनस् र मेरा सबै वचनहरू तत्कालै पूरा हुनेछन् आशा गर्दैनस् भने तैँले आखिर ममाथि किन विश्वास गर्छस्? तँ किन मलाई पछ्याइरहेको छस् भन्ने तँलाई साँच्चै थाहा छ? यदि तेरो कारण तेरो क्षितिजलाई विस्तार गर्ने मात्र हो भने, तैँले त्यसको लागि आफैँलाई कष्ट दिनु आवश्यक छैन। यदि आशिषित हुनु र आसन्न विपत्तिलाई टार्नलाई हो भने तेरा आफ्नै व्यवहारप्रति तेरो किन चासो छैन? तैँले मेरा मागहरू पूरा गर्न सक्छस् कि सक्दैनस् भनेर तँ किन आफैँलाई सोध्दैनस्? आउनेवाला आशिष्हरू प्राप्त गर्नको निम्ति तँ योग्यको छस् कि छैनस् भनेर तँ किन आफैँलाई सोध्दैनस्?

# परमेश्वरले चुन्नुभएका मानिसहरूले राज्यको युगमा पालन गर्नैपर्ने दश प्रशासनिक आदेश

१. मानिस आफैलाई ठूलो बनाउनु हुँदैन, न त आफैलाई उच्च बनाउनु हुन्छ। उसले परमेश्‍वरको आराधना गर्नुपर्छ र उहाँलाई नै उच्च पार्नुपर्छ।

२. परमेश्‍वरको कामका निम्ति फाइदाजनक सबै कुरा गर्नू र परमेश्‍वरको कामको हितका निम्ति हानिकारक केही नगर्नू। परमेश्‍वरको नाउँ, परमेश्‍वरको गवाही र परमेश्‍वरको कामको प्रतिरक्षा गर्नू।

३. पैसा, भौतिक वस्तुहरू, र परमेश्‍वरको घरमा भएका सबै सम्पत्ति मानिसले दिनुपर्ने भेटीहरू हुन्। यी भेटीहरू पूजाहारी र परमेश्‍वरबाहेक अरू कसैले पनि उपभोग गर्न सक्दैन, किनकि मानिसले चढाउने भेटीहरू परमेश्‍वरको उपभोगका निम्ति हुन्। परमेश्‍वरले यी भेटीहरू पूजाहारीसँग मात्र बाँड्नुहुन्छ; अरू कोही पनि त्यसको कुनै भाग उपभोग गर्ने योग्यको र हकदार हुँदैन। मानिसका सबै भेटीहरू (उपभोग गर्न सकिने पैसा र भौतिक थोकहरू) परमेश्‍वरलाई दिइन्छ, मानिसलाई होइन, र त्यसैले यी थोकहरू मानिसले उपभोग गर्नु हुँदैन; यदि मानिसले ती थोकहरू उपभोग गर्छ भने, उसले भेटीहरू चोरिरहेको हुन्छ। जसले त्यसो गर्छ ऊ यहूदा हो, किनकि यहूदा विश्‍वासघाती हुनुको साथै, तिनले त्यो पैसाको थैलीमा राखिने गरिएको पैसा आफ्नै निम्ति प्रयोग गर्‍यो।

४. मानिसमा एउटा भ्रष्ट स्वभाव छ र त्यसबाहेक ऊसँग भावुकताहरू छन्। त्यसरी नै, परमेश्‍वरको सेवा गर्दा विपरीत लिङ्गका दुई सदस्यहरू मात्र एकलै रहेर काम गर्न पूर्ण रूपमा निषेध गरिएको छ। जो कसैले पनि त्यसो गरेको थाहा पाइएको खण्डमा, कुनै अपवादविना हटाइनेछ।

५. परमेश्‍वरलाई दोष लगाउने काम गर्नु हुँदैन न त परमेश्‍वरसित सम्बन्धित विषयहरूमा लापरवाही किसिमले छलफल गर्न नै हुन्छ। मानिसले जे गर्नुपर्दछ त्यही गर्, अनि मानिसले जे बोल्नुपर्छ त्यही बोल्, सीमितताहरू ननाघ् र परिधिहरू ननाघ्। परमेश्‍वरको स्वभावलाई चिढ्याउने काम गर्नबाट बच्नको लागि आफ्नो आफ्नो जिब्रोको रक्षा गर्, र कहाँ पाइला टेक्छस् त्यसमा होसियार बन्।

६. मानिसले जे गर्नुपर्छ त्यही काम गर्, र तेरा दायित्वहरूलाई अगाडि बढा, र तेरा जिम्मेवारीहरू पूरा गर्, अनि तेरो कर्तव्य थामिराख्। तैँले परमेश्‍वरमा विश्‍वास गर्ने हुनाले, तैँले परमेश्‍वरको काममा आफ्नो योगदान दिनुपर्छ, यदि तैँले योगदान दिँदैनस् भने, तँ परमेश्‍वरको वचन खान र पिउन अयोग्य छस्, र परमेश्‍वरको परिवारमा बस्न अयोग्य छस्।

७. मण्डलीको काम र मामिलाहरूमा, परमेश्‍वरको आज्ञापालन गर्नु बाहेक, सबै कुरामा पवित्र आत्माले प्रयोग गर्नुभएको व्यक्तिका आदेशहरू पालना गर्। सानोभन्दा सानो उल्लङ्घन पनि स्वीकार्य छैन। आफ्नो आज्ञापालनमा पूर्ण बन्, र सही वा गलतको विश्‍लेषण नगर्; सही वा गलतको तँसँग कुनै सम्बन्ध छैन। तैँले पूर्ण आज्ञापालन गर्नेमा मात्र ध्यान दिनुपर्छ।

८. परमेश्‍वरमा विश्‍वास गर्ने मानिसहरूले परमेश्‍वरको आज्ञापालन र उहाँको आराधना गर्नुपर्छ। कुनै व्यक्तिलाई ठूलो बनाउने वा उच्च ठान्ने नगर्; परमेश्‍वरलाई पहिलो स्थानमा, तैँले उच्च ठान्ने

मानिसहरूलाई दोस्रोमा र तँ आफैलाई तेस्रो स्थानमा नराख्। कुनै व्यक्तिले तेरो हृदयमा स्थान पाउनु हुँदैन, र तैँले ती मानिसहरूलाई–विशेष गरी तैँले श्रद्धा गर्ने मानिसहरूलाई परमेश्‍वर समान वा उहाँको बराबर ठान्नु हुँदैन। यो परमेश्‍वरको निम्ती असहनीय हुन्छ।

९. मण्डलीको काममा नै तेरा विचारहरूलाई केन्द्रित गर्। तेरा आफ्नै देहका सम्भावनाहरूलाई एकातिर पन्छ्याउनू, पारिवारिक विषयहरूको बारेमा निर्णायक बन्, आफैलाई सम्पूर्ण हृदयले परमेश्‍वरको काममा समर्पित गर्, र परमेश्‍वरको कामलाई पहिलो स्थानमा अनि तेरो आफ्नै जीवनलाई दोस्रो स्थानमा राख्। सन्तको शिष्टता यही हो।

१०. ती आफन्तहरू (तेरा छोराछोरीहरू, तेरा पति वा तेरी पत्नी, तेरा दिदी-बहिनी, वा तेरा बाबुआमा इत्यादि) जो विश्‍वासी होइनन् उनीहरूलाई मण्डलीमा आउन जबरजस्ती गर्नु हुँदैन। परमेश्‍वरको घरमा सदस्यहरूको कमी छैन, र काम नलाग्ने मानिसहरूलाई ल्याएर त्यसको सङ्ख्या बढाउनु आवश्यक छैन। जसले खुसीसाथ विश्‍वास गर्दैनन् उनीहरूलाई मण्डलीमा ल्याउनु हुँदैन। यो आदेश सबै मानिसहरूप्रति निर्देशित छ। तिमीहरूले यो विषयमा जाँच्नुपर्छ, अनुगमन गर्नुपर्छ, र एक-अर्कालाई स्मरण गराउनुपर्छ; कसैले यसलाई उल्लङ्घन गर्नु हुँदैन। विश्‍वासदेखि बाहिरका आफन्तहरू जबरजस्ती मण्डलीभित्र पस्छन् भने पनि उनीहरूलाई पुस्तकहरू दिनु हुँदैन वा नयाँ नाउँ दिनु हुँदैन; त्यस्ता मानिसहरू परमेश्‍वरको घरका होइनन्, र आवश्यक कुनै पनि तरिकाले उनीहरूलाई मण्डलीभित्र प्रवेश गर्नबाट रोक्नुपर्छ। यदि भूतात्माहरूको आक्रमणको कारण मण्डलीमा समस्या ल्याइएको छ भने, तँ आफैलाई बाहिर निकालिनेछ वा तँमाथि प्रतिबन्धहरू लगाइनेछ। संक्षेपमा, यस मामलामा सबैको जिम्मेवारी छ, यद्यपि तँ लापरवाही हुनुहुँदैन, न त व्यक्तिगत सफलताका निम्ति यसको प्रयोग गर्नु हुन्छ।

## तिमीहरूले आफ्ना कार्यहरूलाई विचार गर्नुपर्छ

जीवनमा तिमीहरूको प्रत्येक कार्य र व्यवहारले यो देखाउँछ, कि तिमीहरूलाई परिपूर्ण पार्न हरेक दिन मेरो वचनको खण्ड दिनुपर्छ, किनकि तिमीहरूमा धेरै कुराको अभाव छ, अनि ग्रहण गर्ने तिमीहरूको ज्ञान र क्षमता अति थोरै छ। तिमीहरूको दैनिक जीवनमा तिमीहरू यस्तो माहोल र वातावरणमा बस्छौ जुन सत्य वा असल चेतना विनाको छ। जिउनका निम्ति तिमीहरूसँग पुँजीको कमी छ र मलाई वा सत्यतालाई जान्ने कुनै आधार छैन। तिमीहरूको विश्‍वास अस्पष्ट र अमूर्त विश्‍वासमा, वा अति कट्टर ज्ञान र धार्मिक विधिविधानहरूमा निर्माण भएको छ। तिमीहरूका अभिप्रायहरू र खराब फलहरूलाई जाँच्दै म प्रत्येक दिन तिमीहरूको गतिविधिहरू हेर्छु, अनि सदा अटल रहने मेरो वेदीमा तिनीहरूको हृदय र आत्मालाई साँचो रूपमा अर्पण गर्ने मैले एकै जना पनि भेट्टाएको छैनँ। यसैले यस्तो मानव जातिलाई मैले व्यक्त गर्न चाहेका सबै वचनहरू खन्याएर मेरो समय नष्ट गर्ने मेरो इच्छा छैन, मेरो हृदयमा भएका योजनाहरूचाँहि अधुरो रहेको मेरो काम र मैले अझै मुक्ति दिनुपर्ने मानव जातिका निम्ति हुन्। तापनि, मेरो पछि लाग्नेहरू सबैले मेरो मुक्ति र मेरो वचनले मानव जातिलाई दिने सत्यता प्राप्त गरून् भन्ने म इच्छा गर्दछु। म आशा

गर्दछु, एक दिन जब तैँले आफ्ना आँखा बन्द गर्छस्, त्यसबेला एउटा यस्तो राज्य देख्नेछस् जहाँको बतास सुगन्धले भरिएको हुन्छ र जहाँ जिउँदो पानीका प्रवाहहरू बग्छन्–एउटा उजाड, चिसो संसार होइन, जहाँ कालो बादलको धब्बाले आकाश ढाक्छ र स्याल रुवाई झैँ आउने चर्को आवाज कहिल्यै रोकिँदैन।

प्रत्येक दिन प्रत्येक व्यक्तिको काम र विचारहरू एक जना व्यक्तिका आँखाले हेर्छन्, त्यसको साथसाथै तिनीहरूका आफ्नै भोलिका दिनको निम्ति ती तयारीमा छन्। सबै जीवित मानिस हिँड्ने बाटो यही हो; मैले सबैका निम्ति अघिबाटै ठहराएको बाटो यही नै हो, कोही पनि यसबाट उम्कन सक्दैन वा कसैलाई छुट दिन सकिँदैन। मैले बोलेका वचनहरू अनगन्ती छन्, त्यसबाहेक मैले गरेका कार्यहरू असीम छन्। अन्तर्निहित प्रकृति र तिनीहरूका प्रकृतिको घटनाक्रमहरू अनुसार पुकार्छ कि पुकार्दैन भनी मैले हरेक दिन हरेक व्यक्तिलाई हेर्छु। अन्जानमा, धेरै जना पहिलेबाटै “सही बाटो” मा लागिसकेका छन्, जुन मैले फरक किसिमका मानिसहरूलाई प्रकट गर्न राखेको छु। यी फरक किसिमका मानिसहरूलाई मैले धेरै समयदेखि नै विभिन्न वातावरणहरूमा र तिनीहरूको आफ्नै स्थानमा राखेको छु, अनि हरेकले तिनीहरूमा अन्तर्निहित गुणहरू व्यक्त गरेका छन्। तिनीहरूलाई बाँध्ने कोही छैन, तिनीहरूलाई कसैले बहकाउँदैन। तिनीहरू सम्पूर्ण रूपमा स्वतन्त्र छन् र तिनीहरूले व्यक्त गर्ने कुरा स्वाभाविक रूपले निस्कन्छन्। केवल एउटा कुराले मात्र तिनीहरूलाई रोक्छ: मेरा वचनहरूले। यसैले केही मानिसहरू अनिच्छा पूर्वक मेरा वचनहरू पढ्छन्, र कहिल्यै अभ्यास गर्दैनन्, तिनीहरूले मृत्युबाट बच्नका निम्ति मात्र यसो गर्छन्; यसैबीच अरूलाईचाँहि मेरो वचनको मार्गदर्शन र आपूर्ति विना दिन काट्न नै कठिन हुन्छ, यसैले तिनीहरूले स्वाभाविक रूपमा हरसमय मेरो वचन समाती राख्छन्। समय बित्दैजाँदा तिनीहरूले मानव जीवनका रहस्य, मानवजातिको गन्तव्य र मानव हुनुको मूल्य पत्ता लगाउँछन्। यसरी मानवजाति मेरा वचनहरूको उपस्थितिमा हुन्छ, अनि म केवल कामकुराहरूलाई तिनीहरूको मार्ग लिन दिन्छु। म मानिसहरूलाई मेरो वचन तिनीहरूका अस्तित्वको जग बनाउन करमा पार्ने कुनै काम गर्दिनँ। जुन मानिसहरूसँग विवेक थिएन, जसको अस्तित्वको कुनै मूल्य थिएन, तिनीहरूले मेरो वचनलाई साहस पूर्वक बेकारको ठाने अनि कामकुरो कसरी हुन्छ भन्ने चूपचाप हेरेर तिनीहरू आफूले चाहेअनुसार गर्छन्। तिनीहरू सत्यता र मबाट आउने सबै कुरासित दिक्क हुन्छन्। यसबाहेक, तिनीहरू मेरो भवनमा बस्न विरक्त मान्छन्। तिनीहरूका गन्तव्य स्थानका निम्ति, र दण्डबाट उम्कनका निम्ति यी मानिसहरू सेवा गर्दै भए पनि केही समयसम्म मेरो भवनमा बस्छन्। तापनि, तिनीहरूका नियतहरू र कार्यहरू कहिल्यै पनि परिवर्तन हुँदैनन्। यसले आशिष् पाउने तिनीहरूका चाहना बढाउँछ, अनि एकचोटि त्यो राज्यमा पस्ने त्यसपछि सधैँभरिका निम्ति त्यही रहने–अनन्त स्वर्गमा पस्ने तिनीहरूको चाहना बढाउँछ। तिनीहरूले जति-जति मेरो दिन चाँडो आओस् भन्ने इच्छा गर्छन् त्यत्ति नै बढी सत्यता तिनीहरूका बाटोमा एउटा बाधा, ठेस लाग्ने कुरा बनेको महसुस गर्छन्। तिनीहरूले सत्यता अनुसरण नगरीकन वा न्याय वा सजायलाई नस्विकारीकन, र सबैभन्दा मुख्य कुरा, मेरो भवनमा विनम्र नभइकन र मेरो आज्ञाबमोजिम नगरीकन नै तिनीहरू स्वर्ग राज्यका आशिषहरू उपभोग गर्न प्रतीक्षा गर्नै सक्दैनन्।

यी मानिसहरू सत्यताको खोजी गर्ने आफ्ना चाहना पूरा गर्न वा मेरो व्यवस्थापनमा सहकार्य गर्न मेरो भवनमा प्रवेश गर्दैनन्; तिनीहरूका एक मात्र इच्छा भनेको ती मानिसहरूको साथमा रहने हो, जो आउने युगमा नाश पारिने छैनन्। यसैले तिनीहरूका हृदयले सत्यता के हो वा सत्यतालाई कसरी स्वीकार गर्नुपर्छ भनी कहिल्यै पनि जानेको छैन। यसैकारण त्यस्ता मानिसहरूले कहिल्यै पनि सत्यता अभ्यास गरेका छैनन् वा आफ्नो भ्रष्टताको गहिराइ महसुस गरेका छैनन्, तापनि तिनीहरू मेरो भवनमा सर्वत्र "सेवकहरू" को रूपमा बसेका छन्। तिनीहरू मेरो आउने दिनलाई "धैर्यसाथ" प्रतिक्षा गर्छन् र मेरो काम गर्ने तरिकाद्वारा यताउति हुत्तिएर पनि थाक्दैनन्। तर तिनीहरूले जति नै ठूलो कोसिस गरे पनि वा जस्तै मूल्य चुकाए पनि तिनीहरूले सत्यका निम्ति दुःख भोगेका वा मेरो खातिर केही दिएका कसैले पनि देखेको छैन। मैले पुरानो युगलाई अन्त गरेको हेर्नका लागि तिनीहरू आफ्ना हृदयमा आतुरमा छन्, र मेरो शक्ति र अख्तियार कति महान् छन् सो पत्तो लगाउनका निम्ति अरू पर्खन सक्दैनन्। तिनीहरूले आफैलाई बदल्न र सत्यता अनुसरण गर्न कहिल्यै हतार गर्दैनन्। तिनीहरू त्यो कुरा मन पराउँछन्, जुनसँग म दिक्क हुन्छु, र मलाई मन पर्ने कुराहरूसित तिनीहरू दिक्क मान्छन्। तिनीहरू त्यो कुराको उत्कट इच्छा गर्छन्, जसलाई म घृणा गर्दछु, तर मैले घृणा गर्ने कुरा गुम्छ कि भनी डराउँछन्। तिनीहरू कहिल्यै घृणा नै नगरी यो दुष्ट संसारमा जिउँछन्, तापनि म त्यसलाई नाश गरिदिन्छु कि भनी धेरै डराउँछन्। तिनीहरूका विरोधाभासपूर्ण चाहनाहरूको बीचमा, मैले घृणा गरेको यो संसारलाई नै तिनीहरू प्रेम गर्छन्, तर मैले यसलाई चाँडै नाश पारूँ भन्ने इच्छा पनि गर्छन्, ताकि तिनीहरू साँचो मार्गबाट भड्किएर जानुभन्दा अघि नै विनाशको कष्टबाट बचाइयोस् र अर्को युगका शासक बनाइयोस्। तिनीहरूले सत्यलाई प्रेम नगरेकाले र मबाट आउने सबै कुराहरूले दिक्क हुने भएकोले यस्तो भएको हो। तिनीहरू आशिष् नगुमाउनको निम्ति केही समय "आज्ञाकारी मानिसहरू" हुन सक्छन्, तर आशिषित बन्ने तिनीहरूको चिन्ता र नाश हुने डर अनि आगोको कुण्डमा फालिने कुरालाई कहिल्यै पनि लुकाउन सकिँदैन। मेरो दिन जति नजिक आउँछ तिनीहरूका इच्छा उत्ति नै अझ बलियो हुन्छ। अनि जत्ति ठूलो विपत्ति हुन्छ यसले तिनीहरूलाई त्यत्ति नै बढी असहाय तुल्याउँछ, यस क्रममा मलाई आनन्दित बनाउन र तिनीहरूले धेरै समयदेखि चाहेका आशिषहरू गुमाउनबाट बच्न कहाँबाट सुरु गर्ने हो भनी अलमल्लमा पर्छन्। त्यस्ता मानिसहरू मेरा हातले आफ्नो काम थाल्नसाथ पहिलो पङ्तिका सेना जस्तो भएर काम गर्न उत्सुक बन्छन्। तिनीहरू मैले तिनीहरूलाई देख्दिनँ भन्ने डरले फौजको पहिलो पङ्तिमा जाने बारेमा मात्रै सोच्छन्। तिनीहरू आफूलाई जे सही लागेको छ त्यही गर्छन् र बोल्छन्, तिनीहरूका काम र व्यवहार कहिल्यै पनि सत्यतासँग सम्बद्ध हुँदैन, र तिनीहरूका काम र कार्यहरूले मेरो योजनालाई भङ्ग गर्छ र बाधा दिन्छ भनी कहिल्यै जान्दैनन्। तिनीहरूले धेरै कोसिस गरेका हुन सक्छन्, तिनीहरू कठिनाइहरू सहने आफ्नो इच्छा र उद्देश्यमा सत्य हुन सक्छन्, तर तिनीहरूले गरेका कुनै पनि कुराले मसँग सरोकार राख्दैनन्, किनकि तिनीहरूले असल अभिप्रायले काम गरेको मैले कहिल्यै पनि देखेको छैनँ, तिनीहरूले मेरो वेदीमा कुनै कुरा राखेको देख्ने त परै जाओस्। तिनीहरूले मेरो सामु धेरै वर्षदेखि यस्तै कार्यहरू गर्दै आएका छन्।

मूल रूपमा, मैले तिमीहरूलाई अझ अरू सत्यताहरू दिने इच्छा गरेको थिएँ, तर म यसो गर्नबाट पछि हटेँ, किनकि सत्यताप्रति तिमीहरूको विचार ठन्डा र उदासीन छ; म मेरो परिश्रम खेर जाओस् भन्ने चाहँदिनँ, नत म मानिसहरूले मेरो वचनलाई धारण गरेर पनि सबै कुरामा मेरो प्रतिरोध गरेको, मेरो बदनाम गरेको र निन्दा गरेको नै देख्न चाहन्छु। तिमीहरूको प्रवृत्ति र तिमीहरूको मानवताको कारण म तिमीहरूलाई मेरो वचनको थोरै, र अति महत्त्वपूर्ण कुरा दिन्छु, जसले मानव जातिको बीचमा मेरो परीक्षण कार्यको रूपमा काम गर्दछ। अहिले मात्र मलाई साँच्चै यो निश्चय भएको छ, कि मैले गरेका निर्णयहरू र बनाएका योजनाहरू तिमीहरूका खाँचोहरू सुहाउँदा छन्, यसबाहेक, मानवजातिप्रति मेरो विचार सही छ। तिमीहरूले धेरै वर्षदेखि मेरो सामु गरेका व्यवहारले मलाई पहिले कहिल्यै नसुनेको उत्तर दिएको छ अनि यो उत्तरको प्रश्नचाँहि यस्तो छ “सत्यता र साँचो परमेश्वरको सामने मानिसको प्रवृत्ति कस्तो छ?” मैले मानिसको निम्ति समर्पित गरेको कोसिसहरूले मानिसप्रति भएको मेरो प्रेमको सार प्रमाणित गर्छ, अनि मानिसले मेरो सामु गरेको हरेक कार्यले तिनीहरूले सत्यलाई घृणा गर्छन् र तिनीहरू मेरो विरोधमा छन् भनी प्रमाणित गर्दछ। हरसमय म मलाई पछ्याउनेहरूको सरोकार राख्छु, तापनि तुरुन्तै मेरो पछि लाग्नेहरू मेरो वचन ग्रहण गर्न सक्षम छैनन्, तिनीहरू मेरा सल्लाहहरू स्वीकार गर्न पनि सक्षम छैनन्। यही कुराले मलाई सबैभन्दा धेरै दुःखी बनाउँछ। कसैले पनि मलाई कहिल्यै बुझ्न सकेका छैनन्, अनि त्यसबाहेक, मेरो मन निष्कपट र मेरा वचनहरू भद्र भए तापनि कोही पनि मलाई ग्रहण गर्न कहिल्यै सक्षम भएको छैन। प्रत्येक व्यक्तिले मैले तिनीहरूलाई दिएको काम तिनीहरूको आफ्नै विचारअनुसार गर्ने कोसिस गर्छ, तिनीहरू मेरा अभिप्रायहरू खोज्दैनन्, मैले तिनीहरूबाट के चाहन्छु भनी सोध्ने कुरा त परै जाओस्। तिनीहरूले निष्ठा पूर्वक मेरो सेवा गरेको दाबी गरे पनि मेरो विरुद्ध विद्रोह गर्छन्। धेरैले आफूले स्वीकार गर्न नसक्ने वा अभ्यास गर्न नसक्ने सत्यताहरूलाई सत्यता नै होइनन् भन्ने विश्वास गर्छन्। त्यस्ता मानिसहरूमा, मेरा सत्यताहरू इन्कार गरिएको र फ्याँकिएको थोक बन्दछ। यसको साथसाथै मानिसहरूले मलाई वचनमा मात्र भएको परमेश्वरको रूपमा चिन्छन्, तापनि मलाई परदेशीको रूपमा विश्वास गर्छन् जो सत्य, बाटो वा जीवन होइन। यो सत्यता कसैले पनि जान्दैन: मेरा वचनहरू कहिल्यै परिवर्तन नहुने सत्यता हो। म मानिसको निम्ति जीवनको आपूर्ति र मानवजातिको निम्ति एक मात्र मार्गदर्शक हुँ। मेरा वचनहरूको मूल्य र अर्थ मानवजातिले मान्यता दिने वा नदिने र स्वीकार गर्ने वा नगर्ने कुराद्वारा निर्धारण गरिँदैन, तर वचनहरूका सार स्वयम्ले नै निर्धारण गर्छन्। यस पृथ्वीमा भएका एक जनाले पनि मेरो वचनहरू ग्रहण गर्न नसके तापनि कुनै पनि मानिसलाई गर्ने ती वचनहरूको सहायता अपार छन्। त्यसकारण, मेरो वचनको विरुद्धमा विद्रोह गर्ने, खण्डन गर्ने, अत्यन्तै तिरस्कार गर्नेहरूको सामना गर्दा मेरो विचार यति मात्र हुन्छ: समय र तथ्यहरू नै मेरो साक्षी बनून् र मेरो वचन सत्य, बाटो र जीवन हो भनी देखाऊन्। मैले भनेका कुराहरू सही छन्, त्यही कुराले मानिस सुसज्जित हुनुपर्छ, यसको अलाबा जसलाई मानिसले स्वीकार गर्नुपर्छ भनी तिनीहरूले नै देखाऊन्। मलाई पछ्याउने सबैलाई यो तथ्य जान्न दिनेछु: मेरा वचनहरू पूर्ण रूपमा स्वीकार गर्न नसक्नेहरू, मेरा वचनहरू अभ्यास नगर्ने मानिसहरू, मेरो वचनमा उद्देश्य नभेट्टाउनेहरू, अनि मेरा वचनहरूका कारण मुक्ति

ग्रहण नगर्नेहरू तिनीहरू हुन् जसलाई मेरा वचनहरूद्वारा दोषी ठहराइएका छन्, अनि यसको अलाबा, मेरो मुक्ति गुमाएका छन्, अनि मेरो लहुरो तिनीहरूबाट कहिल्यै हट्नेछैन।

अप्रिल १६, २००३

## परमेश्वर मानिसको जीवनको स्रोत हुनुहुन्छ

तँ यस संसारमा रुँदै आएको क्षणदेखि नै तैँले आफ्नो कर्तव्य पूरा गर्न थाल्छस्। परमेश्वरको योजना र उहाँको विधिको लागि तैँले आफ्नो भूमिका खेल्छस् र तैँले आफ्नो जीवन यात्रा सुरुआत गर्छस्। तेरो पृष्ठभूमि जस्तोसुकै होस् र तेरो अगाडि जस्तोसुकै यात्रा भए तापनि स्वर्गको व्यवस्थापन र प्रबन्धबाट कोही पनि उम्कन सक्दैन, अनि तिनीहरूको गन्तव्य आफ्नै वशमा हुँदैन, किनकि सबै थोकमाथि शासन गर्नुहुने उहाँ मात्र यस्तो कार्य गर्न सक्षम हुनुहुन्छ। मानिस अस्तित्वमा आएको दिनदेखि नै ब्रह्माण्डलाई व्यवस्थापन गरेर, सबै थोक परिवर्तन हुने नियमहरू र तिनीहरूका चालहरूको मार्गचित्र निर्देशन गर्दै परमेश्वरले काम गर्नुभएको छ। सबै थोकहरूलाई जस्तै मानिसलाई पनि परमेश्वरबाट आएको मिठासपन, झरी र शीतले गुपचुप र अञ्जान रूपमा पोषण दिन्छ; सबै थोकहरू जस्तै, मानिस अन्जान रूपमा नै परमेश्वरको बाहुलीको व्यवस्थापनको मातहतमा जिउँछ। मानिसको हृदय र आत्मा परमेश्वरको हातमा हुन्छ, उसको जीवनको सबै थोकमा परमेश्वरले नजर राख्नुहुन्छ। तैँले यस कुरालाई विश्वास गर् वा नगर्, चाहे त्यो सजीव वा निर्जीव होस्, कुनै पनि थोक र सबै थोक परमेश्वरको विचारअनुसार सर्छन्, परिवर्तन हुन्छन्, नवीकरण हुन्छन् र लोप हुन्छन्। परमेश्वरले यसरी सबै थोकमाथि शासन गर्नुहुन्छ।

जसरी रात नजिकिँदै जाँदा मानिस बेखबर हुन्छ, किनभने मानिसको हृदयले रात कसरी नजिकिँदैछ भनी थाहा पाउन सक्दैन, न त यो कहाँबाट आउँछ भनी उसले जान्दछ। जसरी रात बिस्तारै बितेर जान्छ, मानिसले उज्यालोलाई स्वागत गर्छ, तर उज्यालो कहाँबाट आउँछ र यसले रातको अँध्यारोलाई कसरी हटायो भन्ने बारेमा मानिसले अति कम मात्र जान्दछ र यसप्रति अझै कम सचेत रहन्छ। यिनै दिन र रात भइरहने क्रमले नै मानिसलाई एउटा कालखण्डबाट अर्को कालखण्डमा, एउटा ऐतिहासिक सन्दर्भबाट अर्को ऐतिहासिक सन्दर्भमा पुऱ्याउँछ र यस क्रममा हरेक युगमा परमेश्वरको कार्य भएको छ र हरेक युगको निम्ति उहाँको योजना पूरा भएको छ भन्ने कुरालाई सुनिश्चित गर्छ। मानिस यी सबै कालखण्डहरूमा परमेश्वरसँगै हिँडेको छ, तैपनि परमेश्वरले सबै थोकहरू र जीवित प्राणीहरूको भविष्यमाथि प्रभुत्व गर्नुहुन्छ भनी उसले जान्दैन, न त परमेश्वरले सबै थोकहरूलाई कसरी निर्देशित गर्नुहुन्छ र प्रबन्ध गर्नुहुन्छ भन्ने नै उसले जान्दछ। यसले मानिसलाई अति प्राचीनकालदेखि वर्तमानसम्म नै छलेको छ। यसो हुनुको कारण परमेश्वरका कार्यहरू अत्यन्त अदृश्य भएर होइन, न त परमेश्वरको योजना साकार हुन बाँकी रहेर नै हो, तर मानिसको हृदय र आत्मा परमेश्वरबाट अति टाढा भएको कारण हो, यो यति टाढा छ कि मानिसले परमेश्वरको सेवा गर्दा पनि ऊ शैतानको सेवामा रहन्छ र यो उसलाई यो कुरा अझै थाहा छैन। परमेश्वरका कदमहरू र परमेश्वरको देखा पर्ने घटनालाई कसैले पनि सक्रियतापूर्वक

खोज्दैन, अनि कोही पनि परमेश्‍वरको हेरचाह र संरक्षणमा रहन इच्छुक छैन। बरु, यस संसार र दुष्ट मानिसहरूले अनुसरण गर्ने, अस्तित्वमा रहेका नियमहरूलाई अवलम्बन गर्नको निम्ति तिनीहरू शैतान अर्थात् दुष्टको क्षयमा निर्भर रहन रुचाउँछन्। यस कुरामा, मानिसको हृदय र आत्मा शैतानको लागि मानिसको कोसेली र शैतानको खाद्य पदार्थ भएको छ। यसबाहेक, मानव हृदय र आत्मा शैतान बस्‍न सक्‍ने ठाउँ र त्यसको खेल मैदान हुन योग्यको भएको छ। यसरी मानिसले मानव हुनुको सिद्धान्तहरूका साथै मानव अस्तित्वको मूल्य र अर्थको बुझाइलाई थाहा नै नपाइकन गुमाउँछ। मानिसको हृदयमा परमेश्‍वरका व्यवस्थाहरू अनि परमेश्‍वर र मानिस बीचको करार क्रमिक रूपमा मेटिँदै जान्छ र उसले परमेश्‍वरलाई खोज्‍न वा उहाँको ख्याल गर्न छोड्छ। समय बित्दैजाँदा, परमेश्‍वरले उसलाई किन सृष्‍टि गर्नुभयो भन्‍ने कुरा नै मानिसले बुझ्दैन, न त उसले परमेश्‍वरको मुखबाट निस्केको वचन र परमेश्‍वरबाट आएका सबै कुरा नै बुझ्छ। त्यसपछि मानिसले परमेश्‍वरका व्यवस्थाहरू र आदेशहरूको प्रतिरोध गर्न थाल्छ, अनि उसको हृदय र आत्मा मरेतुल्य बन्छ...। परमेश्‍वरले मौलिक रूपमा सृष्‍टि गर्नुभएको मानिसलाई गुमाउनुहुन्छ, अनि मानिसले उसको मौलिक मूललाई गुमाउँछ: मानवजातिको अफसोस यही नै हो। वास्तवमा, प्रारम्भदेखि अहिलेसम्म नै परमेश्‍वरले मानवजातिको निम्ति दु:खद घटनाहरूलाई प्रस्तुत गर्नुभएको छ, जसमा मानिस नै नायक र पीडित दुवै बन्छ। अनि यो दुःखद घटनाको निर्देशक को हो भनी कसैले जवाफ दिन सक्दैन।

संसारको व्यापक फैलावटमा महासागरहरू भरिएर मैदानमा परिणत हुँदैछन्, जमिनहरू बगेर महासागरहरूमा परिवर्तन भइरहेका छन् र यो क्रम जारी नै रहन्छ। सबै थोकका बीचमा रहेका सबै कुरामाथि शासन गर्नुहुने बाहेक, अरू कोही पनि मानवजातिलाई अगुवाइ गर्न र मार्गनिर्देशित गर्न सक्षम छैन। मानवजातिको निम्ति काम गर्ने वा तयारी गर्न सक्‍ने शक्तिशाली व्यक्ति कोही पनि छैन, मानवजातिलाई ज्योतिको गन्तव्यतिर अगुवाइ गर्ने र संसारका अन्यायहरूबाट मुक्त गर्न सक्‍ने व्यक्ति अझै कम छन्। मानवजातिको भविष्यप्रति परमेश्‍वर विलाप गर्नुहुन्छ, उहाँ मानिसको पतनप्रति शोक गर्नुहुन्छ, अनि मानिस फर्कन नसक्‍ने विनाशको मार्गतिर क्रमिक रूपमा लागिरहेको कुराले उहाँलाई पीडा दिन्छ। परमेश्‍वरको हृदयलाई छियाछिया बनाउने र दुष्‍टलाई खोज्‍नको लागि उहाँलाई त्याग्‍ने त्यस्तो मानवजातिको दिशा कतातिर लागेको हुन सक्छ भन्‍ने कुराप्रति कसैले कहिल्यै विचार गरेको छैन। यसैकारणले गर्दा कसैले पनि परमेश्‍वरको क्रोध थाहा गर्दैन, कसैले परमेश्‍वरको मार्गलाई खोज्दैन वा परमेश्‍वरको नजिक जाने कोसिस गर्दैन, अझ भन्‍नुपर्दा, किन कसैले पनि परमेश्‍वरको शोक र पीडालाई बुझ्‍न खोज्दैन। परमेश्‍वरको आवाज सुनेपछि पनि परमेश्‍वरको अनुग्रह र वास्ताबाट तर्केर उहाँको सत्यतालाई त्यागेर मानिस आफ्नै मार्गमा हिँडिरहन्छ र परमेश्‍वरको शत्रु शैतानको हातमा आफूलाई बेच्‍न रुचाउँछ। के मानिस आफ्नो जिद्दीमा लागिरहनुपर्छ, अनि परमेश्‍वरलाई फर्केर नहेरिकन नै उहाँलाई छोड्ने मानवजातिप्रति परमेश्‍वरले कसरी काम गर्नुहुन्छ भन्‍ने कुरालाई कसैले विचार गरेको छ? परमेश्‍वरले यस अघि कहिल्यै नभएको विपत्ति उहाँको बाहुलीले तयार पार्नुभएको हुनाले उहाँले पटक-पटक याद दिलाउनुभएको र अर्ती दिनुभएको कसैले जान्दैनन्, जुन विपत्ति मानव देह र प्राणको निम्ति असह्य हुनेछ। यो

विपत्ति देहको निम्ति मात्र दण्ड होइन, तर प्राणको निम्ति पनि हो। तँैले यो कुरा थाहा पाउनुपर्छ: जब परमेश्‍वरको योजना विफल हुन्छ, र उहाँका याद दिलाउने कुराहरू र अर्तीहरूको निम्ति कुनै प्रतिक्रिया दिँदैन, तब उहाँले कस्तो क्रोध पोखाउनुहुन्छ होला? यो कुनै पनि सृष्टि गरिएका प्राणीहरूले कहिल्यै नभोगेका र नसुनेका किसिमको हुनेछ। त्यसैले म भन्छु, यो विपत्ति पहिले कहिल्यै आएको थिएन र फेरि कहिल्यै आउने छैन। मानवजातिलाई सृष्टि गर्ने परमेश्‍वरको योजना यो एक पटकको लागि मात्रै हो र मानवजातिलाई मुक्ति दिने पनि यो एक पटकको लागि मात्रै हो। यो पहिलो पटक पनि र अन्तिम पनि हो। यसकारण, परमेश्‍वरले मानवजातिलाई मुक्ति दिन यस पटक गर्नुहुने कडा परिश्रम र जोशपूर्ण अपेक्षालाई कसैले बुझ्दैन।

परमेश्‍वरले यो संसारलाई सृष्टि गर्नुभयो र जीवित प्राणी, अर्थात् मानिसलाई त्यस अवस्थामा ल्याउनुभयो, जसलाई उहाँले जीवन दिनुभयो। पछि मानिसको आमाबुबा र नातेदारहरू भए, अनि ऊ एकलो भएन। मानिसले यस भौतिक संसारलाई पहिलो पटक देखेदेखि नै उसलाई परमेश्‍वरको विधिभित्र रहनलाई निर्धारित गरिएको थियो। परमेश्‍वरबाट आएको जीवनको सासले नै प्रत्येक जीवित प्राणीहरूलाई वृद्धि गराएर वयस्कमा पुर्‍याउँछ। यस प्रक्रियामा, मानिस परमेश्‍वरको हेरचाहमा नै वृद्धि भइरहेको छ भन्ने कसैले महसुस गर्दैन; बरु, मानिस आफ्ना आमाबुबाको प्रेमपूर्ण हेरचाहमा वृद्धि भइरहेको हुन्छ र उसको वृद्धिलाई उसैको सुबुद्धिले निर्देशन गर्छ भन्ने तिनीहरू विश्‍वास गर्छन्। यस्तो हुन्छ किनभने उसको जीवन कसले दिएको वा यो कहाँबाट आउँछ भन्ने मानिसले जान्दैन, जीवनको अन्तर्निहित शक्तिले कसरी आश्‍चर्यकर्महरू पैदा गर्छ भन्ने कुरा तै परै जाओस्। उसको जीवनलाई निरन्तरता दिने आधार खाना हो र लगनशीलता नै उसको अस्तित्वको स्रोत हो अनि उसको मनमा भएको आस्थाहरू नै उसको अस्तित्वका जगहरू हुन् भन्ने मात्र उसले जान्दछ। मानिस परमेश्‍वरको अनुग्रह र ईश्‍वरीय कृपाबारे पूर्ण रूपमा अन्जान हुन्छ र परमेश्‍वरले उसलाई दिनुभएको जीवनलाई लापरवाही रूपमा बिताउँछ...। परमेश्‍वरले दिनरात हेरचाह गर्नुभएको मानवजातिमध्ये एक जनाले पनि उहाँको आराधना गर्न आफैलाई अग्रसर गर्दैन। परमेश्‍वरले मानिसमा काम मात्रै गरिरहनु हुन्छ, जसको निम्ति आफूले योजना बनाएअनुसार उहाँले कुनै पनि अपेक्षा राख्नुहुन्न। कुनै दिन मानिस उसको सपनाबाट ब्युँझन्छ अनि जीवनको मूल्य र अर्थलाई, उसलाई परमेश्‍वरले दिनुभएको सबै कुराको निम्ति उहाँले चुकाउनुभएको मूल्य र मानिस उहाँतिर फर्कन्छ भनी उहाँले गर्नुभएको उत्सुकता सहितको प्रतीक्षालाई महसुस गर्नेछ भनी अपेक्षाको साथ परमेश्‍वरले यसो गर्नुहुन्छ। मानव जीवनको उद्‌गम र निरन्तरतालाई सञ्चालन गर्ने रहस्यहरूभित्र कसैले नियालेको छैन। यी सबै कुरालाई बुझ्नुहुने परमेश्‍वरले मात्र चोट र प्रहारलाई चूपचाप सहनुहुन्छ, जुन प्रहार परमेश्‍वरबाट प्राप्त गरेको हरेक थोकको निम्ति धन्यवादी समेत नहुने मानिसले उहाँलाई दिन्छ। जीवनले सामान्य रूपमा ल्याउने सबै कुराहरूको आनन्द मानिसले लिन्छ, र परमेश्‍वरलाई मानिसले विश्‍वासघात गर्छ, बिर्सन्छ र उहाँबाट खोस्छ भन्ने कुरा त “सामान्य नै हो”। के परमेश्‍वरको योजना यति धेरै महत्त्वको हुन सक्छ? के परमेश्‍वरको बाहुलीबाट आएको यो जीवित प्राणी अर्थात् मानिस साँच्चै यति धेरै महत्त्वपूर्ण हुन सक्छ? निश्‍चित रूपमा नै, परमेश्‍वरको योजना महत्त्वपूर्ण छ; यद्‌यपि, परमेश्‍वरको बाहुलीद्‌वारा सृष्टि गरिएको यो जीवित

प्राणी उहाँको योजनाको खातिर मात्र अस्तित्वमा छ। यसकारण, परमेश्‍वरले यस मनावजातिप्रतिको घृणाको खातिर आफ्नो योजनालाई बर्बाद पार्न सक्‍नुहुन्‍न। मानिसको देहको निम्ति होइन तर मानिसको जीवनको निम्ति, उहाँको योजना र उहाँले फुक्‍नुभएको सासको निम्ति परमेश्‍वरले सारा कष्‍टहरू सहनुहुन्छ। मानिसको देहलाई फिर्ता लिनको निम्ति होइन, तर उहाँले फुक्‍नुभएको सासको निम्ति उहाँले यसो गर्नुहुन्छ। यो नै उहाँको योजना हो।

यस संसारमा आउने सबैले जीवन र मृत्युबाट भएर जानुपर्छ, र तीमध्ये धेरै जना मृत्यु र पुनर्जन्मको चक्रबाट भएर गएका छन्। जो जीवित छन् तिनीहरू चाँडै मर्नेछन्, र मरेकाहरू चाँडै फर्कनेछन्। यी सबै कुरा जीवनको मार्ग हो जुन परमेश्‍वर आफैले प्रत्येक जीवित प्राणीहरूका लागि प्रबन्ध गर्नुभएको छ। यद्यपि यो मार्ग र चक्र त्यो खास सत्यता हो जुन मानिसले हेरोस् भन्‍ने परमेश्‍वर चाहनुहुन्छ: परमेश्‍वरले मानिसलाई दिनुभएको जीवन असीमित छ, भौतिकता, समय वा स्थानद्वारा बाधा नपुग्ने किसिमको छ। परमेश्‍वरले मानिसलाई प्रदान गर्नुभएको जीवनको रहस्य यस्तो छ र यो जीवन उहाँबाट नै आएको हो भन्‍ने कुराको प्रमाण हो। धेरैले जीवन परमेश्‍वरबाट आएको हो भनी विश्‍वास नगरे पनि र तिनीहरूले परमेश्‍वरको अस्तित्वलाई चाहे स्वीकार गरे पनि वा इन्कार गरे पनि मानिसले अनिवार्य रूपमा परमेश्‍वरबाट आएका कुराहरूको उपभोग गर्दछ। यदि परमेश्‍वरले एक दिन अचानक हृदय परिवर्तन गर्नुभयो र संसारमा भएका सबै फेरि प्राप्‍त गर्ने र उहाँले दिनुभएको जीवन फिर्ता लिने इच्छा गर्नुभयो भने कोही पनि रहनेछैन। परमेश्‍वरले जीवित र निर्जीव सबै कुराहरूको लागि आपूर्ति गर्न आफ्नो जीवन प्रयोग गर्नुहुन्छ, र उहाँको शक्ति र अधिकारको सद्‌गुणद्वारा सबै थोकलाई असल क्रममा राख्‍नुहुन्छ। यो त्यस्तो सत्यता हो जुन कसैले पनि कल्पना गर्न वा बुझ्‍न सक्दैन, र यी बुझ्‍न नसकिने सत्यताहरू नै परमेश्‍वरको जीवनशक्तिको प्रकटीकरण र साक्षी हो। अब म तँलाई एउटा रहस्य बताउँछु: परमेश्‍वरको जीवनको महानता र उहाँको जीवनको शक्ति कुनै पनि प्राणीका लागि बुझ्‍न नसकिने छ। विगतमा जस्तो थियो अहिले पनि यो त्यस्तै छ, आउने समयमा पनि यो त्यस्तै रहनेछ। मैले बताउने दोस्रो रहस्य यो हो: सृष्‍टि गरिएका सबै प्राणीका निम्ति जीवनको स्रोत परमेश्‍वरबाट आउँदछ, चाहे ती रूप वा ढाँचामा जतिसुकै फरक होऊन्; तँ जस्तोसुकै प्रकारको जीवित प्राणी भए पनि तँ परमेश्‍वरद्वारा तोकिएको जीवन मार्गको विरुद्ध जान सक्दैनस्। जसरी भए पनि, मानिसले यो बुझोस् भन्‍ने म चाहन्छु: परमेश्‍वरको वास्ता, सुरक्षा र प्रबन्धविना मानिसले जति नै कोसिस गरे पनि वा जति नै कठिन संघर्ष गरे पनि उसले प्राप्‍त गर्नुपर्ने ती सबै कुराहरू प्राप्‍त गर्न सक्दैन। परमेश्‍वरबाट जीवनको आपूर्ति भएन भने मानिसले जिउनुको महत्त्वको अर्थ र जीवनको अर्थलाई गुमाउँछ। आफ्नो जीवनको मोललाई व्यर्थमा खेर फाल्ने मानिसलाई परमेश्‍वरले कसरी यस्तो लापरवाह हुने अनुमति दिन सक्‍नुहुन्छ? मैले पहिले भनेझैँ: परमेश्‍वर तेरो जीवनको स्रोत हुनुहुन्छ भन्‍ने कुरालाई नबिर्स। यदि परमेश्‍वरले दिनुभएका सबै कुराको कदर गर्न मानिसले सकेन भने, परमेश्‍वरले सुरुमा जे दिनुभयो त्यो मात्र फिर्ता लिनुहुन्‍न, तर उहाँले मानिसलाई दिनुभएको भन्दा दोबर मूल्य उसलाई तिर्न लगाउनुहुन्छ।

मे २६, २००३

# सर्वशक्तिमान्‌को सुस्केरा

तेरो हृदयमा विशाल रहस्य छ, जसको बारेमा तँ कहिल्यै जानकार भइनस्, किनकि तँ ज्योतिबिनाको संसारमा बाँचिरहेको छस्। तेरो हृदय र तेरो आत्मा दुष्टद्वारा बलजफती खोसिएको छ। तेरा आँखाहरू अन्धकारले धमिला भएका छन् र तँ न दिनमा आकाशको सूर्य देख्न सक्छस् न राती चम्किरहने तारा नै। तेरा कानहरू कपटपूर्ण शब्दहरूले टालिएका छन्, र तँ न यहोवाको गर्जनको आवाज सुन्न सक्छस्, न उहाँको सिंहासनबाट बग्ने पानीको आवाज नै। तेरो अधिकारमा भएका तेरा सबै चीज, जुन सर्वशक्तिमान्‌ले तँलाई दिनुभएको थियो, तैँले ती सबै गुमाइसकेको छस्। तँ पीडाको अनन्त सागरमा प्रवेश गरेको छस् जहाँ उद्धार गर्ने कुनै शक्ति छैन, बाँच्ने कुनै आशा छैन, र तैँले गर्ने कार्य भनेको केवल सङ्घर्ष र हस्याङफस्याङ मात्र हो...। त्यस क्षणपश्चात्, तँ दुष्टद्वारा पीडित बन्न अभिशप्त भइस्, सर्वशक्तिमान्‌को आशीर्वादबाट धेरै टाढा रहिस्, सर्वशक्तिमान्‌का प्रावधानहरूको पहुँचबाट बाहिर रहिस्, फर्केर आउन नसक्ने मार्गमा हिडिरहिस्। लाखौँ आह्वानहरूले पनि तेरो मन र आत्मालाई मुस्किलले मात्र जगाउन सक्छन्। तँ दुष्टको काखमा चीर निद्रामा सुतेको छस् जसले तँलाई दिशाविहीन वा मार्गसङ्केतरहित असीम साम्राज्यमा लोभ्याएको छ। तत्पश्चात् तैँले तेरो मौलिक निर्दोषता र शुद्धता गुमाइस्, र सर्वशक्तिमान्‌को हेरचाहबाट टाढा हुन थालिस्। तेरो हृदयमा रहेको दुष्टले सबै मामिलाहरूमा तँलाई परिचालन गर्छ र यही नै तेरो जीवन बनेको छ। अब तँ ऊसँग डराउनु, ऊबाट टाढा रहनु, वा ऊमाथि शङ्का गर्नुको सट्टा उसलाई आफ्नो मनको परमेश्वरको रूपमा व्यवहार गर्छस्। तैँले उसलाई पवित्र मान्न थालिस्, उसैको पूजा गर्न थालिस्, र तिमीहरू दुवै जना शरीर र छाया झैँ अविभाज्य भएका छौ, सँगसँगै जिउन र मर्न प्रतिबद्ध बनेका छौ। तँ कहाँदेखि आएको थिइस्, तेरो जन्म किन भएको थियो, वा तँ किन मर्नेछस् भन्ने कुराको ज्ञान तँलाई छैन। तँ सर्वशक्तिमान्‌लाई एक अपरिचितको रूपमा हेर्छस्; उहाँले तेरो लागि गर्नुभएका सबै कुराहरूलाई छोडौं, तँलाई त उहाँको प्रारम्भको बारेमा समेत थाहा छैन। उहाँबाट आएको हरेक चीज तेरा लागि घृणास्पद भएको छ; तैँले न त्यसको कदर गर्छस् न त्यसको महत्त्व नै जान्दछस्। सर्वशक्तिमान्‌को प्रावधान पाउन सुरु गरेदेखि नै तँ दुष्टको साथमा हिँड्छस्। दुष्टको साथमा तैँले हजारौं वर्षको तुफान र आँधीबेहरी सहिस्, र तँ उसैसँग परमेश्वरका विरुद्धमा उभिइस् जो तेरो जीवनको स्रोत हुनुहुन्थ्यो। तँ विनाशको किनारामा आइपुगिसकेको छस् भन्ने कुरै छोडौं, तैँले त पश्चात्ताप समेत गर्न जानेको छैनस्। दुष्टले तँलाई बहकाएको र कष्ट दिएको छ भन्ने कुरा तैँले बिर्सिएको छस्; तैँले आफ्नो सुरुवात बिर्सिएको छस्। यसरी आजको दिनसम्म त्यो दुष्टले तेरो मार्गका हरेक पाइलामा कष्ट दिएको छ। तेरो मन र आत्मा चेतनाशून्य र नाश भएका छन्। तैँले मानव संसारका विडम्बनाहरूको बारेमा गुनासो गर्न बन्द गरेको छस्; यो संसार अन्यायी छ भन्ने अबउप्रान्त तैँले विश्वास गर्दैनस्। सर्वशक्तिमान्‌को अस्तित्व छ कि छैन भन्ने कुरामा तँलाई मतलब हुने त कुरै छाडौं। धेरै पहिलादेखि त्यो दुष्ट तेरो वास्तविक पिता हो र तँ त्यसबाट अलग्गिन सक्दैनस् भनी तैँले ठानेकोले गर्दा यस्तो भएको हो। तेरो मनमा गढेको रहस्य यही हो।

मिरमिरे बिहानीको आगमनसँगै पूर्वमा बिहानी तारा उदाउन थाल्छ। यो तारा त्यहाँ पहिला कहिल्यै थिएन, र यसले शान्त, रिमरिमे आकाशलाई चहकिलो बनाउँछ, जसले मानिसहरूको हृदयमा निभेको ज्योति पुनः प्रज्वलित पार्छ। तँमा र अरूमा समान रूपले चम्किने यो ज्योतिको कारण मानव अब एक्लो छैन। तैपनि तँ एक्लै यो अँध्यारो रातमा मस्त निद्रामा रहन्छस्। तैँले कुनै आवाज सुन्दैनस् र कुनै ज्योति देख्दैनस्; नवीन स्वर्ग र पृथ्वीको आगमन, नवयुगको आगमनको बारेमा तँ अनभिज्ञ छस्, किनभने तेरा बुवाले तँलाई भन्नुहुन्छ, "मेरो छोरा, तिमी अहिल्यै नउठ, अझै बिहान सबेरै छ। मौसम चिसो छ, त्यसैले तिमी बाहिर नजाऊ, नत्र तिम्रा आँखाहरू तरबार र भालाले रोपिनेछन्।" तँ केवल तेरो बुवाका सल्लाहहरूमा भरोसा गर्छस्, किनकि तँलाई विश्वास छ कि केवल तेरो बुवा सही हुनुहुन्छ, किनभने उहाँ तँभन्दा जेष्ठ हुनुहुन्छ र तँलाई औधी माया गर्नुहुन्छ। यस्ता सल्लाहहरू र यस्तो मायाले तँलाई विश्वमा ज्योति छ भन्ने प्राचीन कथामा विश्वास गर्न रोक लगाउँछन्; त्यस्ता कुराहरूले विश्वमा अझै सत्य अस्तित्वमा छ भन्ने कुरामा चासो राख्नदेखि तँलाई रोक्छन्। तैँले अबउप्रान्त सर्वशक्तिमान्‌द्वारा गरिने उद्धारको आशा गर्ने हिम्मत गर्दैनस्। तँ यथास्थितिमा सन्तुष्ट हुन्छस्, अबउप्रान्त तँ ज्योतिको आगमनको अपेक्षा गर्दैनस्, प्राचीन कथामा भनिएझैँ सर्वशक्तिमान्‌को आगमन हेर्न तँ पर्खँदैनस्। तेरो विचारमा, हरेक सुन्दर चीजलाई पुनर्जीवित गर्न सकिँदैन, यो अस्तित्वमा रहन सक्दैन। तेरो नजरमा, मानवजातिको भोलि र मानवजातिको भविष्य हराउँछ, विलय हुन्छ। आफ्नो पूरै बल लगाई तँ आफ्नो बुवाको लुगामा झुन्डिएको छस्, कठिनाइहरू सहन प्रफुल्ल छस्, तेरो यात्राको सहयात्री र लामो यात्राको दिशा गुम्ने हो कि भन्नेमा निकै डराएको छस्। मानिसहरूको विशाल र धमिलो संसारले तिमीहरूजस्ता धेरैलाई दृढ र निडर भएर विभिन्न भूमिकाहरू निर्वाह गर्न तयार गरेको छ। यसले मृत्युसँग नडराउने धेरै "योद्धाहरू" सृजना गरेको छ। योभन्दा पनि बढी, यसले चेतनाशून्य र पक्षाघात भएका मानवहरूको एकपछि अर्को हूल तयार गरेको छ, जो आफू सृष्टि हुनुको उद्देश्यको बारेमा अनभिज्ञ छन्। सर्वशक्तिमान्‌का आँखाले गहिरो पीडामा रहेका हरेक मानवजातिको निरीक्षण गर्छन्। उहाँले जे सुन्नुहुन्छ त्यो पीडितहरूको विलाप हो, उहाँले जे देख्नुहुन्छ त्यो पीडाले छट्पटिएकाहरूको निर्लज्जपन हो, र उहाँले जे अनुभूति गर्नुहुन्छ त्यो मुक्तिको अनुग्रह गुमाएको मानवजातिको असहायपन र भयावहपन हो। मानवजातिले आफ्नो मार्गमा आफैँ हिँड्ने निर्णयको छनौट गर्दै उहाँको हेरचाहलाई अस्वीकार गर्छ, र दुस्मनको साथमा रहेर गहिरो समुन्द्रका, अन्तिम थोपासम्मै, तितोपनाको स्वाद चाख्ने इच्छा गर्दै उहाँको दृष्टिको निगरानीबाट भाग्न चाहन्छ। अब मानवद्वारा सर्वशक्तिमान्‌को सुस्केरा सुनिँदैन; अब सर्वशक्तिमान्‌का हातहरू पीडित मानवलाई सुमसुम्याउन इच्छुक छैनन्। समय-समयमा उहाँले आधिपत्य जमाउनुहुन्छ, र समय-समयमा पुनः गुमाउनुहुन्छ, र यसरी यही कार्य उहाँले दोहोऱ्याउनुहुन्छ। त्यही क्षणदेखि उहाँ थाक्न, झर्को मान्न थाल्नुहुन्छ र यसैकारण उहाँले गरिरहनुभएको काम रोक्नुहुन्छ र मानवजातिमाझ हिँड्न छोड्नुहुन्छ...। मानवजाति यी सबै परिवर्तनसँग पूर्ण रूपले अनभिज्ञ छ, सर्वशक्तिमान्‌को आउने र जाने अनि दुःख र उदासीनताको विषयमा अनभिज्ञ छ।

यस संसारमा भएको हरेक कुरा सर्वशक्तिमान्‌का विचारहरू र उहाँको प्रत्यक्ष निगरानीमा द्रुत गतिमा परिवर्तन हुन्छ। मानवजातिले कहिल्यै नसुनेका कुराहरू अकस्मात् आइपुग्छन्, जबकि मानवजातिले लामो समयदेखि अधिकार जमाएका कुराहरू थाहै नपाई फुत्कन्छन्। सर्वशक्तिमान्‌को स्थान विशेषका बारेमा कसैले पनि बुझ्न सक्दैन, सर्वशक्तिमान्‌को जीवनशक्तिको सर्वश्रेष्ठता र महान्‌ता जोकोहीले बुझ्ने कुरा त परै जाओस्। उहाँ यो अर्थमा सर्वश्रेष्ठ हुनुहुन्छ कि मानवले बुझ्न नसक्ने कुरा उहाँले बुझ्नुहुन्छ। उहाँ यस अर्थमा महान् हुनुहुन्छ कि मानवजातिद्वारा त्यागिनुभए तापनि उहाँले अझै मानवजातिलाई मुक्ति दिनुहुन्छ। उहाँलाई जीवन र मृत्युको अर्थ थाहा छ, र त्यसका अतिरिक्त, उहाँले सृष्टि गर्नुभएको मानवजातिले पालना गर्नुपर्ने अस्तित्वका नियमहरू उहाँलाई थाहा छ। उहाँ मानव अस्तित्वको आधार हुनुहुन्छ, र उहाँ नै उद्धारक हुनुहुन्छ जसले मानवजातिको फेरि पुनरुत्थान गर्नुहुन्छ। उहाँले खुशी हृदयलाई दुःखित पार्नुहुन्छ, र दुःखित हृदयलाई खुशी दिएर उठाउनुहुन्छ, सबै आफ्नो कार्यको खातिर, र आफ्नो योजनाको खातिर।

सर्वशक्तिमान्‌ले प्रदान गर्नुभएको जीवनबाट तर्किएर गएको हुनाले, मानवजाति आफ्नो अस्तित्वको उद्देश्यबारे अनभिज्ञ छ, तथापि ऊ मृत्युसँग डराउँछ। तिनीहरू सहयोग वा समर्थनरहित छन्, अझै पनि आफ्ना आँखा चिम्लन अनिच्छुक हुन्छन्, र तिनीहरूले यस संसारमा एक हीन अस्तित्वलाई घिस्स्याउन आफैलाई तयार गर्छन्, आफ्नै आत्माको अनुभूति नभएका ती देहका पोकोहरू। तँ, अरूझैँ, यसैगरी आशाबिना, लक्ष्यबिना बाँच्छस्। केवल प्राचीन कथाका पवित्र एउटै उहाँले मात्र ती मानिसहरूलाई मुक्ति दिनुहुनेछ जो सङ्कटको माझमा शोक गर्दै उहाँको आगमनको व्याकुलताका साथ प्रतीक्षा गर्छन्। अहिलेसम्म, त्यस्तो विश्वास तिनीहरूमा महसुस गरिएको छैन जसमा चेतनाको अभाव छ। तथापि, मानिसहरू अझै पनि यसका लागि आतुर छन्। सर्वशक्तिमान्‌ले यी मानिसहरूमाथि कृपा गर्नुहुन्छ जो गहिरोगरी कष्टमा छन्; त्यसैगरी, यी मानिसहरूसँग दिक्क हुनुहुन्छ जोसँग चेतनाको अभाव छ, किनकि मानवबाट उत्तर प्राप्त गर्न उहाँले लामो समय पर्खनुपरेको छ। उहाँले खोज्न चाहनुहुन्छ, तेरो हृदय र तेरो आत्मा खोज्न चाहनुहुन्छ, तेरो लागि पानी र खाना ल्याउन र तँलाई ब्यूँझाउन चाहनुहुन्छ, ताकि तँ अब उप्रान्त तिर्खाउन र भोकाउन नपरोस्। जब तँ थाक्छस् र जब तैँले यो संसारको निराशाजनक वैराग्यपनका केही कुरा महसुस गर्न थाल्छस्, तब तँ हताश नबन्, नरू। सर्वशक्तिमान् परमेश्‍वर, रखवालाले जुनसुकै बखत पनि तेरो आगमनलाई स्वीकार्नुहुनेछ। उहाँले तेरो नजिकैबाट रखवाली गर्दै हुनुहुन्छ, तँ फर्किने प्रतीक्षा गर्दै हुनुहुन्छ। उहाँ तेरो स्मृति अकस्मात् फर्किने दिनको प्रतिक्षा गर्दै हुनुहुन्छ: जुन दिन तैँले तँ परमेश्‍वरबाट आइस्, तैँले कुनै अज्ञात समयमा आफ्नो दिशा गुमाइस्, कुनै एक अज्ञात समयमा तैँले बाटोमा चेतना गुमाइस्, र कुनै अज्ञात समयमा एक “पिता” प्राप्त गरिस् भन्ने कुरा महसुस गर्छस्; यसका अतिरिक्त, जुन दिन तैँले सर्वशक्तिमान्‌ले तेरो फिर्तीको लागि धेरै, धेरै लामो समयदेखि त्यहाँ पर्खँदै, सधैँ रखवाली गर्दै आउनुभएको छ भन्ने कुरा महसुस गर्छस्। बिना कुनै उत्तर तेरो प्रत्युत्तरको प्रतीक्षा गर्दै, उहाँले पूरा व्यग्र इच्छाको साथ रखवाली गर्दै आउनुभएको छ। उहाँको रखवाली र प्रतीक्षा अमूल्य छन्, र ती मानव हृदय र मानव आत्माका खातिर हुन्। सायद

ती रखवाली र प्रतीक्षा असीमित छन्, र सायद ती समाप्तिमा आएका छन्। तर, तेरो हृदय र तेरो आत्मा अहिले ठ्याक्कै कहाँ छन् भन्ने कुरा तैँले जान्नुपर्दछ।

मे २८, २००३

## परमेश्‍वर देखा पर्नुभएको घटनाले नयाँ युगलाई प्रारम्भ गरेको छ

परमेश्‍वरको छ हजार वर्षको व्यवस्थापनको योजना अन्त्यतिर आइरहेको छ, र उहाँ देखा पर्नुभएको खोजी गर्ने सबैका निम्ति राज्यको ढोका यसअघि नै खोलिसकिएको छ। प्रिय दाजुभाइ-दिदीबहिनीहरू, तिमीहरू के पर्खिदैछौ? तिमीहरूले खोजेको के हो? के तिमीहरू परमेश्‍वर देखा पर्नुहुने पर्खाइमा छौ? के तिमीहरू उहाँका पाइलाहरू खोजिरहेका छौ? परमेश्‍वरको देखा पराइलाई कसरी तृष्णा गर्ने! अनि परमेश्‍वरका पाइलाहरू भेट्टाउन कति गाह्रो छ! यस्तो युगमा, यस्तो संसारमा, परमेश्‍वर देखा पर्नुहुने दिनलाई देख्नको लागि हामीले के गर्नुपर्छ? परमेश्‍वरका पाइलाहरूसँगै हिँड्न हामीले के गर्नुपर्छ? परमेश्‍वर देखा पर्नुहुने पर्खाइमा रहेका सबै जनाले यस्तो प्रकारको प्रश्‍नहरूको सामना गरिरहेका हुन्छन्। तिमीहरू सबैले एकभन्दा धेरै समय ती कुराहरूको विचार गरेका छौ—तर परिणाम के भयो त? परमेश्‍वर कहाँ देखा पर्नुहुन्छ? परमेश्‍वरका पाइलाहरू कहाँ छन्? के तिमीहरूले यसको जवाफ पाएका छौ? धेरै मानिसहरूले यसरी जवाफ दिन सक्छन्: "उहाँलाई पछ्याउनेहरूका बीचमा परमेश्‍वर देखा पर्नुहुन्छ र उहाँका पाइलाहरू हामीमाझ छन्; यो त स्पष्ट छ!" जो कसैले पनि सूत्रगत उत्तर दिन सक्छ, तर के तिमीहरू परमेश्‍वर देखा पर्नु वा उहाँका पाइलाहरूको अर्थ के हो भनी बुझ्छौ? परमेश्‍वर देखा पर्नुले उहाँ आफै व्यक्तिगत रूपमा उपस्थित भई उहाँको काम गर्नको निम्ति पृथ्वीमा उहाँको आगमनलाई जनाउँछ। उहाँको आफ्नै पहिचान र स्वभावको साथमा, र उहाँको आफ्नै अन्तर्निहित शैलीमा, उहाँ मानिसहरूको बीचमा युगको सुरुवात गर्ने र युगको अन्त गर्ने काम गर्न ओर्ली आउनुहुन्छ। यस्तो प्रकारले देखा पर्नु चाहिँ कुनै एक प्रकारको समारोह होइन। यो कुनै चिन्ह, तस्वीर, अचम्मको काम वा कुनै किसिमको ठूलो दर्शन होइन; यो कुनै प्रकारको धार्मिक प्रक्रिया हुने त कुरै छौडौं। यो जो कसैले पनि छुन र हेर्न सक्ने वास्तविक र यथार्थ तथ्य हो। यस्तो प्रकारले देखा पर्नु चाहिँ झारा टार्नको लागि वा कुनै छोटो समयको उपक्रमको निम्ति होइन; बरु, यो त उहाँको व्यवस्थापन योजनाको कामको एउटा चरणको निम्ति हो। परमेश्‍वर देखा पर्नुहने घटना जहिले पनि अर्थपूर्ण हुन्छ र यसले सँधै उहाँको व्यवस्थापनको योजनासँग केही सम्बन्ध राख्छ। यहाँ भनिएको "देखा पर्नु" भन्ने शब्दावली "स्वरूप" शब्दभन्दा पूर्ण रूपले भिन्न छ जसमा परमेश्‍वरले मानिसलाई अगुवाई गर्नुहुन्छ, डोर्याउनुहुन्छ र ज्योति दिनुहुन्छ। प्रत्येक चोटि उहाँले आफैलाई प्रकट गर्नुहुँदा परमेश्‍वरले उहाँको महान कामको चरणलाई अघि बढाउनुहुन्छ। यो कार्य अरू कुनै युगको भन्दा भिन्न हुन्छ। यो मानिसको निम्ति अकल्पनीय छ र मानिसले कहिल्यै अनुभव गरेको छैन। यो काम नयाँ युगलाई सुरुवात गर्ने र पुरानो युगलाई अन्त्य गर्ने काम हो, र यो मानवजातिको मुक्तिको निम्ति नयाँ र सुदृढ रूपको काम हो; अझ भन्ने हो भने, यो मानवजातिलाई नयाँ

युगमा ल्याउने काम हो। परमेश्‍वर देखा पर्नुले यही कुरालाई जनाउँछ।

तिमीहरूले परमेश्‍वर देखा पर्नुको अर्थ के हो भन्‍ने बुझिसकेपछि, कसरी तिमीहरूले परमेश्‍वरका पाइलाहरूलाई खोज्नुपर्छ? यो प्रश्‍न व्याख्या गर्न गाह्रो छैन: जहाँ परमेश्‍वर देखा पर्नुहुन्छ, त्यहाँ तिमीहरूले उहाँका पाइलाहरूलाई भेट्टाउँनेछौ। यस्तो व्याख्या सरल सुनिन्छ, तर अभ्यासमा ल्याउन त्यति सहज छैन, किनकि धेरै मानिसहरूलाई परमेश्‍वर कहाँ देखा पर्नुहुन्छ भन्‍ने थाहा छैन, उहाँ कहाँ देखा पर्न चाहनुहुन्छ, कहाँ देखा पर्नुपर्ने हो भन्‍नेबारेमा थाहा हुने त कुरै छोडौं। केहीले आवेगका साथ विश्‍वास गर्छन् कि जहाँ पवित्र आत्माको काम हुन्छ, त्यहाँ परमेश्‍वर देखा पर्नुहुन्छ। अर्को रूपमा, तिनीहरू विश्‍वास गर्छन् कि जहाँ आत्मिक व्यक्तित्वहरू हुन्छन्, त्यहाँ परमेश्‍वर देखा पर्नुहुन्छ। त्यस्तै अर्को रूपमा, तिनीहरू विश्‍वास गर्छन् कि जहाँ उच्च प्रतिष्ठाका मानिसहरू हुन्छन्, त्यहाँ परमेश्‍वर देखा पर्नुहुन्छ। केही क्षणको लागि, यस्ता विश्‍वासहरू सही छन् कि गलत छन् भन्‍ने कुरालाई हामी एकातिर छोडौं। यस्तो प्रश्‍नको व्याख्या गर्न, हामीसँग पहिला स्पष्ट उद्‌देश्य हुनुपर्दछ: हामी परमेश्‍वरका पाइलाहरू खोजिरहेका छौं। हामी आत्मिक व्यक्तित्वहरूलाई खोजिरहेका छैनौं, चर्चित व्यक्तित्वहरूका पछि लाग्ने कुरा त परै जाओस्; हामी परमेश्‍वरका पाइलाहरूलाई पछ्याइरहेका छौं। यसकारण, हामीहरू परमेश्‍वरका पाइलाहरूलाई खोजिरहेका भएकाले, यसले हामीलाई परमेश्‍वरको इच्छा, परमेश्‍वरको वचन, उहाँको वाणी खोज्न बाध्य बनाउँछ—किनकि जहाँ परमेश्‍वरद्‌वारा बोलिएका नयाँ वचनहरू हुन्छन्, त्यहाँ परमेश्‍वरको आवाज हुन्छ, र जहाँ परमेश्‍वरका पाइलाहरू हुन्छन्, त्यहाँ परमेश्‍वरका कामहरू हुन्छन्। जहाँ-जहाँ परमेश्‍वरको अभिव्यक्ति हुन्छ, त्यहाँ-त्यहाँ परमेश्‍वर देखा पर्नुहुन्छ, र परमेश्‍वर जहाँ-जहाँ देखा पर्नुहुन्छ, त्यहाँ-त्यहाँ सत्यता, मार्ग, र जीवन अस्तित्वमा हुन्छ। परमेश्‍वरका पाइलाहरू खोज्दा, तिमीहरूले "परमेश्‍वर सत्यता, मार्ग र जीवन हुनुहुन्छ" भन्‍ने "वचनहरू" लाई बेवास्ता गरेका छौ। अनि त्यसकारण, धेरै मानिसहरूले सत्य ग्रहण गर्दा पनि, तिनीहरूले परमेश्‍वरका पाइलाहरू भेट्टाएका छन् भनी विश्‍वास गर्दैनन्, र तिनीहरूले परमेश्‍वर देखा पर्नुभएको कुरालाई स्वीकार गर्नु त परै जाओस्। कस्तो गम्भीर भुल! परमेश्‍वर देखा पर्नुहुने कुरा मानिसको धारणाहरूसँग मेल खान सक्दैन, परमेश्‍वर मानिसको आग्रहमा देखा पर्नुहुन्छ भन्‍ने कुरा त परै जाओस्। जब उहाँ आफ्नो काम गर्नुहुन्छ तब परमेश्‍वरले उहाँका आफ्नै छनोटहरू र उहाँका आफ्नै योजनाहरू बनाउनुहुन्छ; यसबाहेक, उहाँसँग उहाँका आफ्नै उद्‌देश्यहरू र उहाँका आफ्नै विधिहरू छन्। उहाँ जुनसुकै काम गर्नुहुँदा, उहाँले यसको बारेमा कुनै मानिससँग छलफल गर्नु वा उसको सल्लाह माग्नु आवश्यक छैन, प्रत्येक र हरेक व्यक्तिलाई उहाँको कामको बारेमा सूचित गर्ने कुरा त परै जाओस्। यो परमेश्‍वरको स्वभाव हो, जसलाई अझ भन्‍ने हो भने सबैले पहिचान गर्नुपर्छ। यदि तिमीहरू परमेश्‍वर देखा पर्नुहुने घटनालाई देख्न, परमेश्‍वरका पाइलाहरूलाई पछ्याउन चाहन्छौ भने, सर्वप्रथम तिमीहरू आफ्नो धारणाहरूबाट टाढा जानुपर्छ। तिमीहरूले परमेश्‍वरलाई यो वा त्यो गर्नू भनी माग गर्नुहुँदैन, उहाँलाई तिमीहरूले आफ्नै सीमित स्थानमा राख्न र तिमीहरूका आफ्नै धारणाहरूमा उहाँलाई सीमित गर्न हुने कुरा त परै जाओस्। त्यसको सट्टा, तिमीहरूले परमेश्‍वरका पाइलाहरूलाई कसरी खोज्नुपर्छ, कसरी परमेश्‍वर देखा पर्नुहुने कुरालाई स्वीकार्नुपर्छ, र कसरी परमेश्‍वरको नयाँ काममा समर्पण गर्नुपर्छ आफूले आफैलाई सोध्नुपर्छ:

मानिसले गर्नुपर्ने यही हो। मानिस सत्यता होइन, र ऊसँग सत्यता छैन, त्यसैले उसले खोजी गर्नुपर्छ, स्वीकार गर्नुपर्छ, र आज्ञा पालन गर्नुपर्छ।

तिमीहरू अमेरिकी, बेलायती वा जुनसुकै राष्ट्रको भए तापनि, तिमीहरूले आफू स्वयम्‌भन्दा माथि उठेर, तिमीहरूको आफ्नै राष्ट्रियताको सीमाभन्दा बाहिर आफ्नो पाइला चाली परमेश्‍वरको कामलाई सृष्टि गरिएको प्राणीको परिप्रेक्ष्यबाट हेर्नुपर्छ। यो तरिकाले, तिमीहरूले परमेश्‍वरका पाइलाहरूमा सीमितता ल्याउनेछैनौ। यस्तो हुन्छ किनभने आजकल धेरै मानिसहरूले परमेश्‍वर कुनै विशेष राष्ट्र वा निश्‍चित मानिसहरूका बीचमा देखा पर्नु असम्भव छ भनी मान्छन्। परमेश्‍वरको कामको महत्त्व कति गहन छ, र परमेश्‍वर देखा पर्नु कति महत्त्वपूर्ण छ! कसरी मानिसका धारणाहरू र विचारले यसको मापन गर्न सम्भव छ र? त्यसैले म भन्छु, परमेश्‍वर देखा पर्नुभएको खोजी गर्नको निम्ति तिमीहरूले राष्ट्रियता र जातीयताका धारणाहरूलाई तोड्नुपर्छ। त्यसपछि मात्रै तिमीहरू आफ्नै धारणाहरूको वशमा हुनेछैनौ; त्यसपछि मात्रै तिमीहरू परमेश्‍वरको देखा पराइलाई स्वागत गर्न योग्य हुनेछौ। अन्यथा, तिमीहरू अनन्त अन्धकारमा रहनेछौ, र तिमीहरूले कहिल्यै पनि परमेश्‍वरबाट स्वीकृति प्राप्त गर्नेछैनौ।

परमेश्‍वर सबै मानवजातिको परमेश्‍वर हुनुहुन्छ। उहाँले आफूलाई उहाँ कुनै राष्ट्र वा मानिसहरूको व्यक्तिगत सम्पत्ति मान्नुहुन्‍न, बरु उहाँ त कुनै पनि स्वरूप, राष्ट्र वा मानिसहरूमा सीमित नभई उहाँले योजना गर्नुभएअनुसार उहाँको काम गर्दै जानुहुन्छ। सायद तैँले यो स्वरूपलाई कहिल्यै कल्पना गरेको छैनस्, वा सायद यस प्रकारका स्वरूपप्रति तेरो यो अस्वीकृतिको मनोवृत्ति हुन सक्छ, वा सायद परमेश्‍वरले जुन राष्ट्रमा आफैलाई प्रकट गर्नुहुन्छ र जुन मानिसहरूमाझ आफैलाई प्रकट गर्नुहुन्छ तिनीहरू सबैद्वारा भेदभाव भएकाहरू र पृथ्वीमा सबैभन्दा पछि परेकाहरू हुन्छन्। अझै पनि परमेश्‍वरसँग उहाँको बुद्धि छ। उहाँको महान शक्तिको साथमा र उहाँको सत्यता अनि उहाँको स्वभावद्वारा, उहाँले साँच्चै उहाँको जस्तै मन भएका मानिसहरूको समूहलाई प्राप्त गर्नुभएको छ, र उहाँले पूर्ण बनाउने कामना गर्नुभएको मानिसहरूको समूहलाई प्राप्त गर्नुभएको छ—यो उहाँले जित्नुभएको त्यो समूह हो जसले सबै प्रकारका परीक्षाहरू र कष्टहरू र सबै प्रकारका सतावटहरूलाई सहेर अन्त्यसम्म नै उहाँलाई पछ्याउन सक्छ। कुनै पनि स्वरूप वा जातिमा सीमित नरहेको परमेश्‍वर देखा पराइको उद्देश्य भनेको, उहाँले योजना गर्नुभएको कामलाई पूरा गर्न उहाँलाई सक्षम पार्नु हो। यो चाहिँ परमेश्‍वर यहूदियामा देहधारी हुनुभएको जस्तो हो: उहाँको उद्देश्य सम्पूर्ण मानवजातिको उद्धार गर्न क्रूसीकरणको काम पूर्ण गर्नु थियो। तैपनि यहूदीहरूले परमेश्‍वरको निम्ति यो असम्भव थियो भनेर विश्‍वास गर्थे, र तिनीहरूले परमेश्‍वरलाई देहधारी हुन र प्रभु येशू ख्रीष्टको स्वरूप धारण गर्न असम्भव छ भन्‍ने ठाने। तिनीहरूको "असम्भव" विचार नै तिनीहरूले परमेश्‍वरलाई दोष दिने र विरोध गर्ने आधार बन्यो, र अन्ततः यसले इस्राएललाई विनाशतर्फ डोर्‍यायो। आज पनि धेरै मानिसहरूले त्यस्तै प्रकारका गल्तीहरू गरेका छन्। तिनीहरूले आफ्नो सारा शक्तिले परमेश्‍वर तुरुन्तै देखा पर्नुहुने घटनाको घोषणा गर्छन्, तैपनि फेरि उही समयमा परमेश्‍वर देखा पर्नुहुने कुराको निन्दा गर्छन्; तिनीहरूको "असम्भव" विचारले फेरि एकचोटि परमेश्‍वर देखा पर्नुहुने कुरालाई तिनीहरूको कल्पनाका सीमितताहरूमा बन्द गरी राख्छ। अनि त्यसैले धेरै

मानिसहरूलाई मैले परमेश्‍वरको वचनको कुरा आउँदा जङ्गली र कठोर हाँसो छुटेको देखेको छु। तर के यो हाँसो यहूदीहरूको दोषारोपण र ईश्‍वरनिन्दा भन्दा फरक छ र? तिमीहरू सत्यताको उपस्थितिमा आदरयुक्त छैनौं, तिमीहरूमा तृष्णाको मनोवृत्ति हुने कुरा त परै जाओस्। तिमीहरूले गर्ने सबै कुरा भनेको अन्धाधुन्ध अध्ययन गर्नु र कुनै चासोबिनै पर्खि बस्नु हो। यसरी अध्ययन गरी पर्खी बसेर तिमीहरूले के प्राप्त गर्छौ? के तिमीहरूले परमेश्‍वरबाट व्यक्तिगत मार्गदर्शन पाउँछौ भन्‍ने लाग्छ? यदि तँले परमेश्‍वरको वाणीलाई छुट्ट्याउन सक्दैनस् भने, कुन तरिकामा तँ परमेश्‍वर देखा पर्नुहुने घटनाको साक्षी बन्‍न योग्य हुन्छस्? जहाँ परमेश्‍वर देखा पर्नुहुन्छ, त्यहाँ सत्यता व्यक्त हुन्छ, र त्यहाँ परमेश्‍वरको आवाज हुनेछ। केवल सत्यतालाई स्वीकार गर्नेले मात्रै परमेश्‍वरको आवाजलाई सुन्‍न सक्नेछ, र यस्ता मानिसहरू मात्रै परमेश्‍वर देखा पर्नुहुने घटनालाई देख्नको लागि योग्य हुनेछ। तेरा धारणालाई छोडिदे! आफैलाई शान्त पार् र यी शब्दहरूलाई होसियारीसाथ पढ्। यदि तँ सत्यको तृष्णा गर्छस् भने, परमेश्‍वरले तँलाई ज्योति दिनुहुनेछ र तैँले उहाँका वचनहरू र इच्छा बुझ्नेछस्। तिमीहरूको “असम्भव” भन्‍ने विचारलाई छोडिदेओ! मानिसहरूले जति धेरै कुनै कुरा असम्भव छ भन्‍ने विश्‍वास गर्छन्, त्यति नै धेरै त्यस्तै हुने सम्भावना हुन्छ, किनभने परमेश्‍वरको बुद्धि स्वर्गहरूभन्दा उच्च छ, परमेश्‍वरका विचारहरू मानिसको विचारहरूभन्दा उच्च छन्, र परमेश्‍वरको कामले मानिसका सोचाइ र धारणाका सीमाहरूलाई नाघ्छ। कुनै कुरा जति धेरै असम्भव हुन्छ, त्यसमा त्यति नै धेरै खोज्‍न सकिने सत्यता हुन्छ; कुनै कुरा मानिसको धारणाहरू र कल्पनाभन्दा जति धेरै बाहिर हुन्छ, त्यसमा त्यति नै धेरै परमेश्‍वरको इच्छा हुन्छ। यस्तो हुन्छ किनभने उहाँले आफूलाई जहाँ प्रकट गर्नुभए पनि परमेश्‍वर परमेश्‍वर नै हुनुहुन्छ, र उहाँ देखा पर्नुहुने शैली र स्थानले उहाँको सारतत्व परिवर्तन हुनेछैन। उहाँका पाइलाहरू जहाँ भए तापनि परमेश्‍वरको स्वभाव उही रहन्छ, र उहाँका पाइलाहरू जहाँ भए तापनि, उहाँ सबै मानवजातिको परमेश्‍वर हुनुहुन्छ, त्यसरी नै जसरी प्रभु येशू इस्राएलीहरूका मात्रै परमेश्‍वर नभई सबै एसिया, युरोप र अमेरिकाका मानिसहरूका परमेश्‍वर हुनुहुन्छ र त्यो भन्दा पनि बढी, उहाँ सारा ब्रम्हाण्डका एकमात्र परमेश्‍वर हुनुहुन्छ। त्यसैले, हामी परमेश्‍वरको इच्छाको खोजी गरौं र उहाँका वाणीहरूमा उहाँ देखा पर्नुहुने कुरा पत्ता लगाऔं, र उहाँका पाइलाहरूसँग कदममा कदम मिलाऔं! परमेश्‍वर नै सत्य, मार्ग र जीवन हुनुहुन्छ। उहाँका वचनहरू र उहाँ देखा पर्नुहुने कुरा एकैसाथ अस्तित्वमा रहन्छन्, र उहाँको स्वभाव अनि पाइलाहरू सबै मानवजातिको लागि सधैं खुल्ला छन्। प्रिय दाजुभाइ-दिदीबहिनीहरू, म आशा गर्छु कि तिमीहरूले यी वचनहरूमा परमेश्‍वर देखा पर्नुभएको हेर्न सक्नेछौ, तिमीहरूले नयाँ युगमा पाइला राखी अघि बढ्दै गर्दा उहाँका पाइलाहरू पछ्याउन थाल्न सक्नेछौ, र उहाँ देखा पर्नुभएको पर्खाइमा रहेकाहरूको लागि परमेश्‍वरले तयार गर्नुभएको सुन्दर नयाँ स्वर्ग र पृथ्वीमा प्रवेश गर्न सक्नेछौ।

# परमेश्वरले सबै मानवजातिको नियतिमाथि नेतृत्व गर्नुहुन्छ

मानवजातिका सदस्यहरू र समर्पित इसाईहरूका रूपमा, परमेश्वरको आदेशलाई पूरा गर्नका निम्ति हाम्रा मन र शरीरलाई बलिदानको रूपमा चढाउने हामी सबैको जिम्मेवारी र दायित्व हो, किनकि हाम्रो सम्पूर्ण अस्तित्व परमेश्वरबाट आएको हो, र परमेश्वरको सार्वभौमिकताको कारण यो अस्तित्वमा रहेको छ। यदि हाम्रा शरीर र मन परमेश्वरको आदेश र मानवजातिको धार्मिक अभियानका निम्ति होइनन् भने, परमेश्वरको आदेशको निम्ति शहीद भएकाहरूका निम्ति हाम्रा आत्मा अयोग्य हुनेछन्, र हाम्रा लागि सबै थोक जुटाउनुहुने परमेश्वरका निम्ति त झन् अयोग्य हुनेछन्।

परमेश्वरले यस संसारलाई सृष्टि गर्नुभयो, उहाँले यस मानवजातिलाई सृष्टि गर्नुभयो, साथै उहाँ प्राचीन ग्रीक संस्कृति र मानव सभ्यताका योजनाकार हुनुहुन्थ्यो। परमेश्वरले मात्र यस मानवजातिलाई सान्त्वना दिनुहुन्छ, र परमेश्वरले मात्र यस मानवजातिलाई रात र दिन हेरचाह गर्नुहुन्छ। मानव विकास र प्रगति परमेश्वरको सार्वभौमिकताबाट अविभाज्य छन्, र मानवजातिको इतिहास र भविष्य परमेश्वरका योजनाहरूबाट अलग छैनन्। यदि तँ साँचो इसाई होस् भने, कुनै पनि देश वा राज्यको उदय र पतन परमेश्वरको योजनाअनुसार हुन्छ भनी तैँले अवश्य पनि विश्वास गर्छस्। कुनै देश वा राज्यको नियति परमेश्वरलाई मात्र थाहा छ, अनि परमेश्वरले मात्र यस मानवजातिको गति-पथलाई नियन्त्रण गर्नुहुन्छ। यदि मानवजातिले असल नियति भएको चाहना गर्छ भने, यदि कुनै देशले असल नियति चाहन्छ भने, मानवजातिले परमेश्वरको आराधना गर्न घुँडा टेक्नुपर्छ, परमेश्वरका सामु पश्चाताप गर्नुपर्छ र स्वीकार गर्नुपर्छ, अन्यथा मानवको नियति र गन्तव्य भनेको रोक्नै नसकिने विनाश हुनेछ।

नोआले जहाज बनाएको समयलाई हेरौं: मानवजाति गहन रूपमा भ्रष्ट बनेको थियो, मानिसहरू परमेश्वरको आशिष्बाट तर्केका थिए, तिनीहरूलाई परमेश्वरले वास्ता गर्न छोड्नुभएको थियो, र तिनीहरूले परमेश्वरका प्रतिज्ञाहरू गुमाएका थिए। तिनीहरू परमेश्वरको ज्योतिविना नै अँध्यारोमा जिउँथे। तिनीहरू प्रकृतिले नै कामुक बनेका थिए र तिनीहरूले घृणित अनैतिकतामा आफैलाई सुम्पेका थिए। यस्ता मानिसहरूले परमेश्वरको प्रतिज्ञालाई पाउन सकेनन्; तिनीहरू परमेश्वरको मुहारको साक्षी हुन वा परमेश्वरको आवाज सुन्न अयोग्य थिए, किनकि तिनीहरूले परमेश्वरलाई त्यागेका थिए, परमेश्वरले तिनीहरूलाई दिनुभएका सबै थोकहरूलाई पन्छाएका थिए, र परमेश्वरका शिक्षाहरूलाई बिर्सेका थिए। तिनीहरूका हृदय परमेश्वरबाट टाढा-टाढा भौँतारिए, यसो भएपछि, तिनीहरूमा सबै तर्कको कमी भयो र तिनीहरू मानवता बाहिर पुगेर भ्रष्ट बने र झन्-झन् दुष्ट बने। तब तिनीहरू मृत्युको अति नजिक हिँडे र परमेश्वरको क्रोध र दण्डमा परे। नोआले मात्र परमेश्वरको आराधना गरे र दुष्टतालाई घृणा गरे, यसरी उनले परमेश्वरको आवाज सुन्न सके र उहाँका आज्ञाहरू सुने। परमेश्वरको वचनका आज्ञाहरू अनुसार उनले जहाज निर्माण गरे, र सबै किसिमका जीवित प्राणीहरूलाई त्यहाँ जम्मा गरे। अनि यसरी, सबै थोक तयार भइसकेपछि, परमेश्वरले संसारमाथि आफ्नो विनाश ल्याउनुभयो। नोआ र उनको परिवारका अरू

सात जना सदस्यहरू मात्र त्यस विनाशबाट बचे, किनकि नोआले यहोवालाई आराधना गरे र दुष्टतालाई घृणा गरे।

अब वर्तमान युगलाई हेर्नुहोस्: परमेश्‍वरलाई आराधना गर्ने र दुष्टतालाई त्याग्ने नोआजस्ता धर्मी मानिसहरू अस्तित्वमा छैनन्। तैपनि परमेश्‍वर यस मानवजातिप्रति अझै दयालु हुनुहुन्छ र यस अन्तिम युगको अवधिमा अझै तिनीहरूलाई क्षमा दिनुहुन्छ। परमेश्‍वरले उहाँ देखा पर्ने दिनको चाहना राख्नेहरूलाई खोज्नुहुन्छ। उहाँका वचनहरू सुन्‍न सक्नेहरू, उहाँका आदेशलाई नबिर्सेकाहरू र आफ्ना हृदय र शरीर उहाँलाई अर्पण गर्नेहरूलाई उहाँले खोज्नुहुन्छ। उहाँको सामुन्ने बालकजस्तै आज्ञाकारी भएकाहरू र उहाँको विरोध नगर्नेहरूलाई उहाँले खोज्नुहुन्छ। यदि तैँले आफैलाई परमेश्‍वरमा समर्पित गरिस्, कुनै शक्ति वा दबाबद्वारा रोकिएनस् भने, परमेश्‍वरले तँमाथि दया देखाउनुहुनेछ र तँमाथि आशिष खन्याउनुहुनेछ। यदि तँ उच्च स्थान, सम्माननीय प्रतिष्ठामा छस्, प्रशस्त ज्ञानका स्रोत, प्रशस्त सम्पत्तिका मालिक होस्, धेरै मानिसहरूले तँलाई समर्थन गर्छन्, तर पनि उहाँको बोलावट र उहाँको आज्ञालाई स्वीकार गर्न र तँबाट परमेश्‍वरले माग्नुभएका कार्यहरू गर्नका लागि परमेश्‍वरका सामु आउन यी कुनै पनि कुराहरूले तँलाई रोकेनन् भने, तैँले गरेका सबै कुराहरू यस पृथ्वीमा अति अर्थपूर्ण अभियान र मानवजातिका निम्ति अति धार्मिक कार्य हुनेछन्। यदि तैँले ओहोदा र तेरा आफ्ना लक्ष्यहरूका खातिर परमेश्‍वरको बोलावटलाई अस्वीकार गरिस् भने, तैँले गरेका सबै कुराहरू श्रापित हुनेछन् र परमेश्‍वरद्वारा ती निन्दित हुनेछन्। सायद, तँ राष्ट्रपति, वैज्ञानिक, पाष्टर, वा एल्डर होस्, तर यदि तँ आफ्ना काम-कारबाहीहरूमा आफ्ना ज्ञान र क्षमतामा भर पर्छस् भने, तँ जति नै उच्च ओहोदामा भए पनि, तँ जहिले पनि असफल हुनेछस् र परमेश्‍वरका आशिषहरूबाट सधैँ वञ्चित हुनेछस्, किनकि तैँले गरेको कुनै पनि कुरालाई परमेश्‍वरले स्वीकार गर्नुहुन्‍न, र तैँले गरेको कार्य धार्मिक हो भनी उहाँले मान्‍नुहुन्‍न वा तैँले मानवजातिका फाइदाका लागि केही कार्य गरेको छस् भनी स्वीकार गर्नुहुन्‍न। तैँले गरेका सबै कामले मानवजातिलाई परमेश्‍वरको सुरक्षाबाट वञ्चित गर्ने र परमेश्‍वरका आशिषहरूलाई अस्वीकार गर्ने गरी तैँले मानवजातिका ज्ञान र बललाई प्रयोग गरिस् भने उहाँले तँलाई भन्‍नुहुनेछ। तैँले मानवजातिलाई अँध्यारोतिर, मृत्युतिर र मानवले परमेश्‍वर र उहाँका आशिषलाई गुमाएका असीमित अस्तित्वको सुरुआततिर लैजान्छस् भनी उहाँले तँलाई भन्‍नुहुनेछ।

मानवजातिले सामाजिक विज्ञानहरूलाई स्थापित गरेदेखि मानवको मनचाहिँ विज्ञान र ज्ञानद्वारा भरिएको छ। मानवजातिलाई शासन गर्नका लागि विज्ञान र ज्ञान औजार बनेका छन्, र परमेश्‍वरलाई आराधना गर्न मानवका निम्ति पर्याप्त स्थान छैन, र परमेश्‍वरको आराधना गर्नका लागि उपयुक्त परिस्थिति पनि छैन। मानवको हृदयमा परमेश्‍वरको स्थान अझै तल भासिएको छ। मानवको हृदयमा परमेश्‍वर नहुनुभएको हुनाले उसको भित्री संसार अँध्यारो, आशा विहीन, र खाली भएको छ। यसरी नै परमेश्‍वरले मानवलाई सृष्टि गर्नुभयो भन्‍ने सत्यताको विरोध गर्न, मानवजातिको हृदय र मनलाई सामाजिक विज्ञानका सिद्धान्तहरू, मानव विकासवादको सिद्धान्त, र अन्य सिद्धान्तहरूले भर्न धेरै सामाजिक वैज्ञानिकहरू, इतिहासकारहरू, र राजनीतिज्ञहरू अगाडि आएका छन्। अनि यस तरिकाले, परमेश्‍वरले सबै थोक सृष्टि गर्नुभयो भनी विश्‍वास गर्नेहरू

पहिलेभन्दा नै थोरै भएका छन्, र विकासवादको सिद्धान्तमा विश्‍वास गर्नेहरू संख्यामा पहिलेभन्दा धेरै भएका छन्। पुरानो करारीय युगमा भएका परमेश्‍वरका काम र उहाँका वचनहरूका विवरणहरूलाई धेरै मानिसहरूले दन्त्यकथा र पौराणिक कथाका रूपमा लिएका छन्। परमेश्‍वरको गरिमा र महानता, परमेश्‍वर अस्तित्वमा हुनुहुन्छ र सबै थोकमाथि उहाँको प्रभुत्व छ भन्ने सिद्धान्तमा मानिसहरू आफ्ना हृदयमा उदासीन बन्छन्। मानवजातिको अस्तित्व र देशहरू र राज्यहरूका नियति तिनीहरूका लागि महत्वपूर्ण रहँदैनन्, र मानव केवल खाने, पिउने, र सुखको खोजीमा मात्र सरोकार राखी खोक्रो संसारमा बस्छ। ... आज परमेश्‍वरले आफ्नो काम कहाँ गर्नुहुन्छ भनी केही मानिसहरूले मात्र खोज्छन् वा मानवको गन्तव्यमा उहाँले कसरी नेतृत्व दिनुहुन्छ र प्रबन्ध मिलाउनुहुन्छ भनी खोजेका हुन्छन्। अनि यसरी, मानवलाई थाहा नै नभई मानव सभ्यता मानवका चाहनालाई काट्न थोरै सक्षम हुन्छ, अनि यस किसिमको संसारमा जिउँदा त, पहिले नै बितेर गइसकेकाहरूभन्दा पनि कम खुशी छौं भन्ने अनुभूति गर्ने मानिसहरू समेत धेरै छन्। उच्च सभ्यता प्राप्त गरेका देशहरूका मानिसहरूले पनि यस किसिमका गुनासोहरू पोख्छन्। किनभने परमेश्‍वरको मार्गदर्शन विना शासकहरू र समाजशास्त्रीहरूले मानव सभ्यतालाई बचाउन तिनीहरूका दिमागहरूलाई जति नै तन्काए पनि यसले कुनै फाइदा गर्दैन। मानवको हृदयमा भएको खालीपनलाई कसैले पनि भर्न सक्दैन, किनकि कोही पनि मानवको जीवन हुन सक्दैन, र कुनै पनि सामाजिक सिद्धान्तले मानवलाई ऊ पीडित भएको खालीपनबाट स्वतन्त्र पार्न सक्दैन। विज्ञान, ज्ञान, स्वतन्त्रता, प्रजातन्त्र, फुर्सत, सान्त्वना: यिनीहरूले मानवलाई केवल अस्थायी सान्त्वना मात्र दिन्छन्। यी कुराहरू हुँदा पनि मानवले पक्कै पाप गर्नेछ र समाजका अन्यायहरूमा पछुतो गर्नेछ। यी कुराहरूले अन्वेषण गर्न मानवका लालसा र इच्छालाई रोक्न सक्दैनन्। यो हुनुको कारणचाहिँ मानवलाई परमेश्‍वरले बनाउनुभयो र अर्थहीन बलिदानहरू र मानवका अन्वेषणहरूले उसलाई अझै कष्टमा मात्र लैजान सक्छ र मानवलाई लगातार डरको अवस्थामा मात्र राख्छ, मानवजातिको भविष्यलाई कसरी सामना गर्ने वा अगाडि रहेको मार्गलाई कसरी सामना गर्ने भन्ने उसलाई थाहा हुँदैन। मानव विज्ञान र ज्ञानसँग पनि डराउनेछ, र खालीपनको अनुभूतिमा पनि ऊ अझ डराउनेछ। यस संसारमा, तँ स्वतन्त्र देशमा होस् वा मानवअधिकार नभएको देशमा होस्, जहाँ बसे पनि मानवजातिको भवितव्यबाट बच्न तँ पूर्ण असक्षम छस्। तँ शासक वा शासित जो भए पनि, मानवजातिका नियति, रहस्यहरू, र गन्तव्य अन्वेषण गर्ने तेरो इच्छाबाट बच्न पूर्ण रूपमा असक्षम छस्, खालीपनको चिन्ताको चेतनाबाट बच्न त अझै बढी असक्षम छस्। सबै मानवजातिका लागि सामान्य भएका यस्ता घटनाहरूलाई समाजशास्त्रीहरूले सामाजिक घटनाहरू भन्छन्, तर पनि यस्ता समस्याहरू समाधान गर्नका लागि कुनै पनि महामानव अगाडि आएको छैन। जेसुकै भए तापनि, मानव भनेको मानव नै हो, अनि परमेश्‍वरको स्थान र जीवनलाई कुनै पनि मानिसले प्रतिस्थापन गर्न सक्दैन। मानवजातिलाई निष्पक्ष समाजले मात्र पुग्दैन जहाँ प्रत्येकलाई राम्रोसँग खुवाइन्छ, र ऊ समान र स्वतन्त्र हुन्छ; मानवजातिका लागि आवश्यक परेको कुराचाहिँ परमेश्‍वरको मुक्ति र तिनीहरूलाई उहाँको जीवनको बन्दोबस्त हो। मानवले परमेश्‍वरको जीवनको बन्दोबस्त र उहाँको मुक्ति प्राप्त गरेपछि मात्र अन्वेषण गर्ने इच्छा, र मानवको आत्मिक खालीपनको समाधान हुन्छ।

यदि एक देश वा राज्यका मानिसहरूले मुक्ति र परमेश्वरको हेरचाह पाउन सकेनन् भने, तब यस्तो देश वा राज्य विनाशको बाटोमा अन्धकारतर्फ अघि बढ्नेछ, र परमेश्वरले त्यसलाई विनाश गर्नुहुनेछ।

सायद, तेरो देश अहिले समृद्ध होला, तर यदि तैँले आफ्ना मानिसहरूलाई परमेश्वरबाट तर्केर जान दिइस् भने, तेरो देशले आफूलाई परमेश्वरको आशिष्बाट अझै वञ्चित भएको पाउनेछ। तेरो देशको सभ्यतालाई अझै पैतालोले कुल्चिइनेछ, र छोटो समयभित्रै मानिसहरू परमेश्वरका विरुद्धमा उठ्नेछन् र स्वर्गलाई सराप्नेछन्। अनि यसरी, मानवले नजानिकन नै देशको भविष्य विनाश हुनेछ। परमेश्वरले श्राप दिनुभएका ती देशहरूसँग निराकरण गर्नका लागि परमेश्वरले शक्तिशाली देशहरूलाई उठाउनुहुनेछ, र उहाँले तिनीहरूलाई पृथ्वीबाट हटाइदिनुहुनेछ। कुनै देश वा राज्यको उत्थान र पतन त्यहाँका शासकहरूले आफ्ना मानिसहरूलाई परमेश्वरका नजिक हुन र उहाँलाई आराधना गर्न अगुवाइ गरेका छन् वा छैनन् भन्ने आधारमा पक्का गरिनेछ। तैपनि, यस अन्तिम युगमा परमेश्वरलाई साँचो रूपमा खोज्ने र आराधना गर्नेहरू अति नै सीमित भएका हुनाले इसाई विश्वासलाई राष्ट्रिय विश्वास वा धर्मका रूपमा स्वीकार गर्ने देशहरूमाथि परमेश्वरले विशेष दया देखाउनुभएको छ। उहाँले ती देशहरूलाई धार्मिक समूह बनाउन एकसाथ जम्मा गर्नुहुन्छ, जब कि नास्तिक देशहरू र साँचो परमेश्वरलाई आराधना नगर्नेहरू धार्मिक समूहका विरोधी बन्छन्। यसरी, आफ्नो काम गर्नका लागि मानवजातिका बीचमा परमेश्वरको स्थान मात्र नभएको होइन, तर उहाँको विरोध गर्ने देशहरूमाथि अधिकार गर्दा र प्रतिबन्ध लगाउँदा, धार्मिक अख्तियार व्यवहारमा लगाउने देशहरूलाई फाइदा पुग्नेछ। तैपनि यो सबै हुँदाहुँदै पनि परमेश्वरलाई आराधना गर्न अझै पनि मानिसहरू अगाडि आउँदैनन्, किनकि मानव उहाँबाट अति नै टाढा भइसकेको छ, र मानवले लामो समयदेखि परमेश्वरलाई बिर्सिसकेको छ। धार्मिकतालाई अभ्यास गर्ने र अधर्मलाई विरोध गर्ने देशहरू मात्र पृथ्वीमा रहन्छन्। तर यो परमेश्वरको चाहनाभन्दा धेरै नै टाढा छ, किनकि कुनै पनि देशका शासकहरूले तिनीहरूका मानिसहरूलाई परमेश्वरभन्दा माथि राख्न चाहँदैनन्, अनि कुनै पनि राजनीतिक दलले परमेश्वरलाई आराधना गर्नका लागि आफ्ना मानिसहरूलाई एकसाथ जम्मा गर्नेछैन; हरेक देश, राज्य, सत्तामा भएको दलको हृदयमा, र हरेक व्यक्तिको हृदयमा पनि परमेश्वरले आफ्नो सही स्थान गुमाउनुभएको छ। धार्मिक शक्तिहरू यस संसारमा रहे तापनि परमेश्वरले मानवको हृदयमा पाउनुपर्ने शासनको स्थान कमजोर भएको छ। परमेश्वरका आशिष विना, राजनीतिक क्षेत्र अलमलमा पर्नेछ र आक्रमणको जोखिममा पर्नेछ। मानवजातिका निम्ति परमेश्वरका आशिष् विना रहनु चाहिँ सूर्यविना रहनु जस्तै हो। आफ्ना मानिसहरूका निम्ति शासकहरूले जति नै परिश्रमका साथ काम गरे पनि मानवजातिले एकसाथ जति नै धेरै धार्मिक सम्मेलनहरू गरे पनि यी कुनै पनि कुराले घटनाको गति-पथलाई परिवर्तन गर्नेछैन वा मानवजातिको नियतिलाई बदल्नेछैन। मानिसहरूले खान पाएका र लुगा लगाउन पाएका, तिनीहरू एकसाथ शान्तिले बसेका, असल नेतृत्व भएको देशचाँहि असल देश हो भनी मानवले विश्वास गर्छ। तर परमेश्वरले यस्तो विचार गर्नुहुन्न। उहाँलाई कसैले पनि आराधना नगर्ने देशलाई उहाँले नै विनाश गर्नुहुनेछ भनी उहाँ विश्वास

गर्नुहुन्छ। मानवको विचार गर्ने तरिका परमेश्वरको भन्दा अति नै अनौठो छ। यसैले, यदि कुनै देशको प्रमुखले परमेश्वरलाई आराधना गर्दैन भने, तब त्यस देशको नियति दुःखद हुनेछ, अनि त्यस देशको कुनै गन्तव्य हुनेछैन।

परमेश्वर मानवका राजनीतिमा सहभागी हुनुहुन्न, र पनि कुनै देश वा राज्यको नियति परमेश्वरले नियन्त्रण गर्नुहुन्छ। परमेश्वरले यो संसार र सारा विश्वलाई नियन्त्रण गर्नुहुन्छ। मानवको नियति र परमेश्वरको योजना घनिष्ठ रूपमा जोडिएका छन्, कुनै पनि मानव, देश वा राज्य परमेश्वरको सार्वभौमिकताबाट छुटेको छैन। यदि मानवले आफ्नो नियति जान्न चाहन्छ भने, ऊ परमेश्वरका सामु आउनैपर्छ। परमेश्वरलाई पछ्याउने र आराधना गर्नेहरूलाई उहाँले समृद्ध पार्नुहुनेछ र उहाँलाई अस्वीकार गर्ने र विरोध गर्नेहरूलाई उहाँले अस्वीकार र विनाश गर्नुहुन्छ।

बाइबलमा उल्लेख सदोममाथि परमेश्वरले विनाश ल्याउनुहुँदाको दृश्यलाई स्मरण गर र लोतकी पत्नी कसरी नुनको खम्बा बनिन् सो पनि विचार गर। निनवेका मानिसहरूले कसरी भाङ्ग्रा र खरानी लगाएर आफ्ना पापहरूबाट पश्चाताप गरे र २,००० वर्ष पहिले यहूदीहरूले येशूलाई क्रूसमा कीला ठोके पश्चात् के भयो सो कुरालाई स्मरण गर। यहूदीहरूलाई इस्राएलबाट निकालियो र तिनीहरू संसार वरिपरिका देशहरूमा भागे। धेरै जनालाई मारियो, र पूरै यहूदी राज्य अभूतपूर्व रूपमा विनाशमा पर्‍यो। तिनीहरूले परमेश्वरलाई क्रूसमा कीला ठोकेका थिए—तिनीहरूले जघन्य पाप गरे—र परमेश्वरको स्वभावलाई रीस उठाए। तिनीहरूले गरेका कामका लागि तिनीहरूले मूल्य तिर्नुपर्‍यो र तिनीहरूलाई आफ्ना कामहरूका सबै नतिजाहरू भोग्न लगाइयो। तिनीहरूले परमेश्वरको निन्दा गरे, परमेश्वरलाई अस्वीकार गरे, यसरी तिनीहरूको एउटा मात्र भविष्य थियो: परमेश्वरद्वारा दण्ड पाउनु। यो तिनीहरूका देश र राज्यमाथि तिनीहरूका शासकहरूले ल्याएका तीता नतिजाहरू र प्रकोप थिए।

आज, परमेश्वर आफ्नो काम गर्नका लागि संसारमा फर्कनुभएको छ। उहाँले पहिलो चरणमा अधिनायकवादी शासकहरूका भव्य सभालाई रोक्नुभयो: नास्तिवादको कडा गढ, चीनलाई। परमेश्वरले आफ्नो बुद्धि र शक्तिद्वारा मानिसहरूको एक समूह प्राप्त गर्नुभएको छ। यस समयावधिमा, उहाँलाई चीनको सत्ताधारी दलले हरेक तरिकाले खेदो गरेर र ठूलो कष्ट दियो, त्यसैले आश्रय भेट्टाउन नसकेर उहाँको शिर राख्ने ठाउँ पनि छैन। यस्तो कुरा हुँदाहुँदै पनि परमेश्वरले गर्न मनसाय राख्नुभएको काम उहाँले अझै निरन्तर गर्नुहुन्छ: उहाँले आफ्नो सोर निकाल्नुहुन्छ, र सुसमाचार फैलाउनुहुन्छ। परमेश्वरको सर्वशक्तिमान्तालाई कसैले पनि बुझ्न सक्दैन। परमेश्वरलाई आफ्नो शत्रु ठान्ने देश, चीनमा परमेश्वरले आफ्नो काम कहिल्यै रोक्नुभएको छैन। त्यसको सट्टा, धेरै मानिसहरूले उहाँको काम र वचनलाई स्वीकार गरेका छन्, किनकि परमेश्वरले जतिसक्दो मानवजातिको प्रत्येक र हरेक सदस्यलाई मुक्ति दिनुहुन्छ। परमेश्वरले प्राप्त गर्न चाहनुभएको कुरालाई रोक्न उहाँको मार्गमा कुनै देश वा शक्ति खडा हुन सक्दैन भनी हामी भरोसा राख्छौं। परमेश्वरको कामलाई रोक्नेहरू, परमेश्वरको वचनको विरोध गर्नेहरू र बाधा दिनेहरू र परमेश्वरको योजनालाई बिगार्नेहरूलाई अन्त्यमा परमेश्वरले दण्ड दिनुहुनेछ। परमेश्वरको कामको अवहेलना गर्नेलाई नरकमा पठाइनेछ; परमेश्वरको कामको अवहेलना गर्ने कुनै पनि देशलाई विनाश

गरिनेछ। परमेश्वरको कामको विरोधमा उठ्ने कुनै पनि राज्यलाई यस पृथ्वीबाट पूर्ण रूपमा मेटाइनेछ र त्यो अस्तित्वमा रहनेछैन। सबै राज्यहरू, सबै देशहरू, र सबै उद्योगहरूले पनि परमेश्वरको आवाज सुनून्, परमेश्वरको कामलाई हेरून् र मानवजातिको नियतिमा ध्यान देऊन्; परमेश्वरलाई सबैभन्दा पवित्र, सबैभन्दा आदरणीय, सर्वोच्च, मानवजातिका बीचमा आराधनाका एकमात्र व्यक्ति, र सम्पूर्ण मानवजातिलाई परमेश्वरको आशिषमुनि बाँच्ने बनाऊन्, जसरी, अब्राहामका सन्तानहरू यहोवाका प्रतिज्ञामा रहे, र जसरी परमेश्वरले पहिले सृष्टि भएका आदम र हव्वा अदनको बगैँचामा रहे।

परमेश्वरको काम शक्तिशाली छालजस्तै माथितिर बढ्छ। कसैले पनि उहाँलाई थुन्न सक्दैन, र उहाँको दौडलाई कसैले पनि रोक्न सक्दैन। उहाँका वचनहरूलाई ध्यानसँग सुन्नेहरू, र उहाँलाई खोज्ने र तिर्खाउनेहरूले मात्र उहाँका पाइलाहरू पछ्याउँछन् र उहाँको प्रतिज्ञा प्राप्त गर्छन्। जसले गर्दैनन् तिनीहरूले ठूलो विपत्ति भोग्नेछन् र तिनीहरूले पाउन लायकको दण्ड पाउनेछन्।

## मानिसलाई परमेश्वरको व्यवस्थापनको बीचमा मात्रै मुक्त गरिन सकिन्छ

हरेक व्यक्तिको नजरमा, परमेश्वरको व्यवस्थापन अत्यन्तै अपरिचित कुरा हो किनभने उहाँको व्यवस्थापन तिनीहरूबाट पूर्ण रूपमा हटाइएको छ भन्ने मानिसहरूलाई लाग्छ। मानिसहरूले परमेश्वरको व्यवस्थापन उहाँको काम मात्रै हो र यो उहाँसँग मात्रै सम्बन्धित छ भन्ने विचार गर्छन्–त्यसैले, मानवजाति उहाँको व्यवस्थापनप्रति उदासीन छ। यसरी, मानवजातिको मुक्ति अस्पष्ट र अप्रस्ट बनेको छ, र अब यो रित्तो गफ बाहेक केही पनि होइन। मानिसले मुक्ति प्राप्त गर्न र सुन्दर गन्तव्यमा प्रवेश गर्नको लागि परमेश्वरलाई पछ्याउने भए तापनि, परमेश्वरले आफ्नो काम कसरी गर्नुहुन्छ त्यसको उसलाई कुनै चासो छैन। परमेश्वरले जे योजना बनाउनुभएको छ त्यसको चासो मानिसलाई छैन, न त मुक्ति पाउनको लागि उसले निर्वाह गर्नुपर्ने आफ्नो भागको बारेमा नै उसलाई चासो छ। यो साँच्चै नै दुःखद कुरा हो। मानिसको मुक्तिलाई परमेश्वरको व्यवस्थापनबाट अलग गर्न सकिँदैन न त यसलाई उहाँको योजनाबाट नै हटाउन सकिन्छ। तैपनि मानिसले परमेश्वरको व्यवस्थापनको बारेमा कुनै विचार गर्दैन, अनि यसरी ऊ उहाँबाट झन्-झन् टाढा जान्छ। यसले मुक्तिको प्रश्नसँग अत्यन्तै सम्बन्धित रहेका विषयहरू–जस्तै, सृष्टि के हो, परमेश्वरमाथिको विश्वास के हो, परमेश्वरलाई कसरी आराधना गर्ने, इत्यादि–प्रति पूर्ण रूपमा अनभिज्ञ रहेका बढ्दो सङ्ख्याका मानिसहरूलाई उहाँका पछि लाग्नेहरूको दर्जामा संलग्न हुने तुल्याएको छ। यसकारण, हामीले अहिले, उहाँलाई पछ्याउनु र उहाँमा विश्वास गर्नु भनेको के हो सो उहाँका पछि लाग्ने हरेकले स्पष्ट रूपमा बुझून् भनेर परमेश्वरको व्यवस्थापनको बारेमा छलफल गर्नैपर्छ। त्यसो गरेमा हरेक व्यक्तिलाई आशिषहरू प्राप्त गर्नको लागि, वा विपत्तिहरूबाट बच्नको लागि, वा अरूभन्दा उच्च हुनको लागि नभई उसले हिँड्ने बाटो अझै ठीक तरिकाले छनौट गर्न सहयोग गर्नेछ।

परमेश्वरको व्यवस्थापन गहन भए तापनि, यो मानिसको बुझाइभन्दा बाहिर छैन। यो यसैले हो किनभने परमेश्वरको सबै कार्य मानवजातिलाई मुक्त गर्ने उहाँको व्यवस्थापन र उहाँको कार्यसँग जोडिएको छ, र यो मानवजातिको जीवन, जीवनशैली, र गन्तव्यसँग सम्बन्धित छ। मानिसको बीचमा र मानिसमा परमेश्वरले गर्ने काम अत्यन्तै व्यवहारिक र अर्थपूर्ण छ भनेर भन्न सकिन्छ। यसलाई मानिसले देख्न र अनुभव गर्न सक्छ, र यो कुनै अमूर्त कुराभन्दा पर छ। यदि मानिस परमेश्वरले गर्नुहुने सबै काम स्वीकार गर्न असमर्थ छ भने, उहाँको कामको महत्त्व के हो? अनि त्यस्तो व्यवस्थापनले कसरी मानिसको मुक्तिमा डोर्याउन सक्छ? परमेश्वरलाई पछ्याउने धेरै जनालाई कसरी आशिषहरू प्राप्त गर्ने वा विपत्ति टार्ने भन्नेको मात्रै चिन्ता छ। परमेश्वरको कार्य र व्यवस्थापनको बारेमा उल्लेख गर्ने बित्तिकै, तिनीहरू चुप बन्छन् र सबै चासो गुमाउँछन्। त्यस्तो सानातिना कुराहरूलाई बुझेर यसले तिनीहरूको जीवन वृद्धि गर्न वा कुनै पनि लाभ प्रदान गर्न सहयोग गर्नेछैन भन्ने तिनीहरू ठान्छन्। परिणामस्वरूप, तिनीहरूले परमेश्वरको व्यवस्थापनको बारेमा सुनेका भए तापनि, तिनीहरूले त्यति ध्यानै दिँदैनन्। यसलाई तिनीहरू स्वीकार गर्नुपर्ने कुनै बहुमूल्य कुराको रूपमा देख्दैनन्, यसलाई तिनीहरूको जीवनको भागको रूपमा ग्रहण गर्ने कुरा त परै जाओस्। त्यस्ता मानिसहरूसँग परमेश्वरलाई पछ्याउने एउटै मात्र सरल उद्‌देश्य हुन्छ, र त्यो उद्‌देश्य हो, आशिषहरू प्राप्त गर्नु। त्यस्ता मानिसहरूले यो उद्‌देश्यसँग प्रत्यक्ष रूपमा संलग्न नहुने अरू कुनै पनि कुरा सुन्ने झमेला लिन सक्दैनन्। तिनीहरूका लागि, आशिषहरू प्राप्त गर्न परमेश्वरमा विश्वास गर्नु जत्तिको न्यायसंगत अरू कुनै उद्‌देश्य हुन सक्दैन—तिनीहरूको विश्वासको मूल्य यही नै हो। यदि कुनै कुराले यो उद्‌देश्यमा योगदान दिँदैन भने, यसले तिनीहरूको हृदय छुन सक्दैन। आज परमेश्वरलाई विश्वास गर्ने धेरैजसो मानिसहरूको अवस्था यस्तै छ। तिनीहरूको उद्‌देश्य र अभिप्राय न्यायसंगत देखिन्छन्, किनभने तिनीहरूले परमेश्वरमा विश्वास गर्ने क्रममा तिनीहरूले परमेश्वरको निम्ति खर्च पनि गर्छन्, आफैलाई परमेश्वरमा समर्पित पनि गर्छन्, र आफ्नो कर्तव्य पनि पूरा गर्छन्। तिनीहरूले आफ्नो जवानी त्याग्छन्, परिवार र भविष्यलाई त्याग्छन्, र आफैलाई व्यस्त राख्दै धेरै वर्षसम्म घरदेखि टाढा बिताउँछन्। तिनीहरूको आखिरी उद्‌देश्यको लागि, तिनीहरूले आफ्नै अभिरुचिहरू, जीवनप्रतिको तिनीहरूको दृष्टिकोण, र तिनीहरूले खोजी गर्ने दिशालाई समेत परिवर्तन गर्छन्; तैपनि परमेश्वरमाथिको तिनीहरूको विश्वासको उद्‌देश्यलाई तिनीहरूले परिवर्तन गर्न सक्दैनन्। तिनीहरू आफ्नै आदर्शहरूको व्यवस्थापन गर्दै दौडधूप गर्छन्; बाटो जति टाढा भए पनि, र बाटोमा जति धेरै कठिनाइ र बाधाहरू भए पनि, तिनीहरू दृढ रहन्छन् र मृत्युको डर मान्दैनन्। आफैलाई निरन्तर रूपमा यस तरिकामा समर्पित गर्नको लागि कुन शक्तिले तिनीहरूलाई बाध्य तुल्याउँछ? के यो तिनीहरूको विवेक हो? के यो तिनीहरूको महान् र आदर्शमय चरित्र हो? के यो अन्त्यसम्मै दुष्टताका शक्तिहरूसँग युद्‌ध गर्ने तिनीहरूको संकल्प हो? के यो इनामको खोजी नगरिकन परमेश्वरको लागि गवाही दिने तिनीहरूको विश्वास हो? के यो परमेश्वरको इच्छा हासिल गर्नको लागि सबै कुरा त्याग्ने तिनीहरूको इच्छाको बफादारीता हो? अथवा के यो लालची व्यक्तिगत मागहरूलाई सँधै त्याग्ने तिनीहरूको भक्तिको आत्मा हो? परमेश्वरको व्यवस्थापनको कामलाई कहिल्यै नबुझेको कुनै व्यक्तिले त्यति धेरै त्याग

गर्नु भनेको वास्तवमा आश्चर्यकर्म नै हो! अहिलेको लागि, यी मानिसहरूले कति दिएका छन् त्यसको बारेमा छलफल गरौं। तैपनि, तिनीहरूको आचरणलाई हामीले विश्लेषण गर्नु अत्यन्तै उचित छ। तिनीहरूसँग अति घनिष्ट रुपले सम्बन्धित रहेका लाभहरू बाहेक, परमेश्‍वरलाई कहिल्यै नबुझ्ने मानिसहरूले उहाँको लागि त्यति धेरै त्याग गर्नुका अरू कुनै कारणहरू हुन सक्छन्? यसमा, हामी पहिले पहिचान नगरिएको समस्या पत्ता लगाउँछौं: परमेश्‍वरसँगको मानिसको सम्बन्ध एउटा नाङ्गो स्वार्थ मात्रै हो। यो आशिषहरू प्राप्त गर्ने र दिने बीचको सम्बन्ध हो। यसलाई सरल रूपमा भन्दा, यो मालिक र कर्मचारी बीचको सम्बन्ध जस्तै हो। मालिकले दिने इनामहरूको लागि मात्रै कर्मचारीले काम गर्छ। त्यस्तो सम्बन्धमा कुनै आत्मीयता हुँदैन, लेनदेन मात्रै हुन्छ। प्रेम गर्ने वा प्रेम प्राप्त गर्ने कुनै कार्य हुँदैन, परोपकार र कृपा मात्रै हुन्छ। कुनै बुझाइ हुँदैन, दबाइएको आक्रोश र धोका मात्रै हुन्छ। कुनै घनिष्ठता हुँदैन, अप्रकमनीय दरार मात्रै हुन्छ। यी कुराहरू यस्तो बिन्दु सम्म आइपुगेकाले, अब यस्तो क्रमलाई कसले उल्ट्याउन सक्छ? अनि यो सम्बन्ध कति भयानक बनेको छ, त्यसलाई साँचो रूपमा बुझ्न सक्ने मानिसहरू कति छन्? मलाई विश्‍वास छ, जब मानिसहरूले आफैलाई आशिषित हुनुको आनन्दमा डुबाउँछन्, परमेश्‍वरसँगको त्यस्तो सम्बन्ध कति लाजमर्दो र कुरूप हुन्छ त्यसको बारेमा कसैले पनि कल्पना गर्न सक्दैन।

परमेश्‍वरमाथिको मानवजातिको विश्‍वासको सबैभन्दा दुःखलाग्दो कुरा यो हो कि परमेश्‍वरको कामको बीचमा मानिसले आफ्नै व्यवस्थापन संचालन गर्छ, तैपनि परमेश्‍वरको व्यवस्थापनमा कुनै ध्यान दिँदैन। मानिसको सबैभन्दा ठूलो असफलता यसैमा छ कि उही समयमा जब मानिसले परमेश्‍वरमा समर्पित हुने र उहाँको आराधना गर्ने प्रयास गरिरहेको हुन्छ, उसको आफ्नै काल्पनिक गन्तव्यको निर्माण गरिरहेको हुन्छ र सबैभन्दा ठूलो आशिष र सबैभन्दा उत्तम गन्तव्य कसरी प्राप्त गर्ने हो त्यसको षड्यन्त्र गरिरहेको हुन्छ। तिनीहरू कति दयनीय, घृणास्पद, र बिचरा छन् भन्ने कुरा कसैले बुझे तापनि, कति जनाले आफ्ना कल्पना र आशाहरूलाई सहजतापूर्वक त्याग्न सक्छन्? अनि आफ्नै पाइलाहरूलाई रोकेर आफ्नै बारेमा मात्रै सोच्न छोड्न सक्ने को छन्? परमेश्‍वरलाई उहाँको व्यवस्थापन पूरा गर्नको लागि उहाँसँग नजिकबाट सहकार्य गर्नेहरूको खाँचो छ। उहाँलाई उहाँको व्यवस्थापन कार्यको निम्ति आफ्नो सम्पूर्ण मन र शरीर अर्पण गरेर उहाँमा समर्पित हुनेहरूको खाँचो छ। उहाँलाई हरेक दिन आफ्ना हातहरू पसारेर माग्ने मानिसहरूको खाँचो छैन, थोरै दिएर इनामको प्रतीक्षा गर्नेहरूको कुरा त परै जाओस्। थोरै योगदान दिएर आफ्ना हात बाँधेर बस्नेहरूलाई परमेश्‍वर घृणा गर्नुहुन्छ। उहाँको व्यवस्थापनको कार्यलाई घृणा गर्ने, अनि स्वर्ग जाने र आशिषहरू प्राप्त गर्ने बारेमा मात्रै कुरा गर्न चाहने चीसो-रगत भएका मानिसहरूलाई उहाँ घृणा गर्नुहुन्छ। मानवजातिलाई मुक्त गर्ने क्रममा उहाँले गर्नुहुने कामले प्रस्तुत गर्ने अवसरको फाइदा लिनेहरूप्रति उहाँको घृणा अझै ठूलो छ। त्यो यसैले हो कि किनभने यी मानिसहरूले आफ्नो व्यवस्थापन कार्यद्वारा परमेश्‍वरले के हासिल गर्न र प्राप्त गर्न चाहनुहुन्छ भन्ने बारेमा कहिल्यै वास्ता गरेका छैनन्। परमेश्‍वरको कामले प्रदान गरेको अवसरलाई आशिषहरू प्राप्त गर्नको लागि कसरी प्रयोग गर्न सकिन्छ त्यसप्रति मात्रै तिनीहरूलाई चासो छ। तिनीहरू आफ्नै अपेक्षाहरू र गन्तव्यद्वारा पूर्ण रूपमा तल्लीन भएका हुनाले, तिनीहरूले परमेश्‍वरको हृदयको बारेमा वास्ता

गर्दैनन्। परमेश्‍वरको व्यवस्थापनको कामलाई घृणा गर्ने अनि परमेश्‍वरले मानवजातिलाई कसरी मुक्त गर्नुहुन्छ त्यस कुरामा र उहाँको इच्छाको बारेमा अलिकति पनि चासो नदिनेहरूले परमेश्‍वरको व्यवस्थापनको कार्यबाट अलग रहेर तिनीहरूलाई प्रसन्‍न पार्ने कुराहरू मात्रै गर्छन्। तिनीहरूको आचरणलाई न त परमेश्‍वरले स्मरण गर्नुहुन्छ न त स्वीकार नै—परमेश्‍वरले यसलाई निगाहको साथ हेर्ने कुरा त परै जाओस्।

ब्रह्माण्ड र आकाश मण्डलको विशालतामा, अनगिन्ती प्राणीहरू जिउँछन् र सन्तान पैदा गर्छन्, जीवनको चक्रीय नियम पालन गर्छन्, अनि एउटै अटुट नियमको पालन गर्छन्। मर्नेहरूले आफूसँग जिउँदाहरूको कथाहरू लिएर जान्छन्, अनि जिउँदाहरूले नाश भएर जानेहरूकै उही दुःखद इतिहासलाई दोहोर्‍याउँछन्। त्यसकारण, मानिसले आफैलाई यो प्रश्‍न नगरी बस्‍न सक्दैन: हामी किन जिउँछौं? अनि हामी किन मर्नुपर्छ? कसले यो संसारलाई नियन्त्रण गर्छ? अनि कसले यो मानवजातिलाई सृष्टि गर्‍यो? के मानवजातिलाई साँच्चै नै प्रकृति माताले नै रचेकी हुन् त? के मानवजातिले साँच्चै आफ्नो गन्तव्यलाई नियन्त्रण गर्न सक्छ? ... मानवजातिले अटुट रूपमा हजारौं वर्षदेखि गर्दै आएका प्रश्‍नहरू यिनै हुन्। दुःखको कुरा, यी प्रश्‍नहरूप्रति मानिस जति तल्लीन बनेको छ, विज्ञानको लागि उसमा त्यति नै बढी तृष्णा जागेको छ। विज्ञानले देहको लागि छोटो सन्तुष्टि र अस्थाई आनन्द दिन्छ, तर मानिसलाई उसको प्राणभित्रको एकान्तपन, एकलोपन, र त्यति लुक्‍न नसकेको आतङ्क र विवशताबाट मुक्त गर्नको लागि त्यो पर्याप्त छैन। आफ्नो हृदयलाई बेहोस बनाउनको लागि मानवजातिले आफ्नो नाङ्गो आँखाले देख्‍न सक्ने र उसको मस्तिष्कले बुझ्‍न सक्ने वैज्ञानिक ज्ञानलाई मात्रै प्रयोग गर्छ। तैपनि त्यस्तो वैज्ञानिक ज्ञान, रहस्यहरूको अन्वेषण गर्नबाट मानवजातिलाई रोक्‍न पर्याप्त छैन। मानवजातिलाई ब्रह्माण्ड र यावत् थोकका सार्वभौम को हुनुहुन्छ सो थाहै छैन, मानवजातिको सुरुवात र भविष्यको बारेमा जान्‍ने कुरा त परै जाओस्। मानवजाति यो नियमको बीचमा केवल विवशतापूर्वक जिउँछ। यसबाट कोही पनि उम्कन सक्दैन र यसलाई कसैले परिवर्तन गर्न सक्दैन, किनभने यावत् थोकको बीचमा र स्वर्गहरूमा अनन्तदेखि अनन्तसम्म रहनुहुने एक मात्र जन हुनुहुन्छ, जसको सबै कुरामाथि सार्वभौमिकता छ। उहाँ एक मात्र जन हुनुहुन्छ जसलाई मानिसले कहिल्यै देखेको छैन, जसलाई मानवजातिले कहिल्यै चिनेको छैन, जसको अस्तित्वलाई मानिसले कहिल्यै विश्‍वास गरेको छैन—तैपनि मानवजातिका पुर्खाहरूलाई सास फुकिदिने र मानवजातिलाई जीवन दिने उहाँ नै हुनुहुन्छ। मानिसलाई अस्तित्वमा रहन दिँदै, उसको लागि जुटाउने र उसलाई पालनपोषण गर्ने उहाँ नै हुनुहुन्छ; मानवजातिलाई हालको दिनसम्म डोर्‍याउने उहाँ नै हुनुहुन्छ। यसको साथै, मानवजातिले आफ्नो अस्तित्वको लागि भर पर्ने केवल उहाँ मात्रै हुनुहुन्छ। यावत् थोकमाथि उहाँको सार्वभौमिकता छ र ब्रह्माण्डका सारा प्राणीहरूमाथि उहाँले नै शासन गर्नुहुन्छ। चार ऋतुमाथि उहाँकै नियन्त्रण छ र बतास, तुसारो, हिउँ, र पानी ल्याउने उहाँ नै हुनुहुन्छ। मानवजातिलाई सूर्यको ज्योति दिने र रात ल्याउने उहाँ नै हुनुहुन्छ। मानवजातिलाई पर्वतहरू, तालहरू, अनि खोलानाला र ति भित्रका सारा प्राणीहरू दिँदै, स्वर्गहरू र पृथ्वीका जग बसाल्ने उहाँ नै हुनुहुन्थ्यो। उहाँका कार्यहरू सर्वव्यापी छन्, उहाँको शक्ति सर्वव्यापी छ, उहाँको बुद्धि सर्वव्यापी छ, र उहाँको अख्तियार सर्वव्यापी छ।

यी हरेक व्यवस्था र नियमहरू उहाँका कार्यहरूका मूर्तरूप हुन्, र हरेकले उहाँको बुद्धि र अख्तियारलाई प्रकट गर्छ। उहाँको सार्वभौमिकताबाट आफैलाई कसले मुक्त गर्न सक्छ? अनि उहाँका योजनाहरूबाट कसले आफैलाई हटाउन सक्छ? सबै थोक उहाँकै नजरमा अस्तित्वमा हुन्छन्, र यसको साथै, सबै थोक उहाँकै सार्वभौमिकतामा जिउँछन्। उहाँका कार्यहरू र उहाँको शक्तिले मानवजातिलाई उहाँ वास्तवमा नै अस्तित्वमा हुनुहुन्छ र सबै थोकमाथि उहाँको सार्वभौमिकता छ भन्ने तथ्यलाई स्वीकार गर्ने बाहेक कुनै विकल्प दिँदैन। उहाँ बाहेक कसैले पनि ब्रह्माण्डलाई नियन्त्रण गर्न सक्दैन, यो मानवजातिलाई अटुट रूपमा जुटाउने कुरा त परै जाओस्। तैँले परमेश्वरका कार्यहरूलाई पहिचान गर्न सके पनि वा नसके पनि, र तैँले परमेश्वरको अस्तित्वमा विश्वास गरे पनि वा नगरे पनि, तेरो गन्तव्य परमेश्वरले नै निर्धारण गर्नुहुन्छ भन्नेमा कुनै शङ्का छैन, र सबै थोकमाथि सँधै परमेश्वरकै सार्वभौमिकता हुन्छ भन्नेमा कुनै शङ्का छैन। उहाँको अस्तित्व र अख्तियार, तिनीहरुलाई मानवजातिले पहिचान गर्छ कि गर्दैन र बुझ्छ कि बुझ्दैन भन्ने आधारमा निर्धारित हुँदैन। उहाँलाई मात्रै मानिसको विगत, वर्तमान, र भविष्य थाहा छ, र उहाँले मात्रै मानिसको गन्तव्यलाई निर्धारित गर्न सक्नुहुन्छ। तैँले यो तथ्यलाई स्वीकार गर्न सके पनि वा नसके पनि, चाँडै नै सारा मानवजातिले आफ्नै आँखाले यो सबै देख्नेछ, र परमेश्वरले चाँडै नै ल्याउनुहुने तथ्य यही नै हो। परमेश्वरकै सामु मानवजाति जिउँछ र मर्छ। मानिस परमेश्वरको व्यवस्थापनको लागि जिउँछ, र जब उसले अन्तिम पटक आफ्ना आँखाहरू चिम्लन्छ, ती यही व्यवस्थापनकै लागि बन्द हुन्छन्। मानिस घरीघरी, अघि-पछि आउँछ, र जान्छ। कुनै अपवाद छैन कि यो सबै परमेश्वरको सार्वभौमिकता र उहाँको योजनाको भाग हो। परमेश्वरको व्यवस्थापन कहिल्यै अन्त्य भएको छैन; यो सदाकालसम्म अघि बढिरहन्छ। उहाँले मानवजातिलाई उहाँको अस्तित्वप्रति सचेत, उहाँको सार्वभौमिकतामाथि भरोसा गर्ने, उहाँका कार्यहरूलाई हेर्ने, र उहाँको राज्यमा फर्कने तुल्याउनुहुनेछ। उहाँले हजारौं वर्षदेखि व्यवस्थापन गर्दै आउनुभएको उहाँको योजना, र काम यही नै हो।

परमेश्वरको व्यवस्थापन कार्य संसारको सृष्टिबाट सुरु भयो, र यो कार्यको केन्द्रविन्दु मानिस नै हो। मानिसकै खातिर परमेश्वरले यावत् थोक सृष्टि गर्नुभयो भनेर भन्न सकिन्छ। उहाँको व्यवस्थापनको कार्य हजारौं वर्षसम्म फैलिने हुँदा, र मिनेट वा सेकेन्डमा, वा आँखाको निमेसमा, वा एक-दुई वर्षमा नगरिने हुँदा, उहाँले मानवजातिको अस्तित्वको लागि आवश्यक धेरै कुराहरूको सृष्टि गर्नुपर्यो, जस्तै सूर्य, चन्द्रमा, सबै किसिमका जीवित प्राणी, खानेकुरा, र बस्न योग्य वातावरण। यो परमेश्वरको व्यवस्थापनको सुरुवात थियो।

त्यसपछि, परमेश्वरले मानवजातिलाई शैतानको हातमा सुम्पनुभयो, अनि मानिस शैतानको राज्य-क्षेत्रमा जियो, जसले बिस्तारै परमेश्वरको कार्यको पहिलो चरणमा लग्यो: व्यवस्थाको युगको कथा...। व्यवस्थाको युगको अवधिको हजारौं वर्षमा, मानवजातिलाई व्यवस्थाको युगको मार्गदर्शनप्रति बानी पर्‍यो र उसले यसलाई बेवास्ता गर्‍यो। क्रमिक रूपमा, मानिसले परमेश्वरको हेरचाहलाई छोड्दै गयो। त्यसैले, व्यवस्थालाई पछ्याउने क्रममा, तिनीहरूले मूर्तिहरूलाई पनि पुजे र दुष्ट कार्यहरू गरे। तिनीहरू यहोवाको सुरक्षा विहीन थिए, र तिनीहरूले मन्दिरको वेदी अगाडि

मात्रै आफ्नो जीवन जिए। वास्तवमा, परमेश्वरको कार्यले तिनीहरूलाई धेरै पहिले नै छोडिसकेको थियो, र इस्राएलीहरू अझै पनि व्यवस्थामा टाँसिरहेका, र यहोवाको नाम पुकार्ने गरेका साथै, तिनीहरू मात्रै यहोवाका मानिसहरू हुन् र तिनीहरू यहोवाका चुनिएकाहरू हुन् भनेर तिनीहरूले गर्वका साथ विश्वास गर्ने गरेका भए तापनि, परमेश्वरको महिमाले तिनीहरूलाई चुपचाप छोड्यो ...

जब परमेश्वरले आफ्नो काम गर्नुहुन्छ, उहाँले चुपचाप एउटा ठाउँलाई छोड्नुहुन्छ र अर्को ठाउँमा उहाँले सुरु गर्नुभएको कार्यलाई शान्तसाथ अघि बढाउनुहुन्छ। कठोर बनेका मानिसहरूका लागि यो उल्लेखनीय देखिन सक्छ। मानिसहरूले सँधै पुरानोलाई मूल्यवान् ठानेर नयाँ, अपरिचित कुराहरूलाई वैमनस्यताको साथ लिने वा तिनलाई घृणित ठान्ने गरेका छन्। त्यसैले, परमेश्वरले जेसुकै नयाँ काम गर्नुभए तापनि, सुरुदेखि अन्त्यसम्मै, यसको बारेमा जान्ने सबै कुराहरूमध्ये मानिस नै अन्तिम हो।

सँधैझैँ, व्यवस्थाको युगमा गरिएको यहोवाको कामपछि, परमेश्वरले दोस्रो चरणको आफ्नो नयाँ काम सुरु गर्नुभयो: देहलाई धारण गरेर—मानिसको रूपमा दश-बीस वर्षसम्म देहधारी हुनुभएर—अनि विश्वासीहरूका बीचमा बोलेर अनि काम गरेर। तैपनि कुनै अपवादविना, कसैले पनि यो थाहा पाएन, अनि प्रभु येशू क्रूसमा किला ठोकिएर पुनरुत्थान हुनुभएपछि थोरै सङ्ख्याका मानिसहरूले मात्रै उहाँ देह बन्नुभएका परमेश्वर हुनुहुन्छ भनेर स्वीकार गरे। समस्याको रूपमा, पावल भन्ने एक जना खडा भए, जसले आफैलाई परमेश्वरका मरणशील शत्रुको रूपमा प्रस्तुत गरे। उसलाई प्रहार गरिएर उनी प्रेरित बनेपछि पनि, पावलले आफ्नो पुरानो स्वभावलाई परिवर्तन गरेनन्, र तिनले परमेश्वरको विरुद्धको बाटोमा हिँड्ने कार्यलाई जारी राखे। उनले गरेको कामको दौरान, पावलले धेरै पत्रहरू लेखे; दुर्भाग्यवश, पछिल्ला पुस्ताहरूले उनका पत्रहरूलाई परमेश्वरका वचनहरूका रूपमा लिए, र तिनलाई नयाँ करारमा समेत समावेश गरियो अनि परमेश्वरले बोल्नुभएको वचनसँग मिसाइए। यो धर्मशास्त्रको उदयपछिको अत्यन्तै ठूलो अपमान हो! अनि के मानिसको चरम मूर्खताको कारणले गर्दा यो गल्ती भएको थिएन र? अनुग्रहको युगको परमेश्वरको कार्यका अभिलेखहरूमा, परमेश्वरको काम र वचनहरूको नक्कल गर्ने मानिसका पत्रहरू वा आत्मिक लेखहरू हुनु हुँदैन भन्ने तिनीहरूलाई थोरै थाह थियो। तर यो हाम्रो चासोको विषय होइन, त्यसकारण हामी हाम्रो मुख्य शीर्षकमा फर्कौं। परमेश्वरको कार्यको दोस्रो चरण पूरा हुने बित्तिकै—क्रूसीकरणपछि—मानिसलाई पापबाट पुन: प्राप्ति गर्ने (भन्नुको अर्थ, मानिसलाई शैतानको हातबाट पुन: प्राप्ति गर्ने) परमेश्वरको कार्य पूरा भयो। त्यसकारण, त्यो क्षणदेखि उसो, मानिसले प्रभु येशूलाई मुक्तिदाताको रूपमा स्वीकार गर्नुपर्थ्यो, र उसको पाप क्षमा हुनेथियो। सामान्य रूपमा भन्दा, मानिसले मुक्ति हासिल गर्न र परमेश्वरको अघि आउनको लागि उसको पापहरु त्यस उप्रान्त बाधा बनेन, र यो त्यस उप्रान्त शैतानले मानिसलाई दोष दिने आधार रहेन। त्यो यसैले हो किनभने परमेश्वर स्वयमले वास्तविक काम गर्नुभएको थियो, उहाँ पापी देह जस्तै र त्यसको पूर्वअनुभव बन्नुभएको थियो, र परमेश्वर स्वयम् नै पापबलि हुनुहुन्थ्यो। यसरी, मानिस क्रूसबाट ओर्लियो, र परमेश्वरको देह, अर्थात्, यो पापी देहको स्वरूपद्वारा उद्धार गरियो र मुक्त गरियो। त्यसैले, शैतानद्वारा कैदीको रूपमा लगिएपछि, मानिस परमेश्वरको अघि उहाँको मुक्तिलाई स्वीकार गर्न एक कदम

नजिक आयो। अवश्य नै, कार्यको यो चरण व्यवस्थाको युगको परमेश्‍वरको व्यवस्थापनभन्दा अझै गहन र अझै विकसित थियो।

परमेश्‍वरको व्यवस्थापन यस्तै छ: मानवजातिलाई शैतानको हातमा सुम्पिने–परमेश्‍वर को हुनुहुन्छ, सृष्टिकर्ता के हो, परमेश्‍वरलाई कसरी आराधना गर्ने, वा परमेश्‍वरमा समर्पित हुनु किन अत्यावश्यक छ सो नजान्‍ने मानवजातिलाई–अनि उसलाई भ्रष्‍ट तुल्याउन शैतानलाई अनुमति दिने। त्यसपछि चरणबद्ध रूपमा, मानिसले परमेश्‍वरलाई पूर्ण रूपमा आराधना गरेर शैतानलाई इन्कार नगरुन्जेल, परमेश्‍वरले मानिसलाई शैतानको हातबाट पुन: प्राप्‍ति गर्नुहुन्छ। परमेश्‍वरको व्यवस्थापन यही हो। यो काल्पनिक कथाजस्तो सुनिन सक्छ, र यो अचम्मको सुनिन सक्छ। मानिसहरूलाई यो काल्पनिक जस्तो लाग्छ किनभने विगतका हजारौं वर्षको अवधिमा मानिसलाई के भएको छ तिनीहरूलाई त्यसको आभास छैन, ब्रम्हाण्ड र आकाश मण्डलमा कति वटा कथाहरू पैदा भए तिनीहरूले त्यो थाहा पाउने कुरा त परै जाओस्। यसको साथै, यसको कारण के हो भने, भौतिक संसारभन्दा बाहिर अझै अचम्मको, अझै डरलाग्दो संसार अस्तित्वमा छ, तर जसलाई देख्नबाट तिनीहरूलाई आफ्‍ना मरणशील आँखाले रोक्छ भन्‍ने तिनीहरूले बुझ्न सक्दैनन्। मानिसको लागि यो समझले नै नभ्याउने जस्तो लाग्छ किनभने मानवजातिलाई परमेश्‍वरले गर्नुभएको मुक्तिको महत्त्व वा उहाँको व्यवस्थापनको कार्यको महत्त्वलाई मानिसले बुझ्दैन, र आखिरमा मानिस कस्तो भएको परमेश्‍वर चाहनुहुन्छ सो बुझ्दैन। के यो आदम र हव्वाजस्तै शैतानद्वारा अत्यन्तै भ्रष्‍ट गरिनको लागि हो? होइन! परमेश्‍वरको व्यवस्थापनको उद्देश्य भनेको परमेश्‍वरलाई आराधना गर्ने र उहाँमा समर्पित हुने मानिसहरूको समूहलाई प्राप्‍त गर्नु हो। यी मानिसहरू शैतानद्वारा भ्रष्‍ट तुल्याइएका भए पनि, तिनीहरूले त्यस उप्रान्त शैतानलाई आफ्‍ना पिताका रूपमा हेर्दैनन्; तिनीहरूले शैतानको घिनलाग्दो मुहारलाई पहिचान गर्छन् र यसलाई इन्कार गर्छन्, अनि परमेश्‍वरको न्याय र सजायलाई स्वीकार गर्नको लागि तिनीहरू परमेश्‍वरको सामु आउँछन्। कुरूप के हो र यो कसरी पवित्रको विपरीत छ त्यसलाई, र परमेश्‍वरको महान्‌ता र शैतानको दुष्‍टतालाई पहिचान गर्न तिनीहरूले जान्दछन्। यस्ता मानवजातिले त्यस उप्रान्त शैतानको निम्ति काम गर्ने, वा शैतानको आराधना गर्ने वा शैतानलाई पवित्र मान्‍ने छैन। यो त्यसैले हो किनभने तिनीहरू परमेश्‍वरले साँच्चै प्राप्‍त गर्नुभएका मानिसहरूका समूह हुन्। मानवजातिलाई व्यवस्थापन गर्ने परमेश्‍वरको कार्यको महत्त्व यही नै हो। यस पटकको परमेश्‍वरको व्यवस्थापनको कार्यको अवधिमा, मानवजाति शैतानको भ्रष्‍टता र परमेश्‍वरको मुक्ति दुवैको लक्षित पात्र हो, र मानिस त्यो उपज हो जसको लागि परमेश्‍वर र शैतानले लडाइ गरिरहेको छ। परमेश्‍वरले आफ्‍नो काम गर्ने क्रममा, उहाँले मानिसलाई क्रमिक रूपमा शैतानको हातबाट पुन: प्राप्‍ति गर्दैहुनुहुन्छ, र त्यसकारण मानिस परमेश्‍वरको झन्-झन् नजिक आउँछ ...

त्यसपछि राज्यको युग आयो, जुनचाहिँ कामको अझै व्यवहारिक चरण हो, र तैपनि यो मानिसले स्वीकार गर्नको लागि सबैभन्दा कठिन छ। यसको कारण के हो भने, मानिस जति परमेश्‍वरको नजिक आउँछ, परमेश्‍वरको लौरो त्यति नै मानिसको नजिक आउँछ, र परमेश्‍वरको मुहार मानिसको निम्ति त्यति नै स्पष्‍ट रूपमा प्रकट हुन्छ। मानिसको छुटकारापछि, मानिस

आधिकारिक रूपमै परमेश्‍वरको परिवारमा फर्किन्छ। अहिले नै आनन्द गर्ने समय हो भन्ने मानिसले सोच्यो, तैपनि उसले परमेश्‍वरको पूर्ण प्रहार पाउँछ, जुन कस्तो छ भन्ने कुरा कसैले पनि पहिले देख्न सकेन: के देखिन्छ भने, यो परमेश्‍वरका मानिसहरूले "आनन्द" लिनुपर्ने बप्तिस्मा हो। त्यस्तो व्यवहार गरिँदा, मानिसहरूले रोकिएर आफ्नो बारेमा यस्तो विचार गर्ने बाहेक कुनै विकल्प हुँदैन, "म धेरै वर्षसम्म हराएको थुमा हुँ जसलाई खरिद गरेर फर्काउन परमेश्‍वरले धेरै खर्च गर्नुभयो, त्यसैले परमेश्‍वरले किन मलाई यस्तो व्यवहार गर्नुहुन्छ? के यो मप्रति हाँस्ने, र मलाई खुलासा गर्ने परमेश्‍वरको तरिका हो? ..." वर्षौं बितेपछि, शोधन र सजायको कष्ट अनुभव गरिसकेपछि, मानिस जीर्ण बनेको छ। मानिसले विगतका समयहरूको "महिमा" र "रोमान्स" लाई गुमाएको भए तापनि, उसले थाहै नपाई, मानव आचरणका सिद्धान्तहरू बुझ्न पुगेको छ, र मानवजातिलाई मुक्त गर्ने परमेश्‍वरको वर्षौंको लगाबलाई बुझ्न पुगेको छ। मानिसले उसको आफ्नो जङ्गलीपनलाई बिस्तारै घृणा गर्न सुरु गर्छ। ऊ कति असभ्य छ त्यस कुरा, परमेश्‍वरप्रतिको उसका सबै गलत बुझाइहरू, र उहाँलाई उसले गरेका अनुचित मागहरूलाई उसले घृणा गर्न थाल्छ। समयलाई पछाडि फर्काउन सकिँदैन। विगतका घटनाहरू मानिसका अपसोचपूर्ण यादहरू बन्छन्, र परमेश्‍वरका वचनहरू र प्रेम मानिसको नयाँ जीवनको प्रेरणा-शक्ति बन्छ। दिन-प्रतिदिन मानिसका घाउहरू निको हुन्छन्, उसको सामर्थ्य फर्की आउछ र ... उहाँ सँधै नै उसकै साथमा हुनुहुँदो रहेछ, अनि उहाँको मुस्कान र उहाँको सुन्दर मुहार अझै कति मोहक छ भन्ने पत्ता लगाउन, ऊ खडा भएर सर्वशक्तिमान्‌को अनुहारमा हेर्छ। उहाँको हृदयले अझै पनि आफूले सृष्टि गरेको मानवजातिप्रति चिन्ता गर्छ, र उहाँका हातहरू प्रारम्भमा जस्ता थिए त्यस्तै न्याना र शक्तिशाली छन्। यो चाहिँ मानिस अदनको बगैंचामा फर्केजस्तै हुन्छ, तैपनि यस पटक मानिसले त्यस उप्रान्त सर्पको बहकाउलाई सुन्दैन र त्यस उप्रान्त यहोवाको नजरबाट फर्कँदैन। मानिस परमेश्‍वरको अघि घुँडा टेक्छ, परमेश्‍वरको मुस्कुराइरहेको अनुहारलाई हेर्छ, र उसको सबैभन्दा बहुमूल्य बलिदान चढाउँछ– अहो! हे मेरा प्रभु, मेरा परमेश्‍वर!

परमेश्‍वरको प्रेम र करुणाले उहाँको व्यवस्थापन कार्यको प्रत्येक र हरेक विवरणलाई भिजाउँछ, र मानिसहरूले परमेश्‍वरका असल अभिप्रायहरूलाई बुझ्न सके पनि वा नसके पनि, आफूले पूरा गर्ने भनी तय गर्नुभएको कामलाई उहाँले अझै अथक रूपमा गरिरहनुभएको छ। परमेश्‍वरको व्यवस्थापनको बारेमा मानिसहरूले जति नै धेरै किन नबुजोस्, परमेश्‍वरको कार्यले मानिसकहाँ ल्याएको सहयोग र लाभहरूलाई हरेकले सराहना गर्न सक्छन्। सायद, आजको दिनमा, परमेश्‍वरले प्रदान गर्नुभएको कुनै पनि प्रेम वा जीवनको अनुभव तैँले गरेको छैनस् होला, तर जब सम्म तैँले परमेश्‍वरलाई त्याग्दैनस् र सत्यताको खोजी गर्ने तेरो संकल्पलाई त्याग्दैनस्, तब परमेश्‍वरको मुस्कान तँलाई प्रकट गर्ने दिन आउनेछ। किनभने परमेश्‍वरको व्यवस्थापन कार्यको लक्ष्य भनेको शैतानको राज्य-क्षेत्रमा रहेका मानिसहरूलाई पुन: प्राप्ति गर्नु हो, शैतानद्वारा भ्रष्ट तुल्याइएका र परमेश्‍वरको विरोध गर्ने मानिसहरूलाई त्याग्न होइन।

सेप्टेम्बर २३, २००५

# मण्डलीहरूमा हिँड्ने क्रममा ख्रीष्टले दिनुभएका वचनहरू क्रमशः

(अक्टोबर १७, २०१३ देखि अगष्ट १८, २०१४ सम्म)

# परमेश्वरलाई चिन्नु भनेको
# परमेश्वरको डर मान्नु र दुष्टताबाट अलग बस्नु हो

तिमीहरू प्रत्येकले आफ्नो जीवनभरि परमेश्वरलाई कसरी विश्वास गरेका छौ भनी नयाँ जाँच गर्नुपर्छ, ताकि परमेश्वरलाई पछ्याउने प्रक्रियामा तिमीहरूले परमेश्वरलाई साँच्चिकै बुझेका, साँच्चिकै बोध गरेका, र साँच्चिकै चिनेका छौ कि छैनौ देख्न सक, परमेश्वरले विभिन्न प्रकारका मानिसहरूप्रति कस्तो किसिमको मनोवृत्ति राख्नुहुन्छ तिमीहरूलाई साँच्चिकै थाहा छ कि छैन र परमेश्वरले तिमीहरूमा गरिरहनुभएको काम र परमेश्वरले तिमीहरूको प्रत्येक कार्यलाई कसरी परिभाषित गर्नुहुन्छ तिमीहरूले साँच्चिकै बुझेका छौ कि छैनौ देख्न सक। तेरो प्रगतिलाई मार्गदर्शन दिनुहुँदै, तेरो नियति निर्धारण गर्नुहुँदै, र तेरा आवश्यकताहरू परिपूर्ति गर्नुहुँदै तेरो छेवैमा रहनुहुने परमेश्वरलाई–सबै कुरालाई समग्रमा विचार गर्दा, तैँले यस्ता परमेश्वरलाई कत्तिको बुझेको छस? तैँले यस्ता परमेश्वरलाई साँच्चिकै कत्तिको चिनेको छस्? उहाँले हरेक दिन तँमा के काम गर्नुहुन्छ, के तँलाई थाहा छ? उहाँले आफ्ना हरेक कार्य कुन-कुन सिद्धान्त र उद्देश्यहरूको आधारमा गर्नुहुन्छ, के तँलाई थाहा छ? उहाँले तँलाई कसरी मार्गर्देशन गर्नुहुन्छ, के तँलाई थाहा छ? उहाँले कुन माध्यमबाट तँलाई भरण-पोषण गर्नुहुन्छ, के तँलाई थाहा छ? उहाँले तँलाई कुन तरिकाहरूबाट अगुवाइ गर्नुहुन्छ, के तँलाई थाहा छ? उहाँले तँबाट के कुरा प्राप्त गर्न चाहनुहुन्छ र उहाँले तँमा के कुरा हासिल गर्न चाहनुहुन्छ, के तँलाई थाहा छ? तैँले व्यवहार गर्ने विभिन्न शैलीहरूप्रति उहाँले कस्तो मनोवृत्ति राख्नुहुन्छ, के तँलाई थाहा छ? तँ उहाँको प्रिय व्यक्ति हो कि होइन, के तँलाई थाहा छ? उहाँको आनन्द, रिस, दुःख र खुशीको उत्पत्ति, यी सबैपछिका उहाँका सोच र विचारहरू, र उहाँको सारको बारेमा के तँलाई थाहा छ? तँले विश्वास गरेको परमेश्वर, अन्ततः कस्तो किसिमको परमेश्वर हुनुहुन्छ, के तँलाई थाहा छ? के तैँले यी र अन्य प्रश्नहरूलाई कहिल्यै बुझेको थिइनस् वा तीबारेमा कहिल्यै विचार गरेको थिइनस्? परमेश्वरमाथिको तेरो विश्वासलाई पछ्याउँदा, के तैँले परमेश्वरका वचनहरूको साँचो सराहना र अनुभवमार्फत, के तैँले उहाँको बारेमा तँसँग भएका तेरा गलत बुझाइहरूलाई हटाएको छस्? परमेश्वरको अनुशासन कार्यवाही र ताडना पाएपछि के तैँले साँचो आज्ञापालन र वास्ता गर्न सुरु गरेको छस्? परमेश्वरको सजाय र न्यायको बीचमा के तैँले मानिसको विद्रोह र शैतानी प्रकृतिको बारेमा थाहा पाएको छस, अनि परमेश्वरको पवित्रताको विषयमा अलिकति बुझाइ प्राप्त गरेको छस्? परमेश्वरका वचनहरूको मार्गदर्शन र अन्तर्दृष्टिमा के तैँले जीवनसम्बन्धी नयाँ दृष्टिकोण राख्न सुरु गरेको छस्? के तैँले परमेश्वरले दिनुभएका जाँचहरूको दौरान मानिसका अपराधप्रति परमेश्वरको असहिष्णुता, साथै तैँले पूरा गर्नको लागि उहाँले आवश्यक गर्नुभएका कुराहरू र तँलाई उहाँले कसरी बचाउनुहुन्छ भन्ने कुरा महसुस गरेको छस्? यदि तँलाई परमेश्वरलाई गलत बुझ्नु भनेको के हो थाहा छैन वा उक्त गलत बुझाइ कसरी हटाउने हो थाहा छैन भने जोकोहीले भन्न सक्छ कि तँ परमेश्वरको साँचो सङ्गतिमा प्रवेश गरेको छैनस् र तैँले परमेश्वरलाई कहिल्यै पनि बुझेको छैनस् वा जोकोहीले कम्तीमा पनि भन्न सक्छ कि तैँले कहिल्यै पनि उहाँलाई बुझ्न चाहेको छैनस्। यदि तँलाई परमेश्वरको अनुशासन कार्यवाही

र ताडना के हो थाहा छैन भने अवश्य पनि तँलाई आज्ञापालन र वास्ता के हो थाहा छैन वा कम्तीमा पनि तैँले कहिल्यै साँच्चिकै परमेश्‍वरको आज्ञापालन वा उहाँको वास्ता गरेको छैनस्। यदि तैँले परमेश्‍वरको सजाय र न्याय कहिल्यै पनि अनुभव गरेको छैनस् भने निश्‍चय नै तँलाई उहाँको पवित्रता के हो थाहा छैन, मानिसको विद्रोह के हो भन्‍ने विषयमा तेरो बुझाइ स्पष्ट हुने कुरा त परै जाओस्। यदि तँसँग साँच्चि नै कहिल्यै पनि जीवनसम्बन्धी सही दृष्टिकोण थिएन, वा जीवनमा सही लक्ष्य थिएन, तर तँ अझै पनि अस्पष्टताको स्थिति र तेरो जीवनको भावी मार्गप्रति अनिर्णयको स्थितिमा भई अगाडि बढ्न हिचकिचाइरहेको अवस्थामा छस् भने, निश्‍चिय नै तैँले कहिल्यै पनि परमेश्‍वरको अन्तर्दृष्टि र मार्गदर्शन प्राप्त गरेको हुँदैनस्; जोकोहीले पनि भन्‍न सक्छ कि तैँले साँच्चि नै परमेश्‍वरका वचनहरूद्वारा आपूर्ति र पुन:पूर्ति प्राप्त गरेको छैनस्। यदि तँ परमेश्‍वरको परीक्षाबाट गुज्रेको छैनस् भने, भन्‍नै पर्दैन, तँलाई मानिसको अपराधप्रति परमेश्‍वरको असहिष्णुता के-कस्तो हुन्छ निश्‍चय नै थाहा हुनेछैन, न त तैँले परमेश्‍वरले अन्ततः तँबाट के-कस्ता आवश्यक मापदण्डहरू पूरा गराउन चाहनुहुन्छ भन्‍ने नै बुझ्छस्, तैँले उहाँको व्यवस्थापकीय र मानिसलाई उद्धार गर्ने उहाँको काम अन्ततः के हुन् भन्‍ने बारेमा बुझ्नु त परै जाओस्। एक व्यक्तिले परमेश्‍वरलाई विश्‍वास गरेको जतिसुकै वर्ष भए तापनि, यदि तिनीहरूले परमेश्‍वरका वचनहरूबाट केही पनि अनुभव गरेका वा बुझेका छैनन् भने, तिनीहरू निश्‍चय नै उद्धारको मार्गतिर हिँडिरहेका छैनन्, परमेश्‍वरमाथिको तिनीहरूको विश्‍वास निश्‍चय नै वास्तविक विष्यवस्तुरहित छ, तिनीहरूमा परमेश्‍वरको ज्ञान पनि निश्‍चय नै शुन्य छ, र तिनीहरूलाई अवश्य नै परमेश्‍वरलाई आदर गर्नु भनेको के हो केही पनि पनि थाहा हुँदैन।

परमेश्‍वरको सम्पत्ति र अस्तित्व, परमेश्‍वरको सारतत्त्व, परमेश्‍वरको स्वभाव—यी सबै कुरा मानवजातिलाई उहाँको वचनद्वारा थाहा दिइएको छ। जब मानिसले परमेश्‍वरका वचनहरू अनुभव गर्छ, मानिसले तिनलाई अभ्यासमा लगाउने प्रक्रियाद्वारा परमेश्‍वरले बोल्नुभएको वचनको उद्देश्य बुझ्न थाल्छ, र परमेश्‍वरका वचनहरूको स्रोत र पृष्ठभूमि बुझ्न र परमेश्‍वरका वचनहरूको अपेक्षित प्रभाव बुझ्न र कदर गर्न थाल्छ। सत्य र जीवन हासिल गर्न, परमेश्‍वरका अभिप्रायहरू बुझ्न, उहाँको स्वभावमा रूपान्तरित हुन, र परमेश्‍वरको सार्वभौमिकता र व्यवस्थापन पालन गर्न सक्षम बन्‍न मानवजातिले अनुभव गर्नैपर्ने, बुझ्नैपर्ने, र प्राप्त गर्नैपर्ने सबै कुराहरू यिनै हुन्। मानिसले यी सबै कुराहरू अनुभव गर्न, बुझ्न र प्राप्त गर्न थालेको समयसम्ममा, उसले क्रमिक रूपमा परमेश्‍वरको बुझाइ प्राप्त गरिसकेको हुनेछ, र उसले यस समयसम्ममा उहाँको विषयमा ज्ञानको फरक तह हासिल गरिसकेको हुनेछ। यो बुझाइ र ज्ञान मानिसले कल्पना गरेको वा रचना गरेको कुनै कुराबाट आउँदैन, बरु उसले आफूभित्र के कुरालाई कदर गर्छ, अनुभव गर्छ, महसुस गर्छ, र सुनिश्‍चतता प्रदान गर्छ भन्‍ने कुराबाट आउँछ। यी कुराहरूलाई कदर गर्न, अनुभव गर्न, महसुस गर्न र सुनिश्‍चितता प्रदान गर्न थालेपछि मात्र परमेश्‍वरबारेको मानिसको ज्ञानले साँचो विषयवस्तु प्राप्त गर्छ; यस समयमा मानिसले प्राप्त गरेको ज्ञान मात्र वास्तविक, साँचो, सही हुन्छ, अनि उहाँका वचनहरूलाई कदर गर्ने, अनुभव गर्ने, महसुस गर्ने र सुनिश्‍चितता प्रदान गर्ने माध्यमद्वारा परमेश्‍वरको साँचो बुझाइ र ज्ञान प्राप्त गर्ने यो प्रक्रिया मानिस र परमेश्‍वरबीचको साँचो सङ्गतिभन्दा अरू केही

होइन। यस किसिमको सङ्गतिको दौरान मानिसले परमेश्‍वरका अभिप्रायहरूलाई साँच्चिकै बुझ्छ र बोध गर्छ, परमेश्‍वरको सम्पत्ति र अस्तित्वलाई साँच्चिकै बुझ्न र जान्न थाल्छ, परमेश्‍वरको सारलाई साँच्चिकै बुझ्न र जान्न थाल्छ, परमेश्‍वरको स्वभावलाई क्रमिक रूपमा साँच्चिकै बुझ्न र जान्न थाल्छ, सारा सृष्टिमाथि परमेश्‍वरको प्रभुत्व हुन्छ भन्‍ने तथ्यप्रति साँच्चिकै निश्‍चितता पाउँछ र यसको सही परिभाषा बुझ्छ, र परमेश्‍वरको पहिचान र स्थानको आवश्यक बुझाइ र ज्ञान प्राप्त गर्छ। यस किसिमको सङ्गतिको दौरान, मानिसले परमेश्‍वरको विषयमा आफ्नो सोचविचार चरणबद्ध रूपमा परिवर्तन गर्छ, उहाँको विषयमा निराधार कुरा कल्पना गर्न छोड्छ, वा उहाँको विषयमा आफ्नो सन्देहमाथि लगाम लगाउँछ, वा उहाँमाथि गलत बुझाइ, वा उहाँलाई दोष लगाउने, वा उहाँको अनावश्यक मूल्यांकन गर्ने, वा उहाँमाथि शङ्का गर्ने जस्ता कुराहरूमाथि लगाम लगाउँछ। यसरी, परमेश्‍वरसँग मानिसको थोरै मात्र विवादहरू हुनेछन्, परमेश्‍वरसँग उसको थोरै मात्र द्वन्द्व हुनेछ, र मानिसले परमेश्‍वरको विरुद्धमा विद्रोह गर्ने अवसरहरू पनि थोरै मात्र हुनेछन्। यसको विपरीत, मानिस परमेश्‍वरको वास्ता र आज्ञापालन गर्ने कुरामा वृद्धि हुँदै जानेछ, र परमेश्‍वरका निम्ति उसको आदर अझ धेरै वास्तविक र गहिरो बन्दै जानेछ। यस किसिमको सङ्गतिको दौरान, मानिसले सत्यताको बन्दोबस्त र जीवनको बप्तिस्मा मात्र प्राप्त गर्ने छैन, बरु उसले त यही समयमा परमेश्‍वरको साँचो ज्ञान पनि प्राप्त गर्नेछ। यस किसिमको सङ्गतिको दौरान, मानिस आफ्नो स्वभावमा रूपान्तरित हुने र उसले मुक्ति प्राप्त गर्ने मात्र होइन, बरु उसले त यही समयमा परमेश्‍वरप्रति सृष्टि गरिएको प्राणीको साँचो आदर र आराधाना पनि प्राप्त गर्नेछ। मानिसले यस किसिमको सङ्गति प्राप्त गरिसकेपछि परमेश्‍वरमाथिको उसको विश्‍वास एउटा खाली कागज जस्तो हुँदैन, वा मुखले मात्र ठिक्क पार्ने खालको सेवा दिने प्रतिज्ञा जस्तो हुँदैन, वा अन्धभक्त भएर पछ्याए जस्तो र कुनै कुराको आदर्शीकरण जस्तो हुँदैन्; केवल यस किसिमको सङगतिद्वारा मानिसको जीवन दिन-प्रतिदिन परिपक्वतातिर वृद्धि हुनेछ, र अब मात्र उसको स्वभाव रूपान्तरित हुँदै जानेछ, र परमेश्‍वरमाथिको उसको विश्‍वास चरणबद्ध रूपमा अस्पष्टता र अनिश्‍चत विश्‍वासबाट साँचो आज्ञापालन र वास्तातर्फ, साँचो आदरतर्फ जानेछ, र परमेश्‍वरलाई पछ्याउने प्रक्रियामा मानिस निष्क्रियताबाट सक्रियतातिर, नकारात्मकताबाट सकारात्मकतातिर क्रमिक रूपमा अघि बढ्नेछ; केवल यस किसिमको सङ्गतिद्वारा मानिस परमेश्‍वरको साँचो बुझाइ र बोधसम्म, परमेश्‍वरको साँचो ज्ञानसम्म आइपुग्नेछ। बहुसङ्ख्यक मानिसहरू परमेश्‍वरसँगको साँचो सङ्गतिमा कहिल्यै प्रवेश नगरेका कारण, परमेश्‍वरबारेको तिनीहरूको ज्ञान सिद्धान्तको तहमा, अक्षर र धर्मसिद्धान्तहरूको तहमा रोकिन्छ। भन्‍नुको अर्थ, बहुसङ्ख्यक मानिसहरू, तिनीहरूले परमेश्‍वरमा विश्‍वास गरेको जति धेरै वर्ष भए तापनि, परमेश्‍वरलाई चिन्‍ने सन्दर्भमा, तिनीहरूले पहिला विश्‍वास सुरु गरेकै अवस्थामा छन्, तिनीहरू सामन्ती अन्धविश्‍वास र मनोरम रङ्गीन छहारीसँग आबद्ध भएर आराधना विधिको आधारभूत परम्परागत रूपहरूमै अल्झेर बसेका छन्। परमेश्‍वरको बारेमा त्यस मानिसको ज्ञान पहिला सुरु गरेकै अवस्थामा रोकिएको छ भनी भन्‍नुको अर्थ त्यो ज्ञान व्यावहारिक रूपमा अस्तित्वमै छैन भन्‍नु हो। मानिसले परमेश्‍वरको स्थान र परिचय पुष्टि गरेको बाहेक, परमेश्‍वरमाथिको मानिसको विश्‍वास अस्पष्ट अनिश्‍चितताको अवस्थामा रहन्छ। यस्तो

अवस्था भएकोले, मानिसले परमेश्वरप्रति कत्तिको साँचो आदर गर्न सक्छ?

तैँले परमेश्वरको अस्तित्वमाथि जतिसुकै दृढतासाथ विश्वास गरे तापनि, यसले परमेश्वरबारेको तेरो ज्ञानलाई प्रतिस्थापन गर्न सक्दैन, न त परमेश्वरको निम्ति तेरो उच्च आदरलाई नै प्रतिस्थापन गर्न सक्छ। तैँले उहाँको आशिष् र उहाँको अनुग्रह जतिसुकै उपभोग गरेको भए तापनि, यसले परमेश्वरबारेको तेरो ज्ञानलाई प्रतिस्थापन गर्न सक्दैन। तँ उहाँको निम्ति तेरा सब थोक पवित्रीकरण गर्न र सब थोक समर्पण गर्न जति नै इच्छुक भए तापनि, यसले परमेश्वरबारेको तेरो ज्ञानलाई प्रतिस्थापन गर्न सक्दैन। सायद तँ परमेश्वरले बोल्नुभएका वचनहरूप्रति अति धेरै परिचित भएको होलास्, वा तैँले ती वचन कण्ठस्थ पारेको र नहेरीकन सुनाउन सक्लास, तर यसले परमेश्वरबारेको तेरो ज्ञानलाई प्रतिस्थापन गर्न सक्दैन। परमेश्वरलाई पछ्याउने कुरामा मानिस जतिसुकै लगनशील भए तापनि, यदि परमेश्वरसँग उसको साँचो सङ्गति छैन वा परमेश्वरका वचनहरूको साँचो अनुभव छैन भने, परमेश्वरको बारेमा उसको ज्ञान शून्यता, वा अन्तहीन दिवास्वप्नमा अडिएको हुन्छ; किनभने तैँले परमेश्वरसँग “काँधमा काँध मिलाउँदै” अघि बढेको, वा उहाँलाई आमनेसामने भेटेको भए तापनि, परमेश्वरको बारेमा तेरो ज्ञान शून्य नै हुनेछ, र परमेश्वरको निम्ति तेरो आदर खोक्रो नारा वा आदर्श अवधारणाभन्दा अरू केही हुनेछैन।

धेरै मानिसहरूले दिनहुँ परमेश्वरका वचनहरू पढ्नको लागि माथि उठाउँछन्, यहाँसम्म कि सबै पौराणिक वचनखण्डहरूलाई तिनीहरूको सबैभन्दा बहुमूल्य सम्पत्तिको रूपमा लिँदै होसियारीसाथ कण्ठस्थ गर्छन्, अनि यसअलावा परमेश्वरका वचनहरूलाई सबैतिर प्रचार गर्छन्, अरूहरूलाई परमेश्वरका वचनहरू उपलब्ध गराउँछन् र तिनीहरूलाई ती वचनहरूद्वारा सहयोग गर्छन्। तिनीहरूले ठान्छन् कि यसो गर्नु भनेको परमेश्वरको साक्षी बन्नु हो, उहाँका वचनहरूको साक्षी बन्नु हो, र यसो गर्नु भनेको परमेश्वरको मार्ग पछ्याउनु हो; तिनीहरूले ठान्छन् कि यसो गर्नु भनेको परमेश्वरका वचनहरूबमोजिम जिउनु हो, यसो गर्नु भनेको तिनीहरूको वास्तविक जीवनमा उहाँका वचनहरू ल्याउनु हो, तिनीहरूले ठान्छन् कि यस कार्यले तिनीहरूलाई परमेश्वरको प्रशंसा प्राप्त गर्न सक्षम तुल्याउनेछ, र तिनीहरूलाई उद्धार गर्नेछ र सिद्ध बनाउनेछ। तर तिनीहरूले परमेश्वरका वचनहरूलाई प्रचार गरे तापनि तिनीहरूले व्यवहारमा कहिल्यै पनि परमेश्वरका वचनहरूको पालना गर्दैनन्, वा परमेश्वरका वचनहरूमा जे कुरा प्रकाश गरिएको छ त्यससँग आफैलाई तुलना प्रयास गर्दैनन्। बरु, तिनीहरूले चलाखी गरेर अरूबाट आदर र भरोसा प्राप्त गर्न, आफै व्यवस्थापनमा प्रवेश गर्न, र परमेश्वरको महिमा उपभोग गर्न र चोर्न परमेश्वरका वचनहरूलाई प्रयोग गर्छन्। तिनीहरूले आफूलाई प्रदान गरिएको अवसरलाई परमेश्वरको काम र उहाँको प्रशंसाको इनाम प्राप्त गर्नको लागि प्रयोग गर्दै परमेश्वरका वचनहरू प्रसार गर्ने व्यर्थै आशा गर्छन्। धेरै वर्ष बितिसकेका छन्, तर यी मानिसहरूले परमेश्वरका वचनहरू प्रचार गर्ने प्रक्रियामा परमेश्वरको प्रशंसा हासिल गर्न असक्षम बनेका छन्, तिनीहरू परमेश्वरका वचनहरूको साक्षी हुने प्रक्रियामा पछ्याउनुपर्ने मार्ग पत्ता लगाउन असक्षम भएका छन्, तिनीहरूले परमेश्वरका वचनहरू अरूलाई प्रदान गर्ने र ती वचनहरूद्वारा अरूलाई सहयोग गर्ने प्रक्रियामा ती वचनहरू आफैलाई प्रदान गर्ने र ती वचनहरूद्वारा आफैलाई सहयोग गर्ने गरेका छन्, तिनीहरूले यी सबै कुराहरू गर्ने प्रक्रियामा परमेश्वरलाई चिन्न,

वा तिनीहरू आफैलाई परमेश्वरको साँचो आदरमा जागरुक बनाउन असक्षम भएका छन्; तर यसको विपरीत, परमेश्वरका विषयमा तिनीहरूको गलत बुझाइ अझ वृद्धि हुँदै गइरहेको छ, उहाँमाथिको तिनीहरूको अविश्वास झन चुलिँदै गइरेहको छ, र उहाँको बारेमा तिनीहरूको कल्पना झन अतिरंजित हुँदै गइरहेको छ। परमेश्वरका वचनहरूको विषयमा तिनीहरूको आफ्नो सिद्धान्तहरूद्वारा परिपूर्ति र निर्देशित भएर, तिनीहरू पूर्ण रूपमा आफूलाई आनन्द लाग्ने अवस्थामा भएजस्तै गरी, आफ्ना सीपहरू सहजताका साथ प्रयोग गरेजस्तै गरी, तिनीहरूले जीवनमा आफ्नो उद्देश्य, आफ्नो मिसन पत्ता लगाएको जस्तै गरी, र तिनीहरूले नयाँ जीवन विजय गरेको र तिनीहरू उद्दार भएको जस्तै गरी, तिनीहरूको जिब्रोमा परमेश्वरका वचनहरू स्वतः उच्चारण भएजस्तै गरी, तिनीहरूले सत्यता प्राप्त गरेका छन्, परमेश्वरका अभिप्रायहरू बुझेका छन्, र परमेश्वरलाई चिन्ने मार्ग पत्ता लगाएका छन्, परमेश्वरका वचनहरू प्रचार गर्ने प्रक्रियामा भएजस्तै गरी, तिनीहरू प्रायजसो परमेश्वरको आमनेसामने आएका छन्। साथै, तिनीहरू प्राय "भावुक भई" रुने गर्छन्, र परमेश्वरका वचनहरूका परमेश्वरद्वारा प्राय डोऱ्याइएका छन्, तिनीहरू उहाँको इमान्दारीपूर्ण सरोकार र कृपालु अभिप्रायलाई बेपर्वाह रूपले उपयोग गरिरहेका देखिन्छन्, साथसाथै, मानिसको निम्ति परमेश्वरको मुक्ति र उहाँको व्यवस्थापनलाई उपयोग गरिरहेका देखिन्छन्, उहाँको सारलाई जानेका, र उहाँको धर्मी स्वभावलाई बुझेका जस्ता देखिन्छन्। यही जगको आधारमा, तिनीहरूले परमेश्वरको अस्तित्वमा अझ बलियो गरी विश्वास गरेको देखिन्छ, तिनीहरू उहाँको उच्च स्थिति अझ बढी पहिचान गरेका, र उहाँको भव्यता वा महान्ता र उहाँको आत्मिक अस्तित्व अझ गहन रूपमा महसुस गरेका जस्ता देखिन्छन्। परमेश्वरका वचनहरूको सतही ज्ञानमा खडा भएर, तिनीहरूको विश्वास वृद्धि भएको जस्तो, दुःखकष्ट सहने तिनीहरूको क्षमता सबलीकरण भएजस्तो, र परमेश्वरसम्बन्धी तिनीहरूको ज्ञान गहिरिएको जस्तो देखिन्छ। तिनीहरूले परमेश्वरका वचनहरू साँच्चिकै अनुभव नगरेसम्म, परमेश्वरको विषयमा तिनीहरूको सम्पूर्ण ज्ञान र उहाँको विषयमा तिनीहरूको सोचविचार तिनीहरूकै चाहले भरिएका कल्पना र अनुमानहरूबाट आएका हुन्छन् भन्ने कुरा तिनीहरूलाई कमै मात्र थाहा छ। तिनीहरूको विश्वास परमेश्वरबाट आएको कुनै पनि जाँचको अगाडि खडा हुन सक्दैन, तिनीहरूको कथित आत्मिकता र कद परमेश्वरको परीक्षा वा निरीक्षणको अगाडि कुनै हालतमा खडा हुन सक्दैन, तिनीहरूको सङ्कल्प बालुवामा बनाएको महल जस्तै हुन्छ, परमेश्वरको विषयमा तिनीहरूको कथित ज्ञान तिनीहरूको कल्पनाको मनगढन्ते कुराभन्दा बढी केही पनि हुँदैन। वास्तवमा, यी मानिसहरूले परमेश्वरका वचनहरूमा ठूलो प्रयत्न लगाएका छन्, तैपनि साँचो विश्वास के हो, साँचो आज्ञापालन के हो, साँचो वास्ता के हो, वा परमेश्वरको साँचो ज्ञान के हो भनी कहिल्यै महसुस गरेका छैनन्। तिनीहरूले सिद्धान्त, कल्पना, ज्ञान, वरदान, परम्परा, अन्धविश्वास, साथै मानवीय नैतिक मूल्य-मान्यतालाई लिन्छन्, र यी कुराहरूलाई परमेश्वरमा विश्वास गर्ने र उहाँलाई पछ्याउने "पुँजी" र "हतियार" बनाउँछन्, र तिनलाई तिनीहरूको परमेश्वरमाथिको विश्वास र परमेश्वरलाई पछ्याउने कार्यको आधार बनाउँछन्। साथै, परमेश्वरको निरीक्षण, परीक्षा, सजाय र न्यायलाई सामना र निराकरण गर्नको लागि तिनीहरूले यो पुँजी र हतियार लिन्छन् र तिनलाई जादुमय तावीज बनाउँछन् जसमार्फत तिनीहरूले परमेश्वरलाई चिन्न सक्छन्। अन्त्यमा, तिनीहरूले जे प्राप्त गर्छन्

त्यसमा परमेश्वरबारेका निष्कर्षहरूभन्दा अरू केही हुँदैनन्, जुन धार्मिक भाव, सामन्ती अन्धविश्वासमा आधारित हुन्छन्, र मनोरम, विचित्र र रहस्यमयी सबै कुरामा आधारित हुन्छन्। परमेश्वरलाई चिन्ने र परमेश्वरको परिभाषा गर्ने तिनीहरूको तरिका भनेको माथिको स्वर्ग, वा आकाशमा भएको बूढो मान्छेमा विश्वास गर्ने मानिसहरूको विश्वास जस्तै छ, जबकि परमेश्वरको वास्तविकता, उहाँको सार, उहाँको स्वभाव, उहाँको सम्पत्ति र अस्तित्व, र अन्य कुराहरू–साँचो परमेश्वर स्वयम्सँग सम्बन्धित सबै कुराहरू–यिनीहरू ती कुराहरू हुन् जसलाई बुझ्न तिनीहरूको ज्ञान असमर्थ भएको छ, जसबाट तिनीहरूको ज्ञान पूर्णतया अलग र उत्तरी र दक्षिणी ध्रुबजतिकै टाढा छ। यसरी, यी मानिसहरू परमेश्वरका वचनहरूको प्रबन्ध र पोषणमा बाँचिरहेका भए तापनि, तिनीहरू परमेश्वरको डर मान्ने र दुष्टताबाट अलग बस्ने मार्गमा साँच्चिकै हिँड्न असक्षम भएका छन्। यसको साँचो कारण भनेको तिनीहरू कहिल्यै पनि परमेश्वरसँग परिचित नहुनु हो, उहाँसँग तिनीहरूको साँचो सञ्चार वा सङ्गति नहुनु हो, र त्यसैले तिनीहरू परमेश्वरसँगको पारस्परिक बुझाइमा आउन असम्भव भएको हो, वा तिनीहरूले आफूभित्र परमेश्वरप्रति साँचो विश्वास जगाउन वा उहाँलाई पछ्याउन वा उहाँको आराधना गर्न असम्भव भएको हो। परमेश्वरलाई यसरी लिनुपर्छ, परमेश्वरका वचनहरूलाई त्यसरी लिनुपर्छ भन्ने तिनीहरूको दृष्टिकोण र स्वभावको कारण तिनीहरूले तिनीहरूका प्रयत्नहरूबाट रित्तो हात फर्कन बाध्य भएका छन्, अनन्तसम्म पनि परमेश्वरको डर मान्ने र दुष्टताबाट अलग बस्ने मार्गमा हिँड्न असक्षम हुन बाध्य भएका छन्। तिनीहरूले राखेको लक्ष्य र तिनीहरूले हिँड्न चुनेको मार्गले तिनीहरू अनन्तसम्म परमेश्वरका शत्रुहरू हुन् र तिनीहरूले अनन्तसम्म कहिल्यै पनि मुक्ति प्राप्न गर्न सक्नेछैनन् भन्ने दर्साउँछ।

परमेश्वरलाई थुप्रै वर्षदेखि पछ्याइरहेको र वर्षौंदेखि उहाँका वचनहरूको भरणपोषणमा आनन्द मनाएको व्यक्तिको हकमा, यदि परमेश्वरको बारेमा तिनीहरूको परिभाषा पनि मूर्तिहरूको अगाडि आफ्नो आस्था प्रकट गर्न घोप्टो परेर दण्डवत् गर्ने कुनै एक मानिसको जस्तै हुन्छ भने, यसले उक्त व्यक्तिले परमेश्वरका वचनहरूको वास्तविकता प्राप्त गरेको छैन भन्ने जनाउँछ। यस्तो हुन्छ किनभने तिनीहरू परमेश्वरका वचनहरूको वास्तविकतामा प्रवेश गरिसकेका छैनन्, र यसकारण, परमेश्वरका वचनहरूमा अन्तर्निहित रहेका वास्तविकता, सत्यता, अभिप्राय र मानवजातिले पूरा गर्नुपर्ने आवश्यक शर्तहरूसँग उक्त व्यक्तिको कुनै सरोकार नै हुँदैन। भन्नुको अर्थ, यस किसिमको व्यक्तिले परमेश्वरका वचनहरूको सतही अर्थमा जतिसुकै कडा परिश्रम गरेको भए तापनि, त्यो सबै व्यर्थ हुन्छ: किनकि तिनीहरूले पछ्याएको कुरा केवल शब्दहरू हुन्, निश्चय नै तिनीहरूले प्राप्त गर्ने कुरा पनि केवल शब्दहरू नै हुनेछन्। परमेश्वरले बोल्नुभएका वचनहरू बाहिरी रूपमा सरल हुन् वा गहन हुन्, जसै मानिस जीवनमा प्रवेश गर्छ ती वचनहरू मानिसको निम्ति सम्पूर्ण अपरिहार्य सत्यता बन्छन्; ती वचनहरू जीवित पानीका फोहरा हुन्, जसले मानिसलाई आत्मा र शरीर दुवैमा जीवित रहन सक्षम तुल्याउँछन्। ती वचनहरूले मानिसलाई जीवित रहन आवश्यक तत्त्वहरू प्रदान गर्छन्; उसको दैनिक जीवन चलाउनको निम्ति आवश्यक पर्ने सिद्धान्तहरू र विश्वासको सार प्रदान गर्छन्; मुक्ति प्राप्त गर्न उसले पार गर्नुपर्ने मार्ग, लक्ष्य र मार्गदर्शन प्रदान गर्छन्; परमेश्वरले सृष्टि गर्नुभएको एक प्राणीको रूपमा उसमा हुनुपर्ने हरेक सत्यता प्रदान गर्छन्;

र मानिसले परमेश्‍वरको आज्ञापालन गर्ने र आराधना गर्ने चाहिने सत्यता प्रदान गर्छन्। यी वचनहरू मानिसको अस्तित्व सुनिश्‍चित गर्ने प्रत्याभूति हुन्, मानिसको दैनिक भोजन हुन्, र तिनीहरू दह्रिलो टेवा हुन् जसले मानिसलाई बलियो हुन र खडा हुन सक्षम तुल्याउँछन्। सृष्टि गरिएको मानवजातिले तिनीहरूबमोजिम जिउने भएकोले तिनीहरू सामान्य मानवको सत्यता वास्तविकताले भरिपूर्ण हुन्छन्, मानिसलाई भ्रष्टताबाट छुटकारा दिने र शैतानको जालबाट बचाउने सत्यताले भरिपूर्ण हुन्छन, सृष्टिकर्ताले सृष्टि गरिएको मानवजातिलाई दिनुहुने अथक शिक्षण, उपदेश, उत्साह, र सान्त्वनाले भरिपूर्ण हुन्छन्। तिनीहरू सङ्केत बत्ती हुन् जसले मानिसहरूलाई सबै सकारात्मक कुराहरू बुझ्न मार्गदर्शन र अन्तर्दृष्टि दिन्छन्, तिनीहरू प्रत्याभूति हुन् जसले मानिसहरूले सबै धर्मी र असल कुराहरू प्राप्त गरी त्यसैबमोजिम जीवन जिउनेछन् भन्‍ने सनिश्‍चित गर्छन्, तिनीहरू मापदण्डहरू हुन् जसद्‌वारा सबै मानिस, घटना, र वस्तुहरूलाई मापन गरिन्छन्, र तिनीहरू नौपरिवहन संकेत हुन् जसले मानिसहरूलाई मुक्ति र ज्योतिको मार्गमा डोऱ्याउँछन्। परमेश्‍वरका वचनहरूको व्यावहारिक अनुभवले मात्र मानिसले सत्यता र जीवनको आपूर्ति प्राप्त गर्न सक्छ; यसरी मात्र मानिसले सामान्य मानवता के हो, अर्थपूर्ण जीवन के हो, सृष्टि गरिएको साँचो प्राणी के हो, परमेश्‍वरप्रतिको वास्तविक आज्ञापालन के हो भनी बुझ्न सक्छ; यसरी मात्र मानिसले आफूले परमेश्‍वरको कसरी वास्ता गर्नुपर्छ, सृष्टि गरिएको प्राणीको कर्तव्य कसरी पूरा गर्नुपर्छ, र वास्तविक मानिसको स्वरूप कसरी प्राप्त गर्नुपर्छ भनी बुझ्न सक्छ; यसरी मात्र मानिसले साँचो विश्‍वास र साँचो आराधनाको अर्थ के हो भनी बुझ्न सक्छ; यसरी मात्र मानिसले स्वर्ग र पृथ्वी र सबै थोकहरूका शासक को हुनुहुन्छ भनी बुझ्न सक्छ; यसरी मात्र मानिसले सारा सृष्टिका मालिक एउटै उहाँले कुन माध्यमद्‌वारा सृष्टि गरिएकाहरूलाई शासन गर्नुहुन्छ, अगुवाइ गर्नुहुन्छ, र भरणपोषण गर्नुहुन्छ भनी बुझ्न सक्छ; यसरी मात्र मानिसले सारा सृष्टिका मालिक एउटै उहाँ कुन माध्यमहरूद्‌वारा अस्तित्वमा रहनुहुन्छ, प्रकट हुन आउनुहुन्छ, र काम गर्नुहुन्छ भनी मानिसले बुझ्न र बोध गर्न सक्छ। परमेश्‍वरका वचनहरूको वास्तविक अनुभवबाट अलग बसेर मानिसले परमेश्‍वरका वचनहरू र सत्यताप्रति वास्तविक ज्ञान वा अन्तर्दृष्टि प्राप्त गर्दैन। यस किसिमको मानिस जीवित लास हो, खोक्रो खबटा मात्र हो, र यस किसिमको मानिससँग सृष्टिकर्तासँग सम्बन्धित सबै ज्ञानहरूको कुनै काम हुँदैन। परमेश्‍वरको दृष्टिमा, यस किसिमको मानिसले कहिल्यै पनि उहाँमा विश्‍वास गरेको हुँदैन, न त कहिल्यै पनि उहाँलाई पछ्याएको नै हुन्छ, त्यसैले परमेश्‍वरले त्यसलाई न त आफ्नो विश्‍वासीको रूपमा पहिचान गर्नुहुन्छ न त आफ्नो अनुयायीको रूपमै। उहाँले त्यसलाई सृष्टि गरिएको साँचो प्राणीको रूपमा स्वीकार गर्नुहुने त कुरै छाडौं।

सृष्टि गरिएको साँचो प्राणीले सृष्टिकर्ता को हुनुहुन्छ, मानिसको सृष्टि केका लागि गरिएको हो, सृष्टि गरिएको प्राणीका जिम्मेवारीहरू कसरी पूरा गर्न सकिन्छ, र सारा सृष्टिका प्रभुलाई कसरी आराधना गर्नुपर्छ भन्‍ने कुरा थाहा पाउनुपर्छ, सृष्टिकर्ताका अभिप्राय, चाहना, र आवश्यक शर्तहरू बुझ्नुपर्छ, बोध गर्नुपर्छ, थाहा पाउनुपर्छ र वास्ता गर्नुपर्छ, र सृष्टिकर्ताको मार्गको नियमबमोजिम काम गर्नुपर्छ—परमेश्‍वरको डर मान्‍नुपर्छ र दुष्टताबाट अलग बस्नुपर्छ।

परमेश्‍वरको डर मान्‍नु के हो? अनि व्यक्ति कसरी दुष्टताबाट अलग बस्न सक्छ?

“परमेश्वरको डर मान्नु” को अर्थ अज्ञात डर र त्रास होइन, न त उम्कनु हो, न त टाढा राख्नु हो, न त यो आदर्शीकरण वा अन्धविश्वास नै हो। बरु, यो त प्रशंसा, आत्म-विश्वास, भरोसा, बुझाइ, वास्ता, आज्ञापालन, पवित्रीकरण, प्रेम, साथै निःसर्त र गनगनविनाको आराधना, प्रत्युपकार र समर्पण हो। परमेश्वको साँचो ज्ञानविना मानवजातिसँग साँचो प्रशंसा, साँचो भरोसा, साँचो बुझाइ, साँचो वास्ता वा आज्ञापालन हुनेछैन, बरु केवल डर र असहजपन, शङ्का, गलत बुझाइ, छल र बेवास्ता मात्र हुन्छ; परमेश्वरको साँचो ज्ञानविना मानवजातिसँग साँचो पवित्रीकरण र प्रत्युपकार हुनेछैन; परमेश्वरको साँचो ज्ञानविना मानवजातिसँग साँचो आराधना र समर्पणता हुनेछैन, केवल अन्ध-आदर्शीकरण र अन्धविश्वास मात्र हुनेछ; परमेश्वरको साँचो ज्ञानविना मानवजातिले परमेश्वरको मार्गको नियमबमोजिम काम गर्न असम्भव हुन्छ, वा परमेश्वरको डर मान्ने, वा दुष्टताबाट अलग बस्ने कुरा असम्भव हुन्छ। यसको विपरीत, मानिस सहभागी हुने हरेक क्रियाकपाल र आचरण विद्रोह र अवज्ञाले भरिएको हुनेछ, उहाँको बारेमा निन्दनीय आरोप र द्वेषपूर्ण मूल्यांकनले भरिएको हुनेछ, अनि सत्यता र परमेश्वरका वचनहरूको साँचो अर्थ विपरीतका दुष्ट आचरणले भरिएको हुनेछ।

जब मानवजातिको परमेश्वरमा साँचो भरोसा हुन्छ, तब तिनीहरू उहाँलाई पछ्याउने र उहाँमा भर पर्ने कुरामा सच्चा हुन्छन्; परमेश्वरमा साँचो भरोसा र निर्भरताको कारण मात्र मानवजातिले साँचो बुझाइ र बोध प्राप्त गर्न सक्छ; परमेश्वरको साँचो बोधसँगै उहाँप्रतिको साँचो वास्ता आउँछ; परमेश्वरप्रतिको साँचो वास्ताले मात्र मानवजातिमा साँचो आज्ञापालन आउन सक्छ; परमेश्वरको साँचो आज्ञापालनले मात्र मानवजातिमा साँचो पवित्रीकरण आउन सक्छ; परमेश्वरप्रतिको साँचो पवित्रीकरणले मात्र मानवजातिमा निःसर्त र गनगनविनाको प्रत्युपकार आउन सक्छ; साँचो भरोसा र निर्भरता, साँचो बुझाइ र वास्ता, साँचो आज्ञापालन, साँचो पवित्रीकरण र प्रत्युपकारद्वारा मात्र मावनजातिले परमेश्वरको स्वभाव र सारको बारेमा साँचो रूपले थाहा पाउन सक्छ, र सृष्टिकर्ताको पहिचान थाहा पाउन सक्छ; तिनीहरूले जब सृष्टिकर्तालाई साँच्चिकै चिन्न थाल्छन्, तब मात्र मानवजातिले आफूभित्र साँचो आराधना र समर्पणता जगाउन सक्छन्; जब तिनीहरूसँग सृष्टिकर्ताको निम्ति साँचो आराधना र समर्पणता हुन्छ, तब मात्र मानवजाति आफ्ना दुष्टतालाई साँच्चिकै पन्छाउन सक्षम हुनेछन्, अर्थात्, तिनीहरू दुष्टताबाट अलग बस्न सक्नेछन्।

यो भनेको “परमेश्वरको डर मान्ने र दुष्टताबाट अलग बस्ने” सम्पूर्ण प्रक्रिया हो, र यो परमेश्वरको डर मान्ने र दुष्टताबाट अलग बस्ने कार्यको समष्टिगत विषयवस्तु पनि हो। परमेश्वरको डर मान्ने र दुष्टताबाट अलग बस्ने आचरण प्राप्त गर्नको लागि यात्रा गर्नुपर्ने मार्ग यही हो।

“परमेश्वरको डर मान्ने र दुष्टताबाट अलग बस्ने” कार्य र परमेश्वरलाई चिन्ने कार्य एउटै धागोमा अविभाज्य रूपमा गाँसिएका छन्, र तिनीहरूबीचको सम्बन्ध स्वःप्रमाणित छ। यदि कसैले दुष्टताबाट अलग बस्ने चाहना गर्छ भने उसले सबैभन्दा पहिला परमेश्वरको साँचो डर मान्नुपर्छ; यदि कसैले परमेश्वरको साँचो डर मान्ने इच्छा गर्छ भने ऊसँग सबैभन्दा पहिला परमेश्वरको साँचो ज्ञान हुनुपर्छ; यदि कसैले परमेश्वरको ज्ञान प्राप्त गर्ने इच्छा गर्छ भने उसले सबैभन्दा पहिला

परमेश्वरका वचनहरू अनुभव गर्नुपर्छ, परमेश्वरका वचनहरूको वास्तविकतामा प्रवेश गर्नुपर्छ, परमेश्वरको ताडना र अनुशासन कार्यवाही अनुभव गर्नुपर्छ, उहाँको सजाय र उहाँको न्याय अनुभव गर्नुपर्छ; यदि कसैले परमेश्वरका वचनहरू अनुभव गर्ने इच्छा गर्छ भने, ऊ पहिला परमेश्वरका वचनहरूको आमनेसामने आउनुपर्छ, परमेश्वरको आमनेसामने आउनुपर्छ, र मानिस, घटना र वस्तुहरू समावेश भएको सबै किसिमका वातावरणको रूपमा परमेश्वरका वचनहरू अनुभव गर्ने अवसर प्रदान गर्नुहोस् भनी परमेश्वरसँग अनुरोध गर्नुपर्छ। यदि कसैले परमेश्वर र उहाँका वचनहरूको आमनेसामने आउने इच्छा गर्छ भने ऊसँग पहिला सरल र इमानदार हृदय हुनुपर्छ, सत्यता स्वीकार गर्ने तत्परता हुनुपर्छ, दुःखकष्ट सहने इच्छा हुनुपर्छ, दुष्टताबाट अलग बस्ने सङ्कल्प र साहस हुनुपर्छ, र सृष्टि गरिएको साँचो प्राणी बन्ने आकांक्षा हुनुपर्छ...। यसरी तँ चरणबद्ध तरिकाले अघि बढ्दै परमेश्वरको नजिक जानेछस्, तेरो हृदय अझ शुद्ध हुँदै जानेछ, र परमेश्वरको बारेमा तेरो ज्ञान वृद्धि भएपछि तेरो जीवन र जीवित रहनुको महत्व अझ बढी अर्थपूर्ण र बत्ती अझ धेरै उज्ज्वल हुँदै जानेछ। एक दिन आउनेछ जुन दिन तैँले महसुस गर्नेछस कि सृष्टिकर्ता अबउप्रान्त प्रहेलिका हुनुहुन्न, सृष्टिकर्ता तँबाट कहिल्यै लुक्नुभएको छैन, सृष्टिकर्ताले आफ्नो मुहार तँबाट कहिल्यै लुकाउनुभएको छैन, सृष्टिकर्ता तँबाट बिलकुलै टाढा हुनुहुन्न, सृष्टिकर्ता तैँले आफ्नो विचारमा परिकल्पना गरी पर्खिरहेको एउटै उहाँ हुनुहुन्न बरु उहाँ त तेरा भावनाहरूद्‌वारा पुग्न नसकिने हुनुहुन्छ, उहाँ त तेरो दाहिने र देब्रेतिर साँच्चिकै र वास्तविक रूपमा तेरो पहरेदारी गर्न खडा हुनुहुन्छ, उहाँले त तेरो जीवनलाई आपूर्ति दिँदै हुनुहुन्छ र तेरो नियतिलाई नियन्त्रण गर्दै हुनुहुन्छ। उहाँ टाढा क्षितिजमा हुनुहुन्न, न त उहाँले आफैलाई उच्च बादलहरूमा नै लुकाउनुभएको छ। उहाँ तँ नजिकै हुनुहुन्छ, उहाँले तेरा सबै कुरा सञ्चालन गरिरहनुभएको छ, उहाँ नै तँसँग भएका सबै कुरा हुनुहुन्छ, र उहाँ नै तँसँग भएको केवल एउटै कुरा हुनुहुन्छ। यस किसिमको परमेश्वरले तँलाई हृदयदेखि उहाँलाई प्रेम गर्न, उहाँमा झुन्डिरहन, उहाँलाई नजिकबाट समात्न, उहाँको प्रशंसा गर्न, उहाँलाई गुमाउने डर मान्न, र उहाँलाई अबउप्रान्त इन्कार गर्न, उहाँको अवज्ञा गर्न वा उहाँलाई छल्न वा टाढा राख्न अनिच्छुक हुन लगाउनुहुन्छ। तैँले चाहने सबै कुरा भनेको उहाँलाई वास्ता गर्नु, उहाँको आज्ञापालन गर्नु, उहाँले दिनुभएका सबै थोकको सही पैँचो तिर्नु, उहाँको प्रभुत्वमा आफैलाई समर्पित गर्नु हुन्छ। तैँले फेरि कहिल्यै उहाँद्‌वारा मार्गदर्शन, बन्दोबस्त, हेरचाह प्राप्त गर्न, उहाँद्‌वारा सुरक्षित हुन इन्कार गर्दैनस्, तैँले फेरि कहिल्यै उहाँले तँलाई दिनुभएको हुकुम र आदेश इन्कार गर्दैनस्। तैँले चाहने सबै कुरा भनेको उहाँलाई पछ्याउनु, उहाँकै साथमा उहाँवरिपरि रहनु हुन्छ, तैँले चाहने सबै कुरा भनेको उहाँलाई तेरो एक मात्र जीवनको रूपमा स्वीकार गर्नु, उहाँलाई तेरो एक मात्र प्रभुको रूपमा ग्रहण गर्नु, तेरो एक मात्र परमेश्वरको रूपमा स्वीकार गर्नु हुन्छ।

अगस्ट १८, २०१४

# परमेश्वरको स्वभाव अनि उहाँको कामले हासिल गर्ने नतिजाहरूलाई कसरी चिन्ने

पहिले, हामी एउटा भजन गाऔं: राज्यको स्तुतिगान (१) राज्य संसारमा ओर्लिन्छ।

स्वर-सङ्गम: भीडहरूले मेरो जयजयकार गर्छन्, भीडहरूले मेरो प्रशंसा गर्छन्; सबै मुखले एउटै साँचो परमेश्वरको नाउँ लिन्छन्, परमेश्वरको राज्य मानिसहरूको संसारमा ओर्लिन्छ।

१ भीडहरूले मेरो जयजयकार गर्छन्, भीडहरूले मेरो प्रशंसा गर्छन्; सबै मुखले एउटै साँचो परमेश्वरको नाउँ लिन्छन्, सबै मानिसहरूले मेरा कामहरू हेर्न आ-आफ्नो आँखा माथि उठाउँछन्। परमेश्वरको राज्य मानिसहरूको संसारमा ओर्लिन्छ, मेरो व्यक्ति धनी र प्रशस्त छ। यसमा को आनन्दित हुँदैन र? आनन्दले को नाच्दैन? ए, सियोन! ममा हर्षोल्लास गर्न तेरो विजयको झन्डा उठा! मेरो पवित्र नाउँलाई फैलाउन तेरो विजयको गीत गा!

२ पृथ्वीको अन्त्यसम्मका सबै सृष्टि! आफैलाई शुद्ध पार्न हतार गर, यसैले कि तिमीहरू मेरो निम्ति बलि बन्न सक। माथि स्वर्गका तारा मण्डलहरू! आकाशमा मेरो पराक्रमी शक्ति प्रकट गर्न आफ्नो स्थानमा तुरुन्तै फर्किहाल। म पृथ्वीका मानिसहरूका आवाज सुन्न मेरो कान थाप्छु, जसले गीतमा मेरो निम्ति आफ्नो असिम प्रेम र सम्मान खन्याउँछन्। यस दिन, जब सबै सृष्टिहरू जीवनमा फर्कन्छन्, म मानिसहरूको संसारमा ओर्लिन्छु। यो क्षणमा, यस बेला, सबै फूलहरू उन्मत्त बनेर फक्रँदै फक्रिन्छन्, सबै पक्षीहरू एकै सोरमा गाउँछन्, सबै थोक आनन्दले धड्कन्छन्। परमेश्वरको राज्यको सलामीको आवाजमा, शैतानको राज्य ढल्छ, राज्यको स्तुतिगानको गर्जनमा कहिल्यै नउठ्ने गरी नाश हुन्छ।

३ पृथ्वीमा कसले खडा हुने र विरोध गर्ने हिम्मत गर्छ? जब म पृथ्वीमा ओर्लिन्छु, म आगो ल्याउँछु, क्रोध ल्याउँछु, र हरकिसिमका प्राकृतिक विपत्तिहरू ल्याउँछु। अहिले सांसारिक राज्यहरू मेरो राज्य हुन्! माथि आकाशमा, बादलहरू छताछुल्ल र तरङ्गित हुन्छन्; आकाशमुनि, ताल र नदीहरू उर्लेर बढ्छन् र खुसीको साथ एक उत्तेजक धुन निकाल्छन्। विश्राम गरिरहेका जनावरहरू उनीहरूका ओडारहरूबाट निस्किन्छन्, र सबै मानिसहरू मद्वारा उनीहरूको निद्राबाट जगाइन्छन्। असङ्ख्य मानिसहरूले पर्खेका दिन आखिरमा आइपुगेको छ! तिनीहरूले आफ्ना सबैभन्दा सुन्दर गीतहरू मलाई चढाउँछन्।

हरेक पटक यो गीत गाउँदा तिमीहरूले के सोच्छौ? (हामी एकदमै उत्साहित र रोमाञ्चित महसुस गर्छौं र हामीले राज्यको सौन्दर्य कति तेजस्वी रहेछ, मानवजाति र परमेश्वर कसरी सधैंको लागि सँगै हुनेछन् होला भन्ने सोच्छौं।) परमेश्वरसँग सँगै हुनको लागि मानिसहरूले कस्तो स्वरूप धारण गर्नुपर्छ भन्ने बारेमा के कसैले कहिल्यै सोचेको छ? तिमीहरूका कल्पनामा, परमेश्वरसँग जोडिन र त्यसपछि राज्यमा हुने तेजस्वी जीवनको आनन्द लिन मानिसहरू कस्तो हुनुपर्छ? (तिनीहरूको स्वभाव परिवर्तन हुनुपर्छ।) तिनीहरूको स्वभाव परिवर्तन हुनुपर्छ, तर कुन हदसम्म? तिनीहरूको स्वभाव परिवर्तन भएपछि तिनीहरू कस्ता हुनेछन्? (तिनीहरू पवित्र बन्नेछन्।) पवित्रताको मापदण्ड के हो त? (व्यक्तिका सबै सोच-विचारहरू र चिन्तनहरू ख्रीष्ट अनुरूप हुनुपर्छ।)

त्यस्तो अनुरूपता कसरी प्रकट हुन्छ त? (व्यक्तिले परमेश्‍वरलाई प्रतिरोध गर्दैन वा धोका दिँदैन, व्यक्ति पूर्ण रूपमा उहाँमा समर्पित हुन सक्छ र व्यक्तिको हृदयमा उहाँप्रति डरसहितको आदर हुन्छ।) तिमीहरूका केही जबाफहरू सही पथमा छन्। तिमीहरू सबैले आफ्ना हृदय खुला गर, अनि जे भन्न चाहन्छौ सो व्यक्त गर। (राज्यमा परमेश्‍वरसँग बस्ने मानिसहरूले बफादारिताका साथ सत्यताको खोजी गरेर अनि कुनै पनि व्यक्ति, घटना वा वस्तुद्वारा अवरुद्ध नभईकन आफ्ना कर्तव्यहरू पालना गर्न सक्नुपर्छ। त्यसपछि तिनीहरूलाई अन्धकारको प्रभावबाट मुक्त हुन, तिनीहरूको हृदयलाई परमेश्‍वरको अनुरूप गराउन अनि परमेश्‍वरको डर मान्‍न र दुष्टताबाट अलग बस्‍न सम्भव हुन्छ।) (विविध कुराहरूप्रतिको हाम्रो दृष्टिकोण परमेश्‍वरको अनुरूप बन्‍न सक्छ र हामी अन्धकारको प्रभावबाट मुक्त हुन सक्छौं। कम्तीमा पनि हामी त्यो ठाउँसम्म पुग्‍न सक्छौं जहाँ अब उप्रान्त कहिल्यै शैतानले हामीलाई शोषित गर्न सक्दैन, र जहाँ हामीले हाम्रा कुनै पनि भ्रष्ट स्वभावहरूलाई फाल्न सक्छौं र हामी परमेश्‍वरप्रति समर्पित हुन सक्छौं। मानिसहरू अन्धकारको प्रभावबाट मुक्त हुनु अत्यावश्यक छ भन्‍ने हामी विश्‍वास गर्छौं। अन्धकारको प्रभावबाट टाढा जान नसक्ने र शैतानको बन्धनबाट उम्कन नसक्ने मानिसहरूले परमेश्‍वरबाट मुक्ति प्राप्त गरेका हुँदैनन्।) (परमेश्‍वरद्वारा सिद्ध पारिनको लागि चाहिने मापदण्डहरू पूरा गर्न मानिसहरूले उहाँसँग तन र मनले एक हुनुपर्छ र अब उप्रान्त उहाँलाई कहिल्यै पनि प्रतिरोध गर्नु हुँदैन। तिनीहरूले आफूले आफैलाई चिन्‍न सक्नुपर्छ, सत्यताको अभ्यास गर्नुपर्छ, परमेश्‍वरको बुझाइ हासिल गर्नुपर्छ, र परमेश्‍वरको अनुरूप बन्‍नुपर्छ। यसको लागि चाहिने कुरा यही हो।)

**मानिसहरूका परिणामहरूले तिनीहरूको हृदयमा कति गहन प्रभाव पार्छन्**

कुन मार्ग पालना गर्ने भन्‍ने सम्बन्धमा तिमीहरूसँग केही विचार भएको जस्तो र तिमीहरूले यसको बारेमा केही बुझाइ र सराहना विकास गरेको छौ जस्तो देखिन्छ। तथापि, तिमीहरूले बोल्ने सबै शब्दहरू खोक्रा हुन्छन् कि वास्तविक हुन्छन् भन्‍ने कुरा तिमीहरूको दैनिक अभ्यासप्रतिको लगावमा निर्भर रहन्छ। वर्षहरू बित्दै जाँदा, धर्म सिद्धान्त र सत्यताको वास्तविक विषयवस्तु दुवैको रूपमा, तिमीहरू सबैले सत्यताको हरेक पक्षबाट केही निश्‍चित फलहरू प्राप्त गरेका छौ। यसले के प्रमाणित गर्छ भने, मानिसहरूले आजभोलि सत्यता हासिल गर्ने कुरामा अत्यन्तै धेरै जोड दिन्छन् र फलस्वरूप, सत्यताको हरेक पक्ष र अंशले अवश्य पनि केही मानिसहरूको हृदयमा जरा गाडिसकेको छ। तथापि, मैले सबैभन्दा डर मान्‍ने कुरा चाहिँ के हो त? त्यो के हो भने यी सत्यताका विषयहरू र यी सिद्धान्तहरूले तिमीहरूको हृदयमा जरा गाडिसकेको भए तापनि तिनको वास्तविक विषयवस्तुमा सारतत्व चाहिँ अलिकति मात्र रहेको छ। जब तिमीहरूले समस्याहरू भोग्छौ, परीक्षा र विकल्पहरूको सामना गर्छौ, तिमीहरूको लागि यी सत्यताहरूको वास्तविकता कति व्यावहारिक प्रयोजनको हुन्छ त? के यसले तिमीहरूलाई परमेश्‍वरको इच्छा परिपूर्ति गर्दै आफ्ना समस्याहरूबाट पार पाउन र परीक्षाहरूबाट बाहिर निस्कन मद्दत गर्छ त? के तिमीहरू परीक्षाहरूमाझ खरो उत्रन सक्छौ र परमेश्‍वरको जोडदार साक्षी दिन सक्छौ? के तिमीहरूले कहिल्यै आफूले आफैलाई यी मामलाहरूसँग सम्बन्धित गरेका छौ? म तिमीहरूलाई सोध्छु: तिमीहरूको

हृदयमा र तिमीहरूको सबै दैनिक सोचविचार र चिन्तनहरूमा, तिमीहरूको लागि सबैभन्दा महत्वपूर्ण कुरा के हो? के तिमीहरू कहिल्यै यसबारेमा कुनै निष्कर्षमा पुगेका छौ? तिमीहरूलाई आफ्नो लागि सबैभन्दा महत्वपूर्ण कुरा के हो भन्ने लाग्छ? केही मानिसहरूले "अवश्य पनि, सत्यताको अभ्यास गर्नु हो" भनेर भन्छन् भने अरूले "अवश्य पनि, हरेक दिन परमेश्वरका वचनहरू पढ्नु हो" भनेर भन्छन्। केही मानिसहरूले "अवश्य पनि, हरेक दिन परमेश्वरको सामु आउनु र उहाँलाई प्रार्थना गर्नु हो" भनेर भन्छन्, अनि त्यस्ता व्यक्तिहरू छन् जो "अवश्य पनि, हरेक दिन आफ्नो कर्तव्य उचित रूपमा निभाउनु हो" भनेर भन्छन्। केही त्यस्ता व्यक्तिहरू समेत छन् जो आफूले परमेश्वरलाई कसरी सन्तुष्ट पार्ने, कसरी हरेक कुरामा उहाँको आज्ञापालन गर्ने, र कसरी उहाँको इच्छा अनुरूप हुने गरी कार्य गर्ने सो बारेमा मात्रै सोच्छौं भनेर भन्छन्। के त्यो सही होइन र? के कुरा यति नै हो त? उदाहरणको लागि, कोही भन्छन्, "म केवल परमेश्वरप्रति समर्पित हुन चाहन्छु, तर जब-जब म समस्याको सामना गर्छु, तब-तब म समर्पित हुनै सक्दिनँ।" अरू भन्छन्, "म केवल परमेश्वरलाई सन्तुष्ट पार्न चाहन्छु, र मैले एक पटक मात्रै भए पनि उहाँलाई सन्तुष्ट पार्न पाए हुन्थ्यो–तर म कहिल्यै उहाँलाई सन्तुष्ट पार्न सक्दिनँ।" कोही भन्छन्, "म केवल परमेश्वरप्रति समर्पित हुन चाहन्छु। परीक्षाको समयहरूमा, कुनै गुनासो र अनुरोध नगरिकन, म केवल उहाँका योजनाहरूमा, उहाँका सार्वभौमिकता र बन्दोबस्तहरूमा समर्पित हुन चाहन्छु। तैपनि म लगभग हरेक पटक नै समर्पित हुन असफल हुन्छु।" अझै अरू भन्छन्, "जब मैले निर्णयहरू गर्नुपर्ने हुन्छ, म कहिल्यै पनि सत्यताको अभ्यास गर्ने विकल्प चुन्न सक्दिनँ। म सधैँ देहलाई सन्तुष्ट पार्न चाहन्छु र मेरा आफ्नै व्यक्तिगत, स्वार्थी चाहनाहरू पूरा गर्न चाहन्छु।" यसको कारण के हो त? परमेश्वरको परीक्षा आउनुअघि, के तिमीहरूले बारम्बार आफैले आफ्नो परीक्षा र जाँच गरेर आफूलाई पहिले नै चुनौती गरिसकेको हुनेछौ? तिमीहरू साँचो रूपमा परमेश्वरप्रति समर्पित हुन र उहाँलाई साँच्चिकै सन्तुष्ट पार्न सक्छौ कि सक्दैनौ, अनि तिमीहरूले उहाँलाई धोका नदिने कुराको प्रत्याभूति गर्न सक्छौ कि सक्दैनौ सो हेर; तिमीहरूले आफूलाई सन्तुष्ट पार्न र आफ्ना स्वार्थी चाहनाहरू पूरा गर्नबाट आफूलाई रोक्न अनि यसको सट्टा कुनै पनि व्यक्तिगत रोजाइहरू नगरीकन केवल परमेश्वरलाई सन्तुष्ट पार्न सक्छौ कि सक्दैनौ हेर। के कसैले यसो गर्छ त? वास्तवमा, तिमीहरूको आँखाअगाडि एउटै मात्र तथ्य राखिएको छ र यसैमा तिमीहरू हरेकको सबैभन्दा बढी रुचि छ र यसैलाई जान्ने सबैभन्दा बढी इच्छा छ–र यो हो, हरेक व्यक्तिको परिणाम र गन्तव्यको कुरा। तिमीहरूले यसलाई महसुस नगर्न पनि सक्छौ तर यो कुरा कसैले पनि इन्कार गर्न सक्दैन। जब मानिसहरूका परिणामहरूको सत्यता, मानवजातिलाई परमेश्वरको प्रतिज्ञा र मानिसहरूलाई परमेश्वरले कस्तो प्रकारको गन्तव्यमा ल्याउन चाहनुहुन्छ भन्ने कुरा आउँछ, यी विषयहरू सम्बन्धी परमेश्वरका वचनहरूलाई पहिले नै धेरै पटक पढेका केही व्यक्तिहरू छन् भन्ने मलाई थाहा छ। अनि आफ्नो मस्तिष्कमा जबाफ खोजी गर्ने र यी कुराहरूको बारेमा बारम्बार चिन्तन गर्ने तैपनि हात लाग्यो शून्य हुने वा सायद कुनै अस्पष्ट निष्कर्षमा पुग्ने केही व्यक्तिहरू छन्। अन्त्यमा, तिनीहरू आफ्नो लागि कस्तो प्रकारको परिणाम आउँदैछ भन्ने बारेमा अनिश्चित रहन्छन्। धेरैजसो मानिसहरू आफ्ना कर्तव्यहरू निभाउँदा निम्न प्रश्नहरूको निश्चयात्मक जबाफहरू पाउन चाहन्छन्:

“मेरो परिणाम के हुनेछ? के म यो बाटोमा अन्त्यसम्मै हिँड्न सक्छु? मानवजातिप्रति परमेश्वरको आचरण कस्तो छ?” केही त यसरी पनि चिन्तित हुन्छन्: “विगतमा, मैले केही कामहरू गरेको छु, र मैले केही कुराहरू भनेको छु; म परमेश्वरप्रति अनाज्ञाकारी रहेको छु, मैले परमेश्वरलाई धोका दिने कार्यहरू गरेको छु, र केही निश्चित परिस्थितिहरूमा मैले परमेश्वरलाई सन्तुष्ट पार्न असफल भएको छु, मैले उहाँको चित्त दुखाएको छु र मैले उहाँलाई निराश पारेको छु र मलाई घृणा र द्वेष गर्ने बनाएको छु। त्यसैले होला सायद मेरो परिणाम अज्ञात छ।” धेरैजसो मानिसहरू आफ्नो परिणामको बारेमा असहज महसुस गर्छन् भन्नु न्यायसंगत हुन्छ। कसैले पनि यस्तो भन्ने आँट गर्दैन, “म संघर्ष गरेर पनि बाँच्ने व्यक्ति बन्नेछु भन्नेमा म शतप्रतिशत निश्चितताको महसुस गर्छु; म शतप्रतिशत निश्चित छु कि म परमेश्वरलाई सन्तुष्ट पार्न सक्छु। म परमेश्वरको हृदय अनुरूपको व्यक्ति हुँ; म त्यस्तो व्यक्ति हो जसलाई परमेश्वरले प्रशंसा गर्नुहुन्छ।” कतिपय मानिसहरूले परमेश्वरको मार्ग पछ्याउनु विशेष रूपले कठिन हुन्छ र सत्यतालाई अभ्यास गर्नु सबैभन्दा गाह्रो कुरा हो भन्ने ठान्छन्। फलस्वरूप, त्यस्ता मानिसहरू आफूलाई सहयोग गरिए पनि केही हुन नसक्ने अवस्थामा पुगेका छौं भन्ने विश्वास गर्छन्, र राम्रो परिणाम प्राप्त गर्ने आशा बढाउने आँट गर्दैनन्; वा सायद, तिनीहरू आफूले परमेश्वरको इच्छालाई सन्तुष्ट पार्न नसक्ने भएको हुँदा संघर्ष गरेर पनि बाँच्ने व्यक्ति बन्न नसक्ने विश्वास गर्छन्। यसकारण, तिनीहरूले आफूसँग कुनै परिणाम छैन र राम्रो गन्तव्य प्राप्त गर्दैनन् भन्ने दाबी गर्छन्। मानिसहरूले ठ्याक्कै जे-जसरी सोच्ने भए तापनि, तिनीहरू सबैले धेरै पल्ट आफ्नो परिणाम के-कस्तो होला भनेर सोचेका हुन्छन्। तिनीहरूको भविष्यसम्बन्धी प्रश्नहरू र परमेश्वरले उहाँको काम सक्नुभएपछि आफूले के पाइएला भन्ने प्रश्नहरूको बारेमा तिनीहरूले निरन्तर रूपमा आङ्कलन र योजना गरिरहेका हुन्छन्। केहीले दुई गुणा बढी मूल्य चुकाउँछन्; केहीले आफ्नो परिवारहरू र जागिरहरू छाड्छन्; केहीले आफ्नो विवाह त्याग्छन्; केहीले परमेश्वरको लागि जीवन अर्पित गर्ने पद त्याग गर्छन्; केहीले आफ्नो कर्तव्य वहन गर्न घर छाड्छन्; केहीले कठिनाइ रोज्छन् र सबैभन्दा नरमाइला र थकाउने कामहरू गर्न सुरु गर्छन्; केहीले आफ्नो सम्पत्ति र आफ्ना सबै कुरा समर्पित गर्ने विकल्प रोज्छन्; अनि अझै अरू कतिले चाहिँ सत्यताको खोजी गर्ने र परमेश्वरलाई चिन्ने प्रयत्न गर्ने विकल्प रोज्छन्। तिमीहरूले जे-जसरी सत्यताको अभ्यास गर्ने विकल्प रोजे पनि, जुन शैलीमा तिमीहरूले अभ्यास गर्छौ त्यो महत्वपूर्ण छ कि छैन त? (अहँ, महत्वपूर्ण छैन।) त्यसोभए, हामीले “अमहत्त्वपूर्ण” लाई कसरी व्याख्या गर्छौं? यदि अभ्यासको विधि महत्वपूर्ण छैन भने, के चाहिँ महत्वपूर्ण छ त? (बाह्य असल व्यवहारले सत्यताको अभ्यास गर्ने कार्यको प्रतिनिधित्व गर्दैन।) (हरेक व्यक्तिको सोच-विचारहरू महत्वपूर्ण हुँदैनन्; मुख्य कुरा भनेको हामीले सत्यतालाई अभ्यास गर्छौं कि गर्दैनौं अनि हामीले परमेश्वरलाई प्रेम गर्छौं कि गर्दैनौं भन्ने हो।) (ख्रीष्टविरोधीहरू र झूटा अगुवाहरूको पतनले हामीलाई बाहय व्यवहार नै सबैभन्दा महत्वपूर्ण कुरा होइन भनी बुझ्न मद्दत गर्छ। सतही रूपमा, तिनीहरूले धेरै कुरा परित्याग गरेका र तिनीहरू मूल्य चुकाउन इच्छुक रहेका जस्ता देखिन्छन्, तर नजिकबाट नियाल्दा, तिनीहरूले परमेश्वरलाई आदर नै नगर्ने, बरु हरेक सन्दर्भमा तिनीहरूले उहाँको विरोध गर्ने गरेको देख्छौं। महत्वपूर्ण क्षणहरूमा, तिनीहरूले सधैँ शैतानको पक्ष

लिन्छन् र परमेश्वरको काममा हस्तक्षेप गर्छन्। यसरी, यहाँ विचार गर्नुपर्ने मुख्य कुरा भनेको समय आउँदा हामी कुन पक्षमा उभिन्छौं र विविध कुराहरूको बारेमा हाम्रो दृष्टिकोण कस्तो हुन्छ भन्ने हो।) तिमीहरू सबै राम्रोसँग बोल्छौ, अनि सत्यताको अभ्यास गर्ने, परमेश्वरका अभिप्रायहरू र मानवजातिको लागि परमेश्वरका आवश्यक शर्तहरूजस्ता कुराहरू आउँदा तिमीहरूसँग यसअघि नै तीबारेमा आधारभूत बुझाइ र अपेक्षाकृत मापदण्डहरू भएको जस्तो देखिन्छ। तिमीहरू यसरी कुरा गर्न सक्षम हुनु भनेको एकदमै मर्मस्पर्शी कुरा हो। तिमीहरूले भनेका मध्ये केही कुराहरू एकदमै सही नभए तापनि, तिमीहरू पहिले नै सत्यताको उचित व्याख्या गर्ने कार्यको नजिक आइपुगिसकेका छौ–र यसले के प्रमाणित गर्छ भने, तिमीहरूले आफू वरिपरिका मानिसहरू, घटनाहरू, र वस्तुहरूको बारेमा, परमेश्वरले तिमीहरूको लागि बन्दोबस्त गर्नुभएका सबै परिवेशहरूको बारेमा, र तिमीहरूले देख्ने सबै कुराहरूको बारेमा तिमीहरूको आफ्नो वास्तविक बुझाइलाई विकासित गरिसकेका छौ। यो यस्तो बुझाइ हो जुन सत्यताको नजिक छ। तिमीहरूले भनेका कुराहरू सम्पूर्ण रूपमा विस्तृत नभए तापनि, र तिमीहरूका शब्दहरूमध्ये केही एकदमै उपयुक्त नभए तापनि, तिमीहरूको बुझाइ यसअघि नै सत्यताको वास्तविकता नजिक पुग्दैछ। तिमीहरूले यसरी कुरा गरेको सुन्दा मलाई एकदमै धेरै खुशी लाग्छ।

### मानिसहरूका विश्वासले सत्यताको ठाउँ लिन सक्दैन

केही मानिसहरूले कठिनाइ सहन सक्छन्, मूल्य चुकाउन सक्छन्, तिनीहरू बाह्य रूपमा एकदमै राम्रो व्यवहारका हुन्छन्, तिनीहरूलाई निकै राम्रो सम्मान गरिन्छ, र तिनीहरूले अन्य व्यक्तिहरूबाट प्राप्त हुने प्रशंसाको आनन्द उठाउँछन्। के तिमीहरू यस प्रकारको बाह्य व्यवहारलाई सत्यताको अभ्यास गरेको मान्न सकिन्छ भनेर भन्छौ? के त्यस्ता मानिसहरूले परमेश्वरको इच्छालाई पूरा गरेको छ भनेर कसैले निर्क्योल गर्न सक्छ? किन होला बारम्बार मानिसहरूले त्यस्ता व्यक्तिहरूलाई हेर्छन् र तिनीहरूले परमेश्वरको इच्छा पूरा गरिरहेका छन्, तिनीहरू सत्यताको अभ्यास गर्ने मार्गमा हिँडिरहेका छन् अनि तिनीहरू परमेश्वरको मार्गमा निरन्तर रहिरहेका छन् भनी सोच्छन्? किन केही मानिसहरूले यसरी सोच्ने गर्छन्? यसको एउटै मात्र स्पष्टीकरण छ। त्यो स्पष्टीकरण के हो त? त्यो हो–धेरै मानिसहरूको लागि केही निश्चित प्रश्नहरू जस्तै सत्यताको अभ्यास गर्नु भनेको के हो, परमेश्वरलाई सन्तुष्ट पार्नु भनेको के हो र साँच्चै नै सत्यता वास्तविकता धारण गर्नु भनेको के हो भन्ने कुराहरू स्पष्ट छैनन्। यसरी, केही मानिसहरूले बाह्य रूपमा आत्मिक, सज्जन, उच्च र महान देखिने व्यक्तिहरूबाट धोका खान्छन्। जहाँसम्म अक्षरहरू र सिद्धान्तहरू धाराप्रवाह रूपमा बोल्न सक्ने अनि बोली र कार्य प्रशंसनीय भएका मानिसहरूको सवाल छ, तिनीहरूबाट धोका खानेहरूले तिनीहरूको कार्यको सार, तिनीहरूको कार्यपछाडिको सिद्धान्त वा तिनीहरूको उद्देश्यलाई कहिल्यै पनि हेरेका हुँदैनन्। अझ भन्ने हो भने, तिनीहरूले यी मानिसहरू परमेश्वरप्रति साँच्चै नै समर्पित छन् कि छैनन् भन्ने कुरा कहिल्यै हेरेका हुँदैनन्, न त कहिल्यै तिनीहरूले यी मानिसहरूले साँच्चै नै परमेश्वरको डर मान्छन् कि मान्दैनन् अनि यिनीहरू दुष्टताबाट अलग रहन्छन् कि रहँदैनन् भन्ने कुरा नै निर्क्योल गरेका हुन्छन्। तिनीहरूले कहिल्यै पनि यी मानिसहरूको मानवताको

सारलाई देखेका हुँदैनन्। बरु, यिनीहरूसँग चिनजान हुने पहिलो कदमदेखि नै, तिनीहरूले अलिअलि गर्दै यिनीहरूलाई सराहना र आदर गर्न थालेका हुन्छन् र अन्त्यमा यी मानिसहरू तिनीहरूको आदर्श बन्छन्। यसको अलावा, केही व्यक्तिहरूको विचारमा, तिनीहरूले आराधना गर्ने आदर्श पात्रहरू—अनि तिनीहरूले आफ्ना परिवारहरू, जागिरहरू त्याग गर्न सक्ने भनी विश्वास गरेका व्यक्तिहरू र सतही रूपमा मूल्य चुकाउन सक्षम देखिने व्यक्तिहरू—नै ती व्यक्तिहरू हुन् जसले सच्चा रूपमा परमेश्वरलाई सन्तुष्ट पारिरहेका छन् र जसले वास्तविक रूपमा असल प्रतिफलहरू र असल गन्तव्यहरू हासिल गर्न सक्छन्। उनीहरूको मनमा, यी आदर्श पात्रहरू नै ती व्यक्तिहरू हुन् जसलाई परमेश्वरले स्याबासी दिनुहुन्छ। तिनीहरूलाई के कुराले यस्तो विश्वास गर्न लगाउँछ? यो समस्याको सार के हो? यसले निम्त्याउने परिणामहरू के-के हुन्? सर्वप्रथम, यसको सारको विषयमा छलफल गरौं।

तात्विक रूपमा, मानिसहरूका दृष्टिकोणहरू, तिनीहरूका अभ्यासका तौरतरिकाहरू, तिनीहरूले अँगाल्न चयन गरेको अभ्यासका सिद्धान्तहरू, अनि तिनीहरू प्रत्येकले प्रायः ध्यान केन्द्रित गर्ने कुराहरू सम्बन्धी यी सवालहरू र मानवजातिले पूरा गर्नुपर्ने परमेश्वरका मागहरूको बीचमा कुनै सम्बन्ध छैन। मानिसहरूले हल्का कुराहरू वा गहन विषयहरू, वा अक्षरहरू र सिद्धान्तहरू वा वास्तविकता जेसुकैमा ध्यान केन्द्रित गरून्, तिनीहरूले सबैभन्दा बढी पालना गर्नुपर्ने कुरा चाहिँ पालना गर्दैनन्, न त तिनीहरूले आफूले सबैभन्दा बढी जान्नुपर्ने कुरा नै जान्दछन्। यसको कारण भनेको मानिसहरूले सत्यतालाई बिलकुलै मन नपराउनु हो; र यसरी तिनीहरू परमेश्वरका वाणीहरूमा पाइने अभ्यासका सिद्धान्तहरूको खोजी गर्न एवं तिनको अभ्यास गर्नमा समय र प्रयत्न खर्च गर्न इच्छुक हुँदैनन्। बरु, तिनीहरूले असल अभ्यास र असल व्यवहार के हो भन्ने बारेमा जे बुझेका र जानेका छन् त्यसैलाई सारांशित गर्दै छोटो बाटो प्रयोग गर्न रुचाउँछन्; त्यसपछि त्यो सारांश नै तिनीहरूको आफ्नो पछ्याउने लक्ष्य बन्छ जसलाई तिनीहरूले अभ्यास गर्नुपर्ने सत्यताको रूपमा लिन्छन्। यसको प्रत्यक्ष परिणाम यस्तो हुन्छ कि मानिसहरूले मानवीय असल व्यवहारलाई सत्यताको अभ्यास गर्ने कार्यको प्रतिस्थापनको रूपमा प्रयोग गर्छन् र यसले परमेश्वरको चाकरी गर्ने तिनीहरूको इच्छा पनि पूरा हुन्छ। यसले तिनीहरूलाई सत्यता विरुद्ध लड्न पुँजी प्रदान गर्छ जसलाई तिनीहरूले परमेश्वरसँग तर्कवितर्क गर्न र प्रतिस्पर्धा गर्न पनि प्रयोग गर्छन्। यसको साथै, मानिसहरूले अनैतिक ढङ्गले परमेश्वरलाई एकातिर पन्छाउँछन् र तिनीहरूले उहाँको सट्टामा आफूहरूले प्रशंसा गर्ने आदर्श पात्रहरूलाई राख्छन्। मानिसहरूलाई यस्ता अज्ञानी कार्यहरू र दृष्टिकोणहरू अँगाल्ने वा एकपक्षीय विचारहरू र अभ्यासहरू अपनाउने तुल्याउने मूल कारण एउटा मात्र छ—र आज म तिमीहरूलाई यसको बारेमा बताउनेछु: त्यो कारण भनेको मानिसहरूले परमेश्वरलाई पछ्याए पनि, हरेक दिन उहाँ समक्ष प्रार्थना गरे पनि, र हरेक दिन उहाँका वाणीहरूलाई पढे पनि, तिनीहरूले वास्तविक रूपमा उहाँको इच्छा नबुझ्नु नै हो। समस्याको जरा यसैमा हुन्छ। यदि कुनै व्यक्तिले परमेश्वरको हृदयलाई बुझ्थ्यो वा उहाँले के मन पराउनुहुन्छ, उहाँले कुन कुरालाई घृणा गर्नुहुन्छ, उहाँले के चाहनुहुन्छ, उहाँले कुन कुरालाई अस्वीकार गर्नुहुन्छ, उहाँले कस्तो प्रकारको मानिसलाई मन पराउनुहुन्छ, उहाँले कस्तो प्रकारको मानिसलाई घृणा गर्नुहुन्छ, मानिसहरूले पूरा

गर्नैपर्छ भनी माग गर्दा उहाँले कस्तो प्रकारको मापदण्ड प्रयोग गर्नुहुन्छ अनि तिनीहरूलाई सिद्ध तुल्याउनको लागि उहाँले कस्तो पद्धति प्रयोग गर्नुहुन्छ भन्ने कुरा जान्दथ्यो भने, के त्यस्तो व्यक्तिसँग अझै पनि आफ्नै व्यक्तिगत विचारहरू हुन्थ्यो होल त? के त्यस्तो व्यक्तिले त्यसै गएर अरू कसैको आराधना गर्थ्यो त? के आम मानव तिनको आदर्श हुन सक्थ्यो त? परमेश्‍वरको इच्छालाई बुझ्ने व्यक्तिमा त्योभन्दा बढी विवेकपूर्ण दृष्टिकोण हुन्छ। तिनीहरूले मनोमानी ढङ्गले कुनै भ्रष्ट व्यक्तिलाई आदर्श बनाउनेछैनन्, न त तिनीहरूले सत्यताको अभ्यास गर्ने क्रममा केही सामान्य नियमहरू र सिद्धान्तहरूलाई अन्धाधुन्ध रूपमा पालना गर्दैमा त्यो सत्यताको अभ्यास गर्नु बराबर हुन्छ भनेर नै विश्‍वास गर्नेछन्।

**परमेश्‍वरले मानिसहरूका परिणामहरू निर्धारण गर्न जुन मापदण्डहरूको प्रयोग गर्नुहुन्छ तिनका बारेमा धेरै विचारहरू छन्**

यो शीर्षकमा पुन फर्कौं र परिणाम विषयको छलफललाई जारी राखौं।

हरेक व्यक्तिले आफ्नै परिणामको बारेमा सरोकार राख्ने भएकोले, त्यो परिणाम परमेश्‍वरले कसरी निर्धारण गर्नुहुन्छ के सो तिमीहरूलाई थाहा छ? कस्तो शैलीमा परमेश्‍वरले उक्त परिणाम निर्धारण गर्नुहुन्छ त? अझ भन्ने हो भने, यसलाई निर्धारण गर्नको लागि उहाँले के-कस्ता मापदण्डहरूको प्रयोग गर्नुहुन्छ त? जब कुनै व्यक्तिको परिणाम निर्धारण हुन अझै बाँकी हुन्छ, तब यस्तो कुरा प्रकट गर्न परमेश्‍वरले के गर्नुहुन्छ? कसैलाई थाहा छ? केही क्षणअघि मैले भनेझैँ, मानिसहरूको परिणामहरूको बारेमा, ती परिणामहरूलाई के-कस्ता वर्गहरूमा विभाजित गरिन्छ भन्ने बारेमा, र विभिन्न प्रकारका मानिसहरूले पाउने विभिन्न परिणामहरूको बारेमा सुराक पत्ता लगाउने प्रयासमा धेरै समयदेखि परमेश्‍वरका वचनहरूको खोज-अनुसन्धान गर्दै वर्षौं बिताएका केही व्यक्तिहरू छन्। तिनीहरूले परमेश्‍वरको वचनले मानिसहरूका परिणामहरूलाई के-कसरी नियन्त्रण गर्छ, उहाँले के-कस्ता मापदण्डहरू प्रयोग गर्नुहुन्छ, र वास्तवमा उहाँले कसरी कुनै व्यक्तिको परिणाम निर्धारण गर्नुहुन्छ भन्ने कुरा पत्ता लगाउने पनि आशा गर्छन्। तैपनि अन्त्यमा, यी मानिसहरूले कहिल्यै पनि कुनै जबाफ पत्ता लगाउन सक्दैनन्। वास्तविक तथ्यमा, परमेश्‍वरका वाणीहरूमा यी मामलाहरूको बारेमा अति नै कम मात्र बोलिएको छ। किन यस्तो भएको हो त? जबसम्म मानिसहरूका परिणामहरूलाई प्रकट गर्न अझै बाँकी हुन्छ, तबसम्म परमेश्‍वरले अन्त्यमा के हुँदैछ भनेर कसैलाई पनि भन्न चाहनुहुन्न, न त उहाँले कसैलाई समयभन्दा पहिले उनीहरूको गन्तव्यको बारेमा नै सूचित गर्न चाहनुहुन्छ–किनभने त्यसो गर्नु मानवताको लागि कुनै फाइदाजनक हुँदैन। यहाँ अहिले नै म तिमीहरूलाई परमेश्‍वरले कुन शैलीमा मानिसहरूका परिणामहरूलाई निर्धारण गर्नुहुन्छ भन्ने बारेमा, यी परिणामहरू निर्धारण र प्रकट गर्ने उहाँको कामको लागि उहाँले प्रयोग गर्ने सिद्धान्तहरूको बारेमा, र कुनै व्यक्ति जीवित रहन सक्छ कि सक्दैन भन्ने कुरा निर्धारण गर्न उहाँले प्रयोग गर्नुहुने मापदण्डको बारेमा मात्र बताउन चाहन्छु। के तिमीहरूलाई सबैभन्दा बढी चासो लाग्ने प्रश्‍नहरू यिनै होइनन् र? त्यसो भए, मानिसहरूले कसरी परमेश्‍वरले मानिसहरूका परिणामहरू निर्धारण गर्नुहुन्छ भनी विश्‍वास गर्छन् त? तिमीहरूले यसको

केही अंश भर्खरै बतायौ: तिमीहरूमध्ये केहीले भन्यौ, यो व्यक्तिले आफ्ना कर्तव्यहरू बफादारी पूर्वक निभाउनु र परमेश्वरको लागि जीवन अर्पण गर्नुसँग सम्बन्धित रहेको छ; केहीले भन्यौ, यो परमेश्वरप्रति समर्पित हुने र उहाँलाई सन्तुष्ट पार्ने बारेमा छ; केहीले भन्यौ, यसको एउटा तत्वचाहिँ परमेश्वरको कृपामा रहनु हो; अनि केहीले भन्यौ, मुख्य कुरा भनेको आफ्नो बारेमा निम्न चर्चा-परिचर्चा कायम राख्नु हो...। जब तिमीहरूले यी सत्यताहरूको अभ्यास गर्छौ र जब तिमीहरूले आफूलाई सही लागेको सिद्धान्तअनुरूप अभ्यास गर्छौ, तब परमेश्वरले के सोच्नुहुन्छ भन्ने तिमीहरूलाई थाहा छ? यसप्रकारले कार्य गर्न जारी राख्नु वा नराख्नु भनेको परमेश्वरको इच्छालाई सन्तुष्ट पार्नु हो भनेर के तिमीहरूले कहिल्यै सोचेका छौ? के यसले उहाँको मापदण्ड पूरा गर्छ? के यसले उहाँका आवश्यक सर्तहरू परिपूर्ति गर्छ? मलाई विश्वास छ, धेरैजसो मानिसहरूले यी प्रश्नहरूको बारेमा वास्तवमा सोच्दै सोच्दैनन्। तिनीहरूले केवल यान्त्रिक रूपमा परमेश्वरको वचनको एउटा अंश, वा उपदेशहरूको एउटा अंश, वा तिनीहरूले आदर्श बनाएका कुनै निश्चित आत्मिक व्यक्तित्वका मापदण्डहरू प्रयोग गर्छन् र आफूले आफैलाई यो वा त्यो कुरा गर्न बाध्य तुल्याउँछन्। तिनीहरूले यो नै सही मार्ग हो भन्ने विश्वास गर्छन् र त्यसैले यही कार्यमा अडिग रहन्छन् र यही कार्य गरिरहन्छन्, चाहे अन्त्यमा जेसुकै होस्। केही मानिसहरूले सोच्छन्, “मैले धेरै वर्षदेखि विश्वास गर्दै आइरहेको छु; मैले सधैँ यही तरिकाले अभ्यास गरेको छु। मलाई लाग्छ मैले परमेश्वरलाई साँच्चिकै सन्तुष्ट पारेको छु र मैले यसबाट धेरै कुरा पाएको पनि महसुस गर्छु। यस्तो महसुस हुन्छ किनभने यो समय अवधिमा मैले धेरै सत्यताहरू बुझेको छु, साथै मैले पहिले नबुझेका धेरै कुराहरू पनि बुझेको छु। निश्चित रूपमा, मेरा धेरै विचारहरू र दृष्टिकोणहरू परिवर्तन भएका छन्, मेरा जीवनसम्बन्धी मान्यताहरू अत्याधिक रूपमा परिवर्तन भएका छन्, र ममा अहिले यो संसार सम्बन्धी एकदमै राम्रो बुझाइ रहेको छ।” त्यस्ता मानिसहरूले यो फसल कटनी हो र मानवताको लागि परमेश्वरको कामको अन्तिम नतिजा हो भन्ने विश्वास गर्छन्। तिमीहरूको विचारमा, यी मापदण्डहरू र तिमीहरूका सबै अभ्यासहरूलाई समग्रमा लिँदा, के तिमीहरूले परमेश्वरको इच्छालाई सन्तुष्ट पारिरहेका छौ त? तिमीहरूमध्ये केहीले पूर्ण निश्चितताका साथ भन्नेछौ, “अवश्य! हामीले परमेश्वरको वचन अनुरूप अभ्यास गरिरहेका छौं; हामीले माथिबाट जे प्रवचन र बताइएको छ सोही अनुरूप अभ्यास गरिरहेका छौं। हामीले सधैँ हाम्रा कर्तव्यहरू निर्वाह गरिरहेका छौं र निरन्तर परमेश्वरलाई पछ्याइरहेका छौं, र हामीले उहाँलाई कहिल्यै पनि छाडेका छैनौं। त्यसैले हामी पूर्ण आत्मविश्वासका साथ भन्न सक्छौ कि हामीले परमेश्वरलाई सन्तुष्ट पारिरहेका छौं। उहाँका अभिप्रायहरूको बारेमा हामीले जति नै बुझे पनि र उहाँका वचनहरूलाई हामीले जति नै बोध गरे पनि, हामी सधैँ नै परमेश्वरको अनुरूप हुन खोजी गर्ने मार्गमा रहेका छौं। जबसम्म हामीले सही रूपमा कार्य गर्छौ र सही रूपमा अभ्यास गर्छौं, तबसम्म हामीले सही नतिजा ल्याउने कुरा निश्चित हुन्छ।” यो दृष्टिकोणको बारेमा तिमीहरू के सोच्छौ त? के यो सही छ त? केही त यस्ता पनि होलान् जो भन्छन्, “मैले यी कुराहरूको बारेमा पहिले कहिल्यै सोचेको थिइनँ। मलाई लाग्छ, जबसम्म मैले मेरो कर्तव्य पूरा गर्न र परमेश्वरका वाणीहरूका आवश्यक सर्तहरू अनुसार कार्य गर्न जारी राख्छु, तबसम्म म बाँच्न सक्छु। मैले परमेश्वरको हृदयलाई सन्तुष्ट पार्न सक्छु कि

सक्दिन भन्ने प्रश्नको बारेमा कहिले पनि विचार गरेको छैन, न त मैले कहिल्यै उहाँले तय गर्नुभएको मापदण्डलाई मैले पूरा गरिरहेको छु कि छैन भन्ने कुराको बारेमा नै सोचेको छु। परमेश्वरले मलाई कहिल्यै पनि बताउनुभएको छैन वा कुनै पनि स्पष्ट निर्देशनहरू दिनुभएको छैन, त्यसैले म विश्वास गर्छु कि जबसम्म मैले काम गर्न जारी राख्छु र रोकिन्न, तबसम्म परमेश्वर सन्तुष्ट हुनुहुनेछ र उहाँले ममाथि कुनै थप आवश्यक सर्तहरू लाद्नुहुनेछैन।" के यी विश्वासहरू सही छन् त? जहाँसम्म मेरो सवाल छ, यो शैलीको अभ्यास, यो शैलीको सोच, र यी दृष्टिकोणहरू सबैमा कल्पनाका साथसाथै अलिअलि अन्धोपन समावेश छ। सायद मैले यो कुरा भन्दा तिमीहरूमध्ये केहीले अलि निरुत्साहित महसुस गर्छौ होला, र सोच्छौ होला, "अन्धोपन? यदि यो अन्धोपन हो भने, मुक्ति पाउने र जीवित रहने हाम्रो आशा झीनो र अनिश्चित छ, होइन र? यस प्रकारले कुरा गरेर, के तपाईंले हामीमाथि चिसो पानी खन्याउनुभएको छैन र?" तिमीहरूले जे-जस्तो विश्वास गरे तापनि, मैले भन्ने र गर्ने कुराहरूको आशय तिमीहरूलाई चिसो पानीले खन्याए जस्तो अनुभव गराउनु होइन। बरु, तिनको आशय त परमेश्वरका अभिप्रायहरूको बारेमा तिमीहरूको बुझाइ सुदृढ गराउनु र उहाँले के सोचिरहनुभएको छ, उहाँले के उपलब्धि हासिल गर्न चाहनुहुन्छ, कस्ता प्रकारका मानिसहरूलाई उहाँले मन पराउनुहुन्छ र उहाँले केलाई घृणा गर्नुहुन्छ, उहाँले केलाई तुच्छ ठान्नुहुन्छ, उहाँ कस्ता प्रकारका मानिसहरूलाई प्राप्त गर्न चाहनुहुन्छ र उहाँले कस्ता प्रकारका मानिसहरूलाई तिरस्कार गर्नुहुन्छ भन्ने सम्बन्धमा तिमीहरूको बोध अभिवृद्धि गर्नु हो। तिनको आशय तिमीहरूको मस्तिष्कलाई स्पष्टता प्रदान गर्नु हो र तिमीहरूलाई तिमीहरू प्रत्येकका कार्य र सोचहरू परमेश्वरका आवश्यक मापदण्डहरूबाट कति टाढा गएका छन् भन्ने कुराको बारेमा स्पष्ट बुझाइ प्रदान गर्नु हो। के यी विषयहरूलाई छलफल गर्न अति आवश्यक छ त? किनभने मलाई थाहा छ, तिमीहरूले लामो समयदेखि विश्वास गर्दै आएका छौ र यति धेरै प्रवचनहरू सुनेका छौ, तर ठ्याक्कै भन्ने हो तिमीहरूमा सबैभन्दा नभएका कुराहरू यिनै हुन्। तिमीहरूले आफ्ना स्मरण पुस्तिकाहरूमा हरेक सत्यतालाई अभिलेख गरी राखेका भए तापनि र तिमीहरूले व्यक्तिगत रूपमा महत्वपूर्ण हुन् भनी विश्वास गरेका केही कुराहरूलाई कण्ठस्थ गरेका र आफ्नो हृदयमा कुँदेर राखेका भए तापनि, र तिमीहरूले यी कुराहरूलाई अभ्यासको दौरान परमेश्वरलाई खुशी पार्नको लागि प्रयोग गर्न चाहे पनि, तिमीहरूले आफूले आफैलाई अभावग्रस्त अवस्थामा पाएको बेलामा तिनलाई प्रयोग गर्न चाहे पनि, भविष्यमा आउने कठिनाइपूर्ण समयहरूबाट पार पाउन प्रयोग गर्न चाहे पनि, वा तिमीहरूले जीवन जिउँदा यी कुराहरूको साथ होस भनी साथै राख्न चाहे पनि, जहाँसम्म मेरो सवाल छ, तिमीहरूले जसरी नै यसो गरे तापनि, यदि तिमीहरूले यो कार्य गरिरहेका मात्र छौ भने यो त्यति महत्वपूर्ण हुँदैन। त्यसो भए, महत्वपूर्ण कुरा के हो त? महत्वपूर्ण कुरा के हो भने तैँले अभ्यास गर्दा, तैँले गरिरहेको हरेक काम—हरेक कर्म—परमेश्वरले जे चाहनुहुन्छ सोसँग मेल खाने छ कि छैन र तेरा सबै कार्यहरू, तेरा सबै सोचहरू, र तैँले हासिल गर्न चाहेका नतिजाहरू र लक्ष्यले वास्तवमा परमेश्वरको इच्छालाई सन्तुष्ट पार्छन् कि पार्दैनन् र उहाँका आवश्यक सर्तहरू परिपूर्ति गर्छन् कि गर्दैनन्, साथै तिनलाई उहाँले स्वीकृति दिनुहुन्छ कि हुँदैन भनी तेरो भित्री अन्तस्करणमा तैँले पूर्ण निश्चितताका साथ थाहा पाउनुपर्छ। धेरै महत्वपूर्ण कुराहरू भनेका यिनै हुन्।

**परमेश्वरको मार्गमा हिँड: परमेश्वरको डर मान र दुष्टताबाट अलग बस**

एउटा भनाइ छ जसलाई तिमीहरूले टिपेर राख्नुपर्छ। मलाई विश्वास छ यो भनाइ एकदमै महत्वपूर्ण छ किनभने हरेक दिन यो भनाई धेरै पटक मेरो मस्तिष्कमा आइरहन्छ। त्यसो किन हुन्छ? यस्तो हुन्छ किनभने हरेक पल्ट मैले कसैको सामना गर्दा, हरेक पल्ट मैले कसैको कथा सुन्दा र हरेक पल्ट मैले कसैले परमेश्वरमा विश्वास गरेको अनुभव वा गवाही गरेको सुन्दा, म सधैँ उक्त व्यक्ति परमेश्वरले चाहनुहुने प्रकारको व्यक्ति वा परमेश्वरलाई मन पर्ने प्रकारको व्यक्ति हो कि होइन भनी मेरो हृदयमा निर्धारण गर्न यो भनाइको प्रयोग गर्छु। त्यसो भए: यो भनाइ के हो त? म अब तिमीहरू सबैलाई उत्साहित तुल्याउँछु। जब मैले यो भनाइलाई खुलासा गर्छु, तब तिमीहरू सायद निरुत्साहित हुन्छौ होला किनभने केहीले वर्षौंसम्म यो भनाइलाई ओठे सेवामात्र प्रदान गर्दै आइरहेका छन्। तर मैले कहिल्यै पनि केवल यो भनाइलाई ओठे सेवा प्रदान गरेको छैन। यो भनाइले मेरो हृदयमा बास गरेको छ। त्यसो भए, के हो त यो भनाइ? यो भनाइ यही हो: “परमेश्वरको मार्गमा हिँड: परमेश्वरको डर मान र दुष्टताबाट अलग बस।” के यो औधी नै सरल वाक्यांश होइन र? तथापि, यसको सरलताको बाबजुद, साँचो रूपमा यी शब्दहरूको गहन बुझाइ भएका मानिसहरूले के महसुस गर्छन् भने, यी शब्दहरू गहन् छन्, यो भनाइ व्यक्तिको अभ्यासको लागि अत्यन्तै मूल्यवान् छ, यो भनाइ सत्यता वास्तविकता बोकेको जीवन सम्बन्धी भाषाबाट लिइएको पङ्क्ति हो, यो भनाइले परमेश्वरलाई सन्तुष्ट पार्न खोज्ने व्यक्तिहरूको जीवनभरिको लक्ष्यलाई प्रतिनिधित्व गर्छ र परमेश्वरका अभिप्रायहरूको बारेमा ध्यान दिने जोकोहीले जीवनभर पछ्याउनुपर्ने मार्ग हो। त्यसो भए, तिमीहरूलाई के लाग्छ: के यो भनाइ सत्यता होइन र? यो भनाइमा त्यस्तो महत्त्व छ कि छैन त? साथै, सायद तिमीहरूमध्ये केहीले यो भनाइको बारेमा सोचिरहेका छौ र यसलाई बुझ्ने प्रयास गरिरहेका छौ होला, र सायद तिमीहरूमध्ये कतिलाई त यसको बारेमा शङ्का पनि लाग्छ होला: के यो भनाइ अत्यन्तै महत्वपूर्ण हो त? के यो अत्यन्तै महत्वपूर्ण छ त? के यसलाई यति धेरै जोड दिनु जरुरी छ त? तिमीहरूमध्ये केहीलाई त यो भनाइ खासै मन पर्दैन होला किनभने परमेश्वरको मार्गलाई लिनु अनि त्यसलाई यो भनाइमा लागू गर्नु भनेको अत्यन्तै सरलीकरण गर्नु हो भन्ने तिमीहरूलाई लाग्छ। परमेश्वरले भन्नुभएका सबैलाई लिएर त्यसलाई एउटै भनाइमा समेट्नु—के त्यसो गर्नु भनेको परमेश्वरलाई अति नै महत्त्वहीन तुल्याउनु होइन र? के त्यो त्यस्तै होइन र? हुनसक्छ, तिमीहरूमध्ये धेरैजसोले यी शब्दहरूको गहन महत्त्वलाई पूर्ण रूपमा बुझ्दैनौ। तिमीहरू सबैले यो भनाइलाई टिपेर राखे तापनि, तिमीहरूले यसलाई आफ्नो हृदयमा सम्हालेर राख्ने मनसाय राखेका छैनौ; तिमीहरूले केवल यसलाई फुर्सदको बेलमा हेरौंला र सोचौंला भनी आफ्नो स्मरण पुस्तिकामा लेखेर राखेका छौ। तिमीहरूमध्ये केही त यो भनाइलाई कण्ठ गर्ने झमेलामा समेत पर्दैनौ, यसलाई असल प्रयोजनमा लगाउने कुरा त परै जाओस्। तर म किन यो भनाइको बारेमा बताउन चाहन्छु त? तिमीहरूको दृष्टिकोण जे-जस्तो भए पनि र तिमीहरूले जे-जस्तो सोचे पनि, मैले यो भनाइको बारेमा बताउनुपर्‍यो किनभने परमेश्वरले मानिसहरूका परिणामहरू कसरी निर्धारण गर्नुहुन्छ भन्ने सवालमा यो भनाइ अत्यन्तै सान्दर्भिक

छ। यो भनाइको बारेमा तिमीहरूको वर्तमान बुझाइ जे-जस्तो भए पनि वा यो भनाइलाई तिमीहरूले जे-जसरी लिए पनि, म तिमीहरूलाई अझै पनि भन्छु: यदि मानिसहरूले यो भनाइका शब्दहरूलाई अभ्यास गर्न सक्छन् र अनुभव गर्न सक्छन् भने र तिनीहरूले परमेश्‍वरको डर मान्‍ने र दुष्टताबाट अलग बस्‍ने मापदण्ड पूरा गर्छन् भने, तिनीहरू संघर्ष गरेर बाँच्‍ने मानिसहरू बन्‍ने निश्‍चित हुन्छ र तिनीहरूले राम्रो परिणामहरू प्राप्‍त गर्ने निश्‍चित हुन्छ। तथापि, यदि तैँले यो भनाइद्वारा प्रस्तुत गरिएको मापदण्डलाई पूरा गर्न सकिनस् भने तेरो परिणाम अज्ञात हुन्छ भनेर भन्‍न सकिन्छ। यसरी, तिमीहरूको आफ्नै मानसिक तयारीको लागि, र परमेश्‍वरले तिमीहरूलाई मापन गर्नको लागि कस्ता प्रकारका मापदण्डहरू प्रयोग गर्नुहुन्छ भन्‍ने कुरा थाहा पाउन सक भनेर म यो भनाइको बारेमा बोल्छु। मैले भर्खर भनेझैँ, यो भनाइ परमेश्‍वरले मानवतालाई दिनुहुने मुक्‍तिको लागि अत्यन्तै सान्दर्भिक छ, साथसाथै उहाँले मानिसहरूका परिणामहरू कसरी निर्धारण गर्नुहुन्छ भन्‍ने कुरासँग पनि अत्यन्तै सान्दर्भिक छ। यो भनाइ कसरी सान्दर्भिक छ त? तिमीहरू साँच्‍चै यसबारेमा जान्‍न चाहन्छौ, त्यसैले आज हामी यसबारेमा कुरा गर्नेछौं।

**मानिसहरूले परमेश्‍वरको डर मान्छन् कि मान्दैनन् र दुष्टताबाट अलग बस्छन् कि बस्दैनन् भनेर जाँच्‍नको लागि परमेश्‍वरले विविध परीक्षाहरूको प्रयोग गर्नुहुन्छ**

हरेक युगमा, मानिसहरूमाझ काम गर्दा, परमेश्‍वरले तिनीहरूमाथि केही वचनहरू अर्पण गर्नुहुन्छ र तिनीहरूलाई केही सत्यताहरू बताउनुहुन्छ। यी सत्यताहरूले मानिसहरूले पछ्याउनुपर्ने मार्ग, तिनीहरूले हिँड्नुपर्ने मार्ग, तिनीहरूलाई परमेश्‍वरको डर मान्‍न अनि दुष्टताबाट अलग रहन सक्षम तुल्याउने मार्ग अनि मानिसहरूले आफ्नो जीवनमा र तिनीहरूको जीवन यात्राको क्रममा अभ्यास गर्नुपर्ने तथा अनि अनुसरण गर्नुपर्ने मार्गको काम गर्छन्। यिनै कारणहरूले गर्दा परमेश्‍वरले मानवजाति समक्ष यी वाणीहरू व्यक्‍त गर्नुहुन्छ। परमेश्‍वरबाट आउने यी वचनहरूलाई मानिसहरूद्वारा पालना गरिनुपर्छ र तिनीहरूको पालना गर्नु भनेकै जीवन प्राप्‍त गर्नु हो। यदि व्यक्‍तिले तिनलाई पालना गर्दैन भने, तिनको अभ्यास गर्दैन भने, र आफ्नो जीवनमा परमेश्‍वरका वचनहरू अनुसार जिउँदैनन् भने, त्यो व्यक्‍तिले सत्यतालाई अभ्यास गरिरहेको हुँदैन। अझ भन्‍ने हो भने, यदि मानिसहरूले सत्यताको अभ्यास गरिरहेका छैनन् भने, तिनीहरूले परमेश्‍वरको डर मानिरहेका हुँदैनन् अनि तिनीहरू दुष्टताबाट अलग बसिरहेका हुँदैनन्, न त तिनीहरूले परमेश्‍वरलाई सन्तुष्ट पार्न नै सकिरहेका हुन्छन्। परमेश्‍वरलाई सन्तुष्ट पार्न नसक्‍ने मानिसहरूले उहाँको स्याबासी प्राप्‍त गर्न सक्दैनन्, अनि त्यस्ता व्यक्‍तिहरूसँग कुनै प्रतिफल नै हुँदैन। त्यसो भए, आफ्नो कामको सिलसिलामा, परमेश्‍वरले कसरी कुनै व्यक्‍तिको परिणाम निर्धारण गर्नुहुन्छ त? परमेश्‍वरले कुनै व्यक्‍तिको परिणाम निर्धारण गर्न के-कस्ता विधिहरू प्रयोग गर्नुहुन्छ त? सायद यस क्षण तिमीहरू अझै अस्पष्ट छौ होला, तर जब म तिमीहरूलाई उक्‍त प्रक्रियाको बारेमा बताउँछु, यो कुरा एकदमै स्पष्ट हुनेछ किनभने तिमीहरूमध्ये धेरैले यसलाई पहिले नै आफैले अनुभव गरिसकेका छौ।

परमेश्‍वरले आफ्नो कामको सिलसिलामा सुरुवातदेखि नै हरेक व्यक्‍तिको लागि—तिमीहरूले

उहाँलाई पछ्याउने हरेक व्यक्तिहरूको लागि पनि भन्न सक्छौ—परीक्षाहरू तय गर्नुभएको छ र यी परीक्षाहरू विविध आकारहरूमा आउँछन्। आफ्ना परिवारहरूबाट इन्कारको परीक्षा अनुभव गरेकाहरू छन्, प्रतिकूल वातावरणको परीक्षा अनुभव गरेकाहरू छन्, पक्राउ पर्ने वा यातना पाउने परीक्षा अनुभव गरेकाहरू छन्, विविध विकल्पहरूको सामना गर्ने परीक्षा अनुभव गरेकाहरू छन्, र पैसा र हैसियतको परीक्षा सामना गरेकाहरू छन्। सामान्य रूपमा भन्दा, तिमीहरूमध्ये हरेकले हरेक प्रकारका परीक्षाहरू सामना गरेका छौ। परमेश्‍वरले किन यसरी काम गर्नुहुन्छ? किन उहाँले हरेकलाई यस प्रकारले व्यवहार गर्नुहुन्छ? उहाँले कस्तो प्रकारको नतिजाको खोजी गर्नुहुन्छ? मैले तिमीहरूलाई बताउन चाहने मुख्य कुरा यसप्रकार छ: परमेश्‍वरले उक्त व्यक्ति परमेश्‍वरको डर मान्‍ने र दुष्टताबाट अलग बस्‍ने व्यक्ति हो कि होइन भनेर हेर्न चाहनुहुन्छ। यसको अर्थ के हो भने, परमेश्‍वरले तँलाई कुनै परीक्षा दिनुहुँदा र तँलाई कुनै परिस्थिति वा अन्य कुराहरूसँग सामना गराउनुहुँदा, उहाँको अभिप्राय भनेको तँ उहाँको डर मान्‍ने र दुष्टताबाट अलग बस्‍ने व्यक्ति होस् कि होइनस् भनेर जाँच गर्नु हो। यदि कुनै व्यक्तिले कुनै भेटी राख्‍ने कर्तव्यको सामना गर्छ र उक्त कर्तव्यले उसलाई परमेश्‍वरको भेटीको सम्पर्कमा पुर्‍याउँछ भने, के तैँले यसलाई परमेश्‍वरले बन्दोबस्त गर्नुभएको अवस्था भन्छस्? निःसन्देह, हो। तैँले सामना गर्ने हरेक कुरा परमेश्‍वरले बन्दोबस्त गर्नुभएको हो। जब तैँले यो कुराको सामना गर्छस्, तैँले के-कस्ता विकल्पहरू रोज्छस्, तैँले कसरी अभ्यास गर्छस् र तँमा के-कस्ता सोच-विचारहरू छन् सो हेर्दै परमेश्‍वरले तँलाई गुप्त रूपमा अवलोकन गर्नुहुनेछ। परमेश्‍वरले सबैभन्दा बढी ध्यान दिनुहुने कुरा भनेको अन्तिम नतिजा हो किनभने यही नतिजाले यो खास परीक्षामा तैँले उहाँका मापदण्डहरू पूरा गरेको छस् कि छैनस् भनेर मापन गर्न उहाँलाई सहयोग गर्छ। तथापि, जब मानिसहरूले कुनै समस्याको सामना गर्छन्, तिनीहरूलाई किन यस्तो अवस्थाको सामना गर्न लगाइँदैछ, परमेश्‍वरले तिनीहरू मार्फत के-कस्ता मापदण्डहरू पूरा भएको अपेक्षा गर्नुहुन्छ, उहाँले तिनीहरूमा के हेर्न चाहनुहुन्छ वा उहाँले तिनीहरूबाट के प्राप्त गर्न चाहनुहुन्छ भन्‍ने कुरा तिनीहरूले प्रायः सोच्दैनन्। जब मानिसहरूले यो समस्याको सामना गर्छन्, तिनीहरूले केवल यस्तो सोच्छन्, "यो मलाई सामना गर्न लगाइएको अवस्था हो; म सावधान हुनुपर्छ, लापरवाह होइन! चाहे जेसुकै होस्, यो परमेश्‍वरको भेटी हो, र मैले यसलाई छुनु हुँदैन।" यस्ता सरल सोच-विचारहरूद्वारा सुसज्जित भएर मानिसहरूले आफूले आफ्ना कर्तव्यहरू पूरा गरेका छौं भन्‍ने विश्‍वास गर्छन्। के यो परीक्षाको नतिजाले परमेश्‍वरलाई सन्तुष्टि दिन्छ कि दिँदैन? अघि बढ र यसबारेमा कुरा गर। (यदि मानिसहरूले आफ्नो हृदयमा परमेश्‍वरको डर मान्छन् भने तिनीहरूले आफूलाई परमेश्‍वरको भेटीको सम्पर्कमा आउन दिने कुनै कर्तव्यको सामना गर्दा, तिनीहरूले परमेश्‍वरको स्वभावमा ठेस पुर्‍याउन कति सजिलो छ भन्‍ने सोच्छन् र त्यसले तिनीहरूलाई असावधानीसाथ अघि बढ्ने कार्यलाई सुनिश्चित गराउँछ।) तेरो जबाफ सही पथमा छ, तर अझै पनि सही ठाउँसम्म पुगेको छैन। परमेश्‍वरको मार्गमा हिँड्नु भनेको सतही नियमहरू पालना गर्नु होइन; बरु, यो भनेको त तैँले कुनै समस्याको सामना गर्दा तैँले सबैभन्दा पहिले यसलाई परमेश्‍वरद्वारा व्यवस्था गरिएको अवस्था, उहाँले तँलाई प्रदान गर्नुभएको उत्तरदायित्व, वा उहाँले विश्‍वासका साथ तँलाई सुम्पिनुभएको कार्यको रूपमा लिनु हो। यो समस्याको सामना गर्दा

तैँले यसलाई परमेश्‍वरले तँलाई गर्नुभएको परीक्षाको रूपमा हेर्नुपर्छ। तैंले यो समस्या सामना गर्दा, तँसँग तेरो हृदयमा एक मापदण्ड हुनुपर्छ अनि तैँले यो कुरा परमेश्‍वरबाट आएको हो भनी सोच्नुपर्छ। तैँले कसरी यसलाई यस्तो तरिकाले निराकरण गर्न सकिन्छ जसबाट तैँले आफू परमेश्‍वरप्रति बफादार रहेरै आफ्नो उत्तरदायित्व निभाउन सक्छस् र साथसाथै कसरी उहाँलाई क्रोधित नतुल्याई वा उहाँको स्वभावलाई ठेस नपुर्‍याई यो कुरा गर्न सकिन्छ भनेर सोच्नुपर्छ। केही क्षण पहिले, हामीले भेटीको सुरक्षा गर्ने बारेमा कुरा गर्‍यौं। यो मामलामा भेटीको कुरा संलग्न छ र यसले तेरो कर्तव्य र उत्तरदायित्वको कुरालाई पनि छुन्छ। तँ यो उत्तरदायित्वप्रति कर्तव्यले बाँधिएको छस्। तथापि, यो समस्याको सामना गर्दा, के कुनै प्रलोभनको पनि सामना गर्नुपर्छ? पर्छ! यो प्रलोभन कहाँबाट आउँछ? यो प्रलोभन शैतानबाट आउँछ, र यो प्रलोभन मानिसहरूको दुष्ट, भ्रष्ट स्वभावहरूबाट पनि आउँछ। यसमा प्रलोभन भएको हुनाले, यो मामलामा मानिसहरूले दिनैपर्ने साक्षी दिनुपर्ने कार्य समावेश हुन्छ जुन तेरो उत्तरदायित्व र कर्तव्य पनि हो। केही मानिसहरू भन्छन्, "यो त एकदमै सानोतिनो कुरा हो; के यसलाई यति ठूलो बनाउनु आवश्यक छ र?" हो, आवश्यक छ! यस्तो किन हो भने परमेश्‍वरको मार्गमा रहिरहनको लागि, हामीले हामीमाथि वा हाम्रो वरिपरि घटित हुने कुनै पनि कुरालाई त्यसै छाड्न सक्दैनौं, चाहे त्यो सानो कुरा नै किन नहोस्; हामीले यसलाई ध्यान दिनुपर्छ भनेर सोचे पनि वा नसोचे पनि, जबसम्म हामीले कुनै कुरालाई सामना गरिरहन्छौं तबसम्म त्यसलाई हामीले छाड्नु हुँदैन। घटित हुने सबै कुराहरूलाई परमेश्‍वरले हामीलाई प्रदान गर्नुभएको परीक्षाको रूपमा लिइनुपर्छ। घटित हुने कुराहरूलाई यसप्रकार हेर्ने तरिकाको बारेमा तँलाई कस्तो लाग्छ? यदि तँसँग यस प्रकारको आचरण छ भने यसले एउटा कुरालाई पुष्टि गर्छ: भित्र अन्तस्करणमा तैँले परमेश्‍वरको डर मान्छस् र तँ दुष्टताबाट अलग रहन इच्छुक छस्। यदि तँसँग परमेश्‍वरलाई सन्तुष्ट पार्ने यस्तो चाहना छ भने, तैँले जे अभ्यास गर्छस् त्यो परमेश्‍वरको डर मान्ने र दुष्टताबाट अलग रहने मापदण्डभन्दा त्यति टाढा हुँदैन।

मानिसहरूले त्यति धेरै ध्यान नदिने र प्रायः नबताउने कुराहरू मामुली तुच्छ वस्तुहरू मात्र हुन्, सत्यता अभ्यास गर्ने कुरासँग जसको कुनै सम्बन्ध हुँदैन भनी विश्‍वास गर्ने व्यक्तिहरू बारम्बार भेटिन्छन्। यस्तो मामला सामना गर्दा तिनीहरूले यस बारेमा त्यति सोचविचार गर्दैनन् र यसलाई त्यत्तिकै जान दिन्छन्। तैपनि, वास्तविक यथार्थमा यो मामला त्यो पाठ थियो जसलाई तैँले अध्ययन गर्नुपर्छ—कसरी परमेश्‍वरको डर मान्ने र दुष्टताबाट अलग बस्ने सम्बन्धी पाठ। अझ भन्ने हो भने, यो मामला देखा परी तैँले यसको सामना गर्नु पर्दा परमेश्‍वरले के गरिरहनुभएको हुन्छ भन्ने कुरा जान्नमा तँ अझ बढी चिन्तित हुनुपर्छ। तेरो हरेक वचन र कर्म अवलोकन गर्दै, तैँले गर्ने हरेक काम-कुरा हेर्दै र तेरा सोच-विचारहरूमा आउने परिवर्तन हेर्दै परमेश्‍वर ठीक तेरो छेउमा रहनुहुन्छ—यही नै परमेश्‍वरको काम हो। केही मानिसहरूले सोध्छन्, "यदि त्यो सत्य हो भने किन मैले त्यस्तो अनुभूति गरेको छैन त"? तैँले यस्तो अनुभूति गरेको छैनस् किनभने आफ्नो प्राथमिक मार्गको रूपमा परमेश्‍वरको डर मान्ने र दुष्टताबाट अलग बस्ने मार्गमा तँ अडिग रहेको छैनस्, त्यसैले तैँले मानिसहरूमा परमेश्‍वरले गर्नुहुने सूक्ष्म कामको अनुभूति गर्न सक्दैनस् जुन आफै मानिसहरूको विविध सोच विचारहरू र कार्यहरूमा देखा पर्छ। तँ ताल न बेतालको छस्!

मुख्य मामला के हो? सानोतिनो मामला के हो? परमेश्‍वरको मार्गमा हिँड्नेसँग सम्बन्धित मामला मुख्य र मामुलीमा विभाजित छैन, तर के तिमीहरू यसलाई स्वीकार गर्न सक्छौ? (हामी स्वीकार गर्न सक्छौं।) दैनिक मामलाको रूपमा केही मामला छन् जसलाई मानिसहरूले मुख्य र महत्वपूर्ण कुराको रूपमा हेर्छन् र अन्य मामलालाई मामुली तुच्छ कुराको रूपमा हेरिन्छ। मानिसहरूले प्रायः यी मुख्य मामलाहरूलाई धेरै नै महत्वपूर्ण कुराको रूपमा हेर्छन् र तिनलाई परमेश्‍वरले नै पठाउनुभएको ठान्छन्। तथापि, जब यी मुख्य मामलाहरू देखा पर्छन् तब मानिसहरूको अपरिपक्‍व कद र तिनीहरूको कमजोर क्षमताको कारण, तिनीहरू परमेश्‍वरको इच्छा परिपूर्ति गर्न प्रायः असक्षम हुन्छन्, तिनीहरूले कुनै पनि प्रकाश प्राप्त गर्न सक्दैनन् र तिनीहरूले कुनै पनि मूल्यवान् ज्ञान हासिल गर्न सक्दैनन्। जहाँसम्म मामुली मामलाहरूको सवाल छ, तिनलाई मानिसहरूले उपेक्षा गर्छन् र तिनलाई अलिअलि गर्दै त्यत्तिकै छाडिन्छ। यसरी, मानिसहरूले परमेश्‍वरको अगाडि जाँच गरिने र उहाँद्वारा परीक्षा लिइने धेरै अवसरहरू गुमाएका छन्। परमेश्‍वरले तेरो लागि बन्दोबस्त गर्नुभएका मानिसहरू, घटनाहरू, वस्तुहरू र परिस्थितिहरूलाई तैँले सधैँ बेवास्ता गर्नुको अर्थ के हुन्छ? यसको अर्थ परमेश्‍वरले तँलाई सिद्ध तुल्याउने कार्यलाई अनि उहाँको नेतृत्वलाई तैँले हरेक दिन, हरेक क्षण निरन्तर रूपमा इन्कार गरिरहेको हुन्छस्। जब परमेश्‍वरले तेरो लागि कुनै परिस्थितिको बन्दोबस्त गर्नुहुन्छ, तब उहाँले गोप्य रूपमा हेरिरहनुभएको हुन्छ, तेरो हृदयभित्र हेरिरहनुभएको हुन्छ, तेरो सोच-विचारहरू र चिन्तनहरू अवलोकन गरिरहनुभएको हुन्छ, तैँले कसरी सोच्छस् भनेर हेरिरहनुभएको हुन्छ र तैँले कसरी कार्य गर्नेछस् भनी हेर्न प्रतीक्षा गरिरहनुभएको हुन्छ। यदि तँ हेलचेक्र्याइँ गर्ने व्यक्ति होस् भने—जो परमेश्‍वरको मार्ग, उहाँका वचनहरू, वा सत्यताप्रति कहिल्यै पनि गम्भीर भएको छैन भने—परमेश्‍वरले तेरो लागि निश्‍चित वातावरणको बन्दोबस्त गर्नुहुँदा उहाँले जे पूरा गर्न चाहनुहुन्छ वा तैँले जुन मापदण्डहरू पूरा गर्छस् भनी उहाँले अपेक्षा गर्नुहुन्छ सोबारेमा तँ सचेत हुनेछैनस् वा तैँले कुनै ध्यान दिनेछैनस्। न त तैँले आफूले सामना गर्ने मानिसहरू, घटनाहरू, र वस्तुहरू के-कसरी सत्यता वा परमेश्‍वरको इच्छासँग सम्बन्धित छन् भन्ने कुरा नै जान्दछस्। तैँले यस्ता बारम्बार दोहोरिने परिस्थितिहरू र बारम्बार दोहोरिने परीक्षाहरू सामना गरेपछि, परमेश्‍वरले तँमा कुनै नतिजा नदेख्नुभएपछि, उहाँ कसरी अघि बढ्नुहुन्छ? बारम्बार दोहोरिने परीक्षाहरू सामना गरेपछि, तैँले तेरो हृदयमा परमेश्‍वरलाई ठूलो बनाएको छैनस्, न त तैँले परमेश्‍वरले तेरो लागि बन्दोबस्त गर्नुभएका परिस्थितिहरूलाई तिनीहरू जेका लागि हुन् सो रूपमा अर्थात् परमेश्‍वरले लिनुभएका परीक्षाहरू र जाँचहरूको रूपमा नै देखेको छस्। बरु, एकपछि अर्को गरी, तैँले तेरो लागि परमेश्‍वरले उपलब्ध गराउनुभएका अवसरहरूलाई अस्वीकार गरेको छस्, तिनीहरूलाई बारम्बार उम्केर जान दिएको छस्। के यो मानिसहरूले प्रदर्शन गर्ने चरम अवज्ञा होइन र? (हो।) के यसको कारण परमेश्‍वरले ठेस पुगेको अनुभूति गर्नुहुनेछ? (गर्नुहुनेछ।) परमेश्‍वरले ठेस पुगेको अनुभूति गर्नुहुनेछैन! मैले यस्तो कुरा भनेको सुन्दा तिमीहरू एकपल्ट फेरि चकित भएका छौ। तिमीहरूले सोचिरहेको हुन सक्छ: "के परमेश्‍वरले सधैँ ठेस पुगेको अनुभूति गर्नुहुन्छ भनेर यसभन्दा अघि भनिएको थिएन र? के परमेश्‍वरले ठेस पुगेको अनुभूति गर्नुहुनेछैन त? त्यसो भए परमेश्‍वरले कहिले ठेस पुगेको अनुभूति गर्नुहुन्छ त?" छोटकरीमा, यो

परिस्थितिमा परमेश्‍वरले ठेस पुगेको अनुभूति गर्नुहुनेछैन। त्यसो भए, माथि चित्रण गरिएको प्रकारको व्यवहारप्रति परमेश्‍वरको कस्तो व्यवहार हुन्छ? जब मानिसहरूले परमेश्‍वरले पठाउनुभएको परीक्षा र जाँचहरू अस्वीकार गर्छन्, र जब तिनीहरू तीबाट पछि हट्छन्, तब त्यस्ता व्यक्तिहरूप्रति परमेश्‍वरको एउटै आचरण हुन्छ। त्यो कस्तो आचरण हो? परमेश्‍वरले त्यस प्रकारको व्यक्तिलाई उहाँको हृदयको अन्तस्करणबाटै तिरस्कार गर्नुहुन्छ। यो "तिरस्कार" शब्दको अर्थ दुई तहको हुन्छ। मैले कसरी यसलाई मेरो आफ्नो दृष्टिकोणबाट बताउनुपर्छ? भित्री गहन अर्थमा, "तिरस्कार" शब्दले घृणा र द्‌वेषको भाव बोक्छ। यसको अर्को तहको अर्थ के हो त? यो त्यो भाग हो जसले कुनै कुरालाई त्याग गरेको जनाउँछ। तिमीहरू सबैलाई "त्याग गर्नु" भनेको के हो थाहा छ, होइन त? सार-संक्षेपमा, "तिरस्कार" शब्दले त्यस शैलीमा व्यवहार गर्ने मानिसहरूप्रति परमेश्‍वरको आखिरी प्रतिक्रिया र आचरणको प्रतिनिधित्व गर्छ; यो तिनीहरूप्रतिको चरम द्‌वेष र घृणा हो र यसर्थ, यसको कारण तिनीहरूलाई त्याग गर्ने निर्णय गरिन्छ। कहिल्यै पनि परमेश्‍वरको मार्गमा नहिँडेको र कहिल्यै पनि परमेश्‍वरको डर नमानेको र दुष्टताबाट टाढा नबसेको व्यक्तिप्रति परमेश्‍वरले गर्नुहुने अन्तिम निर्णय यही हो। के अब तिमीहरू सबैले मैले अघि बताएको त्यो भनाइको महत्त्वलाई देख्न सक्छौ त?

के तिमीहरूले अब परमेश्‍वरले मानिसहरूका परिणामहरू निर्धारण गर्न प्रयोग गर्नुहुने विधिको बारेमा बुझ्यौ? (उहाँले हरेक दिन विभिन्‍न परिस्थितिहरूको बन्दोबस्त गर्नुहुन्छ।) "उहाँले विभिन्‍न परिस्थितिहरूको बन्दोबस्त गर्नुहुन्छ"—यी कुराहरू मानिसहरूले महसुस गर्न र छुन सक्ने कुराहरू हुन्। त्यसो भए, यो कुरा गर्नको लागि परमेश्‍वरको आसय के हो त? उहाँको अभिप्राय भनेको हरेक व्यक्तिलाई विभिन्‍न समयमा र विभिन्‍न स्थानहरूमा विविध प्रकारका परीक्षाहरू प्रदान गर्नु हो। परीक्षाको अवधिमा व्यक्तिका के-कस्ता पक्षहरूलाई जाँच गरिन्छन् त? तैँले व्यक्तिगत रूपमा सामना गर्ने, सुन्‍ने, देख्ने र अनुभव गर्ने हरेक मामलामा तँ परमेश्‍वरको डर मान्‍ने र दुष्टताबाट अलग बस्ने व्यक्ति होस् कि होइनस् भन्‍ने कुरालाई परीक्षाले निर्धारण गर्छ। हरेक व्यक्तिले यस प्रकारको परीक्षाको सामना गर्नेछ किनभने परमेश्‍वर सबै मानिसहरूप्रति न्यायसंगत हुनुहुन्छ। तिमीहरूमध्ये केहीले भन्छौ, "मैले वर्षौंदेखि परमेश्‍वरमा विश्‍वास गर्दै आइरहेको छु, तैपनि किन मैले कुनै पनि परीक्षाहरूको सामना गरेको छैन त?" तैँले आफूले कुनै पनि परीक्षाहरूको सामना नगरेको महसुस गर्छस् किनभने जब-जब परमेश्‍वरले तेरो लागि परिस्थितिहरूको बन्दोबस्त गर्नुभएको हुन्छ तब तैँले यसलाई गम्भीर रूपमा लिएको छैनस् र परमेश्‍वरको मार्गमा हिँड्‌न चाहेको छैनस्। यसरी, तँलाई परमेश्‍वरका परीक्षाहरूको अत्तो-पत्तो हुँदैन। केही मानिसहरू भन्छन्, "मैले केही परीक्षाहरूको सामना गरेको छु, तर उचित रूपमा कसरी अभ्यास गर्ने हो सो मलाई थाहा छैन। मैले अभ्यास गरेको बेलामा पनि, म परमेश्‍वरका परीक्षाहरूको दौरान खरो उत्रेको छु कि छैन मलाई थाहा हुँदैन।" यस प्रकारको अवस्थामा रहेका मानिसहरूको सङ्ख्या अवश्य पनि कम छैन। त्यसो भए, परमेश्‍वरले मानिसहरूको मापन गर्ने मापदण्ड के हो त? यो मैले केही क्षणअघि भनेको जस्तै हो: तैँले गर्ने, सोच्ने र व्यक्त गर्ने हरेक कुरामा तैँले परमेश्‍वरको डर मान्छस् किन मान्दैनस् र तँ दुष्टताबाट अलग बस्छस् कि बस्दैनस् भन्‍ने हो। यसरी तँ परमेश्‍वरको डर मान्‍ने र दुष्टताबाट

अलग बस्ने व्यक्ति होस् कि होइनस् भनी निर्धारण गरिन्छ। के यो अवधारणा सरल छ, कि छैन त? भन्नलाई त यो एकदमै सरल छ, तर के यसलाई अभ्यास गर्न सजिलो छ त? (यो त्यति सजिलो छैन।) यो किन त्यति सजिलो छैन त? (किनभने मानिसहरूले परमेश्वरलाई चिन्दैनन्, र कसरी परमेश्वरले मानिसहरूलाई सिद्ध पार्नुहुन्छ भन्ने कुरा तिनीहरूले जान्दैनन्, त्यसैले जब तिनीहरूले यी मामलाहरूको सामना गर्छन् तब तिनीहरूलाई आफ्ना समस्याहरू समाधान गर्नको लागि कसरी सत्यताको खोजी गर्ने भन्ने नै थाहा हुँदैन। तिनीहरूले परमेश्वरको डर मान्ने वास्तविकता धारण गर्नुभन्दा पहिले तिनीहरूले विविध परीक्षाहरू, शोधनहरू, सजायहरू, र न्यायहरूमार्फत गुज्रनुपर्छ।) तिमीहरूले त्यसरी पनि भन्न सक्छौ, तर जहाँसम्म तिमीहरूको सवाल छ, परमेश्वरको डर मान्नु र दुष्टताबाट अलग बस्नु तिमीहरूको लागि अहिल्यै यहीँ नै सहजै गर्न सकिने कार्य हो भन्ने जस्तो देखिन्छ। मैले किन यसो भन्दैछु त? मैले यसो भन्दैछु किनभने तिमीहरूले धेरै उपदेशहरू सुनेका छौ र सत्यता वास्तविकताबाट कम जल प्राप्त गरेका छैनौ; यसले तिमीहरूलाई सैद्धान्तिक र बौद्धिक रूपमा कसरी परमेश्वरको डर मान्ने र दुष्टताबाट अलग बस्ने भन्ने कुरा बुझ्ने तुल्याएको छ। जहाँसम्म परमेश्वरको डर मान्ने र दुष्टताबाट अलग बस्ने कुरालाई वास्तविक रूपमा कसरी अभ्यास गर्ने भन्ने सवाल छ, यो ज्ञान अति नै सहयोगी भएको छ र यसले तिमीहरूलाई यस्तो उपलब्धि सजिलै हासिल गर्न सकिन्छ कि जस्तो महसुस गर्ने तुल्याएको छ। त्यसो भए, किन मानिसहरूले त्यो उपलब्धि कहिल्यै हासिल गर्न सक्दैनन् त? यस्तो हुन्छ किनभने मानिसहरूको प्राकृतिक सारले परमेश्वरको डर मान्दैन र यसले दुष्टता मन पराउँछ। वास्तविक कारण यही हो।

### परमेश्वरको डर नमान्नु र दुष्टताबाट अलग नबस्नु भनेको परमेश्वरको विरोध गर्नु हो

"परमेश्वरको डर मान्नु र दुष्टताबाट अलग बस्नु" भन्ने यो भनाइ कहाँबाट आयो भनी तिमीहरूलाई प्रश्न गर्दै म सुरु गर्न चाहन्छु। (अय्यूबको पुस्तकबाट आएको हो।) हामीले अय्यूबको बारेमा बताइसकेको हुनाले, तिनको बारेमा छलफल गरौं। अय्यूबको समयमा, के परमेश्वरले मानवजातिको मुक्ति र विजयको काम गर्दैहुनुहुन्थ्यो? हुनुहुन्नथ्यो! के कुरा त्यही होइन र? साथै, जहाँसम्म अय्यूबको सवाल छ, त्यति बेला तिनीसँग परमेश्वरको बारेमा कति ज्ञान थियो त? (त्यति धेरै थिएन।) अनि परमेश्वर बारेको त्यो ज्ञान र आजभोलि तिमीहरूसँग भएको ज्ञानको तुलना कस्तो हुन्छ त? किन तिमीहरू जबाफ दिने आँट गर्दैनौ? अहिले तिमीहरूसँग भएको ज्ञानको तुलनामा अय्यूबसँग धेरै ज्ञान थियो कि थोरै थियो? (थोरै।) यो त जबाफ दिन एकदमै सजिलो प्रश्न हो। थोरै! अवश्य नै त्यही हो। आजभोलि तिमीहरू परमेश्वरको आमने-सामने छौ र परमेश्वरका वचनहरूसँग आमने-सामने छौ; तिमीहरूसँग परमेश्वरको बारेमा अय्यूबसँग भएको भन्दा एकदमै धेरै ज्ञान छ। मैले किन यो कुरा ल्याएँ त? यी कुराहरू भन्नुको मेरो उद्देश्य के हो त? म तिमीहरूलाई एउटा तथ्य बताउन चाहन्छु, तर त्यसो गर्नुभन्दा पहिले, म तिमीहरूलाई एउटा प्रश्न गर्न चाहन्छु: अय्यूबले परमेश्वरको बारेमा एकदमै थोरै मात्र जान्दथे, तैपनि तिनले परमेश्वरको डर मान्थे र तिनी दुष्टताबाट अलग बस्थे; आजभोलीका मानिसहरू त्यसो गर्न किन असफल

हुन्छन् त? (तिनीहरू गहन रूपले भ्रष्ट भएका छन्।) “गहन रूपले भ्रष्ट”–यो सतही घटना हो जसले समस्या पैदा गराइरहेको छ, तर म यसलाई कहिल्यै पनि त्यसरी हेर्दिनँ। तिमीहरूले प्रायजसो बारम्बार प्रयोग गरिने धर्मसिद्धान्तहरू र शब्दहरू लिन्छौ जस्तै “गहन रूपले भ्रष्ट”, “परमेश्वर विरुद्ध विद्रोह गर्ने”, “परमेश्वरप्रति बफादारी विहीनता”, “अवज्ञा”, “सत्यता मन नपराउने”, आदि इत्यादि, र यी चिरपरिचित शब्दावलीहरूलाई हरेक सवालको सार व्याख्या गर्न प्रयोग गर्छौ। यो अभ्यास गर्ने त्रुटिपूर्ण तरिका हो। फरक प्रकृतिका मामलाहरू व्याख्या गर्न उही जबाफको प्रयोग गर्नाले यसबाट अपरिहार्य रूपले सत्यता र परमेश्वरको बारेमा निन्दापूर्ण शङ्काहरू बढाउँछ; मलाई यस प्रकारका जबाफहरू सुन्न मन छैन। यसबारेमा लामो समयसम्म र दह्रिलो रूपमा सोच! तिमीहरूमध्ये कसैले पनि यस मामलामा सोचविचार गरेका छैनौ, तर म हरेक दिन यसलाई देख्न सक्छु, र हरेक दिन म यसलाई अनुभव गर्न सक्छु। यसरी, तिमीहरूले काम गर्दै गर्दा मैले हेरिरहेको हुन्छु। जब तिमीहरूले कुनै काम-कुरा गरिरहेका हुन्छौ, तब तिमीहरूले यसको सार अनुभव गर्न सक्दैनौ, तर जब म हेर्छु, तब म यसको सार देख्न सक्छु र मैले यसको सारलाई पनि अनुभव गर्न सक्छु। त्यसो भए, यो सार के हो त? किन आजभोलि मानिसहरू परमेश्वरको डर मान्न र दुष्टताबाट अलग बस्न सक्दैनन् त? तिमीहरूका जबाफहरूले यो समस्याको सार व्याख्या गर्न सक्दैनन्, न त तिनले यो समस्याको हल नै गर्न सक्छन्। यस्तो किन हो भने यसको एउटा स्रोत हुन्छ जसको बारेमा तिमीहरूलाई थाहा छैन। यो स्रोत के हो त? मलाई थाहा छ, तिमीहरू यसबारेमा सुन्न चाहन्छौ, त्यसैले म तिमीहरूलाई यो समस्याको त्यस स्रोतको बारेमा बताउनेछु।

परमेश्वरले काम गर्नु सुरु गर्नुभएदेखि उहाँले मानवजातिलाई कसरी लिनुभएको छ? परमेश्वरले तिनीहरूलाई उद्धार गर्नुभयो; उहाँले मानिसहरूलाई उहाँको परिवारका सदस्यहरूको रूपमा, उहाँको कामका वस्तुहरूको रूपमा, उहाँले विजय गर्न र उद्धार गर्न चाहनुभएका व्यक्तिहरूको रूपमा, र उहाँले सिद्ध तुल्याउन चाहनुभएका व्यक्तिहरूको रूपमा हेर्नुभएको छ। उहाँको कामको सुरुवातमा मानवताप्रति परमेश्वरको आचरण यही थियो। तर परमेश्वरप्रति मानिसहरूको आचरण चाहिँ कस्तो थियो त? मानिसहरूको लागि परमेश्वर अपरिचित हुनुहुन्थ्यो, र तिनीहरूले परमेश्वरलाई पराईको रूपमा लिन्थे। यो पनि भन्न सकिन्छ कि तिनीहरूको परमेश्वरप्रतिको आचरणले सही नतिजाहरू ल्याएनन् र परमेश्वरलाई कसरी व्यवहार गर्नुपर्छ भन्ने बारेमा तिनीहरूसँग स्पष्ट बुझाइ थिएन। यसरी, तिनीहरूले उहाँलाई जसरी मन लाग्यो त्यसरी व्यवहार गर्थे, र तिनीहरूले जस्तो मन लाग्यो त्यस्तो गर्थे। के तिनीहरूसँग परमेश्वरको बारेमा कुनै रायहरू थिए त? सुरुमा, तिनीहरूसँग कुनै रायहरू थिएनन्; तिनीहरूको तथाकथित रायहरूमा उहाँ बारेका केही निश्चित धारणाहरू र पूर्वानुमानहरू मात्र समावेश थिए। तिनीहरूले तिनीहरूका आफ्ना धारणाहरूसँग मेल खाने कुराहरू स्वीकार गरे र जब कुनै कुरा तिनीहरूका धारणाहरूसँग मेल खाँदैनथियो तब तिनीहरूले त्यसलाई सतही रूपमा पालन गर्थे, तर भित्र अन्तस्करणमा तिनीहरूले द्वन्द्व महसुस गर्थे र तिनीहरूले यसलाई अस्वीकार गर्थे। सुरुवातमा परमेश्वर र मानिसहरू बीचको सम्बन्ध यस्तै थियो: परमेश्वरले तिनीहरूलाई पारिवारिक सदस्यहरूको रूपमा हेर्नुहुन्थ्यो तैपनि तिनीहरूले उहाँलाई पराईको रूपमा व्यवहार गर्थे। तथापि, परमेश्वरको कामको अवधिपछि भने, मानिसहरूले उहाँले के उपलब्धि हासिल

गर्ने प्रयास गर्दैहुनुहुन्थ्यो भन्ने कुरा बुझे र उहाँ साँचो परमेश्‍वर हुनुहुँदोरहेछ भन्ने थाहा पाए; तिनीहरूले परमेश्‍वरबाट के प्राप्त गर्न सक्दा रहेछन् भन्ने कुरा पनि थाहा पाए। उक्त समयमा मानिसहरूले परमेश्‍वरलाई कसरी लिन्थे त? तिनीहरूले उहाँलाई जीवन-रक्तको रूपमा हेर्थे र उहाँको अनुग्रह, आशीर्वाद, र प्रतिज्ञाहरू प्राप्त गर्ने आशा गर्थे। उक्त समयमा, परमेश्‍वरले मानिसहरूलाई कसरी लिनुहुन्थ्यो त? उहाँले तिनीहरूलाई उहाँको विजयको लक्ष्यको रूपमा लिनुहुन्थ्यो। परमेश्‍वरले तिनीहरूको न्याय गर्न, तिनीहरूलाई जाँच गर्न, र तिनीहरूलाई परीक्षाहरूमार्फत गुज्रन लगाउन वचनहरूको प्रयोग गर्न चाहनुहुन्थ्यो। तथापि, जहाँसम्म त्यति बेलाका मानिसहरूको सवाल छ, तिनीहरूको लागि परमेश्‍वर केवल एक वस्तु हुनुहुन्थ्यो जसलाई तिनीहरूले तिनीहरूका आफ्ना लक्ष्यहरू प्राप्त गर्नको लागि प्रयोग गर्न सक्थे। मानिसहरूले परमेश्‍वरबाट जारी भएका सत्यताले तिनीहरूमाथि विजय गर्न र तिनीहरूलाई उद्धार गर्न सक्छ भन्ने देखे, तिनीहरूले प्राप्त गर्न चाहेका कुराहरू उहाँबाट प्राप्त गर्नसक्ने साथसाथै तिनीहरूले चाहेका गन्तव्यहरू हासिल गर्ने अवसर हो भन्ने देखे। यसको फलस्वरूप, तिनीहरूको हृदयमा अलिअलि इमानदारीताको विकास भयो, र तिनीहरू परमेश्‍वरलाई पछ्याउन इच्छुक भए। समय बित्यो, अनि तिनीहरूले परमेश्‍वरको बारेमा प्राप्त गरेका सतही र धर्म-सैद्धान्तिक ज्ञानको कारण, यो भन्न सकिन्छ कि, मानिसहरू परमेश्‍वरसँग र उहाँले बोल्नुभएका वचनहरू, उहाँका प्रवचनहरू, उहाँले जारी गर्नुभएका सत्यताहरू र उहाँको कामसँग "परिचित" हुँदै गए। त्यसकारण, तिनीहरू परमेश्‍वर अब उप्रान्त अपरिचित हुनुहुन्न, र तिनीहरूले यसअघि नै परमेश्‍वरसँग सामञ्जस्य हुने पथमा पाइला चालिसकेका छन् भन्ने गलत बुझाइमा रहेका थिए। हालसम्म, मानिसहरूले सत्यतासम्बन्धी धेरै उपदेशहरू सुनिसकेका छन् र ठूलो मात्रमा परमेश्‍वरको कामको अनुभव गरेका छन्। तथापि, विविध कारक-तत्वहरू र परिस्थितिहरूको हस्तक्षेप र बाधाहरूको कारण, धेरैजसो मानिसहरू सत्यतालाई अभ्यास गर्न सफल हुँदैनन्, न त तिनीहरू परमेश्‍वरलाई सन्तुष्ट पार्न नै सक्षम हुन्छन्। मानिसहरू बढ्दो रूपमा सुस्त बन्दै गइरहेका छन् र तिनीहरूमा बढ्दो रूपमा आत्मविश्‍वासको कमी देखिँदै गइरहेको छ। तिनीहरूलाई आफ्ना परिणामहरू अज्ञात छन् भन्ने बढ्दो अनुभूति भइरहेको छ। तिनीहरू अतिव्ययी विचारहरू लिई आउन आँट गर्दैनन् र तिनीहरू प्रगति गर्न खोज्दैनन्; तिनीहरू केवल मन नलागी-नलागी पछ्याउँदै हिँड्छन्, एक-एक कदम गर्दै अघि बढ्छन्। मानिसहरूको वर्तमान अवस्थाको सम्बन्धमा भन्दा, तिनीहरूप्रति परमेश्‍वरको आचरण कस्तो छ त? उहाँ तिनीहरूलाई केवल सत्यता प्रदान गर्न चाहनुहुन्छ र तिनीहरूको मन-मस्तिष्कमा उहाँको मार्ग छिराउन चाहनुहुन्छ र त्यसपछि विभिन्न तरिकाले तिनीहरूको परीक्षा लिनको लागि विविध परिस्थितिहरूको बन्दोबस्त गर्न चाहनुहुन्छ। उहाँको लक्ष्य भनेको यी वचनहरू, यी सत्यहरू, र उहाँको कामलाई लिएर कुनै यस्तो परिणाम निकाल्नु हो जसबाट मानिसहरू परमेश्‍वरको डर मान्न र दुष्टताबाट अलग बस्न सक्षम होऊन्। मैले देखेका धेरैजसो मानिसहरूले केवल परमेश्‍वरका वचनहरूलाई लिन्छन् र तिनलाई धर्मसिद्धान्तहरू, कागजमा रहेका अक्षरहरू, पालना गर्नुपर्ने नियमहरूको रूपमा मात्र हेर्छन्। तिनीहरूका कार्य र वाणीहरूमा, वा तिनीहरूले परीक्षा सामना गर्दा, तिनीहरूले परमेश्‍वरको मार्गलाई तिनीहरूले पालना गर्नुपर्ने मार्गको रूपमा लिँदैनन्। यो कुरा विशेष रूपमा

त्यो बेला साँचो हुन्छ जब मानिसहरूले कुनै ठूलो परीक्षा सामना गर्छन्: मैले कुनै पनि त्यस्तो मानिस देखेको छैन जसले परमेश्‍वरको डर मान्‍ने र दुष्टताबाट अलग बस्‍ने दिशातर्फ अभ्यास गरेको छ। त्यसकारण, मानिसप्रति परमेश्‍वरको आचरण एकदमै घृणा र विरक्तपनले भरिएको हुन्छ। उहाँले तिनीहरूलाई बारम्बार परीक्षाहरू दिनुभएको भए तापनि, सयौं पल्ट नै दिनुभएको भए तापनि, तिनीहरूमा अझै पनि कुनै स्पष्ट आचरण हुँदैन जसको मद्दतले तिनीहरूको संकल्प प्रदर्शन गर्न सकियोस्: "म परमेश्‍वरको डर मान्‍न र दुष्टताबाट अलग बस्‍न चाहन्छु!" मानिसहरूमा यो संकल्प नभएको हुनाले र तिनीहरूले यस प्रकारको प्रदर्शन नगरेको हुनाले, तिनीहरूप्रति परमेश्‍वरको वर्तमान आचरण विगतको जस्तो छैन जुन बेला उहाँले तिनीहरूलाई कृपा, सहनशीलता, क्षमाशीलता, र धैर्यता प्रदान गर्नुहुन्थ्यो। यसको साटो, उहाँ मानवताबाट औधी नै निराश हुनुभएको छ। यस्तो निराशा कसले गरायो त? मानिसहरूप्रति परमेश्‍वरको आचरण कोमाथि निर्भर हुन्छ? यो त उहाँलाई पछ्याउने हरेक व्यक्तिमा भर पर्छ। आफ्नो कामको धेरै वर्षहरूको सिलसिलामा, परमेश्‍वरले मानिसहरूले पूरा गर्नको लागि धेरै आवश्यक मापदण्डहरू बनाउनुभएको छ र तिनीहरूको लागि धेरै परिस्थितिहरूको बन्दोबस्त गर्नुभएको छ। तैपनि, तिनीहरूले जे-जसरी कार्य-प्रदर्शन गरेको भए तापनि, परमेश्‍वरप्रति तिनीहरूको जे-जस्तो आचरण भएको भए तापनि, मानिसहरू स्पष्टसित परमेश्‍वरको डर मान्‍ने र दुष्टताबाट अलग बस्‍ने लक्ष्य अनुरूप अभ्यास गर्न असफल भएका छन्। यसर्थ, म सारांशमा एक शब्दावली प्रदान गर्नेछु र यस शब्दावलीलाई मानिसहरू किन परमेश्‍वरको डर मान्‍ने र दुष्टताबाट अलग बस्‍ने परमेश्‍वरको मार्गमा हिँड्न सक्दैनन् भन्‍ने बारेमा हामीले भर्खरै भनेका सबै कुराहरूको व्याख्या गर्न प्रयोग गर्नेछु। यो शब्दावली के हो त? यो शब्दावली हो: परमेश्‍वरले मानिसलाई उहाँको मुक्तिको वस्तुको रूपमा र उहाँको कामको वस्तुको रूपमा लिनुहुन्छ; मानिसहरूले परमेश्‍वरलाई तिनीहरूको दुस्मन र तिनीहरूको प्रतिवादको रूपमा लिन्छन्। के तैँले अब यो मामलाको बारेमा स्पष्ट बुझिस् त? मानवजातिको आचरण कस्तो छ, परमेश्‍वरको आचरण कस्तो छ, र मानिसहरू र परमेश्‍वर बीचको सम्बन्ध कस्तो छ भन्‍ने कुरा एकदमै स्पष्ट छ। तिमीहरूले जति नै धेरै प्रवचनहरू सुनिसकेको भए तापनि, ती कुराहरू जसको बारेमा तिमीहरू आफैले आफ्ना निष्कर्षहरू निकालेका छौ, जस्तै परमेश्‍वरप्रति बफादार हुने, परमेश्‍वरप्रति समर्पित हुने, परमेश्‍वरसँग सामञ्जस्य हुने मार्गको खोजी गर्ने, परमेश्‍वरको लागि सारा जीवन खर्च गर्न चाहना गर्ने र परमेश्‍वरको लागि जिउने चाहना गर्ने—मलाई त लाग्छ, यी कुराहरू सचेत रूपमा परमेश्‍वरको मार्गमा अर्थात परमेश्‍वरको डर मान्‍ने र दुष्टताबाट अलग बस्‍ने मार्गमा हिँड्ने उदाहरणहरू होइनन् बरु यी कुराहरू त त्यस्ता माध्यमहरू हुन् जसबाट तिमीहरूले केही निश्‍चित लक्ष्यहरू प्राप्‍त गर्छौ। ती लक्ष्यहरू प्राप्‍त गर्न तिमीहरूले मन नलागी-नलागी केही नियमहरू पालना गर्छौ र ठ्याक्कै भन्‍ने हो भने यी नियमहरूले नै मानिसहरूलाई परमेश्‍वरको डर मान्‍ने र दुष्टताबाट अलग बस्‍ने मार्गबाट टाढा लैजान्छ र त्यसले फेरि एकपल्ट परमेश्‍वरलाई मानवजातिको विपक्षमा उभ्याउँछ।

आजको विषय अलि गहकिलो छ, तर जे-जस्तो भए तापनि, मलाई अझै के आशा छ भने, जब तिमीहरू आउँदो अनुभवहरूबाट र आउँदो समयहरूबाट गुज्रनेछौ, तब तिमीहरूले मैले भर्खरै

तिमीहरूलाई भनेका कुराहरू गर्न सक्नेछौ। परमेश्‍वरलाई केवल रित्तो हावाको एउटा पोकोको रूपमा नलेओ—मानौं कि उहाँ तिमीहरूको लागि काम लाग्ने हुनुभयो भने उहाँ अस्तित्वमा हुनुहुन्छ, तर उहाँ तिमीहरूको लागि काम लाग्ने हुनुभएन भने उहाँको अस्तित्वमा हुनुहुन्‍न। एक पल्ट तैँले तेरो अर्धचेतन मस्तिष्कमा त्यस्तो सोच ल्याइसकेपछि, तैँले परमेश्‍वरलाई पहिले नै क्रोधित तुल्याइसकेको हुनेछस्। सायद यसो भन्‍ने मानिसहरू पनि छन् होलान्, "मैले परमेश्‍वरलाई केवल रित्तो हावाको एउटा पोकोको रूपमा लिएको छैन। म सधैँ उहाँलाई प्रार्थना गर्छु र म सधैँ उहाँलाई सन्तुष्ट पार्ने प्रयास गर्छु र मैले गर्ने हरेक काम-कुराहरू परमेश्‍वरले आवश्यक गर्नुभएका क्षेत्रहरू, मापदण्डहरू र सिद्धान्तहरूभित्र पर्छन्। निश्‍चय नै मैले मेरा आफ्नै सोच-विचारहरू अनुरूप अभ्यास गरिरहेको छैन।" हो, तैंले अभ्यास गरिरहेको यो तरिका सही छ! तैपनि, जब तैँले कुनै समस्याको सामना गर्छस् तब तँलाई के लाग्छ? जब तैँले कुनै मामलाको सामना गर्छस्, तब तैँले कसरी अभ्यास गर्छस्? केही मानिसहरूले उहाँलाई प्रार्थना गरेको बेलामा र उहाँलाई बिन्ती गरेको बेलामा परमेश्‍वर अस्तित्वमा हुनुहुन्छ भन्‍ने महसुस गर्छन् तर त्यसपछि जब तिनीहरूले कुनै समस्याको सामना गर्छन् तब तिनीहरूले आफ्नै सोच-विचारहरू निकाल्छन् र तिनै सोच-विचारहरूको पालना गर्न चाहन्छन्। यसको मतलब तिनीहरूले परमेश्‍वरलाई केवल रित्तो हावाको एउटा पोकोको रूपमा लिन्छन् र त्यस्तो अवस्थाले परमेश्‍वरलाई तिनीहरूको मस्तिष्कभित्र अस्तित्व विहीन तुल्याइदिन्छ। मानिसहरूले के विश्‍वास गर्छन् भने, जब तिनीहरूलाई उहाँको आवश्यकता पर्छ तब परमेश्‍वर अस्तित्वमा हुनुपर्छ, तर तिनीहरूलाई उहाँको आवश्यकता नपरेको बेलामा उहाँ अस्तित्वमा हुनु हुँदैन। तिनीहरूका आफ्नै सोच-विचारहरूको आधारमा अभ्यास गर्नु नै काफी हुन्छ भनी मानिसहरूले विचार गर्छन्। तिनीहरूले तिनीहरूलाई जे मन लाग्यो त्यही गर्न सक्छन् भन्‍ने विश्‍वास गर्छन्; तिनीहरूले परमेश्‍वरको मार्गको खोजी गर्नुपर्छ भन्‍ने विश्‍वास नै गर्दैनन्। जहाँसम्म अहिले यस प्रकारको अवस्थामा भएका र यस प्रकारको स्थितिमा अल्झिएका मानिसहरूको सवाल छ, के तिनीहरू खतराको पछि लागेका छैनन् र? केही मानिसहरू भन्छन्, "म खतराको पछि लागेको भए पनि नभए पनि मैले यतिका वर्षसम्म विश्‍वास गरेको छु, र मलाई विश्‍वास छ परमेश्‍वरले मलाई छाड्नुहुन्‍न किनभने उहाँले त्यसो गर्न सक्नुहुन्‍न।" अरू भन्छन्, "म मेरी आमाको गर्भमा भएदेखि नै मैले प्रभुमा विश्‍वास गरेको छु। चालीस वा पचास वर्ष पुगिसकेको छ, त्यसैले समयको हिसाबमा त, परमेश्‍वरद्वारा प्राप्त गर्नको लागि सबैभन्दा योग्य म नै छु र बाँच्नको लागि सबैभन्दा योग्य म नै छु। यी चार वा पाँच दशकहरूमा, मैले मेरो परिवार र मेरो जागिर छाडेको छु र मैले पैसा, हैसियत, आनन्द, र परिवारसँगको समयजस्ता मसँग भएका सबै कुराहरू त्याग गरेको छु। मैले स्वादिला खानेकुराहरू त्यति धेरै खाएको छैन, मैले धेरै मनोरञ्जनहरूको आनन्द लिएको छैन, मैले धेरै रोचक ठाउँहरू भ्रमण गरेको छैन र मैले सामान्य मानिसहरूले सहन समेत नसक्ने कष्टहरू सहेको छु। यदि यी कुराहरूको फलस्वरूप परमेश्‍वरले मलाई मुक्ति दिन सक्नुहुन्‍न भने मलाई अन्यायपूर्ण ढङ्गले व्यवहार गरिएको हुनेछ र म यस प्रकारको परमेश्‍वरमा विश्‍वास गर्न सक्दिनँ।" के यस प्रकारको दृष्टिकोण भएका मानिसहरू धेरै छन्? (धेरै छन्।) ठीकै छ, त्यसो भए, आज म तिमीहरूलाई एउटा तथ्य बुझ्‍न मद्दत गर्नेछु: त्यस्तो दृष्टिकोण भएका मानिसहरूले आफ्नो

खुट्टामा आफै बन्चरो प्रहार गरिरहेका हुन्छन्। यस्तो हुन्छ किनभने तिनीहरूले तिनीहरूका आफ्नै कल्पनाहरूद्वारा आफ्नो आँखा छोपिरहेका हुन्छन्। वास्तवमै परमेश्‍वरले मानिसहरूलाई पूरा गर्न अनिवार्य गर्नुभएका मापदण्डहरूको स्थान यिनै कल्पनाहरूले, साथसाथै तिनीहरूका आफ्नै निष्कर्षहरूले लिन्छन् र यी कुराले तिनीहरूलाई परमेश्‍वरका वास्तविक अभिप्रायहरू स्वीकार गर्नबाट रोक्छन्। यसले तिनीहरूलाई उहाँको साँचो अस्तित्व अनुभूति गर्न असक्षम तुल्याउँछ र यसले तिनीहरूलाई परमेश्‍वरद्वारा सिद्ध तुल्याइने अवसरहरू पनि गुमाउने तुल्याउँछ, यसरी तिनीहरूले परमेश्‍वरको प्रतिज्ञाको कुनै अंश वा हिस्सा गुमाउँछन्।

**परमेश्‍वरले के-कसरी मानिसहरूका परिणामहरू निर्धारण गर्नुहुन्छ र उहाँले त्यसो गर्नको लागि प्रयोग गर्नुहुने मापदण्डहरू**

तैँले कुनै पनि दृष्टिकोण वा निष्कर्षहरू तय गर्नुअघि, तँप्रति परमेश्‍वरको कस्तो आचरण छ र उहाँले के सोचिरहनुभएको छ भन्‍ने कुरा तैँले पहिले जान्‍नुपर्छ, अनि त्यसपछि तैँले तेरो आफ्नो सोच सही छ कि छैन भनेर निर्णय गर्न सक्छस्। परमेश्‍वरले व्यक्तिको परिणाम निर्धारण गर्नको लागि समयलाई मापनको एक इकाइको रूपमा कहिल्यै पनि प्रयोग गर्नुभएको छैन, न त उहाँले कहिल्यै कुनै व्यक्तिले कति धेरै कष्ट सहेको छ भन्‍ने कुरामा नै त्यस्तो निर्धारणलाई आधारित गर्नुभएको छ। त्यसो भए, परमेश्‍वरले कुनै व्यक्तिको परिणाम निर्धारण गर्नको लागि केलाई मापदण्डको रूपमा प्रयोग गर्नुहुन्छ त? समयको आधारमा परिणाम निर्धारण गर्दा नै यो मानिसहरूको धेरैजसो धारणाहरूसँग मेल खाने हुनेथियो। यस अलाबा, तिमीहरूले यस्ता व्यक्तिहरू प्रायः देखिरहन्छौ जसले कुनै एक समय एकदमै धेरै सुम्पेको थियो, धेरै अर्पण गरेको थियो, ठूलो मूल्य चुकाएको थियो र एकदमै ठूलो कष्ट सहेको थियो। तिमीहरूको हेर्ने शैलीअनुसार त यिनीहरू ती व्यक्तिहरू हुन् जसलाई परमेश्‍वरले मुक्ति दिन सकिन्छ। यी मानिसहरूले प्रदर्शन गर्ने र जिउने सबै कुराहरू व्यक्तिको परिणाम निर्धारण गर्नको लागि परमेश्‍वरले तय गर्नुभएका मापदण्डहरू सम्बन्धी मानिसहरूका धारणाहरूसँग दुरुस्त रूपमा मिल्छ। तिमीहरूले जेसुकै विश्‍वास गरे पनि, म यी उदाहरणहरूलाई एक-एक गरी सूचीबद्ध गर्दिन। संक्षिप्त रूपमा भन्दा, परमेश्‍वरको आफ्नै सोचभित्रको मापदण्डमा नभएको कुनै पनि कुरा मानव कल्पनाबाट आएको हुन्छ र त्यस्ता सबै कुराहरू मानव धारणहरू हुन्। यदि तैँले तेरा आफ्नै धारणा र मिथ्या कल्पनाहरूमै अन्धो भई जिद्दी गर्छस् भने, परिणाम के होला त? यो कुरा स्पष्ट छ, यसको परिणाम भनेको परमेश्‍वरले तँलाई तिरस्कार गर्नु मात्र हुन सक्छ। यस्तो हुन्छ किनभने तैँले सधैँ परमेश्‍वरको अगाडि तेरा आफ्ना योग्यताहरूलाई शानसाथ देखाउँछस्, उहाँसँग प्रतिस्पर्धा गर्छस् र उहाँसँग तर्कवितर्क गर्छस् तर तैँले साँचो रूपले उहाँको सोचलाई बुझ्ने कोसिस गर्दैनस्, न त तैँले उहाँको इच्छालाई वा मानवजातिप्रति उहाँको आचरणलाई नै बुझ्ने कोसिस गर्छस्। यस शैलीमा अघि बढेर तैँले सबैभन्दा माथि आफैलाई सम्मान गरिरहेको हुन्छस्; यसले परमेश्‍वरलाई ठूलो बनाउँदैन। तैँले आफैमाथि विश्‍वास गर्छस्; तैँले परमेश्‍वरमाथि विश्‍वास गर्दैनस्। त्यस्ता व्यक्तिहरूलाई परमेश्‍वर चाहनुहुन्‍न, न त उहाँले तिनीहरूलाई मुक्ति नै प्रदान गर्नुहुन्छ। यदि तैँले यस प्रकारको दृष्टिकोणलाई छाड्न

सक्छस् भने, र अझ भन्ने हो भने, यदि तैँले विगतमा आफूले धारण गरेका यी गलत दृष्टिकोणहरूलाई सच्याउँछस् भने, यदि तँ परमेश्‍वरका आवश्यक मापदण्डहरू अनुरूप अघि बढ्न सक्छस् भने, यदि तैँले अब उप्रान्त परमेश्‍वरको डर मान्‍ने र दुष्टताबाट अलग बस्‍ने मार्गलाई अभ्यास गर्न सक्छस् भने, यदि तैँले परमेश्‍वरलाई सबै थोकमा सबैभन्दा ठूला एकमात्र परमेश्‍वरको रूपमा सम्मान गर्न सक्छस् र तैँले तँ आफैलाई र परमेश्‍वरलाई परिभाषित गर्नको लागि तेरा आफ्नै मिथ्या कल्पनाहरू, दृष्टिकोणहरू वा विश्‍वासहरूको प्रयोग गर्नबाट आफूलाई रोक्न सक्छस् भने र त्यसको सट्टामा यदि तैँले सबै सन्दर्भमा परमेश्‍वरका अभिप्रायहरूको खोजी गर्छस् भने, तैँले मानवताप्रति उहाँको आचरणको बारेमा अनुभूति र बुझाइ प्राप्त गर्छस् भने र उहाँका मापदण्डहरू पूरा गरी उहाँलाई सन्तुष्ट पार्छस् भने, त्यो एकदमै राम्रो हुनेछ! यसले के सङ्केत गर्नेछ भने, तँ परमेश्‍वरको डर मान्‍ने र दुष्टताबाट अलग बस्‍ने मार्गमा हिँड्न लागेको छस्।

यदि परमेश्‍वरले मानिसहरूका विविध सोचहरू, विचारहरू र दृष्टिकोणहरूलाई तिनीहरूका परिणामहरू निर्धारण गर्ने मापदण्डहरूको रूपमा प्रयोग गर्नुहुन्‍न भने, उहाँले मानिसहरूका परिणामहरू निर्धारण गर्नको लागि कस्ता प्रकारका मापदण्डहरू प्रयोग गर्नुहुन्छ त? उहाँले तिनीहरूका परिणामहरू निर्धारण गर्नको लागि परीक्षाहरूको प्रयोग गर्नुहुन्छ। परमेश्‍वरले मानिसहरूका परिणामहरू निर्धारण गर्नको लागि प्रयोग गर्नुहुने परीक्षाहरूको लागि दुईवटा मापदण्डहरू हुन्छन्: पहिलो हो, मानिसहरूले भोग्‍ने परीक्षाहरूको संख्या र दोस्रो हो, यी परीक्षाहरूले मानिसहरूमा ल्याउने नतिजाहरू। यी दुई सूचकहरूले नै कुनै व्यक्तिको परिणाम स्थापित गर्छन्। अब हामी यी दुई मापदण्डहरूको बारेमा विस्तृत छलफल गरौं।

सुरुमा भन्दा, जब कुनै व्यक्तिले परमेश्‍वरले दिनुभएको परीक्षाको सामना गर्छ (नोट: तेरो आँखामा यो परीक्षा सामान्य कुरा, भन्‍न पनि योग्य नहुने कुरा हुन सक्छ), तब उहाँले तँलाई यो त तँमाथि उहाँका हातहरू राख्‍नुभएको हो र यो परिस्थिति तेरो लागि उहाँले नै बन्दोबस्त गर्नुभएको हो भनेर स्पष्ट रूपमै सचेत गराउनुहुन्छ। तँ कदमा अपरिपक्‍व रहेकै अवस्थामा, परमेश्‍वरले तँलाई जाँच्‍नको लागि परीक्षाहरूको बन्दोबस्त गर्नुहुन्छ र यी परीक्षाहरू तेरो कद अनुरूप, तैँले जे बुझ्‍न सक्छस् सोही अनुरूप हुनेछन् र तैँले जे सहन गर्न सक्छस् सोही अनुरूप हुनेछन्। तेरो कुन भागलाई जाँच गरिनेछ त? परमेश्‍वरप्रतिको तेरो आचरणको। के यो आचरण धेरै महत्वपूर्ण छ त? अवश्य पनि यो महत्वपूर्ण छ। यो विशेष महत्त्वको छ! मानिसहरूमा हुने यो आचरण नै परमेश्‍वरले चाहनुहुने नतिजा हो, त्यसैले जहाँको लागि त, यो नै सबैभन्दा महत्वपूर्ण कुरा हो। नत्रभने त परमेश्‍वरले यस्ता काममा संलग्‍न भई मानिसहरूमा आफ्ना प्रयत्‍नहरू खर्च गर्नुहुन्‍नथ्यो। यी परीक्षाहरूमार्फत परमेश्‍वरले उहाँप्रतिको तेरो आचरण हेर्न चाहनुहुन्छ; उहाँ तँ सही मार्गमा छस् कि छैनस् भनी हेर्न चाहनुहुन्छ। तैँले परमेश्‍वरको डर मान्छस् कि मान्दैनस् र तँ दुष्टताबाट अलग बस्छस् कि बस्दैनस् भनेर पनि उहाँले हेर्न चाहनुहुन्छ। त्यसकारण, कुनै खास समयमा तैँले सत्यताको धेरै वा थोरै कुरा बुझेको भए पनि नभए पनि, तैँले परमेश्‍वरको परीक्षाहरूको सामना गर्नुपर्नेछ, अनि तैँले बुझ्‍ने सत्यताको मात्राको वृद्‌धिसँगै उहाँले तेरो लागि सान्दर्भिक परीक्षाहरू बन्दोबस्त गर्न जारी राख्‍नुहुनेछ। जब तैँले फेरि पनि परीक्षाको सामना गर्छस्, परमेश्‍वरले तेरो

दृष्टिकोण, तेरा विचारहरू, उहाँप्रतिको तेरो आचरणमा हस्तक्षेप गरिएको अवधिमा कुनै प्रगति भएको छ कि छैन सो हेर्न चाहनुहुनेछ। केही मानिसहरूले यस्तो विचार गर्छन्, "परमेश्‍वरले किन मानिसहरूको आचरण हेर्न चाहनुहुन्छ त? के उहाँले तिनीहरूले के-कसरी सत्यताको अभ्यास गर्छन् भनेर यसअघि नै देखिसक्नुभएको हुँदैन र? किन अझै पनि उहाँले तिनीहरूको आचरण हेर्न चाहनुहुन्छ?" यो त बकवास कुरा हो! परमेश्‍वरले यस शैलीमा काम गर्नुहुने हुनाले त्यसभित्र उहाँको इच्छा पक्कै हुनुपर्छ। परमेश्‍वरले निरन्तर रूपमा नजिकबाट मानिसहरूलाई अवलोकन गर्नुहुन्छ, तिनीहरूको शब्द र कार्य, तिनीहरूको हरेक कर्म र चाललाई हेर्नुहुन्छ; उहाँले तिनीहरूको हरेक सोच र विचारलाई समेत अवलोकन गर्नुहुन्छ। परमेश्‍वरले मानिसहरूमा घट्ने हरेक घटनालाई–तिनीहरूका असल कर्महरू, तिनीहरूका गल्तीहरू, तिनीहरूका अपराधहरू, तिनीहरूका विद्रोहहरू र धोकाहरू समेतलाई–प्रमाणको रूपमा टिपेर राख्नुहुन्छ त्यसलाई तिनीहरूका परिणामहरू निर्धारण गर्न प्रयोग गर्नुहुन्छ। चरणबद्ध रूपमा, जब परमेश्‍वरको काम उच्च तहमा जान्छ, तब तैँले अझै बढी सत्यताहरू सुन्‍नेछस् र तैँले अझ सकारात्मक कुरा र जानकारीहरू स्वीकार गर्न पुग्‍नेछस् र तैँले अझ बढी सत्यताको वास्तविकता प्राप्‍त गर्नेछस्। यो प्रक्रियाभरि नै, तेरो लागि परमेश्‍वरले तय गर्नुभएका आवश्यक मापदण्डहरू बढ्दै जानेछन् र ती मापदण्डहरू बढ्दै जाँदा उहाँले तेरो लागि अझ गम्भीर परीक्षाहरूको बन्दोबस्त गर्नुहुनेछ। उहाँको लक्ष्य भनेको यस बीचमा उहाँप्रतिको तेरो आचरणमा कुनै प्रगति भएको छ कि छैन भनेर जाँच गर्नु हो। अवश्य पनि, जब यस्तो हुन्छ, तब तैँले धारण गर्नैपर्ने भनेर परमेश्‍वरले तोक्नुभएको दृष्टिकोण तेरो सत्यता वास्तविकताको बुझाइसँग मेल खानेछ।

तेरो कद क्रमिक रूपले बढ्दै जाँदा, परमेश्‍वरले तैँले पूरा गर्नैपर्ने भनेर तोक्नुभएको मापदण्ड पनि बढ्दै जानेछ। तँ अझै पनि अपरिपक्व भएको बेलामा, उहाँले तैंले पूरा गर्नको लागि तल्लो तहको मापदण्ड तय गर्नुहुनेछ; जब तेरो कद अलि ठूलो हुन्छ, तब उहाँले तेरो मापदण्डलाई अलि माथिल्लो तहमा लैजानुहुनेछ। तर तैँले सबै सत्यताहरूको बारेमा बुझाइ हासिल गरिसकेपछि परमेश्‍वरले के गर्नुहुनेछ? उहाँले तँलाई अझ ठूला परीक्षाहरूको सामना गर्न लगाउनुहुनेछ। यी परीक्षाहरूमाझ, परमेश्‍वरले तँबाट प्राप्‍त गर्न चाहनुभएको कुरा, उहाँले तँबाट देख्न चाहनुभएको कुरा भनेको उहाँको बारेमा अझ गहन बुझाइ, उहाँको बारेमा वास्तविक आदर हो। यो समयमा, तेरो लागि उहाँले तोक्नुभएका मापदण्डहरू तेरो कद अपरिपक्व भएको बेलाका मापदण्डहरूभन्दा अझ माथिल्लो तहका र "अझ कठोर" (नोट: मानिसहरूले तिनलाई कठोर भनी मान्लान् तर परमेश्‍वरले वास्तवमा तिनलाई उचित मान्नुहुन्छ) हुनेछन्। जब परमेश्‍वरले मानिसहरूको परीक्षा लिइरहनुभएको हुन्छ, तब उहाँले कस्तो प्रकारको वास्तविकता सृजना गर्न खोजिरहनुभएको हुन्छ? उहाँले मलाई तिमीहरूको हृदय देओ भनेर निरन्तर रूपमा मानिसहरूलाई भनिरहनुभएको हुन्छ। केही मानिसहरूले भन्‍नेछन्, "मैले त्यो कसरी दिन सक्छु? मैल त मेरो कर्तव्य पूरा गरिसकेको छु; मैले मेरो घर र जीविका छाडिसकेको छु र मैले आफैलाई समर्पण गरिसकेको छु। के यी सबै मैले मेरो हृदय परमेश्‍वरलाई दिएको उदाहरणहरू होइनन् र? मैले अन्यथा कसरी परमेश्‍वरलाई हृदय दिन सक्छु त? के यी शैलीहरू वास्तवमा मैले परमेश्‍वरलाई हृदय दिने शैलीहरू नहुन सक्छन् त? परमेश्‍वरको

निश्चित मापदण्ड के हो त?" यो मापदण्ड एकदमै सरल छ। वास्तवमा, आफ्नो परीक्षाहरूको विविध चरणहरूको दौरान विभिन्न हदसम्म परमेश्वरलाई यसअघि नै हृदय दिइसकेका केही मानिसहरू छन्, तर अधिकांश मानिसहरूले कहिल्यै पनि परमेश्वरलाई हृदय दिँदैनन्। जब परमेश्वरले तेरो परीक्षा लिनुहुन्छ, तब उहाँले तेरो हृदय उहाँसँग छ कि, देहसँग छ वा शैतानसँग छ भनेर हेर्नुहुन्छ। जब परमेश्वरले तेरो परीक्षा लिनुहुन्छ, तब उहाँले तँ उहाँको विपक्षमा उभिएको छस् कि उहाँ अनुरूप हुने अवस्थामा उभिएको छस् भनेर हेर्नुहुन्छ, र उहाँले तेरो हृदय उहाँको पक्षमा छ कि छैन भनेर हेर्नुहुन्छ। तँ अपरिपक्व छस् र तैँले परीक्षाहरूको सामना गरिरहेको छस् भने, तँमा थोरै आत्मविश्वास हुन्छ र तैँले परमेश्वरका अभिप्रायहरू परिपूर्ति गर्नको लागि वास्तवमा के गर्नुपर्छ भन्ने कुरा जान्दैनस् किनभने सत्यतासम्बन्धी तेरो बुझाइ सीमित हुन्छ। तथापि, यदि तैँले अझै पनि साँचो रूपले र इमानदारीता पूर्वक परमेश्वरलाई प्रार्थना गर्न सक्छस् भने, र यदि तँ परमेश्वरलाई हृदय दिन, उहाँलाई तेरो सम्प्रभु बनाउन इच्छुक बन्न सक्छस् भने र तैँले सबैभन्दा अमूल्य भनी विश्वास गरेका तेरा सबै कुराहरू उहाँमा अर्पण गर्न इच्छुक बन्न सक्छस् भने, तैँले यसअघि नै परमेश्वरलाई तेरो हृदय दिइसकेको हुनेछस्। तैँले अझ बढी उपदेशहरू सुन्दै जाँदा र अझ बढी सत्यता बुझ्दै जाँदा, तेरो कद पनि क्रमिक रूपमा बढ्दै जानेछ। यो समयमा, परमेश्वरका सर्तहरूका मापदण्डहरू तँ अपरिपक्व भएको अवस्थामा भएका मापदण्हरूजस्तो दुरुस्तै हुनेछैनन्; उहाँले तँबाट अलि माथिल्लो तहको मापदण्ड पूरा गर्ने सर्त राख्नुहुनेछ। मानिसहरूले क्रमिक रूपमा परमेश्वरलाई हृदय दिँदै जाँदा, तिनीहरूको हृदय बिस्तारै उहाँको नजिक जान्छ; मानिसहरू परमेश्वरको नजिक हुँदै जाँदा, तिनीहरूको हृदयले उहाँको झन् बढी आदर गर्दै जानेछ। परमेश्वरले त्यस्तै हृदय चाहनुहुन्छ।

जब परमेश्वरले कसैको हृदय प्राप्त गर्न चाहनुहुन्छ, तब उहाँले उक्त व्यक्तिलाई असंख्य परीक्षाहरूबाट गुज्रन लगाउनुहुन्छ। यी परीक्षाहरूको दौरान, यदि परमेश्वरले उक्त व्यक्तिको हृदय प्राप्त गर्नुभएन भने वा उक्त व्यक्तिसँग कुनै आचरण रहेको देख्नुभएन भने—यसको मतलब, यदि परमेश्वरले उक्त व्यक्तिले उहाँको आदर गर्ने गरी अभ्यास वा व्यवहार गरेको देख्नुभएन भने र यदि उहाँले उक्त व्यक्तिमा दुष्टताबाट अलग बस्ने आचरण र संकल्प देख्नुभएन भने—असंख्य परीक्षाहरूपछि परमेश्वरले तिनीहरूप्रतिको आफ्नो धैर्यतालाई फिर्ता गर्नुहुन्छ र उहाँले तिनीहरूलाई त्यसपछि फेरि सहन गर्नुहुनेछैन। उहाँले उक्त व्यक्तिलाई फेरि कहिल्यै परीक्षा गर्नुहुनेछैन, र उहाँले तिनीहरूसँग फेरि कहिल्यै काम गर्नुहुनेछैन। त्यसो भए, यसले उक्त व्यक्तिको परिणामको बारेमा के कुराको सङ्केत गर्छ त? यसको अर्थ तिनीहरूको कुनै परिणाम हुँदैन भन्ने हो। सायद उक्त व्यक्तिले कुनै दुष्कर्म गरेको छैन होला, सायद तिनीहरूले कुनै पनि विध्वंसात्मक कार्य गरेका छैनन् होला र कुनै बाधा-व्यवधान खडा गरेका छैनन् होला। सायद तिनीहरूले खुला रूपमा परमेश्वरको प्रतिरोध गरेका छैनन् होला। तैपनि, उक्त व्यक्तिको हृदय परमेश्वरबाट लुकेर रहेको हुन्छ; तिनीहरूसँग कहिल्यै पनि परमेश्वरप्रति स्पष्ट आचरण र दृष्टिकोण रहेको हुँदैन र परमेश्वरले तिनीहरूको हृदय उहाँलाई दिइएको छ भनेर स्पष्टसित देख्न सक्नुहुन्न वा तिनीहरूले परमेश्वरको डर मान्न र दुष्टताबाट अलग बस्न खोजिरहेका छन् भनेर देख्न सक्नुहुन्न। परमेश्वरले त्यस्ता

व्यक्तिहरूप्रति धैर्यता गुमाउनुहुन्छ र तिनीहरूको लागि फेरि कहिल्यै कुनै मूल्य चुकाउनुहुनेछैन, कुनै कृपा प्रदान गर्नुहुनेछैन, वा तिनीहरूमा काम गर्नुहुनेछैन। त्यस्तो व्यक्तिको परमेश्‍वरमा विश्‍वास गर्ने जीवन यसअघि नै समाप्त भइसकेको हुन्छ। यस्तो हुन्छ किनभने परमेश्‍वरले तिनीहरूलाई दिनुभएका सबै परीक्षाहरूमा परमेश्‍वरले आफूले चाहनुभएका कुनै पनि नतिजाहरू प्राप्त गर्नुभएको हुँदैन। यसरी, यस्ता धेरै मानिसहरू छन् जसमा मैले कहिल्यै पनि पवित्र आत्माको अन्तर्दृष्टि वा ज्योति देखेको छैनँ। कसरी यसलाई देख्‍न सकिन्छ त? यी मानिसहरूले धेरै वर्षदेखि परमेश्‍वरमा विश्‍वास गरेका होलान् र सतही रूपमा तिनीहरूले जोशका साथ व्यवहार गरेका होलान्; तिनीहरूले धेरै पुस्तकहरू पढेका छन्, धेरै मामलाहरू सम्हालेका छन्, एक दर्जन स्मरण पुस्तिकाहरू भरेका छन्, र अत्यन्तै धेरै वचनहरू र धर्मसिद्धान्तहरूमा पोख्त भएका छन्। तैपनि तिनीहरूमा कहिल्यै पनि देख्‍न सकिने प्रगति भएको छैन, परमेश्‍वरप्रतिको तिनीहरूको दृष्टिकोण अदृश्य रहन्छ, र तिनीहरूको आचरण अझै अस्पष्ट छ। अर्को शब्दमा भन्दा, तिनीहरूको हृदयलाई देख्‍न सकिँदैन; ती सधैँभरि बेरिएका र सिल गरिएका हुन्छन्—ती परमेश्‍वरबाट टाढा हुने गरी सिल गरिएका हुन्छन्। फलस्वरूप, उहाँले तिनीहरूको साँचो हृदय देख्‍नुभएको छैन, उहाँले यी मानिसहरूमा उहाँप्रतिको साँचो आदर देख्‍नुभएको छैन, र त्योभन्दा बढी के हो भने, उहाँले यी मानिसहरू उहाँको मार्गमा कसरी हिँड्छन् भन्‍ने कुरा देख्‍नुभएकै छैन। यदि परमेश्‍वरले अहिलेसम्म त्यस्ता मानिसहरूलाई प्राप्त गर्नुभएको छैन भने, के उहाँले भविष्यमा तिनीहरूलाई प्राप्त गर्न सक्नुहुन्छ त? उहाँले तिनीहरूलाई प्राप्त गर्न सक्नुहुन्‍न। के उहाँले प्राप्त गर्नै नसकिने कुराको लागि जोड दिइरहनुहुन्छ त? उहाँले जोड दिइरहनुहुन्‍न! त्यसो भए, त्यस्ता मानिसहरूप्रति परमेश्‍वरको वर्तमान आचरण कस्तो हुन्छ त? (उहाँले तिनीहरूलाई तिरस्कार गर्नुहुन्छ र तिनीहरूलाई बेवास्ता गर्नुहुन्छ।) उहाँले तिनीहरूलाई बेवास्ता गर्नुहुन्छ! परमेश्‍वरले त्यस्ता मानिसहरूलाई ध्यान दिनुहुन्‍न; उहाँले तिनीहरूलाई तिरस्कार गर्नुहुन्छ। तिमीहरूले यी वचनहरूलाई एकदमै चाँडो र एकदमै सही रूपले कण्ठस्थ पारिसकेका छौ। यस्तो लाग्छ तिमीहरूले जे सुनेका छौ त्यसलाई बुझिसकेका छौ!

केही मानिसहरू छन् जो परमेश्‍वरलाई पछ्याउन सुरु गर्दा अपरिपक्व र अज्ञानी हुन्छन्; तिनीहरूले परमेश्‍वरको इच्छालाई बुझ्‍न सक्दैनन्, न त तिनीहरूले उहाँमा विश्‍वास गर्नु भनेको के हो भन्‍ने नै बुझ्छन्। तिनीहरूले परमेश्‍वरमा विश्‍वास गर्ने र उहाँलाई पछ्याउने मानव कल्पित र गलत तरिका अपनाउँछन्। जब त्यस्ता मानिसहरूले परीक्षाहरूको सामना गर्छन्, तिनीहरू यसको बारेमा सचेत नै हुँदैनन्; तिनीहरू परमेश्‍वरको मार्गनिर्देशन र अन्तर्दृष्टिको बारेमा स्तब्ध रहन्छन्। तिनीहरूले परमेश्‍वरलाई तिनीहरूको हृदय दिनु भनेको के हो वा परीक्षाको दौरान खरो उत्रनु भनेको के हो भन्‍ने नै जान्दैनन्। परमेश्‍वरले त्यस्ता मानिसहरूलाई सीमित समय मात्र प्रदान गर्नुहुन्छ र उक्त समयमा उहाँले तिनीहरूलाई उहाँका परीक्षाहरूको प्रकृतिको बारेमा र उहाँका अभिप्रायहरू के हुन् भन्‍ने बारेमा बुझ्‍न दिनुहुन्छ। पछि गएर, यी मानिसहरूले तिनीहरूका दृष्टिकोणलाई प्रदर्शित गर्नुपर्छ। यो चरणमा रहेका व्यक्तिहरूको लागि परमेश्‍वरले अझै प्रतीक्षा गरिरहनुभएको हुन्छ। केही दृष्टिकोण भएका तर अझै दुबिधामा रहेका, परमेश्‍वरलाई तिनीहरूको हृदय दिन चाहने तर त्यसो गर्न स्वीकार गरी नसकेकाहरू, र केही आधारभूत सत्यताहरूलाई अभ्यास गरिसकेपछि पनि ठूला

परीक्षाहरूको सामना गर्दा लुक्न प्रयास गर्ने र हार मान्ने व्यक्तिहरूको हकमा—तिनीहरूप्रति परमेश्‍वरको आचरण कस्तो हुन्छ त? उहाँले अझै पनि तिनीहरूबाट केही कुराको अपेक्षा गर्नुहुन्छ र नतिजा चाहिँ तिनीहरूको आचरण र कार्य-प्रदर्शनमा भर पर्छ। यदि मानिसहरू प्रगति गर्ने कार्यमा सक्रिय हुँदैनन् भने परमेश्‍वरले के गर्नुहुन्छ? उहाँले तिनीहरूलाई त्याग गर्नुहुन्छ। यस्तो हुन्छ किनभने परमेश्‍वरले तँलाई त्याग गर्नुभन्दा पहिले तैँले आफूले आफैलाई त्यागिसकेको हुन्छस्। यसरी, आफूलाई त्याग गरिएकोमा तैँले परमेश्‍वरलाई दोष लगाउन सक्दैनस्, सक्छस् त? यो न्यायसंगत कुरा हो कि होइन त? (यो न्यायसंगत कुरा हो।)

**व्यावहारिक प्रश्‍नले मानिसहरूमा ल्याउने विविध लज्जास्पद अवस्थाहरू**

अर्को प्रकारको व्यक्ति पनि छ जसको परिणाम सबैभन्दा बढी दुःखद हुन्छ; यस्तो प्रकारको व्यक्तिको बारेमा मलाई कुरा गर्न त्यति मन लाग्दैन। तिनीहरूले परमेश्‍वरको दण्ड पाएकोले वा तिनीहरूमाथि उहाँका सर्तहरू कठोर भएकोले अनि यसको कारण तिनीहरूको परिणाम दुःखद भएकोले ती दुःखद भएका होइनन्; बरु तिनीहरूले त आफूले आफैलाई त्यसो गर्ने भएकाले ती दुःखद भएका हुन्। आम भनाइमा भनिएझैँ, तिनीहरूले आफ्नो चिहान आफै खन्छन्। कस्तो प्रकारको मानिसले यस्तो गर्छ त? यी मानिसहरू सही मार्गमा हिँड्दैनन् र तिनीहरूका परिणामहरू अग्रिम रूपमा खुलासा हुन्छन्। परमेश्‍वरका नजरमा त्यस्ता मानिसहरू उहाँको घृणाको सबैभन्दा ठूला पात्रहरू हुन्। मानव दृष्टिकोणमा, यस्ता मानिसहरू सबैभन्दा दयनीय हुन्छन्। जब त्यस्ता मानिसहरूले परमेश्‍वरलाई पछ्याउन सुरु गर्छन् तब तिनीहरू एकदमै उत्साही हुन्छन्; तिनीहरूले धेरै मूल्य तिर्छन्, तिनीहरूमा परमेश्‍वरको कामको भावी सम्भावनाहरूको बारेमा राम्रो दृष्टिकोण हुन्छ र तिनीहरूको आफ्नो भविष्यको बारेमा तिनीहरूसँग प्रशस्तै कल्पना हुन्छ। तिनीहरूमा परमेश्‍वरप्रति आत्मविश्‍वास हुन्छ र तिनीहरू उहाँले मानिसहरूलाई पूर्ण बनाउनुहुन्छ र तिनीहरूलाई तेजस्वी गन्तव्यमा पुऱ्याउनुहुन्छ भन्ने कुरामा विश्‍वास गर्छन्। तथापि, कुनै कारणवश, परमेश्‍वरको कामको सिलसिलामा यी मानिसहरू भाग्छन्। यो "भाग्छन्" भन्ने पदावलीले यहाँ केलाई जनाउँछ त? यसको मतलब हो, तिनीहरू गएँ है पनि नभनीकन, अलिकति पनि आवाज ननिकालीकन, त्यतिकै हराउँछन्; तिनीहरूले एक शब्द पनि नबोली छाडेर जान्छन्। त्यस्ता मानिसहरूले परमेश्‍वरमा विश्‍वास गर्ने दाबी गरे तापनि तिनीहरूले कहिल्यै पनि साँचो रूपले विश्‍वासको मार्गमा जरा गाड्दैनन्। यसरी, तिनीहरूले जति नै धेरै वर्षसम्म परमेश्‍वरमा विश्‍वास गरे तापनि, तिनीहरू अझै पनि परमेश्‍वरबाट टाढा भाग्न सक्छन्। केही मानिसहरू व्यापार व्यवसायमा लाग्नको लागि छाडेर जान्छन्, केही आफ्नो जीवन जिउनको लागि छाडेर जान्छन्, केही धनी बन्नलाई छाडेर जान्छन्, र केही विवाह गर्न र बच्चाबच्ची जन्माउनलाई छाडेर जान्छन्...। यसरी छाडेर जानेहरूमा, केही यस्ता हुन्छन् जसलाई पछि विवेकले आक्रमण गर्छ र तिनीहरू फर्की आउन चाहन्छन्, र अरूहरूले चाहिँ जीवन जिउने क्रममा कठिनाइ भोग्छन् र वर्षौंवर्ष संसारमा भौतारिरहन्छन्। यसरी भौतारिनेहरूले एकदमै धेरै कष्ट झेल्छन् र तिनीहरूले के विश्‍वास गर्छन् भने, संसारमा रहनु अत्यन्तै पीडादायक हुन्छ र तिनीहरूलाई परमेश्‍वरबाट अलग गर्न सकिँदैन। तिनीहरू आराम,

शान्ति, र खुशी प्राप्त गर्नको लागि परमेश्वरको घरमा फर्कन चाहन्छन्, र तिनीहरू विपत्तिबाट उम्कनको लागि वा मुक्ति पाउन र सुन्दर गन्तव्य प्राप्त गर्नको लागि परमेश्वरमा विश्वास गर्ने कार्यलाई जारी राख्न चाहन्छन्। किनभने तिनीहरूले परमेश्वरको प्रेम असीमित हुन्छ र उहाँको अनुग्रह अक्षय हुन्छ भन्ने विश्वास गर्छन्। तिनीहरूले सोच्छन्, कुनै व्यक्तिले जेसुकै गरेको भए तापनि, परमेश्वरले तिनीहरूलाई क्षमा गर्नुपर्छ र तिनीहरूको विगतलाई सहन गर्नुपर्छ। यी मानिसहरूले तिनीहरू फर्की आएर आफ्ना कर्तव्यहरू निर्वाह गर्न चाहन्छन् भनी बारम्बार भन्ने गर्छन्। यस्ता केही मानिसहरू पनि छन् जसले मण्डलीलाई आफ्ना केही सरसामानहरू दिन्छन् र यसले परमेश्वरको घरमा फर्की आउने बाटो बनाउनेछ भन्ने आशा गर्छन्। यस्ता मानिसहरूप्रति परमेश्वरको आचरण कस्तो हुन्छ त? उहाँले कसरी तिनीहरूका परिणामहरू निर्धारण गर्नुपर्छ त? बोल्नलाई अप्ठ्यारो नमान। (मलाई लाग्यो, परमेश्वरले यस प्रकारको मानिसलाई स्वीकार गर्नुहुन्छ, तर भर्खरै तपाईंको कुरा सुनिसकेपछि, मलाई लाग्छ, उहाँले सायद स्वीकार गर्नुहुन्न।) तेरो तर्क भन्। (त्यस्ता मानिसहरू तिनीहरूको परिणाम मृत्युचाँहि नहोस् भनेर मात्रै परमेश्वरसमक्ष आउँछन्। तिनीहरू साँचो इमानदारिताले परमेश्वरमा विश्वास गर्न आउँदैनन्; तिनीहरू आउँछन् किनकि परमेश्वरको काम चाँडै नै समाप्त हुँदैछ भन्ने तिनीहरूलाई थाहा हुन्छ, त्यसैले तिनीहरूले आएर आशिष् लिन सक्छन् भन्ने भ्रममा तिनीहरू परेका हुन्छन्।) यी मानिसहरूले इमानदारी पूर्वक परमेश्वरमा विश्वास गर्दैनन्, त्यसैले उहाँले तिनीहरूलाई स्वीकार गर्नुहुन्न भनेर तैँले भन्दैछस्, होइन त? (हो।) (मेरो बुझाइ के छ भने त्यस्ता मानिसहरू केवल अवसरवादीहरू हुन्, र तिनीहरूले साँचो रूपमा परमेश्वरमा विश्वास गर्दैनन्।) तिनीहरूले परमेश्वरमा विश्वास गरेका हुँदैनन्; तिनीहरू अवसरवादीहरू हुन्। राम्रो भनाइ! यी अवसरवादीहरू हरेक व्यक्तिले घृणा गर्ने खालका मानिसहरू हुन्। तिनीहरू जुन दिशातिर हावा बग्यो त्यतैतिर बहन्छन् र तिनीहरूले केही कुरा पाउने अवस्था नभएसम्म तिनीहरूलाई कुनै पनि काम-कुरा गर्न लगाउन सकिँदैन, त्यसकारण, अवश्य नै तिनीहरू घिनलाग्दा छन्! अरू कोही दाजुभाइ वा दिदी-बहिनीसँग बाँड्न मन लागेको कुनै राय छ कि? (परमेश्वरले तिनीहरूलाई अब उप्रान्त स्वीकार गर्नुहुनेछैन किनभने उहाँको काम पूरा हुन लागेको छ र अब मानिसहरूका परिणामहरू तय गर्ने समय भएको छ। यस्तो समयमा तिनीहरू फर्की आउन चाहन्छन्–तिनीहरू वास्तवमा सत्यताको खोजी गर्न चाहेकोले वा बाह्य कारक-तत्वहरूको प्रभावमा परेर फर्की आउन चाहेका होइनन्। यदि तिनीहरूसँग साँच्चै नै सत्यताको खोजी गर्ने अभिप्राय हुन्थ्यो भने त, तिनीहरू परमेश्वरको कामको बीचैबाट भागेर हिँड्ने थिएनन्।) अन्य कुनै राय छ कि? (तिनीहरूलाई स्वीकार गरिनेछैन। वास्तवमा, परमेश्वरले तिनीहरूलाई पहिले नै अवसरहरू दिइसक्नुभएको भए पनि तिनीहरूले उहाँप्रति बेपरवाह आचरण धारण गर्न जिद्दी गरेका हुन्छन्। यी मानिसहरूको अभिप्राय जे-जस्तो भए तापनि र तिनीहरूले साँचो रूपले पश्चाताप गरे तापनि, परमेश्वरले अझै तिनीहरूलाई फर्की आउन दिनुहुनेछैन। किनभने उहाँले तिनीहरूलाई धेरै अवसरहरू दिनुभए पनि तिनीहरूले आफ्नो आचरण देखाइसकेका हुन्छन्: तिनीहरूले परमेश्वरलाई छाडेर जान चाहेका हुन्छन्। यस कारणले गर्दा, यदि तिनीहरूले अहिले फर्केर आउने कोसिस गरे भने, परमेश्वरले तिनीहरूलाई स्वीकार गर्नुहुनेछैन।) (परमेश्वरले यस प्रकारका व्यक्तिलाई स्वीकार

गर्नुहुनेछैन भन्ने कुरामा म सहमत छु किनभने यदि कुनै व्यक्तिले लामो समय अवधिसम्म साँचो मार्गलाई देखेको छ, परमेश्‍वरको कामलाई अनुभव गरेको छ, तर अझै पनि उसले संसारमा फर्कन र शैतानलाई अँगालो हाल्‍न सक्छ भने, यो त परमेश्‍वरप्रति अत्यन्तै ठूलो धोका हुन्छ। परमेश्‍वरको सार भनेको कृपा र प्रेम भए पनि, यो त उक्त सार कस्तो प्रकारको व्यक्तिप्रति लक्षित छ भन्‍ने कुरामा निर्भर रहन्छ। यदि उक्त व्यक्ति आरामको खोजी गर्दै वा आशा गर्न सकिने कुनै कुराको खोजी गर्दै परमेश्‍वरको सामुन्‍ने आउँछ भने तिनीहरू परमेश्‍वरमा इमानदारीताका साथ विश्‍वास गर्ने प्रकारका व्यक्ति होइनन् र त्यस्ता मानिसहरूप्रति परमेश्‍वरको कृपा सीमित हुन्छ।) यति परमेश्‍वरको सार कृपा हो भने, किन उहाँले यस प्रकारको व्यक्तिलाई अलिकति थप कृपा प्रदान गर्नुहुन्‍न त? थप कृपा पाएपछि, के यस प्रकारको व्यक्तिले अवसर प्राप्त गर्दैनथ्यो र? विगतमा, मानिसहरूले बारम्बार भन्‍ने गर्थे कि परमेश्‍वरले हरेक व्यक्तिले मुक्ति पाओस् भन्‍ने चाहनुहुन्छ र उहाँ कसैले पनि विनाश भोग्‍न परोस् भन्‍ने चाहनुहुन्‍न; यदि सय भेडाहरूमध्ये एउटा भेडा हरायो भने परमेश्‍वरले उनान्सय वटालाई छाडेर हराएको एउटा भेडाको खोजी गर्नुहुन्छ। अब अहिले, यी मानिसहरूको कुरा आउँदा, के परमेश्‍वरले तिनीहरूलाई स्वीकार गरी तिनीहरूको इमानदारीतापूर्ण विश्‍वासको हिसाबमा तिनीहरूलाई दोस्रो मौका दिनुपर्छ त? यो वास्तवमा गाह्रो प्रश्‍न होइन; यो एकदमै सरल छ! यदि तिमीहरूले परमेश्‍वरलाई साँचो रूपमा बुझ्छौ भने र तिमीहरूसँग उहाँको बारेमा वास्तविक ज्ञान छ भने, त्यति धेरै व्याख्या गर्न जरुरी छैन—र त्यति धेरै अनुमान गर्न पनि जरुरी छैन, हैन त? तिमीहरूका जबाफहरू सही मार्गमा छन्, तर ती जबाफहरू अझै परमेश्‍वरको आचरणसम्म पुगेका छैनन्।

भर्खरै तिमीहरूमध्ये केहीले यस प्रकारको व्यक्तिलाई परमेश्‍वरले स्वीकार गर्न सक्नुहुन्‍न भन्‍ने निश्‍चितता व्यक्त गर्‍यौ। अरू भने स्पष्ट थिएनन् र तिनीहरूले परमेश्‍वरले स्वीकार गर्न पनि वा नगर्न पनि सक्नुहुन्छ भन्‍ने सोचे—यो आचरण अलिक मध्यमार्गी छ। तिमीहरूमध्ये केहीले यस प्रकारको व्यक्तिलाई परमेश्‍वरले स्वीकार गर्नुभएको होस् भन्‍ने आशाको दृष्टिकोण राख्यौ—यो आचरण अझै बढी अस्पष्ट छ। तिमीहरूमध्ये आफूले सोचेको कुरामा निश्‍चित हुनेहरूले के विश्‍वास गर्छौ भने, परमेश्‍वरले धेरै लामो समयसम्म काम गर्नुभएको छ र उहाँको काम पूरा भएको छ त्यसैले यी मानिसहरूप्रति उहाँ सहनशील हुनु जरुरी छैन; त्यसैले तिमीहरू उहाँले तिनीहरूलाई स्वीकार गर्नुहुनेछैन भन्‍ने सोच्छौ। तिमीहरूमध्ये अझ बढी मध्यमार्गीहरू के विश्‍वास गर्छौ भने, यी मामलाहरूलाई व्यक्तिगत परिस्थिति अनुरूप सम्हाल्‍नुपर्छ; यदि यी मानिसहरूका हृदय परमेश्‍वरबाट अलग गर्न नसकिने छ भने र यदि तिनीहरूले साँचो रूपले परमेश्‍वरमा विश्‍वास गर्छन् र सत्यताको खोजी गर्छन् भने, परमेश्‍वरले तिनीहरूका पहिलेका कमजोरी र त्रुटिहरूलाई बिर्सनुपर्छ—उहाँले यी मानिसहरूलाई क्षमा गर्नुपर्छ, तिनीहरूलाई दोस्रो मौका दिनुपर्छ, र तिनीहरूलाई उहाँको घरमा फर्की आउन र उहाँको मुक्ति स्वीकार गर्न दिनुपर्छ। तथापि, यदि यी मानिसहरू पछि फेरि भागेर जान्छन् भने, परमेश्‍वरले त्यसपछि फेरि तिनीहरूलाई चाहनुहुन्‍न र यी मानिसहरूको परित्याग गर्नुलाई अन्याय मान्‍न सकिँदैन। अर्को समूह छ जसले त्यस्तो व्यक्तिलाई परमेश्‍वरले स्वीकार गर्नुभएको होस् भन्‍ने आशा गर्छ। यो समूह परमेश्‍वरले त्यसो गर्नुहुन्छ कि हुन्‍न भन्‍नेमा

त्यति निश्चित छैन। यदि तिनीहरू उहाँले त्यस प्रकारको व्यक्तिलाई स्वीकार गर्नुहुन्छ भन्ने कुरा विश्वास गर्छन् तर परमेश्वरले त्यसो गर्नुहुन्न भने, उक्त दृष्टिकोण परमेश्वरको दृष्टिकोणसँग अलि मेल नखाने जस्तो देखिन्छ। यदि तिनीहरू उहाँले त्यस प्रकारको व्यक्तिलाई स्वीकार गर्नुहुन्न भन्ने कुरामा विश्वास गर्छन् तर परमेश्वरले मानिसहरूप्रति उहाँको प्रेम असीमित छ भनी भन्नुहुन्छ र उहाँ त्यस प्रकारको व्यक्तिलाई अर्को मौका प्रदान गर्न इच्छुक हुनुहुन्छ भनी भन्नुहुन्छ भने, के यो मानव अज्ञानतालाई उदाङ्गो पारेको उदाहरण हुँदैन र? जुनसुकै अवस्थामा पनि, तिमीहरू सबैका आ-आफ्नै दृष्टिकोणहरू हुन्छन्। यी दृष्टिकोणहरूले तिमीहरूका सोच-विचारहरूभित्र रहेको ज्ञानलाई प्रतिनिधित्व गर्छन्; तिनीहरू सत्यता र परमेश्वरको इच्छासम्बन्धी तिमीहरूको बुझाइको गहिराइको प्रतिबिम्ब पनि हुन्। यस्तो भन्नु सही हो, होइन त? तिमीहरूसँग यो मामलाको बारेमा रायहरू हुनु एकदमै राम्रो कुरा हो! तथापि, तिमीहरूका रायहरू सही छन् कि छैनन् भन्ने प्रश्न अझै पनि बाँकी रहेको छ। तिमीहरू अलिअलि चिन्तित छौ, होइन त? "त्यसो भए, के सही हो त? म स्पष्टसित देख्न सक्दिनँ, र परमेश्वरले के सोचिरहनुभएको छ भन्ने कुरा दुरुस्त रूपमा मलाई थाहा छैन र उहाँले मलाई केही पनि भन्नुभएको छैन। उहाँले के सोचिरहनुभएको छ भन्ने कुरा म कसरी जान्न सक्छु? मानवजातिप्रति परमेश्वरको आचरण भनेको प्रेम हो। विगतमा उहाँले लिनुभएको आचरणको आधार हेर्ने हो भने, उहाँले त्यस्तो व्यक्तिलाई स्वीकार गर्नुपर्छ, तर म परमेश्वरको वर्तमान आचरणप्रति त्यति स्पष्ट छैनँ; म यो मात्र भन्न सक्छु कि सायद उहाँले उक्त व्यक्तिलाई स्वीकार गर्नुहुनेछ होला, र सायद स्वीकार गर्नुहुनेछैन होला।" यो त हास्यास्पद छ, छैन त? यो प्रश्नले साँच्चै नै तिमीहरूको दिमागमै हिर्काएको छ। यदि तिमीहरूसँग यो मामलाको बारेमा उपयुक्त दृष्टिकोण छैन भने, तिमीहरूको मण्डलीले वास्तवमा यस्तो व्यक्तिको सामना गर्दा तिमीहरूले के गर्नेछौ? यदि तिमीहरूले परिस्थितिलाई सही रूपमा सम्हाल्दैनौ भने, तिमीहरूले परमेश्वरलाई ठेस पुर्‍याउन सक्छौ। के यो खतरनाक मामला होइन र?

भर्खरै मैले उठाएको मामलाको सम्बन्धमा किन मैले तिमीहरूको रायहरू माग्न चाहेँ त? म तिमीहरूको दृष्टिकोणहरू जाँच गर्न चाहन्थें, तिमीहरूसँग परमेश्वरको बारेमा कति ज्ञान रहेछ र तिमीहरूले उहाँका अभिप्रायहरू र मनोवृत्तिको बारेमा कति बुझ्छौ भनी जाँच गर्न चाहन्थें। जबाफ के हो त? जबाफ तिमीहरूका दृष्टिकोणहरू नै हुन्। तिमीहरूमध्ये केही एकदमै रूढिवादी छौ र तिमीहरूमध्ये केहीले चाहिँ अनुमान गर्न तिमीहरूको कल्पनालाई प्रयोग गर्दैछौ। "अनुमान गर्नु" भनेको के हो त? यसको अर्थ परमेश्वरले कसरी सोच्नुहुन्छ भन्ने कुरा देख्न नसक्नु अनि परमेश्वरले कुनै न कुनै किसिमले त सोच्नुहुन्छ भन्दै आधारहीन अड्कल काट्नु हो; तिमीहरू सही छौ कि छैनौ भन्ने कुरा वास्तवमा तिमीहरू आफैलाई थाहा छैन, त्यसैले तिमीहरूले अस्पष्ट दृष्टिकोण राख्छौ। यस तथ्यको सामना गर्दा, तिमीहरूले के देखेका छौ त? परमेश्वरलाई पछ्याउँदा, मानिसहरूले विरलै मात्र परमेश्वरको इच्छाको बारेमा ध्यान दिन्छन् र तिनीहरूले कमै मात्र उहाँका सोचहरू र मानिसहरूप्रतिको उहाँको आचरणको बारेमा परवाह गर्छन्। मानिसहरूले परमेश्वरका सोचहरूको बारेमा बुझ्दैनन्, त्यसैले उहाँका अभिप्रायहरू र स्वभावको बारेमा प्रश्नहरू गर्दा, तिमीहरू द्विविधामा पर्छौ; तिमीहरू गहन अनिश्चिततामा पर्छौ, र तिमीहरूले कि त अनुमान लगाउँछौ कि

त झटारो हान्छौ। यो कस्तो प्रकारको आचरण हो? यसले एउटा तथ्य प्रमाणित गर्छ: परमेश्‍वरमा विश्‍वास गर्ने धेरैजसो मानिसहरूले उहाँलाई रित्तो हावाको एक पोकोको रूपमा र एक मिनेट अस्तित्वमा रहने अर्को मिनेट अस्तित्वमा नरहने कुनै वस्तुको रूपमा लिन्छन्। मैले यसलाई किन यसरी भनेँ त? किनभने जब तिमीहरूले कुनै समस्याको सामना गर्छौ तब तिमीहरूलाई परमेश्‍वरको इच्छाको बारेमा थाहै हुँदैन। किन तिमीहरूलाई उहाँको इच्छाको बारेमा थाहै हुँदैन त? अहिले मात्र होइन, बरु सुरुदेखि अन्त्यसम्म नै, के यो समस्याप्रतिको परमेश्‍वरको आचरणको बारेमा तिमीहरूलाई थाहा छैन त? तैँले यसलाई बुझ्न सक्दैनस् र तँलाई परमेश्‍वरको मनोवृत्तिको बारेमा थाहा छैन, तर के तैँले यसको बारेमा त्यति सोचेको छस् त? के तैँले यसको बारेमा जान्‍ने प्रयास गरेको छस् त? के तैँले यसको बारेमा सङ्गति गरेको छस् त? छैन! यसले एउटा तथ्य पुष्टि गर्छ: वास्तविकताको परमेश्‍वरसँग तेरो विश्‍वासको परमेश्‍वरको कुनै सम्बन्ध छैन। परमेश्‍वरमाथिको तेरो विश्‍वासमा, तैँले केवल आफ्ना अभिप्रायहरू र तेरा अगुवाहरूका अभिप्रायहरूको बारेमा मात्र चिन्तन गर्छस्; परमेश्‍वरको इच्छाको खोजी बिलकुलै नगरी तैँले परमेश्‍वरका वचनहरूको सतही र धर्मसैद्धान्तिक अर्थहरूलाई मात्र सोचविचार गर्छस्। के अवस्था यही हो, होइन र? यो मामलाको सार एकदमै भयानक छ! वर्षौंपछि मैले परमेश्‍वरमा विश्‍वास गर्ने धेरै मानिसहरू देखेको छु। तिनीहरूको मनभित्र तिनीहरूको विश्‍वासले परमेश्‍वरलाई के मा रूपान्तरित गरेको छ त? केही मानिसहरूले परमेश्‍वरमा यसरी विश्‍वास गर्छन् कि मानौं परमेश्‍वर केवल एक रित्तो हावाको पोको हुनुहुन्छ। यी मानिसहरूसँग परमेश्‍वरको अस्तित्व बारेका प्रश्‍नहरूको कुनै जबाफ हुँदैन किनभने तिनीहरूले उहाँको उपस्थिति वा अनुपस्थिति न त अनुभव गर्न सक्छन् न त महसुस नै गर्न सक्छन्, यसको बारेमा स्पष्टसँग देख्ने वा बुझ्ने कुरा त परै जाओस्। अर्धचेतन रूपमा, यी मानिसहरूले परमेश्‍वर अस्तित्वमा हुनुहुन्‍न भनी सोच्छन्। अन्य मानिसहरूले परमेश्‍वरमा यसरी विश्‍वास गर्छन् कि मानौं परमेश्‍वर एक मानव हुनुहुन्छ। यी मानिसहरूले सोच्छन् कि तिनीहरूले गर्न नसक्ने सबै कुराहरू उहाँले पनि गर्न सक्नुहुन्‍न र तिनीहरूले जसरी सोच्छन् उहाँले पनि त्यसरी नै सोच्नुहुन्छ। परमेश्‍वर सम्बन्धी तिनीहरूको परिभाषा भनेको "एक अदृश्य र अस्पर्शनीय व्यक्ति" भन्‍ने हुन्छ। मानिसहरूको एक अर्को समूह पनि छ जसले परमेश्‍वरमा यसरी विश्‍वास गर्छन् कि मानौं परमेश्‍वर एक कठपुतली हुनुहुन्छ; यी मानिसहरूले परमेश्‍वरमा कुनै भावनाहरू नै हुँदैनन् भनी विश्‍वास गर्छन्। तिनीहरू परमेश्‍वर त एक माटोको मूर्ति हुनुहुन्छ अनि कुनै समस्याको सामना गर्दा परमेश्‍वरसँग कुनै आचरण, दृष्टिकोण वा विचारहरू नै हुँदैनन् भन्‍ने सोच्छन्; तिनीहरू परमेश्‍वर मानवजातिको निगाहमा हुनुहुन्छ भन्‍ने विश्‍वास गर्छन्। मानिसहरूले आफूलाई जसरी विश्‍वास गर्न मन लाग्यो त्यसरी नै विश्‍वास गर्छन्। यदि उनीहरूले उहाँलाई ठूलो बनाए भने उहाँ ठूलो हुनुहुन्छ; यदि उनीहरूले उहाँलाई सानो बनाए भने उहाँ सानो हुनुहुन्छ। जब मानिसहरूले पाप गर्छन् अनि तिनीहरूलाई परमेश्‍वरको कृपा, सहनशीलता र प्रेमको आवश्यक पर्छ, तब तिनीहरू परमेश्‍वरले कृपा प्रदान गर्नुपर्छ भन्‍ने ठान्छन्। यी मानिसहरूले आफ्नै मनभित्र "परमेश्‍वर" को आविष्कार गर्छन् र उक्त "परमेश्‍वर" लाई तिनीहरूका मागहरू पूरा गर्न तथा तिनीहरूका सबै चाहनाहरू सन्तुष्ट पार्न लगाउँछन्। यी मानिसहरू जुनसुकै समय र ठाउँमा भए तापनि र तिनीहरूले जेसुकै गरे तापनि,

तिनीहरूले परमेश्वरप्रतिको तिनीहरूको व्यवहारमा अनि तिनीहरूको विश्वासमा यही कल्पनालाई अँगाल्नेछन्। अनि यस्ता खालका मानिसहरू पनि छन् जो परमेश्वरको स्वभावलाई क्रोधित पारिसकेपछि पनि अझै परमेश्वरले तिनीहरूलाई बचाउन सक्नुहुन्छ भनी विश्वास गर्छन् किनभने परमेश्वरको प्रेम असीमित छ र उहाँको स्वभाव धर्मी छ अनि व्यक्तिले परमेश्वरलाई जति ठेस पुऱ्याए पनि उहाँले त्यो कुरालाई सम्झनुहुनेछैन भन्ने तिनीहरू ठान्छन्। तिनीहरूले के सोच्छन् भने मानवीय त्रुटिहरू, मानवीय उल्लंघनहरू अनि मानवीय अवज्ञाहरू व्यक्तिको स्वभावको क्षणिक अभिव्यक्तिहरू भएका हुनाले परमेश्वरले मानिसहरूलाई मौका दिनुहुन्छ र तिनीहरूप्रति सहनशील र धैर्य रहनुहुन्छ; तिनीहरू परमेश्वरले आफूलाई पहिलेजस्तै प्रेम गर्नुहुन्छ भनी विश्वास गर्छन्। यसरी, तिनीहरूले मुक्ति प्राप्त गर्ने उच्च आशा राख्छन्। वास्तवमा, मानिसहरूले परमेश्वरमा जसरी विश्वास गरे तापनि, जबसम्म तिनीहरूले सत्यताको खोजी गरिरहेका हुँदैनन् तबसम्म उहाँले तिनीहरूप्रति नकारात्मक आचरण राख्नुहुन्छ। यस्तो किन हुन्छ भने, परमेश्वरप्रति तेरो विश्वासको सिलसिलामा, तैँले परमेश्वरका वचनहरूको पुस्तक लिएर यसलाई अमूल्य सम्पत्तिको रूपमा लिए पनि, अनि यसलाई हरेक दिन अध्ययन र वाचन गरे पनि, तैँले वास्तविक परमेश्वरलाई एकातिर पन्छाएर राख्छस्। तैँले उहाँलाई केवल रित्तो हावा वा केवल एक व्यक्तिको रूपमा लिन्छस्—तिमीहरूमध्ये केहीले उहाँलाई कठपुतली भन्दा बढ्ता ठान्दैनौं। मैले किन यसरी यो कुरा राखेँ त? मैले त्यसो गरें किनभने मैले जे देख्दैछु त्यो अनुसार, तिमीहरूले कुनै समस्या वा केही परिस्थितिको सामना गरे पनि नगरे पनि, तेरो अर्धचेतनमा रहेका कुराहरू, तैँले भित्रैबाट उत्पन्न गरेका कुराहरू र परमेश्वरका वचनहरू वा सत्यताको खोजीको बीचमा कहिल्यै पनि कुनै सम्बन्ध नै रहेको छैन। तैँले तँ आफूले जे सोचिराखेको छस्, तेरो दृष्टिकोण जे छ त्यो मात्र जान्दछस्, अनि तैँले तेरा आफ्नै विचारहरू र रायहरूलाई जबरजस्ती परमेश्वरमा लाद्छस्। तेरो मनमा, ती कुराहरू परमेश्वरका दृष्टिकोणहरू बन्छन्, अनि तैँले ती दृष्टिकोणहरूलाई आफूले अटल रूपमा पालना गर्ने मापदण्डहरू बनाउँछस्। समयसँगै, यसरी अघि बढ्दै जाँदा यसले तँलाई परमेश्वरबाट टाढाभन्दा टाढा पुऱ्याउँछ।

**परमेश्वरको मनोवृत्तिलाई बुझ र परमेश्वर सम्बन्धी सबै गलत अवधारणाहरूलाई पन्छाओ**

तिमीहरूले हाल विश्वास गरेको यो परमेश्वर कस्तो प्रकारको परमेश्वर हुनुहुन्छ? के तिमीहरूले यसबारेमा कहिल्यै सोचेका छौ? जब उहाँले कुनै दुष्ट व्यक्तिलाई दुष्ट कार्यहरू गरिरहेको देख्नुहुन्छ, तब के उहाँले त्यसलाई घृणा गर्नुहुन्छ? (हो, उहाँले घृणा गर्नुहुन्छ।) उहाँले अज्ञानी व्यक्तिले गल्तीहरू गरेको देख्दा उहाँको आचरण कस्तो हुन्छ? (दुःखित।) जब मानिसहरूले उहाँका भेटीहरू चोरेको देख्नुहुन्छ, तब उहाँको मनोवृत्ति कस्तो हुन्छ? (उहाँले तिनीहरूलाई घृणा गर्नुहुन्छ।) यो एकदमै स्पष्ट छ, हैन त? जब परमेश्वरले उहाँप्रतिको कसैको विश्वासमा अन्योलता भएको देख्नुहुन्छ अनि जसले सत्यताको खोजी बिलकुलै गरिरहेको हुँदैनन्, तब परमेश्वरको आचरण कस्तो हुन्छ? तिमीहरू त्यति निश्चित छैनौ, छौ त? "आचरणको रूपमा अन्योलता" पाप होइन, न त यसले परमेश्वरलाई ठेस पुऱ्याउँछ अनि मानिसहरूले यसलाई ठूलो गल्ती हो भन्ने पनि ठान्दैनन्। त्यसो भए, मलाई बताओ—यो अवस्थामा परमेश्वरको आचरण कस्तो हुन्छ? (उहाँ तिनीहरूलाई स्वीकार गर्न अनिच्छुक

हुनुहुन्छ।) “स्वीकार गर्न अनिच्छुक”—यो कस्तो प्रकारको आचरण हो? यसको मतलब, परमेश्‍वरले यी मानिसहरूलाई हेयको दृष्टिले हेर्नुहुन्छ र तिनीहरूलाई घृणा गर्नुहुन्छ। उहाँले त्यस्ता मानिसहरूलाई निराकरण गर्ने शैली भनेको तिनीहरूलाई जानाजान बेवास्ता गर्नु हो। परमेश्‍वरको पद्धति भनेको तिनीहरूलाई पन्छाउनु हो, तिनीहरूसँग कुनै पनि काममा संलग्न नहुनु हो र यसमा अन्तर्दृष्टि, ज्योति, सजाय र अनुशासनको काम समावेश हुन्छन्। त्यस्ता मानिसहरूलाई परमेश्‍वरको काममा गन्ती नै गरिँदैन। उहाँको स्वभावलाई भड्काउने र उहाँका प्रशासनिक आदेशहरूलाई उल्लंघन गर्ने व्यक्तिहरूप्रति परमेश्‍वरको आचरण कस्तो हुन्छ? अत्यन्तै धेरै घृणाले भरिएको हुन्छ! उहाँको स्वभावलाई भड्काएकोमा पश्‍चाताप नगर्ने मानिसहरूप्रति परमेश्‍वर अत्यन्तै धेरै क्रोधित बन्नुहुन्छ। “क्रोधित” भनेको एक अनुभव, एक मनस्थिति भन्दा बढी केही पनि होइन; यसले एक स्पष्ट आचरणलाई जनाउँदैन। तथापि, यो अनुभवले—यो मनस्थितिले—त्यस्ता मानिसहरूको लागि कुनै एउटा परिणाम निम्त्याउनेछ; यसले परमेश्‍वरलाई चरम घृणाले भरिदिनेछ! यो चरम घृणाको परिणाम के हुन्छ त? यसको परिणाम के हुन्छ भने परमेश्‍वरले यी मानिसहरूलाई पन्छाउनुहुनेछ र वर्तमान समयमा तिनीहरूप्रति कुनै प्रतिक्रिया जनाउनुहुन्‍न। त्यसपछि उहाँले “शरदपछि” तिनीहरूलाई ठीक पार्नलाई प्रतीक्षा गर्नुहुन्छ। यसले के कुराको सङ्केत गर्छ? के यी मानिसहरूको परिणाम आउनेछ त? परमेश्‍वरले त्यस्ता मानिसहरूलाई परिणाम प्रदान गर्ने सोच कहिल्यै पनि बनाउनुभएन! त्यसकारण, परमेश्‍वरले त्यस्ता मानिसहरूप्रति अहिले कुनै प्रतिक्रिया जनाउनुभएन भने के त्यो पूर्णतया सामान्य कुरा हुँदैन र? (हो, यो सामान्य कुरा हुन्छ।) त्यस्ता मानिसहरूले के गर्ने तयारी गरिरहेको हुनुपर्छ त? तिनीहरूले तिनीहरूको व्यवहार र तिनीहरूले गरेका दुष्ट कार्यहरूको नकारात्मक परिणामहरू भोग्न तयार हुनुपर्छ। त्यस्तो व्यक्तिको लागि परमेश्‍वरको प्रतिक्रिया यही हो। त्यसकारण म अब स्पष्टसित त्यस्ता मानिसहरूलाई भन्छु: तिमीहरू आफ्ना भ्रममा अब फेरि कहिल्यै नअल्झिओ, र अभिलाषी चिन्तनमा अब फेरि कहिल्यै संलग्न नहोओ। परमेश्‍वर मानिसहरूप्रति अनिश्‍चितकालीन रूपमा नै भने सहनशील रहिरहनुहुनेछैन; उहाँले तिनीहरूका अपराधहरू वा अवज्ञाहरूलाई सधैँभरि सहनुहुनेछैन। केही मानिसहरूले भन्‍नेछन्, “मैले त्यस्ता केही मानिसहरू पनि देखेको छु र जब तिनीहरूले प्रार्थना गर्छन्, तिनीहरूले आफूलाई परमेश्‍वरले छोएको अनुभूति गर्छन् र तिनीहरू त्यसपछि नमीठोसित रुन्छन्। प्रायजसो तिनीहरू खुशी पनि हुन्छन्; तिनीहरू परमेश्‍वरको उपस्थिति र परमेश्‍वरको मार्गनिर्देशन पाएका मानिसहरू जस्ता देखिन्छन्।” यस्ता बकवास कुराहरू नबोल! नमीठो आशु झार्दैमा, त्यसको अर्थ व्यक्तिलाई परमेश्‍वरले छोएको वा उसले परमेश्‍वरको उपस्थितको आनन्द लिएको हो भन्‍ने जरुरी छैन, परमेश्‍वरको मार्गनिर्देशन पाएको भन्‍ने त कुरै छोडौं। यदि मानिसहरूले परमेश्‍वरलाई रिस उठाउँछन् भने के उहाँले अझै तिनीहरूलाई मार्गनिर्देशन दिनुहुन्छ त? छोटकरीमा, यदि परमेश्‍वरले कसैलाई हटाउने र परित्याग गर्ने निर्णय लिनुभएको छ भने त्यस्तो व्यक्तिको परिणाम समाप्त भइसकेको हुन्छ। तिनीहरूले प्रार्थना गर्दा तिनीहरूको भावना जति नै अनुकूल भए पनि, वा तिनीहरूको हृदयमा परमेश्‍वरमाथि जति नै विश्‍वास भए पनि, यो कुराले अब फेरि कहिल्यै पनि कुनै परिणाम दिँदैनन्। महत्वपूर्ण कुरा के छ भने परमेश्‍वरलाई यस प्रकारको विश्‍वासको आवश्यकता छैन; उहाँले यी मानिसहरूलाई

पहिले नै तिरस्कार गरिसक्नुभएको छ। तिनीहरूलाई भविष्यमा कसरी निराकरण गर्ने भन्ने कुरा पनि त्यति महत्वपूर्ण छैन। महत्वपूर्ण कुरा के छ भने यी मानिसहरूले परमेश्‍वरलाई रिस उठाएको क्षणमै तिनीहरूको परिणामहरू तय हुन्छन्। यदि परमेश्‍वरले त्यस्ता मानिसहरूलाई मुक्ति नदिने सोच बनाउनुभएको छ भने तिनीहरूलाई दण्ड दिइनको लागि पछाडि छोडिनेछ। परमेश्‍वरको आचरण यही हो।

परमेश्‍वरको सारमा प्रेमको एक अंश हुने भए तापनि अनि उहाँ प्रत्येक व्यक्तिप्रति कृपालु हुनुभए तापनि, मानिसहरूले उहाँको सार मान-मर्यादाको सार पनि हो भन्ने तथ्यलाई बेवास्ता गरेका र बिर्सेका छन्। उहाँमा प्रेम छ भन्नुको अर्थ मानिसहरूले उहाँमा कुनै भावना जागृत नगराई कनै उहाँलाई स्वतन्त्रतापूर्वक ठेस पुऱ्याउन सक्छन् भन्ने होइन, न त उहाँमा कृपा छ भन्ने तथ्यले नै उहाँले मानिसहरूलाई कसरी व्यवहार गर्ने भन्ने बारेमा उहाँसँग कुनै सिद्धान्त नै छैन भन्ने जनाउँछ। परमेश्‍वर जीवित हुनुहुन्छ; उहाँ वास्तविक रूपमा अस्तित्वमा हुनुहुन्छ। उहाँ न त कल्पना गरिएको कठपुतली हुनुहुन्छ न त कुनै वस्तु नै हुनुहुन्छ। उहाँ अस्तित्वमा हुनुभएको हुनाले हामीले सधैँ उहाँको हृदयको आवाजलाई सावधानीपूर्वक सुन्‍नुपर्छ, उहाँको आचरणप्रति घनिष्ट रूपमा ध्यान दिनुपर्छ, र उहाँका भावनाहरूलाई बुझ्न थाल्नुपर्छ। हामीले परमेश्‍वरलाई परिभाषित गर्न मानवीय कल्पनाहरूको प्रयोग गर्नु हुँदैन, न त हामीले परमेश्‍वरलाई मानिसहरूप्रति मानवीय कल्पनाहरूको आधारमा मानवीय रूपले व्यवहार गराउन उहाँमा मानवीय सोचहरू र इच्छाहरू नै लाद्नु हुन्छ। यदि तैँले यसो गरिस् भने, तैँले परमेश्‍वरलाई क्रोधित पार्दैछस्, उहाँको आक्रोशको परीक्षा लिँदैछस् र उहाँको मान-मर्यादालाई चुनौती दिँदैछस्! यसरी, तिमीहरूले यो कुराको गम्भीरतालाई बुझिसकेपछि, म तिमीहरू प्रत्येकलाई तिमीहरूको आफ्नो कार्यमा सावधान र विवेकी हुन आग्रह गर्छु। बोलीमा पनि सावधान र विवेकी होऊ—तिमीहरूले परमेश्‍वरप्रति कसरी व्यवहार गर्ने भन्ने बारेमा, तिमीहरू जति धेरै सावधान र विवेकी हुन्छौ त्यति नै धेरै राम्रो हुन्छ! जब तैँले परमेश्‍वरको मनोवृत्ति के-कस्तो छ भन्ने बुझ्दैनस्, तब तैँले जथाभाबी रूपमा बोल्ने नगर्नू, आफ्ना कार्यहरूमा लापरवाह नहुनू, अनि त्यतिकै नाम-वर्ग झुन्ड्याइदिने नगर्नू। अझै महत्वपूर्ण रूपमा, मनोमानी ढङ्गले कुनै पनि निष्कर्षहरू ननिकाल्नू। बरु, तैँले पर्खनुपर्छ र खोजी गर्नुपर्छ; यी कार्यहरू पनि परमेश्‍वरको डर मान्नु अनि दुष्टताबाट अलग रहनुको एक अभिव्यक्ति हुन्। सबैभन्दा मुख्य रूपमा, यदि तैँले यो कुरा हासिल गर्न सकिस् भने, अनि सबैभन्दा मुख्य रूपमा, यदि तँसँग यो आचरण छ भने, परमेश्‍वरले तँलाई तेरो मूर्खता, अज्ञानता र वस्तु वा घटनापछाडिका कारणहरूको बुझाइको अभावको लागि तँलाई दोष लगाउनुहुन्‍न। बरु, परमेश्‍वरलाई ठेस पुऱ्याउन डराउने तेरो आचरणको कारण, उहाँको इच्छाहरूको सम्मान अनि उहाँको आज्ञापालन गर्ने इच्छुकताको कारण, परमेश्‍वरले तँलाई सम्झनुहुनेछ, तँलाई मार्गनिर्देशन र अन्तर्ज्ञान प्रदान गर्नुहुनेछ, वा तेरो अपरिपक्वता र अज्ञानतालाई सहन गर्नुहुनेछ। यसको विपरीत, यदि तेरो आचरण चाहिँ अनादरकारी छ भने—आफूलाई मनलाग्दो रूपमा उहाँको मूल्याङ्कन गर्ने वा मनोमानी ढङ्गले उहाँका विचारहरू अनुमान वा परिभाषित गर्ने गरेमा—परमेश्‍वरले तँलाई दोषी ठहराउनुहुन्छ, तँलाई अनुशासन कार्यवाही गर्नुहुनेछ अनि तँलाई सजाय समेत दिनुहुनेछ; वा उहाँले तेरो बारेमा टीकाटिप्पणी गर्न सक्नुहुनेछ।

शायद यो टीकाटिप्पणीमा तेरो प्रतिफल संलग्न हुनेछ। त्यसकारण, म एक पटक फेरि जोड दिन चाहन्छु: परमेश्‍वरबाट आउने कुराहरूको बारेमा तिमीहरू प्रत्येक सावधान र विवेकी हुनुपर्छ। जथाभाबी रूपमा बोल्ने नगर्नू अनि आफ्ना कार्यहरूमा लापरवाह नहुनू। केही कुरा बोल्नुभन्दा अगाडि, तैँले रोकिएर सोच्नुपर्छ: के यो मेरो कार्यले परमेश्‍वरलाई क्रोधित पार्छ? के यो कार्य गर्दा मैले परमेश्‍वरलाई श्रद्धा गरिरहेको हुन्छु? सामान्य कुराहरूमा पनि, तैँले यी प्रश्‍नहरूलाई हल गर्नुपर्छ र थप समय दिई तिनीहरूको बारेमा सोच्नुपर्छ। यदि तैँले सबै पक्षहरूमा, सबै कुराहरूमा, सबै समयहरूमा यी सिद्‌धान्तहरू अनुसार सच्चा रूपमा अभ्यास गर्छस् भने र खास गरी तैँले कुनै कुरा नबुझ्दा त्यस्तो आचरण अँगाल्छस् भने, परमेश्‍वरले सधैँ तँलाई मार्गनिर्देशन दिनुहुनेछ र तँलाई पछ्याउने मार्ग प्रदान गर्नुहुनेछ। मानिसहरूले जुनसुकै प्रकारको प्रदर्शन गरे तापनि परमेश्‍वरले तिनीहरूलाई स्पष्ट र सरल रूपमा हेर्नुहुन्छ, र उहाँले तेरा यी प्रदर्शनहरूको सही र उपयुक्त मूल्याङ्कन गरिदिनुहुनेछ। तैँले अन्तिम परीक्षाबाट गुज्री सकेपछि परमेश्‍वरले तेरा सबै व्यवहारहरूलाई लिनुहुनेछ र तरो प्रतिफल निर्क्योल गर्नको लागि तिनीहरूलाई सारांशित गर्नुहुनेछ। यो नतिजाले शङ्काको छाँयासम्म पनि नहुने गरी प्रत्येक व्यक्तिलाई विश्‍वास दिलाउँछ। म तिमीहरूलाई यहाँ यो कुरा बताउन चाहन्छु: तिमीहरूको प्रत्येक कर्म, तिमीहरूको प्रत्येक कार्य अनि तिमीहरूको प्रत्येक सोचले तिमीहरूको नियति निर्धारण गर्छ।

**मानिसहरूका परिणामहरूको निर्धारण कसले गर्छ?**

छलफल गर्नुपर्ने अत्यन्तै महत्त्वको अर्को मामला छ, र त्यो मामला परमेश्‍वरप्रतिको तिमीहरूको आचरण हो। यो आचरण अति नै महत्वपूर्ण छ! यसले तिमीहरू अन्त्यमा विनाशको बाटोमा हिँड्नेछौ कि परमेश्‍वरले तिमीहरूको लागि तयार गर्नुभएको सुन्दर गन्तव्यतिर हिँड्नेछौ भन्ने कुराको निर्धारण गर्छ। राज्यको युगमा, परमेश्‍वरले यसअघि नै बीस वर्षभन्दा बढी समय काम गरिसक्नुभएको छ र सायद यी दुई दशकहरूको दौरान तिमीहरूले के-कस्तो कार्य-प्रदर्शन गर्यौ भन्ने बारेमा भित्र अन्तस्करणमा तिमीहरू अलिक अनिश्‍चित रहेका छौ होला। तथापि, परमेश्‍वरले उहाँको हृदयमा तिमीहरू प्रत्येकको वास्तविक र सत्यतापूर्ण अभिलेख राख्नुभएको छ। हरेक व्यक्तिले उहाँलाई पछ्याउन र उहाँका उपदेशहरू सुन्‍न, क्रमिक रूपमा झनझन बढी सत्यता बुझ्‍न सुरु गरेको समयदेखि र हरेक व्यक्तिले आफ्नो कर्तव्य पूरा गर्न सुरु गरेको समयसम्म, परमेश्‍वरले हरेक व्यक्तिमा लागू हुने हरप्रकारका व्यवहारहरूको अभिलेख राख्नुभएको छ। आफ्ना कर्तव्यहरू पूरा गर्ने र हरप्रकारका वातावरण र परीक्षाहरूको सामना गर्ने क्रममा, मानिसहरूको मनोवृत्ति कस्तो हुन्छ त? तिनीहरूले के-कसरी कार्य-प्रदर्शन गर्छन् त? तिनीहरूले आफ्नो हृदयमा परमेश्‍वरप्रति के-कस्तो अनुभव गर्छन् त? ... परमेश्‍वरसँग यी सबै कुराहरूको हिसाब-किताब हुन्छ; उहाँसँग यी सबै कुराहरूको अभिलेख हुन्छ। सायद, तिमीहरूको दृष्टिकोणबाट, यी मामलाहरू अन्योलमा पार्ने खालका होलान्। तथापि, परमेश्‍वर जहाँ उभिनुभएको छ त्यहाँबाट ती कुराहरू साङ्लो पानी झैं छर्लङ्ग छन् र तिनमा धमिलोपनको अलिकति झल्को समेत छैन। यो यस्तो मामला हो जसले हरेक व्यक्तिको परिणाम निर्धारण गर्छ र हरेक व्यक्तिको नियति र भावी सम्भाव्यताहरूसँग

सम्बन्ध राख्छ, र अझ बढी भन्ने हो भने, यो त्यही कुरा हो जहाँ परमेश्‍वरले उहाँका सबै पीडादायी प्रयत्नहरूलाई अर्पण गर्नुहुन्छ; त्यसैले परमेश्‍वरले यसलाई कति पनि बेवास्ता गर्नुहुन्‍न, न त उहाँले कुनै हेलचेक्र्याइँलाई नै सहनुहुन्छ। परमेश्‍वरले उहाँलाई मानिसहरूले पछ्याएको सम्पूर्ण सिलसिलाको बारेमा टिपोट राख्दै, सुरुवातदेखि अन्त्यसम्म नै, मानवजातिको यो हिसाबकिताबको अभिलेख राख्दै हुनुहुन्छ। यो अवधिमा उहाँप्रति रहेको तेरो आचरणले तेरो नियति निर्धारण गरेको हुन्छ। के यो कुरा साँचो होइन र? के अब तँ परमेश्‍वर धर्मी हुनुहुन्छ भनेर विश्‍वास गर्छस् त? के उहाँका कार्यहरू उपयुक्त छन् त? के उहाँको बारेमा तिमीहरूको टाउकोमा अझै अन्य कुनै कल्पनाहरू छन् त? (छैन।) त्यसो भए, तिमीहरू मानिसहरूका परिणामहरू परमेश्‍वरद्वारा निर्धारण गरिने कुरा हुन् भन्छौ कि मानिसहरू आफैद्वारा निर्धारण गरिने कुरा हुन् भन्छौ त? (तिनीहरू परमेश्‍वरद्वारा निर्धारण गरिने कुरा हुन्।) तिनलाई निर्धारण गर्ने को हुनुहुन्छ त? (परमेश्‍वर।) तिमीहरू निश्‍चित भएका छैनौ, छौ त? हङकङबाट आउनुभएका भाइ-बहिनीहरू, जोडले बोल–कसले तिनको निर्धारण गर्नुहुन्छ? (तिनलाई मानिसहरू आफैले निर्धारण गर्छन्।) के मानिसहरू आफैले तिनको निर्धारण गर्छन् त? के त्यसको मतलब परमेश्‍वरसँग मानिसहरूका परिणामहरूको कुनै सम्बन्ध नै छैन भन्ने हुँदैन र? कोरियाबाट आउनुभएका भाइ-बहिनीहरू, जोडले बोल। (मानिसहरूका परिणामहरू तिनीहरूका सबै कार्य र कर्महरूको आधारमा र तिनीहरू जुन बाटोमा हिँडेका थिए सोही अनुरूप परमेश्‍वरले निर्धारण गर्नुहुन्छ।) यो एकदम वस्तुपरक जबाफ हो। यहाँ एक तथ्य छ जुन मैले तिमीहरू सबैलाई भन्‍नैपर्छ: परमेश्‍वरको मुक्तिको कामको सिलसिलामा उहाँले मानिसहरूको लागि एक मापदण्ड तय गर्नुभएको छ। यो मापदण्ड के हो भने तिनीहरूले परमेश्‍वरको वचनलाई सुन्‍नैपर्छ र तिनीहरू परमेश्‍वरको मार्गमा हिँड्नैपर्छ। मानिसहरूका परिणामहरूलाई मापन गर्ने मापदण्ड यही नै हो। यदि तैँले परमेश्‍वरको यो मापदण्ड अनुरूप अभ्यास गर्छस् भने, तैँले राम्रो परिणाम प्राप्त गर्न सक्छस्; यदि तैँले यस अनुरूप अभ्यास गर्दैनस् भने तैँले राम्रो परिणाम प्राप्त गर्न सक्दैनस्। त्यसो भए, यो परिणाम कसले निर्धारण गर्छ भनेर तैँले भन्छस् त? परिणाम निर्धारण गर्ने परमेश्‍वर मात्रै हुनुहुन्‍न, बरु यसमा त परमेश्‍वर र मानिस दुवै साथसाथ हुन्छन्। के यो सत्य हो त? (हो।) किन? किनभने मानवजातिको मुक्तिको लागि सक्रिय रूपमा संलग्न हुन र मानवजातिको लागि सुन्दर गन्तव्य तयार गर्न चाहनुहुने परमेश्‍वर नै हुनुहुन्छ; मानिसहरू त परमेश्‍वरको कामका वस्तुहरू हुन् र यो परिणाम, यो गन्तव्य तिनीहरूको लागि परमेश्‍वरले तयार गर्नुहुन्छ। यदि उहाँले काम गर्नको लागि कुनै वस्तुहरू नै थिएन भने उहाँले यो काम गर्नुपर्ने नै थिएन; यदि उहाँले यो काम गरिरहनुभएको हुँदैनथियो भने मानिसहरूले मुक्ति प्राप्त गर्ने अवसर नै पाउने थिएनन्। मुक्ति पाउनु पर्ने त मानिसहरूले नै हो, र मुक्ति प्राप्त गर्ने कार्य यो प्रक्रियाको निष्क्रिय भाग भएको भए तापनि परमेश्‍वर मानवजातिलाई मुक्ति दिने उहाँको काममा सफल हुनुहुनेछ कि हुनुहुनेछैन भन्ने कुरा निर्धारण गर्ने कार्यमा भूमिका खेल्ने कुरा भनेको तिनीहरूको आचरण नै हो। यदि परमेश्‍वरले तेरो लागि दिनुहुने मार्गनिर्देशन नभएको भए त, तैँले उहाँको मापदण्डको बारेमा जान्‍ने थिइनस्, न त तँसँग कुनै उद्‌देश्य नै हुनेथियो। यदि तँसँग यो मापदण्ड, यो उद्‌देश्य छ, तर पनि तैँले सहकार्य गर्दैनस् भने, यसलाई अभ्यास गर्दैनस् भने वा मूल्य तिर्दैनस्

भने, तैँले यो परिणाम हासिल गर्नेछैनस्। यस कारणले गर्दा, म त भन्छु, व्यक्तिको परिणामलाई परमेश्वरबाट अलग गर्न सकिँदैन र यसलाई उक्त व्यक्तिबाट पनि अलग गर्न सकिँदैन। अब भने तिमीहरूले मानिसहरूका परिणामहरू कसले निर्धारण गर्छ भन्ने कुरा थाहा पायौ।

## मानिसहरूले अनुभवको आधारमा परमेश्वरलाई परिभाषित गर्ने प्रवृत्ति हुन्छ

परमेश्वरलाई चिन्ने विषयको बारेमा कुराकानी गर्दा, के तिमीहरूले केही कुरा ख्याल गरेका छौ? के तिमीहरूले आजभोलि उहाँको मनोवृत्ति रूपान्तरित भएको छ भन्ने कुरा ख्याल गरेका छौ? के मानिसहरूप्रतिको उहाँको मनोवृत्ति अपरिवर्तनीय छ त? के उहाँले यसरी नै सधैँ सहन गर्नुहुन्छ र मानिसहरूलाई अनिश्चितकालसम्म उहाँको सबै प्रेम र कृपा प्रदान गर्नुहुन्छ त? यो मामलामा परमेश्वरको सार पनि समावेश छ। यसअघि उल्लेख गरिएका तथाकथित उडन्ते पुत्रको प्रश्नतर्फ फर्कौं। त्यो प्रश्न सोधिएपछि, तिमीहरूको जबाफ त्यति स्पष्ट थिएन; अर्को शब्दमा भन्दा, परमेश्वरका अभिप्रायहरूको बारेमा तिमीहरूसँग अझै पनि त्यति ठोस बुझाइ छैन। मानवजातिलाई परमेश्वरले प्रेम गर्नुहुन्छ भन्ने कुरा थाहा पाएपछि, तिनीहरूले उहाँलाई प्रेमको प्रतीकको रूपमा परिभाषित गरे; तिनीहरूले के विश्वास गर्छन् भने, तिनीहरूले जेसुकै गरे तापनि, तिनीहरूले जे-जस्तो व्यवहार गरे तापनि, तिनीहरूले परमेश्वरलाई जे-जस्तो व्यवहार गरे तापनि र तिनीहरू जति नै अवज्ञाकारी भए तापनि, यी कुनै पनि कुराले केही फरक पर्दैन किनकि परमेश्वरसँग प्रेम छ र उहाँको प्रेम असीमित र अपरिमेय छ; परमेश्वरसँग प्रेम छ, त्यसैले उहाँ मानिसहरूप्रति सहनशील हुन सक्नुहुन्छ; र परमेश्वरसँग प्रेम छ त्यसैले उहाँ मानिसहरूप्रति कृपालु हुन सक्नुहुन्छ, तिनीहरूको अपरिपक्वताप्रति कृपालु हुन सक्नुहुन्छ, तिनीहरूको अज्ञानताप्रति कृपालु हुन सक्नुहुन्छ, र तिनीहरूको अवज्ञाप्रति कृपालु हुन सक्नुहुन्छ। के वास्तवमै हुने भनेको यस्तै होइन त? केही मानिसहरूको हकमा, तिनीहरूले एक पटक वा धेरै पटक परमेश्वरको धैर्यता अनुभव गरिसकेपछि, तिनीहरूले यी अनुभवहरूलाई परमेश्वरबारे तिनीहरूको आफ्नै बुझाइको महत्वपूर्ण कडीको रूपमा लिन्छन् र तिनीहरूले तिनीहरूप्रति उहाँ सधैँ धैर्य र कृपालु रहनुहुनेछ भन्ने विश्वास गर्छन् र त्यसपछि तिनीहरूले आफ्नो जीवनको सिलसिलामा, परमेश्वरको यो धैर्यतालाई उहाँले तिनीहरूप्रति गर्ने व्यवहारको मापदण्डको रूपमा लिन्छन्। अन्य यस्ता व्यक्तिहरू पनि छन् जसले एकपल्ट परमेश्वरको सहनशीलताको अनुभव गरिसकेपछि सधैँभरि परमेश्वरलाई सहनशील भनेर परिभाषित गर्छन्—र तिनीहरूको मस्तिष्कमा, यो सहनशीलता अनिश्चितकालीन, निसर्त र पूर्णतया असैद्धान्तिक समेत हुन्छ। के यस्ता विश्वासहरू सही छन् त? परमेश्वरको सार वा परमेश्वरको स्वभावको मामला छलफल गरिने हरेक समय तिमीहरू चकित भएजस्तो देखिन्छौ। तिमीहरूलाई यस्तो अवस्थामा देख्दा म धेरै बेचैन हुन्छु। तिमीहरूले परमेश्वरको सारसम्बन्धी धेरै सत्यताहरू सुनेका छौ; तिमीहरूले उहाँको स्वभावको बारेमा पनि धेरै छलफलहरू सुनेका छौ। तथापि, तिमीहरूको मस्तिष्कमा, यी मामलाहरू र यी पक्षहरूको सत्यता केवल सिद्धान्त र लिखित शब्दहरूमा आधारित सम्झनाहरूका रूपमा मात्रै हुन्छन्; तिमीहरूको दैनिक जीवनमा, तिमीहरूमध्ये कसैले पनि परमेश्वरको स्वभावलाई यो जे हो सोही रूपमा कहिल्यै अनुभव गर्न वा देख्न सकेको छैन। यसर्थ,

तिमीहरू सबै तिमीहरूको विश्वासमा बेवकुफ दिमागवाला छौ; तिमीहरू सबैले अन्धो भई विश्वास गरिरहेका छौ, यो हदसम्म कि तिमीहरूले परमेश्वरप्रति अनादरकारी आचरण राख्छौ र उहाँलाई बढारेर समेत पन्छाउँछौ। तिमीहरूले परमेश्वरप्रति यस प्रकारको आचरण राख्दा यसले कतातर्फ डोऱ्याउँछ? यसले तिमीहरूलाई सधैँ परमेश्वरको बारेमा निष्कर्ष निकाल्ने बाटोतर्फ डोऱ्याउँछ। तिमीहरूले एकपल्ट केही ज्ञान हासिल गरिसकेपछि, तिमीहरूले सन्तुष्टि महसुस गर्छौ, मानौं तिमीहरूले परमेश्वरलाई उहाँको सम्पूर्णतामा नै प्राप्त गरिसक्यौं। त्यसपछि, तिमीहरूले परमेश्वर यस्तै हुनुहुन्छ भनेर निष्कर्ष निकाल्छौ र तिमीहरूले उहाँलाई स्वतन्त्रतापूर्वक चलायमान हुन दिँदैनौ। यसको अलाबा, जब परमेश्वरले कुनै नयाँ कार्य गर्नुहुन्छ, तिमीहरूले उहाँ परमेश्वर हुनुहुन्छ भन्ने कुरालाई सजिलै अस्वीकार गर्छौ। एक दिन जब परमेश्वरले "म मानवजातिलाई अब फेरि कहिल्यै प्रेम गर्दिनँ; म अब फेरि कहिल्यै मानिसलाई कृपा प्रदान गर्नेछैनँ; म तिनीहरूप्रतिको चरम घृणा र द्‌वेषले घाँटीसम्म भरिएको छु" भनेर भन्नुहुन्छ, तब त्यस्ता भनाइहरूले मानिसहरूको हृदयभित्र अन्तस्करणमा द्‌वन्द्‌व गराउनेछ। तिनीहरूमध्ये केहीले यसो समेत भन्नेछन्, "तपाईं अब उप्रान्त मेरो परमेश्वर हुनुहुन्न; तपाईं अब उप्रान्त मैले पछ्याउन चाहेको परमेश्वर हुनुहुन्न। यदि तपाईंले भन्ने कुरा यही हो भने तपाईं अब उप्रान्त मेरो परमेश्वर हुन लायक हुनुहुन्न र मैले तपाईंलाई पछ्याइराख्न जरुरी छैन। यदि तपाईं मलाई अब उप्रान्त कृपा, प्रेम र सहनशीलता प्रदान गर्नुहुन्न भने म तपाईंलाई पछ्याउन छोड्नेछु। यदि तपाईं मप्रति अनिश्चितकालीन रूपमा सहनशील हुनुहुन्छ भने, सधैँ मप्रति धैर्य हुनुहुन्छ भने, र तपाईंले मलाई तपाईं प्रेम हो, तपाईं धैर्य हो र तपाईं सहनशीलता हो भनी हेर्न दिनुहुन्छ भने मात्रै म तपाईंलाई पछ्याउन सक्छु र तब मात्रै तपाईंलाई अन्त्यसम्म पछ्याउनको लागि मसँग आत्मविश्वास हुनेछ। मसँग तपाईंको धैर्यता र कृपा भएको हुँदा मेरा अवज्ञा र मेरा अपराधहरूलाई अनिश्चितकालीन रूपमा माफ र क्षमा गर्न सकिनेछ, र मैले जुनसुकै समय र जुनसुकै ठाउँमा पाप गर्न सक्छु अनि मैले जुनसुकै समय र जुनसुकै ठाउँमा कबुल गरेर माफ पाउन सक्छु, र मैले तपाईंलाई जुनसुकै समय र जुनसुकै ठाउँमा रिस उठाउन सक्छु। तपाईंले मेरो बारेमा कुनै पनि रायहरू राख्नु वा निष्कर्षहरू निकाल्नु हुँदैन।" तिमीहरूमध्ये हरेकले यस प्रकारको मामलाको बारेमा आत्मपरक तवरले वा सचेत रूपले नसोच्ने भए तापनि, जब तिमीहरूले परमेश्वरलाई तिमीहरूको पाप क्षमा गर्न प्रयोग गरिने औजार वा सुन्दर गन्तव्य प्राप्त गर्न प्रयोग गरिने वस्तुको रूपमा लिन्छौ, तब तिमीहरूले जीवित परमेश्वरलाई सूक्ष्म रूपले आफ्नो विपक्षमा, तिमीहरूको शत्रुको रूपमा राखेका हुन्छौ। मैले देख्न सक्ने कुरा यही हो। तैँले "म परमेश्वरमा विश्वास गर्छु," "म सत्यताको खोजी गर्छु," "म मेरो स्वभावलाई परिवर्तन गर्न चाहन्छु," "म अन्धकारको प्रभावबाट स्वतन्त्र हुन चाहन्छु," "म परमेश्वरलाई सन्तुष्ट पार्न चाहन्छु," "म परमेश्वरप्रति समर्पित हुन चाहन्छु," "म परमेश्वरप्रति बफादार हुन चाहन्छु, र आफ्नो कर्तव्य राम्रोसँग निर्वाह गर्न चाहन्छु," आदि इत्यादि कुरा निरन्तर भनिरहन सक्छस्। तथापि, तेरा शब्दहरू जतिसुकै नै मीठा लाग्ने भए तापनि, तैँले जति नै धेरै सिद्‌धान्तहरू जाने तापनि, र उक्त सिद्‌धान्त जति नै प्रभावशाली वा प्रतिष्ठित भए तापनि, यो मामलाको तथ्य कुरा के हो भने अहिले तिमीहरूमध्ये धेरै यस्ता छौ जसले आफूले ज्ञान हासिल गरेका नियमहरू, धर्मसिद्‌धान्तहरू,

सिद्धान्तहरूलाई परमेश्वरको बारेमा निष्कर्ष निकाल्न कसरी प्रयोग गर्ने यसअघि नै जानिसकेको छ र यसरी तिमीहरूले प्राकृतिक रूपमै उहाँलाई आफ्नो विपक्षमा उभ्याएका छौ। तैँले अक्षरहरू र सिद्धान्तहरूको ज्ञान हासिल गरेको हुनसक्ने भए तापनि तँ साँचो रूपले सत्यताको वास्तविकतामा प्रवेश गरेको छैनस्, त्यसैले, तैँले परमेश्वरको नजिक हुन, उहाँलाई चिन्न र उहाँलाई बुझ्न एकदमै कठिन छ। यो एकदमै खेदपूर्ण छ!

मैले एउटा भिडियोमा निम्न दृश्य देखेँ: केही दिदीबहिनीहरूसँग "वचन देहमा देखा पर्नुहुन्छ" पुस्तकको एक प्रति हुन्छ, र तिनीहरूले यसलाई एकदमै माथि उठाइरहेका थिए; तिनीहरूले उक्त पुस्तकलाई तिनीहरूमाझ, तिनीहरूको टाउकोमाथि उठाइरहेका थिए। यो केवल एक आकृति मात्र भएको भए तापनि, यसले मभित्र जे कुरा जागृत गरायो त्यो केवल आकृति थिएन; बरु, यसले मलाई के सोच्ने तुल्यायो भने हरेक व्यक्तिले तिनीहरूको हृदयमा जे कुरा माथि उठाएर राख्छन् त्यो परमेश्वरको वचन होइन, त्यो त परमेश्वरको वचनको पुस्तक हो। यो अत्यन्तै दुःखलाग्दो मामला हो। त्यस्तो कार्य परमेश्वरलाई माथि उठाएर राख्नु जस्तो दुरुस्त उस्तै कार्य होइन किनभने परमेश्वरको बारेमा तिमीहरूमा भएको बुझाइको कमी यस्तो हदसम्म पुगेको छ कि एकदमै स्पष्ट प्रश्न, एक अत्यन्तै मामुली मामलाले पनि तिमीहरूलाई तिमीहरूका आफ्नै धारणाहरू बनाउने तुल्याएको छ। जब म तिमीहरूलाई तिमीहरूका केही कुरा सोध्छु, तिमीहरूले अड्कल र तिमीहरूका आफ्ना कल्पनाहरूद्वारा जबाफ दिन्छौ; तिमीहरूमध्ये केहीले त शङ्कास्पद भाव धारण गर्छौ र मेरा प्रश्नहरूको जबाफ प्रश्नहरूबाटै दिन्छौ। यसले मलाई अझ स्पष्टसित भन्छ कि तिमीहरूले विश्वास गरेको परमेश्वर साँचो परमेश्वर हुनुहुन्न। परमेश्वरका वचनहरूलाई वर्षौंसम्म पढेपछि, तिमीहरूले फेरि पनि उहाँको बारेमा निष्कर्ष निकाल्नको लागि ती वचनहरू, उहाँका काम, र थप धर्मसिद्धान्तहरूलाई प्रयोग गर्छौ। यसको अलाबा, तिमीहरूले कहिल्यै पनि परमेश्वरलाई बुझ्न समेत प्रयास गर्दैनौ; तिमीहरूले कहिल्यै पनि उहाँका अभिप्रायहरू पत्ता लगाउने, मानिसहरूप्रति उहाँको मनोवृत्ति बुझ्ने, वा परमेश्वरले कसरी सोच्नुहुन्छ, किन उहाँ दुःखी बन्नुहुन्छ, किन उहाँ रिसाउनुहुन्छ, किन उहाँले मानिसहरूलाई तिरस्कार गर्नुहुन्छ, र यस्तै अन्य प्रश्नहरूको बोध गर्ने प्रयास गर्दैनौ। अझ भन्ने हो भने, अझै धेरै मानिसहरूले परमेश्वर सधैँ शान्त रहनुभएको छ किनभने उहाँले मानवजातिका विविध कार्यहरूलाई तिनीहरूको बारेमा कुनै पनि आचरण वा विचार नराखीकन केवल हेर्दै हुनुहुन्छ भन्ने विश्वास गर्छन्। मानिसहरूको अझै अर्को समूहले परमेश्वरले एक आवाज पनि निकाल्नुहुन्न किनभने उहाँले मौन रूपमा स्वीकृति जनाउनुभएको छ, चुपचाप रहनुभएको छ किनभने उहाँ प्रतीक्षा गरिरहनुभएको छ वा किनभने उहाँसँग कुनै आचरण नै छैन भन्ने विश्वास गर्छन्; तिनीहरूले ठान्छन् कि परमेश्वरको आचरणलाई यसअघि नै पुस्तकहरूमा विस्तृत रूपले व्याख्या गरिसकिएको छ र यसलाई यसको सम्पूर्णतामै मानवजातिलाई व्यक्त गरिसकिएको छ, त्यसैले यसको बारेमा बारम्बार मानिसहरूलाई बताइरहन जरुरी छैन। परमेश्वर शान्त रहनुभएको भए तापनि, उहाँसँग आचरण र दृष्टिकोणका साथै उहाँले मानिसहरूले पूरा गर्नैपर्ने सर्त राख्नुभएका मापदण्डहरू हुन्छन्। मानिसहरूले उहाँलाई बुझ्न वा उहाँको खोजी गर्न कोसिस नगरे तापनि, परमेश्वरको आचरण स्पष्ट छ। कुनै बेला जोश-जाँगरका साथ परमेश्वरलाई

पछ्याएको तर त्यसपछि कुनै समयमा उहाँलाई त्यागेर छाडी हिँडेको कुनै व्यक्तिको बारेमा सोच। यदि उक्त व्यक्ति अहिले आश्‍चर्य लाग्ने गरी फर्की आउन चाहन्छ भने परमेश्‍वरको दृष्टिकोण कस्तो हुन्छ वा उहाँको आचरण कस्तो हुन्छ भन्‍ने कुरा तिमीहरूलाई थाहा छैन। के यो अन्त्यन्तै दुःखलाग्दो कुरो होइन र? तथ्य के हो भने यो एकदमै सतही मामला हो। यदि तिमीहरूले साँचो रूपले परमेश्‍वरको हृदयलाई बुझ्थ्यौ भने तिमीहरूले यस प्रकारको व्यक्तिप्रति उहाँको आचरण कस्तो हुन्छ भन्‍ने कुरा जान्थ्यौ, र तिमीहरूले अस्पष्‍ट जबाफ दिँदैनथ्यौ। तिमीहरूलाई थाहै छैन, त्यसैले म तिमीहरूलाई कुरा बुझाउन चाहन्छु।

**परमेश्‍वरको कामको दौरान भाग्ने व्यक्तिहरूप्रति परमेश्‍वरको आचरण**

यस प्रकारका मानिसहरू जहाँतहीँ हुन्छन्: परमेश्‍वरको मार्गको बारेमा निश्‍चित भइसकेपछि, विविध कारणहरूले गर्दा, तिनीहरू चुपचाप गएँ है पनि नभनी, टाढा जान र तिनीहरूको हृदयले जे चाहन्छ त्यही गर्न छाडेर हिँड्छन्। हाललाई हामी यी व्यक्तिहरूले छाडेर हिँड्ने कारणहरूमा प्रवेश गर्नेछैनौं; हामी पहिले यस प्रकारको व्यक्तिप्रति परमेश्‍वरको आचरण कस्तो हुन्छ त भनेर हेर्नेछौं। यो एकदमै स्पष्‍ट छ! यी मानिसहरूले छाडी गएको क्षणदेखि, परमेश्‍वरको आँखामा तिनीहरूको विश्‍वासको अवधि समाप्‍त हुन्छ। यो उक्त एक व्यक्तिले अन्त्य गरेको होइन, यो त परमेश्‍वरले अन्त्य गर्नुभएको हो। उक्त व्यक्तिले परमेश्‍वरलाई छाडेर गयो भन्‍नुको अर्थ तिनीहरूले परमेश्‍वरलाई अस्वीकार गरे, तिनीहरूले उहाँलाई अब फेरि कहिल्यै चाहँदैनन् र तिनीहरूले परमेश्‍वरको मुक्ति अब फेरि कहिल्यै स्वीकार गर्दैनन् भन्‍ने हुन्छ। यस प्रकारका मानिसहरूले परमेश्‍वरलाई नचाहने भएको हुनाले, के तिनीहरूलाई उहाँले अझै चाहनुहुन्छ त? यसको अलाबा, जब त्यस्ता मानिसहरूसँग यस प्रकारको आचरण, यो दृष्टिकोण हुन्छ र तिनीहरू परमेश्‍वरलाई छाडी जान दृढ बन्छन्, तब तिनीहरूले पहिले नै परमेश्‍वरको स्वभावलाई भड्काइसकेका हुन्छन्। तिनीहरू रिसले चूर नभएको र तिनीहरूले परमेश्‍वरलाई नसरापेको भए पनि, तिनीहरू दुष्‍ट र अतिशय व्यवहारमा संलग्‍न नभए तापनि र यी मानिसहरूले "जब मैले बाह्य रूपमा धीत मरिन्जेल मजा लिइसकेको हुन्छु, वा जब मलाई अझै केही कुराको लागि परमेश्‍वरको आवश्यकता पर्छ, यदि यस्तो दिन आए, म फर्की आउनेछु वा परमेश्‍वरले मलाई बोलाउनुभयो भने म फर्की आउनेछु" भनेर सोचे तापनि वा तिनीहरूले "जब म बाह्य रूपमा चोटग्रस्त हुन्छु, वा जब मैले बाह्य संसार एकदमै अन्धकारमय र दुष्‍ट भएको देख्छु र म अब फेरि कहिल्यै जमानाअनुसार चल्‍न चाहन्‍न भने, म परमेश्‍वरकहाँ फर्की आउनेछु" भनेर भने तापनि यस्तो हुन्छ। यी मानिसहरूले तिनीहरू कहिले फर्की आउने भनेर तिनीहरूको मस्तिष्कमा हिसाबकिताब गरिसकेको हुने भए तापनि र तिनीहरूले फर्की आउने ढोका खुला राखे तापनि, तिनीहरूले महसुस गर्दैनन् कि चाहे तिनीहरूले जेसुकै विश्‍वास गरून् वा तिनीहरूले जे-जसरी नै योजना गरून् यो त केवल अभिलाषी सोच मात्र हुन्छ। तिनीहरूको सबैभन्दा ठूलो गल्ती भनेको परमेश्‍वरलाई छाडी जाने तिनीहरूको चाहनाले परमेश्‍वरलाई कस्तो अनुभव गर्ने तुल्याउँछ भन्‍ने बारेमा स्पष्‍ट नहुनु हो। तिनीहरूले परमेश्‍वरलाई छाडी जाने निर्णय गरेकै क्षणदेखि, उहाँले तिनीहरूलाई पूर्ण रूपमा परित्याग गर्नुहुन्छ; त्यति बेलासम्ममा, उहाँले त्यस्तो

व्यक्तिको परिणाम निर्धारण गरिसक्नुभएको हुन्छ। त्यो परिणाम के हो त? त्यो परिणाम भनेको उक्त व्यक्ति मुसाहरूमध्ये एक बन्नेछ र तिनीहरूसँगै नासिएर जानेछ भन्ने हो। यसरी, मानिसहरूले यस प्रकारको अवस्था बारम्बार देख्छन्: कुनै व्यक्तिले परमेश्वरलाई छाड्छ तर त्यसपछि उसले कुनै दण्ड पाउँदैन। परमेश्वरले उहाँको आफ्नै सिद्धान्तहरू अनुसार कार्य सञ्चालन गर्नुहुन्छ; केही कुराहरू देख्न सकिन्छ भन्ने अन्य कुराहरूचाहिँ परमेश्वरको हृदयभित्र निष्कर्षमा पुग्छन्, त्यसैले मानिसहरूले नतिजाहरू देख्न सक्दैनन्। मानिसहरूले देख्न सक्ने भाग नै वस्तुहरूको साँचो भाग हो भन्ने जरुरी छैन, तर त्यो अर्को भागमा—तैँले नदेख्ने भागमा—वास्तवमा परमेश्वरका साँचो हृदयस्पर्शी सोचहरू र निष्कर्षहरू हुन्छन्।

**परमेश्वरको कामको अवधिमा भाग्ने मानिसहरू साँचो मार्ग त्याग्ने व्यक्तिहरू हुन्**

त्यसो भए, परमेश्वरले यस प्रकारका मानिसहरूलाई कसरी त्यस्तो गम्भीर दण्ड दिन सक्नुहुन्छ? उहाँ तिनीहरूप्रति किन त्यति रिसाउनुहुन्छ? सर्वप्रथम, हामीलाई परमेश्वरको स्वभाव भनेको महिमा र क्रोध हो भन्ने थाहा छ; उहाँ जो कसैले काटेर मार्ने भेडा होइन, उहाँ मानिसहरूले जसरी चाह्यो त्यसरी काबूमा रहने कठपुतली हुने कुरा त झन् परै जाओस्। उहाँ यता-उता गराउन सकिने रित्तो हावाको पोको पनि होइन। यदि तैँले परमेश्वर अस्तित्वमा हुनुहुन्छ भनी सच्चा रूपमा विश्वास गर्छस् भने, तँसँग परमेश्वरको डर मान्ने हृदय हुनुपर्छ, अनि तैँले उहाँको सार क्रोधित पारिनु पर्ने कुरा होइन भनी जान्नुपर्छ। यस्तो क्रोध एउटा शब्दले, वा शायद एउटा विचारले, वा शायद कुनै प्रकारको दुष्ट व्यवहारले, वा शायद सामान्य व्यवहार—यस्तो व्यवहार जुन मानवीय आँखाहरू र आचारशास्त्रअनुसार ठीकै लाग्ने हुन्छन्—त्यसले समेत पैदा गराउन सक्छ; वा शायद यो क्रोधलाई कुनै धर्मसिद्धान्त वा सिद्धान्तले भड्काउँछ। तथापि, तैँले परमेश्वरलाई क्रोधित पारिसकेपछि तेरो अवसर गुमिसकेको हुन्छ, अनि तेरा आखिरी दिनहरू आइसकेका हुन्छन्। यो एकदम भयानक कुरा हो! यदि तैँले परमेश्वरलाई ठेस पुर्‍याउनु हुँदैन भन्ने कुरा बुझ्दैनस् भने, तँ परमेश्वरसँग डराउँदैनस्, र शायद तैँले नियमित रूपमा उहाँलाई ठेस पुर्‍याउँदै गरेको हुन सक्छस्। यति तँलाई कसरी परमेश्वरको डर मान्ने भन्ने कुरा थाहा छैन भने तैँले परमेश्वरको डर मान्न सक्दैनस्, र तँलाई कसरी आफूले आफूलाई परमेश्वरको मार्ग अर्थात परमेश्वरको डर मान्ने अनि दुष्टताबाट अलग रहने मार्गमा हिँड्ने बाटोमा लैजाने हो सो थाहा हुनेछैन। परमेश्वरलाई ठेस पुर्‍याउनु हुँदैन भन्ने तँलाई थाहा भइसकेपछि र तँ यसबारेमा सचेत भइसकेपछि, तैँले परमेश्वरको डर मान्ने अनि दुष्टताबाट अलग रहने भनेको के हो सो थाहा पाउनेछस्।

परमेश्वरको डर मान्ने र दुष्टताबाट अलग बस्ने मार्गमा हिँड्नु भनेको तैँले कति सत्यता बुझेको छस्, तैँले कति परीक्षाहरूको अनुभव गरेको छस्, वा तँ कति अनुशासित छस् भन्ने बारेमा नै हुनु जरुरी छैन। बरु, यो त तँसँग तेरो हृदयमा परमेश्वरप्रति कस्तो प्रकारको आचरण छ र तैँले के सार व्यक्त गर्छस् भन्ने कुरामा निर्भर हुन्छ। मानिसहरूका सारहरू र तिनीहरूका आत्मपरक आचरणहरू—यी कुराहरू धेरै महत्वपूर्ण, धेरै निर्णायक छन्। जहाँसम्म परमेश्वरलाई परित्याग गर्ने र छोडेर जाने व्यक्तिहरूको सवाल छ, परमेश्वरप्रतिको तिनीहरूको निन्दनीय आचरण र सत्यतालाई

घृणा गर्ने तिनीहरूको हृदयले यसअघि नै उहाँको स्वभावलाई क्रुद्ध पारिसकेका हुन्छ, जहाँसम्म उहाँको सवाल छ, उहाँले तिनीहरूलाई कहिल्यै पनि क्षमा गर्नुहुनेछैन। तिनीहरूले परमेश्‍वरको अस्तित्वको बारेमा जानेका छन्, तिनीहरूलाई उहाँ यसअघि नै आइसक्नुभएको छ भनी सूचित गरिसकिएको छ र तिनीहरूले परमेश्‍वरको नयाँ कामको पनि अनुभव गरिसकेका छन्। तिनीहरू प्रस्थान हुनुको कारण तिनीहरू भ्रममा परेकाले वा बेवकुफ भएकाले थिएन, तिनीहरूलाई जबरजस्ती छोडेर जान लगाउने कुरो त परै जाओस्। बरु, तिनीहरूले जानी-जानी नै र स्पष्ट विचारको साथ परमेश्‍वरलाई छोडेर जाने विकल्प रोजे। तिनीहरूको प्रस्थान तिनीहरूले बाटो बिराएको कारण थिएन, न त तिनीहरू परित्याग गरिएका नै थिए। त्यसकारण, परमेश्‍वरको नजरमा तिनीहरू झुण्डबाट हराएका भेडाहरू होइनन्, तिनीहरू बाटो बिराएका उडन्ते पुत्रहरू हुने कुरा त परै जाओस्। तिनीहरूले दण्डहीनताका साथ प्रस्थान गरे–त्यस्तो अवस्थाले, त्यस्तो परिस्थितिले परमेश्‍वरको स्वभावलाई भड्काउँछ, र यही भड्काइको कारण उहाँले तिनीहरूलाई निराशाजनक परिणामहरू दिनुहुन्छ। के यस प्रकारको परिणाम डरलाग्दो हुँदैन त? त्यसकारण, यदि मानिसहरूले परमेश्‍वरलाई चिन्दैनन् भने तिनीहरूले उहाँलाई ठेस पुऱ्याउन सक्छन्। यो सानो कुरो होइन! यदि मानिसहरूले परमेश्‍वरको आचरणलाई गम्भीर रूपमा लिँदैनन् भने र तिनीहरू अझै पनि तिनीहरू उहाँका हराएका भेडाहरू भएकोले उहाँ तिनीहरू फर्की आउने आशामा हुनुहुन्छ र उहाँले अझै पनि तिनीहरूले हृदय परिवर्तन गरून् प्रतीक्षामा हुनुहुन्छ भन्ने विश्‍वास गर्छन् भने, तिनीहरू तिनीहरूको दण्डका दिनहरूबाट धेरै टाढा छैनन्। परमेश्‍वरले तिनीहरूलाई स्वीकार गर्न मात्र इन्कार गर्नुहुन्‍न–तिनीहरूले उहाँको स्वभावलाई भड्काएको त्यो दोस्रो पटक भएको हुँदा, मामला झनै भयानक हुन्छ! यी मानिसहरूको अनादरकारी आचरणहरूले यसअघि नै परमेश्‍वरका प्रशासनिक विधिहरूको उल्लंघन गरिसकेका छन्। के तिनीहरूलाई अझै उहाँले स्वीकार गर्नुहुन्छ त? परमेश्‍वरको हृदयमा, यो मामलाको सम्बन्धमा उहाँका सिद्‌धान्तहरू के हुन्छ भने यदि कसैले साँचो मार्गको बारेमा निश्‍चितता हासिल गरेको छ तर पनि अझै उसले जानी-जानी नै र स्पष्ट विचारको साथ परमेश्‍वरलाई अस्वीकार गरी परमेश्‍वरबाट टाढा जान्छ भने, उहाँले त्यस्तो व्यक्तिको मुक्तिको बाटो बन्द गरिदिनुहुन्छ र उक्त व्यक्तिको लागि राज्यको प्रवेशद्‌वार अब उप्रान्त बन्द गरिनेछ। जब यस्तो व्यक्ति फेरि ढोका ढकढक्याउँदै आउँछ, परमेश्‍वरले ढोका उघार्नुहुनेछैन; उक्त व्यक्तिलाई सधैँको लागि ढोका बन्द गरी बाहिरै राखिनेछ। सायद तिमीहरूमध्ये केहीले बाइबलमा मोशाको कथा पढेका छौ होला। परमेश्‍वरद्‌वारा मोशाको अभिषेक भएपछि, तिनका कार्यहरूको कारण र अन्य विविध कुराहरूको कारण २५० जना अगुवाहरूले मोशाप्रति अवज्ञा व्यक्त गरे। तिनीहरूले कोप्रति समर्पित हुन अस्वीकार गरे त? तिनीहरूले परमेश्‍वरका बन्दोबस्तहरूप्रति समर्पित हुन अस्वीकार गरे; तिनीहरूले यस मामला सम्बन्धी परमेश्‍वरको कामप्रति समर्पित हुन अस्वीकार गरे। तिनीहरूले यसो भने: "तपाईंहरूले अति गर्नुभयो! महासभामा सबै जना पवित्र छन्, हरेक व्यक्ति पवित्र छन् र तिनीहरूमाझ यहोवा हुनुहुन्छ...।" के यी शब्द र पङ्‌तिहरू, मानव दृष्टिकोणबाट, धेरै गम्भीर छन् त? ती धेरै गम्भीर छैनन्! कम्तीमा पनि यी शब्दहरूको शाब्दिक अर्थ गम्भीर छैन। कानुनी अर्थमा, तिनीहरूले कुनै पनि कानुन उल्लंघन गर्दैनन्, किनभने सतही रूपमा, यो शत्रुतापूर्ण भाषा वा

शब्दसंग्रह होइन, यसमा ईश्वरनिन्दाको संकेतार्थ हुने कुरा त परै जाओस्। यी त केवल सामान्य वाक्यहरू हुन्, त्योभन्दा बढ्ता केही होइनन्। त्यसो भए, किन यी शब्दहरूले परमेश्वरको त्यस्तो क्रोध भड्काउन सक्छ त? किनभने ती शब्दहरू मानिसहरूलाई भनिएका थिएनन्, परमेश्वरलाई भनिएका थिए। तिनीहरूले व्यक्त गरेका मनोवृत्ति र स्वभाव नै ती कुराहरू हुन् जसले परमेश्वरको स्वभावलाई भड्काउँछ, र तिनीहरूले चिढ्याउनु नहुने परमेश्वरको स्वभावलाई चिढ्याउँछन्। अन्त्यमा ती अगुवाहरूका परिणामहरू के थिए, हामी सबैलाई थाहा छ। परमेश्वरलाई त्याग गरेका मानिसहरूको सम्बन्धमा भन्दा, तिनीहरूको दृष्टिकोण के हो त? तिनीहरूको आचरण के हो त? अनि किन तिनीहरूको दृष्टिकोण र आचरणले परमेश्वरलाई तिनीहरूसँग त्यस शैलीमा व्यवहार गर्ने तुल्याउँछ त? यसको कारण के हो भने, तिनीहरूले उहाँ परमेश्वर हुनुहुन्छ भन्ने जाने तापनि, तिनीहरूले अझै उहाँलाई धोका दिने विकल्प रोजे, अनि यसको कारण तिनीहरूलाई तिनीहरूको मुक्तिका सबै अवसरहरूबाट पूर्ण रूपमा बन्चित गरिन्छ। बाइबलमा लेखिएझैं, "किनभने यदि हामीले सत्यको ज्ञान प्राप्त गरिसकेपछि पनि जानी-जानी पाप गर्छौं भने, त्यस उप्रान्त पापहरूको निम्ति कुनै बलिदान बाँकी रहँदैन।" के अब तिमीहरूले यो मामलाको बारेमा स्पष्ट बुझ्यौ त?

**मानिसहरूको नियतिलाई परमेश्वरप्रतिको तिनीहरूको आचरणले निर्धारण गर्छ**

परमेश्वर जीवित परमेश्वर हुनुहुन्छ, र मानिसहरूले फरक-फरक परिस्थितिहरूमा फरक-फरक व्यवहार गर्दा ती व्यवहारहरूप्रति उहाँको आचरण पनि फरक-फरक नै हुन्छ किनभने न त उहाँ कठपुतली नै हुनुहुन्छ न त उहाँ रित्तो हावाको झोक्का नै हुनुहुन्छ। परमेश्वरको मनोवृत्तिको बारेमा जान्नु मानवजातिको लागि मूल्यवान् खोजी हो। मानिसहरूले परमेश्वरको आचरणको बारेमा जानेर कसरी अलिअलि गर्दै परमेश्वरको स्वभावको ज्ञान प्राप्त गर्न र उहाँको हृदयलाई बुझ्न सक्छन् भन्ने कुरा सिक्नुपर्छ। जब तैँले क्रमिक रूपमा परमेश्वरको हृदयलाई बुझ्न थाल्छस् तब तैँले उहाँको डर मान्ने र दुष्टताबाट अलग बस्ने उपलब्धि प्राप्त गर्नु धेरै गाह्रो कुरा हो भन्ने महसुस गर्नेछैनस्। अझ भन्ने हो भने, जब तैँले परमेश्वरलाई बुझ्छस् तब तैँले उहाँको बारेमा निष्कर्ष निकालिहाल्ने सम्भावना कम हुनेछ। जब तैँले उहाँको बारेमा निष्कर्ष निकालिहाल्ने काम बन्द गर्नेछस्, तब तैँले उहाँलाई ठेस पुर्‍याउने सम्भावना कम हुनेछ, अनि तैँले महसुस नै नगरीकन उहाँले तँलाई उहाँको बारेमा ज्ञान प्राप्त गर्नेतर्फ डोर्‍याउनुहुनेछ; यसले तेरो हृदयलाई उहाँप्रतिको श्रद्धाले भरिदिनेछ। त्यसपछि तैँले आफूले ज्ञान हासिल गरेका धार्मिक मतहरू, शाब्दिक अर्थहरू र सिद्धान्तहरूद्वारा परमेश्वरलाई परिभाषित गर्न छाड्नेछस्। यसको सट्टा, निरन्तर रूपमा सबै थोकमा परमेश्वरका अभिप्रायहरूको खोजी गर्दै, तँ अचेतन रूपमै परमेश्वरको हृदय अनुरूपको व्यक्ति बन्नेछस्।

परमेश्वरको कामलाई मानिसहरूद्वारा देख्न र छुन सकिँदैन, तर जहाँसम्म उहाँको सवाल छ, हरेक व्यक्तिका कार्यहरूलाई—साथै उहाँप्रतिको तिनीहरूको आचरणलाई—परमेश्वरले महसुस मात्र गर्न सक्नहुन्न बरु उहाँले तिनलाई देख्न समेत सक्नुहुन्छ। यो हरेकले पहिचान गर्नुपर्ने र स्पष्ट रूपमा बुझ्नुपर्ने कुरा हो। तैँले आफूलाई सधैँ सोधिराखेको हुन सक्छस्, "के यहाँ मैले जे गरिरहेको छु सो परमेश्वरलाई थाहा छ? के मैले अहिले जे सोचिरहेको छु सो उहाँलाई थाहा छ? शायद

उहाँलाई थाहा छ, शायद उहाँलाई थाहा छैन।" यदि तैँले परमेश्‍वरलाई पछ्याउँदै र परमेश्‍वरमा विश्‍वास गर्दै तर उहाँको काम र उहाँको अस्तित्वको बारेमा शङ्का गर्दै यस प्रकारको दृष्टिकोण अपनाउँछस् भने ढिलो-चाँडो यस्तो दिन आउनेछ जुन दिन तैँले उहाँलाई रिस उठाउनेछस्, किनकि तँ अघिदेखि नै डरलाग्दो भीरको छेउमा हिँडिरहेको हुन्छस्। मैले धेरैलाई देखेको छु जो वर्षौंदेखि परमेश्‍वरमा विश्‍वास गर्दै आएका छन् तैपनि तिनीहरूले सत्यता वास्तविकतालाई हासिल गरेका छैनन्, तिनीहरूले परमेश्‍वरको इच्छालाई बुझ्ने कुरा त परै जाओस्। यस्ता मानिसहरूले आफ्नो जीवन र कदमा कुनै प्रगति गर्दैनन् र तिनीहरूले केवल सबैभन्दा सतही धार्मिक सिद्धान्तहरूलाई मात्र पालन गर्छन्। यस्तो हुन्छ किनभने त्यस्ता मानिसहरूले परमेश्‍वरका वचनहरू आफै जीवन हुन् भनेर कहिल्यै पनि मानेका हुँदैनन् र तिनीहरूले उहाँको अस्तित्वलाई कहिल्यै पनि सामना गरेका र स्वीकार गरेका हुँदैनन्। के तँ ठान्छस् त्यस्ता मानिसहरूलाई देख्दा परमेश्‍वर खुशीले गद-गद बन्नुहुन्छ? के तिनीहरूले उहाँलाई सान्त्वना दिन्छन्? यसरी मानिसहरूले परमेश्‍वरमा जे-जसरी विश्‍वास गर्छन् त्यसले तिनीहरूको नियतिलाई निर्धारण गर्छ। मानिसहरूले कसरी परमेश्‍वरको खोजी गर्छन् र तिनीहरू कसरी परमेश्‍वरकहाँ जान्छन् भन्ने विषयमा, मानिसहरूका आचरण प्राथमिक महत्त्वका हुन्छन्। परमेश्‍वरलाई उहाँ केवल तेरो टाउकोको पछाडि उडिरहने रित्तो हावाको पोको हो जस्तै गरेर बेवास्ता नगर्नू; तैँले विश्‍वास गर्ने परमेश्‍वरलाई सधैँ जीवित परमेश्‍वर, एक वास्तविक परमेश्‍वरको रूपमा सोच्नू। उहाँ माथि तेस्रो स्वर्गमा केही काम नभएर त्यत्तिकै बसेर समय बिताउँदै हुनुहुन्न। बरु, उहाँले त निरन्तर रूपमा हरेक व्यक्तिको हृदयभित्र हेरिरहनुभएको छ, तिमीहरू के गर्न लागेका छौं भनी अवलोकन गरिरहनुभएको छ, तिमीहरूका सानाभन्दा साना हरेक शब्द अनि सानाभन्दा साना हरेक कर्मलाई नियालिरहनुभएको छ, तैँले कसरी व्यवहार गर्छस् भनी नियालिरहनुभएको छ र उहाँप्रति तेरो मनोवृत्ति कस्तो छ भनी हेरिरहनुभएको छ। तँ आफूले आफूलाई परमेश्‍वरसमक्ष समर्पित गर्न इच्छुक भए पनि नभए पनि तेरा सबै व्यवहारहरू र तेरा भित्री सोचहरू र विचारहरू उहाँ समक्ष उदाङ्गो हुन्छन् र उहाँद्वारा हेरिएका हुन्छन्। तेरो व्यवहारको कारण, तेरा कर्महरूको कारण र उहाँप्रतिको तेरो आचरणको कारण, तेरो बारेमा परमेश्‍वरको राय र तँप्रतिको उहाँको आचरण निरन्तर परिवर्तन भइरहेको हुन्छ। म केही मानिसहरूलाई केही सल्लाह दिन चाहन्छु: उहाँ तँमा आशक्त हुनुपर्छ झैं गरी, उहाँले तँलाई कहिल्यै छाड्न सक्नुहुन्न झैं गरी, अनि तँप्रतिको उहाँको आचरण अटल रहेको र त्यो कहिल्यै परिवर्तन नै हुँदैन झैं गरी, परमेश्‍वरको हातमा आफूलाई शिशु झैं नराख्, अनि म तिमीहरूलाई सपना देख्न छोड्नू भनेर पनि सल्लाह दिन्छु। हरेक व्यक्तिप्रति व्यवहार गर्ने कुरामा परमेश्‍वर धर्मी हुनुहुन्छ, मानिसहरूलाई जित्ने र मुक्ति दिने कामको बारेको उहाँको विधिमा उहाँ इमान्दार हुनुहुन्छ। यो उहाँको व्यवस्थापन हो। उहाँले हरेक व्यक्तिलाई गम्भीरताका साथ व्यवहार गर्नुहुन्छ, उहाँले खेलाइने पाल्तु जन्तुलाई जस्तो व्यवहार गर्नुहुन्न। मानवप्रतिको परमेश्‍वरको प्रेम पुलपुलाउने वा बिगार्ने किसिमको हुँदैन, न त मानवजातिप्रतिको उहाँको कृपा र सहनशीलता नै आशक्तिपनयुक्त र अविवेकपूर्ण नै हुन्छन्। यसको विपरीत, मानवप्रतिको परमेश्‍वरको प्रेममा जीवनलाई चाहने, दया गर्ने र आदर गर्ने कुराहरू पर्छन्; उहाँको कृपा र सहनशीलताले तिनीहरूप्रतिको उहाँका अपेक्षाहरू व्यक्त गर्छन् र तिनीहरू

मानवजातिलाई बाँच्नको लागि आवश्यक पर्ने कुराहरू हुन्। परमेश्‍वर जीवित हुनुहुन्छ र परमेश्‍वर वास्तविक रूपमै अस्तित्वमा हुनुहुन्छ; मानवजातिप्रतिको उहाँको आचरण सिद्धान्तमा आधारित छ, यो बिलकुलै पनि कट्टरपन्थी नियमहरूको सँगालो होइन, र यो परिवर्तन हुन सक्छ। मानवजातिप्रतिको उहाँका आशयहरू तिनीहरू उत्पन्‍न हुने परिस्थितिमा आधारित भएर अनि हरेक व्यक्तिको आचरण परिवर्तनसँगै क्रमिक रूपले परिवर्तन हुँदैछन् र समयसँगै रूपान्तरित हुँदैछन्। त्यसकारण, तैँले तेरो हृदयमा सम्पूर्ण स्पष्टताका साथ थाहा पाउनुपर्छ कि परमेश्‍वरको सार अपरिवर्तनीय छ, र उहाँको स्वभाव विभिन्‍न समयहरू र विभिन्‍न परिप्रेक्ष्यहरूमा बाहिर निस्कन्छ। तैँले यो कुरालाई गम्भीर कुरा हो भन्‍ने नठान्‍न सक्छस् र तैँले परमेश्‍वरले कसरी विभिन्‍न कुराहरू गर्नुहुन्छ भन्‍ने कुरा कल्पना गर्न आफ्नै व्यक्तिगत धारणाहरू प्रयोग गर्न सक्छस्। तथापि, केही समयहरू यस्ता हुन्छन् जुन बेला तेरो दृष्टिकोणको विपरीत ध्रुव चाहिँ सत्य हुन्छ र परमेश्‍वरलाई मापन गर्ने प्रयासमा तैँले तेरा आफ्नै व्यक्तिगत धारणाहरू प्रयोग गर्दै परमेश्‍वरलाई क्रोधित पारिसकेको हुन्छस्। यस्तो हुन्छ किनभने परमेश्‍वर तैँले सोचेको जस्तो गरी सञ्चालित हुनुहुन्‍न, न त तैँले भने जस्तो गरी नै उहाँले विभिन्‍न कुराहरूप्रति व्यवहार गर्नुहुन्छ। तसर्थ, म तँलाई तेरो वरिपरिका हरेक कुराहरू सामना गर्ने तरिकामा तँ सावधान र विवेकी हुनू अनि सबै कुराहरूमा परमेश्‍वरको मार्गमा हिँड्ने सिद्धान्त अर्थात परमेश्‍वरको डर मान्‍ने अनि दुष्टताबाट अलग रहने सिद्धान्तको अनुसरण गर्न सिक्नू भनी स्मरण गराउँछु। तैँले परमेश्‍वरको इच्छा र परमेश्‍वरको आचरण सम्बन्धी कुराहरूको बारेमा दरिलो बुझाइ विकास गर्नुपर्छ, तैँले यी कुराहरू तँलाई सुनाउने अन्तर्ज्ञानी मानिसहरू भेटाउनुपर्छ, र तैँले इमानदारतापूर्वक खोजी गर्नुपर्छ। मनलाग्दो गरी उहाँको मूल्याङ्कन गर्दै, मनोमानी ढङ्गले उहाँका बारेमा निष्कर्षहरू निकाल्दै र उहाँले पाउनुपर्ने सम्मान नदिई उहाँप्रति व्यवहार गर्दै–तेरो विश्‍वासको परमेश्‍वरलाई कठपुतलीको रूपमा नहेर्नू। परमेश्‍वरले तेरो लागि मुक्ति ल्याउँदै गर्दा र उहाँले तेरो प्रतिफल निर्धारण गर्दै गर्दा, उहाँले तँलाई कृपा, वा सहनशीलता, वा न्याय र सजाय प्रदान गर्न सक्नुहुन्छ, तर जुनसुकै अवस्था भए पनि, तँप्रतिको उहाँको मनोवृत्ति अपरिवर्तनीय हुँदैन। यो कुरा उहाँप्रतिको तेरो आफ्नै आचरणको साथसाथै उहाँको बारेमा तेरो बुझाइमा निर्भर हुन्छ। परमेश्‍वर सम्बन्धी तेरो ज्ञान वा बुझाइको एक पक्षको आधारमा सधैँको लागि उहाँको परिभाषा नगर्। मृतक परमेश्‍वरमा विश्‍वास नगर्; जीवित परमेश्‍वरमा विश्‍वास गर्। यो कुरा सम्झ! मैले यहाँ केही सत्यताहरूका बारेमा–तिमीहरूले सुन्‍न आवश्यक रहेका सत्यताहरूका बारेमा–बताएको भए तापनि तिमीहरूको वर्तमान स्थिति र वर्तमान कदको परिप्रेक्ष्यमा, तिमीहरूको उत्साहलाई नमार्नका खातिर म हालको लागि तिमीहरूलाई ठूला सर्तहरू राख्दिनँ। त्यसो गर्नाले तिमीहरूको हृदय उदासपनले भरिनेछ र तिमीहरूले परमेश्‍वरप्रति अत्यन्तै निराश अनुभव गर्नेछौ। यसको सट्टामा, म आशा गर्छु, तिमीहरूले भविष्यमा आउने बाटो हिँड्दा तिमीहरूको हृदयमा भएको परमेश्‍वरप्रतिको प्रेम र परमेश्‍वरप्रतिको आदरपूर्ण आचरणलाई प्रयोग गर्न सक्नेछौ। परमेश्‍वरमा कसरी विश्‍वास गर्ने भन्‍ने मामलामा उल्झनमा नपर; यसलाई सबैभन्दा ठूला सवालहरूमध्ये एकको रूपमा लेओ। यसलाई आफ्नो हृदयमा राख, यसलाई अभ्यास गर र यसलाई वास्तविक जीवनसँग जोड; केवल ओठे सेवा मात्र नगर–किनभने यो मामला भनेको जीवन

र मृत्युको मामला हो र त्यस्तो मामला हो जसले तेरो गन्तव्य निर्धारण गर्छ। यसलाई हाँसि-मजाक वा बच्चाको खेलौनाको रूपमा नलेओ! मैले आज यी वचनहरू तिमीहरूसँग बाँडेपछि, तिमीहरूका मस्तिष्कले कतिको बुझाइ प्राप्त गरेका छन् भनी म आफै सोचिरहेको छु। आज मैले जे कुरा भनेँ सोबारेमा के तिमीहरूलाई सोध्न मन लागेका कुनै प्रश्नहरू छन्?

यी विषयहरू अलि नयाँ छन् र तिमीहरूका दृष्टिकोणहरू, तिमीहरूका सामान्य खोजीहरू र तिमीहरूले प्राय ध्यान दिने कुराहरूभन्दा अलि फरक भए तापनि, मलाई लाग्छ एकपल्ट केही समयको लागि तिमीहरूले तिनलाई सङ्गति गरिसकेपछि तिमीहरूले यहाँ मैले भनेका सबै कुराहरूको बारेमा आम बुझाइ प्राप्त गर्नेछौ। यी विषयहरू सबै नै धेरै नयाँ र तिमीहरूले पहिले कहिल्यै नसोचेका छन्, त्यसैले म आशा गर्छु कि तिनले कुनै पनि प्रकारले तिमीहरूको बोझलाई बढाउनेछैन। मैले आज तिमीहरूलाई डर देखाउनको लागि यी वचनहरू बोलिरहेको छैन, न त मैले तिमीहरूसँग काम-कार्यवाही गर्ने तरिकाको रूपमा नै तिनको प्रयोग गरिरहेको छु; बरु मेरो उद्‌देश्य त तिमीहरूलाई सत्यतासम्बन्धी वास्तविक तथ्यहरू बुझ्न मद्‌दत गर्नु हो। मानवजाति र परमेश्‍वरको बीचमा दरार विद्‌यमान रहेकोले, मानिसहरूले परमेश्‍वरमा विश्‍वास गरे तापनि, तिनीहरूले कहिल्यै पनि उहाँलाई बुझेका छैनन् वा उहाँको आचरणलाई चिनेका छैनन्। परमेश्‍वरको आचरणको बारेमा मानिसहरू आफ्ना सरोकारमा पनि कहिल्यै त्यति धेरै उत्साहित भएका छैनन्। बरु, तिनीहरूले त अन्धो भई विश्‍वास गर्दै अघि बढेका छन् र तिनीहरू परमेश्‍वरबारे तिनीहरूको ज्ञान र बुझाइमा लापरवाह रहेका छन्। त्यसकारण, तिमीहरूको लागि यी मामलाहरू स्पष्ट पार्न र तिमीहरूले विश्‍वास गरेका परमेश्‍वर कस्तो प्रकारको परमेश्‍वर हुनुहुन्छ साथै उहाँले के सोच्दै हुनुहुन्छ, विभिन्न प्रकारका मानिसहरूलाई व्यवहार गर्ने सम्बन्धमा उहाँको आचरण कस्तो हुन्छ, तिमीहरू उहाँका आवश्यक मापदण्डहरू पूरा गर्नबाट कति टाढा रहेका छौ, र तिमीहरूका कार्यहरू र उहाँले सर्त गर्नुभएका मापदण्डहरू बीचमा कति ठूलो भिन्नता रहेको छ भन्ने कुरा बुझ्न मद्‌दत गर्न म बाध्य भएको महसुस गर्छु। तिमीहरूलाई यी कुराहरूको जानकारी दिनुको लक्ष्य भनेको तिमीहरूलाई आफूले आफैलाई मापन गर्नको लागि नाप्ने गज दिनु हो ताकि तिमीहरूले तिमीहरू जुन बाटोमा छौ त्यो बाटोले कस्ता प्रकारका प्रतिफल निम्त्याएको छ, त्यो बाटोमा तिमीहरूले के कुरा प्राप्त गर्न सकेका छैनौ र कुन क्षेत्रमा तिमीहरूले संलग्नता जनाएकै छैनौ सो कुरा थाहा पाउनेछौ। तिमीहरूले तिमीहरूमाझ कुराकानी गर्दा प्रायः केही आम रूपमा छलफल गरिने विषयहरूको बारेमा कुरा गर्छौ जुन क्षेत्रको हिसाबमा एकदमै संकुचित र विषयवस्तुको हिसाबमा एकदमै सतही हुन्छन्। तिमीहरूले छलफल गर्ने कुरा र परमेश्‍वरका अभिप्रायहरूको बीचमा साथसाथै तिमीहरूका छलफलहरू र परमेश्‍वरका सर्तका क्षेत्र र मापदण्डहरू बीचमा दूरी, दरार छ। यसरी अघि बढ्दा, समयसँगै तिमीहरू परमेश्‍वरको मार्गबाट बरालिएर धेरै टाढा पुग्ने हुनसक्छ। तिमीहरूले केवल परमेश्‍वरका वर्तमान वाणीहरूलाई लिएर तिनलाई आराधनाका थोकहरू बनाउँदैछौ र तिनलाई धार्मिक विधि र नियमहरूको रूपमा हेर्दैछौ। तिमीहरूले गरिरहेको सबै यही हो! वास्तविक तथ्यमा, परमेश्‍वरको लागि तिमीहरूको हृदयमा कुनै स्थान नै छैन र उहाँले कहिल्यै पनि तिमीहरूको हृदय साँचो रूपमा प्राप्त गर्नुभएको छैन। केही मानिसहरूले सोच्छन्, परमेश्‍वरलाई चिन्नु एकदमै गाह्रो छ र यही नै सत्यता

हो। यो गाह्रो छ! यदि मानिसहरूलाई बाह्य रूपमा तिनीहरूको कर्तव्य निर्वाह गर्न र काम पूरा गर्न, र कठिन परिश्रम गर्न लगाइयो भने तिनीहरूले परमेश्‍वरमा विश्‍वास गर्न एकदमै सजिलो हुन्छ भन्‍ने ठान्‍नेछन् किनभने ती सबै कुराहरू मानव क्षमताको क्षेत्रभित्र पर्छन्। तथापि, जब परमेश्‍वरका अभिप्रायहरू र मानवजातिप्रति उहाँको आचरणतर्फ विषय परिवर्तन हुन्छ, तब हरेक व्यक्तिको दृष्टिकोणमा परिस्थिति अलि अप्ठ्यारो बन्छ। किनभने यसमा सत्यताबारे मानिसहरूको बुझाइ र वास्तविकतामा तिनीहरूको प्रवेश संलग्‍न हुन्छ, त्यसैले अवश्य पनि त्यसमा केही हदसम्म अप्ठ्यारो त हुन्छ नै! तैपनि, तँ पहिलो ढोकाबाट छिरिसकेपछि र तैले प्रवेश प्राप्‍त गर्न सुरु भएपछि, परिस्थिति क्रमिक रूपमा अलि सहज हुँदै जान्छ।

**परमेश्‍वरको डर मान्‍ने कार्यको सुरुवात बिन्दु भनेको उहाँलाई परमेश्‍वरको रूपमा व्यवहार गर्नु हो**

केही क्षणअघि, कसैले एउटा प्रश्‍न उठायो: हामीले परमेश्‍वरको बारेमा अय्यूबभन्दा बढी जाने पनि, हामीले अझै उहाँलाई कसरी आदर गर्न सक्दैनौं? हामीले यो मामलाको बारेमा पहिले नै अलिअलि कुरा गरिसक्यौं, गरेनौं त? हामीले वास्तवमा यो प्रश्‍नको सारको बारेमा पहिले पनि छलफल गरिसकेका छौं जुन अय्यूबले त्यति बेला परमेश्‍वरको बारेमा जानेका नभए पनि तिनले अझै उहाँलाई परमेश्‍वरको रूपमा व्यवहार गर्थे र उहाँलाई स्वर्ग र पृथ्वी अनि सब थोकको मालिकको रूपमा लिन्थे भन्‍ने तथ्य हो। अय्यूबले परमेश्‍वरलाई शत्रु मान्दैनथे; बरु तिनले उहाँलाई सबै थोकको सृष्टिकर्ताको रूपमा आराधना गर्थे। आजभोलि किन मानिसहरूले परमेश्‍वरको यति धेरै प्रतिरोध गर्छन् त? किन तिनीहरू उहाँलाई आदर गर्न असक्षम छन् त? एउटा कारणचाहिँ तिनीहरू शैतानद्वारा गहन रूपमा भ्रष्‍ट पारिएका छन् र त्यस्तो गहन रूपमा जरा गाडेको शैतानी प्रकृतिको कारण तिनीहरू परमेश्‍वरको शत्रु बनेका छन्। यसरी, तिनीहरूले परमेश्‍वरमा विश्‍वास गरे तापनि र परमेश्‍वरलाई स्वीकार गरे तापनि, तिनीहरूले अझै पनि परमेश्‍वरको प्रतिरोध गर्न सकेका हुन् र तिनीहरूले आफैलाई उहाँको विपक्षमा उभ्याउन सकेका हुन्। यो कुरा मानव प्रकृतिद्वारा निर्धारित हुन्छ। अर्को कारणचाहिँ तिनीहरूले परमेश्‍वरमा विश्‍वास गरे तापनि तिनीहरूले उहाँलाई परमेश्‍वरको रूपमा व्यवहार गर्दै नगर्नु हो। यसको साटो, तिनीहरूले उहाँलाई मानवताको विरुद्धमा हुनुभएको मान्छन्, उहाँलाई तिनीहरूको शत्रुको रूपमा लिन्छन्, र तिनीहरूले आफूलाई परमेश्‍वरसँग मेलमिलापमा रहनै नसक्‍ने भएको ठान्छन्। यो कुरा त्यति सरल छ। के यो मामलालाई अघिल्लो सत्रमा छलफल गरिएको थिएन र? यसबारेमा सोच त: के कारण त्यही होइन र? तँमा परमेश्‍वरको बारेमा केही ज्ञान हुन सक्छ, तर यो ज्ञानमा के कुराहरू समावेश छन् त? के हरेक व्यक्तिले कुरा गरिरहेको मामला यही होइन र? तँ यसको सैद्धान्तिक र धर्मसैद्धान्तिक पक्षहरूको बारेमा मात्र परिचित छस्–तर के तैँले कहिल्यै परमेश्‍वरको साँचो रूपको सराहना गरेको छस् त? के तँसँग आत्मपरक ज्ञान छ त? के तँसँग व्यावहारिक ज्ञान र अनुभव छ त? यदि परमेश्‍वरले तँलाई नबताउनुभएको भए, के तँलाई थाहा हुन्थ्यो त? तेरो सैद्धान्तिक ज्ञानले वास्तविक ज्ञानको प्रतिनिधित्व गर्दैन। संक्षिप्‍त रूपमा, तैँले यसलाई जति नै जाने तापनि वा तैँले जसरी यसलाई जानेको भए तापनि, तैँले परमेश्‍वरको वास्तविक ज्ञान हासिल नगरुन्जेलसम्म, उहाँ तेरो शत्रु नै

हुनुहुनेछ, र तैँले परमेश्‍वरलाई परमेश्‍वरको रूपमा व्यवहार गर्न सुरु नगरुन्जेलसम्म, उहाँले तेरो विरोध नै गर्नुहुनेछ किनभने तँ शैतानको प्रतिमूर्ति होस्।

जब तँ ख्रीष्टसित सँगै हुन्छस्, तब सायद तैँले उहाँलाई प्रतिदिन तीन पटक खाना दिन सक्छस् होला वा सायद उहाँलाई चिया दिन र उहाँको जीवनका आवश्यकताहरूको ख्याल गर्न सक्छस् होला; तैँले ख्रीष्टलाई परमेश्‍वरको रूपमा व्यवहार गरेको जस्तो देखिनेछ। जब कुनै घटना घट्छ, तब मानिसहरूका दृष्टिकोणहरू सधैँ नै परमेश्‍वरको दृष्टिकोणको विरुद्ध हुन्छन्; मानिसहरू सधैँ नै परमेश्‍वरको दृष्टिकोणलाई बुझ्न र स्वीकार गर्न असफल हुन्छन्। तिनीहरू सतही रूपमा परमेश्‍वरसँग मिल्ने देखिए तापनि, यसको मतलब तिनीहरू उहाँको अनुरूप रहेका छन् भन्‍ने हुँदैन। केही घटना घट्नेबित्तिकै, मानवजातिको अवज्ञाको सत्यता बाहिर निस्किहाल्छ र यसरी मानिसहरू र परमेश्‍वरको बीचमा रहेको शत्रुता पुष्टि हुन्छ। यो शत्रुता परमेश्‍वरले मानिसहरूको विरोध गर्नुहुने शत्रुता होइन वा परमेश्‍वर तिनीहरूको शत्रु बन्‍न चाहनुभएको कुरा होइन, न त यो उहाँले तिनीहरूलाई उहाँको विपक्षमा उभ्याउनुभएको र तिनीहरूलाई सोही अनुरूप व्यवहार गर्नुभएको कुरा हो। बरु, यो त मानिसहरूको आत्मगत इच्छा र तिनीहरूको अर्धचेतन मस्तिष्कमा लुकेको परमेश्‍वरप्रतिको विरोधी सारको अवस्था हो। मानिसहरूले परमेश्‍वरबाट आउने सबै थोकलाई तिनीहरूको खोज अनुसन्धानको वस्तुहरूको रूपमा लिने भएकोले, परमेश्‍वरबाट आउने सबै थोक र परमेश्‍वरसँग सम्बन्धित हरेक कुराप्रति तिनीहरूको सर्वोपरि प्रतिक्रिया भनेको अनुमान गर्नु, शङ्का गर्नु र परमेश्‍वरसँग द्वन्द्व गर्ने र उहाँको विरोध गर्ने आचरणलाई चाँडो-चाँडो अपनाउनु हो। त्यसपछि चाँडै नै, तिनीहरूले नकारात्मक मनस्थितिलाई परमेश्‍वरसँग विवाद वा प्रतिस्पर्धा गर्न लैजान्छन् र तिनीहरू त्यस्ता परमेश्‍वर पछ्याउन लायक छन् कि छैनन् भनेर शङ्का गर्ने हदसम्म पुग्छन्। तिनीहरूको तर्क-चेतनाले तिनीहरूलाई यस्तो शैलीमा अघि बढ्नु हुँदैन भनेर भने पनि, तिनीहरूले त्यसो गर्ने योजना नहुँदा नहुँदै पनि अझै त्यसो गर्ने विकल्प नै रोज्नेछन् र तिनीहरूले कुनै हिचकिचाहटविना अन्त्यसम्म नै त्यसो गर्न जारी राख्नेछन्। उदाहरणको लागि, जब केही मानिसहरूले परमेश्‍वरको बारेमा अफवाह वा निन्दात्मक कुराहरू सुन्छन्, तब तिनीहरूको पहिलो प्रतिक्रिया के हुन्छ त? तिनीहरूको पहिलो प्रतिक्रिया भनेको यी अफवाहहरू साँचो हुन् कि होइनन् र यी अफवाहहरू विद्यमान छन् कि छैनन् भनी सोच्नु र त्यसपछि पर्ख-र-हेर मनोवृत्ति अपनाउनु हो। त्यसपछि तिनीहरू सोच्न थाल्छन्, “यो कुरालाई पुष्टि गर्ने उपाय नै छैन। के त्यो साँच्चै नै भएकै थियो त? यो अफवाह साँचो हो कि होइन?” यस्ता मानिसहरूले सतही रूपमा यस्तो कुरा नदेखाए तापनि, तिनीहरूले आफ्नो हृदयमा अघि नै शङ्का गर्न थालिसकेका हुन्छन्, र अघि नै परमेश्‍वरलाई इन्कार गर्न थालिसकेका हुन्छन्। यस प्रकारको आचरण र त्यस्तो दृष्टिकोणको सार के हो त? के यो धोका होइन र? तिनीहरूले यो मामलाको सामना नगरुन्जेलसम्म, तैँले यी मानिसहरूको दृष्टिकोण कस्तो रहेछ भनी देख्न सक्दैनस्; तिनीहरू परमेश्‍वरको विपरीत छन् भन्‍ने देखिँदैनन् र तिनीहरूले परमेश्‍वरलाई दुस्मनको रूपमा लिन्छन् जस्तो लाग्दैन। तथापि, तिनीहरूले कुनै समस्या सामना गर्नेबित्तिकै, तिनीहरू तुरुन्तै शैतानको साथमा उभिन्छन् र परमेश्‍वरको विरोध गर्छन्। यसले के कुरा सङ्केत गर्छ त? यसले मानिसहरू र परमेश्‍वर परस्पर विरोधी छन् भन्‍ने सङ्केत गर्छ।

परमेश्वरले मानवजातिलाई दुस्मनको रूपमा लिनुहुन्छ भन्ने होइन, बरु यो त मानवताको सार आफै परमेश्वरको विरुद्‌धमा छ भन्ने हो। कुनै व्यक्तिले उहाँलाई जति नै लामो समयसम्म पछ्याएको नै किन नहोस् वा तिनीहरूले जति ठूलो मूल्य तिरेको नै किन नहोस् र तिनीहरूले जस्तोसुकै प्रकारले परमेश्वरको प्रशंसा गरेका भए पनि, तिनीहरूले उहाँको प्रतिरोध गर्नबाट आफूलाई जे-जसरी रोकेको भए पनि र तिनीहरूले परमेश्वरलाई प्रेम गर्न भनी जति नै जोडसँग आफूले आफैलाई आग्रह गरेको भए पनि, तिनीहरूले कहिल्यै पनि परमेश्वरलाई परमेश्वरको रूपमा व्यवहार गर्न सक्दैनन्। के यो कुरा मानिसहरूको सारद्‌वारा निर्धारण हुँदैन र? यदि तैँले परमेश्वरलाई परमेश्वरको रूपमा व्यवहार गर्छस् र उहाँ नै परमेश्वर हुनुहुन्छ भनी साँचो रूपमा विश्वास गर्छस् भने, के तैँले उहाँप्रति अझै कुनै शङ्का गर्न सक्छस्? के तेरो हृदयले अझै उहाँको बारेमा प्रश्न चिन्ह खडा गर्न सक्छ? त्यस्तो कहिल्यै हुन सक्दैन, होइन र? यो संसारका प्रवृत्तिहरू एकदमै दुष्ट छन्, र यो मानवजाति पनि दुष्ट नै छ; त्यसैले, तँमा कसरी तिनीहरूको बारेमा कुनै धारणाहरू नहुन सक्छ त? तँ आफै नै त्यति दुष्ट छस्, त्यसैले तँमा कसरी त्यसको बारेमा कुनै धारणा छैन त? तर पनि, केही अफवाहहरू र केही निन्दाले परमेश्वरको बारेमा त्यस्ता विशाल धारणाहरू पैदा गर्न सक्छ र तँलाई यति धेरै कुराहरू कल्पना गर्ने तुल्याउँछ, जसले कदमा तँ कति अपरिपक्व छस् भन्ने देखाउँछ! केवल केही लामखुट्टेहरू र केही घिनलाग्दा झिंगाहरूको “भुनभुन” नै तँलाई छल गर्नको लागि काफी हुन्छ त? यो कस्तो प्रकारको व्यक्ति हो? यस्ता मानिसहरूको बारेमा परमेश्वरले के सोच्नुहुन्छ, तँलाई थाहा छ? परमेश्वरले तिनीहरूलाई कसरी व्यवहार गर्नुहुन्छ भन्ने बारेमा उहाँको आचरण वास्तवमा एकदमै स्पष्ट छ। यस्ता मानिसहरूलाई परमेश्वरले गर्नुहुने व्यवहार भनेको तिनीहरूलाई जानाजान बेवास्ता गर्नु हो–उहाँको आचरण तिनीहरूलाई ध्यान दिनु होइन तर यी अज्ञानी मानिसहरूलाई गम्भीर रूपमा नलिनु हो। किन त्यस्तो हुन्छ त? किनभने उहाँको हृदयमा, परमेश्वरले उहाँसँग अन्त्यसम्म नै शत्रुवत रूपमा रहने कसम खाएका र उहाँसँग सामन्जस्य हुने मार्गको खोजी गर्ने कहिल्यै योजना नगरेका यी व्यक्तिहरूलाई प्राप्त गर्ने योजना कहिल्यै पनि बनाउनुभएन। सायद मैले बोलेका यी वचनहरूले केही मानिसहरूलाई चोट पुर्‍यायो होला। तर, के मलाई तिमीहरूले यसरी नै तिमीहरूलाई चोट पुर्‍याउन दिन सधैँ इच्छुक हुन्छौ? तिमीहरू इच्छुक भए पनि नभए पनि, मैले भनेका हरेक कुराहरू सत्यता हुन्। यदि मैले सधैँ यसरी नै तिमीहरूलाई चोट पुर्‍याएँ र तिमीहरूका खतहरू उदाङ्गो पारिदिएँ भने, के यसले तिमीहरूले आफ्नो हृदयमा राखेको परमेश्वरको उच्च प्रतिरूपमा असर गर्नेछ? (यसले असर गर्नेछैन।) म सहमत छु, यसले असर गर्नेछैन, किनभने तिमीहरूको हृदयमा परमेश्वर हुनुहुन्न। तिमीहरूको हृदयमा बसेको उच्च परमेश्वर–तिमीहरूले दह्रिलो गरी रक्षा र संरक्षण गर्ने परमेश्वर–परमेश्वर हुँदै होइन। बरु, ऊ त मानव कल्पनाद्‌वारा कल्पित कुरा हो; ऊ त अस्तित्वमा नै छैन। त्यसकारण, मैले यो प्रहेलिकाको जबाफ खुलासा गर्नु राम्रो हुन्छ; के यसले सम्पूर्ण सत्यता उदाङ्गो पार्दैन र? साँचो परमेश्वर त मानिसहरूले उहाँ यस्तो हुनुहुन्छ भनी कल्पना गरेझैं हुनुहुन्न। म आशा गर्छु, तिमीहरू सबैले यो सत्यतालाई सामना गर्न सक्छौ र यसले परमेश्वरबारे तिमीहरूको ज्ञानमा सहयोग गर्छ।

**परमेश्वरद्वारा स्वीकार नगरिएका व्यक्तिहरू**

केही यस्ता मानिसहरू छन् जसको विश्वासलाई परमेश्वरको हृदयमा कहिल्यै पनि स्वीकार गरिएको छैन। अर्को शब्दमा भन्ने हो भने, परमेश्वरले तिनीहरूलाई उहाँलाई पछ्याउनेहरूको रूपमा पहिचान गर्नुहुन्न, किनभने उहाँले तिनीहरूका विश्वासको निम्ति तिनीहरूलाई स्याबासी दिनुहुन्न। यी मानिसहरूको सवालमा, तिनीहरूले परमेश्वरलाई जति नै धेरै वर्ष पछ्याएको भए तापनि, तिनीहरूका विचार र दृष्टिकोणहरू कहिल्यै परिवर्तन भएका हुँदैनन्; तिनीहरू अविश्वासीहरूका सिद्धान्तहरू र काम गर्ने तौरतरिकाहरूलाई अनि अविश्वासीहरूको अस्तित्व र विश्वाससम्बन्धी कानुनहरूलाई पालना गर्ने अविश्वासीहरू जस्ता हुन्। तिनीहरूले कहिल्यै पनि परमेश्वरको वचनलाई आफ्नो जीवनको रूपमा लिएका छैनन्, कहिल्यै पनि परमेश्वरको वचनलाई सत्यताको रूपमा विश्वास गरेका छैनन्, कहिल्यै पनि परमेश्वरबाट मुक्ति स्वीकार गर्न चाहेका छैनन्, र कहिल्यै पनि परमेश्वरलाई तिनीहरूको परमेश्वरको रूपमा पहिचान गरेका छैनन्। तिनीहरूले उहाँलाई केवल आत्मिक जीवन-आधारको रूपमा लिँदै परमेश्वरमाथिको विश्वासलाई कुनै प्रकारको अव्यवसायी सोखको रूपमा हेर्छन्; त्यसैले तिनीहरूले परमेश्वरको स्वभाव वा सार बुझ्नु वा बुझ्ने प्रयास गर्नुलाई गर्न लायक कुरो नै सम्झँदैनन्। साँचो परमेश्वरसँग सम्बन्धित हुने सबै कुराहरूसँग यी मानिसहरूको कुनै सम्बन्ध हुँदैन; तिनीहरूसँग पर्बाह गर्ने रुचि नै हुँदैन, न त तिनीहरूलाई पर्बाह गर्न लगाउन नै सकिन्छ। यस्तो हुन्छ किनभने तिनीहरूको हृदयभित्रको अन्तस्करणमा एक तीव्र आवाज हुन्छ जसले तिनीहरूलाई सधैँ भन्ने गर्छ, "परमेश्वर अदृश्य र अस्पर्शनीय हुनुहुन्छ र उहाँ अस्तित्वमा हुनुहुन्न।" तिनीहरूले यस प्रकारको परमेश्वरलाई बुझ्ने प्रयास गर्नु तिनीहरूको प्रयत्नको लायक नै छैन भन्ने विश्वास गर्छन् र त्यसो गरेर तिनीहरूले आफूले आफैलाई मूर्ख बनाइरहेका हुन्छन्। तिनीहरू विश्वास गर्छन् कि तिनीहरूले कुनै पनि वास्तविक निर्णय नलिइकनै वा वास्तविक कार्यमा आफूलाई नलगाइकनै परमेश्वरप्रति केवल शब्दहरूद्वारा आभार प्रकट गरेर तिनीहरू निकै नै चलाख बनेका छन्। त्यस्ता मानिसहरूलाई परमेश्वरले कसरी हेर्नुहुन्छ? उहाँले तिनीहरूलाई अविश्वासीहरूको रूपमा हेर्नुहुन्छ। केही मानिसहरूले सोध्छन्, "के अविश्वासीहरूले परमेश्वरका वचनहरू पढ्न सक्छन्? के तिनीहरूले तिनीहरूका कर्तव्यहरू पूरा गर्न सक्छन्? के तिनीहरूले 'म परमेश्वरको लागि जिउँछु' भन्ने वचन बोल्न सक्छन्?" मानिसहरूले प्रायजसो देख्ने कुरा भनेको मानिसहरूले सतही रूपमा प्रदर्शन गरेका कुराहरू हुन्; तिनीहरूले मानिसहरूका सारहरूलाई देख्दैनन्। तथापि, परमेश्वरले यी सतही प्रदर्शनहरूलाई हेर्नुहुन्न, उहाँले तिनीहरूको भित्री सारलाई मात्र हेर्नुहुन्छ। यसर्थ, यी मानिसहरूप्रति परमेश्वरले राख्नुहुने आचरण र परिभाषा यस्तै प्रकारका हुन्छन्। यी मानिसहरू भन्छन्, "परमेश्वरले किन यो गर्नुहुन्छ? परमेश्वरले किन त्यो गर्नुहुन्छ? म यो बुझ्न सक्दिनँ; म त्यो बुझ्न सक्दिनँ; यो मानव धारणाहरूसँग मेल खाँदैन; तैँले मलाई बताउनैपर्छ...।" यसको जबाफको रूपमा म सोध्छु, के यी कुराहरू तँलाई मैले बताउन जरुरी छ? के तँसँग यी कुराहरूको वास्तवमा कुनै सम्बन्ध छैन? तैँले तँ को होस् भन्ने ठान्छस्? तँ कहाँबाट आइस्? के तँ परमेश्वरलाई सुझाव दिन साँच्चै योग्य छस्? के तँ उहाँमा विश्वास गर्छस्? के उहाँले तेरो विश्वास

स्वीकार गर्नुहुन्छ? परमेश्वरसँग तेरो विश्वासको कुनै सम्बन्ध नभएको हुनाले, उहाँका कामहरूमा तेरो के सरोकार छ? तँलाई आफू परमेश्वरको हृदयमा कहाँ छु भन्ने नै थाहा छैन, त्यसैले तँ कसरी उहाँसँगको वार्तालापमा संलग्न हुन योग्य छस्?

**अर्तीका वचनहरू**

के तिमीहरू यी टिप्पणीहरू सुनेपछि असहज महसुस गर्दैनौ? तिमीहरू कि त तिनलाई सुन्न कि त तिनलाई स्वीकार गर्न अनिच्छुक हुनसक्ने भए तापनि तिनीहरू सबै तथ्यहरू हुन्। कामको यो चरण भनेको परमेश्वरले काम गर्नको लागि हो, त्यसैले यदि तँ उहाँका अभिप्रायहरूप्रति सरोकार राख्दैनस् भने, उहाँको आचरणको बारेमा परवाह गर्दैनस् भने र उहाँको सार र स्वभावलाई बुझ्दैनस् भने, अन्ततः तँ अवसरबाट बन्चित हुने व्यक्ति बन्नेछस्। मेरा वचनहरू सुन्न गाह्रो भएकोमा दोष नदेओ, र तिनले तिमीहरूको उत्साहलाई चिस्याइदिएकोमा दोष नदेओ। म सत्यता बोल्छु, मेरो अभिप्राय तिमीहरूलाई निरुत्साहित गर्नु होइन। मैले तिमीहरूबाट जेसुकै मागे तापनि र यसलाई तिमीहरूले जे-जसरी गर्न तय गरिएको भए तापनि, म आशा गर्छु कि तिमीहरूले सही मार्ग हिँड्छौ र परमेश्वरको मार्ग पछ्याउँछौ र तिमीहरू सही मार्गबाट कहिल्यै पनि बरालिँदैनौ। यदि तँ परमेश्वरको वचन अनुरूप अघि बढ्दैनस् भने वा उहाँको मार्गलाई पछ्याउँदैनस् भने तैँले परमेश्वर विरुद्ध विद्रोह गर्दैछस् र सही मार्गबाट भट्किएको छस् भन्नेमा कुनै शङ्का हुँदैन। यसर्थ, मलाई लाग्छ, केही यस्ता मामलाहरू छन् जसको बारेमा मैले तिमीहरूलाई स्पष्ट पार्नुपर्ने हुन्छ र जसलाई मैले तिमीहरूलाई द्विविधारहित तवरमा, स्पष्ट रूपले र अनिश्चितताको कुनै पनि अवशेषविना विश्वास गर्ने तुल्याउनुपर्छ र मैले तिमीहरूलाई परमेश्वरको आचरणको बारेमा, उहाँका अभिप्रायहरूको बारेमा, उहाँले मानिसहरूलाई कसरी सिद्ध तुल्याउनुहुन्छ भन्ने बारेमा र उहाँले मानिसहरूका परिणामहरू निर्धारण गर्ने तौरतरिकाहरूको बारेमा स्पष्ट बुझाइ हासिल गर्न सहयोग गर्नुपर्छ। तिमीहरूले यो मार्गमा यात्रा सुरु गर्न असक्षम हुने कुनै दिन आएमा, कुनै उत्तरदायित्व वहन गर्दिनँ, किनभने यी वचनहरूलाई यसअघि नै तेरो सामने स्पष्ट रूपमा भनिसकिएको छ। जहाँसम्म तैँले तेरो आफ्नो परिणामलाई कसरी निराकरण गर्छस् भन्ने सवाल छ, यो यस्तो मामला हो जुन पूर्ण रूपमा तँमा निर्भर रहन्छ। विविध प्रकारका मानिसहरूका परिणामहरूको सम्बन्धमा भन्दा, परमेश्वरसँग फरक-फरक आचरणहरू छन्, तिनीहरूलाई तौलने उहाँका आफ्नै तरिकाहरू छन्, साथसाथै तिनीहरूको लागि आवश्यक पर्ने उहाँका आफ्नै मापदण्डहरू छन्। मानिसहरूका परिणामहरू तौलने उहाँका मापदण्डहरू यस्तो मापदण्ड हो जुन सबैको लागि न्यायसंगत हुन्छ– यसको बारेमा कुनै सन्देह छैन! त्यसकारण, केही व्यक्तिहरूका डरहरू अनावश्यक छन्। के तिमीहरू अब ढुक्क महसुस गर्छौ? आजको लागि यति नै। फेरि भेटौँला!

अक्टोबर १७, २०१३

# परमेश्वरको काम, परमेश्वरको स्वभाव र परमेश्वर स्वयम् १

आज हामी एउटा महत्त्वपूर्ण विषयको बारेमा सङ्गति गर्दैछौँ। परमेश्वरको कामको प्रारम्भदेखि नै यस विषयमा छलफल हुँदै आएको छ र जुनचाहिँ हरेक व्यक्तिको निम्ति धेरै महत्त्वपूर्ण छ। अर्को शब्दमा, यो यस्तो विषय हो जससँग परमेश्वरमा विश्वास गर्ने क्रममा हरेकले सामना गर्नुपर्ने छ; यो सामना गर्नै पर्ने विषय हो। यो महत्त्वपूर्ण, अपरिहार्य विषय हो जसबाट मानवजाति टाढा जानै सक्दैन। महत्त्वको कुरा गर्दा, परमेश्वरमा विश्वास गर्ने हरेकको निम्ति सबैभन्दा महत्त्वपूर्ण कुरा के हो? परमेश्वरको इच्छा बुझ्नु सबैभन्दा महत्त्वपूर्ण कुरा हो भनेर केही मानिसहरू सोच्छन्; परमेश्वरका वचनहरू अझ बढी खानु र पिउनु सबैभन्दा महत्त्वपूर्ण कुरा हो भनेर केहीले विश्वास गर्छन्; आफैँलाई चिन्नु सबैभन्दा महत्त्वपूर्ण कुरा हो भनी केहीले महसुस गर्छन्; परमेश्वरद्वारा कसरी मुक्ति प्राप्त गर्ने, परमेश्वरलाई कसरी पछ्याउने र परमेश्वरको इच्छा कसरी पूरा गर्ने भन्ने कुरा जान्नु नै सबैभन्दा महत्त्वपूर्ण कुरा हो भन्ने अन्यको धारणा छ। आज हामी यी सबै विषयहरूलाई अलग राख्ने छौँ। त्यसो भए आज हामी के कुराको बारेमा छलफल गर्दैछौँ? यसको विषयचाहिँ परमेश्वर हो। के यो सबै मानिसहरूको निम्ति सबैभन्दा महत्त्वपूर्ण विषय हो? यस विषयमा के कुरा समावेश हुन्छ? अवश्य नै, यसलाई परमेश्वरको स्वभाव, परमेश्वरको सार र परमेश्वरको कामबाट अलग राख्न सकिन्न। यसैले आज “परमेश्वरको काम, परमेश्वरको स्वभाव र परमेश्वर स्वयम्” को बारेमा छलफल गरौँ।

मानिसले परमेश्वरमा विश्वास गर्न सुरु गरेको समयदेखि नै, परमेश्वरको काम, परमेश्वरको स्वभाव र परमेश्वर स्वयम् जस्ता विषयहरूको तिनीहरूले सामना गरेका छन्। परमेश्वरको कामको बारेमा कुरा गर्दा, केही मानिसहरूले यसो भन्ने छन्: “परमेश्वरको काम हामीमा गरिन्छ; हामीले यसको अनुभव दैनिक गर्छौं, त्यसैले हामी यससँग अपरिचित छैनौँ।” परमेश्वरको स्वभावको बारेमा कुरा गर्दा, केहीले यसो भन्ने छन्: “परमेश्वरको स्वभाव हाम्रो सम्पूर्ण जीवनभर हामीले अध्ययन, अन्वेषण र ध्यान दिने विषय हो, यसैले यससँग हामी परिचित हुनै पर्छ।” परमेश्वर स्वयम्को बारेमा कुरा गर्दा, केहीले भन्ने छन्: “हामीले पछ्याउने, हामीले विश्वास गर्ने र हामीले खोजी गर्ने परमेश्वर स्वयम्लाई नै हो; न त हामी उहाँको बारेमा अनभिज्ञ नै छौँ।” परमेश्वरले सृष्टिदेखि आफ्नो काम कहिले रोक्नुभएको छैन; आफ्नो कामको दौरानमा उहाँले आफ्नो स्वभावलाई व्यक्त गर्ने कार्य जारी राख्नुभएको छ र आफ्नो वचनलाई व्यक्त गर्ने विभिन्न माध्यमहरू प्रयोग गर्नुभएको छ। उही समयमा, उहाँले आफैँलाई र आफ्नो सारलाई मानवजातिकहाँ व्यक्त गर्ने कार्य, मानिसप्रतिको उहाँको इच्छा र मानिसबाट उहाँले चाहेको कुरालाई व्यक्त गर्ने कार्यलाई उहाँले कहिले पनि रोक्नुभएको छैन। यसैले, शाब्दिक रूपले भन्नुपर्दा, यी विषयहरूमा कोही पनि अपरिचित छैन। तैपनि, आज परमेश्वरलाई पछ्याउने मानिसहरूको लागि भने, परमेश्वरको काम, परमेश्वरको स्वभाव र परमेश्वर स्वयम् सबै वास्तवमा धेरै बिराना कुराहरू हुन्। किन यस्तो हो? मानिसले परमेश्वरको कामको अनुभव गर्दा, तिनीहरू परमेश्वरको सम्पर्कमा पनि आउँछन्, यसले तिनीहरूले परमेश्वरको स्वभाव बुझेको वा तिनीहरूले उहाँ कस्तो हुनुहुन्छ भन्ने कुराको केही ज्ञान महसुस

तिनीहरूलाई गराउँछ। यसै गरी, मानिसले परमेश्वरको काम वा परमेश्वरको स्वभावसँग आफू अपरिचित छु भन्ने सोच्दैन। परन्तु, मानिसले आफू परमेश्वरसँग एकदमै परिचित भएको र परमेश्वरको बारेमा धेरै आफूलाई थाहा भएको ठान्छ। तर वर्तमान परिस्थितिमा, परमेश्वर बारेको यो बुझाइ, अन्य जस्तै, तिनीहरूले पुस्तकहरूमा पढेको कुरामा सीमित छ, व्यक्तिगत अनुभवमा सीमित छ, कल्पनामा सीमित छ, र तीभन्दा बढी त, तिनीहरूका आफ्नै आँखाले देखेका तथ्यहरूमा सीमित छ—ती सबै सत्य परमेश्वर स्वयम् देखि टाढा छन्। र यो "टाढा" कति टाढा छ? सायद मानिस आफैँलाई निश्चित छैन, वा सायद मानिसलाई थोरै थाहा छ अर्थात् आभास छ—तर जब परमेश्वर स्वयम्‌को कुरा आउँछ, साँचो परमेश्वर स्वयम्‌को सारको बारेमा मानिसको बुझाइ धेरै टाढा छ। यसैले, "परमेश्वरको काम, परमेश्वरको स्वभाव र परमेश्वर स्वयम्" जस्तो विषयको निम्ति हामी व्यवस्थित र ठोस तवरले सङ्गतिमा रहनु अपरिहार्य छ।

वास्तवमा, परमेश्वरको स्वभाव सबैका निम्ति खुला छ र लुकेको छैन, किनकि परमेश्वरले कहिले पनि जानाजान कुनै व्यक्तिलाई बेवास्ता गर्नुभएको छैन र मानिसहरूले उहाँलाई नचिनून् वा नबुझून् भनेर जानाजान कहिले पनि आफूलाई लुकाउनुभएको छैन। जहिले पनि खुला रहनु र खुला रूपले हरेक व्यक्तिको सामना गर्नु परमेश्वरको स्वभाव हो। परमेश्वरको व्यवस्थापनमा, हरेकको सामना गरेर परमेश्वरले उहाँको काम गर्नुहुन्छ र हरेक व्यक्तिमा उहाँको काम गरिन्छ। उहाँले यो काम गर्ने क्रममा, हरेक व्यक्तिलाई दिशानिर्देश गर्न र उपलब्ध गराउनको निम्ति उहाँले आफ्नो स्वभावलाई निरन्तर रूपमा प्रकट गर्दै हुनुहुन्छ र आफ्नो सार, उहाँसँग जे छ र उहाँ जे हुनुहुन्छ, ती कुरा को प्रयोग निरन्तर रूपमा गर्दै हुनुहुन्छ। हरेक युग र हरेक चरणमा, परिस्थितिहरू असल र खराब जस्ता भए पनि, परमेश्वरको स्वभाव हरेकको निम्ति सधैँ खुला छ र उहाँको सम्पत्तिहरू र अस्तित्व हरेकको लागि सधैँ खुला छन्, जसरी उहाँको जीवन नित्य र अटुट रूपमा मानवजातिको निम्ति उपलब्ध गराइरहेको र सहायता गरिरहेको छ। यी सबैको बाबजुद, केहीको निम्ति परमेश्वरको स्वभाव गुप्त नै रहन्छ। किन? किनकि यी मानिसहरू परमेश्वरको कामभित्र नै जिउने र परमेश्वरलाई पछ्याउने भएता पनि, तिनीहरूले कहिले पनि परमेश्वरलाई बुझ्न खोजेका छैनन् न त उहाँलाई चिन्न नै चाहेका छन्, तिनीहरू परमेश्वरको नजिक जाने त कुरै नगरौँ। ती मानिसहरूको निम्ति, परमेश्वरको स्वभाव जान्नु तिनीहरूको अन्त्य नजिक छ भन्ने कुराको सङ्केत हो; यसको अर्थ परमेश्वरको स्वभावद्वारा तिनीहरूको न्याय गरिन र दोषी ठहऱ्याइन लागेको छ भन्ने हुन्छ। यसर्थ, तिनीहरूले कहिले पनि परमेश्वर वा उहाँको स्वभावलाई बुझ्ने इच्छा गरेका छैनन्, न त परमेश्वरको इच्छाको गहिरो समझ वा ज्ञानको लालच नै गरेका छन्। तिनीहरूले सचेत साझेदारीको माध्यमबाट परमेश्वरको इच्छालाई बुझ्न खोज्दैनन्—तिनीहरूले जहिले पनि आनन्द मात्रै मनाउँछन् र तिनीहरूले गर्न चाहेको कुरा गर्नबाट कहिले पनि थाक्दैनन्; तिनीहरूले विश्वास गर्न चाहेको परमेश्वरमा विश्वास गर्छन्; तिनीहरूका कल्पनाहरूमा मात्र अस्तित्वमा रहनुभएका परमेश्वरमा, तिनीहरूका धारणामा मात्र अस्तित्वमा रहनुभएको परमेश्वरलाई विश्वास गर्छन्; र तिनीहरूको दैनिक जीवनमा तिनीहरूबाट अलग नहनुभएका परमेश्वरमा विश्वास गर्छन्। तर जब साँचो परमेश्वर स्वयम्‌को कुरा आउँछ तिनीहरू त्यसलाई पूर्ण रूपमा महत्त्वहीन ठान्छन् र उहाँलाई

बुझ्ने वा उहाँलाई ध्यान दिने कुनै पनि चाहना तिनीहरूमा हुँदैन र उहाँको नजिकमा जाने इच्छाको त कुरै नगरौँ। तिनीहरूले परमेश्‍वरले व्यक्त गर्नुभएका वचनहरूलाई आफ्नो सजावटको निम्ति, आफैँलाई सुन्दर देखाउनको लागि मात्र प्रयोग गर्छन्। तिनीहरूको विचारमा, यसले तिनीहरूलाई पहिले नै सफल विश्‍वासीहरू र आफ्ना हृदयमा परमेश्‍वरप्रति विश्‍वास भएका मानिसहरू बनाउँछ। तिनीहरूका हृदयमा तिनीहरूका कल्पना, तिनीहरूका धारणा र परमेश्‍वरसम्बन्धि आफ्नै व्यक्तिगत परिभाषाहरूद्वारा तिनीहरू निर्देशित छन्। अर्कोतिर, साँचो परमेश्‍वर स्वयम्‌प्रति चाहिँ तिनीहरूको कुनै सरोकार छैन। किनकि, साँचो परमेश्‍वर स्वयम्‌लाई तिनीहरूले बुझ्ने, परमेश्‍वरको साँचो स्वभावलाई बुझ्ने र परमेश्‍वरसँग जे छ र उहाँ जे हुनुहुन्छ भन्ने कुरा बुझ्ने भएका भए, यसको अर्थ यही हुन्थ्यो कि तिनीहरूका कामहरू, तिनीहरूको विश्‍वास र तिनीहरूका खोजहरू दोषी ठहरिने थिए। यसैले तिनीहरू परमेश्‍वरको सार बुझ्न अनिच्छुक छन् र परमेश्‍वरलाई सक्रिय रूपमा खोज्न वा अझ राम्ररी परमेश्‍वरलाई बुझ्नको निम्ति प्रार्थना गर्न, परमेश्‍वरको इच्छा अझ राम्ररी जान्‍न र परमेश्‍वरको स्वभाव अझ राम्ररी बुझ्न तिनीहरू अनिच्छुक छन्। बरु तिनीहरू बनाइएको, खोक्रो र अस्पष्ट परमेश्‍वर चाहन्छन्। बरु परमेश्‍वर तिनीहरूले कल्पना गरे जस्तो भएको, तिनीहरूले चाहेको बेलामा जे पनि गरिदिन सक्ने, अक्षय रूपमा पूर्ति गर्न सक्ने र सधैँ उपलब्ध हुने जन भएको चाहन्छन्। तिनीहरूले परमेश्‍वरको अनुग्रहको आनन्द लिन चाहँदा, परमेश्‍वर त्यो अनुग्रह बनेको तिनीहरू चाहन्छन्। तिनीहरूलाई परमेश्‍वरको आशिष्‌को आवश्यकता पर्दा परमेश्‍वर त्यो आशिष् बनेको तिनीहरू चाहन्छन्। प्रतिकूल परिस्थितिको सामना गर्नुपर्दा, तिनीहरूको पछिल्लो भागको ढाल बनेर तिनीहरूलाई निर्भीक बनाउनु भएको होस् भनेर परमेश्‍वरसँग माग्छन्। यी मानिसहरूको परमेश्‍वर बारेको ज्ञान अनुग्रह र आशिष्‌को परिधिभित्र अड्केको छ। परमेश्‍वरको काम, परमेश्‍वरको स्वभाव र परमेश्‍वर स्वयम् बारेको तिनीहरूको समझ तिनीहरूकै कल्पनाहरू, अक्षरहरू र सिद्धान्तहरूमा मात्र सीमित छन्। तर परमेश्‍वरको स्वभाव जान्‍न उत्सुक, परमेश्‍वर स्वयम्‌लाई साँच्चिकै देख्न चाहने, र साँचो रूपमा परमेश्‍वरको स्वभाव र उहाँसँग जे छ र उहाँ जे हुनुहुन्छ भन्ने कुरा बुझ्न खोज्ने केही मानिसहरू छन्। यी मानिसहरू सत्यको वास्तविकता र परमेश्‍वरबाट प्राप्त मुक्तिको खोजीमा छन् र परमेश्‍वरद्वारा प्राप्त विजय, मुक्ति र सिद्धताको खोजी गर्छन्। तिनीहरू परमेश्‍वरको वचन पढ्नलाई आफ्ना हृदयको प्रयोग गर्छन्, परमेश्‍वरले तिनीहरूको निम्ति प्रबन्ध गर्नुभएको हरेक परिस्थिति र हरेक व्यक्ति, घटना र वस्तुको कदर गर्नको निम्ति आफ्ना हृदयको प्रयोग गर्छन् र तिनीहरू इमानदारीसाथ प्रार्थना गर्छन् र खोज्छन्। तिनीहरूले सबैभन्दा धेरै जान्‍न चाहेको कुरा परमेश्‍वरको इच्छा हो, र तिनीहरूले सबैभन्दा धेरै बुझ्न चाहेको कुरा परमेश्‍वरको साँचो स्वभाव र सार हो, ताकि तिनीहरूले परमेश्‍वरलाई अपमानित नगरून् र आफ्ना अनुभवहरूद्वारा अधिक रूपमा परमेश्‍वरको सुन्दरता र उहाँको साँचो पक्ष देख्न सकून्। यस्तो पनि हो कि साँचो रूपमा वास्तविक परमेश्‍वर तिनीहरूको हृदयहरूमा हुनुहुनेछ, र परमेश्‍वर तिनीहरूको हृदयहरूमा बास गर्नुहुनेछ, यसरी तिनीहरू कल्पना, धारणाहरू वा अस्पष्टतामा जिउने छैनन्। यी मानिसहरूमा परमेश्‍वरको स्वभाव र सार जान्‍ने उत्कट इच्छा हुनुको कारण यही हो कि मानवजातिको अनुभवको दौरानमा तिनीहरूलाई हरेक पल परमेश्‍वरको स्वभाव र सारको जरुरत

पर्छ; कुनै व्यक्तिको जीवनभर जीवनको पूर्ति गर्ने काम उहाँको स्वभाव र सारले नै गर्छ। तिनीहरूले परमेश्‍वरको सार बुझेपछि, तिनीहरू परमेश्‍वरको अझ आदर गर्न सक्षम हुन्छन्, परमेश्‍वरको काममा अझ सहकार्य गर्छन्, र परमेश्‍वरको इच्छाप्रति अझ विचारवान् हुन्छन् र तिनीहरूको क्षमताले भ्याएसम्म आफ्नो कर्तव्य निर्वाह गर्छन्। दुई किसिमका मानिसहरूले परमेश्‍वरको स्वभावप्रति राखेको मनोवृत्तिहरू यस्ता छन्। पहिलो प्रकारले परमेश्‍वरको स्वभाव बुझ्न चाहँदैन। तिनीहरूले परमेश्‍वरको स्वभाव जान्न चाहन्छ, परमेश्‍वर स्वयम्‌लाई अर्थात् परमेश्‍वरसँग जे छ र उहाँ जे हुनुहुन्छ भन्‍ने कुरा जान्न चाहन्छ र साँचो रूपमा परमेश्‍वरको इच्छाको कदर गर्छौं भनेता पनि, भित्र गहिराइबाट परमेश्‍वरको अस्तित्व नभएको तिनीहरू चाहन्छन्। किनभने यस्ता किसिमका मानिसहरू निरन्तर परमेश्‍वरको अवज्ञा र विरोध गर्छन्; तिनीहरूका आफ्नै हृदयमा ओहोदाको निम्ति परमेश्‍वरसँग लडाइँ गर्छन् र परमेश्‍वरको अस्तित्वमाथि प्रायः शङ्का गर्छन् वा इन्कार गर्छन्। परमेश्‍वरको स्वभाव वा साँचो परमेश्‍वर स्वयम्‌ले तिनीहरूको हृदयमा बास गरेको तिनीहरू चाहँदैनन्। तिनीहरूका केवल आफ्नै इच्छा, कल्पना र महत्वाकांक्षा मात्र पूरा गर्न चाहन्छन्। यसैले, यी मानिसहरूले परमेश्‍वरमा विश्‍वास गर्न सक्छन्, परमेश्‍वरलाई पछ्याउन सक्छन् र उहाँको निम्ति आफ्ना परिवार र जागिरहरू पनि छोड्न सक्छन्, तर तिनीहरूले आफ्ना दुष्ट मार्गहरूलाई छोड्दैनन्। केहीले भेटी चोर्छन् वा फजुल खर्च गर्छन्, वा गुप्तमा परमेश्‍वरलाई सराप्छन् भने, अन्यले आफ्नै गवाही दिन, आफ्नै बढाइचढाइ गर्न तथा मानिसहरू र हैसियतको निम्ति परमेश्‍वरसँग प्रतिस्पर्धा गर्नको निम्ति बारम्बार आफ्ना पदहरूलाई प्रयोग गर्न सक्छन्। तिनीहरूलाई मानिसहरू ले पुजून् भनेर अनेक विधि र उपायहरूको प्रयोग गर्छन्, मानिसहरूलाई जित्‍न र तिनीहरूलाई नियन्त्रणमा लिन निरन्तर प्रयास गर्छन्। केहीले आफूलाई परमेश्‍वर ठानेर र तिनीहरूलाई परमेश्‍वरलाई झैँ व्यवहार गरिनुपर्छ भनेर जानीजानी मानिसहरूलाई बहकाउँछन् पनि। तिनीहरूले आफू भ्रष्‍ट भएको कुरा कहिले पनि कसैलाई बताउँदैन्–कि तिनीहरू ज्यादै भ्रष्‍ट र अहंकारी भएको कारण तिनीहरूलाई पुजून् र तिनीहरूले जति नै असल गरेता पनि त्यो सबै परमेश्‍वरलाई उच्च पार्ने कामको कारणले हो र तिनीहरूले त आफूले गर्नुपर्ने कुरा मात्र गरेका हुन्। तिनीहरूले यीकुराहरू किन भन्दैनन्? किनकि मानिसहरूको हृदयबाट आफ्नो स्थान गुम्छ कि भन्‍ने गहिरो डर तिनीहरूमा छ। यसैले यस्ता मानिसहरूले कहिले पनि परमेश्‍वरलाई उच्च पार्दैनन् र परमेश्‍वरको गवाही कहिले पनि बन्दैनन्, किनकि तिनीहरूले परमेश्‍वरलाई बुझ्ने प्रयास कहिले पनि गरेनन्। के तिनीहरूले परमेश्‍वरलाई नबुझीकन उहाँलाई चिन्‍न सक्छन्? असम्भव! यसैले, "परमेश्‍वरको काम, परमेश्‍वरको स्वभाव र परमेश्‍वर स्वयम्" विषयका शब्दहरू सामान्य हुन सक्छन्, तिनको अर्थ हरेक व्यक्तिका निम्ति फरक हुन्छ। बारम्बार परमेश्‍वरको अवज्ञा गर्ने, परमेश्‍वरको विरोध गर्ने, र परमेश्‍वरप्रति शत्रुतापूर्ण व्यवहार गर्ने व्यक्तिको निम्ति भने, ती वचनहरूले दण्डको सङ्केत गर्छन्; जबकि सत्यता वास्तविकताको खोजी गर्ने र परमेश्‍वरको इच्छा खोज्‍न अक्सर परमेश्‍वरको सामु आउने व्यक्तिले माछाले पानीलाई जसरी लिन्छ त्यसरी नै यस्ता वचनहरूलाई लिन्छ। तर तिमीहरूका बीचमा यस्ता पनि छन्, जसलाई परमेश्‍वरको स्वभाव र परमेश्‍वरको कामको बारेमा सुन्दा टाउको दुख्न सुरु हुन्छ, तिनीहरूको हृदय विरोधले पूर्ण हुन्छ, र तिनीहरूले अत्यन्तै असहज महसुस गर्छन्। तर

तिमीहरूका बीचमा यस्तो सोच्ने अन्य व्यक्तिहरू पनि छन्: यो ठ्याक्कै मलाई चाहिने विषय हो, किनकि यो विषय मेरो लागि धेरै फाइदाजनक छ। यो मेरो जीवनको अनुभवबाट गुमाउन नसक्ने केही कुरा हो; यो महत्त्वपूर्णभन्दा पनि महत्त्वपूर्ण कुरा हो, परमेश्‍वरमा गरिने विश्‍वासको जग, र मानवजातिले त्याग्न नसक्ने केही कुरा हो। तिमीहरू सबैको निम्ति यो विषय नजिक र टाढा, अपरिचत तापनि परिचित दुवै लाग्न सक्छ। तर जे भए पनि यो सबैले सुन्‍नै पर्ने, जान्‍नै पर्ने र बुझ्‍नै पर्ने विषय हो। तैँले यसलाई जस्तो व्यवहार गरेता पनि, यसलाई तैँले जसरी हेरेता पनि वा यसलाई जसरी बुझेता पनि, यस विषयको महत्त्वलाई उपेक्षा गर्न सकिन्‍न।

परमेश्‍वरले मानवजातिको सृष्टिदेखि नै आफ्नो काम गर्दै आउनुभएको छ। सुरुमा यो एकदमै सरल काम थियो, तर सरलताको बाबजुद, यसमा परमेश्‍वरको सार र स्वभावको अभिव्यक्ति सामेल थियो। जबकि अहिले परमेश्‍वरको कामको उत्थान भएको छ, र उहाँको वचनको महान् अभिव्यक्तिका साथ उहाँलाई पछ्याउने हरेक व्यक्तिमा यो काम आसाधारण र ठोस बनेको छ भने, यस दौरानमा परमेश्‍वरको व्यक्तित्व मानवजातिबाट लुकेको छ। उहाँ दुई पटक देहधारी हुनुभयो, तापनि बाइबलीय वृतान्तहरूदेखि लिएर आधुनिक समयसम्म कसले परमेश्‍वरको वास्तविक व्यक्तित्व देखेको छ? तिमीहरूको समझको आधारमा, के कसैले परमेश्‍वरको वास्तविक व्यक्तित्व देखेको छ? छैन। कसैले पनि परमेश्‍वरको वास्तविक व्यक्तित्व देखेको छैन, अर्थात् कसैले पनि परमेश्‍वरको साँचो व्यक्तित्व देखेको छैन। यस कुरामा सबै सहमत छन्। यसको अर्थ यही हो कि परमेश्‍वरको वास्तविक व्यक्तित्व, वा परमेश्‍वरको आत्मा उहाँले सृष्टि गर्नुभएका आदम र हव्वा तथा उहाँले स्वीकार गर्नुभएका धर्मी अय्यूब लगायत सारा मानवजातिदेखि लुकेको छ। तिनीहरूमध्ये कसैले पनि परमेश्‍वरको वास्तविक व्यक्तित्व देखेनन्। तर परमेश्‍वरले आफ्नो वास्तविक व्यक्तित्वलाई किन जानाजान लुकाउनुहुन्छ? केही मानिसहरू भन्छन्: "मानिसहरू तर्सिन्छन् कि भनेर परमेश्‍वर डराउनुहुन्छ।" अरू भन्छन्: "मानिस अति नै सानो र परमेश्‍वर अति नै महान् भएको कारण परमेश्‍वरले आफ्नो वास्तविक व्यक्तित्व लुकाउनुहुन्छ; मानवले उहाँलाई नदेख्‍न सक्छन्, नत्रता तिनीहरू मर्ने छन्।" यसो भन्‍नेहरू पनि छन्: "परमेश्‍वर हरेक दिन आफ्नो कामको व्यवस्थापनमा व्यस्त हुनुहुन्छ, र अरूले देख्‍ने गरी देखा पर्ने उहाँसँग समय नहुन सक्छ।" तिमीहरूले जे विश्‍वास गरेता पनि, मेरो निष्कर्ष यहाँ छ। त्यो निष्कर्ष के हो? त्यो यही हो कि मानिसहरूले उहाँको वास्तविक व्यक्तित्व देखेको परमेश्‍वर चाहनुहुन्‍न। मानवताबाट लुकेर रहने कार्य नै परमेश्‍वरले जानाजान गर्ने कार्य हो। अर्को शब्दमा, उहाँको वास्तविक व्यक्तित्व मानिसहरूले नदेखून् भन्‍ने परमेश्‍वरको अभिप्राय छ। यो कुरा तिमीहरूलाई अहिलेसम्ममा स्पष्ट हुनुपर्ने हो। यदि परमेश्‍वरले आफ्नो व्यकित्व कसैलाई कहिल्यै पनि प्रकट गर्नुभएको छैन भने, के परमेश्‍वरको व्यक्तित्व अस्तित्वमा छ भन्‍ने तिमीहरू सोच्छौ? (उहाँ अस्तित्वमा हुनुहुन्छ।) अवश्य उहाँ हुनुहुन्छ। परमेश्‍वरको व्यक्तित्वको अस्तित्व सबै शंकादेखि बाहिर छ। तर परमेश्‍वरको व्यक्तित्व कति महान् छ वा उहाँ कस्तो देखिनुहुन्छ भन्‍ने सन्दर्भमा, के मानवजातिले यी प्रश्‍नहरूको छानबिन गर्नुपर्छ? पर्दैन। यसको जवाफ नकारात्मक छ। यदि परमेश्‍वरको व्यक्तित्व हाम्रो खोजको विषय होइन भने, केचाहिँ हो त? (परमेश्‍वरको स्वभाव।) (परमेश्‍वरको काम।) तथापि औपचारिक विषयको

बारेमा सङ्गति गर्नु अगाडि, केही समय अगाडि हामीले छलफल गरिरहेको कुरामा फर्कौं: परमेश्वरले आफ्नो व्यक्तित्व मानवजातिकहाँ किन कहिले पनि प्रकट गर्नुभएको छैन? परमेश्वरले किन उहाँको व्यक्तित्व जानाजान मानवजातिदेखि लुकाउनुहुन्छ? यसको एउटै कारण छ र त्यो यो होः परमेश्वरले सृष्टि गर्नुभएको मानिसले हजारौं वर्षको उहाँको कामको अनुभव गरेको भए तापनि, परमेश्वरको काम, परमेश्वरको स्वभाव र परमेश्वरको सार बुझ्ने एक जना पनि छैन। परमेश्वरको नजरमा, त्यस्ता मानिसहरू उहाँको विरुद्धमा हुन्छन् र उहाँको विरुद्ध लाग्ने मानिसहरूलाई उहाँले आफैंलाई देखाउनुहुन्न। परमेश्वरले उहाँको व्यक्तित्व मानवजातिकहाँ प्रकट नगर्नुको र उहाँले आफ्नो व्यक्तित्व जानाजान मानवजातिबाट लुकाउनुको एउटै कारण यही हो। के अब परमेश्वरको स्वभाव जान्नुको महत्त्व तिमीहरूलाई स्पष्ट भयो?

परमेश्वरको व्यवस्थापनको अस्तित्वदेखि नै, उहाँ सधैँ आफ्नो काम सम्पन्न गर्नको निम्ति पूर्ण रूपमा समर्पित हुँदै आउनुभएको छ। उहाँको व्यक्तित्व मानिसदेखि लुकेता पनि, मानिसमा उहाँको काम गर्दै, उहाँको स्वभाव अभिव्यक्त गर्दै, सारा मानवजातिलाई आफ्नो सारले मार्गनिर्देश गर्दै र हरेक व्यक्तिमा उहाँको शक्ति, उहाँको बुद्धि र उहाँको अधिकारद्वारा आफ्नो काम गर्दै उहाँ सधैँ मानिसको छेउमा रहँदै आउनुभएको छ, यसरी उहाँले व्यवस्थाको युग, अनुग्रहको युग र आजको राज्यको युगलाई अस्तित्वमा ल्याउनुभयो। परमेश्वरले उहाँको व्यक्तित्व मानिसबाट लुकाउनु भएता पनि, उहाँको स्वभाव, उहाँको अस्तित्व र सम्पत्तिहरू र मानवजातिप्रति उहाँको इच्छा मानिसले देख्न र अनुभव गरून् भनेर खुला रूपमा मानिसको सामु प्रकट गरिएका छन्। अर्को शब्दमा, मानवजातिले परमेश्वरलाई देख्न र छुन नसकेता पनि, मानवजातिले सामना गरेको परमेश्वरको स्वभाव र सार पूर्णतया परमेश्वर स्वयम्‌को अभिव्यक्तिहरू हुन्। के त्यो सत्य होइन? परमेश्वरले उहाँको कामको निम्ति जुनसुकै मार्ग वा तरिकाको प्रयोग गरेता पनि, उहाँले सधैँ आफ्नो साँचो पहिचानका साथ मानिसहरूसँग व्यवहार गर्नुहुन्छ, उहाँले अनिवार्य रूपमा गर्नुपर्ने काम गर्नुहुन्छ र उहाँले भन्नै पर्ने वचनहरू भन्नुहुन्छ। परमेश्वरले जुनसुकै ओहोदाबाट बोल्नुभएता पनि—उहाँ तेस्रो स्वर्गमा खडा भइरहनु भएको हुन सक्छ, वा शरीरमा खडा भइरहनु भएको हुन सक्छ, वा सामान्य व्यक्तिको रूपमा—उहाँ सधैँ आफ्नो सारा हृदय र सारा मनले मानिससँग बोल्नुहुन्छ, कुनै कपट वा गोप्यताविना। उहाँले आफ्नो काम सम्पन्न गर्नुहुँदा परमेश्वरले कुनै पनि किसिमको आरक्षणविना, आफ्नो वचन र आफ्नो स्वभाव अभिव्यक्त गर्नुहुन्छ र उहाँसँग जे छ र उहाँ जे हो भन्ने कुरा अभिव्यक्त गर्नुहुन्छ। उहाँले आफ्नो जीवन, उहाँको अस्तित्व र सम्पत्तिहरूद्वारा मानवजातिलाई मार्गनिर्देश गर्नुहुन्छ। व्यवस्थाको युगमा—मानवजातिको शिशु युगमा—"अदृष्य र अस्पृश्य" परमेश्वरको मार्गनिर्देशमा मानिसले यसरी नै जियो।

परमेश्वर व्यवस्थाको युगपछि पहिलो पटक देह बन्नुभयो—जुन देहधारण साँढे तेत्तिस वर्षसम्म रह्यो। मानवजातिको निम्ति, के साँढे तेत्तिस वर्ष लामो समय हो? (यो लामो समय होइन।) मानवजातिको आयु तीस वर्षभन्दा धेरै लामो हुने भएकोले, मानिसको लागि यो धेरै लामो समय होइन। तर देहधारी परमेश्वरको निम्ति, साँढे तेत्तिस वर्ष साँच्चै लामो थियो। उहाँ एक व्यक्ति बन्नुभयो—परमेश्वरको काम र कार्यभारको जिम्मा लिने एक साधारण व्यक्ति बन्नुभयो। यसको

अर्थ यो हुन्छ कि उहाँले एक साधारण व्यक्तिले सम्हाल्न नसक्ने काम सम्हाल्नुपर्ने थियो, यसको साथै साधारण मानिसहरूले सहन नसक्ने कष्ट पनि सहनुपर्ने थियो। उहाँको कामको सुरुदेखि क्रूसमा काँटी ठोकिनुभएको समयसम्म, अनुग्रहको युगमा प्रभु येशू ख्रीष्टले भोग्नुभएको कष्ट आजका मानिसहरूले व्यक्तिगत रूपमा देख्न सक्ने कुरा नहुन सक्छ, तर के तिमीहरूले बाइबलका कथाहरू पढेर कम्तिमा पनि यसको बारेमा अन्दाज लगाउन सक्दैनौ? यी अभिलिखित तथ्यहरूमा जतिसुकै विवरणहरू भएता पनि समग्रमा यस समयमा परमेश्‍वरको काम पूर्ण रूपमा कठिन र कष्टकर थियो। भ्रष्ट मानवको लागि, साँढे तेत्तिस वर्ष लामो समय होइन; थोरै कष्ट सानो कुरा हो। तर पवित्र, निष्कलङ्क परमेश्‍वर, जसले सारा मानवजातिको पापहरू बोक्नुपरेको थियो र पापीहरूसँग खानु, सुत्नु र बस्नुपरेको थियो, उहाँको लागि यो पिडा अविश्‍वनीय रूपले ठुलो थियो। उहाँ सृष्टिकर्ता हुनुहुन्छ, सारा कुराहरूका सार्वभौम र हरेक कुराका शासक हुनुहुन्छ, तथापि जब उहाँ संसारमा आउनुभयो, उहाँले भ्रष्ट मानवहरूको थिचोमिचो र क्रूरता सहनुपर्‍यो। उहाँको काम पूरा गर्न र मानवजातिलाई दुःखको सागरबाट उद्धार गर्न, उहाँ मानिसबाट निन्दित हुनुभयो र उहाँले सारा मानवजातिका पापहरू बोक्नुपर्‍यो। उहाँले भोग्नुभएको कष्टको मात्रा साधारण मानिसहरूले सम्भवतः बुझ्न सकिंदैन र यसलाई सराहना गर्न सक्दैनन्। यो कष्टले केको प्रतिनिधित्व गर्छ? यसले मानवजातिप्रति भएको परमेश्‍वरको अनुरागको प्रतिनिधित्व गर्छ। मानिसका पापहरूको छुटकाराको निम्ति र यस चरणको आफ्नो काम सम्पन्‍न गर्नको निम्ति उहाँले भोग्नुभएको अपमान र मानिसको मुक्तिको लागि उहाँले तिर्नुभएको मूल्यको प्रतिनिधित्व यसले गर्छ। यसको यो पनि अर्थ हुन्छ कि परमेश्‍वरले मानिसलाई क्रूसद्वारा छुटकारा दिनुहुने थियो। यो रगतमा, जीवनमा तिरिएको मूल्य हो र यो मूल्य सृष्टि गरिएका कुनै पनि प्राणीले तिर्न सक्दैन। किनकि उहाँमा परमेश्‍वरको सार छ र परमेश्‍वरसँग जे छ र उहाँ जे हुनुहुन्छ ती सबै स्वामित्व गर्नुहुन्छ, उहाँले यस्ता किसिमका कष्टहरू सहन र यस्ता किसिमका कामहरू गर्न सक्नुहुन्छ। उहाँद्वारा सृष्टि गरिएका कुनै पनि प्राणीले उहाँको साटोमा यो कुरा गर्न नसक्ने थियो। यो अनुग्रहको युगमा परमेश्‍वरको कार्य र उहाँको स्वभावको प्रकाश हो। के यसले परमेश्‍वरसँग जे छ र उहाँ जे हुनुहुन्छ भन्ने कुराको बारेमा केही प्रकट गर्छ? के यो मानवजातिले थाहा पाउन लायकको छ?

त्यस युगमा, मानिसले परमेश्‍वरको व्यकित्व नदेखेता पनि, तिनीहरूले परमेश्‍वरको पाप बलि प्राप्त गरे र तिनीहरूलाई परमेश्‍वरले क्रूसद्वारा छुटकारा दिनुभयो। परमेश्‍वरले अनुग्रहको युगमा गर्नुभएको कामप्रति मानवजाति अपरिचित नहुन सक्छ, तर के यस अवधिमा परमेश्‍वरले अभिव्यक्त गर्नुभएको स्वभाव र इच्छासँग कोही परिचित छ? मानिसले परमेश्‍वरले फरक फरक युगहरूमा र विभिन्‍न माध्यमहरूद्वारा गर्नुभएका कामको विवरणको बारेमा वा परमेश्‍वरले आफ्नो काम सम्पन्‍न गरिरहनुभएको समयमा घटित परमेश्‍वरसँग सम्बन्धित कथाको बारेमा विरलै मात्र जान्दछ। यी विवरण र कथाहरू परमेश्‍वरको बारेमा केही जानकारी वा किंवदन्तीहरूभन्दा बढी होइनन् र परमेश्‍वरका स्वभाव र सारसँग तिनीहरूको केही सम्बन्ध छैन। यसैले मानिसहरूले परमेश्‍वरको बारेमा जति धैरै कथाहरू जानेता पनि, यसको अर्थ तिनीहरूसँग परमेश्‍वरको स्वभाव र उहाँको

सारको बारेमा गहिरो बुझाइ र ज्ञान छ भन्ने होइन। व्यवस्थाको युगमा जस्तै, अनुग्रहको युगका मानिसहरूले देहमा हुनुभएको परमेश्‍वरसँग तात्कालिक र घनिष्ठ भेट अनुभव गरेका भए तापनि, परमेश्‍वरको स्वभाव र परमेश्‍वरको सार बारेको तिनीहरूको ज्ञान वास्तवमा अस्तित्वमा थिएन।

राज्यको युगमा, पहिले जसरी नै, परमेश्‍वर फेरि एक पटक देह बन्‍नुभयो। कामको यस अवधिमा, परमेश्‍वरले अझै खुला रूपमा उहाँका वचन अभिव्यक्त गर्नुहुन्छ, उहाँले गर्नुपर्ने काम गर्नुहुन्छ र उहाँसँग जे छ र उहाँ जे हुनुहुन्छ भन्‍ने कुरा अभिव्यक्त गर्नुहुन्छ। यसको साथै, उहाँले मानिसको अनाज्ञाकारिता र अज्ञानतालाई झेल्ने र सहने काम निरन्तर गर्नुहुन्छ। के परमेश्‍वरले यस कामको अवधिमा पनि आफ्नो स्वभावलाई प्रकट गर्ने र उहाँको इच्छालाई अभिव्यक्त गर्ने कार्यलाई निरन्तरता दिनुहुन्‍न र? यसैले, मानिसको सृष्टिको सुरुदेखि अहिलेसम्म, परमेश्‍वरको स्वभाव, उहाँको अस्तित्व र सम्पत्तिहरू र उहाँको इच्छा हरेक मानिसको निम्ति सधैँ खुला रहिआएको छ। परमेश्‍वरले कहिले पनि जानाजान उहाँको सार, उहाँको स्वभाव वा उहाँको इच्छालाई लुकाउनुभएको छैन। मानवजातिले परमेश्‍वरले के गर्दै हुनुहुन्छ, उहाँको इच्छा के हो भन्‍ने कुराको वास्ता नराखेको मात्र हो–यसैले मानिससँग परमेश्‍वरको बारेमा यस्तो अपर्याप्त बुझाइ छ। अर्को शब्दमा, परमेश्‍वरले आफ्नो व्यक्तित्वलाई लुकाउँदै गर्दा हरेक पटक उहाँको इच्छा, स्वभाव र सारलाई हरबखत खुला रूपमा प्रस्तुत गर्दै उहाँ मानवजातिको सामु खडा भइरहेको हुनुहुन्छ। एक अर्थमा, परमेश्‍वरको व्यक्तित्व मानिसहरूको निम्ति पनि खुला छ, तर मानिसको अन्धोपन र अनाज्ञाकारिताको कारणले, तिनीहरूले परमेश्‍वर देखा पर्ने घटनालाई कहिले पनि देख्‍न सक्दैनन्। यसैले यदि त्यसो हो भने, परमेश्‍वरको स्वभाव र परमेश्‍वर स्वयम्‌लाई बुझ्ने सबैको निम्ति सजिलो हुनुपर्ने होइन र? यो जवाफ दिनलाई धेरै कठिन प्रश्‍न हो, होइन र? तिमीहरू भन्छौ यो सजिलो छ, तर जब केही मानिसहरूले परमेश्‍वरलाई जान्‍न खोज्छन्, वास्तवमा तिनीहरूले उहाँलाई जान्‍न वा उहाँको बारेमा स्पष्ट रूपले बुझ्न सक्दैनन्–यो सधैँ धमिलो र अस्पष्ट छ। तर यो सजिलो छैन भनी तिमीहरू भन्छौ भने, त्यो पनि सही होइन। यति लामो समयसम्म परमेश्‍वरको कामको विषय भएको कारण, आफ्ना अनुभवहरूद्‌वारा सबैले परमेश्‍वरसँग साँचो व्यवहार गरेको हुनुपर्ने हो। तिनीहरूले आफ्ना हृदयमा केही हदसम्म परमेश्‍वरको अनुभूति गरेका वा परमेश्‍वरको आत्मिक छुवाइको महसुस गरेका हुनुपर्ने हो, र तिनीहरूले कम्तिमा पनि परमेश्‍वरको स्वभावको बारेमा केही अवधारणात्मक जागरूकता प्राप्त गरेका वा उहाँको बारेमा केही बुझेका हुनुपर्ने हो। मानिसले परमेश्‍वरलाई पछ्याउन थालेको समयदेखि अहिलेसम्म, मानवजातिले ज्यादै धेरै प्राप्त गरेको छ, तर मानिसको कमजोर योग्यता, अज्ञानता, विद्रोह र विविध अभिप्रायहरूजस्ता कारणहरूले गर्दा मानवजातिले तीमध्ये धेरै गुमाएको पनि छ। के परमेश्‍वरले मानवजातिलाई पहिले नै प्रशस्त दिनुभएको छैन र? परमेश्‍वरले मानवजातिबाट आफ्नो व्यक्तित्व लुकाउनुभएता पनि, उहाँसँग जे छ र उहाँ जे हुनुहुन्छ ती सबै र उहाँको जीवन मानवको निम्ति उपलब्ध गराउनुहुन्छ; मानवजातिमा परमेश्‍वर बारेको ज्ञान अहिले भएको जस्तो मात्र हुनु नपर्ने हो। यसैले परमेश्‍वरको काम, परमेश्‍वरको स्वभाव र परमेश्‍वर स्वयम् विषयमा तिमीहरूसँग थप सङ्गति गर्नुपर्ने जरुरत छ भन्‍ने मलाई लाग्छ। परमेश्‍वरले मानिसमा लगानी गर्नुभएको हजारौँ वर्षको वास्ता र ख्याल खेर नजाओस् र मानवजातिले तिनीहरूप्रतिको

परमेश्वरको इच्छालाई साँचो रूपमा बुझ्न र सराहना गर्न सकोस् भन्ने यसको उद्‌देश्य हो। ताकि मानिसहरू परमेश्वर बारेको तिनीहरूको बुझाइमा अर्को चरणमा प्रवेश गर्न सकोस् भन्ने हो। यसले परमेश्वरलाई मानिसहरूको हृदयहरूमा उहाँको वास्तविक स्थानमा परमेश्वरलाई फर्काउने पनि छ; अर्थात् परमेश्वरलाई इन्साफ पुऱ्याउने छ।

परमेश्वरको स्वभाव र परमेश्वर स्वयम्‌को बारेमा बुझ्नको निम्ति, तैँले सानो सुरुवात गर्नुपर्छ। तर कहाँबाट सानो सुरुवात गर्ने? सुरुवात गर्नको निम्ति, मैले बाइबलबाट केही अध्यायहरू छानेको छु। तल दिइएको जानकारीमा बाइबलका पदहरू समावेश गरिएका छन्, ती सबै परमेश्वरको काम, परमेश्वरको स्वभाव र परमेश्वर स्वयम् बारेको विषयसँग सम्बन्धित छन्। परमेश्वरको काम, परमेश्वरको स्वभाव र परमेश्वर स्वयम्को बारेमा बुझ्नको निम्ति तिमीहरूलाई सहायता गर्नको निम्ति मैले विशेषगरी सन्दर्भ सामग्रीको रूपमा यी उद्‌धृत खण्डहरू भेटाएको छु। यिनीहरूमा सहभागी भएर, परमेश्वरले आफ्ना विगतका कामद्‌वारा कस्तो किसिमको परमेश्वरको स्वभाव प्रकट गर्नुभएको छ र उहाँको सारका कुन पक्षहरू मानिसका लागि अज्ञात छन् भन्ने कुरा देख्न सक्ने छौँ। यी अध्यायहरू पुराना हुन सक्छन्, तर हामीले सङ्‌गति गर्दै गरेको विषयचाहिँ मानिसहरूसँग नभएका र तिनीहरूले कहिले नसुनेका नयाँ केही कुरा हो। तिमीहरूमध्ये केहीलाई यो कुरा अबोधगम्य लाग्न सक्छ—आदम र हव्वाको कुरा ल्याउनु र पछाडि फर्केर नोआको कुरा गर्नु त्यही कदमहरूलाई पुनः पछ्याउनु होइन र? तिमीहरूले जे सोचेता पनि, यस विषयमा सङ्‌गति गर्नको निम्ति यी अध्यायहरू धेरै नै लाभदायक छन् र आजको सङ्‌गतिको निम्ति तिनले शिक्षण मूलपाठ वा प्रत्यक्ष सामाग्रीहरूको काम गर्न सक्छन्। मैले यो सङ्‌गति सकुञ्जेलसम्ममा यी अध्यायहरू छान्नु पछाडिको मेरो अभिप्रायहरू तिमीहरूले बुझ्ने छौ। पहिले बाइबल पढेकाहरूले यी केही पदहरू पढेका हुन सक्छन्, तर तिनीहरूलाई नबुझेका हुन सक्छन्। पहिले, छोटकरीमा तिनीहरूको समीक्षा गरौँ, त्यसपछि हाम्रो सङ्‌गतिको दौरानमा हरेकलाई विस्तृतमा हेरौँ।

आदम र हव्वा मानवजातिका पुर्खा हुन्। हामीले बाइबलका पात्रहरूलाई उल्लेख गर्नुपऱ्यो भने, ती दुईबाट सुरु गर्नुपर्छ। अर्कोचाहिँ नोआ हो, मानवजातिको दोस्रो पुर्खा। तेस्रो पात्र को हो? (अब्राहम।) के तिमीहरू सबैलाई अब्राहमको कथा थाहा छ? तिनीहरूमध्ये केहीलाई थाहा हुन सक्छ, तर अन्यलाई स्पष्ट थाहा नहुन सक्छ। चौथो पात्र को हो? सदोमको विनाशको कथामा कसको बारेमा उल्लेख छ? (लोत।) तर लोतलाई यहाँ उद्‌धृत गरिएको छैन। यसले कसलाई जनाउँछ? (अब्राहमलाई।) अब्राहमको कथामा उल्लेख गरिएको मूख्य कुराचाहिँ यहोवा परमेश्वरले भन्नुभएको कुरा हो। के तिमीहरू यसलाई देख्छौ? पाचौँ पात्र को हो? (अय्यूब।) परमेश्वरले उहाँको अहिलेको कामको चरणमा अय्यूबको कथालाई धेरै उल्लेख गर्नुभएको छैन र? त्यसो भए के तिमीहरू यस कथालाई धेरै वास्ता गर्छौ? यदि तिमीहरू धेरै वास्ता गर्छौ भने, के तिमीहरूले बाइबलमा अय्यूबको कथालाई ध्यान दिएर पढेका छौ? अय्यूबले भनेका र गरेका कुराहरू के तिमीहरूलाई थाहा छ? तिमीहरू जसले यसलाई सबैभन्दा धेरै पढेका छौ, तिमीहरूले कति पटक पढेका छौ? के यसलाई अक्सर पढ्छौ? नेपालका दिदीबहिनीहरू हामीलाई भन। (हामी अनुग्रहको समयमा हुँदा मैले केही पटक पढेको थिएँ।) त्यसपछि तिमीहरूले फेरि पढेका छैनौ? त्यो रोदनकारी छ। म तिमीहरूलाई

भन्छुः परमेश्वरको कामको यस चरणमा उहाँले अय्यूबलाई धेरै पटक उल्लेख गर्नुभएको छ, जुनचाहिँ उहाँका अभिप्रायहरूको प्रतिबिम्ब हो। उहाँले अय्यूबलाई धेरै पटक उल्लेख गर्नुभयो तर यसले तिमीहरूको ध्यान खिचेन भन्ने कुरा यस कुराको प्रमाण हो किः तिमीहरूमा असल मानिसहरू र परमेश्वरको भय मान्ने तथा दुष्टबाट अलग रहने मानिसहरू बन्ने इच्छा छैन। किनकि परमेश्वरले उद्‌धृत गर्नुभएको अय्यूबको कथाको अपूर्ण धारणामा नै तिमीहरू सन्तुष्ट छौ। तिमीहरू केवल कथा बुझ्ने कुरामा नै सन्तुष्ट छौ, तर अय्यूब को हो र परमेश्वरले अय्यूबको बारेमा धेरै घटनाहरूमा उल्लेख गर्नुभएको कुरा पछाडिको उद्‌देश्यलाई वास्ता राख्दैनौ र विस्तृतमा बुझ्न खोज्दैनौ। यदि परमेश्वरले प्रशंसा गरेको त्यस्तो व्यक्तिको बारेमा तिमीहरूलाई चासो छैन भने, तिमीहरूले केमा ध्यान दिइरहेका छौ? परमेश्वरले उल्लेख गर्नुभएको यस्तो महत्त्वपूर्ण व्यक्तिको बारेमा तिमीहरूले वास्ता राख्दैनौ वा त्यसको बारेमा बुझ्ने कोसिस गर्दैनौ भने, परमेश्वरको वचनप्रतिको तिमीहरूको मनोवृत्तिको बारेमा त्यसले के भन्छ? के त्यो खेदजनक कुरा होइन? तिमीहरूमध्ये धेरै जना व्यवहारिक कुराहरूमा संलग्न हुँदैनौ वा सत्यताको खोजी गर्दैनौ भन्ने कुरालाई यसले प्रमाणित गर्दैन र? यदि तैँले सत्यताको खोजी गरिस् भने परमेश्वरले स्वीकार गर्नुभएका मानिसहरूमा र परमेश्वरले भन्नुभएका पात्रहरूका कथाहरूमा तैँले आवश्यक ध्यान दिने छस्। तँ तिनीहरूको मापदण्डमा सायदै पुग्लास् वा तिनीहरूका कथाहरू स्पर्शनीय पाउलास्, छिटो गएर तिनीहरूको बारेमा पढ्ने छस्, तिनीहरूलाई बुझ्ने प्रयास गर्ने छस्, तिनीहरूको उदाहरण पछ्याउने तरिकाहरू खोज्ने छस् र तेरो क्षमताले भ्याएसम्म गर्ने छस्। सत्यताको चाहना राख्नेले यसरी नै काम गर्नुपर्छ। तर तथ्य यही हो कि यहाँ बसेका तिमीहरूमध्ये धेरैले अय्यूबको कथा कहिले पनि पढेका छैनौ–र यसले धेरै कुरा बताउँछ।

मैँले भर्खरै छलफल गर्दै गरेको विषयमा फर्कौं। पुरानो करारको व्यवस्थाको युगसँग सम्बन्धित धर्मशास्त्रको यस खण्डमा, बाइबल पढ्ने धेरैजसो मानिसहरूलाई थाहा भएका उच्च प्रतिनिधिमूलक पात्रहरू बारेका निश्चित कथाहरूमा ध्यान दिने निर्णय मैँले गरेको छु। यी पात्रहरू बारेका कथाहरू पढ्ने जो कोहीले तिनीहरूमाथि परमेश्वरले गर्नुभएको काम र तिनीहरूसँग परमेश्वरले बोल्नुभएका वचनहरू आजका मानिसहरूका निम्ति पनि मूर्त र सुलभ छन् भन्ने कुराको महसुस गर्न सक्नेछन्। जब तैँले बाइबलमा सङ्ग्रहित यी कथाहरू पढ्छस्, इतिहासका ती समयहरूमा परमेश्वरले आफ्नो काम कसरी गर्नुभयो र मानिसहरूसँग कस्तो व्यवहार गर्नुभयो भन्ने कुरा तैँले अझ राम्ररी बुझ्छस्। तर तैँले ती कथाहरू स्वयम् वा तिनमा भएका पात्रहरूमा ध्यान दे भनेर मैँले यी अध्यायहरूको बारेमा आज छलफल गरेको होइन। बरु, यी पात्रहरूका कथाहरूद्‌वारा तैँले परमेश्वरको कामहरू र उहाँको स्वभावलाई सराहना गर्न सक् भनेर मैले यसो गरेको हुँ। यसले तँलाई परमेश्वरलाई सजिलै जान्न र बुझ्न, उहाँको वास्तविक पक्ष हेर्न सक्षम तुल्याउनेछ; यसले उहाँ बारेको तेरा अनुमान र धारणाहरूलाई हटाउनेछ र अस्पष्टताले ढाकेको विश्वासको बाटो मोड्न तँलाई मदत गर्ने छ। तँसँग बलियो जग नभएसम्म, परमेश्वरको स्वभाव र परमेश्वर स्वयम्‌लाई बुझ्ने कोसिसले निःसहाय, शक्तिहीन र कहाँबाट सुरु गर्ने कुरा थाहा नभएको अनिश्चिततातर्फ डोर्याउन सक्छ। यसले मलाई एउटा विधि र तरिकाको विकास गर्न प्रेरित गर्‍यो जसले परमेश्वरलाई अझ राम्ररी बुझ्न, परमेश्वरको

इच्छालाई साँचो तरिकाले सराहना गर्न, परमेश्वरको स्वभाव र परमेश्वर स्वयम्‌लाई बुझ्नको निम्ति तेरो मदत गर्छ, र तँलाई परमेश्वरको अस्तित्व वास्तविक रूपमा अनुभव गर्न र मानवजातिप्रति उहाँको इच्छालाई सराहना गर्न दिन्छ। के यी सबै तिमीहरूकै फाइदाका लागि हुने छैनन् र? तिमीहरूले अहिले यी कथा र धर्मशास्त्रका खण्डहरू पुनः पढ्दा तिमीहरूका हृदयहरूमा के महसुस गर्छौ? के मैले छानेका धर्मशास्त्रका खण्डहरू अनावश्यक हुन् जस्तो तिमीहरूलाई लाग्छ? मैले भर्खरै तिमीहरूलाई भनेका कुराहरूलाई मैले पुनः जोड दिनुपर्छः परमेश्वरले मानिसहरूमा आफ्नो काम कसरी गर्नुहुन्छ भन्ने कुरा देख्न र मानवजातिप्रति उहाँको मनोवृत्ति अझ राम्ररी बुझ्नको निम्ति तिमीहरूलाई मदत गर्नु नै तिमीहरूलाई यी पात्रहरूका कथाहरू पढ्न लगाउनुको उद्‌देश्य हो। तिमीहरूलाई यो समझ प्राप्त गर्नका निम्ति केले मदत गर्ने छ? विगतमा परमेश्वरले गर्नुभएको काम बुझ्ने र त्यसलाई परमेश्वरले अहिले गरिरहनुभएको कामसँग जोड्ने कार्यले उहाँका असङ्ख्य पक्षहरूको सराहना गर्न तिमीहरूलाई मदत गर्छ। यी असङ्ख्य पक्षहरू वास्तविक छन् र परमेश्वरलाई जान्न चाहने सबैले यी कुराहरू जान्नु र यिनीहरूको सराहना गर्नु पर्छ।

धर्मशास्त्रलाई उद्‌धृत गर्दै आदम र हव्वाको कथा सुरु गरौँ।

**१. आदम र हव्वा**

१) आदमलाई परमेश्वरको आज्ञा

उत्पत्ति २:१५-१७ अनि यहोवा परमेश्वरले मानिसलाई लिनुभयो र अदनको बगैँचामा त्यसको हेरचाह गर्न र छाँटकाँट गर्न राख्नुभयो। अनि यहोवा परमेश्वरले मानिसलाई आज्ञा गर्दै यसो भन्नुभयो, तैँले बगैँचाको हरेक रूखबाट स्वतन्त्र रूपमा खान सक्छस्: तर असल र खराबको ज्ञानको रूखबाट तैँले खानु हुँदैन: किनभने तैँले त्यसबाट खाएको दिन तँ निश्चय नै मर्नेछस्।

यी पदहरूबाट तिमीहरूले के बुझ्यौ? धर्मशास्त्रकाको यस खण्डले तिमीहरूलाई कस्तो महसुस गराउँछ? मैले किन आदमलाई परमेश्वरले दिनुभएको आज्ञाको बारेमा कुरा गर्ने निर्णय गरेँ? के अहिले तिमीहरू हरेकको मनमा परमेश्वर र आदमको बिम्ब छ। तिमीहरूले कल्पना गर्ने कोसिस गर्न सक्छौः यदि त्यस दृष्यमा तिमीहरू भएको भए, तिमीहरूलाई भित्रबाट परमेश्वर कस्तो हुनुहुन्थ्यो होला जस्तो लाग्छ? यस बारेको सोचाइले तिमीहरूलाई कस्तो महसुस गराउँछ? यो हृदयस्पर्शी र हृदयलाई आनन्दित गराउने तस्वीर हो। यसभित्र परमेश्वर र मानिस मात्र भएता पनि, उहाँहरू बिचको घनिष्ठताले तिमीहरूमा श्रद्‌धाको भाव भर्दछ: परमेश्वरको भरिपूर्ण प्रेम मानिसलाई सित्तैँमा दिएको छ र यसले मानिसलाई घेर्छ; मानिस निर्दोष र शुद्‌ध छ अनि भारमुक्त र निर्धक्क रूपमा परमेश्वरको नजरमुनि आनन्दपूर्वक जिइरहेको छ; परमेश्वरले मानिस परमेश्वरको सुरक्षा र आशिष्‌मा बस्दा परमेश्वरले मानिसप्रति चासो देखाउनुहुन्छ; मानिसले गर्ने र भन्ने हरेक कुरा परमेश्वरसँग छुटाउनै नमिल्ने गरी जोडिएका छन् र तिनलाई परमेश्वरबाट अलग गर्न सकिन्न।

यसलाई परमेश्वरले मानिसको सृष्टिपछि उसलाई दिनुभएको पहिलो आज्ञा भन्न सकिन्छ। यस आज्ञाले केव्यक्त गर्दछ? यसले परमेश्वरको इच्छाको बारेमाव्यक्त गर्दछ, यसले मानवजातिप्रति

उहाँका चिन्ताहरूको बारेमा पनि व्यक्त गर्दछ। योपरमेश्वरको पहिलो आज्ञा हो र यो परमेश्वरले मानिसको निम्ति चिन्ता व्यक्त गर्नुभएको पहिलो पटक पनि हो। यसको अर्थ, परमेश्वरले मानिसलाई सृष्टि गर्नुभएको बेलादेखि नै उसप्रति आफ्नो जिम्मेवारी महसुस गर्नुभयो। उहाँको जिम्मेवारी के हो? उहाँले मानिसको सुरक्षा गर्नुपर्छ, मानिसको हेरचाह गर्नुपर्छ। मानिसले उहाँका वचनहरूमा भरोसा गर्न र तिनको आज्ञा पालन गर्न सक्छ भन्ने कुराको आशा उहाँ गर्नुहुन्छ। यो परमेश्वरले मानिसबाट आशा गर्नुभएको पहिलो कुरा पनि हो। यही आशामा परमेश्वर निम्न कुरा भन्नुहुन्छः "तैँले बगैँचाको हरेक रूखबाट स्वतन्त्र रूपमा खान सक्छस्: तर असल र खराबको ज्ञानको रूखबाट तैँले खानु हुँदैन: किनभने तैँले त्यसबाट खाएको दिन तँ निश्चय नै मर्नेछस्।" यी सरल वचनहरूले परमेश्वरको इच्छाको प्रतिनिधित्व गर्छन्। परमेश्वरले उहाँको हृदयमा मानिसप्रति चासो देखाउन थाल्नुभएको कुरालाई पनि यिनीहरूले प्रकट गर्छन्। सबै कुराहरूमध्ये, आदम मात्र परमेश्वरको प्रतिरूपमा बनाइएको थियो; परमेश्वरले जीवनको सास फुकिदिनुभएको जीवित प्राणी आदम मात्र थियो; ऊ परमेश्वरसँग हिँड्न र कुराकानी गर्न सक्थ्यो। यसैले परमेश्वरले उसलाई यो आज्ञा दिनुभयो। परमेश्वरले आफ्नो आज्ञामा मानिसले के गर्न सक्छ र के गर्न सक्दैन भन्ने कुराहरू एकदमै सरल तरिकाले बताउनुभयो।

यी केही सरल वचनहरूमा, हामीले परमेश्वरको हृदय देख्छौँ। तर कस्तो किसिमको हृदयले आफैँलाई देखाउँछ? के परमेश्वरको हृदयमा प्रेम छ? के त्यँहा चासो छ? यी पदहरूमा, परमेश्वरको प्रेम र चासोलाई सराहना गर्न मात्र होइन तर घनिष्ठ रूपले महसुस पनि गर्न सकिन्छ। के तिमीहरू सहमत हुँदैनौ। मैले यसो भनेको सुनेर पनि, के तिमीहरू यिनीहरू सामान्य वचनहरू मात्र हुन् भन्ने सोच्छौ? जे भए पनि ती त्यति सामान्य पनि छैनन्, होइन र? के तिमीहरूलाई पहिले यसको बारेमा अवगत थियो? परमेश्वरले व्यक्तिगत रूपमा तँलाई यी वचनहरू भन्नुभयो भने, तैँले भित्री रूपमा कस्तो महसुस गर्ने थिइस्? यदि तँ मानव नभएको भए, यदि तेरो हृदय कठोर भएको भए, तैँले केही महसुस गर्न सक्ने थिइनस्, तैँले परमेश्वरको प्रेमलाई सराहना गर्न सक्ने थिइनस् र तैँले परमेश्वरको हृदय बुझ्ने कोसिस गर्ने थिइनस्। तर मानवीय चेत र विवेक भएको व्यक्ति भएको कारण तैँले फरक महसुस गर्ने थिइस्। तैँले न्यानोपन महसुस गर्ने थिइस्, तैँले वास्ता गरिएको र प्रेम गरिएको महसुस गर्ने थिइस् र तैँले सुख महसुस गर्ने थिइस्। के यो सही होइन? जब तैँले यी कुराहरूको अनुभव गर्छस्, तैँले परमेश्वरप्रति कस्तो व्यवहार गर्ने छस्? के तैँले परमेश्वरमा जोडिएको महसुस गर्ने छस्? के तैँले हृदयको गहिराइबाट परमेश्वरलाई प्रेम र सम्मान गर्ने छस्? के तेरो हृदय परमेश्वरको नजिक जाने छ? यसबाट तैँले मानिसको निम्ति परमेश्वरको प्रेम कति महत्त्वपूर्ण छ भन्ने देख्न सक्छस्। तर मानिसले परमेश्वरको प्रेमको सराहना गर्नु र त्यसलाई बुझ्नु अझ जरुरी छ? वास्तवमा, परमेश्वरले आफ्नो कामको चरणमा उस्तै धेरै कुराहरू भन्नुहुन्न र? के आज परमेश्वरको हृदयको सराहना गर्ने मानिसहरू छन्? के तिमीहरूले मैले भर्खरै भनेका परमेश्वरका इच्छा बुझ्न सक्छौ? वास्तवमा यो यति ठोस, मूर्त र वास्तविक हुँदा पनि तिमीहरूले परमेश्वरको इच्छाको सराहना गर्न सक्दैनौ। त्यसैले तिमीहरूमा परमेश्वरको वास्तविक ज्ञान र समझ छैन भनेर म भन्छु। के यो साँचो होइन? तर अहिलेलाई यति मै छाडौँ।

२) परमेश्वरले हव्वालाई सृष्टि गर्नुहुन्छ

उत्पत्ति २:१८-२० अनि यहोवा परमेश्वरले भन्नुभयो, मानिस एकलो रहन राम्रो होइन; म त्यसको निम्ति सहयोगी बनाउनेछु। अनि यहोवा परमेश्वरले जमिनबाट भूमिका हरेक जनावर र आकाशका हरेक पक्षी बनाउनुभयो; र त्यसले तिनलाई के नामले बोलाउँदो रहेछ भन्ने हेर्नलाई उहाँले तिनीहरूलाई आदमकहाँ ल्याउनुभयो: र आदमले हरेक जीवित प्राणीलाई जे नामले बोलायो, त्यसपछि त्यसको नाम त्यही रह्यो। अनि आदमले सबै चौपाया र आकाशका पक्षीहरू र भूमिका हरेक जनावरको नाम राखे; तर आदमको निम्ति सहयोगी भेटिएन।

उत्पत्ति २:२२-२३ अनि यहोवा परमेश्वरले पुरुषबाट जुन करङ लिनुभएको थियो त्यसबाट स्त्री बनाउनुभयो, र तिनलाई पुरुषकहाँ ल्याउनुभयो। अनि आदमले भने, यो त मेरै हड्डीहरूको हड्डी र मासुको मासु हो: तिनलाई स्त्री भनिनेछ किनभने तिनलाई पुरुषबाट लिइएकी थिइन्।

धर्मशास्त्रको यस खण्डमा एउटा महत्त्वपूर्ण पङ्क्ति छ: "आदमले हरेक जीवित प्राणीलाई जे नामले बोलायो, त्यसपछि त्यसको नाम त्यही रह्यो।" यसैले, सबै जीवित प्राणीहरूको नाम कसले राख्यो? आदमले, परमेश्वरले होइन। यस पङ्क्तिले मानवजातिलाई एउटा तथ्य भन्छः परमेश्वरले मानिसको सृष्टि गर्दा नै उसलाई बुद्धि दिनुभयो। यसको अर्थ, मानिसको बुद्धि परमेश्वरबाट आएको हो। यो एक निश्चितता हो। तर किन? परमेश्वरले आदमको सृष्टि गर्नुभए पछि, के आदम विद्यालय गयो? के उसलाई पढ्न आउँथ्यो? परमेश्वरले विभिन्न जीवित प्राणीहरू बनाउनुभए पछि, के आदमले यी सबै प्राणीहरूको पहिचान गर्‍यो? के परमेश्वरले उसलाई तिनीहरूको नाम के के थिए भनी बताउनुभयो? परमेश्वरले उसलाई यी प्राणीहरूका नामहरू कसरी राख्ने भनेर पनि अवश्य सिकाउनुभएन। सत्य त्यही हो! त्यसो भए यी जीवित प्राणीहरूको नाम कसरी राख्ने र तिनीहरूलाई के नाम दिने भनेर आदमलाई कसरी थाहा भयो? यो आदमको सृष्टि गर्दा परमेश्वरले आदममा के कुरा थपिदिनुभयो भन्ने प्रश्नको जवाफसँग सम्बन्धित छ। यी तथ्यहरूले प्रमाणित गर्छन् कि परमेश्वरले मानिसको सृष्टि गर्नुहुँदा आफ्नो बुद्धि पनि उसमा थपिदिनुभयो। यो मूख्य बुँदा हो, त्यसैले ध्यान दिएर सुन। तिमीहरूले बुझ्नुपर्ने अर्को मूख्य बुँदा पनि छ: आदमले जीवित प्राणीहरूको नाम राखे पछि, ती नामहरू परमेश्वरको शब्दावलीमा स्थापित भए। म किन यो कुरा उल्लेख गर्छु? किनकि यसमा परमेश्वरको स्वभाव सामेल छ र यस बुँदाको थप व्याख्या मैले गर्नुपर्छ।

परमेश्वरले मानिसलाई सृष्टि गर्नुभयो, उसमा जीवनको सास फुकिदिनुभयो र उसलाई उहाँको बुद्धिबाट केही, उहाँको क्षमताहरू र उहाँसँग जे छ र उहाँ जे हुनुहुन्छ त्यो दिनुभयो। परमेश्वरले मानिसलाई यी सबै कुराहरू दिनुभए पछि, मानिसले केही कुराहरू स्वतन्त्र रूपमा गर्न सक्ने र आफैँले सोच्न सक्ने भयो। मानिसले सोचेको र गरेको कुरा परमेश्वरको नजरमा असल छ भने, परमेश्वरले त्यसको पुष्टि गर्नुहुन्छ र हस्तक्षेप गर्नुहुन्न। यदि मानिसले गरेको कुरा सही छ भने, परमेश्वरले यसलाई हुन दिनुहुन्छ। त्यसो भए, "आदमले हरेक जीवित प्राणीलाई जे नामले बोलायो, त्यसपछि त्यसको नाम त्यही रह्यो" वाक्यांशले के कुराको सङ्केत गर्छ? यसले विविध जीवित प्राणीहरूका कुनै पनि नामलाई परमेश्वरले परिवर्तन गर्नुपर्छ भन्ने लागेन भन्ने कुराको सङ्केत गर्दछ। कुनै प्राणीलाई आदमले जे नाम दियो, परमेश्वरले "त्यस्तै होस्" भनेर उक्त प्राणीको

नामलाई स्वीकार गर्नुहुन्थ्यो। के यस विषयमा परमेश्वरले कुनै धारणा व्यक्त गर्नुभयो? होइन, उहाँले अवश्य नै गर्नुभएन। त्यसो भए, यसबाट तिमीहरूले के बुझ्छौ? परमेश्वरले मानिसलाई बुद्धि दिनुभयो र मानिसले परमेश्वरले दिनुभएको बुद्धिलाई कुराहरू गर्नको निम्ति प्रयोग गर्‍यो। यदि मानिसले गरेको कुरा परमेश्वरको नजरमा सकारात्मक छ भने, परमेश्वरले कुनै पनि न्याय वा आलोचना नगरी त्यसलाई पुष्टि गर्नुहुन्छ, मान्यता दिनुहुन्छ र र स्वीकार गर्नुहुन्छ। यो कार्य कुनै पनि व्यक्ति वा दुष्ट आत्मा वा शैतानले गर्न सक्दैन। के तिमीहरूले यहाँ परमेश्वरको स्वभावको प्रकाश देख्छौ? के मानवजाति, भ्रष्ट व्यक्ति वा शैतानले तिनीहरूकै सामुन्ने आफ्नो नाममा कसैलाई केही गर्ने अनुमति दिन्छन् र? अवश्य नै दिँदैनन्! के तिनीहरूले अर्को व्यक्ति वा तिनीहरूभन्दा फरक अर्को शक्तिसँग यस स्थानको निम्ति लड्लान्? अवश्य नै तिनीहरूले यसो गर्ने छन्! यदि आदमसँग त्यति बेला कुनै भ्रष्ट व्यक्ति वा शैतान भएको भए, तिनीहरूले आदमले गरेको कुराको खण्डन गर्ने थिए। तिनीहरूमा स्वतन्त्र सोच्न सक्ने खुबी र आफ्नै अद्वितीय अन्तर्दृष्टि छ भन्ने कुरालाई प्रमाणित गर्नको निम्ति, आदमले गरेका सबै कुराहरूलाई तिनीहरूले पूर्ण रूपमा इन्कार गर्ने थिएः "तिमीले यसको नाम यस्तो राख्न चाहन्छौ? ठिकै छ, मचाहिँ यसलाई यो नामले बोलाउने छैन, म यसलाई त्यो नामले बोलाउँछु; तिमीले यसलाई टोम भन्यौ तर म यसलाई ह्यारी भन्ने छु। म कति बाठो छु भन्ने कुरा मैले देखाउनुपर्छ।" यो कस्तो किसिमको स्वभाव हो? के असभ्य अहंकार होइन? अनि परमेश्वरचाहिँ कस्तो हुनुहुन्छ? के उहाँसँग यस्तो स्वभाव छ? के आदमले गरिरहेको कुरामा परमेश्वरले अनौठो आपत्ति जनाउनुभयो? यसको जवाफ प्रष्ट रूपमा "जनाउनु भएन" हुन्छ। परमेश्वरले प्रकट गर्नुहुने स्वभावमा तर्क, अहंकार वा स्व-धार्मिकताको कति पनि सङ्केत छैन। यति कुराचाहिँ यहाँ स्पष्ट छ। यो सानो कुरा जस्तो देखिन सक्छ, तर यदि तैँले परमेश्वरको सार बुझ्दैनस् भने, यदि तेरो हृदयले परमेश्वरले कसरी काम गर्नुहुन्छ र परमेश्वरको मनोवृत्ति कस्तो छ भन्ने कुरा बुझ्ने प्रयास गर्दैन भने, तैँले परमेश्वरको स्वभाव बुझ्दैनस् वा परमेश्वरको स्वभावको अभिव्यक्ति र प्रकाश जान्ने छैनस्। के कुरा यही होइन? के मैले भर्खरै वर्णन गरेको कुरासँग तिमीहरू सहमत छौ? आदमले गरेका कार्यहरूको जवाफमा, परमेश्वरले भव्यतापूर्ण तरिकाले यस्तो घोषणा गर्नुभएन, "तैँले असल गरिस्, तैँले सही गरिस् र म सहमत छु!" उहाँको हृदयमा भने परमेश्वरले आदमले गरेको कामलाई स्वीकार गर्नुभयो, सराहना गर्नुभयो र प्रशंसा गर्नुभयो। सृष्टिदेखि यता परमेश्वरको निम्ति मानिसले उहाँको निर्देशनमा गरेको यो पहिलो कुरा थियो। परमेश्वरको साटोमा र परमेश्वरको खातिर, मानिसले यसो गरेको थियो। परमेश्वरको नजरमा, परमेश्वरले मानिसलाई दिनुभएको बुद्धिको कारण यसो भएको थियो। परमेश्वरले यसलाई असल, सकारात्मक कुराको रूपमा देख्नुभयो। आदमले त्यस बेला गरेको कुरा मानिसमा परमेश्वरको बुद्धिको पहिलो प्रस्फुटन हो। परमेश्वरको दृष्टिमा यो राम्रो प्रस्फुटन थियो। यहाँ मैले तिमीहरूलाई भन्न खोजेको कुरा यही हो कि परमेश्वरले मानवजाति उहाँलाई प्रस्फुटन गर्ने जीवित प्राणी बनोस् भन्ने उद्देश्यका खातिर नै परमेश्वरले मानिसलाई उहाँसँग जे छ तथा उहाँ जे हुनुहुन्छ त्यो र उहाँको बुद्धि प्रदान गर्नुभयो। उहाँको खातिर काम गर्ने यस्तै जीवित प्राणी देख्न परमेश्वरले चाहिरहनुभएको थियो।

३) परमेश्वरले आदम र हव्वाको निम्ति छालाका लुगा बनाउनुहुन्छ

उत्पत्ति ३:२०-२१ अनि आदमले आफ्नी पत्नीको नाउँ हव्वा राखे; किनभने तिनी सारा जीवितहरूकी आमा थिइन्। यहोवा परमेश्वरले आदम र तिनकी पत्नीका निम्ति छालाका वस्त्रहरू बनाइदिनुभयो र तिनीहरूलाई लगाइदिनुभयो।

यस तेस्रो खण्डलाई हेरौं, जसले के उल्लेख गर्छ भने, आदमले हव्वालाई नाम दिनुको पछाडि वास्तवमा अर्थ छ। सृष्टि गरिएपछि, आदमसँग उसका आफ्नै विचारहरू थिए र उसले धेरै कुरा बुझ्थ्यो भन्ने यसले देखाउँछ। तर अहिलेको निम्ति, उसले के बुझ्यो र उसले कति बुझ्यो भन्ने कुराको हामी अध्ययन वा खोजी गर्न गइरहेका छैनौं, किनकि तेस्रो खण्ड छलफल गर्नुको मेरो उद्देश्य त्यो होइन। त्यसो भए, मैले जोड दिन खोजेको मूल बुँदा के हो त? यस पङ्क्तिलाई हेरौं, "यहोवा परमेश्वरले आदम र तिनकी पत्नीका निम्ति छालाका वस्त्रहरू बनाइदिनुभयो र तिनीहरूलाई लगाइदिनुभयो।" आजको हाम्रो सङ्गतिमा हामीले धर्मशास्त्रको यस पङ्क्तिको बारेमा छलफल गरेनौं भने, यी वचनहरूका गहिरा आशयहरूलाई तिमीहरूले कहिल्यै पनि स्पष्ट रूपमा बुझ्न सक्दैनौ। सुरुमा, म केही सङ्केतहरू दिन्छु। तिमीहरू इच्छा गर्छौ भने, आदम र हव्वा बसोबास गरिरहेका अदनको बगैँचाको कल्पना गर। परमेश्वर तिनीहरूलाई भेट गर्न जानुहुन्छ, तर तिनीहरू नाङ्गै भएका कारण तिनीहरू लुक्छन्। परमेश्वरले तिनीहरूलाई देख्न सक्नुहुन्न र उहाँले तिनीहरूलाई बोलाउनुभएपछि, तिनीहरू भन्छन्, "हाम्रा शरीरहरू नाङ्गै भएका कारण हामीले तपाईंलाई भेट्ने हिम्मत गरेनौँ।" तिनीहरू नाङ्गै भएका कारण तिनीहरूले परमेश्वरलाई भेट्ने हिम्मत गर्दैनन्। त्यसो भए, यहोवा परमेश्वरले तिनीहरूको निम्ति के गर्नुहुन्छ? मूल पाठले भन्छ: "यहोवा परमेश्वरले आदम र तिनकी पत्नीका निम्ति छालाका वस्त्रहरू बनाइदिनुभयो र तिनीहरूलाई लगाइदिनुभयो।" यसबाट, परमेश्वरले तिनीहरूको लुगा बनाउनको निम्ति के प्रयोग गर्नुभयो भनेर के तिमीहरू बुझ्छौ? परमेश्वरले तिनीहरूको लुगा बनाउनको निम्ति जनावरको छाला प्रयोग गर्नुभयो। यसको अर्थ, मानिसले वस्त्रको रूपमा लगाऊन् भनेर परमेश्वरले जनावरको रौँको लुगा बनाउनुभयो। परमेश्वरले मानिसको निम्ति बनाउनुभएको पहिलो पहिरन यिनै थिए। आजको मापदण्डअनुसार जनावरको रौँको लुगा विलासी वस्तु हो र सबैले यसलाई किनेर लगाउन सक्दैनन्। यदि कसैले तँलाई सोध्छ: हाम्रा पुर्खाहरूले लगाएको पहिलो पहिरन के थियो? तैँले जवाफ दिन सक्छस्: जनावरको रौँको कपडा। त्यो रौँको लुगा कसले बनायो? तैँले यस्तो जवाफ दिन सक्छस्: यसलाई परमेश्वरले बनाउनुभयो! यो नै यहाँको मुख्य बुँदा हो: यो लुगा परमेश्वरले बनाउनुभएको थियो। के यो छलफल गर्न योग्य कुरा होइन? मेरो वर्णन सुनेपछि, के तिमीहरूको मनमा एउटा तस्विर आयो? कम्तीमा पनि मोटामोटी ढाँचा तिमीहरूमा हुनुपर्ने हो। मानिसको पहिलो पहिरन के थियो भन्ने कुरा तिमीहरूलाई थाहा होस् भनेर मैले यसो भनेको होइन। त्यसो भए कुरा के हो त? विषयचाहिँ जनावरको रौँको लुगा होइन, तर उहाँले यहाँ गर्नुभएका कुरामा परमेश्वरले प्रकट गर्नुभए अनुसार उहाँको स्वभाव, उहाँसँग जे छ र उहाँ जे हुनुहुन्छ त्यसलाई मानिसहरूले कसरी बुझ्छन् भन्ने कुराको हो।

"यहोवा परमेश्वरले आदम र तिनकी पत्नीका निम्ति छालाका वस्त्रहरू बनाइदिनुभयो र

तिनीहरूलाई लगाइदिनुभयो।" यस दृश्यमा, परमेश्वरले आदम र हव्वासँग हुँदा कस्तो भूमिका लिनुभयो भन्ने हामी देख्छौं? यस संसारमा दुई मानवजातिद्वारा मात्र परमेश्वरले आफैलाई कसरी प्रकट गर्नुहुन्छ? के उहाँले आफैलाई परमेश्वरको भूमिकामा प्रकट गर्नुहुन्छ? हंगकंग दाजुभाइ र दिदीबहिनीहरू, जवाफ देऊ। (बाबुआमाको भूमिकामा।) दक्षिण कोरियाका भाइ-बहिनीहरू, परमेश्वर कस्तो भूमिकामा देखा पर्नुहुन्छ भनी तिमीहरू सोच्छौ? (परिवारको शिर।) ताइवानका भाइ-बहिनीहरू, तिमीहरू के सोच्छौ? (आदम र हव्वाको परिवारको सदस्यको भूमिका।) परमेश्वर आदम र हव्वाको परिवारको सदस्यको रूपमा देखा पर्नुहुन्छ भनेर तिमीहरूमध्ये केहीले सोच्छौ भने, केहीले परमेश्वर परिवारको शिरको रूपमा देखा पर्नुहुन्छ भनी भन्छन् र अन्यले उहाँ बाबुआमाको रूपमा देखा पर्नुहुन्छ भनी भन्छन्। यी सबै धेरै नै उचित छन्। तर म के भन्न खोज्दैछु भन्ने के तिमीहरू देख्छौ? परमेश्वरले यी दुई मानिसको सृष्टि गर्नुभयो र तिनीहरूलाई आफ्नै सङ्गीहरूको रूपमा व्यवहार गर्नुभयो। तिनीहरूको एक मात्र परिवारको रूपमा परमेश्वरले तिनीहरूको जीवनको हेरचाह गर्नुभयो र तिनीहरूको गाँस, बास र कपासका आवश्यकताहरू पूरा गर्नुभयो। यहाँ, परमेश्वर आदम र हव्वाको बाबुआमाको रूपमा देखापर्नुहुन्छ। जब परमेश्वरले यसो गर्नुहुन्छ, मानिसले परमेश्वर कति उच्च हुनुहुन्छ भन्ने देख्दैन; उसले परमेश्वरको सर्व-श्रेष्ठता, उहाँको रहस्य र विशेष गरी उहाँको क्रोध वा प्रतापलाई देख्दैन। उसले मानिसप्रतिको परमेश्वरको विनम्रता, उहाँको स्नेह, उहाँको चासो र उसको निम्ति उहाँको जिम्मेवारी र वास्ता मात्र देख्छ। आदम र हव्वासँग परमेश्वरले गर्नुभएको व्यवहारको आचरण र तरिका आमाबुबाले आफ्ना छोराछोरीहरूलाई गर्ने व्यवहारसँग मेल खान्छन्। आमाबाबुले आफ्ना छोरा-छोरीहरूलाई कसरी प्रेम, हेरचाह र वास्ता गर्छन् यो त्यस्तै पनि छ—वास्तविक, देख्न सकिने र मूर्त। आफैलाई उच्च र शक्तिशाली स्थानमा उठाउनुको साटो, परमेश्वरले व्यक्तिगत रूपमा मानिसको लागि पहिरन बनाउन छालाको प्रयोग गर्नुभयो। यो जनावरको रौँको लुगा तिनीहरूको लाज ढाक्नको लागि थियो कि तिनीहरूलाई जाडोबाट बचाउनका लागि थियो त्यो महत्त्वपूर्ण छैन। मानिसको शरीर ढाक्ने यो पहिरन परमेश्वरले व्यक्तिगत रूपमा आफ्नै हातले बनाउनुभएको थियो भन्ने कुरा चाहिँ महत्त्वपूर्ण छ। परमेश्वरले गर्नुहुन्छ भनी मानिसहरूले कल्पना गरे जस्तो पहिरनलाई अस्तित्वमा ल्याउन वा अन्य आश्चर्यजनक माध्यमको प्रयोग गर्ने बारेमा सोच्नु भन्दा पनि परमेश्वरले गर्नुहुन्न होला वा उहाँले यसो गर्नु हुँदैन भनेर मानिसले सोच्ने किसिमको काम नै परमेश्वरले वैधानिक रूपमा गर्नुभयो। यो सानो कुरा जस्तो देखिन्छ—यो कुरा उल्लेखनीय छ भन्ने समेत कतिपय मानिसहरूलाई लाग्दैन—तर यसले उहाँको बारेमा अस्पष्ट धारणाहरू बोकेर परमेश्वरलाई पछ्याउने कुनै पनि व्यक्तिलाई उहाँको सच्चाइ र सुन्दरताको बारेमा अन्तर्दृष्टि प्राप्त गर्ने र उहाँको विश्वासयोग्यता र विनम्रता देख्ने तुल्याउँछ। यसले आफैलाई उच्च र शक्तिशाली ठान्ने अत्यन्तै अहङ्कारी मानिसहरूलाई परमेश्वरको सच्चाइ र विनम्रताको सामुन्ने आफ्ना घमण्डी शिरहरू लाजले झुकाउने बनाउँछ। यहाँ परमेश्वरको सच्चाइ र विनम्रताले मानिसहरूलाई परमेश्वर कति स्नेही हुनुहुन्छ भन्ने कुरा देख्न थप सक्षम बनाउँछ। यसको विपरीत, मानिसहरूले आफ्ना हृदयमा राखेका "अपार" परमेश्वर, "स्नेही" परमेश्वर र "सर्वशक्तिमान्" परमेश्वर तुच्छ र कुरूप बनेको छ र सानो छुवाइले पनि चकनाचूर

हुन्छ। जब तैँले यो पद देख्छस् र यो कथा सुन्छस्, परमेश्‍वरले यस्तो कुरा गर्नुभएको कारण के तैँले परमेश्‍वरलाई तिरस्कार गर्छस्। केही मानिसहरूले त्यसो गर्लान्, तर अरूले फरक प्रतिक्रिया दिनेछन्। तिनीहरूले परमेश्‍वर सच्चा र स्नेही हुनुहुन्छ र परमेश्‍वरको सच्चाइ र सुन्दरताले नै तिनीहरूलाई द्रवीभूत पार्छ। तिनीहरूले परमेश्‍वरको वास्तविक पक्ष जति धेरै देख्छन्, तिनीहरूले त्यति नै धेरै परमेश्‍वरको प्रेमको साँचो अस्तित्व, आफ्नो हृदयमा परमेश्‍वरको महत्त्व, र उहाँ हरेक क्षण कसरी तिनीहरूको छेउमा खडा हुनुहुन्छ भन्‍ने कुराको सराहना गर्न सक्छन्।

अब, हाम्रो छलफललाई वर्तमानसँग जोडौं। यदि परमेश्‍वरले आफूले सुरुमा सृष्‍टि गर्नुभएका मानिसहरूको निम्ति मानिसहरूले सोच्न वा अपेक्षा गर्न पनि हिम्मत गर्न नसक्ने यी विभिन्‍न साना कुराहरू गर्न सक्नुहुन्छ भने, के परमेश्‍वरले आजका मानिसहरूको निम्ति पनि यस्ता कुराहरू गर्न सक्नुहुन्छ? केहीले भन्छन्, “सक्नुहुन्छ!” किन सक्नुहुन्छ त? किनकि परमेश्‍वरको सार बहाना होइन र उहाँको सुन्दरता बहाना होइन। परमेश्‍वरको सार वास्तवमा नै अस्तित्वमा छ र यो अरूले थप्‍ने कुरा होइन, र फरक समय, ठाउँ र युगहरू अनुसार बदलिने कुरा होइन। मानिसहरूले सामान्य र नगण्य सोचेका कुराहरू गरेर मात्र परमेश्‍वरको सच्चाइ र सुन्दरतालाई साँचो रूपमा बाहिर ल्याउन सकिन्छ—यो यति सामान्य हुन्छ कि उहाँले यो कुरा गर्न सक्नुहुन्छ भन्‍ने कुरा मानिसहरूले सोच्न पनि सक्दैनन्। परमेश्‍वर कपटी हुनुहुन्‍न। उहाँको स्वभाव र सारमा कुनै पनि अतिशयोक्ति, भेष बदल्ने कुरा, घमण्ड वा अहङ्कार छैन। उहाँले कहिले पनि सेखी गर्नुहुन्‍न, तर उहाँले सृष्‍टि गर्नुभएको मानवजातिलाई विश्‍वासयोग्यता र निष्कपटताका साथ प्रेम गर्नुहुन्छ, वास्ता गर्नुहुन्छ, हेरचाह गर्नुहुन्छ, अगुवाइ गर्नुहुन्छ। परमेश्‍वरले गर्नुहुने कामलाई मानिसहरूले जति थोरै सराहना, अनुभव गरे पनि वा देखे पनि, उहाँले यो कार्य निश्‍चय नै गर्दै हुनुहुन्छ। परमेश्‍वरसँग यस्तो सार छ भन्‍ने कुरा जानेर के यसले परमेश्‍वरप्रति भएको मानिसहरूको प्रेमलाई प्रभाव पार्छ? के यसले परमेश्‍वरप्रति भएको तिनीहरूको भयलाई प्रभाव पार्छ? मलाई आशा छ तैँले परमेश्‍वरको वास्तविक पक्ष बुझेपछि, तँ अझ उहाँको नजिक जानेछस् र मानवजातिप्रतिको उहाँको प्रेम र वास्तालाई साँचो रूपले सराहना गर्न सक्नेछस्, साथै तेरो हृदय परमेश्‍वरलाई दिन सक्नेछस् र उहाँ बारेका सन्देह र शङ्काहरूदेखि छुटकारा पाउनेछस्। परमेश्‍वरले मानिसको निम्ति सबै कुरा चुपचाप गर्दैहुनुहुन्छ, सबै कुरा उहाँको निष्कपटता, विश्‍वासयोग्यता र प्रेमका साथ शान्तिपूर्वक तरिकाले गर्दैहुनुहुन्छ। तर उहाँले गर्नुहुने कुराहरूप्रति उहाँमा कुनै आशङ्का वा पछुतोहरू छैनन्, न त कसैले कुनै पनि तरिकाले उहाँले गर्नुभएका कुराको मूल्य चुकाउन नै आवश्यक छ वा मानवजातिबाट केही प्राप्‍त गर्ने अभिप्राय नै उहाँसँग छ। मानवजातिको साँचो विश्‍वास र प्रेम प्राप्‍त गर्नु नै उहाँले गर्नुभएका सबै कुराको एक मात्र उद्‌देश्य हो। र यसैको साथ, पहिलो विषयलाई म यहीँ अन्त गर्नेछु।

के यी छलफलहरूले तिमीहरूलाई सहायता गर्‍यो? ती कति सहयोगी भएका छन्? (हामीसँग परमेश्‍वरको प्रेमको बारेमा अझै धेरै बुझाइ र ज्ञान छ।) (सङ्गतिको यस विधिले हामीलाई भविष्यमा परमेश्‍वरको वचनको सराहना गर्न, उहाँका भावनाहरू र उहाँले ती कुराहरू भन्नुहुँदा उहाँले भन्नुभएका कुराहरू पछाडिका अर्थ बुझ्न र उहाँले त्यस समय कस्तो महसुस गर्नुभयो भन्‍ने कुरा बुझ्न मदत गर्न सक्छ।) के तिमीहरूमध्ये कोही यी वचनहरू पढेपछि परमेश्‍वरको वास्तविक अस्तित्वको बारेमा

अझ उत्कट तवरले सजग छौ? के परमेश्‍वरको अस्तित्व खोक्रो र अस्पष्ट छैन रहेछ भन्‍ने अनुभव गर्छौ? तिमीहरूले यसको अनुभव गरेपछि, के तिमीहरूले परमेश्‍वर तिमीहरूको छेवैमा हुनुहुन्छ भन्‍ने महसुस गर्न सक्छौ? सायद अहिले त्यो अनुभूति त्यति स्पष्ट छैन वा तिमीहरूले अझै त्यसको महसुस गर्न सकेका छैनौ होला। तर एक दिन, जब तिमीहरूका हृदयमा साँचो रूपमा गहिरो बुझाइ र परमेश्‍वरको स्वभाव र सारको वास्तविक ज्ञान हुन्छ, तब तैँले परमेश्‍वर तेरो छेवैमा हुनुहुन्छ भन्‍ने अनुभूति गर्न सक्नेछस्–तैँले आफ्नो हृदयमा परमेश्‍वरलाई कहिल्यै पनि साँचो रूपमा स्वीकार गरेको थिइनस्। र सत्य यही हो!

सङ्‌गतिको यस तरिकाको बारेमा तिमीहरूलाई के लाग्छ? के तिमीहरूले यसलाई बुझ्‍न सक्छौ? के तिमीहरूलाई परमेश्‍वरको काम र परमेश्‍वरको स्वभाव सम्बन्धी विषय ज्यादै भारी लाग्छ? तिमीहरूलाई कस्तो लाग्छ? (धेरै राम्रो, उत्साहित।) के कुराले तिमीहरूलाई राम्रो महसुस गरायो? तिमीहरू किन उत्साहित भयौ? (यो अदनको बगैँचामा अर्थात् परमेश्‍वरको छेउमा फर्केर गए जस्तै थियो।) "परमेश्‍वरको स्वभाव" मानिसहरूको निम्ति वास्तवमा अपरिचित विषय हो, किनकि तिमीहरूले प्रायजसो कल्पना गर्ने र पुस्तकहरूमा पढ्ने र सङ्‌गतिहरूमा सुन्‍ने कुराहरूले तिमीहरूलाई हात्ती छुने दृष्टिविहीन व्यक्तिहरू जस्तै महसुस गराएको छ–तिमीहरूले आफ्ना हातहरूले छामिरहेका मात्र छौ, तर वास्तवमा तिमीहरूले कल्पनामा वास्तविक चित्र उतार्न सक्दैनौ। अन्धाधुन्ध यताउता छामछुम गरेर यसले तँलाई परमेश्‍वरको बारेमा अपूर्ण बुझाइ पनि दिँदैन, उहाँ सम्बन्धी स्पष्ट अवधारणाको त कुरै नगरौं; यसले परमेश्‍वरको स्वभाव र सारको उचित परिभाषा दिनबाट तँलाई रोकेर तेरो कल्पनालाई भड्‌काउने काम मात्र गर्छ र तेरो कल्पनाबाट उत्पन्‍न अनिश्‍चितताहरूले तेरो हृदयमा अपरिहार्य रूपमै शङ्‌काहरू भर्नेछ। जब तँ केही कुराको बारेमा निश्‍चित हुँदैनस् तर पनि बुझ्‍ने कोसिस गर्छस्, तब तेरो हृदयमा सधैँ विरोधाभासहरू तथा द्वन्द्व हुनेछन् र तँमा अशान्तिको भाव पनि हुनेछ, जसले तँलाई भ्रमित र अन्योलमा पार्नेछन्। परमेश्‍वरको खोजी गर्न, परमेश्‍वरलाई जान्‍न र उहाँलाई स्पष्ट देख्‍न खोज्‍ने चाहना गर्नु तर कहिले पनि जवाफ पत्ता लगाउन नसक्‍ने जस्तो देखिनु पीडादायी कुरा होइन र? अवश्य नै, यी वचनहरू भयसाथ परमेश्‍वरको आदर गर्न र उहाँलाई सन्तुष्ट तुल्याउन खोज्‍नेहरूको निम्ति लक्षित छन्। यस्ता कुराहरूमा ध्यान नदिने मानिसहरूको निम्ति यसले केही अर्थ राख्दैन, किनकि परमेश्‍वरको वास्तविकता र अस्तित्व केवल किंवदन्ती वा कल्पना हुन् भन्‍ने कुरा तिनीहरूले सबैभन्दा बढी आशा गरेको कुरा हो, ताकि तिनीहरूले आफूलाई जे मन लाग्छ त्यही गर्न सकून्, ताकि तिनीहरू सबैभन्दा ठूलो र सबैभन्दा महत्त्वपूर्ण हुन सकून्, ताकि तिनीहरूले परिणामहरूको कुनै मतलब नै नराखी दुष्ट कामहरू गर्न सकून्, यसैले तिनीहरूले दण्डको सामना गर्न वा कुनै जिम्मेवारी बहन गर्न नपोस्, ताकि परमेश्‍वरले दुष्ट काम गर्नेहरूका निम्ति भन्‍नुभएका कुराहरू तिनीहरूमा लागू नहोस्। यी मानिसहरू परमेश्‍वरको स्वभाव बुझ्‍नको निम्ति इच्छुक छैनन्। परमेश्‍वर र उहाँको बारेमा सबै कुरा जान्‍ने कोसिस गर्दागर्दै तिनीहरू बिरामी परेका छन् र थाकेका छन्। परमेश्‍वर अस्तित्वमा नभएको भए हुनेथियो भन्‍ने तिनीहरू रुचाउँछन्। यी मानिसहरूले परमेश्‍वरको विरोध गर्छन्, र तिनीहरू बहिष्कृत हुनेहरूमध्येमा पर्छन्।

अर्को, हामी नोआको कथा र यो कसरी परमेश्वरको काम, परमेश्वरको स्वभाव र परमेश्वर स्वयम्सँग सम्बन्धित छ भन्ने कुराको छलफल गर्नेछौँ।

धर्मशास्त्रको यस खण्डमा परमेश्वरले नोआलाई के गरिरहनुभएको तिमीहरू देख्छौ? सायद यहाँ बसेका सबैले धर्मशास्त्रको पढाइबाट यसको बारेमा केही जान्दछ: परमेश्वरले नोआलाई जहाज बनाउने तुल्याउनुभयो, त्यसपछि परमेश्वरले जलप्रलयद्वारा संसारको विनाश गर्नुभयो। परमेश्वरले नोआलाई तिनको आठ जनाको परिवारलाई बचाउन जहाज बनाउन लगाउनुभयो, जसले तिनीहरूलाई बच्ने र मानवजातिको अर्को पुस्ताको पुर्खा बन्ने अनुमति दियो। अब धर्मशास्त्रतिर फर्कौं।

**२. नोआ**

१) परमेश्वरले संसारलाई जलप्रलयद्वारा नष्ट गर्ने अभिप्राय राख्नुहुन्छ र नोआलाई जहाज बनाउने निर्देशन दिनुहुन्छ

उत्पत्ति ६:९-१४ नोआका पुस्ताहरू यी नै हुन्: नोआ तिनका पुस्ताका एक धर्मी र सिद्ध मानिस थिए र नोआ परमेश्वरसँग हिँड्थे। र नोआले तीन छोराहरू शेम, हाम र येपेतलाई जन्माए। पृथ्वी पनि परमेश्वरको सामुन्ने भ्रष्ट नै थियो र पृथ्वी हिंसाले भरिएको थियो। अनि परमेश्वरले पृथ्वीलाई हेर्नुभयो र त्यो भ्रष्ट थियो किनकि पृथ्वीमा भएका सारा देहले आफ्नो मार्ग भ्रष्ट पारेका थिए। अनि परमेश्वरले नोआलाई भन्नुभयो, मेरा सामुन्ने सारा देहको अन्त आएको छ; किनकि तिनीहरूद्वारा पृथ्वी हिंसाले भरिएको छ; अनि, हेर, म तिनीहरूलाई पृथ्वीसहित नष्ट गर्नेछु। तैँले गोपेर काठको एउटा जहाज बना; जहाजमा तैँले कोठाहरू बना र त्यसलाई भित्र र बाहिर अलकत्राले लिप्।

उत्पत्ति ६:१८-२२ तर तँसँग म मेरो करार स्थापित गर्नेछु; र तँ अनि तँसँग तेरा छोराहरू र तेरी श्रीमती र तेरा छोराहरूका श्रीमतीहरू सँगै जहाजमा आउनेछौ। अनि सबै किसिमका हरेक जीवित प्राणीहरूमा, हरेक प्रजातिका दुई-दुई गरेर तँसँगै जीवित राख्नको निम्ति तैँले जहाजमा ल्याउनेछस्; तिनीहरू भाले र पोथी हुनेछन्; पक्षीहरूबाट तिनीहरूका प्रजाति अनुसार र पशुहरूबा तिनीहरूका प्रजाति अनुसार र पृथ्वीमा घस्रने हरेकका प्राणीबाट तिनीहरूका प्रजाति अनुसार, हरेकका दुई वटा जीवित रहनलाई तँकहाँ आउनेछन्। अनि खाइने सबै आहारा तँसँग लैजानू र तैँले त्यो तँसँग जम्मा गरेर राख्नू; र त्यो तँ र तिनीहरूका निम्ति आहारा हुनेछ। नोआले त्यस्तै गरे; तिनले परमेश्वरले आज्ञा गर्नुभएबमोजिम सबै गरे।

यी खण्डहरू पढे पछि के तिमीहरूले नोआको बारेमा सामान्य समझ प्राप्त गर्‍यौ? नोआ कस्ता व्यक्ति थिए? मूल पाठ यस्तो छ: “नोआ तिनका पुस्ताका एक धर्मी र सिद्ध मानिस थिए।” आधुनिक मानिसहरूको बुझाइमा, ती दिनहरूका “धर्मी मानिस” भनेको कस्तो किसिमको व्यक्ति हो? धर्मी मानिस सिद्ध मानिस हुनुपर्छ। यो सिद्ध मानिस मानिसको दृष्टिमा वा परमेश्वरको दृष्टिमा सिद्ध थियो कि थिएन भन्ने तिमीहरूलाई थाहा छ? यसमा कुनै शंकै छैन, यो सिद्ध मानिस परमेश्वरको दृष्टिमा सिद्ध मानिस थियो, तर मानिसको दृष्टिमा सिद्ध थिएन। यो निश्चित छ! किनकि मानिस अन्धो छ र त्यसले देख्दैन, र परमेश्वरले मात्र सारा

पृथ्वी र हरेक मानिसलाई हेर्नुहुन्छ, र नोआ सिद्ध मानिस थियो भन्ने कुरा परमेश्‍वरलाई मात्र थाहा थियो। यसैले, संसारलाई जलप्रलयद्वारा नष्ट गर्ने परमेश्‍वरको योजना नोआलाई बोलाएको बेला नै सुरु भयो।

त्यस युगमा, परमेश्‍वरले नोआलाई धेरै महत्त्वपूर्ण केही कुरा गर्नका निम्ति बोलाउनुभयो। यो काम किन गरिनुपर्‍यो? किनकि त्यस बेला परमेश्‍वरको हृदयमा एउटा योजना थियो। संसारलाई जलप्रलयद्वारा नष्ट गर्ने उहाँको योजना थियो। उहाँले संसारलाई किन नष्ट गर्नुहुने थियो? यहाँ यस्तो भनिएको छ: "पृथ्वी पनि परमेश्‍वरको सामुन्‍ने भ्रष्‍ट नै थियो र पृथ्वी हिंसाले भरिएको थियो।" "पृथ्वी हिंसाले भरिएको थियो" वाक्यांशबाट तिमीहरूले के बुझ्छौ? यो पृथ्वीमा भएको एउटा घटना थियो जहाँ संसार र यसमा भएका मानिसहरू चरम रूपमा भ्रष्‍ट भएका थिए; यसैले "पृथ्वी पनि परमेश्‍वरको सामुन्‍ने भ्रष्‍ट नै थियो।" आजको भाषामा, "हिंसाले भरिएको थियो" को अर्थ सबै कुरा सन्तुलन बाहिर जानु भन्‍ने हुन्छ। मानिसको निम्ति, यसको अर्थ यो हुन्छ कि जीवनका हरेक पक्षमा क्रमको सारा झलक हराएको थियो, र हरेक कुरा अस्तव्यस्त र अप्रबन्धनीय बनेको थियो। परमेश्‍वरको दृष्‍टिमा, यसको अर्थ संसारका मानिसहरू अति नै भ्रष्‍ट भएका थिए। तर कुन हदसम्मको भ्रष्‍ट? यो हदसम्मको भ्रष्‍ट कि परमेश्‍वरले तिनीहरूलाई हेर्न वा तिनीहरूप्रति धैर्य गर्नै सक्नुभएन। यो हदसम्मको भ्रष्‍ट कि परमेश्‍वरले तिनीहरूलाई नष्ट गर्ने अभिप्राय राख्नुभयो। जब परमेश्‍वरले संसारलाई नष्ट गर्ने निर्णय लिनुभयो, उहाँले जहाज बनाउने व्यक्ति खोज्ने योजना बनाउनुभयो। परमेश्‍वरले यो काम सम्पन्‍न गर्नको निम्ति नोआलाई छान्‍नुभयो; अर्थात् उहाँले नोआलाई जहाज बनाउन लगाउनुभयो। उहाँले किन नोआलाई छान्‍नुभयो? परमेश्‍वरको नजरमा, नोआ धर्मी मानिस थियो; परमेश्‍वरले जस्तो निर्देशन दिनुभयो नोआले त्यही गर्‍यो। यसको अर्थ यही हो, परमेश्‍वरले जे भन्‍नुभयो त्यो गर्न नोआ इच्छुक थियो। परमेश्‍वरले उहाँसँग काम गर्न, उहाँले दिनुभएको जिम्मालाई पूरा गर्न–उहाँको काम पृथ्वीमा पूरा गर्नको निम्ति यस्तै मानिसको चाहना गर्नुभयो। त्यस बेला, के यस्तो काम पूरा गर्ने नोआ बाहेक अर्को व्यक्ति थियो? अवश्य थिएन! नोआ एक मात्र उम्मेदवार, परमेश्‍वरले जिम्मा दिनुभएको काम पूरा गर्ने एक मात्र व्यक्ति थियो, र यसैले परमेश्‍वरले उसलाई छान्‍नुभयो। तर के मानिसहरूलाई मुक्त गर्ने परमेश्‍वरका सीमा र मापदण्डहरू आज पनि उस्तै छन् जस्ता त्यस बेला थिए? जवाफ यो छ, पक्कै पनि भिन्‍नता छ! अनि मैले किन यो सोधेको हुँ? त्यस बेला परमेश्‍वरको नजरमा नोआ मात्र धर्मी मानिस थियो, यसले यही जनाउँछ कि न त उसकी पत्‍नी न त उसका छोराहरू वा बुहारीहरू नै धर्मी मानिसहरू थिए, तर परमेश्‍वरले नोआको कारण तिनीहरूलाई बचाउनुभयो। परमेश्‍वरले अहिले गरे जस्तो तिनीहरूसँग केही कुराको माग गर्नुभएन, बरु उहाँले नोआका परिवारका आठै जना सदस्यहरूलाई जीवित राख्‍नुभयो। नोआको धार्मिकताको कारण तिनीहरूले परमेश्‍वरको आशिष् प्राप्‍त गरे। नोआविना, तिनीहरू कसैले पनि परमेश्‍वरले जिम्मा दिनुभएको काम पूरा गर्न सक्ने थिएनन्। यसैले संसारको विनाशबाट बच्‍नुपर्ने मानिस नोआ मात्र थियो, र अन्यचाहिँ सहवर्ती हकदारहरू मात्र थिए। परमेश्‍वरले औपचारिक रूपमा आफ्नो व्यवस्थापनको काम सुरु गर्नु अगाडिको युगमा, उहाँले मानिसहरूसँग व्यवहार गर्ने र तिनीहरूबाट माग गर्ने कुराका सिद्धान्त र मापदण्डहरू तुलनात्मक

रूपमा खुकुला थिए भन्ने यसले देखाउँछ। आजका मानिसहरूको निम्ति नोआको आठ जनाको परिवारसँग परमेश्वरले गर्नुभएको व्यवहारमा “निष्पक्षता” को अभाव भएको जस्तो देखिन्छ। तर मानिसहरूमा उहाँले अहिले गरेको कामको आयतन र अहिले उहाँले व्यक्त गर्नुहुने उहाँको वचनको ठूलो परिमाणको तुलनामा नोआको आठ जनाको परिवारलाई गर्नुभएको व्यवहार त्यस बेलाको उहाँको कामको पृष्ठभूमिको कार्य सिद्धान्त मात्र थियो। तुलना गर्दा, नोआको आठ जनाको परिवारले परमेश्वरबाट धेरै पाए कि आजका मानिसहरूले?

नोआलाई बोलाइएको कुरा एउटा सामान्य तथ्य हो, तर हामीले यस अभिलेखमा कुरा गरिरहेको मुख्य बुँदा—परमेश्वरको स्वभाव, उहाँको इच्छा र उहाँको सार—चाहिँ सामान्य कुरा होइन। परमेश्वरका यी विभिन्न पक्षहरूलाई बुझ्नको निम्ति, हामीले पहिले परमेश्वरले कस्तो किसिमको व्यक्तिलाई बोलाउने इच्छा गर्नुहुन्छ भन्ने कुरा बुझ्नुपर्छ, र यसको माध्यमद्वारा उहाँको स्वभाव, इच्छा, र सार बुझ्नुपर्छ। यो महत्वपूर्ण छ। यसैले परमेश्वरको नजरमा, उहाँले बोलाउने मानिस कस्तो किसिमको व्यक्ति हुन्छ? उक्त व्यक्ति उहाँका वचनहरू सुन्न सक्ने र उहाँका निर्देशनहरू मान्न सक्ने व्यक्ति हुनुपर्छ। साथै, उक्त व्यक्ति जिम्मेवारी बोध गर्ने, परमेश्वरको वचनलाई पूरा गर्नैपर्ने जिम्मेवारी र कर्तव्यको रूपमा व्यवहार गरेर यसलाई पुरा गर्ने हुनुपर्छ। के त्यसो भए उक्त व्यक्तिले परमेश्वरलाई चिनेको हुनुपर्छ? होइन। त्यस बेला, नोआले परमेश्वरका शिक्षाहरूको बारेमा त्यति सुनेको थिएन वा परमेश्वरको कुनै पनि कामको अनुभव गरेको थिएन। यसैले, नोआसँग परमेश्वरको बारेमा थोरै ज्ञान थियो। नोआ परमेश्वरसँग हिँड्थे भनेर अभिलेख राखेको भएता पनि, के उसले कहिले परमेश्वरको व्यक्तित्वलाई देख्यो? यसको जवाफ हुन्छ, निश्चय नै देखेन! किनकि ती दिनहरूमा, परमेश्वरका दूतहरू मात्र मानिसहरूका माझमा आउँथे। तिनीहरूका बोली र काममा तिनीहरूले परमेश्वरको प्रतिनिधित्व गरेता पनि, तिनीहरूले केवल परमेश्वरको इच्छा र उहाँका अभिप्रायहरू व्यक्त गर्थे। परमेश्वरको व्यक्तित्व मानिसकहाँ आमने सामने प्रकट गरिएको थिएन। धर्मशास्त्रको यस खण्डमा, नोआले के गर्नुपर्ने थियो र उसलाई परमेश्वरका निर्देशनहरू के थिए भन्ने मात्र देख्छौं। यसैले परमेश्वरले यहाँ अभिव्यक्त गर्नुभएको सार के थियो? परमेश्वरले गर्ने हरेक काम सूक्ष्मताका साथ योजना गरिन्छन्। जब उहाँले भइरहेको कुनै कुरा वा परिस्थितिलाई हेर्नुहुन्छ, त्यसको मापन गर्ने मापदण्ड उहाँको नजरमा हुन्छ र त्यसको सामना गर्नको निम्ति उहाँले कुनै योजना शुरू गर्नुपर्छ कि पर्दैन अथवा त्यस कुरा वा परिस्थितिको सामना गर्नको निम्ति कुन तरिका अवलम्बन गर्नुपर्छ भन्ने कुराको निर्धारण त्यही मापदण्डले गर्छ। सबै कुराप्रति उहाँ उदासीन वा भावनाविहिन हुनुहुन्न। वास्तवमा यसको ठिक विपरित छ। परमेश्वरले नोआलाई के भन्नुभयो भन्ने कुरालाई व्यक्त गर्ने एउटा पद यहाँ छ: “मेरा सामुन्ने सारा देहको अन्त आएको छ; किनकि तिनीहरूद्वारा पृथ्वी हिंसाले भरिएको छ; अनि, हेर, म तिनीहरूलाई पृथ्वीसहित नष्ट गर्नेछु।” परमेश्वरले यसो भन्नुहुँदा के उहाँले मानवलाई मात्र नष्ट गर्दै हुनुहुन्थ्यो भन्ने अर्थ यसले दिन्छ? होइन! उहाँले शरीर भएका सबै जीवित प्राणीहरूलाई नष्ट गर्न गइरहनुभएको थियो भनी परमेश्वरले भन्नुभयो। परमेश्वरले किन विनाशको चाहना गर्नुभयो? यहाँ परमेश्वरको स्वभावको अर्को प्रकाश छ: परमेश्वरको नजरमा, मानिसको भ्रष्टता, सारा प्राणीहरूको फोहोरीपन, हिंसा र अनाज्ञाकारीताप्रति

उहाँको धैर्यको सीमा छ। उहाँको सिमा के हो? यो परमेश्वरले भन्नुभए जस्तै होः “परमेश्वरले पृथ्वीलाई हेर्नुभयो र त्यो भ्रष्ट थियो किनकि पृथ्वीमा भएका सारा देहले आफ्नो मार्ग भ्रष्ट पारेका थिए।” “किनकि पृथ्वीमा भएका सारा देहले आफ्नो मार्ग भ्रष्ट पारेका थिए” वाक्यांशको अर्थ के हो? यसको अर्थ यही हो, परमेश्वरलाई पछ्याउनेहरू, परमेश्वरको नाम पुकार्नेहरू, परमेश्वरलाई होमबली चढाउनेहरू, परमेश्वरलाई मुखले स्वीकार गर्ने र परमेश्वरको स्तुति गर्नेहरू लगायत कुनै पनि जीवित प्राणीहरू–तिनीहरूको व्यवहार भ्रष्टताले पूर्ण भएर त्यो परमेश्वरको नजरमा पुगेपछि, उहाँले तिनीहरूलाई पनि नष्ट गर्नुपर्ने हुन्थ्यो। त्यही नै परमेश्वरको सीमा थियो। त्यसो भए परमेश्वर मानिस र सारा प्राणीहरूको भ्रष्टतासँग कुन हदसम्म धैर्य रहनुभयो? चाहे परमेश्वरका अनुयायीहरू वा विश्वास नगर्ने सारा मानिसहरू सही बाटोमा नहिँड्ुञ्जेलसम्म। मानिस नैतिक रूपमा भ्रष्ट भएर दुष्टताले पूर्ण नभएको मात्र होइन, तर परमेश्वरको अस्तित्वलाई विश्वास गर्ने कोही पनि नहुञ्जेलसम्म, संसारलाई परमेश्वरले शासन गर्नुहुन्छ र परमेश्वरले मानिसहरूकहाँ ज्योति ल्याउनुहुन्छ र तिनीहरूलाई सही मार्गमा ल्याउन सक्नुहुन्छ भनेर विश्वास गर्ने व्यक्तिको त कुरै नगरौँ। मानिसले परमेश्वरको अस्तित्वलाई घृणा गर्ने र परमेश्वरलाई अस्तित्वमा आउन अनुमति नदिने हदसम्म। जब मानिसको भ्रष्टता यस बिन्दुमा पुग्छ, तब परमेश्वरले सहन सक्नुहुन्न। केले यसलाई प्रतिस्थापन गर्ने छ? परमेश्वरको क्रोध र परमेश्वरको दण्डको आगमनले। के त्यो परमेश्वरको स्वभावको आंशिक प्रकाश थिएन? यस वर्तमान युगमा, के कोही पनि मानिसहरू परमेश्वरको नजरमा धर्मी छैनन्? के परमेश्वरको नजरमा सिद्ध मानिसहरू कोही पनि छैनन्? के यो युग पृथ्वीका सारा प्राणीहरूको व्यवहार परमेश्वरको नजरमा भ्रष्ट भएको युग होइन? यस दिन र युगमा–परमेश्वरले पूर्ण बनाउन चाहनुभएका र परमेश्वरलाई पछ्याउन र उहाँको मुक्तिलाई स्वीकार गर्न सक्ने बाहेकका–सबै देहका मानिसहरूले परमेश्वरको धैर्यको सीमालाई चुनौति दिइरहेका छैनन्? के तिमीहरूको नजिकै भइरहेका सबै कुराहरू–तिमीहरूका आफ्नै आँखाले देख्ने र तिमीहरूका कानले सुन्ने र यस संसारमा व्यक्तिगत रूपले हरेक दिन अनुभव गर्ने कुराहरू–हिंसाले पूर्ण छैनन्? परमेश्वरको नजरमा, यस्तो संसार, यस्तो युग, अन्त हुनुपर्दैन र? वर्तनमान युगको पृष्ठभूमि नोआको समयको पृष्ठभूमिभन्दा फरक भएता पनि, मानिसको भ्रष्टताप्रति परमेश्वरको भावनाहरू र क्रोध उस्तै छ। आफ्नो कामको कारण परमेश्वर धैर्य रहन सक्षम हुनुभएको छ, तर परिस्थिति र स्थितिहरूलाई मध्यनजर गर्दा, परमेश्वरको नजरमा, यो संसार धेरै पहिले नै नष्ट गरिसक्नुपर्ने थियो। संसारलाई जलप्रलयद्वारा नष्ट गर्दाको समयमा भएको भन्दा धेरै परका परिस्थितिहरू छन्। तर भिन्नता के छ? यो पनि परमेश्वरको हृदयलाई सबैभन्दा बढी दुःखी बनाउने कुरा, र सायद तिमीहरूमध्ये कसैले पनि सराहना गर्न नसक्ने कुरा हो।

उहाँले जलप्रलयद्वारा संसारलाई नाश गर्नुहुँदा, परमेश्वरले नोआलाई जहाज बनाउन र केही तयारीको काम गर्न बोलाउन सक्षम हुनुभयो। परमेश्वरले एक जना मानिस–नोआ–लाई उहाँको निम्ति यी शृङ्खलाबद्ध कुराहरू गर्न बोलाउन सक्नुभयो। तर यस वर्तमान युगमा, परमेश्वरले बोलावट गर्नुपर्ने कोही पनि छैन। यो किन? यहाँ बस्ने हरेक व्यक्तिले सम्भवतः त्यो कारण राम्ररी बुझ्छन् र जान्दछन्। के तिमीहरू मैले यो कुरा भनेको चाहन्छौ? मैले यसलाई ठुलो आवाजमा भनेँ

भने तिमीहरूको नाक काटिन सक्छ र सबै उदास हुन सक्छौ। केही मानिसहरूले भन्न सक्छन्ः "हामी धर्मी मानिसहरू र परमेश्वरको नजरमा सिद्ध मानिसहरू नभएता पनि यदि परमेश्वरले हामीलाई केही कुरा गर्न लगाउनुभयो भने, हामी अझ पनि त्यो काम गर्न सक्षम छौँ। पहिले, उहाँले विनाशकारी विपत्ति आउँदै छ भन्नुहुँदा, विपत्तिमा चाहिने खाना र सरसमानहरू हामीले तयार गऱ्यौँ। के त्यो सबै परमेश्वरका मागहरूबमोजिम गरेकोथिएन र? के हामीले साँच्चै परमेश्वरको काममा सहकार्य गरेनौँ र? हामीले गरेका यी कुराहरूलाई नोआले गरेको कामसँग तुलना गर्न सकिन्न र? हामीले गरेको काम गर्नु साँचो आज्ञापालन होइन र? के हामीले परमेश्वरको निर्देशनलाई पछ्याइरहेका थिएनौँ र? के हामीले परमेश्वरले भनेको कुरा गरेनौँ किनकि हामीसँग परमेश्वरको वचनप्रति विश्वास छ? त्यसो भए परमेश्वर अझ पनि किन दुःखी हुनुहुन्छ? बोलावट गर्नुपर्ने कोही पनि छैन भनेर किन परमेश्वरले भन्नुहुन्छ?" तिमीहरू र नोआका कार्यहरूमा कुनै फरक छ? फरक के छ? (अहिलेको विपत्तिको निम्ति खाना तयार गर्नु हाम्रो आफ्नै अभिप्राय थियो।) (हाम्रा कार्यहरू "धर्मी" ठहरिँदैनन्, जबकि नोआचाहिँ परमेश्वरको नजरमा धर्मी थिए।) तिमीहरूले भनेको कुरा त्यति धेरै नमिल्दो कुरा होइन। नोआले गरेको कार्य मानिसहरूले अहिले गरेको कामभन्दा धेरै हदसम्म फरक थियो। नोआले परमेश्वरले भनेबमोजिम गर्दा उसलाई परमेश्वरको अभिप्रायको बारेमा थाहा थिएन। परमेश्वरले के कुरा हासिल गर्न खोज्नुभयो भन्ने कुरा उसलाई थाहा थिएन। परमेश्वरले उसलाई आज्ञा मात्र दिनुभएको थियो र उसलाई केही कुरा गर्ने निर्देशन दिनुभयो र उक्त कामको बारेमा धेरै व्याख्याविना नै नोआले अगाडि बढेर त्यो गऱ्यो। उसले गुप्त रूपमा परमेश्वरको अभिप्रायहरूको बारेमा थाहा पाउने कोसिस गरेन, न त उसले परमेश्वरको प्रतिरोध नै गऱ्यो वा बेइमानी नै देखायो। उसले गएर शुद्ध र सरल हृदयले भनेबमोजिम त्यो काम गऱ्यो। परमेश्वरले गर्न लगाउनुभएको कुरा उसले गऱ्यो र परमेश्वरको वचन पालना गर्ने र सुन्ने कार्यले उसले गर्ने कामको विश्वासमा टेवा दियो। परमेश्वरले सुम्पिनुभएको कामलाई उसले सिधा र सरल तरिकाले व्यवहार गऱ्यो। उसको सार–उसका कार्यहरूको सार आज्ञापालन थियो, द्वितीय-अनुमान थिएन, प्रतिरोध थिएन, र योभन्दा बढी त, उसको आफ्नै चाहनाहरू वा आफ्ना फाइदा र बेफाइदाहरूको बारेमा उसले सोचेन। थप कुरा त, परमेश्वरले संसारलाई जलप्रलयद्वारा नष्ट गर्नेछु भन्दा नोआले कहिले हुन्छ भनेर सोधेन र के हुन्छ भनेर सोधेन, र उसले परमेश्वरले कसरी संसारलाई नष्ट गर्दै हुनुहुन्छ भनेर निश्चय नै सोधेन। उसले परमेश्वरले निर्देशन दिए बमोजिम मात्र गऱ्यो। तथापि परमेश्वरले त्यो बनाइनुपर्छ र त्यो केबाट बनिनुपर्छ भन्ने चाहनुभयो, परमेश्वरले अह्राएबमोजिम उसले गऱ्यो र तत्कालै काम सुरु गऱ्यो। उसले परमेश्वरको निर्देशनहरूबमोजिम परमेश्वरलाई सन्तुष्ट पार्ने मनोवृत्तिका साथ काम गऱ्यो। के उसले विपत्तिबाट आफूलाई बचाउनको निम्ति यसो गऱ्यो? होइन। के उसले परमेश्वरलाई संसारको विनाश हुनुभन्दा अघि कति लामो समय हुनेथ्यो भनी सोध्यो? सोधेन। के उसले जहाज बनाउनको निम्ति कति समय लाग्छ भनेर परमेश्वरलाई सोध्यो वा के उसलाई यो थाहा थियो? उसलाई त्यो पनि थाहा थिएन। उसले त आज्ञापालन गऱ्यो, सुन्यो र त्यसबमोजिम गऱ्यो। अहिलेका मानिसहरू त्यस्ता छैनन्ः परमेश्वरको वचनबाट थोरै मात्र जानकारी चुहिने बित्तिकै, हावामा पातहरू बजेको सुन्ने बित्तिकै, तिनीहरू तुरून्त कामको निम्ति

तयार हुन्छन्, जेसुकै होस् वा जस्तोसुकै मूल्य चुकाउनु परोस्, घटनापछि तिनीहरूले खाने, पिउने र प्रयोग गर्ने कुराहरूको जोहो गर्नतिर लाग्छन्, विपत्ति आइपर्दा भाग्ने बाटोहरूको योजना पनि गर्न थाल्छन्। त्योभन्दा चाखलाग्दो कुरा त के छ भने, यस्तो महत्त्वपूर्ण क्षणमा "काम फत्ते गर्ने कुरामा" मानव दिमाग धेरै राम्रो छ। परमेश्वरले कुनै निर्देशनहरू नदिनुभएका परिस्थितिहरूमा मानिसले सबै कुरा उचित तवरले योजना गर्न सक्छ। त्यस्ता योजनाहरूको वर्णन गर्न तिमीले "सिद्ध" शब्दको प्रयोग गर्न सक्छौ। परमेश्वरले के भन्नुहुन्छ, परमेश्वरका अभिप्रायहरू के छन् वा परमेश्वरले के चाहनुहुन्छ भन्ने कुराहरूलाई कसैले पनि वास्ता गर्दैन र कसैले पनि सराहना गर्ने कोसिस गर्दैन। के यो नै आजमा मानिसहरू र नोआ बीचको ठूलो फरक होइन र?

नोआको कथाको यस अभिलेखमा, के तिमीहरूले परमेश्वरको स्वभावको एक भाग देख्छौ? मानिसको भ्रष्टता, फोहोरीपन र हिंसाप्रति परमेश्वरको धैर्यको सीमा छ। उहाँ त्यो सीमामा पुगेपछि, उहाँले धैर्य गर्नुहुने छैन र बरु उहाँले उहाँको नयाँ व्यवस्थापन र नयाँ योजना सुरु गर्नुहुनेछ, उहाँले जे गर्नुपर्ने त्यो गर्न सुरु गर्नुहुनेछ, उहाँका कामहरू र उहाँको स्वभावको अर्को पक्ष प्रकट गर्नुहुनेछ। उहाँको यो कार्य उहाँ कहिले पनि मानिसबाट चोट पुर्‍याइनुहुन्न वा उहाँ अधिकार र क्रोधले पूर्ण हुनुहुन्छ भन्ने कुराको प्रदर्शनको निम्ति होइन, र यो उहाँले मानवजातिको विनाश गर्न सक्नुहुन्छ भन्ने कुरा देखाउनको लागि होइन। यस प्रकारको मानवजाति उहाँको सामुन्ने जिएको, उहाँको प्रभुत्वमा जिएको कुरालाई उहाँको स्वभाव र उहाँको पवित्र सारले अनुमति दिँदैन वा धैर्य गर्दैन। यसको अर्थ यही हो, सारा मानवजाति उहाँको विरुद्धमा हुँदा, पृथ्वीमा मुक्त गर्न सक्ने कोही पनि नहुँदा यस्तो मानवजातिप्रति उहाँले धैर्य गर्नुहुने छैन र कुनै पनि सन्देहविना नै यस्तो प्रकारको मानवजातिलाई नष्ट गर्ने योजना कार्यान्वयन गर्नुहुनेछ। परमेश्वरद्वारा गरिने यस्तो कार्यको निर्धारण परमेश्वरको स्वभावले गर्छ। यो आवश्यक परिणाम हो, र परमेश्वरको प्रभुत्वमा सृष्टि गरिएका हरेक प्राणीले सहनुपर्ने परिणाम हो। के यसले अहिलेको वर्तमान युगमा, आफ्नो योजना पूरा गर्न र उहाँले मुक्त गर्न चाहेका मानिसहरूलाई मुक्त गर्नको निम्ति परमेश्वरले पर्खनुहुन्न भन्ने देखाउँदैन र? यी परिस्थितिहरूमा, परमेश्वरले के कुराको सबैभन्दा धेरै वास्ता राख्नुहुन्छ? उहाँलाई नपछ्याउनेहरूले उहाँप्रति कस्तो व्यवहार गर्छन् वा उहाँको विरोध गर्नेहरूले उहाँप्रति कस्तो व्यवहार गर्छन् वा प्रतिरोध गर्छन् वा मानवजातिले कसरी उहाँको निन्दा गर्दैछन् भन्ने कुरा होइन। उहाँलाई पछ्याउनेहरू, उहाँको व्यवस्थापन योजनामा उहाँका मुक्तिका पात्रहरूलाई उहाँले सिद्ध पार्नुभएको छ कि छैन, तिनीहरू उहाँको सन्तुष्टिको योग्य भएका छन् कि छैनन् त्यो कुरालाई मात्रै उहाँले वास्ता गर्नुहुन्छ। उहाँलाई पछ्याउनेबाहेकका मानिसहरूलाई उहाँले आफ्नो क्रोध अभिव्यक्त गर्नको निम्ति दण्ड दिने काम विरलै मात्र गर्नुहुन्छ। उदाहरणको निम्तिः सुनामी, भुकम्प र ज्वालामुखीहरू। साथै, उहाँलाई पछ्याउनेहरू र उहाँद्वारा मुक्त गर्न लागेकाहरूलाई उहाँले मजबुद सुरक्षा र हेरचाह गर्दै हुनुहुन्छ। परमेश्वरको स्वभाव यही होः एकातिर, उहाँले पूर्ण बनाउने अभिप्राय राख्नुभएका मानिसहरूप्रति उहाँ एकदमै धैर्य र सहन गर्न सक्नुहुन्छ, र उहाँले सकेसम्म तिनीहरूको निम्ति प्रतिक्षा गर्न सक्नुहुन्छ; अर्कोतिर, उहाँलाई नपछ्याउने र उहाँको विरोध गर्ने शैतान-जस्ता मानिसहरूलाई परमेश्वरले उत्कटतापूर्वक घृणा र हेला गर्नुहुन्छ। यस्ता शैतान-जस्ताहरूले उहाँलाई

पछ्याऊन् कि नपछ्याऊन् वा उहाँको आराधना गरून् कि नगरून् भन्ने कुराको वास्ता उहाँ राख्नुहुन्न, तिनीहरूप्रति उहाँको हृदयमा धैर्यता धारण गर्नुहुँदै उहाँले तिनीहरूलाई घृणा गर्नुहुन्छ र यी शैतान-जस्ताहरूको अन्त्य निर्धारण गर्दै गर्दा, उहाँको व्यवस्थापन योजनाका चरणहरूको आगमनको प्रतिक्षा पनि उहाँ गर्दै हुनुहुन्छ।

अर्को खण्ड हेरौँ।

२) जलप्रलयपछि नोआलाई परमेश्‍वरको आशिष्

उत्पत्ति ९:१-६ अनि परमेश्‍वरले नोआ र तिनका छोराहरूलाई आशिष् दिनुभयो र तिनीहरूलाई भन्‍नुभयो, फलवन्त र वृद्धि भएर पृथ्वीलाई फेरि भर। र पृथ्वीका हरेक पशुमाथि, आकाशका हरेक पक्षीमाथि, पृथ्वीमा चहलपहल गर्ने सबैमाथि र समुद्रका सबै माछाहरूमाथि तिमीहरूको डर र भय रहनेछ; तिनीहरू तेरा हातमा सुम्पिएका छन्। हरेक सजीव प्राणी तेरो निम्ति मासु हुनेछन्; मैले हरिया वनस्पतिझैँ तिमीहरूलाई सबै कुरा दिएको छु। तर रगतसँगको मासु, जुन रगत हो, तिमीहरूले खानेछैनौ। र म निश्‍चय नै तिमीहरूका जीवनका रगत लिनेछु; म हरेक पशुको साटो, र हरेक मानिसको साटो त्यो लिनेछु; हरेको मानिसको भाइको साटो म मानिसको जीवन लिनेछु। जसले मानिसको रगत बगाउँछ, मानिसबाटै त्यसको रगत बगाइनेछ: किनकि परमेश्‍वरले मानिसलाई आफ्नै स्वरूपमा बनाउनुभयो।

यस खण्डमा तिमीहरू के देख्छौ? मैले यी पदहरू किन छानेँ? मैले किन जहाजमा नोआ र उसका परिवारका सदस्यहरूको जीवन बारेको एक अंश छानिनँ? किनकि आज हामीले बातचितगरिरहेको विषयसँग उक्त जानकारीको धेरै सम्बन्ध छैन। हामीले परमेश्‍वरको स्वभावमा ध्यान केन्द्रित गर्न गइरहेका छौँ। यदि तिमीहरू ती विवरणहरूको बारेमा जान्‍न चाहन्छौ भने, बाइबलमा आफै पढ्न सक्छौ? हामी त्यसको बारेमा यहाँ कुरा गर्नेछैनौँ। परमेश्‍वरका कार्यहरूलाई कसरी जान्‍ने भन्‍ने नै आज हामीले कुरा गर्न गइरहेको मुख्य विषय हो।

नोआले परमेश्‍वरको निर्देशनहरूको पालना गर्दै जहाज बनाएर परमेश्‍वरले संसारलाई नष्ट गर्नको निम्ति प्रयोग गर्नुभएका जलप्रलयको दिनहरूमा जिएपछि, तिनका आठ जनाको सारा परिवार बाँचे। नोआका आठ जनाको परिवारबाहेकका सबै मानवजाति नष्ट पारिए, र पृथ्वीका सारा जीवित प्राणीहरू नष्ट पारिए। नोआलाई परमेश्‍वरले आशिष् दिनुभयो र उसलाई र उसका छोराहरूलाई केही कुराहरू भन्‍नुभयो। ती कुराहरू परमेश्‍वरले उसलाई प्रदान गर्नुहुने कुराहरू र उसमाथि परमेश्‍वरको आशिष् थिए। यो आशिष् र प्रतिज्ञा परमेश्‍वरले उहाँलाई सुन्‍ने र उहाँका निर्देशनहरू स्वीकार गर्नेलाई दिनुहुन्छ र यो परमेश्‍वरले मानिसहरूलाई इनाम दिने तरिका पनि हो। यसको अर्थ, परमेश्‍वरको नजरमा नोआ सिद्ध वा धर्मी मानिस भएता पनि र उसले परमेश्‍वरको बारेमा जति धेरै जानेको भएता पनि, छोटकरीमा भन्‍नुपर्दा, नोआ र उसका तीन छोराहरू सबैले परमेश्‍वरको वचनहरू सुने, परमेश्‍वरको काममा सहकार्य गरे र परमेश्‍वरका निर्देशनहरूबमोजिम तिनीहरूले गर्नुपर्ने काम गरे। फलस्वरूप, तिनीहरूले जलप्रलयबाट संसारको विनाशको क्रममा परमेश्‍वरको निम्ति मानव र विभिन्‍न किसिमका जीवित प्राणीहरूको रक्षा गरे र तिनीहरूले परमेश्‍वरको व्यवस्थापन योजनाको नयाँ चरणको निम्ति ठुलो योगदान गरे। उसले गरेका सबै

कुराहरूको निम्ति, परमेश्वरले उसलाई आशिष् दिनुभयो। आजका मानिसहरूका निम्ति, नोआले गरेको काम उल्लेखनीय नहुन सक्छ। केहीले यस्तो पनि सोच्न सक्छन्ः नोआले केही पनि गरेनन्; परमेश्वरले तिनलाई बचाउने निर्णय गर्नुभएको थियो, यसैले तिनी निश्चय नै बाँच्ने थिए। ऊ जीवित रहनु उसको आफ्नै उपलब्धिहरूका कारणले थिएन। यो परमेश्वरले होओस् भनेर चाहनुभयो किनकि मानिस निष्क्रिय छ। तर परमेश्वरले त्यस्तो सोचिरहनुभएको थिएन। परमेश्वरको निम्ति, कुनै व्यक्ति महान् होस् कि तुच्छ होस् उहाँको इच्छा र उहाँको योजना सहज तरिकाले हासिल होस् भनेर यदि तिनीहरूले उहाँलाई सुन्न, उहाँका निर्देशनहरू र उहाँले सुम्पेका कुराहरूको पालना गर्न सक्छन्, र उहाँको काम, उहाँको इच्छा, र उहाँको योजनामा सहकार्य गर्न सक्छन् भने, त्यो व्यवहार उहाँको सम्झना र उहाँको आशिष् प्राप्त गर्न योग्य ठहरिन्छ। परमेश्वरले त्यस्ता मानिसहरूलाई मूल्यवान ठान्नुहुन्छ र उहाँका निम्ति गरिएका तिनीहरूका कामहरू, तिनीहरूको प्रेम र स्नेहलाई उहाँले कदर गर्नुहुन्छ। यो परमेश्वरको मनोवृत्ति हो। त्यसो भए परमेश्वरले नोआलाई किन आशिष् दिनुभयो? किनकि मानिसका त्यस्ता कार्यहरू र आज्ञाकारिताप्रति परमेश्वरले यसरी व्यवहार गर्नुहुन्छ।

परमेश्वरले नोआलाई दिनुभएको आशिष्को बारेमा, केही मानिसहरूले भन्नेछन्ः "यदि मानिसले परमेश्वरलाई सुन्यो र परमेश्वरलाई सन्तुष्ट पार्‍यो भने, परमेश्वरले मानिसलाई आशिष् दिनुहुन्छ। यो भन्नुपर्ने कुरा नै होइन?" के हामी त्यसो भन्न सक्छौँ? कतिपय मानिसहरू भन्छन्: "सक्दैनौं।" किन हामीले त्यसो भन्न सक्दैनौं? केही मानिसहरू भन्छन्ः "मानिस परमेश्वरको आशिष्मा आनन्द लिने योग्यको छैन।" त्यो पूर्ण रूपमा सही छैन। किनभने कुनै एक व्यक्तिले परमेश्वरले सुम्पिनुभएको कुरालाई स्वीकार गर्दा त्यसका कामहरू असल वा खराब के छन् र त्यस व्यक्तिले आज्ञा पालना गर्‍यो कि गरेन र त्यस व्यक्तिले परमेश्वरको इच्छालाई सन्तुष्ट गर्‍यो कि गरेन र तिनीहरूले गरेको कामले मापदण्ड पूरा गर्छ कि गर्दैन भन्ने कुराको निर्णय गर्नको निम्ति परमेश्वरसँग मापदण्ड छ। परमेश्वरले मानिसको हृदयको वास्ता राख्नुहुन्छ, तिनीहरूको सतही कामहरूलाई होइन। कसैले जुनसुकै तवरले काम गरे पनि, जबसम्म तिनीहरूले केही न केही गर्छन्, परमेश्वरले त्यसलाई आशिष् दिनुपर्छ भन्ने छैन। परमेश्वरको बारेमा मानिसहरूमा यही गतल बुझाइ छ। परमेश्वरले कुनै कुराहरूको अन्तिम परिणाम मात्र हेर्नुहुन्न तर उहाँले मानिसको हृदय कस्तो छ र यी कुराहरूको विकासक्रममा मानिसको मनोवृत्ति कस्तो छ भन्ने कुरामा पनि उहाँले जोड दिनुहुन्छ र उहाँले तिनीहरूको आज्ञाकारिता, ध्यान र तिनीहरूको हृदयमा परमेश्वरलाई सन्तुष्ट पार्ने चाहना छ कि छैन भनेर हेर्नुहुन्छ। नोआले त्यस समयमा परमेश्वरको बारेमा कति जानेका थिए? के त्यो तिमीहरूले अहिले जानेका धर्मसिद्धान्तहरू जति नै थियो? परमेश्वर बारेका धारणा र ज्ञान जस्ता सत्यताका पक्षहरूको आधारमा हेर्दा, के उसले तिमीहरूले जतिकै मलजल र हेरचाह प्राप्त गर्‍यो? होइन, गरेन! तर नकार्न नसकिने एउटा तथ्य छ: आजका मानिसहरूको चेतना, मन र हृदयहरूको गहिराइमा, परमेश्वरप्रति तिनीहरूका धारणा र मनोवृत्तिहरू अस्पष्ट र अनेकार्थी छन्। मानिसहरूका एक भागसँग परमेश्वरको अस्तित्व प्रति नकारात्मक मनोवृत्ति छ पनि भन्न सकिन्छ। तर नोआको हृदय र चेतनामा, परमेश्वरको उपस्थिति पूर्ण र शंकारहित थियो र त्यसैले परमेश्वरप्रति

उसको आज्ञाकारिता विशुद्ध र जाँचको सामना गर्न सक्ने किसिमको थियो। परमेश्वरप्रति उसको हृदय शुद्ध र खुला थियो। परमेश्वरको हरेक वचनलाई पछ्याउनको निम्ति उसलाई मनाउन धर्मसिद्धान्तहरूको धेरै ज्ञानको आवश्यकता परेन, न त उसलाई परमेश्वरले सुम्पनुभएको कुरालाई स्वीकार गर्न र परमेश्वरले उसलाई गर्न लगाउनुभएका कुराहरू गर्न सक्षम हुनको निम्ति परमेश्वरको अस्तित्वलाई प्रमाणित गर्ने धेरै तथ्यहरूको नै आवश्यकता नै उसलाई पऱ्यो। नोआ र आजका मानिसहरू बिचको अत्यावश्य फरक यही नै हो। परमेश्वरको नजरमा सिद्ध मानिसको वास्तविक परिभाषा पनि यही हो। परमेश्वरले नोआ जस्ता मानिसहरूको चाहना गर्नुहुन्छ। ऊ जस्तै मानिसलाई परमेश्वरले प्रशंसा गर्नुहुन्छ र ऊ पनि परमेश्वरले आशिष् दिने ठिकै प्रकारको व्यक्ति हो। के यसबाट तिमीहरूले केही अन्तर्दृष्टि प्राप्त गऱ्यौ? मानिसहरूले मानिसहरूलाई बाहिरबाट हेर्छन्, जबकि परमेश्वरले मानिसहरूको हृदय र तिनीहरूको सारहरू हेर्नुहुन्छ। परमेश्वरले कसैलाई पनि उहाँप्रति उत्साहहीन वा शंका हुने अनुमति दिनुहुन्न, न त उहाँले मानिसहरूलाई उहाँप्रति शंका गर्ने वा कुनै पनि प्रकारले उहाँको जाँच गर्ने अनुमति नै दिनुहुन्छ। यसर्थ, आजका मानिसहरू परमेश्वरको वचनसँग आमनेसामने भएता पनि—परमेश्वरसँग आमनेसामने भएता पनि—तिनीहरूको हृदयका गहिराइमा भएको केहीकुरा, तिनीहरूको भ्रष्टतापूर्ण तत्वको अस्तित्व र उहाँप्रति तिनीहरूको शत्रुतापूर्ण मनोवृत्तिको कारणले, परमेश्वरप्रति साँचो विश्वास गर्नबाट तिनीहरूलाई अवरोध गरेको छ र उहाँप्रति आज्ञाकारी हुनबाट रोकेको छ। यसैले परमेश्वरले नोआलाई दिनुभएको जस्तै आशिष् प्राप्त गर्न तिनीहरूलाई धेरै कठिन छ।

३) परमेश्वरले इन्द्रेणीलाई मानिससँगको आफ्नो करारको प्रतीकको रूपमा प्रयोग गर्नुहुन्छ

उत्पत्ति ९:११-१३ अनि म तिमीहरूसँग मेरो करार स्थापित गर्नेछु, न त जलप्रलयको पानीले अब उप्रान्त सबै मानिसहरूलाई नष्ट गर्नेछ, न त पृथ्वीलाई नष्ट गर्नको निम्ति कुनै जलप्रलय नै हुनेछ। अनि परमेश्वरले भन्नुभयो, यो म र तिमीहरू र तिमीहरूसँग भएका हरेक जीवित प्राणीका बीच अनन्त पुस्तासम्मको निम्ति मैले बनाएको करारको चिनो हो: म बादलमा इन्द्रेनी राख्नेछु र त्यो म र पृथ्वीको बीचमा भएको करारको चिनो हुने छ।

अब, परमेश्वरले इन्द्रेणीलाई मानिससँगको आफ्नो करारको प्रतीकको रूपमा कसरी प्रयोग गर्नुभयो भन्ने बारेमा धर्मशास्त्रको यस खण्डलाई हेरौँ।

धेरैजसो मानिसहरूलाई इन्द्रेणी के हो भन्ने थाहा छ र इन्द्रेणीहरूसँग सम्बन्धित कथाहरू सुनेका छन्। जहाँसम्म बाइबलमा भएको इन्द्रेणीको कथाको कुरा छ, केही मानिसहरूले यसलाई विश्वास गर्छन् र केहीले यसलाई किंवदन्तीको रूपमा लिन्छन् भने, अन्यले यसलाई विश्वास नै गर्दैनन्। जेसुकै भए तापनि इन्द्रेणीसँग सम्बन्धित सारा घटनाहरू परमेश्वरका काम थिए र परमेश्वरले मानिसको व्यवस्थापन गर्ने प्रक्रियाको क्रममा ती घटनाहरू घटेका थिए। यी घटनाहरूलाई बाइबलमा ठीक तरिकाले अभिलिखित गरिएका छन्। यी अभिलेखहरूले त्यस समयमा परमेश्वरको मनस्थिति कस्तो थियो वा परमेश्वरले बोल्नुभएका वचनहरूपछाडिका इरादाहरू के थिए भन्नेबारेमा बताउँदैनन्। यसअतिरिक्त, परमेश्वरले यी कुराहरू बोल्नुहुँदा कस्तो महसुस गरिरहनुभएको थियो भन्ने कुराको सराहना कसैले पनि गर्न सक्दैन। तथापि, यस सम्पूर्ण घटनाको विषयमा परमेश्वरको

मनको अवस्था पाठका हरफहरूबाट प्रकटित हुन्छ। परमेश्‍वरका त्यस समयका सोचहरू उहाँको वचनका हरेक शब्द र वाक्यांशमार्फत तत्कालै स्पष्ट भए जस्तो लाग्छ।

मानिसहरूले चासो राख्नुपर्ने र तिनीहरूले सबैभन्दा बढी जान्‍न खोज्नुपर्ने कुरा भनेकै परमेश्‍वरका सोचहरू हुन्। किनकि परमेश्‍वरका सोचहरू परमेश्‍वरबारेको मानिसको बुझाइसँग जटिल तवरले सम्बन्धित छन् र परमेश्‍वरबारेको मानिसको बुझाइ मानिसको जीवनमा हुने प्रवेशसँग छुटाउन नसकिने गरी जोडिएको छ। यसैले, यी घटनाहरू घट्दाको समयमा परमेश्‍वरले के सोचिरहनुभएको थियो?

मूल रूपमा, परमेश्‍वरले आफ्नो नजरमा धेरै असल र उहाँसँग नजिक रहेको मानवजातिको सृष्टि गर्नुभयो तर उहाँविरुद्ध विद्रोहमा गएपछि तिनीहरूलाई जलप्रलयद्वारा नष्ट पारियो। यस्तो मानवजाति तत्कालै यसरी गायब हुँदा के परमेश्‍वरलाई दुःख लाग्यो? अवश्य नै उहाँलाई दुःख लाग्यो! त्यसो भए, त्यस पीडाप्रति उहाँको अभिव्यक्ति के थियो? त्यसलाई बाइबलमा कसरी अभिलिखित गरिएको थियो? बाइबलमा यसलाई यसरी लेखिएको थियो: "अनि म तिमीहरूसँग मेरो करार स्थापित गर्नेछु, न त जलप्रलयको पानीले अब उप्रान्त सबै मानिसहरूलाई नष्ट गर्नेछ, न त पृथ्वीलाई नष्ट गर्नको निम्ति कुनै जलप्रलय नै हुनेछ।" यस सरल वाक्यले परमेश्‍वरका सोचहरू प्रकट गर्छ। संसारको विनाशले परमेश्‍वरलाई धेरै पीडा दियो। मानिसका शब्दमा भन्नुपर्दा, उहाँ धेरै दुःखी हुनुभयो। हामी कल्पना गर्न सक्छौँ: एकताका जीवनले भरिएको पृथ्वी जलप्रलयद्वारा नष्ट पारिएपछि कस्तो भयो? एकताका मानवजातिले भरिएको पृथ्वी त्यस समय कस्तो देखियो? मानव बसोबासरहित, जीवित प्राणीरहित र जताततै पानी र पानीको सतहमा पूर्ण विनाश। संसारको सृष्टि गर्दा, के यस्तो दृष्य परमेश्‍वरको मौलिक इरादा थियो? अवश्य नै थिएन! परमेश्‍वरको मौलिक इरादा भनेको सारा भूमि जीवनले भरिएको देख्नु, उहाँले सृष्टि गर्नुभएको मानवजातिले उहाँको आराधना गरेको देख्नु थियो, उहाँको आराधना गर्ने एकलो व्यक्ति वा उसलाई सुम्पिएको काम पूरा गर्ने उहाँको बोलावटको जवाफ दिने एकलो नोआलाई मात्र पाउनु होइन। मानवजाति गायब हुँदा, परमेश्‍वरले मौलिक रूपमा इरादा राख्नुभएको कुरालाई होइन बरु त्यसको ठीक विपरित कुरालाई देख्नुभयो। उहाँको हृदय कसरी पीडामा नहुन सक्थ्यो र? यसैले उहाँले आफ्नो स्वभाव प्रकट गरिरहनुहुँदा र आफ्ना संवेगहरू अभिव्यक्त गरिरहनुहुँदा परमेश्‍वरले एउटा निर्णय लिनुभयो। उहाँले कस्तो किसिमको निर्णय लिनुभयो त? परमेश्‍वरले मानवजातिलाई जलप्रलयद्वारा फेरि नष्ट गर्नुहुनेछैन भन्‍ने प्रतिज्ञास्वरूप, मानिससँगको करारको रूपमा बादलमा इन्द्रेणी (अर्थात्, हामीले देख्ने इन्द्रेणी) बनाउने निर्णय। साथै, यो परमेश्‍वरले संसारलाई जलप्रलयद्वारा नष्ट गर्नुभयो भनेर मानिसहरूलाई बताउनलाई पनि थियो, ताकि परमेश्‍वरले किन यस्तो काम गर्नुहुन्छ भनेर मानवजातिले सदैव सम्झिरहोस्।

के त्यस बेलाको संसारको विनाश परमेश्‍वरको चाहना थियो? यो पक्कै पनि परमेश्‍वरले चाहनुभएको कुरा थिएन। हामीले विनाशपछिको पृथ्वीको एउटा सानो खण्डको दयनीय अवस्थाको बारेमा कल्पना गर्न सक्छौँ, तर हामीले परमेश्‍वरको दृष्टिमा त्यस बेलाको उक्त दृष्य कस्तो थियो भन्‍ने कुराको अलिकति पनि कल्पना गर्न सक्दैनौँ। उक्त दृष्य, अर्थात् जलप्रलयद्वारा पृथ्वीको

विनाशपछिको तस्बिर देख्नुभएपछि परमेश्वरले कस्तो अनुभव गरिरहनुभएको थियो भनेर अहिलेका वा त्यस बेलाका कुनै पनि मानिसहरूले कल्पना गर्न वा त्यसको सराहना गर्न सक्दैनन् भनेर हामी भन्न सक्छौँ। मानिसको अवज्ञाको कारण परमेश्वरलाई यसो गर्न कर लाग्यो, तर जलप्रलयद्वारा संसारको यो विनाशबाट परमेश्वरको हृदयले भोगेको पीडा एउटा यस्तो सत्य हो जसलाई कसैले पनि मापन गर्न वा सराहना गर्न सक्दैन। यसैले परमेश्वरले मानवजातिसँग एउटा करार बाँध्नुभयो, जसमार्फत उहाँले मानिसहरूलाई परमेश्वरले एकताका यस्तो पनि गर्नुभएको थियो भन्ने कुरा सम्झना गराउने र परमेश्वरले फेरि संसारलाई यसरी विनाश गर्नुहुनेछैन भनेर तिनीहरूसामु शपथ लिने लक्ष्य लिनुभयो। यस करारमा हामीले परमेश्वरको हृदयलाई देख्छौँ—परमेश्वरले यस मानवजातिको विनाश गर्नुहुँदा उहाँको हृदय पीडामा थियो भन्ने हामी देख्छौँ। मानिसको भाषामा भन्दा, परमेश्वरले मानवजातिको विनाश गर्नुहुँदा र मानवजाति लोप हुँदै गर्दा उहाँको हृदय रोइरहेको र पीडाले भरिएको थियो। यसलाई वर्णन गर्ने सबैभन्दा उत्तम तरिका यही होइन र? मानवहरूले मानवीय भावनाहरूलाई चित्रित गर्न यी शब्दहरूको प्रयोग गर्छन्, तर मानिसको भाषामा धेरै नै कमी भएको कारण परमेश्वरका भावना र संवेगहरूको वर्णन गर्नको निम्ति तिनीहरूको प्रयोग गर्नु मेरो लागि त्यति खराब कुरा होइन, र तिनीहरू त्यति अतिरञ्जक पनि होइनन्। तिनीहरूले तिमीहरूलाई कम्तिमा पनि त्यति बेला परमेश्वरको मनस्थिति कस्तो थियो भन्नेबारेमा धेरै स्पष्ट र धेरै उचित बुझाइ प्रदान गर्छन्। अब तिमीहरूले इन्द्रेणी फेरि देख्दा के सोच्नेछौ? कम्तिमा पनि जलप्रलयद्वारा संसारको विनाश गर्नुभएपछि परमेश्वर कसरी शोकमा हुनुहुन्थ्यो भन्ने कुरा तिमीहरूले सम्झनेछौ। परमेश्वरले यस संसारलाई घृणा गर्नुभए तापनि र यस मानवजातिलाई घृणा गर्नुभए तापनि, उहाँले आफ्नै हातले बनाउनुभएको मानवजातिको विनाश गर्नुहुँदा, उहाँको हृदय पीडामा थियो, यसलाई भुल्नको निम्ति संघर्षरत, यसलाई सहन गर्न अनिच्छुक र कठिन अवस्थामा थियो। उहाँको एउटै सान्त्वना नोआको आठ जनाको परिवारमा थियो। नोआको सहकार्यले गर्दा नै सबै कुराको सृष्टि गर्दाको उहाँका कठिन प्रयासहरू खेर गएनन्। परमेश्वरले कष्ट भोग्दै गर्नुभएको समयमा, उहाँको पीडामा मलम लगाउने कुरा यही मात्र थियो। त्यस बेलादेखि परमेश्वरले मानवजातिप्रतिका उहाँका सबै अपेक्षाहरू नोआको परिवारमाथि राख्नुभयो, यस आशामा कि तिनीहरू उहाँको श्रापमा होइन, उहाँका आशिष्मा जिउन सकून्, यस आशामा कि तिनीहरूले फेरि कहिल्यै पनि परमेश्वरले संसारलाई जलप्रलयद्वारा नष्ट गर्नुभएको नदेखून् र यस आशामा कि तिनीहरू नष्ट नगरिऊन्।

यसबाट हामीले परमेश्वरको स्वभावको कुन भागको बारेमा सिक्नुपर्छ? मानिस उहाँको विरोधी भएको हुनाले परमेश्वरले मानिसलाई घृणा गर्नभएको थियो, तर उहाँको हृदयमा मानवजातिप्रतिको उहाँको वास्ता, चासो र दया अपरिवर्तित नै रहे। उहाँले मानवजातिको विनाश गर्दा पनि उहाँको हृदय अपरिवर्तित नै रह्यो। जब मानवजाति परमेश्वरप्रति गम्भीर हदसम्म भ्रष्टता र अनाज्ञाकारिताले भरिपूर्ण भयो, तब परमेश्वरले उहाँको स्वभाव र सारको कारण र उहाँका सिद्धान्तहरूबमोजिम यस मानवजातिलाई नष्ट गर्नुपर्ने भयो। तर परमेश्वरको सारको कारण उहाँले अझै पनि मानवजातिमाथि दया गर्नुभयो र तिनीहरू बाँचिरहून् भनेर मानवजातिलाई उद्धार

गर्न विभिन्न तरिकाहरू प्रयोग गर्न चाहनुभयो। तर मानिसले परमेश्‍वरको विरोध गऱ्यो, परमेश्‍वरको अवज्ञा गर्न जारी राख्यो र परमेश्‍वरको मुक्तिलाई स्वीकार गर्न इन्कार गऱ्यो; भन्नुको अर्थ उसले उहाँका असल अभिप्रायहरू स्वीकार गर्न इन्कार गऱ्यो। परमेश्‍वरले तिनीहरूलाई जसरी बोलाउनुभएको भए तापनि, तिनीहरूलाई जसरी सम्झाउनुभएको भए तापनि, तिनीहरूको निम्ति जसरी आपूर्ति गरिदिनुभएको भए तापनि, तिनीहरूलाई जसरी सहायता गर्नुभएको भए तापनि वा तिनीहरूलाई जसरी सहन गर्नुभएको भए तापनि, मानिसले त्यसलाई बुझेन वा सराहना गरेन, न त तिनीहरूले कुनै ध्यान नै दिए। परमेश्‍वरले आफ्नो पीडामा, मानिसले आफ्नो दिशा बदल्छ कि भनेर पर्खँदै तिनीहरूलाई अझै पनि हदैसम्मको सहनशीलता प्रदान गर्न भुल्नुभएन। उहाँको हद पार भएपछि बिनासङ्कोच उहाँले आफूले गर्नुपर्ने काम गर्नुभयो। अर्को शब्दमा भन्नुपर्दा, परमेश्‍वरले मानवजातिको विनाश गर्ने योजना बनाउनुभएको समयदेखि मानवजातिको विनाश गर्ने कार्य सुरु गर्नुभएको समयसम्म निश्‍चित समयावधि र प्रक्रिया थियो। यो प्रक्रिया मानिसलाई मार्ग परिवर्तन गर्न सक्षम तुल्याउनको निम्ति अस्तित्वमा थियो र यही नै परमेश्‍वरले मानिसलाई दिनुभएको अन्तिम मौका थियो। मानवजातिको विनाश गर्नुअघिको यस अवधिमा परमेश्‍वरले के गर्नुभयो? परमेश्‍वरले भारी मात्रामा सम्झाउने र प्रोत्सान गर्ने काम गर्नुभयो। परमेश्‍वरको हृदय जतिसुकै पीडा र शोकमा भएको भए तापनि उहाँले मानवजातिमा आफ्नो वास्ता, चासो र प्रचुर कृपा निरन्तर प्रदान गर्नुभयो। यसबाट हामी के देख्छौँ? नि:सन्देह, हामी देख्छौँ कि मानवजातिप्रति परमेश्‍वरको प्रेम वास्तविक छ, केवल ओठेभक्ति जस्तो मात्र छैन। यो वास्तविक, मूर्त र सराहनीय छ, नक्कली, मिलावट भएको, छली वा कपटी छैन। परमेश्‍वरले कहिले पनि छलको प्रयोग गर्नुहुन्‍न वा उहाँ प्रेमयोग्य हुनुहुन्छ भन्‍ने देखाउन नक्कली छवि प्रयोग गर्नुहुन्‍न। उहाँले आफ्नो प्रेमिलोपन मानिसहरूलाई देखाउनको निम्ति वा आफ्नो प्रेमिलोपन र पवित्रताको देखावटी प्रदर्शन गर्न कहिले पनि झुटो साक्षीको प्रयोग गर्नुहुन्‍न। के परमेश्‍वरको स्वभावका यी पक्षहरू मानिसको प्रेमको योग्य छैनन्? के तिनीहरू आराधनाका योग्य छैनन्? के तिनीहरू स्नेहपूर्वक याद गरिन योग्य छैनन्? यस बिन्दुमा म तिमीहरूलाइ सोध्‍न चाहन्छु: यी वचनहरू सुनेपछि के तिमीहरू परमेश्‍वरको महानता खाली कागजमा लेखिएका खोक्रा शब्दहरू मात्र हुन् भन्‍ने सोच्छौ? के परमेश्‍वरको प्रेमिलोपन खोक्रा शब्दहरू मात्र हुन्? होइनन्! अवश्य होइनन्! उहाँले आफ्नो काम गर्नुहुँदाको हरेक समय व्यवहारिक अभिव्यक्ति प्राप्त गर्ने परमेश्‍वरको सर्वोच्चता, महानता, पवित्रता, सहनशीलता, प्रेम आदि जस्ता परमेश्‍वरको स्वभाव र सारका विवध पक्षहरूको हरेक विवरण मानिसप्रति भएको उहाँको इच्छामा समाविष्ट छन् र हरेक व्यक्तिमा ती पूरा गरिन्छन् र प्रतिबिम्बित हुन्छन्। तैँले यसको अनुभव पहिले गरेको वा नगरेको भए पनि परमेश्‍वर हरप्रकारले हरेक व्यक्तिको हेरचाह गर्ने स्वभावको हुनुहुन्छ र उहाँले हरेक व्यक्तिको हृदयलाई चेतावनी दिन र हरेक व्यक्तिको आत्मालाई ब्युँझाउनको निम्ति उहाँको निष्कपट हृदय, बुद्धि, र विभिन्‍न विधिहरूको प्रयोग गर्नुहुन्छ। यो निर्विवाद तथ्य हो। यहाँ जति जना मानिस बसिरहेका भए तापनि परमेश्‍वरको सहनशीलता, धैर्य, र सुन्दरताप्रति हरेक व्यक्तिको आफ्नै अनुभव र अनुभूतिहरू छन्। परमेश्‍वरबारेका यी अनुभवहरू र उहाँप्रतिका यी अनुबभूति र बुझाइहरू छोटकरीमा भन्दा यी सबै

सकारात्मक कुराहरू परमेश्‍वरबाट आएका हुन्। यसैले हरेक व्यक्तिका परमेश्‍वरबारेका अनुभवहरू र ज्ञानलाई एकीकृत गरेर र तिनीहरूलाई आज हामीले पढेका बाइबलका खण्डहरूसँग मिलाउँदा, के तिमीहरूसँग अब परमेश्‍वरको बारेमा अझ वास्तविक र उचित बुझाइ हुन्छ?

यो कथा पढेपछि र यस घटनाद्वारा प्रकट गरिएको परमेश्‍वरको केही स्वभाव बुझेपछि, तिमीहरूमा परमेश्‍वरप्रति कस्तो किसिमको नयाँ आदर आउँछ? के यसले तिमीहरूलाई परमेश्‍वर र उहाँको हृदयको बारेमा गहिरो बुझाइ दिएको छ? के अहिले नोआको कथा फेरि पढ्दा तिमीहरूले फरक अनुभव गर्छौ? तिमीहरूको विचारमा यी बाइबलका पदहरूको बारेमा सङ्गति गर्नु अनावश्यक थियो? अब हामीले तिनीहरूको बारेमा सङ्गति गरेका छौँ, के तिमीहरूलाई यो अनावश्यक थियो भन्ने लाग्छ? यो निश्‍चय नै आवश्यक थियो! हामीले पढेको कथा भए तापनि यो परमेश्‍वरले गर्नुभएको कामको सत्य अभिलेख हो। मेरो लक्ष्य तिमीहरूलाई यी कथाहरूका विवरणहरू वा यस पात्रलाई बुझ्न सक्षम तुल्याउनु होइन, न त तिमीहरूले गएर यस पात्रको बारेमा अध्ययन गर्न सक भन्ने नै हो र निश्‍चय नै तिमीहरूले गएर बाइबल अध्ययन गर भन्ने हुँदै होइन। तिमीहरूले बुझ्दै छौ? के यी कथाहरूले परमेश्‍वरबारेको तिमीहरूको ज्ञान बढाए? हङकङका दाजुभाइ तथा दिदीबहिनीहरू हामीलाई भन्नुहोस्। (परमेश्‍वरको प्रेम हामीमध्ये कोही पनि प्रष्ट मानवहरूमा नभएको हामीले देख्यौँ।) दक्षिण कोरियाका दाजुभाइ दिदीबहिनीहरू हामीलाई भन्नुहोस्। (मानिसप्रतिको परमेश्‍वरको प्रेम वास्तविक हो। मानिसप्रतिको उहाँको प्रेममा उहाँको स्वभाव र उहाँको महानता, पवित्रता, सर्वोच्चता र उहाँको धैर्य छ। हाम्रो लागि यो गहिरो बुझाइ प्राप्त गर्ने कोसिसको लायक छ।) (सङ्गति गर्दै गर्दा, एकातिर म परमेश्‍वरको धर्मी र पवित्र स्वभाव देख्न सक्छु र मानवजातिप्रति परमेश्‍वरको चासो, मानवजातिप्रति परमेश्‍वरको दया पनि म देख्न सक्छु र परमेश्‍वरले गर्नुहुने सबै कुरा र उहाँसँग भएका सबै सोच र विचारहरूले मानवजातिप्रतिको उहाँको प्रेम र चासोलाई प्रकट गर्छन् भन्ने कुरा म देख्न सक्छु।) (मानवजाति गम्भिर हदसम्म दुष्ट भएको कारण परमेश्‍वरले संसारलाई नष्ट गर्नको निम्ति जलप्रलयको प्रयोग गर्नुभयो भन्ने मेरो विगतको बुझाइ थियो, र परमेश्‍वरले यस मानवजातिलाई घृणा गर्नुभएको कारण तिनीहरूको विनाश गर्नुभएको जस्तो लाग्थ्यो। आज नोआको कथाको बारेमा परमेश्‍वरले बताउनुभयो र परमेश्‍वरको हृदय पीडाले भरिएको थियो भन्नुभएपछि मात्र परमेश्‍वरले यस मानवजातिलाई जान दिन अनिच्छुक हुनुहुन्थ्यो भन्ने महसुस मलाई भयो। मानवजाति अत्यन्तै अनाज्ञाकारी भएको कारणले मात्र परमेश्‍वरसँग तिनीहरूलाई नष्ट गर्नुबाहेक अर्को छनौट बाँकी रहेन। वास्तवमा यस समय परमेश्‍वरको हृदय धेरै नै दुःखी थियो। यसबाट उहाँको स्वभावमा मानवजातिप्रति परमेश्‍वरको वास्ता र चासो म देख्न सक्छु। यो मलाई पहिले थाहा नभएको कुरा हो।) धेरै राम्रो! तिमीहरू अर्को चरणमा जान सक्छौ। (यो कुरा सुनेपछि म धेरै प्रभावित भएँ। मैले विगतमा बाइबल पढेको थिएँ तर आजको जस्तो अनुभव कहिले पनि गरिनँ जहाँ परमेश्‍वरले प्रत्यक्ष रूपमा यी कुराहरूको चिरफार गर्नुहुन्छ ताकि हामीले उहाँलाई चिन्न सकौं। परमेश्‍वरले हामीलाई यसरी बाइबल हेर्न सँगसँगै डोर्‍याउने कामले मानिसको भ्रष्टताको अगाडि मानवजातिप्रति परमेश्‍वरको सार प्रेम र वास्ता थियो भन्ने कुरा जान्न मलाई सक्षम तुल्यायो। मानिस भ्रष्ट भएको समयदेखि वर्तमानका अन्तिम दिनहरूसम्म

पनि परमेश्वरको स्वभाव धर्मी नै छ र उहाँको प्रेम र वास्ता अपरिवर्तनीय नै छ। सृष्टिदेखि अहिलेसम्म मानिस भ्रष्ट भए तापनि परमेश्वरको प्रेमको सार कहिले पनि परिवर्तन हुँदैन भन्ने यसले देखाउँछ।) (समयको परिवर्तन वा उहाँको कामको स्थानको कारण परमेश्वरको सार बदलिनेछैन भन्ने कुरा आज मैले देखेँ। मैले यो पनि देखेँ कि मानिस भ्रष्ट भएपछि परमेश्वरले संसारको सृष्टि गरिरहनुभएको होस् वा यसलाई नष्ट गरिरहनुभएको होस्, उहाँले गर्नुहुने हरेक कुराको अर्थ छ र त्यसमा उहाँको स्वभाव रहन्छ। यसैले परमेश्वरको प्रेम अनन्त र अपरिमेय छ भन्ने मैले देखेँ र अन्य दाजुभाइ दिदीबहिनीहरूले उल्लेख गरेझैँ उहाँले संसारको विनाश गर्दा मानवजातिप्रति उहाँको वास्ता र दया पनि मैले देखेँ।) (यी कुराहरूको बारेमा मलाई पहिले निश्चय नै थाहा थिएन। आज यो कुरा सुनेपछि परमेश्वर साँच्चै विश्वसनीय, साँच्चै भरोसायोग्य र विश्वासको योग्य र उहाँ वास्तवमा नै अस्तित्वमा हुनुहुन्छ भन्ने महसुस मैले गरेँ। परमेश्वरको स्वभाव र प्रेम वास्तवमा यति ठोस छ भनेर मेरो हृदयमा साँच्चिकै सराहना गर्न सक्छु। आजको कुरा सुनेपछि मैले गरेको अनुभूति यही हो।) अत्यन्तै राम्रो! यस्तो लाग्छ तिमीहरूले सुनेका कुरा हृदयमा राखेका छौ।

के तिमीहरूले आज हामीले सङ्गति गरेका सबै कथाहरूलगायत सबै बाइबल पदहरूबाट केही कुरा थाहा पायौ? आफ्ना सोचहरू अभिव्यक्त गर्न वा मानवजातिप्रति आफ्नो प्रेम र वास्ताको वर्णन गर्न के परमेश्वरले आफ्नै भाषाको प्रयोग गर्नुभएको छ? उहाँले मानवजातिप्रति कति चासो राख्नुहुन्छ वा प्रेम गर्नुहुन्छ भन्ने कुरा व्यक्त गर्नको निम्ति उहाँले सरल भाषा प्रयोग गर्नुभएको अभिलेख छ? छैन! के यो सही होइन र? तिमीहरूका बिचमा धेरै जना यस्ता छन् जसले बाइबल वा बाइबलबाहेकका अन्य पुस्तकहरू पढेका छन्। के तिमीहरूमध्ये कसैले त्यस्ता वचनहरू देखेका छौ? यसको जवाफ पक्कै पनि "छैन" हुन्छ! अर्थात्, परमेश्वरका वचन र उहाँका कामको अभिलेखनलगायत बाइबलको अभिलेखमा परमेश्वरले कुनै पनि युग वा अवधिमा मानवजातिप्रति उहाँको प्रेम र वास्ता व्यक्त गर्न वा आफ्ना अनुभूतिहरूको वर्णन गर्न कहिल्यै आफ्नै विधिको प्रयोग गर्नुभएन, न त उहाँले आफ्ना भावनाहरू व्यक्त गर्न बोली वा कार्यहरूको नै कहिल्यै प्रयोग गर्नुभयो—के यो तथ्य होइन र? म किन यसो भन्दैछु त? मैले किन यो कुरा उल्लेख गर्नुपर्छ? किनकि यसमा पनि परमेश्वरको सुन्दरता र उहाँको स्वभाव सामेल छ।

परमेश्वरले मानवजातिको सृष्टि गर्नुभयो; चाहे तिनीहरू भ्रष्ट भएका होऊन् वा चाहे तिनीहरूले उहाँलाई पच्छ्याऊन् वा नपछ्याऊन्, परमेश्वरले मानवजातिलाई उहाँका खेलौनाहरूको रूपमा होइन, उहाँको सबैभन्दा बढी स्नेहपूर्वक प्रेम गरिने प्राणीहरूको रूपमा व्यवहार गर्नुहुन्छ—वा मानवजातिहरूले भन्ने शब्दमा, उहाँका अत्यन्तै प्यारा मानिसहरूको रूपमा व्यवहार गर्नुहुन्छ। परमेश्वरले उहाँ सृष्टिकर्ता हुनुहुन्छ र मानिस उहाँको सृष्टि हो भनेर भन्नुभए पनि, यसले दर्जामा केही भिन्नता देखाए पनि, परमेश्वरले मानवजातिको निम्ति गर्नुभएका सबै कुराहरू वास्तवमा यस प्रकारको सम्बन्धभन्दा धेरै माथि छन्। परमेश्वरले मानवजातिलाई प्रेम गर्नुहुन्छ र मानवजातिको हेरचाह गर्नुहुन्छ, र मानवजातिको निम्ति चासो देखाउनुहुन्छ, साथै उहाँले निरन्तर र अटुट रूपमा मानवजातिको भरणपोषण गर्नहुन्छ। उहाँले आफ्नो हृदयमा यसलाई थप काम वा धेरै श्रेय लिनुपर्ने

कुरा हो भन्ने महसुस गर्नुहुन्‍न। न त उहाँले मानवजातिलाई बचाउने, तिनीहरूको निम्ति आपूर्ति गर्ने र तिनीहरूलाई सबै कुरा प्रदान गर्ने कुराले मानवजातिको निम्ति ठुलो योगदान गरिरहेको छ भन्ने नै ठान्‍नुहुन्छ। उहाँले चुपचाप शान्तिसाथ उहाँको आफ्नै तरिकाले र उहाँको आफ्नै सार र उहाँसँग जे छ र उहाँ जो हुनुहुन्छ सोमार्फत मानवजातिको भरणपोषण गर्नुहुन्छ। मानवजातिले उहाँबाट जति भरणपोषण र जति सहायता पाए पनि परमेश्‍वरले कहिल्यै पनि त्यसको श्रेय लिनेबारेमा सोच्नुहुन्‍न वा श्रेय लिने कोसिस गर्नुहुन्‍न। यसको निर्धारण परमेश्‍वरको सारले गर्छ र ठ्याक्कै यही नै परमेश्‍वरको स्वभावको साँचो अभिव्यक्ति हो। यसैले, बाइबल वा अरू कुनै पुस्तकहरूमा नै किन नहोस्, परमेश्‍वरले आफ्ना सोचहरू अभिव्यक्त गर्नुभएको हामी कहिल्यै देख्दैनौँ र मानवजाति उहाँप्रति आभारी होओस् वा मानवजातिले उहाँको प्रशंसा गरोस् भन्ने लक्ष्य राखेर परमेश्‍वरले मानवहरूसमक्ष उहाँले यी कुराहरू किन गर्नुहुन्छ, वा उहाँले मानवजातिको निम्ति किन यति वास्ता राख्नुहुन्छ भन्‍नेबारेमा व्याख्या वा घोषणा गर्नुभएको हामी कहिल्यै देख्दैनौँ। उहाँलाई चोट लाग्दा, उहाँको हृदय अत्यन्तै पीडामा हुँदा पनि उहाँले मानवजातिप्रति आफ्नो दायित्वलाई वा मानवजातिप्रतिको उहाँको चासोलाई कहिल्यै बिर्सनुहुन्‍न; उहाँले यी सबै चोटहरूलाई एकलै र मौनतामा सहनुहुन्छ। यसको ठीक विपरीत, उहाँले सधैँ गर्नुभएजस्तै परमेश्‍वरले मानवजातिको निम्ति निरन्तर भरणपोषण उपलब्ध गराउनुहुन्छ। मानवजातिले प्रायः परमेश्‍वरको प्रशंसा र उहाँको साक्षी दिए तापनि यी कुनै पनि व्यवहारहरू परमेश्‍वरद्वारा आवश्यक गरिएका कुरा होइनन्। किनकि परमेश्‍वरले मानवजातिको निम्ति गर्नुभएका कुनै पनि असल कुराहरूको बदलामा उहाँले कृतज्ञता वा परिपूर्तिको आशा गर्नुहुन्‍न। अर्कोतर्फ, परमेश्‍वरको भय मान्‍ने र दुष्टताबाट अलग बस्‍नेहरू, परमेश्‍वरलाई साँच्चै पछ्याउनेहरू, उहाँलाई सुन्‍ने र उहाँप्रति निष्ठावान हुनेहरू र उहाँको आज्ञापालन गर्न सक्‍ने मानिसहरूले प्रायः उहाँका आशिष्‌हरू प्राप्त गर्नेछन्, र परमेश्‍वरले कुनै पनि सन्देहविना नै यस्ता आशिष्‌हरू प्रदान गर्नुहुनेछ। यसअतिरिक्त, मानिसहरूले परमेश्‍वरबाट प्राप्त गर्ने आशिष्‌हरू प्रायः गरेर तिनीहरूका कल्पना बाहिरका हुन्छन्, र मानवजातिले गरेका काम वा तिनीहरूले तिरेको मूल्यबाट औचित्य सिद्ध गर्न नसक्‍ने किसिमका पनि हुन्छन्। मानवजातिले परमेश्‍वरका आशिष्‌हरूमा आनन्द मनाउँदै गर्दा, परमेश्‍वर के गर्दै हुनुहुन्छ भन्‍ने कुराको मतलब के कसैले गर्छ? परमेश्‍वरले कस्तो अनुभूति गर्दै हुनुहुन्छ भन्‍ने कुराको चासो के कसैले देखाउँछ? के कसैले परमेश्‍वरको पीडालाई सराहना गर्ने कोसिस गर्छ? यसको जवाफ जोडदार रूपमा “गर्दैन” भन्‍ने हुन्छ! के नोआलगायतका मानवजातिले त्यस समय परमेश्‍वरले महसुस गर्नुभएको पीडाको सराहना गर्न सक्छ? परमेश्‍वरले किन यस्तो करार बाँध्नुभयो भनेर कसैले बुझ्न सक्छ? तिनीहरूले सक्दैनन्! मानवजातिले परमेश्‍वरको पीडा नबुझेको र मानिस तथा परमेश्‍वरबीचको दुरी वा तिनीहरूको हैसियतमा भएको फरकको कारणले परमेश्‍वरको पीडाको सराहना नगरेका होइनन्; बरु परमेश्‍वरका कुनै पनि अनुभूतिहरूप्रति मानवजातिलाई कुनै पनि वास्ता नभएको कारणले यस्तो भएको हो। मानवजातिले सोच्छ कि परमेश्‍वर स्वतन्त्र हुनुहुन्छ—यसैले उहाँको वास्ता गर्न, उहाँलाई बुझ्न वा उहाँप्रति ध्यान दिनको निम्ति परमेश्‍वरलाई मानिसहरूको आवश्यकता पर्दैन। परमेश्‍वर परमेश्‍वर नै हुनुहुन्छ, यसैले उहाँसँग पीडा छैन, भावनाहरू छैनन्; उहाँ

दुःखी हुनुहुन्न, उहाँलाई शोकको अनुभूति हुँदैन, उहाँ रुनु पनि हुन्न। परमेश्‍वर परमेश्‍वर नै हुनुहुन्छ, यसैले उहाँलाई कुनै पनि भावनात्मक अभिव्यक्तिहरूको जरुरत पर्दैन र उहाँलाई कुनै पनि भावनात्मक ढाडसको जरुरत पर्दैन। केही परिस्थितिहरूमा उहाँलाई यी कुराहरूको आवश्यकता पर्‍यो भने उहाँले एक्लै सहन गर्न सक्नुहुन्छ र उहाँलाई मानवजातिको कुनै पनि सहयोग चाहिन्न। यसको विपरीत, "कमजोर, अपरिपक्‍व" मानवहरूलाई पो हरसमय र हरठाउँ उहाँको सान्त्वना, प्रबन्ध, उत्साह र तिनीहरूका भावनाहरूमा उहाँको सान्त्वनाको जरुरत पर्छ। मानवजातिको हृदयको गहिराइमा यस्ता कुराहरू लुकेर रहेका हुन्छन्ः मानिस कमोजोर छ, तिनीहरूलाई हरप्रकारले परमेश्‍वरको हेरचाहको खाँचो छ, परमेश्‍वरबाट प्राप्त गर्नुपर्ने हरेक वास्ता प्राप्त गर्न तिनीहरू योग्य छन् र तिनीहरूलाई जे कुरा तिनीहरूको हुनुपर्छ भन्‍ने लाग्छ त्यो कुरा तिनीहरूले परमेश्‍वरबाट माग्नुपर्छ। परमेश्‍वर बलियो हुनुहुन्छ; उहाँसँग सबै कुरा छ र उहाँ मानवजातिको संरक्षक र आशिष् दिने व्यक्ति बन्‍नुपर्छ। उहाँ पहिले नै परमेश्‍वर हुनुभएको हुनाले उहाँ सर्वशक्तिमान् हुनुहुन्छ र उहाँलाई मानवजातिबाट कहिल्यै पनि केही कुराको आवश्यकता पर्दैन।

मानिसले परमेश्‍वरका कुनै पनि प्रकाशहरूमा ध्यान नदिने हुनाले, उसले कहिल्यै पनि परमेश्‍वरको शोक, पीडा वा आनन्दको महसुस गरेको छैन। तर यसको विपरीत मानिसका सबै अभिव्यक्तिहरूलाई परमेश्‍वरले उहाँका हत्केलाझैँ जान्‍नुहुन्छ। हरेक व्यक्तिका परिवर्तनशील विचारहरूको अवलोकन गर्दै र तिनीहरूलाई सान्त्वाना र अर्ती दिँदै तथा मार्गनिर्देश गर्दै र प्रबोधित गर्दै परमेश्‍वरले हरसमय र हरठाउँमा हरेकको आवश्यकता परिपूर्ति गर्नुहुन्छ। मानवजातिप्रति परमेश्‍वरले गर्नुभएका सबै कुराहरू र तिनीहरूका निम्ति उहाँले तिर्नुभएका मूल्यहरूको सन्दर्भमा, के मानिसहरूले बाइबलका खण्डहरू वा परमेश्‍वरले आजसम्म भन्‍नुभएका अन्य कुराहरूमा परमेश्‍वरले मानिसबाट केही कुराको माग गर्नुहुनेछ भन्‍ने कुरा भेट्टाएका छन्? छैन! यसको विपरीत, मानिसहरूले परमेश्‍वरका विचारहरूलाई जतिसुकै वेवास्ता गरे तापनि, उहाँले तिनीहरूको निम्ति तयार गर्नुभएको सुन्दर गन्तव्यमा तिनीहरू पुग्‍न सकून् भनेर तिनीहरूलाई परमेश्‍वरको साँचो मार्ग पच्छ्याउन सक्षम बनाउन उहाँले निरन्तर रूपमा मानवजातिको निम्ति प्रबन्ध गर्नुहुन्छ र तिनीहरूलाई सहयोग गर्नुहुन्छ। परमेश्‍वरको बारेमा कुरा गर्दा उहाँसँग जे छ र उहाँ जो हुनुहुन्छ, उहाँको अनुग्रह, उहाँको कृपा र उहाँका सबै इनामहरू बिना कुनै सन्देह उहाँलाई प्रेम गर्ने र उहाँलाई पछ्याउनेहरूलाई दिइनेछन्। तर उहाँले भोग्‍नुभएका पीडा वा उहाँको मनस्थिति कसैसँग पनि प्रकट गर्नुहुन्न, र उहाँको बारेमा विचार गरेन वा उहाँको इच्छा बुझेन भनेर उहाँले कसैको बारेमा पनि गुनासो गर्नुहुन्न। मानवजातिले बुझ्ने दिनको प्रतिक्षा गर्दै उहाँले यी सबै कुराहरू मौनतामा सहनुहुन्छ।

मैले यी कुराहरू यहाँ किन भनेको हुँ? मैले भनेका कुराहरूबाट तिमीहरू के देख्छौ? परमेश्‍वरको सार र स्वभावमा यस्तो केही कुरा छ जसलाई बेवास्ता गर्न सजिलो छ, यस्तो कुरा जुन परमेश्‍वरमा मात्र छ र अन्य कुनै मानिसमा छैन, अन्य व्यक्तिहरूले महान् ठानेका मानिसहरू, असल मानिसहरू वा तिनीहरूका कल्पनाका परमेश्‍वरमा पनि छैन। यो कुरा के हो त? यो परमेश्‍वरको निःस्वार्थीपन हो। निःस्वार्थीपनको कुरा गर्दा तैँले आफूलाई पनि एकदमै निःस्वार्थ ठान्‍न सक्छस्, किनकि जब

तेरा छोराछोरीको कुरा हुन्छ, तब तँले तिनीहरूसँग कहिले पनि मोलतोल र सौदा गर्दैनस्, वा जब तेरा अभिभावकहरूको कुरा आउँछ तब पनि तैँले आफूलाई तिनीहरूप्रति निःस्वार्थ रहेको ठान्न सक्छस्। तैँले जेसुकै सोचे तापनि तँमा कम्तिमा पनि निःस्वार्थ शब्दको अवधारणा छ र तैँले यो सकारात्मक शब्द हो र निःस्वार्थ व्यक्ति हुनु भनेको भद्रता हो भन्ने सोच्छस्। जब तँ निःस्वार्थ हुन्छस्, तैँले आफैलाई ठुलो मान दिन्छस्। तर सबै कुराहरूमा, मानिसहरू, घटनाहरू, वस्तुहरूमाझ र उहाँको काममा परमेश्‍वरको निःस्वार्थीपन देख्ने कोही पनि छैन। अवस्था किन यस्तो छ त? किनकि मानिस धेरै स्वार्थी छ! म किन त्यसो भन्छु त? मानवजाति भौतिक संसारमा जिउँछ। तैँले परमेश्‍वरलाई पच्छ्याउन सक्छस्, तर तैँले कहिले पनि परमेश्‍वरले कसरी तेरो भरणपोषण गर्नुहुन्छ, कसरी तँलाई प्रेम गर्नुहुन्छ र कसरी तेरो निम्ति चासो देखाउनुहुन्छ भन्ने कुरा देख्दैनस् वा सराहना गर्दैनस्। त्यसो भए तैँले; के देख्छस् त? तैँले तँलाई प्रेम वा स्नेह गर्ने तेरो रगतको साइनो भएका आफन्तजनहरू देख्छस्। तैँले तेरो देहको निम्ति फाइदा हुने कुराहरू देख्छस्, तैँले आफूले प्रेम गर्ने मानिस र वस्तुहरूको वास्ता गर्छस्। मानिसको तथाकथित निःस्वार्थीपन भनेको नै यही हो। यद्यपि, त्यस्ता “निःस्वार्थ” मानिसहरूले तिनीहरूलाई जीवन दिनुहुने परमेश्‍वरको बारेमा कहिले पनि चासो देखाउँदैनन्। परमेश्‍वरको निःस्वार्थीपनको तुलनामा मानिसको निःस्वार्थीपन स्वार्थी र घृणित हुन्छ। मानिसले विश्‍वास गर्ने निःस्वार्थीपन खोक्रो र अवास्तविक, मिलावट भएको, परमेश्‍वरसँग नमिल्ने र परमेश्‍वरसँग सम्बन्ध नभएको हुन्छ। मानिसको निःस्वार्थीपन उसकै निम्ति हुन्छ भने परमेश्‍वरको निःस्वार्थीपन उहाँको सारको साँचो प्रकटीकरण हो। यथार्थमा परमेश्‍वरको निःस्वार्थीपनकै कारण परमेश्‍वरद्वारा निरन्तर मानिसको भरणपोषण हुन्छ। मैले आज कुरा गर्दै गरेको विषयले तिमीहरूलाई गहिरो प्रभाव नपारेको हुन सक्छ र तिमीहरूले केवल सहमतिमा टाउको हल्लाएको मात्र हुनसक्छ, तर जब तैँले तेरो हृदयमा परमेश्‍वरको हृदयको सराहना गर्ने कोशिश गर्छस्, तैँले नचाहँदा नचाहँदै यो पत्ता लगाउनेछस्: तैँले यो संसारमा महसुस गर्ने सबै मानिसहरू, पदार्थहरू र वस्तुहरूमाझ परमेश्‍वरको निःस्वार्थीपन मात्र वास्तविक र मूर्त छ किनकि तेरो लागि परमेश्‍वरको प्रेम मात्र शर्तरहित र निष्कलङ्क छ। परमेश्‍वरबाहेक अरू जोकोहीको तथाकथित निःस्वार्थीपन बनावटी, सतही, अप्रामाणिक हन्छ; यसमा उद्देश्य हुन्छ, निश्‍चित अभिप्रायहरू हुन्छन्, यसमा केही पाउँदा केही गुमाउने हुन्छ र यो परिक्षामा खरो उत्रन सक्दैन। तिमीहरूले यसलाई फोहोरी र घृणित समेत भन्न सक्छौ। के तिमीहरू यी वचनहरूप्रति सहमत छौ?

तिमीहरू यी विषयहरूप्रति अपरिचित छौ र तिमीहरूले यसलाई साँचो तवरले बुझ्नुअगाडि त्यसमा डुब्नको निम्ति तिमीहरूलाई केही समयको जरुरत छ भन्ने मलाई थाहा छ। तिमीहरू यी मामिला र विषयहरूप्रति जति अपरिचित हुन्छौ, त्यति नै यी विषयहरू तिमीहरूका हृदयमा छैनन् भन्ने यसले प्रमाणित गर्छ। यदि मैले यी विषयहरू उल्लेख नगरेको भए, तिमीहरूमध्ये कसैले तिनीहरूको बारेमा जान्ने थियो त? मलाई विश्‍वास छ, तिमीहरूले तिनीहरूलाई जान्ने थिएनौ। यो निश्‍चय नै हो। तिमीहरूले जति नै बोध गर्न वा बुझ्न सके तापनि छोटकरीमा भन्नुपर्दा मैले बोल्ने विषयहरू मानिसहरूमा सबैभन्दा धेरै कमी भएको र तिनीहरूले सबैभन्दा धेरै जान्नुपर्ने विषयहरू

हुन्। यी विषयहरू सबैका लागि धेरै महत्त्वपूर्ण छन्–तिनीहरू मूल्यवान छन् र तिनीहरू जीवन हुन् र अगाडिको यात्राको निम्ति तिमीहरूमा यी कुराहरू हुनैपर्छ। मार्गनिर्देश गर्ने यी वचनहरूविना तथा परमेश्‍वरको स्वभाव र सारको बुझाइविना तैँले परमेश्‍वरको बारेमा सधैँ प्रश्‍नचिन्ह बोकेर हिँड्नेछस्। यदि तैँले परमेश्‍वरलाई नै बुझ्दैनस् भने तैँले कसरी परमेश्‍वरमाथि उचित तवरले विश्‍वास गर्न सक्छस्? परमेश्‍वरका भावनाहरू, उहाँको इच्छा, उहाँको मनको अवस्था, उहाँले के सोच्दै हुनुहुन्छ, केले उहाँलाई दुःखी तुल्याउँछ र केले उहाँलाई खुसी तुल्याउँछ भन्‍ने बारेमा तँलाई केही थाहा छैन, यसैले तँ कसरी परमेश्‍वरको हृदयप्रति विचारशील हुन सक्छस्?

परमेश्‍वर दुःखी हुनुहुँदा उहाँलाई पटक्कै ध्यान नदिने मानिसजातिको उहाँले सामना गर्नुहुन्छ, एउटा यस्तो मानवजाति जसले उहाँलाई पछ्याउँछ र उहाँलाई प्रेम गर्छु भन्‍ने दावी गर्छ तर उहाँका अनुभूतिहरूलाई उपेक्षा गर्छ। उहाँको हृदय कसरी पीडामा हुँदैन र? परमेश्‍वरको व्यवस्थापनको काममा उहाँले आफ्नो कामलाई इमान्दारिताका साथ आफ्नो कार्य जारी राख्‍नुहुन्छ र हरेक व्यक्तिसँग बोल्नुहुन्छ र कुनै सन्देह वा गोप्यताविना नै तिनीहरूको सामना गर्नुहुन्छ; तर यसको विपरीत उहाँलाई पच्छ्याउने हरेक व्यक्तिले उहाँको नजिक जाने मार्ग बन्द गरेर बस्छ र कोही पनि सक्रिय तरिकाले उहाँको नजिक जान, उहाँको हृदयलाई बझ्न वा उहाँका अनुभूतिहरूप्रति ध्यान दिन इच्छुक छैन। परमेश्‍वरको नजिक हुन चाहनेहरू पनि उहाँको नजिक हुन, उहाँको हृदयप्रति विचारशील हुन वा उहाँलाई बुझ्न कोसिस गर्न चाहदैनन्। परमेश्‍वर आनन्द र खुसी हुनुहुँदा उहाँको खुसी बाँड्ने कोही पनि छैन। मानिसहरूले परमेश्‍वरलाई गलत रूपमा बुझ्दा उहाँको घाइते हृदयलाई सान्त्वना दिने एक जना पनि छैन। जब उहाँको हृदय पीडामा हुन्छ, तब उहाँको व्यथा सुन्‍न इच्छुक एक जना पनि छैन। परमेश्‍वरको व्यवस्थापनको कामका यी हजारौँ वर्षहरूमा परमेश्‍वरको छेउमा खडा भएर उहाँका आनन्द र शोकहरू बाँडचुँड गर्ने त परै जाओस् परमेश्‍वरको भावनाहरू बुझ्ने पनि कोही छैन, उहाँलाई बुझ्ने वा उहाँको सराहना गर्ने कोही पनि छैन। परमेश्‍वर एकलो हुनुहुन्छ। उहाँ एकलो हुनुहुन्छ! भ्रष्ट मानवजातिले उहाँको विरोध गरेको कारण उहाँ एकलो हुनुभएको होइन, बरु आत्मिक हुन चाहनेहरू, परमेश्‍वरलाई चिन्‍न र बुझ्न चाहनेहरू र आफ्नो जीवन उहाँको निम्ति अर्पण गर्न इच्छुक भएकाहरूले पनि उहाँका विचारहरू नजान्‍ने वा उहाँको स्वभाव र उहाँका भावनाहरू नबुझ्ने कारणले गर्दा हो।

नोआको कथाको अन्त्यमा परमेश्‍वरले आफ्नो अनुभूतिलाई व्यक्त गर्न अनौठो विधिको प्रयोग गर्नुभएको हामी देख्छौँ। यो धेरै विशेष विधि थियोः यो संसारलाई जलप्रलयद्वारा नष्ट गर्ने परमेश्‍वरको कार्यलाई अन्त गर्ने करार स्थापित गर्ने कार्य थियो। सतहमा करार स्थापित गर्नु सामान्य कुरा जस्तै लाग्छ। यो दुई पक्षका हितहरूको रक्षा गर्नको निम्ति दुबै पक्षलाई एकसाथ जोड्ने र सहमति तोड्नदेखि रोक्‍न वचनहरूको प्रयोग गर्नुभन्दा धेरै होइन। बनावटलाई हेर्दा, यो धेरै सामान्य कुरा हो, तर यसो गर्नुपछाडिको परमेश्‍वरको अभिप्रेरणा र इरादालाई हेर्ने हो भने यो परमेश्‍वरको स्वभाव र मनको स्थितिको वास्तविक प्रकटीकरण हो। यदि तैँले यी वचनहरूलाई पन्छाएर तिनीहरूलाई बेवास्ता गरिस् भने, यदि मैले तिमीहरूलाई सत्य कुरा कहिले भनिनँ भने, मानवजातिले परमेश्‍वरको सोचलाई कहिले जान्‍ने छैन। सायद तेरो कल्पनामा यो करार बाँध्दा

परमेश्वर मुस्कुराइरहनुभएको थियो होला वा सायद उहाँको मुहारको भाव गम्भीर थियो होला, तर परमेश्वरको मुहारको भाव कस्तो थियो भनेर मानिसहरूले सामान्य भावहरूजस्तो कल्पना गरे तापनि उहाँको एकलोपनको त कुरै छोडौं कसैले पनि परमेश्वरको हृदय वा उहाँका पीडा देख्न सक्दैनथियो। कसैले पनि आफूमाथि भरोसा गर्न परमेश्वरलाई बाध्य पार्न सक्दैन वा कसैले पनि आफुलाई परमेश्वरको भरोसायोग्य बनाउन सक्दैन वा उहाँले आफ्ना विचारहरू अभिव्यक्त गर्नुहुने वा उहाँका पीडाहरू गोप्य रूपमा सुनाउनुहुने व्यक्ति बनाउन सक्दैन। त्यसैले परमेश्वरसँग यसो गर्नुबाहेक कुनै विकल्प थिएन। सतही रूपमा, परमेश्वरले मानवजातिलाई सजिलै विदाइ गर्ने सजिलो कार्य गर्नुभयो, संसारलाई जलप्रलयद्वारा अन्त गरेर उहाँले पुराना कुराहरूलाई समाधान र उचित अन्त्य गर्नुभयो। तथापि, परमेश्वरले यस बेलाको पीडालाई हृदयको गहिराइमा लुकाएर राख्नुभयो। परमेश्वरले आफ्ना व्यथाहरू सुनाउनको लागि कोही नभएको बेला, उहाँले संसारलाई फेरि जलप्रलयद्वारा नष्ट गर्नुहुनेछैन भनेर परमेश्वरले मानवजातिसँग करार स्थापित गर्नुभयो। जब इन्द्रेणी देखा पऱ्यो, यसको उद्‌देश्य मानिसहरूलाई यस्तो घटना पनि घटेको थियो भन्ने कुराको सम्झना दिलाउनु र तिनीहरू दुष्टताबाट अलग रहनुपर्छ भनी सावधान गराउनु थियो। त्यस्तो पीडादायी अवस्थामा पनि परमेश्वरले मानवजातिलाई बिर्सनुभएन र अझ पनि तिनीहरूको निम्ति चासो देखाउनुभयो। के यो परमेश्वरको प्रेम र निःस्वार्थीपन होइन र? तर मानिसहरूले कष्ट भोग्दा के सोच्छन् त? के यही बेला तिनीहरूलाई परमेश्वरको सबैभन्दा बढी आवश्यकता पर्दैन र? यस्तो समयमा, परमेश्वरबाट तिनीहरूलाई सान्त्वना मिलोस् भनेर मानिसहरूले परमेश्वरलाई निम्त्याउँछन्। जेसुकै भए पनि, परमेश्वरले मानिसहरूलाई कहिले पनि निराश पार्नुहुन्न, र उहाँले सधैं मानिसहरूलाई तिनीहरूका कठिन परिस्थितिहरूबाट बाहिर निस्कन र ज्योतिमा हिँड्न सक्षम तुल्याउनुहुन्छ। परमेश्वरले मानवजातिको निम्ति यसरी प्रबन्ध गर्नुहुने भए तापनि मानिसको हृदयमा परमेश्वर शान्ति दिने चक्की वा सान्त्वना दिने औषधिभन्दा बढी हुनुहुन्न। परमेश्वर कष्टमा हुनुभएको बेला, उहाँको हृदय घायल भएको बेला, सृष्टि गरिएको प्राणी वा उहाँलाई साथ दिने वा उहाँलाई सान्त्वना दिने व्यक्ति पाउन चाहनु परमेश्वरको असाधरण इच्छा हो। मानिसले कहिले पनि परमेश्वरको अनुभूतिहरूप्रति ध्यान दिँदैन, यसैले परमेश्वरले उहाँलाई सान्त्वना दिने व्यक्ति न त माग्नुहुन्छ न त आशा गर्नुहुन्छ। उहाँले आफ्नो भाव व्यक्त गर्नको निम्ति आफ्नै विधिहरूको प्रयोग गर्नुहुन्छ। केही कष्टहरू भोग्नु परमेश्वरको निम्ति ठुलो कठिनाइको कुरा होइन भनेर मानिसहरूले सोच्छन्, तर जब तैँले साँचो रूपमा परमेश्वरलाई बुझ्ने कोसिस गर्छस्, जब उहाँले गर्नुभएका हरेक कुराहरूप्रति परमेश्वरको इमान्दार इरादाहरूलाई सराहना गर्न सक्छस् तब मात्र तैँले परमेश्वरको महानता र उहाँको निःस्वार्थीपनलाई बुझ्न सक्छस्। परमेश्वरले इन्द्रेणीको प्रयोग गरेर मानवजातिसँग करार स्थापित गर्नुभए तापनि उहाँले किन यसो गर्नुभयो—उहाँले यो करार किन स्थापित गर्नुभयो—भनेर कसैलाई पनि भन्नुभएन, अर्थात् उहाँले आफ्ना वास्तविक विचारहरू कहिले पनि कसैलाई भन्नुभएन। किनकि परमेश्वरले आफ्नै हातहरूले सृष्टि गर्नुभएका मानवजातिप्रति उहाँको प्रेमको गहिराइलाई कसैले पनि बुझ्न सक्दैन, र मानवजातिको विनाश गर्दा उहाँको हृदयले भोगेको कष्टलाई पनि कसैले सराहना गर्न सक्दैन। यसैले, उहाँले कस्तो अनुभूति

गर्नुभयो भनेर माननिसहरूलाई भन्नुहुन्थ्यो भने पनि तिनीहरूले उहाँको भरोसा लिन सक्ने थिएनन्। कष्टमा हुँदाहुँदै पनि उहाँले आफ्नो कामको अर्को चरणलाई अझ पनि निरन्तरता दिइरहनुभएको छ। सबै कष्टहरूलाई चुपचाप आफैँ सहनुहँदै परमेश्वरले मानवजातिलाई सधैँ आफ्नो सर्वोत्तम पक्ष र सबैभन्दा असल थोकहरू दिनुहुन्छ। परमेश्वरले कहिले पनि ती कष्टहरूको खुलासा गर्नुहुन्न। बरु, उहाँले तिनीहरूलाई सहनुहुन्छ र चुपचाप प्रतीक्षा गर्नुहुन्छ। परमेश्वरको सहनशीलता उदासीन, सुस्त वा असहाय छैन न त यो कमजोरीको सङ्केत नै हो। बरु उहाँको प्रेम र सार सधैँ निःस्वार्थ रहिआएको छ। यो उहाँको सार र स्वभावको स्वभाविक प्रकटीकरण र साँचो सृष्टिकर्ताको रूपमा परमेश्वरको पहिचानको वास्तविक मूर्तरूप हो।

केहीले मैले भन्न खोजेको कुराको गलत व्याख्या गर्न सक्छन्। "मानिसहरूलाई परमेश्वरप्रति दयाको अनुभव गराउने इरादाले परमेश्वरको अनुभूतिहरूलाई यति धेरै भावका साथ यसरी विस्तारमा वर्णन गरिएको हो र?" के त्यही इरादा हो त? (होइन!) मैले तिमीहरूलाई यी कुराहरू बताउनुको उद्देश्य तिमीहरूले परमेश्वरलाई अझ राम्ररी चिन्ने, उहाँका असङ्ख्य पक्षहरू बुझ्ने, उहाँका भावनाहरू बुझ्ने तथा परमेश्वरको सार र स्वभाव मानिसका खोक्रा शब्दहरू वा तिनीहरूका अक्षर र सिद्धान्तहरू वा तिनीहरूका कल्पनाहरूद्वारा होइन बरु अलिअलि गर्दै उहाँका कामद्वारा ठोस रूपमा प्रकट गरिएका छन् भन्ने कुराको सराहना गर्ने बनाउनु हो। यसको अर्थ, परमेश्वर र परमेश्वरको सार साँच्चिकै अस्तित्वमा छ–तिनीहरू चित्रहरू होइनन्, कल्पनाहरू होइनन्, मानिसद्वारा बनाइएका होइनन् र निश्चय नै मानिसका मनगढन्ते कुरा होइनन्। के अब तिमीहरूले यसलाई पहिचान गर्‍यौ त? यदि तिमीहरूले यसको पहिचान गर्‍यौ भने आजका मेरा वचनहरूले आफ्नो लक्ष्य हासिल गरे।

आज हामीले तीन विषयहरूमा छलफल गर्‍यौँ। यी तीन विषयहरूको बारेमा गरिएको हाम्रो सङ्गतिबाट हरेकले धेरै कुराहरू प्राप्त गरे भन्ने मेरो भरोसा छ। यी तिन विषयहरूद्वारा मैले व्याख्या गरेका परमेश्वरका विचारहरू वा मैले उल्लेख गरेका परमेश्वरको स्वभाव र सारले परमेश्वरको बारेमा मानिसहरूको कल्पना र बुझाइलाई रूपान्तरण गरेको छ, परमेश्वरप्रतिको हरेकको विश्वासलाई पनि रूपान्तरण गरेको छ, र यसअतिरिक्त हरेकले आफ्नो हृदयमा आदर गरेका परमेश्वरको तस्बिरलाई रूपान्तरण गरेको छ भनेर म निश्चयताका साथ भन्न सक्छु। जेसुकै होस्, बाइबलका यी दुई खण्डहरूमा परमेश्वरको स्वभावको बारेमा तिमीहरूले जे सिकेका छौ ती कुराहरू तिमीहरूका निम्ति फाइदाजनक छन् भन्ने मेरो आशा छ र तिमीहरू यहाँबाट फर्केर गएपछि यसको बारेमा चिन्तन-मनन गर्नेछौ भन्ने आशा गर्छु। आजको सभा यही समाप्त हुन्छ। फेरि भेटौँला।

नोभेम्बर ४, २०१३

# परमेश्वरको काम, परमेश्वरको स्वभाव र परमेश्वर स्वयम् २

हाम्रो पछिल्लो सेवाको अवधिमा हामीले एउटा अत्यन्तै महत्त्वपूर्ण विषयको बारेमा सङ्गति गऱ्यौं। के तिमीहरूलाई त्यो के थियो भन्ने सम्झना छ? मलाई त्यो कुरा दोहोऱ्याउँछु। हाम्रो पछिल्लो सङ्गतिको विषय थियो: परमेश्वरको काम, परमेश्वरको स्वभाव र परमेश्वर स्वयम्। के यो तिमीहरूका लागि महत्त्वपूर्ण विषय हो? यसको कुन भाग तिमीहरूका लागि सबैभन्दा महत्त्वपूर्ण छ? परमेश्वरको काम, परमेश्वरको स्वभाव, वा परमेश्वर स्वयम्? कुनचाहिँ तिमीहरूका निम्ति धेरै चाखलाग्दो छ? तिमीहरू कुन विषयमा धेरै सुन्न चाहन्छौ? मलाई थाहा छ कि त्यो प्रश्नको उत्तर दिन तिमीहरूलाई गाह्रो हुन्छ, किनकि परमेश्वरको स्वभाव उहाँको कामको हरेक पक्षमा देख्न सकिन्छ, र उहाँको स्वभाव सधैँ उहाँको काममा र सबै ठाउँमा प्रकट हुन्छ, र त्यसले वास्तवमा, परमेश्वर स्वयम्लाई प्रतिनिधित्व गर्दछ; परमेश्वरको समग्र व्यवस्थापन योजनामा, परमेश्वरको काम, परमेश्वरको स्वभाव र परमेश्वर स्वयम् सबैलाई एक-अर्काबाट अलग गर्न सकिँदैन।

परमेश्वरको कामको बारेमा हामीले गरेको पछिल्लो सङ्गतिको विषय धेरै पहिले घटेका घटनाहरूको बारेमा बाइबलका विवरणहरू समावेश थियो। ती सबै मानिस र परमेश्वर सम्बन्धी कथाहरू थिए, र ती मानिसमा भएका घटनाहरूका बारेमा थिए, साथै त्यसमा परमेश्वरको सहभागिता र अभिव्यक्ति पनि सामेल थिए, त्यसकारण यी कथाहरूले परमेश्वरलाई जान्नका लागि विशेष मूल्य र महत्त्व राख्छन्। उहाँले मानवजातिलाई सृष्टि गर्नुभएपछि, परमेश्वर मानिससँग संलग्न हुन र मानिससँग कुराकानी गर्न थाल्नुभयो, र उहाँको स्वभाव मानिसमा प्रकट हुन थाल्यो। अर्को वचनमा, जब परमेश्वर मानवजातिसँग पहिलो पटक संलग्न हुनुभयो त्यस समयदेखि नै उहाँले विनारोकावट मानिसको सामु उहाँको सार र उहाँसँग के छ र उहाँ के हुनुहुन्छ सो सार्वजनिक गर्न थाल्नुभयो। पहिलेका मानिसहरू वा आजका मानिसहरूले यसलाई बुझे वा नबुझे पनि, परमेश्वर मानिससँग बोल्नुहुन्छ र मानिसहरूको बीचमा काम गर्नुहुन्छ, यस क्रममा आफ्नो स्वभाव प्रकट गर्नुहुन्छ र आफ्नो सार व्यक्त गर्नुहुन्छ—यो एउटा तथ्य हो र कुनै पनि व्यक्तिले यसलाई अस्वीकार गर्न सक्दैन। यसको अर्थ यो पनि हो, कि परमेश्वरको स्वभाव, परमेश्वरको सार, र उहाँसँग जे छ र उहाँ जे हुनुहुन्छ त्यो उहाँले काम गर्नुहुँदा र मानिससित संलग्न हुनुहुँदा निरन्तर व्यक्त गर्नुहुन्छ। उहाँले कुनै कुरा कहिल्यै लुकाउनुभएको वा गुप्त राख्नुभएको छैन, बरु कुनै कुरा बाँकी नराखी आफ्नो स्वभाव सार्वजनिक गर्नुहुन्छ र प्रकट गर्नुहुन्छ। यसरी, मानिसले परमेश्वरलाई जान्न र उहाँको स्वभाव र सार बुझ्न सक्छ भनी उहाँ आशा गर्नुहुन्छ। मानिसले उहाँको स्वभाव र सारलाई अनन्त रहस्यको रूपमा व्यवहार गरेको उहाँ चाहनुहुन्न, न त उहाँ मानवजातिले परमेश्वरलाई कहिल्यै समाधान गर्न नसकिने पहेली ठानेको नै चाहनुहुन्छ। जब मानवजातिले परमेश्वरलाई चिन्छ तब मात्र मानिसले अगि बढ्ने बाटोलाई जान्दछ र परमेश्वरको मार्गनिर्देशन स्वीकार्न सक्दछ, र केवल यस्तै मानिस मात्र परमेश्वरको अधीनमा बस्न सक्छ र ज्योतिमा, परमेश्वरका आशिषहरूको बीचमा जिउन सक्छ।

परमेश्वरद्वारा दिइएको र प्रकट गरिएका वचनहरू र स्वभावले उहाँको इच्छालाई प्रतिनिधित्व

गर्दछ र तिनले उहाँको सारलाई पनि प्रतिनिधित्व गर्दछ। जब परमेश्‍वर मानिससँग संलग्न बन्नुहुन्छ, उहाँले जे भन्‍नुभए पनि वा गर्नुभए पनि वा जस्तै स्वभाव प्रकट गर्नुभए पनि, र मानिसले परमेश्‍वरको सारलाई र उहाँसँग जे छ र उहाँ जो हुनुहुन्छ त्यसलाई जस्तो देखे पनि ती सबैले मानिसका निम्ति परमेश्‍वरको इच्छालाई प्रतिनिधित्व गर्दछ। मानिस थाहा पाउन, सम्झन वा बुझ्न जति नै सक्षम भए पनि, त्यो सबले परमेश्‍वरको इच्छालाई–मानिसको निम्ति परमेश्‍वरको इच्छालाई प्रतिनिधित्व गर्दछ। यसमा कुनै शङ्का छैन! मानवजातिका लागि परमेश्‍वरको इच्छा भनेको उहाँ मानिसहरू कस्तो भएको चाहनुहुन्छ, उहाँ तिनीहरूले के गरेका चाहनुहुन्छ, उहाँ तिनीहरू कसरी परमेश्‍वरको इच्छा पूरा गर्न सक्षम भएका चाहनुहुन्छ भन्‍ने कुराहरू हुन्। के यी परमेश्‍वरको सारबाट अलग हुन नसक्ने कुराहरू हुन्? अर्को शब्दमा भन्दा, परमेश्‍वरले उहाँको स्वभाव र उहाँसँग जे छ र उहाँ जे हुनुहुन्छ ती सबै प्रकट गर्नुहुन्छ, त्यसको साथसाथै उहाँले मानिससँग मागहरू गर्नुहुन्छ। त्यहाँ कुनै झूट हुँदैन, कुनै ढोङ्ग हुँदैन, लुकाउने कुनै कुरा हुँदैन, र कुनै अलङ्कार हुँदैन। तापनि मानिस किन जान्‍न असमर्थ छ, र किन मानिसले कहिल्यै पनि परमेश्‍वरको स्वभावलाई राम्ररी बुझ्न सकेको छैन? किन मानिसले कहिल्यै परमेश्‍वरको इच्छालाई बुझ्न सकेको छैन? जुन कुरा परमेश्‍वर आफैले प्रकट गर्नुहुन्छ र बाहिर निकाल्नुहुन्छ त्यो स्वयम् उहाँसँग जे छ र उहाँ जे हुनुहुन्छ त्यही हो; यो उहाँको वास्तविक स्वभावको प्रत्येक भाग र पक्ष हो–त्यसोभए मानिसले किन देख्न सक्दैन? किन मानिसले पूर्ण ज्ञान प्राप्त गर्न सक्दैन? यसको एउटा महत्त्वपूर्ण कारण छ। त्यसोभए, यो कारण के हो? सृष्टिको समयदेखि यता मानिसले परमेश्‍वरसित कहिल्यै पनि परमेश्‍वरको रूपमा व्यवहार गरेको छैन। सुरुसुरुको समयमा, परमेश्‍वरले मानिसको सम्बन्धमा जे गर्नुभए पनि–भर्खरै सृष्टि गरिएको मानिसले परमेश्‍वरसँग एक मित्र, भर पर्न सकिने कुनै व्यक्तिसँग जस्तो भन्दा बढी व्यवहार गर्दैनथ्यो, र मानिसलाई परमेश्‍वरको बारेमा कुनै ज्ञान वा बुझाइ नै थिएन। भन्‍नुको अर्थ, मानिसलाई त्यस प्राणीद्‌वारा के निस्केर आएको छ भनी जान्दैनथ्यो त्यो प्राणी जसमाथि ऊ भर पर्थ्यो, जसलाई उसले आफ्नो मित्रको रूपमा हेर्थ्यो–उहाँद्‌वारा निस्केर आएको कुरा परमेश्‍वरको सार थियो, अनि यो प्राणी सबै थोकमाथि शासन गर्नुहुने व्यक्ति हुनुहुन्छ भन्‍ने पनि उसलाई थाहा थिएन। सरल रूपमा भन्‍नुपर्दा, त्यस समयका मानिसहरूले परमेश्‍वरलाई खासै चिन्दैनथिए। तिनीहरू स्वर्ग र पृथ्वी र सबै थोक उहाँद्‌वारा बनिएका हुन् भनी जान्दैनथे, र उहाँ कहाँबाट आउनुभएको हो भनेर तिनीहरूलाई थाहा थिएन र त्यसबाहेक, उहाँ के हुनुहुन्थ्यो भनेर पनि तिनीहरूलाई थाहा थिएन। अवश्य, त्यतिखेर परमेश्‍वर मानिसलाई उहाँलाई चिनोस् वा बुझोस्, वा उहाँले गर्नुभएका सबै कुरा बुझोस्, वा उहाँको इच्छाको बारेमा उसँग ज्ञान होस् भनी चाहनुभएको थिएन, किनकि त्यो मानवजातिलाई सृष्टि गरिएको सुरुसुरुको समय थियो। जब परमेश्‍वरले व्यवस्थाको युगको कामको तयारीको गर्न थाल्नुभयो, परमेश्‍वरले मानिसका निम्ति केही गर्न र मानिसबाट केही मागहरू पनि गर्न थाल्नुभयो, त्यस क्रममा उहाँले मानिसलाई भेटीहरू कसरी चढाउनुपर्छ र परमेश्‍वरको आराधना कसरी गर्नुपर्छ सो बताउनुभयो। तब मात्र मानिसले परमेश्‍वरको बारेमा केही सामान्य विचारहरू प्राप्त गर्‍यो, र त्यसपछि मात्र उसले मानिस र परमेश्‍वर बीचको भिन्‍नता साथै परमेश्‍वरले नै मानवजातिलाई सृष्टि गर्नुभएको हो भनी थाहा पायो। जब मानिसले

परमेश्वर, परमेश्वर नै हुनुहुन्छ र मानिस, मानिस नै हो भनी थाहा पायो, तब परमेश्वर र मानिसको बीचमा निश्चित दूरी आयो, तर पनि परमेश्वरले मानिसमा उहाँको बारेमा ठूलो ज्ञान वा गहिरो बुझाइ हुनुपर्छ भनी माग गर्नुभएन। यसरी, परमेश्वरले उहाँको कामका चरण र परिस्थितिहरू अनुसार मानिसबाट विभिन्न मागहरू गर्नुहुन्छ। यसमा तँ के देख्छस्? तैंले परमेश्वरको स्वभावको कुन पक्षलाई बुझ्छस्? के परमेश्वर वास्तविक हुनुहुन्छ? के परमेश्वरले मानिससँग गर्नुभएका मागहरू उचित छन्? सुरुसुरुको समयमा परमेश्वरले मानवजातिलाई सृष्टि गर्नुभएपछि, जब परमेश्वरले विजय गर्ने र मानिसलाई सिद्ध पार्ने काम गर्नु बाँकी नै थियो, र ऊसँग त्यति धेरै वचनहरू बोल्नुभएको थिएन, त्यस बेला उहाँले मानिससित थोरै माग गर्नुभयो। मानिसले जे गरे पनि र जस्तै व्यवहार गरे पनि—चाहे उसले परमेश्वरलाई अप्रसन्न पार्ने केही काम गरे पनि—परमेश्वरले क्षमा गर्नुभयो र ती सबलाई बेवास्ता गर्नुभयो। किनभने उहाँले मानिसलाई के दिनुभएको छ र मानिसभित्र के छ भनी परमेश्वर जान्नुहुन्थ्यो, र त्यसैले उहाँले मानिसबाट गर्नुपर्ने मागहरूको स्तर जान्नुहुन्थ्यो। त्यस समयमा उहाँका मागहरूको स्तर एकदम कम भएको भए पनि, यसको अर्थ उहाँको स्वभाव ठूलो थिएन, वा उहाँको बुद्धि र सर्वशक्तिमान्‌ता खोक्रा वचनहरू मात्र थिए भन्ने होइन। मानिसका लागि परमेश्वरको स्वभाव र परमेश्वर स्वयम्‌लाई जान्ने एउटै मात्र उपाय छ: परमेश्वरको व्यवस्थापनको काम र मानवजातिको मुक्तिको कार्यका चरणहरूलाई पछ्याएर, अनि परमेश्वरले मानवजातिसित बोल्नुहुने वचनहरू स्वीकार गरेर। मानिसले परमेश्वरसित के छ र उहाँ के हुनुहुन्छ भनी जानेपछि परमेश्वरको स्वभावलाई जानेपछि, के उसले अझै पनि परमेश्वरलाई उहाँको वास्तविक व्यक्तित्व देखाउन बिन्ती गर्छ? गर्दैन, मानिसले बिन्ती गर्दैन, र सोध्ने हिम्मत पनि गर्दैन, किनकि परमेश्वरको स्वभाव र उहाँसँग जे छ र उहाँ जे हुनुहुन्छ सो बुझिसकेपछि, मानिसले पहिलेबाट नै सत्य परमेश्वर स्वयम्‌लाई र उहाँको वास्तविक व्यक्तित्वलाई देखिसकेको हुन्छ। यो अपरिहार्य परिणाम हो।

परमेश्वरको कार्य र योजना निरन्तर अगि बढ्दै गएपछि, र उहाँले फेरि कहिल्यै जलप्रलयद्वारा यस संसारलाई नाश गर्नुहुनेछैन भन्ने एउटा चिह्न स्वरूप परमेश्वरले मानिससँग इन्द्रेनीको करार स्थापित गर्नुभएपछि, परमेश्वरले उहाँसित एकै मनका हुनसक्ने व्यक्तिहरूलाई प्राप्त गर्ने तीव्र इच्छा गर्नुभयो। पृथ्वीमा उहाँका इच्छा पूरा गर्न सक्ने मानिसहरूलाई प्राप्त गर्ने, यसबाहेक, अन्धकारको शक्तिबाट स्वतन्त्र हुन सक्ने र शैतानको वशमा नपर्ने मानिसहरूको समूह, पृथ्वीमा उहाँको साक्षी दिन सक्ने मानिसहरूको समूह प्राप्त गर्ने तीव्र इच्छा पनि उहाँमा थियो। यस्ता मानिसहरूको समूहलाई प्राप्त गर्नु परमेश्वरको लामो समयदेखिको चाहना थियो, उहाँले सृष्टिको समयदेखि नै पर्खनुभएको कुरा त्यही थियो। यसैले, परमेश्वरले संसारलाई नष्ट पार्न प्रयोग गर्नुभएको जलप्रलय वा मानिससितको उहाँको करार जे भए पनि, परमेश्वरको इच्छा, मनको सोच, योजना, र आशाहरू सबै उही थियो। उहाँले जे गर्न चाहनुहुन्थ्यो, उहाँले सृष्टिको समयभन्दा पहिलेदेखि चाहनुभएको कुरा भनेको मानवजातिको बीचमा उहाँले प्राप्त गर्न चाहनुभएका मानिसहरूलाई प्राप्त गर्नु थियो—त्यस्ता मानिसहरू झुन्ड प्राप्त गर्नु थियो जसले उहाँको स्वभावलाई जान्न र उहाँको इच्छालाई बुझ्न सक्छन्, एउटा यस्तो झुन्ड जसले उहाँको आराधना गर्न सक्छ।

त्यस्ता मानिसहरूको झुन्डले साँच्चै उहाँको गवाही दिन सक्छ, र यो भन्न सकिन्छ कि तिनीहरू उहाँकै विश्वास पात्रहरू हुन्।

आज, हामी परमेश्वरका पाइलाहरू पहिल्याउने र उहाँको कार्यका चरणहरूलाई पछ्याउने कार्यलाई जारी राखौं, ताकि हामीले परमेश्वरका विचार र योजनाहरू, र परमेश्वरसँग सम्बन्धित विभिन्न विवरणहरू सबै पत्ता लगाउन सकौं, जुन सबैलाई लामो समयदेखि "मोहोर लगाएर बन्द" गरिएको छ। यी कुराहरूद्वारा हामी परमेश्वरको स्वभावको बारेमा जान्न सक्छौं, परमेश्वरको सार बुझ्छौं, हामी परमेश्वरलाई हाम्रो हृदयमा आउन दिनेछौं, र हामी सबै बिस्तारै परमेश्वरको नजिक आउनेछौ, परमेश्वरबाटको हाम्रो दूरी कम गर्नेछौं।

पछिल्लो समय हामीले चर्चा गरेको कुराको एक पक्ष भनेको परमेश्वरले मानिससित किन करार बाँध्नुभयो भन्ने विषयसँग सम्बन्धित छ। यस पटक, हामी तलका बाइबलका खण्डहरूको बारेमा सङ्गति गर्नेछौं। हामी धर्मशास्त्रबाट पढेर यस कार्यलाई सुरु गरौं।

**क. अब्राहाम**

१. परमेश्वरले अब्राहामलाई एउटा सन्तान दिने प्रतिज्ञा दिनुभयो

उत्पत्ति १७:१५-१७ अनि परमेश्वरले अब्राहामलाई भन्नुभयो, तेरी श्रीमती साराईलाई तैँले साराई नामले नबोलाउनू, तर त्यसको नाम सारा हुनेछ। अनि म त्यसलाई आशिष् दिनेछु र त्यसबाट तँलाई एउटा छोरा पनि दिनेछु: हो, म त्यसलाई आशिष् दिनेछु र त्यो जातीहरूकी आमा हुनेछे; त्यसबाट मानिसहरूका राजाहरू आउनेछन्। तब अब्राहम घोप्टो परेर हाँसे अनि आफ्नो हृदयमा भने, के सय वर्ष पुगेको व्यक्तिबाट बच्चा जन्मेला र? अनि के नब्बे वर्ष पुगेकी साराले बच्चा जन्माउलिन् र?

उत्पत्ति १७:२१-२२ तर म इसहाकसँग मेरो करार स्थापित गर्नेछु, जसलाई अर्को वर्ष तोकेको यस समयमा साराले तेरो निम्ति जन्माउनेछे। अनि उहाँ तिनीसँग बोल्न छोड्नुभयो र परमेश्वर अब्राहामदेखि माथि जानुभयो।

२. अब्राहामले इसहाकलाई बलि चढाउँछन्

उत्पत्ति २२:२-३ अनि उहाँले भन्नुभयो, अब आफ्नो छोरो, तैँले माया गर्ने तेरो एकमात्र छोरो इसहाकलाई साथमा लिएर मोरीयाहको देशमा जा; अनि मैले तँलाई पर्वतहरूमध्ये जुन पर्वतमा जा भन्नेछु त्यसलाई त्यहाँ होमबलि चढा। अनि अब्राहाम बिहान सबेरै उठे र आफ्नो गधामा काठी कसे र आफूसँग आफ्ना जवान मानिसहरूमध्ये दुई जना र आफ्नो छोरो इसहाकलाई लिए, अनि होमबलिको निम्ति दाउरा चिरे र उठेर परमेश्वरले तिनलाई भन्नुभएको ठाउँमा गए।

उत्पत्ति २२:९-१० अनि तिनीहरू परमेश्वरले तिनलाई भन्नुभएको ठाउँमा आए; अनि अब्राहामले त्यहाँ एउटा वेदी बनाए अनि दाउरा मिलाएर राखे र आफ्नो छोरो इसहाकलाई बाँधे अनि उसलाई वेदीमा दाउरामाथि राखे। अनि अब्राहामले आफ्नो हात तन्काए अनि आफ्नो छोरोलाई मार्न छुरी लिए।

**परमेश्वरले जुन काम गर्ने संकल्प गर्नुहुन्छ त्यसमा कसैले बाधा दिन सक्दैन**

यसैले, तिमीहरू सबैले भर्खरै अब्राहामको कथा सुन्यौ। जलप्रलयले संसारलाई नाश पारेपछि परमेश्वरले तिनलाई चुन्नुभएको थियो, तिनको नाउँ अब्राहाम थियो, र जब तिनी एक सय वर्षको र उनकी पत्नी सारा नब्बे वर्षकी भए, तब परमेश्वरको प्रतिज्ञा तिनीकहाँ आयो। परमेश्वरले तिनीसँग कस्तो प्रतिज्ञा गर्नुभयो? परमेश्वरले त्यो कुराको प्रतिज्ञा गर्नुभयो जुन कुरालाई धर्मशास्त्रमा उल्लेख गरिएको छ: “अनि म त्यसलाई आशिष् दिनेछु र त्यसबाट तँलाई एउटा छोरा पनि दिनेछु।” परमेश्वरले तिनलाई सन्तान दिने प्रतिज्ञाको पछि कस्तो पृष्ठभूमि थियो? धर्मशास्त्रले निम्न विवरण दिएको छ: “तब अब्राहम घोप्टो परेर हाँसे अनि आफ्नो हृदयमा भने, के सय वर्ष पुगेको व्यक्तिबाट बच्चा जन्मेला र? अनि के नब्बे वर्ष पुगेकी साराले बच्चा जन्माउलिन् र?” अर्को शब्दमा भन्दा, यस वृद्ध दम्पती सन्तान जन्माउनको लागि धेरै वृद्ध भइसकेका थिए। परमेश्वरले तिनीसित प्रतिज्ञा गर्नुभएपछि अब्राहामले के गरे? तिनी हाँस्दै घोप्टो परे, अनि आफैलाई भने, “के सय वर्ष पुगेको व्यक्तिबाट बच्चा जन्मेला र?” अब्राहामले त्यो असम्भव छ भन्ने विश्वास गरे—जसको अर्थ के हो भने, परमेश्वरले तिनीसँग गर्नुभएको प्रतिज्ञा एउटा ठट्टाभन्दा बढी केही पनि होइन भनी विश्वास गरे। मानिसको दृष्टिकोणबाट, यो मानिसद्वारा हासिल नहुने कुरा हो, र त्यस्तै यो परमेश्वरका निम्ति पनि हासिल गर्न नसकिने र एउटा असम्भव कुरा हो। सायद, अब्राहामका लागि यो हाँसोको कुरा थियो: परमेश्वरले मानिसलाई सृष्टि गर्नुभयो, तर त्यस्तो वृद्ध व्यक्तिले सन्तान जन्माउन सक्दैन भन्ने उहाँलाई थाहा छैन जस्तो छ; उहाँले मलाई सन्तान जन्माउन लगाउन सक्नुहुन्छ भन्ने परमेश्वरलाई लाग्छ, उहाँ मलाई एउटा सन्तान दिने कुरा गर्नुहुन्छ—यो निश्चय असम्भव छ! यसैले, अब्राहाम मनमनै यो सोच्दै घोप्टो परे अनि हाँसे: असम्भव—परमेश्वरले मसँग ठट्टा गर्दैहुनुहुन्छ, यो सत्य हुन सक्दैन! तिनले परमेश्वरका वचनहरूलाई गम्भीरताका साथ लिएनन्। यसैले परमेश्वरको नजरमा, अब्राहाम कस्तो किसिमका मानिस थिए? (धार्मिक।) तिनी धर्मी मानिस भनेर कहाँ उल्लेख गरिएको थियो? तिमीहरूलाई लाग्छ, कि परमेश्वर जसलाई बोलाउनुहुन्छ तिनीहरू सबै धर्मी र सिद्ध हुन्छन्, तिनीहरू सबै परमेश्वरसँग हिँड्ने मानिसहरू हुन्। तिमीहरू सिद्धान्त पालन गर्छौ! तिमीहरूले स्पष्ट रूपमा बुझ्नुपर्छ कि जब परमेश्वरले कसैलाई परिभाषित गर्नुहुन्छ, उहाँ मनमानी रूपमा त्यसो गर्नुहुन्न। यहाँ, परमेश्वरले अब्राहाम धर्मी थिए भन्नुभएन। उहाँको हृदयमा, परमेश्वरसँग प्रत्येक व्यक्तिलाई नाप्ने मापदण्डहरू हुन्छन्। परमेश्वरले अब्राहाम कस्तो किसिमका व्यक्ति थिए भनी नबताउनुभएको भए पनि, तिनको आचरणको हिसाबले, परमेश्वरमाथि अब्राहामको विश्वास कस्तो किसिमको थियो? के यो थोरै अमूर्त थियो? वा के तिनी ठूलो विश्वास भएको व्यक्ति थिए? थिएन, तिनी त्यस्तो थिएनन्। तिनको हाँसो र विचारले तिनी वास्तवमा को हुन् भनेर देखाए, त्यसैले तिनी धर्मी थिए भन्ने तिमीहरूको विचार तिमीहरूको कल्पनाको कुरा मात्र हो, यो सिद्धान्तको अन्धाधुन्ध प्रयोग हो, र यो एक गैरजिम्मेवार मूल्याङ्कन हो। के परमेश्वरले अब्राहामको हाँसो र उनका थोरै अभिव्यक्तिहरू देख्नुभयो? के उहाँले ती कुराहरू जान्नुहुन्थ्यो? परमेश्वरले जान्नुहुन्थ्यो। तर के परमेश्वरले आफूले गर्न खोज्नुभएको कुरा बदल्नुभयो? बदल्नुभएन!

जब परमेश्वरले योजना बनाउनुभयो र यो मानिसलाई चुन्ने संकल्प गर्नुभयो, त्यो पूरा भयो। न त कुनै मानिसका विचारहरूले, न उसको आचरणले परमेश्वरलाई अलिकति पनि प्रभाव पार्न सक्छ वा उहाँलाई हस्तक्षेप नै गर्दछ; परमेश्वरले मनमानी ढङ्गले आफ्नो योजना परिवर्तन गर्नुहुन्न, न त उहाँले मानिसको आचरण, वा उसले अनजानमा गरेको व्यवहारको कारण आवेगमा आएर आफ्नो योजनालाई बदल्नुहुन्छ। त्यसोभए, उत्पत्ति १:२१-२२ मा के लेखिएको छ? "तर म इसहाकसँग मेरो करार स्थापित गर्नेछु, जसलाई अर्को वर्ष तोकेको यस समयमा साराले तेरो निम्ति जन्माउनेछे। अनि उहाँ तिनीसँग बोल्न छोड्नुभयो र परमेश्वर अब्राहामदेखि माथि जानुभयो।" परमेश्वरले अब्राहामले सोचेको वा भनेका कुरामा अलिकति पनि ध्यान दिनुभएन। उहाँले बेवास्ता गर्नुको कारण के थियो? किनभने त्यतिखेर, परमेश्वरले मानिस ठूलो विश्वास भएको, वा परमेश्वरको ठूलो ज्ञान प्राप्त गर्न सक्ने, वा त्यसबाहेक, तिनी परमेश्वरले गर्नुभएको वा भन्नुभएको कुरा बुझ्ने क्षमता भएको हुनुपर्छ भनी माग गर्नुभएन। त्यसकारण, उहाँले संकल्प गर्नुभएको काम, उहाँले चुन्ने संकल्प गर्नुभएका मानिसहरू वा उहाँका कार्यहरूका सिद्धान्तहरू मानिसले राम्ररी बुझ्नुपर्छ भनी उहाँले भन्नुभएन, किनकि मानिसको कद अपर्याप्त थियो। त्यसबेला, अब्राहामले जे गरे पनि र तिनले जसरी व्यवहार गरे पनि त्यसलाई परमेश्वरले सामान्य मान्नुभयो। उहाँले निन्दा वा गाली गर्नुभएन, तर केवल यति भन्नुभयो: "अर्को वर्ष तोकेको यस समयमा साराले तेरो निम्ति जन्माउनेछे।" परमेश्वरले यी वचनहरू घोषणा गर्नुभएपछि, यो कुरा एक-एक चरण गर्दै पूरा भयो; परमेश्वरको दृष्टिमा, उहाँको योजनाले जुन कुरा हासिल गर्नुपर्ने थियो त्यो प्राप्त भइसकेको थियो। यसका लागि गरिएका बन्दोबस्तहरू पूरा गरेपछि, परमेश्वर जानुभयो। मानिसले जे गर्दछ वा सोच्दछ, मानिसले जे बुझ्छ, मानिसका योजनाहरू—यी कुनैको पनि परमेश्वरसित कुनै सम्बन्ध हुँदैन। सबै कुरा परमेश्वरको योजना अनुसार, उहाँले तोक्नुभएको समय र चरणहरूलाई कायम गर्दै अगाडि बढ्छन्। परमेश्वरको कामको सिद्धान्त यस्तै हुन्छ। मानिसले सोच्ने वा जान्ने कुनै पनि कुरामा परमेश्वरले हस्तक्षेप गर्नुहुन्न, तैपनि मानिसले विश्वास गरेन वा बुझेन भन्दैमा उहाँले आफ्नो योजनालाई वा आफ्नो कामलाई त्याग्नुहुन्न। ती तथ्यहरूलाई परमेश्वरको योजना र विचार अनुसार पूरा हुन्छन्। हामी बाइबलमा ठ्याक्कै त्यस्तै देख्छौं: परमेश्वरले इसहाकको जन्म उहाँले तय गर्नुभएको समयमा हुने बनाउनुभयो। के यी तथ्यहरूले मानिसको व्यवहार र आचरणले परमेश्वरको काममा बाधा पुऱ्यायो भनी प्रमाणित गर्दछन्? तिनीहरूले परमेश्वरको काममा बाधा पुऱ्याएनन्! के परमेश्वरमाथिको मानिसको थोरै विश्वास, र परमेश्वरको बारेमा तिनको धारणा र कल्पनाले परमेश्वरको कामलाई असर गरे? गरेनन्, तिनीहरूले गरेनन्! थोरै पनि गरेनन्! परमेश्वरको व्यवस्थापनको योजना कुनै मानिस, पदार्थ, वा वातावरणद्वारा भावित हुँदैन। उहाँले गर्न अठोट गर्नुभएका सबै कुरा ठीक समयमा र उहाँको योजना अनुसार पूरा हुन्छन्, र उहाँको काममा कुनै पनि मानिसले हस्तक्षेप गर्न सक्दैन। परमेश्वरले मानिसको मूर्खता र अज्ञानताका केही पक्षहरूलाई बेवास्ता गर्नुहुन्छ, र उहाँप्रतिको मानिसको प्रतिरोध र धारणाहरूलाई पनि बेवास्ता गर्नुहुन्छ, र चाहे जे भए पनि उहाँले गर्नुपर्ने काम उहाँले गर्नुहुन्छ। यो परमेश्वरको स्वभाव हो, र यो उहाँको सर्वव्यापकताको प्रतिबिम्ब हो।

**परमेश्वरको व्यवस्थापनको काम र मानिसको मुक्ति अब्राहामले इसहाकलाई बलि चढाएको घटनाबाट सुरु हुँदछ**

अब्राहामलाई एउटा छोरो दिनुभएपछि, परमेश्वरले अब्राहामलाई भन्नुभएको वचन पूरा भयो। यसको अर्थ यो होइन कि परमेश्वरको योजना यहाँ रोकियो; यसको विपरीत, मानवजातिको व्यवस्थापन र मुक्तिको लागि परमेश्वरको भव्य योजना भर्खरै मात्र सुरु भएको थियो र उहाँले अब्राहामलाई एउटा छोरा दिएर दिनुभएको आशिष् उहाँको समग्र व्यवस्थापन योजनाका लागि एक प्रस्तावना मात्र थियो। अब्राहामले इसहाकलाई बलि चढाउने बित्तिकै शैतानसित परमेश्वरको लडाइँ चुपचाप सुरु भइसकेको थियो भनेर कसलाई थाहा थियो?

**मानिस मूर्ख छ कि छैन सो परमेश्वरले वास्ता गर्नुहुन्न—उहाँले केवल मानिस साँचो होस् भनेर मात्र भन्नुहुन्छ**

यसपछि, हामी परमेश्वरले अब्राहामलाई के गर्नुभयो सो हेरौं। उत्पत्ति २२:२ मा, परमेश्वरले अब्राहामलाई निम्न आज्ञा दिनुभयो: "अब आफ्नो छोरो, तैँले माया गर्ने तेरो एकमात्र छोरो इसहाकलाई साथमा लिएर मोरीयाहको देशमा जा; अनि मैले तँलाई पर्वतहरूमध्ये जुन पर्वतमा जा भन्नेछु त्यसलाई त्यहाँ होमबलि चढा।" परमेश्वरले भन्नुभएको वचनको अर्थ स्पष्ट थियो: उहाँले अब्राहामलाई तिनको एक मात्र छोरो इसहाकलाई होमबलिको रूपमा दिनू भनेर भन्नुभएको थियो, जसलाई तिनले प्रेम गरेका थिए। आज यसलाई हेर्दा, के परमेश्वरको आज्ञा अझै पनि मानव धारणासँग नमिल्दो छ? छ! त्यति बेला परमेश्वरले गर्नुभएका सबै कुरा मानिसको धारणाको विरुद्ध छ। यो मानिसका निम्ति बुझ्न नसकिने कुरा हो। तिनीहरूको धारणामा, मानिसहरू निम्न कुरामा विश्वास गर्छन्: जब मानिसले विश्वास गरेन, र यसलाई असम्भव ठान्यो, तब परमेश्वरले तिनलाई एउटा छोरो दिनुभयो, र तिनले एउटा छोरा जन्माएपछि, परमेश्वरले तिनलाई आफ्नो छोराको बलि चढाउनू भन्नुभयो। के यो पूर्ण रूपमा अविश्वसनीय छैन र! परमेश्वरले वास्तवमा के गर्ने योजना गर्नुभयो? परमेश्वरको वास्तविक अभिप्राय के थियो? उहाँले विनासर्त अब्राहामलाई एउटा छोरा दिनुभयो, तर उहाँले अब्राहामलाई पनि विनासर्त बलि चढाउनू भन्नुभयो। के यो अति थियो? तेस्रो पक्षको दृष्टिकोणबाट हेर्दा, यो केवल अति मात्र होइन तर केही हदसम्म "विनाकारण समस्या उत्पन्न गर्ने" मामला पनि थियो। तर परमेश्वरले अति धेरै कुरा माग्दैहुनुहुन्छ भन्ने अब्राहाम आफैले विश्वास गरेनन्। यसबारे तिनको आफ्नै केही थोरै धारणाहरू थिए र तिनले परमेश्वरलाई केही शङ्का गरेको भए पनि, तिनी अझै पनि बलि चढाउन तयार भए। यस स्थितिमा, अब्राहाम आफ्नो छोराको बलि चढाउन तयार थिए भन्ने कुरालाई प्रमाणित गर्ने के कुरा देख्छस्? यी वाक्यहरूमा के भनिएको छ? मूल पाठले निम्न विवरणहरू दिन्छ: "अनि अब्राहाम बिहान सबेरै उठे र आफ्नो गधामा काठी कसे र आफूसँग आफ्ना जवान मानिसहरूमध्ये दुई जना र आफ्नो छोरो इसहाकलाई लिए, अनि होमबलिको निम्ति दाउरा चिरे र उठेर परमेश्वरले तिनलाई भन्नुभएको ठाउँमा गए" (उत्पत्ति २२:३)। "अनि तिनीहरू परमेश्वरले तिनलाई भन्नुभएको ठाउँमा आए; अनि अब्राहामले त्यहाँ एउटा वेदी बनाए अनि दाउरा मिलाएर राखे र आफ्नो छोरो इसहाकलाई बाँधे

अनि उसलाई वेदीमा दाउरामाथि राखे। अनि अब्राहामले आफ्नो हात तन्काए अनि आफ्नो छोरोलाई मार्न छुरी लिए" (उत्पत्ति २२:९-१०)। जब अब्राहामले आफ्नो छोरोलाई मार्न हात बढाएर हतियार उठाए, के परमेश्‍वरले तिनका कार्यहरू देख्नुभयो? उहाँले देख्नुभयो। परमेश्‍वरले अब्राहामलाई तिनको छोराको बलि चढाउनू भन्‍नुभएदेखि अब्राहामले इसहाकलाई बलि चढाउन हतियार उठाएको सम्पूर्ण प्रक्रियाले सुरुदेखि नै परमेश्‍वरलाई अब्राहामको हृदय कस्तो छ भन्‍ने देखायो, र तिनको पहिलेको मूर्खता, अज्ञानता र परमेश्‍वरको बारेमा भुल बुझाइको बाबजुद पनि त्यसबेला अब्राहामको हृदय परमेश्‍वरप्रति साँचो र इमानदार थियो, र तिनले साँच्चै परमेश्‍वरबाट पाएको आफ्नो छोरा इसहाकलाई फेरि परमेश्‍वरलाई नै दिन लागेका थिए। परमेश्‍वरले तिनमा आज्ञापालन देख्नुभयो, त्यस्तो आज्ञापालन जुन उहाँले चाहनुहुन्थ्यो।

मानिसका निम्ति परमेश्‍वरले धेरै कुरा गर्नुहुन्छ जुन बुझ्नै नसकिने र अविश्‍वसनीय पनि हुन्छ। जब परमेश्‍वरले कसैलाई योजनाबद्‌ध रूपमा चलाउन चाहनुहुन्छ, यो योजनाबद्‌ध कार्य प्रायः मानिसको धारणासँग मिल्दैन र उसले बुझ्न नसक्ने हुन्छ, तैपनि यो बेमेल र बुझ्न नसक्ने कुरा नै मानिसको निम्ति परमेश्‍वरको परीक्षा र जाँच हो। यसै बीच, अब्राहाम आफूभित्रै परमेश्‍वरप्रति आज्ञाकारीता प्रकट गर्न सक्षम थिए, जुन तिनी परमेश्‍वरको माग पूरा गर्न सक्षम हुनुको सबैभन्दा आधारभूत सर्त थियो। जब अब्राहामले परमेश्‍वरको माग पूरा गर्न सक्षम भएर इसहाकलाई बलि चढाए, तब मात्र परमेश्‍वर साँच्चै मानव जातिप्रति, अर्थात् उहाँले चुन्‍नुभएको अब्राहामप्रति सुनिश्‍चितता र स्वीकृतिको महसुस गर्नुभयो। तब मात्र परमेश्‍वर उहाँले चुन्‍नुभएको यो व्यक्ति अति आवश्यक अगुवा हो, जसले उहाँको प्रतिज्ञा र त्यसपछिको व्यवस्थापन योजना पूरा गर्न सक्छ भनी निश्‍चित हुनुभयो। यो एउटा परीक्षा र जाँच मात्र रहेको भए पनि, परमेश्‍वरले सन्तुष्ट महसुस गर्नुभयो, उहाँले उहाँप्रतिको मानिसको प्रेम महसुस गर्नुभयो, र मानिसद्‌वारा उहाँले अघि कहिल्यै अनुभव नगर्नुभएको सान्त्वना महसुस गर्नुभयो। जुन क्षण अब्राहामले इसहाकलाई मार्न छुरी उठाए, के परमेश्‍वरले तिनलाई रोक्नुभयो? परमेश्‍वरले अब्राहामलाई इसहाकको बलि चढाउन दिनुभएन, किनकि इसहाकको ज्यान लिने अभिप्राय परमेश्‍वरको थिएन। यसैले परमेश्‍वरले ठीक समयमा अब्राहामलाई रोक्नुभयो। परमेश्‍वरका लागि, अब्राहामको आज्ञाकारीता अघि नै परीक्षामा सफल भइसकेको थियो, तिनले जे गरे त्यो पर्याप्त थियो, र परमेश्‍वरले आफूले गर्न चाहनुभएको कामको नतिजा देखिसक्नुभएको थियो। के यो नतिजा परमेश्‍वरको निम्ति सन्तोषजनक थियो? यो भन्‍न सकिन्छ, कि यो नतिजा परमेश्‍वरको निम्ति सन्तोषजनक थियो, यो परमेश्‍वरले चाहनुभएकै कुरा थियो, र परमेश्‍वरले हेर्न चाहनुभएको कुरा यही थियो। के यो सत्य हो? विभिन्‍न सन्दर्भहरूमा, परमेश्‍वरले प्रत्येक व्यक्तिलाई जाँच्ने विभिन्‍न तरिकाहरू प्रयोग गर्नुहुने भए पनि, उहाँले अब्राहामको हृदय साँचो छ, र तिनको आज्ञाकारीता सर्तरहित छ भन्‍ने देख्नुभयो। वास्तवमा परमेश्‍वरले चाहनुभएको पनि त्यस्तै "सर्तरहित" कुरा थियो। मानिसहरू प्रायः भन्छन्, "मैले यो पहिले नै चढाइसकें, मैले पहिले नै त्यो छोडिसकेको छु—परमेश्‍वर अझै पनि किन मसँग सन्तुष्ट हुनुहुन्‍न? उहाँले किन मलाई परीक्षाहरू गरिरहनुहुन्छ? उहाँले किन मलाई जाँच गरिरहनुहुन्छ?" यसले एउटा तथ्यलाई प्रकट गर्दछ: परमेश्‍वरले तेरो हृदय देख्नुभएको छैन, र तेरो हृदय प्राप्‍त गर्नुभएको छैन।

भन्नुको तात्पर्य, जसरी अब्राहामले आफ्नै छोरालाई बलि चढाउनका निम्ति आफ्नै हातले हतियार उठाए उनले जुन इमानदारीता देखाए, त्यस्तो इमानदारी उहाँले तँमा देख्नुभएको छैन। उहाँले तेरो सर्तरहित आज्ञाकारीता देख्नुभएको छैन, र तँद्वारा सान्त्वना पाउनुभएको छैन। यसैले, परमेश्‍वरले तँलाई जाँचिरहनु स्वाभाविक कुरा हो। के यो सत्य होइन? जहाँसम्म यो विषयको कुरा छ, हामी यसलाई यहाँ छोड्नेछौं। अर्को, हामी "अब्राहामलाई परमेश्‍वरको प्रतिज्ञा" लाई पढ्नेछौं।

३. अब्राहामलाई परमेश्‍वरको प्रतिज्ञा

उत्पत्ति २२:१६-१८ यहोवाले भन्नुभयो, म आफैले शपथ खाएको छु किनभने तैँले यो गरेको छस् र तैँले तेरो छोरा अर्थात् तेरो एक मात्र छोरालाई रोकेको छैनस्: आशिष्‌मा म तँलाई आशिष् दिनेछु र वृद्धिमा तेरा सन्तानलाई बढाएर आकाशका ताराहरूसरह, र समुद्र किनारको बालुवासरह वृद्धि गर्नेछु; र तेरा सन्तानले त्यसका शत्रुहरूको प्रवेशद्वार कब्जा गर्नेछन्; र तेरा सन्तानमा पृथ्वीका सबै जातिहरूले आशिष् पाउनेछन्; किनभने तैँले मेरो वचन पालन गरेको छस्।

यो परमेश्‍वरले अब्राहामलाई दिनुभएको आशिषको सम्पूर्ण विवरण हो। संक्षिप्त भए पनि, यसको सामग्री समृद्ध छ: यसले परमेश्‍वरले अब्राहामलाई वरदान दिनुको कारण, र पृष्ठभूमि, र उहाँले अब्राहामलाई दिनुभएको कुरा के थियो सो कुरालाई समावेश गर्दछ। यसमा परमेश्‍वर आनन्द र उत्साहले ओतप्रोत भएर यी वचनहरू बोल्नुभएको, साथै उहाँको वचन सुन्न सक्नेहरूलाई प्राप्त गर्ने उहाँको चाहनाको आग्रह पनि छ। यसमा, हामी परमेश्‍वरका वचनहरू पालन गर्ने र उहाँका आज्ञाहरू मान्नेहरूप्रति उहाँको स्नेह र प्रेम देख्छौं। यसरी हामी परमेश्‍वरले मानिसहरूलाई प्राप्त गर्न चुकाउनुहुने मूल्य, र मानिसहरूलाई प्राप्त गर्नको लागि उहाँले समर्पण गर्नुहुने वास्ता र विचारलाई देख्छौं। यसबाहेक, यो खण्ड, जसमा "म आफैले शपथ खाएको छु," भन्ने वचनहरू छन्, यसले हामीलाई परमेश्‍वरले सहनुभएको तीतोपना र पीडाको शक्तिशाली आभास दिन्छ र परमेश्‍वरको व्यवस्थापन योजनाको यो कामको दृश्य पछाडि परमेश्‍वर मात्र हुनुहुन्छ भन्ने कुराको आभास दिन्छ। यो विचारोत्तेजक खण्ड हो, र पछि आउनेहरूका लागि यसको विशेष महत्त्व थियो, र उनीहरूमा दूरगामी प्रभाव पारेको थियो।

**मानिसले उसको इमानदारीता र आज्ञापालनको कारण परमेश्‍वरका आशिषहरू प्राप्त गर्दछ**

के हामीले यहाँ पढेको परमेश्‍वरले अब्राहामलाई दिनुभएको आशिष् महान् थियो? यो कतिसम्म महान् थियो? यहाँ एउटा मुख्य वाक्य छ: "र तेरा सन्तानमा पृथ्वीका सबै जातिहरूले आशिष् पाउनेछन्।" यो वाक्यले के देखाउँदछ भने, अब्राहामले त्यस्ता आशिषहरू पाए जुन तिनीभन्दा अघि वा पछि आएका कसैलाई पनि दिइएन। परमेश्‍वरले भन्नुहुँदा अब्राहामले तिनको एक मात्र प्रिय छोरा परमेश्‍वरलाई फर्काइदिए (नोट: यहाँ हामीले "बलि चढाउनु" भन्न सक्दैनौं; तिनले आफ्नो छोरा परमेश्‍वरलाई फर्काइदिए भनेर हामीले भन्नुपर्छ), परमेश्‍वरले अब्राहामलाई इसहाकको बलि चढाउनबाट मात्र रोक्नुभएन, तर उहाँले तिनलाई आशिष पनि दिनुभयो। उहाँले कुन प्रतिज्ञाले अब्राहामलाई आशिष दिनुभयो? उहाँले तिनका सन्तानलाई वृद्धि गर्ने प्रतिज्ञा दिनुभयो। अनि तिनीहरू कतिसम्म वृद्धि हुनेथिए? धर्मशास्त्रले निम्न विवरण दिँदछ: "... आकाशका ताराहरूसरह,

र समुद्र किनारको बालुवासरह वृद्धि गर्नेछु; र तेरा सन्तानले त्यसका शत्रुहरूको प्रवेशद्वार कब्जा गर्नेछन्; र तेरा सन्तानमा पृथ्वीका सबै जातिहरूले आशिष् पाउनेछन्।" परमेश्वरले कुन सन्दर्भमा यी वचनहरू बोल्नुभयो? भन्नुको अर्थ, अब्राहामले कसरी परमेश्वरको आशिष पाए? तिनले धर्मशास्त्रमा परमेश्वरले भन्नुभएजस्तै गरी ती प्राप्त गरे: "किनभने तैँले मेरो वचन पालन गरेको छस्।" अर्थात्, अब्राहामले परमेश्वरको आज्ञापालन गरेका थिए, तिनले परमेश्वरले भन्नुभएका, माग्नुभएका र आज्ञा गर्नुभएका सबै काम एउटै पनि गुनासो नगरी पूरा गरे, यसैले परमेश्वरले तिनीसित त्यस्तो प्रतिज्ञा गर्नुभयो। यस प्रतिज्ञामा एउटा महत्त्वपूर्ण वाक्य छ, जुन त्यस समयका परमेश्वरका विचारहरूलाई छुन्छ। के तिमीहरूले यो देखेका छौ? हुन सक्छ तिमीहरूले "म आफैले शपथ खाएको छु।" भन्ने परमेश्वरका वचनहरूमा त्यति ध्यान दिएका छैनौ होला। ती वचनहरूको अर्थ के हो भने, जब परमेश्वरले यी वचनहरू बोल्नुभयो, उहाँ आफैले शपथ खानुभयो। शपथ खाँदा मानिसहरू के शपथ खाने गर्छन्? तिनीहरू स्वर्गको शपथ खान्छन्, भन्नुको अर्थ, तिनीहरूले परमेश्वरसित शपथ खान्छन् र परमेश्वरको नाउँमा शपथ खान्छन्। परमेश्वरले कुन घटनाको कारण आफ्नै नाममा शपथ खानुभयो भन्ने बारेमा मानिसहरूलाई त्यति ज्ञान नहुन सक्छ, तर मैले तिमीहरूलाई सही प्रकारले बताएपछि तिमीहरूले बुझ्न सक्नेछौ। परमेश्वरले उहाँको वचन मात्र सुन्ने तर उहाँको हृदयलाई नबुझ्ने एक जना मानिससँग अन्तरक्रिया गर्नुभएपछि एकचोटि फेरि उहाँले एकलो र अन्योलताको महसुस गर्नुभयो। निराशामा—र यो भन्न सकिन्छ, अवचेतन रूपमा मा—परमेश्वरले एउटा अत्यन्त स्वाभाविक काम गर्नुभयो: परमेश्वरले आफ्नो हात आफ्नो हृदयमा राख्नुभयो र अब्राहामलाई यो प्रतिज्ञा दिनुहुँदा आफैलाई सम्बोधन गर्नुभयो, अनि यस क्रममा परमेश्वरले यसो भन्नुभएको मानिसले सुन्यो, "म आफैले शपथ खाएको छु।" परमेश्वरका कार्यहरूद्वारा तँ आफ्नै बारेमा सोच्न सक्छस्। जब तँ आफ्नो हात आफ्नो हृदयमा राख्छस् र आफैसँग बोल्छस्, तब के तैँले आफूले भनेको कुरा स्पष्ट बुझ्छस्? के तेरो व्यवहार इमानदार छ? के तँ आफ्नो हृदयसित खुलस्त कुरा गर्न सक्छस्? यसैले, हामी यहाँ देख्छौं, परमेश्वर अब्राहामसँग बोल्नुहुँदा उहाँ गम्भीर र इमानदार हुनुहुन्थ्यो। अब्राहामसँग बोल्नुहुँदा र तिनलाई आशिष दिनुहुँदा परमेश्वर आफैसित पनि बोलिरहनुभएको थियो। उहाँले आफैलाई भन्दै हुनुहुन्थ्यो: म अब्राहामलाई आशिष दिनेछु, र त्यसको सन्तान आकाशका ताराहरू जत्तिकै असङ्ख्य र समुद्रको किनारको बालुवा सरह प्रशस्त बनाउनेछु, किनकि त्यसले मेरो वचन पालन गर्‍यो र म त्यसैलाई चुन्छु। जब परमेश्वरले "म आफैले शपथ खाएको छु" भन्नुभयो, तब अब्राहाममा उहाँले इस्राएलको चुनिएका मानिसहरू जन्माउनुहुनेछ भनी संकल्प गर्नुभयो र त्यसपछि उहाँले ती मानिसहरूलाई उहाँको कामको गति अनुसार अगाडि बढाउनुहुनेथियो। अर्थात्, परमेश्वरले अब्राहामको सन्तानलाई परमेश्वरको व्यवस्थापनको काम वहन गर्न लगाउनुहुने थियो, र परमेश्वरको काम र परमेश्वरद्वारा व्यक्त गरिएको कुरा अब्राहामबाट सुरु हुनेथियो र अब्राहामको सन्तानमा जारी रहनेथियो, यस प्रकारले मानिसलाई मुक्ति दिने परमेश्वरको इच्छा साकार पारिनेथियो। तिमीहरू के भन्छौ, के यो एक आशिषित कुरा होइन? मानिसका लागि योभन्दा ठूलो आशिष अर्को कुनै छैन; यो भन्न सकिन्छ, यो सबैभन्दा आशिषको कुरा हो। अब्राहामले प्राप्त गरेको आशिष तिनको सन्तान धेरै

वृद्धि हुनु थिएन, तर परमेश्‍वरले अब्राहामको सन्तानमा उहाँको व्यवस्थापन, उहाँको आज्ञा र उहाँको काम प्राप्त गर्नुथियो। यसको अर्थ के हो भने, अब्राहामले पाएका आशिषहरू अस्थायी थिएनन्, तर परमेश्‍वरको व्यवस्थापन योजना अगाडि बढ्दै जाँदा त्यो जारी रह्यो। जब परमेश्‍वर बोल्नुभयो, जब परमेश्‍वरले आफ्नै नाउँमा शपथ खानुभयो, उहाँले पहिले नै संकल्प गरिसक्नुभएको थियो। के त्यो संकल्पको प्रक्रिया सत्य थियो? के त्यो वास्तविक थियो? त्यस समयदेखि उसो उहाँका प्रयासहरू, उहाँले तिर्नुभएको मूल्य, उहाँसँग जे छ र उहाँ जे हुनुहुन्छ, उहाँका सबै थोक, र उहाँको जीवनसम्म पनि, अब्राहाम र अब्राहामका सन्तानहरूलाई दिइनेछ भनी परमेश्‍वरले सङ्कल्प गर्नुभयो। यसरी परमेश्‍वरले यो पनि संकल्प गर्नुभयो कि, मानिसहरूको त्यो झुन्डबाट सुरु गरेर, उहाँले आफ्ना कार्यहरू प्रकट गर्नुहुनेछ, र मानिसलाई उहाँको बुद्धि, अख्तियार र शक्ति देखाउनुहुनेछ।

**परमेश्‍वरलाई चिन्‍नेहरू र उहाँको गवाही दिन सक्नेहरूलाई प्राप्त गर्नु परमेश्‍वरको अपरिवर्तनीय इच्छा हो**

यसको साथसाथै परमेश्‍वरले आफैसँग बोल्ने क्रममा उहाँ अब्राहामसँग पनि बोल्नुभयो, तर परमेश्‍वरले तिनलाई दिनुभएको आशिष सुन्‍नु बाहेक, के अब्राहामले त्यस बेला परमेश्‍वरका सबै वचनहरूमा उहाँको वास्तविक इच्छा बुझ्न सके? तिनले सकेनन्! यसैले, जब परमेश्‍वरले आफ्नै नाउँमा शपथ खानुभयो, त्यस बेला उहाँको हृदय एकलो र दुःखी थियो। उहाँले गर्न चाहनुभएको र योजना बनाउनुभएको कुरा बुझ्ने एकै जना व्यक्ति पनि थिएन। त्यस बेला, अब्राहाम लगायत कोही पनि उहाँसँग हिम्मतसाथ बोल्न सक्दैनथियो, अझ उहाँले गर्नुहुने काममा उहाँसँग कसैले सहकार्य गर्ने कुरा त परै जाओस्। बाहिरबाट हेर्दा, परमेश्‍वरले अब्राहामलाई प्राप्त गर्नुभएको थियो, जसले उहाँको वचन पालन गर्न सक्थ्यो। तर वास्तवमा, यस व्यक्तिको परमेश्‍वर सम्बन्धी ज्ञान अति नै थोरै थियो। परमेश्‍वरले अब्राहामलाई आशिष दिइसक्नुभएको थियो, तापनि परमेश्‍वरको हृदय अझै सन्तुष्ट थिएन। परमेश्‍वर सन्तुष्ट हुनुहुन्‍न थियो भन्‍नुको अर्थ के हो? यसको अर्थ उहाँको व्यवस्थापन भर्खरै मात्र सुरु भएको थियो, यसको अर्थ उहाँले प्राप्त गर्न चाहनुभएका मानिसहरू, उहाँले हेर्न चाहनुभएका मानिसहरू, उहाँले प्रेम गर्नुभएका मानिसहरू अझै पनि उहाँबाट टाढा थिए; उहाँलाई समय चाहिएको थियो, उहाँले पर्खनु आवश्यक थियो, उहाँ धैर्यवान् हुनु आवश्यक थियो। किनकि त्यस समय उहाँलाई के चाहिएको थियो, वा उहाँले के प्राप्त गर्न चाहनुभएको थियो वा उहाँले के चाहनुहुन्छ भनेर जान्‍ने परमेश्‍वर स्वयम् बाहेक अरू कोही थिएन। यसैले परमेश्‍वर अत्यन्तै उत्साहित हुनुभएको त्यो बेला उहाँले आफ्नो हृदय भारी भएको पनि महसुस गर्नुभयो। तैपनि उहाँले आफ्ना पाइलाहरू रोक्नुभएन, र उहाँले आफूले गर्नुपर्ने कामको अर्को चरणको योजना बनाउँदै जानुभयो।

परमेश्‍वरले अब्राहामलाई दिनुभएको प्रतिज्ञामा तिमीहरू के देख्छौ? परमेश्‍वरले अब्राहामलाई महान् आशिष दिनुभयो, किनकि तिनले परमेश्‍वरको वचन पालन गरे। बाहिरबाट हेर्दा यो कुरा सामान्य देखिए पनि, अवश्य यसमा हामी परमेश्‍वरको हृदय देख्छौं: परमेश्‍वर विशेष गरी उहाँप्रतिको

मानिसको आज्ञाकारीतालाई मूल्यवान् ठान्नुहुन्छ अनि उहाँको बारेमा मानिसको बुझाइ र उहाँप्रतिको इमानदारीलाई कदर गर्नुहुन्छ। परमेश्‍वरले यस्तो इमानदारीतालाई कतिसम्म कदर गर्नुहुन्छ? उहाँले त्यसलाई कति कदर गर्नुहुन्छ भनी तिमीहरू बुझ्न सक्दैनौ होला, अनि यसलाई महसुस गर्ने त झन् कोही पनि नहुन सक्छ। परमेश्‍वरले अब्राहामलाई एउटा छोरा दिनुभयो र त्यो छोरो ठूलो भएपछि परमेश्‍वरले अब्राहामलाई तिनको छोरो बलि चढाउनू भनी भन्‍नुभयो। अब्राहामले परमेश्‍वरको हरेक आज्ञा पालन गरे, तिनले परमेश्‍वरको वचन पालन गरे, र तिनको इमानदारिताले परमेश्‍वरको हृदय छोयो र परमेश्‍वरले तिनको कदर गर्नुभयो। परमेश्‍वरले यसलाई कति मूल्यवान् ठान्नुभयो? अनि परमेश्‍वरले यसलाई किन मूल्यवान् ठान्नुभयो? कसैले पनि परमेश्‍वरको वचन नबुझेको वा उहाँको हृदयलाई नबुझेको समयमा अब्राहामले केही यस्तो काम गरे जसले स्वर्गलाई हल्लायो र पृथ्वीलाई थरथर काँप्ने बनायो, र त्यसले परमेश्‍वरलाई अभूतपूर्व सन्तुष्टि प्रदान गर्‍यो, र उहाँका वचनहरू पालन गर्न सक्ने कुनै व्यक्तिलाई प्राप्त गर्नुको आनन्द परमेश्‍वरलाई दियो। यो सन्तुष्टि र आनन्द परमेश्‍वरको आफ्नै हातले बनाएको प्राणीबाट आयो, र त्यो मानिसले परमेश्‍वरलाई चढाएको पहिलो "बलिदान" थियो र मानिसलाई सृष्टि गरिएको समयदेखि यता परमेश्‍वरले सबैभन्दा बढी त्यसलाई नै मूल्यवान् ठान्नुभएको थियो। यो बलिको प्रतीक्षा गर्न परमेश्‍वरलाई निकै कठिन भएको थियो, र उहाँले त्यसलाई उहाँले सृष्टि गर्नुभएको मानिसबाट पाएको पहिलो सबैभन्दा महत्त्वपूर्ण उपहारको रूपमा लिनुभयो। यसले परमेश्‍वरलाई उहाँको प्रयासको र उहाँले तिर्नुभएको मूल्यको पहिलो फल देखायो, र यसले गर्दा उहाँकै मानवजातिमा आशा देख्नुभयो। त्यसपछि, उहाँलाई साथ दिन, उहाँसित इमानदार व्यवहार गर्न, र इमानदारीसाथ उहाँको वास्ता गर्नका निम्ति परमेश्‍वरले त्यस्ता मानिसहरूको झुन्डको अझ ठूलो चाहना गर्नुभयो। परमेश्‍वरले अब्राहाम जीवित रहिरहून् भन्ने समेत आशा गर्नुभयो, किनकि उहाँले आफ्नो व्यवस्थापनलाई अगाडि बढाउँदै जाने क्रममा अब्राहामको जस्तो हृदयले उहाँलाई साथ देओस् र उहाँको साथमा रहोस् भनी इच्छा गर्नुभयो। परमेश्‍वरले जे चाहनुभएको भए पनि त्यो एउटा इच्छा, एउटा विचार मात्र थियो—किनकि अब्राहाम मात्र त्यस्तो मानिस थिए जसले उहाँको आज्ञापालन गर्न सक्थे, र तिनमा परमेश्‍वरको बारेमा बुझाइ वा ज्ञान रत्तीभर पनि थिएन। अब्राहाम त्यस्तो मानिस थिए जो मानिसबाट परमेश्‍वरले गर्नुभएका मागहरूको स्तरभन्दा धेरै तल चुकेका थिए, जुन यी हुन्: परमेश्‍वरलाई चिन्‍नु, परमेश्‍वरको गवाही दिन सक्नु, र परमेश्‍वरसँग एक मनको हुनु। यसैले अब्राहाम परमेश्‍वरसँग हिँड्न सकेनन्। अब्राहामले इसहाकलाई बलि चढाएका घटनामा परमेश्‍वरले अब्राहामको इमानदारीता र आज्ञाकारीता देख्नुभयो, र तिनले परमेश्‍वरको जाँचको सामना गर्न सकेका देख्नुभयो। परमेश्‍वरले तिनको इमानदारीता र आज्ञाकारीतालाई स्वीकार गर्नुभएको भए पनि, तिनी परमेश्‍वरको विश्‍वासपात्र बन्‍न, परमेश्‍वरलाई चिन्‍ने र बुझ्ने व्यक्ति बन्‍न, र परमेश्‍वरको स्वभावको बारेमा ज्ञान भएको व्यक्ति बन्‍न अझै योग्यको भएका थिएनन्; तिनी परमेश्‍वरसँग एकै मनको हुने र परमेश्‍वरको इच्छा पूरा गर्न सक्ने क्षमताबाट अझै धेरै टाढा थिए। त्यसकारण, हृदयमा परमेश्‍वर अझै एकलो र चिन्तित हुनुहुन्थ्यो। परमेश्‍वर जति जति एकलो र चिन्तित हुनुभयो, उहाँले आफ्नो व्यवस्थापनलाई जति सक्दो चाँडो निरन्तरता दिनु, र उहाँको व्यवस्थापन योजना पूरा गर्न र उहाँको इच्छा हासिल गर्न

जतिसक्दो चाँडो मानिसहरूको एउटा झुन्डको चुन्नु र प्राप्त गर्नु आवश्यक भयो। यो परमेश्‍वरको उत्सुक इच्छा थियो, र यो सुरुदेखि आजसम्म अपरिवर्तित छ। आदिमा उहाँले मानिसलाई सृष्टि गर्नुभएदेखि यता, परमेश्‍वरले विजेताहरूको एउटा झुन्डको चाहना गर्नुभएको छ, यस्तो झुन्ड जुन उहाँको साथमा हिँड्नेछ र उहाँको स्वभावलाई जान्‍न र बुझ्‍न सक्छ। परमेश्‍वरको यो इच्छा कहिल्यै परिवर्तन भएको छैन। उहाँले अझै जति लामो समयसम्म पर्खनु परे पनि, अगाडिको बाटो जति नै कठिन भए पनि, उहाँले चाहनुभएका उद्‌देश्यहरू जति नै टाढा भए पनि परमेश्‍वरले मानिसबाट राख्नुभएका आशा कहिल्यै पनि बदल्नुभएको छैन वा त्याग्नुभएको छैन। अब मैले यो भनिसकेपछि, के तिमीहरूले परमेश्‍वरको इच्छाको बारेमा केही महसुस गऱ्यौ? सायद तिमीहरूले जे महसुस गरेका छौ त्यो गहन नहोला—तर यो बिस्तारै आउनेछ!

अब्राहामको समयमा परमेश्‍वरले एउटा सहर पनि नाश गर्नुभयो। यस सहरलाई सदोम भनिन्थ्यो। शङ्कै छैन, धेरै मानिसहरू सदोमको कथासँग परिचित छन्, तर सहरको विनाशको पृष्ठभूमि निर्माण गर्ने परमेश्‍वरका विचारहरूको बारेमा कसैलाई पनि थाहा छैन।

यसैले आज, परमेश्‍वरले अब्राहामसँग गर्नुभएको तलको बातचितद्‌वारा हामी त्यस समयका उहाँका विचारहरूका बारेमा सिक्‍नेछौं, साथै उहाँको स्वभावको बारेमा पनि सिक्‍नेछौं। अब, हामी धर्मशास्त्रका निम्न खण्डहरू पढौं।

### ख. परमेश्‍वरले सदोमलाई नष्‍ट गर्नु नै पर्नेहुन्छ

उत्पत्ति १८:२६ अनि यहोवाले भन्‍नुभयो, यदि मैले सदोममा सहरभित्र पचास जना धर्मी भेट्टाएँ भने, म तिनीहरूका खातिर त्यो सबै ठाउँलाई छोडिदिनेछु।

उत्पत्ति १८:२९ अनि तिनी फेरि उहाँसँग बोले र भने, केही गरी त्यहाँ चालीस जना पाइए भने। अनि उहाँले भन्‍नुभयो, म त्यसो गर्नेछैनँ।

उत्पत्ति १८:३० अनि तिनले उहाँलाई भने, केही गरी त्यहाँ तीस जना पाइए भने। अनि उहाँले भन्‍नुभयो, म त्यसो गर्नेछैनँ।

उत्पत्ति १८:३१ अनि तिनले भने, केही गरी त्यहाँ बीस जना पाइए भने अनि उहाँले भन्‍नुभयो, म त्यसलाई नष्‍ट गर्नेछैनँ।

उत्पत्ति १८:३२ अनि तिनले भने, केही गरी त्यहाँ दश जना पाइए भने। अनि उहाँले भन्‍नुभयो, म त्यसलाई नष्‍ट गर्नेछैन।

यी मैले बाइबलबाट चुनेको केही खण्डहरू हुन्। ती पूर्ण, मूल संस्करणहरू होइनन्। यदि तिमीहरू ती हेर्न चाहन्छौ भने, आफै बाइबलमा हेर्न सक्छौ; समय बचत गर्नका लागि, मैले मूल सामग्रीको खण्डलाई हटाएको छु। यहाँ मैले केही मुख्य खण्डहरू र वाक्यहरू मात्र चुनेको छु, र आजको हाम्रो सङ्गतिसित सम्बन्धित नरहेका विभिन्‍न वाक्यहरूलाई छोडेको छु। हामीले सङ्गति गर्ने सबै खण्डहरू र विषयहरूमा, हामी कथाहरूको विवरण र मानिसका आचरणहरूमा त्यत्ति ध्यान दिँदैनौं; त्यसको सट्टा, हामी केवल त्यस बेला परमेश्‍वरका विचारहरू र योजनाहरू के थिए भन्‍ने बारेमा मात्र कुरा गर्छौं। परमेश्‍वरका विचार र योजनाहरूमा हामी परमेश्‍वरको स्वभाव देख्‍नेछौं र परमेश्‍वरले

गर्नुभएका सबै कुराबाट हामी साँचो परमेश्वर स्वयमलाई देख्नेछौं—यसमा हामी आफ्नो उद्देश्य हासिल गर्नेछौं।

**परमेश्वरको वचन पालन गर्न सक्ने र उहाँका आज्ञाहरू पालन गर्न सक्नेहरूलाई मात्र उहाँले वास्ता गर्नुहुन्छ**

माथिका खण्डहरूमा धेरै वटा मुख्य शब्दहरू छन्: सङ्ख्याहरू। सबैभन्दा पहिला, यहोवाले सहरमा पचास जना धर्मी भेट्टाउनुभयो भने, उहाँले त्यो ठाउँलाई जोगाउनुहुनेछ भनी भन्नुभयो, जसको अर्थ के हो भने, उहाँले त्यो सहरलाई नष्ट पार्नुहुने थिएन। वास्तवमा, के सदोममा पचास जना धर्मी मानिस थिए त? थिएनन्। त्यसको लगत्तै, अब्राहामले परमेश्वरलाई के भने? तिनले भने, यदि त्यहाँ चालीस जना भेट्टाइयो भने? तर परमेश्वरले भन्नुभयो, म त्यसो गर्नेछैनँ। फेरि, अब्राहामले भने, हुनसक्छ तीस जना भेट्टाइयो भने? तर परमेश्वरले भन्नुभयो, म त्यसो गर्नेछैनँ। र कतै बीस जना भेट्टायो भने? म त्यसो गर्नेछैनँ। दस जना? म त्यसो गर्नेछैनँ। के त्यो सहरमा वास्तवमा दस जना धर्मी मानिसहरू थिए? त्यहाँ दस जना थिएन—तर एक जना थियो। र त्यो एक जना को थियो? ऊ लोत थियो। त्यस समयमा सदोममा एक जना मात्र धर्मी व्यक्ति थियो, तर के यस सङ्ख्या सुनेर परमेश्वरले धेरै कडा वा कठोर व्यवहार गर्दै हुनुहुन्थ्यो? होइन, गर्नुभएको थिएन! र जब मानिसले यसो भन्दै सोधिरह्यो, “चालीस जना भए के गर्नुहुन्थ्यो?” “तीस जना भए के गर्नुहुन्थ्यो?” आखिरीमा तिनले भने, “दस जना भए के गर्नुहुन्थ्यो?” परमेश्वरले भन्नुभयो, “यदि त्यहाँ दस जना मात्र भए पनि म सहरलाई नाश गर्दिनँ। म त्यसलाई जोगाउनेछु, र ती दस जना बाहेक अरू मानिसलाई पनि क्षमा दिनेछु।” यदि त्यहाँ दस जना मात्र थिए भने पनि तिनीहरू दया पाउन योग्य हुनेथिए, तर यस्तो पाइयो कि वास्तवमा सदोममा धर्मी जनको सङ्ख्या त्यत्ति पनि थिएन। तब तँ देख्छस् कि, परमेश्वरको नजरमा त्यो सहरका मानिसहरूका पाप र दुष्टता यति धेरै थियो कि उनीहरूलाई नष्ट गर्नु बाहेक परमेश्वरसँग अर्को कुनै विकल्प थिएन। परमेश्वरले यदि त्यहाँ पचास जना धर्मी छन् भने उहाँले त्यो सहरलाई नष्ट गर्नुहुनेछैन भनी भन्नुभएको वचनको अर्थ के थियो? यी सङ्ख्याहरू परमेश्वरका लागि महत्त्वपूर्ण थिएनन्। सबैभन्दा महत्त्वपूर्ण कुरा, त्यो सहरमा उहाँले चाहनुभएका धर्मीहरू छन् कि छैनन् भन्ने थियो। यदि सहरमा केवल एक जना मात्र धर्मी व्यक्ति हुन्थ्यो भने पनि, परमेश्वरले त्यस सहरको विनाश हुँदा उनीहरूलाई नोक्सानमा पर्न दिनुहुने थिएन। यसको अर्थ यो हो कि चाहे परमेश्वरले त्यो सहरलाई नष्ट गर्नुभए पनि वा नगर्नुभए पनि, र त्यसमा धर्मी मानिसहरू जति जना नै भए पनि परमेश्वरको नजरमा त्यो सहर पापी र निन्दनीय थियो, यसैले त्यो नाश पारिनु पर्थ्यो, र परमेश्वरको नजरबाट विलुप्त हुनुपर्थ्यो, तर धर्मीजन भने बाँकी रहनुपर्थ्यो। युग जुनसुकै भए पनि, मानिसको विकासको चरण जुनसुकै भए पनि परमेश्वरको आचरण परिवर्तन हुँदैन: उहाँ खराबीलाई घृणा गर्नुहुन्छ, र उहाँको नजरमा जो धर्मी छन्, तिनैको वास्ता गर्नुहुन्छ। परमेश्वरको यो स्पष्ट आचरण पनि परमेश्वरको सारको साँचो प्रकाश हो। त्यो सहरमा एक जना मात्र धर्मी व्यक्ति भएकोले, परमेश्वर धेरै हिचकिचाउनुभएन। अन्तिम परिणाम यही भयो कि सदोम अनिवार्य रूपमा नष्ट हुने भयो। तिमीहरू

यसमा के देख्छौ? त्यस युगमा, परमेश्वरले एउटा सहरमा पचास जना धर्मी भए त्यसलाई नाश पार्नुहुने थिएन, र त्यहाँ दस जना भए पनि नाश गर्नुहुनेथिएन, जसको अर्थ के हो भने, थोरै मानिसले उहाँलाई आदर र आराधना गरेका कारण परमेश्वरले मानवजातिप्रति क्षमाशील र सहनशील हुने वा तिनीहरूलाई अगुवाइ गर्ने निर्णय गर्नुहुनेथियो। परमेश्वरले मानिसका धार्मिक कार्यहरूलाई ठूलो महत्त्व दिनुहुन्छ, उहाँको आराधना गर्नेहरूलाई उहाँले ठूलो महत्त्व दिनुहुन्छ, अनि उहाँको अगाडि असल कार्यहरू गर्नेहरूलाई उहाँले ठूलो महत्त्व दिनुहुन्छ।

प्रारम्भिक कालदेखि आजसम्म, के तिमीहरूले कहिल्यै बाइबलका परमेश्वरले कुनै व्यक्तिलाई सत्यता व्यक्त गर्नुभएको वा परमेश्वरको मार्गको बारेमा कुरा गरिरहनुभएको बारेमा पढेका छौ? छैनौ, कतै पनि पढेका छैनौ। मानिसलाई दिइएको परमेश्वरका वचनहरू जुन हामी पढ्छौं, त्यसले मानिसहरूलाई के गर्नुपर्छ भन्ने मात्र बतायो। केही गए र गरे, केहीले गरेनन्; कतिले विश्वास गरे, र कतिले गरेनन्। त्यहाँ सबै त्यत्तिनै थियो। त्यसैले त्यस युगका धर्मीहरू–जो परमेश्वरको नजरमा धर्मी थिए–तिनीहरू केवल ती व्यक्तिहरू थिए जसले परमेश्वरको वचन सुन्न सक्थे र परमेश्वरका आज्ञाहरू पालन गर्न सक्थे। तिनीहरू मानिसहरूका बीचमा परमेश्वरको वचन लैजाने सेवकहरू थिए। के त्यस्ता मानिसहरूलाई परमेश्वर चिन्नेहरू भनेर भन्न सकिन्छ? के तिनीहरूलाई परमेश्वरद्वारा सिद्ध बनाइएका मानिसहरू भनी भन्न सकिन्छ? सकिँदैन, तिनीहरूलाई त्यसो भन्न सकिँदैन। त्यसैले तिनीहरूका सङ्ख्या जति नै भए पनि, के परमेश्वरको नजरमा यी धर्मी व्यक्तिहरू परमेश्वरका विश्वास पात्र भनिने योग्यका थिए? के तिनीहरूलाई परमेश्वरका साक्षीहरू भन्न सकिन्छ? अवश्य सकिँदैन! तिनीहरू अवश्य नै परमेश्वरका विश्वास पात्र र साक्षीहरू भनिने योग्यका थिएनन्। त्यसो भए, परमेश्वरले त्यस्ता मानिसहरूलाई के भनेर बोलाउनुभयो? बाइबलमा हामीले भर्खर पढेका पदहरूसम्म, परमेश्वरले तिनीहरूलाई "मेरो सेवक" भनी सम्बोधन गर्नुभएका धेरै वटा उदाहरणहरू छन्। भन्नुको अर्थ, त्यो बेला परमेश्वरको नजरमा ती धर्मी मानिसहरू परमेश्वरका सेवकहरू थिए, जसले पृथ्वीमा उहाँको सेवा गर्थे। र परमेश्वरले यो विशेष उपाधिको बारेमा के सोच्नुभयो? उहाँले तिनीहरूलाई किन त्यसरी बोलाउनुभयो? के परमेश्वरको हृदयमा मानिसहरूलाई सम्बोधन गर्ने विशेष उपाधिहरूका मापदण्डहरू छन्? उहाँसित निश्चय छ। परमेश्वरले मानिसहरूलाई धर्मी, सिद्ध, सोझो वा सेवकहरू जे भनेर सम्बोधन गर्नुभए पनि उहाँसित मापदण्डहरू हुन्छन्। जब उहाँले कसैलाई उहाँको सेवक भन्नुहुन्छ, तब उहाँले त्यो व्यक्ति उहाँका सन्देशहरू ग्रहण गर्न, उहाँका आज्ञाहरू पालन गर्न र सन्देशवाहकहरूबाट आज्ञा गरिएका काम पूरा गर्न सक्छ भन्ने दृढ विश्वास गर्नुहुन्छ। यस व्यक्तिले के काम गर्छ? तिनीहरूले ती कार्यहरू गर्छन् जुन कार्यहरू परमेश्वरले मानिसलाई पृथ्वीमा गर्न र अघि बढाउन लगाउनुहुन्छ। त्यस बेला, के परमेश्वरले मानिसलाई पृथ्वीमा गर्नू र अघि बढाउनू भनी भन्नुभएको कामलाई परमेश्वरको मार्ग भन्न सकिन्छ? सकिँदैन, यसलाई त्यसो भन्न सकिँदैन। किनकि त्यस समयमा, परमेश्वरले मानिसलाई केही साधारण कार्यहरू मात्र गर्न लगाउनुभएको थियो; उहाँले केही साधारण आज्ञाहरूमात्र गरेर, मानिसलाई यो वा त्यो गर्नू मात्र भन्नुभयो, त्योभन्दा बढी केही पनि गर्न लगाउनुभएन। परमेश्वरले आफ्नो योजनाअनुसार काम गर्दैहुनुहुन्थ्यो। किनकि, त्यस समयमा यसको लागि आवश्यक धेरै

अवस्थाहरू छँदै थिएन, समय अझै आइपुगेको थिएन, र मानवजातिका लागि परमेश्‍वरको मार्ग वहन गर्नु गाह्रो थियो, यसरी परमेश्‍वरको मार्ग अझै पनि परमेश्‍वरको हृदयदेखि जारी हुन बाँकी नै थियो। परमेश्‍वरले जुन धार्मिक मानिसहरूको कुरा गर्नुभयो तिनीहरूलाई आफ्ना दासहरूका रूपमा देख्नुभयो—चाहे तीस होस् वा बीस जना। जब परमेश्‍वरका दूतहरू यी दासहरूकहाँ आए, तिनीहरूले उनीहरूलाई स्वीकार गर्न सके, र उनीहरूका आज्ञाहरू अनुसरण गरे, र उनीहरूका वचनहरू अनुसार कार्य गरे। परमेश्‍वरको नजरमा जो सेवकहरू थिए तिनीहरूले वास्तवमा यसै गर्नुपर्छ, र यही कुरा प्राप्त गर्नुपर्छ। परमेश्‍वरले मानिसहरूसँग विवेकशील रूपमा अपील गर्नुहुन्छ। तिनीहरू तिमीहरूजस्तै भएको कारणले—तिनीहरूले धेरै प्रचार सुनेका, परमेश्‍वरले के गर्नुहुन्छ भनी तिनीहरू जानेका, परमेश्‍वरको धेरै इच्छा बुझेका, उहाँको व्यवस्थापनलाई बुजेका कारणले—होइन तर तिनीहरू आफ्नो मानवतामा इमानदार भएको र परमेश्‍वरका वचनहरू पालन गर्न सक्ने भएकाले उहाँले तिनीहरूलाई आफ्ना सेवकहरू भनी भन्नुभयो। जब परमेश्‍वरले उनीहरूलाई आदेश दिनुभयो, उनीहरू आफूले जे गरिरहेका हुन्थे, ती सबैलाई पन्छ्याएर परमेश्‍वरले अह्राउनुभएको आदेश पूरा गर्न सक्थे। त्यसैले परमेश्‍वरका लागि, सेवकको पदवीको अर्थको अर्को तह के हो भने, उनीहरूले पृथ्वीमा उहाँको काममा सहकार्य गरे, र तिनीहरू परमेश्‍वरका सन्देशवाहकहरू थिएनन्, तैपनि पृथ्वीमा तिनीहरू परमेश्‍वरका वचनहरू कार्यान्वयन गर्ने र लागू गर्नेहरू थिए। त्यसैले तँ देख्छस्, कि यी सेवकहरू वा धर्मी मानिसहरूले परमेश्‍वरको हृदयको ठूलो बोझ बोके। परमेश्‍वरले पृथ्वीमा सुरु गर्नुहुने काम मानिसहरूले उहाँसँग सहकार्य नगरी हुन सक्दैन थियो, र परमेश्‍वरका सेवकहरूले लिएका भूमिका परमेश्‍वरका सन्देशवाहकहरूले पूरा गर्न सक्दैनथिए। परमेश्‍वरले यी सेवकहरूलाई अह्राउनुभएका प्रत्येक काम उहाँका लागि ठूलो महत्त्वका थिए, र उहाँले तिनीहरूलाई गुमाउन सक्नुहुन्नथियो। परमेश्‍वरसँग यी सेवकहरूको सहकार्य नभएको भए, मानवजातिको बीचमा उहाँको कार्य ठप्प हुनेथियो, जसको परिणाम स्वरूप परमेश्‍वरको व्यवस्थापन योजना र परमेश्‍वरको आशा व्यर्थ हुनेथियो।

**परमेश्‍वरले जसलाई वास्ता राख्नुहुन्छ तिनीहरूप्रति उहाँ अत्यन्तै कृपा हुनुहुन्छ, र जसलाई उहाँले घृणा र अस्वीकार गर्नुहुन्छ तिनीहरूप्रति उहाँ अति नै क्रोधित हुनुहुन्छ**

बाइबलका विवरणहरूमा भनिए अनुसार, के सदोममा परमेश्‍वरका दसजना सेवक थिए? अहँ, त्यहाँ थिएन! के त्यो सहर परमेश्‍वरद्वारा बचाइन योग्यको थियो? त्यो सहरका एक व्यक्ति, अर्थात् लोतले मात्र परमेश्‍वरका सन्देशवाहकहरूलाई स्वागत गरे। यसको तात्पर्य के हो भने, त्यस सहरमा परमेश्‍वरका एक मात्र सेवक थियो, र परमेश्‍वरसँग लोतलाई बचाउनु र सदोम सहरलाई नाश गर्नु बाहेक अरू कुनै विकल्प थिएन। माथि उल्लेखित अब्राहाम र परमेश्‍वरबीचको कुराकानी सरल देखिन्छ, तर ती कुराकानीले केही गहन कुरालाई प्रस्ट पार्छन्: परमेश्‍वरका कार्यहरूका सिद्धान्तहरू हुन्छन्, र निर्णय लिनु अघि उहाँले लामो समयसम्म अवलोकन र सोचविचार गरेर बिताउनुहुन्छ; सही समय नआउञ्जेल उहाँले कुनै निर्णय गर्नुहुन्न वा झटपट कुनै पनि निष्कर्ष निकाल्नुहुन्न। अब्राहाम र परमेश्‍वरबीचको बातचितले हामीलाई के देखाउँछ भने, सदोमलाई नाश गर्ने परमेश्‍वरको

निर्णय अलिकति पनि गलत थिएन, किनकि परमेश्‍वरलाई त्यो सहरमा चालीस जना, तीस जना, र बीस जना पनि धर्मी जन छैन भन्‍ने कुरा पहिलेबाटै थाहा थियो। त्यहाँ दस जना पनि थिएन। सहरका एक मात्र धर्मी व्यक्ति लोत थियो। सदोममा भएका सबै घटनाहरू र यसका परिस्थितिहरूलाई परमेश्‍वरले अवलोकन गर्नुभयो, र उहाँको निम्ति यो कुरा अत्यन्तै परिचित थियो। तसर्थ उहाँको निर्णय गलत हुन सक्दैनथियो। यसको विपरीत, परमेश्‍वरको सर्वशक्तिमान्‌ताको तुलनामा, मानिस यति चेतनाशून्य, यति मूर्ख र अज्ञानी, छोटो दृष्टिको छ। अब्राहाम र परमेश्‍वर बीचको बातचितमा हामी यही कुरा देख्छौं। सुरुदेखि अहिलेसम्म परमेश्‍वरले आफ्नो स्वभाव प्रस्तुत गर्दै आउनुभएको छ। त्यसरी नै, यहाँ हामीले देख्‍नु पर्ने परमेश्‍वरको स्वभाव पनि छ। सङ्ख्याहरू सरल हुन्छन्—तिनले केही पनि प्रदर्शन गर्दैनन्—तर यहाँ परमेश्‍वरको स्वभावको एउटा महत्त्वपूर्ण अभिव्यक्ति छ। पचास धर्मीहरू भएको भए परमेश्‍वरले त्यस सहरलाई नष्‍ट गर्नुहुनेथिएन। के यो परमेश्‍वरको कृपाले गर्दा हो? के यो उहाँको प्रेम र सहनशीलताको कारणले हो? के तिमीहरूले परमेश्‍वरको स्वभावको यो पक्षलाई देख्यौ? त्यहाँ दस जना धर्मीहरू मात्र भए पनि, परमेश्‍वरले ती दस जना धर्मी मानिसहरूको खातिर त्यो सहरलाई नष्‍ट गर्नुहुने थिएन। के यो परमेश्‍वरको सहनशीलता र प्रेम हो वा होइन? ती धर्मी मानिसहरूप्रतिको परमेश्‍वरको दया, सहिष्णुता, र चासोको कारण, उहाँले सहरलाई नष्‍ट पार्नुहुने थिएन। यो परमेश्‍वरको सहनशीलता हो। र अन्त्यमा हामी के परिणाम देख्छौं? जब अब्राहामले भने, “केही गरी त्यहाँ दश जना पाइए भने,” परमेश्‍वरले भन्‍नुभयो, “म त्यसलाई नष्‍ट गर्नेछैन।” त्यसपछि, अब्राहामले अझ केही भनेनन्, किनकि सदोममा तिनले भनेका दस जना धर्मी व्यक्तिहरू थिएनन् र तिनको भन्‍नु पर्ने कुनै कुरा थिएन, अनि त्यस बेला परमेश्‍वरले सदोमलाई किन नाश गर्ने संकल्प गर्नुभयो भन्‍ने कुरा तिनले बुझे। यसमा, तँ परमेश्‍वरको कस्तो स्वभावलाई देख्छस्? परमेश्‍वरले कस्तो प्रकारको संकल्प गर्नुभयो? परमेश्‍वरले संकल्प गर्नुभयो कि, यदि त्यो सहरमा दस धर्मीहरू नभएको भए, उहाँले यसको अस्तित्व रहन दिनुहुने थिएन र अवश्य नै यसलाई नाश गर्नुहुनेथियो। के यो परमेश्‍वरको क्रोध होइन? के यो क्रोधले परमेश्‍वरको स्वभावको प्रतिनिधित्व गर्दछ? के यो स्वभाव परमेश्‍वरको पवित्र सारको प्रकटीकरण हो? के यो परमेश्‍वरको धार्मिक सारको प्रकटीकरण हो, जसलाई कुनै मानिस अपमान गर्नुहुँदैन? सदोममा दस जना पनि धर्मी मानिस नभएको पुष्टि भएपछि, परमेश्‍वरले त्यो सहर नष्‍ट पार्ने निश्‍चय गर्नुभयो, र त्यस सहरभित्रका मानिसहरूलाई कठोर सजाय दिनुहुनेथियो, किनकि उनीहरूले परमेश्‍वरको विरोध गरेका थिए र तिनीहरू अति फोहोर र भ्रष्‍ट बनेका थिए।

हामीले यी खण्डहरूलाई किन यसरी विश्‍लेषण गरेका छौं? किनभने यो केही सरल वाक्यहरूले परमेश्‍वरको प्रशस्त दया र गहिरो क्रोधको स्वभावलाई पूर्ण रूपमा व्यक्त गर्दछ। धर्मीहरूको कदर गर्ने र कृपा गर्ने, तिनीहरूप्रति सहिष्णु हुने र उनीहरूको वास्ता गर्ने बाहेक, परमेश्‍वरको हृदयमा सदोमका भ्रष्‍ट भएका सबै मानिसहरूप्रति गहन घृणा थियो। यो प्रशस्त कृपा र गहिरो क्रोध थियो कि थिएन? परमेश्‍वरले कुन माध्यमले सहरलाई नाश गर्नुभयो? आगोद्‌वारा। उहाँले किन त्यसलाई आगोले जलाएर नाश गर्नुभयो? जब तँ कुनै थोक आगोमा जलिरहेको देख्छस्, वा जब तँ केही जलाउन थाल्छस्, तब त्यसप्रति तेरा भावनाहरू कस्ता हुन्छन्? तँ त्यो किन जलाउन चाहन्छस्?

के तँलाई अब त्यो आवश्यक छैन, तँ अब त्यसलाई हेर्न चाहँदैनस् भन्ने लाग्छ? के तँ त्यसलाई त्याग्न चाहन्छस्? परमेश्वरले आगोको प्रयोग गर्नु भनेको त्यागिनु र घृणा हो, र उहाँ अब सदोमलाई हेर्न चाहनुहुन्न भन्ने हो। यस्तै भावनाको कारण परमेश्वरले सदोमलाई आगोले पूर्ण रूपले नाश पार्नुभयो। आगोको प्रयोगले परमेश्वर कति धेरै रिसाउनुभएको थियो भन्ने कुरालाई प्रतिनिधित्व गर्दछ। परमेश्वरको दया र सहिष्णुता साँच्चै अस्तित्वमा छ, तर परमेश्वरले उहाँको क्रोध प्रकट गर्नुभएको बेला पनि परमेश्वरको पवित्रता र धार्मिकताले मानिसलाई परमेश्वरको त्यो पक्षलाई देखाउँछ, जसले कुनै उल्लङ्घन सहँदैन। जब मानिस परमेश्वरका आज्ञाहरू पालन गर्न र परमेश्वरका आवश्यकताहरू अनुसार काम गर्न पूर्ण रूपमा सक्षम हुन्छ, तब परमेश्वर मानिसप्रति उहाँको कृपामा प्रशस्त हुनुहुन्छ; जब मानिस उहाँप्रतिको भ्रष्टता, घृणा र शत्रुताले भरिन्छ, परमेश्वर गम्भीर रूपले रिसाउनुहुन्छ। कुन हदसम्म उहाँ गम्भीर रूपले रिसाउनुहुन्छ? जबसम्म परमेश्वरले मानिसको प्रतिरोध र कुकर्महरू देख्नुहुनेछैन, जबसम्म तिनीहरू उहाँको नजरबाट हट्दैनन् तबसम्म उहाँको क्रोध रहनेछ। तब मात्र परमेश्वरको रीस हराउनेछ। अर्को वचनमा, व्यक्ति चाहे जो सुकै भए पनि, यदि तिनीहरूको हृदय परमेश्वरबाट टाढा भएको छ र परमेश्वरबाट कहिल्यै नफर्कने गरी तर्किगएको छ भने चाहे जुनसुकै उपस्थितिहरूमा वा तिनीहरूका व्यक्तिगत चाहनाहरूको आधारमा तिनीहरूले जस्तै प्रकारले आराधना गर्ने, तिनीहरूका शरीर र सोचविचारमा परमेश्वरलाई पछ्याउने र आज्ञापालन गर्ने चाहना गरे पनि, परमेश्वरको क्रोध नरोकिने गरी पोखाइनेछ। यस्तो हुनेछ कि मानिसलाई प्रशस्त मौकाहरू दिइसकेपछि जब परमेश्वरले गम्भीर रूपमा आफ्नो क्रोध पोखाउनुहुन्छ तब त्यो फिर्ता लिने कुनै उपाय हुनेछैन, र उहाँ त्यस्तो मानव जातिसित फेरि कहिल्यै दयालु र सहनशील हुनुहुनेछैन। यो परमेश्वरको स्वभावको एक पक्ष हो, जसले कुनै उल्लङ्घन सहँदैन। यहाँ, परमेश्वरले एउटा सहरलाई नाश पार्नु मानिसहरूलाई सामान्य लाग्दछ, किनकि परमेश्वरको नजरमा, पापले भरिएको सहर अस्तित्वमा रहन र निरन्तर टिक्न सक्दैन, र त्यो परमेश्वरद्वारा नष्ट पारिनु तर्कसंगत थियो जस्तो लाग्छ। तापनि उहाँले सदोमलाई नाश गर्नुभन्दा अघि र पछि जे भयो त्यसमा हामी परमेश्वरको स्वभावको सम्पूर्णता देख्छौं। उहाँ दयालु र सुन्दर र असल कुराहरूप्रति सहनशील र कृपालु हुनुहुन्छ; खराब, पापी र दुष्ट कुराहरूप्रति उहाँ गम्भीर रूपमा क्रोधित हुनुहुन्छ, यहाँसम्म कि उहाँको क्रोध कहिल्यै समाप्त हुँदैन। परमेश्वरका स्वभावका दुई वटा सिद्धान्त र अति प्रमुख पक्षहरू यिनै हुन्, र यसबाहेक ती परमेश्वरद्वारा सुरुदेखि अन्त्यसम्मै प्रकट गरिएका छन्: प्रशस्त कृपा र गम्भीर क्रोध। तिमीहरूमध्ये धेरै जनाले परमेश्वरको कृपाको अनुभव गरेका छौ, तर तिमीहरूमध्ये थोरैले मात्र परमेश्वरको क्रोधको बुझेका छौ। परमेश्वरको कृपा र करुणा प्रत्येक व्यक्तिमा देख्न सकिन्छ; अर्थात्, परमेश्वर प्रत्येक व्यक्तिप्रति प्रशस्त रूपमा कृपालु हुनुभएको छ। तैपनि तिमीहरू मध्येको कुनै पनि व्यक्ति वा मानिसहरूको समूहप्रति परमेश्वर बिरलै अत्यन्तै रिसाउनुभएको छ—वा यसो भन्न सकिन्छ, उहाँ कहिल्यै पनि रिसाउनुभएको छैन। ढुक्क होओ! ढिलो होस् वा चाँडो, परमेश्वरको क्रोधलाई प्रत्येक व्यक्तिले देख्ने र अनुभव गर्नेछ, तर अहिले त्यो समय आइसकेको छैन। किन यसो हुन्छ? किनकि जब परमेश्वर कसैको विरुद्ध निरन्तर क्रोधित हुनुहुन्छ, अर्थात् जब उहाँले तिनीहरूमाथि आफ्नो गहिरो रीस प्रकट गर्नुहुन्छ, त्यसको अर्थ के हुन्छ

भने, उहाँले लामो समयदेखि त्यस व्यक्तिलाई घृणा र अस्वीकार गर्दै आउनुभएको छ, उहाँले तिनीहरूको अस्तित्वलाई तुच्छ ठान्नुहुन्छ, र उहाँ तिनीहरूको अस्तित्वलाई सहन सक्नुहुन्‍न; उहाँको क्रोध तिनीहरूमाथि आउने बित्तिकै तिनीहरू हराउनेछन्। आज, परमेश्‍वरको काम त्यस बिन्दुमा पुग्नु बाँकी नै छ। परमेश्‍वर गहन रूपले रिसाउनुभएपछि तिमीहरूमध्ये कोही पनि त्यसलाई सहन गर्न सक्दैनौ। तब तँ देख्छस्, कि यस समयमा परमेश्‍वर तिमीहरू सबैप्रति दयालु हुनुहुन्छ, तर तिमीहरूले उहाँको गहिरो रीस देख्‍न बाँकी नै छ। यदि त्यहाँ विश्‍वस्त नभएका मानिसहरू छन् भने, तैँले परमेश्‍वरको क्रोध तँमाथि आओस् भनेर भन्‍न सक्छस्, यसैले कि तैँले परमेश्‍वरको क्रोध र मानिसको उल्लङ्घन नसहने उहाँको स्वभाव अस्तित्वमा छ कि छैन सो अनुभव गर्नेछस्। के तिमीहरू हिम्मत गर्छौ?

**आखिरी दिनहरूका मानिसहरूले परमेश्‍वरका वचनहरूमा उहाँको क्रोधलाई देख्छन्, र परमेश्‍वरको क्रोधलाई साँच्चै अनुभव गर्दैनन्**

के धर्मशास्त्रका यी खण्डहरूमा देखिएका परमेश्‍वरको स्वभावका दुई पक्षहरू सङ्गतिको योग्य छ? यो कथा सुनेपछि, के तिमीहरूसँग परमेश्‍वरको बारेमा नयाँ बुझाइ छ? तँसँग कस्तो प्रकारको बुझाइ छ? यो भन्‍न सकिन्छ, कि सृष्टिको समयदेखि आजसम्म कुनै समूहले यस अन्तिम समूहले जस्तो परमेश्‍वरको अनुग्रह वा दया र करुणाको आनन्द उठाएको छैन। अन्तिम चरणमा, परमेश्‍वरले न्याय र सजायको काम गरिसक्नुभएको, र उहाँको काम प्रताप र क्रोधको साथ गर्नुभएको भए पनि, धेरै पटक परमेश्‍वरले आफ्नो काम पूरा गर्न केवल वचनहरूको मात्र प्रयोग गर्नुहुन्छ; उहाँले शिक्षा दिन र पानी हाल्न, जुटाउन र आपूर्ति गर्नका लागि वचनहरूको प्रयोग गर्नुहुन्छ। यसै बीचमा, परमेश्‍वरको क्रोधलाई सधैँ लुकाएर राखिएको छ, र परमेश्‍वरको वचनमा उहाँको क्रोधपूर्ण स्वभावको अनुभव गरेको बाहेक, थोरै मानिसहरूले मात्र उहाँको क्रोध व्यक्तिगत रूपमा अनुभव गरेका छन्। भन्‍नुको अर्थ, परमेश्‍वरले न्याय र सजायको काम गर्नुभएको अवधिमा, परमेश्‍वरका वचनहरूमा प्रकट भएको क्रोधले मानिसहरूलाई परमेश्‍वरको प्रताप र उल्लङ्घनप्रतिको उहाँको असहिष्णुताको अनुभव गराउने भए पनि, यो क्रोध उहाँका वचनहरूभन्दा पर जान सक्दैन। अर्को शब्दमा भन्दा, परमेश्‍वरले मानिसलाई हप्काउन, मानिसलाई उदाङ्गो पार्न, मानिसको न्याय गर्न, मानिसलाई सजाय दिन र मानिसलाई दोषी ठहराउन पनि वचनहरूकै प्रयोग गर्नुहुन्छ—तर परमेश्‍वर अझैसम्म मानिससित असाध्यै रिसाउनुभएको छैन र उहाँले आफ्नो वचन बाहेक मानिसमाथि आफ्नो क्रोध थोरै मात्र प्रकट गर्नुभएको छ। यसरी, यस युगमा मानिसले अनुभव गरेको परमेश्‍वरको करुणा र दया परमेश्‍वरको वास्तविक स्वभावको प्रकाश हो भने, मानिसद्वारा अनुभव गरिएको परमेश्‍वरको क्रोध केवल उहाँका वाणीहरूको शैली र भावनाको प्रभाव हो। धेरै मानिसहरूले यो प्रभावलाई गलत प्रकारले साँचो अनुभव र परमेश्‍वरको क्रोधको सही ज्ञानको रूपमा लिन्छन्। फलस्वरूप, धेरैजसो मानिसहरूले परमेश्‍वरका वचनहरूमा उहाँको कृपा र करुणालाई देखेका छन्, र तिनीहरूले मानिसको अपराधप्रति परमेश्‍वरको असहिष्णुता देखेका छन्, र तीमध्ये धेरैले मानिसप्रति परमेश्‍वरको कृपा र सहिष्णुतालाई पनि बुझेका छन् भन्‍ने विश्‍वास गर्छन्। तर मानिसको व्यवहार

जति नै खराब भए पनि, वा उसको स्वभाव जति नै भ्रष्ट भए पनि, परमेश्‍वरले सधैँ सहनुभएको छ। सहने क्रममा, उहाँको उद्‌देश्य भनेको उहाँले बोल्नुभएका वचनहरू, आफूले गरेका प्रयासहरू र उहाँले चुकाउनुभएको मूल्यले उहाँले प्राप्त गर्न चाहनुभएका व्यक्तिहरूमा प्रभाव पारून् भनेर प्रतीक्षा गर्नु हो। जसरी मानिसहरू जन्मने बित्तिकै वयस्क हुँदैनन्, त्यसरी नै यस्तो परिणामको प्रतीक्षा गर्न समय लाग्छ, र मानिसका लागि विभिन्‍न वातावरणहरूको निर्माण गर्नु पर्ने आवश्यकता हुन्छ; यसको निम्ति अठार वा उन्‍नाइस वर्ष लाग्छ, र केही मानिसहरूलाई त परिपक्‍व वयस्क बन्‍नका लागि बीस वा तीस वर्ष चाहिन्छ। परमेश्‍वरले यो प्रक्रिया समाप्त भइन्जेल पर्खनुहुन्छ, उहाँ त्यस्तो समयको प्रतीक्षा गर्नुहुन्छ, र उहाँले यो परिणाम आउने दिनको प्रतीक्षा गर्नुहुन्छ। उहाँले प्रतीक्षा गर्ने समयभरि, परमेश्‍वरले प्रशस्त कृपा गर्नुहुन्छ। तापनि, परमेश्‍वरको कामको अवधिमा, अत्यन्त थोरै मानिसहरूलाई प्रहार गरिन्छ, र केही मानिसले उहाँको गम्भीर विरोध गरेको कारण तिनीहरूलाई दण्ड दिइन्छ। त्यस्ता उदाहरणहरू मानिसको अपराध नसहने परमेश्‍वरको स्वभावको अझ ठूलो प्रमाण हुन्, र चुनिएका मानिसहरूप्रतिको परमेश्‍वरको सहिष्णुता र धीरजको वास्तविक अस्तित्वलाई पूर्ण रूपमा पुष्टि गर्दछ। अवश्य नै, यी आम उदाहरणहरूमा, यी मानिसहरूमा गरिने परमेश्‍वरको स्वभावको भागको प्रकटीकरणले परमेश्‍वरको समग्र व्यवस्थापन योजनालाई असर गर्दैन। वास्तवमा, परमेश्‍वरको कामको यो अन्तिम चरणमा, आफूले पर्खिरहनुभएको अवधिभरि परमेश्‍वरले सहनुभएको छ, र उहाँलाई पछ्याउनेहरूको मुक्ति लागि उहाँले आफ्नो धैर्यता र जीवन दिनुभएको छ। के तिमीहरू यस कुरालाई देख्छौ? परमेश्‍वरले कुनै कारणविना आफ्नो योजना उल्टाउनुहुन्‍न। उहाँले आफ्नो क्रोध प्रकट गर्न सक्नुहुन्छ, र उहाँ दयालु पनि हुन सक्नुहुन्छ; यो परमेश्‍वरको स्वभावका दुई मुख्य भागको प्रकाश हो। यो स्पष्ट छ कि स्पष्ट छैन? अर्को शब्दमा भन्दा, जब परमेश्‍वरको कुरा आउँदछ, तब सही र गलत, धर्मी र अधर्मी, सकारात्मक र नकारात्मक–यी सबै मानिसलाई स्पष्ट रूपमा देखाइन्छ। उहाँले के गर्नुहुनेछ, उहाँलाई के मनपर्छ, उहाँले कुन कुरालाई घृणा गर्नुहुन्छ–यी सबै उहाँको स्वभावमा प्रत्यक्ष रूपमा झल्काउन सकिन्छ। त्यस्ता कुराहरूलाई स्वाभाविक र स्पष्ट रूपमा पनि परमेश्‍वरको काममा देख्न सकिन्छ, र ती अस्पष्ट वा सामान्य छैनन्; यसको सट्टामा, तिनले सबै मानिसहरूलाई परमेश्‍वरको स्वभाव र उहाँसँग जे छ र उहाँ जे हुनुहुन्छ त्यसलाई विशेष गरी ठोस रूपमा, सत्य र व्यावहारिक तरिकामा देखाउँछन्। यो सत्य परमेश्‍वर स्वयम् हुनुहुन्छ।

**परमेश्‍वरको स्वभावलाई मानिसबाट कहिल्यै लुकाइको छैन–मानिसको हृदय परमेश्‍वरबाट तर्केर गएको छ**

यदि मैले यी कुराको बारेमा सङ्गति नगरेको भए, तिमीहरूमध्ये कसैले पनि बाइबलका कथाहरूमा परमेश्‍वरको वास्तविक स्वभावलाई देख्ने थिएनौ। तथ्य यही हो। किनभने बाइबलका यी कथाहरूले परमेश्‍वरले गर्नुभएका केही कुराहरूको बारेमा वर्णन गरे तापनि, परमेश्‍वरले थोरै वचन मात्र बोल्नुभयो, र उहाँले आफ्नो स्वभावको प्रत्यक्ष परिचय दिनुभएन वा मानिसको सामु खुलेरै आफ्नो इच्छा व्यक्त गर्नुभएन। पछिल्ला पुस्ताहरूले यी विवरणहरूलाई कथाभन्दा बाहेक अरू केही

ठानेका छैनन्, र यस्तो देखिन्छ, कि परमेश्‍वरले आफैलाई मानिसहरूबाट लुकाउनुहुन्छ, मानिसहरूबाट लुकाइएको त्यो कुरा परमेश्‍वरको व्यक्तित्व होइन, तर उहाँको स्वभाव र इच्छा हो। आजको मेरो सङ्गतिपछि, के तिमीहरूलाई अझै पनि परमेश्‍वर मानिसबाट पूर्ण रूपमा लुक्नुभएको छ भन्‍ने लाग्छ? के तिमीहरूलाई अझै पनि परमेश्‍वरको स्वभाव मानिसबाट लुकेको छ भन्‍ने विश्‍वास छ?

सृष्टिको समयदेखि नै, परमेश्‍वरको स्वभाव उहाँको काम सँगसँगै साथमा रहेको छ। यसलाई मानिसबाट कहिल्यै पनि लुकाइएको छैन, तर यसलाई पूर्ण प्रचारित गरिएको र मानिसका लागि सरल बनाइएको छ। तैपनि, समय बित्दै जाँदा मानिसको हृदय परमेश्‍वरबाट झन् धेरै टाढा हुँदै गएको छ, र मानिसको भ्रष्टता अझै गहिरो हुँदै गएपछि, मानिस र परमेश्‍वर झन्-झन् एक-अर्काबाट टाढा बनेको छ। बिस्तारै तर निश्‍चित रूपमा, मानिस परमेश्‍वरको नजरबाट हराएको छ। मानिस परमेश्‍वरलाई "देख्‍न" असमर्थ भएको छ, जसको कारण ऊ परमेश्‍वरको कुनै "खबर" बिना छोडिएको छ; तसर्थ, परमेश्‍वर अस्तित्वमा हुनुहुन्छ कि हुनुहुन्‍न भन्‍ने उसलाई थाहा हुँदैन, अनि, ऊ यति हदसम्म पनि जान्छ कि, उसले परमेश्‍वरको अस्तित्वलाई नै पूर्ण रूपमा अस्वीकार गर्छ। फलस्वरूप, मानिसले परमेश्‍वरको स्वभावलाई, र उहाँसँग जे छ र उहाँ जे हुनुहुन्छ त्यसलाई बुझ्‍न नसक्नु परमेश्‍वर मानिसबाट लुक्नुभएकोले गर्दा होइन, तर उसको हृदय परमेश्‍वरबाट टाढा भएकोले गर्दा हो। मानिसले परमेश्‍वरमा विश्‍वास गरे पनि मानिसको हृदय परमेश्‍वर रहित छ, र परमेश्‍वरलाई कसरी प्रेम गर्नुपर्छ भन्‍ने कुरामा ऊ अनजान छ, न त ऊ परमेश्‍वरलाई प्रेम गर्न नै चाहन्छ, किनकि उसको हृदय कहिल्यै परमेश्‍वरको नजिक जाँदैन र ऊ सधैँ परमेश्‍वरदेखि टाढा रहन्छ। फलस्वरूप, मानिसको हृदय परमेश्‍वरदेखि टाढा छ। त्यसो भए, उसको हृदय कहाँ छ? वास्तवमा, मानिसको मन कहीँ पनि गएको छैन: त्यो परमेश्‍वरलाई दिनु वा परमेश्‍वरले त्यो हेरून् भनी प्रकट गर्नुको साटो उसले त्यो आफ्नै निम्ति राखेको छ। यस्तो भए पनि केही मानिसहरूले प्राय: "हे परमेश्‍वर, मेरो हृदयमा हेर्नुहोस्–म के सोचविचार गर्छु ती सबै तँ जान्‍नुहुन्छ" भन्दै प्रार्थना गर्छन् र कतिले परमेश्‍वरलाई तिनीहरूमाथि हेर्न दिने शपथ समेत खान्छन्, यदि शपथ भङ्ग गरे तिनीहरूलाई दण्ड दिइओस् भन्छन्। मानिसले परमेश्‍वरलाई उसको हृदयभित्र हेर्ने अनुमति दिए पनि, त्यसको अर्थ मानिस परमेश्‍वरको योजनाबद्ध कार्यहरू र व्यवस्थापनहरू पालन गर्न सक्षम छ भन्‍ने हुँदैन, न त उसले आफ्नो भाग्य र सम्भावनाहरू र उसका सबै कुरा परमेश्‍वरको नियन्त्रणमा छोडेको छ भन्‍ने नै हुन्छ। यसैले, तैंले परमेश्‍वरको अगि शपथ खाए पनि वा उहाँलाई जे घोषणा गरे पनि परमेश्‍वरको नजरमा तेरो हृदय अझैसम्म उहाँका निम्ति बन्द हुन्छ, किनकि तैंले परमेश्‍वरलाई तेरो हृदयमा हेर्न मात्र दिन्छस् तर उहाँलाई त्यसमाथि नियन्त्रण गर्न दिँदैनस्। अर्को वचनमा, तैंले परमेश्‍वरलाई आफ्नो हृदय बिलकुलै दिएको छैनस्, र परमेश्‍वरलाई सुनाउनको लागि राम्रो सुनिने वचनहरू मात्र बोल्छस्; यस क्रममा तैंले परमेश्‍वरबाट आफ्ना विभिन्‍न छली उद्‌देश्यहरू लुकाउँछस्, यसको साथै तेरा षड्‌यन्त्रहरू, युक्तिहरू र योजनाहरू पनि लुकाउँछस् र तैं आफ्नो सम्भावना र भाग्यलाई आफ्नो हातमा समात्नुछस्, ती परमेश्‍वरले खोस्नुहुनेछ भनी साह्रै डराउँछस्। यसरी परमेश्‍वरले कहिल्यै पनि उहाँप्रतिको मानिसको इमानदारीलाई देख्‍नुहुन्‍न। परमेश्‍वरले मानिसको

हृदयको गहिराइलाई अवलोकन गर्नुहुने, र मानिसले के सोचिरहेको छ र उसले आफ्नो हृदयमा के गर्ने इच्छा गर्दछ, र उसको हृदयभित्र कुन कुराहरू राखिएको छ सो देख्न सक्नुहुने भए तापनि, मानिसको हृदय परमेश्वरको स्वामित्वमा हुँदैन, र उसले त्यसलाई परमेश्वरको नियन्त्रणमा दिएको हुँदैन। भन्नुको अर्थ, परमेश्वरसँग अवलोकन गर्ने अधिकार हुन्छ, तर उहाँसँग नियन्त्रण गर्ने अधिकार हुँदैन। मानवको व्यक्तिपरक चेतनामा, मानिस आफूलाई परमेश्वरको बन्दोबस्तमा सुम्पन चाहँदैन वा इच्छा गर्दैन। मानिसले आफैलाई परमेश्वरका लागि बन्द मात्र गरेको छैन, तर त्यस्ता मानिसहरू पनि छन् जसले झूटो प्रभाव पार्ने परमेश्वरको भरोसा जित्न चिप्ले कुरा र चापलुसी गर्दै, अनि तिनीहरूका वास्तविक अनुहार परमेश्वरको नजरबाट लुकाउँदै आफ्ना हृदयहरू ढाक्ने उपायहरूको विचार गर्छन्। परमेश्वरलाई देख्न नदिनको पछाडि तिनीहरूको उद्देश्य भनेको तिनीहरू वास्तवमा कस्ता छन् त्यो परमेश्वरलाई बुझ्न नदिनु हो। तिनीहरू आफ्ना हृदयहरू परमेश्वरलाई दिन चाहँदैनन्, तर ती आफ्नै निम्ति राख्न चाहन्छन्। यसको भित्री अर्थ यही हो कि मानिसले जे गर्छ र उसले जे चाहन्छ ती सबै मानिस आफैद्वारा योजनाबद्ध, अनुमानित र निर्णय गरिएको हुन्छ; उसलाई परमेश्वरको सहभागिता वा हस्तक्षेपको आवश्यकता पर्दैन, परमेश्वरको योजनाबद्ध कार्य र बन्दोबस्तहरू उसलाई आवश्यकता हुने त कुरै नगरौं। यसैले, चाहे परमेश्वरका आज्ञाहरू, उहाँका आदेशहरूको सम्बन्धमा होस् वा परमेश्वरले मानिससँग गर्नुभएका मागहरूको सम्बन्धमा होस्, मानिसका निर्णयहरू उसका आफ्नै इच्छा र चासोहरूमा, त्यो बेलाको उसको आफ्नै अवस्था र परिस्थितिहरूमा आधारित हुन्छन्। मानिसले जहिल्यै पनि ऊ हिँड्न पर्ने बाटोको बारेमा विचार गर्न र त्यसलाई चुन्न उसले जानेको ज्ञान र जानकारीहरू, उसको आफ्नै बुद्धिको प्रयोग गर्दछ, र परमेश्वरको हस्तक्षेप वा नियन्त्रणलाई अनुमति दिँदैन। परमेश्वरले देख्नुहुने मानिसको हृदय यही नै हो।

सुरुदेखि आजको दिनसम्म, मानिस मात्र परमेश्वरसँग कुराकानी गर्न सक्षम भएको छ। अर्थात्, सबै जीवित प्राणीहरू र परमेश्वरका सृष्टिहरूमध्ये मानिसबाहेक अरू कोही पनि परमेश्वरसँग कुराकानी गर्न सक्षम भएको छैन। मानिससित कान छन् जसद्वारा उसले सुन्न सक्छ, र आँखा छन् जसद्वारा उसले देख्न सक्छ; ऊसित भाषा छ, र आफ्नै विचारहरू र स्वतन्त्र इच्छा छ। ऊसित ती सबै कुराहरू छन् जुन परमेश्वर बोलेको सुन्न, परमेश्वरको इच्छा बुझ्न र परमेश्वरको आदेशलाई स्वीकार गर्नका निम्ति चाहिन्छ, र यसरी मानिस उहाँको जस्तै मन भएको सहयात्री होस् र उहाँको साथमा हिँड्न सकोस् भन्ने चाहना गर्दै परमेश्वरले उहाँका सबै चाहनाहरू मानिसलाई प्रदान गर्नुहुन्छ। जबदेखि परमेश्वरले व्यवस्थापन गर्न थाल्नुभयो, त्यसै बेलादेखि मानिसले आफ्नो हृदय उहाँलाई दिओस्, परमेश्वरलाई त्यो शुद्ध र सुसज्जित पार्न दिओस्, उसलाई परमेश्वरका निम्ति सन्तोषजनक र परमेश्वरद्वारा प्रेम गरिएको बनाउन, उसलाई परमेश्वरको आदर गर्ने र खराबी त्याग्ने बनाउन दिओस् भनेर उहाँले पर्खिरहनुभएको छ। परमेश्वरले सधैँ बाटो हेर्नुभएको छ र यो नतिजा पर्खनुभएको छ। के बाइबलका विवरणहरूमा कुनै त्यस्ता मानिसहरू छन्? अर्थात्, के बाइबलमा त्यस्तो कुनै व्यक्ति छ जसले आफ्नो हृदय परमेश्वरलाई दिन सक्छन्? के यो युगभन्दा अगाडिको कुनै उदाहरण छ? आज, हामी बाइबलका विवरणहरू पढ्ने क्रमलाई जारी राखौं र आज

हामीले चर्चा गरिरहेका "परमेश्‍वरलाई आफ्नो हृदय दिने" भन्ने विषयसँग यो व्यक्ति, अर्थात् अय्यूबले गरेका कामको कुनै सम्बन्ध छ कि छैन हेरौं। अय्यूब परमेश्‍वरका निम्ति चित्तबुझ्दो र परमेश्‍वरद्‌वारा प्रेम गरिएका थिए कि थिएनन् सो हेरौं।

अय्यूबको बारेमा तिमीहरूको विचार के छ? केही मानिसहरू मूल पवित्र-शास्त्रलाई उद्‌धृत गर्दै भन्छन् कि अय्यूब "परमेश्‍वरको भय मान्थे र दुष्टताबाट अलग बस्थे।" "परमेश्‍वरको भय मान्थे र दुष्टताबाट अलग बस्थे": बाइबलमा अय्यूबको विषयमा गरिएको सुरुको मूल्याङ्कन यस्तै छ। यदि तिमीहरूले आफ्नै वचनहरू प्रयोग गर्‍यौ भने, तिमीहरू अय्यूबको वर्णन कसरी ठीकसँग गर्न सक्छौ? कतिपय मानिसहरू भन्छन्, कि अय्यूब असल र विवेकी मानिस थिए; कसै-कसैले भन्छन्, तिनले परमेश्‍वरमा साँचो विश्‍वास गर्थे; कसै-कसैले अय्यूब एक धर्मी र हितौसी व्यक्ति थिए भनी भन्छन्। तिमीहरूले अय्यूबको विश्‍वास देखेका छौ, भन्नुको अर्थ, तिमीहरूको हृदयमा अय्यूबलाई ठूलो महत्त्व दिन्छौ र तिनको विश्‍वासको ईर्ष्या गर्छौ। त्यसैले आज हामी अय्यूबमा त्यस्तो कुन कुरा थियो, जसको कारण परमेश्‍वर तिनीसित प्रसन्‍न बन्‍नुभयो सो कुरा हेरौं। अब, हामी तलका धर्मशास्त्रका खण्डहरूलाई पढौं।

**ग. अय्यूब**

१. परमेश्‍वरद्‌वारा गरिएको र बाइबलमा भएको अय्यूबको मूल्याङ्कन

अय्यूब १:१ ऊज देशमा एक जना मानिस थिए, जसको नाम अय्यूब थियो; र त्यस मानिस सिद्‌ध र धर्मी थिए अनि तिनी परमेश्‍वरको भय मान्थे र दुष्टताबाट अलग बस्थे।

अय्यूब १:५ अनि भोजका दिन सकिएपछि अय्यूबले तिनीहरूलाई शुद्‌ध पार्थे, अनि बिहान सबैरै उठ्थे र ती सबैका सङ्ख्याबमोजिम होमबली चढाउँथे: किनकि अय्यूबले भन्थे, मेरा छोराहरूले पाप गरे होलान् र तिनीहरूका हृदयमा परमेश्‍वरलाई सरापे होलान्। अय्यूबले निरन्तर यसो गर्थे।

अय्यूब १:८ अनि यहोवाले शैतानलाई भन्‍नुभयो, के तैँले मेरो सेवक अय्यूबलाई विचार गरेको छस्, त्योजस्तो सिद्‌ध र सोझो, परमेश्‍वरको भय मान्ने र दुष्टताबाट दूर रहने पृथ्वीमा कोही पनि छैन?

तिमीहरूले यी खण्डहरूमा देख्ने मुख्य बुँदा के छ? धर्मशास्त्रका यी तीन संक्षिप्त खण्डहरू सबै अय्यूबसँग सम्बन्धित छन्। संक्षिप्त भए पनि, तिनी कस्ता किसिमका व्यक्ति थिए भनी यी खण्डहरूले स्पष्ट रूपमा बताउँछन्। अय्यूबको दैनिक व्यवहार र तिनको आचरणको विवरणमार्फत यी खण्डहरूले सबैलाई के कुरा बताउँछन् भने परमेश्‍वरले अय्यूबको बारेमा गर्नुभएको मूल्याङ्कन आधारहीन थिएन तर राम्रो जगमाथि बसालिएको थियो। यी खण्डहरूले हामीलाई चाहे अय्यूबको बारेमा मानिसले गरेको मूल्याङ्कन होस् (अय्यूब १:१), वा तिनको बारेमा परमेश्‍वरले गर्नुभएको मूल्याङ्कन (अय्यूब १:८), ती अय्यूबले परमेश्‍वर र मानिस, दुवैको अगि गरेका कार्यहरूका परिणाम हुन् (अय्यूब १:५) भन्ने कुरा बताउँछन्।

पहिले हामी यो खण्ड पढौं: "ऊज देशमा एक जना मानिस थिए, जसको नाम अय्यूब थियो; र त्यस मानिस सिद्‌ध र धर्मी थिए अनि तिनी परमेश्‍वरको भय मान्थे र दुष्टताबाट अलग बस्थे।"

यो अय्यूबको बारेमा बाइबलमा गरिएको पहिलो मूल्याङ्कन हो, र यो वाक्य, लेखक आफैले गरेको अय्यूबको मूल्याङ्कन हो। स्वाभाविक रूपमा, यसले मानिसले गरेको अय्यूबको मूल्याङ्कनको पनि प्रतिनिधित्व गर्दछ, जुन हो "त्यस मानिस सिद्ध र धर्मी थिए अनि तिनी परमेश्‍वरको भय मान्थे र दुष्टताबाट अलग बस्थे।" अर्को, हामी परमेश्‍वरले गर्नुभएको अय्यूबको मूल्याङ्कन पढौं: "त्योजस्तो सिद्ध र सोझो, परमेश्‍वरको भय मान्‍ने र दुष्टताबाट दूर रहने पृथ्वीमा कोही पनि छैन" (अय्यूब १:८)। ती दुईमध्ये एउटा मानिसबाट आयो, र अर्को परमेश्‍वरबाटको थियो; ती एउटै विषयवस्तु भएका दुईवटा मूल्याङ्कन हुन्। त्यसैले यो देख्न सकिन्छ, कि अय्यूबको व्यवहार र आचरण मानिसले जान्दथ्यो र परमेश्‍वरद्वारा प्रशंसा गरिएको थियो। अर्को शब्दमा भन्दा, मानिसको अगि र परमेश्‍वरको अगि अय्यूबको आचरण एकसमान थियो; तिनले हरसमय आफ्नो व्यवहार र अभिप्राय सधैँ परमेश्‍वरको सामु राख्थे, यसैले कि ती परमेश्‍वरले अवलोकन गर्नुभएको होस्, र तिनी यस्तो व्यक्ति थिए जसले परमेश्‍वरको भय मान्थे र जो खराबीबाट टाढा बस्थे। यसरी, परमेश्‍वरको नजरमा, पृथ्वीका मानिसहरूमा अय्यूब मात्र सिद्ध र सोझा थिए, जसले परमेश्‍वरको भय मान्थे र जो खराबीबाट टाढा बस्थे।

**अय्यूबले तिनको दैनिक जीवनमा परमेश्‍वरको भय मानेका र खराबीबाट टाढा बसेका सम्बन्धी विशेष प्रकटीकरणहरू**

यसपछि, हामी अय्यूबले परमेश्‍वरको भय मानेका र खराबीबाट टाढा रहेका सम्बन्धी विशेष प्रकटीकरणहरूलाई हेरौं। यसभन्दा अघि र पछिका खण्डहरू बाहेक हामी अय्यूब १:५ पनि पढौं, जुन अय्यूबले परमेश्‍वरको भय मानेका र खराबीबाट टाढा बसेका बारेमा रहेको एउटा विशेष अभिव्यक्ति हो। यो कुरा तिनले आफ्नो दैनिक जीवनमा कसरी परमेश्‍वरसँग डराउँथे र खराबीबाट टाढा बस्थे भन्‍ने कुरासित सम्बन्धित छ; सबैभन्दा मुख्य कुरा, तिनले परमेश्‍वरको भय मान्‍न र खराबीबाट टाढा बस्नका लागि जे गर्नुपर्थ्यो त्यो मात्र गरेनन्, तर आफ्ना छोराछोरीहरूका लागि नियमित रूपमा परमेश्‍वरलाई होमबलि पनि चढाए। तिनीहरूले भोज खाँदा "पाप गरे होलान् र तिनीहरूका हृदयमा परमेश्‍वरलाई सरापे होलान्" कि भनी तिनी डराउँथे। अय्यूबमा यो डर कसरी प्रकट भयो? मूल पाठले निम्‍न विवरण दिन्छ: "अनि भोजका दिन सकिएपछि अय्यूबले तिनीहरूलाई शुद्ध पार्थे, अनि बिहान सबैरै उठ्थे र ती सबैका सङ्ख्याबमोजिम होमबली चढाउँथे।" अय्यूबको आचरणले हामीलाई के देखाउँछ भने, परमेश्‍वरप्रतिको तिनको भय तिनको बाहिरी आचरणमा प्रकट हुनुको सट्टामा तिनको हृदय भित्रबाट आएको थियो र परमेश्‍वरप्रतिको तिनको भय तिनको दैनिक जीवनको हरेक पक्षमा हरसमय पाउन सकिन्थ्यो, किनकि तिनले आफैलाई खराबीबाट अलग मात्र राखेनन्, तर आफ्ना छोराछोरीहरूको पक्षमा होमबलिहरू पनि चढाउँथे। अर्को शब्दमा भन्दा, अय्यूब परमेश्‍वरको विरुद्धमा पाप गर्ने र आफ्नै हृदयमा परमेश्‍वरलाई इन्कार गर्ने बारेमा गहन रूपमा डराउने मात्र होइन, तर तिनका छोराछोरीहरूले परमेश्‍वरको विरुद्धमा पाप गरे होलान् र उनीहरूका हृदयमा उहाँलाई इन्कार गरे होलान् भनेर पनि चिन्तित हुन्थे। यसबाट देख्न सकिन्छ, कि परमेश्‍वरप्रतिको अय्यूबको भयको सत्यता जाँचमा खडा हुन्छ, र यो कुनै पनि मानिसको शङ्काभन्दा

पर छ। तिनले यो काम कहिलेकहीँ गर्थे वा बारम्बार गर्थे? पाठको अन्तिम वाक्य यस्तो छ, "अय्यूबले निरन्तर यसो गर्थे।" यी शब्दहरूको अर्थ यो हो कि अय्यूबले कहिलेकहीँ वा तिनलाई मन लागेका बेला मात्र गएर आफ्ना छोराछोरीहरूलाई हेर्दैनथे, न त तिनले प्रार्थनामार्फत परमेश्वरको सामने स्वीकार नै गर्थे। बरु, तिनले आफ्ना छोराछोरीहरूलाई नियमित रूपमा पवित्र हुन पठाउँथे र तिनीहरूका लागि होमबलि चढाउँथे। यहाँ "निरन्तर रूपमा" भन्ने शब्दको अर्थ तिनले एक वा दुई दिन, वा एक क्षणका लागि त्यसो गर्थे भन्ने हुँदैन। यसले के भनिरहेको छ भने परमेश्वरप्रतिको अय्यूबको डर अस्थायी थिएन, र यो ज्ञान वा बोलेका वचनहरूमा सीमित थिएन; त्यसको साटो, परमेश्वरको भय मान्ने र खराबीबाट टाढा बस्ने मार्गले तिनको हृदयलाई मार्गनिर्देशित गरेको थियो, त्यसले तिनको व्यवहारलाई निर्देशित गरेको थियो, र उनको हृदयमा नै यो तिनको अस्तित्वको मूल थियो। तिनले निरन्तर यो कुरा गर्थे भन्ने तथ्यले के देखाउँदछ भने, तिनको हृदयमा प्रायजसो तिनी आफैले पनि परमेश्वरको विरुद्धमा पाप गर्लान् भनी डराउँथे र आफ्ना छोराछोरीहरूले पनि परमेश्वरको विरुद्ध पाप गर्छन् होला भनी डराउँथे। यसले तिनको हृदयमा परमेश्वरको भय मान्ने र खराबीबाट टाढा बस्ने कुराको वजन कति थियो भन्ने कुरालाई दर्साउँछ। तिनले निरन्तर यो काम गरे, किनकि तिनको हृदयमा भय र डर थियो—तिनले परमेश्वरको विरुद्धमा खराबी र पाप गरे कि अनि तिनी परमेश्वरको मार्गबाट तर्केर गए कि र त्यसरी परमेश्वरलाई सन्तुष्ट तुल्याउन सक्दैनन् कि भनी डराउँथे। यसको साथसाथै, तिनी आफ्ना छोराछोरीले परमेश्वरलाई रिस उठाए कि भनी तिनीहरूको विषयमा पनि चिन्तित हुन्थे। अय्यूबको दैनिक जीवनमा तिनको सामान्य आचरण यस्तो थियो। तिनको यही सामान्य आचरणले प्रमाणित गर्दछ कि अय्यूब परमेश्वरसँग डराउँथे र खराबीबाट अलग बस्थे भन्ने कुरा केवल खोक्रा शब्दहरू मात्र थिएनन्, अय्यूब वास्तवमा नै त्यस्तो वास्तविकतामा जिउँथे। "अय्यूबले निरन्तर यसो गर्थे": यी शब्दहरूले हामीलाई परमेश्वरको सामु अय्यूबको दैनिक कार्यहरूको बारेमा बताउँछ। जब तिनले निरन्तर त्यसो गरे, के तिनको व्यवहार र तिनको हृदय परमेश्वरको सामने पुग्यो? अर्को शब्दमा, के परमेश्वर तिनको हृदय र तिनको व्यवहारबाट प्रायजसो प्रसन्न बन्नुहुन्थ्यो? त्यसोभए, अय्यूबले कुन अवस्थामा र कुन सन्दर्भमा निरन्तर त्यसो गरिरहे? केही मानिसहरूले भन्छन् कि परमेश्वर घरीघरी अय्यूबको सामु देखा पर्नुहुन्थ्यो त्यसैले तिनले त्यस्तो व्यवहार गर्थे; कोही भन्छन् तिनमा खराबीबाट अलग रहने इच्छा भएकोले तिनले निरन्तर त्यसो गरे; र कोही भन्छन् कि सायद तिनको धन-सम्पत्ति सजिलै प्राप्त भएको थिएन भन्ने तिनलाई लाग्थ्यो, र त्यो तिनलाई परमेश्वरले दिनुभएको हो भन्ने तिनी जान्दथे, त्यसैले उनी परमेश्वरको विरुद्ध पाप गर्दा वा उहाँलाई दुःखी बनाउँदा त्यो सम्पत्ति गुमाउनु पर्ला भनी साह्रै डराएका थिए। के यी दाबीहरूमध्ये कुनै सत्य छ? स्पष्ट छ, सत्य छैन। किनकि, परमेश्वरको नजरमा अय्यूबको बारेमा परमेश्वरले जे कुरालाई स्विकार्नुभयो र कदर गर्नुभयो त्यो तिनले सो निरन्तर गरे भन्ने तथ्य थिएन; त्यो भन्दा पनि बढी, तिनलाई शैतानको हातमा सुम्पिँदा र तिनको परीक्षा हुँदा परमेश्वर, मानिस र शैतानको सामु तिनको आचरण कस्तो थियो त्यही नै परमेश्वरले स्वीकार र कदर गर्नुभएको कुरा थियो। तलका खण्डहरूले अत्यन्त पत्यारिला प्रमाणहरू प्रदान गर्छन्, त्यस्ता प्रमाणहरू जसले

हामीलाई परमेश्वरले गर्नुभएको अय्यूबको मूल्याङ्कनको सत्यता देखाउँदछ। यसपछि, हामी धर्मशास्त्रका निम्न खण्डहरू पढौं।

२. शैतानले पहिलो पटक अय्यूबलाई परीक्षा गर्छ (तिनको पशुधन चोरियो र तिनका छोराछोरीहरूमाथि विपत्ति आइपर्छ)

अ. परमेश्वरद्वारा बोलिएका वचनहरू

अय्यूब १:८ अनि यहोवाले शैतानलाई भन्नुभयो, के तैँले मेरो सेवक अय्यूबलाई विचार गरेको छस्, त्योजस्तो सिद्ध र सोझो, परमेश्वरको भय मान्ने र दुष्टताबाट दूर रहने पृथ्वीमा कोही पनि छैन?

अय्यूब १:१२ अनि यहोवाले शैतानलाई भन्नुभयो, हेर्, त्यससँग भएको सबै तेरो शक्तिमा छ; त्यसमाथि मात्रै तैँले तेरो हात नलगा। त्यसैले शैतान यहोवाको उपस्थितिबाट गयो।

आ. शैतानको जबाफ

अय्यूब १:९-११ त्यसपछि शैतानले यहोवालाई जवाफ दियो र भन्यो, के अय्यूबले परमेश्वरको भय त्यत्तिकै मान्छ र? के तपाईंले तिनको वरिपरि, र तिनको घर वरिपरि, र तिनीसँग भएका सबै थोकलाई चारैतिरबाट बार हाल्नुभएको छैन र? तपाईंले तिनको हातका कामहरूमा आशिष् दिनुभएको छ र तिनका धन-सम्पत्ति मुलुकभरि वृद्धि गर्नुभएको छ। तर अहिले तपाईंको हात पसार्नुहोस्, र तिनीसँग भएका सबै थोक छोइदिनुहोस् र तिनले तपाईंलाई सोझै सराप्नेछ।

**अय्यूबको विश्वास सिद्ध होस् भनेर परमेश्वरले शैतानलाई अय्यूबको परीक्षा गर्ने अनुमति दिनुहुन्छ**

अय्यूब १:८ त्यो पहिलो विवरण हो जहाँ हामी बाइबलमा यहोवा परमेश्वर र शैतानबीचको वार्तालाप देख्छौं। त्यसोभए, परमेश्वरले के भन्नुभयो? मूल पाठले निम्न विवरण प्रदान गर्दछ: “अनि यहोवाले शैतानलाई भन्नुभयो, के तैँले मेरो सेवक अय्यूबलाई विचार गरेको छस्, त्योजस्तो सिद्ध र सोझो, परमेश्वरको भय मान्ने र दुष्टताबाट दूर रहने पृथ्वीमा कोही पनि छैन?” यो शैतानको अगाडि अय्यूबको विषयमा परमेश्वरले गर्नुभएको मूल्याङ्कन थियो; परमेश्वरले भन्नुभयो, कि तिनी एक सिद्ध र सोझो मानिस हुन्, त्यस्तो व्यक्ति जसले परमेश्वरको भय मान्थे र जो खराबीबाट टाढा बस्थे। परमेश्वर र शैतानबीच यी कुराहरू हुनुभन्दा अघि, परमेश्वरले अय्यूबलाई जाँच्न शैतानलाई प्रयोग गर्ने–उहाँले अय्यूबलाई शैतानको हातमा सुम्पने संकल्प गर्नुभएको थियो। एक पक्षमा, यसले अय्यूबको सम्बन्धमा परमेश्वरको अवलोकन र मूल्याङ्कन सही र त्रुटिहीन छ भनी साबित गर्थ्यो, र अय्यूबको गवाहीद्वारा शैतान सर्ममा पर्नेथियो; अर्कोमा, त्यसले परमेश्वरमाथिको अय्यूबको विश्वास र परमेश्वरप्रतिको भयलाई सिद्ध बनाउँथ्यो। त्यसैले, जब शैतान परमेश्वरको सामु आयो, परमेश्वरले त्यसलाई स्विकार्नुभएन। उहाँले सिधा कुरा काटेर शैतानलाई सोध्नुभयो: “के तैँले मेरो सेवक अय्यूबलाई विचार गरेको छस्, त्योजस्तो सिद्ध र सोझो, परमेश्वरको भय मान्ने र दुष्टताबाट दूर रहने पृथ्वीमा कोही पनि छैन?” परमेश्वरको प्रश्नमा निम्न अर्थहरू छन्: शैतानले सबै ठाउँमा घुम्ने गरेको र अय्यूबको बारेमा चियो गर्ने गरेको

परमेश्वरलाई थाहा थियो। यसले अय्यूबलाई धेरै पटक परीक्षा र हमला गरेको थियो र त्यो परमेश्वरमाथिको तिनको विश्वास र परमेश्वरप्रतिको भय स्थिर रहिरहन सक्दैन भनी प्रमाणित गर्न तिनीमाथि विनाश ल्याउने उपायको खोजीमा थियो। अय्यूबले परमेश्वरलाई त्यागोस् र त्यसले तिनलाई परमेश्वरको हातबाट खोस्न सकोस् भनेर शैतानले अय्यूबलाई भताभुङ्ग पार्ने अवसरहरू पनि खोज्यो। तापनि परमेश्वरले अय्यूबको हृदयभित्र हेर्नुभयो र तिनलाई अति सिद्ध र धर्मी, र परमेश्वरको भय मान्ने र खराबीबाट अलग बस्ने व्यक्तिको रूपमा देख्नुभयो। अय्यूब सिद्ध र इमानदार मानिस हुन जसले परमेश्वरको भय मान्दछ र जो दुष्टताबाट अलग रहन्छ, अय्यूबले कहिल्यै परमेश्वरलाई त्याग्दैन र शैतानको पछि लाग्दैन भनी शैतानलाई बताउन परमेश्वरले एउटा प्रश्नको प्रयोग गर्नुभयो। परमेश्वरबाट अय्यूबको मूल्याङ्कन सुनेपछि शैतानमा एउटा अपमानको जन्म भयो र शैतान अत्यन्तै क्रोधित भयो अनि अय्यूबलाई खोसेर लिन अझ अधीर भयो, किनकि शैतानले कहिल्यै पनि कुनै व्यक्ति सिद्ध र इमानदार हुन सक्छ, वा उनीहरू परमेश्वरसित डराउन र खराबीबाट अलग बस्न सक्छन् भनी विश्वास गरेको थिएन। यसको साथसाथै, शैतानले मानिसमा भएको सिद्धता र इमानदारीतालाई पनि घृणा गर्थ्यो, र परमेश्वरको भय मान्न र खराबीबाट अलग बस्न सक्ने मानिसहरूलाई घृणा गर्थ्यो। यसैले अय्यूब १:९-११ मा यो लेखिएको छ, “त्यसपछि शैतानले यहोवालाई जवाफ दियो र भन्यो, के अय्यूबले परमेश्वरको भय त्यत्तिकै मान्छ र? के तपाईंले तिनको वरिपरि, र तिनको घर वरिपरि, र तिनीसँग भएका सबै थोकलाई चारैतिरबाट बार हाल्नुभएको छैन र? तपाईंले तिनको हातका कामहरूमा आशिष् दिनुभएको छ र तिनका धन-सम्पत्ति मुलुकभरि वृद्धि गर्नुभएको छ। तर अहिले तपाईंको हात पसार्नुहोस्, र तिनीसँग भएका सबै थोक छोइदिनुहोस् र तिनले तपाईंलाई सोझै सराप्नेछ।” परमेश्वर शैतानको द्वेषपूर्ण स्वभावसँग राम्ररी परिचित हुनुहुन्थ्यो, र शैतानले धेरै अघिदेखि अय्यूबमाथि विनाश ल्याउने योजना गरिरहेको छ भनी राम्ररी जान्नुहुन्थ्यो, यसैले परमेश्वरले अय्यूब सिद्ध र इमानदार छ, तिनी परमेश्वरसँग डराउँछन् र खराबीबाट अलग बस्छन् भनी शैतानलाई फेरि बताउँदै त्यसलाई ठीक बाटोमा ल्याउन, त्यसको वास्तविक अनुहार देखाउन चाहनुभयो, र अय्यूबलाई आक्रमण गर्न र परीक्षामा पार्न दिनुभयो। अर्को शब्दमा भन्दा, परमेश्वरले जानाजानी अय्यूब सिद्ध र इमानदार छन्, र तिनी परमेश्वरसँग डराउँछन् र खराबीबाट अलग बस्छन् भनी जोड दिनुभयो, र यसरी अय्यूब सिद्ध र सोझो, परमेश्वरको भय मान्ने र खराबीबाट अलग रहने व्यक्ति भएकोमा शैतानको घृणा र क्रोधको कारण उहाँले शैतानलाई अय्यूबमाथि आक्रमण गर्ने अनुमति दिनुभयो। परिणामस्वरूप, परमेश्वरले अय्यूब सिद्ध र इमानदार, परमेश्वरको भय मान्ने र खराबीबाट अलग बस्ने व्यक्ति हो भन्ने देखाएर शैतानलाई लाजमा पार्नुहुने थियो, यसरी शैतान पूर्ण रूपले अपमानित र पराजित हुनेथियो। त्यसपछि, शैतानले अब अय्यूबको सिद्धता, इमानदारीता, परमेश्वरप्रतिको भय, वा खराबीबाट जोगिने उनको आचरणको बारेमा फेरि कहिल्यै शङ्का वा आरोप लगाउने थिएन। यसरी, परमेश्वरको जाँच र शैतानको परीक्षा करिब निश्चित थियो। परमेश्वरको जाँच र शैतानको परीक्षाको सामना गर्न सक्ने व्यक्ति अय्यूब मात्र थिए। यस वार्तालापपछि, शैतानलाई अय्यूबको परीक्षा गर्ने अनुमति प्रदान गरियो। यसरी शैतानको आक्रमणको पहिलो चरण सुरु भयो। यी आक्रमणहरूको निसाना

अय्यूबको सम्पत्ति थियो, किनकि शैतानले अय्यूबको विरुद्धमा निम्न आरोप लगाएको थियो: "के अय्यूबले परमेश्‍वरको भय त्यत्तिकै मान्छ र? ... तपाईंले तिनको हातका कामहरूमा आशिष् दिनुभएको छ र तिनका धन-सम्पत्ति मुलुकभरि वृद्धि गर्नुभएको छ।" फलस्वरूप, परमेश्‍वरले शैतानलाई अय्यूबका सबै कुरा खोस्ने अनुमति दिनुभयो—परमेश्‍वरले शैतानसँग कुरा गर्नुको उद्देश्य यही थियो। यद्यपि, परमेश्‍वरले शैतानसँग एउटा माग गर्नुभयो: "त्यससँग भएको सबै तेरो शक्तिमा छ; त्यसमाथि मात्रै तैँले तेरो हात नलगा" (अय्यूब १:१२)। परमेश्‍वरले यही सर्तमा शैतानलाई अय्यूबको परीक्षा गर्ने अनुमति दिनुभयो र अय्यूबलाई शैतानको हातमा दिनुभयो, र उहाँले शैतानका लागि यो सीमा तोकिदिनुभएको थियो: उहाँले शैतानलाई अय्यूबको कुनै हानि नगर्न आज्ञा दिनुभयो। किनकि अय्यूब सिद्ध र इमानदार छ भनी परमेश्‍वरले पहिचान गर्नुभएको थियो, र उहाँको सामु अय्यूबको सिद्धता र इमानदारीता शङ्का गर्न नसकिने छ, परीक्षामा पर्दा तिनी खडा हुन सक्छन् भन्‍ने विश्‍वास उहाँलाई थियो, त्यसैले परमेश्‍वरले शैतानलाई अय्यूबको परीक्षा गर्ने अनुमति दिनुभयो, तर शैतानलाई केही सीमाहरू तोकी दिनुभयो: शैतानलाई अय्यूबका सबै सम्पत्ति खोस्ने अनुमति दिइयो, तर त्यसले तिनीमाथि औंला उठाउन सक्दैनथिए। यसको अर्थ के हो? यसको अर्थ के हो भने, त्यसबेला परमेश्‍वरले अय्यूबलाई पूर्ण रूपमा शैतानको हातमा दिनुभएन। शैतानले आफूले चाहेको जुनसुकै तरिकाले अय्यूबको परीक्षा गर्न सक्थ्यो, तर त्यसले अय्यूबलाई चोट पुर्‍याउन सक्दैनथियो—तिनको टाउकोको एउटा कपालसमेत छुन सक्दैनथ्यो—किनकि मानिसका सबै कुरा परमेश्‍वरद्वारा नियन्त्रित हुन्छ, र किनकि मानिस बाँच्छ कि मर्छ त्यसको निर्णय परमेश्‍वरले गर्नुहुन्छ। शैतानसँग यो अनुमति-पत्र छैन। परमेश्‍वरले शैतानलाई यो कुरा भन्‍नुभएपछि शैतानले सुरु गर्नको लागि पर्खिरहन सकेन। त्यसले अय्यूबलाई परीक्षा गर्न सबै माध्यमहरू प्रयोग गर्‍यो, र केही समयपछि नै अय्यूबले परमेश्‍वरले तिनलाई दिनुभएका कैयौं भेडा र गोरुहरू र सम्पत्ति सबै गुमाइसकेका थिए...। यसरी परमेश्‍वरको परीक्षा तिनीमाथि आयो।

बाइबलले हामीलाई अय्यूबको परीक्षा कहाँबाट उत्पत्ति भयो भन्‍ने बारेमा बताउने भए पनि, ती परीक्षाहरूको शिकार भएका अय्यूब आफैलाई, के भइरहेको छ भन्‍ने थाहा थियो? अय्यूब केवल एक मरणशील मानिस थिए; अवश्य नै, तिनलाई आफ्नो वरिपरि प्रकट भइरहेको घटनाको बारेमा केही पनि थाहा थिएन। तापनि, तिनमा भएको परमेश्‍वरको भय साथै तिनको सिद्धता र सोझोपनले तिनलाई आफूमाथि परमेश्‍वरको परीक्षा आएको छ भन्‍ने थाहा गरायो। आत्मिक क्षेत्रमा के भएको थियो भन्‍ने तिनलाई थाहा थिएन, न त यी परीक्षाहरूका पछाडि रहेका परमेश्‍वरका अभिप्रायहरूको बारेमा नै तिनलाई थाहा थियो। तर उनीमाथि जे आइपरे पनि, तिनी आफ्नो सिद्धता र सोझोपनमा दृढ रहनुपर्छ, र परमेश्‍वरको भय मान्‍ने र खराबीबाट अलग बस्‍ने मार्गमा रहनु पर्छ भन्‍ने कुरा तिनलाई थाहा थियो। यी मामिलाहरूप्रतिको अय्यूबको आचरण र प्रतिक्रियालाई परमेश्‍वरले स्पष्ट रूपमा देख्नुभएको थियो। परमेश्‍वरले के देख्नुभयो? उहाँले परमेश्‍वरको भय मान्‍ने अय्यूबको हृदय देख्नुभयो, किनकि सुरुदेखि अय्यूबको परीक्षा गरिएको बेलासम्म, अय्यूबको हृदय परमेश्‍वरप्रति खुला थियो, त्यो परमेश्‍वरको सामु उदाङ्गो थियो, र अय्यूबले आफ्नो सिद्धता वा सोझोपन त्याग गरेनन्, न त तिनले परमेश्‍वरको भय मान्‍ने र खराबीबाट अलग बस्‍ने मार्ग नै त्यागे, न त्यसबाट तर्केर

गए–परमेश्वरका निम्ति योभन्दा बढी सन्तोषजनक अरू कुनै कुरा थिएन। त्यसपछि हामी अय्यूब कस्ता परीक्षाहरूबाट भएर गए, र तिनले यी जाँचहरूको सामना कसरी गरे सो हेर्नेछौं। आउनुहोस्, हामी धर्मशास्त्रबाट पढौं।

ग. अय्यूबको प्रतिक्रिया

अय्यूब १:२०-२१ त्यसपछि अय्यूब उठे, आफ्नो खास्टो च्याते, आफ्नो कपाल खौरे, भूँइमा लम्पसार परे र आराधना गरे, अनि तिनले भने, म मेरी आमाको गर्भबाट नाङ्गै आएँ र म नाङ्गै फर्कनेछु: यहोवाले दिनुभयो र यहोवाले नै लानुभएको छ; यहोवाको नाउँको प्रशंसा होस्।

**अय्यूब आफूसित भएका सबै थोक परमेश्वरप्रतिको तिनको भयबाट आएकोले, त्यसलाई आफै फर्काउन तयार हुन्छन्**

परमेश्वरले शैतानलाई "त्यससँग भएको सबै तेरो शक्तिमा छ; त्यसमाथि मात्रै तैँले तेरो हात नलगा," भन्नुभएपछि, शैतान त्यहाँबाट गयो र त्यसको लगत्तै अय्यूब अचानक र भयङ्कर आक्रमणको शिकार भयो: सुरुमा, तिनका गोरुहरू र गधाहरू लुटिए र तिनका केही नोकरहरू मारिए; त्यसपछि तिनका भेडा र अरू चाकरहरू आगोमा भस्म भए। त्यसपछि, तिनका ऊँटहरू लगिए र तिनका अझ धेरै चाकरहरूको हत्या गरियो। अन्त्यमा, तिनका छोराछोरीहरूको ज्यान लिइयो। यो चरणबद्ध आक्रमण अय्यूबले पहिलो परीक्षाको अवधिमा भोगेका यातनाहरू थिए। परमेश्वरको आज्ञाअनुसार, यी आक्रमणहरूको अवधिमा शैतानले अय्यूबको सम्पत्ति र तिनका छोराछोरीहरूलाई मात्र लक्षित गऱ्यो, र अय्यूब स्वयम्‌लाई हानि गरेन। यद्यपि, अय्यूब धेरै सम्पत्ति भएको धनी मानिसबाट परिवर्तन भएर तुरुन्तै त्यस्तो व्यक्ति बन्यो, जोसँग केही थिएन। कसैले पनि यो छक्क पार्ने अचम्मको प्रहारको सामना गर्न सक्दैनथियो वा त्यसप्रति उचित प्रतिक्रिया देखाउन सक्दैनथियो, तर अय्यूबले आफ्नो असाधारण पक्ष प्रकट गरे। धर्मशास्त्रले निम्न विवरण प्रदान गर्दछ: "त्यसपछि अय्यूब उठे, आफ्नो खास्टो च्याते, आफ्नो कपाल खौरे, भूँइमा लम्पसार परे र आराधना गरे।" अय्यूबले आफ्ना छोराछोरीहरू र तिनका सबै सम्पत्ति गुमाएको खबर सुनेपछि तिनले दिएको पहिलो प्रतिक्रिया यही थियो। सबैभन्दा महत्त्वपूर्ण कुरा, तिनी अचम्मित भएको वा डरले ग्रस्त भएको देखिँदैन, तिनले क्रोध वा घृणा प्रकट गर्ने कुरा त परै जाओस्। त्यसपछि तँ देख्छस्, कि तिनले ती विपत्तिहरू संयोगले आएका होइनन्, वा ती मानिसको हातद्वारा भएका होइनन्, वा तिनले पाउनुपर्ने दण्ड वा सजाय त झनै होइन भनी आफ्नो हृदयमा बुझेका थिए। बरु, यहोवाको परीक्षा तिनीमाथि आएको थियो; तिनको सम्पत्ति र छोराछोरीहरू लिन चाहने यहोवा नै हुनुहुन्थ्यो। त्यस बेला अय्यूब एकदम शान्त र स्पष्ट विचारका थिए। तिनको सिद्ध र सोझो मानवताले तिनलाई आफूमा परेका विपत्तिहरूबारे तर्कसंगत र स्वाभाविक रूपमा सही विचार र निर्णय गर्न सक्षम तुल्यायो, र यसको परिणाम स्वरूप तिनले असाधारण रूपमा शान्त किसिमको व्यवहार गरे: "त्यसपछि अय्यूब उठे, आफ्नो खास्टो च्याते, आफ्नो कपाल खौरे, भूँइमा लम्पसार परे र आराधना गरे।" "आफ्नो खास्टो च्याते" यसको अर्थ तिनी वस्त्रहीन थिए, र तिनीसित केही थिएन भन्ने हुन्छ। "आफ्नो कपाल खौरे" को अर्थ तिनी नवजात शिशुको रूपमा परमेश्वरको सामु

फर्के; "भूँइमा लम्पसार परे र आराधना गरे" को अर्थ के हो भने तिनी संसारमा नाङ्गै आएका थिए, र आज तिनीसित केही थिएन, तिनी नवजात शिशुजस्तो बनेर परमेश्वरको सामु फर्केका थिए। आफूमाथि परिआएका सबै कुराहरूप्रति अय्यूबको जुन आचरण थियो, त्यो परमेश्वरको कुनै पनि प्राणीले हासिल गर्न सक्दैन थियो। यहोवामाथिको तिनको विश्वास विश्वासको क्षेत्रभन्दा माथि पुगेको थियो; परमेश्वरप्रतिको तिनको भय थियो, परमेश्वरप्रतिको तिनको आज्ञाकारीता यही थियो; परमेश्वरले तिनलाई दिनुभएका निम्ति मात्र तिनले उहाँलाई धन्यवाद दिएनन्, तर तिनीबाट लिनुभएको निम्ति पनि धन्यवाद दिए। यसबाहेक, तिनले आफ्नो जीवनसहित आफ्नो स्वामित्वमा भएका सम्पूर्ण थोक आफै परमेश्वरकहाँ फर्काउन सके।

परमेश्वरप्रतिको अय्यूबको भय र आज्ञाकारिता मानवजातिका लागि एउटा उदाहरण हो, र तिनको सिद्धता र सोझोपन मानवताको चरम सिमा थिए, जुन मानिसमा हुनुपर्दछ। तिनले परमेश्वरलाई देखेका थिएनन्, तापनि तिनले परमेश्वर साँच्चै नै हुनुहुन्छ भनी बुझे, र यो कुरा बुझेकाले नै तिनले परमेश्वरको भय माने, र परमेश्वरप्रतिको तिनको भयको कारण तिनले परमेश्वरको आज्ञापालन गर्न सके। तिनले आफूसँग भएका सबै थोकहरूमाथि परमेश्वरलाई स्वतन्त्र रूपमा नियन्त्रण गर्न दिए, तापनि तिनले गुनासो गरेनन्, र परमेश्वरको सामु घोप्टो परे, र त्यस बेला यदि परमेश्वरले तिनको देह लिनुभयो भने पनि तिनले कुनै गुनासो नगरी खुसीसाथ उहाँलाई त्यसो गर्न दिने थिएँ भनी भने। तिनको सम्पूर्ण आचरण तिनको सिद्ध र सोझो मानवताका कारण थियो। भन्नुको अर्थ, तिनको निर्दोषता, इमानदारीता र दयाको परिणामस्वरूप, अय्यूब परमेश्वरको अस्तित्व सम्बन्धी आफ्नो बुझाइ र अनुभवमा अटल थिए, र यही आधारमा तिनले आफैसँग माग गरे अनि परमेश्वरले तिनलाई अगुवाइ गर्नुभए अनुसार र सबै थोक माझ तिनले देखेका परमेश्वरले गर्नुभएका कामअनुसार परमेश्वरको सामु आफ्नो सोचविचार, व्यवहार, आचरण र काम गर्ने सिद्धान्तहरूलाई यही मापदण्ड अनुरूप बनाए। समय बित्दैजाँदा, तिनका अनुभवहरूले तिनमा परमेश्वरप्रतिको साँचो र वास्तविक भय उत्पन्न गरायो र तिनलाई खराबीबाट अलग बस्ने बनायो। अय्यूबले दह्रिलो गरी समाइराखेको इमानदारिताको स्रोत यही नै थियो। अय्यूबमा निष्कपट, निर्दोष र दयालु मानवता थियो, र तिनीसँग परमेश्वरको भय मान्ने, परमेश्वरको आज्ञापालन गर्ने र खराबीबाट अलग बस्ने वास्तविक अनुभव थियो, साथै "यहोवाले दिनुभयो र यहोवाले नै लानुभएको छ" भन्ने ज्ञान पनि थियो। यी कुराहरूको कारणले गर्दा मात्र तिनी शैतानको त्यस्तो डरलाग्दो आक्रमणको बीचमा आफ्नो गवाहीमा दृढ भएर खडा हुन सकेका थिए, र त्यही कारणहरूले गर्दा तिनले परमेश्वरलाई निराश पार्न सकेनन् र तिनीमाथि परमेश्वरका जाँचहरू आइ लाग्दा तिनले परमेश्वरलाई सन्तोषजनक जबाफ दिन सके। त्यो पहिलो परीक्षाको अवधिमा अय्यूबको आचरण एकदम इमानदार किसिमको भए तापनि, पछिका पुस्ताहरूले जीवनभर प्रयत्न गरेपछि पनि यस्तो इमानदारी प्राप्त गर्न निश्चित थिएन, न त उनीहरूमा माथि वर्णन गरिएको अय्यूबको आचरण हुन्छ भन्ने नै छ। आज, अय्यूबको इमानदार आचरणको सामना गर्नु पर्दा, र परमेश्वरमा विश्वास गर्ने र परमेश्वरलाई पछ्याउने भनी दाबी गर्नेहरूले "पूर्ण आज्ञापालन र मृत्युसम्मै बफादार रहन्छु" भनी परमेश्वरलाई देखाउने चिच्याहट र संकल्पसँग

यसलाई तुलना गर्दा, के तिमीहरूलाई गहन रूपमा लाज हुन्छ कि हुँदैन?

जब तँ पवित्र-शास्त्रमा अय्यूब र तिनको परिवारले भोगेका सबै कुराहरू पढ्छस् तब तेरो प्रतिक्रिया कस्तो हुन्छ? के तँ आफ्ना विचारमा हराउँछस्? के तँ चकित बन्छस्? के अय्यूबमाथि आइपरेका परीक्षाहरूलाई "डरलाग्दो" भनेर वर्णन गर्न सकिन्छ? अर्को शब्दमा भन्दा, धर्मशास्त्रमा वर्णन गरिएको अय्यूबका परीक्षाहरू पढ्दा नै भयावह लाग्छ, वास्तविक जीवनमा त झन् ती कस्ता थिए होलान्, सो बारेमा त केही भन्न सकिँदैन। त्यसरी तँ देख्छस्, अय्यूबमाथि आइपरेको कुरा एउटा "अभ्यास कसरत" थिएन, तर वास्तविक "लडाइँ" थियो, जसमा वास्तविक "बन्दुकहरू" र "गोलीहरू" थिए। तर कसको हातद्वारा तिनी परीक्षाहरूमा पारिएका थिए? अवश्य, ती शैतानको काम थिए, र शैतानले आफ्नै हातले यी कामहरू गरेको थियो। यसको बाबजुद पनि, यी कुराहरू गर्ने अधिकार परमेश्वरले दिनुभएको थियो। के परमेश्वरले शैतानलाई अय्यूबको परीक्षा कुन माध्यमद्वारा गर्नुपर्छ भनी बताउनुभएको थियो? उहाँले बताउनुभएको थिएन। परमेश्वरले केवल एउटा सर्त राख्नुभयो जुन शैतानले पालन गर्नुपर्थ्यो, र त्यसपछि अय्यूबमाथि परीक्षा आयो। जब अय्यूबमाथि परीक्षा आयो, त्यसले मानिसहरूलाई शैतानको कुकर्म र कुरूपताको, मानिसप्रति त्यसको द्वेष र घृणाको अनि परमेश्वरसँगको शत्रुताको ज्ञान दियो। यसमा हामी देख्छौं त्यो परीक्षा कतिसम्म क्रूर थियो भन्ने कुरा शब्दहरूमा वर्णन गर्न सकिँदैन। यो भन्न सकिन्छ, शैतानले मानिससित जुन द्वेषपूर्ण प्रकृतिसहित दुर्व्यवहार गऱ्यो, त्यसको कुरूप अनुहार, ती सब यो क्षणमा पूर्ण रूपमा प्रकट भएको थियो। शैतानले यो मौका अर्थात्, परमेश्वरको अनुमतिमा प्रदान गरिएको मौका अय्यूबलाई उग्र र क्रूर दुर्व्यवहार गर्न, जुन तरिका र तहको क्रूरता आजका मानिसहरूका निम्ति अकल्पनीय र पूर्ण रूपले असहनीय छ। अय्यूब शैतानद्वारा परीक्षामा परेका थिए र यो परीक्षाको अवधिमा तिनी आफ्नो साक्षीमा दृढ रहे भन्नुभन्दा बरु परमेश्वरले तिनका निम्ति तयार गरिदिनुभएका परीक्षाहरूमा अय्यूबले आफ्नो सिद्धता र इमानदारीताको रक्षा गर्न, र परमेश्वरको भय मान्ने र खराबीबाट अलग बस्ने मार्गको रक्षा गर्न शैतानसँग प्रतिस्पर्धा गरे। यस प्रतियोगितामा, अय्यूबले धेरैभन्दा धेरै मूल्यका भेडा र गाईवस्तुहरू गुमाए, तिनले आफ्ना सबै सम्पत्ति गुमाए, र तिनले आफ्ना छोराछोरीहरू गुमाए। तर तिनले आफ्नो पूर्णता, इमानदारी र परमेश्वरप्रतिको डरलाई त्यागेनन्। अर्को शब्दमा भन्ने हो भने, शैतानसँगको यो प्रतिस्पर्धामा, अय्यूबले आफ्नो पूर्णता, इमानदारी र परमेश्वरप्रतिको डर गुमाउनुभन्दा बरु आफ्नो सम्पत्ति र छोराछोरी गुमाउन रुचाए। तिनले मानिस हुनु भनेको के हो त्यसको जरा समात्न रुचायो। अय्यूबले आफ्नो सम्पत्ति गुमाएको सम्पूर्ण प्रक्रियाको बारेमा धर्मशास्त्रले संक्षिप्त विवरण प्रदान गर्दछ, र साथै अय्यूबको व्यवहार र आचरणको बारेमा पनि वर्णन गर्दछ। यी जटिल, संक्षिप्त विवरणहरूले अय्यूब यस परीक्षाको सामना गर्दा लगभग शान्त थिए भन्ने अनुभूति प्रदान गर्छ, तर वास्तवमा जे भयो त्यो फेरि सृजना गरियो भने–यस क्रममा शैतानको द्वेषपूर्ण स्वभावलाई पनि ध्यानमा राखियो–स्थितिहरू यी वाक्यहरूमा वर्णन गरेझैं सरल वा सजिलो हुनेथिएन। वास्तविकता अझ बढी क्रूर थियो। मानवजाति र परमेश्वरले स्विकार्नुहुने सबैसित शैतानले त्यस स्तरको विनाश र घृणाद्वारा व्यवहार गर्दछ। यदि परमेश्वरले शैतानलाई अय्यूबको हानि नगर्नू भनी नभन्नुभएको

भए, निश्चय नै शैतानले तिनलाई कुनै पछुतो नगरी मार्नेथियो। कुनै पनि मानिसले परमेश्‍वरको आराधना गरेको शैतान चाहँदैन, न त परमेश्‍वरको दृष्टिमा धर्मी र सिद्ध साथै सोझो व्यक्तिले परमेश्‍वरको भय मानेको र खराबीबाट अलग बसेको नै त्यसले चाहन्छ। मानिसहरू परमेश्‍वरसित डराउनु र दुष्टताबाट अलग रहनुको अर्थ तिनीहरू शैतानलाई त्याग्नु र त्यसबाट अलग बस्नु हो, त्यसैले शैतानले परमेश्‍वरको अनुमतिको फाइदा उठायो र कुनै दया नगरी अय्यूबमाथि आफ्नो क्रोध र घृणा पोखायो। त्यसकारण अय्यूबले मनदेखि शरीरसम्म, भित्रदेखि बाहिरसम्म भोगेको यातना कति ठूलो थियो सो तैँले देख्छस्। त्यसबेला अवस्था कस्तो थियो भनी आज बुझ्दैनौं र बाइबल विवरणहरूबाट मात्र त्यस बेला पीडामा पर्दा अय्यूबका भावनाहरू कस्ता थिए भन्ने संक्षिप्त झलक पाउँछौं।

**अय्यूबको अटल इमानदारिताले शैतानलाई सर्ममा पार्दछ र त्यो आत्तिएर भाग्दछ**

यसैले, अय्यूब त्यस यातनामा पर्दा परमेश्‍वरले के गर्नुभयो? परमेश्‍वरले अवलोकन गर्नुभयो, र हेर्नुभयो, र परिणामको प्रतीक्षा गर्नुभयो। जब परमेश्‍वरले अवलोकन गर्नुभयो र हेर्नुभयो, उहाँले कस्तो महसुस गर्नुभयो? उहाँले निश्चय पनि शोकित महसुस गर्नुभयो। तर के आफूले अनुभूति गरेको शोकको कारण के परमेश्‍वरले शैतानलाई अय्यूबको परीक्षा गर्ने अनुमति दिनुभएकोमा पछुतो गर्नुभयो? यसको उत्तर हो, गर्नुभएन, उहाँले त्यस्तो पछुतो महसुस गर्नुभएन। किनकि अय्यूब सिद्ध र सोझो छ, र तिनले परमेश्‍वरको भय मान्छ र तिनी खराबीबाट अलग बस्छ भन्ने कुरामा उहाँले पूर्ण रूपमा विश्‍वास गर्नुहुन्थ्यो। परमेश्‍वरले शैतानलाई केवल परमेश्‍वरको सामु अय्यूबको धार्मिकता जाँच गर्न, र त्यसको आफ्नै दुष्टता र घृणा प्रकट गर्ने अवसर प्रदान गर्नुभएको थियो। यसबाहेक, यो घटना अय्यूबले संसारका मानिसहरू, शैतान, र परमेश्‍वरलाई पछ्याउने सबैका सामने समेत आफ्नो धार्मिकता र परमेश्‍वरप्रतिको डर र दुष्टताबाट अलग रहने उनको कार्यको बारेमा गवाही दिने मौका थियो। के अन्तिम परिणामले अय्यूबप्रतिको परमेश्‍वरको मूल्याङ्कन ठीक थियो र कुनै त्रुटिरहित थियो भन्ने कुरालाई प्रमाणित गऱ्यो? के अय्यूबले साँच्चै शैतानलाई पराजित गरे? यहाँ हामी अय्यूबले बोलेका मुख्य वचनहरू पढ्छौं, तिनले शैतानलाई पराजित गरेको प्रमाणित गर्ने वचनहरू। तिनले भने: "म मेरी आमाको गर्भबाट नाङ्गै आएँ र म नाङ्गै फर्कनेछु।" यो परमेश्‍वरप्रतिको अय्यूबको आज्ञाकारिताको आचरण हो। त्यसपछि तिनले भने: "यहोवाले दिनुभयो र यहोवाले नै लानुभएको छ; यहोवाको नाउँको प्रशंसा होस्।" अय्यूबले बोलेका यी वचनहरूले के प्रमाणित गर्दछ भने, परमेश्‍वरले मानिसको मनको गहिराइलाई अवलोकन गर्नुहुन्छ, उहाँले मानिसको मनभित्र देख्न सक्नुहुन्छ, र ती वचनहरूले प्रमाणित गर्छन् कि उहाँले अय्यूबलाई गर्नुभएको अनुमोदन गल्ती रहित थियो, परमेश्‍वरले अनुमोदन गर्नुभएको यो व्यक्ति धर्मी थियो। "यहोवाले दिनुभयो र यहोवाले नै लानुभएको छ; यहोवाको नाउँको प्रशंसा होस्।" यी वचनहरू परमेश्‍वरका लागि अय्यूबको गवाही हुन्। यी साधारण वचनहरूले नै शैतानलाई भयभीत पाऱ्यो, त्यसलाई सर्ममा पाऱ्यो र त्यो आत्तिएर भाग्यो, र त्यसबाहेक, त्यसले शैतानलाई हतकडी लगायो र त्यसलाई कुनै स्रोत-साधन विहीन अवस्थामा छोडी दियो। त्यसरी नै यी वचनहरूले शैतानलाई

यहोवा परमेश्‍वरले गर्नुभएका कार्यहरूको चमत्कार र सामर्थ्य महसुस गरायो र परमेश्‍वरको मार्गद्वारा संचालित हृदय भएको व्यक्तिको असाधारण चमत्कार महसुस गरायो। त्यसबाहेक, तिनीहरूले परमेश्‍वरसँग डराउने र दुष्टताबाट अलग रहने मार्गमा लागेको सानो र तुच्छ व्यक्तिले देखाएको शक्तिशाली जीवन शक्ति शैतानलाई देखाए। यसरी पहिलो प्रतिस्पर्धामा शैतानको हार भयो। "यसबाट शिक्षा" पाए पनि शैतानले अय्यूबलाई छोड्ने विचार गरेको थिएन, न त त्यसको खराब प्रकृतिमा कुनै परिवर्तन आएको थियो। शैतानले अय्यूबमाथि हमला गर्न कोसिस गर्‍यो, र फेरि एक पटक परमेश्‍वरको सामु आयो ...

त्यसपछि, अय्यूब दोस्रो पटक परीक्षामा परेको बारे धर्मशास्त्रबाट हेरौं।

३. शैतानले फेरि एक पटक अय्यूबलाई परीक्षा गर्दछ (अय्यूबको शरीरभरि खटिराहरू निस्के)

अ. परमेश्‍वरले बोल्नुभएका वचनहरू

अय्यूब २:३ अनि यहोवाले शैतानलाई भन्नुभयो, के तैँले मेरो सेवक अय्यूबलाई विचार गरेको छस्, त्योजस्तो सिद्ध र सोझो, परमेश्‍वरको भय मान्ने र दुष्टताबाट दूर रहने पृथ्वीमा कोही पनि छैन? र त्यो अझै आफ्नो निष्ठामा दृढ छ, यद्यपि कुनै कारणविना नै त्यसलाई नष्ट पार्न तैँले मलाई त्यसको विरुद्धमा उक्साइस्।

अय्यूब २:६ अनि यहोवाले शैतानलाई भन्नुभयो, हेर्, त्यो तेरै हातमा छ; तर त्यसको जीवन बचा।

आ. शैतानले बोलेका वचनहरू

अय्यूब २:४-५ अनि शैतानले यहोवालाई जवाफ दियो र भन्यो, छालाको निम्ति छाला, हो, मानिसले आफ्नो जीवनको निम्ति आफूसँग भएको सब थोक दिनेछ। तर अहिले तपाईंको हात पसार्नुहोस् र त्यसको हाड र छालामा छोइदिनुहोस् अनि तिनले तपाईंलाई सोझै सराप्नेछ।

ई. अय्यूबले कसरी जाँचको सामना गर्दछ

अय्यूब २:९-१० तब तिनकी श्रीमतीले उनलाई भनिन्, के तपाईं अझ पनि आफ्नो निष्ठा कायम राख्नुहुन्छ? परमेश्‍वरलाई सराप्नुहोस् र मर्नुहोस्। तर उनले तिनलाई भने, तिमी मूर्ख स्त्रीले जस्तै कुरा गर्छौ? के? के हामीले परमेश्‍वरको हातबाट असल कुराचाहिँ ग्रहण गर्ने र खराबीचाहिँ ग्रहण नगर्ने? यी सबै कुरामा अय्यूबले आफ्ना ओठहरूले पाप गरेनन्।

अय्यूब ३:३ म जन्मेको दिन र बालक जन्मिएको छ भनी भनिएको त्यो रात नष्ट होस्।

**परमेश्‍वरको मार्गप्रतिको अय्यूबको प्रेमले अरू सबै कुरालाई उछिन्छ**

धर्मशास्त्रले परमेश्‍वर र शैतानको बीचका वचनहरूलाई यसरी वर्णन गर्दछ: "अनि यहोवाले शैतानलाई भन्नुभयो, के तैँले मेरो सेवक अय्यूबलाई विचार गरेको छस्, त्योजस्तो सिद्ध र सोझो, परमेश्‍वरको भय मान्ने र दुष्टताबाट दूर रहने पृथ्वीमा कोही पनि छैन? र त्यो अझै आफ्नो निष्ठामा दृढ छ, यद्यपि कुनै कारणविना नै त्यसलाई नष्ट पार्न तैँले मलाई त्यसको विरुद्धमा उक्साइस्" (अय्यूब २:३)। यस बातचितमा, परमेश्‍वरले शैतानलाई पनि त्यही प्रश्‍न सोध्नुहुन्छ। यो यस्तो प्रश्‍न हो जसले हामीलाई पहिलो परीक्षाको अवधिमा अय्यूबले प्रदर्शन गरेका र जिएका

जीवनको बारेमा यहोवा परमेश्‍वरको सकारात्मक मूल्याङ्‌कन देखाउँदछ, र यो मुल्याङ्‌कन शैतानको परीक्षामा पर्नु अघि अय्यूबको बारेमा परमेश्‍वरले गर्नुभएको मूल्याङ्‌कन भन्दा फरक छैन। भन्नुको अर्थ, तिनीमाथि परीक्षा आउनुभन्दा पहिले, परमेश्‍वरको नजरमा अय्यूब सिद्ध थिए, र यसैले परमेश्‍वरले तिनी र तिनको परिवारलाई बचाउनुभयो, र तिनलाई आशीर्वाद दिनुभयो; तिनी परमेश्‍वरको नजरमा आशिषित हुने लायकका थिए। परीक्षापछि, अय्यूबले आफ्नो ओठले पाप गरेनन्, किनकि तिनले आफ्नो सम्पत्ति र आफ्ना छोराछोरीहरू गुमाएको भए पनि तिनले यहोवाको नाउँको प्रशंसा गरिरहे। तिनको वास्तविक आचरणले गर्दा परमेश्‍वरले तिनको प्रशंसा गर्नुभयो र यसको कारणले गर्दा, परमेश्‍वरले तिनलाई पूर्ण अङ्क दिनुभयो। किनकि अय्यूबको नजरमा, तिनका सन्तान वा सम्पत्तिले तिनलाई परमेश्‍वर त्याग गर्ने बनाएन। अर्को शब्दमा तिनको हृदयमा भएको परमेश्‍वरको स्थान तिनका सन्तान वा सम्पत्तिको कुनै भागले लिन सक्दैनथियो। अय्यूबको पहिलो परीक्षाको अवधिमा, तिनले परमेश्‍वरलाई उहाँप्रतिको तिनको प्रेम र परमेश्‍वरको भय र खराबीबाट अलग बस्ने तिनको मार्गले अरू सबै कुरालाई उछिन्छ भनी देखाए। यो परीक्षाले अय्यूबलाई यहोवा परमेश्‍वरबाट इनाम प्राप्त गर्ने र तिनको सम्पत्ति र छोराछोरीहरू उहाँद्वारा लगिने अनुभव मात्र दियो।

अय्यूबका लागि, यो एउटा साँचो अनुभव थियो जसले तिनको आत्मालाई धोएर सफा गर्‍यो; यो जीवनको बप्तिस्मा थियो जसले तिनको अस्तित्वलाई पूरा गर्‍यो, र यसबाहेक, यो एक भव्य चाड थियो जसले परमेश्‍वरप्रतिको तिनको आज्ञाकारीता र डरको जाँच गर्‍यो। परीक्षाको कारण अय्यूब धनी मानिसदेखि केही पनि नभएको मानिसमा परिवर्तन भए, र यसले तिनलाई शैतानले मानवजाति गर्ने दुरुपयोगको अनुभव गरायो। तिनको अभावले तिनलाई शैतानको घृणा गर्ने बनाएन, बरु, शैतानको खराब कार्यहरूमा तिनले शैतानको कुरूपता र घृणित रूप, साथै परमेश्‍वरसित शैतानको शत्रुतालाई पनि देखे, र त्यसले तिनलाई परमेश्‍वरको भय मान्ने र खराबीबाट टाढा बस्ने मार्गमा दृढतासाथ सदा रहन प्रोत्साहित गर्‍यो। तिनले सम्पत्ति, छोराछोरी वा आफन्तहरू जस्ता बाह्य कारकहरूको कारण तिनले कहिल्यै परमेश्‍वरलाई नत्याग्ने र परमेश्‍वरको मार्गलाई पिठ्यूँ नफर्काउने शपथ खाए, न त तिनी कहिल्यै शैतान, सम्पत्ति वा कुनै पनि व्यक्तिको दास नै हुनेथिए। यहोवा परमेश्‍वर बाहेक अरू कोही पनि तिनका प्रभु वा परमेश्‍वर हुन सक्दैनथियो। अय्यूबको आकांक्षा त्यस्तै थियो। अर्कोतर्फ, अय्यूबले यस परीक्षाबाट केही प्राप्त गरेका थिए: परमेश्‍वरले तिनलाई दिनुभएका परीक्षाहरूको बीचमा तिनले ठूलो धन कमाएका थिए।

विगतका धेरै दशकहरूको अय्यूबको जीवनको अवधिमा, तिनले यहोवाका कार्यहरू हेरिरहेका थिए र यहोवा परमेश्‍वरले तिनलाई दिनुभएको आशिष् प्राप्त गरेका थिए। ती आशिषहरूले गर्दा तिनलाई अत्यन्त असहज र ऋणी महसुस गराएको थियो, किनकि तिनले परमेश्‍वरका निम्ति केही गरेको छैन, तैपनि यस्तो ठूलो आशिष पाएका छन् र यति धेरै अनुग्रह पाएका छन् भन्ने तिनको विश्‍वास थियो। यसैकारण, तिनले परमेश्‍वरको कर्जा तिर्न सकूँ भन्ने आशा गर्दै, तिनले परमेश्‍वरको कार्य र महानताको गवाही दिने मौका पाउनेछु भन्ने आशा गर्दै, र परमेश्‍वरले आफ्नो आज्ञाकारिताको परीक्षा लिनुहुनेछ र यसबाहेक, तिनको आज्ञाकारीता र विश्‍वासले परमेश्‍वरको अनुमोदन प्राप्त

नगरेसम्म उसको विश्वासलाई शुद्ध पार्न सकिन्छ भन्ने आशा गर्दै तिनले आफ्नो हृदयमा धेरै पटक प्रार्थना गर्थे। त्यसपछि जब अय्यूबमाथि जाँच आइलाग्यो, तब परमेश्‍वरले तिनको प्रार्थना सुन्‍नुभएको छ भनी तिनले विश्‍वास गरे। अय्यूबले यस अवसरलाई अरू सबैभन्दा बढी कदर गरे, यसैले तिनले यसलाई हलकासँग व्यवहार गर्ने आँट गरेनन्, किनभने यसद्वारा तिनको सबैभन्दा ठूलो आजीवन इच्छा पूरा हुनसक्थ्यो। यस अवसरको आगमनको अर्थ परमेश्‍वरप्रतिको तिनको आज्ञाकारीता र डरलाई जाँच गरेर शुद्ध बनाउन सकिन्छ भन्ने थियो। यसबाहेक, यसको अर्थ अय्यूबले परमेश्‍वरको स्वीकृति प्राप्त गरेर आफैलाई परमेश्‍वरको नजिक ल्याउने मौका पाएका थिए भन्ने हुन्छ। परीक्षाको क्रममा, त्यस्तो विश्‍वास र खोजले तिनलाई अझ सिद्ध हुन, र परमेश्‍वरको इच्छाको अझ ठूलो बुझाई प्राप्त गर्न सहायता गर्‍यो। अय्यूब परमेश्‍वरको आशिष् र अनुग्रहका लागि पनि कृतज्ञ भए, तिनको हृदयमा तिनले परमेश्‍वरका कामहरूको निम्ति ठूलो प्रशंसा गरे, र तिनी परमेश्‍वरको अझ बढी भय मान्‍ने र उहाँलाई आदर गर्ने व्यक्ति बने र तिनले परमेश्‍वरको प्रेम, महानता र पवित्रताका लागि अधिक इच्छा गरे। यस समयमा, परमेश्‍वरको नजरमा अय्यूब अझै पनि परमेश्‍वरको डर मान्‍ने र दुष्टताबाट अलग बस्ने व्यक्ति थिए, तैपनि उनका अनुभवहरूका हिसाबमा, अय्यूबको विश्‍वास र ज्ञानमा निकै प्रगति हुँदै गयो: तिनको विश्‍वास बढेको थियो र तिनको आज्ञाकारिताले जग पाएको थियो, परमेश्‍वरप्रतिको तिनको डर अझै गहन बनेको थियो। यस परीक्षाले अय्यूबको आत्मा र जीवनलाई रूपान्तरण गरेको भए तापनि, त्यस्तो परिवर्तनले अय्यूबलाई सन्तुष्ट पारेन, न त यसले तिनको प्रगतिलाई नै सुस्त गर्‍यो। यस परीक्षाबाट आफूले के प्राप्त गरेको छु भन्ने हिसाब-किताब गर्दै, र आफ्नै कमी-कमजोरीहरूलाई ध्यानमा राख्दै, तिनले चुपचाप प्रार्थना गरे, र तिनीमाथि अर्को परीक्षा आउने समयको प्रतीक्षा गरे, किनकि तिनी आफूमाथि आउने परमेश्‍वरको अर्को परीक्षाको अवधिमा तिनको विश्‍वास, आज्ञाकारीता र परमेश्‍वरप्रतिको भय उचालिओस् भन्‍ने चाहन्थे।

परमेश्‍वरले मानिसका भित्री विचारहरू र मानिसले बोल्ने र गर्ने सबै कुरा अवलोकन गर्नुहुन्छ। अय्यूबका विचारहरू यहोवा परमेश्‍वरको कानमा पुगे, र परमेश्‍वरले तिनको प्रार्थना सुन्‍नुभयो, र यसरी आशा गरिए अनुसार नै अय्यूबका लागि परमेश्‍वरको अर्को परीक्षाको आयो।

**चरम पीडाको बीचमा, अय्यूबले मानवजातिप्रतिको परमेश्‍वरको वास्तालाई साँच्चै महसुस गर्छन्**

यहोवा परमेश्‍वरले शैतानलाई गर्नुभएको प्रश्‍नपछि शैतान गोप्य रूपमा खुसी थियो। किनकि परमेश्‍वरको नजरमा सिद्ध मानिसमाथि हमला गर्ने अनुमति फेरि एक पटक दिइनेछ भन्‍ने कुरा शैतानलाई थाहा थियो—शैतानको लागि, यो एउटा दुर्लभ अवसर थियो। शैतानले यस अवसर, अय्यूबको विश्‍वासलाई पूर्ण रूपले कमजोर बनाउन, परमेश्‍वरमाथिको तिनको विश्‍वास गुमाउन लगाउनका निम्ति प्रयोग गर्न चाहेको थियो र अबदेखि उसो तिनलाई परमेश्‍वरको भय नमान्‍ने वा यहोवाको नाउँलाई धन्यको नभन्‍ने बनाउन चाहन्थ्यो। यसले शैतानलाई एउटा मौका दिनेथियो: जुनसुकै ठाउँ वा समय जे भए पनि यसले अय्यूबलाई त्यसको आज्ञा मान्‍ने खेलौना बनाउनेथियो। शैतानले कुनै सङ्‍केत नदिई त्यसका दुष्ट अभिप्रायहरूलाई लुकायो, तर त्यसले आफ्नो दुष्ट

प्रकृतिलाई नियन्त्रणमा राख्न सकेन। यो सत्यताको सङ्केत धर्मशास्त्रमा लेखिए अनुसार, यहोवा परमेश्‍वरको वचनप्रति त्यसले दिइएको उत्तरमा पाइन्छ: "अनि शैतानले यहोवालाई जवाफ दियो र भन्यो, छालाको निम्ति छाला, हो, मानिसले आफ्नो जीवनको निम्ति आफूसँग भएको सब थोक दिनेछ। तर अहिले तपाईंको हात पसार्नुहोस् र त्यसको हाड र छालामा छोइदिनुहोस् अनि तिनले तपाईंलाई सोझै सराप्नेछ" (अय्यूब २:४-५)। परमेश्‍वर र शैतान बीचको यस कुराकानीबाट शैतानको धूर्तताको आवश्यक ज्ञान र अनुभूति प्राप्त नगर्नु त असम्भव नै छ। शैतानका यी भ्रमहरूलाई सुनेपछि, सत्यलाई प्रेम गर्ने र खराबीलाई घृणा गर्ने सबैले अवश्य नै शैतानको मूर्खता र निर्लज्जतालाई अझ बढी घृणा गर्नेछन्, शैतानका भ्रमहरू देखेर भयभीत र विचलित हुन्छन्, साथै, अय्यूबको निम्ति गहिरो प्रार्थना गर्छन् र हार्दिक शुभकामना दिन्छन्, यस क्रममा यस इमानदार मानिसले यो सिद्धता प्राप्त गर्न सकून् भनेर प्रार्थना गर्छन्, परमेश्‍वरको भय मान्ने र दुष्टतालाई तिरस्कार गर्ने यस व्यक्तिले शैतानको परीक्षालाई सदा विजय गर्न सकून् र परमेश्‍वरको अगुवाइ र आशिष्‌हरूको बीचमा ज्योतिमा बाँचिरहन सकून् भनेर कामना गर्छन्; त्यस्ता मानिसहरूले अय्यूबको धार्मिक कार्यहरू सधैँ अघि बढिरहोस् भन्ने कामना गर्नेछन् र परमेश्‍वरसँग डराउने र खराबबाट अलग रहने मार्गमा हिँड्नेहरू सबैलाई प्रोत्साहन दिनेछ। शैतानको द्वेषपूर्ण अभिप्राय यो घोषणामा देख्न सकिने भए पनि, परमेश्‍वर शैतानको "बिन्ती" मा सहमत हुनुभयो–तर उहाँले एउटा सर्त पनि गर्नुभयो: "त्यो तेरै हातमा छ; तर त्यसको जीवन बचा" (अय्यूब २:६)। यस पटक शैतानले अय्यूबको मासु र हाडलाई हानि पुऱ्याउन आफ्नो हात फैलाउन पाऊँ भनी अनुरोध गरेको हुनाले परमेश्‍वरले भन्‍नुभयो, "तर त्यसको जीवन बचा।" यी वचनहरूको अर्थ के हो भने, उहाँले अय्यूबको शरीर शैतानलाई दिनुभएको थियो, तर अय्यूबको जीवनचाहिँ परमेश्‍वरकै हातमा थियो। शैतानले अय्यूबको जीवन लिन सक्दैनथियो, तर यसबाहेक शैतानले अय्यूबको विरुद्ध कुनै पनि माध्यम वा विधि प्रयोग गर्न सक्थ्यो।

परमेश्‍वरको अनुमति प्राप्त गरिसकेपछि, शैतान दगुरेर अय्यूबको अगि गयो, र तिनको छालामा कष्ट दिनका लागि आफ्नो हात बढायो र यसले गर्दा तिनको पूरै शरीरमा खटिरा निस्क्यो, अनि अय्यूबले आफ्नो छालामा पीडा अनुभूति गऱ्यो। अय्यूबले यहोवा परमेश्‍वरको आश्‍चर्यकर्म र पवित्रताको प्रशंसा गरे, जसले शैतानलाई यसको धृष्टतामा अझ साहसी बनायो। यसले मानिसलाई चोट पुर्‍याउँदा आनन्द महसुस गर्ने भएकोले, शैतानले आफ्नो हात फैलायो र अय्यूबको शरीरलाई प्रहार गऱ्यो, जसले गर्दा तिनको शरीरभरि खटिरा निस्कन्छ। अय्यूबले तुरुन्तै आफ्नो शरीरमा अतुलनीय दुखाइ र पीडा महसुस गरे, र तिनी आफ्नो शिरदेखि खट्टासम्म नकन्याई रहन सकेनन्, मानौं यो तिनको शरीरको पीडाले तिनको आत्मालाई पुऱ्याएको चोटलाई कम गर्दछ। तिनले परमेश्‍वर तिनलाई हेर्दै तिनको पक्षमा हुनुहुन्छ भन्‍ने महसुस गरे, आफैलाई सक्दो बलियो बनाउने कोसिस गरे। तिनले फेरि भुइँमा घुँडा टेके, र भने: "तपाईंले मानिसको हृदयभित्र हेर्नुहुन्छ, तपाईं तिनको दुःख देख्नुहुन्छ; किन तिनको कमजोरीले तपाईंलाई चिन्तित बनाउँछ? यहोवा परमेश्‍वरको नाउँको प्रशंसा होस्।" शैतानले अय्यूबको असह्य पीडा देख्यो, तर अय्यूबले यहोवा परमेश्‍वरको नाउँलाई त्यागेको त्यसले देखेन। यसैले तिनका अङ्गहरू टुक्र्याउने उत्कट इच्छा गर्दै

त्यसले अय्यूबका हाडहरूलाई पीडा दिनका लागि झट्टै आफ्नो हात फैलायो। तुरुन्तै, अय्यूबले अभूतपूर्व यातना महसुस गरे; मानौं तिनका मासुलाई हाडहरूबाट च्यातेर निकालिएको छ, मानौं तिनका हाडहरू टुक्रा-टुक्रा भई काटिएका छन्। यो कष्टदायी यातनाले गर्दा तिनले मर्नु नै राम्रो हुन्छ भनी सोचे...। त्यो पीडा सहने तिनको क्षमता त्यसको सीमामा पुगेको थियो...। तिनी चिच्याउन चाहन्थे, तिनी आफ्नो पीडा कम गर्ने प्रयासमा आफ्नो शरीरको छाला च्यात्न चाहन्थे— तैपनि तिनले आफ्नो चिच्याहट रोके, अनि आफ्नो शरीरको छाला च्यातेनन्, किनकि शैतानले तिनको कमजोरी देखोस् भन्ने तिनले चाहेनन्। त्यसैले अय्यूबले फेरि एक पटक घुँडा टेके, तर यस पटक तिनले यहोवा परमेश्‍वरको उपस्थिति महसुस गरेनन्। तिनी जान्दथे, यहोवा परमेश्‍वर सधैँ तिनको अगि, तिनको पछाडि र तिनको दुवैपट्टि हुनुहुन्थ्यो। तैपनि तिनको पीडाको घडीमा पनि, परमेश्‍वरले एकै पटक पनि हेर्नुभएन; उहाँले आफ्नो अनुहार छोप्नुभयो र लुक्नुभयो, किनकि उहाँले गर्नुभएको मानिसको सृष्टिको अर्थ मानिसमाथि दुःख ल्याउनु थिएन। यस समयमा, अय्यूब रुँदै थिए र यो शारीरिक पीडा सहने सक्दो प्रयास गर्दैथिए, तैपनि तिनले अझै पनि परमेश्‍वरलाई धन्यवाद दिनुबाट आफूलाई रोक्न सकेनन्: "मानिस पहिलो प्रहारमा ढल्छ, ऊ कमजोर र शक्तिहीन छ, ऊ जवान छ र अज्ञानी छ—तपाईं किन उसको त्यति धेरै वास्ता गर्नुहुन्छ र कोमल हुन चाहनुहुन्छ? तपाईंले मलाई प्रहार गर्नुभयो, तैपनि त्यसो गर्दा तपाईंलाई दुःख लाग्छ। मानिसको मोल कति छ र तपाईं त्यसको वास्ता र फिक्री गर्नुहुन्छ?" अय्यूबका प्रार्थनाहरू परमेश्‍वरको कानमा पुगे, र परमेश्‍वर मौन बस्नुभयो, कुनै आवाजविना नै हेरी मात्र रहनुभयो...। कुनै प्रयास गर्दा पनि केही नलागेपछि शैतान चुपचाप बिदा भयो, तैपनि यसले अय्यूबमाथि परमेश्‍वरको जाँचलाई अन्त्य गरेन। अय्यूबमा प्रकट गरिएको परमेश्‍वरको शक्ति सार्वजनिक गरिएको थिएन, त्यसकारण अय्यूबको कथा शैतान त्यहाँबाट गएपछि अन्त्य भएन। अन्य पात्रहरूले प्रवेश गरेपछि अझ अचम्मका अन्य दृश्यहरू आउन बाँकी नै थियो।

**परमेश्‍वरप्रतिको अय्यूबको भय र खराबीबाट अलग बस्ने कार्य, सबै कुरामा तिनले परमेश्‍वरको नाउँ उच्च पारेको तथ्यमा प्रकट हुन्छ**

अय्यूबले शैतानको विनाश भोगेका थिए, तैपनि तिनले यहोवा परमेश्‍वरको नाउँलाई त्यागेनन्। पहिले बाहिर आउने व्यक्ति तिनकी पत्नी थिइन् र सबै मानिसका आँखाले देख्ने गरी शैतानको भूमिका खेल्दै तिनले अय्यूबलाई आक्रमण गरिन्। मूल पाठले यसको वर्णन यसरी गर्दछ: "तब तिनकी श्रीमतीले उनलाई भनिन्, के तपाईं अझ पनि आफ्नो निष्ठा कायम राख्नुहुन्छ? परमेश्‍वरलाई सराप्नुहोस् र मर्नुहोस्" (अय्यूब २:९)। यी शब्दहरू मानिसको भेषमा शैतानले बोलेका शब्दहरू थिए। ती आक्रमण र आरोप थिए, साथसाथै प्रलोभन, परीक्षा र निन्दा पनि थिए। अय्यूबको देहमा आक्रमण गर्दा असफल भएपछि, शैतानले सीधै अय्यूबको निष्ठामाथि आक्रमण गर्‍यो, अनि अय्यूबलाई तिनको निष्ठा त्याग गर्न, परमेश्‍वरलाई इन्कार गर्न र अझै जिउन चाहने इच्छा गुमाउनको लागि यसको प्रयोग गर्‍यो। त्यसैले पनि शैतानले अय्यूबलाई परीक्षा गर्न यस्ता शब्दहरू प्रयोग गर्ने इच्छा गर्‍यो: यदि अय्यूबले यहोवाको नाउँ त्यागे भने तिनले त्यस्तो पीडा

सहनुपर्दैन थियो; तिनले आफूलाई शरीरको कष्टबाट मुक्त गर्न सक्थे। आफ्नी पत्नीको सल्लाह सुनेर अय्यूबले उनलाई यसो भन्दै हप्काए, "तिमी मूर्ख स्त्रीले जस्तै कुरा गर्छौ? के? के हामीले परमेश्‍वरको हातबाट असल कुराचाहिँ ग्रहण गर्ने र खराबीचाहिँ ग्रहण नगर्ने?" (अय्यूब २:१०)। अय्यूबले धेरै अघिबाटै यी वचनहरू जानेका थिए, तर यो समयमा तिनको बारेमा अय्यूबको ज्ञानको सत्यता प्रमाणित भयो।

जब तिनकी पत्नीले तिनलाई परमेश्‍वरलाई सरापेर मर्ने सल्लाह दिइन्, उनको भनाइको अर्थ यो थियो: "तपाईंका परमेश्‍वरले तपाईंसँग यस्तो व्यवहार गर्नुहुन्छ, त्यसैले किन उहाँलाई नसराप्ने? जिएर तपाईं अब के गर्नुहुनेछ? तपाईंका परमेश्‍वर तपाईंप्रति यति अन्यायी हुनुहुन्छ, तैपनि तपाईं अझै भन्नुहुन्छ 'यहोवाको नाउँको प्रशंसा होस्।' जब तपाईं उहाँको नाउँलाई धन्यको भन्नुहुन्छ भने उहाँले तपाईंमाथि कसरी विपत्ति ल्याउन सक्नुहुन्छ? चाँडो गर्नुहोस् र परमेश्‍वरको नाउँ त्याग्नुहोस्, र उहाँको पछि लाग्न छोड्नुहोस्। तब तपाईंका समस्याहरू समाप्त हुनेछन्।" यस समयमा, परमेश्‍वरले अय्यूबमा हेर्न चाहनुभएको गवाही प्रस्तुत गरियो। कुनै साधारण व्यक्तिले त्यस्तो गवाही दिन सक्नेथिएन, न त हामी बाइबलका कुनै कथाहरूमा यस्तो कुरा पढ्छौं—तर अय्यूबले यी शब्दहरू बोल्नुभन्दा धेरै अघि परमेश्‍वरले यो कुरा देखिसक्नुभएको थियो। परमेश्‍वरले यस अवसरलाई परमेश्‍वर ठीक हुनुहुन्छ भनी सबैलाई प्रमाणित गर्ने मौका अय्यूबलाई दिन मात्र प्रयोग गर्नुभयो। आफ्नी पत्नीको सल्लाहको सुनेर, अय्यूबले आफ्नो निष्ठा त्यागे वा परमेश्‍वर छोड्ने काम नगरेका मात्र होइन, तर आफ्नी पत्नीलाई पनि यसो भने: "के हामीले परमेश्‍वरको हातबाट असल कुराचाहिँ ग्रहण गर्ने र खराबीचाहिँ ग्रहण नगर्ने?" के यी शब्दहरूमा ठूलो वजन छ? यहाँ, यी शब्दहरूको वजन प्रमाणित गर्न सक्ने एउटै मात्र तथ्य छ। यी शब्दहरूको वजन के हो भने, तिनलाई परमेश्‍वरले उहाँको हृदयमा स्वीकार गर्नुभएको छ, परमेश्‍वरले चाहनुभएका कुरा तिनै हुन्, परमेश्‍वरले सुन्न चाहनुभएका शब्दहरू नै हुन्, र परमेश्‍वरले देख्न चाहनुभएका परिणामहरू तिनै हुन्; यी शब्दहरू अय्यूबको गवाहीको गुदी पनि हुन्। यसमा, अय्यूबको सिद्धता, इमानदारीता, परमेश्‍वरको भय, र खराबीबाट अलग बस्ने कुरा साबित भएका थिए। तिनी जसरी र जब परीक्षित भए, तिनका सम्पूर्ण शरीर खटिराहरूले भरिँदा, तिनले अत्याधिक यातना भोग्नुपर्दा, र तिनकी पत्नी र मित्रहरूले तिनलाई सल्लाह दिँदा पनि तिनले यस्ता शब्दहरू बोलेकामा नै अय्यूबको बहुमूल्यता छ। अर्को प्रकारले भन्नुपर्दा, तिनको हृदयमा तिनको विश्‍वास के थियो भने, जुनसुकै परीक्षा आए पनि वा जस्तोसुकै गम्भीर कष्ट वा सतावट आए पनि, तिनीमाथि मृत्यु नै आइपरे पनि तिनले परमेश्‍वरलाई त्याग्ने थिएनन् वा परमेश्‍वरको भय मान्ने र खराबीबाट अलग बस्ने मार्गलाई तिनले लत्याउने थिएनन्। त्यसैले तँ देख्छस् तिनको हृदयमा परमेश्‍वरको सबैभन्दा महत्त्वपूर्ण स्थान थियो, र तिनको हृदयमा परमेश्‍वर मात्र हुनुहुन्थ्यो। यसैकारण हामी धर्मशास्त्रमा तिनको बारेमा यस्तो वर्णन पढ्छौं: यी सबै कुरामा अय्यूबले आफ्ना ओठहरूले पाप गरेनन्। तिनले आफ्नो ओठले पाप नगरेका मात्र होइन, तर तिनले आफ्नो हृदयमा कहिल्यै पनि परमेश्‍वरबारे गुनासो गरेनन्। तिनले परमेश्‍वरको विषयमा चोट पुर्‍याउने शब्दहरू बोलेनन्, न त तिनले परमेश्‍वरको विरुद्धमा पाप नै गरे। तिनको मुखले परमेश्‍वरको नाउँलाई धन्यको मात्र भनेनन्, तर आफ्नो हृदयमा तिनले

परमेश्वरको नाउँलाई धन्यको भने; तिनको मुख र हृदय एउटै थियो। परमेश्वरले देख्नुभएको वास्तविक अय्यूब यही थियो, र यही कारणले गर्दा परमेश्वरले अय्यूबको कदर गर्नुभयो।

**अय्यूबको विषयमा मानिसहरूका धेरै वटा भ्रमहरू**

अय्यूबले भोगेका कष्ट परमेश्वरले पठाउनुभएका सन्देशवाहकहरूको काम थिएन, न त त्यो परमेश्वरको आफ्नै हातद्वारा भएको थियो। बरु, त्यो व्यक्तिगत रूपमा शैतान, परमेश्वरको शत्रुले पैदा गरेको थियो। फलस्वरूप, अय्यूबले भोगेका कठिनाइहरूको स्तर प्रगाढ थियो। तैपनि यस पलमा अय्यूबले कुनै कुरालाई बाँकी नराखी, आफ्नो मनमा परमेश्वर सम्बन्धी आफ्नो दैनिक ज्ञान, आफ्नो दैनिक कार्यका सिद्धान्तहरू र परमेश्वरप्रतिको आफ्नो आचरण प्रकट गरिरहेका थिए–सत्यता यही हो। यदि अय्यूब परीक्षामा नपरेको भए, यदि परमेश्वरले अय्यूबमाथि जाँचहरू नल्याउनुभएको भए जब अय्यूबले "यहोवाले दिनुभयो र यहोवाले नै लानुभएको छ; यहोवाको नाउँको प्रशंसा होस्," भने, तब तँ तिनलाई पाखण्डी भन्ने थिइस्; परमेश्वरले तिनलाई त्यत्ति धेरै सम्पत्तिहरू दिनुभएको थियो, त्यसैले तिनले अवश्य यहोवाको नाउँलाई धन्यको भन्नेथिए। यदि परीक्षाहरूमा पर्नुभन्दा अघि अय्यूबले "के हामीले परमेश्वरको हातबाट असल कुराचाहिँ ग्रहण गर्ने र खराबीचाहिँ ग्रहण नगर्ने?" भन्थे भने, तैँले अय्यूब बढाइचढाइ कुरा गर्दैछन्, र तिनले परमेश्वरको नाउँ त्याग्नेछैनन् किनकि तिनले बारम्बार परमेश्वरको हातद्वारा आशिष् पाएका थिए भनी भन्नेथिइस्। यदि परमेश्वरले तिनीमाथि विपत्ति ल्याउनुभएको भए, तिनले अवश्य परमेश्वरको नाउँलाई त्याग्नेथिए भनेर तैँले भन्नेथिइस्। तैपनि जब अय्यूबले आफूलाई यस्तो परिस्थितिमा भेट्टाए जुन कसैले पनि चाहँदैन वा देख्न चाहँदैन, जुन परिस्थितिमा कोही पनि पर्न चाहँदैन, यस्तो परिस्थिति जुन परमेश्वरले पनि हेर्न सक्नुभएन, तब अय्यूबले अझै पनि आफ्नो निष्ठा थामेर राख्न सके: "यहोवाले दिनुभयो र यहोवाले नै लानुभएको छ; यहोवाको नाउँको प्रशंसा होस्," अनि "के हामीले परमेश्वरको हातबाट असल कुराचाहिँ ग्रहण गर्ने र खराबीचाहिँ ग्रहण नगर्ने?" यस समयमा अय्यूबको आचरणको सामना गरेपछि, ती ठूलठूला कुरा गर्ने अनि अक्षरहरू र सिद्धान्तहरूको कुरा गर्न मन पराउने मानिसहरू सबै चुपचाप भए। बोलीमा मात्र परमेश्वरको नाउँको गुणगान गर्ने, तापनि परमेश्वरका जाँचहरू कहिल्यै स्वीकार नगर्नेहरूलाई अय्यूबले बलियो गरी समाति राखेको निष्ठाले दोषी ठहराउँछन्, र मानिस परमेश्वरको मार्गमा दृढ रहन सक्षम छ भनी कहिल्यै पनि विश्वास नगर्नेहरू अय्यूबको साक्षीद्वारा न्याय गरिन्छन्। यी परीक्षाहरूको अवधिमा अय्यूबको आचरण र तिनले बोलेका शब्दहरूको सामना गर्नु पर्दा, कोही-कोही मानिसहरू अलमल्लमा पर्नेछन्, कतिले डाह महसुस गर्नेछन्, कसैलाई शङ्का लाग्नेछ र अझ कोही त चासो नभएको जस्तो अय्यूबको साक्षीप्रति नाक बङ्ग्याउँछन्, किनभने तिनीहरूले जाँचको समयमा अय्यूबमाथि आइपरेको यातना देखेका, र अय्यूबले बोलेका वचनहरू पढेका मात्र हुँदैनन्, तर अय्यूबमाथि परीक्षाहरू आइपर्दा तिनले प्रकट गरेको मानव "कमजोरी" लाई पनि देखेका हुन्छन्। यो "कमजोरी" नै अय्यूबको सिद्धताको त्रुटि हो, परमेश्वरको नजरमा सिद्ध रहेको मानिसमा भएको खोट हो भन्ने तिनीहरू विश्वास गर्छन्। भन्नुको अर्थ, सिद्ध मानिसहरू निर्दोष हुन्छन्, निष्खोट वा कपटरहित हुन्छन्, उनीहरूको कुनै कमजोरी हुँदैन, पीडाको

ज्ञान हुँदैन, उनीहरू कहिल्यै दुःखी वा विचलित महसुस गर्दैनन्, र घृणा वा कुनै बाहिरी चरम व्यवहार गर्दैनन् भन्ने विश्वास गरिन्छ; फलस्वरूप, धेरैजसो मानिसहरू अय्यूब साँच्चै सिद्ध थिए भनी विश्वास गर्दैनन्। मानिसहरू तिनको परीक्षणको अवधिको तिनको धेरैजसो व्यवहारलाई स्वीकार गर्दैनन्। उदाहरणको लागि, जब अय्यूबले आफ्नो सम्पत्ति र छोराछोरीहरू गुमाए, मानिसहरूले सोचेजस्तो तिनी आँसुमा डुबेनन्। तिनमा "शिष्टताको अभाव" भएको कुराले मानिसहरूलाई तिनी कठोर मनका थिए भन्ने सोच्न बाध्य पार्छ, किनकि आफ्नो परिवारको निम्ति तिनमा आँसु र स्नेह थिए थिएन। यो अय्यूबप्रतिको तिनीहरूको सुरुको नराम्रो प्रभाव हो। उनीहरूलाई उनको यसपछिको व्यवहार झन् अचम्मको लाग्छ: "आफ्नो खास्टो च्याते" लाई मानिसहरूले परमेश्वरप्रतिको उनको अनादरको रूपमा हेर्छन्, र "आफ्नो कपाल खौरे" भन्ने वाक्यलाई परमेश्वरप्रतिको अय्यूबको निन्दा र विरोध हो भनेर गलत रूपमा विश्वास गर्छन्। अय्यूबका यी शब्दहरू बाहेक "यहोवाले दिनुभयो र यहोवाले नै लानुभएको छ; यहोवाको नाउँको प्रशंसा होस्," मानिसहरूले अय्यूबमा पाइएको कुनै पनि धार्मिकताबारे केही पनि बुझेनन् जुन धार्मिकतालाई परमेश्वरले प्रशंसनीय ठान्नुभएको थियो, र यसरी उनीहरूमध्ये धेरैले गर्ने अय्यूबको मूल्याङ्कन, बुझ्न नसकिने, भ्रम, शङ्का, निन्दा र शब्दको मात्र स्वीकृति बाहेक अरू केही हुँदैन। तिनीहरूमध्ये कसैले पनि अय्यूब सिद्ध र इमानदार मानिस थियो, तिनी परमेश्वरसँग डराउने र खराबीबाट अलग रहने व्यक्ति थियो भनी यहोवा परमेश्वरले बोल्नुभएका वचनहरूलाई साँच्चै बुझ्न र यसको कदर गर्न सक्दैनन्।

अय्यूबको सम्बन्धमा उनीहरूका माथिको विचारको आधारमा, मानिसहरूलाई तिनको धार्मिकतामा अझ शङ्का छ, किनभने धर्मशास्त्रमा लेखिएका अय्यूबका कार्यहरू र तिनको आचरण मानिसहरूले कल्पना गर्ने जत्तिको अत्यन्तै हृदयस्पर्शी थिएनन्। तिनले कुनै ठूला युद्धहरू नगरेका मात्र होइन, तर खरानीमा बसेर आफैलाई कन्याउन तिनले माटोको भाँडाको खपेटा पनि लिएका थिए। यो कार्यले पनि मानिसहरूलाई चकित पार्छ र तिनीहरूले अय्यूबको धार्मिकताको बारेमा शङ्का गर्ने, र इन्कार समेत गर्ने गर्छन्, किनकि आफैलाई कन्याउँदा अय्यूबले प्रार्थना गरेनन् वा परमेश्वरसँग वाचा गरेनन्; न त तिनले पीडाको आँसु नै झारे। यस समयमा, मानिसहरू केवल अय्यूबको कमजोरी मात्र देख्छन्, र अरू केही देख्दैनन्, त्यसैले अय्यूबले, "के हामीले परमेश्वरको हातबाट असल कुराचाहिँ ग्रहण गर्ने र खराबीचाहिँ ग्रहण नगर्ने?" भनेको सुन्दा पनि तिनीहरूलाई कुनै प्रभाव पार्दैन, वा अनिश्चित हुन्छन्, र अझै पनि अय्यूबका शब्दहरूबाट तिनको धार्मिकतालाई पत्ता लगाउन सक्दैनन्। अय्यूबले आफ्नो परीक्षा र सतावटको बेला मानिसहरूलाई दिने आधारभूत धारणा के हो भने, तिनी न त लत्रिन्छन् न अहङ्कारी बन्छन्। तिनको हृदयको गहिराइमा खेलेको व्यवहारको कथालाई मानिसहरूले देख्दैनन् न त उनीहरूले तिनको हृदयमा परमेश्वरको डर देख्छन् न त तिनले दुष्टबाट अलग रहने मार्गको सिद्धान्त पालना गरेको नै देख्छन्। तिनको धैर्यताको कारण मानिसहरूले तिनको सिद्धता र इमानदारीता खाली शब्दहरू मात्र हुन्, परमेश्वरप्रतिको तिनको डर अफवाह मात्र थियो भन्ने ठान्छन्; यस बीचमा, बाहिरी रूपमा प्रकट गरिएको "कमजोरी" ले उनीहरूमा गहिरो प्रभाव पार्छ, जसले उनीहरूलाई त्यस विषयमा "नयाँ दृष्टिकोण" दिन्छ, र परमेश्वरले सिद्ध र इमानदार भनी परिभाषित गर्नुहुने मानिसप्रति "नयाँ बुझाइ" पनि दिन्छ। जब

अय्यूबले आफ्नो मुख खोले र आफू जन्मेको दिनलाई सरापे तब यस्तो “नयाँ दृष्टिकोण” र “नयाँ बुझाइ” प्रमाणित हुन्छन्।

तिनले भोग्नु परेको यातनाको स्तर कुनै पनि मानिसका लागि अकल्पनीय र अकथनीय रहेको भए पनि, तिनले कुनै धर्म-विरोधी कुराहरू बोलेनन्, तर आफ्नै तरिकाले आफ्नो शरीरको पीडा कम गरे। धर्मशास्त्रमा लेखिएझैं तिनले भने: “म जन्मेको दिन र बालक जन्मिएको छ भनी भनिएको त्यो रात नष्ट होस्” (अय्यूब ३:३)। हुन सक्छ, कसैले पनि यी वचनहरूलाई महत्त्वपूर्ण ठानेको छैन, र हुन सक्छ ती वचनमा ध्यान दिने मानिसहरू पनि छन्। तिमीहरूको विचारमा, के ती वचनहरूको अर्थ अय्यूबले परमेश्‍वरको विरोध गरेका हुन् भन्ने हुन्छ? के ती परमेश्‍वर विरुद्धका गुनासो हुन्? मलाई थाहा छ कि तिमीहरूमध्ये धेरै जना अय्यूबले बोलेका यी शब्दहरूबारे निश्‍चित विचारहरू राख्छौ र के विश्‍वास गर्छौ भने, यदि अय्यूब सिद्ध र इमानदार थिए भने तिनले कुनै कमजोरी वा शोक देखाउँदैनथिए, र शैतानको कुनै आक्रमणलाई सकरात्मक रूपमा सामना गर्नुपर्थ्यो, र शैतानका परीक्षाहरूको सामना गर्दा मुस्कुराउनु समेत पर्थ्यो। शैतानले तिनको शरीरमा ल्याएको कुनै पनि यातनाप्रति तिनले थोरै पनि प्रतिक्रिया दिनु हुँदैनथियो, न त तिनले आफ्नो हृदयमा भएको कुनै पनि भावनालाई नै धोका दिनु पर्थ्यो। तिनले परमेश्‍वरलाई ती परीक्षाहरू अझ कठोर बनाउनुहोस् भनेर समेत अनुरोध गर्नुपर्थ्यो। अटल र परमेश्‍वरसँग साँच्चै डराउने र खराबीबाट टाढा रहने व्यक्तिले यही कुरा प्रकट गर्नुपर्छ र उसमा यही कुरा हुनुपर्छ। यस चरम यातनाको बीचमा, अय्यूबले आफ्नो जन्म दिनलाई सराप्ने बाहेक केही पनि गरेनन्। उनले परमेश्‍वरको बारेमा गुनासो गरेनन्, परमेश्‍वरको विरोध गर्ने कुनै अभिप्राय तिनमा हुने त परै जाओस्। यो गर्नुभन्दा भन्नु धेरै सजिलो छ, किनकि प्राचीन समयदेखि आजसम्म कसैले यस्तो परीक्षाहरूको सामना गरेको छैन वा अय्यूबले भोगेका पीडा भोगेको छैन। त्यसोभए किन कसैलाई पनि अय्यूबको जस्तो परीक्षामा पारिएको छैन? किनभने परमेश्‍वर दृष्टिकोणमा, कसैले पनि त्यस्तो जिम्मेवारी वा आदेश लिन सक्दैन, अय्यूबले गरेजस्तै कसैले पनि गर्न सक्दैन, र यसबाहेक, आफूमाथि यातना आइपर्दा अय्यूबले जस्तो कसैले पनि आफ्नो जन्म दिनलाई सराप्ने। र यहोवा परमेश्‍वरको नाउँलाई धन्यको भनिरहने कार्य गर्न सक्दैन। कसैले यो गर्न सक्छ? जब हामी अय्यूबको बारेमा यो भन्छौं, के हामी तिनको व्यवहारको प्रशंसा गरिरहेका हुन्छौं? तिनी एक धर्मी व्यक्ति थिए, र तिनले परमेश्‍वरको निम्ति त्यस्तो गवाही दिन सके, र आफ्नो हातले टाउको लुकाएर शैतानलाई भगाउन सके, यसैले गर्दा परमेश्‍वरलाई दोष लगाउन त्यो फेरि कहिल्यै उहाँको सामने आएन—त्यसोभए तिनको प्रशंसा गर्नुमा के गलत छ? के तिमीहरूको स्तर परमेश्‍वरको भन्दा उच्च हुन सक्छ? के तिमीहरूमाथि परीक्षाहरू आउँदा तिमीहरू अय्यूबले भन्दा राम्रो व्यवहार गर्न सक्नेछौ? परमेश्‍वरले अय्यूबको प्रशंसा गर्नुभयो—तिमीहरूमा के आपत्ति हुन सक्छ?

**अय्यूबले आफ्नो जन्म दिनलाई सराप्छन्, किनकि तिनीद्वारा परमेश्‍वरलाई कष्ट भएको तिनी चाहँदैनन्**

म बारम्बार भन्छु कि परमेश्‍वरले मानिसको हृदय भित्र हेर्नुहुन्छ, जबकि मानिसहरूले बाहिर हेर्छन्। परमेश्‍वरले मानिसको हृदयमा हेर्नुहुने भएकोले, उहाँले तिनीहरूको सार बुझ्नुहुन्छ, जबकि

मानिसहरूले अरू मानिसहरूको सार तिनीहरूको बाहिरी कुराको आधारमा परिभाषित गर्छन्। जब अय्यूबले आफ्नो मुख खोले र आफू जन्मेको दिनलाई सरापे, यस कार्यले अय्यूबका तीन मित्र लगायत सबै आत्मिक व्यक्तिहरूलाई चकित पार्‍यो। मानिस परमेश्‍वरबाट आयो, र जीवन र शरीर, साथै आफ्नो जन्म दिनका लागि उहाँप्रति कृतज्ञ हुनुपर्दछ, जुन परमेश्‍वरले तिनलाई दिनुभएको हुन्छ, र उसले ती कुरालाई सराप्नु हुँदैन। यो साधारण मानिसहरूले बुझ्न र विचार गर्न सक्ने कुरा हो। परमेश्‍वरलाई पछ्याउने जोकोहीको लागि, यो बुझाइ पवित्र र अपरिवर्तनीय छ, र यो कहिल्यै परिवर्तन हुन नसक्ने सत्यता हो। अर्कोतर्फ, अय्यूबले नियमहरू तोडे: तिनले आफ्नो जन्म दिनलाई सरापे। यो साधारण मानिसहरूले निषेधित क्षेत्र पार गर्ने क्रममा गर्ने विचार गर्ने कार्य हो। अय्यूब मानिसहरूको बुझाइ र सहानुभूतिको हकदार नरहेको मात्र होइन, तिनी परमेश्‍वरको क्षमाको पनि हकदार छैनन्। यसको साथै, अझ धेरै मानिसहरू अय्यूबको धार्मिकताप्रति शङ्कालु हुन्छन्, किनकि तिनीप्रतिको परमेश्‍वरको कृपाले अय्यूबलाई आफैप्रति लिप्त बनाएको थियो भन्ने देखिन्छ; यसले तिनलाई यति साहसी र लापरवाह बनायो कि तिनले आफ्नो जीवनकालमा तिनलाई आशिष् दिने र हेरचाह गर्नुहुने परमेश्‍वरलाई धन्यवाद नदिएका मात्र होइन, तर आफ्नो जन्म दिनलाई पनि विनाशमा धकेले। यदि यो परमेश्‍वरको विरोधमा छैन भने, यो के हो त? त्यस्ता सतहीपनले मानिसहरूलाई अय्यूबको यस कार्यको भर्त्सना गर्ने प्रमाण प्रदान गर्दछ, तर त्यसबेला अय्यूबले के सोचिरहेका थिए भनेर कसले थाहा पाउन सक्छ? अय्यूबले किन त्यस्तो व्यवहार गर्‍यो भनेर कसले जान्न सक्छ? केवल परमेश्‍वर र अय्यूबलाई मात्र यहाँको भित्री कथा र कारणहरू थाहा छ।

जब शैतानले अय्यूबका हाडहरूलाई पीडा दिन आफ्नो हात फैलायो, अय्यूब यसको पकडमा पर्‍यो र उम्कनका लागि कुनै तिनीसँग साधन थिएन वा प्रतिरोध गर्ने बल थिएन। तिनको शरीर र प्राणले ठूलो पीडा भोग्नु परेको थियो र यस पीडाले उनलाई देहमा जिउने मानवको तुच्छता, कमजोरी र शक्तिहीनताको बारेमा गहिरो रूपमा सचेत गरायो। साथै, परमेश्‍वरले किन मानवजातिको वास्ता गर्न र उसलाई हेरचाह गर्न ध्यान दिनुहुन्छ भन्ने कुराको पनि तिनले गहिरो सराहना र बुझाइ प्राप्त गरे। शैतानको पकडमा हुँदा, अय्यूबले के महसुस गरे भने, देह र मासुको मानिस वास्तवमा यत्ति शक्तिहीन र कमजोर छ। जब तिनले घुँडा टेके र परमेश्‍वरलाई प्रार्थना गरे, परमेश्‍वरले आफ्नो अनुहार छोप्दै हुनुहुन्छ र लुक्दै हुनुहुन्छ जस्तो तिनले महसुस गरे, किनकि परमेश्‍वरले तिनलाई पूर्ण रूपमा शैतानको हातमा सुम्पिदिनुभएको थियो। त्यही समयमा, परमेश्‍वर पनि तिनको निम्ति विलाप गर्नुभयो, साथै, तिनको लागि दुःखित हुनुभयो; परमेश्‍वर तिनको पीडाद्‌वारा पीडित हुनुभयो, र तिनको चोटले चोट पुर्‍यायो...। अय्यूबले परमेश्‍वरको पीडा महसुस गरे, साथसाथै यो परमेश्‍वरका लागि कति धेरै असहनीय थियो सो पनि महसुस गरे...। अय्यूबले परमेश्‍वरमा कुनै शोक ल्याउन चाहेनन्, न त परमेश्‍वर तिनको लागि बिलौना गर्नुभएको नै तिनले चाहन्थे, तिनीद्‌वारा परमेश्‍वरलाई पीडा भएको तिनले हेर्न चाहने कुरा त परै जाओस्। यस समयमा देहले आफूमाथि ल्याएको पीडा अबदेखि सहन नपरोस् भनेर अय्यूबले आफ्नो शरीरबाट आफूलाई अलग पार्न मात्र खोजेका थिए, किनकि यसले तिनको पीडाद्‌वारा परमेश्‍वरलाई सताउन छोड्ने थियो–तर तिनले त्यसो गर्न सकेनन्, र तिनले देहको पीडा मात्रै होइन, तर परमेश्‍वरलाई चिन्तित

नतुल्याउन चाहेको कष्ट पनि सहनु पर्नेथियो। एउटा शरीरबाट आएको र एउटा आत्माबाट आएको यी दुई पीडाहरूले अय्यूबलाई हृदय विदारक, शरीर नै तोड्ने पीडा दियो, र मासु र रगतले बनिएको मानिसका सीमितताहरूले कसरी उसलाई निराश र असहाय महसुस गराउन सक्छ भन्ने महसुस गरायो। यस्तो परिस्थितिमा परमेश्वरप्रतिको तिनको चाहना झनै तीव्र हुँदै गयो र शैतानप्रतिको तिनको घृणा झनै तीव्र भयो। यस समयमा, अय्यूबले उनको खातिर परमेश्वरले आँशु झार्नुभएको वा पीडा भोग्नुभएको देख्नुभन्दा आफू मानव संसारमा कहिल्यै नजन्मेको भए, र तिनी अस्तित्वमा नभएको भए हुनेथियो भन्ने कामना गरे। तिनले आफ्नो शरीरलाई गहन रूपमा घृणा गर्न थाले, आफू जन्मेको दिन, र तिनीसँग जोडिएका सबै थोकका लागि समेत तिनले दिक्क र थकित महसुस गर्न थाले। तिनी आफू जन्मेको दिन वा त्यससँग सम्बन्धी कुनै पनि कुरा तिनले सुन्न चाहँदैनथे, त्यसैले तिनले आफ्नो मुख खोले र आफ्नो जन्म दिनलाई सरापे: "म जन्मेको दिन र बालक जन्मिएको छ भनी भनिएको त्यो रात नष्ट होस्। त्यो दिन अन्धकार होस्; यसलाई परमेश्वरले माथिबाट वास्ता नगर्नुभएको होस्, न त त्यसमाथि ज्योति नै चम्कोस्" (अय्यूब ३:३-४)। अय्यूबका शब्दहरूले उनी आफैप्रतिको तिनको घृणालाई प्रस्तुत गर्छ, "म जन्मेको दिन र बालक जन्मिएको छ भनी भनिएको त्यो रात नष्ट होस्," साथै तिनले आफैप्रति अनुभव गरेको दोषलाई र परमेश्वरलाई पीडा दिएकोमा तिनी ऋणी भएको महसुस गरेको कुरालाई पनि यसले बताउँछ। "यसलाई परमेश्वरले माथिबाट वास्ता नगर्नुभएको होस्, न त त्यसमाथि ज्योति नै चम्कोस्।" यी दुई खण्डहरू अय्यूबलाई त्यो बेला कस्तो अनुभूति भएको थियो त्यसको अन्तिम अभिव्यक्ति हुन्, र सबैको निम्ति यसले तिनको सिद्धता र इमानदारीतालाई प्रदर्शन गर्दछ। साथै, अय्यूबले चाहे जस्तै, परमेश्वरप्रतिको तिनको विश्वास र आज्ञाकारीता र परमेश्वरप्रतिको डर साँच्चै उच्च पारिए। अवश्य नै, नै परमेश्वरले अपेक्षा गर्नुभएको उत्थान यही थियो।

### अय्यूबले शैतानलाई पराजित गर्छन् र परमेश्वरको नजरमा साँचो पुरुष बन्छन्

जब अय्यूबले सर्वप्रथम आफ्ना परीक्षाहरू भोगेका थिए, तिनीबाट तिनका सबै सम्पत्ति र तिनका सबै छोराछोरी खोसियो, तर तिनी लडेनन् वा त्यसको परिणामस्वरूप परमेश्वरको विरुद्धमा बोलेर कुनै पाप गरेनन्। तिनले शैतानका परीक्षाहरूलाई जितेका थिए, र तिनले आफ्नो भौतिक सम्पत्ति, सन्तान र सबै सांसारिक सम्पत्ति गुमाउने जाँचहरूमा विजय हासिल गरेका थिए, जसको अर्थ के हो भने, परमेश्वरले तिनीबाट सबै थोक लैजानुहुँदा तिनले उहाँको आज्ञापालन गर्न सके, र परमेश्वरले गर्नुभएका कार्यका निम्ति तिनले परमेश्वरलाई धन्यवाद दिन र प्रशंसा चढाउन पनि सके। शैतानको पहिलो परीक्षाको समयमा अय्यूबको आचरण यस्तो थियो, र परमेश्वरको पहिलो जाँचको समयमा अय्यूबको गवाही पनि यस्तो थियो। दोस्रो जाँचको अवधिमा शैतानले अय्यूबलाई कष्ट दिन आफ्नो हात फैलायो र अय्यूबले पहिला कहिल्यै अनुभव नगरेको पीडा भोग्नु परेको भए तापनि, अझै तिनको गवाहीले मानिसहरूलाई छक्क पार्‍यो। तिनले फेरि एक पटक शैतानलाई पराजित गर्न आफ्नो धैर्यता, विश्वस्तता र परमेश्वरप्रतिको आज्ञाकारिताको साथसाथै परमेश्वरप्रतिको आफ्नो भयको प्रयोग गरे, र परमेश्वरले तिनको आचरण र गवाहीलाई फेरि एक

पटक स्वीकार गर्नुभयो। यो परीक्षामा पर्दा, अय्यूबले आफ्नो वास्तविक आचरणको प्रयोग गरेर शैतानलाई के कुराको घोषणा गरे भने, देहको पीडाले परमेश्वरप्रतिको तिनको विश्वास र आज्ञापालनलाई परिवर्तन गर्न सक्दैन वा परमेश्वरप्रतिको तिनको भक्ति र परमेश्वरप्रतिको भयलाई हटाउन सक्दैन; तिनले मृत्युको सामना गर्दा तिनले परमेश्वरलाई त्याग्ने वा आफ्नो सिद्धता र इमानदारीतालाई त्याग्ने थिएनन्। अय्यूबको दृढ संकल्पले शैतानलाई डरपोक बनायो, तिनको विश्वासले शैतानलाई कातर र डराएर काम्ने बनायो, उनले शैतान विरुद्ध लडेको जीवन-मृत्युको युद्धले शैतानमा गहिरो घृणा र आक्रोश उत्पन्न गऱ्यो; तिनको सिद्धता र इमानदारीताको कारण शैतानलाई तिनको विरुद्ध केही गर्न नसक्ने अवस्थामा छोड्यो, यहाँसम्म कि शैतानले तिनीमाथि आक्रमण गर्न छोडी दियो र अय्यूबको विरुद्धमा त्यसले यहोवा परमेश्वरको सामने लगाइएको आरोपलाई त्यसले त्याग्यो। यसको अर्थ अय्यूबले संसारलाई जितेका थिए, तिनले देहलाई जितेका थिए, तिनले शैतानलाई जितेका थिए, र तिनले मृत्युलाई पनि जितेका थिए; उनी पूर्ण र समग्र रूपमा परमेश्वरको मानिस थिए। यी दुई परीक्षाको अवधिमा अय्यूब आफ्नो गवाहीमा अडिग थिए, वास्तवमा आफ्नो सिद्धता र इमानदारीमा जिएका थिए, र परमेश्वरसँग डराउने र दुष्टता त्याग्ने सम्बन्धी आफ्नो जीवनका सिद्धान्तहरूको दायरा फराकिलो बनाए। यी दुई परीक्षाहरू भोगिसकेपछि, अय्यूबमा एक समृद्ध अनुभवको जन्म भयो, र यो अनुभवले तिनलाई अझ परिपक्व र अनुभवी बनायो, यसले तिनलाई बलियो बनायो, अझ ठूलो दृढता भएको व्यक्ति बनायो, र यसले तिनलाई तिनले दह्रिलो गरी पक्रेको सत्यनिष्ठको सहिपन र योग्यताप्रति अझ बढी विश्वस्त। यहोवा परमेश्वरले गर्नुभएको अय्यूबको जाँचले तिनलाई मानिसप्रतिको परमेश्वरको चिन्ताको गहिरो बुझाइ र अनुभूति प्रदान गऱ्यो, र तिनलाई परमेश्वरको प्रेमको अनमोलता महसुस गरायो, यसपछि परमेश्वरप्रतिको तिनको डरमा परमेश्वरप्रतिको गहिरो चासो र प्रेम थपियो। यहोवा परमेश्वरले गर्नुभएको जाँचले अय्यूबलाई उहाँबाट अलग मात्र गरेन, तर तिनको हृदयलाई परमेश्वरको नजिक बनायो। अय्यूबले भोगेको शारीरिक पीडा चरम सीमामा पुगेपछि, तिनले अनुभव गरेका यहोवा परमेश्वरप्रतिको तिनको चिन्ताको कारण तिनले आफ्नो जन्म दिनलाई सराप्ने बाहेक तिनीसँग अरू कुनै विकल्प थिएन। यस्तो आचरण धेरै पहिले योजना गरेर प्रस्तुत गरिएको थिएन, तर तिनको हृदयमा परमेश्वरप्रति तिनले गरेको प्रेम र चासोको कारण प्राकृतिक रूपमा प्रकट भएको थियो, यो परमेश्वरप्रतिको तिनको वास्ता र प्रेमबाट प्राकृतिक रूपमा प्रकट भएको थियो। भन्नुको अर्थ, तिनले आफैलाई घृणा गरे, र तिनी परमेश्वरलाई यातना दिन इच्छुक थिएनन्, त्यसो गर्न सक्दैनथे, त्यसैले तिनको विचार र प्रेम निःस्वार्थताको चरम सीमामा पुगेको थियो। यस समयमा, अय्यूबले आफ्नो लामो समयदेखि चल्दैआएको परमेश्वरप्रतिको आदर र तिर्सना, अनि परमेश्वरप्रतिको भक्तिलाई परमेश्वरप्रतिको वास्ता र प्रेमको स्तरमा उठाए। साथै, तिनले परमेश्वरप्रतिको आफ्नो विश्वास र आज्ञाकारीता र परमेश्वरप्रतिको भयलाई वास्ता र प्रेमको स्तरसम्म पुऱ्याए। तिनले परमेश्वरलाई चोट पुऱ्याउने केही पनि गरेनन्, तिनले परमेश्वरलाई चोट पुऱ्याउने कुनै आचरण प्रस्तुत गरेनन्, र तिनले आफ्नै कारणले गर्दा परमेश्वरमा कुनै दुःख, शोक वा निराशा ल्याएनन्। परमेश्वरको नजरमा, अय्यूब पहिलेको अय्यूब जस्तै रहेको भए तापनि,

अय्यूबको विश्वास, आज्ञाकारीता र परमेश्वरप्रतिको भयले परमेश्वरलाई पूर्ण सन्तुष्टि र आनन्द लियो। यस समयमा, परमेश्वरले अपेक्षा गर्नुभएको सिद्धतालाई अय्यूबले प्राप्त गरेका थिए; तिनी वास्तवमै परमेश्वरको नजरमा "सिद्ध र सोझो" व्यक्ति भनी बोलाउन योग्य मानिस बने। तिनको धार्मिक कामले तिनलाई शैतानमाथि विजय प्राप्त गर्न र परमेश्वरप्रतिको आफ्नो गवाहीमा दृढ रहने तुल्यायो। त्यसकारण, तिनका धार्मिक कामहरूले तिनलाई सिद्ध बनायो, र तिनको जीवनको मूल्यलाई पहिलेभन्दा उच्च बनायो र अरू कुरालाई उछिन्ने तुल्यायो, र ती कुराहरूले तिनलाई शैतानले उप्रान्त आक्रमण गर्न वा परीक्षामा पार्न नसक्ने पहिलो व्यक्ति बनायो। अय्यूब धर्मी भएको हुनाले, तिनलाई शैतानले दोष लगायो र परीक्षामा पऱ्यो; अय्यूब धार्मिक भएकोले, तिनलाई शैतानको हातमा सुम्पियो; अनि अय्यूब धार्मिक भएकोले, तिनले शैतानलाई जिते र हराए, र तिनको गवाहीमा दृढ रहे। अबदेखि अय्यूब फेरि कहिल्यै शैतानको हातमा नपर्ने पहिलो मानिस बने, तिनी वास्तवमै परमेश्वरको आशिषमा शैतानको जासुसी वा विनाशविना परमेश्वरको सिंहासनको अगाडि आएर ज्योतिमा बाँचे...। तिनी परमेश्वरको नजरमा एक साँचो पुरुष बनेका थिए। तिनी स्वतन्त्र भएका थिए ...

**अय्यूबको विषयमा**

अय्यूबले कसरी परीक्षाहरूको सामना गरे भन्ने कुरा सिकिसकेपछि, तिमीहरूमध्ये धेरैले अय्यूबको बारेमा अझ बढी जानकारीहरू पाउन चाहनेछौ, विशेष गरी त्यस रहस्यको बारेमा रहेका जानकारीहरू जसद्वारा तिनले परमेश्वरको प्रशंसा पाए। त्यसैले, आज हामी अय्यूबको बारेमा कुरा गरौं!

**अय्यूबको दैनिक जीवनमा हामी तिनको सिद्धता, इमानदारीता, परमेश्वरप्रतिको तिनको भय, र खराबीबाट अलग बस्ने आचरण देख्छौं**

यदि हामीले अय्यूबको बारेमा कुरा गर्ने हो भने, परमेश्वरले उहाँको आफ्नै मुखद्वारा गर्नुभएको अय्यूबको मूल्याङ्कनबाट हामीले यो सुरु गर्नुपर्दछ: "त्योजस्तो सिद्ध र सोझो, परमेश्वरको भय मान्ने र दुष्टताबाट दूर रहने पृथ्वीमा कोही पनि छैन।"

पहिले हामी अय्यूबको सिद्धता र सोझोपनको बारेमा सिकौं।

"सिद्ध" र "सोझो" भन्ने शब्दहरू सम्बन्धी तिमीहरूको बुझाइ के छ? के तिमीहरू अय्यूब दोष लाउन नसकिने, आदरणीय थियो भन्ने विश्वास गर्छौ? यो अवश्य नै "सिद्ध" र "सोझो" शब्दहरूको ठेड अर्थ र बुझाइ हुनेछ। तर अय्यूबलाई वास्तविक रूपले बुझ्नका निम्ति शब्दहरू, पुस्तकहरू, र सिद्धान्तले मात्रै कुनै उत्तर दिँदैन, तर वास्तविक जीवनको सन्दर्भ अभिन्न हुन्छ। हामी अय्यूबको पारिवारिक जीवनलाई, जीवनमा तिनको सामान्य आचरण कस्तो थियो सो कुरालाई हेर्दै सुरु गर्नेछौं। यसले हामीलाई जीवनमा तिनका सिद्धान्तहरू र उद्देश्यहरूको बारेमा, साथ साथै उनको व्यक्तित्व र खोजीको बारेमा बताउँदछ। अब हामी अय्यूब १:३ का अन्तिम शब्दहरू पढौं: "त्यस मानिस पूर्वका सबै मानिसहरूभन्दा महान् थिए।" यी शब्दहरूले के भनिरहेका छन् भने, अय्यूबको

स्थान र स्थिति एकदम उच्च थियो, र तिनी पूर्वका सबै मानिसहरूमध्ये सबैभन्दा ठूलो हुनुको कारण तिनको प्रशस्त सम्पत्ति भएकोले हो कि तिनी सिद्ध र सोझो थिए र दुष्टबाट टाढा बस्ने र परमेश्वरको डर मान्ने मानिस भएकोले हो सो कुरा हामीलाई नबताइएको भए पनि, समग्रमा, हामी सबैलाई थाहा छ कि अय्यूबको स्थान र स्थिति धेरै मूल्यवान् थियो। बाइबलमा लेखिए अनुसार, अय्यूबको बारेमा मानिसहरूको पहिलो दृष्टिकोण भनेको अय्यूब सिद्ध छन्, तिनी परमेश्वरसँग डराउँछन् र दुष्टबाट अलग बस्छन्, र तिनीसँग धेरै धन र आदरणीय प्रतिष्ठा छ भन्ने थियो। यस्तो वातावरणमा र त्यस्ता परिस्थितिहरूमा जिइरहेका सामान्य व्यक्तिका लागि, अय्यूबको आहार, जीवनको गुणस्तर, र तिनको व्यक्तिगत जीवनका विभिन्न पक्षहरू नै अधिकांश व्यक्तिको ध्यानको केन्द्रबिन्दु हुनेथियो; यसैले हामीले धर्मशास्त्र पढ्न जारी राख्नुपर्छः "अनि तिनका छोराहरू जान्थे र आफ्नो पालोमा आ-आफ्ना घरमा भोज गर्थे; र तिनीहरूसँग खान र पिउनको निम्ति तिनीहरूले आफ्ना बहिनीहरूउँथे। अनि भोजका दिन सकिएपछि अय्यूबले तिनीहरूलाई शुद्ध पार्थे, अनि बिहान सबैरै उठ्थे र ती सबैका सङ्ख्याबमोजिम होमबली चढाउँथे: किनकि अय्यूबले भन्थे, मेरा छोराहरूले पाप गरे होलान् र तिनीहरूका हृदयमा परमेश्वरलाई सरापे होलान्। अय्यूबले निरन्तर यसो गर्थे" (अय्यूब १:४-५)। यो खण्डले हामीलाई दुई वटा कुरा बताउँछ: पहिलो के हो भने, अय्यूबका छोराछोरीहरूले नियमित भोज गर्थे, र धेरै खाने र पिउने गर्थे; दोस्रो कुरा के हो भने, अय्यूबले निरन्तर होमबलि चढाउँथे, किनभने तिनका छोराछोरीहरूले पाप गरे होलान् र आफ्नो हृदयमा परमेश्वरलाई त्यागे होलान् भनी तिनले चिन्ता गर्थे। यसमा दुई फरक प्रकारका मानिसहरूको जीवनको बारेमा वर्णन गरिएको छ। पहिलो, अय्यूबका छोराछोरीहरू उनीहरूको सम्पन्नताको कारण प्राय: भोज गर्थे, असंयमित जीवन बिताउँथे, उनीहरूले आफ्नो हृदय ले चाहे अनुसार पिउथे र खान्थे, र भौतिक सम्पत्तिले ल्याएको उच्च गुणस्तरको जीवनको आनन्द उठाउथे। त्यस्तो जीवन बिताएपछि, उनीहरूले प्रायजसो पाप गर्नु र परमेश्वरलाई अपमान गर्नु अपरिहार्य नै थियो—तैपनि तिनीहरूले आफैलाई पवित्र बनाउँदैनथे वा होमबलिहरू चढाउँदैनथे। त्यसैकारण तैंले देखिस्, कि उनीहरूको हृदयमा परमेश्वरको निम्ति कुनै स्थान थिएन, उनीहरूले परमेश्वरको अनुग्रहको बारेमा कुनै विचार गर्दैनथिए, न त परमेश्वरलाई रिस उठाउने बारेमा नै तिनीहरू डराउँथे, उनीहरूले आफ्नो हृदयमा परमेश्वरलाई त्याग्ने बारेमा तिनीहरू डराउने कुरा त परै जाओस्। अवश्य पनि, हाम्रो ध्यान अय्यूबका छोराछोरीहरूमा होइन, तर अय्यूबले त्यस्ता थोकहरूको सामना गर्दा के गर्थ्यो त्यसमा छ; खण्डमा वर्णन गरिएको अर्को कुरा यही हो, जसमा अय्यूबको दैनिक जीवन र तिनको मानवताको सार समावेश छ। जहाँ बाइबलले अय्यूबका छोराछोरीहरूको भोजको वर्णन गर्दछ, त्यहाँ अय्यूबको उल्लेख गरिएको छैन; भनिन्छ कि तिनका छोराछोरीहरूले मात्रै प्रायजसो सँगै खानपान गर्थे। अर्को शब्दमा भन्दा, तिनले भोजहरू आयोजना गर्दैनथिए, न त उच्छृंखलताको साथ खानपान गर्न तिनी आफ्ना छोराछोरीहरूसँग सहभागी हुन्थे। धनी र धेरै सम्पत्ति र नोकर-चाकरको मालिक भए पनि अय्यूबको जीवन एक विलासी जीवन थिएन। तिनी आफ्नो उत्कृष्ट जिउने वातावरणद्वारा धोकामा परेको थिएनन्, र तिनले आफ्नो सम्पत्तिको कारण शरीरको आनन्दमा मग्न बनाउँदैनथिए वा होमबलि चढाउन बिर्सँदैनथिए, ती

कुराले तिनलाई परमेश्‍वर त्याग्ने बनाउने कुरा त परै जाओस्। त्यसैले स्पष्ट छ, अय्यूब आफ्नो जीवनशैलीमा अनुशासित थिए, परमेश्‍वरले तिनलाई दिनुभएको आशिषको कारण तिनी लोभी वा सुखवादी थिएनन् र तिनी जीवनको गुणस्तरमा लुप्त थिएनन्। बरु, तिनी नम्र र विनयी थिए, तिनी आडम्बर थिएनन्, र तिनी परमेश्‍वरको सामु सतर्क र सावधान थिए। तिनले प्रायजसो परमेश्‍वरका अनुग्रह र आशिषहरूमा ध्यान दिन्थे, र परमेश्‍वरसँग लगातार डराउँथे। आफ्नो दैनिक जीवनमा, अय्यूब प्रायजसो चाँडै उठेर आफ्ना छोराछोरीहरूका लागि होमबलि चढाउँथे। अर्को शब्दमा भन्नुपर्दा, अय्यूब आफू मात्रै परमेश्‍वरसँग डराउँदैनथिए, तर तिनका छोराछोरीहरू पनि परमेश्‍वरसँग डराऊन् र परमेश्‍वर विरुद्ध पाप नगरून् भन्ने आशा गरे। अय्यूबको भौतिक सम्पत्तिले तिनको हृदयमा कुनै स्थान पाएन, न त ती कुराले परमेश्‍वरले लिनुभएको स्थान नै लिए; चाहे तिनको आफ्नै लागि होस् वा तिनका छोराछोरीहरूका लागि होस्, अय्यूबका दैनिक कार्यहरू सबै परमेश्‍वरसँग डराउने र खराबीबाट टाढा रहने कुरासित सम्बन्धित थिए। यहोवा परमेश्‍वरप्रतिको तिनको डर तिनको मुखमा सीमित थिएन, तर तिनले तिनको दैनिक जीवनको हरेक भागमा उनले व्यवहारमा लागू गर्ने र प्रतिबिम्बित गर्ने कुरा थियो। अय्यूबको यो वास्तविक आचरणले हामीलाई तिनी इमानदार थिए, र तिनमा न्याय र सकारात्मक कुराहरू मन पराउने सार थियो भन्ने देखाउँछ। अय्यूबले प्रायजसो आफ्ना छोराछोरीहरूलाई पठाउँथे र पवित्र पार्थे भन्नुको अर्थ तिनले आफ्ना छोराछोरीहरूको व्यवहारलाई प्रतिबन्ध गर्थे वा अनुमोदन गर्दैनथे भन्ने होइन; बरु, आफ्नो हृदयमा तिनी उनीहरूको व्यवहारबाट दिक्क थिए, र तिनको निन्दा गर्थे। तिनी आफ्ना छोराछोरीहरूको व्यवहार यहोवा परमेश्‍वरलाई मन पर्दैन भन्ने निष्कर्षमा पुगेका थिए र यसैले तिनले उनीहरूलाई प्रायजसो यहोवा परमेश्‍वरको सामु जान र तिनीहरूका आफ्ना पापहरू स्वीकार गर्न आग्रह गर्थे। अय्यूबको कार्यले हामीलाई तिनको मानवताको अर्को पक्षबारे देखाउँदछ, जसमा तिनले कहिल्यै पाप गरेनन् र परमेश्‍वरलाई क्रोधित बनाउने मानिसहरूका साथ हिँडेनन्, बरु तिनीहरूलाई त्यागे र टाढिए। यी मानिसहरू तिनका छोराछोरीहरू भए पनि, तिनले तिनीहरू आफ्ना नातेदार हुन् भन्दैमा आफ्नै आचरणका सिद्धान्तहरू त्यागेनन्, न त तिनी आफ्नै भावनाका कारण तिनीहरूका पापहरूमा सामेल भए। बरु, तिनले उनीहरूलाई पश्‍चात्ताप गर्न र यहोवा परमेश्‍वरको सहनशीलता प्राप्त गर्न बिन्ती गरे, र आफ्नै लोभी आनन्दको खातिर परमेश्‍वरलाई नत्याग्न चेतावनी दिए। अय्यूबले अरूसँग कस्तो व्यवहार गर्थे त्यसका सिद्धान्तहरू परमेश्‍वरप्रतिको तिनको भय र दुष्टताबाट अलग रहन सक्ने सिद्धान्तहरूबाट अलग गर्न नसकिने थिए। परमेश्‍वरले स्वीकार गर्नुभएको कुरालाई उनले प्रेम गर्थे, र परमेश्‍वरले इन्कार गर्नुभएका कुरालाई उनले घृणा गर्थे; तिनी हृदयबाट परमेश्‍वरको भय मान्नेहरूलाई मन पराउँथे, र परमेश्‍वरको विरुद्ध खराबी गर्ने र पाप गर्नेहरूलाई घृणा गर्थे। त्यस्तो प्रेम र घृणा तिनको दैनिक जीवनमा प्रदर्शित हुन्थे, र यही नै परमेश्‍वरका आँखाले देखेको अय्यूबको सोझोपन थियो। स्वाभाविक रूपमा, यो तिनको दैनिक जीवनमा अरूसँगको सम्बन्धमा अय्यूबले प्रकट गर्ने गरेको साँचो मानवताको प्रकटीकरण र जियाइ थियो, जसको बारेमा हामीले सिक्नुपर्दछ।

**अय्यूबको परीक्षाहरूको बेला तिनको मानवताको प्रकटीकरण (अय्यूबका परीक्षाहरूका अवधिमा तिनले देखाएको पूर्णता, इमानदारीता, परमेश्वरप्रतिको डर, र खराबीबाट अलग बस्ने कार्य)**

हामीले माथि अय्यूबको मानवताका विभिन्न पक्षहरूका बारेमा बतायौं, जुन तिनका परीक्षाहरूभन्दा अघि तिनको दैनिक जीवनमा प्रदर्शन गरिएका कुराहरू थिए। अवश्य नै, यी विभिन्न प्रकटीकरणहरूले अय्यूबको इमानदारीता, परमेश्वरप्रतिको भय, र खराबीबाट अलग बस्ने इच्छाको बारेमा प्रारम्भिक परिचय र बुझाइ प्रदान गर्छ, र स्वाभाविक रूपमा एक सुरुवाती पुष्टि प्रदान गर्दछ। मैले "प्रारम्भिक" भनी भन्नुको अर्थ के हो भने, धेरैजसो मानिसहरूसँग अझै पनि अय्यूबको व्यक्तित्वको बारेमा र जुन हदसम्म तिनले परमेश्वरको आज्ञापालन र डर मान्ने बाटो पछ्याएका थिए त्यसको सही ज्ञान छैन। भन्नुको अर्थ, अय्यूबको सम्बन्धमा धेरैजसो मानिसहरूको बुझाइ बाइबलका यी दुई वटा खण्डले बताएको केही हदसम्म सकरात्मक अभिव्यक्तिभन्दा बढी र गहन छैन, "यहोवाले दिनुभयो र यहोवाले नै लानुभएको छ; यहोवाको नाउँको प्रशंसा होस्" र "के हामीले परमेश्वरको हातबाट असल कुराचाहिँ ग्रहण गर्ने र खराबीचाहिँ ग्रहण नगर्ने?" तसर्थ, परमेश्वरका परीक्षाहरू आउँदा अय्यूबले आफ्नो मानवता कसरी जिए भन्ने कुरा हामीले बुझ्नु अति आवश्यक छ; यस तरिकाले, अय्यूबको वास्तविक मानवता त्यसको सम्पूर्णतामा सबैलाई देखाइनेछ।

जब अय्यूबले तिनको सम्पत्ति चोरी भएको, तिनका छोराछोरीहरूले आफ्नो ज्यान गुमाएका अनि तिनका नोकरहरू मारिएका खबर सुने तब तिनले यस्तो प्रतिक्रिया दिए: "त्यसपछि अय्यूब उठे, आफ्नो खास्टो च्याते, आफ्नो कपाल खौरे, भूँइमा लम्पसार परे र आराधना गरे" (अय्यूब १:२०)। यी वचनहरूले हामीलाई एउटा तथ्य बताउँछ: यो खबर सुनेपछि, अय्यूब डरले थरथर काँपेनन्, तिनी चिच्याएनन् वा समाचार ल्याउने नोकरहरूलाई दोष लगाएनन्, तिनले अपराध भएको घटनाको अनुसन्धान गरेर वास्तवमा के भएको थियो सो पत्ता लगाउन जाँचबुझ गर्ने कुरा त परै जाओस्। तिनले आफ्नो सम्पत्ति गुमाएकोमा कुनै पीडा वा अफसोस प्रकट गरेनन्, न त आफ्ना छोराछोरी र प्रियजन गुमाएकोले तिनी आँसुमा डुबे। त्यसको विपरीत, तिनले आफ्नो खास्टो च्याते, र कपाल खौरे भुइँमा घोप्टो परेर दण्डवत् गरे। अय्यूबका व्यवहारहरू कुनै साधारण मानिसको जस्ता छैनन्। ती कुराले धेरै मानिसहरूलाई अन्योलमा पार्छन्, र अय्यूबको "कठोर साहस" का लागि आफ्नो हृदयमा तिनलाई हप्काउँछन्। अचानक आफ्नो सम्पत्ति गुमाउनु पर्दा सामान्य मानिसहरू हृदय विचलित भएको वा निराश भएको देखिन्छन् वा कतिपय मानिसहरूको मामलामा, तिनीहरू गहिरो उदासीनतामा पनि पर्न सक्छन्। किनकि मानिसहरूको हृदयमा तिनीहरूका सम्पत्तिले जीवनभरिको परिश्रमको प्रतिनिधित्व गर्दछ—त्यसैमा उनीहरूको अस्तित्वमा निर्भर हुन्छ, त्यसैको आशाले तिनीहरूलाई जीवित राख्छ; तिनीहरूको सम्पत्ति गुमाउनु भनेको तिनीहरूको परिश्रम व्यर्थ हुनु हो, तिनीहरू आशाविहीन हुनु हो, र तिनीहरूको भविष्य नै नहुनु हो। कुनै पनि सामान्य व्यक्तिको आफ्नो सम्पत्तिप्रति यस्तै दृष्टिकोण हुन्छ र त्योसित घनिष्ठ सम्बन्ध हुन्छ, र मानिसहरूका नजरमा सम्पत्तिको महत्त्व पनि यस्तै हुन्छ। त्यसैले, धेरैजसो मानिसहरू अय्यूबले आफ्नो सम्पत्ति गुमाउँदा पनि उदासीन नभएकोमा अलमल्ल पर्छन्। आज, हामी अय्यूबको हृदयभित्र

के भइरहेको थियो भन्ने कुरा व्याख्या गरी यी सबै मानिसहरूले महसुस गर्ने भ्रमलाई हटाउनेछौं।

सामान्य ज्ञानले के सूचित गर्छ भने, परमेश्‍वरले यस्तो प्रशस्त सम्पत्ति दिइसक्नुभएपछि अय्यूबले यी सम्पत्तिहरू गुमाउँदा तिनी परमेश्‍वरको सामु लज्जित हुनुपर्ने थियो, किनकि तिनले ती कुराको हेरचाह वा देखरेख गरेनन्; परमेश्‍वरले तिनलाई दिनुभएको यो सम्पत्तिलाई तिनले पक्रिराखेनन्। यसैले जब तिनले आफ्नो सम्पत्ति चोरी भएको सुने, त्यसबेला तिनको पहिलो प्रतिक्रिया स्वरूप तिनी अपराधको भएको ठाउँमा गएर ती गुमेका सबै कुराको सूची बनाउने र तिनले फेरि एकचोटि परमेश्‍वरका आशिषहरू प्राप्त गर्नेछन् भनी परमेश्‍वरको सामने स्वीकार गर्ने कार्य हुनुपर्थ्यो। तापनि अय्यूबले त्यसो गरेनन्, र तिनले त्यसो नगर्नुका आफ्नै स्वाभाविक कारणहरू थिए। अय्यूबले आफ्नो हृदयमा यो विश्‍वास गरेका थिए, कि तिनीसँग भएका सबै थोकहरू परमेश्‍वरले दिनुभएको हो र ती तिनको आफ्नै परिश्रमको फल थिएनन्। त्यसैले तिनले ती आशिषहरूलाई फाइदा उठाउनु पर्ने पूँजीको रूपमा लिएनन्, बरु यसको सट्टामा आफू जिउने सिद्धान्तलाई आफ्नो सम्पूर्ण शक्तिले त्यस मार्गलाई पक्रिरहे जुन मार्गलाई उनले पक्रिरहनुपर्थ्यो। तिनले परमेश्‍वरका आशिष्हरूको कदर गरे अनि तिनका लागि धन्यवाद दिए, तर तिनी आशिष्हरूद्वारा मोहित भएनन्, न त तिनले ती अझै बढी प्राप्त गर्न नै प्रयास गरे। सम्पत्तिप्रति तिनको दृष्टिकोण यस्तै थियो। तिनले न त आशिष् प्राप्त गर्नका लागि केही गरे, न परमेश्‍वरका आशिषहरूको कमी हुन्छ वा ती गुमाउनुपर्छ भनेर नै चिन्ता गरे वा लोभ नै गरे; तिनी न त परमेश्‍वरका आशिषहरूको कारण उग्र रूपमा उत्तेजित हुँदै खुसी भए, न त बारम्बार आशिष पाएको कारण परमेश्‍वरको मार्गलाई बेवास्ता गरे वा परमेश्‍वरको अनुग्रहलाई बिर्से। आफ्नो सम्पत्तिप्रतिको अय्यूबको दृष्टिकोणले मानिसहरूको निम्ति तिनको वास्तविक मानवतालाई प्रकट गर्दछ: पहिलो, अय्यूब लोभी थिएनन्, र आफ्नो भौतिक जीवनमा मागहरू गर्दैनथे। दोस्रो, अय्यूबले कहिल्यै पनि तिनीसँग भएका सबै थोकहरू परमेश्‍वरले खोस्नुहुनेछ भनी चिन्ता गरेनन् वा डराएनन्, जुन तिनको हृदयमा परमेश्‍वरप्रतिको आज्ञाकारिताको आचरण थियो; अर्थात्, परमेश्‍वरले कहिले तिनका थोकहरू खोस्नुहुन्छ, वा उहाँले त्यसो गर्नुहुन्छ कि गर्नुहुन्न भन्ने बारेमा कहिल्यै माग वा गुनासो गरेनन्, र त्यसो गर्नुको कारण पनि सोधेनन्, तर केवल परमेश्‍वरको बन्दोबस्तहरू मात्र पालन गर्न खोजे। तेस्रो, तिनले आफ्ना सम्पत्ति तिनको आफ्नै परिश्रमबाट आएको हो भनी कहिल्यै विश्‍वास गरेनन्, तर ती परमेश्‍वरले नै तिनलाई दिनुभएको हो भन्ने ठान्थे। परमेश्‍वरमाथिको अय्यूबको विश्‍वास यस्तै थियो र यो तिनको निश्‍चयताको सङ्केत हो। के अय्यूबको मानवता र तिनको दैनिक खोज यी तीन-बुँदे सारांशमा स्पष्ट भएका छन्? अय्यूबले आफ्नो सम्पत्ति गुमाउनु पर्दा पनि तिनको आचरणलाई शान्त राख्ने अभिन्न हिस्सा तिनको मानवता र खोज थियो। तिनको दैनिक खोजीको कारणले नै परमेश्‍वरका जाँचहरू आएको समयमा अय्यूबमा यसो भन्ने कद र दृढ विश्‍वास थियो, "यहोवाले दिनुभयो र यहोवाले नै लानुभएको छ; यहोवाको नाउँको प्रशंसा होस्," यी शब्दहरू रातारात प्राप्त भएका थिएनन्, न त ती अय्यूबको दिमागमा अचानक देखा परेका थिए। ती त तिनले धेरै वर्षको जीवनको अनुभवद्वारा प्राप्त गरेका थिए। परमेश्‍वरका आशिषहरू मात्र खोज्ने र परमेश्‍वरले उनीहरूबाट खोस्नुहोला भनी डराउने, त्यसलाई घृणा गर्ने र त्यसको बारेमा गुनासो गर्नेहरू सबै

मानिसहरूको तुलनामा के अय्यूबको आज्ञाकारीता वास्तविक छैन र? परमेश्वर हुनुहुन्छ भनेर विश्वास गर्ने, तर परमेश्वरले सबै थोकमाथि शासन गर्नुहुन्छ भनी विश्वास नगर्नेहरूको तुलनामा, के अय्यूबमा ठूलो इमानदारीता र सोझोपन छैन र?

**अय्यूबको तर्कशक्ति**

अय्यूबका वास्तविक अनुभवहरू र तिनको सोझोपन र इमानदार मानवताको अर्थ के हो भने, तिनले आफ्नो सम्पत्ति र आफ्ना छोराछोरीहरू गुमाउँदा सबैभन्दा तर्कसंगत विचार र निर्णय गरे। त्यस्ता तर्कसंगत निर्णयहरू तिनको दैनिक काम कुरा र तिनले आफ्नो दैनिक जीवनको समयमा जानेका परमेश्वरका कार्यहरूबाट अलग गर्नै नसकिने थियो। अय्यूबको इमानदारिताले तिनलाई सबै थोकमाथि परमप्रभुको हात छ भनी विश्वास गर्न सक्षम बनायो। तिनको विश्वासले तिनलाई सबै कुरामाथि यहोवा परमेश्वरको सार्वभौमिकता छ भन्ने तथ्यबारे थाहा गरायो; तिनको ज्ञानले तिनलाई यहोवा परमेश्वरको सार्वभौमिकता र प्रबन्धहरू पालन गर्न इच्छुक र सक्षम बनायो; तिनको आज्ञाकारिताले तिनलाई यहोवा परमेश्वरसित डराउन समर्थ तुल्यायो; तिनको डरले खराबीबाट बस्ने तिनको कार्यलाई झन्-झन् वास्तविक बनायो; अन्ततः अय्यूब सिद्ध भए किनकि तिनी परमेश्वरसँग डराउँथे र खराबीबाट अलग बस्थे; तिनको सिद्धताले तिनलाई ज्ञानी बनायो र तिनलाई अत्यन्त तर्कसंगत बनायो।

हामीले यो "तर्कसंगत" भन्ने शब्दलाई कसरी बुझ्नुपर्छ? यसको शाब्दिक अर्थ राम्रो चेतनामा हुनु, आफ्नो सोचविचारमा तर्कसंगत र समझदार हुनु, बोलीवचन, व्यवहार र विचारमा सत्य हुनु, र सही अनि स्थिर नैतिक मापदण्ड धारण गर्नु भन्ने हुन्छ। तापनि अय्यूबको तर्कलाई यति सजिलै वर्णन गर्न सकिँदैन। जब यहाँ अय्यूबमा धेरै तर्कसंगत क्षमता थियो भनिएको छ, यो तिनको मानवता र परमेश्वरको सामु तिनको आफ्नो आचरणको सम्बन्धमा भनिएको हो। अय्यूब इमानदार भएको हुनाले, तिनी विश्वास गर्न र परमेश्वरको सार्वभौमिकताको पालना गर्न सक्षम थिए, जसले तिनलाई यस्तो ज्ञान दियो जुन अरूले प्राप्त गर्न सक्दैनथियो, र यस ज्ञानले तिनलाई आफूमाथि आइलाग्ने कुराहरू अझ राम्ररी बुझ्न, विचार गर्न, र परिभाषित गर्न सक्षम तुल्यायो, जसले तिनलाई के गर्नुपर्छ र कुन कुरा पक्रिनुपर्छ भनी सही र स्पष्ट रूपमा बुझ्न सहायता गर्‍यो। भन्नुको अर्थ, तिनका शब्दहरू, व्यवहार, तिनका कार्यहरूका पछाडिका सिद्धान्तहरू, र उनको व्यवहारका आचार-संहिता नियमित, स्पष्ट, र निश्चित थिए, र अन्धो, आवेगपूर्ण वा भावनात्मक थिएनन्। तिनीमाथि जे आइपरे पनि त्यसप्रति कसरी व्यवहार गर्नुपर्छ सो तिनलाई थाहा थियो, जटिल घटनाहरू बीचको सम्बन्धलाई कसरी सन्तुलनमा राख्नुपर्छ भनी तिनले जान्दथे, र समात्नुपर्ने बाटोलाई कसरी समात्नुपर्छ भन्ने तिनलाई थाहा थियो, यसबाहेक यहोवा परमेश्वरले दिनुहुँदा र लिनुहुँदा कस्तो व्यवहार गर्नुपर्छ भनी तिनले जान्दथे। अय्यूबको तर्कशील क्षमता यही नै थियो। अय्यूब यस्तै तर्क क्षमताले सुसज्जित भएको कारण, तिनले आफ्नो सम्पत्ति र आफ्ना छोराछोरी गुमाउँदा पनि उनले यसो भने, "यहोवाले दिनुभयो र यहोवाले नै लानुभएको छ; यहोवाको नाउँको प्रशंसा होस्।"

जब अय्यूबले शरीरको ठूलो पीडा भोग्नुपर्‍यो, र तिनका आफन्त र साथीहरूको विरोधको सामना

गर्नुपर्‍यो र जब तिनले मृत्युको सामना गर्नुपर्‍यो, तिनको वास्तविक आचरणले फेरि एकपल्ट सबैलाई तिनको वास्तविक अनुहार देखायो।

**अय्यूबको वास्तविक अनुहार: सत्य, शुद्ध, र झूट रहित**

हामी अय्यूब २:७-८ लाई पढौं: "यसैले शैतान यहोवाको उपस्थितिबाट गयो र अय्यूबलाई खुट्टाको पैतालादेखि टाउकोसम्मै पोल्ने खटिराहरू उब्जाइदियो। अनि तिनले आफूलाई कन्याउन भाँडाको एउटा टुक्रा लिए; अनि तिनी खरानीमा बसे।" यो अय्यूबको शरीरमा पीडादायक खटिराहरू निस्केको बेला तिनको आचरण कस्तो थियो त्यसको व्याख्या हो। यस समयमा, पीडाले कष्ट भोग्ने क्रममा अय्यूब खरानीमा बसे। कसैले पनि तिनको उपचार गरेनन्, र कसैलाई पनि तिनको शरीरको पीडा कम गर्न मद्दत गरेनन्; यसको सट्टामा, तिनले खटिरा कन्याउन फुटेका माटोका भाँडाका टुक्राहरू प्रयोग गरे। सतही रूपमा, यो केवल अय्यूबको यातनाको एक चरण मात्र थियो, र तिनको मानवता र परमेश्वरप्रतिको भयसँग यसको कुनै सम्बन्ध थिएन, किनकि अय्यूबले यस बेला आफ्नो मनस्थिति र विचार व्यक्त गर्न कुनै शब्द बोलेनन्। तापनि, अय्यूबका व्यवहार र तिनको आचरण अझै पनि तिनको मानवताको वास्तविक अभिव्यक्ति हुन्। अघिल्लो अध्यायको विवरणमा हामीले पूर्वीय संसारमा अय्यूब सबैभन्दा महान् व्यक्ति थिए भनेर पढ्यौं। यसको साथै दोस्रो अध्यायको यो खण्डले पूर्वका यस महान् व्यक्तिले खरानीमा बसेर फुटेका माटोका भाँडाका टुक्राहरू प्रयोग गरे भन्ने देखाउँछ। के यी दुई वर्णन बीच स्पष्ट भिन्नता छैन र? यो एउटा भिन्न हो जसले हामीलाई अय्यूबको वास्तविक जीवन देखाउँदछ: आफ्नो प्रतिष्ठित स्थान र हैसियतको बाबजुद पनि, तिनले यी कुराहरूलाई कहिल्यै प्रेम गरेनन् न त यी थोकहरूमा कुनै ध्यान नै दिए; अरूले तिनको अडानलाई कसरी हेर्छन् भनेर तिनले वास्ता गरेनन्, न त तिनको काम वा आचरणले तिनको अडानमा कुनै नकारात्मक असर पार्ला कि भनेर नै तिनी चिन्तित थिए; तिनी प्रतिष्ठाका आशिषहरूमा लिप्त भएनन्, न त तिनले प्रतिष्ठा र स्थितिको साथमा आउने महिमाको आनन्द लिए। तिनले केवल आफ्नो मूल्य र यहोवा परमेश्वरको नजरमा आफ्नो जीवनको महत्त्वको बारेमा मात्रै चिन्ता गरे। अय्यूबको साँचो आत्मा नै तिनको सार थियो: तिनी प्रसिद्धि र सम्पत्तिलाई प्रेम गरेनन्, र तिनी प्रसिद्धि र सम्पत्तिका लागि जिएनन्; तिनी सत्य, र शुद्ध, अनि झूट रहित थिए।

**अय्यूबले प्रेम र घृणालाई छुट्ट्याएका**

अय्यूबको मानवताको अर्को पक्षलाई तिनी र तिनकी पत्नी बीचको यो बातचितमा प्रकट गरिएको छ: "तब तिनकी श्रीमतीले उनलाई भनिन्, के तपाईं अझ पनि आफ्नो निष्ठा कायम राख्नुहुन्छ? परमेश्वरलाई सराप्नुहोस् र मर्नुहोस्। तर उनले तिनलाई भने, तिमी मूर्ख स्त्रीले जस्तै कुरा गर्छौ? के? के हामीले परमेश्वरको हातबाट असल कुराचाहिँ ग्रहण गर्ने र खराबीचाहिँ ग्रहण नगर्ने? यी सबै कुरामा अय्यूबले आफ्ना ओठहरूले पाप गरेनन्" (अय्यूब २:९-१०)। तिनले भोगेका यातना देखेर, अय्यूबकी पत्नीले तिनलाई त्यस पीडाबाट बच्न सहायता गर्नका लागि सल्लाह दिन खोजी, तर उसका "असल मनसायहरू" ले अय्यूबको स्वीकृति प्राप्त गरेन; बरु ती कुराले तिनलाई रिस उठायो, किनकि उसले यहोवा परमेश्वरमाथिको तिनको विश्वास र आज्ञापालनलाई इन्कार

गरेकी थिइन्, र साथै यहोवा परमेश्‍वरको अस्तित्वलाई पनि इन्कार गरेकी थिइन्। अय्यूबलाई यो साह्रै असहनीय भयो, किनकि तिनले कहिल्यै पनि परमेश्‍वरको विरुद्ध वा उहाँलाई चोट पुर्‍याउने वा अरूको विषयमा केही भन्‍ने काम कहिल्यै पनि गरेका थिएनन्। अरूले परमेश्‍वरको निन्दा र अपमान गर्ने कुरा बोलेको देख्दा तिनी कसरी उदासीन हुन सक्थे र? यसैले तिनले आफ्नी पत्‍नीलाई "मूर्ख स्त्री" भनी भने। आफ्नी पत्‍नीप्रति अय्यूबको आचरण क्रोध र घृणाले भरिएको, साथसाथै निन्दा र हप्काई मिसिएको थियो। यो अय्यूबको मानवताको स्वाभाविक अभिव्यक्ति थियो–प्रेम र घृणा बीचको भिन्‍नता छुट्ट्याउने–र यो तिनको सोझो मानवताको एक साँचो प्रतिनिधित्व थियो। अय्यूबमा न्यायको भाव थियो–जसले तिनलाई दुष्टताको बतास र छालहरूलाई घृणा गर्ने बनायो, वाहियात विधर्म, हास्यास्पद बहसहरू, र हाँसो लाग्दा दाबीहरूलाई घृणा, निन्दा र अस्वीकार गर्ने बनायो, अनि भीडहरूले तिनलाई अस्वीकार गर्दा अनि नजिकका मानिसहरूले तिनलाई त्याग्दा यसले तिनलाई आफैमा, सही सिद्धान्तहरू र अडानमा सत्य रहने व्यक्ति तुल्यायो।

**अय्यूबको दयालु हृदय र इमानदारीता**

अय्यूबको आचरणबाट हामी तिनको मानवताका विभिन्‍न पक्षहरूको अभिव्यक्ति देख्‍न सक्छौं, त्यसकारण अय्यूबले आफू जन्मेको दिनलाई सराप्‍न तिनको मुख खोल्दा हामी तिनको कुन मानवता देख्छौं? तल हामी यही विषयमा बताउनेछौं।

माथि, मैले अय्यूबले आफू जन्मेको दिनलाई सराप्‍नुको कारणको बारे कुरा गरेको छु। तिमीहरू यसमा के देख्छौ? यदि अय्यूब कठोर हृदयको र प्रेमरहित थिए भने, यदि तिनी उदासीन र भावनाहीन र मानवताबाट अलग थिए भने, के तिनले परमेश्‍वरको हृदयको चाहनाको वास्ता गर्नेथिए होला? तिनले परमेश्‍वरको हृदयको चाहनालाई वास्ता गर्थे भने, के तिनले आफू जन्मेको दिनलाई तुच्छ ठान्‍न सक्थे? अर्को शब्दमा भन्‍नुपर्दा, यदि अय्यूब कठोर हृदयको र मानवताबाट अलग भएको भए, के तिनी परमेश्‍वरको पीडाले व्याकुल हुनसक्थे? परमेश्‍वर तिनीद्वारा शोकित हुनुभएको कारण के तिनले आफ्नो जन्म दिनलाई सराप्‍न सक्थे? यसको उत्तर हो, बिलकुल होइन! अय्यूब दयालु थिए, यसैले तिनले परमेश्‍वरको हृदयको वास्ता गरे; अय्यूबले परमेश्‍वरको हृदयको वास्ता राखेकाले नै तिनले परमेश्‍वरको पीडा महसुस गरे; तिनी दयालु थिए यसैले तिनले परमेश्‍वरको कष्टको अनुभव गरेर, ठूलो यातना सहे; तिनले परमेश्‍वरको पीडा महसुस गरेकाले नै तिनले आफू जन्मेको दिनलाई घृणा गर्न थाले, यसरी तिनले आफ्नो जन्म दिनलाई सरापे। बाहिरका मानिसहरूका निम्ति, अय्यूबको परीक्षाको अवधिमा तिनको सम्पूर्ण आचरण उदाहरणीय छ। केवल तिनले आफू जन्मेको दिनलाई सरापेका कुराले मात्र तिनको सिद्धता र सोझोपनमाथि प्रश्‍न चिन्ह खडा गर्छ, वा एउटा फरक मूल्याङ्कन प्रदान गर्दछ। वास्तवमा यो अय्यूबको मानवताको सारको सबैभन्दा वास्तविक अभिव्यक्ति थियो। तिनको मानवताको सार लुकाइएको थिएन वा पोको पारिएको थिएन, वा अरू कसैद्वारा संशोधित गरिएको थिएन। जब तिनले आफू जन्मेको दिनलाई सरापे, तब तिनले आफ्नो हृदयको गहिराइमा भएको दया र इमानदारीता देखाए; तिनी एउटा झरनाजस्तै थिए, जसको पानी यति स्वच्छ र पारदर्शी हुन्छ कि त्यसको भुइँ पनि देखिन्छ।

अय्यूबको बारेमा यी सबै सिकिसकेपछि, धेरैजसो मानिसहरूमा अवश्य नै अय्यूबको मानवताको सारको सही र उद्देश्य परक मूल्याङ्कन हुनेछ। उनीहरूमा परमेश्वरले भन्नुभएको अय्यूबको सिद्धता र सोझोपनको बारेमा गहन, व्यावहारिक र अझ उच्च बुझाइ र कदर हुनुपर्दछ। आशा छ, यो बुझाइ र कदरले मानिसहरूलाई परमेश्वरको भय मान्ने र खराबीबाट टाढा बस्ने बाटोमा हिँड्न थाल्न सहायता गर्नेछ।

**परमेश्वरले अय्यूबलाई शैतानको हातमा सुम्पनु र परमेश्वरको काम बीचको सम्बन्ध**

अधिकांश मानिसले अब अय्यूब सिद्ध र सोझो थिए र तिनी परमेश्वरसँग डराउँथे र खराबीबाट अलग बस्थे भनी बुझ्ने भए पनि, यस्तो कुराको पहिचानले उनीहरूलाई परमेश्वरको इच्छाको अझ बढी बुझाइ प्रदान गर्दैन। यसको साथसाथै अय्यूबको मानवता र खोजप्रति ईर्ष्या गर्दै, उनीहरूले परमेश्वरको बारेमा निम्न प्रश्नहरू सोध्छन्: अय्यूब यति सिद्ध र सोझो थिए, मानिसहरूले तिनलाई यति धेरै मन पराउँथे भने किन परमेश्वरले तिनलाई शैतानको हातमा सुम्पनुभयो र त्यति धेरै यातना भोग्न लाउनुभयो? यस्ता प्रश्नहरू धेरै मानिसको हृदयमा अवश्य उत्पन्न हुन सक्छ वा यसको सट्टा, यो शङ्का धेरै मानिसको हृदयमा प्रश्नको रूपमा रहेको छ। यसले यति धेरै मानिसलाई अलमल्ल पारेको हुनाले, हामीले यो प्रश्नलाई उठाएर यसलाई राम्रोसँग व्याख्या गर्नुपर्दछ।

परमेश्वरले गर्नुहुने सबै कुरा आवश्यक र असाधारण महत्त्वका छन्, किनकि उहाँले मानिसमा गर्नुहुने सबै कामहरू उहाँको व्यवस्थापन र मानव जातिको मुक्तिसित सम्बन्धित हुन्छन्। स्वाभाविक रूपमा, अय्यूब परमेश्वरको नजरमा सिद्ध र इमानदार थिए र पनि उहाँले तिनमा गर्नुभएको काम पनि फरक छैन। अर्को वचनमा, परमेश्वर चाहे जे गर्नु भए पनि वा जुनै साधनहरूद्वारा त्यो गर्नु भए पनि, मूल्य जति लागे पनि, उहाँको उद्देश्य जे नै भए पनि उहाँका कामहरूको उद्देश्य परिवर्तन हुँदैनन्। परमेश्वरको उद्देश्य मानिसमा, साथै मानिसका निम्ति रहेको उहाँका मागहरू र इच्छामा परमेश्वरका वचनहरू काममा लगाउनु हो; अर्को वचनमा, यो भनेको परमेश्वरले उहाँका चरणहरूमा सकारात्मक भनी विश्वास गर्नुभएको काम मानिसभित्र गराउनु हो, जसले मानिसलाई परमेश्वरको हृदय बुझ्न र परमेश्वरको सार बुझ्न सक्ने बनाउँछ, र मानिसलाई परमेश्वरको सार्वभौमिकता र प्रबन्धहरू पालन गर्ने अनुमति दिन्छ, यसरी मानिसले परमेश्वरको भय प्राप्त गर्न सक्छ र खराबीबाट अलग बस्न सक्छ—परमेश्वरले गर्नुहुने सबै कार्यमा उहाँको उद्देश्यको एक पक्ष यो सबै हो। अर्को पक्ष यो हो कि, शैतान परमेश्वरको काममा प्रतिभार र सेवाको पात्र भएकोले मानिसलाई प्रायः शैतानको हातमा नै सुम्पिन्छ; मानिसहरूलाई शैतानका परीक्षाहरू र आक्रमणहरूमा शैतानको दुष्टता, कुरूपता र घिनलाग्दो अवस्था देखाई, मानिसहरूलाई शैतान घृणा गर्ने, अनि जे नकारात्मक छ त्यसलाई चिन्न र बुझ्न सक्ने तुल्याउनको लागि परमेश्वरले प्रयोग गर्नुहुने माध्यम यही हो। जबसम्म परमेश्वरको वचन, परमेश्वरको बारेमा तिनीहरूका ज्ञान र आज्ञापालन, परमेश्वरमाथिको तिनीहरूका विश्वास र उहाँप्रतिको भयको कारण, तिनीहरूले शैतानका आक्रमण र आरोपहरूमाथि विजय हासिल गर्दैनन्, तबसम्म यस प्रक्रियाले तिनीहरूलाई बिस्तारै शैतानको नियन्त्रण र आरोपहरू, हस्तक्षेप र आक्रमणहरूबाट स्वतन्त्र

तुल्याउँछ; तब मात्र तिनीहरूले शैतानको अधिकार क्षेत्रबाट पूर्ण रूपमा छुटकारा पाउनेछन्। मानिसहरूको छुटकाराको अर्थ, शैतान हारेको छ भन्ने हो, यसको अर्थ, तिनीहरू अब शैतानको मुखको आहार हुँदैनन्–तिनीहरूलाई निल्नुको साटो शैतानले तिनीहरूलाई छोडिदिन्छ भन्ने हो। त्यस्ता मानिसहरू सोझा भएकाले, तिनीहरूसित विश्‍वास, आज्ञापालन, र परमेश्‍वरप्रति भय भएकोले, र तिनीहरू पूर्ण रूपमा शैतानबाट अलग भएकोले त्यस्तो हुन्छ। तिनीहरूले शैतानलाई लज्जित बनाउँछन्, तिनीहरूले शैतानलाई कायर बनाउँछन्, र तिनीहरूले शैतानलाई पूर्ण रूपमा पराजित गर्छन्। परमेश्‍वरलाई पछ्याउने, उहाँको आज्ञापालन गर्ने र उहाँको भय मान्‍ने तिनीहरूका दृढ विश्‍वासले नै शैतानलाई पराजित गर्छ, र शैतानलाई पूर्ण रूपमा तिनीहरूलाई त्याग्‍ने बनाउँछ। यस्ता मानिसहरू मात्र वास्तवमा परमेश्‍वरद्वारा साँचो रूपमा प्राप्‍त गरिएका हुन्छन्, र परमेश्‍वरले मानिसलाई बचाउनुको मुख्य उद्देश्य पनि यही हो। यदि तिनीहरू मुक्ति पाउन र परमेश्‍वरद्वारा पूर्ण रूपमा प्राप्‍त गरिन चाहन्छन् भने, परमेश्‍वरलाई पछ्याउनेहरू सबैले शैतानबाट आउने ठूलो र सानो दुवै परीक्षाहरू र आक्रमणहरूको सामना गर्नुपर्दछ। जो यी परीक्षाहरू र आक्रमणहरूबाट भएर जान्छन् र शैतानलाई पूर्ण रूपले पराजित गर्न सक्षम हुन्छन्, परमेश्‍वरद्वारा बचाइएकाहरू तिनीहरू नै हुन्। भन्‍नुको अर्थ, जो परमेश्‍वरमा बचाइएका हुन्छन् तिनीहरू परमेश्‍वरका जाँचहरूबाट भएर गएका, र शैतानका अनगन्ती परीक्षा र आक्रमणमा परेका मानिसहरू हुन्। जो परमेश्‍वरमा बचाइएका हुन्छन् तिनीहरूले परमेश्‍वरको इच्छा र मागहरू बुझ्दछन्, र उनीहरूले परमेश्‍वरको सार्वभौमिकता र प्रबन्धहरूलाई कुनै विरोध नगरी स्वीकार गर्न सक्छन्, र शैतानका परीक्षाहरूको बीचमा पनि तिनीहरूले परमेश्‍वरको भय मान्‍ने र खराबबाट अलग रहने मार्ग छोड्दैनन्। जो परमेश्‍वरमा बचाइएका हुन्छन् तिनीहरूमा इमानदारीता हुन्छ, तिनीहरू दयालु हृदयका हुन्छन्, तिनीहरूले प्रेम र घृणा बीच भिन्‍नता छुट्याउँछन्, तिनीहरूसँग न्यायको चेतना हुन्छ र विवेकशील हुन्छन्, र तिनीहरू परमेश्‍वरलाई वास्ता गर्न र परमेश्‍वरका सबै थोकलाई मूल्यवान् सम्झेर राख्‍न सक्षम हुन्छन्। त्यस्ता मानिसहरू शैतानद्वारा बाँधिँदैनन्, जासुसी वा दुर्व्यवहार गरिँदैनन्; तिनीहरू पूर्ण रूपमा स्वतन्त्र हुन्छन्, तिनीहरू पूर्ण मुक्त र रिहा गरिएका हुन्छन्। अय्यूब त्यस्तै स्वतन्त्र मानिस थिए, र परमेश्‍वरले तिनलाई शैतानको हातमा सुम्पनुभएको महत्त्व पनि ठीक यही थियो।

शैतानले अय्यूबलाई दुर्व्यवहार गरेको थियो, तर तिनले अनन्त स्वतन्त्रता र छुटकारा पनि पाएका थिए, र तिनले फेरि कहिल्यै पनि शैतानको भ्रष्टता, दुर्व्यवहार, र आरोपहरूको अधीनमा नपर्ने, बरु परमेश्‍वरको मुहारको प्रकाशमा स्वतन्त्र र भारमुक्त जीवन जिउन पाउने र परमेश्‍वरका आशिषहरूको बीचमा जिउने अधिकार प्राप्‍त गरेका थिए। यो अधिकार कसैले पनि खोस्न वा नष्ट गर्न वा कब्जा गर्न सकेन। यो अय्यूबलाई तिनको विश्‍वास, दृढ संकल्प, र परमेश्‍वरप्रतिको आज्ञाकारीता र भयको बदलीमा दिइएको थियो; अय्यूबले पृथ्वीमा आनन्द र खुसी प्राप्‍त गर्न आफ्नो जीवनको मूल्य चुकाए, जुन पृथ्वीमा परमेश्‍वरको साँचो सृष्टिको रूपमा विनाबाधा सृष्टिकर्ताको आराधना गर्नका निम्ति स्वर्गबाट नियुक्त गरिएको र पृथ्वीमा स्वीकार गरिएको थियो। त्यो अय्यूबले भोगेका परीक्षाहरूको सबैभन्दा ठूलो प्रतिफल पनि थियो।

जब मानिसहरूलाई मुक्ति दिन बाँकी नै हुन्छ, तिनीहरूको जीवनलाई प्रायजसो शैतानले

हस्तक्षेप र अनि नियन्त्रण समेत गरेको हुन्छ। अर्को वचनमा, मुक्ति नदिइएका मानिसहरू शैतानका कैदीहरू हुन्, तिनीहरूसँग स्वतन्त्रता हुँदैन, शैतानले तिनीहरूलाई त्यागेको हुँदैन, तिनीहरू परमेश्‍वरको आराधना गर्ने योग्य वा हकदार हुँदैनन्, र तिनीहरूलाई शैतानले नजिकबाट खेदो गरेको र भयानक आक्रमण गरेको हुन्छ। त्यस्ता मानिसहरूसँग बताउन सकिने कुनै खुसी हुँदैन, तिनीहरूसित बताउन सकिने सामान्य अस्तित्व हुँदैन, र यसबाहेक उनीहरूसँग बोल्ने कुनै मर्यादा हुँदैन। यदि तँ खडा भएर परमेश्‍वरमा भएको आफ्नो विश्‍वास र उहाँप्रतिको आज्ञापालन र परमेश्‍वरप्रतिको भयलाई जीवन र मृत्युका निम्ति लडाइँ गर्ने हतियारको रूपमा प्रयोग गर्दै शैतानसित युद्ध गरिस् भने मात्र शैतानलाई पूर्ण रूपमा पराजित गर्नेछस्, अनि त्यसलाई पिठिउँ फर्काएर भाग्ने र तँलाई देख्दा डरछेरुवा बन्ने तुल्याउन सक्छस्, यसरी त्यसले तेरोको विरुद्धका आक्रमणहरू र आरोपहरूलाई पूर्ण रूपमा त्याग्छ–तब मात्र तैंले मुक्ति र स्वतन्त्रता पाउँछस्। यदि तँ शैतानबाट पूर्ण रूपमा अलग हुन चाहन्छस् तर शैतानलाई पराजित गर्न तँलाई सहायता गर्ने हात-हतियारहरूद्वारा सुसज्जित छैनस् भने तँ अझै पनि खतरामा नै छस्; समय बित्दैजाँदा, तँ शैतानद्वारा यति धेरै सताइनेछस् कि तँमा अलिकति पनि शक्ति बाँकी रहँदैन, तापनि तँ अझै पनि गवाही दिन असमर्थ हुन्छस्, तेरो विरुद्धका शैतानका आरोपहरू र आक्रमणहरूबाट अझै आफैलाई पूर्ण रूपमा स्वतन्त्र तुल्याएको हुँदैन भने, तब तँमा मुक्ति पाउने आशा निकै थोरै हुनेछ। आखिरीमा, जब परमेश्‍वरको कामको समाप्तिको घोषणा गरिनेछ, आफैलाई स्वतन्त्र पार्न नसक्ने गरी तँ अझै पनि शैतानको पक्डमा नै हुनेछस्, र यसरी तँसँग कहिल्यै पनि मौका वा आशा हुनेछैन। त्यसकारण, यसको तात्पर्य भनेको, त्यस्ता मानिसहरू पूर्ण रूपमा शैतानको कैदमा परेका हुनेछन् भन्ने हो।

**परमेश्‍वरका जाँचहरूलाई स्वीकार गर, शैतानको परीक्षाहरूमाथि विजयी बन, र परमेश्‍वरलाई तिमीहरूको सम्पूर्ण अस्तित्व प्राप्त गर्न देओ**

मानिसहरूका निम्ति परमेश्‍वरको अनन्त प्रबन्ध र सहयोगको कामको अवधिमा उहाँले मानिसलाई आफ्नो सम्पूर्ण इच्छा र आवश्यकताहरूको बारेमा बताउनुहुन्छ र उहाँको काम, स्वभाव र उहाँसित के छ र को हुनुहुन्छ भन्ने मानिसलाई देखाउनुहुन्छ। यसको उद्‌देश्य मानिसलाई कदले सुसज्जित पार्नु हो, र मानिस परमेश्‍वरको पछि लाग्दा उसलाई उहाँबाट विभिन्न सत्यहरू प्राप्त गर्न दिनु हो–ती सत्यताहरू, जुन परमेश्‍वरले मानिसलाई शैतानसित लड्नका निम्ति दिनुभएका हतियारहरू हुन्। यसरी सुसज्जित भएपछि मानिसले परमेश्‍वरका परीक्षाहरूको सामना गर्नैपर्छ। परमेश्‍वरसित मानिसलाई परीक्षा गर्ने धेरै वटा साधन र उपायहरू छन्, तर ती सबैमा परमेश्‍वरको शत्रु शैतानको "सहकार्य" को आवश्यकता हुन्छ। भन्नुको अर्थ, मानिसलाई शैतानसँग लडाइँ गर्ने हात-हतियारहरू दिएपछि परमेश्‍वरले उसलाई शैतानको हातमा सुम्पिनुहुन्छ र शैतानलाई मानिसको कद "जाँच्ने" अनुमति दिनुहुन्छ। यदि मानिस शैतानको लडाइँ संरचनाबाट निस्कन सक्यो भने, यदि ऊ शैतानको घेराउबाट उम्केर अझै जीवित रहन सक्यो भने, मानिस त्यो जाँचमा सफल भएको हुन्छ। तर यदि मानिस शैतानको लडाइँको संरचना छोड्न असफल हुन्छ र शैतानको अगि आत्मसमर्पण गर्छ भने, तब ऊ त्यो जाँचमा सफल भएको हुनेछैन। परमेश्‍वरले मानिसको जुन सुकै

पक्षलाई जाँच्नु भए पनि, उहाँको मापदण्डचाहिँ शैतानले आक्रमण गर्दा मानिस आफ्नो गवाहीमा दृढ रूपमा खडा हुन्छ कि हुँदैन, र शैतानको पासोमा परेपछि उसले परमेश्‍वरलाई त्यागेर शैतानको अगि समर्पित हुन्छ कि हुँदैन भन्‍ने नै हुन्छ। यो भन्‍न सकिन्छ कि मानिस बाँच्‍न सक्छ कि सक्दैन भन्‍ने कुरा उसले शैतानलाई जित्‍न र पराजित गर्न सक्छ कि सक्दैन भन्‍ने कुरामा निर्भर गर्दछ, र उसले स्वतन्त्रता प्राप्त गर्न सक्छ कि सक्दैन भन्‍ने कुरा परमेश्‍वरले शैतानसित लड्न उसलाई दिनुभएका हतियारहरू उठाउन सक्छ कि सक्दैन र शैतानलाई पूर्ण रूपमा आशारहित र एकलो बनाएर छोड्न सक्छ कि सक्दैन भन्‍ने कुरामा निर्भर हुन्छ। यदि शैतानले आशा छोडेर कसैलाई छोडेर जान्छ भने त्यसको अर्थ यही हुन्छ कि अब फेरि शैतानले त्यस व्यक्तिलाई परमेश्‍वरबाट खोस्‍ने कहिल्यै कोसिस गर्नेछैन, त्यस व्यक्तिलाई फेरि कहिल्यै पनि आरोप लगाउनेछैन र हस्तक्षेप गर्नेछैन, फेरि तिनीहरूलाई कहिल्यै पनि कष्‍ट दिन वा आक्रमण गर्न मात्र चाहँदैन; त्यस्ता व्यक्ति मात्र वास्तवमा परमेश्‍वरद्वारा प्राप्त गरिएको हुनेछ। परमेश्‍वरले मानिसहरूलाई प्राप्त गर्ने सम्पूर्ण प्रक्रिया यही हो।

**अय्यूबको साक्षीले पछिका पुस्ताहरूलाई दिएको चेताउनी र ज्ञान**

परमेश्‍वरले कुनै मानिसलाई जुन प्रकारले पूर्ण रूपमा प्राप्त गर्नुहुन्छ त्यस प्रक्रियालाई बुझ्नुका साथै, मानिसहरूले परमेश्‍वरले अय्यूबलाई शैतानको हातमा सुम्पनुको उद्देश्य र महत्त्व पनि बुझ्नेछन्। मानिसहरू अब अय्यूबको यातनाबाट विचलित हुँदैनन्, र त्यसको महत्त्वको नयाँ बुझाइ प्राप्त गर्छन्। तिनीहरू अब आफू पनि अय्यूबकै जस्तो परीक्षामा परिन्छ कि भनी चिन्तित हुँदैनन्, र अब उनीहरूले परमेश्‍वरका जाँचहरू आउँदा त्यसको विरोध वा इन्कार गर्दैनन्। अय्यूबको विश्‍वास, आज्ञाकारिता र शैतानलाई जितेको तिनको गवाही मानिसहरूका निम्ति ठूलो सहायता र उत्साहको स्रोत भएर आएको छ। अय्यूबमा तिनीहरूले तिनीहरूका आफ्नै मुक्तिको आशा देख्छन्, अनि विश्‍वास र आज्ञापालन साथै परमेश्‍वरको भयद्वारा शैतानलाई पराजित गर्न, शैतानमाथि विजय पाउन पूर्ण रूपमा सम्भव छ भनी बुझ्छन्। तिनीहरूले यो देख्छन्, कि जबसम्म उनीहरूले कुनै विरोध नगरी परमेश्‍वरको सार्वभौमिकता र प्रबन्धहरूलाई स्वीकार गर्छन्, जबसम्म सबै कुरा गुमाइसकेपछि पनि परमेश्‍वरलाई नत्याग्ने दृढ संकल्प र विश्‍वास गर्छन् तबसम्म उनीहरूले शैतानलाई लज्जित पार्न र पराजित गर्न सक्छन्, र उनीहरूले चाहे आफ्नो प्राण गुमाउन परे पनि शैतानलाई भयभीत बनाउन र तुरुन्तै धपाउन उनीहरूमा आफ्नो गवाहीमा दृढ भई खडा हुने संकल्प र दृढता मात्र हुनुपर्छ भनी बुझ्छन्। अय्यूबको गवाही पछिका पुस्ताहरूका लागि एउटा चेताउनी हो, र यो चेताउनीले उनीहरूलाई भन्छ कि यदि उनीहरूले शैतानलाई पराजित गरेनन् भने उनीहरूले शैतानका आरोपहरू र हस्तक्षेपबाट आफूलाई कहिल्यै पनि छुटकारा दिलाउन सक्ने छैनन्, न त उनीहरू कहिल्यै शैतानको दुर्व्यवहार र आक्रमणहरूबाट उम्कन नै सक्नेछन्। अय्यूबको गवाहीले पछिका पुस्ताहरूलाई अन्तर्दृष्‍टि प्रदान गरेको छ। यो अन्तर्दृष्‍टिले मानिसहरूलाई यो सिकाउँछ कि यदि उनीहरू सिद्ध र सोझो छन् भने मात्र तिनीहरू परमेश्‍वरको भय मान्‍न र खराबीबाट अलग बस्‍न सक्छन्; यसले उनीहरूलाई सिकाउँछ कि यदि उनीहरू परमेश्‍वरको भय मान्छन् र खराबीबाट

अलग बस्छन् भने मात्र उनीहरूले परमेश्‍वरको बलियो र जोडदार गवाही दिन सक्छन्; यदि उनीहरूले परमेश्‍वरका निम्ति बलियो र जोडदार गवाही दिन्छन् भने मात्र उनीहरू कहिल्यै शैतानको नियन्त्रणमा हुन सक्दैनन् र परमेश्‍वरको अगुवाइ र सुरक्षाको अधीनमा जिउँछन्—तब मात्र उनीहरू वास्तविक रूपमा बचाइएका हुनेछन्। अय्यूबको व्यक्तित्व र तिनको जीवनको खोजलाई मुक्तिको खोजी गर्ने प्रत्येक व्यक्तिले अनुकरण गर्नुपर्छ। तिनले आफ्नो सम्पूर्ण जीवन जसरी जिए र जाँचहरूको अवधिमा तिनको आचरण जस्ता थिए, परमेश्‍वरको भय मान्‍ने र दुष्टताबाट अलग बस्‍ने मार्गको खोजी गर्नेहरूको लागि ती सबै अनमोल सम्पत्ति हो।

**अय्यूबको गवाहीले परमेश्‍वरमा सान्त्वना ल्याउँछ**

यदि मैले अहिले तिमीहरूलाई अय्यूब एक प्यारो व्यक्ति हो भनेर भनें भने तिमीहरू यी वचनहरू भित्रका अर्थलाई बुझ्‍न सक्दैनौ, र मैले यी सबै कुराहरू बोल्नुको पछि रहेको भावनालाई सायद बुझ्‍न सक्दैनौ; तर त्यो दिनसम्म पर्ख जब तिमीहरूले अय्यूबले जस्तै जाँचहरू वा अय्यूबका जस्तै पीडा भोग्नेछौ, जब तिमीहरू कठिन परिस्थितिहरूबाट भएर जान्छौ, जब परमेश्‍वरले व्यक्तिगत रूपले तिमीहरूका निम्ति मिलाउनुभएका जाँचहरूको अनुभव गर्नेछस्, जब तिमीहरूले आफ्नो सबै कुरा दिनेछौ, र जब तिमीहरूले शैतानमाथि विजयी प्राप्त गर्न र जाँचहरूको बीचमा पनि परमेश्‍वरको साक्षी दिनका लागि अपमान र कठिनाइ सहन्छौ—तब मैले बोलेका यी शब्दहरूको अर्थ तैँले बुझ्‍न सक्नेछस्। त्यस बेला तैँले आफूलाई अय्यूबभन्दा धेरै सानो भएको महसुस गर्नेछस्, तैँले अय्यूब कति प्यारो छन् र तिनी अनुकरण योग्य छन् भन्‍ने कुराको महसुस गर्छस्; जब त्यो समय आउँछ, तब अय्यूबले बोलेका ती उत्कृष्ट शब्दहरू भ्रष्ट र यस समयमा बाँचिरहेको मानिसका लागि कति महत्त्वपूर्ण छन् भनी तैँले बुझ्‍नेछस्, र आजका मानिसहरूका निम्ति अय्यूबले हासिल गरेका कुराहरू हासिल गर्न कति गाह्रो छ भनी बुझ्‍नेछस्। जब तैंले यो गाह्रो भएको महसुस गर्छस्, तब तैँले परमेश्‍वरको हृदय कतिको चिन्तित र व्याकुल छ भनी बुझ्‍नेछस्, त्यस्ता मानिसहरूलाई प्राप्त गर्न परमेश्‍वरले तिर्नुभएको मूल्य कति उच्च छ, र परमेश्‍वरले मानवजातिका निम्ति गर्नुहुने काम र तिर्नुहुने मूल्य कति बहुमूल्य छ भनी बुझ्‍नेछस्। अब तिमीहरूले यी शब्दहरू सुन्यौ, तब के तिमीहरूसँग अय्यूबको बारेमा सही बुझाइ र सही मूल्याङ्कन छ? तिमीहरूको नजरमा, के अय्यूब परमेश्‍वरको भय मान्‍ने र खराबीबाट अलग बस्‍ने एक सिद्‌ध र सोझो मानिस थिए? म विश्‍वास गर्दछु कि अधिकांश मानिसले निश्‍चित रूपमा थियो भनी भन्‍नेछन्। किनकि अय्यूबले जस्तो व्यवहार गरे अनि जे प्रकट गरे ती तथ्यहरूलाई कुनै पनि व्यक्ति वा शैतानले इन्कार गर्न सक्दैन। ती शैतानमाथि अय्यूबले गरेको विजयको सबैभन्दा शक्तिशाली प्रमाण हुन्। यो प्रमाण अय्यूबमा पैदा भएको थियो, र यो परमेश्‍वरले प्राप्त गर्नुभएको पहिलो गवाही थियो। त्यसकारण जब शैतानका परीक्षाहरूमा अय्यूब विजयी भए, र परमेश्‍वरको गवाही दिए, तब परमेश्‍वरले अय्यूबमा आशा देख्नुभयो र अय्यूबद्‌वारा उहाँको हृदयलाई सान्त्वना मिल्यो। सृष्टिको समयदेखि अय्यूबको समयसम्म, परमेश्‍वरले सान्त्वना वास्तवमा कस्तो हुन्छ, र मानिसद्‌वारा सान्त्वना पाउनु भनेको के हो सो अनुभव गर्नुभएको यो वास्तवमा पहिलो पटक थियो। उहाँको निम्ति दिइएको साँचो

गवाही उहाँले देख्नुभएको र त्यो प्राप्त गर्नुभएको यो पहिलो पटक थियो।

मलाई विश्वास छ कि, अय्यूबको गवाही र अय्यूबको सम्बन्धमा रहेका विभिन्न पक्षहरूका विवरणहरू सुनेपछि, अधिकांश मानिसहरूले उनीहरूको अगाडिको मार्गका लागि योजनाहरू बनाउनेछन्। त्यसरी नै म विश्वास गर्छु, चिन्ता र डरले भरिएका प्रायजसो मानिसहरूले बिस्तारै शरीर र मन दुवैमा शान्ति पाउन थाल्नेछन् र अलि-अलि गर्दै आराम महसुस गर्न थाल्नेछन् ...

तलका खण्डहरू पनि अय्यूब सम्बन्धी विवरणहरू हुन्। हामी पढ्दै जाऔं।

४. अय्यूबले कानद्वारा परमेश्वरको बारेमा सुन्छन्

अय्यूब ९:११ हेर्नुहोस्, उहाँ मेरो छेउबाट हिँड्नुहुन्छ, र म उहाँलाई दख्दिनँ: उहाँ जानु हुन्छ, तर म उहाँलाई देख्दिनँ।

अय्यूब २३:८-९ हेर्नुहोस्, म अगाडि बढ्छु तर उहाँ त्यहाँ हुनुहुन्न; अनि पछाडि फर्कन्छु, तर उहाँलाई देख्दिनँ: देब्रे हातपट्टि, जहाँ उहाँ काम गर्नुहुन्छ तर म उहाँलाई देख्न सक्दिनँ: मैले नदेखूँ भनेर उहाँले आफैलाई दाहिने हातपट्टि लुकाउनुहुन्छ।

अय्यूब ४२:२-६ मलाई थाहा छ तपाईंले सबै थोक गर्न सक्नुहुन्छ, अनि तपाईंदेखि कुनै पनि विचारलाई रोक्न सकिन्न। कसले ज्ञानविना मेरा सल्लाहलाई लुकाउँछ? यसैले मैले नबुझ्ने कुरा मैले बोलेको छु; मेरो निम्ति अत्यन्तै अचम्मका कुराहरू, जुन मलाई थाहा थिएन। सुन्नुहोस्, म तपाईंलाई बिन्ती गर्छु, अनि म बोल्नेछु: म तँपाईंसँग माग गर्छु र तपाईंलाई मप्रति घोषणा गर्छु। मेरो कानको सुनाइद्वारा मैले तपाईंको बारेमा सुनेको छु: तर अब मेरा आँखाले तपाईंलाई देख्छ। म किन आफैलाई घृणा गर्छु, अनि धुलो र खरानीमा पश्चाताप गर्छु।

**परमेश्वरले आफैलाई अय्यूबको सामु प्रकट नगर्नुभएको भए पनि, अय्यूबले परमेश्वरको सार्वभौमिकतामा विश्वास गर्दछन्**

यी शब्दहरूको जोड दिइएको कुरा के हो? के यहाँ एउटा तथ्य छ भन्ने तिमीहरूमध्ये कसैलाई थाहा छ? सर्वप्रथम, अय्यूबले परमेश्वर हुनुहुन्छ भनेर कसरी थाहा पाए? त्यसपछि, परमेश्वरले नै स्वर्ग र पृथ्वी र सबै थोकमाथि शासन गर्नुहुन्छ भनी तिनले कसरी जाने? यो एउटा खण्डले यी दुई प्रश्नहरूको उत्तर दिन्छ: "मेरो कानको सुनाइद्वारा मैले तपाईंको बारेमा सुनेको छु: तर अब मेरा आँखाले तपाईंलाई देख्छ। म किन आफैलाई घृणा गर्छु, अनि धुलो र खरानीमा पश्चाताप गर्छु" (अय्यूब ४२:५-६)। यी शब्दहरूबाट हामी के सिक्छौं भने, परमेश्वरलाई आफ्नै आँखाले देख्नुको सट्टा, अय्यूबले परमेश्वरको बारेमा पौराणिक कथाबाट जानेका थिए। यस्तै परिस्थितिमा तिनी परमेश्वरलाई पछ्याउने मार्गमा हिँड्न थाले, अनि पछि तिनले आफ्नो जीवनमा र सबै कुरामा परमेश्वरको अस्तित्व भएको पुष्टि गरे। यहाँ एउटा इन्कार गर्न नसकिने तथ्य छ–त्यो तथ्य के हो? परमेश्वरको भय मान्ने र खराबीबाट अलग रहने मार्गमा लाग्न सके पनि, अय्यूबले परमेश्वरलाई कहिल्यै देखेका थिएनन्। यस कुरामा, तिनी आजका मानिसहरू जस्तै थिएनन् र? अय्यूबले कहिल्यै परमेश्वरलाई देखेका थिएनन्, जसको अर्थ यो हो कि तिनले परमेश्वरबारे सुनेको भए पनि, परमेश्वर कहाँ हुनुहुन्छ, अथवा परमेश्वर कस्तो हुनुहुन्छ वा परमेश्वरले के गर्दै हुनुहुन्छ भन्ने कुरा तिनलाई

थाहा थिएन। यी सबै व्यक्तिपरक तथ्यहरू हुन्; निष्पक्ष रूपमा भन्ने हो भने, तिनले परमेश्‍वरलाई पछ्याएको भए पनि, परमेश्‍वर कहिल्यै तिनको अगि देखा पर्नुभएन वा तिनीसँग बोल्नुभएन। के यो तथ्य होइन र? परमेश्‍वरले अय्यूबसँग बोल्नुभएको थिएन वा तिनलाई कुनै आज्ञा दिनुभएको थिएन, तैपनि अय्यूबले परमेश्‍वरको अस्तित्व देखेका थिए र सबै कुरामा रहेको उहाँको सार्वभौमिकतालाई हेरेका थिए, र अय्यूबले कानले सुनेर परमेश्‍वरको बारेमा पौराणिक कथाहरूबाट सुनेपछि, तिनले। परमेश्‍वरको भय मान्ने र खराबीबाट अलग बस्ने जीवनको सुरुवात गरेका थिए। अय्यूबले परमेश्‍वरलाई पछ्याउने कार्यको सुरुवात र प्रक्रिया यही थियो। तर तिनले परमेश्‍वरको जति नै भय माने पनि र खराबीबाट जति नै अलग बसे पनि, तिनी आफ्नो निष्ठामा जति नै अडिग भए पनि, परमेश्‍वर अझै तिनकहाँ देखापर्नुभएन। हामी यो खण्ड पढौं। तिनले भने, "हेर्नुहोस्, उहाँ मेरो छेउबाट हिँड्नुहुन्छ, र म उहाँलाई दख्दिनँ: उहाँ जानु हुन्छ, तर म उहाँलाई देख्दिनँ" (अय्यूब ९:११)। यी शब्दहरूले के भनिरहेका छन् भने अय्यूबले आफ्नो वरिपरि परमेश्‍वरको अनुभव गरेको हुन सक्छ वा नहुन सक्छ—तर तिनले परमेश्‍वरलाई कहिल्यै पनि देख्न सकेका थिएनन्। कहिलेकहीँ तिनले परमेश्‍वर तिनको अगिअगि जानुभएको, वा उहाँले काम गर्नुभएको, वा अगुवाइ गर्नुभएको कल्पना गर्थे, तर तिनले त्यस्तो घटनाको बारेमा कहिल्यै जानेका थिएनन्। परमेश्‍वर मानिसकहाँ त्यसबेला आउनुहुन्छ जब उसले आशा गरेको हुँदैन; परमेश्‍वर कहिले आफूकहाँ आउनुहुन्छ वा कहाँ उसको सामने आउनुहुन्छ सो उसलाई थाहा हुँदैन, किनकि मानिसले परमेश्‍वरलाई देख्न सक्दैन, यसैले मानिसको लागि, परमेश्‍वर ऊबाट लुक्नुभएको छ।

**परमेश्‍वर तिनीबाट लुक्नुभएको थियो भन्ने तथ्यले परमेश्‍वरमाथिको अय्यूबको विश्‍वासलाई हल्लाएन**

तलको धर्मशास्त्रको खण्डमा, त्यसपछि अय्यूबले भन्छन्, "हेर्नुहोस्, म अगाडि बढ्छु तर उहाँ त्यहाँ हुनुहुन्न; अनि पछाडि फर्कन्छु, तर उहाँलाई देख्दिनँ: देब्रे हातपट्टि, जहाँ उहाँ काम गर्नुहुन्छ तर म उहाँलाई देख्न सक्दिनँ: मैले नदेखूँ भनेर उहाँले आफैलाई दाहिने हातपट्टि लुकाउनुहुन्छ" (अय्यूब २३:८-९)। यस विवरणमा, हामी थाहा पाउछौं कि, अय्यूबका अनुभवहरूमा, परमेश्‍वर पूर्ण रूपमा तिनीबाट लुक्नुभएको थियो; परमेश्‍वर खुल्लमखुल्ला तिनीकहाँ देखा पर्नुभएको थिएन, न त उहाँले तिनीसँग खुल्लमखुल्ला कुनै वचन नै बोल्नुभएको थियो, तापनि अय्यूब आफ्नो हृदयमा परमेश्‍वरको अस्तित्वप्रति विश्‍वस्त थिए। तिनले सधैँ परमेश्‍वर तिनको अगिअगि हिँडिरहनुभएको हुन सक्छ, वा उहाँको छेउमा काम गरिरहनुभएको हुन सक्छ, र तिनले परमेश्‍वरलाई देख्न नसके पनि, परमेश्‍वर तिनको छेउमा हुनुहुन्छ, अनि तिनीसँग सम्बन्धित सबै थोक संचालन गर्दैहुनुहुन्छ भन्ने विश्‍वास गर्थे। अय्यूबले कहिल्यै परमेश्‍वरलाई देखेका थिएनन्, तर तिनी आफ्नो विश्‍वासमा दृढ रहन सक्षम थिए, जुन अरू कुनै व्यक्तिले गर्न सकेन। किन अरू मानिसहरूले त्यसो गर्न सकेनन्? किनकि परमेश्‍वर अय्यूबसँग बोल्नुभएन वा तिनको सामु देखा पर्नुभएन, र यदि तिनले साँच्चै विश्‍वास नगरेको भए तिनी अघि बढ्न सक्नेथिएनन्, न त परमेश्‍वरको भय मान्ने र खराबीबाट अलग बस्ने मार्गमा नै लाग्न सक्थे। के यो सत्य होइन? जब तँ अय्यूबले भनेका यी

वचनहरू पढ्छस् तब तँलाई कस्तो लाग्छ? के तँलाई अय्यूबको सिद्धता र सोझोपन र परमेश्‍वरको सामु तिनको धार्मिकता सत्य हो, र परमेश्‍वरको तर्फबाट अतिशयोक्ति होइन भन्‍ने लाग्छ? परमेश्‍वरले अय्यूबलाई अन्य मानिसहरूसँग झैं व्यवहार गर्नुभयो र तिनको सामु देखा पर्नुभएन वा कुरा गर्नुभएन, तैपनि अय्यूब अझै पनि आफ्नो निष्ठामा अडिग रहे, तिनले अझै पनि परमेश्‍वरको सार्वभौमिकतामा विश्‍वास राखे र यसबाहेक, परमेश्‍वरलाई अपमान गर्छु कि भन्‍ने तिनको डरको कारण तिनले बारम्बार होमबलि चढाए र परमेश्‍वरसँग प्रार्थना गरे। परमेश्‍वरले नदेखे पनि परमेश्‍वरको भय मान्‍ने अय्यूबको क्षमतामा, हामी तिनले सकारात्मक थोकहरूलाई कति धेरै प्रेम गर्थे, र तिनको विश्‍वास कतिको दृढ र वास्तविक थियो भन्‍ने कुरा देख्छौं। तिनले परमेश्‍वर तिनीबाट लुक्नुभयो भन्दैमा तिनले परमेश्‍वरको अस्तित्वलाई इन्कार गरेनन्, न त तिनले परमेश्‍वरलाई कहिल्यै नदेखेको कारण आफ्नो विश्‍वास गुमाए र परमेश्‍वरलाई त्यागे। बरु, सबै थोकमाथि शासन गर्ने परमेश्‍वरको लुकेको कामको बीचमा तिनले परमेश्‍वरको अस्तित्वलाई बुझेका थिए र तिनले परमेश्‍वरको सार्वभौमिकता र शक्ति महसुस गरे। परमेश्‍वरलाई नदेखे पनि तिनी सोझो हुन छाडेनन्, न त तिनले, परमेश्‍वर तिनको अगाडि कहिल्यै देखा नपर्नुभएको कारणले नै, तिनले परमेश्‍वरको भय मान्‍ने र खराबीबाट अलग बस्‍ने मार्गलाई नै त्यागे। परमेश्‍वर आफ्नो अस्तित्व प्रमाणित गर्न तिनको अघि देखा पर्नुभएको होस् भनेर अय्यूबले कहिल्यै अनुरोध गरेनन्, किनकि तिनले सबै थोकमाथिको परमेश्‍वरको सार्वभौमिकतालाई देखिसकेका थिए र अरूले प्राप्त नगरेका आशिष् र अनुग्रह तिनले प्राप्त गरेका छन् भन्‍ने तिनले विश्‍वास गरे। परमेश्‍वर तिनीबाट लुक्नुभएको भए पनि, परमेश्‍वरमाथिको अय्यूबको विश्‍वास कहिल्यै डगमगाएन। यसैले, तिनले अरू कसैको नपाएको फसल कटनी गरे: परमेश्‍वरको अनुमोदन र परमेश्‍वरको आशिष्।

**अय्यूबले परमेश्‍वरको नाउँलाई धन्यको भन्छन् र आशिषहरू वा विपत्तिको बारेमा सोच्दैनन्**

त्यहाँ एउटा तथ्य छ जुन तथ्यलाई धर्मशास्त्रमा उल्लेख गरिएको अय्यूबका कथाहरूमा कहीँ पनि समावेश गरिएको छैन, र आज हामी यही तथ्यमा ध्यान केन्द्रित गर्नेछौं। अय्यूबले कहिल्यै पनि आफ्नै आँखाले परमेश्‍वरलाई देखेका थिएनन् वा आफ्नै कानले परमेश्‍वरका वचनहरू सुनेका थिएनन्, तैपनि अय्यूबको हृदयमा परमेश्‍वरका निम्ति एउटा स्थान थियो। परमेश्‍वरप्रति अय्यूबको दृष्टिकोण कस्तो थियो? यो पहिले उल्लेख गरिएको जस्तै हो, "यहोवाको नाउँको प्रशंसा होस्।" तिनले विनासर्त, परिस्थिति जस्तै भए पनि र कुनै कारणविना परमेश्‍वरको नाउँलाई धन्यको भने। हामी देख्छौं कि अय्यूबले आफ्नो हृदय परमेश्‍वरलाई दिएका थिए, र त्यसलाई परमेश्‍वरद्वारा नियन्त्रण गर्न दिएका थिए; तिनका सबै सोच, तिनका सबै निर्णय, तिनले आफ्नो हृदय बनाएका सबै योजना परमेश्‍वरको अघि उदाङ्गो राखिएको थियो, र परमेश्‍वरबाट लुकाइएको थिएन। तिनको हृदय परमेश्‍वरको विरोधमा खडा थिएन, र तिनले परमेश्‍वरसँग कहिल्यै पनि तिनको निम्ति केही गर्न वा केही दिन आग्रह गरेनन्, र परमेश्‍वरको आराधनाबाट केही पनि प्राप्त गर्ने अति नै बढी चाहनाहरू तिनले राखेनन्। अय्यूबले परमेश्‍वरसँग व्यापारको कुरा गरेनन्, र परमेश्‍वरसँग कुनै बिन्ती वा मागहरू गरेनन्। तिनले परमेश्‍वरको नामको प्रशंसा गर्नुको कारण सबै थोकमाथि शासन

गर्ने परमेश्‍वरको महान् शक्ति र अधिकारका निम्ति थियो, र त्यो तिनले आशिष् पाएको वा विपत्तिले प्रहार गरिएको कुरामा निर्भर थिएन। परमेश्‍वरले चाहे मानिसहरूलाई आशिष् दिनुभए पनि वा तिनीहरूमाथि विपत्ति ल्याउनुभए पनि, परमेश्‍वरको शक्ति र अख्तियार परिवर्तन हुँदैन, यसैले कुनै व्यक्तिका परिस्थितिहरू जस्तो सुकै भए पनि परमेश्‍वरको नाउँको प्रशंसा गरिनुपर्छ भन्‍ने तिनले विश्‍वास थियो। परमेश्‍वरको सार्वभौमिकताको कारण मानिसले परमेश्‍वरद्वारा आशिष् पाउँछ, र जब मानिसमाथि विपत्ति आइलाग्छ, त्यो पनि परमेश्‍वरको सार्वभौमिकताकै कारणले हो। परमेश्‍वरको शक्ति र अख्तियारले मानिसको सम्बन्धका सबै कुरामाथि शासन र प्रबन्ध गर्छ; मानिसको भाग्यका परिवर्तनहरू परमेश्‍वरको शक्ति र अख्तियारका प्रकटीकरणहरू हुन्, र व्यक्तिको दृष्टिकोण जस्तै भए पनि, परमेश्‍वरको नाउँको प्रशंसा गरिनुपर्छ। अय्यूबले आफ्नो जीवनका वर्षहरूको अवधिमा यही कुरा अनुभव गरे, र यही कुरा थाहा पाए। अय्यूबका सबै विचार र कार्यहरू परमेश्‍वरको कानमा पुगे र परमेश्‍वर सामु आइपुगे र परमेश्‍वरले त्यसलाई महत्त्वपूर्ण कुराको रूपमा हेर्नुभयो। परमेश्‍वरले अय्यूबको यो ज्ञानको कदर गर्नुभयो, र त्यस्तो हृदय भएकोमा अय्यूबलाई मूल्यवान् ठान्‍नुभयो। त्यो हृदयले सधैँ परमेश्‍वरको आज्ञालाई पर्खन्थ्यो र जुनै समय वा ठाउँमा पनि, सबै स्थानहरूमा आफूमाथि आइपरेको जुनसुकै कुरालाई त्यसले स्वागत गर्थ्यो। अय्यूबले परमेश्‍वरसँग कुनै माग गरेनन्। तिनले परमेश्‍वरबाट आएका सबै प्रबन्धहरू पर्खने, स्वीकार गर्ने, सामना गर्ने, र पालन गर्ने माग आफैसँग गरे; त्यसो गर्नु तिनको कर्तव्य हो भन्‍ने विश्‍वास अय्यूबले गरेका थिए, र परमेश्‍वरले पनि ठीक त्यस्तै चाहनुहुन्थ्यो। अय्यूबले कहिल्यै पनि परमेश्‍वरलाई देखेका थिएनन्, न त उहाँले बोल्नुभएको कुनै वचन नै सुनेका थिए, न त तिनलाई कुनै आदेश दिइएको थियो, न कुनै शिक्षा दिइएको थियो, न त तिनलाई कुनै निर्देशन दिइएको थियो। आजका शब्दहरूमा भन्‍नुपर्दा, परमेश्‍वरले सत्यको सम्बन्धमा तिनलाई कुनै ज्ञान, मार्गनिर्देशन वा प्रावधान नदिनुभएको अवस्थामा पनि, तिनमा परमेश्‍वरप्रति त्यस्तो ज्ञान र आचरण हुनु–यो बहुमूल्य कुरा थियो, र तिनले त्यस्तो कुरा प्रकट गर्नु परमेश्‍वरका लागि पर्याप्त थियो, र तिनको गवाहीलाई परमेश्‍वरले प्रशंसा र कदर गर्नुभयो। अय्यूबले कहिल्यै परमेश्‍वरलाई देखेका थिएनन् वा परमेश्‍वरले व्यक्तिगत तवरले कुनै शिक्षा दिनुभएको सुनेका थिएनन्, तर परमेश्‍वरका निम्ति तिनको हृदय र तिनी स्वयम् पनि ती व्यक्तिहरू भन्दा धेरै बहुमूल्य थिए जो परमेश्‍वरको सामु गहन सिद्धान्तको हिसाबमा मात्र कुरा गर्न सक्थे, जसले केवल बलिदानहरू चढाएका कुरामा मात्र घमन्ड गर्थे, जोसँग परमेश्‍वरको बारेमा कहिल्यै पनि साँचो ज्ञान थिएन, र जो कहिल्यै पनि परमेश्‍वरको भय मान्दैनथे। किनभने अय्यूबको हृदय शुद्ध र परमेश्‍वरबाट नलुकेको थियो, र तिनको मानवता इमानदार र दयालु थियो, र तिनले न्याय र सकारात्मक कुरालाई प्रेम गर्थे। यस्तो हृदय र मानवता भएका मानिसले मात्र परमेश्‍वरको मार्ग अनुसरण गर्नसक्थ्यो, र परमेश्‍वरको भय मान्‍न र खराबीबाट अलग बस्‍न सक्थ्यो। त्यस्ता व्यक्तिले परमेश्‍वरको सार्वभौमिकतालाई देख्‍न सक्थ्यो, उहाँको अख्तियार र शक्तिलाई देख्‍न सक्थ्यो, र उहाँको सार्वभौमिकता र प्रबन्धहरूको आज्ञापालन गर्न सक्थ्यो। केवल त्यस्तो मानिसले मात्र परमेश्‍वरको नाउँको प्रशंसा गर्न सक्दछ। किनकि परमेश्‍वरले तिनलाई आशिष् दिनुहुन्छ कि तिनीमाथि विपत्ति ल्याउनुहुन्छ भन्‍ने कुरालाई तिनले हेरेनन्, किनकि

सबै कुरा परमेश्‍वरकै हातले नियन्त्रण गर्छ, र मानिसले चिन्ता गर्नु मूर्खता, अज्ञानता र तर्कहीनताको चिहृन हो, सबै कुरामा परमेश्‍वरको सार्वभौमिकता छ भन्‍ने तथ्यमा शङ्का गर्नु, र परमेश्‍वरसँग नडराउनुको चिन्ह हो। अय्यूबको ज्ञान परमेश्‍वरले चाहनुभएको जस्तै थियो। त्यसो भए के अय्यूबसँग परमेश्‍वरको बारेमा तिमीहरूमा भन्दा बढी सैद्धान्तिक ज्ञान थियो? त्यस समयमा परमेश्‍वरको काम र वाणीहरू थोरै थिए, त्यसकारण परमेश्‍वरको ज्ञान प्राप्त गर्न सजिलो कुरा थिएन। अय्यूबले त्यस्तो उपलब्धि गर्नु निकै ठूलो कुरा थियो। तिनले परमेश्‍वरको कामको अनुभव गरेका थिएनन्, न त उहाँ बोल्नुभएको सुनेका थिए, न परमेश्‍वरको अनुहार देखेका थिए। परमेश्‍वरप्रति तिनले त्यस्तो आचरण राख्न सक्षम हुनुको कारण पूर्णतया तिनको मानवता र तिनको व्यक्तिगत खोजी नै थियो, जुन मानवता र खोजी आजका मानिसहरूमा छैन। त्यसकारण, त्यस युगमा, परमेश्‍वरले भन्‍नुभयो, "तिनी जस्तो सिद्ध र सोझो, पृथ्वीमा कोही पनि छैन।" त्यो युगमा, परमेश्‍वरले अघिबाटै तिनको बारेमा त्यस्तो मूल्याङ्कन गरिसक्नुभएको थियो, र त्यस्तै निष्कर्षमा पुग्नुभएको थियो। आज यो कतिको सत्य हुनेछ?

**परमेश्‍वर मानिसबाट लुक्नुभएको भए पनि, सबै थोकमा भएका उहाँका कामहरू नै उहाँलाई जान्‍नका निम्ति पर्याप्त छन्**

अय्यूबले परमेश्‍वरको अनुहार देखेका थिएनन् वा परमेश्‍वरले बोल्नुभएका वचनहरू सुनेका थिएनन्, व्यक्तिगत रूपमा तिनले परमेश्‍वरको कामको अनुभव गर्ने त कुरै नगरौं, यद्यपि तिनका परीक्षाहरूको समयमा परमेश्‍वरप्रतिको तिनको भय र तिनको गवाहीलाई सबैले देखे अनि परमेश्‍वरले ती कुराहरूलाई मन पराउनुभयो, त्यसमा उहाँ प्रसन्‍न हुनुभयो र परमेश्‍वरले त्यसको प्रशंसा गर्नुभयो, र मानिसहरूले तिनको ईर्ष्या गरे, र सराहना गरे, अनि त्योभन्दा बढी तिनीहरूले प्रशंसा गाए। तिनको जीवनको बारेमा महान् वा असाधारण कुरा केही पनि थिएन: कुनै सामान्य व्यक्तिले जस्तै तिनले एक सामान्य जीवन जिए, जो बिहान सूर्य उदाउँदा काम गर्न बाहिर जान्थे र सूर्य अस्ताएपछि आराम गर्न घर फर्कन्थे। भिन्‍नता यति छ कि तिनको जीवनका धेरै साधारण दसकहरूमा, तिनले परमेश्‍वरको मार्गको बारेमा अन्तर्दृष्टि प्राप्त गरे, र अन्य कुनै व्यक्तिले कहिल्यै थाहा नपाएको परमेश्‍वरको महान् शक्ति र सार्वभौमिकताबारे थाहा पाए र बुझे। तिनी कुनै साधारण व्यक्तिभन्दा चतुर थिएनन्, तिनको जीवन खासै दृढ थिएन, यसबाहेक न त तिनीसँग कुनै विशेष सीपहरू नै थिए। तापनि तिनमा जे थियो त्यो तिनको व्यक्तित्व थियो जुन इमानदार, दयालु र सोझो थियो, एउटा यस्तो व्यक्तित्व जसले निष्पक्षता, धार्मिकता र सकारात्मक थोकहरू मन पराउँथ्यो—यस्ता कुनै पनि थोकहरू साधारण मानिसहरूमा हुँदैनन्। तिनले प्रेम र घृणाबीच भिन्‍नता राख्थे, तिनमा न्यायको अनुभूति थियो, तिनी नझुक्ने र दृढ थिए, र आफ्नो सोचविचारमा तिनले विस्तृत रूपमा सावधानसाथ ध्यान दिन्थे। यसरी पृथ्वीमा बिताएको तिनको साधारण समयमा तिनले परमेश्‍वरले गर्नुभएका सबै असाधारण कामहरू देखे, र तिनले परमेश्‍वरको महानता, पवित्रता, र धार्मिकता देखे, र तिनले मानिसका निम्ति परमेश्‍वरको चासो, अनुग्रह र सुरक्षा देखे, र तिनले सर्वोच्‍च परमेश्‍वरको सम्मान र अख्तियार देखे। कुनै पनि सामान्य मानिसले प्राप्त गर्न नसक्ने यी थोकहरू अय्यूबले

प्राप्त गर्न सक्नुको पहिलो कारण के थियो भने तिनमा एउटा शुद्ध हृदय थियो, र तिनको हृदय परमेश्वरको स्वामित्वमा थियो, र त्यो सृष्टिकर्ताद्वारा डोऱ्याइएको थियो। दोस्रो कारण तिनको खोजी थियो: निर्दोष र सिद्ध हुन खोज्थे, र स्वर्गको इच्छा पालन गर्ने, परमेश्वरद्वारा प्रेम गरिएको र खराबीबाट अलग बस्ने व्यक्ति बन्न चाहने उसको खोजी। परमेश्वरलाई देख्न वा परमेश्वरका वचनहरू सुन्न नसकेका बेला अय्यूबमा यी कुराहरू थिए र तिनी ती कुराका पछि लागे। तिनले परमेश्वरलाई कहिल्यै नदेखेका भए पनि, तिनले ती साधनहरू जानेका थिए जसद्वारा परमेश्वरले सबै थोकमाथि शासन गर्नुहुन्छ, र तिनले त्यो बुद्धिलाई पनि बुझेका थिए जसद्वारा परमेश्वरले त्यसो गर्नुहुन्छ। तिनले परमेश्वरले बोल्नुभएका वचनहरू कहिल्यै पनि सुनेका थिएनन्, तापनि मानिसलाई इनाम दिने र मानिसबाट फिर्ता लिने सबै काम परमेश्वरबाटै हुँदछ भनी अय्यूबले जानेका थिए। तिनको जीवनका वर्षहरू कुनै साधारण व्यक्तिको भन्दा फरक थिएनन्, तापनि तिनले आफ्नो जीवनको सामान्यताद्वारा सबै कुरामाथि भएको परमेश्वरको सार्वभौमिकता सम्बन्धी तिनको ज्ञानलाई असर पार्न दिएनन्, वा उहाँको भय मान्ने र खराबीबाट अलग रहने मार्गको अनुसरण गर्ने कुरालाई प्रभावित हुन दिएनन्। तिनको नजरमा सबै थोकका नियमहरू परमेश्वरका कार्यहरूले भरिएका थिए, र परमेश्वरको सार्वभौमिकतालाई व्यक्तिको जीवनको कुनै पनि भागमा देख्न सकिन्छ। तिनले परमेश्वरलाई देखेका थिएनन्, तर तिनले परमेश्वरका कामहरू जतातत्तै छन् भनी बुझ्न सके र पृथ्वीमा तिनको सामान्य समयमा तिनले आफ्नो जीवनको हरेक कुनामा परमेश्वरका असाधारण र अचम्मका कामहरू देख्न र महसुस गर्न सके, र तिनले परमेश्वरको अचम्मका प्रबन्धहरू देख्न सके। परमेश्वरको गोप्यता र मौनताले अय्यूबलाई परमेश्वरको काम बुझ्न बाधा दिएन, न त ती कुराले सबै कुरामाथि परमेश्वरको सार्वभौमिकता छ भन्ने तिनको ज्ञानलाई नै प्रभावित गऱ्यो। तिनको जीवन, तिनको दैनिक जीवनको अवधिमा, परमेश्वरको सार्वभौमिकता र व्यवस्थाहरूको पूर्णता थियो, जो सबै थोकहरूमा लुक्नुभएको छ। तिनको दैनिक जीवनमा तिनले परमेश्वरको हृदयको आवाज र परमेश्वरका वचनहरू पनि सुने र बुझे, जो सबै कुराको बीचमा मौन हुनुहुन्छ, तापनि उहाँले सबै कुराका नियमहरू संचालन गर्दै आफ्नो हृदयको आवाज र बोल्नुभएका वचनहरू व्यक्त गर्नुहुन्छ। यसैले तिमीहरू देख्न सक्छौ कि, यदि अय्यूबको जस्तै मानिसहरूमा मानवता र खोजी छ भने, उनीहरूले पनि अय्यूबले जस्तै अनुभूति र ज्ञान प्राप्त गर्न सक्छन्, अनि सबै थोकहरूमाथि भएको परमेश्वरको सार्वभौमिकताको बारेमा अय्यूबले जस्तै समझ र ज्ञान प्राप्त गर्न सक्छन्। परमेश्वर अय्यूबको सामु देखापर्नुभएको थिएन वा तिनीसँग बोल्नुभएको थिएन, तर अय्यूब सिद्ध र सोझो हुन, र परमेश्वरको भय मान्न र खराबबाट अलग बस्न सके। अर्को वचनमा, परमेश्वर मानिसको सामु देखा पर्नुभएन वा बोल्नुभएन भने पनि सबै थोकका बीचमा परमेश्वरले गर्नुभएका कामहरू र सबै थोकहरूमाथि रहेको उहाँको सार्वभौमिकता नै परमेश्वरको अस्तित्व, शक्ति र अख्तियार थाहा गर्न मानिसका निम्ति पर्याप्त हुन्छ, र मानिसलाई परमेश्वरको भय मान्ने र खराबीबाट अलग रहने मार्गको अनुसरण गर्न लगाउनका निम्ति परमेश्वरको शक्ति र अख्तियार पर्याप्त हुन्छ। अय्यूबजस्ता साधारण व्यक्तिले परमेश्वरको भय मान्न र खराबीबाट अलग रहन सके भने, परमेश्वरलाई पछ्याउने प्रत्येक साधारण व्यक्तिले पनि त्यसो गर्न सक्नुपर्दछ। यी शब्दहरू तार्किक

अनुमान जस्तो लाग्न सक्ने भए पनि, यसले काम-कुराहरूका नियमहरूलाई उल्लङ्घन गर्दैन। यद्यपि तथ्यहरू अपेक्षाहरूसँग मेल खाएनन्: परमेश्‍वरको भय मान्नु र खराबीबाट अलग बस्नु, यो केवल अय्यूबका लागि मात्र संरक्षण गरिएको कुरा हो जस्तो देखिन सक्छ। "परमेश्‍वरको भय मान्नु र खराबीबाट अलग बस्नु" भन्ने कुरा उल्लेख गर्ने बितिकै, मानिसहरूले यो केवल अय्यूबले मात्र गर्नुपर्ने कुरा हो भन्ने सोच्छन्, मानौं परमेश्‍वरको भय मान्ने र खराबीबाट अलग बस्ने कुरा अय्यूबको नाउँमा लेखिएको छ र अरू मानिससँग त्यसको केही सम्बन्ध छैन। यसको कारण स्पष्ट छ: अय्यूबसँग मात्र त्यस्तो व्यक्तित्व थियो जो इमानदार, दयालु र सोझो थियो, र जसले निष्पक्षता, धार्मिकता र सकारात्मक कुरालाई प्रेम गर्थ्यो, त्यसैले अय्यूब मात्र परमेश्‍वरको भय मान्ने र खराबीबाट अलग बस्ने बाटोमा हिँड्न सक्थे। तिमीहरूले यहाँ सूचित अर्थलाई बुझेका छौ होला—किनकि इमानदार, दयालु र सोझो मानवता भएको, निष्पक्षता र धार्मिकतालाई प्रेम गर्ने, र सकारात्मक मानवता भएको कोही पनि नभएको हुनाले, कसैले पनि परमेश्‍वरको भय मान्दैन र कोही पनि दुष्टताबाट अलग रहन सक्दैन, त्यसकारण मानिसहरूले कहिल्यै पनि परमेश्‍वरको आनन्द प्राप्त गर्न सक्दैन वा परीक्षाहरूको बीचमा दृढ भएर खडा हुन सक्दैन। यसको अर्थ यो पनि हो कि, अय्यूब बाहेक, सबै मानिस अझै पनि शैतानद्वारा बाँधिएका छन् र त्यसको पासोमा छन्; तिनीहरू सबैलाई यसले दोष लगाउँछ, आक्रमण गर्छ र दुर्व्यवहार गर्छ। तिनीहरू सबैलाई शैतानले निल्न खोज्छन्, र तिनीहरू सबै स्वतन्त्रता विहीन छन्, शैतानले कैदी बनाएका बन्दीहरू हुन्।

**यदि मानिसको हृदयमा परमेश्‍वरप्रति दुस्मनीमा छ भने, मानिसले कसरी परमेश्‍वरको भय मान्न र खराबीबाट अलग रहन सक्छ?**

आजका मानिसहरूसँग अय्यूबको जस्तै मानवता नभएको हुनाले, तिनीहरूको प्रकृति सार के हो, र परमेश्‍वरप्रति तिनीहरूको दृष्टिकोण कस्तो छ? के तिनीहरू परमेश्‍वरसित डराउँछन्? के तिनीहरू खराबीबाट टाढा बस्छन्? जो परमेश्‍वरसँग डराउँदैनन् वा खराब कुराहरूबाट अलग बस्न सक्दैनन्, उनीहरूलाई तीनटा शब्दमा व्याख्या गर्न सकिन्छ: "परमेश्‍वरका शत्रुहरू।" तिमीहरूले प्रायजसो यी तीन शब्दहरू बोल्छौ, तर तिमीहरूलाई कहिल्यै पनि तिनको वास्तविक अर्थ थाहा हुँदैन। "परमेश्‍वरका शत्रु" भन्ने शब्दहरूको सार छ: यी शब्दहरूले मानिसलाई परमेश्‍वरले शत्रुको रूपमा हेर्नुहुन्छ भनेर होइन, तर मानिसले परमेश्‍वरलाई शत्रुको रूपमा हेर्छ भनेर बताइरहेको हुन्छ। सर्वप्रथम, जब मानिसहरूले परमेश्‍वरमा विश्‍वास गर्न थाल्छन्, तीमध्ये कुन चाहिँमा आफ्नै उद्देश्य, प्रेरणा र महत्वाकांक्षाहरू हुँदैन? तिनीहरूको एउटा भागले परमेश्‍वरको अस्तित्वमा विश्‍वास गर्ने र परमेश्‍वरको अस्तित्वलाई देख्ने भए पनि, परमेश्‍वरमाथिको उनीहरूको विश्‍वासमा अझै ती अभिप्रायहरू हुन्छन्, र परमेश्‍वरमा विश्‍वास गर्नुको तिनीहरूको अन्तिम लक्ष्य भनेको उहाँको आशिष् र उनीहरूले चाहेको कुरा प्राप्त गर्नु हो। मानिसहरूको जीवनका अनुभवहरूमा, भने मैले परमेश्‍वरका लागि आफ्नो परिवार र जागिर छोडेको छु, र उहाँले चाहिँ मलाई के दिनुभएको छ भनेर तिनीहरूले प्रायजसो आफैसँग विचार गर्ने गर्छन्? मैले यसमा थप्नुपर्छ, र यसलाई पुष्टि गर्नुपर्छ—के मैले हालसालै कुनै आशिष् पाएको छु? यस समयमा मैले धेरै थोक दिएको छु, मैले धेरै दौडधूप गरेको

छु, र मैले धेरै दुःख भोगेको छु—के त्यसको सट्टामा परमेश्‍वरले मलाई कुनै पनि प्रतिज्ञाहरू दिनुभएको छ? के उहाँले मेरा असल कामहरू याद गर्नुभएको छ? मेरो अन्त्य कस्तो हुनेछ? के म परमेश्‍वरको आशिष् पाउन सक्छु? ... प्रत्येक व्यक्तिले निरन्तर आफ्नो हृदयभित्र यस्तो हिसाब-किताब गर्दछ, र उनीहरूले आफ्ना अभिप्राय, महत्वाकांक्षा र लेनदेनले भरिएको मागहरू परमेश्‍वरसँग गर्छन्। भन्‍नुको अर्थ, मानिसले आफ्नो हृदयमा निरन्तर परमेश्‍वरको जाँच गरिरहेको हुन्छ, परमेश्‍वरबारे निरन्तर योजनाहरू बनाइरहेको हुन्छ, उसको आफ्नै व्यक्तिगत उद्‌देश्‍यका लागि निरन्तर परमेश्‍वरसँग तर्क गर्दछ, अनि उसले चाहेको कुरा परमेश्‍वरले दिन सक्नुहुन्छ कि सक्नुहुन्‍न भनी हेर्न परमेश्‍वरबाट एउटा अभिव्यक्ति निकाल्ने कोसिस गर्दछ। यसको साथै, परमेश्‍वरको पछि लाग्दा पनि मानिसले परमेश्‍वरलाई परमेश्‍वरजस्तो व्यवहार गर्दैन। मानिसले जहिले पनि परमेश्‍वरसँग सौदाबाजी गर्ने कोसिस गरेको छ, निरन्तर उहाँसँग मागहरू गरिरहेको छ, र उसलाई औँलो दिँदा संसार निल्ने कोसिस गर्दै हरेक पाइलामा उहाँलाई दबाब दिइरहेको हुन्छ। मानिसले परमेश्‍वरसँग सौदाबाजी गर्नुका साथसाथै उहाँसँग तर्क पनि गर्दछ, अनि कति जना यस्ता मानिसहरू पनि हुन्छन्, जो आफूमाथि परीक्षाहरू आइलाग्दा वा उनीहरूले कुनै विशेष परिस्थितिहरूको सामना गर्नु पर्दा कमजोर, निष्क्रिय र आफ्नो काममा सुस्त हुन्छन् अनि परमेश्‍वरको विषयमा गुनासोहरूले भरिएका हुन्छन्। मानिसले पहिलो पटक परमेश्‍वरमा विश्‍वास गर्न थालेको समयदेखि नै उसले परमेश्‍वरलाई प्रशस्तताको स्रोत, हरेक समस्याको समाधान ठानेको छ र उसले आफूलाई परमेश्‍वरको सबैभन्दा ठूलो ऋणदाता ठानेको छ, मानौं परमेश्‍वरबाट आशिष् र प्रतिज्ञाहरू प्राप्त गर्न खोज्नु उसको जन्मजात अधिकार र कर्तव्य हो, र परमेश्‍वरको जिम्मेवारीचाहिँ मानिसको सुरक्षा र वास्ता गर्नु अनि उसको निम्ति उपलब्ध गर्नु हो। परमेश्‍वरमा विश्‍वास गर्नेहरू सबैले "परमेश्‍वरमाथिको विश्‍वास" को आधारभूत बुझाइ यस्तै हुन्छ, र परमेश्‍वरमा विश्‍वास गर्ने भन्‍ने अवधारणाको बारेमा उनीहरूको गहिरो बुझाइ यस्तै हुन्छ। मानिसको स्वभाव सारदेखि उसको व्यक्तिपरक खोजसम्म, परमेश्‍वरको भयसँग सम्बन्धित कुनै कुरा छैन। मानिसले परमेश्‍वरमा विश्‍वास गर्ने उद्‌देश्‍यसँग परमेश्‍वरको आराधना गर्नुको सम्भवतः कुनै सम्बन्ध छैन। भन्‍नुको अर्थ, परमेश्‍वरमा विश्‍वास गर्दा परमेश्‍वरको भय मान्‍नु र उहाँको आराधना गर्नु पनि आवश्‍यक छ भन्‍ने कुरा मानिसले कहिल्यै विचार गरेको छैन, न त बुझेको नै छ। यस्ता सर्तहरूको प्रकाशमा मानिसको सार स्पष्ट हुन्छ। यो सार के हो? यो यही हो कि मानिसको हृदय द्वेषपूर्ण छ, उसले मनमा धोखा र छल राख्छ, निष्पक्षता र धार्मिकता, साथै जे सकारात्मक छ त्यो मन पराउँदैन, र यो घृणित र लोभी छ। मानिसको हृदय परमेश्‍वरको निम्ति योभन्दा बढी बन्द हुन सक्दैन; उसले त्यो परमेश्‍वरलाई पटक्कै दिएको छैन। परमेश्‍वरले कहिल्यै मानिसको वास्तविक हृदय देख्नुभएको छैन, न त कहिल्यै मानिसद्वारा उहाँको आराधना नै भएको छ। परमेश्‍वरले जति नै ठूलो मोल तिर्नुभए पनि वा उहाँले जति धेरै काम गर्नुभए पनि, वा उहाँले मानिसका निम्ति जति धेरै उपलब्ध गराउनु भए पनि, मानिस अन्धो नै रहन्छ र ती सबैप्रति पूर्ण रूपमा उदासीन हुन्छ। मानिसले आफ्नो हृदय परमेश्‍वरलाई कहिल्यै दिएको छैन, उसले केवल आफ्नो हृदयलाई ध्यान दिन, र आफ्नै निर्णयहरू लिन चाहन्छ—जसको सार भनेको के हो भने, मानिसले परमेश्‍वरको भय मान्‍ने र खराबीबाट अलग

रहने बाटो पछ्याउन वा परमेश्वरको सार्वभौमिकता र प्रबन्धहरू पालन गर्न चाहँदैन, न त उसले परमेश्वरलाई परमेश्वरको रूपमा आराधना गर्न चाहन्छ। आज मानिसको अवस्था यस्तै छ। अब हामी फेरि अय्यूबलाई हेरौं। सबैभन्दा पहिला, के तिनले परमेश्वरसँग सम्झौता गरे? के तिनले परमेश्वरको भय मान्ने र खराबीबाट अलग बस्ने दृढ अडानको पछि तिनको कुनै अभिप्राय थियो? त्यस समय, के परमेश्वरले कसैसँग आउनेवाला अन्त्यको बारेमा कुरा गर्नुभएको थियो? त्यस बेला, परमेश्वरले कसैलाई पनि अन्त्यको बारेमा प्रतिज्ञा गर्नुभएन, र यही पृष्ठभूमिमा अय्यूबले परमेश्वरको भय माने र खराबीबाट अलग बस्न सके। के आजका मानिसहरू अय्यूबको दाँजोमा खडा हुन सक्छन्? त्यहाँ असमानता धेरै छ; तिनीहरू फरक समूहमा पर्छन्। अय्यूबसँग परमेश्वरको बारेमा त्यति धेरै ज्ञान नभएको भए पनि, तिनले आफ्नो हृदय परमेश्वरलाई दिएका थिए र त्यो परमेश्वरको स्वामित्वमा थियो। तिनले परमेश्वरसँग कहिल्यै पनि कुनै सम्झौता गरेनन्, र तिनको कुनै उग्र चाहना थिएन वा तिनले परमेश्वरसित कुनै मागहरू राखेनन्; बरु, तिनले यो विश्वास गर्थे, "यहोवाले दिनुभयो र यहोवाले नै लानुभएको छ।" आफ्नो जीवनको धेरै वर्षको अवधिमा परमेश्वरको भय मानेर अनि खराबीबाट अलग रहेर तिनले यही देखेका र प्राप्त गरेका थिए। त्यस्तै गरी, तिनले पनि यी शब्दहरूले प्रतिनिधित्व गर्ने नतिजाहरू प्राप्त गरेका थिए: "के हामीले परमेश्वरको हातबाट असल कुराचाहिँ ग्रहण गर्ने र खराबीचाहिँ ग्रहण नगर्ने?" यी दुई वाक्य ती कुराहरू थिए जुन तिनले आफ्नो जीवनका अनुभवहरूमा परमेश्वरप्रति आज्ञाकारी हुने आचरणको परिणामको रूपमा देखेका र थाहा पाएका थिए, र यिनै कुराहरू तिनका सबैभन्दा शक्तिशाली हतियारहरू थिए जसद्वारा तिनले शैतानले गरेका परीक्षाहरूमा विजय पाएका थिए, र ती तिनी परमेश्वरको गवाहीमा दृढ भएर खडा हुने आधार थिए। यस स्थितिमा, के तिमीहरू अय्यूबलाई एक प्रेमिलो व्यक्तिको रूपमा कल्पना गर्छौ? के तिमीहरू त्यस्तो व्यक्ति बन्ने आशा गर्छौ? के तिमीहरू शैतानका परीक्षाहरूबाट गुज्रनुपर्छ कि भनी डराउँछौ? के तिमीहरू परमेश्वरसित तिमीहरू पनि अय्यूबको जस्तै परीक्षाहरूमा पर्न सकूँ भनी प्रार्थना गर्ने संकल्प गर्छौ? कुनै शङ्कै छैन, धेरैजसो मानिसहरूले यस्ता कुराहरूका लागि प्रार्थना गर्ने आँट गर्दैनन्। त्यसैले यो स्पष्ट छ कि तिमीहरूको विश्वास अति नै सानो छ; अय्यूबको तुलनामा तिमीहरूको विश्वास उल्लेख गर्नु पनि अयोग्य छ। तिमीहरू परमेश्वरका शत्रु हौ, तिमीहरू परमेश्वरसँग डराउँदैनौ, तिमीहरू परमेश्वरप्रतिको आफ्नो गवाहीमा अडिग हुन सक्दैनौ, र शैतानको आक्रमण, आरोप र परीक्षाहरूमाथि तिमीहरू विजयी हुन सक्दैनौ। कुन कुराले तिमीहरूलाई परमेश्वरका प्रतिज्ञाहरू प्राप्त गर्न योग्य बनाउँछ? अय्यूबको कथा सुनेपछि र मानिसलाई बचाउने परमेश्वरको अभिप्राय र मानिसको मुक्तिको अर्थ बुझिसकेपछि, के तिमीहरूसँग अब अय्यूबले जस्तै परीक्षाहरू स्वीकार गर्ने विश्वास छ? के तैंले आफैलाई परमेश्वरको भय मान्ने र खराबीबाट अलग बस्ने बाटोमा लगाउने थोरै संकल्प गर्नुपर्दैन र?

**परमेश्वरका जाँचहरूको बारेमा कुनै शङ्का नगर**

अय्यूबको परीक्षा समाप्त भएपछि तिनीबाट गवाही प्राप्त गरेपछि, परमेश्वरले अय्यूबजस्ता मानिसहरूको एउटा समूह–वा एकभन्दा बढी समूहहरू–प्राप्त गर्ने संकल्प गर्नुभयो, तापनि उहाँले

फेरि शैतानलाई परमेश्वरसित बाजी लगाएर अय्यूबका निम्ति प्रयोग गरिएको युक्तिद्वारा कुनै पनि व्यक्तिलाई परीक्षा, आक्रमण र दुर्व्यवहार गर्न नदिने दृढ संकल्प गर्नुभयो। परमेश्वरले शैतानलाई फेरि मानिसलाई त्यसो गर्ने अनुमति दिनुभएन—जो कमजोर, मूर्ख र अनजान छ—शैतानले अय्यूबलाई परीक्षा गर्नु नै पर्याप्त थियो! शैतानलाई त्यसले चाहेअनुसार मानिसहरूसित दुर्व्यवहार गर्न नदिनु परमेश्वरको कृपा हो। परमेश्वरका लागि, अय्यूबले शैतानको परीक्षा र दुर्व्यवहार भोग्नु नै पर्याप्त थियो। परमेश्वरले शैतानलाई फेरि त्यस्तो कुनै कार्य गर्ने अनुमति दिनुभएन, किनकि परमेश्वरलाई पछ्याउने सबै मानिसहरूका जीवन र सबै थोक परमेश्वरद्वारा शासित र प्रबन्ध गरिएको हुन्छ, र परमेश्वरले चुन्नुभएका जनहरूलाई त्यसको इच्छाअनुसार प्रभावित गर्ने अधिकार शैतानसँग छैन—तिमीहरूले यो कुरा स्पष्ट बुझ्नुपर्छ! परमेश्वरले मानिसको कमजोरीको वास्ता राख्नुहुन्छ, र उसको मूर्खता र अज्ञानतालाई बुझ्नुहुन्छ। मानिसलाई पूर्ण रूपमा बचाउनका लागि, परमेश्वरले उसलाई शैतानको हातमा सुम्पनुपर्छ, तैपनि परमेश्वर कहिल्यै पनि शैतानले मानिसलाई मूर्ख बनाएको र दुर्व्यवहार गरेको देख्न चाहनुहुन्न, र उहाँले मानिसलाई सधैँ दुःख भोगेको देख्न चाहनुहुन्न। मानिस परमेश्वरद्वारा सृष्टि गरिएको थियो, र परमेश्वरले मानिसको सबै कुरामाथि शासन गर्नुहुन्छ र प्रबन्ध गर्नुहुन्छ भन्ने कुरा स्वर्गले नियुक्त गरेको र पृथ्वीले स्वीकार गरेको कुरा हो; यो परमेश्वरको जिम्मेवारी हो, र यो त्यही अख्तियार हो जसद्वारा परमेश्वरले सबै कुरामाथि शासन गर्नुहुन्छ! परमेश्वरले शैतानलाई मानवजातिसित जानी-जनी दुर्व्यवहार र उसलाई दुरुपयोग गर्ने अनुमति दिनुहुन्न, उहाँले मानवजातिलाई बहकाउन शैतानलाई विभिन्न युक्तिहरू प्रयोग गर्न दिनुहुन्न, र यसबाहेक, उहाँले शैतानलाई मानवजातिमाथि रहेको परमेश्वरको सार्वभौमिकतामा हस्तक्षेप गर्ने अनुमति दिनुहुन्न, न त उहाँले शैतानलाई ती सबै नियमहरू, कुल्चने र नाश पार्ने, मानवजातिलाई व्यवस्थापन गर्ने र बचाउने परमेश्वरको महान् कार्यको बारेमा बोल्ने अनुमति दिनुहुन्छ! परमेश्वरले जसलाई बचाउन चाहनुहुन्छ, र जसले परमेश्वरको बारेमा गवाही दिन सक्छन्, तिनीहरू नै परमेश्वरको छ हजार वर्षको व्यवस्थापन योजनाको केन्द्र र सर्वोत्कृष्ट परिणाम हो, साथै उहाँको छ हजार वर्षको कामको उहाँका प्रयासहरूको मूल्य हो। परमेश्वरले कसरी यिनीहरूलाई सहजै शैतानको हातमा दिन सक्नुहुन्छ?

मानिसहरू प्रायजसो परमेश्वरको जाँचको बारेमा चिन्ता गर्छन् र डराउँछन्, तैपनि तिनीहरू जहिल्यै पनि शैतानको पासोमा जिइरहेका हुन्छन्, र खतरनाक क्षेत्रमा जिइरहेका हुन्छन् जसमा उनीहरूलाई शैतानले आक्रमण र दुर्व्यवहार गर्छ—तापनि तिनीहरू डराउँदैनन्, र निश्चिन्त छन्। के हुँदैछ? परमेश्वरमाथिको मानिसको विश्वास उसले देख्न सक्ने कुराहरूमा मात्र सीमित छ। उसमा परमेश्वरको प्रेम र मानिसप्रतिको चासो, वा मानिसप्रतिको उहाँको कोमलता र विचारप्रति थोरै पनि कदर हुँदैन। तर परमेश्वरको परीक्षा, न्याय र सजाय, र महिमा र क्रोधको बारेमा सानो भ्रम र डरको कारण मानिससँग परमेश्वरका असल अभिप्रायहरूका बारेमा थोरै पनि बुझाइ छैन। परीक्षाहरूको बारेमा उल्लेख गर्ने बित्तिकै, मानिसहरू परमेश्वरको गोप्य उद्देश्य छ कि भन्ने महसुस गर्छन् र कसै-कसैले त परमेश्वरले दुष्ट योजनाहरू राख्नुहुन्छ भन्ने समेत विश्वास गर्छन्, तर परमेश्वरले उनीहरूलाई वास्तवमा के गर्नुहुनेछ भनी जान्दैनन्; त्यसकारण, उनीहरूले परमेश्वरको सार्वभौमिकता

र व्यवस्थाहरूप्रतिको आज्ञाकारिताका बारेमा कुरा गर्छन्, साथसाथै तिनीहरू मानिसमाथि परमेश्वरको सार्वभौमिकता र मानिसको निम्ति उहाँका प्रबन्धहरूको विरोध गर्न आफूले सक्दो सबै कुरा गर्छन्, किनकि तिनीहरू के विश्वास गर्छन् भने, यदि तिनीहरू होसियार भएनन् भने तिनीहरू परमेश्वरद्वारा बहकिनेछन्, यदि तिनीहरूले आफ्नै भाग्यलाई बलियोसँग समात्दैनन् भने तिनीहरूसित भएका सबै कुरा परमेश्वरले लिन सक्नुहुनेछ, र तिनीहरूको जीवन समेत अन्त्य हुनेछ। मानिस शैतानको शिविरमा छ, तर ऊ शैतानद्वारा दुर्व्यवहार हुने बारेमा कहिल्यै चिन्ता हुँदैन, अनि उसलाई शैतानले दुर्व्यवहार गर्छ, तर शैतानले कैद गर्ला भनी कहिल्यै डराउँदैन। उसले परमेश्वरको मुक्तिलाई स्वीकार गर्छु भनेर भनिरहन्छ, तर उसले कहिल्यै परमेश्वरमा विश्वास गरेको हुँदैन वा परमेश्वरले मानिसलाई साँच्चै शैतानको पन्जाबाट बचाउनुहुनेछ भनी विश्वास गरेको हुँदैन। यदि, मानिस अय्यूब जस्तै, परमेश्वरको योजना र प्रबन्धको अधीनमा रहन सक्यो भने, उसले आफ्नो सम्पूर्ण अस्तित्व परमेश्वरको हातमा दिन सक्छ भने, के मानिसको अन्त्य पनि अय्यूबको जस्तै हुनेछैन र, अर्थात् के उसले परमेश्वरको आशिषहरू प्राप्त गर्नेछैन र? यदि मानिसले परमेश्वरको नियमलाई स्वीकार गर्न र यसमा ऊ समर्पित हुन सक्छ भने, गुमाउनु पर्ने के छ र? यसैले, म सल्लाह दिन्छु, कि तिमीहरू आफ्ना कार्यहरूमा होसियार होओ, र तिमीहरूमाथि आउनेवाला सबै कुराहरूप्रति सतर्क बस। विवेकहीन वा लापरवाही नहोओ, र परमेश्वर र मानिसहरूसँग, उहाँले तेरो निम्ति प्रबन्ध गर्नुभएका वस्तुहरू र थोकहरूसित तेरो तातो रगतमा वा तेरो तटस्थतामा भर पर्दै वा तेरा कल्पनाहरू र धारणाअनुसार व्यवहार नगर; परमेश्वरको क्रोध जगाउनदेखि बच्नलाई तँ आफ्ना कार्यहरूमा सतर्क हुनै पर्दछ, र तैँले प्रार्थना गर्नुपर्छ र अझ बढी खोज्नुपर्छ। यो कुरा याद राख्!

त्यसपछि, हामी अय्यूब तिनका जाँचहरूपछि कस्ता थिए भनी हेर्नेछौं।

५. आफ्नो परीक्षापछि अय्यूब

अय्यूब ४२:७-९ अनि यस्तो भयो, यहोवाले अय्यूबसँग यी वचनहरू बोल्नुभएपछि, यहोवाले एलीपज तेमानीलाई भन्नुभयो, मेरो क्रोध तँ र तेरा मित्रहरूको विरुद्ध दन्केको छ: किनभने मेरो सेवक अय्यूबले बोलेजस्तो तिमीहरूले मेरोबारे ठीक कुरा बोलेका छैनौ। यसकारण, अहिले नै आफूसँग दश वटा साँढे र सात वटा भेडाहरू लैजाओ, र मेरो सेवक अय्यूबकहाँ जाओ, आफ्नो निम्ति होम बलि चढाऊ, र मेरो सेवक अय्यूबले तिमीहरूको निम्ति प्रार्थना गरिदिनेछ: किनभने म त्यसलाई ग्रहण गर्नेछु: नत्र तिमीहरूले मेरो सेवक अय्यूबले जस्तै मेरो बारेमा ठीक नबोलेकोमा म तिमीहरूसँग तिमीहरूको मूर्खताअनुसार व्यवहार गर्छु। त्यसैले एलीपज तेमानी, बिल्दाद शुही र सोपर नमाती गए र यहोवाले आज्ञा गरेबमोजिम गरे: यहोवाले अय्यूबलाई पनि ग्रहण गर्नुभयो।

अय्यूब ४२:१० अनि अय्यूबले आफ्ना मित्रहरूको निम्ति प्रार्थना गरेपछि यहोवाले तिनलाई बन्धनमुक्त गराउनुभयो: यहोवाले अय्यूबलाई पहिले तिनीसँग भएको भन्दा दुई गुणा बढी दिनुभयो।

अय्यूब ४२:१२ त्यसैले यहोवाले अय्यूबको पछिल्लो समयलाई तिनको सुरुको समयभन्दा बढी आशिष् दिनुभयो: किनभने तिनीसित चौध हजार भेडा, छ हजार ऊँट, एक हजार हल गोरु र एक हजार गधा थिए।

अय्यूब ४२:१७ यसरी अय्यूब वृद्ध र दीर्घायु भएर मरे।

**परमेश्वरसित डराउने र खराबीबाट अलग बस्नेहरूलाई परमेश्वरले कदरको साथ हेर्नुहुन्छ, अनि मूर्खहरूलाई परमेश्वरले तुच्छ व्यक्तिको रूपमा हेर्नुहुन्छ**

अय्यूब ४२:७-९ मा, परमेश्वरले अय्यूब उहाँको दास हो भनी भन्नुभएको छ। अय्यूबलाई उल्लेख गर्न उहाँले “दास” भन्ने शब्दको प्रयोग गर्नुभएको तथ्यले, उहाँको हृदयमा रहेको अय्यूबको महत्त्वलाई दर्साउँछ; परमेश्वरले अय्यूबलाई कुनै सम्मानजनक नामले नबोलाउनुभएको भए पनि, यो पदवी नामले परमेश्वरको हृदयभित्र रहेको अय्यूबको महत्त्वमा कुनै असर पारेको थिएन। यहाँ “दास” भन्ने शब्द परमेश्वरले अय्यूबलाई दिनुभएको उपनाम हो। “मेरो दास अय्यूब” भनी परमेश्वरले धेरै पटक उल्लेख गर्नुभएको तथ्यले, अय्यूबसँग उहाँ कति धेरै प्रसन्न हुनुहुन्थ्यो भन्ने देखाउँदछ, र परमेश्वरले “दास” भन्ने शब्द पछाडिको अर्थको कुरा नगर्नुभएको भए पनि, “दास” भन्ने शब्दको परिभाषालाई धर्मशास्त्रको यस खण्डको उहाँका वचनहरूबाट देख्न सकिन्छ। एलीपज तेमानीको बारेमा परमेश्वरले सर्वप्रथम यसो भन्नुभयो: “मेरो क्रोध तँ र तेरा मित्रहरूको विरुद्ध दन्केको छ: किनभने मेरो सेवक अय्यूबले बोलेजस्तो तिमीहरूले मेरोबारे ठीक कुरा बोलेका छैनौ।” यी वचनहरू अय्यूबको जाँच गर्नुभएपछि तिनले भनेका र गरेका सबै कुरा सही र सत्य हुन भनी परमेश्वरले स्वीकार गर्नुभएको छ भनी मानिसहरूलाई खुला रूपमा बताउनुभएको यो पहिलो पटक हो, र अय्यूबले गरेका र भनेका सबै कुराको सटीकता र सहिपनलाई उहाँले खुला रूपमा पुष्टि गर्नुभएको यो पहिलो पटक हो। परमेश्वर एलीपज र अरूसँग तिनीहरूका गलत र अनुचित कुराहरूको कारण रिसाउनु भएको थियो, किनकि अय्यूबले जस्तै उनीहरूले परमेश्वरको उपस्थिति देख्न सकेका थिएनन् वा उहाँले उनीहरूको जीवनमा बोल्नुभएका वचनहरू सुन्न सकेका थिएनन्, तापनि अय्यूबसँग त्यस्तो परमेश्वरबारे सही ज्ञान थियो, तिनीहरूले भने परमेश्वरको बारेमा अन्धाधुन्ध अनुमान मात्र गर्न सक्थे, यस क्रममा तिनीहरूले गर्ने सबै कुरामा परमेश्वरको इच्छाको उल्लङ्घन गर्थे र उहाँको धैर्यको जाँच गर्थे। फलस्वरूप, अय्यूबले गरेका र भनेका सबै कुरालाई स्वीकार गर्दै परमेश्वर अरूप्रति क्रोधित हुनुभयो, किनकि उनीहरूमा वास्तविक रूपमा उहाँले परमेश्वरको कुनै डर देख्न नसक्नुभएको मात्र होइन, तर तिनीहरूले भनेका कुराहरूमा पनि परमेश्वरको कुनै डर सुन्नुभएन। त्यसकारण परमेश्वरले उनीहरूलाई निम्न कुराको माग गर्नुभयो: “यसकारण, अहिले नै आफूसँग दश वटा साँढे र सात वटा भेडाहरू लैजाओ, र मेरो सेवक अय्यूबकहाँ जाओ, आफ्नो निम्ति होम बलि चढाऊ, र मेरो सेवक अय्यूबले तिमीहरूको निम्ति प्रार्थना गरिदिनेछ: किनभने म त्यसलाई ग्रहण गर्नेछु: नत्र तिमीहरूले मेरो सेवक अय्यूबले जस्तै मेरो बारेमा ठीक नबोलेकोमा म तिमीहरूसँग तिमीहरूको मूर्खताअनुसार व्यवहार गर्छु।” यस खण्डमा परमेश्वरले एलीपज र अरूलाई उनीहरूका पापहरूबाट छुटकारा गराउने केही कुरा गर्न भन्दैहुनुहुन्छ, किनकि उनीहरूको मूर्खता यहोवा परमेश्वरको विरुद्धमा पाप थियो र यसरी उनीहरूले आफ्ना गल्तीहरूको समाधान गर्न होमबलि चढाउनु पर्नेथियो। होमबलिहरू प्रायजसो परमेश्वरलाई नै चढाइन्थ्यो, तर यी होमबलिहरूको अनौठो कुरा के थियो भने त्यो अय्यूबलाई चढाउनु पर्नेथियो। अय्यूबलाई परमेश्वरले स्विकार्नुभयो, किनकि तिनले आफ्नो परीक्षाको बेलामा परमेश्वरको गवाही दिएका थिए। यसै बीच, अय्यूबका यी साथीहरू, तिनको जाँचको समयमा प्रकट गरिए, उनीहरूको

मूर्खताको कारण उनीहरू परमेश्‍वरद्वारा दण्डित भए र उनीहरूले परमेश्‍वरको क्रोधलाई उक्साए, र परमेश्‍वरले दण्ड दिनुपर्‍यो–अय्यूबको सामु होमबलि चढाउन लगाई दण्ड दिनुपर्थ्यो–त्यसपछि अय्यूबले उनीहरूप्रतिको परमेश्‍वरको दण्ड र क्रोध हटाउनका निम्ति प्रार्थना गरे। परमेश्‍वरको उद्देश्य उनीहरूलाई सर्ममा पार्ने थियो, किनकि उनीहरू परमेश्‍वरको भय मान्‍ने र खराबीबाट अलग बस्‍ने मानिसहरू थिएनन् र उनीहरूले अय्यूबको निष्ठाको निन्दा गरेका थिए। एकातिर, परमेश्‍वरले उनीहरूलाई उहाँले उनीहरूका कार्यहरू स्वीकार गर्नुहुन्‍न, तर अय्यूबलाई महान् रूपमा स्वीकार गर्नुहुन्छ र तिनमा आनन्दित हुनुहुन्छ भनेर भन्दै हुनुहुन्थ्यो; अर्कोतिर, परमेश्‍वरले उनीहरूलाई यो भन्दै हुनुहुन्थ्यो, कि परमेश्‍वरद्वारा स्वीकार भएमा यसले मानिसलाई परमेश्‍वरको सामु उच्‍च पार्छ, मानिसलाई उसको मूर्खताका कारण परमेश्‍वरले घृणा गर्नुहुन्छ, र त्यसले परमेश्‍वरलाई चिढ्याउँछ, र परमेश्‍वरको नजरमा त्यो व्यक्ति तुच्छ र घृणित हुन्छ। परमेश्‍वरले दुई प्रकारका मानिसको बारेमा दिनुभएका परिभाषाहरू यिनै हुन्, यी दुई प्रकारका मानिसहरूप्रतिको परमेश्‍वरको आचरण यिनै हुन्, र परमेश्‍वरले यी दुई प्रकारका मानिसको बारेमा बताउनुभएको मूल्य र स्थिति यिनै हो। परमेश्‍वरले अय्यूबलाई उहाँको दास भनेर बोलाउनुभएको भए पनि, उहाँको नजरमा यो दास प्रिय थियो, र तिनलाई अरूका निम्ति प्रार्थना गर्ने र उनीहरूका गल्तीहरू क्षमा गर्ने अधिकार दिइएको थियो। यो दासले परमेश्‍वरसँग सिधा कुरा गर्नसक्थे र परमेश्‍वरको सामु सीधै आउन सक्थे, र तिनको प्रतिष्ठा अरूको भन्दा उच्‍च र सम्मानजनक थियो। परमेश्‍वरले भन्‍नुभएको “दास” शब्दको वास्तविक अर्थ यही नै हो। अय्यूबले परमेश्‍वरको भय मानेकाले र खराबीबाट अलग बसेकाले तिनलाई यो विशेष सम्मान दिइएको थियो, र अरूले परमेश्‍वरको डर मान्‍ने र तिनीहरू दुष्टताबाट अलग नबस्‍ने भएकाले परमेश्‍वरले अरूलाई दास भनी बोलाउनुभएन परमेश्‍वरको यो अति नै फरक व्यवहारहरू दुई थरीका मानिसहरूप्रतिका उहाँका आचरण हुन्: जसले परमेश्‍वरको भय मान्छ र खराबीबाट अलग बस्छ उनीहरूलाई परमेश्‍वरले स्वीकार गर्नुहुन्छ र उहाँको नजरमा बहुमूल्य ठान्‍नुहुन्छ, अर्कोतिर परमेश्‍वरको भय नमान्‍ने र खराबीबाट अलग बस्‍न नसक्‍ने मूर्खहरूले परमेश्‍वरको कृपा प्राप्‍त गर्न सक्दैनन्; परमेश्‍वरले तिनीहरूलाई प्राय घृणा र निन्दा गर्नुहुन्छ, र तिनीहरू परमेश्‍वरको नजरमा तुच्छ हुन्छन्।

**परमेश्‍वरले अय्यूबलाई अधिकार प्रदान गर्नुहुन्छ**

अय्यूबले आफ्ना साथीहरूका लागि प्रार्थना गरे, र पछि, अय्यूबको प्रार्थनाको कारण, परमेश्‍वरले उनीहरूसँग उनीहरूको मूर्खताअनुसार व्यवहार गर्नुभएन–उहाँले उनीहरूलाई कुनै दण्ड दिनुभएन वा उनीहरूको कुनै प्रतिकार गर्नुभएन। त्यस्तो किन भयो? किनकि परमेश्‍वरका दास अय्यूबले उनीहरूका लागि गरेका प्रार्थनाहरू उहाँको कानमा पुगेका थिए; परमेश्‍वरले उनीहरूलाई क्षमा दिनुभयो, किनकि उहाँले अय्यूबका प्रार्थनाहरू स्वीकार गर्नुभयो। त्यसो भए, हामी यसमा के देख्छौं? जब परमेश्‍वरले कसैलाई आशिष् दिनुहुन्छ, उहाँले तिनीहरूलाई केवल भौतिक थोकहरू मात्र होइन तर धेरै इनामहरू दिनुहुन्छ: परमेश्‍वरले तिनीहरूलाई अधिकार पनि दिनुहुन्छ, अरूका लागि प्रार्थना गर्ने अधिकार दिनुहुन्छ, र परमेश्‍वरले ती व्यक्तिहरूका अपराधहरू भुलिदिनुहुन्छ र ती वास्ता गर्नुहुन्‍न, किनभने उहाँले यी प्रार्थनाहरू सुन्‍नुहुन्छ। परमेश्‍वरले अय्यूबलाई यही अधिकार दिनुभयो। अय्यूबको

प्रार्थनाद्वारा उनीहरूको निन्दा रोक्न यहोवा परमेश्‍वरले ती मूर्ख मानिसहरूलाई सर्ममा पार्नुभयो–जुन अवश्य पनि, एलीपज र अरूका लागि उहाँको विशेष दण्ड थियो।

**अय्यूबले फेरि एकपल्ट परमेश्‍वरबाट आशिष् पाउँछन्, र शैतानले फेरि कहिल्यै तिनीमाथि आरोप लगाएन**

यहोवा परमेश्‍वरका वाणीहरूमध्ये "मेरो सेवक अय्यूबले बोलेजस्तो तिमीहरूले मेरोबारे ठीक कुरा बोलेका छैनौ।" भन्‍ने वचनहरू पनि छन्। अय्यूबले भनेका कुरा के थियो? यसबारे हामीले पहिलेबाटै कुरा गरेका थियौं, साथै अय्यूबको पुस्तकमा धेरै पृष्ठका वचनहरूमा अय्यूबले बोलेका कुराहरूका रूपमा यिनलाई उल्लेख गरिएका छन्। यी सबै धेरै पृष्ठका वचनहरूमा, अय्यूबले एकै पटक पनि परमेश्‍वरको बारेमा कुनै गुनासो वा शङ्काहरू गरेनन्। तिनी केवल परिणाम पर्खन्छन्। यो पर्खाइ, नै तिनको आज्ञाकारिताको आचरण थियो, र यसको फलस्वरूप, र तिनले परमेश्‍वरलाई भनेका वचनहरूको फलस्वरूप, अय्यूब परमेश्‍वरद्वारा स्वीकार गरिए। जब तिनले जाँचहरू सहे र कठिनाइ भोगे, परमेश्‍वर तिनको साथमा हुनुभयो, र परमेश्‍वरको उपस्थितिले तिनको कठिनाइ कम नभएको भए पनि, परमेश्‍वरले जे देख्‍ने इच्छा गर्नुभएको थियो त्यो देख्‍नुभयो र उहाँले सुन्‍ने इच्छा गर्नुभएको कुरा सुन्‍नुभयो। अय्यूबको प्रत्येक शब्द र कामहरू परमेश्‍वरको आँखा र कानमा पुगे; परमेश्‍वरले सुन्‍नुभयो, र उहाँले देख्‍नुभयो–यो तथ्य हो। परमेश्‍वर सम्बन्धी अय्यूबको ज्ञान, र त्यस बेला, त्यस समय अवधिमा तिनको हृदयमा परमेश्‍वरको बारेमा रहेका तिनका विचारहरू, वास्तवमा आजका मानिसहरूको जस्तो सुस्पष्ट थिएन, तर त्यस समयको सन्दर्भमा, परमेश्‍वरले अझै पनि तिनले भनेका सबै कुरालाई मान्यता दिनुभयो, किनकि तिनको आचरण र तिनको हृदयमा रहेका विचारहरू, साथै तिनले व्यक्त र प्रकट गरेका कुराहरू उहाँका मापदण्डहरूका लागि पर्याप्त थिए। अय्यूब परीक्षामा परेका बेला, तिनले आफ्नो हृदयमा सोचेका र गर्ने संकल्प गरेका कुराले परमेश्‍वरलाई एउटा परिणाम देखायो, जुन परमेश्‍वरको लागि सन्तोष-जनक थियो, र त्यसपछि परमेश्‍वरले अय्यूबको परीक्षा हटाउनुभयो भने, अय्यूब तिनका समस्याहरूबाट मुक्त भए, र तिनका जाँचहरू हटे र ती फेरि तिनीमाथि आइलागेनन्। अय्यूब पहिले नै जाँचहरूमा परेका थिए र ती जाँचहरूको बेला तिनी दृढ भएर खडा भएका थिए, र शैतानमाथि पूर्ण विजयी भएका थिए, यसैले परमेश्‍वरले तिनलाई आशिष्‌हरू दिनुभयो जुन पाउन तिनी योग्यका थिए। अय्यूब ४२:१०, १२ मा उल्लेख गरिए अनुसार, अय्यूबलाई फेरि एकचोटि आशिष् दिइयो र तिनले पहिलेको भन्दा बढी आशिष् पाए। यस समयमा शैतान पछि हटेको थियो, र केही पनि भनेन वा गरेन, र त्यस बेलादेखि उसो अय्यूबलाई शैतानले अब कुनै हस्तक्षेप वा आक्रमण गरेन, र अय्यूबले परमेश्‍वरबाट पाएका आशिषहरूका विरुद्ध शैतानले अब कुनै आरोप लगाएन।

**अय्यूबले आफ्नो जीवनको पछिल्लो आधा भागको समय परमेश्‍वरका आशिषहरूमा बिताउँछन्**

त्यस बेला परमेश्‍वरका आशिषहरू केवल भेडा, गाईवस्तु, ऊँट, भौतिक सम्पत्ति आदिमा मात्र सीमित रहेको भए पनि, उहाँले आफ्नो हृदयमा अय्यूबलाई दिन चाहनुभएका आशिषहरू तीभन्दा

बढी थिए। त्यस बेला, के परमेश्‍वरले अय्यूबलाई दिन चाहनुभएका अनन्त प्रतिज्ञाहरू उल्लेख गरिएका थिए? परमेश्‍वरले अय्यूबलाई दिनुभएका आशिषहरूमा, उहाँले तिनको अन्त्यको बारेमा चर्चा गर्नुभएन वा त्यसको बारेमा कुरा उठाउनुभएन, र परमेश्‍वरको हृदयमा अय्यूबले जुन महत्त्व वा स्थान ओगटेका भए पनि सारांशमा भन्‍नुपर्दा परमेश्‍वर उहाँका आशिषहरूमा अत्यन्तै होसियार हुनुभएको थियो। परमेश्‍वरले अय्यूबको अन्त्यको घोषणा गर्नुभएन। यसको अर्थ के हो? त्यस बेला, जब परमेश्‍वरको योजना मानिसको अन्त्यको घोषणा गर्ने स्थितिमा पुग्‍न बाँकी नै थियो, त्यो योजना अझै उहाँको कामको अन्तिम चरणमा प्रवेश गर्न बाँकी थियो, परमेश्‍वरले मानिसलाई भौतिक आशिषहरू मात्र प्रदान गर्दै अन्त्यको कुनै उल्लेख गर्नुभएन। यसको अर्थ यही हो कि, अय्यूबको जीवनको पछिल्लो आधा भाग परमेश्‍वरका आशिषहरूको बीचमा बितेको थियो, जुन कुराले तिनलाई अरू मानिसहरू भन्दा फरक बनायो–तर तिनीहरू झैं तिनी बुढा भए, र कुनै पनि सामान्य मानिसको जस्तै तिनले संसारबाट बिदा लिने दिन आयो। यसैले यो उल्लेख गरिएको छ कि “यसरी अय्यूब वृद्ध र दीर्घायु भएर मरे” (अय्यूब ४२:१७)। यहाँ “पूरा बुढेसकालमा दीर्घायु भएर मरे” भनेको अर्थ के हो? परमेश्‍वरले मानिसहरूको अन्त्यको घोषणा गर्नुभन्दा अघिको युगमा, परमेश्‍वरले अय्यूबका लागि जीवनको आयु निर्धारित गर्नुभयो, र जब त्यो उमेर पुग्यो तब उहाँले अय्यूबलाई यस संसारबाट स्वाभाविक रूपमा बिदा हुने अनुमति दिनुभयो। अय्यूबले दोस्रो आशिष पाएकादेखि तिनको मृत्युसम्म परमेश्‍वरले कुनै कठिनाइ थप्नुभएन। परमेश्‍वरका लागि, अय्यूबको मृत्यु स्वाभाविक थियो, र आवश्यक पनि थियो; त्यो अति सामान्य कुरा थियो, र न न्याय थियो, न त दण्ड नै थियो। अय्यूबले आफू जीवित छँदा परमेश्‍वरको आराधना गरे अनि उहाँको भय माने; तिनको मृत्युपछि कस्तो प्रकारको अन्त्य भयो भन्‍ने सम्बन्धमा, परमेश्‍वरले केही पनि भन्‍नुभएन, न त यसबारे कुनै टिप्पणी गर्नुभयो। परमेश्‍वरसित आफूले भन्‍ने र गर्ने कुरामा गहन औचित्यको भाव हुन्छ, र उहाँको वचनहरूका विषयवस्तु र सिद्‌धान्तहरू उहाँको कामको चरण र उहाँले काम गरिरहनुभएको युग अनुरूप हुन्छ। अय्यूबजस्तो कुनै व्यक्तिको निम्ति परमेश्‍वरको हृदयमा कस्तो किसिमको अन्त्य हुन्थ्यो? के परमेश्‍वरले आफ्नो हृदयमा कुनै पनि प्रकारको निर्णय गर्नुभएको थियो? अवश्य पनि उहाँले गर्नुभएको थियो! यति हो कि यो मानिसको निम्ति अज्ञात थियो; परमेश्‍वरले त्यो कुरा मानिसलाई बताउन चाहनुभएन, न त मानिसलाई त्यो बताउने उहाँको कुनै अभिप्राय थियो। यसरी सतही रूपमा भन्‍नुपर्दा, अय्यूब पूरा बुढेसकालमा दीर्घायु भएर मरे, र अय्यूबको जीवन यस्तो थियो।

### अय्यूबले आफ्नो जीवनकालमा जिएको मूल्य

के अय्यूबले मूल्यवान् जीवन जिए? मूल्य कहाँ थियो? किन तिनले मूल्यवान् जीवन बिताए भनेर भनिन्छ? मानिसको निम्ति तिनको मूल्य के थियो? मानिसको दृष्टिकोणबाट तिनले त्यो मानवजातिको प्रतिनिधित्व गरे जसलाई परमेश्‍वरले बचाउन चाहनुहुन्छ, जसले शैतान र संसारका मानिसहरूको सामु परमेश्‍वरको गम्भीर गवाही दिन्छन्। तिनले त्यो कर्तव्य पूरा गरे जुन परमेश्‍वरको एक सृष्टिले पूरा गर्नुपर्दछ, एउटा उदाहरण निर्माण गरे, र परमेश्‍वरले मुक्ति दिन

चाहनुभएका सबैको नमुनाको रूपमा काम गरे, जसले मानिसहरूलाई परमेश्‍वरमाथि भरोसा राखेर शैतानमाथि विजयी हुन सम्भव छ भन्‍ने देखायो। परमेश्‍वरका लागि तिनको मूल्य के थियो? परमेश्‍वरका लागि, अय्यूबको जीवनको मूल्य परमेश्‍वरको भय मान्‍ने, परमेश्‍वरको आराधना गर्ने, परमेश्‍वरका कामहरूको गवाही दिने, र परमेश्‍वरका कार्यहरूको प्रशंसा गर्ने, परमेश्‍वरका निम्ति सान्त्वना र आनन्द दिन सक्‍ने तिनको क्षमतामा निहित छ; परमेश्‍वरका लागि अय्यूबको जीवनको मोल यसमा पनि थियो कि आफ्नो मृत्यु हुनुभन्दा अघि अय्यूबले जाँचहरूको सामना गरे अनि शैतानमाथि विजय पाए, र शैतान र संसारका मानिसहरूको सामु परमेश्‍वरको गहन गवाही दिए, त्यसरी तिनले मानवजातिको बीचमा परमेश्‍वरले महिमा प्राप्त गर्नुभयो, उहाँको हृदयलाई सान्त्वना दिए र उहाँको उत्सुक हृदयलाई एक परिणाम देखाए र आशा पूरा भएको देखाए। तिनको गवाहीले परमेश्‍वरको गवाही भई दृढ भएर खडा हुन सक्‍ने सामर्थ्य र मानवजातिलाई व्यवस्थापन गर्ने परमेश्‍वरको काममा परमेश्‍वरको तर्फबाट शैतानलाई लाजमा पार्ने एउटा उदाहरण प्रस्तुत गऱ्यो। के यो अय्यूबको जीवनको मूल्य होइन र? अय्यूबले परमेश्‍वरको हृदयलाई सान्त्वना दिए, तिनले परमेश्‍वरलाई महिमा प्राप्त गर्नुको प्रसन्‍नताको पूर्वानुभव दिए, र परमेश्‍वरको व्यवस्थापन योजनाका लागि एउटा राम्रो सुरुआत प्रदान गरे। यस समयदेखि, अय्यूबको नाउँ परमेश्‍वरले महिमा प्राप्त गर्नुको प्रतीक बन्यो, र शैतानमाथिको मानवजातिको विजयको चिन्ह बन्यो। अय्यूब आफ्नो जीवनकालमा जुन कुरामा जिए, साथै शैतानमाथिको तिनको उल्लेखनीय विजयलाई परमेश्‍वरले सदासर्वदा कदर गर्नुहुनेछ, र तिनको सिद्धता, सोझोपन र परमेश्‍वरको भयलाई आउने पुस्ताहरूले श्रद्धा र अनुकरण गर्नेछ। परमेश्‍वरले तिनलाई सधैँ एक निष्खोट, चम्किलो मोतीलाई झैं सम्हाल्नुहुनेछ र त्यसरी नै तिनी मानिसद्वारा पनि मूल्यवान् ठानिने योग्यका छन्!

यसपछि, हामी व्यवस्थाको युगको अवधिको परमेश्‍वरको कार्यलाई हेरौं।

### घ. व्यवस्थाका युगका नियमहरू

दश आज्ञा

वेदीहरू निर्माण गर्ने सिद्धान्तहरू

नोकरहरूसँग व्यवहार गर्ने नियमहरू

चोरी र क्षतिपूर्तिका नियमहरू

शबाथ वर्ष र तीनवटा चाड मनाउने

शबाथ दिनका नियमहरू

बलिहरूका नियमहरू

- होमबलि
- अन्‍नबलि
- मेलबलि
- पापबलि
- दोषबलि

पूजाहारीहरूद्वारा चढाइने बलिहरूका (हारून र तिनका छोराहरूलाई मान्न आदेश दिइएका) नियमहरू

पूजाहारीहरूद्वारा चढाइने होमबलिहरू

पूजाहारीहरूद्वारा चढाइने अन्नबलिहरू

पूजाहारीहरूद्वारा चढाइने पापबलिहरू

पूजाहारीहरूद्वारा चढाइने दोषबलिहरू

पूजाहारीहरूद्वारा चढाइने मेलबलिहरू

पूजाहारीहरूद्वारा चढाइने बलिहरू खाने सम्बन्धी नियमहरू

शुद्ध र अशुद्ध पशुहरू (खान हुने र नहुने पशुहरू)

सुत्केरी भएपछि स्त्रीहरूलाई शुद्धीकरण गरिने नियमहरू

कुष्ठरोगीलाई जाँच्ने मापदण्डहरू

कुष्ठ रोगबाट निको भएकाहरूका निम्ति नियमहरू

सङ्क्रमित घरहरू शुद्धीकरण गर्ने नियमहरू

धातु रोगले ग्रस्त व्यक्तिहरूका निम्ति नियमहरू

वर्षमा एकचोटि मनाउनुपर्ने प्रायश्‍चितको चाड

गाईवस्तु र भेडाहरू काट्ने नियमहरू

अन्यजातिहरूका घृणित चालचलन पालन गर्न मनाही (हाडनाताकरणी नगर्ने, आदि)

मानिसहरूले पालन गर्नैपर्ने नियमहरू ("तिमीहरू पवित्र हुनेछौ: किनभने म तिमीहरूको परमेश्‍वर यहोवा पवित्र छु।")

आफ्ना छोराछोरीहरू मोलेकलाई बलि चढाउनेहरूलाई प्राणदण्ड

व्यभिचारको अपराधका निम्ति दिइने दण्डका नियमहरू

पूजाहारीहरूले पालन गर्नुपर्ने नियमहरू (तिनीहरूका दैनिक व्यवहार, पवित्र थोकहरू उपभोग गर्ने नियमहरू, बलिहरू चढाउने नियमहरू, आदि)

पालन गर्नुपर्ने चाडहरू (शबाथ दिन, निस्तार-चाड, पेन्तिकोस, प्रायश्‍चितको दिन, आदि)

अन्य नियमहरू (बत्तीहरू बाल्ने, पुनर्स्थापनाको वर्ष, जमिनको छुटकारा, शपथहरू खाने, दशांश दिने, आदि)

**व्यवस्थाको युगका नियमहरू परमेश्‍वरले सारा मानवजातिलाई मार्गनिर्देशन गर्नुहुन्छ भन्ने कुराको वास्तविक प्रमाण हुन्**

यसरी तिमीहरूले व्यवस्थाको युगका यी नियमहरू र सिद्धान्तहरू पढेका छौ, होइन त? के ती नियमहरूले विस्तृत दायरा ओगट्छन्? पहिले, तिनीहरूले दश आज्ञालाई समेट्छन्, त्यसपछि वेदीहरू कसरी बनाउने, आदिबारे नियमहरू छन्। यी पछि शबाथ-दिन पालन गर्ने र ती तीन वटा चाड पालन गर्ने सम्बन्धी नियमहरू छन्, अनि त्यसपछि बलिहरू चढाउने नियमहरू छन्। के तिमीहरूले कति प्रकारका बलिहरू छन् भन्ने देख्यौ? होमबलि, अन्नबलि, मेलबलि, पापबलि आदि छन्। ती पछि

पूजाहारीहरूले चढाउने बलिहरूका नियमहरू छन् जसमा पूजाहारीले चढाउने होमबलि र अन्नबलि, साथै अन्य प्रकारका बलिसम्बन्धी नियमहरू हुन्। नियमहरूको आठौं समूह पूजाहारीहरूले बलिहरू खानेसँग सम्बन्धित छ। त्यसपछि मानिसहरूको जीवनको अवधिमा के पालन गर्नुपर्छ भन्ने नियमहरू छन्। मानिसहरूको जीवनका धेरै पक्षका लागि सर्तहरू छन्, जस्तै उनीहरूले के खानु हुन्छ र के खानु हुँदैन, सुत्केरी भएपछि स्त्रीहरूको, कुष्ठ रोगबाट निको भएकाहरूका लागि शुद्धीकरण। यी नियमहरूमा, परमेश्वरले रोगको बारेमा पनि कुरा गर्नुभएको छ, र भेडा र गाईवस्तु मार्ने, आदि सम्बन्धी नियमहरू पनि छन्। भेडाहरू र गाईवस्तुहरू परमेश्वरले बनाउनुभएको थियो, र परमेश्वरले भन्नुभए अनुसार मात्र तैँले तिनीहरूलाई मार्नुपर्छ; अवश्य नै, परमेश्वरका वचनहरूका पछाडि कारण छ; अवश्य नै परमेश्वरले घोषणा गर्नुभए अनुसार नै यो काम गर्नु उचित हुन्छ, र निश्चय मानिसको लाभदायक हुन्छ! पालन गर्नुपर्ने चाडहरू र नियमहरू पनि छन्, जस्तै शबाथ दिन, निस्तार-चाड, र अरू–यी सबैको बारेमा परमेश्वरले बताउनुभएको छ। हामी अन्तिम नियमहरूलाई हेरौं: अन्य नियमहरू–बत्तीहरू बाल्नु, पुनर्स्थापनाको वर्ष, जमिन छुटकारा, शपथ खानु, दशांश चढाउनु, आदि। के यी कुराहरूले विस्तृत दायरालाई समेट्छन्? कुरा गर्नु पर्ने पहिलो विषय भनेको मानिसहरूले चढाउने बलिहरू हो। त्यसपछि चोरी र क्षतिपूर्ति, र शबाथ दिन पालनका नियमहरू छन्...; जीवनको हरेक कार्य यसमा समावेश छ। भन्नुको अर्थ, जब परमेश्वरले आफ्नो व्यवस्थापन योजनाको आधिकारिक काम सुरु गर्नुभयो, त्यसबेला उहाँले ती धेरै नियमहरू स्थापित गर्नुभयो जुन मानिसले पालन गर्नुपर्थ्यो। ती नियमहरू मानिसलाई पृथ्वीमा मानिसको सामान्य जीवन जिउने अनुमति दिनका निम्ति थिए, यस्तो सामान्य जीवन जुन परमेश्वर र उहाँको मार्गनिर्देशनबाट अलग गर्न नसकिने हुन्छ। परमेश्वरले मानिसलाई पहिले वेदीहरू कसरी बनाउने, वेदीहरू कसरी स्थापना गर्ने भन्ने कुरा बताउनुभयो। त्यसपछि, उहाँले मानिसलाई बलिहरू कसरी चढाउने सो बताउनुभयो, र मानिस कसरी जिउनुपर्छ भन्ने कुरा–उसले जीवनमा कुन कुरामा ध्यान दिनुपर्छ, उसले के पालन गर्नुपर्छ अनि उसले के गर्नुपर्छ र के गर्नुहुँदैन भन्ने कुराहरू स्थापित गर्नुभयो। परमेश्वरले मानिसका लागि जे प्रबन्ध गर्नुभयो त्यो सबै कुरालाई समेट्ने किसिमको थियो र यी रीतिथिति, नियम र सिद्धान्तहरूको आधारमा उहाँले मानिसको आचरणको मानकीकरण गर्नुभयो, तिनीहरूको जीवनलाई डोऱ्याउनुभयो, तिनीहरूका सुरुआतलाई परमेश्वरको व्यवस्थातिर डोऱ्याउनुभयो, तिनीहरूलाई परमेश्वरको वेदीको अगि आउन डोऱ्याउनुभयो, परमेश्वरले मानिसका निम्ति बनाउनुभएका सबै कुराको बीचमा जीवन बिताउनु तिनीहरूलाई डोऱ्याउनुभयो जसमा सुव्यवस्था, निरन्तरता र सन्तुलन थियो। परमेश्वरले सबैभन्दा पहिले यी साधारण नियम र सिद्धान्तहरू मानिसका लागि सीमा तोक्न प्रयोग गर्नुभयो, यसैले कि मानिसमा परमेश्वरको आराधना गर्ने सामान्य जीवन होस्; उहाँको छ हजार वर्षे व्यवस्थापन योजनाको सुरुको विशेष विषय यही हो। ती नीति र नियमहरूले धेरै व्यापक विषय समेट्छन्, ती व्यवस्थाको युगमा परमेश्वरले मानव जातिलाई डोऱ्याउने मुख्य कुराहरू हुन्, व्यवस्थाको युगभन्दा पहिले आएका मानिसहरूले ती स्वीकार र आज्ञापालन गर्नुपर्थ्यो, ती व्यवस्थाको युगमा परमेश्वरले गर्नुभएका कामहरूको लिखित विवरण हुन्, अनि ती सबै मानव जातिमाथि परमेश्वरको नेतृत्व मार्गनिर्देशनको वास्तविक प्रमाण हुन्।

**मानवजाति परमेश्वरका शिक्षा र प्रबन्धहरूबाट सदा अभिन्न छ**

यी नियमहरूमा हामी उहाँको कामप्रति, उहाँको व्यवस्थापनप्रति र मानवजातिप्रति परमेश्वरको आचरण गम्भीर, विवेकशील, कठोर र जिम्मेवार छ भन्ने देख्छौं। उहाँले मानवजातिको बीचमा आफ्ना चरणहरू अनुसार गर्नुपर्ने काम अलिकति पनि भिन्नता नगरी गर्नुहुन्छ, उहाँले आफूले बोल्नुपर्ने वचनहरू थोरै त्रुटि नगरिकन वा कुनै कुरा नछुटाइकन बोल्दै, मानिस परमेश्वरको नेतृत्वबाट अभिन्न छ भनी देखाउँदै, र उहाँले मानवजातिका लागि गर्नुहुने र भन्नुहुने सबै कुरा कतिको महत्त्वपूर्ण भनी देखाउँदै त्यसो गर्नुहुन्छ। मानिस अर्को युगमा जस्तै हुने भए पनि, सुरुमा–व्यवस्थाको युगको अवधिमा–परमेश्वरले यी साधारण कार्यहरू गर्नुभयो। परमेश्वरका लागि, परमेश्वर, संसार र त्यस युगका मानवजातिप्रतिको मानिसहरूका अवधारणाहरू अमूर्त र अस्पष्ट थिए, र उनीहरूसँग केही सचेत विचारहरू र अभिप्रायहरू रहेको भए पनि, ती सबै अस्पष्ट र गलत थिए, र यसरी मानवजाति तिनीहरूप्रतिको परमेश्वरको शिक्षा र प्रबन्धहरूबाट अभिन्न थियो। प्रारम्भिक मानवजातिलाई केही पनि थाहा थिएन, त्यसैले परमेश्वरले बाँच्नका लागि अति सतही र आधारभूत सिद्धान्तहरूबाट मानिसलाई सिकाउन थाल्नुपर्‍यो, मानव हृदयमा यी कुराहरू बिस्तारै आत्मसात् गराउँदै, र मानिसलाई परमेश्वरको बारेमा क्रमिक बुझाइ दिँदै, परमेश्वरको नेतृत्वको बारेमा क्रमिक समझ र बुझाइ, र मानिस र परमेश्वर बीचको सम्बन्धको आधारभूत अवधारणा दिँदै, यी नियमहरू मार्फत, र यी नियमहरूको माध्यमबाट, जुन वचनहरू थिए, ती कुराको प्रयोग गरेर उहाँले यसो गर्नुभयो। यस प्रभावलाई हासिल गरिसकेपछि मात्र, परमेश्वरले पछि गर्नुपर्ने काम अली-अली गर्न सक्नुभयो, अनि यसरी यी नियमहरू र व्यवस्थाको युगमा परमेश्वरले गर्नुभएका कामहरू मानवजातिलाई मुक्ति दिने उहाँको कार्यको मुख्य आधार हुन् र परमेश्वरको व्यवस्थापन योजनाको कामको पहिलो चरण हुन्। व्यवस्थाको युगको कार्य अघि, परमेश्वरले आदम, हव्वा र तिनीहरूका सन्तानहरूसँग बोल्नुभएको भए पनि, ती आज्ञाहरू र शिक्षाहरू मानिसलाई एक-एक गरी जारी गर्न सकिने किसिमले व्यवस्थित वा विशिष्ट थिएनन्, र ती लेखिएका थिएनन्, न त ती नियम बनेका थिए। किनभने त्यस समयमा, परमेश्वरको योजना त्यति टाढासम्म पुगेको थिएन; परमेश्वरले मानिसलाई यो चरणमा ल्याउनुभएपछि मात्र, उहाँले व्यवस्थाको युगका यी नियमहरू बोल्न थाल्न सक्नुभयो, र मानिसहरूलाई ती पूरा गर्न लाउन थाल्नुभयो। यो एउटा आवश्यक प्रक्रिया थियो, र परिणाम अपरिहार्य थियो। यी साधारण परम्परा र नियमहरूले मानिसलाई परमेश्वरको व्यवस्थापन कार्यका चरणहरू र उहाँको व्यवस्थापन योजनामा प्रकट भएका ईश्वरीय बुद्धिलाई देखाउँछ। सुरु गर्नको लागि कुन सामग्री र साधनको प्रयोग गर्नुपर्दछ, र उहाँले उहाँको गवाही दिने मानिसहरूको समूह प्राप्त गर्नको लागि, र उहाँको जस्तै मन भएका मानिसहरूको समूह प्राप्त गर्न निरन्तरताको लागि लागि उहाँले कस्ता साधनहरूको प्रयोग गर्नुपर्छ र अन्त्य गर्नको लागि कस्ता साधनको प्रयोग गर्नुपर्छ सो परमेश्वरलाई थाहा हुन्छ। उहाँले मानिसभित्र के छ सो जान्नुहुन्छ, र मानिसमा के अभाव छ सो जान्नुहुन्छ। आफूले के प्रदान गर्नुपर्दछ र कसरी मानिसलाई अगुवाइ गर्नुपर्दछ भन्ने उहाँलाई थाहा छ र त्यसरी नै मानिसले के गर्नुपर्छ र के गर्नु हुँदैन भन्ने पनि उहाँलाई थाहा छ।

मानिस कठपुतली जस्तै हो: उसलाई ईश्वरीय इच्छाको बारेमा कुनै ज्ञान थिएन, तैपनि परमेश्वरको व्यवस्थापन कामको अगुवाइमा, एक पछि अर्को चरण गर्दै अहिले आइपुग्नु बाहेक उसँग कुनै विकल्प थिएन। आफूले के गर्नुपर्छ भन्ने बारेमा परमेश्वरको हृदयमा कुनै पनि अस्पष्टता थिएन; उहाँको हृदयमा एउटा एकदम स्पष्ट र ज्वलन्त योजना थियो, र सतहीदेखि गहनसम्म अघि बढ्दै आफ्ना चरणहरू र योजनाहरू अनुसार नै उहाँले आफूले चाहनुभएको काम अघि बढाउनुभयो। पछि आफूले गर्नुपर्ने कामको बारेमा उहाँले सूचित नगर्नुभएको भए पनि, उहाँको पछिल्ला कार्यलाई उहाँको योजना अनुसार अनुरूप नै अघि बढाउनुपर्थ्यो र त्यही अनुसार अघि बढ्नुपर्थ्यो, जुन परमेश्वरसँग जे छ र उहाँ जे हुनुहुन्छ त्यसको प्रकटीकरण, र परमेश्वरको अख्तियार पनि हो। उहाँले व्यवस्थापन योजनाको कुन चरणमा काम गरिरहनुभएको भए पनि, उहाँको स्वभाव र उहाँको सारले उहाँ स्वयमलाई प्रतिनिधित्व गर्दछ। यो बिलकुल सही छ। कामको युग, वा चरणको बाबजुद पनि, कहिल्यै परिवर्तन नहुने कुराहरू पनि हुन्छन्: परमेश्वरले कस्तो किसिमका मानिसहरूलाई प्रेम गर्नुहुन्छ, उहाँले कस्ता मानिसहरूलाई घृणा गर्नुहुन्छ, उहाँको स्वभाव र उहाँसँग जे छ र उहाँ जे हुनुहुन्छ सबै कुरा। परमेश्वरले व्यवस्थाको युगको क्रममा स्थापना गर्नुभएका यी नियम र सिद्धान्तहरू आजका मानिसहरूका लागि धेरै सरल र सतही देखिने भए पनि, र तिनलाई बुझ्न र प्राप्त गर्न सजिलो भए पनि, त्यसमा परमेश्वरको ज्ञान छ, र त्यसमा परमेश्वरको स्वभाव र उहाँसँग जे छ र उहाँ जे हुनुहुन्छ सो कुरा छ। यी साधारण देखिने नियमहरूभित्र मानवजातिप्रतिको परमेश्वरको जिम्मेवारी र वास्ता, साथसाथै उहाँका विचारहरूको अति उत्तम सार व्यक्त गरिएको छ, यसरी मानिसहरूलाई वास्तवमै परमेश्वरले सबै थोकहरूमाथि शासन गर्नुहुन्छ र सबै थोकहरूलाई उहाँले नै नियन्त्रण गर्नुहुन्छ भन्ने कुराको महसुस गराउँछ। मानवजातिले जत्ति नै ज्ञान हासिल गरे पनि, वा उसले जत्ति नै सिद्धान्त वा रहस्यहरू बुझे पनि, परमेश्वरको लागि यी कुनै पनि कुराले मानवजातिप्रतिको उहाँको प्रबन्ध, र नेतृत्वको स्थान लिन सक्दैन; मानवजाति सधैँभरि परमेश्वरको मार्गदर्शन र परमेश्वरको व्यक्तिगत कार्यबाट अभिन्न हुनेछ। मानिस र परमेश्वरबीचको सम्बन्ध यस्तो अभिन्न किसिमको छ। परमेश्वरले तँलाई एउटा आज्ञा, वा एउटा नियम दिनुभए पनि, वा उहाँको इच्छा बुझ्नका लागि तँलाई सत्यता प्रदान गर्नुभए पनि, उहाँले चाहे जे गर्नुभए पनि, परमेश्वरको उद्देश्य भनेको मानिसलाई सुन्दर भोलिको दिनतिर डोर्‍याउनु हो। परमेश्वरद्वारा बोलिएका वचनहरू र उहाँले गर्नुहुने कामहरू, दुवै उहाँको सारको एक पक्षको प्रकाश हो, र उहाँको स्वभाव र उहाँको बुद्धिको एक पक्षको प्रकाश हो; ती उहाँको व्यवस्थापन योजनाको अपरिहार्य चरण हुन्। यस कुरालाई बेवास्ता गर्नु हुँदैन! परमेश्वरले जे पनि गर्नुहुन्छ त्यसमा उहाँको इच्छा हुन्छ; परमेश्वर गलत टिप्पणीहरूदेखि डराउनुहुन्न, न त उहाँबारे मानिसको कुनै धारणा वा विचारहरूसँग नै उहाँ डराउनुहुन्छ। उहाँले कुनै पनि व्यक्ति, पदार्थ, वा वस्तुद्वारा प्रतिबन्धित नभई केवल आफ्नो काम गर्नुहुन्छ र आफ्नो व्यवस्थापन योजनाअनुसार आफ्नो व्यवस्थापनलाई जारी राख्नुहुन्छ।

रामो। आजको निम्ति यति नै। अर्को पटक भेटौंला!

नोभेम्बर ९, २०१३

# परमेश्वरको काम, परमेश्वरको स्वभाव र परमेश्वर स्वयम् ३

हाम्रो विगतका केही सङ्गतिहरूले तिमीहरू हरेकमाथि ठूलो प्रभाव पारेको छ। हालसम्म, मानिसहरूले अन्ततः परमेश्वरको साँचो अस्तित्व छ र उहाँ वास्तवमै मानिससित धेरै नजिक हुनुहुन्छ भन्ने कुरालाई साँचो प्रकारले महसुस गर्न सक्छन्। मानिसहरूले सम्भवतः परमेश्वरमाथि धेरै वर्षदेखि विश्वास गरेको भए तापनि तिनीहरूले अहिले जस्तो साँचो प्रकारले उहाँका विचारहरू तथा योजनाहरूलाई बुझ्न सकेका छैनन्, न त तिनीहरूले अहिले जस्तो उहाँका व्यवहारिक कार्यहरूको बारेमा साँचो प्रकारले अनुभव गर्न नै सकेका छन्। चाहे त्यो ज्ञान होस् वा वास्तविक अभ्यास, धेरै मानिसहरूले केही नयाँ कुरा सिकेका छन् र उच्च समझ प्राप्त गरेका छन्, अनि विगतका तिनीहरूका आफ्नै खोजीहरूमा भएका त्रुटिहरूलाई तिनीहरूले महसुस गरेका छन्, आफ्नो अनुभवको सतहीपन अनि तिनीहरूको अधिकांश अनुभव परमेश्वरको इच्छासित मेल नखाएको भनी महसुस गरेका छन् अनि मानिसमा रहेको ठूलो कमी परमेश्वरको स्वभावसम्बन्धी ज्ञान नै भनी महसुस गरेका छन्। मानिससित भएको ज्ञान केवल एक प्रकारको अनुभूतिमा आधारित ज्ञान मात्रै हो; तर्कसङ्गत ज्ञानको तहमा बढ्नको निम्ति मानिस अनुभवहरूद्वारा विस्तारै गहिरो र बलियो हुँदै जानु आवश्यक हुन्छ। मानिसले परमेश्वरलाई साँचो रीतिले बुझ्नुअघि, तिनीहरूले आफ्नो हृदयमा परमेश्वरको अस्तित्वमाथि विश्वास गर्छन् तर परमेश्वर वास्तवमा कस्तो प्रकारको हुनुहुन्छ, उहाँको इच्छा के हो र उहाँको स्वभाव कस्तो छ, मानिसजातिप्रति उहाँको वास्तविक आचरण कस्तो छ जस्ता विशेष प्रश्नहरूको वास्तविक समझ तिनीहरूसित हुँदैन भनेर आत्मपरक दृष्टिकोणले भन्न सकिन्छ। यसले परमेश्वरमा रहेको मानिसहरूको विश्वासलाई ठूलो संकष्टमा पार्दछ अनि तिनीहरूको विश्वासलाई शुद्धता वा सिद्धता प्राप्त गर्नदेखि रोक्दछ। यदि तँ परमेश्वरको वचनको सम्मुख नै परिस् भने पनि वा तेरा अनुभवहरूद्वारा परमेश्वरसित तेरो जम्काभेट भएको महसुस तैँले गरेको भएतापनि तैँले पूर्ण रूपले परमेश्वरलाई बुझ्छस् भनी अझै भन्न सकिँदैन। तैँले परमेश्वरका विचारहरू नजानेको कारण अर्थात् उहाँले कुन कुरालाई प्रेम गर्नुहुन्छ र उहाँले कुन कुरालाई घृणा गर्नुहुन्छ, कुन कुराले उहाँलाई क्रोधित तुल्याउँछ अनि कुन कुराले उहाँलाई आनन्दित तुल्याउँछ भनी तैँले नजानेको कारणले तँसित उहाँको साँचो बुझाइ छैन। तेरो विश्वास अनिश्चितता र कल्पनाको जगमाथि निर्माण भएको हुन्छ जुन तेरै आत्मपरक चाहनाहरूमा आधारित हुन्छ। यो असली विश्वासदेखि अझै टाढा छ अनि तँ साँचो अनुयायी हुनदेखि अझै टाढा छस्। बाइबलीय कथाहरूका उदाहरणहरूबाट दिइएका यी व्याख्याहरूले मानिसहरूलाई परमेश्वरको हृदय जान्न दिएको छ, उहाँको कामको हरेक कदममा उहाँले के सोचिरहनुभएको थियो, उहाँले यो काम किन गर्नुभयो, जब उहाँले त्यो काम गर्नुभयो, तब उहाँको सुरुको उद्देश्य तथा योजना के थियो, उहाँले कसरी आफ्नो विचारहरू हासिल गर्नुभयो, अनि उहाँले आफ्नो योजना कसरी तयार र विकास गर्नुभयो जस्ता कुराहरू जान्न दिएको छ। यी कथाहरूद्वारा हामीले परमेश्वरको छ हजार वर्षीय व्यवस्थापन कार्यको अवधिमा परमेश्वरको हरेक निश्चित अभिप्राय तथा हरेक वास्तविक विचारको विस्तारित, निश्चित बुझाइ प्राप्त गर्नु साथै विभिन्न समयहरू तथा

युगहरूमा मानिसहरूप्रति उहाँको आचरणको बारेमा जान्न सक्छौं। हरेक परिस्थितिको सामना गर्नुहुँदा उहाँले के सोचिरहनुभएको थियो, उहाँको आचरण के थियो र उहाँले कस्तो स्वभाव प्रकट गरिरहनुभएको थियो भनेर यदि मानिसहरूले बुझ्न सकेमा यसले हरेक मानिसलाई परमेश्‍वरको साँचो अस्तित्वलाई अझ गहिरो प्रकारले महसुस गर्न, उहाँको व्यवहारिकता र विशुद्‌धतालाई अझै गहिरो प्रकारले अनुभूति गर्न सहायता गर्नसक्छ। यी कथाहरू बताउनुमा मेरो उद्‌देश्य मानिसहरूले बाइबलीय इतिहास बुझून् भन्नको लागि होइन, बाइबलका पदहरूसित तिनीहरू परिचित हुन तिनीहरूलाई सहायता गर्न पनि होइन, न त व्यवस्थाको युगमा परमेश्‍वरले गर्नुभएको कामको पृष्ठभूमि बुझ्न मानिसहरूलाई सहायता गर्नको निम्ति नै हो। यो त परमेश्‍वरको इच्छा, उहाँको स्वभाव तथा उहाँको हरेक सानो अंशको बारेमा मानिसहरूलाई बुझ्न सहायता गर्नुको साथै परमेश्‍वरको अत्यन्त वास्तविक तथा विशुद्‌ध बुझाइ तथा ज्ञान हासिल गर्न सहायता गर्नको निम्ति हो। यसरी, मानिसहरूको हृदय बिस्तारै परमेश्‍वरप्रति खुल्दै जान्छ, परमेश्‍वरप्रति घनिष्ठ हुँदै जान्छ अनि तिनीहरूले उत्तम प्रकारले परमेश्‍वरलाई, उहाँको स्वभावलाई, उहाँको सारलाई बुझ्न अनि साँचो परमेश्‍वर स्वयमलाई चिन्न सक्छन्।

परमेश्‍वरको स्वभाव अनि उहाँसित जे छ र उहाँ जो हुनुहुन्छ भन्ने कुराको ज्ञानले मानिसहरूमाथि सकारात्मक प्रभाव पार्न सक्छ। यसले तिनीहरूलाई परमेश्‍वरमा ज्यादा भरोसा राख्न र साँचो आज्ञाकारीता तथा उहाँको साँचो भय हासिल गर्न सहायता गर्नसक्छ। तब, तिनीहरूले उहाँलाई अन्धाधुन्ध पछ्याउने वा आराधना गर्नेछैनन्। परमेश्‍वरले मूर्खहरूलाई वा भीडलाई अन्धाधुन्ध पछ्याउनेहरूलाई चाहनुहुन्न, बरु त्यस्ता मानिसहरूको झुण्डलाई चाहनुहुन्छ जसको हृदयमा परमेश्‍वरको स्वभावको स्पष्ट बुझाइ तथा ज्ञान हुन्छ, जसले परमेश्‍वरका गवाहीहरूको रूपमा काम गर्न सक्छन् जसले उहाँको प्रेमिलोपनको कारणले, उहाँसित जे छ र उहाँ जो हुनुहुन्छ, त्यसको कारणले अनि उहाँको धर्मी स्वभावको कारणले परमेश्‍वरलाई कहिल्यै त्याग्दैनन्। परमेश्‍वरको अनुयायीको हैसियतले यदि तेरो हृदयमा परमेश्‍वरको साँचो अस्तित्व, उहाँको स्वभाव, उहाँसित जे छ उहाँ जो हुनुहुन्छ, मानवजातिलाई उद्‌धार गर्ने उहाँको योजना आदिको बारेमा अझै स्पष्टताको कमी छ, कुनै द्‌विविधा वा शङ्का छ भने तेरो विश्‍वासले परमेश्‍वरको प्रशंसालाई हासिल गर्न सक्दैन। यस्तो प्रकारको मानिसले उहाँलाई पछ्याएको परमेश्‍वर चाहनुहुन्न र यस्तो प्रकारको व्यक्ति उहाँको सामु आएको उहाँ चाहनुहुन्न। यस्तो प्रकारको मानिसले परमेश्‍वरलाई नबुझ्ने हुनाले, तिनीहरूले उहाँलाई आफ्नो हृदय दिन सक्दैनन्—तिनीहरूको हृदय उहाँको निम्ति बन्द हुन्छ, त्यसैले परमेश्‍वरमाथिको तिनीहरूको विश्‍वास अशुद्‌धताहरूले भरिएको हुन्छ। जुन प्रकारले तिनीहरूले परमेश्‍वरलाई पछ्याइरहेका हुन्छन्, त्यसलाई केवल अन्धो अनुसरण मात्र भन्न सकिन्छ। मानिसहरूले तब मात्र साँचो विश्‍वास हासिल गर्न सक्छन् र तिनीहरू उहाँका साँचो अनुयायीहरू हुन सक्छन् जब तिनीहरूसित परमेश्‍वरको साँचो बुझाइ तथा ज्ञान हुन्छ, र यसले तिनीहरूभित्र साँचो आज्ञापालन तथा परमेश्‍वरको भय उत्पन्न गर्दछ। केवल यसरी मात्र तिनीहरूले आफ्नो हृदय परमेश्‍वरलाई दिन सक्छन् र यसलाई उहाँको निम्ति खोल्न सक्छन्। परमेश्‍वरले चाहनुहुने कुरा यही नै हो, किनभने तिनीहरूले गर्ने र सोच्ने हरेक कुराले परमेश्‍वरको परीक्षाको सामना गर्न सक्छ

र परमेश्वरको गवाही हुन सक्छ। परमेश्वरको स्वभाव वा उहाँ जेसित छ र उहाँ जो हुनुहुन्छ, वा उहाँले गर्ने हरेक कुरामा उहाँको इच्छा तथा उहाँका विचारहरूको सम्बन्धमा मैले तिमीहरूलाई बताउने कुरा, जुनसुकै दृष्टिकोण वा कोणबाट मैले यो कुरा गरे तापनि, यो परमेश्वरको साँचो अस्तित्वको बारेमा तिमीहरूलाई अझ बढी विश्वस्त तुल्याउन, मानवजातिको निम्ति उहाँको प्रेमलाई अझ बढी साँचो रीतिले बुझ्न र सराहना गर्न, अनि मानिसहरूको निम्ति उहाँको चासो तथा मानवजातिलाई व्यवस्थापन गर्ने तथा मुक्ति दिन उहाँको साँचो चाहनालाई अझ बढी साँचो रीतिले बुझ्न र सराहना गर्न तिमीहरूलाई सहायता गर्नको निम्ति हो।

आज हामी परमेश्वरका विचारहरू, योजनाहरू अनि मानवजातिलाई सृष्टि गर्नुभन्दा अघि उहाँको हरेक चालको बारेमा पहिले सारांश प्रस्तुत गर्नेछौं। संसारको सृष्टि गर्नुभएदेखि अनुग्रहको युगको आधिकारिक प्रारम्भ भएको समयसम्म उहाँले कुन काम सम्पन्न गर्नुभएको थियो, हामी त्यसबारे हेर्नेछौं। त्यसपछि हामी मानिसलाई ज्ञात नभएको कुन विचार तथा योजनाहरू रहेछन् भनी पत्ता लगाउन सक्नेछौँ अनि त्यहाँबाट हामी परमेश्वरको व्यवस्थापनसम्बन्धी योजनाको क्रमलाई प्रस्ट्याउन सक्नेछौँ अनि उहाँले व्यवस्थापन कार्य सृष्टि गर्नुहुँदाको सन्दर्भ, यसको श्रोत र विकास प्रक्रियालाई हामी पूर्ण रूपले बुझ्न सक्नेछौँ, अनि उहाँको व्यवस्थापन कार्यबाट उहाँले कस्ता परिणामहरू चाहनुहुन्छ भन्ने कुरालाई पनि हामी पूर्ण रूपले बुझ्न सक्नेछौँ–उहाँको व्यवस्थापनसम्बन्धी कामको गुदी तथा उद्देश्य यही नै हो। यी कुराहरू बुझ्न हामी अतीतको एउटा शान्त र सुनसान समयमा फर्किनुपर्छ जब त्यहाँ कुनै मानिसहरू नै थिएनन् ...

जब परमेश्वर आफ्नो ओछ्यानबाट उठ्नुभयो, तब उहाँको पहिलो विचार यो थियो: एउटा जीवित व्यक्ति सृष्टि गर्नु–एउटा वास्तविक, जीवित मानिस–एउटा यस्तो मानिस जसको साथमा बस्न सकियोस् र जो उहाँको निरन्तरको साथी हुन सकोस्; यस व्यक्तिले उहाँको कुरा सुन्न सक्थ्यो, अनि उहाँले ऊमाथि भरोसा गर्न र ऊसित कुराकानी गर्न सक्नुहुन्थ्यो। त्यसपछि, पहिलोपल्ट, परमेश्वरले एक मुठ्ठी माटो जमिनबाट उठाउनुभयो र उहाँको मनमा उहाँले कल्पना गरे-अनुसार उहाँको स्वरूपमा पहिलो जीवित व्यक्ति सृष्टि गर्नको निम्ति त्यस माटोलाई प्रयोग गर्नुभयो, अनि त्यसपछि उहाँले यस जीवित प्राणलाई एउटा नाउँ दिनुभयो–आदम। जब परमेश्वरसित यो जीवित अनि सास फेर्ने व्यक्ति थियो उहाँले कस्तो महसुस गर्नुभयो? पहिलोपल्ट उहाँले प्रियजन वा साथी साथमा हुनुको आनन्द अनुभव गर्नुभयो। उहाँले पहिलोपल्ट पिता हुनुको जिम्मेवारी र त्यसको साथमा आउने फिक्री पनि अनुभव गर्नुभयो। यस जीवित तथा सास फेर्ने व्यक्तिले परमेश्वरलाई खुशी तथा आनन्द पनि ल्यायो; उहाँले पहिलोपल्ट चैन अनुभव गर्नुभयो। परमेश्वरले गर्नुभएको पहिलो कुरा उहाँको विचार वा वचनहरूले सम्पन्न भएको थिएन, तर उहाँको आफ्नै हातहरूद्वारा सम्पन्न भएको थियो। जब यस्तो प्रकारको प्राणी–जुन जीवित तथा सास फेर्ने थियो–परमेश्वरको सामु देह र रगतद्वारा बनिएको, शरीर र रूप भएको अनि परमेश्वरसित कुरा गर्न सक्ने भएर खडा भयो, तब उहाँले पहिले कहिल्यै अनुभव नगरेको एक प्रकारको आनन्द अनुभव गर्नुभयो। परमेश्वरले साँचो रीतिले आफ्नो जिम्मेवारी अनुभव गर्नुभयो अनि यस जीवित प्राणीले उहाँको हृदयलाई झट्का दिएको मात्र होइन तर उसको हरेक चालले उहाँको हृदयलाई न्यानो पनि

पारेको थियो, उहाँको हृदयलाई छोएको पनि थियो। जब यो जीवित प्राणी परमेश्‍वरको सामु खडा भयो, तब उहाँले पहिलोपल्ट त्यस्ता धेरै मानिसहरू प्राप्‍त गर्ने विचार गर्नुभयो। परमेश्‍वरसित भएको यस पहिलो विचारबाट सुरु भएको घटनाका शृङ्खलाहरू यही थियो। परमेश्‍वरको निम्ति, यी सबै घटनाहरू पहिलोपल्ट घटिरहेको थियो तर यी पहिलो घटनाहरूमा, त्यसबेला उहाँले आनन्द, जिम्मेवारी, फिक्री जे अनुभव गर्नुभएको भए तापनि, ती कुराहरू उहाँले बाँडचूड गर्नको निम्ति त्यहाँ कोही थिएन। त्यस क्षणदेखि परमेश्‍वरले पहिले कहिल्यै अनुभव नगरेको एकलोपन र दुःख साँचो रूपमा महसुस गर्नुभयो। मानिसले उहाँको प्रेम तथा फिक्री, मानिसको निम्ति उहाँका अभिप्रायहरू ग्रहण गर्न वा बुझ्न सक्दैन भन्ने उहाँले महसुस गर्नुभयो, त्यसैले उहाँले आफ्नो हृदयमा अझै शोक तथा पीडा अनुभव गर्नुभयो। उहाँले मानिसकै निम्ति यी कुराहरू गर्नुभए तापनि, मानिसलाई त्यस कुराको ज्ञान थिएन अनि उसले बुझेन। मानिसले उहाँलाई खुशी, आनन्द र चैन ल्याउने बाहेक त्यसको साथमा उहाँलाई पहिलोपल्ट पीडा तथा एकलोपनको भावनाहरू पनि ल्याइदियो। त्यस समय परमेश्‍वरका विचार तथा भावनाहरू यही नै थिए। जब परमेश्‍वरले यी कुराहरू गरिरहनुभएको थियो, तब उहाँ आफ्नो हृदयमा आनन्ददेखि दुःख अनि दुःखदेखि पीडा भएर जानुभयो, अनि यी भावनाहरू चिन्ता मिश्रित थिए। उहाँले गर्न चाहना गर्नुभएको कुरा केवल हतारका साथ यस मानिसलाई, यस मानवजातिलाई उहाँको हृदयमा भएको कुरा जान्‍ने तुल्याउनु थियो, उहाँका अभिप्रायहरू चाँडै बुझ्ने तुल्याउनुथियो। तब, तिनीहरू उहाँका अनुयायीहरू हुनेथिए र उहाँका विचारहरूमा सहभागी हुनेथिए अनि उहाँको इच्छाको पक्षमा खडा हुनेथिए। तिनीहरू उप्रान्त केवल परमेश्‍वर बोल्नुभएको सुनेर अवाक् मात्र हुने थिएनन्; उहाँको काममा कसरी सम्मिलित हुने भनी तिनीहरू उप्रान्त अन्जान हुने थिएनन्; विशेष गरी, तिनीहरू परमेश्‍वरका अपेक्षाहरूप्रति उदासीन हुने मानिसहरू हुने थिएनन्। परमेश्‍वरले गर्नुभएका ती प्रथम कुराहरू ज्यादै अर्थपूर्ण थिए र उहाँको व्यवस्थापन योजना तथा आजको मानवजातिको निम्ति त्यसले ठूलो महत्त्व राख्थ्यो।

सबै कुरा र मानवजातिलाई सृष्‍टि गरिसक्नुभएपछि, परमेश्‍वरले विश्राम लिनुभयो। उहाँको व्यवस्थापनलाई सम्पन्‍न गर्न, अनि मानवजातिमध्येमा उहाँले असाध्यै प्रेम गर्नुभएको मानिसहरूलाई हासिल गर्न उहाँ बेचैन र उत्सुक हुनुहुन्थ्यो।

अर्को कुरा, परमेश्‍वरले मानवजातिलाई सृष्‍टि गर्नुभएको लामो समय नबित्दै, हामी सारा संसारमा ठूलो जलप्रलय आएको कुरा बाइबलमा देख्छौं। नोआलाई जलप्रलयको वृत्तान्तमा उल्लेख गरिएको छ, अनि नोआ नै परमेश्‍वरबाट तोकिएको काम पूरा गर्न उहाँसित सहकार्य गर्नको निम्ति उहाँको बोलावट पाउने पहिलो व्यक्ति थिए। अवश्य नै, पृथ्वीमा उहाँको आज्ञाअनुसार कुनै कुरा गर्नको निम्ति परमेश्‍वरले कुनै व्यक्तिलाई बोलाउनुभएको पनि यो पहिलोपल्ट नै थियो। एकपल्ट नोआले ठूलो जहाज बनाइसकेपछि, परमेश्‍वरले पहिलोपल्ट पृथ्वीमा जलप्रलय ल्याउनुभयो। जब परमेश्‍वरले पृथ्वीलाई जलप्रलयले नष्‍ट गर्नुभयो, तब मानवजातिलाई सृष्‍टि गरिसक्नुभएपछि परमेश्‍वर तिनीहरूप्रति घृणाले भरिनुभएको यो पहिलोपल्ट थियो; यही कुराले नै यस मानवजातिलाई जलप्रलयद्वारा नष्‍ट गर्ने दुःखदायी निर्णय गर्न परमेश्‍वरलाई बाध्य बनायो। जलप्रलयले पृथ्वीलाई नष्‍ट गरिसकेपछि, परमेश्‍वरले मानिसहरूसित उहाँको पहिलो करार बाँध्नुभयो, पृथ्वीलाई

जलप्रलयद्वारा फेरि कहिल्यै नष्ट गर्नुहुनेछैन भनी देखाउनको निम्ति गरिएको एउटा करार। यस करारको चिन्ह इन्द्रेनी थियो। यो मानवजातिसित परमेश्वरको पहिलो करार थियो, त्यसैले इन्द्रेनी परमेश्वरद्वारा दिइएको करारको पहिलो चिन्ह थियो; इन्द्रेनी अस्तित्वमा रहेको एउटा वास्तविक, भौतिक कुरा हो। इन्द्रेनीको यही अस्तित्वले नै प्रायः परमेश्वरलाई उहाँले गुमाउनुभएको अघिल्लो मानवजातिको निम्ति दुःखी अनुभव गराउँछ, अनि तिनीहरूलाई के भएको थियो भनी उहाँलाई याद दिलाउने काम गर्दछ...। परमेश्वरले आफ्नो कदमलाई सुस्त गराउनुभएन—आफ्नो व्यवस्थापनमा अर्को कदम चाल्न उहाँ बेचैन र उत्सुक हुनुहुन्थ्यो। त्यसपश्चात, परमेश्वरले इस्राएलभरि आफ्नो कामको निम्ति आफ्नो पहिलो छनोटको रूपमा अब्राहामलाई चुन्नुभयो। परमेश्वरले त्यस्तो उमेदवार चुन्नुभएको पनि पहिलोपल्ट नै थियो। परमेश्वरले यस व्यक्तिद्वारा मानवजातिलाई मुक्ति दिने आफ्नो कामलाई अघि बढाउन अनि यस व्यक्तिका सन्तानहरूका बीचमा आफ्नो कामलाई निरन्तरता दिन सुरु गर्ने अठोट गर्नुभयो। अब्राहमसित परमेश्वरले यही गर्नुभयो भन्ने बारेमा हामी बाइबलमा देख्न सक्छौं। तब, परमेश्वरले इस्राएललाई आफ्नो पहिलो चुनिएको भूमि बनाउनुभयो, अनि आफ्ना चुनिएका मानिसहरू अर्थात् इस्राएलीहरूद्वारा व्यवस्थाको युगको आफ्नो काम सुरु गर्नुभयो। फेरि एकपल्ट, पहिलोचोटि परमेश्वरले इस्राएलीहरूलाई मानवजातिले पछ्याउनुपर्ने स्पष्ट नियम तथा व्यवस्थाहरू दिनुभयो, अनि त्यसलाई सविस्तार बयान गरिदिनुभयो। परमेश्वरले मानवजातिलाई त्यस्ता निश्चित, मापदण्डपूर्ण नियमहरू दिनुभएको पहिलोपल्ट थियो जसभित्र तिनीहरूले कसरी बलिदानहरू दिनुपर्छ, कसरी बाँच्नुपर्छ, तिनीहरूले के गर्नु हुन्छ, के गर्नु हुँदैन, तिनीहरूले कुन चाड र दिवसहरू मान्नुपर्छ, अनि तिनीहरूले गर्ने हरेक कुरामा तिनीहरूले पछ्याउनुपर्ने सिद्धान्तहरू पर्दछन्। तिनीहरूले आफ्नो जीवन कसरी जिउनुपर्छ भन्ने सम्बन्धमा परमेश्वरले त्यस्ता विस्तृत, मापदण्डपूर्ण नियमन तथा सिद्धान्तहरू मानवजातिलाई दिनुभएको यो पहिलोपल्ट थियो।

हरेक पल्ट मैले "पहिलोपल्ट" भन्दा, यसले परमेश्वरले पहिले कहिल्यै नलिनुभएको प्रकारको कामलाई सङ्केत गर्दछ। यसले पहिले कहिल्यै अस्तित्वमा नरहेको कामलाई सङ्केत गर्दछ, अनि परमेश्वरले मानवजाति र सबै प्रकारका सृष्टि तथा जीवित प्राणीहरूलाई सृष्टि गर्नुभएको भए तापनि, यो चाहिँ एक प्रकारको काम हो जुन उहाँले पहिले कहिल्यै गर्नुभएको थिएन। यो सबै कामभित्र परमेश्वरले गर्नुभएको मानवजातिको व्यवस्थापन समावेश थियो; यो सबै मानिसहरू तथा उहाँको मुक्ति र तिनीहरूको व्यवस्थापनसित सम्बन्धित थियो। अब्राहामपछि परमेश्वरले फेरि अर्को पहिलो पल्टको काम गर्नुभयो—उहाँले अय्यूबलाई चुन्नुभयो जो व्यवस्थाको अधीनमा जिएका थिए अनि जसले शैतानका परीक्षाहरूको सामना गर्न सके अनि निरन्तर रूपमा परमेश्वरको भय मान्दै, खराबीलाई इन्कार गर्दै परमेश्वरको निम्ति गवाही भएर जिए। कुनै व्यक्तिलाई परीक्षा गर्न परमेश्वरले अनुमति दिनुभएको पनि यो पहिलोपल्ट नै थियो, अनि उहाँले शैतानसित बाजी थाप्नुभएको पनि पहिलो पटक नै थियो। अन्त्यमा, पहिलोपल्ट उहाँले कसैलाई हासिल गर्नुभयो जो गवाहीको रूपमा खडा भएर उहाँको निम्ति गवाही हुन सक्षम भयो र शैतानको सामना गर्दै त्यसलाई पूर्ण रूपले लाजमा पार्न सक्यो। परमेश्वरले मानवजातिलाई सृष्टि गर्नुभए यता, परमेश्वरले हासिल

गर्नुभएको पहिलो व्यक्ति यिनै थिए जो उहाँको गवाही हुन सक्षम भए। उहाँले यस मानिसलाई हासिल गरिसक्नुभएपछि, परमेश्‍वर आफ्नो व्यवस्थापनलाई निरन्तरता दिन अनि आफ्नो कामको अर्को चरण कार्यान्वयन गर्न, त्यसको निम्ति उहाँले चुन्नुहुने स्थान तथा मानिसहरू तयार गर्न अझ बढी इच्छुक हुनुभयो।

यो सबैको बारेमा सङ्गति गरिसकेपछि, परमेश्‍वरको इच्छाको बारेमा के तिमीहरूसित साँचो समझ छ त? मानवजाति सम्बन्धी उहाँको व्यवस्थापन, उहाँको मुक्तिको यस घटनालाई परमेश्‍वरले अरू कुनै पनि कुराभन्दा पनि महत्त्वपूर्ण सम्झनुहुन्छ। उहाँले यी सबै कुराहरूलाई केवल आफ्नो मनले मात्र होइन, केवल आफ्नो वचनहरूले मात्र पनि होइन, अनि साधारण पाराले त निश्‍चय नै होइन—उहाँले यी सबै कुराहरू एउटा योजनासहित, एउटा लक्ष्यसहित, मापदण्डहरूसहित, अनि आफ्नो इच्छासहित गर्नुहुन्छ। यो स्पष्ट भइसकेको छ कि मानवजातिलाई मुक्ति दिने यो कामले परमेश्‍वर र मानिस दुवैको निम्ति ठूलो महत्त्व राख्दछ। काम जतिसुकै कठिन नै किन नहोस्, बाधाहरू चाहे जतिसुकै ठूला नै किन नहोऊन्, मानिसहरू चाहे जतिसुकै कमजोर नै किन नहोऊन्, मानवजातिको विद्रोहीपन जतिसुकै गहिरो नै किन नहोस्, यो कुनै पनि कुरा परमेश्‍वरको निम्ति कठिन छैन। आफ्नो ठूलो परिश्रम लगाएर अनि आफैले गर्न चाहनुभएको कामलाई व्यवस्थापन गर्दै परमेश्‍वरले आफैलाई व्यस्त राख्नुहुन्छ। उहाँले सबै कुरालाई पनि व्यवस्थित गर्दैहुनुहुन्छ अनि जसमाथि उहाँले काम गर्नुहुनेछ, ती सबै मानिसहरूमाथि र उहाँले पूरा गर्न चाहनुभएको सबै काममाथि उहाँ आफ्नो सार्वभौमिकता अभ्यास गर्दैहुनुहुन्छ—यी मध्ये कुनै पनि कुरा पहिले कहिल्यै गरिएको थिएन। परमेश्‍वरले यी विधिहरू प्रयोग गर्नुभएको र मानवजातिलाई व्यवस्थित तथा मुक्ति दिने वृहत् परियोजनाको निम्ति मूल्य चुकाउनुभएको यो पहिलोपल्ट हो। जब परमेश्‍वरले यो काम गर्दैहुनुहुन्थ्यो, तब उहाँले विस्तारै-विस्तारै आफ्नो ठूलो परिश्रम, उहाँसँग जे छ र उहाँ जे हुनुहुन्छ, उहाँको बुद्धि तथा असीमित शक्ति तथा उहाँको स्वभावको हरेक पक्षलाई मानवजातिको सामने पूर्ण रूपले प्रकट गर्दै र खोल्दै हुनुहुन्थ्यो। उहाँले यी कुराहरू खोल्नुहुन्छ र प्रकट गर्नुहुन्छ, जुन उहाँले पहिले यसो कहिल्यै गर्नुभएको थिएन। त्यसैले, सारा ब्रम्हाण्डमा परमेश्‍वरले व्यवस्थित र उद्धार गर्ने लक्ष्य राख्नुभएका मानिसहरू बाहेक, कुनै पनि सृष्टि परमेश्‍वरसित यति नजिक रहेका छैनन् जसको उहाँसित त्यस्तो घनिष्ठ रहेको होस्। उहाँको हृदयमा उहाँले व्यवस्थित र मुक्ति दिन चाहनुभएको मानवजाति अत्यन्त महत्त्वपूर्ण छ; उहाँले यस मानवजातिलाई सबैभन्दा बढी महत्त्व दिनुहुन्छ; तिनीहरूका निम्ति उहाँले ठूलो मूल्य चुकाउनुभएको भए तापनि, र तिनीहरूले उहाँलाई निरन्तर चोट पुर्‍याए तापनि, उहाँको अवज्ञा गरे तापनि, उहाँले कहिल्यै तिनीहरूलाई वास्ता गर्न छोड्नुहुन्न अनि कुनै गुनासो र अफसोस नगरीकन नै उहाँ आफ्नो काममा अथकतापूर्वक लागिरहनुहुन्छ कारण उहाँलाई थाहा छ कि ढिलो वा चाँडो, उहाँको बोलावटप्रति मानिसहरू जागी उठ्नेछन् र उहाँका वचनहरूद्वारा प्रेरित हुनेछन् अनि सृष्टिका प्रभु उहाँ नै हुनुहुन्छ भनी चिनेर उहाँतिर फर्कनेछन् ...

आज यी सबै कुरा सुनि सकेपछि, परमेश्‍वरले गर्नुहुने हरेक कुरा धेरै सामान्य रहेछन् भन्ने तिमीहरूलाई लाग्यो होला। मानिसहरूका निम्ति परमेश्‍वरका अभिप्रायहरू सधैँ उहाँका वचनहरू र

उहाँको कामबाट तिनीहरूले अनुभव गरेका रहेछन् भन्ने प्रतीत हुन्छ तर तिनीहरूका भावनाहरू अथवा तिनीहरूको ज्ञान र परमेश्वरले के सोचिरहनुभएको छ भन्ने कुराबीच सधैँ एउटा निश्चित दूरी हुन्छ। त्यसैले, परमेश्वरले मानवजातिलाई किन सृष्टि गर्नुभयो अनि उहाँले आशा राख्नुभएको मानवजाति हासिल गर्ने उहाँको चाहनाको पछि रहेको पृष्ठभूमिको बारेमा सबै मानिसहरूलाई बताउनु आवश्यक छ भन्ने मेरो विचार छ। यस कुरा सबैलाई बताउनु अत्यावश्यक छ, ताकि हरेक व्यक्ति आफ्नो हृदयमा प्रष्ट हुन सकून्। परमेश्वरको हरेक सोचाइ तथा विचार, अनि उहाँको कामको हरेक चरण तथा हरेक अवधि उहाँको समग्र व्यवस्थापनसम्बन्धी कामसित बाँधिएको तथा घनिष्ठ रूपले जोडिएको हुनाले जब तँ परमेश्वरका विचारहरू, योजनाहरू र उहाँको कामको हरेक कदममा उहाँको इच्छालाई बुझ्छस्, यो उहाँको व्यवस्थापनसम्बन्धी योजनाको काम कसरी हुन आयो भनी बुझेको समान नै हुन्छ। यही जगमाथि नै परमेश्वर सम्बन्धी तेरो बुझाइ गहिरो हुन्छ। यद्यपि, संसारलाई पहिलो चोटि सृष्टि गर्नुहुँदा परमेश्वरले गर्नुभएको हरेक कुरा, जुन मैले पहिल्यै उल्लेख गरिसकेको छु, तँलाई अहिले सत्यताको खोजीसित असान्दर्भिक केवल एउटा "जानकारी" जस्तो मात्र लाग्ला, तथापि रो अनुभवको दौरानमा यस्तो एउटा दिन पनि आउनेछ, जब तैँले यो केवल साधारण एक दुई टुक्रा जानकारीहरू मात्र हुन् भनी सोच्नेछैनस्, न त यो केवल एक प्रकारको रहस्य हो भनेर नै सोच्नेछस्। तेरो जीवन अघि बढ्दै जाने क्रममा, जब तेरो हृदयमा परमेश्वरको केही स्थान हुन्छ, अथवा जब तँ उहाँको इच्छालाई अझ पूर्ण रूपले र गहिरो प्रकारले बुझ्छस्, तब तैँले आज मैले जे कुरा गरिरहेको छु, त्यसको महत्त्व र आवश्यकतालाई साँचो रीतिले बुझ्नेछस्। अहिले चाहे जुन हदसम्म तिमीहरूले यो स्वीकार गरे तापनि, तिमीहरूले यी कुराहरूलाई बुझ्नु र जान्नु अझै आवश्यक नै हुन्छ। जब परमेश्वरले केही गर्नुहुन्छ, जब उहाँले आफ्नो काम गर्नुहुन्छ, चाहे त्यो उहाँको विचारहरूद्वारा होस् वा उहाँको आफ्नै हातद्वारा होस्, चाहे त्यो उहाँले पहिलोपल्ट गर्नुभएको होस् वा अन्तिम पल्ट, आखिरमा, परमेश्वरसित एउटा योजना छ, अनि उहाँका उद्देश्यहरू र उहाँका विचारहरू उहाँले गर्नुहुने हरेक कुरामा हुन्छन्। यी उद्देश्यहरू तथा विचारहरूले परमेश्वरको स्वभावलाई प्रतिनिधित्व गर्दछन् र त्यसले उहाँसित जे छ र उहाँ जे हुनुहुन्छ, त्यसलाई प्रकट गर्छन्। यी दुई कुराहरू, अर्थात् परमेश्वरको स्वभाव तथा उहाँसित जे छ र उहाँ जे हुनुहुन्छ त्यसलाई हरेक व्यक्तिले बुझ्नैपर्छ। जब कुनै व्यक्तिले उहाँको स्वभाव तथा उहाँसित जे छ र उहाँ जे हुनुहुन्छ त्यसलाई बुझ्दछ, तब परमेश्वरले जे गर्नुहुन्छ, सो उहाँले किन गर्नुहुन्छ अनि उहाँले जे भन्नुहुन्छ, सो उहाँले किन भन्नुहुन्छ भन्ने कुरालाई तिनीहरूले विस्तारै बुझ्न सक्छन्। त्यसबाट, परमेश्वरलाई पछ्याउन, सत्यतालाई अनुसरण गर्ने अनि आफ्नो स्वभावलाई परिवर्तन गर्नको निम्ति तिनीहरूसित धेरै विश्वास हुनसक्छ। यसको अर्थ, परमेश्वरको बारेमा मानिसको बुझाइ तथा परमेश्वरमाथिको उसको विश्वास अभिन्न कुरा हुन्।

यदि मानिसहरूले ज्ञान हासिल गरेको र समझ प्राप्त गरेको कुरा परमेश्वरको स्वभावको बारेमा हो अनि उहाँ जे हुनुहुन्छ र उहाँ जे हुनुहुन्छ त्यसको बारेमा हो भने तिनीहरूले हासिल गर्ने कुरा परमेश्वरबाट आएको जीवन हुनेछ। जब यो जीवन तँभित्र बनिनेछ, तब परमेश्वरप्रतिको तेरो भय झन्-झन् ठूलो हुँदै जानेछ। यो अत्यन्तै स्वभाविक रूपमा आउने प्राप्ति हो। यदि तँ परमेश्वरको

स्वभाव वा उहाँको सारतत्व बुझ्न वा जान्न चाहँदैनस् भने, यदि तँ यी कुराहरूमाथि मनन वा ध्यान केन्द्रित नै गर्न चाहँदैनस् भने, म निश्चयता पूर्वक भन्न सक्छु, कि तैँले परमेश्वरमा अहिले जुन विश्वासलाई अनुसरण गर्दैछस्, त्यसले तँलाई कहिल्यै उहाँको इच्छा पूरा गर्न वा उहाँको प्रशंसा हासिल गर्न दिनेछैन। अझ त्यसभन्दा बढी, तैँले कहिल्यै साँचो उद्धार प्राप्त गर्नेछैनस्—यी नै अन्तिम परिणामहरू हुन्। जब मानिसहरूले परमेश्वरलाई बुझ्दैनन् अनि उहाँको स्वभावलाई जान्दैनन्, तब तिनीहरूको हृदय उहाँप्रति कहिल्यै साँचो रीतिले खुल्न सक्दैन। जब तिनीहरूले परमेश्वरलाई चिनेका हुन्छन्, तब तिनीहरूले उहाँको हृदयभित्र जे छ, त्यसलाई अभिरुचि र विश्वासका साथ सराहना गर्न अनि त्यसको आनन्द लिन थाल्नेछन्। जब तैँले परमेश्वरको हृदयमा जे छ, त्यसलाई सराहना गर्न अनि त्यसको आनन्द लिन थाल्छस्, तब तेरो हृदय विस्तारै अलि-अलि गर्दै उहाँप्रति खुल्दै जानेछ। जब तेरो हृदय उहाँप्रति खुल्नेछ, तब परमेश्वरसितको तेरा कुराकानीहरू, परमेश्वरसितको तेरा मागहरू, अनि तेरा आफ्नै अनावश्यक चाहनाहरू कति घिनलाग्दा र तुच्छ रहेछन् भनी तैँले महसुस गर्नेछस्। जब तेरो हृदय परमेश्वरप्रति साँचो रीतिले खुल्दछ, तब तैँले उहाँको हृदय त एउटा अनन्त संसार नै रहेछ भनी देख्नेछस्, अनि तँ आफूले पहिले कहिल्यै अनुभव नगरेको राज्यभित्र प्रवेश गर्नेछस्। यस राज्यमा कुनै धोका हुँदैन, कुनै छल हुँदैन, कुनै अन्धकार अनि कुनै खराबी हुँदैन। त्यहाँ केवल निष्कपटता र विश्वासयोग्यता मात्रै हुन्छ; केवल ज्योति र सच्चाइ हुन्छ; केवल धार्मिकता र दया हुन्छ। यो प्रेम र वास्ताले भरिपूर्ण हुन्छ, करुणा र सहिष्णुताले भरिपूर्ण हुन्छ, अनि यसद्वारा तैँले जीवित हुनुको खुशी र आनन्दलाई अनुभव गर्छस्। जब तैँले परमेश्वरप्रति आफ्नो हृदय खोल्छस्, तब परमेश्वरले यिनै कुराहरू तँलाई प्रकट गरिदिनुहुनेछ। यो अनन्त संसार परमेश्वरको बुद्धि तथा सर्वशक्तिमान्ताले भरिपूर्ण छ; यो उहाँको प्रेम तथा अख्तियारले पनि भरिपूर्ण छ। यहाँ तैँले परमेश्वरसँग जे छ र उहाँ जे हुनुहुन्छ, कुन कुराले उहाँलाई आनन्द ल्याउँछ, किन उहाँ चिन्ता गर्नुहुन्छ अनि उहाँ किन दुःखी बन्नुहुन्छ, उहाँ किन रिसाउनुहुन्छ त्यसको हरेक पक्षलाई देख्न सक्छस्...। आफ्नो हृदय परमेश्वरको निम्ति खोल्ने र उहाँलाई भित्र आउन दिने हरेक व्यक्तिले यो कुरा देख्न सक्छ। यदि तैँले आफ्नो हृदय परमेश्वरको निम्ति खोलिस् भने मात्र परमेश्वर तेरो हृदयमा आउन सक्नुहुन्छ। यदि उहाँ तेरो हृदयमा आउनुभएको छ भने तैँले उहाँसित जे छ र उहाँ जो हुनुहुन्छ, त्यसलाई मात्र देख्न सक्छस्, तँप्रतिको उहाँका अभिप्रायहरू मात्र तैँले देख्न सक्छस्। त्यस समयमा, परमेश्वरको बारेमा सबै कुरा बहुमूल्य छ, उहाँसँग जे छ र उहाँ जे हुनुहुन्छ, त्यो मूल्यवान् ठानेर जोगाउन लायकको छ भनी तैँले पत्ता लगाउनेछस्। त्यसको तुलनामा, तेरो वरिपरि रहेका मानिसहरू, तेरो जीवनमा रहेका थोक तथा घटनाहरू, तेरा प्रियजनहरू समेत पनि, तेरो जीवनसाथी, अनि तैँले प्रेम गर्ने थोकहरू पनि मुस्किलले उल्लेखनीय हुन्छन्। तिनीहरू साह्रै सानो हुन्छन्, साह्रै नीच हुन्छन्; कुनै भौतिक वस्तुले तँलाई फेरि खिँच्न सक्नेछैन, अथवा कुनै भौतिक वस्तुले तँलाई कहिल्यै लोभ्याएर त्यसको निम्ति कुनै मूल्य चुकाउन लगाउनेछैन भन्ने तैँले महसुस गर्नेछस्। परमेश्वरको नम्रतामा तैँले उहाँको महान्ता र उहाँको सर्वोच्चतालाई देख्नेछस्। यसको साथै, तैँले पहिले एकदम सानो ठानेको परमेश्वरको कुनै काममा तैँले उहाँको अनन्त बुद्धि तथा उहाँको सहनशीलता देख्नेछस्, तैँले उहाँको धैर्य, उहाँको

सहिष्णुता, तँप्रतिको उहाँको बुझाइलाई देख्नेछस्। यसले तँभित्र उहाँको निम्ति श्रद्धा उत्पन्न गर्नेछ। त्यस दिन, मानवजाति कस्तो अशुद्ध संसारमा बाँचिरहेका रहेछन्, अनि तेरो पक्षमा रहेका मानिसहरू अनि तेरो जीवनमा घट्ने घटनाहरू, तैँले प्रेम गर्ने मानिसहरू समेत, तेरो निम्ति तिनीहरूको प्रेम, अनि तेरो निम्ति तिनीहरूको कथित सुरक्षा वा वास्ता समेत पनि उल्लेखनीय छैनन् भन्ने तैँले महसुस गर्नेछस्—केवल परमेश्‍वर मात्र तेरो प्रिय हुन्छ, अनि केवल परमेश्‍वरलाई मात्रै तैँले सबैभन्दा बढी मूल्यवान् ठान्छस्। जब त्यो दिन आउँछ, तब यसो भन्ने केही मानिसहरू हुनेछन् भन्ने म विश्‍वास गर्छु: परमेश्‍वरको प्रेम अत्यन्त महान् छ, अनि उहाँको सारतत्व अत्यन्त पवित्र छ—परमेश्‍वरमा कुनै छल छैन, कुनै खराबी, कुनै ईर्ष्या, कुनै कलह छैन, तर केवल धार्मिकता र विश्‍वसनीयता मात्रै छ, अनि परमेश्‍वरमा जे छ र उहाँ जे हुनुहुन्छ, ती हरेक कुरालाई मानिसहरूले चाहना गर्नुपर्छ। मानिसहरूले त्यसको निम्ति संघर्ष गर्नुपर्छ, चाहना गर्नुपर्छ। यो प्राप्त गर्ने मानिसजातिको क्षमता कुन आधारमाथि बनिएको हुन्छ? यो परमेश्‍वरको स्वभावबारे तिनीहरूको बुझाइमाथि, परमेश्‍वरको सारबारे तिनीहरूको बुझाइमाथि बनिएको हुन्छ। त्यसैले, परमेश्‍वरको स्वभाव अनि उहाँसँग जे छ र उहाँ जे हुनुहुन्छ त्यसलाई बुझ्नु हरेक व्यक्तिको निम्ति एउटा जीवनभरिको पाठ हो; आफ्नो स्वभावलाई परिवर्तन गर्न र परमेश्‍वरलाई चिन्न संघर्ष गर्ने हरेक व्यक्तिले यो जीवनभरिको पाठलाई अनुसरण गर्नुपर्छ।

हामीले भर्खरै परमेश्‍वरले गर्नुभएका सबै कामहरूको बारेमा, उहाँले गर्नुभएका अभूतपूर्व कामहरूका श्रृंखलाहरूको बारेमा कुरा गर्‍यौं। यी कुराहरूमध्ये हरेक परमेश्‍वरको व्यवस्थापनको योजनासित अनि उहाँको इच्छासित सम्बन्धित छ। ती परमेश्‍वरको स्वभाव र उहाँको सारसित पनि सम्बन्धित छन्। यदि हामी परमेश्‍वरसित जे छ र उहाँ जे हुनुहुन्छ, त्यसको बारेमा धेरै बुझ्न चाहन्छौं भने, हामी पुरानो नियममा वा व्यवस्थाको युगमा रोकिन सक्दैनौं—परमेश्‍वरले आफ्नो काममा लिनुभएका कदमहरूलाई पछ्याएर हामी निरन्तर अघि बढ्नुपर्छ। त्यसकारण, परमेश्‍वरले व्यवस्थाको युग सिध्याएर अनुग्रहको युग सुरु गर्नुभएकोले, हाम्रा आफ्नै कदमहरूले पनि अनुग्रहको युगतर्फ पछ्याएको होस्—अनुग्रह तथा उद्धारले भरिपूर्ण युगभित्र। यस युगमा, परमेश्‍वरले फेरि पहिले कहिल्यै नगरिएको कुनै महत्वपूर्ण काम गर्नुभयो। यस नयाँ युगमा गरिएको काम परमेश्‍वर तथा मानवजातिको निम्ति एउटा नयाँ सुरुवाती बिन्दु थियो—एउटा यस्तो सुरुवाती बिन्दु जसमा परमेश्‍वरले पहिले कहिल्यै नगरिएको काम गर्नुभएको कुरा समावेश थियो। यो नयाँ काम अभूतपूर्व थियो, यस्तो कुरा जुन मानव तथा सारा सृष्टिको कल्पनाको शक्तिभन्दा परको कुरा थियो। यो यस्तो कुरा थियो जुन अहिले सबै मानिसहरूलाई ज्ञात भइसकेको छ—पहिलो पल्ट, परमेश्‍वर मानिस हुनुभयो, अनि पहिलो पल्ट उहाँले मानिसको रूप लिएर मानिसको नयाँ पहिचानमा रही नयाँ काम सुरु गर्नुभयो। परमेश्‍वरले व्यवस्थाको युगमा आफ्नो काम गरिसक्नुभएको थियो अनि अब उपरान्त उहाँले व्यवस्थाको अधीनमा केही पनि गर्नुहुने वा भन्नुहुने थिएन भन्ने कुरालाई यस नयाँ कामले इङ्गित गरेको थियो। न त उहाँले व्यवस्थाको रूपमा अर्थात् व्यवस्थाको सिद्धान्तहरू वा नियमहरू अनुसार केही कुरा भन्नु वा गर्नुहुने नै थियो। यसको अर्थ, उहाँको व्यवस्थामा आधारित सबै काम सदाको निम्ति रोकिएको थियो किनभने परमेश्‍वरले नयाँ काम सुरु गर्न र नयाँ कुराहरू गर्न

चाहनुभएको थियो। फेरि एक पल्ट उहाँको योजनाको एउटा नयाँ सुरुवाती बिन्दु भयो, अनि त्यसैले परमेश्‍वरले मानवजातिलाई अर्को चरणमा डोऱ्याउनुपऱ्यो।

मानिसहरूको लागि यो समाचार आनन्द दायक थियो कि अनिष्ट सूचक भन्‍ने कुरा हरेक व्यक्तिको सारमा निर्भर हुन्थ्यो। कसै-कसैको लागि यो आनन्द दायक समाचार नभई अनिष्ट सूचक थियो भन्‍न सकिन्छ किनभने जब परमेश्‍वरले आफ्नो नयाँ काम सुरु गर्नुभयो, तब जुन मानिसहरूले केवल व्यवस्था तथा नियमहरूलाई मात्र पछ्याउँथे, जसले परमेश्‍वरको भय नमानेर केवल सिद्धान्तहरूलाई मात्र पछ्याउँथे, तिनीहरूले आफ्नो पुरानो कामलाई प्रयोग गरेर उहाँको नयाँ कामलाई दोष्याउने प्रवृत्ति थियो। ती मानिसहरूको निम्ति यो अनिष्ट सूचक समाचार थियो; तर जो निर्दोष तथा खुला थिए, जो परमेश्‍वरप्रति सच्चा थिए र उहाँको उद्धारलाई ग्रहण गर्न इच्छुक थिए, तिनीहरू सबैका निम्ति परमेश्‍वरको पहिलो देहधारण अत्यन्तै आनन्द दायक समाचार थियो। किनभने, पहिलो पटक मानिसहरूलाई अस्तित्वमा ल्याइएको दिनदेखि यता परमेश्‍वर आत्मामा नभई शरीरमा मानिसहरूकहाँ देखापर्नुभएको र तिनीहरूको माझमा वास गर्नुभएको यो पहिलो पटक थियो; यस पल्ट, उहाँ मानिसको रूपमा जन्मिनुभयो अनि मानिसको पुत्रको रूपमा मानिसहरूको माझमा वास गर्नुभयो, अनि तिनीहरूको बीचमा काम गर्नुभयो। यसले "पहिले" मानिसहरूको धारणाहरूलाई तोड्यो; यो सबै कल्पनाभन्दा परको कुरा थियो। यसबाहेक, परमेश्‍वरका सबै अनुयायीहरूले एउटा ठोस फाइदा हासिल गरे। परमेश्‍वरले पुरानो युगलाई मात्रै अन्त्य गर्नुभएन तर उहाँले काम गर्ने पुराना तरिकाहरू तथा काम गर्ने शैलीलाई पनि अन्त्य गर्नुभयो। उहाँले आफ्ना सन्देशवाहकहरूलाई उपरान्त आफ्नो इच्छा जाहेर गर्न लगाउनुभएन, उहाँ उपरान्त बादलहरूमा लुक्नुभएको थिएन, अनि उपरान्त मानिसहरूलाई गर्जनद्वारा हुकुम दिँदै देखापर्नुभएन वा बोल्नुभएन। अघिको कुनै पनि कुराभन्दा पृथक्, मानिसहरूको निम्ति बुझ्न वा स्वीकार गर्न कठिन र तिनीहरूको निम्ति एउटा अकल्पनीय विधिद्वारा–देह बनेर–उहाँ त्यस युगको काम सुरु गर्नको निम्ति मानिसको पुत्र हुनुभयो। परमेश्‍वरको यस कार्यले मानवजातिलाई पूर्ण रूपले बेतैयार भएको अवस्थामा भेट्टायो; यसले तिनीहरूलाई अप्ठ्यारोमा पाऱ्यो, किनकि परमेश्‍वरले एक पल्ट फेरि नयाँ काम सुरु गर्नुभएको थियो जुन उहाँले पहिले कहिल्यै गर्नुभएको थिएन। आज, हामी यस नयाँ युगमा परमेश्‍वरले कुन नयाँ काम सम्पन्‍न गर्नुभयो सो बारेमा हेर्नेछौं, अनि यस नयाँ कामबाट उहाँको स्वभाव तथा उहाँसँग जे छ र उहाँ जे हुनुहुन्छ, त्यसको सम्बन्धमा हामीले सिक्नु पर्ने के छ सो बारेमा विचार गर्नेछौं।

बाइबलको नयाँ नियममा निम्‍नलिखित वचनहरू लेखिएका छन्:

१. मत्ती १२:१ त्यस बेला येशू शबाथको दिन मकै बारी भएर जानुभयो; अनि उहाँका चेलाहरू भोकाए र मकैका घोगोहरू टिपेर खान थाले।

२. मत्ती १२:६-८ तर म तिमीहरूलाई भन्छु, यस ठाउँमा मन्दिरभन्दा महान् एक जना हुनुहुन्छ। तर यदि तिमीहरूले यसको अर्थ के हो भन्‍ने थाहा पाएका भए, मैले कृपा प्राप्त गर्नेछु, र बलिदान होइन, तिमीहरूले निर्दोषलाई दोष लगाउने थिएनौ। किनकि मानिसको पुत्र शबाथको दिनको समेत प्रभु हुनुहुन्छ।

पहिले यस खण्डलाई हेरौं: "त्यस बेला येशू शबाथको दिन मकै बारी भएर जानुभयो; अनि उहाँका चेलाहरू भोकाए र मकैका घोगोहरू टिपेर खान थाले।"

मैले किन यस खण्डलाई छानेँ? परमेश्‍वरको स्वभावसँग यसको के सम्बन्ध छ? यस पाठमा, हामीले जान्ने पहिलो कुरा भनेको त्यो शबाथको दिन थियो तर येशू बाहिर जानुभयो र आफ्ना चेलाहरूलाई मकै बारी भएर लानुभयो भन्ने हो। अझ बढी "छली" कुरा त तिनीहरूले "मकैका घोगोहरू टिपेर खान थाले।" समेत थाल्नु हो। व्यवस्थाको युगमा, यहोवा परमेश्‍वरको व्यवस्थाले मानिसहरूले शबाथको दिनमा अनौपचारिक रूपमा बाहिर जान वा क्रियाकलापहरूमा भाग लिन सक्दैनन् भन्ने कुरा निर्धारित गरेको थियो–शबाथको दिनमा गर्न नसकिने धेरै कुराहरू थिए। प्रभु येशूले गर्नुभएको यो कार्य व्यवस्थाको अधीनमा धेरै लामो समयसम्म जिउँदै आएकाहरूको निम्ति बुझ्न कठिन कुरा थियो र त्यसले आलोचना निम्त्यायो। तिनीहरूको अन्योल र येशूले जे गर्नुभएको थियो त्यसको बारेमा तिनीहरूले कसरी कुरा गरे भन्ने कुरालाई अहिलेको निम्ति पन्छ्याऔँ र पहिले प्रभु येशूले सबै दिनहरूमध्ये शबाथको दिनमा नै किन यसो गर्नुभयो र व्यवस्थाको अधीनमा जिइरहेका मानिसहरूलाई यस कार्यबाट के कुरा बताउन चाहनुहुन्थ्यो भन्ने बारेमा छलफल गरौं। यस खण्ड र मैले कुरा गर्न चाहेको परमेश्‍वरको स्वभाव बीचको सम्बन्ध यही हो।

जब प्रभु येशू आउनुभयो, तब उहाँले मानिसहरूलाई परमेश्‍वरले व्यवस्थाको युगलाई बिदा गर्नुभएको छ र नयाँ काम सुरु गर्नुभएको छ र यस नयाँ कामले विश्राम दिन पालन गर्न आवश्यक छैन भनी बताउन आफ्नो व्यवहारिक क्रियाहरूको प्रयोग गर्नुभयो। परमेश्‍वर विश्राम दिनको सीमाहरूबाट बाहिर निस्केर आउनु उहाँको नयाँ कामको एउटा पूर्वाभास मात्र थियो; वास्तविक र महान् काम आउन अझै बाँकी नै थियो। जब प्रभु येशूले आफ्नो काम सुरु गर्नुभयो, तब उहाँले व्यवस्थाको युगका "साङ्लोहरू" लाई पछाडि छोडी सक्नुभएको थियो, अनि त्यस युगका विधिविधान तथा सिद्धान्तहरूलाई तोडेर बाहिर निस्कनुभएको थियो। उहाँमा, व्यवस्थासँग सम्बन्धित कुनै छाप थिएन; उहाँले त्यसलाई पूर्ण रूपले हटाइसक्नुभएको थियो र उपरान्त त्यसलाई पालना गर्नुभएन, र त्यस उपरान्त मानवजातिलाई उहाँले पालना गर्न लगाउनुभएन। त्यसैले, यहाँ तँ देख्न सक्छस् कि प्रभु येशू विश्राम दिनमा मकैका खेतहरूबाट भएर जानुभयो, र प्रभु येशूले विश्राम लिनुभएन; उहाँले बाहिर काम गरिरहनुभएको थियो, विश्राम लिइरहनुभएको थिएन। उहाँको यो कार्य मानिसहरूको धारणाहरूको लागि एउटा झड्को थियो र उहाँ त्यस उपरान्त व्यवस्थाको अधीनमा जिउनुहुन्न, उहाँले विश्राम दिनको बन्धनहरूलाई छोड्नुभएको छ र नयाँ काम गर्ने शैलीको साथमा नयाँ स्वरूपमा उहाँ मानिसजातिको माझमा देखापर्नुभएको छ भन्ने बारे यसले तिनीहरूलाई बतायो। उहाँले आफूसित नयाँ काम ल्याउनुभएको छ, यस्तो काम जुन व्यवस्थाको अधीनमा रहेको अवस्थाबाट उत्पन्न भएर विश्राम दिनबाट बिदा हुँदै सुरु भयो भन्ने कुरा उहाँको यस कार्यले मानिसहरूलाई बतायो। जब परमेश्‍वरले आफ्नो नयाँ कामलाई अघि बढाउनुभयो, तब उहाँ उपरान्त विगतमा टाँसिनुभएन, अनि उहाँ व्यवस्थाको युगका विधिविधानहरूको बारेमा उपरान्त चिन्तित हुनुभएन। न त उहाँ पहिलेको युगको आफ्नो कामद्वारा नै प्रभावित हुनुभयो, तर अरू दिनमा झैं शबाथ दिनमा पनि उहाँले आफ्नो काम गर्नुभयो, अनि जब उहाँका चेलाहरू विश्राम दिनमा भोकाउँथे,

तब तिनीहरूले खानका निम्ति मकैका पातहरू टिप्न सके। यो सबै परमेश्‍वरको दृष्टिमा साह्रै सामान्य थियो। परमेश्‍वरको निम्ति, उहाँले गर्न चाहनुभएको नयाँ काममध्ये धेरैजसोको र उहाँले भन्‍न चाहनुभएको नयाँ वचनहरूमध्ये धेरैजसोको नयाँ सुरुवात हुनु उचित नै हुन्छ। जब उहाँले कुनै नयाँ काम सुरु गर्नुहुन्छ, न त उहाँले विगतको कामलाई उल्लेख गर्नुहुन्छ, न त त्यसलाई जारी नै राख्‍नुहुन्छ। परमेश्‍वरसित उहाँको कामसम्बन्धी सिद्धान्तहरू हुने भएकाले, जब उहाँले मानवजातिलाई आफ्नो कामको नयाँ चरणमा ल्याउन चाहनुहुन्छ, अनि जब उहाँको काम उच्च स्तरमा प्रवेश गर्छ तब उहाँले नयाँ काम सुरु गर्न चाहनुहुन्छ। यदि मानिसहरूले पुराना भनाइहरू र विधिविधानहरू अनुसार नै निरन्तर काम गरिरहन्छन् वा तिनीहरूलाई निरन्तर पक्री राख्छन् भने, उहाँले त्यसलाई सम्झने वा अनुमोदन गर्ने गर्नुहुन्‍न। किनभने उहाँले पहिले नै नयाँ काम ल्याइसक्नुभएको छ, अनि उहाँको कामको नयाँ चरणमा प्रवेश गरिसक्नुभएको छ। जब उहाँले नयाँ काम सुरु गर्नुहुन्छ, उहाँ पूर्ण रूपले एउटा नयाँ प्रतिरूपमा, पूर्ण रूपले नयाँ कोणबाट अनि पूर्ण रूपले नयाँ तरिकाले मानवजातिकहाँ देखा पर्नुहुन्छ ताकि मानिसहरूले उहाँको स्वभावको विभिन्‍न पक्षहरू तथा उहाँसित जे छ र उहाँ जे हुनुहुन्छ सो देख्‍न सकून्। यो उहाँको नयाँ कामका लक्ष्यहरूमध्ये एउटा हो। परमेश्‍वर पुराना कुराहरूमा टाँसिनुहुन्‍न वा मानिसहरू हिँडिसकेको बाटो हिँड्नुहुन्‍न; जब उहाँले काम गर्नुहुन्छ र बोल्नुहुन्छ, उहाँ मानिसहरूले कल्पना गरे जतिकै निषेधक हुनुहुन्‍न। परमेश्‍वरमा सबै स्वतन्त्र र मुक्त छन्, अनि त्यहाँ कुनै निषेध, कुनै बन्देज छैन–उहाँले मानवजातिकहाँ ल्याउनुहुने कुरा भनेका स्वतन्त्रता तथा छुटकारा हो। उहाँ एक जीवित परमेश्‍वर हुनुहुन्छ, एक परमेश्‍वर जो सच्चा र साँचो रूपले अस्तित्वमा हुनुहुन्छ। उहाँ कठपुतली वा माटोको मूर्ति हुनुहुन्‍न, अनि उहाँ मानिसहरूले प्रतिस्थापन गर्ने र आराधना गर्ने मूर्तिहरूभन्दा पूर्ण रूपमा अलग हुनुहुन्छ। उहाँ जीवित र सक्रिय हुनुहुन्छ, अनि उहाँका वचनहरू तथा कामले मानवजातिलाई दिने भनेका सबै जीवन र ज्योति, सबै स्वतन्त्रता तथा छुटकारा हुन् किनकि उहाँमा सत्यता, जीवन र बाटो छ–उहाँको कुनै पनि काममा उहाँ कुनै कुराद्वारा करमा पर्नुहुन्‍न। मानिसहरूले उहाँको नयाँ कामको बारेमा जे भने पनि र तिनीहरूले त्यसलाई जसरी हेरे तापनि वा मूल्याङ्कन गरे तापनि, उहाँले मनको कुनै सन्तापविना नै आफ्नो कामलाई अघि बढाउनुहुन्छ। उहाँको काम वा वचनको सम्बन्धमा कसैको धारणाहरू वा औंला ठड्याउने कुरा वा उहाँको नयाँ कामको सम्बन्धमा तिनीहरूको कडा विरोध वा प्रतिरोधप्रति उहाँ चिन्तित हुनुहुनेछैन। सारा सृष्टिमध्ये कसैले पनि मानव तर्क वा मानव कल्पना, ज्ञान वा नैतिकता प्रयोग गरेर परमेश्‍वरले जे गर्नुहुन्छ, त्यसलाई मापन वा व्याख्या गरेर उहाँको कामलाई बदनाम गर्ने, भङ्ग गर्ने वा नोक्सानी पुर्‍याउने गर्न सक्दैन। उहाँको काममा र उहाँले जे गर्नुहुन्छ त्यसमा कुनै प्रतिबन्ध छैन; कुनै मानिस, घटना वा वस्तुद्वारा यसलाई बन्धनमा पारिनेछैन, न त कुनै प्रतिरोधी शक्तिहरूद्वारा यो भङ्ग गरिनेछ। जहाँसम्म उहाँको नयाँ कामको कुरा छ, उहाँ सदा विजयी राजा हुनुहुन्छ, अनि कुनै पनि प्रतिरोधी शक्तिहरू र मानवजातिको सबै विश्‍वास-विरोधी तथा झूटा तर्कहरूलाई उहाँको पाउदानमुनि कुल्चिइन्छ। उहाँले आफ्नो कामको जुनसुकै नयाँ चरण अघि बढाइरहनुभएको भए पनि, यो निश्‍चय नै मानवजातिको माझमा विकास र विस्तार हुनेछ, अनि यो निश्‍चय नै उहाँको महान् काम पूर्ण

नभएसम्म सारा ब्रह्माण्डभरि विना अवरोध अघि बढ्नेछ। परमेश्वरको सर्वशक्तिमान्‌ता र बुद्‌धि, उहाँको अख्तियार र शक्ति यही हो। यसैले, प्रभु येशूले खुला रूपमा बाहिर गएर काम गर्न सक्नुभयो किनकि उहाँको हृदयमा मानवजातिबाट उत्पन्न भएका कुनै नियमहरू, ज्ञान वा सिद्‌धान्त थिएनन्। उहाँसँग परमेश्वरको नयाँ काम र परमेश्वरको बाटो थियो। उहाँको काम मानवजातिलाई स्वतन्त्र गर्ने, मानिसहरूलाई मुक्त गर्ने, तिनीहरूलाई ज्योतिमा अस्तित्वमा रहन र बाँच्न दिने बाटो थियो। यसै बिच, मूर्ति वा झुटा ईश्वरहरूको आराधना गर्नेहरू हरेक दिन सबै किसिमका नियम र निषेधहरूबाट नियन्त्रित भई शैतानको बन्धनमा बाँच्छन्–आज एउटा कुरो निषेध गरिन्छ र भोलि अर्को कुरो–तिनीहरूको जीवनमा कुनै स्वतन्त्रता छैन। तिनीहरू आनन्दविनाको जीवन जिइरहेका, हतकडी लगाइका कैदी जस्ता छन्। "निषेध" ले प्रतिनिधित्व गर्छ? यसले वाधाहरू, बन्धनहरू र दुष्टको प्रतिनिधित्व गर्छ। कुनै व्यक्तिले मूर्ति पूजा गर्ने बित्तिकै तिनीहरूले एक झुटो ईश्वर, एक दुष्ट आत्माको पूजा गरिरहेका हुन्छन्। यस्ता क्रियाकलापहरूमा सम्लग्न भएसँगै निषेध आउँछ। तैँले यो वा त्यो खानुहुँदैन, आज तँ बाहिर जान सक्दैनस्, भोलि तैँले पकाउनु हुँदैन, अर्को दिन तँ नयाँ घरमा सर्न सक्दैनस्, विवाहहरू र मृत्युसंकारहरूका साथै बच्चा जन्माउनका लागि समेत निश्चित दिनहरू छानौट गर्नुपर्छ। यसलाई के भनिन्छ? यसलाई निषेध भनिन्छ; यो मानवजातिको बन्धन हो र यो मानिसहरूलाई नियन्त्रण गर्ने र तिनीहरूको हृदय र शरीरहरूलाई नियन्त्रण गर्ने शैतान र दुष्ट आत्माहरूको हतकडी हो। के यी निषेधहरू परमेश्वरसँग मौजुद छन्? परमेश्वरको पवित्रताको बारेमा कुरा गर्दा, तैँले पहिले यो सोच्नुपर्छ: परमेश्वरसँग कुनै निषेधहरू छैनन्। आफ्ना वचनहरू र काममा परमेश्वरसँग सिद्‌धान्तहरू छन्, तर निषेधहरू छैनन् किनकि परमेश्वर स्वयम् सत्य, बाटो र जीवन हुनुहुन्छ।

अब, हामी धर्मशास्त्रको निम्नलिखित खण्डलाई हेर्नेछौं: "तर म तिमीहरूलाई भन्छु, यस ठाउँमा मन्दिरभन्दा महान् एक जना हुनुहुन्छ। तर यदि तिमीहरूले यसको अर्थ के हो भन्ने थाहा पाएका भए, मैले कृपा प्राप्त गर्नेछु, र बलिदान होइन, तिमीहरूले निर्दोषलाई दोष लगाउने थिएनौ। किनकि मानिसको पुत्र शबाथको दिनको समेत प्रभु हुनुहुन्छ" (मत्ती १२:६-८)। यहाँ "मन्दिर" शब्दले केलाई जनाउँछ? यसलाई सरल भाषामा भन्नुपर्दा, यसले एउटा भव्य, अग्लो भवनलाई सङ्केत गर्दछ, अनि व्यवस्थाको युगमा, मन्दिर पूजाहारीहरूको निम्नि परमेश्वरलाई आराधना गर्ने एउटा ठाउँ थियो। जब प्रभु येशूले, "यस ठाउँमा मन्दिरभन्दा महान् एक जना हुनुहुन्छ" भन्नुभयो, "एक जना" ले कसलाई गर्‍यो? स्पष्ट रूपले, "एक जना" देहधारी प्रभु येशू हुनुहुन्छ, किनकि केवल उहाँ मात्र मन्दिरभन्दा महान् हुनुहुन्थ्यो। ती वचनहरूले मानिसहरूलाई के बतायो? त्यसले मानिसहरूलाई मन्दिरबाट बाहिर निस्कन निर्देशन दियो–किनकि परमेश्वरले मन्दिरलाई छोडी सक्नुभएको थियो अनि उपरान्त त्यसमा काम गरिरहनुभएको थिएन, त्यसैले मानिसहरूले मन्दिरभन्दा बाहिर परमेश्वरका पाइलाहरू खोज्नुपर्छ अनि उहाँको नयाँ काममा उहाँका कदमहरूलाई पछ्याउनुपर्छ। जब प्रभु येशूले यो भन्नुभयो, उहाँका वचनहरू पछाडि एउटा आधार थियो, जुन के थियो भने, व्यवस्थाको अधीनमा, मानिसहरूले मन्दिरलाई स्वयम् परमेश्वरभन्दा महान् छ भनी हेर्न थालेका थिए। यसको अर्थ, मानिसहरूले परमेश्वरको सट्टामा मन्दिरलाई आराधना गर्थे, त्यसैले प्रभु येशूले

तिनीहरूलाई मूर्तिहरू पूजा नगर्नू, बरु परमेश्‍वरलाई आराधना गर्नू भनी चेतावनी दिनुभयो किनकि उहाँ सर्वोच्‍च हुनुहुन्छ। यसरी, उहाँले भन्‍नुभयो: "मैले कृपा प्राप्‍त गर्नेछु, र बलिदान होइन।" यो स्पष्‍ट छ कि प्रभु येशूको दृष्‍टिमा, व्यवस्थाको अधीनमा जिइरहेका अधिकांश मानिसहरूले यहोवाको आराधना गरिरहेका थिएनन्, तर विना कुनै रुचि बलिदानहरू मात्रै चढाइरहेका थिए, अनि यो मूर्तिपूजा सरह भएको प्रभु येशूले ठहर गर्नुभयो। यी मूर्तिपूजकहरूले मन्दिरलाई परमेश्‍वरभन्दा महान् र उच्‍च देखे। तिनीहरूको हृदयमा परमेश्‍वर नभई केवल मन्दिर मात्र थियो अनि यदि तिनीहरूले मन्दिर गुमाएका भए, तिनीहरूले आफ्नो वासस्थानलाई नै गुमाउने थिए। मन्दिरविना आराधना गर्नको निम्ति तिनीहरूसित कुनै ठाउँ थिएन अनि तिनीहरूले बलिदानहरूको काम गर्न सक्दैनथे। तिनीहरूको कथित "वासस्थान" यस्तो ठाउँ थियो जसलाई तिनीहरूले मन्दिरमा रहन र आफ्नै कामकाजहरू सम्पन्‍न गर्न यहोवा परमेश्‍वरलाई आराधना गर्ने झूटा बहानाको रूपमा प्रयोग गर्थे। तिनीहरूको कथित "बलिदान" मन्दिरमा सेवा गर्ने नाममा आफ्नै व्यक्तिगत लाजमर्दो कारोबारहरू सम्पन्‍न गर्ने कार्य मात्रै थियो। यही कारणले मानिसहरूले त्यो बेला परमेश्‍वरभन्दा मन्दिरलाई महान् देखे। प्रभु येशूले मानिसहरूको निम्ति चेतावनीको रूपमा यी वचनहरू बोल्नुभयो किनभने मानिसहरूलाई र परमेश्‍वरलाई धोका दिनको निम्ति तिनीहरूले मन्दिरलाई एउटा आवरणको रूपमा, अनि बलिदानहरूलाई एउटा लुक्ने ठाउँको रूपमा प्रयोग गरिरहेका थिए। यदि यी वचनहरूलाई तैँले वर्तमानमा प्रयोग गरिस् भने, ती अझै पनि उत्तिकै जायज र उत्तिकै सान्दर्भिक हुन्छन्। आजका मानिसहरूले व्यवस्थाको युगका मानिसहरूले भन्दा परमेश्‍वरको बेग्लै कामको अनुभव गरे तापनि, तिनीहरूको प्रकृति सार उही नै छ। आजको कामको सन्दर्भमा, मानिसहरूले अझै पनि त्यही प्रकारका कुराहरू गर्नेछन् जसलाई यी शब्दहरूले प्रतिनिधित्व गर्छन्, "परमेश्‍वरभन्दा महान् मन्दिर छ।" उदाहरणको निम्ति, मानिसहरूले आफ्नो कर्तव्य पूरा गर्ने कुरालाई कामको रूपमा हेर्छन्; तिनीहरूले परमेश्‍वरको निम्ति गवाही हुने तथा ठूलो रातो अजिङ्गरसित लडाइँ गर्ने कुरालाई मानव अधिकारको रक्षार्थ, प्रजातन्त्र तथा स्वतन्त्रताको निम्ति गरिने राजनीतिक क्रियाकलापहरूको रूपमा हेर्छन्; तिनीहरूले आफ्नो कर्तव्यलाई जीवनचर्यातर्फ आफ्नो सीप उपयोग गर्ने कुरामा परिणत गर्छन्, तर परमेश्‍वरको भय मान्‍ने र खराबीलाई घृणा गर्ने कुरालाई तिनीहरूले पालना गर्नुपर्ने धार्मिक सिद्धान्तको एउटा भागको रूपमा लिन्छन्; अनि यस्तै इत्यादि। के यी सबै व्यवहारहरू वास्तवमा "परमेश्‍वरभन्दा मन्दिर महान् छ" भन्‍ने सरह नै छैन र? फरक यो छ कि, दुई हजार वर्षअघि, मानिसहरूले भौतिक मन्दिरमा व्यक्तिगत व्यापार गर्दैथिए, तर आज मानिसहरूले अमूर्त मन्दिरहरूमा आफ्नो व्यक्तिगत व्यापार गर्छन्। ती मानिसहरू जसले नियमहरूलाई महत्त्व दिन्छन्, तिनीहरूले नियमहरूलाई परमेश्‍वरलाई भन्दा महान् ठान्छन्, ती मानिसहरू जसले पदलाई प्रेम गर्छन्, तिनीहरूले पदलाई परमेश्‍वरभन्दा महान् ठान्छन्, ती जसले जीवनचर्यालाई प्रेम गर्छन्, तिनीहरूले जीवनचर्यालाई परमेश्‍वरभन्दा महान् ठान्छन्, आदि इत्यादि– तिनीहरूका सबै अभिव्यक्तिहरूले मलाई यसो भन्‍न बाध्य गर्छ: "मानिसहरूले आफ्ना शब्दहरूद्वारा परमेश्‍वरलाई सबैभन्दा महान् हुनुहुन्छ भनी प्रशंसा त गर्छन् तर तिनीहरूको दृष्‍टिमा सबै कुरा परमेश्‍वरभन्दा महान् छन्।" किनभने मानिसहरूले परमेश्‍वरलाई पछ्याउने आफ्नो मार्गमा आफ्नो

प्रतिभा देखाउने वा आफ्नो व्यवसाय वा आफ्नो जीवनचर्या गर्ने अवसर पाउनेबित्तिकै तिनीहरूले परमेश्वरदेखि आफैलाई टाढा बनाउँछन् अनि आफ्नो प्रिय जीवनचर्यामा हाम फाल्छन्। परमेश्वरले तिनीहरूलाई जे सुम्पनुभएको छ, अनि उहाँको इच्छा के छ भन्ने सम्बन्धमा चाहिँ, ती कुराहरूलाई लामो समयदेखि नै परित्याग गरिएका छन्। यी मानिसहरू र दुई हजार वर्ष अघि मन्दिरमा आफ्नै व्यवसाय गर्ने ती मानिसहरूका बीचमा के फरक छ?

यसपछि, हामी यस अध्यायको अन्तिम वाक्यलाई हेरौं: "किनकि मानिसको पुत्र शबाथको दिनको समेत प्रभु हुनुहुन्छ।" के यस वाक्यको व्यवहारिक पक्ष छ? के तिमीहरूले व्यवहारिक पक्ष देख्न सक्छौ? परमेश्वरले भन्नुभएको हरेक कुरा उहाँको हृदयबाट आउँछ, त्यसोभए उहाँले किन यसो भन्नुभयो त? यसलाई तिमीहरू कसरी बुझ्छौ? तिमीहरूले अहिले यसको अर्थ बुझेका छौ होला तर यो बोलिएको समयमा धेरै मानिसहरूले यसलाई बुझेनन् किनकि मानवजाति भर्खरै व्यवस्थाको युगबाट बाहिर आएका थिए। तिनीहरूका निम्ति विश्राम दिनबाट अलग हुनु धेरै नै कठिन कुरा थियो, साँचो विश्राम के हो भनी बुझ्ने कुरा त झन् परको कुरा थियो।

"मानिसको पुत्र शबाथको दिनको समेत प्रभु हुनुहुन्छ" भन्ने वाक्यले परमेश्वरको हरेक कुरा भौतिक प्रकृतिको छैन, अनि परमेश्वरले तेरा सबै भौतिक खाँचोहरू पूरा गर्न सक्नुभए तापनि तेरा सबै भौतिक खाँचोहरू पूरा भइसकेपछि, के यी कुराहरूबाट आउने सन्तुष्टिले तैँले गर्ने सत्यताको खोजीको स्थान लिन सक्छ र? यो स्पष्ट रूपमै सम्भव छैन! परमेश्वरको स्वभाव अनि उहाँसित जे छ र उहाँ जे हुनुहुन्छ, ती दुवै सत्यता नै हुन् जसको बारेमा हामीले सङ्गति गरेका छौँ। यसको मूल्यलाई भौतिक वस्तुहरूसित तुलना गर्न सकिँदैन चाहे ती जतिसुकै मूल्यवान् नै किन नहोऊन्, न त यसको मूल्यलाई पैसा वा सम्पत्ति जस्ता कुराहरूमा आकलन गर्न सकिन्छ किनकि यो भौतिक वस्तु होइन, अनि यसले हरेक व्यक्तिको हृदयका खाँचोहरू पूर्ति गर्दछ। हरेक व्यक्तिको निम्ति, यस्ता अमूर्त सत्यताको मूल्य तैँले मूल्यवान् ठान्ने कुनै पनि भौतिक वस्तुहरूको मूल्यभन्दा ठूलो हुनुपर्छ, होइन र? यस अभिव्यक्तिमाथि तिमीहरू धेरै अल्मलिरहनु पर्दैन। मैले भनेको कुराको मुख्य बुँदा के हो भने, परमेश्वरसित जे छ र उहाँ जे हुनुहुन्छ, अनि परमेश्वर सम्बन्धीका हरेक कुरा प्रत्येक व्यक्तिको निम्ति सबैभन्दा महत्त्वपूर्ण कुराहरू हुन् र कुनै भौतिक थोकले त्यसको स्थान लिन सक्दैन। म तँलाई एउटा उदाहरण दिन्छु: जब तँ भोकाउँछस्, तँलाई भोजन चाहिन्छ। यो खाना धेरथोर मीठो वा धेरथोर असन्तोषजनक हुन्छ सक्छ, तर पेट भरिएपछि, भोक लागेको त्यो नमीठो अनुभूति हुनेछैन–यो जानेछ। तँ शान्तिमा बस्न सक्नेछस्, अनि तेरो शरीर विश्राममा हुनेछ। मानिसहरूको भोक भोजनले मेट्छ, तर जब तँ परमेश्वरलाई पछ्याइरहेको हुन्छस् र तँसँग उहाँको बुझाइ छैन भन्ने महसुस गर्छस्, तब तैँले तेरो हृदयको खालीपनलाई कसरी समाधान गर्न सक्छस्? के यसलाई भोजनद्वारा समाधान गर्न सकिन्छ? अथवा, जब तैँले परमेश्वरलाई पछ्याइरहेको हुन्छस् अनि उहाँको इच्छालाई बुझ्दैनस्, तब तेरो हृदयको भोकलाई मेटाउनको लागि तैँले के प्रयोग गर्न सक्छस्? परमेश्वरद्वारा प्राप्त हुने तेरो मुक्तिको अनुभवको प्रक्रियामा, तेरो स्वभावमा परिवर्तन गर्न खोजिरहँदा, यदि तैँले उहाँको इच्छा बुझ्दैनस् वा उहाँको सत्यता के हो भनी जान्दैनस् भने, यदि तैँले परमेश्वरको स्वभावलाई बुझ्दैनस् भने, के तैँले असहज महसुस

गर्दैनस् र? के तैँले तेरो हृदयमा ठूलो भोक र तिर्खाको महसुस गर्नेछैनस् र? के यी अनुभूतिहरूले तँलाई तेरो हृदयमा विश्रामको अनुभव गर्नबाट रोक्नेछैन र? त्यसोभए, तैँले तेरो हृदयको त्यो भोकलाई कसरी मेटाउन सक्छस्–के त्यसलाई समाधान गर्ने कुनै उपाय छ? कोही मानिसहरू किनमेल गर्न जान्छन्, कतिपय आफ्नो मनको कुरा गर्न साथीहरूकहाँ जान्छन् कोही लामो सुताइमा लिप्त हुन्छन्, कोही परमेश्वरका वचनहरू धेरै पढ्छन्, वा आफ्ना कर्तव्यहरू पूरा गर्न अझै बढी कडा परिश्रम गर्छन् अनि धेरै प्रयास गर्छन्। के यी कुराहरूले तेरो वास्तविक कठिनाइहरूलाई समाधान गर्न सक्छन् र? तिमीहरू सबैले यस प्रकारका अभ्यासहरूलाई पूर्ण रूपले बुझ्दछौ। जब तँ शक्तिहीन महसुस गर्छस्, जब तैँले सत्यताको वास्तविकता र उहाँको इच्छा जान्नको लागि अन्तर्दृष्टि प्राप्त गर्ने ठूलो इच्छाको महसुस गर्छस्, तब तँलाई चाहिने सबैभन्दा ठूलो कुरो के हो? तँलाई चाहिने कुरा भनेको पूरा भोजन होइन, अनि केही दयाका वचनहरू पनि होइन, देहको क्षणिक आराम र सन्तुष्टिको कुरा त परै छाडौं–तैँले के गर्नुपर्छ र कसरी गर्नुपर्छ भन्ने कुरा परमेश्वरले तँलाई प्रत्यक्ष रूपमा र स्पष्ट रूपमा बताउनुभएको, सत्यता के हो सो स्पष्ट रूपमा बताउनुभएको चाहिँ तँलाई चाहिने कुरा हो। यसलाई बुझिसकेपछि यदि तैँले थोरै बुझाइ मात्र पनि प्राप्त गरिस् भने के तँ तेरो हृदयमा तैँले मीठो भोजन खाएको भन्दा बढी सन्तुष्ट हुँदैनस् र? जब तेरो हृदय सन्तुष्ट हुन्छ, के तेरो हृदय र तेरो पूरा व्यक्तित्वले साँचो विश्राम प्राप्त गर्दैन र? यस उपमा तथा विश्लेषणद्वारा, मैले किन तिमीहरूसित “मानिसको पुत्र शबाथको दिनको समेत प्रभु हुनुहुन्छ” भन्ने यो वाक्य बाँड्न चाहेँ भन्ने कुरा के तैँले अहिले बुझ्छस्? यसको अर्थ के हो भने, परमेश्वरबाट जे आउँछ, उहाँसित जे छ र उहाँ जे हुनुहुन्छ, अनि उहाँको बारेमा रहेका हरेक कुरा अरू कुनै पनि कुराभन्दा ठूलो हुन्छ, जसभित्र तैँले बहुमूल्य भनी विश्‍वास गरेको थोक वा व्यक्ति पनि पर्दछन्। भनाइको अर्थ, यदि कुनै व्यक्तिले परमेश्वरको मुखबाट आएका वचनहरू हासिल गर्न सक्दैनन् वा तिनीहरूले परमेश्वरको इच्छालाई बुझ्दैनन् भने तिनीहरूले विश्राम प्राप्त गर्न सक्दैनन्। आज तिमीहरूले यो खण्ड हेरेको म किन चाहन्छु भन्ने कुरा तिमीहरूको भविष्यका अनुभवहरूमा तिमीहरूले बुझ्नेछौ–यो धेरै महत्त्वपूर्ण छ। परमेश्वरले गर्नुहुने सबै कुरा सत्यता र जीवन हो। सत्यता यस्तो कुरा हो जसको कमी मानिसहरूको जीवनमा हुनुहुँदैन, र यो यस्तो कुरा हो जुनविना मानिसहरूले केही पनि गर्न सक्दैनन्; यो नै सबैभन्दा ठूलो कुरा हो भनेर पनि तैँले भन्न सक्छस्। तैँले यसलाई देख्न वा छुन नसके तापनि, तेरो निम्ति यसको महत्त्वलाई बेवास्ता गर्न सकिँदैन; तेरो हृदयमा विश्राम ल्याउन सक्ने एउटै मात्र कुरा यही हो।

के सत्यता सम्बन्धी तिमीहरूको बुझाइ तिमीहरूको आफ्नै अवस्थाहरूसित जोडिएको छ? वास्तविक जीवनमा, तैँले सामना गरेका मानिसहरू, घटनाहरू र वस्तुहरूसित कुन-कुन सत्यताहरू सम्बन्धित छन् भनेर तैँले सुरुमा विचार गर्नुपर्छ; यिनै सत्यताहरूको माझमा तैँले परमेश्वरको इच्छा पत्ता लगाउन सक्छस् र उहाँको इच्छामा तैँले जे भेटेको छस्, त्यससित जोडिन सक्छस्। यदि तैँले सामना गरेका कुराहरूसित सत्यताका कुन-कुन पक्षहरूले सम्बन्ध राख्छन् भन्ने तँलाई थाहा छैन तर प्रत्यक्ष रूपमा परमेश्वरको इच्छा खोजी गर्न जान्छस् भने, यो एउटा अन्धो तरिका हो जसले परिणामहरू हासिल गर्न सक्दैन। यदि तँ सत्यताको खोजी गर्न र परमेश्वरको इच्छा

बुझ्न चाहन्छस् भने, पहिले तैँले कस्ता कुराहरू तँमा घटेका छन्, सत्यताको कुन पक्षहरूसित ती सम्बन्धित छन् सो हेरेर, परमेश्‍वरको वचनमा निश्‍चित सत्यताको खोजी गर्नु आवश्यक हुन्छ, जुन तैँले अनुभव गरेको कुरासित सम्बन्धित छन्। त्यसपछि तैँले त्यस सत्यतामा तेरो लागि सहि रहेको अभ्यासको मार्गलाई खोजी गर्नुपर्छ; यसरी, तैँले परमेश्‍वरको इच्छाको अप्रत्यक्ष बुझाइ हासिल गर्न सक्छस्। सत्यताको खोजी गर्नु र अभ्यास गर्नु यान्त्रिक रूपले सिद्धान्त प्रयोग गर्नु वा सूत्रलाई पालन गर्नु होइन। सत्यता सूत्रबद्ध हुँदैन, न त यो नियम नै हो। यो मरेको छैन, यो आफैमा जीवन हो, यो सजीव कुरा हो, र यो सृष्टि गरिएको थोकले जीवनमा पछ्याउनुपर्ने नियम र मानिससित जीवनमा हुनुपर्ने नियम हो। यो तैँले अनुभवद्वारा जतिसक्दो धेरै बुझ्नुपर्ने कुरा हो। तेरो अनुभवमा तँ जुन अवस्थामा आइपुगे तापनि, तँलाई परमेश्‍वरको वचन वा सत्यतादेखि अलग गर्न सकिँदैन, र परमेश्‍वरको स्वभावको बारेमा तँ जे बुझ्छस्, र परमेश्‍वरसँग जे छ र उहाँ जे हुनुहुन्छ त्यसबारे तँलाई जे थाहा छ, ती सबैलाई परमेश्‍वरका वचनहरूमा व्यक्त गरिएका छन्; ती सत्यतासित फुकाउनै नमिल्ने गरी गाँसिएका छन्। परमेश्‍वरको स्वभाव अनि उहाँसित जे छ र उहाँ जे हुनुहुन्छ, ती आफैमा सत्यता हुन्; सत्यता परमेश्‍वरको स्वभाव तथा उहाँसित जे छ र उहाँ जे हुनुहुन्छ त्यसको विशुद्ध प्रस्फुटन हो। यसले उहाँसित जे छ, र उहाँ जे हुनुहुन्छ, त्यसलाई ठोस बनाउँछ र यसले उहाँसित जे हुनुहुन्छ र उहाँ जे हुनुहुन्छ, त्यसको प्रष्ट अभिव्यक्ति दिन्छ; परमेश्‍वरले के मन पराउनुहुन्छ अनि के मन पराउनुहुन्न, तैँले के गरेको उहाँ चाहनुहुन्छ, अनि उहाँले तँलाई के गर्न अनुमति दिनुहुन्न, कुन मानिसहरूलाई उहाँले तुच्छ ठान्नुहुन्छ, कुन मानिसहरूमा उहाँले आनन्द लिनुहुन्छ त्यसबारे यसले तँलाई अझ प्रत्यक्ष रूपमा बताउँछ। परमेश्‍वरले व्यक्त गर्नुहुने सत्यताहरूको पछाडि, मानिसहरूले उहाँको आनन्द, रिस, शोक र खुशीको साथै उहाँको सारलाई देख्न सक्छन्—यो उहाँको स्वभावको प्रकटीकरण हो। परमेश्‍वरसित जे छ र उहाँ जे हुनुहुन्छ भनी जान्नु, अनि उहाँको वचनबाट उहाँको स्वभाव बुझ्नु बाहेक, सबैभन्दा महत्वपूर्ण खाँचो भनेको व्यक्तिगत अनुभवद्वारा यो बुझाइसम्म पुग्नु हो। यदि परमेश्‍वरलाई चिन्नको लागि व्यक्तिले आफूलाई वास्तविक जीवनबाट हटाउँछ भने, तिनीहरूले त्यसलाई हासिल गर्न सक्षम हुनेछैनन्। परमेश्‍वरको वचनबाट केही बुझाइ हासिल गर्न सक्ने मानिसहरू छन्, तापनि तिनीहरूको बुझाइ सिद्धान्तहरू तथा शब्दहरूमा सीमित हुन्छ, अनि परमेश्‍वर स्वयम् वास्तवमा कस्तो हुनुहुन्छ भन्ने कुराबारे भेद उत्पन्न हुन्छ।

अहिले हामीले कुराकानी गरिरहेको विषय बाइबलमा नै लेखिएका कथाहरूको क्षेत्रभित्र छ। यी कथाहरूद्वारा, अनि घटेका यी घटनाहरूलाई विश्‍लेषण गर्दा, मानिसहरूले उहाँले प्रकट गर्नुभएको उहाँको स्वभाव अनि उहाँसित जे छ र उहाँ जे हुनुहुन्छ सो कुरा बुझ्न सक्छन्, अनि यसले गर्दा परमेश्‍वरको हरेक पक्षलाई तिनीहरूले अझ वृहत् रूपमा, अझ गहिरो प्रकारले अनि विस्तार पूर्वक जान्न सक्छन्। त्यसोभए, परमेश्‍वरको हरेक पक्षलाई जान्ने एउटै मात्र तरिका यी कथाहरूद्वारा मात्रै हो? होइन, एउटै मात्र तरिका यो होइन! किनकि राज्यको युगमा परमेश्‍वरले जे भन्नुहुन्छ र उहाँले जुन काम गर्नुहुन्छ, त्यसले मानिसहरूलाई उहाँको स्वभावबारे अझ राम्रोसित जान्न र त्यसबारे पूर्ण रूपले जान्न सहायता गर्नसक्छ। तथापि, मलाई के लाग्छ भने, बाइबलमा लेखिएका,

मानिसहरूका निम्ति परिचित केही उदाहरण तथा कथाहरूद्वारा नै हामीलाई परमेश्वरको स्वभाव जान्न तथा उहाँसित जे छ र उहाँ जे हुनुहुन्छ त्यसलाई बुझ्न अलिक सजिलो हुनेछ। यदि यस प्रकारले उहाँलाई चिन्नको निम्ति तँलाई सक्षम तुल्याउन मैले न्याय र सजायका वचनहरू तथा परमेश्वरले आज व्यक्त गर्नुहुने सत्यताहरूलाई एक-एक शब्द गरी लिएँ भने, तैँले यो अति सुस्त र वाक्क लाग्दो छ बन्ने महसुस गर्नेछस्, अनि कोही मानिसहरूले त परमेश्वरका वचनहरू सूत्र बद्ध छन् भन्ने समेत महसुस गर्नेछन्। तर यदि मैले मानिसहरूलाई परमेश्वरको स्वभाव जान्न सहायता गर्नको निम्ति बाइबलका यी कथाहरूलाई लिएँ भने तिनीहरूले यसलाई दिक्क लाग्दो महसुस ठान्नेछैनौ। तैँले भन्न सक्छस्, कि यी उदाहरणहरू व्याख्या गर्ने क्रममा, त्यस समय परमेश्वरको हृदयमा के थियो त्यसका विवरणहरू–उहाँको मनस्थिति तथा मनोभाव, उहाँका सोचाइ तथा विचारहरू–मानिसहरूलाई मानव भाषामा नै बताइएको थियो, अनि यो सबैको लक्ष्य परमेश्वरसित जे छ र उहाँ जे हुनुहुन्छ, त्यो सूत्र बद्ध होइन भनी तिनीहरूलाई बुझाउन, महसुस गर्न दिनु हो। यो दन्त्यकथा वा मानिसहरूले देख्न नसक्ने वा छुन नसक्ने कुनै कुरा होइन। यो साँच्चिकै अस्तित्वमा रहेको कुनै कुरा हो, जसलाई मानिसहरूले महसुस तथा सराहना गर्न सक्छन्। अन्तिम लक्ष्य यही हो। तैँले भन्न सक्छस् कि यस युगमा बाँचिरहेका मानिसहरू धन्यका हुन्। तिनीहरूले परमेश्वरको पहिलेका कार्यको बारेमा वृहत् बुझाइ प्राप्त गर्न बाइबलका कथाहरू प्रयोग गर्न सक्छन्; तिनीहरूले उहाँले गर्नुभएको कामद्वारा उहाँको स्वभावलाई देख्न सक्छन्; परमेश्वरले व्यक्त गर्नुभएका यी स्वभावहरूद्वारा तिनीहरूले मानवजातिको निम्ति उहाँको इच्छालाई बुझ्न सक्छन्, अनि उहाँको पवित्रताको ठोस प्रकटीकरणहरू तथा मानवको निम्ति उहाँको वास्तालाई बुझ्न सक्छन्, अनि यसरी तिनीहरूले परमेश्वरको स्वभावको बारेमा अझ विस्तृत र अझ गहिरो ज्ञान प्राप्त गर्न सक्छन्। मलाई विश्वास छ, कि तिमीहरू सबैले अहिले यो महसुस गर्न सक्छौ!

प्रभु येशूले अनुग्रहको युगमा पूरा गर्नुभएको यस कामको क्षेत्रभित्र, तैँले परमेश्वरसित के छ र उहाँ जे हुनुहुन्छ त्यसको अर्को पक्षलाई देख्न सक्छस्। यो पक्षलाई उहाँको देहद्वारा प्रकट गरिएको थियो, अनि मानिसहरूले उहाँको मानवताको कारण यसलाई देख्न र बुझ्न सके। परमेश्वरले कसरी देहमा आफ्नो मानवता जिउनुभयो सो कुरा मानिसहरूले मानिसको पुत्रमा देखे, अनि परमेश्वरको ईश्वरत्व देहद्वारा प्रकट भएको तिनीहरूले देखे। यी दुई प्रकारका प्रकटीकरणहरूले मानिसहरूलाई एउटा वास्तविक परमेश्वरलाई देख्ने तुल्यायो, अनि त्यसले मानिसहरूलाई परमेश्वरको एउटा फरक अवधारणा निर्माण गर्न लगायो। तथापि, संसारको सृष्टि र व्यवस्थाको युगको अन्त्य बीचको समयावधिमा अर्थात् अनुग्रहको युगभन्दा पहिले मानिसहरूले देखेका, सुनेका र अनुभव गरेका परमेश्वरका पक्षहरू भनेका परमेश्वरको ईश्वरत्व, परमेश्वरले अभौतिक क्षेत्रभित्र गर्नुभएका र भन्नुभएका, अनि उहाँले उहाँको देख्न वा छुन नसकिने वास्तविक व्यक्तित्वबाट प्रकट गर्नुभएका कुराहरू मात्रै पर्छन्। प्रायजसो, यी कुराहरूले मानिसहरूलाई परमेश्वर आफ्नो महानतामा यति उच्च हुनुहुन्छ कि मानिसहरू उहाँको नजिक जान सक्दैनन् भन्ने महसुस गरायो। परमेश्वरले मानिसहरूलाई प्रायजसो दिनुभएको भाव के थियो भने उहाँलाई बुझ्ने तिनीहरूको क्षमताबाट उहाँ घरी देखिनुहुन्थ्यो र घरी हराउनुहुन्थ्यो, अनि मानिसहरूले यो पनि महसुस गरे कि उहाँको हरेक

विचार तथा धारणा यति रहस्यमय छ र यति भ्रमपूर्ण छ कि तिनलाई पहुँच गर्ने कुनै बाटो छैन, उहाँलाई बुझ्ने र सराहना गर्ने प्रयासको कुरा त परै छोडौं। मानिसहरूको निम्ति, परमेश्‍वरको हरेक कुरा धेरै टाढाको थियो, यति टाढाको कि मानिसहरूले त्यसलाई देख्‍न सक्दैनथे, त्यसलाई छुन सक्दैनथे। उहाँ उच्चमा आकाशमा हुनुहुन्छ भन्‍ने प्रतीत हुन्थ्यो, अनि उहाँ बिलकुल अस्तित्वमा हुनुहुन्‍न जस्तै प्रतीत हुन्थ्यो। यसैकारण मानिसहरूको निम्ति, परमेश्‍वरको हृदय र मन वा उहाँको कुनै पनि सोचलाई बुझ्नु अप्राप्य थियो, अनि तिनीहरूको पहुँचभन्दा पनि परको कुरा थियो। परमेश्‍वरले व्यवस्थाको युगमा केही ठोस काम गर्नुभएको भए तापनि, अनि मानिसहरूलाई उहाँको सराहना गर्ने तथा उहाँको बारेमा केही वास्तविक ज्ञान प्राप्त गर्न लगाउनको निम्ति उहाँले केही विशेष वचनहरू जारी गर्नुभएको तथा केही विशेष स्वभावहरू प्रकट गर्नुभएको भए तापनि, अन्त्यमा, परमेश्‍वरसित जे छ र उहाँ जे हुनुहुन्छ, त्यसको प्रकटीकरणहरू एउटा अभौतिक क्षेत्रबाट आएको थियो, अनि मानिसहरूले जे बुझे, तिनीहरूले जे जाने, त्यो अझै पनि उहाँसित जे छ र उहाँ जे हुनुहुन्छ त्यसको ईश्‍वरीय पक्षसँग सम्बन्धित थियो। उहाँसित जे छ र उहाँ जे हुनुहुन्छ त्यसको यस अभिव्यक्तिद्‌वारा मानवजातिले उहाँको ठोस अवधारणा प्राप्त गर्न सकेन, अनि परमेश्‍वरबारे तिनीहरूको विचार अझै पनि "पहुँच गर्न नसकिने, अनुभूतिबाट बाहिर-भित्र गरिरहने आत्मिक शरीर" कै क्षेत्रभित्र अड्‌की बस्यो। परमेश्‍वरले मानिसहरूको सामु देखा पर्ने भौतिक क्षेत्रको कुनै विशेष वस्तु वा स्वरूपको प्रयोग नगर्नुभएको कारण, मानव भाषा प्रयोग गरेर बयान गर्न तिनीहरू असमर्थ रहे। परमेश्‍वरको निम्ति स्तर स्थापित गर्न, उहाँलाई ठोस बनाउन र मानवीकरण गर्न, जस्तै उहाँ कति अल्गो हुनुहुन्छ, उहाँ कति ठूलो हुनुहुन्छ, उहाँलाई वास्तवमा के मन पर्छ अनि उहाँको व्यक्तित्व के हो, त्यसको लागि मानिसहरूले आफ्नो हृदय र मनहरूमा सधैँ आफ्नो भाषा प्रयोग गर्न चाहन्थे। वास्तवमा, मानिसहरूले यस प्रकारले सोचिरहेका छन् भन्‍ने कुरा परमेश्‍वरले आफ्नो हृदयमा जान्‍नुहुन्थ्यो। मानिसहरूका खाँचोहरूको बारेमा परमेश्‍वरलाई अत्यन्तै स्पष्ट रूपमा थाहा थियो, अनि अवश्य नै, उहाँले के गर्नुपर्छ भन्‍ने पनि उहाँलाई थाहा थियो, त्यसैले उहाँले अनुग्रहको युगमा बेग्लै तरिकाले आफ्नो काम गर्नुभयो। यो नयाँ तरिका ईश्‍वरीय र मानवीय दुवै थियो। प्रभु येशूले काम गरिरहनुभएको समयावधिमा, परमेश्‍वरसित धेरै मानव अभिव्यक्तिहरू छन् भनी मानिसहरूले देख्‍न सक्थे। उदाहरणको निम्ति, उहाँले नाच्‍न सक्नुहुन्थ्यो, उहाँ विवाहहरूमा सहभागी हुन सक्नुहुन्थ्यो, उहाँले मानिसहरूसित कुराकानी गर्न सक्नुहुन्थ्यो, तिनीहरूसित छलफल गर्न सक्नुहुन्थ्यो। त्यसको अतिरिक्त, प्रभु येशूले उहाँको ईश्‍वरत्वलाई प्रतिनिधित्व गर्ने धेरै काम पनि पूरा गर्नुभयो, अनि वास्तवमा उहाँको यो सबै काम परमेश्‍वरको स्वभावको अभिव्यक्ति र प्रकाश थियो। यस अवधिमा, जब परमेश्‍वरको ईश्‍वरत्व मानिसहरूले देख्‍न र छुन सकिने प्रकारले देहमा प्रकट भयो, तब उहाँ तिनीहरूको बुझाइबाट भित्र-बाहिर गरिरहनुहुन्छ वा तिनीहरू उहाँको नजिक जान सक्दैनन् भन्‍ने कुरालाई मानिसहरूले उपरान्त महसुस गर्न छोडे। यसको विपरीत, तिनीहरूले उहाँको हरेक चालद्‌वारा, वचनहरूद्‌वारा, अनि मानिसको पुत्रको कामद्‌वारा परमेश्‍वरको इच्छालाई जान्‍न वा बुझ्न प्रयास गर्न सके। मानिसको देहधारी पुत्रले परमेश्‍वरको ईश्‍वरत्वलाई आफ्नो मानवताद्‌वारा प्रकट गर्नुभयो अनि मानवजातिलाई परमेश्‍वरको इच्छा प्रकट गर्नुभयो। अनि

परमेश्वरको इच्छा तथा स्वभावलाई प्रकट गरेर, उहाँले आत्मिक संसारमा बास गर्नुहुने परमेश्वरलाई मानिसहरूकहाँ प्रकट पनि गरिदिनुभयो, जसलाई देख्न वा छुन सकिँदैन। मानिसहरूले जे देखे, त्यो भौतिक स्वरूपमा देह र रगतले बनेको परमेश्वर स्वयम् हुनुहुन्थ्यो। त्यसैले, मानिसको देहधारी पुत्रले परमेश्वर स्वयम्को पहिचान, परमेश्वरको हैसियत, प्रतिरूप, स्वभाव अनि उहाँसित जे छ र उहाँ जे हुनुहुन्छ त्यसलाई ठोस र मानवीय बनाउनुभयो। परमेश्वरको प्रतिरूपको सम्बन्धमा मानिसको पुत्रको बाह्य रूपमा केही सीमितताहरू भएको भए तापनि, उहाँको सार अनि उहाँसित जे छ र उहाँ जे हुनुहुन्छ, त्यसले परमेश्वर स्वयम्को पहिचान तथा हैसियतलाई पूर्ण रूपमा प्रतिनिधित्व गर्न सक्थ्यो–व्यक्त गर्ने शैलीमा मात्र केही भिन्नताहरू थिए। मानिसको पुत्रले उहाँको मानवतामा र उहाँको ईश्वरीयता दुवैमा परमेश्वर स्वयम्को पहिचान तथा हैसियतलाई प्रतिनिधित्व गरेको थियो भन्ने कुरालाई हामी इन्कार गर्न सक्दैनौं। तथापि, यस समयावधिमा परमेश्वरले देहद्वारा काम गर्नुभयो, देहको दृष्टिकोणबाट बोल्नुभयो, अनि मानिसको पुत्रको पहिचान र हैसियतमा मानवजातिको सामु उभिनुभयो र यसले मानिसहरूलाई परमेश्वरले मानवजातिको सामु दिनुभएको साँचो वचनहरू तथा कामलाई देख्ने र अनुभव गर्ने अवसर दियो। यसले मानिसहरूलाई नम्रताको बीचमा उहाँको ईश्वरत्व तथा उहाँको महानता देख्ने अन्तर्दृष्टि दिनुको साथै परमेश्वरको विशुद्धता तथा वास्तविकताको प्रारम्भिक बुझाइ तथा परिभाषा प्राप्त गर्न पनि दियो। प्रभु येशूले पूरा गर्नुभएको काम, उहाँले काम गर्ने तरिकाहरू र उहाँले बोल्ने दृष्टिकोण, आत्मिक क्षेत्रमा रहेको परमेश्वरको वास्तविक व्यक्तित्वभन्दा फरक थियो, तैपनि उहाँको हरेक कुराले परमेश्वर स्वयम्लाई साँचो रूपमा प्रतिनिधित्व गऱ्यो, जसलाई मानवजातिले कहिल्यै देखेका छैनन्–यसलाई इन्कार गर्न सकिँदैन। भन्नुको अर्थ, परमेश्वर जुनसुकै रूपमा प्रकट हुनुभए तापनि, उहाँले जुनसुकै दृष्टिकोणबाट बोल्नुभए तापनि, अथवा उहाँले जुनसुकै प्रतिरूपमा मानवजातिको सामना गर्नुभए तापनि, परमेश्वरले अरू केहीलाई होइन, तर आफैलाई प्रतिनिधित्व गर्नुहुन्छ। उहाँले अरू कुनै मानवलाई प्रतिनिधित्व गर्न सक्नुहुन्न, न त भ्रष्ट मानवजातिमध्ये कसैलाई प्रतिनिधित्व गर्नुहुन्छ। परमेश्वर, परमेश्वर स्वयम् नै हुनुहुन्छ र यसलाई इन्कार गर्न सकिँदैन।

यसपछि हामी प्रभु येशूले अनुग्रहको युगमा बताउनुभएको दृष्टान्तलाई हेर्नेछौं।

३. हराएको भेडाको दृष्टान्त

मत्ती १८:१२-१४ तिमीहरू कसरी सोच्छौ? यदि कुनै मानिससँग एक सय भेडा छन् र तीमध्ये एउटा बरालिन्छ भने के उसले उनान्सयलाई छाडेर पर्वतहरूतिर गई बरालिएको भेडालाई खोज्दैन र? अनि यदि उसले भेट्टायो भने, म तिमीहरूलाई साँच्चै भन्दछु, ऊ नबरालिएका अन्य उनान्सय भेडाहरूको भन्दा त्यस भेडाको निम्ति धेरै आनन्द मनाउँछ। त्यसरी नै स्वर्गमा हुनुहुने तिमीहरूका पिताको इच्छा यो छैन, कि यी सानाहरूमध्ये एक जना पनि नष्ट होस्।

यो अध्याय एउटा दृष्टान्त हो–यसले मानिसहरूलाई कस्तो प्रकारको अनुभूति दिन्छ? यहाँ प्रयोग गरिएको अभिव्यक्तिको तरिका–दृष्टान्त–मानव भाषाको एउटा अलङ्कार हो, अनि त्यस अर्थमा यो मानव ज्ञानको क्षेत्रभित्र पर्दछ। यदि परमेश्वरले व्यवस्थाको युगमा त्यस्तै प्रकारको कुनै कुरा भन्नुभएको भए मानिसहरूले परमेश्वर जो हुनुहुन्छ, त्यससित ती वचनहरू साँचो रीतिले

अनुरूप छैनन् भन्ने महसुस गर्थे तर जब मानिसको पुत्रले अनुग्रहको युगमा यी वचनहरू बोल्नुभयो, यसले मानिसहरूलाई सान्त्वना, न्यानोपन अनि घनिष्ठताको आभास गरायो। जब परमेश्वर देह हुनुभयो, जब उहाँ मानिसको रूपमा देखा पर्नुभयो, तब उहाँको हृदयको आवाज व्यक्त गर्न उहाँले आफ्नै मानवताबाट आएको एउटा उचित दृष्टान्त प्रयोग गर्नुभयो। यो आवाजले परमेश्वरको आफ्नै आवाज अनि उहाँले त्यस युगमा गर्न चाहनुभएको कामलाई प्रतिनिधित्व गऱ्यो। यसले अनुग्रहको युगमा मानिसहरूप्रतिको परमेश्वरको आचरणलाई पनि प्रतिनिधित्व गऱ्यो। मानिसहरूप्रति परमेश्वरको आचरणको दृष्टिकोणबाट हेर्दा, उहाँले हरेक व्यक्तिलाई एउटा भेडासित तुलना गर्नुभयो। यदि एउटा भेडा हरायो भने, त्यसलाई भेट्टाउन उहाँले जे पनि गर्नुहुन्थ्यो। जब उहाँ देहमा हुनुहुन्थ्यो, तब मानवजातिको माझमा परमेश्वरले गर्नुभएको कामको सिद्धान्तलाई यसले प्रतिनिधित्व गऱ्यो। परमेश्वरले त्यस काममा उहाँको अठोट र आचरण कस्तो थियो त्यसलाई बयान गर्न यस दृष्टान्तलाई प्रयोग गर्नुभयो। परमेश्वर देह बन्नुको फाइदा यही नै थियो: उहाँले मानवजातिको ज्ञानको फाइदा लिन सक्नुहुन्थ्यो अनि मानिसहरूसित बोल्न र आफ्नो इच्छा व्यक्त गर्न मानव भाषाको प्रयोग गर्न सक्नुहुन्थ्यो। उहाँले मानिसलाई मानव तरिकामा आफ्नो गहन, ईश्वरीय भाषा व्याख्या गर्नुभयो अथवा "अनुवाद गर्नुभयो" जसलाई मानव भाषामा बुझ्न मानिसहरूलाई कठिन हुन्थ्यो। यसले उहाँको इच्छा बुझ्न र उहाँले के गर्न चाहनुहुन्छ भन्ने कुरा जान्न मानिसहरूलाई सहायता गऱ्यो। उहाँले मानव भाषा प्रयोग गरेर, अनि तिनीहरूले बुझ्ने किसिमले बताएर पनि मानिसहरूसित मानव दृष्टिकोणमा बातचित गर्न सक्नुहुन्थ्यो। उहाँले मानव भाषा प्रयोग गरेर बोल्न र काम गर्न पनि सक्नुहुन्थ्यो ताकि मानिसहरूले परमेश्वरको दया तथा घनिष्ठतालाई महसुस गर्न सकून्, ताकि तिनीहरूले उहाँको हृदयलाई देख्न सकून्। यसमा तिमीहरूले के देख्छौ? के परमेश्वरका वचन तथा कामहरूमा कुनै प्रतिबन्ध छ त? मानिसहरूको दृष्टिकोणमा त, परमेश्वर स्वयम्‌ले के भन्न चाहनुभयो, जुन काम उहाँले गर्न चाहनुभयो त्यसको बारेमा कुरा गर्न वा उहाँको इच्छा व्यक्त गर्न परमेश्वरले कुनै पनि प्रकारले मानव ज्ञान, भाषा वा बोल्ने तरिकाहरू प्रयोग गर्न सक्नुहुन्न। तर यो गलत सोचाइ हो। परमेश्वरले यस प्रकारको दृष्टान्त प्रयोग गर्नुभयो ताकि मानिसहरूले परमेश्वरको वास्तविकता र सच्चाइ महसुस गर्न सकून् अनि त्यस अवधिमा मानिसहरूप्रतिको उहाँको आचरण देख्न सकून्। यस दृष्टान्तले लामो समयदेखि व्यवस्थामुनि जिउँदै आइरहेको मानिसहरूलाई सपनाबाट ब्यूँझायो, अनि यसले एकपछि अर्को पुस्ताका मानिसहरूलाई प्रेरित गऱ्यो जो अनुग्रहको युगमा बाँचेका थिए। यस दृष्टान्तको अध्यायलाई पढेर, मानवजातिलाई मुक्ति दिने कार्यमा परमेश्वरको इमानदारीतालाई जान्न र परमेश्वरको हृदयमा मानवजातिलाई प्रदान गरिएको वजन तथा महत्त्वलाई मानिसहरूले बुझ्दछन्।

यस अध्यायको अन्तिम वाक्यलाई हामी हेरौं: "त्यसरी नै स्वर्गमा हुनुहुने तिमीहरूका पिताको इच्छा यो छैन, कि यी सानाहरूमध्ये एक जना पनि नष्ट होस्।" यो प्रभु येशूका आफ्नै वचनहरू हुन्, कि स्वर्गमा हुनुहुने पिताका वचनहरू हुन्? बाहिरबाट हेर्दा, यो प्रभु येशूले बोलिरहनुभएको जस्तो देखिन्छ तर उहाँको इच्छाले परमेश्वरको इच्छालाई प्रतिनिधित्व गर्दछ, त्यसैले उहाँले यसो भन्नुभएको हो: "त्यसरी नै स्वर्गमा हुनुहुने तिमीहरूका पिताको इच्छा यो छैन, कि यी सानाहरूमध्ये

एक जना पनि नष्ट होस्।" त्यस समयमा मानिसहरूले स्वर्गमा बस्नुहुने पितालाई मात्रै परमेश्‍वरको रूपमा मान्थे अनि तिनीहरूले आफ्नो सामु जुन व्यक्तिलाई देखे, तिनी केवल उहाँले पठाउनुभएका व्यक्ति मात्र हुन् अनि तिनले स्वर्गमा बस्नुहुने पितालाई प्रतिनिधित्व गर्न सक्दैन भनी तिनीहरूले विश्‍वास गर्थे। त्यसैकारण, प्रभु येशूले यस दृष्टान्तको अन्त्यमा यो वाक्य थप्नु परेको थियो, ताकि मानिसहरूले साँचो रीतिले मानवजातिको निम्ति परमेश्‍वरको इच्छालाई महसुस गर्न सकून् अनि उहाँले जे भन्नुभयो, त्यसको वास्तविकता र विशुद्धतालाई महसुस गर्न सकून्। यो वाक्य भन्नको निम्ति सरल भए पनि यसलाई वास्ता र प्रेमसहित बोलिएको थियो अनि यसले प्रभु येशूको नम्रता र गुप्तपनलाई प्रकट गरेको थियो। परमेश्‍वर देह हुनुभए तापनि वा उहाँले आत्मिक क्षेत्रमा काम गर्नुभए तापनि, उहाँले मानव हृदयलाई सर्वोत्तम रीतिले जान्नुहुन्थ्यो, अनि मानिसहरूलाई के खाँचो छ सो सर्वोत्तम रीतिले बुझ्नुहुन्थ्यो, मानिसहरूले केको बारेमा चिन्ता गर्छन् सो जान्नुहुन्थ्यो, अनि तिनीहरूलाई कुन कुराले अन्योलमा पार्छ सो उहाँले जान्नुहुन्थ्यो, त्यसैले उहाँले यो वाक्य थप्नुभयो। यस वाक्यले मानवजातिमा लुकेर रहेको एउटा समस्यालाई प्रकाशमा ल्यायो: मानिसको पुत्रले जे भन्नुहुन्थ्यो सो बारेमा मानिसहरू शङ्कालु हुन्थे, भनाइको अर्थ, जब प्रभु येशूले बोलिरहनुभएको हुन्थ्यो, तब उहाँले यो कुरा थप्नु पर्थ्यो: "त्यसरी नै स्वर्गमा हुनुहुने तिमीहरूका पिताको इच्छा यो छैन, कि यी सानाहरूमध्ये एक जना पनि नष्ट होस्," अनि यही आधारमा मात्रै मानिसहरूलाई त्यसको विशुद्धतामा विश्‍वास गर्ने तुल्याउन र त्यसको विश्‍वसनीयता सुधार गर्नको लागि उहाँका वचनहरूले फल फलाउन सक्थ्यो। यसले के देखाउँछ भने, जब परमेश्‍वर मानिसको सामान्य पुत्र हुनुभयो, तब परमेश्‍वर र मानवजातिको एउटा अत्यन्तै अप्ठ्यारो सम्बन्ध भयो, अनि मानिसको पुत्रको अवस्था निकै लाजमर्दो थियो। यसले त्यस समयमा मानिसहरूको माझमा प्रभु येशूको हैसियत कति महत्त्वहीन थियो सो कुरालाई पनि देखाउँछ। जब उहाँले यो कुरा भन्नुभयो, तब यो वास्तवमा मानिसहरूलाई यो कुरा बताउनको निम्ति थियो: तिमीहरू सुनिश्‍चित हुन सक्छौ–यी वचनहरूले मेरो हृदयमा के छ भन्ने कुरालाई प्रतिनिधित्व गर्दैन, तर ती परमेश्‍वरको इच्छा हुन् जो तिमीहरूको हृदयमा हुनुहुन्छ। मानिसको निम्ति के यो व्यंग्यात्मक कुरा होइन र? देहमा काम गरिरहनुभएको परमेश्‍वरसँग उहाँको व्यक्तित्वमा नभएका धेरै फाइदाहरू रहेको भए तापनि, उहाँले तिनीहरूका शङ्का तथा तिरस्कारहरूको साथै तिनीहरूको संवेदना शून्यता तथा सुस्तपनालाई सामना गर्नुपरेको थियो। यसो भन्न सकिन्छ कि मानिसको पुत्रको कामको प्रक्रिया भनेको मानवजातिको तिरस्कार अनुभव गर्नु तथा उहाँको विरुद्धमा तिनीहरूले गर्ने होडबाजीको प्रक्रियालाई अनुभव गर्नु थियो। त्यसभन्दा बढी, यो निरन्तर रूपमा मानवजातिको भरोसा जित्न अनि उहाँसित जे छ र उहाँ जे हुनुहुन्छ, त्यसद्वारा अनि उहाँको आफ्नै सारद्वारा मानवजातिलाई जित्नको निम्ति काम गर्ने प्रक्रिया थियो। यो देहधारी परमेश्‍वरले शैतानको विरुद्धमा भूमिमा लडाइँ लडिरहनुभएको छ भन्ने कुरासँग त्यति सम्बन्धित थिएन; यो त परमेश्‍वर एउटा साधारण मानिस हुनुभयो र उहाँलाई पछ्याउनेहरूसित उहाँले संघर्ष गर्नुभयो, अनि यस संघर्षमा मानिसको पुत्रले आफ्नो नम्रताद्वारा, उहाँसित जे छ र उहाँ जे हुनुहुन्छ त्यसद्वारा, अनि उहाँको प्रेम र बुद्धिद्वारा आफ्नो काम सिध्याउनुभएको कुरासँग सम्बन्धित थियो। उहाँले चाहना गर्नुभएका मानिसहरूलाई

उहाँले प्राप्त गर्नुभयो, उहाँले पाउन योग्य पहिचान र हैसियतलाई उहाँले जित्नुभयो अनि उहाँ आफ्नो सिंहासनमा “फर्किनुभयो”।

यसपछि हामी धर्मशास्त्रका निम्न दुई खण्डहरूलाई हेरौं:

४. सत्तरी गुणा सात पल्ट क्षमा देऊ

मत्ती १८:२१-२२ तब पत्रुस उहाँकहाँ आए र भने, प्रभु, मेरो भाइले मेरो विरुद्ध कति पटक पाप गर्दा मैले क्षमा गर्ने? सात पटकसम्म? येशूले तिनलाई भन्नुभयो, म तिमीलाई सात पटकसम्म भन्दिन: तर, सात गुणा सत्तरी पटकसम्म।

५. प्रभुको प्रेम

मत्ती २२:३७-३९ येशूले तिनलाई भन्नुभयो, तैँले परमप्रभु आफ्ना परमेश्वरलाई आफ्नो सम्पूर्ण हृदयले, आफ्नो सम्पूर्ण प्राणले, आफ्नो सम्पूर्ण मानले प्रेम गर्नू। यो पहिलो र महान् आज्ञा हो। र दोस्रोचाहिँ यस्तै छ, तैँले आफ्नो छिमेकीलाई आफैलाई झैँ प्रेम गर्नुपर्छ।

यी दुई अध्यायहरूमध्ये, एउटाले क्षमाको बारेमा बताउँदछ भने अर्कोले प्रेमको बारेमा। यी दुई विषयहरूले प्रभु येशूले यस अनुग्रहको युगमा गर्न चाहनुभएको कामलाई वास्तविक रूपमा प्रकाशमा ल्याउँछन्।

जब परमेश्वर देह बन्नुभयो, तब उहाँले आफ्नो साथमा आफ्नो कामको एउटा चरण ल्याउनुभयो जुन उहाँले यो युगमा व्यक्त गर्न चाहनुभएको निश्चित काम कार्यहरू र स्वभाव थियो। त्यस अवधिमा, मानिसको पुत्रले गर्नुभएको हरेक कुरा यस युगमा परमेश्वरले गर्न चाहनुभएको कामसँग सम्बन्धित थियो। उहाँले योभन्दा बढी पनि गर्नुहुन्नथियो कम पनि गर्नुहुन्नथियो। उहाँले भन्नुभएको हरेक कुरा र उहाँले गर्नुभएको हरेक प्रकारको काम सबै यस युगसित सम्बन्धित थियो। चाहे उहाँले त्यसलाई मानव भाषामा मानव तरिकाले व्यक्त गर्नुभए पनि वा ईश्वरीय भाषामा व्यक्त गर्नुभए पनि, अनि चाहे उहाँले जुनसुकै तरिकाले वा जुनसुकै दृष्टिकोणबाट उहाँले त्यसो गर्नुभए पनि, उहाँको लक्ष्य भनेको उहाँले के गर्न चाहनुहुन्थ्यो, उहाँको इच्छा के हो, अनि मानिसहरूप्रति उहाँका मापदण्डहरू के हुन् सो बुझ्न मानिसहरूलाई सहायता गर्नु थियो। उहाँको इच्छा बुझ्न र जान्न, अनि मानवजातिलाई मुक्ति दिने उहाँको काम बुझ्नको निम्ति मानिसहरूलाई सहायता गर्न उहाँले विभिन्न माध्यम तथा भिन्नाभिन्नै दृष्टिकोणहरू प्रयोग गर्न सक्नुहुन्छ। त्यसैकारण, अनुग्रहको युगमा, प्रभु येशूले मानवजातिलाई आफूले बताउन चाहेको कुरा व्यक्त गर्न उहाँले प्रायजसो मानव भाषाकै प्रयोग गर्नुभएको हामी देख्छौं। अझ बढी, हामी उहाँलाई एउटा साधारण मार्गदर्शकको दृष्टिकोणबाट उहाँले मानिसहरूसित बोलिरहनुभएको, तिनीहरूका खाँचोहरू पूरा गरिरहनुभएको, तिनीहरूले अनुरोध गरेका कुरामा तिनीहरूलाई सहायता गरिरहनुभएको देख्छौं। यस प्रकारको काम व्यवस्थाको युगमा देखिएको थिएन जुन अनुग्रहको युगभन्दा पहिले आएको थियो। उहाँ मानवजातिसित अझै बढी घनिष्ठ र दयालु हुनुभयो साथै रूप तथा व्यवहार दुवैमा उहाँले अझै बढी व्यवहारिक परिणामहरू हासिल गर्न सक्नुभयो। मानिसहरूलाई सत्तरी गुणा सात पल्ट क्षमा गर्नुपर्छ भन्ने उपमाले साँच्चिकै यस बूँदलाई स्पष्ट पार्दछ। यस उपमामा सङ्ख्याले हासिल गरेको उद्देश्य भनेको प्रभु येशूले त्यस समयमा उहाँको अभिप्रायको बारेमा मानिसहरूलाई

बुझ्न लगाउनको लागि यो कुरा बताउनुभएको हो। उहाँको अभिप्राय मानिसहरूले अरूलाई क्षमा गरुन् भन्ने थियो—एक पल्ट वा दुई पल्ट होइन, अनि सात पल्ट पनि होइन, तर सत्तरी गुणा सात पल्ट। "सत्तरी गुणा सात" को धारणाभित्र कस्तो प्रकारको विचार सामेल छ त? यो मानिसहरूलाई तिनीहरूको जिम्मेवारीको रूपमा, तिनीहरूले सिक्नैपर्ने कुराको रूपमा, अनि तिनीहरूले पछ्याउनै पर्ने "मार्ग" को रूपमा स्वीकार गर्न लगाउनु थियो। यो एउटा उपमा मात्रै भए तापनि, यसले एउटा निर्णायक बुँदालाई प्रकाशमा ल्याउन सहायता गर्दछ। यसले मानिसहरूलाई उहाँको भनाइको अर्थ के हो त्यसलाई गहिरो प्रकारले बुझ्न अनि अभ्यासका उचित तरिकाहरू र सिद्धान्तहरू तथा अभ्यासका मापदण्डहरू पत्ता लगाउन सहायता गऱ्यो। मानिसहरूले क्षमाको बारेमा सिक्नुपर्छ र विना सर्त अनगिन्ती पटक क्षमा गर्नुपर्छ तर सहनशीलता र अरूलाई बुझ्ने आचरण सहित यसो गर्नुपर्छ भनेर स्पष्ट रूपमा बुझ्न तिनीहरूलाई सहायता गऱ्यो र तिनीहरूलाई उचित अवधारणा दियो। जब प्रभु येशूले यो भन्नुभयो, तब उहाँको हृदयमा के थियो? के उहाँले साँच्चिकै "सत्तरी गुणा सात" सङ्ख्याको बारेमा सोचिरहनुभएको थियो त? होइन, उहाँले त्यसो गरिरहनुभएको थिएन। परमेश्वरले मानिसलाई क्षमा गर्ने कुनै सङ्ख्या छ र? यहाँ उल्लेख गरिएको "सङ्ख्याको गुणा" मा धेरै मानिसहरूले निकै चासो लिन्छन्, जसले साँच्चिकै यस सङ्ख्याको उत्पत्ति र अर्थलाई बुझ्न चाहन्छन्। तिनीहरू प्रभु येशूको मुखबाट यो सङ्ख्या किन निस्कियो सो बुझ्न चाहन्छन्; यस सङ्ख्यामा गहिरो आशय छ भन्ने विश्वास तिनीहरू गर्दछन्। तर वास्तवमा, यो परमेश्वरले प्रयोग गर्नुभएको एउटा मानव अलङ्कार मात्र थियो। कुनै पनि आशय वा अर्थलाई मानवजातिको निम्ति प्रभु येशूका मागहरू अनुसार लिइनुपर्छ। जब परमेश्वर अझै देहधारी भइसक्नुभएको थिएन, त्यो बेला उहाँले भन्नुभएको अधिकांश कुरा मानिसहरूले बुझेनन्, किनकि उहाँका वचनहरू पूर्ण ईश्वरत्वबाट आएका थिए। उहाँले भन्नुभएको कुराको दृष्टिकोण र सन्दर्भ मानवजातिको लागि अदृश्य र अगम्य थियो यो आत्मिक क्षेत्रबाट व्यक्त गरिएको थियो जसलाई मानिसहरूले देख्न सक्दैनथे। देहमा जिउने मानिसहरू आत्मिक क्षेत्रबाट भएर जान सक्दैनथिए। तर परमेश्वर देह बनिसक्नुभएपछि उहाँले मानवजातिको दृष्टिकोणबाट बोल्नुभयो, अनि उहाँ आत्मिक क्षेत्रको सीमादेखि बाहिर आउनुभयो र त्यसलाई नाघ्नुभयो। मानवजातिले परमेश्वरलाई बुझ्न र चिन्न सकून्, उहाँको अभिप्राय तथा उहाँको अपेक्षित स्तरहरूलाई तिनीहरूको क्षमताको सीमाभित्र तथा तिनीहरूले सक्ने स्तरसम्म आत्मसात् गर्न सकून् भनेर आफ्नो ईश्वरीय स्वभाव, इच्छा तथा धारणालाई मानवले कल्पना गर्न सक्ने कुराहरू, तिनीहरूले आफ्नो जीवनमा देखेका तथा सामना गरेका कुराहरूद्वारा अनि मानिसहरूले स्वीकार गर्न सक्ने विधिहरू प्रयोग गरेर तिनीहरूले बुझ्न सक्ने ज्ञानद्वारा व्यक्त गर्न सक्नुभयो। मानवजातिमा उहाँको कामको विधि तथा सिद्धान्त यही नै थियो। देहमा काम गर्ने परमेश्वरका धेरैजसो तरिका तथा उहाँका सिद्धान्तहरू मानवताको माध्यमले वा मानवताद्वारा हासिल गरिएको भए तापनि, यसले प्रत्यक्ष रूपमा ईश्वरत्वद्वारा काम गरेर हासिल गर्न नसकिने परिणामहरू हासिल गर्न सक्यो। मानवजातिमा परमेश्वरको काम अझै बढी ठोस, विशुद्ध तथा लक्षित थियो, विधिहरू अझ धेरै लचकदार थिए, अनि यो व्यवस्थाको युगमा सम्पन्न गरिएको कामलाई नाघ्ने किसिमको थियो।

यसपछि, हामी प्रभुलाई र तेरो छिमेकीलाई आफैलाई जस्तै प्रेम गर्ने विषयमा कुरा गरौं। के यो ईश्वरत्वमा प्रत्यक्ष रूपले व्यक्त गरिएको कुरा हो? होइन, स्पष्ट रूपले नै होइन! यी सबै कुराहरू मानिसको पुत्रले मानवतामा बोल्नुभएका कुराहरू हुन्; केवल मानवले मात्रै "छिमेकीलाई आफैलाई जस्तै प्रेम गर। तिमीहरूले आफ्नै जीवनलाई हेरचाह गरे जस्तै अरूलाई प्रेम गर" भन्ने जस्ता कुरा भन्छन्। यस्तो प्रकारले बोल्ने शैली नितान्त रूपले मानवीय शैली हो। परमेश्वरले कहिल्यै पनि यस प्रकारले बोल्नुभएको छैन। कम्तीमा, परमेश्वरको ईश्वरत्वमा उहाँसित यस्तो प्रकारको भाषा छैन किनकि मानवजातिलाई नियमबद्ध गर्न उहाँलाई "छिमेकीलाई आफैलाई जस्तै प्रेम गर" भन्ने जस्ता सिद्धान्तको आवश्यकता पर्दैन, किनकि मानवजातिको निम्ति परमेश्वरको प्रेम उहाँसित जे छ र उहाँ जे हुनुहुन्छ त्यसको स्वभाविक प्रकटीकरण हो। के तिमीहरूले कहिल्यै परमेश्वरले यस्तो भन्नुभएको सुनेका छौ: "म मानवजातिलाई आफैलाई जस्तै प्रेम गर्छु?" तिमीहरूले यस्तो कुरा सुनेका छैनौ, किनकि प्रेम परमेश्वरको सारमा अनि उहाँ जेसित छ र उहाँ जे हुनुहुन्छ त्यसैमा छ। मानवजातिको निम्ति परमेश्वरको प्रेम, र उहाँको आचरण, अनि उहाँले मानिसहरूलाई व्यवहार गर्ने तरिका, उहाँको स्वभावको स्वभाविक अभिव्यक्ति तथा प्रकटीकरण हुन्। छिमेकीलाई आफैलाई जस्तै प्रेम गर्ने कुरालाई हासिल गर्न उहाँले सतर्क भएर एउटा निश्चित प्रकारले यसो गर्न, वा सतर्क भएर कुनै निश्चित विधि वा नैतिक नियमलाई पछ्याउनु पर्दैन—उहाँसँग पहिल्यै नै यस प्रकारको सार हुन्छ। यसमा तँ के देख्छस्? जब परमेश्वरले मानवजातिकहाँ काम गर्नुभयो, उहाँका धेरै विधिहरू, वचनहरू, अनि सत्यताहरू मानव तरिकामा व्यक्त भएका थिए। तर, त्यसको साथसाथै, परमेश्वरको स्वभाव, उहाँसित जे छ र उहाँ जे हुनुहुन्छ, अनि उहाँको इच्छालाई, मानिसहरूले जान्न र बुझ्नको निम्ति नै व्यक्त गरिएका थिए। तिनीहरू जे जाने र बुझे, त्यो वास्तवमै उहाँको सार तथा उहाँसित जे छ र उहाँ जे हुनुहुन्छ त्यही थियो, जसले परमेश्वर स्वयम्‌को अन्तर्निहित पहिचान तथा हैसियतलाई प्रतिनिधित्व गर्दछ। भनाइको अर्थ, देहमा मानिसको पुत्रले जुन हदसम्म सम्भव हुन्छ, र जति ठीक किसिमले सम्भव हुन्छ, त्यति नै मात्रामा परमेश्वरको अन्तर्निहित स्वभाव तथा सारलाई प्रकट गर्नुभयो। मानिसको पुत्रको मानवता स्वर्गमा हुनुहुने परमेश्वरसितको मानिसको कुराकानी र अन्तरक्रियाको निम्ति बाधा नभएको मात्र होइन, तर यो सृष्टिका प्रभुसित मानवजातिलाई जोड्ने एउटै मात्र माध्यम तथा एउटै मात्र पुल थियो। अब, यस क्षणमा, के अनुग्रहको युगमा प्रभु येशूले गर्नुभएको कामको प्रकृति तथा विधिहरू र कामको हालको चरणबीच धेरै समानताहरू छन् भन्ने तिमीहरूलाई लाग्दैन? कामको हालको चरणले पनि परमेश्वरको स्वभावलाई प्रकट गर्न धेरै मानव भाषा प्रयोग गर्छ, अनि परमेश्वर स्वयम्‌को इच्छालाई प्रकट गर्न मानवजातिको दैनिक जीवन तथा मानव ज्ञानका धेरै भाषा तथा विधिहरूको प्रयोग गर्दछ। परमेश्वर देह बनिसक्नुभएपछि, उहाँले मानव दृष्टिकोणबाट बोलिरहनुभएको भए तापनि वा ईश्वरीय दृष्टिकोणबाट बोलिरहनुभएको भए तापनि, उहाँको धेरैजसो भाषा तथा अभिव्यक्तिका विधिहरू मानव भाषाको माध्यम तथा विधिको माध्यमद्वारा आउँदछ। अर्थात् जब परमेश्वर देह बन्नुहुन्छ, तब तेरो निम्ति यो परमेश्वरको सर्वशक्ति तथा उहाँको बुद्धि, अनि परमेश्वरको हरेक वास्तविक पक्ष जान्ने सर्वोत्तम अवसर हो। जब परमेश्वर देह हुनुभयो, उहाँ हुर्किंदै जाने क्रममा,

उहाँले मानवजातिको ज्ञान, सामान्य बोध, भाषा, अनि मानवताको प्रकटीकरणका विधिहरू बुझ्नुभयो, जान्नुभयो र बोध गर्नुभयो। देहधारी परमेश्वरसित यी कुराहरू निहित थियो जुन कुराहरू, उहाँले सृष्टि गर्नुभएको मानिसहरूबाट आएका थिए। ती उहाँको स्वभाव तथा उहाँको ईश्वरत्वलाई प्रकट गर्नको निम्ति देहमा हुनुभएका परमेश्वरका औजारहरू भए, अनि जब उहाँ मानव दृष्टिकोणबाट अनि मानव भाषा प्रयोग गरेर मानवजातिको माझमा काम गरिरहनुभएको थियो, यसले उहाँको कामलाई अझ सान्दर्भिक, अझ विशुद्ध, अझ सही बनायो। यसले उहाँको कामलाई मानिसहरूको निम्ति अझ सुलभ अनि अझ सजिलै बुझ्न सकिने बनायो, यस प्रकारले परमेश्वरले चाहनुभएको परिणामहरू हासिल भए। के यस प्रकारले देहमा काम गर्नु परमेश्वरको निम्ति अझ व्यवहारिक कुरा होइन र? के यो परमेश्वरको बुद्धि होइन र? जब परमेश्वर देह बन्नुभयो, जब परमेश्वरको देहले आफूले गर्न चाहेको काम गर्न सक्यो, त्यसबेला नै उहाँले आफ्नो स्वभाव तथा उहाँको काम व्यवहारिक रूपले प्रकट गर्नुहुन्थ्यो, अनि त्यो यस्तो समय पनि थियो जब उहाँले मानिसका पुत्रको रूपमा आधिकारिक रूपले आफ्नो सेवकाई सुरु गर्न सक्नुहुन्थ्यो। यसको अर्थ के थियो भने, परमेश्वर र मानिसको बीचमा उप्रान्त कुनै "पुस्ताको अन्तराल" थिएन, परमेश्वरले सन्देशवाहकहरूद्वारा सञ्चार गर्ने आफ्नो काम रोक्नु हुनेथियो, अनि परमेश्वरले चाहनुभए अनुसार उहाँ आफैले व्यक्तिगत रूपले देहमा सबै वचनहरू तथा काम प्रकट गर्न सक्नुहुन्थ्यो। यसको अर्थ यो पनि थियो कि परमेश्वरले मुक्ति दिनुभएका मानिसहरू उहाँसित नजिक थिए, उहाँको व्यवस्थापनको काम नयाँ क्षेत्रभित्र प्रवेश गरिसकेको थियो, अनि सबै मानवजातिले एउटा नयाँ युगको सामना गर्न लागेका थिए।

प्रभु येशू जन्मनुभएको बेला धेरै घटनाहरू घटे भन्ने कुरा बाइबल पढेका हरेकले जान्दछन्। ती घटनाहरूमध्ये सबैभन्दा ठूलो उहाँलाई दियाबलसहरूका राजाले खेदेको घटना थियो, जुन यति चरम थियो कि त्यसबेला सहरका दुई वर्षका र त्यसभन्दा मुनिका सबै बच्चाहरू संहार गरिएका थिए। यो स्पष्ट कि मानिसहरूको माझमा देह भएर परमेश्वरले ठूलो जोखिम उठाउनुभयो; मानवजातिलाई उद्धार गर्ने व्यवस्थापन पूरा गर्नको निम्ति उहाँले चुकाउनुभएको मूल्य ठूलो थियो भन्ने कुरा पनि स्पष्ट छ। परमेश्वरले मानवजातिको निम्ति देहमा आफ्नो कामको निम्ति सँगाल्नुभएको महान् आशाहरू पनि प्रष्टै छन्। जब परमेश्वरको देहले मानवजातिको माझमा काम सम्हाल्न सक्षम भयो, तब उहाँले कस्तो महसुस गर्नुभयो? मानिसहरूले केही हदसम्म त्यसलाई बुझ्न सक्षम हुनुपर्छ, होइन र? कम्तीमा, परमेश्वर खुशी हुनुहुन्थ्यो किनकि उहाँले मानवजातिको माझमा आफ्नो नयाँ काम गर्न सुरु गर्न सक्नुभयो। जब प्रभु येशूले बप्तिस्मा लिनुभयो र उहाँले आफ्नो सेवकाई पूरा गर्ने आफ्नो काम आधिकारिक रूपमा सुरु गर्नुभयो, तब परमेश्वरको हृदय आनन्दले भाव-विभोर भएको थियो किनकि धेरै वर्षहरूको प्रतीक्षा र तयारीपछि, अन्ततः उहाँले एउटा सामान्य मानिसको देह धारण गर्नुभई मासु र रगतको रूपमा आफ्नो नयाँ काम सुरु गर्न सक्नुभयो जसलाई मानिसहरूले हेर्न र छुन सक्थे। अन्ततः मानिसको पहिचानमा उहाँले मानिसहरूसित आमने-सामने घनिष्ठ भएर बोल्न सक्नुभयो। अन्ततः परमेश्वर मानव तरिकाहरू तथा मानव भाषाद्वारा मानवजातिसित आमने-सामने आउन सक्नुभयो; उहाँले मानव भाषा प्रयोग

गरेर मानवजातिको निम्ति जुटाउन सक्नुभयो, तिनीहरूलाई अन्तर्दृष्टि दिन सक्नुभयो, अनि तिनीहरूलाई सहायता गर्न सक्नुभयो; उहाँले तिनीहरूसित एउटै टेबुलमा खान सक्नुभयो अनि त्यही ठाउँमा बस्न सक्नुभयो। उहाँले मानिसहरूलाई, थोकहरूलाई अनि हरेक कुरालाई मानिसहरूले जुन प्रकारले त्यसलाई देख्थे, त्यही प्रकारले तिनीहरूका आँखाहरूद्वारा देखेजस्तै गरी देख्न सक्नुभयो। परमेश्वरको निम्ति, यो पहिले नै देहमा उहाँको कामको पहिलो विजय थियो। यसो पनि भन्न सकिन्छ कि यो एउटा ठूलो कामको परिपूर्णता थियो—यो वास्तवमै यस्तो कुरा थियो जसमा परमेश्वर अत्यन्त खुशी हुनुहुन्थ्यो। त्यसबेला देखि सुरु गरेर, पहिलो पल्ट मानवजातिको माझमा आफ्नो काममा परमेश्वरले एक प्रकारको चैन महसुस गर्नुभयो। हुन आएका सबै घटनाहरू अति व्यवहारिक तथा अति स्वभाविक थिए, अनि परमेश्वरले महसुस गर्नुभएको चैन अत्यन्त साँचो थियो। मानवजातिको निम्ति, जब हरेक पटक परमेश्वरको कामको नयाँ चरण पूरा हुन्छ, अनि जब हरेक पल्ट परमेश्वरले सन्तुष्ट महसुस गर्नुहुन्छ, त्यसबेला मानवजाति परमेश्वर र मुक्तिको नजिक आउन सक्छ। परमेश्वरको निम्ति, यो उहाँको नयाँ कामको सुरुवात, उहाँको व्यवस्थापन योजनालाई अघि बढाउनु हो, अनि त्यसबाहेक यी उहाँका अभिप्रायहरू पूरा हुने समय पनि हुन्। मानवजातिको निम्ति, त्यस्तो अवसरको आगमन सौभाग्यपूर्ण, र अत्यन्तै असल कुरा हो; परमेश्वरको मुक्तिको प्रतीक्षा गर्ने सबैको लागि, यो अति महत्वपूर्ण र आनन्ददायी समाचार हो। जब परमेश्वरले कामको एउटा नयाँ चरण अघि बढाउनुहुन्छ, तब उहाँसित एउटा नयाँ सुरुवात हुन्छ, अनि जब यस नयाँ काम र नयाँ सुरुवातलाई मानवजातिको माझमा सुरुवात तथा परिचित गराइन्छ, त्यसबेला कामको यो नयाँ सुरुवातलाई पहिल्यै निर्धारित र पूरा गरिएको हुन्छ अनि अन्तिम असर तथा फललाई परमेश्वरले पहिल्यै देखिसक्नुभएको हुन्छ। यो यस्तो बेला पनि हो जब यी असरहरूले परमेश्वरलाई सन्तुष्ट महसुस गराउँछन्, अनि वास्तवमै, यो उहाँको हृदय खुशी हुने समय पनि हो। परमेश्वरले आश्वस्त महसुस गर्नुहुन्छ किनकि उहाँको दृष्टिमा, उहाँले खोजी गरिरहनुभएका मानिसहरूलाई उहाँले पहिल्यै देखिसक्नुभएको र निर्धारण गरिसक्नुभएको हुन्छ, अनि यस समूहका मानिसहरूलाई पहिल्यै हासिल गरिसक्नुभएको हुन्छ, जुन समूहले उहाँको कामलाई सफल तुल्याउन र उहाँलाई सन्तुष्टि दिन सक्छन्। यस प्रकारले, उहाँले आफ्ना फिक्रीहरूलाई पन्छ्याउनुहुन्छ, अनि उहाँले खुशी महसुस गर्नुहुन्छ। अर्को शब्दमा, जब परमेश्वरको देहले मानिसको माझमा नयाँ कामको सुरुवात गर्न सक्छ, अनि उहाँले जुन काम गर्नैपर्छ, त्यसलाई विना अवरोध सुरु गर्नुहुन्छ, अनि जब उहाँले सबै पूरा भइसकेका छन् भनी महसुस गर्नुहुन्छ, तब उहाँको निम्ति अन्त्य पहिले नै देख्न सकिने कुरा भइसकेको हुन्छ। यसको कारणले उहाँ सन्तुष्ट हुनुहुन्छ, अनि उहाँको हृदय खुशी हुन्छ। परमेश्वरको खुशी कसरी प्रकट हुन्छ? यसको उत्तर के हुनसक्छ भनेर के तिमीहरूले कल्पना गर्न सक्छौ? के परमेश्वर रुनुहुन्छ होला? के परमेश्वर रुन सक्नुहुन्छ? के परमेश्वरले ताली बजाउन सक्नुहुन्छ? के परमेश्वर नाच्न सक्नुहुन्छ? के परमेश्वर गाउन सक्नुहुन्छ? यदि सक्नुहुन्छ भने उहाँले के गाउनुहुन्छ? अवश्य, परमेश्वरले एउटा सुन्दर, हृदयस्पर्शी गीत गाउन सक्नुहुन्छ, जुन गीतले उहाँको हृदयको आनन्द र खुशीलाई प्रकट गर्न सक्छ। उहाँले मानवजातिको निम्ति, आफ्नो निम्ति, अनि सबै कुराहरूको निम्ति गाउन सक्नुहुन्छ। परमेश्वरको खुशीलाई कुनै पनि तरिकाले

प्रकट गर्न सकिन्छ–यो सबै सामान्य नै छ किनकि परमेश्‍वरसित आनन्द र पीडाहरू छन्, अनि उहाँका विभिन्‍न भावनाहरूलाई विभिन्‍न प्रकारले प्रकट गर्न सकिन्छ। यो उहाँको अधिकार हो, अनि यो भन्दा कुनै पनि कुरा बढी सामान्य तथा उचित हुन सक्दैन। मानिसहरूले यसको बारेमा अन्यथा सोच्नु हुँदैन। तिमीहरूले परमेश्‍वरलाई उहाँले यस्तो वा उस्तो प्रकारले काम गर्नु हुँदैन भनी "नियन्त्रण गर्ने मन्त्र"[क] प्रयोग गर्ने कोसिस गर्नु हुँदैन, अनि यस प्रकारले उहाँसित भएको उहाँको खुशी वा कुनै भावनालाई सीमित गर्नु हुँदैन। मानिसहरूको हृदयमा परमेश्‍वर खुशी हुन सक्नुहुन्‍न, आँशु बगाउन सक्नुहुन्‍न, बिलौना गर्न सक्नुहुन्‍न–उहाँले कुनै भावनालाई प्रकट गर्न सक्नुहुन्‍न। यी दुई सङ्गतिको अवधिमा हामीले गरेको कुराकानीद्‌वारा, म विश्‍वास गर्छु कि तिमीहरूले परमेश्‍वरलाई यस प्रकारले उप्रान्त हेर्नेछैनौ, तर परमेश्‍वरलाई केही स्वतन्त्रता र छुटकारामा जिउन दिनेछौ। यो अति राम्रो कुरा हो। भविष्यमा, तिमीहरूले परमेश्‍वर दुःखी हुनुभएको सुन्दा यदि तिमीहरूले साँच्चि नै परमेश्‍वरको दुःख अनुभव गर्न सक्छौ अनि तिमीहरूले उहाँ खुशी हुनुभएको सुन्दा तिमीहरूले साँच्चि नै परमेश्‍वरको खुशी अनुभव गर्न सक्छौ भने कम्तीमा तिमीहरूले परमेश्‍वरलाई कुन कुराले खुशी बनाउँछ र कुन कुराले दुःखी बनाउँछ भन्‍ने कुरालाई स्पष्ट प्रकारले जान्‍न र बुझ्‍न सक्छौ। परमेश्‍वर दुःखी भएको कारण जब तैँले दुःख महसुस गर्न सक्छस्, अनि परमेश्‍वर खुशी हुनुभएको कारण जब तैँले खुशी महसुस गर्न सक्छस्, तब उहाँले तेरो हृदयलाई पूर्ण रूपले हासिल गरिसक्नुभएको हुन्छ अनि तेरो र उहाँको बीचमा उप्रान्त कुनै बाधा हुनेछैन। तैँले मानव कल्पना, धारणा र ज्ञानले उप्रान्त उहाँलाई करमा पार्ने प्रयास गर्नेछैनस्। त्यस समयमा, तेरो हृदयमा परमेश्‍वर जीवित हुनुहुनेछ र जीवन्त हुनुहुनेछ। उहाँ तेरो जीवनको परमेश्‍वर र तेरो सबै कुराको मालिक हुनुहुनेछ। के तिमीहरूसित यस प्रकारका आकांक्षाहरू छन्? के तिमीहरूले यसलाई हासिल गर्न सक्छौ भन्‍नेमा के तिमीहरू विश्‍वस्त छौ?

यसपछि, हामी धर्मशास्त्रबाट निम्न अध्यायहरू पढौं:

६. डाँडाको उपदेश

आनन्द वाणीहरू (मत्ती ५:३-१२)

नून र ज्योति (मत्ती ५:१३-१६)

व्यवस्था (मत्ती ५:१७-२०)

रिस (मत्ती ५:२१-२६)

व्यभिचार (मत्ती ५:२७-३०)

विवाहविच्छेद (मत्ती ५:३१-३२)

शपथ (मत्ती ५:३३-३७)

---

क. "नियन्त्रण गर्ने मन्त्र" एउटा मन्त्र हो जुन भिक्षु ताङ सन्जाङले पश्‍चिमतर्फको यात्रा नामक चिनियाँ उपन्यासमा प्रयोग गरेका छन्। उनले यो मन्त्रको प्रयोग गरेर सन वुकोङलाई नियन्त्रण गर्न तिनको शिर वरिपरि एउटा धातुको पट्टी बाँधि दिन्छन्, तिनलाई गम्भीर रूपमा टाउको दुखाउँछ, र यसरी तिनलाई नियन्त्रणमा ल्याउँछन्। यो व्यक्तिलाई बाँध्ने कुनै थोकको बारेमा बताउने एउटा उपमा बनेको छ।

आँखाको बदला आँखा (मत्ती ५:३८-४२)

आफ्नो शत्रुलाई प्रेम गर (मत्ती ५:४३-४८)

दिने विषयमा निर्देशन (मत्ती ६:१-४)

प्रार्थना (मत्ती ६:५-८)

७. प्रभु येशूका दृष्टान्तहरू

बीउ छर्नेको दृष्टान्त (मत्ती १३:१-९)

सामाको दृष्टान्त (मत्ती १३:२४-३०)

रायोको दानाको दृष्टान्त (मत्ती १३:३१-३२)

खमिरको दृष्टान्त (मत्ती १३:३३)

सामाको दृष्टान्त व्याख्या गरिएको (मत्ती १३:३६-४३)

गाडधनको दृष्टान्त (मत्ती १३:४४)

मोतीको दृष्टान्त (मत्ती १३:४५-४६)

महाजालको दृष्टान्त (मत्ती १३:४७-५०)

८. आज्ञाहरू

मत्ती २२:३७-३९ येशूले तिनलाई भन्नुभयो, तैँले परमप्रभु आफ्ना परमेश्वरलाई आफ्नो सम्पूर्ण हृदयले, आफ्नो सम्पूर्ण प्राणले, आफ्नो सम्पूर्ण मानले प्रेम गर्नू। यो पहिलो र महान् आज्ञा हो। र दोस्रोचाहिँ यस्तै छ, तैँले आफ्नो छिमेकीलाई आफैलाई झैँ प्रेम गर्नुपर्छ।

सुरुमा हामी "डाँडाको उपदेश" का विभिन्न भागहरूलाई एक-एक गरी हेरौँ: यी विभिन्न भागहरूले कुन कुरालाई छोएका छन्? निश्चयताको साथमा यसो भन्न सकिन्छ, कि यी विभिन्न भागहरूका विषयवस्तुहरू मानिसहरूको जीवनका निम्ति व्यवस्थाको युगका नीति नियमहरूभन्दा बढी उच्च, बढी ठोस र बढी नजिक छन्। आधुनिक शब्दावलीहरूमा भन्दा, यी कुराहरू मानिसहरूको व्यवहारिक अभ्यासको निम्ति बढी सान्दर्भिक छन्।

हामी निम्न विषयवस्तुको बारेमा पढौँ: तैँले आनन्द वाणीहरूलाई कसरी बुझ्नुपर्छ? व्यवस्थाको बारेमा तैँले कसरी बुझ्नुपर्छ? रिसलाई कसरी परिभाषित गरिनुपर्छ? व्यभिचारीहरूलाई कसरी व्यवहार गरिनुपर्छ? विवाहविच्छेदको बारेमा कसरी बुझिनुपर्छ, अनि त्यसको बारेमा के कस्ता नियमहरू छन्? कसले विवाहविच्छेद गर्न सक्छ अनि कसले विवाहविच्छेद गर्न सक्दैन? शपथहरू, आँखाको बदला आँखा, छिमेकीहरूलाई प्रेम गर्ने, परोपकारी हुने सम्बन्धमा के भनिएको छ? र यस्तै आदि इत्यादि। यी सबै कुराहरूले परमेश्वरमाथि मानवजातिको विश्वासको अभ्यासका हरेक पक्ष तथा तिनीहरूले परमेश्वरलाई पछ्याउनुपर्ने कुरासित सम्बन्ध राख्छन्। यीमध्ये केही अभ्यासहरू आज लागू हुन्छन्, यद्यपि हाल मानिसहरूले गर्नुपर्नेभन्दा ती सतही छन्—ती त परमेश्वरमाथि विश्वास गर्दा मानिसहरूले सामना गर्नुपर्ने तुलनात्मक रूपमा आधारभूत सत्यताहरू हुन्। प्रभु येशूले काम सुरु गर्नुभएको समयदेखि नै उहाँले मानिसहरूको जीवन स्वभावमाथि काम सुरु गरिसक्नुभएको थियो तर उहाँको कामका यी पक्षहरू व्यवस्थाको जगमाथि नै आधारित थिए। यी विषयहरूको बारेमा बोल्ने नियम तथा तरिकाहरूले सत्यतासित कुनै सम्बन्ध राखे त? अवश्य नै राखे! पहिलेका

सबै नीति नियम तथा सिद्धान्तहरूका साथै अनुग्रहको युगका यी उपदेशहरू परमेश्‍वरको स्वभाव तथा उहाँसित जे छ र उहाँ जे हुनुहुन्छ त्यससित, अनि सत्यतासित सम्बन्धित थिए। परमेश्‍वरले चाहे जे-सुकै व्यक्त गर्नुभए तापनि, उहाँले चाहे अभिव्यक्तिको जुनसुकै तरिका वा भाषा प्रयोग गर्नुभए तापनि उहाँले व्यक्त गर्नुहुने कुराहरूको जग, मूल र सुरुवाती बिन्दु उहाँको स्वभाव तथा उहाँसित जे छ र उहाँ जे हुनुहुन्छ, त्यसका सिद्धान्तहरूमा हुन्छन्। यो पूर्ण रूपले सत्य छ। त्यसैले, उहाँले भन्नुभएका यी कुराहरू अहिले अलि सतही जस्तो प्रतीत भए तापनि ती सत्य होइनन् भनी तँ अझै भन्न सक्दैनस्, किनकि अनुग्रहको युगमा परमेश्‍वरको इच्छालाई सन्तुष्ट तुल्याउन अनि तिनीहरूको जीवन स्वभावलाई परिवर्तन गर्ने कुरा हासिल गर्न मानिसहरूका निम्ति ती अपरिहार्य थिए। यी उपदेशहरूमध्ये कुनै एउटा उपदेश सत्यतासित मेल खाँदैन भनी के तँ भन्न सक्छस्? अहँ, तैँले सक्दैनस्! तीमध्ये हरेक नै सत्यता हो किनकि ती सबै परमेश्‍वरले मानवजातिलाई दिनुभएका मापदण्डहरू थिए; ती सबै परमेश्‍वरद्वारा दिइएका सिद्धान्तहरू तथा क्षेत्र थिए, जसले मानिसलाई उसले कसरी व्यवहार गर्नुपर्छ भनी देखाउँछ, अनि यी कुराहरूले परमेश्‍वरको स्वभावलाई प्रतिनिधित्व गर्छ। तथापि, त्यस समयमा तिनीहरूको जीवनको वृद्धि-स्तरको आधारमा, तिनीहरूले स्वीकार गर्न र बुझ्न सक्ने कुरा ती मात्रै थिए। मानिसजातिको पापको समाधान अझै भएको थिएन, त्यसकारण प्रभु येशूले यिनै वचनहरू मात्रै जारी गर्न सक्नुभयो, अनि उहाँले त्यस समयका मानिसहरूलाई तिनीहरूले कसरी व्यवहार गर्नुपर्छ, तिनीहरूले के गर्नुपर्छ, तिनीहरूले कुन सिद्धान्तहरू तथा क्षेत्रभित्र रहेर कामहरू गर्नुपर्छ अनि परमेश्‍वरमा कसरी विश्‍वास गर्नुपर्छ र उहाँका मापदण्डहरू पूरा गर्नुपर्छ भनी मानिसहरूलाई बताउन यसै क्षेत्रभित्र रहेका सरल शिक्षाहरूलाई मात्रै प्रयोग गर्न सक्नुहुन्थ्यो। यो सबै त्यस समयका मानवजातिको कदमा आधारित रहेर निर्धारित गरिन्थ्यो। व्यवस्थाको अधीनमा जिइरहेका मानिसहरूका निम्ति यी शिक्षाहरू स्वीकार गर्नु सजिलो थिएन, त्यसैले प्रभु येशूले जे सिकाउनुभयो, त्यो यसै क्षेत्रभित्र रहनुपर्थ्यो।

यसपछि, अब हामी "प्रभु येशूका दृष्टान्तहरू" का विभिन्न विषयवस्तुहरूलाई हेर्नेछौं।

पहिलो, बीउ छर्नेको दृष्टान्त हो। यो एउटा अत्यन्त चाखलाग्दो दृष्टान्त हो; बीउ छर्नु मानिसहरूको जीवनको एउटा साधारण घटना हो। दोस्रो सामाको दृष्टान्त हो। बाली रोप्ने जोकोहीले पनि, विशेष गरी प्रौढहरूले, "सामा" के हो भन्ने जान्दछन्। तोरी के हो भनी तिमीहरू सबैले जान्दछौ नि, होइन र? यदि तिमीहरूलाई थाहा छैन भने, तिमीहरूले बाइबलमा हेर्न सक्छौ। चौथो दृष्टान्त खमिरको दृष्टान्त हो। अब खमिर खमिर-प्रक्रियाको निम्ति प्रयोग गरिन्छ, र यो मानिसहरूले आफ्नो दैनिक जीवनमा प्रयोग गर्छन् भन्ने धेरैजसो मानिसहरूलाई थाहा छ। छैठौँ दृष्टान्त अर्थात् गाडधनको दृष्टान्त; सातौँ, मोतीको दृष्टान्त; अनि आठौं, अर्थात् महाजालको दृष्टान्त लगायत अरू थप दृष्टान्तहरू सबै मानिसहरूको वास्तविक जीवनबाट निकालिएका र ल्याइएका हुन्। यी दृष्टान्तहरूले कस्तो चित्र प्रस्तुत गर्दछ त? यो परमेश्‍वर एउटा सामान्य व्यक्ति बनेर मानिसहरूसित बातचित गर्न अनि तिनीहरूलाई जे खाँचो छ, त्यो जुटाउन जीवनको भाषा, अर्थात् मानव भाषाको प्रयोग गर्दै मानवजातिको साथमा जिइरहनुभएको एउटा चित्र हो। जब परमेश्‍वर देह बन्नुभयो र लामो समयसम्म मानवजातिको माझमा बस्नुभयो, तब उहाँले मानवजातिका विभिन्न जीवनशैलीहरू

अनुभव गर्नुभएपछि र त्यसलाई देख्नु भएपछि यी अनुभवहरू आफ्नो ईश्वरीय भाषालाई मानव भाषामा परिवर्तन गर्ने उहाँका शैक्षिक सामग्रीहरू भए। अवश्य नै, जीवनमा उहाँले देख्नुभएका र सुन्नुभएका यी कुराहरूले मानिसको पुत्रको मानव अनुभवलाई सम्पन्न तुल्यायो। जब मानिसहरूले केही सत्यतालाई बुझेको, परमेश्वरका केही इच्छालाई बुझेको उहाँले चाहनुहुन्थ्यो, तब उहाँले परमेश्वरको इच्छा तथा मानवजातिबाट उहाँले चाहनुभएका कुराहरू बताउन माथिका जस्तै दृष्टान्तहरू प्रयोग गर्न सक्नुहुन्थ्यो। यी दृष्टान्तहरू मानिसहरूको जीवनसँग सम्बन्धित थिए; मानव जीवनको सम्पर्कदेखि बाहिर रहेको एउटै पनि दृष्टान्त थिएन। जब प्रभु येशू मानवजातिको माझमा जिउनुभयो, तब उहाँले किसानहरू खेतमा काम गरिरहेको देख्नुभयो, अनि उहाँले सामाहरू के हुन् अनि खमिर प्रयोग गर्नु भनेको के हो भन्ने कुरा जान्नुभयो; मानिसहरूले सम्पत्तिलाई प्रेम गर्छन् भनी उहाँले बुझ्नुभयो, त्यसैले उहाँले सम्पत्ति र मोतीका उपमाहरू प्रयोग गर्नुभयो। जीवनमा, उहाँले मछुवाहरूले आफ्ना जालहरू फ्याँकिरहेको बारम्बार देख्नुहुन्थ्यो; प्रभु येशूले मानव जीवनसँग सम्बन्धित यो र अन्य क्रियाकलापहरू देख्नुभयो, अनि उहाँले त्यस प्रकारको जीवन पनि अनुभव गर्नुभयो। अन्य कुनै पनि सामान्य मानवले जस्तै उहाँले तिनीहरूको दैनिक दिनचर्या र दिनको तीन पल्ट खाना खाने चलनको अनुभव गर्नुभयो। उहाँले व्यक्तिगत रूपमा सामान्य व्यक्तिको जीवन अनुभव गर्नुभयो अनि अरूको जीवनलाई पनि अवलोकन गर्नुभयो। जब उहाँले यो सबै अवलोकन गर्नुभयो र व्यक्तिगत रूपले अनुभव गर्नुभयो, तब उहाँले कसरी असल जीवन जिउने वा कसरी स्वतन्त्र र आरामदायी जीवन जिउने भन्ने बारेमा विचार गर्नुभएन। बरु, विशुद्ध मानव जीवनका अनुभवहरूबाट प्रभु येशूले मानिसहरूको जीवनका कठिनाइहरूलाई देख्नुभयो। उहाँले शैतानको अधिकारक्षेत्रमा जिइरहेका र शैतानको भ्रष्टतामुनि पापको जीवन जिइरहेका मानिसहरूको कठिनाइ, दयनीय अवस्था र दुःख देख्नुभयो। जब उहाँले मानव जीवनलाई व्यक्तिगत रूपले अनुभव गर्दैहुनुहुन्थ्यो, तब उहाँले भ्रष्टताको बीचमा जिउने मानिसहरू कति असहाय छन् सो अनुभव गर्नुभयो, अनि उहाँले पापमा जिउने, शैतान र दुष्टताले दिएको उत्पीडनको बीचमा सबै दिशा गुमाएका मानिसहरूको दयनीय अवस्थाहरू अनुभव गर्नुभयो। जब प्रभु येशूले यी कुराहरू देख्नुभयो, तब उहाँले त्यसलाई आफ्नो ईश्वरत्वद्वारा देख्नुभयो कि आफ्नो मानवताद्वारा? उहाँको मानवता साँच्चिकै अस्तित्वमा थियो अनि धेरै नै जीवन्त थियो; उहाँले यो सबै अनुभव गर्न र देख्न सक्नुहुन्थ्यो। तर, अवश्य नै, उहाँले यी कुराहरू आफ्नो सारमा, अर्थात् उहाँको ईश्वरत्वमा देख्नुभयो। यसको अर्थ, ख्रीष्ट आफै, प्रभु येशू जो एउटा मानिस हुनुहुन्थ्यो, उहाँले यसलाई देख्नुभयो अनि उहाँले देख्नुभएको हरेक कुराले उहाँलाई उहाँ देहमा जिउनुभएको समय अवधिमा उहाँले लिनुभएको कामको महत्त्व र आवश्यकता अनुभूति गरायो। देहमा उहाँले लिनुपर्ने जिम्मेवारी अत्यन्तै विशाल छ, र उहाँले सामना गर्नुहुने पीडा कति निर्दयी हुनेछ भन्ने कुरा उहाँलाई थाहा थियो, तैपनि जब उहाँले मानिसजातिलाई पापमा असहाय भएको देख्नुभयो, जब उहाँले व्यवस्थाको अधीनमा तिनीहरूको जीवनको दयनीय अवस्था अनि तिनीहरूले गरेका कमजोर संघर्षहरू देख्नुभयो, तब उहाँ धेरैभन्दा धेरै शोकित हुनुभयो, अनि पापबाट मानिसजातिलाई मुक्ति दिनका निम्ति उहाँ धेरै भन्दा धेरै चिन्तित हुनुभयो। उहाँले जस्तोसुकै कठिनाइको सामना गर्नुपरे तापनि वा जस्तोसुकै पीडा सहनु

परे तापनि, पापमा जिइरहेका मानवजातिलाई उद्धार गर्ने उहाँको अठोट बढ्दै गयो। के भन्न सकिन्छ भने, यस प्रक्रियामा, उहाँले आफूले गर्नुपर्ने काम तथा आफूलाई सुम्पिएको कामको बारेमा प्रभु येशूले अत्यन्तै स्पष्ट प्रकारले बुझ्न थाल्नुभयो। उहाँले जुन काम गर्नुपर्ने थियो त्यसलाई पूरा गर्न, अर्थात्, मानवजाति अब उप्रान्त पापमा नजिऊन् भनेर तिनीहरूका पापहरू आफूमाथि लिन, मानवजातिको निम्ति प्रायश्चित गर्न उहाँ झन्-झन् उत्सुक हुनुभयो, यसको साथ साथै पापबलिको कारणले परमेश्वर मानिसका पापहरू क्षमा गर्न सक्षम हुनुभयो अनि यसले गर्दा उहाँले मानवजातिलाई मुक्ति दिने आफ्नो कामलाई अझ अगाडि बढाउन सक्नुहुन्थ्यो। यसो भन्न सकिन्छ, कि प्रभु येशूको हृदयमा, उहाँ आफैलाई मानवजातिको निम्ति अर्पण गर्न, आफैलाई बलिदान गर्न इच्छुक हुनुहुन्थ्यो। उहाँ पापबलिको रूपमा काम गर्न, क्रूसमा टाँगिन पनि इच्छुक हुनुहुन्थ्यो, अनि वास्तवमै उहाँ यो काम पूरा उत्सुक हुनुहुन्थ्यो। जब उहाँले मानव जीवनको दयनीय अवस्थाहरू देख्नुभयो, तब उहाँले एक मिनेट वा अझ एक सेकेण्ड ढिलाइ नगरिकन जतिसक्दो चाँडो आफ्नो मिशन पूरा गर्न अझ बढी चाहनुभयो। त्यस्तो अपरिहार्यतालाई महसुस गरेर, उहाँले आफ्नो पीडा कति ठूलो हुनेछ भनी विचार गर्नुभएन, न त कति धेरै अपमान सहनुपर्ने हो भन्ने बारेमा नै विचार गरिरहनुभयो। उहाँले आफ्नो हृदयमा एउटै अठोट गर्नुभयो: उहाँले आफैलाई अर्पण गर्नुभयो भने, पापबलिको रूपमा उहाँ क्रूसमा टाँगिनुभयो भने, परमेश्वरको इच्छा पूरा हुनेछ अनि परमेश्वरले नयाँ काम सुरु गर्न सक्नुहुनेछ। मानिसजातिको जीवन तथा पापमा तिनीहरूको अस्तित्वको अवस्था पूर्ण रूपले परिवर्तन हुनेथियो। उहाँको अठोट तथा उहाँले जे गर्ने निर्धारण गर्नुभएको थियो, त्यो मानिसलाई मुक्ति दिने कार्यसित सम्बन्धित थिए अनि उहाँको केवल एउटै उद्देश्य थियो जुन परमेश्वरको इच्छा पूरा गर्नु थियो ताकि परमेश्वरले आफ्नो कामको अर्को चरण सफलतापूर्वक सुरु गर्न सक्नुभएको होस्। त्यस बेला प्रभु येशूको मनमा यही कुरा थियो।

देहमा जिउनुहुँदा, देहधारी परमेश्वरमा सामान्य मानवता थियो; उहाँसित एउटा सामान्य मानिसका भावनाहरू तथा चेतना थियो। खुशी के हो, पीडा के हो सो उहाँलाई थाहा थियो, अनि जब मानवजातिले यस प्रकारको जीवन जिइरहेको उहाँले देख्नुभयो, तब उहाँले मानिसहरूलाई केही शिक्षा दिनु, तिनीहरूलाई केही जुटाइदिनु वा तिनीहरूलाई केही सिकाउनु मात्रै तिनीहरूलाई पापबाट बाहिर निकाल्नको निम्ति पर्याप्त हुनेछैन भन्ने कुरालाई उहाँले गहिरो प्रकारले महसुस गर्नुभयो। न त तिनीहरूलाई आज्ञापालन गर्न लगाएर मात्र तिनीहरू पापमुक्त हुन सक्थे—उहाँले मानवजातिको पाप लिएर पापपूर्ण देह बन्नुभएपछि मात्रै उहाँले मानवजातिको स्वतन्त्रता अनि मानवजातिको निम्ति परमेश्वरको क्षमादान हासिल गर्न सक्नुहुनेथियो। त्यसैले, जब प्रभु येशूले मानिसहरूको पापको जीवन अनुभव गर्नुभयो र देख्नुभयो, तब उहाँको हृदयमा मानिसहरूलाई पापमा संघर्ष गर्ने तिनीहरूको जीवनबाट मुक्त गराउने एउटा तीव्र इच्छा प्रकट भयो। यस इच्छाले उहाँलाई उहाँ जतिसक्दो छिटो र सकेसम्म चाँडै क्रूसमा गएर मानवजातिका पापहरू लिनुपर्छ भन्ने तीव्र रूपमा महसुस गरायो। मानिसहरूसित जिएपछि र पापमा तिनीहरूले जिएको जीवनको दुर्गति देखेपछि, सुनेपछि र महसुस गरेपछि त्यस समयमा प्रभु येशूमा आएका विचारहरू यिनै थिए। मानवजातिको निम्ति देहधारी परमेश्वरको त्यस्तो प्रकारको इच्छा हुन सक्थ्यो, उहाँले यस्तो प्रकारको स्वभावलाई

व्यक्त गर्न र प्रकट गर्न सक्नुहुन्थ्यो—के यो सामान्य व्यक्तिले प्राप्त गर्न सक्ने कुरा होइन र? यस्तो प्रकारको वातावरणमा जिउने सामान्य व्यक्तिले के देख्नेथियो? तिनीहरूले के सोच्नेथिए? यदि सामान्य व्यक्तिले यो सबै कुराको सामना गऱ्यो भने के तिनीहरूले समस्याहरूलाई एउटा उच्च दृष्टिकोणबाट हेर्नेथिए र? पक्कै पनि हेर्ने थिएनन्! देहधारी परमेश्‍वरको बाहिरी रूप दुरुस्त मानिसको जस्तो भए तापनि, अनि उहाँले मानव ज्ञान सिक्नुहुने र मानव भाषा बोल्नुहुने भए तापनि, अनि कहिलेकाहीँ मानवजातिको आफ्नै विधिहरू वा बोल्ने तरिकाहरूद्वारा आफ्ना विचारहरू व्यक्त गर्नुभए तापनि, उहाँले जुन प्रकारले मानिसहरूलाई हेर्नुहुन्छ र कुराहरूको सारलाई हेर्नुहुन्छ, त्यो भ्रष्ट मानिसहरूले मानवजाति तथा कुराहरूको सारलाई हेरे तरिका जस्तो छैन। उहाँको दृष्टिकोण र उहाँ जुन उचाइमा खडा हुनुहुन्छ, त्यो भ्रष्ट व्यक्तिको निम्ति अप्राप्य कुरा हो। किनकि परमेश्‍वर सत्य हुनुहुन्छ, किनकि उहाँले जुन देह धारण गर्नुहुन्छ, त्यसमा पनि परमेश्‍वरको सार छ, अनि उहाँका विचारहरू र उहाँको मानवताद्वारा व्यक्त हुने कुरा पनि सत्यता नै हुन्। भ्रष्ट मानिसहरूका निम्ति, उहाँले देहमा जे व्यक्त गर्नुहुन्छ, ती सत्यता अनि जीवनका प्रबन्धहरू हुन्। यी प्रबन्धहरू एउटा व्यक्तिको निम्ति मात्र होइनन्, तर सारा मानवजातिको निम्ति हुन्। कुनै भ्रष्ट व्यक्तिको हृदयमा केवल त्यस्ता थोरै मानिसहरू मात्र हुन्छन् जो तिनीहरूसित सम्बन्धित हुन्छन्। तिनीहरूले यी थोरै मानिसहरूका निम्ति मात्र वास्ता गर्छन् र चिन्ता गर्छन्। जब विनाश आउन लागेको हुन्छ, तिनीहरूले पहिले आफ्नै छोराछोरीहरू, जीवनसाथी वा आमाबाबुको बारेमा सोच्छन्। बढीमा, अलिक बढी दयालु व्यक्तिले कोही आफन्त वा असल साथीको केही विचार गर्लान्, तर त्यस्तो दयालु व्यक्तिका विचारहरू समेत त्यसभन्दा पर जान्छ र? अहँ, कदापि जाँदैन। किनकि मानिसहरू आखिर मानिसहरू नै हुन्, अनि तिनीहरूले मानवको उचाइ तथा दृष्टिकोणबाट मात्र सबै कुरालाई हेर्न सक्छन्। तथापि, देहधारी परमेश्‍वर भ्रष्ट मानिसभन्दा पूर्ण रूपमा फरक हुनुहुन्छ। परमेश्‍वरको देहधारी शरीर चाहे जतिसुकै साधारण, जतिसुकै सामान्य र न्यून भए तापनि अथवा मानिसहरूले जतिसुकै नीच दृष्टिकोणले उहाँलाई तिरस्कार गरे तापनि, मानवजातिप्रति उहाँका विचारहरू तथा उहाँको धारणा यस्ता कुराहरू हुन्, जुन कुनै मानिसले हासिल गर्न सक्दैन, कुनै मानिसले अनुकरण गर्न सक्दैन। उहाँले मानवजातिलाई सधैँ ईश्‍वरत्वको दृष्टिकोणबाट, सृष्टिकर्ताको रूपमा रहेको उहाँको उच्च स्थानबाट अवलोकन गर्नुहुन्छ। उहाँले मानवजातिलाई सधैँ परमेश्‍वरको सार र मानसिकताबाट हेर्नुहुन्छ। उहाँले मानवजातिलाई एउटा औसत व्यक्तिको न्यून उचाइबाट वा एउटा भ्रष्ट मानिसको दृष्टिकोणबाट बिलकुल हेर्नुहुन्न। जब मानिसहरूले मानवजातिलाई हेर्छन्, तिनीहरूले मानव दृष्टिद्वारा हेर्छन्, अनि तिनीहरूले मानव ज्ञान र मानव नियम तथा सिद्धान्तहरू जस्ता कुराहरूलाई तिनीहरूका मापकको रूपमा प्रयोग गर्छन्। यो मानिसहरूले आफ्नो आँखाले हेर्न सक्ने परिधिभित्र र भ्रष्ट मानिसहरूले हासिल गर्न सक्ने परिधिभित्र पर्दछ। जब परमेश्‍वरले मानवजातिलाई हेर्नुहुन्छ, उहाँले ईश्‍वरीय दृष्टिले हेर्नुहुन्छ, अनि उहाँले आफ्नो सार तथा उहाँसित जे छ र उहाँ जे हुनुहुन्छ त्यसलाई मापकको रूपमा प्रयोग गर्नुहुन्छ। यो परिधिभित्र मानिसहरूले देख्न नसक्ने कुराहरू पर्दछन्, अनि देहधारी परमेश्‍वर तथा भ्रष्ट मानिसहरू पूर्ण रूपले भिन्न हुनुभएको स्थान यहीँ नै हो। यो भिन्नता मानिसहरू र परमेश्‍वरको भिन्नाभिन्नै सारहरू द्वारा

निर्धारित हुन्छ—यही भिन्नाभिन्नै सारहरूले नै उहाँहरूको पहिचान अनि स्थानहरू, साथै उहाँहरूले जुन दृष्टिकोण तथा उचाइबाट कुराहरू देख्नुहुन्छ, त्यसलाई निर्धारण गर्दछ। के तिमीहरूले प्रभु येशूमा परमेश्‍वर स्वयम्‌को अभिव्यक्ति र प्रकाशलाई देख्छौ? तिमीहरू भन्‍न सक्छौ, कि प्रभु येशूले जे गर्नुभयो र भन्‍नुभयो, त्यो उहाँको सेवकाई र परमेश्‍वरको आफ्नै व्यवस्थापनको कामसित सम्बन्धित थियो, त्यो परमेश्‍वरको सारको सम्पूर्ण अभिव्यक्ति तथा प्रकाश थियो। उहाँसँग मानव प्रकटीकरण थियो, तापनि उहाँको ईश्‍वरीय सार र उहाँको ईश्‍वरत्वको प्रकाशलाई इन्कार गर्न सकिँदैन। के यो मानव प्रकटीकरण साँच्चिकै मानवताको प्रकटीकरण थियो? उहाँको मानव प्रकटीकरण, त्यसको सारमा, भ्रष्ट मानिसहरूको मानव प्रकटीकरणबाट पूर्ण रूपले भिन्‍न थियो। प्रभु येशू देहधारी परमेश्‍वर हुनुहुन्थ्यो। यदि उहाँ साँच्चिकै साधारण, भ्रष्ट मानिसहरूमध्ये एउटा हुनुहुन्थ्यो भने, के उहाँले मानवजातिको पापलाई ईश्‍वरीय दृष्टिकोणबाट देख्न सक्नुहुन्थ्यो? बिलकुलै सक्नुहुन्‍नथियो! मानिसको पुत्र र साधारण मानिसहरू बीचको फरक यही हो। भ्रष्ट मानिसहरू सबै पापमा जिउँछन्, अनि जब कसैले पापलाई देख्छन्, तब तिनीहरूसित यसबारे कुनै निश्‍चित भावना हुँदैन; तिनीहरू सबै हिलोमा बस्‍ने सुँगुर जस्तै हुन्, जसले कुनै असुविधा वा फोहोरको अनुभूति गर्दैनन्—यसको विपरीत, त्यसले राम्ररी खान्छ र राम्रोसित निदाउँछ। यदि कसैले सुँगुरको खोर सफा गर्‍यो भने सुँगुरले वास्तवमा बिरामी महसुस गर्दछ अनि त्यो सफा नै रहिरहनेछैन। तुरुन्तै, फेरि त्यो हिलोमा सहजताको साथ लडीबुडी खेल्नेछ, किनकि यो एउटा फोहोरी जनावर हो। मानिसहरूले सुँगुरहरूलाई फोहोरी जनावरको रूपमा हेर्छन्, तर यदि तैँले सुँगुर बस्‍ने कोठाहरूलाई सफा गर्छस् भने पनि यसले कुनै राम्रो अनुभूति गर्दैन—त्यसैले कसैले सुँगुरलाई आफ्नो घरभित्र राख्दैन। मानिसहरूले सुँगुरहरूलाई जुन प्रकारले हेर्छन्, त्यो सुँगुरहरू आफैले कस्तो महसुस गर्छन् भन्‍ने कुराबाट सधैँ भिन्‍न हुन्छ किनकि मानिसहरू र सुँगुरहरू उही प्रकारका होइनन्। अनि देहधारी मानिसको पुत्र पनि भ्रष्ट मानिसहरू जस्तै होइन, त्यसकारण देहधारी परमेश्‍वर मात्रै ईश्‍वरीय दृष्टिकोणमा परमेश्‍वरको उचाइमा खडा रहन सक्नुहुन्छ, जहाँबाट उहाँले मानवजाति र सबै कुरालाई देख्नुहुन्छ।

उहाँ देह हुनुहुँदा अनि मानवजातिको माझमा जिउनुहुँदा परमेश्‍वरले अनुभव गर्नुहुने कष्टको बारेमा के भन्‍ने? यो कष्ट के हो? के कसैले यसलाई साँचो रीतिले बुझ्‍न सक्छ? कोही मानिसहरू भन्छन् कि परमेश्‍वरले अति कष्ट भोग्नुहुन्छ, कि उहाँ परमेश्‍वर स्वयम् हुनुभए तापनि मानिसहरूले उहाँको सारलाई बुझ्दैनन्, तर उहाँलाई सधैँ व्यक्ति झैँ व्यवहार गर्ने तिनीहरूको प्रवृत्ति हुन्छ, जसले गर्दा उहाँले पीडित भएको तथा अन्यायमा परेको अनुभव गर्नुहुन्छ—तिनीहरू भन्छन्, कि यी कारणहरूले गर्दा, परमेश्‍वरको कष्ट साँच्चै ठूलो छ। अरू मानिसहरू भन्छन्, परमेश्‍वर निर्दोष हुनुहुन्छ र पापरहित हुनुहुन्छ, तर उहाँले मानवजातिले जस्तै कष्ट भोग्नुहुन्छ, उहाँले मानवजाति सँगसँगै सतावट, निन्दा, अपमान भोग्नुहुन्छ; तिनीहरू भन्छन्, उहाँले उहाँका अनुयायीहरूको गलत बुझाइ र अनाज्ञाकारिता पनि सहनुहुन्छ—यसरी, परमेश्‍वरको कष्टलाई साँच्चिकै मापन गर्न सकिँदैन भनेर तिनीहरू भन्छन्। अब, यस्तो प्रतीत हुन्छ कि तिमीहरूले साँचो रूपमा परमेश्‍वरलाई बुझ्दैनौ। वास्तवमा, तिमीहरूले जुन कष्टको बारेमा कुरा गर्छौ, त्यो परमेश्‍वरको निम्ति साँचो कष्टको रूपमा

गणना हुँदैन किनकि योभन्दा पनि ठूलो कष्ट छ। त्यसोभए, परमेश्‍वर स्वयम्‌को निम्ति साँचो कष्ट के हो त? परमेश्‍वरको देहधारी शरीरको निम्ति साँचो कष्ट के हो त? परमेश्‍वरको निम्ति, मानवजातिले उहाँलाई नबुझ्नु कष्टको रूपमा गणना हुँदैन, न त परमेश्‍वरको बारेमा मानिसहरूसित गलत बुझाइ हुनु र उहाँलाई परमेश्‍वरको रूपमा नहेर्नु नै कष्टको रूपमा गणना हुन्छ। तथापि, मानिसहरूले प्रायजसो के महसुस गर्छन् भने, परमेश्‍वरले ठूलो अन्याय भोगेको हुनुपर्छ, अनि परमेश्‍वरले देहमा बिताउनुभएको समयावधिमा, उहाँले मानवजातिलाई उहाँको व्यक्तित्व देखाउन सक्नुहुन्‍न र मानिसहरूलाई उहाँको महानता देख्‍न दिन सक्नुहुन्‍न, अनि परमेश्‍वरले नम्रतापूर्वक एउटा महत्त्वहीन देहमा आफैलाई लुकाइरहनुभएको छ र यो उहाँको निम्ति एउटा ठूलो यातना हुनुपर्छ। मानिसहरूले परमेश्‍वरको कष्टको बारेमा जे बुझ्न सक्छन् र जे तिनीहरूले देख्‍न सक्छन्, त्यसबाट नै तिनीहरू प्रभावित हुन्छन् अनि परमेश्‍वरमाथि सबै प्रकारका सहानुभूति व्यक्त गर्छन् र प्रायजसो उहाँको कष्टको निम्ति अलिकति प्रशंसा समेत चढाउँछन्। यथार्थमा, परमेश्‍वरको कष्टको बारेमा मानिसहरूले जे बुझ्दछन् र उहाँले जे साँचो रूपमा महसुस गर्छन्, त्यसबीच एउटा भिन्‍नता छ; एउटा अन्तर छ। म तिमीहरूलाई सत्यता भन्दैछु—परमेश्‍वरको निम्ति, चाहे त्यो परमेश्‍वरको आत्मा होस् कि परमेश्‍वरको देहधारी शरीर होस्, माथि बताइएको कष्ट साँचो कष्ट होइन। त्यसोभए, परमेश्‍वरले वास्तवमा केको कष्ट भोग्नुहुन्छ त? हामी देहधारी परमेश्‍वरको दृष्टिकोणबाट मात्रै परमेश्‍वरको कष्टको बारेमा कुरा गरौं।

जब परमेश्‍वर देहधारी भई एउटा औसत, सामान्य मानिसमा बदलिनुहुन्छ, मानवजातिको माझमा मानिसहरू सँगसँगै जिउनुहुन्छ, के उहाँले मानिसहरूका जिउने सम्बन्धी विधिहरू, व्यवस्थाहरू, अनि दर्शनहरूलाई देख्‍न र महसुस गर्न सक्नुहुन्‍न र? जिउने सम्बन्धी यी विधिहरू तथा व्यवस्थाहरूले उहाँलाई कस्तो महसुस गराउँछ? के उहाँले आफ्नो हृदयमा घृणाको महसुस गर्नुहुन्छ? किन उहाँले घृणाको महसुस गर्नुहुन्छ? जिउने सम्बन्धी मानवजातिका विधि तथा व्यवस्थाहरू के-के हुन् त? कुन सिद्‌धान्तहरूमा तिनीहरूले जरा बसालेका छन्? तिनीहरू कुन कुरामा आधारित छन्? मानवजातिका विधि, व्यवस्था, अनि आदि इत्यादि कुरा ती जिउने तरिकासित सम्बन्धित भएकोले—यो सबै शैतानको तर्क, ज्ञान र दर्शनको आधारमा सृष्टि गरिएका हुन्। यस प्रकारका व्यवस्थाहरूको अधीनका जिइरहेका मानिसहरूको कुनै मानवता, कुनै सत्यता हुँदैन—तिनीहरू सबैले सत्यताको विरोध गर्छन् र परमेश्‍वरप्रति प्रतिरोधी हुन्छन्। यदि हामी परमेश्‍वरको सारप्रति दृष्टि लगाउँछौँ भने, हामी उहाँको सार शैतानको तर्क, ज्ञान र दर्शनको ठीक विपरीत छ भन्‍ने देख्छौं। उहाँको सार धार्मिकता, सत्यता र पवित्रता, अनि सबै सकारात्मक कुराहरूको अन्य वास्तविकताहरूले भरिपूर्ण छ। यस्तो सारले सुसम्पन्‍न हुनुभएका अनि मानवजातिको माझमा वास गर्नुहुने परमेश्‍वरले कस्तो अनुभूति गर्नुहुन्छ? उहाँले आफ्नो हृदयमा कस्तो अनुभूति गर्नुहुन्छ? के यो पीडाले भरिपूर्ण हुँदैन र? उहाँको हृदय पीडाले भरिपूर्ण हुन्छ, एउटा यस्तो पीडा जुन कुनै व्यक्तिले बुझ्न वा अनुभव गर्न सक्दैन। यसको कारण के हो भने, उहाँले सामना गर्नुहुने, जम्काभेट गर्नुहुने, सुन्‍नुहुने, देख्‍नुहुने अनि अनुभव गर्नुहुने सबै मानवजातिको भ्रष्टता, खराबी, अनि सत्यताप्रतिको विरुद्‌धमा अनि प्रतिरोधमा रहेको तिनीहरूको विद्रोह हो। मानिसहरूबाट आउने

भनेका सबै उहाँको कष्टका श्रोत हुन्। भनाइको अर्थ, उहाँको सार भ्रष्ट मानिसहरूको जस्तै नभएको हुनाले, मानिसहरूको भ्रष्टता उहाँको सबैभन्दा ठूलो कष्टको श्रोत बन्दछ। जब परमेश्वर देहधारी बन्नुहुन्छ, के उहाँले उहासँग आम भाषा भएको कसैलाई भेट्टाउन सक्नुहुन्छ? त्यस्तो व्यक्तिलाई मानवजातिको माझमा भेट्टाउन सकिँदैन। परमेश्वरसित बातचित गर्न सक्ने वा परमेश्वरसित कुराकानी गर्न सक्ने कसैलाई पनि भेट्टाउन सकिँदैन–यसको बारेमा परमेश्वरसित कस्तो प्रकारको अनुभूति हुन्छ भनेर तैँले भन्छस्? मानिसहरूले छलफल गर्ने, प्रेम गर्ने, खोजी गर्ने र चाहना गर्ने सबै कुरा पाप र दुष्ट प्रवृत्तिहरूसित सम्बन्धित हुन्छन्। जब परमेश्वरले यी सबैको सामना गर्नुहुन्छ, के यो उहाँको हृदयको निम्ति छुरा जस्तो हुँदैन र? यस्ता कुराहरूको सामना गर्दा, के उहाँको हृदयमा आनन्द हुनसक्छ र? के उहाँले सान्त्वना भेट्टाउन सक्नुहुन्छ र? उहाँसित बसिरहेका मानिसहरू विद्रोह तथा खराबीले भरिपूर्ण मानिसहरू हुन्–उहाँको हृदयले कसरी कष्ट नभोग्न सक्छ र? यो कष्ट वास्तवमा कति ठूलो छ, अनि यसको बारेमा कसले वास्ता गर्छ र? कसले ध्यान दिन्छ र? अनि यसलाई कसले बुझ्न सक्छ? परमेश्वरको हृदय बुझ्ने कुनै उपाय मानिसहरूसित छैन। उहाँको कष्ट यस्तो कुरा हो जसलाई मानिसहरूले बुझ्न सक्दैनन्, अनि मानवजातिको चिसोपना र संवेदनाशून्यताले परमेश्वरको कष्टलाई अझ बढी गहिऱ्याउँदछ।

केही मानिसहरूले ख्रीष्टको दयनीय अवस्थाप्रति प्रायजसो सहानुभूति राख्छन् किनकि बाइबलमा एउटा पद छ जसले भन्छ: “फ्याउराहरू बस्ने दुलाहरू छन् र आकाशका पक्षीहरूका गुँड छन्; तर मानिसको पुत्रको निम्ति आफ्नो टाउको राख्ने ठाउँ छैन।” जब मानिसहरूले यो सुन्छन्, तब तिनीहरू यसबाट प्रभावित हुन्छन् अनि परमेश्वरले सहनुभएको र ख्रीष्टले सहनुभएको सबैभन्दा ठूलो कष्ट यही हो भन्ने विश्वास गर्छन्। अब, तथ्यहरूको दृष्टिकोणबाट हेरेर भन्दा, के साँचो कुरा त्यही नै हो त? होइन; परमेश्वरले यी कठिनाइहरूलाई कष्ट हुन् भनी विश्वास गर्नुहुन्न। आफूले देहमा भोग्नुभएका कठिनाइहरूको कारणले उहाँले कहिल्यै अन्यायको विरुद्धमा कराउनुभएको छैन, अनि उहाँले मानिसहरूलाई कुनै कुराको भुक्तानी गर्न वा प्रतिफल दिन लगाउनुभएको छैन। तथापि, जब उहाँले मानवजाति र भ्रष्ट जीवन अनि भ्रष्ट मानिसहरूको खराबीको बारेमा सबै कुरा देख्नुहुन्छ, जब मानवजाति शैतानको पकडमा छ अनि शैतानद्वारा बन्दी बनाइएको र उम्कन नसकेको अवस्थामा छ, पापमा जिइरहेका मानिसहरूले सत्यता के हो भनी जान्दैनन् भन्ने देख्नुहुन्छ, तब उहाँले यी पापलाई सहन गर्न सक्नुहुन्न। मानिसहरूप्रतिको उहाँको घृणा दिनदिनै बढ्दै जान्छ, तर उहाँले यी सबैलाई पनि सहनुपर्ने हुन्छ। परमेश्वरको ठूलो कष्ट यही हो। परमेश्वरले आफ्ना अनुयायीहरूको माझमा आफ्नै हृदयको आवाज वा भावनाहरूलाई समेत पूर्ण रूपमा व्यक्त गर्न सक्नुहुन्न, अनि उहाँका अनुयायीहरूको माझमा कसैले पनि उहाँको कष्टलाई साँचो रीतिले बुझ्न सक्दैन। कसैले पनि उहाँलाई बुझ्न वा उहाँको हृदयलाई सान्त्वना दिने कोसिस गर्दैन, जुन हृदयले यो कष्टलाई दिन-प्रतिदिन, वर्षैपिच्छे अनि बारम्बार सहिरहन्छ। यो सबैमा तिमीहरू के देख्छौ? परमेश्वरले मानिसहरूबाट उहाँले जे दिनुभएको छ, त्यसको बदली केही पनि चाहनुहुन्न, तर परमेश्वरको सारको कारणले, उहाँले मानवजातिको खराबी, भ्रष्टता र पापलाई बिलकुल सहन सक्नुहुन्न, बरु अत्यन्त वितृष्णा र घृणा अनुभूति गर्नुहुन्छ जसले परमेश्वरको हृदय तथा उहाँको

देहलाई अन्त्यहीन कष्टमा डोऱ्याउँछ। के तिमीहरूले यो कुरालाई देखेका छौ? सायद तिमीहरूमध्ये कसैले यसलाई देख्न सक्दैनौ, किनकि तिमीहरूमध्ये कसैले परमेश्वरलाई साँचो रीतिले बुझ्न सक्दैनौ। समयको अन्तरालमा, यसलाई तिमीहरूले क्रमिक रूपमा आफै अनुभव गर्नुपर्छ।

यसपछि, हामी धर्मशास्त्रका निम्न खण्डहरूलाई हेरौं:

९. येशूले आश्चर्यकर्महरू गर्नुहुन्छ

१) येशूले पाँच हजारलाई खुवाउनुहुन्छ

यूहन्ना ६:८-१३ उहाँका चेलाहरूमध्ये एक, सिमोन पत्रुसका भाइ अन्द्रियासले उहाँलाई भने, यहाँ एउटा केटो छ, जोसँग जौका पाँच ओटा रोटी र दुई ओटा माछा छन्: तर यति धेरैका माझमा ती त के हुन् र? अनि येशूले भन्नुभयो, मानिसहरूलाई बस्न लगाओ। त्यस ठाउँमा धेरै घाँस थियो। यसैले लगभग पाँच हजार मानिसहरू बसे। अनि येशूले रोटी लिनुभयो; र उहाँले धन्यवाद दिनुभएपछि, उहाँले चेलाहरूलाई बाँड्नुभयो र चेलाहरूले बसेकाहरूलाई बाँडे; अनि यसैगरी तिनीहरूले सकेसम्म माछा पनि बाँडे। जब तिनीहरू अघाए, उहाँले चेलाहरूलाई भन्नुभयो, उब्रेका टुक्राहरू बटुल ताकि केही पनि खेर नजाओस्। यसैले तिनीहरूले ती बटुले र पाँच जौका रोटीका बाह्र डाला टुक्राहरू बटुले, जुन तिनीहरूले खाएको भन्दा ज्यादा थियो।

२) लाजरसको पुनरुत्थानले परमेश्वरलाई महिमित तुल्याउँछ

यूहन्ना ११:४३-४४ अनि जब उहाँले त्यसरी बोलिसक्नुभएपछि, उहाँले उच्च स्वरमा लाजरस, बाहिर आऊ भनी भन्नुभयो। तब तिनी, अर्थात् कात्रोले हात र खुट्टा बेह्रिएकै अवस्थामा मरेको मानिस बाहिर आए, अनि तिनको अनुहार रुमालले बेह्रिएको थियो। येशूले तिनीहरूलाई भन्नुभयो, तिनका कपडाहरू निकाल र तिनलाई जान देओ।

येशूले गर्नुभएका आश्चर्यकर्महरूमध्ये, हामीले केवल यी दुई वटालाई छानेका छौँ किनकि मैले यहाँ के कुराको बारेमा बोल्न चाहन्छु भनी प्रकट गर्न ती नै पर्याप्त छन्। यी दुई आश्चर्यकर्महरू अनुग्रहको समयावधिमा प्रभु येशूले गर्नुभएको आश्चर्यकर्महरूमध्ये साँच्चिकै आश्चर्य लाग्दा र अत्यन्त प्रतिनिधिमूलक छन्।

पहिले, हामी पहिलो खण्डलाई हेर्नेछौं: येशूले पाँच हजारलाई खुवाउनुहुन्छ।

"पाँच वटा रोटी र दुई वटा माछा" को धारणा के हो? साधारणतया, पाँच रोटी र दुई वटा रोटीले कति जना मानिसहरूलाई पर्याप्त रूपले खुवाउन सकिन्छ? यदि तैँले तेरो मापनलाई औसत व्यक्तिको भोकमा आधारित गरिस् भने, यो केवल दुई जनालाई मात्र पर्याप्त हुन्छ। सबैभन्दा आधारभूत रूपले यही नै "पाँच वटा रोटी र दुई वटा माछा" को धारणा हो। तथापि, यस अध्यायमा दुई वटा रोटी र पाँच वटा माछाले कति जना मानिसहरूलाई खुवाइयो? धर्मशास्त्रमा अभिलिखित कुरालाई तल दिइएको छ: "त्यस ठाउँमा धेरै घाँस थियो। यसैले लगभग पाँच हजार मानिसहरू बसे।" पाँच वटा रोटी र दुई वटा माछाको तुलनामा के पाँच हजार ठूलो हो? यो संख्या यति ठूलो हो भनेर केले देखाउँछ? मानव दृष्टिकोणबाट हेर्दा, पाँच वटा रोटी र दुई वटा माछा पाँच हजार मानिसहरूको निम्ति बाँडिँदिन असम्भव हुनेथियो, किनकि मानिसहरू र खानाको मात्र बीचको भिन्नता अति ठूलो छ। यदि हरेक मानिसले एउटा सानो टुक्रा मात्रै खाए पनि यो पाँच हजार

मानिसहरूको निम्ति अझै अपर्याप्त हुनेथियो। तर यहाँ, प्रभु येशूले एउटा आश्‍चर्यकर्म गर्नुभयो—पाँच हजार मानिसहरूले पेटभरि खाएको मात्र उहाँले सुनिश्‍चित गर्नुभएन तर खाना उब्रियो पनि। धर्मशास्त्रले भन्दछः "जब तिनीहरू अघाए, उहाँले चेलाहरूलाई भन्‍नुभयो, उब्रेका टुक्राहरू बटुल ताकि केही पनि खेर नजाओस्। यसैले तिनीहरूले ती बटुले र पाँच जौका रोटीका बाह्र डाला टुक्राहरू बटुले, जुन तिनीहरूले खाएको भन्दा ज्यादा थियो।" यस आश्‍चर्यकर्मले मानिसहरूलाई प्रभु येशूको पहिचान र हैसियतलाई देख्न, अनि परमेश्‍वरको लागि केही पनि असम्भव छैन भनी देख्न सक्षम तुल्यायो—यस प्रकारले तिनीहरूले परमेश्‍वरको सर्वशक्तिको सत्यतालाई देख्न सके। पाँच वटा रोटी र दुई वटा माछा पाँच हजार जना मानिसहरूलाई खुवाउन पर्याप्त थियो, तर यदि त्यहाँ कुनै खाना नभएको भए, के परमेश्‍वरले पाँच हजार मानिसहरूलाई खुवाउन सक्नुहुन्थ्यो त? अवश्य, उहाँले सक्नुहुन्थ्यो! यो एउटा आश्‍चर्यकर्म थियो, त्यसैले अपरिहार्य रूपले नै मानिसहरूले यो समझभन्दा बाहिरको, विश्‍वासै गर्न कठिन अनि रहस्यमय छ भन्‍ने महसुस गरे, तर परमेश्‍वरको निम्ति त्यस्तो कुरा गर्नु त केही पनि थिएन। परमेश्‍वरको निम्ति यो साधारण कुरा थियो भने, यसलाई व्याख्याको निम्ति अहिले किन अलग गर्ने? किनकि यस आश्‍चर्यकर्मको पछाडि प्रभु येशूको इच्छा छ, जुन इच्छालाई मानवजातिले कहिल्यै महसुस गर्न सकेको छैन।

पहिले, हामी यी पाँच हजार मानिसहरू कस्ता प्रकारका थिए सो बारेमा बुझ्ने कोसिस गरौं। के तिनीहरू प्रभु येशूका अनुयायीहरू थिए? धर्मशास्त्रबाट हामी जान्दछौं कि तिनीहरू उहाँका अनुयायीहरू थिएनन्। के तिनीहरूले प्रभु येशू को हुनुहुन्छ भनी जान्दथे? निश्‍चय नै जान्दैनथे! कम्तीमा, तिनीहरूले तिनीहरूको सामु उभिरहनुभएको व्यक्ति ख्रीष्ट नै हुनुहुन्छ भनी जान्दैनथे, वा हुनसक्छ, उहाँको नाउँ के थियो भनी केही मानिसहरूले जान्दथे र उहाँले गर्नुभएको केही कुराहरूको बारेमा जान्दथे वा सुनेका थिए। प्रभु येशूप्रतिको तिनीहरूको उत्सुकता तब मात्रै जागेको थियो जब तिनीहरूले उहाँको बारेमा कथाहरू सुनेका थिए तर तिनीहरूले उहाँलाई पछ्याउँथे भनी तैँले पक्कै पनि भन्‍न सक्दैनस्, तिनीहरूले उहाँलाई चिनेका थिए भन्‍ने कुरा त परै छोडौं। जब प्रभु येशूले यी पाँच हजार मानिसहरूलाई देख्नुभयो, तिनीहरू भोकाएका थिए र तिनीहरूले केवल आफ्नो पेट भर्ने बारेमा मात्रै सोच्न सक्थे, त्यसैले यही सन्दर्भमा प्रभु येशूले तिनीहरूको इच्छालाई सन्तुष्ट गर्नुभयो। जब उहाँले तिनीहरूको इच्छालाई सन्तुष्ट पार्नुभयो, उहाँको हृदयमा के थियो? केवल आफ्नो पेट मात्रै भर्न चाहने यी मानिसहरूप्रति उहाँको के धारणा थियो? त्यस समयमा, प्रभु येशूका विचारहरू तथा धारणा परमेश्‍वरको स्वभाव तथा सारसित सम्बन्धित थियो। केवल पेटभरि खान मात्रै चाहना गर्ने अनि खाली पेट बोकेका यी पाँच हजार मानिसहरूलाई सामना गर्दा, उहाँको निम्ति उत्सुकता र आशाले भरिएका यी मानिसहरूलाई सामना गर्दा, प्रभु येशूले यस आश्‍चर्यकर्मलाई तिनीहरूमाथि अनुग्रह प्रदान गर्नको निम्ति उपयोग गर्ने बारेमा मात्रै सोच्नुभयो। तथापि, तिनीहरू उहाँका चेलाहरू होलान् भनेर उहाँले आफ्नो आशालाई माथि उठाउनुभएन किनकि उहाँलाई थाहा थियो, तिनीहरू केवल रमाइलो गर्न चाहन्थे र पेटभरि खान चाहन्थे, त्यसैले उहाँले त्यहाँ उहाँसित जे थियो, त्यसको सदुपयोग गर्नुभयो र पाँच हजार मानिसहरूलाई खुवाउन पाँच वटा रोटी र दुई वटा माछाको प्रयोग गर्नुभयो। उहाँले उत्साहजनक कुराहरू हेर्न मन पराउने, आश्‍चर्यकर्महरू हेर्न चाहने मानिसहरूका

आँखालाई खोलिदिनुभयो अनि तिनीहरूले देहधारी परमेश्‍वरले पूरा गर्न सक्नुहुने कुराहरू आफ्नै आँखाले देखे। प्रभु येशूले छुन सकिने ठोस वस्तुबाट तिनीहरूको उत्सुकतालाई सन्तुष्ट पार्नु भएको भएतापनि, यी पाँच हजार मानिसहरूले केवल राम्रो खाना खान चाहन्छन् भन्ने कुरा उहाँलाई आफ्नो हृदयमा पहिले नै थाहा थियो, त्यसैले उहाँले तिनीहरूलाई प्रचार गर्नुभएन वा केही पनि भन्नुभएन–उहाँले तिनीहरूलाई त्यो आश्‍चर्यकर्म जसरी घट्यो, त्यसरी नै देख्‍न दिनुभयो। उहाँले यी मानिसहरूलाई उहाँलाई साँचो रीतिले पछ्याउने उहाँका चेलाहरूलाई जस्तो व्यवहार गर्न सक्नुभएन तर परमेश्‍वरको हृदयमा सबै सृष्टि उहाँको शासनमुनि हुन्छन्, अनि उहाँको दृष्टिमा भएका सबै सृष्टिलाई उहाँले जब आवश्यक हुन्छ, तब परमेश्‍वरको अनुग्रहको आनन्द लिन दिनुहुन्छ। यी मानिसहरूले रोटी र माछा खाइसकेपछि पनि उहाँ को हुनुहुन्थ्यो भनी जानेनन् र उहाँलाई बुझेनन् वा उहाँको बारेमा कुनै विशेष छाप तिनीहरूमाथि परेन वा उहाँप्रति तिनीहरू कृतज्ञ भएनन्, तैपनि परमेश्‍वरले यसलाई विशेष मुद्दाको रूपमा लिनुभएन–उहाँले तिनीहरूलाई परमेश्‍वरको अनुग्रहको आनन्द लिने एउटा सुन्दर अवसर दिनुभयो। कतिपय मानिसहरू भन्छन्, कि परमेश्‍वरले जे गर्नुहुन्छ, त्यसमा उहाँ सिद्धान्तवादी हुनुहुन्छ, अनि उहाँले अविश्‍वासीहरूलाई देखरेख वा रक्षा गर्नुहुन्‍न, र विशेष गरी तिनीहरूलाई उहाँको अनुग्रहको आनन्द लिन दिनुहुन्‍न। के वास्तवमा कुरा यही हो त? परमेश्‍वरको दृष्टिकोणमा, जबसम्म तिनीहरू उहाँ आफैले सृष्टि गर्नुभएका उहाँका जीवित सृष्टिहरू हुन्, तबसम्म उहाँले तिनीहरूको व्यवस्था र वास्ता गर्नुहुन्छ, तिनीहरूको निम्ति योजना बनाउनुहुन्छ र तिनीहरूलाई शासन गर्नुहुन्छ। सबै कुराहरूप्रति परमेश्‍वरका विचार तथा धारणा यिनै हुन्।

रोटी र माछा खाने पाँच हजार मानिसहरूले प्रभु येशूलाई पछ्याउने योजना नबनाए तापनि उहाँले तिनीहरूमाथि कुनै कडा मागहरू राख्‍नुभएन; तिनीहरूले आफ्नो पेटभरि खाइसकेपछि, तिनीहरूले के गरे, तिमीहरूलाई थाहा छ? के उहाँले तिनीहरूलाई प्रचार समेत गर्नुभयो त? यो गरिसकेपछि उहाँ कहाँ जानुभयो? प्रभु येशूले तिनीहरूलाई केही भन्नुभयो भनी धर्मशास्त्रले उल्लेख गर्दैन, यति मात्रै भनिएको छ कि आफ्नो आश्‍चर्यकर्म गरिसक्नुभएपछि उहाँ त्यहाँबाट चुपचाप जानुभयो। के उहाँले यी मानिसहरूबाट कुनै मागहरू गर्नुभयो? त्यहाँ कुनै घृणा थियो? अहँ, तीमध्ये कुनै पनि कुरा थिएन। उहाँलाई पछ्याउन नसक्ने यी मानिसहरूलाई उहाँले उप्रान्त कुनै ध्यान दिन चाहनुभएन अनि यस बेला उहाँको हृदय पीडामा थियो। उहाँले मानवजातिको भ्रष्टता देखि सक्नुभएको कारणले अनि मानवजातिबाट आफ्नो तिरस्कार महसुस गरि सक्नुभएको कारणले, जब उहाँले यी मानिसहरूलाई देख्‍नुभयो र उहाँ तिनीहरूसित हुनुहुन्थ्यो, तब मानव मन्दबुद्धि र अज्ञानताप्रति उहाँ दुःखी हुनुभयो, अनि उहाँको हृदय पीडामा थियो, उहाँले चाहनुभएको एउटै कुरा सकेसम्म चाँडो तिनीहरूलाई छोडेर जानु नै थियो। उहाँको हृदयमा उहाँले तिनीहरूबाट कुनै माग गर्नुभएन, तिनीहरूप्रति उहाँले कुनै ध्यान दिन चाहनुभएन, अनि, त्यति मात्र होइन, उहाँले तिनीहरूमाथि आफ्नो कुनै शक्ति खर्च गर्न चाहनुभएन। तिनीहरूले उहाँलाई पछ्याउन सक्दैनन् भन्ने उहाँलाई थाहा थियो तर यो सबैको बाबजुद, तिनीहरूप्रतिको उहाँको धारणा अझै पनि स्पष्टै थियो। उहाँले तिनीहरूलाई दयालु व्यवहार गर्न, तिनीहरूलाई अनुग्रह प्रदान गर्न चाहनुहुन्थ्यो, र

उहाँको शासनमुनि रहने हरेक सृष्टिप्रति परमेश्‍वरको धारणा यही नै थियो–हरेक सृष्टिलाई दयापूर्वक व्यवहार गर्ने, तिनीहरूलाई जुटाउने अनि भरणपोषण गर्ने। प्रभु येशू देहधारी हुनुभएको यही कारणले गर्दा नै उहाँले अत्यन्तै स्वभाविक रूपमा परमेश्‍वरको आफ्नै सार प्रकट गर्नुभयो र यी मानिसहरूलाई दयापूर्वक व्यवहार गर्नुभयो। उहाँले तिनीहरूलाई उदारता तथा सहनशीलताको हृदयले व्यवहार गर्नुभयो, अनि त्यस्तै हृदयले उहाँले तिनीहरूलाई दया देखाउनुभयो। यी मानिसहरूले प्रभु येशूलाई जसरी देखे तापनि, अनि जस्तो प्रकारको परिणाम निस्के तापनि, उहाँले सारा सृष्टिको प्रभुको हैसियतले हरेक सृष्टिसँग व्यवहार गर्नुभयो। उहाँले प्रकट गर्नुभएको हरेक कुरा, परमेश्‍वरको स्वभाव, अनि उहाँसँग जे छ र उहाँ जे हुनुहुन्छ त्यही नै थियो। प्रभु येशूले चुपचाप यो कुरा गर्नुभयो, अनि चुपचाप जानुभयो–यो परमेश्‍वरको स्वभावको कुन पक्ष हो? के यो परमेश्‍वरको प्रेमपूर्ण दया हो भनेर तिमीहरू भन्‍न सक्छौ? के यो परमेश्‍वरको निस्वार्थपन हो भनी तिमीहरू भन्‍न सक्छौ? के यो साधारण मानिसले गर्न सक्ने कुरा हो? पक्कै पनि होइन! आधारभूत रूपमा, प्रभु येशूले पाँच वटा रोटी र दुई माछा प्रयोग गरी खुवाउनुभएका यी पाँच हजार जना मानिसहरू को थिए? के तिनीहरू उहाँ अनुरूपका मानिसहरू थिए भनेर तिमीहरू भन्‍न सक्छौ? के तिनीहरू सबै परमेश्‍वरका प्रतिरोधी थिए भनेर तिमीहरू भन्‍न सक्छौं? यो निश्‍चयताका साथ भन्‍न सकिन्छ कि तिनीहरू प्रभु अनुरूपका थिएनन्, अनि तिनीहरूको सार पूर्ण रूपमा परमेश्‍वरप्रति शत्रुवत् थियो। तर, परमेश्‍वरले तिनीहरूलाई कसरी व्यवहार गर्नुभयो? परमेश्‍वरप्रतिको मानिसहरूको शत्रुतालाई शान्त गर्न उहाँले एउटा विधि प्रयोग गर्नुभयो–यस विधिलाई "दया" भनिन्छ। भनाइको अर्थ, प्रभु येशूले तिनीहरूलाई पापीहरूको रूपमा देख्नु भएको भए तापनि, परमेश्‍वरको दृष्टिमा तिनीहरू उहाँकै सृष्टि थिए, त्यसैले उहाँले ती पापीहरूलाई दयापूर्वक नै व्यवहार गर्नुभयो। परमेश्‍वरको सहनशीलता यही हो, अनि यो सहनशीलता परमेश्‍वरको आफ्नै पहिचान तथा सारद्वारा निर्धारित हुन्छ। त्यसैले, यो यस्तो कुरा हो जुन कार्य गर्न परमेश्‍वरद्वारा सृष्टि गरिएका कुनै पनि मानिस सक्षम छैन–केवल परमेश्‍वरले मात्रै यो गर्न सक्नुहुन्छ।

जब तैँले मानवजातिप्रति परमेश्‍वरका विचारहरू तथा धारणालाई साँचो रीतिले बुझ्न सक्छस्, जब तैँले सृष्टिका हरेक प्राणीको निम्ति परमेश्‍वरका भावनाहरू तथा चिन्तालाई साँचो रीतिले बुझ्न सक्छस्, तब सृष्टिकर्ताद्वारा सृष्टि भएका मानिसहरू प्रत्येकको लागि खर्चिने समर्पण तथा प्रेमलाई तैँले बुझ्न सक्नेछस्। जब यो हुनेछ, तब परमेश्‍वरको प्रेमलाई बुझ्न तैँले दुई वटा शब्दहरू प्रयोग गर्नेछस्। ती दुई शब्दहरू के-के हुन्? कतिपय मानिसहरूले "निस्वार्थ" भन्छन् र कतिपय मानिसहरूले "परोपकारी" भन्छन्। यी दुई शब्दहरूमध्ये "परोपकारी" भन्‍ने शब्द परमेश्‍वरको प्रेमलाई बयान गर्न सुहाउँदो छैन। मानिसहरूले उदार वा विशाल मन भएको व्यक्तिलाई व्याख्या गर्न यो शब्दको प्रयोग गर्छन्। यो शब्दलाई म घृणा गर्छु किनकि यसले जथाभाबी, कुनै भेदभाव नगरी, कुनै सिद्धान्तको पर्वाह नगरीकन परोपकार गर्ने कुरालाई जनाउँछ। यो अत्यन्तै भावुक झुकाव हो, जुन मूर्ख तथा अन्योलग्रस्त मानिसहरूका निम्ति सामान्य नै हुन्छ। जब परमेश्‍वरको प्रेमलाई बयान गर्न यो शब्दको प्रयोग गरिन्छ, तब त्यसमा ईश्‍वरनिन्दाको भाव अवश्य नै हुन्छ। परमेश्‍वरको प्रेमलाई उपयुक्त ढङ्गले बयान गर्ने मसित यहाँ दुई वटा शब्दहरू छन्। ती के-के हुन् त? पहिलो

हो, “असीम”। के यो शब्द अत्यन्तै उत्प्रेरणात्मक छैन र? दोस्रो शब्द हो, “विशाल”। यी शब्दहरू पछाडि वास्तविक अर्थ छ जसलाई म परमेश्‍वरको प्रेम बयान गर्न प्रयोग गर्छु। अक्षरिक रूपमा लिँदा, “असीम” ले कुनै कुराको आयतन व क्षमतालाई बयान गर्छ, तर त्यो कुरा जतिसुकै ठूलो भए तापनि, यो यस्तो कुरा हो जसलाई मानिसहरूले हेर्न वा देख्न सक्छन्। किनभने यसको अस्तित्व हुन्छ—यो एउटा अमूर्त वस्तु होइन तर मानिसहरूलाई तुलनात्मक रूपमा सही र व्यवहारिक ढङ्गले विचारहरू प्रदान गर्न सक्ने कुरा हो। यसलाई तैँले चाहे दुई वा तीन आयामको दृष्टिकोणले हेरे तापनि यसको अस्तित्वलाई तैँले कल्पना गर्नु आवश्यक छैन, किनकि यो वास्तवमै साँचो रूपले अस्तित्व भएको कुरा हो। “असीम” भन्ने शब्दले परमेश्‍वरको प्रेमलाई बयान गर्दा यसले उहाँको प्रेमको परिमाणलाई निर्धारण गर्ने प्रयास गरेको जस्तो भाव दिए तापनि, यसले उहाँको प्रेमको परिमाणलाई निर्धारण गर्न सकिँदैन भन्ने अनुभूति पनि दिन्छ। म भन्छु कि परमेश्‍वरको प्रेमको परिमाणलाई निर्धारण गर्न सकिन्छ किनकि उहाँको प्रेम रित्तो छैन, न त यो मनगढन्ते कुरा हो। बरु, यो परमेश्‍वरको शासनमुनि रहेका सबै कुराहरूले पाउने कुरा हो, सारा सृष्‍टिहरूले विविध स्तरहरू तथा विभिन्‍न दृष्‍टिकोणहरूबाट उपभोग गर्ने कुरा हो। मानिसहरूले यसलाई देख्न वा छुन नसके तापनि, यस प्रेमले सबै कुराहरूलाई तब भरणपोषण गर्छ र जीवन दिन्छ जब यसलाई तिनीहरूको जीवनमा थोरै-थोरै गरेर प्रकट गरिन्छ, अनि तिनीहरूले बितेर जाने हरेक क्षणमा उपभोग गर्ने परमेश्‍वरको प्रेमलाई भरोसा गर्छन् र त्यसको गवाही दिन्छन्। म परमेश्‍वरको प्रेमको परिमाणलाई निर्धारण गर्न सकिँदैन भनी भन्छु किनकि सबै कुराको निम्ति परमेश्‍वरका विचारहरू, अनि निश्‍चित रूपमा मानिसहरूका लागि उहाँका विचारहरू जस्तै, परमेश्‍वरले सबै कुराहरूको निम्ति प्रबन्ध गर्नुहुन्छ अनि तिनीहरूलाई पालनपोषण गर्नुहुन्छ भन्ने कुराको रहस्यलाई बुझ्नु मानिसहरूको निम्ति कठिन छ। भन्नुको अर्थ, सृष्‍टिकर्ताले मानवजातिको निम्ति बगाउनुभएको रगत र आँसुलाई कसैले पनि जान्दैन। आफ्नै हातहरूले सृष्‍टि गर्नुभएको मानवजातिको निम्ति सृष्‍टिकर्तासित भएको प्रेमको गहिराइ वा वजन कसैले आत्मसात् गर्न सक्दैन, कसैले बुझ्न सक्दैन। परमेश्‍वरको प्रेमलाई असीम भनी बयान गर्नु भनेको मानिसहरूलाई यसको अस्तित्वको चौडाइ तथा सत्यतालाई सराहना तथा बुझ्न सहायता गर्नु हो। यो यसकारण पनि हो ताकि मानिसहरूले अझ गहिरो प्रकारले “सृष्‍टिकर्ता” को वास्तविक अर्थलाई राम्ररी बुझ्न सकून्, ताकि मानिसहरूले “सृष्‍टि” भन्ने संज्ञाको साँचो अर्थको गहिरो बुझाइ हासिल गर्न सकून्। “विशाल” भन्ने शब्दले सामान्यतया कुन कुराको व्याख्या गर्दछ? सामान्यतया समुद्र वा ब्रम्हाण्डका व्याख्या गर्न यसको प्रयोग गरिन्छ, उदाहरणको लागि: विशाल ब्रम्हाण्डका वा विशाल समुद्र। ब्रम्हाण्डका फैलावट तथा अति गहिराइ मानव समझभन्दा परको कुरा हो; यो यस्तो कुरा हो जसले मानिसको कल्पनालाई उत्तेजित गर्छ, यस्तो कुरा जसको निम्ति तिनीहरूले ठूलो विस्मयको अनुभूति गर्छन्। यसको रहस्य तथा गम्भीरतालाई देख्न त सकिन्छ तर यी पहुँचभन्दा पर छन्। जब तँ समुद्रको बारेमा सोच्छस्, तँ यसको चौडाइको बारेमा सोच्छस्—यो असीमित देखिन्छ, अनि तैँले यसको रहस्य र थोकहरूलाई थाम्न सक्ने यसको ठूलो क्षमतालाई अनुभूति गर्न सक्छन्। त्यसैले, यो कति बहुमूल्य छ भनी अनुभूति गर्न, उहाँको प्रेमको अथाह सुन्दरता अनि उहाँको प्रेमको शक्ति अनन्त र व्यापक छ भनी अनुभूति गर्न

मानिसहरूलाई सहायता गर्नको लागि मैले परमेश्वरको प्रेमलाई बयान गर्न "विशाल" भन्ने शब्दको प्रयोग गरेको हुँ। उहाँको प्रेमको पवित्रतालाई अनुभूति गर्न, र उहाँको प्रेमद्वारा प्रकट गरिएको परमेश्वरको गौरव तथा उल्लङ्घन गर्न नसकिने उहाँको स्वभाव अनुभूति गर्न मानिसहरूलाई सहायता गर्नको लागि मैले यो शब्दको प्रयोग गरेँ। अब, के परमेश्वरको प्रेमलाई बयान गर्नको निम्ति "विशाल" भन्ने शब्द सुहाउँदो शब्द हो भन्ने तिमीहरूलाई लाग्छ? के परमेश्वरको प्रेम "असीम" र "विशाल" भन्ने यी दुई शब्दको नापमा पुग्न सक्छ? अवश्य सक्छ! मानव भाषामा, यी दुई शब्द मात्रै केही हदसम्म सुहाउँदो छन्, अनि परमेश्वरको प्रेमलाई बयान गर्न तुलनात्मक रूपले उचित छन्। के तिमीहरूलाई त्यस्तो लाग्दैन? यदि मैले तिमीहरूलाई परमेश्वरको प्रेमबारे बयान गर्न लगाएँ भने के तिमीहरू यी दुई शब्दको प्रयोग गर्छौ? सायद तिमीहरूले त्यसो गर्दैनौ, किनकि परमेश्वरको प्रेम सम्बन्धी तिमीहरूको बुझाइ तथा सराहना दुई आयामको दृष्टिकोणको क्षेत्रभित्र सीमित छ, अनि यो तीन आयामको स्थानको उचाइमा उक्लेको छैन। यसैले, यदि मैले तिमीहरूलाई परमेश्वरको प्रेमको बयान गर्न दिएँ भने तिमीहरूले शब्दहरूको कमी भएको महसुस गर्नेथियौ, सायद तिमीहरू निःशब्द पनि हुने थियौ होला। आज दुई शब्दको बारेमा मैले तिमीहरूसित जुन कुरा गरेँ, त्यसलाई बुझ्न तिमीहरूलाई कठिन भयो होला वा सायद तिमीहरू पूर्ण रूपमा सहमत हुँदैनौ होला। यसले पनि देखाउँछ कि परमेश्वरको प्रेम सम्बन्धी तिमीहरूको सराहना तथा बुझाइ सतही छ र साँघुरो क्षेत्रभित्र सीमित छ। मैले अघि भनेँ कि परमेश्वर निःस्वार्थी हुनुहुन्छ; तिमीहरू "निःस्वार्थी" भन्ने यो शब्दलाई सम्झिन्छौ। के परमेश्वरको प्रेमलाई निःस्वार्थी भनेर मात्र बयान गर्न सकिन्छ भन्ने कुराको सम्भावना छ? के यो निकै साँघुरो क्षेत्र होइन र? तिमीहरूले यो विषयमा अझै बढी चिन्तन गर्नुपर्छ ताकि तिमीहरूले यसबाट केही हासिल गर्न सक।

माथि हामीले पहिलो आश्चर्यकर्मबाट परमेश्वरको स्वभाव अनि उहाँको सारको बारेमा हेर्‍यौं। यो मानिसहरूले हजारौँ वर्षदेखि पढ्दै आइरहेको एउटा कथा भए तापनि, यसको एउटा साधारण कथावस्तु छ, अनि यसले मानिसहरूलाई एउटा साधारण दृश्य देखाउँछ, तापनि यो साधारण कथावस्तुमा हामी केही मूल्यवान् कुरा देख्न सक्छौं, जुन परमेश्वरको स्वभाव तथा उहाँसित जे छ र उहाँ जे हुनुहुन्छ त्यही हो। उहाँसित जे छ र उहाँ जे हुनुहुन्छ ती कुराहरूले परमेश्वर स्वयम्‌लाई प्रतिनिधित्व गर्दछ अनि ती परमेश्वरको आफ्नै विचारहरूको प्रकटीकरण हुन्। जब परमेश्वरले आफ्ना विचारहरू प्रकट गर्नुहुन्छ, यो उहाँको हृदयको आवाजको प्रकटीकरण हो। उहाँले के आशा गर्नुहुन्छ भने, उहाँलाई बुझ्न सक्ने, उहाँलाई जान्न सक्ने अनि उहाँको इच्छालाई बुझ्न सक्ने र उहाँको इच्छालाई सन्तुष्ट गर्न सक्रिय रूपले सहकार्य गर्न सक्ने मानिसहरू हुनेछन्। प्रभु येशूले गर्नुभएका यी कुराहरू परमेश्वरको मौन अभिव्यक्ति हुन्।

यसपछि, हामी निम्न खण्डलाई हेरौं: लाजरसको पुनरुत्थानले परमेश्वरलाई महिमित तुल्याउँछ।

यस अध्यायलाई पढिसकेपछि तिमीहरूलाई कस्तो अनुभव भयो? प्रभु येशूले गर्नुभएको यो आश्चर्यकर्मको महत्त्व पहिलेको भन्दा धेरै ठूलो छ, किनकि एउटा मरेको मानिसलाई चिहानबाट फर्काएर ल्याउनुभन्दा बढी विस्मयकारी कुनै आश्चर्यकर्म हुँदैन। त्यस युगमा, प्रभु येशूले त्यस्तो कुनै काम गर्नु अत्यन्तै अर्थपूर्ण थियो। परमेश्वर देह हुनुभएको कारणले, मानिसहरूले उहाँको

शारीरिक रूप, उहाँको व्यवहारिक पक्ष, अनि उहाँको महत्त्वहीन पक्ष मात्र देख्न सक्थे। यदि कतिपय मानिसहरूले उहाँको चरित्रको केही कुरा वा उहाँमा भएको जस्तो देखिने केही विशेष क्षमताहरू देखे र बुझे भने पनि प्रभु येशू कहाँबाट आउनुभयो, उहाँको सारमा उहाँ साँच्चै को हुनुहुन्छ, उहाँ वास्तवमा अन्य कुन-कुन कुराहरू गर्न सक्षम हुनुहुन्छ भन्ने बारेमा कसैलाई थाहा थिएन। यी सबै कुरा मानिसजातिको निम्ति अज्ञात थियो। धेरै मानिसहरूले प्रभु येशू ख्रीष्टको बारेमा रहेका यी प्रश्नहरूको उत्तर दिन, अनि सत्यतालाई जान्नको लागि प्रमाण भेट्टाउन चाहन्थे। के परमेश्वरले आफ्नो पहिचानलाई प्रमाणित गर्न केही गर्न सक्नुहुन्थ्यो? परमेश्वरको निम्ति, यो साह्रै सजिलो थियो–यो सजिलै हासिल गर्न सकिने कुरा थियो। आफ्नो पहिचान तथा सारलाई प्रमाणित गर्न उहाँले केही कुरा कुनै पनि ठाउँमा, कुनै पनि समयमा गर्न सक्नुहुन्थ्यो तर परमेश्वरको काम गर्ने आफ्नै तरिकाहरू थिए–योजनासहित, अनि चरणबद्ध रूपमा। उहाँले अन्धाधुन्ध कामहरू गर्नुभएन, बरु जुन कुरा उहाँले मानिसलाई देखाउनुहुन्थ्यो, अर्थले भरिएको हुन्थ्यो त्यस्तो कुनै कुरा गर्न उहाँले ठीक समय र ठीक अवसर खोज्नुहुन्थ्यो। यस प्रकारले, उहाँले आफ्नो अख्तियार तथा पहिचानलाई प्रमाणित गर्नुभयो। त्यसोभए, के लाजरसको पुनरुत्थानले प्रभु येशूको पहिचानलाई प्रमाणित गर्न सक्यो त? धर्मशास्त्रको निम्न अध्यायलाई हेरौं: “अनि जब उहाँले त्यसरी बोलिसक्नुभएपछि, उहाँले उच्च स्वरमा लाजरस, बाहिर आऊ भनी भन्नुभयो। तब मरेको मानिस तिनी बाहिर आए...।” जब प्रभु येशू ख्रीष्टले यसो गर्नुभयो, तब उहाँले केवल एउटा कुरा गर्नुभयो: “लाजरस, बाहिर आऊ।” तब लाजरस उसको चिहानबाट बाहिर आए–प्रभुले उच्चारण गर्नुभएका केवल केही वचनहरूको कारणले यो कार्य सम्पन्न भएको थियो। त्यस समयावधिमा, प्रभु येशूले वेदी खडा गर्नुभएन, अनि उहाँले कुनै अन्य कामहरू गर्नुभएन। उहाँले केवल एउटै कुरा गर्नुभयो। यसलाई आश्चर्यकर्म भन्न सकिन्छ कि आज्ञा? अथवा, के त्यो कुनै प्रकारको जादुगरी थियो? झट्ट हेर्दा, यसलाई आश्चर्यकर्म भन्न सकिन्छ कि भन्ने देखिन्छ, अनि यदि तैँले यसलाई आधुनिक दृष्टिकोणबाट हेर्छस् भने तैँले यसलाई आश्चर्यकर्म नै भन्न सक्छस्। तैपनि, यसलाई मृतकबाट प्राण फर्काउनको निम्ति बोलाइने एक प्रकारको जादु भनेर निश्चय नै भन्न सकिँदैन, र यो कुनै पनि प्रकारको जादूगरी अवश्य थिएन। यो आश्चर्यकर्म सृष्टिकर्ताको अख्तियारको सबैभन्दा सामान्य अनि सानो प्रदर्शन थियो भन्नु सही हुन्छ। यो परमेश्वरको अख्तियार र शक्ति हो। कुनै व्यक्तिलाई मर्न दिने, उसको आत्मालाई उसको शरीर छोडेर मृत लोक वा त्यो जहाँसुकै जानुपर्ने हो त्यहाँ जान दिने अधिकार परमेश्वरसित छ। व्यक्तिको मृत्यु हुने समय र मृत्युपछि तिनीहरू जानुपर्ने ठाउँ–यी कुराहरू परमेश्वरद्वारा निर्धारित हुन्छन्। उहाँले यी निर्णयहरू मानवहरू, घटनाहरू, वस्तुहरू, स्थान वा भूगोलको दबाबमा नपरी कुनै पनि समयमा र कुनै पनि ठाउँमा गर्न सक्नुहुन्छ। यदि उहाँले यो गर्न चाहनुहुन्छ भने उहाँले यो गर्न सक्नुहुन्छ, किनकि सबै कुराहरू र जीवित प्राणीहरू उहाँको शासनको अधीनमा छन् र सबै कुराहरू उहाँको वचन र उहाँको अधिकारद्वारा जन्मन्छन, जिउँछन्, र नष्ट हुन्छन्। उहाँले मृतकलाई बौरी उठाउन सक्नुहुन्छ, अनि यो पनि उहाँले कुनै पनि समयमा, कुनै पनि स्थानमा गर्नसक्ने कुरा हो। यो केवल सृष्टिकर्तामा निहित रहेको अख्तियार हो।

लाजरसलाई मृतकबाट फर्काउने जस्ता कार्यहरू गर्ने क्रममा प्रभु येशूको लक्ष्य भनेको मानिसहरू तथा शैतान देखाउन प्रमाण दिनु थियो, र मानिसहरू तथा शैतानलाई मानवजातिको बारेमा हरेक कुरा, मानवजातिको जीवन तथा मृत्यु परमेश्वरद्वारा निर्धारित हुन्छन्, अनि उहाँ देहधारी भइसक्नुभएको भए तापनि, देख्न सकिने भौतिक संसारको साथै मानिसहरूले देख्न नसक्ने आत्मिक संसारमाथि उहाँको हुकुम कायम छ भन्ने कुरा जान्न दिनु थियो। यो यसकारण गरिएको थियो ताकि मानवजातिको सबै कुरा शैतानको अधीनमा छैन भनी मानवजाति र शैतानले जान्न सकून्। यो परमेश्वरको अधिकारको प्रकाश तथा प्रदर्शन थियो, अनि यो मानवजातिको जीवन र मृत्यु परमेश्वरको हातमा छन् भनी सबै कुराहरूलाई सन्देश पठाउने परमेश्वरको एउटा तरिका पनि थियो। प्रभु येशूले लाजरसलाई गर्नुभएको पुनरुत्थान सृष्टिकर्ताले मानवजातिलाई शिक्षा र प्रशिक्षण दिने एउटा तरिका थियो। यो एउटा यस्तो ठोस कार्य थियो जसमा मानवजातिलाई शिक्षा दिन र प्रबन्ध गर्न उहाँले आफ्नो शक्ति र अख्तियारको प्रयोग गर्नुभयो। यो वचनहरू प्रयोग नगरी सबै कुराहरू उहाँको अधिकारमा छन् भन्ने सत्यता मानिसहरूलाई देखाउने सृष्टिकर्ताको तरिका थियो। यो उहाँद्वारा बाहेक अरू कसैमा मुक्ति छैन भनी मानवजातिलाई यी व्यवहारिक कार्यहरूद्वारा बताउने उहाँको एउटा तरिका थियो। मानवजातिलाई प्रशिक्षण दिने उहाँले प्रयोग गर्नुभएको यो शान्त विधि अनन्त, अमेट छ, जसले मानव हृदयहरूमा कहिल्यै ओइलाउन नसक्ने झट्का र अन्तर्दृष्टि ल्याउँछ। लाजरसको पुनरुत्थानले परमेश्वरलाई महिमित तुल्यायो—परमेश्वरका हरेक अनुयायीहरूमाथि यसको गहिरो प्रभाव छ। यो घटना गहिरो प्रकारले बुझ्ने हरेक व्यक्तिमा केवल परमेश्वरले मात्र मानवजातिको जीवन र मृत्युमाथि हुकुम चलाउन सक्नुहुन्छ भन्ने बुझाइ र दर्शनलाई यसले दृढतासहित स्थापित गरिदिन्छ। परमेश्वरसित यस्तो अख्तियार भए तापनि, लाजरसको मृत्युद्वारा उहाँले मानवजातिको जीवन र मृत्युमाथि आफ्नो सार्वभौमिकता छ भन्ने बारेमा सन्देश पठाउनुभएको भए तापनि, यो उहाँको प्राथमिक काम थिएन। परमेश्वरले अर्थविनाको कुनै काम गर्नुहुन्न। उहाँले गर्नुहुने हरेक कुरा ठूलो महत्त्वको हुन्छ र यो सम्पत्तिको भण्डारमा एउटा श्रेष्ठ रत्न हो। "एउटा व्यक्तिलाई त्यसको चिहानबाट बाहिर आउने तुल्याउनु" लाई उहाँले आफ्नो कामको प्राथमिक वा एक मात्र उद्देश्य वा अंश बनाउनुहुन्न। परमेश्वरले कुनै पनि काम अर्थविना गर्नुहुन्न। एक मात्र घटनाको रूपमा लाजरसको पुनरुत्थान परमेश्वरको अख्तियारलाई प्रदर्शन गर्न र प्रभु येशूको पहिचानलाई प्रमाणित गर्न पर्याप्त थियो। त्यसैकारण प्रभु येशूले यस प्रकारको आश्चर्यकर्म दोहोर्याउनुभएन। परमेश्वरले आफ्नै सिद्धान्तहरू अनुसार कामहरू गर्नुहुन्छ। मानव भाषामा भन्दा, परमेश्वरले आफ्नो मन गम्भीर विषयवस्तुहरूले मात्रै भर्नुहुन्छ भनेर भन्न सकिन्छ। भनाइको अर्थ, जब परमेश्वरले केही गर्नुहुन्छ, तब उहाँ आफ्नो कामको उद्देश्यबाट बहकिनुहुन्न। यस चरणमा उहाँले कुन काम गर्न चाहनुहुन्छ, के पूरा गर्न चाहनुहुन्छ सो उहाँ जान्नुहुन्छ अनि आफ्नो योजनाअनुसार उहाँले दृढतापूर्वक काम गर्नुहुनेछ। यदि भ्रष्ट व्यक्तिसित त्यस्तो प्रकारको क्षमता भएको भए, ऊ कति भयङ्कर छ भनी अरूले जानून्, तिनीहरू उसको सामु झुकून्, उसले तिनीहरूलाई नियन्त्रण गर्न र निल्न सकून् भनेर उसले केवल आफ्नो क्षमता प्रदर्शन गर्ने तरिकाहरूको बारेमा सोचिरहनेथियो। यो शैतानबाट आउने दुष्टता हो—यसलाई भ्रष्टता भनिन्छ।

परमेश्वरसित यस्तो भ्रष्टता छैन, अनि उहाँसित यस्तो सार छैन। उहाँले केही गर्नुको पछाडि आफैलाई प्रदर्शन गर्नु होइन, तर मानवजातिलाई अझै बढी प्रकाश तथा मार्गदर्शन दिनु हो, त्यसैकारण मानिसहरूले बाइबलमा यस्तो प्रकारको घटनाको उदाहरणहरू अत्यन्तै थोरै मात्रै देख्छन्। यसको अर्थ प्रभु येशूका शक्तिहरू सीमित थिए, वा उहाँ त्यस्ता कुराहरू गर्न असक्षम हुनुहुन्थ्यो भन्ने होइन। कुरा केवल यति मात्रै हो कि परमेश्वरले त्यो गर्न चाहनुभएन किनकि प्रभु येशूले लाजरसलाई गर्नुभएको पुनरुत्थानको व्यवहारिक महत्त्व थियो, अनि यसको कारण यो पनि हो कि परमेश्वर देहधारी हुनुको प्राथमिक काम आश्चर्यकर्महरू गर्नु, मानिसहरूलाई मरेको अवस्थाबाट फर्काएर ल्याउनु थिएन, तर मानवजातिको उद्धारको काम थियो। त्यसकारण, प्रभु येशूले पूरा गर्नुभएको अधिकांश काम मानिसहरूलाई शिक्षा दिनु, तिनीहरूको निम्ति उपलब्ध गराउनु, र तिनीहरूलाई सहायता गर्नु थियो, अनि लाजरसलाई पुनरुत्थान गर्नु जस्ता घटनाहरू प्रभु येशूले गर्नुभएको सेवकाइको केवल एउटा सानो अंश मात्र थियो। यति मात्र होइन, के भन्न सकिन्छ भने, “प्रदर्शन गर्नु” परमेश्वरको सारको एउटा भाग होइन, त्यसैले धेरै आश्चर्यकर्महरू प्रदर्शन नगरेर उहाँले जानी-बुझी आफूमाथि प्रतिबन्ध गरिरहनुभएको थिएन, न त वातावरणीय सीमाहरूको कारणले यसो भएको थियो, अनि शक्तिको कमीको कारणले त निश्चय नै यसो भएको थिएन।

जब प्रभु येशूले लाजरसलाई मरेको अवस्थाबाट फर्काइ ल्याउनुभयो, तब उहाँले यी वचनहरू मात्र प्रयोग गर्नुभयो: “लाजरस, बाहिर आऊ।” यसबाहेक उहाँले अरू केही भन्नुभएन। त्यसैले, यी वचनहरूले के कुरालाई प्रदर्शन गर्छ? यी वचनहरूले मरेको मानिसलाई पुनरुत्थान गर्ने लगायत परमेश्वरले बोलेर जे पनि सम्पन्न गर्न सक्नुहुन्छ भन्ने कुरालाई प्रदर्शन गर्छ। जब परमेश्वरले सबै थोक सृष्टि गर्नुभयो, जब उहाँले संसार सृष्टि गर्नुभयो, उहाँले वचनहरूद्वारा सो गर्नुभयो–बोलिएका आज्ञाहरू, अख्तियारपूर्ण वचनहरू, अनि यस प्रकारले सबै कुराहरू सृष्टि गरिए, अनि यसरी, यो सम्पन्न भयो। प्रभु येशूद्वारा बोलिएका यी केही वचनहरू स्वर्ग, पृथ्वी र यावत् थोक सृष्टि गर्ने क्रममा परमेश्वरले बोल्नुभएका वचनहरू जस्तै थिए; यही प्रकारले, तिनमा परमेश्वरको अख्तियार र सृष्टिकर्ताको शक्ति थियो। परमेश्वरको मुखबाट निस्केका वचनहरूको कारणले सबै थोक बनिए र दृढ भइ खडा रहे, अनि त्यही प्रकारले, प्रभु येशूको मुखबाट निस्केका वचनहरूको कारणले लाजरस आफ्नो चिहानबाट बाहिर निस्क्यो। उहाँको देहधारी शरीरमा प्रदर्शन गरिएको र पूरा भएको परमेश्वरको अख्तियार यही थियो। यस्तो प्रकारको अख्तियार तथा क्षमता सृष्टिकर्ता अनि मानिसको पुत्रको स्वामित्वमा थियो, जसमा सृष्टिकर्ता प्रकट हुनुभएको थियो। लाजरसलाई मरेको अवस्थाबाट बिउँताएर परमेश्वरले मानवजातिलाई सिकाउनुभएको बुझाइ यही नै थियो। अब, हामी यस विषयको छलफललाई यहीँ सिध्याउनेछौं। यसपछि, हामी धर्मशास्त्रबाट थप पढ्नेछौं।

१०. येशूमाथि फरिसीहरूको न्याय

मर्कूस ३:२१-२२ अनि जब उहाँका मित्रहरूले यो सुने, उहाँलाई समात्न तिनीहरू बाहिर निस्के: किनकि तिनीहरूले भने उहाँ आफ्नो नियन्त्रणमा हुनुहुन्न। अनि येरूशलेमबाट आएका शास्त्रीहरूले भने, त्यससँग बालजिबुल छ, र त्यसले भूतहरूको राजकुमारद्वारा भूतहरूलाई निकाल्छ।

११. फरिसीहरूलाई येशूको हप्की

मत्ती १२:३१-३१ म किन तिमीहरूलाई भन्दछु, मानिसका सबै किसिमका पापहरू र ईश्वरनिन्दा क्षमा गरिनेछन्: तर मानिसले पवित्र आत्माको विरुद्ध गरेको ईश्वरनिन्दा क्षमा गरिनेछैन। र जसले मानिसको पुत्रको विरुद्धमा वचन बोल्छ, उसलाई क्षमा दिइनेछ: तर जसले पवित्र आत्माको विरुद्धमा बोल्छ, उसलाई क्षमा गरिनेछैन, न त यस संसारमा, न त आउनेवाला संसारमा।

मत्ती २३:१३-१५ तर शास्त्रीहरू र फरिसीहरू, ढोङ्गीहरू हो, तिमीहरूलाई धिक्कार छ! किनभने तिमीहरूले मानिसहरूको विरुद्ध स्वर्गको राज्य बन्द गर्छौ: किनभने न त तिमीहरू आफै जान्छौ, न भित्र जानलाई प्रवेश गरिरहेकाहरूलाई नै प्रवेश गर्न दिन्छौ। शास्त्रीहरू र फरिसीहरू, ढोङ्गीहरू हो, तिमीहरूलाई धिक्कार छ! किनकि तिमीहरू विधवाका घरहरू निल्छौ र लामा प्रार्थना गरेको स्वाँग पार्छौ: यसैले तिमीहरूले ठूलो दण्ड पाउनेछौ। शास्त्रीहरू र फरिसीहरू, ढोङ्गीहरू हो, तिमीहरूलाई धिक्कार छ! किनभने एक जनालाई आफ्नो मतमा ल्याउनको लागि तिमीहरू समुद्र र भूमि चहार्छौ, अनि ऊ मतमा आएपछि उसलाई तिमीहरूभन्दा दुई गुणा बढी नरकको बालक बनाउँछौ।

माथिका दुई खण्डहरूको विषयवस्तु फरक छ। पहिले, हामी पहिलो खण्डलाई हेरौं: येशूमाथि फरिसीहरूको न्याय।

बाइबलमा, येशू स्वयम् र उहाँले गर्नुभएका कामहरूको बारेमा फरिसीहरूको मूल्याङ्कन यस्तो थियो: "तिनीहरूले भने उहाँ आफ्नो नियन्त्रणमा हुनुहुन्न। ... त्यससँग बालजिबुल छ, र त्यसले भूतहरूको राजकुमारद्वारा भूतहरूलाई निकाल्छ" (मर्कूस ३:२१-२२)। प्रभु येशूको बारेमा शास्त्री र फरिसीहरूको न्याय तिनीहरूले अन्य मानिसहरूका वचनहरू अनुकरण गरेर भनेका मात्र थिइन, न त त्यो आधारहीन अनुमान नै थियो–यो प्रभु येशूका कार्यहरूका बारेमा तिनीहरूले जे देखे र सुने त्यसबाट तिनीहरूले निकालेको निष्कर्ष थियो। तिनीहरूको निष्कर्ष बाहिरी रूपमा न्यायको नाउँमा गरिएको जस्तो अनि मानिसको नजरमा त्यो न्यायसङ्गत जस्तो देखिएको भए तापनि, तिनीहरूले जुन अहङ्कारले प्रभु येशूलाई न्याय गरे, त्यो तिनीहरूले समेत सहन कठिन थियो। प्रभु येशूप्रतिको तिनीहरूको घृणाको उन्मत्त ऊर्जाले तिनीहरूको आफ्नै जङ्गली आकांक्षाहरू अनि दुष्ट शैतानिक मुखाकृति, साथै द्वेषपूर्ण स्वभावलाई उजागर गरेको थियो जसद्वारा तिनीहरू परमेश्वरको विरोध गर्थे। प्रभु येशूको न्याय गर्दा तिनीहरूले भनेका यी कुराहरू तिनीहरूका पागलपूर्ण आकांक्षाहरू, ईर्ष्या, अनि परमेश्वर र सत्यताप्रति तिनीहरूको शत्रुताको कुरूप र द्वेषपूर्ण प्रकृतिबाट प्रेरित थिए। तिनीहरूले प्रभु येशूका कामहरूको स्रोतबारे अनुसन्धान गरेनन्, न त उहाँले भन्नुभएको वा गर्नुभएको कामको सारलाई नै अनुसन्धान गरे। त्यसको साटो, उहाँले गर्नुभएको कामलाई तिनीहरूले उन्मादपूर्ण उत्तेजनाको अवस्थामा अनि जानाजानी द्वेष भावनाले आक्रमण र अपमान गरे। यहाँसम्म कि उहाँको आत्मा अर्थात् पवित्र आत्मा, जुन परमेश्वरको आत्मा हो, उहाँलाई जानी-जानी अपमान गरे। तिनीहरूले "उहाँ आफ्नो नियन्त्रणमा हुनुहुन्न," "बालजिबुल," र "भूतहरूको राजकुमार।" भनी भन्नुको अर्थ यही हो। भनाइको अर्थ, तिनीहरूले परमेश्वरको आत्मालाई बालजिबुल तथा दुष्ट आत्माहरूको राजकुमार हो भनी भने। परमेश्वरको देहधारी आत्मा, जसले देह धारण गर्नुभएको थियो, उहाँको कामलाई तिनीहरूले पागलपनको संज्ञा थिए। तिनीहरूले परमेश्वरको आत्मालाई बालजिबुल भनेर

मात्र निन्दा गरेनन्, तर परमेश्‍वरको कामलाई तिरस्कार गरे अनि प्रभु येशूलाई तिरस्कार र निन्दा गरे। परमेश्‍वरप्रतिको तिनीहरूको विरोध र निन्दाको सार शैतान तथा दुष्ट आत्माद्वारा परमेश्‍वरप्रति गरिएको विरोध र निन्दाको सारसित पूर्ण रूपले समान थियो। त्यसले भ्रष्ट मानिसहरूलाई मात्र प्रतिनिधित्व गर्दैनथ्यो तर धेरै हदसम्म, ती शैतानको नै मूर्त रूप थिए। मानवजातिको माझमा तिनीहरू शैतानको माध्यम थिए, अनि तिनीहरू शैतानको मतियार तथा नोकर थिए। प्रभु येशू ख्रीष्टप्रतिको तिनीहरूको निन्दा र तिनीहरूको बदनामीको सार प्रतिष्ठाको निम्ति परमेश्‍वरसितको तिनीहरूको संघर्ष थियो, परमेश्‍वरसितको तिनीहरूको द्वन्द्व थियो, अनि परमेश्‍वरलाई तिनीहरूले गरेको अन्त्यहीन परीक्षा थियो। परमेश्‍वरप्रतिको तिनीहरूको विरोधको सार तथा उहाँप्रतिको तिनीहरूको शत्रुताको आचरण, साथै तिनीहरूका वचन तथा तिनीहरूका विचारहरूले प्रत्यक्ष रूपमा परमेश्‍वरको आत्मालाई निन्दा गरेको र क्रोधित तुल्याएको थियो। यसरी, तिनीहरूले जे भने र गरे, त्यस अनुसार परमेश्‍वरले एउटा उचित न्याय निर्धारित गर्नुभयो, अनि तिनीहरूका कार्यहरूलाई पवित्र आत्माको विरुद्धमा गरिएको पाप भएको ठहर गर्नुभयो। यो पाप यस संसारमा अनि आउने संसारमा पनि अक्षम्य हुन्छ, जुन कुरालाई धर्मशास्त्रको निम्न खण्डमा प्रमाणित गरिएको छ: "मानिसले पवित्र आत्माको विरुद्ध गरेको ईश्‍वरनिन्दा क्षमा गरिनेछैन," र, "जसले पवित्र आत्माको विरुद्धमा बोल्छ, उसलाई क्षमा गरिनेछैन, न त यस संसारमा, न त आउनेवाला संसारमा।" आज, हामी परमेश्‍वरबाट आएका यी वचनहरूको साँचो अर्थको बारेमा कुरा गरौं: "उसलाई क्षमा गरिनेछैन, न त यस संसारमा, न त आउनेवाला संसारमा।" अर्थात्, परमेश्‍वरले कसरी वचनहरूलाई पूरा गर्नुहुन्छ भन्ने रहस्यलाई खोलौं: "उसलाई क्षमा गरिनेछैन, न त यस संसारमा, न त आउनेवाला संसारमा।"

हामीले कुरा गरेको हरेक कुरा मानिसहरू, घटना तथा काम-कुराहरूप्रति परमेश्‍वरको स्वभाव र आचरणसँग सम्बन्धित छ। स्वभाविक रूपले, माथिका यी दुई अध्यायहरू पनि यसको कुनै अपवाद होइनन्। धर्मशास्त्रका यी दुई खण्डहरूमा तिमीहरूले केही याद गर्‍यौ? कोही मानिसहरूले भन्छन्, कि तिनीहरूले त्यसमा परमेश्‍वरको क्रोध देख्छन्। कोही मानिसहरू भन्छन्, कि तिनीहरूले परमेश्‍वरको स्वभावको त्यो पक्ष देख्छन् जसले मानवजातिको अपराधलाई सहनुहुन्न, अनि यदि मानिसहरूले परमेश्‍वरप्रति कुनै निन्दात्मक काम गर्छन् भने तिनीहरूले परमेश्‍वरको क्षमा प्राप्त गर्ने छैनन्। यी खण्डहरूमा मानिसहरूले मानवजातिको अपराधप्रति परमेश्‍वरको क्रोध तथा असहनशीलतालाई देख्छन् भन्ने तथ्यको बाबजुद पनि, तिनीहरूले अझै उहाँको आचरणलाई साँचो रीतिले बुझ्दैनन्। उहाँलाई निन्दा गर्ने र क्रोधित तुल्याउनेप्रति उहाँको साँचो धारणा तथा उहाँको दृष्टिकोण यी दुई खण्डहरूमा अन्तर्निहित रूपमा लुकेका छन्। उहाँको आचरण र दृष्टिकोणले निम्न खण्डको साँचो अर्थलाई प्रदर्शन गर्दछन्: "जसले पवित्र आत्माको विरुद्धमा बोल्छ, उसलाई क्षमा गरिनेछैन, न त यस संसारमा, न त आउनेवाला संसारमा।" जब मानिसहरूले परमेश्‍वरलाई निन्दा गर्छन् अनि जब तिनीहरूले उहाँलाई क्रोधित तुल्याउँछन्, तब उहाँले एउटा फैसला जारी गर्नुहुन्छ, अनि त्यो फैसला उहाँद्वारा जारी गरिएको परिणाम हो। यसलाई बाइबलमा यसरी व्याख्या गरिएको छ: "म किन तिमीहरूलाई भन्दछु, मानिसका सबै किसिमका पापहरू र ईश्‍वरनिन्दा क्षमा

गरिनेछन्: तर मानिसले पवित्र आत्माको विरुद्ध गरेको ईश्वरनिन्दा क्षमा गरिनेछैन” (मत्ती १२:३१), र “तर शास्त्रीहरू र फरिसीहरू, ढोङ्गीहरू हो, तिमीहरूलाई धिक्कार छ!” (मत्ती २३:१३)। तथापि, ती शास्त्री तथा फरिसीहरू, साथै यी कुराहरू भन्नुभएपछि प्रभु येशू पागल हुनुहुन्छ भन्ने ती मानिसहरूको परिणाम के थियो भनेर के बाइबलमा लेखिएको छ? के तिनीहरूले कुनै दण्ड भोगे भनी लेखिएको छ? छैन–यसलाई निश्चित रूपमा भन्न सकिन्छ। यहाँ “छैन” भनेर त्यस्तो कुनै कुराको अभिलेख छैन भनिएको होइन, तर यति मात्रै कि वास्तवमा मानव आँखाले देख्न सकिने कुनै परिणाम थिएन। “लेखिएको थिएन” भन्नुले, निश्चित कुराहरूलाई परिचालन गर्नको निम्ति परमेश्वरको धारणा तथा सिद्धान्तहरूको मामलाई स्पष्ट पार्दछ। परमेश्वरलाई निन्दा गर्ने वा विरोध गर्ने वा उहाँलाई बदनाम समेत गर्नेहरूप्रति पनि–जानी-जानी उहाँलाई आक्रमण गर्ने, बदनाम गर्ने र सराप्ने मानिसहरू–तिनीहरूप्रति उहाँले आफ्नो आँखा चिम्लनुहुन्न वा आफ्नो कान बन्द गर्नुहुन्न तर तिनीहरूप्रति उहाँको स्पष्ट धारणा छ। उहाँले यी मानिसहरूलाई तुच्छ ठान्नुहुन्छ, अनि आफ्नो हृदयमा तिनीहरूलाई दोषी ठहऱ्याउनुहुन्छ। तिनीहरूको परिणाम के हुनेछ भनी उहाँले खुल्लमखुल्ला घोषणा समेत गर्नुहुन्छ, ताकि उहाँलाई निन्दा गर्नेहरूप्रति उहाँको स्पष्ट धारणा छ भनी मानिसहरूले जान्न सकून् अनि उहाँले तिनीहरूको परिणाम कसरी निर्धारण गर्नुहुन्छ भनी तिनीहरूले जान्न सकून्। तथापि, परमेश्वरले यी कुराहरू भनिसक्नुभएपछि परमेश्वरले ती मानिसहरूलाई कसरी सम्हाल्नुहुन्छ भन्ने सत्यतालाई मानिसहरूले विरलै मात्र देख्न सके, अनि परमेश्वरले तिनीहरूको निम्ति जारी गर्नुभएको परिणाम र फैसलापछाडिको सिद्धान्तहरू तिनीहरूले बुझ्न सकेनन्। भन्नुको अर्थ, तिनीहरूलाई सम्हाल्नको निम्ति परमेश्वरसँग जुन पद्धति र विधिहरू छन्, तिनलाई मानिसहरूले देख्न सकेनन्। यो, कामहरू गर्ने परमेश्वरको सिद्धान्तहरूसित सम्बन्धित छ। परमेश्वरले केही मानिसहरूको खराब आचरणको निराकरण गर्न तथ्यहरूको घटनालाई प्रयोग गर्नुहुन्छ। यसको अर्थ, उहाँले तिनीहरूको पापको घोषणा गर्नुहुन्न र त्यसको परिणाम निर्धारण गर्नुहुन्न तर तिनीहरूको भागमा परेको दण्ड र उचित बदला दिन उहाँले प्रत्यक्ष रूपमा तथ्यहरूको घटना प्रयोग गर्नुहुन्छ। जब यी तथ्यहरूको घटना घट्छन्, तब मानिसहरूको देहले दण्ड भोग्नेछन्, यसको अर्थ, यो मानव आँखाहरूले देख्न सक्ने दण्ड हुन्छ। केही मानिसहरूको खराब आचरणको निराकरण गर्दा परमेश्वरले तिनीहरूलाई केवल वचनहरूले सराप्नुहुन्छ अनि तिनीहरूमाथि उहाँको रिस आउँछ तर तिनीहरूले पाउने दण्ड मानिसहरूले देख्न नसक्ने कुरा हुनसक्छ। तथापि, यस्तो प्रकारको परिणाम दण्ड दिइनु वा मारिनु जस्ता मानिसहरूले देख्न सक्ने परिणामहरूभन्दा बढी गम्भीर पनि हुनसक्छन्। यसको कारण, यस्तो मानिसलाई नबचाउने, तिनीहरूलाई कृपा वा सहनशीलता नदेखाउने अनि तिनीहरूलाई अब उप्रान्त कुनै अवसरहरू नदिने भनी परमेश्वरले निर्धारण गर्नुभएको परिस्थितिहरूमा उहाँले तिनीहरूप्रति गर्नुहुने व्यवहार भनेको तिनीहरूलाई पन्छ्याउने नै हुन्छ। यहाँ “पन्छ्याउनु” को अर्थ के हो? यस शब्दको आधारभूत अर्थ भनेको “कसैलाई एकातिर पन्छ्याउनु, त्यसलाई अब उप्रान्त ध्यान नदिनु” भन्ने हुन्छ। तर यहाँ जब परमेश्वरले “कसैलाई पन्छ्याउनुहुन्छ”, यसको अर्थको दुई भिन्न व्याख्याहरू हुन्छन्: पहिलो व्याख्या हो, उहाँले त्यस व्यक्तिको जीवन तथा त्यस व्यक्तिको सबै कुरा शैतानद्वारा निराकरण गरिनको

निम्ति त्यसलाई सुम्पिदिनुहुनेछ, अनि परमेश्वर त्यस उपरान्त त्यसप्रति जिम्मेवार हुनुहुनेछैन र त्यस व्यक्तिलाई व्यवस्थित गर्नुहुनेछैन। त्यो व्यक्ति पागल होस् वा मूर्ख वा तिनीहरू मरेको होस् वा जीवित वा तिनीहरू दण्डको निम्ति नरकमा झरुन्, यी कुनै पनि कुराले परमेश्वरसित सम्बन्ध राख्नेछैन। यसको अर्थ, त्यस्तो सृष्टिको सृष्टिकर्तासित कुनै सम्बन्ध हुनेछैन। दोस्रो व्याख्या हो, त्यस्तो व्यक्तिसित उहाँ स्वयम्ले उहाँको आफ्नै हातले केही गर्ने अठोट परमेश्वरले गर्नुभएको छ। यो सम्भव छ कि उहाँले यस व्यक्तिको सेवाको उपयोग गर्नुहुनेछ वा उहाँले तिनीहरूलाई प्रतिभारको रूपमा प्रयोग गर्नुहुनेछ। यो सम्भव छ कि यस प्रकारको व्यक्तिलाई निराकरण गर्ने विशेष तरिका उहाँसित छ, तिनीहरूलाई व्यवहार गर्ने एउटा विशेष तरिका छ, उदाहरणको निम्ति, पावलसित गरिएको व्यवहार। परमेश्वरको हृदयमा भएको सिद्धान्त तथा धारणा यही हो, जसद्वारा उहाँले यस प्रकारको व्यक्तिलाई निराकरण गर्ने अठोट गर्नुभएको छ। त्यसैले, जब मानिसहरूले परमेश्वरलाई विरोध गर्छन्, उहाँलाई बदनाम र निन्दा गर्छन्, यदि तिनीहरूले उहाँको स्वभावलाई उत्तेजित गर्छन् वा यदि तिनीहरूले परमेश्वरलाई उहाँको सहनशीलताको सीमादेखि पर धकेल्छन् भने, परिस्थितिहरू सोच्न नसकिने हुन्छ। सबैभन्दा गम्भीर परिस्थिति भनेको परमेश्वरले तिनीहरूको जीवन र तिनीहरूको सबै कुरा सधैँको लागि शैतानको हातमा सुम्पिदिनुहुनेछ भन्ने हो। तिनीहरूलाई अनन्तसम्मै क्षमा गरिनेछैन। यसको अर्थ, यो व्यक्ति शैतानको मुखको भोजन, त्यसको हातको खेलौना बनेको हुन्छ, अनि त्यसभन्दा उता तिनीहरूसित परमेश्वरको कुनै सम्बन्ध हुनेछैन। शैतानले अय्यूबलाई परीक्षा गरेपछि कस्तो दुर्दशा भयो भनेर के तिमीहरू कल्पना गर्नसक्छौ? अय्यूबको जीवनमा हानि गर्न शैतानलाई अनुमति नदिइएको परिस्थितिमा समेत, अय्यूबले अझै धेरै कष्ट भोगे। अनि शैतानकै हातमा पूर्ण रूपले सुम्पिएको, शैतानकै पकडभित्र रहेको, परमेश्वरको वास्ता तथा कृपालाई पूर्ण रूपले गुमाइसकेको, उप्रान्त सृष्टिकर्ताको शासनमुनि नरहेको, परमेश्वरको आराधना गर्न र उहाँको शासनमुनि उहाँको सृष्टि हुने अधिकारदेखि बन्चित भएको, अनि सृष्टिका प्रभुसितको आफ्नो सम्बन्ध पूर्ण रूपले तोडिएको व्यक्तिलाई शैतानले गर्ने विध्वंसहरूको कल्पना गर्न झन् कति गाह्रो छैन र? अय्यूबलाई शैतानले गरेको सतावट मानव आँखाले देख्न सकिन्थ्यो तर यदि परमेश्वरले कुनै व्यक्तिको जीवन शैतानको हातमा सुम्पिदिनुभयो भने, परिणामहरू मानव कल्पनाभन्दा बाहिर हुन्छन्। उदाहरणको लागि, कतिपय मानिसहरू गाईको रूपमा, वा गधाको रूपमा जन्मिन्छन्, जब कि कतिलाई अशुद्ध, दुष्ट आत्माहरूले भरिएका र कब्जामा पारिएका हुन सक्छन्, इत्यादि। परमेश्वरले शैतानको हातमा सुम्पिदिनुभएका कतिपय मानिसहरूको परिणामहरू यस्तै हुन्छन्। बाहिरबाट हेर्दा, प्रभु येशूलाई तिरस्कार गर्ने, बदनाम गर्ने, दोष लगाउने, निन्दा गर्ने मानिसहरूले कुनै परिणामहरू नभोगेका जस्तो देखिन सक्छ। तैपनि, परमेश्वरसँग हरेक कुरासँग व्यवहार गर्ने शैली हुन्छ। उहाँले हरेक प्रकारको व्यक्तिसँग जसरी व्यवहार गर्नुहुन्छ, त्यसको परिणाम मानिसहरूलाई बताउन उहाँले स्पष्ट भाषा प्रयोग नगर्न सक्नुहुन्छ। कहिलेकाहीँ, उहाँले प्रत्यक्ष रूपले बोल्नुहुन्न, बरु प्रत्यक्ष रूपले व्यवहार गर्नुहुन्छ। उहाँले यसको बारेमा बोल्नुहुन्न भन्दैमा त्यसको परिणाम हुँदैन भन्ने अर्थ लाग्दैन—वास्तवमा, त्यस्तो अवस्थामा परिणाम अझ बढी गम्भीर हुने सम्भावना हुनसक्छ। बाहिरबाट, परमेश्वरले कतिपयलाई

आफ्नो आचरणको बारेमा स्पष्ट प्रकारले बताउनुहुन्न भन्ने जस्तो देखिन्छ, तर वास्तवमा, परमेश्‍वरले तिनीहरूलाई लामो समयदेखि कुनै ध्यान दिन चाहनुभएको हुँदैन। उहाँले तिनीहरूलाई उप्रान्त हेर्न चाहनुहुन्‍न। तिनीहरूले गरेका कुराहरू र तिनीहरूको व्यवहारको कारणले, तिनीहरूको प्रकृति सारको कारणले, परमेश्‍वरले तिनीहरूलाई उहाँको दृष्टिबाट हराएको मात्रै चाहनुहुन्छ, तिनीहरूलाई सीधै शैतानको हातमा सुम्पिदिन चाहनुहुन्छ, तिनीहरूको आत्मा, प्राण, शरीर शैतानलाई दिन चाहनुहुन्छ अनि त्यसले तिनीहरूसित जे गरेको चाहन्छ, सो गर्न दिने अनुमति दिन चाहनुहुन्छ। परमेश्‍वरले कति हदसम्म तिनीहरूलाई घृणा गर्नुहुन्छ, तिनीहरूदेखि उहाँ कति हदसम्म चिढिनुभएको छ भन्ने कुरा स्पष्ट छ। यदि कुनै व्यक्तिले परमेश्‍वरलाई यस्तो बिन्दुसम्म रिस उठाउँछ कि परमेश्‍वरले तिनीहरूलाई फेरि हेर्न समेत चाहनहुन्न अनि तिनीहरूलाई पूर्ण रूपमा छोडिदिन तयार हुनुहुन्छ, यस्तो बिन्दुसम्म कि उहाँ आफै तिनीहरूसित व्यवहार गर्न चाहनुहुन्‍न–यदि यो यस्तो बिन्दुसम्म आइपुग्छ जहाँ उहाँले तिनीहरूलाई शैतानको हातमा त्यसले चाहेअनुसार गर्न, तिनीहरूलाई नियन्त्रण गर्न, निल्न, र त्यसलाई जस्तो खुशी लाग्छ, त्यसरी व्यवहार गर्न दिनको निम्ति सुम्पिदिनुहुनेछ–तब त्यो व्यक्ति पूर्ण रूपमा सिद्‍धिनेछ। मानिस हुन पाउने त्यसको अधिकार सधैँको निम्ति रद्द भएको हुन्छ, अनि परमेश्‍वरको सृष्टि हुन पाउने तिनीहरूको अधिकार अन्त्यमा आइपुगेको हुन्छ। के यो कठोर प्रकारको सजाय होइन र?

माथिका सबै कुरा यी वचनहरूको पूर्ण व्याख्या हो: “उसलाई क्षमा गरिनेछैन, न त यस संसारमा, न त आउनेवाला संसारमा,” अनि धर्मशास्त्रका यी खण्डहरूको बारेमा यसले एउटा सरल टिप्पणीको काम पनि गर्छ। मलाई विश्‍वास छ कि तिमीहरू सबैले अहिले यसलाई बुझेका छौ।

अब हामी धर्मशास्त्रबाट निम्न खण्डहरू पढौं।

१२. उहाँको पुनरुत्थानपछि उहाँका चेलाहरूलाई येशूका वचनहरू

यूहन्ना २०:२६-२९ अनि फेरि आठ दिनपछि उहाँका चेलाहरू भित्रै थिए र थोमा पनि तिनीहरूसँग थिए: तब ढोकाहरू बन्द भएको अवस्थामा येशू भित्र आउनुभयो र बिचमा खडा भएर भन्‍नुभयो, तिमीहरूलाई शान्ती होस्। तब उहाँले थोमालाई भन्‍नुभयो, तिम्रो औँला यहाँ ल्याऊ र मेरा हातहरू हेर; र तिम्रो हात यहाँ ल्याऊ र मेरो कोखामा छिराऊ: र अविश्‍वासी होइन, तर विश्‍वास गर्ने होऊ। अनि थोमाले उहाँलाई जवाफ दिएर भने, मेरा प्रभु र मेरा परमेश्‍वर। येशूले तिनलाई भन्‍नुभयो, थोमा तिमीले मलाई देखेको कारण विश्‍वास गरेको छौ: तिनीहरू आशिषित् हुन् जसले देखेका छैनन्, र पनि विश्‍वास गरेका छन्।

यूहन्ना २१:१६-१७ उहाँले तिनलाई फेरि दोस्रो पटक भन्‍नुभयो, यूहन्नाको छोरा सिमोन, के तिमी मलाई प्रेम गर्छौ? तिनले उहाँलाई भने, हो, प्रभु; तपाईंलाई थाहा छ म तपाईंलाई प्रेम गर्छु। उहाँले तिनलाई भन्‍नुभयो, मेरा भेडालाई खुवाऊ। उहाँले तिनलाई तेस्रो पटक भन्‍नुभयो, यूहन्नाको छोरा सिमोन, के तिमी मलाई प्रेम गर्छौ? पत्रुस दुःखित भए किनभने उहाँले तिनलाई तेस्रो पटक “के तिमी मलाई प्रेम गर्छौ?” भनेर भन्‍नुभयो। अनि तिनले उहाँलाई भने, प्रभु, तपाईंलाई सबै कुरा थाहा छ; तपाईंलाई थाहा छ, म तपाईंलाई प्रेम गर्छु। येशूले तिनलाई भन्‍नुभयो, मेरा भेडालाई खुवाऊ।

यी खण्डहरूले उहाँको पुनरुत्थानपछि आफ्ना चेलाहरूलाई प्रभु येशूले गर्नुभएको र भन्नुभएको निश्चित कुराहरूलाई बयान गरेको छ। पहिले, हामी पुनरुत्थानअघि र पुनरुत्थानपछि प्रभु येशूमा हुन सक्ने कुनै भिन्नताहरूलाई हेरौं। के उहाँ केही दिनहरू अघिको त्यही प्रभु हुनुहुन्थ्यो त? धर्मशास्त्रमा पुनरुत्थानपछिको प्रभु येशूलाई बयान गर्ने निम्न पङ्ति छ: "तब ढोकाहरू बन्द भएको अवस्थामा येशू भित्र आउनुभयो र बिचमा खडा भएर भन्नुभयो, तिमीहरूलाई शान्ती होस्।" यो एकदमै स्पष्ट कि त्यस बेला प्रभु येशूले उप्रान्त देहको शरीर हुनुहुन्नथियो, तर उहाँ अब एउटा आत्मिक शरीरमा हुनुहुन्थ्यो। किनभने उहाँले देहका सीमाहरूलाई पार गरिसक्नुभएको थियो; ढोका बन्द भए तापनि, उहाँ मानिसहरूको बीचमा आउन सक्नुभयो र तिनीहरूले उहाँलाई हेर्न सके। पुनरुत्थानपछिको प्रभु येशू र पुनरुत्थानअघि शरीरमा जिइरहनुभएका प्रभु येशू बीचको सबैभन्दा ठूलो भिन्नता यही नै हो। त्यस क्षणको आत्मिक शरीरको रूप र त्यसभन्दा अघिको प्रभु येशूको रूप बीच भिन्नता नभएको भए तापनि, त्यस क्षणमा प्रभु येशू मानिसहरूका निम्ति पराई जस्तो महसुस हुने व्यक्ति हुनुभएको थियो, किनकि मृतकहरूबाट पुनरुत्थान हुनुभएपछि उहाँ एउटा आत्मिक शरीर हुनुभएको थियो, अनि उहाँको अघिको शरीरको तुलनामा, उहाँको यो आत्मिक शरीर धेरै अलमल र अन्योलमा पार्ने प्रकारको थियो। यसले पनि प्रभु येशू ख्रीष्ट र मानिसहरू बीचमा धेरै ठूलो दूरी सृजना गऱ्यो, अनि त्यस क्षण प्रभु येशू ख्रीष्ट धेरै रहस्यमय हुनुभएको छ भन्ने मानिसहरूले आफ्नो हृदयमा महसुस गरे। मानिसहरूले गरेका यी अनुभूतिहरू र भावनाहरूले अकस्मात् तिनीहरूलाई देख्न वा छुन नसकिने परमेश्‍वरमा विश्‍वास गर्ने युगमा फर्काइ ल्यायो। त्यसैले, आफ्नो पुनरुत्थानपछि प्रभु येशूले गर्नुभएको पहिलो कुरा सबैको सामने आफूलाई देखाउनु, उहाँ अस्तित्वमा हुनुहुन्छ भनी पुष्टि गर्नु अनि उहाँको पुनरुत्थानको तथ्यलाई पुष्टि गर्नु थियो। यसका अतिरिक्त, यस कार्यले मानिसहरूसितको उहाँको सम्बन्धलाई उहाँले देहमा काम गर्नुहुँदा, उहाँ तिनीहरूले देख्न र छुन सक्ने ख्रीष्ट हुनुहुँदा जस्तो थियो त्यस्तै अवस्थामा पुनर्स्थापित गरिदियो। यसको एउटा परिणाम के थियो भने, प्रभु येशू क्रूसमा टाँगिनुभएपछि उहाँ बौरी उठ्नुभएको थियो भन्ने सम्बन्धमा मानिसहरूसित कुनै पनि शङ्का रहेन, अनि मानिसजातिलाई उद्धार गर्ने प्रभु येशूको कामको बारेमा पनि तिनीहरूसित कुनै शङ्का रहेन। अर्को परिणाम के थियो भने, प्रभु येशू उहाँको पुनरुत्थानपछि उहाँ मानिसहरूकहाँ देखापर्नुभएको र मानिसहरूलाई उहाँले आफूलाई देख्न र छुन दिनुभएको तथ्यले मानवजातिलाई अनुग्रहको युगमा दृढतापूर्वक सुरक्षित गऱ्यो अनि प्रभु येशू "हराउनुभयो" वा उहाँ "एक शब्द नबोली जानुभयो" भन्ने कथित आधारमा यस समयदेखि पहिलेको व्यवस्थाको युगमा मानिसहरू फर्कनेछैनन् भन्ने कुरालाई पनि सुनिश्‍चित गऱ्यो। यसरी उहाँले प्रभु येशूका शिक्षाहरू तथा उहाँले गर्नुभएका कामलाई मानिसहरूले पछ्याउनेछन् भन्ने कुरालाई सुनिश्‍चित तुल्याउनुभयो। यसरी, अनुग्रहको युगको काममा एउटा नयाँ चरणको औपचारिक रूपले सुरुवात भयो, अनि त्यस क्षणदेखि, व्यवस्थामुनि जिउँदै आइरहेका मानिसहरू औपचारिक रूपले व्यवस्थाबाट माथि उठे र नयाँ युगमा, नयाँ सुरुवातभित्र प्रवेश गरे। पुनरुत्थानपछि मानवजातिकहाँ प्रभु येशू देखा पर्नुभएको घटनाका बहुमुखी अर्थहरू हुन्।

प्रभु येशू अहिले आत्मिक शरीरमा वास गरिरहनुभएको थियो, त्यसकारण कसरी मानिसहरूले

उहाँलाई छुन र देख्न सके? यस प्रश्नले मानवजातिकहाँ प्रभु येशू देखा पर्नुभएको घटनाको महत्त्वलाई छुन्छ। हामीले भर्खरै पढेको धर्मशास्त्रका खण्डहरूमा तिमीहरूले कुनै कुरा याद गर्‍यौ? सामान्यतया आत्मिक शरीरहरूलाई देख्न वा छुन सकिँदैन, र पुनरुत्थानपछि प्रभु येशूले लिनुभएको काम पहिल्यै नै पूरा भइसकेको थियो। त्यसैले, सिद्धान्तमा, मानिसहरूलाई भेट्न तिनीहरूको माझमा उहाँ आफ्नो मूल स्वरूपमा फर्की जानु बिलकुल आवश्यक थिएन, तर थोमा जस्तो मानिसहरूकहाँ प्रभु येशूको आत्मिक शरीर देखा पर्नुले उहाँ देखा पर्नुको महत्त्वलाई अझ बढी ठोस बनायो, त्यसैले यसले मानिसहरूको हृदयलाई अझ बढी गहिरो गरी छेड्यो। जब उहाँ थोमाकहाँ आउनुभयो, तब उहाँले शङ्कालु थोमालाई उहाँको हात छुन दिनुभयो र उनलाई भन्नुभयो: "तिम्रो हात यहाँ ल्याऊ र मेरो कोखामा छिराऊ: र अविश्‍वासी होइन, तर विश्‍वास गर्ने होऊ।" यी वचनहरू र कार्यहरू उहाँ पुनरुत्थान भएपछि प्रभु येशूले भन्न र गर्न चाहनुभएका कुराहरू थिएनन्; वास्तवमा, ती उहाँ क्रूसमा टाँगिनुभन्दा अघि उहाँले गर्न चाहनुभएका कुराहरू थिए। यो स्पष्ट छ कि, उहाँ क्रूसमा टाँगिनुभन्दा अघि, प्रभु येशूलाई थोमा जस्ता मानिसहरूको बारेमा पहिले नै थाहा थियो। यसबाट हामी के देख्न सक्छौं? उहाँ पुनरुत्थानपछि पनि अझै उही प्रभु येशू हुनुहुन्थ्यो। उहाँको सार परिवर्तन भएको थिएन। थोमाका शङ्काहरू त्यस बेला मात्र सुरु भएको थिएन तर उसले प्रभु येशूलाई पछ्याइरहेको सम्पूर्ण समयमा ऊसितै थियो। तथापि, मरेकाहरूबाट जिई उठ्नुभएको अनि आफ्नो मूल प्रतिरूप, आफ्नो मूल स्वभावमा र शरीरमा रहँदाको समयमा प्राप्त भएको मानवजातिको बुझाइसहित प्रभु येशू फर्किनुभएको थियो, त्यसैले थोमालाई उहाँको आत्मिक शरीरको देखाउनको लागि मात्रै होइन तर उहाँको आत्मिक शरीर छुन र त्यसको अस्तित्व अनुभव गर्न दिन, र उसका शङ्काहरू पूर्ण रूपले हटाउनको निम्ति उहाँ पहिले थोमाकहाँ जानुभयो। प्रभु येशू क्रूसमा टाँगिनुभन्दा अघि, थोमा उहाँ ख्रीष्ट हुनुहुन्छ भन्ने कुरामा सधैँ शङ्का गर्थे र विश्‍वास गर्न असमर्थ थिए। उनले आफ्नो आँखाले जे देख्न सक्थ्यो, उनले आफ्नो हातले जे छुन सक्थ्यो, त्यसको आधारमा मात्रै परमेश्‍वरमाथिको उनको विश्‍वास स्थापित थियो। यस प्रकारको व्यक्तिको विश्‍वासको बारेमा प्रभु येशूलाई राम्ररी थाहा थियो। तिनीहरूले केवल स्वर्गको परमेश्‍वरमा विश्‍वास गर्थे, अनि परमेश्‍वरले पठाउनुभएका एक मात्र पुत्रलाई वा देहमा आउनुभएका ख्रीष्टलाई बिलकुल विश्‍वास गरेनन्, न त तिनीहरूले उहाँलाई स्वीकार गर्थे। थोमाले प्रभु येशू ख्रीष्टको अस्तित्व र उहाँ साँच्चिकै देहधारी परमेश्‍वर हुनुहुन्छ भनी स्वीकार गर्न र विश्‍वास गर्न सकोस् भनेर उहाँले थोमालाई उनको हात बढाएर उहाँको करङ छुन दिनुभयो। के प्रभु येशूको पुनरुत्थानभन्दा अघि र पछिको थोमाको शङ्कामा कुनै भिन्नता थियो र? उनले सधैँ शङ्का गरिरहेका थिए अनि प्रभु येशूको आत्मिक शरीर व्यक्तिगत रूपमा उनीकहाँ प्रकट नभएसम्म र उनलाई उहाँको शरीरमा भएका कीलाका डोबहरू छुन नदिएसम्म कसैले उनका शङ्काहरूलाई समाधान गर्न र उनीबाट तिनलाई हटाउन सक्ने थिएन। त्यसैले, प्रभु येशूले थोमालाई उहाँको करङ छुन दिनुभएको र साँच्चिकै कीलाका डोबहरूको अस्तित्व महसुस गर्न दिनुभएको समयपछि, थोमाको शङ्का हट्यो, अनि उनले प्रभु येशू बौरी उठ्नुभएको हो भनी साँचो रीतिले जान्न सके, अनि उनले प्रभु येशू साँचो ख्रीष्ट र देहधारी परमेश्‍वर हुनुहुन्छ भनी स्वीकार र विश्‍वास गरे। यस समयमा थोमाले उप्रान्त शङ्का नगरेको भए

तापनि, उनले ख्रीष्टलाई भेट्ने अवसर सधैँका निम्ति गुमाएका थिए। उनले उहाँसित हुने, उहाँलाई पछ्याउने, उहाँलाई चिन्ने अवसर सधैँका लागि गुमाएका थिए। उनले आफू ख्रीष्टद्वारा सिद्ध बनाइने मौका गुमाएका थिए। प्रभु येशूको देखा पर्नुभएको घटना र उहाँका वचनहरूले शङ्काहरूले भरिएकाहरूको विश्वासमा एउटा निष्कर्ष र फैसला प्रदान गऱ्यो। स्वर्गका परमेश्वरलाई मात्र विश्वास गर्ने र ख्रीष्टलाई विश्वास नगर्ने शङ्कालुहरूलाई यो कुरा बताउन उहाँले आफ्नो वास्तविक वचनहरू र कार्यहरूको प्रयोग गर्नुभयो: परमेश्वरले तिनीहरूको विश्वासको तारिफ गर्नुभएन, न त शङ्का गर्दै उहाँलाई पछ्याएकोमा उहाँले तिनीहरूको तारिफ नै गर्नुभयो। परमेश्वरले आफ्नो महान् काम पूरा गर्नुभएको दिन मात्रै तिनीहरूले परमेश्वरलाई र ख्रीष्टलाई पूर्ण रीतिले विश्वास गर्ने दिन हुनसक्थ्यो। अवश्य नै, त्यो दिन तिनीहरूको शङ्कामाथि एउटा फैसला गरिने दिन थियो। ख्रीष्टप्रतिको तिनीहरूको आचरणले तिनीहरूको भाग्यलाई निर्धारण गर्थ्यो, अनि तिनीहरूको हठी शङ्काले तिनीहरूको विश्वासले तिनीहरूको निम्ति कुनै फल फलाएन भन्ने सङ्केत गर्थ्यो, अनि तिनीहरूको कठोरताले तिनीहरूको आशाहरू व्यर्थ थिए भन्ने सङ्केत गर्थ्यो। स्वर्गका परमेश्वरमाथिको तिनीहरूको विश्वास भ्रमहरूमा आश्रित थियो, अनि ख्रीष्टप्रतिको तिनीहरूको शङ्का वास्तवमा ख्रीष्टप्रतिको तिनीहरूको साँचो आचरण थियो, तिनीहरूले प्रभु येशूको शरीरमा भएका कीलाका डोबहरूलाई छोएको भए तापनि, तिनीहरूको विश्वास अझै पनि व्यर्थको थियो र तिनीहरूको परिणामलाई इनारबाट डोकोमा पानी निकाल्नु झैँ थियो भनेर व्याख्या गर्न सकिन्छ– सबै व्यर्थमा। प्रभु येशूले थोमालाई जे भन्नुभयो, त्यो हरेक मानिसलाई यो कुरा बताउने उहाँको तरिका थियो भन्ने स्पष्ट छ: बौरी उठ्नुभएका प्रभु येशू नै मानिसहरूको बीचमा काम गर्दै साढे तेत्तीस वर्षसम्मको समय बिताउनुहुने प्रभु येशू हुनुहुन्छ। उहाँलाई क्रूसमा टाँगिएको र उहाँले मृत्युको अन्धकारमय घाटीको अनुभव गर्नुभएको भए तापनि, र उहाँले पुनरुत्थानको अनुभव गर्नुभएको भए तापनि, उहाँले कुनै पनि पक्षमा कुनै परिवर्तन अनुभव गर्नुभएन। अहिले उहाँको शरीरमा कीलाका डोबहरू भए तापनि, र उहाँ पुनरुत्थान भई र चिहानबाट बाहिर निस्कनुभएको भए तापनि, उहाँको स्वभाव, मानवजाति सम्बन्धी उहाँको बुझाइ, अनि मानवजातिप्रतिको उहाँका अभिप्रायहरू अलिकति पनि बदलिएको थिएन। साथै, उहाँ क्रूसबाट तल ओर्लेर आउनुभएको छ, पापमाथि विजयी हुनुभएको छ, कठिनाइहरूमाथि विजयी हुनुभएको छ, र मृत्युमाथि विजय हुनुभएको छ भनी उहाँले मानिसहरूलाई बताउँदै हुनुहुन्थ्यो। कीलाका चिन्हहरू शैतानमाथिको उहाँको विजयको प्रमाण, सारा मानवजातिलाई सफलतापूर्वक छुटकारा दिनको लागि पापबलि बन्नुभएको प्रमाण मात्रै थियो। उहाँले पहिले नै मानवजातिको पाप लिइसक्नुभएको छ र उहाँले छुटकाराको आफ्नो काम पूरा गरिसक्नुभएको छ भनेर मानिसहरूलाई बताइरहनुभएको थियो। जब उहाँ आफ्ना चेलाहरूलाई भेट्न फर्कनुभयो, तब उहाँले आफ्नो उपस्थितिद्वारा तिनीहरूलाई यो सन्देश दिनुभयो: "म अझै जीवित छु, म अझै अस्तित्वमा छु; आज म साँच्चिकै तिमीहरूको माझमा उभिरहेको छु ताकि तिमीहरूले मलाई देख्न र छुन सक। म तिमीहरूको साथमा सधैँ हुनेछु।" प्रभु येशूले थोमाको उदाहरणलाई भविष्यका मानिसहरूका निम्ति चेतावनीको रूपमा पनि प्रयोग गर्न चाहनुभयो: तैँले प्रभु येशूमाथिको विश्वासमा उहाँलाई देख्न वा छुन नसके पनि, तेरो

साँचो विश्‍वासको कारणले तँ धन्यको छस्, अनि तेरो साँचो विश्‍वासको कारणले तैँले प्रभु येशूलाई देख्न सक्छस्, अनि यस्तो प्रकारको व्यक्ति धन्यको हुन्छ।

थोमाकहाँ प्रकट हुँदा प्रभु येशूले बोल्नुभएको भनी बाइबलमा लेखिएका यी वचनहरू अनुग्रहको युगका सबै मानिसहरूको निम्ति अत्यन्तै उपयोगी छ। उहाँ थोमाकहाँ देखा पर्नुभएको घटना र उहाँले तिनलाई भन्नुभएका वचनहरूले त्यसपछिका पुस्ताहरूमाथि गहिरो प्रभाव पारेको छ; तिनको अनन्त महत्त्व छ। परमेश्‍वरलाई विश्‍वास गरे पनि, परमेश्‍वरलाई शङ्का गर्ने व्यक्तिलाई थोमाले प्रतिनिधित्व गर्छ। तिनीहरू शङ्कालु प्रकृतिका हुन्छन्, तिनीहरूमा कुटिल हृदय हुन्छ, तिनीहरू विश्‍वासघाती हुन्छन्, अनि परमेश्‍वरले पूरा गर्न सक्नुहुने कुराहरूमा तिनीहरू विश्‍वास गर्दैनन्। तिनीहरूले परमेश्‍वरको सर्वशक्तिमान्‌ता तथा उहाँको सार्वभौमिकतामा विश्‍वास गर्दैनन्, न त तिनीहरूले देहधारी परमेश्‍वरमा नै विश्‍वास गर्छन्। तैपनि, प्रभु येशूको पुनरुत्थानले तिनीहरूका यी गुणहरूलाई प्रहार गरे, अनि यसले तिनीहरूलाई आफ्नो शङ्का पत्ता लगाउने, आफ्नो शङ्का पहिचान गर्ने, अनि आफ्नो विश्‍वासघातलाई स्वीकार गर्ने अवसर पनि प्रदान गर्‍यो, यसरी तिनीहरू प्रभु येशूको अस्तित्व र पुनरुत्थानमा साँचो रीतिले विश्‍वास गर्ने अवस्थामा आइपुगे। थोमालाई जे भएको थियो, त्यो पछिका पुस्ताहरूको निम्ति एउटा चेतावनी र सावधानी थियो ताकि धेरै मानिसहरूले आफैलाई थोमा जस्तो शङ्कालु नहुन, अनि यदि तिनीहरू शङ्काले भरिए भने तिनीहरू अन्धकारभित्र डुब्नेछन् भनी चेतावनी दिन सकून्। यदि तँ परमेश्‍वरलाई पछ्याउँछस् तर थोमाले जस्तै, परमेश्‍वरको अस्तित्व छ कि छैन भनेर पुष्टि गर्न, प्रमाणित गर्न र अनुमान गर्न प्रभुको करङलाई छुन र उहाँको कीलाको डोबहरूलाई सधैँ छुन चाहन्छस् भने परमेश्‍वरले तँलाई त्यागिदिनुहुनेछ। त्यसैले, मानिसहरू थोमा जस्तो आफ्नै आँखाले देख्न सकेपछि मात्र विश्‍वास गर्ने नबनून् तर शुद्ध, इमानदार मानिसहरू बनून्, तिनीहरू परमेश्‍वरप्रति शङ्काहरू नगरून् तर केवल उहाँलाई विश्‍वास गरून् र पछ्याऊन् भन्ने चाहना प्रभु येशूको हुन्छ। यस्ता मानिसहरू धन्यका हुन्छन्। यो उहाँले मानिसहरूबाट गर्नुभएको एउटा सानो अपेक्षा हो, अनि यो उहाँका अनुयायीहरूको निम्ति एउटा चेतावनी हो।

माथि उल्लेखित कुरा शङ्काले भरिएकाहरूप्रतिको प्रभु येशूको आचरण हो। त्यसोभए, उहाँलाई इमानदारितापूर्वक विश्‍वास गर्ने र पछ्याउन सक्ने मानिसहरूका निम्ति प्रभु येशूले के भन्नुभयो र के गर्नुभयो? प्रभु येशू र पत्रु बीचको संवादद्वारा हामी यसपछि यही कुरा हेर्न गइरहेका छौँ।

यस कुराकानीमा, प्रभु येशूले पत्रुसलाई बारम्बार एउटा कुरा सोध्नुभयो: “यूहन्नाको छोरा सिमोन, के तिमी मलाई प्रेम गर्छौ?” यो साँचो रीतिले ख्रीष्टलाई विश्‍वास गर्ने र प्रभुलाई प्रेम गर्न संघर्ष गर्ने पत्रुस जस्ता मानिसहरूबाट प्रभु येशूले आफ्नो पुनरुत्थानपछि तोक्नुभएको उच्च मापदण्ड हो। यो प्रश्‍न एक प्रकारको अनुसन्धान र केरकार थियो, तर त्यो भन्दा पनि बढी, यो पत्रुस जस्ता मानिसहरूबाट गरिएको एउटा माग र अपेक्षा थियो। प्रभु येशूले यस प्रकारको प्रश्‍न गर्ने विधि प्रयोग गर्नुभयो ताकि मानिसहरूले आफैमाथि चिन्तन गरुन् र आफैलाई नियालून् र यो प्रश्‍न सोधून्: मानिसहरूका निम्ति प्रभु येशूका मागहरू के-के हुन्? के म प्रभुलाई प्रेम गर्छु? के म परमेश्‍वरलाई प्रेम गर्ने व्यक्ति हुँ? मैले परमेश्‍वरलाई कसरी प्रेम गर्नुपर्छ? प्रभु येशूले यो प्रश्‍न पत्रुसलाई मात्रै सोध्नुभएको भए तापनि, सत्यता के हो भने, उहाँको हृदयमा पत्रुसलाई यी प्रश्‍नहरू

सोधेर उहाँले परमेश्वरलाई प्रेम गर्न खोज्ने धेरै मानिसहरूलाई यही प्रकारको प्रश्न सोध्न यो अवसरको प्रयोग गर्न चाहनुभयो। पत्रुसले यस प्रकारको व्यक्तिको प्रतिनिधिको रूपमा काम गर्न, प्रभु येशू स्वयम्‌को मुखबाट यो प्रश्न प्राप्त गर्ने सौभाग्य मात्र पाएका थिए।

आफ्नो पुनरुत्थानपछि प्रभु येशूले थोमालाई भन्नुभएका निम्न वचनहरू: "तिम्रो हात यहाँ ल्याऊ र मेरो कोखामा छिराऊ: र अविश्वासी होइन, तर विश्वास गर्ने होऊ।" र पत्रुसलाई तीन पल्ट दोहोर्‍याएर गरिएको प्रश्न: "यूहन्नाको छोरा सिमोन, के तिमी मलाई प्रेम गर्छौ?" लाई तुलना गर्दा यसले प्रभु येशूको आचरणको कठोरता र उहाँले प्रश्न गर्नुभएको बेला उहाँले अनुभव गर्नुभएको आतुरताबारे मानिसहरूलाई अझै राम्ररी अनुभव गराउँछ। शङ्कालु थोमाको बारेमा कुरा गर्दा, उनको छलपूर्ण प्रकृतिको कारण, प्रभु येशूले उनलाई आफ्नो हात बढाएर उहाँको शरीरको कीलाका डोबहरू छुन दिनुभयो जसले उसलाई प्रभु येशू बौरी उठ्नुभएका मानिसको पुत्र हुनुहुन्छ भनी विश्वास गर्न र ख्रीष्टको रूपमा रहेको प्रभु येशूको पहिचानलाई स्वीकार गर्न अग्रसर गरायो। प्रभु येशूले थोमालाई कडा रूपले हप्काउनुभएन, अनि उसलाई मौखिक रूपले कुनै स्पष्ट न्याय गर्नुभएन, तापनि उहाँले तिनलाई बुझ्नुभएको छ भनी थोमालाई थाहा दिन व्यवहारिक कार्यहरूको प्रयोग गर्नुभयो, साथै त्यस्तो प्रकारको व्यक्तिप्रतिको आफ्नो धारणा तथा अठोटलाई पनि प्रदर्शन गर्नुभयो। त्यस्तो प्रकारको व्यक्तिप्रतिको प्रभु येशूका माग र अपेक्षाहरू उहाँले भन्नुभएका कुराहरूबाट देख्न सकिँदैन, किनकि थोमा जस्ता मानिसहरूमा साँचो विश्वासको एउटा टुक्रा पनि हुँदैन। तिनीहरूको निम्ति प्रभु येशूका मागहरू सीमित छन्, तर पत्रुस जस्ता मानिसहरूको निम्ति उहाँले प्रकट गर्नुभएको आचरण पूर्ण रूपले भिन्न छ। पत्रुसले आफ्नो हात बढाएर उहाँका कीलाका डोबहरू छोएको उहाँले चाहनुभएन, न त उहाँले पत्रुसलाई यसो भन्नुभयो: "अविश्वासी होइन, तर विश्वास गर्ने होऊ।" बरु, उहाँले पत्रुसलाई बारम्बार त्यही प्रश्न सोध्नुभयो। प्रश्न विचारयोग्य र अर्थपूर्ण थियो, यस्तो प्रश्न जसले ख्रीष्टका हरेक अनुयायीलाई अफसोस र डर अनुभूति गराउने मात्र होइन तर प्रभु येशूको चिन्तित, दुःखी मनस्थितिलाई पनि अनुभूति गर्ने तुल्याउँछ। अनि जब तिनीहरू ठूलो पीडा र कष्टमा हुन्छन्, तब तिनीहरूले प्रभु येशूको चिन्ता र उहाँको वास्तालाई अझ बढी बुझ्न सक्छन्; तिनीहरूले उहाँको गम्भीर शिक्षा र शुद्ध, इमान्दार मानिसहरूप्रतिको उहाँका कडा मागहरूलाई महसुस गर्छन्। प्रभु येशूको प्रश्नले मानिसहरूलाई के कुराको महसुस गर्न दिन्छ भने, यी सरल शब्दहरूमा प्रकट भएका प्रभुका अपेक्षाहरू उहाँमा विश्वास गर्ने र उहाँलाई पछ्याउने सम्बन्धी मात्र होइनन् तर प्रेम प्राप्त गर्ने, तेरो प्रभुलाई र तेरो परमेश्वरलाई प्रेम गर्ने कुरा हासिल गर्ने सम्बन्धी पनि हुन्। यस्तो प्रकारको प्रेम वास्तापूर्ण र आज्ञाकारी हुन्छ। यो परमेश्वरको निम्ति मानिसहरू जिउनु, परमेश्वरको निम्ति मर्नु, सबै कुरा परमेश्वरको निम्ति समर्पण गर्नु, अनि सबै कुरा परमेश्वरको निम्ति खर्च गर्नु र दिनु हो। यस्तो प्रकारको प्रेम भनेको परमेश्वरलाई सान्त्वना दिनु, उहाँलाई गवाहीमा आनन्दित हुन र विश्राममा रहन दिनु पनि हो। यो परमेश्वरप्रति मानवजातिको भुक्तानी हो, मानिसको जिम्मेवारी, दायित्व र कर्तव्य हो, अनि यो मानिसहरूले आफ्नो सम्पूर्ण जीवनभरि पछ्याउनुपर्ने साँचो बाटो हो। यी तीन प्रश्नहरू प्रभु येशूले पत्रुसबाट र सिद्ध तुल्याइने सबै मानिसहरूबाट चाहनुभएको एउटा माग र आग्रह थियो। यिनै तीन प्रश्नहरूले पत्रुसलाई अन्त्यसम्म जीवनको उहाँको मार्गलाई पछ्याउन

अग्रसर र उत्प्रेरित गरे, अनि प्रभु येशू बिदाइ हुने समयका यिनै प्रश्नहरूले पत्रुसलाई सिद्ध तुल्याइने आफ्नो मार्गमा यात्रा सुरु गर्न अग्रसर गऱ्यो, जसले प्रभुप्रतिको उनको प्रेमको कारणले गर्दा, प्रभुको हृदयको निम्ति वास्ता गर्न, प्रभुको आज्ञापालन गर्न, प्रभुलाई सान्त्वना प्रदान गर्न, अनि यस प्रेमको कारणले आफ्नो सम्पूर्ण जीवन र आफ्नो पूरा अस्तित्व प्रदान गर्न अग्रसर गऱ्यो।

अनुग्रहको युगको अवधिमा, परमेश्वरको कार्य मुख्य रूपमा दुई प्रकारका मानिसहरूका निम्ति थियो। पहिलो प्रकारको व्यक्ति उहाँमा विश्वास गर्ने र उहाँलाई पछ्याउने, उहाँका आज्ञाहरूलाई पालन गर्न सक्ने, क्रूस उठाउन सक्ने र अनुग्रहको युगको साँचो मार्गलाई पछ्याइरहन सक्ने व्यक्ति थियो। यस प्रकारको व्यक्तिले परमेश्वरको आशिषलाई प्राप्त गर्छ र परमेश्वरको अनुग्रहमा आनन्दित हुन्छ। दोस्रो प्रकारको व्यक्ति सिद्ध तुल्याइन सकिने पत्रुसजस्तो व्यक्ति हो। त्यसैले, प्रभु येशूको पुनरुत्थान भएपछि, सर्वप्रथम उहाँले यी दुई सबैभन्दा अर्थपूर्ण कुराहरू गर्नुभयो। एउटा थोमासित गरियो, अर्को चाहिँ पत्रुससित। यी दुई कुराहरूले केलाई प्रतिनिधित्व गर्दछ? के तिनले मानवजातिलाई मुक्ति दिने परमेश्वरको साँचो अभिप्रायहरूलाई प्रतिनिधित्व गर्दछ? के तिनले मानवजातिप्रति परमेश्वरको इमानदारीतालाई प्रतिनिधित्व गर्दछ? थोमाको जीवनमा उहाँले गर्नुभएको काम मानिसहरूलाई शङ्कालु होइन तर विश्वास गर्ने मानिसहरू बन्न चेतावनी दिनको लागि थियो। पत्रुसको जीवनमा उहाँले गर्नुभएको काम पत्रुस जस्ता मानिसहरूको विश्वासलाई बलियो पार्नु र यस्तो व्यक्तिबाट प्रभुले गर्नुभएका मागहरूलाई स्पष्ट गर्नु र तिनीहरूले पछ्याइरहनुपर्ने लक्ष्यहरूलाई देखाउनु थियो।

प्रभु येशू बौरी उठ्नुभएपछि, उहाँ आफूले आवश्यक ठान्नुभएका मानिसहरूकहाँ प्रकट हुनुभयो, तिनीहरूसित बोल्नुभयो, अनि तिनीहरूसित मागहरू गर्नुभयो, यसरी उहाँले मानिसहरूका निम्ति आफ्ना अभिप्रायहरू र तिनीहरूबाट गरिएका अपेक्षाहरू छोडेर जानुभयो। भनाइको अर्थ, देहधारी परमेश्वर भएको हैसियतले मानवजातिप्रति उहाँको चिन्ता र मानिसहरूबाटको उहाँको माग कहिल्यै बदलिएको छैन; उहाँ शरीरमा हुनुहुँदा अनि उहाँ क्रूसमा टाँगिएर पुनरुत्थान हुनुभएपछि पनि यी उस्तै रहे। उहाँ क्रूसमा टाँगिनुभन्दा अगाडि यी चेलाहरूको निम्ति चिन्तित हुनुहुन्थ्यो, अनि उहाँको हृदयमा उहाँ हरेक व्यक्तिको अवस्थाको बारेमा स्पष्ट हुनुहुन्थ्यो अनि उहाँले हरेक व्यक्तिको कमी कमजोरी बुझ्नुहुन्थ्यो अनि अवश्य नै, उहाँ मर्नुभएपछि, पुनरुत्थान हुनुभएपछि र आत्मिक शरीर हुनुभएपछि पनि हरेक व्यक्तिको बारेमा उहाँको बुझाइ उहाँ शरीरमा हुनुभएको समयको जस्तै थियो। ख्रीष्टको रूपमा रहेको उहाँको पहिचानबारे मानिसहरू पूर्ण रूपले निश्चित छैनन् भन्ने उहाँलाई थाहा थियो, तर देहमा हुँदाको समयमा उहाँले मानिसहरूबाट कडा मागहरू गर्नुभएन। तथापि, उहाँ पुनरुत्थान हुनुभएपछि, तिनीहरूकहाँ प्रकट हुनुभयो अनि प्रभु येशू परमेश्वरबाट आउनुभएको हो र उहाँ देहधारी परमेश्वर हुनुहुन्छ भनी तिनीहरूलाई पूर्ण रूपले निश्चित तुल्याउनुभयो, अनि उहाँ देखा पर्नुभएको घटना र उहाँको पुनरुत्थानको तथ्यलाई मानवजातिको आजीवन खोजीको निम्ति सबैभन्दा ठूलो दर्शन र उत्प्रेरणाको रूपमा प्रयोग गर्नुभयो। मृत्युबाट भएको उहाँको पुनरुत्थानले उहाँलाई पछ्याउनेहरू सबैलाई सामर्थ्य मात्र दिएन तर यसले मानवजातिको माझमा अनुग्रहको युगको उहाँको कामलाई पनि पूर्ण रूपले कार्यान्वयन गऱ्यो, अनि

यसरी प्रभु येशूको अनुग्रहको युगको मुक्तिको सुसमाचार मानवजातिको हरेक कुनामा विस्तारै फैलियो। के तँ पुनरुत्थानपछि प्रभु येशू देखा पर्नुभएको घटनाको कुनै महत्त्व थियो भनेर भन्छस्? यदि तँ त्यस समयको थोमा वा पत्रुस भएको भए, र तेरो जीवनमा तैँले यो अत्यन्तै अर्थपूर्ण कुराको सामना गरेको भए, यसले तँमाथि कस्तो प्रकारको प्रभाव पार्नेथियो? के तैँले यसलाई परमेश्‍वरमाथि विश्‍वास गर्ने तेरो जीवनको सबैभन्दा उत्तम र सबैभन्दा ठूलो दर्शनको रूपमा देख्नेथिइस्? उहाँलाई पछ्याउने क्रममा, उहाँलाई सन्तुष्ट पार्न प्रयास गर्ने क्रममा, अनि तेरो सारा जीवनमा परमेश्‍वरलाई प्रेम गर्न खोज्ने क्रममा के यसलाई तैँले आफूलाई निर्देशित गर्ने शक्तिको रूपमा देख्नेथिइस्? के तँ यो महान् दर्शनलाई फैलाउन जीवनभरिको प्रयास अर्पण गर्ने थिइस्? के तैँले प्रभु येशूको मुक्तिलाई फैलाउने कार्यलाई परमेश्‍वरको आज्ञाको रूपमा स्वीकार गर्ने थिइस्? तिमीहरूले यसलाई अनुभव नगरेको भए पनि, आधुनिक मानिसहरूका लागि परमेश्‍वर र उहाँको इच्छाको स्पष्ट बुझाइ प्राप्त गर्न थोमा र पत्रुसका उदाहरणहरू पहिल्यै पर्याप्त छन्। यसो भन्न सकिन्छ, कि परमेश्‍वर देहधारी भइसक्नुभएपछि, मानवजातिको माझमा उहाँले व्यक्तिगत रूपमा जीवन अनुभव गरिसक्नुभएपछि, र व्यक्तिगत रूपमा मानव जीवन अनुभव गरिसक्नुभएपछि, अनि मानवजातिको भ्रष्टता र त्यस समयका मानव जीवनको अवस्था देखिसक्नुभएपछि, देहमा हुनुभएका परमेश्‍वरले मानवजाति कति असहाय, विलापमय र दयनीय रहेछ भनी झन् गहन रूपमा महसुस गर्नुभयो। परमेश्‍वरले देहमा जिउँदा धारण गर्नुभएको आफ्नो मानवताको कारणले, आफ्नो शारीरिक अन्तर्ज्ञानको कारणले मानव अवस्थाको निम्ति अझ धेरै सहानुभूति हासिल गर्नुभयो। यसले गर्दा उहाँले आफ्ना अनुयायीहरूका निम्ति अझ बढी फिक्री गर्नुभयो। सायद कुराहरू तिमीहरूले बुझ्न नसक्ने कुराहरू हुन्, तर परमेश्‍वरले उहाँका सबै अनुयायीहरूका निम्ति देहमा महसुस गर्नुभएको यो चिन्ता र फिक्रीलाई म केवल दुई शब्द प्रयोग गरेर व्याख्या गर्नसक्छु: "उत्कट चिन्ता।"। यो शब्द मानव भाषाबाट आएको भए पनि, र यो अत्यन्तै मानवीय भए पनि, यसले आफ्ना अनुयायीहरूप्रति परमेश्‍वरको भावनाहरूलाई साँचो रूपमा व्यक्त गर्छ र व्याख्या गर्छ। मानिसहरूको निम्ति परमेश्‍वरको उत्कट चिन्ताको सम्बन्धमा भन्दा, तिमीहरूका अनुभवहरूको दौरानमा तिमीहरूले यसलाई विस्तारै महसुस गर्नेछौ र यसको स्वाद पाउनेछौ। तथापि, तिमीहरूको आफ्नै स्वभावमा परिवर्तनको खोजी गरेको आधारमा परमेश्‍वरको स्वभावलाई बिस्तारै बुझेर मात्रै यसलाई प्राप्त गर्न सकिन्छ। जब प्रभु येशू यसरी देखा पर्नुभयो, तब यसले मानवजातिका उहाँका अनुयायीहरूप्रतिको उहाँको उत्कट चिन्तालाई वास्तविकतामा उतार्‍यो र उहाँको आत्मिक शरीरमा, अर्थात् उहाँको ईश्‍वरत्वमा स्थानान्तरण गर्ने तुल्यायो। उहाँ देखा पर्नुभएको घटनाले मानिसहरूलाई एक पल्ट फेरि परमेश्‍वरको चिन्ता तथा वास्ता अनुभव र अनुभूति गर्न दियो, साथै युगको आरम्भ गर्ने, युगलाई खोल्ने, अनि युगको अन्त्य पनि गर्न परमेश्‍वर नै हुनुहुन्छ भन्ने कुरालाई पनि यसले शक्तिशाली रूपमा प्रमाणित गर्‍यो। उहाँ देखा पर्नुभएको घटनाद्वारा, उहाँले सबै मानिसहरूको विश्‍वासलाई बलियो बनाउनुभयो र संसारलाई उहाँ परमेश्‍वर स्वयम् हुनुहुन्छ भन्ने तथ्य प्रमाणित गर्नुभयो। यसले उहाँका अनुयायीहरूलाई अनन्त पुष्टि दियो, अनि उहाँ देखा पर्नुभएको घटनाद्वारा उहाँले नयाँ युगको उहाँको कामको एउटा चरणलाई पनि आरम्भ गर्नुभयो।

१३. आफ्नो पुनरुत्थानपछि येशूले रोटी खानुहुन्छ र धर्मशास्त्रको व्याख्या गर्नुहुन्छ

लूका २४:३०-३२ अनि यस्तो भयो, उहाँ तिनीहरूसँग खाना बस्नुहुँदा, उहाँले रोटी लिनुभयो र त्यसलाई आशिष् दिनुभयो र त्यो भाँच्नुभयो र तिनीहरूलाई दिनुभयो। अनि तिनीहरूका आँखा खुले र तिनीहरूले उहाँलाई चिने; अनि उहाँ तिनीहरूका नजरबाट अलप हुनुभयो। अनि तिनीहरूले एक अर्कालाई भने, उहाँले हामीसँग कुरा गर्नुहुँदा र उहाँले हामीलाई धर्मशास्त्रको अर्थ खोलिदिनुहुँदा हाम्रो हृदय हामीभित्र जलेको थिएन र?

१४. चेलाहरूले येशूलाई पोलेको माछा खान दिन्छन्

लूका २४:३६-४३ अनि जब तिनीहरू कुरा गरिरहेका थिए तब येशू स्वयम् तिनीहरूको माझमा खडा हुनुभयो र तिनीहरूलाई भन्नुभयो, तिमीहरूलाई शान्ति होस्। तर तिनीहरू भयभीत भएर डराए अनि आफूले प्रेत देख्यौँ भन्ने ठाने। अनि उहाँले तिनीहरूलाई भन्नुभयो, तिमीहरू किन व्याकुल हुन्छौ? र तिमीहरूका मनमा किन विचारहरू उत्पन्न हुन्छन्? मेरा हात र मेरा खुट्टाहरू हेर, म स्वयम् नै हुँ: मलाई छोओ र हेर; किनकि प्रेतको देह र हाड हुँदैन, तिमीहरूले देख्छौ कि मेरा त छन्। अनि उहाँले बोल्नुभएपछि उहाँले तिनीहरूलाई आफ्ना हात र खुट्टा देखाउनुभयो। तिनीहरूले आनन्दको कारण विश्‍वास गर्न नसकेर छक्क पर्दा उहाँले तिनीहरूलाई भन्नुभयो, तिमीहरूसँग केही मासु छ? अनि तिनीहरूले उहाँलाई पोलेको माछको एक टुक्रा र महको चाका दिए। अनि उहाँले त्यो लिनुभयो र तिनीहरूका अगाडि खानुभयो।

यसपछि, हामी धर्मशास्त्रबाट लिइएका माथिका खण्डहरूलाई हेर्नेछौं। पहिलो खण्ड आफ्नो पुनरुत्थानपछि प्रभु येशूले रोटी खानुभएको र धर्मशास्त्र व्याख्या गर्नुभएको बारेमा रहेको वृत्तान्त हो, अनि दोस्रो खण्ड प्रभु येशूले पोलेको माछा खानुभएको बारेमा रहेको वृत्तान्त हो। यी दुई खण्डहरूले तिमीहरूलाई कसरी परमेश्‍वरको स्वभाव जान्न सहायता गर्दछन्? प्रभु येशूले रोटी खानुभएको र त्यसपछि पोलेको माछा खानुभएको सम्बन्धी व्याख्याहरूबाट तिमीहरूले प्राप्त गर्ने चित्रको प्रकारलाई के तिमीहरू कल्पना गर्नसक्छौ? यदि प्रभु येशू तिमीहरूको सामु रोटी खाँदै उभिरहनुभएको थियो भने, तिमीहरूले कस्तो महसुस गर्थ्यौ होला, के तिमीहरू कल्पना गर्न सक्छौ? वा, यदि उहाँ मानिसहरूसित माछा र रोटी खाँदै गर्नुभएको एउटै टेबुलमा तिमीहरूसित खाँदै हुनुहुन्थ्यो भने, त्यस क्षणमा तँलाई कस्तो अनुभूति हुन्थ्यो? यदि तँ प्रभुको धेरै नजिक भएको, अनि उहाँ तँसित अति घनिष्ठ हुनुहुन्छ भन्ने महसुस गर्छस् भने, यो अनुभूति ठीक हुन्छ। आफ्नो पुनरुत्थानपछि भेला भएका मानिसहरूको अघि रोटी र माछा खाएर प्रभु येशूले ठीक यही परिणाम ल्याउन चाहनुहुन्थ्यो। यदि प्रभु येशूले आफ्नो पुनरुत्थानपछि मानिसहरूसित बोल्नु मात्र भएको भए, यदि तिनीहरूले उहाँको देह र हाडहरूलाई महसुस गर्न नसकेका, तर उहाँलाई अगम्य आत्माको रूपमा महसुस गरेका भए, तिनीहरूले कस्तो महसुस गर्नेथिए? के तिनीहरू हतोत्साहित हुने थिएनन् र? हतोत्साहित अनुभव गरेर के मानिसहरूले त्यागिएको अनुभव गर्ने थिएनन् र? के तिनीहरूले आफू र प्रभु येशू ख्रीष्टको बीचमा दूरी अनुभव गर्ने थिएनन् र? यस दूरीले परमेश्‍वरसितको मानिसहरूको सम्बन्धमा कस्तो प्रकारको नकारात्मक प्रभाव सृजना गर्नेथियो? मानिसहरू निश्‍चय नै डराउनेथिए, त्यसकारण तिनीहरू उहाँको नजिक जाने साहस गर्दैनथे, अनि यसरी तिनीहरूसँग उहाँलाई एउटा सम्मानजनक

दूरीमा राख्ने आचरण हुनेथियो। त्यस बेलादेखि तिनीहरूले प्रभु येशू ख्रीष्टसितको घनिष्ठ सम्बन्धलाई तोड्नेथिए अनि अनुग्रहको युगभन्दा पहिले जस्तै मानवजाति र स्वर्गका परमेश्‍वर बीचको सम्बन्धमा फर्कनेथिए। मानिसहरूले छुन वा महसुस गर्न नसक्ने आत्मिक शरीरले परमेश्‍वरसितको तिनीहरूको घनिष्ठतालाई मेटाइदिनेथियो, अनि यसले प्रभु येशू ख्रीष्ट शरीरमा हुनुहुँदाको समयमा स्थापित उहाँ र मानवजाति बीचको कुनै दूरी नभएको घनिष्ठ सम्बन्धलाई अस्तित्व विहीन बनाइदिनेथियो। आत्मिक शरीरद्‌वारा मानिसहरूमा उत्पन्न भएका कुराहरू भनेका केवल डर, बेवास्ता र निःशब्द टोलाइ मात्र थिए। तिनीहरूले उहाँसित घनिष्ठ हुने वा उहाँसित कुराकानीमा तल्लीन हुने साहस पनि गर्न सक्दैनथे, उहाँलाई पछ्याउने, भरोसा गर्ने वा उहाँतर्फ दृष्टि लगाउने कुरा त परको कुरा हो। उहाँको निम्ति मानिसहरूसित यस्तो प्रकारको भावना भएको परमेश्‍वरले देख्न चाहनुभएन। मानिसहरूले उहाँलाई त्यागेको वा उहाँदेखि आफैलाई अलग गरेको उहाँले हेर्न चाहनुभएन; मानिसहरूले उहाँलाई बुझेको, उहाँको नजिक आएको र उहाँको परिवार भएको मात्र उहाँले चाहनुहुन्थ्यो। यदि तेरो आफ्नै परिवारले, तेरा बालबच्चाले तँलाई देखे तर तँलाई चिनेनन् र तेरो नजिक आउने साहस गरेनन् तर सधैँ तँबाट पन्छिन खोजे भने, यदि तैँले तिनीहरूका निम्ति गरेको सबै कुराको निम्ति तिनीहरूको बुझाइ प्राप्त गर्न सकिनस् भने, त्यसले तँलाई कस्तो महसुस गराउनेथियो? के त्यो पीडादायक हुनेथिएन र? के तेरो हृदय तोडिने थिएन र? मानिसहरू उहाँबाट टाढा बस्दा परमेश्‍वरले ठीक यही अनुभूति गर्नुहुन्छ। त्यसैले, उहाँको पुनरुत्थानपछि, प्रभु येशू अझै पनि उहाँको देह र रगतको रूपमा मानिसहरूकहाँ देखा पर्नुभयो, अनि अझै पनि तिनीहरूसित खानपान गर्नुभयो। परमेश्‍वरले मानिसहरूलाई परिवारको रूपमा हेर्नुहुन्छ, अनि मानवजातिले पनि उहाँलाई तिनीहरूको सबैभन्दा प्रिय व्यक्तिको रूपमा हेरेको परमेश्‍वर चाहनुहुन्छ; केवल यसरी मात्रै परमेश्‍वरले साँचो रीतिले मानिसहरूलाई प्राप्त गर्नुहुन्छ, अनि यसरी मात्रै मानिसहरूले परमेश्‍वरलाई साँचो रीतिले प्रेम र आराधना गर्न सक्छन्। अब, प्रभु येशूले आफ्नो पुनरुत्थानपछि रोटी खानुभएको र धर्मशास्त्र व्याख्या गर्नुभएको, र चेलाहरूले उहाँलाई पोलेको माछा खान दिएको घटना बताउने धर्मशास्त्रका यी दुई खण्डहरूलाई उद्‌धृत गर्नुको मेरो अभिप्रायलाई के अब तिमीहरूले बुझ्न सक्छौ?

यसो भन्न सकिन्छ कि आफ्नो पुनरुत्थानपछि प्रभु येशूले भन्नुभएको र गर्नुभएको कुराहरूको श्रृंखलाहरूमा गम्भीर विचार गरिएको थियो। यी कुराहरू परमेश्‍वरले मानवजातिप्रति गर्नुभएको दया र स्नेहले भरिपूर्ण थिए, अनि उहाँले देहमा हुँदाको आफ्नो समयको बेला मानवजातिसँग स्थापित गर्नुभएको घनिष्ठ सम्बन्धप्रतिको उहाँको स्नेहपूर्ण संरक्षण र सूक्ष्म वास्ताले पनि भरिपूर्ण थिए। यति मात्र होइन, ती देहमा हुँदा उहाँले आफ्ना अनुयायीहरूसँग खानपान गर्दा र जिउँदाको जीवनको अतीतको याद र तिर्सनाले भरिपूर्ण थिए। त्यसैले, मानिसहरूले परमेश्‍वर र मानिस बीचमा दूरी अनुभव गरेको परमेश्‍वरले चाहनुभएन, न त मानवजातिले आफैलाई परमेश्‍वरदेखि दूरी बनाएको नै उहाँले चाहनुभयो। त्यसभन्दा पनि बढी, प्रभु येशू उहाँको पुनरुत्थानपछि उप्रान्त त्यही प्रभु हुनुहुन्न जो मानिसहरूसित अत्यन्तै घनिष्ठ हुनुहुन्थ्यो, उहाँ उप्रान्त मानिसजातिको साथमा हुनुहुन्न किनकि उहाँ आत्मिक संसारमा फर्किसक्नुभएको छ, पिताकहाँ फर्कि सक्नुभएको छ जसलाई मानिसहरूले कहिल्यै पनि देख्न वा उहाँकहाँ पुग्न सक्दैन भन्ने अनुभूति मानवजातिले गरेको परमेश्‍वरले

चाहनुभएन। उहाँ र मानवजाति बीचमा हैसियतको कुनै भिन्नता पैदा भएको अनुभूति मानिसहरूले गरेको उहाँले चाहनुभएन। जब परमेश्वरले उहाँलाई पछ्याउन चाहने तर उहाँलाई सम्मानजनक दूरीमा राख्ने मानिसहरूलाई देख्नुहुन्छ, तब उहाँको हृदय पीडामा हुन्छ किनकि त्यसको अर्थ तिनीहरूको हृदय उहाँबाट अत्यन्तै टाढा छ र तिनीहरूको हृदय प्राप्त गर्न उहाँको निम्ति कठिन हुनेछ भन्ने हुन्छ। त्यसैले, यदि उहाँ मानिसहरूकहाँ तिनीहरूले देख्न वा छुन नसक्ने आत्मिक शरीरमा प्रकट हुनुभएको भए, यसले मानिसलाई परमेश्वरबाट फेरि एक पल्ट टाढा राख्थ्यो, अनि यसले मानवजातिलाई ख्रीष्ट उहाँको पुनरुत्थानपछि उच्च हुनुभएको छ, मानवजातिभन्दा भिन्न प्रकारको बन्नुभएको छ, अनि यस्तो व्यक्ति जसले मानिससित उप्रान्त टेबुलमा बसेर खान सक्नुहुन्न, किनकि मानिसहरू पापपूर्ण, फोहोरी हुन्छन् अनि परमेश्वरको नजिक कहिल्यै जान सक्दैनन् भनी गलत प्रकारले हेर्ने तुल्याउँथ्यो। बाइबलमा लेखिए अनुसार, मानवजातिका यी गलत बुझाइहरूलाई हटाउन, प्रभु येशूले देहमा हुँदा गर्ने गर्नुभएका केही कुराहरू गर्नुभयो: "उहाँले रोटी लिनुभयो र त्यसलाई आशिष् दिनुभयो र त्यो भाँच्नुभयो र तिनीहरूलाई दिनुभयो।" उहाँले तिनीहरूलाई विगतमा जस्तै धर्मशास्त्र पनि व्याख्या गर्नुभयो। प्रभु येशूले गर्नुभएको यी सबै कुराहरूले उहाँलाई देख्ने हरेक व्यक्तिलाई प्रभु येशू परिवर्तन हुनुभएको छैन, उहाँ त्यही प्रभु येशू नै हुनुहुन्छ भन्ने महसुस गरायो। उहाँलाई क्रूसमा टाँगिएको र उहाँले मृत्यु अनुभव गर्नुभएको भए तापनि, उहाँ पुनरुत्थान हुनुभएको थियो, अनि उहाँले मानवजातिलाई त्याग्नुभएको थिएन। उहाँ मानिसहरूको बीचमा रहनलाई फर्कनुभएको थियो, अनि उहाँको बारेमा केही पनि परिवर्तन भएको थिएन। मानिसहरूको माझमा उभिरहनुभएको मानिसका पुत्र उही प्रभु येशू हुनुहुन्थ्यो। उहाँको आचरण तथा मानिसहरूसित कुराकानी गर्ने उहाँको तरिका अति चिरपरिचित भएको लाग्थ्यो। उहाँ अझै दया, अनुग्रह र सहिष्णुताले अत्यन्तै भरिपूर्ण हुनुहुन्थ्यो–उहाँ अझै त्यही प्रभु हुनुहुन्थ्यो जसले अरूलाई आफैलाई जस्तै प्रेम गर्नुहुन्थ्यो, जसले मानवजातिलाई सत्तरी गुणा सात पल्टसम्म क्षमा गर्न सक्नुहुन्थ्यो। उहाँले पहिले झैं मानिसहरूसित खानपान गर्नुभयो, तिनीहरूसित धर्मशास्त्रको छलफल गर्नुभयो, अनि त्यसभन्दा पनि बढी महत्वपूर्ण कुरा, पहिले जस्तै, उहाँ देह र रगतले बनिनुभएको थियो र उहाँलाई छुन र देखिन सकिन्थ्यो। उहाँ मानिसको पुत्र नै हुनुहुन्थ्यो जसले मानिसहरूलाई घनिष्ठता अनुभव गर्न, चैन अनुभव गर्न र हराइसकेको कुनै कुरा प्राप्त गर्नुको आनन्द अनुभूति गर्न दिनुभयो। ठूलो चैनको साथमा, तिनीहरूले बहादुरी पूर्वक र निर्धक्कताको साथ यस मानिसको पुत्रमाथि भर पर्न र उहाँतर्फ दृष्टि लगाउन थाले जसले मानवजातिलाई तिनीहरूका पापहरूबाट क्षमा गर्न सक्नुहुन्थ्यो। तिनीहरूले विना हिचकिचाहट प्रभु येशूको नाउँमा प्रार्थना गर्न थाले, उहाँको अनुग्रह, उहाँको आशिष प्राप्त गर्न, र उहाँको शान्ति तथा आनन्द प्राप्त गर्न, उहाँबाट वास्ता तथा सुरक्षा प्राप्त गर्नको लागि प्रार्थना गर्न थाले, अनि तिनीहरूले प्रभु येशूको नाउँमा रोगीलाई चङ्गाइ गर्न तथा भूतात्माहरूलाई निकाल्न थाले।

प्रभु येशूले देहमा काम गर्नुभएको त्यस समयमा, उहाँका धेरैजसो अनुयायीहरूले उहाँको पहिचान गर्न तथा उहाँले भन्नुभएका कुराहरूलाई पूर्ण रूपले प्रमाणित गर्न सकेनन्। जब उहाँ क्रूसको नजिक जाँदै हुनुहुन्थ्यो, तब उहाँका अनुयायीहरूको प्रवृत्ति मूकदर्शकको जस्तै थियो। त्यसपछि, उहाँ क्रूसमा

टाँगिनुभएको समयदेखि उहाँलाई चिहानमा राखिएको समयसम्म, उहाँप्रतिको मानिसहरूको प्रवृत्ति निरुत्साहजनक थियो। त्यस समयावधिमा, मानिसहरू आफ्नो हृदयमा प्रभु येशूले उहाँ देहमा हुनुहुँदाको समयमा भन्नुभएका कुराहरूलाई शङ्का गर्ने अवस्थाबाट उहाँलाई पूर्ण रूपमा इन्कार गर्ने अवस्थातर्फ सरिसकेका थिए। त्यसपछि, जब उहाँ चिहानबाट बाहिर निस्कनुभयो र एक-एक गरी मानिसहरूकहाँ प्रकट हुनुभयो, तब उहाँलाई आफ्नै आँखाले देख्ने र उहाँको पुनरुत्थानको समाचार सुन्ने बहुसंख्यक मानिसहरूले आफ्नो आचरणलाई बिस्तारै इन्कारदेखि आशावादी आचरणमा परिवर्तन गरे। प्रभु येशूले आफ्नो पुनरुत्थानपछि थोमालाई उहाँको कोखामा हात राख्न दिनुभएपछि, अनि उहाँले रोटी भाँचेर भीडको सामु खाएर, तिनीहरूकै सामु पोलेको माछा खानुभएपछि मात्रै तिनीहरूले प्रभु येशू देहमा आउनुभएका ख्रीष्ट हुनुहुन्छ भन्ने तथ्यलाई साँचो रीतिले स्वीकार गरे। के भन्न सकिन्छ भने, ती मानिसहरूको अघि उभिरहेको देह र रगतको यो आत्मिक शरीरले ती हरेकलाई सपनाबाट ब्यूँझाइरहेको जस्तै थियो: तिनीहरूको सामु उभिरहनुभएको मानिसको पुत्र अनन्तकालदेखि नै अस्तित्वमा रहनुभएका परमेश्‍वर हुनुहुन्थ्यो। उहाँसित एउटा स्वरूप, अनि मासु र हड्डीहरू थिए, अनि उहाँ मानवजातिको साथमा धेरै लामो समयदेखि रहनुभएको र खानुभएको थियो...। यस बेला, मानिसहरूले उहाँको अस्तित्व अत्यन्तै वास्तविक, अत्यन्तै उदेकको छ भन्ने महसुस गरे। त्यसको साथै, तिनीहरू अत्यन्तै आनन्दित र खुशी पनि थिए अनि भावनाले भरिपूर्ण थिए। उहाँ देखा पर्नुभएको घटनाले मानिसहरूलाई साँचो रीतिले उहाँको नम्रता देख्न, मानवजातिसँगको उहाँको घनिष्ठता तथा लगाव अनुभव गर्न, र उहाँले तिनीहरूको निम्ति कति धेरै विचार गर्नुभएको रहेछ भन्ने कुराको महसुस गर्न दियो। यो छोटो पुनर्मिलनले प्रभु येशूलाई देख्ने मानिसहरूलाई यस्तो महसुस गरायो मानौं जीवनकाल नै बितिसकेको छ। तिनीहरूको व्याकुल, अन्योल, भयभीत, चिन्तित, तृषित र स्तब्ध हृदयले सान्त्वना भेट्टायो। तिनीहरू उप्रान्त शङ्कालु वा हतोत्साहित थिएनन् किनकि अब आशा र भर पर्नको लागि केही छ भन्ने तिनीहरूले महसुस गरे। तिनीहरूको अघि उभिरहनुभएको मानिसको पुत्र तिनीहरूको निम्ति हरसमयका अग्र-रक्षक हुनुहुनेथियो; उहाँ तिनीहरूको बलियो धरहरा, सारा अनन्तकालको निम्ति तिनीहरूको शरणस्थान हुनुहुनेथियो।

प्रभु येशू पुनरुत्थान हुनुभएको भए तापनि, उहाँको हृदय र उहाँको कामले मानवजातिलाई छोडेको थिएन। मानिसहरूकहाँ देखा परेर, उहाँले तिनीहरूलाई उहाँ जस्तोसुकै स्वरूपमा उहाँ अस्तित्वमा रहनुभए तापनि उहाँले मानिसहरूलाई साथ दिनुहुनेछ, तिनीहरूसित हिँड्नुहुनेछ र हर समय र सबै ठाउँमा तिनीहरूसित रहनुहुनेछ भनेर बताउनुभयो। उहाँले मानवजातिको निम्ति सधैँभरि र जुनसुकै स्थानमा जुटाउनुहुनेछ र तिनीहरूको रखवाली गर्नुहुनेछ, उहाँलाई हेर्न र छुन दिनुहुनेछ, अनि तिनीहरूले कहिल्यै असहाय अनुभव गर्नेछैनन् भनी उहाँले तिनीहरूलाई सुनिश्‍चित तुल्याउनुहुनेछ भनी उहाँले तिनीहरूलाई भन्नुभयो। तिनीहरू संसारमा कहिल्यै एक्लै जिउनु पर्दैन भन्ने तिनीहरूले जानून् भन्ने पनि प्रभुको चाहना थियो। मानवजातिसित परमेश्‍वरको वास्ता छ; परमेश्‍वर तिनीहरूको साथमा हुनुहुन्छ। तिनीहरूले परमेश्‍वरमा सधैँ आड लिन सक्छन्, अनि उहाँका हरेक अनुयायीका निम्ति उहाँ परिवार हुनुहुन्छ। परमेश्‍वरको आड पाएर, मानवजाति उप्रान्त एक्लो वा असहाय हुनेछैनन्, अनि उहाँलाई पाप बलिको रूपमा स्वीकार गर्नेहरू उप्रान्त पापमा बाँधिएका

हुनेछैनन्। मानव नजरमा, प्रभु येशूले उहाँको पुनरुत्थानपछि गर्नुभएको कामका यी अंशहरू अत्यन्तै साना कुराहरू थिए, तर मेरो नजरमा, उहाँले गर्नुभएको एक-एक कुरा अत्यन्तै अर्थपूर्ण, अति मूल्यवान्, अति महत्वपूर्ण र सार्थकताले भरिएका छन्।

प्रभु येशूले देहमा काम गर्नुभएको समय कठिनाइ तथा दुःखकष्टहरूले भरिपूर्ण रहेको भए तापनि, उहाँको देह र रगतको आत्मिक शरीरमा देखा परेर मानवजातिलाई उद्धार गर्ने त्यस समयको उहाँको कामलाई उहाँले देहमा पूर्ण र सिद्ध प्रकारले पूरा गर्नुभयो। उहाँले देह बनेर आफ्नो सेवकाई सुरु गर्नुभयो, र आफ्नो शारीरिक रूपमा मानवजातिकहाँ प्रकट भएर उहाँले आफ्नो सेवकाई सिध्याउनुभयो। ख्रीष्टको रूपमा आफ्नो पहिचान द्वारा नयाँ युग सुरु गर्नुभएर उहाँले अनुग्रहको युगको घोषणा गर्नुभयो। ख्रीष्टको रूपमा रहेको आफ्नो पहिचानद्वारा, उहाँले नयाँ युग सुरु गर्दै अनुग्रहको युगको शुभारम्भ गर्नुभयो। ख्रीष्टको रूपमा रहेको उहाँको पहिचानद्वारा, उहाँले अनुग्रहको युगको काम गर्नुभयो अनि उहाँले अनुग्रहको युगका आफ्ना सारा अनुयायीहरूलाई सामर्थ्य दिनुभयो र डोऱ्याउनुभयो। परमेश्वरको कामको विषयमा के भन्न सकिन्छ भने, उहाँले जे सुरु गर्नुहुन्छ, त्यो साँच्चिकै सिध्याउनुहुन्छ। त्यसमा चरणहरू र योजना हुन्छन्, अनि काम उहाँको बुद्धि, उहाँको सर्वशक्ति, उहाँका उदेकका कार्यहरू, अनि उहाँको प्रेम तथा कृपाले भरिपूर्ण हुन्छन्। अवश्य नै, परमेश्वरको सबै काममा क्रियाशील रहने कडी भनेको मानवजातिको निम्ति उहाँको वास्ता नै हो; यो उहाँको फिक्रीका भावनाहरूले यसरी भिजेको छ कि उहाँले त्यसलाई कहिल्यै पन्साउन सक्नुहुन्न। बाइबलका यी पदहरूमा, आफ्नो पुनरुत्थानपछि प्रभु येशूले गर्नुभएको एक-एक कुरामा मानवजातिको निम्ति उहाँको सूक्ष्म वास्ता तथा स्नेह लगायत मानवजातिको निम्ति परमेश्वरको अपरिवर्तनीय आशाहरू तथा फिक्री प्रकट गरिएका छन्। यीमध्ये कुनै पनि कुरा हालको दिनसम्म पनि परिवर्तन भएको छैन—के तिमीहरूले यो कुरा देख्न सक्छौ? जब तिमीहरू यसलाई देख्छौ, तब के तिमीहरूको हृदय अचेत रूपले परमेश्वरको नजिक खिचिँदैन र? यदि तिमीहरू त्यस युगमा बाँचेका भए अनि प्रभु येशू तिमीहरूले देख्न सकोस् भनेर आफ्नो पुनरुत्थानपछि मूर्त रूपमा प्रकट हुनुभएको भए, अनि उहाँ तिमीहरूको अगाडि बसेर रोटी र मासु खानुभयो र तिमीहरूलाई धर्मशास्त्र व्याख्या गरिदिनुभयो, अनि तिमीहरूसित बोल्नुभयो भने तिमीहरूले कस्तो अनुभूति गर्नेथियौ? के तिमीहरूलाई खुशी लाग्थ्यो? कि तिमीहरूलाई खेद लाग्थ्यो? परमेश्वर सम्बन्धी पहिलेका गलत बुझाइहरू तथा उहाँबाट टाढा हुने काम, परमेश्वर विरुद्धका द्वन्द्व तथा शङ्काहरू—के ती सबै त्यत्तिकै हराउने थिएनन् र? के परमेश्वर र मानवजाति बीचको सम्बन्ध सामान्य र उचित हुने थिएन र?

बाइबलका यी सीमित अध्यायहरूलाई व्याख्या गरेर, के तिमीहरूले परमेश्वरको स्वभावमा केही खोटहरू भेट्टाउँछौ? के तिमीहरूले परमेश्वरको प्रेममा केही मिसावट भेट्टाउँछौ? के परमेश्वरको प्रेममा वा बुद्धिमा तिमीहरूले कुनै छल वा खराबी देख्छौ र? निश्चय नै देख्दैनौ! अब, के तिमीहरूले निश्चयताका साथ परमेश्वर पवित्र हुनुहुन्छ भनी भन्न सक्छौ? के तिमीहरूले निश्चयताको साथ परमेश्वरको हरेक भावना उहाँको सार तथा स्वभावको प्रकाश हो भनी भन्न सक्छौ? म आशा गर्छु कि यी वचनहरू पढि सकेपछि, त्यसबाट तिमीहरूले हासिल गर्ने बुझाइले तिमीहरूलाई सहायता गर्नेछ र स्वभाव बदल्ने तथा परमेश्वरको डर मान्ने सम्बन्धी तिमीहरूको खोजीमा तिमीहरूलाई

लाभ पुऱ्याउनेछ, अनि त्यसले तिमीहरूमा दिन प्रतिदिन वृद्धि हुने फल फलाउनेछ, ताकि यस खोजीको प्रक्रियामा तिमीहरू परमेश्‍वरको झन्-झन् नजिक ल्याइनेछौ, परमेश्‍वरले अपेक्षा गर्नुभएको मागको झन्-झन् नजिक ल्याइनेछौ। तिमीहरू उप्रान्त सत्यताको खोजीमा दिक्क हुनेछैनौ अनि सत्यताको खोजी तथा स्वभावमा परिवर्तन ल्याउनु कष्टप्रद वा निरर्थक कुरा हो भनी उप्रान्त अनुभव गर्नेछैनौ। बरु, परमेश्‍वरको साँचो स्वभावको अभिव्यक्ति तथा परमेश्‍वरको पवित्र सारबाट उत्प्रेरित भएर, तिमीहरूले ज्योतिको तिर्सना गर्नेछौ, न्यायको तिर्सना गर्नेछौ, सत्यताको खोजी गर्ने, परमेश्‍वरको इच्छालाई सन्तुष्ट गर्ने चाहना गर्नेछौ, अनि तिमीहरू परमेश्‍वरद्वारा प्राप्त गरिएका व्यक्ति बन्नेछौ, एउटा वास्तविक व्यक्ति बन्नेछौ।

आज हामीले उहाँलाई पहिलो पटक देहधारी बनाइएको अनुग्रहको युगमा परमेश्‍वरले गर्नुभएका केही निश्‍चित कुराहरूको बारेमा कुरा गरेका छौँ। यी कुराहरूबाट, हामीले देहमा उहाँले व्यक्त गर्नुभएको तथा प्रकट गर्नुभएको स्वभावलाई, साथै उहाँसित जे छ र उहाँ जे हुनुहुन्छ, त्यसको हरेक पक्षलाई देखेका छौँ। उहाँसित जे छ र उहाँ जे हुनुहुन्छ, त्यसका यी सबै पक्षहरू अत्यन्तै मानवीकरण गरिएको प्रतीत हुन्छ, तर वास्तविकता त के हो भने, उहाँले प्रकट गर्नुभएको र व्यक्त गर्नुभएको सबै कुराको सार उहाँको आफ्नै स्वभावबाट अभिन्‍न छ। देहधारी परमेश्‍वरले आफ्नो स्वभावलाई मानवतामा व्यक्त गर्नुभएको हरेक विधि तथा हरेक पक्ष उहाँको आफ्नै सारसित फुकाउनै नमिल्ने गरी जोडिएको छ। त्यसैले, परमेश्‍वर देहधारणको माध्यम प्रयोग गरेर मानवजातिकहाँ आउनुभएको कुरा अत्यन्तै महत्वपूर्ण छ। साथै, शरीरमा उहाँले गर्नुभएको काम पनि महत्वपूर्ण छ, तर देहमा जिइरहेका हरेक व्यक्तिका निम्ति, भ्रष्टतामा जिइरहेका हरेक व्यक्तिका निम्ति त्यसभन्दा झनै महत्वपूर्ण कुरा भनेका उहाँले प्रकट गर्नुभएको स्वभाव तथा उहाँले व्यक्त गर्नुभएको इच्छा हो। के तिमीहरू यो कुरा बुझ्न सक्छौ? परमेश्‍वरको स्वभाव अनि उहाँसित जे छ र उहाँ जे हुनुहुन्छ सो बुझिसकेपछि, परमेश्‍वरलाई कसरी व्यवहार गर्नुपर्छ सो विषयमा तिमीहरूले कुनै निष्कर्षहरू निकालेका छौ? अन्त्यमा, यस प्रश्‍नको प्रतिक्रिया स्वरूप म तिमीहरूलाई तीन वटा सल्लाहहरू दिन चाहन्छु: पहिलो, परमेश्‍वरलाई जाँच नगर्। तैँले परमेश्‍वरलाई जति धेरै बुझे तापनि, तैँले परमेश्‍वरको स्वभावबारे जति नै धेरै जाने पनि, उहाँलाई कदापि जाँच नगर्। दोस्रो, परमेश्‍वरसित ओहोदाको निम्ति नलड्। परमेश्‍वरले तँलाई जस्तो प्रकारको ओहोदा दिनुभए तापनि वा तँलाई जस्तो प्रकारको काम सुम्पिनुभए तापनि, तँलाई जस्तो प्रकारको कर्तव्य पूरा गर्न लगाउनुभए तापनि, परमेश्‍वरको निम्ति तैँले आफैलाई जति नै समर्पित गरे तापनि र बलिदान गरे तापनि, ओहोदाको निम्ति उहाँसित कदापि प्रतिस्पर्धा नगर्। तेस्रो, परमेश्‍वरसित प्रतिस्पर्धा नगर्। उहाँले तँसित जे गर्नुहुन्छ, तेरो निम्ति जे व्यवस्था गर्नुहुन्छ र जुन कुराहरू तँकहाँ ल्याउनुहुन्छ, चाहे ती तैँले बुझे तापनि वा यदि त्यसप्रति तैँले आफैलाई सुम्पिन सके पनि, नसके पनि परमेश्‍वरसित कदापि प्रतिस्पर्धा नगर्। यदि यी तीन सल्लाहहरूलाई तैँले पालना गर्न सक्छस् भने, तँ लगभग सुरक्षित नै हुनेछस्, र उहाँलाई क्रोधित तुल्याउनेतर्फ तँ उन्मुख हुनेछैनस्। हामीले आजको संगति यही नै समाप्त गर्नेछौं।

नोभेम्बर २३, २०१३

# परमेश्वर स्वयम् अद्‌वितीय १

## परमेश्वरको अख्तियार (१)

मेरा विगतका धेरै सङ्गतिहरू परमेश्वरको कार्य, परमेश्वरको स्वभाव, र परमेश्वर स्वयम्‌सँग सम्बन्धित थिए। यी सङ्गतिहरूलाई सुनिसकेपछि, के तिमीहरूले परमेश्वरको स्वभावको बुझाइ र ज्ञान प्राप्त गर्‍यौ भन्ने तिमीहरूलाई लाग्छ? तिमीहरूले कति मात्रामा बुझाइ र ज्ञान प्राप्त गर्‍यौ? के तिमीहरू यसलाई सङ्ख्यामा बताउन सक्छौ? के यी सङ्गतिहरूले तिमीहरूलाई परमेश्वरको बारेमा गहन बुझाइ प्रदान गर्‍यो? के यो बुझाइलाई परमेश्वरसम्बन्धी साँचो ज्ञान हो भनेर भन्न सकिन्छ? के परमेश्वरसम्बन्धी यो ज्ञान र बुझाइलाई परमेश्वरको सम्पूर्ण सार, र उहाँसँग जे छ र उहाँ जे हुनुहुन्छ त्यसको ज्ञान हो भनेर भन्न सकिन्छ? सकिँदैन, अवश्य नै सकिँदैन! किनभने यी सङ्गतिहरूले परमेश्वरको स्वभाव र उहाँसँग जे छ र उहाँ जे हुनुहुन्छ त्यो सबैको पूर्ण बुझाइ प्रदान नगरी आंशिक बुझाइ मात्रै प्रदान गर्‍यो। यी सङ्गतिहरूले तिमीहरूलाई विगतमा परमेश्वरले गर्नुभएको कामलाई आंशिक रूपमा बुझ्न सक्षम तुल्यायो; यी सङ्गतिहरूमार्फत, तिमीहरूले परमेश्वरको स्वभाव र उहाँसँग जे छ र उहाँ जे हुनुहुन्छ, साथै उहाँले गर्नुभएका सबै कुरापछाडिका शैली र विचारलाई हेर्‍यौ। तर यो परमेश्वरको शाब्दिक, मौखिक बुझाइ मात्रै हो, र यसमध्ये कति वास्तविक हुन् भन्ने कुराप्रति तिमीहरू आफ्नो हृदयमा अनिश्चित नै रहन्छौ। यस्ता कुराहरूसम्बन्धी मानिसहरूको बुझाइमा कुनै वास्तविकता छ कि छैन भन्ने कुरालाई मुख्यतया केले निर्धारित गर्छ त? तिनीहरूको वास्तविक अनुभवहरूको अवधिमा तिनीहरूले परमेश्वरको कति वचन र स्वभावलाई अनुभव गरेका छन्, र यी वास्तविक अनुभवहरूको अवधिमा तिनीहरूले कति देख्न सके र जान्न सके त्यसले नै यसलाई निर्धारित गर्छ। के कसैले यस्ता शब्दहरू बोलेका छन्: “विगतका धेरै सङ्गतिहरूले हामीलाई परमेश्वरले गर्नुभएका कार्यहरू, परमेश्वरका विचारहरू, अनि यति मात्र होइन, मानवजातिप्रति परमेश्वरको मनोवृति र उहाँका कार्यहरूको आधारका साथसाथै उहाँका कार्यहरूका सिद्‌धान्तहरूको बारेमा हामीलाई बुझ्ने मौका दियो; त्यसकारण के हामीले परमेश्वरको स्वभाव, र परमेश्वरको सम्पूर्णतालाई जानेका छौं”? के यसो भन्नु सही छ? स्पष्टै छ, यो सही छैन। यसो भन्नु सही छैन भनेर म किन भन्दैछु? परमेश्वरको स्वभाव र परमेश्वरसँग जे छ र उहाँ जे हुनुहुन्छ त्यसलाई उहाँले गर्नुभएका कामहरूमा र उहाँले बोल्नुभएका वचनहरूमा व्यक्त गरिन्छ। परमेश्वरले गर्नुभएको कार्य र उहाँले बोल्नुभएका वचनहरूमार्फत, मानिसले परमेश्वरसँग जे छ र उहाँ जे हुनुहुन्छ त्यसलाई हेर्न सक्छ, तर यसो भन्नुको अर्थ ती कार्य र वचनले मानिसलाई परमेश्वरको स्वभाव, र उहाँसँग जे छ र उहाँ जे हुनुहुन्छ त्यसको आंशिक बुझाइ मात्र हासिल गर्न सक्षम गराउँछ भन्ने मात्रै हो। यदि मानिसले परमेश्वरको बारेमा अझै महान् र अझै उल्लेखनीय बुझाइ प्राप्त गर्न चाहन्छ भने, मानिसले परमेश्वरको अझै बढी वचन र कार्यलाई अनुभव गर्नुपर्छ। परमेश्वरका वचनहरूलाई वा कार्यको केही भागलाई अनुभव गर्ने क्रममा मानिसले परमेश्वरको आंशिक बुझाइ मात्रै प्राप्त गर्ने भए पनि, के यो आंशिक बुझाइले परमेश्वरको

साँचो स्वभावलाई प्रतिनिधित्व गर्छ त? के यसले परमेश्‍वरको सारलाई प्रतिनिधित्व गर्छ त? अवश्य नै यसले परमेश्‍वरको साँचो स्वभाव, र परमेश्‍वरको सारलाई प्रतिनिधित्व गर्छ; त्यसबारेमा कुनै शङ्का छैन। परमेश्‍वरले आफ्नो कार्य गर्ने स्थान वा ठाउँ वा त्यसो गर्ने शैली, वा उहाँ मानिसकहाँ जुन रूपमा प्रकट हुनुभए पनि, वा उहाँले आफ्नो इच्छा जसरी प्रकट गर्नुभए पनि, उहाँले प्रकट गर्नुहुने र व्यक्त गर्नुहुने सबै कुराले परमेश्‍वर स्वयम्‌लाई, परमेश्‍वरको सारलाई र उहाँसँग जे छ र उहाँ जे हुनुहुन्छ त्यसलाई प्रतिनिधित्व गर्छ। उहाँसँग जे छ र उहाँ जे हुनुहुन्छ त्यसद्वारा, र उहाँको साँचो पहिचानमा परमेश्‍वरले आफ्नो कार्य गर्नुहुन्छ; यो पूर्णतया सत्य छ। तैपनि आज, उहाँका वचनहरूद्वारा, र प्रचार सुन्दा तिनीहरूले जे सुन्छन् त्यसमार्फत मानिसहरूले परमेश्‍वरको बारेमा आंशिक बुझाइ मात्रै हासिल गर्ने भए पनि, केही हदसम्म यो बुझाइलाई सैद्धान्तिक ज्ञान मात्रै भन्न सकिन्छ। तिमीहरूको वास्तविक स्थितिहरूलाई ध्यानमा राखेर हेर्दा, यदि तिमीहरू प्रत्येक आफ्नो वास्तविक अनुभवहरूमा यसबाट गुज्रन्छौ, र यसलाई अलि-अलि गरी जान्दछौ भने मात्रै तिमीहरूले सुनेका, देखेका, वा जानेका र बुझेका परमेश्‍वरसम्बन्धी बुझाइ वा ज्ञानलाई आज तिमीहरूको हृदयमा पुष्टि गर्न सक्छौ। यदि मैले यी वचनहरूमा सङ्गति नगरेको भए, के तिमीहरूले आफ्ना अनुभवहरूबाट मात्रै परमेश्‍वरको साँचो ज्ञान हासिल गर्नसक्थ्यौ र? दुःखको कुरा, त्यसो गर्नु अत्यन्तै कठिन हुनेथियो। किनभने कसरी अनुभव गर्ने सो कुरा जान्नको लागि मानिसहरूसँग पहिले परमेश्‍वरको वचन हुनैपर्छ। मानिसहरूले परमेश्‍वरको जति धेरै वचन खान्छन्, तिनीहरूले अनुभव गर्ने सङ्ख्या पनि त्यति नै हुन्छ। परमेश्‍वरको वचनले अगाडिको मार्गमा डोऱ्याउँछ, र मानिसलाई उसको अनुभवमा मार्गनिर्देश गर्छ। छोटकरीमा भन्दा, केही साँचो अनुभव हुनेहरूका लागि, विगतका यी धेरै सङ्गतिहरूले तिनीहरूलाई सत्यताको अझै गहन बुझाइ, र परमेश्‍वरसम्बन्धी अझै यथार्थ ज्ञान हासिल गर्न सहयोग गर्नेछ। तर जोसँग कुनै अनुभव छैन, वा जसले भर्खरै आफ्नो अनुभवलाई सुरु गरेको छ, वा भर्खरै वास्तविकतालाई छुन सुरु गरेको छ, उनीहरूको लागि यो ठूलो जाँच हो।

विगतका धेरै सङ्गतिहरूको मुख्य विषयवस्तु "परमेश्‍वरको काम, परमेश्‍वरको स्वभाव र परमेश्‍वर स्वयम्।" सँग सम्बन्धित थिए। मैले बताएका सबै कुराको मुख्य र केन्द्रीय भागहरूमा तिमीहरूले के देख्यौ? जसले काम गर्नुभयो, जसले यी स्वभावहरू प्रकट गर्नुभयो, उहाँ अद्वितीय परमेश्‍वर स्वयम् हुनुहुन्छ जसको यावत् थोकमाथि सार्वभौमिकता छ भन्ने कुरालाई के तिमीहरू यी सङ्गतिहरूबाट पहिचान गर्न सक्छौ? यदि तिमीहरूको उत्तर सक्छौं भन्ने हो भने, केले तिमीहरूलाई यस्तो निष्कर्षमा पुऱ्याउँछ? यो निष्कर्ष निकाल्ने क्रममा, तिमीहरूले कति वटा पक्षहरूलाई ध्यान दियौ? के कसैले मलाई बताउन सक्छ? विगतका केही सङ्गतिहरूले तिमीहरूलाई गहन रूपमा प्रभाव पारे, र परमेश्‍वरसम्बन्धी तिमीहरूको ज्ञानको लागि तिमीहरूको हृदयमा नयाँ सुरुवात प्रदान गरे भन्ने मलाई थाहा छ, जुन एकदम राम्रो कुरा हो। तर पहिलेको तुलनामा परमेश्‍वरसम्बन्धी तिमीहरूको बुझाइले निकै ठूलो फड्को मारेको भए तापनि, परमेश्‍वरको पहिचानसम्बन्धी तिमीहरूको परिभाषाले व्यवस्थाको युगका यहोवा परमेश्‍वर, अनुग्रहको युगका प्रभु येशू, र राज्यको युगका सर्वशक्तिमान् परमेश्‍वर भन्ने नामहरूलाई उछिन्न बाँकी नै छ। भन्नुको

अर्थ, “परमेश्वरको काम, परमेश्वरको स्वभाव र परमेश्वर स्वयम्” सम्बन्धी यी सङ्गतिहरूले तिमीहरूलाई परमेश्वरले कुनै बेला बोल्नुभएका वचनहरू, र परमेश्वरले कुनै बेला गर्नुभएको काम, र परमेश्वरले कुनै बेला प्रकट गर्नुभएको उहाँ जे हुनुहुन्छ र उहाँसँग जे छ त्यसको बारेमा केही बुझाइ प्रदान गरेको भए पनि, तिमीहरूले “परमेश्वर” भन्ने शब्दको साँचो परिभाषा र सटीक अभिमुखीकरण प्रदान गर्न सक्दैनौ। न त तिमीहरूसँग परमेश्वर स्वयम्को हैसियत र पहिचानको, अर्थात्, यावत् थोकको बीचमा र सम्पूर्ण ब्रह्माण्डभरिमा परमेश्वरको हैसियतको साँचो र सटीक अभिमुखीकरण नै छ। किनभने परमेश्वर स्वयम् र परमेश्वरको स्वभावसम्बन्धी अघिल्लो सङ्गतिमा, सबै विषयवस्तु बाइबलमा समावेश गरिएका परमेश्वरका अघिल्ला अभिव्यक्ति र प्रकाशहरूमा आधारित थियो। तैपनि, मानवजातिलाई उहाँले गर्नुभएको व्यवस्थापन र मुक्तिको अवधिमा, वा त्यसभन्दा बाहिर परमेश्वरले प्रकट र व्यक्त गर्नुभएका उहाँ जे हुनुहुन्छ र उहाँसँग जे छ त्यस कुरालाई पत्ता लगाउनु मानिसको लागि कठिन छ। त्यसकारण, विगतमा उहाँले गर्नुभएको कार्यमा प्रकट गरिएका उहाँ जे हुनुहुन्छ र उहाँसँग जे छ त्यसलाई तिमीहरूले बुझे पनि, परमेश्वरको पहिचान र हैसियतसम्बन्धी तिमीहरूको परिभाषा “अद्‌वितीय परमेश्वर, जसको यावत् थोकमाथि सार्वभौमिकता छ” सम्म पुग्न निकै धेरै बाँकी छ, र यो “सृष्टिकर्ता” भन्ने शब्दभन्दा फरक छ। विगतका धेरै सङ्गतिहरूले सबैलाई उस्तै अनुभूति गरायो: मानिसले कसरी परमेश्वरका विचारहरूलाई जान्न सक्छ? यदि कसैले वास्तवमै जान्नु थियो भने, त्यो व्यक्ति अवश्य नै परमेश्वर हुनेथियो, किनभने परमेश्वर स्वयम्ले मात्रै आफ्ना विचारहरू जान्नुहुन्छ, र परमेश्वर स्वयम्ले मात्रै उहाँले गर्ने सबै कुराको आधार र तरिकालाई जान्नुहुन्छ। त्यसरी तिमीहरूले परमेश्वरको पहिचानलाई चिन्नु तार्किक र उचित हो भन्नेजस्तो देखिन्छ, तर परमेश्वरको स्वभाव र कार्यद्‌वारा यो वास्तवमा परमेश्वर स्वयम्को काम हो, मानिसको काम होइन, मानिसले परमेश्वरको खातिर गर्न सक्ने काम होइन भनेर कसले साँच्चै भन्न सक्छ? यस प्रकारको कार्य परमेश्वरकै सार र शक्ति भएको एउटै उहाँको सार्वभौमिकताको अधीनमा हुन्छ भन्ने कसले देख्न सक्छ? भन्नुको अर्थ, कुन-कुन चरित्रहरू वा सारद्‌वारा उहाँ परमेश्वर स्वयम् हुनुहुन्छ, जसमा परमेश्वरको पहिचान छ, र यावत् थोकमाथि जसको सार्वभौमिकता छ भनेर तिमीहरू भन्न सक्छौ? के तिमीहरूले त्यसको बारेमा पहिले कहिल्यै विचार गरेका छौ? छैनौ भने, यसले एउटा तथ्यलाई प्रमाणित गर्छ: विगतका धेरै सङ्गतिहरूले तिमीहरूलाई परमेश्वरले गर्नुभएको आफ्नो कामको इतिहासको टुक्रा, र त्यस कार्य अवधिका परमेश्वरका तरिका, प्रकटीकरण, र प्रकाशको बारेमा केही बुझाइ मात्रै दिएको छ। त्यस्तो बुझाइले तिमीहरू प्रत्येकलाई कार्यका यी दुई चरणहरू पूरा गर्नुहुने भनेको तिमीहरूले सधैँ पछ्याउनैपर्ने तिमीहरूले विश्वास गर्ने र पछ्याउने परमेश्वर स्वयम् नै हुनुहुन्छ भन्ने कुरा निश्चित रूपमै पहिचान गर्ने तुल्याउँछ, तैपनि उहाँ संसारको सृष्टिदेखि नै अस्तित्वमा हुनुभएका र अनन्तसम्म अस्तित्वमा रहिरहनुहुने परमेश्वर हुनुहुन्छ भन्ने कुरालाई तिमीहरूले अझै पहिचान गर्न सक्दैनौ, न त उहाँ सारा मानवजातिलाई डोर्‍याउनुहुने र तिनीहरूमाथि सार्वभौमिकता राख्नुहुने परमेश्वर हुनुहुन्छ भन्ने कुरालाई नै तिमीहरू पहिचान गर्न सक्छौ। तिमीहरूले अवश्य नै यो समस्याको बारेमा विचार गरेका छैनौ। चाहे यहोवा हुनुभए पनि वा प्रभु येशू हुनुभए पनि, सार र प्रकटीकरणको

कुन-कुन पक्षहरूद्वारा तिमीहरू उहाँ तिमीहरूले पछ्याउनुपर्ने परमेश्वर मात्रै हुनुहुन्न, बरु उहाँ त मानवजातिलाई हुकुम गर्नुहुने र मानवजातिको नियतिमाथि सार्वभौमिकता राख्नुहुने, यसको साथै, स्वर्ग र पृथ्वी अनि यावत् थोकमाथि सार्वभौमिकता भएका अद्वितीय परमेश्वर स्वयम् हुनुहुन्छ भन्ने कुरालाई तिमीहरू पहिचान गर्न सक्छौ? कुन-कुन माध्यमहरूद्वारा तिमीहरू आफूले जसलाई विश्वास गर्छौ र पछ्याउँछौ उहाँ यावत् थोकमाथि सार्वभौमिकता राख्नुहुने परमेश्वर स्वयम् नै हुनुहुन्छ भन्ने कुरालाई पहिचान गर्छौ? कुन-कुन माध्यमहरूद्वारा तिमीहरू आफूले विश्वास गर्ने परमेश्वरलाई मानवजातिको नियतिमाथि सार्वभौमिकता राख्नुहुने परमेश्वरसँग जोड्छौ? के कुराले तिमीहरूलाई तिमीहरू जुन परमेश्वरलाई विश्वास गर्छौ उहाँ अद्वितीय परमेश्वर हुनुहुन्छ, जो स्वर्गमा र पृथ्वीमा, अनि यावत् थोकमाझ हुनुहुन्छ भनेर पहिचान गर्ने तुल्याउँछ? यो त्यो समस्या हो जसलाई म अर्को खण्डमा समाधान गर्नेछु।

तिमीहरूले कहिल्यै नउठाएका वा सोच्नै नसक्ने समस्याहरू नै तिमीहरूले परमेश्वरलाई चिन्नको लागि सबैभन्दा महत्त्वपूर्ण हुन सक्छन्, र तिनमा मानिसले बुझ्न नसक्ने सत्यताहरू खोज्न सकिन्छ। जब यी समस्याहरू तिमीहरूमा आइपर्छन् र तिमीहरूले तिनलाई सामना गर्न र तिनको बारेमा निर्णय गर्नुपर्ने हुन्छ, यदि तिमीहरूको मूर्खता र अज्ञानताको कारण, वा तिमीहरूका अनुभवहरू अत्यन्तै सतही भएको कारण अनि तिमीहरूमा परमेश्वरसम्बन्धी साँचो ज्ञानको कमी भएको कारण तिमीहरूले तिनलाई पूर्ण रूपमा निराकरण गर्न सक्दैनौ भने, परमेश्वरमाथिको तिमीहरूको विश्वासको मार्गमा ती सबैभन्दा ठूलो वाधा र सबैभन्दा ठूलो अवरोध बन्नेछन्। त्यसकारण, यो विषयमा तिमीहरूसँग सङ्गति गर्नु अत्यन्तै आवश्यक छ भन्ने मलाई लाग्छ। तिमीहरूको अहिलेको समस्या के हो, के त्यो तिमीहरूलाई थाहा छ? के मैले बताएका समस्याहरूका बारेमा तिमीहरू स्पष्ट छौ? के यी तिमीहरूले सामना गर्ने समस्याहरू हुन्? के यी तिमीहरूले नबुझ्ने समस्याहरू हुन्? के यी तिमीहरूमा कहिल्यै नआएका समस्याहरू हुन्? के यी समस्याहरू तिमीहरूका लागि महत्त्वपूर्ण छन्? के यी वास्तवमा नै समस्याहरू हुन्? यो विषय तिमीहरूको लागि अन्योलताको निकै ठूलो स्रोत हो, जसले तिमीहरू जुन परमेश्वरमा विश्वास गर्छौ उहाँको बारेमा तिमीहरूमा साँचो बुझाइ छैन, र तिमीहरूले उहाँलाई गम्भीर रूपमा लिँदैनौ भन्ने देखाउँछ। कतिपय मानिसहरूले यसो भन्छन्, "उहाँ परमेश्वर हुनुहुन्छ भन्ने मलाई थाहा छ, त्यसकारण, म उहाँलाई पछ्याउँछु, किनभने उहाँका वचनहरू परमेश्वरको अभिव्यक्ति हो। त्यही नै पर्याप्त छ। थप कुन प्रमाणको आवश्यकता छ र? अवश्य नै हामीले परमेश्वरको बारेमा शङ्काहरू गर्नुपर्दैन? अवश्य नै हामीले परमेश्वरको जाँच गर्नु हुँदैन? अवश्य नै हामीले परमेश्वरको सार र परमेश्वर स्वयम्को पहिचानबारेमा प्रश्न उठाउनुपर्दैन?" तिमीहरूले यस्तो विचार गरे पनि नगरे पनि, तिमीहरूलाई परमेश्वरको बारेमा अन्योल तुल्याउन, वा तिमीहरूलाई उहाँको जाँच गर्ने तुल्याउन म त्यस्ता प्रश्नहरू अघि सार्दिनँ, परमेश्वरको पहिचान र सारको बारेमा तिमीहरूलाई शङ्का दिलाउने कुरा त परै जाओस्। बरु, परमेश्वरको सारको बारेमा अझै ठूलो बुझाइ, र परमेश्वरको हैसियतको बारेमा अझै ठूलो निश्चयता र विश्वासको लागि तिमीहरूलाई प्रोत्साहन गर्न मैले त्यसो गर्दैछु, ताकि परमेश्वरलाई पछ्याउने तिमीहरू सबैको हृदयमा परमेश्वर मात्रै रहनुभएको होस्, ताकि सृष्टिकर्ता,

यावत् थोकका शासक, अद्‌वितीय परमेश्‍वर स्वयम्‌को रूपमा परमेश्‍वरको मौलिक प्रतिष्ठालाई हरेक प्राणीको हृदयमा पुनर्स्थापित गर्न सकियोस्। मैले सङ्‌गति गर्न लागेको विषय पनि यही नै हो।

अब, बाइबलको निम्न खण्डबाट पढेर हामी सुरु गरौं।

**१. परमेश्‍वरले यावत् थोक सृष्टि गर्न वचन प्रयोग गर्नुहुन्छ**

उत्पत्ति १:३-५ अनि परमेश्‍वरले भन्‍नुभयो, उज्यालो होस्: अनि उज्यालो भयो। अनि परमेश्‍वरले त्यो असल छ भन्‍ने देख्‍नुभयो: अनि परमेश्‍वरले उज्यालोलाई अन्धकारबाट अलग गर्नुभयो। अनि परमेश्‍वरले उज्यालोलाई दिन र अन्धकारलाई रात भन्‍नुभयो। अनि साँझ र बिहान पहिलो दिन थियो।

उत्पत्ति १:६-७ अनि परमेश्‍वरले भन्‍नुभयो, पानीहरूको बीचमा वायुमण्डल होस् र त्यसले पानीहरूलाई पानीहरूबाट अलग गरोस्। अनि परमेश्‍वरले वायुमण्डल बनाउनुभयो र पानीलाई वायुमण्डलमुनि र वायुमण्डलमाथि विभाजन गर्नुभयो: अनि त्यस्तै भयो।

उत्पत्ति १:९-११ अनि परमेश्‍वरले भन्‍नुभयो, वायुमण्डलमुनिको पानी एक ठाउँमा जम्मा होस् र सुक्खा भूमि देखा परोस्: अनि त्यस्तै भयो। अनि परमेश्‍वरले सुक्खा भूमिलाई पृथ्वी; र एक ठाउँमा जम्मा भएको पानीलाई समुद्रहरू भन्‍नुभयो: अनि परमेश्‍वरले त्यो असल छ भन्‍ने देख्‍नुभयो। अनि परमेश्‍वरले भन्‍नुभयो, भूमिले घाँस उमारोस्, बीउ फलाउने बोट-बिरुवाहरू र आफ्नै प्रजातिका फल फलाउने बीउ भएका फलका रुखहरू पृथ्वीमा उमारोस्: अनि त्यस्तै भयो।

उत्पत्ति १:१४-१५ अनि परमेश्‍वरले भन्‍नुभयो, अन्तरिक्षमा दिनलाई रातबाट छुट्‍याउने ज्योतिहरू होऊन्; र तिनीहरू ऋतु, दिन र वर्षहरू छुट्‍याउने चिन्ह होऊन्: र पृथ्वीमा ज्योति दिनलाई आकाशको अन्तरिक्षमा ती ज्योतिहरू होऊन्: अनि त्यस्तै भयो।

उत्पत्ति १:२०-२१ अनि परमेश्‍वरले भन्‍नुभयो, पानीहरूले जीवन भएका प्रशस्त चल्ने प्राणीहरू र पृथ्वीमाथि खुला आकाशमा उड्‍ने पक्षीहरू उत्पन्‍न गरोस्। अनि परमेश्‍वरले ठूला ह्वेल माछाहरू, जसलाई पानीहरूले तिनीहरूका प्रजातिअनुसार प्रशस्त मात्रामा उत्पन्‍न गरे, र चल्ने हरेक जीवित प्राणीहरू र हरेक प्रजातिका पखेटा भएका पक्षीहरू बनाउनुभयो: अनि त्यो असल छ भन्‍ने परमेश्‍वरले देख्‍नुभयो।

उत्पत्ति १:२४-२५ अनि परमेश्‍वरले भन्‍नुभयो, पृथ्वीले तिनीहरूका प्रजातिअनुसारका जीवित प्राणीहरू, चौपायाहरू र घस्रने जन्तुहरू र प्रजातिअनुसारका जनावरहरू उत्पन्‍न गरोस्: अनि त्यस्तै भयो। अनि परमेश्‍वरले प्रजातिअनुसार पृथ्वीको जन्तु, तिनीहरूका प्रजातिअनुसारका चौपायाहरू बनाउनुभयो र पृथ्वीमा घस्रने हरेक जन्तुहरूलाई तिनीहरूकै प्रजातिअनुसार बनाउनुभयो: अनि त्यो असल छ भन्‍ने परमेश्‍वरले देख्‍नुभयो।

**पहिलो दिन, परमेश्‍वरको अख्तियारले मानवजातिको दिन र रात पैदा र खडा गर्छ**

हामी पहिलो अनुच्छेदलाई हेरौं: "अनि परमेश्‍वरले भन्‍नुभयो, उज्यालो होस्: अनि उज्यालो भयो। अनि परमेश्‍वरले त्यो असल छ भन्‍ने देख्‍नुभयो: अनि परमेश्‍वरले उज्यालोलाई अन्धकारबाट अलग गर्नुभयो। अनि परमेश्‍वरले उज्यालोलाई दिन र अन्धकारलाई रात भन्‍नुभयो। अनि साँझ र

बिहान पहिलो दिन थियो” (उत्पत्ति १:३-५)। यो अनुच्छेदले सृष्टिको सुरुवात गर्ने परमेश्‍वरको पहिलो कार्य, र साँझ परेर बिहान भएपछि परमेश्‍वरले पूरा गर्नुभएको पहिलो दिनलाई व्याख्या गर्छ। तर यो असाधारण दिन थियो: परमेश्‍वरले सबै थोकको लागि उज्यालो तयार गर्नुभयो, यसको साथै, उज्यालोलाई अन्धकारबाट अलग गर्नुभयो। यही दिन, परमेश्‍वरले बोल्न सुरु गर्नुभयो, र उहाँको वचन र अख्तियार सँग-सँगै अस्तित्वमा रह्‍यो। सबै थोकमा उहाँको अख्तियार देखा पर्न थाल्यो, र उहाँको वचनको परिणामस्वरूप उहाँको शक्‍ति सबै थोकमा फैलियो। यो दिनदेखि पछि, परमेश्‍वरको वचन, परमेश्‍वरको अख्तियार, र परमेश्‍वरको शक्‍तिको कारण सबै थोकले आकार लिए र खडा भए, अनि परमेश्‍वरको वचन, परमेश्‍वरको अख्तियार, र परमेश्‍वरकै शक्‍तिको कारण ती सुचारु हुन थाले। जब परमेश्‍वरले “उज्यालो होस्,” भनी भन्‍नुभयो तब उज्यालो भयो। परमेश्‍वरले कार्यहरूको कुनै सिलसिला सुरुवात गर्नुभएन; उहाँको वचनको परिणामस्वरूप ज्योति देखा पर्‍यो। यो त्यो ज्योति थियो जसलाई परमेश्‍वरले दिन भन्‍नुभयो, र मानिस आज पनि आफ्नो अस्तित्वको लागि यसैमा भर पर्छ। परमेश्‍वरको आज्ञाको कारण, यसको सार र मूल्य कहिल्यै परिवर्तन भएको छैन, र यो कहिल्यै पनि हराएको छैन। यसको अस्तित्वले परमेश्‍वरको अख्तियार र शक्‍तिलाई प्रदर्शन गर्छ, र सृष्टिकर्ताको अस्तित्वलाई घोषणा गर्छ। यसले बारम्बार सृष्टिकर्ताको पहिचान र हैसियतलाई पुष्टि गर्छ। यो अस्पृश्य वा भ्रामक कुरा होइन, तर मानिसले देख्‍न सक्‍ने यथार्थ ज्योति हो। त्यो समयपछि यता, यो रित्तो संसार जसमा “पृथ्वी आकारविनाको र शून्य थियो; र गहिराइमाथि अन्धकार थियो,” त्यसमा पहिलो भौतिक कुरा पैदा गरियो। यो कुरा परमेश्‍वरको मुखबाट निस्केका वचनहरूबाट आयो, र परमेश्‍वरको अख्तियार र परमेश्‍वरको वाणीहरूका कारण यावत् थोकको सृष्टिको पहिलो कार्य देखा पर्‍यो। त्यसपछि चाँडै, परमेश्‍वरले ज्योति र अन्धकारलाई अलग हुने आदेश दिनुभयो...। परमेश्‍वरको वचनको कारण सबै कुरा परिवर्तन भयो र पूर्ण भयो...। परमेश्‍वरले यो ज्योतिलाई “दिन” भनी भन्‍नुभयो र अन्धकारलाई “रात” भनी भन्‍नुभयो। त्यो बेला, परमेश्‍वरले सृष्टि गर्ने चाहनुभएको संसारमा पहिलो साँझ र पहिलो बिहान उत्पन्‍न गरियो, र यो पहिलो दिन हो भनेर परमेश्‍वरले भन्‍नुभयो। यो दिन सृष्टिकर्ताले गर्नुभएको यावत् थोकको सृष्टिको पहिलो दिन थियो, र यावत् थोकको सृष्टिको प्रारम्भ थियो, अनि उहाँले सृष्टि गर्नुभएको यो संसारमा सृष्टिकर्ताको अख्तियार र शक्‍तिलाई प्रदर्शन गरिएको यो पहिलोपटक थियो।

यी वचनहरूमार्फत, मानिसले परमेश्‍वरको अख्तियार र परमेश्‍वरको वचन, साथै परमेश्‍वरको शक्‍तिलाई देख्‍न सक्छ। परमेश्‍वरसँग मात्रै त्यस्तो शक्‍ति हुने भएकोले, परमेश्‍वरमा मात्रै त्यस्तो अख्तियार छ; परमेश्‍वरसँग त्यस्तो अख्तियार हुने भएकोले, परमेश्‍वरसँग मात्रै त्यस्तो शक्‍ति छ। के कुनै पनि मानिस वा वस्तुमा यस्तो अख्तियार र शक्‍ति हुन सक्छ? के तिमीहरूको हृदयमा यसको उत्तर छ? के परमेश्‍वरबाहेक, सृष्टि गरिएको वा नगरिएको कुनै पनि प्राणीमा त्यस्तो अख्तियार छ? के तिमीहरूले कुनै पुस्तक वा प्रकाशनमा यस्तो उदाहरण कहिल्यै देखेका छौ? के कसैले स्वर्ग र पृथ्वी अनि यावत् थोक सृष्टि गर्‍यो भन्‍ने कुनै अभिलेख छ? अरू कुनै पनि पुस्तक वा अभिलेखहरूमा यो कुरा देखा पर्दैन; अवश्य नै, परमेश्‍वरले सानदार संसार सृष्टि गर्नुभएको बारेमा रहेका आधिकारिक र शक्‍तिशाली वचनहरू यिनै हुन्, जसलाई बाइबलमा समावेश गरिएको

छ; यी वचनहरूले परमेश्वरको अद्‌वितीय अख्तियार र पहिचानलाई उल्लेख गर्छन्। के त्यस्तो अख्तियार र शक्तिलाई परमेश्वरको अद्‌वितीय पहिचानको प्रतीक हो भनी भन्न सकिन्छ? के ती परमेश्वरमा, केवल परमेश्वरमा मात्रै छन् भनेर भन्न सकिन्छ? परमेश्वरसँग मात्रै त्यस्तो अख्तियार र शक्ति छ भन्ने कुरामा कुनै शङ्का छैन! कुनै पनि सृष्टि गरिएको वा नगरिएको प्राणीमा यो अख्तियार र शक्ति हुन सक्दैन वा त्यसलाई तिनले प्रतिस्थापन गर्न सक्दैनन्! के यो अद्‌वितीय परमेश्वर स्वयम्‌को एउटा चरित्र हो? के तिमीहरूले यसलाई देखेका छौ? यी वचनहरूले परमेश्वरमा अद्‌वितीय अख्तियार, र अद्‌वितीय शक्ति छ, उहाँको पहिचान र हैसियत सर्वोच्च छ भन्ने तथ्यलाई तुरुन्तै र स्पष्ट रूपमा बुझ्न मानिसहरूलाई सक्षम तुल्याउँछन्। माथिको सङ्गतिबाट, तिमीहरूले जुन परमेश्वरलाई विश्वास गर्छौ उहाँ अद्‌वितीय परमेश्वर हुनुहुन्छ भनेर के तिमीहरू भन्न सक्छौ?

**दोस्रो दिन, परमेश्वरको अख्तियारले पानीलाई व्यवस्थित पार्छ, र वायुमण्डल बनाउँछ, र मानव अस्तित्वको लागि सबैभन्दा आधारभूत ठाउँ देखा पर्छ**

हामी बाइबलको दोस्रो अनुच्छेदलाई पढौं: "अनि परमेश्वरले भन्नुभयो, पानीहरूको बीचमा वायुमण्डल होस् र त्यसले पानीहरूलाई पानीहरूबाट अलग गरोस्। अनि परमेश्वरले वायुमण्डल बनाउनुभयो र पानीलाई वायुमण्डलमुनि र वायुमण्डलमाथि विभाजन गर्नुभयो: अनि त्यस्तै भयो" (उत्पत्ति १:६-७)। परमेश्वरले "पानीहरूको बीचमा वायुमण्डल होस् र त्यसले पानीहरूलाई पानीहरूबाट अलग गरोस्" भनी भन्नुभएपछि के-कस्ता परिवर्तनहरू आए? पवित्र-शास्त्रमा यसो भनिएको छ: "अनि परमेश्वरले वायुमण्डल बनाउनुभयो र पानीलाई वायुमण्डलमुनि र वायुमण्डलमाथि विभाजन गर्नुभयो।" परमेश्वरले बोल्नुभएपछि र यसो गर्नुभएपछि के परिणाम आयो? यसको उत्तर अनुच्छेदको अन्तिम भागमा छ: "अनि त्यस्तै भयो।"

यी दुई छोटा वाक्यहरूले सानदार घटनाको विवरण दिन्छन्, र अचम्मको दृश्यलाई व्याख्या गर्छन्—अद्‌भुत कार्य जसमा परमेश्वरले पानीलाई व्यवस्थित गर्नुभयो, र मानिस अस्तित्वमा रहन सक्ने ठाउँ सृष्टि गर्नुभयो ...

यस चित्रमा, एकै क्षणमा परमेश्वरको आँखा अघि पानी र वायुमण्डल देखा पऱ्यो, र तिनलाई परमेश्वरको अख्तियारले विभाजित गऱ्यो, र परमेश्वरले तय गर्नुभएको शैलीमा ती "माथि" र "तल" गरी अलग भए। भन्नुको अर्थ, परमेश्वरले सृष्टि गर्नुभएको वायुमण्डलले तलको पानीलाई मात्रै ढाकेन, यसले त माथिको पानीलाई पनि अड्यायो...। यसमा, मानिसले छक्क परेर, अक्क न बक्क भई हेर्ने, र उहाँको अख्तियारको शक्ति र सृष्टिकर्ताले जसरी पानीलाई हलचल गरी आदेश दिनुभयो, र वायुमण्डल सृष्टि गर्नुभयो त्यस दृश्यको वैभवप्रतिको आदरमा अचम्मित हुनबाहेक केही पनि गर्न सक्दैन। परमेश्वरको वचन, र परमेश्वरको शक्ति, र परमेश्वरको अख्तियारमार्फत, परमेश्वरले अर्को महान् उपलब्धि हासिल गर्नुभयो। के यो सृष्टिकर्ताको अख्तियारको शक्ति होइन र? परमेश्वरका कार्यहरूलाई व्याख्या गर्नको लागि हामी धर्मशास्त्रका खण्डहरूको प्रयोग गरौं। परमेश्वरले आफ्नो वचन बोल्नुभयो, र परमेश्वरका यी वचनहरूको कारणले गर्दा पानीहरूका बीचमा वायुमण्डल सृजित भयो। यसै समयमा, परमेश्वरका यिनै वचनहरूको कारणले गर्दा अन्तरिक्षमा

ठूलो परिवर्तन आयो, र यो सामान्य अर्थको परिवर्तन थिएन, बरु यो त यस्तो प्रकारको प्रतिस्थापन थियो जसमा शून्यताबाट केही थोक बन्यो। यो सृष्टिकर्ताका विचारहरूद्वारा जन्मियो, र सृष्टिकर्ताले बोल्नुभएका वचनहरूको कारण शून्यताबाट केही थोक बन्यो, यसको साथै, यसपछि यो सृष्टिकर्ताको खातिर नै अस्तित्वमा रही खडा भइरहनेवाला थियो, र सृष्टिकर्ताका विचारहरूअनुसार यो हलचल, परिवर्तन, र नवीकरण हुनेवाला थियो। सृष्टिकर्ताले सम्पूर्ण संसारको सृष्टि गर्ने क्रममा गर्नुभएको दोस्रो कार्यलाई यो अनुच्छेदले व्याख्या गर्छ। यो सृष्टिकर्ताको अख्तियार र शक्तिको अर्को अभिव्यक्ति, सृष्टिकर्ताको अर्को अग्रगामी कार्य थियो। संसारको जग बसालिएपछि सृष्टिकर्ताले बिताउनुभएको दोस्रो दिन यही थियो, र यो उहाँको लागि सुन्दर दिन थियो: उहाँ ज्योतिको बीचमा हिँड्डुल गर्नुभयो, उहाँले वायुमण्डल ल्याउनुभयो, पानीलाई व्यवस्थित गरी सञ्चालित गर्नुभयो, र त्यस नयाँ दिनमा उहाँका कार्यहरू, उहाँको अख्तियार, र उहाँको शक्तिलाई काममा प्रयोग गरियो ...

के परमेश्‍वरले उहाँका वचनहरू बोल्नुभन्दा पहिले पानीहरूका बीचमा वायुमण्डल थियो? अवश्य नै थिएन! परमेश्‍वरले "पानीहरूको बीचमा वायुमण्डल होस्" भनी भन्नुभएपछि के भयो? परमेश्‍वरका अभिप्रायका कुराहरू देखा परे; पानीहरूका बीचमा वायुमण्डल सृजित भयो, र परमेश्‍वरले "त्यसले पानीहरूलाई पानीहरूबाट अलग गरोस्।" भनी भन्नुभएको कारणले पानी अलग भयो। यसरी परमेश्‍वरको वचनलाई पछ्याएर परमेश्‍वरको अख्तियार र परमेश्‍वरको शक्तिको परिणामस्वरूप यावत् थोकको बीचमा दुई नयाँ थोकहरू, दुई वटा भर्खरै जन्मेका कुराहरू देखा परे। यी दुई नयाँ कुराहरू देखा परेको घटनाको बारेमा तिमीहरूलाई कस्तो अनुभूति हुन्छ? के तिमीहरू सृष्टिकर्ताको शक्तिको महानता अनुभव गर्छौ? के तिमीहरू सृष्टिकर्ताको अद्‌वितीय र असाधारण सामर्थ्य अनुभव गर्छौ? परमेश्‍वरको अख्तियारको कारण त्यस्तो सामर्थ्य र शक्तिको महान्‌ता आएको हो, र यो अख्तियार परमेश्‍वर स्वयम्‌को प्रतिनिधित्व अनि परमेश्‍वर स्वयम्‌को अद्‌वितीय विशेषता हो।

के यो अनुच्छेदले तिमीहरूलाई फेरि एकपटक परमेश्‍वरको अद्‌वितीयपनको प्रगाढ अनुभूति दियो? वास्तवमा, यो पर्याप्तताभन्दा टाढाको कुरा हो; सृष्टिकर्ताको अख्तियार र शक्ति योभन्दा धेरै टाढा जान्छ। उहाँमा कुनै पनि प्राणीको भन्दा अद्‌वितीय सार भएकोले मात्रै उहाँसँग अद्‌वितीयपन छ भन्ने होइन, बरु उहाँको अख्तियार र शक्ति सबैभन्दा असाधारण, असीमित, सर्वोत्कृष्ट, र सबैभन्दा माथि रहेको कारणले गर्दा हो, र अझ भन्ने हो भने, उहाँको अख्तियार र उहाँसँग जे छ र उहाँ जे हुनुहुन्छ त्यसले जीवन पैदा गर्ने, आश्‍चर्यकर्महरू उत्पन्‍न गर्ने, र हरेक सानदार र असाधारण मिनेट र सेकेन्ड रचना गर्ने कारणले गर्दा हो। यसको साथै, उहाँले सृष्टि गर्नुहुने जीवनलाई शासन गर्न सक्नुहुन्छ र उहाँले सृष्टि गर्नुहुने आश्‍चर्यकर्महरू र हरेक मिनेट र सेकेन्डमाथि सार्वभौमिकता राख्न सक्नुहुन्छ।

**तेस्रो दिन, परमेश्‍वरको वचनले पृथ्वी र समुद्रलाई जन्म दिन्छ, र परमेश्‍वरको अख्तियारले संसारलाई जीवनले भरिपूर्ण तुल्याउँछ**

यसपछि हामी उत्पत्ति १:९-११ को पहिलो वाक्यलाई पढौं: "अनि परमेश्‍वरले भन्नुभयो, वायुमण्डलमुनिको पानी एक ठाउँमा जम्मा होस् र सुक्खा भूमि देखा परोस्।" परमेश्‍वरले

"वायुमण्डलमुनिको पानी एक ठाउँमा जम्मा होस् र सुक्खा भूमि देखा परोस्" भनी भन्नुभएपछि के-कस्ता परिवर्तनहरू आए? यो स्थानमा ज्योति र वायुमण्डल बाहेक के थियो? पवित्रशास्त्रमा यस्तो लेखिएको छ: "अनि परमेश्वरले सुक्खा भूमिलाई पृथ्वी; र एक ठाउँमा जम्मा भएको पानीलाई समुद्रहरू भन्नुभयो: अनि परमेश्वरले त्यो असल छ भन्ने देख्नुभयो।" भन्नुको अर्थ, त्यो स्थानमा अब भूमि र समुद्र थियो, र भूमि र समुद्र अलग गरिएको थियो। परमेश्वरको मुखबाट आएको आज्ञाद्वारा यी नयाँ कुराहरू देखा पऱ्यो, "अनि त्यस्तै भयो।" के यसो गर्ने क्रममा परमेश्वरले हतारमा गर्नुभयो भनेर पवित्रशास्त्रले व्याख्या गर्छ? के उहाँ शारीरिक परिश्रममा सहभागी हुनुभयो भनेर यसले व्याख्या गर्छ? त्यसो भए, परमेश्वरले कसरी यो गर्नुभयो त? परमेश्वरले कसरी यी नयाँ कुराहरू पैदा गराउनुभयो? स्पष्टै छ, यो सबै हासिल गर्न, यसको पूर्णता सृष्टि गर्नको लागि परमेश्वरले वचनहरू प्रयोग गर्नुभयो।

माथिका तीन अनुच्छेदहरूमा, हामीले तीन वटा महान् घटनाहरू घटेको बारेमा जान्यौं। यी तीन वटा महान् घटनाहरू परमेश्वरको वचनले नै घटाएका थिए र अस्तित्वमा ल्याएका थिए, र उहाँकै वचनको कारण, एकपछि अर्को गर्दै परमेश्वरको आँखाको अगाडि यी घटनाहरू देखा परे। त्यसकारण "परमेश्वर बोल्नुहुन्छ, र यो पूरा हुनेछ; उहाँले आज्ञा गर्नुहुन्छ, र यो दृढ रूपमा खडा हुनेछ" भन्ने यी वचनहरू खोक्रा होइनन् भन्ने देख्न सकिन्छ। उहाँका विचारहरू पैदा हुनेबित्तिकै परमेश्वरको सार पुष्टि हुन्छ, र जब परमेश्वरले बोल्नलाई आफ्नो मुख खोल्नुहुन्छ, उहाँको सार पूर्ण रूपमा प्रतिबिम्बित हुन्छ।

हामी यो अनुच्छेदको अन्तिम वाक्यलाई निरन्तरता दिऔं: "अनि परमेश्वरले भन्नुभयो, भूमिले घाँस उमारोस्, बीउ फलाउने बोट-बिरुवाहरू र आफ्नै प्रजातिका फल फलाउने बीउ भएका फलका रुखहरू पृथ्वीमा उमारोस्: अनि त्यस्तै भयो।" जब परमेश्वरले बोल्दैहुनुहुन्थ्यो, परमेश्वरका विचारहरूलाई पछ्याउँदै यी सबै कुराहरू अस्तित्वमा आए, र एकै क्षणमा, विभिन्न प्रकारका जीवनका स-साना रूपहरूले आ-आफ्ना शिर माटोबाट फुत्त-फुत्त निकालिरहेका थिए, र आफ्नो शरीरका अलि-अलि धूलो टकटक्याउनुभन्दा पहिले तिनीहरूले संसारप्रति शिर हल्लाउँदै र मुस्कुराउँदै एक-अर्कालाई उत्सुकताका साथ अभिवादन गरिरहेका थिए। तिनीहरूलाई उहाँले दिनुभएको जीवनको निम्ति तिनीहरूले सृष्टिकर्तालाई धन्यवाद दिए, र तिनीहरू यावत् थोकका भाग हुन्, र सृष्टिकर्ताको अख्तियारलाई प्रदर्शन गर्नको लागि तिनीहरूले आफ्नो जीवन समर्पित गर्नेछन् भनेर संसारलाई घोषणा गरे। परमेश्वरको वचन बोलिएपछि, भूमि हराभरा र हरियाली भयो, मानिसले उपभोग गर्न सक्ने सबै प्रकारका जडीबुटी जमिनबाट उम्री निस्के र जमिन फुटाएर निस्के, र पहाड र समथर जमिन रूखहरू र वनजङ्गलले भरिए...। जीवनको कुनै पनि नाम-निशानै नभएको यो बाँझो जमिन प्रशस्त घाँस-पात, जडीबुटी र रूख-बिरुवाले भरिए र हरियालीले ढकमक्क बन्यो...। घाँसको मीठो वासना र माटोको सुगन्ध हावामा फैलियो, र हावाको बहावसँगै वनस्पतिका श्रेणीहरूले क्रमैसँग सास फेर्न थाले, र वृद्धि हुने प्रक्रियालाई सुरु गरे। यसको साथै, परमेश्वरका वचनहरूको कारण र परमेश्वरका विचारहरूलाई पछ्याउँदै, सबै वनस्पतिले वृद्धि हुने, फुल्ने, फल फलाउने, र वृद्धि हुँदै जाने अनवरत जीवन चक्रलाई सुरु गरे। तिनीहरूले आ-आफ्नो जीवनको मार्गलाई पूर्ण रूपमा पालना

गर्न थाले र सबै थोकको बीचमा आ-आफ्नो भूमिका निर्वाह गर्न थाले...। सृष्टिकर्ताकै वचनको कारण ती जन्मे, र जिए। तिनीहरूले सृष्टिकर्ताको कहिल्यै नटुङ्गिने बन्दोबस्त र पालनपोषण प्राप्त गर्थे, र सृष्टिकर्ताको अख्तियार र शक्तिलाई प्रदर्शन गर्नको लागि तिनीहरू भूमिको हरेक कुनामा दृढताको साथ सधैँ बाँच्थे, र सृष्टिकर्ताले तिनीहरूलाई दिनुभएको जीवन शक्ति तिनीहरूले सधैँ प्रदर्शन गर्थे ...

सृष्टिकर्ताको जीवन असाधारण छ, उहाँका विचारहरू असाधारण छन्, र उहाँको अख्तियार असाधारण छ, त्यसकारण, जब उहाँका वचनहरू उच्चारण गरिए, यसको अन्तिम परिणाम "अनि त्यस्तै भयो।" भन्ने थियो। स्पष्टै छ, परमेश्‍वरले काम गर्नुहुँदा उहाँका आफ्नै हातले काम गर्नु आवश्यक छैन; उहाँले हुकुम गर्न आफ्ना विचारहरू र आदेश दिन उहाँका वचनहरू मात्रै प्रयोग गर्नुहुन्छ, र यसरी काम-कुराहरू हासिल गरिन्छन्। यो दिन, परमेश्‍वरले पानीहरूलाई एउटै ठाउँमा भेला गर्नुभयो, र सुक्खा जमिन देखा पर्न लगाउनुभयो, यसपछि परमेश्‍वरले भूमिबाट घाँस-पात उमार्नुभयो, र बीउहरू फलाउने जडीबुटी, फल फलाउने रूख-बिरुवा वृद्धि भए, अनि परमेश्‍वरले तिनीहरू प्रत्येकलाई तिनको प्रकारअनुसार वर्गीकरण गर्नुभयो, र प्रत्येकलाई आ-आफ्नै बीउ उत्पन्न गर्ने तुल्याउनुभयो। यी सबै नै परमेश्‍वरका विचारहरू र परमेश्‍वरको वचनका आज्ञाहरूअनुसार प्रकट भए, र एकपछि अर्को गर्दै यो नयाँ संसारमा ती प्रत्येक कुरा देखा परे।

उहाँले आफ्नो कामको आरम्भ गर्नुभन्दा पहिले नै, आफूले जे हासिल गर्ने अभिप्राय राख्नुभएको थियो त्यसको चित्र परमेश्‍वरको मनमा थियो, र यो चित्रको विषयवस्तुको बारेमा बोल्नको लागि आफ्नो मुख खोली यी कुराहरू हासिल गर्न जब परमेश्‍वर तयार हुनुभयो, परमेश्‍वरको अख्तियार र शक्तिको कारण सबै थोकमा परिवर्तन आउन थाल्यो। परमेश्‍वरले यो जसरी गर्नुभए पनि, वा उहाँले आफ्नो अख्तियारको प्रयोग जसरी गर्नुभएको भए पनि, परमेश्‍वरको योजनाअनुरूप र परमेश्‍वरका वचनहरूको कारण चरणबद्ध रूपमा सबै हासिल गरियो, र परमेश्‍वरकै वचनहरू र अख्तियारद्वारा एकपछि अर्को गर्दै, स्वर्ग र पृथ्वीको बीचमा परिवर्तनहरू आए। यी सबै परिवर्तन र घटनाहरूले सृष्टिकर्ताको अख्तियार, र सृष्टिकर्ताको जीवनको शक्तिको असाधारणपन र महान्‌ता प्रदर्शन गरे। उहाँका विचारहरू सरल विचारहरू, वा रित्तो चित्र होइनन्, तिनीहरू त जीवन शक्ति र असाधारण ऊर्जासहितका अख्तियार हुन्, र सबै थोकलाई परिवर्तन हुन, पुनर्जीवित हुन, नवीकरण हुन, र नष्ट हुन लगाउने शक्ति तिनै हुन्। यसैले, उहाँकै विचारहरूको कारणले गर्दा सबै थोक सुचारु हुन्छन्, यसको साथै उहाँको मुखका वचनहरूको कारणले यी सबै हासिल गरिन्छन् ...

सबै थोक देखा पर्नुभन्दा पहिले, परमेश्‍वरका सोचहरूमा निकै पहिले नै पूर्ण योजना निर्मित भइसकेको थियो, र धेरै पहिले नै नयाँ संसारलाई हासिल गरिसकिएको थियो। तेस्रो दिन, भूमिमा अनेक किसिमका वनस्पति देखा परेको भए तापनि, यो संसारको सृष्टि गर्ने आफ्नो कार्यका चरणहरूलाई रोक्ने कुनै कारण परमेश्‍वरसँग थिएन; उहाँको अभिप्राय आफ्ना वचनहरू निरन्तर रूपमा बोल्ने, हरेक नयाँ कुराको सृष्टि हासिल गर्न जारी राख्ने थियो। उहाँ बोल्नुहुन्थ्यो, उहाँले आफ्ना आज्ञाहरू जारी गर्नुहुन्थ्यो, र आफ्नो अख्तियार प्रयोग गर्नुहुन्थ्यो र आफ्नो शक्ति देखाउनुहुन्थ्यो, र उहाँले सृष्टि गर्ने अभिप्राय राख्नुभएको सबै थोक र मानवजातिको लागि तयारी गर्न उहाँले योजना बनाउनुभएको सबै कुरा तयारी गर्नुभयो ...

**चौथो दिन, परमेश्‍वरले फेरि आफ्नो अख्तियार प्रयोग गर्नुहुन्छ र मानवजातिका ऋतु, दिन, र वर्षहरू अस्तित्वमा आउँछन्**

आफ्नो योजना हासिल गर्नको लागि सृष्टिकर्ताले आफ्ना वचनहरू प्रयोग गर्नुभयो, र यसरी उहाँले आफ्नो योजनाको प्रारम्भिक तीन दिन बिताउनुभयो। यी तीन दिनको अवधिमा, परमेश्‍वर व्यस्त हुनुभएको, वा आफैलाई रित्याउनुभएको देखिएन; यसको विपरीत, उहाँले आफ्नो योजनाको प्रारम्भिक सुन्दर तीन दिन बिताउनुभयो, र संसारको आमूल रूपान्तरण गर्ने महान् कार्य हासिल गर्नुभयो। उहाँकै आँखाअगाडि एउटा नयाँ संसार देखा पर्‍यो, र एक-एक गरी, उहाँका विचारहरूमा लुकेको सुन्दर दृश्य आखिरमा परमेश्‍वरका वचनहरूमा प्रकट भयो। हरेक नयाँ कुरा देखा परेको घटना नयाँ बालकको जन्मजस्तै थियो, र कुनै बेला आफ्ना विचारहरूमा रहेको, तर अहिले जीवनमा ल्याइएको चित्रप्रति सृष्टिकर्ता प्रसन्‍न हुनुभयो। यस बेला, उहाँको हृदयले भरपुर सन्तुष्टि हासिल गर्‍यो, तर उहाँको योजनाको सुरुवात मात्रै भएको थियो। आँखा झिमिक्क गर्दा, नयाँ दिन आइपुगेको थियो–र सृष्टिकर्ताको योजनाको अर्को पृष्ठमा के थियो त? उहाँले के भन्‍नुभयो? उहाँले कसरी आफ्नो अख्तियारको प्रयोग गर्नुभयो? यसबीच, यो नयाँ संसारमा के-कस्ता नयाँ कुराहरू आए? सृष्टिकर्ताको मार्गनिर्देशनलाई पछ्याउँदै, हाम्रो नजर परमेश्‍वरले सबै थोक सृष्टि गर्नुभएको चौथो दिनमा केन्द्रित हुन्छ, जुन अर्को एक नयाँ सुरुवातको दिन थियो। अवश्य नै, सृष्टिकर्ताको लागि, यो अर्को सुन्दर दिन थियो भन्‍नेमा कुनै शङ्का छैन, र यो दिन आजको मानवजातिको लागि निकै महत्त्वपूर्ण अर्को दिन थियो। अवश्य नै, यो अतुलनीय मूल्य भएको दिन थियो। कसरी यो सुन्दर थियो, कसरी यो त्यति महत्त्वपूर्ण थियो, र यो कसरी अतुलनीय मूल्यको थियो? हामी सुरुमा सृष्टिकर्ताले बोल्नुभएका वचनहरूलाई सुनौं ...

"अनि परमेश्‍वरले भन्‍नुभयो, अन्तरिक्षमा दिनलाई रातबाट छुट्याउने ज्योतिहरू होऊन्; र तिनीहरू ऋतु, दिन र वर्षहरू छुट्याउने चिन्ह होऊन्: र पृथ्वीमा ज्योति दिनलाई आकाशको अन्तरिक्षमा ती ज्योतिहरू होऊन्" (उत्पत्ति १:१४-१५)। सुक्खा जमिन र यसमा भएका वनस्पतिलाई सृष्टि गरिसकेपछि सृष्टिका थोकहरूले प्रकट गरेको परमेश्‍वरको अख्तियारको यो अर्को प्रयोग थियो। परमेश्‍वरको लागि, यस्तो कार्य उहाँले पहिले नै गर्नुभएको जत्तिकै सहज थियो, किनभने परमेश्‍वरमा त्यस्तो शक्ति छ; परमेश्‍वर उहाँको वचनजस्तै असल हुनुहुन्छ, र उहाँको वचनलाई हासिल गरिनेछ। परमेश्‍वरले आकाशमा ज्योतिहरू देखा पर्ने आदेश दिनुभयो, अनि यी ज्योतिहरू आकाश र पृथ्वीमा मात्रै चम्किएनन्, तर तिनले दिन र रात, ऋतुहरू, दिनहरू, र वर्षहरूको चिन्हको रूपमा पनि काम गरे। यसरी, परमेश्‍वरले आफ्ना वचनहरू बोल्नुभएपछि, परमेश्‍वरले हासिल गर्न चाहनुभएको हरेक कार्य परमेश्‍वरको अर्थअनुसार र परमेश्‍वरले नियुक्त गर्नुभएअनुसार नै पूरा भए।

आकाशका ज्योतिहरू आकाशका तत्व हुन् जसले ज्योति दिन सक्छन्; तिनले आकाश र जमिन अनि समुद्रलाई ज्योति दिन सक्छन्। परमेश्‍वरले आज्ञा गर्नुभएको ताल र आवृत्तिअनुसार ती परिक्रमा गर्छन्, र जमिनमा फरक-फरक समय अवधिमा चम्कन्छन्, र यसरी ज्योतिहरूको घुम्ने चक्रले भूमिको पूर्व र पश्‍चिममा दिन र रात पैदा गर्छ, र ती रात र दिनका चिन्हहरू मात्रै होइनन्,

बरु यी फरक-फरक चक्रहरूमार्फत तिनीहरूले मानवजातिका चाडपर्व र विभिन्न प्रकारका विशेष दिनहरूलाई पनि सङ्केत गर्छन्। ती परमेश्वरले जारी गर्नुभएका चार ऋतुहरू अर्थात वसन्त, ग्रीष्म, शरद, र शिशिर ऋतुका सर्वोत्तम पूरक र साथ हुन्, जसको साथमा ज्योतिहरूले मानवजातिका औंसी-पूर्णे, दिनहरू, र वर्षहरूको नियमित र सटीक चिन्हहरूका रूपमा मैत्रीपूर्ण रूपमा काम गर्छन्। खेतीपातीको उदयपछि मात्रै परमेश्वरले सृष्टि गर्नुभएका ज्योतिहरूले पैदा गर्ने औंसी-पूर्णे, दिनहरू, र वर्षहरूको विभाजनलाई मानवजातिले बुझ्न र थाहा पाउन थालेको भए तापनि, वास्तवमा आज मानिसले बुझ्ने औंसी-पूर्णे, दिनहरू, र वर्षहरू धेरै पहिले सबै थोकलाई परमेश्वरले सृष्टि गर्नुभएको चौथो दिनमा नै पैदा हुन थालेको थियो, र मानिसले अनुभव गर्ने वसन्त, ग्रीष्म, शरद, र शिशिरको परिवर्तन भइरहने चक्र पनि धेरै पहिले सबै थोकलाई परमेश्वरले सृष्टि गर्नुभएको चौथो दिनमा नै सुरु भएको थियो। परमेश्वरले सृष्टि गर्नुभएका ज्योतिहरूले मानिसलाई रात र दिनको बीचमा नियमित रूपमा, सटीक रूपमा, र स्पष्ट रूपमा भिन्नता छुट्याउन, र दिनहरूको गन्ती गर्न, र औंसी-पूर्णे र वर्षको हिसाब गर्न सक्षम तुल्यायो। (पूर्णिमाको दिन एक महिना पूरा हुन्थ्यो, र यसबाट मानिसले ज्योतिहरूको प्रकाशले नयाँ चक्रलाई सुरु गर्छ भन्ने थाहा पाए; अर्धचन्द्रको दिन आधा महिना पूरा हन्थ्यो, जसले नयाँ औंसी-पूर्णेको सुरुवात भएको छ भनेर मानिसलाई बताउँथ्यो, यसद्वारा औंसी-पूर्णेको चक्रमा कति दिन र कति रात हुन्छ, एउटा ऋतुमा कति वटा पूर्णिमा पर्छ, र एक वर्षमा कति वटा ऋतु हुन्छन् भनेर जान्न सकिन्थ्यो, र यी सबैलाई ठूलो नियमितताको साथ प्रकट गरियो।) त्यसकारण, ज्योतिहरूको चक्रले सङ्केत गर्ने औंसी-पूर्णे, दिनहरू, र वर्षहरूको हिसाब मानिसले सहजै गर्न सक्थ्यो। यस विन्दुभन्दा यता, मानवजाति र सबै थोक अचेतन रूपमै रात र दिनको सुव्यवस्थित परिवर्तन र ज्योतिको चक्रले पैदा गर्ने ऋतुहरूको फेरबदलको बीचमा जिए। चौथो दिन, सृष्टिकर्ताले ज्योतिहरू सृष्टि गर्नुको महत्त्व यही नै थियो। यसरी नै, सृष्टिकर्ताको यो कार्यको उद्देश्य र महत्त्वलाई अझै पनि उहाँको अख्तियार र शक्तिबाट अलग गर्न सकिँदैनथियो। त्यसकारण, परमेश्वरले बनाउनुभएका ज्योतिहरू र तिनीहरूले मानिसमा चाँडै नै ल्याउने महत्त्व नै सृष्टिकर्ताको अख्तियारको प्रयोगको अर्को उल्लेखनीय उपलब्धि थियो।

मानवजाति अहिलेसम्म देखा नपरेको यो नयाँ संसारमा, उहाँले चाँडै नै सृष्टि गर्न लाग्नुभएको जीवनको लागि सृष्टिकर्ताले साँझ र बिहान, वायुमण्डल, भूमि र समुद्र, घाँस-पात, जडीबुटी र विभिन्न प्रकारका रूखहरू, र ज्योतिहरू, ऋतुहरू, दिनहरू, र वर्षहरू तयार गर्नुभएको थियो। उहाँले सृष्टि गर्नुभएको हरेक नयाँ थोकमा सृष्टिकर्ताको अख्तियार र शक्ति व्यक्त गरिएको थियो, र अलिकति भिन्नताविना नै, र अलिकति अन्तरालविना नै उहाँका वचनहरू र उपलब्धिहरू एकसाथ आए। यी सबै नयाँ कुराहरू प्रकट हुनु र जन्मनु नै सृष्टिकर्ताको अख्तियार र शक्तिको प्रमाण थियो: उहाँ उहाँको वचन जति नै असल हुनुहुन्छ, र उहाँको वचन हासिल गरिनेछ, अनि उहाँले जे हासिल गर्नुहुन्छ ती सदासर्वदा रहिरहन्छन्। यो तथ्य कहिल्यै परिवर्तन भएको छैन: विगतमा यो यस्तै थियो, आज पनि यो यस्तै छ, र सम्पूर्ण अनन्तसम्म यो यस्तै रहनेछ। जब तिमीहरू पवित्र-शास्त्रका ती वचनहरूलाई फेरि एकपटक हेर्छौ, के ती तिमीहरूलाई ताजा लाग्छन्? के तिमीहरूले नयाँ विषयवस्तु देखेका छौ, र नयाँ कुराहरू पत्ता लगाएका छौ? यस्तो हुनुको कारण के हो भने

सृष्टिकर्ताका कार्यहरूले तिमीहरूको हृदयलाई छोएको छ, र उहाँको अख्तियार र शक्तिसम्बन्धी तिमीहरूको ज्ञानको दिशालाई निर्देशित गरेको छ, र सृष्टिकर्तासम्बन्धी तिमीहरूको बुझाइको लागि ढोका खोलेको छ, र उहाँका कार्यहरू र अख्तियारले यी वचनहरूमा जीवन प्रदान गरेको छ। त्यसकारण, यी वचनहरूमा मानिसले सृष्टिकर्ताको अख्तियारको वास्तविक, स्पष्ट अभिव्यक्तिलाई देखेको छ, सृष्टिकर्ताको सर्वोच्चतालाई साँचो रूपमा देखेको छ, र सृष्टिकर्ताको अख्तियार र शक्तिको असाधारणपन देखेको छ।

सृष्टिकर्ताको अख्तियार र शक्तिले एकपछि अर्को गर्दै आश्चर्यकर्म पैदा गर्छ; उहाँले मानिसको ध्यानलाई केन्द्रित गर्नुहुन्छ, र मानिस उहाँको अख्तियारको प्रयोगबाट जन्मेका चकित पार्ने कार्यहरूलाई छक्क परेर नहेरी बस्न सक्दैन। उहाँको असाधारण शक्तिले एकपछि अर्को गर्दै प्रसन्नता ल्याउँछ, र मानिस आदर, श्रद्धा र हर्षमा चकित पर्छ र उल्लसित हुन्छ; यसको साथै, मानिस भौतिक रूपमै प्रभावित हुन्छ र उसमा आदर, भक्ति, र घनिष्ठता पैदा हुन्छ। सृष्टिकर्ताका अख्तियार र कार्यहरूले मानिसको आत्मामा निकै महान् प्रभाव र शोधनकारी असर पार्छन्, यसको साथै, तिनले मानिसको आत्मालाई तृप्त गर्छन्। सबै थोकमध्ये उहाँका हरेक विचारहरू, उहाँका हरेक वाणीहरू, र उहाँको अख्तियारको हरेक प्रकटीकरण उत्कृष्ट कार्य हो, र यो सृष्टि गरिएको मानवजातिको गहन बुझाइ र ज्ञानको निम्ति सबैभन्दा योग्य महान् कार्य हो। जब हामी सृष्टिकर्ताका वचनहरूबाट जन्मेका हरेक प्राणीको गन्ती गर्छौं, हाम्रो आत्मा परमेश्‍वरको शक्तिको आश्चर्यतातर्फ तानिन्छ, र हामीले आफैलाई सृष्टिकर्ताका पाइलाहरूलाई अर्को दिनसम्म अर्थात परमेश्‍वरद्वारा सबै थोक सृष्टि गरिएको पाँचौं दिनसम्म पछ्याइरहेको पाउँछौं।

सृष्टिकर्ताका थप कार्यहरू हेर्ने क्रममा, हामी निरन्तर रूपमा पवित्रशास्त्रको एकपछि अर्को अनुच्छेद पढ्दै जाऔं।

**पाँचौं दिन, विभिन्न प्रकारका र विविध रूपका जीवनले फरक-फरक तरिकाले सृष्टिकर्ताको अख्तियारलाई प्रदर्शन गर्छन्**

पवित्रशास्त्रले भन्छ, “अनि परमेश्‍वरले भन्नुभयो, पानीहरूले जीवन भएका प्रशस्त चल्ने प्राणीहरू र पृथ्वीमाथि खुला आकाशमा उड्ने पक्षीहरू उत्पन्न गरोस्। अनि परमेश्‍वरले ठूला ह्वेल माछाहरू, जसलाई पानीहरूले तिनीहरूका प्रजातिअनुसार प्रशस्त मात्रामा उत्पन्न गरे, र चल्ने हरेक जीवित प्राणीहरू र हरेक प्रजातिका पखेटा भएका पक्षीहरू बनाउनुभयो: अनि त्यो असल छ भन्ने परमेश्‍वरले देख्नुभयो” (उत्पत्ति १:२०-२१)। यस दिन, परमेश्‍वरले पानीका प्राणीहरू र आकाशका पक्षीहरू सृष्टि गर्नुभयो भनेर पवित्रशास्त्रले स्पष्ट रूपमा भन्छ, भन्नुको अर्थ, उहाँले विभिन्न प्रकारका माछा र चराचुरुङ्गी सृष्टि गर्नुभयो, र तिनीहरूलाई तिनीहरूको प्रकारअनुसार वर्गीकरण गर्नुभयो। यसरी, पृथ्वी, आकाश, र पानी परमेश्‍वरको सृष्टिले भरिपूर्ण भए …

परमेश्‍वरका वचनहरू बोलिएपछि, सृष्टिकर्ताको वचनद्वारा नै हरेक ताजा नयाँ जीवन फरक-फरक रूपमा जीवित भई निस्के। ती आफ्नो स्थानको लागि तँछड-मछाड गर्दै, आनन्दले उफ्रँदै, उल्लसित हुँदै आए…। सबै रूप र आकारका माछाहरू पानीमा पौडन थाले; बालुवाबाट हरप्रकारका

खपटे माछाहरू निस्किए; कत्ला भएका, खपटो भएका, र मेरुदण्ड नभएका प्राणीहरू फरक-फरक आकारमा तुरुन्तै बढ्दै निस्के, चाहे ती ठूला हुन् वा साना, लामा हुन् वा छोटा। त्यसरी नै विभिन्न प्रकारका समुद्री वनस्पति तेज रूपमा वृद्धि भए, ती विभिन्न प्रकारका समुद्री प्राणीका चाललाई प्रभाव पार्दै, मन्द पानीलाई तरङ्गित तुल्याउँदै लहरिए, मानौं तिनले तिनीहरूलाई यसो भन्दैथिए: "खुट्टा झट्का! तेरा साथीहरूलाई ले! किनभने तँ अब फेरि कहिल्यै एकलो हुनेछैनस्!" परमेश्वरले सृष्टि गर्नुभएका विभिन्न जीवित प्राणीहरू पानीमा देखा परेको क्षणदेखि नै हरेक नयाँ जीवनले धेरै लामो समयदेखि अचल रहेको पानीमा जीवन शक्ति ल्यायो, र नयाँ युगलाई आरम्भ गऱ्यो...। यस विन्दुपछि, तिनीहरूले एक-अर्कामा अडेस लिँदै बसे, र एक-अर्कालाई साथ दिए, र एक-अर्काको बीचमा कुनै दूरी राखेनन्। पानी यसको अङ्गालोभित्र रहेका हरेक जीवनलाई पालनपोषण गर्दै यसमा भएका प्राणीहरूकै निम्ति अस्तित्वमा रह्यो, र हरेक प्राणी पानीले दिने पोषणको खातिर अस्तित्वमा रह्यो। हरेकले अर्कोलाई जीवन प्रदान गऱ्यो, यसका साथै, हरेकले त्यही शैलीम सृष्टिकर्ताको सृष्टिको आश्चर्यता र महानता, र सृष्टिकर्ताको अख्तियारको सर्वोत्कृष्ट शक्तिको गवाही दियो ...

जसरी समुद्र त्यसपछि कहिल्यै शान्त रहेन, त्यसरी नै आकाशलाई पनि जीवनले भर्न थाल्यो। एकपछि अर्को गर्दै, ठूला-साना चराचुरुङ्गीहरू जमिनबाट आकाशतिर उडे। समुद्रका प्राणीहरूभन्दा फरक रूपमा, तिनीहरूसँग तिनीहरूका स-साना र सुन्दर स्वरूपलाई ढाक्ने पखेटा र प्वाँखहरू थिए। तिनीहरूका प्वाँखहरूको सुन्दर वस्त्र र सृष्टिकर्ताले तिनीहरूलाई दिनुभएको तिनीहरूको विशेष क्षमता र सीपहरूलाई घमण्ड र गर्वका साथ प्रदर्शन गर्दै तिनीहरूले आफ्ना पखेटाहरू फरफराए। तिनीहरू स्वतन्त्रताका साथ उडे, र कुशलतापूर्वक आकाश र पृथ्वी, घाँसे मैदान र वन-जङ्गलहरूका बीचमा वेग मार्दै उडे...। तिनीहरू आकाशका प्रिय थिए, तिनीहरू सबै थोकका प्रिय थिए। तिनीहरू चाँडै नै आकाश र पृथ्वीलाई जोड्ने बन्धन बन्नेवाला थिए, र तिनीहरूले नै सबै थोकलाई सन्देशहरू दिनेवाला थिए...। तिनीहरू गाउँथे, आनन्दले यता-उता उडिहिँड्थे, कुनै बेला रित्तो रहेको यस संसारमा तिनीहरूले नै हर्ष, खुशी, र जीवन्तता ल्याए...। सृष्टिकर्ताले तिनीहरूलाई दिनुभएको जीवनको लागि तिनीहरूले आफ्ना स्पष्ट, सुमधुर गीतको प्रयोग गरे, आफ्नो हृदयका वचनहरू प्रयोग गरे। सृष्टिकर्ताको सृष्टिको सिद्धता र आश्चर्यपनलाई प्रदर्शन गर्नको लागि तिनीहरू हर्षका साथ नाचे, र तिनीहरूले आफ्नो सम्पूर्ण जीवन उहाँले तिनीहरूलाई दिनुभएको विशेष जीवनमार्फत सृष्टिकर्ताको अख्तियारको गवाही दिने कार्यमा नै अर्पण गर्नेवाला थिए ...

चाहे ती पानीमा हुन् वा आकाशमा, जीवित प्राणीहरूको यो प्रचुरता सृष्टिकर्ताको आज्ञाद्वारा जीवनका विभिन्न स्वरूपमा अस्तित्वमा रह्यो, र सृष्टिकर्ताको आज्ञाद्वारा, तिनीहरू आ-आफ्नो प्रजातिअनुसार एकसाथ भेला भए—र यो व्यवस्था, यो नियमलाई कुनै पनि प्राणीले परिवर्तन गर्न सक्दैनथ्यो। न त सृष्टिकर्ताले तिनीहरूको लागि तय गर्नुभएका सीमाहरूभन्दा बाहिर जाने आँट तिनीहरूले कहिल्यै गरे, न त तिनीहरूले त्यसो गर्न नै सके। सृष्टिकर्ताले तोक्नुभएअनुसार, तिनीहरू जिए र वृद्धि भए, अनि सृष्टिकर्ताले अघि सार्नुभएको जीवनको दिशा र नियमहरूलाई तिनीहरूले कडाइका साथ पालना गरे, र उहाँका नबोलिएका आज्ञाहरू र उहाँले तिनीहरूलाई दिनुभएका स्वर्गीय

आदेशहरू र ज्ञानहरूलाई तिनीहरूले आजको दिनसम्मै सचेत रूपमा पालना गरिरहे। तिनीहरूले आफ्नै विशेष तरिकामा सृष्टिकर्तासँग कुराकानी गरे, र सृष्टिकर्ताको अर्थलाई बुझ्न पुगे, र उहाँका आज्ञाहरूलाई पालना गरे। सृष्टिकर्ताको अख्तियारलाई कसैले कहिल्यै भङ्ग गरेन, र उहाँका विचारहरूभित्र नै उहाँको सार्वभौमिकता र आज्ञा तिनीहरूलाई जारी गरिएको थियो; कुनै पनि वचनहरू जारी गरिएन, तर कुनै पनि भाषिक विशेषता नभएको र मानवजातिको भन्दा फरक रहेको सृष्टिकर्ताको अद्‌वितीय अख्तियारले नै मौन रूपमा सबै थोकलाई नियन्त्रण गर्‍यो। यस प्रकारको विशेष तरिकामा गरिएको उहाँको अख्तियारको प्रयोगले मानिसलाई सृष्टिकर्ताको अद्‌वितीय अख्तियारको बारेमा नयाँ ज्ञान प्राप्त गर्न, र त्यसलाई नयाँ तरिकाले अर्थ्याउन बाध्य तुल्यायो। यहाँ, मैले तिमीहरूलाई भन्नैपर्छ कि यो नयाँ दिनमा सृष्टिकर्ताको अख्तियारको प्रयोगले सृष्टिकर्ताको अद्‌वितीयपनलाई फेरि एकपटक प्रदर्शित गर्‍यो।

यसपछि, हामी पवित्र-शास्त्रको यो अनुच्छेदको अन्तिम वाक्यलाई हेरौं: "त्यो असल छ भन्ने परमेश्वरले देख्नुभयो।" यसको अर्थ के हो भन्ने तिमीहरूलाई लाग्छ? परमेश्वरका भावनाहरू यिनै वचनहरूभित्र समावेश छन्। आफूले सृष्टि गर्नुभएको सबै थोक उहाँकै वचनको कारण अस्तित्वमा आएर, खडा भएको, अनि क्रमिक रूपमा परिवर्तन हुन सुरु गरेको परमेश्वरले हेर्नुभयो। यो समयमा, आफ्ना वचनहरूद्‌वारा उहाँले बनाउनुभएका कुराहरूप्रति र उहाँले हासिल गर्नुभएका विभिन्न कार्यहरूप्रति के परमेश्वर सन्तुष्ट हुनुहुन्थ्यो? उत्तर "त्यो असल छ भन्ने परमेश्वरले देख्नुभयो।" भन्ने हो। तिमीहरू यहाँ के देख्छौ? "त्यो असल छ भन्ने परमेश्वरले देख्नुभयो" ले केलाई प्रतिनिधित्व गर्छ? यो केको प्रतीक हो? यसको अर्थ आफूले योजना बनाउनुभएका र निर्धारित गर्नुभएका कुराहरूलाई हासिल गर्ने, उहाँले हासिल गर्नको लागि तय गर्नुभएका लक्ष्यहरूलाई हासिल गर्ने शक्ति र बुद्‌धि परमेश्वरसँग छ भन्ने हुन्छ। जब परमेश्वरले प्रत्येक काम पूरा गर्नुभयो, के उहाँलाई पछुतो लाग्यो? यसको उत्तर अझै पनि "त्यो असल छ भन्ने परमेश्वरले देख्नुभयो।" भन्ने नै हो। अर्को शब्दमा भन्दा, उहाँलाई कुनै पछुतो नलागेको मात्रै होइन, तर यसको सट्टा उहाँ सन्तुष्टचाहिँ हुनुहुन्थ्यो। उहाँलाई कुनै पछुतो भएन भन्नुको अर्थ के हो? यसको अर्थ परमेश्वरको योजना सिद्‌ध छ, उहाँको शक्ति र बुद्‌धि सिद्‌ध छ, र उहाँको अख्तियारद्‌वारा मात्रै त्यस्तो सिद्‌धता हासिल गर्न सकिन्छ भन्ने हो। जब मानिसले कुनै काम गर्छ, के उसले पनि परमेश्वरले जस्तै यसलाई हेरेर असल देख्न सक्छ? के मानिसले गर्ने सबै कुरामा उसले सिद्‌धता हासिल गर्न सक्छ? के मानिसले कुनै कुरा सदा अनन्तसम्मको लागि पूरा गर्न सक्छ? मानिसले "कुनै पनि कुरा सिद्‌ध हुँदैन, अलिक उत्तम मात्रै हुन्छ" भनेजस्तै, मानिसले गर्ने कुनै कुराले पनि सिद्‌धता हासिल गर्न सक्दैन। जब आफूले गर्नुभएको र हासिल गर्नुभएको सबै कुरा परमेश्वरले असल देख्नुभयो, परमेश्वरले बनाउनुभएको सबै कुरा उहाँकै वचनले तय गरेको थियो, भन्नुको अर्थ, जब "त्यो असल छ भन्ने परमेश्वरले देख्नुभयो," उहाँले बनाउनुभएका सबैले स्थायी स्वरूप लिएको थियो, प्रकार अनुसार वर्गीकरण भएको थियो, र सदा अनन्तको लागि निश्चित स्थान, उद्‌देश्य, र कार्य दिइएको थियो। यसको साथै, सबै थोकको बीचमा तिनीहरूको भूमिका, र सबै थोकमाथिको परमेश्वरको व्यवस्थापनको अवधिमा तिनीहरूले गर्नै पर्ने यात्रा परमेश्वरले पहिले नै नियुक्त

गरिसक्नुभएको थियो, र ती अपरिवर्तनीय थिए। यो सृष्टिकर्ताले सबै थोकका लागि दिनुभएको स्वर्गीय नियम थियो।

"त्यो असल छ भन्ने परमेश्वरले देख्नुभयो," यी सरल, कम रूपमा बुझिएका, धेरै पटक बेवास्ता गरिएका वचनहरू, परमेश्वरले सारा प्राणीहरूलाई दिनुभएका स्वर्गीय नियम र स्वर्गीय अध्यादेशका वचनहरू हुन्। ती सृष्टिकर्ताको अख्तियारको अर्को मूर्तरूप हो, जुन अझै बढी व्यवहारिक, र अझै बढी गहन छ। आफ्ना वचनहरूद्वारा, सृष्टिकर्ताले आफूले हासिल गर्न तय गर्नुभएको सबै कुरालाई प्राप्त मात्रै गर्न सक्नुभएन, र उहाँले प्राप्त गर्न तय गर्नुभएको सबै हासिल मात्रै गर्न सक्नुभएन, तर उहाँले सृष्टि गर्नुभएको सबैलाई आफ्नै हातले नियन्त्रण गर्न, र आफ्नो अख्तियारको अधीनमा उहाँले बनाउनुभएका सबै थोकलाई शासन गर्न पनि सक्नुभयो, यसको साथै सबै व्यवस्थित र क्रमबद्ध थियो। सबै कुरा उहाँकै वचनद्वारा सङ्ख्यामा वृद्धि भए, अस्तित्वमा रहे, र नाश भए, यसको साथै, उहाँको अख्तियारद्वारा नै ती उहाँले अघि सार्नुभएको नियमको बीचमा अस्तित्वमा रहे, र कुनैलाई पनि यसबाट छूट थिएन! "त्यो असल छ भन्ने परमेश्वरले देख्नुभयो," भनी भनिएकै क्षण यो नियमको सुरुवात भयो र सृष्टिकर्ताले रद्द गर्नुहुने दिनसम्मै परमेश्वरको व्यवस्थापन योजनाको खातिर यो अस्तित्वमा रहिरहन्छ, निरन्तर रहन्छ, र सुचारु भइरहन्छ! सबै थोक सृष्टि गर्ने र सबै थोकलाई आज्ञा गरी अस्तित्वमा ल्याउने उहाँको क्षमतामा मात्रै होइन, तर सबै थोकलाई शासन गर्ने र तिनमाथि सार्वभौमिकता राख्ने, र सबै थोकमाथि जीवन र जीवन शक्ति प्रदान गर्ने उहाँको क्षमतामा, साथै, उहाँले बनाउनुभएको संसारमा उहाँले आफ्नो योजनामा सृष्टि गर्नुभएको यावत् थोक सिद्ध आकार, र सिद्ध जीवन संरचना, अनि सिद्ध भूमिका सहित सदा अनन्तको लागि देखा पर्ने र अस्तित्वमा रहने तुल्याउने उहाँको क्षमतामा पनि सृष्टिकर्ताको अद्वितीय अख्तियार प्रकट भयो। त्यसरी नै सृष्टिकर्ताका विचारहरू कुनै पनि सीमाहरूका अधीनमा थिएनन्, समय, स्थान, वा भूगोलद्वारा सीमित थिएनन् भन्ने तरिकाले पनि यसको प्रकटीकरण भयो। उहाँको अख्तियारजस्तै, सृष्टिकर्ताको अद्वितीय पहिचान पनि अनन्तदेखि अनन्तसम्म अपरिवर्तित रहन्छ। उहाँको अख्तियार सधैँ नै उहाँको अद्वितीय पहिचानको प्रतिनिधित्व र प्रतिक हुनेछ, र उहाँको अख्तियार उहाँको पहिचानसँग एकसाथ सदासर्वदा रहिरहन्छ!

**छैठौं दिन, सृष्टिकर्ता बोल्नुहुन्छ, र उहाँको मस्तिष्कमा भएका हरेक प्रकारका प्राणी एकपछि अर्को गर्दै देखा पर्छन्**

चालै नपाई, सृष्टिकर्ताको सबै थोक सृष्टि गर्ने कार्य पाँचौं दिनसम्म जारी रह्यो, र यसपछि तुरुन्तै सृष्टिकर्ताले सबै थोक सृष्टि गर्ने आफ्नो कार्यको छैटौं दिनलाई स्वागत गर्नुभयो। यो दिन अर्को नयाँ सुरुवात, र अर्को असाधारण दिन थियो। त्यसो भए, यो नयाँ दिनको अघिल्लो साँझ सृष्टिकर्ताको योजना के थियो त? उहाँले के-कस्ता नयाँ प्राणीहरू पैदा गर्नुहुनेथियो, सृष्टि गर्नुहुनेथियो? सुन, सृष्टिकर्ताको आवाज त्यही हो ...

"अनि परमेश्वरले भन्नुभयो, पृथ्वीले तिनीहरूका प्रजातिअनुसारका जीवित प्राणीहरू, चौपायाहरू र घस्रने जन्तुहरू र प्रजातिअनुसारका जनावरहरू उत्पन्न गरोस्: अनि त्यस्तै भयो। अनि

परमेश्वरले प्रजातिअनुसार पृथ्वीको जन्तु, तिनीहरूका प्रजातिअनुसारका चौपायाहरू बनाउनुभयो र पृथ्वीमा घस्रने हरेक जन्तुहरूलाई तिनीहरूकै प्रजातिअनुसार बनाउनुभयो: अनि त्यो असल छ भन्ने परमेश्वरले देख्नुभयो" (उत्पत्ति १:२४-२५)। के-कस्ता जीवित प्राणीहरू समावेश छन्? पवित्र-शास्त्रले भन्छ: पालिने पशुहरू, र घस्रने जन्तुहरू, र प्रजाति-प्रजातिका वन-पशुहरू। भन्नुको अर्थ, यो दिन पृथ्वीमा सबै प्रकारका प्राणीहरू मात्रै थिएनन्, तर तिनीहरू सबैलाई प्रकारअनुसार वर्गीकरण पनि गरिएको थियो, त्यसरी नै, "त्यो असल छ भन्ने परमेश्वरले देख्नुभयो।"

अघिल्ला पाँच दिनको अवधिमा जस्तै, सृष्टिकर्ताले उस्तै शैलीमा बोल्नुभयो र आफूले चाहनुभएका जीवित प्राणीहरूको जन्मको आदेश दिनुभयो, र तिनीहरू आ-आफ्नै प्रकारअनुसार पृथ्वीमा देखा परे। जब सृष्टिकर्ताले आफ्नो अख्तियार प्रयोग गर्नुहुन्छ, उहाँले बोल्नुभएको कुनै पनि वचन व्यर्थ हुँदैन, र त्यसैअनुसार छैटौं दिन, उहाँले सृष्टि गर्ने अभिप्राय राख्नुभएका हरेक जीवित प्राणी तोकिएको समयमा देखा परे। सृष्टिकर्ताले "पृथ्वीले तिनीहरूका प्रजातिअनुसारका जीवित प्राणीहरू उत्पन्न गरोस्," भनी भन्नुभएपछि, पृथ्वी तुरुन्तै जीवनले भरिपूर्ण भयो, र भूमिमा अचानक सबै प्रकारका जीवित प्राणीहरू प्रकट भए...। घाँसे मैदानमा, आफ्नो पुच्छर यता-उता हल्लाउने गाईका बथानहरू एकपछि अर्को गर्दै देखा परे, भ्या-भ्या गर्ने भेडाहरू बथान-बथानमा जम्मा भए, र घोडाहरू आवाज निकाल्दै दौडन थाले...। एकै क्षणमा, शान्त घाँसे मैदानको ठूलो क्षेत्र जीवनले भरिपूर्ण भयो...। यी विभिन्न प्रकारका चौपायाहरू देखा परेको घटना शान्त घाँसे मैदानमा देखिएको सुन्दर दृश्य थियो, र तिनले असीमित जीवन शक्ति ल्याए...। तिनीहरू एक-अर्कामा पारस्परिक रूपमा आश्रित हुँदै घाँसे मैदानका साथी, र घाँसे मैदानका मालिक बन्नेवाला थिए; त्यसरी नै तिनीहरू यी भूमिहरूका रक्षक र हेरचाह गर्नेहरू बन्नेवाला थिए, जुन तिनीहरूको स्थायी बासस्थान हुनेवाला थियो, र जसले तिनीहरूलाई चाहिने सबै कुरा, तिनीहरूको अस्तित्वको लागि अनन्त पोषणको स्रोत प्रदान गर्नेवाला थियो ...

यी विभिन्न चौपाया अस्तित्वमा आएकै दिन, सृष्टिकर्ताको वचनद्वारा एकपछि अर्को गर्दै असंख्य कीराफट्याङ्ग्रा देखा परे। सबै प्राणीहरूमध्ये तिनीहरू सबैभन्दा साना जीवित प्राणीहरू थिए, तैपनि तिनीहरूको जीवन शक्ति सृष्टिकर्ताको आश्चर्यजनक सृष्टि थियो, र तिनीहरू आइपुगेको समय अत्यन्तै ढिला भएको थिएन...। कतिले आफ्ना स-साना पखेटाहरू चलाउथे, अरू भने बिस्तारै घस्रिन्थे; कति उफ्रन्थे र फड्को मार्थे, अरू मुस्किलले हिँड्थे; कति अघि दगुर्थे, कति तुरुन्तै पछि हट्थे; कति दायाँबायाँ गर्दै घस्रन्थे, अरू माथि-तल गर्दै उफ्रन्थे...। सबै आफ्नो लागि घर खोज्ने प्रयासमा व्यस्त थिए: कतिले घाँसको बीचमा ठाउँ तयार पारे, कतिले भूँइमा दुलो खन्नलागे, कति जङ्गलको बीचमा लुकेका रूखहरूतर्फ उडे...। आकारमा साना भए तापनि, खाली पेटको पीडा सहन तिनीहरू इच्छुक थिएनन्, र आफ्नो घर भेट्टाइसकेपछि, तिनीहरू आफ्नो लागि खानेकुरा खोज्न हतारमा निस्के। कति कलिलो मुना खान घाँसको बोटमा चढे, कतिले मुखभरि माटो लिए र निकै स्वादिलो मान्दै र खुशी हुँदै पेटसम्म पुग्ने गरी निले (तिनीहरूका लागि, माटो समेत स्वादिलो खानेकुरा हो); कति जङ्गलहरूका बीचमा लुकेका थिए, तर तिनीहरूले विश्राम लिन छोडेनन्, किनभने चमकदार गाढा हरिया पातहरूभित्रको भोजनले तिनीहरूलाई रसिलो खाना प्रदान गर्थ्यो...।

कीराफट्याङ्ग्राहरूले तृप्त भएपछि पनि आफ्नो क्रियाकलापलाई रोकेनन्; तिनीहरू कदमा साना भए पनि, तिनीहरूमा अथाह ऊर्जा र असीमित जोस थियो, त्यसकारण सबै प्राणीहरूमध्ये तिनीहरू नै सबैभन्दा सक्रिय र मेहनती थिए। तिनीहरूले कहिल्यै अल्छी गरेनन्, र तिनीहरू कहिल्यै विश्राममा भुलेनन्। तिनीहरूको भोक तृप्त भएपछि, आफ्नो भविष्यको लागि, भोलिको दिनको लागि व्यस्त रहँदै र दौडधूप गर्दै, आफ्नो अस्तित्वको लागि आफ्नो परिश्रममा तिनीहरू लागिरहे...। तिनीहरूले आफैलाई प्रोत्साहन गर्न र उत्साह दिइरहनको लागि विभिन्न प्रकारका धुन र तालमा गीतहरू गुनगुनाउथे। तिनीहरूले हरेक दिन, हरेक वर्षलाई अद्‌वितीय तुल्याउँदै घाँस-पात, रूख-बिरुवा, र हरेक इन्च माटोमा आनन्द थपे...। तिनीहरूका आफ्नै भाषा र तिनीहरूका आफ्नै तौर-तरिकाहरूद्‌वारा, तिनीहरूले सबै जीवित प्राणीहरूकहाँ जानकारी प्रसारण गरे। तिनीहरूका आफ्नै विशेष जीवन शैलीको प्रयोग गर्दै, तिनीहरूले सबै कुरामा चिन्ह लगाउँथे, जसमा तिनीहरूले आफ्ना छाप छोड्थे...। माटो, घाँस-पात, र वन-जङ्गलसँग तिनीहरूको सम्बन्ध घनिष्ठ थियो, र तिनीहरूले माटो, घाँस-पात, र वन-जङ्गलमा जोस र जीवन शक्ति ल्याए। तिनीहरूले सबै जीवित प्राणीहरूकहाँ सृष्टिकर्ताको प्रोत्साहन र अभिवादन ल्याए ...

आफूले सृष्टि गरेका सबै थोकमाथि सृष्टिकर्ताले नजर लगाउनुभयो, र यस क्षणमा उहाँको नजर वन-जङ्गल र पहाड-पर्वतमा रोकियो, उहाँको मन त्यसमा केन्द्रित भयो। उहाँका वचनहरू उच्चारण गरिएपछि, घना जङ्गलमा, र पहाडहरूमा एक प्रकारका प्राणीहरू देखा परे जुन पहिले कहिल्यै देखिएका थिएनन्: ती परमेश्‍वरको मुखले बोल्नुभएका वन-पशुहरू थिए। चाँडै नै, तिनीहरूले आफ्ना शिर हल्लाए र आफ्ना पुच्छर हल्लाए, हरेकका आ-आफ्नै अद्‌वितीय अनुहार थिए। कतिको भुवादार वस्त्र थियो, कति कवचधारी थिए, कति तीखा दाँत भएका थिए, कतिको पङ्तिबद्‌ध दाँत थिए, कति लामो घाँटी भएका थिए, कति छोटो पुच्छर भएका थिए, कति ठूला-ठूला आँखा भएका थिए, कति कमजोर नजरका थिए, कतिले घाँस खान निहुरिनुपर्थ्यो, कतिले मुखभरि रगत बोकेका हुन्थे, कति दुई खुट्टाले बुरुक्क-बुरुक्क उफ्रन्थे, कति चार खुरले हिँड्थे, कतिले रुखको टुप्पामा बसेर टाढा-टाढा हेर्थे, कति जङ्गलमा पस्रेर पर्खन्थे, कति विश्राम गर्नलाई गुफाहरू खोज्थे, कति समथर भूमिमा दौडँदै र उल्लसित भइरहेका हुन्थे, कति वन-जङ्गलमा सिकारको खोजी गरिरहेका हुन्थे...; कति गर्जिरहेका हुन्थे, कति कुकुर रोएझैँ कराइरहेका हुन्थे, कति भुकिरहेका हुन्थे, कति रोइरहेका हुन्थे...; कति उच्च स्वरका थिए, कति मध्यम स्वरका, कति पूर्ण स्वरका, कति स्पष्ट र सुमधुर थिए...; कति डरलाग्दा थिए, कति सुन्दर थिए, कति घिनलाग्दा थिए, कति छोऊँ-छोऊँ लाग्दा थिए, कति भयानक थिए, कति मोहक थिए...। पालैपालो, तिनीहरू प्रत्येक देखा परे। तिनीहरू कति उच्च र शक्तिशाली छन्, स्वतन्त्र, एक-अर्कालाई एक नजर हेर्ने झमेलामा नपरी एक-अर्काको परवाह नगर्ने छन्...। प्रत्येकले सृष्टिकर्ताद्‌वारा तिनीहरूलाई दिइएको जीवन, र तिनीहरूका आफ्नै जङ्गलीपन र जनावरपन वहन गर्दै, तिनीहरू वन-जङ्गलमा र पहाड-पर्वतमा देखा परे। सबैभन्दा घृणित, त्यति अभिमानले भरिएका—तिनीहरूलाई कसले पहाड-पर्वत र वन-जङ्गलका साँचो मालिकहरू तुल्यायो? सृष्टिकर्ताले तिनीहरू देखा पर्ने घटनाको प्रबन्ध गर्नुभएको क्षणदेखि नै, तिनीहरूले वन-जङ्गल र पहाड-पर्वतलाई “दाबी गरे”, किनभने सृष्टिकर्ताले पहिले नै तिनीहरूको सीमामा मोहर

हालिसक्नुभएको थियो र तिनीहरूको अस्तित्वको क्षेत्रलाई निर्धारित गरिसक्नुभएको थियो। तिनीहरू मात्रै पहाड-पर्वत र वन-जङ्गलका साँचो प्रभुहरू थिए, अनि त्यही कारणले गर्दा नै तिनीहरू त्यति उग्र, त्यति घृणित थिए। सबै प्राणीहरूमध्ये तिनीहरू नै साँचो रूपमा जङ्गली, पाशविक, र सधाउन नसकिने थिए, र खासमा यही कारणले नै तिनीहरूलाई "वन-पशुहरू" भनेर भनियो। तिनीहरूलाई सधाउन सकिँदैनथियो, त्यसैले तिनीहरूलाई पाल्न सकिँदैनथियो, र तिनीहरू मानवजातिसँग मिलेर बस्न वा मानवजातिको खातिर परिश्रम गर्न सक्दैनथिए। तिनीहरूलाई पाल्न नसकिने, तिनीहरूले मानवजातिको लागि काम गर्न नसक्ने भएकाले नै, तिनीहरू मानवजातिबाट टाढा बस्नुपर्थ्यो, र मानिस तिनीहरूको नजिक जान सक्दैनथियो। यसैले, तिनीहरू मानवजातिबाट टाढा बस्नुपर्ने भएकोले र मानिस तिनीहरूको नजिक जान नसक्ने भएकोले, सृष्टिकर्ताले तिनीहरूलाई प्रदान गर्नुभएको जिम्मेवारी अर्थात् पहाड-पर्वत र वन-जङ्गललाई रक्षा गर्ने काम तिनीहरूले पूरा गर्न सके। तिनीहरूको जङ्गलीपनले पहाड-पर्वतलाई सुरक्षा दियो र वन-जङ्गलको रखवारी गऱ्यो, र यो तिनीहरूको अस्तित्व र सन्तान उत्पादनको लागि सबैभन्दा उत्तम सुरक्षा र सुनिश्चितता थियो। यसको साथै, तिनीहरूको जङ्गलीपनले सबै थोकको बीचमा सन्तुलन कायम राख्यो र यसको सुनिश्चितता प्रदान गऱ्यो। तिनीहरूको आगमनले पहाड-पर्वत र वन-जङ्गललाई सहयोग र सुरक्षा मिल्यो; तिनीहरूको आगमनले अचल र रित्तो पहाड-पर्वत र वन-जङ्गलमा असीमित जोश र जीवन शक्ति ल्यायो। यस विन्दुदेखि यता, पहाड-पर्वत र वन-जङ्गल तिनीहरूको स्थायी बासस्थान बन्यो, र तिनीहरूले कहिल्यै आफ्नो घर गुमाउनेवाला थिएनन्, किनभने तिनीहरूकै लागि नै पहाड-पर्वत र वन-जङ्गल देखा परेका र अस्तित्वमा आएका थिए; वन-पशुहरूले आफ्नो कर्तव्य पूरा गर्नेवाला थिए र तिनलाई सुरक्षित गर्नको लागि आफूले सक्ने सबै गर्नेवाला थिए। त्यसरी नै, वन-पशुहरूले तिनीहरूको क्षेत्रलाई कायम राख्न, र सृष्टिकर्ताले स्थापित गर्नुभएको सबै थोकमा सन्तुलन कायम राख्न तिनीहरूको पाशविक प्रकृतिलाई निरन्तर प्रयोग गर्नको लागि सृष्टिकर्ताले दिनुभएका आदेशहरूलाई कडाइका साथ पालन गर्नेवाला थिए, र सृष्टिकर्ताको अख्तियार र शक्तिलाई प्रदर्शन गर्नेवाला थिए!

**सृष्टिकर्ताको अख्तियारको अधीनतामा, सबै थोक सिद्ध छन्**

चराचुरुङ्गी र माछा, रूख-बिरुवा र फूलहरूजस्ता चल्न सक्ने र चल्न नसक्नेलगायत, र छैटौं दिनमा बनाइएका चौपाया, कीराफट्याङ्ग्रा, र वन-पशुहरूलगायत, परमेश्‍वरले सृष्टि गर्नुभएका यावत् थोक–परमेश्‍वरको नजरमा ती सबै असल थिए, यसको साथै, परमेश्‍वरको नजरमा उहाँको योजनाअनुसार, यी कुराहरू सबैले सिद्धताको शिखर प्राप्त गरेका थिए र तिनीहरू परमेश्‍वरले हासिल गर्न चाहनुभएका मापदण्डहरूमा पुगेका थिए। चरणबद्ध रूपमा, सृष्टिकर्ताले आफ्नो योजनाअनुरूप नै आफ्नो अभिप्रायको काम गर्नुभयो। एकपछि अर्को गर्दै, उहाँले सृष्टि गर्ने अभिप्राय राख्नुभएका कुराहरू देखा परे, र हरेक कुराको देखा पराइ सृष्टिकर्ताको अख्तियारको प्रतिबिम्ब, उहाँको अख्तियारको मूर्तता थियो; यो मूर्तताको कारण, सारा जीवहरू सृष्टिकर्ताको अनुग्रह र बन्दोबस्तप्रति आभारी नभई बस्न सकेनन्। परमेश्‍वरका आश्‍चर्यजनक कार्यहरू आफै प्रकट हुने क्रममा, यो संसार एक-एक गरी परमेश्‍वरले सृष्टि गर्नुभएका सबै कुराहरूद्वारा भरिपूर्ण भए, र यो

लथालिङ्गपन र अन्धकारबाट स्पष्टता र ज्योतिमा, मृत्युको सन्नाटादेखि जीवन्त र असीमित जीवन शक्तिमा परिवर्तन भयो। सृष्टिका सबै थोकमाझ, ठूलादेखि सानासम्म, सानादेखि अति सुक्ष्मसम्म, सृष्टिकर्ताको अख्तियार र शक्तिले सृष्टि नगरेको केही पनि थिएन, र हरेक जीवको अस्तित्वको अद्‌वितीय र अन्तर्निहित आवश्यकता र मूल्य थियो। तिनीहरूको आकार र संरचनामा रहेका भिन्नताहरूका बावजूद पनि, तिनीहरूलाई सृष्टिकर्ताले सृष्टिकर्ताको अख्तियारको अधीनमा रही जिउने गरी बनाउनुभएको थियो। कहिलेकहीँ मानिसहरूले एउटा अत्यन्तै कुरूप कीरालाई देख्छन्, अनि भन्छन्, “त्यो कीरा अत्यन्तै भयानक छ, त्यसकारण यस्तो कुरूप थोक परमेश्‍वरले बनाउनुभएको हुँदै-होइन–उहाँले त्यस्तो कुरूप थोक सृष्टि गर्न सक्नुहुन्‍न।” कस्तो मूर्ख सोच! तिनीहरूले त यसो भन्‍नुपर्ने हो, “यो कीरा यति कुरूप भए पनि, परमेश्‍वरले नै यसलाई बनाउनुभएको हो, त्यसकारण पक्कै पनि यसको आफ्नै अद्‌वितीय उद्‌देश्य हुनुपर्छ।” परमेश्‍वरका विचारहरूमा, आफूले सृष्टि गर्नुभएका विभिन्‍न जीवित प्राणीहरूलाई उहाँले हरेक स्वरूप र हरेक प्रकारका प्रकार्य र प्रयोजनहरू दिने अभिप्राय राख्नुभएको थियो, त्यसकारण परमेश्‍वरले बनाउनुभएका कुनै पनि थोक उही कपडा काटेर सिलाइएका वस्त्रहरूजस्तो थिएनन्। तिनीहरूको बाहिरी रूपदेखि भित्री बनावटसम्म, तिनीहरूको जिउने शैलीदेखि तिनीहरूले ओगट्ने स्थानसम्म–हरेक कुरा फरक छ। गाईसँग गाईकै रूप हुन्छ, गधासँग गधाकै रूप हुन्छ, मिर्गसँग मिर्गकै रूप हुन्छ, र हात्तीसँग हात्तीकै रूप हुन्छ। के कुनचाहिँ सबैभन्दा राम्रो देखिन्छ, र कुनचाहिँ सबैभन्दा कुरूप देखिन्छ भनेर तैँले भन्‍न सक्छस्? के कुनचाहिँ सबैभन्दा उपयोगी छ, र कुनको अस्तित्व सबैभन्दा कम आवश्यक छ भनेर तैँले भन्‍न सक्छस्? कतिपय मानिसहरूलाई हात्तीको रूप मन पर्छ, तर जमिनमा खेती गर्नको लागि कसैले पनि हात्तीको प्रयोग गर्दैनन्; कतिलाई सिंह र बाघको रूप मन पर्छ, किनभने तिनीहरूको रूप सबै थोकभन्दा आकर्षक देखिन्छ, तर के तँ तिनलाई घरपालुवा जनावरको रूपमा राख्न सक्छस्? छोटकरीमा भन्दा, जब सृष्टिका असंख्य थोकको कुरा आउँछ, मानिसले सृष्टिकर्ताको अख्तियारलाई काम गर्न दिनुपर्छ, भन्‍नुको अर्थ, सृष्टिकर्ताले यावत् थोकको निम्ति तय गर्नुभएको क्रमलाई काम गर्न दिनुपर्छ; सबैभन्दा बुद्‌धिमानी मनोवृति यही हो। सृष्टिकर्ताको मौलिक अभिप्रायहरूको खोजी गर्ने, र त्यसको पालना गर्ने मनोवृति मात्रै सृष्टिकर्ताको अख्तियारको साँचो स्वीकार र सुनिश्‍चितता हो। यो परमेश्‍वरको नजरमा असल छ, त्यसकारण, मानिसले गल्ती भेट्टाउनुको कारण के हो त?

यसरी, सृष्टिकर्ताको अख्तियारअन्तर्गतका यावत् थोकले सृष्टिकर्ताको सार्वभौमिकताको नयाँ जयगान गाउनुपर्छ, उहाँले नयाँ दिनमा गर्नुभएको कामको लागि सानदार शुभारम्भ गर्नुपर्छ, र यस क्षणमा सृष्टिकर्ताले उहाँको व्यवस्थापन कार्यमा नयाँ पृष्ठ पनि खोल्नुहुनेछ। वसन्तमा मुना उम्रने, ग्रीष्ममा पाक्ने, शरदमा कटनी गर्ने, र शिशिरमा भण्डारण गर्नेसम्बन्धी सृष्टिकर्ताले तोक्नुभएको नियमअनुसार, सबै थोकले सृष्टिकर्ताको व्यवस्थापन योजनालाई प्रतिबिम्बित गर्नेछन्, र तिनीहरूले तिनीहरूका आफ्नै नयाँ दिन, नयाँ सुरुवात, र नयाँ जीवन यात्रालाई स्वागत गर्नेछन्। सृष्टिकर्ताको अख्तियारको सार्वभौमिकताको अधीनमा हरेक दिनलाई स्वागत गर्नको लागि तिनीहरू जिइरहनेछन् र अनवरत रूपमा वृद्‌धि हुँदै जानेछन् ...

**सृष्टि गरिएको र सृष्टि नगरिएको कुनै पनि प्राणीले सृष्टिकर्ताको पहिचानलाई प्रतिस्थापन गर्न सक्दैन**

उहाँले यावत् थोकको सृष्टि गर्न सुरु गर्नुभएदेखि नै, परमेश्‍वरको शक्ति व्यक्त हुन र प्रकट हुन थाल्यो, किनभने परमेश्‍वरले सबै थोक सृष्टि गर्न वचनको प्रयोग गर्नुभयो। उहाँले तिनीहरूलाई जसरी सृष्टि गर्नुभए तापनि, उहाँले तिनीहरूलाई जुन कारणले सृष्टि गर्नुभए तापनि, सबै थोक परमेश्‍वरकै वचनको कारण हुन आए र दृढ भई खडा भए र अस्तित्वमा रहे; सृष्टिकर्ताको अद्‌वितीय अख्तियार यही नै हो। संसारमा मानवजाति देखा पर्नुभन्दा पहिलेको समयमा, सृष्टिकर्ताले मानवजातिको लागि सबै थोक सृष्टि गर्न आफ्नो शक्ति र अख्तियारको प्रयोग गर्नुभयो, र मानवजातिको लागि जिउने उपयुक्त वातावरण तयारी गर्नको लागि आफ्नो अद्‌वितीय विधिहरूको प्रयोग गर्नुभयो। उहाँले गर्नुभएको सबै कुरा मानवजातिको तयारीको लागि थियो, जसले चाँडै नै उहाँको सास प्राप्त गर्न लागेको थियो। भन्नुको अर्थ, मानवजातिको सृष्टि गरिनुभन्दा पहिलेको समयमा, मानवजातिभन्दा फरक रहेका सबै प्राणीहरूमा, स्वर्गहरू, ज्योतिहरू, समुद्रहरू, र भूमि जस्ता ठूला कुराहरूमा, र पशु-प्राणी र चराचुरुङ्‌गीजस्ता साना कुराहरूमा, साथै नाङ्‌गो आँखाले देख्न नसकिने विभिन्‍न प्रकारका ब्याक्टेरिया लगायत कीरा-फट्याङ्‌ग्रा र सूक्ष्मजीवहरूमा परमेश्‍वरको अख्तियार प्रदर्शन गरिएको थियो। हरेकलाई सृष्टिकर्ताको वचनले जीवन दिएको थियो, सृष्टिकर्ताकै वचनको कारण हरेक सङ्‌ख्यामा वृद्‌धि भए, र उहाँकै वचनको कारण हरेक नै सृष्टिकर्ताको सार्वभौमिकताको अधीनमा जिए। तिनीहरूले सृष्टिकर्ताको सास प्राप्त नगरेका भए तापनि, तिनीहरूका विभिन्‍न रूप र संरचनाद्‌वारा नै तिनीहरूले सृष्टिकर्ताद्‌वारा तिनीहरूलाई दिइएको जीवन-शक्ति प्रदर्शन गरे; सृष्टिकर्ताले मानवजातिलाई दिनुभएको बोल्न सक्‍ने क्षमता तिनीहरूले प्राप्त नगरे तापनि, सृष्टिकर्ताले तिनीहरूलाई दिनुभएको तिनीहरूको जीवन व्यक्त गर्ने तरिका तिनीहरू प्रत्येकले प्राप्त गरे, जुन मानिसको भाषाभन्दा फरक थियो। सृष्टिकर्ताको अख्तियारले अचल देखिने भौतिक वस्तुलाई त्यो कहिल्यै हराएर नजाओस् भनेर जीवनशक्ति मात्र दिँदैन, तर उहाँले हरेक जीवित प्राणीलाई सन्तान पैदा गरेर वृद्‌धि हुने प्राकृतिक गुण पनि दिनुहुन्छ, ताकि तिनीहरू कहिल्यै हराएर नजाऊन्, ताकि सृष्टिकर्ताले तिनीहरूलाई दिनुभएको बाँच्ने सम्बन्धी नियम र सिद्‌धान्तहरूलाई तिनीहरूले एकपछि अर्को पुस्ता गर्दै हस्तान्तरण गर्दै जाऊन्। सृष्टिकर्ताले आफ्नो अख्तियार जुन किसिमले प्रयोग गर्नुहुन्छ त्यसले वृहत् वा सूक्ष्म दृष्टिकोणलाई कठोरताको साथ पालना गर्दैन, र यो कुनै पनि रूपमा सीमित छैन; उहाँले ब्रह्‌माण्डका कार्यवाहीहरूलाई आदेश दिन र सबै थोकको जीवन र मृत्युमाथि सार्वभौमिकता राख्‍न सक्नुहुन्छ, यसको साथै, सबै थोकले उहाँकै सेवा गरून् भनेर तिनलाई मिलाउनुहुन्छ; उहाँले पहाड-पर्वत, नदीनाला, र तालतलैयाले कसरी काम गर्छन् तिनलाई व्यवस्थापन गर्न, र तिनीहरूभित्र भएका कुराहरूलाई शासन गर्न सक्नुहुन्छ, त्यस बाहेक, उहाँ सबै थोकलाई जे चाहिन्छ त्यो प्रदान गर्न सक्नुहुन्छ। मानवजाति बाहेक सबै थोकको बीचमा सृष्टिकर्ताको अद्‌वितीय अख्तियारको प्रकटीकरण यही नै हो। त्यस्तो प्रकटीकरण जीवनकालको लागि मात्रै होइन; यो कहिल्यै सकिँदैन, न त यसले विश्राम नै गर्छ, र यसलाई कुनै

पनि व्यक्ति वा थोकले परिवर्तन गर्न वा क्षति पुर्‍याउन सक्दैन, न त कुनै पनि व्यक्ति वा थोकले यसलाई थप्न वा घटाउन नै सक्छ—किनभने कसैले पनि सृष्टिकर्ताको पहिचानलाई प्रतिस्थापन गर्न सक्दैन, त्यसकारण सृष्टिकर्ताको अख्तियारलाई सृष्टि गरिएको कुनै पनि प्राणीले प्रतिस्थापन गर्न सक्दैन; सृष्टि नगरिएको कुनै पनि प्राणीले यसलाई प्राप्त गर्न सक्दैन। उदाहरणको लागि परमेश्‍वरका दूतहरू र स्वर्गदूतहरूलाई लिऊँ। तिनीहरूसँग परमेश्‍वरको शक्ति छैन, सृष्टिकर्ताको अख्तियार हुने कुरा त परै जाओस्, र तिनीहरूमा सृष्टिकर्ताको सार नभएको कारण तिनीहरूमा परमेश्‍वरको शक्ति र अख्तियार हुँदैन। परमेश्‍वरका दूतहरू र स्वर्गदूतहरूजस्ता सृष्टि नगरिएका प्राणीहरूले परमेश्‍वरको सट्टामा केही कुराहरू गर्न सक्ने भए तापनि तिनीहरूले परमेश्‍वरलाई प्रतिनिधित्व गर्न सक्दैनन्। तिनीहरूसँग मानिसमा नभएका केही शक्ति भए तापनि, तिनीहरूसँग परमेश्‍वरको अख्तियार छैन, अर्थात् सबै थोक सृष्टि गर्ने, सबै थोकमाथि हुकुम गर्ने, र सबै थोकमाथि सार्वभौमिकता राख्ने परमेश्‍वरको अख्तियार तिनीहरूसँग छैन। त्यसकारण, परमेश्‍वरको अद्‌वितीयतालाई सृष्टि नगरिएको प्राणीले प्रतिस्थापन गर्न सक्दैन, त्यसरी नै, सृष्टि नगरिएको कुनै पनि प्राणीले परमेश्‍वरको अख्तियार र शक्तिलाई प्रतिस्थापन गर्न सक्दैन। के बाइबलमा, परमेश्‍वरको कुनै दूतले सबै थोक सृष्टि गर्‍यो भनेर तैँले पढेको छस्? परमेश्‍वरले सबै थोक सृष्टि गर्नको लागि किन उहाँको कुनै पनि दूत वा स्वर्गदूतहरूलाई खटाउनुभएन? किनभने तिनीहरूसँग परमेश्‍वरको अख्तियार थिएन, त्यसकारण परमेश्‍वरको अख्तियार प्रयोग गर्ने क्षमता तिनीहरूसँग थिएन। सबै प्राणीहरू जस्तै, तिनीहरू सबै नै सृष्टिकर्ताको सार्वभौमिकताको अधीनमा, र सृष्टिकर्ताको अख्तियारको अधीनमा छन्, त्यसरी नै, सृष्टिकर्ता तिनीहरूका परमेश्‍वर र तिनीहरूका सार्वभौम हुनुहुन्छ। तिनीहरूमध्ये हरेकको बीचमा—चाहे ती कुलीन वा नीच होऊन्, ठूलो शक्ति भएको वा सानो शक्ति भएका होऊन्—सृष्टिकर्ताको अख्तियारलाई नाघ्न सक्ने एउटै छैन, त्यसकारण, तिनीहरूका बीचमा, सृष्टिकर्ताको पहिचानलाई प्रतिस्थापन गर्न सक्ने एउटै छैन। तिनीहरूलाई कहिल्यै पनि परमेश्‍वर भनिनेछैन, र तिनीहरू कहिल्यै पनि सृष्टिकर्ता बन्न सक्नेछैनन्। यी अपरिवर्तनीय सत्यता र तथ्यहरू हुन्!

माथिको सङ्गतिबाट, के हामी निम्न कुरालाई जोड दिन सक्छौं त: सबै थोकका सृष्टिकर्ता र शासक, जोसँग अद्‌वितीय अख्तियार र अद्‌वितीय शक्ति छ, उहाँलाई मात्रै अद्‌वितीय परमेश्‍वर स्वयम् भनेर भन्न सकिन्छ? यस बिन्दुमा, त्यस्तो प्रश्‍न अत्यन्तै गहन छ भन्ने तिमीहरूलाई लाग्न सक्छ। तिमीहरू एक क्षणको लागि यसलाई बुझ्न सक्दैनौ, र यसभित्रको सारलाई बुझ्न सक्दैनौ, त्यसकारण अहिलेको लागि तिमीहरूलाई यो उत्तर दिनु कठिन छ भन्ने लाग्छ। त्यस हकमा, मैले मेरो सङ्गतिलाई जारी राख्नुपर्छ। त्यसपछि, म तिमीहरूलाई परमेश्‍वरको स्वामित्वमा मात्रै रहेको अख्तियार र शक्तिको विभिन्न पक्षका वास्तविक कामहरू देख्ने तुल्याउनेछु, यसरी म तिमीहरूलाई परमेश्‍वरको अद्‌वितीयपन, र परमेश्‍वरको अद्‌वितीय अख्तियार भनेको के हो त्यसलाई साँचो रूपमा बुझ्ने, कदर गर्ने, र जान्ने तुल्याउनेछु।

**२. मानिससँग करार स्थापित गर्न परमेश्वरले आफ्नो वचनको प्रयोग गर्नुहुन्छ**

उत्पत्ति ९:११-१३ अनि म तिमीहरूसँग मेरो करार स्थापित गर्नेछु, न त जलप्रलयको पानीले अब उप्रान्त सबै मानिसहरूलाई नष्ट गर्नेछ, न त पृथ्वीलाई नष्ट गर्नको निम्ति कुनै जलप्रलय नै हुनेछ। अनि परमेश्वरले भन्नुभयो, यो म र तिमीहरू र तिमीहरूसँग भएका हरेक जीवित प्राणीका बीच अनन्त पुस्तासम्मको निम्ति मैले बनाएको करारको चिनो हो: म बादलमा इन्द्रेनी राख्नेछु र त्यो म र पृथ्वीको बीचमा भएको करारको चिनो हुने छ।

**उहाँले सबै थोक बनाइसक्नुभएपछि, सृष्टिकर्ताको अख्तियारलाई फेरि एकपटक इन्द्रेनीको करारमा पुष्टि र प्रदर्शन गरिन्छ**

सृष्टिकर्ताको अख्तियार सबै प्राणीहरूका बीचमा सँधै प्रदर्शन र प्रयोग गरिन्छ, र उहाँले सबै थोकको नियतिमाथि शासन मात्रै गर्नुहुन्न, बरु उहाँले त आफ्नै हातले सृष्टि गर्नुभएको विशेष प्राणी र फरक जीवन संरचना भएको र फरक जीवन शैलीमा अस्तित्वमा रहने मानवजातिलाई पनि शासन गर्नुहुन्छ। सबै थोक बनाइसकेपछि, सृष्टिकर्ताले आफ्नो अख्तियार र शक्ति व्यक्त गर्ने कार्यलाई थाती राख्नुभएन; उहाँको लागि, उहाँको हातबाट मानवजाति साँचो रूपमा जन्मिसकेपछि मात्रै सबै थोक र सम्पूर्ण मानवजातिको नियतिमाथि सार्वभौमिकता राख्ने उहाँको अख्तियार औपचारिक रूपमा सुरु भयो। उहाँले मानवजातिलाई व्यवस्थापन गर्ने, र मानवजातिलाई शासन गर्ने अभिप्राय राख्नुभयो; उहाँले मानवजातिलाई मुक्ति दिने र मानवजातिलाई साँचो रूपमा प्राप्त गर्ने, सबै थोकलाई शासन गर्न सक्ने मानवजातिलाई प्राप्त गर्ने अभिप्राय राख्नुभयो; उहाँले त्यस्तो मानवजातिलाई उहाँको अख्तियारको अधीनमा जिउने र उहाँको अख्तियारलाई जान्न र पालना गर्न लगाउने अभिप्राय राख्नुभयो। तसर्थ, परमेश्वरले आफ्नो वचन प्रयोग गरेर मानिसको बीचमा आधिकारिक रूपमा आफ्नो अख्तियार व्यक्त गर्न सुरु गर्नुभयो, र आफ्नो वचनलाई प्रकट गर्न आफ्नो अख्तियारको प्रयोग गर्न थाल्नुभयो। अवश्य नै, यो प्रक्रियामा परमेश्वरको अख्तियारलाई सबै स्थानमा प्रदर्शन गरियो; मैले केही निश्चित, चिरपरिचित उदाहरणहरूलाई मात्रै छनौट गरेको छु, जसमार्फत तिमीहरूले परमेश्वरको अद्‌वितीयपन र उहाँको अद्‌वितीय अख्तियारलाई बुझ्न र जान्न सक्छौ।

उत्पत्ति ९:११-१३ को अनुच्छेद र परमेश्वरले गर्नुभएको संसारको सृष्टिको विवरणसम्बन्धी माथिका अनुच्छेदहरूमा समानता छ, तैपनि तिनमा भिन्नता पनि छ। समानता के हो? आफ्नो अभिप्रायअनुसार गर्नको लागि परमेश्वरले वचनको प्रयोग गर्नुभयो भन्ने अर्थमा समानता छ, र यहाँ उद्‌धृत गरिएका अनुच्छेदहरूले परमेश्वरले मानिससँग गर्नुभएको वार्तालापलाई जनाउँछ भन्ने अर्थमा भिन्नता छ, जसमा उहाँले मानिससँग करार स्थापना गर्नुभयो र करारमा के समावेश छ भन्ने कुरा मानिसलाई बताउनुभयो। मानिससँगको उहाँको वार्तालापको अवधिमा परमेश्वरको अख्तियारको यो प्रयोग हासिल गरियो, भन्नुको अर्थ, मानवजातिको सृष्टि हुनुभन्दा पहिले, परमेश्वरका वचनहरू उहाँले सृष्टि गर्न चाहनुभएका प्राणीहरूमा जारी गरिएका निर्देशन र आदेशहरू थिए। तर अब परमेश्वरको वचन सुन्नको लागि कुनै व्यक्ति थियो, त्यसकारण उहाँको वचन

मानिससँगको वार्तालाप र मानिसलाई दिइएको अर्ती र सल्लाह पनि थियो। यसको साथै, परमेश्‍वरका वचनहरू उहाँको अख्तियार बोक्ने आज्ञाहरू थिए, जसलाई सबै थोकको सामुन्ने जारी गरिएको थियो।

यो अनुच्छेदमा परमेश्‍वरको कुन कार्यको विवरण दिइएको छ? जलप्रलयद्वारा उहाँले संसारलाई नष्ट गरिसक्नुभएपछि परमेश्‍वरले मानिससँग स्थापना गर्नुभएको करारलाई यो अनुच्छेदमा अभिलेख गरिएको छ; यसले मानिसलाई के बताउँछ भने परमेश्‍वरले संसारमा यस्तो विनाश फेरि ल्याउनुहुनेछैन, यसको लागि परमेश्‍वरले एउटा चिन्हको सृष्टि गर्नुभयो। यो चिन्ह के थियो? धर्मशास्त्रमा "म बादलमा इन्द्रेनी राख्नेछु र त्यो म र पृथ्वीको बीचमा भएको करारको चिनो हुने छ।" भनेर भनिएको छ। यी सृष्टिकर्ताले मानवजातिसँग बोल्नुभएका मूल वचनहरू हुन्। उहाँले यी वचनहरू भन्नुभएपछि, मानिसको अघि एउटा इन्द्रेणी देखा पर्‍यो, र आजको दिनसम्म नै यो यस्तै रहिआएको छ। सबैले त्यस्तो इन्द्रेणी देखेको हुन्छ, र जब तँ यसलाई देख्छस्, यो कसरी देखा पर्छ के तँलाई थाहा छ? यसलाई प्रमाणित गर्न, वा यसको स्रोत पत्ता लगाउन, वा यो कहाँबाट आउँछ भन्ने पहिचान गर्न विज्ञानले सकेको छैन। किनभने इन्द्रेणी सृष्टिकर्ता र मानिसको बीचमा स्थापित गरिएको करारको चिन्ह हो; यसको लागि कुनै वैज्ञानिक आधार चाहिँदैन, यो मानिसले बनाएको होइन, न त मानिसले यसलाई परिवर्तन गर्न नै सक्छ। उहाँले आफ्ना वचनहरू बोल्नुभएपछिको यो सृष्टिकर्ताको अख्तियारको निरन्तरता हो। सृष्टिकर्ताले मानिससँगको आफ्नो करार र आफ्नो प्रतिज्ञालाई पालन गर्न आफ्नै निश्‍चित विधिको प्रयोग गर्नुभयो, त्यसकारण उहाँले स्थापना गर्नुभएको करारको चिन्हको रूपमा उहाँले इन्द्रेणीको प्रयोग गर्नुभएको कुरा स्वर्गीय अध्यादेश र नियम नै थियो जुन सदासर्वदा नै अपरिवर्तित रहनेछ, चाहे त्यो सृष्टिकर्ताको हकमा होस् वा सृष्टि गरिएको मानवजातिको हकमा। यो अपरिवर्तनीय नियम उहाँले सबै थोक सृष्टि गरिसक्नुभएपछिको सृष्टिकर्ताको अख्तियारको अर्को साँचो प्रकटीकरण हो भनेर भन्नुपर्छ, र सृष्टिकर्ताको अख्तियार र शक्ति असीमित छ भनेर भन्नैपर्छ; उहाँले इन्द्रेणीलाई चिन्हको रूपमा गर्नुभएको प्रयोग सृष्टिकर्ताको अख्तियारको निरन्तरता र विस्तार हो। यो परमेश्‍वरले आफ्नो वचनको प्रयोग गरेर गर्नुभएको अर्को काम थियो, र वचन प्रयोग गरेर परमेश्‍वरले मानिससँग स्थापना गर्नुभएको करारको चिन्ह थियो। उहाँले जे ल्याउने अठोट गर्नुभएको थियो, र यो जसरी पूरा गरिने र हासिल गरिनेथियो त्यसको बारेमा उहाँले मानिसलाई बताउनुभयो। यसरी उक्त कुरापरमेश्‍वरको मुखको वचन अनुसार पूरा भयो। त्यस्तो शक्ति परमेश्‍वरसँग मात्रै छ, र उहाँले यी वचनहरू बोल्नुभएपछिको हजारौं वर्षपछि आज समेत, परमेश्‍वरको मुखले बोलेर आएको इन्द्रेणीलाई मानिसले हेर्न सक्छ। परमेश्‍वरले बोल्नुभएका यी वचनहरूका कारण, यो कुरा आजको दिनसम्मै तलमाथि नभई अपरिवर्तित रहेको छ। कसैले पनि यो इन्द्रेणीलाई हटाउन सक्दैन, कसैले पनि यसको नियम परिवर्तन गर्न सक्दैन, र यो केवल परमेश्‍वरको वचनको लागि मात्रै अस्तित्वमा रहन्छ। परमेश्‍वरको अख्तियार वास्तवमा यही नै हो। "परमेश्‍वरको वचन जत्ति असल छ उहाँ त्यति नै असल हुनुहुन्छ, र उहाँको वचन पुराहुनेछ, अनि उहाँले जे हासिल गर्नुहुन्छ ती सदासर्वदा रहिरहन्छन्" यस्ता वचनहरू यहाँ स्पष्ट रूपमा प्रकट हुन्छन्, र यो परमेश्‍वरको अख्तियार र शक्तिको स्पष्ट चिन्ह र विशेषता हो। त्यस्तो

चिन्ह वा विशेषता सृष्टि गरिएको कुनै पनि प्राणीसँग छैन वा तिनमा देखिँदैन, न त सृष्टि नगरिएको कुनै प्राणीमा नै यो देखिन्छ। यो अद्‌वितीय परमेश्‍वरको स्वामित्वमा मात्रै छ, र यसले सृष्टिकर्तामा निहित पहिचान र सारलाई प्राणीहरूको पहिचान र सारबाट अलग गर्छ। यसको साथै, यो त्यस्तो चिन्ह र विशेषता हो जसलाई परमेश्‍वर स्वयम् बाहेक सृष्टि गरिएको वा सृष्टि नगरिएको कुनै पनि प्राणीले कहिल्यै नाघ्न सक्दैन।

मानिससँग परमेश्‍वरले आफ्नो करार स्थापना गर्नुभएको कार्य निकै महत्त्वपूर्ण थियो, जसलाई मानिससँग आफ्नो तथ्य व्यक्त गर्न र उहाँको इच्छा मानिसलाई बताउनको लागि प्रयोग गर्ने अभिप्राय उहाँको थियो। यसको लागि उहाँले मानिससँग करार स्थापना गर्नको लागि विशेष चिन्हको प्रयोग गर्दै अद्‌वितीय विधिको प्रयोग गर्नुभयो, जुन चिन्ह उहाँले मानिससँग स्थापित गर्नुभएको करारको प्रतिज्ञा थियो। त्यसोभए, के यो करारको स्थापना महान घटना थियो? यो कति महान् थियो? करार यति विशेष हुनुको कारण ठ्याक्कै यही नै हो: यो मानिस-मानिसले एक-अर्काको बीचमा स्थापना गरेको करार थिएन, न त एउटा समूहले अर्को समूहसँग, वा एउटा देशले अर्को देशसँग स्थापना गरेको करार नै थियो, तर यो सृष्टिकर्ता र सम्पूर्ण मानवजातिको बीचमा स्थापना गरिएको करार थियो, र सृष्टिकर्ताले सबै थोक रद्द गर्नुहुने दिनसम्म यो मान्य रहनेछ। यो करार लागू गर्ने सृष्टिकर्ता नै हुनुहुन्छ, र यसलाई कायम राख्ने पनि सृष्टिकर्ता नै हुनुहुन्छ। छोटकरीमा भन्दा, मानवजातिसँग स्थापना गरिएको इन्द्रेणीको करारको सम्पूर्णता सृष्टिकर्ता र मानवजातिको बीचमा भएको कुराकानी अनुसार पूरा भयो र हासिल गरियो, र यो आजको दिनसम्मै त्यही अवस्थामा रहिआएको छ। प्राणीहरूले सृष्टिकर्ताको अख्तियारमा समर्पित हुने, त्यसको पालना गर्ने, त्यसमा विश्‍वास गर्ने, त्यसको कदर गर्ने, त्यसको साक्षी दिने, र त्यसलाई सम्मान गर्ने बाहेक के गर्न सक्छन्? किनभने त्यस्तो करार स्थापना गर्ने शक्ति अद्‌वितीय परमेश्‍वरमा बाहेक कसैसँग छैन। बारम्बार इन्द्रेणी देखा पर्नु भनेको सृष्टिकर्ता र मानवजातिको बीचमा गरिएको करारको बारेमा मानवजातिलाई गरिने घोषणा हो र त्यसप्रति ध्यानाकर्षण गर्ने उसलाई गरिने बोलावट हो। सृष्टिकर्ता र मानवजातिको बीचमा गरिएको करार निरन्तर देखा पर्ने क्रममा, मानवजातिलाई इन्द्रेणी वा करार स्वयम्‌लाई होइन, तर सृष्टिकर्ताको अपरिवर्तनीय अख्तियारलाई देखाइन्छ। बारम्बार इन्द्रेणी देखा पर्नुले गुप्त ठाउँहरूमा सृष्टिकर्ताले गर्नुहुने अथाह र आश्‍चर्यजनक कार्यहरूलाई प्रदर्शन गर्छ, यसको साथै, यो कहिल्यै ओइलिएर नजाने, कहिल्यै परिवर्तन नहुने सृष्टिकर्ताको अख्तियारको महत्त्वपूर्ण प्रतिबिम्ब हो। के यो सृष्टिकर्ताको अद्‌वितीय अख्तियारको अर्को पक्षको प्रदर्शन होइन र?

### ३. परमेश्‍वरका आशिष्‌हरू

उत्पत्ति १७:४-६ मेरो बारेमा भन्दा, हेर्, मेरो करार तँसितै छ र तँ धेरै जातिहरूको पिता बन्‍नेछस्। न त अब तेरो नाम अब्राम नै हुनेछ, तर तेरो नाम अब्राहाम हुनेछ; किनकि मैले तँलाई धेरै जातिहरूका पिता बनाएको छु। र म तँलाई अत्यन्तै फलवन्त बनाउनेछु र तँबाट जातिहरू बनाउनेछु र तँबाट राजाहरू आउनेछन्।

उत्पत्ति १८:१८-१९ अब्राहाम अवश्य नै महान् र शक्तिशाली जाति बन्नेछ र पृथ्वीका सबै जातिहरू तिनमा नै आशिषित हुनेछन्। किनकि म उसलाई चिन्छु, कि उसले आफ्ना छोराछोरीहरू र आफ्नो घरानालाई उनलाई पछ्याउने आज्ञा दिनेछ र न्यायिक व्यवहार तथा न्याय गर्नको निम्ति तिनीहरूले यहोवाको मार्ग पालन गर्नेछन्; ताकि यहोवाले अब्राहामलाई भन्नुभएका कुरा उहाँले पूरा गर्नुभएको होस्।

उत्पत्ति २२:१६-१८ यहोवाले भन्नुभयो, म आफैले शपथ खाएको छु किनभने तैँले यो गरेको छस् र तैँले तेरो छोरा अर्थात् तेरो एक मात्र छोरालाई रोकेको छैनस्: आशिष्मा म तँलाई आशिष् दिनेछु र वृद्धिमा तेरा सन्तानलाई बढाएर आकाशका ताराहरूसरह, र समुद्र किनारको बालुवासरह वृद्धि गर्नेछु; र तेरा सन्तानले त्यसका शत्रुहरूको प्रवेशद्वार कब्जा गर्नेछन्; र तेरा सन्तानमा पृथ्वीका सबै जातिहरूले आशिष् पाउनेछन्; किनभने तैँले मेरो वचन पालन गरेको छस्।

अय्यूब ४२:१२ त्यसैले यहोवाले अय्यूबको पछिल्लो समयलाई तिनको सुरुको समयभन्दा बढी आशिष् दिनुभयो: किनभने तिनीसित चौध हजार भेडा, छ हजार ऊँट, एक हजार हल गोरु र एक हजार गधा थिए।

**सृष्टिकर्ताका वाणीहरूका अद्‌वितीय शैली र विशेषताहरू सृष्टिकर्ताको अद्‌वितीय पहिचान र अख्तियारका चिन्ह हुन्**

धेरैले परमेश्‍वरका आशिष्‌हरू खोजी गर्न, र प्राप्त गर्न चाहन्छन्, तर सबैले यी आशिष्‌हरू प्राप्त गर्दैनन्, किनभने परमेश्‍वरका आफ्नै सिद्धान्तहरू छन्, र उहाँले उहाँको आफ्नै तरिकाले मानिसलाई आशिष् दिनुहुन्छ। परमेश्‍वरले मानिससँग गर्नुहुने प्रतिज्ञाहरू, र उहाँले मानिसलाई दिनुहुने अनुग्रहको मात्रा मानिसका विचार र कार्यहरूअनुसार निर्धारित गरिन्छन्। त्यसो भए, परमेश्‍वरका आशिष्‌हरूद्वारा के देखाइन्छ? तिनमा मानिसहरूले के देख्न सक्छन्? यस बिन्दुमा, हामी परमेश्‍वरले कस्ता प्रकारका मानिसहरूलाई आशिष् दिनुहुन्छ भन्नेबारेमा, र परमेश्‍वरले मानिसलाई आशिष् दिनेसम्बन्धी सिद्धान्तहरूको बारेमा छलफललाई पन्छाऔँ। बरु, परमेश्‍वरको अख्तियारलाई जान्ने उद्‌देश्यले, परमेश्‍वरको अख्तियारलाई जान्ने दृष्टिकोणबाट, परमेश्‍वरले मानिसलाई दिनुहुने आशिष्‌को बारेमा हामी हेरौँ।

माथिका धर्मशास्त्रका चार वटै अनुच्छेदहरू परमेश्‍वरले मानिसलाई आशिष् दिनुभएको बारेका विवरणहरू हुन्। तिनले अब्राहाम र अय्यूबजस्ता परमेश्‍वरका आशिष्‌हरू प्राप्त गर्नेहरूको विस्तृत व्याख्या गर्नुका साथै परमेश्‍वरले किन आफ्ना आशिष्‌हरू दिनुभयो त्यसका कारणहरू, र ती आशिष्‌हरूमा के कुरा समावेश थिए भन्ने विवरण प्रदान गर्छ। परमेश्‍वरका वाणीहरूको शैली र तरिका, र उहाँले जुन दृष्टिकोण र स्थानमा बसी बोल्नुभयो त्यसले मानिसहरूलाई आशिष्‌हरू दिनुहुने एउटै उहाँ र त्यस्ता आशिष्‌हरू प्राप्त गर्नेहरू फरक पहिचान, हैसियत र सारका हुन् भन्ने कुरा बुझाउँछ। यी वाणीहरूको शैली र तरिका, र जुन स्थानमा रही ती बोलिए त्यो सृष्टिकर्ताको पहिचान बोक्नुभएका परमेश्‍वरसँग मात्र सम्बन्धित अद्‌वितीय कुरा हुन्। उहाँमा अख्तियार र सामर्थ्यका साथसाथै सृष्टिकर्ताको सम्मान र प्रताप छ जसमा कुनै पनि मानिसले कुनै शङ्का गर्न सक्दैन।

सुरुमा हामी उत्पत्ति १७:४-६ लाई हेरौं: “मेरो बारेमा भन्दा, हेर्, मेरो करार तँसितै छ र तँ धेरै जातिहरूको पिता बन्नेछस्। न त अब तेरो नाम अब्राम नै हुनेछ, तर तेरो नाम अब्राहाम हुनेछ; किनकि मैले तँलाई धेरै जातिहरूका पिता बनाएको छु। र म तँलाई अत्यन्तै फलवन्त बनाउनेछु र तँबाट जातिहरू बनाउनेछु र तँबाट राजाहरू आउनेछन्।” यी वचनहरू परमेश्‍वरले अब्राहामसँग स्थापना गर्नुभएको करार, साथै परमेश्‍वरले अब्राहामलाई दिनुभएको आशिष् थियो: परमेश्‍वरले अब्राहामलाई धेरै जातिका पिता बनाउँदै हुनुहुन्थ्यो, तिनलाई अत्यन्तै फलवान् तुल्याउँदै हुनुहुन्थ्यो, र तिनीद्‌वारा राष्ट्रहरू खडा हुनेवाला थिए, र तिनीबाटै राजाहरू आउनेवाला थिए। के यी वचनहरूमा तँ परमेश्‍वरको अख्तियारलाई देख्छस्? अनि कसरी तँ त्यस्तो अख्तियार देख्छस्? तँ परमेश्‍वरको अख्तियारको सारको कुन पक्षलाई देख्छस्? यी वचनहरूलाई ध्यान दिएर पढ्दा, परमेश्‍वरका वाणीहरूको बोलमा परमेश्‍वरको अख्तियार र पहिचान स्पष्ट रूपमा प्रकट गरिएको छ भन्ने कुरालाई पत्ता लगाउनु कठिन छैन। उदाहरणको लागि, जब परमेश्‍वरले “मेरो करार तँसितै छ, र तँ ... बन्नेछस् ... मैले तँलाई ... बनाएको छु ... म तँलाई ... बनाउनेछु...,” भनी भन्नुभयो, “तँ बन्नेछस्” र “म बनाउनेछु,” जस्ता परमेश्‍वरको पहिचान र अख्तियारको स्वीकारोक्ति दिने शब्दावलीहरू एक हिसाबमा, सृष्टिकर्ताको विश्‍वासनीयताको सूचक हो; अर्को हिसाबमा, ती परमेश्‍वरले प्रयोग गर्नुभएका सृष्टिकर्ताको पहिचान निहित विशेष वचनहरू हुन्—साथै ती परम्परागत शब्दभण्डारका भाग हुन्। यदि कसैले अर्को व्यक्ति अत्यन्तै फलवान् हुनेछ, तिनीहरूबाट राष्ट्रहरू खडा हुनेछन्, र तिनीहरूबाट राजाहरू आउनेछन् भन्ने आशा गरेको छु भनी भन्छ भने, त्यो अवश्य नै एक प्रकारको कामना हो, प्रतिज्ञा वा आशिष् होइन। त्यसकारण, मानिसहरूले “म तिमीलाई यस्तो र उस्तो बनाउनेछु, तिमीले यस्तो र उस्तो गर्नेछौ...,” भन्ने आँट गर्दैनन्, किनभने तिनीहरूसँग त्यस्तो शक्ति छैन भन्ने तिनीहरूलाई थाहा हुन्छ; यो तिनीहरूको हातमा हुँदैन, र तिनीहरूले यस्ता कुराहरू भने तापनि, तिनीहरूका वचनहरू तिनीहरूका इच्छा र अभिलाषाद्‌वारा उत्प्रेरित निरर्थक शब्दहरू हुनेछन्। यदि कसैले आफ्ना कामनाहरू पूरा गर्न सक्दैनन् भन्ने लाग्यो भने के तिनीहरूले यस्तो महान् शैलीमा बोल्ने आँट गर्छन्? हरेकले आफ्ना सन्तानको लागि सबैले राम्रै होस् भन्ने कामना गर्छन्, र तिनीहरू अघि बढ्नेछन् र ठूलो सफलता प्राप्त गर्नेछन् भन्ने आशा गर्छन्। “तिनीहरूमध्ये एक जना सम्राट भयो भने यो कति ठूलो सौभाग्यको कुरा हुनेथियो! यदि एक जना गभर्नर बन्यो भने त्यो पनि राम्रै हुनेथियो—राम्रै हुनेथियो जबसम्म तिनीहरू कुनै महत्त्वपूर्ण व्यक्ति हुन्छन्!” यी सबै मानिसहरूका कामनाहरू हुन्, तर मानिसहरूले आफ्ना सन्तानको लागि आशिष्‌हरूको कामना मात्रै गर्न सक्छन्, तिनीहरूका कुनै पनि प्रतिज्ञालाई पूरा गर्ने वा त्यसलाई यथार्थ तुल्याउन सक्दैनन्। आफ्ना हृदयमा, हरेकलाई त्यस्ता कुराहरू हासिल गर्ने शक्ति आफूसँग छैन भन्ने थाहा हुन्छ, किनभने तिनीहरूसँग भएको सबै कुरा तिनीहरूको नियन्त्रणभन्दा बाहिर हुन्छ, अनि कसरी तिनीहरूले अरूको नियतिमाथि हुकुम चलाउन सक्छन् र? परमेश्‍वरले यस्ता वचनहरू भन्न सक्नुको कारण के हो भने परमेश्‍वरमा त्यस्तो अख्तियार छ, र उहाँमा उहाँले मानिससँग गर्नुहुने सबै प्रतिज्ञाहरूलाई पूरा गर्ने र यथार्थ तुल्याउने, र उहाँले मानिसलाई दिनुहुने सबै आशिष्‌हरू पूरा गर्ने क्षमता छ। मानिसलाई परमेश्‍वरले नै सृष्टि गर्नुभएको थियो, र परमेश्‍वरको लागि कसैलाई अत्यन्तै फलवान् बनाउनु भनेको बच्चाको

खेल हुनेथियो; कसैको सन्तानलाई सम्पन्न तुल्याउनको लागि उहाँले एउटै शब्द मात्र बोल्नु आवश्यक पर्थ्यो। त्यस्तो कुराको लागि उहाँले कहिल्यै पसिना बगाउने गरी काम गर्नुपर्दैनथियो, वा यसको लागि आफ्नो मस्तिष्कको प्रयोग गर्नुपर्ने, वा आफैलाई त्यसमा बाँधेर गाँठो पार्ने गर्नुपर्दैनथियो; परमेश्‍वरको शक्ति, परमेश्‍वरको अख्तियार यही नै हो।

उत्पत्ति १८:१८ मा "अब्राहाम अवश्य नै महान् र शक्तिशाली जाति बन्नेछ र पृथ्वीका सबै जातिहरू तिनमा नै आशिषित हुनेछन्" भन्ने पढिसकेपछि, के तिमीहरू परमेश्‍वरको अख्तियारलाई अनुभूति गर्न सक्छौ? के तिमीहरू सृष्टिकर्ताको असाधारणतालाई अनुभूति गर्न सक्छौ? के तिमीहरू सृष्टिकर्ताको सर्वोच्चतालाई अनुभूति गर्न सक्छौ? परमेश्‍वरका वचनहरू निश्‍चित छन्। आफ्नो सफलताको सुनिश्‍चितताको कारण, वा त्यसको प्रतिनिधित्व स्वरूप परमेश्‍वरले त्यस्ता वचनहरू बोल्नुहुन्‍न; बरु, ती परमेश्‍वरका वाणीहरूको अख्तियारको सबुत हुन्, र परमेश्‍वरको वचनहरूलाई पूरा गर्ने आज्ञा हुन्। तिमीहरूले यहाँ ध्यान दिनुपर्ने दुई वटा अभिव्यक्ति छन्। परमेश्‍वरले "अब्राहाम अवश्य नै महान् र शक्तिशाली जाति बन्नेछ र पृथ्वीका सबै जातिहरू तिनमा नै आशिषित हुनेछन्," भनी भन्ने क्रममा, के यी वचनहरूमा कुनै अस्पष्टताको तत्व छ? के कुनै चिन्ताको तत्व छ? के कुनै डरको तत्व छ? परमेश्‍वरका वाणीहरूका "अवश्य नै हुनेछ" र "हुनेछ" भन्ने शब्दहरूको कारणले, मानिसमा निश्‍चित रूपमा हुने र उसमा प्रायजसो देखिने यी तत्वहरूले सृष्टिकर्तासँग कहिल्यै कुनै सम्बन्ध राखेका छैनन्। अरूलाई शुभकामना दिँदा कसैले पनि त्यस्ता वचनहरूको प्रयोग गर्ने आँट गर्दैनन्, कसैले पनि अरूलाई ठूलो र शक्तिशाली जाति दिने भनी आशिष् दिन, वा पृथ्वीका सबै जातिले तिनमा आशिष् पाउनेछन् भनेर प्रतिज्ञा गर्न कसैले पनि आँट गर्दैनन्। परमेश्‍वरका वचनहरू जति निश्‍चित छन्, तिनले कुनै कुरालाई त्यति नै प्रमाणित गर्छन्—र त्यो कुनै कुरा के हो? तिनले परमेश्‍वरसँग त्यस्तो अख्तियार छ, उहाँको अख्तियारले यी कुराहरू पूरा गर्न सक्छ, र ती पूरा हुनु अपरिहार्य छ भन्ने कुरालाई प्रमाणित गर्छन्। उहाँले अब्राहामलाई जे आशिष् दिनुभएको थियो त्यसको बारेमा परमेश्‍वर आफ्नो हृदयमा सुनिश्‍चित हुनुहुन्थ्यो, उहाँमा अलिकति पनि हिचकिचाहट थिएन। यसको साथै, यसको पूर्णता उहाँका वचनहरू अनुसार नै हासिल हुनेथिए, र यसको पूर्णतालाई कुनै पनि शक्तिले परिवर्तन गर्न, रोक्न, हानी गर्न, वा बाधा दिन सक्नेथिएन। अरू जेसुकै भए तापनि, परमेश्‍वरका वचनहरू पूर्णता हुनु र पूरा हुनुलाई कुनै कुराले पनि रोक्न वा वाधा दिन सकेन। यो सृष्टिकर्ताको मुखबाट बोलिएका वचनहरूको शक्ति, र मानिसको इन्कारमा नरोकिने सृष्टिकर्ताको अख्तियार हो! यी वचनहरूलाई पढिसकेपछि, के तँलाई अझै शङ्का लाग्छ? यी वचनहरू परमेश्‍वरको मुखबाट बोलिएका थिए, र परमेश्‍वरका वचनहरूमा शक्ति, प्रताप, र अख्तियार छ। त्यस्तो शक्ति र अख्तियार, र तथ्यहरू पूरा हुने अपरिहार्यतालाई सृष्टि गरिएको वा सृष्टि नगरिएको कुनै पनि प्राणीले प्राप्त गर्न सक्दैन, र सृष्टि गरिएको वा सृष्टि नगरिएको कुनै पनि प्राणीले यसलाई नाघ्न सक्दैन। सृष्टिकर्ताले मात्रै मानवजातिसँग त्यस्तो शैली र स्वरमा कुराकानी गर्न सक्नुहुन्छ, र उहाँका प्रतिज्ञाहरू खोक्रा शब्दहरू, वा फोकट घमण्ड होइनन्, तर कुनै पनि व्यक्ति, घटना, वा थोकले नाघ्न नसक्ने अद्‌वितीय अख्तियारको अभिव्यक्ति हुन् भन्ने कुरालाई यी तथ्यहरूले प्रमाणित गरेको छ।

परमेश्वरले बोल्नुभएका वचनहरू र मानिसले बोलेका वचनहरूका बीचमा के भिन्नता छ? जब तँ परमेश्वरले बोल्नुभएका यी वचनहरूलाई पढ्छस्, तैँले परमेश्वरका वचनहरू र परमेश्वरको अख्तियारको सामर्थ्यलाई अनुभूति गर्छस्। मानिसहरूले यस्ता शब्दहरू बोलेको सुन्दा तँलाई कस्तो अनुभूति हुन्छ? के तिनीहरू अत्यन्तै अहङ्कारी र घमण्डी छन्, तिनीहरू आफ्नै तमासा देखाइरहने मानिसहरू हुन् भन्ने तँलाई लाग्छ? तिनीहरूसँग यो शक्ति, तिनीहरूसँग त्यस्तो अख्तियार नभएको हुनाले, तिनीहरू त्यस्ता कुराहरू हासिल गर्न पूर्ण रूपमा असमर्थ छन्। तिनीहरू आफ्ना प्रतिज्ञाहरूप्रति त्यति ढुक्क छन् भने त्यसले तिनीहरूको वचनको हेलचेक्र्याइँपनलाई मात्रै देखाउँछ। यदि कसैले त्यस्ता शब्दहरू बोल्छन् भने, तिनीहरू निश्चय नै अहङ्कारी र अभिमानी छन्, र तिनीहरूले प्रधान स्वर्गदूतको स्वभावको एउटा उत्कृष्ट उदाहरणको रूपमा आफैलाई प्रकट गरिरहेका हुनेछन्। यी वचनहरू परमेश्वरको मुखबाट आएका हुन्; के तँ यहाँ कुनै अहङ्कारको तत्वको अनुभूति गर्छस्? के परमेश्वरका वचनहरू ठट्टा मात्रै हुन् भन्ने तँलाई लाग्छ? परमेश्वरका वचनहरू अख्तियार हुन्, परमेश्वरका वचनहरू तथ्य हुन्, र उहाँको मुखबाट वचनहरू उच्चारण गरिनुभन्दा पहिले, भन्नुको अर्थ, जब उहाँले कुनै काम गर्ने निर्णय गरिरहनुभएको हुन्छ, त्यो कुरा पहिले नै पूरा भइसकेको हुन्छ। परमेश्वरले अब्राहामलाई भन्नुभएका सबै कुरा परमेश्वरले अब्राहामसँग गर्नुभएको करार, र परमेश्वरले अब्राहामसँग गर्नुभएको प्रतिज्ञा नै थियो भनेर भन्न सकिन्छ। यो प्रतिज्ञा स्थापित गरिएको तथ्य, साथै पूरा गरिएको तथ्य थियो, र यी तथ्यहरू परमेश्वरको योजनाअनुसार परमेश्वरका सोचहरूमा क्रमिक रूपमा पूरा भए। त्यसकारण, परमेश्वरले त्यस्ता वचनहरू बोल्नुको अर्थ उहाँमा घमण्डी स्वभाव छ भन्ने हुँदैन, किनभने परमेश्वरले त्यस्ता कुराहरू हासिल गर्न सक्नुहुन्छ। उहाँमा यो शक्ति र अख्तियार छ, र उहाँ यी कार्यहरू हासिल गर्न पूर्ण रूपमा समर्थ हुनुहुन्छ, र तिनीहरूको परिपूर्णता पूर्ण रूपमा उहाँको क्षमताको दायराभित्रै छ। जब यस्ता वचनहरू परमेश्वरको मुखबाट उच्चारित हुन्छन्, ती परमेश्वरको साँचो स्वभावको प्रकाश र अभिव्यक्ति, परमेश्वरको सार र अख्तियारको अति उत्तम प्रकाश र प्रकटीकरण हुन्, र सृष्टिकर्ताको पहिचानको प्रमाणको रूपमा योभन्दा उचित र उपयुक्त अरू केही हुन सक्दैन। त्यस्ता वाणीहरूको शैली, स्वर, र शब्दहरू नै सृष्टिकर्ताको पहिचानका चिन्ह हुन्, र परमेश्वरको आफ्नै पहिचानको अभिव्यक्तिसँग ती अति उत्तम रूपले मिल्छन्; तिनमा कुनै बहाना, कुनै अशुद्धता हुँदैन; ती पूर्ण रूपमा र स्पष्ट रूपमा सृष्टिकर्ताको सार र अख्तियारका अति उत्तम प्रदर्शन हुन्। प्राणीहरूका हकमा कुरा गर्दा, तिनीहरूमा न त यो अख्तियार हुन्छ, न त यो सार नै, परमेश्वरले दिनुभएको शक्ति तिनीहरूमा हुने कुरा त परै जाओस्। यदि मानिसले त्यस्तो बानीबेहोरा प्रकट गर्छ भने, यो पक्कै पनि उसको भ्रष्ट स्वभावको प्रकटीकरण हो, र यसको जड भनेका मानिसको अहङ्कार र उग्र महत्वाकांक्षाको हस्तक्षेपपूर्ण प्रभाव, र मानिसहरूसँग छल गर्न र परमेश्वरलाई धोका दिन तिनीहरूलाई फुस्ल्याउन चाहने दियाबलस, शैतानको दुर्भावनापूर्ण अभिप्रायहरूको प्रकटीकरण नै हुन्। त्यस्तो भाषाबाट प्रकट गरिएको कुरालाई परमेश्वरले कसरी लिनुहुन्छ? तैँले उहाँको स्थान हडप्न चाहन्छस् र तैँले उहाँको नक्कल गरेर उहाँलाई प्रतिस्थापन गर्न चाहन्छस् भनेर परमेश्वरले भन्नुहुनेछ। जब तँ परमेश्वरका वाणीहरूको स्वरलाई अनुकरण गर्छस्, तेरो अभिप्राय भनेको मानिसहरूको हृदयमा भएको

परमेश्वरको स्थानलाई प्रतिस्थापन गर्नु, अधिकारको हिसाबले परमेश्वरको स्वामित्वमा रहेको मानवजातिलाई हडप्नु भन्ने हुन्छ। यो त विशुद्ध र सरल रूपमा शैतान नै हो; यी त प्रधान स्वर्गदूतका सन्तानका कार्यहरू हुन्, जुन स्वर्गको लागि सह्य छैन! तिमीहरूका बीचमा, त्यस्तो कोही छ जसले मानिसहरूलाई बहकाउने र धोका दिने अभिप्रायले, र यस व्यक्तिका वचन र कार्यहरूले परमेश्वरको अख्तियार र सामर्थ्य बोकेका छन् जस्तो, यस व्यक्तिको सार र पहिचान अद्‌वितीय छ जस्तो, र यस व्यक्तिका वचनहरूको स्वर परमेश्वरको जस्तै छ जस्तो तिनीहरूलाई अनुभूति गराउँदै थोरै शब्दहरू निश्चित तरिकाले बोलेर परमेश्वरको कहिल्यै अनुकरण गरेका छन्? के तिमीहरूले कहिल्यै यस्तो गरेका छौ? के तिमीहरूले जुन कुरालाई सामर्थ्य र अख्तियार भनी ठानेका छौ त्यसद्‌वारा तिमीहरूको बोली-वचनमा परमेश्वरको स्वभाव छ जस्तै गरी कहिल्यै परमेश्वरको स्वरलाई अनुकरण गर्ने प्रयास गरेका छौ? के तिमीहरूले कहिल्यै यसरी व्यवहार गरेका छौ, वा त्यसो गर्ने योजना बनाएका छौ? अब, जब तिमीहरू सृष्टिकर्ताको अख्तियारलाई साँचो रूपमा देख्छौ, बुझ्छौ र चिन्छौ, र तिमीहरूले जे गर्ने गर्थ्यौ, र तिमीहरूले आफैलाई जे प्रकट गर्ने गर्थ्यौ त्यसलाई हेर्दा, के तिमीहरूलाई असहज महसुस हुन्छ? के तिमीहरू आफ्नो नीचता र लाजमर्दो अवस्थालाई पहिचान गर्छौ? त्यस्ता मानिसहरूको स्वभाव र सारलाई विश्लेषण गरिसकेपछि, के तिनीहरू नरकका श्रापित सन्तान हुन् भनेर भन्न सकिँदैन र? के त्यस्ता कुराहरू गर्ने हरेकले आफैमाथि अपमान निम्त्याइरहेका हुन्छन् भनेर भन्न सकिन्छ? के तिमीहरू यसको प्रकृतिको गम्भीरतालाई पहिचान गर्छौ? यो कति गम्भीर छ? यस्तो व्यवहार गर्ने मानिसहरूको अभिप्राय भनेको परमेश्वरको अनुकरण गर्नु हो। तिनीहरू परमेश्वर बन्न चाहन्छन्, मानिसहरूलाई तिनीहरू आफूलाई परमेश्वरकै रूपमा आराधना गर्ने तुल्याउन चाहन्छन्। तिनीहरू मानिसहरूका हृदयमा रहेको परमेश्वरको स्थानलाई नष्ट गर्न, र मानिसको बीचमा काम गर्नुहुने परमेश्वरलाई हटाउन चाहन्छन्, र तिनीहरू मानिसहरूलाई नियन्त्रण गर्ने, मानिसहरूलाई नष्ट गर्ने, र तिनीहरूलाई पकडमा राख्ने उद्‌देश्य हासिल गर्न यसो गर्छन्। हरेकसँग यस्तै अवचेतन इच्छा र महत्वाकांक्षाहरू हुन्छन्, र हरेक नै यस प्रकारको भ्रष्ट शैतानी सार, शैतानी प्रकृतिमा जिउँछन्, जहाँ तिनीहरू परमेश्वरका शत्रु हुन्छन्, परमेश्वरलाई धोका दिन्छन्, र परमेश्वर नै बन्न चाहन्छन्। परमेश्वरको अख्तियार भन्ने विषयमा रहेको मेरो सङ्गतिपछि, के तिमीहरू अझै पनि परमेश्वरको नक्कल गर्ने वा परमेश्वरको अनुकरण गर्ने इच्छा गर्छौ वा आकांक्षा राख्छौ? के तिमीहरू अझै पनि परमेश्वर बन्ने इच्छा गर्छौ? के तिमीहरू अझै पनि परमेश्वर बन्ने चाहना गर्छौ? परमेश्वरको अख्तियारलाई मानिसले अनुकरण गर्न सक्दैन, र परमेश्वरको पहिचान र हैसियतलाई मानिसले नक्कल गर्न सक्दैन। परमेश्वरले बोल्नुहुने स्वरलाई तैँले अनुकरण गर्न सक्ने भए तापनि, तैँले परमेश्वरको सारलाई अनुकरण गर्न सक्दैनस्। तँ परमेश्वरको स्थानमा खडा हुन र परमेश्वरको नक्कल गर्न सक्ने भए तापनि, परमेश्वरले जे गर्ने अभिप्राय राख्नुहुन्छ त्यो गर्न तँ कहिल्यै सक्नेछैनस्, र तँ सबै थोकको शासन गर्न र त्यसमाथि हुकुम गर्न कहिल्यै सक्नेछैनस्। परमेश्वरको नजरमा, तँ सदासर्वदा सानो प्राणी हुनेछस्, र तेरा सीप र क्षमताहरू जति ठूलो भए तापनि, तँसँग जति वरदानहरू भए तापनि, तँ तेरो सम्पूर्णतामा सृष्टिकर्ताकै प्रभुत्वमा हुन्छस्। तैँले केही साहसिक

शब्दहरू भन्न सक्ने भए तापनि, न त यसले तँसँग सृष्टिकर्ताको सार छ भन्ने कुरालाई देखाउन सक्छ, न त तँसँग सृष्टिकर्ताको अख्तियार छ भन्ने नै प्रस्तुत गर्न सक्छ। परमेश्‍वरको अख्तियार र शक्ति परमेश्‍वर स्वयमको सार हो। ती सिकेका वा बाहिरी रूपमा थपिएका होइनन्, तर ती परमेश्‍वर स्वयम्‌को अन्तर्निहित सार हुन्। त्यसैले सृष्टिकर्ता र प्राणीहरूका बीचको सम्बन्धलाई कहिल्यै पनि परिवर्तन गर्न सकिँदैन। प्राणीहरूमध्येकै एक भएकोले, मानिसले आफ्नो हैसियतलाई कायम राख्नुपर्छ, र विवेकशील व्यवहार गर्नुपर्छ। सृष्टिकर्ताले तँलाई सुम्पनुभएको कुरालाई तैँले कर्तव्यनिष्ठा भई रक्षा गर्। नियमभन्दा बाहिर काम गर्ने, वा तेरो क्षमताभन्दा बाहिरका कुराहरू गर्ने वा परमेश्‍वरको लागि घिनलाग्दो कार्य गर्ने नगर्। महान् बन्ने, वा महामानव बन्ने, वा अरूभन्दा ठूलो हुन खोज्ने, वा परमेश्‍वर बन्ने प्रयास नगर्। मानिसहरूले यस्तो हुने इच्छा गर्नु हुँदैन। महान् वा महामानव बन्ने प्रयास गर्नु मूर्खता हो। परमेश्‍वर बन्ने प्रयास गर्नु अझै अपमानजनक कुरा हो; यो घृणास्पद, र तुच्छ कुरा हो। तारिफयोग्य कुरा, र प्राणीहरूले अरू कुनै पनि कुरालाई भन्दा बढी पक्रिराख्नुपर्ने कुरा भनेको नै एक साँचो प्राणीबन्नु हो; सबै मानिसहरूले पछ्याउनुपर्ने एक मात्र लक्ष्य यही नै हो।

**सृष्टिकर्ताको अख्तियार समय, स्थान, वा भूगोलद्‌वारा सीमित छैन, र सृष्टिकर्ताको अख्तियारलाई गन्ती गर्न सकिँदैन**

हामी उत्पत्ति २२:१७-१८ लाई हेरौं। यो यहोवा परमेश्‍वरले बोल्नुभएको अर्को अनुच्छेद हो, जहाँ उहाँले अब्राहामलाई भन्नुभयो, “आशिष्‌मा म तँलाई आशिष् दिनेछु र वृद्‌धिमा तेरा सन्तानलाई बढाएर आकाशका ताराहरूसरह, र समुद्र किनारको बालुवासरह वृद्‌धि गर्नेछु; र तेरा सन्तानले त्यसका शत्रुहरूको प्रवेशद्‌वार कब्जा गर्नेछन्; र तेरा सन्तानमा पृथ्वीका सबै जातिहरूले आशिष् पाउनेछन्; किनभने तैँले मेरो वचन पालन गरेको छस्।” यहोवा परमेश्‍वरले अब्राहामलाई धेरै पटक आशिष् दिनुभएको हुनाले तिनका सन्तान वृद्‌धि हुनेवाला थिए—तर कति हदसम्म वृद्‌धि हुनेवाका थिए? धर्मशास्त्रमा बोलिएको हदसम्म: “आकाशका ताराहरूसरह, र समुद्र किनारको बालुवासरह।” भन्नुको अर्थ, परमेश्‍वरले अब्राहामलाई आकाशका ताराहरू जत्तिकै धेरै, र समुद्रको किनारका बालुवाजत्तिकै प्रशस्त सन्तान दिन चाहनुभयो। परमेश्‍वरले अलङ्‌कारको प्रयोग गरी बोल्नुभयो, र यो अलङ्‌कारबाट परमेश्‍वरले अब्राहामलाई एक, दुई, वा हजार जना मात्रै होइन, बरु गन्ती गर्नै नसकिने सङ्‌ख्यामा सन्तान दिनुभयो, यतिसम्म कि तिनीहरू अनगिन्ती राष्ट्रहरू बन्नेवाला थिए, किनभने परमेश्‍वरले अब्राहामलाई तिनी धेरै जातिका पिता हुनेछन् भनी प्रतिज्ञा गर्नुभएको थियो। अब, उक्त सङ्‌ख्याको निर्णय मानिसले गरेको थियो कि परमेश्‍वरले गर्नुभएको थियो? के मानिसले उसको सन्तान कति जना हुन्छन् भन्ने कुरालाई नियन्त्रण गर्न सक्छ? के यो उसको हातमा हुन्छ? उसले धेरै जना जन्माउनेछ कि जन्माउनेछैन भन्ने कुरा समेत मानिसको हातमा हुँदैन, “आकाशका ताराहरूसरह, र समुद्र किनारको बालुवासरह।” धेरै हुने त कुरै नगरौं। कसले आकाशका ताराहरू जत्तिकै धेरै सन्तानको चाहना गर्दैन र? दुःखको कुरा, परिस्थिति सधैँ तैँले चाहेजस्तै हुन्छ भन्ने छैन। मानिस जति सिपालु वा सक्षम भए पनि, यो उसको हातमा हुँदैन; परमेश्‍वरले प्रबन्ध गर्नुभएको

भन्दा बाहिर कोही पनि खडा हुन सक्दैन। उहाँले तँलाई जति धेरै दिनुहुन्छ, तैँले त्यति नै बढी पाउनेछस्: यदि परमेश्‍वरले तँलाई थोरै दिनुहुन्छ भने, तँसँग कहिल्यै धेरै हुनेछैन, र यदि परमेश्‍वरले तँलाई धेरै दिनुभयो, तँसँग धेरै भयो भनेर तैँले अफसोस गर्नुपर्दैन। के यो यस्तै होइन र? योमध्ये धेरैजसो कुरा परमेश्‍वरकै हातमा हुन्छ, मानिसको हातमा होइन! मानिसलाई परमेश्‍वरले नै शासन गर्नुहुन्छ, र कसैलाई पनि छूट छैन!

जब परमेश्‍वरले "तेरा सन्तानलाई वृद्धि गर्नेछु," भनी भन्‍नुभयो, यो परमेश्‍वरले अब्राहामसँग स्थापित गर्नुभएको करार थियो, र इन्द्रेणीको करारजस्तै, यो अनन्तसम्मको लागि हासिल गरिनेथियो, र यो परमेश्‍वरले अब्राहामसँग गर्नुभएको प्रतिज्ञा पनि थियो। यो प्रतिज्ञालाई पूरा गर्ने परमेश्‍वर मात्र योग्य र सक्षम हुनुहुन्छ। मानिसले यसलाई विश्‍वास गरे पनि वा नगरे पनि, मानिसले यसलाई स्वीकार गरे पनि वा नगरे पनि, र मानिसले यसलाई जसरी हेरे पनि र जसरी लिए पनि, यो सबै शब्द-शब्द गरी परमेश्‍वरले बोल्नुभएको वचन अनुसार नै पूरा हुनेछ। मानिसको इच्छा वा धारणाहरूमा आएको परिवर्तनको कारणले परमेश्‍वरको वचन परिवर्तन हुनेछैन, र कुनै व्यक्ति, घटना, वा कुरामा आएको परिवर्तनको कारणले यो परिवर्तन हुनेछैन। सबै थोक हराएर जान सक्छ, तर परमेश्‍वरको वचन सदासर्वदा रहिरहनेछ। वास्तवमा, सबै थोक हराएर जाने दिन नै परमेश्‍वरका वचनहरू पूर्ण रूपमा पूरा हुने दिन हो, किनभने उहाँ सृष्टिकर्ता हुनुहुन्छ, उहाँमा सृष्टिकर्ताको अख्तियार छ, सृष्टिकर्ताको शक्ति छ, र उहाँले नै सबै थोक र सबै जीवनशक्तिलाई नियन्त्रण गर्नुहुन्छ; उहाँले सुन्यताबाट कुनै थोक अस्तित्वमा ल्याउन, वा कुनै थोकलाई सुन्यतामा हराउन सक्नुहुन्छ, र उहाँले सबै थोकको जीवितबाट मृतकमा हुने रूपान्तरणलाई नियन्त्रण गर्नुहुन्छ; परमेश्‍वरको लागि, कसैको बीउलाई वृद्धि गराउने जत्तिको सरल केही पनि हुन सक्दैन। यो मानिसको लागि परी-कथाजस्तै शानदार सुनिन सक्छ, तर परमेश्‍वरको लागि, उहाँले जुन कुरा गर्ने निर्णय र प्रतिज्ञा गर्नुहुन्छ त्यो काल्पनिक होइन, न त परी-कथा नै हो। बरु, यो त परमेश्‍वरले पहिले नै देखिसक्नुभएको तथ्य हो, र जसलाई अवश्य नै हासिल गर्न सकिन्छ। के तिमीहरू यसलाई बुझ्छौ? के अब्राहामका सन्तान अनगिन्ती थिए भनेर तथ्यहरूले प्रमाणित गर्छ? तिनीहरू कति धेरै अनगिन्ती थिए? के तिनीहरू परमेश्‍वरले बोल्नुभएका "आकाशका ताराहरूसरह, र समुद्र किनारको बालुवासरह" जत्तिकै अनगिन्ती थिए? के तिनीहरू संसारका सबै राष्ट्रहरू र क्षेत्रहरूमा, हरेक ठाउँमा फैलिए? केद्वारा यो तथ्य हासिल गरियो? के यो परमेश्‍वरको अख्तियारद्वारा हासिल गरिएको थियो? परमेश्‍वरका वचनहरू बोलिएको सयौं वा हजारौं वर्षसम्म, परमेश्‍वरका वचनहरू निरन्तर रूपमा पूरा भए, र ती अटुट रूपमा तथ्यमा परिवर्तन भइरहे; परमेश्‍वरका वचनहरूको सामर्थ्य, र परमेश्‍वरको अख्तियारको प्रमाण यही हो। जब सुरुमा परमेश्‍वरले सबै थोक सृष्टि गर्नुभयो, परमेश्‍वरले भन्‍नुभयो, "उज्यालो होस्" अनि उज्यालो भयो। यो शीघ्र रूपमा भयो, यो छोटो समयमा पूरा भयो, र यसको उपलब्धि र पूर्णतामा कुनै ढिलाइ भएन; परमेश्‍वरका वचनहरूका प्रभावहरू तत्कालीन थिए। ती दुवै नै परमेश्‍वरको अख्तियारको प्रदर्शन थिए, तर जब परमेश्‍वरले अब्राहामलाई आशिष् दिनुभयो, उहाँले मानिसलाई परमेश्‍वरको अख्तियारको सारको अर्को पक्ष, साथै सृष्टिकर्ताको अख्तियार गन्तीभन्दा बाहिरको कुरा हो भन्‍ने देखाउनुभयो, यसको साथै उहाँले

मानिसलाई सृष्टिकर्ताको अख्तियारको अझै यथार्थ, अझै उत्कृष्ट पक्ष देखाउनुभयो।

परमेश्‍वरका वचनहरू उच्चारण गरिएपछि, परमेश्‍वरको अख्तियारले यो कार्यमा हुकुम चलाउँछ, र परमेश्‍वरको मुखले प्रतिज्ञा गरेको तथ्य क्रमिक रूपमा यथार्थ बन्‍न थाल्छ। परिणामस्वरूप, जसरी वसन्तको आगमनसँगै घाँसहरू हरिया बन्‍न थाल्छन्, फूलहरू फुल्न थाल्छ, रूखका मुनाहरू पलाउन थाल्छन्, चराचुरुङ्गी गाउन थाल्छन्, हाँसहरू फर्केर आउँछन्, र भूमि मानिसहरूले भरिन्छन्, त्यसरी नै सबै थोकको बीचमा परिवर्तनहरू देखा पर्न थाल्छ...। वसन्तको आगमनसँगै सबै थोक नयाँ हुन्छन्, र यो सृष्टिकर्ताको आश्‍चर्यजनक कार्य हो। जब परमेश्‍वरले आफ्ना प्रतिज्ञाहरू हासिल गर्नुहुन्छ, स्वर्ग र पृथ्वीका सबै थोक नवीकरण हुन्छन् र परमेश्‍वरका विचारहरू अनुसार परिवर्तन हुन्छन्—कसैलाई पनि छूट छैन। जब परमेश्‍वरको मुखबाट प्रतिबद्‌धता वा प्रतिज्ञाको उच्चारण गरिन्छ, सबै थोक पूर्णतामा पुग्छ, र यसको पूर्णताको खातिर कुशलताको साथ अघि बढ्छन्; सबै प्राणीहरू परमेश्‍वरकै प्रभुत्वमा योजनाबद्‌ध गरिन्छ र मिलाइन्छ, र तिनीहरूले आ-आफ्नै भूमिका निर्वाह गर्छन्, र तिनीहरूको आ-आफ्नै कार्यगत गुण पूरा गर्छन्। सृष्टिकर्ताको अख्तियारको प्रकटीकरण यही हो। यसमा तँ के देख्छस्? तँ परमेश्‍वरको अख्तियारलाई कसरी जान्दछस्? के परमेश्‍वरको अख्तियारको कुनै दायरा छ? के समयको सीमितता छ? के यसको निश्‍चित उचाइ, वा निश्‍चित लम्बाइ छ भनेर भन्‍न सकिन्छ? के यसको निश्‍चित आकार वा सामर्थ्य छ भनेर भन्‍न सकिन्छ? के यसलाई मानिसका आयामहरूबाट मापन गर्न सकिन्छ? परमेश्‍वरको अख्तियार घरी सक्रिय, घरी निष्क्रिय हुने हुँदैन, यो आउने र जाने गर्दैन, र उहाँको अख्तियार वास्तवमा कति महान् छ भनेर नाप्‍न सक्ने कोही पनि छैन। जति धेरै समय बिते पनि, जब परमेश्‍वरले कुनै व्यक्तिलाई आशिष् दिनुहुन्छ, यो आशिष् अघि बढिरहनेछ, र यसको निरन्तरताले परमेश्‍वरको अख्तियारको अतुलनीय साक्षी दिनेछ, र सृष्टिकर्ताको ननिभ्‍ने जीवनशक्तिको पुन: देखा पर्ने घटनालाई बारम्बार देख्‍न मानवजातिलाई समर्थ तुल्याउनेछ। उहाँको अख्तियारको हरेक प्रदर्शन सबै थोकमा, र मानवजातिमा प्रदर्शन गरिने उहाँको मुखका वचनहरूको सिद्‌ध प्रदर्शन हुन्। यसको साथै, उहाँको अख्तियारले हासिल गर्ने सबै कुरा अति उत्तम, अतुलनीय, र अत्यन्तै त्रुटिहीन छन्। उहाँका विचारहरू, उहाँका वचनहरू, उहाँको अख्तियार, र उहाँले हासिल गर्नुहुने सबै कार्यहरू अतुलनीय रूपमा सुन्दर चित्र हुन्, र प्राणीहरूका लागि, यसको महत्त्व र मूल्यलाई स्पष्ट पार्न मानवजातिको भाषा असमर्थ छ। जब परमेश्‍वरले कुनै व्यक्तिलाई प्रतिज्ञा गर्नुहुन्छ, तिनीहरूको बारेमा सबै कुरा परमेश्‍वरको लागि उहाँको हातको पछाडिको भाग जत्तिकै परिचित हुन्छ, चाहे यो तिनीहरू कहाँ बस्छन् भन्‍ने होस् वा तिनीहरू कहाँ जान्छन् भन्‍ने नै होस्, तिनीहरूले प्रतिज्ञा प्राप्‍त गर्नुभन्दा पहिलेको वा पछिको तिनीहरूको पृष्ठभूमि होस्, वा तिनीहरूको जिउने वातावरणमा कति ठूलो कायापलट आएको छ त्यो नै होस्। परमेश्‍वरका वचनहरू बोलिएपछि जति धेरै समय बिते पनि, उहाँको लागि, ती भर्खरै उच्चारण गरिएका जस्तै हुन्छन्। भन्‍नुको अर्थ परमेश्‍वरसँग शक्ति छ, र उहाँसँग उहाँले मानवजातिसँग गर्नुहुने हरेक प्रतिज्ञाको लेखाजोखा राख्‍ने, नियन्त्रण गर्ने, र पूरा गर्ने अख्तियार छ, र प्रतिज्ञा जेसुकै भए तापनि, यो पूर्ण रूपमा पूरा हुन जति समय लागे पनि, यसको साथै, यसको पूर्णताले जति वृहत् दायरालाई छोए तापनि—उदाहरणको लागि, समय, भूगोल, जाति,

र यस्तै इत्यादि–यो प्रतिज्ञा हासिल गरिनेछ र पूरा गरिनेछ, यसको साथै, यसलाई हासिल गर्न र पूरा गर्नको लागि उहाँलाई अलिकति समेत प्रयासको आवश्यकता पर्नेछैन। यसले केलाई प्रमाणित गर्छ? परमेश्वरको अख्तियार र शक्तिको क्षेत्र सम्पूर्ण ब्रह्माण्ड, र सम्पूर्ण मानवजातिलाई नियन्त्रण गर्नको लागि पर्याप्त छ भन्ने कुरालाई यसले प्रमाणित गर्छ। परमेश्वरले ज्योति बनाउनुभयो, तर त्यसको अर्थ परमेश्वरले ज्योतिको मात्रै व्यवस्थापन गर्नुहुन्छ भन्ने हुँदैन, वा उहाँले पानीको व्यवस्थापन गर्नुहुन्छ किनभने उहाँले पानी सृष्टि गर्नुभयो, र अरू सबै कुरा परमेश्वरसँग सम्बन्धित छैनन् भन्ने हुँदैन। के यो गलत बुझाइ हुँदैन र? परमेश्वरले अब्राहामलाई दिनुभएको आशिष् सयौं वर्षपछि मानिसको स्मरणबाट क्रमिक रूपमा विलीन भएको भए तापनि, परमेश्वरको लागि, यो प्रतिज्ञा अझै पनि उस्तै रहिरह्यो। यो अझै पनि हासिल गरिने प्रक्रियामा थियो, र यो कहिल्यै रोकिएको थिएन। परमेश्वरले कसरी आफ्नो अख्तियारको प्रयोग गर्नुभयो, कसरी सबै थोकलाई योजनाबद्ध र व्यवस्थित गरियो, र यस समय परमेश्वरले सृष्टि गर्नुभएको सबै थोकको बीचमा के-कस्ता सुन्दर घटनाहरू घटे सो मानिसले कहिल्यै जानेन वा सुनेन, तर परमेश्वरको अख्तियारको प्रदर्शनको हरेक सुन्दर भाग र उहाँका कार्यहरूको प्रकाशलाई सबै थोकका बीचमा हस्तान्तरण र बढाइ गरियो, सबै थोकले सृष्टिकर्ताको आश्चर्यजनक कार्यहरूलाई प्रदर्शन गरे र तिनको बारेमा बोले, र यावत् थोकमाथिको सृष्टिकर्ताको सार्वभौमिकताको हरेक प्रचलित कथालाई सबै थोकले सदासर्वदा घोषणा गर्नेछन्। सबै थोकलाई शासन गर्ने परमेश्वरको अख्तियार, र परमेश्वरको शक्तिले सबै थोकलाई परमेश्वर सबै ठाउँमा र सबै समयमा उपस्थित हुनुहुन्छ भन्ने देखाउँछ। जब तैँले परमेश्वरको अख्तियार र शक्तिको सर्वव्यापकतालाई देखेको हुन्छस्, तब तैँले परमेश्वर सबै ठाउँ र सबै समयमा उपस्थित हुनुहुन्छ भन्ने देख्नेछस्। परमेश्वरको अख्तियार र शक्ति समय, भूगोल, स्थान, वा कुनै व्यक्ति, घटना वा थोकद्वारा सीमित छैनन्। परमेश्वरको अख्तियार र शक्तिको क्षेत्रले मानिसको कल्पनालाई नाघ्छ; मानिसले यसलाई बुझ्न सक्दैन, मानिसले यसलाई कल्पना गर्न सक्दैन, र यसलाई मानिसले कहिल्यै पनि पूर्ण रूपमा बुझ्न सक्नेछैन।

कतिपय मानिसहरूले अनुमान र कल्पना गर्न मन पराउँछन्, तर मानिसको कल्पना कति टाढा पुग्न सक्छ? के यो यस संसारभन्दा बाहिर जान सक्छ? के मानिसले परमेश्वरको अख्तियारको विश्वसनीयता र सटीकतालाई अनुमान गर्न र कल्पना गर्न सक्छ? के मानिसको अनुमान र कल्पनाले उसलाई परमेश्वरको अख्तियारको ज्ञान हासिल गर्न दिन सक्छ? के तिनले मानिसलाई परमेश्वरको अख्तियारलाई साँचो रूपमा बुझाउन र त्यसमा समर्पित गराउन सक्छन्? मानिसको अनुमान र कल्पना मानिसको बौद्धिकताको उपज मात्रै हुन्, र परमेश्वरको अख्तियारसम्बन्धी मानिसको ज्ञानमा यसले अलिकति पनि सहयोग वा लाभ पुर्‍याउँदैन भन्ने कुरालाई तथ्यहरूले प्रमाणित गर्छ। केही विज्ञानसम्बन्धी काल्पनिक लेख पढिसकेपछि, कतिले चन्द्रमा वा ताराहरू कस्ता छन् भन्ने कुरा कल्पना गर्न सक्छन्। तैपनि, यसको अर्थ मानिसमा परमेश्वरको अख्तियारको कुनै बुझाइ छ भन्ने हुँदैन। मानिसको कल्पना केवल यही हो: कल्पना। यी कुराहरूका तथ्यहरूका बारेमा, भन्नुको अर्थ, परमेश्वरको अख्तियारसँगको तिनीहरूको सम्बन्धको बारेमा उसलाई केही थाहा हुँदैन। तँ चन्द्रमा नै पुगेको भए तापनि यसको के अर्थ? के यसले परमेश्वरको अख्तियारको

बारेमा तँसँग बहुआयामिक बुझाइ छ भन्ने देखाउँछ र? के यसले तँ परमेश्‍वरको अख्तियार र शक्तिको क्षेत्रलाई कल्पना गर्न सक्छस् भन्ने देखाउँछ र? मानिसको अनुमान र कल्पनाले उसलाई परमेश्‍वरको अख्तियार जान्ने तुल्याउन नसक्ने हुँदा, मानिसले के गर्नुपर्छ त? सबैभन्दा बुद्धिमानी विकल्प भनेको अनुमान वा कल्पना नै नगर्नु हो, भन्नुको अर्थ, जब परमेश्‍वरको अख्तियारलाई जान्नेबारे कुरा आउँछ, मानिसले कहिल्यै कल्पनामा भर पर्नु हुँदैन र अनुमानमा भरोसा गर्नु हुँदैन। म तिमीहरूलाई यहाँ के बताउन चाहँदैछु त? परमेश्‍वरको अख्तियार, परमेश्‍वरको शक्ति, परमेश्‍वरको आफ्नै पहिचान, र परमेश्‍वरको सारको ज्ञान तेरो कल्पनामा भर परेर हासिल गर्न सकिँदैन। परमेश्‍वरको अख्तियारलाई जान्नको लागि तँ कल्पनामा भर पर्न नसक्ने हुँदा, तैँले कुन तरिकाले परमेश्‍वरको अख्तियारको साँचो ज्ञान हासिल गर्न सक्छस्? यसो गर्ने तरिका भनेको परमेश्‍वरका वचनहरू खाने र पिउने कार्यद्वारा, सङ्गतिद्वारा, र परमेश्‍वरका वचनहरूको अनुभवद्वारा हो। यसरी, तैँले परमेश्‍वरको अख्तियारको क्रमिक अनुभव र प्रमाणीकरण पाउनेछस् र यसको बारेमा क्रमिक बुझाइ र बढ्दो ज्ञान प्राप्त गर्नेछस्। परमेश्‍वरको अख्तियारको ज्ञान हासिल गर्ने एउटै मात्र तरिका यही नै हो; कुनै पनि छोटो बाटो छैन। तिमीहरूलाई कल्पना नगर भनेर अनुरोध गर्नु भनेको तिमीहरूलाई सर्वनाशको प्रतीक्षा गर्दै निष्क्रिय रूपमा बस्न लगाउनु, वा तिमीहरूलाई कुनै कुरा गर्नबाट रोक्नु भन्ने होइन। विचार गर्न र कल्पना गर्नको लागि तिमीहरूले आफ्नो मस्तिष्कको प्रयोग नगर्नु भनेको अनुमान गर्न तर्कको प्रयोग नगर्नु, विश्‍लेषण गर्न ज्ञानको प्रयोग नगर्नु, विज्ञानलाई आधारको रूपमा प्रयोग नगर्नु तर यसको सट्टा, परमेश्‍वरका वचनहरूद्वारा, सत्यताद्वारा, तैँले जीवनमा भोग्ने सबै कुराद्वारा नै तैँले विश्‍वास गर्ने परमेश्‍वरसँग अख्तियार छ भन्ने कुरालाई बुझ्नु, पुष्टि गर्नु, र प्रमाणित गर्नु, तेरो भाग्यमाथि उहाँको सार्वभौमिकता छ, र सबै समयको उहाँको शक्तिले उहाँ साँचो परमेश्‍वर स्वयम् हुनुहुन्छ भन्ने कुरालाई प्रमाणित गर्छ भनी पुष्टि गर्नु हो। कुनै पनि व्यक्तिले परमेश्‍वरको बुझाइ हासिल गर्ने एक मात्र तरिका यही नै हो। कतिले यस उद्देश्यलाई हासिल गर्ने सरल तरिका भेट्टाउन चाहन्छ भनेर भन्छन्, तर के तिमीहरू त्यस्तो तरिकाको बारेमा विचार गर्न सक्छौ? म तँलाई बन्छु, विचार गर्नुपर्ने कुनै आवश्यकता छैन: अरू कुनै बाटो छैन! एउटै मात्र तरिका भनेको उहाँले व्यक्त गर्नुहुने हरेक वचन र उहाँले गर्नुहुने हरेक कार्यद्वारा परमेश्‍वरसँग जे छ र उहाँ जे हुनुहुन्छ त्यसलाई विवेकशील र स्थिरताको साथ जान्नु र प्रमाणित गर्नु हो। परमेश्‍वरलाई जान्ने एउटै मात्र तरिका यही नै हो। किनभने परमेश्‍वरसँग जे छ र उहाँ जे हुनुहुन्छ त्यो, र परमेश्‍वरको सबै थोक खोक्रो र रित्तो होइन, तर वास्तविक हो।

**सबै थोक र जीवित प्राणीहरूमाथि सृष्टिकर्ताको नियन्त्रण र प्रभुत्व छ भन्ने तथ्यले सृष्टिकर्ताको अख्तियारको साँचो अस्तित्वको बारेमा बताउँछ**

त्यसै गरी, यहोवाले अय्यूबलाई आशिष् दिनुभएको विवरण अय्यूबको पुस्तकमा उल्लेख गरिएको छ। परमेश्‍वरले अय्यूबलाई के आशिष् दिनुभयो त? "त्यसैले यहोवाले अय्यूबको पछिल्लो समयलाई तिनको सुरुको समयभन्दा बढी आशिष् दिनुभयो: किनभने तिनीसित चौध हजार भेडा, छ हजार ऊँट, एक हजार हल गोरु र एक हजार गधा थिए" (अय्यूब ४२:१२)। मानिसको दृष्टिकोणबाट हेर्दा,

अय्यूबलाई दिइएका कुराहरू के-के थिए? के ती मानवजातिका सम्पत्तिहरू थिए? के यी सम्पत्तिहरूद्वारा, अय्यूब त्यो युगमा अन्त्यन्तै धनी हुनेथिएन र? त्यसो भए, उनले त्यस्ता सम्पत्तिहरू कसरी प्राप्त गरे? केले उनको धन पैदा गर्‍यो? यसको बारेमा भनिरहनु पर्दैन—परमेश्वरको आशिषको कारणले गर्दा अय्यूबले ती प्राप्त गर्न पुगे। अय्यूबले यी सम्पत्तिहरूलाई कसरी हेरे, र परमेश्वरका आशिष्हरूलाई उनले कसरी लिए, त्यो हामीले यहाँ छलफल गर्ने कुरा होइन। जब परमेश्वरका आशिष्हरूको कुरा आउँछ, सबै मानिसहरू दिन-रात परमेश्वरको आशिष् पाउन चाहन्छन्, तैपनि आफ्नो जीवनकालमा उसले कति धेरै सम्पत्ति प्राप्त गर्नेछ, वा उसले परमेश्वरबाट आशिष्हरू प्राप्त गर्न सक्छ कि सक्दैन भन्ने कुरालाई मानिसले नियन्त्रण गर्न सक्दैन—यो निर्विवाद तथ्य हो! मानिसलाई कुनै पनि सम्पत्ति दिने, मानिसलाई कुनै पनि आशिष् प्राप्त गर्न दिने अख्तियार र शक्ति परमेश्वरसँग छ, तैपनि परमेश्वरका आशिष्हरूको पनि सिद्धान्त हुन्छ। परमेश्वरले कस्ता प्रकारका मानिसहरूलाई आशिष् दिनुहुन्छ त? अवश्य नै, उहाँलाई मन पर्ने मानिसहरूलाई उहाँले आशिष् दिनुहुन्छ! अब्राहाम र अय्यूब दुवैलाई परमेश्वरले आशिष् दिनुभएको थियो, तैपनि तिनीहरूले प्राप्त गरेका आशिष्हरू उस्तै थिएनन्। परमेश्वरले अब्राहामलाई बालुवा र तारा जत्तिकै अनगिन्ती सन्तान दिई आशिष् दिनुभएको थियो। जब परमेश्वरले अब्राहामलाई आशिष् दिनुभयो, एउटै मानिस र एउटै जातिका सन्तानहरूलाई उहाँले शक्तिशाली र सम्पन्न तुल्याउनुभयो। यसमा, परमेश्वरको अख्तियारले मानवजातिमाथि शासन गर्‍यो, जसले सबै थोक र जीवित प्राणीहरूका बीचमा परमेश्वरको सास फुकिदिनुभयो। परमेश्वरको अख्तियारको सार्वभौमिकतामा, मानवजाति परमेश्वरद्वारा निर्णय गरिएकै गतिमा, र परमेश्वरले निर्णय गर्नुभएकै क्षेत्रभित्र वृद्धि भयो र अस्तित्वमा रह्यो। निश्चित रूपमा, यो जातिको जीवनको क्षमता, विस्तारको गति, र आयु सबै नै परमेश्वरको बन्दोबस्तका भाग थिए, र यो सबैको सिद्धान्त परमेश्वरले अब्राहामसँग गर्नुभएको प्रतिज्ञामा आधारित थियो। भन्नुको अर्थ, परिस्थिति जस्तोसुकै भए तापनि, परमेश्वरका प्रतिज्ञाहरू परमेश्वरको अख्तियारको बन्दोबस्तमा कुनै पनि अवरोधविना नै अघि बढ्छन् र पूरा हुन्छन्। परमेश्वरले अब्राहामसँग गर्नुभएको प्रतिज्ञामा, संसारको परिवर्तनको बावजूद पनि, युगको बावदूद पनि, मानवजातिले भोगेका विपत्तिहरूको बावजूद पनि, अब्राहामका सन्तानहरूले लोपको खतरा सामना गर्नेवाला थिएनन्, र तिनीहरूको जाति मरेर जानेवाला थिएन। तर अय्यूबको आशिष्ले भने उनलाई अत्यन्तै धनी बनायो। परमेश्वरले तिनलाई जीवित प्राणीहरूको समूह, सास फेर्ने प्राणीहरू दिनुभयो, जसका विशेषतालाई पनि अर्थात तिनीहरूको सङ्ख्या, तिनीहरूले सन्तान उत्पादन गर्ने गति, बाँच्ने दर, तिनीहरूको शरीरको बोसोको मात्रा, आदि इत्यादि कुराहरूलाई पनि परमेश्वरले नै नियन्त्रण गर्नुभएको थियो। यी जीवित प्राणीहरूसँग बोल्ने क्षमता नभए तापनि, तिनीहरू पनि सृष्टिकर्ताको बन्दोबस्तको हिस्सा नै थिए, र तिनीहरूको लागि परमेश्वरले गर्नुभएको बन्दोबस्तपछाडिको सिद्धान्त परमेश्वरले अय्यूबलाई प्रतिज्ञा गर्नुभएका आशिष्हरूमा आधारित थियो। परमेश्वरले अब्राहाम र अय्यूबलाई दिनुभएका आशिष्हरूमा, प्रतिज्ञा गरिएका कुरा फरक भए तापनि, सृष्टिकर्ताले जुन अख्तियारद्वारा सबै थोक र सबै जीवित प्राणीहरूलाई शासन गर्नुभयो, त्यो उही थियो। अब्राहाम र अय्यूबलाई परमेश्वरले दिनुभएका फरक-फरक प्रतिज्ञा र आशिष्हरूमा

परमेश्वरको अख्तियार र शक्तिको हरेक विवरण व्यक्त गरिएका छन्, र त्यसले फेरि पनि मानवजातिलाई परमेश्वरको अख्तियार मानिसको कल्पनाभन्दा धेरै परको कुरा हो भनी देखाउँछ। यी विवरणहरूले फेरि पनि मानवजातिलाई के बताउँछ भने, यदि उसले परमेश्वरको अख्तियारलाई जान्न चाहन्छ भने, उसले परमेश्वरका वचनहरूद्वारा र परमेश्वरको कार्यको अनुभवद्वारा मात्रै यसलाई हासिल गर्न सक्छ।

सबै थोकमाथिको परमेश्वरको सार्वभौमिकताको अख्तियारले मानिसलाई तथ्य देख्ने तुल्याउँछ: परमेश्वरको अख्तियार "अनि परमेश्वरले भन्नुभयो, उज्यालो होस्, अनि उज्यालो भयो, अनि वायुमण्डल होस् भनी भन्नुभयो, वायुमण्डल भयो, र जमिन होस् भन्नुभयो, अनि जमिन थियो" भन्ने वचनहरूमा मात्रै अन्तर्निहित छैन, बरु योभन्दा पनि बढी, उहाँको अख्तियार त उहाँले कसरी ज्योतिलाई निरन्तर रहन दिनुभयो, वायुमण्डललाई हराउनबाट रोक्नुभयो, र जमिनलाई पानीबाट सदासर्वदा अलग राख्नुभयो भन्ने कुराका साथै उहाँले सृष्टि गर्नुभएका कुराहरूलाई अर्थात् ज्योति, वायुमण्डल, र भूमिलाई उहाँले कसरी शासन र व्यवस्थापन गर्नुभयो भन्ने कुरामा अन्तर्निहित छ। परमेश्वरले मानवजातिलाई दिनुभएको आशिष्मा तिमीहरू अरू के देख्छौ? अवश्य नै, परमेश्वरले अब्राहाम र अय्यूबलाई आशिष् दिइसक्नुभएपछि, परमेश्वरका पाइलाहरू रोकिएनन्, किनभने उहाँले आफ्नो अख्तियारको प्रयोगलाई सुरु मात्रै गर्नुभएको थियो, र उहाँका हरेक वचनलाई यथार्थमा ल्याउने, उहाँले बोल्नुभएको हरेक कुरालाई वास्तविकता तुल्याउने अभिप्राय उहाँको थियो, त्यसकारण त्यसपछिका वर्षहरूमा उहाँले आफ्ना अभिप्रायका सबै कुराहरू निरन्तर गर्नुभयो। परमेश्वरसँग अख्तियार भएकोले, परमेश्वरले बोल्नु मात्रै आवश्यक छ, अनि औँला समेत नउठाई, सबै तत्व र थोकहरू हासिल हुन्छन् भन्नेजस्तो मानिसलाई लाग्न सक्छ। त्यस्ता कल्पनाहरू अलिक हास्यास्पद छन्! यदि तैँले वचनहरूको प्रयोग गरेर मानिससँग परमेश्वरले करार स्थापना गर्नुभएको, र वचनहरूको प्रयोग गरी परमेश्वरले सबै कुरा हासिल गर्नुभएको कुरालाई एकतर्फी दृष्टिकोणले मात्रै लिन्छस्, र सबै थोकको अस्तित्वमाथि परमेश्वरको अख्तियारले राख्ने प्रभुत्वका विभिन्न चिन्हहरू र तथ्यहरूलाई तँ देख्न असमर्थ छस् भने, परमेश्वरको अख्तियारसम्बन्धी तेरो बुझाइ अत्यन्तै खोक्रो र हास्यास्पद छ! यदि मानिसले परमेश्वर त्यस्तो हुनुहुन्छ भनी कल्पना गर्छ भने, परमेश्वरसम्बन्धी मानिसको ज्ञान असफल अवस्थातर्फ उन्मुख छ, र बन्द बाटोमा पुगेको छ, किनभने मानिसले कल्पना गरेको परमेश्वर आदेशहरू जारी गर्ने मेसिनबाहेक केही होइनन्, अख्तियारसहितका परमेश्वर होइनन्। अब्राहाम र अय्यूबको उदाहरणहरूबाट तैँले के देखेका छस्? के तैँले परमेश्वरको अख्तियार र शक्तिको वास्तविक पक्षलाई देखेको छस्? परमेश्वरले अब्राहाम र अय्यूबलाई आशिष् दिनुभएपछि, परमेश्वर जहाँ हुनुहुन्थ्यो त्यहीँ बस्नुभएन, न त के परिणाम आउनेछ भनेर प्रतीक्षा गर्दै उहाँले आफ्ना दूतहरूलाई नै काम गर्न पठाउनुभयो। यसको विपरीत, परमेश्वरले आफ्ना वचनहरू उच्चारण गरिसक्ने बित्तिकै, परमेश्वरको अख्तियारको निर्देशनमा, परमेश्वरले गर्ने अभिप्राय राख्नुभएका कामलाई सबै थोकले अनुपालन गर्न थाले, र परमेश्वरलाई आवश्यक परेका मानिसहरू, थोकहरू, र वस्तुहरू तयार भए। भन्नुको अर्थ, परमेश्वरको मुखबाट वचनहरू उच्चारण गर्ने बित्तिकै, परमेश्वरको अख्तियारले सारा भूमिभरि काम गर्न थाल्यो, र उहाँले

अब्राहाम र अय्यूबसँग गर्नुभएका प्रतिज्ञाहरूलाई हासिल गर्न र पूरा गर्नमार्ग तय गर्नुभयो, यसको साथै उहाँले अघि बढाउने योजना गर्नुभएका हरेक कदम र हरेक मुख्य चरणको लागि सम्पूर्ण उचित योजना र तयारीहरू गर्नुभयो। यो समय अवधिमा, उहाँले आफ्ना दूतहरूलाई मात्रै होइन, तर उहाँले सृष्टि गर्नुभएका सबै थोकलाई चलाउनुभयो। भन्नुको अर्थ परमेश्वरको अख्तियार प्रयोग गरिएको क्षेत्रमा दूतहरू मात्रै होइनन्, तर सृष्टिका सबै थोक समावेश थिए, जसलाई उहाँले पूरा गर्ने अभिप्राय राख्नुभएको कामको अनुपालन गर्नको लागि चलाउनुभयो; परमेश्वरको अख्तियार प्रयोग गरिएको निश्चित तरिकाहरू यिनै थिए। तिमीहरूका कल्पनाहरूमा, कति जनासँग परमेश्वरको अख्तियारको बारेमा निम्न बुझाइ हुन सक्छ: परमेश्वरसँग अख्तियार छ, र परमेश्वरसँग शक्ति छ, त्यसकारण परमेश्वर तेस्रो स्वर्गमा, वा निश्चित स्थानमा मात्रै रहनु आवश्यक हुन्छ, र कुनै पनि खास कार्य गर्नु आवश्यक हुँदैन, र परमेश्वरको कार्यको पूर्णता उहाँका विचारहरूमा नै पूर्ण हुन्छन्। कतिले के पनि विश्वास गर्न सक्छन्, परमेश्वरले अब्राहामलाई आशिष् दिनुभएको भए तापनि, परमेश्वरले केही पनि गर्नु परेन, र उहाँले आफ्ना वचनहरू बोल्नु नै पर्याप्त थियो। के वास्तवमा यही भएको हो त? अवश्य नै होइन! परमेश्वरसँग अख्तियार र शक्ति भए तापनि, उहाँको अख्तियार साँचो र वास्तविक हो, रित्तो होइन। परमेश्वरको अख्तियार र शक्तिको विशुद्धता र वास्तविकता उहाँले गर्नुभएको सबै थोकको सृष्टिमा, सबै थोकमाथिको उहाँको नियन्त्रणमा, र उहाँले मानवजातिलाई अगुवाइ गर्ने र व्यवस्थापन गर्ने प्रक्रियामा क्रमिक रूपमा प्रकट र मूर्तरूप गरिन्छ। मानवजाति र सबै थोकमाथिको परमेश्वरको सार्वभौमिकताको हरेक विधि, हरेक दृष्टिकोण, र हरेक विवरण, र उहाँले पूरा गर्नुभएको सबै काम, साथै सबै थोकबारे उहाँको बुझाइ–ती सबैले परमेश्वरको अख्तियार र शक्ति खोक्रा शब्दहरू होइनन् भन्ने कुरालाई ठेड रूपमा प्रमाणित गर्छ। उहाँको अख्तियार र शक्तिलाई सबै कुरामा अटुट रूपमा देखाइन्छ र प्रकट गरिन्छ। यी प्रकटीकरण र प्रकाशले परमेश्वरको अख्तियारको यथार्थ अस्तित्वबारे बताउँछन्, किनभने उहाँले आफ्नो कार्यलाई जारी राख्न र सबै थोकमाथि हुकुम चलाउन, र हरेक क्षणमा सबै थोकलाई शासन गर्नको लागि उहाँले आफ्नो अख्तियार र शक्तिको प्रयोग गरिरहनुभएको छ; उहाँको शक्ति र अख्तियारलाई न त स्वर्गदूतहरूले न त परमेश्वरका कुनै दूतहरूले नै प्रतिस्थापन गर्न सक्छन्। अब्राहाम र अय्यूबलाई के-कस्ता आशिषहरू दिने हो त्यसको निर्णय परमेश्वरले नै गर्नुभयो–यो परमेश्वरले नै गर्नुपर्ने निर्णय थियो। परमेश्वरका दूतहरूले अब्राहाम र अय्यूबलाई व्यक्तिगत रूपमा नै भेटेका भए तापनि, तिनीहरूका कार्य परमेश्वरका आज्ञाहरूमा आधारित थिए, र तिनीहरूका कार्यहरू परमेश्वरको अख्तियारको अधीनमा गरिएका थिए, त्यसरी नै, दूतहरू परमेश्वरको सार्वभौमिकताको अधीनमा थिए। परमेश्वरका दूतहरूले अब्राहामलाई भेट्छन् भन्ने मानिसले देखे तापनि, बाइबलका विवरणहरूमा यहोवा परमेश्वरले आफै केही गर्नुहुन्छ भन्ने नदेख्ने भए तापनि, वास्तवमा, शक्ति र अख्तियारको प्रयोग गर्ने एक मात्र व्यक्ति परमेश्वर स्वयम् नै हुनुहुन्छ, र यसले कुनै पनि मानिसमा शङ्का पैदा गर्दैन! तैँले स्वर्गदूतहरू र दूतहरूसँग महान् शक्ति भएको र तिनीहरूले आश्चर्यकर्महरू गरेको, वा तिनीहरूले परमेश्वरले आज्ञा गर्नुभएका केही कुराहरू गरेका देखेका भए तापनि, तिनीहरूका कार्यहरू परमेश्वरका आज्ञाहरू पालन गर्नको खातिर मात्रै हुन्, र ती कुनै पनि

हालतमा परमेश्वरको अख्तियारको प्रदर्शन होइनन्—किनभने कुनै मानिस वा वस्तुमा सबै थोक सृष्टि गर्ने र सबै थोकलाई शासन गर्ने सृष्टिकर्ताको अख्तियार छैन वा स्वामित्व गर्दैन। त्यसकारण, कुनै पनि मानिस वा वस्तुले सृष्टिकर्ताको अख्तियारलाई प्रयोग गर्न वा प्रदर्शन गर्न सक्दैन।

**सृष्टिकर्ताको अख्तियार अपरिवर्तनीय र उल्लङ्घन गर्न नसकिने छ**

पवित्र-शास्त्रका यी तीन भागमा तिमीहरूले के देखेका छौ? के परमेश्वरले आफ्नो अख्तियार प्रयोग गर्ने सिद्धान्त छ भन्ने तिमीहरूले देखेका छौ? उदाहरणको लागि, मानिससँग करार स्थापना गर्नको लागि परमेश्वरले इन्द्रेनीको प्रयोग गर्नुभयो—संसार नष्ट पार्नलाई उहाँले फेरि कहिल्यै जलप्रलयको प्रयोग गर्नुहुनेछैन भनी मानिसलाई बताउन उहाँले बादलहरूमा इन्द्रेनी राखिदिनुभयो। के आज मानिसहरूले देख्ने इन्द्रेनी परमेश्वरको मुखबाट बोलिएको त्यही इन्द्रेनी हो? के यसको प्रकृति र अर्थ परिवर्तन भएको छ? यो परिवर्तन भएको छैन भन्नेमा कुनै शङ्का छैन। परमेश्वरले यो कार्य गर्नको लागि आफ्नो अख्तियार प्रयोग गर्नुभयो, र उहाँले मानिससँग स्थापना गर्नुभएको करार आजको दिनसम्मै निरन्तर रहेको छ, र अवश्य नै, यो करारलाई परिवर्तन गर्ने समय परमेश्वरकै निर्णय हुनेछ। परमेश्वरले "बादलमा इन्द्रेनी राख्नेछु," भनी भन्नुभएपछि, परमेश्वर आजको दिनसम्म सधैँ नै यही करारमा बाँधिएर रहनुभयो। तँ यसमा के देख्छस्? परमेश्वरमा अख्तियार र शक्ति भए तापनि, उहाँका कार्यहरूमा उहाँ अत्यन्तै दृढ र सिद्धान्त केन्द्रित हुनुहुन्छ, र आफ्नो वचनमा प्रतिबद्ध रहनुहुन्छ। उहाँको दृढता, र उहाँका कार्यहरूका सिद्धान्तहरूले सृष्टिकर्ताको उल्लङ्घन गर्न नसकिने गुण र सृष्टिकर्ताको अख्तियारको विजय गर्न नसकिने क्षमतालाई देखाउँछ। उहाँसँग सर्वोच्च अख्तियार भए तापनि, र सबै थोक उहाँकै प्रभुत्वमुनि भए तापनि, र उहाँसँग सबै थोकमाथि शासन गर्ने शक्ति भए तापनि, परमेश्वरले आफ्नै योजनालाई कहिल्यै नष्ट गर्ने वा भङ्ग गर्ने गर्नुभएको छैन, र उहाँले जब-जब आफ्नो अख्तियारको प्रयोग गर्नुहुन्छ, यो पूर्ण रूपमा उहाँका आफ्नै सिद्धान्तहरू अनुसार हुन्छ, र यसले उहाँको मुखबाट बोलिएको कुरालाई नै पछ्याउँछ, र उहाँको योजनाका चरण र उद्देश्यहरूलाई नै पछ्याउँछ। अवश्य नै, परमेश्वरले शासन गर्नुहुने सबै थोकले परमेश्वरको अख्तियार प्रयोग गरिने सिद्धान्तहरूलाई नै पालना गर्छन्, र उहाँको अख्तियारका प्रबन्धहरूबाट कुनै पनि मानिस वा वस्तुलाई छूट छैन, न त तिनीहरूले उहाँको अख्तियार प्रयोगका सिद्धान्तहरूलाई नै परिवर्तन गर्न सक्छन्। परमेश्वरको नजरमा, जसले आशिष् पाएका छन् तिनीहरूले उहाँको अख्तियारले ल्याएको सौभाग्य प्राप्त गर्छन्, र जो श्रापित छन् तिनीहरूले परमेश्वरकै अख्तियारको कारण आफ्ना दण्ड प्राप्त गर्छन्। परमेश्वरको अख्तियारको सार्वभौमिकताको अधीनमा, उहाँको अख्तियारको प्रयोगबाट कुनै पनि मानिस वा थोकलाई छूट छैन, न त तिनीहरूले उहाँको अख्तियार प्रयोग गरिने सिद्धान्तहरूलाई नै परिवर्तन गर्न सक्छन्। सृष्टिकर्ताको अख्तियारलाई कुनै पनि कारकतत्वमा आउने परिवर्तनले परिवर्तन गर्न सक्दैन, त्यसरी नै, उहाँको अख्तियारको प्रयोग गरिने सिद्धान्तहरू कुनै पनि कारणले परिवर्तन हुँदैनन्। स्वर्ग र पृथ्वी ठूला-ठूला परिवर्तनहरू भएर जान सक्छन्, तर सृष्टिकर्ताको अख्तियार परिवर्तन हुनेछैन; सबै थोक लोप भएर जान सक्छन्, तर सृष्टिकर्ताको अख्तियार कहिल्यै

हराउनेछैन। सृष्टिकर्ताको अपरिवर्तनीय र उल्लङ्घन गर्न नसकिने अख्तियारको सार यही हो, र सृष्टिकर्ताको अद्‌वितीयपन यही नै हो!

निम्न वचनहरू परमेश्‍वरको अख्तियारलाई जान्‍नको लागि अपरिहार्य छन्, र तिनीहरूका अर्थ तलको सङ्गतिमा दिइएको छ। पवित्र-शास्त्रको पढाइलाई हामी जारी राखौं।

**४. शैतानलाई परमेश्‍वरको आज्ञा**

अय्यूब २:६ अनि यहोवाले शैतानलाई भन्‍नुभयो, हेर्, त्यो तेरै हातमा छ; तर त्यसको जीवन बचा।

**शैतानले सृष्टिकर्ताको अख्तियारलाई भङ्ग गर्ने आँट कहिल्यै गरेको छैन, र यसले गर्दा, सबै थोक सुव्यवस्थामा जिउँछन्**

यो अय्यूबको पुस्तकबाट लिइएको उद्‌धरण हो, र यी शब्दहरूमा “ऊ” ले अय्यूबलाई जनाउँछ। छोटो भए तापनि, यो वाक्यले विभिन्‍न विषयहरूलाई स्पष्ट पार्छ। यसले आत्मिक संसारमा परमेश्‍वर र शैतानको बीचमा भएको खास कुराकानीलाई व्याख्या गर्छ, र परमेश्‍वरका वचनहरू शैतानप्रति लक्षित थिए भनेर हामीलाई बताउँछ। परमेश्‍वरले विशेष गरी के भन्‍नुभएको थियो त्यसको विवरण पनि यसले दिन्छ। परमेश्‍वरका वचनहरू शैतानलाई दिइएको आज्ञा र आदेश थियो। यो आदेशका खास विवरणहरू अय्यूबको ज्यान बचाउने र शैतानले अय्यूबलाई गर्ने व्यवहारमा परमेश्‍वरले रेखा कोर्नुभएको कुरासँग सम्बन्धित छन्–शैतानले अय्यूबलाई ज्यान नलिई छाडिदिनुपर्नेथियो। यो वाक्यबाट हामीले थाहा पाउने पहिलो कुरा भनेको यी वचनहरू परमेश्‍वरले शैतानसँग बोल्नुभएका वचनहरू थिए भन्‍ने हो। अय्यूबको पुस्तकको मूल पाठले हामीलाई यी वचनहरूको पृष्ठभूमिको बारेमा बताउँछः शैतानले अय्यूबलाई दोष दिन चाहयो, त्यसकारण त्यसले उसलाई परीक्षा गर्न सक्नुभन्दा पहिले परमेश्‍वरको स्वीकृति लिनुपर्थ्यो। अय्यूबलाई परीक्षा गर्ने शैतानको अनुरोधलाई अनुमति दिने क्रममा, परमेश्‍वरले शैतानको सामुन्‍ने निम्न सर्त अघि सार्नुभयो: “अय्यूब तेरै हातमा छ; तर त्यसको ज्यान बचा।” यी वचनहरूको प्रकृति के हो त? ती स्पष्ट रूपमै आज्ञा, आदेश हुन्। यी वचनहरूको प्रकृतिलाई बुझिसकेपछि, यो आदेश जारी गर्ने परमेश्‍वर नै हुनुहुन्थ्यो, र यो आदेश पाउने र पालन गर्ने शैतान थियो भन्‍ने कुरालाई तैँले अवश्य बुझ्नुपर्छ। भन्‍न नपर्ला, यो आदेशमा, परमेश्‍वर र शैतानबीचको सम्बन्ध यी वचनहरू पढ्ने जोकोहीलाई स्पष्ट छ। अवश्य नै, यो आत्मिक संसारमा परमेश्‍वर र शैतानबीचको सम्बन्ध, र परमेश्‍वर र शैतानबीच भएको कुराकानीसम्बन्धी पवित्र-शास्त्रको अभिलेखअनुसार परमेश्‍वर र शैतानबीचको पहिचान र हैसियतको भिन्‍नता पनि हो, र यस खास उदाहरण र पाठ्य अभिलेखबाट मानिसले आजको मितिसम्म सिक्न सक्ने परमेश्‍वर र शैतानको पहिचान र अस्तित्वबीचमा रहेको पृथक भिन्‍नता पनि हो। यस बिन्दुमा, मैले के भन्‍नैपर्छ भने यी वचनहरूको अभिलेख परमेश्‍वरको पहिचान र हैसियतसम्बन्धी मानवजातिको ज्ञानको निम्ति महत्त्वपूर्ण दस्तावेज हो, र परमेश्‍वरसम्बन्धी मानवजातिको ज्ञानको लागि यसले महत्त्वपूर्ण जानकारी प्रदान गर्छ। सृष्टिकर्ता

र शैतानबीच आत्मिक संसारमा भएको यो कुराकानीबाट मानिसले सृष्टिकर्ताको अख्तियारको थप एउटा निश्चित पक्षलाई बुझ्न सक्छ। यी वचनहरू सृष्टिकर्ताको अद्‌वितीय अख्तियारका अर्को गवाही हुन्।

बाहिरी रूपमा, यहोवा परमेश्‍वर शैतानसँगको कुराकानीमा सहभागी भइरहनुभएको छ। सारको हिसाबमा, यहोवा परमेश्‍वरले जुन मनोवृतिका साथ बोल्नुहुन्छ, र उहाँ जुन स्थानमा खडा हुनुहुन्छ ती शैतानभन्दा उच्च छन्। भन्‍नुको अर्थ, यहोवा परमेश्‍वरले शैतानलाई आदेशको शैलीमा आज्ञा दिइरहनुभएको छ, र त्यसले के गर्नु हुन्छ र के गर्नु हुँदैन, अय्यूब पहिले नै त्यसको हातमा छ, र त्यसले अय्यूबलाई जसरी मन लाग्यो त्यसरी व्यवहार गर्न सक्छ भनी शैतानलाई भनिरहनुभएको छ–तर त्यसले अय्यूबको ज्यानचाहिँ लिनु हुँदैनथियो। यसको उपखण्ड के हो भने, अय्यूबलाई शैतानको हातमा सुम्पिइएको भए तापनि, उसको जीवन शैतानलाई दिइएको थिएन; परमेश्‍वरले अनुमति नदिनुभएसम्म कसैले पनि अय्यूबको जीवन परमेश्‍वरको हातबाट लिन सक्दैन। शैतानलाई दिइएको यो आज्ञामा परमेश्‍वरको मनोवृति स्पष्ट रूपमा व्यक्त गरिएको छ, र यो आज्ञाले यहोवा परमेश्‍वरले शैतानसँग कुन स्थानबाट कुराकानी गर्नुभयो त्यसलाई पनि प्रकट र खुलासा गर्छ। यसमा, यहोवा परमेश्‍वरसँग ज्योति, र हावा, अनि सबै थोक र जीवित प्राणीहरू सृष्टि गर्नुहुने परमेश्‍वरको, सबै थोक र सबै जीवित प्राणीहरूमाथि सार्वभौमिकता राख्नुहुने परमेश्‍वरको हैसियत मात्र होइन, बरु मानवजातिमाथि हुकुम चलाउनुहुने, र पातालहरूमाथि हुकुम चलाउनुहुने परमेश्‍वरको, सबै जीवित प्राणीहरूको जीवन र मृत्युलाई नियन्त्रण गर्नुहुने परमेश्‍वरको हैसियत पनि रहेको छ। आत्मिक संसारमा, परमेश्‍वरबाहेक कसले शैतानलाई त्यस्तो आदेश जारी गर्न सक्थ्यो र? अनि परमेश्‍वरले किन व्यक्तिगत रूपमा शैतानलाई आफ्नो आदेश जारी गर्नुभयो त? किनभने अय्यूबको जीवनलगायत मानिसको जीवन परमेश्‍वरकै नियन्त्रणमा छ। परमेश्‍वरले शैतानलाई अय्यूबको ज्यानमा हानि पुऱ्याउन, वा त्यसलाई लिन अनुमति दिनुभएन, र परमेश्‍वरले शैतानलाई अय्यूबको परीक्षा गर्न अनुमति दिनुहुँदा पनि, परमेश्‍वरले त्यस्तो आदेश जारी गर्न स्मरण गर्नुभयो, र फेरि पनि शैतानलाई अय्यूबको ज्यान नलिन आज्ञा गर्नुभयो। शैतानले परमेश्‍वरको अख्तियार भङ्ग गर्ने आँट कहिल्यै गरेको छैन, यति मात्र होइन, परमेश्‍वरका आदेशहरू र निश्चित आज्ञाहरूलाई सधैँ ध्यान दिएर सुनेको र पालन गरेको छ, र तिनलाई उल्लङ्घन गर्ने कहिल्यै आँट गरेको छैन, र अवश्य नै, परमेश्‍वरका कुनै पनि आज्ञाहरूलाई स्वतन्त्र रूपमा परिवर्तन गर्ने आँट गरेको छैन। परमेश्‍वरले शैतानको लागि तय गर्नुभएका सीमितताहरू यिनै थिए, त्यसकारण शैतानले यी सीमितताहरूलाई नाघ्ने आँट कहिल्यै गरेन। के यो परमेश्‍वरको अख्तियारको सामर्थ्य होइन र? के यो परमेश्‍वरको अख्तियारको साक्षी होइन र? परमेश्‍वरप्रति कस्तो व्यवहार गर्ने र परमेश्‍वरप्रति कस्तो दृष्टिकोण राख्ने भन्‍ने बारेमा मानवजातिलाई भन्दा शैतानलाई अझै बढी स्पष्ट रूपमा थाहा छ, त्यसकारण, आत्मिक संसारमा, शैतानले परमेश्‍वरको हैसियत र अख्तियारलाई स्पष्ट रूपमा देख्छ, र त्यसमा परमेश्‍वरको अख्तियारको सामर्थ्य र उहाँको अख्तियार प्रयोगको पछाडि रहेका सिद्धान्तहरूका बारेमा गहन कदर छ। यसले तिनलाई बेवास्ता गर्ने आँट गर्दै-गर्दैन, न त तिनलाई कुनै पनि हालतमा उल्लङ्घन गर्ने, वा परमेश्‍वरको अख्तियारलाई भङ्ग गर्ने कुनै काम गर्ने आँट

नै गर्छ, र त्यसले कुनै पनि हालतमा परमेश्‍वरको क्रोधलाई चुनौती दिने आँट गर्दैन। त्यो प्रकृतिमा दुष्ट र अहङ्कारी भए तापनि, परमेश्‍वरले त्यसको लागि तय गर्नुभएका परिधि र सीमाहरूलाई नाघ्ने आँट शैतानले कहिल्यै गरेको छैन। करोडौँ वर्षसम्म, यसले यी परिधिहरूलाई कडाइको साथ पालन गरेको छ, परमेश्‍वरले त्यसलाई दिनुभएको हरेक आज्ञा र आदेशलाई पालन गरेको छ, र घेरालाई नाघ्ने आँट कहिल्यै गरेको छैन। यो दुर्भावनापूर्ण भए तापनि, शैतान भ्रष्ट मानवजातिभन्दा निकै बुद्‌धिमानी छ; त्यसलाई सृष्टिकर्ताको पहिचान थाहा छ, र त्यसका आफ्नै सीमाहरू थाहा छ। शैतानको "समर्पित" कार्यहरूबाट के देख्न सकिन्छ भने, परमेश्‍वरको अख्तियार र शक्ति स्वर्गीय अध्यादेशहरू हुन् जसलाई शैतानले नाघ्न सक्दैन, र परमेश्‍वरको अद्‌वितीयपन र अख्तियारकै कारणले सबै थोक सुव्यवस्थित रूपमा परिवर्तन हुन्छन् र वृद्‌धि हुन्छन्, परमेश्‍वरले स्थापना गर्नुभएको मार्गभित्र रही मानवजाति जिउन र वृद्‌धि हुन सक्छ, यो आदेशलाई परेशान गर्ने कुनै व्यक्ति वा वस्तु छैन, र यो नियमलाई परिवर्तन गर्न सक्ने कुनै व्यक्ति वा वस्तु छैन—किनभने तिनीहरू सबै सृष्टिकर्ताको हातबाट, र सृष्टिकर्ताको आदेश र अख्तियारबाट आउँछन्।

**परमेश्‍वर, जोसँग सृष्टिकर्ताको पहिचान छ, उहाँसँग मात्रै अद्‌वितीय अख्तियार छ**

शैतानको विशेष पहिचानले गर्दा धेरै मानिसहरूलाई विभिन्‍न पक्षहरूको प्रकटीकरणमा बलियो रुचि प्रदर्शन गर्ने तुल्याएको छ। परमेश्‍वरजस्तै शैतानमा पनि अख्तियार छ, किनभने शैतानले पनि आश्‍चर्यकर्महरू देखाउन सक्छ, र मानवजातिको लागि असम्भव रहेका कुराहरू गर्न सक्छ भनी विश्‍वास गर्ने धेरै मूर्ख मानिसहरू समेत छन्। त्यसैले, परमेश्‍वरलाई आराधना गर्ने बाहेक, मानिसले आफ्नो हृदयमा शैतानको लागि पनि ठाउँ साँचेर राख्छ, र शैतानलाई परमेश्‍वरको रूपमा आराधना समेत गर्छ। यी मानिसहरू दयनीय र घृणास्पद दुवै छन्। तिनीहरूको अज्ञानताको कारण तिनीहरू दयनीय छन्, र तिनीहरूको विधर्म र अन्तर्निहित दुष्ट सारको कारण तिनीहरू घृणास्पद छन्। यस विन्दुमा, तिमीहरूलाई अख्तियार भनेको के हो, यो केको प्रतीक हो, र यसले केलाई प्रतिनिधित्व गर्छ सो बारेमा जानकारी दिनु अत्यावश्यक छ भन्‍ने मलाई लाग्छ। वृहत् रूपमा भन्दा, परमेश्‍वर स्वयम् नै अख्तियार हुनुहुन्छ, उहाँको अख्तियार परमेश्‍वरको सर्वोच्चता र सारको प्रतीक हो, र परमेश्‍वर स्वयम्‌को अख्तियारले परमेश्‍वरको हैसियत र पहिचानलाई प्रतिनिधित्व गर्छ। यसो हुनाले, के शैतानले त्यो आफै परमेश्‍वर हो भनेर भन्‍ने आँट गर्छ? के शैतानले त्यसले नै सबै थोक सृष्टि गरेको हो, र सबै थोकमाथि त्यसको सार्वभौमिकता छ भनेर भन्‍ने आँट गर्छ? अवश्य यसले त्यसो भन्दैन! किनभने यसले सबै थोक सृष्टि गर्न सक्दैन; अहिलेको मितिसम्म, परमेश्‍वरले सृष्टि गर्नुभएको कुनै पनि थोक यसले बनाएको छैन, र जीवन भएको कुनै पनि कुरा सृष्टि गरेको छैन। त्योसँग परमेश्‍वरको अख्तियार नभएको हुनाले, त्यसमा परमेश्‍वरको हैसियत र पहिचान हुनु कहिल्यै सम्भव हुन सक्दैन, र यसलाई त्यसकै सारले निर्धारित गर्छ। के त्योसँग परमेश्‍वरको जस्तै शक्ति छ? अवश्य त्यसमा त्यस्तो शक्ति छैन! शैतानले गरेका कार्यहरूलाई, र शैतानले प्रदर्शन गरेका आश्‍चर्यकर्महरूलाई हामी के भन्छौँ? के यो शक्ति हो? के यसलाई अख्तियार भनेर भन्‍न सकिन्छ? अवश्य सकिँदैन! शैतानले दुष्टताको छाललाई निर्देशित गर्छ, र परमेश्‍वरको

कार्यका हरेक पक्षलाई बिथोल्ने, बिगार्ने, र बाधा दिने गर्छ। विगतका हजारौं वर्षदेखि, मानवजातिलाई भ्रष्ट तुल्याउने र दुर्व्यवहार गर्ने, र मानिस मृत्युको छायाको घाटीतर्फ हिँडोस् भनेर मानिसलाई प्रलोभनमा पर्ने र छल गर्ने गरेर भ्रष्टता र परमेश्‍वरलाई इन्कार गर्ने कार्यमा लगाउने बाहेक, के शैतानले त्यस्तो केही गरेको छ जसको लागि मानिसले त्यसलाई अलिकति समेत स्मरण गर्नु, तारिफ गर्नु, वा कदर गर्नु योग्य छ? यदि शैतानसँग अख्तियार र शक्ति भएको भए, के मानवजातिलाई यसद्वारा भ्रष्ट तुल्याइएको हुनेथियो? यदि शैतानसँग अख्तियार र शक्ति भएको भए, के मानवजातिलाई यसद्वारा हानी गरिएको हुनेथियो? यदि शैतानसँग शक्ति र अख्तियार भएको भए, के मानवजाति परमेश्‍वरलाई त्यागेर मृत्युको शरण परेको हुनेथियो? शैतानसँग कुनै अख्तियार वा शक्ति नभएको हुनाले, त्यसले गर्ने सबै कुराको सारको बारेमा हामीले के निष्कर्ष निकाल्नुपर्छ? शैतानले गर्ने सबै कुरा छल मात्रै हुन् भनेर परिभाषित गर्नेहरू पनि छन्, तैपनि त्यस्तो परिभाषा त्यति उपयुक्त छैन भन्ने मलाई विश्‍वास छ। के मानवजातिलाई भ्रष्ट तुल्याउने त्यसका दुष्ट कार्यहरू छल मात्रै हुन् त? अय्यूबलाई दुर्व्यवहार गर्नको लागि शैतानले प्रयोग गरेको दुष्टताको शक्ति, र तिनलाई दुर्व्यवहार गर्ने र तिनलाई निल्ने त्यसको तीव्र इच्छालाई छलद्वारा मात्रै हासिल गर्न सकिँदैन। फर्केर हेर्दा, पहाड-पर्वतभरि टाढा-टाढासम्म छरपष्ट भएका अय्यूबका बथान र बगालहरू एकै क्षणमा विलय भएका थिए; एकै क्षणमा, अय्यूबको भाग्य हराएर गयो। के त्यसलाई छलले मात्रै हासिल गर्न सकियो? शैतानले गर्ने सबै कुराको प्रकृति बिगार्ने, बिथोल्ने, नष्ट गर्ने, हानी गर्ने, दुष्टता, दुर्भावना, र अन्धकार जस्ता नकरात्मक शब्दहरूसँग सम्बन्धित छन् र तीसँग मिल्छन्, त्यसकारण घट्ने सबै अधार्मिकता र दुष्ट घटनाहरू अपरिहार्य रूपमा नै शैतानका कार्यहरूसँग जोडिएका हुन्छन्, र त्यसलाई शैतानको दुष्ट सारबाट अलग गर्न सकिँदैन। शैतान जति नै “शक्तिशाली” भए तापनि, त्यो जति नै दुस्साहसी र महत्त्वाकांक्षी भए तापनि, हानी पुर्याउने यसकोक्षमता जति नै ठूलो भए पनि, त्यसले मानिसलाई भ्रष्ट तुल्याउने र प्रलोभनमा पार्ने उपायहरू जति नै धेरै भए पनि, त्यसले मानिसलाई विचलित बनाउने त्यसका चलाकी र युक्तिहरू जति नै चतुर भए तापनि, यो जति परिवर्तनीय स्वरूपमा अस्तित्वमा रहे तापनि, यसले एउटै जीवित प्राणीलाई सृष्टि गर्न कहिल्यै सकेको छैन, सबै थोकको अस्तित्वको लागि व्यवस्था वा नियमहरू कहिल्यै निर्माण गर्न सकेको छैन, र सजीव होस् वा निर्जीव होस् त्यसले कुनै पनि वस्तुलाई शासन गर्न र नियन्त्रण गर्न कहिल्यै सकेको छैन। आकाशमण्डल र वायुमण्डलमा, त्योबाट जन्मेको वा त्यसको कारणले अस्तित्वमा रहेको एक जना व्यक्ति वा थोक छैन; त्यसद्वारा शासन गरिएको, वा त्यसद्वारा नियन्त्रण गरिएको एउटै व्यक्ति वा वस्तु छैन। यसको विपरीत, त्यो परमेश्‍वरको प्रभुत्वमा जिउनु पर्ने मात्रै होइन, तर, त्योभन्दा पनि बढी, त्यसले परमेश्‍वरका सबै आदेश र आज्ञाहरूलाई पालन गर्नैपर्छ। परमेश्‍वरको अनुमतिविना, भूमिमा पानीको थोपा वा बालुवाको कण छुनु समेत शैतानको लागि कठिन हुन्छ; परमेश्‍वरको अनुमतिविना, शैतानसँग भूमिको कमिलोलाई हल्लाउने स्वतन्त्रता समेत छैन, परमेश्‍वरले सृष्टि गर्नुभएको मानवजातिलाई छुने कुरा त परै जाओस्। परमेश्‍वरको नजरमा, शैतान पहाडका लिली फूल, आकाशमा उड्ने चराचुरुङ्गी, समुद्रका माछा, र पृथ्वीका कीराभन्दा सानो छ। सबै थोकको बीचमा रहेको त्यसको भूमिका भनेको सबै

थोकको सेवा गर्नु, र मानवजातिको लागि काम गर्नु, अनि परमेश्‍वरको काम र उहाँको व्यवस्थापन योजनामा सेवा गर्नु हो। त्यसको प्रकृति जस्तोसुकै दुर्भावनापूर्ण भए तापनि, र त्यसको सार जति नै दुष्ट भए तापनि, त्यसले गर्न सक्ने एउटै मात्र कुरा भनेको त्यसको कार्यगत गुणलाई कर्तव्यनिष्ठा भई पालन गर्नु हो: परमेश्‍वरको सेवामा हुनु, र परमेश्‍वरको लागि भिन्नताधार प्रदान गर्नु। शैतानको सार र स्थान यही नै हो। त्यसको सार जीवनसँग जोडिएको छैन, शक्तिसँग जोडिएको छैन, अख्तियारसँग जोडिएको छैन; त्यो परमेश्‍वरको सेवा गर्ने मेसिनजस्तै परमेश्‍वरको हातमा खेलिरहेको हुन्छ!

शैतानको साँचो रूपलाई बुझिसकेपछि, अख्तियार भनेको के हो धेरै मानिसहरूले अझै बुझ्दैनन्, त्यसकारण म तँलाई बताउँछु! अख्तियार स्वयम्‌लाई परमेश्‍वरको शक्तिको रूपमा व्याख्या गर्न सकिन्छ। पहिलो, अख्तियार र शक्ति दुवै सकारात्मक छन् भनेर निश्‍चितताको साथ भन्‍न सकिन्छ। कुनै पनि नकरात्मक कुरासँग तिनको कुनै सम्बन्ध छैन, र सृष्टि गरिएका वा सृष्टि नगरिएका कुनै पनि प्राणीसँग ती सम्बन्धित छैनन्। परमेश्‍वरको शक्तिले जीवन र जीवन-शक्ति भएको कुनै पनि स्वरूपको कुराहरूलाई सृष्टि गर्न सक्छ, र यसलाई परमेश्‍वरको जीवनले नै निर्धारित गरेको हुन्छ। परमेश्‍वर जीवन हुनुहुन्छ, त्यसकारण उहाँ सबै जीवित प्राणीहरूको स्रोत हुनुहुन्छ। यसको साथै, परमेश्‍वरको अख्तियारले हरेक जीवित प्राणीलाई परमेश्‍वरको हरेक वचन पालन गर्ने तुल्याउँछ, अर्थात् परमेश्‍वरको मुखबाट निस्केका वचनहरू अनुसार अस्तित्वमा आउने, र परमेश्‍वरको आज्ञा अनुसार जिउने र सन्तान उत्पादन गर्ने तुल्याउँछ, जसपछि परमेश्‍वरले सबै जीवित प्राणीहरूमाथि शासन गर्नुहुन्छ र हुकुम चलाउनुहुन्छ, र कहिल्यै पनि त्यसमा तलमाथि हुनेछैन, सदासर्वदा नै। कुनै पनि व्यक्ति वा वस्तुमा यी कुराहरू छैन; सृष्टिकर्तामा मात्रै त्यस्तो शक्ति छ र उहाँले मात्रै त्यस्तो शक्ति बोक्नुहुन्छ, त्यसैले यसलाई अख्तियार भनिन्छ। सृष्टिकर्ताको अद्‌वितीयपन यही नै हो। त्यसैले, चाहे यो “अख्तियार” शब्द मात्रै होस् वा यो अख्तियारको सार होस्, प्रत्येकलाई सृष्टिकर्तासँग मात्रै सम्बन्धित गर्न सकिन्छ, किनभने यो सृष्टिकर्ताको अद्‌वितीय पहिचान र सारको प्रतीक हो, र यसले सृष्टिकर्ताको पहिचान र हैसियतलाई प्रतिनिधित्व गर्छ; सृष्टिकर्ता बाहेक, कुनै पनि व्यक्ति वा थोकलाई “अख्तियार” भन्‍ने शब्दसँग सम्बन्धित गर्न सकिँदैन। सृष्टिकर्ताको अद्‌वितीय अख्तियारको अर्थ-अनुवाद यही नै हो।

शैतानले अय्यूबमाथि लोभी नजरले हेरेको भए तापनि, परमेश्‍वरको अनुमतिविना त्यसले अय्यूबको शरीरको एउटा रौँ समेत छुने आँट गरेन। शैतान अन्तर्निहित रूपमा दुष्ट र निर्दयी भए तापनि, परमेश्‍वरले त्यसको लागि उहाँको आदेश जारी गरिसक्नुभएपछि, परमेश्‍वरको आज्ञालाई पालना गर्ने बाहेक त्योसँग केही विकल्प थिएन। यसरी, जब त्यो अय्यूबकहाँ आयो त्यो भेडाको बीचमा ब्वाँसो झैँ अनियन्त्रित भएको भए तापनि, परमेश्‍वरले त्यसको निम्ति तोकिदिनुभएका सीमितताहरूलाई बिर्सने आँट त्यसले गरेन, परमेश्‍वरका आदेशहरूलाई उल्लङ्घन गर्ने आँट गरेन, र त्यसले गरेको सबै कुरामा, शैतानले परमेश्‍वरका वचनहरूका सिद्‌धान्त र सीमितताहरूबाट दायाँ-बायाँ गर्ने आँट गरेन–के यो तथ्य होइन र? यसबाट के देख्न सकिन्छ भने शैतानले यहोवा परमेश्‍वरका कुनै पनि वचनहरूलाई अवहेलना गर्ने आँट गर्दैन। शैतानको लागि, परमेश्‍वरको मुखबाट

निस्केको हरेक वचन आदेश र स्वर्गीय कानुन, परमेश्‍वरको अख्तियारको अभिव्यक्ति हो—किनभने परमेश्‍वरको वचनको पछाडि परमेश्‍वरका आदेशहरूलाई उल्लङ्घन गर्नेहरू, र स्वर्गीय कानुनहरूलाई अवज्ञा गर्ने र विरोध गर्नेहरूलाई दिइने परमेश्‍वरका दण्डहरू इंगित गरिएको हुन्छ। यदि त्यसले परमेश्‍वरका आदेशहरू उल्लङ्घन गर्‍यो भने, परमेश्‍वरको अख्तियारलाई नाघेको र स्वर्गीय नियमहरूलाई विरोध गरेको परिणामहरूलाई त्यसले स्वीकार गर्नैपर्छ भन्‍ने कुरा शैतानलाई स्पष्टै थाहा छ। यी परिणामहरू आखिर के-के हुन् त? अवश्य नै, ती परमेश्‍वरले त्यसलाई दिनुहुने दण्ड हुन्। अय्यूबप्रति शैतानले गरेका कार्यहरू त्यसले मानिसलाई कति भ्रष्ट तुल्याएको छ भन्‍ने कुराको सानो टुक्रा मात्रै थियो, र जब शैतानले यी कार्यहरू गरिरहेका थिए, परमेश्‍वरले शैतानको लागि तय गर्नुभएका सीमितताहरू र उहाँले जारी गर्नुभएका आदेशहरू त्यसले गर्ने सबै कुराको पछाडिका सिद्‌धान्तहरूको सानो टुक्रा मात्रै थियो। यसको साथै, यस विषयमा शैतानको भूमिका र स्थान परमेश्‍वरको व्यवस्थापनको कार्यमा रहेको त्यसको भूमिका र स्थानको सानो भाग मात्रै थियो, र अय्यूबलाई परीक्षा गर्ने क्रममा शैतानले गरेको परमेश्‍वरको पूर्ण आज्ञापालन परमेश्‍वरको व्यवस्थापन कार्यमा कसरी शैतानले परमेश्‍वरलाई अलिकति विरोध गर्ने आँट पनि गरेन त्यसको सानो भाग मात्रै थियो। यी साना भागहरूले तिमीहरूलाई के चेतावनी दिन्छ? शैतान लगायत सबै थोकको बीचमा, सृष्टिकर्ताले तय गर्नुभएका स्वर्गीय नियम र अध्यादेशहरूलाई उल्लङ्घन गर्न सक्‍ने कुनै व्यक्ति वा थोक छैन, र यी स्वर्गीय नियम र अध्यादेशहरूलाई उल्लङ्घन गर्ने आँट कुनै व्यक्ति वा थोकले गर्दैन, किनभने तिनलाई अवज्ञा गर्नेहरूलाई सृष्टिकर्ताले दिनुहुने दण्डलाई कुनै व्यक्ति वा थोकले परिवर्तन गर्न वा त्यसबाट उम्कन सक्दैन। सृष्टिकर्ताले मात्रै स्वर्गीय नियम र अध्यादेशहरू जारी गर्न सक्नुहुन्छ, तिनलाई लागू गर्ने शक्ति सृष्टिकर्तासँग मात्रै छ, र सृष्टिकर्ताको शक्तिलाई मात्रै कुनै व्यक्ति वा थोकले भङ्ग गर्न सक्दैन। सृष्टिकर्ताको अद्‌वितीय अख्तियार यही नै हो, र यो अख्तियार सबै थोकको बीचमा सबैभन्दा सर्वोच्‍च छ, त्यसकारण "परमेश्‍वर सबैभन्दा महान् हुनुहुन्छ र दोस्रो नम्बरमा शैतान छ" भनेर भन्‍नु असम्भव छ। अद्‌वितीय अख्तियार निहित भएको सृष्टिकर्ता बाहेक, अरू कुनै परमेश्‍वर छैन!

के अहिले तिमीहरूसँग परमेश्‍वरको अख्तियारसम्बन्धी नयाँ ज्ञान छ? सबभन्दा पहिले, के भर्खरै उल्लेख गरेको परमेश्‍वरको अख्तियार र मानिसको शक्तिको बीचमा भिन्‍नता छ? के भिन्‍नता छ? कतिपय मानिसहरूले यी दुईलाई तुलना गर्न सकिँदैन भनेर भन्छन्। त्यो सही कुरा हो! मानिसहरूले यी दुईबीचमा तुलना गर्न सकिँदैन भनेर भन्‍ने भए तापनि, मानिसका विचार र धारणाहरूमा, मानिसको शक्तिलाई नै प्रायजसो अख्तियार हो भन्‍ने ठानिन्छ, र यी दुईलाई प्रायजसो सँग-सँगै राखेर तुलना गरिन्छ। यहाँ के भइरहेको छ? के मानिसहरूले लापरवाहीको साथ एउटालाई अर्कोको सट्टा प्रयोग गरेर गल्ती गरिरहेका छैनन् र? यी दुई सम्बन्धित छैनन्, र तिनीहरूको बीचमा कुनै तुलना हुन सक्दैन, तैपनि मानिसहरू त्यसो नगरी बस्‍न सक्दैनन्। यसलाई कसरी समाधान गर्ने? यदि तँ साँच्‍चै नै समाधान पाउन चाहन्छस् भने, यसको एउटै मात्र तरिका भनेको परमेश्‍वरको अद्‌वितीय अख्तियारलाई बुझ्नु र जान्‍नु हो। सृष्टिकर्ताको अख्तियारलाई बुझेर जानिसकेपछि, तैँले मानिसको शक्ति र परमेश्‍वरको अख्तियारलाई समान रूपमा उल्लेख गर्नेछैनस्।

मानिसको शक्तिले केलाई जनाउँछ? सरल रूपमा भन्दा, यो त्यो क्षमता वा सीप हो जसले मानिसको भ्रष्ट स्वभाव, इच्छा र महत्वाकांक्षाहरूलाई त्यसको अधिकतम हदसम्म विस्तार हुने वा हासिल गर्ने तुल्याउँछ। के यो अख्तियारको रूपमा गन्ती हुन्छ त? मानिसको महत्वाकांक्षा र इच्छाहरू जति तीव्र वा लाभदायक भए तापनि, व्यक्तिमा अख्तियार छ भनेर भन्न सकिँदैन; बढीमा, यो फाइँफुट्टी र सफलता मानिसको बीचमा शैतानको तमासाको प्रदर्शन मात्रै हो; बढीमा, यो एउटा स्वाँग मात्रै हो जसमा शैतानले परमेश्वर बन्ने आफ्नो महत्वाकांक्षा पूरा गर्नका लागि त्यसको आफ्नै पुर्खाले जस्तो व्यवहार गर्छ।

अहिले तैँले परमेश्वरको अख्तियारलाई खास गरी कसरी हेर्छस्? अहिले यी वचनहरूको बारेमा सङ्गति गरिसकिएको हुनाले, तँसँग परमेश्वरको अख्तियारको बारेमा नयाँ ज्ञान हुनुपर्ने हो। त्यसैले म तिमीहरूलाई सोध्छु: परमेश्वरको अख्तियार केको प्रतीक हो? के यो परमेश्वर स्वयम्‌को पहिचानको प्रतीक हो? के यो परमेश्वरको स्वयम्‌को शक्तिको प्रतीक हो? के यो परमेश्वर स्वयम्‌को अद्‌वितीय हैसियतको प्रतीक हो? सबै थोकमध्येमा, केमा तैँले परमेश्वरको अख्तियार देखेको छस्? तैँले यो कसरी देखिस्? मानिसले अनुभव गर्ने चार ऋतुहरूको हकमा कुरा गर्दा, के कसैले वसन्त, ग्रीष्म, शरद, र शिशिरको बीचमा हुने परिवर्तनको नियमलाई परिवर्तन गर्न सक्छ? वसन्तमा, रूखका मुनाहरू उम्रन्छन् र फक्रन्छन्; ग्रीष्ममा ती पातहरूले भरिन्छन्; शरदमा तिनीहरूले फल फलाउँछन्, र शिशिरमा पातहरू झर्छन्। के कसैले यो नियमलाई परिवर्तन गर्न सक्छ? के यसले परमेश्वरको अख्तियारको एउटा पक्षलाई झल्काउँछ? परमेश्वरले "उज्यालो होस्," भनी भन्नुभयो र उज्यालो भयो। के यो उज्यालो अझै अस्तित्वमा छ? के कारणले यो अझै अस्तित्वमा छ? निश्चय नै, परमेश्वरका वचनहरूको कारणले, र परमेश्वरको अख्तियारको कारणले यो अस्तित्वमा छ। के परमेश्वरले सृष्टि गर्नुभएको हावा अझै अस्तित्वमा छ? के मानिसले फेर्ने सास परमेश्वरबाट आउँछ? के परमेश्वरबाट आउने कुराहरूलाई कसैले खोस्न सक्छ? के कसैले तिनीहरूका सार र कार्यगत गुणलाई परिवर्तन गर्न सक्छ? के परमेश्वरले तय गर्नुभएको रात र दिनलाई, र परमेश्वरले व्यवस्थित गर्नुभएको दिन र रातको नियमलाई कसैले उल्ट्याउन सक्छ? के शैतानले त्यस्तो कुरा गर्न सक्छ? यदि तँ राती सुत्दैनस्, र रातलाई दिनको रूपमा लिन्छस् भने पनि, त्यो अझै पनि रातको समय नै हुन्छ; तैँले आफ्नो दैनिकीलाई परिवर्तन गर्न सक्छस्, तर रात र दिन परिवर्तन हुने नियमलाई तैँले परिवर्तन गर्न सक्दैनस्—यस तथ्यलाई कुनै पनि व्यक्तिले परिवर्तन गर्न सक्दैन, होइन र? के गोरु जोतेजस्तो सिंहलाई खेत जोत्न लगाउन सक्ने कोही छ? के हात्तीलाई गधामा परिवर्तन गर्न सक्ने कोही छ? के कुखुरोलाई चीलजस्तो आकाशमा वेग हान्ने बनाउन सक्ने कोही छ? के ब्वाँसोलाई भेडाजस्तो घाँस खाने बनाउन सक्ने कोही छ? (छैन।) के पानीको माछालाई सुक्खा जमिनमा जिउने बनाउन सक्ने कोही छ? मानिसहरूले त्यसो गर्न सक्दैनन्। किन सक्दैनन्? किनभने परमेश्वरले माछालाई पानीमा बस्ने आज्ञा दिनुभयो, त्यसकारण तिनीहरू पानीमा बस्छन्। जमिनमा तिनीहरू बाँच्नेछैनन्, मर्नेछन्; तिनीहरूले परमेश्वरको आज्ञाका सीमितताहरूलाई भङ्ग गर्न सक्दैनन्। सबै थोकसँग तिनीहरूको अस्तित्वसम्बन्धी नियम र सीमितता हुन्छ, र तिनीहरू प्रत्येकसँग तिनीहरूको आ-आफ्नै प्राकृतिक गुणहरू हुन्छन्। यी सृष्टिकर्ताले निर्धारित गर्नुभएको

हो, र यसलाई कुनै पनि मानिसले परिवर्तन गर्न र नाघ्न सक्दैन। उदाहरणको लागि, सिंह सधैँ नै मानिसको समुदायबाट टाढा, जङ्गलमा बस्नेछ, र जसरी गोरु मानिससँग जिउँछ र मानिसको लागि काम गर्छ त्यसरी त्यो कहिल्यै पनि आज्ञाधीन र बफादार हुन सक्दैन। हात्ती र गधा दुवै जनावर हुन् र दुवैका चार खुट्टा हुन्छन्, र तिनीहरू हावामा सास फेर्ने प्राणीहरू हुन्, तैपनि तिनीहरू फरक-फरक प्रजाति हुन्, किनभने तिनीहरूलाई परमेश्‍वरले नै फरक-फरक प्रकारमा विभाजित गर्नुभएको थियो, तिनीहरू प्रत्येकसँग तिनीहरूका आ-आफ्नै प्राकृतिक गुणहरू हुन्छन्, त्यसकारण तिनीहरूलाई कहिल्यै पनि एक-आपसमा साट्न सकिनेछैन। कुखुरोसँग चीलको जस्तै दुई खुट्टा र पखेटाहरू हुने भए तापनि, त्यो कहिल्यै पनि हावामा उड्न सक्नेछैन; बढीमा त्यो रूखसम्म उड्न सक्छ—यसलाई त्यसको प्राकृतिक गुणले नै निर्धारित गरेको हुन्छ। अवश्य नै, यी सबै परमेश्‍वरको अख्तियारका आदेशहरूका कारणले भएका हुन्।

आज मानवजातिको विकासमा, मानवजातिको विज्ञानले प्रगति गरिरहेको छ भनेर भन्‍न सकिन्छ, र मानिसको वैज्ञानिक अन्वेषणका उपलब्धिहरू उल्लेखनीय छन् भनेर व्याख्या गर्न सकिन्छ। मानिसको क्षमता झन्-झन् ठूलो हुँदै वृद्धि भइरहेको छ भनेर भन्‍नुपर्छ, तर मानिसले गर्न नसकेको एउटा वैज्ञानिक सफलता छ: मानवजातिले हवाई जहाज, विमान वाहक, र परमाणु बम बनाएको छ, मानवजाति अन्तरिक्षमा गएर चन्द्रमामा हिँडेको छ, इन्टरनेट आविष्कार गरेको छ, र उच्‍च प्रविधिको जीवनशैली जिउन पुगेको छ, तैपनि मानवजातिले जीवित, सास फेर्ने थोक बनाउन सक्दैन। हरेक जीवित प्राणीका प्राकृतिक गुण र तिनीहरू जिउने नियम, र हरेक जीवित थोकको जीवन र मृत्युको चक्र—यी सबै नै मानवजातिको विज्ञानको शक्तिभन्दा बाहिर छन्, र तिनलाई यसले नियन्त्रण गर्न सक्दैन। यस विन्दुमा, मानिसको विज्ञानले हासिल गरेका उचाइहरू जति नै माथि भए पनि, सृष्टिकर्ताका कुनै पनि विचारहरूसँग यो अतुलनीय छ, र सृष्टिकर्ताले गर्नुभएको सृष्टिको आश्‍चर्यता र उहाँको अख्तियारको सामर्थ्यलाई यसले पत्ता लगाउन सक्दैन। पृथ्वीमा धेरै समुद्रहरू छन्, तैपनि तिनीहरू आफ्ना सीमितताहरूलाई नाघेर कहिल्यै पनि स्वेच्छाले भूमिमा आएका छैनन्, किनभने तिनीहरू प्रत्येकको लागि परमेश्‍वरले नै सीमाहरू तोक्नुहुन्छ; उहाँले तिनीहरूलाई जहाँ रहने आज्ञा दिनुभयो तिनीहरू त्यहीँ बसे, र परमेश्‍वरको अनुमतिविना तिनीहरू स्वतन्त्र पूर्वक हलचल गर्न सक्दैनन्। परमेश्‍वरको अनुमतिविना, तिनीहरूले एक-अर्कालाई अतिक्रमण गर्न सक्दैनन्, र परमेश्‍वरले भन्‍नुहुन्छ भने मात्रै तिनीहरू हलचल गर्न सक्छन्, र तिनीहरू कहाँ जान्छन् र बस्छन् सो कुरा परमेश्‍वरको अख्तियारले नै निर्धारित गर्छ।

यसलाई सरल रूपमा भन्दा, “परमेश्‍वरको अख्तियार” को अर्थ यो कुरा परमेश्‍वरकै हातमा छ भन्‍ने हुन्छ। कुनै कुरा गर्ने निर्णय गर्ने अधिकार परमेश्‍वरसँग छ, र उहाँले जसरी चाहनुहुन्छ यो त्यही अनुरूप गरिन्छ। सबै थोकको नियम परमेश्‍वरकै हातमा छ, मानिसको हातमा होइन; न त यसलाई मानिसले परिवर्तन नै गर्न सक्छ। यसलाई मानिसको इच्छाले हलचल गर्न सक्दैन, बरु यो परमेश्‍वरका विचारहरू, परमेश्‍वरको बुद्धि, र परमेश्‍वरका आदेशहरूद्वारा नै परिवर्तन हुन्छ; यो कुनै पनि मानिसले इन्कार गर्न नसक्ने तथ्य हो। स्वर्ग र पृथ्वी अनि यावत् थोक, ब्रह्माण्ड, ताराले भरिएको आकाश, वर्षका चार ऋतु, मानिसले देख्‍न सक्ने र देख्‍न नसक्ने कुरा—परमेश्‍वरको

अख्तियारको अधीनमा, परमेश्वरका आदेशहरू अनुसार, परमेश्वरका आज्ञाहरू अनुसार, र सृष्टिको सुरुवातका नियमहरू अनुसार नै ती सबै अस्तित्वमा रहन्छन्, काम गर्छन्, र कुनै पनि गल्ती विना नै परिवर्तन हुन्छन्। कुनै एक व्यक्ति वा वस्तुले तिनीहरूको नियम परिवर्तन गर्न, वा तिनले काम गर्ने अन्तर्निहित तरिकालाई परिवर्तन गर्न सक्दैन; ती परमेश्वरको अख्तियारको कारणले नै अस्तित्वमा आए, र परमेश्वरको अख्तियारकै कारणले ती नाश हुन्छन्। परमेश्वरको अख्तियार यही नै हो। यतिसम्म भनिसकिएको हुनाले, के तैँले परमेश्वरको अख्तियार परमेश्वरको पहिचान र हैसियतको प्रतीक हो भन्ने अनुभूति गर्न सक्छस्? के कुनै पनि सृष्टि गरिएको वा नगरिएको प्राणीमा परमेश्वरको अख्तियार निहित हुन सक्छ? के यसलाई कुनै व्यक्ति, थोक, वा वस्तुले अनुकरण गर्ने, नक्कल गर्ने, वा प्रतिस्थापन गर्ने गर्न सक्छ?

## सृष्टिकर्ताको पहिचान अद्‌वितीय छ, र तैँले बहुईश्वरवादको विचारलाई पालना गर्नु हुँदैन

शैतानका सीप र क्षमताहरू मानिसको भन्दा ठूलो भए तापनि, त्यसले मानिसले गर्न नसक्ने कुराहरू गर्न सक्ने भए तापनि, चाहे तैँले शैतानले जे गर्छ त्यसको ईर्ष्या वा चाहना गरे पनि, चाहे यी कुराहरूलाई तैँले मन नपराउने वा घृणा गर्ने भए पनि, चाहे तँ तिनलाई देख्न सक्ने भए पनि नभए पनि, र चाहे शैतानले जति नै धेरै हासिल गर्न सके पनि, वा त्यसले जति मानिसलाई त्यसको आराधना गर्न र प्रतिष्ठित गर्न लगाउन छल गर्न सके पनि, र चाहे तैँले त्यसलाई जे-जसरी परिभाषित गरे पनि, तैँले त्यससँग परमेश्वरको अख्तियार र शक्ति छ भनेर सम्भवत भन्न सक्दैनस्। तँलाई थाहा हुनुपर्छ कि परमेश्वर, परमेश्वर नै हुनुहुन्छ, परमेश्वर एउटै मात्र हुनुहुन्छ, यसको साथै, परमेश्वरसँग मात्रै अख्तियार छ, सबै थोकलाई नियन्त्रण गर्ने र शासन गर्ने शक्ति परमेश्वरसँग मात्रै छ। शैतानसँग मानिसहरूलाई धोका दिने क्षमता छ र त्यसले परमेश्वरको अनुकरण गर्न सक्छ, परमेश्वरले प्रदर्शन गर्नुहुने चिन्ह र आश्चर्यकर्महरू अनुकरण गर्न सक्छ, अनि त्यसले परमेश्वरका जस्तै कुराहरू गरेको छ भन्दैमा, तैँले गलत रूपमा परमेश्वर अद्‌वितीय हुनुहुन्न, ईश्वरहरू धेरै छन्, यी फरक-फरक ईश्वरहरूसँग ठूला वा साना सीपहरू छन्, र तिनीहरूले चलाउने शक्तिको क्षेत्रमा भिन्नताहरू छन् भनेर विश्वास गर्छस्। तिनीहरूको आगमनको क्रम र तिनीहरूको उमेरको आधारमा तैँले तिनीहरूको महानताको क्रम मिलाउँछस्, र परमेश्वरबाहेक अरू ईश्वरहरू पनि छन् भनेर तैँले गलत रूपमा विश्वास गर्छस्, अनि परमेश्वरको शक्ति र अख्तियार अद्‌वितीय छैनन् भन्ने ठान्छस्। यदि तँसँग त्यस्ता विचारहरू छन् भने, यदि तैँले परमेश्वरको अद्‌वितीयपनलाई पहिचान गर्दैनस्, परमेश्वरसँग मात्रै अख्तियार छ भन्ने विश्वास गर्दैनस् भने, र तैँले बहुईश्वरवादलाई मात्रै मान्छस् भने, तँ प्राणीहरूमध्येको नीच प्राणी होस्, तँ शैतानको साँचो मूर्तरूप होस्, र तँ पूर्ण रूपमा दुष्ट व्यक्ति होस्! यी वचनहरू भनेर मैले तिमीहरूलाई के सिकाउने प्रयास गरिरहेको छु, के तिमीहरू बुझ्छौ? समय, स्थान, वा तेरो पृष्ठभूमि जेसुकै भए तापनि, तैँले परमेश्वर र अरू कुनै व्यक्ति, थोक, वा वस्तुमा झुक्किनु हुँदैन। परमेश्वरको अख्तियार र परमेश्वर स्वयम्‌को सार जति जान्न नसकिने र पहुँच प्राप्त गर्न नसकिने छ भन्ने तँलाई लागे पनि, चाहे तेरो धारणा र कल्पनासँग शैतानका जति कार्य र वचनहरू मिले पनि, चाहे तेरो लागि ती जति नै

चित्तबुझ्दो भए पनि, मूर्ख नबन्, यी अवधारणाहरूप्रति अन्योल नबन्, परमेश्‍वरको अस्तित्वलाई इन्कार नगर्, परमेश्‍वरको पहिचान र हैसियतलाई इन्कार नगर्, परमेश्‍वरलाई तेरो हृदयको ढोकाबाट बाहिर निकालेर परमेश्‍वरको सट्टा शैतानलाई तेरो परमेश्‍वर बनाउन नले। तिमीहरूले त्यसो गर्नुका परिणामहरू के हुनेछन् त्यसको कल्पना गर्न सक्छौ भन्‍नेमा मलाई कुनै शङ्का छैन!

**मानवजाति भ्रष्ट तुल्याइएको भए तापनि, ऊ अझै पनि सृष्टिकर्ताको अख्तियारको सार्वभौमिकताको अधीनमा जिउँछ**

शैतानले मानवजातिलाई हजारौं वर्षदेखि भ्रष्ट तुल्याउँदै आएको छ। त्यसले असीमित मात्रामा दुष्टता ल्याएको छ, एकपछि अर्को पुस्तालाई धोका दिएको छ, र संसारमा भयानक अपराधहरू गरेको छ। त्यसले मानिसलाई दुर्व्यवहार गरेको छ, मानिसलाई धोका दिएको छ, मानिसलाई परमेश्‍वरको विरोध गर्न प्रलोभनमा पारेको छ, र बारम्बार परमेश्‍वरको व्यवस्थापन योजनालाई अलमल्याउने र दुर्बल तुल्याउने दुष्ट कार्यहरू गरेको छ। तैपनि, परमेश्‍वरको अख्तियारको अधीनमा, सबै थोक र जीवित प्राणीहरू परमेश्‍वरले तय गर्नुभएका नियम र व्यवस्थाहरूलाई नै निरन्तर पालना गर्छन्। परमेश्‍वरको अख्तियारको तुलनामा, शैतानको दुष्ट प्रकृति र उच्छृङ्खलता अत्यन्तै कुरूप, अत्यन्तै घिनलाग्दो र तुच्छ, र अत्यन्तै सानो र असहाय छ। शैतान परमेश्‍वरले सृष्टि गर्नुभएको सबै थोकको बीचमा हिँड्ने भए तापनि, परमेश्‍वरले हुकुम चलाउनुहुने मानिस, कामकुरा, र वस्तुहरूमा यसले अलिकति पनि परिवर्तन ल्याउन सक्दैन। हजारौं वर्ष बितिसकेको छ, र मानवजातिले अझै पनि परमेश्‍वरले दिनुभएको ज्योति र हावाको आनन्द लिन्छ, परमेश्‍वर स्वयम्‌ले फुकिदिनुभएको सासद्वारा सास फेर्छ, परमेश्‍वरले सृष्टि गर्नुभएका फूल, चराचुरुङ्गी, माछा र कीरा-फट्याङ्ग्रामा रमाउँछ, र परमेश्‍वरले प्रदान गर्नुभएका सबै थोकमा आनन्द लिन्छ; दिन र रात अझै पनि आउने-जाने क्रम जारी छ; सधैँ झैँ चार ऋतु परिवर्तन भइरहन्छ; आकाशमा उड्ने हांस शिशिरमा बिदा हुन्छन्, तैपनि अर्को वसन्तमा फर्कन्छन्; पानीमा बस्ने माछाले कहिल्यै पनि तिनीहरूको घर, अर्थात् खोलानाला र ताल-तलैयालाई छोड्दैन; ग्रीष्म याममा पृथ्वीका झ्याउँकिरीहरू आफ्नो हृदयबाट गीत गाउँछन्; शरद याममा घाँस-पातभित्रबाट किरकिर गर्ने फट्याङ्ग्रोले बताससँगै समय-समयमा मन्द स्वरमा गुनगुनाउँछ; पानी-हाँसरू बथानमा भेला हुन्छन्, जबकी चीलहरू एकला-एकलै रहन्छन्; सिंहका समूहले सिकार खेलेर आफ्नो पेट पाल्छन्; बाह्रसिङ्गे मृग घाँस-पात र फूलहरूबाट टाढा जाँदैनन्...। सबै थोकका बीचमा रहेका हरेक प्रकारका जीवित प्राणी बिदा हुन्छन् र फर्कन्छन्, त्यसपछि फेरि बिदा हुन्छन्, आँखाको एक निमेसमा करोडौँ परिवर्तन भइरहन्छ–तर परिवर्तन नहुने भनेका तिनीहरूका प्राकृतिक गुण र अस्तित्व सम्बन्धी नियमहरू हुन्। ती परमेश्‍वरको बन्दोबस्त र पालनपोषणमा जिउँछन्, र कसैले पनि तिनीहरूको प्राकृतिक गुणलाई परिवर्तन गर्न सक्दैन, न त अस्तित्व सम्बन्धी तिनीहरूका नियमहरूलाई नै कसैले बिगार्न सक्छ। सबै थोकको बीचमा जिउने मानवजातिलाई शैतानले भ्रष्ट तुल्याएको र छल गरेको भए तापनि, परमेश्‍वरले बनाउनुभएको पानीलाई, र परमेश्‍वरले बनाउनुभएको हावालाई, अनि परमेश्‍वरले बनाउनुभएको सबै थोकलाई मानिसले अझै त्याग्न सक्दैन, र परमेश्‍वरले सृष्टि गर्नुभएको यो

क्षेत्रमा नै मानिस अझै जिउँछ र वृद्धि हुन्छ। मानवजातिको प्राकृतिक गुण परिवर्तन भएको छैन। मानिसले अझै पनि हेर्नको लागि आफ्नो आँखा, सुन्नको लागि आफ्नो कान, विचार गर्नको लागि आफ्नो मस्तिष्क, बुझ्नको लागि उसको हृदय, हिँड्नको लागि आफ्ना हात-खुट्टा, काम गर्नका लागि आफ्ना हातमा भर पर्छ, र यस्तै इत्यादि; उसले परमेश्‍वरको बन्दोबस्तलाई स्वीकार गर्न सकोस् भनेर परमेश्‍वरले मानिसलाई दिनुभएका सबै प्राकृतिक गुणहरू अपरिवर्तित नै रहन्छन्, परमेश्‍वरसँग मानिसले जुन अङ्गहरूको प्रयोग गरी सहकार्य गर्छ ती परिवर्तन भएका छैनन्, सृष्टि गरिएको प्राणीको रूपमा रहेको कर्तव्य निभाउने मानवजातिको अङ्ग परिवर्तन भएको छैन, मानवजातिका आत्मिक खाँचोहरू परिवर्तन भएका छैनन्, आफ्नो व्युत्पत्ति पत्ता लगाउने मानवजातिको इच्छा परिवर्तन भएको छैन, सृष्टिकर्ताद्वारा मुक्ति पाउने मानवजातिको तृष्णा परिवर्तन भएको छैन। मानवजातिका वर्तमान परिस्थितिहरू यस्तै छन्, जो परमेश्‍वरको अख्तियारको अधीनमा जिउँछन्, र जसले शैतानद्वारा ल्याइएका खूनी विनाशलाई भोगेको छ। मानवजाति शैतानको दमनमा परेको छ, र ऊ उप्रान्त सृष्टिको प्रारम्भका आदम र हव्वा होइन, तर ज्ञान, कल्पना, धारणाहरू र यस्तै इत्यादि जस्ता परमेश्‍वरको विरोध गर्ने कुराहरूले भरिएको छ, र भ्रष्ट शैतानी स्वभावले भरिएको छ, तैपनि, परमेश्‍वरको नजरमा मानवजाति अझै पनि उहाँले सृष्टि गर्नुभएको त्यही मानवजाति नै हो। मानवजातिलाई अझै पनि परमेश्‍वरले शासन गर्नुहुन्छ र योजनाबद्ध गर्नुहुन्छ, र ऊ परमेश्‍वरले तय गर्नुभएको मार्गभित्रै अझै जिउँछ, त्यसकारण परमेश्‍वरको नजरमा, शैतानले भ्रष्ट पारेको मानवजाति भोको पेट, अलिक ढिलो प्रतिक्रिया, पहिलेजस्तो राम्रो स्मरणशक्ति नभएको, र अलिक बूढो अवस्थामा फोहोर-मैलाले ढाकिएको मात्रै छ—तर मानिसका सबै कार्यगत गुण र प्राकृतिक गुणहरूमा कुनै क्षति पुगेको छैन। परमेश्‍वरले मुक्ति दिने अभिप्राय राख्नुभएको मानवजाति यही नै हो। यो मानवजातिले सृष्टिकर्ताको बोलावटलाई सुन्ने, र सृष्टिकर्ताको आवाजलाई सुन्ने बाहेक केही पनि गर्नु पर्दैन, अनि ऊ खडा हुनेछ र यो आवाज कहाँबाट आयो त्यो पत्ता लगाउन हतार गर्नेछ। यो मानवजातिले सृष्टिकर्ताको रूपलाई हेर्ने बाहेक केही गर्नु पर्दैन, अनि उसले आफैलाई परमेश्‍वरमा समर्पित गर्नको लागि अरू कसैलाई सुन्नेछैन, र सबैलाई बिर्सनेछ, र उहाँको लागि आफ्नो जीवन समेत दिनेछ। जब मानवजातिका हृदयले सृष्टिकर्ताको हृदयविदारक वचनहरू बुझ्छ, मानवजाति शैतानलाई इन्कार गरेर सृष्टिकर्ताको पक्षमा आउनेछ; जब मानवजातिले आफ्नो शरीरबाट फोहोर-मैला पूर्ण रूपमा धोएको हुन्छ, र फेरि एक पटक सृष्टिकर्ताको बन्दोबस्त र पालनपोषण प्राप्त गरेको हुन्छ, मानवजातिको स्मरण फर्केको हुनेछ, र यस पटक मानवजाति सृष्टिकर्ताको प्रभुत्वमा साँचो रूपमा फर्केको हुनेछ।

डिसेम्बर १४, २०१३

# परमेश्वर स्वयम् अद्‌वितीय २

## परमेश्वरको धर्मी स्वभाव

तिमीहरूले परमेश्वरको अख्तियारको बारेमा रहेको अघिल्लो सङ्गति सुनिसकेका हुनाले, म आश्वस्त छु कि तिमीहरू यस विषयमा धेरै राम्रा वचनहरूले सुसज्जित छौं। तिमीहरूले कति स्वीकार गर्न, बोध गर्न र बुझ्न सक्छौं भन्ने कुरा सबै तिमीहरूले यसमा कति धेरै प्रयास गर्छौ भन्ने कुरामा निर्भर हुन्छ। तिमीहरू यस विषयमा गम्भीरतासाथ संलग्न हुन सक्छौ भन्ने मेरो आशा छ; तिमीहरू यसमा कुनै पनि हालतमा आधा हृदयले संलग्न हुनु हुँदैन! अब, के परमेश्वरको अख्तियारलाई जान्नु परमेश्वरको सम्पूर्णतालाई जान्नुसरह हो? के भन्न सकिन्छ भने परमेश्वरको अख्तियारलाई जान्नु भनेको परमेश्वर स्वयम् अद्‌वितीयलाई चिन्ने कार्यको सुरुवात हो, र यो पनि भन्न सकिन्छ, परमेश्वरको अख्तियारलाई जान्नु भनेको व्यक्ति पहिले नै परमेश्वर स्वयम् अद्‌वितीयको सारलाई जान्ने ढोकाभित्र प्रवेश गरिसकेको छ। यो बुझाइ परमेश्वरलाई चिन्ने कार्यको एउटा भाग हो। त्यसो भए, अर्को भाग के हो त? आज मैले सङ्गति गर्न चाहेको विषय यही हो—परमेश्वरको धर्मी स्वभाव।

आजको विषयको बारेमा सङ्गति गर्नको लागि मैले बाइबलबाट दुई वटा खण्डहरू छनौट गरेको छु: पहिलो, परमेश्वरले सदोमलाई नष्ट गर्नुभएको घटनासँग सम्बन्धित छ, जुन घटनाको विवरण उत्पत्ति १९:१-११ र उत्पत्ति १९:२४-२५ मा पाइन्छ; दोस्रो, परमेश्वरले निनवेलाई छुटकारा दिनुभएको घटनासँग सम्बन्धित छ, जुन घटनाको विवरण योना १:१-२ मा पाइन्छ, यसको साथै योनाको पुस्तकको तेस्रो र चौथो अध्यायमा पनि यसको बारेमा उल्लेख गरिएको छ। म अनुमान गर्छु कि यी दुई खण्डहरूका बारेमा मैले जे बताउनु छ त्यसलाई सुन्न तिमीहरू सबैले प्रतीक्षा गरिरहेका छौ। मैले जे भन्छु त्यो प्राकृतिक रूपमा नै परमेश्वर स्वयम्‌लाई चिन्नु र उहाँको सारलाई चिन्नुको दायराभन्दा बाहिर जान सक्दैन, तर आजको सङ्गतिको मुख्य ध्यान केमा केन्द्रित हुनेछ त? के तिमीहरूमध्ये कसैलाई थाहा छ? परमेश्वरको अख्तियारसम्बन्धी मेरो सङ्गतिको कुन-कुन भागहरूले तिमीहरूको ध्यान खिचे? त्यस्तो अख्तियार र शक्ति भएको एउटै उहाँ परमेश्वर स्वयम् नै हुनुहुन्छ भनेर मैले किन भनेँ? त्यसो भनेर मैले के कुरालाई स्पष्ट पार्न चाहेँ? यसबाट तिमीहरूले के सिकेको म चाहन्थेँ? के परमेश्वरको अख्तियार र शक्ति उहाँको सारलाई जसरी व्यक्त गरिन्छ त्यसको एउटा पक्ष हुन्? के ती उहाँको सारको भाग, अर्थात् उहाँको पहिचान र हैसियतलाई प्रमाणित गर्ने भाग हुन्? यी प्रश्नहरूबाट मूल्याङ्कन गरेर, के तिमीहरूले मैले के भन्न लागेको छु सो बताउन सक्छौ? तिमीहरूले के बुझेको म चाहन्छु? यस विषयमा ध्यान दिएर विचार गर।

### परमेश्वरलाई जिद्दी भई विरोध गर्दा, मानिसलाई परमेश्वरको क्रोधले नष्ट गर्छ

सर्वप्रथम, हामी परमेश्वरले सदोमलाई नष्ट गर्नुभएको घटनाको बारेमा व्याख्या गर्ने, धर्मशास्त्रका विभिन्न खण्डहरूलाई हेरौं।

उत्पत्ति १९:१-११ अनि साँझमा दुई स्वर्गदूतहरू सोदोममा आए; र लोत सोदोमको प्रवेश द्वारमा बसेका थिए: तिनीहरूलाई देखेर लोत तिनीहरूलाई भेट्न खडा भए; अनि तिनले निहुरेर दण्डवत गरे; अनि तिनले भने हेर्नुहोस्, मेरा मालिकहरू, म बिन्ती गर्छु, आफ्ना दासको घरमा आउनुहोस् र सारा रात बिताउनुहोस्, र आफ्ना खुट्टाहरू धुनुहोस्, सबेरै उठ्नुहोस् र आफ्नो बाटो लाग्नुहोस्। तब तिनीहरूले भने, हुन्न; तर हामी सारा रात सडकमा गुजार्नेछौँ। अनि उनले तिनीहरूलाई धेरै कर लगाए; अनि तिनीहरू तिनीमाथि जाइलागे, र उनको घरमा पसे; र उनले तिनीहरूको निम्ति भोज तयार पारे, खमिर नहालेको रोटी बनाए र तिनीहरूले खाए। तर तिनीहरू सुत्नु अगाडि सहरका मानिसहरू, सोदोमका बृद्ध र जवान चारै तिरका सबै मानिसहरू समेतले वरिपरिबाट घरलाई घेरे: अनि तिनीहरूले लोतलाई बोलाएर तिनलाई भने, आज राती तिम्रोमा आएका मानिसहरू कता छन्? तिनीहरूलाई हामीकहाँ ल्याऊ ताकि हामीले तिनीहरूलाई चिन्न सकौं। अनि लोत बाहिर ढोकामा तिनीहरूकहाँ गए र आफ्नो पछाडिको ढोका बन्द गरे र भने, दाजुभाइहरू, म तपाईंहरूसँग बिन्ती गर्छु यति धेरै दुष्ट नबन्नुहोस्। हेर्नुहोस्, अहिले मसँग दुई छोरीहरू छन् जसले कुनै पनि पुरुषलाई चिनेका छैनन्; म बिन्ती गर्छु कि म तिनीहरूलाई बाहिर तपाईंहरूकहाँ ल्याउँछु र तपाईंहरूले आफ्ना आँखाले राम्रो लाग्ने काम तिनीहरूलाई गर्नुहोस्: यी मानिसहरूलाई मात्रै केही नगरिदिनुहोस्; किनकि तिनीहरू मेरो घरको छायाँमा आएका छन्। अनि तिनीहरूले भने, पछि हट्। र तिनीहरूले फेरि भने, यो मान्छे यहाँ बस्न आयो र ऊ हाम्रो न्यायधीश बन्न खोज्छ: अब हामी तिनीहरूसँग भन्दा नराम्रो व्यवहार तँसँग गर्छौं। अनि तिनीहरूले त्यस मानिस, लोतलाई धकेले र ढोका फोर्नलाई नजिक आए। तर ती मानिसहरूले आफ्ना हात अगाडि बढाए र लोतलाई घरभित्र आफू भएका ठाउँमा ल्याए अनि ढोका बन्द गरे। अनि घरका ढोकामा भएका साना र ठूला मानिसहरूलाई अन्धा तुल्याइदिए: फलस्वरूप तिनीहरू ढोका फेला पार्न नसकेर थाके।

उत्पत्ति १९:२४-२५ त्यसपछि यहोवाले सदोम र गमोरामाथि स्वर्गबाट यहोवाबाट गन्धक र आगो बर्साउनुभयो; अनि उहाँले ती सहरहरू, सारा मैदान, ती सहरहरूका बासिन्दाहरू र जमिनमा उम्रेका सबै थोकलाई नष्ट गर्नुभयो।

यी खण्डहरूबाट, सदोमको दुष्टता र भ्रष्टता पहिले नै मानिस र परमेश्‍वर दुवैको लागि घृणास्पद हदमा पुगिसकेको थियो, त्यसकारण परमेश्‍वरको नजरमा त्यो सहर नष्ट गरिनयोग्य भइसकेको थियो भन्ने कुरालाई देख्नु त्यति कठिन छैन। तर यो शहरलाई नष्ट गरिनुभन्दा पहिले यो सहरभित्र के भयो? यी घटनाहरूबाट मानिसहरूले कस्तो प्रेरणा पाउन सक्छन्? यी घटनाहरूप्रतिको परमेश्‍वरको मनोवृत्तिले मानिसहरूलाई उहाँको स्वभावको बारेमा के देखाउँछ? सम्पूर्ण कथालाई बुझ्नको लागि, हामी धर्मशास्त्रमा के अभिलेख गरिएको छ त्यसलाई ध्यान दिएर पढौं ...

**सदोमको भ्रष्टता: मानिसको लागि रिसउठ्दो, परमेश्‍वरको लागि क्रोधित तुल्याउने**

त्यो रात, लोतले परमेश्‍वरका दुई जना सन्देशवाहकहरूलाई स्वागत गरे र तिनीहरूको लागि भोज तयार गरे। खानपान गरिसकेपछि, तिनीहरू सुत्न लागेको बेला, सहरभरिका मानिसहरू आएर लोतको वासस्थान घेरे र तिनलाई बोलाए। धर्मशास्त्रले अभिलेख गरेअनुसार, तिनीहरू भन्दै थिए,

“आज राती तिम्रोमा आएका मानिसहरू कता छन्? तिनीहरूलाई हामीकहाँ ल्याऊ ताकि हामीले तिनीहरूलाई चिन्न सकौं।” कसले यी शब्दहरू बोले? कसको लागि यी शब्दहरू बोलिए? यी शब्दहरू लोतको वासस्थानबाहिर चिच्याइएका र लोतले सुनून् भनेर बोलिएका सदोमका मानिसहरूका शब्दहरू थिए। यी शब्दहरू सुन्दा कस्तो लाग्छ? के तँ क्रोधित हुन्छस्? के यी शब्दहरूले तँलाई घृणाको महसुस गराउँछ? के तँमा रिस उम्लेर आइरहेको हुन्छ? के यी शब्दहरूमा शैतानको दुर्गन्ध आउँदैन र? के यी शब्दहरूमार्फत, तैँले यस सहरमा भएको दुष्टता र अन्धकारलाई अनुभूति गर्न सक्छस्? के तैँले यी मानिसहरूले बोलेका शब्दहरूबाट तिनीहरूको व्यवहारका क्रूरता र जङ्गलीपनलाई अनुभूति गर्न सक्छस्? के तैँले तिनीहरूको बानीबेहोरामार्फत तिनीहरूको भ्रष्टताको गहिराइलाई अनुभूति गर्न सक्छस्? के तिनीहरूको बोलाइको विषयवस्तुमार्फत, तिनीहरूको दुष्ट प्रकृति र जङ्गली स्वभाव तिनीहरूको नियन्त्रणभन्दा बाहिर गइसकेको थियो भन्ने देख्नु कठिन छैन। लोतबाहेक, यस सहरको एक-एक व्यक्ति शैतानभन्दा फरक थिएन; अर्को नयाँ व्यक्ति देख्दा मात्रै पनि यी मानिसहरूलाई ती व्यक्तिहरूलाई हानि गर्ने र निल्ने चाहना जाग्यो...। यी कुराहरूले सहरको भयानक र भयङ्कर प्रकृतिका साथै यस सहरवरिपरि रहेको मृत्युको रापको अनुभूति मात्रै दिँदैनन्, बरु यिनले त यसको दुष्टता र हत्यारापनको अनुभूति पनि दिन्छन्।

अमानवीय डाँकुहरू, मानव प्राणलाई निल्ने उग्र इच्छाले भरिएका मानिसहरूको आमने-सामने हुँदा, लोतले कस्तो प्रतिक्रिया दिए? धर्मशास्त्रअनुसार: “दाजुभाइहरू, म तपाईंहरूसँग बिन्ती गर्छु यति धेरै दुष्ट नबन्नुहोस्। हेर्नुहोस्, अहिले मसँग दुई छोरीहरू छन् जसले कुनै पनि पुरुषलाई चिनेका छैनन्; म बिन्ती गर्छु कि म तिनीहरूलाई बाहिर तपाईंहरूकहाँ ल्याउँछु र तपाईंहरूले आफ्ना आँखाले राम्रो लाग्ने काम तिनीहरूलाई गर्नुहोस्: यी मानिसहरूलाई मात्रै केही नगरिदिनुहोस्; किनकि तिनीहरू मेरो घरको छायाँमा आएका छन्।” लोतले यी शब्दहरूद्वारा यसो भन्न खोजिरहेका थिए: सन्देशवाहकहरूलाई सुरक्षित गर्नको लागि तिनी आफ्नी दुई छोरीलाई त्याग्न तयार थिए। कुनै पनि तर्कशील हिसाबमा, यी मानिसहरूले लोतका सर्तहरूमा सहमति जनाई दुई सन्देशवाहकलाई केही पनि नगर्नुपर्थ्यो; आखिर, सन्देशवाहकहरू तिनीहरूका लागि पूर्ण रूपमा अपरिचित थिए, तिनीहरूसँग कुनै सम्बन्ध नभएका र तिनीहरूका रुचिहरूमा कहिल्यै पनि कुनै हानि नपुर्‍याएका मानिसहरू थिए। तैपनि, तिनीहरूका दुष्ट प्रकृतिद्वारा उत्प्रेरित भएर, तिनीहरूले यस विषयलाई त्यतिकै छोडेनन्, बरु तिनीहरूका प्रयासलाई अझै तीव्र बनाए। यहाँ, तिनीहरूबीचको अर्को कुराकानीले मानिसहरूलाई निःसन्देह रूपमा नै यी मानिसहरूका साँचो, क्रूर प्रकृतिको बारेमा थप ज्ञान प्रदान गर्न सक्छ, यसको साथै यसले मानिसहरूलाई परमेश्वरले किन यस सहरलाई नष्ट गर्न चाहनुभयो भन्ने बारेमा स्पष्ट हुन र बुझ्न पनि सहयोग गर्छ।

त्यसो भए, तिनीहरूले यसपछि के भने त? बाइबलमा यस्तो लेखिएको छ: “पछि हट्। र तिनीहरूले फेरि भने, यो मान्छे यहाँ बस्न आयो र ऊ हाम्रो न्यायधीश बन्न खोज्छ: अब हामी तिनीहरूसँग भन्दा नराम्रो व्यवहार तँसँग गर्छौं। अनि तिनीहरूले त्यस मानिस, लोतलाई धकेले र ढोका फोर्नलाई नजिक आए।” तिनीहरूले किन लोतको ढोका फोर्न चाहन्थे? कारण के थियो भने तिनीहरू ती दुई सन्देशवाहकहरूलाई हानि गर्न अत्यन्तै आतुर थिए। यी सन्देशवाहकहरू किन

सदोम आएका थिए त? तिनीहरू त्यहाँ आउनुको उद्‌देश्य लोत र तिनको परिवारलाई बचाउनु थियो, तर यो सहरका मानिसहरूले तिनीहरू आधिकारिक पद ग्रहण गर्न आएका हुन् भनेर गलत रूपमा सोचेका थिए। सन्देशवाहकहरूको उद्‌देश्यको बारेमा नसोधीकन, यो सहरका मानिसहरूले पूर्ण अनुमानकै आधारमा मात्रै यी दुई सन्देशवाहकलाई जङ्गली तवरले हानि गर्ने इच्छा गरे; तिनीहरूले तिनीहरूसँग कुनै सम्बन्ध नै नभएका दुई जना मानिसहरूलाई हानि गर्न चाहे। यो सहरका मानिसहरूले तिनीहरूका मानवता र तर्कलाई पूर्ण रूपमा गुमाएका थिए भन्ने कुरा स्पष्टै छ। तिनीहरूको पागलपन र जङ्गलीपन पहिले नै मानिसहरूलाई हानि गर्ने र निल्ने शैतानको दुष्ट प्रकृतिभन्दा फरक थिएन।

यी मानिसहरूलाई हस्तान्तरण गर् भनेर जब तिनीहरूले लोतलाई भने, तब लोतले के गरे त? पाठबाट हामीलाई थाहा हुन्छ कि लोतले तिनीहरूलाई हस्तान्तरण गरेनन्। के लोतले परमेश्वरका यी दुई सन्देशवाहकलाई चिनेका थिए? अवश्य थिएनन्! तैपनि, किन तिनले यी दुई मानिसहरूलाई बचाउन सके? के तिनलाई तिनीहरू के गर्न आएका थिए भन्ने थाहा थियो? तिनीहरू आउनुको कारणबारे तिनी अनभिज्ञ रहेको भए पनि, तिनलाई तिनीहरू परमेश्वरका सेवक हुन् भन्ने थाहा थियो, त्यसकारण तिनले तिनीहरूलाई आफ्नो घरमा लगे। परमेश्वरका यी सेवकहरूलाई तिनले "प्रभु" भन्ने पदवीले बोलाउन सके भन्ने कुराले लोत सदोमका अरू मानिसहरूजस्ता नभई परमेश्वरलाई निरन्तर पछ्याउने व्यक्ति थिए भन्ने देखाउँछ। त्यसकारण, जब परमेश्वरका सन्देशवाहकहरू तिनीकहाँ आए, तिनले आफ्नै ज्यान जोखिममा पारी यी दुई सेवकलाई आफ्नो घरमा लगे; यसअलावा, यी दुई सेवकलाई सुरक्षित राख्नको लागि उनले आफ्नी दुई छोरी दिने प्रस्ताव पनि गरे। यो लोतको धर्मी कार्य थियो; यो लोतको प्रकृति सारको ठोस अभिव्यक्ति थियो, र परमेश्वरले लोतलाई बचाउन आफ्ना सेवकहरू पठाउनुको कारण पनि यही थियो। खतराको सामना गर्दा, लोतले अन्य केही कुराको परवाह नगरिकन यी दुई सेवकको सुरक्षा गरे; यी सेवकहरूको सुरक्षाको सट्टामा उनले आफ्ना दुई छोरी दिने प्रयास पनि गरे। लोतबाहेक, के यो सहरमा यस्तै कार्य गर्ने अरू कुनै व्यक्ति थियो? तथ्यहरूले प्रमाणित गर्छ–अहँ, त्यहाँ अरू कोही थिएन! त्यसकारण, लोतबाहेक, सदोमभित्रका हरेक व्यक्ति नै विनाशको निसाना थियो भन्नेमा कुनै द्‌विविधा छैन, र त्यो सही नै थियो–तिनीहरू त्यसैको योग्य थिए।

**परमेश्वरको क्रोध भड्‌काएकोले सदोम पूर्णतया भस्म हुन्छ**

जब सदोमका मानिसहरूले यी दुई सेवकलाई देखे, तिनीहरूले तिनीहरू आउनुको कारण सोधेनन्, न त कसैले तिनीहरू परमेश्वरको इच्छाको बारेमा प्रचार गर्न आएका हुन् कि भनेर नै सोधे। यसको विपरीत, तिनीहरूले भीड जम्मा गरे अनि, स्पष्टीकरणको प्रतीक्षा नगरीकन, यी दुई सेवकलाई पक्रन जङ्गली कुकुर वा घातक ब्वाँसाहरूजस्तो गरी आए। के यी घटनाहरू घट्‌दा परमेश्वरले हेर्नुभयो? यस प्रकारको मानव व्यवहार, यस प्रकारको घटनाप्रति परमेश्वरले आफ्नो हृदयमा के सोचिरहनुभएको थियो? परमेश्वरले यस सहरलाई नष्ट गर्ने निर्णय गर्नुभयो; उहाँ हिचकिचाउने वा प्रतीक्षा गर्नेवाला हुनुहुन्नथ्यो, न त उहाँ थप कुनै धैर्यता नै देखाउनेवाला हुनुहुन्थ्यो। उहाँको दिन

आइसकेको थियो, त्यसकारण उहाँ आफूले गर्न चाहेको काम गर्न तयार हुनुभयो। तसर्थ, उत्पत्ति १९:२४-२५ ले भन्छ, "त्यसपछि यहोवाले सदोम र गमोरामाथि स्वर्गबाट यहोवाबाट गन्धक र आगो बर्साउनुभयो; अनि उहाँले ती सहरहरू, सारा मैदान, ती सहरहरूका बासिन्दाहरू र जमिनमा उम्रेका सबै थोकलाई नष्ट गर्नुभयो।" यी दुई पदले यो सहरलाई परमेश्‍वरले के-कसरी नष्ट गर्नुभयो साथै परमेश्‍वरले के-कस्ता कुराहरू नष्ट गर्नुभयो भन्‍नेबारेमा बताउँछन्। सबभन्दा पहिले, परमेश्‍वरले यो सहरलाई आगोले जलाउनुभयो, र यो आगोको मात्रा सारा मानिसहरूलाई नष्ट गर्न र जमिनबाट उम्रने सबै कुरा नष्ट गर्नको निम्ति पर्याप्त थियो भनी बाइबलले वर्णन गरेको छ। भन्‍नुको अर्थ, स्वर्गबाट झरेको उक्त आगोले सहरलाई मात्र होइन, यसभित्र बसोबास गरिरहेका मानिसहरू र सबै जीवित प्राणीहरूलाई पनि कुनै नाम-निशान नै नरहने गरी नष्ट गर्‍यो। यो सहर नष्ट गरिएपछि, उक्त भूमि जीवित प्राणीरहित भयो; त्यहाँ कुनै जीवन बाँकी थिएन, न त जीवनको कुनै लक्षण नै बाँकी थियो। यो सहर एक उजाड स्थान, घातक मौनताले भरिएको एक रित्तो स्थान बनेको थियो। यस ठाउँमा अबउप्रान्त परमेश्‍वरको विरुद्ध कुनै दुष्ट कार्यहरू हुनेवाला थिएनन्, कुनै हत्या वा रगत बगाउने कार्य हुनेवाला थिएनन्।

परमेश्‍वरले किन यो सहरलाई यति सम्पूर्ण तवरले जलाउन चाहनुभयो त? तिमीहरू यहाँ के देख्न सक्छौ? के परमेश्‍वरले मानवजाति र प्रकृति, अर्थात् उहाँको आफ्नै सृष्टि यसरी नष्ट भएको हेर्न सक्नुभयो त? स्वर्गबाट झारिएको आगोबाट तैँले यहोवा परमेश्‍वरको रिस पत्ता लगाउन सक्छस् भने, उहाँले गर्नुभएको विनाशका निसानाहरू र सहरलाई जुन हदसम्म नष्ट गरिएको थियो त्यस हदको आधारमा मूल्याङ्कन गर्दा, उहाँको क्रोध कति ठूलो थियो भनी देख्नु त्यति कठिन हुँदैन। जब परमेश्‍वरले कुनै सहरलाई घृणा गर्नुहुन्छ, उहाँले यसमाथि आफ्नो दण्डको वर्षा गराउनुहुन्छ। जब परमेश्‍वरलाई कुनै सहरदेखि घिन लागेर आउँछ, उहाँले मानिसहरूलाई उहाँको रिसको बारेमा जानकारी दिन बारम्बार चेतावनी दिनुहुन्छ। तैपनि, जब परमेश्‍वरले कुनै सहरलाई समाप्त गर्ने र नष्ट गर्ने निर्णय गर्नुहुन्छ–अर्थात्, जब उहाँको क्रोध र प्रतापलाई क्रुद्ध पारिएको हुन्छ–उहाँले थप कुनै दण्ड वा चेतावनी दिनुहुन्‍न। बरु, उहाँले यसलाई सीधै नष्ट गर्नुहुनेछ। उहाँले यसलाई पूर्ण रूपमा मेटाउनुहुनेछ। यो परमेश्‍वरको धर्मी स्वभाव हो।

**परमेश्‍वरप्रति सदोमको निरन्तर शत्रुता र विरोधपछि, उहाँले यसलाई पूर्ण रूपमा मेटाउनुहुन्छ**

अहिले हामीले परमेश्‍वरको धर्मी स्वभावको बारेमा आम बुझाइ प्राप्त गरिसकेको हुनाले, हामी हाम्रो ध्यान सदोम सहरतर्फ फर्काउन सक्छौं–एउट यस्तो स्थानतर्फ जसलाई परमेश्‍वरले पापको सहरको रूपमा देख्नुभयो। यो सहरको सारलाई बुझेर, हामी परमेश्‍वरले किन यसलाई नष्ट गर्न चाहनुभयो र उहाँले यसलाई किन यति पूर्ण रूपमा नष्ट गर्नुभयो भन्‍ने कुरा बुझ्न सक्छौं। यसबाट, हामीले परमेश्‍वरको धर्मी स्वभावलाई बुझ्न सक्छौं।

मानव दृष्टिकोणबाट हेर्दा, सदोम मानिसको इच्छा र मानिसको दुष्टतालाई पूर्ण रूपमा सन्तुष्ट पार्न सक्ने सहर थियो। हरेक रात सङ्गीत र नृत्यद्‌वारा मनोहर र मोहित गराउने यसको सम्पन्‍नताले मानिसहरूलाई मोह र पागलपनमा पार्थ्यो। यसको दुष्टताले मानिसहरूको हृदयलाई

बिगार्दै जान्थ्यो र तिनीहरूलाई मोहित पारी भ्रष्टतामा लैजान्थ्यो। यो अशुद्ध र दुष्ट आत्माहरूले व्याप्त सहर थियो; यो सहर पाप र हत्याले भरिएको थियो र हावा रक्ताम्मे, सडिएर दुर्गन्धित भएको थियो। यो यस्तो सहर थियो जसले मानिसहरूको आङ सिरिङ्ङ पाथ्र्यो, यस्तो सहर जहाँ व्यक्ति सन्त्रासले खुम्चन्थ्यो। यो सहरका कसैले पनि–चाहे पुरुष हुन् वा स्त्री, जवान हुन् वा वृद्ध–साँचो मार्गको खोजी गर्दैनथिए; कसैले पनि ज्योतिको चाहना गर्दैनथिए वा पापबाट टाढा जाने इच्छा गर्दैनथिए। तिनीहरू शैतानको नियन्त्रण, शैतानको भ्रष्टता र छलको दबाबमा जिउँथे। तिनीहरूले आफ्नो मानवता गुमाएका थिए, तिनीहरूले आफ्नो समझ गुमाएका थिए, र तिनीहरूले मानिसको अस्तित्वको मूल लक्ष्यलाई गुमाएका थिए। तिनीहरूले परमेश्‍वरको विरोध गर्दै अनगिन्ती दुष्कर्महरू गरेका थिए; तिनीहरूले उहाँको अगुवाइलाई इन्कार गर्थे र उहाँको इच्छाको विरोध गर्थे। तिनीहरूका दुष्कर्महरूले नै यी मानिसहरूलाई, यो सहर र यसभित्रका हरेक जीवित प्राणीलाई एक-एक कदम गरी विनाशको मार्गमा लगिरहेको थियो।

यी दुई खण्डले परमेश्‍वरका दुई जना सेवक सहरमा आइपुगेपछि यिनीहरूप्रति सदोमका मानसिहरूको व्यवहारको विवरण दिएको तर ती मानिसहरूको भ्रष्टताको हदको बारेमा सारा विवरणहरू अभिलेख नगरेको भए तापनि, सदोमका मानिसहरू कति हदसम्म भ्रष्ट, दुष्ट र परमेश्‍वरका विरोधी थिए भनी प्रकट गर्ने एउटा सरल तथ्य छ। यसले यो सहरका मानिसहरूको साँचो रूप र सारलाई पनि खुलासा गर्छ। यी मानिसहरूले परमेश्‍वरका चेतावनीहरूलाई स्वीकार गर्न नमानेका मात्र होइन, तिनीहरूले त उहाँको दण्डको डर पनि मानेनन्। यसको विपरीत, तिनीहरूले परमेश्‍वरको रिसको गिल्ला गरे। तिनीहरूले अन्धाधुन्ध परमेश्‍वरको विरोध गरे। उहाँले जे गर्नुभए पनि वा जसरी गर्नुभए पनि, तिनीहरूको भ्रष्ट प्रकृति झन्-झन् तीव्र मात्रै हुँदै गयो, र तिनीहरूले बारम्बार परमेश्‍वरको विरोध गरे। सदोमका मानिसहरू परमेश्‍वरको अस्तित्व, उहाँको आगमन, उहाँको दण्ड, र त्योभन्दा पनि बढी उहाँका चेतावनीहरूप्रति शत्रुवत् थिए। तिनीहरू अत्यन्तै अहङ्कारी थिए। तिनीहरूले निल्न सकिने र हानि गर्न सकिने सबै मानिसहरूलाई निल्थे र हानि गर्थे, र तिनीहरूले परमेश्‍वरका सेवकहरूलाई पनि त्यस्तै व्यवहार गरे। सदोमका मानिसहरूले गरेका सारा दुष्कर्महरूको विषयमा कुरा गर्दा, परमेश्‍वरका सेवकहरूलाई हानि गर्ने कार्य त एउटा सानो झलक मात्रै थियो, र त्यसरी प्रकट भएको तिनीहरूको दुष्ट प्रकृति विशाल समुद्रको सानो थोपाजस्तो मात्रै थियो। त्यसकारण, परमेश्‍वरले तिनीहरूलाई आगोद्वारा नष्ट गर्ने निर्णय गर्नुभयो। परमेश्‍वरले बाढीको प्रयोग गर्नुभएन, न त उहाँले यस सहरलाई नष्ट गर्न आँधीबेहरी, भूकम्प, सुनामी, वा अरू कुनै तरिकाको नै प्रयोग गर्नुभयो। यस सहरलाई नष्ट गर्नको लागि परमेश्‍वरले आगोको प्रयोग गर्नुभएको तथ्यले के संकेत गर्‍यो? यसको अर्थ सहरको पूर्ण विनाश भयो भन्ने हो; यसको अर्थ सहर पृथ्वीबाट र अस्तित्वबाट पूर्ण रूपमा विलय भयो भन्ने हो। यहाँ, "विनाश" ले सहरको स्वरूप र संरचना वा बाहिरी स्वरूप विलय हुनुलाई मात्रै जनाउँदैन; यसको अर्थ पूर्ण रूपमा नष्ट गरिइसकेपछि, सहरभित्रका मानिसहरूको आत्मा पनि अस्तित्वमा रहेन भन्ने हुन्छ। सरल रूपमा भन्दा, त्यस सहरसँग सम्बन्धित सबै मानिसहरू, घटना र थोकहरू सबै नष्ट भए। त्यस सहरका मानिसहरूको निम्ति अर्को कुनै जीवन वा पुनर्जन्म हुनेवाला थिएन; परमेश्‍वरले तिनीहरूलाई उहाँको

सृष्टिको मानवताबाट सारा अनन्तसम्मको लागि विलय गर्नुभएको थियो। आगोको प्रयोगले यस स्थानमा पापको अन्त्य भयो, र त्यहाँ पाप नियन्त्रित भयो भन्ने अर्थ दिन्छ; यो पाप अस्तित्वमा नरहने र नफैलनेवाला थियो। यसको अर्थ, शैतानको दुष्टताले यसको भरणपोषणको भूमि साथै बस्न र जिउन स्थान दिने समाधि स्थल गुमाएको थियो। परमेश्‍वर र शैतानको युद्धमा, परमेश्‍वरले आगोको प्रयोग गर्नु उहाँको विजयको छाप हो, जसद्वारा शैतानलाई चिन्हांकित गरिन्छ। सदोमको विनाश मानिसलाई भ्रष्ट तुल्याउँदै र निल्दै परमेश्‍वरको विरोध गर्ने शैतानको महत्वाकांक्षाको एउटा ठूलो भूल हो, त्यसै गरी यो मानवजातिको विकासक्रममा मानिसले परमेश्‍वरको अगुवाइ इन्कार गरेको र आफैलाई पापकर्ममा डुबाएको त्यो समयको लाजको प्रतीक पनि हो। यसको साथै, यो परमेश्‍वरको धर्मी स्वभावको साँचो प्रकाशको विवरण हो।

जब परमेश्‍वरले स्वर्गबाट पठाउनुभएको आगोले सदोमलाई खरानीमा बदल्यो, तब यसको अर्थ "सदोम" नामको सहर, साथै सहरभित्रको सबै कुरा अस्तित्वबाट हट्यो भन्ने हुन्छ। यसलाई परमेश्‍वरको रिसले नष्ट गर्‍यो, यो परमेश्‍वरको क्रोध र प्रतापभित्र विलय भयो। परमेश्‍वरको धर्मी स्वभावको कारण, सदोमले यसको धर्मी दण्ड र यसको उचित अन्त्य प्राप्त गर्‍यो। सदोमको अस्तित्वको अन्त्य हुनुको कारण यसको दुष्टता थियो, र यस सहर वा यसमा बसोबास गरेका मानिसहरूमध्ये कसैलाई पनि वा यस सहरभित्र हुर्केको कुनै पनि प्राणीलाई फेरि कहिल्यै नहेर्ने परमेश्‍वरको इच्छाको कारणले पनि यसो भएको थियो। "यस सहरलाई फेरि कहिल्यै नहेर्ने" परमेश्‍वरको इच्छा उहाँको क्रोध, साथै उहाँको प्रताप पनि हो। परमेश्‍वरले यस सहरलाई जलाउनुभयो किनभने यसको दुष्टता र पापले उहाँमा यसप्रति रिस, घृणा र तिरस्कारको अनुभूति गरायो र यसलाई वा यसभित्रका कुनै पनि मानिसहरू वा जीवित प्राणीहरूलाई फेरि कहिल्यै नहेर्ने इच्छा जगायो। यो सहर डढेर खरानी मात्र बाँकी रहेपछि, यो परमेश्‍वरको नजरमा साँच्चै नै अस्तित्वविहीन बन्यो; यसको बारेमा रहेको उहाँको याद पनि गयो, हट्यो। यसको अर्थ के हो भने, स्वर्गबाट पठाइएको आगोले सारा सदोमलाई मात्रै नष्ट गरेन, न त यसले पापले भरिएका सहरका मानिसहरूलाई मात्रै नष्ट गर्‍यो, न त सहरभित्रका पापले कलङ्कित सबै कुराहरूलाई मात्रै नष्ट गर्‍यो; यी कुराहरूबाहेक, आगोले मानवजातिको दुष्टता र परमेश्‍वरको विरुद्धमा रहेको विरोधको यादलाई पनि नष्ट गर्‍यो। यो सहरलाई जलाउनुपछडि परमेश्‍वरको उद्देश्य यही थियो।

यो मानवजाति अत्यन्तै भ्रष्ट बनेको थियो। यी मानिसहरूलाई परमेश्‍वर को हुनुहुन्छ वा तिनीहरू स्वयम् कहाँबाट आएका थिए भन्ने थाहा थिएन। यदि तैँले तिनीहरूलाई परमेश्‍वरको बारेमा उल्लेख गर्थिस् भने, तिनीहरूले आक्रमण, मानहानि, र ईश्‍वर-निन्दा गर्नेथिए। परमेश्‍वरका सेवकहरू उहाँको चेतावनी फैलाउन आउनुहुँदासमेत, यी भ्रष्ट मानिसहरूले कुनै पश्‍चात्तापको सङ्केत नदेखाएको र तिनीहरूको दुष्ट व्यवहारलाई नत्यागेको मात्र होइन, बरु यसको विपरीत, तिनीहरूले त निर्धक्क भई परमेश्‍वरका सेवकहरूलाई हानि गरे। तिनीहरूले जे व्यक्त गरे र प्रकट गरे त्यो परमेश्‍वरप्रतिको तिनीहरूको चरम शत्रुवत् प्रकृति सार थियो। हामी देख्न सक्छौं कि परमेश्‍वरको विरुद्धमा यी भ्रष्ट मानिसहरूको विरोध जसरी सत्यताको बुझाइको कमीबाट आउने निन्दा वा गिल्ला मात्रै थिएन, त्यसरी नै यो तिनीहरूको भ्रष्ट स्वभावको प्रकाश मात्रै पनि थिएन। तिनीहरूको

दुष्ट व्यवहारको कारण न त मूर्खता थियो न त अज्ञानता नै; तिनीहरू धोकामा परेकाले तिनीहरूले यस्तो कार्य गरेका थिएनन्, र अवश्य पनि तिनीहरूलाई बहकाइएकाले तिनीहरूले यसो गरेका थिएनन्। तिनीहरूको व्यवहार कुख्यात रूपमा परमेश्‍वरको विरुद्धमा गरिने निडर शत्रुताको कार्य, विरोध, र झगडाको स्तरमा पुगेको थियो। यसमा कुनै शंका छैन, यस प्रकारको मानव आचरणले परमेश्‍वरलाई क्रोधित तुल्याउनेवाला नै थियो, र यसले उहाँको स्वभावलाई क्रोधित तुल्याउनेछ—क्रोधित तुल्याउनै नहुने स्वभावलाई। त्यसकारण, परमेश्‍वरले प्रत्यक्ष र खुलेआम रूपमा उहाँको क्रोध र उहाँको प्रताप व्यक्त गर्नुभयो; यो उहाँको धर्मी स्वभावको साँचो प्रकाश थियो। पापले भरिपूर्ण यस्तो सहरको सामना गर्दा, परमेश्‍वरले यसलाई जतिसक्दो चाँडो नष्ट गर्ने, यसभित्रका मानिसहरू र तिनीहरूको सम्पूर्ण पापलाई सबैभन्दा पूर्ण तवरले नष्ट गर्ने, यस सहरका मानिसहरूलाई अस्तित्वविहीन तुल्याउने र यस ठाउँको पापलाई वृद्धि हुनबाट रोक्ने इच्छा गर्नुभयो। यस कार्यलाई सबैभन्दा छिटो र सबैभन्दा पूर्ण तवरले गर्ने तरिका भनेको यसलाई आगोले जलाउनु थियो। सदोमका मानिसहरूप्रतिको परमेश्‍वरको मनोवृत्ति परित्याग वा अवहेलना थिएन। बरु, उहाँले त यी मानिसहरूलाई दण्ड दिन, प्रहार गर्न, र पूर्ण रूपमा नष्ट गर्न आफ्नो क्रोध, प्रताप र अख्तियारको प्रयोग गर्नुभयो। तिनीहरूप्रतिको उहाँको मनोवृत्ति भौतिक विनाश गर्नु मात्रै थिएन बरु आत्माको विनाश, अनन्त विनाश गर्नु पनि थियो। परमेश्‍वरले "अस्तित्वबाट मेटिनु" भन्ने शब्दहरूद्वारा भन्न चाहनुहुन्छ त्यसको साँचो अर्थ यही हो।

**परमेश्‍वरको क्रोध लुकेको अनि मानिसको लागि अज्ञात भए पनि यसले कुनै उल्लङ्घन सहँदैन**

मानवजाति जति नै मूर्ख र अज्ञानी भए पनि, परमेश्‍वरले सम्पूर्ण मानवजातिलाई गर्नुहुने व्यवहार मुख्यत: कृपा र सहनशीलतामा आधारित छ। अर्कोतर्फ, धेरैजसो समय र धेरैजसो घटनाहरूमा उहाँको क्रोध लुकाइएको हुन्छ, यो मानिसको लागि अज्ञात हुन्छ। परिणामस्वरूप, परमेश्‍वरले उहाँको क्रोध प्रकट गर्नुभएको मानिसले देख्न कठिन हुन्छ, र उहाँको क्रोधलाई बुझ्न पनि कठिन नै हुन्छ। त्यसो भएको हुँदा, मानिसले परमेश्‍वरको क्रोधलाई हल्कासित लिन्छ। जब मानिसले परमेश्‍वरको अन्तिम कार्य र मानिसको लागि उहाँको सहनशीलता र पापक्षमाको सामना गर्छ—अर्थात्, जब परमेश्‍वरको अन्तिम पटकको कृपा र उहाँको अन्तिम चेतावनी मानवजातिमा आइपर्छ—यदि मानिसहरूले अझै पनि परमेश्‍वरको विरोध गर्नको लागि उही विधिहरूको प्रयोग गर्छन् भने र पश्‍चात्ताप गर्न, तिनीहरूका मार्गहरूलाई सुधार्न र उहाँको कृपालाई स्वीकार गर्न कुनै पनि प्रयास गर्दैनन् भने, परमेश्‍वरले तिनीहरूलाई अबउप्रान्त उहाँको सहनशीलता र धैर्यता प्रदान गर्नुहुनेछैन। यसको विपरीत, यस पटक परमेश्‍वरले आफ्नो कृपा फिर्ता लिनुहुनेछ। यसपछि, उहाँले आफ्नो क्रोध मात्रै वर्षाउनुहनेछ। जसरी उहाँले मानिसहरूलाई दण्ड दिन र नष्ट गर्नको लागि फरक-फरक विधिहरूको प्रयोग गर्नुहुन्छ त्यसरी नै उहाँले फरक-फरक तरिकाले आफ्नो क्रोध प्रकट गर्न सक्नुहुन्छ।

सदोम सहरलाई नष्ट गर्नको लागि परमेश्‍वरले गर्नुभएको आगोको प्रयोग मानवजाति वा अरू कुनै पनि कुरालाई पूर्ण नष्ट गर्ने उहाँको सबैभन्दा शीघ्र तरिका हो। सदोमका मानिसहरूलाई

जलाउँदा यसले तिनीहरूका भौतिक शरीरलाई मात्र नष्ट गरेन; यसले तिनीहरूका आत्मा, तिनीहरूका प्राण र तिनीहरूका शरीरको सम्पूर्णता नष्ट गऱ्यो र त्यस सहरका मानिसहरूलाई भौतिक संसार र मानिसको निम्ति अदृश्य रहेको संसार दुवैमा अस्तित्वविहीन हुने कुरा सुनिश्चित गऱ्यो। परमेश्वरले आफ्नो क्रोधलाई प्रकाश पार्ने र व्यक्त गर्ने एउटा तरिका यही हो। जसरी यो प्राकृतिक रूपमा परमेश्वरको धर्मी स्वभावको सारको प्रकाश हो त्यसरी नै प्रकाश र अभिव्यक्तिको यो शैली परमेश्वरको क्रोधको सारको एउटा पक्ष हो। जब परमेश्वरले आफ्नो क्रोध वर्षाउनुहुन्छ, उहाँले न त कुनै कृपा वा प्रेमिलो दयालुपन नै प्रकट गर्नुहुन्छ, न त त्यसपछि उहाँले उहाँको सहनशीलता वा धैर्यतालाई नै देखाउनुहुन्छ; उहाँलाई निरन्तर धैर्य रहिरहन, फेरि उहाँको कृपा प्रदान गर्न, फेरि एक पटक उहाँको सहनशीलता प्रदान गर्नको लागि उहाँलाई मनाउन सक्ने कुनै व्यक्ति, वस्तु वा कारण नै छैन। यी कुराहरूको स्थानमा, क्षणिक हिचकिचाहटविना नै परमेश्वरले आफ्नो इच्छाअनुसार आफ्नो क्रोध र प्रताप प्रकट गर्नुहुन्छ। उहाँले आफ्नै चाहनाहरूअनुसार यी कुराहरू शीघ्र र शुद्ध रूपमा गर्नुहुन्छ। परमेश्वरले आफ्नो क्रोध र प्रताप निकाल्ने तरिका यही हो, जसलाई मानिसले चिढ्याउनु हुँदैन, र यो उहाँको धर्मी स्वभावको एउटा पक्षको अभिव्यक्ति पनि हो। जब परमेश्वरले मानिसप्रति चिन्ता र प्रेम देखाइरहेको मानिसहरूले देख्छन्, तिनीहरूले उहाँको क्रोधलाई पत्ता लगाउन, उहाँको प्रतापलाई देख्न वा उल्लङ्घनप्रति उहाँको असहनशीलतालाई महसुस गर्न सक्दैनन्। यी कुराहरूले मानिसहरूलाई सधैँ परमेश्वरको धर्मी स्वभाव भनेको कृपा, सहनशीलता र प्रेम मात्रै हो भनेर विश्वास गर्ने तुल्याउँछ। तैपनि, जब कसैले परमेश्वरले कुनै सहरलाई नष्ट गर्नुभएको वा मानवजातिलाई तिरस्कार गर्नुभएको देख्छ, तब मानिसको विनाशमा उहाँको प्रचुर रिस अनि उहाँको प्रतापले मानिसहरूलाई उहाँको धर्मी स्वभावको अर्को पक्षको झलक देखाउँछ। उल्लङ्घनप्रतिको परमेश्वरको असहनशीलता यही हो। कुनै पनि उल्लङ्घन नसहने परमेश्वरको स्वभावले सृष्टि गरिएको कुनै पनि प्राणीको कल्पनालाई नाघ्छ, अनि सृष्टि नगरिएका प्राणीहरूमाझ, यसलाई हस्तक्षेप गर्न वा यसलाई प्रभाव पार्न सक्ने कोही छैन; यसको नक्कल गर्न वा अनुकरण गर्न सक्ने कुरा त परै जाओस्। तसर्थ, परमेश्वरको स्वभावको यो पक्ष नै मानवजातिले सबैभन्दा बढी जान्नुपर्ने कुरा हो। परमेश्वर स्वयम्‌मा मात्रै यस प्रकारको स्वभाव छ, र परमेश्वर स्वयम्‌ले मात्रै यस प्रकारको स्वभाव धारण गर्नुभएको छ। उहाँले दुष्ट्याइँ, अन्धकार, विद्रोहीपन र शैतानको दुष्ट कार्यहरूलाई, अर्थात् मानवजातिलाई भ्रष्ट बनाउने र भस्म गर्ने कार्यहरूलाई तिरस्कार गर्नुहुने भएकोले, उहाँको विरुद्धमा रहेका सबै पापकर्महरूलाई उहाँले तिरस्कार गर्नुहुने भएकोले अनि उहाँको पवित्र र निष्कलङ्क सारको कारण परमेश्वरमा यस प्रकारको धर्मी स्वभाव हुन्छ। यही कारणले गर्दा उहाँले सृष्टि गरिएको वा नगरिएको कुनै पनि प्राणीले खुलेआम उहाँको विरोध गरेको वा उहाँसँग होडबाजी गरेको पीडा सहनुहुनेछैन। उहाँले कुनै बेला कृपा देखाउनुभएको वा उहाँले चुन्नुभएको व्यक्तिले समेत उहाँको स्वभावलाई एक पटक चिढ्याउनु र उहाँका धैर्यता र सहनशीलताका सिद्धान्तहरूलाई भङ्ग मात्रै गर्नुपर्छ, अनि अलिकति कृपा वा हिचकिचाहटविना नै उहाँले कुनै पनि उल्लङ्घन सहन नगर्ने आफ्नो धर्मी स्वभावलाई खुला छाडी प्रकट गर्नुहुनेछ।

**परमेश्वरको क्रोध न्यायका सबै शक्ति र सबै सकारात्मक कुराहरूको निम्ति सुरक्षा हो**

परमेश्वरका बोली-वचन, विचार र कार्यहरूका यी उदाहरणहरूलाई बुझेर, के तैँले परमेश्वरको धर्मी स्वभाव, अर्थात् मानिसको अपमान नसहने स्वभावलाई बुझ्न सक्छस्? छोटकरीमा भन्दा, तैँले यसलाई जति धेरै बुझ्न सके पनि, यो परमेश्वर स्वयम्‌को स्वभावको एउटा पक्ष हो, र यो उहाँमा मात्र पाइने अद्‌वितीय कुरा हो। उल्लङ्घनप्रतिको परमेश्वरको असहनशीलता नै उहाँको अद्‌वितीय सार हो; परमेश्वरको क्रोध उहाँको अद्‌वितीय स्वभाव हो; परमेश्वरको प्रताप उहाँको अद्‌वितीय सार हो। परमेश्वरको रिसपछाडिको सिद्‌धान्त भनेको उहाँको पहिचान र हैसियतको प्रदर्शन हो, जुन उहाँमा मात्रै छ। यो सिद्‌धान्त अद्‌वितीय परमेश्वर स्वयम्‌को सारको प्रतीक पनि हो भनेर भनिरहनु पर्दैन। परमेश्वरको स्वभाव उहाँको आफ्नै अन्तर्निहित सार हो, जुन समयको बहावद्‌वारा परिवर्तन हुँदै-हुँदैन, न त भौगोलिक अवस्थितिद्‌वारा नै बदलिन्छ। उहाँको अन्तर्निहित स्वभाव नै उहाँको अन्तर्निहित सार हो। उहाँले जसमाथि आफ्नो काम गर्नुभए तापनि, उहाँको सार परिवर्तन हुँदैन, न त उहाँको धर्मी स्वभाव नै परिवर्तन हुन्छ। जब कसैले परमेश्वरलाई रिस उठाउँछ, तब परमेश्वरले जे प्रकट गर्नुहुन्छ त्यो उहाँको अन्तर्निहित स्वभाव हो; त्यस बेला उहाँको रिसको पछाडिको सिद्‌धान्त परिवर्तन हुँदैन, न त उहाँको अद्‌वितीय पहिचान र हैसियत नै परिवर्तन हुन्छ। उहाँको सारको परिवर्तनको कारण वा उहाँको स्वभावबाट फरक-फरक तत्वहरू उत्पन्न हुने कारणले उहाँरिसाउनुहुन्‍न, बरु उहाँविरुद्‌ध मानिसले गरेको विरोधले उहाँको स्वभावलाई चिढ्याउने हुनाले उहाँ रिसाउनुहुन्छ। मानिसद्‌वारा परमेश्वरलाई हुने खुल्ला उक्साहट परमेश्वरको आफ्नै पहिचान र हैसियत प्रतिको गम्भीर चुनौती हो। परमेश्वरको दृष्टिकोणमा, जब मानिसले उहाँलाई चुनौती दिन्छ, तब मानिसले उहाँसँग होडबाजी गरिरहेको हुन्छ र उहाँको रिसको परीक्षा लिइरहेको हुन्छ। जब मानिसले परमेश्वरको विरोध गर्छ, जब मानिसले परमेश्वरसँग होडबाजी गर्छ, जब मानिसले निरन्तर रूपमा परमेश्वरको रिसको परीक्षा लिन्छ–र पापको बिगबिगी बढ्ने समयमा यस्तो हुन्छ–तब परमेश्वरको क्रोध प्राकृतिक रूपमै प्रकट हुनेछ र आफै प्रस्तुत हुनेछ। त्यसकारण, परमेश्वरले आफ्नो क्रोध प्रकट गर्नु भनेको सारा दुष्ट शक्तिहरू अस्तित्वमा रहन छोड्‌नेछन् भन्ने कुराको प्रतीक हो, र यो सारा शत्रुवत् शक्तिहरूलाई नष्ट गरिनेछ भन्ने कुराको पनि प्रतीक हो। यो परमेश्वरको धर्मी स्वभाव, र परमेश्वरको क्रोधको अद्‌वितीयपन हो। जब परमेश्वरको गरिमा र पवित्रतालाई चुनौती दिइन्छ, जब न्यायका शक्तिहरूमा मानिसले बाधा पुर्‍याउँछ र उसले तिनलाई देख्दैन, तब परमेश्वरले आफ्नो क्रोध वर्षाउनुहुनेछ। परमेश्वरको सारको कारणले गर्दा, परमेश्वरसँग लड्‌ने, र उहाँसँग संघर्ष गर्ने र होडबाजी गर्ने पृथ्वीका ती सबै शक्तिहरू दुष्ट, भ्रष्ट र अन्यायी हुन्; तिनीहरू शैतानबाट आउँछन् र शैतानकै स्वामित्वमा हुन्छन्। परमेश्वर न्यायी हुनुहुन्छ र ज्योतिमय एवं कुनै त्रुटि नभएको पवित्र हुनुहुन्छ, त्यसकारण परमेश्वरको क्रोध वर्षिएपछि दुष्ट, भ्रष्ट र शैतानको स्वामित्वमा रहेका सबै कुराहरू लोप हुनेछन्।

परमेश्वरको क्रोध खन्याउने कार्य उहाँको धर्मी स्वभावको अभिव्यक्तिको एउटा पक्ष भए तापनि, परमेश्वरको रिसले कुनै पनि हालतमा अन्धाधुन्ध यसको निशाना तोक्दैन, न त यो सिद्‌धान्तविहीन

नै छ। यसको विपरीत, परमेश्‍वर रिस गर्नमा छिटो हुनुहुन्‍न, न त उहाँले आफ्नो क्रोध र प्रताप हल्का रूपमा नै प्रकाश गर्नुहुन्छ। अझ भन्‍ने हो भने, परमेश्‍वरको क्रोध नियन्त्रित र संयमित हुन्छ; यसलाई प्रचुर रिसमा जल्‍ने वा आफ्नो रिसको आवेगमा पर्ने मानिसको बानीसँग तुलना गर्न सकिँदैन। मानिस र परमेश्‍वरको बीचमा भएका धेरै कुराकानीलाई बाइबलमा लेखिएका छन्। कुराकानीहरूमा संलग्‍न कतिपय व्यक्तिगत मानिसहरूका शब्दहरू सतही, अज्ञानी र अपरिपक्‍व थिए, तर परमेश्‍वरले तिनीहरूलाई प्रहार गरेर लडाउनुभएन, न त उहाँले तिनीहरूलाई दोषी नै ठहराउनुभयो। विशेष रूपमा, अय्यूबको परीक्षाको बेलामा, अय्यूबका तीन जना साथीहरू र अरूले अय्यूबसँग बोलेका शब्दहरू सुनिसक्नुभएपछि यहोवा परमेश्‍वरले तिनीहरूलाई कस्तो व्यवहार गर्नुभयो? के उहाँले तिनीहरूलाई दोषी ठहराउनुभयो? के उहाँ तिनीहरूप्रति क्रोधित हुनुभयो? उहाँले त्यस्तो केही पनि गर्नुभएन! बरु उहाँले अय्यूबलाई तिनीहरूका लागि बिन्ती गरिदिन र तिनीहरूका लागि प्रार्थना गरिदिन लगाउनुभयो, अनि परमेश्‍वर स्वयम्‌ले तिनीहरूको गल्तीलाई मनमा राख्नुभएन। यी सबै घटनाहरूले भ्रष्‍ट र अज्ञानी मानवजातिलाई परमेश्‍वरले व्यवहार गर्ने प्राथमिक मनोवृत्तिलाई प्रतिनिधित्व गर्छ। त्यसकारण, परमेश्‍वरको क्रोध पोखाइनु भनेको कुनै पनि हालतमा उहाँको मनस्थितिको अभिव्यक्ति होइन, न त यो उहाँले आफ्ना भावनाहरू पोख्ने तरिका नै हो। मानिसको गलत बुझाइको विपरीत, परमेश्‍वरको क्रोध रिसको पूर्ण प्रस्फुटन होइन। उहाँले आफ्नो मनस्थितिलाई नियन्त्रण गर्न नसक्‍ने हुनाले वा उहाँको रिस चरम विन्दुमा पुगेको र यसलाई पोखाइनै पर्ने भएकोले परमेश्‍वरले आफ्नो क्रोध पोखाउनुहुन्‍न। यसको विपरीत, उहाँको क्रोध उहाँको धर्मी स्वभावको प्रदर्शन र सच्चा अभिव्यक्ति हो, र यो उहाँको पवित्र सारको रूपक प्रकाश हो। परमेश्‍वर क्रोध हुनुहुन्छ, र उहाँले कुनै पनि उल्लङ्घन सहनुहुन्‍न—यसो भन्‍नुको अर्थ, परमेश्‍वरको रिसले कारणहरूका बीचमा भिन्‍नता छुट्याउन सक्दैन वा यो सिद्धान्तहीन छ भन्‍ने होइन; कारणहरूका बीचमा भिन्‍नता नछुट्याउने प्रकारको प्रचुर रिसको असैद्धान्तिक, अनियमित आवेगलाई पूर्ण रूपमा दाबी गर्ने भनेको भ्रष्‍ट मानवजाति नै हो। मानवजातिसँग हैसियत भइसकेपछि, उसले प्रायजसो आफ्नो मनस्थितिलाई नियन्त्रण गर्न कठिन हुनेछ, त्यसकारण आफ्नो असन्तुष्टिलाई व्यक्त गर्ने र आफ्ना भावनाहरूलाई पोखाउने अवसरहरूको फाइदा लिनमा उसले आनन्द लिन्छ; आफ्नो क्षमतालाई प्रकट गर्न र उसको हैसियत र पहिचान सर्वसाधारण मानिसहरूको भन्दा फरक छ भनी अरूलाई देखाउन, उसले कुनै पनि स्पष्‍ट कारणविना नै प्रायजसो प्रचुर रिस पोखाउनेछ। अवश्य नै, कुनै पनि हैसियत नभएका भ्रष्‍ट मानिसहरूले पनि प्रायजसो नियन्त्रण गुमाउँछन्। तिनीहरूको निजी चासोहरूमा पर्ने क्षतिद्वारा नै प्रायजसो तिनीहरूको रिस पैदा भएको हुन्छ। तिनीहरूको आफ्नै हैसियत र गरिमालाई सुरक्षित गर्नको लागि, भ्रष्‍ट मानवजातिले प्रायजसो आफ्ना भावनाहरू पोखाउँछन् र आफ्नो अहङ्कारी स्वभावलाई प्रकट गर्छन्। पापको अस्तित्वको प्रतिरक्षा गर्न र त्यसलाई सदर गर्नको लागि मानिस रिसको आवेगमा आउनेछ र आफ्ना भावनाहरू पोखाउनेछ, र यी कार्यहरू मानिसले आफ्नो असन्तुष्टि व्यक्त गर्ने तरिकाहरू हुन्; तिनीहरू अशुद्धताहरू, युक्ति र षड्यन्त्रहरू, र मानिसको भ्रष्‍टता र दुष्‍टताले भरिएका हुन्छन्, अनि सबै कुराभन्दा बढी, तिनीहरू मानिसका उग्र महत्वाकांक्षा र इच्छाहरूले भरिएका हुन्छन्। जब दुष्‍टतासँग

न्यायको टक्कर हुन्छ, तब मानिसको रिस न्यायको अस्तित्वको प्रतिरक्षा गर्न वा यसलाई सदर गर्नको लागि निस्किँदैन; यसको विपरीत, जब न्यायका शक्तिहरूलाई चुनौती दिइन्छ, सताइन्छ र आक्रमण गरिन्छ, तब मानिसको मनोवृत्ति भनेको यसलाई बेवास्ता गर्ने, उम्केर जाने वा लुरुक्क भएर जाने किसिमको हुन्छ। तैपनि, दुष्टका शक्तिहरूको सामना गर्दा, मानिसले मिलनसार हुने, झुक्ने र सुमसुमाउने मनोवृत्ति देखाउँछ। त्यसकारण, मानिसको अभिव्यक्ति दुष्ट शक्तिहरू उम्कने बाटो, देहीय मानिसको उच्छृंखल र रोक्नै नसकिने दुष्ट बानीबेहोराको अभिव्यक्ति हो। तैपनि, जब परमेश्‍वरले आफ्नो क्रोध वर्षाउनुहुन्छ, दुष्ट शक्तिहरू रोकिनेछन्, मानिसलाई हानि गर्ने सारा पाप नियन्त्रित हुनेछन्, परमेश्‍वरको कार्यमा वाधा पुऱ्याउने सबै शत्रुवत् शक्तिहरूलाई स्पष्ट, अलग र श्रापित तुल्याइनेछ, जबकि परमेश्‍वरको विरोध गर्ने शैतानका सबै मतियारहरूलाई दण्ड दिइनेछ र उखलेर फ्याँकिनेछ। तिनीहरूको स्थानमा, परमेश्‍वरको कार्य कुनै पनि वाधाहरूविना अघि बढ्नेछ, समय-तालिकाअनुसार नै परमेश्‍वरको व्यवस्थापन चरणबद्ध रूपमा निरन्तर विकसित हुनेछ, अनि परमेश्‍वरका चुनिएका मानिसहरू शैतानको बाधा र छलबाट मुक्त हुनेछन्, जबकी परमेश्‍वरलाई पछ्याउनेहरूले शान्त र शान्तिपूर्ण अवस्थितिहरूमा परमेश्‍वरको नेतृत्व र भरणपोषण प्राप्त गर्नेछन्। परमेश्‍वरको क्रोध सारा दुष्ट शक्तिहरूलाई वृद्धि र व्याप्त हुनबाट रोक्ने सुरक्षा हो, र यो न्यायसंगत र सकारात्मक सारा कुराहरूको अस्तित्व र वृद्धिलाई रक्षा गर्ने, अनि तिनीहरूलाई थिचोमिचो र विनाशबाट अनन्त रूपमा संरक्षण गर्ने सुरक्षा पनि हो।

परमेश्‍वरले सदोम नष्ट गर्नुभएको घटनामा के तिमीहरूले उहाँको क्रोधको सारलाई देख्न सक्छौ? के उहाँको क्रोधमा अन्य कुनै कुरा समावेश छ? के परमेश्‍वरको क्रोध शुद्ध छ? मानिसका शब्दहरू प्रयोग गरी भन्दा, के परमेश्‍वरको क्रोधमा अन्य तत्वहरूको मिश्रण छ? उहाँको क्रोधको पछाडि कुनै धोका हुन्छ? के कुनै षडयन्त्र हुन्छ? के कुनै अकथनीय रहस्यहरू हुन्छन्? म तिमीहरूलाई कडाइका साथ र सत्यनिष्ठापूर्वक बताउन सक्छु: परमेश्‍वरको क्रोधमा त्यस्तो कुनै भाग छैन जसले शङ्का पैदा गर्न सक्छ। उहाँको रिस शुद्ध, अन्य तत्वहरूको मिश्रण नभएको विशुद्ध रिस हो जसमा अरू कुनै अभिप्राय वा उद्देश्य हुँदैन। उहाँको रिसपछाडिका कारणहरू शुद्ध, निष्खोट र आलोचना गर्न नसकिने हुन्छ। यो उहाँको पवित्र सारको प्राकृतिक प्रकाश र प्रकटीकरण हो; यो सारा सृष्टिको कुनै पनि थोकमा नभएको कुरा हो। यो परमेश्‍वरको अद्वितीय धर्मी स्वभावको भाग हो, र यो सृष्टिकर्ताको सार र उहाँको सृष्टिको सारबीचमा रहेको स्पष्टै देखिने भिन्नता पनि हो।

कुनै व्यक्ति अरूलाई देख्दा रिसाए पनि वा तिनीहरूको पछाडि रिसाए पनि, हरेक व्यक्तिको रिसको फरक अभिप्राय र उद्देश्य हुन्छ। सायद तिनीहरूले आफ्नो प्रतिष्ठा निर्माण गरिरहेका हुन्छन्, वा सायद तिनीहरूले तिनीहरूका आफ्नै रुचिहरूको प्रतिरक्षा गरिरहेका हुन्छन्, तिनीहरूको इज्जत वा मान-सम्मान कायम राखिरहेका हुन्छन्। कतिले आफ्नो रिसलाई काबुमा राख्ने प्रयास गर्छन् भने, अरूचाहिँ बढी हतार गर्छन् र कुनै पनि नियन्त्रण नगरी आफ्नो रिस जता मन लाग्यो त्यतै पोखाउँछन्। छोटकरीमा भन्दा, मानिसको रिस उसको भ्रष्ट स्वभावबाट आउँछ। यसको उद्देश्य जे भए पनि, यो उसको देह र प्रकृतिबाट आएको हुन्छ; न्याय वा अन्यायसँग यसको कुनै सम्बन्ध

हुँदैन किनभने मानिसको प्रकृति सारको कुनै पनि कुरा सत्यतासँग मिल्दैन। त्यसकारण, भ्रष्ट मानवजातिको रिस र परमेश्‍वरको क्रोधलाई उही रूपले उल्लेख गर्नु हुँदैन। शैतानद्वारा भ्रष्ट तुल्याइएको मानिसको बानीबेहोरा भ्रष्टतालाई रक्षा गर्ने इच्छाबाट सुरु हुन्छ, र यो वास्तवमा नै भ्रष्टतामा आधारित हुन्छ, यसमा कुनै अपवाद छैन; त्यसकारण, सिद्धान्तको हिसाबले मानिसको रिस जति नै उचित देखिए पनि मानिसको रिसलाई परमेश्‍वरको क्रोधसँग उही रूपमा उल्लेख गर्न सकिँदैन। जब परमेश्‍वरले आफ्नो क्रोध वर्षाउनुहुन्छ, तब दुष्ट शक्तिहरू नियन्त्रित हुन्छन् र दुष्ट कुराहरू नष्ट हुन्छन्, जबकि न्यायसंगत र सकारात्मक कुराहरूले परमेश्‍वरको हेरचाह र सुरक्षा प्राप्त गर्न पुग्छन् र तिनीहरूलाई निरन्तर रहन दिइन्छ। परमेश्‍वरले आफ्नो क्रोध वर्षाउनुहुन्छ किनभने अन्यायी, नकारात्मक र दुष्ट कुराहरूले न्यायसंगत र सकारात्मक कुराहरूको सामान्य क्रियाकलाप र विकासलाई रोक्ने, बिथोल्ने वा नष्ट गर्ने गर्छन्। परमेश्‍वरको रिसको उद्देश्य भनेको उहाँको आफ्नै हैसियत र पहिचानलाई सुरक्षा गर्नु होइन, बरु न्यायसंगत, सकारात्मक, सुन्दर र असल कुराहरूलाई रक्षा गर्नु हो, मानवजातिको सामान्य अस्तित्वको नियम र सुव्यवस्थालाई सुरक्षा गर्नु हो। परमेश्‍वरको क्रोधको मूल कारण यही हो। परमेश्‍वरको क्रोध उहाँको स्वभावको अत्यन्तै उचित, प्राकृतिक र साँचो प्रकाश हो। उहाँको क्रोधमा कुनै गोप्य अभिप्रायहरू हुँदैनन्, न त कुनै छल वा षड्यन्त्र नै हुन्छन्, इच्छाहरू, धूर्तता, शत्रुभाव, हिंसा, दुष्टता वा भ्रष्ट मानवजातिको अरू कुनै पनि साझा गुणहरू हुने कुरा त परै जाओस्। परमेश्‍वरले आफ्नो क्रोध वर्षाउनुभन्दा पहिले, उहाँले हरेक मामलाको सारलाई निकै स्पष्ट र पूर्ण रूपमा बुझिसक्नुभएको हुन्छ, र उहाँले पहिले नै यथार्थ, स्पष्ट परिभाषा र निष्कर्षहरू तयार गरिसक्नुभएको हुन्छ। यसैले, उहाँले गर्ने सबै कुरामा परमेश्‍वरको उद्देश्य उहाँको मनोवृत्ति जस्तै स्पष्ट हुन्छ। उहाँ बेवकुफ, अन्धो, आवेगशील, वा लापर्वाह हुनुहुन्‍न, र उहाँ अवश्य नै सिद्धान्तहीन हुनुहुन्‍न। परमेश्‍वरको क्रोधको व्यवहारिक पक्ष यही हो, र परमेश्‍वरको क्रोधको यही व्यवहारिक पक्षकै कारण मानवजातिले आफ्नो सामान्य अस्तित्व प्राप्त गरेको छ। परमेश्‍वरको क्रोधविना, मानवजाति अस्वाभाविक जीवन परिस्थितिहरूमा ओर्लनेथिए र न्यायसंगत, सुन्दर र असल सबै कुराहरू नष्ट हुनेथिए र अस्तित्वमा हुनेथिएनन्। परमेश्‍वरको क्रोधविना, सृष्टि गरिएका प्राणीहरूका कानूनहरू र नियमहरू तोडिनेथिए वा पूर्ण रूपमा उल्ट्याइने थिए। मानिसको सृष्टि भएदेखि नै, परमेश्‍वरले मानवजातिको सामान्य अस्तित्वलाई रक्षा गर्न र दिगो राख्नको लागि निरन्तर रूपमा आफ्नो धर्मी स्वभावको प्रयोग गर्नुभएको छ। उहाँको धर्मी स्वभावमा क्रोध र प्रताप हुने भएकोले, सारा दुष्ट मानिसहरू, वस्तु र चीजबीजहरू, अनि मानवजातिको सामान्य अस्तित्वलाई बाधा र हानी गर्ने सबै कुराहरूलाई उहाँको क्रोधको परिणामस्वरूप दण्डित, नियन्त्रित र नष्ट गरिन्छ। विगतका कैयौं सहस्त्राब्दीको अवधिमा, परमेश्‍वरको विरोध गर्ने र मानवजातिको व्यवस्थापन गर्ने परमेश्‍वरको कार्यमा शैतानका मतियार अनि नोकरहरूका रूपमा काम गर्ने सबै प्रकारका अशुद्ध र दुष्ट आत्माहरूलाई प्रहार गरी ढाल्न र नष्ट गर्नको लागि परमेश्‍वरले निरन्तर रूपमा आफ्नो धर्मी स्वभावको प्रयोग गर्नुभएको छ। यसरी, मानिसको मुक्तिसम्बन्धी परमेश्‍वरको कार्य सधैँ नै उहाँकै योजना अनुसार अघि बढेको छ। भन्‍नुको अर्थ, परमेश्‍वरको क्रोधको अस्तित्वको कारणले गर्दा, मानिसका सबैभन्दा धर्मी अभियानहरू कहिल्यै नष्ट भएका छैनन्।

अब परमेश्‍वरको क्रोधको सारको बारेमा तिमीहरूले बुझिसकेको हुनाले, तिमीहरूसँग शैतानको दुष्टतालाई कसरी छुट्‍याउने सो बारेमा निश्‍चय नै अझै राम्रो बुझाइ हुनुपर्छ!

**शैतान मानवीय, न्यायसंगत र चरित्रवान् देखिए पनि, शैतानको सार निर्दयी र दुष्ट छ**

शैतानले मानिसहरूलाई छल गरेर आफ्नो प्रतिष्ठा निर्माण गर्छ, र यसले बारम्बार आफैलाई धार्मिकताको अग्रगामी र आदर्शको रूपमा स्थापित गर्छ। धार्मिकताको रक्षा गर्ने झूटो बहाना गर्दै, यसले मानिसहरूलाई हानि गर्छ, तिनीहरूको प्राण निल्छ, अनि मानिसलाई अचेत बनाउन, धोका दिन र उक्साउन हरेक किसिमका माध्यमहरूको प्रयोग गर्छ। यसको उद्देश्य भनेको मानिसलाई यसका दुष्ट चाल स्वीकार गर्न र त्यसमा साथ दिन लगाउनु, परमेश्‍वरको अख्तियार र सार्वभौमिकताको विरोध गर्ने कार्यमा आफूसँगै मानिसलाई संलग्न गराउनु हो। तैपनि, जब कसैले यसका युक्तिहरू र षडयन्त्रहरूलाई देख्छ र यसका खराब विशेषताहरूलाई देख्छ, अनि जब कसैले यसद्वारा निरन्तर कुल्चिइन र यसद्वारा मूर्ख तुल्याइन वा यसको वशमा निरन्तर पर्न, वा यसैसँग दण्डित र नष्ट हुन चाहँदैन, तब त्यसको वास्तविक अनुहार प्रकट गर्नको लागि, अर्थात् दुष्ट, आक्रमक, कुरूप र जङ्गली अनुहार प्रकट गर्नको लागि पहिले सन्त का जस्तैलाग्ने त्यसका विशेषताहरू परिवर्तन गर्छ र त्यसको झूटो मुकुण्डोलाई च्यात्छ। त्यसलाई पछ्याउन इन्कार गर्ने र त्यसका दुष्ट शक्तिहरूको विरोध गर्नेहरू सबैलाई नाश गर्नेबाहेक यसले अरू केही चाहँदैन। यस विन्दुमा, शैतानले त्यसपछि फेरि विश्‍वासयोग्य, भद्र स्वरूप धारण गरिरहन सक्दैन; बरु, भेडाको भेषमा लुकेको यसको वास्तविक कुरूप र दुष्ट विशेषताहरू प्रकट हुन्छन्। शैतानका युक्तिहरूको वास्तविकता बाहिर आइसकेपछि र यसका साँचो विशेषताहरूको खुलासा भइसकेपछि, यो रिसले चूर हुनेछ र आफ्नो जङ्गलीपनलाई प्रकट गर्नेछ। यसपछि, मानिसहरूलाई हानि गर्ने र निल्ने यसको इच्छा झन्-झन् तीव्र मात्रै हुँदै जानेछ। किनभने जब मानिस सत्यतामा बिउँझिन्छ तब यो रिसले चूर हुन्छ, अनि स्वतन्त्रता र ज्योतिको तृष्णा गर्ने अनि त्यसको कैदबाट मुक्त हुने मानिसको आकाङ्क्षाप्रति त्यसले शक्तिशाली प्रतिकारको भावना विकसित गर्छ। त्यसको रिसको अभिप्राय भनेको त्यसको दुष्टताको प्रतिरक्षा गर्न र त्यसलाई कायम गराउनको लागि हो, र यो त्यसको जङ्गली प्रकृतिको साँचो प्रकटीकरण पनि हो।

हरेक मामलामा, शैतानको बानीबेहोराले यसको दुष्ट प्रकृतिलाई उदाङ्गो पार्छ। शैतानले मानिसमा गर्ने सबै दुष्ट कार्यहरूमध्ये—मानिसलाई बहकाएर त्यसको पछि लाग्ने तुल्याउने त्यसको प्रारम्भिक प्रयासदेखि, यसले मानिसलाई त्यसका दुष्कर्महरूमा घिस्याउँदै लगेर गरेको शोषणसम्म, अनि यसका साँचो विशेषताहरूलाई उदाङ्गो पारिसकिएपछि र मानिसले यसलाई पहिचान गरेर त्यागिसकेपछि मानिसविरुद्धको यसको प्रतिकारसम्म—यीमध्ये एउटै पनि कार्यले शैतानको दुष्ट सारलाई उदाङ्गो पार्न चुक्दैन, न त सकारात्मक कुराहरूसँग शैतानको कुनै सम्बन्ध छैन र सारा दुष्ट कुराहरूको स्रोत शैतान नै हो भन्ने तथ्य प्रमाणित गर्न नै चुक्छ। त्यसका हरेक कार्यहरूले त्यसको दुष्टतालाई रक्षा गर्छ, त्यसका दुष्ट कार्यहरूको निरन्तरता कायम राख्छ, न्यायसंगत र सकारात्मक कुराहरूको विरुद्धमा जान्छ, र मानवजातिको सामान्य अस्तित्वका कानूनहरू र

व्यवस्थालाई नष्ट गर्छ। शैतानका यी कार्यहरू परमेश्‍वरको विरुद्ध छन्, र तिनीहरूलाई परमेश्‍वरको क्रोधले नष्ट गर्नेछ। शैतानको आफ्नै रिस भए तापनि, यसको रिस भनेको यसको दुष्ट प्रकृतिलाई पोखाउने माध्यम मात्रै हो। शैतान किन भड्किन्छ र क्रोधित हुन्छ त्यसको कारण यही हो: त्यसका अकथनीय युक्तिहरूलाई खुलासा गरिएको छ; त्यसका षडयन्त्रहरूलाई सहजै जान दिइएको छैन; परमेश्‍वरको प्रतिस्थापन गर्ने र परमेश्‍वरको रूपमा काम गर्ने यसको उग्र महत्वाकांक्षा र इच्छालाई प्रहार र अवरुद्ध गरिएको छ; अनि सारा मानवजातिलाई नियन्त्रण गर्ने यसको लक्ष्य अहिले व्यर्थ र कहिल्यै हासिल गर्न नसकिने भएको छ। शैतानका षडयन्त्रहरूलाई पूरा हुन नदिने र शैतानको दुष्टताको फैलावट र उच्छृङ्खलतालाई विफल तुल्याउने भनेको परमेश्‍वरले समय-समयमा धेरैपटक आह्वान गर्नुभएको उहाँको क्रोध नै हो। यही कारणले गर्दा, शैतानलाई परमेश्‍वरको क्रोधप्रति घृणा र डर दुवै छ। जब-जब परमेश्‍वरको क्रोध बाहिर निस्कन्छ, यसले शैतानको साँचो खराब स्वरूपलाई पर्दाफास गर्ने मात्र होइन, शैतानका दुष्ट इच्छाहरूलाई ज्योतिमा प्रकट पनि गर्छ, र त्यस प्रक्रियामा, मानवजातिविरुद्धका शैतानका रिसहरू उदाङ्गो पारिन्छन्। शैतानको रिसको प्रस्फुटन यसको दुष्ट प्रकृतिको साँचो प्रकाश र यसका युक्तिहरूको प्रकटीकरण हो। अवश्य नै, शैतानलाई रिस उठ्दा हरेक पटक यसले दुष्ट कुराहरूको विनाश र सकारात्मक कुराहरूको सुरक्षा र निरन्तरतालाई उदघोष गर्छ; यसले परमेश्‍वरको क्रोधलाई उल्लङ्घन गर्न सकिँदैन भन्ने सत्यता उदघोष गर्छ!

**परमेश्‍वरको धर्मी स्वभावलाई जान्नको लागि अनुभव र कल्पनामा भर पर्नु हुँदैन**

जब तैँले परमेश्‍वरको न्याय र सजायको सामना गरिरहेको हुन्छस्, के तैँले परमेश्‍वरको वचन अशुद्ध छ भनेर भन्नेछस्? के तैँले परमेश्‍वरको रिसको पछाडि कथा लुकेको छ, र यो अशुद्ध छ भनेर भन्नेछस्? के तैँले उहाँको स्वभाव पूर्ण रूपमा धर्मी नै छ भन्ने छैन भन्दै परमेश्‍वरको निन्दा गर्नेछस्? परमेश्‍वरका हरेक कार्यहरूको सामना गर्ने क्रममा, तँ पहिले परमेश्‍वरको धर्मी स्वभाव अरू कुनै तत्वहरूबाट मुक्त छ, यो पवित्र र त्रुटिविहीन छ भन्ने कुरामा निश्‍चित हुनैपर्छ। यी कार्यहरूमा परमेश्‍वरले मानवजातिलाई प्रहार गर्ने, दण्ड दिने र विनाश गर्ने कार्यहरू पर्दछन्। परमेश्‍वरको हरेक कार्यहरू विना कुनै अपवाद पूर्ण रूपमा उहाँको अन्तर्निहित स्वभाव र उहाँको योजनाअनुसार नै हुन्छन्, र तिनमा मानवजातिको ज्ञान, परम्परा र दर्शनको कुनै पनि भाग समावेश हुँदैन। परमेश्‍वरको हरेक कार्य उहाँको स्वभाव र सारको अभिव्यक्ति हो, जुन भ्रष्ट मानवजातिको स्वामित्वमा रहेको कुनै पनि कुरासँग सम्बन्धित हुँदैन। मानवजातिप्रतिको परमेश्‍वरको प्रेम, कृपा र सहनशीलता मात्रै त्रुटिविहीन, विशुद्ध र पवित्र छन् भन्ने धारणा मानवजातिमा छ, तर परमेश्‍वरको रिस र उहाँको क्रोध पनि त्यस्तै विशुद्ध छन् भनेर कसैलाई पनि थाहा छैन; यसको साथै, परमेश्‍वरले किन कुनै पनि उल्लङ्घन सहनुहुन्‍न, वा उहाँको रिस किन यति ठूलो छ भन्ने जस्ता प्रश्‍नहरूमा कसैले पनि चिन्तन गरेका छैनन्। यसको विपरीत, कतिपयले परमेश्‍वरको क्रोधलाई भ्रष्ट मानवजातिको रिसाहा स्वभाव जस्तै हो भनी ठान्छन्, अनि परमेश्‍वरको रिस भनेको भ्रष्ट मानवजातिको रिस त हो नि भनेर गलत बुझ्छन्। तिनीहरूले परमेश्‍वरको रिस मानवजातिको भ्रष्ट स्वभावको प्राकृतिक प्रकाश जस्तै हो र परमेश्‍वरको क्रोध प्रकट हुनु भनेको कुनै चित्त नबुझ्ने

परिस्थिति आइपर्दा भ्रष्ट मानिसहरूमा आउने रिस जस्तै हो भनेर गलत अनुमान गर्छन्, र परमेश्‍वरको क्रोध बाहिर आउनु भनेको उहाँको मनस्थितिको अभिव्यक्ति हो भन्‍ने विश्‍वास गर्छन्। म आशा गर्छु, यो सङ्गतिपछि तिमीहरू प्रत्येकमा परमेश्‍वरको धर्मी स्वभावको बारेमा अबउप्रान्त कुनै पनि भ्रमहरू, कल्पनाहरू वा अनुमानहरू हुनेछैनन्। मलाई आशा छ, मेरा वचनहरू सुनिसकेपछि तिमीहरूको हृदयमा परमेश्‍वरको धर्मी स्वभावको क्रोधको साँचो पहिचान हुनसक्छ, परमेश्‍वरको क्रोधसम्बन्धी पहिलेका कुनै पनि गलत बुझाइहरूलाई तिमीहरूले पन्छाउन सक्छौ, अनि तिमीहरूले परमेश्‍वरको क्रोधको सारसम्बन्धी तिमीहरूका आफ्ना गलत विश्‍वासहरू र दृष्टिकोणहरू परिवर्तन गर्न सक्छौ। यसको साथै, मलाई मलाई आशा छ, तिमीहरूको हृदयमा परमेश्‍वरको स्वभावसम्बन्धी यथार्थ परिभाषा हुनसक्छ, परमेश्‍वरको धर्मी स्वभावको बारेमा तिमीहरूसँग अब उप्रान्त कुनै शङ्का हुनेछैन, र परमेश्‍वरको साँचो स्वभावमा तिमीहरूले कुनै पनि मानवीय तर्क वा कल्पनाहरूलाई लाद्‌ने छैनौं। परमेश्‍वरको धर्मी स्वभाव परमेश्‍वरको आफ्नै साँचो सार हो। यो मानिसले लेखेको वा आकार दिएको कुरा होइन। उहाँको धर्मी स्वभाव भनेको उहाँको धर्मी स्वभाव नै हो र सृष्टिको कुनै पनि कुरासँग यसको सम्बन्ध वा सरोकार छैन। परमेश्‍वर स्वयम् भनेको परमेश्‍वर स्वयम् नै हुनुहुन्छ। उहाँ कहिल्यै पनि सृष्टिको हिस्सा बन्‍नुहुनेछैन, र उहाँ सृष्टि गरिएको प्राणीको सदस्य बन्‍नुभयो भने पनि, उहाँको अन्तर्निहित स्वभाव र सार परिवर्तन हुनेछैन। त्यसकारण, परमेश्‍वरलाई चिन्‍नु भनेको कुनै वस्तुलाई चिन्‍नुजस्तो होइन; परमेश्‍वरलाई चिन्‍नु भनेको कुनै पनि कुरालाई चिरफार गर्नु होइन, न त यो व्यक्तिलाई बुझ्नु जस्तो नै हो। यदि मानिसले परमेश्‍वरलाई चिन्‍नको लागि वस्तुलाई चिन्‍ने वा व्यक्तिलाई बुझ्ने आफ्नो अवधारणा वा विधिको प्रयोग गर्छ भने, तैँले कहिल्यै पनि परमेश्‍वरसम्बन्धी ज्ञान हासिल गर्न सक्‍नेछैनस्। परमेश्‍वरलाई चिन्‍ने कार्य अनुभव वा कल्पनामा निर्भर हुँदैन, त्यसकारण तैँले परमेश्‍वरमा कहिल्यै पनि आफ्नो अनुभव वा कल्पना लाद्‌नु हुँदैन; तेरो अनुभव र कल्पना जति नै अमूल्य भए तापनि, ती अझै पनि सीमित नै हुन्छन्। यति मात्र कहाँ होर, तेरो कल्पना तथ्यहरूसँग मेल खाँदैन, सत्यतासँग मेल खाने त कुरै नगरौं, अनि यो परमेश्‍वरको साँचो स्वभाव र सारसँग पनि मिल्दैन। यदि तँ परमेश्‍वरको सारलाई बुझ्नको लागि आफ्नो कल्पनामा भर पर्छस् भने तँ कहिल्यै पनि सफल हुनेछैनस्। एउटै मार्ग यही हो: परमेश्‍वरबाट आउने सबै कुरालाई स्वीकार गर्, त्यसपछि यसलाई क्रमिक रूपमा अनुभव गर् र बुझ्। तेरो सहकार्यको कारण अनि सत्यताप्रतिको तेरो भोक र तिर्खाको कारण उहाँलाई साँचो रूपमा बुझ्न र चिन्‍नको लागि परमेश्‍वरले तँलाई अन्तर्दृष्टि दिने दिन पनि आउनेछ। अनि यससँगै, हाम्रो कुराकानीको यो खण्डलाई हामी यहीँ समाप्त गरौं।

## मानवजातिले इमानदार पश्‍चात्तापमार्फत परमेश्‍वरको कृपा र सहनशीलता जित्छ

यसपछि "परमेश्‍वरले निनवेलाई मुक्ति दिनुभएको" बाइबलीय कथा आउँछ।

योना १:१-२ अब यहोवाको यसो भन्‍ने वचन अमित्तैका छोरा योनाकहाँ आयो, उठ्, त्यो ठूलो सहर निनवेमा जा र त्यसको विरुद्ध चिच्या; किनभने तिनीहरूको दुष्टता मेरो सामने आएको छ।

योना ३ अनि यहोवाको यसो भन्ने वचन दोस्रो पटक योनाकहाँ आयो, उठ्, त्यो ठूलो सहर निनवेमा जा र मैले तँलाई आज्ञा गरेको कुरा त्यसलाई प्रचार गर्। त्यसैले योना उठे, र यहोवाको वचनअनुसार निनवे गए। अब निनवे तीन दिनको यात्रा लाग्ने एउटा अत्यन्त ठूलो सहर थियो। अनि योना एक दिनको यात्रा गरी सहरभित्र प्रवेश गर्न लाग्दा, तिनले उच्च सोरमा भने, अबको चालीस दिनमा निनवेलाई नष्ट पारिनेछ। त्यसैले निनवेका मानिसहरूले परमेश्वरको वचनमा विश्वास गरे र उपवासको घोषणा गरे र ठूलादेखि सानासम्मले भाङ्ग्रा लगाए। किनभने निनवेका राजाकहाँ समाचार आयो, र उनी आफ्नो सिंहासनबाट उठे, उनले आफ्नो पोसाक फुकाले र भाङ्ग्रा लगाए अनि खरानीमा बसे। अनि उनले निनवेभरि राजा र उनका भारदारहरूको आदेशद्वारा यसो भनी घोषणा गर्न र जारी गर्न लगाए, न त मानिस न पशु, न गाइवस्तु न भेडाबाख्राले नै कुनै कुरा चाखोस्: तिनीहरूले नखाऊन्, पानी नपिऊन्: तर मानिस र पशुले भाङ्ग्रा लगाऊन् र परमेश्वरलाई उच्च सोरमा पुकारा गरून्: हो, तिनीहरू हरेक आ-आफ्ना दुष्ट मार्गबाट र तिनीहरूका हातमा भएका हिंसाबाट फर्कून्। कतै परमेश्वर मोडिनुहुन्छ र उहाँले मन फर्काउनुहुन्छ र उहाँ आफ्नो भयानक क्रोधबाट फर्कन सक्नुहुन्छ र हामी नष्ट नहौँला भनी कसले भन्नसक्छ? अनि परमेश्वरले तिनीहरू आफ्ना दुष्ट मार्गहरूबाट फर्केको तिनीहरूका कामहरू देख्नुभयो; र परमेश्वरले खराबी गर्नबाट मन बदल्नुभयो र उहाँले तिनीहरूलाई जे गर्छु भनी भन्नुभएको थियो त्यो गर्नुभएन।

योना ४ तर यसले योनालाई अत्यन्त अप्रसन्न तुल्यायो र तिनी निकै रिसाए। अनि तिनले यहोवासँग प्रार्थना गरे र भने, हे यहोवा, म तपाईंलाई बिन्ती गर्छु, के म मेरो देशमा हुँदा नै मेरो भनाई यही थिएन र? यसकारण, म पहिले तर्शीशतिर भागरे गएँ: किनभने मलाई थाहा थियो कि तपाईं अनुग्रही, दयालु, रिसाउनमा धिमा, अति कृपालु र खराबी गर्नबाट मन बदल्ने परमेश्वर हुनुहुन्छ। यसकारण अब, हे यहोवा, म तपाईंलाई बिन्ती गर्छु, मेरो जीवन लिनुहोस्; किनभने म जिउनुभन्दा त मर्नु नै बेस हुन्छ। त्यसपछि यहोवाले भन्नुभयो, के तैँले रिस गर्न मिल्छ? त्यसैले सहर के हुन्छ भनी नदेखेसम्म योना सहर बाहिर गए र सहरको पूर्वतिर एउटा छाप्रो बनाएर यसको छहारीमा बसे। अनि यहोवा परमेश्वरले एउटा लौका उमार्नुभयो र तिनलाई तिनको क्लेशबाट छुटकारा दिन यसलाई योनाभन्दा माथितिर आउन लगाउनुभयो, ताकि यो तिनको टाउकोमाथि छहारी हुन सकोस्। त्यसैले योना त्यो लौकासँग निकै प्रसन्न भए। तर भोलिपल्ट एकाबिहानै परमेश्वरले एउटा कीरा ल्याउनुभयो र यसले लौकालाई खाइदियो र यो ओइलायो। अनि सुर्य उदाएपछि, परमेश्वरले भयानक पूर्वीय बतास पठाउनुभयो; र घाम योनाको शिरमाथि पऱ्यो, ऊ मूर्छा पऱ्यो र मर्ने इच्छा गर्दै यसो भन्यो, म त जिउनुभन्दा मर्नु नै उत्तम हुन्छ। अनि परमेश्वरले योनालाई भन्नुभयो, के तँ लौकाको निम्ति रिसाउन उचित छ? तिनले भने, म मृत्युसम्म नै रिसाउँछु। त्यसपछि यहोवाले भन्नुभयो, तैँले जुन लौकाको निम्ति न त परिश्रम गरिस् न त त्यसलाई हुर्काइस् तँ त्यसको माया गर्छस्; जुन एकै रातमा आयो र एकै रातमा नष्ट भयो: अनि आफ्नो दाहिने हातबाट देब्रे हात छुट्टाउन नसक्ने एक लाख बीस हजारभन्दा बढी मानिसहरू र धेरै गाइवस्तुहरू भएको त्यो ठूलो सहर निनवेलाई मैले बचाउनु पर्दैन र?

**निनवेको कथाको सार-संक्षेप**

"परमेश्‍वरले निनवेलाई मुक्ति दिनुभएको" कथा छोटो भए पनि, यसले परमेश्‍वरको धर्मी स्वभावको अर्को पक्षको झलक देखाउँछ। त्यो पक्ष के हो सो बुझ्नको लागि, हामी धर्मशास्त्रमा फर्केर परमेश्‍वरले आफ्नो कामको सिलसिलमा गर्नुभएको एउटा कार्यलाई पुनरावलोकन गर्नुपर्छ।

सुरुमा हामी यस कथाको सुरुवातलाई हेरौं: "अब यहोवाको यसो भन्‍ने वचन अमित्तैका छोरा योनाकहाँ आयो, उठ्, त्यो ठूलो सहर निनवेमा जा र त्यसको विरुद्ध चिच्या; किनभने तिनीहरूको दुष्टता मेरो सामने आएको छ" (योना १:१-२)। धर्मशास्त्रको यो खण्डमा हामीले थाहा पाउँछौं कि यहोवा परमेश्‍वरले योनालाई निनवे सहर जाने आदेश दिनुभयो। उहाँले योनालाई किन यो सहरमा जान आदेश दिनुभयो त? यस विषयमा बाइबलले स्पष्ट रूपमा बताएको छ: यो सहरका मानिसहरूको दुष्टता यहोवा परमेश्‍वरको सामुन्‍ने आएको थियो, त्यसकारण उहाँले के गर्ने अभिप्राय राख्‍नुभएको छ भन्‍नेबारे तिनीहरूसामु घोषणा गर्नको निम्ति उहाँले योनालाई पठाउनुभयो। योना को थिए भनी बताउने कुनै अभिलेख नभए तापनि, अवश्य नै, यो परमेश्‍वरलाई चिन्‍ने कार्यसँग सम्बन्धित छैन, त्यसकारण तिमीहरूले उक्त मानिस, योनालाई चिन्‍नु आवश्यक छैन। परमेश्‍वरले योनालाई के गर्न आदेश दिनुभयो र परमेश्‍वरले त्यसो गर्नुका कारणहरू के थिए सो मात्रै तिमीहरूले बुझ्नु आवश्यक छ।

**यहोवा परमेश्‍वरको चेतावनी निनवेवासीकहाँ पुग्छ**

हामी योनाको पुस्तकको तेस्रो अध्यायको दोस्रो खण्डमा जाऔं: "अनि योना एक दिनको यात्रा गरी सहरभित्र प्रवेश गर्न लाग्दा, तिनले उच्च सोरमा भने, अबको चालीस दिनमा निनवेलाई नष्ट पारिनेछ।" यी वचनहरू निनवेवासीहरूलाई भन्‍नू भनी यहोवा परमेश्‍वरले योनालाई प्रत्यक्ष रूपमा दिनुभएका वचनहरू हुन्, त्यसकारण अवश्य नै, यहोवाले निनवेवासीहरूलाई भन्‍न चाहनुभएका वचनहरू यिनै हुन्। यी वचनहरूले मानिसहरूलाई के बताउँछ भने परमेश्‍वरले त्यस सहरका मानिसहरूलाई तिरस्कार गर्न र घृणा गर्न थाल्नुभएको थियो किनभने तिनीहरूको दुष्टता उहाँको नजरमा आएको थियो, त्यसकारण उहाँले त्यस सहरलाई नष्ट गर्न चाहनुहुन्थ्यो। तैपनि, परमेश्‍वरले त्यस सहरलाई नष्ट गर्नुभन्दा पहिले, उहाँले निनवेवासीकहाँ एउटा घोषणा गर्दै हुनुहुन्थ्यो, साथै तिनीहरूलाई तिनीहरूको दुष्टताको निम्ति पश्‍चात्ताप गर्ने र नयाँ सुरुवात गर्ने मौका दिन चाहँदै हुनुहुन्थ्यो। यो अवसर चालीस दिनसम्म रहनेवाला थियो, त्योभन्दा बढी होइन। अर्को शब्दमा भन्दा, यदि चालीस दिनभित्र त्यस सहरका मानिसहरूले पश्‍चात्ताप गरेनन्, तिनीहरूका पापहरूलाई स्वीकार गरेनन्, र तिनीहरू परमेश्‍वरको सामुन्‍ने लम्पसार परेनन् भने, परमेश्‍वरले त्यस सहरलाई सदोमलाई जस्तै नष्ट गर्नेवाला हुनुहुन्थ्यो। यहोवा परमेश्‍वरले निनवेका मानिसहरूलाई यही कुरा बताउन चाहनुभयो। स्पष्टै छ, यो त्यति सरल घोषणा थिएन। यसले यहोवा परमेश्‍वरको रिसलाई मात्रै व्यक्त गरेन, बरु यस सहरभित्र बसोबास गर्ने मानिसहरूको लागि एउटा गम्भीर चेतावनीको रूपमा काम गर्दै यसले निनवेवासीहरूप्रतिको उहाँको मनोवृत्ति पनि व्यक्त गर्‍यो। यो चेतावनीले तिनीहरूलाई तिनीहरूका दुष्कर्महरूको कारण तिनीहरूले यहोवा परमेश्‍वरको घृणा बटुलेका छन् र

यसले तुरुन्तै तिनीहरू स्वयम्‌को विनाश ल्याउनेछ भन्ने कुरा बतायो। त्यसकारण, निनवे सहरको हरेक निवासीको जीवन निकट खतरामा परेको थियो।

**यहोवा परमेश्‍वरको चेतावनीप्रति निनवेको प्रतिक्रिया र सदोमको प्रतिक्रियाबीचमा रहेको पूर्ण भिन्नता**

परास्त हुनु भनेको के हो? बोलीचालीको शब्दमा, यसको अर्थ अबउप्रान्त अस्तित्वमा नरहनु भन्ने हुन्छ। तर कस्तो तरिकाले? कसले सम्पूर्ण सहरलाई परास्त गर्न सक्छ? अवश्य नै मानिसले त्यस्तो काम गर्नु असम्भव हुन्छ। निनवेका मानिसहरू त्यति मूर्ख थिएनन्; तिनीहरूले यो घोषणा सुन्‍नेबित्तिकै सुइँको पाइहाले। तिनीहरूले यो घोषणा परमेश्‍वरबाट आएको हो भनी चिनिहाले, तिनीहरूले परमेश्‍वरले आफ्नो काम गर्नुहुँदै छ भन्ने जानिहाले, र तिनीहरूले तिनीहरूको दुष्टताले यहोवा परमेश्‍वरलाई क्रोधित तुल्याएको छ र उहाँको रिस तिनीहरूमाथि पोखिएको छ, त्यसकारण तिनीहरू चाँडै नै सहरसँगै नष्ट हुनेवाला छन् भन्ने भन्ने थाहा पाइहाले। यहोवा परमेश्‍वरको चेतावनी सुनेपछि त्यस सहरका मानिसहरूले कस्तो प्रतिक्रिया दिए त? राजादेखि सर्वसाधारणसम्मका मानिसहरूले कसरी प्रतिक्रिया दिए सो बारेमा बाइबलले विशेष विवरण दिएको छ। धर्मशास्त्रमा निम्न वचनहरू लेखिएका छन्: "त्यसैले निनवेका मानिसहरूले परमेश्‍वरको वचनमा विश्‍वास गरे र उपवासको घोषणा गरे र ठूलादेखि सानासम्मले भाङ्ग्रा लगाए। किनभने निनवेका राजाकहाँ समाचार आयो, र उनी आफ्नो सिंहासनबाट उठे, उनले आफ्नो पोसाक फुकाले र भाङ्ग्रा लगाए अनि खरानीमा बसे। अनि उनले निनवेभरि राजा र उनका भारदारहरूको आदेशद्‌वारा यसो भनी घोषणा गर्न र जारी गर्न लगाए, न त मानिस न पशु, न गाइवस्तु न भेडाबाख्राले नै कुनै कुरा चाखोस्: तिनीहरूले नखाऊन्, पानी नपिऊन्: तर मानिस र पशुले भाङ्ग्रा लगाऊन् र परमेश्‍वरलाई उच्च सोरमा पुकारा गरून्: हो, तिनीहरू हरेक आ-आफ्ना दुष्ट मार्गबाट र तिनीहरूका हातमा भएका हिंसाबाट फर्कून्।"

यहोवा परमेश्‍वरको घोषणा सुनिसकेपछि, निनवेका मानिसहरूले सदोमका मानिसहरूको भन्दा पूर्ण विपरीत मनोवृत्ति देखाए—सदोमका मानिसहरूले एकपछि अर्को दुष्ट कार्य गर्दै खुलेआम परमेश्‍वरको विरोध गरेका थिए भने, यी वचनहरू सुनिसकेपछि निनवेवासीले यस विषयलाई बेवास्ता गरेनन्, न त तिनीहरूले विरोध नै गरे। बरु, तिनीहरूले परमेश्‍वरलाई विश्‍वास गरे र उपवासको घोषणा गरे। यहाँ "विश्‍वास गरे" भन्ने शब्दको अर्थ के हुन्छ? यो शब्द आफैले विश्‍वास र समर्पणतालाई जनाउँछ। यदि यस शब्दलाई व्याख्या गर्नको लागि हामीले निनवेवासीहरूको वास्तविक व्यवहारलाई नै प्रयोग गर्‍यौं भने, यसको अर्थ परमेश्‍वरले आफूले जे भन्‍नुभएको छ त्यो गर्न सक्नुहुन्छ र गर्नुहुन्छ भनी तिनीहरू विश्‍वास गर्थे, र तिनीहरू पश्‍चात्ताप गर्न तत्पर थिए भन्ने हुन्छ। के निनवेका मानिसहरू आउन लागेको विपत्तिप्रति डराए? तिनीहरूको हृदयमा डर पैदा गर्ने कुरा तिनीहरूको विश्‍वास नै थियो। त्यसो भए, निनवेवासीहरूको विश्‍वास र डरलाई प्रमाणित गर्नको लागि हामी के कुराको प्रयोग गर्न सक्छौं त? यो बाइबलले भनेजस्तै छ: "तिनीहरूले उपवासको घोषणा गरे र ठूलादेखि सानासम्मले भाङ्ग्रा लगाए।" भन्‍नुको अर्थ निनवेवासीले साँचो रूपमा विश्‍वास गर्थे, र यही

विश्वासद्वारा डर आएको थियो, जसले तिनीहरूलाई पश्चाताप गर्ने र भाङ्ग्रा लगाउने तुल्यायो। तिनीहरूले पश्चात्ताप गर्न सुरु गरेका छन् भन्ने कुरालाई तिनीहरूले यसरी नै प्रस्तुत गरे। सदोमका मानिसहरूको पूर्ण विपरीत रूपमा, निनवेवासीले परमेश्वरको विरोध गरेनन् मात्र होइन, बरु तिनीहरूले त आफ्नो व्यवहार र कार्यद्वारा आफ्नो पश्चात्तापलाई स्पष्ट रूपमा पनि देखाए। अवश्य नै, यो कार्य सर्वसाधारणले मात्रै होइन, सारा निनवेका मानिसहरूले गरे—राजा पनि यसको अपवाद थिएनन्।

**निनवेका राजाको पश्चात्तापले यहोवा परमेश्वरको स्याबासी जित्छ**

जब निनवेका राजाले यो खबर सुने, तिनी आफ्नो सिंहासनबाट उठे, आफ्नो वस्त्र फुकाए, भाङ्ग्रा लगाए र खरानीमा बसे। त्यसपछि उनले सहरको कसैलाई पनि केही कुरा चाख्ने अनुमति छैन, र कुनै पनि भेडा, गोरु वा अरू कुनै पनि चौपायालाई चर्ने वा पानी पिउने अनुमति छैन भनेर घोषणा गरे। मानिस र चौपाया सबैले भाङ्ग्रा लगाउनुपर्नेथियो, र मानिसहरूले परमेश्वरसँग हृदयदेखि बिन्ती गर्नुपर्नेथियो। तिनीहरू प्रत्येकले आफ्ना दुष्ट मार्गहरूलाई छाड्नुपर्छ र आफ्ना हातका हिंसालाई त्याग्नुपर्छ भनेर पनि राजाले घोषणा गरे। यी श्रृंखलाबद्ध कार्यहरूबाट मूल्याङ्कन गर्दा, निनवेका राजाको हृदयमा साँचो पश्चात्ताप थियो भन्ने स्पष्ट हुन्छ। उनले गरेका श्रृंखलाबद्ध कार्यहरूले—आफ्नो सिंहासनबाट उठ्नु, आफ्नो लुगा फाल्नु, भाङ्ग्रा लगाउनु र खरानीमा बस्नुजस्ता कार्यहरूले—मानिसहरूलाई निनवेका राजाले आफ्नो राजकीय हैसियतलाई त्यागेर सर्वसाधारण मानिसहरूसँगै भाङ्ग्रा लगाइरहेका थिए भन्ने बताउँछ। भन्नुको अर्थ, यहोवा परमेश्वरको घोषणा सुनिसकेपछि, निनवेका राजाले आफ्नो दुष्ट मार्गलाई जारी राख्न आफ्नो राजकीय पदलाई ओगटिरहेनन् वा आफ्ना हातका हिंसालाई जारी राख्ने कार्य गरेनन्; बरु, तिनले आफ्नो अख्तियारलाई पन्छ्याए र यहोवा परमेश्वरको अघि पश्चात्ताप गरे। यस क्षणमा निनवेका राजाले राजाको रूपमा पश्चात्ताप गरिरहेका थिएनन्; तिनी परमेश्वरको सामान्य प्रजाको रूपमा पश्चात्ताप गर्न र आफ्ना पापहरू स्वीकार गर्न परमेश्वरको सामुन्ने आएका थिए। यसअलावा, तिनले सारा सहरलाई उनले जस्तै यहोवा परमेश्वरको सामुन्ने पश्चात्ताप गर्न र तिनीहरूका पापहरू स्वीकार गर्न लगाए; यसको साथै, तिनीसँग कसरी यसो गर्ने भन्नेबारेमा खास योजना थियो, जुन कुरालाई धर्मशास्त्रका खण्डहरूमा देखिन्छ: "न त मानिस न पशु, न गाइवस्तु न भेडाबाख्राले नै कुनै कुरा चाखोस्: तिनीहरूले नखाऊन्, पानी नपिऊन्: ... र परमेश्वरलाई उच्च सोरमा पुकारा गरून्: हो, तिनीहरू हरेक आ-आफ्ना दुष्ट मार्गबाट र तिनीहरूका हातमा भएका हिंसाबाट फर्कून्।" त्यस सहरका शासकका रूपमा, निनवेका राजासँग सर्वोच्च प्रतिष्ठा र शक्ति थियो, र तिनले आफूले चाहेको जे पनि गर्न सक्थे। यहोवा परमेश्वरको घोषणा सुनिसकेपछि, उनले त्यस विषलाई बेवास्ता गर्न वा एकलै पश्चात्ताप गर्न र आफ्ना पापहरू स्वीकार गर्न सक्थे; त्यस सहरका मानिसहरूले पश्चात्ताप गर्ने निर्णय गर्छन् कि गर्दैनन् भन्ने विषयलाई उनले पूर्ण रूपमा बेवास्ता गर्न सक्थे। तैपनि, निनवेको राजाले त्यसो गरेनन्। तिनले आफ्नो सिंहासनबाट उठेर, भाङ्ग्रा लगाई खरानीमा बसेर पश्चात्ताप गरी यहोवा परमेश्वरको सामुन्ने आफ्ना पापहरू स्वीकार मात्रै गरेनन्, बरु उनले त त्यस सहरका सबै मानिसहरू र चौपायालाई पनि त्यसै गर्ने आदेश दिए। तिनले मानिसहरूलाई

"परमेश्‍वरलाई उच्च सोरमा पुकारा गरून्।" आज्ञा पनि दिए। यो श्रृंखलाबद्‌ध कार्यहरूमार्फत, निनवेका राजाले एउटा शासकले पूरा गर्नुपर्ने कार्यलाई साँचो रूपमा पूरा गरे। तिनले गरेको श्रृंखलाबद्‌ध कार्य मानव इतिहासको कुनै पनि राजाले हासिल गर्नु कठिन थियो, र वास्तवमै, अरू कुनै पनि राजाले यी कुराहरू हासिल गर्न सकेनन्। यी कार्यहरूलाई मानव इतिहासका अभूतपूर्व कार्यहरू भन्‍न सकिन्छ, र यी कार्य मानवजातिले स्मरण र अनुकरण गर्न योग्य छन्। मानवको उदय भएदेखि नै, हरेक राजाले आफ्ना प्रजालाई परमेश्‍वरको प्रतिरोध र विरोध गर्न नेतृत्व गरेका थिए। कसैले कहिल्यै पनि आफ्ना प्रजालाई आफ्नो दुष्टताको निम्ति छुटकाराको खोजी गर्न, यहोवा परमेश्‍वरबाट माफी प्राप्‍त गर्न र आउन लागेको दण्डबाट जोगिनको लागि परमेश्‍वरलाई बिन्ती गर्ने कार्यमा नेतृत्व गरेको थिएनन्। तैपनि, निनवेका राजाले आफ्ना प्रजालाई परमेश्‍वरकहाँ फर्कन, तिनीहरूका आ-आफ्ना दुष्‍ट मार्गहरूलाई त्यागेर तिनीहरूका हातका हिंसालाई त्याग्‍न अगुवाइ गर्न सके। यसको साथै, तिनले आफ्नो सिंहासनलाई समेत पन्छाउन सके, परिणामस्वरूप, यहोवा परमेश्‍वरले आफ्नो मन परिवर्तन गर्नुभई खेद अनुभूति गर्नुभयो, उहाँको क्रोधलाई त्याग्‍नुभयो, अनि त्यस सहरका मानिसहरूलाई विनाशबाट बचाउनुहुँदै बाँच्‍न दिनुभयो। यी राजाका कार्यहरूलाई मानव इतिहासमा बिरलै हुने आश्‍चर्यकर्म मात्रै भन्‍न सकिन्छ, र भ्रष्‍ट मानवजातिले पश्‍चात्ताप गरेको र परमेश्‍वरको अघि आफ्ना पापहरू स्वीकार गरेको नमुना उदाहरण मात्रै पनि भन्‍न सकिन्छ।

**परमेश्‍वरले निनवेवासीहरूका हृदयको अन्तस्करणमा इमानदार पश्‍चात्तापलाई देख्‍नुहुन्छ**

परमेश्‍वरको घोषणा सुनिसकेपछि, निनवेका राजा र उनका प्रजाले श्रृंखलाबद्‌ध कार्यहरू गरे। यी कार्यहरू र तिनीहरूका व्यवहारको प्रकृति कस्तो थियो? अर्को शब्दमा भन्दा, तिनीहरूको आचरणको सम्पूर्णताको सार कस्तो थियो? तिनीहरूले जे गरे सो किन गरे त? परमेश्‍वरको नजरमा तिनीहरूले इमानदारिताका साथ पश्‍चात्ताप गरेका थिए किनभने तिनीहरूले परमेश्‍वरलाई सच्‍चा बिन्ती गरेर उहाँको अघि तिनीहरूका पाप स्वीकार गरेका मात्र होइन, बरु तिनीहरूले त आफ्ना दुष्‍ट आचरणलाई पनि त्यागेका थिए। तिनीहरूले यस्तो कार्य गरे किनभने परमेश्‍वरका वचनहरू सुनिसकेपछि, तिनीहरू अत्यन्तै भयभीत भए र तिनीहरूले उहाँले जे भन्‍नुभएको छ सो गर्नुहुनेछ भन्‍ने विश्‍वास गरे। उपवास बसेर, भाङ्ग्रा लगाएर अनि खरानीमा बसेर, तिनीहरूले आफ्ना मार्गहरूलाई सुधार गर्ने र दुष्‍टताबाट अलग बस्‍ने तिनीहरूका इच्छा व्यक्त गरे, अनि यहोवा परमेश्‍वरलाई उहाँको निर्णय र तिनीहरूमाथि विपत्ति वर्षाउने कार्यलाई फिर्ता लिन बिन्ती गर्दै, उहाँलाई उहाँको रिस रोक्‍न प्रार्थना गरे। यदि हामीले तिनीहरूका सबै व्यवहारलाई जाँच्यौं भने, हामी देख्‍न सक्छौं कि तिनीहरूले आफ्ना पहिलेका दुष्कर्महरू यहोवा परमेश्‍वरका निम्ति घृणास्पद थिए भन्‍ने बुझिसकेका थिए, अनि हामी देख्‍न सक्छौं कि तिनीहरूले आफूहरूलाई उहाँले किन चाँडै नाश पार्न लाग्‍नुभएको हो त्यसको कारण पनि बुझिसकेका थिए। यही कारणले गर्दा, तिनीहरू सबैले पूर्ण पश्‍चात्ताप गर्ने, दुष्‍ट मार्गहरूलाई छाड्ने र आफ्ना हातका हिंसालाई त्याग्‍ने इच्छा गरे। अर्को शब्दमा भन्दा, तिनीहरूले यहोवा परमेश्‍वरको घोषणाको बारेमा थाहा पाएपछि, तिनीहरू प्रत्येकले हृदयभित्र डरको अनुभूति गरे; तिनीहरूले आफ्ना दुष्‍ट व्यवहारलाई रोके र त्यसपछि फेरि कहिल्यै

पनि यहोवा परमेश्‍वरलाई अत्यन्तै घृणास्पद लाग्ने ती कार्यहरू गरेनन्‌। यसको साथै, तिनीहरूले यहोवा परमेश्‍वरलाई तिनीहरूका विगतका पाप क्षमा गर्न र तिनीहरूलाई तिनीहरूका विगतका कार्यहरूअनुसार व्यवहार नगर्न बिन्ती गरे। यदि यहोवा परमेश्‍वरलाई फेरि कहिल्यै क्रोधित नतुल्याउनु सम्भव छ भने, तिनीहरू फेरि कहिल्यै पनि दुष्टतामा संलग्न नहुन र यहोवा परमेश्‍वरका निर्देशनहरूअनुसार कार्य गर्न तत्पर थिए। तिनीहरूको पश्‍चात्ताप सच्चा र पूर्ण थियो। यो तिनीहरूको हृदयको अन्तस्करणबाट आएको थियो र यो सच्चा र स्थायी थियो।

राजादेखि सर्वसाधारणसम्मका, निनवेका सारा मानिसहरूले यहोवा परमेश्‍वर तिनीहरूप्रति रिसाउनुभएको छ भन्‍ने थाहा पाएपछि, तिनीहरू प्रत्येकले त्यसपछि गरेका हरेक कार्य र तिनीहरूको आचरणलाई, साथै तिनीहरूले गरेका हरेक निर्णय र छनौटहरूलाई परमेश्‍वरले स्पष्ट र सरल रूपमा देख्न सक्नुभयो। तिनीहरूका व्यवहारअनुसार परमेश्‍वरको हृदय परिवर्तन भयो। त्यस क्षणमा परमेश्‍वरको मनस्थिति कस्तो थियो? बाइबलले तेरो लागि त्यो प्रश्‍नको उत्तर दिन सक्छ। धर्मशास्त्रमा यी वचनहरू लेखिएका छन्: "अनि परमेश्‍वरले तिनीहरू आफ्ना दुष्ट मार्गहरूबाट फर्केको तिनीहरूका कामहरू देख्नुभयो; र परमेश्‍वरले खराबी गर्नबाट मन बदल्नुभयो र उहाँले तिनीहरूलाई जे गर्छु भनी भन्‍नुभएको थियो त्यो गर्नुभएन।" परमेश्‍वरले आफ्नो मन परिवर्तन गर्नुभएको भए पनि, उहाँको मनस्थितिमा केही पनि जटिलता थिएन। उहाँ केवल आफ्नो रिसलाई व्यक्त गर्ने अवस्थाबाट आफ्नो रिसलाई शान्त पार्ने अवस्थामा जानुभयो, र त्यसपछि निनवे सहरमाथि विपत्ति नल्याउने निर्णय गर्नुभयो। निनवेवासीलाई विपत्तिबाट बचाउने परमेश्‍वरको निर्णय त्यति छिटो आउनुको कारण परमेश्‍वरले हरेक निनवेवासीको हृदय अवलोकन गर्नु हो। उहाँले तिनीहरूले आफ्नो हृदयको अन्तस्करणमा के कुरालाई राखेका छन्‌ भन्‍ने देख्नुभयो: तिनीहरूका इमानदार पश्‍चात्ताप र तिनीहरूका पाप स्वीकार, उहाँमाथिको तिनीहरूका इमानदार विश्‍वास, तिनीहरूका दुष्ट कार्यले उहाँको स्वभावलाई कसरी क्रोधित तुल्याएको छ भन्‍नेबारेमा तिनीहरूको गहन अनुभूति, र यहोवा परमेश्‍वरबाट आउन लागेको दण्डको डर। यसको साथै, यहोवा परमेश्‍वरले तिनीहरूको प्रार्थना पनि सुन्‍नुभयो, जुन तिनीहरूले आफूहरू यो विपत्तिबाट बच्न सकौं भनेर, उहाँलाई अबउप्रान्त आफूहरूसँग नरिसाउन बिन्ती गर्दै आफ्नो हृदयको अन्तस्करणबाट गरेका थिए। जब परमेश्‍वरले यी सबै तथ्यहरूलाई अवलोकन गर्नुभयो, अलि-अलि गर्दै उहाँको रिस हराएर गयो। उहाँको रिस पहिले जति नै धेरै भए पनि, उहाँले यी मानिसहरूले हृदयको गहिराइमा गरेको इमानदार पश्‍चात्तापलाई देख्नुभएपछि यसले उहाँको हृदय छोयो, त्यसकारण उहाँले तिनीहरूमाथि विपत्ति ल्याउन सक्नुभएन, र उहाँ तिनीहरूसित रिसाउन छोड्नुभयो। बरु, उहाँले तिनीहरूलाई आफ्नो कृपा र सहनशीलता दिने कार्यलाई जारी राख्नुभयो र तिनीहरूलाई मार्गनिर्देश गर्ने र तिनीहरूलाई भरणपोषण गर्ने कार्यलाई जारी राख्नुभयो।

**यदि परमेश्‍वरमाथिको तेरो विश्‍वास साँचो छ भने, तैँले प्रायजसो उहाँको वास्ता प्राप्त गर्नेछस्‌**

निनवेका मानिसहरूप्रति परमेश्‍वरले आफ्ना अभिप्रायहरू परिवर्तन गर्नुहुँदा यसमा कुनै हिचकिचाहट वा कुनै अस्पष्ट वा धमिलो कुरा समावेश थिएन। बरु, यो त विशुद्ध रिसबाट विशुद्ध

सहनशीलतामा भएको रूपान्तरण थियो। यो परमेश्वरको सारको साँचो प्रकाश हो। आफ्ना कार्यहरूमा परमेश्वर कहिल्यै पनि ढलपल हुने वा हिचकिचाउने गर्नुहुन्‍न; उहाँका कार्यहरू पछाडिका सिद्धान्तहरू र उद्देश्यहरू सबै स्पष्ट र पारदर्शी, विशुद्ध र त्रुटिविहीन हुन्छन्, तिनमा कुनै पनि चालबाजी वा युक्तिहरू मिश्रित भएका हुँदैनन्। अर्को शब्दमा भन्दा, परमेश्वरको सारमा कुनै पनि अन्धकार वा दुष्टता हुँदैन। निनवेवासीहरूको दुष्ट कार्यहरू उहाँको नजरमा परेको हुनाले परमेश्वर तिनीहरूप्रति रिसाउनुभयो; त्यस बेला उहाँको रिस उहाँको सारबाट आएको थियो। तथापि, परमेश्वरले आफ्नो रिस नियन्त्रण गरेर निनवेका मानिसहरूलाई फेरि एक पटक सहनशीलता प्रदान गर्नुभएको बेला, उहाँले प्रकट गर्नुभएको सबै कुरा पनि उहाँको आफ्नै सार नै थियो। सम्पूर्ण रूपमा यो परिवर्तन परमेश्वरप्रतिको मानिसको मनोवृत्तिमा आएको परिवर्तनको कारणले गर्दा थियो। यो पूरै समयावधिमा, परमेश्वरको अनुल्लङ्घनीय स्वभाव परिवर्तन भएन, परमेश्वरको सहनशील सार परिवर्तन भएन, अनि परमेश्वरको प्रेमिलो र कृपालु सार परिवर्तन भएन। जब मानिसहरूले दुष्ट कार्यहरू गर्छन् र परमेश्वरको रिस उठाउँछन्, उहाँले तिनीहरूमाथि आफ्नो रिस वर्षाउनुहुन्छ। जब मानिसहरूले साँचो रूपमा पश्‍चात्ताप गर्छन्, परमेश्वरको हृदय परिवर्तन हुनेछ, अनि उहाँको रिस हट्नेछ। जब मानिसहरूले जिद्दी भई परमेश्वरको निरन्तर विरोध गर्छन्, उहाँको रिस रोकिनेछैन, र तिनीहरू नष्ट हुन्जेलसम्म तिनीहरूमाथि उहाँको क्रोध एक-एक गरी आइरहनेछ। परमेश्वरको स्वभावको सार यही हो। परमेश्वरले क्रोध वा कृपा र प्रेमिलो दयालुपन जे व्यक्त गरिरहनुभएको भए तापनि, परमेश्वरको स्वभावको प्रकाशमार्फत कुनचाहिँलाई व्यक्त गरिन्छ भन्‍ने कुरा मानिसले आफ्नो हृदयको अन्तस्करणमा राख्ने परमेश्वरप्रतिको चालचलन, बानीबेहोरा, र मनोवृत्तिले नै तय गर्छ। यदि परमेश्वरले कुनै व्यक्तिमा निरन्तर रूपमा आफ्नो रिस पोखाउनुहुन्छ भने, त्यस व्यक्तिको हृदयले परमेश्वरको विरोध गर्छ भन्‍नेमा कुनै शङ्का हुँदैन। यो व्यक्तिले साँचो रूपमा कहिल्यै पनि पश्‍चात्ताप गरेको, परमेश्वरको अघि आफ्नो शिर निहुराएको वा परमेश्वरमाथि साँचो विश्‍वास गरेको हुँदैन, त्यसकारण त्यस्ता व्यक्तिहरूले परमेश्वरको कृपा र सहनशीलतालाई कहिल्यै प्राप्त गरेका हुँदैनन्। यदि कसैले बारम्बार परमेश्वरको वास्ता, उहाँको कृपा, र उहाँको सहनशीलता प्राप्त गर्छ भने, निःसन्देह यो व्यक्तिको हृदयमा परमेश्वरमाथिको साँचो विश्‍वास हुन्छ, र तिनीहरूको हृदयले परमेश्वरको विरोध गर्दैन। यो व्यक्तिले बारम्बार परमेश्वरसामु साँचो रूपमा पश्‍चात्ताप गर्छ; त्यसकारण, यो व्यक्तिमा बारम्बार परमेश्वरको अनुशासन आइपर्ने भए तापनि, उहाँको क्रोध कहिल्यै आइपर्नेछैन।

यो छोटो विवरणले मानिसहरूलाई परमेश्वरको हृदय देख्‍न, उहाँको सारको यथार्थपन देख्‍न, परमेश्वरको रिस र उहाँको हृदयको परिवर्तन कारणविहीन हुँदैनन् भन्‍ने कुरा देख्‍न सहायोग गर्छ। उहाँ क्रोधित हुनुहुँदा र उहाँको हृदय परिवर्तन भएको बेला परमेश्वरले प्रदर्शन गर्नुभएको फरक-फरक आचरणले मानिसहरूलाई परमेश्वरको सारका यी दुई पक्षहरू, अर्थात् उहाँको रिस र उहाँको सहनशीलताको बीचमा ठूलो भिन्‍नता छ भन्‍ने विश्‍वास दिलाउँछ—तर यस ठूलो भिन्‍नताको बावजूद पनि, निनवेवासीको पश्‍चात्तापप्रतिको परमेश्वरको मनोवृत्तिले मानिसहरूलाई फेरि परमेश्वरको साँचो स्वभावको अर्को पक्ष देखाउँछ। परमेश्वरको परिवर्तन भएको हृदयले साँच्चै नै मानवजातिलाई फेरि पनि परमेश्वरको कृपा र प्रेमिलो-दयालुपनको सत्यता, र परमेश्वरको सारको साँचो प्रकाशलाई देख्‍ने

तुल्याउँछ। परमेश्‍वरको कृपा र प्रेमिलो-दयालुपन मिथ्या होइनन्, न त ती कुनै झूट हल्ला नै हुन् भन्‍ने कुरालाई स्वीकार गर्नेबाहेक मानवजातिसँग कुनै विकल्प छैन। किनभने त्यस क्षणको परमेश्‍वरको अनुभूति साँचो थियो, र परमेश्‍वरको हृदयको परिवर्तन पनि साँचो थियो–परमेश्‍वरले वास्तवमा मानवजातिमाथि फेरि पनि आफ्नो कृपा र सहनशीलता प्रदान गर्नुभयो।

**निनवेवासीले हृदयमा गरेको साँचो पश्‍चात्तापले परमेश्‍वरको कृपा जित्यो र तिनीहरूका आफ्नै परिणामलाई परिवर्तन गर्‍यो**

परमेश्‍वरको हृदयको परिवर्तन र उहाँको क्रोधबीचमा कुनै विरोधाभास थियो? अवश्य थिएन! किनभने परमेश्‍वरले त्यस खास समयमा प्रस्तुत गर्नुभएको सहिष्णुताको आफ्नै कारण थियो। यो कारण के हुन सक्छ? यो बाइबलमा दिइएकै कारण हो: "हरेक व्यक्तिले आफ्ना दुष्ट मार्ग छाडे" र "तिनीहरूका हातमा भएका हिंसाबाट फर्कून्।"

यो "दुष्ट मार्ग" ले एक-दुई वटा दुष्ट कार्यहरूलाई जनाउँदैन, यसले त मानिसहरूको व्यवहार पैदा हुने दुष्ट स्रोतलाई जनाउँछ। "आफ्नो दुष्ट मार्गबाट फर्कून्" भनेको यस्ता कार्य गर्ने मानिसहरूले फेरि कहिल्यै यस्ता कार्यहरू गर्नेछैनन् भन्‍ने हो। अर्को शब्दमा भन्दा, तिनीहरूले फेरि कहिल्यै यस्तो दुष्ट व्यवहार गर्नेछैनन्; तिनीहरूको कार्यको विधि, स्रोत, उद्‌देश्य, अभिप्राय र सिद्‌धान्त सबै परिवर्तन भएका छन्; तिनीहरूले आफ्नो हृदयमा आनन्द र खुशी ल्याउनको लागि ती विधि र सिद्‌धान्तहरूलाई फेरि कहिल्यै प्रयोग गर्नेछैनन्। "आफ्नो हातमा भएका हिंसाबाट फर्कून्।" भन्‍ने पदावलीको "फर्कून्" भन्‍ने शब्दले विगतलाई छोड्‌नु, वा पन्छ्याउनु, विगतसँग पूर्ण रूपमा सम्बन्ध तोड्‌नु र फेरि कहिल्यै पछि नफर्कनु भन्‍ने अर्थ दिन्छ। जब निनवेका मानिसहरूले आफ्ना हातका हिंसालाई त्यागे, यसले तिनीहरूको साँचो पश्‍चात्तापलाई प्रमाणित र प्रतिनिधित्व गर्‍यो। परमेश्‍वरले मानिसहरूको बाहिर रूपका साथै तिनीहरूको हृदयलाई अवलोकन गर्नुहुन्छ। जब परमेश्‍वरले निनवेवासीको हृदयको साँचो पश्‍चात्तापलाई कुनै प्रश्‍न नउठाई अवलोकन गर्नुभयो र तिनीहरूले आफ्ना दुष्ट मार्गहरूलाई र तिनीहरूको हातको हिंसालाई त्यागिसकेको अवलोकन गर्नुभयो, तब उहाँले आफ्नो हृदय परिवर्तन गर्नुभयो। भन्‍नुको अर्थ, यी मानिसहरूको आचरण र बानीबेहोरा अनि काम गर्ने विभिन्‍न तौरतरिका, साथै तिनीहरूले आफ्ना हृदयमा गरेको साँचो पश्‍चात्ताप र पापहरूको स्वीकारको कारणले गर्दा, परमेश्‍वरले आफ्नो हृदय परिवर्तन गर्नुभयो, आफ्ना अभिप्रायहरूलाई परिवर्तन गर्नुभयो, आफ्नो निर्णयलाई फिर्ता लिएर तिनीहरूलाई दण्ड नदिने वा नष्ट नगर्ने निर्णय गर्नुभयो। तसर्थ, निनवेका मानिसहरूले आफ्नो निम्ति फरक परिणाम हासिल गरे। तिनीहरूले आफ्नै जीवनलाई छुटकारा दिनुका साथै परमेश्‍वरको कृपा र सहनशीलता जिते, त्यसै बेला परमेश्‍वरले आफ्नो क्रोधलाई पनि त्याग्नुभयो।

**परमेश्‍वरको कृपा र सहनशीलता दुर्लभ छैनन्–मानिसको साँचो पश्‍चात्तापचाँहि दुर्लभ छ**

परमेश्‍वर निनवेवासीहरूसँग जति नै धेरै रिसाउनुभएको भए पनि, तिनीहरूले उपवासको घोषणा गरी भाङ्ग्रा लगाई खरानी घसेर बस्‍नेबित्तिकै, उहाँको हृदय कोमल हुन थाल्यो अनि उहाँले आफ्नो

मन परिवर्तन गर्न थाल्नुभयो। उहाँले तिनीहरूको सहर नष्ट गर्ने घोषणा गर्नुहुँदा—तिनीहरूले आफ्नो पापको स्वीकार र पश्चात्ताप गर्नुभन्दा पहिलेको क्षणमा—परमेश्‍वर तिनीहरूसँग अझै रिसाउनुभएको थियो। तिनीहरूले पश्चात्तापका श्रृंखलाबद्ध कार्यहरू गरिसकेपछि, निनवेका मानिसहरूप्रतिको परमेश्‍वरको रिस तिनीहरूप्रतिको कृपा र सहनशीलतामा परिवर्तन भयो। एउटै घटनामा परमेश्‍वरको स्वभावका यी दुई पक्षहरू एकैसाथ प्रकाश भएको भए पनि त्यो विरोधाभासपूर्ण भने छैन। त्यसैले, यस्तो विरोधाभास नहुनुलाई कसरी बुझ्नु र जान्नुपर्छ? निनवेका मानिसहरूले पश्चात्ताप गरेपछि परमेश्‍वरले यी दुई विपरीत-ध्रुवीय सारलाई व्यक्त र प्रकट गर्नुभयो, अनि मानिसहरूलाई परमेश्‍वरको सारको यथार्थता र रिस उठाउन नसकिने गुण देख्‍न दिनुभयो। मानिसहरूलाई निम्न कुराहरू बताउन परमेश्‍वरले आफ्नो मनोवृत्ति प्रयोग गर्नुभयो: परमेश्‍वरले मानिसहरूलाई सहनुहुन्‍न वा तिनीहरूलाई कृपा प्रदान गर्न चाहनुहुन्‍न भन्‍ने होइन; बरु, तिनीहरूले बिरलै परमेश्‍वरसामु साँचो रूपले पश्चात्ताप गर्छन्, र मानिसहरूले बिरलै आफ्ना दुष्ट मार्गहरू छाड्छन् र आफ्नो हातको हिंसालाई त्याग्छन् भन्‍ने हो। अर्को शब्दमा भन्दा, जब परमेश्‍वर मानिससित रिसाउनुहुन्छ, तब उहाँ मानिसले साँचो रूपमा पश्चात्ताप गर्न सक्नेछ भन्‍ने आशा गर्नुहुन्छ, अनि वास्तवमै उहाँ मानिसको साँचो पश्चात्ताप हेर्न चाहनुहुन्छ, र त्यस्तो अवस्थामा उहाँले मानिसलाई उदारताको साथ आफ्नो कृपा र सहनशीलता प्रदान गर्न जारी राख्‍नुहुनेछ। भन्‍नुको अर्थ, मानिसको दुष्ट चालले परमेश्‍वरको क्रोध प्राप्त गर्छ, जबकि परमेश्‍वरको कुरा सुन्‍ने र उहाँको अघि साँचो रूपमा पश्चात्ताप गर्नेहरूलाई, आफ्ना दुष्ट मार्गहरू छाड्न सक्ने र आफ्नो हातका हिंसा त्याग्‍न सक्नेहरूलाई परमेश्‍वरको कृपा र सहनशीलता प्रदान गरिन्छ। निनवेवासीहरूलाई उहाँले जस्तो व्यवहार गर्नुभएको थियो त्यसमा परमेश्‍वरको मनोवृत्ति अत्यन्तै स्पष्ट रूपमा प्रकट भएको थियो: परमेश्‍वरको कृपा र सहनशीलता प्राप्त गर्न कठिन छँदै-छैन, र उहाँले चाहनुहुने भनेको व्यक्तिको साँचो पश्चात्ताप नै हो। जबसम्म मानिसहरू आफ्ना दुष्ट मार्गहरू छाड्छन् र आफ्ना हातको हिंसालाई त्याग्छन्, तबसम्म तिनीहरूप्रति परमेश्‍वरले आफ्नो हृदय र मनोवृत्ति परिवर्तन गर्नुहुनेछ।

**सृष्टिकर्ताको धर्मी स्वभाव यथार्थ र स्पष्ट छ**

जब निनवेका मानिसहरूप्रति परमेश्‍वरको हृदय परिवर्तन भयो, तब के उहाँको कृपा र सहनशीलता देखावटी थियो? अवश्य थिएन! त्यसो भए परमेश्‍वरले यो एउटा परिस्थितिको सामना गर्ने क्रममा परमेश्‍वरको स्वभावको यी दुई पक्षमा एकदेखि अर्कोमा भएको परिवर्तनले के देखाइएको छ? परमेश्‍वरको स्वभाव पूर्ण रूपमा सिङ्गो छ—यो विभाजित छैन। उहाँले मानिसहरूप्रति रिस वा कृपा र सहनशीलता जे व्यक्त गरिरहनुभएको भए तापनि, यी सबै उहाँको धर्मी स्वभावका अभिव्यक्तिहरू हुन्। परमेश्‍वरको स्वभाव महत्त्वपूर्ण र स्पष्ट रूपमा देखिनेछ, र अवस्था जे-जसरी विकसित हुन्छन् त्यसरी नै उहाँले आफ्ना विचार र मनोवृत्तिहरूलाई परिवर्तन गर्नुहुन्छ। निनवेवासीहरूप्रतिको उहाँको मनोवृत्तिको रूपान्तरणले मानवजातिलाई उहाँसँग उहाँका आफ्नै सोचाइ र विचारहरू छन् भन्‍ने बताउँछ; उहाँ रोबोट वा माटोको मूर्ति हुनुहुन्‍न, जीवित परमेश्‍वर स्वयम् हुनुहुन्छ। उहाँ निनवेका मानिसहरूप्रति त्यसरी नै रिसाउन सक्नुहुन्थ्यो जसरी उहाँले तिनीहरूको

मनोवृत्तिको कारण तिनीहरूको विगतलाई क्षमा गरिदिन सक्नुभयो। उहाँले निनवेवासीहरूमाथि दुर्दशा ल्याउने निर्णय गर्न सक्नुहुन्थ्यो, र तिनीहरूको पश्चात्तापको कारण उहाँले आफ्नो निर्णय पनि परिवर्तन गर्न सक्नुहुन्थ्यो। मानिसहरू त्यसरी नै कठोर रूपमा नियमहरू लागू गर्न अनि त्यस्ता नियमहरू परमेश्वरलाई सीमांकित र परिभाषित गर्न प्रयोग गर्न चाहन्छन्, जसरी तिनीहरू परमेश्वरको स्वभाव बुझ्ने प्रयास गर्न सूत्रहरू प्रयोग गर्न चाहन्छन्। त्यसकारण, जहाँसम्म मानव सोचको कुरो छ, तिनीहरूलाई लाग्छ कि परमेश्वरले सोच्नुहुन्न, न त उहाँसँग कुनै अत्यावश्यक विचारहरू नै हुन्छन्। तर वास्तविकतामा, वस्तुहरू र वातावरणहरूमा आउने परिवर्तनहरूअनुसार परमेश्वरका विचारहरू अटुट रूपान्तरणको अवस्थामा हुन्छन्। यी विचारहरू रूपान्तरण हुँदै गर्दा, परमेश्वरको सारका फरक-फरक पक्षहरू प्रकट हुन्छन्। रूपान्तरणको यो प्रक्रियाको अवधिमा, परमेश्वरमा परिवर्तित हृदय भएकै क्षणमा, उहाँले मानवजातिलाई जे देखाउनुहुन्छ त्यो उहाँको जीवनको यथार्थ अस्तित्व हो, र उहाँको धर्मी स्वभाव गतिशील जीवन शक्तिले भरिपूर्ण छ। यसको साथै, परमेश्वरले उहाँको क्रोध, उहाँको कृपा, उहाँको प्रेमिलो दयालुपन, र उहाँको सहनशीलताको अस्तित्वको सत्यता मानवजातिसामु प्रमाणित गर्नको लागि उहाँले उहाँका आफ्नै साँचो प्रकाशहरू प्रयोग गर्नुहुन्छ। अवस्था जे-जसरी विकसित हुन्छन् त्यसैअनुसार कुनै पनि समय र कुनै पनि स्थानमा उहाँको सारलाई प्रकट गरिनेछ। उहाँमा सिंहको क्रोध र आमाको कृपा र सहनशीलता छ। उहाँको धर्मी स्वभावले कुनै पनि व्यक्तिलाई कुनै पनि सवाल उठाउन, उल्लंघन गर्न, परिवर्तन गर्न, वा बिगार्न दिँदैन। सबै मामला र सबै थोकमध्ये, परमेश्वरको धर्मी स्वभावलाई–अर्थात्, परमेश्वरको क्रोध र परमेश्वरको कृपालाई–कुनै पनि समय र कुनै पनि स्थानमा प्रकट गर्न सकिन्छ। उहाँले सारा सृष्टिको हरेक कुनामा यी पक्षहरूको अत्यावश्यक प्रकटीकरण गर्नुहुन्छ, र बितेर जाने हरेक क्षणमा उहाँले तिनलाई जीवन्त शक्तिको साथ कार्यान्वयन गर्नुहुन्छ। परमेश्वरको धर्मी स्वभाव समय वा स्थानद्वारा सीमित छैन; अर्को शब्दमा भन्दा, परमेश्वरको धर्मी स्वभाव समय वा स्थानका पाबन्दीअनुसार यान्त्रिक रूपमा होइन, बरु पूर्ण सहजताको साथ र सबै समय र स्थानमा व्यक्त वा प्रकट गरिन्छ। जब तैँले परमेश्वरको हृदय परिवर्तन भएको र उहाँले आफ्नो क्रोध व्यक्त गर्न छोड्नुभई निनवे सहरलाई नष्ट गर्नबाट पछि हट्नुभएको देख्छस्, के तँ परमेश्वर कृपालु र प्रेमिलो मात्र हुनुहुन्छ भनेर भन्न सक्छस्? के परमेश्वरको क्रोध खोक्रा शब्दहरूले बनेको छ भनेर भन्न सक्छस्? जब परमेश्वर भीषण क्रोधले चूर बन्नुहुन्छ र उहाँले आफ्नो कृपा फिर्ता लिनुहुन्छ, तब के तँ उहाँले मानवजातिप्रति कुनै साँचो प्रेमको अनुभूति गर्नुहुन्न भनेर भन्न सक्छस्? यो भीषण क्रोध मानिसहरूका दुष्ट कार्यहरूको प्रतिक्रियास्वरूप परमेश्वरले व्यक्त गर्नुहुन्छ; उहाँको क्रोध त्रुटिपूर्ण छैन। मानिसहरूको पश्चात्तापको प्रतिक्रियास्वरूप परमेश्वरको हृदयमा भावनाको स्पर्श हुन्छ, र यही पश्चात्तापले नै उहाँको हृदयमा परिवर्तन ल्याउँछ। जब उहाँले भावनाको स्पर्श महसुस गर्नुहुन्छ, जब उहाँको हृदय परिवर्तन हुन्छ, र जब उहाँले मानिसप्रति आफ्नो कृपा र सहनशीलता देखाउनुहुन्छ, यी सबै पूर्ण रूपमा त्रुटिविहीन हुन्छन्; ती चोखो, विशुद्ध, निष्खोट र मिश्रणरहित हुन्छन्। जसरी उहाँको कृपा, कृपाभन्दा अरू केही पनि होइन, त्यसरी नै परमेश्वरको सहनशीलता ठ्याक्कै त्यही हो:

सहनशीलता। उहाँको स्वभावले मानिसको पश्चात्ताप र मानिसको चालचलनमा आउने अन्तरहरूअनुसार क्रोध वा कृपा र सहनशीलतालाई प्रकट गर्छ। उहाँले जे प्रकट गर्नुभए पनि र जे व्यक्त गर्नुभए पनि, यो सबै विशुद्ध र प्रत्यक्ष हुन्छ; यसको सार सृष्टिको जुनसुकै कुराको सारभन्दा पृथक हुन्छ। जब परमेश्‍वरले उहाँका कार्यहरूका अन्तर्निहित सिद्धान्तहरू व्यक्त गर्नुहुन्छ, ती कुनै पनि त्रुटि वा दागहरूबाट मुक्त हुन्छन्, अनि उहाँका सोचहरू, उहाँका विचारहरू, र उहाँले गर्नुहुने हरेक निर्णय र उहाँले गर्नुहुने हरेक कार्य पनि त्यस्तै हुन्छन्। परमेश्‍वरले त्यसरी निर्णय गर्नुभएको हुनाले र उहाँले त्यसरी कार्य गर्नुभएको हुनाले, उहाँले आफ्ना काम-कार्यवाहीहरूलाई पनि त्यसरी नै पूरा गर्नुहुन्छ। उहाँका काम-कार्यवाहीहरूको स्रोत त्रुटिविहीन र निष्खोट भएकै कारणले ती सही र त्रुटिविहीन छन्। परमेश्‍वरको क्रोध त्रुटिविहीन छ। त्यसरी नै, परमेश्‍वरको कृपा र सहनशीलता–जुन सारा सृष्टिको बीचमा कसैसँग पनि छैन–पवित्र र त्रुटिविहीन छन्, र तिनले ध्यानपूर्वक गरिने सोचविचार र अनुभवलाई सामना गर्न सक्छन्।

निनवेको कथासम्बन्धी तेरो बुझाइबाट, के अब तिमीहरू परमेश्‍वरको धर्मी स्वभावको सारको अर्को पक्षलाई देख्छौ? के तिमीहरू परमेश्‍वरको अद्वितीय धर्मी स्वभावको अर्को पक्षलाई देख्छौ? के मानवजातिमाझ कसैसँग यस प्रकारको स्वभाव छ? के कसैमा यस प्रकारको क्रोध, परमेश्‍वरको क्रोध छ? के कसैसँग परमेश्‍वरसँग भएको जस्तो कृपा र सहनशीलता छ? सृष्टिमध्ये कसले त्यति भयंकर क्रोध आह्वान गरी मानवजातिलाई नष्ट गर्ने वा त्यसमाथि विपत्ति ल्याउने निर्णय गर्न सक्छ? मानिसलाई कृपा प्रदान गर्न, सहन र क्षमा गर्न, र यसरी मानिसलाई नष्ट गर्ने आफ्नो पहिलेको निर्णयलाई परिवर्तन गर्न को योग्य छ? सृष्टिकर्ताले आफ्नै अद्वितीय विधि र सिद्धान्तहरूमार्फत आफ्नो धर्मी स्वभाव व्यक्त गर्नुहुन्छ, र उहाँ कुनै पनि मानिसहरू, घटनाहरू, वा कुराहरूले लादेको नियन्त्रण वा प्रतिबन्धहरूको अधीनमा हुनुहुन्‍न। उहाँको अद्वितीय स्वभाव भएकोले, कसैले पनि उहाँका सोचाइ र विचारहरूलाई परिवर्तन गर्न सक्दैन, न त कसैले उहाँलाई मनाउन र उहाँका कुनै पनि निर्णयहरूलाई परिवर्तन गर्न नै सक्छ। सारा सृष्टिमा अस्तित्वमा रहेका बानीबेहोरा र विचारहरूको सम्पूर्णता उहाँको धर्मी स्वभावको न्यायअन्तर्गत अस्तित्वमा हुन्छन्। कसैले पनि उहाँले क्रोध वा कृपा के अभ्यास गर्नुहुन्छ सो नियन्त्रण गर्न सक्दैन; सृष्टिकर्ताको सारले मात्रै–वा अर्को शब्दमा भन्दा, सृष्टिकर्ताको धर्मी स्वभावले मात्रै–यसको निर्णय गर्न सक्छ। सृष्टिकर्ताको धर्मी स्वभावको अद्वितीय प्रकृति यही हो!

निनवेका मानिसहरूप्रति भएको परमेश्‍वरको मनोवृत्ति रूपान्तरणलाई विश्‍लेषण गरेर अनि बुझेर, के तिमीहरूले परमेश्‍वरको धर्मी स्वभावभित्र पाइने कृपालाई व्याख्या गर्न "अद्वितीय" शब्दको प्रयोग गर्न सक्छौ? परमेश्‍वरको क्रोध उहाँको अद्वितीय धर्मी स्वभावको सारको एउटा पक्ष हो भनेर हामीले यसअघि नै भनेका थियौं। अब म यी दुई वटा पक्षलाई–परमेश्‍वरको क्रोध र परमेश्‍वरको कृपालाई–उहाँको धर्मी स्वभावको रूपमा परिभाषित गर्नेछु। परमेश्‍वरको धर्मी स्वभाव पवित्र छ; यसले चिढ्याएको वा सवाल उठाएको सहँदैन; यो सृष्टि गरिएका वा सृष्टि नगरिएका प्राणीहरू कसैमा पनि नहुने कुरा हो। यो परमेश्‍वरमा मात्र लागू हुने अद्वितीय र अनन्य दुवै छ। भन्‍नुको अर्थ परमेश्‍वरको क्रोध पवित्र र अनुल्लङ्घनीय छ। त्यसरी नै,

परमेश्वरको धर्मी स्वभावको अर्को पक्ष–परमेश्वरको कृपा–पवित्र छ र यसलाई उल्लङ्घन गर्न सकिँदैन। सृष्टि गरिएका वा सृष्टि नगरिएका कुनै पनि प्राणीले उहाँका कामहरूमा परमेश्वरलाई प्रतिस्थापन वा प्रतिनिधित्व गर्न सक्दैन, न त कसैले सदोमको विनाश वा निनवेको मुक्तिमा उहाँलाई प्रतिस्थापन वा प्रतिनिधित्व गर्न नै सक्थ्यो। परमेश्वरको अद्‌वितीय धर्मी स्वभावको साँचो अभिव्यक्ति यही हो।

**मानवजातिप्रति सृष्टिकर्ताको सच्चा भावनाहरू**

मानिसहरू प्रायजसो परमेश्वरलाई चिन्नु त्यति सजिलो कुरा होइन भनेर भन्छन्। तैपनि, म भन्छु परमेश्वरलाई चिन्नु त्यति कठिन कुरा होइन, किनभने मानिसले देखोस् भनेर परमेश्वरले बारम्बार आफ्ना कार्यहरू देखाउनुहुन्छ। मानवजातिसँगको आफ्नो कुराकानीलाई परमेश्वरले कहिल्यै पनि रोक्नुभएको छैन, अनि उहाँले आफूलाई मानिसबाट कहिल्यै पनि ढाक-छोप गर्नुभएको छैन, न त उहाँले आफैलाई लुकाउनु नै भएको छ। उहाँका सोचाइहरू, उहाँका विचारहरू, उहाँका वचनहरू अनि उहाँका कार्यहरू सबै नै मानवजातिका निम्ति प्रकट गरिन्छन्। त्यसकारण, जबसम्म मानिसले परमेश्वरलाई चिन्ने चाहना गर्छ, उसले उहाँलाई सबै किसिमका माध्यमहरू र तरिकाहरूबाट बुझ्न र चिन्न सक्छ। मानिसले परमेश्वर जानी-जानी ऊबाट टाढा हुनुभएको छ, परमेश्वरले जानी-जानी आफूलाई मानवजातिबाट लुकाउनुभएको छ, उहाँलाई बुझ्न र चिन्न मानिसलाई दिने कुनै अभिप्राय परमेश्वरसँग छैन भनेर अन्धाधुन्ध विचार गर्नुको कारण के हो भने, परमेश्वर को हुनुहुन्छ भन्ने कुरा उसलाई थाहा छैन, न त उसले परमेश्वरलाई बुझ्ने इच्छा नै गर्छ। त्योभन्दा पनि बढी, मानिसले सृष्टिकर्ताका विचारहरू, वचनहरू वा कार्यहरूप्रति चासो नै दिँदैन...। साँचो रूपमा भन्दा, सृष्टिकर्ताको वचन वा कार्यहरूलाई ध्यान दिन र बुझ्नको लागि यदि व्यक्तिले आफ्नो फुर्सतको समय मात्रै प्रयोग गर्छ भने पनि, र सृष्टिकर्ताका विचारहरू र उहाँको हृदयको आवाजलाई तिनीहरूले थोरै मात्रै ध्यान दिन्छन् भने पनि, सृष्टिकर्ताका विचारहरू, वचनहरू, र कार्यहरू स्पष्ट र पारदर्शी छन् भन्ने कुराको महसुस गर्न त्यो व्यक्तिलाई कठिनाइ हुनेछैन। त्यसरी नै, सृष्टिकर्ता सँधै मानिसको बीचमा हुनुहुन्छ, उहाँ सँधै मानिस र सम्पूर्ण सृष्टिसँग कुराकानी गर्नुहुन्छ, र उहाँले हरेक दिन नयाँ-नयाँ कार्यहरू गरिरहनुभएको छ भन्ने महसुस गर्न त्यति धेरै प्रयासको आवश्यकता पर्नेछैन। उहाँको सार र स्वभाव मानिससँगको उहाँको कुराकानीमा व्यक्त हुन्छन्; उहाँका सोचाइहरू र विचारहरूलाई पूर्ण रूपमा उहाँका कार्यहरूमा प्रकट गरिन्छन्; उहाँले मानवजातिलाई सँधैभरि साथ दिनुहुन्छ र अवलोकन गर्नुहुन्छ। उहाँले आफ्ना शान्त वचनहरूद्‌वारा मानवजाति र सारा सृष्टिसँग बोल्नुहुन्छ: "म स्वर्गहरूमा छु, अनि म मेरा सृष्टिको बीचमा छु। म नियालिरहेको छु; म पर्खिरहेको छु; म तेरो छेउमा छु...।" उहाँका हातहरू न्यानो र दह्रिला छन्; उहाँका पाइलाहरू हल्का छन्; उहाँको आवाज कोमल र सोभामय छ; सारा मानवजातिलाई अङ्गाल्दै, उहाँको रूप बितेर जान्छ र परिवर्तन हुन्छ; उहाँको मुहार सुन्दर र कोमल छ। उहाँ कहिल्यै छोडेर जानुभएको छैन, कहिल्यै हराउनुभएको छैन। दिन र रात, उहाँ मानवजातिको साथ कहिल्यै नछोड्ने अटुट मित्र हुनुहुन्छ। उहाँले निनवे सहरलाई

बचाउनुहुँदा, मानवजातिको निम्ति उहाँको समर्पित हेरचाह र विशेष स्नेह, साथै मानिसको निम्ति उहाँको सच्चा चिन्ता र प्रेम एक-एक गरी प्रकट गरिए। निश्चित रूपमा, यहोवा परमेश्वर र योना बीचको कुराकानीले उहाँ स्वयमले सृष्टि गर्नुभएको मानवजातिप्रतिको सृष्टिकर्ताको स्नेहशीलतालाई पूर्ण रूपमा प्रकट गर्‍यो। वचनहरूद्वारा, तैँले मानवजातिको निम्ति परमेश्वरको सच्चा भावनाहरूका बारेमा गहन बुझाइ प्राप्त गर्न सक्छस् ...

निम्न खण्डलाई योनाको पुस्तक ४:१०-११ मा समावेश गरिएको छ: "त्यसपछि यहोवाले भन्नुभयो, तैँले जुन लौकाको निम्ति न त परिश्रम गरिस् न त त्यसलाई हुर्काइस् तँ त्यसको माया गर्छस्; जुन एकै रातमा आयो र एकै रातमा नष्ट भयो: अनि आफ्नो दाहिने हातबाट देब्रे हात छुट्ट्याउन नसक्ने एक लाख बीस हजारभन्दा बढी मानिसहरू र धेरै गाइवस्तुहरू भएको त्यो ठूलो सहर निनवेलाई मैले बचाउनु पर्दैन र?" यी परमेश्वर र योना बीचको कुराकानीबाट अभिलेख गरिएका यहोवा परमेश्वरका वास्तविक वचनहरू हुन्। यो कुराकानी छोटो भए तापनि, यो मानवजातिको निम्ति सृष्टिकर्ताको वास्ता अनि मानवजातिलाई त्याग्ने उहाँको अनिच्छाले भरिएको छ। यी वचनहरू आफ्नो सृष्टिको लागि परमेश्वरले आफ्नो हृदयमा राख्नुहुने साँचो मनोवृत्ति र भावनाहरूको अभिव्यक्ति हुन्। मानिसले बिरलै सुनेका स्पष्ट र सटीक यी वचनहरूद्वारा, परमेश्वरले मानवजातिको निम्ति आफ्ना साँचो अभिप्रायहरूलाई उल्लेख गर्नुहुन्छ। यो कुराकानीले निनवेका मानिसहरूप्रति परमेश्वरले राख्नुभएको मनोवृत्तिलाई प्रतिनिधित्व गर्छ—तर यो कस्तो प्रकारको मनोवृत्ति हो? तिनीहरूले पश्चात्ताप गर्नुभन्दा पहिले र पछि निनवेका मानिसहरूप्रति उहाँले राख्नुभएको मनोवृत्ति, र उहाँले मानवजातिलाई व्यवहार गर्ने मनोवृत्ति यही नै हो। यी वचनहरूभित्र उहाँका विचारहरू र उहाँको स्वभाव छन्।

यी वचनहरूमा परमेश्वरका के-कस्ता विचारहरू प्रकट गरिएका छन्? पढ्ने क्रममा तैँले विवरणहरूलाई ध्यान दिइस् भने, उहाँले "दया" भन्ने शब्दको प्रयोग गर्नुहुन्छ भन्ने कुरालाई पहिचान गर्न तँलाई कठिनाइ हुनेछैन; यो शब्दको प्रयोगले मानवजातिप्रतिको परमेश्वरको साँचो मनोवृत्तिलाई देखाउँछ।

ठेड अर्थको हिसाबमा हेर्दा, मानिसहरूले "दया" भन्ने शब्दलाई फरक-फरक तरिकाले अर्थ लगाउन सक्छन्: पहिलो, यसको अर्थ "प्रेम गर्नु र रक्षा गर्नु, कुनै कुराप्रति स्नेहशीलताको अनुभव गर्नु" भन्ने हुन्छ; दोस्रो, यसको अर्थ "घनिष्ठताको साथ प्रेम गर्नु" भन्ने हुन्छ; र अन्तिममा, यसको अर्थ "कुनै कुरालाई चोट पुर्‍याउन अनिच्छुक हुनु र त्यसो गरेको सहन नसक्नु" भन्ने हुन्छ। छोटकरीमा, यो शब्दले कोमल स्नेह र प्रेम, साथै कसैलाई वा कुनै कुरालाई छोड्न अनिच्छुक हुनु भन्ने आसय दिन्छ; यसले मानिसप्रतिको परमेश्वरको कृपा र सहनशीलतालाई जनाउँछ। परमेश्वरले यो शब्दको प्रयोग गर्नुभयो, जुन मानिसले आम रूपमा बोल्ने शब्द नै हो, तैपनि यसले मानवजातिप्रतिको परमेश्वरको हृदयको आवाज अनि उहाँको मनोवृत्तिलाई खुलासा गर्न सक्छ।

निनवे सहर सदोमका मानिसहरू जत्तिकै भ्रष्ट, दुष्ट, र हिंसात्मक मानिसहरूले भरिएको भए तापनि, तिनीहरूको पश्चात्तापले गर्दा परमेश्वरले हृदय परिवर्तन गर्नुभयो र तिनीहरूलाई नष्ट नगर्ने निर्णय गर्नुभयो। परमेश्वरका वचनहरू र निर्देशनहरूलाई तिनीहरूले जसरी लिए त्यो सदोमका

नागरिकहरूको भन्दा पूर्ण रूपमा विपरीत मनोवृत्तिको प्रदर्शन थियो, त्यसो हुनाले, र परमेश्‍वरप्रतिको तिनीहरूको निष्कपट समर्पणता अनि आफ्ना पापहरूप्रति तिनीहरूको निष्कपट पश्‍चात्ताप, साथै सबै कुराहरूप्रति तिनीहरूको साँचो र हृदयबाट निस्केको आचरणले गर्दा, परमेश्‍वरले फेरि एक पटक आफ्नो हृदयको दया व्यक्त गर्नुभयो र यो तिनीहरूलाई दिनुभयो। परमेश्‍वरले मानवजातिलाई जे दिनुहुन्छ त्यसलाई र मानवजातिको निम्ति उहाँको दयालाई कसैले नक्कल गर्नु असम्भव छ, र मानवजातिप्रतिको परमेश्‍वरको कृपा, उहाँको सहनशीलता, वा निष्कपट भावनाहरू कुनै व्यक्तिमा हुनु असम्भव छ। के तैँले महान् पुरुष वा स्त्री, वा महामानव ठानेको कुनै व्यक्ति छ, जसले उच्च स्थानबाट महान् पुरुष वा स्त्रीले जस्तो बोल्छ, वा उच्च स्थानबाट मानवजाति वा सृष्टिलाई यस्तो प्रकारको अभिव्यक्ति दिन्छ? मानवजातिमा त्यस्तो को छ जसले मानवजातिको अवस्थालाई आफ्नो हत्केलालाई जत्तिकै जान्न सक्छ? मानवजातिको अस्तित्वको भार र जिम्मेवारीलाई कसले बहन गर्न सक्छ? सहरको विनाशको घोषणा गर्न को योग्य छ? अनि सहरलाई क्षमा दिन को योग्य छ? कसले आफ्नो सृष्टिको हेरचाह गर्छु भनी भन्न सक्छ? सृष्टिकर्ताले मात्रै सक्नुहुन्छ! यस मानवजातिप्रति सृष्टिकर्तासँग मात्रै स्नेह छ! यस मानवजातिलाई सृष्टिकर्ताले मात्रै करुणा र स्नेह देखाउनुहुन्छ। सृष्टिकर्तासँग मात्रै यस मानवजातिप्रति साँचो, नतोडिने स्नेह छ। त्यसरी नै, सृष्टिकर्ताले मात्रै यस मानवजातिलाई कृपा दिन र आफ्ना सम्पूर्ण सृष्टिको हेरचाह गर्न सक्नुहुन्छ। मानिसको हरेक कार्यहरूमा उहाँको ढुकढुकी चल्छ र उहाँलाई पीडा हुन्छ: मानिसको दुष्टता र भ्रष्टताप्रति उहाँ रिसाउनुहुन्छ, व्याकुल र शोकित बन्नुहुन्छ; मानिसको पश्‍चात्ताप र विश्‍वासप्रति उहाँ प्रसन्‍न, आनन्दित, क्षमाशील र उल्लसित बन्नुहुन्छ; उहाँका हरेक सोचाइ र विचारहरू मानिसकै निम्ति अस्तित्वमा हुन्छन् र सेरोफेरोमा घुम्छन्; उहाँ जे हुनुहुन्छ र उहाँसँग जे छ सो सम्पूर्ण रूपले मानिसजातिको खातिर व्यक्त गरिन्छ; उहाँका भावनाहरूको सम्पूर्णता मानवजातिको अस्तित्वसँग गुँथिएको छ। मानवजातिको खातिर, उहाँ यताउता यात्रा गर्नुहुन्छ र दौडधूप गर्नुहुन्छ; उहाँले चुपचाप आफ्नो जीवनको एक-एक टुक्रा दिनुहुन्छ; उहाँले आफ्नो जीवनको हरेक मिनेट र सेकेन्ड दिनुहुन्छ...। उहाँको आफ्नै जीवन कति दयालाग्दो छ भन्ने उहाँले कहिल्यै जान्नुभएको छैन, तैपनि आफैले सृष्टि गर्नुभएको मानवजातिलाई उहाँले सँधै हेरचाह गर्नुभएको छ...। आफूसँग भएको सबै कुरा उहाँले यस मानवजातिलाई दिनुहुन्छ...। उहाँले सर्तरहित रूपमा र प्रतिफल पाउने आशा नै नगरिकन आफ्नो कृपा र सहनशीलता दिनुहुन्छ। जीवन सम्बन्धी उहाँको बन्दोबस्तलाई प्राप्त गर्दै मानवजाति उहाँको आँखा अगाडि नै बाँचिरहन सकोस् भनेर मात्रै उहाँले यसो गर्नुहुन्छ। मानवजाति एक दिन उहाँको सामने समर्पित हुन सकोस् र मानिसको अस्तित्वलाई पालनपोषण गर्ने अनि सारा सृष्टिलाई जुटाउने उहाँ नै हुनुहुन्छ भन्ने कुरा पहिचान गरोस् भनेर मात्रै उहाँले यसो गर्नुहुन्छ।

**सृष्टिकर्ताले मानवजातिप्रतिको आफ्नो साँचो भावनाहरू व्यक्त गर्नुहुन्छ**

यहोवा परमेश्‍वर र योनाबीचको यो कुराकानी मानवजातिप्रतिको सृष्टिकर्ताको साँचो भावनाको अभिव्यक्ति हो भन्ने कुरामा कुनै शङ्का छैन। एकतर्फ, यसले मानिसहरूलाई सृष्टिकर्ताले उहाँको

सार्वभौमिकताको अधीनमा रहेका सारा सृष्टिलाई बुझ्नुहुन्छ भन्ने बारेमा जानकारी दिन्छ; किनभने यहोवा परमेश्‍वरले यसो भन्‍नुभएको छ, "अनि आफ्नो दाहिने हातबाट देब्रे हात छुट्टाउन नसक्ने एक लाख बीस हजारभन्दा बढी मानिसहरू र धेरै गाइवस्तुहरू भएको त्यो ठूलो सहर निनवेलाई मैले बचाउनु पर्दैन र?" अर्को शब्दमा भन्दा, निनवेसम्बन्धी परमेश्‍वरको बुझाइ कुनै पनि हालतमा सतही थिएन। उहाँलाई उक्त सहरमा बस्ने जीवित प्राणीहरूको सङ्ख्या मात्रै थाहा थिएन (जसमा मानिसहरू र चौपाया पनि पर्छन्), उहाँलाई त कति जनाले देब्रे र दाहिने हात छुट्याउन सक्दैनन्—अर्थात्, कति जना बालबालिका र जवानहरू छन् भन्ने पनि थाहा थियो। यो मानवजातिसम्बन्धी परमेश्‍वरको पूर्ण बुझाइको ठोस प्रमाण हो। अर्कोतर्फ, यस कुराकानीले मानिसहरूलाई मानवजातिप्रति सृष्टिकर्ताको मनोवृत्तिको बारेमा, अर्थात्, सृष्टिकर्ताको हृदयमा मानवजातिको बोझ कति छ भन्नेबारेमा जानकारी दिन्छ। यो कुरा यहोवा परमेश्‍वरले भन्‍नुभएको जस्तै हो: "तैँले जुन लौकाको निम्ति न त परिश्रम गरिस् न त त्यसलाई हुर्काइस् तँ त्यसको माया गर्छस्; जुन एकै रातमा आयो र एकै रातमा नष्ट भयो: अनि ... त्यो ठूलो सहर निनवेलाई मैले बचाउनु पर्दैन र?" यी यहोवा परमेश्‍वरले योनाप्रति लक्षित गरी बोल्नुभएका धिक्कारका शब्दहरू हुन्, तर ती सबै सत्य छन्।

योनालाई निनवेका मानिसहरूप्रति यहोवा परमेश्‍वरले दिनुभएका वचनहरू घोषणा गर्ने जिम्मेवारी दिइएको भए तापनि, तिनले यहोवा परमेश्‍वरका अभिप्रायहरूलाई बुझेका थिएनन्, न त तिनले त्यस सहरका मानिसहरूप्रतिको उहाँको चिन्ता र अपेक्षाहरूलाई नै बुझेका थिए। यस हप्कीद्वारा, परमेश्‍वरले तिनलाई के बताउन चाहनुभएको थियो भने मानवजाति परमेश्‍वरको आफ्नै हातको उपज हो, र हरेक व्यक्तिमा उहाँले कठोर प्रयत्‍न खर्चनुभएको छ, हरेक व्यक्तिले आफ्नो काँधमा परमेश्‍वरका अपेक्षाहरू बोक्छन्, र हरेक व्यक्तिले परमेश्‍वरको जीवनको आपूर्ति प्राप्त गर्छन्; हरेक व्यक्तिको लागि, परमेश्‍वरले कठिन प्रयासको मूल्य चुकाउनुभएको थियो। यो हप्कीले योनालाई योना आफैले जसरी लौकालाई बहुमूल्य ठानेका थिए, त्यसरी नै परमेश्‍वरले पनि मानवजातिलाई, जुन उहाँको आफ्नै हातको काम हो, त्यसलाई बहुमूल्य ठान्‍नुहुन्छ भन्ने कुरा पनि बतायो। परमेश्‍वरले कुनै पनि हालतमा, वा सम्भव भएको अन्तिम क्षणसम्म मानवजातिलाई हल्का रूपमा त्याग्‍नुहुनेथिएन, वा कम्तीमा पनि सहरभित्र धेरै बालबालिका र निर्दोष चौपाया भएको कारण त्यसो गर्नुहुनेथिएन। आफ्ना दाहिने र देब्रे हात चिन्‍न नसक्ने यी परमेश्‍वरको सृष्टिका साना र अज्ञानी उपजहरूसँग व्यवहार गर्ने क्रममा, परमेश्‍वरले त्यति हतार गरेर तिनीहरूको जीवन समाप्त गर्नुहुनेथियो र तिनीहरूको परिणामलाई निर्धारण गर्नुहुनेथियो भन्ने कुरा त अझै अपत्यारिलो हुनेथियो। परमेश्‍वरले तिनीहरू हुर्के-बढेको हेर्ने आशा गर्नुहुन्थ्यो; तिनीहरू आफ्ना अग्रजहरूकै मार्गमा नहिँडून्, तिनीहरूले फेरि यहोवा परमेश्‍वरको चेतावनी सुन्‍न नपरोस्, र तिनीहरूले निनवेको विगतको गवाही दिऊन् भन्ने चाहना उहाँको थियो। त्यसरी नै, पश्‍चात्ताप गरेपछिको निनवेलाई हेर्ने, पश्‍चात्तापपश्‍चातको निनवेको भविष्यलाई हेर्ने, र सबैभन्दा महत्त्वपूर्ण कुरा, निनवे फेरि पनि परमेश्‍वरको कृपामा जिएको हेर्ने इच्छा परमेश्‍वरको थियो। त्यसकारण, परमेश्‍वरको नजरमा, दाहिने र देब्रे हात नचिन्‍ने ती सृष्टिका प्रजाहरू नै निनवेको भविष्य थिए। जसरी तिनीहरूले परमेश्‍वरको

अगुवाइमा निनवेको विगत र भविष्यको गवाही दिने महत्त्वपूर्ण कर्तव्यलाई काँधमा बोकेर हिँड्नेवाला थिए, तिनीहरूले निनवेको तुच्छ विगतको बोझलाई पनि काँधमा बोक्नेवाला थिए। आफ्नो साँचो भावनाहरूको यस घोषणामा, यहोवा परमेश्‍वरले समग्र मानवताप्रतिको सृष्टिकर्ताको कृपालाई पूर्ण रूपमा प्रस्तुत गर्नुभयो। यसले मानवजातिलाई "सृष्टिकर्ताको कृपा" रित्तो वाक्यांश होइन, न त यो खोक्रो प्रतिज्ञा नै हो; यसमा ठोस सिद्धान्त, विधि र उद्‌देश्यहरू छन् भन्ने कुरा देखायो। परमेश्‍वर साँचो र वास्तविक हुनुहुन्छ, र उहाँले कुनै पनि झूट वा छलकपट प्रयोग गर्नुहुन्‍न, र यसरी नै हरेक समय र युगमा मानवजातिमाथि उहाँको कृपा अटुट रूपमा वर्षिरहन्छ। तैपनि, आजको दिनसम्म नै, योनासँगको सृष्टिकर्ताको कुराकानी उहाँले मानवजातिलाई किन कृपा देखाउनुहुन्छ, उहाँले मानवजातिलाई कसरी कृपा देखाउनुहुन्छ, मानवजातिप्रति उहाँ कति सहनशील हुनुहुन्छ र मानवजातिप्रतिको उहाँका साँचो भावनाहरू कस्ता छन् भन्नेबारेको एउटै, विशेष मौखिक अभिव्यक्ति हो। यस कुराकानीको क्रममा यहोवा परमेश्‍वरले बोल्नुभएको संक्षिप्त वचनले अभिन्न समग्रताको रूपमा मानवजातिप्रतिको उहाँका सोचहरूलाई व्यक्त गर्छ; ती सोचहरू मानवजातिप्रतिको उहाँको हृदयको मनोवृत्तिको साँचो अभिव्यक्ति हुन्, र ती मानवजातिप्रति उहाँले प्रशस्त कृपा प्रदान गर्नुभएको छ भन्ने कुराको ठोस प्रमाण पनि हुन्। उहाँको कृपा मानवजातिको पुराना पुस्ताहरूमा मात्रै प्रदान गरिएको छैन, बरु सधैँ झैँ एकपछि अर्को पुस्ता गरी मानवजातिका नयाँ सदस्यहरूलाई पनि प्रदान गरिएको छ। मानवजातिको निश्‍चित कुना र निश्‍चित युगमा परमेश्‍वरको क्रोध बारम्बार वर्षिने भए पनि, परमेश्‍वरको कृपा कहिल्यै रोकिएको छैन। आफ्नो कृपाद्‌वारा, उहाँले आफ्नो सृष्टिको एकपछि अर्को पुस्तालाई अगुवाइ र नेतृत्व गर्नुहुन्छ, र सृष्टिको एकपछि अर्को पुस्तालाई आपूर्ति र भरणपोषण दिनुहुन्छ, किनभने मानवजातिप्रतिको उहाँको साँचो भावना कहिल्यै परिवर्तन हुनेछैन। यो यहोवा परमेश्‍वरले भन्नुभएको जस्तै छ: "... निनवेलाई मैले माया गर्नु पर्दैन र?" उहाँले आफ्नो सृष्टिलाई जहिल्यै पनि बहुमूल्य ठान्नुभएको छ। यो सृष्टिकर्ताको धर्मी स्वभावको कृपा हो, र यो सृष्टिकर्ताको पूर्ण अद्‌वितीयपन पनि हो!

## पाँच प्रकारका मानिसहरू

अहिलेको लागि, परमेश्‍वरको धर्मी स्वभावसम्बन्धी हाम्रो सङ्‌गतिलाई यहीँ रोक्नेछु। अघि बढ्ने क्रममा, म परमेश्‍वरका अनुयायीहरूलाई परमेश्‍वरसम्बन्धी तिनीहरूको बुझाइ र उहाँको धर्मी स्वभावसम्बन्धी तिनीहरूको बुझाइ र अनुभवको आधारमा विभिन्‍न वर्गमा वर्गीकरण गर्नेछु, ताकि तिमीहरूले तिमीहरू हाल जुन चरणमा छौ त्यो चरणका साथै तिमीहरूको वर्तमान कदलाई जान्‍न सक। परमेश्‍वरसम्बन्धी मानिसहरूको ज्ञान र उहाँको धर्मी स्वभावसम्बन्धी तिनीहरूको बुझाइको आधारमा, मानिसहरूका विभिन्‍न चरणहरू र कदलाई सामान्यतया पाँच प्रकारमा विभाजन गर्न सकिन्छ। यो विषयलाई अद्‌वितीय परमेश्‍वर र उहाँको धर्मी स्वभावलाई जान्‍ने कार्यको आधारमा निर्धारित गरिन्छ। त्यसकारण, तिमीहरूले निम्न विषयवस्तु पढ्ने क्रममा, परमेश्‍वरको अद्‌वितीयपन र उहाँको धर्मी स्वभावको बारेमा तिमीहरूसँग वास्तवमा कति बुझाइ र ज्ञान छ भन्ने कुरालाई होसियारीसाथ पत्ता लगाउने प्रयास गर्नुपर्छ, र यसरी प्राप्त गरिएको उक्त नतिजालाई तिमीहरूले

तिमीहरू वास्तवमा कुन चरणमा छौ, तिमीहरूको कद वास्तवमा कति ठूलो छ, र तिमीहरू वास्तवमा कस्तो प्रकारको व्यक्ति हौ भनी मूल्याङ्कन गर्न प्रयोग गर्नुपर्छ।

**पहिलो प्रकार: थाङ्ग्नोमा बेह्रिएको शिशुको चरण**

"थाङ्ग्नोमा बेह्रिएको शिशुको चरण" भनेको के हो? थाङ्ग्नोमा बेह्रिएको शिशु भनेको भर्खरै यस संसारमा आएको, नवजात शिशु हो। यो मानिसहरू आफ्नो सबैभन्दा अपरिपक्व स्थितिमा हुँदाको अवस्था हो।

यस चरणमा रहेका मानिसहरूमा परमेश्‍वरप्रतिको विश्‍वासको विषयमा कुनै पनि चेतना वा विवेक हुँदैन। तिनीहरू हरेक कुराको बारेमा अनजान र अज्ञानी हुन्छन्। यी मानिसहरूले परमेश्‍वरमा विश्‍वास गरेको लामो समय भएको हुन सक्छ वा त्यति लामो समय नभएको हुन सक्छ, तर तिनीहरूको अनजान र अज्ञानी अवस्था र तिनीहरूको साँचो कदले तिनीहरूलाई थाङ्ग्नोमा बेह्रिएको शिशुको चरणमा समावेश गर्छ। थाङ्ग्नोमा बेह्रिएको शिशुको अवस्थाका यथार्थ परिभाषा यसप्रकार छ: यस प्रकारको व्यक्तिले परमेश्‍वरमा विश्‍वास गरेको जति धेरै समय भए पनि, तिनीहरू सधैँ मंद-विवेक भएका, अन्योलग्रस्त र सिधासाधा हुन्छन्; तिनीहरूलाई आफूले किन परमेश्‍वरमा विश्‍वास गर्छौं भन्ने नै थाहा हुँदैन, न त तिनीहरूलाई परमेश्‍वर को हुनुहुन्छ भन्ने नै थाहा हुन्छ। तिनीहरूले परमेश्‍वरलाई पछ्याउने भए तापनि, तिनीहरूको हृदयमा परमेश्‍वरको कुनै पनि ठोस परिभाषा हुँदैन, र तिनीहरूले आफूले पछ्याउने परमेश्‍वर हुनुहुन्छ कि हुनुहुन्न भन्ने कुरा निर्धारण गर्न सक्दैनन्, तिनीहरूले साँच्चै परमेश्‍वरमा विश्‍वास गर्नुपर्छ, पर्दैन र उहाँलाई पछ्याउनुपर्छ, पर्दैन भनी निर्धारण गर्न सक्नु त परै जाओस्। यस प्रकारको व्यक्तिको साँचो स्थिति यही हो। यस प्रकारका मानिसहरूको विचार धमिलो हुन्छ र, सरल रूपमा भन्दा, तिनीहरूको विश्‍वास भ्रमित हुन्छ। तिनीहरू सधैँ घबराहट र रित्तोपनको अवस्थामा अस्तित्वमा रहन्छन्; "मंद-विवेक," "अन्योल," र "सिधासाधा" भन्ने शब्दहरूले तिनीहरूको स्थितिलाई सारांशित गर्छ। तिनीहरूले न त कहिल्यै परमेश्‍वरको अस्तित्वलाई देखेका हुन्छन्, न त अनुभव नै गरेका हुन्छन्, त्यसकारण तिनीहरूलाई परमेश्‍वरलाई चिन्नेबारेमा बताउनु भनेको तिनीहरूलाई चित्रलेखमा लेखिएको किताब पढ्न लगाउनुसरह हुन्छ–तिनीहरूले न त यसलाई बुझ्नेछन् न त स्वीकार नै गर्नेछन्। तिनीहरूको लागि त, परमेश्‍वरलाई चिन्नु भनेको स्वप्नद्रष्टा कथा सुन्नुसरह हो। तिनीहरूका विचारहरू धमिलो भएको हुनसक्ने भए तापनि, परमेश्‍वरलाई चिन्नु भनेको समय र प्रयासको ठूलो बरबादी हो भन्ने कुरामा चाहिँ तिनीहरूले वास्तवमै दृढ रूपमा विश्‍वास गर्छन्। पहिलो प्रकारको व्यक्ति अर्थात् थाङ्ग्नोमा बेह्रिएको शिशु यही हो।

**दोस्रो प्रकार: दूधे बालकको चरण**

थाङ्ग्नोमा बेह्रिएको शिशुको तुलनामा, यस प्रकारको व्यक्तिले केही प्रगति गरेको हुन्छ। दुःखको कुरा, तिनीहरूसँग परमेश्‍वरको बारेमा अझै पनि कुनै बुझाइ हुँदैन। तिनीहरूमा अझै पनि परमेश्‍वरको बारेमा स्पष्ट बुझाइ र परमेश्‍वरको बारेमा अन्तर्ज्ञानको कमी हुन्छ, र तिनीहरू आफूले किन

परमेश्वरमा विश्वास गर्नुपर्छ भन्नेबारेमा अझै स्पष्ट हुँदैनन्, तैपनि हृदयमा भने तिनीहरूको आफ्नै उद्‌देश्य र स्पष्ट विचार हुन्छ। परमेश्वरमा विश्वास गर्नु सही हो कि होइन भन्नेबारेमा तिनीहरूले चासो लिँदैनन्। परमेश्वरमाथिको विश्वासमार्फत तिनीहरूले खोजी गर्न चाहेको उद्‌देश्य र लक्ष्य भनेको उहाँको अनुग्रहको आनन्द लिनु, आनन्द र शान्ति प्राप्त गर्नु, सहज जीवन जिउनु, परमेश्वरको वास्ता र सुरक्षाको आनन्द लिनु, अनि परमेश्वरको आशिष्‌हरूमा जिउनु हो। तिनीहरूले कुन हदसम्म परमेश्वरलाई चिन्छन् भन्नेबारेमा तिनीहरूलाई कुनै चासो हुँदैन; तिनीहरूमा परमेश्वरको बुझाइको खोजी गर्ने कुनै चाहना हुँदैन, न त तिनीहरूलाई परमेश्वरले के गर्दैहुनुहुन्छ वा उहाँले के गर्न चाहनुहुन्छ भन्ने कुराको नै चासो हुन्छ। तिनीहरूले उहाँको अनुग्रहको आनन्द लिन र उहाँको अझै धेरै आशिष् प्राप्त गर्नको लागि मात्रै अन्धाधुन्ध खोजी गर्छन्; तिनीहरूले वर्तमान युगमा सयौं गुना, र आउने युगमा अनन्त जीवन प्राप्त गर्न चाहन्छन्। तिनीहरूका विचारहरू, तिनीहरूले आफैलाई कति धेरै समर्पित गर्छन् भन्ने विषय, तिनीहरूको भक्ति, साथै तिनीहरूको कष्ट-भोग सबैको एउटै उद्‌देश्य हुन्छ: परमेश्वरको अनुग्रह र आशिष् प्राप्त गर्नु। तिनीहरूलाई अरू कुनै कुराको चिन्ता हुँदैन। यस प्रकारको व्यक्ति परमेश्वरले मानिसहरूलाई सुरक्षित राख्नुहुन्छ र उहाँले तिनीहरूमाथि आफ्नो अनुग्रह प्रदान गर्नुहुन्छ भन्ने कुरामा मात्रै निश्चित हुन्छ। के भन्न सकिन्छ भने, परमेश्वरले मानिसलाई किन मुक्ति दिन चाहनुहुन्छ वा परमेश्वरले आफ्ना वचनहरू र कामद्‌वारा प्राप्त गर्न चाहनुहुने परिणामको बारेमा तिनीहरूलाई न कुनै चासो हुन्छ न तिनीहरू यसबारेमा स्पष्ट नै हुन्छन्। तिनीहरूले परमेश्वरको सार र धर्मी स्वभावको बारेमा जान्ने कुनै प्रयास कहिल्यै गरेका हुँदैनन्, न त तिनीहरूले त्यसो गर्ने चासो नै बटुल्न सक्छन्। तिनीहरूमा यी कुराहरूलाई ध्यान दिने इच्छा हुँदैन, न त तिनीहरूले यी कुरा जान्ने चाहना नै गर्छन्। तिनीहरूले परमेश्वरको कार्यको बारेमा, मानिसको लागि परमेश्वरले तोक्नुभएका मापदण्डहरू, परमेश्वरको इच्छा, वा परमेश्वरसँग सम्बन्धित अन्य कुनै पनि कुराको बारेमा सोध्ने इच्छा गर्दैनन्, र यी कुराहरूको विषयमा सोध्ने इच्छा पनि तिनीहरूसँग हुँदैन। किनभने तिनीहरूलाई यी विषयहरू तिनीहरूले परमेश्वरको अनुग्रह प्राप्त गर्नुसँग सम्बन्धित छैनन् भन्ने लाग्छ, र तिनीहरूकै रुचिहरूसँग सम्बन्धित भई अस्तित्वमा रहने, र मानिसलाई अनुग्रह दिनसक्ने परमेश्वरप्रति मात्रै तिनीहरूलाई चासो हुन्छ। अन्य कुनै पनि कुराको बारेमा तिनीहरूसँग कुनै चासो हुँदैन, त्यसकारण तिनीहरूले परमेश्वरलाई विश्वास गरेको जति वर्ष भए पनि, तिनीहरू सत्यता वास्तविकतामा प्रवेश गर्न सक्दैनन्। तिनीहरूलाई निरन्तर पानी दिने वा खाना खुवाउने नहुँदा, तिनीहरूलाई परमेश्वरमाथि विश्वास गर्ने मार्गमा निरन्तर हिँड्न कठिन हुन्छ। यदि तिनीहरूले पहिलेको आनन्द र शान्ति वा परमेश्वरको अनुग्रहमा आनन्द लिन सक्दैनन् भने, तिनीहरूले छाडेर जाने निकै सम्भावना हुन्छ। यो दोस्रो प्रकारको व्यक्ति हो: दूधे बालकको चरणमा अस्तित्वमा रहने व्यक्ति।

**तेस्रो प्रकार: दूध छुट्‌दै गरेको बालकको चरण, वा सानो बालकको चरण**

मानिसहरूको यस समूहसँग निश्चित मात्रामा स्पष्ट चेतना हुन्छ। परमेश्वरको अनुग्रह प्राप्त गर्नु भनेको तिनीहरूमा साँचो अनुभव छ भन्ने हुँदैन भन्नेबारेमा तिनीहरूलाई थाहा हुन्छ, र

तिनीहरू शान्ति र आनन्दको खोजी, अनुग्रहको खोजी गर्ने कार्यमा कहिल्यै नथाके पनि, वा तिनीहरूले परमेश्‍वरको अनुग्रह प्राप्त गरेको अनुभव व्यक्त गरेर वा तिनीहरूलाई परमेश्‍वरले दिनुभएको आशिष्‌हरूको लागि परमेश्‍वरको प्रशंसा गरेर साक्षी दिन सके पनि, यी कुराहरूको अर्थ तिनीहरूसँग जीवन छ भन्‍ने हुँदैन, न त तिनीहरूसँग सत्यताको वास्तविकता छ भन्‍ने नै तिनको अर्थ हुन्छ भन्‍नेबारेमा तिनीहरूलाई थाहा हुन्छ। तिनीहरूको चेतनाबाट सुरु गर्दै, तिनीहरूले तिनीहरूको साथमा परमेश्‍वरको अनुग्रह मात्र हुनेछ भन्‍ने ठूला आशाहरू गर्न छोड्छन्; बरु, परमेश्‍वरको अनुग्रहमा आनन्द गर्ने क्रममा, तिनीहरूले परमेश्‍वरको लागि केही गर्ने चाहना गर्छन्। तिनीहरू आफ्नो कर्तव्य पूरा गर्न, कठिनाइ र थकाइ सहन, परमेश्‍वरसँगको केही हदसम्मको सहकार्यमा सहभागी हुन इच्छुक हुन्छन्। तैपनि, परमेश्‍वरमाथिको विश्‍वाससम्बन्धी तिनीहरूको खोजीमा अन्य आशयहरू अत्यन्तै धेरै रूपमा मिश्रित हुने भएकोले, तिनीहरूको व्यक्तिगत अभिप्राय र तिनीहरूमा भएको इच्छा अत्यन्तै कठोर हुने भएकोले, तिनीहरूको स्वभाव अत्यन्तै अहङ्कारी हुने भएकोले, तिनीहरूलाई परमेश्‍वरको इच्छा पूरा गर्न वा परमेश्‍वरप्रति निष्ठावान हुन निकै कठिन हुन्छ। त्यसकारण, तिनीहरूले बारम्बार तिनीहरूको व्यक्तिगत कामनाहरूलाई पूरा गर्न वा परमेश्‍वरलाई तिनीहरूले गर्ने प्रतिज्ञाहरू पूरा गर्न सक्दैनन्। तिनीहरू प्रायजसो विरोधाभासपूर्ण अवस्थामा हुन्छन्: तिनीहरूले सम्भव भएको सबैभन्दा धेरै हदसम्म परमेश्‍वरलाई सन्तुष्ट पार्न चाहन्छन्, तैपनि तिनीहरूले उहाँको विरोध गर्न आफ्नो सारा शक्तिको प्रयोग गर्छन्, अनि तिनीहरूले प्रायजसो परमेश्‍वरसँग शपथ खान्छन्, तर तुरुन्तै आफ्नो शपथ तोड्छन्। त्योभन्दा पनि बढी तिनीहरू अन्य विरोधाभासपूर्ण अवस्थाहरूमा हुन्छन्: तिनीहरूले इमानदारीपूर्वक परमेश्‍वरमा विश्‍वास गर्छन्, तैपनि तिनीहरूले उहाँलाई र उहाँबाट आउने सबै कुरालाई इन्कार गर्छन्; परमेश्‍वरले तिनीहरूलाई अन्तर्दृष्टि दिनुहुनेछ, तिनीहरूलाई अगुवाइ गर्नुहुनेछ, तिनीहरूको निम्ति आपूर्ति जुटाइदिनुहुनेछ र तिनीहरूलाई सहयोग गर्नुहुनेछ भन्‍ने उत्कट आशा तिनीहरू गर्छन्, तैपनि तिनीहरूले आफ्नै मार्गको खोजी गर्छन्। तिनीहरूले परमेश्‍वरलाई बुझ्ने र चिन्‍ने चाहना गर्छन्, तैपनि तिनीहरू उहाँको नजिक हुन इच्छुक हुँदैनन्। बरु, तिनीहरू सधैँ परमेश्‍वरबाट टाढा हुन्छन्, र तिनीहरूका हृदय परमेश्‍वरको निम्ति बन्द हुन्छन्। तिनीहरूसँग परमेश्‍वरका वचनहरू र सत्यताको शाब्दिक अर्थको बारेमा सतही बुझाइ र अनुभव, अनि परमेश्‍वर र सत्यताको बारेमा सतही अवधारणा भए पनि, अर्धचेतन रूपमा परमेश्‍वर सत्यता हुनुहुन्छ कि हुनुहुन्‍न भन्‍ने बारेमा तिनीहरूले पुष्टि वा निर्धारण गर्न सक्दैनन्, न त परमेश्‍वर साँच्चै धर्मी हुनुहुन्छ कि हुनुहुन्‍न भन्‍ने कुरालाई नै पुष्टि गर्न सक्छन्। तिनीहरूले परमेश्‍वरको स्वभाव र सारको यथार्थतालाई पनि निर्धारित गर्न सक्दैनन्, उहाँको साँचो अस्तित्वलाई निर्धारण गर्न सक्‍ने कुरा त परै जाओस्। परमेश्‍वरमाथिको तिनीहरूको विश्‍वासमा सधैँ शङ्का र गलत बुझाइहरू हुन्छन्, र यसमा कल्पना र धारणाहरू हुन्छन्। तिनीहरूले परमेश्‍वरको अनुग्रहको आनन्द लिने क्रममा, तिनीहरूले आफ्नो विश्‍वासलाई सम्पन्‍न तुल्याउन, परमेश्‍वरमा विश्‍वास गर्ने तिनीहरूको अनुभवलाई वृद्धि गर्न, परमेश्‍वरमा विश्‍वास गर्नुको तिनीहरूको बुझाइलाई प्रमाणित गर्न, र तिनीहरू स्वयम्‌ले स्थापित गरेको जीवन मार्गमा हिँडेर अनि मानवजातिको लागि धर्मी

कार्य पूरा गरेर तिनीहरूको आफ्नै अभिमानलाई सन्तुष्ट गर्न तिनीहरूले सम्भव ठानेका केही सत्यतालाई तिनीहरूले जबरजस्ती अनुभव वा अभ्यास गर्छन्। यसको साथै, तिनीहरूले आशिष्‌हरू प्राप्त गर्ने तिनीहरूको इच्छा पूरा गर्नको लागि पनि यी कुराहरू गर्छन्, जुन मानवजातिको लागि अझै ठूला आशिष्‌हरू प्राप्त गर्ने आशामा तिनीहरूले लगाउने बाजीको हिस्सा हो, र तिनीहरूले परमेश्‍वरलाई प्राप्त नगरेसम्म विश्राम नगर्ने तिनीहरूको महत्त्वाकांक्षी आकाङ्क्षा र जीवनपर्यन्त इच्छालाई पूरा गर्नको लागि पनि यी कुराहरू गर्छन्। यी मानिसहरूले विरलै परमेश्‍वरको अन्तर्दृष्टि प्राप्त गर्न सक्छन्, किनभने आशिष्‌हरू प्राप्त गर्ने तिनीहरूको इच्छा र तिनीहरूको अभिप्राय नै तिनीहरूको लागि अत्यन्तै महत्त्वपूर्ण हुन्छ। तिनीहरूसँग यसलाई त्याग्ने कुनै इच्छा हुँदैन, र वास्तवमा तिनीहरूले त्यसो गर्न सक्दै सक्दैनन्। आशिष्‌हरू प्राप्त गर्ने इच्छाविना, तिनीहरूले परमेश्‍वरलाई प्राप्त नगरुञ्जेलसम्म विश्राम नगर्ने धेरै पहिलेदेखि तिनीहरूले बहुमूल्य ठानेको महत्वाकांक्षाविना, तिनीहरूले परमेश्‍वरलाई विश्‍वास गर्ने उत्प्रेरणा गुमाउनेछन् भन्ने डर तिनीहरूलाई हुन्छ। त्यसकारण, तिनीहरूले वास्तविकतालाई सामना गर्न चाहँदैनन्। तिनीहरूले परमेश्‍वरका वचनहरू वा परमेश्‍वरको कार्यलाई सामना गर्न चाहँदैनन्। तिनीहरूले परमेश्‍वरको स्वभाव वा सारलाई सामना गर्न चाहँदैनन्, परमेश्‍वरलाई चिन्ने विषयको बारेमा बताउनु त परै जाओस्। किनभने परमेश्‍वर, उहाँको सार, र उहाँको धर्मी स्वभावले तिनीहरूको कल्पनालाई प्रतिस्थापन गरेपछि, तिनीहरूका सपनाहरू धुवाँ बनेर उड्नेछ, र तिनीहरूको तथाकथित शुद्ध विश्‍वास र वर्षौंको कठिन परिश्रमद्वारा तिनीहरूले बटुलेका “पुण्यहरू” हराएर जानेछन् र व्यर्थ हुनेछन्। त्यसै गरी, तिनीहरूले आफ्नो पसिना र रगतले वर्षौंको अवधिमा जितेको “अधिकार-क्षेत्र” ढल्नेछ। यो सबैले तिनीहरूको वर्षौंको कठिन परिश्रम र प्रयास बेकाम भएको, र तिनीहरूले फेरि सुन्यताबाट सुरु गर्नुपर्ने तथ्यलाई इङ्गित गर्नेछ। यो तिनीहरूले आफ्नो हृदयमा सहनुपर्ने सबैभन्दा कठिन पीडा हो, र यो तिनीहरूले हेर्न नचाहने परिणाम हो, यही कारणले गर्दा तिनीहरू पछि फर्कन इन्कार गर्दै यस प्रकारको गतिरोधको स्थितिमा रहेका हुन्छन्। यो तेस्रो प्रकारको व्यक्ति हो: दूध छुट्ने बालकको चरणमा अस्तित्वमा रहने व्यक्ति।

माथि व्याख्या गरिएका तीन प्रकारका मानिसहरूमा—अर्थात्, यी तीन चरणमा अस्तित्वमा रहने मानिसहरूमा—परमेश्‍वरको पहिचान र हैसियत, वा उहाँको धर्मी स्वभावप्रति कुनै साँचो विश्‍वास हुँदैन, न त तिनीहरूसँग यी कुराको बारेमा कुनै स्पष्ट, सटीक पहिचान वा निश्‍चयता नै हुन्छ। त्यसकारण, यी तीन प्रकारका मानिसहरूलाई सत्यताको वास्तविकतामा प्रवेश गर्न निकै कठिन हुन्छ, र तिनीहरूले परमेश्‍वरको कृपा, अन्तर्दृष्टि वा ज्योति प्राप्त गर्न पनि कठिन हुन्छ, किनभने तिनीहरूले परमेश्‍वरमा विश्‍वास गर्ने तरिका र परमेश्‍वरप्रतिको तिनीहरूको गलत मनोवृत्तिले गर्दा उहाँले तिनीहरूको हृदयमा काम गर्न असम्भव हुन्छ। परमेश्‍वरप्रतिको तिनीहरूका शङ्का, भ्रम र कल्पनाहरू परमेश्‍वरसम्बन्धी तिनीहरूका विश्‍वास र ज्ञानभन्दा बढी हुन्छन्। यी तीन प्रकारका मानिसहरू अत्यन्तै जोखिममा हुन्छन्, र यी अत्यन्तै खतरनाक तीन चरणहरू हुन्। जब व्यक्तिले परमेश्‍वर, परमेश्‍वरको सार, परमेश्‍वरको पहिचान, परमेश्‍वर सत्यता हुनुहुन्छ कि हुनुहुन्न र उहाँको अस्तित्वको वास्तविकताप्रति शङ्काको मनोवृत्ति राख्छ, र जब व्यक्ति यी कुराहरूप्रति निश्‍चित

हुन सक्दैन, तब व्यक्तिले कसरी परमेश्‍वरबाट आउने सबै कुरालाई स्वीकार गर्न सक्छ? परमेश्‍वर सत्यता, बाटो, र जीवन हुनुहुन्छ भन्ने तथ्यलाई व्यक्तिले कसरी स्वीकार गर्न सक्छ? व्यक्तिले कसरी परमेश्‍वरको सजाय र न्यायलाई स्वीकार गर्न सक्छ? व्यक्तिले कसरी परमेश्‍वरको मुक्ति स्वीकार गर्न सक्छ? यस प्रकारको व्यक्तिले कसरी परमेश्‍वरको साँचो अगुवाइ र बन्दोबस्तलाई प्राप्त गर्न सक्छ? यी तीन चरणमा हुनेहरूले परमेश्‍वरलाई कुनै पनि समयमा विरोध गर्न, परमेश्‍वरलाई दोषी ठहऱ्याउन, परमेश्‍वरको निन्दा गर्न वा परमेश्‍वरलाई धोका दिन सक्छन्। तिनीहरूले कुनै पनि समयमा साँचो मार्गलाई इन्कार गर्न र परमेश्‍वरलाई त्याग्न सक्छन्। के भन्न सकिन्छ भने, यी तीन चरणमा हुने मानिसहरू नाजुक अवधिमा जिउँछन्, किनभने तिनीहरू परमेश्‍वरलाई विश्‍वास गर्ने सही मार्गमा प्रवेश गरेका हुँदैनन्।

**चौथो प्रकार: परिपक्व हुँदै गरेको बच्चा, वा बाल्यकालको चरण**

व्यक्तिले दूध छोडेपछि—अर्थात्, तिनीहरूले पर्याप्त अनुग्रहको आनन्द लिइसकेपछि—तिनीहरूले परमेश्‍वरमा विश्‍वास गर्नु भनेको के हो सो बारेमा खोजी गर्न थाल्छन्, फरक-फरक प्रश्‍नहरू बुझ्ने चाहना गर्न थाल्छन्, जस्तै मानिस किन जिउनुपर्छ, मानिस कसरी जिउनुपर्छ, र परमेश्‍वरले मानिसमा किन आफ्नो काम गर्नुहुन्छ। जब तिनीहरूभित्र यी अस्पष्ट विचारहरू र अन्योल विचार शैलीहरू उत्पन्‍न हुन्छन् र तिनीहरूभित्र अस्तित्वमा रहन्छन्, तब तिनीहरू निरन्तर रूपमा सिञ्चित हुन्छन्, र तिनीहरूले आफ्नो कर्तव्य पनि पूरा गर्न सक्छन्। यस अवधिमा, तिनीहरूसँग परमेश्‍वरको अस्तित्वको सत्यताको बारेमा अब फेरि कुनै शङ्का हुँदैन, र परमेश्‍वरमा विश्‍वास गर्नु भनेको के हो तिनीहरूसँग सटीक बुझाइ हुन्छ। यस जगमा तिनीहरूले परमेश्‍वरको बारेमा क्रमिक रूपमा ज्ञान प्राप्त गर्छन्, र तिनीहरूले परमेश्‍वरको स्वभाव र सारसम्बन्धी तिनीहरूका अस्पष्ट विचार र अन्योल विचार-शैलीका उत्तरहरू क्रमिक रूपमा प्राप्त गर्छन्। तिनीहरूको स्वभाव परिवर्तन साथै परमेश्‍वरसम्बन्धी तिनीहरूको ज्ञानको हकमा भन्दा, यस चरणका मानिसहरूले सही मार्गमा हिँड्न सुरु गर्छन्, र तिनीहरू अवस्था-परिवर्तनको अवधिमा प्रवेश गर्छन्। यस चरणभित्र रहँदा नै मानिसहरूले जीवन प्राप्त गर्न थाल्छन्। आफ्नो स्वामित्वमा जीवन छ भन्ने स्पष्ट सङ्केतहरू नै परमेश्‍वरलाई जान्नेसम्बन्धी मानिसहरूको हृदयमा रहेका विभिन्‍न प्रश्‍नहरू क्रमिक रूपमा समाधान हुनु हो—जस्तै, परमेश्‍वरसम्बन्धी गलत बुझाइ, कल्पना, धारणा, र अस्पष्ट परिभाषाहरू—अनि तिनीहरूले परमेश्‍वरको अस्तित्वको वास्तविकतालाई साँचो रूपमा विश्‍वास र पहिचान मात्रै गर्दैनन्, तिनीहरूसँग त परमेश्‍वरको बारेमा सटीक परिभाषा र तिनीहरूको हृदयमा सही स्थान पनि हुन्छ, अनि साँचो रूपमा परमेश्‍वरलाई पछ्याउने कार्यद्वारा तिनीहरूको अस्पष्ट विश्‍वास प्रतिस्थापित हुन्छ। यस चरणको अवधिमा, मानिसहरूले बिस्तारै परमेश्‍वरसम्बन्धी तिनीहरूका भ्रमहरूलाई र तिनीहरूको गलत खोजी र विश्‍वासका तौरतरिकाहरूलाई क्रमिक रूपमा जान्‍न थाल्छन्। तिनीहरूले सत्यताको चाहना गर्न, परमेश्‍वरको न्याय, सजाय र अनुशासनको अनुभव गर्ने चाहना गर्न, र तिनीहरूको स्वभाव परिवर्तन गर्ने चाहना गर्न थाल्छन्। तिनीहरूले यस चरणमा परमेश्‍वरबारेका सबै किसिमका धारणा र

कल्पनाहरूलाई क्रमिक रूपमा छोड्न थाल्छन्, यसको साथै तिनीहरूले परमेश्‍वरसम्बन्धी आफ्ना गलत ज्ञानलाई परिवर्तन र सुधार गर्छन् र परमेश्‍वरको बारेमा केही सही आधारभूत ज्ञान प्राप्त गर्छन्। यस चरणका मानिसहरूमा हुने ज्ञानको केही भाग त्यति विशिष्ट वा सही नहुने भए पनि, कम्तीमा पनि तिनीहरूले परमेश्‍वरसम्बन्धी तिनीहरूका धारणा, गलत ज्ञान, र गलत बुझाइहरूलाई क्रमिक रूपमा त्याग्न थाल्छन्; तिनीहरूले परमेश्‍वरसम्बन्धी तिनीहरूका आफ्नै धारणा र कल्पनाहरूलाई अब फेरि कायम राख्दैनन्। तिनीहरूले कसरी त्याग्ने, अर्थात्, तिनीहरूका आफ्नै धारणाभित्र पाइने कुराहरू, तिनीहरूका ज्ञानबाट आएका कुराहरू, र शैतानबाट आएका कुराहरूलाई कसरी त्याग्ने सो सिक्न थाल्छन्; तिनीहरू सही र सकारात्मक कुराहरू, परमेश्‍वरका वचनहरूबाट आउने र सत्यताअनुरूपका कुराहरूमा समेत समर्पित हुने इच्छा गर्न थाल्छन्। तिनीहरूले परमेश्‍वरका वचनहरूको अनुभव गर्न, उहाँका वचनहरूलाई व्यक्तिगत रूपमा नै जान्न र पालना गर्न, उहाँका वचनहरूलाई आफ्ना कार्यहरूको सिद्धान्त र आफ्नो स्वभाव परिवर्तन गर्ने कार्यको आधारको रूपमा स्वीकार गर्न थाल्छन्। यस अवधिमा, मानिसहरूले अचेत रूपमा परमेश्‍वरको न्याय र सजायलाई स्वीकार गर्छन्, र अचेत रूपमा नै परमेश्‍वरका वचनहरूलाई आफ्नो जीवनको रूपमा स्वीकार गर्छन्। तिनीहरूले परमेश्‍वरको न्याय, सजाय, र वचनहरूलाई स्वीकार गर्दा, तिनीहरू झन्-झन् बढी सचेत हुँदै जान्छन् र तिनीहरूले आफ्नो हृदयमा विश्‍वास गर्ने परमेश्‍वर साँच्चै अस्तित्वमा हुनुहुन्छ भन्ने कुरा अनुभूति गर्न सक्छन्। परमेश्‍वरका वचनहरूमा, आफ्ना अनुभवहरू र जीवनमा, झन्-झन् बढी रूपमा तिनीहरूले मानिसको नियतिमाथि परमेश्‍वरकै नियन्त्रण भएको र उहाँले सधैँ मानिसलाई अगुवाइ गर्नुभएको र मानिसलाई भरणपोषण गर्नुभएको महसुस गर्छन्। परमेश्‍वरसँगको तिनीहरूको सङ्गतद्वारा, तिनीहरूले क्रमिक रूपमा परमेश्‍वरको अस्तित्वलाई पुष्टि गर्छन्। त्यसकारण, तिनीहरूले महसुस गर्नुभन्दा पहिले नै, तिनीहरूले अर्धचेतन रूपमा परमेश्‍वरको कार्यलाई स्वीकार गरिसकेका हुन्छन् र त्यसमा दृढ विश्‍वास गर्न थालिसकेका हुन्छन्, र तिनीहरूले परमेश्‍वरका वचनहरूलाई स्वीकार गरिसकेका हुन्छन्। मानिसहरूले परमेश्‍वरका वचनहरू र कार्यलाई स्वीकार गरिसकेपछि, तिनीहरूले निरन्तर रूपमा आफैलाई इन्कार गर्छन्, आफ्ना धारणाहरूलाई इन्कार गर्छन्, आफ्नो ज्ञानलाई इन्कार गर्छन्, आफ्नो कल्पनालाई इन्कार गर्छन्, र त्यति नै बेला तिनीहरूले निरन्तर रूपमा सत्यता के हो र परमेश्‍वरको इच्छा के हो भन्नेबारेमा खोजी गर्छन्। विकासको यो अवधिमा परमेश्‍वरसम्बन्धी मानिसहरूको ज्ञान निकै सतही हुन्छ—तिनीहरूले यो ज्ञानलाई शब्दहरूमा स्पष्ट रूपमा व्यक्त गर्न समेत सक्दैनन्, न त तिनीहरूले यसलाई निश्‍चित विवरणहरूमा नै व्यक्त गर्न सक्छन्—र तिनीहरूसँग दृष्टिकोणमा आधारित बुझाइ मात्रै हुन्छ; तैपनि, अघिल्ला तीन चरणसँग तुलना गर्दा, यस अवधिका मानिसहरूका अपरिपक्व जीवनले पहिले नै परमेश्‍वरका वचनहरूको सिञ्चन र आपूर्ति प्राप्त गरिसकेका हुन्छन्, र पालुवा निकाल्न थालिसकेका हुन्छन्। तिनीहरूको जीवन जमिनमा गाडिएको बीउजस्तै हो; ओस र पोषण प्राप्त गरेपछि, यो माटोबाट बाहिर निस्किन्छ, र यसको मुनाले नयाँ जीवनको नयाँ जन्मलाई प्रतिनिधित्व गर्छ। यो जन्मले व्यक्तिलाई जीवनका चिन्हहरूको झलक देखाउँछ। जब

मानिसहरूमा जीवन हुन्छ, तिनीहरू वृद्धि हुन्छन्। त्यसकारण, यी जगहरूमा—परमेश्वरमा विश्वास गर्ने सही मार्गमा क्रमिक रूपमा अघि बढ्दै, आफ्ना धारणाहरूलाई त्याग्दै, परमेश्वरको अगुवाइ प्राप्त गर्दै—मानिसहरूको जीवन अलि-अलि गर्दै अपरिहार्य रूपमा वृद्धि हुँदै जान्छन्। यो वृद्धिलाई कुन आधारमा मापन गरिन्छ त? यसलाई परमेश्वरका वचनहरूसम्बन्धी व्यक्तिको अनुभव र परमेश्वरको धर्मी स्वभावसम्बन्धी तिनीहरूको साँचो बुझाइअनुसार मापन गरिन्छ। वृद्धिको यो अवधिमा तिनीहरूले आफ्नै शब्दहरूको प्रयोग गरेर परमेश्वर र उहाँको सारसम्बन्धी आफ्नो ज्ञानको बारेमा सटीक रूपमा व्याख्या गर्न कठिन हुने भए पनि, यस समूहका मानिसहरू अबउप्रान्त परमेश्वरको अनुग्रहको आनन्दमार्फत सुख-चैनको खोजी गर्न, वा उहाँको अनुग्रह प्राप्त गर्ने तिनीहरूको आफ्नै उद्देश्यको पछि लाग्नको लागि परमेश्वरमा विश्वास गर्न व्यक्तिपरक रूपमा इच्छुक हुँदैनन्। बरु, तिनीहरू परमेश्वरको वचनद्वारा जिइने जीवनको पछि लाग्न र परमेश्वरको मुक्तिको लक्षित व्यक्तिहरू बन्न इच्छुक हुन्छन्। यसको साथै, तिनीहरू परमेश्वरको न्याय र सजायलाई स्वीकार गर्नमा आत्मविश्वासी र तत्पर बन्छन्न्। वृद्धिको चरणमा रहेको व्यक्तिको चिन्ह यही हो।

यस चरणका मानिसहरूमा परमेश्वरको धर्मी स्वभावको बारेमा केही ज्ञान हुने भए पनि, यो ज्ञान अत्यन्तै धमिलो र अस्पष्ट हुन्छ। तिनीहरूले यी कुराहरूलाई स्पष्ट रूपमा व्याख्या गर्न नसके पनि, तिनीहरूले आफूले पहिले नै आन्तरिक रूपमा कुनै कुरा प्राप्त गरिसकेको अनुभूति गर्छन्, किनभने तिनीहरूले परमेश्वरको सजाय र न्यायमार्फत परमेश्वरको धर्मी स्वभावको ज्ञान र बुझाइ केही हदसम्म प्राप्त गरिसकेका हुन्छन्। तैपनि, यो सतही हुन्छ, र यो अझै पनि प्रारम्भिक चरणमा नै हुन्छ। मानिसहरूको यो समूहसँग परमेश्वरको अनुग्रहलाई हेर्ने निश्चित दृष्टिकोण हुन्छ, जुन तिनीहरूले खोजी गर्ने उद्देश्यहरू र तिनलाई पछ्याउने तिनीहरूको तरिकामा आउने परिवर्तनहरूमा व्यक्त हुन्छन्। तिनीहरूले पहिले नै परमेश्वरका वचनहरू र कार्यमा, मानिसका लागि उहाँले तय गर्नुभएका सबै प्रकारका मापदण्डहरूमा र मानिसलाई दिइएका उहाँका प्रकाशहरूमा के देखिसकेका छन् भने यदि तिनीहरूले अझै पनि सत्यतालाई पछ्याउँदैनन् भने, यदि तिनीहरू अझै पनि वास्तविकतामा प्रवेश गर्ने प्रयास गर्दैनन् भने, यदि तिनीहरूले उहाँका वचनहरूको अनुभव गर्ने क्रममा परमेश्वरलाई सन्तुष्ट पार्ने र उहाँलाई चिन्ने प्रयास गर्दैनन् भने, तिनीहरूले परमेश्वरमा विश्वास गर्नुको अर्थलाई गुमाउनेछन्। तिनीहरूले देख्छन् कि तिनीहरूले परमेश्वरको अनुग्रह जति नै प्राप्त गरे पनि, तिनीहरूले आफ्नो स्वभाव परिवर्तन गर्न, परमेश्वरलाई सन्तुष्ट पार्न वा परमेश्वरलाई चिन्न सक्दैनन्, र यदि मानिसहरू निरन्तर परमेश्वरको अनुग्रहमा जिउँछन् भने, तिनीहरूले कहिल्यै पनि वृद्धि हासिल गर्नेछैनन्, जीवन प्राप्त गर्नेछैनन् वा मुक्ति प्राप्त गर्न सक्नेछैनन्। सारांशमा, यदि व्यक्तिले साँचो रूपमा परमेश्वरका वचनहरूलाई अनुभव गर्न सक्दैन र उहाँका वचनहरूद्वारा उहाँलाई चिन्न सक्दैन भने, तिनीहरू अनन्तसम्मै बालकको चरणमा रहन्छन् र तिनीहरूले आफ्नो जीवनको वृद्धिमा कहिल्यै पनि एक कदम पाइला चाल्दैनन्। यदि तँ सदासर्वदा नै बालकको चरणमा अस्तित्वमा रहन्छस् भने, तँ कहिल्यै पनि परमेश्वरको वचनको वास्तविकतामा प्रवेश गर्दैनस् भने, यदि तँमा

तेरो जीवनको रूपमा परमेश्वरको वचन कहिल्यै हुँदैन भने, यदि तँमा परमेश्वरप्रतिको साँचो विश्वास र ज्ञान कहिल्यै हुँदैन भने, के परमेश्वरले तँलाई पूर्ण बनाउनुहुने कुनै सम्भावना हुन्छ? त्यसकारण, परमेश्वरको वचनको वास्तविकतामा प्रवेश गर्ने जोकोही, परमेश्वरको वचनलाई आफ्नो जीवनको रूपमा स्वीकार गर्ने जोकोही, परमेश्वरको सजाय र न्यायलाई स्वीकार गर्न थाल्ने जोकोही, आफ्नो भ्रष्ट स्वभावलाई परिवर्तन गर्न थाल्ने जोकोही, र जसको हृदयले सत्यताको चाहना गर्छ, जोसँग परमेश्वरलाई चिन्ने र परमेश्वरको मुक्तिलाई स्वीकार गर्ने चाहना हुन्छ त्यस्तो जोकोही, यिनीहरू साँचो रूपमा जीवन प्राप्त गरेका मानिसहरू हुन्। यो साँच्चै चौथो प्रकारको व्यक्ति हो, परिपक्व हुँदै गरेको, बाल्यकालको चरणमा रहेको व्यक्ति हो।

**पाचौं प्रकार: जीवनको परिपक्वताको चरण, वा वयस्क अवस्था**

बाल्यकालको चरण, बारम्बार दोहोरिने उतार-चढावको वृद्धिको चरणलाई अनुभव गरिसकेपछि र यसमा बामे सरिसकेपछि, मानिसहरूको जीवन स्थिरिकृत बन्छ, तिनीहरूको अगाडि बढ्ने गति अबउप्रान्त रोकिँदैन, र तिनीहरूलाई कसैले पनि बाधा दिन सक्दैन। अगाडिको मार्ग अझै कठिन र ढुङ्गेनी भए पनि, तिनीहरू अबउप्रान्त कमजोर वा भयभीत हुँदैनन्, र तिनीहरूले अबउप्रान्त अगाडि लडखडाउने वा आफ्नो सन्तुलन गुमाउने गर्दैनन्। तिनीहरूका जग परमेश्वरको वचनको वास्तविक अनुभवमा गाडिएको हुन्छ, र तिनीहरूको हृदय परमेश्वरको गरिमा र महान्ताले तानेको हुन्छ। तिनीहरूले परमेश्वरका पाइलाहरूलाई पछ्याउने, परमेश्वरको सारलाई जान्ने, परमेश्वरको बारेमा सबै कुरा जान्ने चाहना गर्छन्।

यस चरणका मानिसहरूलाई तिनीहरूले कसमा विश्वास गर्छन् सो स्पष्ट रूपमा पहिले नै थाहा हुन्छ, र तिनीहरूले परमेश्वरमा किन विश्वास गर्नुपर्छ र तिनीहरूको आफ्नै जीवनको अर्थ के हो तिनीहरूलाई स्पष्ट रूपमा थाहा हुन्छ, अनि परमेश्वरले व्यक्त गर्नुहुने सबै कुरा सत्यता हुन् भन्ने तिनीहरूलाई स्पष्टै थाहा हुन्छ। धेरै वर्षको अनुभवमा, तिनीहरूले के महसुस गरेका हुन्छन् भने, परमेश्वरको न्याय र सजायविना, व्यक्तिले परमेश्वरलाई सन्तुष्ट पार्न वा चिन्न कहिल्यै सक्नेछैन र ऊ परमेश्वरको अघि साँचो रूपमा कहिल्यै आउन सक्नेछैन। यी मानिसहरूको हृदयमा, परीक्षा गरिँदा परमेश्वरको धर्मी स्वभावलाई देख्न सकौं भनी परमेश्वरद्वारा परीक्षित हुने, र अझै शुद्ध प्रेम प्राप्त गर्ने, साथै परमेश्वरलाई अझै साँचो रूपमा बुझ्न र चिन्न सक्ने ठूलो इच्छा हुन्छ। यस चरणका मानिसहरूले बालकको चरणलाई र परमेश्वरको अनुग्रहको आनन्द लिने र आफ्नो पेटभरि रोटी खाने चरणलाई पहिले नै पूर्ण रूपमा बिदा गरिसकेका हुन्छन्। तिनीहरूले आफूलाई परमेश्वरको सहनशीलता र कृपा मिलोस् भन्ने हेतुले अबउप्रान्त कुनै लालची आशा गर्दैनन्; बरु, आफ्नो भ्रष्ट स्वभावबाट आफूलाई मुक्त गर्न र परमेश्वरलाई सन्तुष्ट पार्नको लागि, तिनीहरूसँग परमेश्वरको अटुट सजाय र न्याय प्राप्त गर्ने र त्यस्तो आशा गर्ने आत्मविश्वास हुन्छ। तिनीहरूको हृदयमा परमेश्वरसम्बन्धी तिनीहरूको ज्ञान र तिनीहरूको खोजी, वा तिनीहरूको खोजीका अन्तिम उद्देश्यहरू स्पष्ट हुन्छन्। त्यसकारण, वयस्क चरणका मानिसहरूले अस्पष्ट विश्वासको चरण, मुक्तिको लागि तिनीहरू अनुग्रहमा भरोसा गर्ने चरण,

परीक्षाहरूमा खडा हुन नसक्ने अपरिपक्व जीवनको चरण, अस्पष्टताको चरण, लडखडाउने चरण, बारम्बार हिँड्ने मार्ग नहुने चरण, अचानक तातो र चीसो हुने अस्थिर अवधि, र व्यक्तिले परमेश्वरलाई आँखा बन्द गरेर पछ्याउने चरणलाई पूर्ण रूपमा बिदा गरिसकेका हुन्छन्। यस प्रकारका मानिसहरूले बारम्बार परमेश्वरको अन्तर्दृष्टि र ज्योति प्राप्त गर्छन्, र परमेश्वरसँग बारम्बार साँचो सहकार्य र संचारमा संलग्न हुन्छन्। के भन्न सकिन्छ भने, यस चरणमा जिउने मानिसहरूले परमेश्वरको इच्छाको केही भाग पहिले नै बुझिसकेका हुन्छन्, तिनीहरूले आफूले गर्ने सबै कुरामा सत्यताका सिद्धान्तहरूलाई पत्ता लगाउन सक्छन्, र तिनीहरूलाई परमेश्वरको इच्छालाई कसरी सन्तुष्ट पार्ने हो सो कुरा थाहा हुन्छ। यसको साथै, तिनीहरूले परमेश्वरलाई चिन्ने मार्गलाई पनि भेट्टाएका हुन्छन् र परमेश्वरसम्बन्धी आफ्नो ज्ञानको गवाही दिन थालेका हुन्छन्। क्रमिक वृद्धिको क्रममा, तिनीहरूले परमेश्वरको इच्छाको क्रमिक बुझाइ र ज्ञान प्राप्त गर्छन्: मानवजातिलाई सृष्टि गर्ने कार्यमा परमेश्वरको इच्छा, र मानवजातिलाई व्यवस्थापन गर्ने कार्यमा परमेश्वरको इच्छाको बारेमा बुझाइ र ज्ञान प्राप्त गर्छन्। तिनीहरूले सारको हिसाबमा परमेश्वरको धर्मी स्वभावको बुझाइ र ज्ञान पनि क्रमिक रूपमा प्राप्त गर्छन्। यस ज्ञानलाई कुनै पनि मानवीय धारणा वा कल्पनाले प्रतिस्थापन गर्न सक्दैन। पाचौं चरणमा व्यक्तिको जीवन पूर्ण रूपमा परिपक्व हुन्छ वा यो व्यक्ति धर्मी वा पूर्ण हुन्छ भनेर भन्न नसकिने भए तापनि, यस प्रकारको व्यक्तिले जीवनको परिपक्वताको चरणतर्फ पहिले नै कदम चालिसकेको हुन्छ र ऊ पहिले नै परमेश्वरको सामुन्ने आउन सक्ने, परमेश्वरको वचन र परमेश्वरसँग आमने-सामने खडा हुन सक्ने भइसकेको हुन्छ। यस प्रकारको व्यक्तिले परमेश्वरको धेरै वचन अनुभव गरेको, अनगन्ती परीक्षाहरूको अनुभव गरेको र परमेश्वरको अनगन्ती अनुशासन, न्याय र सजाय अनुभव गरेको हुनाले, परमेश्वरप्रतिको तिनीहरूको समर्पणता सापेक्षित होइन निरपेक्षित हुन्छ। परमेश्वरसम्बन्धी तिनीहरूको ज्ञान अर्धचेतनबाट स्पष्ट र सटीक ज्ञानमा, सतहीबाट गहनमा, अस्पष्ट र धूमिलबाट स्पष्ट र ठोसमा रूपान्तरित भएको हुन्छ। तिनीहरू कठिन लडखडाइ र निष्क्रिय खोजीबाट सहज ज्ञान र सक्रिय गवाहीको अवस्थामा पुगेका हुन्छन्। के भन्न सकिन्छ भने, यस चरणका मानिसहरूमा परमेश्वरको वचनको सत्यता वास्तविकता हुन्छ, तिनीहरूले पत्रुसले हिँडेको मार्गजस्तो सिद्धताको मार्गमा पाइला टेकेका हुन्छन्। यो पाचौं प्रकारको व्यक्ति हो, जो परिपक्वताको चरण अर्थात वयस्क चरणमा जिउँछ।

डिसेम्बर १४, २०१३

# परमेश्वर स्वयम् अद्‌वितीय ३

## परमेश्वरको अख्तियार (२)

आज हामी "परमेश्वर स्वयम् अद्‌वितीय" शीर्षकको हाम्रो सङ्गतिलाई निरन्तरता दिनेछौँ। हामीले पहिले नै यस विषयमा दुईवटा सङ्गति गरिसक्यौं, पहिलो परमेश्वरको अख्तियारसँग सम्बन्धित थियो र दोस्रो परमेश्वरको धर्मी स्वभावसँग सम्बन्धित थियो। यी दुईवटा सङ्गतिलाई सुनिसकेपछि, के तपाईँहरूले परमेश्वरको पहिचान, ओहोदा र सारको बारेमा नयाँ बुझाइ प्राप्त गर्नुभयो? के यी बुझाइ हरूले तपाईँहरूलाई परमेश्वरको अस्तित्वको सत्यतासम्बन्धी थप ठोस ज्ञान र सुनिश्चतता प्राप्त गर्न सहायता गरेका छन्? आज "परमेश्वरको अख्तियार" भन्ने विषयलाई विस्तार गर्ने मेरो योजना छ।

### बृहत् र सूक्ष्म दृष्टिकोणहरूबाट परमेश्वरको अख्तियारलाई बुझ्ने

परमेश्वरको अख्तियार अद्‌वितीय छ। यो परमेश्वर स्वयम्‌को चारित्रिक अभिव्यक्ति, विशेष सार, र पहिचान हो, जुन सृष्टि गरिएको वा नगरिएको कुनै पनि प्राणीमा छैन; सृष्टिकर्तामा मात्रै यस प्रकारको अख्तियार छ। यसो भन्नुको अर्थ, सृष्टिकर्ता–अद्‌वितीय परमेश्वरलाई मात्रै यसरी व्यक्त गर्न सकिन्छ र उहाँमा मात्रै यो सार छ। त्यसो भए, हामीले किन परमेश्वरको अख्तियारको बारेमा कुरा गर्नुपर्छ त? कसरी परमेश्वर स्वयम्‌को अख्तियार मानिसले आफ्नो मनमा विचार गर्ने "अख्तियार" भन्दा फरक छ? यसमा के विशेष छ? यसको बारेमा यहाँ कुरा गर्नु किन विशेष रूपमा महत्त्वपूर्ण छ? तपाईँहरू प्रत्येकले यो विषयलाई ध्यानपूर्वक विचार गर्नुपर्छ। धेरैजसो मानिसहरूका लागि, "परमेश्वरको अख्तियार" भनेको बुझ्नको लागि निकै प्रयासको आवश्यकता पर्ने अस्पष्ट विचार हो, अनि यससम्बन्धी जुनसुकै छलफल अमूर्त हुने सम्भावना हुन्छ। त्यसकारण, मानिसले प्राप्त गर्न सक्ने परमेश्वरको अख्तियारको ज्ञान र परमेश्वरको अख्तियारको सारको बीचमा सधैँ नै भिन्नता रहेको हुनेछ। यो भिन्नतालाई मिलान गर्नका लागि, मानिसहरूको पहुँचभित्र रहेका अनि तिनीहरूको वास्तविक जीवनमा तिनीहरूले बुझ्ने क्षमताभित्र रहेका मानिसहरू, घटनाहरू, काम-कुरा, र विभिन्न प्रक्रियाहरूद्‌वारा परमेश्वरको अख्तियारलाई हरेकले क्रमिक रूपमा बुझ्नुपर्छ। "परमेश्वरको अख्तियार" भन्ने वाक्यांश बुझ्न नसकिने जस्तो देखिए तापनि, परमेश्वरको अख्तियार अमूर्त छैन। उहाँ मानिसलाई हरेक दिन डोऱ्याउँदै, उसको जीवनको हरेक क्षणमा उपस्थित हुनुहुन्छ। तसर्थ, वास्तविक जीवनमा, हरेक व्यक्तिले परमेश्वरको अख्तियारको सबैभन्दा मूर्त पक्षलाई अवश्य देख्नेछ र अनुभव गर्नेछ। यो मूर्त पक्ष नै परमेश्वरको अख्तियार साँचो अर्थमा अस्तित्वमा छ भन्ने कुराको पर्याप्त प्रमाण हो, र यसले व्यक्तिलाई परमेश्वरमा त्यस्तो अख्तियार रहेछ भन्ने तथ्यलाई पहिचान गर्न र बुझ्न सम्पूर्ण अवसर दिन्छ।

परमेश्वरले सबै कुराको सृष्टि गर्नुभयो, र उहाँले नै यसलाई सृष्टि गर्नुभएको हुनाले, यावत् थोकमाथि उहाँकै प्रभुत्व छ। यावत् थोकमाथिउहाँको प्रभुत्व हुनेबाहेक, उहाँले सबै थोक नियन्त्रण

गर्नुहुन्छ। "परमेश्वरमा सबै थोकको नियन्त्रण छ" भन्ने यो अवधारणाको अर्थ के यो? यसलाई कसरी व्याख्या गर्न सकिन्छ? वास्तविक जीवनमा यो कसरी लागू हुन्छ? परमेश्वरमा सबै थोकको नियन्त्रण छ भन्ने तथ्यलाई बुझेमा यसले कसरी उहाँको अख्तियारको बुझाइमा डोहोऱ्याउन सक्छ? "परमेश्वरमा सबै थोक नियन्त्रण छ" भन्ने यही वाक्यांशबाट नै हामीले के देख्नुपर्छ भने परमेश्वरले न त ग्रहहरूको एउटा भाग, न त सृष्टिको एउटा भाग, न त मानवजातिको एउटा भागलाई मात्रै नियन्त्रण गर्नुहुन्छ तर उहाँले त सबै कुरालाई नियन्त्रण गर्नुहुन्छ: विशालदेखि सूक्ष्मसम्म, देख्न नसकिनेदेखि अदृश्यसम्म, आकाशमण्डलका ताराहरूदेखि पृथ्वीका जीवित प्राणीहरूसम्म, साथै नाङ्गो आँखाले देख्न नसकिने र अन्य स्वरूपमा अस्तित्वमा रहने सूक्ष्म जीवहरूसम्म। परमेश्वरको "नियन्त्रणमा रहेका" "सबै कुराहरू" को सटीक परिभाषा यही नै हो; उहाँको अख्तियारको कार्यक्षेत्र, उहाँको सार्वभौमिकता र शासनको प्रसार यही नै हो।

यस मानवजाति अस्तित्वमा आउनुभन्दा पहिले नै, आकाशमण्डल–स्वर्गमा भएका सबै ग्रहहरू र ताराहरू–पहिले नै अस्तित्वमा थिए। बृहत् स्तरमा, यी स्वर्गीय पिण्डहरू परमेश्वरको नियन्त्रणमा रही आफ्ना अस्तित्वको लागि नियमित रूपमा परिक्रमा गरिरहन्छन्, चाहे त्यो जति नै वर्ष भइसकेको होस्। कुनै निश्चित समयमा कुन ग्रह कहाँ जान्छ; कुन ग्रहले कुन काम, र कहिले गर्छ; कुन ग्रहले कुन परिक्रमा पथमा चक्कर लगाउँछ, र कहिले यो हराउँछ वा प्रतिस्थापित हुन्छ–यी सबै कुराहरू सानोभन्दा सानो गल्तीविना नै अघि बढिरहन्छन्। ग्रहहरूको स्थान र तिनीहरूबीचको दूरीले निश्चित ढाँचालाई पछ्याउँछन्, र यी सबैलाई सटीक आँकडाद्वारा व्याख्या गर्न सकिन्छ; तिनीहरूले यात्रा गर्ने मार्ग, परिक्रमा पथको गति र ढाँचा, तिनीहरू विभिन्न स्थानमा रहने समय–यी सबैलाई विशेष नियमहरूद्वारा सटीक रूपमा गणना र व्याख्या गर्न सकिन्छ। युगौंदेखि ग्रहहरूले अलिकति दायाँ-बायाँ नगरिकन यी नियमहरू पालना गरेका छन्। तिनीहरूको परिक्रमा पथ वा तिनीहरूले पछ्याउने ढाँचालाई कुनै पनि शक्तिले परिवर्तन गर्न वा भङ्ग गर्न सक्दैन। तिनीहरूको चाल नियन्त्रण गर्ने विशेष नियमहरू र तिनीहरूलाई व्याख्या गर्ने सटीक आँकडा सृष्टिकर्ताको अख्तियारद्वारा पूर्वनिर्धारित गरिएका हुनाले, सृष्टिकर्ताको सार्वभौमिकता र नियन्त्रणअन्तर्गत तिनीहरूले आफ्नै तरिकाले यी नियमहरूको पालना गर्छन्। बृहत् स्तरमा, मानिसले केही ढाँचा, केही आँकडा, र केही अनौठा र व्याख्या गर्न नसकिने नियम वा प्रक्रियाहरूलाई पत्ता लगाउनु कठिन छैन। परमेश्वरको अस्तित्वलाई मानवजातिले स्वीकार गर्दैन न त सृष्टिकर्ताले सबै थोक बनाउनुभयो र तीमाथि उहाँकै प्रभुत्व छ भन्ने नै स्वीकार गर्छ, साथै उसले सृष्टिकर्ताको अख्तियारको अस्तित्वलाई पहिचान गर्दैन, तथापि मानव वैज्ञानिक, खगोलशास्त्री, र भौतिकशास्त्रीहरूले ब्रह्माण्डमा यावत् थोकको अस्तित्व, र तिनीहरूको चाललाई निर्धारणगर्ने सिद्धान्त र ढाँचाहरू सबैलाई व्यापक र अदृश्य अन्धकारका उर्जाले शासन गर्दै नियन्त्रण गरेको छ भन्ने कुरालाई झन्-झन् बढी पत्ता लगाइरहेका छन्। यो तथ्यले मानिसलाई यी चालका ढाँचाहरूको बीचमा सबै कुरालाई योजनाबद्ध गर्नुहुने सर्वशक्तिमान् हुनुहुन्छ भन्ने कुराको सामना र स्वीकार गर्न बाध्य गर्छ। उहाँको शक्ति असाधारण छ, अनि उहाँको साँचो मुहारलाई कसैले देख्न नसके पनि, उहाँले हरेक क्षणमा हरेक कुरालाई शासन र नियन्त्रण गर्नुहुन्छ। उहाँको सार्वभौमिकताइतर कुनै पनि मानिस वा शक्ति पुग्न

सक्दैन। यो तथ्यलाई ध्यानमा राख्दै, यावत् थोकको अस्तित्व शासन गर्ने नियमहरूलाई मानिसले नियन्त्रण गर्न सक्दैन, कसैले पनि त्यसलाई परिवर्तन गर्न सक्दैन भन्ने कुरालाई मानिसले पहिचान गर्नुपर्छ; मानिसले यी नियमहरूलाई पूर्ण रूपमा बुझ्न सक्दैन, र ती प्राकृतिक रूपमा नै भइरहेका हुँदैनन्, तर सार्वभौमबाट नियन्त्रित हुन्छन् भन्ने कुरालाई पनि उसले स्वीकार गर्नैपर्छ। यी सबै नै मानवजातिले बृहत् स्तरमा बुझ्न सक्ने परमेश्‍वरको अख्तियारका अभिव्यक्तिहरू हुन्।

सूक्ष्म स्तरमा, मानिसले पृथ्वीमा देख्न सक्ने सारा पहाड-पर्वत, नदी-नाला, ताल-तलैया, समुद्र अनि ठूला भूमिहरू, उसले अनुभव गर्ने सबै ऋतु, वनस्पति, पशु-प्राणी, सूक्ष्म जीव, र मानिसलगायत पृथ्वीमा वसोवास गर्ने सबै थोक परमेश्‍वरको सार्वभौमिकता र नियन्त्रणको अधीनमा छन्। परमेश्‍वरको सार्वभौमिकता र नियन्त्रणमा, उहाँकै सोचहरूअनुसार सबै थोक अस्तित्वमा आउँछन् वा हराउँछन्; तिनीहरूको अस्तित्वलाई शासन गर्ने नियमहरू उत्पन्न हुन्छन्, अनि त्यही नियमहरूलाई पालना गर्दै तिनीहरू बढ्छन् र फैलिन्छन्। कुनै पनि मानवजाति वा थोक यी नियमहरूभन्दा माथि छैन। किन यसो भयो? एउटै मात्र उत्तर यही हो: यो परमेश्‍वरको अख्तियारको कारणले गर्दा हो। अथवा, अर्को तरिकाले भन्दा, यो परमेश्‍वरको सोच र परमेश्‍वरको वचनहरूले गर्दा भएको हो; परमेश्‍वर स्वयम्‌को व्यक्तिगत कार्यहरूको कारणले गर्दा हो। यसको अर्थ के हो भने यी नियमहरूलाई उत्पन्न गर्ने परमेश्‍वरको अख्तियार र परमेश्‍वरको मन हुन्, जुन उहाँका सोचहरूअनुसार स्थानान्तरण र परिवर्तन हुन्छन्, अनि उहाँकै योजनाको खातिर स्थानान्तर र परिवर्तन हुन्छन् वा हराएर जान्छन्। उदाहरणको लागि, महामारीलाई लिऊँ। कुनै पनि चेतावनीविना नै ती फैलिन्छन्। तिनको उत्पत्ति कहाँ भयो वा त्यसो हुनुको कारण के हो सो कसैलाई थाहा हुँदैन, र जब महामारी कुनै निश्‍चित स्थानमा पुग्छ, अभिशप्त भइसकेकाहरू त्यो विपत्तीबाट उम्कन सक्दैनन्। महामारीहरू घातक वा हानिकारक जीवाणुहरूको फैलावटको कारण पैदा हुन्छन् भन्ने मानव विज्ञानले बुझ्छ, र तिनीहरूको गति, सर्ने क्षेत्र, र विधिलाई मानव विज्ञानले अनुमान वा नियन्त्रण गर्न सक्दैन। मानिसहरूले सम्भव भएको हरेक माध्यमद्‌वारा महामारीलाई रोक्ने भए तापनि, यो फैलिएपछि कुन-कुन मानिसहरू वा पशु-प्राणीलाई निश्‍चित रूपमा प्रभाव पार्छ भन्ने कुरालाई तिनीहरूले नियन्त्रण गर्न सक्दैनन्। मानिसहरूले गर्न सक्ने एउटै मात्र कुरा भनेको, त्यसको रोकथाम गर्ने, प्रतिरोध गर्ने र त्यसको अनुसन्धान गर्ने मात्रै हो। तर कुनै पनि व्यक्तिगत महामारीको शुरूवात वा अन्त्यको मूल कारण कसैलाई पनि थाहा हुँदैन, र कसैले पनि तिनलाई नियन्त्रण गर्न सक्दैन। महामारीको शुरूवात र फैलावटको सामना गर्न थालेपछि, मानिसहरूले अपनाउने शुरूवाती उपाय खोपको विकास गर्नु हो, तर खोप तयार हुनुभन्दा पहिले नै महामारी प्रायजसो आफै हराएर जान्छ। महामारीहरू किन आफै हराएर जान्छन्? कतिपयले किटाणुहरूलाई नियन्त्रणमा ल्याइयो भनेर भन्छन्, अरूले मौसम परिवर्तनको कारण ती मरेर जान्छन् भनेर भन्छन्...। यी अनेक किसिमका अनुमानहरू न्यायसङ्‌गत भए पनि नभए पनि, विज्ञानले कुनै व्याख्या दिन सक्दैन र कुनै सटीक उत्तर दिन सक्दैन। मानवजातिले यी अनुमानहरूलाई मात्रै होइन, तर महामारीहरू सम्बन्धी मानवजातिको बुझाइको कमी र डरलाई पनि महत्त्वपूर्ण ठान्नुपर्छ। अन्तिम विश्‍लेषणमा, किन महामारीहरू शुरू हुन्छन् वा ती किन अन्त्य हुन्छन् भन्ने कसैलाई

थाहा हुँदैन। मानवजातिले विज्ञानमा मात्रै विश्‍वास गर्ने, यसमा मात्रै पूर्ण रूपमा भरोसा गर्ने, र सृष्टिकर्ताको अख्तियारलाई पहिचान नगर्ने वा उहाँको सार्वभौमिकतालाई स्वीकार नगर्ने भएकाले, तिनीहरूले कहिल्यै पनि कुनै उत्तर पाउने छैनन्।

परमेश्‍वरको सार्वभौमिकताअन्तर्गत, उहाँको अख्तियार र उहाँको व्यवस्थापनको कारण नै यावत् थोक जन्मिन्छन्, जिउँछन्, र नाश हुन्छन्। कतिपय थोकहरू चुपचाप आउँछन् र जान्छन्, अनि मानिसले तिनीहरू कहाँबाट आए भनेर भन्‍न वा तिनले पछ्याउने ढाँचाहरूलाई बुझ्न सक्दैन, ती किन आए र गए त्यसको कारणहरू बुझ्नु त झनै सक्दैनन्। यावत् थोकमध्ये आउने र जाने कुराहरूलाई मानिसले आफ्नै आँखाले देख्न सक्ने, र आफ्नो कानले सुन्‍न सक्ने अनि उसको शरीरले अनुभव गर्न सक्ने भए तापनि; यी सबैले मानिसमा प्रभाव पार्ने भए पनि, र विभिन्‍न प्रक्रियाहरूको सापेक्षित असामान्यता, नियमितता वा अनौठोपनालाई समेत मानिसले अवचेतन रूपमा बुझ्ने भए तापनि, तिनको पछाडि के रहेको छ भन्‍ने उसलाई थाहा हुँदैन, जुन सृष्टिकर्ताको इच्छा र मन हो। यी प्रक्रियाका पछाडि धेरै कथाहरू छन्, विभिन्‍न गुप्तसत्यताहरू छन्। मानिस सृष्टिकर्ताबाट बरालिएर धेरै टाढा गएको हुनाले र सृष्टिकर्ताको अख्तियारले नै सबै थोक शासन गर्छ भन्‍ने तथ्यलाई उसले स्वीकार नगर्ने हुनाले, सृष्टिकर्ताको अख्तियारको सार्वभौमिकताअन्तर्गत घट्ने सबै कुरालाई उसले कहिल्यै जान्‍ने र बुझ्ने छैन। अधिकांश विषयमा, परमेश्‍वरको नियन्त्रण र सार्वभौमिकताले मानिसको कल्पना, मानिसको ज्ञान, मानिसको बुझाइ, अनि मानिसको विज्ञानले प्राप्त गर्न सक्ने कुराको परिधिहरूलाई नाघ्छ; यो सृष्टि गरिएको मानवजातिको समझभन्दा बाहिर छ। केही मानिसहरू भन्छन्, "तपाईं आफैं परमेश्‍वरको सार्वभौमिकताको साक्षी बसेको हुनुहुन्‍न भने, सबै कुरा उहाँकै अख्तियारअन्तर्गत छ भनेर तपाईं कसरी विश्‍वास गर्न सक्नुहुन्छ?" देख्नु भनेको सधैँ विश्‍वास गर्नु हो भन्‍ने होइन, न त यो सधैँ पहिचान गर्नु र बुझ्नु भन्‍ने नै हो। त्यसो भए, विश्‍वास कहाँबाट आउँछ त? म निश्‍चित भएरभन्‍न सक्छु, "कुराहरूको वास्तविकता र मूल कारणहरूसम्बन्धी मानिसहरूको बुझाइ, अनि अनुभवको मात्रा र गहिराइबाट नै विश्‍वास आउँछ।" यदि तपाईं परमेश्‍वर अस्तित्वमा हुनुहुन्छ भन्‍ने विश्‍वास गर्नुहुन्छ, तर तपाईंले यावत् थोकमाथिको परमेश्‍वरको नियन्त्रण र परमेश्‍वरको सार्वभौमिकतालाई बुझ्नु त के पहिचान समेत गर्न सक्नुहुन्‍न भने, परमेश्‍वरमा यस प्रकारको अख्तियार छ र परमेश्‍वरको अख्तियार अद्‌वितीय छ भन्‍ने कुरालाई तपाईंको हृदयले कहिल्यै पनि स्वीकार गर्ने छैन। तपाईंले सृष्टिकर्तालाई कहिल्यै पनि साँचो रूपमा तपाईंको प्रभु र तपाईंको परमेश्‍वर भनी स्वीकार गर्नुहुने छैन।

**मानवजातिको नियति र ब्रह्माण्डको नियतिलाई सृष्टिकर्ताको सार्वभौमिकताबाट अलग गर्न सकिँदैन**

तिमीहरू सबै वयस्क हौ। तिमीहरूमध्ये कोही आधा उमेरका छौ; कोही वृद्‌ध अवस्थामा प्रवेश गरिसकेका छौ। तिमीहरू परमेश्‍वरमा विश्‍वास नगर्नेदेखि उहाँमा विश्‍वास गर्ने भएका छौ, अनि परमेश्‍वरमा विश्‍वास गर्नेदेखि उहाँको वचनलाई स्वीकार गर्ने अनि उहाँको काम अनुभव गर्ने भएका छौ। परमेश्‍वरको सार्वभौमिकताको बारेमा तिमीहरूमा कति ज्ञान छ? तिमीहरूले मानव नियतिसम्बन्धी के अन्तर्ज्ञान प्राप्त गरेका छौ? के कसैले जीवनमा चाहेको सबै कुरा हासिल गर्न

सक्छ? तिमीहरूको अस्तित्वका केही दशकहरूको अवधिमा तिमीहरूले कामना गरेजस्तै के-कति कुराहरू हासिल गर्न सक्यौ? तिमीहरूले कहिल्यै अनुमान नगरेका के-कति घटनाहरू घटेका छन्? के-कति कुराहरू मनोहर आश्चर्यका रूपमा आउँछन्? मानिसहरूले अवचेतन रूपमा सही क्षणको प्रतीक्षा गर्दै, स्वर्गको इच्छाको प्रतीक्षा गर्दै, के-कति कुराहरूलाई अझै तिनले फल फलाउनेछन् भनेर प्रतीक्षा गर्छन्? के-कति कुराहरूले मानिसहरूलाई विवश र असफल भएको अनुभव गर्ने तुल्याउँछन्? तिनीहरूको जीवनमा सबै कुरा तिनीहरूले चाहना गरेझैँ हुनेछ, तिनीहरूले खानेकुरा वा लत्ताकपडाको बारेमा चाहना गर्नु पर्नेछैन, तिनीहरूको सम्पत्तिमा सानदार वृद्धि हुनेछ भन्ने अपेक्षा गर्दै सबै आफ्नो नियतिको बारेमा आशावादी हुन्छन्। दुःखकष्ट र विपत्तिहरूले गाँजेको गरिब र दबिएको जीवन कसैले पनि चाहँदैन। तर यी कुराहरूलाई मानिसहरूले अगाडि नै देख्न वा नियन्त्रण गर्न सक्दैनन्। सायद कतिपयको लागि, विगत भनेको अनुभवहरूको एउटा पोको मात्रै हो; स्वर्गको इच्छा के हो भन्ने तिनीहरूले कहिल्यै सिक्दैनन्, न त तिनीहरूले यो के हो भन्ने कुरालाई नै मतलब गर्छन्। तिनीहरू मानवजातिको नियतिको बारेमा वा मानिसहरू किन जीवित छन् वा तिनीहरू कसरी जिउनुपर्छ भन्ने बारेमा वास्तै नगरीकन दिन-प्रतिदिन पशुजस्तै केही नसोची आफ्नो जीवन जिउँछन्। त्यस्ता मानिसहरू मानव नियतिको बारेमा केही नबुझीकन नै वृद्ध उमेरमा पुग्छन्, अनि तिनीहरूलाई आफ्नो मृत्युको घडीसम्मै जीवन के हो, थाहै हुँदैन। त्यस्ता मानिसहरू मरेतुल्य हुन्; तिनीहरू आत्माविनाका प्राणीहरू हुन्; तिनीहरू पशुहरू हुन्। मानिसहरू सृष्टिभित्रै जिउने भए तापनि र संसारले तिनीहरूका भौतिक आवश्यकताहरूलाई पूरा गर्ने गरी विभिन्न तरिकाले तिनीहरूले आनन्द लिने भए तापनि, र यो भौतिक संसार अटुट रूपमा विस्तार हुँदैछ भन्ने तिनीहरूले देखे पनि, भौतिक कुराहरूसँग तिनीहरूको आफ्नै अनुभवको अर्थात्, तिनीहरूको हृदय र तिनीहरूको आत्माले के आभास र अनुभव गर्छ त्यसको कुनै सम्बन्ध छैन, र कुनै पनि भौतिक कुराले अनुभवलाई प्रतिस्थापन गर्न सक्दैन। अनुभव भनेको व्यक्तिले आफ्नो अन्तस्करणमा पहिचान गर्ने, नाङ्गो आँखाले देख्न नसक्ने कुरा हो। यो पहिचान मानव जीवन र मानव नियतिसम्बन्धी व्यक्तिको बुझाइ र उसको दृष्टिकोणमा रहेको हुन्छ। अनि यसले व्यक्तिलाई प्रायजसो, एक अदृश्य मालिकले मानिसकै लागि सबै थोकको व्यवस्थापन गरिरहनुभएको छ, सबै कुरा योजनाबद्ध तुल्याइरहनुभएको छ भन्ने कुरा बोध गराउँछ। यी सबै कुराहरूका बीचमा, व्यक्तिले नियतिको बन्दोबस्त र योजनाबद्ध कार्यलाई स्वीकार गर्नेबाहेक केही गर्न सक्दैन; सृष्टिकर्ताले तय गर्नुभएको अगाडिको मार्गलाई, व्यक्तिको नियतिमाथिको सृष्टिकर्ताको सार्वभौमिकतालाई स्वीकार गर्नेबाहेक व्यक्तिले केही गर्न सक्दैन। यो निर्विवाद तथ्य हो। नियतिको बारेमा व्यक्तिले जस्तोसुकै अन्तर्दृष्टि र मनोवृति राखे पनि, कसैले पनि यो तथ्यलाई परिवर्तन गर्न सक्दैन।

हरेक दिन तँ कहाँ जानेछस्, तैँले के गर्नेछस्, तैँले कसलाई वा केलाई भेट्नेछस्, तैँले के भन्नेछस्, तँलाई के हुनेछ—के यीमध्ये कुनैको बारेमा पनि पूर्वानुमान गर्न सकिन्छ र? यी सबै घटनाहरूलाई मानिसहरूले पूर्वानुमान गर्न सक्दैनन्, यी परिस्थितिहरू कसरी विकास हुन्छन् भनेर नियन्त्रण गर्ने कुरा त परै जाओस्। जीवनमा, यस्ता पूर्वानुमान गर्न नसकिने घटनाहरू सधैँ नै घट्ने गर्छन्; ती दैनिक जीवनका घटनाहरू हुन्। यस्ता दैनिक घटनाहरू र ती घट्ने तरिकाहरू वा

तिनले पछ्याउने ढाँचाहरू सबै, कुनै कुरा पनि संयोगबस हुँदैनन्, हरेक घटनाको प्रक्रिया, हरेक घटनाको अपरिहार्य प्रकृति मानव इच्छाद्वारा परिवर्तन गर्न सकिँदैन भनी मानवजातिलाई दिइएका अटुट ताकिताहरू हुन्। हरेक घटनाले मानवजातिलाई सृष्टिकर्ताको चेतावनी दिन्छ र मानवजातिले आफ्नो नियति नियन्त्रण गर्न सक्दैन भन्ने सन्देश दिन्छ। हरेक घटना आफ्नो नियति आफ्नै हातमा लिने मानवजातिको उन्मत्त एवं निरर्थक महत्वाकांक्षा र इच्छाको खण्डन हो। ती प्रत्येक घटना अन्तत: तिनीहरूको नियति कसले सञ्चालन र नियन्त्रण गर्छ भनी मानवजातिलाई पुनर्विचार गर्न बाध्य पार्ने, एकपछि अर्को गर्दै तिनीहरूको अनुहारमा प्रहार गरिएका थप्पडहरू हुन्। अनि मानिसहरूका महत्वाकांक्षा र इच्छाहरू बारम्बार विफल र चकनाचूर तुल्याइएपछि, स्वाभावैले तिनीहरूले नियतिमा जे छ त्यसलाई अचेतन रूपमै स्वीकार्न पुग्छन्—यो वास्तविकता, स्वर्गको इच्छा अनि सृष्टिकर्ताको सार्वभौमिकताको स्वीकार हो। यी दैनिक घटनाहरूदेखि सम्पूर्ण मानव जीवनको नियतिसम्म यस्तो कुनै कुरा नै छैन जसले सृष्टिकर्ताका योजनाहरू र उहाँको सार्वभौमिकतालाई प्रकट नगरेको होस्; "सृष्टिकर्ताको अख्तियारलाई नाघ्न सकिँदैन" भन्ने सन्देश नदिने केही पनि छैन, "सृष्टिकर्ताको अख्तियार सर्वोच्च छ" भन्ने अनन्त सत्य व्यक्त नगर्ने कुनै कुरा नै छैन।

मानवजाति र ब्रह्माण्डका नियतिहरू सृष्टिकर्ताको सार्वभौमिकतासँग घनिष्ट रूपले गाँसिएका र सृष्टिकर्ताका योजनाबद्ध कार्यहरूसँग अभिन्न रूपले जोडिएका हुन्छन्; आखिरमा, तिनीहरू सृष्टिकर्ताको अख्तियारसँग अभिन्न हुन्छन्। सबै कुराहरूका नियमहरूमा, मानिसले सृष्टिकर्ताका योजनाबद्ध कार्यहरू र उहाँको सार्वभौमिकतालाई बुझ्न पुग्छ; सबै कुराहरूको अस्तित्वका नियमहरूमा, उसले सृष्टिकर्ताको शासनलाई जान्न पुग्छ; सबै कुराहरूका नियतिहरूमा, उसले सृष्टिकर्ताले कसरी तिनीहरूउपर आफ्नो सार्वभौमिकता र नियन्त्रण प्रयोग गर्नुहुन्छ सो निश्कर्ष निकाल्न पुग्छ; अनि मानवजाति र यावत् थोकका जीवनचक्रहरूमा मानिसले साँच्चै नै यी यावत् थोक र जीवित प्राणीहरूका निम्ति सृष्टिकर्ताका योजनाबद्ध कार्यहरू र बन्दोबस्तहरूको अनुभव गर्न पुग्छ, कसरी ती योजनाबद्ध कार्यहरू र बन्दोबस्तहरूले सारा सांसारिक कानुनहरू, नियमहरू, र संस्थाहरू, अन्य सारा शक्तिहरू र सामर्थ्यहरूलाई नाघ्छन् भन्ने कुरा देख्न पुग्छ। त्यसो हुनाले, सृष्टिकर्ताको सार्वभौमिकतालाई कुनै पनि सृष्टि गरिएको प्राणीले उल्लङ्घन गर्न सक्दैन, सृष्टिकर्ताले पूर्वनिर्धारित गर्नुभएका घटनाहरू र काम-कुराहरूलाई कुनै पनि शक्तिले खोस्न वा उल्ट्याउन सक्दैन भन्ने कुरा स्वीकार गर्न मानवजाति बाध्य छ। यिनै ईश्वरीय व्यवस्था र नियमहरूमा नै मानवजाति अनि यावत् थोक जिउँछन् र एक पुस्तादेखि अर्को पुस्तासम्म वृद्धि हुँदै जान्छन्। के सृष्टिकर्ताको अख्तियारको साँचो मूर्त रूप यही होइन र? वस्तुगत नियमहरूमा मानिसले सबै घटना र यावत् थोकमा सृष्टिकर्ताको सार्वभौमिकता र पूर्वनिर्धारणलाई देख्ने भए तापनि, ब्रह्माण्डमाथि रहेको सृष्टिकर्ताको सार्वभौमिकताको सिद्धान्तलाई कति जना मानिसहरूले बुझ्न सक्छन्? कति मानिसहरूले तिनीहरूको आफ्नै नियतिमाथिको सृष्टिकर्ताको सार्वभौमिकता र बन्दोबस्तलाई साँचो रूपमा बुझ्न, पहिचान गर्न, स्वीकार गर्न, र तिनमा समर्पित हुन सक्छन्? यावत् थोकमाथि सृष्टिकर्ताको सार्वभौमिकताको तथ्यमा विश्वास गरिसकेपछि, कसले मानिसको

जीवनको नियतिलाई पनि सृष्टिकर्ताले तय गर्नुहुन्छ भन्ने कुरालाई साँचो रूपमा विश्वास र पहिचान गर्न सक्छ? कसले मानिसको नियति सृष्टिकर्ताको हतकेलामा छ भन्ने तथ्यलाई साँचो रूपमा बुझ्न सक्छ? उहाँले मानवजातिको नियतिलाई शासन र नियन्त्रण गर्नुहुन्छ भन्ने तथ्यलाई ध्यानमा राख्दै, मानवजातिले सृष्टिकर्ताको सार्वभौमिकतामाथि कस्तो मनोवृति राख्नुपर्छ? अहिले यो तथ्यको सामना गर्ने हरेक मानवजातिले आफ्नो लागि गर्नैपर्ने निर्णय त्यही नै हो।

## मानव जीवनका छ महत्वपूर्ण मोडहरू

आफ्नो जीवनकालमा, हरेक व्यक्ति नै महत्त्वपूर्ण मोडहरूको श्रृंखलामा पुग्छन्। व्यक्तिको जीवनको नियतिलाई निर्धारण गर्ने अत्यन्तै आधारभूत, र अत्यन्तै महत्त्वपूर्ण चरणहरू यिनै हुन्। हरेक व्यक्तिले आफ्नो जीवनकालमा पार गर्नैपर्ने यी मार्गचिन्हहरूको छोटकरी व्याख्या निम्नानुसार दिइएको छ।

### पहिलो महत्वपूर्ण मोड: जन्म

व्यक्तिको जन्म कहाँ हुन्छ, तिनीहरू कुन परिवारमा जन्मन्छन्, उसको लिङ्ग, रूप, अनि जन्मको समय—व्यक्तिको जीवनको पहिलो महत्वपूर्ण मोडका विवरणहरू यिनै हुन्।

कसैले पनि यो मोडको कुनै निश्चित विवरण छनौट गर्न सक्दैन; ती सबै सृष्टिकर्ताले धेरै पहिले नै अग्रिम रूपमा निर्धारित गर्नुभएको हुन्छ। कुनै पनि हालतमा बाहिरी वातावरणले तिनलाई प्रभावित गर्दैन, अनि कुनै पनि मानव निर्मित तत्वहरूले यी तथ्यहरूलाई परिवर्तन गर्न सक्दैनन्, जसलाई सृष्टिकर्ताले पहिले नै पूर्वनिर्धारित गर्नुभएको हुन्छ। व्यक्तिको जन्म हुनु भनेको त्यस व्यक्तिको लागि सृष्टिकर्ताले बन्दोबस्त गर्नुभएको नियतिको पहिलो चरणलाई उहाँले पहिले नै पूरा गरिसक्नुभएको छ भन्ने हो। यी सबै कुराहरूलाई धेरै पहिले नै अग्रिम रूपमा उहाँले पूर्वनिर्धारित गरिसक्नुभएको हुनाले, तीमध्ये कुनै पनि कुरालाई परिवर्तन गर्ने शक्ति कसैसँग हुँदैन। व्यक्तिको पछिको नियति जस्तोसुकै भए तापनि, व्यक्तिको जन्मका परिस्थितिहरू पूर्वनिर्धारित हुन्छन्, र ती त्यस्तै रहन्छन्; तिनलाई व्यक्तिको जीवनको नियतिले कुनै पनि हालतमा प्रभावित गर्दैन, न त तिनले व्यक्तिको जीवनको नियतिमाथि रहेको सृष्टिकर्ताको सार्वभौमिकतालाई नै प्रभाव पार्छ।

#### १. सृष्टिकर्ताका योजनाहरूद्वारा एउटा नयाँ जीवन जन्मन्छ

पहिलो महत्वपूर्ण मोडको कुन विवरणलाई—जन्मने स्थान, उसको परिवार, उसको लिङ्ग, शारीरिक रूप, ऊ जन्मने समयमध्ये कुनलाई—व्यक्तिले छनौट गर्न सक्छ? अवश्य नै, व्यक्तिको जन्म एउटा निष्क्रिय घटना हो। कुनै व्यक्ति कुनै स्थानमा, कुनै निश्चित समयमा, कुनै निश्चित परिवारमा, कुनै निश्चित शारीरिक रूप लिएर अनायासै जन्मन्छ; कुनै व्यक्ति अनायासै कुनै निश्चित परिवारको सदस्य, कुनै निश्चित पारिवारिक वृक्षको हाँगा बन्छ। जीवनको यो पहिलो महत्वपूर्ण मोडमा व्यक्तिसँग कुनै विकल्प हुँदैन, बरु ऊ त सृष्टिकर्ताका योजनाहरूअनुसार निश्चित गरिएको वातावरणमा, व्यक्तिको जीवनकालसँग घनिष्ट रूपमा सम्बन्धित रहेको निश्चित परिवार, निश्चित लिङ्ग र स्वरूपमा, र निश्चित समयमा जन्मन्छ। यो महत्त्वपूर्ण बिन्दुमा व्यक्तिले के

गर्न सक्छ? स्पष्टै छ, व्यक्तिको जन्मसम्बन्धी यीमध्ये कुनै पनि विवरणलाई व्यक्तिले छनौट गर्न पाउँदैन। सृष्टिकर्ताको पूर्वनिर्धारित योजना र उहाँको मार्गनिर्देशन नभएको भए, यो संसारमा नयाँ जन्मने जीवनलाई कहाँ जाने वा कहाँ बस्ने सो थाहा हुनेथिएन, उसको कुनै सम्बन्ध हुनेथिएन, ऊ कहीँको पनि हुनेथिएन, र उसको वास्तविक घर हुनेथिएन। तर सृष्टिकर्ताको कुशल बन्दोबस्तको कारणले गर्दा, यो नयाँ जीवनले बस्ने ठाउँ, आमाबाबु, उसले आफ्नो भन्न सक्ने ठाउँ, र इष्टमित्र पाउँछ, अनि त्यो जीवनले आफ्नो यात्रालाई अघि बढाउँछ। यो प्रक्रियाभरि, यस नयाँ जीवनको मूर्तरूप प्रकटीकरणलाई सृष्टिकर्ताको योजनाले निर्धारित गर्छ, अनि यसले पछि प्राप्त गर्ने सबै कुरा सृष्टिकर्ताले नै यसलाई दिनुहुन्छ। आफ्नो नाममा केही पनि नरहेको त्यतिकै तैरिरहेको शरीर, क्रमिक रूपमा देह र मासु, देख्न सकिने, मूर्त मानव प्राणी, परमेश्‍वरका सृष्टिहरूमध्ये एउटा बन्छ, जसले विचार गर्छ, सास फेर्छ, अनि तातो र चिसोको अनुभव गर्छ; जसले भौतिक संसारमा सृष्टि गरिएको प्राणीका सामान्य क्रियाकलापहरूमा सहभागिता जनाउन सक्छ; अनि जसले सृष्टि गरिएको मानवले जीवनमा अनुभव गर्नुपर्ने सबै कुराहरूलाई अनुभव गर्नेछ। व्यक्तिको जन्मलाई सृष्टिकर्ताले पूर्वनिर्धारण गर्नुको अर्थ उहाँले त्यस व्यक्तिलाई बाँच्नको लागि चाहिने सबै कुरा दिनुहुन्छ भन्ने हो; अनि त्यसरी नै, व्यक्ति जन्मिएको छ भन्ने तथ्यको अर्थ उसले बाँच्नको लागि चाहिने सबै कुरा सृष्टिकर्ताबाट प्राप्त गर्नेछ, अनि यसपछि, तिनीहरू सृष्टिकर्ताले दिनुभएको र सृष्टिकर्ताको सार्वभौमिकताको अधीनमा रहेको अर्को स्वरूपमा जिउनेछन् भन्ने हो।

**२. किन फरक-फरक मानवजाति फरक-फरक परिस्थितिहरूमा जन्मन्छन्**

मानिसहरूले प्रायजसो यदि तिनीहरूको पुनर्जन्म भयो भने, यो एउटा विशिष्ट परिवारमा हुनेछ भनेर कल्पना गर्न मन पराउँछन्; यदि तिनीहरू महिलाको रूपमा जन्मेका थिए भने, तिनीहरू हिउँजस्तै सेतो देखिन र तिनीहरूलाई सबैले माया गरेको चाहन्छन्, अनि तिनीहरू पुरुष थिए भने कुनै कुराको पनि कमी नभएको सारा संसार आफ्नो चुट्कीमा नियन्त्रण गर्ने राजकुमार बन्न चाहन्छन्। आफ्नो जन्मको बारेमा विभिन्न भ्रमहरू बोकी कष्ट भोग्नेहरू, अनि आफ्नो परिवार, आफ्नो रूप, आफ्नो लिङ्ग, अनि आफू जन्मेको समयप्रति अत्यन्तै असन्तुष्ट हुनेहरू पनि छन्। तैपनि मानिसहरूले तिनीहरू किन निश्‍चित परिवारमा जन्मे वा किन तिनीहरूको रूप निश्‍चित प्रकारको छ भन्ने कहिल्यै बुझ्दैनन्। तिनीहरूलाई तिनीहरू जहाँ जन्मे पनि वा तिनीहरूको रूप जस्तो भए पनि, तिनीहरूले विभिन्न भूमिका निर्वाह गर्नुपर्छ र सृष्टिकर्ताको व्यवस्थापनका फरक-फरक मिसनहरू पूरा गर्नुपर्छ, र यो उद्देश्य कहिल्यै परिवर्तन हुनेछैन भन्ने थाहा हुँदैन। सृष्टिकर्ताको नजरमा, व्यक्ति जन्मने स्थान, उसको लिङ्ग, र उसको शारीरिक रूप सबै अस्थायी कुराहरू हुन्। ती सारा मानवजातिप्रतिको उहाँको व्यवस्थापनको हरेक चरणका अत्यन्तै साना कणहरू, सूक्ष्म चिन्हहरूका श्रृंखला मात्रै हुन्। र व्यक्तिको वास्तविक गन्तव्य र परिणामलाई कुनै पनि निश्‍चित चरणमा भएको तिनीहरूको जन्मले होइन, बरु तिनीहरूले आफ्नो जीवनमा पूरा गर्ने मिसनले, र उहाँको व्यवस्थापन योजना पूरा भएपछि तिनीहरूमाथि सृष्टिकर्ताले गर्नुहुने न्यायले निर्धारित गर्छ।

हरेक प्रभावको लागि एउटा कारण हुन्छ, र कारणविना कुनै प्रभाव हुँदैन भन्ने भनाइ छ।

तसर्थ, व्यक्तिको जन्म उसको वर्तमान जीवन र उसको पहिलेको जीवन दुवैसँग अत्यावश्यक रूपमा नै जोडिएको हुन्छ। यदि व्यक्तिको मृत्युले उसको हालको जीवन अवधिलाई समाप्त गर्छ भने, व्यक्तिको जन्म ताजा चक्रको सुरुवात हो; यदि पुरानो चक्रले व्यक्तिको अघिल्लो जीवनलाई प्रतिनिधित्व गर्छ भने, नयाँ चक्र स्वाभाविक रूपमा नै तिनीहरूको वर्तमान जीवन हो। व्यक्तिको जन्म उसको विगतको जीवनका साथै उसको वर्तमान जीवनसँग जोडिएको हुने हुनाले, व्यक्तिको जन्मसँग सम्बन्धित स्थान, परिवार, लिङ्ग, स्वरूप, र अरू त्यस्तै तत्वहरू सबै नै व्यक्तिको विगत र वर्तमान जीवनसँग सम्बन्धित हुन्छन्। यसको अर्थ के हो भने व्यक्तिको जन्मसम्बन्धी तत्वहरूलाई व्यक्तिको अघिल्लो जीवनले मात्रै प्रभाव पार्ने होइन, बरु तिनलाई त व्यक्तिको वर्तमान जीवनको नियतिले पनि निर्धारित गर्छ, जसले मानिसहरू किन विभिन्न परिस्थितिहरूमा जन्मन्छन् भन्ने कुरालाई स्पष्ट पार्छ: कति जना गरिब परिवारमा जन्मन्छन्, अरू धनी परिवारमा। कति जना सर्वसाधारण वर्गका हुन्छन्, अरू विशिष्ट घरानाका। कति जना दक्षिणमा जन्मन्छन्, अरू उत्तरमा। कति जना मरुभूमिमा जन्मन्छन्, अरू हराभरा जमिनमा। कतिपय मानिसहरूको जन्म हुँदा हर्ष, खुशी, र धूमधाम हुन्छ; अरूको जन्मले आँसु, संकष्ट, र विपत्ति ल्याउँछ। कति जना प्यारो बन्न जन्मन्छन्, अरू झारजस्तो पन्छ्याइनको लागि जन्मन्छन्। कति जना उत्कृष्ट विशेषताहरू लिएर जन्मन्छन्, अरू कुटिल मतिका भई जन्मन्छन्। कति जना हेर्दा सुन्दर देखिन्छन्, अरू कुरूप देखिन्छन्। कति जना आधारातमा जन्मन्छन्, अरू मध्येदिनको तातो घाममा जन्मन्छन्। ... सबै वर्गका मानिसहरूको जन्म सृष्टिकर्ताले तिनीहरूका निम्ति साँचिराखिदिनुभएको नियतिद्वारा निर्धारित गरिन्छन्; तिनीहरूको जन्मले तिनीहरूको वर्तमान जीवनको नियतिका साथै तिनीहरूले निर्वाह गर्ने भूमिका अनि तिनीहरूले पूरा गर्ने मिसनलाई निर्धारित गर्छ। यो सृष्टिकर्ताको सार्वभौमिकताको अधीनमा हुन्छ, उहाँले नै यसलाई पूर्वनिर्धारित गर्नुभएको हुन्छ; पहिलेबाटै निर्धारित गरिएको यो नियतिबाट कोही पनि उम्कन सक्दैन, कसैले पनि आफ्नो जन्मलाई परिवर्तन गर्न सक्दैन, अनि कसैले पनि आफ्नो नियतिलाई छनौट गर्न सक्दैन।

### दोस्रो महत्वपूर्ण मोड: हुर्कनु-बढ्नु

मानिसहरू जुन प्रकारको परिवारमा जन्मन्छन् त्यसको आधारमा, तिनीहरू घरको फरक-फरक वातावरणमा हुर्कन्छन् र तिनीहरूले आफ्ना आमाबाबुबाट फरक-फरक पाठहरू सिक्छन्। व्यक्ति कसरी वयस्क हुँदै जान्छ त्यसका अवस्थाहरूलाई यी तत्वहरूले निर्धारित गर्छन्, र हर्कनु-बढ्नुले व्यक्तिको जीवनको दोस्रो महत्त्वपूर्ण समयबिन्दुलाई प्रतिनिधित्व गर्छ। अवश्य नै, यो समयबिन्दुको बारेमा पनि मानिसहरूसँग कुनै विकल्प हुँदैन। यो पनि निश्‍चित, पूर्वनिर्धारित हुन्छ।

#### १. सृष्टिकर्ताले हरेक व्यक्ति वयस्क हुनको लागि निश्‍चित अवस्थाहरूको योजना बनाउनुभएको हुन्छ

व्यक्तिले आफू हुर्कने क्रममा उसलाई शिक्षा दिने र प्रभाव पार्ने मानिस, घटना, वा काम-कुराहरूलाई छनौट गर्न सक्दैन। व्यक्तिले कस्तो ज्ञान वा सीपहरू प्राप्त गर्छ, उसले के-कस्ता बानी-व्यहोराको विकास गर्छ त्यसलाई उसले छनौट गर्न सक्दैन। व्यक्तिको आमाबाबु र इष्टमित्र

को हुन्छन्, ऊ कस्तो प्रकारको वातावरणमा हुर्कन्छ त्यसको बारेमा व्यक्तिले केही पनि बोल्न पाउँदैन; व्यक्तिको वरिपरिका मानिस, घटना, र काम-कुराहरूसँगको उसको सम्बन्ध, र तिनले उसको विकासमा कसरी प्रभाव पार्छन्, यी सबै व्यक्तिको नियन्त्रणभन्दा बाहिरका कुराहरू हुन्। त्यसो भए, कसले यी कुराहरूको निर्णय गर्छ? कसले तिनको व्यवस्थापन गर्छ? मानिसहरूसँग यस विषयमा कुनै विकल्प नहुने हुनाले, तिनीहरूले यी कुराहरू आफ्नो लागि निर्णय गर्न नसक्ने हुँदा, र अवश्य पनि तिनले स्वाभाविक रूपमै आकार नलिने हुँदा, भन्नै पर्दैन, यी मानिसहरू, घटनाहरू, र काम-कुराहरूको निर्माण सृष्टिकर्ताकै हातमा छ। अवश्य नै, जसरी सृष्टिकर्ताले हरेक व्यक्तिको जन्मको खास परिस्थितिहरूको बन्दोबस्त गर्नुहुन्छ, त्यसरी नै उहाँले व्यक्ति कस्ता खास परिस्थितिहरूमा हुर्कन्छ भन्ने कुराको पनि बन्दोबस्त गर्नुहुन्छ। यदि व्यक्तिको जन्मले उसको वरिपरिका मानिसहरू, घटना, र काम-कुराहरूलाई परिवर्तन गर्छ भने, त्यस व्यक्तिको वृद्धि र विकासले पनि तिनलाई अवश्य नै प्रभाव पार्नेछ। उदाहरणको लागि, कतिपय मानिसहरू गरिब परिवारमा जन्मन्छन्, तर धनसम्पत्तिले घेरिएर हुर्कन्छन्; अरू सम्पन्न परिवारमा जन्मन्छन्, तर तिनीहरूको परिवारको सम्पत्तिमा ह्रास आएको कारणले, तिनीहरू गरिब वातावरणमा हुर्कन्छन्। कसैको जन्मलाई निश्चित नियमले सञ्चालित गर्दैन, र कुनै पनि व्यक्ति अपरिहार्य, निश्चित परिस्थितिहरूमा हुर्कँदैन। यी कुराहरू व्यक्तिले कल्पना वा नियन्त्रण गर्न सक्ने कुराहरू होइनन्; ती व्यक्तिको नियतिका उपजहरू हुन्, र व्यक्तिकै नियतिले तिनलाई निर्धारण गरेको हुन्छ। अवश्य नै, मूल रूपमा, यी कुराहरू हरेक व्यक्तिको लागि सृष्टिकर्ताले पूर्वनिर्धारित गरिदिनुभएको नियतिद्वारा निर्धारित हुन्छन्; व्यक्तिको नियतिमाथि सृष्टिकर्ताको सार्वभौमिकता अनि यसको निम्ति उहाँको योजनाद्वारा ती कुराहरू निर्धारित हुन्छन्।

**२. मानिसहरू हुर्कने विभिन्न परिस्थितिहरूले फरक-फरक भूमिकाहरू पैदा गर्छन्**

व्यक्तिको जन्मका परिस्थितिहरूले आधारभूत रूपमा तिनीहरू हुर्कने वातावरण र परिस्थितिहरूलाई स्थापित गर्छन्, त्यसै गरी, व्यक्ति जुन परिस्थितिहरूमा हुर्कन्छ ती उसको जन्मका परिस्थितिहरूका उपज हुन्। यस अवधिमा, व्यक्तिले भाषा सिक्न सुरु गर्छ, र व्यक्तिको मस्तिष्कले विभिन्न नयाँ कुराहरू भेट्ने र आत्मसात् गर्ने गर्छ, जुन प्रक्रियाको अवधिमा व्यक्ति निरन्तर वृद्धि भइरहेको हुन्छ। व्यक्तिले आफ्नो कानले सुन्ने, आफ्नो आँखाले देख्ने, र आफ्नो मस्तिष्कले लिने कुराहरूले बिस्तारै उसको भित्री संसारलाई भर्छ र चलायमान बनाउँछ। व्यक्तिको सम्पर्कमा आउने मानिसहरू, घटना, र विभिन्न कुराहरू; उसले सिक्ने सामान्य चेतना, ज्ञान, र सीपहरू; अनि व्यक्तिलाई सिकाइने वा उसको मस्तिष्कमा हालिने उसलाई प्रभाव पार्ने विचार-शैलीहरूले व्यक्तिको जीवनको नियतिलाई निर्देशित गर्नेछ र प्रभाव पार्नेछ। व्यक्तिले हुर्कने क्रममा सिक्ने भाषा र उसको विचार-शैलीलाई उसले आफ्नो जवान अवस्थामा बिताएको वातावरणबाट अलग गर्न सकिँदैन, र त्यो वातावरणमा आमाबाबु र दाजुभाइ वा दिदीबहिनी, अनि तिनीहरूका आसपासका अरू मानिसहरू, घटना, र विभिन्न कुराहरू पर्छन्। त्यसैले, व्यक्तिको विकासको क्रम ऊ हुर्कने वातावरणले निर्धारण गर्छ, र यो अवधिमा उसको सम्पर्कमा आउने मानिसहरू, घटना, र

अन्य कुराहरूमा पनि निर्भर हुन्छ। व्यक्ति जुन अवस्थाहरूमा हुर्कन्छ त्यो धेरै पहिले नै अग्रिम रूपमा पूर्वनिर्धारित गरिएको हुने हुनाले, यो प्रक्रियाको अवधिमा ऊ जुन वातावरणमा हुर्कन्छ, त्यो पनि स्वाभाविक रूपमै पूर्वनिर्धारित गरिएको हुन्छ। व्यक्तिका विकल्प र रुचिहरूद्वारा यसको निर्णय गरिँदैन, बरु सृष्टिकर्ताका योजनाहरूअनुरूप, सृष्टिकर्ताका सावधानीपूर्ण बन्दोबस्त र व्यक्तिको जीवनको नियतिमाथिको उहाँको सार्वभौमिकताद्वारा निर्धारित गरिन्छ। तसर्थ, वृद्धि हुने क्रममा कुनै पनि व्यक्तिले भेट्ने मानिसहरू, अनि तिनीहरूको सम्पर्कमा आउने अन्य कुराहरू सबै नै सृष्टिकर्ताको योजनाबद्ध कार्य र बन्दोबस्तसँग स्वाभाविक रूपमै जोडिएका हुन्छन्। मानिसहरूले यस प्रकारका जटिल पारस्परिक सम्बन्धहरूलाई पूर्वानुमान गर्न सक्दैनन्, न त तिनीहरूले तिनलाई नियन्त्रण गर्न वा बुझ्न नै सक्छन्। व्यक्ति हुर्कने वातावरणलाई विभिन्न फरक-फरक कुराहरू र मानिसहरूले प्रभाव पार्छन्, र कुनै पनि मानिसले त्यस्ता सम्बन्धहरूको विशाल जालोलाई बन्दोबस्त गर्न वा योजनाबद्ध गर्न सक्दैन। सृष्टिकर्ताबाहेक कुनै पनि व्यक्ति वा थोकले सबै मानिसहरू, काम-कुरा अनि घटनाहरूको देखा पराइलाई नियन्त्रण गर्न सक्दैन, न त तिनीहरूले आफूलाई कायम गर्न वा तिनीहरू हराएर जाने प्रक्रियालाई नै नियन्त्रण गर्न सक्छन्, अनि यस्तै सम्बन्धहरूको विशाल जालोले नै व्यक्तिको विकासलाई सृष्टिकर्ताले पूर्वनिर्धारित गर्नुभएअनुसार आकार दिन्छ र मानिसहरू हुर्कने विभिन्न वातावरणहरूको निर्माण गर्छ। मानिसहरूले आफ्ना मिसन सफलतापूर्वक पूरा गर्न सकून् भनेर ठोस, बलिया जगहरू बसाल्दै, यसले नै सृष्टिकर्ताको व्यवस्थापन कार्यका लागि आवश्यक विभिन्न भूमिकाहरू निर्माण गर्छ।

**तेस्रो महत्वपूर्ण मोड: स्वतन्त्रता**

व्यक्ति बाल्यकाल, किशोरावस्था पार गरेर, क्रमिक रूपमा र अपरिहार्य रूपमा परिपक्वतामा पुगेपछि, उसले लिने अर्को चरण भनेको आफ्नो जवान अवस्थाबाट अलग भएर, आफ्ना बाबुआमालाई बिदा गर्नु अनि अगाडिको बाटोलाई स्वतन्त्र वयस्कको रूपमा सामना गर्नु हो। यस विन्दुमा, वयस्कले सामना गर्नै पर्ने सबै मानिसहरू, घटना, अनि अन्य कुराहरूलाई तिनीहरूले सामना गर्नुपर्छ, तिनीहरूका अघि आफै प्रस्तुत हुँदै आउने तिनीहरूको नियतिका सबै भागहरूलाई सामना गर्नुपर्छ। व्यक्तिले पार गरेर जानैपर्ने तेस्रो समयविन्दु यही हो।

**१. स्वतन्त्र बनिसकेपछि, व्यक्तिले सृष्टिकर्ताको सार्वभौमिकतालाई अनुभव गर्न थाल्छ**

यदि व्यक्तिको जन्म र हुर्काइ व्यक्तिको नियतिको लागि जग बसाल्ने उसको जीवन यात्राको “तयारी अवधि” हो भने, व्यक्तिको स्वतन्त्रता उसको आफ्नो जीवनको नियतिसँगको उसको आत्मालापको सुरुवात हो। यदि व्यक्तिको जन्म र हुर्काइ तिनीहरूको जीवनको नियतिको लागि तिनीहरूले साँचेर राख्ने सम्पत्ति हो भने, व्यक्तिको स्वतन्त्रता उनीहरूले त्यो धन खर्चन सुरु गर्ने वा धन थप्न सुरु गर्ने समय हो। जब व्यक्तिले आफ्ना आमाबाबुलाई छोडेर स्वतन्त्र बन्छ, तब उसले सामना गर्ने सामाजिक अवस्थाहरू, र उसको निम्ति उपलब्ध हुने कामको प्रकार र जीविका दुवैलाई उसको नियतिले तय गर्छ र उसको आमाबाबुसँग यसको कुनै सम्बन्ध हुँदैन। कतिपय मानिसहरूले कलेजमा राम्रो विषय रोज्छन् अनि तिनीहरूले आफ्नो जीवन यात्रामा पहिलो विजयी

छलाङ्ग मार्दै, दीक्षान्तपछि सन्तोषजनक जागिर पाउँछन्। कतिपय मानिसहरूले विभिन्न प्रकारका फरक-फरक सीप सिक्छन् र त्यसमा पोख्त हुन्छन् तैपनि तिनीहरूले आफ्नो निम्ति उपयुक्त जागिर कहिल्यै भेट्टाउँदैनन् वा आफूलाई उपयुक्त पद कहिल्यै पाउँदैनन्, जीविका प्राप्त गर्नु त परै जाओस्; तिनीहरूको जीवन यात्राको सुरुमा, तिनीहरू हरेक मोडमा ठक्कर खान्छन्, समस्याहरूद्वारा गाँजिएकोले तिनीहरूको भविष्य निराशाजनक बन्छ र तिनीहरूको जीवन अनिश्चित हुन्छ। कतिपय मानिसहरू आफ्ना अध्ययनमा लगनशील भएर लागिपर्छन्, तैपनि उच्च शिक्षा प्राप्त गर्ने हरेक मौकालाई लक्ष्यको नजिक पुगेर पनि गुमाउँछन्; सफलता हासिल गर्ने त तिनीहरूको नियतिमा नै लेखिएको छैन जस्तो देखिन्छ, तिनीहरूको जीवन यात्राको प्रारम्भिक आकाङ्क्षा हावामा बिलाएर जान्छ। अगाडिको बाटो सहज छ कि ढुङ्गैढुङ्गाको छ भन्ने कुरा थाहा नभएपछि, तिनीहरूले मानव नियति कति परिवर्तनशील हुँदो रहेछ भन्ने पहिलोपटक अनुभव गर्छन्, तसर्थ जीवनलाई अपेक्षा र भयको साथ लिन्छन्। कतिपय मानिसहरू त्यति शिक्षित नभए पनि, पुस्तकहरू लेख्छन् अनि निकै ख्याति कमाउँछन्; कतिपय मानिसहरू पूर्ण रूपमा असाक्षर भए पनि, व्यापारमा पैसा कमाउँछन् र आफ्नो लागि आफै कमाउन सक्छन्...। व्यक्तिले कुन पेशा अपनाउँछ, उसले कसरी दिनचार्य गर्छ: के यी कुराहरूमा मानिसहरूले असल कि खराब निर्णय गर्छन् भन्ने बारेमा तिनीहरूको कुनै नियन्त्रण हुन्छ र? के यी कुराहरू मानिसहरूको इच्छा र निर्णयहरूअनुरूप हुन्छन् र? धेरैजसो मानिसहरूका कामनाहरू यस्ता हुन्छन्: थोरै काम गरेर धेरै कमाइ गर्ने, घाम र झरीमा कडा परिश्रम नगर्ने, राम्रो लुगा लगाउने, जहाँसुकै भए पनि हाँसीखुशी बस्ने, अरूभन्दा माथि उठ्ने, र आफ्ना पुर्खाहरूका निम्ति इज्जत कमाउने। मानिसहरूले सिद्धताको आशा गर्छन्, तर जब तिनीहरूले आफ्नो जीवन यात्राका प्रथम पाइलाहरू चाल्छन्, तिनीहरूले बिस्तारै मानव नियति कति असिद्ध छ भन्ने महसुस गर्छन्, अनि कसैले आफ्नो भविष्यको लागि साहसिक योजनाहरू बनाउन सके पनि र उसले आँटिला कल्पनाहरू गर्न सके पनि, आफ्ना सपनाहरूलाई वास्तविक तुल्याउने क्षमता वा शक्ति कसैसँग छैन, र आफ्नो भविष्यलाई नियन्त्रण गर्ने हैसियत कसैसँग छैन भन्ने कुरालाई साँचो रूपमा पहिलोपटक बुझ्छन्। व्यक्तिका सपनाहरू अनि उसले सामना गर्नुपर्ने वास्तविकताहरूको बीचमा जहिल्यै पनि केही न केही दूरी हुन्छ; व्यक्तिले जे चाहेको हुन्छ त्यस्तो कहिल्यै हुँदैन, अनि त्यस्ता वास्तविकताहरूको सामना गरिसकेपछि, मानिसहरूले कहिल्यै पनि सन्तुष्टि वा तृप्ति हासिल गर्न सक्दैनन्। कतिपय मानिसहरूले आफ्नै नियति परिवर्तन गर्ने प्रयासस्वरूप, आफ्नो जीविका र भविष्यको खातिर, कल्पना गर्न सकिने कुनै पनि हदसम्म लागिपर्छन्, ठूला-ठूला प्रयासहरू गर्छन् र धेरै परित्यागहरू गर्छन्। तर अन्तिममा, तिनीहरूका आफ्नै कठिन परिश्रमद्वारा आफ्ना सपनाहरू र इच्छाहरूलाई पूरा गर्न सके भने पनि, तिनीहरूले आफ्नो नियति कहिल्यै परिवर्तन गर्न सक्दैनन्, अनि तिनीहरूले जति धेरै दृढताको साथ प्रयास गरे पनि, नियतिले तिनीहरूका निम्ति जे छुट्याएर राखिदिएको छ त्योभन्दा बढी तिनीहरूले प्राप्त गर्न सक्दैनन्। क्षमता, बौद्धिकता, र इच्छाशक्ति जे-जस्तो भए पनि, नियतिको अगाडि मानिसहरू सबै उस्तै हुन्, जसले ठूलो र सानो, उच र नीच, श्रेष्ठ र तुच्छबीच कुनै भेदभाव गर्दैन। व्यक्तिले कुन पेशा अपनाउँछ, उसले बाँच्नको लागि के गर्छ, र उसले जीवनमा

कति सम्पत्ति जम्मा गर्छ भन्ने कुरालाई उसका बाबुआमा, उसको प्रतिभा, उसका प्रयासहरू वा उसका महत्वाकांक्षाहरूले निर्धारित गर्दैनन्, ती कुरा त सृष्टिकर्ताले नै पूर्वनिर्धारित गर्नुहुन्छ।

**२. आफ्ना बाबुआमालाई छोडेर जीवन-मञ्चमा उत्सुकताका साथ आफ्नो भूमिका खेल्न सुरु गर्नु**

जब व्यक्ति परिपक्वतामा पुग्छ, ऊ आफ्ना बाबुआमालाई छोडेर आफै अघि बढ्न सक्छ, र यही विन्दुमा नै व्यक्तिले साँच्चै आफ्नो भूमिका निर्वाह गर्न सुरु गर्छ, बादल हट्छ अनि जीवनमा व्यक्तिको उद्देश्य बिस्तारै स्पष्ट हुँदै जान्छ। नाम मात्रको लागि, व्यक्ति आफ्नो बाबुआमासँग नजिकको सम्बन्धमा नै रहन्छ, तर आमाबाबुसँग व्यक्तिको जीवनको मिसन र उसले खेल्ने भूमिकाको कुनै सम्बन्ध नहुने भएकोले, सारगत हिसाबमा व्यक्ति क्रमिक रूपमा आत्मनिर्भर बन्दै जाँदा यो घनिष्ठ सम्बन्ध तोडिन्छ। जैविक दृष्टिकोणबाट हेर्दा, अवचेतन हिसाबले मानिसहरू आफ्ना बाबुआमामा आश्रित नभई बस्न सक्दैनन्, तर वस्तुगत रूपमा भन्दा, जब तिनीहरू पूर्ण रूपमा वृद्धि हुन्छन्, तिनीहरूको जीवन तिनीहरूका बाबुआमाको भन्दा पूर्ण रूपमा अलग हुन्छ र आफूले व्यक्तिगत रूपमा लिएका भूमिकाहरूलाई नै तिनीहरू निर्वाह गर्छन्। जन्म दिने र हुर्काउनेबाहेक, अभिभावकको रूपमा रहेको आमाबाबुको जिम्मेवारी भनेको तिनीहरूलाई हुर्कनको निम्ति औपचारिक वातावरण दिनु मात्रै हो, किनभने सृष्टिकर्ताको पूर्वनिर्धारित योजनाले बाहेक व्यक्तिको नियतिमा अरू केहीले पनि प्रभाव पार्दैन। आफ्नो भविष्य कस्तो हुनेछ भनेर कसैले पनि नियन्त्रण गर्न सक्दैन; धेरै पहिले अग्रिम रूपमा नै यसको पूर्वनिर्धारण गरिएको हुन्छ, र व्यक्तिको बाबुआमाले समेत उसको नियति परिवर्तन गर्न सक्दैन। नियतिको बारेमा भन्दा, हरेक व्यक्ति स्वतन्त्र हुन्छ, र हरेकको आ-आफ्नै नियति हुन्छ। त्यसैले, कसैको बाबुआमाले उसको जीवनको नियतिलाई रोक्न वा उसले जीवनमा खेल्ने भूमिकामा अलिकति पनि प्रभाव पार्न सक्दैन। के भन्न सकिन्छ भने, व्यक्तिले जुन परिवारमा जन्मिने र जुन वातावरणमा हुर्कने नियति ल्याएर आएको हुन्छ, त्यो जीवनमा व्यक्तिको मिसनलाई पूरा गर्ने पूर्वसर्त बाहेक केही पनि होइन। तिनीहरूले कुनै पनि हालतमा व्यक्तिको जीवनको नियतिलाई निर्धारित गर्दैनन् वा जुन प्रकारको नियतिमा व्यक्तिले आफ्नो मिसन पूरा गर्छ त्यसलाई निर्धारित गर्दैनन्। यसरी, जीवनमा व्यक्तिको मिसनलाई हासिल गर्नमा उसलाई उसका बाबुआमाले सहयोग गर्न सक्दैनन्, त्यसै गरी, कसैका आफन्तले व्यक्तिलाई उसको जीवनको भूमिका निर्वाह गर्न सहयोग गर्न सक्दैनन्। व्यक्तिले आफ्नो मिसन कसरी पूरा गर्छ र उसले कस्तो प्रकारको जिउने वातावरणमा आफ्नो भूमिका निर्वाह गर्छ त्यसलाई पूर्ण रूपमा व्यक्तिको जीवनको नियतिले नै निर्धारित गर्छ। अर्को शब्दमा भन्दा, अरू कुनै पनि वस्तुगत अवस्थाहरूले व्यक्तिको मिसनलाई प्रभाव पार्न सक्दैन, जसलाई सृष्टिकर्ताले नै पूर्वनिर्धारित गर्नुभएको हुन्छ। सबै मानिसहरू तिनीहरू हुर्केको वातावरणमा नै परिपक्व हुन्छन्; त्यसपछि, क्रमिक रूपमा, तिनीहरू जीवनको आफ्नै मार्गमा हिँड्न सुरु गर्छन् अनि सृष्टिकर्ताले तिनीहरूका लागि योजना गरिदिनुभएका नियतिहरूलाई पूरा गर्छन्। स्वाभाविक रूपमा, अनायासै, तिनीहरू मानवजातिको विशाल समुद्रमा मिसिन्छन् अनि तिनीहरूको आफ्नै जीवनका पदहरू धारण

गर्छन्, जहाँ सृष्टिकर्ताको पूर्वनिर्धारित नियतिको खातिर, उहाँको सार्वभौमिकताको खातिर, तिनीहरूले सृष्टि गरिएका प्राणीहरूका रूपमा आफ्ना जिम्मेवारीहरूलाई पूरा गर्न थाल्छन्।

**चौथो महत्वपूर्ण मोड: विवाह**

व्यक्तिको उमेर बढ्दै गएपछि र ऊ परिपक्व भएपछि, ऊ आफ्ना बाबुआमा र ऊ जन्मेको र हुर्केको वातावरणबाट अझै टाढा जान्छ, अनि जीवनको दिशा खोज्न र आफ्नो बाबुआमाको भन्दा फरक शैलीमा जीवनका आफ्नै उद्‌देश्यहरूको खोजी गर्न थाल्छ। यो समयमा, अबउप्रान्त उसलाई उसका बाबुआमाको खाँचो हुँदैन, बरु उसलाई उसले आफ्नो जीवन बिताउन सक्ने जीवनसाथी, अर्थात् पति वा पत्नीको खाँचो हुन्छ, जोसँग उसको नियति घनिष्ठ रूपमा गाँसिएको हुन्छ। त्यसैले, स्वतन्त्रतापछिको जीवनको पहिलो घटना विवाह हो, जुन व्यक्तिले पार गर्नैपर्ने चौथो महत्वपूर्ण मोड हो।

**१. विवाहमा व्यक्तिगत छनौटको कुनै ठाउँ हुँदैन**

विवाह व्यक्तिको जीवनको एउटा मुख्य घटना हो; व्यक्तिले विभिन्न प्रकारका जिम्मेवारीहरू लिन सुरु गर्ने, अनि विभिन्न प्रकारका मिसनहरू क्रमिक रूपमा पूरा गर्दै जाने समय यही नै हो। मानिसहरूले आफैले अनुभव गर्नुभन्दा पहिले विवाहको बारेमा अनेक किसिमका भ्रम बोकेका हुन्छन्, अनि यी भ्रमहरू निकै सुन्दर हुन्छन्। स्त्रीहरूले तिनीहरूको हुनेवाला श्रीमान निकै आकर्षक राजकुमार हुनेछ भन्ने कल्पना गर्छन्, अनि पुरुषहरूले हिउँजस्तै गोरी केटीलाई बिहे गर्नेछु भनेर कल्पना गरेका हुन्छन्। यी कल्पनाहरूले के देखाउँछ भने विवाहको लागि हरेक व्यक्तिसँग निश्चित आवश्यकताहरू, तिनीहरूका आफ्नै माग र मापदण्डहरू हुन्छन्। यो दुष्ट युगमा मानिसहरूलाई अटुट रूपमा विवाहसम्बन्धी विकृत सन्देश दिइन्छ, जसले थप मागहरू पैदा गर्छ र मानिसहरूलाई अनेक किसिमका बोझ अनि अनौठा मनोवृतिहरू प्रदान गर्छ, तैपनि व्यक्तिले यसलाई जसरी बुझे पनि, यसप्रति व्यक्तिको मनोवृति जस्तो भए पनि, विवाह व्यक्तिगत छनौटको विषय होइन भन्ने कुरा विवाहको अनुभव गरिसकेको कुनै पनि व्यक्तिलाई थाहा हुन्छ।

व्यक्तिले आफ्नो जीवनमा धेरै मानिसहरूलाई भेट्टाउँछ, तर विवाहमा उसको जीवनसाथी को बन्नेछ भन्ने कसैलाई पनि थाहा हुँदैन। विवाहको विषयमा हरेकसँग तिनीहरूका आ-आफ्नै विचार र व्यक्तिगत अवधारणाहरू हुनेभए पनि, साँचो रूपमा अन्त्यमा तिनीहरूको जीवनसाथी को बन्नेछ भन्ने बारेमा कसैले पनि पूर्वानुमान गर्न सक्दैन, र व्यक्तिका आफ्नै विचारहरूको त्यति अर्थ हुँदैन। तैँले मन पराउने कुनै व्यक्तिलाई भेटिसकेपछि, तैँले त्यस व्यक्तिलाई पाउने प्रयास गर्न सक्छस्; तर उक्त व्यक्ति तँप्रति इच्छुक हुन्छ कि हुँदैन, तेरो जीवनसाथी बन्न सक्छ कि सक्दैन भन्ने कुरा तैँले निर्णय गर्ने कुरा होइन। तैँले माया गरेको मान्छे नै तेरो जीवनसाथी बन्नेछ भन्ने अनिवार्य छैन; अनि यसबीच, तैँले कहिल्यै अपेक्षा नगरेको व्यक्ति तेरो जीवनमा चुपचाप प्रवेश गर्न सक्छ अनि तेरो जीवनसाथी, तेरो नियतिको सबैभन्दा महत्त्वपूर्ण तत्व, तेरो अर्धाङ्‌ग बन्न सक्छ, जोसँग तेरो भाग्य अपरिहार्य रूपमा बाँधिन्छ। त्यसैले, संसारमा करोडौं विवाहहरू हुनेभए

पनि, हरेक विवाह फरक छ: कति विवाहहरूमा असन्तुष्टि छ, कतिमा भने खुशी छ; कति पूर्व र पश्चिम लाग्छन्, कति उत्तर र दक्षिण लाग्छन्; कति उत्तम जोडी बन्छन्, कति उस्तै सामाजिक स्तरका हुन्छन्; कति खुशी र सद्भावपूर्ण हुन्छन्, कति पीडा र शोकमा हुन्छन्; कतिले अरूप्रति डाहा पैदा गर्छन्, कतिलाई गलत रूपमा बुझिन्छ र आँखा तरिन्छ; कति आनन्दित हुन्छन्, कति आँसुमा डुब्छन् र हैरान हुन्छन्...। यी विभिन्न प्रकारका विवाहमा, मानिसले विवाहप्रति बफादारिता र जीवनपर्यन्त प्रतिबद्धता गर्छन्; तिनीहरूले प्रेम, घनिष्ठता, र नछुट्ने नाता, वा परित्याग र असमझदारी प्रकट गर्छन्। कतिले आफ्नो विवाह-सम्बन्धलाई धोका दिन्छन्, वा यसलाई घृणा समेत गर्छन्। विवाहले खुशी ल्याए पनि वा पीडा दिए पनि, विवाहसम्बन्धी हरेकको मिसन सृष्टिकर्ताले नै पूर्वनिर्धारित गर्नुभएको हुन्छ र यो परिवर्तन हुनेछैन; यो मिसन हरेकले पूरा गर्नैपर्ने कुरा हो। हरेक विवाहको पछाडि रहने हरेक व्यक्तिको नियति अपरिवर्तनीय छ, जसलाई सृष्टिकर्ताले धेरै पहिले नै अग्रिम रूपमा पूर्वनिर्धारित गर्नुभएको हुन्छ।

**२. विवाह दुवै पक्षका नियतिबाट पैदा हुन्छ**

विवाह व्यक्तिको जीवनको एउटा महत्त्वपूर्ण मोड हो। यो व्यक्तिको नियतिको उपज हो र यो उसको नियतिको एउटा महत्त्वपूर्ण कडी हो; यो कुनै पनि व्यक्तिको व्यक्तिगत इच्छा वा रुचिमा स्थापित हुँदैन, र कुनै पनि बाहिरी तत्वहरूद्वारा यो प्रभावित हुँदैन, तर यो पूर्णतया दुवै पक्षहरूको नियतिद्वारा निर्धारित हुन्छ, दम्पतीका दुवै सदस्यहरूका नियतिसम्बन्धी सृष्टिकर्ताको बन्दोबस्त र पूर्वनिर्धारणद्वारा निर्धारित हुन्छ। झट्ट हेर्दा, मानवजातिको निरन्तरता नै विवाहको उद्देश्य हो भन्नेजस्तो देखिन्छ, तर खासमा, विवाह भनेको आफ्नो मिसन पूरा गर्नको लागि व्यक्तिले पूरा गर्ने विधिबाहेक केही पनि होइन। विवाहमा, मानिसहरूले अर्को पुस्ता हुर्काउने भूमिका मात्रै निर्वाह गर्दैनन्; तिनीहरूले त विवाहलाई कायम राख्नको लागि निर्वाह गर्नुपर्ने विभिन्न भूमिकाहरू र ती भूमिकाहरूका लागि आवश्यक मिसनहरू सबैलाई अपनाउँछन्। व्यक्तिको जन्मले उसको वरिपरिका मानिसहरू, घटना, र अन्य कुराहरूलाई प्रभाव पार्ने हुँदा, उसको विवाहले पनि यी मानिसहरू, घटना, र अन्य कुराहरूलाई अपरिहार्य रूपमै प्रभाव पार्नुका साथसाथै तिनीहरू सबैलाई विभिन्न तरिकाले रूपान्तरण गर्नेछ।

जब कुनै व्यक्ति स्वतन्त्र बन्छ, उसले आफ्नै जीवन यात्रा सुरु गर्छ, जसले उसलाई उसको विवाहसँग सम्बन्ध राख्ने मानिसहरू, घटना, र अन्य कुराहरूतर्फ चरणबद्ध रूपमा डोऱ्याउँछ। त्यही समयमा, त्यस विवाहमा संलग्न हुने अर्को व्यक्ति तिनै मानिसहरू, घटनाहरू, र अन्य कुराहरूतर्फ चरणबद्ध रूपमा अघि बढिरहेको हुन्छ। सृष्टिकर्ताको सार्वभौमिकतामा, नियति जोडिएका दुई असम्बन्धित मानिसहरू क्रमिक रूपमा एउटै विवाहमा प्रवेश गर्छन् र आश्चर्यजनक रूपमा एउटै परिवारमा प्रवेश गर्छन् अर्थात् "एउटै डोरीमा झुण्डिरहेका दुई फट्याङ्ग्रा" जस्ता बन्छन्। त्यसैले, जब व्यक्ति विवाहमा प्रवेश गर्छ, उसको जीवन यात्राले उसको अर्धाङ्गलाई प्रभावित गर्छ र छुन्छ, अनि त्यसरी नै एउटा जीवनसाथीको जीवन यात्राले उसको आफ्नै जीवन नियतिलाई प्रभाव पार्नेछ र छुनेछ। अर्को शब्दमा भन्दा, मानिसहरूको नियति परस्पर रूपमा सम्बन्धित हुन्छन्, र कसैले

पनि अरूबाट पूर्ण रूपमा स्वतन्त्र रहेर जीवनमा आफ्नो मिसनलाई पूरा गर्न वा आफ्नो भूमिका निर्वाह गर्न सक्दैन। व्यक्तिको जन्मले सम्बन्धहरूको ठूलो साङ्लालाई प्रभाव पार्छ; हुर्कने-बढ्ने क्रममा पनि सम्बन्धहरूको जटिल साङ्ला संलग्न हुन्छ; त्यसरी नै, विवाह पनि मानव सम्बन्धहरूको विशाल र जटिल जालोभित्र अस्तित्वमा रहन्छ र त्यसैमा यसलाई कायम राखिन्छ, जसमा त्यो जालोको हरेक सदस्य संलग्न हुन्छन् र त्यसले यसमा संलग्न हरेक व्यक्तिको नियतिलाई प्रभाव पार्छ। विवाह परिवारका दुवै सदस्यहरू, तिनीहरू हुर्केका परिस्थितिहरू, तिनीहरूको रूप, तिनीहरूको उमेर, तिनीहरूका गुणहरू, तिनीहरूका प्रतिभाहरू, वा अन्य कुनै पनि तत्वहरूको उपज होइन; बरु, यो त साझा मिसन र सम्बन्धित नियतिबाट पैदा हुन्छ। सृष्टिकर्ताले योजनाबद्ध गर्नुभएको र बन्दोबस्त गर्नुभएको मानव नियतिको उपज अर्थात विवाहको उत्पत्ति यही हो।

**पाँचौं महत्वपूर्ण मोड: सन्तान**

विवाह गरिसकेपछि, व्यक्तिले अर्को पुस्ताको सन्तान हुर्काउन सुरु गर्छ। आफूले कति जना र कस्ता बालबच्चा जन्माउने भन्ने बारेमा व्यक्तिले कुनै निर्णय गर्न सक्दैन; यो पनि सृष्टिकर्ताले पूर्वनिर्धारित गर्नुभएको व्यक्तिको नियतिद्वारा नै निर्धारित हुन्छ। व्यक्तिले पार गरेर जानैपर्ने पाँचौं महत्वपूर्ण मोड यही हो।

यदि कुनै व्यक्ति कसैको सन्तान बन्ने भूमिकालाई पूरा गर्नको लागि जन्मन्छ भने, उसले कसैको बाबुआमाको भूमिका पूरा गर्न अर्को पुस्ताको सन्तान हुर्काउँछ। भूमिकामा हुने यो परिवर्तनले व्यक्तिलाई फरक-फरक दृष्टिकोणबाट जीवनका फरक-फरक चरणहरूलाई अनुभव गराउँछ। यसले व्यक्तिलाई फरक-फरक जीवन अनुभव पनि प्रदान गर्छ जसद्वारा उसले सृष्टिकर्ताको सार्वभौमिकतालाई जान्न पुग्छ, जसलाई सधैँ उही किसिमले लागू गरिन्छ, र जसद्वारा व्यक्तिले सृष्टिकर्ताको पूर्वनिर्धारित गन्तव्यलाई कसैले पनि नाघ्न सक्दैन वा परिवर्तन गर्न सक्दैन भन्ने तथ्यलाई बुझ्छ।

**१. आफ्नो सन्तान के बन्छ भन्ने कुरालाई कसैले पनि नियन्त्रण गर्न सक्दैन**

जन्म, हुर्काइ-बढाइ, विवाह सबैले फरक-फरक हदमा विभिन्न प्रकारका निराशाहरू ल्याउँछन्। कतिपय मानिसहरू आफ्ना परिवार वा आफ्नो शारीरिक रूपप्रति असन्तुष्ट हुन्छन्; कतिले आफ्ना बाबुआमालाई मन पराउँदैनन्; कति आफू हुर्केको वातावरणको बारेमा बेखुसी हुन्छन् र गुनासो गर्छन्। अनि धेरैजसो मानिसहरूका लागि, यी सबै निराशाहरूमध्ये विवाह सबैभन्दा बढी असन्तुष्टपूर्ण हुन्छ। आफ्नो जन्म, हुर्काइ, वा विवाहको बारेमा व्यक्ति जति नै असन्तुष्ट भए पनि, यी कुराहरू पार गर्दै जानेहरू हरेकलाई थाहा हुन्छ कि तिनीहरू कहाँ र कहिले जन्मन्छन्, तिनीहरूको रूप कस्तो हुन्छ, तिनीहरूको आमाबाबु को हुनेछन्, र तिनीहरूको पति वा पत्नी को हुनेछन् भन्ने कुरा कसैले पनि छनौट गर्न सक्दैन, बरु तिनीहरूले त स्वर्गको इच्छालाई नै स्वीकार गर्नुपर्छ। तैपनि जब मानिसहरूले अर्को पुस्ताको सन्तान हुर्काउने समय हुन्छ, तब तिनीहरूले तिनीहरूका सन्तानले तिनीहरूको आफ्नै जीवनको अघिल्लो भागमा तिनीहरूले भोगेका निराशाहरू

सबैलाई पूर्ति गर्नेछन् भन्ने आशा गर्दै, आफ्नो जीवनको पहिलो भागमा तिनीहरूले पूरा गर्न नसकेका सबै इच्छाहरू आफ्ना सन्तानमा लाद्छन्। त्यसकारण, मानिसहरू आफ्ना छोराछोरीका बारेमा अनेक किसिमका कल्पनाहरू गर्छन्: तिनीहरूका छोरीहरू अत्यन्तै सुन्दर हुनेछन्, तिनीहरूका छोरा आकर्षक भलाद्मी बन्नेछन्; तिनीहरूका छोरीहरू सभ्य र प्रतिभावान् बन्नेछन् र तिनीहरूका छोराहरू उत्कृष्ट विद्यार्थी र उत्कृष्ट खेलाडी बन्नेछन्; तिनीहरूका छोरीहरू विनम्र, चरित्रवान्, र समझदार बन्नेछन्, अनि तिनीहरूका छोराहरू बुद्धिमानी, सक्षम, र संवेदनशील बन्नेछन्। तिनीहरूले आफ्ना सन्तान, चाहे तिनीहरू छोरी हुन् वा छोरा, तिनीहरूले आफूभन्दा ठूलालाई आदर गर्नेछन्, आफ्ना बाबुआमाको वास्ता गर्नेछन्, हरेकले तिनीहरूलाई माया र तारिफ गर्नेछन् भन्ने आशा गरेका हुन्छन्...। यस विन्दुमा, जीवनसम्बन्धी तिनीहरूको आशा ताजा बन्छ, अनि मानिसहरूको हृदयमा नयाँ जोसको दियो बल्छ। मानिसहरूलाई थाहा छ, तिनीहरू यो जीवनमा शक्तिहीन र आशाविहीन छन्, भीडभन्दा राम्रो हुनको लागि तिनीहरूसँग अर्को मौका वा अर्को आशा हुनेछैन, र तिनीहरूसँग आफ्नो नियति स्वीकार गर्नेबाहेक केही उपाय नै छैन। त्यसैले तिनीहरूले आफ्ना सबै आशाहरू, आफ्ना पूरा नभएका इच्छा र आकांक्षाहरू अर्को पुस्तामा लाद्छन् र आशा गर्छन् कि तिनीहरूका सन्तानले तिनीहरूलाई तिनीहरूका सपनाहरू पूरा गर्न अनि तिनीहरूका इच्छाहरू हासिल गर्न सहयोग गर्न सक्छन्; तिनीहरूले आशा गर्छन कि तिनीहरूका छोराछोरीहरूले परिवारको नाममा वैभव ल्याउनेछन्, तिनीहरू महत्त्वपूर्ण, धनी, अनि चर्चित बन्नेछन्। छोटकरीमा भन्नुपर्दा, तिनीहरूले आफ्ना छोराछोरीको ऐश्‍वर्य उचाइमा पुगेको हेर्न चाहन्छन्। मानिसहरूका योजना र कल्पनाहरू त पूर्ण छन्; तर के तिनीहरूले जन्माउने सन्तानहरूको संख्या, तिनीहरूका छोराछोरीको रूप, क्षमता आदि इत्यादि तिनीहरूले निर्णय गर्ने कुरा होइन, तिनीहरूको हातमा त आफ्ना सन्तानको नियति समेत छैन भन्ने तिनीहरूलाई थाहा छैन र? मानिसहरू आफ्नो नियतिका मालिक होइनन्, तैपनि तिनीहरूले नयाँ पुस्ताको नियति परिवर्तन गर्ने आशा गर्छन्; तिनीहरू आफ्नै नियतिबाट उम्कन असमर्थ छन्, तैपनि तिनीहरूले आफ्ना छोराछोरीहरूको नियति नियन्त्रण गर्ने प्रयास गर्छन्। के तिनीहरू आफैले आफ्नो अधिक-मूल्याङ्कन गरिरहेका छैनन् र? के यो मानवीय मूर्खता र अज्ञानता होइन र? आफ्ना सन्तानको लागि मानिसहरू जुनसुकै हदसम्म जान्छन्, तर आखिरमा, व्यक्तिको योजना र इच्छाहरूले उसले कति जना सन्तान जन्माउँछ वा ती छोराछोरी कस्ता हुन्छन् भन्ने कुरालाई नियन्त्रण गर्न सक्दैन। कतिपय मानिसहरूसँग सुक्को हुँदैन तैपनि धेरै जना सन्तान जन्माउँछन्; कतिपय मानिसहरू धनी हुन्छन् तैपनि एउटै बच्चा जन्माएका हुँदैनन्। कतिले छोरी चाहन्छन् तर त्यो इच्छा पूरा हुँदैन; कति जना छोरा चाहन्छन् तर छोरा जन्माउन सक्दैनन्। कतिका लागि छोराछोरी आशीर्वाद हुन्; अरूका लागि, ती श्राप हुन्। कतिपय दम्पतीहरू बुद्धिमान हुन्छन्, तैपनि सुस्त मस्तिष्क भएको बच्चा जन्माउँछन्; कतिपय आमाबाबु मेहनती र इमानदार हुन्छन्, तैपनि तिनीहरूले हुर्काउने सन्तान अल्छी हुन्छन्। कतिपय बाबुआमा दयालु र सीधा हुन्छन् तर तिनीहरूका छोराछोरी कुटिल र बदमास हुन्छन्। कतिपय बाबुआमाको मस्तिष्क र शरीर तन्दुरुस्त हुन्छ तर तिनीहरूले अपाङ्ग सन्तान जन्माउँछन्। कतिपय बाबुआमा साधारण र असफल हुन्छन्,

तर तिनीहरूका छोराछोरीले ठूला-ठूला कुराहरू हासिल गर्छन्। कतिपय बाबुआमा न्यून प्रतिष्ठाका हुन्छन् तर तिनीहरूका छोराछोरीले उच्च प्रतिष्ठा प्राप्त गर्छन्। ...

**२. अर्को पुस्ताका सन्तान हुर्काइसकेपछि, मानिसहरूले नियतिसम्बन्धी नयाँ बुझाइ प्राप्त गर्छन्**

विवाह-बन्धनमा प्रवेश गर्ने धेरैजसो मानिसहरूले प्रायजसो तीस वर्षको हाराहारीमा विवाह गर्छन्, जुन जीवनको त्यो समय हो जुन बेला व्यक्तिले मानव नियतिको बारेमा कुनै बुझाइ प्राप्त गरेको हुँदैन। तर जब मानिसहरूले सन्तान हुर्काउन थाल्छन्, र तिनीहरूका सन्तान हुर्कन्छन्, तब तिनीहरूले नयाँ पुस्ताले पनि अघिल्लो पुस्ताकै जीवन र सबै अनुभवहरूलाई दोहोऱ्याएको देख्छन्, अनि तिनीहरूले नयाँ पुस्ताको जीवनमा तिनीहरूकै आफ्नो विगत प्रतिबिम्बित भएको देख्दा, नयाँ पुस्ताले हिँड्ने मार्ग पनि तिनीहरूको आफ्नो मार्गजस्तै योजना र छनौट गर्न नसकिने किसिमको रहेछ भन्ने महसुस गर्छन्। यो तथ्यलाई सामना गरेपछि, हरेक व्यक्तिको नियति पूर्वनिर्धारित हुन्छ भन्ने कुरालाई स्वीकार गर्नुबाहेक तिनीहरूसँग केही विकल्प हुँदैन, अनि तिनीहरूले महसुस समेत नगरीकन तिनीहरूका आफ्नै इच्छाहरूलाई बिस्तारै पन्छ्याउन थाल्छन्, अनि तिनीहरूको हृदयमा भएका लालसाहरू फुट्दै मरेर जान्छन्...। आधारभूत रूपमा जीवनका महत्त्वपूर्ण विन्दुहरूलाई पार गरिसकेपछि, यो अवधिमा मानिसहरूले जीवनको बारेमा नयाँ बुझाइ हासिल गरेका हुन्छन्, नयाँ मनोवृति धारण गरेका हुन्छन्। यस उमेरको व्यक्तिले भविष्यबाट के अपेक्षा गर्न सक्छ र उनीहरूले अपेक्षा गर्नको लागि उनीहरूसँग के नै आशा हुन्छ र? पचास वर्षकी कुन महिलाले अझै आकर्षक राजकुमारको सपना देखिरहेकी हुन्छे र? पचास वर्षको कुन पुरुषले अझै आफ्नी हिउँजस्तै गोरीको खोजी गरिरहेको हुन्छ र? आधा उमेरकी कुन महिलाले अझै कुरूप हाँसबाट सुन्दर चखेवीमा परिवर्तन हुने आशा गरिरहेकी हुन्छे र? के धेरैजसो वृद्ध पुरुषहरूमा जवान पुरुषहरूको जस्तै जीवनवृतिसम्बन्धी जोस हुन्छ र? समग्रमा भन्दा, चाहे पुरुष होस् वा स्त्री, यो उमेरको कुनै पनि व्यक्तिमा विवाह, परिवार, र सन्तानप्रति तुलनात्मक रूपमा तर्कसंगत, व्यवहारिक मनोवृति हुने सम्भावना बढी हुन्छ। त्यस्तो व्यक्तिसँग आधारभूत रूपमा कुनै विकल्प बाँकी हुँदैन, नियतिलाई चुनौती दिने कुनै हठ हुँदैन। मानव अनुभवको हकमा भन्दा, जब व्यक्ति यो उमेरमा पुग्छ, उसले स्वाभाविक रूपमै निश्चित मनोवृति विकास गर्छ: “व्यक्तिले नियतिलाई स्वीकार गर्नैपर्छ; आफ्ना छोराछोरीको पनि आ-आफ्नै नियति हुन्छ; मानव नियति स्वर्गले तोकेको हुन्छ।” यो संसारका सबै घटना, हैरानी, र कठिनाइहरूलाई सामना गरिसकेपछि पनि सत्यतालाई नबुझ्ने मानिसहरूले मानव जीवनसम्बन्धी तिनीहरूका अन्तर्दृष्टिलाई यी चार शब्दमा सारांशित गर्नेछन्: “नियति भनेको यही हो!” यो वाक्यले मानव नियतिसम्बन्धी सांसारिक मानिसहरूको बुझाइ र तिनीहरूले निकालेको निष्कर्षलाई संक्षिप्त गर्ने भए तापनि, र यसले मानवजातिको विवशतालाई व्यक्त गर्ने र यसलाई वास्तविक र सही भनेर व्याख्या गर्न सकिने भए तापनि, यो सृष्टिकर्ताको सार्वभौमिकताको बुझाइभन्दा निकै टाढाको कुरा हो, र यो सृष्टिकर्ताको अख्तियारको ज्ञानको विकल्प हुँदै होइन।

### ३. नियतिमा विश्वास गर्नु भनेको सृष्टिकर्ताको सार्वभौमिकताको ज्ञानको विकल्प होइन

धेरै वर्षसम्म परमेश्वरलाई पछ्याइसकेपछि, नियतिसम्बन्धी तिमीहरूको ज्ञान र सांसारिक मानिसहरूको ज्ञानको बीचमा कुनै सारगत भिन्नता छ? के तिमीहरूले सृष्टिकर्ताको पूर्वनिर्धारित गन्तव्यलाई साँच्चै बुझेका छौ र सृष्टिकर्ताको सार्वभौमिकतालाई साँचो रूपमा बुझेका छौ? कतिपय मानिसहरूसँग "नियति भनेको त्यही हो" भन्ने वाक्यको बारेमा उल्लेखनीय, गहन बुझाइ हुन्छ, तैपनि तिनीहरूले परमेश्वरको सार्वभौमिकतामा अलिकति पनि विश्वास गर्दैनन्; परमेश्वरले नै मानव नियतिलाई बन्दोबस्त र योजनाबद्ध गर्नुहुन्छ भन्नेमा तिनीहरू विश्वास गर्दैनन्, र तिनीहरू परमेश्वरको सार्वभौमिकतामा समर्पित हुन अनिच्छुक हुन्छन्। त्यस्ता मानिसहरू छालहरूले यता-उता फालेर, बहावसँगै बगिरहनेजस्तो, निष्क्रिय रूपले प्रतीक्षा गर्दै आफैलाई नियतिको हातमा समर्पित गर्नेबाहेक अन्य विकल्पविहीन हुन्छन्। तैपनि मानव नियति परमेश्वरको सार्वभौमिकताको अधीनमा छ भन्ने तिनीहरूले पहिचान गर्दैनन्; तिनीहरूले आफै परमेश्वरको सार्वभौमिकता जान्न पहल गरेर परमेश्वरको अख्तियारको ज्ञान हासिल गर्न, परमेश्वरको योजनाबद्ध कार्य र बन्दोबस्तमा समर्पित हुन, नियतिलाई इन्कार गर्न छोड्न, र परमेश्वरको हेरचाह, सुरक्षा, र मार्गनिर्देशनमा जिउन सक्दैनन्। अर्को शब्दमा भन्दा, नियतिलाई स्वीकार गर्नु र सृष्टिकर्ताको सार्वभौमिकतामा समर्पित हुनु एउटै कुरा होइन; व्यक्तिले नियतिमा विश्वास गर्छ भन्दैमा उसले सृष्टिकर्ताको सार्वभौमिकतालाई स्वीकार गर्छ, पहिचान गर्छ, र चिन्छ भन्ने हुँदैन; नियतिमा विश्वास गर्नु भनेको यसको सत्यता र यसको बाहिरी प्रकटीकरणलाई पहिचान गर्नु मात्रै हो। यो कुरा सृष्टिकर्ताले मानवजातिको नियतिमाथि कसरी शासन गर्नुहुन्छ भन्ने कुरा जान्नुभन्दा फरक छ, सृष्टिकर्ता यावत् थोकको नियतिमाथिको प्रभुत्वको स्रोत हुनुहुन्छ भन्ने कुरालाई पहिचान गर्नुभन्दा फरक छ, र मानवजातिको नियतिको लागि सृष्टिकर्ताको योजनाबद्ध कार्य र बन्दोबस्तमा समर्पित हुनुभन्दा निकै टाढाको कुरा हो। यदि व्यक्तिले नियतिमा विश्वास मात्रै गर्छ—चाहे उसले यसको बारेमा गहन अनुभव नै किन नगरोस्—तर उसले मानवजातिको नियतिमाथिको सृष्टिकर्ताको सार्वभौमिकतालाई जान्न र पहिचान गर्न, यसमा समर्पित हुन र यसलाई स्वीकार गर्न सक्दैन भने, तिनीहरूको जीवन एउटा दु:खान्त, व्यर्थमा जिइएको, खोक्रो जीवन हुनेछ; तिनीहरू अझै पनि सृष्टिकर्ताको प्रभुत्वमा आउन, सबैभन्दा सच्चा अर्थमा सृष्टि गरिएको मानिस बन्न, अनि सृष्टिकर्ताको स्वीकृती प्राप्त गर्न असमर्थ हुनेछन्। सृष्टिकर्ताको सार्वभौमिकतालाई साँचो रूपमा जान्ने र अनुभव गर्ने व्यक्ति सक्रिय स्थितिमा हुनुपर्छ, निष्क्रिय वा लाचार स्थितिमा होइन। त्यस्तो व्यक्तिले सबै कुराहरूको नियति पूर्वनिर्धारित हुन्छ भन्ने कुरालाई स्वीकार गर्ने भए तापनि, तिनीहरूले जीवन र नियतिसम्बन्धी यथार्थ परिभाषा धारण गर्नुपर्छ: हरेक जीवन सृष्टिकर्ताको सार्वभौमिकताको अधीनमा हुन्छ। जब व्यक्तिले आफूले हिँडेको बाटोलाई फर्केर हेर्छ, जब व्यक्तिले आफ्नो यात्राको हरेक चरणलाई सम्झन्छ, तब उसले उसको यात्रा कठिन वा सहज जेसुकै भए पनि, हरेक चरणमा परमेश्वरले नै उसलाई मार्गनिर्देश गरिरहनुभएको थियो, यसको बारेमा योजना गरिरहनुभएको थियो भन्ने देख्छ। व्यक्तिले थाहै नपाई उसलाई आजसम्म डोऱ्याउने भनेको

परमेश्‍वरको सावधानीपूर्ण बन्दोबस्त, उहाँको होसियार योजना नै थियो। सृष्टिकर्ताको सार्वभौमिकतालाई स्वीकार गर्न सक्षम हुनु, उहाँमार्फत मुक्ति प्राप्त गर्न सक्षम हुनु—आहा कस्तो सौभाग्यको कुरो! यदि नियतिप्रति व्यक्तिको मनोवृत्ति नकरात्मक छ भने, परमेश्‍वरले तिनीहरूका लागि बन्दोबस्त गर्नुभएका सबै कुराहरूको तिनीहरूले प्रतिरोध गरिरहेका छन् र तिनीहरूमा समर्पित मनोवृत्ति छैन भन्‍ने प्रमाणित गर्छ। यदि मानव नियतिमाथिको परमेश्‍वरको सार्वभौमिकताप्रति व्यक्तिको मनोवृत्ति सकरात्मक छ भने, जब व्यक्तिले आफ्नो यात्रालाई फर्केर हेर्छ, जब व्यक्तिले परमेश्‍वरको सार्वभौमिकतालाई साँचो रूपले बुझ्छ, तब उसले परमेश्‍वरले बन्दोबस्त गर्नुभएको सबै कुरामा थप इमानदारिताका साथ समर्पित हुने इच्छा गर्नेछ, परमेश्‍वरलाई आफ्नो नियतिको योजना गर्न दिन र परमेश्‍वरको विरुद्धमा विद्रोह गर्न छाड्नको लागि उसमा थप संकल्प र आत्मविश्‍वास हुन्छ। किनभने जब व्यक्तिले नियतिलाई बुझ्दैन, जब व्यक्तिले परमेश्‍वरको सार्वभौमिकतालाई बुझ्दैन, जब व्यक्तिले कुहिरोभित्र लर्खराउँदै र ढलपलिँदै दृढताका साथ छामछुम गर्दै अघि बढ्छ, तब उसले त्यो यात्रा अत्यन्तै कठिन, अत्यन्तै हृदयविदारक हुन्छ भन्‍ने कुरा बुझ्छ। त्यसकारण, जब मानिसहरूले मानव नियतिमाथिको परमेश्‍वरको सार्वभौमिकतालाई पहिचान गर्छन्, तब चलाखहरूले यसलाई जान्‍ने र स्वीकार गर्ने, तिनीहरूले आफ्नै दुई हातले सुन्दर जीवन निर्माण गर्ने प्रयास गर्दाका पीडादायी दिनहरूलाई बिदा गर्ने, र नियतिको विरुद्धमा संघर्ष गर्न अनि आफ्ना तथाकथित "जीवन लक्ष्यहरू" आफ्नै तरिकाले खोज्न छाड्ने निर्णय गर्छन्। जब कुनै व्यक्तिसँग परमेश्‍वर हुनुहुन्‍न, जब व्यक्तिले उहाँलाई देख्‍न सक्दैन, जब व्यक्तिले परमेश्‍वरको सार्वभौमिकतालाई स्पष्ट रूपमा पहिचान गर्न सक्दैन, तब हरेक दिन अर्थहीन, निरर्थक, दुःखदायी हुन्छ। व्यक्ति जहाँ भए पनि, व्यक्तिको जागिर जे भए पनि, उसको दिनचर्याका माध्यमहरू र लक्ष्यहरूको खोजी कार्यले उसलाई हृदयमा अटुट चोट र चैनविनाको कष्ट बाहेक केही पनि दिँदैन, यतिसम्म कि उसले आफ्नो विगतलाई फर्केर समेत हेर्न सक्दैन। व्यक्तिले सृष्टिकर्ताको सार्वभौमिकतालाई स्वीकार गरेपछि मात्रै, ऊ उहाँका योजनाबद्ध कार्यहरू र बन्दोबस्तहरूमा समर्पित भएपछि मात्रै, र उसले साँचो मानव जीवनको खोजी गरेपछि मात्रै, क्रमिक रूपमा ऊ सबै हृदयको चोट र कष्टबाट स्वतन्त्र हुन, अनि जीवनको रिक्तताबाट मुक्त हुन थाल्छ।

**४. सृष्टिकर्ताको सार्वभौमिकतामा समर्पित हुनेहरूले मात्रै साँचो स्वतन्त्रता प्राप्त गर्न सक्छन्**

मानिसहरूले परमेश्‍वरका योजनाबद्ध कार्यहरू र परमेश्‍वरको सार्वभौमिकतालाई पहिचान नगर्ने हुनाले, तिनीहरूले आफ्ना वर्तमान परिस्थितिहरू परिवर्तन गर्ने र आफ्नो नियति परिवर्तन गर्ने व्यर्थ आशा गर्दै, सधैँ अवज्ञाकारी र विद्रोही मनोवृत्तिले नियतिको सामना गर्छन्, अनि सधैँ परमेश्‍वरको अख्तियार र सार्वभौमिकता र नियतिमा रहेका कुराहरूलाई पन्छाउन चाहन्छन्। तर तिनीहरू यसमा कहिल्यै सफल हुन सक्दैनन् र तिनीहरूले हरेक मोडमा ठक्कर खान्छन्। व्यक्तिले आफ्नो जीवन खेर फाल्ने क्रममा, उसको अन्तस्करणमा हुने यो संघर्षले यति भयानक पीडा दिन्छ कि त्यसले उसको हड्डी नै गलाउँछ। यो पीडाको कारण के हो त? के यो परमेश्‍वरको सार्वभौमिकताको कारण हो कि व्यक्ति अभागी भएर जन्मेकोले हो? अवश्य नै, दुवै सत्य होइन।

आधारभूत रूपमा, मानिसहरूले लिने मार्गहरू, तिनीहरूले आफ्नो जीवन जिउन छनौट गर्ने शैलीहरूको कारण यस्तो हुन्छ। कतिपय मानिसहरूले यी कुराहरू महसुस नगरेका हुन सक्छन्। तर जब तैँले साँचो रूपमा जान्दछस्, जब तैँले मानव नियतिमाथि परमेश्‍वरको सार्वभौमिकता छ भनेर साँचो रूपमा पहिचान गर्न पुग्छस, जब तैँले परमेश्‍वरले तेरो लागि योजना गर्नुभएका र तेरो लागि निर्णय गर्नुभएका सबै कुराहरू अत्यन्तै धेरै फाइदा र सुरक्षाका हुन् भनी बुझ्छस्, तब तैँले आफ्नो पीडा हल्का हुन थालेको अनुभव गर्छस्, अनि तेरो सम्पूर्ण सारत्व शान्त, स्वतन्त्र र मुक्त हुन्छ। अधिकांश मानिसहरूका स्थितिहरूको आधारमा मूल्याङ्कन गर्दा, तिनीहरूले व्यक्तिपरक हिसाबमा पहिले जस्तो जिउन र आफ्नो पीडाबाट राहत पाउन नचाहने भए पनि, तिनीहरूले मानव नियतिमाथिको सृष्टिकर्ताको सार्वभौमिकताको व्यवहारिक मूल्य र अर्थलाई वस्तुपरक रूपमा स्वीकार गर्न सक्दैनन्; वस्तुगत हिसाबमा, तिनीहरूले सृष्टिकर्ताको सार्वभौमिकतालाई साँचो रूपमा पहिचान गर्न र यसमा समर्पित हुन सक्दैनन्, तिनीहरूले सृष्टिकर्ताका योजनाबद्ध कार्यहरू र बन्दोबस्तहरूलाई कसरी खोजी र स्वीकार गर्ने भन्ने बारेमा जान्नु त परै जाओस्। त्यसैले, यदि मानिसहरूले मानव नियतिमाथि र सम्पूर्ण मानव मामलाहरूमाथि सृष्टिकर्ताको सार्वभौमिकता छ भन्ने तथ्यलाई साँचो रूपमा पहिचान गर्न सक्दैनन् भने, यदि तिनीहरू सृष्टिकर्ताको प्रभुत्वमा साँचो रूपमा समर्पित हुन सक्दैनन् भने, तिनीहरू “आफ्नो नियति आफ्नै हातमा हुन्छ” भन्ने विचारद्वारा सञ्चालित हुन र बन्धनमा पर्न कठिन हुनेछैन। तिनीहरूले नियति र सृष्टिकर्ताको अख्तियारविरुद्धको आफ्नो तीव्र संघर्षको पीडालाई हटाउन कठिन हुनेछ, अनि, अवश्य पनि तिनीहरूले साँचो रूपमा स्वतन्त्र र मुक्त हुन, परमेश्‍वरको आराधना गर्ने मानिस बन्न पनि कठिन नै हुनेछ। तर यो स्थितिबाट आफूलाई मुक्त गर्ने एउटा अत्यन्तै सरल तरिका छ र यो सरल तरिका भनेको जीवन जिउने आफ्नो पुरानो तरिकालाई बिदा गर्नु हो; आफ्नो जीवनका पहिलेका लक्ष्यहरूलाई बिदा गर्नु हो; आफ्नो पहिलेको जीवनशैली, जीवन सम्बन्धी दृष्टिकोण, खोजी, इच्छा, र आदर्शहरूलाई सारांशित र विश्‍लेषण गर्नु हो; त्यसपछि तिनलाई मानिसप्रतिको परमेश्‍वरका इच्छा र मागहरूसँग तुलना गरेर तीमध्ये कुनै पनि कुराहरू परमेश्‍वरका इच्छा र मागहरूअनुरूप छन् कि छैनन्, तीमध्ये कुनै पनि कुराहरूले जीवनका सही मूल्यहरू प्रदान गर्छन् कि गर्दैनन्, व्यक्तिलाई सत्यतासम्बन्धी वृहद बुझाइमा लैजान्छन् कि लैजाँदैनन्, अनि व्यक्तिलाई मानवता र मानवजातिको स्वरूपमा जिउने तुल्याउँछन् कि तुल्याउँदैनन् भनेर हेर्नु हो। जब तैँले मानिसहरूले जीवनमा पछ्याउने विभिन्‍न लक्ष्यहरू र तिनीहरूका जिउने अनेक तरिकाहरूलाई बारम्बार अनुसन्धान र होसियारीसाथ विश्‍लेषण गर्छस्, तब तैँले तीमध्ये एउटै पनि मानवजातिलाई सृष्टि गर्दा सृष्टिकर्ताले जुन अभिप्राय राख्नुभएको थियो त्यो मौलिक अभिप्रायअनुरूप नरहेको पाउनेछस्। ती सबैले मानिसहरूलाई सृष्टिकर्ताको सार्वभौमिकता र हेरचाहबाट टाढा लैजान्छन्; ती सबै मानिसहरूलाई भ्रष्ट तुल्याउने, तिनीहरूलाई नर्कतर्फ डोर्‍याउने पासोहरू हुन्। तैँले यो कुरालाई पहिचान गरिसकेपछि, तैँले गर्नुपर्ने काम भनेको जीवनसम्बन्धी तेरो पुरानो विचारलाई पन्छ्याउनु हो, विभिन्‍न पासोहरूबाट टाढा बस्नु हो, परमेश्‍वरलाई तेरो जीवन नियन्त्रण गर्न र तेरो लागि बन्दोबस्तहरू गर्न दिनु हो; यो भनेको परमेश्‍वरका योजनाबद्ध कार्यहरू र अगुवाइमा मात्रै समर्पित

हुने प्रयास गर्नु हो, व्यक्तिगत छनौटविना नै जिउनु हो, अनि परमेश्वरलाई आराधना गर्ने व्यक्ति बन्नु हो। यो कुरा सुन्दा सहज लाग्छ, तर गर्न चाहिँ कठिन छ। केही मानिसहरूले यसको पीडा सहन सक्छन्, अन्य व्यक्तिहरूले सक्दैनन्। कतिपय व्यक्तिहरू अनुपालन गर्न इच्छुक हुन्छन्, अरूहरू चाहिँ अनिच्छुक हुन्छन्। जो अनिच्छुक छन् तिनीहरूमा त्यसो गर्ने इच्छा र संकल्पको कमी हुन्छ; तिनीहरू परमेश्वरको सार्वभौमिकताको बारेमा स्पष्ट रूपमै सचेत हुन्छन्, तिनीहरूलाई मानव नियतिको योजना र बन्दोबस्त गर्ने परमेश्वर नै हुनुहुन्छ भन्ने कुरा पूर्ण रूपमा थाहा हुन्छ, तैपनि तिनीहरूले लात मार्छन् र संघर्ष गर्छन् अनि आफ्नो नियति परमेश्वरको हातमा राख्ने र परमेश्वरको सार्वभौमिकतामा समर्पित हुने कुरालाई स्वीकार गर्दैनन्; अझ भन्ने हो भने, तिनीहरूले परमेश्वरका योजनाबद्ध कार्यहरू र बन्दोबस्तहरूप्रति खेद प्रकट गर्छन्। त्यसकारण आफू कति सक्षम छु भनी हेर्न चाहने कतिपय मानिसहरू सधैँ नै हुनेछन्; तिनीहरूले आफ्नै दुई हातले आफ्नो नियति परिवर्तन गर्न, वा आफ्नै बलबूताले खुशी हासिल गर्न, आफू परमेश्वरको अख्तियारका सीमाहरू बाहिर गई परमेश्वरको सार्वभौमिकताभन्दा माथि उठ्न सकिन्छ कि सकिन्न भनी हेर्न चाहन्छन्। मानिसको दुःखान्त भनेको उसले खुशीयालीपूर्ण जीवन चाहनु होइन, उसले ख्याति र सम्पत्तिको खोजी गर्नु वा कुहिरोभित्र आफ्नै नियतिसँग संघर्ष गर्नु होइन, बरु उसले सृष्टिकर्ताको अस्तित्व देखिसकेपछि पनि, मानव नियतिमाथि सृष्टिकर्ताकै सार्वभौमिकता छ भन्ने तथ्य जानिसकेपछि पनि, उसले अझै आफ्ना मार्गहरूलाई सुधार्न नसक्नु हो, आफ्ना खुट्टाहरूलाई दलदलबाट तान्न नसक्नु हो, अनि आफ्नो हृदयलाई कठोर बनाएर आफ्ना गल्तीहरूमै दृढ रहनु हो। ऊ त बरू अलिकति पछुतो समेत नमानीकन सृष्टिकर्ताको सार्वभौमिकताविरुद्ध हठी भएर लड्दै, तीतो अन्त्य नआउञ्जेल प्रतिरोध गर्दै, हिलोमै लुटपुटिरहन्छ। जब ऊ पछारिन्छ र रक्ताम्मे हुन्छ, तब मात्र उसले आखिर हरेस खान्छ अनि पछि फर्कने निर्णय गर्छ। यो साँचो मानव व्यथा हो। त्यसैले, म भन्छु, समर्पित हुने निर्णय गर्नेहरू बुद्धिमान हुन्, र जसले संघर्ष गर्ने र भाग्ने निर्णय गर्छन्, तिनीहरू वास्तवमै मूर्ख हुन्।

**छैटौं महत्वपूर्ण मोड: मृत्यु**

धेरै दौडधूप, धेरै निराशा र विफलताहरूपछि, धेरै आनन्द र शोक अनि उतारचढावपछि, बिर्सनै नसक्ने धेरै वर्षहरूपछि, ऋतुहरू आए-गएको हेरेपछि, पत्तै नपाई व्यक्तिले आफ्नो जीवनका महत्त्वपूर्ण मोडहरूलाई पार गरिसकेको हुन्छ, अनि एकै क्षणमा उसले आफैलाई जिन्दगीको गोधूलि वर्षहरूमा पुगिसकेको पाउँछ। व्यक्तिको शरीरभरि समयका छापहरू लागेका हुन्छन्: व्यक्ति अबउप्रान्त सीधा उभिन सक्दैन, उसको कालो कपाल सेतो भइसकेको हुन्छ, कुनै बेला चम्किलो र स्पष्ट देखिने आँखा अँध्यारो र धमिलो बन्छ, अनि नरम, कोमल छाला चाउरी पर्छ र त्यसमा दाग-धब्बा देखिन्छन्। व्यक्तिको श्रवण शक्ति कमजोर बन्छ, उसका दाँतहरू हल्लिन्छन् अनि झर्छन्, उसको प्रतिक्रिया सुस्त बन्छ, उसका हलचल मन्द हुन्छ...। यस विन्दुमा, व्यक्तिले आफ्नो जवानीका जोशिला वर्षहरूलाई बिदा गरेर आफ्नो जीवनको गोधूलि अर्थात वृद्ध अवस्थामा प्रवेश गर्नुपर्छ। यसपछि, हामीले मानव जीवनको अन्तिम विन्दु, मृत्युको सामना गर्नेछौं।

### १. मानिसलाई जीवन र मृत्यु दिने शक्ति सृष्टिकर्तासँग मात्रै छ

व्यक्तिको जन्मलाई उसको अघिल्लो जीवनले निर्धारित गरेको हुन्छ भने व्यक्तिको मृत्युले त्यो नियतिलाई टुङ्ग्याउँछ। व्यक्तिको जन्म यो जीवनमा उसको मिसनको सुरुवात हो भने उसको मृत्युले त्यो मिसनको अन्त्यलाई जनाउँछ। व्यक्तिको जन्मको लागि सृष्टिकर्ताले निश्‍चित परिस्थितिहरू निर्धारित गर्नुभएको हुँदा, अवश्य नै उहाँले उसको मृत्युको लागि पनि निश्‍चित परिस्थितिहरूको बन्दोबस्त गर्नुभएको हुन्छ। अर्को शब्दमा भन्दा, कोही पनि संयोगले जन्मँदैन, कसैको मृत्यु पनि अचानक आउँदैन, अनि जन्म र मृत्यु दुवै व्यक्तिको अघिल्लो जीवन र वर्तमान जीवनसँग अत्यावश्यक रूपमा जोडिएका हुन्छन्। व्यक्तिको जन्म र मृत्यु दुवैका परिस्थितिहरूलाई सृष्टिकर्ताले पूर्वनिर्धारित गर्नुभएको हुन्छ; व्यक्तिको नियति, व्यक्तिको प्रारब्ध यही हो। व्यक्तिको जन्मसम्बन्धी विभिन्न व्याख्याहरू रहेको हुनाले, यो कुरा पनि सही नै हो कि व्यक्तिको मृत्यु स्वाभाविक रूपमै यसका आफ्नै, विशेष परिस्थितिहरूमा हुनेछ। मानिसहरूका आयुहरू फरक-फरक हुनु अनि तिनीहरूको मृत्युको तरिका र समयहरू पनि फरक-फरक हुनुको कारण यही नै हो। कतिपय मानिसहरू बलियो र स्वस्थ हुन्छन्, तैपनि तिनीहरू जवानीमै मर्छन्; अरू चाहिँ कमजोर र बिरामी भइरहने हुन्छन्, तैपनि तिनीहरू वृद्‌ध अवस्थासम्म बाँच्छन् र शान्तिसाथ मरेर जान्छन्। केही मानिसहरू अस्वाभाविक कारणले मर्छन्, अरूहरू स्वाभाविक रूपमा मर्छन्। कतिपयले घरबाट टाढा हुँदा आफ्नो जीवन त्याग्छन्, अरूहरूले आफ्ना प्रियजन आफ्नै छेउ हुँदा आफ्ना आँखाहरू अन्तिम पटक चिम्लिन्छन्। कतिपय मानिसहरू मध्याकाशमा मर्छन्, अरूहरू पृथ्वीमुनि मर्छन्। कतिपय मानिसहरू पानीमा डुब्छन्, अरूहरू विपत्तिमा बेपत्ता हुन्छन्। कोही बिहान मर्छन्, अरूहरू राती। … हरेक व्यक्तिले प्रतिष्ठापूर्ण जन्म, शानदार जीवन, अनि वैभवपूर्ण मृत्यु चाहन्छ, तर कसैले पनि आफ्नो नियति नाघेर जान सक्दैन, कोही पनि सृष्टिकर्ताको सार्वभौमिकताबाट उम्कन सक्दैन। मानव नियति यही हो। मानिसले आफ्नो भविष्यको लागि अनेक किसिमका योजनाहरू बनाउन सक्छ, तर कसैले पनि आफ्नो जन्म र संसारबाट आफू विदा हुने तरिका र समय योजना गर्न सक्दैन। मानिसहरूले मृत्युको आगमनबाट बच्न र त्यसलाई रोक्न सक्दो कोशिश गर्छन्, तैपनि तिनीहरूले थाहै नपाई मृत्यु चुपचाप नजिक आइपुग्छ। कसैले पनि आफू कहिले वा कहाँ बित्ने हो थाहा पाउँदैन, यो कहाँ हुनेछ भन्ने कुरा थाहा हुनु त परै जाओस्। स्पष्टत: जीवन र मृत्युको शक्ति मानवजातिमा छैन, प्राकृतिक संसारको कुनै प्राणीमा छैन, तर सृष्टिकर्तामा छ, जसको अख्तियार अद्‌वितीय छ। मानवजातिको जीवन र मृत्यु प्राकृतिक संसारको कुनै नियमको उपज होइन, यो त सृष्टिकर्ताको अख्तियारको सार्वभौमिकताको परिणाम हो।

### २. सृष्टिकर्ताको सार्वभौमिकतालाई नचिन्ने व्यक्ति मृत्युको भयले त्रासित हुनेछ

जब व्यक्ति पाको उमेरमा प्रवेश गर्छ, उसले सामना गर्ने चुनौती भनेको परिवारको भरणपोषण गर्नु वा जीवनमा आफ्नो ठूलो लक्ष्यलाई पूरा गर्नु होइन, बरु आफ्नो जीवनलाई कसरी बिदा गर्नु, आफ्नो जीवनको अन्त्यलाई कसरी सामना गर्नु, आफ्नो जीवनको वाक्यमा कसरी पूर्ण विराम थप्नु हो। झट्ट हेर्दा, मृत्युलाई मानिसहरूले त्यति ध्यान दिँदैनन् भन्ने जस्तो देखिए तापनि, यो विषयलाई

अन्वेषण गर्नबाट कोही पनि अछुतो रहँदैन, किनभने मृत्युपारि मानिसहरूले बुझ्न वा अनुभव गर्न नसक्ने, तिनीहरूलाई केही पनि थाहा नभएको अर्को संसार छ कि छैन भन्ने कसैलाई पनि थाहा हुँदैन। यसले मानिसहरूलाई मृत्युको सामना गर्नको लागि, तिनीहरूले जसरी सामना गर्नुपर्ने हो त्यसरी त्यसको सामना गर्नको लागि डराउने तुल्याउँछ; बरु, तिनीहरूले त यो विषयबाट पन्छिन सक्दो प्रयास गर्छन्। तसर्थ, यसले हरेक व्यक्तिलाई मृत्युको भयले भरिदिन्छ, अनि हरेक व्यक्तिको हृदयमा अटुट छाया हालिदिँदै जीवनको यो अपरिहार्य तथ्यमा रहस्यको पर्दा थपिदिन्छ।

जब व्यक्तिले आफ्नो शरीर ह्रास हुँदै गइरहेको अनुभव गर्छ, जब उसले आफू मृत्युको नजिक आइरहेको अनुभव गर्छ, तब उसलाई शब्दले नै व्याख्या गर्न नसकिने डर, अस्पष्ट भयको आभास हुन्छ। मृत्युको डरले व्यक्तिलाई झन् एकलो र झन् विवश भएको अनुभव गराउँछ, र यस विन्दुमा, व्यक्तिले आफैलाई प्रश्न गर्छः मानिस कहाँबाट आयो? मानिस कहाँ जाँदैछ? के मानिस आफ्नो जीवन आफ्नै अगाडि झलक्क बितेर गएको हेर्दै यसरी नै मर्छ? के मानिसको जीवनको समाप्तिलाई संकेत गर्ने अवधि यही हो? आखिरमा, जीवनको अर्थ के हो? आखिर, जीवनको मूल्य के नै छ र? के यो ख्याति र धनसँग सम्बन्धित छ? के यो परिवार हुर्काउनुसँग सम्बन्धित छ? … व्यक्तिले यी निश्चित प्रश्नहरूको बारेमा विचार गरे पनि नगरे पनि, व्यक्तिले मृत्युको बारेमा जति गहन रूपमा डर माने पनि, हरेक व्यक्तिको हृदयमा सधैँ नै रहस्यहरूलाई जाँच्ने इच्छा, जीवनको बोध नभएको भावना हुन्छ, र यी कुराहरूको साथमा, संसारको बारेमा भावुकता, बिदा भएर जाने अनिच्छा पनि मिसिएको हुन्छ। मानिसले केको डर मान्छ, मानिसले केको खोजी गर्छ, केको बारेमा ऊ भावुक हुन्छ र उसले के कुरालाई छोड्न अनिच्छुक हुन्छ त्यसलाई सायद कसैले पनि स्पष्ट रूपमा बुझ्न सक्दैन ...

मानिसहरूले मृत्युको डर मान्ने हुनाले, तिनीहरूमा धेरै नै चिन्ता हुन्छ; तिनीहरूले मृत्युको डर मान्ने हुनाले, मानिसहरूले छोड्न नसक्ने कुराहरू धेरै नै हुन्छन्। जब तिनीहरू मर्न लागेका हुन्छन्, कतिपय मानिसहरू यो वा त्यो कुराको बारेमा फिक्री गर्छन्; चिन्ता गरेर तिनीहरू मृत्युले ल्याउने कष्ट र भयलाई मेट्न सक्छन् झैँ गरी, जीवितहरूसँग घनिष्ठता कायम गरेर, तिनीहरू मृत्युको साथमा आउने विवशता र एकलोपनबाट उम्कन सक्छन् झैँ गरी तिनीहरू आफ्ना छोराछोरी, आफ्ना प्रियजन, आफ्नो सम्पत्तिको बारेमा चिन्ता गर्छन्। मानव हृदयको अन्तस्करणमा अस्पष्ट डर, प्रियजनहरूबाट अलग हुने, आफ्नो नजरले नीलो आकाशलाई कहिल्यै देख्न नपाउने, भौतिक संसारमा फेरि कहिल्यै हेर्न नपाउने कुराको डर हुन्छ। प्रियजनहरूको साथमा रहने बानी परेको एकलो आत्मा आफ्नो पकडलाई छोडेर अज्ञात र अपरिचित संसारको लागि एक्लै बिदा हुन अनिच्छुक हुन्छ।

### ३. ख्याति र सम्पत्तिको खोजीमा बिताएको जीवनले व्यक्तिलाई मृत्युको मुखमा बिलखबन्दमा पार्छ

आफ्नो नाममा केही पनि नलिई आएको एकलो आत्माले सृष्टिकर्ताको सार्वभौमिकता र पूर्वनिर्धारित गन्तव्यको कारण बाबुआमा र परिवार, मानवजातिको सदस्य बन्ने, मानव जीवन अनुभव गर्ने र संसारलाई देख्ने मौका पाउँछ। यो आत्माले सृष्टिकर्ताको सार्वभौमिकताको अनुभव

गर्ने, सृष्टिकर्ताको सृष्टिको आश्चर्यपनलाई जान्ने, अनि, योभन्दा पनि बढी, सृष्टिकर्ताको अख्तियारलाई जान्ने र त्यसको अधीनमा रहने मौका पनि प्राप्त गर्छ। तैपनि धेरैजसो मानिसहरूले वास्तविक रूपमा यो दुर्लभ र क्षणिक मौकाको फाइदा उठाउँदैनन्। व्यक्तिले आफ्नो जीवनभरिको ऊर्जा नियतिको विरुद्ध युद्ध गर्दै रित्याउँछ, आफ्नो सम्पूर्ण समय परिवारको पालनपोषण गर्न अनि धन र मान-सम्मानको बीचमा यता र उता दौडधूप गर्नमा व्यस्त रहनको लागि नै खर्च गर्छ। मानिसहरूले बहुमूल्य ठान्ने कुराहरू परिवार, सम्पत्ति, र ख्याति हुन्, अनि तिनीहरूले यी कुराहरूलाई जीवनको सबैभन्दा बहुमूल्य कुराहरूका रूपमा लिन्छन्। सबै मानिसहरूले आफ्नो नियतिको बारेमा गुनासो गर्छन्, तैपनि तिनीहरूले जाँच गर्न र बुझ्न अत्यन्तै महत्त्वपूर्ण रहेका कुराहरू अर्थात मानिस किन जीवित छ, मानिस कसरी जिउनुपर्छ, जीवनको मूल्य र अर्थ के हो भन्नेजस्ता कुराहहरूलाई आफ्नो मनबाट पछाडि धकेल्छन्। तिनीहरू जति धेरै बाँचे पनि, तिनीहरूको जवानी उडेर गइञ्जेल अनि तिनीहरूको कपाल फुलेर अनुहार चाउरी परुञ्जेल, तिनीहरूले आफ्नो सम्पूर्ण जीवन ख्याति र सम्पत्ति कमाउनको लागि दौडधूप गर्दै बिताउँछन्। ख्याति र सम्पत्तिले व्यक्तिलाई वृद्धावस्थाबाट बचाउन सक्दैन, पैसाले तिनीहरूको हृदयको रित्तोपनलाई भर्न सक्दैन, जन्म, वृद्धावस्था, बिरामी अनि मृत्युको नियमबाट कसैलाई पनि छूट छैन, नियतिले साँचिराखेको कुराबाट कोही पनि उम्कन सक्दैन भन्ने नदेखुञ्जेल तिनीहरू यसरी नै जिइरहन्छन्। जीवनको अन्तिम विन्दुको सामना गर्न बाध्य भएपछि मात्रै तिनीहरूले साँचो रूपमा बुझ्छन्: व्यक्तिसँग धेरै धन र व्यापक सम्पत्ति भए पनि, व्यक्ति सौभाग्यशाली र उच्च ओहोदाको भए पनि ऊ मृत्युबाट उम्कन सक्दैन, बरु उसले त उसको पहिलेकै स्थिति अर्थात् आफ्नो नाममा केही पनि नभएको एकलो आत्माको स्थितिमा फर्कनुपर्छ। जब मानिसहरूको बाबुआमा हुन्छन्, तब तिनीहरूले तिनीहरूका बाबुआमा सबै थोक हुन् भन्ने विश्वास गर्छन्; जब मानिसहरूसँग सम्पत्ति हुन्छ, तब तिनीहरू पैसा व्यक्तिको मुख्य आधार हो, व्यक्ति जिउने माध्यम यही हो भन्ने ठान्छन्; जब मानिसहरूसँग प्रतिष्ठा हुन्छ, तब तिनीहरूले यसलाई दह्रिलो गरी पक्रिराख्छन् अनि यसको खातिर आफ्नो ज्यान जोखिममा पार्छन्। यो संसारलाई छोडेर जान लागेपछि मात्रै मानिसहरूले महसुस गर्छन् कि तिनीहरूले जुन कुराहरूको खोजी गर्दै आफ्नो जीवन बिताए ती क्षणिक बादलबाहेक केही पनि होइनन्, तिनीहरूले ती कुनै पनि कुरालाई पक्रिरहन सक्दैनन्, तिनीहरूले ती कुनै पनि कुरालाई आफूसँग लैजान सक्दैनन्, तिनीहरूलाई तीमध्ये कुनै पनि कुराले मृत्युबाट छूट दिलाउन सक्दैन, तीमध्ये कुनै पनि कुराले एकलो आत्मालाई यसको फिर्ती यात्रामा साथ वा प्रेरणा दिन सक्दैन; सबैभन्दा मुख्य कुरा त, यीमध्ये कुनै पनि कुराले व्यक्तिलाई बचाउन र तिनीहरूलाई मृत्यु नाघेर जान सक्ने तुल्याउँदैन। व्यक्तिले भौतिक संसारमा प्राप्त गर्ने ख्याति र सम्पत्तिले अस्थायी सन्तुष्टि, क्षणिक सुख, सहजताको झूटो आभास दिन्छ; यस प्रक्रियामा, तिनको कारण व्यक्तिले आफ्नो बाटो गुमाउँछ। त्यसकारण, मानवजातिको विशाल समुद्रमा, हृदयको शान्ति, सान्त्वना, र सौहार्दताको तृष्णा गर्दै चहलपहल गर्ने क्रममा मानिसहरूलाई एकपछि अर्को छालले पुर्दै जान्छ। जब मानिसहरूले अहिलेसम्म आफूले बुझ्नुपर्ने सबैभन्दा महत्त्वपूर्ण प्रश्नहरूको उत्तर पत्ता लगाउन बाँकी हुन्छ—तिनीहरू कहाँबाट आए, तिनीहरू किन जीवित छन्, तिनीहरू कहाँ जाँदैछन्, आदि इत्यादि—तब तिनीहरू ख्याति र सम्पत्तिको लोभमा पर्छन्, त्यसद्वारा

तिनीहरू भ्रममा पर्छन् र त्यसैको नियन्त्रणमा हुन्छन्, अनि अपरिवर्तनीय रूपले हराउँछन्। समय उडेर जान्छ; आँखा झिमिक्क गर्दा वर्षौं बितेर गइसकेको हुन्छ, अनि व्यक्तिले महसुस गर्दासम्म उसले आफ्नो जीवनका उत्कृष्ट वर्षहरूलाई बिदा गरिसकेको हुन्छ। जब व्यक्ति संसारबाट बिदा हुन लागेको हुन्छ, तब क्रमिक रूपमा उसले संसारका हरेक कुरा उडेर गइरहेको, कुनै बेला आफ्ना रहेका सम्पत्तिहरू अबउप्रान्त पक्रिरहन नसक्ने महसुस गर्छ; त्यसपछि उसले कुनै पनि व्यक्ति आफ्नो नाममा केही पनि नलिई संसारमा भर्खरै आइपुगेको बिलौना गर्ने शिशु जस्तै हो भन्ने कुरालाई साँचो रूपमा बुझ्छ। यस विन्दुमा, व्यक्ति उसले जीवनमा के गरेको छ, जिउँदो हुनुको मूल्य के हो, यसको अर्थ के हो, व्यक्ति किन संसारमा आउँछ भन्ने कुरालाई गहन रूपमा सोच्न बाध्य हुन्छ। अनि यस विन्दुमा व्यक्तिले साँच्चै अर्को जीवन छ कि छैन, स्वर्ग साँच्चै अस्तित्वमा छ कि छैन, वास्तवमा दण्ड हुन्छ कि हुँदैन भन्ने कुरालाई अझै बढी जान्न चाहन्छ...। व्यक्ति मृत्युको जति नजिक पुग्छ, जीवन वास्तवमा के हो भन्ने बारेमा उसले त्यति नै बढी बुझ्न चाहन्छ; व्यक्ति मृत्युको जति नजिक पुग्छ, उसको हृदय त्यति नै रित्तो देखिन्छ; व्यक्ति मृत्युको जति नजिक पुग्छ, उसले त्यति नै बढी विवशताको महसुस गर्छ; अनि त्यसरी नै प्रतिदिन मृत्युसम्बन्धी उसको डर पनि बढ्दै जान्छ। मानिसहरू मृत्युको नजिक जाने क्रममा तिनीहरूमा त्यस्ता भावनाहरू प्रकट हुनुका मुख्य दुई कारण छन्: पहिलो, तिनीहरूले तिनीहरूको जीवन निर्भर रहेको ख्याति र सम्पत्ति गुमाउन लागेका हुन्छन्, तिनीहरूले संसारमा देख्न सकिने सबै कुरालाई छोडेर जान लागेका हुन्छन्; अनि दोस्रो, तिनीहरूले अपरिचित, रहस्यमय, अज्ञात संसारलाई एकलै सामना गर्न लागेका हुन्छन्, जहाँ पाइला टेक्न तिनीहरू डराउँछन्, जहाँ तिनीहरूको कुनै पनि प्रियजन र सहयोगको आधार छैन। यी दुई कारणले गर्दा, मृत्युको सामना गर्ने हरेकले असहज महसुस गर्छन्, आत्तिन्छन् र विवशताको अनुभूति गर्छन्, जसको अनुभव तिनीहरूले पहिले कहिल्यै गरेका हुँदैनन्। कुनै व्यक्ति वास्तवमा यस विन्दुमा आइपुगेपछि मात्रै तिनीहरूले महसुस गर्छन् कि जब व्यक्तिले पृथ्वीमा पाइला टेक्छ, उसले बुझ्नुपर्ने पहिलो कुरा भनेको मानवजाति कहाँबाट आउँछ, मानिसहरू किन जीवित छन्, मानव नियति कसले नियन्त्रण गर्छ, र मानव अस्तित्वको लागि कसले भरणपोषण गर्छ र यसमाथि कसको सार्वभौमिकता छ भन्ने हो। यो ज्ञान नै व्यक्ति जिउने साँचो माध्यम, मानव अस्तित्वको लागि अत्यावश्यक आधार हो—आफ्नो परिवारको कसरी भरणपोषण गर्ने वा ख्याति र सम्पत्ति कसरी हासिल गर्ने सो सिक्नु होइन, भीडबाट कसरी माथि उठ्ने सो सिक्नु अनि जीवनमा अझै बढी सम्पन्न जीवन कसरी जिउने सो सिक्नु होइन, कसरी उत्कृष्ट बन्ने र अरूसँग सफलतापूर्वक प्रतिस्पर्धा गर्ने भन्ने बारेमा सिक्ने कुरा हुने त परै जाओस्। मानिसहरूले आफ्नो जीवनभर जुन बाँच्ने सीपहरू सिकेर पोख्त भएका हुन्छन् ती सीपहरूले प्रशस्त भौतिक सहजताहरू प्रदान गर्ने भए पनि, तिनले व्यक्तिको हृदयमा कहिल्यै पनि साँचो शान्ति र प्रेरणा दिँदैनन्, बरु तिनले त मानिसहरूलाई सधैँ आफ्नो दिशा गुमाउने, आफैलाई नियन्त्रण गर्न कठिन गराउने, अनि जीवनको अर्थबारे सिक्ने हरेक मौकालाई गुमाउने तुल्याउँछ; बाँच्नेसम्बन्धी यी सीपहरूले उपयुक्त रूपमा मृत्युको सामना कसरी गर्ने भन्नेबारेमा भित्री चिन्ता पैदा गर्छ। मानिसहरूको जीवन यसरी बरबाद हुन्छन्। हरेक व्यक्तिलाई जीवनभरिको लागि उहाँको सार्वभौमिकताको अनुभव गर्न र त्यसलाई

जान्ने मौका दिएर सृष्टिकर्ताले हरेक व्यक्तिलाई निष्पक्ष व्यवहार गर्नुहुन्छ, तैपनि मृत्यु नजिक आएपछि मात्रै, यसको कालो छाया देखिएपछि मात्रै व्यक्तिले ज्योति देख्न थाल्छ—अनि त्यो बेलासम्म ढीला भइसकेको हुन्छ!

मानिसहरूले पैसा र ख्यातिको पछि दौडेरै आफ्नो जीवन बिताउँछन्; तिनीहरूले यी खोक्रा कुराहरूलाई जीवनको एउटै मात्र आधार ठानेर यसरी पक्रन्छन् कि मानौं ती पाएपछि तिनीहरूले मृत्युबाट छूट पाएर बाँचिरहन सक्छन्। तर तिनीहरूले तिनीहरू आफू मर्न लागेपछि मात्रै यी कुराहरू तिनीहरूबाट कति टाढा छन्, मृत्युको सामु तिनीहरू कति कमजोर छन्, तिनीहरू कति सजिलै चकनाचूर हुन्छन्, जाने ठाउँ कतै नभएकाले तिनीहरू कति एकलो र विवश छन् भन्ने कुरा महसुस गर्छन्। तिनीहरूले पैसा वा ख्यातिले जीवन किन्न सकिँदैन, व्यक्ति जति नै धनी भए पनि, तिनीहरूको मान-मर्यादा जति नै उच्च भए पनि, मृत्युको सामुन्ने सबै उत्तिकै गरिब र महत्त्वहीन छन् भन्ने महसुस गर्छन्। तिनीहरूले पैसाले जीवन किन्न सक्दैन, ख्यातिले मृत्यु मेट्न सक्दैन, न त पैसाले न त ख्यातिले व्यक्तिको आयु केवल एक मिनेट वा केवल एक सेकेन्ड नै बढाउन सक्छ भन्ने महसुस गर्छन्। मानिसहरूले जति धेरै यस्तो अनुभव गर्छन्, तिनीहरू जिउनको लागि त्यति नै तड्पिन्छन्; मानिसहरूले जति धेरै यस्तो अनुभव गर्छन्, तिनीहरू मृत्युको आगमनप्रति त्यति नै भयभीत हुन्छन्। यस विन्दुमा मात्रै तिनीहरूले महसुस गर्छन् कि तिनीहरूको जीवन तिनीहरूको स्वामित्वमा, तिनीहरूको नियन्त्रणमा छैन, र व्यक्ति जिउँछ कि मर्छ भन्ने बारेमा उसले कुनै भनाइ राख्न सक्दैन—यो सबै व्यक्तिको नियन्त्रणभन्दा बाहिरको कुरा हो।

**४. सृष्टिकर्ताको प्रभुत्वमा आऊ अनि चुपचाप मृत्युको सामना गर**

व्यक्तिको जन्म भएकै क्षणमा, एउटा एकल आत्माले पृथ्वीमा आफ्नो अनुभव सुरु गर्छ, सृष्टिकर्ताले यसको लागि बन्दोबस्त गरिदिनुभएको सृष्टिकर्ताको अख्तियार सम्बन्धमा आफ्नो अनुभव सुरु गर्छ। यो अवश्य पनि त्यो व्यक्ति—त्यो आत्मा—को लागि सृष्टिकर्ताको सार्वभौमिकताको बारेमा ज्ञान प्राप्त गर्ने, उहाँको अख्तियारलाई जान्ने र यसलाई व्यक्तिगत रूपमा अनुभव गर्ने उत्कृष्ट अवसर हो। मानिसहरूले आफ्नो जीवन सृष्टिकर्ताले तिनीहरूको लागि सृजित गर्नुभएका नियतिका नियमहरूभित्र रहेर जिउँछन्, अनि विवेक भएको कुनै पनि विवेकशील व्यक्तिको लागि तिनीहरूको जीवनको दशकौं अवधिमा सृष्टिकर्ताको सार्वभौमिकतालाई स्वीकार गर्नु अनि उहाँको अख्तियारलाई जान्नु त्यति कठिन कुरा होइन। त्यसकारण, हरेक व्यक्तिको लागि आफ्नो दशकौंको जीवन अनुभवहरूमार्फत सबै मानव नियतिहरू पूर्वनिर्धारित हुन्छन् भनी पहिचान गर्न सहज हुनुपर्छ, अनि जिउँदो हुनुको अर्थ के हो सो बुझ्न वा सारांशित गर्न सहज हुनुपर्छ। व्यक्तिले जीवनसम्बन्धी यी पाठहरूलाई अङ्गाल्न थालेपछि, उसले क्रमिक रूपमा जीवन कहाँबाट आउँछ सो बुझ्न थाल्नेछ, हृदयलाई वास्तवमा के कुराको खाँचो छ, के कुराले व्यक्तिलाई जीवनको साँचो मार्गमा डोऱ्याउँछ, र मानव जीवनको मिसन र लक्ष्य के हुनुपर्छ सो जान्न थाल्नेछ। यदि व्यक्तिले सृष्टिकर्ताको आराधना गर्दैन भने, यदि व्यक्ति उहाँको प्रभुत्वमा आउँदैन भने, जब मृत्युको सामना गर्ने बेला हुन्छ—जब व्यक्तिको आत्माले फेरि एक पटक सृष्टिकर्ताको सामना गर्न लागेको हुन्छ—तब उसको हृदय

असीमित भय र आतङ्कले भरिएको हुनेछ भन्ने कुरा व्यक्तिले क्रमिक रूपमा पहिचान गर्न थाल्नेछ। यदि व्यक्ति संसारमा आएको धेरै दशक भइसकेको छ तैपनि उसले मानव जीवन कहाँबाट आउँछ भन्ने कुरा बुझेको छैन, उसले मानव भाग्य कसको हातमा छ भन्ने समेत बुझेको छैन भने, उसले शान्त भएर मृत्युको सामना गर्न सक्नेछैन भन्नेमा कुनै आश्‍चर्य हुँदैन। मानव जीवनसम्बन्धी आफ्नो दशकौंको अनुभवहरूमा सृष्टिकर्ताको सार्वभौमिकताको ज्ञान प्राप्त गरेको व्यक्ति जीवनको अर्थ र मूल्यसम्बन्धी सही बुझाइ भएको व्यक्ति हो। त्यस्तो व्यक्तिसँग सृष्टिकर्ताको सार्वभौमिकतासम्बन्धी साँचो अनुभव र बुझाइको साथमा जीवनको उद्‍देश्यसम्बन्धी गहन ज्ञान हुन्छ, अनि यसबाहेक, ऊ सृष्टिकर्ताको सार्वभौमिकतामा समर्पित हुन सक्छ। त्यस्तो व्यक्तिले परमेश्‍वरले मानवजाति सृष्टि गर्नुको अर्थ बुझ्छ, मानिसले सृष्टिकर्ताको आराधना गर्नुपर्छ भन्ने बुझ्छ, मानिससँग भएका सबै कुरा सृष्टिकर्ताबाट नै आउँछ र भविष्यमा चाँडै नै एक दिन ती सबै उहाँकहाँ नै फर्कन्छन् भन्ने बुझ्छ। यसप्रकारको व्यक्तिले मानिसको जन्मलाई सृष्टिकर्ताले नै बन्दोबस्त गर्नुहुन्छ र मानिसको मृत्युमाथि उहाँकै सार्वभौमिकता छ, अनि जीवन र मृत्यु दुवैलाई सृष्टिकर्ताको अख्तियारले पूर्वनिर्धारित गरेको हुन्छ भन्ने बुझ्छ। त्यसकारण, जब व्यक्तिले यी कुराहरूलाई साँचो रूपमा बुझेको हुन्छ, ऊ मृत्युलाई शान्त भएर सामना गर्न, आफ्ना सारा सांसारिक सम्पत्तिहरूलाई चुपचाप पन्छ्याएर त्यसपछि आउने सबै कुराहरूलाई खुशीसाथ स्वीकार गर्न र त्यसमा समर्पित हुन, अनि सृष्टिकर्ताले बन्दोबस्त गर्नुभएको जीवनको अन्तिम घडीसँग अन्धाधुन्ध डराएर त्यसको विरुद्ध संघर्ष गर्नुको सट्टा त्यसलाई सोही रूपमा स्वागत गर्न सक्षम हुन्छ। यदि व्यक्तिले जीवनलाई सृष्टिकर्ताको सार्वभौमिकता अनुभव गर्ने र उहाँको अख्तियारलाई चिन्ने अवसरको रूपमा लिन्छ भने, यदि व्यक्तिले आफ्नो जीवनलाई सृष्टि गरिएको मानवजातिको रूपमा आफ्नो कर्तव्य निभाउने अनि आफ्नो मिसन पूरा गर्ने दुर्लभ अवसरको रूपमा लिन्छ भने, ऊसँग अवश्य नै जीवनसम्बन्धी सही दृष्टिकोण हुनेछ, अवश्य नै उसले सृष्टिकर्ताले आशिष दिनुभएको र डोर्‍याउनुभएको जीवन जिउनेछ, ऊ अवश्य नै सृष्टिकर्ताको ज्योतिमा हिँड्नेछ, उसले अवश्य नै सृष्टिकर्ताको सार्वभौमिकतालाई जान्नेछ, ऊ अवश्य नै उहाँको प्रभुत्वको अधीनमा आउनेछ, र ऊ अवश्य नै उहाँका आश्‍चर्यजनक कार्यहरूको साक्षी, उहाँको अख्तियारको साक्षी बन्नेछ। भन्नै पर्दैन, त्यस्तो व्यक्तिलाई सृष्टिकर्ताले अवश्य पनि प्रेम र स्वीकार गर्नुहुन्छ, अनि त्यस्तो व्यक्तिले मात्र मृत्युप्रति शान्त मनोवृत्ति देखाउन र जीवनको अन्तिम घडीलाई आनन्दसाथ स्वीकार गर्न सक्छ। मृत्युप्रति यस्तै प्रकारको मनोवृति देखाउने एक जना व्यक्ति अय्यूब हुन्। अय्यूब जीवनको अन्तिम विन्दुलाई खुशीसाथ स्वीकार गर्ने अवस्थामा थिए, अनि आफ्नो जीवन यात्रालाई सहज समाप्तिमा ल्याएर आफ्नो जीवनको मिसनलाई पूरा गरेपछि, तिनी सृष्टिकर्ताको क्षेत्रमा फर्किए।

### ५. जीवनमा अय्यूबले गरेको खोजी र प्राप्तिले उनलाई शान्त भएर मृत्युको सामना गर्ने तुल्यायो

पवित्रशास्त्रमा अय्यूबको बारेमा यस्तो लेखिएको छ: "यसरी अय्यूब वृद्ध र दीर्घायु भएर मरे" (अय्यूब ४२:१७)। यसको अर्थ के हो भने, जब अय्यूबको मृत्यु भयो, तिनीसँग कुनै पछुतो थिएन

र तिनले कुनै पीडाको महसुस गरेनन्, बरु यो संसारबाट स्वाभाविक रूपमै तिनी बिदा भए। अय्यूब जीवित हुँदा परमेश्‍वरको डर मान्‍ने र दुष्टताबाट टाढा बस्‍ने मानिस थिए भन्‍ने सबैलाई थाहा छ। उनका कार्यहरूलाई परमेश्‍वरले तारिफ गर्नुभयो र अरूले यादगार बनाए, अनि उनको जीवन अरू सबैको भन्दा बढी बहुमूल्य र महत्त्वपूर्ण थियो भनेर सायद भन्‍न सकिन्छ। पृथ्वीमा अय्यूबले परमेश्‍वरका आशिष्‌हरूको उपभोग गरे र अरूले तिनलाई धर्मी भनेर भन्थे, अनि तिनलाई परमेश्‍वरले पनि परीक्षा गर्नुभयो र शैतानले पनि जाँच गर्‍यो। तिनी परमेश्‍वरको साक्षीको रूपमा खडा भए र उहाँद्वारा धर्मी व्यक्ति भनिन योग्य बने। परमेश्‍वरले तिनलाई परीक्षा गर्नुभएको दशकौंपछि, उनले पहिलेको भन्दा अझै बहुमूल्य, अर्थपूर्ण, स्थिर, र शान्तिपूर्ण जीवन जिए। उनका धर्मी कार्यहरूको कारण, परमेश्‍वरले तिनलाई जाँच्नुभयो, अनि उनका धर्मी कार्यहरूले गर्दा नै, परमेश्‍वर तिनको सामु आउनुभयो र तिनीसँग प्रत्यक्ष रूपमा कुरा गर्नुभयो। तसर्थ, तिनलाई जाँच गरिएपछिका वर्षहरूमा, अय्यूबले जीवनको मूल्यलाई अझै ठोस रूपमा बुझे र सराहना गरे, सृष्टिकर्ताको सार्वभौमिकताको अझै गहन बुझाइ प्राप्त गरे, अनि सृष्टिकर्ताले कसरी उहाँका आशिष्‌हरू दिनुहुन्छ र फिर्ता लिनुहुन्छ भन्‍ने बारेमा अझै सटीक र ठोस ज्ञान प्राप्त गरे। सृष्टिकर्ताको सार्वभौमिकतालाई बुझ्‍न अनि चुपचाप मृत्युको सामना गर्नको लागि अझै उत्तम स्थानमा अय्यूबलाई राख्दै, यहोवा परमेश्‍वरले अय्यूबलाई पहिलेभन्दा अझै बढी आशिष्‌हरू दिनुभयो भनेर अय्यूबको पुस्तकले उल्लेख गरेको छ। त्यसकारण, जब अय्यूबले वृद्ध भएर मृत्युको सामना गर्नुपर्‍यो, तब तिनी आफ्नो सम्पत्तिको बारेमा पक्कै पनि चिन्तित भएनन्। तिनीसँग कुनै चिन्ता थिएन, पछुताउनुपर्ने केही थिएन, अनि अवश्य नै तिनले मृत्युको डर मानेनन्, किनभने तिनले आफ्नो सारा जीवन परमेश्‍वरको डर मान्‍ने र दुष्टताबाट अलग बस्‍ने मार्गमा हिँड्दै बिताएका थिए। आफ्नै अन्त्यको बारेमा चिन्ता गर्नुपर्ने कुनै कारण तिनीसँग थिएन। आफ्नै मृत्युको सामना गर्दा आजका कति मानिसहरू पूर्ण रूपमा अय्यूबले जस्तै गर्न सक्छन्? किन त्यस्तो सरल बाह्य सहनशीलता कायम गर्न सक्‍ने कोही पनि छैन? एउटै मात्र कारण छ: अय्यूबले परमेश्‍वरको सार्वभौमिकतामा विश्‍वास गर्दै, त्यसको पहिचान गर्दै, अनि त्यसमा समर्पित हुँदै आफ्नो जीवन जिए, अनि यही विश्‍वास, पहिचान, र समर्पणताद्वारा नै तिनले जीवनका महत्त्वपूर्ण मोडहरू पार गरे, आफ्ना आखिरी वर्षहरू बिताए, अनि आफ्नो जीवनको अन्तिम विन्दुलाई स्वागत गरे। अय्यूबले जे-जस्तो अनुभव गरे तापनि, उनको जीवनका खोजी र लक्ष्यहरू पीडापूर्ण थिएनन, बरु सुखद थिए। सृष्टिकर्ताले तिनलाई दिनुभएका आशिष्‌हरू र तारिफको कारण मात्र तिनी खुसी थिएनन्, बरु अझै महत्त्वपूर्ण रूपमा, तिनी त आफ्ना खोजीहरू र जीवनका लक्ष्यहरूको कारण खुशी थिए, परमेश्‍वरको डर मानेर अनि दुष्टताबाट अलग बसेर प्राप्त गरेको सृष्टिकर्ताको सार्वभौमिकतासम्बन्धी बढ्दो ज्ञान र साँचो बुझाइको कारण खुशी थिए, यसको साथै सृष्टिकर्ताको सार्वभौमिकता, परमेश्‍वरको आश्‍चर्यजनक कार्यको एक पात्रको रूपमा उनको व्यक्तिगत अनुभव, अनि मानिस र परमेश्‍वरको सह-अस्तित्व, मित्रता, अनि पारस्परिक समझदारीसम्बन्धी कोमल तर बिर्सनै नसकिने अनुभव र यादहरूको कारणले खुशी थिए। सृष्टिकर्ताको इच्छालाई जानेपछि प्राप्त हुने सान्त्वना र आनन्दको कारण, अनि उहाँ महान्, अचम्मका, प्रेमिलो, र विश्‍वासयोग्य हुनुहुन्छ भन्‍ने कुरा देखेर पैदा हुने श्रद्धाको कारण अय्यूब खुशी थिए। अय्यूबले

कुनै पनि कष्टविना नै मृत्युको सामना गर्न सके किनभने मरेपछि तिनी सृष्टिकर्ताकहाँ फर्केर जानेछन् भन्ने तिनलाई थाहा थियो। जीवनमा तिनले गरेका खोजी र प्राप्तिले नै तिनलाई शान्तिसाथ मृत्युको सामना गर्ने तुल्यायो, तिनलाई सृष्टिकर्ताले उनको जीवन फिर्ता लिने अपेक्षालाई शान्तिका साथ सामना गर्ने तुल्यायो, साथै, तिनलाई सृष्टिकर्ताको अघि विशुद्‌ध र चिन्तारहित रूपमा खडा हुने तुल्यायो। के आजका मानिसहरूले अय्यूबले पाएको जस्तो खुशी हासिल गर्न सक्छन्? के तिमीहरूसँग त्यसो गर्नको लागि आवश्यक अवस्थाहरू छन्? आजभोलिका मानिसहरूसँग यस्ता अवस्थाहरू भए पनि, किन तिनीहरू अय्यूबजस्तो खुशी भएर जिउन सक्दैनन्? किन तिनीहरू मृत्युको डरको कष्टबाट उम्कन सक्दैनन्? मृत्युको सामना गर्दा, कतिपय मानिसहरू डरले पिसाब फेर्छन्; अरू काँप्छन्, बेहोस हुन्छन्, स्वर्ग र मानिसविरुद्‌ध प्रहार गर्छन्; कतिपय त विलाप गर्ने र रुने समेत गर्छन्। कुनै पनि हालतमा यी कुराहरू अचानक मृत्यु नजिकिँदा देखिने प्राकृतिक प्रतिक्रिया होइनन्। मानिसहरू यस्तो लाजमर्दो किसिमले व्यवहार गर्नुको मुख्य कारण के हो भने, मानिसहरूले आफ्नो भित्री हृदयमा मृत्युको डर मान्छन्, परमेश्वरको सार्वभौमिकता र उहाँको बन्दोबस्तको स्पष्ट ज्ञान र बुझाइ तिनीहरूसँग हुँदैन, तिनमा साँचो रूपमा समर्पित हुने कुरा त परै जाओस्। मानिसहरूले यस्तो प्रतिक्रिया दिनुको कारण के हो भने, तिनीहरू सबै कुरा आफैले बन्दोबस्त र सञ्चालन गर्न, आफ्नो नियति, आफ्नो जीवन र मृत्यु आफै नियन्त्रण गर्नबाहेक अरू केही चाहँदैनन्। त्यसकारण, मानिसहरू कहिल्यै पनि मृत्युको डरबाट उम्कन सक्दैनन् भन्नेमा कुनै आश्‍चर्य छैन।

**६. सृष्टिकर्ताको सार्वभौमिकतालाई स्वीकार गरेर मात्रै व्यक्ति उहाँको क्षेत्रमा फर्कन सक्छ**

जब व्यक्तिसँग परमेश्वरको सार्वभौमिकता र उहाँको बन्दोबस्तहरूको स्पष्ट ज्ञान र अनुभव हुँदैन, नियति र मृत्युसम्बन्धी व्यक्तिको ज्ञान अवश्य नै अस्पष्ट हुनेछ। मानिसहरूले सबै कुरा परमेश्वरकै हातमा छ भन्ने स्पष्ट देख्न सक्दैनन्, सबै कुरा परमेश्वरको नियन्त्रण र सार्वभौमिकताको अधीनमा छ भन्ने महसुस गर्दैनन्, त्यस्तो सार्वभौमिकतालाई त्याग्न वा त्यसबाट उम्कन मानिस सक्दैन भन्ने स्वीकार गर्दैनन्। यही कारणले गर्दा, जब मृत्युको सामना गर्ने तिनीहरूको समय आउँछ, तब तिनीहरूका आखिरी शब्द, चिन्ता, र अफसोसहरू कहिल्यै अन्त्य हुँदैनन्। तिनीहरू अत्यन्तै धेरै भार, अत्यन्तै धेरै अनिच्छा, अत्यन्तै धेरै अन्योलताले थिचिएका हुन्छन्। यसले तिनीहरूलाई मृत्युको डर मान्ने तुल्याउँछ। यस संसारमा जन्मने कुनै पनि व्यक्तिको लागि, जन्म अत्यावश्यक र मृत्यु अपरिहार्य छ; यी घटनाक्रमहरूभन्दा माथि कोही पनि उठ्‌न सक्दैन। यदि व्यक्तिले यो संसारबाट पीडारहित रूपमा बिदा हुन चाहन्छ भने, यदि व्यक्तिले जीवनको अन्तिम विन्दुलाई अनिच्छा वा चिन्तारहित रूपमा नै सामना गर्न सक्ने हुन चाहन्छ भने, यसको एउटै मात्र तरिका भनेको कुनै पनि अफसोस नराख्नु हो। अनि कुनै अफसोसविना बिदा हुने एउटै मात्र तरिका भनेको सृष्टिकर्ताको सार्वभौमिकतालाई जान्नु, उहाँको अख्तियारलाई जान्नु, अनि तिनमा समर्पित हुनु हो। यसरी मात्रै व्यक्ति मानव कलह, दुष्टता, र शैतानको बन्धनबाट टाढा बस्न सक्छ, अनि यसरी मात्रै व्यक्तिले अय्यूबको जस्तै सृष्टिकर्ताको मार्गनिर्देश र आशिष्

प्राप्त गरेको, मुक्त र स्वतन्त्र जीवन, मूल्यवान र अर्थपूर्ण जीवन, इमानदार र खुला हृदयवाला जीवन जिउन सक्छ। यसरी मात्रै व्यक्ति सृष्टिकर्ताले दिनुभएको परीक्षा र अभावरूपी कष्टहरूमा, सृष्टिकर्ताको योजनाबद्ध कार्य र बन्दोबस्तहरूमा समर्पित हुन सक्छ। यसरी मात्रै व्यक्तिले आफ्नो जीवनभरि सृष्टिकर्ताको आराधना गर्न सक्छ र अय्यूबले जस्तै उहाँको स्याबासी हासिल गर्न सक्छ, अनि उहाँको आवाजलाई सुन्न, उहाँ प्रकट हुनुभएको देख्न सक्छ। यसरी मात्रै हामी अय्यूबजस्तै कुनै पनि पीडा, चिन्ता, पछुतोविना नै खुशीसाथ जिउन र मर्न सक्छौं। यसरी मात्रै व्यक्ति अय्यूबजस्तै ज्योतिमा जिउन, र ज्योतिमा आफ्नो जीवनको हरेक मोडहरूलाई पार गर्न, ज्योतिमा आफ्नो यात्रा सहजताको साथ पूरा गर्न, सफलतापूर्वक आफ्नो मिसन पूरा गर्न–सृष्टि गरिएको प्राणीको रूपमा सृष्टिकर्ताको सार्वभौमिकतालाई अनुभव गर्न, सिक्न, र जान्न–अनि ज्योतिमा नै बितेर जान, र सृष्टि गरिएको मानव जातिको रूपमा, उहाँको स्याबासी पाएर सदासर्वदाको लागि सृष्टिकर्ताको क्षेत्रमा खडा हुन सक्छ।

### सृष्टिकर्ताको सार्वभौमिकतालाई जान्ने अवसर नगुमाओ

माथि व्याख्या गरिएका छ वटा मोडहरू सृष्टिकर्ताले तय गर्नुभएका महत्त्वपूर्ण चरणहरू हुन्, जसलाई आफ्नो जीवनमा हरेक सामान्य व्यक्तिले पार गर्नुपर्छ। मानवीय दृष्टिकोणबाट हेर्दा, यी हरेक मोडहरू वास्तविक छन्, कुनैलाई पनि छल्न सकिँदैन, अनि यी सबै सृष्टिकर्ताको पूर्वनिर्धारित गन्तव्य र सार्वभौमिकतासँग सम्बन्धित छन्। त्यसकारण, मानवको लागि, यी हरेक मोड महत्त्वपूर्ण नाका हुन्, र अब तिमीहरू प्रत्येकले ती प्रत्येक मोडलाई कसरी सफलतापूर्वक पार गर्ने भन्ने गम्भीर प्रश्नको सामना गर्छौ।

मानव जीवनका धेरै दशकको अवधि लामो पनि होइन, छोटो पनि होइन। जन्मदेखि बीस वर्षको उमेरको अवधि झिमिक्क बितेर जान्छ, अनि जीवनको यो मोडमा व्यक्तिलाई वयस्क मानिने भए पनि, यस उमेर समूहका मानिसहरूलाई मानव जीवन र मानव नियतिको बारेमा लगभग केही पनि थाहा हुँदैन। तिनीहरूले थप अनुभव प्राप्त गर्दै जाँदा, तिनीहरू क्रमिक रूपमा आधा उमेरमा प्रवेश गर्छन्। तीस र चालीसको दशकमा पुगेका मानिसहरूले जीवन र नियतिसम्बन्धी कलिला अनुभव प्राप्त गर्छन्, तर यी कुराहरूसम्बन्धी तिनीहरूको विचार अझै पनि अत्यन्तै अस्पष्ट हुन्छ। कतिपय मानिसहरूले चालीस वर्षको उमेर पुगेपछि मात्रै परमेश्वरले सृष्टि गर्नुभएको मानवजाति र ब्रह्माण्डलाई बुझ्न, र मानव जीवनको अर्थ के हो, मानव नियतिको अर्थ के हो भन्ने बुझ्न सुरु गर्छन्। कतिपय मानिसहरूले धेरै पहिलेदेखि परमेश्वरलाई पछ्याउँदै आएका र अहिले तिनीहरू आधा उमेर पुगिसकेको भए तापनि, तिनीहरूसँग अझै पनि परमेश्वरको सार्वभौमिकताको सटीक ज्ञान र परिभाषा हुँदैन, साँचो समर्पणताको त कुरै नगरौं। कतिपय मानिसहरूले आशिष्‌हरू प्राप्त गर्नेबाहेक अरू केही कुराको वास्ता गर्दैनन्, अनि तिनीहरू धेरै वर्ष बाँचिसकेको भए तापनि, तिनीहरूले मानव नियतिमाथिको सृष्टिकर्ताको सार्वभौमिकताको तथ्यलाई अलिकति पनि जानेका वा बुझेका हुँदैनन्, अनि परमेश्वरको योजनाबद्ध कार्य र बन्दोबस्तमा समर्पित हुनेसम्बन्धी व्यवहारिक पाठतर्फ सानो कदमसमेत चालेका हुँदैनन्। त्यस्ता

मानिसहरू पूर्ण रूपमा मूर्ख हुन्छन्, अनि तिनीहरूको जीवन व्यर्थमा जिइएको हुन्छ।

यदि मानव जीवनका अवधिहरूलाई मानिसहरूको जीवन अनुभव र मानव नियतिसम्बन्धी ज्ञानअनुसार विभाजित गरिने हो भने, तिनीहरूलाई समग्रमा तीन वटा चरणमा विभाजित गर्न सकिन्छ। पहिलो चरण जवानीको चरण हो, जसमा जन्मेदेखि आधा उमेरसम्मका, वा जन्मदेखि तीस वर्षको उमेरसम्मका वर्षहरू पर्छन्। दोस्रो चरण परिपक्वताको चरण हो, जुन आधा उमेरदेखि वृद्ध अवस्थासम्म, वा तीसदेखि साठी वर्षसम्मको अवधि हो। अनि तेस्रो चरण भनेको व्यक्तिको परिपक्व अवधि हो, जुन वृद्ध अवस्था, अर्थात् साठी वर्षदेखि सुरु भएर व्यक्ति संसारबाट बिदा भइञ्जेलसम्म जारी रहन्छ। अर्को शब्दमा भन्दा, जन्मदेखि आधा उमेरसम्म, धेरैजसो मानिसहरूको नियति र जीवनसम्बन्धी ज्ञान अरूका विचारहरूको अनुकरण गर्ने कार्यमा नै सीमित हुन्छ, र यसमा लगभग कुनै वास्तविक, व्यवहारिक सार हुँदैन। यो अवधिमा, जीवनसम्बन्धी व्यक्तिको दृष्टिकोण र व्यक्तिले संसारमा आफ्नो मार्ग कसरी निर्माण गर्छ त्यो अलि सतही र मूर्खतापूर्ण हुन्छ। यो व्यक्तिको किशोर अवस्थाको अवधि हो। व्यक्तिले जीवनका सबै आनन्द र शोकहरूलाई चाखिसकेपछि मात्रै उसले नियतिको बारेमा वास्तविक बुझाइ प्राप्त गर्छ अनि–अवचेतन रूपमा, आफ्नो अन्तस्करणमा–नियति उल्ट्याउन नसकिने तथ्यलाई क्रमिक रूपमा बुझ्न, र मानव नियतिमाथिको सृष्टिकर्ताको सार्वभौमिकता वास्तवमै अस्तित्वमा छ भन्ने कुरालाई बिस्तारै महसुस गर्छ। व्यक्तिको परिपक्वताको अवधि यही नै हो। जब व्यक्तिले नियतिको विरुद्ध संघर्ष गर्न छोडेको हुन्छ, र जब ऊ अबउप्रान्त कलहतिर लाग्न इच्छुक हुनुको सट्टा, जीवनमा उसको नियति के छ त्यसलाई जान्ने, स्वर्गको इच्छाप्रति समर्पित हुने, जीवनमा उसले प्राप्त गरेका उपलब्धि र गल्तीहरूलाई सारांशित गर्ने, अनि आफ्ना जीवनमा सृष्टिकर्ताले गर्नुहुने न्यायको लागि प्रतीक्षा गर्ने गर्छ, तब ऊ आफ्नो परिपक्व अवधिमा प्रवेश गर्छ। यी अवधिहरूको बेला मानिसहरूले प्राप्त गर्ने फरक-फरक अनुभव र उपलब्धिहरूलाई ध्यानमा राख्दा, सामान्य परिस्थितिहरूमा, सृष्टिकर्ताको सार्वभौमिकतालाई व्यक्तिले चिन्ने मौका त्यति धेरै हुँदैन। यदि व्यक्ति साठी वर्षसम्म बाँच्छ भने, परमेश्‍वरको सार्वभौमिकतालाई जान्नको लागि उसँग लगभग तीस वर्ष जति हुन्छ; यदि व्यक्तिले लामो समय अवधि चाहन्छ भने, यदि व्यक्तिको आयु लामो छ भने, व्यक्ति एक शताब्दी जति बाँच्न सक्छ भने मात्रै त्यो कुरा सम्भव हुन्छ। त्यसैले म भन्छु, मानव अस्तित्वका सामान्य नियमहरूअनुसार, व्यक्तिले सृष्टिकर्ताको सार्वभौमिकतालाई जान्नेसम्बन्धी विषयलाई पहिलोपटक सामना गरेपछि त्यो सार्वभौमिकताको तथ्यलाई उसले पूर्ण रूपमा पहिचान गर्न सकुञ्जेल, अनि त्यो समयदेखि व्यक्ति यसमा समर्पित हुन सकुञ्जेलसम्मको प्रक्रिया निकै लामो हुने भए तापनि, यदि व्यक्तिले वास्तवमा वर्षहरूको गन्ती गर्छ भने, व्यक्तिले यी इनामहरू प्राप्त गर्ने मौकाको रूपमा तीस वा चालीस वर्षभन्दा बढी समय पाउँदैन। अनि प्रायजसो, मानिसहरू आशिष्‌हरू प्राप्त गर्ने आफ्ना इच्छा र महत्वाकांक्षाहरूमा बहकिएर जान्छन्, त्यसैले तिनीहरू मानव जीवनको सार कहाँ छ सो छुट्याउन सक्दैनन् र सृष्टिकर्ताको सार्वभौमिकतालाई जान्नुको महत्त्व बुझ्दैनन्। मानव जीवन र सृष्टिकर्ताको सार्वभौमिकतालाई अनुभव गर्नको लागि मानव संसारमा प्रवेश गर्ने यो बहुमूल्य

अवसरलाई त्यस्ता मानिसहरूले बहुमूल्य ठान्दैनन्, अनि सृष्टि गरिएको प्राणीले सृष्टिकर्ताको व्यक्तिगत मार्गनिर्देशन प्राप्त गर्नु कति बहुमूल्य छ भन्ने तिनीहरूले महसुस गर्दैनन्। त्यसैले म भन्छु, परमेश्‍वरको कार्य शीघ्र रूपमा समाप्त होस् भन्ने चाहना गर्ने, उहाँको वास्तविक व्यक्तित्वलाई तुरुन्तै देख्न सकूँ र सकेजति चाँडो आशिष्‌हरू प्राप्त गर्न सकूँ भनेर परमेश्‍वरले जतिसक्दो चाँडो मानिसको अन्त्यको बन्दोबस्त गरून् भन्ने इच्छा गर्ने मानिसहरू–तिनीहरू सबैभन्दा खराब प्रकारको अनाज्ञाकारिताको दोषी हुन्छन् अनि तिनीहरू घोर रूपमा मूर्ख हुन्छन्। यसबीच, मानिसहरूका बीचमा रहेका बुद्‌धिमानीहरू, सबैभन्दा बढी मानसिक तीक्ष्णता भएकाहरू, आफ्नो सीमित समय अवधिमा सृष्टिकर्ताको सार्वभौमिकतालाई जान्ने यो अद्‌वितीय अवसरको फाइदा लिनेहरू हुन्। यी दुई फरक इच्छाहरूले दुई वटा अत्यन्तै फरक दृष्टिकोण र खोजीलाई खुलासा गर्छन्: आशिष्‌हरू खोज्नेहरू स्वार्थी र नीच हुन्छन् अनि तिनीहरूले परमेश्‍वरको इच्छालाई कुनै ध्यान दिँदैनन्, कहिल्यै पनि परमेश्‍वरको सार्वभौमिकतालाई बुझ्ने प्रयास गर्दैनन्, यसमा समर्पित हुने इच्छा कहिल्यै गर्दैनन्, बरु आफूलाई जस्तो मन लाग्यो त्यस्तै तवरमा जिउन चाहन्छन्। तिनीहरू अनुचित चरित्रहीनहरू हुन्, अनि मानिसहरूको यही वर्गलाई नै नष्ट गरिनेछ। परमेश्‍वरलाई चिन्न खोज्नेहरूले आफ्ना इच्छाहरूलाई पन्छाउन सक्छन्, तिनीहरू परमेश्‍वरको सार्वभौमिकता र परमेश्‍वरको बन्दोबस्तमा समर्पित हुन इच्छुक हुन्छन्, अनि तिनीहरू परमेश्‍वरको अख्तियारको अधीनमा बस्न र परमेश्‍वरको इच्छालाई सन्तुष्ट पार्न प्रयास गर्ने प्रकारका मानिसहरू हुन्। यस्ता मानिसहरू ज्योतिमा र परमेश्‍वरका आशिष्‌हरूको बीचमा जिउँछन्, अनि तिनीहरूलाई अवश्य नै परमेश्‍वरले स्याबासी दिनुहुनेछ। जेसुकै भए पनि, मानव छनौट व्यर्थ छ, अनि परमेश्‍वरको कामको लागि कति लामो समय लाग्नेछ, त्यसबारे मानिसहरूले केही पनि भन्न सक्दैनन्। आफैलाई परमेश्‍वरको कृपामा सुम्पेर उहाँको सार्वभौमिकतामा समर्पित हुनु नै मानिसहरूको लागि उचित हुन्छ। यदि तैँले आफैलाई उहाँको कृपामा समर्पित गर्दैनस् भने, तैँले के गर्न सक्छस् र? के यसको परिणामस्वरूप परमेश्‍वरले कुनै घाटा बेहोर्नुहुनेछ र? यदि तैँले आफैलाई उहाँको कृपामा समर्पित गर्दैनस्, तर आफैलाई मालिक ठान्छस् भने, तैँले मूर्ख निर्णय गरिरहेको हुन्छस्, र आखिरमा घाटा बेहोर्ने तँ नै हुनेछस्। मानिसहरूले जतिसक्दो चाँडो परमेश्‍वरसँग सहकार्य गर्छन् भने मात्रै, तिनीहरूले उहाँको योजनाबद्‌ध कार्यलाई स्वीकार गर्न, उहाँको अख्तियारलाई जान्न, र तिनीहरूका लागि उहाँले गर्नुभएका सबै कुरा बुझ्न हतार गर्छन् भने मात्रै, तिनीहरूले आशा पाउनेछन्। यसरी मात्रै तिनीहरूको जीवन व्यर्थमा जिइएको हुनेछैन, र तिनीहरूले मुक्ति प्राप्त गर्नेछन्।

**मानव नियतिमाथि परमेश्‍वरको सार्वभौमिकता छ भन्ने तथ्यलाई कसैले पनि परिवर्तन गर्न सक्दैन**

मैले भर्खरै बताएको सबै कुरा सुनिसकेपछि, के नियतिसम्बन्धी तिमीहरूको विचार परिवर्तन भएको छ? मानव नियतिमाथि परमेश्‍वरको सार्वभौमिकताको तथ्यलाई तिमीहरू कसरी बुझ्छौ? यसलाई सरल रूपमा भन्दा, परमेश्‍वरको अख्तियारअन्तर्गत हरेक व्यक्तिले उहाँका सार्वभौमिकता र बन्दोबस्तहरूलाई सक्रिय वा निष्क्रिय रूपमा स्वीकार गर्छ, अनि आफ्नो जीवनकालमा व्यक्तिले

जसरी संघर्ष गरे पनि, व्यक्तिले जति वटा कुटिल मार्गहरू हिँडे पनि, आखिरमा तिनीहरू सृष्टिकर्ताले तिनीहरूका लागि कोर्नुभएको नियतिको परिक्रमा पथमा नै फर्कनेछन्। यो सृष्टिकर्ताको अख्तियारको अजेयता र उहाँको अख्तियारले ब्रहमाण्डलाई नियन्त्रण र शासन गर्ने तरिका हो। यही अजेयता, नियन्त्रण र शासनको यही स्वरूप नै ती नियमहरूको लागि जिम्मेवार छ जसले यावत् थोकको जीवनलाई नियन्त्रण गर्छन्, हस्तक्षेपविना नै बारम्बार मानिसहरूलाई पुनर्जन्म लिन दिन्छन्, अनि दिनहुँ, वर्षौंवर्ष संसारलाई नियमित रूपमा घुम्ने र अघि बढ्ने तुल्याउँछन्। तिमीहरूले यी सबै तथ्यहरूलाई देखेका छौ र सतही रूपमा भए पनि वा गहन रूपमा भए पनि तिमीहरूले तिनलाई बुझ्छौ, अनि तिमीहरूको बुझाइको गहिराइ सत्यतासम्बन्धी तिमीहरूको अनुभव र ज्ञान, र परमेश्वरसम्बन्धी तिमीहरूको ज्ञानमा निर्भर रहन्छ। तैँले सत्यता वास्तविकतालाई कति राम्ररी जान्दछस्, तैँले परमेश्वरका वचनहरूलाई कति धेरै अनुभव गरेको छस्, तैँले परमेश्वरको सार र स्वभावलाई कति राम्ररी जान्दछस्—यी सबैले परमेश्वरका सार्वभौमिकता र बन्दोबस्तहरूसम्बन्धी तेरो बुझाइको गहिराइलाई प्रतिनिधित्व गर्छन्। के परमेश्वरका सार्वभौमिकता र बन्दोबस्तहरूको अस्तित्व मानवजाति त्यसमा समर्पित हुन्छन् कि हुँदैनन् भन्ने कुरामा निर्भर हुन्छ? के परमेश्वरमा यो अख्तियार छ भन्ने तथ्य मानवजाति यसमा समर्पित हुन्छन् कि हुँदैनन् भन्ने कुराद्वारा निर्धारित हुन्छ? परिस्थितिहरू जस्तोसुकै भए पनि परमेश्वरको अख्तियार अस्तित्वमा रहन्छ। सबै परिस्थितिहरूमा, परमेश्वरले आफ्ना विचार र कामनाहरूअनुसार मानव नियति र सबै कुराहरूलाई नियन्त्रण र व्यवस्थित गर्नुहुन्छ। मानव परिवर्तनको परिणामस्वरूप यो परिवर्तन हुनेछैन; यो मानिसको इच्छाबाट स्वतन्त्र हुन्छ, समय, स्थान, र भूगोलमा आएको कुनै परिवर्तनले यसलाई हेरफेर गर्न सक्दैन, किनभने परमेश्वरको अख्तियार नै उहाँको सारतत्व हो। मानिसले परमेश्वरको सार्वभौमिकतालाई जान्न र स्वीकार गर्न सक्छ कि सक्दैन, अनि यसमा मानिस समर्पित हुन सक्छ कि सक्दैन—यीमध्ये कुनै पनि विचारले मानव नियतिमाथि रहेको परमेश्वरको सार्वभौमिकताको तथ्यलाई रत्तिभर परिवर्तन गर्न सक्दैन। भन्नुको अर्थ, परमेश्वरको सार्वभौमिकताप्रति मानिसले जस्तोसुकै मनोवृत्ति लिए तापनि, मानव नियति र यावत् थोकमाथि परमेश्वरकै सार्वभौमिकता छ भन्ने तथ्यलाई यसले परिवर्तन गर्नै सक्दैन। यदि तँ परमेश्वरको सार्वभौमिकतामा समर्पित भइनस् भने पनि, तेरो भाग्यमाथि उहाँको नियन्त्रण रहिरहन्छ; तैँले उहाँको सार्वभौमिकतालाई जान्न सकिनस् भने पनि, उहाँको अख्तियार अस्तित्वमा रहिरहन्छ। परमेश्वरको अख्तियार अनि मानव नियतिमाथि परमेश्वरको सार्वभौमिकता छ भन्ने तथ्य मानव इच्छाबाट स्वतन्त्र छन्, र मानिसका रुचि र निर्णयहरूअनुसार ती परिवर्तन हुँदैनन्। परमेश्वरको अख्तियार जहाँसुकै, जुनसुकै घडीमा, जुनसुकै क्षणमा हुन्छ। स्वर्ग र पृथ्वी मरेर जालान्, तर उहाँको अख्तियार कहिल्यै पनि मर्नेछैन, किनभने उहाँ परमेश्वर स्वयम् हुनुहुन्छ, उहाँसँग अद्वितीय अख्तियार छ, अनि उहाँको अख्तियार मानिसहरू, घटनाहरू, वा द्रव्यहरूद्वारा, स्थान वा भूगोलद्वारा प्रतिबन्धित वा सीमित छैन। सधैँभरि नै, परमेश्वरले आफ्नो अख्तियार प्रयोग गर्नुहुन्छ, आफ्नो शक्ति देखाउनुहुन्छ, उहाँले सधैँ गर्नुभएझैँ आफ्नो व्यवस्थापन कार्यलाई जारी राख्नुहुन्छ; सधैँभरि नै, उहाँले सधैँ गर्नुभएझैँ,

यावत् थोकलाई शासन गर्नुहुन्छ, यावत् थोकको लागि बन्दोबस्त गर्नुहुन्छ, यावत् थोकलाई योजनाबद्ध गर्नुहुन्छ। यसलाई कसैले पनि परिवर्तन गर्न सक्दैन। तथ्य यही हो; अनन्त समयदेखि नै यो अपरिवर्तनीय सत्यको रूपमा रहिआएको छ!

**परमेश्वरको अख्तियारमा समर्पित हुन चाहनेको लागि उचित मनोवृत्ति र अभ्यास**

परमेश्वरको अख्तियार र मानव नियतिमाथि परमेश्वरको सार्वभौमिकताको तथ्यलाई मानिसले कस्तो मनोवृत्तिले जान्नु र लिनुपर्छ? हरेक व्यक्तिको अघि खडा हुने वास्तविक समस्या यही हो। वास्तविक जीवनका समस्याहरूको सामना गर्ने क्रममा, तैँले परमेश्वरको अख्तियार र उहाँको सार्वभौमिकतालाई कसरी जान्नु र बुझ्नुपर्छ? जब तैँले यी समस्याहरूको सामना गर्छस् अनि तिनलाई कसरी बुझ्ने, सम्हाल्ने, र अनुभव गर्ने भन्ने तँलाई थाहा हुँदैन, तब समर्पित हुने तेरो अभिप्रायलाई, समर्पित हुने तेरो इच्छालाई, र परमेश्वरका सार्वभौमिकता र बन्दोबस्तहरूप्रतिको तेरो समर्पणताको वास्तविकतालाई देखाउन तैँले कस्तो मनोवृत्ति अपनाउनुपर्छ? पहिलो, तैँले प्रतीक्षा गर्न सिक्नुपर्छ; त्यसपछि तैँले खोजी गर्न सिक्नुपर्छ; अनि त्यसपछि तैँले समर्पित हुन सिक्नुपर्छ। “प्रतीक्षा गर्नु” भनेको परमेश्वरको समयलाई प्रतीक्षा गर्नु हो, उहाँले तेरो निम्ति बन्दोबस्त गर्नुभएका मानिसहरू, घटनाहरू र काम-कुराहरूलाई प्रतीक्षा गर्नु हो, उहाँको इच्छा आफै तँकहाँ क्रमिक रूपमा प्रकट हुनको लागि प्रतीक्षा गर्नु हो। “खोजी गर्नु” भनेको उहाँले योजना गर्नुभएका मानिसहरू, घटनाहरू, र काम-कुराहरूमार्फत तेरो निम्ति परमेश्वरका विचारपूर्ण अभिप्रायहरूलाई अवलोकन गर्नु र बुझ्नु हो, तिनीहरूमार्फत सत्यतालाई बुझ्नु हो, मानिसहरूले हासिल गर्नैपर्ने कुराहरू र तिनीहरूले पालना गर्नैपर्ने मार्गहरूलाई बुझ्नु हो, परमेश्वरले मानिसहरूमा के-कस्ता परिणामहरू हासिल गर्न चाहनुहुन्छ अनि उहाँले तिनमा के-कस्ता उपलब्धिहरू प्राप्त गर्न चाहनुहुन्छ त्यसलाई बुझ्नु हो। “समर्पित हुनु” ले चाहिँ अवश्य नै परमेश्वरले योजनाबद्ध गर्नुभएका मानिसहरू, घटनाहरू, र काम-कुराहरूलाई स्वीकार गर्नुलाई जनाउँछ, उहाँको सार्वभौमिकता स्वीकार गर्नुलाई जनाउँछ अनि यसमार्फत सृष्टिकर्ताले कसरी मानिसको नियतीलाई नियन्त्रण गर्नुहुन्छ, उहाँले कसरी मानिसलाई उहाँको जीवन आपूर्ति गर्नुहुन्छ, मानिसभित्र उहाँले कसरी सत्यताको काम गर्नुहुन्छ सो जान्नुलाई जनाउँछ। परमेश्वरका बन्दोबस्तहरू र सार्वभौमिकताको अधीनमा रहेका यावत् थोकले प्राकृतिक नियमहरू पालना गर्छन्, अनि यदि तैँले परमेश्वरलाई तेरो लागि सबै कुराहरू बन्दोबस्त गर्न र नियन्त्रण गर्न दिने संकल्प गरिस् भने, तैँले प्रतीक्षा गर्न सिक्नैपर्छ, तैँले खोजी गर्न सिक्नैपर्छ, अनि तैँले समर्पित हुन सिक्नैपर्छ। परमेश्वरको अख्तियारमा समर्पित हुन चाहने हरेक व्यक्तिले अपनाउनुपर्ने मनोवृत्ति यही हो, परमेश्वरका सार्वभौमिकता र बन्दोबस्तहरूलाई स्वीकार गर्न चाहने हरेक व्यक्तिमा हुनुपर्ने आधारभूत गुण यही हो। त्यस्तो मनोवृत्ति धारण गर्नको लागि, त्यस्तो गुण प्राप्त गर्नको लागि, तैँले अझै बढी परिश्रम गर्नैपर्छ। साँचो वास्तविकतामा तैँले प्रवेश गर्न सक्ने एउटै मार्ग यही हो।

**परमेश्वरलाई आफ्नो अद्‌वितीय मालिकको रूपमा स्वीकार गर्नु नै मुक्ति पाउने पहिलो कदम हो**

परमेश्वरको अख्तियारसम्बन्धी सत्यताहरू हरेक व्यक्तिले गम्भीर रूपमा लिनुपर्ने, आफ्नो हृदयबाट अनुभव गर्नुपर्ने र बुझ्नुपर्ने सत्यताहरू हुन्; किनभने यी सत्यताहरूले हरेक व्यक्तिको जीवनमा प्रभाव पार्दछन्; हरेक व्यक्तिको विगत, वर्तमान, र भविष्यमा प्रभाव पार्दछन्; हरेक व्यक्तिले जीवनमा पार गर्नैपर्ने महत्त्वपूर्ण घडीहरूमा प्रभाव पार्दछन्; परमेश्वरको सार्वभौमिकतासम्बन्धी मानिसको ज्ञान र परमेश्वरको अख्तियारलाई व्यक्तिले सामना गर्नुपर्ने मनोवृत्तिमा प्रभाव पार्दछन्; अनि, स्वाभाविक रूपमै, हरेक व्यक्तिको अन्तिम गन्तव्यलाई प्रभाव पार्दछन्। त्यसकारण, तिनलाई जान्न र बुझ्नको लागि जीवनभरको मोल आवश्यक पर्छ। जब तैंले परमेश्वरको अख्तियारलाई प्रत्यक्ष रूपमा हेर्छस्, जब तैँले उहाँको सार्वभौमिकतालाई स्वीकार गर्छस्, तब तैँले क्रमिक रूपमा परमेश्वरको अख्तियारको अस्तित्वसम्बन्धी सत्यतालाई महसुस गर्नेछस् र बुझ्नेछस्। तर यदि तैँले परमेश्वरको अख्तियारलाई कहिल्यै पहिचान गर्दैनस् र उहाँको सार्वभौमिकतालाई कहिल्यै स्वीकार गर्दैनस् भने, तँ जति वर्ष बाँचे पनि, तैँले परमेश्वरको सार्वभौमिकताको अलिकति ज्ञान पनि प्राप्त गर्नेछैनस्। यदि तैँले परमेश्वरको अख्तियारलाई साँचो रूपमा जान्दैनस् र बुझ्दैनस् भने, तैँले दशकौंसम्म परमेश्वरमा विश्वास गरेको भए पनि, तँ बाटोको अन्त्यमा पुग्दा तँसँग आफ्नो जीवनको लागि देखाउने कुरा केही पनि हुँदैन, अनि स्वाभाविक रूपमै तँसँग मानव नियतिमाथिको परमेश्वरको सार्वभौमिकताको अलिकति ज्ञान समेत हुनेछैन। के यो अत्यन्तै दुःखलाग्दो कुरा होइन र? त्यसैले, तैँले जीवनमा जति नै धेरै हिँडिसकेको भए पनि, तँ अहिले जति नै उमेरको भए पनि, तेरो बाँकी यात्रा जति नै लामो भए पनि, तैँले सर्वप्रथम परमेश्वरको अख्तियारलाई पहिचान गरेर त्यसलाई गम्भीर रूपमा लिनैपर्छ, अनि परमेश्वर तेरो अद्‌वितीय मालिक हुनुहुन्छ भन्ने तथ्यलाई स्वीकार गर्नैपर्छ। मानव नियतिमाथि परमेश्वरको सार्वभौमिकतासम्बन्धी यी सत्यताहरूको स्पष्ट एवं सही ज्ञान र बुझाइ हरेक व्यक्तिले सिक्नुपर्ने अनिवार्य पाठ हुन्; यो पाठ मानव जीवनलाई जान्ने र सत्यतालाई प्राप्त गर्ने चाबी हो। परमेश्वरलाई चिन्ने जीवन, यसको अध्ययनको आधारभूत पाठ्यक्रम यही नै हो, जसलाई हरेकले प्रत्येक दिन सामना गर्नुपर्छ अनि जसबाट कोही पनि उम्कन सक्दैन। यदि यो लक्ष्यमा पुग्नको लागि कसैले छोटो बाटो लिन चाहन्छ भने, म तँलाई अहिले नै भन्छु, यो असम्भव छ! यदि तँ परमेश्वरको सार्वभौमिकताबाट उम्कन चाहन्छस् भने, त्यसको सम्भावना त झन अझै कम छ! परमेश्वर मानिसको एक मात्र प्रभु हुनुहुन्छ, मानव नियतिको एक मात्र मालिक परमेश्वर नै हुनुहुन्छ, त्यसकारण मानिसले आफ्नो नियति आफै नियन्त्रण गर्न असम्भव छ, ऊसले नियतिबाहिर पाइला टेक्न असम्भव छ। व्यक्तिका क्षमताहरू जति नै ठूला भए पनि, उसले अरूको नियतिलाई प्रभाव पार्न सक्दैन, त्यसलाई योजनाबद्ध गर्ने, व्यवस्थित गर्ने, नियन्त्रण गर्ने, वा परिवर्तन गर्ने कुरा त परै जाओस्। परमेश्वर स्वयम्, अद्‌वितीय उहाँले मात्रै मानिसको लागि सबै कुरा नियन्त्रण गर्नुहुन्छ, किनभने मानव नियतिमाथि सार्वभौमिकता राख्ने अद्‌वितीय अख्तियार उहाँसँग मात्रै छ, र त्यसैले सृष्टिकर्ता मात्रै मानिसको अद्‌वितीय मालिक हुनुहुन्छ। सृष्टि गरिएका मानवजातिमाथि मात्रै होइन, कुनै पनि मानिसले देख्न नसक्ने सृष्टि नगरिएका प्राणीहरू, तारामण्डल, आकाशमण्डलमाथि समेत परमेश्वरको अख्तियारको सार्वभौमिकता छ। यो निर्विवाद तथ्य हो, साँचो

रूपमा अस्तित्वमा रहेको तथ्य हो, जसलाई कुनै पनि व्यक्ति वा वस्तुले परिवर्तन गर्न सक्दैन। यदि तिमीहरूमध्ये कोही अझै पनि आफूसँग केही विशेष सीप वा क्षमता छ भन्ने विश्वास गर्दै, र सौभाग्यले आफ्नो वर्तमान परिस्थितिहरूलाई परिवर्तन गर्न वा ती परिस्थितिहरूबाट उम्कन सक्छु भन्ने ठान्दै, हाल अवस्था वा काम-कुराहरू जे-जस्तो रूपमा छन त्यसप्रति असन्तुष्ट छौ भने, यदि तिमीहरूले आफ्नो नियतिलाई मानव प्रयासको माध्यमद्वारा परिवर्तन गरेर आफूलाई आफ्ना साथीसंगीहरूभन्दा राम्रो देखाउने र ख्याति र सम्पत्ति कमाउने प्रयास गर्छौ भने, म तँलाई भन्छु, तैँले आफ्नै लागि परिस्थिति कठिन तुल्याइरहेको छस्, तैँले दु:ख पाउन मात्र खोजिरहेको छस्, तैँले आफ्नै चिहान खनिरहेको छस्! ढिलो-चाँडो, एक दिन तैँले आफूले गलत निर्णय गरेछु र आफ्ना प्रयासहरू व्यर्थ भएछन् भन्ने पत्ता लगाउनेछस्। नियति विरुद्ध संघर्ष गर्ने तेरो महत्वाकांक्षा, तेरो इच्छा, अनि तेरो आफ्नै खराब आचरणले तँलाई फर्की आउनै नसकिने ओरालो बाटोतर्फ डोऱ्याउनेछ, अनि यसको लागि तैँले तीतो मूल्य चुकाउनेछस्। हाल तैँले यी परिणामहरूको गम्भीरतालाई नदेख्ने भए तापनि, परमेश्‍वर नै मानव नियतिका मालिक हुनुहुन्छ भन्ने सत्यतालाई अझै गहन रूपमा अनुभव गर्दै र बुझ्दै जाने क्रममा, तैँले बिस्तारै मैले आज बोलेको कुरा र यसको वास्तविक अर्थहरूलाई महसुस गर्दै जानेछस्। तँसँग साँचो रूपमा हृदय र आत्मा छ कि छैन अनि तँ सत्यतालाई प्रेम गर्ने व्यक्ति होस् कि होइनस् भन्ने कुरा परमेश्‍वरको सार्वभौमिकता र सत्यताप्रति तैँले कस्तो मनोवृत्ति राख्छस् त्यसमा भर पर्छ। यसले स्वाभाविक रूपमै तैँले परमेश्‍वरको अख्तियारलाई साँचो रूपमा चिन्न र बुझ्न सक्छस् कि सक्दैनस् भन्ने कुरालाई निर्धारित गर्छ। यदि तैँले आफ्नो जीवनमा परमेश्‍वरको अख्तियारलाई पहिचान गरी स्वीकार गर्नु त कता हो कता, परमेश्‍वरको सार्वभौमिकता र उहाँको बन्दोबस्तहरूलाई समेत कहिल्यै बुझेको छैनस् भने, तँ सम्पूर्ण रूपले बेकम्मा हुनेछस्, अनि तैँले लिएको मार्ग र तैँले रोजेको विकल्पको कारण तँ नि:सन्देह परमेश्‍वरको घृणा र तिरस्कारको पात्र हुनेछस्। तर परमेश्‍वरको कार्यमा उहाँको परीक्षालाई स्वीकार गर्न सक्ने, उहाँको सार्वभौमिकतालाई स्वीकार गर्न सक्ने, उहाँको अख्तियारमा समर्पित हुन सक्ने, अनि क्रमिक रूपमा उहाँका वचनहरूको वास्तविक अनुभव प्राप्त गर्न सक्ने व्यक्तिहरूले परमेश्‍वरको अख्तियारको वास्तविक ज्ञान, उहाँको सार्वभौमिकताको वास्तविक बुझाइ प्राप्त गरेका हुनेछन्; तिनीहरू साँचो रूपमा सृष्टिकर्ताको अधीनमा रहेका हुनेछन्। त्यस्ता मानिसहरू मात्रै साँचो रूपमा उद्‌दार गरिएका हुनेछन्। तिनीहरूले परमेश्‍वरको सार्वभौमिकतालाई जानेको हुनाले, तिनीहरूले यसलाई स्वीकार गरेको हुनाले, मानव नियतिमाथिको परमेश्‍वरको सार्वभौमिकताको तथ्यप्रतिको तिनीहरूको बुझाइ, यसप्रतिको तिनीहरूको समर्पणता वास्तविक र सटीक हुन्छ। जब तिनीहरूले मृत्युको सामना गर्छन्, अय्यूबको जस्तै तिनीहरूको मन पनि मृत्युले भयभीत हुँदैन, अनि कुनै पनि व्यक्तिगत छनौट, कुनै पनि व्यक्तिगत इच्छाहरूविना नै तिनीहरू सबै कुरामा परमेश्‍वरको योजनाबद्‌ध कार्य र उहाँका बन्दोबस्तहरूमा समर्पित हुन्छन्। त्यस्तो व्यक्ति मात्रै सृष्टि गरिएको साँचो मानवजातिको रूपमा सृष्टिकर्ताको क्षेत्रमा फर्केर जान सक्छ।

डिसेम्बर १७, २०१३

# परमेश्वर स्वयम् अद्‌वितीय ४

## परमेश्वरको पवित्रता (१)

हाम्रो अन्तिम भेलामा हामीले परमेश्वरको अख्तियारको बारेमा थप सङ्‌गति गरेका थियौं। अहिले चाहिँ हामी परमेश्वरको धार्मिकताको विषयमा छलफल गर्नेछैनौं। आज हामी पूर्ण रूपमा नयाँ विषयको बारेमा कुराकानी गर्नेछौं–परमेश्वरको पवित्रता। परमेश्वरको पवित्रता परमेश्वरको अद्‌वितीय सारको अर्को एउटा पक्ष हो, त्यसैले हामीले यो विषयका बारेमा सङ्‌गति गर्नु अत्यन्त महत्वपूर्ण छ। मैले यसभन्दा अघि परमेश्वरको सारको अर्का दुई पक्षहरू–परमेश्वरको धर्मी स्वभाव र परमेश्वरको अख्तियारको विषयमा सङ्‌गति गरेको थिएँ; के यी दुई पक्षहरू, र आज मैले सङ्‌गतिमा बताउने पक्ष सबै अद्‌वितीय हुन्? (हो।) परमेश्वरको पवित्रता पनि अद्‌वितीय छ, त्यसैले आजको हाम्रो सङ्‌गतिको निम्ति हाम्रो मुख्य विषयवस्तुमा यसको अद्‌वितीयताको आधार र मूल समावेश हुनेछ। आज हामी परमेश्वरको अद्‌वितीय सारको बारेमा छलफल गर्न जाँदैछौं–उहाँको पवित्रता। सायद तिमीहरूमध्ये कति जनामा शङ्का छ, र सोध्छौ, “किन हामीले परमेश्वरको पवित्रताको बारेमा सङ्‌गति गर्नुपर्छ?” चिन्ता नगर, म तिमीहरूलाई यसको बारेमा बिस्तारै बताउनेछु। मैले भन्नुपर्ने कुरा तिमीहरूले सुनिसकेपछि मैले यो विषयमा किन सङ्‌गति गर्नु अत्यावश्यक छ भनी तिमीहरूले थाहा पाउनेछौ।

सर्वप्रथम, हामी “पवित्र” भन्ने शब्दलाई परिभाषित गरौं। तिमीहरूको अनुभूति र तिमीहरूले हासिल गरेका सबै ज्ञानबाट “पवित्र” शब्दको परिभाषा कस्तो हुनुपर्छ भनी तिमीहरू बुझ्छौ? (“पवित्र” को अर्थ दाग नलागेको, पूर्णतया मानवीय भ्रष्टता वा त्रुटिरहित। पवित्रताले सबै कुरालाई सकारात्मक तुल्याउँछ, चाहे त्यो विचारमा होस्, बोलीवचन वा कार्यमा होस्।) साह्रै राम्रो। (“पवित्र” ईश्वरीय, मानिसद्‌वारा दाग नलगाइएको, उल्लङ्घन गर्न नसकिने हुन्छ। यो अद्‌वितीय छ, यो परमेश्वरको मात्र हो र यो उहाँको चिन्ह हो।) यो तिमीहरूको परिभाषा हो। प्रत्येक व्यक्तिको हृदयमा यो “पवित्र” शब्दको एउटा क्षेत्र, एउटा परिभाषा र एउटा व्याख्या छ। कम्तीमा पनि, जब तिमीहरूले “पवित्र” भन्ने शब्द देख्छौ, तिमीहरूको मन खाली हुँदैन। तिमीहरूसँग यो शब्दको निम्ति एक निश्‍चित परिभाषाको क्षेत्र छ, र कतिपय मानिसहरूको भनाई परमेश्वरको स्वभावको सार परिभाषित गर्ने भनाइसँग लगभग मिल्छ। यो साह्रै राम्रो हो। “पवित्र” शब्द एक सकारात्मक शब्द हो भनी अधिकांश मानिसहरू विश्‍वास गर्छन्, र यो निश्‍चय नै सत्य हो। तर आज, हामीले परमेश्वरको पवित्रताको विषयमा सङ्‌गति गर्दा म केवल परिभाषाहरू र व्याख्याहरूको विषयमा मात्र कुरा गर्नेछैन। बरु, परमेश्वर पवित्र हुनुहुन्छ भनी मैले किन भन्छु, र परमेश्वरको सार वर्णन गर्न मैले किन “पवित्र” शब्द प्रयोग गर्छु भनी तँलाई देखाउन प्रमाणको रूपमा तथ्यहरूलाई प्रस्तुत गर्नेछु। हाम्रो सङ्‌गति सकिएपछि, परमेश्वरको सार परिभाषित गर्न र परमेश्वरको सन्दर्भमा “पवित्र” शब्द प्रयोग गर्नु न्यायोचित र सबैभन्दा उपयुक्त भएको तैँले महसुस गर्नेछस्। कम्तीमा पनि, वर्तमान मानव भाषाको सन्दर्भमा परमेश्वरको विषयमा उल्लेख गर्न यो शब्द प्रयोग गर्नु विशेष

रूपमा उपयुक्त छ—मानव भाषाका सबै शब्दहरूमध्ये यो एउटै शब्द मात्र परमेश्वरको विषयमा उल्लेख गर्न पूर्णतया सुहाउँदो छ। जब परमेश्वरलाई जनाउनको निम्ति यो शब्द प्रयोग गरिन्छ तब यो रित्तो शब्द रहँदैन, न त यो आधारहीन प्रशंसा वा खोक्रो चापलुसीको शब्द नै हुन्छ। हाम्रो सङ्गतिको उद्देश्य प्रत्येक व्यक्तिलाई परमेश्वरको सारको यो पक्षको सत्यता पहिचान गर्न दिनु हो। परमेश्वर मानिसको बुझाइदेखि डराउनुहुन्न, तर उहाँ उसको गलत बुझाइदेखि डराउनुहुन्छ। परमेश्वरले प्रत्येक व्यक्तिले उहाँको सार, उहाँसँग के छ र उहाँ के हुनुहुन्छ भनी थाहा गरोस् भन्ने चाहना गर्नुहुन्छ। त्यसैले हरेक पटक जब हामी परमेश्वरको सारको पक्ष उल्लेख गर्छौं, तब परमेश्वरको सारको यो पक्ष पनि वास्तवमा अस्तित्वमा छ भनी मानिसहरूले देख्न सकून् भनी हामी थुप्रै तथ्यहरू प्रस्तुत गर्न सक्छौं।

अब हामीसँग "पवित्र" भन्ने शब्दको परिभाषा छ, हामी केही उदाहरणहरू छलफल गरौं। मानिसहरूको धारणामा, तिनीहरूले थुप्रै कुराहरू र मानिसहरू "पवित्र" छन् भनी कल्पना गर्छन्। उदाहरणका लागि, कुमार केटाहरू र कन्या केटीहरूलाई मानवजातिको शब्दकोशहरूमा पवित्र भनी परिभाषित गरिन्छ। तर के तिनीहरू वास्तवमै पवित्र हुन्छन्? यो कथित "पवित्र" र आज हामीले गर्ने सङ्गतिमा कुरा गर्न लागेको "पवित्र" के एउटै र उही हो? (होइन।) असल नैतिकता भएका मानिसहरू जससँग परिष्कृत र सभ्य बोलीवचन छ, जसले कसैलाई कहिल्यै चोट पुर्‍याउँदैन, र तिनीहरूको बोलीवचनद्वारा अरूलाई सहज र सहमत तुल्याउँछ—के तिनीहरू पवित्र हुन्? असल काम गरी अरू मानिसहरूको भलाइ गर्ने र ठूलो सहायता पुर्‍याउने व्यक्तिहरू, अरू मानिसहरूको जीवनमा ठूलो आनन्द ल्याइदिने व्यक्तिहरू—के तिनीहरू पवित्र हुन्? स्वार्थी विचार नराख्ने व्यक्तिहरू, कसैलाई कठोर माग नगर्ने व्यक्तिहरू, प्रत्येक व्यक्तिप्रति सहिष्णुताको भाव राख्ने व्यक्ति—के तिनीहरू पवित्र हुन्? कहिल्यै पनि झगडा नगरेका वा अरूबाट कहिल्यै फाइदा नउठाएका व्यक्तिहरू—के तिनीहरू पवित्र हुन्? र अरूको भलाइको निम्ति काम गर्ने व्यक्तिहरू र हरेक किसिमले अरूलाई उन्नति गराउने व्यक्तिहरू—के तिनीहरू पवित्र हुन्? आफ्नो जीवनको सम्पूर्ण बचत अरूलाई दान दिने र सरल जीवन यापन गर्ने, आफूसँगै कठोर व्यवहार गर्ने तर अरूसँग उदारतापूर्वक व्यवहार गर्ने व्यक्तिहरू—के तिनीहरू पवित्र हुन्? (होइनन्।) तिमीहरूका आमाहरूले कसरी तिमीहरूको हेरचाह गरेका थिए र हरेक किसिमले तिमीहरूको रेखदेख गरेका थिए त्यो कुरा तिमीहरू सबै जनालाई याद छ—के तिनीहरू पवित्र हुन्? तिमीहरूले प्रिय मानेर राखेका मूर्तिहरू, चाहे तिनीहरू प्रसिद्ध मानिसहरू, सेलिब्रेटीहरू हुन् वा ठूला मानिसहरू हुन्—के तिनीहरू पवित्र हुन्? (होइनन्।) अब हामी बाइबलमा उल्लेख गरिएका अगमवक्ताहरूलाई हेरौं जसले धेरै मानिसहरूलाई थाहा नभएका भविष्यसँग सम्बन्धित कुराहरू बताउन सक्षम थिए—के यी मानिसहरू पवित्र थिए? परमेश्वरको वचन र बाइबलमा उल्लेख गरिएका उहाँको कामका तथ्यहरूको विवरण उल्लेख गर्न सक्ने व्यक्तिहरू—के तिनीहरू पवित्र थिए? के मोशा पवित्र थिए? के अब्राहाम पवित्र थिए? (थिएनन्।) अय्यूबको विषयमा नि? के उनी पवित्र थिए? (थिएनन्।) अय्यूबलाई परमेश्वरले धर्मी जन भन्नुभएको थियो, तैपनि किन उनलाई समेत अपवित्र भनियो? के परमेश्वरको भय मान्ने र दुष्टलाई घृणा गर्ने मानिसहरू साँच्चिकै पवित्र होइनन् र? तिनीहरू पवित्र हुन् कि होइनन्?

(होइनन्।) तिमीहरू अलिक अनिश्चित छौ, तिमीहरू जबाफको बारेमा निश्चित छैनौ, र तिमीहरू "होइन" भनी भन्न साहस गर्दैनौ, न त "हो" भन्न नै साहस गर्छौ, त्यसैले अन्तमा तिमीहरू अर्ध-हृदयले "होइन" भन्छौ। म अर्को प्रश्न सोध्छु। परमेश्वरका सन्देशवाहकहरू–परमेश्वरले पृथ्वीमा पठाउनुभएका सन्देशवाहकहरू–के तिनीहरू पवित्र हुन्? के स्वर्गदूतहरू पवित्र हुन्? (होइनन्।) शैतानद्वारा भ्रष्ट नतुल्याइएका मानिसहरू–के तिनीहरू पवित्र हुन्? (होइनन्।) तिमीहरू हरेक प्रश्नको जवाफ "होइन" भनी दिइरहेका छौ। केको आधारमा? तिमीहरू द्विविधामा परेका छौ, होइन त? किन स्वर्गदूतहरूलाई पनि पवित्र छैन भनिन्छ? तिमीहरू अहिले अनिश्चित भएको महसुस गर्छौ, होइन त? यसभन्दा अघि उल्लेख गरिएका मानिसहरू, वस्तुहरू वा सृष्टि नगरिएका थोकहरू के कुराको आधारमा पवित्र होइनन् त्यसलाई तिमीहरू पत्ता लगाउन सक्छौ? म निश्चित छु कि तिमीहरूले पत्ता लगाउन सक्दैनौ। त्यसैले, के तिमीहरूले "होइन" भनी भन्नु अलिकति गैरजिम्मेवारी होइन र? के तिमीहरूले अन्धाधुन्ध जवाफ दिइरहेका छैनौ र? कतिपय मानिसहरूले यस्तो विचार गरिरहेका छन्: "तपाईंले पहिले नै यस किसिमले प्रश्न गर्नुभएको कारण जवाफ निश्चय नै 'होइन' भन्ने हुन्छ।" मलाई सरल जवाफ नदेओ। जवाफ "हो" हुन्छ कि "होइन" हुन्छ होशियारसाथ विचार गर। तलको विषयमा हामीले सङ्गति गरिसकेपछि जवाफ किन "होइन" रहेछ भनी तिमीहरूले थाहा पाउनेछौ। म तिमीहरूलाई केही समयपछि जवाफ दिनेछु। सुरुमा, हामी पवित्र-शास्त्रबाट वचन पाठ गरौं।

मानिसलाई यहोवा परमेश्वरको आज्ञा

उत्पत्ति २:१५-१७ अनि यहोवा परमेश्वरले मानिसलाई लिनुभयो र अदनको बगैँचामा त्यसको हेरचाह गर्न र छाँटकाँट गर्न राख्नुभयो। अनि यहोवा परमेश्वरले मानिसलाई आज्ञा गर्दै यसो भन्नुभयो, तैँले बगैँचाको हरेक रूखबाट स्वतन्त्र रूपमा खान सक्छस्: तर असल र खराबको ज्ञानको रूखबाट तैँले खानु हुँदैन: किनभने तैँले त्यसबाट खाएको दिन तँ निश्चय नै मर्नेछस्।

स्त्रीलाई सर्पको प्रलोभन

उत्पत्ति ३:१-५ अब सर्प यहोवा परमेश्वरले बनाउनुभएको भूमिको कुनै पनि पशुभन्दा धेरै धूर्त थियो। अनि त्यसले स्त्रीलाई भन्यो, हो, के परमेश्वरले बगैँचाको हरेक रूखबाट तैँले खानु हुँदैन भनी भन्नुभएको छ? अनि स्त्रीले सर्पलाई भनी, हामीले बगैँचाका रूखहरूबाट फल खान सक्छौँ: तर परमेश्वरले भन्नुभएको छ, बगैँचाको बीचमा भएको रूखबाट तैँले खानु हुँदैन, न त तैँले यसलाई छुनु नै हुन्छ, नत्र तँ मर्छस्। अनि सर्पले स्त्रीलाई भन्यो, तिमीहरू निश्चय नै मर्नेछैनौ: तिमीहरूले त्यसबाट खाएको दिन तिमीहरूको आँखा खुल्नेछ अनि असल र खराब जानेर तिमीहरू परमेश्वरजस्तै हुनेछौ भन्ने परमेश्वर जान्नुहुन्छ।

यी दुईवटा वचन-खण्डहरू बाइबलमा भएको उत्पत्तिको पुस्तकबाट लिइएका हुन्। के तिमीहरू सबै यी दुई वटा वचन-खण्डहरूसँग परिचित हुनुहुन्छ? यिनीहरू सुरुमा भएको घटनासँग सम्बन्धित छन्, जुन बेला मानिसलाई पहिलो पटक सृष्टि गरिएको थियो; यी घटनाहरू वास्तविक थिए। यहोवा परमेश्वरले आदम र हव्वालाई कस्तो किसिमको आज्ञा दिनुभएको थियो भनी पहिला हेरौं; यो आज्ञामा भएको विषयवस्तु आजको हाम्रो विषयको निम्ति अत्यन्त महत्वपूर्ण छ। "अनि यहोवा

परमेश्वरले मानिसलाई आज्ञा गर्दै यसो भन्नुभयो, तैँले बगैँचाको हरेक रूखबाट स्वतन्त्र रूपमा खान सक्छस्: तर असल र खराबको ज्ञानको रूखबाट तैँले खानु हुँदैन: किनभने तैँले त्यसबाट खाएको दिन तँ निश्चय नै मर्नेछस्।" यो वचन-खण्डमा मानिसलाई दिइएको परमेश्वरको आज्ञाको महत्त्व के हो? सर्वप्रथम, मानिसले के खान सक्छ, अर्थात्, विभिन्न प्रकारका रूखहरूका फलहरू खान सक्छ भनी परमेश्वर भन्नुहुन्छ। त्यसमा कुनै खतरा वा विष छैन; सबै खान सकिन्छ र मानिसले चाहे जति चिन्ता र शङ्का नगरिकन स्वतन्त्रतापूर्वक खान सक्छ। परमेश्वरको आज्ञाको एउटा भाग यही हो। अर्को भागचाहिँ चेतावनी हो। यो चेतावनीमा, परमेश्वरले मानिसलाई असल र खराबको ज्ञान दिने रूखको फलचाहिँ उसले खानु हुँदैन आज्ञा दिनुहुन्छ। यदि उसले यो रूखबाट खायो भने के हुनेछ? परमेश्वरले मानिसलाई भन्नुभयो: यदि तैँले त्यसबाट खाइस् भने तँ निश्चय नै मर्नेछस्। के यी वचनहरू स्पष्ट छैनन् र? यदि परमेश्वरले तँलाई यो भन्नुभयो तर तैँले किन भनेर बुझिनस्, के तैँले उहाँको वचनलाई एउटा नियमको रूपमा लिन्छस् कि पालन गर्नैपर्ने आज्ञाको रूपमा लिन्छस्? यस्तो वचन पालन गरिनु नै पर्छ, पर्दैन त? तर मानिस आज्ञापालन गर्न सक्षम होस् कि नहोस्, परमेश्वरको वचन स्पष्ट छ। परमेश्वरले मानिसलाई उसले के खानुहुन्छ र के खानुहुँदैन, र उसले खान नहुने फल खायो भने के हुनेछ भनी स्पष्टसँग बताउनुभयो। परमेश्वर बोल्नुभएको यी संक्षिप्त वचनमा, के तँ परमेश्वरको स्वभावको कुनै कुरा देख्न सक्छस्? के परमेश्वरका यी वचनहरू सत्य छन्? कुनै छल छ? कुनै झूट छ? कुनै त्रास छ? (छैन।) परमेश्वरले ईमानदारसाथ, सत्यतापूर्वक र सच्चारूपले मानिसलाई उसले के खानुहुन्छ र के खानुहुँदैन भनी बताउनुभयो। परमेश्वरले स्पष्ट रूपमा र सरल रूपमा बोल्नुभयो। के यी वचनहरूमा कुनै गुप्त अर्थ छन्? के यी वचनहरू सीधा छैनन्? के अनुमान गर्नुपर्ने कुनै आवश्यकता छ? (छैन।) अनुमान गर्नुपर्ने आवश्यकता छैन। तिनीहरूको अर्थ एक झलकमै स्पष्ट हुन्छ। ती पढेपछि तिनीहरूको अर्थ पूर्णतया स्पष्ट भएको महसुस गर्न सकिन्छ। त्यसैले, परमेश्वरले भन्न चाहनुभएको र उहाँले व्यक्त गर्न चाहनुभएको कुरा उहाँको हृदयबाट आउँछ। परमेश्वरले व्यक्त गर्नुहुने कुराहरू सफा, सीधा र स्पष्ट छन्। कुनै गुप्त अभिप्रायहरू हुँदैनन्, न त कुनै गुप्त अर्थहरू नै हुन्छन्। उहाँ मानिससँग प्रत्यक्ष रूपमा बोल्नुहुन्छ, उसले के खानुहुन्छ र के खानुहुँदैन भनी उसलाई बताउनुहुन्छ। भन्नुको अर्थ, परमेश्वरका यी वचनहरूद्वारा, परमेश्वरको हृदय पारदर्शी र सत्य छ भनी मानिसले देख्न सक्छ। यहाँ झूटको कुनै पनि निशाना छैन; खान योग्य खानेकुरा तैँले खानुहुँदैन भनी तँलाई बताउन खोजिएको होइन, वा तैँले खान नहुने खानेकुरा "खा अनि के हुन्छ हेर्" भनी तँलाई बताउन खोजिएको होइन। परमेश्वरले यस्तो भन्न चाहनुभएको होइन। परमेश्वरले आफ्नो हृदयमा जे कुरा सोच्नुहुन्छ, उहाँले त्यही कुरा बताउनुहुन्छ। यदी परमेश्वर पवित्र हुनुहुन्छ किनकि यी वचनहरूमा उहाँले आफैलाई देखाउनुहुन्छ र प्रकट गर्नुहुन्छ भनी म भन्छु भने एउटा सानो ढिस्कोलाई पहाड बनाएको हुन्छु वा मैले चाहिनेभन्दा बढी कुरालाई अगाडि बढाएको हुन्छु भन्ने तँलाई लाग्नसक्छ। यदि त्यसो हो भने चिन्ता नगर्; हामीले अझै सिध्याएका छैनौं।

अब हामी "सर्पले स्त्रीलाई देखाएको प्रलोभन" को विषयमा कुरा गरौं। सर्प को हो? (शैतान।) शैतानले परमेश्वरको छ हजार वर्षीय व्यवस्थापन योजनामा प्रतिभारको भूमिका निभाउँछ, र

हामीले परमेश्वरको पवित्रताको विषयमा सङ्गति गर्दा त्यसको यो भूमिकाको बारेमा उल्लेख गर्नैपर्छ। म किन यसो भन्छु? यदि तँलाई शैतानको दुष्टता र भ्रष्टता थाहा छैन भने, यदि तँलाई शैतानको प्रकृतिको बारेमा थाहा छैन भने, तैँले कुनै पनि हालतमा पवित्रतालाई स्वीकार गर्न सक्नेछैनस्, न त वास्तवमा पवित्रता के हो भनी जान्न नै सक्छस्। द्‌विविधामा, मानिसहरू शैतानले गरेको कार्य सही हो भनी विश्वास गर्छन्, किनकि तिनीहरू यस किसिमको भ्रष्ट स्वभावभित्र जिउँछन्। प्रतिभार नहुँदो हो त तुलना गर्नुको कुनै औचित्य हुँदैन, तैँले पवित्रता के हो भनी थाहा पाउन सक्दैनस्। त्यसैकारण यहाँ शैतानको बारेमा उल्लेख गरिनु नै पर्छ। यस किसिमले उल्लेख गर्नु व्यर्थ बातचित होइन। शैतानको बोली र कामहरूद्‌वारा हामी शैतानले कसरी काम गर्छ, शैतानले कसरी मानवजातिलाई भ्रष्ट तुल्याउँछ, र शैतानको प्रकृति र मुहार कस्तो छ भनी हामी हेर्नेछौं। त्यसो भए स्त्रीले सर्पलाई के भनिन्? यहोवा परमेश्वरले आफूलाई भन्नुभएको कुरा स्त्रीले सर्पलाई पुनः सुनाइन्। जब उनले यी वचनहरू भनिन्, तब के परमेश्वरले उनलाई भन्नुभएको कुरा सत्य थियो भन्ने बारेमा उनी निश्चित थिइन्? उनी निश्चित हुन सकेकी थिइनन्, थिइन् त? भर्खरै नयाँ सृष्टि गरिएको एक व्यक्तिको रूपमा उनीसँग असल र खराबको भेद छुट्याउने क्षमता थिएन, न त उनलाई आफ्नो वरपर भएका कुनै पनि कुराहरूको नै अनुभूति थियो। उनले सर्पलाई भनेका कुराहरूका आधारमा मूल्याङ्कन गर्दा परमेश्वरले भन्नुभएको वचन सही थियो भनी उनी आफ्नो हृदयमा निश्चित थिइनन् भन्ने थाहा हुन्छ; उनको स्वभाव यस्तो थियो। परमेश्वरको वचनप्रति स्त्रीको स्वभाव अनिश्चित किसिमको छ भनी जब सर्पलाई थाहा भयो, तब त्यसले भन्यो: "तिमीहरू निश्चय नै मर्नेछैनौ: तिमीहरूले त्यसबाट खाएको दिन तिमीहरूको आँखा खुल्नेछ अनि असल र खराब जानेर तिमीहरू परमेश्वरजस्तै हुनेछौ भन्ने परमेश्वर जान्नुहुन्छ।" के यो वचनभित्र कुनै समस्याग्रस्त कुरा छ? जब तिमीहरू यो वाक्य पढ्छौ तब के तिमीहरूले सर्पका अभिप्रायहरूलाई पत्ता लगाउन सक्छौ? ती अभिप्रायहरू के-के हुन्? (मानिसलाई परीक्षा गर्नु, पाप गर्न उनलाई बहकाउनु।) त्यसले यस स्त्रीलाई परीक्षा गर्न चाहन्थ्यो, परमेश्वरको वचन ध्यान दिनबाट उनलाई रोक्न चाहन्थ्यो। तर त्यसले यी कुराहरू प्रत्यक्ष रूपमा भनेन। त्यसैले, त्यो अति धूर्त हो भनी हामी भन्न सक्छौं। त्यसले आफ्नो भाव धूर्त र छली किसिमले व्यक्त गर्छ ताकि त्यो आफूले चाहेको उद्‌देश्यसम्म पुग्नको लागि, जुन कुरा त्यसले मानिसबाट गोप्य राखी आफ्नो मनभित्र गुनेर राख्छ—सर्पको धूर्तता यस्तो किसिमको छ। शैतानको बोल्ने र काम गर्ने तरिका सधैँ यस्तै रहिआएको छ। कुनै एक वा अर्को तरिकालाई सुनिश्चित नगरिकन त्यसले "मर्दैनौ" भनेर भन्छ। तर यो कुरा सुनेर अज्ञानी स्त्रीको हृदय विचलित भयो। सर्प प्रसन्न भयो, किनकि त्यसको वचनले त्यसले चाहेजस्तै प्रभाव पारेको थियो—सर्पको धूर्त अभिप्राय यस्तो थियो। साथै मानवजातिले चाहना गर्ने किसिमको प्रतिफल दिने प्रतिज्ञा गरेर त्यसले स्त्रीलाई प्रलोभनमा पारेर भन्यो, "तिमीहरूले त्यसबाट खाएको दिन तिमीहरूको आँखा खुल्नेछ अनि असल।" त्यसैले उनले विचार गरिन्: "मेरो आँखा खोल्नु भनेको राम्रो कुरा हो!" र त्यसपछि त्यसले अझ बढी लोभ्याउने कुरा भन्यो, जुन वचन मानिसलाई पहिले कहिल्यै पनि थाहा थिएन, सुन्नेहरूमाथि परीक्षाको ठूलो शक्ति चलाउने वचनहरू: "खराब जानेर तिमीहरू परमेश्वरजस्तै हुनेछौ भन्ने परमेश्वर जान्नुहुन्छ।"

के यी वचनहरू मानिसलाई प्रबल रूपमा लोभ्याउने किसिमका छैनन् र? यो कसैले तपाईंलाई यसो भनेको जस्तो हो: “तपाईंको अनुहारको आकार अचम्म किसिमको छ, तर तपाईंको नाकको चुच्चो अलि छोटो छ। यदि तपाईंले त्यसलाई सच्याउनुभयो भने त्यसपछि तपाईं विश्‍व-सुन्दरी बन्‍नुहुन्छ!” के यी शब्दहरूले पहिला कहिल्यै कस्मेटिक सर्जरी गर्ने विचार नगरेको व्यक्तिको हृदयलाई विचलित बनाउन सक्छ? के यी शब्दहरू लोभ्याउने किसिमका छैनन् र? के यो प्रलोभन तँलाई परीक्षामा पार्ने किसिमको छैन र? अनि के हो परीक्षा होइन र? (हो।) के परमेश्‍वरले यस्तो कुरा भन्‍नुहुन्छ? हामीले अहिले भर्खरै हेरेको परमेश्‍वरको वचनमा यस किसिमको कुनै सङ्केत पाइन्छ? (पाइँदैन।) के परमेश्‍वरले आफ्नो हृदयमा विचार गर्नुभएको कुरा भन्‍नुहुन्छ? के मानिसले उहाँका वचनहरूद्वारा परमेश्‍वरको हृदयलाई हेर्न सक्छ? (सक्छ।) तर जब सर्पले यी वचनहरू स्त्रीसँग बोले, तब के तैँले त्यसको हृदयलाई देख्‍न सकिस्? (सकिन।) मानिसको अज्ञानताको कारण मानिस सर्पको वचनद्वारा सजिलैसँग प्रलोभनमा परेको थियो, र सजिलैसँग धोखा खाएको थियो। के तँले शैतानका अभिप्रायहरूलाई देख्‍न सकिस्? के शैतानले भनेको कुरा पछाडिको उद्देश्‍यलाई तैँले देख्‍न सकिस्? के तैँले शैतानको धूर्त योजना र छललाई देख्‍न सकिस्? (सकिन।) शैतानको कुरा गर्ने तरिकाले कस्तो किसिमको स्वभावलाई प्रस्तुत गरेको छ? यी शब्दहरूद्वारा तैँले शैतानको कस्तो किसिमको मूल-स्वभावलाई देखेको छस्? के यो धूर्त छैन र? सायद तेरो अगाडि त्यो मुस्कुराउँछ, वा सायद त्यसले कुनै अभिव्यक्ति प्रकट गर्दैन। तर त्यसले आफ्नो हृदयमा आफ्नो उद्देश्‍य कसरी हासिल गर्ने भनी हिसाबकिताब गरी बस्छ, र तैँले त्यसको यही उद्देश्‍यलाई देख्‍न सक्दैनस्। त्यसले तँसँग गर्ने सबै प्रतिज्ञाहरू, त्यसले वर्णन गर्ने सबै फाइदाहरू त्यसको प्रलोभनका देखावटी कुराहरू हुन्। तँ ती कुराहरूलाई असल देख्छस्, त्यसैले तँ परमेश्‍वरले भन्‍नुभएको भन्दा त्यसले भनेको कुरा अझ बढी उपयोगी, अझ बढी महत्वपूर्ण भएको महसुस गर्छस्। जब यस्तो हुन्छ, तब के मानिस समर्पित कैदी बन्दैन र? के शैतानले प्रयोग गरेको यो रणनीति शैतानिक छैन र? तैँले आफैलाई पतनमा डुब्‍न दिन्छस्। शैतानले एउटा औँला पनि नहल्लाइकन तर यी दुई वटा वाक्यहरू मात्रै बोलेपछि तँ खुशीसाथ शैतानको पछि लाग्छस्, शैतानको पालन गर्न तयार हुन्छस्। यसरी शैतानको उद्देश्‍य पूरा भएको हुन्छ। के यो अभिप्राय दुष्ट छैन र? के यो शैतानको सबैभन्दा प्राचीन रूप होइन र? शैतानको वचनबाट मानिसले त्यसको दुष्ट अभिप्रायहरूलाई देख्‍न सक्छ, त्यसको घृणित रूप र त्यसको सार देख्‍न सक्छ। के यस्तै होइन र? कुनै विश्‍लेषण नै नगरिकन यी वाक्यहरूलाई तुलना गर्दा सायद तँलाई यहोवा परमेश्‍वरको वचन अल्छी लाग्दो, साधारण र तुच्छ लाग्छ होला, यहाँ ती वचनहरूले परमेश्‍वरको इमानदारीताको प्रशंसामा लयबद्ध गद्यात्मक कविता प्रवाह भएको आभास दिँदैन। तैपनि, जब हामी शैतानको वचन र शैतानको दुष्ट रूपलाई एक शत्रुको रूपमा स्वीकार गर्छौं, तब के परमेश्‍वरका यी वचनहरूले आजका मानिसहरूका निम्ति महत्वपूर्ण अर्थ बोक्दैन र? (बोक्छ।) यो तुलनाद्वारा मानिसले परमेश्‍वरको सिद्ध निर्दोषता महसुस गर्न सक्छ। शैतानले भन्‍ने हरेक वचन, साथै शैतानको अभिप्राय, उद्देश्‍य र त्यसले बोल्ने तरिका–ती सबै भ्रष्‍ट छन्। शैतानको बोल्ने तरिकाको मुख्य विशेषता के हो? शैतानले तँलाई आफ्नो नक्कलीपनलाई नदेखाइकन, लोभ्याउनको निम्ति शब्द-छलको प्रयोग गर्छ, न त त्यसको उद्देश्‍यको भेद छुट्याउने

अवसर नै त्यसले तँलाई दिन्छ; शैतानले तँलाई बल्छीमा अल्झाउँछ, तर तैँले पनि त्यसका फाइदाहरूको प्रशंसा गर्नुपर्छ र गाउनुपर्छ। के यो शैतानको छल गर्ने आदतीय छनोट होइन र? (हो।) अब हामी शैतानको अरू कुन-कुन वचन र अभिव्यक्तिले त्यसको दुष्ट रूप मानिसलाई देखाउँछ भनी अवलोकन गर्नेछौं। हामी पवित्र-शास्त्रबाट थप केही वचन-खण्डहरू पढौं।

शैतान र यहोवा परमेश्‍वरका बीचमा संवाद

अय्यूब १:६-११ परमेश्‍वरका पुत्रहरू यहोवाको सामु उपस्थित हुन आउने दिन थियो, र शैतान पनि तिनीहरू सँगै आयो। अनि यहोवाले शैतानलाई भन्‍नुभयो, तँ कहाँबाट आइस्? तब शैतानले यसो भन्दै यहोवालाई जवाफ दियो, पृथ्वीमा यताउता हिँड्डुल गर्दै र तल माथि गर्दै आएँ। अनि यहोवाले शैतानलाई भन्‍नुभयो, के तैँले मेरो सेवक अय्यूबलाई विचार गरेको छस्, त्योजस्तो सिद्ध र सोझो, परमेश्‍वरको भय मान्‍ने र दुष्टताबाट दूर रहने पृथ्वीमा कोही पनि छैन? त्यसपछि शैतानले यहोवालाई जवाफ दियो र भन्यो, के अय्यूबले परमेश्‍वरको भय त्यत्तिकै मान्छ र? के तपाईंले तिनको वरिपरि, र तिनको घर वरिपरि, र तिनीसँग भएका सबै थोकलाई चारैतिरबाट बार हाल्नुभएको छैन र? तपाईंले तिनको हातका कामहरूमा आशिष् दिनुभएको छ र तिनका धन-सम्पत्ति मुलुकभरि वृद्धि गर्नुभएको छ। तर अहिले तपाईंको हात पसार्नुहोस्, र तिनीसँग भएका सबै थोक छोइदिनुहोस् र तिनले तपाईंलाई सोझै सराप्‍नेछ।

अय्यूब २:१-५ फेरि परमेश्‍वरका पुत्रहरू यहोवाको सामु उपस्थित हुने आउने दिन थियो, र शैतान पनि तिनीहरूसँगै यहोवाको सामु आफूलाई प्रस्तुत गर्न आयो। अनि यहोवाले शैतानलाई भन्‍नुभयो, तँ कहाँबाट आइस्? तब शैतानले यसो भन्दै यहोवालाई जवाफ दियो, पृथ्वीमा यताउता हिँड्डुल गर्दै र तल माथि गर्दै आएँ। अनि यहोवाले शैतानलाई भन्‍नुभयो, के तैँले मेरो सेवक अय्यूबलाई विचार गरेको छस्, त्योजस्तो सिद्ध र सोझो, परमेश्‍वरको भय मान्‍ने र दुष्टताबाट दूर रहने पृथ्वीमा कोही पनि छैन? र त्यो अझै आफ्नो निष्ठामा दृढ छ, यद्यपि कुनै कारणविना नै त्यसलाई नष्ट पार्न तैँले मलाई त्यसको विरुद्धमा उक्साइस्। अनि शैतानले यहोवालाई जवाफ दियो र भन्यो, छालाको निम्ति छाला, हो, मानिसले आफ्नो जीवनको निम्ति आफूसँग भएको सब थोक दिनेछ। तर अहिले तपाईंको हात पसार्नुहोस् र त्यसको हाड र छालामा छोइदिनुहोस् अनि तिनले तपाईंलाई सोझै सराप्‍नेछ।

यी दुई वचन-खण्डहरूमा परमेश्‍वर र शैतान बीचको संवादको पूर्ण अंश पाइन्छ; यी वचन-खण्डहरूमा परमेश्‍वरले के भन्‍नुभयो र शैतानले के भन्यो भन्‍ने विवरण पाइन्छ। परमेश्‍वरले धेरै बोल्नुभएन, र उहाँले अति सरल रूपमा बोल्नुभयो। के हामी परमेश्‍वरको सरल वचनमा उहाँको पवित्रतालाई देख्न सक्छौं? कतिपयले यो सजिलोसँग गर्न सक्दिँदैन। के हामी शैतानको जवाफमा त्यसको घिनलाग्दो कुरा देख्न सक्छौं? (सक्छौं।) पहिले हामी यहोवा परमेश्‍वरले शैतानलाई कस्तो किसिमको प्रश्‍न सोध्नुभयो सो हेरौं। "तँ कहाँबाट आइस्?" के यो सीधा प्रश्‍न होइन? के यसमा कुनै गुप्त अर्थ छ? (छैन।) यो एउटा शुद्ध, कुनै पनि गोप्य अभिप्रायद्वारा भ्रष्ट नबनाइएको प्रश्‍न हो। यदि मैले तिमीहरूलाई सोध्नुपर्यो भने: "तँ कहाँबाट आइस्?" तिमीहरूले कसरी जवाफ दिनेथियौ? के यो जवाफ दिन गाह्रो प्रश्‍न हो? के तिमीहरूले यसरी जवाफ दिनेथियौ: "यताउता

हिँड्डुल गर्दै र तल माथि गर्दै आएँ"? (दिने थिएनौ।) तिमीहरूले यस किसिमले जवाफ दिने थिएनौ। त्यसो भए, शैतानले यसरी जवाफ दिँदा तिमीहरूलाई कस्तो अनुभूति हुन्छ? (शैतान मूर्ख तर छली भएको हामी महसुस गर्छौं।) मैले कस्तो महसुस गरिरहेको छु भनी तिमीहरूले बताउन सक्छौ? हरेक पटक जब म शैतानका यी वचनहरूलाई देख्छु, तब मलाई घृणाको महसुस हुन्छ, किनभने शैतान बोल्छ, तैपनि यसका वचनहरूमा कुनै सारतत्व हुँदैन। के शैतानले परमेश्‍वरको प्रश्‍नको जवाफ दियो? दिएन, शैतानले बोलेका शब्दहरूले जवाफ दिएन, ती शब्दहरूको केही अर्थ थिएन। ती परमेश्‍वरको प्रश्‍नका उत्तर थिएनन्। "पृथ्वीमा यताउता हिँड्डुल गर्दै र तल माथि गर्दै आएँ।" तैँले यी शब्दहरूबाट के बुझ्छस्? शैतान कहाँबाट आएको हो? के तिमीहरूले यो प्रश्‍नको जवाफ पाएका छौ? (छैन।) यही नै शैतानको धूर्त योजनाको "विशिष्ट प्रतिभा" हो–त्यसले वास्तवमा के भन्‍न खोजेको हो भनी पत्ता लगाउन कसैलाई दिँदैन। तैँले यी शब्दहरू सुनिसकेपछि पनि त्यसले के भन्‍न खोजेको हो भनी अझै छुट्याउन सक्दैनस्, यद्यपि त्यसले जवाफ भने दिइसकेको छ। तैपनि आफूले सिद्ध जवाफ दिएको छु भनी शैतानले विश्‍वास गर्छ। त्यसो भए तँ कस्तो महसुस गर्छस्? असन्तुष्टि? (हो।) अब तँ यी शब्दहरूको प्रत्युत्तरमा असन्तुष्टि महसुस गर्न थालिस्। शैतानले सीधै बोल्दैन तर तँलाई द्विविधामा पार्छ, त्यसका शब्दहरूको स्रोत पत्ता लगाउन असक्षम हुन्छस्। कहिलेकहीँ त्यसले जानाजानी बोल्छ, र कहिलेकहीँ त्यसले बोल्दा त्यसको शब्दहरूलाई त्यसको सारले, त्यसको आफ्नो प्रकृतिले नियन्त्रण गर्छ। यी शब्दहरू सीधै शैतानको मुखबाट आएका हुन्। शैतानले यी शब्दहरू लामो समयदेखि मनन गरेको थिएन वा त्यसले चलाकी पूर्वक यी शब्दहरू बोलेको थिएन; बरु, त्यसले स्वाभाविक रूपमा ती व्यक्त गऱ्यो। तैँले शैतानलाई तँ कहाँबाट आएको होस् भनी सोध्‍ने बितिकै, त्यसले यी शब्दहरूद्वारा जवाफ दिन्छ। तैँले धेरै अलमलिएको महसुस गर्छस्, शैतान कहाँबाट आएको हो भनी ठ्याक्कै थाहा हुँदैन। तिमीहरूका बीचमा यस्तै किसिमले बोल्ने कोही छन्? (छन्।) बोल्ने यो तरिका कस्तो हो त? (यो अस्पष्ट छ र यसले एक निश्‍चित जवाफ दिँदैन।) यस किसिमले बोल्ने तरिकालाई वर्णन गर्न हामी कस्ता शब्दहरूको प्रयोग गर्न सक्छौं? यो अनेकार्थी लाग्ने किसिमको छ र यो भ्रामक हुन्छ, होइन त? मानौं, यदि कसैले तिनीहरू हिजो कहाँ गएका थिए भनी अरूले थाहा नपाओस् भन्‍ने चाहन्छ। तैँले तिनीहरूलाई सोध्छस्: "मैले तपाईंलाई हिजो देखेको थिएँ। तपाईं कहाँ जाँदै हुनुहुन्थ्यो?" तिनीहरू हिजो कहाँ गएका थिए भनी तिनीहरूले तँलाई सीधा कुरा बताउँदैन। बरु, तिनीहरू भन्छन्: "हिजोको दिन कस्तो रमाइलो दिन थियो। त्यो अति धेरै थकाउने दिन थियो!" के तिनीहरूले तेरो प्रश्‍नको जवाफ दिए? तिनीहरूले दिए, तर तिनीहरूले तैँले चाहेको जवाफ दिएनन्। यो चाहिँ मानिसको बोलीको देखावटीपनको "विशिष्ट प्रतिभा" हो। त्यसको अर्थ के हो भनी तैँले कहिल्यै पत्ता लगाउन सक्दैनस्, न त त्यसको स्रोत नै तँलाई थाहा हुन्छ वा ती शब्दहरूको अभिप्राय नै थाहा हुन्छ। तिनीहरूले के कुरा लुकाउन खोजिरहेका छन् भनी तँलाई थाहा हुँदैन किनकि तिनीहरूको हृदयमा तिनीहरूको आफ्नै कथा हुन्छ–यो ढोंगीपन हो। के तिमीहरू पनि प्रायजसो यसरी नै बोल्छौ? (हो।) त्यसो भए तिमीहरूको उद्देश्य के हो? के कहिलेकहीँ तिमीहरूको आफ्ना चाहनाहरूलाई सुरक्षित राख्‍न, कहिलेकहीँ तिमीहरूको आफ्नो ओहदा कायम राख्‍न, तिमीहरूको छवि बचाउन, तिमीहरूका

निजी जीवनका कुराहरू गोप्य राख्न, तिमीहरूको आफ्नो प्रतिष्ठा सुरक्षित राख्न हो? उद्देश्य जे-सुकै होस्, यो तिमीहरूका चाहनाहरूबाट अलग रहन सक्दैन, त्यो तिमीहरूका चाहनाहरूसँग सम्बन्धित हुन्छ। के यो मानिसको प्रकृति होइन र? के यस्तो किसिमको प्रकृति भएको व्यक्ति शैतानसँग सम्बन्धित भएको हुँदैन र? हामी यसलाई यसरी भन्न सक्छौं, के हामी सक्दैनौं र? सामान्यतया भन्नुपर्दा, यस्तो प्रकटीकरण घृणित र तिरस्कारयोग्य हुन्छ। तिमीहरूले पनि घृणित महसुस गर्छौ, गर्दैनौ त? (गर्छौं।)

फेरि एक पटक पहिलो वचन-खण्डलाई हेरौं, यसो भन्दै शैतानले यहोवाको प्रश्नको जवाफ दिन्छ: "के अय्यूबले परमेश्वरको भय त्यत्तिकै मान्छ र?" यहोवाले अय्यूबमाथि गरेको मूल्याङ्कनलाई शैतानले आक्रमण सुरु गरिरहेको छ, यो आक्रमण शत्रुताले भरिएको छ। "के तपाईंले तिनको वरिपरि, र तिनको घर वरिपरि, र तिनीसँग भएका सबै थोकलाई चारैतिरबाट बार हाल्नुभएको छैन र?" यो अय्यूबमाथि यहोवाको कामको बारेमा शैतानको बुझाइ हो र मूल्याङ्कन हो। शैतानले यसलाई यसरी मूल्याङ्कन गर्छ, र भन्छ: "तपाईंले तिनको हातका कामहरूमा आशिष् दिनुभएको छ र तिनका धन-सम्पत्ति मुलुकभरि वृद्धि गर्नुभएको छ। तर अहिले तपाईंको हात पसार्नुहोस्, र तिनीसँग भएका सबै थोक छोइदिनुहोस् र तिनले तपाईंलाई सोझै सराप्नेछ।" शैतानले सधैँ अस्पष्ट रूपमा बोल्छ, तर त्यसले यहाँ भने निश्चित शब्दहरू प्रयोग गर्छ। तैपनि, यी शब्दहरू निश्चित अर्थमा बोलिएको भए तापनि त्यो यहोवा परमेश्वरमाथिको, अर्थात् परमेश्वर स्वयम्को विरुद्धमा एउटा आक्रमण, ईश्वर निन्दा र अवज्ञा हो। जब तिमीहरूले यी शब्दहरू सुन्छौ तब कस्तो महसुस गर्छौ? के तिमीहरूले घृणाको महसुस गर्छौ? के तिमीहरूले शैतानका अभिप्रायहरूलाई देख्न सक्छौ? सबैभन्दा पहिले, यहोवाले अय्यूबलाई गर्नुभएको मूल्याङ्कनलाई शैतानले खण्डन गर्छ–परमेश्वरको भय मान्ने र दुष्टलाई घृणा गर्ने एक मानिस। त्यसपछि शैतानले अय्यूबले भनेको र गरेको सबै कुराहरूको खण्डन गर्छ, अर्थात्, त्यसले यहोवाप्रति अय्यूबको भयलाई खण्डन गर्छ। के यो दोषयुक्त छैन? शैतानले यहोवाले गर्नुहुने र भन्नुहुने सबै कुरालाई दोष लगाउँदैछ, खण्डन गर्दैछ र शङ्का गर्दैछ। त्यसले विश्वास गर्दैन, त्यसले भन्छ, "यदि तपाईंले कुराहरू यस्ता छन् भन्नुहुन्छ भने, मैले चाहिँ कसरी देखिनँ छु? तपाईंले उसलाई त्यति धेरै आशिष् दिनुभएको छ, त्यसैले उसले कसरी तपाईंको भय नमान्न सक्छ र?" के यो परमेश्वरले गर्नुभएको सबै कामको खण्डन होइन र? दोष लगाउनु, खण्डन गर्नु र ईश्वर निन्दा–शैतानको शब्दहरू हमला होइनन् र? के यिनीहरू शैतानले आफ्नो हृदयमा विचार गरेका कुराहरूको साँचो अभिव्यक्ति होइनन् र? यी शब्दहरू निश्चय नै अहिले भर्खरै हामीले पढेका शब्दहरू जस्तै होइनन्: "पृथ्वीमा यताउता हिँड्डुल गर्दै र तल माथि गर्दै आएँ।" यिनीहरू पूर्णतया फरक छन्। यी शब्दहरूद्वारा शैतानले आफ्नो हृदयलाई पूर्णतया नाङ्गो पार्छ–परमेश्वरप्रति त्यसको स्वभाव र परमेश्वरप्रतिको अय्यूबको भयप्रति त्यसको घृणा। जब यस्तो हुन्छ, त्यसको द्वेष र दुष्ट प्रकृति पूर्णतया प्रकट हुन्छ। त्यसले परमेश्वरको भय मान्ने मानिसहरूलाई घृणा गर्छ, दुष्टलाई घृणा गर्ने मानिसहरूलाई घृणा गर्छ, र मानिसलाई आशिष् दिनुभएको कारण यहोवालाई पनि घृणा गर्छ। त्यसले अय्यूबलाई विनाश गर्न, उसलाई बरबाद गर्न यो मौका प्रयोग गर्न चाहन्छ, जसलाई परमेश्वरले आफ्नो हातले उठाउनुभएको

थियो, त्यसले भन्छ: “तपाईं भन्नुहुन्छ अय्यूबले तपाईंको भय मान्छ र दुष्टलाई घृणा गर्छ। म यसलाई फरक ढङ्गले हेर्छु।” त्यसले यहोवालाई उक्साउन र परीक्षा गर्न थुप्रै माध्यमहरू प्रयोग गर्छ र थुप्रै चाल चल्छ ताकि यहोवाले अय्यूबलाई शैतानले चाहेको जस्तै चालवाजी गर्न, हानी पुऱ्याउन र दुरुपयोग गर्न शैतानको हातमा सुम्पिदिनुभएको होस्। त्यसले परमेश्‍वरको दृष्टिमा धर्मी र सिद्ध ठहरिएको यस मानिसलाई नाश गर्न यो मौकाको फाइदा उठाउन चाहन्छ। के शैतानमा यस्तो किसिमको हृदय हुनुको कारण केवल क्षणिक आवेग मात्रै हो? होइन, यो त्यसो होइन। यो लामो समयदेखिको योजना हो। परमेश्‍वरले आफ्नो काम गर्नुहुन्छ, परमेश्‍वरले एक व्यक्तिलाई वास्ता गर्नुहुन्छ, यो व्यक्तिलाई हेरचाह गर्नुहुन्छ, र त्यसै समयमा शैतानले उहाँको हरेक पाइलामा समस्या खडा गर्छ। परमेश्‍वरले जसलाई कृपा गर्नुहुन्छ, शैतानले पनि त्यसलाई त्यसको पछि-पछि लागेर त्यसलाई हेरिरहन्छ। यदि परमेश्‍वरले यो व्यक्तिलाई चाहनुहुन्छ भने शैतानले परमेश्‍वरलाई बाधा दिन आफ्नो शक्ति लगाउन सबै कार्य गर्छ, परीक्षा, बाधा दिन र परमेश्‍वरले गर्नुहुने कामलाई बिगार्न गर्न विभिन्न दुष्ट चालहरू प्रयोग गर्छ, त्यसले आफ्नो गुप्त उद्‌देश्य हासिल गर्न यी सबै कार्य गर्छ। यो उद्‌देश्य के हो? परमेश्‍वरले कुनै पनि व्यक्तिलाई प्राप्त गर्नुभएको त्यसले चाहँदैन; परमेश्‍वरले चाहनुभएको सबैलाई त्यसले आफ्नो बनाउन चाहन्छ, त्यो तिनीहरूमा बास गर्न चाहन्छ, तिनीहरूलाई नियन्त्रण गर्न चाहन्छ, तिनीहरूलाई बसमा पार्न चाहन्छ, ताकि तिनीहरूले त्यसको आराधना गरून्, ताकि दुष्ट कार्य गर्नमा तिनीहरू पनि त्यससँग सहभागी होऊन्। के यो शैतानको दुष्ट चाल होइन र? तिमीहरू प्रायजसो भन्छौ, शैतान अत्यन्त दुष्ट छ, अत्यन्त खराब छ, तर के तिमीहरूले त्यसलाई त्यो देखेका छौ? तिमीहरूले केवल मानिस कति धेरै खराब छ भन्ने कुरा मात्रै देख्न सक्छौ। वास्तवमा शैतान कति धेरै खराब छ भनी तिमीहरूले वास्तविकतामा देखेका छैनौ। तर यस विषयमा अय्यूबसँग सम्बन्धित घटनामा शैतानको दुष्टतालाई तिमीहरूले देखेका छौ? (छौं।) यो विषयले शैतानको घृणित मुहार र सारलाई स्पष्ट पारेको छ। परमेश्‍वरसँग युद्ध गर्ने क्रममा, र उहाँको पछि लाग्ने क्रममा, शैतानको उद्‌देश्य भनेको परमेश्‍वरले गर्न चाहनुभएको सबै कामलाई विनाश गर्नु, परमेश्‍वरले आफ्नो बनाउन चाहनुभएका मानिसहरूलाई कब्जा गर्न र नियन्त्रण गर्न, परमेश्‍वरले प्राप्त गर्न चाहनुभएकाहरूलाई पूर्ण रूपमा नष्ट गर्नु हो। यदि तिनीहरूलाई नष्ट गरिएन भने तिनीहरू शैतानको अधीनमा हुन्छन्, शैतानद्वारा प्रयोग गरिन्छन्–त्यसको उद्‌देश्य यही हो। अनि परमेश्‍वरले के गर्नुहुन्छ? परमेश्‍वरले यो वचन-खण्डमा एउटा सरल वाक्य मात्र भन्नुहुन्छ; परमेश्‍वरले गर्नुहुने कार्यको बारेमा थप कुनै कुराको विवरण उल्लेख गरिएको छैन, तर शैतानले गर्ने र भन्ने कुराहरूको विवरण प्रशस्त छन्। पवित्रशास्त्रको निम्न वचन-खण्डमा यहोवाले शैतानलाई सोध्नुहुन्छ, “तँ कहाँबाट आइस्?” शैतानको जवाफ के हो? (अझै पनि “पृथ्वीमा यताउता हिँड्डुल गर्दै र तल माथि गर्दै आएँ।”) अझै पनि उही वाक्य छ। यो शैतानको नारा, शैतानको बोलावट बनेको छ। यो कसरी हुन सक्छ? के शैतान घृणा योग्य छैन र? निश्‍चय नै यो घृणित वाक्य एक पटक उच्चारण गर्नु नै पर्याप्त छ। किन शैतानले यो बारम्बार दोहोऱ्याइरहन्छ? यसले एउटा कुरालाई प्रमाणित गर्छ: शैतानको प्रकृति अपरिवर्तनीय छ। शैतानले आफ्नो कुरूप अनुहार लुकाउन ढोंगीपनको प्रयोग गर्न सक्दैन। परमेश्‍वरले त्यसलाई प्रश्‍न सोध्नुहुन्छ र त्यसले

यसरी प्रत्युत्तर दिन्छ। त्यसैले, कल्पना गर्नुहोस् त्यसले मानिसहरूसँग कसरी व्यवहार गर्छ! शैतान परमेश्वरसँग डराउँदैन, परमेश्वरको भय मान्दैन, र परमेश्वरको आज्ञापालन गर्दैन। त्यो परमेश्वरको सामने अस्वाभाविक रूपमा अहङ्कारी बन्ने, परमेश्वरको प्रश्नको जवाफ दिन उही शब्दहरू प्रयोग गर्ने, परमेश्वरको प्रश्नको बारम्बार उही जवाफ दिने, यो जवाफ प्रयोग गरी परमेश्वरलाई गोलमालमा पार्ने दुष्प्रयास गर्छ—योचाहिँ शैतानको कुरूप अनुहार हो। त्यसले परमेश्वरको सर्वशक्तिमान्तामा विश्वास गर्दैन, परमेश्वरको अख्तियारमा विश्वास गर्दैन, र निश्चय नै त्यो परमेश्वरको प्रभुत्वमा समर्पित हुन इच्छुक छैन। त्यो निरन्तर रूपमा परमेश्वरको विरुद्धमा रहन्छ, निरन्तर रूपमा परमेश्वरले गर्नुहुने सबै कामलाई आक्रमण गर्छ, परमेश्वरले गर्नुभएको सबै कामलाई विनाश गर्ने प्रयत्न गर्छ—यो नै त्यसको दुष्ट उद्देश्य हो।

अय्यूबको पुस्तकमा उल्लेख गरिएझैँ, शैतानले उच्चारण गरेका यी दुई वटा खण्डहरू र शैतानले गरेका कुराहरूले परमेश्वरको छ हजार वर्षीय व्यवस्थापनको योजना विरुद्ध त्यो खडा भएको कुरालाई प्रतिनिधित्व गर्छ—यहाँ शैतानको वास्तविक रङ्गलाई प्रकट गरिएको छ। के तैँले वास्तविक जीवनमा शैतानको वचन र कार्यहरूलाई देखेको छस्? जब तैँले ती देख्छस्, तँलाई ती कुराहरू शैतानले बोलेको जस्तो नलाग्न सक्छ, बरु ती कुराहरू मानिसले बोलेको हो भनी तैँले विचार गर्न सक्छस्। जब मानिसले यस्ता कुराहरू बोल्छ, के कुराको प्रतिनिधित्व हुन्छ? शैतानको प्रतिनिधित्व गरिएको हुन्छ। यदि तैँले त्यसलाई पहिचान गरिस् भने पनि, त्यो कुरा शैतानले नै बोलेको हो भनी तैँले थाहा पाउन सक्दैनस्। तर अहिले यहाँ शैतान आफैले के भनेको छ भन्ने कुरा तैँले स्पष्टसँग देखेको छस्। अहिले तँसँग शैतानको घृणित रूप र दुष्टताको स्पष्ट, सफा बुझाइ छ। के शैतानले बोलेका यी दुई वचन-खण्डहरू आज मानिसहरूलाई शैतानको प्रकृतिको विषयमा ज्ञान प्राप्त गर्न सहायता गर्ने कुरामा महत्वपूर्ण छन्? के आज मानवजातिले शैतानको घृणित रूप पहिचान गर्न, शैतानको मौलिक, साँचो चेहरा पहिचान गर्न यी दुई वचन-खण्डहरूलाई होशियारसाथ प्रयोग गर्न योग्य छन्? यसो भन्नु उपयुक्त नदेखिए तापनि, यसरी व्यक्त गरिएका यी वचनहरूलाई सही ठान्न सकिन्छ। वास्तवमा, यो विचारलाई मैले यसरी मात्रै व्यक्त गर्न सक्छु, र यदि तिमीहरूले यसलाई बुझ्न सक्छौ भने त्यो पर्याप्त छ। बारम्बार शैतानले यहोवाले गर्नुहुने कुराहरूलाई आक्रमण गर्छ, यहोवा परमेश्वरप्रति अय्यूबको भयको बारेमा त्यसले दोष लगाउँछ। शैतानले यहोवालाई थुप्रै माध्यमहरूबाट उक्साउने प्रयत्न गर्छ, त्यसले अय्यूबलाई परीक्षामा पारेको कुरालाई यहोवाले बेवास्ता गर्नुभएको होस् भनी त्यसले प्रयास गर्छ। त्यसैले त्यसका वचनहरूमा उक्साउने उच्च प्रकृति पाइन्छन्। त्यसैले मलाई बताओ, शैतानले यी वचनहरू बोलिसकेपछि, शैतानले के गर्न चाहन्छ भनी के परमेश्वरले स्पष्टसँग देख्न सक्नुहुन्छ? (सक्नुहुन्छ।) परमेश्वरको हृदयमा, परमेश्वरले हेरचाह गर्नुभएको यो मानिस अय्यूब—परमेश्वरका यस सेवक, जसलाई परमेश्वरले धर्मी मानिस, सिद्ध मानिसको रूपमा लिनुहुन्छ—के उ यस किसिमको परीक्षामा खडा भइरहन सक्छ? (सक्छ।) किन परमेश्वर यस विषयमा त्यति निश्चित हुनुहुन्छ? के परमेश्वरले सधैँ मानिसको हृदयको जाँच गरिरहनुहुन्छ? (हो।) के शैतानले पनि मानिसको हृदय जाँच गर्न सक्छ? शैतानले सक्दैन। शैतानले तेरो हृदयलाई देख्न सके पनि, त्यसको दुष्ट प्रकृतिले त्यसलाई

पवित्रता चाहिँ पवित्रता नै हो वा अपवित्रता चाहिँ अपवित्रता नै हो भनी विश्वास गर्न दिँदैन। दुष्ट शैतानले पवित्र, धार्मिक वा उज्ज्वल कुरालाई कहिल्यै पनि मूल्यवान् ठान्न सक्दैन। शैतानले आफ्नो प्रकृति, आफ्नो दुष्टता र आफ्नो आचरण बमोजिम काम गर्न कहिल्यै छोड्दैन। परमेश्वरद्वारा दण्ड वा विनाश सहनु परे तापनि जिद्दी बनेर परमेश्वरको विरोध गर्न त्यो पछि पर्दैन–यो दुष्टता हो, यो शैतानको स्वभाव हो। यो वचन-खण्डमा शैतान भन्छ: "छालाको निम्ति छाला, हो, मानिसले आफ्नो जीवनको निम्ति आफूसँग भएको सब थोक दिनेछ। तर अहिले तपाईंको हात पसार्नुहोस् र त्यसको हाड र छालामा छोइदिनुहोस् अनि तिनले तपाईंलाई सोझै सराप्नेछ।" मानिसले परमेश्वरबाट थुप्रै फाइदाहरू प्राप्त गरेको कारण मानिसले परमेश्वरको भय मानेको हो भनी शैतानले विचार गर्छ। मानिसले परमेश्वरबाट फाइदाहरू प्राप्त गर्छ, त्यसैले उसले परमेश्वर भलो हुनुहुन्छ भनी भन्छ। तर यो परमेश्वर भलो हुनुभएको कारण होइन, तर मानिसले थुप्रै फाइदाहरू प्राप्त गरेको कारणले गर्दा उसले यस किसिमले परमेश्वरको भय मान्न सक्छ। जब परमेश्वरले उसलाई यी सबै फाइदाहरूबाट वञ्चित गर्नुहुन्छ, तब उसले परमेश्वरले त्याग्छ। मानिसको हृदयले साँच्चिकै परमेश्वरको भय मान्न सक्छ भनेर आफ्नो दुष्ट प्रकृतिमा शैतानले विश्वास गर्दैन। त्यसको दुष्ट प्रकृतिको कारण त्यसलाई पवित्रता के हो सो थाहा छैन, भययोग्य आदर के हो भन्ने थाहा हुनु त परै जाओस्। परमेश्वरको आज्ञापालन गर्नु भनेको के हो वा परमेश्वरको भय मान्नु भनेको के हो भन्ने त्यसलाई थाहा छैन। त्यसलाई यी कुराहरू थाहा नभएको कारण, मानिसले पनि परमेश्वरको भय मान्न सक्दैन भनी त्यसले विचार गर्छ। मलाई भन्, के शैतान दुष्ट छैन र? हाम्रो मण्डली बाहेक अन्य थुप्रै धर्महरू र सम्प्रदायहरू, वा धार्मिक र सामाजिक समूहहरूले परमेश्वरको अस्तित्वमा विश्वास गर्दैन, न त परमेश्वर देहधारी हुनुभयो र उहाँले न्यायको काम गरिरहनुभएको छ भनी तिनीहरू विश्वास गर्छन्, त्यसैले तैँले विश्वास गरेको चाहिँ परमेश्वर हुनुहुन्न भनी तिनीहरू विश्वास गर्छन्। अनैतिक मानिसले आफ्नो वरपर हेर्छ र सबैलाई आफू जस्तै अनैतिक भएको देख्छ। झूटो बोल्ने मानिसले आफ्नो वरपर हेर्छ र बेइमान र झूट मात्र देख्छ। दुष्ट मानिसले हरेक व्यक्तिलाई दुष्ट नै देख्छ र उसले देखेका हरेक व्यक्तिसँग झगडा गर्न चाहन्छ। ईमानदारी व्यक्तिले हरेक व्यक्तिलाई ईमानदार नै देख्छ, त्यसैले तिनीहरूलाई सधैँ धोखा दिइन्छ, सधैँ ठगिन्छ, र त्यस विषयमा तिनीहरूले केही पनि गर्न सक्दैनन्। तिमीहरूलाई आफ्नो निश्चयतामा सुदृढ बनाउनका लागि मैले यी केही उदाहरणहरू दिएको छु: शैतानको दुष्ट प्रकृति क्षणिक बाध्यता होइन वा यो परिस्थितिहरूद्वारा निर्धारित हुँदैन, न त त्यो नै कारण वा प्रासंगिक तत्वहरूबाट उत्पन्न भएको अस्थायी प्रकटीकरण नै हो। बिलकुलै होइन! शैतानले यस्तो बन्ने बाहेक केही पनि गर्न सक्दैन! त्यसले कुनै पनि असल कुरा गर्न सक्दैन। यसले सुन्दा रमाइलो लाग्ने कुरा भन्दा समेत, केवल तँलाई लोभ्याउनको लागि यो भन्छ। जति धेरै रमाइलो लाग्छ, त्यति नै धेरै धूर्तता हुन्छ, त्यसको वचनहरू जति धेरै सुमधुर हुन्छन्, यी वचनहरूको पछाडि त्यति नै धेरै द्वेष र घृणित अभिप्राय लुकेको हुन्छ। शैतानले यी दुई वचन-खण्डहरूमा कस्तो किसिमको चेहरा र कस्तो किसिमको प्रकृति देखाउँछ। (ढोंगी, द्वेषपूर्ण र दुष्ट।) शैतानको प्राथमिक विशेषता दुष्टता हो; सबैभन्दा महत्वपूर्ण कुरा त शैतान दुष्ट र द्वेषपूर्ण छ।

अब हामीले शैतानको विषयमा रहेको हाम्रो छलफललाई सिध्याएका छौं, हामी हाम्रो परमेश्वरको विषयको कुराकानीमा फर्कौं। परमेश्वरको छ हजार वर्षीय व्यवस्थापन योजनाको अवधिमा, परमेश्वरले प्रत्यक्ष रूपमा बोल्नुभएको वचनमध्ये अत्यन्तै थोरै मात्र बाइबलमा उल्लेख गरिएको थियो, र बाइबलमा उल्लेख गरिएको वचन अत्यन्तै सरल छ। त्यसैले, हामी सुरुबाट आरम्भ गरौं। परमेश्वरले मानिसलाई सृष्टि गर्नुभयो र त्यसपछि परमेश्वरले मानिसको जीवनलाई निर्देशित गर्दै आउनुभएको छ। चाहे ती मानिसजातिलाई आशिष् दिने कार्य होस्, मानिसहरूका निम्ति व्यवस्था र आज्ञाहरू सृजना गर्ने काम होस्, वा जीवनको निम्ति विभिन्न नीतिहरू व्यवस्थापन गर्ने कार्य नै होस्, यी कार्यहरू गर्नुमा परमेश्वरको अपेक्षाकृत लक्ष्य के हो भन्ने तिमीहरूलाई थाहा छ? पहिलो, परमेश्वरले गर्नुहुने सबै कार्य मानवजातिको भलाइको निम्ति हो भनी के तिमीहरू निश्चयताका साथ भन्न सक्छौ? यो तिमीहरूका निम्ति भव्य, खोक्रो शब्दहरूजस्तो लाग्न सक्छ, तर त्यस भित्रको विस्तृत विवरण जाँच गर्ने हो भने, परमेश्वरले गर्नुहुने सबै कार्यको लक्ष्य मानिसलाई एक सामान्य जीवन जिउन अगुवाइ गर्नु वा मार्गदर्शन दिनु नै होइन र? चाहे मानिसलाई उहाँको व्यवस्था अनुसरण गर्न लगाउने होस् वा उहाँको व्यवस्था पालन गर्न लगाउने कुरा होस्, मानिस पतन भएर शैतानको आराधना गर्ने नहोस् र शैतानले उसलाई हानी नगरोस् भन्ने नै परमेश्वरको लक्ष्य हो; यो अत्यन्तै आधारभूत कुरा हो, र सबैभन्दा सुरुमा यही कुरा नै गरिएको थियो। सबैभन्दा सुरुमा, जब मानिसले परमेश्वरको इच्छा बुझेको थिएन, त्यो बेला परमेश्वरले केही सरल व्यवस्था र नियमहरू बनाउनुभयो र कल्पना गर्न सकिने सबै कुरा समावेश हुने नीति-नियमहरू बनाउनुभयो। यी नीति-नियमहरू सरल छन्, तैपनि तिनीहरूभित्र परमेश्वरको इच्छा समावेश छन्। परमेश्वरले मानवजातिलाई मूल्यवान् ठान्नुहुन्छ, स्नेह गर्नुहुन्छ र अत्यन्त धेरै प्रेम गर्नुहुन्छ। के त्यसै गर्नुहुन्छ होइन र? (हो।) त्यसो भए के हामी परमेश्वरको हृदय पवित्र छ भनी भन्न सक्छौं? के हामी उहाँको हृदय सफा छ भनी भन्न सक्छौं? (सक्छौं।) के परमेश्वरका कुनै थप अभिप्रायहरू छन्? (छैनन्।) के यो उहाँको लक्ष्य सही र सकारात्मक छ? (छ।) परमेश्वरको कामको प्रक्रियामा, उहाँले बनाउनुभएका सबै नीति-नियमहरूले मानिसमा सकारात्मक असर परेको छ, मानिसलाई अगुवाइ गरिरहेको छ। के परमेश्वरको मनमा आफूलाई कुनै स्वार्थी विचारहरू छन्? मानिसको सन्दर्भमा के परमेश्वरका अन्य कुनै थप लक्ष्यहरू छन्? के परमेश्वरले मानिसलाई कुनै किसिमले प्रयोग गर्न चाहनुहुन्छ? (चाहनुहुन्न।) अलिकति पनि छैन। परमेश्वरले जे भन्नुहुन्छ, त्यही गर्नुहुन्छ, र उहाँका वचनहरू र यहाँका कार्यहरू उहाँको हृदयमा भएका उहाँका विचारहरूसँग मिल्छन्। कुनै कलङ्कित उद्‌देश्य, कुनै स्वार्थी विचारहरू छैनन्। उहाँले गर्नुहुने केही पनि कुरा आफ्नो निम्ति होइन; उहाँले गर्नुहुने सबै कुरा उहाँले मानिसकै निम्ति गर्नुहुन्छ, कुनै पनि निजी उद्‌देश्यहरू हुँदैनन्। उहाँसँग उहाँले मानिसमाथि राख्नुहुने योजनाहरू र अभिप्रायहरू भए तापनि, ती कुनै पनि उहाँको आफ्नै निम्ति होइनन्। उहाँले गर्नुहुने सबै कुरा नितान्त रूपमा मानवजातिको निम्ति, मानवजातिको सुरक्षाको निम्ति, मानवजातिलाई गलत बाटोमा लाग्नबाट बचाउनको निम्ति गर्नुहुन्छ। के उहाँको यो हृदय बहुमूल्य छैन र? के तैँले शैतानमा यस किसिमको बहुमूल्य हृदयको सानोभन्दा सानो अंश समेत देख्न सक्छस्? तैँले शैतानमा यसको सानो अंश पनि देख्न सक्दैनस्।

परमेश्वरले गर्नुहुने सबै कुरा स्वाभाविक रूपमा नै प्रकट हुन्छ। अब हामी परमेश्वरले काम गर्नुहुने तरिकालाई हेरौं; उहाँले आफ्नो काम कसरी गर्नुहुन्छ? के उहाँले यी नीति-नियमहरू र उहाँका वचनहरू लिएर हरेक मानिसको टाउकोमा कसिने गरी बाँधिदिनुहुन्छ, नियन्त्रण गर्ने मन्त्रले[क] बाँधे झैँ ती नीति-नियमहरू हरेक मानवजातिमाथि थोपर्नुहुन्छ? के उहाँले यस किसिमले काम गर्नुहुन्छ? (गर्नुहुन्न।) त्यसो भए उहाँले आफ्नो काम कसरी गर्नुहुन्छ? (उहाँले हामीलाई अगुवाइ गर्नुहुन्छ। उहाँले हामीलाई सुझाव दिनुहुन्छ र उत्साह दिनुहुन्छ।) के उहाँले धम्की दिनुहुन्छ? उहाँ तिमीहरूसँग बोल्नुहुँदा के उहाँले तिमीहरूलाई तर्साउनुहुन्छ? (हुन्न।) जब तैँले सत्यतालाई बुझ्दैनस्, परमेश्वरले तँलाई कसरी अगुवाइ गर्नुहुन्छ? (उहाँले प्रकाश देखाउनुहुन्छ।) उहाँले तँमा प्रकाश देखाउनुहुन्छ, यो सत्यतासँग मेल खाँदैन भनी तँलाई बताउनुहुन्छ, अनि तैँले के गर्नुपर्छ भनी उहाँले बताउनुहुन्छ। परमेश्वरले काम गर्नुहुने यी तरिकाहरूबाट, परमेश्वरसँग तेरो कस्तो किसिमको सम्बन्ध छ भन्ने तँलाई लाग्छ? के परमेश्वर तेरो समझभन्दा बाहिर हुनुहुन्छ भन्ने तँलाई लाग्छ? (होइन।) परमेश्वरले काम गर्नुहुने तरिका देखिसकेपछि तँलाई कस्तो महसुस हुन्छ? परमेश्वर तेरो अत्यन्तै नजिक हुनुहुन्छ; परमेश्वर र तेरो बीचमा कुनै दूरी छैन। जब परमेश्वरले तँलाई अगुवाइ गर्नुहुन्छ, जब उहाँले तँलाई जुटाउनुहुन्छ, तँलाई सहायता गर्नुहुन्छ र समर्थन गर्नुहुन्छ, परमेश्वर अनि उहाँले उत्प्रेरित गर्नुहुने भक्ति कति प्रिय छन् भन्ने तँ महसुस गर्छस्; तैँले उहाँ कति प्रेमिलो हुनुहुन्छ सो महसुस गर्छस्, तैँले उहाँको न्यानोपनलाई महसुस गर्छस्। तर जब परमेश्वरले तेरो भ्रष्टताको निन्दा गर्नुहुन्छ, वा उहाँको विरुद्धमा बागी भएको कारण उहाँले तँलाई न्याय गर्नुहुन्छ र ताडना दिनुहुन्छ, तब उहाँले कुन विधि प्रयोग गर्नुहुन्छ? के उहाँले तँलाई वचनहरूद्वारा निन्दा गर्नुहुन्छ? के उहाँले तँलाई तेरो वातावरणद्वारा र मानिसहरू, मामिलाहरू, र कुराहरूद्वारा ताडना दिनुहुन्छ? (हो।) परमेश्वरले तँलाई कुन हदसम्म ताडना दिनुहुन्छ? के परमेश्वरले मानिसलाई शैतानले हानी पुऱ्याउने हदसम्म नै अनुशासनमा राख्नुहुन्छ? (होइन। परमेश्वरले मानिसलाई उसले सहन सक्ने हदसम्म मात्र अनुशासनमा राख्नुहुन्छ।) परमेश्वरले भद्रता, कोमलता, प्रेमिलो र वास्ता पुऱ्याउने तरिकाले काम गर्नुहुन्छ, जुन असाधारण रूपमा होशियार र उचित किसिमको तरिका हो। उहाँको तरिकाले तँमा तीव्र भावनात्मक प्रतिक्रिया उत्पन्न गर्दैन, जस्तै: "परमेश्वरले मलाई यसो गर्न दिनुपर्छ" वा "परमेश्वरले मलाई त्यसो गर्न दिनुपर्छ।" परमेश्वरले तँलाई सहनै नसक्ने मानसिक वा भावनात्मक तीव्रता दिनुहुन्न जसले गर्दा असहनीय हुन्छ। के यस्तै होइन त? जब तैँले परमेश्वरको न्याय र सजायका वचनहरूलाई स्वीकार गर्छस् तब तैँले कस्तो महसुस गर्छस्? जब तैँले परमेश्वरको अख्तियार र शक्तिको अनुभूति गर्छस्, तब तैँले कस्तो महसुस गर्छस्? परमेश्वर ईश्वरीय र उल्लङ्घन गर्न नसकिने हुनुहुन्छ भन्ने महसुस गर्छस्? (हो।) के यस्ता समयहरूमा तँ

क. "नियन्त्रण गर्ने मन्त्र" एउटा मन्त्र हो जुन भिक्षु ताङ सन्जाङले पश्चिमतर्फको यात्रा नामक चिनियाँ उपन्यासमा प्रयोग गरेका छन्। उनले यो मन्त्रको प्रयोग गरेर सन वुकोङलाई नियन्त्रण गर्न तिनको शिर वरिपरि एउटा धातुको पट्टी बाँधि दिन्छन्, तिनलाई गम्भीर रूपमा टाउको दुखाउँछ, र यसरी तिनलाई नियन्त्रणमा ल्याउँछन्। यो व्यक्तिलाई बाँध्ने कुनै थोकको बारेमा बताउने एउटा उपमा बनेको छ।

र परमेश्वरको बीचमा दूरी भएको तँ महसुस गर्छस्? के तैँले परमेश्वरको भय महसुस गर्छस्? होइन–बरु तैँले परमेश्वरप्रति भयपूर्ण आदर महसुस गर्छस्। के परमेश्वरको कामको कारण मानिसहरूले यी सबै कुराहरू महसुस गर्दैनन् र? यदि काम गर्ने शैतान भएको भए के तिनीहरूले यी सबै कुराहरू महसुस गर्नेथिए? (थिएनन्।) परमेश्वरले मानिसलाई निरन्तर जुटाइरहन, मानिसलाई सहायता गर्न आफ्ना वचनहरू, आफ्नो सत्यता र आफ्नो जीवनलाई प्रयोग गर्नुहुन्छ। जब मानिस कमजोर हुन्छ, जब मानिसले निराश महसुस गर्छ, तब परमेश्वर निश्चय नै कठोर भएर बोल्नुहुन्न: "निराश महसुस नगर्। निराश हुनुपर्ने के कुरा छ र? किन तँ कमजोर छस्? कमजोर हुनुपर्ने कारण के छ र? तँ सधैँ यति कमजोर हुन्छस्, र तँ सधैँ नकारात्मक छस्। जीवित हुनुको अर्थ के छ र? गएर मर् र त्यसलाई सिध्याई दे!" के परमेश्वरले यस किसिमले काम गर्नुहुन्छ? (गर्नुहुन्न।) के परमेश्वरसँग यस किसिमले काम गर्ने अख्तियार छ? (छ।) तैपनि परमेश्वरले यस किसिमले काम गर्नुहुन्न। उहाँको सार, उहाँको पवित्रताको सारको कारण परमेश्वरले यस किसिमले काम गर्नुहुन्न। मानिसको निम्ति उहाँको प्रेम, उहाँले मानिसलाई बहुमूल्य ठान्नुहुने, र स्नेह गर्नुहुने कुरालाई एक वा दुई वाक्यहरूमा स्पष्टसँग व्यक्त गर्न सकिँदैन। यो मानिसको घमण्डले ल्याएको कुरा होइन तर यो त परमेश्वरले वास्तविक अभ्यासद्वारा ल्याउनुहुने कुरा हो; यो परमेश्वरको सारको प्रकाश हो। परमेश्वरले काम गर्नुहुने यी सबै तरिकाहरूबाट के मानिसले परमेश्वरको पवित्रतालाई देख्न सक्छ? परमेश्वरका असल अभिप्रायहरू लगायत, मानिसमा काम गर्ने परमेश्वरका चाहनाहरू लगायत, मानिसमा काम गर्न परमेश्वरले अपनाउनुहुने विभिन्न तरिकाहरू लगायत, उहाँले गर्नुहुने किसिमको काम लगायत परमेश्वरले काम गर्नुहुने यी सबै तरिकाहरूमा मानिसले के बुझेको उहाँ चाहनुहुन्छ–परमेश्वरका असल अभिप्रायहरूमा तैँले कुनै दुष्टता वा छल देखेको छस्? (छैन।) परमेश्वरले गर्नुहुने सबै कुरामा, परमेश्वरले भन्नुहुने सबै कुरामा, उहाँले आफ्नो हृदयमा विचार गर्नुहुने सबै कुरामा, साथै उहाँले प्रकट गर्नुहुने उहाँका सबै सार तत्त्वहरूमा–के हामी परमेश्वरलाई पवित्र भन्न सक्छौँ? (सक्छौँ।) के कुनै मानिसले संसारमा वा आफैभित्र यो पवित्रतालाई देखेको छ? के परमेश्वरबाहेक तैँले यसलाई कुनै मानवजाति वा शैतानमा देखेको छस्? (छैन।) यहाँ सम्मको हाम्रो छलफलको आधारमा के हामी परमेश्वरलाई अद्‌वितीय, पवित्र परमेश्वर स्वयम् भनी भन्न सक्छौँ? (सक्छौँ।) परमेश्वरका वचनहरू, मानिसमा परमेश्वरले काम गर्नुहुने तरिका, मानिसलाई परमेश्वरले बताउनुहुने कुरा, मानिसलाई परमेश्वरले स्मरण गराउनुहुने कुरा, उहाँले दिनुहुने परामर्श र उत्साह लगायत परमेश्वरले मानिसलाई दिनुहुने सबै कुरा,–यी सबै कुरा एउटै सारबाट उत्पन्न हुन्छ: परमेश्वरको पवित्रता। यदि यस किसिमको पवित्र परमेश्वर नहुनुभएको भए कुनै पनि मानिसले उहाँले गर्नुहुने काम गर्न उहाँको स्थान लिन सक्ने थिएन। यदि परमेश्वरले यी मानिसहरूलाई पूर्ण रूपमा शैतानको हातमा सुम्पिदिनुभएको भए आज तिमीहरू सबै जना कस्तो अवस्थामा हुनेथियौ भनी के तिमीहरूले कहिल्यै विचार गरेका छौ? के तिमीहरू सबै जना यहाँ पूर्ण र सुरक्षित भएर बसिरहेका हुन्थ्यौ? के तिमीहरूले पनि यसो भन्थ्यौ: "पृथ्वीमा यताउता हिँड्डुल गर्दै र तल माथि गर्दै आएँ"? के तिमीहरू साहसी, सुनिश्चित र गर्वसाथ परमेश्वरको अगाडि विना लाज यस्तो वचनहरू बोल्न सक्थ्यौ? (सक्थ्यौं।)

कुनै शङ्कै छैन, तिमीहरूले अवश्य नै यसो गर्नेथियौ! मानिसप्रति शैतानको प्रवृत्तिले मानिसलाई शैतानको प्रकृति सार परमेश्वरको भन्दा पूर्ण रूपमा फरक छ भनी देख्न मानिसलाई सहायता गर्छ। शैतानको सारमा त्यस्तो के कुरा छ, जुन परमेश्वरको पवित्रताभन्दा विपरीत हुन्छ? (शैतानको दुष्टता।) शैतानको दुष्ट प्रकृति परमेश्वरको पवित्रताको विपरीत छ। अधिकांश मानिसहरूले परमेश्वरको प्रकाश र परमेश्वरको पवित्रताको यो सार तत्वलाई पहिचान गर्न नसक्नुको कारण के हो भने, तिनीहरू शैतानको अधिकार क्षेत्रमा, शैतानको भ्रष्टता र शैतानको घेराबन्दीमा जिउँछन्। तिनीहरूलाई पवित्रता भनेको के हो वा पवित्रताको परिभाषा कसरी दिने भन्ने थाहा छैन। तैँले परमेश्वरको पवित्रतालाई बुझे तापनि, तैँले यो परमेश्वरको पवित्रता हो भनी निश्चित रूपमा परिभाषित गर्न सक्दैनस्। यो परमेश्वरको पवित्रता सम्बन्धी मानिसको ज्ञानमा निहित असमानता हो।

कस्ता किसिमका विशेषताहरूले मानिसमा शैतानको कामलाई प्रतिनिधित्व गर्छ? तिमीहरूले यो कुरा तिमीहरूका आफ्नै अनुभवहरूद्वारा सिक्न सक्नुपर्छ—यो चाहिँ शैतानलाई सबैभन्दा बढी प्रतिनिधित्व गर्ने, त्यसले बारम्बार गर्ने काम, त्यसले प्रत्येक मानिससँग गर्ने प्रयास गर्ने काम हो। सायद तिमीहरूले यो विशेषता देख्न सक्दैनौ, त्यसैले तिमीहरूले शैतान डरलाग्दो र घृणास्पद छ भनी महसुस गर्दैनौ। यो विशेषता के हो भन्ने कसैलाई थाहा छ? (त्यसले जे पनि गर्छ, मानिसलाई हानी पुऱ्याउन गर्छ।) कसरी त्यसले मानिसलाई हानी पुऱ्याउँछ? के तिमीहरू मलाई अझ निश्चित रूपमा र अझ विस्तृत रूपमा बताउन सक्छौ? (त्यसले मानिसलाई लोभ्याउँछ, प्रलोभन देखाउँछ र परीक्षा गर्छ।) त्यो सही कुरा हो; यो विशेषता प्रकट हुने विभिन्न तरिकाहरू यिनै हुन्। शैतानले मानिसलाई भ्रममा पार्ने, आक्रमण गर्ने र दोष लगाउने पनि गर्छ—यी सबै प्रकटीकरणहरू हुन्। के अरू पनि छन्? (त्यसले झूट बोल्छ।) शैतानलाई चोर्न र झूट बोल्न स्वाभाविक रूपमा नै आउँछ। त्यसले यी कुराहरू यति निरन्तर रूपमा गरिरहन्छ कि त्यसको मुखबाट विना कुनै सोचविचार झूट निस्कन्छ। के अझ अरू कुराहरू छन्? (त्यसले मतभेद रोप्छ।) यो त्यति धेरै महत्वपूर्ण छैन। अब म तिमीहरूलाई केही कुरा वर्णन गर्नेछु, जसले अन्तमा तिमीहरूको रौँ ठाडो बनाइदिनेछ तर तिमीहरूलाई तर्साउनलाई म यो गर्दिन। परमेश्वरले मानिसमा काम गर्नुहुन्छ र उहाँले मानिसलाई आफ्नो स्वभाव र आफ्नो हृदयमा हेरचाह गर्नुहुन्छ। अर्कोतिर, के शैतानले मानिसलाई हेरचाह गर्छ? गर्दैन, त्यसले मानिसलाई हेरचाह गर्दैन। यसको विपरीत, त्यसले धेरैजसो समय मानिसलाई हानी पुऱ्याउने कुरा सोचिरहन्छ। के त्यसले यस्तो गर्दैन त? जब त्यसले मानिसलाई हानी पुऱ्याउने विषयमा सोचिरहन्छ, के त्यसको मन आतुरीमा हुँदैन त? (हो।) त्यसैले मानिसमा शैतानले गर्ने कामको बारेमा विचार गरिरहँदा, मसँग शैतानको द्वेषपूर्ण र दुष्ट प्रकृतिलाई राम्ररी वर्णन गर्ने दुई वटा वाक्यांशहरू छन्, यसले शैतानको घृणालाई बुझ्न तिमीहरूलाई साँच्चिकै सहयोग गर्नसक्छ: शैतान मानिसको नजिक आउँदा त्यसले सधैँ हरेक मानिसलाई यति हदसम्म जबरजस्ती आफ्नो बनाउन र वशमा राख्न चाहन्छ कि त्यसले मानिसलाई पूर्ण रूपमा अधीन गर्न सक्छ र त्यसले मानिसलाई ठूलो हानी पुऱ्याउन सक्छ, ताकि त्यसले आफ्नो लक्ष्य हासिल गर्न सकोस् र आफ्नो दुष्ट अभिलाषा पूरा गर्न सकोस्। "जबरजस्ती

कब्जा” गर्नु भनेको के हो? के यो तेरो सहमतिमा हुने कुरा हो, कि तेरो सहमति विना हुने कुरा हो? के यो तँलाई थाहा हुने गरी हुन्छ कि तँलाई थाहा नहुने गरी हुन्छ? जवाफ चाहिँ यो तँलाई पूर्ण रूपमा थाहै नहुने गरी हुन्छ! यो तँलाई थाहा नभएको परिस्थितिमा हुन्छ, सायद त्यसले तँलाई केही नभनीकन वा केही नगरिकन, कुनै आधार विना, कुनै सन्दर्भ विना—शैतान तेरो वरिपरि घुमिरहन्छ, तँलाई घेरिरहन्छ। त्यसले शोषण गर्ने अवसर खोजिरहन्छ र त्यसपछि त्यसले तँलाई जबरजस्ती कब्जा गर्छ, तँलाई आफ्नो बनाउँछ, तँलाई पूर्ण रूपमा अधीन गर्ने आफ्नो उद्‌देश्य हासिल गर्छ र तँमाथि पीडामय हानी ल्याउँछ। मानिसलाई परमेश्‍वरबाट टाढा लैजान संघर्ष गर्ने क्रममा शैतानको सबैभन्दा सामान्य अभिप्राय र आचरण यही हो। जब तिमीहरूले यो सुन्छौ तब तिमीहरूलाई कस्तो महसुस हुन्छ? (हाम्रो हृदयमा त्रासित र भयभीत।) के तिमीहरू घृणाको महसुस गर्छौ? (गर्छौं।) यो घृणाको महसुस गर्ने क्रममा, के शैतान लाज नभएको हो भन्‍ने तिमीहरूलाई लाग्छ? जब शैतान लाज नभएको हो भनी तिमीहरू सोच्छौ, तब तिमीहरूलाई आफ्ना वरपरका त्यस्ता मानिसहरूका बारेमा घृणा हुन्छ जसले सँधै तिमीहरूलाई नियन्त्रण गर्न चाहन्छन्, आफ्नो सामाजिक स्थिति र चाहनाहरूको निम्ति दुष्ट अभिलाषाहरू बोक्छन्? (हो।) त्यसो भए शैतानले मानिसलाई जबरजस्ती आफ्नो बनाउन र कब्जा गर्न कस्ता विधिहरू अपनाउँछ? के तिमीहरू यस विषयमा स्पष्ट हुनुहुन्छ? जब तिमीहरू “जबरजस्ती कब्जा” र “आफ्नो बनाउने” यी दुई शब्दहरू सुन्छौ, तब के तिमीहरूलाई घृणा महसुस गर्छौ र यी शब्दहरूका दुष्टताको भावलाई अनुभूति गर्न सक्छौ। शैतानले तेरो सहमति वा तेरो जानकारी विना नै तँलाई आफ्नो बनाउँछ, तँलाई जबरजस्ती कब्जा गर्छ, र तँलाई भ्रष्ट बनाउँछ। तैँले आफ्नो हृदयमा के कुरा अनुभूति गर्न सक्छस्? के तँ घृणा र तिरस्कारको महसुस गर्छस्? (हो।) जब शैतानका यस्ता कार्यहरूप्रति तँलाई घृणा र तिरस्कारको महसुस हुन्छ तब तँमा परमेश्‍वरप्रति कस्तो अनुभूति हुन्छ? (कृतज्ञता।) तँलाई मुक्ति दिनुभएको निम्ति परमेश्‍वरप्रति कृतज्ञता। त्यसो भए अब, अहिले यस क्षणमा, के तँ आफूसँग भएका सबै थोक र आफू जो होस् त्यसलाई परमेश्‍वरले पूर्ण रूपमा लिनुभएको र नियन्त्रण गर्नुभएको चाहन्छस्? (चाहन्छु।) तैँले यस्तो जवाफ कुन सन्दर्भमा दिन्छस्? के शैतानले तँलाई जबरजस्ती कब्जा गर्छ र आफ्नो बनाउँछ भनी डराएर नै तैँले “हुन्छ” भन्छस्। (हो।) तँसँग यस्तो किसिमको मानसिकता हुनु हुँदैन; यो सही कुरा होइन। तँ नडरा, किनकि परमेश्‍वर यहाँ हुनुहुन्छ। डराउनुपर्ने कुनै कुरा छैन। तैँले शैतानको दुष्ट सारलाई बुझिसकेपछि, तँमा परमेश्‍वरको प्रेम, परमेश्‍वरको असल अभिप्राय, परमेश्‍वरको करुणा, मानिसप्रति उहाँको सहिष्णुता, उहाँको धर्मी स्वभावका विषयमा सही बुझाइ वा गहन वास्ता हुनुपर्छ। शैतान अत्यन्त घृणित छ, तैपनि यदि यसले अझै पनि परमेश्‍वरको लागि तेरो प्रेमलाई र परमेश्‍वरमाथिको तेरो निर्भरता र भरोसालाई उत्प्रेरित गर्दैन भने तँ कस्तो किसिमको व्यक्ति होस्? के तँ त्यसरी आफूलाई शैतानद्‌वारा हानी पुऱ्याउन दिन इच्छुक छस्? शैतानको दुष्टता र घृणितपनलाई हेरिसकेपछि, हामी फर्केर परमेश्‍वरमा नजर लगाउँछौं। के परमेश्‍वर सम्बन्धी तेरो ज्ञानमा कुनै परिवर्तन आएको छ? परमेश्‍वर पवित्र हुनुहुन्छ भनी के हामी भन्‍न सक्छौं? परमेश्‍वरमा कुनै दोष छैन भनी के हामी भन्‍न सक्छौं? “परमेश्‍वर अद्‌वितीय पवित्रता हुनुहुन्छ”—के परमेश्‍वर यो पदवी अनुसार जिउन सक्नुहुन्छ?

(सक्नुहुन्छ।) त्यसैले संसार र सबै थोकहरूका बीचमा मानिससँग भएको परमेश्‍वर सम्बन्धी यस बुझाइ बमोजिम जिउन सक्ने व्यक्ति केवल परमेश्‍वर मात्र हुनुहुन्न र? के अरू पनि छन्? (छैन।) त्यसैले परमेश्‍वरले मानिसलाई साँच्चै के कुरा दिनुहुन्छ? के उहाँले तँलाई थाहा नहुने गरी अलिकति मात्र वास्ता, सरोकार र दया दिनुहुन्छ? परमेश्‍वरले मानिसलाई के कुरा दिनुभएको छ? परमेश्‍वरले मानिसलाई जीवन दिनुभएको छ, मानिसलाई सबै थोक दिनुभएको छ, र मानिसबाट कुनै कुराको माग नगरिकन, कुनै पनि गोप्य अभिप्राय नराखिकन निसर्त रूपमा यी सबै कुराहरू मानिसलाई दिनुभएको छ। उहाँले मानिसलाई अगुवाइ गर्ने र मार्गदर्शन दिन सत्यता, आफ्नो वचनहरू, र आफ्नो जीवन प्रयोग गर्नुहुन्छ, मानिसलाई शैतानको हानिबाट टाढा ल्याउनुहुन्छ, शैतानको परीक्षा र बहकाउबाट टाढा ल्याउनुहुन्छ, मानिसलाई शैतानको दुष्‍ट प्रकृति र घृणित मुहार देखाउनुहुन्छ। के मानिसको निम्ति परमेश्‍वरको प्रेम र वास्ता साँचो हो? के यो तिमीहरू प्रत्येकले अनुभव गर्न सक्ने कुरा हो? (हो।)

अहिलेसम्मको तिमीहरूको जीवनलाई, तेरो विश्‍वासको सबै वर्षहरूमा परमेश्‍वरले तँमा गर्नुभएका सबै कामहरूलाई फर्केर नियाल्। यसले तँमा गहन भावनाहरू पैदा गरे पनि सतही भावनाहरू पैदा गरे पनि, के यो तेरो निम्ति सबैभन्दा आवश्यक कुरा होइन? के तैँले प्राप्‍त गर्नुपर्ने सबैभन्दा आवश्यक कुरा यही थिएन र? (हो।) के यो सत्य होइन? (हो।) के यो जीवन होइन? के परमेश्‍वरले कहिल्यै तँलाई प्रकाश दिएर उहाँले तँलाई दिनुभएका सबै कुराहरूका निम्ति तँबाट कुनै कुरा माग्नुभएको छ? (छैन।) त्यसो भए परमेश्‍वरको उद्‌देश्य के हो? परमेश्‍वरले किन यसो गर्नुहुन्छ? के परमेश्‍वरले तँमा बसोबास गर्ने उद्‌देश्य राख्नुभएको छ? (छैन।) के परमेश्‍वरले आफ्नो सिंहासन मानिसको हृदयभित्र बनाउन चाहनुहुन्छ? (हो।) त्यसो भए परमेश्‍वरले आफ्नो सिंहासन बनाउने र शैतानले बल पूर्वक कब्जा गर्ने कुराको बीचमा के भिन्नता छ? परमेश्‍वरले मानिसको हृदय प्राप्‍त गर्न चाहनुहुन्छ, उहाँ मानिसको हृदयमा बास गर्न चाहनुहुन्छ—यसको अर्थ के हो? यसको अर्थ परमेश्‍वरले मानिसलाई आफ्नो कठपुतली, आफ्नो यन्त्र बनाउनु चाहनुहुन्छ भन्‍ने हो? (होइन।) त्यसो भए परमेश्‍वरको उद्‌देश्य के हो त? के परमेश्‍वरले मानिसको हृदयमा बास गर्न चाहनुहुने र शैतानले बल पूर्वक मानिसलाई कब्जा गरी त्यसको बनाउने कुराको बीचमा भिन्नता छ? (छ।) के भिन्नता छ? के तँ मलाई स्पष्‍टसँग बताउन सक्छस्? (शैतानले जबरजस्ती गर्छ भने परमेश्‍वरले मानिसलाई स्वेच्छामा छोड्नुहुन्छ।) के भिन्नता यही हो? परमेश्‍वरले तेरो हृदयलाई के गर्न प्रयोग गर्नुहुन्छ? परमेश्‍वर तँमा बास गर्नुको प्रयोग के हो? "परमेश्‍वर मानिसको हृदयमा बास गर्नुहुन्छ" भन्‍ने कुरालाई तिमीहरूले आफ्नो हृदयमा कसरी बुझ्छौ? परमेश्‍वरको विषयमा कुराकानी गर्ने क्रममा यहाँ हामी निष्पक्ष हुनैपर्छ, अन्यथा मानिसहरूले सधैँ गलत रूपमा मात्र बुझ्नेछन् र यस्तो विचार गर्नेछन्: "परमेश्‍वरले सधैँ मलाई अधीनमा राख्न चाहनुहुन्छ। उहाँले मलाई केको लागि अधीनमा राख्न चाहनुहुन्छ? म अधीनमा रहन चाहँदिनँ, मेरो मालिक म आफै बन्‍न चाहन्छु। तपाईं भन्‍नुहुन्छ, शैतानले मानिसहरूलाई अधीनमा राख्छ तर परमेश्‍वरले पनि मानिसहरूलाई अधीनमा राख्नुहुन्छ। के यो उस्तै कुरा होइन र? कसैले पनि मलाई अधीनमा राखेको म चाहँदिनँ। म आफै हुँ!" यहाँ के कुरा फरक छ? यसको बारेमा केही विचार गर। म तिमीहरूलाई सोध्छु, के

“परमेश्वरले मानिसलाई अधीनमा राख्नुहुन्छ” भन्ने वाक्य खोक्रो वाक्यांश हो? के परमेश्वरले मानिसलाई अधीनमा राख्नुहुन्छ भन्नुको अर्थ उहाँ तेरो हृदयमा बास गर्नुहुन्छ र तेरो हरेक वचन र चाललाई नियन्त्रण गर्नुहुन्छ भन्ने हो? यदि उहाँले तँलाई बस् भन्नुहुन्छ भने के तँ खडा हुने आँट गर्दैनस्? यदि उहाँले तँलाई पूर्वतिर जा भन्नुहुन्छ भने के तँ पश्चिमतिर जाने आँट गर्दैनस्? के “अधीनता” ले यस्तै भाव बुझाउँछ? (होइन, यस्तो बुझाउँदैन। परमेश्वरसँग जे छ र उहाँ जे हुनुहुन्छ, त्यस अनुसार मानिस जिएको उहाँ चाहनुहुन्छ।) परमेश्वरले यी वर्षहरूमा मानिसको व्यवस्थापन गर्नुभएको छ, मानिसमा उहाँको काम अहिलेसम्ममा अन्तिम चरणमा आइपुगेको छ, उहाँले बोल्नुभएका सबै वचनहरूले मानिसमा कस्तो किसिमको प्रभाव होस् भन्ने अभिप्राय राखिएको छ? के यो मानिस परमेश्वरसँग जे छ र उहाँ जे हुनुहुन्छ त्यस अनुसार जिउँछ भन्ने हो? “परमेश्वरले मानिसको हृदयमा बास गर्नुहुन्छ” भन्ने वाक्यको शाब्दिक अर्थलाई हेर्दा, परमेश्वरले मानिसको हृदय लिनुहुन्छ र त्यसमा बास गर्नुहुन्छ र उहाँ फेरि फर्कनुहुन्न जस्तो देखिन्छ; उहाँ मानिसको हृदयको मालिक बन्नुहुन्छ र उहाँले आफ्नो इच्छामा मानिसको हृदयलाई प्रभुत्व गर्न र आफू खुशी चलाउन सक्नुहुन्छ, ताकि परमेश्वरले उसलाई जे गर्न भन्नुहुन्छ, मानिसले त्यो गर्नैपर्छ। यस अर्थमा, प्रत्येक व्यक्ति परमेश्वर बन्छ र उहाँको सार र स्वभाव हासिल गर्छ भन्ने जस्तो देखिन्छ। त्यसैले यस सन्दर्भमा, मानिसले पनि परमेश्वरका कार्यहरू गर्न सक्छ? के “बास गर्नु” लाई यस किसिमले परिभाषित गर्न सकिन्छ? (सकिँदैन।) त्यसो भए यो के हो त? म तिमीहरूलाई यो सोध्छु: परमेश्वरले मानिसलाई दिनुहुने सबै वचनहरू र सत्यता के परमेश्वरको सार र उहाँसँग जे छ र उहाँ जे हुनुहुन्छ त्यसको प्रकाश हो? (हो।) यो निश्चय नै साँचो हो। तर के परमेश्वरले मानिसलाई दिनुहुने सबै वचनहरू उहाँ स्वयमले अभ्यास गर्नु र उहाँमा निहित हुनु अत्यावश्यक छ? यस विषयमा केही विचार गर। जब परमेश्वरले मानिसको न्याय गर्नुहुन्छ, किन उहाँले न्याय गर्नुहुन्छ? यी वचनहरू कसरी अस्तित्वमा हुन आए? उहाँले मानिसको न्याय गर्नुहुँदा बोल्नुहुने यी वचनहरूको विषयवस्तु के हुन्? यी के कुरामा आधारित छन्? के यी वचनहरू मानिसको भ्रष्ट स्वभावमा आधारित छन्? (हो।) के परमेश्वरले गर्नुहुने मानिसको न्यायले परमेश्वरको स्वभावमा आधारित प्रभाव हासिल गरेको छ? (छ।) के “मानिसमा परमेश्वरको बास” एउटा खोक्रो वाक्यांश हो? निश्चय नै होइन। त्यसो भए किन परमेश्वरले मानिसलाई यी वचनहरू भन्नुहुन्छ? यी वचनहरू भन्नुमा उहाँको उद्‌देश्य के हो? के उहाँले यी वचनहरूलाई मानिसको जीवनको रूपमा उपयोग गर्न चाहनुहुन्छ? (चाहनुहुन्छ।) परमेश्वरले यी वचनहरूमा बोल्नुभएको यो सत्यतालाई मानिसको जीवनको रूपमा कार्य गर्न प्रयोग गर्न चाहनुहुन्छ। जब मानिसले यो सत्यता र परमेश्वरको वचनको सबै कुरा ग्रहण गर्छ र तिनीहरूलाई आफ्नो जीवनमा रूपान्तरण गर्छ, तब के त्यसपछि मानिसले परमेश्वरको आज्ञापालन गर्न सक्छ? के त्यसपछि मानिसले परमेश्वरको भय मान्न सक्छ? के त्यसपछि मानिसले दुष्टलाई घृणा गर्न सक्छ? जब मानिस यो अवस्थामा पुग्छ, के त्यसपछि मानिसले परमेश्वरको सार्वभौमिकता र व्यवस्थापनलाई पालन गर्न सक्छ? के त्यसपछि मानिस आफूलाई परमेश्वरको अख्तियारमा समर्पण गर्ने अवस्थामा हुन्छ? जब मानिसहरू अय्यूब वा पत्रुस जस्तै आफ्नो जीवनको अन्तिम अवस्थामा पुग्छन्, जब तिनीहरूको

जीवन परिपक्वतामा पुगेको मान्न सकिन्छ, जब तिनीहरूसँग परमेश्‍वरको साँचो बुझाइ हुन्छ—के शैतानले अझै पनि तिनीहरूलाई बहकाउन सक्छ? के शैतानले अझै पनि तिनीहरूमा बास गर्न सक्छ? के अझै पनि शैतानले तिनीहरूलाई जबरजस्ती आफ्नो बनाउन सक्छ? (सक्दैन।) त्यसो भए यो कस्तो किसिमको व्यक्ति हो? के यो परमेश्‍वरले पूर्ण रूपमा आफ्नो बनाइसक्नुभएको व्यक्ति हो? (हो।) यो तहको अर्थमा, परमेश्‍वरले पूर्ण रूपमा आफ्नो बनाइसक्नुभएको व्यक्तिलाई तिमीहरू कसरी हेर्छौ? परमेश्‍वरको दृष्टिकोणबाट, यी परिस्थितिहरूमा, उहाँ यो व्यक्तिको हृदयमा अघिबाटै बास गर्नुभएको हुन्छ। तर यो व्यक्तिले कस्तो महसुस गर्छ? परमेश्‍वरका वचनहरू, परमेश्‍वरको अख्तियार, र परमेश्‍वरको मार्ग के यो मानिसभित्र जीवन बन्छ, अनि यो जीवनले मानिसको सम्पूर्ण अस्तित्वमा बास गर्छ, उसले जिउने जीवन र उसको सार परमेश्‍वरलाई सन्तुष्ट बनाउन पर्याप्त बन्छ? परमेश्‍वरको दृष्टिकोणबाट, के मानिसको हृदयमा यो क्षणमा उहाँ बास गर्नुभएको हुन्छ? (हुन्छ।) तिमीहरूले यो तहको अर्थलाई अहिले कसरी बुझ्छौ? के परमेश्‍वरको आत्मा तँमा बास गर्नुहुन्छ? (होइन। परमेश्‍वरको वचन हामीमा बास गर्नुहुन्छ।) परमेश्‍वरको मार्ग र वचन तेरो जीवन बनेको छ, र सत्यता नै तेरो जीवन बनेको छ। यो समयमा, मानिसले प्राप्त गरेको जीवन परमेश्‍वरबाट आएको हो, तर हामी यो जीवन परमेश्‍वरको जीवन हो भनी भन्न सक्दैनौं। अर्को शब्दमा, मानिसले परमेश्‍वरको वचनबाट प्राप्त गर्ने जीवनलाई हामी परमेश्‍वरको जीवन भन्न सक्दैनौं। मानिसले परमेश्‍वरलाई जति लामो समयदेखि पछ्याएको भए तापनि, मानिसले परमेश्‍वरबाट जतिसुकै वचन प्राप्त गरेको भए तापनि मानिस कहिल्यै पनि परमेश्‍वर बन्न सक्दैन। परमेश्‍वरले एक दिन "म तेरो हृदयमा बास गर्छु, अब तैँले मेरो जीवन प्राप्त गर्छौ" भनेर भन्नुभए तापनि, के तँ त्यसपछि परमेश्‍वर भएको महसुस गर्छस्? (होइन।) त्यसोभए तँ के बन्छस्? के तँमा परमेश्‍वरप्रति पूर्ण आज्ञापालन हुनेछैन? के तेरो हृदय परमेश्‍वरले तँलाई दिनुभएको जीवनले भरिपूर्ण भएको हुँदैन? परमेश्‍वरले मानिसको हृदयमा बास गर्नुभएपछि के हुनेछ भन्ने कुराको यो सामान्य प्रकटीकरण हुनेछ। यथार्थ यही हो। त्यसलाई यो दृष्टिकोणबाट नियाल्दा, के मानिस परमेश्‍वर बन्न सक्छ? जब मानिसले परमेश्‍वरका सबै वचनहरू प्राप्त गर्छ, जब मानिसले परमेश्‍वरको भय मान्छ र दुष्टलाई घृणा गर्छ, तब के मानिसले परमेश्‍वरको परिचय र सार हासिल गर्न सक्छ? (सक्दैन।) जे सुकै भए तापनि, यी सबै कुरा भनिसकेपछि र गरिसकेपछि पनि मानिस चाहिँ मानिस नै हो। तँ सृष्टि गरिएको प्राणी होस्; जब तैँले परमेश्‍वरबाट परमेश्‍वरको वचन प्राप्त गर्छस्, परमेश्‍वरको मार्ग प्राप्त गर्छस्, तैँले परमेश्‍वरको वचनबाट आउने जीवन मात्र प्राप्त गर्छस्, र तँ कहिल्यै पनि परमेश्‍वर बन्न सक्दैनस्।

अब हामीले भर्खरै छलफल गरेको विषयमा फर्कनेछौं। यो छलफलको अवधिमा, मैले तिमीहरूलाई प्रश्‍न सोधेँ—के अब्राहाम पवित्र हुन्? (होइन।) के अय्यूब पवित्र हुन्? (होइन।) यो "पवित्रता" मा परमेश्‍वरको सारतत्व हुन्छ। मानिससँग परमेश्‍वरको सारतत्व वा परमेश्‍वरको स्वभाव छैन। मानिसले परमेश्‍वरको वचनका सबै कुरा अनुभव गरिसकेको र तिनीहरूको वास्तविकताद्‌वारा सुसज्जित भइसकेको भए तापनि मानिसले कहिल्यै पनि परमेश्‍वरको पवित्र सारतत्वलाई प्राप्त गर्न सक्दैन; मानिस चाहिँ मानिस नै हो। तिमीहरू बुझ्छौ, हो? त्यसो भए अब यो वाक्यांशको

बारेमा तिमीहरूको बुझाइ के छ: "परमेश्‍वरले मानिसको हृदयमा बास गर्नुहुन्छ"? (यो परमेश्‍वरको वचन, परमेश्‍वरको शैली र उहाँको सत्यता मानिसको जीवन बन्छ भन्‍ने हो।) तिमीहरूले यी वचनहरू कण्ठस्थ गरेका छौ। म आशा गर्छु कि तिमीहरूसँग गहन बुझाइ हुनेछ। कतिपय मानिसहरूले सोध्न सक्छन्, "परमेश्‍वरका सन्देशबाहक र स्वर्गदूतहरू पवित्र छैनन् भनी किन भन्‍नुहुन्छ?" यो प्रश्‍नको बारेमा तिमीहरू के विचार गर्छौ? सायद तिमीहरूले यसको बारेमा पहिले कहिल्यै विचार गरेका छैनौ। म एउटा सरल उदाहरण प्रयोग गर्नेछु: जब तैँले रोबर्टलाई चालू गर्छस्, तब त्यसले नाच्‍ने र बोल्ने दुवै गर्न सक्छ, अनि त्यसले के भन्छ भनी तैँले बुझ्छस्। तैँले त्यसलाई सुन्दर र जीवन्त छ भन्‍न सक्छस्, तर त्यसले बुझ्न सक्‍नेछैन किनकि त्यससँग जीवन छैन। जब तैँले त्यसको ऊर्जाको स्रोतलाई बन्द गर्छस्, के त्यो अझै हलचल गर्न सक्छ? जब यो रोबर्टलाई सक्रिय बनाइन्छ, तब तैँले त्यसलाई जीवन्त र सुन्दर देख्‍न सक्छस्। यो यथार्थ हो कि देखावटी हो भनेर तैँले त्यसको मूल्याङ्कन गर्छस्, तर चाहे जे सुकै होस्, तैँले त्यो हलचल गरिरहेको देख्छस्। तर जब तैँले त्यसको ऊर्जाको स्रोतलाई बन्द गर्छस्, तब के तैँले त्यसमा कुनै किसिमको व्यक्तित्व देख्छस्? के तैँले त्यसमा कुनै किसिमको सारतत्व भएको देख्छस्? मैले भन्‍न खोजेको कुराको अर्थलाई तैँले बुझ्छस्? अर्थात्, यो रोबर्ट हलचल गर्न सक्छ र रोकिन सक्छ, तैपनि तैँले त्यसमा कुनै किसिमको सारतत्व छ भनी कहिल्यै वर्णन गर्न सक्दैनस्। के यो यथार्थ होइन? अब, हामी यसको बारेमा थप कुराकानी गर्नेछैनौँ। तिमीहरूसँग अर्थको सामान्य बुझाइ यतिसम्म भएमा पर्याप्‍त हुन्छ। हामी हाम्रो सङ्गतिलाई यहीँ अन्त्य गरौँ। जयमसीह!

डिसेम्बर १७, २०१३

# परमेश्‍वर स्वयम् अद्‌वितीय ५

## परमेश्‍वरको पवित्रता (२)

भाइ-बहिनीहरू, आज हामी एउटा भजन गाऔँ। तिमीहरूलाई मन पर्ने र तिमीहरूले नियमित रूपमा गाउने गरेको भजन निकाल। (हामी परमेश्‍वरको वचनको भजन गाउनेछौँ: "खोट विनाको शुद्‌ध प्रेम।")

१. "प्रेम" ले यस्तो भावनालाई जनाउँछ, जुन शुद्‌ध र निष्खोट हुन्छ, जहाँ तैँले प्रेम गर्न, अनुभव गर्न र विचारमग्‍न हुन आफ्नो हृदय प्रयोग गर्छस्। प्रेममा कुनै सर्तहरू हुँदैन, कुनै अवरोधहरू हुँदैन र कुनै दूरी पनि हुँदैन। प्रेममा कुनै शङ्का हुँदैन, कुनै छलकपट हुँदैन र कुनै धूर्तता पनि हुँदैन। प्रेममा कुनै लेनदेन हुँदैन र केही कुरा पनि अपवित्र हुँदैन। यदि तँ प्रेम गर्छस् भने तैँले छलकपट गर्दैनस्, गुनासो गर्दैनस्, धोका दिँदैनस्, विद्रोह गर्दैनस्, धुत्‍न वा कुनै कुरा प्राप्‍त गर्ने अथवा निश्‍चित मात्रामा केही पाउने प्रयास गर्दैनस्।

२. "प्रेम" ले यस्तो भावनालाई जनाउँछ, जुन शुद्‌ध र निष्खोट हुन्छ, जहाँ तैँले प्रेम गर्न, अनुभव गर्न र विचारमग्‍न हुन आफ्नो हृदय प्रयोग गर्छस्। प्रेममा कुनै सर्तहरू हुँदैन, कुनै

अवरोधहरू हुँदैन र कुनै दूरी पनि हुँदैन। प्रेममा कुनै शङ्का हुँदैन, कुनै छलकपट हुँदैन र कुनै धूर्तता पनि हुँदैन। प्रेममा कुनै लेनदेन हुँदैन र केही कुरा पनि अपवित्र हुँदैन। यदि तैँले प्रेम गरिस् भने तैँले खुशीसाथ आफूलाई समर्पण गर्नेछस्, खुसी र दुःखकष्ट सहनेछस्, तँ मेरो अनुकूल हुनेछस्, मेरा लागि आफूसँग भएका सम्पूर्ण कुराहरू त्याग्नेछस्, तैँले आफ्नो परिवार, आफ्नो भविष्य, आफ्नो यौवन र आफ्नो विवाह त्याग्नेछस्। हैन भने, तेरो प्रेम कत्ति पनि प्रेम हुनेछैन, तर त्यो त केवल छलकपट र धोका हुनेछ!

यो भजन राम्रो छनौट थियो। के तिमीहरू सबैलाई यो गाउन मन पर्छ? (मन पर्छ।) यो गाइसकेपछि तिमीहरू के अनुभव गर्छौ? के तिमीहरू आफूभित्र यस प्रकारको प्रेम अनुभव गर्न सक्छौ? (अहिलेसम्म सकेको छैन।) तँलाई यसको कुन शब्दले सबैभन्दा गहन रूपमा छुन्छ? (प्रेममा कुनै सर्तहरू हुँदैन, कुनै अवरोधहरू हुँदैन र कुनै दूरी पनि हुँदैन। प्रेममा कुनै शङ्का हुँदैन, कुनै छलकपट हुँदैन, कुनै लेनदेन हुँदैन र कुनै धूर्तता पनि हुँदैन। प्रेममा कुनै छनौट हुँदैन र कुनै अपवित्र कुरा हुँदैन। तर म आफैभित्र अझै धेरै अशुद्धता, अनि परमेश्‍वरसँग लेनदेनको प्रयास गर्ने मेरा धेरै भागहरूलाई म देख्छु। मैले साँच्चै शुद्ध र निष्खोट प्रकारको प्रेम प्राप्त गरेको छैन।) यदि तैँले शुद्ध, निष्खोट प्रेम प्राप्त गरेको छैनस् भने, तेरो प्रेमको हद के हो त? (म खोजी गर्ने इच्छा गरिरहेको, तृष्णा गरिरहेको अवस्थामा मात्रै छु।) तेरो आफ्नै कदको आधारमा र तेरो आफ्नै अनुभवबाट बोलेर, तैँले कति हदसम्म प्राप्त गरेको छस्? के तँमा छल छ? के तँमा गुनासाहरू छन्? (छन्।) के तँसँग तेरो हृदयभित्र मागहरू छन्? के तैँले परमेश्‍वरबाट चाहने र इच्छा गर्ने कुराहरू छन्? (छन्, मसँग मभित्र यी कलङ्कित कुराहरू छन्।) के-कस्ता परिस्थितिहरूमा ती बाहिर निस्कन्छन्? (जब परमेश्‍वरले मेरो लागि मिलाउनुभएको परिस्थिति मेरा धारणाहरूसँग मिल्दैन, वा जब मेरा इच्छाहरू पूरा भएका हुँदैनन्: त्यस्ता क्षणहरूमा, म यस प्रकारको भ्रष्ट स्वभाव प्रकट गर्छु।) ताइवानबाट आएका तिमी भाइ-बहिनीहरू, के तिमीहरू पनि प्रायजसो यो भजन गाउने गर्छौ? तिमीहरूले "खोट विनाको शुद्ध प्रेम" लाई कसरी बुझ्छौ त्यसको बारेमा के तिमीहरू अलिकति बताउन सक्छौ? परमेश्‍वरले किन प्रेमलाई यसरी व्याख्या गर्नुहुन्छ? (मलाई यो भजन औधि मन पर्छ किनभने यसबाट यही प्रेम नै पूर्ण प्रेम हो भन्ने म देख्न सक्छु। तैपनि, त्यो मापदण्डलाई पूरा गर्नको लागि मैले अझै निकै बाटो हिँड्नुछ, अनि साँचो प्रेम प्राप्त गर्नबाट म अझै निकै टाढा छु। उहाँको वचनले मलाई दिने सामर्थ्यद्वारा र प्रार्थनाद्वारा मैले प्रगति र सहकार्य गर्न सकेका केही कुराहरू छन्। तैपनि, जब म निश्‍चित जाँचहरू वा प्रकाशहरूको सामना गर्छु, तब मलाई मेरो भविष्य वा नियति नै छैन, मेरो गन्तव्य नै छैन भन्ने लाग्छ। त्यस्ता क्षणहरूमा, म अत्यन्तै कमजोर अनुभव गर्छु, अनि यो समस्याले मलाई प्राय: बिथोल्छ।) "भविष्य र नियति" भनेर तैँले आखिरमा केलाई उल्लेख गरिरहेको छस्? के तैँले उल्लेख गरिरहेको कुनै विशेष कुरा छ? के यो कुनै चित्र वा तैँले कल्पना गरेको कुनै कुरा हो, वा के तेरो भविष्य वा नियति तैँले वास्तवमा देख्न सक्ने कुरा हो? के यो वास्तविक वस्तु हो? तिमीहरू प्रत्येकले यसको बारेमा विचार गर भन्ने म चाहन्छु: तिमीहरूको भविष्य र नियतिको लागि तिमीहरूले गर्ने चिन्ताले केलाई जनाउँछ? (यो मुक्ति पाउन सक्नु हो ताकि म बाँच्न सकूँ।) तिमी अरू भाइबहिनीहरू,

तिमीहरूले पनि “खोट विनाको शुद्ध प्रेम।” सम्बन्धी तिमीहरूको बुझाइको बारेमा थोरै कुरा गर। (जब व्यक्तिसँग यो हुन्छ, तिनीहरूको आफ्नै व्यक्तिगत अस्तित्वबाट आउने कुनै अशुद्धता हुँदैन, अनि तिनीहरू आफ्नो भविष्य र नियतिद्वारा नियन्त्रित हुँदैनन्। परमेश्‍वरले तिनीहरूसँग जसरी व्यवहार गर्नुभए तापनि, तिनीहरू परमेश्‍वरको कार्य र उहाँको योजनाबद्ध कार्यलाई पूर्ण रूपमा पालन गर्न, अनि उहाँलाई अन्त्यसम्मै पछ्याउन सक्छन्। परमेश्‍वरप्रतिको यस प्रकारको प्रेम मात्रै शुद्ध र निष्खोट प्रेम हो। आफैलाई यसको तुलनामा नाप्ने क्रममा, मैले के पत्ता लगाएको छु भने, परमेश्‍वरलाई विश्‍वास गरेको विगत केही वर्षमा मैले आफैलाई खर्च गरेको वा केही निश्‍चित कुराहरूलाई पन्छ्याएको जस्तो देखिए पनि, मैले उहाँलाई साँचो रूपमा मेरो हृदय दिन सकेको रहेनछु। जब परमेश्‍वरले मलाई उदाङ्गो पारिदिनुहुन्छ, मैले मुक्ति पाउन सक्दिनँ भन्‍ने मलाई लाग्छ, अनि म नकरात्मक स्थितिमा जिउँछु। मैले मेरो कर्तव्य पूरा गरिरहेको छु भन्‍ने देख्छु, तर यसको साथमा, म परमेश्‍वरसँग लेनदेन गर्ने प्रयास गरिरहेको छु, म मेरा सारा हृदयले परमेश्‍वरलाई प्रेम गर्न असमर्थ छु, अनि मेरो गन्तव्य, मेरो भविष्य, अनि मेरो नियति सधैँ मेरो मनमै हुन्छन्।)

तिमीहरूले यो भजनको केही बुझाइ प्राप्त गरेका छौ, अनि यो र तिमीहरूको वास्तविक अनुभवको बीचमा केही सम्बन्धहरू स्थापित गरेका छौ भन्‍ने देखिन्छ। तैपनि, “खोट विनाको शुद्ध प्रेम।” भन्‍ने भजनका हरेक वाक्यांशहरूको बारेमा तिमीहरूसँग स्वीकार्यताका फरक-फरक हद छन्। कतिपय मानिसहरूले यो त इच्छाशक्तिसँग सम्बन्धित छ भन्‍ने ठान्छन्, कतिपय मानिसहरूले आफ्नो भविष्यलाई पन्छ्याउने प्रयास गरिरहेका छन्, कतिपय मानिसहरूले आफ्नो परिवारजनलाई छाड्न खोजिरहेका छन्, अनि कतिपय मानिसहरूले केही पनि प्राप्त नगर्ने प्रयास गरिरहेका छन्। अझै अरूले आफूमा कुनै छल, कुनै गुनासो नराख्ने, र परमेश्‍वरको विरुद्ध विद्रोह नगर्ने बाध्यकारी व्यवस्था आफैले गरिरहेका छन्। परमेश्‍वरले किन यस प्रकारको प्रेम प्रस्तावित गर्नुहुन्छ र मानिसहरूले उहाँलाई यसरी प्रेम गरून् भन्‍ने बाध्यकारी व्यवस्था गर्नुहुन्छ? के यो मानिसहरूले प्राप्त गर्न सक्ने प्रकारको प्रेम हो? भन्‍नुको अर्थ, के मानिसहरूले यसरी प्रेम गर्न सक्छन्? मानिसहरूले आफुहरूले यसो गर्न सक्दैनौं भन्‍ने कुरा बुझ्न सक्छन्, किनभने तिनीहरूमा यस प्रकारको प्रेमको कुनै पनि सङ्केत नै छैन। जब मानिसहरूमा यो कुरै हुँदैन, अनि जब तिनीहरूलाई आधारभूत रूपमै प्रेमको बारेमा थाहा हुँदैन, परमेश्‍वरले तिनीहरूसँग यी वचनहरू बोल्नुहुन्छ, र यी वचनहरू तिनीहरूका लागि अपरिचित हुन्छन्। मानिसहरू यस संसारमा र भ्रष्ट स्वभावमा जिउने हुनाले, यदि मानिसहरूमा यस प्रकारको प्रेम थियो भने, वा यदि व्यक्तिमा यस प्रकारको प्रेम, अर्थात् तिनीहरूलाई कुनै अनुरोध र कुनै माग नगर्ने प्रेम, आफैलाई समर्पित गर्ने र कष्ट सामना गर्ने र आफूसँग भएको सबै कुरा त्याग्ने तुल्याउने प्रेम हुन सक्थ्यो भने, यस प्रकारको प्रेम भएको कुनै पनि व्यक्तिलाई अरू मानिसहरूले के ठान्थे? के त्यस्तो व्यक्ति सिद्ध हुने थिएन र? (हुने थियो।) के यस्तो सिद्ध व्यक्ति यो संसारमा अस्तित्वमा छ? छैन, त्यस्तो व्यक्ति अस्तित्वमै छैन, छ त? यो संसारमा यस्तो प्रकारको व्यक्ति अस्तित्वमा छँदै-छैन, थियो भने तिनीहरू सुन्यतामा जिउनुपर्थ्यो। यस्तै हो नि होइन र? त्यसकारण, आफ्ना अनुभवहरूद्वारा

कतिपय मानिसहरूले यी शब्दहरू अनुसार आफैलाई मापन गर्नको लागि निकै ठूलो प्रयास गर्छन्। तिनीहरूले आफैसँग जुध्छन्, आफैलाई नियन्त्रित गर्छन्, अनि तिनीहरूले आफूलाई निरन्तर त्याग समेत गर्छन्: तिनीहरूले कष्ट भोग्छन् अनि आफैलाई आफ्ना धारणाहरू त्याग्ने तुल्याउँछन्। तिनीहरूले आफ्नो विद्रोहीपन, अनि तिनीहरूका आफ्नै इच्छा र चाहनाहरूलाई त्याग्छन्। तर अन्त्यमा, तिनीहरूले आफ्नो मापनलाई बढाउन सक्दैनन्। किन त्यसो हुन्छ? मानिसहरूले पछ्याउने मापदण्ड प्रदान गर्न परमेश्‍वरले यी कुराहरू भन्नुहुन्छ, ताकि परमेश्‍वरले तिनीहरूको लागि व्यवस्था गर्नुभएको मापदण्डलाई मानिसहरूले जानून्। तर मानिसहरूले यो तुरुन्तै हासिल गरिहालून् भनेर परमेश्‍वरले कहिल्यै भन्नुहुन्छ र? के यो हासिल गर्नको लागि मानिसहरूसँग कति समय छ भनेर परमेश्‍वरले कहिल्यै भन्नुहुन्छ र? (भन्नुहुन्‍न।) के मानिसहरूले उहाँलाई यसरी नै प्रेम गर्नुपर्छ भनेर परमेश्‍वरले कहिल्यै भन्नुहुन्छ र? के यो पाठको यो अनुच्छेदले त्यसो भन्छ? अहँ, यसले त्यसो भन्दैन। आफूले जुन प्रेमको बारेमा उल्लेख गरिरहनुभएको थियो परमेश्‍वरले मानिसहरूलाई त्यही मात्रै बताइरहनुभएको छ। मानिसहरूले परमेश्‍वरलाई यसरी प्रेम गर्न सक्छन् कि सक्दैनन् अनि परमेश्‍वरलाई यस्तो व्यवहार गर्न सक्छन् कि सक्दैनन् भन्ने बारेमा कुरा गर्दा, मानिसहरूका निम्ति परमेश्‍वरका मापदण्डहरू के-के हुन् त? त्यसमा तुरुन्तै पुगिहाल्नु आवश्यक छैन, किनभने त्यो मानिसहरूको क्षमताभन्दा बाहिरको कुरा हुनेछ। यसरी प्रेम गर्नको लागि मानिसहरूले कस्तो प्रकारका शर्तहरू पूरा गर्नुपर्छ त्यसको बारेमा के तिमीहरूले कहिल्यै विचार गरेका छौ? यदि मानिसहरूले बारम्बार यी वचनहरू पढे भने के तिनीहरूमा क्रमिक रूपमा यो प्रेम हुनेछ? (हुनेछैन।) त्यसो भए, शर्तहरू के-के हुन् त? पहिलो, परमेश्‍वरको बारेमा रहेका शङ्काहरूबाट मानिसहरू कसरी मुक्त हुन सक्छन्? (इमानदार मानिसहरूले मात्रै यो कुरा हासिल गर्न सक्छन्।) छलबाट मुक्त हुने बारेमा के कुरा छ नि? (तिनीहरू पनि इमानदार मानिसहरू नै हुनुपर्छ।) परमेश्‍वरसँग लेनदेन नगर्ने व्यक्ति बन्ने कुरा नि? यो पनि इमानदार व्यक्ति हुनुकै एक हिस्सा हो। चतुरताबाट मुक्त हुने बारेमा के छ नि? प्रेममा कुनै विकल्प छैन भनेर भन्नुको अर्थ के हो? के यी सबै कुरा इमानदार व्यक्ति हुनुसँग नै सम्बन्धित छन् त? यहाँ धेरै विवरणहरू छन्। परमेश्‍वरले यस प्रकारको प्रेमको बारेमा यसरी बोल्न सक्नु र परिभाषित गर्नुले केलाई प्रमाणित गर्छ? के परमेश्‍वरमा यस प्रकारको प्रेम छ भनेर हामी भन्न सक्छौं? (सक्छौं।) तिमीहरूले यसलाई कहाँ देख्छौ? (मानिसप्रति परमेश्‍वरको प्रेममा।) के मानिसप्रतिको परमेश्‍वरको प्रेम शर्तपूर्ण छ? (छैन।) के परमेश्‍वर र मानिसको बीचमा अवरोध वा दूरी छन्? (छैन।) के मानिसको बारेमा परमेश्‍वरसँग शङ्काहरू छन्? (छैन।) परमेश्‍वरले मानिसको अवलोकन गर्नुहुन्छ र मानिसलाई बुझ्नुहुन्छ; उहाँले मानिसलाई साँचो रूपमा बुझ्नुहुन्छ। के परमेश्‍वर मानिसप्रति छली हुनुहुन्छ? (हुनुहुन्‍न।) परमेश्‍वरले यो प्रेमको बारेमा यति सिद्ध रूपमा बताउनुभएको हुनाले, के उहाँको हृदय र उहाँको सार पनि त्यत्तिकै सिद्ध हुन सक्छन्? (सक्छन्।) के मानिसहरूले कहिल्यै यसरी प्रेमलाई परिभाषित गरेका छन्? के-कस्ता परिस्थितिहरूमा मानिसले प्रेमलाई परिभाषित गरेको छ? मानिसले कसरी प्रेमको बारेमा बताउँछ? के मानिसले दिने वा प्रदान गर्ने अर्थमा प्रेमको बारेमा बताउँदैन र? (हो।) प्रेमको यो परिभाषा सरलीकृत छ; यसमा सारको कमी छ।

परमेश्वरले दिनुभएको प्रेमको परिभाषा र परमेश्वरले प्रेमको बारेमा बोल्ने तरिका उहाँको सारको एउटा पक्षसँग जोडिएका हुन्छन्, तर यो कुन पक्ष हो? पछिल्लो समय हामीले एउटा निकै महत्त्वपूर्ण विषयमा सङ्गति गर्यौं, मानिसहरूले पहिले पनि धेरै पटक छलफल गरेको एउटा विषयमा। यो विषयमा परमेश्वरमाथिको विश्वासको क्रममा प्रायजसो बोलिने शब्द समावेश छ, तैपनि यो सबैले परिचित र अपरिचित दुवै ठान्ने शब्द हो। म किन यसो भन्छु? यो मानिसका भाषाहरूबाट आउने शब्द हो; तैपनि, मानिसहरूमाझ यसको परिभाषा पृथक र अस्पष्ट दुवै छ। यो शब्द के हो? (पवित्रता।) पवित्रता: पछिल्लो समय हामीले सङ्गति गरेको हाम्रो विषय त्यहीँ थियो। हामीले यो विषयको एउटा भागको बारेमा सङ्गति गर्‍यौं। हाम्रो गत सङ्गतिबाट, के सबैले परमेश्वरको पवित्रताको सारको बारेमा केही नयाँ बुझाइ प्राप्त गर्‍यो? यो बुझाइको कुन-कुन पक्षहरूलाई तिमीहरू पूर्ण रूपमा नयाँ ठान्छौ? अर्थात्, यो बुझाइभित्रको वा यी वचनहरूभित्रको के कुराले तिमीहरूलाई परमेश्वरको पवित्रता सम्बन्धी तिमीहरूको बुझाइ मैले सङ्गतिको अवधिमा बताएको परमेश्वरको पवित्रताभन्दा फरक वा भिन्न रहेछ भन्ने अनुभव गरायो? यसको बारेमा तिमीहरूसँग कुनै धारणा छ? (परमेश्वर भन्नुहुन्छ, उहाँले आफ्नो हृदयमा अनुभव गर्नुहुन्छ; उहाँका वचनहरू निष्खोट छन्। यो पवित्रताको एउटा पक्षको प्रकटीकरण हो।) (परमेश्वर मानिसप्रति क्रोधित हुनुहुँदा पनि त्यहाँ पवित्रता हुन्छ; उहाँको क्रोध खोटरहित हुन्छ।) (परमेश्वरको पवित्रताको कुरा गर्दा, उहाँको धर्मी स्वभावभित्र परमेश्वरको क्रोध र उहाँको कृपा दुवै छ भन्ने म बुझ्छु। यसले मलाई अत्यन्तै दह्रिलो प्रभाव पार्‍यो। हाम्रो गत सङ्गतिमा, परमेश्वरको धर्मी स्वभाव अद्‌वितीय छ भन्ने पनि उल्लेख गरिएको थियो–विगतमा मैले यो बुझेको थिइन। परमेश्वरले जे सङ्गति गर्नुभएको थियो त्यो सुनेर मात्रै परमेश्वरको क्रोध मानिसको रिस भन्दा फरक छ भन्ने मैले बुझेँ। परमेश्वरको क्रोध सकरात्मक कुरा हो र यो सिद्‌धान्तमा आधारित हुन्छ; परमेश्वरको अन्तर्निहित सारको कारण यसलाई बाहिर निकालिन्छ। परमेश्वरले कुनै नकरात्मक कुरा देख्नुहुन्छ, त्यसैले उहाँले आफ्नो क्रोध पोखाउनुहुन्छ। यो सृष्टि गरिएको कुनै पनि प्राणीमा नहुने कुरा हो।) आजको हाम्रो विषय परमेश्वरको पवित्रता हो। परमेश्वरको धर्मी स्वभावको बारेमा सबै मानिसहरूले केही कुरा सुनेका र सिकेका छन्। यसको साथै, धेरैजसो मानिसहरूले परमेश्वरको पवित्रता र परमेश्वरको धर्मी स्वभाव एउटै हुन् जस्तो गरी कुरा गर्छन्; परमेश्वरको धर्मी स्वभाव पवित्र छ भनेर तिनीहरू भन्छन्। “पवित्र” भन्ने शब्द अवश्य नै कसैको लागि पनि अपरिचित छैन–यो आम रूपमा प्रयोग गरिने शब्द हो। तर त्यो शब्दभित्रका अर्थहरूको हकमा, मानिसहरूले परमेश्वरको पवित्रताका के-कस्ता अभिव्यक्तिहरूलाई देख्न सक्छन्? मानिसहरूले पहिचान गर्न सक्ने के कुरा परमेश्वरले प्रकट गर्नुभएको छ? दुःखको कुरा, यो कुरा कसैलाई थाहा छैन। परमेश्वरको स्वभाव धर्मी छ, तर यदि तैँले परमेश्वरको धर्मी स्वभावलाई लिएर यो पवित्र छ भनी भन्छस् भने, त्यो अलिक अस्पष्ट, अलिक अलमल्ल पार्नेजस्तो देखिन्छ; यस्तो किन? तँ परमेश्वरको स्वभाव धर्मी छ भनेर भन्छस्, वा तँ उहाँको स्वभाव पवित्र छ भनेर भन्छस्, त्यसो भए तिमीहरू आफ्नो हृदयमा कसरी परमेश्वरको पवित्रताको चरित्र चित्रण गर्छौ, तिमीहरूले यसलाई कसरी बुझ्छौ? भन्नुको अर्थ, परमेश्वरले जे प्रकट गर्नुभएको छ, वा उहाँसँग जे छ र उहाँ जे हुनुहुन्छ, के त्यसलाई मानिसहरूले पवित्र भनी पहिचान गर्छन्? के तिमीहरूले

यसको बारेमा पहिले विचार गरेका थियौ? मैले के देखेको छु भने मानिसहरू प्रायजसो आम रूपमा प्रयोग गरिएका शब्दहरू लिएर आउँछन् वा तिनीहरूसँग बारम्बार बोलिएका वाक्यांशहरू हुन्छन्, तैपनि तिनीहरूले के भनिरहेका छन् सो समेत तिनीहरूलाई थाहा हुँदैन। हरेकले यसरी नै भन्छन्, अनि आदत अनुसार नै तिनीहरूले यसो भन्छन्, त्यसकारण यो तिनीहरूको लागि तय गरिएको शब्द बन्छ। तैपनि, यदि तिनीहरूले विवरणहरूलाई अनुसन्धान गरे र वास्तवमै अध्ययन गरे भने, तिनीहरूले साँचो अर्थ के हो वा यसले केलाई जनाउँछ भन्ने आफूलाई थाहा रहेनछ भन्ने पत्ता लगाउनेछन्। "पवित्र" भन्ने शब्दजस्तै, कसैलाई पनि तिनीहरूले उहाँको पवित्रताको प्रसंगमा बोल्दा परमेश्वरको सारको ठीक कुन पक्षलाई जनाइँदैछ भन्ने थाहा हुँदैन, अनि "पवित्र" भन्ने शब्दलाई परमेश्वरको अनुरूप कसरी गर्ने भन्ने पनि कसैलाई थाहा हुँदैन। मानिसहरू तिनीहरूको हृदयमा अन्योलग्रस्त छन्, अनि परमेश्वरको पवित्रतासम्बन्धी तिनीहरूको पहिचान धमिलो र अस्पष्ट छ। परमेश्वर कसरी पवित्र हुनुहुन्छ भन्ने बारेमा कोही पनि त्यति स्पष्ट छैनन्। आज हामी "पवित्र" भन्ने शब्दलाई परमेश्वरको अनुरूप गर्नको लागि यस विषयमा सङ्गति गर्नेछौं ताकि मानिसहरूले परमेश्वरको पवित्रताको खास विषयवस्तुलाई देख्न सकून्। यसले कतिपय मानिसहरूलाई आदतको रूपमा र लापरवाही रूपमा यो शब्दको प्रयोग गर्नबाट र कुनै कुराको अर्थ के हो, ती सही र ठीक हो कि होइनन् सो थाहा नभईकनै ती कुराहरू भनिदिने कार्य गर्नबाट रोक्नेछ। मानिसहरू सधैँ यसरी बोलेका छन्; तैँले यसरी नै बोलेको छस्, उसले यसरी नै बोलेको छ, तसर्थ यो बोल्ने आदत नै बनेको छ। यस कार्यले अनजानमा त्यस्तो शब्दलाई कलङ्कित तुल्याउँछ।

झट्ट हेर्दा, "पवित्र" भन्ने शब्द बुझ्न अत्यन्तै सजिलो छ भन्ने जस्तो देखिन्छ, होइन र? कम्तीमा पनि मानिसहरूले "पवित्र" भन्ने शब्दको अर्थ शुद्ध, नबिग्रिएको, सम्मानजनक, र चोखो हो भन्ने विश्वास गर्छन्। हामीले भर्खरै गाएको "खोट विनाको शुद्ध प्रेम" भन्ने भजनको "पवित्रता" भन्ने शब्दलाई "प्रेम" सँग जोडेर हेर्नेहरू पनि छन्। यो सही छ; यो यसको एउटा भाग हो। परमेश्वरको प्रेम उहाँको सारको एउटा भाग हो, तर यो यसको सम्पूर्णता होइन। तैपनि मानिसहरूका धारणाहरूमा, तिनीहरूले यो शब्दलाई हेर्छन् अनि यसलाई तिनीहरू आफैले चोखो र शुद्ध भनी हेर्ने कुराहरूसँग, वा तिनीहरू आफैले व्यक्तिगत रूपमा नबिग्रिएको वा निष्खोट भनी ठानेका कुराहरूसँग जोडेर हेर्ने गर्छन्। उदाहरणको लागि, कतिपय मानिसहरूले कमलको फूल शुद्ध हुन्छ, र यो फोहोरी हिलोबाट निष्खोट भई फुल्छ भनेर भनेका छन्। त्यसकारण मानिसहरूले "पवित्र" भन्ने शब्दलाई कमलको फूलमा लागू गर्न थाले। कतिपय मानिसहरूले मनगढन्ते प्रेम कथाहरूलाई पवित्र भन्ने ठान्छन्, वा तिनीहरूले कुनै काल्पनिक, वा विस्मयकारी व्यक्तित्वहरूलाई पवित्र रूपमा हेर्न सक्छन्। यसको साथै, कतिपय मानिसहरूले बाइबलमा उल्लेख गरिएका मानिसहरू, वा आत्मिक पुस्तकहरूमा उल्लेख गरिएका अरू मानिसहरू, जस्तै परमेश्वरले उहाँको काम गर्नुहुँदा कुनै बेला उहाँलाई पछ्याउने सन्तहरू, प्रेरितहरू, वा अरू मानिसहरूले आत्मिक अनुभवहरू पाएका थिए र ती अनुभवहरू पवित्र थिए भन्ने ठान्छन्। यी सबै मानिसहरूले कल्पना गरेका कुराहरू हुन्; यी मानिसहरूले राख्ने गरेका धारणाहरू हुन्। किन मानिसहरूले यस्ता धारणाहरू राख्छन्? यसको कारण अत्यन्तै सरल छ: मानिसहरू भ्रष्ट स्वभावको बीचमा जिउँछन् अनि दुष्टता र भ्रष्टताको

संसारमा बस्छन्, त्यसैले यसो भएको हो। तिनीहरूले देख्ने हरेक कुरा, तिनीहरूले छुने हरेक कुरा, तिनीहरूले अनुभव गर्ने हरेक कुरा शैतानको दुष्टता र भ्रष्टता हुन्, साथसाथै ती शैतानको प्रभावमा रहेका मानिसहरूका बीचमा पैदा हुने षड्यन्त्र, आपसी मतभेद, र युद्ध हुन्। त्यसकारण, परमेश्वरले मानिसहरूमा आफ्नो काम गर्नुहुँदा पनि, अनि उहाँले तिनीहरूसँग बोल्नुहुँदा र उहाँको स्वभाव र सार प्रकट गर्नुहुँदा पनि, तिनीहरूले परमेश्वरको पवित्रता र सारलाई देख्न वा जान्न सक्दैनन्। परमेश्वर पवित्र हुनुहुन्छ भनेर मानिसहरूले प्रायजसो भन्ने गर्छन्, तर तिनीहरूमा साँचो बुझाइको कमी छ; तिनीहरूले खोक्रा शब्दहरू मात्रै बोलिरहेका हुन्छन्। मानिसहरू अशुद्धता र भ्रष्टताको बीचमा जिउने हुनाले, अनि तिनीहरू शैतानको अधिकार क्षेत्रमा रहेका हुनाले, र तिनीहरूले ज्योति नदेख्ने हुनाले, तिनीहरूलाई सकरात्मक विषयहरूको बारेमा केही पनि थाहा नभएको हुनाले, यसको साथै, तिनीहरूले सत्यतालाई नजान्ने हुनाले, "पवित्र" को अर्थ के हुन्छ कसैलाई पनि साँचो रूपमा थाहा छैन। त्यसो भए, के यो भ्रष्ट मानवताको बीचमा कुनै पवित्र कुराहरू वा पवित्र मानिसहरू छन् त? हामी निश्चित रूपमा यसो भन्न सक्छौं: छैनन्, किनभने परमेश्वरको सार मात्रै पवित्र छ।

पछिल्लो समय, हामीले परमेश्वरको सार कसरी पवित्र छ त्यसको एउटा पक्षको बारेमा सङ्गति गर्‍यौं। यसले परमेश्वरको पवित्रताको बारेमा ज्ञान हासिल गर्नको लागि मानिसहरूलाई केही उत्प्रेरणा प्रदान गर्‍यो, तर यो पर्याप्त छैन। यसले परमेश्वरको पवित्रता पूर्ण रूपमा जान्न मानिसहरूलाई पर्याप्त रूपमा समर्थ तुल्याउन सक्दैन, न त यसले परमेश्वरको पवित्रता अद्वितीय छ भन्ने बुझ्न नै तिनीहरूलाई पर्याप्त रूपमा समर्थ तुल्याउन सक्छ। यसको साथै, यसले परमेश्वरमा पूर्ण रूपमा सम्मिलित भएको पवित्रताको साँचो अर्थ बुझ्न मानिसहरूलाई पर्याप्त रूपमा समर्थ तुल्याउन सक्दैन। त्यसकारण, हामीले हाम्रो सङ्गतिलाई यही विषयमा जारी राख्नु आवश्यक छ। पछिल्लो समय, हाम्रो सङ्गतिले तीन वटा विषयहरूलाई सम्बोधन गरेको थियो, त्यसकारण अब हामीले चौथो विषयको बारेमा छलफल गर्नुपर्छ। पवित्र-शास्त्रबाट पाठ गरेर हामी यसको सुरुवात गर्नेछौं।

शैतानको परीक्षा

मत्ती ४:१-४ तब उजाड स्थानमा दुष्टबाट परीक्षा गरिनलाई आत्माले येशूलाई लानुभयो। र उहाँले चालीस दिन र चालीस रात उपवास बसिसक्नुभएपछि, उहाँ भोकाउनुभयो। अनि परीक्षा गर्ने उहाँकहाँ आयो र भन्यो, यदि तपाईं परमेश्वरको पुत्र हुनुहुन्छ भने यी ढुङ्गाहरूलाई रोटी बन्ने आदेश दिनुहोस्। तर उहाँले जवाफ दिनुभयो र भन्नुभयो, यस्तो लेखिएको छ, मानिस रोटीले मात्र होइन, तर परमेश्वरको मुखबाट निस्केको हरेक वचनले बाँच्नेछ।

यिनै वचनहरूद्वारा दियाबलसले सुरुमा प्रभु येशूलाई परीक्षा गर्ने प्रयास गर्‍यो। दियाबलसले भनेको कुराको विषयवस्तु के हो? ("यदि तपाईं परमेश्वरको पुत्र हुनुहुन्छ भने यी ढुङ्गाहरूलाई रोटी बन्ने आदेश दिनुहोस्।") दियाबलसले बोलेका यी वचनहरू निकै सरल छन्, तर के तिनको सारमा कुनै समस्या छ? दियाबलसले भन्यो, "यदि तपाईं परमेश्वरको पुत्र हुनुहुन्छ भने," तर त्यसको हृदयमा, त्यसलाई येशू परमेश्वरका पुत्र हुनुहुन्छ भन्ने थाहा थियो कि थिएन? उहाँ ख्रीष्ट हुनुहुन्छ भन्ने त्यसलाई थाहा थियो कि थिएन? (त्यसलाई थाहा थियो।) त्यसो भए त्यसले किन "यदि तपाईं" भनेर भन्यो? (त्यसले परमेश्वरलाई परीक्षा गर्ने प्रयास गरिरहेको थियो।) तर त्यसले

त्यसो गर्नुको उद्‌देश्य के थियो? त्यसले भन्यो, "यदि तपाईं परमेश्‍वरको पुत्र हुनुहुन्छ भने।" त्यसको हृदयमा त्यसलाई येशू ख्रीष्‍ट परमेश्‍वरका पुत्र हुनुहुन्छ भन्‍ने थाहा थियो, त्यसको हृदयमा त्यो यसबारे अत्यन्तै स्पष्‍ट थियो, तर यो कुरा जाने तापनि, के त्यो उहाँमा समर्पित भयो र के त्यसले उहाँको आराधना गर्‍यो? (गरेन।) त्यसले के गर्न चाह्‍यो? प्रभु येशूलाई रिस उठाउन, अनि त्यसका अभिप्रायहरू अनुसार उहाँलाई मूर्ख बनाई काम गर्न लगाउनको लागि त्यसले यो तरिका र यी वचनहरू प्रयोग गर्न चाहन्थ्यो। के दियाबलसका वचनहरूको पछाडि लुकेको अर्थ यही होइन र? शैतानको हृदयमा, त्यसलाई प्रभु येशू ख्रीष्‍ट उहाँ नै हुनुहुन्छ भन्‍ने स्पष्‍टै थाहा थियो, तैपनि त्यसले यी वचनहरू बोल्यो। के यो शैतानको प्रकृति होइन र? शैतानको प्रकृति के हो? (धूर्त, दुष्‍ट बन्‍नु, र परमेश्‍वरको निम्ति कुनै श्रद्‌धा नहुनु।) परमेश्‍वरप्रति कुनै श्रद्‌धा नहुनुबाट के-कस्ता परिणामहरू आउँछन्? के त्यसले परमेश्‍वरलाई आक्रमण गर्न चाहँदैन थियो र? यसले परमेश्‍वरलाई आक्रमण गर्न यो तरिकाको प्रयोग गर्न चाहन्थ्यो, त्यसैले त्यसले भन्यो: "यदि तपाईं परमेश्‍वरको पुत्र हुनुहुन्छ भने यी ढुङ्‌गाहरूलाई रोटी बन्‍ने आदेश दिनुहोस्"; के यो शैतानको दुष्‍ट अभिप्राय होइन र? त्यसले वास्तवमा के गर्ने प्रयास गरिरहेको थियो? त्यसको उद्‌देश्य अत्यन्तै स्पष्‍ट छ: त्यसले प्रभु येशू ख्रीष्‍टको हैसियत र पहिचानलाई इन्कार गर्नको लागि यो तरिकाको प्रयोग गरिरहेको थियो। शैतानले यी वचनहरूबाट यसो भन्‍न खोजिरहेको थियो, "यदि तपाईं परमेश्‍वरका पुत्र हुनुहुन्छ भने, यी ढुङ्‌गाहरूलाई रोटीमा परिवर्तन गर्नुहोस्। यदि तपाईंले त्यसो गर्न सक्‍नुहुन्‍न भने, तपाईं परमेश्‍वरका पुत्र हुनुहुन्‍न, त्यसकारण तपाईंले अब उप्रान्त आफ्नो काम गर्नु हुँदैन।" के यही होइन त? त्यसले परमेश्‍वरलाई आक्रमण गर्नको लागि यो तरिकाको प्रयोग गर्न चाहन्थ्यो, त्यसले परमेश्‍वरको कार्यलाई चकनाचूर पार्न र नष्‍ट गर्न चाहन्थ्यो; शैतानको दुराशय यही हो। त्यसको दुराशय नै त्यसको प्रकृतिको स्वभाविक अभिव्यक्ति हो। प्रभु येशू ख्रीष्‍ट परमेश्‍वरका पुत्र हुनुहुन्छ, परमेश्‍वर स्वयम्‌को देहधारण हुनुहुन्छ भन्‍ने त्यसलाई थाहा भएको भए पनि त्यसले यस प्रकारको कार्य नगरी त्यो बस्‍न सकेन र परमेश्‍वरलाई नजिकबाटै पिछा गर्ने, उहाँलाई निरन्तर आक्रमण गर्ने र परमेश्‍वरको कार्यलाई भङ्‌ग गर्न र तोड्‌नको लागि धेरै प्रयास गर्ने गरिरह्‍यो।

अब हामी, शैतानले बोलेको यो वाक्यलाई विश्‍लेषण गरौं: "यी ढुङ्‌गाहरूलाई रोटी बन्‍ने आदेश दिनुहोस्।" ढुङ्‌गाहरूलाई रोटीमा परिवर्तन गर्नु–के यसको कुनै अर्थ छ? यदि खानेकुरा छ भने, त्यसैलाई किन नखाने? किन ढुङ्‌गाहरूलाई खानेकुरामा परिवर्तन गर्नु आवश्यक छ? के यसको कुनै अर्थ छैन भनेर भन्‍न सकिन्छ? यो बेला प्रभु येशू उपवास बसिरहनुभएको भए तापनि, अवश्य नै उहाँसँग खानको लागि खानेकुरा थियो? (उहाँसँग थियो।) त्यसो भए, यहाँ हामी शैतानका वचनहरूको निरर्थकतालाई देख्‍न सक्छौं। शैतानको सबै षड्‌यन्त्र र बदख्वाइँको बाबजुत पनि, हामी त्यसको उपहासपूर्णपन र निरर्थकतालाई देख्छौं। शैतानले त्यस्ता विभिन्‍न कुराहरू गर्छ जसद्‌वारा तैँले त्यसको दुर्भावनापूर्ण प्रकृतिलाई देख्‍न सक्छस्; त्यसले परमेश्‍वरको कार्यलाई तोड्‌ने विभिन्‍न कुराहरू गरिरहेको देख्‍न सक्छस्, अनि यसलाई देखेर, तैँले त्यो घृणास्पद र रिस उठ्‌दो छ भन्‍ने अनुभव गर्छस्। तर, अर्कोतर्फ, के त्यसका वचनहरू र कार्यहरूका पछाडि तैले मूर्खतापूर्ण, हास्यास्पद प्रकृतिलाई देख्दैनस्? शैतानको प्रकृतिसम्बन्धी प्रकाश यही हो; त्यसको प्रकृति नै यही भएकोले,

त्यसले यस्तै प्रकारको काम गर्नेछ। आजका मानिसहरूका लागि, शैतानका यी वचनहरू निरर्थक र हाँसउठ्दो छन्। तर शैतानले त्यस्ता वचनहरू बोल्न सक्छ। के त्यो अज्ञानी र विवेकहीन छ भनेर हामी भन्न सक्छौं? शैतानको दुष्टता जताततै छ र यसलाई निरन्तर रूपमा प्रकट गरिँदैछ। अनि प्रभु येशूले त्यसलाई कसरी जवाफ दिनुभयो? ("मानिस रोटीले मात्र होइन, तर परमेश्वरको मुखबाट निस्केको हरेक वचनले बाँच्नेछ।") के यी वचनहरूमा कुनै शक्ति छ? (छ।) तिनमा शक्ति छ भनेर हामी किन भन्छौं? किनभने यी वचनहरू सत्यता हुन्। अब, के मानिस रोटीले मात्रै बाँच्न सक्छ? प्रभु येशू चालीस दिन र चालीस रातसम्म उपवास बस्नुभयो। के उहाँ भोकले मर्नुभयो? (मर्नुभएन।) उहाँ भोकले मर्नुभएन, त्यसकारण उहाँलाई यस्ता कुराहरू भनेर ढुङ्गाहरूलाई खानेकुरामा परिवर्तन गर्नको लागि उहाँलाई उक्साउन शैतान उहाँकहाँ गयो: "यदि तपाईंले ढुङ्गाहरूलाई खानेकुरामा परिवर्तन गर्नुभयो भने, खानका लागि तपाईंसँग यी कुराहरू हुनेछैनन् र? त्यसपछि तपाईंले उपवास बस्नु पर्दैन, भोकै बस्नु पर्दैन, होइन र?" तर प्रभु येशूले भन्नुभयो, "मानिस रोटीले मात्र बाँच्दैन," जसको अर्थ मानिस भौतिक शरीरमा जिए तापनि, उसको भौतिक शरीरलाई बाँच्न र सास फेर्न दिने त खाने कुरा होइन, बरु परमेश्वरको मुखबाट उच्चारित हरेक वचनहरू हुन्। एकतर्फ, यी वचनहरू सत्य हुन्; परमेश्वरमा तिनीहरूले भरोसा गर्न सक्छन् अनि सत्यता उहाँ नै हुनुहुन्छ भन्ने अनुभव गराउँदै यी वचनहरूले मानिसहरूलाई विश्वास दिलाउँछ। अर्कोतर्फ, के यी वचनहरूको व्यवहारिक पक्ष छ? चालीस दिन र चालीस रात उपवास बसिसकेपछि, के प्रभु येशू अझै खडा हुनुहुन्नथ्यो र, अझै जीवित हुनुहुन्नथ्यो र? के यो वास्तविक उदाहरण होइन र? उहाँले चालीस दिन र चालीस रातसम्म कुनै पनि खानेकुरा खानुभएको थिएन, तर उहाँ अझै पनि जीवितै हुनुहुन्थ्यो। यो उहाँका वचनहरूको सत्यतालाई पुष्टि गर्ने शक्तिशाली प्रमाण हो। यी वचनहरू सरल छन्, तैपनि प्रभु येशूको हकमा भन्दा, शैतानले उहाँको परीक्षा गर्दा मात्रै उहाँले ती बोल्नुभयो कि ती पहिले नै प्राकृतिक रूपमै उहाँको भाग बनिसकेका थिए? यसलाई अर्को तरिकाले भन्दा, परमेश्वर नै सत्यता हुनुहुन्छ, अनि परमेश्वर नै जीवन हुनुहुन्छ, तर के परमेश्वरको सत्यता र जीवन त्यसपछि थपिएका कुराहरू थिए? के ती पछिका अनुभवबाट पैदा भएका थिए? होइन—परमेश्वरमा ती अन्तर्निहित रूपमै छन्। भन्नुको अर्थ, सत्यता र जीवन परमेश्वरका सार हुन्। उहाँलाई जेसुकै भए तापनि, उहाँले प्रकट गर्नुहुने सबै कुरा सत्यता नै हो। यो सत्यता, यी वचनहरूले—उहाँको बोलीको विषयवस्तु लामो भए पनि छोटो भए पनि—मानिसलाई जिउन सक्षम तुल्याउन सक्छन् र तिनले मानिसलाई जीवन दिन्छन्; तिनले मानिसहरूलाई सत्यता अनि मानव जीवनको मार्गको बारेमा स्पष्टता हासिल गर्न, र तिनीहरूलाई परमेश्वरमा विश्वास राख्न सक्षम तुल्याउँछन्। अर्को शब्दमा भन्दा, परमेश्वरले प्रयोग गर्नुभएका यी वचनहरूको स्रोत सकारात्मक छ। त्यसकारण के हामी यो सकरात्मक कुरा पवित्र छ भनेर भन्न सक्छौं? (सक्छौं।) शैतानका ती वचनहरू शैतानको प्रकृतिबाट आउँछन्। शैतानले त्यसको दुष्टता र त्यसको दुर्भावनापूर्ण स्वभाव जताततै, निरन्तर रूपमा प्रकट गर्छ। अब, के शैतानले प्राकृतिक रूपमै यिनलाई प्रकट गर्छ? के कसैले त्यसलाई यसो गर्न निर्देशन दिन्छ? के कसैले त्यसलाई सहायता गर्छ? के कसैले त्यसलाई बाध्य गर्छ? (गर्दैन।) यी सबै कुराहरू त्यसले आफ्नै इच्छाले प्रकट गर्छ। यो शैतानको दुष्ट प्रकृति हो। परमेश्वरले जे गर्नुभए पनि र

उहाँले यो जसरी गर्नुभए पनि, शैतानले उहाँका कुर्कुच्चोहरूलाई पहिल्याउँछ। शैतानले भन्ने र गर्ने यी कुराहरूको सार र साँचो प्रकृति नै शैतानको सार हो—त्यो सार जुन दुष्ट र दुर्भावनापूर्ण छ। अब हामीले पढ्दै जाने क्रममा, शैतानले अरू के भन्यो? हामी पढौं।

मत्ती ४:५-७ त्यसपछि दुष्टले उहाँलाई पवित्र सहरमा लैजान्छ र उहाँलाई मन्दिरको शिरमा खडा गराउँछ अनि उहाँलाई भन्छ, यदि तपाईं परमेश्‍वरको पुत्र हुनुहुन्छ भने आफैलाई तल फाल्नुहोस्: किनकि यस्तो लेखिएको छ, उहाँले स्वर्गदूतहरूलाई तेरो लागि अह्राउनुहुनेछ: र तिनीहरूले तिमीलाई तिनीहरूका हातहरूमा उठाउनेछन्, नत्रता कुनै पनि बेला तिमीले तिम्रो खुट्टा ढुङ्गामा ठोकाउँछौ। येशूले त्यसलाई भन्नुभयो, यस्तो लेखिएको छ, तैँले परमप्रभु तेरा परमेश्‍वरको परीक्षा नगर्नू।

सुरुमा हामी शैतानले यहाँ बोलेको वचनहरूलाई नै हेरौं। शैतानले भन्यो, “यदि तपाईं परमेश्‍वरको पुत्र हुनुहुन्छ भने आफैलाई तल फाल्नुहोस्,” अनि यसले पवित्र-शास्त्रबाट उद्धृत गर्‍यो: “उहाँले स्वर्गदूतहरूलाई तेरो लागि अह्राउनुहुनेछ: र तिनीहरूले तिमीलाई तिनीहरूका हातहरूमा उठाउनेछन्, नत्रता कुनै पनि बेला तिमीले तिम्रो खुट्टा ढुङ्गामा ठोकाउँछौ।” जब तँ शैतानका वचनहरू सुन्छस् तँलाई कस्तो अनुभव हुन्छ? के ती अत्यन्तै मूर्खतापूर्ण छैनन् र? ती मूर्खतापूर्ण, निरर्थक, र घृणास्पद छन्। म किन यसो भन्छु? शैतानले प्रायजसो मूर्ख कुराहरू गर्छ, अनि त्यसले आफैलाई अत्यन्तै चलाख ठान्छ। परमेश्‍वरको कामको योजनालाई तोड्ने आफ्नो उद्देश्य हासिल गर्ने प्रयास गर्दै उहाँलाई आक्रमण गर्न र उहाँलाई परीक्षा गर्न यी वचनहरूलाई परमेश्‍वरकै विरुद्ध प्रयोग गर्न त्यसले प्रायजसो धर्मशास्त्रका खण्डहरू उद्धृत गर्छ, चाहे त्यो परमेश्‍वर स्वयम्ले बोल्नुभएको वचन नै किन नहोस्। के शैतानले बोलेका यी वचनहरूमा तैँले कुनै कुरा देख्न सक्छस्? (शैतानले दुष्ट अभिप्रायहरू राख्छ।) शैतानले गर्ने सबै कुरामा, त्यसले सधैँ मानवजातिलाई परीक्षा गर्न खोजेको छ। शैतान सोझो रूपमा बोल्दैन, तर परीक्षा, छल, र प्रलोभनको प्रयोग गरेर घुमाउरो पारामा बोल्छ। परमेश्‍वर पनि अज्ञानी, मूर्ख, अनि मानिसजस्तै काम-कुराहरूको साँचो रूपलाई स्पष्ट रूपमा छुट्याउन नसक्ने हुनुहुन्छ भन्ने विश्‍वास गर्दै, शैतानले उहाँ सामान्य मानवजाति नै हुनुहुन्छ झैं गरी परमेश्‍वरको परीक्षा गर्छ। शैतानले के ठान्छ भने, परमेश्‍वर र मानिस दुवैले त्यसको सारलाई अनि त्यसको धोका र त्यसको कुटिल अभिप्रायलाई देख्न सक्दैन्न्। के शैतानको मूर्खता यही होइन र? यसको साथै, शैतानले धर्मशास्त्रका खण्डहरूबाट उद्धृत गर्दा त्यसले विश्‍वसनीयता दिलाउँछ र तैंले त्यसका वचनहरूमा भएको कुनै पनि त्रुटिलाई भेट्टाउन वा मूर्ख हुनबाट बच्न सक्नेछैनस् भन्ने विश्‍वास गर्दै, खुलस्त रूपमा धर्मशास्त्रका खण्डहरू उद्धृत गर्छ। के शैतानको बेकुफी र मूर्खता यही होइन र? यो मानिसहरूले सुसमाचार फैलाउँदा अनि परमेश्‍वरको साक्षी दिँदाको जस्तै छ: के कहिलेकहीँ गैर-विश्‍वासीहरूले पनि शैतानले जस्तै कुरा गर्दैनन् र? के मानिसहरूले यस्तै कुरा भनेको तिमीहरूले सुनेका छौ? त्यस्ता कुराहरू सुन्दा तँलाई कस्तो महसुस हुन्छ? के तँलाई वाक्क लाग्छ? (हो।) जब तँलाई वाक्क लाग्छ, तब के तँलाई द्वेष र घृणाको पनि महसुस हुन्छ? जब तँमा यस्ता भावनाहरू आउँछन् तब के तैँले शैतान र शैतानले मानिसमा हालिदिने भ्रष्ट स्वभाव दुष्ट छन् भन्ने पहिचान गर्न सक्छस्? तेरो हृदयमा, तैँले कहिल्यै यस्तो

महसुस गर्छस्: "जब शैतान बोल्छ, त्यसले आक्रमण र परीक्षा गर्न त्यसो गर्छ; शैतानका वचनहरू निरर्थक, हाँसउठ्दो, मूर्खतापूर्ण, र घिनलाग्दा छन्; तैपनि, परमेश्‍वरले कहिल्यै पनि त्यसरी बोल्ने वा काम गर्ने गर्नुहुन्‍न, अनि वास्तवमा नै उहाँले कहिल्यै पनि त्यसो गर्नुभएको छैन"? अवश्य नै, यस परिस्थितिमा मानिसहरूले यसलाई हल्का रूपमा मात्रै अनुभूति गर्न सक्छन्, अनि तिनीहरू परमेश्‍वरको पवित्रतालाई बुझ्न नसक्ने नै रहन्छन्। त्यस्तै होइन र? तिमीहरूको हालको कदद्वारा, तिमीहरूले यो मात्रै अनुभव गर्छौ: "परमेश्‍वरले जे भन्‍नुहुन्छ त्यो सबै सत्यता हो, त्यो हाम्रो लागि फाइदाजनक छ, अनि हामीले त्यसलाई स्वीकार गर्नैपर्छ।" तिमीहरूले यसलाई स्वीकार गर्न सके पनि नसके पनि, तैंले परमेश्‍वरको वचन सत्य छ अनि परमेश्‍वर सत्य हुनुहुन्छ भनेर भन्छस् भन्‍नेमा कुनै अपवाद छैन, तर सत्य आफै नै पवित्र छ अनि परमेश्‍वर पवित्र हुनुहुन्छ भन्‍ने तँलाई थाहा छैन।

त्यसकारण, शैतानका यी वचनहरूप्रति येशूको प्रतिक्रिया के थियो? येशूले त्यसलाई भन्‍नुभयो: "यस्तो लेखिएको छ, तैँले परमप्रभु तेरा परमेश्‍वरको परीक्षा नगर्नू।" के येशूले भन्‍नुभएका यी वचनहरूमा सत्यता छ? (छ।) तिनमा सत्यता छ। झट्ट हेर्दा, यी वचनहरू मानिसहरूले पछ्याउनुपर्ने आज्ञा, सरल वाक्य मात्रै हुन्, तैपनि, मानिस र शैतान दुवैले प्रायजसो यी वचनहरूलाई उल्लङ्घन गरेका छन्। त्यसैले, प्रभु येशूले शैतानलाई भन्‍नुभयो, "तैँले परमप्रभु तेरा परमेश्‍वरको परीक्षा नगर्नू," किनभने शैतानले ठूलो प्रयत्‍नका साथ प्रायजसो यसै गर्थ्यो। शैतानले निर्धक्‍कसाथ र कुनै लाज विना यसो गर्‍यो भनेर भन्‍न सकिन्छ। परमेश्‍वरको डर नमान्‍नु अनि त्यसको हृदयमा परमेश्‍वरको श्रद्धा नराख्नु, शैतानको प्रकृति सारमा नै छ। शैतानले परमेश्‍वरको छेउमा खडा भएर उहाँलाई देख्न सक्दा समेत, त्यसले परमेश्‍वरलाई परीक्षा नगरीकन बस्‍न सकेन। त्यसकारण, येशूले शैतानलाई भन्‍नुभयो, "तैँले परमप्रभु तेरा परमेश्‍वरको परीक्षा नगर्नू।" परमेश्‍वरले धेरै पटक शैतानलाई भन्‍नुभएका वचनहरू यिनै हुन्। त्यसकारण, के यो वाक्यलाई वर्तमान दिनमा लागू गर्नु उचित हुन्छ? (हुन्छ, किनभने हामीले पनि बारम्बार परमेश्‍वरको परीक्षा गर्छौं।) किन मानिसहरूले बारम्बार परमेश्‍वरको परीक्षा गर्छन्? के मानिसहरू भ्रष्‍ट शैतानिक स्वभावले भरिएकाले यस्तो भएको हो? (हो।) के शैतानका वचनहरू मानिसहरूले प्रायजसो भन्‍ने कुराभन्दा माथि छन्? अनि कस्ता परिस्थितिहरूमा मानिसहरूले यी वचनहरू बोल्छन्? मानिसहरूले यस्ता कुराहरू जुनसुकै समय र स्थानमा भन्दै आइरहेका छन् भनेर भन्‍न सकिन्छ। यसले मानिसहरूको स्वभाव शैतानको भ्रष्‍ट स्वभावभन्दा फरक छैन भन्‍ने कुरा प्रमाणित गर्छ। प्रभु येशूले एक-दुई वटा सरल वचनहरू, अर्थात् सत्यतालाई प्रतिनिधित्व गर्ने वचनहरू, मानिसहरूलाई चाहिने वचनहरू बोल्नुभयो। तैपनि, यस परिस्थितिमा, के शैतानसँग तर्क गर्नको लागि प्रभु येशूले त्यसरी बोलिरहनुभएको थियो? उहाँले शैतानलाई जे भन्‍नुभयो के त्यसमा कुनै मुठभेडपूर्ण कुरा थियो? (थिएन।) प्रभु येशूले आफ्नो हृदयमा शैतानको परीक्षाको बारेमा कस्तो महसुस गर्नुभयो? के उहाँले एकदमै मन नपर्ने र घृणाको अनुभव गर्नुभयो? (हो।) प्रभु येशूले एकदमै मन नपर्ने र घृणाको अनुभव गर्नुभयो, तैपनि उहाँले शैतानसँग तर्क गर्नुभएन, उहाँले कुनै पनि ठूलो सिद्धान्तहरूको बारेमा बोल्ने कुरा त परै जाओस्। किन त्यसो भयो? (किनभने शैतान सधैँ यस्तै हो; त्यो कहिल्यै परिवर्तन हुन सक्दैन।) के शैतानले

तर्क गर्न सक्दैन भनेर भन्न सकिन्छ? (सकिन्छ।) के परमेश्‍वर सत्यता हुनुहुन्छ भनेर शैतानले पहिचान गर्नसक्छ? परमेश्‍वर सत्यता हुनुहुन्छ भनेर शैतानले कहिल्यै पहिचान गर्नेछैन अनि परमेश्‍वर सत्यता हुनुहुन्छ भनेर त्यसले कहिल्यै स्वीकार गर्नेछैन; यो त्यसको प्रकृति हो। शैतानको प्रकृतिको अझै अर्को पक्ष पनि छ, जुन घृणित छ। यो के हो? प्रभु येशूलाई परीक्षा गर्ने प्रयासको क्रममा, शैतानले आफू सफल नभए पनि, त्यसो गर्ने प्रयास गर्नेछु भनी विचार गर्‍यो। त्यसलाई दण्ड हुने भए पनि, त्यसले परीक्षा गर्ने निर्णय गर्‍यो। त्यसो गरेर त्यसले कुनै पनि फाइदा प्राप्त नगरे पनि आखिरसम्मै आफ्नो प्रयासमा दृढ रहँदै र परमेश्‍वरको विरुद्धमा खडा हुँदै त्यसले परीक्षा गर्‍यो। यो कस्तो प्रकारको प्रकृति हो? के यो दुष्टता होइन र? यदि परमेश्‍वरलाई उल्लेख गर्दा मानिस क्रोधित हुन्छ अनि रिसले चूर हुन्छ भने, के उसले परमेश्‍वरलाई देखेको हुन्छ? के परमेश्‍वर को हुनुहुन्छ भन्‍ने उसलाई थाहा हुन्छ? परमेश्‍वर को हुनुहुन्छ भन्‍ने उसलाई थाहा हुँदैन, उहाँमा विश्‍वास गर्दैन, अनि परमेश्‍वर ऊसँग बोल्नुभएको हुँदैन। परमेश्‍वरले उसलाई कहिल्यै कष्ट दिनुभएको छैन भने, किन ऊ रिसाउँछ? के हामी यो व्यक्ति दुष्ट छ भनेर भन्न सक्छौं? सांसारिक चलनचल्ती, खुवाइ पियाइ, अनि सुख-चैनको खोजी, अनि सेलिब्रेटीहरूको पछि दगुर्ने–यीमध्ये कुनै पनि कुराले त्यस्तो मानिसलाई झिज्याउँदैन। तैपनि, “परमेश्‍वर” भन्‍ने शब्द, वा परमेश्‍वरको वचन, अर्थात् सत्यतालाई उल्लेख गर्ने बितिकै, ऊ रिसले चूर भइहाल्छ। के यसले दुष्ट प्रकृति हुनुलाई जनाउँदैन र? यो मानिसको दुष्ट प्रकृति हो भनेर प्रमाणित गर्न यो नै पर्याप्त छ। अब तिमीहरूको आफ्नै बारेमा भनौं, सत्यताको बारेमा उल्लेख गर्दा वा मानवजातिलाई परमेश्‍वरले गर्नुभएका परीक्षाहरू वा मानिसको विरुद्ध परमेश्‍वरका न्यायका वचनहरूको बारेमा उल्लेख गर्दा, तिमीहरूलाई घृणा लागेको छ: तिमीहरूलाई कति पनि मन नपरेको, र तिमीहरूले त्यस्ता कुराहरू सुन्‍न नचाहेको त्यस्तो कुनै समयहरू छन्? तिमीहरूको हृदयले सोच्ला: “के सबै मानिसहरूले परमेश्‍वर सत्यता हुनुहुन्छ भनेर भन्दैनन् र? यीमध्ये कतिपय वचनहरू सत्यता होइनन्! स्पष्ट रूपमा नै ती मानिसप्रति परमेश्‍वरले दिनुभएको चेतावनीका वचनहरू मात्रै हुन्!” कतिपय मानिसहरूले आफ्नो हृदयमा अत्यन्तै धेरै घृणाको अनुभव समेत गरेर विचार गर्न सक्छन्: “यसको बारेमा त दिनहुँ बताइन्छ–उहाँका परीक्षाहरू, उहाँको न्याय, यो कहिले सकिन्छ? हामीले कहिले असल गन्तव्य प्राप्त गर्नेछौं?” यो अनुचित रिस कहाँबाट आउँछ भन्‍ने थाहा छैन। यो कस्तो प्रकारको प्रकृति हो? (दुष्ट प्रकृति।) यसलाई शैतानको दुष्ट प्रकृतिले निर्देशित र अगुवाइ गर्छ। शैतानको दुष्ट प्रकृति र मानिसको भ्रष्ट स्वभावलाई परमेश्‍वरको दृष्टिकोणबाट हेर्दा, उहाँले कहिल्यै पनि मानिसहरूसँग विवाद गर्ने वा तिनीहरूका विरुद्ध ईख राख्ने गर्नुहुन्‍न, अनि मानिसहरूले मूर्खतापूर्ण काम गर्दा उहाँले कहिल्यै पनि कोलाहल मच्चाउनुहुन्‍न। परमेश्‍वरले वस्तुहरूप्रति र मानवजातिप्रति उस्तै दृष्टिकोणहरू राख्नुभएको तैँले कहिल्यै देख्नेछैनस्, यसको साथै, समस्याहरूलाई सम्हाल्नका लागि उहाँले मानवजातिको दृष्टिकोण, ज्ञान, विज्ञान, दर्शनशास्त्र वा कल्पनाको प्रयोग गरेको तैँले कहिल्यै देख्नेछैनस्। बरु, परमेश्‍वरले गर्नुहुने सबै कुरा अनि उहाँले प्रकट गर्नुहुने सबै कुरा सत्यतासँग गाँसिएको हुन्छ। अर्थात्, उहाँले भन्‍नुभएको हरेक वचन अनि उहाँले गर्नुभएको हरेक कार्य सत्यतासँग बाँधिएको हुन्छ। यो सत्यता कुनै आधारहीन कल्पनाको उपज होइन; परमेश्‍वरले उहाँको

सार र उहाँको जीवनको सद्‌गुणद्‌वारा यो सत्यता र यी वचनहरूलाई व्यक्त गर्नुहुन्छ। यी वचनहरू अनि परमेश्‍वरले गर्नुभएको हरेक कुराको सार सत्यता नै भएकोले, परमेश्‍वरको सार पवित्र छ भनेर हामी भन्‍न सक्छौं। अर्को शब्दमा भन्दा, परमेश्‍वरले भन्‍नुहुने अनि गर्नुहुने सबै कुराले मानिसहरूमा जीवन-शक्ति र ज्योति ल्याउँछ, मानिसहरूलाई सकारात्मक कुराहरू अनि ती सकारात्मक कुराहरूको वास्तविकतालाई देख्‍ने तुल्याउँछ, अनि मानवजातिको लागि मार्ग देखाउँछ ताकि तिनीहरू सही मार्गमा हिँड्‍न सकून्। यी सबै कुराहरूलाई परमेश्‍वरको सार र उहाँको पवित्रताको सारले निर्धारित गरेका हुन्छन्। तिमीहरू अहिले यो देख्छौ, देख्दैनौ त? अब, हामी पवित्र-शास्त्रबाट अर्को पाठ गरी अघि बढ्‍नेछौं।

मत्ती ४:८-११ फेरि, दुष्टले उहाँलाई एकदमै अग्लो पहाडमा लैजान्छ र संसारका राज्यहरू र तिनको महिमा देखाउँछ; अनि उहाँलाई भन्यो, यदि तपाईंले लम्पसार परेर मेरो आराधना गर्नुभयो भने, म तपाईंलाई यी सबै थोक दिनेछु। तब येशूले त्यसलाई भन्‍नुभयो, यहाँबाट गइहाल्, शैतान: किनकि यस्तो लेखिएको छ, तैँले परमप्रभु तेरा परमेश्‍वरको आराधना गर्नू र उहाँको मात्र सेवा गर्नू। तब दुष्टले उहाँलाई छोड्छ र स्वर्गदूतहरू आएर उहाँको सेवा गरे।

अघिल्ला दुई षड्‌यन्त्रमा असफल भइसकेपछि दियाबलस शैतानले फेरि अर्को प्रयास गर्‍यो: त्यसले संसारका सबै राज्यहरू र तिनको वैभव प्रभु येशूलाई देखायो अनि मलाई आराधना गर्नुहोस् भनी उहाँलाई भन्यो। यो परिस्थितिबाट तिमीहरूले दियाबलसको साँचो विशेषताहरूको बारेमा के देख्‍न सक्छौ? के दियाबलस शैतान पूर्णतया लाज विहीन छैन र? (छ।) यो कसरी लाजविहीन छ? परमेश्‍वरले नै सबै थोक सृष्टि गर्नुभएको थियो, तैपनि शैतानले फर्केर परमेश्‍वरलाई सबै थोक देखायो अनि भन्यो, “यी सबै राज्यहरूका सम्पत्ति र वैभवलाई हेर्नुहोस्। यदि तपाईंले मलाई आराधना गर्नुभयो भने ती सबै म तपाईंलाई दिनेछु।” के यो भूमिकालाई पूर्ण रूपमा उल्ट्याउने कार्य होइन र? के शैतान लाजविहीन छैन र? परमेश्‍वरले नै सबै थोक बनाउनुभयो, तर के उहाँले आफ्नै आनन्दको लागि सबै थोक बनाउनुभयो र? परमेश्‍वरले सबै कुरा मानवजातिलाई दिनुभयो, तर शैतानले यी सबै जफत गर्न चाहन्थ्यो अनि यो सबै जफत गरिसकेपछि, त्यसले परमेश्‍वरलाई भन्यो, “मेरो आराधना गर्नुहोस्! मलाई आराधना गर्नुहोस् अनि यो सबै म तपाईंलाई दिनेछु।” यो शैतानको कुरूप अनुहार हो; यो पूर्ण रूपमा लाजविहीन छ! शैतानलाई “लाज” भन्‍ने शब्दको अर्थ समेत थाहा छैन। यो त्यसको दुष्टताको अर्को उदाहरण मात्रै हो। त्यसलाई लाज के हो भन्‍ने समेत थाहा छैन। परमेश्‍वरले सबै थोक सृष्टि गर्नुभयो र उहाँले सबै थोकलाई व्यवस्थापन गर्नुहुन्छ अनि तीमाथि उहाँकै प्रभुत्व छ भन्‍ने शैतानलाई स्पष्टै थाहा छ। सबै थोक मानिसको होइन, अनि शैतानको त झन् हुँदै होइन, तर ती सबै परमेश्‍वरको स्वामित्वमा छन्, तैपनि दियाबलस शैतानले निर्धक्कसाथ ती सबै थोक परमेश्‍वरलाई दिनेछु भनी भन्यो। के यो शैतानले फेरि मूर्खतापूर्ण र लाजमर्दो तरिकाले कार्य गरेको अर्को उदाहरण होइन र? यसले परमेश्‍वरलाई शैतानको अझै बढी घृणा गर्ने तुल्याउँछ, तुल्याउँदैन र? तैपनि शैतानले जस्तोसुकै प्रयास गरे पनि, के प्रभु येशू मूर्ख हुनुभयो त? प्रभु येशूले के भन्‍नुभयो? (“तैँले परमप्रभु तेरा परमेश्‍वरको आराधना गर्नू र उहाँको मात्र सेवा गर्नू।”) के यी वचनहरूको व्यवहारिक अर्थ छ? (छ।) कस्तो प्रकारको व्यवहारिक अर्थ?

हामीले शैतानको बोलीमा त्यसको दुष्टता र लाजविहीनतालाई देख्छौं। तसर्थ यदि मानिसले शैतानको आराधना गर्‍यो भने, परिणाम के हुनेछ? के तिनीहरूले सबै राज्यहरूको सम्पत्ति र वैभव प्राप्त गर्नेछन्? (गर्नेछैनन्।) तिनीहरूले के प्राप्त गर्नेछन्? के मानवजाति शैतानजस्तै लाजविहीन र हाँसउठ्दो बन्नेछ? (हो।) त्यसो भए तिनीहरू शैतानभन्दा फरक हुनेछैनन्। त्यसकारण, प्रभु येशूले यी वचनहरू भन्नुभयो, जुन हरेक मानवजातिको लागि महत्त्वपूर्ण छन्: "तैँले परमप्रभु तेरा परमेश्वरको आराधना गर्नू र उहाँको मात्र सेवा गर्नू।" यसको अर्थ के हो भने, यदि तैँले प्रभुलाई बाहेक, परमेश्वर स्वयम्‌लाई बाहेक, अर्कोलाई सेवा गरिस् भने, यदि तैँले दियाबलस शैतानको आराधना गरिस् भने, तँ पनि शैतानजस्तै त्यही दुष्कर्ममा डुब्नेछस्। त्यसपछि तँ शैतानको लाजविहीनता र त्यसको दुष्टतामा सहभागी हुनेछस्, अनि शैतानले जस्तै तैँले पनि परमेश्वरलाई परीक्षा गर्नेछस् र परमेश्वरलाई आक्रमण गर्नेछस्। त्यसपछि तेरो लागि परिणाम के हुनेछ? तँलाई परमेश्वरले घृणा गर्नुहुनेछ, परमेश्वरले प्रहार गर्नुहुनेछ, नास गर्नुहुनेछ। कुनै सफलता विना नै धेरै पटक शैतानले प्रभु येशूलाई परीक्षा गरिसकेपछि, के त्यसले फेरि प्रयास गर्‍यो त? शैतानले फेरि प्रयास गरेन, अनि त्यसपछि त्यो गयो। यसले के प्रमाणित गर्छ? यसले शैतानको दुष्ट प्रकृति, त्यसको बदख्वाइँ, अनि त्यसको मूर्खता र निरर्थकता परमेश्वरको सामुन्ने उल्लेख गर्न समेत योग्य छैनन् भन्ने प्रमाणित गर्छ। प्रभु येशूले केवल तीन वाक्यले शैतानलाई हराउनुभयो, त्यसपछि लाजले अनुहार देखाउन नसकी आफ्नो पुच्छर लुरुक्क पारेर, त्यो दगुरेर गयो, अनि प्रभु येशूलाई फेरि कहिल्यै परीक्षा गरेन। प्रभु येशूले शैतानको यो परीक्षालाई जित्नुभएको हुनाले, अब उहाँले आफूले गर्नुपर्ने र उहाँको अघि भएका कार्यलाई उहाँले सहजै जारी राख्न सक्नुभयो। के प्रभु येशूले यो परिस्थितिमा गर्नुभएको र भन्नुभएको सबै कुरालाई वर्तमान दिनमा लागू गर्ने हो भने त्यसले हरेक मानवजातिको लागि कुनै व्यवहारिक अर्थ दिन्छ? (दिन्छ।) कस्तो प्रकारको व्यवहारिक अर्थ? के शैतानलाई हराउनु सहज कुरा थियो? के मानिसहरूसँग शैतानको दुष्ट प्रकृतिको बारेमा स्पष्ट बुझाइ हुनुपर्छ? के मानिसहरूसँग शैतानका परीक्षाहरूको बारेमा ठीक बुझाइ हुनुपर्छ? (हुनुपर्छ।) जब तैँले आफ्नो जीवनमा शैतानका परीक्षाहरूको अनुभव गर्छस्, यदि तैँले शैतानका दुष्ट प्रकृतिलाई देख्न सक्थिस् भने, के तँ त्यसलाई हराउन सक्नेथिनस्? यदि तँलाई शैतानको मूर्खता र निरर्थकताको बारेमा थाहा थियो भने, के तँ अझै पनि शैतानको पक्षमा खडा भएर परमेश्वरलाई आक्रमण गर्नेथिइस्? शैतानको बदख्वाइँ र लाजविहीनता तँ मार्फत कसरी प्रकट हुन्छ भन्ने तैँले बुझिस् भने–यदि तैँले यी कुराहरूलाई स्पष्ट रूपमा पहिचान गरिस् र बुझिस् भने–के तँ अझै पनि यसरी परमेश्वरलाई आक्रमण र परीक्षा गर्नेथिइस्? (होइन, हामी गर्नेथिएनौं।) तिमीहरूले के गर्नेथियौ? (हामीले शैतानको विरुद्धमा विद्रोह गरेर त्यसलाई धपाउनेथियौं।) के यसो गर्नु सजिलो छ? यो सजिलो छैन। यसो गर्नको लागि, मानिसहरूले बारम्बार प्रार्थना गर्नैपर्छ, तिनीहरूले आफैलाई बारम्बार परमेश्वरको अघि राख्नुपर्छ अनि आफैलाई जाँच्नुपर्छ। अनि तिनीहरूले परमेश्वरको अनुशासन र उहाँको न्याय अनि सजाय तिनीहरूमाथि आउन दिनुपर्छ। यसरी मात्रै मानिसहरूले आफूलाई क्रमिक रूपमा शैतानको धोका र नियन्त्रणबाट मुक्त गर्न सक्नेछन्।

अब, शैतानले बोलेका यी वचनहरूलाई हेरेर, हामी शैतानको सार निर्माण गर्ने कुराहरूलाई

सारांशित गर्नेछौं। पहिलो, सामान्यतया शैतानको सार दुष्ट छ भनेर भन्न सकिन्छ, जुन परमेश्‍वरको पवित्रताको विपरीत हो। शैतानको सार दुष्ट छ भनेर म किन भन्छु त? यस प्रश्‍नको उत्तर दिनको लागि, मानिसहरूलाई शैतानले जे गर्छ त्यसका परिणामहरूलाई छानबिन गर्नुपर्छ। शैतानले मानिसलाई भ्रष्ट तुल्याउँछ र नियन्त्रण गर्छ, अनि मानिसले शैतानको भ्रष्ट स्वभावको अधीनमा काम गर्छ, अनि ऊ शैतानले भ्रष्ट तुल्याएका मानिसहरूको संसारमा जिउँछ। पत्तै नपाई मानवजातिलाई शैतानले नियन्त्रण गर्छ र आफूमा समाहित गराउँछ; त्यसकारण, मानिसमा शैतानको भ्रष्ट स्वभाव हुन्छ, जुन शैतानको प्रकृति हो। शैतानले भनेको र गरेको सबै कुराबाट, के तिमीहरूले त्यसको अहङ्कार देखेका छौ? के तिमीहरूले त्यसको धोका र बदख्वाइँ देखेका छौ? शैतानको अहङ्कार प्राथमिक रूपमा कसरी देखिन्छ? के शैतानलाई सधैँ परमेश्‍वरको स्थान लिने इच्छा हुन्छ? शैतानले सधैँ परमेश्‍वरको कार्य, र परमेश्‍वरको स्थानलाई ढलाएर आफ्नो निम्ति लिन चाहन्छ, ताकि मानिसहरूले शैतानलाई पछ्याऊन्, साथ दिऊन, र आराधना गरून्; शैतानको अहङ्कारी प्रकृति यही नै हो। जब शैतानले मानिसहरूलाई भ्रष्ट तुल्याउँछ, तिनीहरूले के गर्नुपर्छ भनेर त्यसले तिनीहरूलाई सीधै भन्छ र? जब शैतानले परमेश्‍वरको परीक्षा गर्छ, तब के त्यसले आएर “मैले तँलाई परीक्षा गर्न लागेको छु, म तँलाई आक्रमण गर्नेछु” भनेर भन्छ र? त्यसले अवश्य नै यसो भन्दैन। त्यसो भए, शैतानले कुन विधिको प्रयोग गर्छ? यसले प्रलोभनमा पार्छ, परीक्षा गर्छ, आक्रमण गर्छ, अनि पासोहरू थाप्छ, र धर्मशास्त्रका खण्डहरूलाई समेत उद्‌धृत गर्छ। शैतानले आफ्ना कुटिल उद्‌देश्यहरूलाई हासिल गर्न र आफ्ना अभिप्रायहरूलाई पूरा गर्न विभिन्न तरिकाले बोल्छ र कार्य गर्छ। शैतानले यसो गरेपछि, मानिसमा प्रकट हुने कुराबाट के देख्न सकिन्छ? के मानिसहरू पनि अहङ्कारी बन्दैनन् र? मानिसले हजारौं वर्षदेखि शैतानको भ्रष्टतालाई भोगेको छ, त्यसकारण मानिस अहङ्कारी, धोकेबाज, दुर्भावनापूर्ण, र तर्कविहीन बनेको छ। यी सबै कुराहरू शैतानको प्रकृतिको कारण आएका हुन्। शैतानको प्रकृति नै दुष्ट भएको हुनाले, त्यसले मानिसलाई यो दुष्ट प्रकृति दिएको छ अनि मानिसमा यस दुष्ट, भ्रष्ट स्वभाव ल्याएको छ। त्यसकारण, मानिस भ्रष्ट शैतानी स्वभावमा जिउँछ, अनि शैतानले जस्तै, उसले परमेश्‍वरको विरोध गर्छ, परमेश्‍वरलाई आक्रमण गर्छ, अनि उहाँको परीक्षा गर्छ, यहाँसम्म कि मानिसले परमेश्‍वरलाई आराधना गर्नै सक्दैन अनि उसँग परमेश्‍वरलाई श्रद्‌धा गर्ने हृदय नै हुँदैन।

परमेश्‍वरको पवित्रताको बारेमा कुरा गर्दा, यो परिचित विषय भए तापनि, यो त्यस्तो विषय हो जसको बारेमा कुरा गर्दा कतिपय मानिसहरूको लागि यो अलि अमूर्त र अलि गहन र तिनीहरूको पहुँचभन्दा बाहिरको कुरा हुन सक्छ। तर चिन्तित हुने कुनै कारण छैन। म तिमीहरूलाई परमेश्‍वरको पवित्रता के हो त्यो बुझ्न सहयोग गर्नेछु। कुनै पनि व्यक्ति कस्तो प्रकारको व्यक्ति हो भनेर बुझ्नको लागि, तिनीहरूले के गर्छन् अनि तिनीहरूको कार्यका परिणामहरू के हुन् सो हेर, त्यसपछि तिमीहरूले त्यस व्यक्तिको सारलाई देख्न सक्नेछौ। के यस कुरालाई यसरी भन्न सकिन्छ? (सकिन्छ।) त्यसो भए, हामी पहिले यो दृष्टिकोणबाट परमेश्‍वरको पवित्रताको बारेमा सङ्गति गरौं। शैतानको सार दुष्ट छ, र मानिसप्रतिका शैतानका कार्यहरू तिनीहरूलाई अटुट रूपमा भ्रष्ट तुल्याउनका लागि हुँदै आएका छन् भनेर भन्न सकिन्छ। शैतान दुष्ट छ, त्यसकारण त्यसले भ्रष्ट

तुल्याएका मानिसहरू पनि अवश्य नै दुष्ट छन्, होइन र? के कसैले “शैतान भ्रष्ट छ, तर सायद त्यसले भ्रष्ट तुल्याएको कुनै व्यक्ति पवित्र छ होला” भनेर भन्छ र? त्यो त एउटा मजाक हुनेथियो, होइन र? के त्यस्तो कुरा सम्भव छ त? (छैन।) शैतान दुष्ट छ, र त्यसको दुष्टताभित्र अत्यावश्यक र व्यवहारिक पक्ष दुवै छ। यो बकम्फुसे गफ मात्रै होइन। हामी शैतानलाई बदनाम गर्ने प्रयास गरिरहेका छैनौं; हामीले सत्यता र वास्तविकताको बारेमा सङ्गति मात्रै गरिरहेका छौं। यो विषयको वास्तविकतामा सङ्गति गर्दा यसले कतिपय मानिसहरूलाई वा मानिसहरूको निश्चित समूहलाई चोट पुऱ्याउन सक्छ, तर यसमा कुनै दुर्भावनापूर्ण अभिप्राय छैन; सायद तिमीहरूले आज यो सुन्नेछौ र केही असहजता महसुस गर्नेछौ, तर एक दिन चाँडै, जब तिमीहरू यसलाई पहिचान गर्न सक्छौ, तब तिमीहरूले आफैलाई घृणा गर्नेछौ, र मैले आज तिमीहरूलाई बताएको कुरा तिमीहरूको लागि अत्यन्तै उपयोगी र अत्यन्तै बहुमूल्य रहेको तिमीहरूले अनुभव गर्नेछौ। शैतानको सार दुष्ट छ, त्यसकारण के हामी शैतानका कार्यहरूका परिणामहरू पनि अपरिहार्य रूपमा नै दुष्ट छन्, वा कम्तीमा पनि ती त्यसको दुष्टतासँग जोडिएका छन् भनेर भन्न सक्छौं? (सक्छौं।) त्यसो भए, शैतानले कसरी मानिसलाई भ्रष्ट तुल्याउँदै हिँड्छ? शैतानले संसारमा र मानवजातिको बीचमा गर्ने दुष्टतामध्ये, यसको कुन-कुन पक्षहरूलाई मानिसहरूले देख्न र अनुभूति गर्न सक्छन्? के तिमीहरूले यसको बारेमा पहिले कहिल्यै विचार गरेका थियौ? तिमीहरूले यसको बारेमा त्यति विचार नगरेको हुन सक्छौ, त्यसकारण म धेरै वटा मुख्य बुँदाहरूलाई अघि सार्न चाहन्छु। शैतानले प्रस्तावित गरेको क्रमिक विकासको सिद्धान्तको बारेमा सबैलाई थाहा छ, होइन र? यो मानिसले अध्ययन गर्ने ज्ञानको क्षेत्र हो, होइन त? (हो।) त्यसकारण, शैतानले मानिसलाई भ्रष्ट तुल्याउन सुरुमा ज्ञानको प्रयोग गर्छ अनि यसले तिनीहरूको मनमस्तिष्कमा ज्ञान छिराउन यसका आफ्नै शैतानी विधिहरूको प्रयोग गर्छ। त्यसपछि यसले ज्ञान, विज्ञान, रहस्यमय तत्वहरू वा मानिसहरूले अन्वेषण गर्न चाहने विषयहरूसम्बन्धी तिनीहरूको चासोलाई बढाउँदै, मानिसलाई भ्रष्ट तुल्याउन विज्ञानको प्रयोग गर्छ। मानिसलाई भ्रष्ट तुल्याउनको लागि शैतानले प्रयोग गर्ने अरू कुराहरू भनेका परम्परागत संस्कृति र अन्धविश्वास हुन्, अनि त्यसपछि सामाजिक चालचलनहरू हुन्। यी सबै कुराहरू मानिसहरूले आफ्नो दैनिक जीवनमा भोग्ने कुराहरू हुन्, अनि यी सबै मानिसहरूकै समीपमा अस्तित्वमा रहेका हुन्छन्; तिनीहरू सबै तिनीहरूले देख्ने कुराहरू, तिनीहरूले सुन्ने कुराहरू, तिनीहरूले छुने कुराहरू, अनि तिनीहरूले अनुभव गर्ने कुराहरूसँग जोडिएका हुन्छन्। हरेक मानवजातिले यी कुराहरूद्वारा घेरिएर आफ्नो जीवन जिउँछन्, तिनीहरूले चाहे पनि तीबाट उम्कन वा आफैलाई तिनबाट मुक्त गर्न तिनीहरू सक्दैनन् भनेर भन्न सकिन्छ। यी कुराहरूको सामुन्ने, मानवजाति विवश छ, अनि मानिसले गर्न सक्ने भनेको तिनीहरूद्वारा प्रभावित हुनु, सङ्क्रमित हुनु, नियन्त्रित हुनु र बाँधिनु मात्रै हो; ती कुराहरूबाट आफैलाई मुक्त गर्न मानिस असमर्थ छ।

### १. मानिसलाई भ्रष्ट तुल्याउन शैतानले कसरी ज्ञानको प्रयोग गर्छ

सबैभन्दा पहिले, हामी ज्ञानको बारेमा कुरा गर्नेछौं। के ज्ञान भनेको सबैले सकारात्मक ठान्ने गरेको कुरा हो? मानिसहरूले कम्तीमा पनि, “ज्ञान” भन्ने शब्दको अर्थ नकारात्मक होइन,

सकारात्मक हो भन्ने सोच्छन्। त्यसो भए, शैतानले मानिसलाई भ्रष्ट तुल्याउनको लागि ज्ञानको प्रयोग गर्छ भनेर किन हामी यहाँ उल्लेख गरिरहेका छौं त? के क्रमिक विकासको सिद्धान्त ज्ञानको एउटा पक्ष होइन र? के न्यूटनको वैज्ञानिक नियमहरू ज्ञानकै भाग होइनन् र? पृथ्वीको गुरुत्वाकर्षण बल पनि ज्ञानकै भाग हो, होइन र? (हो।) त्यसो भए, किन मानवजातिलाई भ्रष्ट तुल्याउनको लागि शैतानले प्रयोग गर्ने कुराहरूमाझ ज्ञानलाई सूचीकृत गरिन्छ? यसमा तिमीहरूको दृष्टिकोण के छ? के ज्ञानमा एक थोपा सत्यता समेत हुन्छ र? (हुँदैन।) त्यसो भए, ज्ञानको सार के हो त? मानिसले प्राप्त गर्ने सबै ज्ञान कुन आधारमा सिकिन्छ? के यो क्रमिक विकासको सिद्धान्तमा आधारित छ? के मानिसले अन्वेषण र सङ्कलन गरेर हासिल गरेको ज्ञान नास्तिकतामा आधारित छैन र? के परमेश्वरसँग यीमध्ये कुनै पनि ज्ञानको सम्बन्ध छ? के यो परमेश्वरलाई आराधना गर्ने कार्यसँग जोडिएको छ? के यो सत्यतासँग जोडिएको छ? (छैन।) त्यसो भए, मानिसलाई भ्रष्ट तुल्याउन शैतानले कसरी ज्ञानको प्रयोग गर्छ त? मैले भर्खरै भनेँ, यो कुनै पनि ज्ञान परमेश्वरको आराधना गर्ने कार्यसँग वा सत्यतासँग जोडिएको छैन। कतिपय मानिसहरूले यसको बारेमा यस्तो विचार गर्छन्: "सत्यतासँग ज्ञानको कुनै सम्बन्ध नहुन सक्छ, तर यसले मानिसहरूलाई भ्रष्ट तुल्याउँदैन।" यसबारे तिमीहरूको दृष्टिकोण के छ? के व्यक्तिले आफ्नो खुशी उसको आफ्नै हातले निर्माण गर्नुपर्छ भनेर तँलाई ज्ञानले सिकायो? के ज्ञानले तँलाई मानिसको नियति उसको आफ्नै हातमा हुन्छ भनेर सिकायो? (सिकायो।) यो कस्तो प्रकारको गफ हो? (यो दियाबलसी कुरा हो।) एकदम ठीक! यो दियाबलसी कुरा हो! ज्ञान भनेको छलफल गर्नको लागि एउटा जटिल विषय हो। ज्ञानको क्षेत्र ज्ञानभन्दा बढी केही पनि होइन भनेर तिमीहरूले उल्लेख गर्न सक्छौ। त्यो त परमेश्वरलाई आराधना नगरीकन अनि परमेश्वरले सबै थोक बनाउनुभएको हो भन्ने नबुझीकन त्यसैको आधारमा सिकिएको ज्ञानको क्षेत्र हो। जब मानिसहरूले यस प्रकारको ज्ञानको अध्ययन गर्छन्, तिनीहरूले परमेश्वरको सार्वभौमिकता सबै थोकमाथि छ भन्ने कुरालाई देख्दैनन्; तिनीहरूले परमेश्वर सबै थोकका मालिक हुनुहुन्छ वा उहाँले सबै थोकको व्यवस्थापन गरिरहनुभएको छ भन्ने कुरालाई देख्दैनन्। बरु, तिनीहरूले अटुट रूपमा ज्ञानको क्षेत्रलाई अनुसन्धान र अन्वेषण मात्रै गर्छन्, अनि ज्ञानकै आधारमा उत्तरहरूको खोजी मात्रै गर्छन्। तर, मानिसहरूले परमेश्वरमा विश्वास नगरी अनुसन्धान मात्रै गर्छन् भने, तिनीहरूले कहिल्यै पनि साँचो उत्तरहरू भेट्टाउनेछैनन् भन्ने कुरा साँचो होइन र? ज्ञानले तँलाई दिने भनेको जीविका, जागिर, आम्दानी मात्रै हो, ताकि तँ भोकै बस्न नपरोस्; तर यसले तँलाई कहिल्यै पनि परमेश्वरलाई आराधना गर्ने तुल्याउनेछैन, अनि यसले तँलाई दुष्टताबाट कहिल्यै अलग राख्नेछैन। तैँले ज्ञानको जति धेरै अध्ययन गर्छस्, त्यति नै बढी परमेश्वरको विरुद्धमा विद्रोह गर्ने, तेरा अध्ययनहरूमा परमेश्वरलाई अध्ययनको विषय बनाउने, परमेश्वरलाई परीक्षा गर्ने, र परमेश्वरको विरोध गर्ने तेरो इच्छा हुनेछ। त्यसैले, अहिले हामी ज्ञानले मानिसहरूलाई के सिकाइरहेको छ भन्ने देख्छौं? यो सबै शैतानको सिद्धान्त हो। के भ्रष्ट मानिसहरूका बीचमा शैतानले फैलाएको अस्तित्वका सिद्धान्त र नियमहरूले सत्यतासँग कुनै सम्बन्ध राख्छन? सत्यतासँग तिनीहरूको कुनै सम्बन्ध छैन, र वास्तवमा, ती सत्यताभन्दा विपरीत छन्। मानिसहरू प्रायजसो भन्ने गर्छन्, "जीवन चलायमान

छ" र "भात स्टील हो भने मानिस फलाम, एक छाक नखाँदा जान खोज्छ प्राण"; यस्ता भनाइहरू के हुन् त? ती भ्रम हुन्, अनि तिनलाई सुन्दा दिक्क लागेर आउँछ। मानिसको तथाकथित ज्ञानमा, शैतानले निकै नै त्यसको जिउने सिद्धान्त र त्यसका सोचाइ हालिदिएको हुन्छ। अनि शैतानले यसो गर्ने क्रममा, मानिसले परमेश्‍वरको अस्तित्वलाई इन्कार गर्न, सबै थोकमाथि र मानिसको भाग्यमाथिको परमेश्‍वरको प्रभुत्वलाई इन्कार गर्न सकोस् भनेर त्यसले मानिसलाई त्यसको सोचाइ, सिद्धान्त, र दृष्टिकोण अपनाउने तुल्याउँछ। त्यसकारण मानिसले प्रगतिको अध्ययन गर्ने क्रममा र उसले अझै बढी ज्ञान प्राप्त गर्ने क्रममा, उसले परमेश्‍वरको अस्तित्व अस्पष्ट भएको अनुभव गर्छ, र परमेश्‍वर अस्तित्वमा हुनुहुन्छ भन्‍ने समेत उसले अनुभव गर्नछोड्छ। शैतानले मानिसको मनमा दृष्टिकोण, धारणा, र विचारहरू थपिदिएको हुनाले, के मानिस यही प्रक्रियाको अवधिमा भ्रष्ट बन्दैन र? (बन्छ।) अब मानिसले आफ्नो जीवनलाई केमा आधारित गर्छ? के ऊ साँच्चै यही ज्ञानको आधारमा जिइरहेको हुन्छ? होइन; मानिसले आफ्नो जीवन यो ज्ञानभित्र लुकेका शैतानका विचार, दृष्टिकोण र सिद्धान्तहरूमा आधारित गरिरहेको हुन्छ। मानिसलाई भ्रष्ट तुल्याउने शैतानको अत्यावश्यक कार्य यहीँ नै हुन्छ; यो शैतानको लक्ष्य र मानिसलाई भ्रष्ट तुल्याउने त्यसको विधि दुवै हो।

हामी ज्ञानको सबैभन्दा सतही पक्षलाई सम्बोधन गर्दै सुरु गर्नेछौं। के भाषाहरूका व्याकरण र शब्दहरूले मानिसहरूलाई भ्रष्ट तुल्याउन सक्छ त? के शब्दहरूले मानिसहरूलाई भ्रष्ट तुल्याउन सक्छ त? (सक्दैन।) शब्दहरूले मानिसहरूलाई भ्रष्ट तुल्याउँदैनन्; ती त मानिसहरूले बोल्नको लागि प्रयोग गर्ने साधन हुन् र ती मानिसहरूले परमेश्‍वरसँग कुराकानी गर्ने साधन पनि हुन्, वर्तमानमा, परमेश्‍वरले भाषा र शब्दहरूद्वारा नै मानिसहरूसँग कुराकानी गर्नुहुन्छ भन्‍ने कुरालाई उल्लेख गरिरहनु नपर्ला। ती साधनहरू हुन्, अनि ती अत्यावश्यक कुराहरू हुन्। एक जोड एक दुई हुन्छ, र दुई गुणा दुई चार हुन्छ; के यो ज्ञान होइन र? तर के यसले तँलाई भ्रष्ट तुल्याउन सक्छ? यो आम ज्ञान हो—यो एक निश्‍चित ढाँचा हो—र यसले मानिसहरूलाई भ्रष्ट तुल्याउन सक्दैन। त्यसो भए कस्तो प्रकारको ज्ञानले मानिसहरूलाई भ्रष्ट तुल्याउँछ? भ्रष्ट तुल्याउने ज्ञान भनेको शैतानका दृष्टिकोण र विचारहरूसँग मिश्रित भएको ज्ञान हो। शैतानले ज्ञानको माध्यमद्वारा यी दृष्टिकोण र विचारहरूलाई मानवजातिमा हालिदिन खोज्छ। उदाहरणको लागि, कुनै निबन्धमा, लिखित शब्दहरू आफै गलत हुँदैनन्। लेखकले लेख लेख्दा जुन दृष्टिकोण र अभिप्रायले लेख्छ त्यसमा, र साथसाथै तिनीहरूको विचारको विषयवस्तुमा समस्या हुन्छ। यी कुराहरू आत्माका कुराहरू हुन्, अनि तिनले मानिसहरूलाई भ्रष्ट तुल्याउन सक्छन्। उदाहरणको लागि, यदि तैँले टेलिभिजन कार्यक्रम हेरिरहेको थिइस् भने, यसका के-कस्ता कुराहरूले मानिसहरूको दृष्टिकोणलाई परिवर्तन गर्न सक्छन्? के कलाकारले जे भन्छ त्यसले, शब्दहरू स्वयम्‌ले मानिसहरूलाई भ्रष्ट तुल्याउन सक्छन्? (सक्दैनन्।) के-कस्ता कुराहरूले मानिसहरूलाई भ्रष्ट तुल्याउँछन्? कार्यक्रमको मूल विचार र विषयवस्तुले यसो गर्न गर्छ, जसले निर्देशकको दृष्टिकोणहरूलाई प्रतिनिधित्व गर्छ। यी दृष्टिकोणहरूमा रहेको जानकारीले मानिसहरूको हृदय र मनलाई बहकाउन सक्छ। त्यस्तै हो नि होइन र? मानिसहरूलाई भ्रष्ट तुल्याउन शैतानले ज्ञानको प्रयोग गर्छ भन्‍नेसम्बन्धी मेरो

छलफलमा मैले केलाई उल्लेख गरिरहेको छु सो अब तिमीहरूलाई थाहा भयो। तिमीहरूले गलत रूपमा बुझ्नेछैनौ, होइन त? त्यसकारण अर्कोपटक तैँले उपन्यास वा निबन्ध पढ्दा, के तैँले लिखित शब्दहरूमा व्यक्त गरिएका विचारहरूले मानवजातिलाई भ्रष्ट तुल्याउँछन् कि मानवजातिमा योगदान दिन्छन् भनी मूल्याङ्कन गर्न सक्छस्? (सक्छु, थोरै हदसम्म।) यो बिस्तारै अध्ययन र अनुभव गर्नुपर्ने कुरा हो, र यो तुरुन्तै सहज रूपमा बुझिने कुरा होइन। उदाहरणको लागि, ज्ञानको क्षेत्र अनुसन्धान गर्ने वा अध्ययन गर्ने क्रममा, ज्ञानका कतिपय सकारात्मक पक्षहरूले मानिसहरूलाई तिनीहरू के कुराबाट अलग बस्नुपर्छ भन्ने कुरा जान्न सक्षम तुल्याउँदै, त्यस क्षेत्रको आधारभूत ज्ञान बुझ्न सहायता गर्न सक्छ। उदाहरणको लागि, “विद्युत्” लाई लिऊँ–यो ज्ञानको एउटा क्षेत्र हो, होइन र? विद्युतले मानिसहरूलाई झट्का लगाउन र चोट पुऱ्याउन सक्छ भन्ने तँलाई थाहा थिएन भने, के तँ अज्ञानी हुनेथिइनस् र? तर तैँले ज्ञानको यो क्षेत्रलाई बुझिसकेपछि, विद्युतीय करेन्ट बग्ने वस्तुहरूलाई छुने बारेमा तँ लापरवाह हुनेछैनस्, अनि विद्युतको प्रयोग कसरी गर्ने भन्ने बारेमा तँलाई थाहा हुनेछ। यी दुवै सकारात्मक कुराहरू हुन्। ज्ञानले कसरी मानिसहरूलाई भ्रष्ट तुल्याउँछ भन्ने विषयमा हामीले के छलफल गर्दै आइरहेका थियौं भन्ने बारेमा के तँ अब स्पष्ट छस्? संसारमा विभिन्न प्रकारका ज्ञान अध्ययन गरिन्छ, र तिनलाई आफ्नो लागि अलग गर्नको लागि तिमीहरूले आफै समय निकाल्नुपर्छ।

### २. मानिसलाई भ्रष्ट तुल्याउन शैतानले कसरी विज्ञानको प्रयोग गर्छ

विज्ञान के हो? के हरेक व्यक्तिले आफ्नो मनमा विज्ञानलाई उच्च आदरको साथ हेर्ने र अत्यन्तै गहन ठान्ने गर्दैनन् र? विज्ञानलाई उल्लेख गर्दा, के मानिसहरूले यस्तो अनुभव गर्दैनन् र: “यो सर्वसाधारण मानिसहरूको पहुँचभन्दा बाहिरको कुरा हो; यो वैज्ञानिक शोधकर्ता वा विशेषज्ञहरूले मात्रै छुन सक्ने विषय हो; हामीजस्ता साधारण मानिसहरूसँग यसको कुनै सम्बन्ध हुँदैन”? के सर्वसाधारण मानिसहरूसँग यसको कुनै सम्बन्ध हुन्छ? (हुन्छ।) मानिसलाई भ्रष्ट तुल्याउन शैतानले कसरी विज्ञानको प्रयोग गर्छ? यहाँको हाम्रो छलफलमा, हामी मानिसहरूले आफ्नो जीवनमा बारम्बार भोग्ने कुराहरूका बारेमा मात्रै कुरा गर्नेछौं, र अरू विषयहरूलाई बेवास्ता गर्नेछौं। “वंशाणु” भन्ने एउटा शब्द छ। के तिमीहरूले यसको बारेमा सुनेका छौ? तिमीहरू यो शब्दप्रति परिचित छौ, छैनौ त? के विज्ञानद्वारा नै वंशाणु पत्ता लगाइएको थिएन र? मानिसहरूको लागि वंशाणुले खास के अर्थ दिन्छ? के तिनले मानिसहरूलाई शरीर रहस्यमय कुरा हो भन्ने अनुभव गराउँदैन र? जब मानिसहरूलाई यो विषयमा परिचित गराइन्छ, के त्यस्ता मानिसहरू हुनेछैनन् र, जो झन्-झन् बढी जान्न र थप विवरण पाउन चाहन्छन्, विशेष गरी, जिज्ञासु मानिसहरू? यी जिज्ञासु मानिसहरूले यस विषयमा आफ्नो ऊर्जा केन्द्रित गर्नेछन् र तिनीहरूसँग अरू काम नहुँदा, तिनीहरूले यसकै बारेमा थप जान्नका लागि पुस्तक-पुस्तिकामा र इन्टरनेटमा जानकारीको खोजी गर्नेछन्। विज्ञान के हो त? सरल रूपमा भन्दा, विज्ञान भनेको मानिस जिज्ञासु भएका कुराहरू, अज्ञात कुराहरू, अनि परमेश्‍वरले नबताउनुभएका कुराहरूबारेका विचार र सिद्धान्तहरू हुन्; विज्ञान भनेको मानिसले अन्वेषण गर्न चाहने रहस्यहरूबारेका विचार र

सिद्धान्तहरू हुन्। विज्ञानको क्षेत्र के हो त? तिमीहरूले यो अलि वृहत् छ भनेर भन्न सक्छौ; मानिसको रुचि जुन कुरामा छ उसले ती हरेकलाई अनुसन्धान र अध्ययन गर्छ। विज्ञान भनेको यिनै कुराहरूको बारेमा विवरण र नियमहरू अनुसन्धान गर्नु र स्वीकार्य सिद्धान्तहरूलाई अघि सार्नु हो, जसले सबैलाई “यी वैज्ञानिकहरू वास्तवमै सानदार छन्! तिनीहरूलाई यी कुराहरू बुझ्न चाहिने धेरै कुरा थाहा छ!” भनी सोच्ने तुल्याउँछ। वैज्ञानिकहरूप्रति तिनीहरूसँग धेरै नै सम्मान हुन्छ, हुँदैन त? विज्ञानको अनुसन्धान गर्ने मानिसहरू, तिनीहरूको दृष्टिकोण कस्तो हुन्छ त? के तिनीहरूले ब्रह्माण्डको अनुसन्धान गर्न, तिनीहरूको रुचिको क्षेत्रका रहस्यमय कुराहरूको अनुसन्धान गर्न चाहँदैनन् र? यसको अन्तिम परिणाम के हुन्छ त? कतिपय विज्ञानमा, मानिसहरूले अनुमानको आधारमा निष्कर्ष निकाल्छन्, अनि अरूमा निष्कर्षहरू निकाल्नको लागि तिनीहरू मानव अनुभवहरूमा भर पर्छन्। विज्ञानको अझै अरू क्षेत्रहरूमा, ऐतिहासिक र पृष्ठभूमि अवलोकनहरूका आधारमा मानिसहरूले निष्कर्ष निकाल्छन्। के यो यस्तै हो नि, होइन त? त्यसो भए, विज्ञानले मानिसहरूको लागि के गर्छ त? विज्ञानले मानिसहरूलाई भौतिक संसारमा भएका वस्तुहरूलाई देख्ने तुल्याउने, र मानिसको जिज्ञासालाई मेटाउने काम मात्रै गर्छ, तर यसले मानिसलाई परमेश्‍वरले कुन नियमहरूद्वारा सबै कुराहरूमा प्रभुत्व राख्नुहुन्छ सो देख्न सक्षम तुल्याउँदैन। मानिसले विज्ञानमा उत्तरहरू भेट्टाउँछ भन्ने देखिन्छ, तर ती उत्तरहरू बुझ्न गाह्रो हुन्छ र त्यसले अस्थाई सन्तुष्टि मात्रै ल्याउँछ, जुन मानिसको हृदयलाई भौतिक संसारमा सीमित गर्ने सन्तुष्टि हो। मानिसले आफूहरूले विज्ञानबाट उत्तरहरू प्राप्त गरेको अनुभव गर्छ, त्यसकारण जुनसुकै समस्याहरू पैदा भए पनि त्यस समस्यालाई प्रमाणित गर्न र स्वीकार गर्नको लागि तिनीहरूले आफ्ना वैज्ञानिक दृष्टिकोणहरू प्रयोग गर्छन्। मानिसको हृदय यति हदसम्म विज्ञानको पकड र प्रलोभनमा पर्छ कि ऊसँग परमेश्‍वरलाई चिन्ने, परमेश्‍वरको आराधना गर्ने, अनि सबै कुराहरू उहाँबाट नै आउँछ अनि उत्तरहरूको लागि मानिसले उहाँलाई नै हेर्नुपर्छ भनी विश्‍वास गर्ने मन नै हुँदैन। के यो यस्तै होइन त? व्यक्तिले विज्ञानमा जति धेरै विश्‍वास गर्छ, तिनीहरू त्यति नै धेरै मूर्ख बन्छन् अनि तिनीहरूले हरेक कुराको वैज्ञानिक समाधान हुन्छ, अनुसन्धानले जुनसुकै समस्यालाई पनि समाधान गर्नसक्छ भन्ने विश्‍वास गर्छन्। तिनीहरूले परमेश्‍वरको खोजी गर्दैनन् र तिनीहरूले उहाँ अस्तित्वमा हुनुहुन्छ भन्ने विश्‍वास गर्दैनन्; धेरै वर्षसम्म परमेश्‍वरलाई पछ्याउने कतिपय मानिसहरूले समेत लहडमा आएर ब्याक्टेरियाको अनुसन्धान गर्न वा कुनै समस्याको उत्तरको लागि केही जानकारीको खोजी गर्न थाल्नेछन्। त्यस्ता मानिसहरूले सत्यताको दृष्टिकोणबाट समस्याहरूलाई हेर्दैनन् र धेरैजसो अवस्थाहरूमा, समस्याहरूको समाधान गर्नको लागि तिनीहरू वैज्ञानिक दृष्टिकोणहरू वा ज्ञान वा वैज्ञानिक समाधानहरूमा भर पर्न् चाहन्छन्; तिनीहरू परमेश्‍वरमा भर पर्दैनन् र तिनीहरूले परमेश्‍वरको खोजी गर्दैनन्। के यस्ता मानिसहरूले हृदयमा परमेश्‍वरलाई राखेका हुन्छन्? (हुँदैनन्।) विज्ञानको अध्ययन गरेजस्तै परमेश्‍वरको अनुसन्धान गर्न चाहने कतिपय मानिसहरू समेत छन्। उदाहरणको लागि, धेरै धार्मिक विशेषज्ञहरू छन्, जसले जहाज अडिएको पर्वतमा गएर जहाजको अस्तित्वलाई प्रमाणित गरेका छन्। तर जहाजको स्वरूपमा तिनीहरूले परमेश्‍वरको अस्तित्वलाई देख्दैनन्। तिनीहरूले कथा र इतिहासमा

मात्रै विश्वास गर्छन्; यो तिनीहरूको वैज्ञानिक अनुसन्धान र भौतिक संसारको अध्ययनको परिणाम हो। चाहे त्यो सूक्ष्मजीव विज्ञान होस्, खगोल विज्ञान होस् वा भूगोल होस, यदि तैँले भौतिक कुराहरूको अनुसन्धान गरिस् भने, तैँले परमेश्वर अस्तित्वमा हुनुहुन्छ वा सबै कुरामाथि उहाँको सार्वभौमिकता छ भन्ने कुरालाई निर्धारित गर्ने परिणाम कहिल्यै पनि भेट्टाउनेछैनस्। त्यसो भए विज्ञानले मानिसको लागि के गर्छ त? के यसले मानिसलाई परमेश्वरबाट अलग गर्दैन र? के यसले मानिसहरूलाई परमेश्वरलाई केवल अध्ययनहरूमा सीमित गर्ने तुल्याउँदैन र? के यसले मानिसहरूलाई परमेश्वरको अस्तित्वको बारेमा अझै बढी शङ्कालु बनाउँदैन र? (बनाउँछ।) त्यसो भए मानिसलाई भ्रष्ट तुल्याउनको लागि शैतानले कसरी विज्ञानको प्रयोग गर्छ त? के शैतानले मानिसहरूलाई धोका दिन र तिनीहरूलाई सुस्त बनाउनको लागि वैज्ञानिक निष्कर्षहरूको प्रयोग गर्न, अनि तिनीहरूले परमेश्वरको अस्तित्वको खोजी नगरून् वा त्यसमा विश्वास नगरून् भनेर मानिसहरूको हृदयलाई पक्रिराख्नको लागि अस्पष्ट उत्तरहरूको प्रयोग गर्न चाहँदैन र? (चाहन्छ।) यही कारणले शैतानले मानिसहरूलाई भ्रष्ट तुल्याउने मार्गहरूमध्ये एउटा विज्ञान हो भनेर म भन्छु।

### ३. मानिसलाई भ्रष्ट तुल्याउन शैतानले कसरी परम्परागत संस्कृतिको प्रयोग गर्छ

परम्परागत संस्कृतिको भागको रूपमा लिइने कुराहरू धेरै छन् कि छैनन्? (छन्।) यो “परम्परागत संस्कृति” को अर्थ के हो? कतिले भन्छन्, यो पुर्खाहरूदेखि चल्दैआएको कुरा हो—यो एउटा पक्ष हो। प्रारम्भदेखि नै, जीवनका शैलीहरू, रीतिरिवाज, भनाइ र नियमहरूलाई परिवारहरू, प्रजातीय समूहहरू र सम्पूर्ण मानवजातिमा समेत हस्तान्तरण गरिँदैआएका छन्, र ती मानिसहरूको विचारहरूमा बसिसकेका छन्। मानिसहरूले तिनलाई तिनीहरूको जीवनको अभिन्न भाग ठान्छन् र ती जीवनकै भाग हुन् जस्तै गरी पालन गर्दै तिनलाई नियमहरू नै मान्छन्। वास्तवमा, तिनीहरूले यी कुराहरूलाई कहिल्यै परिवर्तन गर्न वा त्याग्न चाहँदैनन्, किनभने ती तिनीहरूका पितापुर्खाहरूबाट चल्दैआएका थिए। परम्परागत संस्कृतिका अरू पक्षहरू पनि छन् जुन मानिसहरूको मेरुदण्डमै गाडिएर रहेका छन्, जस्तै कन्फ्युसियस र मेन्सियसबाट हस्तान्तरण गरिँदैआएका कुराहरू, र चिनियाँ ताओवाद र कन्फ्युसियसवादले मानिसहरूलाई सिकाउने कुराहरू। के यो यस्तै हो नि, होइन त? परम्परागत संस्कृतिमा के-कस्ता कुराहरू समावेश हुन्छन्? के यसमा मानिसहरूले मनाउने चाडपर्वहरू पर्छन्? उदाहरणको लागि: वसन्त पर्व, लालटिन पर्व, चिहान बढार्ने दिवस, ड्र्यागन-डुङ्गा पर्व, साथै भूतप्रेत पर्व र मध्य-शरद पर्व। कतिपय परिवारहरूले घरको वृद्ध-वृद्धा निश्चित उमेरमा पुग्दा, वा बच्चा एक महिना वा एक सय दिनको उमेरमा पुग्दा समेत उत्सव मनाउँछन्। अनि आदि इत्यादि कुराहरू छन्। यी सबै परम्परागत चाडपर्वहरू हुन्। के यी चाडपर्वहरूमा परम्परागत संस्कृति अन्तर्निहित छैन र? परम्परागत संस्कृतिको मूल-तत्व के हो? के परमेश्वरलाई आराधना गर्ने कार्यसँग यसको कुनै सम्बन्ध छ? के मानिसहरूलाई सत्यताको अभ्यास गर्न लगाउनुसँग यसको कुनै सम्बन्ध छ? के मानिसहरूले परमेश्वरलाई बलिदान चढाउनको लागि, परमेश्वरको वेदीमा गएर उहाँका शिक्षाहरू प्राप्त गर्नको लागि कुनै चाडपर्वहरू

छन्? के यस्ता कुनै चाडपर्व छन्? (छैनन्।) यी सबै चाडपर्वमा मानिसहरूले के गर्छन्? आधुनिक समयमा तिनलाई खाने, पिउने, र रमाइलो गर्ने समयको रूपमा हेरिन्छ। परम्परागत संस्कृतिको अन्तर्निहित स्रोत के हो? परम्परागत संस्कृति कोबाट आउँछ? (शैतानबाट।) यो शैतानबाट आउँछ। यी परम्परागत चाडपर्वहरूका पछाडि, शैतानले मानिसको मनमस्तिष्कमा निश्चित कुराहरू घुसाइदिन्छ। यी कुराहरू के-के हुन्? मानिसहरूले आफ्ना पितापुर्खाको स्मरण गर्ने कुरा निश्चित गर्नु—के तीमध्ये एउटा त्यही हो? उदाहरणको लागि, चिहान बढार्ने दिवसमा, मानिसहरूले चिहानहरू सफा गर्छन् र तिनीहरूलाई नबिर्सनको लागि, तिनीहरूका पितापुर्खालाई बलिदान चढाउँछन्। यसको साथै, शैतानले मानिसहरूले देशभक्त बन्ने कुरा स्मरण गरून् भन्ने सुनिश्चित गर्छ, जसको एउटा उदाहरण ड्र्यागन-डुङ्गा पर्व हो। मध्य शरद पर्वचाहिँ केसँग सम्बन्धित छ? (परिवारको पुनर्मिलन।) परिवारको पुनर्मिलनको पृष्ठभूमि के हो? यसको कारण के हो? यो भावनात्मक रूपमा संचार गर्न र जोडिनको लागि हो। अवश्य नै, चाहे यो नयाँ वर्षको पूर्णिमाको रातको पर्व होस् वा लालटिन पर्व होस्, यी चाडपर्वहरू मान्नुपछाडिका कारणहरूलाई व्याख्या गर्ने विभिन्न तरिका छन्। यी कारणहरूलाई व्यक्तिले जसरी व्याख्या गरे तापनि, ती हरेक नै तिनीहरू परमेश्वरबाट टाढा जाऊन् अनि परमेश्वर हुनुहुन्छ भन्ने नजानून्, र तिनीहरूले कि त आफ्ना पितापुर्खालाई कि त शैतानलाई बलिदान चढाऊन्, वा तिनीहरूको देहका इच्छाहरूका खातिर खाऊन्, पिऊन्, र रमाइलो गरून् भनेर मानिसहरूको मनमस्तिष्कमा त्यसको दर्शन र त्यसको सोचाइ घुसाउने शैतानको तरिका हो। यी हरेक चाडपर्वहरू मनाउने क्रममा, शैतानका विचार र दृष्टिकोणहरूले मानिसहरूको मनमस्तिष्कमा थाहै नपाई गहिरो जरा गाड्छन्। जब मानिसहरू चालीस, पचासको दशक वा त्योभन्दा बढी उमेरका हुन्छन्, शैतानका यी विचार र दृष्टिकोणहरूले तिनीहरूको हृदयमा पहिले नै गहिरो जरा गाडिसकेको हुन्छ। यसको साथै, यी विचारहरू सही हुन् कि गलत, कुनै भिन्नता नछुट्ट्याईकन र कुनै संदेह नगरीकन, तिनलाई अर्को पुस्तामा हस्तान्तरण गर्नको लागि मानिसहरूले सक्दो प्रयास गर्छन्। यो यस्तै हो नि, होइन र? (हो।) परम्परागत संस्कृति र यी चाडपर्वहरूले कसरी मानिसहरूलाई भ्रष्ट तुल्याउँछ? तिमीहरूलाई थाहा छ? (मानिसहरू यी परम्पराहरूका नियमहरूको बन्धन र परिधिमा पर्छन्, त्यसकारण तिनीहरूमा परमेश्वरलाई खोज्ने समय वा ऊर्जा नै हुँदैन।) यो एउटा पक्ष हो। उदाहरणको लागि, नयाँ वर्षको पूर्णिमा पर्व सबैले मनाउँछन्—यदि तैँले मनाइनस् भने, के तँलाई दुःख लाग्दैन र? के तैँले तेरो हृदयमा राख्ने कुनै अन्धविश्वासहरू छन्? सायद तँलाई यस्तो लाग्छ होला, "मैले नयाँ वर्ष मनाइनँ, र नयाँ वर्षको पूर्णिमा नै खराब दिन भयो भने, के बाँकी पूरै वर्ष खराब हुँदैन र"? के तँ असहज र अलि डराएको महसुस गर्दैनस् र? त्यस्ता मानिसहरू पनि छन् जसले वर्षौंदेखि आफ्ना पितापुर्खालाई बलिदान चढाएका छैनन् र जसले सपनामा अचानक एक जना मृतक मानिसले पैसा मागेको देख्छन्। तिनीहरूलाई कस्तो महसुस हुन्छ? "मरिसकेको यो व्यक्तिलाई पैसा चाहिएको रहेछ, कति दुःखको कुरा! म तिनीहरूका लागि कागजका केही रकम जलाउनेछु। यदि मैले त्यसो गरिन भने, त्यो ठीक हुनेछैन। यसले हामी जिउँदाहरूलाई समस्या दिन सक्छ—दशा कहिले लाग्छ, कसले भन्न सक्छ र?" तिनीहरूसँग आफ्नो हृदयमा डर र चिन्ताको यो सानो बादल सधैँ नै हुन्छ। कसले तिनीहरूलाई यसरी चिन्ता गराउँछ? (शैतानले।) यो चिन्ताको

स्रोत शैतान नै हो। के मानिसलाई शैतानले भ्रष्ट तुल्याउने तरिकाहरूमध्ये एउटा यही होइन र? तँ आश्चर्यचकित भई त्यसप्रति समर्पित र राजी बन् भनेर तँलाई नियन्त्रण गर्ने, तँलाई धम्की दिन, र तँलाई बन्धनमा पार्न यसले फरक-फरक माध्यम र बहानाहरूको प्रयोग गर्छ; शैतानले मानिसलाई यसरी नै भ्रष्ट तुल्याउँछ। प्रायजसो जब मानिसहरू कमजोर हुन्छन् वा जब तिनीहरूलाई परिस्थितिको बारेमा स्पष्ट ज्ञान हुँदैन, तब तिनीहरूले लापरवाहीको साथ कुनै बेवकुफी काम गर्छन्; अर्थात्, तिनीहरू अनजानमा शैतानको पकडमा पर्छन् अनि अचेतन रूपमा काम गर्न सक्छन्, तिनीहरूले आफूले के गर्दैछु भन्ने समेत थाहै नपाई काम गर्न सक्छन्। शैतानले मानिसलाई यसरी नै भ्रष्ट तुल्याउँछ। अहिले गहिरो गरी जरा गाडेको परम्परागत संस्कृतिबाट टाढा हुन अनिच्छुक केही मानिसहरू पनि छन्, जसले यसलाई त्याग्नै सक्दैनन्। विशेष गरी, तिनीहरू कमजोर र निष्क्रिय हुँदा तिनीहरूले आफ्नो हृदयमा सहजता ल्याउनको लागि यस्ता चाडपर्वहरू मनाउने इच्छा गर्छन् र तिनीहरूले यसरी शैतानलाई भेट्न र शैतानलाई फेरि सन्तुष्ट तुल्याउन चाहन्छन्। परम्परागत संस्कृतिको पृष्ठभूमि के हो? के यी दृश्यहरूको पछाडि शैतानको कालो हातले तारहरू तानिरहेको हुन्छ? के शैतानको दुष्ट प्रकृतिले चालबाजी र नियन्त्रण गरिरहेको हुन्छ? के यी सबै कुरालाई शैतानले प्रभाव पारिरहेको हुन्छ? (हुन्छ।) जब मानिसहरू परम्परागत संस्कृतिमा जिउँछन् र यस प्रकारका परम्परागत चाडपर्वहरू मान्छन्, तब के यो त्यही वातावरण हो जसमा तिनीहरूलाई शैतानले मूर्ख र भ्रष्ट तुल्याउँछ, र यसको साथै, तिनीहरू शैतानद्वारा मूर्ख बनिन र भ्रष्ट तुल्याइन पाउँदा खुशी हुन्छन् भनेर भन्न सकिन्छ? (सकिन्छ।) यो तिमीहरू सबैले स्वीकार गर्ने, तिमीहरू सबैले जानेको कुरा हो।

### ४. मानिसलाई भ्रष्ट तुल्याउन शैतानले कसरी अन्धविश्वासको प्रयोग गर्छ

तिमीहरू “अन्धविश्वास” भन्ने शब्दप्रति परिचित छौ, होइन त? अन्धविश्वास र परम्परागत संस्कृतिको बीचमा केही सम्बन्धहरू छन्, तर आज हामी तिनको बारेमा कुरा गर्नेछैनौं। बरु, म सबैभन्दा प्रचलित अन्धविश्वासहरूको बारेमा छलफल गर्नेछु: जोखना हेर्ने, भविष्य-बताउने, धूप बाल्ने र बुद्धको पूजा गर्ने। कतिपय मानिसहरूले जोखना हेराउने अभ्यास गर्छन्, अरूले बुद्धको पूजा गर्छन् र धूप बाल्छन्, अरूले भने आफ्नो भविष्य हेर्न लगाउँछन् वा कसैलाई आफ्नो अनुहारका विशेषताहरूलाई हेरेर त्यसको आधारमा आफ्नो भविष्य बताउन लगाउँछन्। तिमीहरूमध्ये कति जनाले आफ्नो भविष्य बताउन वा अनुहार पढ्न लगाएका छौ? यो धेरैजसो मानिसहरूले रुचि राख्ने कुरा हो, होइन र? (हो।) किन? भविष्य-बताउने कार्य र जोखनाबाट मानिसहरूले कस्तो फाइदा पाउँछन्? यसबाट तिनीहरूले कस्तो प्रकारको सन्तुष्टि प्राप्त गर्छन्? (उत्सुकता।) के यो उत्सुकता मात्रै हो त? मैले देखेअनुसार, यो उत्सुकता नै हो भन्ने छैन। जोखना हेर्ने र भविष्य-बताउने कार्यको लक्ष्य के हो? यसो किन गरिन्छ? भविष्य देख्नको लागि होइन र? कतिपय मानिसहरूले भविष्यको अनुमान गर्नको लागि आफ्नो अनुहार पढ्न लगाउँछन्, अरूले तिनीहरूको भविष्य राम्रो छ कि छैन भनेर थाहा पाउन यसो गर्छन्। कतिपय मानिसहरूले तिनीहरूको विवाह कस्तो हुनेछ भनेर यसो गर्छन्, र अरूले आगामी वर्षले कस्तो सौभाग्य ल्याउनेछ भनेर यसो

गर्छन्। कतिपय मानिसहरूले तिनीहरूको र तिनीहरूका छोराछोरीको भविष्यको सफलता हेर्नको लागि आफ्नो अनुहार पढाउँछन्, अनि कतिपय व्यापारीहरूले तिनीहरूले कति पैसा कमाउनेछन् भन्ने हेर्न र तिनीहरूले के-कस्ता कार्यहरू गर्नुपर्छ सोबारेमा अनुहार-पढ्नेबाट मार्गनिर्देशन लिन त्यसो गर्छन्। त्यसो भए, उत्सुकता मेटाउनको लागि मात्रै यसो गरिन्छ त? जब मानिसहरूले तिनीहरूको अनुहार पढ्न लगाउँछन् वा यस्ता कुराहरू गर्छन्, यो तिनीहरूको आफ्नै भविष्यको व्यक्तिगत लाभको लागि हो; यी सबै तिनीहरूको आफ्नै नियतिसँग घनिष्ठ रूपमा सम्बन्धित छन् भन्ने तिनीहरू विश्वास गर्छन्। यीमध्ये कुनै कुरा उपयोगी छ त? (छैन।) यो किन उपयोगी छैन त? के यी कुराहरूबाट केही ज्ञान प्राप्त गर्नु राम्रो कुरा होइन र? यी अभ्यासहरूले तिमीहरूलाई कहिले समस्या आइपर्छ भन्ने जान्न सहयोग गर्न सक्छ, र यदि तिमीहरूले यी समस्याहरू आउनुभन्दा पहिले नै तिनको बारेमा थाहा पायौ भने, के तिमीहरू तीबाट बच्न सक्दैनौ र? यदि तैँले तेरो भविष्य बताउन लगाएको छस् भने, यसले तँलाई भूलभूलैयाको बीचमा कसरी सही बाटो पत्ता लगाउने भन्ने देखाउन सक्छ, ताकि तैँले आउने वर्षमा तेरो सौभाग्यको आनन्द लिन सक् अनि तेरो व्यापारबाट तैँले निकै सम्पत्ति कमाउन सक्। त्यसो भए, यो उपयोगी छ कि छैन त? यो उपयोगी छ कि छैन भन्ने कुराको कुनै सम्बन्ध हामीसँग छैन, र आजको हाम्रो सङ्गतिमा यो विषय समावेश हुनेछैन। मानिसलाई भ्रष्ट तुल्याउन शैतानले कसरी अन्धविश्वासको प्रयोग गर्छ? मानिसहरू सबैले आफ्नो नियति जान्न चाहन्छन्, त्यसकारण शैतानले तिनीहरूलाई प्रलोभनमा पार्न तिनीहरूकै उत्सुकताको प्रयोग गर्छ। मानिसहरू तिनीहरूलाई भविष्यमा के हुनेछ र अगाडि कस्तो बाटो छ भन्ने कुरा जान्नको लागि जोखना हेर्ने, भविष्य-बताउने, र अनुहार पढ्ने कार्यमा संलग्न हुन्छन्। तैपनि, आखिरमा मानिसहरूले त्यति धेरै चिन्ता गर्ने नियति र भविष्य कसको हातमा हुन्छ? (परमेश्वरको हातमा।) यी सबै कुरा परमेश्वरको हातमा छन्। यी विधिहरूको प्रयोग गर्ने क्रममा, मानिसहरूले के जानून भन्ने शैतान चाहन्छ? शैतानले त्यसलाई उनीहरूको भविष्य थाहा छ, र त्यसलाई ती कुराहरू थाहा मात्रै छैन त्यसले त तिनलाई नियन्त्रण समेत गर्न सक्छ भनेर मानिसहरूलाई बताउनको लागि अनुहार पढ्ने र भविष्य-बताउने कार्यको प्रयोग गर्छ। मानिसहरूले त्यसमाथि अन्धविश्वास गर्न सकून् र त्यसका हरेक वचन पालन गरून् भनेर मानिसहरूलाई नियन्त्रण गर्न शैतानले यो मौकाको फाइदा लिन र यी विधिहरूको प्रयोग गर्न चाहन्छ। उदाहरणको लागि, यदि तैँले अनुहार पढ्न लगाइस्, र भविष्य बताउनेले आफ्नो आँखा बन्द गरेर तँलाई विगत केही दशकमा के भएको थियो सो स्पष्ट रूपमा बताउँछ भने, तैँले आफूभित्र कस्तो अनुभव गर्छस्? तैँले तत्कालै यस्तो अनुभव गर्नेछस्, “उसले साँच्चै ठीक भन्यो! मैले यसभन्दा अघि कहिल्यै कसैलाई पनि मेरो विगतको बारेमा बताएको छैन, उसलाई यो कसरी थाहा भयो? यस भविष्य बताउने व्यक्तिलाई म साँच्चै सम्मान गर्छु!” के तेरो विगतको बारेमा जान्नु शैतानको लागि अत्यन्तै सजिलो हुँदैन र? तँ आज जहाँ छस् परमेश्वरले नै तँलाई यहाँसम्म डोऱ्याउनुभएको छ, अनि यस अवधिमा शैतानले मानिसहरूलाई भ्रष्ट तुल्याउँदै आएको र तँलाई पछ्याउँदै आएको छ। तेरो जीवनका दशकहरू बितेर जानु शैतानको लागि केही पनि होइन र यी कुराहरू जान्नु शैतानको लागि कठिन छैन। शैतानले भन्ने सबै कुरा सही छन् भनी जब तैँले

जान्दछस्, के तैँले आफ्नो हृदय त्यसलाई सुम्पिरहेको हुँदैनस् र? के तेरो भविष्य र तेरो नियति नियन्त्रण गर्नको लागि तँ त्यसैमा भर परिरहेको हुँदैनस् र? एकै क्षणमा, तेरो हृदयले त्यसको लागि केही सम्मान वा श्रद्धाको अनुभव गर्नेछ, र कतिपय मानिसहरूको हकमा, यति बेलासम्म त्यसले तिनीहरूको आत्मा खोसिसकेको हुन्छ। अनि तैँले भविष्य बताउनेलाई तुरुन्तै सोध्नेछस्: "अब मैले के गर्नुपर्छ? आउँदो वर्षमा म केबाट जोगिनुपर्छ? के-कस्ता कुराहरू मैले गर्नु हुँदैन?" त्यसपछि उसले भन्नेछ, "तपाईं त्यहाँ जानु हुँदैन, तपाईंले यसो गर्नु हुँदैन, निश्चित रङ्गको लुगा नलगाउनुहोस्, निश्चित ठाउँहरूमा तपाईं अलि कम जानुपर्छ, निश्चित कुराहरू अझै बढी गर्नुपर्छ...।" के त्यसले भन्ने सबै कुरालाई तैँले तुरुन्तै हृदयमा राख्दैनस् र? तैँले परमेश्‍वरको वचनहरूलाई भन्दा उसका वचनहरूलाई तुरुन्तै कण्ठ गरिहाल्छस्। किन तैँले तिनलाई त्यति चाँडै कण्ठ गर्छस्? किनकि तँ राम्रो भविष्यको लागि शैतानमा भर पर्न चाहन्छस्। के त्यसले तेरो हृदयलाई यही बेला पकडमा पार्छ होइन र? जब यसका भविष्यवाणीहरू एकपछि अर्को गर्दै पूरा हुन्छन्, के तँलाई अर्को वर्षले कस्तो भविष्य ल्याउनेछ भनेर पत्ता लगाउन त्यसकहाँ नै फर्केर जाने मन हुँदैन र? (हुन्छ।) शैतानले तँलाई जे गर्न भन्छ तैँले त्यो गर्नेछस् अनि जे कुराबाट अलग बस्नू भनेर त्यसले भन्छ तँ त्यसबाट अलग बस्नेछस्। यसरी, के तैँले त्यसले बताउने सबै कुराको पालना गरिरहेको हुँदैनस् र? तुरुन्तै, तँ त्यसको अङ्गालोमा पर्नेछस्, धोकामा पर्नेछस्, अनि त्यसको नियन्त्रणमा आउनेछस्। यस्तो हुन्छ किनभने त्यसले जे भन्छ त्यो सत्य हो भनेर तैँले विश्‍वास गर्छस् र त्यसले तेरो विगतको जीवन, तेरो अहिलेको जीवन, र भविष्यले के ल्याउनेछ सो त्यसलाई थाहा छ भनेर तैँले विश्‍वास गर्छस्। मानिसहरूलाई नियन्त्रण गर्नको लागि शैतानले प्रयोग गर्ने विधि यही नै हो। तर वास्तविकतामा, कसले नियन्त्रण गर्नुहुन्छ? परमेश्‍वर स्वयम्‌ले नियन्त्रण गर्नुहुन्छ, शैतानले होइन। यस हकमा शैतानले अनजान मानिसहरूलाई छल गरेर, भौतिक संसारलाई मात्र देख्न सक्ने मानिसहरूलाई छल गरेर आफूमा विश्‍वास गर्ने र भरोसा गर्ने तुल्याउनको लागि आफ्नो चतुर षड्यन्त्रको प्रयोग गरिरहेको हुन्छ। त्यसपछि, तिनीहरू शैतानको पकडमा पर्छन् र त्यसको हरेक वचन पालन गर्छन्। तर जब मानिसहरूले परमेश्‍वरमा विश्‍वास गरेर उहाँलाई पछ्याउन चाहन्छन् तब के त्यसले त्यसको पकडलाई खुकुलो पार्छ र? शैतानले त्यसो गर्दैन। यस अवस्थामा, के मानिसहरू साँच्चै शैतानको पकडमा परिरहेका हुन्छन्? (हुन्छन्।) के यस विषयमा शैतानको बानीबेहोरा लाजविहीन छ भनेर हामी भन्न सक्छौँ? (सक्छौँ।) हामी किन त्यसो भन्दैछौँ? किनभने यी कपटपूर्ण र छलपूर्ण रणनीतिहरू हुन्। शैतान लाजविहीन छ र त्यसले मानिसहरूलाई भ्रममा पारेर तिनीहरूलाई तिनीहरूका सबै कुरा त्यसले नियन्त्रण गर्छ र त्यसले तिनीहरूको नियतिसमेत नियन्त्रण गर्छ भनेर विचार गर्ने तुल्याउँछ। यसले अनजान मानिसहरूलाई पूर्ण रूपमा त्यसको पालन गर्ने तुल्याउँछ। तिनीहरू एक-दुई वटा शब्दहरूमै मूर्ख बन्छन्। स्तम्भित भई, मानिसहरू त्यसको अघि घुँडा टेक्छन्। त्यसो भए, तँलाई त्यसमा विश्‍वास गर्ने तुल्याउनको लागि शैतानले कस्तो प्रकारको विधि प्रयोग गर्छ, त्यसले के भन्छ? उदाहरणको लागि, तेरो परिवारमा कति जना मानिसहरू छन् भनेर तैँले शैतानलाई बताएको नहुन सक्छस्, तर पनि कति जना मानिसहरू छन् र तेरो बाबुआमा र छोरा-छोरीको उमेर कति हो भनेर त्यसले

तँलाई बताउन सक्छ। यसभन्दा पहिले शैतानको बारेमा तैँले अविश्वास र शङ्का गरेको हुनसक्ने भए तापनि, त्यसले यी कुराहरू बताएको सुनेपछि, के तँलाई यो अलिक विश्वासयोग्य रहेछ भन्ने लाग्दैन र? त्यसपछि शैतानले तँलाई हालैको समयमा तेरो काम कति कठिन थियो, तैँले पाउनयोग्य पहिचान तेरा हाकिमहरूले तँलाई दिएका छैनन् र सधैँ तेरो विरुद्धमा काम गरिरहेका छन्, र आदि इत्यादि भनेर बताउन सक्छ। त्यो सुनेर, तैँले यस्तो विचार गर्नेछस्, “त्यो एकदम ठीक हो! कामका कुराहरू त्यति सहजरूपमा अघि बढिरहेको छैनन्”। त्यसकारण, तँ शैतानलाई अझै बढी विश्वास गर्छस्। त्यसपछि तँलाई धोका दिन, तँलाई अझै बढी विश्वास गर्ने तुल्याउनको लागि त्यसले अर्को केही कुरा भन्नेछ। अलि-अलि गर्दै, तैँले आफूलाई त्यसलाई विरोध गर्न वा त्यसको बारेमा शङ्का गर्न नसक्ने अवस्थामा पाउनेछस्। शैतानले केही स-साना छलहरू, अत्यन्तै साना छलहरू समेत प्रयोग गर्छ, अनि यसरी त्यसले तँलाई अलमल्याउँछ। तँ जति अलमलिन्छस्, तैँले तेरो खास स्थितिलाई पत्ता लगाउन सक्नेछैनस्, के गर्ने भन्ने तँलाई थाहा हुनेछैन, अनि शैतानले जे भन्छ तैँले त्यसैलाई पछ्याउन थाल्नेछस्। मानिसलाई भ्रष्ट तुल्याउनको लागि शैतानले प्रयोग गर्ने “सानदार” विधि यही हो, जसले तँलाई अनजानमै त्यसको फन्दामा पर्ने र त्यसको प्रलोभनमा पर्ने तुल्याउँछ। मानिसहरूले असल ठानेका एक-दुई वटा कुराहरू शैतानले तँलाई बताउँछ, त्यसपछि त्यसले तँलाई के गर्ने र केबाट टाढा बस्ने भनेर बताउँछ। यसरी, पत्तै नपाई तँ छलमा पर्छस्। जब तँ त्यस्तो छलमा पर्छस, तेरो लागि सबै कुरा कठिन बन्छ; शैतानले के भन्यो र त्यसले तँलाई के गर्न भन्यो तैँले निरन्तर त्यही मात्रै सोचिरहेको हुनेछस्, र थाहै नपाई तँ यसद्वारा नियन्त्रित भएको हुनेछस्। किन यसो हुन्छ त? किनभने मानवजातिमा सत्यताको कमी छ, त्यसले गर्दा ऊ दह्रिलो गरी खडा भएर शैतानको प्रलोभन र परीक्षालाई इन्कार गर्न सक्दैन। शैतानको दुष्टता र यसको धोका, षड्यन्त्र, र बदख्वाइँलाई सामना गर्दा, मानवजाति अत्यन्तै अनजान, अपरिपक्व र कमजोर हुन्छ, होइन र? के शैतानले मानिसलाई भ्रष्ट तुल्याउने मार्गहरूमध्ये एउटा यही होइन र? (हो।) शैतानका विभिन्न विधिहरूले मानिसलाई अलि-अलि गर्दै थाहै नपाई धोका दिन्छ र छल गर्छ, किनभने तिनीहरूमा सकारात्मक र नकारात्मकको बीचमा भिन्नता छुट्याउने क्षमताको कमी छ। तिनीहरूमा शैतानमाथि विजय गर्ने यो कद र क्षमताको कमी छ।

### ५. मानिसलाई भ्रष्ट तुल्याउन शैतानले कसरी सामाजिक प्रचलनको प्रयोग गर्छ

कहिले सामाजिक प्रचलन अस्तित्वमा आयो? के ती वर्तमान दिनमा मात्रै अस्तित्वमा आयो? शैतानले मानिसहरूलाई भ्रष्ट तुल्याउन थालेपछि सामाजिक प्रचलन अस्तित्वमा आयो भनेर भन्न सकिन्छ। सामाजिक प्रचलनमा के समावेश हुन्छ? (वस्त्रको स्टाइल र शृङ्गार।) प्रायजसो मानिसहरूको सम्पर्कमा आउने कुराहरू यिनै हुन्। वस्त्रको स्टाइल, फेसन, र प्रचलन–यी कुराहरूले एउटा सानो पक्षलाई निर्माण गर्छ। के अरू कुनै कुरा छन्? के मानिसहरूको चलनचल्तीमा आउने प्रचलित वाक्य वा भनाइहरू पनि गनिन्छन्? के मानिसहरूले चाहने जीवनशैली पनि यसमा गनिन्छ? के मानिसहरूले मन पराउने सङ्गीतका उत्कृष्ट कलाकार, सेलिब्रेटी, म्यागजिन, र

उपन्यास पनि यसमा पर्छ? (पर्छ।) तिमीहरूको विचारमा, सामाजिक प्रचलनको कुन पक्षले मानिसलाई भ्रष्ट तुल्याउन सक्छ? यीमध्ये कुन प्रचलनले तिमीहरूलाई सबैभन्दा बढी लोभ्याउँछ? कतिपय मानिसहरूले यसो भन्छन्: "हामी सबै निश्चित उमेरमा पुगिसकेका छौं, हामी पचास वा साठीको दशकमा, सत्तरी वा असीको दशकमा छौं, र अबउप्रान्त हामी यी प्रचलनहरूमा उपयुक्त हुन सक्दैनौं र तिनले हाम्रो ध्यान त्यति खिच्दैन।" के यो सही हो? अरू भन्छन्: "हामी सेलिब्रेटीको पछि लाग्दैनौं, त्यो त बीस-पच्चीस वर्षका जवानहरूले गर्ने कुरा हो; हामी फेसनका कपडाहरू लगाउँदैनौं, त्यो त आफ्नो रूपको ख्याल गर्नेहरूले गर्ने कुरा हो।" त्यसो भए, यीमध्ये कुनचाहिँले तिमीहरूलाई भ्रष्ट तुल्याउन सक्छ? (प्रचलित भनाइहरूले।) के यी भनाइहरूले मानिसहरूलाई भ्रष्ट तुल्याउन सक्छन्? म एउटा उदाहरण दिनेछु, अनि यसले मानिसहरूलाई भ्रष्ट तुल्याउँछ कि तुल्याउँदैन सो तिमीहरूले देख्न सक्छौ: "दुनिया पैसाको इसारामा चल्छ"; के यो प्रचलन हो? तिमीहरूले उल्लेख गरेको फेसन र खानपानसम्बन्धी प्रचलनको तुलनामा, के यो अझै खराब छैन र? "दुनियाँ पैसाको इसारामा चल्छ" भन्ने भनाइ शैतानको दर्शन हो, र यो सारा मानवजातिमा, हरेक मानव समाजमा हाबी छ। यो हरेक व्यक्तिको हृदयमा हालिएको हुनाले यो प्रचलन बनेको छ भनेर भन्न सकिन्छ। सुरुदेखि नै, मानिसहरूले यो भनाइलाई स्वीकार गरेनन्, तर जब तिनीहरू वास्तविक जीवनको सम्पर्कमा आए तिनीहरूले यसलाई मौन रूपमा स्वीकार गरे, अनि यी शब्दहरू वास्तवमा साँचो छन् भन्ने अनुभव गर्न सुरु गरे। के मानिसलाई भ्रष्ट तुल्याउने शैतानको प्रक्रिया यही होइन र? शायद मानिसहरूले यो भनाइलाई एउटै हदमा बुझ्दैनन्, तर आफ्नो वरिपरि घटेका घटनाहरू र आफ्ना व्यक्तिगत अनुभवहरूको आधारमा यो भनाइलाई हरेकले फरक-फरक हदमा अर्थ्याएका र स्वीकार गरेका छन्। के त्यो यस्तै होइन र? यो भनाइको बारेमा कसैसँग जतिसुकै अनुभव भए तापनि, निजको हृदयमा यसले पार्न सक्ने नकरात्मक प्रभाव के हो त? तिमीहरू प्रत्येकलगायत मानिसहरूको मानव स्वभावबाट यो संसारमा केही न केही कुरा प्रकट हुन्छ। प्रकट हुने यो कुरालाई कसरी अर्थ लगाउनुपर्छ त? यो पैसाको आराधना हो। के यसलाई कसैको हृदयबाट हटाउनु कठिन छ त? यो अत्यन्तै कठिन छ! मानिसलाई शैतानले दिएको भ्रष्टता अवश्य नै गहन छ भन्ने देखिन्छ! त्यसकारण मानिसहरूलाई भ्रष्ट तुल्याउन शैतानले यो प्रवृत्ति प्रयोग गरिसकेपछि, तिनीहरूमा यो कसरी प्रकट हुन्छ त? के कुनै पैसा भएन भने तिमीहरू यो संसारमा बाँच्न सक्दैनौ, पैसाविना एक दिन कटाउन समेत असम्भव हुन्छ भन्ने अनुभव गर्छौ त? मानिसहरूको सम्मान जस्तै, तिनीहरूको हैसियत तिनीहरूसँग कति पैसा छ भन्नेमा आधारित हुन्छ। गरिबको ढाड लाजले कुप्रो हुन्छ, तर धनीले आफ्नो उच्च प्रतिष्ठाको आनन्द लिन्छ। तिनीहरू ठाडो गरी अभिमानका साथ उभिन्छन् अनि उच्च स्वरमा बोल्छन् र अहङ्कारी रूपमा जिउँछन्। यो भनाइ र प्रवृत्तिले मानिसहरूकहाँ के ल्याउँछ? के धेरैजसो मानिसहरूले पैसाको लागि जे पनि बलि चढाउन सक्छन् भन्ने कुरा साँचो होइन र? के धेरै मानिसहरूले पैसाको पछि लाग्ने क्रममा आफ्नो गौरव र इज्जत गुमाउँदैनन् र? यसको साथै, के धेरै मानिसहरूले पैसाको लागि आफ्नो कर्तव्य निभाउने र परमेश्‍वरलाई पछ्याउने अवसर गुमाउँदैनन् र? के यो मानिसहरूको लागि नोक्सानी होइन र? (हो।) के मानिसहरूलाई त्यस हदसम्म भ्रष्ट तुल्याउनको लागि यो विधि र यो भनाइको प्रयोग

गर्ने शैतान कुटिल छैन र? के यो दुर्भावनापूर्ण छल होइन र? तँमा यस प्रसिद्ध भनाइलाई इन्कार गर्नेदेखि लिएर यसलाई सत्यताको रूपमा स्वीकार गर्ने सम्मको परिवर्तन हुँदै जाँदा, तेरो हृदय पूर्ण रूपमा शैतानको पकडमा पर्छ, अनि त्यसकारण, तँ अपरिहार्य रूपमै यो भनाइअनुसार जिउन पुग्छस्। यो भनाइले तँलाई कुन हदसम्म प्रभाव पारेको छ? तैँले साँचो मार्ग चिनेको हुनसक्छस्, र तँलाई सत्यता थाहा हुनसक्छ, तर यसलाई खोजी गर्न तँ शक्तिहीन छस्। परमेश्वरका वचनहरू नै सत्यता हो भन्ने तँलाई स्पष्ट रूपमा थाहा हुनसक्छ, तर तँ सत्यता प्राप्त गर्नको लागि मूल्य चुकाउन वा कष्ट भोग्न अनिच्छुक छस्। बरु, अन्त्यसम्मै परमेश्वरलाई विरोध गर्नको लागि तैँले तेरो आफ्नै भविष्य र गन्तव्यलाई बलिदान दिनेछस्। परमेश्वरले जे भन्नुभए पनि, परमेश्वरले जे गर्नुभए पनि, तँप्रतिको परमेश्वरको प्रेम कति गहन र कति महान् छ भन्ने तैँले बुझे पनि, तँ हठी भई तेरो आफ्नै मार्गमा हिँड्न र यस भनाइको लागि मूल्य चुकाउन जिद्दी गर्छस्। भन्नुको अर्थ, यो भनाइले तेरो बानीबेहोरा र तेरा विचारहरूलाई नियन्त्रण गर्छ, र तैँले यसलाई त्याग्नुको सट्टा यसैलाई तेरो भाग्य नियन्त्रण गर्न दिन्छस्। मानिसहरूले यसरी व्यवहार गर्छन्, तिनीहरू यो भनाइको नियन्त्रण र चालबाजीमा छन् भन्ने तथ्यले मानिसलाई भ्रष्ट तुल्याउने शैतानको काम प्रभावकारी छ भन्ने कुरालाई चित्रण गर्दैन र? के यो भनेको शैतानको दर्शन र भ्रष्ट स्वभावले तेरो हृदयमा जरा गाडिरहेको कुरा होइन र? यदि तैँले यसो गरिस् भने, के शैतानले त्यसको लक्ष्य हासिल गरेको हुँदैन र? (हुन्छ।) के तैँले शैतानले मानिसलाई यसरी भ्रष्ट तुल्याएको छ भन्ने कुरा देख्छस् त? के तैँले यसलाई अनुभव गर्न सक्छस् त? (सक्दिन।) तैँले न त यसलाई देखेको छस् न त अनुभव नै गरेको छस्। के तैँले यहाँ शैतानको दुष्टतालाई देख्छस् त? शैतानले मानिसलाई हरेक समय र हरेक स्थानमा भ्रष्ट तुल्याउँछ। शैतानले मानिसको लागि यो भ्रष्टताको विरुद्ध प्रतिरक्षा गर्ने कार्य असम्भव तुल्याउँछ र मानिसलाई यसको विरुद्ध विवश तुल्याउँछ। तँ अनजान भएको अवस्थामा र आफूलाई के भइरहेको छ सो तँलाई थाहा नभएको अवस्थामा शैतानले तँलाई त्यसका विचारहरू, त्यसका दृष्टिकोणहरू र त्यसबाट आउने दुष्ट कुराहरू स्वीकार गर्ने तुल्याउँछ। मानिसहरूले यी कुराहरूलाई स्वीकार गर्छन् अनि तीप्रति तिनीहरूमा कुनै घृणा हुँदैन। तिनीहरूले यी कुराहरूलाई सम्पत्ति जस्तै मनमा सजाएर आफूसँगै राखिरहन्छन् र तिनीहरूले यी कुराहरूलाई आफूमाथि चालबाजी र खेलबाड गर्न दिन्छन्; मानिसलाई भ्रष्ट तुल्याउने शैतानको कार्य यसरी नै अझै गहिरो-गहिरो बन्दै जान्छ।

मानिसलाई भ्रष्ट तुल्याउनको लागि शैतानले यी विभिन्न विधिहरूको प्रयोग गर्छ। मानिससँग ज्ञान र केही वैज्ञानिक सिद्धान्तहरूको बुझाइ छ, मानिस परम्परागत संस्कृतिको प्रभावमा जिउँछ, अनि प्रत्येक मानिस परम्परागत संस्कृतिको उत्तराधिकारी र हस्तान्तरणकर्ता हो। मानिस शैतानले उसलाई दिएको परम्परागत संस्कृतिलाई जारी राख्न बाध्य छ, र शैतानले मानवजातिलाई प्रदान गरेका सामाजिक प्रचलनहरूलाई पनि मानिसले अनुसरण गर्छ। शैतानले गर्ने सबै कुरा सधैँ अनुसरण गर्ने, त्यसको दुष्टता, धोका, बदख्वाइँ र अहङ्कारलाई स्वीकार गर्ने हुँदा मानिस शैतानबाट अलग गर्न नसकिने छ। शैतानका यी स्वभावहरूको वशमा परिसकेपछि, मानिस यस भ्रष्ट मानवजातिको बीचमा खुशीसाथ कि दुःखद रूपमा जिइरहेको छ? (दुःखद रूपमा।) तिमीहरू किन

त्यसो भन्दैछौ? (मानिस यी भ्रष्ट कुराहरूद्वारा बाँधिएको र नियन्त्रित गरिएको हुनाले, ऊ पापमा जिउँछ र कठिन संघर्षले उसलाई पुरेको छ।) कतिपय मानिसहरू अत्यन्तै बुद्धिजीवी देखिन चश्मा लगाउँछन्; तिनीहरू वाक्पटुता र तर्कको साथ अत्यन्तै सम्मानले बोल्न सक्छन्, र तिनीहरू धेरै कुराहरूबाट गुज्रेर आएका हुनाले, तिनीहरू अत्यन्तै अनुभवी र परिष्कृत हुन सक्छन्। तिनीहरूले ठूला-साना कुराहरूका बारेमा विस्तृत रूपमा बोल्न सक्छन्; तिनीहरूले विभिन्न कुराहरूको विशुद्धता र तर्कलाई पनि मूल्याङ्कन गर्न सक्छन्। कतिले यी मानिसहरूको बानीबेहोरा र स्वरूपलाई, साथै तिनीहरूको चरित्र, मानवता, आनीबानी, र आदि इत्यादि कुराहरूलाई हेर्न सक्छन्, र तिनमा कुनै त्रुटि भेट्टाउँदैनन्। त्यस्ता मानिसहरूले विशेष रूपमा हालको सामाजिक प्रचलनहरूलाई अपनाउन सक्छन्। त्यस्ता मानिसहरू वृद्ध भए तापनि, तिनीहरू समयका प्रचलनहरूबाट कहिल्यै पछि पर्दैनन् र ती कुराहरू सिक्नको लागि कहिल्यै पनि अत्यन्तै वृद्ध हुँदैनन्। झट्ट हेर्दा, त्यस्तो व्यक्तिमा कसैले पनि गल्ती भेट्टाउन सक्दैन, तैपनि तिनीहरूलाई तिनीहरूको भित्री सारसम्मै शैतानले अत्यन्तै धेरै र पूर्ण रूपमा भ्रष्ट तुल्याएको हुन्छ। यी मानिसहरूमा कुनै बाहिरी त्रुटि भेट्टाउन नसकिए पनि, सतहमा तिनीहरू भलादमी, उत्कृष्ट भए पनि, र तिनीहरूमा ज्ञान र निश्चित नैतिकता भए पनि, र तिनीहरूसँग निष्ठा भए पनि, र ज्ञानको हिसाबमा तिनीहरू जवान मानिसहरूभन्दा कुनै पनि हालतमा कमजोर नभए पनि, तिनीहरूको प्रकृति र सारको हिसाबमा, यस्ता मानिसहरू शैतानको पूर्ण र जीवित नमुना हुन्छन्; तिनीहरू शैतानको स्वरूपसँग अत्यन्तै मिल्ने हुन्छन्। शैतानले मानिसलाई भ्रष्ट तुल्याएर पाउने “फल” यही नै हो। मैले जे भनेँ त्यसले तिमीहरूलाई चोट पुर्‍याउन सक्छ, तर यो सबै साँचो हो। मानिसले अध्ययन गर्ने ज्ञान, उसले बुझ्ने विज्ञान, र सामाजिक प्रचलनसँग मिल्नको लागि उसले छनौट गर्ने माध्यमहरू सबै नै मानिसलाई भ्रष्ट तुल्याउने शैतानका औजारहरू हुन्, यसमा कुनै अपवाद छैन। यो पूर्णतया सत्य छ। त्यसकारण, मानिस शैतानले पूर्णतया भ्रष्ट तुल्याएको स्वभावभित्र जिउँछ, र मानिससँग परमेश्‍वरको पवित्रता के हो वा परमेश्‍वरको सार के हो सो जान्ने कुनै मार्ग छैन। किनभने सतहमा हेर्दा शैतानले मानिसलाई भ्रष्ट तुल्याउने मार्गहरूमा कुनै गल्ती भेट्टाउन सकिँदैन; कसैको बानीबेहोरालाई हेरेर कुनै कुरा गलत छ भनेर भन्न सकिँदैन। हरेक व्यक्तिले सामान्य रूपमा नै आफ्नो काम गर्छन् र सामान्य जीवन जिउँछन्; तिनीहरूले सामान्य रूपमै पुस्तक-पुस्तिका र अखबार पढ्छन्, तिनीहरूले सामान्य रूपमै अध्ययन गर्छन् र बोल्छन्। कतिपय मानिसहरूले केही नीतिशास्त्र सिकेका हुन्छन् अनि बोल्नमा सिपालु हुन्छन्, समझदार र मित्रवत् हुन्छन्, सहयोगी र परोपकारी हुन्छन्, र सानातिना कुरामा झैझगडा गर्ने वा मानिसहरूबाट फाइदा लिने गर्दैनन्। तैपनि, तिनीहरूको भ्रष्ट शैतानी स्वभावले तिनीहरूभित्र गहन रूपमा जरा गाडेको हुन्छ र बाहिरी प्रयासमा भर परेर यो सारलाई परिवर्तन गर्न सकिँदैन। यो सारको कारणले गर्दा, मानिसले परमेश्‍वरको पवित्रतालाई जान्न सक्दैन, र परमेश्‍वरको पवित्रताको सारलाई मानिसको निम्ति खुलासा गरिएको भए पनि मानिसले यसलाई गम्भीर रूपमा लिँदैन। किनभने विभिन्न माध्यमहरूद्वारा शैतानले मानिसको भावना, विचार, दृष्टिकोण र सोचाइहरूलाई नियन्त्रण गरिसकेको छ। यो नियन्त्रण र भ्रष्टता अस्थायी वा कहिलेकहीँ हुने कुरा होइन, बरु यो त जहाँसुकै

र जुनसुकै समयमा हुने कुरा हो। तसर्थ, तीन वा चार, वा पाँच वा छ वर्षदेखि परमेश्‍वरलाई विश्‍वास गर्दै आएका धेरै मानिसहरूले तिनीहरूमा शैतानले हालिदिएका यी दुष्ट विचार, दृष्टिकोण, तर्क, र सिद्धान्तहरूलाई मूल्यवान ठान्छन्, र तिनलाई त्याग्न सक्दैनन्। शैतानको प्रकृतिबाट आउने दुष्ट, अहङ्कारी र दुर्भावनापूर्ण कुराहरूलाई मानिसले स्वीकार गरेको हुनाले, मानिसको अन्तर्वैयक्तिक सम्बन्धहरूमा प्रायजसो द्वन्द्व, तर्कवितर्क र बेमेल हुन्छ, जुन शैतानको अहङ्कारी प्रकृतिको परिणामस्वरूप आउँछ। यदि शैतानले मानवजातिलाई सकारात्मक कुराहरू दिएको भए–उदाहरणको लागि, मानिसले स्वीकार गरेको परम्परागत संस्कृतिको कन्फ्युसियसवाद र ताओवाद असल कुराहरू भएका भए–ती कुराहरूलाई स्वीकार गरिसकेपछि उस्तै प्रकारका मानिसहरू एक-अर्कासँग मिलेर बस्नु पर्नेथियो। त्यसो भए, किन उही कुराहरूलाई स्वीकार गर्ने मानिसहरूका बीचमा त्यति ठूलो विभाजन छ त? किन त्यसो भयो त? किनभने यी कुराहरू शैतानबाट आउँछन् अनि शैतानले मानिसहरूका बीचमा विभाजन पैदा गर्छ। शैतानबाट आउने कुराहरू सतहमा हेर्दा जति नै गौरवशाली वा महान् देखिए पनि तिनले मानिसमा र मानिसको जीवनमा अहङ्कार मात्रै ल्याउँछ, र त्यो शैतानको दुष्ट प्रकृतिको धोकाबाहेक केही पनि होइन। के यो त्यस्तै हो नि, होइन र? आफैलाई छदमभेषमा लुकाउन सक्ने, प्रचूर ज्ञान भएको वा राम्रो बाल्यकाल बिताएको कुनै पनि व्यक्तिलाई समेत उसको भ्रष्ट शैतानी स्वभावलाई लुकाउन कठिन हुन्छ। भन्‍नुको अर्थ, यस्तो मानिसले आफैलाई जस्तोसुकै तरिकाले वस्त्र पहिर्‍याए पनि, तैँले तिनीहरूलाई सन्त ठाने पनि, वा तैँले त्यसलाई सिद्ध छ भन्‍ने ठाने पनि, वा तैँले तिनीहरू स्वर्गदूत हुन् भन्‍ने ठाने पनि, तिनीहरू जति शुद्ध छन् भन्‍ने तैँले ठाने पनि, पर्दापछाडिको तिनीहरूको वास्तविक जीवन कस्तो हुन्छ त? तिनीहरूको स्वभावको प्रकाशमा तैँले कस्तो सार देख्छस्? तैँले शैतानको दुष्ट प्रकृति देख्छस् भन्‍नेमा कुनै शङ्का छैन। के त्यसो भन्‍नु स्वीकार्य छ? (छ।) उदाहरणको लागि, मानौं तिमीहरूले असल व्यक्ति भनी ठानेको तिमीहरूको नजिकको कुनै व्यक्ति होला, सायद तैँले पूजनीय ठान्‍ने कुनै व्यक्ति होला। तेरो वर्तमान कदद्वारा, तैँले तिनीहरूलाई के ठान्छस्? सबभन्दा पहिले, तैँले यस प्रकारको व्यक्तिमा मानवता छ कि छैन, तिनीहरू इमानदार छन् कि छैनन्, मानिसहरूप्रति तिनीहरूको प्रेम साँचो छ कि छैन, तिनीहरूको बोलीवचन र कार्यले अरूलाई फाइदा र सहयोग पुर्‍याउँछ कि पुर्‍याउँदैन भनेर मूल्याङ्कन गर्छस्। (तिनीहरूले त्यस्तो छैनन्।) यी मानिसहरूले प्रकट गर्ने तथाकथित दया, प्रेम वा असलपन के हो त? यो सबै झूट, यो सबै देखावटी हो। यो देखावटीपनभित्र एउटा गोप्य दुष्ट उद्‌देश्य हुन्छ: आफूलाई प्रिय र पुजनीय बनाउनु। के तिमीहरू यसलाई स्पष्ट रूपमा देख्छौ? (देख्छौं।)

मानिसहरूलाई भ्रष्ट तुल्याउन शैतानले प्रयोग गर्ने विधिहरूले मानवजातिमा के ल्याउँछ? तिनले कुनै सकारात्मक कुरा ल्याउँछ? पहिलो कुरा, के मानिसले असल र खराबको बीचमा भिन्‍नता छुट्याउन सक्छ? यो संसारमा, कुनै कुरा असल हो कि खराब हो, र सही हो कि गलत हो भनेर मूल्यांकन गर्नको लागि तिनीहरूले प्रयोग गर्ने मापदण्डहरू भनेका चर्चित वा महान् व्यक्ति, वा केही म्यागजिन वा अरू प्रकाशन हुन् भनेर तैँले भन्छस्, होइन र? के घटना र मानिसहरूसम्बन्धी तिनीहरूको लेखाजोखा सही छ? तिनमा सत्यता समावेश छ? के यो संसार,

यो मानवजातिले सकारात्मक र नकरात्मक कुराहरूलाई सत्यताको मापदण्डको आधारमा मूल्याङ्कन गर्छ? (गर्दैन।) किन मानिसहरूमा त्यो क्षमता छैन? मानिसहरूले धेरै ज्ञान अध्ययन गरेका छन् र तिनीहरूलाई विज्ञानको बारेमा धेरै थाहा छ, त्यसकारण तिनीहरूमा धेरै क्षमताहरू छन्, छैनन् र? त्यसो भए किन तिनीहरूले सकारात्मक र नकरात्मक कुराहरूको बीचमा भिन्नता छुट्याउन सक्दैनन्? किन यसो हुन्छ? (किनभने मानिसहरूसँग सत्यता छैन; विज्ञान र ज्ञान सत्यता होइनन्।) शैतानले मानवजातिमा ल्याउने सबै कुरा दुष्ट, भ्रष्ट अनि सत्यता, जीवन र मार्गविनाका कुराहरू हुन्। शैतानले मानिसमा ल्याउने दुष्टता र भ्रष्टताको आधारमा, के शैतानसँग प्रेम छ भनेर तैँले भन्न सक्छस्? के मानिसमा प्रेम छ भनेर तैँले भन्न सक्छस्? कतिपय मानिसहरूले यसो भन्न सक्छन्: “तपाईं गलत हुनुहुन्छ; संसारभरि गरिब वा घरबारविहीनलाई सहयोग गर्ने धेरै मानिसहरू छन्। के यिनीहरू असल मानिसहरू होइनन् र? असल कार्य गर्ने परोपकारी संस्थाहरू पनि छन्; के तिनीहरूले गर्ने काम असल होइन र?” त्यसबारेमा तिमीहरू के भन्छौ? मानिसलाई भ्रष्ट तुल्याउनको लागि शैतानले विभिन्न विधि र सिद्धान्तहरूको प्रयोग गर्छ; के मानिसको यो भ्रष्टता एउटा अस्पष्ट अवधारणा हो त? होइन, यो अस्पष्ट छैन। शैतानले पनि केही व्यवहारिक कुराहरू गर्छ, र यसले पनि यो संसार र समाजमा दृष्टिकोण वा सिद्धान्तलाई प्रवर्धन गर्छ। हरेक राजवंश र हरेक कालखण्डमा, त्यसले सिद्धान्तको प्रवर्धन गर्छ र मानिसको मनमस्तिष्कमा विचारहरू घुसाइदिन्छ। यी विचार र सिद्धान्तहरूले बिस्तारै मानिसको हृदयमा जरा गाड्छन्, त्यसपछि तिनीहरू तिनकै आधारमा जिउन थाल्छन्। तिनीहरूले यी कुराहरूअनुरूप जिउन थालेपछि, के तिनीहरू पत्तै नपाई शैतान बन्दैनन् र? के त्यसपछि मानिसहरू शैतानसँग एक बन्दैनन् र? जब मानिसहरू शैतानसँग एक बन्छन्, आखिरमा परमेश्‍वरप्रति तिनीहरूको मनोवृति के हुन्छ? के यो परमेश्‍वरप्रति शैतानको जे मनोवृति छ त्यही होइन र? यसलाई स्वीकार गर्न कसैले पनि आँट गर्दैन, गर्छ त? कस्तो भयानक कुरो! शैतानको प्रकृति दुष्ट छ भनेर म किन भन्छु त? म विनाआधार यसो भन्दिन; बरु, त्यसले के गरेको छ र त्यसले के प्रकट गरेको छ, ती कुराहरूको आधारमा शैतानको प्रकृतिलाई निर्धारित र विश्‍लेषण गरिन्छ। यदि मैले शैतान दुष्ट छ भनेर मात्रै भनेको भए, तिमीहरूले के सोच्नेथियौ? तिमीहरूले यो सोच्नेथियौ: “अवश्य नै शैतान दुष्ट छ।” म तँलाई सोध्छु: “शैतानको कुन-कुन पक्षहरू दुष्ट छन् त?” यदि तैँले यसो भनिस् भने: “परमेश्‍वरविरुद्ध शैतानले गर्ने विरोध दुष्ट छ,” तैँले अझै पनि स्पष्टताको साथ बोलिरहेको हुनेथिइनस्। अब मैले यसरी निश्‍चित विवरणहरूको बारेमा बताइसकेको हुनाले, के तिमीहरूसँग शैतानको दुष्टताको सारका निश्‍चित विषयवस्तुको बारेमा बुझाइ छ? (छ।) यदि शैतानको दुष्ट प्रकृतिलाई तिमीहरू स्पष्ट रूपमा देख्न सक्छौ भने, तिमीहरूले तिमीहरूका आफ्नै अवस्थाहरूलाई देख्नेछौ। यी दुई कुराका बीचमा कुनै सम्बन्ध छ? यो तिमीहरूका लागि उपयोगी छ कि छैन? (छ।) जब म परमेश्‍वरको पवित्रताको सारको बारेमा सङ्गति गर्छु, के मैले शैतानको दुष्ट सारको बारेमा सङ्गति गर्नु आवश्यक हुन्छ त? यसको बारेमा तिमीहरूको विचार के छ? (हो, यो आवश्यक छ।) किन? (शैतानको दुष्टताले परमेश्‍वरको पवित्रतालाई स्पष्ट देखिने तुल्याउँछ।) के यो त्यस्तै हो त? शैतानको दुष्टताविना मानिसहरूले परमेश्‍वर पवित्र हुनुहुन्छ भन्ने थाहा पाउनेथिएन भन्ने

अर्थमा यो आंशिक रूपमा सही छ; यसो भन्नु सही छ। तैँपनि, यदि तैँले परमेश्‍वरको पवित्रता शैतानको दुष्टताको विपरीत भएको कारण मात्रै अस्तित्वमा छ भनेर भन्छस् भने, के यो सही हुन्छ त? यो विरोधाभासपूर्ण सोचाइ गलत छ। परमेश्‍वरको पवित्रता परमेश्‍वरको अन्तर्निहित सार हो; परमेश्‍वरले यसलाई उहाँका कार्यहरूद्वारा प्रकट गर्नुभए पनि, यो परमेश्‍वरको सारको प्राकृतिक अभिव्यक्ति हो र यो परमेश्‍वरको अन्तर्निहित सार नै हो; मानिसले यसलाई देख्न नसके पनि यो सधैँ अस्तित्वमा छ र परमेश्‍वरमा यो अन्तर्निहित र स्वाभाविक रूपमा छ। यस्तो हुन्छ किनभने मानिस शैतानको भ्रष्ट स्वभावको बीचमा र शैतानको प्रभावमा जिउँछ, अनि तिनीहरूलाई पवित्रताको बारेमा थाहा छैन, परमेश्‍वरको पवित्रताको निश्‍चित विषयवस्तुको बारेमा थाहा हुनु त परै जाओस्। त्यसकारण, के हामीले सुरुमा शैतानको दुष्ट सारको बारेमा सङ्गति गर्नु आवश्यक छ त? (हो, छ।) कतिपय मानिसहरूले केही शङ्का व्यक्त गर्न सक्छन्: "तपाईंले परमेश्‍वर स्वयम्‌को बारेमा सङ्गति गर्दै हुनुहुन्छ, त्यसकारण तपाईं किन सधैँ शैतानले कसरी मानिसहरूलाई भ्रष्ट तुल्याउँछ र कसरी शैतानको स्वभाव भ्रष्ट छ भनेर कुरा गरिरहनुहुन्छ?" अब तिमीहरूले यी शङ्काहरूलाई रोकिसकेका छौ, छैनौ त? जब मानिसहरूसँग शैतानको दुष्टताको बारेमा बोध हुन्छ र जब तिनीहरूसँग यसको बारेमा सटीक परिभाषा हुन्छ, जब मानिसहरूले दुष्टताको निश्‍चित विषयवस्तु र प्रकटीकरण, दुष्टताको स्रोत र सारलाई स्पष्ट रूपमा देख्न सक्छन्, तब मात्रै परमेश्‍वरको पवित्रतासम्बन्धी छलफलमार्फत मानिसहरूले परमेश्‍वरको पवित्रता के हो, पवित्रता आफै के हो भनेर महसुस गर्न वा पहिचान गर्न सक्छन्। यदि मैले शैतानको दुष्टताको बारेमा छलफल गरिन भने, मानिसहरूले समाजमा र मानिसहरूका बीचमा गर्ने कुराहरूले–वा यो संसारमा अस्तित्वमा रहेका निश्‍चित कुराहरूले–पवित्रतासँग केही सम्बन्ध राख्छ भनेर कतिपय मानिसहरूले गलत रूपमा विश्‍वास गर्नेछन्। के यो गलत दृष्टिकोण होइन र? (हो, यो गलत हो।)

अब मैले शैतानको सारको बारेमा यसरी सङ्गति गरेको हुनाले, विगत केही वर्षमा तिमीहरूले प्राप्त गरेको अनुभवहरूद्वारा, परमेश्‍वरको वचन अध्ययनद्वारा र उहाँको कार्यको अनुभवद्वारा तिमीहरूले परमेश्‍वरको पवित्रताको बारेमा के-कस्तो बुझाइ प्राप्त गरेका छौ? यसको बारेमा अघि आइज र बोल्। तैँले सुन्दा राम्रो सुनिने शब्दहरूको प्रयोग गर्नु पर्दैन, तर तँ तेरा आफ्नै अनुभवहरूबाट बोल्। के परमेश्‍वरको पवित्रतामा उहाँको प्रेम मात्रै समावेश हुन्छ? के हामीले पवित्रता भनेर व्याख्या गर्ने परमेश्‍वरको प्रेम मात्रै हो? त्यो त अत्यन्तै एकतर्फी हुनेथियो, होइन र? के परमेश्‍वरको प्रेमबाहेक, परमेश्‍वरको सारका अन्य पक्षहरू छन्? के तिमीहरूले तिनलाई देखेका छौ? (देखेका छौं। परमेश्‍वरले उत्सव र चाडपर्वहरू, रीतिरिवाज र अन्धविश्‍वासहरूलाई तिरस्कार गर्नुहुन्छ; यो पनि परमेश्‍वरको पवित्रता नै हो।) परमेश्‍वर पवित्र हुनुहुन्छ, त्यसकारण उहाँले यी कुराहरूलाई तिरस्कार गर्नुहुन्छ, के तिमीहरूले यही भन्न खोजेको होइन? जब यसको बारेमा कुरा आउँछ, तब परमेश्‍वरको पवित्रता भनेको के हो? के परमेश्‍वरको पवित्रतामा ठोस विषयवस्तु छैन, केवल घृणा मात्रै छ भन्ने हो? के तिमीहरूले "परमेश्‍वरले यी दुष्ट कुराहरूलाई घृणा गर्नुहुने हुँदा, परमेश्‍वर पवित्र हुनुहुन्छ भनी भन्न सकिन्छ" भनेर आफ्नो मनमा सोचिरहेका छौ? के यो अनुमान होइन र? के यो अनुमान र मूल्याङ्कनको एउटा रूप होइन र? जब परमेश्‍वरको सारसम्बन्धी हाम्रो

बुझाइको कुरा आउँछ तब हामी जोगिनैपर्ने सबैभन्दा ठूलो गलत कदम के हो? (यो हामीले वास्तविकतालाई पछाडि छोडेर सिद्धान्तहरूका बारेमा बोल्नुहुँदैन भन्ने हो।) यो अत्यन्तै ठूलो गलत कदम हो। के अरू कुनै कुरा छ? (अनुमान र कल्पना।) यिनीहरू पनि अत्यन्तै गम्भीर गलत कदमहरू हुन्। किन अनुमान र कल्पना उपयोगी हुँदैनन्? तिमीहरूले अनुमान गर्ने र कल्पना गर्ने कुराहरूलाई के तिमीहरूले साँच्चै देख्न सक्छौ? के ती परमेश्वरको साँचो सार हुन्? (होइनन्।) अरू के कुराबाट टाढा बस्नुपर्छ? के परमेश्वरको सारलाई व्याख्या गर्नको लागि केवल मनोहर शब्दहरूको हरफ कण्ठ गर्नु गलत कदम हो? (हो।) के यो देखावटी र निरर्थक होइन र? मनोहर शब्दहरू छनौट गर्नुजस्तै मूल्याङ्कन र अनुमान गर्नु पनि निरर्थक छन्। खोक्रो प्रशंसा पनि निरर्थक छ, होइन र? के मानिसहरूले यस प्रकारको निरर्थक गफ गरेको सुन्न परमेश्वरलाई मन पर्छ? (होइन, उहाँलाई मन पर्दैन।) यस्तो कुरा सुन्दा उहाँलाई असहज महसुस हुन्छ! जब परमेश्वरले मानिसहरूको समूहलाई मार्गनिर्देश र उद्धार गर्नुहुन्छ, तब यो समूहले उहाँको वचन सुनिसकेपछि पनि उहाँले के भन्न खोज्नुभएको हो भन्ने कहिल्यै बुझ्दैन। कसैले सोध्न सक्छ: “के परमेश्वर असल हुनुहुन्छ?” अनि तिनीहरूले जवाफ दिन्छन्, “हो!” “कति असल?” “अत्यन्तै धेरै असल!” “के परमेश्वरले मानिसलाई प्रेम गर्नुहुन्छ?” “गर्नुहुन्छ!” “कति धेरै? के तिमीहरू व्याख्या गर्न सक्छौ?” “अत्यन्तै धेरै! परमेश्वरको प्रेम समुद्रभन्दा गहिरो, आकाशभन्दा उच्च छ!” के यी शब्दहरू निरर्थक छैनन् र? अनि के यो निरर्थकता तिमीहरूले भर्खरै भनेको कुरा अर्थात् “परमेश्वरले शैतानको भ्रष्ट स्वभावलाई घृणा गर्नुहुन्छ, त्यसकारण परमेश्वर पवित्र हुनुहुन्छ” भन्नेजस्तै छैन र? (छ।) के तिमीहरूले भर्खरै भनेको कुरा निरर्थक छैन र? अनि बोलिने अधिकांश निरर्थक कुराहरू कहाँबाट आउँछन्? (शैतानबाट।) बोलिने निरर्थक कुराहरू मुख्य रूपमा परमेश्वरप्रति गैर-जिम्मेवार रहने र उहाँको अनादर गर्ने मानिसहरूबाट आउँछ। के हामी त्यसो भन्न सक्छौं? तँमा कुनै बुझाइ थिएन, तैपनि तैँले निरर्थक कुरा गरिस्। के त्यो गैर-जिम्मेवारी होइन र? के त्यो परमेश्वरको अनादर होइन र? तैँले केही ज्ञान सिकेको छस्, केही विचार र तर्कलाई बुझेको छस्, तैँले परमेश्वरलाई बुझ्नको लागि यी कुराहरू गरेको छस्, साथै, तिनको प्रयोग गरेको छस्। के तैँले त्यसरी बोलेको सुन्दा परमेश्वरलाई नरमाइलो महसुसु हुन्छ भन्ने तँलाई लाग्छ? यी विधिहरूको प्रयोग गरेर तैँले कसरी परमेश्वरलाई जान्ने प्रयास गर्न सक्छस्? जब तँ त्यसरी बोल्छस्, के यो अनौठो सुनिँदैन र? त्यसकारण, जब परमेश्वरको ज्ञानको कुरा आउँछ, व्यक्ति अत्यन्तै सतर्क हुनुपर्छ; तैँले जति हदसम्म परमेश्वरलाई चिनेको छस् त्यति हदसम्म मात्रै बोल्नुपर्छ। इमान्दारीपूर्वक र व्यवहारिक रूपमा बोल् अनि तेरा शब्दहरूलाई बेस्वादका तारिफहरूले नसिँगार्, अनि चापलुसीको प्रयोग नगर्; परमेश्वरलाई यसको खाँचो छैन; यस्तो कुरा शैतानबाट आउँछ। शैतानको स्वभाव अहङ्कारी छ; शैतानलाई चापलुसी गरेको र राम्रा शब्दहरू भनेको सुन्न मन पर्छ। यदि मानिसहरूले आफूले सिकेका सबै मनोहर शब्दहरूलाई कण्ठ गरेर त्यसलाई शैतानको लागि प्रयोग गरे भने शैतान प्रसन्न र खुशी हुनेछ। तर परमेश्वरलाई यसको खाँचो पर्दैन; परमेश्वरलाई प्रशंसा वा चापलुसी चाहिँदैन र मानिसहरूले निरर्थक रूपमा बोल्दै उहाँलाई अन्धाधुन्ध प्रशंसा गरून् भन्ने मापदण्ड तोक्नुभएको छैन। वास्तविकतासँग नमिल्ने प्रशंसाहरू र चापलुसीलाई परमेश्वर घृणा गर्नुहुन्छ र

तिनलाई उहाँले सुन्नुहुने समेत छैन। त्यसकारण, जब कतिपय मानिसहरूले परमेश्‍वरलाई कपटी रूपमा प्रशंसा गर्छन्, र अन्धाधुन्ध उहाँलाई भाकल र प्रार्थना गर्छन्, परमेश्‍वरले तिनलाई सुन्दै-सुन्नुहुन्‍न। तैँले जे भन्छस् त्यसको तैँले जिम्मेवारी लिनैपर्छ। यदि तँलाई कुनै कुरा थाहा छैन भने, थाहा छैन भन्; यदि तँलाई कुनै कुरा थाहा छैन भने, यसलाई व्यवहारिक रूपमा व्यक्त गर्। त्यसकारण, परमेश्‍वरको पवित्रताले खास र वास्‍तविक रूपमा केलाई जनाउँछ भन्‍ने विषयमा, के तँसँग यसको बारेमा साँचो बुझाइ छ? (जब मैले विद्रोहीपनलाई व्यक्त गरेँ, जब मैले अपराध गरेँ, मैले परमेश्‍वरको न्याय र सजाय प्राप्‍त गरेँ, त्यसमा मैले परमेश्‍वरको पवित्रतालाई देखेँ। अनि जब मैले मेरो अपेक्षाहरूअनुसार नरहेका वातावरणहरूको सामना गरेँ, मैले यी कुराहरूका बारेमा प्रार्थना गरेँ र परमेश्‍वरको अभिप्रायहरूलाई खोजेँ, र परमेश्‍वरले मलाई आफ्नो वचनले अन्तर्दृष्टि दिएर मार्गनिर्देश गर्नुभएपछि, मैले परमेश्‍वरको पवित्रतालाई देखेँ।) यो तेरो आफ्नै अनुभवबाट आएको हो। (परमेश्‍वरले यसबारेमा भन्‍नुभएको कुराबाट मैले शैतानले भ्रष्‍ट तुल्याएपछि र त्यसले हानि गरेपछि मानिस के बनेको छ सो देखेको छु। तैपनि, हामीलाई मुक्ति दिनको लागि परमेश्‍वरले हामीलाई सबै कुरा दिनुभएको छ, र यसबाट म परमेश्‍वरको पवित्रतालाई देख्छु।) यो बोल्ने यथार्थ तरिका हो; यो साँचो ज्ञान हो। के यसलाई बुझ्ने कुनै फरक तरिकाहरू छन्? (हव्वालाई प्रलोभनमा पारी पाप गर्न लगाउन र प्रभु येशूलाई परीक्षा गर्न बोलेका वचनहरूबाट म शैतानको दुष्‍टतालाई देख्छु। आदम र हव्वालाई तिनीहरूले के खानु हुन्छ र के खानु हुँदैन भन्‍ने बारेमा परमेश्‍वरले बोल्नुभएको वचनबाट म परमेश्‍वर सोझो रूपमा, स्पष्‍ट रूपमा, र विश्‍वासयोग्य रूपमा बोल्नुहुन्छ भन्‍ने देख्छु; यसबाट म परमेश्‍वरको पवित्रतालाई देख्छु।) माथिका टिप्पणीहरू सुनिसकेपछि, कसको वचनले तिमीहरूलाई सबैभन्दा बढी “आमेन” भन्‍न उत्प्रेरित गऱ्यो? कसको सङ्गति आजको हाम्रो सङ्गतिको विषयसँग सबैभन्दा बढी मिलेको थियो? कसका वचनहरू सबैभन्दा वास्‍तविक थिए? अन्तिम बहिनीको सङ्गति कस्तो थियो? (राम्रो।) उनले जे भनिन त्यसमा तिमीहरू “आमेन” भन। उनले भनेको के कुरा ठ्याक्कै मिलेको थियो? (भर्खरै बोल्नुभएकी दिदीको वचनहरूबाट मैले परमेश्‍वरको वचन सीधा र अत्यन्तै स्पष्‍ट छ, र यो शैतानको घुमाउरो कुराजस्तो छैन भन्‍ने सुनेँ। यसमा मैले परमेश्‍वरको पवित्रालाई देखेँ।) यो त्यसको एउटा भाग हो। के यो सही थियो? (थियो।) एकदम राम्रो। गत दुई सङ्गतिमा तिमीहरूले केही प्राप्‍त गरेका छौ भन्‍ने म देख्छु, तर तिमीहरूले कठिन परिश्रमलाई जारी राख्नुपर्छ। तिमीहरूले कठिन परिश्रम गर्नु पर्ने कारण के हो भने परमेश्‍वरको सारलाई बुझ्नु भनेको अत्यन्तै प्रगाढ पाठ हो; यो व्यक्तिले एकै रातमा बुझ्ने, वा एक-दुई वटा शब्दहरूद्वारा नै व्यक्त गर्न सक्ने कुरा होइन।

मानिसहरूको भ्रष्‍ट शैतानी स्वभाव, ज्ञान, सिद्धान्त, मानिसहरूका विचार र दृष्टिकोणहरूका हरेक पक्षले, अनि व्यक्तिगत मानिसहरूको निश्‍चित व्यक्तिगत पक्षहरूले तिनीहरूलाई परमेश्‍वरको सार जान्‍नबाट निकै बाधा दिन्छ; त्यसकारण, जब तैँले यी विषयहरूलाई सुन्छस्, तीमध्ये कतिपय विषयहरू तेरो पहुँचभन्दा बाहिर हुन सक्छ; कतिलाई तैँले नबुझ्‍न सक्छस्, जबकि कतिलाई तैँले आधारभूत रूपमा वास्‍तविकतासँग मिलाउन सक्दैनस्। जे भए तापनि, परमेश्‍वरको पवित्रतासम्बन्धी तिमीहरूको बुझाइलाई मैले सुनेको छु र मलाई थाहा छ, परमेश्‍वरको पवित्रताको बारेमा मैले जे

भनेँ र सङ्गति गरेँ त्यसलाई तिमीहरूले आफ्नो हृदयमा स्वीकार गर्न थालेछौ। मलाई थाहा छ, तिमीहरूको हृदयमा परमेश्‍वरको पवित्रताको सारलाई बुझ्ने इच्छा उम्रन थालेको छ। तर मलाई के कुराले अझै बढी खुशी तुल्याउँछ भने तिमीहरू पहिले नै परमेश्‍वरको पवित्रतासम्बन्धी तिमीहरूको ज्ञानलाई व्याख्या गर्न सरल शब्दहरूको प्रयोग गर्न सक्ने भइसकेका रहेछौ। यो भन्नको लागि सरल भए पनि र मैले पहिले नै यसो भनिसकेको भए पनि, तिमीहरूमध्ये अधिकांशको हृदयमा, तिमीहरूले यी वचनहरूलाई स्वीकार गर्न अझै बाँकी छ, र अवश्य नै तिनले तिमीहरूको मनमस्तिष्कमा कुनै प्रभाव पारेको छैन। तैपनि, तिमीहरूमध्ये कतिले यी शब्दहरूलाई याद राखेका छौ। यो एकदम राम्रो कुरा हो र यो निकै आशाजनक सुरुवात हो। मलाई आशा छ, तिमीहरूले आफूलाई गहन ठानेका विषयहरूलाई वा तिमीहरूको पहुँचभन्दा बाहिरका विषयहरूलाई झन्-झन् बढी मनन गर्ने र सङ्गति गर्ने कार्यलाई जारी राख्नेछौ। तिमीहरूको पहुँचभन्दा बाहिरका विषयहरूका लागि तिमीहरूलाई थप मार्गनिर्देश गर्नको लागि कोही न कोही हुनेछ। अहिले तिमीहरूले आफ्नो पहुँचभित्रका क्षेत्रहरूको सम्बन्धमा अझै बढी सङ्गतिमा सहभागी भयौ भने, पवित्र आत्माले आफ्नो काम गर्नुहुनेछ र तिमीहरूले अझै गहन बुझाइ प्राप्त गर्नेछौ। परमेश्‍वरको सारलाई बुझ्ने र परमेश्‍वरको सारलाई जान्ने कुरा मानिसहरूको जीवन प्रवेशको लागि सबैभन्दा महत्त्वपूर्ण छ। मलाइ आशा छ, तिमीहरूले यसलाई बेवास्ता गर्ने वा यसलाई खेलको रूपमा लिने गर्दैनौ, किनभने परमेश्‍वरलाई चिन्नु भनेको मानिसको विश्‍वासको जग हो र मानिसले सत्यताको खोजी गर्ने र मुक्ति प्राप्त गर्ने चाबी हो। यदि मानिसहरूले परमेश्‍वरमा विश्‍वास गर्छन् तैपनि उहाँलाई चिन्दैनन् भने, यदि तिनीहरू शब्द र सिद्धान्तहरूमा मात्रै जिउँछन् भने, तिनीहरूले सत्यताको सतही अर्थअनुसार काम गरे र जिए भने पनि तिनीहरूले मुक्ति प्राप्त गर्न कहिल्यै सम्भव हुनेछैन। भन्नुको अर्थ, यदि तँ परमेश्‍वरमा विश्‍वास गर्छस् तर उहाँलाई चिन्दैनस् भने, तेरो विश्‍वास व्यर्थ हुन्छ र त्यसमा कुनै वास्तविकता हुँदैन। तिमीहरूले बुझ्दैछौ, होइन त? (हो, हामीले बुझ्दैछौं।) आजको हाम्रो सङ्गति यहीँ समाप्त हुनेछ। (परमेश्‍वरलाई धन्यवाद होस्!)

जनवरी ४, २०१४

# परमेश्‍वर स्वयम् अद्‌वितीय ६

## परमेश्‍वरको पवित्रता (३)

हामीले पछिल्लोपटक परमेश्‍वरको पवित्रता भन्ने विषयमा सङ्गति गरेका थियौं। परमेश्‍वर स्वयम्‌को कुन पक्ष परमेश्‍वरको पवित्रतासँग सम्बन्धित छ? के यो परमेश्‍वरको सारसँग सम्बन्धित छ? (छ।) त्यसो भए, हामीले हाम्रो सङ्गतिमा छलफल गरेको परमेश्‍वरको सारको मुख्य पक्ष के हो? के यो परमेश्‍वरको पवित्रता हो? परमेश्‍वरको पवित्रता परमेश्‍वरको अद्‌वितीय सार हो। हाम्रो पछिल्लो सङ्गतिको मुख्य विषयवस्तु के थियो? (शैतानको दुष्टतालाई अर्थात्, ज्ञान, विज्ञान, परम्परागत संस्कृति, अन्धविश्‍वास, र सामाजिक प्रचलनको प्रयोग गरेर शैतानले कसरी मानिसलाई

भ्रष्ट तुल्याउँछ सो पत्ता लगाउनु।) पछिल्लो समय हामीले छलफल गरेको मुख्य विषय यही थियो। शैतानले मानिसलाई भ्रष्ट तुल्याउनको लागि ज्ञान, विज्ञान, अन्धविश्‍वास, परम्परागत संस्कृति, र सामाजिक प्रचलनको प्रयोग गर्छ; शैतानले मानिसलाई भ्रष्ट तुल्याउने तरिकाहरू यिनै हुन्– जम्मा पाँच वटा। शैतानले मानिसलाई भ्रष्ट तुल्याउनको लागि यीमध्ये कुनलाई सबैभन्दा बढी प्रयोग गर्छ भन्‍ने तिमीहरूलाई लाग्छ? मानिसहरूलाई सबैभन्दा गहन रूपमा भ्रष्ट तुल्याउनको लागि यीमध्ये कुनलाई प्रयोग गरिन्छ? (परम्परागत संस्कृतिलाई। किनभने कन्फ्युसियस र मेन्सियस सिद्धान्तहरूजस्ता शैतानी दर्शनशास्त्रहरूले हाम्रो मनमस्तिष्कमा गहन रूपमा जरा गाडेका छन्।) त्यसो भए, कतिपय भाइबहिनीहरूले यसको उत्तर "परम्परागत संस्कृति" हो भन्‍ने ठान्छन्। के कसैसँग कुनै फरक उत्तर छ? (ज्ञान। ज्ञानले हामीलाई कहिल्यै पनि परमेश्‍वरको आराधना गर्न दिनेछैन। यसले परमेश्‍वरको अस्तित्वलाई इन्कार गर्छ, र परमेश्‍वरको नियमलाई इन्कार गर्छ। भन्‍नुको अर्थ, शैतानले हामीलाई सानै उमेरदेखि अध्ययन गर्न सुरु गर्नुपर्छ, र अध्ययन गरेर अनि ज्ञान प्राप्त गरेर मात्रै हामीले भविष्यको लागि राम्रो आशा र सुखद नियति प्राप्त गर्नेछौं भनेर बताउँछ।) शैतानले तेरो भविष्य र नियतिलाई नियन्त्रण गर्नको लागि ज्ञानको प्रयोग गर्छ, अनि यसले तँलाई सधाएजस्तै गरी डोऱ्याउँछ; तँलाई लाग्छ, शैतानले यसरी नै मानिसलाई सबैभन्दा बढी गहन रूपमा भ्रष्ट तुल्याउँछ। त्यसो भए, तिमीहरूमध्ये अधिकांशलाई लाग्छ कि मानिसलाई सबैभन्दा गहन रूपमा भ्रष्ट तुल्याउनको लागि शैतानले ज्ञानको प्रयोग गर्छ। के अरू कसैसँग कुनै फरक उत्तर छ? उदाहरणको लागि, विज्ञान वा सामाजिक प्रचलनको बारेमा के भन्छौ? के कसैले यिनलाई उत्तरको रूपमा पहिचान गर्छौ? (गर्छौं।) आज, म फेरि शैतानले मानिसलाई भ्रष्ट तुल्याउने पाँच तरिकाको बारेमा सङ्गति गर्नेछु, र मैले सङ्गति गरिसकेपछि, म तिमीहरूलाई केही प्रश्‍नहरू सोध्नेछु, ताकि हामीले शैतानले मानिसलाई सबैभन्दा गहन रूपमा भ्रष्ट तुल्याउनको लागि यीमध्ये कुन-कुन कुरालाई प्रयोग गर्छ सो दुरुस्त रूपमा देख्‍न सकौं।

मानिसलाई शैतानले भ्रष्ट तुल्याउने पाँच तरिकाहरूमध्ये, हामीले उल्लेख गरेको पहिलो ज्ञान हो, त्यसकारण हाम्रो सङ्गतिको पहिलो विषयको रूपमा ज्ञानलाई लिऔं। शैतानले ज्ञानलाई चारोको रूपमा प्रयोग गर्छ। ध्यान दिएर सुन्: ज्ञान भनेको एक प्रकारको चारो मात्रै हो। मानिसहरूलाई दिन प्रतिदिन कडा मेहेनतसाथ पढ्‍न र आफूलाई सुधार गर्न, ज्ञानलाई हतियार बनाएर आफैलाई त्यसद्वारा सुसज्जित पार्न, र विज्ञानको प्रवेशद्वार खुला गर्न ज्ञानलाई प्रयोग गर्न बहकाइन्छ; अर्को शब्दमा भन्दा, तैँले जति धेरै ज्ञान हासिल गर्छस्, तैँले त्यति नै बढी बुझ्नेछस्। शैतानले मानिसहरूलाई यी सबै कुराहरू बताउँछ; त्यसले मानिसहरूलाई महत्वाकांक्षा र अभिलाषाहरू बढाउँदै लैजान निर्देशन दिँदै तिनीहरूले ज्ञान सिक्ने क्रममा उत्कृष्ट आदर्शहरू लिनुपर्छ भनी बताउँछ। मानिसहरूलाई थाहै नभई शैतानले तिनीहरूलाई यस्ता विभिन्‍न सन्देशहरू दिन्छ अनि अचेतन रूपमै यी कुराहरू सही वा लाभदायक छन् भनी महसुस गर्ने तुल्याउँछ। अनजानमै मानिसहरूले यो मार्गमा पाइला चाल्छन्, अनजानमै तिनीहरू आफ्नै आदर्शहरू र महत्वाकांक्षाहरूद्वारा डोरिँदै जान्छन्। चरणबद्ध रूपमा, अनजानमै तिनीहरूले शैतानद्वारा दिइएको ज्ञानबाट महान् वा चर्चित मानिसहरूको सोच्ने शैलीहरू सिक्छन्। तिनीहरूले नायकहरू ठानिने मानिसहरूका कार्यबाट पनि

केही कुरा सिक्छन्। यी नायकहरूका कार्यहरूमा शैतानले मानिसको लागि के वकालत गरिरहेको हुन्छ? यसले मानिसको मनमस्तिष्कभित्र के हाल्न चाहन्छ? मानिस देशभक्त हुनैपर्छ, उसमा राष्ट्रिय अखण्डता हुनुपर्छ, र ऊ नायकीय उत्साह भएको व्यक्ति हुनुपर्छ। नायकीय व्यक्तित्वहरूको ऐतिहासिक कथा वा जीवनीहरूबाट मानिसले के सिक्छ? व्यक्तिगत बफादारिताको भाव धारण गर्न, इष्टमित्र र दाजुभाइको लागि जेसुकै गर्न तयार रहन। शैतानको यो ज्ञानभित्र, मानिसले अनजानमै धेरै कुराहरू सिक्छ, जुन सकारात्मक छँदै-छैनन्। मानिसको अनभिज्ञतामाझ, शैतानद्वारा तयार गरिएका बीउहरू मानिसहरूको अपरिपक्व मनमस्तिष्कहरूमा छरिन्छ। यी बीउहरूले तिनीहरूलाई महान् व्यक्ति बन्नुपर्छ, चर्चित बन्नुपर्छ, नायक बन्नुपर्छ, देशभक्त बन्नुपर्छ, आफ्नो परिवारलाई प्रेम गर्ने व्यक्ति बन्नुपर्छ, र साथीको लागि जे पनि गर्ने व्यक्ति बन्नुपर्छ र व्यक्तिगत बफादारिताको भाव धारण गर्नुपर्छ भन्ने अनुभूति गराउँछ। शैतानको प्रलोभनमा परेर, अनजानमै तिनीहरू त्यसले तिनीहरूका लागि तयार गरेको बाटोमा हिँड्छन्। यो बाटोमा ओरालो लाग्ने क्रममा, तिनीहरूले शैतानका जिउने नियमहरू पछ्याउन बाध्य हुन्छन्। पूर्ण रूपमा अनभिज्ञ रहेर, जिउनको लागि तिनीहरूले आफ्नै नियमहरू निर्माण गर्छन्, तर ती शैतानका नियमहरू बाहेक केही पनि हुँदैनन् जसलाई त्यसले तिनीहरूको मनमस्तिष्कमा जबरजस्ती हालिदिएको हुन्छ। शैतानले तिनीहरूलाई तिनीहरूको सिकाइ प्रक्रियामा तिनीहरूका आफ्नै उद्देश्यहरू हुर्काउन र तिनीहरूका आफ्नै जीवन लक्ष्यहरू, जिउने नियमहरू र जीवन दिशा निर्धारित गर्न लगाउँछ र यस क्रममा मानिसहरूलाई तिनीहरू प्रलोभनमा परुन्जेल अलि-अलि गरी कथाहरू, जीवनीहरू र सम्भव भएका अरू सबै माध्यमहरूको प्रयोग गरेर तिनीहरूको मनमस्तिष्कमा शैतानका कुराहरू हालिदिन्छ। यसरी, तिनीहरूको सिकाइको अवधिमा, कतिले साहित्य, कतिले अर्थशास्त्र, अरूले खगोलविज्ञान वा भूगोल मन पराउँछन्। अनि कतिपयले राजनीतिशास्त्र मन पराउँछन्, कतिले भौतिकविज्ञान मन पराउँछन्, कतिलाई रसायनशास्त्र मन पर्छ, अनि अझै अरूलाई ईश्वरशास्त्र मन पर्छ। यी सबै वृहत् समग्रता अर्थात् ज्ञानका भागहरू हुन्। तिमीहरूको हृदयमा, यी सबै कुराहरू वास्तवमा केसँग सम्बन्धित छन् भन्ने तिमीहरू प्रत्येकलाई थाहा छ; तिमीहरू प्रत्येक नै यसभन्दा पहिले तिनको सम्पर्कमा आएका थियौ। तिमीहरू प्रत्येकले नै ज्ञानका एउटा वा अर्को हाँगाहरूका बारेमा अटुट रूपमा कुरा गरिरहन सक्छौ। यसरी मानिसहरूको मनमा यो ज्ञान कति गहिरो गरी प्रवेश गरेको छ भन्ने कुरा स्पष्ट हुन्छ; मानिसहरूका हृदयमा यो ज्ञानले लिएको स्थान अनि तिनीहरूमा यसको प्रभाव कति गहन छ भन्ने कुरालाई स्पष्टै देख्न सकिन्छ। कसैले ज्ञानको एउटा क्षेत्रप्रति आत्मीयता विकास गरिसकेपछि, जब व्यक्तिले यसलाई गहन रूपमा प्रेम गरेको हुन्छ, तब तिनीहरूले अनजानैमा महत्वाकांक्षाहरूको विकास गर्छन्: कतिपय मानिसहरू लेखक बन्न चाहन्छन्, कति जना साहित्यकार बन्न चाहन्छन्, कति जना राजनीतिलाई पेसा बनाउन चाहन्छन्, र कति जना अर्थशास्त्रमा संलग्न भएर व्यापारी बन्न चाहन्छन्। त्यसै गरी नायकहरू, महान् वा चर्चित बन्न चाहने मानिसहरू पनि छन्। कुनै व्यक्ति जस्तो प्रकारको व्यक्ति बन्न चाहे पनि, तिनीहरूको लक्ष्य भनेको ज्ञान सिक्ने यो विधिलाई लिएर तिनीहरूका आफ्नै फाइदाको लागि, तिनीहरूका आफ्नै इच्छाहरू, तिनीहरूका आफ्नै महत्वाकांक्षाहरूको लागि प्रयोग गर्नु हो। यो जति नै राम्रो सुनिए पनि—तिनीहरूले आफ्ना

सपनाहरू हासिल गर्न, आफ्नो जीवन बरबाद नगर्न, वा निश्चित पेसा अपनाउन चाहे पनि नचाहे पनि–तिनीहरूले यी उच्च आदर्श र महत्वाकांक्षाहरू लिन्छन्, तर वास्तवमा यो सबै केका लागि हो त? के तिमीहरूले यसभन्दा पहिले कहिल्यै यो प्रश्नको बारेमा विचार गरेका छौ? शैतानले किन यस्तो कार्य गर्छ? यी कुराहरूलाई मानिसको मनमस्तिष्कमा राखिदिनुमा शैतानको के उद्‌देश्य छ? यो प्रश्नको विषयमा तिमीहरूको हृदय स्पष्ट हुनैपर्छ।

अब हामी मानिसलाई भ्रष्ट तुल्याउन शैतानले कसरी ज्ञानको प्रयोग गर्छ त्यसको बारेमा कुरा गरौं। पहिलो, यी कुराहरूका बारेमा हामीसँग स्पष्ट बुझाइ हुनुपर्छ: ज्ञानद्‌वारा शैतानले मानिसलाई के दिन चाहन्छ? यसले मानिसलाई कस्तो बाटोमा डोर्‍याएर लैजान चाहन्छ? (परमेश्‍वरलाई विरोध गर्ने बाटोमा।) हो, त्यो निश्‍चय नै यही हो–परमेश्‍वरको विरोध गर्नु। तैँले देख्न सक्छस कि मानिसहरूले ज्ञान प्राप्त गर्न थालेपछिको परिणाम यही हुन्छ अर्थात् तिनीहरूले परमेश्‍वरको विरोध गर्न थाल्छन्। त्यसो भए, शैतानका कुटिल मनसायहरू के-के हुन् त? यसको बारेमा तिमीहरू स्पष्ट छैनौ, छौ त? मानिसले ज्ञान सिक्ने प्रक्रियाको अवधिमा, शैतानले सबै किसिमका विधिहरूको प्रयोग गर्छ, चाहे यो कथाहरू बताउने, तिनीहरूलाई ज्ञानको केही व्यक्तिगत टुक्राहरू दिने होस्, वा तिनीहरूलाई तिनीहरूका इच्छा वा महत्वाकांक्षाहरू सन्तुष्ट पार्न दिने होस्। शैतानले तँलाई कुन बाटोमा डोर्‍याउन चाहन्छ? ज्ञान सिक्नु गलत कुरा होइन, यो पूर्ण रूपमा प्राकृतिक कुरा हो भन्ने मानिसहरू ठान्छन्। यसलाई आकर्षक तरिकाले भन्दा, उत्कृष्ट विचारहरूको जगेर्ना गर्नु वा महत्वाकांक्षाहरू हुनु भनेको इच्छाशक्ति हुनु हो, र जीवनको सहि मार्ग यही नै हुनुपर्छ। यदि मानिसहरूले आफ्ना आदर्शहरूलाई पूरा गर्न सक्छन्, वा सफलतापूर्वक पेसा स्थापना गर्न सक्छन् भने के यो तिनीहरूका लागि वैभवशाली जिउने तरिका होइन र? यी कुराहरू गरेर, व्यक्तिले आफ्ना पुर्खाहरूलाई सम्मान गर्ने मात्रै होइन तर इतिहासमा आफ्नो छाप छोडेर जाने मौका पनि पाउँछ–के यो असल कुरा होइन? संसारका मानिसहरूको नजरमा यो असल कुरा हो, र तिनीहरूको लागि यो उचित र सकारात्मक हुनुपर्छ। तैपनि, के शैतानले त्यसको कुटिल मनसायहरूद्‌वारा मानिसहरूलाई यस प्रकारको मार्गमा लैजान्छ अनि त्यो त्यतिमै सकिन्छ र? अवश्य नै होइन। वास्तवमा, मानिसका आदर्शहरू जति नै उत्कृष्ट भए पनि, मानिसका इच्छाहरू जति नै यथार्थ वा ती जति नै न्यायसंगत भए पनि, मानिसले हासिल गर्न चाहने, मानिसले खोजी गर्ने सबै कुरा अपरिहार्य रूपमै दुई वटा शब्दसँग जोडिएको हुन्छ। यी दुई शब्द हरेक व्यक्तिको जीवनको लागि अत्यन्तै महत्त्वपूर्ण छन्, र शैतानले मानिसमा हालिदिन चाहने कुराहरू यिनै हुन्। यी दुई शब्द के-के हुन्? ती “ख्याति” र “प्राप्ति” हुन्। शैतानले अत्यन्तै सूक्ष्म प्रकारको विधिको प्रयोग गर्छ, जुन विधि मानिसहरूका धारणाहरूसँग अत्यन्तै मिल्दो हुन्छ, जुन त्यति आमूल परिवर्तनकारी हुँदैन, जसद्‌वारा यसले मानिसहरूलाई अनजानमा त्यसको जीवनशैली, जिउने सम्बन्धी त्यसका नियमहरू स्वीकार गर्न, र जीवनका लक्ष्यहरू र जीवनको दिशा निर्माण गर्न लगाउँछ, त्यसो गरेर तिनीहरूले अनजानमा जीवनमा महत्वाकांक्षाहरू लिन पुग्छन्। जीवनका यी महत्वाकांक्षाहरू जति भव्य देखिए पनि, ती अपरिहार्य रूपमा नै “ख्याति” र “प्राप्ति” सँग जोडिएका हुन्छन्। कुनै पनि महान् वा चर्चित व्यक्तिले, वास्तवमा सबै मानिसहरूले जीवनमा पछ्याउने कुराहरू यी दुई वटा

शब्दहरूसँग मात्रै गाँसिएका छन्: "ख्याति" र "प्राप्ति।" ख्याति र प्राप्ति पाइसकेपछि, तिनीहरूले उच्च प्रतिष्ठा र धेरै धनको आनन्द लिन, अनि जीवनमा आनन्द लिन तिनलाई पूँजीको रूपमा प्रयोग गर्न सक्छन् भन्ने मानिसहरूको विचार हुन्छ। ख्याति र प्राप्ति सुख-चैन खोजी गर्न र देहको आनन्द लिनलाई तिनीहरूले प्रयोग गर्न सक्ने पूँजी हो भन्ने तिनीहरू ठान्छन्। मानवजातिले अत्यन्तै लोभ गर्ने यो ख्याति र प्राप्तिको खातिर, मानिसहरूले स्वेच्छाले तर अनजानमा आफ्नो शरीर, मन, तिनीहरूसँग भएका सबै कुरा, तिनीहरूको भविष्य र तिनीहरूको गन्तव्य सबै शैतानलाई सुम्पन्छन्। तिनीहरूले सुम्पेका सबै कुरा फिर्ता लिनु आवश्यक छ भन्ने कुरालाई कहिल्यै नजानीकन, तिनीहरूले एक क्षण पनि नहिचकिचाइकन त्यसो गर्छन्। मानिसहरूले यसरी शैतानमा शरण लिएर त्यसप्रति निष्ठावान बनिसकेपछि के तिनीहरूले आफैलाई नियन्त्रण गर्ने कुनै क्षमता राख्न सक्छन्? अवश्य नै सक्दैनन्। तिनीहरू पूर्ण रूपमा र घोर रूपमा शैतानको नियन्त्रणमा हुन्छन्। तिनीहरू पूर्ण रूपमा र घोर रूपमा दलदलमा डुबेका हुन्छन्, र तिनीहरू आफैलाई मुक्त गर्न सक्दैनन्। कुनै व्यक्ति ख्याति र प्राप्तिको दलदलमा फसिएपछि, तिनीहरूले उप्रान्त जुन कुरा चम्किलो छ, जुन कुरा धर्मी छ, वा जुन कुराहरू सुन्दर र असल छन् तिनलाई खोजी गर्दैनन्। किनभने मानिसहरूमाथि राख्ने ख्याति र प्राप्तिको लोभ्याउने शक्ति अत्यन्तै ठूलो हुन्छ; ती मानिसहरूले आफ्नो जीवनभरि र कहिल्यै अन्त्य नहुने गरि सम्पूर्ण अनन्तसम्म पछ्याउने कुराहरू बन्छन्। के यो साँचो होइन र? कतिपय मानिसहरूले ज्ञान सिक्नु भनेको पुस्तकहरू पढ्नु वा समय अनुसार पछि नपर्न वा संसारद्वारा पछि नछोडिनको लागि तिनीहरूलाई थाहा नभएका एक-दुई वटा कुरा सिक्नु बाहेक केही पनि होइन भनेर भन्नेछन्। तिनीहरूले हातमुख जोड्न सकून्, तिनीहरूको आफ्नै भविष्यको खातिर, वा आधारभूत आवश्यकताहरूलाई पूरा गर्नको लागि ज्ञान सिकिन्छ। के आधारभूत आवश्यकताहरू पूरा गर्नको लागि मात्रै, खानेकुराको समस्यालाई समाधान गर्नको लागि मात्रै एक दशकसम्म कठिन अध्ययन गर्न सक्ने कुनै व्यक्ति छ? छैन, यस्तो कोही पनि छैन। त्यसो भए कुनै व्यक्तिले किन यति वर्षसम्म यस्ता कठिनाइहरू सहन्छ? यो ख्याति र प्राप्तिको लागि नै हो। ख्याति र प्राप्तिले तिनीहरूलाई इसारा गर्दै टाढा बसेर प्रतीक्षा गरिरहेको हुन्छ, र तिनीहरूको आफ्नै लगनशीलता, कठिनाइ र संघर्षहरूद्वारा मात्रै तिनीहरूलाई ख्याति र प्राप्ति दिने मार्गमा डोऱ्याउन सक्छ भन्ने विश्वास तिनीहरू गर्छन्। त्यस्तो व्यक्तिले तिनीहरूको आफ्नै भविष्यको लागि, तिनीहरूको भविष्यको आनन्दको लागि र उत्तम जीवन प्राप्त गर्नका लागि यस्ता कठिनाइहरू भोग्नुपर्छ। पृथ्वीमा यो ज्ञान के हो–के तिमीहरू मलाई भन्न सक्छौ? के मानिसहरूमा हालिएका यो जिउने सम्बन्धी नियमहरू, तिनीहरूले ज्ञान सिक्ने क्रममा शैतानले तिनीहरूलाई सिकाउने नियमहरू होइन र? के यो शैतानले मानिसमा हालिदिएको जीवनका "उत्कृष्ट आदर्शहरू" होइनन् र? उदाहरणको लागि, महान् मानिसहरूको विचारहरू, चर्चित व्यक्तिहरूको वीरता वा नायकी व्यक्तित्वहरूको साहसिक स्वभावलाई लिऔँ, वा मार्सल आर्ट सम्बन्धी उपन्यासका नायक र तरवारधारीहरूको वीरता र दयालाई लिऔँ–के यी सबै शैतानले यी आदर्शहरू हालिदिने तरिकाहरू होइनन् र? (हो, ती त्यस्तै हुन्।) यी विचारहरूले एकपछि अर्को पुस्तालाई प्रभाव पार्छ, र हरेक पुस्ताका मानिसहरूलाई यी विचारहरू स्वीकार गर्न, यी विचारहरूको लागि जिउन, र अटुट

रूपमा तिनको खोजी गर्न लगाउनको लागि ल्याइन्छ। मानिसलाई भ्रष्ट तुल्याउन शैतानले प्रयोग गर्ने ज्ञानको तरिका, माध्यम यही नै हो। शैतानले मानिसहरूलाई यो मार्गमा डोर्याइसकेपछि, के तिनीहरूले परमेश्‍वरलाई आराधना गर्नु अझै सम्भव हुन्छ? के शैतानले मानिसमा हालिदिएको ज्ञान र विचारमा परमेश्‍वरलाई आराधना गर्ने कुनै भाग समावेश हुन्छ? तिनीहरूमा सत्यताको स्वामित्वमा रहेको कुनै कुरा हुन्छ? के तिनीहरूमा परमेश्‍वरको डर मान्ने र दुष्टताबाट टाढा बस्ने कुनै कुरा समावेश हुन्छ? (हुँदैन, तिनमा हुँदैन।) तिमीहरू अलि अनिश्‍चित देखिन्छौ, तर केही छैन। मानिसहरूलाई दुष्टताको मार्गमा लोभ्याएर ल्याउनको लागि शैतानले प्रयोग गर्ने दुई मुख्य शब्दहरू "ख्याति" र "प्राप्ति" नै हुन् भन्ने कुरा तैँले पहिचान् गर्छस् भने, त्यो नै पर्याप्त हुन्छ।

हालसम्म हामीले केको बारेमा छलफल गर्‍यौं त्यसको बारेमा हामी छोटकरीमा पुनरावलोकन गरौं: शैतानले मानिसलाई आफ्नो नियन्त्रणभित्र दह्रिलो गरी राख्नको लागि के प्रयोग गर्छ? (ख्याति र प्राप्ति।) त्यसकारण, जबसम्म मानिसहरूले ख्याति र प्राप्तिको बारेमा मात्रै सोच्न सक्छन् तबसम्म मानिसको विचारहरूलाई नियन्त्रण गर्नको लागि शैतानले ख्याति र प्राप्तिको प्रयोग गर्छ। तिनीहरूले ख्याति र प्राप्तिको लागि संघर्ष गर्छन्, ख्याति र प्राप्तिको लागि कठिनाइहरू भोग्छन्, ख्याति र प्राप्तिको लागि अपमान सहन्छन्, ख्याति र प्राप्तिको लागि नै आफूसँग भएको सबै कुराको बलिदान गर्छन्, अनि तिनीहरूले ख्याति र प्राप्तिकै खातिर कुनै पनि मूल्याङ्कन वा निर्णय गर्नेछन्। यसरी, शैतानले मानिसहरूलाई अदृश्य बन्धनमा बाँध्छ, र तिनलाई हटाउनको लागि तिनीहरूसँग न त सामर्थ्य हुन्छ न त साहस नै। तिनीहरूले अनजानमा यी बन्धनहरू बोकेर हिँड्छन् र ठूलो कठिनाइको साथ अगाडि घस्रिन्छन्। यही ख्याति र प्राप्तिको खातिर नै, मानिसहरूले परमेश्‍वरलाई त्याग्छन् र उहाँलाई धोका दिन्छन्, अनि झन्-झन् बढी दुष्ट बन्दै जान्छन्। त्यसकारण, यसरी शैतानको ख्याति र प्राप्तिको बीचमा एकपछि अर्को पुस्ता नष्ट हुँदै जान्छ। अहिले शैतानका कार्यहरूलाई हेर्दा, के यसका भयावह मनसायहरू अत्यन्तै घृणास्पद छैनन् र? सायद आज तिमीहरूले शैतानका भयावह मनसायहरूलाई देख्न सक्दैनौ किनभने व्यक्ति ख्याति र प्राप्तिविना बाँच्न सक्दैन भन्ने तिमीहरूलाई लाग्छ। यदि मानिसहरूले ख्याति र प्राप्तिलाई पछाडि छोडे भने, तिनीहरूले अगाडिको बाटो उप्रान्त देख्न सक्दैनन्, उप्रान्त तिनीहरूको लक्ष्यहरूलाई देख्न सक्दैनन्, त्यसैले तिनीहरूको भविष्य कालो, मधुरो र मलिन देखिन्छ भन्ने तिमीहरूलाई लाग्छ। तर, ख्याति र प्राप्ति मानिसलाई बाँध्नको लागि शैतानले प्रयोग गर्ने राक्षसी बन्धनहरू हुन् भन्ने कुरा तिमीहरूले बिस्तारै एक दिन पहिचान गर्नेछौ। जब त्यो दिन आउँछ, तैँले शैतानको नियन्त्रणलाई पूर्णरूपमा विरोध गर्नेछस् र तँलाई बाँध्नको लागि शैतानले प्रयोग गरेका बन्धनहरूलाई तैँले पूर्णरूपमा विरोध गर्नेछस्। जब शैतानले तँमा हालिदिएका सबै कुराहरूलाई तैँले फ्याँक्न चाहने दिन आउँछ, तब तैँले शैतानसँगको सम्बन्धलाई पूर्ण रूपमा तोड्नेछस् र शैतानले तँकहाँ ल्याएका सबै कुरालाई तैँले साँचो रूपमा घृणा गर्नेछस्। त्यसपछि मात्रै मानवजातिसँग परमेश्‍वरको निम्ति साँचो प्रेम र तृष्णा हुनेछ।

मानिसलाई भ्रष्ट तुल्याउनको लागि शैतानले कसरी ज्ञानको प्रयोग गर्छ सो बारेमा हामीले भर्खरै कुराकानी गर्‍यौं, त्यसकारण यसपछि हामी मानिसलाई भ्रष्ट तुल्याउनको लागि शैतानले

विज्ञानको कसरी प्रयोग गर्छ त्यसबारेमा सङ्गति गरौं। पहिलो, शैतानले मानिसको उत्सुकता, विज्ञानको अन्वेषण गर्ने र रहस्यहरूको जाँच गर्ने मानिसको इच्छालाई सन्तुष्ट पार्नको लागि विज्ञानको नाम प्रयोग गर्छ। विज्ञानको नाममा, शैतानले मानिसका भौतिक खाँचोहरू र आफ्नो जीवनको गुणस्तरलाई निरन्तर सुधार गर्ने मानिसको माग पूरा गर्छ। तसर्थ, यही बहानामा शैतानले मानिसलाई भ्रष्ट तुल्याउनको लागि विज्ञानको प्रयोग गर्छ। के शैतानले यसरी विज्ञानको प्रयोग गरेर मानिसको विचारलाई मात्र भ्रष्ट तुल्याउँछ कि मानिसको मनलाई पनि भ्रष्ट तुल्याउँछ? हाम्रो वरिपरिका हामीले देख्ने र हाम्रो सम्पर्कमा आउने मानिसहरू, घटनाहरू, र अन्य कुराहरूमा, अरू के-केलाई भ्रष्ट तुल्याउन शैतानले विज्ञानको प्रयोग गर्छ? (प्राकृतिक वातावरणलाई।) सही। तिमीहरूलाई यसले गहन रूपमा हानि गरेको, र गहन रूपमा असर पारेको छ जस्तो देखिन्छ। मानिसलाई धोका दिनको लागि विज्ञानका विभिन्न परिणाम र निष्कर्षहरू प्रयोग गर्नेबाहेक, मानिसलाई परमेश्वरले दिनुभएको जिउने वातावरणलाई निर्दयी रूपमा विनाश र शोषण गर्न पनि शैतानले विज्ञानकै प्रयोग गर्छ। यदि मानिसले वैज्ञानिक सर्वेक्षण गर्छ भने मानिसको जिउने वातावरण र जीवनको गुणस्तर निरन्तर रूपमा सुधार हुनेछ, यसको साथै वैज्ञानिक विकासको उद्‌देश्य भनेको दैनिक रूपमा बढ्‌दै जाने मानिसहरूको भौतिक खाँचोहरूलाई र तिनीहरूको जीवनको गुणस्तरलाई निरन्तर रूपमा सुधार गर्ने तिनीहरूको खाँचोलाई पूरा गर्नु हो भन्ने बहानामा त्यसले यसो गर्छ। शैतानले विज्ञानको विकास गर्नुको सैद्‌धान्तिक आधार यही हो। तैपनि, विज्ञानले मानवजातिमा के ल्याएको छ त? हामी जोडिएको वातावरणमा के-के छन् त? के मानवजातिले सास फेर्ने हावा दूषित भएको छैन र? के हामीले पिउने पानी अझै साँच्चै शुद्‌ध छ र? (छैन।) के हामीले खाने खाना प्राकृतिक छ र? यसमध्ये धेरैजसोलाई रासायनिक मलको प्रयोग गरेर उमारिन्छ र आनुवंशिक रूपान्तरण गरेर यसको खेती गरिन्छ, अनि विभिन्न वैज्ञानिक विधिहरूको प्रयोग गरेको कारण तिनमा विभिन्न उत्परिवर्तनहरू आउँछन्। हामीले खाने सागसब्जी र फलफूलसमेत अब प्राकृतिक छैनन्। प्राकृतिक अन्डासमेत अब भेट्टाउन सजिलो छैन, र शैतानको तथाकथित विज्ञानले पहिले नै प्रशोधन गरेको कारण अन्डाहरूले पहिलेजस्तो स्वाद दिँदैनन्। समग्र चित्रलाई हेर्दा, सम्पूर्ण वायुमण्डललाई नष्ट र प्रदूषित गरिएको छ; हिमाल, ताल-तलैया, खोलानाला, समुद्र, र जमिनमाथि र जमिनमुनिका सबै कुरालाई तथाकथित वैज्ञानिक उपलब्धिले बरबाद पारेको छ। छोटकरीमा, परमेश्वरले मानवजातिलाई दिनुभएको जिउने वातावरण अर्थात प्राकृतिक वातावरणलाई सम्पूर्ण रूपमा तथाकथित विज्ञानले नष्ट र विनाश गरेको छ। आफ्ना र देहका इच्छाहरूलाई सन्तुष्ट पार्दै, आफूले खोजेको जीवनको गुणस्तरअनुसार आफूले सधैँ आशा गरेका कुराहरू प्राप्त गर्ने मानिसहरू धेरै छन्, तैपनि मानिस जिउने वातावरणलाई विज्ञानले ल्याएका विभिन्न "उपलब्धिहरू" ले नष्ट र विनाश गरेको छ। एकपटक चोखो हावाको सास फेर्ने अधिकारसमेत हामीसँग अब रहेन। के यो मानवजातिको लागि शोक होइन र? यस प्रकारको स्थानमा जिउनु पर्दा, के मानिससँग अब कुरा गर्नको लागि कुनै खुशी बाँकी रहेको छ र? मानिस जिउने यो स्थान र जिउने वातावरणलाई सुरुबाट नै परमेश्वरले मानिसको लागि सृष्टि गर्नुभएको थियो। मानिसहरूले पिउने पानी, मानिसहरूले सास फेर्ने हावा, मानिसहरूले खाने खाना, बोटविरुवा,

रूख, र समुद्र—यस जीवित वातावरणको हरेक भाग नै परमेश्‍वरले मानिसलाई दिनुभएको थियो; यो प्राकृतिक छ, परमेश्‍वरले तय गर्नुभएको प्राकृतिक नियमअनुसार चलिरहेको छ। यदि विज्ञान नै नभएको भए, मानिसहरू खुशी हुनेथिए र परमेश्‍वरको मार्गअनुसार र तिनीहरूलाई आनन्द लिनको लागि परमेश्‍वरले दिनुभएअनुसार नै तिनीहरूले सबै कुराको आनन्द तिनको सबैभन्दा मौलिक अवस्थामा लिन सक्थे। तर, अहिले यो सबैलाई शैतानले नष्ट र विनाश गरेको छ; मानिसहरू जिउने आधारभूत क्षेत्र अब मौलिक रहेन। तर यसलाई केले पैदा गरेको हो वा यो कसरी आयो सो कसैले पहिचान गर्न सक्दैन, अनि मानिसहरू अझै बढी विज्ञानको सरण पर्छन् र तिनीहरूले यसलाई शैतानले तिनीहरूको मनमस्तिष्कमा घुसाइदिएको विचारहरूद्वारा बुझ्छन्। के यो अत्यन्तै घृणास्पद र दयनीय कुरा होइन र? शैतानले मानिसहरू अस्तित्वमा रहेको क्षेत्रका साथै तिनीहरूको वातावरणलाई लिएको छ र तिनीहरूलाई यो भ्रष्ट तुल्याई यो स्थितिमा पुर्‍याएको छ, र मानवजाति अटुट रूपमा यही मार्गमा विकसित भएमा के यी मानिसहरूलाई व्यक्तिगत रूपमा परमेश्‍वरले नष्ट गर्नु आवश्यक छ? यदि मानिसहरूले यहीअनुरूप विकास हुने कार्यलाई जारी राखे भने, तिनीहरूले कुन दिशा लिनेछन्? (तिनीहरूलाई नष्ट पारिनेछ।) तिनीहरूलाई कसरी नष्ट पारिनेछ? ख्याति र प्राप्तिसम्बन्धी मानिसहरूको लोभी खोजबाहेक, तिनीहरूले अटुट रूपमा वैज्ञानिक अन्वेषणलाई अघि बढाउँछन् र गहन सर्वेक्षण गर्छन्, त्यसपछि तिनीहरूले आफ्नै भौतिक खाँचो र इच्छाहरूलाई सन्तुष्ट तुल्याउनको लागि लापरवाहीसाथ कार्य गर्छन्; त्यसो भए, मानिसको लागि के-कस्ता परिणामहरू हुन्छन् त? सर्वप्रथम, पर्यावरणीय सन्तुलन बिग्रन्छ, र जब यस्तो हुन्छ, यो असन्तुलित वातावरणले मानिसहरूका शरीर, तिनीहरूका भित्री अङ्गहरूलाई बिगार्छ र क्षतिग्रस्त पार्छ, र संसारभरि विभिन्न प्रकारका सङ्क्रामक रोग र महामारीहरू फैलन्छन्। अहिलेको यो अवस्था मानिसले नियन्त्रण गर्नै नसक्ने भएको छ भन्ने कुरा के साँचो होइन र? अब तिमीहरू यसलाई बुझ्छौ, यदि मानवजातिले परमेश्‍वरलाई पछ्याउँदैन, बरु निरन्तर आफैलाई सम्पन्न तुल्याउनको लागि ज्ञानको प्रयोग गर्दै, मानव जीवनको भविष्यलाई अन्वेषण गर्न सधैँ विज्ञानको प्रयोग गर्दै, निरन्तर बाँचिरहनको लागि यस प्रकारको विधि प्रयोग गर्दै सधैँ यसरी नै शैतानलाई पछ्याउँछ भने, मानवजातिको अन्त्य कसरी हुन्छ, के तँ त्यसलाई पहिचान गर्न सक्छस्? (यो लोप हुनेछ।) हो, लोप भएर नै यसको अन्त्य हुनेछ: मानवजाति एकपछि अर्को कदम गर्दै झन्-झन् आफ्नै लोपतर्फ जाँदैछ! जब मानिसहरूले विभिन्न कुराहरू पत्ता लगाउने प्रयास गर्छ तब उसले कुहिरोको धूमिल दृष्टिभित्र बसेर यसो गर्नुपरोस् भनी मानवजातिको लागि शैतानले तयार गरेको जादुको ओखती अब विज्ञान नै हो भन्नेजस्तो देखिन्छ; तैँले जति नै जोड गरी हेरे पनि, तैँले स्पष्ट रूपमा देख्न सक्दैनस्, अनि तैँले जति नै कठिन प्रयास गरे पनि, तैँले तिनलाई पत्ता लगाउन सक्दैनस्। तैपनि, शैतानले तेरो अभिलाषालाई अझै बढाउन र तँलाई सधाएको जन्तुलाई झैं एकपछि अर्को कदम गर्दै अतल-कुण्ड र मृत्युतर्फ डोर्‍याउनको लागि विज्ञानको नाम प्रयोग गर्छ। के यो यस्तै हो नि, होइन र? (हो, यो यस्तै हो।) शैतानले मानवजातिलाई भ्रष्ट तुल्याउने दोस्रो तरिका यही हो।

शैतानले मानिसलाई भ्रष्ट तुल्याउने तेस्रो तरिका परम्परागत संस्कृति हो। परम्परागत संस्कृति

र अन्धविश्वासको बीचमा विभिन्न समानताहरू छन्, तर भिन्नता के हो भने भने परम्परागत संस्कृतिमा निश्चित कथा, उपमा, र स्रोतहरू हुन्छन्। शैतानले मानिसहरूमा परम्परागत संस्कृति वा अन्धविश्वासका व्यक्तित्वहरूको गहन छाप छोड्न विभिन्न लोक कथा वा इतिहासका पुस्तकहरूमा देखा पर्ने कथाहरूको कल्पना र प्रतिपादन गरेको छ। उदाहरणको लागि, चीनमा "समुद्र तर्ने आठ जना अविनाशीहरू," "पश्चिमतर्फको यात्रा," सम्राट जेड, "अजिङ्गर राजालाई जित्ने नेझा," र "देवताहरूको अभिषेक" जस्ता लोक कथाहरू छन्। के यिनले मानिसको मनमा गहिरो जरा गाडेका छैनन् र? तिमीहरूमध्ये कतिलाई यिनको विवरण थाहा नभए पनि, तिमीहरूलाई समग्र कथा थाहा छ, र तेरो हृदय र मनमा टाँस्सिने भनेको समग्र विषयवस्तु नै हो, यसरी तैँले तिनलाई बिर्सन सक्दैनस्। शैतानले धेरै पहिले नै मानिसका निम्ति तयार गरेका विभिन्न विचार वा दन्तकथाहरू यिनै हुन्, र फरक-फरक समयमा यसको प्रचार-प्रसार भएको छ। यी कुराहरूले प्रत्यक्ष रूपमा मानिसहरूको प्राणहरूलाई हानी र नष्ट गर्छ अनि मानिसहरूलाई एकपछि अर्को गरी मन्त्रमुग्ध पार्छ। भन्नुको अर्थ, तैँले त्यस्ता परम्परागत संस्कृति, कथाहरू, वा अन्धविश्वासका कुराहरूलाई स्वीकार गरिसकेपछि, ती तेरो मनमा स्थापित भइसकेपछि, र ती तेरो हृदयमा बसिसकेपछि, तँ मन्त्रको बन्धनमा परिसकेको जस्तै यो हुनेछ—तँ यी परम्परागत फन्दाहरू, यी विचार र परम्परागत कथाहरूको जालमा पर्छस् र त्यसकै प्रभावमा हुन्छस्। तिनले तेरो जीवन, जीवन सम्बन्धी तेरो दृष्टिकोण, र कुराहरूप्रतिको तेरो मूल्याङ्कनलाई प्रभाव पार्छ। त्योभन्दा पनि बढी जीवनको साँचो मार्गको तेरो खोजीलाई तिनले प्रभाव पार्छ: यो वास्तवमा नै दुष्ट मन्त्र हो। तैँले जसरी प्रयास गरे पनि, तैँले तिनलाई हटाउन सक्दैनस्; तैँले तिनलाई काट्छस् तर काटेर ढाल्न सक्दैनस्; तैँले तिनलाई प्रहार गर्छस् तर प्रहार गरेर तैँले तिनलाई धपाउन सक्दैनस्। यसको साथै, मानिसहरू अनजानमा यस प्रकारको मन्त्रमा परिसकेपछि, तिनीहरूले आफ्नो हृदयमा शैतानको स्वरूपलाई जगेर्ना गरेर अनजानमै शैतानको पूजा गर्न थाल्छन्। अर्को शब्दमा भन्दा, तिनीहरूले शैतानलाई तिनीहरूको मूर्ति, तिनीहरूले आराधना गर्ने र आदरको साथ हेर्ने वस्तुको रूपमा स्थापना गर्छन्, यहाँसम्म कि तिनीहरूले यसलाई परमेश्वरकै रूपमा लिन्छन्। अनजानमा, यी कुराहरूले मानिसहरूको बोलीवचन र कार्यहरूलाई नियन्त्रण गर्दै ती तिनीहरूको हृदयमा बस्छन्। यसको साथै, सुरुमा तैँले यी कथा र दन्तकथाहरू झूट हुन् भन्ने ठान्छस्, तर अनजानमै तिनीहरूलाई वास्तविक व्यक्तिहरू ठान्दै र तिनीहरूलाई वास्तविक, अस्तित्वमा रहेका थोकहरूका रूपमा परिवर्तन गर्दै तँ तिनीहरूका अस्तित्वलाई स्वीकार गर्छस्। तेरो अनभिज्ञतामा, तैँले यी विचारहरूलाई र यी कुराहरूको अस्तित्वलाई अवचेतन रूपमा ग्रहण गर्छस्। तैँले अवचेतन रूपमा दियाबलसहरू, शैतान, र मूर्तिहरूलाई तेरो आफ्नै घरमा र तेरो आफ्नै हृदयमा ग्रहण गर्छस्—यो वास्तवमा मन्त्र नै हो। के यी शब्दहरूले तिमीहरूलाई छोयो? (छोयो।) के तिमीहरूमध्ये कसैले बुद्धको लागि धूप बालेका र त्यसको पूजा गरेका छौ? (छौं।) त्यसो भए, धूप बाल्नु र बुद्धको पूजा गर्नुको उद्देश्य के थियो? (शान्तिको लागि प्रार्थना गर्नु।) अहिले विचार गर्दा, शान्तिको लागि शैतानलाई प्रार्थना गर्नु कति मूर्खतापूर्ण थियो होइन र? के शैतानले शान्ति ल्याउँछ? (ल्याउँदैन।) के तिमीहरू त्यो बेला कति अनजान थियौ सो देख्छौ? त्यस किसिमको बानीबेहोरा मूर्ख, अज्ञानी

र अबुझ हो, होइन र? शैतानले तँलाई कसरी भ्रष्ट तुल्याउने भन्ने बारेमा मात्रै चासो राख्छ। शैतानले तँलाई शान्ति दिन सक्दैन, केवल अस्थायी सहजता मात्रै दिन सक्छ। तर यो सहजता प्राप्त गर्नको लागि तैँले भाकल गर्नैपर्छ, र यदि तैँले शैतानलाई गरेको कबुल वा भाकल तोडिस् भने, त्यसले तँलाई कसरी सताउँछ त्यो तैँले देख्नेछस्। तँलाई भाकल गर्ने तुल्याउँदा त्यसले वास्तवमा तँलाई नियन्त्रण गर्न चाहन्छ। जब तिमीहरूले शान्तिको लागि प्रार्थना गऱ्यौ, के तिमीहरूले शान्ति प्राप्त गऱ्यौ? (गरेनौँ।) तिमीहरूले शान्ति प्राप्त गरेनौ, तर यसको विपरीत तिमीहरूको प्रयासले दुर्भाग्य र अटुट विपत्ति अर्थात् तिक्तताको साँच्चै सीमारहीत सागर ल्यायो। शान्ति शैतानको राज्यक्षेत्रभित्र छैन, र सत्य यही हो। सामन्ती अन्धविश्वास र परम्परागत संस्कृतिले मानवजातिमा ल्याउने परिणाम यही हो।

शैतानले मानिसलाई भ्रष्ट तुल्याउने अन्तिम तरिका सामाजिक प्रचलन हो। “सामाजिक प्रचलन” मा विभिन्न कुराहरू समावेश हुन्छन्। कतिपय मानिसहरूले यसो भन्छन्: “के यसले हालैको फेसन, कस्मेटिक, हेयरस्टायल, र स्वादिष्ठ भोजनहरूलाई जनाउँछ?” के यिनलाई सामाजिक प्रचलनको रूपमा लिइन्छ? तिनीहरू सामाजिक प्रचलनको एउटा भागमा पर्छन्, तर हामी तिनको बारेमा यहाँ कुरा गर्नेछैनौं। मानिसहरूमा सामाजिक प्रचलनले ल्याउने विचारहरू, तिनले मानिसहरूलाई संसारमा आफैसँग कस्तो व्यवहार गर्ने तुल्याउँछ त्यसको तरिका, र मानिसहरूमा तिनले ल्याउने जीवनका लक्ष्यहरू र दृष्टिकोणका बारेमा मात्रै हामी कुरा गर्न चाहन्छौं। यी अत्यन्तै महत्त्वपूर्ण छन्; तिनले मानिसको मनस्थितिलाई नियन्त्रण गर्न र प्रभाव पार्न सक्छन्। यी प्रचलनहरू एकपछि अर्को गर्दै उत्पन्न हुन्छन्, र ती सबैले मानिसहरूलाई विवेक, मानवता र तर्क गुमाउने तुल्याउँदै, तिनीहरूको नैतिकता र तिनीहरूको चरित्रको गुणस्तरलाई झन्-झन् कमजोर तुल्याउँदै मानवजातिलाई अटुट रूपमा नीच तुल्याउने दुष्ट प्रभाव ल्याउँछ, यहाँसम्म कि धेरैजसो मानिसहरूमा अब कुनै इज्जत, कुनै मानवता छैन, न त तिनीहरूसँग कुनै विवेक नै छ भनेर समेत भन्न सकिन्छ, नैतिकताको त कुरै नगरौं। त्यसो भए यी प्रचलनहरू के-के हुन्? ती तैँले नाङ्गो आँखाले देख्न नसक्ने प्रचलनहरू हुन्। जब नयाँ प्रचलन संसारभरि फैलन्छ, सायद मानिसहरूको सानो सङ्ख्या मात्रै यसको अग्रणी स्थानमा हुन्छन्, अनि प्रचलन निर्माण गर्नेहरूको रूपमा काम गर्छन्। तिनीहरूले कुनै नयाँ कुरा गरेर यसको सुरुवात गर्छन्, त्यसपछि कुनै प्रकारको विचार वा कुनै प्रकारको दृष्टिकोणलाई स्वीकार गर्छन्। तैपनि बहुसंख्यक मानिसहरू अनभिज्ञ अवस्थामा रही यस प्रकारको प्रचनलद्वारा निरन्तर रूपमा तबसम्म सङ्क्रमित, संलग्न, र आकर्षित हुनेछन्, जबसम्म तिनीहरू सबैले यसलाई अनजान रूपमा र अनायसै स्वीकार गर्न थाल्छन् र यसमा डुब्छन् र यसद्वारा नियन्त्रित हुन्छन्। एकपछि अर्को गर्दै त्यस्ता प्रचलनहरूले तन्दुरुस्त शरीर र मस्तिष्क नभएका, सत्यता के हो सो थाहा नभएका, र सकारात्मक र नकारात्मक कुराहरूका बीचमा भिन्नता छुट्याउन सक्ने क्षमता नभएका मानिसहरूलाई यी कुराहरू साथै शैतानबाट आउने जीवन सम्बन्धी दृष्टिकोण र मूल्यमान्यताहरू खुशीसाथ स्वीकार गर्ने तुल्याउँछ। जीवनको पहुँच कसरी पाउनै त्यसबारे शैतानले तिनीहरूलाई बताउने कुरा र शैतानले तिनीहरूलाई “दिने” जिउने शैलीलाई तिनीहरूले स्वीकार गर्छन्, र त्यसलाई विरोध गर्ने तिनीहरूसँग न त सामर्थ्य हुन्छ न त क्षमता नै, चेतना

हुने कुरा त परै जाओस्। त्यसो भए, यी प्रचलनहरू वास्तवमा के हुन् त? तिमीहरूले क्रमिक रूपमा बुझ्न सक भनेर मैले एउटा सरल उदाहरण छनौट गरेको छु। उदाहरणको लागि, कसैलाई पनि धोका नदिऊँ भनेर मानिसहरूले विगतमा आफ्नो व्यापार सञ्चालन गर्थे; जोसुकैले खरिद गरे पनि तिनीहरूले सामग्रीहरू उही मूल्यमा बिक्री गर्थे। के यहाँ असल विवेक र मानवताको कुनै तत्वलाई सम्प्रेषित गरिएको छैन र? जब मानिसहरूले यसरी असल नियतसाथ आफ्नो व्यापार सञ्चालन गर्थे, त्यस बेला तिनीहरूमा केही विवेक र केही मानवता थियो भनेर देख्न सकिन्छ। तर पैसासम्बन्धी मानिसको सधैँ बढिरहने मागसँगै, मानिसहरूले पत्तै नपाई पैसा, प्राप्ति, र सुख-चैनलाई झन्-झन् बढी प्रेम गर्न थाले। छोटकरीमा, मानिसहरूले पैसालाई पहिलेभन्दा निकै महत्त्वपूर्ण ठान्न थाले। जब मानिसहरूले पैसालाई अझै महत्त्वपूर्ण रूपमा हेर्न थाले, तब आफ्नो मर्यादा, तिनीहरूको प्रसिद्धि, तिनीहरूको राम्रो नाम र तिनीहरूको इज्जतलाई तिनीहरूले त्यति धेरै महत्त्व दिन छाडे, होइन र? जब तँ व्यापारमा संलग्न हुन्छस्, मानिसहरूलाई ठगेर धनी बन्नको लागि अरूले विभिन्न माध्यमहरू प्रयोग गरेको तैँले देख्छस्। कमाइएको पैसा भ्रष्ट तरिकाले प्राप्त गरिएको भए पनि, तिनीहरू झन्-झन् धनी बन्दै जान्छन्। तिनीहरू तेरोजस्तै व्यापारमा संलग्न भए पनि, तिनीहरूको सम्पूर्ण परिवारले तैँलेभन्दा बढी जीवनको आनन्द लिन्छन्, अनि तँलाई नरमाइलो लाग्छ, र तैँले आफूले आफैलाई भन्छस्, “म किन त्यसो गर्न सक्दिनँ? किन मैले तिनीहरूले जति नै कमाउन सक्दिनँ? मैले अझै धेरै पैसा कमाउन, मेरो व्यापारलाई सम्पन्न बनाउन कुनै उपाय सोच्नुपर्छ।” त्यसपछि तँ धेरै पैसा कसरी कमाउने भनेर अत्यधिक चिन्तन गर्छस्। पैसा कमाउने सामान्य विधिअनुसार अर्थात् सबै ग्राहकहरूलाई उही रकममा सामान बिक्री गर्ने कार्यबाट तैँले कमाउने कुनै पनि नाफा असल नियतबाट आएको हुन्छ। तैपनि, यो छिटो धनी बन्ने तरिका होइन। नाफा कमाउने इच्छाद्वारा उत्प्रेरित भएर, तेरो सोचाइमा नै क्रमिक रूपान्तरण आउँछ। यो रूपान्तरणको अवधिमा, व्यवहारसम्बन्धी तेरा सिद्धान्तहरूमा पनि परिवर्तन आउन थाल्छन्। जब तैँले कसैलाई पहिलोपटक धोका दिन्छस्, तैँले आफैलाई यसो भन्दै बचाऊ गर्छस्, “मैले कसैलाई धोका दिने यसपटक मात्रै हुनेछ। म यस्तो फेरि कहिल्यै गर्नेछैन। म मानिसहरूलाई धोका दिन सक्दिनँ। धोका दिनुका गम्भीर परिणामहरू छन्। यसले मलाई धेरै कष्ट ल्याउनेछ!” जब तैँले पहिलोपटक कसैलाई धोका दिन्छस्, तेरो हृदयमा केही असहजता हुन्छ; यो मानिसको विवेकको कार्य हो—तँलाई असहज महसुस गराउने र तँलाई धिक्कार्ने, ताकि तैँले कसैलाई धोका दिँदा तँलाई अस्वाभाविक महसुस होस्। तर तैँले कसैलाई सफलतापूर्वक धोका दिएपछि, तँसँग अहिले पहिलेको भन्दा धेरै पैसा भएको देख्छस्, र तँलाई आफ्नो लागि यो तरिका निकै लाभदायक हुन सक्छ भन्ने लाग्छ। तेरो हृदयमा भएको हल्का पीडाको बावजूद पनि, तँलाई आफ्नो सफलतामा आफैलाई बधाई दिने मन हुन्छ, र आफैप्रति खुसी महसुस हुन्छ। पहिलोपटक, तैँले तेरो आफ्नै व्यहोरा, तेरो धोकेबाज मार्गलाई स्वीकार गर्छस्। त्यसपछि, यस्तो धोकाद्वारा मानिस दूषित भइसकेपछि, यो कुनै व्यक्ति जुवा-तासमा संलग्न भएपछि ऊ जुवाडे बन्नुजस्तै हुन्छ। तेरो अनभिज्ञतामा, तैँले आफ्नै धोकेबाज व्यहोरालाई स्वीकृती दिन्छस् र त्यसलाई स्वीकार गर्छस्। अनभिज्ञतामा, तैँले धोकेबाज कार्यलाई उचित व्यावसायिक बानीबेहोरा र तेरो अस्तित्व र जीविकाको

लागि सबैभन्दा उपयोगी माध्यमको रूपमा लिन्छस्; तँलाई लाग्छ, यसो गरेर तैँले चाँडै नै सम्पत्ति कमाउन सक्छस्। यो एक प्रक्रिया हो: सुरुमा, मानिसहरूले यस प्रकारको बानीबेहोरालाई स्वीकार गर्न सक्दैनन्, र तिनीहरूले यस्तो बानीबेहोरा र अभ्यासलाई नीच दृष्टिले हेर्छन्। त्यसपछि तिनीहरूले आफै प्रयोग-परीक्षण गर्दै यो बानीबेहोरालाई आफै अभ्यास गरेर हेर्न थाल्छन्, अनि तिनीहरूको हृदय क्रमिक रूपमा परिवर्तन हुन थाल्छ। यो कस्तो प्रकारको रूपान्तरण हो? यो प्रचलनको स्वीकृती र अङ्गीकार हो, सामाजिक प्रचलनले तँमा राखिदिएको यो विचारको स्वीकृती र अङ्गीकार हो। यसको बारेमा महसुस नै नगरीकन, तैँले मानिसहरूसँग व्यापार गर्दा यदि तैँले धोका दिँदैनस् भने, तँलाई अझै खराब महसुस हुन्छ; तैँले मानिसहरूलाई धोका दिइनस् भने, तँलाई आफूले कुनै कुरा गुमाइरहेको भान हुन्छ। अनजानमा, यो धोका तेरो प्राण, तेरो मेरुदण्ड, तेरो जीवनको सिद्धान्त नै बनिसकेको अपरिहार्य बानीबेहोरा बन्छ। मानिसले यो व्यहोरा र यो सोचाइलाई स्वीकार गरिसकेपछि, के यसले उसको हृदयमा परिवर्तन ल्याएको हुँदैन र? तेरो हृदय परिवर्तन भएको हुन्छ, त्यसकारण के तेरो सत्यनिष्ठा पनि परिवर्तन भएको हुँदैन र? के तेरो मानवता परिवर्तन भएको हुन्छ? के तेरो विवेक परिवर्तन भएको हुन्छ? (हुन्छ।) हो, तिनीहरूको हृदयदेखि तिनीहरूको विचारसम्म, उक्त व्यक्तिको हरेक भाग गुणात्मक रूपले परिवर्तन भएर जान्छ, यतिसम्म कि तिनीहरू भित्रदेखि बाहिरसम्म परिवर्तन हुन्छन्। यो परिवर्तनले तँलाई परमेश्वरबाट झन्-झन् टाढा तान्छ, र तँ झन्-झन् बढी शैतानसँग मिल्दै जान्छस्; तँ झन्-झन् बढी शैतानजस्तै बन्छस्।

यी सामाजिक प्रचलनहरूलाई हेर्दा, के तँ मानिसहरूमा तिनको ठूलो प्रभाव हुन्छ भनेर भन्छस्? के तिनले मानिसहरूलाई गहन रूपले हानिकारक प्रभाव पार्छन्? (हो।) तिनले मानिसहरूलाई गहन रूपले हानिकारक प्रभाव पार्छन्। मानिसको के कुरालाई शैतानले एकपछि अर्को सामाजिक प्रचलन प्रयोग गरी भ्रष्ट तुल्याउँछ? (मानिसको विवेक, तर्क, मानवता, नैतिकता, र जीवनसम्बन्धी दृष्टिकोण।) तिनले मानिसहरूमा क्रमिक रूपमा भ्रष्टता ल्याउँछ, होइन र? मानिसहरूलाई एक पटकमा एक कदम गरी दियाबलसहरूको गुँडसम्म लोभ्याउँदै ल्याउनको लागि शैतानले यी सामाजिक प्रचलनहरूको प्रयोग गर्छ, ताकि सामाजिक प्रचलनहरूमा व्यस्त भएका मानिसहरूले अनजानमा रुपियाँपैसा र भौतिक इच्छाहरू, दुष्टता र हिंसाको वकालत गरून्। यी कुराहरू मानिसको हृदयमा प्रवेश गरिसकेपछि, मानिस के बन्छ? मानिस दियाबलस, शैतान बन्छ! किन? किनभने, मानिसको हृदयमा कुन मानसिक झुकाव हुन्छ? मानिसले केलाई आदर गर्छ? मानिसले दुष्टता र हिंसामा आनन्द लिन थाल्छ, अनि सुन्दरता वा भलाइप्रति कुनै प्रेम देखाउँदैन, शान्तिको त कुरै नगरौं। मानिसहरू सामान्य मानवताको सरल जीवन जिउन अनिच्छुक छन्, तर उच्च प्रतिष्ठा र धेरै सम्पत्तिको आनन्द लिन, आफ्नो देहलाई सन्तुष्ट पार्नको लागि कुनै पनि प्रयास बाँकी नराखी, तिनीहरूलाई रोक्ने कुनै बन्धन, बाधाविना देहका आनन्दमा मस्त हुन चाहन्छन्; अर्को शब्दमा भन्दा, तिनीहरूलाई जे इच्छा लाग्छ तिनीहरू त्यही गर्न चाहन्छन्। त्यसकारण जब मानिस यस प्रकारका प्रचलनहरूमा डुब्छ, के तैँले सिकेको ज्ञानले तँलाई आफैलाई मुक्त गर्न सहायता गर्छ? के परम्परागत संस्कृति र अन्धविश्वासहरू सम्बन्धी तेरो बुझाइले तँलाई यो भयानक अवस्थाबाट

उम्कन सहायता गर्न सक्छ? के मानिसलाई थाहा भएको परम्परागत नैतिकता र विधिविधानले मानिसहरूलाई संयमता अभ्यास गर्न सहायता गर्न सक्छ? उदाहरणको लागि, तीन अक्षरिक उत्कृष्ट लेख (San Zi Jing) लाई लिऊँ। के यसले मानिसहरूलाई यी प्रचलनहरूको दलदलबाट आफ्नो खुट्टा निकाल्न सहायता गर्न सक्छ? (अहँ, यसले सक्दैन।) तसर्थ, मानिस झन्-झन् दुष्ट, अहङ्कारी, हेपाहा, स्वार्थी, र दुर्भावनापूर्ण बन्दै जान्छ। मानिसहरूका बीचमा उप्रान्त कुनै आत्मीयता हुँदैन, परिवारका सदस्यहरूबीच उप्रान्त कुनै प्रेम हुँदैन, आफन्त र इष्टमित्रबीच उप्रान्त कुनै समझदारी हुँदैन; मानव सम्बन्धहरूलाई हिंसाले चित्रण गर्ने भइसकेको हुन्छ। हरेक व्यक्ति आफ्ना सङ्गी मानिसको बीचमा जिउनको लागि हिंसाको प्रयोग गर्न खोज्छ; तिनीहरूले हिंसाकै प्रयोग गरेर आफ्नो दैनिक रोटी खोसिलिन्छन्; तिनीहरूले हिंसाकै प्रयोग गरेर आफ्नो हैसियत र आफ्नो नाफा कमाउँछन्, अनि तिनीहरूले गर्न चाहने जेसुकै कुरा गर्न हिंसात्मक र दुष्ट मार्गहरूको प्रयोग गर्छन्। के यो मानवजाति अत्यन्तै भयानक छैन र? (छ।) मैले भर्खरै कुरा गरेका यी सबै कुराहरू सुनिसकेपछि, शैतानले मानिसलाई भ्रष्ट तुल्याउने यो वातावरणमा, यो संसारमा, र यस प्रकारका मानिसहरूका बीचमा जिउनु अत्यन्तै डरलाग्दो कुरा हो भन्ने तिमीहरूलाई लाग्दैन? (लाग्छ।) त्यसकारण, के तिमीहरूले आफैलाई कहिल्यै बिचरा ठानेका छौ? यो क्षणमा तिमीहरू अलि-अलि यस्तो अनुभव गर्छौ, होइन र? (हो।) तिमीहरूको आवाजलाई सुन्दा, तिमीहरूले यस्तो विचार गरिरहेका छौ जस्तो लाग्छ, “शैतानसँग मानिसलाई भ्रष्ट तुल्याउने विभिन्न तरिकाहरू छन्। त्यसले हरेक अवसरको फाइदा उठाउँछ र हामी जता फर्के पनि यो त्यतै हुन्छ। के मानिसलाई अझै मुक्ति दिन सकिन्छ?” के मानिसलाई अझै मुक्ति दिन सकिन्छ? के मानिसले आफैलाई मुक्ति दिन सक्छ? (सक्दैन।) के सम्राट जेडले मानिसलाई बचाउन सक्छ? के कन्फ्युसियसले मानिसलाई बचाउन सक्छ? के गुवानिन वोधिसत्वले मानिसलाई बचाउन सक्छ? (सक्दैन।) त्यसो भए, कसले मानिसलाई बचाउन सक्छ? (परमेश्वरले।) तैपनि कतिपय मानिसहरूले आफ्नो हृदयमा यस्ता प्रश्नहरू उठाउनेछन्: “शैतानले हामीलाई यति घोर रूपमा, यति पागलपनको हदसम्म हानि गर्छ कि, हामीसँग जीवन जिउने कुनै आशा नै हुँदैन, न त जीवन जिउने कुनै आत्मविश्वास नै हुन्छ। हामी सबै भ्रष्टतामाझ जिउँछौं, र हरेक व्यक्तिले कुनै न कुनै तरिकाले परमेश्वरको विरोध गर्छ, र हाम्रो हृदय डुब्नसक्ने जतिको गहिराइमा डुबिसकेको छ। त्यसकारण, शैतानले हामीलाई भ्रष्ट तुल्याइरहँदा परमेश्वर कहाँ हुनुहुन्छ? परमेश्वर के गरिरहनुभएको छ? परमेश्वरले हाम्रो लागि जे गरिरहनुभएको छ, सो हामीले कहिल्यै महसुसै गर्दैनौं!” कतिपय मानिसहरू अपरिहार्य रूपमै उदास र अलि निरुत्साहित महसुस गर्छन्, होइन र? तिमीहरूका लागि, यो अनुभव निकै गहिरो हुन्छ किनभने मानिसहरूलाई क्रमिक रूपमा बोध गर्ने, तिनीहरू आशाविहीन छन् भन्ने झन्-झन् बढी अनुभव गर्ने, तिनीहरूलाई परमेश्वरले त्याग्नुभएको छ भन्ने झन्-झन् बढी महसुस गर्ने तुल्याउनको लागि मैले यो सबै भन्दै आइरहेको छु। तर चिन्ता नगर। “शैतानको दुष्टता” भन्ने हाम्रो आजको सङ्गतिको विषय हाम्रो खास मूलभाव होइन। तैपनि परमेश्वरको पवित्रताको सारको बारेमा कुरा गर्नको लागि, मानिस अहिले कस्तो अवस्थामा छ सोबारे मानिसहरूलाई स्पष्ट तुल्याउनको लागि हामीले सुरुमा शैतानले कसरी मानिसलाई भ्रष्ट तुल्याउँछ त्यसबारेमा र शैतानको

दुष्टताको बारेमा छलफल गर्नैपर्छ। यसबारेमा कुरा गर्नुको एउटा उद्‌देश्य भनेको मानिसहरूलाई शैतानको दुष्टताको बारेमा जान्‍ने तुल्याउनु हो, जबकि अर्को उद्‌देश्यचाहिँ मानिसहरूलाई साँचो पवित्रता के हो सोबारे गहन बुझाइ प्राप्‍त गर्ने तुल्याउनु हो।

पछिल्लोपटकको तुलनामा हामीले भर्खरै छलफल गरेका यी कुराहरूका बारेमा के मैले अझै विस्तृत रूपमा कुरा गरेको छैन र? (छ।) त्यसो भए, के अहिले तिमीहरूको बुझाइ अलि गहन भयो त? (भयो।) मलाई थाहा छ, परमेश्‍वरको पवित्रता वास्तवमा के हो सो मैले भनूँ भनी अहिले धेरैजसो मानिसहरूले अपेक्षा गरिरहेका छन्, तर परमेश्‍वरको पवित्रताको बारेमा कुरा गर्ने क्रममा, म सुरुमा परमेश्‍वरले गर्नुहुने कामहरूका बारेमा कुरा गर्नेछु। तिमीहरू सबैले ध्यान दिएर सुन्‍नुपर्छ। त्यसपछि, म तिमीहरूलाई परमेश्‍वरको पवित्रता वास्तवमा के हो सो सोध्‍नेछु। म तिमीहरूलाई प्रत्यक्ष रूपमा भन्‍नेछैन, तर म तिमीहरूलाई यसको बारेमा पत्ता लगाउने प्रयास गर्न दिनेछु; म तिमीहरूलाई यसबारे पत्ता लगाउने ठाउँ दिनेछु। यस तरिकाको बारेमा तिमीहरू के सोच्छौ? (यो राम्रो सुनिन्छ।) त्यसो भए, म अघि बढ्ने क्रममा ध्यान दिएर सुन।

जब-जब शैतानले मानिसलाई भ्रष्‍ट तुल्याउँछ वा मानिसलाई अनियन्त्रित रूपमा हानि गर्छ, परमेश्‍वर हात बाँधेर बस्‍नुहुन्‍न, न त उहाँले चुन्‍नुभएकाहरूलाई बेवास्ता गर्ने वा आँखा चिम्लने नै गर्नुहुन्छ। शैतानले गर्ने सबै कुरालाई परमेश्‍वरले पूर्ण स्पष्‍टताको साथ बुझ्‍नुहुन्छ। शैतानले जेसुकै गरे तापनि, यसले जस्तोसुकै प्रचलन पैदा गरे पनि, शैतानले जे गर्ने प्रयास गर्दैछ त्यो सबै परमेश्‍वरलाई थाहा हुन्छ, र उहाँले चुन्‍नुभएकाहरूलाई परमेश्‍वरले त्याग्‍नुहुन्‍न। बरु, कुनै पनि ध्यान नखिचीकन—गोप्य रूपमा, चुपचाप—परमेश्‍वरले आवश्यक सबै कुरा गर्नुहुन्छ। जब परमेश्‍वरले कुनै व्यक्तिमा काम गर्न सुरु गर्नुहुन्छ, जब उहाँले कसैलाई चुन्‍नुभएको हुन्छ, उहाँले कसैलाई पनि यो समाचार घोषणा गर्नुहुन्‍न, न त उहाँले यसलाई शैतानको अघि नै घोषणा गर्नुहुन्छ, कुनै भव्य प्रदर्शन गर्ने कुरा त परै जाओस्। उहाँले आवश्यक परेको कुरा अत्यन्तै चुपचाप, अत्यन्तै प्राकृतिक रूपमा गर्नुहुन्छ। पहिले, उहाँले तेरो लागि परिवारको छनौट गर्नुहुन्छ; तेरो पारिवारिक पृष्ठभूमि, तेरो बाबुआमा, तेरा पुर्खाहरू—परमेश्‍वरले यो सबै अग्रिम रूपमा निर्धारित गर्नुहुन्छ। अर्को शब्दमा भन्दा, परमेश्‍वरले आवेगमा यी निर्णयहरू गर्नुहुन्‍न; बरु, उहाँले धेरै पहिले नै यो कार्य सुरु गर्नुभएको हुन्छ। परमेश्‍वरले तेरो लागि परिवार छनौट गरिसक्‍नुभएपछि, उहाँले तँ जन्मने मिति छनौट गर्नुहुन्छ। त्यसपछि, तँ जन्मेर संसारमा रुँदै आएको परमेश्‍वरले हेर्नुहुन्छ। उहाँले तँ जन्मेको हेर्नुहुन्छ, तैँले प्रथम शब्दहरू उच्चारण गरेको हेर्नुहुन्छ, तैँले हिँड्‌न सिक्दै गर्दा तँ लडखडाउँदै र बामे सरेको हेर्नुहुन्छ। सुरुमा तैँले एक कदम बढाउँछस् त्यसपछि अर्को कदम बढाउँछस् ... अनि तँ कुद्‌न सक्‍ने, उफ्रन सक्‍ने, कुरा गर्न सक्‍ने, अनि तेरा भावनाहरूलाई व्यक्त गर्न सक्‍ने हुन्छस्। मानिसहरू हुर्कँदै जाने क्रममा, शैतानले तिनीहरू प्रत्येकलाई बाघले त्यसको सिकारलाई हेरेझैँ घुरेर हेरिरहन्छ। तर आफ्नो काम गर्ने क्रममा, परमेश्‍वर कहिल्यै पनि स्थान वा समयका कुनै पनि सीमितताहरूमा बाँधिनुहुन्‍न जुन मानिसहरू, घटना वा अन्य कुराहरूबाट आएका हुन्छन्; उहाँले जे गर्नुपर्छ र उहाँले जे गर्नु अत्यावश्यक छ त्यो उहाँले गर्नुहुन्छ। हुर्कने प्रक्रियामा, तैँले आफूलाई मन नपर्ने धेरै कुराहरूको अनुभव गर्न सक्छस्, जस्तै बिरामी र निराशा। तर तँ यो मार्गमा हिँड्‌ने

क्रममा, तेरो जीवन र तेरो भविष्य पूर्ण रूपमा परमेश्‍वरकै जिम्मामा हुन्छ। परमेश्‍वरले तँलाई तेरो जीवनभरि पुग्ने सच्चा प्रत्याभूति दिनुहुन्छ, किनभने उहाँ तेरो रखवारी गर्दै र तेरो हेरचाह गर्दै तेरै छेउमा बसिरहनुभएको हुन्छ। यो थाहै नपाई तँ हुर्कन्छस्। तँ नयाँ कुराहरूको सम्पर्कमा आउन थाल्छस् र यो संसारलाई र यो मानवजातिलाई चिन्न थाल्छस्। सबै कुरा तेरो लागि ताजा र नयाँ हुन्छ। तँलाई गर्न मन पर्ने केही कुराहरू हुन्छन्। तँ तेरो आफ्नै मानवताभित्र जिउँछस्, तँ तेरो आफ्नै क्षेत्रभित्र जिउँछस् र परमेश्‍वरको अस्तित्वको बारेमा तँलाई अलिकति पनि अनुभूति हुँदैन। तर तँ हुर्कने क्रममा परमेश्‍वरले हरेक पाइला हेर्नुहुन्छ, र तैँले हरेक कदम अगाडि बढाउँदा उहाँले तँलाई हेर्नुहुन्छ। तैँले ज्ञान सिकिरहेको बेला वा विज्ञान अध्ययन गरिरहेको बेलासमेत परमेश्‍वरले तँलाई एक पाइलासमेत कहिल्यै छोड्नुभएको हुँदैन। संसारलाई चिन्ने र यसमा संलग्न हुने क्रममा, तैँले तेरा आफ्नै आदर्शहरू स्थापना गरेको हुन्छस्, तेरा आफ्नै रुचिहरू हुन्छन्, तिमीहरूका आफ्नै चासोहरू हुन्छन् र तँसँग उच्च महत्वाकांक्षाहरू पनि हुन्छन् भन्ने अर्थमा तँ अरू मानिसहरूजस्तै हुन्छस्। तेरो भविष्य कस्तो देखिनुपर्छ भन्ने खाका तयार गर्दै तैँले प्रायजसो आफ्नै भविष्यको बारेमा विचार गरिरहेको हुन्छस्। तर अघि बढ्ने क्रममा जेसुकै भए तापनि, यी सबै भइरहेको परमेश्‍वरले स्पष्ट रूपमा देख्नुहुन्छ। सायद तैँले आफ्नो विगतलाई बिर्सेको हुन सक्छस्, तर परमेश्‍वरको लागि, तँलाई राम्ररी बुझ्न सक्ने उहाँबाहेक कोही पनि छैन। तँ हुर्कँदै-बढ्दै, परिपक्व हुँदै परमेश्‍वरकै नजरमा रहेर जिउँछस्। यो अवधिमा, परमेश्‍वरको सबैभन्दा महत्त्वपूर्ण काम भनेको कसैले कहिल्यै पनि अनुभव नगर्ने, कसैले नजान्ने कुरा हो। परमेश्‍वरले अवश्य नै यसको बारेमा कसैलाई भन्नुहुन्न। त्यसो भए, यो सबैभन्दा महत्त्वपूर्ण कुरा के हो त? यो कुरा परमेश्‍वरले व्यक्तिलाई मुक्ति दिनुहुनेछ भन्ने प्रत्याभूति हो भनेर भन्न सकिन्छ। यसको अर्थ यदि परमेश्‍वरले उक्त व्यक्तिलाई मुक्ति दिन चाहनुहुन्छ भने, उहाँले त्यसो गर्नु नै हुन्छ। यो कार्य मानिस र परमेश्‍वर दुवैको लागि अत्यन्तै महत्त्वपूर्ण छ। यो के हो, के तँलाई थाहा छ? यस्तो लाग्छ, यसको बारेमा तिमीहरूसँग कुनै अनुभव, वा यसको कुनै अवधारणा छैन, त्यसकारण म आफै तिमीहरूलाई बताइदिनेछु। तँ जन्मेको समयदेखि अहिलेसम्म, परमेश्‍वरले तँमा धेरै काम गरिसक्नुभएको छ, तर उहाँले आफूले गर्नुभएको सबै कुराको विस्तृत विवरण तँलाई दिनुहुन्न। परमेश्‍वरले तँलाई सो कुरा जान्न दिनुभएन, न त उहाँले तँलाई यसबारे भन्नु नै भयो। तैपनि, मानवजातिको लागि, उहाँले गर्नुहुने सबै कुरा महत्त्वपूर्ण छन्। परमेश्‍वरको लागि त, यो उहाँले गर्नैपर्ने कुरा हो। उहाँको हृदयमा उहाँले गर्न आवश्यक रहेको कुनै महत्त्वपूर्ण कुरा छ जुन यी सबै कुराभन्दा अत्यन्तै बढी महत्त्वपूर्ण छ। अर्थात्, व्यक्ति जन्मेको समयदेखि वर्तमान दिनसम्म, परमेश्‍वरले तिनीहरूको सुरक्षाको प्रत्याभूति दिनु नै हुन्छ। जब तैँले यी वचनहरू सुन्छस्, तँलाई आफूले पूर्ण रूपमा नबुझेजस्तो लाग्न सक्छ। तैँले सोध्न सक्छस्, “के यो सुरक्षा त्यति महत्त्वपूर्ण छ र?” “सुरक्षा” को यथार्थ अर्थ के हो? सायद तिमीहरूले यसलाई शान्ति भनेर बुझ्छौ वा सायद तिमीहरूले यसलाई कुनै पनि विपत्ति वा संकष्टको अनुभव कहिल्यै नगर्नु, राम्ररी जिउनु, सामान्य जीवन जिउनु भनेर बुझ्छौ होला। तर तिमीहरूले आफ्नो हृदयमा यो त्यति सरल छैन भन्ने जान्नैपर्छ। त्यसो भए, परमेश्‍वरले गर्नुपर्ने भनेर मैले कुरा गर्दै आइरहेको यो कुरा वास्तवमा के हो त?

परमेश्वरको लागि सुरक्षाले केलाई जनाउँछ? के “सुरक्षा” को सामान्य अर्थ वास्तवमा नै प्रत्याभूति हो? होइन। त्यसो भए, परमेश्वरले गर्नुहुने यो कुरा के हो त? यो “सुरक्षा” को अर्थ तँलाई शैतानले निल्नेछैन भन्ने हो। के यो महत्त्वपूर्ण छ? शैतानले ननिल्नु–के यो तेरो सुरक्षासँग सम्बन्धित छ कि छैन? छ, यो तेरो व्यक्तिगत सुरक्षासँग सम्बन्धित छ, र त्योभन्दा महत्त्वपूर्ण कुरा अरू केही हुन सक्दैन। शैतानले तँलाई निलिसकेपछि, तेरो प्राण र तेरो देह अबउप्रान्त परमेश्वरको स्वामित्वमा हुनेछैन। परमेश्वरले अबउप्रान्त तँलाई मुक्ति दिनुहुनेछैन। शैतानले निलेका प्राण र मानिसहरूलाई परमेश्वरले त्याग्नुहुन्छ। त्यसकारण म भन्छु, परमेश्वरले गर्नुहुने सबैभन्दा महत्त्वपूर्ण कुरा भनेको तेरो यस सुरक्षाको प्रत्याभूति दिनु, तँलाई शैतानले निल्नेछैन भनेर प्रत्याभूति दिनु हो। यो अत्यन्तै महत्त्वपूर्ण छ, होइन र? त्यसो भए, तिमीहरू किन उत्तर दिन सक्दैनौ? परमेश्वरको महान् दयालाई तिमीहरू महसुस गर्न सक्दैनौ भन्नेजस्तो देखिन्छ!

मानिसहरूको सुरक्षाको प्रत्याभूति दिने, तिनीहरूलाई शैतानले निल्नेछैन भन्ने प्रत्याभूति दिनेबाहेक परमेश्वरले धेरै कुरा गर्नुहुन्छ। कसैलाई चुनेर मुक्ति दिनुभन्दा पहिले उहाँले प्रशस्त मात्रामा तयारीको काम गर्नुहुन्छ। पहिलो, तँमा कस्तो प्रकारको चरित्र हुनेछ, तँ कस्तो प्रकारको परिवारमा जन्मनेछस्, तेरा बाबुआमा को हुनेछन्, तेरा दाजुभाइ-दिदीबहिनीहरू कति जना हुनेछन्, र तँ जन्मने परिवारको अवस्था, आर्थिक अवस्था, र परिस्थितिहरू के-कस्ता हुनेछन् त्यस बारेमा परमेश्वरले सावधानीपूर्ण तयारीहरू गर्नुहुन्छ। परमेश्वरका चुनिएका बहुसंख्यक मानिसहरू कस्तो परिवारमा जन्मन्छन् के तँलाई थाहा छ? के ती प्रतिष्ठित परिवारहरू हुन्? प्रतिष्ठित परिवारहरूमा जन्मने कोही पनि छैनन् भनेर हामी निश्चित रूपमा भन्न सक्दैनौं। केही हुन सक्छन्, तर तिनीहरू अत्यन्तै थोरै छन्। के ती असाधारण सम्पत्ति भएका परिवारहरूमा, अरबपति वा खरबपति परिवारमा जन्मेका हुन्छन्? हुँदैनन्, तिनीहरू यस प्रकारका परिवारमा लगभग कहिल्यै जन्मेका हुँदैनन्। त्यसो भए, यीमध्ये धेरैजसो मानिसहरूका लागि परमेश्वरले कस्तो प्रकारको परिवारको बन्दोबस्त गर्नुहुन्छ? (साधारण परिवार।) अनि कस्ता परिवारलाई “साधारण परिवार” ठान्न सकिन्छ? तिनमा काम गरेर खाने परिवार–अर्थात्, बाँच्नको लागि ज्याला-मजदुरीमा भर पर्ने, आधारभूत आवश्यकताहरू पूरा गर्न सक्ने, र बढी सम्पन्न नभएकाहरू पर्छन्; तिनमा किसान परिवारहरू पनि पर्छन्। किसानहरू आफ्नो खानाको लागि अन्नपात रोप्छन्, खानको लागि तिनीहरूसँग अन्न अनि लाउनको लागि लुगा हुन्छ, र तिनीहरू भोकै बस्नु वा कठ्याङ्ग्रिनु पर्दैन। त्यसपछि स-साना व्यापार-व्यवसाय संचालन गर्ने केही परिवारहरू छन्, र बाबुआमा बुद्धिजीवी भएका कतिपय परिवारहरू छन्, र यिनलाई पनि साधारण परिवारको रूपमा गन्ती गर्न सकिन्छ। कार्यालयमा काम गर्ने वा सानातिना पदमा रही सरकारी काम गर्ने केही बाबुआमा पनि छन्, जसलाई पनि प्रतिष्ठित परिवारमा गन्ती गर्न सकिँदैन। धेरैजसो मानिसहरू साधारण परिवारमा जन्मन्छन्, र यी सबैको चाँजोपाँजो परमेश्वरले नै मिलाउनुभएको हुन्छ। भन्नुको अर्थ, सबैभन्दा पहिलो कुरा, तिमीहरू जिउने यो वातावरण मानिसहरूले कल्पना गर्नेजस्तो अत्यधिक स्रोत-साधन नभएको परिवार हो, र परमेश्वरले तिमीहरूको लागि निर्णय गरिदिनुभएको परिवार यही हो, र बहुसंख्यक मानिसहरू यस प्रकारको पारिवारिक सीमितताहरूमा जिउँछन्। त्यसो भए, सामाजिक हैसियतको

बारेचाहिँ के भन्ने त? बहुसंख्यक बाबुआमाका आर्थिक अवस्था मध्यम स्तरका छन् र तिनीहरूसँग उच्च सामाजिक हैसियत छैन—तिनीहरूको लागि एउटा व्यवसाय हुनु नै राम्रो कुरा हो। के तिनमा गभर्नरहरू पर्छन्? वा राष्ट्रका राष्ट्रपतिहरू पर्छन्? (पर्दैनन्।) बढीमा तिनीहरू स-साना व्यापार-व्यवसायका व्यवस्थापकहरू वा स-साना व्यापार-व्यवसायका मालिकहरू हुन्छन्। तिनीहरूको सामाजिक हैसियत मध्यम स्तरको हुन्छ र तिनीहरूको आर्थिक अवस्था औषत हुन्छ। अर्को तत्व भनेको परिवारको जिउने वातावरण हो। सर्वप्रथम, यी परिवारहरूका बीचमा आफ्ना छोराछोरीलाई जोखाना हेर्ने र भविष्य बताउने मार्गमा हिँड्नको लागि स्पष्ट रूपमा प्रभाव पार्ने बाबुआमा हुँदैनन्; यस्ता कुराहरूमा संलग्न हुनेहरू एकदमै कम हुन्छन्। धेरैजसो बाबुआमा सामान्य नै हुन्छन्। यसको साथै परमेश्वरले मानिसहरूलाई चुन्नुहुन्छ, उहाँले तिनीहरूका लागि यस प्रकारको वातावरण तय गर्नुहुन्छ, जुन मानिसहरूलाई मुक्ति दिने उहाँको कामको लागि अत्यन्तै लाभदायक हुन्छ। झट्ट हेर्दा, परमेश्वरले मानिसको लागि विशेष रूपमा पृथ्वी नै हल्लाउने किसिमको केही पनि गर्नुभएको छैन जस्तो देखिन्छ; उहाँले आफूले गर्ने सबै कुराहरू नम्रताको साथ र मौनतामा चूपचापसित र गोप्य रूपमा गर्नुहुन्छ। तर वास्तवमा, परमेश्वरले गर्नुहुने सबै कार्य तेरो मुक्तिको लागि जग बसाल्न, तेरो मुक्तिको लागि अगाडिको बाटो र आवश्यक सबै अवस्थाहरू तयार गर्नको लागि नै गर्नुहुन्छ। त्यसपछि, परमेश्वरले हरेक व्यक्तिलाई निश्चित समयमा उहाँको अघि ल्याउनुहुन्छ: तैँले परमेश्वरको आवाज सुन्ने बेला यही हो; तँ उहाँको सामुन्ने आउने बेला यही हो। यस्तो हुँदाको समयसम्म, कतिपय मानिसहरू पहिले नै बाबुआमा भइसकेका हुन्छन्, जबकि अरूचाहिँ कसैका छोराछरीका रूपमै हुन्छन्। अर्को शब्दमा भन्दा, कतिपय मानिसहरूले विवाह गरेर छोराछोरी जन्माइसकेका हुन्छन्, तर अरूचाहिँ अझै पनि अविवाहित हुन्छन्, तिनीहरूले आफ्नो परिवार अहिलेसम्म सुरु गरेका हुँदैनन्। तर व्यक्तिको अवस्था जे-जस्तो भए पनि, तँलाई कहिले चुनिनेछ र उहाँको सुसमाचार र वचन तकहाँ कहिले पुग्नेछ सोबारे परमेश्वरले पहिले नै समय तोकिसक्नुभएको हुन्छ। तैँले परमेश्वरको वचन सुन्न सक् भनेर परमेश्वरले तकहाँ सुसमाचार ल्याइपुर्‍याउने परिस्थितिहरू, निश्चित व्यक्ति वा निश्चित प्रसंग तय गरिसक्नुभएको हुन्छ। परमेश्वरले तेरो लागि पहिले नै सम्पूर्ण अत्यावश्यक अवस्थाहरूको तयारी गरिसक्नुभएको हुन्छ। यसरी, यस्तो भइरहेको छ भन्ने मानिसलाई थाहा नभए पनि, मानिस उहाँको सामुन्ने आउँछ र परमेश्वरको परिवारमा फर्कन्छ। मानिसले थाहै नभई परमेश्वरलाई पछ्याउँछ र उहाँले मानिसको लागि तयार पार्नुभएको परमेश्वरको कार्यशैलीको हरेक चरणमा प्रवेश गर्दै उहाँको कार्यको हरेक चरणमा प्रवेश गर्छ। यस बेला मानिसको लागि काम-कुराहरू गर्ने क्रममा परमेश्वरले के-कस्ता तरिकाहरू प्रयोग गर्नुहुन्छ? सबभन्दा पहिले, मानिसले प्राप्त गर्ने वास्ता र सुरक्षा नै न्यूनतम कुरा हो। यसबाहेक, परमेश्वरले विभिन्न मानिसहरू, घटना, र काम-कुराहरू तय गर्नुहुन्छ ताकि ती कुराहरूद्वारा मानिसले उहाँको अस्तित्व र उहाँका कार्यहरू देख्न सकून्। उदाहरणको लागि, आफ्नो परिवारको कुनै व्यक्ति बिरामी भएकोले कतिपय मानिसहरूले परमेश्वरमा विश्वास गर्छन्। जब अरूले तिनीहरूलाई सुसमाचार प्रचार गर्छन्, तिनीहरूले परमेश्वरमा विश्वास गर्न सुरु गर्छन्, र उक्त परिस्थितिको कारणले गर्दा परमेश्वरमाथिको यो विश्वास आउँछ। त्यसो भए, कसले यो

परिस्थितिको बन्दोबस्त गऱ्यो त? (परमेश्वरले।) यस रोग-बिमारको माध्यमद्वारा, कतिपय परिवारमा हरेक व्यक्ति नै विश्वासी बन्छन्, अरू कतिमा चाहिँ परिवारका एक-दुई जना मानिसहरूले मात्रै विश्वास गर्छन्। झट्ट हेर्दा, तेरो परिवारको कुनै व्यक्ति बिरामी भयो भन्नेजस्तो देखिन्छ, तर यो वास्तवमा तँ परमेश्वरकहाँ आउन सक् भनेर तँलाई प्रदान गरिएको परिस्थिति हो—यो परमेश्वरको दया हो। कतिपय मानिसहरूका लागि परिवार कठिन हुँदा र तिनीहरूले कुनै शान्ति नपाउँदा, अवसर आफै आउँछ—कसैले सुसमाचार सुनाउँछ र भन्छ, "प्रभु येशूमा विश्वास गर अनि तिमीले शान्ति पाउनेछौ।" अनभिज्ञ भए पनि, तिनीहरूले अत्यन्तै प्राकृतिक परिस्थितिमा परमेश्वरलाई विश्वास गर्न पुग्छन्, के यो एक प्रकारको परिस्थिति होइन र? अनि तिनीहरूको परिवारमा शान्ति छैन भन्ने तथ्य परमेश्वरले तिनीहरूलाई दिनुभएको अनुग्रह नै होइन र? अन्य कारणहरूले परमेश्वरमा विश्वास गर्न पुग्ने कतिपय मानिसहरू पनि छन्। विश्वास गर्ने फरक-फरक कारणहरू र फरक-फरक तरिकाहरू छन्, तर तँलाई जुनसुकै कारणले उहाँमा विश्वास गर्ने तुल्याए पनि, यो सबै परमेश्वरले नै मिलाउनुभएको र मार्गनिर्देश गर्नुभएको हो। सबभन्दा पहिले, परमेश्वरले तँलाई चुन्नको लागि र तँलाई उहाँको परिवारमा ल्याउनको लागि विभिन्न तरिकाहरू अपनाउनुहुन्छ। हरेक व्यक्तिलाई परमेश्वरले दिनुहुने अनुग्रह यही नै हो।

यी आखिरी दिनहरूको परमेश्वरको कार्यको हालको चरणमा, उहाँले पहिलेजस्तो मानिसलाई उप्रान्त अनुग्रह र आशिष् मात्रै वर्षाउनुहुन्न, न त उहाँले मानिसलाई अघि बढाउनको लागि मनाउनु नै हुन्छ। कार्यको यो चरणको अवधिमा, मानिसले अनुभव गरेको परमेश्वरको कार्यका सबै पक्षहरूबाट उसले के देखेको छ? मानिसले परमेश्वरको प्रेम र परमेश्वरको न्याय र सजाय देखेको छ। समयको यो अवधिमा, मानिसले क्रमिक रूपमा उहाँका अभिप्रायहरू जानून्, उहाँले बोल्नुहुने वचनहरूलाई र उहाँले मानिसलाई दिनुहुने सत्यतालाई जानून् भनेर परमेश्वरले मानिसको लागि जुटाउनुहुन्छ, उसलाई सहायता गर्नुहुन्छ, अन्तर्दृष्टि दिनुहुन्छ, र अगुवाइ गर्नुहुन्छ। जब मानिस कमजोर हुन्छ, जब ऊ असहाय हुन्छ, जब उसको जाने बाटो कतै हुँदैन, तब मानिसको सानो कद क्रमिक रूपमा सामर्थ्यमा वृद्धि होस्, सकारात्मकतामा वृद्धि होस् र ऊ परमेश्वरसँग सहकार्य गर्न इच्छुक बनोस् भनेर परमेश्वरले मानिसलाई सान्त्वना दिन, सल्लाह दिन, र प्रोत्साहन दिन आफ्ना वचनहरूको प्रयोग गर्नुहुनेछ। तर जब मानिसले उहाँको उल्लङ्घन गर्छ वा उहाँको विरोध गर्छ, वा जब मानिसले आफ्नो भ्रष्टतालाई प्रकट गर्छ, परमेश्वरले मानिसलाई ताडना दिने र अनुशासनमा राख्ने क्रममा कुनै कृपा देखाउनुहुनेछैन। तैपनि, मानिसको मूर्खता, अज्ञानता, कमजोरी र अपरिपक्वताको लागि परमेश्वरले सहनशीलता र धैर्यता देखाउनुहुनेछ। यसरी, परमेश्वरले मानिसमा गर्नुहुने सबै कामद्वारा, मानिस क्रमिक रूपमा परिपक्व हुन्छ, वृद्धि हुन्छ, र परमेश्वरका अभिप्रायहरूलाई जान्न पुग्छ, निश्चित सत्यताहरूलाई जान्न पुग्छ, के-कस्ता कुराहरू सकारात्मक हुन् र के-कस्ता कुराहरू नकरात्मक हुन् सो जान्न पुग्छ, दुष्टता र अन्धकार के हुन् सो जान्न पुग्छ। परमेश्वरले मानिसलाई सधैँ ताडना दिने अनि अनुशासनमा राख्ने एउटै तरिका अपनाउनुहुन्न, न त उहाँले सधैँ सहनशीलता र धैर्यता मात्रै पनि देखाउनुहुन्छ। बरु उहाँले हरेक व्यक्तिको लागि तिनीहरूको फरक-फरक चरणमा र तिनीहरूको फरक-फरक कद र क्षमता अनुसार फरक तरिकाले

जुटाउनुहुन्छ। उहाँले मानिसको लागि धेरै कुराहरू धेरै मूल्य चुकाएर गर्नुहुन्छ; यी कुनै कुराहरू वा मूल्यको बारेमा मानिसले केही बुझ्दैन, तैपनि उहाँले गर्नुहुने सबै अभ्यास वास्तवमा हरेक व्यक्तिमा नै गरिन्छ। परमेश्वरको प्रेम व्यावहारिक छ: परमेश्वरको अनुग्रहद्वारा, मानिस एकपछि अर्को विपत्तिबाट बच्छ, र यस क्रममा परमेश्वरले मानिसको कमजोरीको लागि बारम्बार सहनशीलता देखाउनुहुन्छ। परमेश्वरको न्याय र सजायले मानिसहरूलाई मानवजातिको भ्रष्टता र शैतानी सारको बारेमा क्रमिक रूपमा थाहा पाउने तुल्याउँछ। परमेश्वरले प्रदान गर्ने कुरा, मानिसलाई उहाँले दिने अन्तर्दृष्टि र उहाँको अगुवाइ सबैले मानवजातिलाई झन्-झन् बढी सत्यताको सार बुझ्ने, र मानिसहरूलाई के खाँचो छ, तिनीहरूले कुन बाटो हिँड्नुपर्छ, तिनीहरू केको लागि जिउँछन्, तिनीहरूको जीवनको मूल्य र अर्थ, र अगाडिको बाटो कसरी हिँड्ने सो झन्-झन् बढी जान्ने तुल्याउँछ। परमेश्वरले गर्नुहुने यी सबै कुराहरूलाई उहाँको एउटै मूल उद्देश्यबाट अलग गर्न सकिँदैन। त्यसोभए यो उद्देश्य के हो? मानिसमा आफ्नो कार्य गर्नको लागि परमेश्वरले किन यी विधिहरूको प्रयोग गर्नुहुन्छ? उहाँले के परिणाम हासिल गर्न चाहनुहुन्छ? अर्को शब्दमा भन्दा, उहाँले मानिसमा के देख्न चाहनुहुन्छ? मानिसबाट उहाँले के प्राप्त गर्न चाहन्छ? मानिसको हृदय पुनर्जीवित हुन सकोस् भन्ने नै परमेश्वरले हेर्न चाहनुहुन्छ। मानिसमा उहाँले काम गर्नको लागि प्रयोग गर्नुहुने यी विधिहरू मानिसको हृदयलाई बिउँझाउन, मानिसको आत्मालाई बिउँझाउन, ऊ कहाँबाट आएको हो, कसले उसलाई अगुवाइ गरिरहनुभएको छ, सहयोग गरिरहनुभएको छ र जुटाइरहनुभएको छ, र कसले मानिसलाई आजको दिनसम्म जिउन दिनुभएको छ सो बुझ्न मानिसलाई सक्षम गराउनको लागि गरिएका अटुट प्रयासहरू हुन्; ती मानिसलाई सृष्टिकर्ता को हुनुहुन्छ, उसले कसलाई आराधना गर्नुपर्छ, ऊ कुन मार्गमा हिँड्नुपर्छ, र मानिस कुन तरिकामा परमेश्वरको अघि आउनुपर्छ त्यो बारे मानिसलाई बुझ्ने तुल्याउने माध्यमहरू हुन्; ती मानिसले परमेश्वरको हृदयलाई जान्न सकोस्, परमेश्वरको हृदयलाई बुझ्न सकोस् र मानिसलाई मुक्ति दिनको लागि उहाँले गर्नुभएको कामको पछाडिको ठूलो वास्ता र विचारलाई बुझ्न सकोस् भनेर मानिसको हृदयलाई क्रमिक रूपमा पुनर्जीवित पार्ने माध्यमहरू हुन्। जब मानिसको हृदय पुनर्जीवित हुन्छ, मानिस उप्रान्त नीच, भ्रष्ट स्वभावमा जिउन चाहँदैन, बरु परमेश्वरलाई सन्तुष्ट पार्नको लागि सत्यताको खोजी गर्न चाहन्छ। जब मानिसको हृदय बिउँझिएको हुन्छ, मानिसले आफैलाई शैतानबाट पूर्ण रूपमा अलग गर्न सक्छ। उप्रान्त उसलाई शैतानले हानी गर्नेछैन, यसले उसलाई उप्रान्त नियन्त्रण गर्ने वा मूर्ख तुल्याउनेछैन। बरु, परमेश्वरको डर मान्ने र दुष्टताबाट टाढा बस्ने क्षमता प्राप्त गर्दै, मानिसले परमेश्वरको हृदयलाई सन्तुष्ट पार्न सक्रिय रूपमा परमेश्वरको कार्य र उहाँको वचनमा सहकार्य गर्न सक्छ। परमेश्वरको कार्यको मूल उद्देश्य यही नै हो।

हामीले शैतानको दुष्टताको बारेमा भर्खरै गरेको छलफलले सबैलाई मानिस अत्यन्तै ठूलो अप्रसन्नताको बीचमा जिउँछ र मानिसको जीवनलाई दुर्भाग्यले आक्रान्त पारेको छ भन्नेजस्तो अनुभव गराउँछ। तर अहिले मैले परमेश्वरको पवित्रता र उहाँले मानिसमा गर्नुहुने कामको बारेमा कुरा गर्दैगर्दा, त्यसले तिमीहरूलाई कस्तो अनुभव गराउँछ? (अत्यन्तै खुशी।) परमेश्वरले गर्नुहुने सबै कुरा, उहाँले मानिसको लागि परिश्रमको साथ बन्दोबस्त गर्नुहुने सबै कुरा निष्कलङ्क छन्

भन्ने हामी देख्छौं। परमेश्‍वरले गर्नुहुने सबै कुरा त्रुटिविहीन छन्, अर्थात् ती गल्तीरहित छन्, तिनमा कुनै सुधार गर्न, सुझाव दिन वा कुनै पनि परिवर्तन गर्न आवश्यक पर्दैन। हरेक व्यक्तिको लागि परमेश्‍वरले गर्नुहुने सबै कुरा शङ्काभन्दा बाहिर हुन्छन्; उहाँले हरेकलाई आफ्नै हातले डोऱ्याउनुहुन्छ, बितेर जाने हरेक क्षण उहाँले तेरो हेरचाह गर्नुहुन्छ र तँलाई कहिल्यै पनि छोड्नुभएको छैन। मानिसहरू यस प्रकारको वातावरणमा र यस प्रकारको पृष्ठभूमिमा हुर्कने क्रममा, के मानिसहरू वास्तवमा परमेश्‍वरकै हतकेलामा हुर्कन्छन् भनेर हामी भन्न सक्छौं? (सक्छौं।) त्यसो भए, के तिमीहरू अझै पनि रिक्तताको महसुस गर्छौ? के कसैले अझै पनि उदासपनको महसुस गर्छ? के परमेश्‍वरले मानवजातिलाई त्याग्नुभएको छ भन्ने कसैलाई लाग्छ? (लाग्दैन।) त्यसो भए, परमेश्‍वरले वास्तवमा के गर्नुभएको छ त? (उहाँले मानवजातिमाथि नजर राख्नुभएको छ।) परमेश्‍वरले आफूले गर्ने हरेक कुरामा महान् विचार र ध्यान लगाउनुहुन्छ भन्नेमा कुनै प्रश्‍न छैन। यति मात्र कहाँ हो र, आफ्नो कार्यलाई अघि बढाउने क्रममा, उहाँले त्यो सधैँ नै निसर्त गर्नुभएको छ। उहाँप्रति तँलाई अत्यन्तै गहन कृतज्ञताको महसुस गराउनको लागि उहाँले कहिल्यै पनि तिमीहरूमध्ये कसैलाई तेरो लागि उहाँले चुकाउनुभएको मूल्य जान्नुपर्छ भन्ने मापदण्ड तोक्नुभएको छैन। के परमेश्‍वरले तँलाई कहिल्यै यस्तो गर्न लगाउनुभएको छ? (छैन।) मानव जीवनको लामो मार्गमा, लगभग हरेक व्यक्तिले नै धेरै खतरनाक परिस्थितिहरूको अनुभव गरेको र धेरै परीक्षाहरूको सामना गरेको हुन्छ। किनभने शैतान सधैँ तँमाथि लगातार नजर लगाएर तेरै छेउमा खडा भइरहेको हुन्छ। जब विपत्तिले तँलाई प्रहार गर्छ, यसमा शैतान प्रकट हुन्छ; जब तँमाथि आपत्तिहरू आइपर्छन्, जब तेरो लागि कुनै पनि कुरा भनेजस्तो हुँदैन, जब तँ शैतानको जालोमा पर्छस्, यी कुराहरूबाट शैतानले निकै ठूलो आनन्द लिन्छ। परमेश्‍वरले के गरिरहनुभएको छ भन्ने विषयमा, बितेर जाने हरेक क्षणमा उहाँले तँलाई सुरक्षा दिइरहनुभएको हुन्छ, एकपछि अर्को दुर्भाग्यबाट र एकपछि अर्को विपत्तिबाट तँलाई तर्काइरहनुभएको हुन्छ। त्यसैकारणले म भन्छु कि मानिससँग भएको सबै कुरा–शान्ति र आनन्द, आशिष् र व्यक्तिगत सुरक्षा–वास्तवमा परमेश्‍वरकै नियन्त्रणमा हुन्छ; उहाँले हरेक व्यक्तिको भाग्यलाई निर्देशित गर्नुहुन्छ र त्यसको निर्णय गर्नुहुन्छ। तर के कतिपय मानिसहरूले भनेजस्तै, परमेश्‍वरसँग आफ्नो हैसियतको बारेमा अत्यन्तै उच्च धारणा छ र? के परमेश्‍वरले तँलाई यस्तो घोषणा गर्नुहुन्छ, "म सबैभन्दा महान् छु। तिमीहरूमाथि हुकुम चलाउने म नै हुँ। तिमीहरूले मलाई कृपाको लागि बिन्ती गर्नैपर्छ, र अनाज्ञाकारीलाई मृत्युदण्ड दिइनेछ"? के परमेश्‍वरले मानवजातिलाई कहिल्यै यसरी धम्की दिनुभएको छ? (छैन।) के उहाँले कहिल्यै यसो भन्नुभएको छ, "मानवजाति भ्रष्ट छ, त्यसकारण तिनीहरूलाई मैले जसरी व्यवहार गरे पनि त्यसको कुनै मतलब हुँदैन, र तिनीहरूलाई जसरी व्यवहार गरे पनि हुन्छ; तिनीहरूको लागि मैले उचित बन्दोबस्त गरिरहनु पर्दैन"? के परमेश्‍वरले यसरी विचार गर्नुहुन्छ? के परमेश्‍वरले यसरी काम गर्नुभएको छ? (छैन।) यसको विपरीत, परमेश्‍वरले हरेक व्यक्तिलाई गर्ने व्यवहार तत्पर र जिम्मेवारीपूर्ण छ। उहाँले तँलाई तैँले आफैलाई व्यवहार गर्ने गरेको भन्दा अझै जिम्मेवारीपूर्ण व्यवहार गर्नुहुन्छ। के यो यस्तै होइन त? परमेश्‍वर लापरवाही साथ बोल्नुहुन्न, न त उहाँले आफ्नो उच्च हैसियतको तडकभडक गर्ने वा मानिसहरूलाई क्षुद्र रूपमा धोका दिने नै

गर्नुहुन्छ। बरु उहाँ आफैले गर्नु आवश्यक रहेका कुराहरूलाई उहाँले इमान्दारीपूर्वक र मौनतामा गर्नुहुन्छ। यी कुराहरूले मानिसमा आशिष्, शान्ति र आनन्द ल्याउँछ। तिनले मानिसलाई शान्तिपूर्ण तरिकाले र खुशीसाथ परमेश्वरको नजरमा र उहाँको परिवारमा ल्याउँछ; त्यसपछि तिनीहरू परमेश्वरको अघि जिउँछन् र सामान्य तर्क र सोचाइको साथ परमेश्वरको मुक्तिलाई स्वीकार गर्छन्। त्यसोभए के आफ्नो काममा परमेश्वर कहिल्यै मानिसप्रति धोकेबाज हुनुभएको छ? के उहाँले कहिल्यै मानिसलाई केही मनोहर कुराहरूले पहिले झुक्याएर आफ्नो पिठ्यूँ फर्काई दयाको झूटो प्रदर्शन गर्नुभएको छ? (छैन।) के परमेश्वरले कहिल्यै एउटा कुरा भनेर अर्को कुरा गर्नुभएको छ? के परमेश्वरले कहिल्यै रित्तो प्रतिज्ञाहरू गरेर उहाँले तिनीहरूका लागि यसो गर्न सक्नुहुन्छ वा तिनीहरूलाई यसो गर्न सहायता गर्नुहुन्छ भनी मानिसहरूलाई भन्दै फाइँफुट्टी लगाएर, गायब हुनुभएको छ? (छैन।) परमेश्वरमा कुनै छल, कुनै झूट छैन। परमेश्वर विश्वासयोग्य हुनुहुन्छ, र उहाँले गर्नुहुने सबै कुरामा उहाँ साँचो हुनुहुन्छ। मानिसहरूले भरोसा गर्ने एक मात्र व्यक्ति उहाँ नै हुनुहुन्छ; मानिसहरूले आफ्नो जीवन र आफूसँग भएका सबै कुरा सुम्पन सक्ने परमेश्वर उहाँ नै हुनुहुन्छ। परमेश्वरमा कुनै छल नभएको हुनाले, के परमेश्वर नै सबैभन्दा इमानदार हुनुहुन्छ भनेर हामी भन्न सक्छौं? (सक्छौं।) अवश्य नै हामी भन्न सक्छौं! परमेश्वरमा लागू गर्दा “इमानदार” भन्ने शब्द अत्यन्तै कमजोर, अत्यन्तै मानवीय हुने भएकोले, हामीले प्रयोग गर्नको लागि अर्को कुन शब्द छ? मानव भाषाका सीमितताहरू यस्तै छन्। परमेश्वरलाई “इमानदार” भनी भन्नु अलिक अनुचित भए तापनि, अहिलेको लागि हामी यही शब्दको प्रयोग गर्नेछौं। परमेश्वर विश्वासयोग्य र इमानदार हुनुहुन्छ। त्यसोभए जब हामी यी पक्षहरूका बारेमा कुरा गर्छौं, हामीले केलाई उल्लेख गरिरहेका हुन्छौं? के हामीले परमेश्वर र मानिसको बीचमा भएका भिन्नताहरू अनि परमेश्वर र शैतानको बीचमा रहेका भिन्नताहरूका बारेमा उल्लेख गरिरहेका हुन्छौं? हो, हामी त्यसो भन्न सक्छौं। किनभने मानिसले परमेश्वरमा शैतानको भ्रष्ट स्वभावको एउटै छाप समेत देख्न सक्दैन। के मैले यसो भन्नु सही छ? आमेन? (आमेन!) शैतानको कुनै पनि दुष्टता परमेश्वरमा प्रकट भएको हामी देख्दैनौं। परमेश्वरले गर्नुहुने र प्रकट गर्नुहुने सबै कुरा पूर्ण रूपमा लाभदायक छ र त्यसले मानिसलाई सहायता गर्छ, सम्पूर्ण रूपले मानिसको लागि जुटाउनकै लागि ती गरिन्छ, ती जीवनले भरिपूर्ण छ र मानिसलाई पछ्याउने बाटो र लिने दिशा प्रदान गर्छ। परमेश्वर भ्रष्ट हुनुहुन्न, यसको साथै, परमेश्वरले गर्नुहुने सबै कुरालाई अहिले हेर्दा, के परमेश्वर पवित्र हुनुहुन्छ भनेर हामी भन्न सक्छौं? (सक्छौं।) परमेश्वरमा मानवजातिको कुनै पनि भ्रष्टता छैन न त मानवजातिको उही भ्रष्ट स्वभाव वा शैतानको सार नै छ, र परमेश्वरको कुनै पनि कुरा यी कुराहरूसँग मिल्दैनन्, त्यसकारण यस दृष्टिकोणबाट हामी परमेश्वर पवित्र हुनुहुन्छ भनेर भन्न सक्छौं। परमेश्वरले कुनै पनि भ्रष्टता प्रदर्शन गर्नुहुन्न, र उहाँको कार्यमा प्रकट हुने उहाँको आफ्नै सार नै परमेश्वर स्वयम् पवित्र हुनुहुन्छ भन्ने कुराको निश्चयता हो। के तिमीहरू यसलाई देख्छौ? परमेश्वरको पवित्र सारलाई जान्नको लागि, अब हामी यी दुई पक्षलाई हेरौं: १) परमेश्वरमा भ्रष्ट स्वभावको कुनै छाप छैन; २) मानिसमा परमेश्वरले गर्नुहुने कार्यको सारले मानिसलाई परमेश्वरको आफ्नै सार देख्ने तुल्याउँछ, र यो सार पूर्ण रूपमा सकारात्मक छ। किनभने परमेश्वरको कार्यको

हरेक भागले मानिसमा ल्याउने कुराहरू सबै सकारात्मक छन्। पहिलो, मानिस इमानदार होस् भन्ने माग परमेश्‍वर गर्नुहुन्छ—के यो सकारात्मक कुरा होइन र? परमेश्‍वरले मानिसलाई बुद्धि दिनुहुन्छ—के यो सकारात्मक छैन र? परमेश्‍वरले मानिसलाई असल र खराब छुट्याउन सक्ने तुल्याउनुहुन्छ—के यो सकारात्मक छैन र? उहाँले मानिसलाई मानव जीवनको अर्थ र मूल्य बुझ्ने तुल्याउनुहुन्छ—के यो सकारात्मक छैन र? उहाँले मानिसलाई सत्यता अनुसार मानिसहरू, घटना, र कुराहरूको सार देख्ने तुल्याउनुहुन्छ—के यो सकारात्मक छैन र? (हो, यो सकरात्मक छ।) अनि यो सबैको परिणाम के हो भने, मानिस उप्रान्त शैतानको धोकामा पर्दैन, उप्रान्त शैतानको हानी वा नियन्त्रणमा परिरहने छैन भन्ने हो। अर्को शब्दमा भन्दा, यी कुराहरूले मानिसहरूलाई शैतानको भ्रष्टताबाट आफैलाई पूर्ण रूपमा मुक्त गरेर, क्रमिक रूपमा परमेश्‍वरको डर मान्ने र दुष्टताबाट टाढा बस्ने मार्गमा हिँड्ने तुल्याउँछ। यो मार्गमा तिमीहरू हिँडेर कति टाढा आइपुगेका छौ? यो भन्नु कठिन छ, छैन र? तर कम्तीमा पनि के अहिले तिमीहरूमा शैतानले मानिसलाई कसरी भ्रष्ट तुल्याउँछ, कुन-कुन कुराहरू दुष्ट हुन् र कुन-कुन कुराहरू नकारात्मक हुन् भन्ने बारेमा प्रारम्भिक बुझाइ छ? के तिमीहरू अहिले कम्तीमा पनि सही मार्गमा हिँडिरहेका छौ? के यसो भन्नु सुरक्षित छ? (छ।)

परमेश्‍वरको पवित्रताबारेको हाम्रो छलफललाई हामी यहीँ समाप्त गर्नेछौं। अब, तिमीहरूले सुनेका र प्राप्त गरेका सबै कुराको आधारमा, तिमीहरूमध्ये कसले परमेश्‍वरको पवित्रता के हो भनेर भन्न सक्छौ? मैले बताएको परमेश्‍वरको पवित्रताले केलाई जनाउँछ? यसको बारेमा एकै क्षण विचार गर्। के परमेश्‍वरको पवित्रता उहाँको सत्यता हो? के परमेश्‍वरको पवित्रता उहाँको विश्‍वसनियता हो? के परमेश्‍वरको पवित्रता उहाँको निस्स्वार्थता हो? के यो उहाँको नम्रता हो? मानिसप्रतिको उहाँको प्रेम? परमेश्‍वरले मानिसलाई सित्तैँमा सत्यता र जीवन दिनुहुन्छ—के यो उहाँको पवित्रता हो? (हो।) परमेश्‍वरले प्रकट गर्नुहुने यो सबै कुरा अद्वितीय छ र यो भ्रष्ट मानवजातिको बीचमा अस्तित्वमा छैन, न त यसलाई मानवजातिमा नै देख्न सकिन्छ। शैतानले मानिसलाई भ्रष्ट तुल्याउने प्रक्रियाको अवधिमा यसको अलिकति छाप समेत देख्न सकिँदैन, न त शैतानको भ्रष्ट स्वभावमा न त शैतानको सार वा प्रकृतिमा नै देख्न सकिन्छ। परमेश्‍वरसँग जे छ र उहाँ जे हुनुहुन्छ त्यो सबै अद्वितीय छ; परमेश्‍वर स्वयमसँग जे छ र उहाँ जे हुनुहुन्छ त्यसमा मात्रै यस प्रकारको सार छ। हाम्रो छलफलको यो विन्दुमा, के तिमीहरूले मानवजातिको बीचमा मैले भर्खरै व्याख्या गरेजत्तिको पवित्र कसैलाई देखेका छौ? (छैनौं।) त्यसो भए, के चर्चित, महान, वा तिमीहरूले उपासना गर्ने मानवजातिका पुजनीय व्यक्तिहरूमाझ यति पवित्र कोही छ? (छैन।) त्यसो भए, हामीले परमेश्‍वरको पवित्रता अद्वितीय छ भनी भन्दा के यो अत्योक्ति हुन्छ? (हुँदैन।) अवश्य नै यो अत्योक्ति हुँदैन। यसअलावा, परमेश्‍वरको पवित्र अद्वितीयताको पनि व्यवहारिक पक्ष छ। के मैले अहिले जुन पवित्रताको बारेमा बताएँ त्यो र तिमीहरूले योभन्दा पहिले सोचेको वा कल्पना गरेको पवित्रताको बीचमा कुनै भिन्नता छ? (छ।) कति धेरै भिन्नता छ? (अत्यन्तै धेरै।) मानिसहरूले पवित्रताको बारेमा कुरा गर्दा तिनीहरूले प्रायजसो केलाई जनाइरहेका हुन्छन्? (केही बाहिरी बानीबेहोरालाई।) जब मानिसहरूले बानीबेहोरा वा अरू कुनै कुरा पवित्र छ भनी

भन्छन्, तब तिनीहरूले यसलाई शुद्ध वा अनुभव गर्दा मनोहर देखेर मात्रै यसो भन्छन्। तैपनि, यी कुराहरूमा अपरिहार्य रूपमै पवित्रताको साँचो सारको कमी हुन्छ—यो धर्मसिद्धान्तको पक्ष हो। यसबाहेक, मानिसहरूले आफ्नो मनमस्तिष्कमा बुझेको "पवित्रता" को व्यवहारिक पक्षले केलाई जनाउँछ? के यो धेरैजसो तिनीहरूले कल्पना वा मूल्याङ्कन गरेको कुरा हो? उदाहरणको लागि, कतिपय बौद्धमार्गीहरू अभ्यास गरिरहेको बेला मरेर जान्छन्, तिनीहरू सुतिरहेको बेला बितेर जान्छन्। कतिपय मानिसहरूले तिनीहरू पवित्र बनेर स्वर्ग उडी गएका हुन् भनेर भन्छन्। यो पनि कल्पनाको उपज नै हो। अरू त्यस्ता व्यक्तिहरू पनि छन्, जो स्वर्गबाट तैरिएर आउने परी पवित्र हुन्छ भनेर विचार गर्छन्। वास्तवमा, "पवित्र" भन्ने शब्दसम्बन्धी मानिसहरूको अवधारणा सधैँ नै खोक्रो कल्पना र सिद्धान्त मात्रै रहिआएका छन्, आधारभूत रूपमा जसको कुनै वास्तविक सार नहुनुका साथै पवित्रताको सारसँग पनि कुनै सम्बन्ध हुँदैन। पवित्रताको सार साँचो प्रेम हो, तर योभन्दा पनि बढी यो सत्यता, धार्मिकता र ज्योतिको सार हो। परमेश्वरमा लागू गरिएको खण्डमा मात्रै "पवित्र" भन्ने शब्द उपयुक्त हुन्छ; सृष्टिको कुनै पनि कुरा "पवित्र" भन्न योग्य छैन। मानिसले यो बुझ्नैपर्छ। अबउप्रान्त, "पवित्र" भन्ने शब्दलाई हामी परमेश्वरमा मात्रै लागू गर्नेछौं। के यो उचित छ? (हो, यो उचित छ।)

अब हामी मानिसलाई भ्रष्ट तुल्याउनको लागि शैतानले के-कस्ता माध्यमहरूको प्रयोग गर्छ सोबारे फेरि कुरा गरौं। हामीले भर्खरै परमेश्वरले मानिसमा काम गर्नुहुने विभिन्न तरिकाहरू जसलाई तिमीहरू आफैले अनुभव गर्न सक्छौ ती तरिकाहरूका बारेमा कुरा गऱ्यौं, त्यसकारण म त्यति धेरै विस्तृत रूपमा बोल्नेछैन। तर मानिसलाई भ्रष्ट तुल्याउन शैतानले के-कस्ता चलाखी र रणनीतिहरूको प्रयोग गर्छ त्यो कुरा तिमीहरूको हृदयमा सायद स्पष्ट छैन, वा कम्तीमा पनि तिमीहरूमा तिनको बारेमा निश्चित बुझाइ छैन। के मैले यसको बारेमा फेरि कुरा गर्नु लाभदायक हुनेछैन र? (हुनेछ।) के तिमीहरू यसबारेमा सिक्न चाहन्छौ? सायद तिमीहरूमध्ये कतिले सोध्नेछौ: "किन फेरि शैतानको बारेमा कुरा गर्ने? शैतानको बारेमा उल्लेख गर्नेबित्तिकै, हामीलाई रिस उठ्छ, र जब हामी त्यसको नाम सुन्छौं हामीलाई पूरै झंझट लाग्छ।" यसले तिमीहरूलाई जति नै असहज तुल्याए तापनि, तिमीहरूले सत्यको सामना गर्नैपर्छ। मानिसको बुझाइको लाभको लागि यी कुराहरूलाई सरल रूपमा बताउनैपर्छ र स्पष्ट पारिनैपर्छ; अन्यथा मानिस शैतानको प्रभावबाट वास्तवमै मुक्त हुन सक्दैन।

शैतानले मानिसलाई भ्रष्ट तुल्याउने पाँच तरिकाहरूका बारेमा हामीले यसभन्दा पहिले छलफल गरेका छौं, जसमा शैतानका चलाखीहरू पर्छन्। शैतानले मानिसलाई भ्रष्ट तुल्याउने तरिकाहरू सतही तह मात्रै हुन्; शैतानले आफ्ना लक्ष्यहरू हासिल गर्न प्रयोग गर्ने यो सतहभित्र अझै धूर्त चलाखीहरू लुकिरहेका हुन्छन्। यी चलाखीहरू के-के हुन्? तिनलाई सारांशित गर। (यसले धोका दिन्छ, प्रलोभनमा पार्छ र दबाब दिन्छ।) तिमीहरूले यी चलाखीहरूलाई जति धेरै सूचीकृत गर्छौ, तिमीहरू त्यति नै नजिक पुग्छौ। तिमीहरूलाई शैतानले निकै गहन रूपमा हानि गरेको र तिमीहरूमा यस विषयमा निकै प्रखर भावनाहरू छन् जस्तो देखिन्छ। (यसले देखावटी अलङ्कारको पनि प्रयोग गर्छ। यसले मानिसहरूलाई प्रभावित गर्छ र जबरजस्ती पकडमा पार्छ।) जबरजस्ती

पकडमा पार्नु—यसले विशेष गरी गहन छाप छोड्छ। मानिसहरू जबरजस्ती पकडमा पार्ने शैतानको कार्यदेखि डराउँछन्, होइन र? अरू कुनै चलाखीहरू छन्? (यसले मानिसहरूलाई हिंसात्मक रूपमा हानि गर्छ, धम्की दिन्छ र लोभलाग्दो प्रस्ताव गर्छ, अनि यसले झूट बोल्छ।) यसले गर्ने कार्यहरूमध्येको एक झूट बोल्नु हो। तँलाई धोका दिन सकूँ भनेर शैतानले झूट बोल्छ। झूटको प्रकृति कस्तो हुन्छ? के झूट बोल्नु भनेको धोका दिनुजस्तै होइन र? झूट बोल्नुको उद्देश्य भनेको वास्तवमा तँलाई धोका दिनु नै हो। अरू कुनै चलाखीहरू छन्? तिमीहरूलाई थाहा भएको शैतानका सबै चलाखीहरूका बारेमा मलाई बताओ। (यसले परीक्षा लिन्छ, हानि गर्छ, अन्धो तुल्याउँछ र छल गर्छ।) तिमीहरूमध्ये धेरैले यो छलको बारेमा उस्तै अनुभव गर्छौ, होइन र? (यसले मानिसलाई नियन्त्रण गर्छ, मानिसलाई पकडमा राख्छ, मानिसलाई आतङ्कित तुल्याउँछ र मानिसलाई परमेश्वरमा विश्वास गर्नबाट रोक्छ।) तिमीहरूले मलाई जे बताइरहेका छौ ती कुराहरूको समग्र अर्थ मलाई थाहा छ, र यो असल कुरा हो। यसको बारेमा तिमीहरू सबैलाई केही थाहा छ, त्यसकारण म यी चलाखीहरूको एउटा सारांश बनाउँछु।

मानिसलाई भ्रष्ट तुल्याउनको लागि शैतानले प्रयोग गर्ने प्रमुख छ वटा चलाकीहरू छन्।

पहिलो भनेको नियन्त्रण र दबाब हो। अर्थात्, तेरो हृदयलाई नियन्त्रण गर्नको लागि शैतानले सम्भव भएको जेसुकै गर्नेछ। “दबाब” भनेको के हो? यसको अर्थ तैँले त्यसको आज्ञापालन गरिनस् भने आउने परिणामहरूको बारेमा तँलाई सोच्ने तुल्याउँदै तँलाई त्यसको आज्ञापालन गर्ने तुल्याउनको लागि धम्कीपूर्ण र जबरजस्ती रणनीतिको प्रयोग गर्नु भन्ने हो। तँ त्यसको अवज्ञा गर्न डराउँछस् र आँट गर्दैनस्, त्यसकारण तँ त्यसमा समर्पित हुन्छस्।

दोस्रो भनेको धोका र छल हो। “धोका र छल” ले केकुरालाई संलग्न गर्दछ? शैतानले तँलाई ती विश्वास गर्ने तुल्याउन केही कथा र झूटहरू बनाउँदछ। मानिसलाई परमेश्वरले नै सृष्टि गर्नुभएको हो भनेर त्यसले तँलाई कहिल्यै भन्दैन, न त त्यसले सीधै तँलाई तँ परमेश्वरद्वारा सृष्टि गरिएको होइनस् भनेर नै भन्छ। यसले “परमेश्वर” भन्ने शब्दको प्रयोग गर्दै-गर्दैन, बरु यसको सट्टामा अर्को कुनै कुराको प्रयोग गर्छ, यसरी परमेश्वरको अस्तित्वको बारेमा तँलाई आधारभूतरूपमा केही थाहा नै नहोस् भनेर तँलाई धोका दिनको लागि यो कुराको प्रयोग गर्छ। अवश्य नै, यो “चलाकी” मा यो मात्रै होइन, धेरै पक्षहरू समावेश हुन्छन्।

तेस्रो भनेको जबरजस्ती सैद्धान्तिकरण गर्नु हो। मानिसहरूलाई केद्वारा जबरजस्ती सैद्धान्तिकरण गरिन्छ? के जबरजस्ती सैद्धान्तिकरण मानिसको आफ्नै निर्णयद्वारा गरिन्छ? के यो मानिसको सहमतिमा गरिन्छ? (गरिँदैन।) तैँले सहमति जनाइनस् भने पनि, तैँले यसको बारेमा गर्न सक्ने केही छैन। तेरो अनभिज्ञतामा, शैतानले त्यसका विचारहरू, जीवन सम्बन्धी त्यसका नियमहरू र त्यसको सार तँमा हालिदिँदै, त्यसले तँलाई सैद्धान्तिकरण गर्छ।

चौथो भनेको डरधम्की र छलछाम हो। अर्थात्, तँलाई शैतानले त्यसलाई स्वीकार गर्न, त्यसलाई पछ्याउन, र त्यसको सेवामा काम गर्न लगाउनको लागि विभिन्न चलाकीहरूको प्रयोग गर्छ। त्यसका लक्ष्यहरू हासिल गर्नको लागि त्यसले जेसुकै गर्नेछ। यसले कहिलेकहीँ तँलाई सानो निगाह प्रदान गर्छ, यस क्रममा तँलाई लोभ्याएर पाप गर्न लगाउँछ। यदि तैँले त्यसलाई पछ्याएनस् भने,

त्यसले तँलाई कष्ट दिन्छ र दण्ड दिन्छ, अनि तँलाई आक्रमण गर्न र पासोमा पार्नको लागि विभिन्न तरिकाहरूको प्रयोग गर्छ।

पाँचौं धोका र पक्षाघात हो। "धोका र पक्षाघात" भनेको जब शैतानले मानिसहरूको देहगत अवस्था, तिनीहरूको जीवन र भविष्यको बारेमा त्यो चिन्तित छ भन्नेजस्तो तुल्याउनको लागि मानिसहरूका धारणासँग मिल्ने मीठो शब्दहरू र विचारहरू घुमाउँछ, जब वास्तविकतामा त्यसको एकमात्र लक्ष्य भनेको तँलाई मूर्ख तुल्याउनु भन्ने हुन्छ। त्यसपछि तँलाई सहि के हो र गलत के हो भन्ने थाहा नहोस् भनेर, तँलाई अनजानमा छल गर्न सकियोस् र तँ त्यसको नियन्त्रणमा आउन सक् भनेर, त्यसले तँलाई पक्षाघात तुल्याउँछ।

छैटौं भनेको शरीर र मनको विनाश हो। शैतानले मानिसको कुन भागलाई नष्ट गर्छ? (मानिसको मन र सम्पूर्ण अस्तित्वलाई।) तँलाई विरोध गर्न नसक्ने तुल्याउनको लागि शैतानले तेरो मन नष्ट गर्छ, अर्थात् तेरो इच्छा विपरीत अलि-अलि गर्दै तेरो हृदय शैतानतर्फ फर्कन्छ। आखिरमा तैँले उप्रान्त असल व्यक्ति बन्ने इच्छा नगरोस्, उप्रान्त तैँले "धार्मिकता" भनी भन्ने गरेको कुराको लागि खडा हुने इच्छा नगरोस् भनेर, तेरो इच्छालाई अलि-अलि गर्दै कमजोर तुल्याउँदै, तँलाई प्रभाव पार्न र तयारी गर्नको लागि प्रत्येक दिन यी विचार र संस्कृतिहरूको प्रयोग गर्दै, त्यसले तँमा यी कुराहरू हरेक दिन हालिदिन्छ। अनजानमै, तँसँग उप्रान्त प्रवाहको विरुद्ध पौडने इच्छा शक्ति हुँदैन, बरु तँ यसैसँग बग्छस्। "विनाश" भनेको मानिसहरू उप्रान्त मानव होइन तर तिनीहरूको आफ्नै छाया बनून् भनेर शैतानले तिनीहरूलाई अत्यन्तै कष्ट दिनु भन्ने हो। शैतानले तिनीहरूलाई प्रहार गरेर कब्जा गर्ने र निल्ने बेला यही हो।

मानिसलाई भ्रष्ट तुल्याउनको लागि शैतानले प्रयोग गर्ने यी हरेक चलाकीहरूले मानिसलाई विरोध गर्नै नसक्ने तुल्याउँछ; मानिसको लागि तीमध्ये कुनै पनि घातक हुनसक्छ। अर्को शब्दमा भन्दा, शैतानले जे गर्छ र त्यसले जुन चलाकी प्रयोग गर्छ, त्यसले तँलाई नीच तुल्याउन सक्छ, तँलाई शैतानको नियन्त्रणमा ल्याउन सक्छ र तँलाई दुष्टता र पापको दलदलमा फसाउन सक्छ। मानिसलाई भ्रष्ट तुल्याउनको लागि शैतानले प्रयोग गर्ने चलाकीहरू यिनै हुन्।

शैतान दुष्ट छ भनेर हामी भन्न सक्छौं, तर यसलाई पक्का गर्नको लागि, शैतानले मानिसलाई भ्रष्ट तुल्याउनुका परिणामहरू के-के हुन् र त्यसले मानिसलाई के-कस्ता स्वभाव र सारहरू दिन्छ हामीले त्यसलाई हेर्नुपर्छ। तिमीहरू सबैलाई यसको बारेमा केही न केही थाहा छ, त्यसैले बोल। शैतानले मानिसहरूलाई भ्रष्ट तुल्याउनुका परिणामहरू के-के हुन्? तिनीहरूले कुन-कुन भ्रष्ट स्वभावलाई व्यक्त र प्रकट गर्छन्? (अहङ्कार र अभिमान, स्वार्थीपन र तुच्छता, कुटिलपन र धोका, धूर्तता र बदख्वाइँ र मानवताको पूर्ण अभाव।) समग्रमा, तिनीहरूमा कुनै मानवता हुँदैन भनेर हामी भन्न सक्छौं। अब, अरू भाइबहिनीहरू बोलून्। (मानिसलाई शैतानले भ्रष्ट तुल्याएपछि, तिनीहरू प्रायजसो अहङ्कारी र आत्म-धर्मी, अहम्मन्यतापूर्ण र आत्म-अभिमानी, लोभी र स्वार्थी हुन्छन्। मलाई लाग्छ सबैभन्दा गम्भीर समस्याहरू यिनै हुन्।) (मानिसहरूलाई शैतानले भ्रष्ट तुल्याइसकेपछि, तिनीहरू भौतिक कुराहरू र सम्पत्ति प्राप्त गर्नको लागि कतै रोकिँदैनन्। अनि तिनीहरू परमेश्‍वरप्रति शत्रुवत् बन्छन्, परमेश्‍वरलाई विरोध गर्छन्, परमेश्‍वरको अवज्ञा गर्छन्, र

तिनीहरूले मानिसमा हुनुपर्ने विवेक र तर्क गुमाउँछन्।) तिमीहरूले जे-जे भन्यौ ती आधारभूत रूपमा उही हुन्, केही भिन्नता मात्र छन्; तिमीहरूमध्ये कतिले थप विस्तृत विवरणहरू मात्र समावेश गरेका छौ। सारांशमा भन्दा, भ्रष्ट मानवजातिमा मुख्य रूपमा देखिने कुराहरू अहङ्कार, छल, बदख्वाइँ, र स्वार्थ हुन्। तैपनि, तिमीहरू सबैले एउटै कुरालाई छुटायौ। मानिसहरूमा कुनै विवेक छैन, तिनीहरूले आफ्नो तर्क गुमाएका छन् र तिनीहरूमा कुनै मानवता छैन—तर तिमीहरूले उल्लेख नगरेको एउटा अर्को अत्यन्तै महत्त्वपूर्ण कुरा छ, जुन "धोका" हो। शैतानले भ्रष्ट तुल्याएपछि कुनै पनि मानिसमा हुने यी स्वभावहरूको अन्तिम परिणाम भनेको परमेश्‍वरलाई तिनीहरूले दिने धोका हो। परमेश्‍वरले मानिसहरूलाई जे भन्‍नुभए पनि वा उहाँले तिनीहरूमा जे काम गर्नुभए पनि, तिनीहरूले सत्य हो भनी जानेका कुरालाई तिनीहरू सुन्दैनन्। अर्थात्, तिनीहरूले फेरि कहिल्यै परमेश्‍वरलाई स्वीकार गर्दैनन् र तिनीहरूले उहाँलाई धोका दिन्छन्; यो शैतानले मानिसलाई भ्रष्ट तुल्याउनुको परिणाम हो। मानिसको सबै भ्रष्ट स्वभावमा यही कुरा लागू हुन्छ। मानिसलाई भ्रष्ट तुल्याउनको लागि शैतानले प्रयोग गर्ने तरिकाहरूमध्ये—मानिसहरूले सिक्ने ज्ञान, तिनीहरूले जान्ने विज्ञान, अन्धविश्‍वास र परम्परागत संस्कृति, साथै सामाजिक प्रचलनहरूसम्बन्धी तिनीहरूको बुझाइमध्ये—धर्मी के हो र अधर्मी के हो सो बताउनको लागि मानिसले प्रयोग गर्ने कुनै तरिका छ? पवित्र के हो र दुष्ट के हो त्यो जान्नको लागि मानिसलाई सहयोग गर्नसक्ने कुनै कुरा छ? के यी कुराहरूलाई मापन गर्नको लागि कुनै मापदण्डहरू छन्? (छैनन्।) मानिसलाई सहयोग गर्न सक्ने कुनै मापदण्ड र कुनै आधार छैन। मानिसहरूले "पवित्र" भन्‍ने शब्दलाई जान्‍न सके पनि, पवित्र के हो भनेर साँचो रूपमा जान्‍ने कोही पनि छैन। त्यसकारण, शैतानले मानिसमा ल्याउने यी कुराहरूले के तिनीहरूलाई सत्य जान्‍न सहयोग गर्छ? के तिनले मानिसलाई अझै बढी मानवताको साथमा जिउन सहयोग गर्न सक्छ? के तिनले मानिसलाई त्यस्तो तरिकाले जिउन सहयोग गर्छ जसमा तिनीहरूले परमेश्‍वरलाई अझै बढी आराधना गर्न सक्छन्? (सक्दैन।) स्पष्टै छ, तिनले मानिसलाई परमेश्‍वरको आराधना गर्न वा सत्यतालाई बुझ्न सहयोग गर्न सक्दैन, न त तिनले मानिसलाई पवित्रता के हो र दुष्टता के हो सो जान्‍न नै सहयोग गर्न सक्छ। यसको विपरीत, परमेश्‍वरबाट झन्-झन् टाढा बरालिँदै मानिसहरू झन्-झन् नीच बन्छन्। यही कारणले गर्दा शैतान दुष्ट छ भनी हामी भन्छौं। शैतानका यति धेरै दुष्ट गुणहरू विश्‍लेषण गरिसकेपछि, चाहे यो त्यसको गुणमा होस् वा त्यसको सारसम्बन्धी तिमीहरूको बुझाइमा होस्, के तिमीहरूले शैतानमा पवित्रताको कुनै सार देखेका छौ? (देखेका छैनौं।) यति कुरा निश्‍चित छ। त्यसो भए, शैतानको सारको कुनै पक्ष परमेश्‍वरको जस्तो रहेको तिमीहरूले देखेका छौ? (देखेका छैनौं।) शैतानको कुनै अभिव्यक्ति परमेश्‍वरको जस्तो रहेको तिमीहरूले देखेका छौ? (देखेका छैनौं।) त्यसो भए, म तिमीहरूलाई सोध्‍न चाहन्छु: तिमीहरूको आफ्नै शब्दहरू प्रयोग गरेर भन्दा, परमेश्‍वरको पवित्रता वास्तवमा के हो त? सर्वप्रथम, के अर्थमा "परमेश्‍वरको पवित्रता" भन्‍ने शब्दहरूलाई बोलिन्छ? के ती परमेश्‍वरको सारको सम्बन्धमा बोलिन्छ? वा के तिनलाई उहाँको स्वभावको कुनै पक्षको सम्बन्धमा बोलिन्छ? (तिनलाई परमेश्‍वरको सारको सम्बन्धमा बोलिन्छ।) हामीले इच्छा गरेको विषयमा पहुँच प्राप्त गर्ने आधारलाई हामीले स्पष्ट रूपमा पहिचान गर्नैपर्छ। यी शब्दहरूलाई

परमेश्वरको सारको सम्बन्धमा बोलिन्छ। सर्वप्रथम, हामीले शैतानको दुष्टतालाई परमेश्वरको सारको प्रतिभारको रूपमा प्रयोग गरेका छौं, त्यसकारण के तिमीहरूले परमेश्वरमा शैतानको कुनै सार देखेका छौ? मानवजातिको कुनै सारलाई देखेका छौ? (छैन, हामीले देखेका छैनौं। परमेश्वर अहङ्कारी, स्वार्थी हुनुहुन्न र उहाँले धोका दिनुहुन्न, र यसबाट हामी परमेश्वरको पवित्र सार प्रकट भएको देख्छौं।) के यसमा थप्नुपर्ने केही छ? (परमेश्वरमा शैतानको भ्रष्ट स्वभावको कुनै छाप छैन। शैतानसँग जे छ त्यो पूर्ण रूपमा नकारात्मक हो, तर परमेश्वरसँग जे छ त्यो सकारात्मकबाहेक केही पनि होइन। हामी देख्न सक्छौं कि हामी सानो हुँदाको समयदेखि हाम्रो जीवनभरि र आजको दिनसम्मै विशेष गरी हामी अन्योलमा परेर आफ्नो बाटो बिराएको बेलामा हामीमाथि नजर लगाउँदै र हामीलाई सुरक्षा दिँदै, परमेश्वर सधैँ हाम्रो साथमा हुनुभएको छ। परमेश्वरमा कुनै छल, कुनै धोका छैन। उहाँले स्पष्ट रूपमा र सरल रूपमा बोल्नुहुन्छ, र यो पनि परमेश्वरको साँचो सार नै हो।) एकदम राम्रो! (हामी शैतानको कुनै पनि भ्रष्ट स्वभाव परमेश्वरमा देख्न सक्दैनौं, उहाँमा कुनै छल-कपट, कुनै घमण्ड छैन, उहाँले कुनै रित्तो प्रतिज्ञाहरू गर्नुहुन्न, र उहाँमा कुनै धोका छैन। मानिसले विश्वास गर्न सक्ने परमेश्वर मात्रै हुनुहुन्छ। परमेश्वर विश्वासयोग्य र इमानदार हुनुहुन्छ। परमेश्वरको कार्यबाट हामी के देख्छौं भने, परमेश्वरले मानिसहरूलाई इमानदार बन्न भन्नुहुन्छ, तिनीहरूलाई बुद्धि दिनुहुन्छ, तिनीहरूलाई दुष्टताबाट असललाई छुट्याउन सक्षम तुल्याउनुहुन्छ र विभिन्न मानिसहरू, घटना, र काम-कुराहरूलाई छुट्याउने क्षमता दिनुहुन्छ। यसमा हामी परमेश्वरको पवित्रतालाई देख्न सक्छौं।) के तिमीहरूले सबै कुरा समाप्त गर्‍यौ? के तिमीहरूले जे भनेका छौ त्यसप्रति तिमीहरू सन्तुष्ट छौ? वास्तवमा परमेश्वरको कति धेरै बुझाइ तिमीहरूको हृदयमा छ? र परमेश्वरको पवित्रतालाई तिमीहरू कति हदसम्म बुझ्छौ? मलाई थाहा छ, तिमीहरू प्रत्येकको हृदयमा कुनै न कुनै स्तरको अनुभवात्मक बुझाइ छ, किनभने हरेक व्यक्तिले परमेश्वरले तिनीहरूमा गर्नुहुने कामलाई महसुस गर्न सक्छन् र, फरक-फरक हदमा, तिनीहरूले परमेश्वरबाट धेरै कुराहरू प्राप्त गर्छन्: अनुग्रह र आशिष्, अन्तर्दृष्टि र ज्योति र परमेश्वरको न्याय र सजाय, र यी कुराहरूको कारणले गर्दा, मानिसले परमेश्वरको सारको केही सरल बुझाइ प्राप्त गर्छ।

आज हामीले छलफल गरिरहेको परमेश्वरको पवित्रता धेरैजसो मानिसहरूका लागि अनौठो देखिन सक्छ, यसको बावजूद पनि, अहिले हामीले यो विषयलाई सुरु गरेका छौं, र तिमीहरू अगाडिको बाटो हिँड्ने क्रममा तिमीहरूले यसबारे गहन बुझाइ प्राप्त गर्नेछौ। यसको लागि तिमीहरूले आफ्नै अनुभवमा क्रमिक रूपमा अनुभूति गर्न र बुझ्न आवश्यक हुन्छ। अहिलेको लागि, परमेश्वरको सार सम्बन्धी बुझाइमा केन्द्रित-तिमीहरूको दृष्टिकोणको लागि सिक्न, निश्चित गर्न, महसुस गर्न र अनुभव गर्नको लागि धेरै समय अवधि लाग्छ, अनि यो कुरा एक दिन तिमीहरूले तिमीहरूको हृदयको अन्तस्करणबाट "परमेश्वरको पवित्रता" भनेको परमेश्वरको सार त्रुटिहीन छ, परमेश्वरको प्रेम निस्स्वार्थ छ, परमेश्वरले मानिसलाई प्रदान गर्नुहुने सबै निस्स्वार्थ छ भन्नेनजानुञ्जेल हुनेछ, र परमेश्वरको पवित्रता निष्खोट र दोषरहित छ भन्ने तिमीहरूले जान्न पुग्नेछौ। परमेश्वरको सारका यी पक्षहरू आफ्नो प्रतिष्ठालाई प्रदर्शन गर्नको लागि उहाँले प्रयोग गर्नुहुने शब्दहरू मात्रै

होइनन्, तर हरेक व्यक्तिलाई व्यवहार गर्नको लागि परमेश्‍वरले आफ्नो सारको इमानदारीपूर्वक प्रयोग गर्नुहुन्छ। अर्को शब्दमा भन्दा, परमेश्‍वरको सार रित्तो छैन, न त यो सूत्रात्मक वा सैद्धान्तिक नै छ, र यो ज्ञानको प्रकार पनि अवश्य नै होइन। यो मानिसको लागि शिक्षाको प्रकार होइन; बरु यो परमेश्‍वरका आफ्नै कार्यहरूको साँचो प्रकाश र परमेश्‍वरसँग जे छ र उहाँ जे हुनुहुन्छ त्यसको प्रकटित सार हो। मानिसले यो सारलाई जान्नु र बुझ्नुपर्छ, किनभने परमेश्‍वरले गर्नुहुने सबै कुरा र उहाँले भन्नुहुने हरेक वचन हरेक व्यक्तिको लागि अत्यन्तै मूल्यवान् र महत्त्वपूर्ण छ। जब तैँले परमेश्‍वरको पवित्रतालाई बुझ्न पुग्छस्, तब तैँले परमेश्‍वरमा वास्तवमा नै विश्‍वास गर्न सक्छस्; जब तैँले परमेश्‍वरको पवित्रतालाई बुझ्न पुग्छस्, तब "परमेश्‍वर स्वयम् अद्‌वितीय" भन्ने शब्दहरूको साँचो अर्थलाई तैँले वास्तवमा नै महसुस गर्न सक्छस्। यस बाहेक तैँले हिँड्न छनौट गर्न सक्ने अरू मार्गहरू पनि छन् भनेर सोच्दै, तैँले उप्रान्त कल्पना गर्नेछैनस्, र उप्रान्त तँ तेरो लागि परमेश्‍वरले बन्दोबस्त गर्नुभएको सबै कुरालाई धोका दिन इच्छुक हुनेछैनस्। किनभने परमेश्‍वरको सार पवित्र छ, जसको अर्थ परमेश्‍वरद्‌वारा मात्रै तँ जीवनमा ज्योतिको धार्मिकताको मार्गमा हिँड्न सक्छस्; परमेश्‍वरद्‌वारा मात्रै तैँले जीवनको अर्थलाई जान्न सक्छस्; परमेश्‍वरद्‌वारा मात्रै तँ साँचो मानवतामा जिउन र सत्यतालाई प्राप्त गर्ने र जान्ने दुवै गर्न सक्छस्। परमेश्‍वरद्‌वारा मात्रै तैँले सत्यताबाट जीवन प्राप्त गर्न सक्छस्। परमेश्‍वर स्वयम्ले मात्रै तँलाई दुष्टताबाट अलग बस्न र आफैलाई शैतानको हानी र नियन्त्रणबाट छुटकारा गर्न सहायता गर्न सक्नुहुन्छ। तैँले उप्रान्त कष्ट भोग नगरोस् भनेर कष्टको समुद्रबाट तँलाई परमेश्‍वर बाहेक कसैले पनि र कुनै पनि कुराले मुक्ति दिन सक्दैन। यसलाई परमेश्‍वरको सारले नै निर्धारित गरेको हुन्छ। परमेश्‍वर स्वयम्ले मात्रै त्यति निस्स्वार्थ रूपमा तँलाई मुक्ति दिनुहुन्छ; तेरो भविष्यको लागि, तेरो गन्तव्यको लागि र तेरो जीवनको लागि परमेश्‍वर मात्रै आखिरमा जिम्मेवार हुनुहुन्छ, र उहाँले सबै कुरा तेरो लागि मिलाउनुहुन्छ। यो सृष्टि गरिएको वा सृष्टि नगरिएको कुनै पनि कुराले हासिल गर्न नसक्ने कुरा हो। सृष्टि गरिएको वा सृष्टि नगरिएको कुनै पनि कुरामा परमेश्‍वरको सारजस्तो सार नहुने हुँदा, तँलाई मुक्ति दिने वा तँलाई अगुवाइ गर्ने क्षमता कुनै पनि व्यक्ति वा थोकमा हुँदैन। मानिसको लागि परमेश्‍वरको सारको महत्त्व यही नै हो। सायद मैले भनेका यी वचनहरूले सिद्धान्तको हिसाबले अलि-अलि सहयोग गर्न सक्छ भन्ने तिमीहरूलाई लाग्न सक्छ। तर यदि तँ सत्यताको खोजी गर्छस् भने, यदि तँ सत्यतालाई प्रेम गर्छस् भने, तैँले महसुस गर्नेछस् कि यी वचनहरूले तेरो गन्तव्य परिवर्तन गर्ने मात्रै होइन बरु त्यसभन्दा पनि बढी तिनले तँकहाँ मानव जीवनको सही मार्ग ल्याइदिनेछन्। तैँले यो कुरा बुझ्छस् नि, होइन र? त्यसो भए, के परमेश्‍वरको सारलाई जान्नको लागि तिमीहरूमा अहिले केही रुचि छ? (छ।) तिमीहरूलाई रुचि छ भन्ने जान्न पाउँदा खुशी लाग्यो। आजको लागि, परमेश्‍वरको पवित्रतालाई जान्नेसम्बन्धी विषयको हाम्रो सङ्गतिलाई हामी यहीँ समाप्त गर्नेछौँ।

आजको हाम्रो भेलाको सुरुमा तिमीहरूले गरेको कुनै कुराको बारेमा म कुरा गर्न चाहन्छु, जसले मलाई आश्‍चर्यमा पार्‍यो। तिमीहरूमध्ये कतिले सायद कृतज्ञताको अनुभूतिलाई जगेर्ना गरिरहेका थियौ, सायद तिमीहरूले कृतज्ञताको अनुभव गरिरहेका थियौ, त्यसकारण तिमीहरूको

भावनाले सम्बन्धित कार्य पैदा गऱ्यो। तिमीहरूले जे गऱ्यौ, त्यो भर्त्सनाको आवश्यकता पर्ने कुरा थिएन; यो सही पनि होइन गलत पनि होइन। तर म तिमीहरूले केही कुरा बुझेको हेर्न चाहन्छु। तिमीहरूले के बुझेको म चाहन्छु त? पहिलो, तिमीहरूले भर्खरै के गऱ्यौ त्यसको बारेमा म तिमीहरूलाई सोध्न चाहन्छु। के यो लम्पसार पर्नु वा आराधनाको लागि घुँडा टेक्नु थियो? कसैले मलाई बताउन सक्छ? (यो लम्पसार पर्नु नै थियो भन्ने हामीलाई विश्‍वास छ।) यो लम्पसार पर्नु नै थियो भन्ने तिमीहरू विश्‍वास गर्छौ, त्यसो भए लम्पसार पर्नुको अर्थ के हो? (आराधना गर्नु।) त्यसो भए, आराधना गर्नको लागि घुँडा टेक्नु भनेको के हो? मैले यसभन्दा पहिले यसको बारेमा तिमीहरूसँग सङ्गति गरेको छैन, तर आज यसो गर्नु आवश्यक छ भन्ने मलाई लाग्छ। के तिमीहरूको सामान्य भेलामा तिमीहरू लम्पसार पर्छौ? (पर्दैनौं।) जब तिमीहरू प्रार्थना गर्छौ के तिमीहरू लम्पसार पर्छौ? (पर्छौं।) के तिमीहरू हरेकपटक प्रार्थना गर्दा अवस्थाले दिएअनुसार लम्पसार पर्छौ? (पर्छौं।) त्यो राम्रो हो। तर आज म तिमीहरूले के बुझ भन्ने चाहन्छु भने परमेश्‍वरले दुई प्रकारका मानिसहरूको घुँडा टेकाइलाई मात्रै स्वीकार गर्नुहुन्छ। हामीले बाइबल वा कुनै पनि आत्मिक व्यक्तित्वको कार्य र आचरणको सहारा लिनु पर्दैन। बरु, यहाँ र अहिले, म तिमीहरूलाई साँचो कुरा बताउनेछु। पहिलो, लम्पसार पर्नु र आराधना गर्नको लागि घुँडा टेक्नु एउटै कुरा होइन। लम्पसार पर्नेहरूको घुँडा टेकाइलाई परमेश्‍वरले किन स्वीकार गर्नुहुन्छ? किनभने परमेश्‍वरले कसैलाई उहाँकहाँ बोलाउनुहुन्छ र त्यस व्यक्तिलाई परमेश्‍वरको कार्यभार स्वीकार गर्न लगाउनुहुन्छ, त्यसकारण परमेश्‍वरले उसलाई उहाँको सामुन्ने लम्पसार हुन दिनुहुनेछ। यो पहिलो प्रकारको व्यक्ति हो। दोस्रो प्रकार भनेको आराधना गर्नलाई परमेश्‍वरको डर मान्ने र दुष्टताबाट अलग बस्ने कुनै व्यक्तिको घुँडा टेकाइ हो। यी दुई प्रकारका मानिसहरू मात्रै छन्। त्यसकारण तिमीहरू कुन प्रकारमा पर्छौ? के तिमीहरू भन्न सक्छौ? सत्यता यही हो, यद्यपि यसले तिमीहरूको भावनामा अलि चोट पुऱ्याउन सक्छ। प्रार्थनाको बेला मानिसहरूको घुँडा टेकाइको बारेमा केही भन्नु छैन—यो उचित छ र हुनु नै पर्छ, किनभने जब मानिसहरूले प्रार्थना गर्छन्, यो मुख्यतया कुनै कुराको लागि प्रार्थना गर्ने, तिनीहरूको हृदय परमेश्‍वरको सामुन्ने खोल्ने र उहाँको आमने-सामने हुने कार्य हो। यो परमेश्‍वरसँगको हृदयदेखि हृदयसँगको कुराकानी र बातचित हो। तिमीहरूले घुँडा टेकेर आराधना गर्नु भनेको केवल औपचारिकता मात्रै हुनुहुन्न। तिमीहरूले आज जे गरेका छौ त्यसको लागि तिमीहरूलाई मैले धिक्कार भन्न खोजेको होइन। म तिमीहरूलाई यसको बारेमा स्पष्ट पार्न मात्रै चाहन्छु ताकि तिमीहरूले यो सिद्धान्त बुझ्न सक—तिमीहरूलाई यो थाहा छ, होइन र? (हो, हामीलाई थाहा छ।) यो फेरि कहिल्यै नहोस् भनेर म तिमीहरूलाई यो बताइरहेको छु। त्यसो भए, के परमेश्‍वरको अघि लम्पसार पर्ने र घुँडा टेक्ने कुनै अवसर मानिसहरूले पाउँछन्? यो अवसर कहिल्यै हुनेछैन भन्ने होइन। ढिलो-चाँडो त्यो दिन आउनेछ, तर त्यो समय अहिले होइन। के तिमीहरू देख्छौ? के यसले तिमीहरूलाई रिस उठाउँछ? (उठाउँदैन।) त्यो राम्रो हो। सायद यी शब्दहरूले तिमीहरूलाई उत्प्रेरित वा उत्साहित गर्नेछ, ताकि तिमीहरूले तिमीहरूको हृदयमा परमेश्‍वर र मानिसबीचको हालको अवस्था र परमेश्‍वर र मानिसबीचमा कस्तो प्रकारको सम्बन्ध छ त्यसलाई जान्न सक। हामीले हालै यसको बारेमा कुरा गरेर थप छलफल

गरेको भए तापनि, परमेश्‍वरसम्बन्धी मानिसको बुझाइ पर्याप्ततामा पुग्‍न निकै बाँकी छ। परमेश्‍वरलाई बुझ्न खोज्ने यो मार्गमा मानिसले अझै धेरै हिँड्नु बाँकी नै छ। तिमीहरूलाई आतुरीको रूपमा यसो गर्न लगाउनु, वा यस प्रकारका आकांक्षा वा भावनाहरूलाई हतारमा व्यक्त गर्नु मेरो अभिप्राय होइन। तिमीहरूले आज जे गर्‍यौ त्यसले तिमीहरूको साँचो भावनाहरूलाई प्रकट र व्यक्त गर्न सक्छ, र म त्यसको अनुभूति गर्छु। त्यसकारण जब तिमीहरू यसो गरिरहेका थियौ, म उठेर तिमीहरूलाई शुभकामना दिन चाहन्थेँ, किनभने तिमीहरू सबै ठीक होओ भन्‍ने म चाहन्छु। त्यसकारण, मेरो हरेक वचन र हरेक कार्यमा, म तिमीहरूलाई सहयोग गर्न, तिमीहरूलाई मार्गनिर्देश गर्न मैले सक्‍नेजति गर्छु, ताकि तिमीहरूले सबै कुराको बारेमा सही बुझाइ र सही दृष्टिकोण प्राप्‍त गर्न सक। तिमीहरू यसलाई बुझ्न सक्छौ, सक्दैनौ त? (सक्छौं।) त्यो राम्रो हो। मानिसहरूमा परमेश्‍वरका विभिन्‍न स्वभावहरू, परमेश्‍वरसँग जे छ र उहाँ जे हुनुहुन्छ त्यो र परमेश्‍वरले गर्नुहुने कामका पक्षहरूको बारेमा केही बुझाइ भए तापनि, यस्तो धेरैजसो बुझाइ पृष्ठमा भएका शब्दहरूलाई पढ्ने वा तिनलाई सिद्धान्तमा बुझ्ने वा तिनको बारेमा विचार गर्नेभन्दा अगाडि जाँदैन। मानिसहरूमा वास्तविक अनुभवबाट आउने यथार्थ बुझाइ र दृष्टिकोणको कमी छ। मानिसहरूको हृदयलाई बिउँझाउनको लागि परमेश्‍वरले विभिन्‍न तरिकाहरूको प्रयोग गर्नुहुने भए तापनि, यसलाई पूरा गर्न सक्नुभन्दा पहिले हिँड्नुपर्ने अझै निकै लामो बाटो छ। म कसैले पनि परमेश्‍वरले तिनीहरूलाई चीसोमा छोडेर जानुभएको, परमेश्‍वरले तिनीहरूलाई त्याग्नुभएको वा तिनीहरूलाई आफ्नो पिठ्यूँ फर्काइदिनुभएको जस्तो अनुभव गरेको हेर्न चाहन्‍न। म के मात्र हेर्न चाहन्छु भने सबै जना सत्यताको खोजी गर्ने र परमेश्‍वरलाई बुझ्न खोज्ने मार्गमा कुनै पनि सन्देह वा भारविना नै अटल संकल्पको साथ साहसिक रूपमा अघि बढेका हुन्। तैँले जस्तोसुकै गल्तीहरू गरेको भए तापनि, तँ बरालिएर जति टाढा गएको भए पनि वा तैँले जति गम्भीर अपराध गरेको भए पनि, परमेश्‍वरलाई बुझ्ने तेरो खोजीमा तिनलाई तैँले बोक्ने भारी वा भारीमाथि सुपारी बन्‍न नदे। निरन्तर अघि बढिराख्। सधैँ नै, परमेश्‍वरले मानिसको मुक्ति आफ्नो हृदयमा राख्नुहुन्छ; यो कहिल्यै परिवर्तन हुँदैन। परमेश्‍वरको सारको सबैभन्दा बहुमूल्य भाग यही हो। के अहिले तिमीहरू अलि राम्रो महसुस गर्छौ? (गर्छौं।) मलाई आशा छ, सबै कुराहरूमा र मैले बोलेका वचनहरूमा तिमीहरूले सही तरिका अपनाउन सक्नेछौ। त्यसो भए, यो सङ्गतिलाई यहीँ टुङ्ग्याऔँ। सबैलाई बिदा! (बिदा!)

जनवरी ११, २०१४

# परमेश्वर स्वयम् अद्‌वितीय ७

## परमेश्वरको अख्तियार, परमेश्वरको धर्मी स्वभाव, र परमेश्वरको पवित्रताको संक्षिप्त विवरण

जब तिमीहरूले आफ्ना प्रार्थना सकेका हुन्छौ, तब के तिमीहरूले आफ्नो हृदय परमेश्वरको उपस्थितिमा शान्त भएको महसुस गर्छौ? (गर्छौं।) यदि व्यक्तिको हृदयलाई शान्त पार्न सकिन्छ भने तिनीहरूले परमेश्वरको वचन सुन्न र बुझ्न सक्छन् र तिनीहरूले सत्यता सुन्न र बुझ्न सक्छन्। यति तेरो हृदयलाई शान्त पार्न सकिँदैन भने, यदि तेरो हृदय सधैँ लक्ष्यहीन रूपमा यताउता गरिरहेको छ वा सधैँ अरू कुरा नै सोचिरहेको छ भने, यसले तँलाई तँ परमेश्वरको वचन सुन्ने भेलामा सहभागी भएको बेलामा असर गर्नेछ। हामीले छलफल गरिरहेको विषयको मूल कुरा के हो त? हामी सबैले मुख्य बुँदाहरूलाई थोरै सोचिहेरौं। परमेश्वर स्वयम् अद्‌वितीयको बारेमा जान्ने सम्बन्धमा पहिलो भागमा हामीले परमेश्वरको अख्तियारको बारेमा छलफल गऱ्यौं। दोस्रो भागमा, हामीले परमेश्वरको धर्मी स्वभावको बारेमा छलफल गऱ्यौं, र तेस्रो भागमा, हामीले परमेश्वरको पवित्रताको बारेमा छलफल गऱ्यौं। के हामीले हरेकपल्ट छलफल गरेको विशिष्ट विषयवस्तुले तिमीहरूमा कुनै छाप छोडेको छ? पहिलो भाग, “परमेश्वरको अख्तियार” मा, के कुराले तिमीहरूमा सबैभन्दा गहिरो छाप छोड्‌यो? कुनचाहिँ भागले तिमीहरूमा सबैभन्दा दह्रिलो प्रभाव पाऱ्यो? (परमेश्वरले पहिले परमेश्वरको वचनको अख्तियार र सामर्थ्यको बारेमा कुराकानी गर्नुभयो; परमेश्वर उहाँको वचनजतिकै असल हुनुहुन्छ र उहाँको वचन पूरा हुनेछ। परमेश्वरको अन्तर्निहित सार यही हो।) (परमेश्वरले शैतानलाई दिनुभएको आज्ञा अय्यूबलाई परीक्षा लिन सक्छस् तर ज्यान नै चाहिँ नलिनू भन्ने थियो। यसबाट हामीले परमेश्वरको वचनको अख्तियार देख्छौं।) के यसमा थप्नुपर्ने अरू केही छ? (परमेश्वरले आकाश र पृथ्वी अनि तिनमा भएका यावत् थोक सृष्टि गर्न वचनहरू प्रयोग गर्नुभयो, र उहाँले मानिससँग करार गर्न र तिनीहरूलाई आशिष् दिन वचनहरू बोल्नुभयो। यी सबै परमेश्वरको वचनको अख्तियारका उदाहरणहरू हुन्। त्यसपछि, हामीले प्रभु येशूले कसरी लाजरसलाई चिहानबाट बाहिर निस्कन आज्ञा गर्नुभयो भन्ने बारेमा हेऱ्यौं—यसले के देखाउँछ भने, जीवन र मृत्यु परमेश्वरको नियन्त्रणमा छ, शैतानसँग जीवन र मृत्युलाई नियन्त्रण गर्ने शक्ति छैन, र परमेश्वरको काम चाहे देहमा गरिएको होस वा आत्मामा गरिएको होस्, उहाँको अख्तियार अद्‌वितीय छ।) सङ्गति सुनेपछि तिमीहरूले हासिल गरेको बुझाइ यही हो, होइन त? परमेश्वरको अख्तियारको कुरा गर्दा, “अख्तियार” शब्दको बारेमा तिमीहरूको बुझाइ के छ त? परमेश्वरको अख्तियारको दायराभित्र, परमेश्वरले जे गर्नुहुन्छ र जे प्रकट गर्नुहुन्छ सोबारेमा मानिसहरूले के देख्छन्? (हामी परमेश्वरको सर्वशक्तिमान्‌ता र बुद्‌धि देख्छौं।) (हामी देख्छौं, कि परमेश्वरको अख्तियार सदासर्वदा विद्‌यमान हुन्छ र यो साँच्चिकै अस्तित्वमा छ। हामी यावत् थोकमाथि उहाँको प्रभुत्वमा बृहत् मात्रामा परमेश्वरको अख्तियार देख्छौं, र उहाँले हरेक व्यक्तिगत मानव जीवनको नियन्त्रण गर्नुहुने कार्यमा सानो मात्रामा परमेश्वरको अख्तियारलाई

देख्छौं। परमेश्वरले वास्तवमा मानव जीवनको छ महत्त्वपूर्ण मोडहरूको योजना र नियन्त्रण गर्नुहुन्छ। यसअलावा, हामी के पनि देख्छौं भने परमेश्वरको अख्तियारले परमेश्वर स्वयम् अद्‌वितीयलाई प्रतिनिधित्व गर्छ, र यस्तो अख्तियार सृष्टि गरिएको वा नगरिएको कुनै पनि प्राणीमा हुन सक्दैन। परमेश्वरको अख्तियार उहाँको हैसियतको प्रतीक हो।) "परमेश्वरको हैसियत र परमेश्वरको स्थान" सम्बन्धी तिमीहरूको बुझाइ अलि धर्म-सैद्‌धान्तिक जस्तो देखिन्छ। के तिमीहरूसित परमेश्वरको अख्तियारको बारेमा कुनै सारभूत बुझाइ छ? (परमेश्वरले हामीलाई हामी सानै छँदादेखि हाम्रो रखवाली र सुरक्षा गर्नुभयो, र त्यसमा हामी परमेश्वरको अख्तियारलाई देख्छौं। हामीमाथि मडारिरहेको संकटहरूको बारेमा हामी अनभिज्ञ थियौं, तर परमेश्वरले पर्दा पछाडिबाट सधैँ हामीलाई सुरक्षा दिइरहनुभएको थियो। यो पनि परमेश्वरको अख्तियार हो।) एकदमै राम्रो। सानदार जबाफ।

जब हामी परमेश्वरको अख्तियारको बारेमा कुरा गर्छौं, तब हामी केमा ध्यान केन्द्रित गर्छौं, हाम्रो मुख्य बुँदा के हुन्छ? यो कुरा छलफल गर्नुको मुख्य पहिलो उद्‌देश्य भनेको मानिसहरूको हृदयमा सृष्टिकर्ताको रूपमा परमेश्वरको हैसियत र यावत् थोकमाझ उहाँको स्थान स्थापित गर्नु हो। मानिसहरूलाई सर्वप्रथम जान्न, देख्न र अनुभूति गर्न लगाउन सकिने कुरा यही हो। तैँले जे देख्छस् र जे अनुभूति गर्छस् त्यो परमेश्वरका कार्यहरू, परमेश्वरका वचनहरू र यावत् थोकमाथिको परमेश्वरको नियन्त्रणबाट आउँछ। त्यसो भए, परमेश्वरको अख्तियारबाट मानिसहरूले जे देख्छन्, सिक्छन् र जान्दछन् ती सबैबाट तिनीहरूले के-कस्तो साँचो बुझाइ प्राप्त गर्छन् त? हामीले पहिलो उद्‌देश्यको बारेमा यसअघि नै छलफल गरिसक्यौं। दोस्रो उद्‌देश्य परमेश्वरले उहाँको अख्तियारद्‌वारा जे गर्नुभएको र बोल्नुभएको र नियन्त्रित गर्नुभएको छ ती सबैमार्फत मानिसहरूलाई परमेश्वरको शक्ति र बुद्‌धि देख्न तुल्याउनु हो। यो तँलाई यावत् थोकमाथिको उहाँको नियन्त्रणमा परमेश्वर कति शक्तिशाली र बुद्‌धिमान हुनुहुन्छ भन्ने कुरा देख्न तुल्याउनु हो। परमेश्वरको अद्‌वितीय अख्तियारबारेको हाम्रो अघिल्लो छलफलमा के हामीले ध्यान केन्द्रित गरेको कुरो र हाम्रो मुख्य बुँदा यही थिएन र? उक्त छलफलपछि त्यति धेरै समय बितेको छैन तैपनि तिमीहरूमध्ये केहीले त यसलाई बिर्सिसक्यौ, जसले परमेश्वरको अख्तियारको बारेमा तिमीहरूले गहन बुझाइ हासिल गरेका छैनौं भन्ने प्रमाणित गर्छ। मानिसले परमेश्वरको अख्तियारलाई देखेको छैन भनेर भन्न पनि सकिन्छ। के तिमीहरूले अहिले केही बुझाइ प्राप्त गर्‍यौ? जब तैँले परमेश्वरले उहाँको अख्तियार अभ्यास गर्नुभएको देख्छस्, तैँले साँचो रूपमा कस्तो अनुभूति गर्छस्? के तैँले परमेश्वरको शक्तिलाई साँच्चिकै अनुभूति गरेको छस्? (छु।)। जब तैँले उहाँले कसरी यावत् थोकको सृष्टि गर्नुभयो भन्नेसम्बन्धी उहाँका वचनहरू पढ्छस्, तब तैँले उहाँको शक्ति अनुभूति गर्छस् र तैँले उहाँको सर्वव्यापकता अनुभूति गर्छस्। जब तैँले मानिसहरूको नियतिमाथि परमेश्वरको प्रभुत्व देख्छस्, तैँले के-कस्तो अनुभूति गर्छस्? के तैँले उहाँको शक्ति र उहाँको बुद्‌धि अनुभूति गर्छस्? यदि परमेश्वरसँग यो शक्ति नभएको भए, यदि उहाँसँग यो बुद्‌धि नभएको भए, के उहाँ यावत् थोकहरूमाथि र मानव नियतिमाथि प्रभुत्व कायम राख्न योग्य हुनुहुनेथियो? परमेश्वरसँग शक्ति र बुद्‌धि छ, यसैले उहाँसँग अख्तियार छ। यो अद्‌वितीय छ। सारा सृष्टिमाझ, के तैँले कहिल्यै

परमेश्वरको जस्तो शक्ति भएको कुनै व्यक्ति वा प्राणी देखेको छस्? के तैँले कहिल्यै आकाश र पृथ्वी र यावत् थोकको सृष्टि गर्ने, तिनीहरूलाई नियन्त्रण गर्ने र तिनीहरूमाथि प्रभुत्व कायम राख्ने कुनै व्यक्ति वा कुनै थोकलाई देखेको छस्? के सम्पूर्ण मानवजातिमाथि शासन गर्ने र तिनीहरूलाई डोऱ्याउने अनि सदासर्वदा सर्वत्र विद्यमान हुने कुनै व्यक्ति वा कुनै कुरा छ? (अहँ, छैन।) के तिमीहरूले अब परमेश्वरको अद्वितीय अख्तियारको साँचो अर्थ बुझ्यौ? के तिमीहरूसँग अब यसबारेमा केही बुझाइ छ? (छ।) योसँगै परमेश्वरको अद्वितीय अख्तियारको विषयबारेमा फर्केर सोचिहेर्ने कार्य समाप्त हुन्छ।

दोस्रो भागमा, हामीले परमेश्वरको धर्मी स्वभावको बारेमा कुरा गऱ्यौं। हामीले यो विषयमा त्यति धेरै छलफल गरेनौं, किनभने यस चरणमा परमेश्वरको काम आधारभूत रूपमा न्याय र सजायको काम हो। राज्यको युगमा, परमेश्वरको धर्मी स्वभाव स्पष्ट र एकदमै विस्तृत रूपमा प्रकट हुन्छ। उहाँले सृष्टिको समयदेखि कहिल्यै पनि नबोल्नुभएका वचनहरू बोल्नुभएको छ; अनि उहाँका वचनहरूमा सबै मानिसहरूले, उहाँको वचन पढ्ने र अनुभव गर्ने सबैले उहाँको धर्मी स्वभाव प्रकट भएको देखेका छन्। त्यसो भए, परमेश्वरको धर्मी स्वभावबारेको हाम्रो छलफलको मुख्य बुँदा के हो त? के तिमीहरूले यसलाई गहन रूपमा बोध गर्छौ? के तिमीहरूले यसलाई अनुभवबाट बुझ्छौ? (परमेश्वरले सदोमलाई जलाउनुभयो किनभने त्यस बेलाका मानिसहरू गहन रूपले भ्रष्ट थिए र तिनीहरूले परमेश्वरको क्रोध भड्काए। यसबाट हामीले परमेश्वरको धर्मी स्वभावलाई देख्छौं।) पहिले, हामी हेरौं न: यदि परमेश्वरले सदोमलाई नष्ट नगर्नुभएको भए, के तैँले उहाँको धर्मी स्वभावको बारेमा जान्न सक्थिस्? अझै पनि तैँले जान्न सक्थिस्, होइन र? तैँले यसलाई राज्यको युगमा परमेश्वरले व्यक्त गर्नुभएका वचनहरू र उहाँले मानिसप्रति लक्षित गर्नुभएको न्याय, सजाय र श्रापहरूमा देख्न सक्छस्। के तैँले उहाँले निनवेलाई बचाउनुभएको कार्यमा उहाँको धर्मी स्वभावलाई देख्छस्? (देख्छु।) वर्तमान युगमा, मानिसहरूले परमेश्वरका केही कृपा, प्रेम र सहिष्णुता देख्न सक्छन् र तिनीहरूले मानिसको पश्चात्तापपछि परिवर्तन भएको परमेश्वरको हृदयमा पनि यसलाई देख्न सक्छन्। परमेश्वरको धर्मी स्वभावबारेको हाम्रो छलफलको परिचय दिनलाई यी दुई वटा उदाहरणहरू उल्लेख गरिसकेपछि, उहाँको धर्मी स्वभाव प्रकट गरिसकिएको छ भन्ने कुरा एकदमै स्पष्टसित देख्न सकिन्छ, तैपनि वास्तविकतामा परमेश्वरको धर्मी स्वभावको सार यी दुई बाइबलीय कथाहरूमा प्रकट गरिएको कुरामा मात्र सीमित रहेको छैन। परमेश्वरको वचन र उहाँको काममा तिमीहरूले जे सिकेका र देखेका र अनुभव गरेका छौ, तिनका आधारमा तिमीहरूले देखेको परमेश्वरको धर्मी स्वभाव के हो त? तिमीहरूको आफ्नै अनुभवको आधारमा भन। (परमेश्वरले मानिसहरूको लागि बनाउनुभएको वातावरणहरूमा, जब मानिसहरूले सत्यताको खोजी गर्न र परमेश्वरको इच्छाअनुरूप कार्य गर्न सक्छन्, तब परमेश्वरले तिनीहरूलाई डोऱ्याउनुहुन्छ, तिनीहरूलाई अन्तर्दृष्टि दिनुहुन्छ र तिनीहरूलाई हृदयमा खुसी अनुभूति गराउनुहुन्छ। जब मानिसहरू परमेश्वरविरुद्ध जान्छन्, उहाँको प्रतिरोध गर्छन् र उहाँको इच्छाअनुरूप कार्य गर्दैनन्, तब तिनीहरूभित्र विशाल अन्धकार हुन्छ, मानौं तिनीहरूलाई परमेश्वरले परित्याग गरिसक्नुभएको छ। तिनीहरूले प्रार्थना गर्दा पनि, तिनीहरूले उहाँलाई के भन्ने हो सोसमेत जान्दैनन्। तर जब

तिनीहरूले आफ्ना धारणा र कल्पनाहरूलाई पन्छाउँछन् र परमेश्‍वरसँग सहकार्य गर्न र आफूलाई सुधार्न प्रयत्न गर्न इच्छुक बन्छन्, तब तिनीहरूले क्रमिक रूपमा परमेश्‍वरको मुस्कुराइरहेको मुहार देख्न सक्छन्। यसबाट हामीले परमेश्‍वरको धर्मी स्वभावको पवित्रता अनुभव गर्छौं। परमेश्‍वर पवित्र राज्यमा देखा पर्नुहुन्छ, तर उहाँले आफूलाई अपवित्र स्थानहरूमा लुकाउनुहुन्छ।) (म उहाँले मानिसहरूलाई व्यवहार गर्ने तरिकामा परमेश्‍वरको धर्मी स्वभाव देख्छु। हाम्रा दाजुभाइ र दिदीबहिनीहरू कद र क्षमतामा, र हामी प्रत्येकबाट परमेश्‍वरलाई के आवश्यक पर्छ भन्‍ने सन्दर्भमा भिन्‍न छन्। हामी सबैले परमेश्‍वरबाट फरक-फरक मात्रमा अन्तर्दृष्टि प्राप्त गर्न सक्छौं, र यसमा म परमेश्‍वरको धर्मी स्वभाव देख्छु किनभने हामी मानिसहरूले यसरी मानिसलाई व्यवहार गर्न सक्दैनौं, तर परमेश्‍वरले सक्नुहुन्छ।) अबचाहिँ, तिमीहरू सबैसँग तिमीहरूले व्यक्त गर्न सक्ने केही व्यावहारिक ज्ञान छ।

कुन ज्ञानचाहिँ परमेश्‍वरको धर्मी स्वभावलाई बुझ्‍ने चाबी हो, के तिमीहरूलाई थाहा छ? यस विषयको अनुभवबाट भन्‍न सकिने कुराहरू धेरै छन्, तर त्योभन्दा पहिले मैले तिमीहरूलाई भन्‍नुपर्ने केही मुख्य बुँदाहरू छन्। परमेश्‍वरको धर्मी स्वभाव बुझ्‍नको निम्ति सर्वप्रथम परमेश्‍वरको भावनाहरू बुझ्‍नुपर्छ: उहाँले केलाई घृणा गर्नुहुन्छ, उहाँले केलाई घिनाउनुहुन्छ, उहाँले केलाई प्रेम गर्नुहुन्छ, कोप्रति उहाँ सहनशील र कृपालु हुनुहुन्छ र उहाँले कस्तो व्यक्तिलाई त्यो कृपा प्रदान गर्नुहुन्छ। यो एउटा मुख्य बुँदा हो। व्यक्तिले यो पनि बुझ्‍नुपर्छ कि परमेश्‍वर जति नै प्रेमिलो हुनुभए तापनि, मानिसहरूका निम्ति उहाँसँग जति नै कृपा र प्रेम भए तापनि, परमेश्‍वरले उहाँको हैसियत र पदको उल्लङ्घन गर्ने कसैलाई पनि सहन गर्नुहुन्‍न, न त उहाँको गरिमाको उल्लङ्घन गर्ने कसैलाई सहनुहुन्छ। परमेश्‍वरले मानिसहरूलाई प्रेम गर्नुहुने भए तापनि, उहाँले तिनीहरूलाई पुलपुल्याउनुहुन्‍न। उहाँले मानिसहरूलाई उहाँको प्रेम, उहाँको कृपा र उहाँको सहनशीलता दिनुहुन्छ, तर उहाँले तिनीहरूलाई कहिले पनि पुलपुल्याउनुभएन; परमेश्‍वरसँग उहाँका सिद्धान्तहरू र उहाँका सीमाहरू छन्। तैँले परमेश्‍वरको जतिसुकै प्रेम महसुस गरेको भए तापनि, त्यो प्रेम जतिसुकै गहिरो भए तापनि तैँले परमेश्‍वरलाई कहिले पनि अर्को व्यक्तिलाई जस्तो व्यवहार गर्नु हुँदैन। परमेश्‍वरले मानिसहरूलाई अत्यन्तै घनिष्ठताका साथ व्यवहार गर्नुहुन्छ भन्‍ने कुरा साँचो भए तापनि, यदि कुनै व्यक्तिले परमेश्‍वरलाई अर्को व्यक्तिको रूपमा मात्र, उहाँ सृष्टि गरिएको कुनै अर्को प्राणी हुनुभए जसरी, एक जना मित्र वा पूजा गरिने वस्तुको रूपमा मात्र हेर्छ भने, परमेश्‍वरले तिनीहरूबाट आफ्नो मुहार लुकाउनुहुनेछ र तिनीहरूलाई त्याग्‍नुहुनेछ। यो उहाँको स्वभाव हो र मानिसहरूले यस विषयलाई लापरवाही भएर लिनु हुँदैन। यसैले, हामीले प्रायजसो आफ्नो स्वभावको बारेमा परमेश्‍वरले बोल्नुभएका यस्ता वचनहरू देख्छौं: तैँले कति ओटा मार्गहरू यात्रा गरेको छस्, तैँले कति काम गरेको छस् वा तैँले कति कष्ट भोगेको छस् भन्‍ने कुराले फरक पार्दैन, तैँले परमेश्‍वरको स्वभावलाई चिढ्याइस् भने उहाँले तिमीहरू हरेकलाई तिमीहरूले गरेको कामको आधारमा बदला लिनुहुनेछ। यसको अर्थ यही हो कि परमेश्‍वरले मानिसहरूलाई अत्यन्तै घनिष्ठताका साथ व्यवहार गर्नुहुन्छ, तथापि मानिसहरूले परमेश्‍वरलाई एक मित्र वा आफन्तको रूपमा व्यवहार गर्नु हुँदैन। परमेश्‍वरलाई तेरो "दोस्त" नभन्। उहाँबाट तैँले जतिसुकै प्रेम प्राप्त गरेको भए तापनि, उहाँले तँलाई जतिसुकै

सहन गर्नुभए तापनि तैँले परमेश्‍वरलाई कहिले पनि मित्रको रूपमा व्यवहार गर्नु हुँदैन। यो परमेश्‍वरको धर्मी स्वभाव हो। के तिमीहरूले बुझ्दै छौ? के मैले यसबारेमा अझै केही बताउनुपर्छ? के यो विषयमा तिमीहरूसित कुनै पूर्व-बुझाइ रहेको छ? सामान्य रूपमा भन्दा, यो मानिसहरूले सजिलै गर्ने गल्ती हो, चाहे तिनीहरूले धर्मसिद्‌धान्तहरू बुझून् कि नबुझून् वा तिनीहरूले यो विषयको बारेमा पहिले कहिल्यै चिन्तन गरेका हुन् कि नहुन्। जब मानिसहरूले परमेश्‍वरलाई ठेस पुर्‍याउँछन्, कुनै एउटा घटना वा तिनीहरूले बोलेको कुनै एउटा कुराले त्यस्तो भएको नहुन सक्छ, बरु तिनीहरूको आचरण वा तिनीहरू जुन स्थितिमा छन् त्यो स्थितिको कारण त्यस्तो भएको हुन सक्छ। यो एकदमै डरलाग्दो कुरा हो। केही मानिसहरू तिनीहरूसँग परमेश्‍वरको बुझाइ छ, तिनीहरूसँग उहाँको बारेमा केही ज्ञान छ, र तिनीहरूले परमेश्‍वरलाई सन्तुष्ट पार्ने केही काम-कुराहरू समेत गर्न सक्छन् भनी विश्‍वास गर्छन्। तिनीहरूले आफू परमेश्‍वरको बराबरी भएको र तिनीहरूले चलाखीपूर्वक आफूलाई परमेश्‍वरसँगको मित्रतासम्म पुर्‍याएको अनुभूति गर्न थाल्छन्। यस प्रकारका अनुभूतिहरू भयानक रूपमा गलत छन्। यदि तँसँग यसबारेमा गहन बुझाइ छैन भने–यदि तैँले यसलाई स्पष्टसँग बुझ्दैनस् भने–तैँले सजिलैसँग परमेश्‍वरलाई र उहाँको धर्मी स्वभावलाई ठेस पुर्‍याउन सक्छस्। तैँले अब यो कुरा बुझ्छस्, होइन त? के परमेश्‍वरको धर्मी स्वभाव अद्‌वितीय छैन त? के यो कहिल्यै कुनै मानिसको चरित्र वा नैतिक कद समान हुन सक्छ र? यो कहिल्यै पनि त्यस्तो हुन सक्दैन। त्यसकारण, चाहे परमेश्‍वरले मानिसहरूलाई जे-जसरी व्यवहार गर्नुभएको नै किन नहोस् वा उहाँले मानिसहरूको बारेमा जे-जस्तो सोच्नुभएको नै किन नहोस्, परमेश्‍वरको स्थान, अख्तियार, र स्थिति परिवर्तन कहिल्यै हुँदैन भन्‍ने कुरालाई तैँले कहिल्यै बिर्सनु हुँदैन। मानवजातिको लागि, परमेश्‍वर सधैँ नै यावत् थोकका प्रभु र सृष्टिकर्ता हुनुहुन्छ।

परमेश्‍वरको पवित्रताको बारेमा तिमीहरूले के सिकेका छौ? "परमेश्‍वरको पवित्रता" बारेको त्यो भागमा, शैतानको दुष्टतालाई प्रतिभारको रूपमा प्रयोग गरिएको तथ्यको अलाबा, परमेश्‍वरको पवित्रताबारेको हाम्रो छलफलको मुख्य विषयवस्तु के थियो? के यो परमेश्‍वरसँग जे छ र उहाँ जे हुनहुन्छ भन्‍ने होइन र? के परमेश्‍वरसँग जे छ र उहाँ जे हुनुहुन्छ त्यो परमेश्‍वरसँग मात्र भएको अद्‌वितीय कुरा हो? (हो।) यो त्यो कुरा हो जुन सृष्टि गरिएका प्राणीहरूमा छैन। त्यसकारण हामी परमेश्‍वरको पवित्रता अद्‌वितीय छ भनेर भन्छौं। यो तिमीहरूले बुझ्नुपर्ने कुरा हो। हामीले परमेश्‍वरको पवित्रताको विषयमा तीन वटा भेलाहरू आयोजना गर्‍यौं। तिमीहरूले परमेश्‍वरको पवित्रतालाई के हो भनी विश्‍वास गर्छौ, के तिमीहरूले आफ्नै शब्दहरूमा, तिमीहरूको आफ्नै बुझाइद्‌वारा व्याख्या गर्न सक्छौ? (पछिल्लो समय परमेश्‍वरले हामीसँग कुराकानी गर्नुहुँदा हामी उहाँसामु निहुरेका थियौं। परमेश्‍वरले हामीलाई उहाँको आराधना गर्नको लागि लम्पसार पर्नु र निहुरिने कार्यको बारेमा सत्यता सङ्गति गर्नुभएको थियो। हामीले देख्यौं कि उहाँले तोक्नुभएका आवश्यक मापदण्डहरू पूरा नगरीकन उहाँको आराधना गर्न निहुरनु उहाँको इच्छाअनुसारको कार्य होइन, र यसबाट हामीले परमेश्‍वरको पवित्रता देख्यौं।) एकदमै साँचो। अरू केही पनि छन् कि? (मानवजातिको लागि परमेश्‍वरले बोल्नुभएका वचनहरूमा, हामी उहाँले सरल र स्पष्ट रूपमा

बोल्नुभएको देख्छौं। उहाँले सीधा र प्रासङ्गिक कुरा गर्नुहुन्छ। शैतानले घुमाउरो पारमा कुरा गर्छ, र त्यसका कुराहरू झूटै झूटले भरिएका हुन्छन्। गत समय हामी परमेश्वरसमक्ष लम्पसार पर्दा जे भयो त्यसबाट हामीले उहाँका वचन र उहाँका कार्यहरू सधैँ नै सिद्धान्तबद्ध हुन्छन् भन्ने देख्यौं। हामीले कसरी व्यवहार गर्नुपर्छ, हामीले कसरी अवलोकन गर्नुपर्छ र हामीले कसरी अभ्यास गर्नुपर्छ भन्नेबारेमा उहाँले हामीलाई बताउनुहुँदा उहाँले सधैँ स्पष्ट र संक्षिप्त रूपले बताउनुहुन्छ। तर मानिसहरू त्यस तरिकाका हुँदैनन्। शैतानद्वारा मानवजातिलाई भ्रष्ट तुल्याइएदेखि, तिनीहरूले तिनीहरूका आफ्नै व्यक्तिगत आशय र उद्देश्यहरू र मन-मस्तिष्कमा भएका तिनीहरूका आफ्नै अभिलाषाहरू अनुसार व्यवहार गर्दै र बोल्दै आएका छन्। परमेश्वरले मानवजातिलाई हेरविचार, वास्ता र सुरक्षा गर्नुहुने शैलीबाट, हामी के देख्छौं भने, परमेश्वरले गर्नुहुने सबै सकरात्मक र स्पष्ट छ। यही तरिकामा हामी परमेश्वरको पवित्रताको सार प्रकट भएको देख्छौं।) राम्रो भनाइ! कोही अरूलाई केही थप्नु छ कि? (परमेश्वरबाट शैतानको दुष्ट सार खुलासा भएको तथ्यमार्फत हामी परमेश्वरको पवित्रता देख्छौं, हामी शैतानको दुष्टताको बारेमा अझै बढी ज्ञान हासिल गर्छौं, र हामी मानवजातिका दुःखकष्टका स्रोतहरू देख्छौं। विगतमा, हामी शैतानको अधिकारक्षेत्रअन्तर्गत मानिसको दुःखकष्टको बारेमा अनभिज्ञ थियौं। परमेश्वरले यो कुरा खुलसा गर्नुभएपछि मात्र हामीले ख्याति र सम्पत्तिको खोजीबाट आउने सबै दुःखकष्ट शैतानको काम हो भन्ने देख्यौं। त्यसपछि मात्र हामीले परमेश्वरको पवित्रता नै मानवजातिको साँचो मुक्ति हो भन्ने अनुभूति गर्‍यौं।) यसमा थप्नुपर्ने अरू कुनै कुरा छ? (भ्रष्ट मानवजातिमा परमेश्वर सम्बन्धी साँचो ज्ञान र उहाँप्रतिको साँचो प्रेमको कमी छ। हामीले परमेश्वरको पवित्रताको सार नबुझ्ने हुनाले, र हामी उहाँको आराधना गर्न लम्पसार पर्दा र निहुरिँदा हामीले अपवित्र विचारहरू र गुप्त आशयहरूको साथ त्यसो गर्ने हुनाले, परमेश्वर बेखुसी हुनुहुन्छ। हामी देख्न सक्छौं कि परमेश्वर शैतानभन्दा फरक हुनुहुन्छ; शैतानले मानिसहरूले त्यसको आदर र प्रशंसा गरून्, त्यसलाई आराधना गर्न लम्पसार परून् र निहुरिऊन् भन्ने चाहन्छ। शैतानसँग कुनै पनि सिद्धान्तहरू छैनन्। यसबाट पनि मलाई परमेश्वरको पवित्रताको बारेमा थाहा भएको छ।) एकदमै राम्रो! अहिले हामीले परमेश्वरको पवित्रताको बारेमा सङ्गति गरिसकेको हुनाले, के तिमीहरूले परमेश्वरको सिद्धता देख्न सक्छौ? (हामी देख्छौं।) के तिमीहरू परमेश्वर कसरी सबै सकारात्मक कुराहरूको स्रोत हुनहुन्छ भन्ने देख्छौ? के तिमीहरूले परमेश्वर कसरी सत्यता र न्यायको प्रतिरूप हुनुहुन्छ भन्ने कुरा देख्न सक्छौ? के तिमीहरू परमेश्वर कसरी प्रेमको स्रोत हुनहुन्छ भन्ने देख्छौ? के तिमीहरू परमेश्वरले गर्नुहुने सबै कुरा, उहाँले व्यक्त गर्नुहुने सबै कुरा, र उहाँले प्रकट गर्नुहुने सबै कुरा त्रुटिरहित छन् भन्ने देख्छौ? (हामी देख्छौं।) मैले परमेश्वरको पवित्रताको बारेमा भनेको कुराका मुख्य बुँदाहरू यिनै हुन्। आज यी वचनहरू तिमीहरूलाई धर्मसिद्धान्तजस्तै लाग्न सक्छन्, तर एक दिन तैँले जब उहाँका वचन र उहाँका कामबाट साँचो परमेश्वर स्वयम्लाई अनुभव गर्छस् र प्रत्यक्ष देख्छस्, तब तैँले तेरो हृदयको अन्तस्करणबाट परमेश्वर पवित्र हुनुहुन्छ, परमेश्वर मानवजातिभन्दा फरक हुनुहुन्छ, र उहाँको हृदय, स्वभाव र सार सबै पवित्र छन् भनी भन्नेछस्। यो पवित्रताले मानिसलाई परमेश्वरको सिद्धता देख्ने तुल्याउँछ र परमेश्वरको पवित्रताको सार निष्कलङ्क छ भनी देख्ने तुल्याउँछ।

परमेश्वरको पवित्रताको सारले उहाँ परमेश्वर स्वयम् अद्‌वितीय हुनुहुन्छ भन्ने निर्धारण गर्छ र यसले मानिसहरूलाई उहाँ परमेश्वर स्वयम् अद्‌वितीय हुनुहुन्छ भन्ने देखाउँछ र प्रमाणित पनि गर्छ। के मुख्य बुँदा यही होइन र? (हो, यही हो।)

आज हामीले अघिल्ला सङ्गतिहरूबाट लिइएका विभिन्न विषयहरूलाई संक्षिप्त रूपमा हेरेका छौं। यससँगै आजको पुनरावलोकन यही समाप्त हुन्छ। मलाई आशा छ, तिमीहरू सबैले हरेक बुँदा र विषयका मुख्य कुराहरूलाई गम्भीर रूपमा लिनेछौ। तिनीहरूलाई केवल धर्मसिद्‌धान्तको रूपमा नलेओ; जब तिमीहरूसँग केही फुर्सदको समय हुन्छ, तब तिमीहरू तिनलाई ध्यान दिएर पढ र मनन् गर। तिनलाई तिमीहरूको हृदयमा कण्ठस्थ पारी राख र तिनलाई वास्तविकतामा उतार–त्यसपछि तैँले परमेश्वरले उहाँको स्वभाव प्रकट गर्नुभएको र उहाँसँग जे छ र उहाँ जे हुनुहुन्छ त्यो प्रकट गर्नुभएको वास्तविकताको बारेमा मैले बताएका सबै कुराहरूलाई साँच्चै नै अनुभव गर्नेछस्। तैपनि, यदि तैँले तिनीहरूलाई आफ्नो स्मरण-पुस्तिकामा लेखेर मात्रै राख्छस् तर तिनीहरूलाई पढ्‌दैनस् वा मनन् गर्दैनस् भने, तैँले तिनीहरूलाई कहिल्यै पनि आफ्नो लागि प्राप्त गर्नेछैनस्। तिमीहरूले अहिले बुझ्यौ, होइन? यी तीन विषयमा कुराकानी गरिसकेपछि, मानिसहरूले परमेश्वरको हैसियत, सार, र स्वभावको बारेमा सामान्य–वा विशिष्टसमेत–बुझाइ प्राप्त गरिसकेपछि, के परमेश्वरबारेको तिनीहरूको बुझाइ पूर्ण हुन्छ? (हुँदैन।) अहिले, परमेश्वरबारेको तिमीहरूको आफ्नो बुझाइमा, तिमीहरूलाई गहन बुझाइको आवश्यकता भन्ने तिमीहरूलाई लाग्ने अन्य कुनै क्षेत्रहरू छन्? भन्नुको अर्थ, अहिले तैँले परमेश्वरको अख्तियार, उहाँको धर्मी स्वभाव, र उहाँको पवित्रताको बारेमा बुझाइ हासिल गरिसकेको हुनाले, सायद तेरो मनमस्तिष्कमा उहाँको अद्‌वितीय हैसियत र स्थान स्थापित भयो होला; तैपनि उहाँका कार्यहरू, उहाँको शक्ति, र उहाँको सारलाई तैँले तेरो आफ्नै अनुभवद्‌वारा हेर्ने, बुझ्ने र तीबारे ज्ञान लिने कामचाहिँ बाँकी नै छ। अहिले तिमीहरूले यी सङ्गतिहरू सुनिसकेको हुनाले, तिमीहरूको हृदयमा परमेश्वर साँच्चै अस्तित्वमा हुनुहुन्छ र उहाँले यावत् थोकमाथि शासन चलाउनुहुन्छ भन्ने दृढ विश्वास करिबकरिब स्थापित भएको छ। कसैले पनि उहाँको धर्मी स्वभावको उल्लङ्घन गर्न सक्दैन; उहाँको पवित्रता यस्तो निश्चितता हो जसलाई कसैले पनि सवाल गर्न सक्दैन। यिनीहरू तथ्य हुन्। यी सङ्गतिहरूले परमेश्वरको हैसियत र स्थानलाई मानिसको हृदयमा जग बसाउन दिन्छन्। यस्तो जग स्थापित भइसकेपछि, मानिसहरूले अझै बढी बुझ्ने प्रयास गर्नुपर्छ।

## सबै थोकका लागि जीवनको स्रोत परमेश्वर नै हुनुहुन्छ (१)

आज म तिमीहरूको माझमा एउटा नयाँ शीर्षकको बारेमा सङ्गति गर्नेछु। यो शीर्षक के हो? यसको शीर्षक: “सबै थोकका लागि जीवनको स्रोत परमेश्वर नै हुनुहुन्छ” भन्ने हो। के यो शीर्षक अलिक ठूलो सुनिन्छ? के यो तिमीहरूको पहुँचभन्दा केही परको भएजस्तो लाग्छ? “सबै थोकका लागि जीवनको स्रोत परमेश्वर नै हुनुहुन्छ”–यो शीर्षक केही दूरको कुरा जस्तो सुनिन्छ, तर परमेश्वरलाई पछ्याउने सबैले यो कुरा बुझेको हुनुपर्दछ किनभने यो कुरा परमेश्वर सम्बन्धी प्रत्येक

व्यक्तिको ज्ञान र परमेश्‍वरलाई सन्तुष्ट र आदर गर्ने तिनीहरूको क्षमतासँग अलग्याउन नसक्ने गरी जोडिएको हुन्छ। त्यसैले म यस विषयमा सङ्गति गर्दैछु। यो शीर्षकको बारेमा मानिसहरूसँग सामान्य, पूर्व जानकारी हुनसक्छ वा शायद मानिसहरू यसको बारेमा केही हदसम्म जानकार हुनसक्छन्। केही मानिसहरूको दिमागमा यो ज्ञान वा चेतनाको साथमा सामान्य वा सतही स्तरको बुझाइ रहेको हुनसक्छ। अरूले आफ्नो हृदयमा केही विशेष अनुभवहरू गरेका हुनसक्छन् जसले उनीहरूलाई यस विषयमा गहिरो, व्यक्तिगत विचार गर्न प्रेरित गरेको हुन्छ। तर यस्तो पूर्व ज्ञान, गहिरो वा सतही जस्तोसुकै भए तापनि एकतर्फी हुन्छ र पर्याप्त मात्रामा स्पष्ट हुँदैन। त्यसैले, सङ्गतिको लागि मैले यो शीर्षकको छनौट गरेको हुँ: तिमीहरूमा गहिरो र अझै स्पष्ट बुझाइको विकास गर्न सहयोग गर्न। यो शीर्षकको विषयमा तिमीहरूसँग सङ्गति गर्न म विशेष विधिको प्रयोग गर्नेछु, यस्तो विधि जसको प्रयोग हालसम्म भएको छैन, यस्तो विधि जुन तिमीहरूलाई अलि असामान्य वा असहज लाग्न सक्छ। मैले के भन्न खोजेको हो भनेर तिमीहरूले केही समयपछि थाहा पाउनेछौ। के तिमीहरूलाई कथा मनपर्छ? (हामीलाई मनपर्छ)। अब, यस्तो देखिन्छ कि कथा सुनाउने मेरो चयन राम्रो हो किनकी तिमीहरू सबैलाई कथा धेरै मन पर्छ। अब, सुरु गरौं। यो विषयमा तिमीहरूले कुनै टिपोट गर्नुपर्दैन। म तिमीहरूलाई शान्त हुन र व्यग्र नहुन आग्रह गर्दछु। आफ्नो वरिपरिको वातावरण वा मानिसहरूबाट आफू बहकिन्छु जस्तो लाग्छ भने तिमीहरूले आफ्नो आँखा बन्द गर्न सक्नेछौ। तिमीहरूलाई सुनाउन मसँग राम्रो कथा छ। यो कथा एउटा बीउ, पृथ्वी, एउटा रुख, सूर्यको प्रकाश, चराहरू र मान्छेको बारेमा हो। यसका मुख्य चरित्रहरू को हुन्? (एउटा बीउ, पृथ्वी, एउटा रुख, सूर्यको प्रकाश, चराहरू र मान्छे)। के यिनीहरूमध्ये कोही परमेश्‍वर हुनुहुन्छ? (होइन।) यति हुँदाहुँदै पनि, यो कथा सुनिसकेपछि तिमीहरू आनन्दित र सन्तुष्ट भएको अनुभव गर्नुहुनेछ भन्नेमा म ढुक्क छु। अब, कृपया शान्त भएर सुन्नु होला।

**कथा १. एउटा बीउ, पृथ्वी, एउटा रुख, सूर्यको प्रकाश, चराहरू र मान्छे**

एउटा सानो बीउ पृथ्वीमा खस्यो। ठूलो पानी पर्‍यो, र बीउबाट एउटा कोमल टुसा पलायो अनि यसका जरा बिस्तारै तलको माटोभित्र छिर्‍यो। समयसँगै, निर्दयी हावा र कठोर वर्षा झेल्दै, जूनको आकार बिस्तारै घट्ने, बढ्ने क्रमसँगै परिवर्तन भएका ऋतुहरूलाई हेर्दै टुसा हुर्कियो। ग्रीष्म याममा, टुसाले यस ऋतुको प्रखर रापलाई झेल्न सकोस् भनेर पृथ्वीले पानीको उपहार ल्याइदियो। र पृथ्वीकै कारण, टुसा गर्मीले आत्तिएन, र यसरी ग्रीष्म यामको कहाली लाग्दो गर्मी टर्‍यो। जब हिउँद आयो, पृथ्वीले टुसालाई आफ्नो न्यानो अङ्गालोमा बाँध्यो, र पृथ्वी र टुसाले एक-अर्कालाई बलियो गरेर पक्रिए। पृथ्वीले टुसालाई न्यानो बनाई राख्यो, त्यसैले हिउँदको कठोर जाडोमा पनि टुसा बाँच्न सफल भयो; टुसालाई हिउँदको चिसो बतास र हिम-आँधीले कुनै क्षति पुर्‍याएन। पृथ्वीमा आश्रित टुसा हुर्किएर साहसी र खुशी भयो; पृथ्वीको निःस्वार्थ पोषणले गर्दा हुर्केर स्वस्थ र बलियो भयो। खुशीसाथ यो हुर्कियो, वर्षामा गाउँदै, बतासमा झुल्दै र नाच्दै। टुसा र पृथ्वी एक-अर्कामा निर्भर हुन्छन् ...

वर्षहरू बिते, र टुसा हुर्किएर एउटा अग्लो रुख बन्यो। यो असङ्ख्य पातहरू भएका बलिया

हाँगासहित पृथ्वीमाथि बलियो भएर उभियो। रुखका जराहरू पहिलेको जस्तै अझै पनि पृथ्वीको मुनि नै गाडिएका थिए, र अहिले यी जराहरू माटोको निकै तलसम्म पुगेका थिए। कुनै ताका सानो टुसा जोगाएको पृथ्वी अहिले महान रुखको आधार भएको थियो।

सूर्यको एउटा किरण रुखमा परेर टल्कियो। रुखले आफ्नो शरीर हल्लायो र परसम्म फैलिने गरी आफ्ना हात फैलायो र सूर्यको प्रकाशले उज्यालो बनाएको हावामा गहिरो सास फेर्‍यो। सोही समयमा रुखभन्दा तलको भुइँले पनि सास फेर्‍यो र पृथ्वीले ताजा भएको अनुभव गर्‍यो। त्यही बेला, हाँगाबाट हुँदै एउटा बतास बग्यो, र रुख ऊर्जाको लहर पैदा गर्दै आनन्द भावमा हल्लियो। रुख र सूर्यको प्रकाश एक-आपसमा निर्भर हुन्छन् ...

मान्छेहरू रुखको शीतल छहारीमा बसे र फुर्तिलो, सुगन्धमय हावाको आनन्द उठाए। हावाले उनीहरूको मुटु र फोक्सोलाई सफा बनायो, र उनीहरूभित्र रहेको रगतलाई सफा बनायो, र उनीहरूको शरीर अब सुस्त वा अवरुद्ध रहेन। मान्छे र रुख एक-आपसमा निर्भर हुन्छन् ...

चिरबिर गर्ने स-साना चराहरूको एउटा झुण्ड रुखको हाँगाहरूमा आएर बसे। शायद, उनीहरू त्यहाँ कुनै परभक्षीबाट जोगिन वा उनीहरूको बच्चा जन्माउन र हुर्काउन आएका थिए, वा शायद उनीहरू त्यहाँ केही समयका लागि विश्राम लिन मात्रै आएका थिए। चरा र रुख एक-अपासमा निर्भर हुन्छन् ...

रुखका जराहरू, बाङ्गिदै र बटारिँदै, पृथ्वीको तलसम्म गाडिए। यसको मूल काण्डद्वारा यसले पृथ्वीलाई हावा र वर्षाबाट आश्रय दियो, र यसको फैलिएको जराहरूले रुखको फेदमुनि रहेको पृथ्वीको रक्षा गर्‍यो। पृथ्वी रुखको आमा भएकाले रुखले यसो गरेको हो। उनीहरूले एक-अर्कालाई सुदृढ बनाए र एक-आपसमा निर्भर रहे, र उनीहरू कहिल्यै छुट्टिने छैनन् ...

र यसरी, यो कथाको अन्त्य हुन्छ। मैले सुनाएको कथा एउटा बीउ, पृथ्वी, एउटा रुख, सूर्यको प्रकाश, चराहरू र मान्छेको बारेमा थियो। यसमा थोरै मात्र दृश्यहरू थिए। यो कथाले तिमीहरूमा कस्तो छाप छोड्यो? मैले यसो भनिरहँदा, के तिमीहरूले मैले भनेको कुरा बुझ्यौ? (हामीले बुझ्यौं।) कृपया, आफ्ना भावनाका बारेमा कुरा गर। यो कथा सुनेर तँलाई कस्तो अनुभव भयो? योभन्दा अघि मैले भन्नुपर्छ कि कथामा भएका सबै चरित्रहरूलाई छुन वा हेर्न सकिन्छ, उनीहरू वास्तविक वस्तु हुन्, कुनै अलङ्कार होइनन्। मेरो कथाभित्र कुनै पनि गुप्त विषय छैन, र यस कथाका मुख्य बुँदाहरूलाई कथाका केही वाक्यद्वारा नै व्यक्त गर्न सकिन्छ। (हामीले सुनेको कथाले एउटा सुन्दर चित्र कोर्दछ: एउटा बीउले टुसा हाल्छ र हुर्किएसँगै यसले वर्षका चारवटा ऋतुहरूको अनुभव गर्छ: वसन्त, ग्रीष्म, शरद र हिउँद। कुनै आमाको जस्तै गरी पृथ्वीले टुसा हाल्दै गरेको बीउको पालनपोषण गर्दछ। टुसाले चिसो कटाउन सकोस् भनेर यसले टुसालाई हिउँदमा न्यानो बनाउँछ। टुसा हुर्किएर रुख भएपछि, सूर्यको एउटा किरणले यसको हाँगामा छुन्छ जसले अत्यन्तै हर्ष ल्याउँछ। परमेश्‍वरका सिर्जनाहरूको प्रचुरतामा, म पृथ्वीलाई पनि जीवन्त देख्दछु, र पृथ्वी र रुख एक-अर्कामा निर्भर छन्। म सूर्यको किरणले रुखलाई दिने उत्कृष्ट न्यानोपन पनि देख्छु, र सामान्य प्राणी भए पनि चराहरू रुख र मान्छेहरूसँगै सहिष्णुताको एउटा सिद्ध चित्रमा सँगै आएको म देख्छु। मैले यो कथा सुनेपछि मेरो मनमा आएका भावनाहरू यीनै हुन्; यी सबै कुराहरू

वास्तवमा जीवित नै छन् भन्ने म अनुभव गर्दछु।) धेरै राम्ररी भन्नुभयो। के अरू कसैलाई केही कुरा थप्न मन छ? (यो बीउ उम्रने र अग्लो रुखमा हुर्किने कथामा, म परमेश्‍वरको सिर्जनाको चमत्कार देख्छु। परमेश्‍वरले सबै कुराहरू एक-अर्कालाई सुदृढ बनाउने र एक-अर्कामा निर्भर रहने गरी बनाउनुभएको छ र सबै कुराहरू जोडिएका छन् र एक-अर्कालाई सेवा गर्छन् भन्ने कुरा देख्छु। म परमेश्‍वरको बुद्‌धि, उहाँको चमत्कारलाई देख्छु र उहाँ सबै कुराका जीवनको स्रोत हुनुहुन्छ भन्ने देख्छु।)

मैले भर्खरै गरेका सबै कुराहरू तिमीहरूले पहिले नै देख्नुभएका कुराहरू हुन्। उदाहरणका लागि, बीउहरू हुर्केर रुख बन्छन्, र यो प्रक्रियाको प्रत्येक विवरण तैँले देख्न नसके पनि, यही हुन्छ भनेर तँलाई थाहा हुन्छ, होइन त? तँलाई पृथ्वी र सूर्यको प्रकाशका बारेमा पनि थाहा छ। कुनै पनि रुखमा बसेका चराहरूको दृश्य सबैले देखेको छ, होइन र? र रुखको छहारीमा मानिसहरू बसेर शीतल तापेको दृश्य–तिमीहरू सबैले देखेको दृश्य हो, होइन? (हो।) तसर्थ, यी सबै कुराहरू एउटै चित्रको रूपमा प्रस्तुत हुँदा, उक्त चित्रले कस्तो भावनाको सिर्जना गर्दछ? (सहिष्णुताको भावना।) यस्तो कुनै चित्रमा भएका प्रत्येक कुराहरू के परमेश्‍वरबाट नै आएका हुन्? (हो।) यी चिजहरू परमेश्‍वरबाट आएका हुनाले, यी विभिन्‍न कुराहरूको सांसारिक अस्तित्वको मूल्य र महत्त्व परमेश्‍वरलाई थाहा छ। जब परमेश्‍वरले यी सबै कुराहरूको सिर्जना गर्नुभयो, जब प्रत्येक कुराको योजना र सिर्जना गर्नुभयो, उहाँले उद्‌देश्यका साथ गर्नुभयो; र जब उहाँले यी कुराहरूको सिर्जना गर्नुभयो, प्रत्येकमा जीवन भरिएको थियो। मानवजातिको अस्तित्वका लागि उहाँले सिर्जना गर्नुभएको वातावरणमा, हाम्रो कथामा व्याख्या गरिएजस्तै, एउटा बीउ र पृथ्वी एक-अर्कामा निर्भर हुन्छन्, जहाँ पृथ्वीले बीउलाई पोषण प्रदान गर्दछ र बीउहरू पृथ्वीसँग जोडिएको हुन्छ। यो सम्बन्ध परमेश्‍वरले गर्नुभएको सृष्टिको सुरुवातमा उहाँबाट आज्ञा भएको हो। रुख, सूर्यको प्रकाश, चराहरू र मान्छेहरू मानवजातिका लागि परमेश्‍वरले सिर्जना गर्नुभएको जीवन्त वातावरणको एक चित्रण हो। पहिलो कुरा, रुखले पृथ्वी छोड्न सक्दैन न सूर्यको प्रकाशविना यो बाँच्न नै सक्छ। त्यसो भए, रुखको सिर्जना गर्नुको प्रभुको उद्‌देश्य के थियो त? के यो पृथ्वीको लागि मात्रै थियो भनेर हामी भन्न सक्छौं? के यो चराहरूको लागि मात्रै थियो भनेर हामी भन्न सक्छौं? के यो मान्छेहरूका लागि मात्रै थियो भनेर हामी भन्न सक्छौं? (सक्दैनौं।) यिनीहरू बीचको सम्बन्ध के हो? उनीहरू बीचको सम्बन्ध परस्पर सुदृढ बनाउने, अन्तरनिर्भरता तथा अविभाज्य छ। यसको अर्थ, पृथ्वी, रुख, सूर्यको किरण, चराहरू तथा मान्छेहरू अस्तित्व तथा पालन पोषणका लागि एक-अर्कामा निर्भर रहेका हुन्छन्। रुखले पृथ्वीको रक्षा गर्दछ, र पृथ्वीले रुखको पालन पोषण गर्दछ; सूर्यको किरणले रुखलाई पोषण प्रदान गर्दछ भने रुखले सूर्यको किरणबाट ताजा हावा लिन्छ र सूर्यबाट पृथ्वीमा पर्ने प्रचण्ड गर्मीलाई कम गर्दछ। यसबाट अन्त्यमा कसले लाभ लिन्छ? मानवजातिले, होइन त? यो मानवजाति जिउने, अर्थात् परमेश्‍वरले सिर्जना गर्नुभएको वातावरणसँग अन्तर्निहित रहेका सिद्‌धान्तहरूमध्येको एक हो; प्रारम्भदेखि प्रभुले राख्नुभएको अभिप्राय पनि यही नै हो। यो चित्र सामान्य देखिए तापनि, हामीले यसभित्र परमेश्‍वरको बुद्‌धि तथा अभिप्रायलाई देख्न सक्छौं। मानवजाति पृथ्वी वा रूखहरूविना बाँच्न सक्दैन, र चराहरू र सूर्यको प्रकाशविना बाँच्न त एकदमै

गाह्रो पर्दछ। होइन त? यो एउटा कथा मात्रै भए तापनि, स्वर्ग र पृथ्वी र सबै थोक र मानवजाति बाँच्न सक्ने वातावरणको रूपमा रहेको उहाँको उपहारको सूक्ष्म रूपलाई यसले चित्रण गर्दछ।

परमेश्‍वरले मानिसका लागि स्वर्ग र पृथ्वी अनि सबै थोकका साथै बसोबासका लागि वातावरणको सिर्जना गर्नुभयो। पहिलो कुरा, हाम्रो कथाको मुख्य बुँदाले एक-अर्कालाई सुदृढ बनाउने, अन्तर-निर्भरता र सबै कुराहरूको सह-अस्तित्वको बारेमा सम्बोधन गर्‍यो। यो सिद्धान्तमा, मानवजातिको अस्तित्व रहेको वातावरणको रक्षा भएको हुन्छ; यो अस्तित्वमा रहन सक्छ र दिगो हुनसक्छ। यसकारणले गर्दा, मानवजातिले प्रगति तथा प्रजनन गर्न सक्छन्। हामीले देखेको चित्र एउटा रुख, पृथ्वी, सूर्यको प्रकाश, चराहरू र मान्छे सँगसँगै भएको चित्र हो। के यो चित्रमा परमेश्‍वर हुनुहुन्छ? त्यहाँ कसैले पनि परमेश्‍वरलाई देखेन, होइन? तर, दृश्यमा भएका चिजहरू बीचको एक-अर्कालाई सुदृढ बनाउने र अन्तर-निर्भरताको नियम देखियो, यो नियममा परमेश्‍वरको अस्तित्व र सार्वभौमिकता देखियो। परमेश्‍वरले सबै कुराहरूको जीवन तथा अस्तित्व जोगाउनका लागि यस्तो सिद्धान्त तथा यस्तो नियमको प्रयोग गर्नुहुन्छ। यसरी, उहाँले सबै कुरा तथा मानवजातिको हेरचाह गर्नुहुन्छ। के यो कथा हाम्रो मुख्य विषयसँग सम्बन्धित छ? सतहमा यो सम्बन्धित नभएको जस्तो देखिन्छ, तर वास्तविकतामा, जुन नियमअनुसार परमेश्‍वरले सबै कुराहरूको सृष्टि गर्नुभयो र सबै कुराहरूमा उहाँको प्रभुत्व छ, ती सबै नै सबै कुराको जीवनको स्रोत उहाँमा नै छ भन्‍ने कुरामा घनिष्ट रूपमा जोडिएको छ। अब, तिमीहरूले केही कुरा सिक्न सुरु गर्दैछौ!

परमेश्‍वरले सबै कुरा सञ्चालन गर्ने प्रक्रियालाई शासन गर्ने नियमहरूको विषयमा आज्ञा दिनुहुन्छ; उहाँले सबै कुराहरूको अस्तित्वलाई शासन गर्ने नियमहरूको विषयमा आज्ञा दिनुहुन्छ; उहाँले सबै कुराहरू नियन्त्रण गर्नुहुन्छ, र ती कुराहरूलाई झनै बलियो हुने र आपसमा निर्भर हुने गरी निर्धारण गर्नुहुन्छ, ताकि तिनीहरू नष्ट नहोऊन् वा नहराऊन्। यसरी मात्रै मानवजाति बाँचिरहन सक्दछन्; यसरी मात्रै तिनीहरू यस्तो वातावरणमा परमेश्‍वरको निर्देशनमा बाँचिरहन सक्छन्। परमेश्‍वर यी सबै कुराहरू सञ्चालन गर्ने नियमहरूको मालिक हुनुहुन्छ, र कसैले पनि यी नियमहरूमा हस्तक्षेप गर्न सक्दैनन्, न त यी नियमहरूलाई परिवर्तन नै गर्न सक्छन्। यी नियमहरू परमेश्‍वरलाई मात्रै थाहा छ, र परमेश्‍वरले मात्रै यी नियमहरूको व्यवस्थापन गर्नुहुन्छ। रूखहरू कहिले उम्रिन्छन्; वर्षा कहिले हुन्छ; पृथ्वीले रूख-बिरुवाहरूलाई कति पानी र कति पोषक तत्त्वहरू दिन्छन्; कुन ऋतुमा पातहरू झर्नेछन्; रूखहरूले कुन ऋतुमा फल दिन्छन्; सूर्यको किरणले रूखहरूलाई कति पोषण दिन्छन्; सूर्यको किरण पाइसकेपछि रूखहरूले सासको रूपमा के छोड्छन्—यी सबै कुराहरू परमेश्‍वरले सबै कुराको सृष्टि गर्दा कसैले पनि तोड्न नसक्ने नियमको रूपमा पूर्वनिर्धारित गर्नुभएको हो। परमेश्‍वरले सृष्टि गर्नुभएको ती सबै कुराहरू जीवित भए पनि, वा मानिसका आँखामा, निर्जीव भए पनि, उहाँको हातमा छन्, उहाँले तिनीहरूलाई नियन्त्रण गर्नुहुन्छ र तिनीहरूमाथि शासन गर्नुहुन्छ। कसैले पनि यी नियमहरू परिवर्तन गर्न वा तोड्न सक्दैन। यसो भन्‍नुको अर्थ, जब परमेश्‍वरले सबै कुरा सृष्टि गर्नुभयो, तब उहाँले पृथ्वीविना रूखले जरा हाल्न, उम्रन र बढ्न सक्दैन; र यदि पृथ्वीमा कुनै रूखहरू छैन भने पृथ्वी सुक्खा हुन्छ; रूख चराहरूका लागि घर र हावाबाट आश्रय लिन सक्ने ठाउँ हुनुपर्छ भन्‍ने कुरा पूर्वनिर्धारित गर्नुभयो। के सूर्यको

किरणविना रूख बाँच्न सक्छ? (सक्दैन।) न त यो पृथ्वी आफैमा मात्रैमा बाँच्न सक्दछ। यी सबै चिजहरू मानिसजातिका लागि हो, मानवजातिको अस्तित्वका लागि हो। रूखबाट, मानिसले ताजा हावा प्राप्त गर्दछ, र मानिस पृथ्वीमा बस्दछ, जसलाई रूखले सुरक्षित राखेको हुन्छ। मानिस सूर्यको किरण वा विभिन्न जीवित प्राणीहरूविना बाँच्न सक्दैन। यी सम्बन्धहरू जटिल भए तापनि, सबै चीजहरूले एक-अर्कालाई झनै सुदृढ बनाउन सकून्, एक-आपसमा निर्भर रहन सकून् र सह-अस्तित्व कायम रहन सकोस् भन्ने हेतुले यी सबै चीजहरूमाथि शासन गर्ने नियम परमेश्‍वरले बनाउनुभएको हो भन्ने कुरा तैँले याद राख्नुपर्छ। अर्को शब्दमा भन्नुपर्दा, उहाँले सृष्टि गर्नुभएको प्रत्येक चीजको आ-आफ्नै मूल्य र महत्त्व छ। यदि परमेश्‍वरले कुनै महत्त्वहीन चीजको सृष्टि गर्नुभयो भने, परमेश्‍वरले उक्त चीजलाई लुप्त बनाइदिनुहुनेछ। परमेश्‍वरले सबै चीजहरूका लागि व्यवस्थापन गर्ने तरिकाहरू मध्येको एक यही हो। यस कथामा “व्यवस्थापन गर्नु” शब्दावलीले ले के बुझाउँछ? के परमेश्‍वरले रूखलाई प्रत्येक दिन पानी हाल्नुहुन्छ? के रूखलाई सास फेर्न परमेश्‍वरको सहयोगको आवश्यकता पर्दछ? (पर्दैन।) “व्यवस्थापन गर्नु” ले यहाँ सृष्टिपछि सबै चीजहरूको लागि परमेश्‍वरको व्यवस्थापनलाई बुझाउँछ; सबै चीजहरूलाई शासन गर्ने नियमहरूको स्थापना गरेपछि परमेश्‍वरले ती चीजहरूको व्यवस्थापन गर्नु मात्रै पनि पर्याप्त हुन्छ। पृथ्वीमा बीउ रोपेपछि, रूख आफैँ बढ्छ। यसको वृद्धिका सर्तहरू सबै परमेश्‍वरले तर्जुमा गर्नुभएको हो। परमेश्‍वरले घाम, पानी, माटो, हावा र वरिपरिको वातावरण बनाउनुभयो; परमेश्‍वरले हावा, शीत, हिउँ र वर्षा र चार वटा ऋतुहरू बनाउनुभयो। यी सबै कुराहरू रूख हुर्कनको लागि आवश्यक पर्ने पूर्वसर्तहरू हुन्, र यी चीजहरूलाई परमेश्‍वरले नै तयार पार्नुभएको थियो। त्यसैले, के परमेश्‍वर यस जीवित वातावरणको स्रोत हुनुहुन्छ? (हो, हुनुहुन्छ।) के परमेश्‍वरले प्रत्येक दिन रूखहरूको प्रत्येक पातको गणना गर्नुपर्दछ? पर्दैन! न त परमेश्‍वरले रूखलाई सास फेर्न सहयोग गरिरहनु पर्दछ वा न त “अब रूखहरूमा चम्किने समय भयो” भन्दै दिनहुँ सूर्यको किरणलाई जगाउनु नै आवश्यक रहन्छ। उहाँले त्यसो गरिराख्नु पर्दैन। उक्त नियमअनुसार, चम्किने समय भएपछि सूर्य आफै चम्कन्छ; यो देखा पर्दछ र रूखमा टल्कन्छ र रूखले आवश्यक पर्दा सूर्यको प्रकाश ग्रहण गर्दछ, र आवश्यक नपर्दा, रूख उक्त नियमभित्रै रहेर बाँचिरहेको हुन्छ। तिमीहरू यस प्रक्रियालाई स्पष्ट रूपमा व्याख्या गर्न सक्षम नहुन पनि सक्छौ, तथापि यो एउटा तथ्य हो, जसलाई जो-कसैले देख्न र स्वीकार गर्न सक्दछन्। तैँले गर्नुपर्ने कार्य भनेको सबै चीजहरूको अस्तित्वलाई शासन गर्ने नियमहरू परमेश्‍वरबाट आउँछन् भन्ने कुरालाई स्वीकार गर्नु, र परमेश्‍वरको प्रभुत्व सबै कुराको विकास र अस्तित्वमाथि रहन्छ भन्ने कुरा थाहा पाउनु हो।

अब, के यो कथामा मानिसहरूले भन्ने गरेका “अलङ्कार” लाई समेटिएको छ? के यो व्यक्तित्वकरण हो? (होइन।) मैले एउटा सत्य कथा सुनाएँ। जीवन भएका, सबै किसिमका जीवित प्राणीहरूमाथि परमेश्‍वरले शासन गर्नुहुन्छ; प्रत्येक जीवित प्राणीको सृष्टि भएको समयमा, परमेश्‍वरले तिनमा जीवन भरिदिनुभयो; प्रत्येक जीवित प्राणीको जीवन परमेश्‍वरबाट आउँछ र यसलाई निर्देशित गर्ने बाटो र नियमलाई पछ्याउँदछ। यसको लागि मानिसले यसलाई परिवर्तन गरिरहनु पर्दैन, न त यसलाई मानिसको मद्दतको नै आवश्यकता पर्दछ; यो परमेश्‍वरको सबै

चीजहरूको लागि प्रबन्ध गर्ने एउटा तरिका हो। तिमीहरूले बुझ्यौ, होइन त? के मानिसले यस विषयको पहिचान गर्नु आवश्यक छ भन्ने तिमीहरूलाई लाग्छ? (हो।) त्यसैले, के जीवविज्ञानसँग यो कथाको कुनै सम्बन्ध छ? के यो ज्ञानको क्षेत्र वा सिकाइको उपखण्डसँग कुनै हिसाबले सम्बन्धित छ? हामी जीवविज्ञानको बारेमा छलफल गरिरहेका छैनौं, र हामी अवश्य नै कुनै पनि जैविक अनुसन्धान गरिरहेका छैनौं। हाम्रो कुराकानीको मुख्य विषय के हो? (सबै थोकका लागि जीवनको स्रोत परमेश्‍वर नै हुनुहुन्छ।) तिमीहरूले यस सृष्टिमा के देखेका छौ? के तैँले रूखहरू देखेको छस्? के तैँले पृथ्वी देखेको छस्? (छ।) तिमीहरूले सूर्यको किरण देखेका छौ, होइन त? के तिमीहरूले रूखमा चराहरू बसेको देखेका छौ? (हामीले देखेका छौँ।) के यस्तो वातावरणमा बाँच्न पाउँदा मानवजाति खुशी छ? (छ।) यसो भन्नुको अर्थ, मानवजातिको घर, उनीहरूको जीवनको वातावरण बनाउन र सुरक्षा गर्नको लागि परमेश्‍वरले—आफूले सृष्टि गर्नुभएको—सबै चीज प्रयोग गर्नुभयो। यस प्रकारले, परमेश्‍वरले मानवजाति र सबै कुराको लागि प्रबन्ध गर्नुहुन्छ।

यस कुराकानीको शैली, मैले गरिरहेको सङ्गतिको तरिका तिमीहरूलाई कस्तो लाग्यो? (यो बुझ्न सजिलो छ, र वास्तविक जीवनका धेरै उदाहरणहरू छन्।) मैले बोलेका यी शब्दहरू निरर्थक छैनन्, छन् त? सबै थोकका लागि जीवनको स्रोत परमेश्‍वर नै हुनुहुन्छ भनेर बुझ्नका लागि के मानिसहरूलाई यो कथाको आवश्यकता छ? (छ।) उसो भए, अब हामी अर्को कथातर्फ अघि बढौं। अर्को कथाको विषयवस्तु अलि फरक छ, र कथाको चुरो कुरा पनि अलि फरक छ। यस कथामा देखा पर्ने सबै कुरा परमेश्‍वरको सृष्टिमा मानिसले आफ्नै आँखाले देख्न सक्ने कुरा हुन्। अब, म मेरो अर्को कथा सुरु गर्छु। कृपया शान्त भएर सुन्नु होला र मेरा कुराको अर्थ पत्ता लगाउन सक्नुहुन्छ, सक्नुहुन्न, विचार गर्नुहोला। कथापछि, तिमीहरूले के-कति सिक्यौ भनेर बुझ्नका लागि म तिमीहरूलाई केही प्रश्‍नहरू सोध्नेछु। यस कथाका पात्रहरू ठूलो हिमाल, सानो नदी, ठूलो हावा र विशाल छाल हुन्।

**कथा २. ठूलो हिमाल, सानो नदी, ठूलो हावा र विशाल छाल**

एउटा सानो नदी थियो, घुम्दै बहँदै, घुम्दै बहँदै, अन्ततः ठूलो हिमालको फेदीमा आइपुगेको थियो। हिमालले सानो नदीको बाटोलाई छेकिदियो, त्यसैले नदीले आफ्नो कमजोर, मधुरो आवाजमा हिमाललाई भन्यो, “कृपया मलाई जान दिनुहोस्। तपाईंहरू मेरो बाटोमा उभिनुभएको छ र मेरो अगाडिको बाटो रोकिरहनुभएको छ।” “तपाईं कहाँ जाँदै हुनुहुन्छ?” हिमालले सोध्यो। “म मेरो घर खोजिरहेको छु,” नदीले जवाफ दियो। “ठीक छ, अगाडि बढ्नुहोस् र म माथिबाट नै बग्नुहोस्!” तर सानो नदी धेरै कमजोर र धेरै सानो थियो, त्यसैले त्यस्तो ठूलो हिमालमाथिबाट बगेर जाने नदीको सामर्थ्य थिएन। नदी हिमालको फेदमुनिबाट मात्रै बग्न सक्थ्यो ...

बालुवा र धूलो बोकेको ठूलो हावा हिमाल उभिएको ठाउँमा आइपुग्यो। हावाले हिमालतर्फ गुहार लगायो, “मलाई पार गर्न दिनुहोस्!” “तपाईं कहाँ जाँदै हुनुहुन्छ?” हिमालले सोध्यो। “म हिमालको अर्कोपट्टि जान चाहन्छु,” प्रतिक्रिया स्वरूप हावा ठूलो स्वरमा करायो। “ठीक छ, यदि तपाईं मेरो कम्मर भएको ठाउँबाट फुत्कन सक्नुहुन्छ भने, तपाईं जान सक्नुहुन्छ!” ठूलो हावा यता र उता

मच्चियो तर त्यसले जे गरे पनि यो हिमालको कम्मरबाट फुत्किन सकेन। ठूलो हावा थामियो र आराम गर्न रोकियो–हिमालको अर्कोपट्टि, त्यहाँका मानिसहरूलाई खुशी बनाउँदै एकसरो बतास चल्न थाल्यो। यो मानिसहरूलाई हिमालले दिएको अभिवादन थियो ...

सागरको किनारमा, सागरका छालहरू ढुङ्गे किनारमा बिस्तारै बटारिन थाले। अचानक, एउटा विशाल छाल उठ्यो र हिमालतिर गयो। "मेरो बाटोबाट हट्नुहोस्!" विशाल छाल करायो। "तपाईं कहाँ जाँदै हुनुहुन्छ?" हिमालले सोध्यो। अगाडि बढ्नबाट आफूलाई रोक्न असमर्थ हुँदै, छाल गर्जियो, "म आफ्नो क्षेत्र विस्तार गर्दैछु! म मेरा पाखुराहरू तन्काउन चाहन्छु!" "ठीक छ, यदि तपाईं मेरो चुचुरोमाथिबाट जान सक्नुहुन्छ भने, म तपाईंलाई जान दिनेछु।" विशाल छाल अलिकति पछाडि हट्यो र फेरि हिमालतिर ठूलो हुँदै अघि बढ्यो। तर जतिसुकै प्रयास गरे पनि, हिमालको चुचुरोमा पुग्न सकेन। छाल बिस्तारै सागरमा फर्कन मात्रै सक्थ्यो ...

हजारौं वर्षसम्म, सानो नदी हिमालको फेदतिर बिस्तारै बग्दै गयो। हिमालको दिशा पछ्याउँदै, सानो नदीले घर फर्कने बाटो बनायो, यो ठूलो नदीमा मिसियो र नदी सागरमा। हिमालको हेरचाहले गर्दा, सानो नदीले कहिल्यै आफ्नो बाटो बिराएन। नदी र हिमालले एक-अर्कालाई सुदृढ गरेका थिए र एक-आपसमा निर्भर रहेका थिए; उनीहरू एक-अर्कालाई सुदृढ गर्थे, एक-अर्कालाई क्रिया-प्रतिक्रिया दिन्थे, अनि तिनीहरू सह-अस्तित्वमा रहेका थिए।

हजारौं वर्षमा, ठूलो हावा कराउँदै बटारियो, किनभने यो नै यसको बानी थियो। यो अझै बालुवाका ठूला फोहोराहरू आफूभित्र रुमल्ल्याउँदै हिमाललाई "भेट्न" आउँथ्यो। हावाले हिमाललाई धम्की दियो, तर हिमालको कम्मर कहिल्यै भाँचिएन। हावा र हिमालले एक-अर्कालाई झनै सुदृढ गरेका थिए र तिनीहरू एक-अर्कामा निर्भर रहेका थिए; उनीहरू एक-अर्कालाई सुदृढ गर्थे, एक-अर्कालाई क्रिया-प्रतिक्रिया दिन्थे, अनि सह-अस्तित्वमा रहेका थिए।

हजारौं वर्षसम्म, विशाल छालले कहिल्यै विश्राम लिएन, र आफ्नो क्षेत्र निरन्तर विस्तार गर्दै यो अथक रूपमा अगाडि बढ्यो। छाल गर्जियो र हिमालतिर बारम्बार उकालो लाग्यो, तर हिमाल कहिल्यै एक इन्च पनि सरेन। हिमालले सागरलाई पहरा दियो, र यस प्रकारले, सागरमा भएका प्राणीहरू बढ्दै गए र फस्टाउँदै गए। छाल र हिमालले एक-अर्काको थपलाई सुदृढ गरेका थिए र तिनीहरू एक-अर्कामा निर्भर रहेका थिए; उनीहरू एक-अर्कालाई सुदृढ गर्थे, एक-अर्कालाई क्रिया-प्रतिक्रिया दिन्थे, अनि सह-अस्तित्वमा रहेका थिए।

यसरी हाम्रो कथा टुंगिन्छ। सबभन्दा पहिले, मलाई भन, यो कथा केको बारेमा थियो? त्यसमा एउटा विशाल हिमाल, एउटा सानो खोला, एउटा भीषण बतास, र एउटा निकै ठूलो छाल थिए। पहिलो अनुच्छेदमा, सानो खोला र विशाल हिमालको बारेमा के भयो? किन मैले खोला र हिमालको बारेमा कुरा गर्ने निर्णय गरेँ त? (हिमालको हेरचाहमा खोलाले कहिल्यै पनि बाटो बिराएन। तिनीहरू एक-अर्कामा निर्भर रहे।) त्यो हिमालले त्यो सानो खोलालाई संरक्षण गर्‍यो कि अवरोध गर्‍यो, तिमीहरू के भन्छौ? (यसले त्यसलाई संरक्षण गर्‍यो।) तर के यसले त्यसलाई अवरोध गरेन त? यसले र खोलाले एक-अर्कोको रखवाली गरे; हिमालले खोलालाई संरक्षण पनि गर्‍यो र अवरोध पनि गर्‍यो। हिमालले खोलालाई नदीमा जोडिन जाँदा संरक्षण गर्‍यो, तर जताततै बग्दै बाढी ल्याएर

मानिसहरूमा विपत्ति ल्याउनबाट यसलाई रोक्यो। के त्यो अनुच्छेद यही कुराको बारेमा थियो हैन र? खोलाको संरक्षण गरेर र यसलाई अवरुद्ध पारेर हिमालले मानिसहरूका घरहरूको सुरक्षा गऱ्यो। त्यसपछि त्यो सानो खोला हिमालको फेदीमा नदीमा मिसियो र बग्दै समुद्रमा गयो। के खोलाको अस्तित्व चलाउने नियम यही होइन र? खोलालाई नदीमा मिसिन र बग्दै समुद्रमा जान केले सक्षम बनायो? के त्यो हिमाल थिएन र? त्यो खोला हिमालको सुरक्षा र यसको अवरोधमा निर्भर थियो। त्यसैले, के यो मुख्य बुँदा होइन र? के तँ यसमा पानीको लागि हिमालको महत्त्व देख्दैनस् र? के हिमाल ठूलो र सानो बनाउनुमा परमेश्वरसँग उहाँको कुनै उद्देश्य थियो? (थियो।) एउटा सानो खोला र एउटा विशाल हिमालबाहेक अरू कुरा नभएको यो छोटो अनुच्छेदले हामीलाई यी दुई थोक परमेश्वरले सृष्टि गर्नुको मूल्य र महत्त्व देख्न सक्षम तुल्याउँछ; यसले हामीलाई तिनीहरूमाथिको उहाँको शासनपछाडिको उहाँको बुद्धि र उद्देश्य पनि देखाउँछ। के त्यो यस्तै होइन र?

दोस्रो अनुच्छेदको कथा केको बारेमा थियो? (एक भीषण बतास र एक विशाल हिमाल।) के बतास राम्रो कुरा हो? (हो।) यस्तै हुन्छ भन्ने जरुरी छैन—कहिलेकाहीँ बतास एकदमै शक्तिशाली हुन्छ र यसले विपत्ति ल्याउँछ। यदि तँलाई भीषण बतासमा उभिन बाध्य पारियो भने तैँले कस्तो अनुभूति गर्थिस्? यो कुरा यसको शक्तिमा निर्भर हुन्छ, होइन र? यदि यो तह तीन वा तह चारको बतास थियो भने, यो सहन सकिने खालको हुन्थ्यो। बढीमा, व्यक्तिलाई आफ्नो आँखा खुला राख्न मात्र समस्या भोग्थ्यो होला। तर यदि त्यो बतास अझै तीव्र बनेर तुफान बन्यो भने, के तैँले यसलाई सहन सक्थिस् र? तैँले सहन सक्दैनथिस्। त्यसकारण, मानिसहरूले बतासलाई सधैँ राम्रो हुन्छ वा यो सधैँ नराम्रो हुन्छ भनेर भन्नु गलत हुन्छ किनभने त्यो कुरा त यसको शक्तिमा भर पर्छ। अब, यसमा हिमालको काम के हो त? के यसको काम बतासलाई छान्नु होइन र? हिमालले भीषण बतासलाई घटाएर केमा परिणत गर्छ? (मन्द हावा।) अब, मानिस बसोबास गर्ने वातावरणमा, के धेरैजसो मानिसहरूले आँधीको अनुभव गर्छन् कि मन्द हावाको? (मन्द हावा।) के यो कुरा हिमालहरू सृष्टि गर्नुपछाडिका परमेश्वरका उद्देश्यहरूमध्ये एक, उहाँका अभिप्रायहरूमध्ये एक थिएन र? यदि मानिसहरू बतासमा अनियन्त्रित रूपमा, बिना कुनै अवरोध र फिल्टर नभईकनै बालुवा उडिरहने वातावरणमा बस्थे भने, कस्तो हुन्थ्यो होला? के त्यो उड्ने बालुवा र ढुङ्गाले घेरिएको भूमि बसोबास गर्न नसकिने हुन्थ्यो होला? ती ढुङ्गाहरूले मानिसहरूलाई हिर्काउथ्यो होला, र त्यो बालुवाले तिनीहरूलाई अन्धो पार्थ्यो होला। बतासले मानिसहरूलाई भुइँबाट माथि उडाउँथ्यो होला, वा तिनीहरूलाई हावामाथि उडाएर लैजान्थ्यो होला। घरहरू भत्कन्थे होला, र हरप्रकारका विपत्तिहरू आइपर्थ्यो होला। तैपनि, के त्यो भीषण बतासको अस्तित्वको कुनै महत्त्व हुन्छ? मैले यो नराम्रो हो भनेर भनेँ, त्यसकारण कसैलाई यसको कुनै महत्त्व हुँदैन भन्ने लाग्न सक्छ, तर के त्यो त्यस्तै हो र? के त्यो मन्द हावामा परिणत भएपछि यसको महत्त्व हुँदैन र? मौसम बाफिलो वा सासै फेर्न नसकिने भयो भने मानिसहरूलाई सबैभन्दा बढी के चाहिन्छ? तिनीहरूमा हल्कासित बग्ने, तिनीहरूलाई ताजा महसुस गराउने र तिनीहरूको टाउको हल्का गराउने, तिनीहरूको सोच तिखार्ने, तिनीहरूको मन-मस्तिष्कको स्थिति सुधार गर्ने एवं तन्दुरुस्त बनाउने

मन्द हावा चाहिन्छ। अब, उदाहरणको लागि, तिमीहरू सबै एउटै कोठामा धेरै जना उकुसमुकुस भएर बसेका छौ–तिमीहरूलाई सबैभन्दा बढी के चाहिन्छ? (मन्द हावा।) बाक्लो धुवाँ वा फोहोरी हावा भएको ठाउँमा जाँदा व्यक्तिको सोच्ने प्रक्रिया ढिलो हुन्छ, रक्तसञ्चार कम हुन्छ र व्यक्तिको दिमागी स्पष्टता हराउँछ। तर अलिकति हलचल र बहावले हावालाई ताजा बनाउँछ, र मानिसहरूले ताजा हावामा फरक अनुभूति गर्छन्। सानो खोलाले विपत्ति ल्याउने भए पनि, भीषण बतासले विपत्ति ल्याउने भए पनि, जबसम्म त्यहाँ हिमाल हुन्छ, तबसम्म यसले त्यो खतरालाई मानिसको लागि फाइदाजनक शक्तिमा बदलिदिन्छ। के त्यो यस्तै होइन र?

तेस्रो अनुच्छेदको कथा केको बारेमा थियो? (विशाल पहाड र निकै ठूलो छाल।) विशाल पहाड र निकै ठूलो छाल। यो अनुच्छेदको परिवेश हिमालको फेदको, समुद्री किनारमा रहेको छ। हामी हिमाल, समुद्री फोहोरा, र विशाल छाल देख्छौं। यस उदाहरणमा छालको लागि हिमाल के हो त? (संरक्षक र अवरोध।) यो संरक्षक र अवरोध दुवै हो। संरक्षकको रूपमा यसले समुद्रलाई लोप हुनबाट रोक्छ ताकि यसमा बस्ने प्राणीहरू बाँच्न र वृद्धि हुन सकून्। अवरोधको रूपमा हिमालले समुद्रको पानीलाई अतिप्रवाह भई विपत्ति ल्याउनबाट रोक्छ, मानिसहरूका घरहरूलाई हानि र विनाश गर्नबाट रोक्छ। यसकारण, हामी हिमाललाई संरक्षक र अवरोध दुवै भनेर भन्न सक्छौं।

विशाल हिमाल र सानो खोला, विशाल हिमाल र भीषण बतास, र विशाल हिमाल र निकै ठूलो छालबीचको अन्तरसम्बन्धको महत्त्व यही हो; तिनीहरूको परस्पर मजबुतीकरण र निष्प्रभावीकरण अनि तिनीहरूको सह-अस्तित्वको महत्त्व यही हो। परमेश्‍वरले सृष्टि गर्नुभएका यी कुराहरूलाई तिनीहरूको अस्तित्वमा नियम र व्यवस्थाले संचालन गर्छ। त्यसो भए, यो कथामा तिमीहरूले परमेश्‍वरका के-कस्ता कार्यहरू देख्छौ त? के परमेश्‍वरले यावत् थोकको सृष्टि गर्नुभएदेखि तिनीहरूलाई बेवास्ता गर्नुभएको छ? के उहाँले तिनीहरूलाई त्यसपछि बेवास्ता गर्नको लागि नियमहरू बनाउनुभयो र यी सबै कुराहरूले कार्य गर्ने तरिकाहरूको प्रारूप तयार गर्नुभयो? के यही भयो त? (होइन।) त्यसो भए, के भयो त? परमेश्‍वर अझै नियन्त्रणकारी भूमिकामा हुनुहुन्छ। उहाँले पानी, हावा, र छालहरूलाई नियन्त्रण गर्नुहुन्छ। उहाँले तिनीहरूलाई अनियन्त्रित बन्न दिनुहुन्न, न त उहाँले तिनीहरूलाई मानिसहरू बसोबास गर्ने घरहरूलाई हानि वा विनाश गर्न नै दिनुहुन्छ। यस कारणले गर्दा, मानिसहरू भूमिमा निरन्तर बाँचिरहन, वृद्धि हुन, र उन्नति गर्न सक्छन्। यसको मतलब, उहाँले यावत् थोकको सृष्टि गर्नुहुँदा उहाँले तिनीहरूको अस्तित्वका नियमहरूको बारेमा पनि पहिले नै योजना गरिसक्नुभएको थियो। जब परमेश्‍वरले हरके थोकको सृष्टि गर्नुभयो, उहाँले यसले मानवजातिलाई फाइदा गर्नेछ भन्ने कुरा सुनिश्‍चित गर्नुभयो, र उहाँले यसमाथि नियन्त्रण कायम गर्नुभयो ताकि यसले मानवजातिलाई हानि गर्न वा उसमा विपत्ति ल्याउन नसकोस्। परमेश्‍वरको व्यवस्थापन नभएको भए, के पानी कुनै नियन्त्रणविना नै बग्नेथिएन र? के हावा कुनै नियन्त्रणविना नै बहने थिएन र? के पानी र हावाले नियम पालना गर्छन्? यदि परमेश्‍वरले तिनीहरूको व्यवस्थापन नगर्नुभएको भए, कुनै पनि नियमहरूले तिनीहरूलाई शासन गर्नेथिएन, अनि हावा कुर्लन्थ्यो र पानी अनियन्त्रित हुन्थ्यो र बाढी ल्याउँथ्यो। यदि छालहरू हिमालभन्दा अग्ला थिए भने, के समुद्र अस्तित्वमा रहन सक्थ्यो र? सक्दैनथियो। यदि हिमाल

छालहरू जति अग्लो थिएन भने, समुद्र अस्तित्वमा रहनेथिएन, र हिमालले आफ्नो मूल्य र महत्त्व गुमाउँनेथियो।

के तिमीहरू यी दुई कथामा परमेश्वरको बुद्धि देख्छौ? परमेश्वरले अस्तित्वमा रहने हरेक थोकको सृष्टि गर्नुभयो, र उहाँ अस्तित्वमा रहने हरेक थोकमाथि सार्वभौम हुनुहुन्छ; उहाँले यी सबै थोकको व्यवस्थापन गर्नुहुन्छ र उहाँले यी सबै थोकको भरणपोषण गर्नुहुन्छ, अनि यी सबै कुराहरूभित्र, उहाँले अस्तित्वमा रहने हरेक थोकको हरेक शब्द र कार्यलाई हेर्नुहुन्छ र सूक्ष्म निरीक्षण गर्नुहुन्छ। त्यस्तै, परमेश्वरले मानव जीवनको हरेक कुना पनि हेर्नुहुन्छ र सूक्ष्म निरीक्षण गर्नुहुन्छ। यसरी, परमेश्वरले उहाँको सृष्टिभित्र अस्तित्वमा रहने हरेक थोकको हरेक कुरा नजिकबाटै जान्नुहुन्छ, हरेक थोकको कार्यदेखि, यसको प्रकृति, अनि यसका जीवन-अस्तित्वका नियमहरू, यसको जीवनको महत्त्व र यसको अस्तित्वको मूल्यसम्म, यी सबै कुरा सम्पूर्ण रूपमा परमेश्वरलाई थाहा हुन्छ। परमेश्वरले यावत् थोकको सृष्टि गर्नुभयो–के उहाँले ती कुराहरूलाई शासित गर्ने नियमहरूको अध्ययन गर्नुपर्छ जस्तो तिमीहरूलाई लाग्छ? के परमेश्वरले ती कुराहरूको बारेमा सिक्न र तिनलाई बुझ्नको लागि मानव ज्ञान वा विज्ञान अध्ययन गर्नुपर्छ? (पर्दैन।) के परमेश्वरले गर्नुहुने सबै कुरा बुझ्नको लागि ज्ञान र विद्वता भएको कुनै व्यक्ति मानवजातिमाझ छ? कोही पनि छैन, होइन र? जुन नियमहरूद्वारा यावत् थोक जिउँछन् र वृद्धि हुन्छन्, के ती नियमहरूलाई साँचो रूपले बुझ्ने कुनै खगोलशास्त्री र जीवविज्ञानवेत्ताहरू छन्? के तिनीहरूले हरेक थोकको अस्तित्वको महत्त्वलाई साँचो रूपले बुझ्न सक्छन्? (अहँ, तिनीहरूले सक्दैनन्।) किनभने परमेश्वरले नै यावत् थोक सृष्टि गर्नुभयो, र मानवजातिले जति नै धेरै वा जति नै गहन रूपमा यो ज्ञानलाई अध्ययन गरे पनि, वा जति नै लामो समय तिनीहरू यसलाई सिक्नको लागि प्रयत्न गरे पनि, तिनीहरूले परमेश्वरले गर्नुभएको यावत् थोकको सृष्टिको रहस्य वा उद्देश्यलाई कहिल्यै पनि बुझ्न सक्नेछैन। के अवस्था यस्तै होइन र? अब, यहाँसम्मको हाम्रो छलफलबाट, के तिमीहरूले "सबै थोकका लागि जीवनको स्रोत परमेश्वर नै हुनुहुन्छ" भन्ने पदावलीको साँचो अर्थको आंशिक बुझाइ हासिल गरेका छौं भन्ने अनुभूति गर्छौ? (गर्छौं।) मैले यो विषयको बारेमा–सबै थोकका लागि जीवनको स्रोत परमेश्वर नै हुनुहुन्छ भन्ने बारेमा–छलफल गर्दा, धेरै मानिसहरूले अर्को वाक्यांश "परमेश्वर सत्यता हुनुहुन्छ, र परमेश्वरले हामीलाई भरणपोषण गर्न उहाँको वचन प्रयोग गर्नुहुन्छ" भन्ने बारेमा सोच्नेथिए र उक्त विषयको त्यो तहको अर्थभन्दा पर केही पनि सोच्दैनथिए भन्ने मलाई थाहा थियो। केहीले त परमेश्वरले मानव जीवन, दैनिक खाद्य र पेय पदार्थ र हरेक दैनिक आवश्यकताको प्रबन्ध गर्नुभएको कुरालाई उहाँले भरणपोषण गर्नुभएको कुराको रूपमा लिन सकिँदैन भन्ने समेत ठान्छन्। के यस्तो ठान्ने केही छैनन् त? तैपनि, के उहाँको सृष्टिप्रतिको परमेश्वरको अभिप्राय–मानवजातिलाई सामान्य रूपमा अस्तित्वमा रहन र जिउन सक्षम तुल्याउने कार्य–स्पष्ट छैन र? परमेश्वरले मानिसहरू जिउने वातावरणलाई कायम राख्नुहुन्छ र उहाँले मानवजातिलाई तिनीहरूको जीवन-अस्तित्वको लागि चाहिने सबै कुरा प्रदान गर्नुहुन्छ। यसअलावा, उहाँले यावत् थोकमाथि प्रभुत्व कायम राख्नुहुन्छ र त्यसको व्यवस्थापन गर्नुहुन्छ। यी सबैले मानवजातिलाई सामान्य तवरमा बाँच्न, उन्नति गर्न र वृद्धि हुन सक्षम तुल्याउँछ; यसप्रकार परमेश्वरले सारा

सृष्टि र मानवजातिलाई भरणपोषण गर्नुहुन्छ। के मानिसहरूले यी कुराहरूलाई पहिचान गर्नुपर्छ र बुझ्नुपर्छ भन्ने कुरा साँचो होइन र? सायद केहीले भन्न सक्लान्, "यो विषय साँचो परमेश्वर स्वयम्बारेको हाम्रो ज्ञानभन्दा धेरै टाढा छ, र हामी यो कुरा जान्न चाहन्नौ किनभने हामी रोटी मात्रले जिउँदैनौं, बरु हामी त परमेश्वरको वचनले जिउँछौं।" के यो बुझाइ सही छ? (छैन।) यो किन गलत छ त? यदि तिमीहरूसँग परमेश्वरले भन्नुभएका कुराहरूको मात्र ज्ञान छ भने के तिमीहरूसँग परमेश्वरको बारेमा पूर्ण बुझाइ हुनसक्छ? यदि तिमीहरूले परमेश्वरको कामलाई मात्र स्वीकार गर्छौ र परमेश्वरको न्याय र सजायलाई मात्र स्वीकार गर्छौ भने, के तिमीहरूसँग परमेश्वरको बारेमा पूर्ण बुझाइ हुन्छ? यदि तिमीहरूले परमेश्वरको स्वभावको सानो भागको बारेमा मात्र, परमेश्वरको अख्तियारको सानो भागको बारेमा मात्र जान्दछौ भने, के तिमीहरू त्यसलाई परमेश्वरको बुझाइ हासिल गर्नको लागि पर्याप्त छ भन्ने मान्छौ? (मान्दैनौं।) परमेश्वरका कार्यहरू उहाँले यावत् थोकको सृष्टि गर्नुभएदेखि सुरु भयो, र ती कार्यहरू आजका दिनसम्मै जारी छन्–परमेश्वरका कार्यहरू हरपल, हरक्षण स्पष्ट देखिन्छन्। यदि कुनै व्यक्तिले परमेश्वरले मानिसहरूमा उहाँको काम गर्न र तिनीहरूलाई मुक्ति दिनको लागि मानिसहरूको एक समूहलाई चुन्नुभएको कारणले मात्र परमेश्वर अस्तित्वमा हुनुहुन्छ र अन्य कुनै पनि कुराहरू न त उहाँको अख्तियार, उहाँको हैसियत, न त उहाँका कार्यहरू कुनैको पनि यससँग कुनै सम्बन्ध छ भन्ने विश्वास गर्छ भने, के उक्त व्यक्तिमा परमेश्वरबारेको साँचो ज्ञान छ भनेर मान्न सकिन्छ? यस्तो तथाकथित "परमेश्वरबारेको ज्ञान" हुने मानिसहरूमा केवल एकपक्षीय बुझाइ हुन्छ, जसअनुरूप ती मानिसहरूले परमेश्वरका कार्यहरूलाई मानिसहरूको एक समूहमा सीमित गरिदिन्छन्। के यो परमेश्वरबारेको साँचो ज्ञान हो त? के त्यस प्रकारको ज्ञान भएका मानिसहरूले परमेश्वरले यावत् थोकको सृष्टि गर्नुभएको कुरा र ती यावत् थोकमाथिको उहाँको सार्वभौमिकतालाई इन्कार गरिरहेका हुँदैनन् र? केही मानिसहरू यस बुँदामा संलग्न हुन चाहँदैनन्, बरु तिनीहरू मनमै सोचिरहन्छन्: "मैले यावत् थोकमाथि परमेश्वरको सार्वभौमिकतालाई देखेको छैन। यो त एकदमै टाढाको विचार हो, र म यसलाई बुझ्न चाहन्न। परमेश्वरले जे चाहनुहुन्छ त्यही गर्नुहुन्छ, र यसको मसँग कुनै सम्बन्ध छैन। म परमेश्वरको अगुवाइ र उहाँको वचन मात्र स्वीकार गर्छु, ताकि मैले परमेश्वरद्वारा मुक्ति पाउन र म उहाँद्वारा सिद्ध बन्न सकूँ। मलाई अरू कुनै कुराको चासो छैन। परमेश्वरले यावत् थोकको सृष्टि गर्नुहुँदा बनाउनुभएका नियमहरू र उहाँले यावत् थोक र मानवजातिलाई भरणपोषण गर्नको लागि गर्नुहुने कुराहरूसँग मेरो कुनै सम्बन्ध छैन।" यो कस्तो प्रकारको कुरा हो? के यो विद्रोहको कार्य होइन र? के तिमीहरूमध्येमा कोही यस प्रकारको बुझाइ भएको व्यक्ति छ? मलाई थाहा छ, तिमीहरूले त्यसो नभनीकन पनि, यहाँ तिमीहरूमध्ये धेरै जना त्यस्तै छौ। धर्मशास्त्र पालना गर्ने यस्ता मानिसहरूले हरेक कुरालाई तिनीहरूको "आत्मिक" दृष्टिकोणबाट हेर्छन्। तिनीहरूले परमेश्वरलाई बाइबलमा मात्र सीमित गर्न चाहन्छन्, परमेश्वरलाई उहाँले बोल्नुभएका वचनहरूद्वारा, शाब्दिक रूपमा लिखित वचनहरूबाट आउने अर्थमा मात्र सीमित गर्न चाहन्छन्। तिनीहरूले परमेश्वरलाई अझ बढी चिन्न चाहँदैनन् र तिनीहरू परमेश्वरले अन्य कुराहरू गरेर उहाँको ध्यान बाँड्नुभएको चाहँदैनन्। यस प्रकारको सोचाइ मूर्खतापूर्ण छ, र यो एकदमै धार्मिक

प्रकारको पनि छ। के यस प्रकारको विचारधारा हुने मानिसहरूले परमेश्‍वरलाई चिन्‍न सक्छन्? तिनीहरूले परमेश्‍वरलाई चिन्‍नु एकदमै मुस्किल हुन्छ। आज मैले तिमीहरूलाई फरक-फरक पक्षलाई सम्बोधन गर्ने दुई वटा कथा भनेको छु। तिमीहरू भर्खरै तिनीहरूको बारेमा सुनेको कारण, तिमीहरूलाई ती गहन वा अलि अमूर्त लाग्‍न सक्छ, बोध गर्न र बुझ्‍न अलि गाह्रो लाग्‍न सक्छ। तिनलाई परमेश्‍वरका कार्यहरू र परमेश्‍वर स्वयम्‌सँग जोडेर हेर्न गाह्रो हुन सक्छ। तथापि, परमेश्‍वरका सबै कार्य र सृष्टिभित्र र मानवजातिमाझ उहाँले गर्नुभएका सबै कुरालाई हरेक व्यक्तिले, परमेश्‍वरलाई चिन्‍न खोज्‍ने हरेकले स्पष्ट र दुरुस्त रूपमा जान्‍नुपर्छ। यो ज्ञानले तिमीहरूलाई परमेश्‍वरको साँचो अस्तित्वमाथिको तिमीहरूको विश्‍वासमा निश्‍चितता प्रदान गर्नेछ। यसले तिमीहरूलाई परमेश्‍वरको बुद्‌धि, उहाँको शक्ति र उहाँले यावत् थोकको लागि भरणपोषण गर्ने शैलीको बारेमा सही ज्ञान पनि प्रदान गर्नेछ। यसले तँलाई परमेश्‍वरको साँचो अस्तित्वको परिकल्पना गर्न र उहाँको अस्तित्व काल्पनिक होइन, मिथ्या होइन, अस्पष्टता होइन, सिद्‌धान्त होइन, र निश्‍चय पनि कुनै प्रकारको आत्मिक सान्त्वना होइन, बरु एउटा साँचो अस्तित्व हो भनी देखाउनेछ। यसको साथै, यसले मानिसहरूलाई परमेश्‍वरले सधैँ नै सारा सृष्टि र मानवजातिलाई भरणपोषण गर्नुभएको छ भन्‍ने कुरा जनाउनेछ; परमेश्‍वरले उहाँको आफ्नै शैली र उहाँको आफ्नै तालअनुसार यसो गर्नुहुन्छ। त्यसकारण, परमेश्‍वरले यावत् थोकको सृष्टि गर्नुभएर तिनीहरूलाई नियमहरू प्रदान गर्नुभएकोले तिनीहरू हरेकले उहाँको पूर्वनिर्धारित प्रबन्धअन्तर्गत आफ्ना तोकिएका कार्यहरू गर्न, आफ्ना उत्तरदायित्वहरू वहन गर्न, र आफ्ना भूमिकाहरू निर्वाह गर्न सक्छन्; उहाँको पूर्वनिर्धारित प्रबन्धअन्तर्गत मानवजातिको सेवामा, र मानवजातिले बसोबास गर्ने स्थान र वातावरणमा हरेक थोकको आफ्नै प्रयोजन हुन्छ। यदि परमेश्‍वरले त्यसो नगर्नुभएको भए र मानवजातिसँग बसोबास गर्नको लागि त्यस्तो वातावरण नभएको भए, मानवजातिले परमेश्‍वरमा विश्‍वास गर्नु वा उहाँलाई पछ्याउनु असम्भव हुनेथियो; यो सबै नै खोक्रो कुराभन्दा बढी केही पनि हुनेथिएन। के यो यस्तै होइन र?

हामी फेरि पनि विशाल हिमाल र सानो खोलाको कथालाई हेरौं। हिमालको काम के हो? जीवित कुराहरू हिमालमा फल्छन्-फुल्छन्, त्यसकारण यसको अस्तित्वको अन्तर्निहित महत्त्व छ, र यसले त्यो सानो खोलालाई अवरोध गरेर त्यसलाई जता मन लाग्यो त्यता बगेर मानिसहरूलाई विपत्ति ल्याउनबाट रोक्छ। अवस्था त्यही होइन र? हिमाल यसको आफ्नै सारतत्वको शैलीमा अस्तित्वमा रहन्छ, र यसले आफूमा रहेका असंख्य सजीव वस्तुहरूलाई—रूख र घाँसहरू र अन्य सबै वनस्पति र जनावरहरूलाई—हुर्कन-बढ्न दिन्छ। यसले सानो खोला बहने बाटोको दिशा पनि तय गर्छ—हिमालले खोला-नालाका पानीहरूलाई जम्मा पार्छ र तिनीहरूलाई प्राकृतिक रूपले हिमालको फेदीवरपर पठाउँछ जहाँ तिनीहरू नदीमा मिसिन्छन् र अन्ततः तिनीहरू सागरमा पुग्छन्। यी नियमहरू प्राकृतिक रूपले आफै बनेका थिएनन्, तिनीहरूलाई विशेष गरी परमेश्‍वरले सृष्टिको समयमा स्थापित गर्नुभएको थियो। विशाल हिमाल र भीषण बतासको कुरा गर्दा, हिमाललाई पनि बतासको आवश्यकता पर्छ। हिमाललाई आफूमा बसोबास गर्ने सजीव कुराहरूलाई सुम्सुम्याउन बतासको आवश्यकता पर्छ भने यसले उही बेला भीषण बतासको शक्तिलाई चाहिँ नियन्त्रित गरेर

अनियन्त्रित रूपले बहन दिँदैन। यो नियमले केही निश्चित रूपमा विशाल हिमालको कर्तव्यलाई मूर्तरूप प्रदान गर्छ; त्यसो भए, के यो विशाल हिमालको कर्तव्यसम्बन्धी नियमको स्वरूप आफै निर्मित भयो त? (भएन।) यो त परमेश्वरले निर्माण गर्नुभएको हो। विशाल हिमालको आफ्नो कर्तव्य छ र भीषण बतासको पनि आफ्नै कर्तव्य छ। अब हामी विशाल हिमाल र ठूलो छालतर्फ फर्किऔं। हिमालको अस्तित्वविना, के पानीले आफै बग्ने दिशा भेट्टाउन सक्थ्यो त? (सक्दैनथियो।) पानी बाढी बन्न सक्नेथियो। हिमालको रूपमा हिमालको आफ्नै अस्तित्वरूपी महत्त्व छ, र समुद्रको पनि समुद्रको रूपमा आफ्नै अस्तित्वरूपी महत्त्व छ; तथापि, तिनीहरू सामान्य रूपले सँगसँगै अस्तित्वमा रहने सक्ने र तिनीहरूले एक-अर्कालाई हस्तक्षेप नगर्ने परिस्थितिहरूअन्तर्गत तिनीहरूले एक-अर्कालाई सीमित पनि गर्छन्—विशाल हिमालले समुद्रलाई सीमित गर्छ ताकि समुद्र बाढी नबनोस् र यसरी यसले मानिसहरूको घरहरूको संरक्षण गर्छ र समुद्रलाई सीमित गरेर यसले आफूभित्र बस्ने सजीव वस्तुहरूलाई पोषण दिन्छ भन्ने कुरालाई पनि सुनिश्चित गर्छ। के यो भू-दृश्यले आफैले आफ्नो स्वरूप धारण गऱ्यो त? (गरेन।) यो पनि परमेश्वरले नै सृष्टि गर्नुभएको थियो। हामीले यो प्रतिरूपबाट के देख्छौं भने जब परमेश्वरले यावत् थोकको सृष्टि गर्नुभयो, उहाँले हिमाल कहाँ उभिनेछ, खोला कतातिर बग्नेछ, कुन दिशाबाट भीषण बतास बहन सुरु गर्नेछ र यो कता जानेछ, र विशाल छालहरू कति उचाइसम्म पुग्नेछन् भन्ने कुराहरू पूर्वनिर्धारित गर्नुभयो। यी सबै कुराहरूमा परमेश्वरका अभिप्राय र उद्देश्य समावेश छन्—तिनीहरू परमेश्वरका कार्यहरू हुन्। अब, के तिमीहरूले सबै कुरामा परमेश्वरका कार्यहरू देख्न सक्छौ? (सक्छौं।)

यी कुराहरू छलफल गर्नुको हाम्रो उद्देश्य के हो त? के यो मानिसहरूलाई परमेश्वरले जुन नियमहरूद्वारा यावत् थोकको सृष्टि गर्नुभयो ती नियमहरू अध्ययन गर्न लगाउनको लागि हो? के यो खगोलशास्त्र र भूगोलमा रुचि जगाउनको लागि हो? (होइन।) त्यसो भए, के हो त? यो मानिसहरूलाई परमेश्वरका कार्यहरू बुझ्न लगाउनको लागि हो। परमेश्वरका कार्यहरूमा, मानिसहरूले सबै थोकका लागि जीवनको स्रोत परमेश्वर नै हुनुहुन्छ भन्ने कुरा पुष्टि र प्रमाणित गर्न सक्छन्। यदि तैँले यो कुरा बुझ्न सक्छस् भने तैँले तेरो हृदयमा परमेश्वरको स्थानलाई साँचो रूपमा सुनिश्चित गर्न सक्नेछस्, र तैँले परमेश्वर, परमेश्वर स्वयम् अद्वितीय, आकाश र पृथ्वी अनि यावत् थोकको सृष्टिकर्ता हुनुहुन्छ भन्ने पुष्टि गर्न सक्नेछस्। त्यसो भए, के यावत् थोकका नियमहरू र परमेश्वरका कार्यहरूको बारेमा जान्नु परमेश्वरबारेको तेरो बुझाइको लागि उपयोगी हुन्छ त? (हुन्छ।) यो कति उपयोगी हुन्छ त? सबैभन्दा पहिले, जब तैँले परमेश्वरका कार्यहरूको बारेमा बुझिसकेको हुन्छस्, के तैँले अझै पनि खगोलशास्त्र र भूगोलमा रुचि राख्न सक्छस्? के तँसँग अझै पनि सन्देहवादी हृदय हुन सक्छ र तैँले परमेश्वर यावत् थोकका सृष्टिकर्ता हुनहुन्छ भन्ने कुरामा शङ्का गर्न सक्छस्? के तँसँग अझै पनि शोधकर्ताको हृदय हुन सक्छ र तैँले परमेश्वर यावत् थोकका सृष्टिकर्ता हुनहुन्छ भन्ने कुरामा शङ्का गर्न सक्छस्? (सक्दिन।) जब तैँले परमेश्वर यावत् थोकका सृष्टिकर्ता हुनहुन्छ भन्ने कुरालाई पुष्टि गरिसकेको हुन्छस् र परमेश्वरको सृष्टिका केही नियमहरूलाई बुझिसकेको हुन्छस्, के तैँले तेरो हृदयमा परमेश्वरले यावत् थोकको भरणपोषण गर्नुहुन्छ भन्ने कुरामा साँच्चै विश्वास गर्नेछस्? (गर्छु।) के यहाँ

“भरणपोषण” को खास महत्त्व रहेको छ, वा यसको प्रयोगले कुनै खास परिस्थितिलाई जनाउँछ? “परमेश्‍वरले यावत् थोकको भरणपोषण गर्नुहुन्छ” भन्‍ने पदावली एकदमै फराकिलो महत्त्व र दायरा भएको पदावली हो। परमेश्‍वरले मानिसहरूलाई केवल तिनीहरूको दैनिक खाद्य र पेय पदार्थ मात्रै उपलब्ध गराउनुहुन्‍न; उहाँले त मानवजातिलाई तिनीहरूले देख्‍न सक्‍ने हरेक कुरा लगायत तिनीहरूलाई आवश्यक पर्ने हरेक कुरा उपलब्ध गराउनुहुन्छ, अनि उहाँले त तिनीहरूलाई तिनीहरूले देख्‍न नसक्‍ने कुराहरूसमेत उपलब्ध गराउनुहुन्छ। परमेश्‍वरले मानवजातिको लागि अत्यावश्यक यो सजीव वातावरणलाई कायम राख्‍नुहुन्छ, व्यवस्थापन गर्नुहुन्छ र त्यसमाथि शासन गर्नुहुन्छ। भन्‍नुको अर्थ, हरेक ऋतुमा मानवजातिलाई जे-जस्तो वातावरण चाहिन्छ, त्यस्तो वातावरण परमेश्‍वरले तयार गर्नुभएको छ। परमेश्‍वरले हावा र तापक्रमको प्रकार पनि व्यवस्थापन गर्नुहुन्छ ताकि ती मानव जीवन-अस्तित्वको लागि उपयुक्त हुन सकून्। यी कुराहरूलाई शासन गर्ने नियमहरू आफै वा आकस्मिक तवरमा उत्पन्‍न हुँदैनन्; तिनीहरू त परमेश्‍वरको सार्वभौमिकता र उहाँका कार्यहरूका परिणाम हुन्। परमेश्‍वर स्वयम् नै यी सबै नियमहरूको स्रोत र यावत् थोकको लागि जीवनको स्रोत हुनुहुन्छ। तैँले यसमा विश्‍वास गरे पनि नगरे पनि, तैँले यसलाई देख्‍न सके पनि नसके पनि, वा तैँले यसलाई बुझ्‍न सके पनि नसके पनि, यो कुरा एक स्थापित र अकाट्य तथ्यको रूपमा रहेको छ।

मलाई थाहा छ, धेरैजसो मानिसहरूलाई बाइबलमा समावेश भएका परमेश्‍वरका वचनहरू र काममा मात्र विश्‍वास छ। थोरै मानिसहरूको लागि परमेश्‍वरले उहाँका कार्यहरू प्रकट गर्नुभएको छ र मानिसहरूलाई उहाँको अस्तित्वको महत्त्व देखाउनुभएको छ। उहाँले तिनीहरूलाई उहाँको हैसियतको बारेमा केही बुझाइ प्राप्‍त गर्ने तुल्याउनुभएको छ, र उहाँले उहाँको अस्तित्वको तथ्यलाई पुष्टि गर्नुभएको छ। तथापि, धेरैभन्दा धेरै मानिसहरूको लागि, परमेश्‍वरले यावत् थोकको सृष्टि गर्नुभएको र उहाँले यावत् थोकको व्यवस्थापन र भरणपोषण गर्नुहुन्छ भन्‍ने तथ्य अस्पष्ट र अनिश्‍चित देखिन्छ; त्यस्ता मानिसहरूले शङ्‌काको आचरणसमेत कायम राख्छन्। यो आचरणले तिनीहरूलाई प्राकृतिक संसारका नियम-व्यवस्थाहरू स्वतः सृजित भए, प्रकृतिका परिवर्तन, अवस्थांन्तर, घटना र यसलाई शासित गर्ने नियम-व्यवस्थाहरू प्रकृति आफैबाट उत्पन्‍न भए भन्‍ने विश्‍वास गर्ने तुल्याउँछ। परमेश्‍वरले कसरी यावत् थोकको सृष्टि गर्नुभयो र तिनीहरूमाथि शासन गर्नुहुन्छ भन्‍ने कुरालाई मानिसहरूले आफ्नो हृदयमा परिकल्पना गर्न सक्दैनन्; तिनीहरूले परमेश्‍वरले कसरी यावत् थोकको व्यवस्थापन र भरणपोषण गर्नुहुन्छ भन्‍ने बुझ्‍न सक्दैनन्। यस तार्किक आधारको दायराअन्तर्गत, मानिसहरूले परमेश्‍वरले यावत् थोकको सृष्टि गर्नुभयो, तिनीहरूमाथि शासन गर्नुहुन्छ र तिनीहरूलाई भरणपोषण गर्नुहुन्छ भनेर विश्‍वास गर्न सक्दैनन्; यी कुराहरू विश्‍वास गर्नेहरू पनि तिनीहरूको विश्‍वासमा व्यवस्थाको युग, अनुग्रहको युग र राज्यको युगमा सीमित छन्: तिनीहरू विश्‍वास गर्छन् कि परमेश्‍वरका कार्यहरू र उहाँका भरणपोषणहरू विशुद्ध रूपमा उहाँका चुनिएका मानिसहरूको लागि मात्र हुन्। यो मलाई हेर्न पनि अत्यन्तै घृणा लाग्‍ने कुरा हो, र मलाई एकदमै धेरै पीडा दिने कुरा हो, किनभने परमेश्‍वरले ल्याउनुहुने सबै थोकमा मानव रमाउने भए पनि तिनीहरूको लागि उहाँले जे गर्नुहुन्छ र तिनीहरूलाई जे दिनुहुन्छ त्यो कुरालाई

तिनीहरू इन्कार गर्छन्। मानिसहरूले के कुरा मात्र विश्वास गर्छन् भने आकाश र पृथ्वी अनि यावत् थोक तिनीहरूको आफ्नै प्राकृतिक नियमहरू र तिनीहरूको आफ्नै जीवन-अस्तित्वको प्राकृतिक व्यवस्थाहरूद्वारा शासित हुन्छन् र तिनीहरूलाई व्यवस्थापन गर्ने कुनै शासक वा तिनीहरूलाई भरणपोषण गर्ने वा तिनीहरूलाई हेरविचार गर्ने कुनै सार्वभौम प्रभु छैन। तैँले परमेश्वरमा विश्वास गरे पनि, तैँले यी सबै परमेश्वरका कार्य हुन् भन्नेमा विश्वास नगर्न सक्छस्; वास्तवमा, परमेश्वरमा विश्वास गर्ने हरेकले, परमेश्वरको वचन स्वीकार गर्ने हरेकले, र परमेश्वरलाई पछ्याउने हरेकले धेरैजसो बेवास्ता गर्ने कुराहरू यिनै हुन्। त्यसकारण, बाइबलसँग वा तथाकथित आत्मिक शब्दावलीसँग सम्बन्ध नभएका कुराहरूको बारेमा मैले छलफल गर्न सुरु गर्नेबित्तिकै, कतिपय मानिसहरूलाई अल्छी वा दिक्क वा असहजसमेत लाग्छ। तिनीहरूलाई मेरा वचनहरू आत्मिक मानिसहरू र आत्मिक वस्तुहरूसँग सम्बन्धित छैन भन्ने लाग्छ। यो एकदमै नराम्रो कुरा हो। जब परमेश्वरका कार्यहरूलाई जान्ने कुरा आउँछ, हामीले खगोलशास्त्रको नाम नलिए पनि वा भूगोल वा जीवविज्ञानको शोध-अध्ययन नगरे पनि, हामीले यावत् थोकमाथिको परमेश्वरको सार्वभौमिकतालाई बुझ्नैपर्छ, हामीले यावत् थोकको लागि उहाँको भरणपोषणलाई र उहाँ नै यावत् थोकको लागि जीवनको स्रोत हुनुपर्छ भन्ने कुरालाई जान्नैपर्छ। यो जरुरी र अध्ययन गर्नैपर्ने पाठ हो। मलाई विश्वास छ, तिमीहरूले मेरा वचनहरू बुझ्यौ!

मैले भर्खरै बताएका दुई कथाहरू विषयवस्तु र अभिव्यक्तिको शैलीको हिसाबमा केही अनौठा भए पनि, तिनीहरूलाई केही विशेष शैलीमा बताइएको भए पनि, तिनीहरू तिमीहरूलाई अलि गहन कुरा प्राप्त गर्न र स्वीकार गर्न मद्दत गर्नको लागि सिधा भाषा र सरल विधि प्रयोग गर्ने मेरो प्रयासहरू थिए। यो मेरो आफ्नै लक्ष्य थियो। यी साना कथाहरूमा र तिनीहरूले चित्रित गर्ने तस्विरहरूमा, म तिमीहरूले परमेश्वर सबै सृष्टिमाथिका सार्वभौम प्रभु हुनुहुन्छ भनी हेर भन्ने चाहन्थेँ। यी कथाहरू भन्नुको लक्ष्य भनेको तिमीहरूलाई कथाको सीमित दायराभित्र परमेश्वरका असीमित कार्यहरू देख्ने र जान्ने तुल्याउनु हो। तिमीहरूले कहिले आफूमा यो नतिजालाई वास्तविकतामा बदल्नेछौ र हासिल गर्नेछौ भन्ने सवालमा—त्यो कुरा तिमीहरूका आफ्नै अनुभवहरू र तिमीहरूको आफ्नै खोजीमा निर्भर रहन्छ। यदि तँ सत्यताको खोजी गर्ने र परमेश्वरलाई चिन्न चाहने व्यक्ति होस् भने, यी कुराहरूले अझ मजबुत स्मारकको काम गर्नेछन्; तिनीहरूले तँलाई यस्तो गहन चेतना अर्थात् तेरो बुझाइमा स्पष्टता प्रदान गर्नेछन् जुन क्रमिक रूपमा परमेश्वरका वास्तविक कार्यहरूतर्फ खिचिइनेछन् जुन दूरी र त्रुटिविनाको निकटता हुनेछ। तैपनि, यदि तँ परमेश्वरलाई चिन्न खोज्ने व्यक्ति होइनस् भने, यी कथाहरूले तँलाई कुनै पनि हानि पुऱ्याउन सक्दैनन्। तिनीहरूलाई केवल साँचो कथा मान्दा हुन्छ।

के तिमीहरूले यी दुई कथाहरूबाट कुनै बुझाइ हासिल गरेका छौ? सबभन्दा पहिले, के यी दुई कथाहरू मानवजातिको लागि परमेश्वरका सरोकारहरूसम्बन्धी हाम्रो अघिल्लो छलफलभन्दा बिलकुल फरक थिए? के त्यसमा कुनै अन्तर्निहित सम्बन्ध छ? के यी दुई कथाहरूभित्र हामीले परमेश्वरका कार्यहरू र उहाँले मानवजातिको लागि योजना गर्नुहुने हरेक कुरामा उहाँले गर्नुहुने विस्तृत सोचविचार देख्छौ भन्ने कुरा साँचो हो? के परमेश्वरले गर्नुहुने सबै कुरा र उहाँले सोच्नुहुने

सबै कुरा मानवजातिको अस्तित्वको लागि हो भन्ने कुरा साँचो हो? (हो।) के मानवजातिको लागि परमेश्वरको होसियारीपूर्ण सोच र चिन्तन एकदमै स्पष्ट छैन र? मानिसहरूले केही पनि गर्न जरुरी छैन। परमेश्वरले मानिसहरूको लागि हावा तयार गर्नुभएको छ–तिनीहरूले गर्नुपर्ने भनेको त सास फेर्नु मात्र हो। तिनीहरूले खाने सागसब्जी र फलफूलहरू सहजै उपलब्ध हुन्छन्। उत्तरदेखि दक्षिणसम्म, पूर्वदेखि पश्चिमसम्म, हरेक क्षेत्रको आफ्नै प्राकृतिक स्रोत-साधनहरू छन्। विभिन्न क्षेत्रीय बाली र फलफूल र सागसब्जीहरू सबै नै परमेश्वरले तयार गर्नुभएको छ। बृहत् वातावरणमा परमेश्वरले सबै थोकलाई परस्पर सुदृढीकरण गर्ने, अन्तर्निर्भर रहने, परस्पर मजबुतीकरण गर्ने, परस्पर प्रतिरोध गर्ने, र सह-अस्तित्वमा रहने बनाउनुभयो। यो यावत् थोकको जीवन र अस्तित्व कायम गर्ने उहाँको विधि र उहाँको शासन हो; यस तरिकाले, मानवजाति आजका दिनसम्म पनि यो सजीव वातावरणमा सुरक्षित र शान्त रूपले वृद्धि हुन सकेको छ, एक पुस्तादेखि अर्को पुस्तामा वंश-वृद्धि गर्न सकेको छ। भन्नुको अर्थ, परमेश्वरले प्राकृतिक वातावरणमा सन्तुलन ल्याउनुहुन्छ। यदि परमेश्वर सार्वभौम हुनुहुन्नथियो र उहाँ नियन्त्रणकारी भूमिकामा हुनुहुन्नथ्यो भने, यो वातावरण परमेश्वरद्वारा नै सृष्टि गरिएको थियो भने पनि यसलाई सम्हाल्न वा सन्तुलनमा राख्ने कार्य कसैको वशमा हुँदैनथियो। केही स्थानहरूमा, हावा नै छैन, र मानवजाति त्यस्ता ठाउँहरूमा बाँच्न सक्दैन। परमेश्वरले तँलाई त्यहाँ जान अनुमति दिनुहुन्न। त्यसकारण, उचित सीमाभन्दा पर नजाओ। यो कुरा मानवजातिको सुरक्षाको लागि हो–भित्र-भित्रै रहस्यहरू छन्। वातावरणको हरेक पक्ष, पृथ्वीको लम्बाइ र चौडाइ, पृथ्वीका हरेक प्राणी–सजीव र निर्जीव दुवै–सबै नै परमेश्वरले अग्रिम रूपमा परिकल्पना गर्नुभएको र तयार गर्नुभएको थियो। किन यो कुरा आवश्यक छ त? किन त्यो कुरा अनावश्यक छ त? यो कुरा यहाँ हुनुको उद्देश्य के हो र किन त्यो कुराचाहिँ त्यहाँ जानुपर्छ त? यी सबै प्रश्नहरूको बारेमा परमेश्वरले पहिले नै सोचिसक्नुभएको थियो, र यी प्रश्नहरूको बारेमा मानिसहरूले सोच्नु कुनै आवश्यक छैन। केही मूर्ख मानिसहरू छन् जो सधैँ हिमाललाई सार्न पाए हुन्थ्यो भनेर सोच्छन्, बरु त्यसको साटो, तराईमा सर्दा हुँदैन र? यदि तँलाई हिमाल मन पर्दैन भने, किन तँ तिनीहरूको छेउछाउ बसोबास गर्छस्? के त्यो मूर्खता होइन र? यदि तैँले त्यो हिमाललाई सारिस् भने के हुन्थ्यो होला? हुरी-बतास र विशाल छालहरू आउँथे, अनि मानिसहरूका घरहरू विनाश हुन्थे। के त्यो मुर्ख्याइँ हुँदैनथियो र? मानिसहरू केवल विनाश गर्न मात्र सक्षम छन्। तिनीहरूले आफूले बसोबास गर्नुपर्ने एउटै ठाउँलाई पनि सम्हाल्न सक्दैनन्, तर पनि तिनीहरू यावत् थोकको भरणपोषण गर्न चाहन्छन्। यो असम्भव छ।

परमेश्वरले मानवजातिलाई सब थोकको व्यवस्थापन गर्न र तिनीहरूमाथि प्रभुत्व कायम राख्न दिनुहुन्छ, तर के मानिसले राम्रो काम गर्छ त? मानिसले उसले सक्नेजति जुनसुकै कुरा पनि विनाश गर्छ। उसले उसको लागि परमेश्वरले बनाउनुभएको कुनै पनि कुरालाई त्यसको मौलिक अवस्थामा राख्न सक्दैन–उसले उल्टो काम गरेको छ र परमेश्वरको सृष्टिको विनाश गरेको छ। मानवजातिले हिमालहरूलाई सारेका छन्, समुद्रबाट जग्गा निकालेका छन्, र तराईहरूलाई मानिस बस्नै नसक्ने मरुभूमिमा परिणत गरेका छन्। अझै, तिनीहरूले ती मरुभूमिमा उद्योग र परमाणुको आधार क्षेत्र बनाएका छन् र यसरी जताततै विनाशको बीउ रोपेका छन्। अब, नदीहरू नदी रहेनन्,

समुद्र पनि समुद्र रहेन...। मानिसले प्राकृतिक वातावरण र यसका नियम-व्यवस्थाहरू भङ्ग गरिसकेपछि, उसको विपत्ति र मृत्युको दिन त्यति टाढा हुँदैन; यो अपरिहार्य हुन्छ। जब विपत्ति आउँछ, तब मानवजातिले उसको लागि परमेश्‍वरले बनाउनुभएका हरेक कुरा कति मूल्यवान् छन् र तिनीहरू मानवजातिको लागि कति महत्त्वपूर्ण छन् भन्‍ने कुरा जान्‍नेछ। मानिसको लागि, समयमै हावा र वर्षाहरू आउने वातावरणमा बस्नु स्वर्गमा बस्नु जस्तै हो। मानिसहरूले यो एक आशिष् हो भन्‍ने कुरालाई महसुस गर्दैनन्, तिनीहरूले यसलाई गुमाएको क्षण, तिनीहरूले यो कति दुर्लभ र अमूल्य छ भनी देख्‍नेछन्। अनि यो हराइसकेपछि, यसलाई कसरी फिर्ता पाउन सकिन्छ र? यदि परमेश्‍वर यसलाई पुनः सृष्टि गर्न इच्छुक हुनुभएन भने, मानिसहरूले के गर्न सक्थे र? के तैँले गर्न सक्ने कुनै कुरा छ र? (छैन, कुनै कुरा छैन।) वास्तवमा, तैँले गर्न सक्ने केही कुरा छ। यो एकदमै सरल छ—जब म तिमीहरूलाई यो के हो भनेर बताउँछु, तब तत्कालै तिमीहरूले यो सम्भव छ भन्‍ने जान्‍नेछौ। मानिसले आफैलाई उसको अस्तित्वको वर्तमान अवस्थामा कसरी पुर्‍याएको छ? के यो उसको लोभ र विनाशको कारणले भएको हो? यदि मानिसले यो विनाशलाई अन्त्य गर्छ भने, के उसको जिउने वातावरण क्रमिक रूपमा आफै सही हुनेछैन र? यदि परमेश्‍वरले केही पनि गर्नुहुन्‍न, यदि परमेश्‍वर मानवजातिको लागि अबउप्रान्त केही पनि गर्न चाहनुहुन्‍न भने—भन्‍नुको मतलब, यदि उहाँले यस मामिलामा कुनै हस्तक्षेप गर्नुहुन्‍न भने—मानवजातिको सर्वश्रेष्ठ समाधान भनेको सबै विनाशलाई रोक्नु र तिनीहरू जिउने वातावरणलाई प्राकृतिक अवस्थामा फर्कन दिनु नै हुनेथियो। यी सबै विनाशको अन्त्य गर्नु भनेको परमेश्‍वरले सृष्टि गर्नुभएका कुराहरूको लुटपाट र विध्वंसको अन्त्य गर्नु हो। यसो गर्नाले मानिस बसोबास गर्ने वातावरण क्रमिक रूपमा सुधार भई पूर्वावस्थामा फर्कन्थ्यो जबकि यसो गर्न नसक्दा यसको परिणामस्वरूप जीवनको लागि झन् घिनलाग्दो वातावरण पैदा हुन्थ्यो जसको विनाश समयसँगै अझ चाँडो हुन्थ्यो। के मेरो समाधान सरल छ? यो सरल र सम्भव छ, होइन र? वास्तवमै सरल र केही मानिसहरूको लागि सम्भव छ—तर के पृथ्वीका अधिकांश मानिसहरूको लागि यो सम्भव छ त? (यो सम्भव छैन।) तिमीहरूको लागि, कम्तीमा पनि, के यो सम्भव छ? (छ।) कुन कुराले तिमीहरूलाई “छ” भन्‍न लगाउँछ? के यो परमेश्‍वरका कार्यहरूबारेको बुझाइको जगबाट आउँछ भनेर भन्‍न सकिन्छ? के यसको सर्त भनेको परमेश्‍वरको सार्वभौमिकता र योजनाप्रतिको आज्ञाकारिता हो भनेर भन्‍न सकिन्छ? (सकिन्छ।) परिस्थिति बदल्ने तरिकाहरू छन्, तर त्यो कुरा हामीले अहिले छलफल गर्दै गरेको विषय होइन। परमेश्‍वर प्रत्येक मानव जीवनको लागि उत्तरदायी हुनुहुन्छ र उहाँ अन्त्यसम्म नै उत्तरदायी हुनुहुन्छ। परमेश्‍वरले तेरो भरणपोषण गर्नुहुन्छ, र यदि शैतानद्वारा विनाश गरिएको यो वातावरणमा तँलाई बिरामी पारिएको वा प्रदूषित गरिएको, वा अपवित्र तुल्याइएको भए पनि—परमेश्‍वरले तेरो भरणपोषण गर्नुहुन्छ, र तँलाई निरन्तर जिउन दिनुहुन्छ। के तँलाई यस कुरामा विश्‍वास छ? (छ।) परमेश्‍वरले हल्का रूपले कुनै पनि मानिसलाई मर्न दिनुहुन्‍न।

के अब तैँले परमेश्‍वरलाई यावत् थोकको जीवनको स्रोतको रूपमा पहिचान गर्नुको महत्त्वको बारेमा केही अनुभूति गर्न सकेको छस्? (हो, मैले सकेको छु।) तिमीहरूसँग कस्तो अनुभूति छ? मलाई भन। (विगतमा, हामीले कहिल्यै पनि हिमाल, समुद्र र तालहरूलाई परमेश्‍वरको कार्यद्वारा

जोड्ने बारेमा सोचेका थिएनौं। आजको परमेश्वरको सङ्गति नसुनुन्जेलसम्म, हामीले यी कुराहरूभित्र परमेश्वरका कार्यहरू र बुद्धि हुन्छन् भन्ने बुझेका थिएनौं; हामीले देख्यौं कि जब परमेश्वरले यावत् थोकको सृष्टि गर्न थाल्नुभयो, तब उहाँले हरेक थोकमा पहिले नै नियति र उहाँको असल शुभेच्छा राखिसक्नुभएको थियो। सबै थोक परस्पर सुदृढीकरण र अन्तर्निर्भरतामा रहन्छन्, र अन्तिम हिताधिकारी मानवजाति नै हुन्। आज हामीले जे सुन्यौं त्यो एकदमै ताजा र नयाँ लाग्यो–हामीले परमेश्वरका कार्यहरू कति वास्तविक रहेछन् भन्ने अनुभूति गर्‍यौं। वास्तविक संसारमा, हाम्रो दैनिक जीवनमा, र हामीले सबै थोकको सामना गर्दा, हामीले यो यस्तै हुन्छ भन्ने देख्छौं।) तिमीहरूले साँचो रूपमा देखेका छौ, छैनौ त? परमेश्वरले कुनै उत्कृष्ट जगविना मानवजातिलाई भरणपोषण गर्नुहुन्न; उहाँको भरणपोषण केवल केही छोटा वचनहरू मात्र होइनन्। परमेश्वरले यति धेरै काम-कुराहरू गर्नुभएको छ, र तैँले नदेख्ने कुराहरू समेत सबै तेरो फाइदाका लगि हुन्छन्। मानिस यो वातावरणमा जिउँछ, परमेश्वरले सृष्टि गर्नुभएका यावत् थोकहरूका बीचमा जिउँछ, जहाँ मानिसहरू र यावत् थोकहरू एक-अर्कामा निर्भर रहन्छन्। उदाहरणको लागि, वनस्पतिहरूले सास फेरेर वायुहरू बाहिर निकाल्छन् र हावालाई शुद्ध पार्छन् र मानिसहरूले त्यो शुद्ध हावा सास फेर्छन् र यसबाट फाइदा लिन्छन्; तैपनि केही वनस्पतिहरू मानिसहरूको लागि विषालु हुन्छन् जबकि अन्य वनस्पतिहरूले विषालु वनस्पतिहरूलाई निष्प्रभावी तुल्याउँछन्। यो परमेश्वरको सृष्टिको सानदार पक्ष हो। तर यो विषयलाई अहिलेको लागि यहीँ छोडौं; आज, हाम्रो छलफल मुख्य रूपमा मानिस र सृष्टिका अन्य कुराहरूबीचको सह-अस्तित्वको बारेमा थियो, जुनविना मानिस बाँच्न सक्दैन। परमेश्वरले यावत् थोक सृष्टि गर्नुको महत्त्व के छ? मानिस सृष्टिका बाँकी कुराहरूविना बाँच्न सक्दैन, त्यसरी नै जसरी मानिसलाई बाँच्नको लागि हावा चाहिन्छ–यदि तँलाई हावारहित शून्य ठाउँमा राखियो भने तँ चाँडै नै मर्नेथिइस्। यो एकदमै सरल सिद्धान्त हो जसले मानिस सृष्टिका बाँकी कुराहरूविना एक्लै बाँच्न सक्दैन भन्ने देखाउँछ। त्यसो भए, यावत् थोकहरूप्रति मानिसहरूको आचरण कस्तो हुनुपर्छ त? यस्तो आचरण हुनुपर्छ, जसले तिनीहरूलाई मूल्यवान् ठान्छ, तिनीहरूलाई संरक्षण गर्छ, तिनीहरूको कुशल प्रयोग गर्छ, तिनीहरूलाई विनाश गर्दैन, तिनीहरूलाई खेर फाल्दैन, र लापरवाही परिवर्तन गर्दैन, किनभने सबै थोक परमेश्वरबाट आएका हुन्, सबै थोक मानवजातिको लागि उहाँको भरणपोषण हुन्, र मानवजातिले तिनीहरूलाई विवेकपूर्ण रूपले व्यवहार गर्नुपर्छ। आज हामीले यी दुई विषयमा छलफल गरेका छौं। तिनीहरूको बारेमा ध्यानपूर्वक सोच र तिनीहरूलाई मनन् पनि गर। अर्को पालि, हामी केही कुराहरूलाई थप विस्तृत रूपमा छलफल गर्नेछौं। आजको भेला यहीँ समाप्त हुन्छ। बिदा! (बिदा!)

जनवरी १८, २०१४

# परमेश्वर स्वयम् अद्‌वितीय ८

## सबै थोकका लागि जीवनको स्रोत परमेश्वर नै हुनुहुन्छ (२)

हामी हाम्रो पछिल्लो विषयको सङ्गतिलाई निरन्तरता दिनेछौं। हाम्रो गत सङ्गतिको विषय के थियो सो तिमीहरू सम्झन सक्छौ? (सबै थोकका लागि जीवनको स्रोत परमेश्वर नै हुनुहुन्छ।) के "सबै थोकका लागि जीवनको स्रोत परमेश्वर नै हुनुहुन्छ" भन्ने विषय तिमीहरूलाई धेरै टाढाको विषय हो जस्तो महसुस हुन्छ? वा यसको बारेमा पहिले नै तिमीहरूका हृदयमा मोटामोटी अवधारणा छ? यस विषयमा हाम्रो गत सङ्गतिको मुख्य केन्द्र बिन्दु के थियो भनेर कसैले एक छिन कुरा गर्न सक्छ? (परमेश्वरले गर्नुभएको सबै थोकहरूको सृष्टिद्‌वारा उहाँले सबै थोकहरू र मानवजातिको पालनपोषण गर्नुहुन्छ भन्ने म देख्छु। विगतमा, म सधैँ के सोच्थें भने, जब परमेश्वरले मानिसको निम्ति उपलब्ध गराउनुहुन्छ, उहाँले आफ्ना चुनिएका मानिसहरूलाई मात्र आफ्नो वचन प्रदान गराउनुहुन्छ; सबै थोकहरूमाथि शासन गर्ने व्यवस्थाद्‌वारा परमेश्वरले सारा मानवजातिको पालनपोषण गर्दै हुनुहुन्छ भन्ने कुरा मैले कहिल्यै देखिनँ। यस सत्यताको बारेमा परमेश्वरले बताउनुभएपछि मात्र उहाँ सबै थोकको स्रोत हुनुहुन्छ, सबै थोकको जीवन उहाँले नै प्रदान गर्नुभएको हो, परमेश्वरले नै यी व्यवस्थाहरूको प्रबन्ध गर्नुहुन्छ र सबै थोकको पालनपोषण गर्नुहुन्छ भन्ने कुरामा म सचेत भएँ। परमेश्वरले गर्नुभएको सबै थोकहरूको सृष्टिको माध्यमबाट म उहाँको प्रेम देख्छु।) गत समयमा, हामीले मुख्य रूपमा परमेश्वरले गर्नुभएको सबै थोकको सृष्टि र उहाँले कसरी तिनीहरूको निम्ति व्यवस्था र सिद्‌धान्तहरू स्थापित गर्नुभयो भनेर सङ्गति गरेका थियौँ। यस्ता व्यवस्था र सिद्‌धान्तहरूको अधीनमा सबै थोक परमेश्वरको प्रभुत्वमुनि र परमेश्वरको नजरभित्र जिउँछन्, मर्छन् र मानिससँग सहअस्तित्वमा रहन्छन्। हामीले सर्वप्रथम परमेश्वरले सबै थोकको सृष्टि गर्नुभएको र तिनीहरू वृद्‌धि हुने व्यवस्थाहरूका साथै तिनीहरूका वृद्‌धिको प्रक्षेप-पथ र ढाँचाहरूको निर्धारण गर्न उहाँले आफ्नै विधिको प्रयोग गर्नुभएको विषयमा कुरा गऱ्यौं। उहाँले यस भूमिमा सबै थोक जीवित रहने तरिकाहरू पनि निर्धारण गर्नुभयो ताकि तिनीहरू निरन्तर रूपमा बढ्न, वृद्‌धि हुन र अन्तर्निर्भर रहेर जीवित रहन सकून्। यस्ता विधि र व्यवस्थाहरूद्‌वारा यस भूमिमा सबै थोक सहजै र शान्तिपूर्वक तवरले अस्तित्वमा रहन र बढ्न सक्षम हुन्छन्, अनि त्यस्तो वातावरणमा मात्रै मानवजातिले परमेश्वरको मार्गनिर्देशनमा सधैँ अगाडि बढ्दै स्थिर घर र जिउने स्थिर अवस्था पाउन सक्छन्।

पछिल्लो समय, हामीले सबै थोकको लागि परमेश्वरले उपलब्ध गराउनुहुन्छ भन्ने आधारभूत अवधारणाको बारेमा छलफल गऱ्यौं: सबै थोक अस्तित्वमा रहन र बाँच्न सकून् भनेर परमेश्वरले सबै थोकको निम्ति यसरी उपलब्ध गराउनुहुन्छ। अर्को शब्दमा, परमेश्वरले निर्धारण गर्नुभएको व्यवस्थाको कारण यस्तो वातावरण अस्तित्वमा छ। यस्ता व्यवस्थाहरूलाई परमेश्वरले गर्नुभएको संरक्षण र शासन प्रबन्धको कारणले मात्र मानवजातिसँग अहिलेको जीवित रहने वातावरण छ। हामीले पछिल्लो समय गरेको कुराकानी र परमेश्वर सम्बन्धी ज्ञानको विषयमा विगतमा हामीले

गरेको कुराकानीको बीचमा यो एउटा ठूलो फट्को हो। त्यो फट्कोको अस्तित्वको कारण के हो? यही हो कि हामीले विगतमा परमेश्‍वरलाई चिन्‍ने बारेमा कुरा गर्दा हामीले परमेश्‍वरले मानवजातिलाई बचाउनुहुने र व्यवस्थापन गर्नुहुने कार्यको, अर्थात् परमेश्‍वरका चुनिएका मानिसहरूको मुक्ति र व्यवस्थापनको क्षेत्रभित्र रहेर कुरा गरिरहेका थियौँ र त्यस क्षेत्रभित्र हामीले परमेश्‍वरलाई चिन्‍ने, परमेश्‍वरका कार्यहरू, उहाँको स्वभाव, उहाँसँग जे छ र उहाँ जे हुनुहुन्छ, उहाँको इच्छा र उहाँले कसरी मानिसलाई सत्य र जीवन प्रदान गर्नुहुन्छ भन्‍ने विषयमा कुरा गर्‍यौं। तर पछिल्लो समय, हामीले सुरु गरेको विषय बाइबलको विषयवस्तु र परमेश्‍वरले आफ्ना चुनिएका मानिसहरूलाई मुक्ति दिने सम्बन्धी क्षेत्रमा सीमित थिएन। बरु, यो विषय यस क्षेत्रभन्दा बाहिर फैलन्छ, यसमा बाइबलको अनि परमेश्‍वरले उहाँका चुनिएका मानिसहरूमा गर्नुहुने तीन चरणको कामको सीमाबाहिर गएर परमेश्‍वर स्वयम्‌को बारेमा छलफल गरियो। यसैले, जब तैँले मेरो सङ्गतिको यस भागलाई सुन्छस्, तैँले परमेश्‍वर सम्बन्धी तेरो ज्ञानलाई बाइबलमा र परमेश्‍वरका तीन चरणको काममा सीमित पार्नु हुँदैन। बरु, तैँले तेरो दृष्टिकोणलाई खुल्ला छोड्नुपर्छ; तैँले सबै थोकमा परमेश्‍वरका कार्यहरू र उहाँसँग जे छ र उहाँ जे हुनुहुन्छ त्यसलाई, अनि उहाँले सबै थोकलाई कसरी हुकुम गर्नुहुन्छ र व्यवस्थापन गर्नुहुन्छ त्यसलाई देख्नुपर्छ। यस विधिमार्फत र यस जगमा, परमेश्‍वरले सबै थोकको निम्ति कसरी उपलब्ध गराउनुहुन्छ भन्‍ने कुरा तैँले देख्न सक्छस्, जसले परमेश्‍वर सबै थोकको निम्ति जीवनको साँचो स्रोत हुनुहुन्छ, वास्तवमा यही नै परमेश्‍वर स्वयम्‌को साँचो पहिचान हो भन्‍ने कुरा बुझ्न मानवजातिलाई सक्षम तुल्याउँछ। भन्‍नुको अर्थ, परमेश्‍वरको पहिचान, हैसियत र अधिकार, उहाँका सबै थोक, उहाँलाई अहिले पछ्याउनेहरूको निम्ति मात्र होइनन्–तिमीहरू अर्थात् यस समूहका मानिसहरूका निम्ति मात्र होइनन्–तर सबै थोकका निम्ति हुन्। यसैले, सबै थोकको क्षेत्र धेरै फराकिलो छ। सबै कुरामाथि परमेश्‍वरको शासनको क्षेत्रलाई जनाउन म “सबै थोक” को प्रयोग गर्छु किनकि परमेश्‍वरले शासन गर्नुहुने कुराहरू केवल तिमीहरूका आँखाले देख्न सक्‍ने कुराहरू मात्र होइनन्–तिनमा सबैले देख्न सक्‍ने भौतिक संसार मात्र होइन, तर मानव आँखाले देख्न नसक्‍ने यस भौतिक संसारबाहिरको अर्को संसार र त्योभन्दा पनि बाहिरका ग्रहहरू र बाहिरी अन्तरिक्ष पनि समावेश हुन्छ जहाँ मानवजाति बसोबास गर्न सक्दैन। सबै थोकमाथि परमेश्‍वरको प्रभुत्वको क्षेत्र त्यही हो। उहाँको प्रभुत्वको क्षेत्र धेरै फराकिलो छ; तिमीहरूले गर्नुपर्ने भाग भनेको, तिमीहरू हरेकले बुझ्नुपर्ने, हेर्नुपर्ने र तिमीहरूले ज्ञान पाउनुपर्ने कुराहरूलाई तिमीहरूले बुझ्न, हेर्न र स्पष्ट हुन आवश्यक छ र त्यसो गर्नैपर्छ। “सबै थोक” को क्षेत्र वास्तवमा धेरै फराकिलो भए तापनि, तिमीहरूले देख्नै नसक्‍ने र तिमीहरूका व्यक्तिगत सम्पर्कमा नआएका कुराहरूको क्षेत्रभित्रका कुराहरूको विषयमा म तिमीहरूलाई बताउनेछैन। म तिमीहरूलाई मानवजाति सम्पर्कमा आउन सक्‍ने, तिनीहरूले बुझ्न र बोध गर्नसक्‍ने क्षेत्रभित्रका कुराहरू मात्र बताउनेछु, ताकि “सबै थोकका लागि जीवनको स्रोत परमेश्‍वर नै हुनुहुन्छ” भन्‍ने वाक्यांशको साँचो अर्थको बारेमा हरेक व्यक्ति सचेत हुन सकोस्। यसरी, तिमीहरूसँगको मेरो सङ्गतिका कुनै पनि वचनहरू खोक्रा हुनेछैनन्।

पछिल्लो समय, मानिसहरूले सबै थोकको निम्ति परमेश्‍वरले कसरी उपलब्ध गराउनुहुन्छ भन्‍ने

कुराको आधारभूत बुझाइ हासिल गर्न सकून् भनेर हामीले "सबै थोकका लागि जीवनको स्रोत परमेश्‍वर नै हुनुहुन्छ" भन्‍ने विषयको बारेमा सामान्य रूपरेखा प्रदान गर्नको निम्ति कथा वाचन विधिको प्रयोग गर्‍यौं। तिमीहरूलाई यो आधारभूत अवधारणा सिकाउनुको उद्‌देश्य के हो? यो परमेश्‍वरको काम बाइबल र उहाँका तीन चरणको कामभन्दा बाहिर फैलन्छ भन्‍ने कुरा मानिसहरूलाई बुझाउनको निम्ति हो। मानवले देख्‍न नसक्‍ने र तिनीहरू सम्पर्कमा आउन नसक्‍ने धेरै काम उहाँले गरिरहनुभएको छ, यस्तो काम जसलाई उहाँ आफैले व्यक्तिगत रूपमा गर्नुहुन्छ। यदि परमेश्‍वर आफ्नो व्यवस्थापनको काममा र आफ्ना चुनिएका मानिसहरूको नेतृत्व गर्ने काममा मात्रै लागिरहनुभएको थियो, र यो अर्को कुनै काममा संलग्न हुनुभएको थिएन भने, तिमीहरू सबै लगायत यस मानवजातिका लागि अगाडि बढ्‌ने कार्य धेरै कठिन हुनेथियो। यस मानवजाति र यस संसार निरन्तर रूपमा विकास हुन सक्‍नेथिएन। "सबै थोकका लागि जीवनको स्रोत परमेश्‍वर नै हुनुहुन्छ" भन्‍ने वाक्यांशको महत्त्व यसैमा छ, जुन आज मैले तिमीहरूसँग गर्ने सङ्गतिको विषय हो।

## परमेश्‍वरले मानवजातिको जीवनको निम्ति सृष्टि गर्नुहुने आधारभूत वातावरण

हामीले "सबै थोकका लागि जीवनको स्रोत परमेश्‍वर नै हुनुहुन्छ" भन्‍ने वचनसँग सम्बन्धित विभिन्‍न विषयहरू र धेरै विषयवस्तुको बारेमा छलफल गरेका छौँ, तर तिमीहरूलाई आफ्नो वचन उपलब्ध गराउने र तिमीहरूमाथि आफ्नो सजाय र न्यायको काम गर्ने बाहेक परमेश्‍वरले मानवजातिलाई के कुराहरू प्रदान गर्नुहुन्छ भन्‍ने बारेमा के तिमीहरूलाई हृदयदेखि नै थाहा छ? केही मानिसहरूले भन्‍न सक्छन्, "परमेश्‍वरले मलाई अनुग्रह र आशिष्‌हरू प्रदान गर्नुहुन्छ; उहाँले मलाई अनुशासन र आराम दिनुहुन्छ, अनि उहाँले मलाई हर सम्भव तरिकाले वास्ता र सुरक्षा प्रदान गर्नुहुन्छ।" अरूले भन्‍नेछन्, "परमेश्‍वरले मलाई दैनिक भोजन र पिउने कुरा प्रदान गर्नुहुन्छ", अनि अरूले यसो समेत भन्‍नेछन्, "परमेश्‍वरले मलाई सबै कुरा प्रदान गर्नुभएको छ।" मानिसहरूले आफ्नो दैनिक जीवनमा सामना गर्ने यी कुराहरूप्रति तिमीहरूले तिमीहरूका आफ्नै शारीरिक जीवनका अनुभवसँग जोडेर प्रतिक्रिया दिन सक्छौ। परमेश्‍वरले हरेक व्यक्तिलाई धेरै कुराहरू प्रदान गर्नुहुन्छ, यद्यपि हामीले यहाँ छलफल गरिरहेको कुरा मानिसहरूका दैनिक आवश्यकताका क्षेत्रमा सीमित छैनन्, तर यो हरेक व्यक्तिको दृष्टिकोणलाई विस्तार गर्न र काम-कुराहरूलाई बृहत् दृष्टिकोणबाट हेर्न लगाउनको लागि हो। सबै थोकका लागि जीवनको स्रोत परमेश्‍वर नै हुनुहुन्छ भने उहाँले सबै थोकको जीवन कसरी कायम राख्‍नुहुन्छ? अर्को शब्दमा भन्दा, आफ्ना सृष्टिका सबै थोकको अस्तित्व र यसलाई टेको दिने व्यवस्थाहरू कायम राख्‍नको निम्ति परमेश्‍वरले तिनीहरूलाई के दिनुहुन्छ, ताकि तिनीहरू निरन्तर अस्तित्वमा रहिरहून्। आजको हाम्रो छलफलको मुख्य बुँदा त्यही हो। मैले भनेको कुरा तिमीहरूले बुझ्यौ? तिमीहरूलाई यो विषय अत्यन्तै अपरिचित लाग्‍न सक्छ तर म अत्यन्तै गहन कुनै पनि सिद्‌धान्तहरूको बारेमा कुरा गर्नेछैनँ। म तिमीहरूले मेरा वचनहरू सुन र तीबाट समझ प्राप्‍त गर्न सक भन्‍ने कुरालाई सुनिश्‍चित गर्ने कोसिस गर्नेछु। तिमीहरूले कुनै बोझको अनुभव गर्नु आवश्यक छैन—तिमीहरूले ध्यान दिएर सुने पुग्छ। तथापि, यहाँ मैले फेरि एक पटक जोड दिनुपर्छ: मैले कुन विषयको बारेमा बोलिरहेको छु? मलाई भन।

(सबै थोकका लागि जीवनको स्रोत परमेश्‍वर नै हुनुहुन्छ।) त्यसो भए परमेश्‍वरले सबै थोकको निम्ति कसरी उपलब्ध गराउनुहुन्छ? "सबै थोकका लागि जीवनको स्रोत परमेश्‍वर नै हुनुहुन्छ" भनेर भन्‍नका निम्ति परमेश्‍वरले सबै थोकलाई के कुरा उपलब्ध गराउनुहुन्छ? के तिमीहरूसँग यसको बारेमा केही अवधारणा र विचारहरू छन्? यस्तो देखिन्छ कि मैले तिमीहरूका हृदय र मनमा तिमीहरूलाई बिलकुल थाहा नभएको विषयमा छलफल गरिरहेको छु। तर म आशा गर्छु तिमीहरूले यस विषयलाई मैले परमेश्‍वरको बारेमा भन्‍ने कुरासँग जोड्‌नेछौ, कुनै पनि ज्ञान, मानवीय संस्कृति वा अनुसन्धानसँग होइन। म परमेश्‍वरको बारेमा, परमेश्‍वर स्वयम्‌को बारेमा मात्र कुरा गर्दैछु। यो तिमीहरूलाई मेरो सल्लाह हो। म निश्‍चित छु कि तिमीहरू यो बुझ्छौ!

परमेश्‍वरले मानवजातिलाई धेरै थोक प्रदान गर्नुभएको छ। म मानिसहरूले देख्‍न सक्‍ने अर्थात् तिनीहरूले अनुभव गर्न सक्‍ने कुराबाट सुरु गर्नेछु। यी थोकहरूलाई मानिसहरूले आफ्ना हृदयले ग्रहण गर्न र बुझ्‍न सक्छन्। यसैले सर्वप्रथम, भौतिक संसारको बारेमा छलफल गर्दै परमेश्‍वरले मानवजातिको निम्ति उपलब्ध गराउनुभएको कुराको बारेमा बताउँदै सुरु गरौं।

**१. हावा**

सर्वप्रथम, मानिसले सास फेर्न सकोस् भनेर परमेश्‍वरले हावाको सृष्‍टि गर्नुभयो। हावा मानवजातिले दैनिक रूपमा सम्पर्क गर्न सक्‍ने पदार्थ हो र यो यस्तो कुरा हो जसमाथि मानव पल-पल निर्भर हुन्छ, चाहे त्यो तिनीहरू सुतेको समयमा नै किन नहोस्। परमेश्‍वरले सृष्‍टि गर्नुभएको हावा मानवजातिको निम्ति अत्यन्तै महत्त्वपूर्ण छ: यो तिनीहरूको हरेक सास र जीवन स्वयम्‌को निम्ति अत्यावश्यक छ। महसुस गर्न मात्र सकिने र देख्‍न नसकिने यो पदार्थ आफ्नो सृष्‍टिका सबै थोकका निम्ति परमेश्‍वरले दिनुभएको पहिलो उपहार थियो। तर हावाको सृष्‍टि गर्नुभएपछि मेरो काम सकियो भनेर के परमेश्‍वर रोकिनुभयो? वा हावा कति सघन हुनुपर्छ भनेर उहाँले ध्यान दिनुभयो? हावामा के-के कुराहरू हुनुपर्छ भनेर के उहाँले ध्यान दिनुभयो? (हो, दिनुभयो।) हावालाई बनाउँदा परमेश्‍वरले के सोच्दै हुनुहुन्थ्यो? परमेश्‍वरले हावा किन बनाउनुभयो र उहाँको कारण के थियो? मानवलाई हावा चाहिन्छ—तिनीहरूले सास फेर्नुपर्छ। पहिलो कुरा, हावाको घनत्व मानव फोक्सोको निम्ति उपयुक्त हुनुपर्छ। कसैलाई हावाको घनत्व थाहा छ? वास्तवमा, मानिसहरूले यस प्रश्‍नको जवाफ सङ्ख्या वा तथ्याङ्कमा दिनुपर्ने कुनै निश्‍चित आवश्यकता छैन र वास्तवमा जवाफ जान्‍नु त्यति आवश्यक छैन—सामान्य जानकारी मात्र हुनु पर्याप्‍त छ। परमेश्‍वरले मानव फोक्सोले सास फेर्नको निम्ति सबैभन्दा उपयुक्त घनत्व भएको हावा बनाउनुभयो। अर्थात्, उहाँले हावा बनाउनुभयो ताकि सास फेर्दा त्यो मानव शरीरमा सजिलै पसोस् र सास फेर्दा त्यसले शरीरलाई असर नगरोस्। परमेश्‍वरले हावा बनाउँदा ध्यान दिनुभएका कुराहरू यी नै थिए। अब हामी हावामा के-के हुन्छन् भनेर कुरा गर्छौं। यसमा मानवको निम्ति विषालु कुराहरू मिसिएको हुँदैन र यसले फोक्सो वा शरीरको कुनै पनि अङ्गलाई नोक्सान पुर्‍याउँदैन। परमेश्‍वरले यी सबै कुरामा ध्यान पुर्‍याउनु परेको थियो। मानवले सास फेरेको हावा शरीरमा सजिलै छिरोस् र बाहिर निस्कोस् अनि सास भित्र तानेपछि हावाभित्र भएका तत्त्वहरूको गुण यस्तो किसिमको होस् कि

त्यसले रगत र फोक्सोमा र समग्रमा शरीरमा भएको बेकार हावा उचित तरिकाले पाचन हुन सकोस् भन्ने कुरामा परमेश्‍वरले ध्यान दिनुपरेको थियो। यसका अतिरिक्त, हावामा कुनै पनि किसिमका विषालु तत्त्वहरूको मिसावट नहोस् भन्ने कुरामा पनि उहाँले ध्यान दिनुपरेको थियो। मैले यी दुई मानकहरूबारे तिमीहरूलाई बताउनुको लक्ष्य तिमीहरूलाई कुनै निश्‍चित ज्ञान दिनु होइन, तर परमेश्‍वरले आफ्नो सृष्टिका हरेक थोक उहाँको आफ्नै सोच-विचार अनुसार बनाउनुभयो र उहाँले सृष्टि गर्नुभएको हरेक कुरा सबैभन्दा असल छन् भनेर तिमीहरूलाई देखाउनको निम्ति हो। यसका अतिरिक्त, हावामा भएको धूलोको परिमाण; र पृथ्वीमा भएको बालुवा र धूलोको परिमाण; यसका साथै आकाशदेखि पृथ्वीमा झर्ने धूलोको परिमाणको सन्दर्भमा भन्दा—यी कुराहरूको व्यवस्थापन गर्ने, तिनीहरूलाई हटाउने वा तिनीहरूलाई विभाजन गर्ने पनि परमेश्‍वरका आफ्नै तरिकाहरू छन्। केही परिमाणको धूलो भए तापनि त्यसले मानिसको शरीरलाई हानी नपुऱ्याउने वा मानिसको सास फेर्ने कार्यलाई खतरा नपुऱ्याउने तरिकाले परमेश्‍वरले बनाउनुभएको छ र उहाँले धूलोका कणहरूलाई शरीरलाई हानी नहुने किसिमले बनाउनुभएको छ। के परमेश्‍वरले गर्नुभएको हावाको सृष्टि रहस्यमय छैन र? के यो उहाँको मुखबाट हावाको सास फुक्नु जस्तो सामान्य कुरा थियो? (थिएन।) उहाँले सबैभन्दा सामान्य कुराको सृष्टि गर्नुहुँदा पनि परमेश्‍वरको रहस्य, उहाँको मनको कार्य गर्ने शैली र उहाँको सोच्ने तरिका र उहाँको बुद्‌धि, सबै कुरा समावेश थियो भन्ने स्पष्ट देखिन्छ। के परमेश्‍वर व्यावहारिक हुनुहुन्‍न? (हो, उहाँ हुनुहुन्छ।) यसको अर्थ यही हो कि सामान्य कुराहरूको सृष्टि गर्दा पनि परमेश्‍वरले मानवजातिको बारेमा सोचिरहनुभएको थियो। पहिलो कुरा, मानवले सास फेर्ने हावा सफा छ र यसमा मिसिएका कुराहरू मानवलाई सास फेर्नको निम्ति उपयुक्त छन्, विषालु र मानवलाई हानी पुऱ्याउने किसिमका छैनन्; त्यसरी नै हावाको घनत्व पनि मानिसलाई सास फेर्नको निम्ति उपयुक्त छ। मानिसले निरन्तर सास लिने र छोड्ने यो हावा मानव शरीर, मानव देहको निम्ति आवश्यक छ। यसैले मानिसले स्वतन्त्र भएर अवरोध र चिन्ताविना नै सास फेर्न सक्छ। यसैले तिनीहरूले सामान्य रूपमा सास फेर्न सक्छन्। परमेश्‍वरले सुरुमा सृष्टि गर्नुभएको कुरा हावा नै हो, अनि यो मानव स्वास-प्रश्‍वासको निम्ति अपरिहार्य छ।

**२. तापक्रम**

हामीले छलफल गर्ने दोस्रो कुरा तापक्रम हो। तापक्रम के हो भन्ने कुरा सबैलाई थाहा छ। तापक्रम मानव अस्तित्वको निम्ति चाहिने सुहाउँदो वातावरणको लागि आवश्यक कुरो हो। उदाहरणको लागि, यदि तापक्रम धेरै उच्च अर्थात् मानौँ तापक्रम चालीस डिग्री सेल्सियसभन्दा माथि छ भने के यसले मानवलाई धेरै कमजोर बनाउने थिएन र? के मानव यस्तो परिस्थितिमा जिउनु थकाइ लाग्दो कुरा हुने थिएन र? अनि यदि तापक्रम अति निम्न थियो भने के हुनेथियो। मानौँ तापक्रम ऋणात्मक चालीस डिग्री सेल्सियस पुग्यो—मानवले यस्तो परिस्थितिलाई पनि सामना गर्न सक्दैन। यसैले, तापक्रमको दायरा मानव शरीर अनुकूल हुने गरी, तापक्रमको दायरा मिलाउने कुरामा परमेश्‍वरले विशेष ध्यान दिनुभयो, जुन लगभग ऋणात्मक तीस डिग्री सेल्सियस र चालीस डिग्री सेल्सियसको बीचमा पर्छ। उत्तरदेखि दक्षिणसम्मका भूभागहरूको तापक्रमहरू मूलभूत रूपमा

यही दायरामा पर्छन्। धेरै ठन्डा क्षेत्रहरूको तापक्रम ऋणात्मक पचास वा साठी डिग्री सेल्सियसमा झर्न सक्छ। परमेश्‍वरले मानिसहरूलाई यस्ता क्षेत्रहरूमा बसाउनुहुन्‍न। त्यसो भए यी बरफिला क्षेत्रहरू किन अस्तित्वमा छन्? परमेश्‍वरसँग उहाँको आफ्नै बुद्धि छ र यसका निम्ति उहाँका आफ्नै अभिप्रायहरू छन्। उहाँले तँलाई ती ठाउँहरूको नजिक जान दिनुहुनेथिएन। धेरै ताता र धेरै चिसा ठाउँहरूलाई परमेश्‍वरले सुरक्षा दिनुभएको छ, अर्थात् परमेश्‍वरले मानिसलाई त्यहाँ बसोबास गराउने योजना बनाउनुभएन। यी ठाउँहरू मानवजातिका निम्ति होइनन्। तर परमेश्‍वरले पृथ्वीमा यस्ता ठाउँहरूलाई अस्तित्वमा किन ल्याउनुभयो? यदि यी ठाउँहरूमा परमेश्‍वरले मानिसहरूलाई बसोबास गराउनुहुन्‍न वा मानिसहरू बाँच्दैनन् पनि भने परमेश्‍वरले किन ती ठाउँहरूको सृष्टि गर्नुभयो। परमेश्‍वरको बुद्धि यहीँ छ। त्यो हो, परमेश्‍वरले मानव जीवित रहने वातावरणको तापक्रमको दायरा उचित तवरले अङ्कित गर्नुभएको छ। यहाँ प्राकृतिक नियमले पनि काम गर्छ। परमेश्‍वरले तापक्रमलाई कायम राख्‍न र नियन्त्रण गर्न केही कुराहरूको सृष्टि गर्नुभयो। तिनीहरू के हुन् त? सबैभन्दा पहिलो, सूर्यले मानिसहरूलाई न्यानो पार्छ, तर यो न्यानोपन अत्यन्तै धेरै भयो भने मानिसहरूले सहन सक्छन् र? के कुनै व्यक्‍तिले सूर्यमा पुग्ने हिम्मत गर्छ? सूर्यसम्म पुग्ने कुनै वैज्ञानिक उपकरण पृथ्वीमा छ? (छैन।) किन छैन? सूर्य अत्यन्तै तातो छ। त्यसको धेरै नजिक जाने कुनै पनि कुरा पग्लन्छ। यसैले, परमेश्‍वरले विशेषगरी मानवजातिमाथिको सूर्यको उचाइ र त्यसको दूरीलाई आफ्नो सावधानीपूर्वक गणना र आफ्नो मापदण्डअनुसार निर्धारण गर्ने काम गर्नुभयो। त्यसपछि, पृथ्वीका दक्षिणी र उत्तरी ध्रुव निर्धारण गर्नुभयो। यी क्षेत्रहरू पूर्ण रूपमा जमेका र हिउँले ढाकिएका छन्। के मानवजाति हिउँले ढाकिएको क्षेत्रमा बस्‍नसक्छ? के यी क्षेत्रहरू मानव अस्तित्वका निम्ति उपयुक्‍त छन्? (छैनन्।) मानिसहरू यी ठाउँहरूमा जाँदैनन् किनकि बाँच्नको निम्ति यी ठाउँहरू उपयुक्‍त छैनन्। मानिसहरू दक्षिणी र उत्तरी ध्रुवमा नजाने हुनाले तिनका हिम नदीहरू संरक्षित छन् र तिनले तापक्रम नियन्त्रण गर्ने आफ्ना उद्देश्यअनुसार काम गर्न सक्छन्। तिमीहरूले बुझ्यौ, होइन त? यदि दक्षिणी ध्रुव र उत्तरी ध्रुव नहुने हो भने सूर्यको निरन्तर तापले पृथ्वीका मानिसहरूलाई नष्ट पार्नेथियो। तर के परमेश्‍वरले यी दुई कुराहरूबाट मात्र तापक्रमलाई मानव अस्तित्वको दायराभित्र राख्‍नुहुन्छ? होइन। सूर्यको तापलाई सोस्ने मैदानका घाँस, विभिन्‍न किसिमका रूखहरू, वनका सबै किसिमका बोट बिरुवाहरू जस्ता सबै किसिमका जीवित प्राणीहरू छन्, जसले सूर्यको तापीय ऊर्जालाई तटस्थ बनाइ मानवजाति बस्‍ने वातावरणको तापक्रमलाई नियन्त्रण गर्छ। नदी र तालहरू जस्ता पानीका स्रोतहरू पनि छन्। नदी र तालहरूले ओगट्ने क्षेत्रलाई कसैले पनि तय गर्दैन। पृथ्वीमा कति पानी छ भन्‍ने कुरालाई कसैले पनि नियन्त्रण गर्न सक्दैन, न त पानीको बहाव, त्यसको वहावको दिशा, त्यसको परिमाण वा त्यसको गतिलाई नै कसैले नियन्त्रण गर्न सक्छ। परमेश्‍वरलाई मात्र थाहा छ। जमिनको पानीदेखि लिएर नदेखिने नदीहरू र जमिनमाथिका तालहरू लगायत पानीका यी विविध स्रोतहरूले मानिस बस्‍ने वातावरणको तापक्रमको नियन्त्रण गर्न सक्छ। पानीका स्रोतहरू बाहेक पर्वत, समथर भूभाग, घाटी र सिमसारहरू जस्ता विभिन्‍न किसिमका भौगोलिक स्वरूपहरू पनि छन्, ती सबैले आफ्ना भौगोलिक दायरा र क्षेत्रको अनुपातअनुसार केही हदसम्म तापक्रमको नियन्त्रण गर्छन्। उदाहरणको

लागि, यदि एउटा पर्वतको परिधि एक हजार किलोमिटर छ भने उक्त एक हजार किलोमिटरले एक हजार किलोमिटर बराबरको उपयोगिताको योगदान दिन्छ। परमेश्‍वरले पृथ्वीमा कति वटा पर्वत शृङ्खला र घाटीहरू सृष्टि गर्नुभयो, यो परमेश्‍वरले विचार गर्नुभएको सङ्ख्या हो। अर्को शब्दमा भन्दा, परमेश्‍वरले सृष्टि गर्नुभएका हरेक थोकको अस्तित्वका पछाडि एउटा कथा छ र हरेक थोकमा परमेश्‍वरको बुद्धि र योजना छ। उदाहरणको निम्ति वन-जङ्गल र विविध किसिमका सबै वनस्पतिलाई लिऔं–तिनीहरू अस्तित्वमा आउने र वृद्धि हुने दायरा र क्षेत्रको सीमा कुनै पनि मानवको नियन्त्रणभन्दा बाहिर छ र यी कुराहरूको बारेमा कसैले केही भन्‍न पाउँदैन। यसैगरी, तिनले कति पानी सोस्छन् भन्‍ने कुरा कुनै मानवले नियन्त्रण गर्न सक्दैन, न त तिनले सूर्यबाट कति तापीय ऊर्जा सोस्छन् भन्‍ने कुरा नै नियन्त्रण गर्न सक्छ। यी सबै थोक परमेश्‍वरले यावत् थोकको सृष्टि गर्नुहुँदा बनाउनुभएको योजनाको दायराभित्र पर्छन्।

सबै कुरामा परमेश्‍वरले सावधानीपूर्वक योजना, विचार र प्रबन्ध गर्नुभएको कारणले मात्र मानिस यस्तो उचित तापक्रम भएको वातावरणमा बस्‍न सक्छ। यसैले, मानिसले आफ्ना आँखाले देख्ने हरेक कुरा, उदाहरणको लागि सूर्य, मानिसले प्रायजसो सुन्‍ने गरेका दक्षिणी र उत्तरी ध्रुवका साथै, जमिनमा र त्यसमुनि बस्‍ने तथा पानीमा बस्‍ने विविध प्रकारका जीवित प्राणीहरू, र वन-जङ्गल र अन्य प्रकारका वनस्पति र पानीका स्रोतहरूद्वारा ढाकिएका ठाउँको परिमाण, विविध प्रकारका पानीका भागहरू, समुद्री पानी र सफा पानीका परिमाणहरू र विभिन्‍न किसिमका भौगोलिक वातावरणहरू–मानिसको अस्तित्वको निम्ति सामान्य तापक्रम कायम राख्‍न परमेश्‍वरले यी सबै कुराको प्रयोग गर्नुहुन्छ। यो निरपेक्ष छ। परमेश्‍वरले यो सबैको बारेमा गहन तरिकाले सोच्नुभएको कारणले मात्र मानिस यस्तो सुहाउँदो तापक्रम भएको वातावरणमा जिउन सकेको छ। यो धेरै चिसो पनि हुनु हुँदैन, धेरै तातो पनि हुनु हुँदैन: धेरै ताता ठाउँहरू, जहाँको तापक्रम मानव शरीरले अनुकूल गर्न सक्‍नेभन्दा धेरै छ, ती ठाउँहरू निश्‍चय नै परमेश्‍वरले तिमीहरूका निम्ति छुट्याउनुभएको होइन। तापक्रम अत्यन्तै न्यून भएको अत्यन्तै चिसा ठाउँहरूमा पुगेपछि मानव केही मिनेटमा नै पूर्ण रूपमा जम्छन्, जसले गर्दा तिनीहरू बोल्न सक्दैनन्, तिनीहरूको मस्तिष्क जम्छ, तिनीहरूले सोच्न सक्दैनन् र तिनीहरू चाँडै निसासिन्छन्–यस्ता ठाउँहरूलाई पनि परमेश्‍वरले मानवजातिको लागि छुट्याउनुभएको छैन। मानवले जस्तोसुकै किसिमको अनुसन्धान गर्न चाहे तापनि, तिनीहरूले नवीन काम गर्न वा यस्ता सीमाहरूलाई तोड्न खोजे तापनि–मानिसहरूसँग जस्तोसुकै विचारहरू भए तापनि, तिनीहरू मानव शरीरले अनुकूल गर्न सक्‍ने सीमाहरूलाई नाघ्न सक्‍नेछैनन्। मानिसको निम्ति परमेश्‍वरले सृष्टि गर्नुभएका यी सीमाहरूलाई तिनीहरूले कदापि त्याग्न सक्‍नेछैनन्। किनभने परमेश्‍वरले मानवजातिलाई सृष्टि गर्नुभएको हो र मानव शरीरले अनुकूल गर्न सक्‍ने तापक्रम परमेश्‍वरलाई थाहा छ। तर मानव आफैलाई थाहा छैन। मानवलाई थाहा छैन भनेर म किन भन्छु। मानवले कस्ता मूर्ख कुराहरू गरेका छन्? के धेरै मानिसहरूले उत्तरी र दक्षिणी ध्रुवलाई निरन्तर चुनौती दिने प्रयास गरेका छैनन् र? यस्ता मानिसहरूले सधैँ ती ठाउँहरूमा गएर जमिनलाई कब्जा गर्ने चाहना गरेका छन्, ताकि तिनीहरूले त्यहाँ जरा गाड्न सकून्। त्यो निरर्थक कार्य हुनेछ। यदि तैँले पूर्ण रूपले ध्रुवहरूको अनुसन्धान गरेको छस् भने पनि,

तैँले त्यसपछि के गर्छस् र? यदि तँ उक्त तापक्रममा अनुकूल हुन सक्छस् र त्यहाँ बस्न सक्षम भइस् भने पनि, यदि तैँले दक्षिणी र उत्तरी ध्रुवहरूको वर्तमान वातावरण "सुधार गरिस्" भने, के यसले कुनै पनि तरिकाले मानवजातिलाई फाइदा पुऱ्याउँछ र? मानवजातिसँग ऊ बाँच्न सक्ने वातावरण छ, तापनि मानिसहरू चुपचाप र अधीनतामा बस्दैनन्, तर बरु आफू बाँच्न नसक्ने ठाउँहरूमा जाने जोखिम उठाउन जोड दिन्छन्। यसको अर्थ के हो? तिनीहरूलाई यस्तो सुहाउँदो तापक्रमको जीवनदेखि न्यास्रो लागेको छ र तिनीहरू अधीर भएका छन्, अनि तिनीहरूले अति नै धेरै आशिषहरू प्राप्त गरेका छन्। त्यसबाहेक, जीवनको लागि दिइएको यो नियमित वातावरणलाई मानवजातिले लगभग पूर्ण रूपमा नष्ट गरिसकेको छ, यसैले अब दक्षिणी ध्रुव र उत्तरी ध्रुवमा गएर अझ धेरै क्षति गर्ने वा "नयाँ बाटो बनाउने" कुनै तरिका पत्ता लगाउने केही प्रकारको "अभियान" को खोजी गर्न सकिन्छ भन्ने तिनीहरूलाई लाग्छ। के यो मूर्खता होइन र? भन्नुको तात्पर्य, परमेश्‍वरले तिनीहरूका निम्ति सृष्टि गर्नुभएको सुन्दर घरलाई यस मानवजातिले तिनीहरूका पुर्खा शैतानको नेतृत्वमा लापर्बाही र स्वेच्छाचारी तरिकाले नष्ट गर्दै एकपछि अर्को गर्दै निरन्तर मूर्खतापूर्ण काम गर्छ। यो शैतानको काम हो। यसबाहेक, पृथ्वीमा मानवजातिको अस्तित्व केही हदसम्म खतरामा परेको देखेर, धेरै मानिसहरूले चन्द्रमामा गएर बाँच्ने उपाय स्थापित गर्ने चाहना गर्दै त्यहाँ जाने उपायहरूको खोजी गर्छन्। तर अन्ततः चन्द्रमामा अक्सिजनको अभाव छ। के मानवजाति अक्सिजनविना बाँच्न सक्छ? चन्द्रमामा अक्सिजनको अभाव भएको कारण मानिस त्यस ठाउँमा बस्न सक्दैन, तापनि मानिस त्यहाँ जाने चाहनामा दृढ छ। यस्तो व्यवहारलाई के भन्ने? यो पनि आत्म-विनाश हो, होइन र? चन्द्रमा हावाविनाको स्थान हो र यसको तापक्रम मानव अस्तित्वको निम्ति सुहाउँदो छैन—यसैले, यो परमेश्‍वरले मानिसको निम्ति छुट्याउनुभएको ठाउँ होइन।

अहिलेको हाम्रो विषय, अर्थात् तापक्रम मानिसहरूले आफ्नो दैनिक जीवनमा सामना गर्ने कुरा हो। तापक्रम सबै मानव शरीरले अनुभव गर्ने कुरा हो, तर तापक्रमको सुरुवात कसरी भयो वा मानव अस्तित्वको निम्ति सुहाउँदो हुनेगरि यसको नियन्त्रण कसले गर्छ भनेर कसैले सोच्दैन। अहिले हामी यही कुरा सिकिरहेका छौँ। के यसभित्र परमेश्‍वरको बुद्धि छ? के यसभित्र परमेश्‍वरको कार्य छ? (छ।) परमेश्‍वरले मानव अस्तित्वको निम्ति सुहाउँदो तापक्रमसहितको वातावरण सृष्टि गर्नुभयो भन्ने कुरामा विचार गर्दा, के यो सबै थोकको निम्ति उपलब्ध गराउने परमेश्‍वरका तरिकाहरूमध्ये एउटा होइन र? (हो।) यो एउटा तरिका हो।

**३. ध्वनि**

तेस्रो कुरा के हो? यो पनि मानव अस्तित्वको सामान्य वातावरणको निम्ति आवश्यक हिस्सा हो, जसको निम्ति परमेश्‍वरले सबै थोकको सृष्टि गर्नुहुँदा बन्दोबस्त गर्नुपरेको थियो। यो परमेश्‍वर र हरेक मानवजातिको निम्ति अत्यन्तै महत्त्वपूर्ण कुरा हो। यदि परमेश्‍वरले यस कुराको बन्दोबस्त नगर्नुभएको भए, यसले मानवजातिको अस्तित्वलाई धेरै बाधा दिनेथियो, अर्थात् यसले मानिसको जीवन र उसको देहको शरीरलाई यति धेरै प्रभाव पार्नेथियो कि त्यस्तो वातावरणमा मानवजाति

बाँच्न सक्नेथिएन। त्यस्तो वातावरणमा कुनै पनि जीवित प्राणी बाँच्न सक्नेथिएन भनेर भन्न सकिन्छ। त्यसैले, मैले बताइरहेको यो कुरा के हो त? म ध्वनिको बारेमा कुरा गरिरहेको छु। परमेश्‍वरले हरेक थोकको सृष्टि गर्नुभयो र हरेक कुरा परमेश्‍वरको हातभित्र जिउँछन्। परमेश्‍वरका सृष्टिका सबै थोक उहाँका नजरमा जीवित रहन्छन् र निरन्तर चलायमान हुन्छन्। मैले यसो भन्नुको तात्पर्य के हो भने, परमेश्‍वरले सृष्टि गर्नुभएका हरेक कुराहरूको अस्तित्वको मूल्य र अर्थ छ; अर्थात् हरेक थोकको अस्तित्वको महत्त्व छ। परमेश्‍वरको नजरमा, हरेक थोक जीवित छन्, र सबै थोक जीवित हुनाले, ती सबैले ध्वनि निकाल्छन्। उदाहरणको निम्ति, पृथ्वी निरन्तर घुमिरहेको छ, सूर्य निरन्तर घुमिरहेको छ र चन्द्रमा पनि निरन्तर घुमिरहेको छ। हरेक थोक वृद्धि हुन्छन्, बढ्छन् र चल्छन्, तिनीहरूले निरन्तर ध्वनि निकालिरहेका हुन्छन्। पृथ्वीमा अस्तित्वमा रहने परमेश्‍वरका सृष्टिका यी सबै थोक निरन्तर वृद्धि हुने, विकास हुने र चलायमान हुने गर्छन्। उदाहरणको निम्ति, पर्वतहरूका जगहरू चलिरहेका र सरिरहेका छन् र समुद्रका गहिराइका सबै जीवित प्राणीहरू पौडिरहेका र चलिरहेका छन्। यसको अर्थ के हो भने, परमेश्‍वरको नजरमा सबै थोक स्थापित ढाँचाअनुसार अटुट रूपमा, निरन्तर चलिरहेका छन्। यसैले, यी सबै अन्धकारमा वृद्धि र विकास हुने र गुप्तमा चल्ने कुराहरूले केलाई अस्तित्वमा ल्याउँछ? ध्वनि—ठूला, शक्तिशाली ध्वनिहरू। पृथ्वी ग्रहभन्दा बाहिर, सबै किसिमका ग्रहहरू निरन्तर चलिरहेका छन् र यी ग्रहहरूमा भएका जीवित प्राणी र जीवहरू निरन्तर वृद्धि हुने, विकास हुने र चल्ने गरिरहेका छन्। यसर्थ, जीवन भएका र जीवन नभएका सबै थोक परमेश्‍वरको नजरमा अगाडि बढिरहेका छन् र यस दौरानमा तिनीहरू सबैले ध्वनि उत्पादन गरिरहेका छन्। परमेश्‍वरले यी ध्वनिहरूको निम्ति पनि बन्दोबस्त गर्नुभएको छ र उहाँले यसो गर्नुको पछाडिको कारण बारे तिमीहरूलाई पहिले नै थाहा छ भन्ने मलाई विश्‍वास छ, होइन त? जब तँ कुनै हवाई जहाजको नजिक जान्छस्, त्यसको इन्जिनको गर्जनले तँलाई कस्तो असर पार्छ? यदि तँ लामो समयसम्म त्यसको नजिक बसिस् भने तेरा कानहरू बहिरा हुन्छन्। के तेरो हृदयले त्यस्तो कष्टप्रद अनुभूतिलाई सहन सक्छ? कमजोर हृदय भएका केही मानिसहरूले यसो गर्न सक्दैनन्। अवश्य नै, बलिया हृदय भएकाहरूले पनि लामो समयसम्म यसलाई सहन सक्दैनन्। भन्नुको तात्पर्य, चाहे यो कान होस् या हृदय होस्, ध्वनिको असर हरेक मानवजातिको निम्ति अत्यन्तै महत्त्वपूर्ण हुन्छ र धेरै ठूला ध्वनिहरूले मानिसहरूलाई असर पुर्‍याउँछन्। यसैले, परमेश्‍वरले सबै थोकको सृष्टि गर्नुहुँदा र पछि तिनीहरूले सामान्य रूपले कार्य गर्न सुरु गरेपछि, चलायमान हुने सबै थोकको आवाज, अर्थात् यी आवाजहरूका निम्ति परमेश्‍वरले उचित प्रबन्ध गर्नुभयो। मानवजातिको निम्ति वातावरणको सृष्टि गर्ने क्रममा, परमेश्‍वरले ध्यान दिनुपरेको कुरामध्ये एउटा यो पनि हो।

सर्वप्रथम त, पृथ्वीको सतहमाथिको वायुमण्डलको उचाइले पनि ध्वनिलाई प्रभाव पार्छ। यसका अतिरिक्त, माटोमा भएका खाली ठाउँहरूले पनि ध्वनिलाई हेरफेर गर्छन् र प्रभाव पार्छन्। त्यसपछि विभिन्न भौगोलिक वातावरणहरूको संगमले पनि ध्वनिलाई प्रभाव पार्छन्। भन्नुको तात्पर्य, केही ध्वनिहरूलाई हटाउनको निम्ति परमेश्‍वरले निश्‍चित विधिहरूको प्रयोग गर्नुहुन्छ, ताकि मानव आफ्ना कान र हृदयले सहन सक्ने वातावरणमा बाँच्न सकोस्। नत्रता, मानवजातिको जीवनमा

ठूलो बाधा बनेर अनि तिनीहरूको निम्ति गम्भीर समस्या उत्पन्न गरेर ध्वनिले मानवजातिको अस्तित्वमा ठूलो बाधा प्रस्तुत गर्छन्। यसको अर्थ के हो भने जमिन, वायुमण्डल र विभिन्न किसिमका भौगोलिक वातावरणको सृष्टि गर्ने क्रममा परमेश्वरले विशेष ध्यान दिनुभयो र यी हरेकमा परमेश्वरको बुद्धि सामेल छ। यस सम्बन्धी मानवजातिको बुझाई धेरै विस्तृत हुनु आवश्यक छैन–यिनमा परमेश्वरका कार्यहरू समावेश छन् भन्ने कुरा जान्नु मानिसहरूको निम्ति प्रर्याप्त छ। अब तिमीहरूले मलाई भन, ध्वनिलाई मापन गरेर मानवजातिको बाँच्ने वातावरण र तिनीहरूको सामान्य जीवनलाई कायम गर्नको निम्ति परमेश्वरले गर्नुभएको यो काम आवश्यक थियो? (हो, थियो।) यो काम अत्यावश्यक थियो, त्यसकारण, यस दृष्टिकोणले हेर्दा, के परमेश्वरले सबै थोकलाई उपलब्ध गराउनको निम्ति यो कामको प्रयोग गर्नुभयो भनेर भन्न सकिन्छ? परमेश्वरले मानवजातिको प्रावधानको निम्ति यस्तो शान्त वातावरणको सृष्टि गर्नुभयो ताकि मानव शरीर सामान्य तवरले कुनै बाधाको सामना नगरी यसभित्र बाँच्न सकोस् र मानवजाति सामान्य तवरले अस्तित्वमा रहन र जिउन सकोस्। त्यसो भए, के परमेश्वरले मानवजातिलाई उपलब्ध गराउनुहुने तरिकाहरूमध्ये एउटा यही होइन र? के यो परमेश्वरले गर्नुभएको अत्यन्तै महत्त्वपूर्ण कुरा थिएन? (थियो।) यसको निकै ठूलो आवश्यकता थियो। त्यसैले तिमीहरूले यसलाई कसरी बुझ्यौ? यो परमेश्वरको कार्य हो भन्ने कुरालाई तिमीहरूले महसुस गर्न नसके तापनि वा त्यस बेला परमेश्वरले यसो गर्नुभएको हो भनेर तिमीहरूलाई थाहा नभए पनि, के परमेश्वरले यो कुरा गर्नु आवश्यक थियो भन्ने कुरालाई तिमीहरूले अझै पनि महसुस गर्न सक्छौ? के तिमीहरूले परमेश्वरको बुद्धि र उहाँले यसमा लगाउनुभएको वास्ता र सोचलाई महसुस गर्न सक्छौ? (हो, हामी सक्छौं।) यदि तिमीहरू यसलाई महसुस गर्न सक्छौ भने, यो नै पर्याप्त छ। परमेश्वरले आफ्ना सृष्टिका थोकहरूमाझ धेरै कार्य गर्नुभएको छ जुन मानिसहरूले न त महसुस गर्न सक्छन् न त देख्न नै सक्छन्। तिमीहरूलाई परमेश्वरका कार्यहरूको बारेमा जानकारी दिनलाई मैले यो कुरा उठाएको हुँ, ताकि तिमीहरूले परमेश्वरलाई चिन्न सक। तिमीहरूलाई परमेश्वरको बारेमा जान्न र बुझ्नका निम्ति राम्ररी सक्षम तुल्याउन सक्ने सङ्केतहरू यिनै हुन्।

**४. ज्योति**

चौथो कुरा मानिसहरूका आँखासँग सम्बन्धित छ: ज्योति। यो पनि धेरै महत्त्वपूर्ण छ। जब तैँले चम्किलो ज्योति देख्छस्, र त्यसको चमक निश्चित शक्तिमा पुगेपछि, त्यसले मानव आँखालाई अन्धो तुल्याउन सक्छ। आखिरमा, मानव आँखा देहका आँखा न हुन्। आँखाले जलनलाई सहन सक्दैनन्। के कसैले सूर्यलाई सिधा हेर्न सक्छ? केही मानिसहरूले यसो गर्ने प्रयास गरे र यदि तिनीहरूले घाममा लगाउने चस्मा लगाएका छन् भने त यसले ठीकै काम गर्छ–तर त्यसको निम्ति केही साधनको प्रयोग गर्नु आवश्यक हुन्छ। साधनहरूविना, मानिसका नाङ्गा आँखासँग सूर्यको सामना गर्ने र त्यसलाई सिधा हेर्ने क्षमता छैन। तैपनि, मानवजातिलाई ज्योति दिन परमेश्वरले सूर्यको सृष्टि गर्नुभयो, यो ज्योति पनि उहाँले वास्ताको साथ बनाउनुभयो। परमेश्वरले सामान्य तवरले सूर्यको सृष्टि गरेर, त्यसलाई राखी छोडेर, त्यसलाई बेवास्ता गर्नुभएन; परमेश्वरले

यसरी काम गर्नुहुन्न। उहाँ आफ्ना कार्यहरूमा धेरै होसियार हुनुहुन्छ, र तिनको बारेमा पूर्ण सावधानीका साथ सोच्नुहुन्छ। परमेश्वरले मानवजातिले देख्न सकून् भनेर आँखाको सृष्टि गर्नुभयो र मानिसले कुनै कुराहरूलाई देख्नको निम्ति ज्योतिको मापदण्ड पनि पहिले नै तोक्नुभयो। ज्योति धेरै मधुरो भएको भए पनि राम्रो हुनेथिएन। अँध्यारोमा मानिसहरूले आफ्ना अगाडिका आफ्नै औँलाहरू देख्न सक्दैनन्, तिनीहरूका आँखाले आफ्ना कार्य गुमाउँछन् र तिनले काम गर्दैनन्। तर धेरै चम्किलो ज्योतिले पनि मानिसहरूलाई त्यति नै देख्न नसक्ने बनाउँछ, किनकि चमक सहन नसकिने हुन्छ। यसैले, परमेश्वरले मानवजातिको अस्तित्वको वातावरणमा मानव आँखाको निम्ति उचित परिमाणको अर्थात् मानिसहरूको आँखाको कार्य गुमाउन लगाउने होइन, तर आँखालाई हानी नपुऱ्याउने वा नष्ट नगर्ने ज्योतिको प्रबन्ध गर्नुभएको छ। यसैले परमेश्वरले सूर्य र पृथ्वी वरिपरि बादलका तहहरू थप्नुभयो र मानिसहरूका आँखा र छालालाई हानी पुऱ्याउने ज्योतिलाई हावाको घनत्वले छान्छन्–यी सुहाउँदो परिमाणमा छन्। यसका अतिरिक्त, परमेश्वरले सृष्टि गर्नुभएका पृथ्वीका रङहरूले सूर्यको ज्योति र अन्य प्रकारका ज्योतिहरूलाई परावर्तन गर्छन् र तिनले मानव आँखा अनुकूल नभएका अत्यन्तै चम्किला ज्योतिलाई हटाउन सक्छन्। यसैले, मानिसहरू बाहिर हिँड्न र घाममा लगाउने अत्यन्तै गाढा चस्मा निरन्तर नलगाई आफ्नो जीवन अगाडि बढाउन सक्षम छन्। सामान्य परिस्थितिमा मानव आँखाले ज्योतिद्वारा प्रभावित नभई आफ्ना दृष्टि क्षेत्रभित्रको कुरालाई देख्न सक्छन्। भन्नुको तात्पर्य, ज्योति अत्यन्तै चम्किलो वा धेरै मधुरो भयो भने पनि राम्रो हुँदैन। यदि धेरै मधुरो भयो भने मानिसका आँखामा क्षति पुग्छ र केही समयको प्रयोग पछि नष्ट हुन्छ; यदि धेरै चम्किलो भयो भने मानव आँखाले सहन सक्दैन। त्यही ज्योति मानव आँखाले देख्नको निम्ति सुहाउँदो हुनुपर्छ र ज्योतिको कारण मानव आँखामा हुने क्षतिलाई परमेश्वरले विभिन्न विधिद्वारा कम गर्नुभएको छ; अनि यस ज्योतिले मानिसका आँखालाई फाइदा दिन वा कष्ट पुऱ्याउन सक्ने भए पनि, आँखाको प्रयोगलाई कायम राखेर मानिसहरूलाई तिनीहरूको जीवन धान्न दिनको निम्ति यो पर्याप्त छ। के यस कुराको विषयमा परमेश्वरले सावधानीपूर्वक ध्यान दिनुभएन र? तापनि दियाबलस, शैतानले, यी सोच विचारहरूलाई आफ्नो मनमा नराखी कार्य गर्छ। शैतानको निम्ति, ज्योति कि त धेरै चम्किलो हुन्छ कि त धेरै मधुरो। शैतानले यसरी नै काम गर्छ।

परमेश्वरले मानवजातिको अस्तित्व अनुकूलता क्षमतालाई बढाउनको लागि, मानव शरीरका सबै पक्षहरूका निम्ति यी कुराहरू–यसको दृष्टि, श्रवण शक्ति, स्वाद, स्वासप्रस्वास, अनुभव र अन्य कुराहरू–गर्नुभयो ताकि तिनीहरू सामान्य तवरले बाँच्न सकून् र त्यसलाई निरन्तरता दिन सकून्। अर्को शब्दमा भन्दा, परमेश्वरले सृष्टि गर्नुभएको जीवनको वर्तमान वातावरण नै मानवजातिको निम्ति सबैभन्दा सुहाउँदो र फाइदाजनक वातावरण हो। कतिपय मानिसहरूले के सोच्छन् भने, यसले त्यति धेरै फरक पार्दैन, यो सबै निकै सामान्य कुरा हो। मानिसहरू ध्वनि, ज्योति र हावालाई आफ्नो जन्मसिद्ध अधिकार हो भन्ने ठान्छन्, जसको आनन्द तिनीहरूको जन्मदेखि नै तिनीहरूले लिएका छन्। तर तैँले आनन्द लिन सकेका ती थोकहरूको पछाडि परमेश्वरको काम छ; यो कुरा मानवले बुझ्न आवश्यक छ, जान्न आवश्यक छ। तैँले यी कुराहरू

बुझ्नु वा जान्नु आवश्यक छैन भनेर तैँले महसुस गरे तापनि, छोटकरीमा भन्नुपर्दा परमेश्वरले तिनको सृष्टि गर्ने क्रममा तिनीहरूलाई धेरै ध्यान दिनुभयो, उहाँसँग यसबारे योजना थियो र केही निश्चित विचार थियो। उहाँले मानवजातिको बारेमा दोस्रो पटक नसोची, जीवनको निम्ति त्यतिकै वा सामान्य तवरले यस्तो वातावरणमा राख्नुभएको होइन। मैले यी हरेक साना कुराहरूको बारेमा धेरै ठूलो कुरा गरेको छु भन्ने तिमीहरू सोच्न सक्छौ, तर मेरो दृष्टिमा मानवजातिको निम्ति परमेश्वरले उपलब्ध गराउनुभएको हरेक कुरा मानवजातिको अस्तित्वको निम्ति आवश्यक छ। यसमा परमेश्वरको कार्य छ।

**५. वायु-प्रवाह**

पाँचौ कुरा के हो? यो कुरा हरेक व्यक्तिको प्रत्येक दिनसँग घनिष्ट रूपमा सम्बन्धित छ। मानव जीवनसँग यसको सम्बन्ध यति नजिक छ कि यसको अभावमा मानव शरीर यस भौतिक संसारमा बाँच्नै सक्दैन। यो वायु-प्रवाह हो। सायद यो “वायु-प्रवाह” भन्ने नाम पदलाई सुन्ने जोकोहीले पनि यसलाई बुझ्न सक्छ। त्यसो भए, वायु-प्रवाह के हो त? “वायु-प्रवाह” भनेको वायुको चाल हो भनेर तिमीहरू भन्न सक्छौ। वायु-प्रवाह मानव आँखाले देख्न नसकिने हावा हो। यो ग्याँसहरू चल्ने एक तरिका पनि हो। तापनि, यस कुराकानीमा “वायु-प्रवाह” ले मुख्य रूपमा केलाई जनाउँछ? मैले भन्ने बित्तिकै तिमीहरूले बुझ्नेछौ। पृथ्वीले आफू घुम्दा पर्वत, समुद्र र सृष्टिका सबै थोक बोक्छ र यो घुम्दा यसको गतिमा घुम्छ। तैँले यस घुमाइलाई महसुस गर्न नसके तापनि पृथ्वीको परिक्रमा अस्तित्वमा छ। यस परिक्रमाले के पैदा गर्छ? जब तँ दौडन्छस्, तेरा कानको छेउबाट हावा बहँदैन र? यदि तँ दौडिँदा हावा उत्पन्न हुन्छ भने पृथ्वी परिक्रमा गर्दा बतास किन चल्दैन? जब पृथ्वी परिक्रमा गर्छ, सबै थोक चलायमान हुन्छन्। पृथ्वी आफै चलायमान छ र निश्चित गतिमा परिक्रमा गरिरहेको छ, यसमा भएका हरेक थोक पनि निरन्तर वृद्धि र विकास भइरहेका छन्। यसैले, कुनै निश्चित गतिको चालले स्वभाविक रूपमा वायु-प्रवाहको वृद्धि गर्छ। “वायु-प्रवाह” को बारेमा मेरो अर्थ यही हो। यस वायु-प्रवाहले मानव शरीरलाई केही हदसम्म प्रभाव पार्दैन र? तुफानलाई नै लिऔं: सामान्य तुफानहरू त्यति शक्तिशाली हुँदैनन्, तर जब तिनीहरूले आक्रमण गर्छन् मानिसहरू सिधा खडा हुन पनि सक्दैनन् र तिनीहरूलाई हावामा हिँड्न कठिन हुन्छ। एक पाइला चाल्न पनि कठिन हुन्छ र केही मानिसहरूलाई त यसले हिँड्नै नसक्ने गरी कुनै कुरामा धकेलेर राख्छ। वायु-प्रवाहले मानवजातिलाई प्रभाव पार्ने तरिकामध्ये एउटा यही हो। यदि सारा पृथ्वी समथर जमिनले ढाकेको भए पृथ्वी र सबै थोकले परिक्रमा गर्दा मानव शरीरले त्यसबाट उत्पन्न वायु-प्रवाहलाई पूर्ण रूपमा धान्न सक्दैन। यस्तो परिस्थितिप्रति प्रतिक्रिया जनाउन अत्यन्तै कठिन हुन्छ। यदि वास्तवमा यस्तै हुने हो भने यस्तो वायु-प्रवाहले मानवजातिमाथि हानी मात्र पुर्‍याउँदैन, तर पूर्ण विनाश पनि गर्छ। मानव यस्तो वातावरणमा बाँच्न सक्नेथिएन। यसैले परमेश्वरले त्यस्तो वायु-प्रवाहको समाधानको निम्ति विभिन्न भौगोलिक वातावरणहरू बनाउनुभयो–विभिन्न वातावरणमा वायु-प्रवाह कमजोर हुन्छ, आफ्नो दिशा बदल्छ, आफ्नो गति बदल्छ र आफ्नो तागत बदल्छ। त्यसैले मानिसहरूले पर्वत, ठूला हिमशृङ्खला, समथर जमिन, पहाड, बेँसी,

उपत्यका, पठार र ठूला नदीहरू जस्ता फरक-फरक भौगोलिक विशेषताहरू देख्न सक्छन्। यस्ता फरक-फरक भौगोलिक विशेषताहरूको माध्यमद्वारा परमेश्वरले वायु-प्रवाहको गति, दिशा र तागतलाई बदल्नुहुन्छ। यस विधिको माध्यमद्वारा उहाँले वायु-प्रवाहलाई उचित गति, दिशा र तागत भएको हावामा घटाउनु वा हेरफेर गर्नुहुन्छ, ताकि मानवले जिउनको निम्ति सामान्य वातावरण पाउन सकोस्। के यसको आवश्यकता छ? (छ।) यसो गर्नु मानवको लागि कठिन देखिन्छ तर परमेश्वरको निम्ति यो सजिलो छ किनकि उहाँले सबै कुराहरूको अवलोकन गर्नुहुन्छ। उहाँको निम्ति, मानवको निम्ति सुहाउँदो वातावरणको सृजना गर्ने योभन्दा सरल वा सजिलो हुनेथिएन। यसैले, परमेश्वरले सृजना गर्नुभएको यस्तो वातावरणमा उहाँको सृष्टिभित्रका हरेक कुराहरू अपरिहार्य छन्। हरेक कुराको अस्तित्वको मूल्य र आवश्यकता छ। तथापि, शैतान वा भ्रष्ट पारिएको मानवजातिले यस सिद्धान्तलाई बुझ्दैन। पर्वतहरूलाई समथर जमिनमा परिवर्तन गर्ने, गल्छीहरू पुर्ने र सिमेन्टको जङ्गल सृजना गर्नेको निम्ति समथर जमिनमा गगनचुम्बी महलहरू बनाउने व्यर्थको सपना देखेर तिनीहरूले निरन्तर नष्ट गर्ने, विकास गर्ने र शोषण गर्ने काम गर्छन्। यो सबैभन्दा सुहाउँदो वातावरणमा मानवजाति खुसीसाथ बाँच्न, खुसीसाथ बढ्न र हरेक दिन खुसीसाथ बिताउन सक्छ भन्ने परमेश्वरको आशा थियो, जुन उहाँले तिनीहरूको निम्ति तयार पार्नुभयो। यसैले मानवजाति बस्ने वातावरणलाई व्यवहार गर्ने कुरामा परमेश्वरले कहिले पनि लापरवाही गर्नुभएको छैन। तापक्रमदेखि लिएर वायुसम्म, ध्वनिदेखि लिएर ज्योतिसम्म परमेश्वरले जटिल योजना र बन्दोबस्तहरू बनाउनुभएको छ, ताकि मानिसहरूका शरीर र तिनीहरू बाँच्ने वातावरणलाई प्राकृतिक परिस्थितिहरूले बाधा नदेओस् बरु मानवजाति सामान्य तवरले अन्य थोकहरूसँग सामञ्जस्यपूर्ण तवरले सहअस्तित्वमा जिउन र वृद्धि हुन सकोस्। यी सबै परमेश्वरले सबै थोक र मानवजातिको लागि उपलब्ध गराउनुभएको छ।

मानव अस्तित्वका निम्ति परमेश्वरले गर्नुभएका यी पाँच आधारभूत परिस्थितिहरूको बन्दोबस्तका तरिकामा के तिमीहरू परमेश्वरले कसरी उपलब्ध गराउनुहुन्छ भन्ने कुरा देख्न सक्छौ। (सक्छौं।) भन्नुको तात्पर्य, मानव अस्तित्वको निम्ति चाहिने सबै आधारभूत परिस्थितिहरूको सृष्टिकर्ता परमेश्वर नै हुनुहुन्छ र परमेश्वरले यी थोकको बन्दोबस्त र नियन्त्रण पनि गर्दैहुनुहुन्छ; अहिले पनि मानव अस्तित्वको हजारौं वर्षपछि तिनीहरूलाई सबैभन्दा राम्रो र सबैभन्दा सुहाउँदो वातावरण दिँदै परमेश्वरले अझ पनि तिनीहरू जिउने वातावरणमा निरन्तर फेर-बदल गर्दै हुनुहुन्छ ताकि तिनीहरूको जीवन नियमित तरिकाले कायम राख्न सकियोस्। यस्तो परिस्थिति कति लामो समयसम्म काय रहन सक्छ? अर्को शब्दमा, परमेश्वरले कहिलेसम्म यस्तो वातावरण निरन्तर उपलब्ध गराउनुहुनेछ? परमेश्वरले आफ्नो व्यवस्थापनको काम पूरा नगरुन्जेलसम्म यो जारी रहनेछ। त्यसपछि, परमेश्वरले मानवजातिको जिउने वातावरण परिवर्तन गर्नुहुनेछ। परमेश्वरले यी परिवर्तनहरू त्यही विधिहरूद्वारा गर्न सक्नुहुनेछ वा फरक विधिहरूद्वारा गर्न सक्नुहुनेछ, तर अहिले मानिसहरूले जान्नुपर्ने कुरा यही हो कि मानवजातिका आवश्यकताहरूको निम्ति परमेश्वरले निरन्तर उपलब्ध गराइरहनुभएको छ; मानव जिउने वातावरणको व्यवस्थापन गरिरहनुभएको छ; र त्यस वातावरणलाई संरक्षण दिने, सुरक्षा दिने र कायम राख्ने कार्य गर्दै

आइरहनुभएको छ। यस्तो वातावरणमा परमेश्‍वरका चुनिएका मानिसहरू नियमित रूपले जिउन र परमेश्‍वरको मुक्ति, सजाय र न्याय स्वीकार गर्न सक्षम छन्। परमेश्‍वरको सार्वभौमिकताको कारण सबै थोक निरन्तर अस्तित्वमा छन् र परमेश्‍वरबाट आउने यस्तै प्रावधानहरूको कारण सारा मानवजाति निरन्तर अगाडि बढिरहेको छ।

के हाम्रो अन्तिम भागको सङ्गतिले तिमीहरूमा केही नयाँ विचारहरू ल्यायो? के तिमीहरू अब परमेश्‍वर र मानवजाति बीचको सबैभन्दा ठूलो भिन्नताको बारेमा सचेत भयौ? अन्ततः सबै थोकको मालिक को हो? के त्यो मानिस हो? (होइन।) त्यसो भए, परमेश्‍वर र मानिसले सारा सृष्टिलाई गर्ने व्यवहारमा के फरक छ? (परमेश्‍वरले राज्य गर्नुहुन्छ र सबै थोकको बन्दोबस्त गर्नुहुन्छ, जबकि मानिसले ती कुराहरूको आनन्द लिन्छ।) के तिमीहरू यसमा सहमत छौ? परमेश्‍वर र मानिसका बीचको सबैभन्दा ठूलो भिन्नता यही हो कि परमेश्‍वरले सारा सृष्टिमाथि राज्य गर्नुहुन्छ र बन्दोबस्त गर्नुहुन्छ। उहाँ सबै थोकको स्रोत हुनुहुन्छ र परमेश्‍वरले सारा सृष्टिलाई उपलब्ध गराउनुहुँदा मानवजातिले त्यसको आनन्द उठाउँछ। भन्नुको तात्पर्य, मानिसले परमेश्‍वरले सबै थोकलाई प्रदान गर्नुहुने जीवन स्वीकार गर्दा उसले सृष्टिका सबै थोकहरूको आनन्द उठाउँछ। परमेश्‍वर मालिक हुनुहुन्छ र मानवजातिले परमेश्‍वरले गर्नुभएको सबै थोकको सृष्टिको फलहरूको आनन्द लिन्छ। त्यसो भए, परमेश्‍वरका सृष्टिका सबै थोकको दृष्टिकोणबाट हेर्दा परमेश्‍वर र मानिस बीचको भिन्नता के हो? सबै थोक कसरी वृद्धि हुन्छन् भन्ने नियमलाई परमेश्‍वरले स्पष्टसँग देख्न सक्नुहुन्छ र उहाँले ती नियमहरूको नियन्त्रण र प्रभुत्व गर्नुहुन्छ। यसर्थ, सबै थोक परमेश्‍वरको नजरभित्र छन् र उहाँको निगरानीको दायराभित्र छन्। के मानवजातिले यी सबै थोक देख्न सक्छ? मानवजातिले देख्न सक्ने कुरा उसको प्रत्यक्ष अगाडि भएको कुरामा सीमित छ। यदि तैँले पर्वत चढिस् भने तैँले त्यो पर्वत मात्र देख्छस्। तैँले त्यस पर्वतको अर्कोतिर के छ भन्ने देख्न सक्दैनस्। यदि तँ समुद्रको किनारामा गइस् भने तैँले समुद्रको एक छेउ मात्र देख्छस् र त्यस समुद्रको अर्को छेउ कस्तो देखिन्छ भन्ने तैँले थाहा पाउन सक्दैनस्। यदि तँ वनमा गइस् भने तैँले तेरा अगाडि र वरिपरि भएका वनस्पतिहरू देख्छस्, तर त्यसभन्दा पर के छ त्यो देख्न सक्दैनस्। मानवले माथिका, टाढाका र गहिराइका कुराहरू देख्न सक्दैनन्। तिनीहरूले प्रत्यक्ष आफू अगाडिका तिनीहरूका दृष्टि क्षेत्रभित्रका कुराहरू मात्र देख्न सक्छन्। वर्षका चार ऋतुहरूलाई हुकुम गर्ने नियम वा सबै थोक कसरी वृद्धि हुन्छन् भन्ने नियमको बारेमा मानवलाई थाहा भए तापनि तिनीहरूले अझ पनि सबै थोकको प्रबन्ध गर्न वा तिनलाई हुकुम गर्न सक्दैनन्। तथापि परमेश्‍वरले आफ्नो सारा सृष्टिलाई त्यसरी नै हेर्नुहुन्छ जसरी उहाँ आफैले बनाउनुभएको यन्त्रलाई हेर्नुहुन्छ। उहाँ हरेक भाग र हरेक जडानसँग गहिरो गरी परिचित हुनुहुन्छ, तिनका सिद्धान्तहरू के-के हुन्, तिनका ढाँचाहरू के-के हुन् र तिनका उद्देश्यहरू के-के हुन्—परमेश्‍वरलाई यो सबै कुरा अत्यन्तै स्पष्टसँग थाहा छ। यसैले परमेश्‍वर, परमेश्‍वर नै हुनुहुन्छ र मानिस, मानिस नै हो! मानिस विज्ञान र सारा कुराहरू नियमित गर्ने कानूनहरूको बारेमा आफ्नो अनुसन्धानको गहिराइमा जान सक्ने भए तापनि, त्यो अनुसन्धानको दायरा सीमित छ, जबकि परमेश्‍वरले सबै कुराको नियन्त्रण गर्नुहुन्छ। मानिसको निम्ति, परमेश्‍वरको नियन्त्रण अनन्त छ। मानिसले परमेश्‍वरको सबैभन्दा

सानो कार्यको अनुसन्धान गर्दा साँचो परिणामहरू प्राप्त नगरीकनै आफ्नो सम्पूर्ण जीवन खर्च गर्न सक्छ। यसैले, यदि तैँले परमेश्वरको अध्ययन गर्न आफ्नो ज्ञान र आफूले सिकेको कुरा मात्र प्रयोग गरिस् भने तँ कहिले पनि परमेश्वरलाई चिन्न वा बुझ्न सक्षम हुनेछैनस्। तर यदि तैँले सत्यको खोजी र परमेश्वरको खोजी गर्ने मार्गको छनोट गर्छस् र उहाँलाई चिन्ने दृष्टिकोणबाट परमेश्वरलाई हेर्छस् भने, तैँले एक दिन, परमेश्वरका कार्यहरू र बुद्धि एकै पटक सबैतिर छन् भन्ने पहिचान गर्नेछस् र परमेश्वरलाई किन सबै कुराहरूको मालिक र सबै कुराहरूको जीवनको स्रोत भनिएको हो भन्ने जान्नेछस्। तैँले जति धेरै यस्तो बुझाइ प्राप्त गर्छस्, त्यति नै धेरै तैँले परमेश्वरलाई सारा कुराहरूको मालिक किन भनिएको हो भन्ने बुझ्नेछस्। तँलगायत सारा कुराहरू र हरेक कुराले निरन्तर रूपमा परमेश्वरको भरणपोषणको स्थिर प्रवाह प्राप्त गरिरहेका छन्। तँ यस संसारमा र यस मानवजातिमाझ सारा कुराहरूको अस्तित्वलाई शासन गर्ने, व्यवस्थापन गर्ने र कायम राख्ने क्षमता र सार परमेश्वरबाहेक कोहीसँग छैन भन्ने पनि स्पष्ट रूपले महसुस गर्न सक्षम हुनेछस्। जब तँ यस बुझाइमा आइपुग्छस्, तैँले परमेश्वर तेरा परमेश्वर हुनुहुन्छ भनेर साँचो रूपले पहिचान गर्नेछस्। जब तँ यस बिन्दुमा आइपुग्छस्, तैँले साँचो रूपले परमेश्वरलाई स्वीकार गरेको र उहाँलाई तेरो परमेश्वर अनि तेरो मालिक हुन अनुमति दिएको हुनेछस्। जब तैँले यस्तो बुझाइ प्राप्त गरेको हुन्छस् र तेरो जीवन यस्तो बिन्दुमा पुगेको हुन्छ, परमेश्वरले अब उप्रान्त तेरो परीक्षा र मूल्यांकन गर्नुहुनेछैन, न त उहाँले तँबाट केही माग नै गर्नुहुनेछ, किनकि तैँले परमेश्वरलाई बुझ्नेछस्, उहाँको हृदयलाई जान्नेछस् र तेरो हृदयमा परमेश्वरलाई साँचो रूपले स्वीकार गरेको हुनेछस्। परमेश्वरले सबै थोकको प्रभुत्व र प्रबन्ध गर्नुहुन्छ भन्ने यी विषयहरूमा सङ्गति गर्नुपर्ने एउटा महत्त्वपूर्ण कारण यही हो। यसो गर्नुको अर्थ मानिसहरूलाई थप ज्ञान र समझ दिनु हो–तिमीहरूलाई स्वीकार गर्न लगाउनु मात्र होइन, तर तिमीहरूलाई परमेश्वरका कार्यहरूका बारेमा थप व्यावहारिक रूपले थाहा पाउन र बुझ्न लगाउनु हो।

## परमेश्वरले मानवजातिको लागि तयार गर्नुहुने दैनिक भोजन र पेय पदार्थ

हामीले भर्खरै वातावरणको एक भागको बारेमा, विशेषगरी, परमेश्वरले संसारको सृष्टि गर्नुहुँदा उहाँले तयार गर्नुभएको मानव अस्तित्वका निम्ति आवश्यक सर्तहरूको बारेमा सामान्य छलफल गर्‍यौं। हामीले पाँच कुराहरू, वातावरणका पाँच तत्वहरूको बारेमा कुरा गर्‍यौं। हाम्रो अर्को विषय हरेक मानवको भौतिक जीवनसँग घनिष्ट रूपले सम्बन्धित छ, अनि यो उक्त जीवनसँग अझ प्रासंगिक छ र अघिल्ला पाँचको तुलनामा यसले जीवनको अपेक्षित सर्तहरूलाई अझै राम्ररी पूरा गर्छ। निश्चित रूपमा भन्नुपर्दा, यो मानिसहरूले खाने खाना हो। परमेश्वरले मानिसको सृष्टि गर्नुभयो र उसलाई जीवनको निम्ति सुहाउँदो वातावरणमा राख्नुभयो; त्यसपछि मानिसलाई खाना र पानीको आवश्यकता पर्‍यो। मानिसलाई यसको आवश्यकता थियो, त्यसैले परमेश्वरले उसको निम्ति त्यसै अनुकूल तयारी गर्नुभयो। यसैले, परमेश्वरको कामको हरेक चरण र उहाँले गर्ने हरेक कुरा बोलिने खोक्रा वचनहरू होइनन्, तर वास्तविक, व्यावहारिक कदम हो। के खाना मानिसहरूको दैनिक जीवनको अपरिहार्य कुरा होइन र? के खाना हावाभन्दा महत्त्वपूर्ण हो? ती बराबरी महत्त्वका

छन्। दुवै मानवजातिको अस्तित्व र मानव जीवनको सुरक्षित निरन्तरताको निम्ति आवश्यक परिस्थिति र पदार्थहरू हुन्। कुन बढी महत्त्वपूर्ण छ–हावा कि पानी? तापक्रम कि खाना? तिनीहरू सबै उत्तिकै महत्त्वपूर्ण छन्। मानिसहरूले तीमध्ये एउटालाई छान्न सक्दैनन् किनकि तिनीहरू तीविना रहन सक्दैनन्। यो वास्तविक र व्यावहारिक विषय हो, तैँले तीमध्ये एक छान्ने कुरा होइन। तँलाई थाहा छैन, तर परमेश्वरलाई थाहा छ। जब तैँले खाना देख्छस्, तँ सोच्छस्, "म खानाविना रहन सक्दिनँ!" तर तँलाई सृष्टि गरिएपछि लगतै तँलाई खानाको आवश्यकता छ भन्ने तँलाई थाहा थियो? तँलाई थाहा थिएन तर परमेश्वरलाई थाहा थियो। जब तँ भोकाइस् र खानलाई रुखमा फल र जमिनमा अन्न देखिस् तब मात्र तँलाई खानाको आवश्यकता भएको तैँले महसुस गरिस्। जब तँलाई तिर्खा लाग्यो र तैँले झरनाको पानीको दृष्य देखिस् तब मात्र–तैँले पिएपछि मात्र तँलाई पानी चाहिने रहेछ भन्ने तैँले महसुस गरिस्। परमेश्वरले मानवजातिको निम्ति पहिले नै पानी तयार पार्नुभएको थियो। कसैले दिनको तीन छाक वा दुई वा त्यसभन्दा बढी छाक खाओस्, संक्षिप्तमा भन्दा खाना मानवको दैनिक जीवनको लागि अपरिहार्य कुरा हो। यो मानव शरीरको सामान्य अस्तित्वलाई निरन्तर कायम गर्न आवश्यक पर्ने कुरामध्ये एक हो। त्यसो भए, खाना कहाँबाट आउँछ? सर्वप्रथम त यो माटोबाट आउँछ। माटो परमेश्वरले मानवजातिको लागि अगाडि नै तयार गर्नुभएको थियो र रूख र घाँसहरूको निम्ति मात्र नभएर यो धेरै किसिमका वनस्पतिहरूको अस्तित्वको निम्ति सुहाउँदो छ। परमेश्वरले मानवजातिको निम्ति सबै किसिमका अन्न र अन्य विविध खानाका बीउहरू तयार पार्नुभयो अनि उहाँले मानवजातिको निम्ति सुहाउँदो माटो र रोप्नलाई जमिन दिनुभयो र मानवजातिले यी कुराहरूबाट खाना प्राप्त गर्छ। विभिन्न किसिमका खानाहरू के-के हुन्? तिमीहरूलाई सायद यो कुरा पहिले नै थाहा छ। सर्वप्रथम, धेरै किसिमका अन्नहरू छन्। अन्नका विभिन्न प्रकारहरू के-के हुन्? गहुँ, झुप्पे कोदो, लस्सादार कोदो, ठूलो कागुनो र अन्य प्रकारका भुस भएका अन्न। अनाज पनि विभिन्न प्रकारका हुन्छन्, दक्षिणदेखि उत्तरसम्म विभिन्न प्रजातिका हुन्छन्: जौ, गहुँ, उवा, फापर र अन्य यस्तै। फरक-फरक क्षेत्रहरूमा फरक-फरक प्रजातिका निम्ति उचित हुन्छन्। धान पनि धेरै किसिमका हुन्छन्। दक्षिणमा यसका आफ्नै प्रजातिहरू हुन्छन्, जुन दक्षिणका मानिसहरूलाई सुहाउने किसिमका लामा हुन्छन्, किनकि त्यहाँको मौसम न्यानो हुन्छ, अर्थात् त्यहाँका रैथाने मानिसहरूले धेरै नटाँसिने इन्डिका घानका प्रजातिहरू खानुपर्ने हुन्छ। तिनीहरूले टाँसिने किसिमका चामल खान सक्दैनन् नत्रता तिनीहरूले आफ्नो भोक गुमाउनेछन् र त्यसलाई पचाउन सक्दैनन्। उत्तरका मानिसहरूले टाँसिने चामल खान्छन्, किनकि उत्तर सधैँ चिसो हुन्छ त्यसैले त्यहाँका मानिसहरूले बढी टाँसिने कुराहरू खानुपर्छ। अर्को कुरा, सिमीका पनि धेरै प्रजातिहरू छन्, जुन जमिनमाथि फल्छन् र आलु, सुठुनी, पिँडालु र अन्य धेरै कन्दमूल तरकारीहरू जमिनमुनि फल्छन्। आलु उत्तरमा फल्छ, त्यहाँको आलु उच्च गुणस्तरको हुन्छ। मानिसहरूसँग खाने अन्न नहुँदा प्रमुख खानाको रूपमा आलु खाँदा तिनीहरूले दिनमा तीन पटक खानु पर्दैन। आलुलाई खानाको संरक्षणको रूपमा पनि प्रयोग गर्न सकिन्छ। सुठुनीको गुणस्तर आलुको भन्दा नराम्रो हुन्छ तर त्यसलाई पनि दैनिक तीन छाक खाना टार्नको निम्ति प्रयोग गर्न सकिन्छ। अन्न पाउन कठिन हुँदा मानिसहरूले सुठुनी खाएर भोक मेटाउँछन्। दक्षिणका

मानिसहरूले अक्सर पिँडालु खान्छन् र यसलाई पनि यसरी नै प्रयोग गर्न सकिन्छ र यसले पनि प्रमुख भोजनको काम गर्छ। विभिन्न किसिमका फरक-फरक बालीहरू यिनै हुन्, जुन मानिसहरूका दैनिक खानपानका आवश्यक भाग हुन्। मानिसहरूले चाउचाउ, बफाएका रोटी, भात र चामलका चाउचाउ बनाउन विभिन्न किसिमका अन्नहरूको प्रयोग गर्छन्। परमेश्वरले मानवजातिका निम्ति प्रशस्त मात्रामा यी विभिन्न किसिमका अन्नहरू दिनुभएको छ। यति धेरै प्रजातिहरू किन छन् भन्ने कुरा परमेश्वरको इच्छाको कुरा हो: ती उत्तर, दक्षिण, पूर्व र पश्चिमका फरक-फरक माटो र मौसममा उम्रनको निम्ति उपयुक्त छन्; जबकि तिनका विभिन्न बनावटहरू र सामाग्रीहरू मानव शरीरका विभिन्न बनावट र सामाग्रीहरूसँग मेल खान्छन्। यी अन्नहरू खाएर मात्र मानिसहरूले आफ्नो शरीरको निम्ति आवश्यक विभिन्न पोषक तत्वहरू र पदार्थहरूलाई कायम गर्न सक्छन्। उत्तरी खाना र दक्षिणी खाना फरक छन्, तर तिनमा भिन्नता भन्दा पनि समानता ज्यादा छन्। दुवैले मानव शरीरका नियमित आवश्यकता तृप्त गर्न सक्छन् र यसको सामान्य अस्तित्वलाई सहायता गर्छन्। यसैले, हरेक क्षेत्रमा प्रशस्त प्रजातिहरूको उत्पादन हुन्छ, किनकि मानवको भौतिक शरीरलाई ती फरक खानाहरूले पूर्ति गर्ने कुराको आवश्यकता हुन्छ—शरीरको सामान्य अस्तित्वको निम्ति तिनलाई माटोमा उम्रिएका विभिन्न खानाहरूको आपूर्ति आवश्यक पर्छ ताकि तिनीहरूले सामान्य मानव जीवन बाँच्न सकून्। छोटकरीमा, परमेश्वर मानवजातिप्रति अत्यन्तै विचारशील हुनुभएको छ। मानिसहरूलाई परमेश्वरले दिनुभएका विभिन्न खानाहरू विविधता विहिन छैनन्—यसको विपरीत, तिनीहरू धेरै व्यापक छन्। यदि मानिसहरूले अनाज खान चाहे भने, तिनीहरूले अनाज खान सक्छन्। केही मानिसहरू गहुँभन्दा धान मन पराउँछन् र गहुँ मन नपराएको कारण तिनीहरूले धान खान सक्छन्। लामा र छोटा गरी धान धेरै प्रकारका हुन्छन्—अनि हरेकले मानिसका भोक मेटाउन सक्छन्। यसैले, यदि मानिसहरूले यी अन्नहरू खाए भने—तिनीहरूले आफ्ना खानालाई अनावश्यक रूपमा छनौट नगरेसम्म—तिनीहरूलाई पोषक तत्वको अभाव हुँदैन र तिनीहरू नमरेसम्म स्वस्थ भएर बाँच्छन् भन्ने सुनिश्चितता हुन्छ। परमेश्वरले मानवजातिलाई खाना उपलब्ध गराउनुहुँदा उहाँको मनमा यही विचार थियो। मानव शरीर यी कुराहरूविना रहन सक्दैन—के यो वास्तविकता होइन? यी त मानिस आफैले समाधान गर्न नसक्ने व्यावहारिक समस्याहरू हुन्, तर परमेश्वर तिनको लागि तयार हुनुहुन्थ्यो: उहाँले तिनको बारेमा पहिले नै सोच्नुभयो र मानवजातिको निम्ति तयारीहरू गर्नुभयो।

तर परमेश्वरले मानवजातिलाई यति मात्रै दिनुभएन—उहाँले मानवजातिलाई सागसब्जीहरू पनि दिनुभयो! भातसँग यदि तैँले अरू केही पनि खाइनस् भने, तैँले पर्याप्त पोषक तत्वहरू नपाउन सक्छस्। अर्कोतिर, तैँले आफ्नो खानासँग केही सागसब्जी पकाइस् वा सलाद मिसाइस् भने, तरकारीमा भएका भिटामिनहरू र तिनका विभिन्न तत्वहरू र अन्य पोषक तत्वहरूले तेरो शरीरको आवश्यकतालाई प्राकृतिक रूपमा तृप्त गर्छन्। अनि मानिसहरूले खाना खाइसकेपछि अर्को खाना खानुभन्दा पहिले केही फलफूल पनि खान सक्छन्, सक्दैनन् र? कहिलेकाहीँ, मानिसहरूलाई अझ बढी तरल पदार्थहरू वा अन्य पोषक तत्वहरू वा अन्य स्वादहरूको आवश्यकता पर्दछ र यी आवश्यकता पूरा गर्नको लागि फलफूल वा तरकारीहरू छन्। उत्तर, दक्षिण, पूर्व र पश्चिममा माटो

र मौसमहरू फरक-फरक हुने हुनाले, तिनीहरूले विभिन्न प्रजातिका तरकारी र फलफूलहरू उत्पादन गर्छन्। दक्षिणको मौसम अत्याधिक तातो हुने हुनाले, त्यहाँ पाइने धेरैजसो फलफूल र तरकारीहरू चिसो पार्ने किसिमका हुन्छन्, जुन एक पटक खाएपछि त्यसले मानव शरीरमा चिसो र तातोको सन्तुलन ल्याउन सक्षम हुन्छन्। तुलनात्मक रूपमा, उत्तरमा कम प्रजातिका तरकारी र फलफूलहरू पाइन्छन्, तथापि स्थानीय मानिसहरूले आनन्द लिनका निम्ति यी पर्याप्त हुन्छन्। तैपनि, हालका वर्षहरूमा समाजमा भएका विकासहरू र तथाकथित सामाजिक प्रगतिका साथै उत्तर, दक्षिण, पूर्व र पश्चिमलाई जोड्ने सञ्चार र यातायातको कारण उत्तरका मानिसहरूले केही दक्षिणी फलफूल र तरकारीहरू वा दक्षिणका क्षेत्रीय उत्पादनहरू खान सकेका छन् र तिनीहरू वर्षका सबै चार ऋतुमा त्यसो गर्न सक्छन्। यसले मानिसहरूका भोकहरू र भौतिक चाहनाहरूलाई तृप्त पार्न सक्षम भए तापनि, यसले थाहै नपाई तिनीहरूको शरीरमा धेरै हदसम्म हानी पुऱ्याउँछ। किनभने मानवजातिका लागि परमेश्वरले तयार पार्नुभएका खानेकुरामध्ये दक्षिणका मानिसहरूका लागि तयार पारिएका खाना, फलफूल र तरकारीहरू छन्, यसका साथै उत्तरका मानिसहरूका लागि तयार पारिएका खाना, फलफूल र तरकारीहरू छन्। भन्नुको तात्पर्य, यदि तँ दक्षिणमा जन्मेको होस् भने तैँले दक्षिणका खानेकुरा खानु उचित हुन्छ। दक्षिणको मौसम फरक भएको हुनाले परमेश्वरले विशेष रूपले यी खाना, फलफूल र तरकारीहरू तयार पार्नुभएको छ। उत्तरका मानिसका शरीरका निम्ति आवश्यक पर्ने खाना उत्तरमै पाइन्छ। तथापि मानिसहरूमा घिचुवा भोक छ, तिनीहरूले आफैलाई थाहै नपाई नयाँ सामाजिक चलनको छालमा बगाउन दिन्छन् र अनजानमा यी नियमहरूको उल्लङ्घन गर्छन्। मानिसहरूले आफ्नो जीवन विगतमा भन्दा असल भएको महसुस गरे तापनि, यस किसिमको सामाजिक प्रगतिले सङ्ख्यात्मक रूपमा बढ्दै गरेको मानिसका शरीरलाई थाहै नपाई हानी पुऱ्याउँछ। परमेश्वर यस्तो देख्न चाहनुहुन्न अनि उहाँले मानवजातिलाई यी खाना, फलफूल र तरकारीहरू उपलब्ध गराउँदा उहाँसँग यस्तो उद्देश्य थिएन। मानव आफैले परमेश्वरका व्यवस्थाहरू उल्लङ्घन गरेर वर्तमान अवस्था सृजना गरेका हुन्।

यी सबैका अतिरिक्त, परमेश्वरले मानवजातिका लागि उपलब्ध गराउनुभएको प्रशस्तता वास्तवमा प्रचुर मात्रामा छ र हरेक ठाउँको आफ्नै स्थानीय उत्पादन हुन्छ। उदाहरणका निम्ति, केही ठाउँमा रातो खजूर प्रशस्त हुन्छ (जसलाई जुजुबे पनि भनेर चिनिन्छ), अरू ठाउँमा प्रशस्त ओखर हुन्छ र अरू ठाउँमा बदाम वा यस्तै अन्य विभिन्न किसिमका फलहरू प्रशस्त हुन्छ। यी सबै भौतिक कुराहरूले मानव शरीरलाई चाहिने पोषक तत्वहरू प्रदान गर्छन्। तर परमेश्वरले मानवजातिलाई ठीक परिमाण र ठीक समयमा वर्षको ऋतुअनुसार यी कुराहरूको आपूर्ति गर्नुहुन्छ। उहाँले मानवजातिको सृष्टि गर्नुहुँदा स्थापित गर्नुभएका मानव वृद्धिका प्राकृतिक नियमहरू भङ्ग गर्न र नोक्सान पुऱ्याउन सजिलो हुनेगरि मानवजातिले भौतिक आनन्दको लालच गर्छ र घिचुवा छ। उदाहरणको रूपमा चेरीलाई लिऔं। ती जुन महिनातिर पाक्छन्। सामान्य परिस्थितिमा अगष्ट महिनासम्ममा केही चेरीहरू बाँकी रहँदैनन्। तिनलाई दुई महिनाको निम्ति मात्र ताजा राख्न सकिन्छ तर वैज्ञानिक प्रविधिहरूको प्रयोग गरेर अहिले मानिसहरूले त्यस अवधिलाई बाह्र महिनासम्म, चेरीको अर्को समयसम्म पनि लम्ब्याउन सक्षम छन्। यसको अर्थ यही हो कि वर्षभरि

चेरीहरू पाइन्छन्। के यो घटना सामान्य हो? (होइन।) त्यसो भए चेरी खाने सबैभन्दा राम्रो समय कुन हो? त्यो जुनदेखि अगस्तसम्मको अवधि हो। यो समय काटेपछि तिनलाई जति ताजा राखे पनि तिनको स्वाद उस्तै हुँदैन, न त मानव शरीरलाई आवश्यक पर्ने कुरा नै तिनले दिन्छन्। मिति सकिएपछि तैँले जुनसुकै रसायन हाले तापनि प्राकृतिक रूपमा फल्दाको अवस्थामा तिनमा पाइने सबै थोक मिसाउन सक्नेछैनस्। यसका अतिरिक्त, मानवमा रसायनले गर्ने हानिलाई जति नै प्रयास गरे तापनि कसैले पनि समाधान वा परिवर्तन गर्न सक्दैन। यसैले, वर्तमान बजार अर्थव्यवस्थाले मानिसहरूमा के ल्याउँछ? मानिसहरूका जीवन अझ राम्रो देखिन्छ, एक क्षेत्रदेखि अर्को क्षेत्रसम्मको यातायात धेरै सुविधाजनक भएको छ र मानिसहरूले चार ऋतुमध्ये कुनै पनि समयमा सबै किसिमका फलफूलहरू खान सक्छन्। उत्तरका मानिसहरू नियमित रूपमा दक्षिणका केराहरू, अन्य क्षेत्रीय व्यञ्जनहरू, फलफूल वा अन्य खानाहरू खान सक्छन्। तर परमेश्‍वरले मानवजातिलाई दिन चाहनुभएको जीवन यो होइन। यस प्रकारको बजार अर्थव्यवस्थाले मानिसहरूको जीवनमा फाइदा ल्याउन सक्ला, तर यसले हानी पनि ल्याउँछ। बजारमा प्रशस्त पाइने भएको कारण धेरै मानिसहरूले मैले मुखमा के हालिरहेको छु भन्ने कुराको बारेमा नसोची खान्छन्। यो व्यवहारले प्रकृतिको नियमहरूलाई उल्लङ्घन गर्छ र यो मानिसहरूको स्वास्थ्यको लागि हानीकारक हुन्छ। यसैले, बजार अर्थव्यवस्थाले मानिसहरूमा साँचो खुसी ल्याउन सक्दैन। आफै हेर। के बजारमा अङ्गुर चारै ऋतुमा बेचिन्न र? वास्तवमा, अङ्गुरहरू टिपेपछि धेरै छोटो समयको निम्ति मात्र ताजा रहन्छन्। यदि त्यसलाई अर्को वर्षको जुनसम्म राखिस् भने, त्यसलाई अझ पनि अङ्गुर नै भनिन्छ र? कि त्यसलाई “फोहोर” भन्दा राम्रो होला? त्यसमा ताजा अङ्गुरका तत्वहरूको अभाव हुनै मात्र नभएर–त्यसमा धेरै रसायनहरू मिसिएका हुन्छन्। एक वर्षपछि त्यो ताजा रहँदैन र त्यसमा भएको पोषक तत्वहरू पहिले नै गइसकेका हुन्छन्। जब मानिसहरूले अङ्गुर खान्छन्, तिनीहरूले यस्तो महसुस गर्छन्, “हामी कति भाग्यमानी! तीस वर्ष अगाडि के हामीले यस मौसममा अङ्गुर खान पाउथ्यौं? चाहे पनि खान पाउँदैनथ्यौं! अहिले जीवन धेरै राम्रो छ!” के यो वास्तवमा नै सुख हो त? यदि तँ इच्छुक छस् भने तैँले रसायनद्‌वारा संरक्षण गरिएको अङ्गुरको बारेमा अनुसन्धान गरेर तिनीहरू केले बनेका रहेछन् र ती तत्वहरू मानव हितका लागि छन् कि छैनन् भनेर हेर्न सक्छस्। व्यवस्थाको युगमा, जब इस्राएलीहरूले मिश्र छाडेर यात्रा गरिरहेका थिए, परमेश्‍वरले तिनीहरूलाई बट्टाई र मन्‍न दिनुभयो। तर के परमेश्‍वरले तिनीहरूलाई खानाको संरक्षण गर्ने अनुमति दिनुभयो? तिनीहरूमध्ये केही अल्प-दृष्टिका थिए र अर्को दिन पाइन्‍न भनेर डराए, त्यसैले पछिको लागि केही छुट्याए। त्यसपछि के भयो? अर्को दिन, त्यो कुहिएको थियो। परमेश्‍वरले तँलाई केही मात्रामा साँचेर राख्‍न दिनुहुन्‍न, किनकि तँ भोको हुनेछैनस् भन्‍ने सुनिश्‍चितता दिने गरी उहाँले तयारीहरू गर्नुभएको हुन्छ। तर मानवजातिमा त्यो आत्मविश्‍वास छैन, न त तिनीहरूसँग परमेश्‍वरप्रति साँचो विश्‍वास नै छ। तिनीहरूले सँधै आफैलाई केही स्वतन्त्रताको ठाउँ दिन चाहन्छन् र मानवजातिको तयारीको निम्ति परमेश्‍वरले गर्नुभएको सारा वास्ता र ध्यानलाई तिनीहरूले कहिल्यै पनि देख्‍न सक्दैनन्। तिनीहरूले यसको महसुस गर्न सक्दैनन्, यसैले तिनीहरूले आफ्नो विश्‍वास पूर्ण रूपमा परमेश्‍वरमा राख्‍न सक्दैनन्, अनि तिनीहरूले सधैँ यस्तो सोच्छन्: “परमेश्‍वरका

कार्यहरू भरोसा गर्न योग्य छैनन्! परमेश्‍वरले हामीलाई चाहिएको कुरा दिनुहुन्छ वा त्यो कहिले दिनुहुन्छ भन्‍ने कुरा कसलाई थाहा छ र! यदि म भोको भएँ र परमेश्‍वरले उपलब्ध गराउनुभएन भने, म भोकै पर्दिनँ र? के मलाई पोषक तत्वको अभाव हुँदैन र?” हेर त मानिसको आत्मविश्‍वास कति झीनो छ!

अन्‍न, फलफूल, सागसब्जी र सबै किसिमका बदामजस्ता खानेकुराहरू–यी सबै शाकाहारी भोजनहरू हुन्। ती शाकाहारी भोजन भए तापनि, तिनमा मानव शरीरका आवश्यकता पूरा गर्ने पर्याप्‍त पोषक तत्वहरू हुन्छन्। तापनि, परमेश्‍वरले यसो भन्‍नुभएन: “म मानवजातिलाई यी खानेकुराहरू मात्र दिन्छु। तिनीहरूले यी खानेकुराहरू मात्र खाऊन्।” परमेश्‍वर त्यहाँ रोकिनुभएन, तर मानवजातिको निम्ति धेरै थप स्वादिष्ठ खानेकुराहरू तयार गर्ने कार्यमा लाग्‍नुभयो। यी खानेकुराहरू के-के हुन्? ती तिमीहरूले खान र देख्‍न सक्‍ने विभिन्‍न किसिमका माछा र मासु हुन्। उहाँले मानिसका निम्ति धेरै किसिमका माछा र मासु दुवै तयार पार्नुभयो। माछा पानीमा बस्छ र पानीमा बस्‍ने माछाको मासुको तत्व जमिनमा बस्‍ने जनावरहरूको भन्दा फरक हुन्छ र त्यसले मानिसलाई फरक पोषक तत्वहरू प्रदान गर्छ। माछामा मानव शरीरमा चिसो र तातोलाई नियन्त्रण गर्ने गुणहरू पनि हुन्छ, जसले मानिसलाई ठूलो फाइदा दिन्छ। तर स्वादिष्ठ खानेकुराहरू धेरै खानु हुँदैन। मैले पहिले नै भनिसकेँ, परमेश्‍वरले मानवजातिलाई ठीक समयमा ठीक परिमाणमा खानेकुरा दिनुभएको छ, ताकि उहाँले प्रदान गर्नुभएका कुराहरूलाई मानिसहरूले सामान्य रूपमा र ऋतु र समयअनुसार उचित तवरले उपभोग गर्न सकून्। अब, पन्छी वर्गमा कस्ता किसिमका खानेकुराहरू समावेश छन् त? कुखुरा, बट्टाई, परेवा र यस्तै अन्य। धेरै मानिसहरूले हाँस र रजहाँस पनि खान्छन्। परमेश्‍वरले यी सबै किसिमका मासुहरू उपलब्ध गराउनुभएको भए तापनि, व्यवस्थाको युगमा उहाँले आफ्ना चुनिएका मानिसहरूलाई निश्‍चित मापदण्डहरू दिनुभयो र तिनीहरूका आहारामा विशेष सीमाहरू तोक्‍नुभयो। आजभोली यी सीमाहरू व्यक्तिगत स्वाद र व्यक्तिगत व्याख्यामा भर पर्छन्। यी विविध मासुहरूले मानव शरीरलाई विविध पोषक तत्वहरू प्रदान गर्छन्, प्रोटिन, फलाम पूर्ति गर्छन्, रगतलाई समृद्ध बनाउँछन्, मांसपेशी र हाडहरूलाई सुरक्षा प्रदान गर्छन् र शरीरको शक्ति निर्माण गर्छन्। मानिसहरूले जसरी पकाएर खाए तापनि यी मासुहरूले तिनीहरूका खानाका स्वादलाई सुधार्छन् र तिनीहरूका रुचिलाई सशक्त पार्नुका साथै तिनीहरूका पेटलाई तृप्‍त पनि पार्छन्। सबैभन्दा महत्त्वपूर्ण कुरा त यी खानाहरूले मानव शरीरलाई आवश्यक दैनिक पोषक तत्वहरू पूर्ति गर्छन्। परमेश्‍वरले मानवजातिका निम्ति खाना तयार गर्नुहुँदा यी कुराहरूमा ध्यान दिनुभयो। तरकारीहरू र मासु–के यो प्रशस्त छैन र? तर मानवजातिका निम्ति सबै खानेकुरा उपलब्ध गराउनुको पछाडि परमेश्‍वरको उद्‌देश्य के छ भन्‍ने कुरा मानिसहरूले बुझ्‍नुपर्छ। के यो मानिसहरूलाई खानेकुरामा चाहिनेभन्दा बढी लिप्‍त गराउनलाई थियो? मानिस यी भौतिक चाहनाहरू तृप्‍त गर्ने प्रयासमा अल्झियो भने के हुन्छ? के उसले चाहिनेभन्दा बढी पोषण प्राप्‍त गर्दैन र? के अत्यन्तै धेरै पोषणले मानव शरीरलाई धेरै किसिमले सताउँदैन र? (सताउँछ।) यसैले परमेश्‍वरले ठीक समयमा ठीक परिमाण दिनुहुन्छ र मानिसलाई मानिसहरूको आनन्दको निम्ति फरक समय र ऋतुहरूमा फरक किसिमका खानाहरू दिनुहुन्छ। उदाहरणका

लागि, धेरै गर्मी ग्रीष्म ऋतुपछि मानिसहरूले आफ्ना शरीरमा धेरै ताप र रोगजन्य सुक्खापन तथा आद्रता जम्मा गर्छन्। जब शरद् ऋतु आउँछ, धेरै किसिमका फलफूलहरू पाक्छन् र जब मानिसहरूले ती फलफूलहरू खान्छन् तिनीहरूका शरीरमा भएको आद्रता बाहिर निस्कन्छ। यस समयमा, गाईवस्तु र भेडाहरू बलिया हुन्छन्, यसैले मानिसहरूले यस बेला पोषणका निम्ति धेरै मासु खानुपर्छ। विविध किसिमका मासु खाएर मानिसहरूका शरीरले हिउँदको जाडो सहन सहायता पुऱ्याउने शक्ति र न्यानोपन प्राप्त गर्छ, फलस्वरूप तिनीहरू सुरक्षित र स्वस्थ रहेर हिउँद कटाउन सक्षम हुन्छन्। मानवजातिलाई के र कहिले उपलब्ध गराउने, अनि उहाँले कहिले विभिन्न कुराहरूलाई वृद्धि गर्नुहुनेछ, फल फलाउनुहुनेछ र पकाउनुहुनेछ भन्ने कुरालाई परमेश्‍वरले अत्यन्तै वास्ता र सूक्ष्मताका साथ नियन्त्रण गर्नुहुन्छ। यो "परमेश्‍वरले मानिसलाई दैनिक जीवनमा आवश्यक पर्ने खाना कसरी तयार गर्नुहुन्छ" वाक्यसँग सम्बन्धित छ। विभिन्न किसिमका खानाका अतिरिक्त, परमेश्‍वरले पानीका स्रोतहरू पनि उपलब्ध गराउनुभएको छ। खाना खाएपछि मानिसहरूले पानी पनि पिउनुपर्छ। के फलफूल मात्रै पर्याप्त छ? मानिसहरू फलफूलले मात्र बाँच्न सक्दैनन्, यसबाहेक केही मौसममा त फलफूल नै हुँदैन। यसैले, मानवजातिको पानी सम्बन्धी समस्यालाई कसरी समाधान गर्न सकिन्छ त? जमिनमाथि र मुनि ताल, नदी र झरनाहरू लगायतका पानीका धेरै स्रोतहरू तयारी गरेर परमेश्‍वरले यसको समाधान गर्नुभएको छ। यी पानीका स्रोतहरू प्रदूषित नहुने हो र मानिसहरूले तिनलाई हेरफेर नगर्ने वा नष्ट नगर्ने हो भने ती पिउन योग्य छन्। अर्को शब्दमा, मानवजातिको भौतिक शरीरको जीवन धान्ने खानाका स्रोतहरूको सम्बन्धमा परमेश्‍वरले धेरै स्पष्ट, अत्यन्तै सही र अत्यन्तै उचित तयारीहरू गर्नुभएको छ, ताकि मानिसहरूका जीवन केही कुराको अभावविना सम्पन्न र भरपूर होस्। यो मानिसहरूले महसुस गर्न सक्ने र देख्न सक्ने कुरा हो।

यसका अतिरिक्त, परमेश्‍वरले सबै थोकको बीचमा केही बोटविरुवा, जनावर र विभिन्न किसिमका जडीबुटीहरूको सृष्टि गर्नुभयो, जसले मानव शरीरका चोटहरू निको पार्ने वा बिमारीहरू निको पार्ने कामहरू गर्छन्। उदाहरणको निम्ति, कसैलाई पोल्यो वा दुर्घटनावश आफैलाई जलायो भने के गर्नुपर्छ? के जलेको भागलाई पानीले धुन मात्रै सक्छस्। यदि तैँले त्यसो गरिस् भने घाउमा पीप भरिन वा सङ्क्रमण हुन सक्छ। उदाहरणको निम्ति यदि कसैलाई ज्वरो आयो वा चिसो लाग्यो; काम गर्दा चोट लाग्यो; गलत कुरा खाएर पेट खराब भयो; जीवनशैली वा भावनात्मक कुराहरूको कारण विकास हुने रक्तवाहिनी नलीसँग सम्बन्धित रोग, मनोविज्ञानसँग सम्बन्धित वा भित्री अङ्गहरूसँग सम्बन्धित रोगहरू लाग्यो भने तिनीहरूका रोगहरू निको पार्नका लागि त्यसै अनुरूपका वनस्पतिहरू छन्। रक्त सञ्चारमा सुधार गर्ने र दूषित कुरा हटाउने, पिडा कम गर्ने, रक्तस्राव रोक्ने, दुखाई कम गर्ने, छालालाई निको पारेर सामान्य अवस्थामा फर्काउन र शरीरबाट दूषित र विषाक्त कुराहरू हटाउन–छोटकरीमा, दैनिक जीवनमा यी वनस्पतिहरूका प्रयोगहरू छन्। मानिसहरूले तिनको प्रयोग गर्न सक्छन् र आवश्यक परेको बेला प्रयोग गर्न सकियोस् भनेर परमेश्‍वरले मानव शरीरको लागि यिनीहरूको तयारी गर्नुभएको हो। परमेश्‍वरले मानिसलाई तीमध्ये कतिपयको बारेमा संयोगबस पत्ता लगाउन दिनुभयो, जबकि अरूको बारेमा भने परमेश्‍वरले छनौट

गर्नुभएका मानिसहरूले वा उहाँले तारतम्य मिलाउनुभएका विशेष घटनाहरूको कारण पत्ता लगायो। यी वनस्पतिहरूको खोज पछि मानवजातिले तिनलाई हस्तान्तरण गर्छन् अनि धेरै मानिसहरूलाई तिनको बारेमा थाहा हुन्छ। परमेश्वरले सृष्टि गर्नुभएका यी वनस्पतिहरूका मूल्य र अर्थ छन्। सारांशमा यी सबै थोक परमेश्वरबाट आएका, उहाँले मानवजातिको अस्तित्वको वातावरण तयार गर्ने क्रममा उहाँले तयार गर्नुभएका र रोप्नुभएका थोकहरू हुन्। तिनीहरू अत्यावश्यक छन्। के परमेश्वरको सोचाइ प्रक्रियाहरू मानवजातिका भन्दा विस्तृत छन्? जब तँ परमेश्वरले गर्नुभएका सबै थोक देख्छस्, के तैँले परमेश्वरको व्यवहारिक पक्षलाई अनुभूति गर्छस्? परमेश्वरले गुप्तमा काम गर्नुहुन्छ। परमेश्वरले यी सबैको सृष्टि मानिस संसारमा आउनुभन्दा अगाडि नै, उहाँले मानिसलाई सम्पर्क गर्नुभन्दा अगाडि नै गर्नुभयो। सबै कुरा मानवजातिलाई ध्यानमा राखेर, मानिसको अस्तित्वको खातिर र तिनीहरूको अस्तित्वलाई सोचेर गरिएका थिए, ताकि मानवजाति तिनीहरूको निम्ति तयार पारिएको यस सम्पन्न र प्रचुर भौतिक संसारमा खुसीसाथ खाना र वस्त्रको चिन्ता नगरी कुनै कुराको अभावविना बाँचोस्। यस्तो वातावरणमा मानवजाति निरन्तर प्रजनन गर्न र जिउन सक्छ।

परमेश्वरका सबै ठूला र साना कार्यहरूमध्ये, के त्यहाँ कुनै महत्त्व वा अर्थ नभएको कुनै छ? उहाँले गर्ने सबै कुराको महत्त्व वा अर्थ हुन्छ। हामी छलफललाई सामान्य विषयको साथमा सुरु गरौं। मानिसले प्रायः सोध्छन्: कुन पहिले उत्पत्ति भयो, कुखुरा वा अण्डा? (कुखुरा।) कुखुरा पहिले उत्पत्ति भएको हो, यसमा कुनै शङ्का छैन! किन कुखुरोको पहिले उत्पत्ति भएको हो? किन पहिले अण्डाको उत्पत्ति हुन सकेन? के कुखुरा अण्डाबाट निस्किने होइन र? एक्काइस दिनपछि, चल्ला कोरलिन्छ र त्यसपछि त्यो कुखुरोले अझै धेरै अण्डाहरू पार्छ र ती अण्डाहरूबाट थप कुखुरोहरू निस्कन्छन्। त्यसैले कुखुरा र अण्डामा कुन पहिले उत्पत्ति भयो? तिमीहरूले पूर्ण निश्चितताको साथमा "कुखुरा" भन्ने जवाफ दिन्छौ। तर यो किन तिमीहरूको जवाफ हुन्छ? (बाइबलले भन्छ कि परमेश्वरले चराहरू र जनावरहरूको सृष्टि गर्नुभयो।) त्यसैले, तिमीहरूको जवाफ बाइबलमा आधारित छ। तर म तिमीहरूको आफ्नै बुझाइको बारेमा कुरा गर्न चाहन्छु, ताकि म तिमीहरूसँग परमेश्वरका कार्यहरूको बारेमा कुनै व्यवहारिक ज्ञान छ कि भनि देख्न सक्छु। अब, के तिमीहरू आफ्नो जवाफमा सुनिश्चित छौ, कि छैनौ? (परमेश्वरले कुखुरोको सृष्टि गर्नुभयो, त्यसपछि यसलाई प्रजननको क्षमता प्रदान गर्नुभयो, जसको अर्थ ओथारो बसी अण्डा कोरल्ने क्षमता हो।) यो व्याख्या केही हदसम्म सही छ। कुखुरोको पहिले उत्पत्ति भयो र त्यसपछि अण्डाको। यो निश्चित हो। यो विशेष रूपले गहन रहस्य होइन, तर संसारका मानिसहरूले तैपनि यसलाई गहन भएको विचार गर्छन् र यसलाई दार्शनिक सिद्धान्तहरूको साथमा सुल्झाउने प्रयास गर्छन्, जुन कहिल्यै पनि निष्कर्षमा पुग्दैन। यो मानिसहरूलाई परमेश्वरले आफूलाई सृष्टि गर्नुभएको भन्ने थाहा नभएको बेलाको जस्तै हो। तिनीहरूलाई यो आधारभूत सिद्धान्त थाहा छैन, न त तिनीहरूसँग अण्डा वा कुखुरोमा कुन पहिले उत्पत्ति भएको भन्ने बारेमा स्पष्ट विचार नै छ। उनीहरूलाई कुनै पहिले उत्पत्ति भएको हुनुपर्छ भन्ने थाहा छैन, त्यसैले उनीहरू कहिल्यै पनि जवाफ पत्ता लगाउन सक्षम हुँदैनन्। कुखुरा पहिले उत्पत्ति भएको कुरा काफी प्राकृतिक छ। यदि कुखुरोभन्दा पहिले नै

त्यहाँ अण्डा भइदिएको भए, त्यो असाधारण हुन्थ्यो! यो यस्तो साधारण कुरा हो–निश्चय नै कुखुरोको पहिले उत्पत्ति भएको हो। यो उन्नत ज्ञान आवश्यक पर्ने प्रश्न होइन। परमेश्वरले सबै कुराको सृष्टि गर्नुभयो, ताकि मानिसले यसको आनन्द उठाउन सकोस्। एक पटक कुखुरोको अस्तित्व भएपछि, अण्डाले प्रकृतिको मार्ग पालना गर्दछ। के हो तयार समाधान होइन त? यदि अण्डाको पहिले सृष्टि भइदिएको भए, के यसलाई कोरल्नको लागि कुखुरा चाहिने थिएन त? सीधै कुखुरोको सृष्टि गर्नु थप तयार समाधान हो। यो तरिकाले, कुखुरोले अण्डा पार्न सक्थ्यो र यसभित्रका कुखुरोहरूलाई कोरल्न सक्थ्यो र मानिसहरूले खानको लागि कुखुरा पाउँथे। कति सजिलो! परमेश्वरले गर्नुहुने कार्यहरू कति सफा र स्वच्छ छन्, बिलकुलै जटिल छैनन्। अण्डा कहाँबाट उत्पत्ति भयो? यो कुखुरोबाट आउँछ। कुखुरोविना कुनै पनि अण्डा हुन सक्दैन। परमेश्वरले सृष्टि गर्नुभएको कुरा सजीव वस्तु हो! मानव जाति विवेकहीन र हास्यास्पद हुन्छ, जो सधैँ यस्ता साधारण कुराहरूमा अल्झिरहन्छ र धेरै गलत विश्वासहरूको निष्कर्ष निकाल्छ। मानिस कस्तो बच्चा जस्तो हुन्छ! अण्डा र कुखुरोको सम्बन्ध स्पष्ट छ: कुखुरोको पहिले उत्पत्ति भएको हो। यो नै सबैभन्दा सही व्याख्या हो, यसलाई बुझ्ने सबैभन्दा सही तरिका हो र सबैभन्दा सही जवाफ हो। यो नै सही हो।

हामीले भर्खरै कुन-कुन विषयहरूमा छलफल गर्‍यौं? हामीले मानिसले बसोबास गर्ने वातावरण र परमेश्वरले त्यो वातावरणको लागि गर्नुभएको कुरा र उहाँले गर्नुभएका तयारीहरूको बारेमा कुरा गरेर सुरु गर्‍यौं। हामीले उहाँले के व्यवस्थित गर्नुभयो; परमेश्वरले मानव जातिका लागि तयार गर्नुभएका सृष्टि गरिएका वस्तुहरूका बीचमा सम्बन्ध; र परमेश्वरले आफूले सृष्टि गर्नुभएका कुराहरूले मानव जातिलाई हानि गर्नबाट रोक्न यी सम्बन्धहरूलाई कसरी व्यवस्थित गर्नुभयो भन्ने छलफल गर्यौं। परमेश्वरले उहाँको सृष्टिभित्र भएका विभिन्न कारकहरूको मानव जातिको वातावरणमा हुन सक्ने हानिलाई न्यूनीकरण गर्नुभयो, जसले सबै कुराहरूलाई उनीहरूको उच्चतम उद्‌देश्यमा सघाउन अनुमति दिन्छ र मानव जातिलाई लाभकारी तत्त्वहरूको साथमा लाभकारी वातावरण ल्याउँछ, जसले मानव जातिलाई यस्तो वातावरणमा अनुकूलित हुन र जीवन र प्रजननको चक्र लगातार जारी राख्न सक्षम बनाउँछ। अर्को, हामीले मानव शरीरलाई आवश्यक पर्ने खाना– मानव जातिको दैनिक खाना र पेयको बारेमा कुरा गर्‍यौं। यो मानव जाति बाँच्नको लागि आवश्यक पर्ने अवस्था पनि हो। यसलाई भन्नुपर्दा, मानव शरीर सास फेरेर मात्र, घाम, हावा वा उपयुक्त तापक्रमहरूले मात्र बाँच्न सक्दैन। मानव जातिले आफ्नो पेट पनि भर्न आवश्यक हुन्छ र परमेश्वरले कुनै कुराको अवलोकन नगरी तिनीहरूले वस्तुहरूको स्रोतलाई के गर्न सक्छन् भन्ने कुरा नसोची मानवको लागि उनीहरूको खानाको स्रोत तयार गर्नुभयो। जब तैँले यस्तो प्रशस्त र यथेष्ट उत्पादन– मानव जातिको खाना र पेयको स्रोत–देखेको छस्, के तँ परमेश्वर नै मानव जाति र उहाँको सृष्टिका सबै वस्तुहरूको लागि आपूर्तिको स्रोत हुनुहुन्छ भनेर भन्न सक्छस्? यदि सृष्टिको समयमा, परमेश्वरले निश्चित सङ्ख्यामा रुखहरू वा घाँस वा अन्य जीवित वस्तुको सङ्ख्या मात्र सृष्टि गर्नुभएको भए र यदि यी विभिन्न जीवित वस्तुहरू र बिरुवाहरू गाईहरू र भेडाले खानको लागि वा जेब्रा, मृग र अन्य विभिन्न प्रकारका जनावरहरूले खानको लागि भएको भए, उदाहरणको

लागि, सिंहहरू जेब्रा र मृगजस्ता कुराहरू खानको लागि र बाघहरू भेडा र सुँगुरहरू जस्ता कुराहरू खानको लागि भइदिएको भए–तर मानवको लागि खानको लागि उपयुक्त कुरा एउटा पनि नभएको भए, के त्यसले काम गर्थ्यो त? यसले गर्दैनथ्यो। मानव जाति धेरै समयसम्म बाँच्न सक्षम हुँदैनथ्यो। मानवले पातहरू मात्र खाने भए के हुन्थ्यो? के त्यसले काम गर्थ्यो त? के मानिसले भेडाको लागि बनेको घाँस खान सक्थ्यो? यदि तिनीहरूले थोरै प्रयास गरेमा यसले चोट नपुर्‍याउन सक्छन्, तर यदि तिनीहरूले यस्तो कुरा लामो समयसम्म खाएमा, तिनीहरूको पेटले यसलाई सहन सक्दैनथ्यो र मानिसहरू लामो समयसम्म बाँच्दैनथे। त्यहाँ त्यस्तो कुराहरू पनि छन् जुन जनावरहरूले खान सक्छन् तर मानवहरूका लागि ती कुरा विषालु हुन सक्छन्–जनावरहरूले तिनीहरूलाई कुनै पनि परिणामविना खान सक्छन्, तर यो मानवहरूको लागि त्यस्तो हुँदैन। यसलाई भन्नुपर्दा परमेश्वरले मानव जातिको सृष्टि गर्नुभयो, त्यसैले परमेश्वरलाई नै सिद्ध रूपमा मानव शरीरको सिद्धान्त र संरचना साथै मानवलाई के आवश्यक हुन्छ भन्ने ज्ञान छ। परमेश्वरलाई शरीरको संरचना र अवयव, यसका आवश्यकताहरू र यसका आन्तरिक अङ्गहरूका कार्यहरू र तिनीहरूले विभिन्न पदार्थहरू कसरी सोस्छन्, हटाउँछन् र पचाउँछन् भन्ने पूर्ण स्पष्ट रूपमा थाहा छ। मानवहरूले गर्दैनन्; कहिलेकाहीँ तिनीहरूले अनजानमै खान्छन् वा स्व-हेरचाहमा लापरवाही गर्छन्, जसको ज्यादा मात्राले असन्तुलन गराउँछ। यदि तैँले परमेश्वरले तेरो लागि तयार गर्नुभएका कुराहरू साधारण तरिकाले खाइस् वा आनन्द लिइस् भने, त्यसपछि तँमा कुनै पनि स्वास्थ्य समस्या हुनेछैन। यदि तैँले कहिलेकाहीँ खराब मनोदशा अनुभव गरिस् वा तेरो रगतमा निष्क्रियता भएमा समेत, यसले कुनै समस्या पार्नेछैन। तैँले निश्चित प्रकारका बिरुवाहरू खानु आवश्यक हुन्छ र गतिरोध हट्नेछ। परमेश्वरले यी सबै कुराहरूको लागि तयारी गर्नुभएको छ। त्यसैले, परमेश्वरको नजरमा, मानव जाति अन्य सबै जीवित वस्तुहरू भन्दा धेरै माथिको हो। परमेश्वरले प्रत्येक प्रकारको बिरुवाको लागि वातावरण तयार गर्नुभयो र उहाँले प्रत्येक प्रकारको जनावरको लागि खाना र वातावरण तयार गर्नुभयो, तर मानव जातिलाई यसको वातावरणमा सबैभन्दा दृढ आवश्यकता हुन्छ र ती आवश्यकताहरूलाई सजिलो तरिकाले अवलोकन गर्न सकिँदैन; यदि तिनीहरू त्यस्तो भएको भए, मानव जाति विकास गर्न जारी राख्न र साधारण तरिकाले बाँच्न र प्रजनन गर्न सक्षम हुँदैनथ्यो। परमेश्वर नै हो जसलाई उहाँको हृदयदेखि नै यो सबैभन्दा राम्रोसँग थाहा छ। जब परमेश्वरले यो गर्नुभयो, उहाँले अन्य कुनै कुरामा भन्दा यसमा थप महत्त्व राख्नुभयो। सम्भवतः तपाईं आफूले देख्ने र जीवनमा आनन्द लिने केही कुरा वा तपाईंसँग जन्मदेखि भएका तैँले देख्ने र आनन्द लिने केही महत्त्वपूर्ण नभएको कुराहरूको महत्त्व अनुभूत गर्न सक्षम छैनस्, तर परमेश्वरले तेरो लागि धेरै अघिदेखि नै वा गोप्य रूपमा तयारीहरू गरिसक्नुभएको छ। सबैभन्दा बढी सम्भावित हदसम्म, परमेश्वरले मानव जातिको लागि प्रतिकूल वा मानव शरीरमा हानि गर्न सक्ने सबै नकारात्मक तत्त्वहरूलाई हटाउनुभएको वा साम्य पार्नुभएको छ। यसले के देखाउँछ? के यसले परमेश्वरले मानव जातिलाई यो समय बनाउँदा उहाँको उनीहरूप्रति मनोवृत्ति देखाउँछ? त्यो मनोवृत्ति के थियो? परमेश्वरको मनोवृत्ति सावधान र इमानदार थियो र यसले उहाँको बाहेक अरू कुनै पनि शत्रु बलहरू वा बाहय कारकहरू वा अवस्थाहरूद्वारा हस्तक्षेपको अनुमति सहन गरेन।

यसमा यो समय मानव जाति सृष्टि गर्ने र व्यवस्थित गर्ने परमेश्वरको मनोवृत्ति देख्न सकिन्छ। र परमेश्वरको मनोवृत्ति के हो? बाँच्नको लागि वातावरण र मानव जातिले आनन्द लिने जीवन, साथै तिनीहरूको दैनिक खाना तथा पेय र दैनिक आवश्यकताहरू मार्फत, हामीले मानव जातिप्रति परमेश्वरको उत्तरदायित्वको मनोवृत्ति देख्न सक्छौं, जुन उहाँले मानिसको सृष्टि गरेदेखि नै कायम गर्नुभएको छ, साथै यो समयमा मानव जातिलाई बचाउन उहाँको सङ्कल्प पनि हो। के यी वस्तुहरूमा परमेश्वरको प्रमाणीकरण दृश्यात्मक छ? उहाँको चमत्कारिकता? उहाँको अथाहता? उहाँको सर्वशक्तिमान्ता? परमेश्वरले सबै मानव जातिको लागि प्रदान गर्न साथै उहाँको सृष्टिका सबै कुराहरूको प्रावधानको लागि आफ्नो बुद्धिमान र सर्वशक्तिमान तरिकाहरू प्रयोग गर्नुहुन्छ। अब मैले तँलाई धेरै कुरा भनिसकेको छु, के तँ भन्न सक्छस्, कि सबै थोकका लागि परमेश्वर नै जीवनको स्रोत हुनुहुन्छ? (हो।) त्यो निश्चय नै हो। के तँलाई कुनै शङ्का छ? (छैन।) सबै कुराको लागि परमेश्वरको प्रावधानले उहाँ नै सबै कुराहरूको लागि जीवनको स्रोत हुनुहुन्छ भन्ने कुरा देखाउने कुरालाई सन्तुष्ट गर्छ, किनभने उहाँ नै प्रावधानको स्रोत हुनुहुन्छ जसले सबै कुरालाई अस्तित्व, जीवन, प्रजनन र निरन्तरता हुन सक्षम गर्दछ र परमेश्वर नै बाहेक अरू कुनै पनि स्रोत छैन। परमेश्वरले सबै कुराहरूका सबै आवश्यकताहरू र मानव जातिका सबै आवश्यकताहरू पूरा गर्नुहुन्छ, चाहे ती मानिसका सबैभन्दा आधारभूत वातावरणीय आवश्यकता, उनीहरूका दैनिक जीवनका आवश्यकताहरू हुन् वा चाहे उहाँले मानिसहरूका आत्मालाई प्रदान गर्ने सत्यको लागि आवश्यकता नै होस्। हरेक तरिकाले, मानव दृष्टिकोणबाट परमेश्वरको परिचय र उहाँको स्थिति हेर्नु, सबै थोकका लागि जीवनको स्रोत परमेश्वर नै हुनुहुन्छ। के यो सही हो? (हो।) यो भन्नुपर्दा, परमेश्वर नै यो भौतिक संसार, यो मानिसले देख्न र अनुभव गर्न सक्ने संसारका शासक, मालिक र प्रदायक हुनुहुन्छ। मानव जातिको लागि, के यो परमेश्वरको परिचय होइन? यसमा कुनै पनि झूटो कुरा छैन। त्यसैले जब तैँले आकाशमा चराहरू उडिरहेको देख्छस्, तँलाई थाहा हुनुपर्छ कि परमेश्वरले उड्न सक्ने सबै कुराको सृष्टि गर्नुभयो। त्यहाँ त्यस्ता जीवित कुराहरू पनि छन् जुन पानीमा पौडन्छन् र तिनीहरूको बाँच्ने आफ्नै तरिका हुन्छ। माटोमा बाँच्ने बिरुवाहरू वसन्तमा कोपिला र मुना पलाउँछन् र फल लाग्छ र शरदमा पातहरू झर्न थाल्छन् र हिउँदमा ती बिरुवाहरूले मौसमको तयारी गर्न लागेको जसरी सबै पताहरू झरेका हुन्छन्। यो नै तिनीहरूको बाँच्ने तरिका हो। परमेश्वरले सबै कुराको सृष्टि गर्नुभयो र प्रत्येकले भिन्न रूप र भिन्न तरिकाले बाँच्छ र यो बाँच्ने कुरामा आफ्नो जीवन बल र रूप प्रदर्शन गर्न विभिन्न तरिकाहरू प्रयोग गर्छ। वस्तुहरू कसरी बाँच्छन् भन्ने तिनीहरू सबै परमेश्वरको नियम अन्तर्गत हुन्छन्। परमेश्वरले जीवनका सबै विभिन्न रूप र जीवित वस्तुहरूमाथि शासन गर्नुको उद्देश्य के हो त? के यो मानव जातिको जीवनको लागि हो? (हो।) उहाँले जीवनका सबै नियमहरू नियन्त्रण गर्नुहुन्छ, सबै मानव जातिको जीवनको लागि। यसले परमेश्वरको लागि मानव जातिको जीवन कतिको महत्त्वपूर्ण छ भन्ने देखाउँछ।

मानव जातिको बाँच्ने र साधारण ढङ्गले प्रजनन गर्ने क्षमता परमेश्वरको लागि अत्यन्त महत्त्वपूर्ण हुन्छ। त्यसकारण, परमेश्वरले मानव जाति र आफ्नो सृष्टिका सबै कुराको लागि

लगातार रूपमा प्रदान गरिरहनुभएको छ। उहाँले विभिन्न तरिकाले र सबै कुराको जीवितता कायम हुने गरी प्रदान गर्नुहुन्छ, उहाँले मानवताको साधारण जीवन कायम गर्दै मानव जातिलाई निरन्तर रूपमा अघि बढ्न सक्षम बनाउनुहुन्छ। यो आजको हाम्रो सङ्गतिका दुई पक्षहरू हुन्। यी दुई पक्षहरू के-के हुन्छ? (स्थूल दृष्टिकोणबाट, परमेश्‍वरले वातावरणको सृष्टि गर्नुभयो जसमा मानिस बाँच्छ। यो पहिलो पक्ष हो। परमेश्‍वरले मानव जातिको लागि आवश्यक पर्ने र हेर्न र छुन सकिने भौतिक वस्तुहरू पनि तयार गर्नुभयो।) हामीले आफ्ना दुई मुख्य विषयलाई यी दुई पक्षहरूमा सङ्गति गरेका छौँ। हाम्रो मुख्य विषय के हो? (सबै थोकका लागि जीवनको स्रोत परमेश्‍वर नै हुनुहुन्छ।) अब तँलाई यो विषयमा मेरो सङ्गतिमा किन यति धेरै विषयहरू छन् भन्ने बारेमा केही बोध भएको हुनुपर्छ। के त्यहाँ मुख्य विषयसँग असम्बन्धित कुनै छलफल भएको छ त? बिलकुलै छैन! सायद, यी कुराहरू सुनिसकेपछि, तिमीहरूमध्ये केहीले बोध प्राप्त गरेका छौ र अहिले महसुस गर्छौ कि यी शब्दहरू वजनदार छन्, तिनीहरू धेरै महत्त्वपूर्ण छन्, तर अन्यसँग केही शाब्दिक बोध मात्र हुन सक्छ र यी शब्दहरू उनीहरूमा र उनीहरूको लागि महत्त्वपूर्ण नभएको महसुस गर्न सक्छन्। हालको क्षणमा तिमीहरूले यसलाई कसरी बुझ्छौ भन्ने कुराको परवाह नगरी, जब तिमीहरूको अनुभव निश्‍चित दिनमा आइपुग्छ, जब तिमीहरूको बुझाइ निश्‍चित विन्दुमा पुग्छ, अर्थात्, जब तिमीहरूको परमेश्‍वरका कार्यहरू र परमेश्‍वर स्वयम्‌को ज्ञान निश्‍चित स्तरमा पुग्छ, त्यसपछि तिमीहरूले परमेश्‍वरका कार्यहरूमा गहन र सच्चा बयान दिन आफ्नै शब्दहरू प्रयोग गर्नेछौ, जुन व्यवहारिक हुन्छन्।

मलाई लाग्छ कि तिमीहरूको हालको बुझाइ अझै काफी सतही र शाब्दिक छ, तर, मेरो सङ्गतिका यी दुई पक्षहरू सुनिसकेपछि, के तिमीहरूले कम्तीमा परमेश्‍वरले मानव जातिको लागि प्रदान गर्न कस्ता विधिहरू प्रदान गर्नुहुन्छ वा परमेश्‍वरले मानव जातिलाई कस्ता कुराहरू प्रदान गर्नुहुन्छ भनेर पहिचान गर्न सक्छौ? के तिमीहरूसँग आधारभूत अवधारणा, आधारभूत बुझाइ छ? (छ।) तर के मैले सङ्गत गरेका यी दुई पक्षहरू बाइबलसँग सम्बन्धित छन्? (छैनन्।) के तिनीहरू अधिराज्यकालमा परमेश्‍वरको न्याय र दण्डसँग सम्बन्धित छन्? (छैनन्।) त्यसो भए मैले किन तिनीहरूको सङ्गत गरेँ त? के यो मानिसहरूले परमेश्‍वरलाई जान्न तिनीहरूलाई बुझ्नैपर्ने भएकोले हो? (हो।) यी कुराहरू जान्नु एकदमै आवश्यक हुन्छ र तिनीहरूलाई बुझ्नु एकदमै आवश्यक छ। तैँले परमेश्‍वरलाई उहाँको सम्पूर्णतामा बुझ्न खोज्दा, आफूलाई बाइबलमा सीमित नगर् र आफूलाई मानिसले गर्ने परमेश्‍वरको न्याय र सजायमा सीमित नगरा। यो भन्नुको मेरो उद्‌देश्य के हो? यो परमेश्‍वर भनेको उहाँले छान्नुभएका मानिसहरूको मात्र परमेश्‍वर होइन भनेर मानिसहरूलाई थाहा दिनु हो। तैँले हाल परमेश्‍वरलाई पछ्याउँछस् र उहाँ तेरो परमेश्‍वर हुनुहुन्छ, तर के उहाँलाई नपछ्याउनेहरूको उहाँ परमेश्‍वर हो त? के परमेश्‍वर उहाँलाई नपछ्याउने सबै मानिसहरूको परमेश्‍वर हो? के परमेश्‍वर सबै कुराहरूको परमेश्‍वर हो? (हो।) त्यसो भए के परमेश्‍वरका कार्य र क्रियाहरू क्षेत्रमा केवल उहाँलाई पालना पछ्याउनेका लागि मात्र सीमित हुन्छन्? (होइन।) उहाँका कार्य र क्रियाहरूको क्षेत्र के हो? सबैभन्दा सानो स्तरमा, उहाँका कार्य र क्रियाहरूको क्षेत्रले सबै मानव जाति र सृष्टिका सबै कुराहरू समेट्छन्। उच्चतम स्तरमा यसले सम्पूर्ण ब्रह्माण्ड समेट्छ जुन

मानिसहरूले देख्न सक्दैनन्। त्यसैले, हामीले भन्न सक्छौं कि परमेश्वरले सबै मानव जातिमाझ आफ्ना कार्य गर्नुहुन्छ र आफ्ना क्रियाहरू सम्पादन गर्नुहोस् र यो मानिसलाई परमेश्वरको सम्पूर्णतामा परमेश्वर आफैँलाई जान्न अनुमति दिन काफी हुन्छ। यदि तपाईं परमेश्वरलाई जान्न चाहनुहुन्छ, उहाँलाई साँचो रूपमा जान्न चाहनुहुन्छ, उहाँलाई साँचो रूपमा बुझ्न चाहनुहुन्छ भने, आफूलाई केवल परमेश्वरको कार्यका तीन चरणहरूमा वा उहाँले विगतमा गर्नुभएका कार्यहरूका कथाहरूमा प्रतिबन्धित नगर्नुहोस्। यदि तैँले उहाँलाई त्यो तरिकाले जान्न चाहन्छस् भने, तैँले परमेश्वरमा सीमितता लगाउँदैछस्, उहाँलाई नियन्त्रण गर्दैछस्। तैँले परमेश्वरलाई केही एकदमै सानो कुराको रूपमा हेर्दैछस्। त्यसो गर्नाले मानिसहरूलाई कसरी प्रभाव पर्न सक्छ? तँ कहिल्यै पनि परमेश्वरको चमत्कारिकता वा सर्वोच्चता जान्न सक्षम हुनेछैनस्, न त उहाँको शक्ति र सर्वशक्ति र उहाँको अख्तियारको क्षेत्र नै जान्न सक्नेछस्। यस्तो बुझाइले परमेश्वर नै सबै कुराको शासक हुनुहुन्छ भन्ने सत्यलाई स्वीकार्ने तेरो क्षमताको साथै परमेश्वरको साँचो परिचय र स्थिति सम्बन्धी तेरो ज्ञानमा प्रभाव पार्नेछ। अर्को शब्दमा, यदि परमेश्वर सम्बन्धी तेरो बुझाइ क्षेत्रमा सीमित भएमा, तैँले प्राप्त गर्ने सक्ने कुरा पनि सीमित हुन्छ। त्यसैले गर्दा नै तैँले आफ्नो क्षेत्रलाई फराकिलो पार्नुपर्छ र आफ्ना क्षितिजहरूलाई विस्तार गर्नुपर्छ। तैँले यो सबै कुरा बुझ्न खोज्नुपर्छ–परमेश्वरको कार्यको क्षेत्र, उहाँको व्यवस्थापन, उहाँको शासन र उहाँले व्यवस्थापन गर्ने र उहाँले शासन गर्नेभन्दा माथिका सबै कुराहरू। यो यी कराहरू मार्फत हुन्छ जुन तैँले परमेश्वरका कार्यहरू भनी बुझ्नुपर्छ। यस्तो बुझाइको साथमा, तैँले यसलाई पहिचान नगरी महसुस गर्नेछस् कि परमेश्वरले सबै कुराहरूलाई तिनीहरूमाझ शासन गर्नुहुन्छ, व्यवस्थापन गर्नुहुन्छ र प्रदान गर्नुहुन्छ र तैँले आफू यी सबै कुराहरूको एक हिस्सा र एक सदस्य भएको पनि साँचो रूपमा महसुस गर्नेछस्। परमेश्वरले सबै कुराहरूको लागि प्रदान गर्नुहुने भएकाले, तैँले पनि परमेश्वरको शासन र प्रावधान स्वीकार गरिरहेको छस्। यो एक तथ्य हो को कसैले पनि नकार्न सक्दैन। सबै कुराहरू परमेश्वरको शासन अन्तर्गत आफ्नै नियमहरूको अधीनमा हुन्छन् र परमेश्वरको शासन अन्तर्गत, सबै कुराहरूसँग बाँच्नका लागि आफ्नै नियमहरू हुन्छन्। मानव जातिको भाग्य र आवश्यकताहरू पनि परमेश्वरको शासन र प्रावधानले सँगै बाँधिएका हुन्छन्। त्यसैले गर्दा नै, परमेश्वरको प्रभुत्व र शासन अन्तर्गत, मानव जाति र सबै कुरा अन्तर्सम्बन्धित, अन्तर्निर्भर र अन्तर्जडित हुन्छन्। यो नै परमेश्वरले सबै कुराहरूको सृष्टि गर्नुको उद्‌देश्य र महत्त्व हो। तिमीहरूले अहिले यो बुझ्यौ, हैन त? त्यसो भए, अब आजको सङ्गतिको अन्त गरौं। नमस्कार! (परमेश्वरलाई धन्यवाद!)

फेब्रुवरी २, २०१४

# परमेश्वर स्वयम् अद्वितीय ९

## सबै थोकका लागि जीवनको स्रोत परमेश्वर नै हुनुहुन्छ (३)

यस समयावधिमा हामीले परमेश्वरलाई पहिचान गर्ने सम्बन्धमा धेरै चीजका बारेमा कुरा गरिसकेका छौं र भर्खरै पनि यसैसँग सम्बन्धित एउटा अत्यन्तै महत्वपूर्ण विषयको बारेमा कुरा गरेका थियौं। शीर्षक के हो? (सबै थोकका लागि जीवनको स्रोत परमेश्वर नै हुनुहुन्छ।) मैले उजागर गरेका बुँदाहरू र विषयवस्तुहरूले सबैमा स्पष्ट प्रभाव पारेको जस्तो लाग्छ। पछिल्लो पटक हामीले परमेश्वरले मानवका लागि निर्माण गर्नुभएका अस्तित्व सम्बन्धी केही वातावरणीय पक्षहरूका बारेमा कुरा गरेका थियौं, यसका साथै मानव जीवन धान्नका लागि परमेश्वरले तयार गर्नुभएका विभिन्न किसिमका जीविकाको आवश्यकताका बारेमा पनि कुरा गर्‍यौं। वास्तवमा, परमेश्वरले जे गर्नुहुन्छ त्यो मानवजातिको अस्तित्वको लागि एउटा वातावरण तयार गर्ने कार्यमा मात्रै सीमित छैन, न त तिनीहरूको दैनिक जीविकोपार्जनमा नै यो सीमित छ। बरु, यस अन्तर्गत मानिसहरूको अस्तित्व र मानवजातिको जीवनसँग सम्बन्धित रहेका विभिन्न पाटा र पक्षहरू सम्बन्धी रहस्यमय र अत्यावश्यक धेरै कार्यलाई पूरा गर्ने काम पर्दछन्। यी सबै परमेश्वरका कार्यहरू हुन्। परमेश्वरका यस्ता सबै कार्यहरू उहाँले केवल मानव जीवन धान्न र तिनीहरूको दैनिक जीविकाका लागि वातावरण तयार गर्ने कार्यमा मात्र सीमित नभई त्यस्ता कार्यले अझ वृहत् क्षेत्रलाई ओगटेका छन्। यी दुई प्रकारका कार्यहरू बाहेक उहाँले मानव जाति बाँच्नका लागि आवश्यक पर्ने धेरै किसिमका वातावरण र अवस्थाहरूलाई समेत निर्माण गर्नुहुन्छ। यही विषयमा आज हामी छलफल गर्न गइरहेका छौं। यो पनि परमेश्वरको कार्य अन्तर्गत पर्दछ; अन्यथा यहाँ यसका बारेमा कुरा गर्नु अर्थहीन हुनेथियो। यदि मानिसहरूले परमेश्वरका बारेमा जान्न चाहन्छन् तर "परमेश्वर" भन्ने शब्दका बारेमा तिनीहरूमा केवल शाब्दिक बुझाई मात्र छ, वा परमेश्वरसँग के छ र उहाँ के हुनुहुन्छ भन्ने विविध पक्षहरूका बारेमा मात्र ज्ञान छ भने त्यो साँचो बुझाई होइन। त्यसो हो भने परमेश्वरलाई बुझ्ने मार्ग के हो? यो भनेको उहाँका कार्यबाट उहाँको बारेमा जान्नु हो, र उहाँका बहुआयामिक पक्षबाट उहाँको बारेमा जान्नु हो। यसकारण जब परमेश्वरले सबै थोकको सृष्टि गर्नुभयो त्यसबेला परमेश्वरले गर्नुभएका सबै कार्यका विषयवस्तुको बारेमा हामीले थप सङ्गति गर्नुपर्छ।

परमेश्वरले सबै कुराको सृष्टि गर्नुभएदेखि नै ती सबै चिजहरू उहाँले तय गर्नुभएका नियमका आधारमा उपयुक्त तवरले काम गरिरहेका छन् र नियमित रूपमा निरन्तर चलिरहेका छन्। उहाँको दृष्टि र उहाँको नियमको छत्रछायामा मानव जाति बाँचिरहेको छ र सबै चिजहरू व्यवस्थित रूपमा निरन्तर विकसित भइरहेका छन्। यी नियमहरू परिवर्तन गर्न वा नष्ट गर्न सक्ने कोही छैन। यसको कारण के हो भने परमेश्वरका नियम अनुसार सबै वृद्धि हुँदै जान्छन् र उहाँको नियम र व्यवस्थापनका कारण हरेक जीव जीवात्माहरू बाँच्न सक्छन्। यसको अर्थ यो हो कि परमेश्वरको नियमका आधारमा नै रीतपूर्वक सबै प्राणीहरू अस्तित्वमा आउँछन्, तिनीहरूको वृद्धि-विकास

हुन्छ, हराएर जान्छन्, र तिनीहरूको पुनर्जन्म हुन्छ। जब वसन्त ऋतुको आवागमन हुन्छ तब झरीले स्वच्छ मौसमको अनुभूति गराउँछ र धर्तीलाई भिजाउँछ बनाउँछ। जमिन नरम हुन थाल्छ, र जमिनबाट घाँस उम्रिन थाल्छ र बिस्तारै-बिस्तारै रूखहरू हरिया हुँदै जान्छन्। यी हरेक जीवित प्राणीहरूले पृथ्वीमा स्वच्छ नयाँ जीवनशक्ति ल्याउँछन्। जब सबै प्राणीहरू अस्तित्वमा आउँछन् र तिनीहरूको वृद्धि-विकास हुँदै जान्छ तब यो यस्तै देखिन्छ। वसन्तको न्यानो अनुभव गर्न र नयाँ वर्षको शुभारम्भ गर्न सबै प्रकारका जनावरहरू आ–आफ्नो आश्रय स्थलबाट बाहिर निस्कन्छन्। सबै प्राणीहरू ग्रीष्म ऋतुको न्यानो ताप्छन् र यस ऋतुको न्यानोपनमा आनन्दित हुन्छन्। तिनीहरू द्रुत गतिमा बढ्छन्। रूखहरू, घाँस र सबै प्रकारका बोट-बिरुवाहरू तीव्र गतिमा बढ्छन् र अन्त्यमा तिनीहरू फुल्छन् र फल दिन्छन्। ग्रीष्म ऋतुमा मानवसहित सबै प्राणीहरू निकै व्यस्त रहन्छन्। वर्षा ऋतुमा वर्षात्ले शरद ऋतुको शीतलतालाई स्वागत गर्न थाल्छ अनि सबै प्रकारका जीवित प्राणीहरूले अन्नबाली भित्र्याउने समयको आवागमनको अनुभूति गर्न थाल्छन्। हरेक वनस्पतिमा फल लाग्न थाल्छन् र मानिसहरू शिशिरको तयारीका लागि यी विभिन्न प्रकारका फलहरू भित्र्याउन थाल्दछन्। शिशिर ऋतुमा सबै प्राणीहरू शान्तपनमा चुपचाप बस्नुका साथै चिसो मौसमसँगै आराम गर्न थाल्छन् र यस मौसममा मानिसहरू पनि विश्राम लिन्छन्। वसन्तदेखि ग्रीष्म, वर्षात्देखि शिशिर हरेक ऋतुहरूका यी सबै परिवर्तनहरू परमेश्वरद्वारा स्थापित नियमअनुसार भइरहन्छन्। उहाँले हरेक चीजको नेतृत्व गर्नुहुन्छ। यी नियमहरूको पालन गर्दै उहाँले सबै कुराहरूलाई साथै मानवजातिलाई नेतृत्व गर्नुहुन्छ र तापक्रम र मौसमअनुसार फरक रहेको वातावरणलाई अस्तित्वको लागि तयार गर्दै, मानव जातिका लागि एक सम्पन्न र रंगिन जीवन मार्ग तयार गर्नुभएको छ। यसकारण अस्तित्वका लागि निर्मित यस प्रकारको वातावरणमा मानव जाति व्यवस्थित रूपमा बाँच्न र आफ्नो वंश विकास गर्न सक्षम छ। मानव जातिले यी नियमहरू परिवर्तन गर्न सक्दैनन् र कुनै पनि व्यक्ति वा प्राणीले यो नियम उलंघन गर्न सक्दैन। संसारमा अनगिन्ति परिवर्तनहरू आएका छन्। समुन्द्रहरू मैदान भएका छन् भने मैदानहरू समुन्द्रमा परिणत भएका छन्। तथापि यी नियमहरू निरन्तर लागू भइरहेका छन्। यी नियमहरू अस्तित्वमा छन् किनभने परमेश्वर अस्तित्वमा हुनुहुन्छ, र उहाँको शासन र उहाँको व्यवस्थापनका कारण सबै चीज अस्तित्वमा छन्। यस प्रकारको क्रमबद्ध र वृहत् वातावरणमा यी नियम र शासनसँगै मानव जीवन अगाडि बढिरहन्छ। यी नियमहरूका अधीनमा मानव जातिका पुस्तौँ-पुस्ता चलेका थिए र यिनै नियमका अधीनमा मानव जातिका पुस्तौँ-पुस्ता अस्तित्वमा रहेका छन्। मानिसले बाँच्नका लागि यो व्यवस्थित वातावरणका साथै परमेश्वरद्वारा सृजित सबै थोकहरूको आनन्द पुस्तौँ-पुस्तादेखि लिइरहेका छन्। यद्यपि मानिसहरूलाई लाग्न सक्छ कि यस प्रकारका नियमहरू जन्मजात बनेका हुन् र यिनीहरूलाई सामान्य रूपमा लिन्छन्। परमेश्वरले यी नियमहरू बनाइरहनु भएको छ, जेसुकै भए तापनि यी नियमहरूमाथि परमेश्वरले योजनाबद्ध कार्य गरिरहनुभएको छ र परमेश्वर यस अपरिवर्तनीय कार्यमा लागिरहनु भएको छ भन्ने कुरा उनीहरूले महसुस गर्न सक्दैनन्। यस अपरिवर्तनीय कार्यमा उहाँको उद्देश्य भनेको मानव जातिको अस्तित्वको रक्षा गर्नु हो ता कि मानव जाति सँधैभरि बाँचिरहोस्।

## समग्र मानव जातिको पालन-पोषण गर्न परमेश्वरले सबै कुराहरूको सीमा निर्धारण गर्नुहुन्छ

आज म परमेश्वरले मानव जातिको पालन पोषणका लागि सबै थोकहरूमा तय गर्नुभएका यी सबै प्रकारका नियमहरू कसरी लागू हुन्छन् भन्ने विषयमा बताउन गइरहेको छु। यो एक वृहत् विषय हो, त्यसैले हामी यसलाई विभिन्न भागमा विभाजन गर्न सक्छौं र तिमीहरूका लागि स्पष्ट रूपमा चित्रण गर्न सकियोस् भन्ने हेतुले एक पटकमा एउटा विषयको मात्र छलफल गर्छौं। यो तरिकाले तिमीहरूलाई बुझ्न सजिलो हुनेछ र यसलाई विस्तारै बुझ्दै जानेछौ।

आउनुहोस् हामी पहिलो भागबाट सुरु गरौं। जब परमेश्वरले सबै थोकको सिर्जना गर्नुभयो तब उहाँले हिमाल, समथर मैदान, मरुभूमि, पहाड, नदी र तालतलैयाका लागि सीमा निर्धारण गर्नुभयो। यस पृथ्वीमा हिमाल, समथर मैदान, मरुभूमि र पहाडलगायत पानीका विभिन्न रूपहरू छन् छ। यिनीहरूले पृथ्वीमा विभिन्न प्रकारको भूभाग निर्माण गरेका छन्, होइन र? यिनीहरूको बीचमा परमेश्वरले सीमा निर्धारण गर्नुभएको छ। जब हामी सीमा रेखाको कुरा गर्छौं, यसको अर्थ यो हो कि हिमालको आफ्नै आकार छ, समथर मैदानको आफ्नै आकार छ, मुरूभूमिका केही निश्चित सीमाहरू छन् र पहाडले निश्चित क्षेत्र ओगटेको छ। यसैगरी पानीको पनि निश्चित रूपहरू छन्, जस्तै, नदी नाला तथा तालतलैया। यस अर्थमा भन्नु पर्दा जब परमेश्वरले सबै थोकको सिर्जना गर्नुभयो तब उहाँले सबै कुराको स्पष्ट विभाजन गर्नुभयो। पहाडको अर्धव्यास कति किलोमिटर हुनुपर्दछ र यसको क्षेत्र के हो भनेर परमेश्वरले पहिला नै निर्धारण गरिसक्नुभएको छ। त्यस्तै उहाँले समथर मैदानको अर्धव्यास कति किलोमिटर हुनु पर्दछ र यसको क्षेत्र के हो भनेर पनि निर्धारण गरिसक्नुभएको छ। परमेश्वरले सबै थोकको निर्माण गर्दा उहाँले मरुभूमिको सीमा निर्धारण गर्नुभयो, साथै पहाडहरूको श्रेणी र तिनीहरूको अनुपात निर्धारण गरी सीमाबद्ध बनाउनुभयो। यस्ता सबै कुराहरू परमेश्वरद्वारा निर्धारण गरिएको थियो। उहाँले नदी र तालतलैयाको सिर्जना गर्दा तिनीहरूको श्रेणी निर्धारण गर्नुभयो। यी सबैको आ–आफ्नै सीमा निर्धारण गरिएको छ। त्यसो हो भने "सीमा" को बारेमा कुरा गर्दा यसको अर्थ के हो? हरेक थोकका लागि नियम बनाएर परमेश्वरले ती हरेक थोकमाथि कसरी शासन गर्नुहुन्छ भन्ने विषयमा भर्खरै हामीले कुरा गऱ्यौं। यस अर्थमा पृथ्वीको परिक्रमण वा समयको परिवर्तनसँगै हिमालका श्रेणी र सिमाना बढ्दैनन् वा घट्दैनन्। तिनीहरू निश्चित छन्, अपरिवर्तनीय छन् र परमेश्वरले तिनीहरूको अपरिवर्तनीयतालाई निर्देश गर्नुहुन्छ। समथर मैदानहरूको क्षेत्र, तिनीहरूको क्षेत्र र तिनीहरू कसरी घेरिएका हुन्छन् भन्ने सबै परमेश्वरद्वारा निर्धारण गरिएको छ। तिनीहरूका आफ्नै सीमा छन्, जस्तो कि एक समथर मैदानमा एक्कासी माटोको ढिस्को उठ्न असम्भव छ। समथर मैदान अकस्मात् हिमालमा परिवर्तन हुन सक्दैन–यो असम्भव छ। हामीले भर्खरै कुरा गरेको नियमहरू र सीमाको अर्थ यही हो। मरुभूमिका सन्दर्भमा भन्दा, हामी यहाँ मरुभूमिका विशेष कार्यहरूका बारेमा वा कुनै अन्य भूभाग वा भौगोलिक क्षेत्रका बारेमा कुरा गर्दैनौं, केवल तिनीहरूका सीमाको कुरा गर्नेछौं। परमेश्वरको नियमको अधीनमा, मरुभूमिको पनि सीमा विस्तार हुने छैन। यसो हुनुको कारण के हो भने

परमेश्‍वरले यसका लागि नियम र सीमा निर्धारण गरिदिनुभएको छ। यसको क्षेत्र कति ठूलो छ र यसको कार्य के हो, यो के ले घेरिएको छ र यो कहाँ अवस्थित छ भन्‍ने सम्पूर्ण कुराहरू परमेश्‍वरले पहिला नै निर्धारण गरिदिनुभएको छ। यसले आफ्नो सीमा नाघ्नेछैन वा स्थान परिवर्तन गर्नेछैन र आफै यसको क्षेत्र बढ्ने छैन। नदी तथा ताल तलैयाबाट बग्ने पानीको प्रवाह सदैव व्यवस्थित र अविरल छ। यिनीहरू कहिल्यै पनि आफ्नो दायरा वा सीमाभन्दा बाहिर जाँदैनन्। जुन दिशामा बग्नुपर्ने हो त्यही दिशामा तिनीहरू व्यवस्थित रूपले निरन्तर बगिरहन्छन्। यसकारण परमेश्‍वरको नियमको अधीनमा पृथ्वीको परिक्रमण वा समयको परिवर्तनसँगै कुनै पनि नदी नाला वा तालतलैयाहरू अकस्मात् सुक्नेछैनन् वा अकस्मात् तिनीहरूले आफ्नो प्रभाव वा प्रवाहको मात्रा परिवर्तन गर्नेछैनन्। यो सबै परमेश्‍वरको नियन्त्रणमा छ। यसको तात्पर्य यो हो कि यस मानव जातिको बीचमा परमेश्‍वरद्वारा सिर्जना गरिएका सबै थोकहरूको स्थान, क्षेत्र र सीमा निर्धारण गरिएको छ। यस कारण जब परमेश्‍वरले सबै थोकको सिर्जना गर्नुभयो तब तिनीहरूको सीमा पनि निर्धारण गरिएको थियो र तिनीहरू स्वेच्छाचारी रूपले बदलिन, नवीकरण हुन वा परिवर्तन हुन सक्दैनन्। “स्वेच्छाचारी” भनेको के हो? यसको अर्थ यो हो कि तिनीहरू मौसम, तापक्रम वा पृथ्वीको परिक्रमणको गतिका कारण अनियमित रूपमा आफ्नो मूल रूप परिवर्तन गर्ने, फैलने, वा वास्तविक आकार परिवर्तन गर्ने जस्ता कार्य गर्दैनन्। उदाहरणका लागि हिमालको एक निश्‍चित उचाइ हुन्छ, यसको निश्‍चित क्षेत्रफल भएको आधार हुन्छ, यसको निश्‍चित उच्चता हुन्छ र यहाँ निश्‍चित मात्रामा वनस्पति पैदा हुन्छन्। यो सबै परमेश्‍वरद्वारा योजनाबद्ध तथा गणना गरिएको छ र यो कसैको स्वेच्छाले परिवर्तन हुनेछैन। समथर मैदानी क्षेत्रका बारेमा कुरा गर्दा अधिकांश मानिसहरू समथर मैदानी भूभागमा बसोबास गर्दछन् र मौसममा आएको कुनै पनि परिवर्तनले तिनीहरूको क्षेत्र वा अस्तित्वको महत्त्वमा कुनै प्रभाव पार्दैन। परमेश्‍वरद्वारा सृजित यी विभिन्‍न भूभाग तथा भौगोलिक वातावरणमा रहेका चिजहरू स्वेच्छाले परिवर्तन हुने छैनन्। उदाहरणका लागि मरुभूमिको संरचना, भूमिगत खनिज भण्डारको प्रकार, मरुभूमिमा भएको बालुवाको प्रकार र यसको रंग, मरुभूमिको मोटाई आदि जस्ता कुराहरू स्वेच्छाले परिवर्तन हुँदैनन्। किन तिनीहरू स्वेच्छाले परिवर्तन हुँदैनन्? यसको मुख्य कारण परमेश्‍वरको नियम र व्यवस्थापन हो। परमेश्‍वरले सृष्टि गर्नुभएका यी सबै विभिन्‍न भूभाग र भौगोलिक वातावरणमा उहाँले सबै थोकलाई योजनाबद्ध र व्यवस्थित तवरले व्यवस्थापन गरिरहनुभएको छ। यसकारण परमेश्‍वरद्वारा सृजित थोकहरू हजारौं तथा दशौं हजार वर्ष पश्‍चात् अहिले पनि यी भौगोलिक वातावरण अवस्थित छन् र अहिलेसम्म पनि यिनले निरन्तर आफ्नो कार्य गरिरहेका छन्। पृथ्वीमा ज्वालामुखी विस्फोट हुने केही निश्‍चित समय हुन्छ, भूकम्प जाने निश्‍चित समय हुन्छ र भूमण्डलमा केही मुख्य परिवर्तनहरू आउन सक्छन् तथापि अवश्य पनि परमेश्‍वरले कुनै पनि भूभागको मूल कार्य हराउन दिनुहुन्‍न। यो सबै परमेश्‍वरको व्यवस्थापन, उहाँको शासन र नियममाथिको उहाँले स्थापना गर्नुभएको नियन्त्रणका कारण सम्भव भएको छ। मानव जातिले देखेका र भोग गरेका सबै थोकहरू यस पृथ्वीमा व्यवस्थित तवरले अस्तित्वमा रहिरहन सक्छन्। त्यसोभए पृथ्वीमा अस्तित्वमा रहेका यी सबै विभिन्‍न भूभागको व्यवस्था परमेश्‍वरले किन गर्नुहुन्छ? विभिन्‍न भौगोलिक वातावरणमा

अस्तित्वमा रहेका सबै सजीव प्राणीहरूको स्थिर वातावरण रहिरहोस् र उक्त स्थिर वातावरणमा तिनीहरू बाँच्न र वृद्धि-विकास हुन सकून् भन्ने उहाँको उद्देश्य हो। यस पृथ्वीमा भएका चलायमान तथा स्थिर सबै थोकहरू र सजीव तथा निर्जीव सबै मिलेर मानव जातिको अस्तित्वका लागि एउटा अनुपम वातावरण निर्माण गरेका छन्। केवल यस प्रकारको वातावरणले मात्र मानव जातिको पुस्तौँ-पुस्तालाई पालन-पोषण गर्न सक्छ र केवल यस प्रकारको वातावरणले मात्र मानव जातिलाई पुस्तौँ-पुस्तापछिसम्म पनि निरन्तर रूपमा शान्तिपूर्वक बाँच्न अनुमति दिन सक्छ।

मैले भर्खरै जे कुरा गरेँ त्यो एउटा वृहत विषय हो, यसैले सायद यो कुरा तिमीहरूको जीवनबाट हटेको जस्तो देखिन्छ, तर तिमीहरू सबैले यसलाई बुझ्न सक्छौ भन्ने मलाई आशा छ, हो? भन्नुको अर्थ, परमेश्वरको प्रभुत्वमा भएका सबै कुराहरूमाथिका परमेश्वरका नियमहरू धेरै महत्त्वपूर्ण छन्—वास्तवमा धेरै महत्त्वपूर्ण छन्! यी नियमहरूका अधीनमा रहेका सबै प्राणीहरूको वृद्धिको पूर्वसर्त के हो? यो परमेश्वरको शासनको कारणले हो। उहाँको शासनको कारणले नै सबै थोकले उहाँको शासनमा रही आफ्ना आफ्ना कार्यहरूलाई जारी राख्छन्। उदाहरणको लागि, पहाडहरूले वनजङ्गलको पालनपोषण गर्छन् र वनजङ्गलले पनि यसको बदलामा तिनीहरूभित्र बस्ने विभिन्न चराचुरुङ्गी र जीव-जनावरहरूको पालनपोषण गर्छन्। समथर भूभागहरू अन्नबाली लगाउन मानिसहरूका निम्ति र विभिन्न चराचुरुङ्गी तथा जीव-जनावरहरूको निम्ति तयार गरिएको मञ्च हो। तिनले बहुसङ्ख्यक मानवजातिलाई समथर भूभागमा बसोबास र मानिसहरूका जीवनमा सुविधा प्रदान गर्छन्। र घाँसे मैदानहरू, अर्थात् घाँसे मैदानका विशाल भूमिहरू पनि समथर भूभागहरूमा नै पर्छन्। घाँसे मैदानहरूले पृथ्वीको सतहको निम्ति वनस्पतिको आवरण प्रदान गर्छ। तिनीहरूले माटोको रक्षा गर्छन्, घाँसे मैदानमा बसोबास गर्ने वस्तुभाउ, भेडा र घोडाहरूको पालनपोषण गर्छन्। मरुभूमिले पनि आफ्नै कार्य गर्छ। यो मानव बसोबासको स्थान होइन; यसले आद्र मौसमलाई सुख्खा बनाउने भूमिका खेल्छ। नदी र तालहरूको प्रवाहले मानिसहरूको निम्ति सहज तरिकाले पिउने पानी ल्याउँछ। तिनीहरू जहाँ बग्छन् मानिसहरूले पिउने पानी प्राप्त गर्छन् र सबै थोकका पानीका आवश्यकताहरू सहजै पूरा हुन्छन्। यिनीहरू विभिन्न भूभागहरूको निम्ति परमेश्वरले तय गर्नुभएका सीमाहरू हुन्।

परमेश्वरले तय गर्नुभएका यी सीमाहरूको कारण, विभिन्न भूभागहरूले अस्तित्वको निम्ति फरक किसिमका वातावरणहरू सृजना गरेका छन्, र अस्तित्वका लागि सृजित यी वातावरणहरू विभिन्न किसिमका चराचुरुङ्गीहरू र जीव-जनावरहरूका लागि सहज बनेका छन् र त्यसले तिनीहरूलाई बाँच्ने ठाउँ पनि दिएका छन्। यसैबाट विभिन्न जीवित प्राणीहरूलाई अस्तित्वको निम्ति आवश्यक वातावरणहरूका सीमाहरूको विकास भयो। यो हामीले अब कुरा गर्न गइरहेको दोस्रो भाग हो। सर्वप्रथम, चराचुरुङ्गी, जनावर र किराफट्याङ्ग्राहरू कहाँ बस्छन्? के तिनीहरू वनजङ्गल र कुञ्जहरूमा बस्छन्? यी तिनीहरूका वासस्थान हुन्। यसैले, विभिन्न भौगोलिक वातावरणहरूका निम्ति सीमाहरू स्थापित गर्ने बाहेक परमेश्वरले विभिन्न चराचुरुङ्गी, जीव-जनावर, माछा, किराफट्याङ्ग्रा र सबै बोटविरुवाहरूको निम्ति पनि सीमाहरू निर्धारण गर्नुभयो र नियमहरू स्थापित गर्नुभयो। विभिन्न भौगोलिक वातावरणहरू बीचको भिन्नताको कारण र फरक-फरक भौगोलिक

वातावरणहरूको अस्तित्वको कारण, विभिन्न प्रकारका चराचुरुङ्गी, जीव-जनावर, माछा, किराफट्याङ्ग्रा र सबै बोटविरुवाहरूका अस्तित्वको निम्ति फरक-फरक वातावरणहरू छन्। चराचुरुङ्गी, जीव-जनावर र किराफट्याङ्ग्राहरू विभिन्न बोटविरुवाहरूका माझमा बस्छन् र माछाहरू पानीमा बस्छन् अनि बोटविरुवाहरू जमिनमा उम्रन्छन्। जमिनले पहाड, समथर भूमि र पर्वत जस्ता विभिन्न क्षेत्रहरूलाई समेट्छ। चराचुरुङ्गी र जनावरहरूले आफ्नै वासस्थान पाएपछि तिनीहरू यताउता अर्थात् आफूलाई जता मन लाग्यो त्यता जाँदैनन्। वनजङ्गल र पहाडहरू तिनीहरूका वासस्थानहरू हुन्। यदि कुनै एक दिन तिनीहरूका वासस्थानहरू नष्ट पारिए भने यो क्रम अस्तव्यस्त हुन जान्छ। यो व्यवस्था अस्तव्यस्त हुने बित्तिकै यसको परिणामहरू के हुन्छन्? सबैभन्दा पहिले कसलाई चोट पर्छ? (मानवजातिलाई।) पहिले मानवजातिलाई चोट पर्छ। परमेश्वरले स्थापित गर्नुभएका यी नियम र सीमाहरूभित्र के तिमीहरूले कुनै अनौठो घटनाहरू देखेका छौ? उदाहरणको निम्ति, हात्तीहरू मरुभूमिमा हिँडेको। के तिमीहरूले यस्तो केही देखेका छौ? यदि यस्तो साँच्चै भयो भने, यो धेरै अनौठो घटना हुनेथियो, किनकि हात्तीहरू वनजङ्गलमा बस्छन् र तिनीहरूका अस्तित्वको निम्ति परमेश्वरले तयार गर्नुभएको वातावरण त्यही हो। तिनीहरूका अस्तित्वको निम्ति तिनीहरूका आफ्नै वातावरण र वासस्थानहरू छन्, यसैले तिनीहरूले यताउता किन दौडनु पर्यो र? के कसैले सिंह र बाघहरूलाई समुद्रको किनारमा हिँडिरहेका देखेको छ? छैन, तिमीहरूले देखेका छैनौ। सिंह र बाघहरूको वासस्थान वनजङ्गल र पहाडहरू हुन्। के कसैले ह्वेल वा सार्कहरूलाई मरुभूमिमा पौडदै गरेको देखेको छ? छैन, तिमीहरूले देखेका छैनौ। ह्वेल र सार्कहरूले समुद्रमा आफ्नो वासस्थान बनाएका छन्। मानवहरू बस्ने वातावरणमा के खैरो भालुसँग बस्ने मानिसहरू छन्? के घरभित्र र घरबाहिर सधैँ मयुर वा अन्य चराचुरुङ्गीहरूद्वारा घेरिएका मानिसहरू छन्? के कसैले चिल वा जङ्गली हाँसहरू बाँदरहरूसँग खेलेको देखेको छ? (छैन।) यी सबै अनौठा घटनाहरू हुनेथिए। तिमीहरूलाई अनौठा लाग्ने यी कुराहरू मैले बताउनुको कारण सबै थोकहरू परमेश्वरद्वारा सृष्टि गरिएका हुन् भन्ने कुरा तिमीहरूलाई बुझाउनको निम्ति हो–चाहे तिनीहरू एक निश्चित ठाउँमा राखिएका हुन् वा तिनीहरूले आफ्ना नाकबाट सास फेर्न सकून् वा नसकून्–अस्तित्वका निम्ति तिनीहरूका आफ्नै नियमहरू छन्। परमेश्वरले यी जीवित प्राणीहरूलाई सृष्टि गर्नुभन्दा धेरै अगाडि तिनीहरूको निम्ति उहाँले तिनीहरूका आफ्नै घरहरू र तिनीहरूको अस्तित्वको निम्ति तिनीहरूका आफ्नै वातावरणहरू तयार गर्नुभएको थियो। यी जीवित प्राणीहरूसँग आफ्नो अस्तित्वको निम्ति तिनीहरूका आफ्नै निश्चित वातावरण, तिनीहरूका आफ्नै खाना र तिनीहरूका आफ्नै वासस्थानहरू थिए र तिनीहरूसँग तिनीहरूका अस्तित्वको निम्ति उपयुक्त निश्चित स्थानहरू, तिनीहरूको अस्तित्वको निम्ति उपयुक्त तापक्रम भएका ठाउँहरू थिए। यसैले तिनीहरू आफूलाई मन लागे अनुसार यताउता जाँदैनन् वा मानवजातिको अस्तित्वलाई खतरामा पार्दैनन् वा मानिसहरूको जीवनलाई असर पार्दैनन्। मानवजातिको अस्तित्वको निम्ति सर्वश्रेष्ठ वातावरण प्रदान गर्दै परमेश्वरले यसरी नै सबै कुराहरूको व्यवस्थापन गर्नुहुन्छ। सबै थोकहरू भित्रका जीवित प्राणीहरूको अस्तित्वका निम्ति जीवन धान्ने खाना तिनीहरूको आफ्नै वातावरणहरूमा हुन्छ। त्यही खानाद्वारा तिनीहरू आफ्नो अस्तित्वको निम्ति आफ्ने रैथाने

वातावरणमा जोडिएका हुन्छन्। परमेश्वरले तिनीहरूको निम्ति स्थापित गर्नुभएका नियमहरूअनुसार त्यस्तो किसिमको वातावरणमा तिनीहरूले जिउने, वृद्धि हुने र अगाडि बढ्ने काम जारी राख्छन्। यस्ता किसिमका नियमहरूको कारण, परमेश्वरको पूर्वनिर्धारणको कारण सबै जीवित प्राणीहरू मानवजातिसँग सद्भावका साथ जिउँछन् र मानवजाति सबैथोकसँगको पारस्परिक अन्तरनिर्भरताको आधारमा एक साथ अस्तित्वमा छ।

परमेश्वरले सबै थोकको सृष्टि गर्नुभयो र तिनीहरूको निम्ति सीमाहरू स्थापित गर्नुभयो; तीमध्येमा उहाँले सबै किसिमका जीवित प्राणीहरूको पालनपोषण गर्नुभयो। त्यही बेला, उहाँले मानवजातिको अस्तित्वको निम्ति विभिन्न माध्यमहरू पनि तयार पार्नुभयो, यसैले तैँले देख्न सक्छस्, कि मानवजातिको अस्तित्वको निम्ति केवल एउटै मात्र माध्ययम छैन, न त तिनीहरूको अस्तित्वको निम्ति एउटै किसिमको वातावरण मात्र छ। परमेश्वरले मानवको निम्ति विभिन्न किसिमका खाना र पानीका स्रोतहरू तयार गर्नुभएको विषयमा हामीले यस अगाडि नै कुरा गर्‍यौं, जुन मानवजातिको जीवनलाई देहमा निरन्तरता दिनको निम्ति अत्यन्तै जरुरी छ। तैपनि, यस मानवजातिको बिचमा सबै मानिसहरूले अन्नले मात्र जीवन निर्वाह गर्दैनन्। भौगोलिक वातावरण र भूभागको कारण मानिसहरूसँग जीवित रहने धेरै माध्यमहरू छन्। जीवित रहने सम्बन्धी यी सबै माध्यमहरू परमेश्वरले तयार गर्नुभएको हो। यसैले सबै मानवजाति प्राथमिक रूपले खेतीपातीमा नै संलग्न छन् भन्ने छैन। अर्थात्, सबै मानिसहरूले अन्नबालीबाट नै खाना प्राप्त गर्छन् भन्ने छैन। हामीले कुराकानी गर्न गइरहेको विषयको तेस्रो भाग यही हो: मानवजातिका विभिन्न किसिमका जीवनशैलीहरूको कारणले सीमाहरू पैदा भएका हुन्। त्यसो भए मानवका अन्य के-कस्ता किसिमका जीवनशैलीहरू छन्? विभिन्न खानाको स्रोतका आधारमा अन्य कस्ता किसिमका मानिसहरू छन्? कैयौँ प्राथमिक प्रकारहरू छन्।

पहिलोचाहिँ शिकारी जीवनशैली हो। त्यो के हो भनेर सबैलाई थाहा छ। शिकार गरेर बाँच्ने मानिसहरूले के खान्छन्? (शिकार।) तिनीहरूले जङ्गलका चरा र जीव-जनावर खान्छन्। “शिकार” चाहिँ आधुनिक शब्द हो। शिकारीहरूले यसलाई “शिकार” को रूपमा सोच्दैनन्; तिनीहरूले यसलाई खानाको रूपमा अर्थात् तिनीहरूको दैनिक निर्वाहको वस्तुको रूपमा सोच्छन्। उदाहरणको निम्ति, तिनीहरूले मृग भेट्टाउँछन्, त्यो किसानले जमिनबाट खाना प्राप्त गरे जस्तै हो। किसानले जमिनबाट खाना प्राप्त गर्छ र उसले खाना देख्दा ऊ खुसी हुन्छ र ऊ ढुक्क हुन्छ। खाने अन्न भएको कारण परिवार भोको रहनेछैन। किसानको हृदय चिन्तारहित हुन्छ र उसले सन्तुष्टिको अनुभव गर्छ। आफूले समातेको कुरा देखेर शिकारीले पनि ढुक्क र सन्तुष्टिको अनुभूति गर्छ किनकि अब उसले खानाको बारेमा चिन्ता लिनुपर्दैन। अर्को भोजनको निम्ति केही खानेकुरा छ र भोकै बस्नुपर्दैन। ऊ बाँच्नको लागि शिकार गर्ने व्यक्ति हो। शिकार गरेर जीवन निर्वाह गर्नेमध्ये धेरैजसो मानिसहरू पहाडी वनजङ्गलहरूमा बस्छन्। तिनीहरूले खेतीपाती गर्दैनन्। त्यहाँ खेतीयोग्य जमिन प्राप्त गर्न कठिन हुन्छ, त्यसैले तिनीहरू विभिन्न जीवित प्राणीहरू, विभिन्न किसिममा शिकारहरूको भरमा बाँच्छन्। यो पहिलो किसिमको जीवनशैली हो जुन सामान्य मानिसहरूको भन्दा फरक छ।

दोस्रो किसिमचाहिँ पशुपालकहरूको जीवनशैली हो। जीविकोपार्जनको निम्ति पशुपालन गर्ने मानिसहरूले खेतीपाती पनि गर्छन्? (गर्दैनन्।) त्यसो भए तिनीहरूले के गर्छन्? तिनीहरू कसरी बाँच्छन्? (तिनीहरूले धेरैजसो समय जीविकोपार्जनको निम्ति वस्तुभाउ र भेडाहरूको हेरचाह गर्छन्, र हिँउदको बेलामा आफ्ना वस्तुभाउलाई मार्छन् र खान्छन्। तिनीहरूको प्रमुख खाद्य सामाग्री गोमांस र खसीको मासु हो, तिनीहरूले दुध चिया पिउँछन्। पशुपालकहरू चारै ऋतु व्यस्त रहे तापनि, तिनीहरूले राम्ररी नै खान्छन्। तिनीहरूसँग प्रशस्त दुध, दुग्ध पदार्थहरू र मासु हुन्छन्।) जीविकोपार्जनको निम्ति पशुपालन गर्ने मानिसहरूले मुख्यतया गोमांस र खसीको मासु खान्छन्, भेडा र गाईको दुध पिउँछन् र तिनीहरूका कपालमा बतास र अनुहारमा घाम पार्दै जमिनमा पशु र घोडाहरूमाथि चढेर आफ्ना पशुहरूको हेरचाह गर्छन्। तिनीहरूले आधुनिक जीवनका तनावहरूको सामना गर्दैनन्। तिनीहरूले निलो आकाश र घाँसे मैदानहरूलाई दिनभरि नियाल्छन्। पशुपालन गरेर आफ्नो जीवन निर्वाह गर्ने धेरैजसो मानिसहरू घाँसे मैदानहरूमा बस्छन् र तिनीहरूले पुस्तौँदेखि आफ्नो फिरन्ते जीवनलाई निरन्तरता दिइरहेका छन्। घाँसे मैदानको जीवन केही हदसम्म एकलो किसिमको भए तापनि, यो धेरै खुसी जीवन पनि हो। यो खराब किसिमको जीवन पद्धति होइन।

तेस्रो किसिमको जीवनशैली मछुवाहरूको जीवनशैली हो। मानवजातिको सानो हिस्सा समुद्रका किनार वा साना टापुहरूमा बस्छन्। तिनीहरूको वरिपरि पानी, अगाडि समुद्र हुन्छ। यी मानिसहरूले जीविकोपार्जनको निम्ति माछा मार्छन्। जीविकोपार्जनको निम्ति माछा मार्नेहरूको खानाको स्रोत के हो? सबै किसिमका माछा, समुद्री खाना र समुद्रका अन्य उत्पादनहरू तिनीहरूको खानाको स्रोत हुन्। जीविकोपार्जनको निम्ति माछा मार्नेहरूले खेतीपाती गर्दैनन्, तर हरेक दिन माछा मारेर बिताउँछन्। तिनीहरूको प्रमुख खानामा विभिन्न किसिमका माछा र समुद्री उत्पादनहरू पर्छन्। तिनीहरूले चामल, पिठो र दैनिक आवश्यकताका वस्तुहरूको निम्ति यी कुराहरूको बेचबिखन पनि गर्छन्। पानीको नजिक बसोबास गर्नेहरूको फरक जीवनशैली यही हो। पानीको नजिक बसोबास गरेर तिनीहरू खानाको निम्ति यसैमा भर पर्छन् र माछा मारेर जीविकोपार्जन गर्छन्। माछा मार्ने कामले तिनीहरूलाई खाना मात्र दिने होइन, तर यो जीविकोपार्जनको माध्यम पनि हो।

जमिनमा खेतिपाति गर्ने बाहेक, मानवजाति माथि उल्लिखित तिन किसिमका जीवनशैली अनुसार जिउँछन्। तैपनि, बहुसङ्ख्यक मानिसहरूले जीविकोपार्जनको निम्ति खेतीपाती गर्छन् र थोरै मानिसहरू मात्र पशुपालन गरेर, माछा मारेर र शिकार गरेर बाँच्छन्। अनि खेतीपाती गरेर जीविकोपार्जन गर्ने मानिसहरूलाई के कुराको आवश्यकता पर्छ? तिनीहरूलाई आवश्यक पर्ने कुरा जमिन हो। पुस्तौँ पुस्तादेखि तिनीहरू जमिनमा अन्नबाली रोपेर बाँचेका छन् र चाहे तिनीहरूले सागसब्जी, फलफूल वा अन्नबालीहरू जे रोपून् तिनीहरूले आफ्ना खाना र दैनिक आवश्यकताका कुराहरू पृथ्वीबाट नै प्राप्त गर्छन्।

यी फरक मानव जीवनशैलीहरूलाई आड दिने आधारभूत सर्तहरू के-के हुन्? के तिनीहरू बाँच्न सक्ने वातावरणहरूलाई आधारभूत तहमा संरक्षण गर्नु बिलकुलै आवश्यकता छैन र? अर्थात्, शिकार गरेर जीवन निर्वाह गर्नेहरूले पहाडी वनजङ्गल वा चराचुरुङ्गी र जीव-जनावरहरू गुमाउने हो भने तिनीहरूको जीविकोपार्जनको स्रोत रहँदैन। यो जाति र यस किमिमका मानिसहरूले लिनु पर्ने दिशा

अनिश्चित बन्न पुग्छ र तिनीहरू लोप पनि हुन सक्छन्। अनि आफ्नो जीविकोपार्जनको निम्ति पशुपालन गर्नेहरूको हकमा के हुन्छ? तिनीहरू केमा भर पर्छन्? तिनीहरू तिनीहरूको वस्तुभाउमा होइन, तर ती वस्तुभाउ बाँच्न सक्ने वातावरण–घाँसे मैदानहरूमा निर्भर हुन्छन्। यदि घाँसे मैदानहरू नहुने हो भने पशुपालन गर्नेहरूले आफ्ना वस्तुभाउलाई कहाँ चराउनेथिए? वस्तुभाउ र भेडाहरूले के खानेथिए? वस्तुभाउविना यी फिरन्ते मानिसहरूको जीविकोपार्जन हुनेथिएन। तिनीहरूको जीविकोपार्जनको स्रोतविना यी मानिसहरू कहाँ जानेथिए? तिनीहरू जीवित रहन धेरै कठिन हुनेथियो; तिनीहरूको भविष्य रहनेथिएन। यदि पानीको स्रोत नहुने हो र नदी तथा तालहरू पूर्णरूपमा सुक्ने हो भने, बाँच्नको निम्ति पानीमा भर पर्ने सबै माछाहरू अझै जीवित रहनेथिए र? तिनीहरू जीवित रहनेथिएनन्। जीविकोपार्जनको निम्ति पानी र माछामा भर पर्ने यी मानिसहरू निरन्तर रूपमा जीवित रहनेथिए? तिनीहरूसँग खाना वा तिनीहरूको जीविकोपार्जनको स्रोत नभएपछि यी मानिसहरू निरन्तर रूपमा जीवित रहन सक्नेथिएनन्। अर्थात्, यदि कुनै जाति तिनीहरूको जीविकोपार्जन वा तिनीहरूको अस्तित्वसम्बन्धि समस्यामा परे भने, उक्त जातिको निरन्तरता हुनेछैन, र तिनीहरू पृथ्वीबाट हराउन सक्छन् र लोप हुन सक्छन्। अनि खेतीपाती गर्नेहरूले आफ्ना जमिन गुमाए भने, तिनीहरूले सबै किसिमका बोटविरुवाहरू रोप्न पाएनन् र ती बोटविरुवाहरूबाट खाना प्राप्त गर्न सकेनन् भने, त्यसको परिणाम के होला? के खानाविना मानिसहरू भोकमरीले मर्दैनन् र? यदि मानिसहरू भोकमरीले मरिरहेका छन् भने के मानवको त्यो जात सखाप हुँदैनन् र? यसैले परमेश्‍वरले विभिन्न किसिमका वातावरणहरूको जगेर्ना गर्नुको उद्‌देश्य यही हो। परमेश्‍वरले विभिन्न वातावरण र पर्यावरणहरू अनि ती भित्रका विभिन्न जीवित प्राणीहरूको जगेर्ना गर्नुको एउटै उद्‌देश्य मात्र छ–र त्यो हरेक किसिमका मानिसहरूको पालनपोषण गर्नु, विभिन्न भौगोलिक वातावरणहरूमा बसोबास गर्ने मानिसहरूको पालनपोषण गर्नु हो।

यदि सृष्टिका सबै थोकले तिनीहरूका आफ्ना नियमहरू गुमाए भने, तिनीहरूको अस्तित्व नै रहनेथिएन; यदि सबै थोकका नियमहरू हराए भने, सबै थोकका बीचमा जिउने प्राणीहरू पनि निरन्तर रहनेथिएनन्। मानवजातिले आफ्नो अस्तित्वको निम्ति भर परेको वातावरण पनि गुमाउनेथियो। यदि मानवजातिले ती सबै कुराहरू गुमाए भने, तिनीहरूले अहिले गरे जसरी निरन्तर रूपमा पुस्तादेखि पुस्तासम्म फस्टाउन र वृद्‌धि हुन सक्नेथिएनन्। परमेश्‍वरले तिनीहरूको पालनपोषण अर्थात् मानवजातिलाई फरक तरिकाले पालनपोषण गर्नको निम्ति सृष्टिका सबै थोक आपूर्ति गरिदिनुभएको कारण मानवजाति अहिलेसम्म जीवित रहेका हुन्। परमेश्‍वरले विभिन्न तरिकाले मानवजातिको पालनपोषण गर्नुभएको कारणले नै मानवजाति अहिलेको वर्तमान समयसम्म जीवित रहेको हो। जीवित रहनको निम्ति निश्चित अनुकूल वातावरण र प्राकृतिक नियमहरू असल क्रममा भएको कारण, पृथ्वीका सबै किसिमका मानिसहरू, सबै किसिमका जातिहरू तोकिएको क्षेत्रहरूमा जीवित रहन सक्छन्। कोही पनि यी क्षेत्रहरू वा तिनीहरूका बिचमा भएका सीमाहरूबाट बाहिर जान सक्दैन, किनकि तिनलाई तय गर्ने परमेश्‍वर नै हुनुहुन्छ। परमेश्‍वरले किन यसरी सीमाहरू तय गर्नुभयो? यो सबै मानवजातिको निम्ति अत्यन्तै महत्त्वपूर्ण कुरा हो–वास्तवमा नै धेरै महत्त्वपूर्ण कुरा हो! परमेश्‍वरले हरेक जीवित प्राणीको निम्ति क्षेत्र तय गर्नुभयो

र हरेक किसिमका मानवजातिको अस्तित्वको माध्यम तोकिदिनुभयो। उहाँले पृथ्वीका विभिन्न किसिमका मानिसहरू र विभिन्न जातिहरूको विभाजन गर्नुभयो र तिनीहरूको तिम्ति क्षेत्र स्थापित गरिदिनुभयो। अब हामीले छलफल गर्ने कुरा यही नै हो।

चौथो कुरा, परमेश्वरले विभिन्न जातिहरूको बीचमा सीमाहरू तोक्नुभयो। पृथ्वीमा गोरा मानिसहरू, काला मानिसहरू, खैरा मानिसहरू र पहेँला मानिसहरू छन्। यी फरक किसिमका मानिसहरू हुन्। परमेश्वरले यी फरक किसिमका मानिसहरूको जीवनका क्षेत्र पनि तोकिदिनुभयो र थाहै नपाई मानिसहरू परमेश्वरको व्यवस्थापनमा जीवित रहनको निम्ति तिनीहरूका उचित वातावरणमा बसोबास गर्छन्। कोही पनि त्यसभन्दा बाहिर जान सक्दैन। उदाहरणको निम्ति, गोरा मानिसहरूलाई नै लिऔँ। तिनीहरूमध्ये धेरैजसो बसोबास गर्ने भौगोलिक क्षेत्र कुन हो? तिनीहरूमध्ये धेरैजसो युरोप र अमेरिकामा बसोबास गर्छन्। काला मानिसहरू मुख्यतया अफ्रिकामा बसोबास गर्छन्। खैरा मानिसहरू मुख्यतया दक्षिणपूर्वी एसिया, भारत, म्यान्मार, भियतनाम र लाओसमा बसोबास गर्छन्। पहेँला मानिसहरू मुख्यतया एसिया अर्थात् चीन, जापान र दक्षिण कोरिया जस्ता देशहरूमा बसोबास गर्छन्। परमेश्वरले यी फरक किसिमका जातिहरूलाई फरक तरिकाले वितरण गर्नुभयो यसैले यी फरक जातिहरूलाई संसारका फरक-फरक भागहरूमा वितरण गरिएको छ। परमेश्वरले धेरै अगाडि नै संसारका यी फरक-फरक भागहरूमा मानवजातिका हरेक जातिहरूको अस्तित्वको निम्ति सुहाउँदो वातावरण तयार पार्नुभयो। अस्तित्वका लागि तयार पारिएका यी वातावरणहरूभित्र परमेश्वरले तिनीहरूका निम्ति विभिन्न रङ्ग र वनावटका माटोहरू तयार गर्नुभयो। अर्को शब्दमा, गोरा मानिसहरूका शरीरहरू जुन तत्वहरूले बनेका हुन्छन्, ती काला मानिसहरूका शरीरहरू बन्ने तत्वहरूभन्दा फरक हुन्छन्, र ती अन्य जातिका शरीरहरू बन्ने तत्वहरूभन्दा पनि फरक हुन्छन्। जब परमेश्वरले सबै थोक बनाउनुभयो, परमेश्वरले त्यस जातिको निम्ति सुहाउँदो वातावरण पहिले नै तयार गर्नुभएको थियो। परमेश्वरले यसो गर्नुको उद्देश्य त्यस किसिमका मानिसहरू वृद्धि भएर सङ्ख्यामा धेरै भएपछि तिनीहरूलाई निश्चित क्षेत्रभित्र राख्नुथियो। परमेश्वरले मानवजातिहरूको सृष्टि गर्नु अगाडि उहाँले यी सबै कुराहरू पहिले नै सोच्नुभएको थियो–उहाँले गोरा मानिसहरूलाई वृद्धि हुने र जीवित रहनको निम्ति युरोप र अमेरिका संरक्षण गरेर राख्नुभयो। यसैले परमेश्वरले पृथ्वीको सृष्टि गर्नुहुँदा नै उहाँसँग योजना थियो, जमिनको त्यस खण्डमा उहाँले राखेका कुराहरू र त्यस जमिनको खण्डमा उहाँले पालनपोषण गर्नुभएका कुराको निम्ति परमेश्वरसँग लक्ष्य र उद्देश्य थियो। उदाहरणको निम्ति, त्यस जमिनमा कस्ता पहाडहरू, कति समथर भूभागहरू, पानीका कति स्रोतहरू, कस्ता किसिमका चराचुरुङ्गी र जनावरहरू, कस्ता माछाहरू र कस्ता बोटविरुवाहरू हुनेछन् भन्ने कुराको तयारी परमेश्वरले धेरै अघि नै गर्नुभएको थियो। तोकिएका किसिमका मानवजाति, कुनै जातिको अस्तित्वको निम्ति वातावरण तयार गर्दा परमेश्वरले हरेक कोणबाट सोच्नुपर्ने हुन्थ्यो: भौगोलिक वातावरण, माटोको वनावट, चराचुरुङ्गी र जनावरहरूका विभिन्न प्रजातिहरू, विभिन्न प्रकारका माछाका आकारहरू, माछाहरूका शरीरहरू बनाउने तत्वहरू, पानीको गुणस्तरमा भिन्नताका साथै विभिन्न किसिमका बोटविरुवाहरूका भिन्नता...। परमेश्वरले ती सबै कुरा धेरै पहिले नै तयार गर्नुभएको थियो। परमेश्वरले गोरा

मानिसहरूको निम्ति त्यही किसिमको वातावरणको सृजना गर्नुभयो र तयार गर्नुभयो, अनि त्यो स्वभाविक रूपले तिनीहरू कै हो। परमेश्‍वरले सबै कुराको सृष्टि गर्नुहुँदा धैरै सोचविचार गर्नुभयो र योजना अनुसार काम गर्नुभयो भन्‍ने कुरा तिमीहरूले देखेका छौ? (हो, विभिन्‍न प्रकारका मानिसहरूको निम्ति परमेश्‍वरका सोचविचारहरू विचारशील छन् भन्‍ने हामीले देखेका छौँ। विभिन्‍न किसिमका मानवहरू जीवित रहनको निम्ति उहाँले सृष्टि गर्नुभएको वातावरणमा कस्ता किसिमका चराचुरुङ्गी, जीव-जनावर र माछाहरू, कति वटा पहाड-पर्वत र कति समथर भूभागहरू तयार गर्ने भन्‍ने कुराहरूको बारेमा उहाँले धैरै विचारशील र सुनिश्‍चित भएर सोचविचार गर्नुभयो।) उदाहरणको निम्ति गोरा मानिसहरूलाई लिऔँ। गोरा मानिसहरूले मुख्यतया के-कस्ता खानेकुरा खान्छन्? गोरा मानिसहरूले खाने कुराहरू एसियाका मानिसहरूले खानेभन्दा फरक हुन्छन्। गोरा मानिसहरूले खाने प्रमुख खानेकुराहरूमा मासु, अण्डाहरू, दुध र कुखुराहरू पर्छन्। रोटी र भात जस्ता खानाहरूलाई थालको एक छेउमा पूरक खानाको रूपमा राखिन्छ। सागसब्जीको सलाद खाँदा पनि त्यसमा सेकाएको गोमांस वा कुखुराको मासु हाल्ने गर्छन्, र गहुँबाट बनिएका खानेकुरा खाँदा पनि त्यसमा पनिर, अण्डा वा मासु थप्ने गर्छन्। यसको अर्थ, तिनीहरूको प्रमुख खानामा गहुँ वा चामल पर्दैनन्; तिनीहरूले धैरै मात्रामा मासु र पनिर खान्छन्। तिनीहरूका खानामा धैरै क्यालोरी हुने भएकोले तिनीहरूले प्रायः अत्यन्तै चिसो पानी पिउँछन्। यसैले, सेता मानिसहरू असाधरण तवरले मजबुत हुन्छन्। तिनीहरूलाई यस्तो जीवनशैली अपनाउने दिने तिनीहरूको जीवनशैलीको स्रोत र तिनीहरूका अस्तित्वको निम्ति परमेश्‍वरले तयार पार्नुभएको जिउने वातावरणहरू यस्ता छन्, जुन अरू जातिका मानिसहरूको जीवनशैलीभन्दा भिन्‍न छ। यस्तो किसिमको जीवनशैलीमा कुन सही वा कुन गलत भन्‍ने कुरा हुँदैन—यो जन्मजात, परमेश्‍वरले पहिले नै तोक्नुभएको हो र यो परमेश्‍वरको आदेश र उहाँको व्यवस्थापनद्‌वारा उत्पन्‍न हुन्छ। यस जातिको जीवनशैली यस्तो हुनुको कारण र तिनीहरूका जीविकोपार्जनका स्रोतहरू यी हुनुको कारण तिनीहरूका जात र, परमेश्‍वरले तिनीहरूको अस्तित्वको निम्ति तयार पार्नुभएको वातावरण नै हो। गोरा मानिसहरूको अस्तित्वको निम्ति परमेश्‍वर तयार गर्नुभएको वातावरण र त्यस वातावरणबाट तिनीहरूले प्राप्त गर्ने दैनिक जीविकाका साधनहरू सम्पन्‍न र प्रचुर छन्।

परमेश्‍वरले अरू जातिहरूको अस्तित्वको निम्ति पनि आवश्यक वातावरणहरू तयार गर्नुभयो। काला मानिसहरू पनि छन्—काला मानिसहरू कहाँ बसोबास गर्छन्? तिनीहरू मुख्यतया मध्य र दक्षिण अफ्रिकामा बसोबास गर्छन्। परमेश्‍वरले त्यस किसिमको वातावरणमा तिनीहरूको निम्ति के तयार गर्नुभयो? सदाबाहार वनहरू, सबै किसिमका चराचुरुङ्गी तथा जीव-जनावरहरू, मरुभूमिहरू र मानिसहरूको नजिकै रहने सबै किसिमका बोटविरुवाहरू। तिनीहरूको निम्ति पानीको स्रोतहरू, जीविकोपार्जनका साधनहरू, र खाना छन्। परमेश्‍वरले तिनीहरूलाई पक्षपात गर्नुभएको छैन। तिनीहरूले जे गरे तापनि तिनीहरूको अस्तित्व कहिल्यै पनि खास समस्या बनेको छैन। तिनीहरूले पनि संसारको निश्‍चित स्थान र निश्‍चित क्षेत्र ओगटेका छन्।

अब पहेँला मानिसहरूको बारेमा कुरा गरौँ। पहेँला मानिसहरू मुख्यतया पृथ्वीको पूर्वी भागमा बस्छन्। पूर्व र पश्‍चिमको वातावरण र भौगोलिक अवस्थितिमा के-के फरक छन्? पूर्वको जमिनको

धेरैजसो भाग मलिलो र पदार्थ तथा खनिज भण्डारले सम्पन्न छ। अर्थात्, जमिनमाथि र जमिनमुनिका स्रोतहरूले भरपूर छ। अनि यस समूहका मानिसहरू, यस जातिका निम्ति परमेश्‍वरले मिल्दो माटो, जलवायु र तिनीहरूको निम्ति सुहाउँदो विभिन्‍न भौगोलिक वातावरणहरू पनि तयार पार्नुभयो। यहाँको भौगोलिक वातावरण र पश्‍चिमको वातावरणको बीचमा धेरै भिन्‍नता भए तापनि, मानिसहरूका निम्ति आवश्यक खाना, जीविकाहरू र जीविकोपार्जनका स्रोतहरू पनि परमेश्‍वरले तयार पार्नुभयो। यो बाँच्‍नको निम्ति पश्‍चिमका गोरा मानिसहरूको भन्दा फरक वातावरण मात्र हो। तर मैले तिमीहरूलाई भन्‍नुपर्ने एउटा कुरा के हो? पूर्वीय जातिका मानिसहरूको सङ्ख्या तुलनात्मक रूपमा ठूलो छ, यसैले परमेश्‍वरले पश्‍चिमभन्दा फरक रहेको पृथ्वीको यस भागमा धेरै तत्वहरू थप्‍नुभयो। त्यहाँ परमेश्‍वरले धेरै फरक भूभागहरू र सबै किसिमका प्रशस्त पदार्थहरू थप्‍नुभयो। त्यहाँका प्राकृतिक सम्पदाहरू प्रशस्त छन्; पूर्वीय जातिका ठूलो सङ्ख्यालाई पालनपोषण गर्न पुग्‍ने गरी भूभाग पनि विविध र फरक छ। पूर्वलाई पश्‍चिमबाट यही कुराले पृथक राख्छ कि–दक्षिणदेखि उत्तरसम्म, पूर्वदेखि पश्‍चिमसम्म–पूर्वको जलवायु पश्‍चिमको भन्दा राम्रो छ। चार ऋतुहरू स्पष्टसँग छुट्टिन्छन्, तापक्रमहरू सुहाउँदा छन्, प्राकृतिक सम्पदाहरू प्रचुर छन् र प्राकृतिक दृष्य तथा भूभागका प्रकारहरू पश्‍चिमको भन्दा धेरै नै असल छ। परमेश्‍वरले किन यसो गर्नुभयो? परमेश्‍वरले गोरा मानिसहरू र पहेँला मानिसहरूको बिचमा तर्कसंगत सन्तुलनको सृजना गर्नुभयो। यसको अर्थ के हो? यसको अर्थ यही हो कि गोरा मानिसहरूका खाना, तिनीहरूले प्रयोग गर्ने वस्तुहरू र तिनीहरूका निम्ति उपलब्ध कुराहरूका सबै पक्षहरू पहेँला मानिसहरूले आनन्द लिन सक्‍ने कुराहरूभन्दा धेरै असल छन्। यद्यपि, परमेश्‍वर कुनै जातिप्रति पक्षपाती हुनुहुन्‍न। परमेश्‍वरले पहेँला मानिसहरूलाई जिउनको निम्ति अझ सुन्दर र असल वातावरण दिनुभयो। सन्तुलन यही नै हो।

कुन किसिमका मानिसहरू संसारको कुन भागमा बस्‍नुपर्छ भन्‍ने कुरा परमेश्‍वरले पहिलेबाट नै नियुक्त गर्नुभएको छ; के मानव यी सीमाहरूदेखि बाहिर जान सक्छन्? (अहँ, तिनीहरू सक्दैनन्।) कस्तो आश्‍चर्यजनक कुरा! विभिन्‍न युगहरूमा वा असाधारण समयहरूमा युद्धहरू वा अतिक्रमणहरू भए तापनि, ती युद्धहरू र अतिक्रमणहरूले हरेक जातिको निम्ति परमेश्‍वरले अघिबाटै नियुक्त गर्नुभएको जीवनयापनका वातावरणलाई कुनै पनि हालतमा नष्ट गर्न सक्दैनन्। अर्थात्, परमेश्‍वरले निश्‍चित किसिमका मानिसहरूको निम्ति संसारको निश्‍चित भाग तोक्‍नुभएको छ र तिनीहरू ती सीमाहरूदेखि बाहिर जान सक्दैनन्। मानिसहरूमा तिनीहरूको क्षेत्र परिवर्तन गर्ने वा विस्तार गर्ने केही किसिमको महत्वाकांक्षा भए तापनि, परमेश्‍वरको अनुमतिविना त्यो प्राप्त गर्न धेरै कठिन हुनेछ। तिनीहरूले सफलता प्राप्त गर्नु निकै कठिन हुनेछ। उदाहरणको निम्ति, गोरा मानिसहरूले तिनीहरूका क्षेत्रलाई विस्तार गर्न चाहन्थे र केही अन्य देशहरूलाई उपनिवेश बनाए। जर्मनहरूले केही देशहरूमाथि हमला गरे र बेलायतले एक पल्ट भारतमाथि कब्जा गर्‍यो। यसको परिणाम के भयो? अन्तमा तिनीहरू असफल भए। तिनीहरूको असफलताबाट हामी के देख्छौँ? परमेश्‍वरले अघिबाट नियुक्त गर्नुभएको कुरालाई नष्ट गर्ने अनुमति छैन। यसैले, बेलायतको विस्तारमा तैँले जतिसुकै गति देखे तापनि, अन्तमा तिनीहरूले पनि उक्त जमिन भारतको जिम्मामा छोडेर पछि

हट्नुपर्यो। त्यसकारण, तैँले बेलायतको विस्तारले जति नै ठूलो गति लिन सकेको देखेको भए पनि, अझै भारतको स्वामित्वमा रहेका भूमि छोड्दै, अन्त्यमा तिनीहरू पछि हट्नु नै पर्‍यो। त्यो भूमिमा बस्ने मानिसहरू अझै पनि भारतीय नै हुन्, बेलायती होइनन्, किनभने परमेश्‍वरले त्यस्तो अनुमति दिनुहुनेथिएन। इतिहास वा राजनीतिशास्त्रमा अध्ययन-अनुसन्धान गर्ने केही व्यक्तिहरूले यसबारेमा शोध-सिद्धान्तहरू उपलब्ध गराएका छन्। तिनीहरूले किन बेलायत असफल भयो भन्ने बारेमा कारणहरू दिँदै भन्छन्, कि केही निश्‍चित जातिमाथि विजय गर्न नसकिने कारणले वा अन्य कुनै मानवीय कारणले यस्तो भएको हुनसक्छ...। यी वास्तविक कारणहरू होइनन्। वास्तविक कारण त परमेश्‍वर हुनुहुन्छ–उहाँले यस्तो हुन दिनुहुन्‍न। परमेश्‍वरले केही निश्‍चित जातिलाई कुनै निश्‍चित भूमिमा निरन्तर जिउन दिनुहुन्छ र तिनीहरूलाई त्यहीँ बसोबास गराउनुहुन्छ, र यदि परमेश्‍वरले तिनीहरूलाई त्यो भूमिबाट अन्यत्र जान दिनुहुन्‍न भने तिनीहरू अन्यत्र जान सक्दैनन्। यदि परमेश्‍वरले तिनीहरूलाई कुनै निश्‍चित क्षेत्र प्रदान गर्नुहुन्छ भने तिनीहरू त्यहीँ क्षेत्रमा जिउनेछन्। मानवजातिले यी निश्‍चित क्षेत्रहरूबाट आफूलाई मुक्त गर्न वा बाहिर निकाल्न सक्दैनन्। यो कुरा निश्‍चित छ। अतिक्रमणकारीहरूको शक्ति जति नै ठूलो भए पनि वा अतिक्रमित हुनेहरू जति नै कमजोर भए पनि, अतिक्रमणकारीहरूको सफलता अन्ततः परमेश्‍वरले निर्णय गर्नुहुन्छ। यो उहाँले पहिले नै पूर्वनिश्‍चित गरिसक्नुभएको हुन्छ र यसलाई कसैले पनि बदल्न सक्दैन।

माथि उल्लेखित कुरा परमेश्‍वरले विविध जातिहरूलाई कसरी वितरित गर्नुभएको छ भन्ने विषयमा रहेको छ। परमेश्‍वरले जातिहरूलाई वितरित गर्नको लागि के-कस्तो काम गर्नुभएको छ त? पहिले, उहाँले ठूलो परिमाणको भौगोलिक वातावरण तयार गर्नुभयो र मानिसहरूलाई विभिन्‍न स्थानहरू तोकिदिनुभयो जसपश्‍चात सोही स्थानहरूमा पुस्तौँ-पुस्ता हुर्किए। यो निर्धारित भइसक्यो–तिनीहरूको अस्तित्वको लागि निश्‍चित क्षेत्र निर्धारित भइसक्यो। अनि तिनीहरूका जीवन, तिनीहरूले जे खान्छन्, तिनीहरूले जे पिउँछन्, तिनीहरूका जीविकाहरू–ती सबै कुराहरू परमेश्‍वरले धेरै पहिले नै निर्धारित गरिसक्नुभयो। अनि जब परमेश्‍वरले यावत् थोकको सृष्टि गर्दै हुनुहुन्थ्यो, तब उहाँले विभिन्‍न प्रकारका मानिसहरूको लागि विभिन्‍न प्रकारका तयारीहरू गर्नुभयो: माटोका विभिन्‍न प्रकारका संरचनाहरू छन्, विभिन्‍न हावापनीहरू छन्, विभिन्‍न वनस्पतिहरू छन् र विभिन्‍न भौगोलिक वातावरणहरू छन्। विभिन्‍न स्थानहरूमा विभिन्‍न चराचुरुङ्गी र वन्यजन्तुहरू छन्, विभिन्‍न प्रकारका पानीहरूमा आफ्नै विशेष प्रकारका माछा र जलउत्पादनहरू छन्। कीराफट्याङ्ग्राहरूको प्रकारसमेत परमेश्‍वरले नै निर्धारण गर्नुहुन्छ। उदाहरणको लागि, अमेरिकी महाद्वीपमा उम्रने कुराहरू सबै एकदमै ठूला, एकदमै अग्ला र एकदमै मजबुत हुन्छन्। हिमाली जङ्गलमा हुने रूखविरुवाहरूका जराहरू त्यति गहिराइमा जाँदैनन्, तर ती रूखविरुवाहरू अग्ला हुन्छन्। तिनीहरूको उचाइ सय मिटर वा सोभन्दा बढी पनि हुन्छ तर एशियाका धेरैजसो जङ्गलका रूखविरुवाहरू त्यति अग्ला हुँदैनन्। उदाहरणको लागि घ्यू-कुमारी वनस्पतिको कुरा गरौं। जापानमा तिनीहरू एकदमै साँघुरिएका र पातला हुन्छन् तर संयुक्त राज्यमा हुने घ्यू-कुमारी धेरै ठूला हुन्छन्। यहीँनेर भिन्‍नता छ। यो उही वनस्पति हो, यसको उही नाम छ, तर अमेरिकी महाद्वीपमा यो बढेर एकदमै अग्लो हुन्छ। यी विविध पक्षहरूमा भएका भिन्‍नताहरूलाई मानिसहरूले देख्न वा अनुभूति

गर्न सक्छन् नै भन्ने छैन, तर जब परमेश्‍वरले यावत् थोकहरूको सृष्टि गर्दै हुनुहुन्थ्यो, तब उहाँले तिनीहरूलाई ठीकसँग छुट्याउनुभयो र फरक-फरक जातिहरूको लागि फरक-फरक भौगोलिक वातावरणहरू, फरक-फरक फाँटहरू र फरक-फरक जीवजन्तुहरू तयार गर्नुभयो। परमेश्‍वरले यस्तो किन गर्नुहुन्छ भने उहाँले विभिन्‍न प्रकारका मानिसहरू बनाउनुभएको छ र उहाँलाई तिनीहरू हरेकको आवश्‍यकताहरू के-कस्ता छन् र तिनीहरूको जीवनशैली के-कस्तो छ भन्ने थाहा छ।

यी कुराहरूको बारेमा केही बताइसकेपछि, के तिमीहरूले अहिले हामीले भर्खरै छलफल गरेको मुख्य विषयको बारेमा केही कुरा सिक्यौ? के तिमीहरूले यो कुरा बुझ्न सुरु गर्दै छौं भन्ने तिमीहरूलाई लाग्छ? मलाई विश्‍वास छ, किन मैले फराकिलो विषयअन्तर्गत यी पक्षहरूको बारेमा कुरा गर्ने निर्णय गरेँ भन्ने बारेमा अहिले तिमीहरूलाई मोटामोटी थाहा भइसकेको हुनुपर्छ। के तिमीहरूलाई मोटामोटी थाहा भएको छ त? सायद तिमीहरूले यसलाई कति बुझ्यौ भन्नेबारेमा अलिअलि कुरा गर्न सक्छौ। (मानवजाति सबैले परमेश्‍वरले यावत् थोकको लागि निर्धारण गर्नुभएको नियम-व्यवस्थाहरूद्वारा नै पोषण प्राप्त गर्दै आएको छ। जब परमेश्‍वरले यी नियम-व्यवस्थाहरू निर्धारण गर्दैहुनुहुन्थ्यो, तब उहाँले फरक-फरक जातिलाई फरक-फरक वातावरणहरू, फरक-फरक जीवनशैलीहरू, फरक-फरक खानाहरू र फरक-फरक हावापानी र तापक्रमहरू प्रदान गर्नुभयो। उहाँले यस्तो गर्नुभयो ताकि सम्पूर्ण मानवजाति पृथ्वीमा बसोबास गर्न र बाँच्न सकून्। यसबाट म मानवजातिको अस्तित्वको लागि परमेश्‍वरले बनाउनुभएका योजनाहरू एकदमै सटीक छन् भन्ने देख्न सक्छु, अनि म उहाँको बुद्धि र सिद्धता र मानिसहरूको लागि उहाँको प्रेम देख्न सक्छु।) (परमेश्‍वरले निर्धारित गर्नुभएको व्यवस्था र सीमाहरूलाई कुनै व्यक्ति, घटना वा अन्य कुराहरूले परिवर्तन गर्न सक्दैन। यो सबै उहाँको नियमअन्तर्गत पर्छ।) यावत् थोकको वृद्धिको लागि परमेश्‍वरले निर्धारण गर्नुभएको नियम-व्यवस्थाको दृष्टिकोणबाट हेर्दा के सम्पूर्ण मानवजातिलाई तिनीहरूको सारा विविधताहरूमा परमेश्‍वरद्वारा नै आपूर्ति र पोषण प्रदान गरिएको छैन र? यदि यी नियम-व्यवस्थाहरूलाई नष्ट गरियो वा यदि परमेश्‍वरले मानवजातिका लागि यी नियम-व्यवस्थाहरूलाई स्थापित नगर्नुभएको भए, मानवजातिको भविष्य कस्तो हुन्थ्यो? मानिसहरूले अस्तित्वको लागि आफ्नो आधारभूत वातावरणलाई गुमाएपछि, के तिनीहरूसँग खानाको कुनै स्रोत हुनेथियो र? खानाका स्रोतहरू समस्या बन्ने सम्भावना हुनेथियो। यदि मानिसहरूले आफ्नो खानाको स्रोत गुमाए भने, अर्थात्, यदि तिनीहरूले केही पनि खाने कुरा भेट्टाउन सकेनन् भने, तिनीहरू कति दिनसम्म निरन्तर बाँच्न सक्थे? सम्भवतः तिनीहरू एक महिना पनि टिक्न सक्नेथिएनन्, र तिनीहरूको अस्तित्व नै समस्या बन्नेथियो। त्यसकारण, मानिसहरू जीवित रहनको लागि, तिनीहरूको निरन्तर अस्तित्व, प्रजनन र जीविकाको लागि, परमेश्‍वरले गर्नुहुने हरेक काम एकदमै महत्वपूर्ण छ। परमेश्‍वरले उहाँको सृष्टिका वस्तुहरूमाझ गर्नुहुने हरेक काम मानवजातिको अस्तित्वसँग निकट रूपमा सम्बन्धित र अभिन्‍न छ। यदि मानवजातिको अस्तित्व समस्या बन्यो भने, के परमेश्‍वरको व्यवस्थापन निरन्तर रहन सक्थ्यो त? के परमेश्‍वरको व्यवस्थापन अझै अस्तित्वमा रहिरहन सक्थ्यो त? परमेश्‍वरको व्यवस्थापन उहाँले पोषण प्रदान गर्नुहुने सम्पूर्ण मानवजातिको अस्तित्वसँग सह-अस्तित्वमा रहन्छ, त्यसकारण उहाँले उहाँको सृष्टिका यावत्

थोकमाझ जे-जस्तो तयारी गर्नुभए पनि र मानिसहरूको लागि जेसुकै गर्नुभए पनि, यी सबै कुरा उहाँको लागि आवश्यक छन् र ती कुराहरू मानवजातिको अस्तित्वको लागि अत्यावश्यक छन्। यदि यावत् थोकको लागि परमेश्‍वरले निर्धारित गर्नुभएका नियम-व्यवस्थाहरूलाई छोडियो भने, यदि यी नियम-व्यवस्थाहरूलाई उल्लंघन वा भङ्‍ग गरियो भने, सारा सृष्टि यसउप्रान्त अस्तित्वमा रहनेथिएन, मानवजाति जीवित रहनको लागि रहेको वातावरण निरन्तर अस्तित्वमा हुनेथिएन, न त तिनीहरूको दैनिक भरणपोषण न त मानवजाति आफै नै अस्तित्वमा रहन सक्नेथियो। यही कारणले गर्दा, परमेश्‍वरले गर्नुहुने मानवजातिको मुक्तिको व्यवस्थापन पनि अस्तित्वबाट हराउनेथियो।

हामीले छलफल गरेका हरेक कुरा, हरेक चीज, हरेक वस्तु हरेक व्यक्तिको अस्तित्वसँग घनिष्ठ रूपमा जोडिएको छ। तिमीहरूले भन्छौ होला, "तपाईंले भनिरहनुभएको कुरा अत्यन्तै विशाल छ, यो कुरा हामीले देख्न सक्ने कुरा होइन," र सायद यसो भन्ने मानिसहरू पनि छन् होला, "तपाईंले जे भनिरहनुभएको छ त्यससँग मेरो कुनै सम्बन्ध छैन।" तथापि, यो कुरा नबिर्सी कि तँ यावत् थोकको एउटा भागको रूपमा बाँचिरहेको छस्; तँ परमेश्‍वरको शासनअन्तर्गत सृष्टि गरिएका यावत् थोकहरूमध्येको एक होस्। परमेश्‍वरका सृष्टिका कुराहरू उहाँको नियमबाट अलग गर्न सकिन्नन् र कुनै पनि व्यक्तिले आफैलाई उहाँको नियमबाट अलग गर्न सक्दैन। उहाँको नियम गुमाउनु र उहाँको प्रबन्ध गुमाउनुको अर्थ मानिसहरूका जीवनहरू, मानिसहरूका देहीय जीवनहरू गायब हुनु हो। मानवजातिको अस्तित्वको निम्ति परमेश्‍वरले वातावरणहरू स्थापना गर्नुको महत्त्व यही हो। तँ कुन जातिको होस् वा तँ कुन जमीनको टुक्रामा बस्छस् भन्ने कुराले केही महत्त्व राख्दैन, चाहे पश्‍चिम होस् वा पूर्व—तैँले परमेश्‍वरले मानवजातिको अस्तित्वको निम्ति स्थापना गर्नुभएको वातावरणबाट आफैलाई अलग गर्न सक्दैनस् र मानवहरूको अस्तित्वको निम्ति उहाँले स्थापना गर्नुभएको पालनपोषण र वातावरणको प्रबन्धदेखि तैँले आफैलाई अलग गर्न सक्दैनस्। तेरो जीविकोपार्जनको माध्यम जे सुकै भए तापनि, बाँच्नको निम्ति तैँले जेमा भर परे तापनि र देहमा तेरो जीवन धान्नको निम्ति तैँले जेमा भर परे तापनि, तैँले परमेश्‍वरको नियम र उहाँको व्यवस्थापनदेखि आफैलाई अलग गर्न सक्दैनस्। कतिपय मानिसहरूले भन्छन्: "म किसान होइन; म बाँच्नको लागि बाली लगाउँदिन। म आफ्नो खानाको लागि स्वर्गमा निर्भर हुँदिन, त्यसकारण परमेश्‍वरले स्थापना गर्नुभएको जीवन-अस्तित्वको वातावरणभित्र मेरो जीवनको अस्तित्व रहेको छैन। मलाई त्यस प्रकारको वातावरणले केही पनि दिएको छैन।" के त्यो सही हो? तँ भन्छस् कि तँ बाँच्नको लागि बाली लगाउँदैनस्, तर के तँ अन्न खाँदैनस् त? के तँ मासु र अण्डा खाँदैनस् त? अनि के तँ सागसब्जी र फलफूल खाँदैनस् त? तैँले खाने हरेक कुरा, तँलाई आवश्यक पर्ने सबै कुरा परमेश्‍वरले मानवजातिको लागि स्थापना गर्नुभएको जीवन-अस्तित्वको वातावरणसँग अभिन्‍न छन्। अनि मानवजातिलाई आवश्यक पर्ने सबै कुराहरूको स्रोत परमेश्‍वरले सृष्टि गर्नुभएका यावत् थोकहरूसँग अभिन्‍न छन्, र समग्र रूपमा यी सबै कुराहरू मिलेर तेरो जीवन-अस्तित्वको वातावरण बन्छ। तैँले पिउने पानी, तैँले लगाउने वस्त्र र तैँले प्रयोग गर्ने सबै कुराहरू—यीमध्ये कुनचाहिँ परमेश्‍वरको सृष्टिका कुराहरूबाट प्राप्‍त गरिँदैनन्? कतिपय मानिसहरू भन्छन्:

"परमेश्वरको सृष्टिका कुराहरूबाट प्राप्त नगरिने कुराहरू पनि छन्। तपाईं हेर्नुस् न, प्लास्टिक तीमध्ये एउटा हो। यो रासायनिक पदार्थ हो, मानिसले बनाएको कुरा हो।" के त्यो सही हो? प्लास्टिक वास्तवमा मानिसले बनाएको हो, र यो एक रासायनिक पदार्थ हो, तर प्लास्टिक बन्ने मूल तत्वहरू कहाँबाट आए? ती मूल तत्वहरू परमेश्वरले सृष्टि गर्नुभएका पदार्थहरूबाट प्राप्त गरिएका थिए। तैँले देख्ने र आनन्द लिने कुराहरू, तैले प्रयोग गर्ने हरेक कुराहरू, ती सबै परमेश्वरले सृष्टि गर्नुभएका पदार्थहरूबाट प्राप्त गरिन्छन्। भन्नुको अर्थ, मानिस जुनसुकै जातिमा पर्ने भए पनि, तिनीहरूको जीविका जस्तोसुकै भए पनि वा तिनीहरू जुनसुकै प्रकारको जीवन-अस्तित्वको वातावरणमा बाँचे पनि, तिनीहरूले परमेश्वरले उपलब्ध गराउनुभएका कुराहरूबाट आफूलाई अलग्याउन सक्दैनन्। त्यसो भए, हामीले आज छलफल गरेका यी कुराहरू "सबै थोकका लागि जीवनको स्रोत परमेश्वर नै हुनुहुन्छ" भन्ने हाम्रो विषयसँग सम्बन्धित छन् त? के हामीले आज छलफल गरेका यी कुराहरू यो बृहत् विषयअन्तर्गत पर्छन्? (पर्छन्।) सायद मैले आज बताएकामध्ये केही कुराहरू अलि अमूर्त र छलफल गर्न गाह्रो होलान्। तथापि, मलाई लाग्छ, तिमीहरूले अहिले यसबारेमा अलि बढी बुझिसकेका छौ।

सङ्गतिका यी पछिल्ला केही समयहरूमा, हामीले सङ्गति गरेका विषयहरूको श्रृंखला अलि फराकिलो र तिनीहरूको क्षेत्र व्यापक रहँदै आएका छन्, त्यसैले तिमीहरूले यी सबैलाई बुझ्नको लागि केही प्रयत्न लगाउनुपर्ने हुन्छ। किनभने यी विषयहरू परमेश्वरप्रतिको मानिसहरूको विश्वासमा पहिले कहिल्यै पनि व्याख्या-विवेचना नगरिएका कुराहरू हुन्। केही मानिसहरूले यी कुराहरूलाई रहस्यको रूपमा सुन्दै आएका छन् अनि केही मानिसहरूले चाहिँ यिनलाई कथाको रूपमा सुन्दै आएका छन्—कुन दृष्टिकोणचाहिँ सही छ त? यी सबै कुरालाई तिमीहरूले कुन दृष्टिकोणबाट सुन्दै आएका छौ त? (हामीले देखेका छौं कि परमेश्वरले कति विधिवत् रूपमा उहाँको सृष्टिका यावत् थोकलाई व्यवस्थित रूपमा मिलाएर राख्नुभएको छ, र यावत् थोकको नियम-व्यवस्था छ, र यी वचनहरूमार्फत हामीले परमेश्वरका कार्यहरू र मानवजातिको मुक्तिको लागि उहाँका सावधानीपूर्ण बन्दोबस्तहरूलाई बुझ्न सक्छौं।) सङ्गतिका यी समयहरूमार्फत, के तिमीहरूले यावत् थोकमाथिको परमेश्वरको व्यवस्थापनको क्षेत्र कति टाढासम्म फैलिन्छ भन्ने देख्यौ त? (सम्पूर्ण मानवजातिमाथि, सबै कुरामाथि।) के परमेश्वर एउटा जातिको मात्रै परमेश्वर हुनुहुन्छ? के उहाँ एक प्रकारका मानिसहरूको मात्र परमेश्वर हुनुहुन्छ? के उहाँ मानवजातिको एक सानो भागको मात्र परमेश्वर हुनुहुन्छ? (होइन, उहाँ त्यस्तो हुनुहुन्न।) त्यस्तो अवस्था नभएको हुनाले, यदि परमेश्वरबारेको तिमीहरूको ज्ञानअनुसार उहाँ मानवजातिको एक सानो भागको मात्र परमेश्वर हुनुहुन्छ भने वा उहाँ केवल तिमीहरूको मात्र परमेश्वर हुनुहुन्छ भने, के यो दृष्टिकोण सही हुन्छ त? परमेश्वरले यावत् थोकको व्यवस्थापन र तीमाथि शासन गर्नुहुने भएकोले, मानिसहरूले यावत् थोकमाथिको उहाँको शासनमा प्रकट हुने उहाँका कार्यहरू, उहाँको बुद्धि, र उहाँको सर्वशक्तिमान्तालाई देख्नुपर्छ। यो कुरा मानिसहरूले जान्नुपर्ने कुरा हो। यदि तैँले परमेश्वरले यावत् थोकको व्यवस्थापन र सम्पूर्ण मानवजातिमाथि शासन गर्नुहुन्छ भनेर भन्छस् तर तँसँग मानवजातिमाथिको उहाँको शासनको बारेमा कुनै अन्तर्दृष्टि छैन भने, के तैँले परमेश्वरले

यावत् थोकमाथि शासन गर्नुहुन्छ भनी साँचो रूपले स्वीकार गर्न सक्छस् र? तैँले आफ्नो हृदयमा सोच्न सक्छस्, “म सक्छु, किनभने मैले मेरो जीवनलाई सम्पूर्ण रूपमा परमेश्‍वरले शासन गर्नुभएको देख्छु।” तर के परमेश्‍वर साँच्चै त्यति सानो हुनहुन्छ? होइन, उहाँ सानो हुनुहुन्‍न! तैँले केवल तेरो निम्ति परमेश्‍वरले प्रदान गर्नुहुने मुक्ति देख्छस्, तँमा उहाँले गर्नुहुने काम देख्छस् र तैँले यी कुराहरूबाट मात्रै उहाँको शासनलाई देख्छस्। यो त क्षेत्रको हिसाबमा अति सानो छ र यसले परमेश्‍वरबारेको साँचो ज्ञानको लागि तेरा भावी सम्भावनाहरूमा हानिकारक प्रभाव पार्छ। यसले यावत् थोकमाथिको परमेश्‍वरको शासनबारेको तेरो साँचो ज्ञानलाई पनि सीमित तुल्याउँछ। यदि तैँले परमेश्‍वरबारेको तेरो ज्ञानलाई परमेश्‍वरले तेरो लागि प्रबन्ध गर्नुहुने कुराहरू र तँलाई उहाँले प्रदान गर्नुहुने मुक्तिमा मात्रै सीमित गर्छस् भने, उहाँले हरेक कुरामाथि शासन गर्नुहुन्छ, उहाँले यावत् थोकमाथि शासन गर्नुहुन्छ र उहाँले सम्पूर्ण मानवजातिमाथि शासन गर्नुहुन्छ भन्‍ने कुरालाई तैँले कहिल्यै पनि पहिचान गर्न सक्‍नेछैनस्। जब तैँले यी सबै कुराहरूलाई पहिचान गर्न असफल हुन्छस्, तब के साँच्चै नै तैँले तेरो नियतिमाथि परमेश्‍वरले शासन गर्नुहुन्छ भन्‍ने तथ्यलाई पहिचान गर्न सक्छस् त? अहँ, तैँले सक्दैनस्। तेरो हृदयमा तैँले कहिल्यै पनि त्यो पक्षलाई पहिचान गर्न सक्‍नेछैनस्—तँ कहिल्यै पनि बुझाइको त्यति उच्च तहमा पुग्‍न सक्‍नेछैनस्। मैले जे भनिरहेको छु त्यो तैँले बुझ्दैछस्, हो? वास्तवमा, तिमीहरूले यी विषयहरूको बारेमा, मैले बोलिरहेको यो विषयवस्तुको बारेमा, कति हदसम्म बुझ्‍न सक्छौ भन्‍ने मलाई थाहा छ, त्यसो भए म किन यसबारेमा निरन्तर बोलिरहेको छु त? किनभने यी विषयहरू परमेश्‍वरलाई पछ्याउने हरेक व्यक्तिले, परमेश्‍वरबाट मुक्ति प्राप्त गर्न चाहने हरेक व्यक्तिले बुझ्नुपर्ने कुराहरू हुन्—यी विषयहरूलाई बुझ्नु अत्यावश्यक छ। यस क्षणमा तैँले यी कुराहरूलाई नबुझ्ने भए पनि, कुनै दिन जब तेरो जीवन र सत्यता सम्बन्धी तेरो अनुभव कुनै निश्‍चित तहमा पुग्छ, जब तेरो जीवन स्वभावको परिवर्तन कुनै निश्‍चित तहमा पुग्छ र तैँले कुनै निश्‍चित कद हासिल गर्छस्, तब मात्र सङ्गतिमा मैले कुरा गरिरहेका यी विषयहरूले परमेश्‍वरबारेको ज्ञानको तेरो खोजीलाई साँचो रूपले भरणपोषण र परिपूर्णता प्रदान गर्छन्। यसकारण, यी वचनहरू यावत् थोकमाथि परमेश्‍वरले शासन गर्नुहुन्छ भन्‍नेबारे तिमीहरूको भावी बुझाइको लागि र परमेश्‍वर स्वयम्‌बारेको तिमीहरूको बुझाइको लागि जग बसाल्‍न र तिमीहरूलाई तयार गर्नको लागि हुन्।

मानिसहरूका हृदयहरूमा परमेश्‍वरबारेको बुझाइ जति धेरै हुन्छ, उहाँको स्थान पनि तिनीहरूको हृदयहरूमा त्यति नै मात्रामा रहन्छ। तिनीहरूका हृदयहरूमा परमेश्‍वर बारेको ज्ञानको परिमाण जति ठूलो हुन्छ, परमेश्‍वर पनि तिनीहरूको हृदयहरूमा त्यति नै ठूलो हुनुहुन्छ। यदि तैँले जानेको परमेश्‍वर खाली र अस्पष्‍ट हुनुहुन्छ भने तैँले विश्‍वास गरेको परमेश्‍वर पनि खाली र अस्पष्‍ट नै हुनुहुन्छ। तैँले जानेको परमेश्‍वर तेरो आफ्नै व्यक्तिगत जीवनको आयाममा सीमित हुनुहुन्छ र साँचो परमेश्‍वर स्वयम्‌सँग त्यसको कुनै सम्बन्ध नै छैन। त्यसैले, परमेश्‍वरका व्यवहारिक कार्यहरू जान्‍नु, परमेश्‍वरको वास्तविकता र उहाँको सर्वशक्तिमान्‌ता जान्‍नु, परमेश्‍वर स्वयम्‌को साँचो पहिचान जान्‍नु, उहाँसँग जे छ र उहाँ जे हुनुहुन्छ सो जान्‍नु, उहाँका सृष्‍टिका सबै थोकहरूको माझमा उहाँले प्रकट गर्नुभएका कार्यहरू जान्‍नु—यी कुराहरू परमेश्‍वरको ज्ञानलाई पच्छ्याउने हरेक

व्यक्तिको निम्ति धेरै महत्त्वपूर्ण छन्। मानिसहरू सत्य वास्तविकतामा प्रवेश गर्न सक्छन् कि सक्दैनन् भन्ने बारेमा तिनीहरूको प्रत्यक्ष सम्बन्ध छ। यदि तैँले परमेश्वरबारेको तेरो बुझाइलाई वचनहरूमा मात्र सीमित गरिस् भने, यदि तैँले यसलाई तेरो आफ्नै थोरै अनुभवहरूमा, परमेश्वरको अनुग्रह के हो भनेर तैँले ठानेको कुरामा वा परमेश्वरबारेको तेरो थोरै गवाहीहरूमा सीमित गरिस् भने, म त भन्छु तैँले विश्वास गरेको परमेश्वर कदापि साँचो परमेश्वर स्वयम् हुनुहुन्न। यति मात्र होइन, बरु यसो पनि भन्न सकिन्छ कि तैँले विश्वास गरेको परमेश्वर काल्पनिक परमेश्वर हुनुहुन्छ, साँचो परमेश्वर हुनुहुन्न। यो यस कारणले हो कि साँचो परमेश्वर उहाँ नै हुनुहुन्छ जसले हरेक थोकमाथि शासन गर्नुहुन्छ, हरेक थोकको माझमा हिँड्नुहुन्छ र हरेक थोकको व्यवस्थापन गर्नुहुन्छ। सारा मानवजाति र उहाँका हातमा भएका हरेक थोकको नियति सम्हाल्ने उहाँ नै हुनुहुन्छ। मैले बताइरहेको परमेश्वरका काम र कार्यहरू मानिसहरूको सानो हिस्सामा मात्र सीमित छैनन्। अर्थात्, ती अहिले उहाँलाई पच्छ्याउने मानिसहरूमा मात्र सीमित छैनन्। उहाँका कार्यहरू सबै थोकहरूको माझमा, सबै थोकहरूको अस्तित्वमा र सबै थोकहरूको परिवर्तनको नियमहरूमा प्रकट गरिएका छन्।

यदि तैँले परमेश्वरका सृष्टिका सबै थोकहरूको माझमा उहाँका कार्यहरूलाई देख्न वा पहिचान गर्न सक्दैनस् भने, तँ उहाँका कुनै पनि कार्यहरूको गवाही बन्न सक्दैनस्। यदि तँ परमेश्वरको निम्ति गवाही बन्न सक्दैनस् भने, यदि तैँले आफूले जानेको, तेरो आफ्नै विचारहरूमा र तेरो मनको साँघुरो सिमानाभित्र सीमित, सानो "परमेश्वर" भनाउँदाको बारेमा निरन्तर बोल्छस् भने, यदि तैँले त्यस्तो परमेश्वरको बारेमा निरन्तर बोल्छस् भने, परमेश्वरले तेरो विश्वासको कहिले पनि प्रशंसा गर्नुहुनेछैन। जब तँ परमेश्वरको गवाही बन्छस्, यदि तैँले परमेश्वरको अनुग्रहमा कसरी आनन्द लिन्छस्, उहाँको अनुशासन र ताडनालाई तैँले कसरी स्वीकार गर्छस्, उहाँबारेको तेरो गवाहीमा उहाँका आशिष्हरूमा कसरी आनन्द लिन्छस् भन्ने आधारमा मात्र तैँले यसो गरिस् भने, तब त्यो कुनै पनि हालतमा यथेष्ट हुँदैन र उहाँलाई सन्तुष्टि दिने कुराको नजिक पनि हुँदैन। यदि तँ उहाँको इच्छासँग मेल खाने तवरले परमेश्वरको गवाही बन्न चाहन्छस भने, साँचो परमेश्वर स्वयम्‌को गवाही बन्न चाहन्छस् भने, तैँले उहाँका कार्यहरूबाट परमेश्वरसँग जे छ र परमेश्वर जो हुनुहुन्छ सो देख्नुपर्छ। उहाँले हरेक थोकलाई नियन्त्रणमा लिनुभएको कुराबाट तैँले परमेश्वरको अधिकार देख्नुपर्छ र उहाँले सारा मानवजातिको निम्ति कसरी प्रबन्ध गर्नुहुन्छ भन्ने सत्यता देख्नुपर्छ। तेरो दैनिक जीविका र तेरो जीवनका आवश्यकताहरू परमेश्वरबाट आउँछन् भन्ने कुरा मात्र तैँले स्वीकार गरिस्, तर परमेश्वरले सारा मानवजातिको प्रबन्धको निम्ति उहाँका सृष्टिका सबै थोकहरू लिनुभएको छ भन्ने सत्यता र सबै थोकहरूमाथि शासन गर्दै उहाँले सबै मानवजातिको नेतृत्व गर्दै हुनुहुन्छ भन्ने कुरालाई देख्दैनस् भने तैँले कहिल्यै पनि परमेश्वरको गवाही दिन सक्नेछैनस्। यो सबै भन्नु पछाडिको मेरो उद्‌देश्य के हो त? मैले यस्तो गरेँ ताकि तिमीहरूले यसलाई हलुका रूपमा नलेओ, मैले बोलेका यी विषयहरूलाई तिमीहरूका व्यक्तिगत जीवनमा प्रवेश सम्बन्धमा अप्रासंगिक छन् भनेर गलत तवरले विश्वास नगर र यी विषयहरूलाई एक किसिमको ज्ञान वा सिद्धान्तको रूपमा मात्र नलेओ। यदि मैले भनेको कुरालाई त्यस किसिमको मनोवृत्तिको

साथ सुन्यौ भने, तिमीहरूले एउटा कुरा पनि प्राप्त गर्नेछैनौ। तिमीहरूले परमेश्‍वरलाई चिन्‍ने यो महान् मौकालाई गुमाउनेछौ।

यी सबै कुराहरू बताउनुपछाडिको मेरो उद्‌देश्य के हो त? मेरो उद्‌देश्य भनेको मानिसहरूलाई परमेश्‍वर चिन्‍ने तुल्याउनु हो, मानिसहरूलाई परमेश्‍वरका व्यावहारिक कार्यहरू बुझ्‍ने तुल्याउनु हो। जब तैँले परमेश्‍वर र उहाँका कार्यहरूलाई बुझ्छस्, तब मात्र तैँले उहाँलाई चिन्‍ने अवसर पाउँछस् वा तैँले उहाँलाई चिन्‍ने सम्भावना हुन्छ। उदाहरणको लागि, यदि तैँले कुनै व्यक्तिलाई चिन्‍न चाहन्छस् भने, तैँले उसलाई कसरी बुझ्थिस्? के त्यो तिनीहरूको बाह्य रूपलाई हेरेर हुन्थ्यो? के त्यो तिनीहरूले के-कस्तो कपडा लगाउँछन् वा के-कसरी कपडा लगाउँछन् भनी हेरेर हुन्थ्यो? के यो तिनीहरू कसरी हिँड्छन् त्यसलाई हेरेर हुन्थ्यो? के त्यो तिनीहरूको ज्ञानको दायरालाई हेरेर हुन्थ्यो? (होइन।) त्यसो भए, तँ कुनै व्यक्तिलाई कसरी बुझ्छस्? तैँले व्यक्तिको बोली र व्यवहार, तिनीहरूको विचार र तिनीहरूले व्यक्त गर्ने वा तिनीहरू आफैले प्रकट गर्ने कुराहरूलाई हेरेर त्यसको आधारमा तिनीहरूको मूल्याङ्‌कन गर्छस्। यसप्रकार तैँले कुनै व्यक्तिलाई चिन्‍न पुग्छस्, कुनै व्यक्तिलाई बुझ्‍न पुग्छस्। त्यसै गरी, यदि तिमीहरूले परमेश्‍वरलाई चिन्‍न चाहन्छौ भने, यदि तिमीहरू उहाँको व्यावहारिक पक्ष, उहाँको साँचो पक्षलाई बुझ्‍न चाहन्छौ भने, तिमीहरूले उहाँलाई उहाँका कार्यहरूमार्फत र उहाँले गर्नुहुने हरेक व्यावहारिक कुराहरूमार्फत चिन्‍नुपर्छ। यो नै सर्वोत्तम तरिका हो, र यो एक मात्र तरिका हो।

## मानवजातिलाई जीवन-अस्तित्वको स्थिर वातावरण प्रदान गर्नको लागि परमेश्‍वरले यावत् थोकहरूबीचको सम्बन्धहरूलाई सन्तुलन गर्नुहुन्छ

परमेश्‍वरले यावत् थोकमाझ उहाँका कार्यहरू प्रकट गर्नुहुन्छ र यावत् थोकमाथि शासन गर्नुहुन्छ र यावत् थोकको नियम-व्यवस्थालाई नियन्त्रण गर्नुहुन्छ। हामीले भर्खरै मात्र परमेश्‍वरले कसरी यावत् थोकको नियम-व्यवस्था नियन्त्रण गर्नुहुन्छ र साथै उहाँले यी नियम-व्यवस्थाअन्तर्गत सम्पूर्ण मानवजातिलाई कसरी आपूर्ति र भरण-पोषण प्रदान गर्नुहुन्छ भन्‍ने बारेमा कुरा गर्‍यौँ। यो एउटा पक्ष हो। यसपछि, हामी अर्को पक्षको बारेमा कुरा गर्न गइरहेका छौं जुन परमेश्‍वरले सबै कुरामाथि नियन्त्रण कायम गर्नको लागि प्रयोग गर्नुहुने तरिका हो। म परमेश्‍वरले यावत् थोकको सृष्‍टि गर्नुभएपछि तिनीहरूको बीचका सम्बन्धहरूलाई कसरी सन्तुलन गर्नुभयो भन्‍नेबारेमा कुरा गर्दैछु। यो पनि तिमीहरूको लागि अलि ठूलो विषय हो। यावत् थोकबीचको सम्बन्धलाई सन्तुलन गर्नु—के यो मानिसहरूले हासिल गर्न सक्‍ने कुरा हो त? होइन, मानिसहरूले यस्तो उपलब्धि प्राप्‍त गर्न सक्दैनन्। मानिसहरूले विनाश गर्न मात्र सक्छन्। तिनीहरूले यावत् थोकबीचका सम्बन्धहरूलाई सन्तुलन गर्न सक्दैनन्; तिनीहरूले ती कुराहरूको व्यवस्थापन गर्न सक्दैनन् र त्यस्तो ठूलो अख्तियार र शक्ति मानवजातिको पकडभन्दा बाहिर छ। परमेश्‍वर स्वयम्‌सँग मात्र यस प्रकारको कार्य गर्न सक्‍ने शक्ति छ। तर यस्तो कार्य गर्नुपछाडि परमेश्‍वरको के उद्‌देश्य छ—यो केको लागि हो? यो पनि मानवजातिको जीवन-अस्तित्वसँग सम्बन्धित छ। परमेश्‍वरले गर्न चाहनुहुने हरेक

कुरा जरुरी छन्—उहाँले गर्न पनि सक्ने वा नगर्न पनि सक्ने कुनै कुरा नै छैन। उहाँले मानवजातिको जीवन-अस्तित्वलाई सुरक्षा गर्न र मानिसहरूलाई बाँच्नको लागि अनुकूल वातावरण प्रदान गर्न, उहाँले केही अपरिहार्य, अत्यावश्यक कार्यहरू गर्नुपर्छ।

"परमेश्वरले यावत् थोकलाई सन्तुलन गर्नुहुन्छ" भन्ने पदावलीको शाब्दिक अर्थबाट यो एकदमै फराकिलो विषय हो जस्तो देखिन्छ। सबभन्दा पहिले, यसले मानिसहरूलाई "यावत् थोकलाई सन्तुलन गर्ने" कुराले यावत् थोकमाथि परमेश्वरको आधिपत्यलाई जनाउँछ भन्ने अवधारणा प्रदान गर्छ। "सन्तुलन गर्नु" भन्नुको अर्थ के हो? सबभन्दा पहिले, "सन्तुलन गर्नु" ले कुनै कुरालाई सन्तुलनबाहिर जान नदिनु भन्ने जनाउँछ। यो भनेको चीजबीजहरूको तौल लिन तराजु प्रयोग गर्नु जस्तै हो। तराजुलाई सन्तुलन गर्न दुवैतिर राखिने तौल उही हुनुपर्छ। परमेश्वरले विविध प्रकारका कुराहरू सृष्टि गर्नुभयो: आफ्नै स्थानमा स्थिर गरिएका कुराहरू, चहलपहल गर्ने कुराहरू, जीवित रहेका कुराहरू, सास फेर्ने कुराहरू, र साथसाथै सास नफेर्ने कुराहरू। के यी सबै कुराहरूले एक-अर्कालाई सुदृढ पनि पार्ने र एक-अर्कालाई नियन्त्रण पनि गर्ने गरी एक-अर्काबीचमा अन्तर्निर्भरता वा परस्पर सम्बद्धताको सम्बन्ध हासिल गर्न सजिलो छ त? यी सबै कुराहरूभित्र अवश्य पनि सिद्धान्तहरू छन्, तर तिनीहरू निकै जटिल छन्, छैनन् त? परमेश्वरको लागि यो मुस्किल छैन, तर मानिसहरूको लागि यो अध्ययन गर्नुपर्ने अत्यन्तै जटिल विषय हो। "सन्तुलन गर्नु" एकदमै सरल शब्द हो। तथापि, यदि मानिसहरूले यसबारेमा अध्ययन गर्नुपर्‍यो भने, र यदि मानिसहरूले आफैले सन्तुलन सृजना गर्नुपर्ने भयो भने, सबै विधाका प्राज्ञिक वर्ग अर्थात् मानव-जीवविज्ञानवेत्ता खगोलशास्त्री, भौतिकविज्ञानवेत्ता, रसायनशास्त्री र इतिहासशास्त्रीहरूसमेतले काम गरे भने पनि यस्तो शोध-अध्ययनको अन्तिम नतिजा के नै हुन्थ्यो र? यसको नतिजा केही पनि हुँदैनथियो। किनभने परमेश्वरले गर्नुभएको यावत् थोकको सृष्टि अत्यन्तै अविश्वसनीय छ र मानवजातिले यसका रहस्यहरूलाई कहिल्यै पनि खोतल्न सक्नेछैनन्। जब परमेश्वरले यावत् थोक सृष्टि गर्नुभयो, उहाँले तिनीहरूको बीचमा सिद्धान्त स्थापित गर्नुभयो, परस्पर नियन्त्रण, परिपूरकता र भरणपोषणको लागि जीवन-अस्तित्वका विभिन्न तौरतरिकाहरू स्थापित गर्नुभयो। यी विभिन्न तौरतरिकाहरू एकदमै जटिल छन् र तिनीहरू निश्चय पनि सरल वा एकदिशात्मक छैनन्। मानिसहरूले आफ्नो मनमस्तिष्क, आफूले हासिल गरेका ज्ञान र आफूले अवलोकन गरेका घटनाहरूलाई यावत् थोकमाथि परमेश्वरको नियन्त्रण हुनुपछाडिका सिद्धान्तहरूलाई पुष्टि वा अध्ययन गर्नको लागि प्रयोग गर्दा, यी कुराहरू पत्ता लगाउन असाध्यै मुस्किल छन्, र कुनै पनि परिणाम हासिल गर्न पनि अत्यन्तै मुस्किल छ। मानिसहरूले कुनै पनि परिणाम हासिल गर्न एकदमै गाह्रो छ; परमेश्वरले सृष्टि गर्नुभएका यावत् थोकमाथि शासन गर्न मानव सोचविचार र ज्ञानमा निर्भर रहेर मानिसहरूले तिनीहरूलाई सन्तुलन गर्न अत्यन्तै मुस्किल छ। किनभने यदि मानिसहरूले सबै कुराहरूको जीवन-अस्तित्वका सिद्धान्तहरू जान्दैनन् भने, तिनीहरूले यस प्रकारको सन्तुलनलाई कसरी सुरक्षा गर्ने भन्ने जान्दैनन्। त्यसकारण, यदि मानिसहरूले यावत् थोकहरूलाई व्यवस्थापन र शासन गर्नुपर्‍यो भने, तिनीहरूले यो सन्तुलनलाई नाश गर्ने सम्भावना एकदमै अधिक हुन्थ्यो। सन्तुलन नाश हुनेबित्तिकै, मानवजातिको जीवन-अस्तित्वको वातावरण

नाश हुन्थ्यो, र जब त्यस्तो हुन्थ्यो, तब यसपछि लगत्तै मानवजातिको जीवन-अस्तित्वको संकष्ट आउँथ्यो। यसले विपत्ति ल्याउँथ्यो। यदि मानवजाति विपत्तिमाझ जिइरहेको छ भने, तिनीहरूको भविष्य कस्तो हुन्थ्यो होला? यसको परिणाम लेखाजोखा गर्न एकदमै गाह्रो हुन्थ्यो, र निश्चितताका साथ अनुमान गर्न असम्भव हुन्थ्यो।

त्यसो भए, परमेश्वरले यावत् थोकहरूबीचको सम्बन्धहरूलाई कसरी सन्तुलन गर्नुहुन्छ त? पहिलो, संसारमा यस्ता केही ठाउँहरू छन् जुन वर्षैभरि बरफ र हिउँले ढाकिएका हुन्छन्, जबकि अन्य ठाउँहरूमा चार वटै ऋतु वसन्तजस्ता हुन्छन् र शिशिर याम कहिल्यै पनि आउँदैन र यस्ता ठाउँहरूमा तिमीहरूले कहिल्यै पनि बरफले कतै-कतै ढाकेको वा हिउँ फुसफुसाएको देख्नेछैनौं। यहाँ, हामी बृहत् जलवायुको बारेमा कुराकानी गर्दैछौं र यो उदाहरण परमेश्वरले यावत् थोकबीचको सम्बन्धहरूमा सन्तुलन ल्याउनुहुने धेरै तरिकाहरूमध्येको एक हो। दोस्रो तरिका यस्तो छ: एकथरि पहाडका श्रृंखलाहरू हरियालीमा ढाकिएको छ, भुइँभरि सबै प्रकारका बोटबिरुवाहरू कार्पेट बिछ्याइएजस्तै गरी रहेका छन्, जङ्गलको क्षेत्र यति बाक्ला छन् कि जङ्गलबाट हिँड्दाखेरि माथि घाम नै देख्न सकिन्न। तर अर्कोथरि पहाडका श्रृंखलाहरूलाई हेर्ने हो भने त्यहाँ घाँसको एउटा पात पनि उम्रेको हुँदैन, केवल उजाड, अस्तव्यस्त पहाडको एकपछि अर्को पत्रहरू मात्र हुन्छन्। बाहिरी रूपमा, दुवै प्रकारका पहाडहरू आधारभूत रूपमा धूलो पदार्थको ठूलो थुप्रो लागेर पहाड बनेका हुन् तर एउटाचाहिँ बाक्लो जङ्गलले ढाकिएको हुन्छ भने अर्कोचाहिँ वनवुट्यानविहीन, घाँसको एउटा पात पनि नभएको हुन्छ। परमेश्वरले यावत् थोकबीचको सम्बन्धहरूलाई सन्तुलन गर्नुहुने दोस्रो तरिका यही हो। तेस्रो तरिका यस्तो छ: एकातिर हेर्दा तिमीहरूले अन्तहीन घाँसे मैदान, छालजस्तै तरङ्गित हुने हरियाली देख्न सक्छौ। अर्कोतिर हेर्दा भने तिमीहरूले आँखाले देखेसम्म टाढासम्मै मरुभूमि, उजाड ठाउँ, हावाले बालुवा उडाउँदा आउने सुइँय्यँ-सुइँय्यँ आवाजमाझ एउटा पनि जीवित कुरो नभएको, अनि पानी त थोपै नभएको देख्न सक्छौ। चौथो तरिका यस्तो छ: एकातिर हेर्दा सब थोक सागर, पानीको त्यो विशाल आयाममुनि डुबेको देखिन्छ भने अर्कोतिर हेर्दा तिमीहरूले ताजा फोहराको एक थोपा पानी भेट्न पनि ज्यान दिनुपर्छ। पाचौं तरीका यस्तो छ: यतातिरको भूमिमा पानी परेको परेकै गर्छ र जलवायु एकदमै कुहिरो लाग्ने र आर्द्रतापूर्ण हुन्छ जबकि अर्कोतिरको भूमिमा आकाशमाथि एकदमै कडा घाम छ र पानीको एक थोपा पर्नु भनेको एकदमै दुर्लभ घटना हुन्छ। छैठौं तरिका यस्तो छ: एउटा ठाउँमा पठार छ जहाँ हावा एकदमै पातलो छ र त्यहाँ मानिसलाई सास फेर्न एकदमै गाह्रो हुन्छ जबकि अर्को ठाउँमा दलदले र होचो भूमि छ जसले बसाइँ सर्दै हिँड्ने विभिन्न प्रकारका चराचुरुङ्गीहरूको बासस्थानको काम गर्छ। यिनीहरू विभिन्न प्रकारका जलवायुहरू हुन् वा यिनीहरू विभिन्न भौगोलिक वातावरणहरूसँग मेल खाने जलवायु वा वातावरणहरू हुन्। भन्नुको अर्थ, परमेश्वरले मानवजातिको लागि जीवन-अस्तित्वको आधारभूत वातावरणलाई बृहत् वातावरणको हिसाबमा सन्तुलन गर्नुहुन्छ, हावापानीदेखि भौगोलिक वातावरणसम्म र माटोका विभिन्न तत्वहरूदेखि पानीका स्रोतहरूको संख्यासम्मका कुराहरू सबै नै मानिसहरू बाँच्ने हावा, तापक्रम र आर्द्रतामा सन्तुलन ल्याउनको लागि सन्तुलन गर्नुहुन्छ। यी बिलकुलै फरक-फरक भौगोलिक वातावरणहरूको कारणले गर्दा नै मानिसहरूले स्थिर हावा प्राप्त

गर्छन्, र विभिन्न ऋतुहरूको तापक्रम र आर्द्रता स्थिर रहन्छ। यसले मानिसहरूलाई तिनीहरू सधैँ जीवन-अस्तित्वको जुन वातावरणमा जिउँदै आएका थिए सोही प्रकारको वातावरणमा निरन्तर जिउन सक्षम तुल्याउँछ। सर्वप्रथम, बृहत् वातावरणलाई सन्तुलित गर्नुपर्छ। विभिन्न भौगोलिक स्थानहरू, बनौटहरूका साथसाथै विभिन्न हावापानीहरूबीचका परिवर्तनहरूको प्रयोग गरी यस्तो गरिन्छ जसले तिनीहरूलाई परमेश्‍वरले चाहनुभएको र मानवजातिलाई चाहिने सन्तुलन मिलाउनको लागि एक-अर्कालाई सीमित र नियन्त्रण गर्न दिन्छ। बृहत् वातावरणको दृष्टिकोणबाट बोल्दाको कुरो यही हो।

अब हामी अझै मिहिन विवरणहरू जस्तै वनवुट्यानको बारेमा कुरा गर्नेछौं। तिनीहरूको सन्तुलन कसरी हासिल गरिन्छ त? भन्नुको अर्थ, कसरी वनवुट्यानलाई जीवन-अस्तित्वको सन्तुलित वातावरणभित्र निरन्तर बाँच्न सक्षम तुल्याइन्छ त? यसको जबाफ हो: तिनीहरूको जीवन-अस्तित्वको वातावरण सुरक्षित गर्नको लागि विभिन्न प्रकारका वनस्पतिहरूको आयु, वृद्धि दर, र प्रजनन दरहरूको व्यवस्थापन गरेर। उदाहरणको लागि सानो घाँसलाई लिऊँ—वसन्तमा मुना, ग्रीष्ममा फूल, शरदमा फल हुन्छन्। फल भुइँमा खस्छ। अर्को साल, फलको बीउ टुसाउँछ र उही नियम-व्यवस्थाअनुसार निरन्तर बढ्दै जान्छ। घाँसको आयु एकदमै छोटो हुन्छ; हरेक बीउहरू भुइँमा खस्छन्, जरा र टुसा पलाउँछन्, फूल फुल्छन्, फल फल्छन्, र सम्पूर्ण प्रक्रिया तीन ऋतुहरूपश्‍चात अर्थात् वसन्त, ग्रीष्म र शरदपश्‍चात मात्र पूरा हुन्छन्। सबै प्रकारका रुखहरूको पनि आफ्नै आयु र टुसाउने र फल लाग्ने विभिन्न अवधिहरू हुन्छन्। केही रुखहरू ३० देखि ५० वर्षपछि मर्छन्—यो तिनीहरूको आयु हो। तर तिनीहरूको फल भुइँमा खस्छन् जसबाट जरा र टुसा पलाउँछ, फूल फुल्छ र फल लाग्छ अनि अर्को ३० देखि ५० वर्षसम्म बाँच्छ। तिनीहरूको पुनरावृति दर यही हो। कुनै बूढो रुख मर्छ र नयाँ रुख उम्रन्छ; यसकारण, तैँले जङ्गलमा सधैँ रुखहरू उम्रिरहेको देख्छस्। तर तिनीहरूको पनि आफ्नै सामान्य चक्र हुन्छ र तिनीहरूको जन्म र मृत्यु हुन्छ। केही रूखहरू हजार वर्षभन्दा बढी बाँच्छन्, र केही त तीन हजार वर्षसम्म पनि बाँच्न सक्छन्। चाहे यो जुनसुकै प्रकारको वनस्पति नै किन नहोस् वा यसको जतिसुकै लामो आयु नै किन नहोस्, सामान्य रूपमा भन्दा परमेश्‍वरले यो कति वर्ष बाँच्छ भन्ने तथ्य, यसको प्रजनन क्षमता, यसको प्रजननको गति र आवृति, र यसले उत्पादन गर्ने सन्तान संख्याको आधारमा यसको सन्तुलनको व्यवस्थापन गर्नुहुन्छ। यसले घाँसदेखि रुखसम्मका वनस्पतिहरूलाई सन्तुलित पर्यावरणीय वातावरणभित्र बाँच्न र वृद्धि हुन सक्षम तुल्याउँछ। त्यसकारण, जब तैँले पृथ्वीको जङ्गललाई हेर्छस्, यसभित्र उम्रने सबै थोक, घाँस र रुखहरू सबैले निरन्तर आफ्नै नियम-व्यवस्थाहरूअनुसार प्रजनन क्रिया गरिरहेका र वृद्धि भइरहेका हुन्छन्। तिनीहरूलाई अतिरिक्त परिश्रम वा मानवजातिबाट कुनै मद्दत आवश्यक पर्दैन। तिनीहरूसँग आफ्नै प्रकारको सन्तुलन भएकोले मात्र तिनीहरूले तिनीहरूको आफ्नो जीवन-अस्तित्वको वातावरणलाई कायम गरी राख्न सकेका छन्। तिनीहरूसँग जीवन-अस्तित्वको उपयुक्त वातावरण भएकोले मात्र संसारका जङ्गलहरू र घाँसे मैदानहरू पृथ्वीमा निरन्तर बाँचिरहन सक्षम छन्। तिनीहरूको अस्तित्वले मानिसहरूको पुस्तौंपुस्ताका साथै जङ्गल र घाँसे मैदानहरूमा बासस्थान हुने चराचुरुङ्गीहरू, जन्तुहरू,

कीराफट्याङ्ग्राहरू र सबै प्रकारका सूक्ष्मजीवहरूजस्ता हरप्रकारका जीवित प्राणीहरूलाई पोषण प्रदान गर्छन्।

परमेश्‍वरले सबै प्रकारका जनावरहरूबीचको सन्तुलनलाई पनि नियन्त्रण गर्नुहुन्छ। उहाँले कसरी यो सन्तुलन नियन्त्रण गर्नुहुन्छ त? यो कुरा वनस्पतिहरूको जस्तै छ—उहाँले तिनीहरूको सन्तुलनको व्यवस्थापन गर्नुहुन्छ र तिनीहरूको संख्यालाई तिनीहरूको प्रजनन क्षमता, तिनीहरूको प्रजननको परिमाण र आवृति, र जनावरहरूको संसारमा तिनीहरूले खेल्ने भूमिकाको आधारमा निर्धारण गर्नुहुन्छ। उदाहरणको लागि, सिंहले वनघोडालाई खान्छ, त्यसकारण यदि सिंहहरूको संख्या वनघोडाको भन्दा धेरै भयो भने, वनघोडाहरूको नियति के हुन्थ्यो होला? अनि यदि वनघोडाहरूले सिंहहरूको भन्दा एकदमै थोरै मात्र सन्तानोत्पादन गर्थे भने, तिनीहरूको नियति के हुन्थ्यो? तिनीहरू लोप हुन्थे। त्यसकारण, वनघोडाहरूको संख्या सिंहहरूको भन्दा अत्यन्तै धेरै हुनुपर्छ। यस्तो हुनुपर्छ किनभने वनघोडाहरू आफ्नो लागि मात्र अस्तित्वमा रहँदैनन्, बरु तिनीहरू त सिंहको लागि समेत अस्तित्वमा रहन्छन्। तिमीहरूले यसरी पनि भन्‍न सक्छौ: हरेक वनघोडा वनघोडाहरूको समग्रताको एक हिस्सा हो, तर यो सिंहहरूको मुखको भोजन पनि हो। सिंहहरूको प्रजननको गति वनघोडाहरूको भन्दा बढी कहिल्यै पनि हुन सक्दैन ताकि तिनीहरूको संख्या वनघोडाहरूको भन्दा धेरै नहोस्। यसप्रकार मात्र सिंहहरूको खानाको स्रोतको प्रत्याभूति हुन्छ। अनि यसकारण, सिंहहरू वनघोडाहरूको प्राकृतिक शत्रु भए पनि, मानिसहरूले बारम्बार यी दुवै प्रजातिहरूलाई एउटै क्षेत्रमा आराम गरिराखेको देख्छन्। वनघोडाहरू तिनीहरूलाई सिंहले शिकार गरी खाए पनि लोप हुँदैनन् वा तिनीहरूको संख्या घट्दैन अनि सिंहहरूको “राजा” को हैसियत भएकै कारणले तिनीहरूको संख्या बढ्छ भन्‍ने छैन। यो सन्तुलन परमेश्‍वरले धेरैअघि स्थापित गर्नुभएको कुरा हो। अर्थात्, परमेश्‍वरले सबै जनावरबीचमा सन्तुलनको नियम-व्यवस्था स्थापित गर्नुभयो ताकि तिनीहरूले यस प्रकारको सन्तुलन प्राप्त गर्न सकून्, र मानिसहरूले प्रायः देख्ने कुरा यही हो। के वनघोडाहरूको प्राकृतिक शत्रु सिंह मात्रै हो त? होइन, गोहीहरूले पनि वनघोडाहरूलाई खान्छन्। वनघोडाहरू त एकदमै लाचार जनावरजस्तै देखिन्छ। तिनीहरूसँग सिंहको जस्तो भयानकता छैन अनि जब तिनीहरूले यो डरलाग्दो शत्रु सिंहको सामना गर्छन्, तब तिनीहरूले गर्न सक्‍ने सबै कुरा भनेको भाग्नु मात्र हो। तिनीहरू प्रतिरोध गर्नको लागि पनि शक्तिहीन छन्। जब तिनीहरूले सिंहलाई दौडेर जित्‍न सक्दैनन्, तिनीहरूले आफूलाई यसको खाना हुन दिन मात्र सक्छन्। यो कुरालाई जनावरको संसारमा बारम्बार देख्न सकिन्छ। जब यस प्रकारको कुरा तिमीहरूले देख्छौ, तब तिमीहरूमा के-कस्ता अनुभूति र विचारहरू आउँछन्? के तिमीहरू वनघोडाप्रति दुःखी महसुस गर्छौ? के तिमीहरू सिंहलाई घृणा गर्छौ? वनघोडाहरू कति सुन्दर देखिन्छन्! तर सिंहहरू भने सधैँ तिनीहरूलाई लोभी आँखाले हेरिरहेका हुन्छन्। अनि वनघोडाहरू भने मूर्खता गर्दै टाढा भागेर जाँदैनन्। तिनीहरूले सिंहलाई चिसो छहारी मुनि तिनीहरूलाई पर्खेर बसेको देख्छन्। कुनै पनि क्षण यसले आएर तिनीहरूलाई खान सक्छ। तिनीहरूलाई आफ्नो हृदयमा यो कुरा थाहा हुन्छ, तर अझै पनि तिनीहरूले उक्त स्थान छोड्दैनन्। यो अचम्मलाग्दो कुरा हो, यस्तो अचम्मको कुरो जसले परमेश्‍वरको पूर्वनिर्धारित गन्तव्य र उहाँको शासनलाई प्रकट गर्छ। तैँले वनघोडाप्रति दुःखित

महसुस गर्छस् तर तैँले यसलाई बचाउन सक्दैनस्, अनि तैँले सिंहलाई घृणा गर्छस् तर तैँले यसलाई नाश गर्न सक्दैनस्। वनघोडा परमेश्‍वरले सिंहको लागि तयार गर्नुभएको खाना हो, तर सिंहहरूले जति धेरै खाए पनि वनघोडाहरू लोप भएर जाँदैनन्। सिंहले जन्माउने बच्चाहरूको संख्या एकदमै थोरै हुन्छ, र तिनीहरूले एकदमै ढिलो गरी बच्चा जन्माउँछन्, त्यसकारण तिनीहरूले जति धेरै वनघोडा खाए पनि, तिनीहरूको संख्याले वनघोडाहरूको संख्यालाई कहिल्यै पनि उछिन्‍नेछैन। यसमा सन्तुलन छ।

यस प्रकारको सन्तुलन कायम राख्‍नुपछाडि परमेश्‍वरको लक्ष्य के छ त? यसको सम्बन्ध मानिसहरूको जीवन-अस्तित्वको वातावरणका साथै मानवजातिको जीवन-अस्तित्वसँग छ। यदि वनघोडा वा सिंहको त्यस्तै प्रकारको शिकारले–हरिण वा अन्य जनावरहरूले–एकदमै सुस्त गतिमा प्रजनन गरे र सिंहको संख्या अत्याधिक रूपमा बढ्यो भने, मानवजातिले कस्तो प्रकारको खतराको सामना गर्नुपर्थ्यो? सिंहले आफ्नो शिकारलाई खानु सामान्य घटना हो तर सिंहले व्यक्तिलाई खानु दुःखद कुरा हो। यो दुःखद कुरा परमेश्‍वरले पूर्वनिर्धारति गर्नुभएको कुरा होइन, यो उहाँको शासनअन्तर्गत हुने कुरा होइन, यो उहाँले मानवजातिमा ल्याउनुभएको कुरा हो भन्‍ने त परै जाओस्। बरु यो त मानिसहरूले आफैले आफूमाथि ल्याउने कुरा हो। यसर्थ, परमेश्‍वरले देख्‍नुभएअनुसार, सबै थोकबीचमा हुने सन्तुलन मानवजातिको जीवन-अस्तित्वको लागि अत्यावश्यक छ। चाहे त्यो वनस्पति होस् वा जनावर होस, कुनैले पनि आफ्नो उचित सन्तुलन गुमाउनु हुँदैन। वनस्पति, पहाड र तालहरू–परमेश्‍वरले मानवजातिको जीवन-अस्तित्वको लगि नियमित पर्यावरणीय वातावरण तयार गर्नुभएको छ। मानिसहरूले यस प्रकारको नियमित पर्यावरणीय वातावरण अर्थात सन्तुलित वातावरण पाउँदा मात्र तिनीहरूको जीवन-अस्तित्व सुरक्षित रहन्छ। यदि रुख वा घाँसहरूको प्रजनन कमजोर भएको भए वा तिनीहरूको प्रजननको गति अति सुस्त भएको भए, के माटोले आर्द्रता गुमाउँदैनथ्यो र? यदि माटोले आर्द्रता गुमाएको भए, के यो अझै पनि स्वस्थ हुन्थ्यो र? यदि माटोले वनवुट्यान र आर्द्रता गुमायो भने, यसमा चाँडो क्षयीकरण हुन्थ्यो र यसको सट्टामा बालुवा निर्मित हुन्थ्यो। जब माटो बिग्रन्थ्यो, तब मानवजातिको जीवन-अस्तित्वको वातावरण पनि विनाश हुन्थ्यो। उक्त विनाशसँगै थुप्रै विपत्तिहरू आउँथे। यस प्रकारको सन्तुलनविना, यस प्रकारको पर्यावरणीय वातावरणविना, यावत् थोकबीच सन्तुलन नभएर मानिसहरूलाई बारम्बार विपत्तिहरू आइपर्थ्यो। उदाहरणको लागि, जब वातावरणीय असन्तुलनले भ्यागुताहरूको पर्यावरणीय वातावरणको विनाश हुन्छ, तब तिनीहरू सबै एकसाथ जम्मा हुन्छन्, तिनीहरूको संख्या अत्याधिक रूपमा बढ्छ र तिनीहरू ठूलो संख्यामा शहरी बाटोमा उफ्रिहिँडेको समेत मानिसहरूले देख्छन्। यदि भ्यागुताहरूको ठूलो संख्याले मानिसहरूको वातावरणलाई ढाक्छन्, भने त्यसलाई के भनिन्थ्यो? विपत्ति। किन यसलाई विपत्ति भनिन्थ्यो? मानवजातिका लागि फाइदाजनक यी साना प्राणीहरू तिनीहरू जुन ठाउँमा रहन उपयुक्त छ त्यही ठाउँमा रहे भने मात्र मानिसहरूको लागि उपयोगी हुन्छन्; तिनीहरूले मानिसहरूको जीवन-अस्तित्वको वातावरणको सन्तुलन कायम गर्न सक्छन्। तर यदि तिनीहरू विपत्ति बन्छन् भने तिनीहरूले मानिसहरूको जीवनको सुव्यवस्थितपनमा असर पुऱ्याउनेछन्। भ्यागुताहरूले आफ्नो शरीरमा ल्याउने सबै कुरा र तत्वहरूले मानिसहरूको जीवनको

गुणस्तरमा असर पुऱ्याउन सक्छन्। तिनीहरूले मानिसहरूको शारीरिक अङ्गहरूमा आक्रमण हुने पनि गराउँछन्—यो विपत्तिहरूको एक प्रकार हो। मानिसहरूले बारम्बार भोगेको अर्को प्रकारको विपत्ति अनगिन्ती सलहहरूको आगमन हो। के यो विपत्ति होइन र? हो, यो एकदमै डरलाग्दो विपत्ति हो। मानिसहरू जति नै सक्षम भए पनि—मानिसहरूले हवाइजहाज, तोप र एटम बमहरू बनाउन सक्छन्—तर जब सलहले आक्रमण गर्छ, मानवजातिसँग यसको के समाधान छ र? के तिनीहरूले तिनमा तोप प्रयोग गर्न सक्छन् र? के तिनीहरूले तिनलाई मेशिन गनले हान्न सक्छन् र? अहँ, तिनीहरूले सक्दैनन्। अनि तिनीहरूले तिनलाई भगाउनको लागि कीटनाशक औषधि छर्कन सक्छन् र? त्यो पनि सजिलो काम होइन। यी साना सलहहरू के गर्न आउँछन् त? तिनीहरूले निश्चित रूपमा बाली र अन्न खान्छन्। जहाँ-जहाँ सलहहरू जान्छन्, त्यहाँ-त्यहाँ बालीहरूको पूर्ण विनाश हुन्छ। सलहहरूको आक्रमणको समयमा, किसानहरूले पूरै एक वर्षसम्म भर पर्न सक्ने खानालाई सलहहरूले आँखा झिमिक गर्दा पूरै खाइसक्छन्। मानिसहरूको लागि, सलहहरूको आगमन टाउको दुखाइ मात्र होइन—यो त विपत्ति हो। त्यसो भए, हामीलाई थाहा भयो कि अनगिन्ती सलहहरू देखिनु एक प्रकारको विपत्ति हो, तर मुसाहरू के हुन् त? यदि मुसा खाने शिकारी चराहरू छैनन् भने, तिनीहरूको संख्या एकदमै छिटो बढ्छ, तिमीहरूले कल्पना गर्न सक्ने भन्दा पनि छिटो बढ्छ। अनि यदि मुसाहरू अनियन्त्रित रूपमा फैलिए भने, के मानिसहरूले राम्रो जीवन जिउन सक्छन्? मानिसहरूले कस्तो प्रकारको अवस्थाको सामना गर्नुपर्थ्यो? (महामारी।) तर के तिमीहरू महामारी एक मात्रै परिणाम हुनेथियो भनी सोच्छौ? मुसाहरूले जे पनि चपाउनेछन्, र तिनीहरूले काठ पनि टोक्नेछन्। यदि घरमा दुई वटा मात्र मुसा छन् भने घरमा बस्ने हरेकलाई हैरानी हुन्छ। कहिलेकाहीँ तिनीहरूले तेल चोरी खान्छन् र कहिलेकाहीँ तिनीहरूले रोटी र अन्न खान्छन्। अनि तिनीहरूले नखाने कुराहरूलाई चपाएर भद्रगोल पार्छन्। तिनीहरूले कपडा, जुत्ता, फर्निचर चपाउँछन्—तिनीहरूले हरेक कुरा चपाउँछन्। कहिलेकाहीँ तिनीहरू आलमारीमा चढ्छन्—के मुसा हिँडेपछि ती थालबटुकाहरू अझै पनि प्रयोग गर्न सकिन्छ र? तिनीहरूलाई निसंक्रमण गरे पनि तैँले अझै असहज महसुस गर्छस्, त्यसैले तैँले तिनीहरूलाई बाहिर फालिदिन्छस्। मुसाले मानिसहरूलाई दिने हैरानी यिनै हुन्। मुसाहरू साना प्राणीहरू भए पनि, मानिसहरूसँग तिनीहरूको हल निकाल्ने तरिका नै छैन, बरु तिनीहरूले तिनको हरेक लुटपाट सहनुपर्छ। विध्वंस गर्नको लागि एक जोडी मुसा नै काफी छन्, मुसाको बथानको त कुरै नगरौं। यदि तिनीहरूको संख्या अत्याधिक रूपमा बढ्यो र तिनीहरू विपत्ति बने भने, परिणाम सोच्नै नसकिने हुन्थ्यो। कमिलाजस्ता साना प्राणीहरू पनि विपत्ति बन्छन्। यदि त्यस्तो भयो भने त, तिनीहरूले मानवजातिमा गर्ने हानि पनि बेवास्ता गर्न नसकिने हुन्थ्यो। कमिलाहरूले घरमा यति धेरै हानि गर्छन् कि ती घरहरू लड्छन्। तिनीहरूको तागतलाई बेवास्ता गर्नु हुँदैन। यदि विभिन्न प्रकारका चराचुरुङ्गीहरूले विपत्ति ल्याए भने त, के त्यो डरलाग्दो हुँदैनथ्यो र? (हुन्थ्यो।) अर्को तरिकाले भन्दा, जनावरहरू वा जीवित प्राणीहरू, चाहे तिनीहरू जुनसुकै प्रकारका नै किन नहुन्, तिनीहरूको सन्तुलन बिग्रियो भने, तिनीहरू वृद्धि हुनेछन्, प्रजनन गर्नेछन् र असामान्य दायरा, अनियमित दायरामा बाँच्नेछन्। त्यसले मानवजातिको लागि कल्पना गर्नै नसकिने परिणामहरू ल्याउँथ्यो। त्यसले मानिसहरूको अस्तित्व र जीवनहरूमा

मात्र असर पुऱ्याउँदैनथ्यो, बरु त्यसले त मानवजातिमा विपत्ति ल्याउँथ्यो र उक्त विपत्ति मानिसहरूले पूर्ण विनाश र लोप हुने नियति भोग्ने हदसम्मको हुन्थ्यो।

परमेश्वरले सबै थोक सृजनुभयो उहाँले तिनीहरूलाई सन्तुलनमा ल्याउनको निम्ति अर्थात् पहाड-पर्वत र ताल-तलैयाको, बोट बिरुवा र सबै किसिमका जीवजन्तु, चरा-चुरुङ्गी र कीरा-फट्याङ्ग्राहरूको जीवनको अवस्थालाई सन्तुलनमा राख्नको निम्ति सबै किसिमका विधि र तरिकाहरूको प्रयोग गर्नुभयो। उहाँले स्थापना गर्नुभएको व्यवस्थाको अधीनमा रहेर सबै किसिमका जीवित प्राणीहरूलाई जिउन र वृद्धि हुन दिनु उहाँको लक्ष्य थियो। सृष्टिका कुनै पनि थोकहरू यी व्यवस्था बाहिर जान सक्दैनन् र व्यवस्थालाई तोड्न सकिँदैन। यस आधारभूत किसिमको वातावरणमा मात्र मानव पुस्तादेखि पुस्तासम्म सुरक्षितसाथ बाँच्न र वृद्धि हुन सक्छन्। यदि कुनै जीवित प्राणी परमेश्वरले स्थापित गर्नुभएको परिमाण वा क्षेत्रदेखि बाहिर जान्छ वा यदि यसले उहाँले तोक्नुभएको वृद्धि दर, प्रजनन आवृत्ति वा सङ्ख्यालाई नाघ्छ भने मानवजातिको अस्तित्वको वातावरण विनाशका विभिन्न हदहरूले ग्रसित हुनेछ। साथै, मानवजातिको अस्तित्व जोखिममा पर्नेछ। यदि एक किसिमको जीवित प्राणी सङ्ख्यामा अत्यन्तै धेरै छ भने यसले मानिसहरूको खाना लुट्नेछ, मानिसहरूको पानीको स्रोतहरू नष्ट गर्नेछ र तिनीहरूको मातृ-भूमिलाई बरबाद पार्नेछ। त्यसरी, मानवजातिको प्रजनन वा अस्तित्वको अवस्था तत्कालै प्रभावित हुनेछ। उदाहरणको लागि, पानी सबै थोकको लागि महत्वपूर्ण छ। यदि अत्याधिक संख्यामा मुसा, कमिला, सलह, भ्यागुता, वा अन्य कुनै प्रकारका जनावरहरू छन् भने, तिनीहरूले अझ धेरै पानी पिउँछन्। तिनीहरूले धेरै पानी पिउन थालेपछि, पिउने पानीको स्रोत भएको सीमित क्षेत्र र जलीय क्षेत्रहरूमा मानिसहरूले पिउने पानी र पानीको स्रोत न्यून हुन जान्छ र तिनीहरूले पानीको अभाव भोग्छन्। यदि सबै प्रकारका जनावरहरूको संख्या बढेको कारण मानिसहरूको पिउने पानी नष्ट हुन्छ, दूषित बन्छ, वा त्यसको आपूर्ति बन्द हुन्छ भने, जीवन-अस्तित्वको त्यस प्रकारको कठोर वातावरणमा मानवजातिलाई गम्भीर चुनौती आइलाग्छ। यदि एक किसिमको वा अनेक किसिमका जीवित प्राणीहरूले तिनीहरूको उचित सङ्ख्या पार गरे भने हावा, तापक्रम, आद्रता र मानवजाति बाँच्ने ठाउँभित्रको हावाको संयोजन विभिन्न हदले विषाक्त र नष्ट हुनेछ। यी परिस्थितिहरूमा मानवहरूको अस्तित्व र नियति पनि यी पर्यावरणीय कारकहरूद्‌वारा उत्पन्न खतरामा पर्नेछ। यसैले, यी सन्तुलनहरू गुमे भने मानिसहरूले सास फेर्ने हावा बर्बाद हुनेछ, तिनीहरूले पिउने पानी दूषित हुनेछ र तिनीहरूको लागि आवश्यक पर्ने तापक्रमहरू पनि परिवर्तन हुनेछ र विभिन्न हदहरूमा प्रभावित हुनेछ। यदि त्यसो भयो भने स्वभाविक रूपमा मानवजातिको अधिनमा रहेको बाँच्ने वातावरणहरूमाथि ठूला प्रभाव र चुनौतिहरू आइपर्नेछन्। मानवहरूको अस्तित्वका आधारभूत वातावरणहरू नष्ट पारिएको यस्तो किसिमको परिदृष्यमा मानवजातिको नियति र सम्भावनाहरू के होलान् त? यो एकदमै गम्भीर समस्या हो! सृष्टिका हरेक थोकहरू मानवजातिको निम्ति के कारणले अस्तित्वमा छन्, उहाँले सृष्टि गर्नुभएका हरप्रकारका वस्तुहरूको के भूमिका छ, हरेक वस्तुको मानवजातिमा कस्तो किसिमको प्रभाव हुन्छ र यसले मानवजातिलाई कुन हदसम्म फाइदा दिन्छ भन्ने कुरा परमेश्वरलाई थाहा भएकोले, परमेश्वरको हृदयमा यो सबैको योजना भएकोले र

उहाँले सृष्टि गर्नुभएका सबै थोकहरूका हरेक पक्षहरूको व्यवस्थापन उहाँले गर्नुहुने भएकोले, उहाँले गर्नुहुने हरेक कुरा मानवजातिको निम्ति धेरै महत्त्वपूर्ण र आवश्यक छन्। यसैले अब उप्रान्त जबजब तैँले परमेश्वरले सृष्टि गर्नुभएका कुराहरूको बीचमा केही पर्यावरणीय घटनाहरू देख्छस् वा परमेश्वरले सृष्टि गर्नुभएका थोकहरूको बीचचमा केही प्राकृतिक नियमले काम गरेको देख्छस्, तबतब तैँले परमेश्वरले सृष्टि गर्नुभएको हरेक थोकको आवश्यकताको बारेमा कुनै पनि शंका गर्नेछैनस्। तैँले परमेश्वरको सबै थोकहरूको प्रबन्ध र मानवजातिको निम्ति उपलब्ध गराउने उहाँका विविध तरिकाहरूको बारेमा अबउप्रान्त मनमानी निर्णयहरू गर्न अनभिज्ञ शब्दहरू प्रयोग गर्नेछैनस्। न त तँ परमेश्वरका सृष्टिका सबै थोकहरूको निम्ति उहाँका व्यवस्थाहरूको बारेमा मनमानी निष्कर्षहरूमा नै पुग्ने छस्। अवस्था यस्तै हो नि, होइन र?

हामीले भर्खरै कुरा गरिरहेको यो सबै के हो त? एकै क्षण सोच त। परमेश्वरले गर्नुहुने हरेक काम-कुरामा उहाँको आफ्नै अभिप्राय हुन्छ। उहाँको अभिप्राय मानिसहरूको लागि बुझ्न नसकिने भए पनि, यो सधैँ जटिल र शक्तिशाली रूपमा मानवजातिको जीवन-अस्तित्वसँग जोडिएको हुन्छ। यो पूर्ण रूपमा अपरिहार्य छ। किनभने परमेश्वरले कहिल्यै पनि व्यर्थको काम गर्नुभएको छैन। उहाँले गर्नुहुने हरेक काम-कुरापछाडिका सिद्धान्तहरूमा उहाँको योजना र उहाँको बुद्धि मिसिएर आएका हुन्छन्। उक्त योजनापछाडिका लक्ष्य र अभिप्राय मानवजातिको संरक्षण गर्नको लागि, मानवजातिलाई विपत्ति, अन्य जीवित प्राणीहरूले गर्ने विध्वंस र परमेश्वरको सृष्टिका कुनै पनि कुराले मानिसहरूलाई गर्ने जुनसुकै प्रकारको हानि टार्न मद्दत गर्नको लागि हुन्छन्। त्यसो भए, हामीले यो विषयभित्र देखेका परमेश्वरका कार्यहरू परमेश्वरको अर्को तरिका हो जसमार्फत उहाँले मानवजातिलाई भरणपोषण गर्नुहुन्छ भनेर भन्न सकिन्छ त? के हामीले यी कार्यहरूमार्फत परमेश्वरले मानवाजतिलाई खुवाउँदै र गोठाला गर्दै हुनुहुन्छ भनेर भन्न सकिन्छ त? (सकिन्छ।) के यो विषय र हाम्रो संगतिको "सबै थोकका लागि जीवनको स्रोत परमेश्वर नै हुनुहुन्छ" भन्ने मूल भावको बीचमा दह्रिलो सम्बन्ध छ? (छ।) यसमा एकदमै दह्रिलो सम्बन्ध छ र यो विषय त्यसको एउटा पक्ष हो। यी विषयहरूको बारेमा कुरा गर्नुभन्दा अगाडि, मानिसहरूसित परमेश्वर, परमेश्वर स्वयम् र उहाँका कार्यहरूको बारेमा केही अस्पष्ट कल्पना मात्रै थिए–तिनीहरूसँग साँचो बुझाइको अभाव थियो। तथापि, जब मानिसहरूलाई उहाँका कार्यहरू र उहाँले गर्नुभएका काम-कुराहरूको बारेमा बताइन्छ, तिनीहरूले परमेश्वरले जे गर्नुहुन्छ सोपछाडिका सिद्धान्तहरूलाई बुझ्न र बोध गर्न सक्छन्, र तिनीहरूले ती कुराहरूको बुझाइ हासिल गरी तिनलाई प्राप्त गर्न सक्ने ठाउँसम्म पुग्छन्–अवस्था यस्तै हो नि, होइन र? परमेश्वरले यावत् थोकको सृष्टि गर्ने र तिनीहरूमाथि शासन गर्नेजस्ता कुनै काम-कुराहरू गर्दा उहाँको हृदयमा हरप्रकारका जटिल परिकल्पना, सिद्धान्त र नियमहरू हुने भए तापनि, के तिमीहरूले सङ्गतिको दौरान तिनीहरूको एक भागको बारेमा सिकेर मात्र पनि तिनीहरू परमेश्वरका कार्यहरू हुन् र तिनीहरू हुन सक्ने हदसम्म वास्तविक छन् भनी आफ्नो हृदयमा बुझाइ हासिल गर्न सम्भव छैन र? (छ।) त्यसो भए, परमेश्वरबारेको तिमीहरूको वर्तमान ज्ञान पहिलेको भन्दा कति फरक छ त? यो यसको सारमा फरक छ। पहिले, तिमीहरूको बुझाइ औधी खोक्रो, औधी अस्पष्ट थियो, तर अहिले

तिमीहरूको बुझाइमा परमेश्वरको कार्यहरूसँग मेल खाने, परमेश्वरसँग जे छ र उहाँ जे हुनुहुन्छ त्योसँग मेल खाने एकदमै धेरै ठोस प्रमाण छन्। त्यसकारण, मैले भनेका सबै कुरा परमेश्वरबारेको तिमीहरूको बुझाइको लागि सानदार शैक्षिक सामग्रीहरू हुन्।

आजको भेलाको लागि यति नै। बिदा! शुभ सन्ध्या! (बिदा, परमेश्वर!)

फेब्रुवरी ९, २०१४

# परमेश्वर स्वयम् अद्‌वितीय १०

## सबै थोकका लागि जीवनको स्रोत परमेश्वर नै हुनुहुन्छ (४)

आज हामी एउटा विशेष विषयमा कुराकानी गर्दैछौं। हरेक विश्वासीको लागि, जान्नुपर्ने, अनुभव गर्नुपर्ने, र बुझ्नुपर्ने मुख्य दुई वटा कुरा मात्रै छन्। यी दुई वटा कुरा के-के हुन्? पहिलो भनेको जीवनमा व्यक्तिको प्रवेश हो, र दोस्रोचाहिँ परमेश्वरलाई चिन्ने कार्यसँग सम्बन्धित छ। हामीले भर्खरै कुरा गर्दै आइरहेको विषयमा, अर्थात् परमेश्वरलाई चिन्ने विषयमा कुरा गर्दा, के यो हासिल गर्न सकिने कुरा हो भन्ने तिमीहरूलाई लाग्छ? यो वास्तवमा धेरैजसो मानिसहरूको पहुँचभन्दा बाहिरको कुरा हो भन्दा अत्योक्ति हुँदैन। तिमीहरू मेरा वचनहरूद्‌वारा विश्वस्त नहुन सक्छौ, तर म किन यसो भन्दैछु त? म यसो भन्दैछु किनभने पहिले मैले भनिरहेको कुरालाई तिमीहरूले सुन्दा, मैले जसरी वा जुन शब्दहरूद्‌वारा भने पनि, यी शब्दहरू केसँग सम्बन्धित छन् भन्ने कुरा तिमीहरू शाब्दिक र सैद्‌धान्तिक दुवै रूपमा बुझ्न सक्षम थियौ। तैपनि, तिमीहरू सबैलाई एउटा गम्भीर समस्या के थियो भने मैले किन त्यस्ता कुराहरू भनेँ वा मैले किन ती विषयमा कुरा गरेँ सो तिमीहरूले बुझेनौ। यो विषयको मुख्य कुरा नै यही हो। तसर्थ, तिमीहरूले यी कुराहरू सुनेपछि यसले परमेश्वर र उहाँका कार्यहरूसम्बन्धी तिमीहरूको बुझाइलाई केही थप गरेको र त्यसलाई समृद्‌ध बनाएको भए पनि, तिमीहरूलाई आफूले परमेश्वरलाई चिन्नको लागि अझै पनि कठिन प्रयास गर्नुपर्छ भन्ने लाग्छ। अर्थात्, मैले भनेका कुरा सुनेपछि, तिमीहरूमध्ये धेरैले यो कुरा मैले किन भनेँ वा परमेश्वरलाई चिन्ने कार्यसँग यसको सम्बन्ध के छ सो बुझ्दैनौ। परमेश्वरलाई चिन्ने कार्यसँगको यसको सम्बन्धलाई तिमीहरूले बुझ्न नसक्नुको कारण के हो भने तिमीहरूको जीवन अनुभव अत्यन्तै सतही छ। यदि परमेश्वरका वचनहरूसम्बन्धी मानिसहरूको ज्ञान र अनुभव अत्यन्तै सतही स्तरमा रहन्छ भने, उहाँसम्बन्धी तिनीहरूको धेरैजसो ज्ञान अस्पष्ट र अमूर्त हुनेछ; यो सबै साधारण, धर्म-सैद्‌धान्तिक, र परिकल्पनापूर्ण हुनेछ। सिद्‌धान्तको हिसाबमा, यो तार्किक र उचित देखिन वा सुनिन सकिन्छ, तर धेरैजसो मानिसहरूको मुखबाट आउने परमेश्वरसम्बन्धी ज्ञान वास्तवमा खोक्रो हुन्छ। अनि यो खोक्रो हुन्छ भनेर म किन भन्दैछु त? किनभने परमेश्वरलाई चिन्ने विषयमा तैँले जे भन्छस् त्यसमा सत्यता र सटीकता छ कि छैन भन्नेबारेमा तँसँग वास्तवमा स्पष्ट बुझाइ नै छैन। त्यसकारण, परमेश्वरलाई चिन्नेबारेमा धेरैजसो मानिसहरूले धेरै जानकारी र विषयहरू सुने पनि, परमेश्वरसम्बन्धी तिनीहरूको ज्ञान अस्पष्ट र अमूर्त परिकल्पना

र धर्मसिद्धान्तभन्दा बाहिर जानै बाँकी हुन्छ। त्यसो भए, यो समस्यालाई कसरी समाधान गर्न सकिन्छ त? के तिमीहरूले त्यसबारेमा पहिले कहिल्यै विचार गरेका छौ? यदि कसैले सत्यताको खोजी गर्दैन भने, के तिनीहरूसँग सत्यता हुन सक्छ? यदि कसैले सत्यताको खोजी गर्दैन भने, तिनीहरू वास्तविकताविहीन हुन्छन् भन्नेमा कुनै प्रश्‍न हुँदैन, त्यसकारण अवश्य नै तिनीहरूसँग परमेश्‍वरका वचनहरूको बारेमा कुनै ज्ञान वा अनुभव हुँदैन। के परमेश्‍वरका वचनहरूको कुनै बुझाइ नभएका मानिसहरूले परमेश्‍वरलाई चिन्‍न सक्छन्? अवश्य सक्दैनन्; यी दुई कुरा अन्तर्निर्भर छन्। त्यसकारण, धेरैजसो मानिसहरू भन्छन्, "परमेश्‍वरलाई चिन्‍नु किन यति कठिन छ? जब म आफैलाई चिन्‍ने बारेमा कुरा गर्छु, म धेरै घण्टासम्म कुरा गर्न सक्छु, तर जब परमेश्‍वरलाई चिन्‍ने कुरा आउँछ, मसँग बोल्ने कुनै शब्द हुँदैन। मैले यस विषयमा थोरै कुरा बताउन सके पनि, मेरा शब्दहरू जबरजस्ती व्यक्त गरिएका हुन्छन् र ती व्यर्थका सुनिन्छन्। ती शब्दहरू बोल्दा म आफैलाई पनि अनौठो लाग्छ।" स्रोत यही हो। यदि तँलाई परमेश्‍वरलाई चिन्‍नु अत्यन्तै कठिन छ, उहाँलाई चिन्‍नको लागि धेरै प्रयासको आवश्यकता हुन्छ, वा तँसँग कुरा उठाउनको लागि कुनै विषयहरू छैन र अरूलाई र आफूलाई बताउन र प्रदान गर्नको लागि कुनै यथार्थ कुराको बारेमा विचार गर्न सक्दैनस् भन्‍ने लाग्छ भने, तँ परमेश्‍वरका वचनहरू अनुभव गरेको व्यक्ति होइनस् भन्‍ने प्रमाणित हुन्छ। परमेश्‍वरका वचनहरू के हुन्? के उहाँका वचनहरू परमेश्‍वरसँग जे छ र उहाँ जे हुनुहुन्छ त्यसका अभिव्यक्तिहरू होइनन् र? यदि तैँले परमेश्‍वरका वचनहरूको अनुभव गरेको छैनस् भने, के तँसँग उहाँसँग जे छ र उहाँ जे हुनुहुन्छ त्यसको बारेमा कुनै ज्ञान हुन सक्छ र? अवश्य हुन सक्दैन। यी कुराहरू सबै अन्तर्सम्बन्धित छन्। यदि तँसँग परमेश्‍वरका वचनहरूको कुनै अनुभव छैन भने, तैँले परमेश्‍वरको इच्छालाई बुझ्न सक्दैनस्, न त तैँले उहाँको स्वभाव के हो, उहाँले के मन पराउनुहुन्छ, उहाँले केलाई घृणा गर्नुहुन्छ, मानिसहरूसम्बन्धी उहाँका मापदण्डहरू के-के हुन्, असल मानिसहरूप्रति उहाँको मनोवृत्ति कस्तो हुन्छ, र दुष्ट मानिसहरूप्रति उहाँको मनोवृत्ति कस्तो हुन्छ भन्‍ने नै जान्‍न सक्छस्; यो सबै तेरो लागि अवश्य नै अस्पष्ट र धूमिल हुन्छ। यदि त्यस्तो अस्पष्टतामा रही तैँले परमेश्‍वरमा विश्‍वास गर्छस् भने, जब तैँले आफूलाई सत्यताको खोजी गर्ने र परमेश्‍वरलाई पछ्याउनेहरूमध्ये एक भएको दाबी गर्छस्, तब के त्यस्ता दाबी यथार्थ हुन्छन् र? ती यथार्थ हुँदैनन्! त्यसकारण हामी परमेश्‍वरलाई चिन्‍नेबारेमा कुराकानी गर्ने कार्यलाई जारी राखौं।

तिमीहरू सबै आजको सङ्गतिको विषय सुन्‍न उत्सुक छौ, होइन त? यो "सबै थोकका लागि जीवनको स्रोत परमेश्‍वर नै हुनुहुन्छ" भन्‍ने विषयसँग सम्बन्धित छ, जसको बारेमा हामीले हालै छलफल गर्दै आएका छौं। परमेश्‍वरले कसरी सबै थोकमाथि शासन गर्नुहुन्छ, उहाँले कुन माध्यमले त्यसो गर्नुहुन्छ, र परमेश्‍वरले सृष्टि गर्नुभएको यस पृथ्वीमा तिनीहरू अस्तित्वमा रहन सकून् भनेर उहाँले सबै थोकलाई कुन-कुन सिद्धान्तहरूका आधारमा व्यवस्थापन गर्नुहुन्छ सोबारेमा मानिसहरूलाई जानकारी दिन विभिन्‍न माध्यम र दृष्टिकोणहरूको प्रयोग गर्दै हामीले कसरी "सबै थोकका लागि जीवनको स्रोत परमेश्‍वर नै हुनुहुन्छ" भन्‍नेबारेमा धेरै कुरा गरिसकेका छौं। परमेश्‍वरले मानवजातिको लागि कसरी भरणपोषण प्रदान गर्नुहुन्छ भन्‍नेबारेमा पनि हामीले धेरै कुरा गरेका

छौं: उहाँले कस्तो माध्यमद्‌वारा त्यस्तो प्रबन्ध गर्नुहुन्छ, उहाँले मानिसहरूलाई कस्तो प्रकारको जिउने वातावरणहरू प्रदान गर्नुहुन्छ, र उहाँले मानिसको लागि के-कस्ता माध्यमद्‌वारा अनि कुन-कुन सुरुवात विन्दुबाट एक स्थिर जिउने वातावरण प्रदान गर्नुहुन्छ। सबै थोकमाथिको परमेश्‍वरको प्रभुत्व र प्रशासन, अनि उहाँको व्यवस्थापनको बीचको सम्बन्धको बारेमा मैले प्रत्यक्ष रूपमा कुरा नगरेको भए तापनि, उहाँले सबै थोकलाई यसरी प्रशासन गर्नुका कारणहरू, साथै यसरी उहाँले मानवजातिलाई आपूर्ति र भरणपोषण प्रदान गर्नुहुने कारणहरूका बारेमा मैले अप्रत्यक्ष रूपमा बताएको छु। यी सबै उहाँको व्यवस्थापनसँग सम्बन्धित छन्। हामीले विभिन्‍न विषयवस्तुको बारेमा कुरा गर्‍यौं: वृहत् वातावरणदेखि मानिसहरूका आधारभूत आवश्यकता र आहारजस्ता स-साना कुराहरूसम्म; परमेश्‍वरले कसरी सबै थोकमाथि शासन गर्नुहुन्छ र तिनीहरूलाई क्रमिक रूपमा संचालन गराउनुहुन्छ भन्‍ने तथ्यदेखि उहाँले हरेक जातिका मानिसहरूका लागि सृष्टि गर्नुभएका सही र उचित जिउने वातावरणसम्म; र आदि इत्यादि कुराहरू। यो व्यापक विषयवस्तु पूर्णतः मानव कसरी देहमा जिउँछ भन्‍ने कुरासँग सम्बन्धित छ—अर्थात्, यो सबै नाङ्गो आँखाले देख्न सक्‍ने र मानिसहरूले अनुभव गर्न सक्‍ने भौतिक संसारका कुराहरूसँग सम्बन्धित छ, जस्तै पहाड-पर्वत, नदी-नाला, समुद्र, मैदान, र यस्तै अन्य कुराहरू। यी सबै देख्न र छुन सकिने कुरा हुन्। जब म हावा र तापक्रमको कुरा गर्छु, तिमीहरूले हावाको अनुभव गर्न आफ्नै सासको प्रयोग गर्न सक्छौ, र तापक्रम उच्च छ कि न्यून छ सो अनुभूति गर्न आफ्नो शरीरको प्रयोग गर्न सक्छौ। रूख, घाँस, र जङ्गलका चराचुरुङ्गी र जनावरहरू, आकाशमा उड्ने र जमिनमा हिँड्ने कुराहरू, अनि दुलोबाट निस्कने स-साना पशु-प्राणी सबैलाई मानिसहरूले आफ्नै आँखाले देख्न र आफ्नै कानले सुन्‍न सक्छन्। यी सबै कुराले छुने क्षेत्र निकै वृहत् भए पनि, परमेश्‍वरले सृष्टि गर्नुभएका सबै थोकमध्ये, तिनीहरूले भौतिक संसारलाई मात्रै प्रतिनिधित्व गर्छन्। भौतिक कुराहरू मानिसहरूले देख्ने र अनुभव गर्ने कुरा हुन्, भन्‍नुको अर्थ जब तैँले तिनलाई छुन्छस्, तैँले तिनको अनुभूति गर्छस्, र जब तैँले तिनलाई हेर्छस्, तेरो मस्तिष्कले तँलाई स्वरूप, चित्र देखाउँछ। ती यथार्थ र वास्तविक कुरा हुन्; तेरो लागि ती अमूर्त हुँदैनन्, बरु आकार भएका हुन्छन्। ती वर्गाकार वा गोलाकार, वा अग्ला वा होचा हुन सक्छन्, र हरेक वस्तुले तँलाई फरक अनुभूति प्रदान गर्छ। यी सबै कुराले सृष्टिको भौतिक पक्षलाई प्रतिनिधित्व गर्छन्। त्यसकारण, परमेश्‍वरको लागि "सबै थोकमाथि परमेश्‍वरको प्रभुत्व" भन्‍ने वाक्यांशको "सबै थोक" ले के-कस्ता कुराहरूलाई समावेश गर्छ त? त्यसले मानिसले देख्न र छुन सक्‍ने कुराहरू मात्रै समावेश गर्दैन; साथै, तिनले सबै अदृश्य र अस्पृश्य कुराहरू समावेश गर्छन्। सबै थोकमाथि परमेश्‍वरको प्रभुत्वको साँचो अर्थहरूमध्ये एउटा यही हो। ती कुराहरू मानवका निम्ति अदृश्य र अस्पृश्य भए पनि, परमेश्‍वरको लागि—जबसम्म ती उहाँका आँखाले अवलोकन गर्न सक्छन् र ती उहाँको सार्वभौमिकताको क्षेत्रभित्र पर्छन् तबसम्म—ती वास्तवमा अस्तित्वमा रहन्छन्। ती अमूर्त र अकल्पनीय भए पनि, र यसअलावा, मानवका लागि अदृश्य र अस्पृश्य भए पनि, परमेश्‍वरको निम्ति ती वास्तवमा नै र साँचो रूपमा नै अस्तित्वमा हुन्छन्। यो अर्को संसार हो जहाँ परमेश्‍वरले सबै थोकमाथि शासन गर्नुहुन्छ, र यो उहाँको प्रभुत्व भएको सबै थोकको अर्को क्षेत्र हो। आजको सङ्गतिको विषय यही हो: परमेश्‍वरले

आत्मिक संसारमाथि कसरी शासन र प्रशासन गर्नुहुन्छ। यो विषयमा परमेश्वरले कसरी सबै थोकमाथि शासन गर्नुहुन्छ र तिनलाई व्यवस्थापन गर्नुहुन्छ भन्ने कुरा समेटिने हुनाले, यो भौतिक संसारभन्दा बाहिरको संसारसँग सम्बन्धित छ—तसर्थ, हामीले यो बुझ्नु अत्यन्तै महत्त्वपूर्ण छ। यस विषयवस्तुको बारेमा कुराकानी गरेर अनि बुझेर मात्रै मानिसहरूले "सबै थोकका लागि जीवनको स्रोत परमेश्वर नै हुनुहुन्छ" भन्ने शब्दहरूको साँचो अर्थलाई सच्चा रूपमा बुझ्न सक्छन्। यही कारण आज हामी यस विषयमा छलफल गर्न लागेका छौं; यसको उद्‌देश्य भनेको "परमेश्वरले सबै थोकमाथि शासन गर्नुहुन्छ, र परमेश्वरले सबै थोकको व्यवस्थापन गर्नुहुन्छ" भन्ने विषयलाई पूरा गर्नु हो। सायद, जब तिमीहरू यो विषय सुन्छौ, तिमीहरूलाई यो अनौठो वा बुझ्न नसकिने लाग्न सक्छ, तर तिमीहरूले जे-जस्तो अनुभव गरे पनि, आत्मिक संसार परमेश्वरले शासन गर्नुहुने सबै थोकको एउटा भाग भएको हुनाले, तिमीहरूले यस विषयमा बुझाइ प्राप्त गर्नैपर्छ। त्यस्तो बुझाइ प्राप्त गरिसकेपछि, तिमीहरूले "सबै थोकका लागि जीवनको स्रोत परमेश्वर नै हुनुहुन्छ" भन्ने वाक्यांशको गहन बोध, बुझाइ, र ज्ञान गर्नेछौ।

## परमेश्वरले कसरी आत्मिक संसारलाई शासन र व्यवस्थापन गर्नुहुन्छ

भौतिक संसारको हकमा, जब-जब मानिसहरूले निश्‍चित कुराहरू वा घटनाहरूलाई बुझ्दैनन्, तब तिनीहरूले उचित जानकारीको खोजी गर्न वा ती कुराहरूको व्युत्पत्ति र पृष्ठभूमिको बारेमा पत्ता लगाउन विभिन्‍न माध्यमहरूको प्रयोग गर्न सक्छन्। तर जब हामीले आज कुरा गरिरहेको संसारको कुरा आउँछ—अर्थात्, भौतिक संसारभन्दा बाहिर अस्तित्वमा रहेको आत्मिक संसारको कुरा आउँछ—यसको बारेमा सिक्नको लागि मानिसहरूसँग कुनै माध्यम वा प्रणाली हुँदैन। म किन यसो भन्दैछु त? म यसो किन भन्दैछु भने, मानवजातिको संसारमा भौतिक संसारको हरेक कुरालाई मानिसको भौतिक अस्तित्वबाट अलग गर्न सकिँदैन, र मानिसहरूलाई भौतिक संसारको हरेक कुरालाई आफ्नो भौतिक जियाइ र भौतिक जीवनबाट अलग गर्न सकिँदैन भन्ने लाग्ने हुनाले, धेरैजसो मानिसहरूले तिनीहरूले देख्न सक्ने तिनीहरूका आँखा अगाडिका भौतिक कुराको बारेमा मात्रै जान्दछन् वा तिनलाई मात्रै देख्छन्। तैपनि, जब आत्मिक संसारको कुरा आउँछ—भन्नुको अर्थ, जब अर्को संसारका सबै थोकको कुरा आउँछ—धेरैजसो मानिसहरूले विश्‍वास गर्दैनन् भन्दा अत्योक्ति हुँदैन। मानिसहरूले यसलाई देख्न सक्दैनन्, र यसलाई बुझ्न वा यसको बारेमा कुनै कुरा पनि जान्न आवश्यक छैन भनी विश्‍वास गर्छन्, तिनीहरूले आत्मिक संसार कसरी भौतिक संसारभन्दा पूर्ण रूपमा फरक छ, र परमेश्वरको दृष्टिकोणमा खुला छ—मानवको लागि, यो गुप्त र बन्द भए पनि—भन्ने कुरा देख्ने-बुझ्ने वा विश्‍वास गर्नु त परै जाओस, यसकारण मानिसहरूलाई यस संसारका विभिन्‍न पक्षहरूलाई बुझ्ने मार्ग भेट्टाउन निकै कठिन छ। मैले बताउन लगेको आत्मिक संसारका विभिन्‍न पक्षहरू परमेश्वरको प्रशासन र सार्वभौमिकतासँग मात्रै सम्बन्धित छ; म कुनै पनि रहस्य प्रकट गर्नेछैन, न त म तिमीहरूलाई तिमीहरूले जान्‍न चाहेका कुनै गुप्त कुराहरू नै बताउनेछु। यो कुरा परमेश्वरको सार्वभौमिकता, परमेश्वरको प्रशासन, र परमेश्वरको बन्दोबस्तसँग सम्बन्धित भएको हुनाले, तिमीहरूले जान्नु आवश्यक रहेको भागको बारेमा मात्रै म बोल्नेछु।

सुरुमा, म तिमीहरूलाई एउटा प्रश्न गर्छु: तिमीहरूको विचारमा, आत्मिक संसार भनेको के हो? समग्रमा भन्दा, यो भौतिक संसारभन्दा बाहिरको संसार हो, जुन मानिसहरूको लागि अदृश्य र अस्पृश्य दुवै छ। तैपनि तिमीहरूको कल्पनामा, आत्मिक संसार कस्तो प्रकारको संसार हुनुपर्छ? सायद, यसलाई देख्न नसकेको कारण, तिमीहरूले यसको बारेमा कल्पना गर्न सक्दैनौ। तैपनि, जब तिमीहरूले कुनै पौराणिक कथा सुन्छौ, तब तिमीहरूले यसको बारेमा विचार गरिरहेका हुन्छौ, र तिमीहरू यसको बारेमा विचार नगरी बस्नै सक्दैनौ। म किन यसो भन्दैछु त? सानो छँदा धेरै मानिसहरूलाई हुने केही घटना छन्: जब कसैले तिनीहरूलाई डरलाग्दो कथा–भूत वा आत्माको बारेमा कथा–बताउँछन्, तिनीहरू अत्यन्तै भयभीत हुन्छन्। तिनीहरू वास्तवमा किन भयभीत हुन्छन् त? किनभने तिनीहरूले यी कुराहरूको कल्पना गरिरहेका हुन्छन्; तिनीहरूले ती कुरालाई देख्न नसके पनि, तिनीहरूलाई ती कुराहरू तिनीहरूको कोठामा, कुनै गुप्त वा अँध्यारो कुनामा छन् भन्ने लाग्छ, र तिनीहरू यति भयभीत हुन्छन् कि तिनीहरूले सुत्ने आँट समेत गर्दैनन्। विशेष गरी राती, तिनीहरू कोठामा एक्लै बस्न वा आँगनमा एक्लै जान अत्यन्तै डराउँछन्। त्यो तिमीहरूको कल्पनाको आत्मिक संसार हो, र यो मानिसहरूले डरलाग्दो ठान्ने संसार हो। तथ्य के हो भने हरेकले कुनै हदसम्म यसको कल्पना गर्छन्, र यसलाई हरेकले थोरै अनुभव गर्न सक्छन्।

हामी आत्मिक संसारको बारेमा कुरा गर्दै यस विषयलाई सुरु गरौं। यो के हो त? म तिमीहरूलाई छोटो र सरल व्याख्या प्रदान गर्छु: आत्मिक संसार एक महत्त्वपूर्ण स्थान हो, जुन भौतिक संसारभन्दा फरक छ। यो महत्त्वपूर्ण छ भनेर म किन भन्छु त? हामी यसको बारेमा विस्तृत रूपमा छलफल गर्दैछौं। आत्मिक संसारको अस्तित्व अपरिहार्य रूपमा नै मानवजातिको भौतिक संसारसँग जोडिएको छ। यसले यावत् थोकमाथिको परमेश्वरको प्रभुत्वमा मानव जीवन र मृत्युको चक्रमा मुख्य भूमिका निर्वाह गर्छ; यसको भूमिका यही हो, र यसको अस्तित्व महत्त्वपूर्ण हुनुको एउटा कारण यही हो। यो पञ्च-इन्द्रियहरूले अनुभूति गर्न नसक्ने स्थान भएको हुनाले, आत्मिक संसार अस्तित्वमा छ कि छैन भन्ने कुरालाई कसैले पनि सटीक रूपमा मूल्याङ्कन गर्न सक्दैन। यसका विभिन्न पक्षहरू मानव अस्तित्वसँग घनिष्ट रूपले जोडिएका हुन्छन्, जसको परिणामस्वरूप मानवजातिको जीवनक्रमलाई आत्मिक संसारले वृहद् प्रभाव पार्छ। यसमा परमेश्वरको सार्वभौमिकता संलग्न हुन्छ कि हुँदैन त? हुन्छ। जब म यसो भन्छु, तब तैँले यो विषयमा मैले किन छलफल गरिरहेको छु सो बुझ्छस्: किनभने यो परमेश्वरको सार्वभौमिकता, साथै उहाँको प्रशासनसँग सम्बन्धित छ। यस्तो संसारमा–मानिसहरूको लागि अदृश्य रहेको संसारमा–यसको हरेक स्वर्गीय उर्दी, आदेश, र प्रशासन प्रणाली भौतिक संसारको जुनसुकै राष्ट्रका कानूनहरू र प्रणालीहरूभन्दा निकै माथि हुन्छन्, र तिनलाई यो संसारमा जिउने कुनै पनि प्राणीले अवहेलना वा उल्लङ्घन गर्ने आँट गर्दैन। के यो परमेश्वरको सार्वभौमिकता र प्रशासनसँग सम्बन्धित छ त? आत्मिक संसारमा, स्पष्ट प्रशासनिक आदेशहरू, स्पष्ट स्वर्गीय उर्दीहरू, र स्पष्ट विधानहरू हुन्छन्। फरक-फरक स्तर र फरक-फरक क्षेत्रमा सहभागीहरूले आफ्ना कर्तव्यहरू कठोरताका साथ पालन गर्छन् र नीति र नियमहरूको पालन गर्छन्, किनभने स्वर्गीय उर्दीको उल्लङ्घन गर्दा हुने परिणाम के हुन्छ सो तिनीहरूलाई थाहा छ; परमेश्वरले कसरी दुष्टलाई दण्ड र असललाई इनाम दिनुहुन्छ, अनि कसरी

उहाँले सबै थोकमाथि प्रशासन चलाउनुहुन्छ र शासन गर्नुहुन्छ सो तिनीहरूलाई स्पष्ट रूपमै थाहा छ। यसको साथै, तिनीहरूले कसरी उहाँले आफ्ना स्वर्गीय उर्दीहरू र विधानहरूलाई कार्यान्वयन गर्नुहुन्छ सो स्पष्ट रूपमै देख्छन्। के यी मानवजातिले वास गर्ने भौतिक संसारभन्दा फरक छन् त? तिनीहरू वास्तवमा अत्यन्तै फरक छन्। आत्मिक संसार भौतिक संसारभन्दा पूर्ण रूपमा फरक संसार हो। स्वर्गीय अध्यादेश र विधानहरू हुने भएकाले, यसले परमेश्वरको सार्वभौमिकता, प्रशासनलाई यसको अतिरिक्त उहाँको स्वभाव साथै उहाँसँग जे छ र उहाँ जे हुनुहुन्छ त्यसलाई समावेश गर्छ। यो कुरा सुनेपछि, के तिमीहरूलाई मैले यस विषयमा बोल्नु अत्यन्तै आवश्यक छ भन्ने लागेन? के तिमीहरूलाई यसभित्रका रहस्यहरू जान्न मन लागेन? (हो, लाग्यो।) आत्मिक संसारको अवधारणा यही हो। यो भौतिक संसारसँगै सह-अस्तित्वमा हुने, र यो एकसाथ परमेश्वरको प्रशासन र सार्वभौमिकताको अधीनमा हुने भए पनि, यस संसारप्रतिको परमेश्वरको प्रशासन र सार्वभौमिकता भौतिक संसारको भन्दा निकै कठोर हुन्छ। जब विस्तृत विवरणहरूको कुरा आउँछ, हामीले आत्मिक संसार कसरी मानवजातिको जीवन र मृत्युको चक्रको कार्यसँग सम्बन्धित छ भन्ने कुराबाट सुरु गर्नुपर्छ, किनभने आत्मिक संसारका सत्वहरूको कामको मुख्य भाग यही हो।

मानवजातिमध्ये, म सबै मानिसहरूलाई तीन वटा प्रकारमा विभाजन गर्छु। पहिलो अविश्वासीहरू, अर्थात् धार्मिक आस्थाविहीन मानिसहरू हुन्। तिनीहरूलाई अविश्वासी भनिन्छ। धेरैजसो अविश्वासीहरूले पैसामाथि मात्रै विश्वास गर्छन्; तिनीहरूले आफ्नै रुचिहरूलाई मात्रै प्राथमिकता दिन्छन्, तिनीहरू भौतिकवादी हुन्छन्, र भौतिक संसारमा मात्रै विश्वास गर्छन्—तिनीहरूले जीवन मृत्युको चक्रमा वा देवीदेवता र भूतहरूका बारेमा बताइने कुनै पनि कुरामा विश्वास गर्दैनन्। म यी मानिसहरूलाई अविश्वासीहरू भनी वर्गीकरण गर्छु, र पहिलो प्रकारका मानिसहरू तिनीहरू नै हुन्। दोस्रो प्रकारका मानिसहरूमा अविश्वासीहरू बाहेकका विभिन्न विश्वासका मानिसहरू पर्छन्। मानवजातिमध्ये, म यी विश्वासका मानिसहरूलाई विभिन्न मुख्य समूहमा विभाजन गर्छु: पहिलो यहूदी, दोस्रो क्याथोलिक, तेस्रो ख्रीष्टियान, चौथो मुस्लिम, र पाचौं बुद्ध धर्म मान्ने हुन्; पाँच प्रकारका मानिसहरू छन्। यी विश्वासका विभिन्न प्रकारका मानिसहरू हुन्। तेस्रो प्रकारमा परमेश्वरमा विश्वास गर्ने मानिसहरू पर्छन्, र तिमीहरू यसैमा पर्छौ। त्यस्ता विश्वासीहरू आज परमेश्वरलाई पछ्याउने मानिसहरू हुन्। यी मानिसहरू दुई प्रकारमा विभाजित छन्: परमेश्वरका चुनिएका मानिसहरू, र सेवाकर्ताहरू। यी मुख्य प्रकारहरूलाई स्पष्ट रूपमा अलग गरिएका छन्। तसर्थ, मानवका प्रकार र दर्जालाई तिमीहरूले आफ्नो मनमा अब स्पष्ट रूपमा नै भिन्नता छुट्याउन सक्छौ, सक्दैनौ त? पहिलो प्रकारमा अविश्वासीहरू पर्छन्, र तिनीहरू को हुन् भनेर मैले भनिसकेँ। के आकाशको वृद्ध मानिसमाथि विश्वास गर्ने मानिसहरूलाई अविश्वासीहरूका रूपमा गन्ती गरिन्छ? धेरैजसो अविश्वासीहरूले आकाशको वृद्ध मानिसमा मात्रै विश्वास गर्छन्; तिनीहरूले बाली लगाउँदा र कटनी गर्दा भरोसा गर्ने यस व्यक्तिले नै बतास, वर्षा, चट्याङ्ग, र अन्य कुरालाई नियन्त्रण गर्छ भन्ने विश्वास तिनीहरूको हुन्छ—तैपनि जब परमेश्वरमाथिको विश्वासको बारेमा कुरा गरिन्छ, तिनीहरू उहाँमा विश्वास गर्न इच्छुक हुँदैनन्। के यसलाई विश्वास हुनु भनेर भन्न सकिन्छ? त्यस्ता मानिसहरू अविश्वासीहरूमा पर्छन्। तिमीहरूले यो कुरा बुझ्यौ, होइन त? यी

वर्गहरूमा नझुक्किओ। दोस्रो प्रकारमा विश्वासका मानिसहरू पर्छन्, र तेस्रो प्रकारका मानिसहरू हाल परमेश्‍वरलाई पछ्याइरहेका मानिसहरू हुन्। त्यसो भए मैले किन सबै मानवलाई यी प्रकारमा विभाजित गरेँ त? (किनभने फरक-फरक प्रकारका मानिसहरूको अन्त्य र गन्तव्य पनि फरक-फरक नै हुन्छन्।) यसको एउटा पक्ष यही हो। जब यी विभिन्‍न जात र प्रकारका मानिसहरू आत्मिक संसारमा फर्कन्छन्, तिनीहरू प्रत्येक फरक-फरक स्थानमा जानेछन् र जीवन र मृत्युको चक्रको फरक-फरक नियमको अधीनमा रहनेछन्, त्यसैले मैले मानवलाई यी मुख्य प्रकारहरूमा विभाजित गरेको छु।

### १. अविश्‍वासीहरूको जीवन र मृत्युको चक्र

हामी अविश्‍वासीहरूको जीवन र मृत्युको चक्रबाट सुरु गरौं। मरेपछि, व्यक्तिलाई आत्मिक संसारको एक परिचरले लैजानेछ। वास्तवमा व्यक्तिको केलाई लगिन्छ? व्यक्तिको देहलाई होइन, तर प्राणलाई लगिन्छ। जब व्यक्तिको प्राणलाई लगिन्छ, तब ऊ विशेषतः भर्खरै मरेका मानिसहरूका प्राणलाई लिने आत्मिक संसारको एउटा निकायमा पुग्छ। (नोट: मरेपछि जोकोही व्यक्ति जाने स्थान प्राणको लागि नौलो हुन्छ।) जब तिनीहरूलाई यस स्थानमा लगिन्छ, एक अधिकारीले सुरुमा तिनीहरूको नाम, ठेगाना, उमेर, र तिनीहरूका सबै अनुभवहरूको जाँच गरी पुष्टि गर्छ। तिनीहरू जीवित हुँदा तिनीहरूले गरेको सबै कुरा पुस्तकमा लेखिएको हुन्छ र ती सही छन् कि छैनन् प्रमाणित गरिन्छ। यी सबैलाई जाँचिएपछि, उक्त व्यक्तिको जीवनभरिको बानीबेहोरा र कार्यहरूलाई उसले दण्ड पाउनेछ कि मानवको रूपमा पुनर्जन्म पाउनेछ भन्‍ने कुरा निर्धारित गर्न प्रयोग गरिन्छ, र यो पहिलो चरण हो। के यो पहिलो चरण डरलाग्दो छ? यो त्यति डरलाग्दो छैन, किनभने भएको के मात्रै हुन्छ भने व्यक्ति अँध्यारो र अपरिचित स्थानमा आइपुगेको हुन्छ।

दोस्रो चरणमा, यदि यस व्यक्तिले आफ्नो जीवनकालमा धेरै खराब कुराहरू गरेको छ र धेरै दुष्ट कार्यहरू गरेको छ भने, उसलाई उसको निराकरणको लागि दण्ड दिने स्थानमा लगिनेछ। त्यो खास गरी मानिसहरूलाई दण्ड दिनको लागि नै प्रयोग गरिने स्थान हुनेछ। तिनीहरूलाई कसरी दण्ड दिइन्छ भन्‍ने कुरा तिनीहरूले गरेका पापहरूका साथै मर्नुभन्दा पहिले तिनीहरूले कति वटा दुष्ट कुराहरू गरेका छन् त्यसमा आधारित हुन्छ—यो दोस्रो चरणमा आइपर्ने पहिलो परिस्थिति यही हो। मर्नुभन्दा पहिले गरेका खराब कुराहरू र दुष्ट कार्यहरूका कारण, तिनीहरूको दण्डपछि तिनीहरूको पुनर्जन्म हुँदा—अर्थात् तिनीहरू फेरि भौतिक संसारमा जन्म हुँदा—कतिपय मानिसहरू मानव नै हुनेछन् भने, अरू पशु-प्राणी हुनेछन्। भन्‍नुको अर्थ, व्यक्ति आत्मिक संसारमा फर्केपछि, तिनीहरूलाई तिनीहरूले गरेका दुष्टताको निम्ति दण्ड दिइन्छ; यसको साथै, तिनीहरूले गरेका दुष्ट कुराको कारण, तिनीहरूको अर्को पुनर्जन्ममा, तिनीहरू सायद मानवको रूपमा होइन, बरु पशु-प्राणीको रूपमा फर्कनेछन्। तिनीहरू बन्‍ने पशु-प्राणीमा गाई, घोडा, सुँगुर र कुकुरहरू आदि पर्छन्। कतिपय मानिसहरू चराचुरुङ्गी, वा हाँस वा पानी-हाँसको रूपमा जन्मन सक्छन्...। तिनीहरू पशु-प्राणीको रूपमा पुनर्जन्म भएपछि, जब तिनीहरू फेरि मर्छन्, तिनीहरू आत्मिक संसारमा फर्कनेछन्। त्यहाँ, पहिले जस्तै, तिनीहरूको मृत्युभन्दा पहिलेको तिनीहरूको बानीबेहोराको आधारमा, तिनीहरू

मानवको रूपमा पुनर्जन्म हुनेछन् कि छैनन् भन्ने कुराको निर्णय आत्मिक संसारले गर्नेछ। धेरैजसो मानिसहरूले धेरै दुष्ट कार्य गर्छन्, र तिनीहरूको पाप अत्यन्तै गम्भीर हुन्छन्, त्यसकारण तिनीहरू सातदेखि बाह्र पटकसम्म पशु-प्राणीका रूपमा पुनर्जन्म हुनुपर्छ। सातदेखि बाह्र पटकसम्म—के त्यो डरलाग्दो कुरा होइन र? (यो डरलाग्दो कुरा हो।) के कुराले तिमीहरूलाई भयभीत तुल्याउँछ? व्यक्ति पशु-प्राणी बन्नु—त्यो डरलाग्दो कुरा हो। अनि व्यक्तिको लागि, पशु-प्राणी बन्नुको सबैभन्दा पीडादायक कुरा के हो? कुनै भाषा नहुनु, साधारण विचारहरू मात्रै हुनु, पशु-प्राणीले गर्ने कुरा मात्रै गर्न र पशु-प्राणीले खाने कुरा मात्रै खान सक्नु, पशु-प्राणीको जस्तो सरल मनस्थिति र शारीरिक हाउभाउ हुनु, सीधा भई हिँड्न नसक्नु, मानवसँग संचार गर्न नसक्नु, र मानवको कुनै बानीबेहोरा वा क्रियाकलापहरूको सम्बन्ध पशु-प्राणीसँग नहुने तथ्य। यसको अर्थ, सबै कुराहरूमध्ये, पशु-प्राणी बन्ने कुराले चाहिँ तिमीहरूलाई जीवित प्राणीहरूमा सबैभन्दा नीच बनाउँछ र यसमा मानव हुनुमा भन्दा धेरै दुःखकष्ट सहनुपर्छ। धेरै दुष्ट काम र ठूला पापहरू गरेका मानिसहरूलाई दिइने आत्मिक संसारको दण्डको एउटा पक्ष यही हो। जब तिनीहरूको दण्डको गम्भीरताको कुरा आउँछ, तिनीहरू कस्तो प्रकारको पशु-प्राणी बन्छन् भन्ने आधारमा निर्णय हुन्छ। उदाहरणको लागि, के सुँगुर बन्नु कुकुर बन्नुभन्दा उत्तम हो? के सुँगुर कुकुरभन्दा उत्तम तरिकाले जिउँछ कि खराब तरिकाले? खराब तरिकाले, होइन र? यदि मानिसहरू गाई वा घोडा बन्छन् भने, तिनीहरू सुँगुरभन्दा उत्तम तरिकाले जिउनेछन् कि खराब तरिकाले जिउनेछन्? (उत्तम तरिकाले।) के व्यक्ति बिरालोको रूपमा पुनर्जन्म भयो भने उसलाई अझ बढी सहज हुनेछ? ऊ जे भए पनि पशु नै हुनेछ, र बिरालो हुनु गाई वा घोडा हुनुभन्दा निकै सहज हुनेछ, किनभने बिरालोहरूले आफ्नो धेरैजसो समय आनन्दसाथ निदाएर नै बिताउन पाउँछन्। गाई वा घोडा हुनु अझै बढी कठिन हुन्छ। त्यसकारण, यदि व्यक्ति गाई वा घोडाको रूपमा पुनर्जन्म हुन्छ भने, तिनीहरूले कठिन परिश्रम गर्नुपर्छ—जुन कडा दण्डसरह हो। कुकुर बन्नु गाई वा घोडाभन्दा अलिक उत्तम हो, किनभने मालिकसँग कुकुरको नजिकको सम्बन्ध हुन्छ। कतिपय कुकुरहरूले धेरै वर्ष पाल्तु कुकुरको रूपमा बसेपछि, तिनीहरूका मालिकले भन्ने धेरै कुरा बुझ्न सक्छन्। कहिलेकहीँ, कुकुरले यसको मालिकको मनस्थिति र मापदण्डहरूलाई अपनाउन सक्छ र मालिकले कुकुरलाई राम्रो व्यवहार गर्छ, र कुकुरले राम्रो खान र पिउन पाउँछ, र पीडामा हुँदा यसले हेरचाह पाउँछ। त्यसो भए, के कुकुरले खुशी जीवनको आनन्द लिँदैन र? तसर्थ, कुकुर बन्नु गाई वा घोडा बन्नुभन्दा उत्तम कुरा हो। यस हकमा, व्यक्तिको दण्डको गम्भीरताले नै व्यक्ति कति पटक पशु-प्राणीको रूपमा, साथै कुन प्रकारको पशु-प्राणीको रूपमा पुनर्जन्म हुन्छ भन्ने कुरालाई निर्धारित गर्छ।

तिनीहरूले आफू जीवित हुँदा धेरै पाप गरेका हुनाले, कतिपय मानिसहरूलाई सातदेखि बाह्र जीवनसम्म पशु-प्राणीको रूपमा पुनर्जन्म गराएर दण्ड दिइन्छ। पर्याप्तपटक दण्ड पाइसकेर, आत्मिक संसारमा फर्केपछि, तिनीहरूलाई अर्को ठाउँ अर्थात् विभिन्न प्राणलाई पहिले नै दण्ड दिइसकिएको र मानवको रूपमा पुनर्जन्म हुनको लागि तयार गरिँदै गरिएका प्राणहरू भएको स्थानमा लगिन्छ। यस स्थानमा, हरेक प्राणलाई तिनीहरू कुन प्रकारको परिवारमा जन्म लिनेछन्, तिनीहरूको पुनर्जन्म भएपछि तिनीहरूले कस्तो प्रकारको भूमिका निर्वाह गर्नेछन्, आदि इत्यादि

कुराहरूअनुसार वर्गीकरण गरिन्छ। उदाहरणको लागि, कतिपय मानिसहरू यस संसारमा आएपछि गायक बन्छन्, त्यसकारण तिनीहरूलाई गायकहरूको बीचमा राखिन्छ; कतिपय मानिसहरू संसारमा आएपछि व्यापारी बन्छन्, त्यसकारण तिनीहरूलाई व्यापारीहरूको वर्गमा राखिन्छ; अनि यदि कुनै व्यक्ति मानव बनेपछि वैज्ञानिक शोधकर्ता बन्छ भने, उसलाई वैज्ञानिक शोधकर्ताहरूको बीचमा राखिन्छ। तिनीहरूलाई वर्गीकरण गरिएपछि, प्रत्येकलाई आज मानिसहरूले इमेल पठाएजस्तै गरी फरक-फरक समय र तोकिएको मितिमा पठाइन्छ। यसमा जीवन र मृत्युको एउटा चक्र पूरा हुनेछ। त्यो व्यक्ति आत्मिक संसारमा आइपुगेको समयदेखि तिनीहरूको दण्डको अन्त्यसम्म, वा तिनीहरू धेरैपटक पशु-प्राणीको रूपमा पुनर्जन्म भएर मानवको रूपमा पुनर्जन्म हुन तयार भइञ्जेलसम्ममा, यो प्रक्रिया पूरा हुन्छ।

दण्ड पाइसकेका र पशु-प्राणीको रूपमा पुनर्जन्म नभएका मानिसहरूको हकमा, के तिनीहरूलाई मानवको रूपमा पुनर्जन्म गराउनको लागि तुरुन्तै भौतिक संसारमा पठाइनेछ? वा, तिनीहरू मानवको बीचमा आइपुग्न कति समय लाग्नेछ? यो कति पटक हुन सक्छ? यसका लौकिक सीमाहरू छन्। आत्मिक संसारमा हुने सबै कुरा निश्चित लौकिक सीमा र नियमहरूको अधीनमा हुन्छन्—जसको बारेमा मैले अङ्कमा व्याख्या गरेँ भने, तिमीहरूले बुझ्नेछौ। छोटो समय अवधिमा पुनर्जन्म हुनेहरूको हकमा भन्दा, जब तिनीहरू मर्छन्, मानवको रूपमा पुनर्जन्म हुनको लागि तिनीहरूका निम्ति पहिले नै तयारी गरिसकिएको हुन्छ। यसो हुनसक्ने सबैभन्दा छोटो समय भनेको तीन दिन हो। कतिपय मानिसहरूको लागि, तीन महिना लाग्छ, कतिपयलाई तीन वर्ष लाग्छ, कतिलाई तीस वर्ष लाग्छ, कतिलाई तीन सय वर्ष लाग्छ, अनि अरूलाई एवं रितले हुँदै हुन्छ। त्यसकारण, यी लौकिक नियमहरूका बारेमा के भन्न सकिन्छ, र तिनका सर्तहरू के हुन्? ती भौतिक संसार, अर्थात्, मानव संसारलाई प्राणबाट के चाहिन्छ त्यसमा, र यो प्राणले यस संसारमा खेल्नुपर्ने भूमिकामा आधारित हुन्छन्। जब मानिसहरू साधारण मानवको रूपमा पुनर्जन्म हुन्छन्, तिनीहरूमध्ये धेरैजसो मानिसहरू तुरुन्तै पुनर्जन्म भइहाल्छन्, किनभने मानव संसारलाई त्यस्ता साधारण मानिसहरूको तत्काल खाँचो हुन्छ—त्यसकारण, तीन दिनपछि, तिनीहरूलाई तिनीहरू मर्नुभन्दा पहिलेको तिनीहरूको परिवारभन्दा पूर्ण रूपमा फरक परिवारमा फेरि पठाइन्छ। तैपनि, यो संसारमा विशेष भूमिका निर्वाह गर्ने कतिपय मानिसहरू पनि हुन्छन्। "विशेष" को अर्थ मानिसको संसारमा यी मानिसहरूको त्यति ठूलो संख्यामा माग हुँदैन; यस्तो भूमिका निर्वाह गर्नको लागि त्यति धेरै मानिसहरूको आवश्यकता हुँदैन, त्यसकारण यसको लागि तीन सय वर्ष लाग्न सक्छ। अर्को शब्दमा भन्दा, यो प्राण हरेक तीन सय वर्ष वा हरेक तीन हजार वर्षमा मात्रै आउनेछ। किन यस्तो हुन्छ त? किनभने तीन सय वा तीन हजार वर्षमा मानिसको संसारमा त्यस्तो भूमिकाको आवश्यकता हुँदैन, त्यसकारण तिनीहरूलाई आत्मिक संसारमा कतै राखिन्छ। उदाहरणको लागि कन्फ्युसियसलाई लिऊँ: परम्परागत चिनियाँ संस्कृतिमा उनले ठूलो प्रभाव पारेका थिए, र तिनको आगमनले त्यस समयका मानिसहरूको परम्परा, ज्ञान, संस्कृति, र विचारधारालाई गहन रूपमा प्रभाव पारेको थियो। तैपनि, हरेक युगमा यस्तो व्यक्तिको आवश्यकता हुँदैन, त्यसकारण पुनर्जन्म हुनको लागि तीन सय वा तीन हजार वर्ष प्रतीक्षा गर्दै उनी आत्मिक संसारमा नै रहनु

परेको थियो। मानिसको संसारलाई यस्तो व्यक्तिको खाँचो नपर्ने हुँदा, उनले केही नगरी प्रतीक्षा गर्नु परेको थियो, किनभने उनको जस्तो भूमिका निकै कम छन्, र उनले गर्नुपर्ने कुरा थोरै छ। तसर्थ, मानिसको संसारलाई उनको आवश्यकता परेपछि उनलाई पठाउनको लागि धेरैजसो समय उनलाई केही नगराईकन आत्मिक संसारमा कतै राख्नु परेको थियो। धेरैजसो मानिसहरू कतिपटक पुनर्जन्म हुन्छन् भन्नेबारेमा रहेका आत्मिक क्षेत्रका लौकिक नियमहरू यिनै हुन्। मानिसहरू साधारण भए पनि वा विशेष भए पनि, तिनीहरूको पुनर्जन्मलाई मिलाउनको लागि आत्मिक संसारसँग उचित नियम र सही अभ्यासहरू छन्, र यी नियम र अभ्यासहरू परमेश्वरले नै पठाउनुभएको हो, आत्मिक संसारको कुनै परिचर वा सत्वले यसको निर्णय गर्ने वा नियन्त्रण गर्ने कार्य गर्दैन। तिमीहरूले अब यो कुरा बुझ्यौ, होइन त?

कुनै पनि प्राणको लागि, यसको पुनर्जन्म, यस जीवनमा यसको भूमिका के हो, यो कुन परिवारमा जन्मन्छ, र यसको जीवन कस्तो हुन्छ भन्ने कुराहरू प्राणको अघिल्लो जीवनकालसँग सम्बन्धित हुन्छ। मानिसको संसारमा सबै प्रकारका मानिसहरू आउँछन्, र तिनीहरूले गर्ने कामजस्तै तिनीहरूले खेल्ने भूमिका फरक-फरक हुन्छन्। अनि यी काम के-के हुन् त? कतिपय मानिसहरू ऋण तिर्न आउँछन्: यदि तिनीहरूको पहिलेको जीवनमा तिनीहरूले अरूलाई धेरै पैसा तिर्नु थियो भने, तिनीहरू यो जीवनमा ती कर्जा तिर्न आउँछन्। यसबीच, कतिपय मानिसहरू ऋण उठाउन आएका हुन्छन्: तिनीहरूको पहिलेको जीवनमा तिनीहरूबाट धेरै कुरा र धेरै पैसा ठगी गरी लिइएको हुन्छ; परिणामस्वरूप, तिनीहरू आत्मिक संसारमा आएपछि, यसले तिनीहरूलाई न्याय दिन्छ र तिनीहरूलाई यस जीवनमा तिनीहरूको कर्जा उठाउन दिन्छ। कतिपय मानिसहरू कृतज्ञताको कर्जा तिर्न आएका हुन्छन्: पहिलेको जीवनकालमा–अर्थात्, तिनीहरूको पहिलेको पुनर्जन्ममा–कुनै व्यक्ति तिनीहरूप्रति दयालु रहेको थियो, र यो जीवनमा पुनर्जन्म हुने ठूलो अवसर दिइएको हुनाले, तिनीहरू कृतज्ञताका ती कर्जा तिर्न फेरि जन्मन्छन्। यसबीच, अरू यस जीवनमा कसैको जीवन लिन पुनर्जन्म भएका हुन्छन्। अनि तिनीहरूले कसको जीवन लिन्छन् त? तिनीहरूले अघिल्लो जीवनमा आफूलाई मार्ने मानिसहरूको जीवन लिन्छन्। समग्रमा, हरेक व्यक्तिको वर्तमान जीवनको तिनीहरूको अघिल्लो जीवनकालसँग गहन सम्बन्ध हुन्छ; यो सम्बन्ध अलग्याउन नसकिने हुन्छ। भन्नुको अर्थ, हरेक व्यक्तिको वर्तमान जीवनलाई अघिल्लो जीवनले ठूलो प्रभाव पारेको हुन्छ। उदाहरणको लागि, मानौं मर्नुभन्दा पहिले झाङ्गले लीलाई ठूलो रकम ठगी गर्‍यो। त्यसो भए, के झाङ्ग लीप्रति ऋणी भएको हुन्छ? ऊ ऋणी भएको हुन्छ, त्यसकारण लीले झाङ्गबाट आफ्नो कर्जा उठाउनु उचित नै हुन्छ। परिणामस्वरूप, तिनीहरू मरेपछि, तिनीहरूको बीचमा चुक्ता गरिनुपर्ने कर्जा हुन्छ। जब तिनीहरूको पुनर्जन्म हुन्छ र झाङ्ग मानव बन्छ, लीले कसरी ऊबाट कर्जा सङ्कलन गर्छ त? एउटा तरिका भनेको झाङ्गको छोरा भएर जन्मनु हो; झाङ्गले ठूलो रकम कमाउँछ, जुन लीले उडाउँछ। झाङ्गले जति नै धेरै रकम कमाए पनि, उसको छोरा लीले यसलाई उडाइदिन्छ। झाङ्गले जति नै धेरै कमाए पनि, कहिल्यै पर्याप्त हुँदैन; र यसबीच, सधैँ नै उसको छोराले कुनै कारणवश विभिन्न तरिकाले आफ्नो बुबाको रकम खर्च गर्न पुग्छ। झाङ्ग छक्क पर्दै सोच्छन्, "यो मेरो छोराले किन सधैँ यति दुर्भाग्य निम्त्याउँछ? किन

अरूका छोराचाहिं राम्रो बानीबेहोरा भएका छन्? किन मेरो छोराको कुनै लक्ष्य छैन, किन ऊ बेकामे छ र उसले कुनै रकम कमाउन सक्दैन, र मैले किन सधैँ उसलाई सहयोग गर्नुपर्छ? मैले नै उसलाई सहयोग गर्नुपर्ने भएकोले, म गर्नेछु—तर किन मैले जति नै धेरै पैसा दिए पनि, उसलाई सधैँ अझै बढी चाहिन्छ? किन उसले इमानदार रूपमा काम गर्न सक्दैन, बरु अल्लारे भएर हिँड्ने, खाने, पिउने, केटी घुमाउने, र बाजी लगाउनेजस्ता कुराहरू गर्छ? आखिर के भइरहेको छ?" त्यसपछि झाङ्गले केही समय सोच्छ, "सायद मैले अघिल्लो जीवनकालमा उसको ऋण खाएको छु। ठीकै छ, म यो कर्जा तिर्नेछु! मैले पूरा नतिरेसम्म यो कार्य रोकिनेछैन!" त्यो दिन आउन सक्छ जुन दिन लीले आफ्नो ऋण पूरै उठाइसक्छ, र ऊ चालीस वा पचासको दशकमा हुँदा, ऊ अचानक आफ्नो चेतनामा फर्किन्छ र महसुस गर्छ, "मैले मेरो जीवनको अघिल्लो आधा भागमा मैले एउटै राम्रो काम गरेको छैन रहेछु! मेरो बुबाले कमाएको सबै पैसा मैले उडाएको छु, त्यसकारण म असल व्यक्ति हुन सुरु गर्नुपर्छ! म आफैलाई दह्रिलो बनाउनेछु; म इमानदार र उचित रूपमा जिउने व्यक्ति बन्नेछु, र म मेरो बुबालाई फेरि कहिल्यै पनि दुःखी तुल्याउनेछैन!" उसले किन यस्तो विचार गर्छ? ऊ किन अचानक असल व्यक्तिमा परिवर्तन हुन्छ? के यसको कुनै कारण छ? कारण के हो? (किनभने लीले आफ्नो ऋण उठाइसकेको छ; झाङ्गले आफ्नो ऋण तिरिसकेको छ।) यसमा, कारण र प्रभाव छ। यो कथा तिनीहरूको हालको जीवनकालभन्दा धेरै पहिले सुरु भएको हो; तिनीहरूको विगतको जीवनको यो कथालाई वर्तमानमा ल्याइएको हुन्छ, र कसैले पनि अर्को व्यक्तिलाई दोष दिन सक्दैन। झाङ्गले आफ्नो छोरालाई जे सिकाए पनि, उसको छोराले कहिल्यै पनि सुनेन न त कुनै मेहनत नै गऱ्यो। ऋण तिरिएको दिनमा, उसको छोरालाई सिकाउनुपर्ने कुनै आवश्यकता परेन—उसले प्राकृतिक रूपमै बुझ्यो। यो एउटा सरल उदाहरण हो। के त्यस्ता धेरै उदाहरणहरू छन् त? (हो, छन्।) यसले मानिसहरूलाई के बताउँछ? (तिनीहरू असल हुनुपर्छ र दुष्ट कार्य गर्नु हुँदैन।) तिनीहरूले कुनै दुष्ट काम गर्नु हुँदैन, र तिनीहरूको गलत कार्यको निम्ति दण्ड दिइनेछ! धेरै अविश्वासीहरूले त्यस्ता धेरै दुष्ट कार्य गर्छन्, र तिनीहरूका गलत कार्यको निम्ति दण्ड दिइन्छ, होइन र? तैपनि, के त्यस्तो दण्ड स्वेच्छाचारी हुन्छ त? हरेक कार्यको लागि, पृष्ठभूमि हुन्छ र यसको दण्डको पछाडि एउटा कारण हुन्छ। के तैँले कसैलाई रकम ठगेपछि तँलाई केही पनि हुनेछैन भन्ने तँलाई लाग्छ? के तँलाई त्यो रकम ठगेपछि, तैँले कुनै पनि परिणामहरूको सामना गर्नुपर्दैन भन्ने लाग्छ? त्यस्तो हुनु त असम्भव नै हुनेछ; अवश्य नै त्यसका परिणामहरू हुनेछन्! तिनीहरू जो भए पनि वा तिनीहरूले परमेश्‍वर हुनुहुन्छ भन्ने विश्‍वास गरे पनि नगरे पनि, सबै व्यक्ति आफ्नो व्यवहारको निम्ति जिम्मेवार हुनुपर्छ र तिनीहरूले आफ्ना कार्यहरूका परिणामहरू भोग्नुपर्छ। यस सरल उदाहरणको विषयमा—झाङ्गलाई दण्ड दिइएको, र लीको कर्जा चुक्ता गरिएको विषयमा—के यो कुरा उचित छैन र? जब मानिसहरूले त्यस्ता कार्यहरू गर्छन्, आउने परिणाम यस्तै हुन्छ। यो आत्मिक संसारको प्रशासन कार्यबाट अलग गर्न नसकिने कुरा हो। तिनीहरू अविश्‍वासी भएको बावजूद पनि, परमेश्‍वरमा विश्‍वास नगर्ने मानिसहरूको अस्तित्व यी स्वर्गीय आदेश र उर्दीहरूको अधीनमा हुन्छ। ती आदेश र उर्दीबाट कोही पनि उम्कन सक्दैन, र यो यथार्थबाट कोही पनि जोगिन सक्दैन।

विश्वास नभएका मानिसहरूले प्रायजसो मानवले देख्न सक्ने सबै कुरा अस्तित्वमा छन्, तर देख्न नसकिने सबै कुरा, वा मानिसहरूबाट अत्यन्तै टाढा रहेका कुराहरू अस्तित्वमा छैनन् भन्ने विश्वास गर्छन्। तिनीहरू "जीवन र मृत्युको चक्र" छैन र कुनै "दण्ड" छैन भनेर विश्वास गर्न रुचाउँछन्; यसर्थ, तिनीहरूले कुनै पछुतो नगरीकन पाप गर्छन् र दुष्ट कार्य गर्छन्। त्यसपछि, तिनीहरू दण्डित हुन्छन्, वा पशु-प्राणीको रूपमा पुनर्जन्म लिन्छन्। अविश्वासीहरूका बीचमा रहेका विभिन्न प्रकारका मानिसहरूमध्ये धेरैजसो यही दुष्चक्रमा पर्छन्। किनभने तिनीहरूलाई सबै जीवित प्राणीप्रतिको प्रशासनमा आत्मिक संसार अत्यन्तै कठोर छ भन्ने थाहा हुँदैन। तैँले विश्वास गरे पनि नगरे पनि यो तथ्य अस्तित्वमा छ, किनभने परमेश्वरले आफ्नो आँखाले अवलोकन गर्नुहुने क्षेत्रबाट कुनै व्यक्ति वा वस्तु उम्कन सक्दैन, र उहाँका स्वर्गीय आदेश र उर्दीहरूका नियम र सीमितताहरूबाट कुनै व्यक्ति वा वस्तु उम्कन सक्दैन। तसर्थ, यो सरल उदाहरणले सबैलाई के कुरा बताउँछ भने, तैँले परमेश्वरमा विश्वास गरे पनि नगरे पनि, पाप गर्नु र दुष्ट कार्य गर्नु अस्वीकार्य छ, र सबै कामका परिणामहरू हुन्छन्। अर्को व्यक्तिबाट पैसा ठगी गर्ने कुनै व्यक्तिको लागि, त्यस्तो दण्ड उचित नै हुन्छ। आम रूपमा देखिने यस्तो व्यवहारलाई आत्मिक संसारमा दण्डित गरिन्छ, र त्यस्तो दण्ड परमेश्वरका आदेश र स्वर्गीय उर्दीद्वारा दिइन्छ। त्यसकारण, गम्भीर अपराधी र दुष्ट व्यवहारको निम्ति–बलात्कार र लुटपाट गर्ने, ठगी र छल गर्ने, चोरी र डकैती गर्ने, हत्या र आगजनी गर्ने, आदि इत्यादि–विभिन्न हदको गम्भीरतासहितको विभिन्न किसिमको दण्ड हुन्छ। विभिन्न हदको गम्भीरतासहितका यी दण्डहरूमा के-के पर्छन् त? तीमध्ये कतिमा समयको प्रयोग गरी गम्भीरताको स्तर तय गरिन्छ, कतिमा भने विभिन्न विधिहरूद्वारा त्यसो गरिन्छ; अझै अरूहरूमा मानिसहरू पुनर्जन्म हुँदा कहाँ जान्छन् त्यसलाई निर्धारण गरेर त्यसो गरिन्छ। उदाहरणको लागि, कतिपय मानिसहरू फोहोरी बोल्ने हुन्छन्। "फोहोरी बोल्ने" ले केलाई जनाउँछ? यसको अर्थ अरूसँग बोल्दा बारम्बार मनपरी भन्ने र अरूलाई सराप्ने द्वेषपूर्ण भाषाको प्रयोग गर्ने भन्ने हुन्छ। फोहोरी भाषाले केलाई जनाउँछ? त्यस व्यक्तिसँग दुर्भावनापूर्ण हृदय छ भन्ने यसले सङ्केत दिन्छ। अरूलाई सराप दिने फोहोरी भाषा त्यस्ता मानिसहरूको मुखबाट नै प्राय निस्कन्छ, र त्यस्तो फोहोरी भाषाले गम्भीर परिणामहरू ल्याउँछ। यी मानिसहरू मरेर उचित दण्ड पाएपछि, तिनीहरू गूँगो भएर जन्मन सक्छन्। कतिपय मानिसहरू जिउँदो हुँदा अत्यन्तै कुटिल हुन्छन्; तिनीहरूले प्राय अरूबाट फाइदा लुट्छन्, तिनीहरूका युक्तिहरू खास रूपमा योजनाबद्ध हुन्छन्, र तिनीहरूले अरूलाई धेरै हानि गर्छन्। जब तिनीहरूको पुनर्जन्म हुन्छ, तब तिनीहरू अर्धबुद्धि वा मानसिक रूपमा अशक्त भई जन्मन सक्छन्। कतिपय मानिसहरूले प्रायजसो अरूको व्यक्तिगत मामलामा हात हाल्छन्; तिनीहरूका आँखाले नदेख्नु पर्ने धेरै कुरा देख्छन्, र तिनीहरूले नजान्नु पर्ने धेरै कुरा जान्दछन्। परिणामस्वरूप, जब तिनीहरूको पुनर्जन्म हुन्छ, तिनीहरू अन्धा हुन सक्छन्। कतिपय मानिसहरू जीवित हुँदा हातखुट्टा चलाउन अत्यन्तै चतुर हुन्छन्; तिनीहरूले प्रायजसो झगडा गर्छन् र धेरै दुष्ट कार्य गर्छन्। यही कारणले गर्दा, तिनीहरू अपाङ्ग, लङ्गडो, वा हात नभएको व्यक्तिको रूपमा पुनर्जन्म हुन सक्छन्; अन्यथा तिनीहरू कुप्रो वा घाँटी बाङ्गिएको व्यक्तिको रूपमा जन्मन सक्छन्, एक हातले हिँड्ने, एउटा

खुट्टा अर्कोभन्दा छोटो भएको, र यस्तै अन्य रूपमा जन्मन सक्छन्। यिनमा, तिनीहरूलाई जीवित हुँदा तिनीहरूले गरेका दुष्ट कामको स्तरको आधारमा विभिन्न दण्डहरू प्रदान गरिएको हुन्छ। तिमीहरूलाई कतिपय मानिसहरूको दृष्टि किन धीमा हुन्छ भन्ने लाग्छ? के त्यस्ता धेरै मानिसहरू छन्? आजभोलि यस्ता मानिसहरू धेरै नै छन्। कतिपय मानिसहरूले तिनीहरूको विगतको जीवनमा आफ्नो आँखाको धेरै प्रयोग गरेका र धेरै खराब काम गरेकाले तिनीहरूको दृष्टि धीमा हुन्छ, त्यसले गर्दा तिनीहरू धीमा दृष्टिको समस्यासहित जन्मे, र गम्भीर अवस्थाहरूमा, तिनीहरू अन्धोसमेत भएर जन्मे। यो दण्ड हो! कतिपय मानिसहरू मर्नुभन्दा पहिले अरूसँग राम्ररी मिलेर बस्छन्; तिनीहरूले आफ्ना आफन्त, इष्टमित्र, सहकर्मी, वा तिनीहरूसँग सम्बन्धित अरू मानिसहरूका निम्ति धेरै असल कार्य गर्छन्। तिनीहरूले अरूका लागि परोपकार र हेरचाह प्रदान गर्छन्, वा तिनीहरूलाई आर्थिक रूपमा सहायता गर्छन्, अनि मानिसहरूले तिनीहरूलाई आदरको साथ हेर्छन्। जब त्यस्ता मानिसहरू आत्मिक संसारमा फर्कन्छन्, तिनीहरूलाई दण्ड दिइँदैन। एक अविश्‍वासीलाई कुनै पनि किसिमले दण्ड नदिनुको अर्थ तिनीहरू अत्यन्तै असल व्यक्ति थिए भन्ने हुन्छ। परमेश्‍वरको अस्तित्वमा विश्‍वास गर्नुको सट्टा, तिनीहरूले आकाशको वृद्ध मानिसमा मात्रै विश्‍वास गरे। त्यस्तो व्यक्तिले तिनीहरूभन्दा माथि एउटा आत्मा छ जसले तिनीहरूले गर्ने हरेक कुरा हेर्छ भन्ने मात्रै विश्‍वास गर्छ—यो व्यक्तिले विश्‍वास गर्ने भनेको यति मात्रै हो। यसको परिणाम के हुन्छ भने यो व्यक्तिको व्यवहार निकै राम्रो हुन्छ। त्यस्ता मानिसहरू दयालु हृदय भएको र परोपकारी हुन्छन्, र जब तिनीहरू अन्तिममा आत्मिक संसारमा फर्कन्छन्, यसले तिनीहरूलाई अत्यन्तै राम्रो व्यवहार गर्नेछ, र तिनीहरूको चाँडै नै पुनर्जन्म हुनेछ। जब तिनीहरू फेरि जन्मन्छन्, तिनीहरू कस्तो प्रकारको परिवारमा आइपुग्नेछन्? त्यस्ता परिवार धनी नभए पनि, तिनीहरूको परिवारका सदस्यहरूमा सद्भाव हुने हुँदा तिनीहरू कुनै पनि हानिबाट मुक्त हुन्छन्; त्यहाँ, पुनर्जन्म भएका यी मानिसहरूले सुरक्षित, खुशीका दिनहरू बिताउँछन्, र हरेक व्यक्तिले आनन्दित भएर असल जीवन जिउनेछ। जब यी मानिसहरू वयस्क हुन्छन्, तिनीहरूको परिवार ठूलो, संयुक्त परिवार हुनेछ, तिनीहरूका छोराछोरी प्रतिभावान् हुनेछन्, तिनीहरूले सफलता पाउनेछन्, अनि तिनीहरूको परिवारले राम्रो सौभाग्यको आनन्द लिनेछन्—र त्यस्तो परिणाम यी मानिसहरूको विगतको जीवनसँग पूर्ण रूपमा सम्बन्धित हुन्छ। अर्थात्, मानिसहरू मरेर तिनीहरूको पुनर्जन्म भएपछि तिनीहरू कहाँ जान्छन्, तिनीहरू पुरुष बन्छन् कि महिला बन्छन्, तिनीहरूको मिसन के हो, जीवनमा तिनीहरूले के भोग्नेछन्, तिनीहरूले के-कस्ता प्रतिरोधहरूको सामना गर्नेछन्, तिनीहरूले कस्ता आशिष् पाउनेछन्, तिनीहरूले कसलाई भेट्नेछन्, र तिनीहरूलाई के हुनेछ—कसैले पनि यी कुराहरूको पूर्वानुमान गर्न, तीबाट जोगिन, वा तीबाट लुक्न सक्दैन। भन्नुको अर्थ, तेरो जीवनको तय गरिएपछि, तँलाई जेसुकै भए पनि—तैँले यसबाट जोगिन जे-जसरी प्रयास गरे पनि, र जुनसुकै माध्यमको प्रयोग गरे पनि—परमेश्‍वरले आत्मिक संसारमा तेरो लागि तय गर्नुभएको जीवनको मार्गलाई तैँले कुनै पनि हालतमा उल्लङ्घन गर्न सक्दैनस्। किनभने जब तेरो पुनर्जन्म हुन्छ, तेरो जीवनको भवितव्य पहिले नै तोकिएको हुन्छ। चाहे यो असल होस् वा खराब, सबैले यसको सामना गर्नुपर्छ र अघि बढिरहनुपर्छ। यो यस्तो कुरा हो जसबाट यस संसारमा बस्ने कोही

पनि जोगिन सक्दैन, र यतिको यथार्थ कुरा अरू केही पनि छैन। मैले भन्दै आएको कुरा तिमीहरू सबैले बुझेका छौ, होइन त?

यी कुराहरूलाई बुझिसकेपछि, के तिमीहरूले अहिले अविश्‍वासीहरूको जीवन र मृत्युको चक्रमा परमेश्‍वरको अत्यन्तै सटीक र कठिन जाँच र प्रशासनको कार्य समावेश हुन्छ भन्‍ने देख्यौ? पहिलो, उहाँले आत्मिक क्षेत्रमा विभिन्‍न स्वर्गीय उर्दीहरू, आदेशहरू, र प्रणालीहरूको स्थापना गर्नुभएको छ, र यिनको घोषणा भइसकेपछि, तिनलाई परमेश्‍वरले तय गर्नुभएअनुसार नै आत्मिक संसारका विभिन्‍न आधिकारिक पदहरूमा भएका प्राणीहरूले कठोर रूपमा पालन गर्छन्, र कसैले पनि तिनलाई उल्लङ्घन गर्ने आँट गर्दैनन्। त्यसकारण, मानिसको संसारमा मानवजातिको जीवन र मृत्युको चक्रमा, कुनै व्यक्ति पशु-प्राणी वा मानिस, जुनसुकै रूपमा पुनर्जन्म भए पनि, दुवैका लागि नियमहरू छन्। यी नियमहरू परमेश्‍वरबाट आउने हुनाले, तिनलाई तोड्ने आँट कसैले पनि गर्दैन, न त कसैले तिनलाई तोड्न नै सक्छ। परमेश्‍वरको यो सार्वभौमिकताको कारणले गर्दा, अनि त्यस्ता नियमहरू अस्तित्वमा भएको हुनाले मात्रै, मानिसहरूले देख्ने भौतिक संसार नियमित र सुव्यवस्थित छ; परमेश्‍वरको यो सार्वभौमिकताको कारणले गर्दा मात्रै मानिसहरू तिनीहरूका निम्ति पूर्ण रूपमा अदृश्य रहेको अर्को संसारसँग शान्तिपूर्ण रूपमा सहअस्तित्वमा रहन सक्छन्, र यससँग सदभावमा जिउन सक्छन्–जसमध्ये कुनैलाई पनि परमेश्‍वरको सार्वभौमिकताबाट अलग गर्न सकिँदैन। व्यक्तिको देहीय जीवन मरिसकेपछि पनि प्राणसँग अझै जीवन हुन्छ, त्यसैले यो परमेश्‍वरको प्रशासनको अधीनमा नभएको भए यसलाई के हुनेथियो? उक्त प्राण जहाँसुकै घुसपैठ गर्दै जताततै भौँतारिनेथियो, अनि मानव संसारका जीवित कुराहरूलाई हानि समेत गर्नेथियो। त्यस्तो हानि मानवजातिलाई मात्र होइन, वनस्पति र पशु-प्राणीलाई पनि हुनेथियो–तैपनि, हानि गरिने पहिलो कुरा मानिसहरू नै हुनेथिए। यस्तो भएको भए–यदि त्यस्तो प्राण प्रशासनविना भएको भए, त्यसले साँच्चै मानिसहरूलाई हानि गरेको भए, र वास्तवमै दुष्ट कुराहरू गरेको भए–यो प्राणलाई पनि आत्मिक संसारमा उचित रूपमा सम्हालिनेथियो। यदि अवस्था गम्भीर हुन्थ्यो भने, उक्त प्राण चाँडै नै अस्तित्वविहीन हुनेथियो, र यसलाई नष्ट गरिनेथियो। सम्भव भए, यसलाई कतै राखिनेथियो र त्यसपछि पुनर्जन्म गराइनेथियो। भन्‍नुको अर्थ, आत्मिक संसारले विभिन्‍न प्राणहरूलाई गर्ने प्रशासन सुव्यवस्थित हुन्छ र यस्तो प्रशासनलाई चरणहरू र नियमहरूअनुरूप कार्यान्वयन गरिन्छ। यस्तो प्रशासनको कारणले गर्दा नै मानिसको भौतिक संसार विश्रृंखलतामा परेको छैन, भौतिक संसारका मानिसहरूमा सामान्य मानसिकता, सामान्य चेतना, र व्यवस्थित देहीय जीवन छ। मानिसमा त्यस्तो सामान्य जीवन भएपछि मात्रै देहमा जिउनेहरू पुस्तौंपुस्तासम्म निरन्तर उन्‍नति गर्न र वृद्धि-विकास गर्न सक्‍नेछन्।

तिमीहरूले भर्खरै सुनेका वचनहरूको बारेमा तिमीहरू के सोच्छौ? के ती तिमीहरूका लागि नयाँ छन्? आजको सङ्गतिका विषयहरूले तिमीहरूमा कस्तो प्रभाव पार्‍यो? तिनको नवीनताबाहेक, तिमीहरूले अरू कुनै कुराको अनुभूति गर्‍यौ? (मानिसहरूले राम्रो बानीबेहोरा अपनाउनुपर्छ, र हामीले परमेश्‍वर महान् हुनुहुन्छ र उहाँलाई आदर गरिनुपर्छ भन्‍ने देख्न सक्छौं।) (परमेश्‍वरले विभिन्‍न प्रकारका मानिसहरूको अन्त्यको बन्दोबस्त कसरी गर्नुहुन्छ भन्‍नेबारेमा परमेश्‍वरले बताउनुभएको

कुराकानी सुनिसकेपछि, एक हिसाबमा मलाई के लाग्छ भने, उहाँको स्वभावले कुनै उल्लङ्घन सहँदैन, र मैले उहाँको आदर गर्नुपर्छ; अर्को हिसाबमा, मलाई परमेश्वरले कस्तो प्रकारका मानिसहरूलाई मन पराउनुहुन्छ, र उहाँले कस्ता प्रकारका मानिसहरूलाई मन पराउनुहुन्न भन्ने थाहा भयो, त्यसकारण म उहाँले मन पराउनुहुने मानिसहरू मध्येको एक बन्न चाहन्छु।) के यस क्षेत्रमा परमेश्वर आफ्ना कार्यहरूप्रति सिद्धान्त केन्द्रित हुनुहुन्छ भन्ने तिमीहरूले देख्यौ? उहाँले जुन सिद्धान्तहरूअनुसार काम गर्नुहुन्छ ती सिद्धान्तहरू के हुन्? (उहाँले मानिसहरूको अन्त्य तिनीहरूले के गर्छन् त्यसको आधारमा तय गर्नुहुन्छ।) हामीले भर्खरै कुरा गरेको यो विषय अविश्वासीहरूको विभिन्न प्रकारको अन्त्यसँग सम्बन्धित छ। जब अविश्वासीहरूको कुरा आउँछ, तब के परमेश्वरका कार्यहरूपछाडिको सिद्धान्त असललाई इनाम दिने र दुष्टलाई दण्ड दिने प्रकृतिको छ? कुनै अपवादहरू छन्? (छैन।) के परमेश्वरका कार्यहरूपछाडि सिद्धान्त छ भन्ने तिमीहरूले देख्छौ? अविश्वासीहरूले वास्तवमा परमेश्वरमा विश्वास गर्दैनन्, न त तिनीहरू उहाँका योजनाबद्ध कार्यमा नै समर्पित हुन्छन्। यसअलावा, तिनीहरूलाई उहाँको सार्वभौमिकताको बारेमा थाहा हुँदैन, तिनीहरूले उहाँलाई स्वीकार गर्ने कुरा त परै जाओस्। अझै गम्भीर कुरा, तिनीहरूले परमेश्वरको विरुद्ध अपवित्र कार्य गर्छन्, र उहाँलाई सराप्छन्, र परमेश्वरमा विश्वास गर्नेहरूप्रति शत्रुवत् हुन्छन्। परमेश्वरप्रतिको तिनीहरूको यो मनोवृत्तिको बावजूद पनि, तिनीहरूमाथिको उहाँको प्रशासन उहाँका सिद्धान्तहरूभन्दा बाहिर जाँदैन; उहाँले तिनीहरूमाथि उहाँका सिद्धान्तहरू र उहाँको स्वभावअनुसार सुव्यवस्थित रूपमा प्रशासन गर्नुहुन्छ। तिनीहरूको शत्रुतालाई उहाँले कसरी लिनुहुन्छ त? अज्ञानताको रूपमा लिनुहुन्छ! परिणामस्वरूप, उहाँले यी मानिसहरूलाई–अर्थात्, अविश्वासीहरूमध्ये अधिकांशलाई–विगतमा पशु-प्राणीको रूपमा पुनर्जन्म गराउनुभयो। त्यसकारण, परमेश्वरको नजरमा, अविश्वासीहरू वास्तवमा के हुन् त? तिनीहरू सबै पशु हुन्। परमेश्वरले पशु साथै मानवजातिलाई व्यवस्थापन गर्नुहुन्छ, र त्यस्ता मानिसहरूको लागि उहाँका सिद्धान्तहरू उही हुन्छन्। यी मानिसहरूलाई उहाँले व्यवस्थापन गर्ने क्रममा पनि, उहाँको स्वभावलाई अझै देख्न सकिन्छ, साथै सबै थोकमाथिको उहाँको प्रभुत्वपछाडिका उहाँका नियमहरूलाई पनि देख्न सकिन्छ। त्यसकारण, अविश्वासीहरूलाई व्यवस्थापन गर्ने भनी मैले भर्खरै उल्लेख गरेका सिद्धान्तहरूमा के तिमीहरूले परमेश्वरको सार्वभौमिकतालाई देख्छौ? के तिमीहरू परमेश्वरको धर्मी स्वभावलाई देख्छौ? (देख्छौं।) अर्को शब्दमा भन्दा, उहाँले सबै थोकमध्ये जुन कुराको सन्दर्भमा कार्य गर्नुभए पनि, परमेश्वरले आफ्नै सिद्धान्तहरू र स्वभावअनुसार कार्य गर्नुहुन्छ। परमेश्वरको सार यही हो; उहाँले त्यस्ता मानिसहरूलाई पशुका रूपमा लिनुहुन्छ भन्दैमा उहाँले आफूले तय गर्नुभएका त्यस्ता उर्दी वा स्वर्गीय आदेशहरूलाई कहिल्यै पनि लापरवाही रूपमा तोड्नुहुन्न। परमेश्वरले कुनै पनि हालतमा लापरवाही रूपमा काम गर्नुहुन्न तर सिद्धान्तको आधारमा काम गर्नुहुन्छ, र उहाँका कार्यहरूलाई कुनै पनि तत्वले कुनै असर पार्दैन। उहाँले गर्नुहुने हरेक कुरा उहाँका आफ्नै सिद्धान्तहरूअनुरूप हुन्छन्। किनभने परमेश्वरसँग परमेश्वर स्वयम्को सार छ; यो उहाँको सारको एउटा पक्ष हो जुन कुनै पनि सृष्टि गरिएको प्राणीमा हुँदैन। उहाँले सृष्टि गर्नुभएका सबै थोकका बीचमा रहेका वस्तु, व्यक्ति, र जीवित प्राणीलाई सम्हाल्ने, पहुँच गर्ने, व्यवस्थापन गर्ने, प्रशासन

गर्ने, र शासन गर्ने कार्यमा परमेश्‍वर कर्तव्यनिष्ठा र जिम्मेवार हुनुहुन्छ, र यसमा, उहाँ कहिल्यै पनि लापरवाही हुनुभएको छैन। असलहरूका निम्ति उहाँ अनुग्रही र दयालु हुनुहुन्छ; दुष्टहरूमाथि उहाँले कुनै पछुतो नगरी दण्ड वर्षाउनुहुन्छ; अनि विभिन्‍न जीवित प्राणीहरूका निम्ति, उहाँले फरक-फरक समयको मानव संसारका विभिन्‍न मापदण्डहरूअनुसार समयमै र नियमित रूपमा यसरी उचित बन्दोबस्त गर्नुहुन्छ कि यी विभिन्‍न जीवित प्राणीहरूले खेल्ने भूमिकाअनुसार नै सुव्यवस्थित रूपमा तिनीहरूको पुनर्जन्म हुन्छ र तिनीहरू विधिवत् रूपमा भौतिक संसार र आत्मिक संसारको बीचमा आवतजावत गर्छन्।

जीवित प्राणीको मृत्युले—भौतिक जीवनको समाप्तिले—जीवित प्राणी भौतिक संसारबाट आत्मिक संसारमा गएको छ भन्‍ने देखाउँछ, नयाँ भौतिक जीवनको जन्मले जीवित प्राणी आत्मिक संसारबाट भौतिक संसारमा आएको छ र यसले आफ्नो भूमिका स्वीकार गरी निर्वाह गर्न सुरु गरेको छ भन्‍ने देखाउँछ। चाहे यो प्राणीको प्रस्थान वा आगमन जे भए तापनि, यी दुवैलाई आत्मिक संसारको कार्यबाट अलग गर्न सकिँदैन। कुनै व्यक्ति भौतिक संसारमा आइपुग्दासम्म, त्यो व्यक्ति कुन परिवारमा जानेछ, कुन युगमा तिनीहरू आइपुग्नेछन्, कुन घडीमा तिनीहरू आइपुग्नेछन्, अनि तिनीहरूले निर्वाह गर्ने भूमिका जस्ता उचित बन्दोबस्तहरू र परिभाषाहरू परमेश्‍वरले आत्मिक संसारमा पहिले नै तयार गरिसक्नुभएको हुन्छ। त्यसो भएको हुनाले, यो व्यक्तिको सम्पूर्ण जीवन—तिनीहरूले गर्ने कुराहरू, र तिनीहरूले लिने मार्गहरू—अलिकति पनि तलमाथि नभईकन आत्मिक संसारमा गरिएका बन्दोबस्तहरूअनुसार नै अघि बढ्नेछन्। यसको साथै, भौतिक जीवन समाप्त हुने र यो अन्त्य हुने तरिका र स्थान बारेमा आत्मिक संसारमा स्पष्ट र पत्ता लगाउन सकिने हुन्छ। भौतिक संसारमाथि परमेश्‍वरले शासन गर्नुहुन्छ, र उहाँले आत्मिक संसारमाथि पनि शासन गर्नुहुन्छ, अनि उहाँले प्राणको जीवन र मृत्युको सामान्य चक्रमा ढिलाइ गर्नुहुनेछैन, न त उहाँले त्यस चक्रका बन्दोबस्तहरूमा कहिल्यै कुनै गल्तीहरू नै गर्न सक्नुहुन्छ। आत्मिक संसारका आधिकारिक पदहरू धारण गर्नेहरूले आफ्ना व्यक्तिगत कार्यहरू गर्छन्, अनि परमेश्‍वरका निर्देशनहरू र नियमहरूअनुसार तिनीहरूले आफूले गर्नुपर्ने काम गर्छन्। तसर्थ, मानवजातिको संसारमा मानिसले हेर्ने हरेक भौतिक घटनाक्रम व्यवस्थित हुन्छन्, र त्यसमा कुनै भद्रगोलता हुँदैन। यो सबै परमेश्‍वरले सबै थोकमाथि गर्नुहुने सुव्यवस्थित शासनको कारण, साथै उहाँको अख्तियारले सबै थोकमाथि शासन गर्नुहुन्छ भन्‍ने तथ्यले गर्दा भएको हो। उहाँको प्रभुत्वमा मानिस जिउने भौतिक संसार, साथै मानवजातिभन्दा पछाडि रहेको अदृश्य आत्मिक संसार पनि समावेश छ। त्यसकारण, यदि मानिसले असल जीवन पाउने चाहना गर्छ, र देख्न सकिने सम्पूर्ण भौतिक संसार आफूलाई प्रदान गरिएको लगायत राम्रो परिवेशमा जिउने आशा गर्छ भने, तिनीहरूलाई आत्मिक संसार पनि प्रदान गरिनुपर्छ जसलाई कसैले पनि देख्न सक्दैन, जसले मानवजातिको पक्षमा हरेक जीवित प्राणीमाथि शासन गर्छ र जुन सुव्यवस्थित छ। तसर्थ, सबै थोकका लागि जीवनको स्रोत परमेश्‍वर नै हुनुहुन्छ भनेर बताइसकेपछि, के हामीले “सबै थोक” सम्बन्धी हाम्रो चेतना र बुझाइलाई उच्च पारेका छैनौं र? (छौं।)

## २. विभिन्न विश्वासका मानिसहरूको जीवन र मृत्युको चक्र

हामीले भर्खरै पहिलो वर्गका मानिसहरूको अर्थात्, अविश्वासीहरूको जीवन र मृत्युको चक्रको बारेमा छलफल गर्‍यौं। अब, हामी दोस्रो वर्गको, अर्थात् विभिन्न विश्वासका मानिसहरूको बारेमा छलफल गरौं। "विभिन्न विश्वासका मानिसहरूको जीवन र मृत्युको चक्र" एउटा अर्को अत्यन्तै महत्त्वपूर्ण विषय हो, र तिमीहरूले यसबारेमा केही बुझाइ प्राप्त गर्नु अत्यन्तै महत्त्वपूर्ण छ। सबैभन्दा पहिले, हामी "विश्वासका मानिसहरू" भन्ने वाक्यांशको "विश्वासले" केलाई जनाउँछ त्यसको बारेमा कुरा गरौं: यहूदी धर्म, इसाई जगत, क्याथोलिकवाद, इस्लाम, र बुद्ध धर्म गरी मुख्य पाँच धर्म। अविश्वासीहरूबाहेक, यी पाँच धर्ममा विश्वास गर्ने मानिसहरूले संसारको जनसङ्ख्याको धेरैजसो भाग ओगटेको छ। यी पाँच धर्महरूमध्ये, धर्ममा नै आफ्नो जीविकोपार्जन गर्ने मानिसहरू थोरै मात्र छन्, तैपनि यी धर्महरूका धेरै अनुयायी हुन्छन्। मरेपछि तिनीहरू फरक-फरक स्थानमा जानेछन्। कोबाट "फरक"? अविश्वासीहरू, कुनै विश्वास नभएका मानिसहरूबाट फरक, जसको बारेमा हामीले भर्खरै कुरा गरिरहेका थियौं। मरेपछि यी पाँच धर्मका विश्वासीहरू अर्कै ठाउँमा, अविश्वासीहरूको भन्दा फरक अर्कै ठाउँमा जान्छन्। तैपनि, यो अझै पनि उही प्रक्रिया हुन्छ; तिनीहरू मर्नुभन्दा पहिले तिनीहरूले गरेका सबै कुराको आधारमा नै आत्मिक संसारले तिनीहरूको न्याय गर्नेछ, जुन कार्यपछि तिनीहरूलाई सोहीअनुरूप अघि बढाइनेछ। तैपनि किन यी मानिसहरूलाई प्रक्रियाको लागि फरक स्थानमा पठाइनेछ त? यसको एउटा महत्त्वपूर्ण कारण छ। यो के हो त? म तिमीहरूलाई एउटा उदाहरणद्वारा यसबारेमा व्याख्या गर्नेछु। तैपनि मैले यसो गर्नुभन्दा पहिले, तिमीहरू सायद मनमनै सोचिरहेका छौ होला: "सायद परमेश्‍वरप्रतिको तिनीहरूको विश्वास सानो भएकोले होला! तिनीहरू पूर्ण अविश्वासी होइनन्।" तैपनि, कारण यो होइन। तिनीहरूलाई अरूबाट टाढा राख्नुको एउटा अत्यन्तै महत्त्वपूर्ण कारण छ।

उदाहरणको लागि बुद्‌ध धर्मलाई लिऊँ। म तिमीहरूलाई एउटा तथ्य बताउनेछु। बुद्‌ध धर्म मान्ने मानिस बुद्‌ध धर्ममा लागेको व्यक्ति हो, र यो व्यक्तिलाई तिनीहरूको विश्वास के हो भन्ने थाहा हुन्छ। जब बुद्‌ध धर्मावलम्बीहरू आफ्नो कपाल काटेर लामा वा आनी बन्छन्, यसको अर्थ तिनीहरूले मानव संसारका कोलाहललाई छोडेर आफूलाई भौतिक संसारबाट अलग गरेका छन् भन्ने हुन्छ। हरेक दिन, तिनीहरूले सूत्र र बुद्‌धको नाम जप्छन्, शाकाहारी खाना मात्र खान्छन्, भिक्षुको जीवन जिउँछन्, अनि चीसोमा, घिउको दियोको मधुरो ज्योतिमा बसेर आफ्ना दिनहरू बिताउँछन्। तिनीहरूले आफ्नो सारा जीवन यसरी नै बिताउँछन्। जब बुद्‌ध धर्मावलम्बीको भौतिक जीवन समाप्त हुन्छ, तब तिनीहरूले आफ्नो जीवनको सारांश तयार गर्छन्, तर तिनीहरूलाई आफ्नो हृदयमा भने तिनीहरू मरेपछि कहाँ जानेछन्, तिनीहरूले कसलाई भेट्नेछन्, वा तिनीहरूको परिणाम के हुनेछ भन्ने थाहा हुनेछैन: भित्री मनमा, तिनीहरूसँग त्यस्ता कुराको बारेमा स्पष्ट विचार हुँदैन। आफ्नो सारा जीवनभरि अन्धाधुन्ध विश्वास गर्नेबाहेक तिनीहरूले केही पनि गरेका हुँदैनन्, जुन कार्यपछि तिनीहरू आफ्ना अन्धो कामना र आदर्शहरूसहित मानव संसारबाट बिदा हुन्छन्। बुद्‌ध धर्मावलम्बीहरूले जीवितहरूको संसारलाई छोडेर जाँदा तिनीहरूको भौतिक जीवनको समाप्ति त्यस्तै

हुन्छ; त्यसपछि, तिनीहरू आफ्नो आत्मिक संसारको मूल स्थानमा फर्कन्छन्। पृथ्वीमा फर्कनको लागि र आफ्नो आत्म-हेरचाहलाई जारी राख्नको लागि उक्त व्यक्तिको पुनर्जन्म हुन्छ कि हुँदैन भन्ने कुरा तिनीहरूको मृत्युभन्दा पहिलेको तिनीहरूको बानीबेहोरा र अभ्यासमा निर्भर हुन्छ। यदि तिनीहरूले आफ्नो जीवनकालमा केही पनि गलत गरेका थिएनन् भने, तिनीहरूको तुरुन्तै पुनर्जन्म हुन्छ र तिनीहरूलाई फेरि पृथ्वीमा पठाइन्छ, जहाँ उक्त व्यक्ति फेरि पनि लामा वा आनी बन्छ। अर्थात्, तिनीहरूले पहिलोपटक जसरी आत्म-हेरचाहको अभ्यास गरेका थिए त्यसरी नै तिनीहरूले आफ्नो भौतिक जीवनकालमा आत्म-हेरचाहको अभ्यास गर्छन्, त्यसपछि तिनीहरूको भौतिक जीवन समाप्त भएपछि, तिनीहरू आत्मिक क्षेत्रमा फर्कन्छन्, जहाँ तिनीहरूको जाँच हुन्छ। त्यसपछि, कुनै समस्या भेटिएन भने, तिनीहरू फेरि मानिसको संसारमा फर्केर फेरि बौद्ध धर्ममा लागेर, आफ्नो अभ्यासलाई जारी राख्न सक्छन्। तीनदेखि सात पटक पुनर्जन्म भइसकेपछि, तिनीहरू फेरि पनि आत्मिक संसारमा फर्कनेछन्, जहाँ तिनीहरू हरेक भौतिक जीवन समाप्त भएपछि जान्छन्। यदि मानव संसारमा हुँदा तिनीहरूका विभिन्न योग्यता र व्यवहार आत्मिक संसारका स्वर्गीय आदेशहरू अनुरूप छन् भने, यस विन्दुदेखि उसो, तिनीहरू त्यहीँ नै रहनेछन्; तिनीहरू त्यसउप्रान्त मानवको रूपमा पुनर्जन्म हुनेछैनन्, न त तिनीहरूले दुष्कर्म गरेकोमा कुनै दण्ड पाउने खतरा नै हुन्छ। तिनीहरू फेरि कहिल्यै पनि यो प्रक्रियामार्फत गुज्रनेछैनन्। बरु, तिनीहरूका परिस्थितिहरूअनुरूप, तिनीहरूले आत्मिक क्षेत्रमा एउटा पद धारण गर्नेछन्। बुद्ध धर्मावलम्बीहरूले यसैलाई “बुद्धत्व प्राप्त गर्नु” भनेर भन्छन्। बुद्धत्व प्राप्त गर्नु भनेको मुख्य रूपमा आत्मिक संसारको अधिकारीको रूपमा नियुक्ति भई सफलता प्राप्त गरेर, अबउप्रान्त पुनर्जन्म नहुनु वा दण्डित हुने खतरामा नपर्नु हो। यसको साथै, यसको अर्थ अबउप्रान्त पुनर्जन्म भई मानव भएर कष्ट-भोग नगर्नु भन्ने हुन्छ। त्यसकारण, के तिनीहरू पशु-प्राणीको रूपमा पुनर्जन्म हुने कुनै सम्भावना हुन्छ? (हुँदैन।) यसको अर्थ तिनीहरू आत्मिक संसारमा एउटा भूमिका लिएर बस्नेछन् र अबउप्रान्त पुनर्जन्म हुनेछैनन् भन्ने हुन्छ। बुद्ध धर्ममा बुद्धत्व प्राप्त गर्नुको एउटा उदाहरण यही हो। आत्मिक संसारमा फर्केपछि, यस्तो फल प्राप्त नगर्नेहरूको हकमा भन्दा, तिनीहरूलाई उचित अधिकारीले जाँच र प्रमाणीकरण गर्छन्, जसले तिनीहरू जीवित हुँदा तिनीहरूले आत्म-हेरचाहको इमान्दार अभ्यास गरेनन् वा बुद्ध धर्मले तोकेअनुसार सूत्र र बुद्धको नाम जप्दा कर्तव्यनिष्ठ भएनन्, बरु धेरै दुष्ट कार्यहरू गरे र धेरै दुष्ट व्यवहारमा लागे भन्ने पत्ता लगाउँछन्। त्यसपछि, आत्मिक संसारमा तिनीहरूको दुष्कर्मको निम्ति न्याय गरिन्छ, अनि त्यसपछि, तिनीहरूलाई निश्चित रूपमा दण्ड दिइन्छ। यसमा कुनै अपवाद छैन। त्यसो भए, त्यस्तो व्यक्तिले कहिले फल प्राप्त गर्न सक्छ त? तिनीहरूले कुनै दुष्टता नगरेको जीवनकालमा—आत्मिक संसारमा फर्केपछि, तिनीहरू मर्नुभन्दा पहिले तिनीहरूले कही पनि गल्ती गरेका छैनन् भन्ने देखिएमा। त्यसपछि तिनीहरू पुनर्जन्म हुने कार्य जारी रहन्छ, र तिनीहरूले सूत्र जप्ने र बुद्धको नाम पुकार गर्ने, घिउको दियोको मधुरो ज्योतिको साथमा चिसोमा दिनहरू बिताउँछन्, कुनै पनि जीवित प्राणीलाई मार्ने कार्यबाट वा कुनै मासु खानबाट टाढा बस्छन्। तिनीहरूले मानिसको संसारमा कुनै सहभागिता जनाउँदैनन्, यसका दुःखलाई तिनीहरूले टाढा छोड्छन् र

अरूसँग कुनै विवाद गर्दैनन्। यस प्रक्रियामा, यदि तिनीहरूले कुनै दुष्ट कार्य गरेनन् भने, तिनीहरू आत्मिक संसारमा फर्केपछि र तिनीहरूका सबै कार्य र व्यवहारको जाँच गरिएपछि, तिनीहरूलाई मानव संसारमा फेरि एक पटक पठाइन्छ र एवं रितले यो चक्र तीनदेखि सातपटकसम्म दोहोरिन्छ। यो अवधिमा तिनीहरूले कुनै पनि दुष्कर्म गरेनन् भने, तिनीहरूले बुद्धत्व प्राप्त गर्ने कुरामा कुनै पनि प्रभाव पर्नेछैन, र कुनै पनि ढिलाइ हुनेछैन। विश्‍वासका सबै मानिसहरूका जीवन र मृत्युको चक्रको एउटा विशेषता यही हो: तिनीहरूले "फल प्राप्त" गर्न सक्छन् र आत्मिक संसारमा कुनै एउटा पद ग्रहण गर्न सक्छन्; यही कुराले तिनीहरूलाई अविश्‍वासीहरूबाट अलग गर्छ। सर्वप्रथम, तिनीहरू पृथ्वीमा बाँचिरहेको बेला, आत्मिक संसारमा कुनै पद लिन सक्ने मानिसहरूले कस्तो व्यवहार गर्छन् त? तिनीहरूले निश्‍चित रूपमा कुनै दुष्ट कार्य गर्नु हुँदैन: तिनीहरूले हत्या, आगजनी, बलात्कार, वा लुटपाट गर्नु हुँदैन; यदि तिनीहरू ठगी, धोका, चोरी वा डकैतीमा लागे भने, तिनीहरूले फल प्राप्त गर्न सक्दैनन्। अर्को शब्दमा भन्दा, यदि जुनसुकै प्रकारको दुष्कर्मसँग तिनीहरूको कुनै सम्बन्ध वा सम्बद्धता छ भने, तिनीहरू आत्मिक संसारले तिनीहरूलाई प्रदान गर्ने दण्डबाट उम्कन सक्नेछैनन्। आत्मिक संसारले बुद्धत्व प्राप्त गर्ने बुद्ध धर्मावलम्बीहरूका निम्ति उचित बन्दोबस्त गर्छ: तिनीहरूलाई बुद्ध धर्ममा विश्‍वास गर्ने, र आकाशको वृद्ध मानिसमा विश्‍वास गर्नेजस्तो देखिनेहरूको प्रशासकको रूपमा नियुक्त गरिन सक्छ—तिनीहरूलाई कुनै निश्‍चित प्रशासकीय अधिकारक्षेत्र प्रदान गरिन सक्छ। तिनीहरू अविश्‍वासीहरूको मात्रै कार्यभारी हुन सक्छन् वा तिनीहरूले सानातिना कर्तव्यसहितका पदहरू मात्र प्राप्त गर्न सक्छन्। त्यस्ता नियुक्ति तिनीहरूको प्राणको विभिन्न प्रकृतिअनुसार प्रदान गरिन्छ। यो बुद्ध धर्मको उदाहरण हो।

हामीले उल्लेख गरेका पाँच धर्ममध्ये, इसाई जगत तुलनात्मक रूपमा विशेष छ। के कुराले इसाईलाई विशेष तुल्याउँछ त? यिनीहरू साँचो परमेश्‍वरमा विश्‍वास गर्ने मानिसहरू हुन्। साँचो परमेश्‍वरमा विश्‍वास गर्ने मानिसहरूलाई यहाँ कसरी सूचीकृत गर्न सकिन्छ त? इसाई जगत एक प्रकारको विश्‍वास हो भन्दा, यो विश्‍वाससँग मात्रै सम्बन्धित हुन्थ्यो भन्नेमा कुनै शङ्का हुँदैन; यो एक प्रकारको रीतिरिवाज, एक प्रकारको धर्म र परमेश्‍वरलाई सच्चा रूपमा पछ्याउने मानिसहरूको विश्‍वासभन्दा पूर्ण रूपमा फरक कुरा मात्रै हुन्थ्यो। मैले इसाई जगतलाई मुख्य पाँच धर्ममा सूचीकृत गर्नुको कारण के हो भने यो यहूदी धर्म, बुद्ध धर्म, र इस्लामकै स्तरमा झरेको छ। यहाँका धेरैजसो मानिसहरूले परमेश्‍वर हुनुहुन्छ, वा उहाँले सबै थोकमाथि शासन गर्नुहुन्छ भन्नेमा विश्‍वास गर्दैनन्; तिनीहरूले उहाँको अस्तित्वमा विश्‍वास गर्ने कुरा त परै जाओस्। बरु, तिनीहरूले धर्मशास्त्रको व्याख्या गर्नको लागि पवित्र पुस्तकहरूको प्रयोग गर्ने र मानिसहरूलाई दयालु बन्न, कष्ट सहन, र असल कार्य गर्न सिकाउनको लागि धर्मशास्त्रको प्रयोग गर्ने मात्रै गर्छन्। इसाई जगत त्यही प्रकारको धर्म बन्न पुगेको छ: यसले मानिसलाई व्यवस्थापन गर्ने र मुक्ति दिने परमेश्‍वरको कार्यसँग कुनै सम्बन्ध नै नराखी धर्मशास्त्रीय सिद्धान्तहरूमा मात्रै ध्यान दिन्छ। यो परमेश्‍वरलाई पछ्याउने तर परमेश्‍वरले वास्तवमा स्वीकार नगर्नुभएका मानिसहरूको धर्म बनेको छ। तैपनि, त्यस्ता मानिसहरूलाई गर्ने व्यवहारको बारेमा पनि परमेश्‍वरसँग सिद्धान्त

छ। उहाँले अविश्वासीहरूलाई गरेजस्तो जानी-जानी तिनीहरूलाई यत्तिकै व्यवहार गर्ने वा तिनीहरूको निराकरण गर्ने गर्नुहुन्न। उहाँले तिनीहरूलाई बुद्ध धर्मावलम्बीहरूलाई जस्तै व्यवहार गर्नुहुन्छ: यदि जीवित हुँदा, एक इसाईले आत्म-अनुशासनको अभ्यास गर्न, दश-आज्ञाको पूर्ण पालन गर्न र व्यवस्था र आज्ञाहरूअनुसार आफ्नो व्यवहारलाई कायम राख्न, र आफ्नो सम्पूर्ण जीवनभरि तिनको पालन गर्न सक्छ भने, तिनीहरूले साँचो रूपमा तथाकथित "उठाइ" प्राप्त गर्नुभन्दा पहिले, तिनीहरूले जीवन र मृत्युको चक्रहरूमार्फत गुज्रदैँ केही समय बिताउनुपर्छ। यो उठाइ प्राप्त गरिसकेपछि, तिनीहरू आत्मिक संसारमा रहन्छन्, जहाँ तिनीहरूले एउटा पद प्राप्त गर्छन् र यसको एक अधिकारी बन्छन्। त्यसै गरी, यदि तिनीहरूले पृथ्वीमा हुँदा दुष्ट कार्य गरे भने—यदि तिनीहरू अत्यन्तै पापी भए र धेरै पाप गरे भने—तिनीहरूलाई अवश्य पनि फरक-फरक हदमा दण्ड र अनुशासन कारबाही गरिन्छ। बुद्ध धर्ममा, फल प्राप्त गर्नु भनेको सर्वोच्च परम आनन्दको शुद्ध भूमिमा प्रवेश गर्नु हो, तर इसाई जगतमा तिनीहरूले यसलाई के भन्छन् त? यसलाई "स्वर्गमा प्रवेश गर्नु" र "उठाइ हुनु" भनिन्छ। साँचो रूपमा उठाइ भएकाहरू पनि तीनदेखि सात पटकसम्म जीवन र मृत्युको चक्रबाट गुज्रन्छन्, त्यसपछि तिनीहरू मरेर आत्मिक संसारमा आउँछन्, मानौँ तिनीहरू सुतेका थिए। यदि तिनीहरू मापदण्डअनुरूप छन् भने, तिनीहरू कुनै पद ग्रहण गर्न त्यहीँ रहन सक्छन् र पृथ्वीका मानिसहरूका विपरीत, तिनिहरू सरल रूपमा वा प्रचलनअनुसार तिनीहरूको पुनर्जन्म हुनेछैन।

यी सबै धर्ममध्ये, तिनीहरूले जुन अन्त्यको बारेमा बताउँछन् र जुन अन्त्य प्राप्त गर्ने प्रयास गर्छन् त्यो बुद्ध धर्मको फल प्राप्त गर्नुसरह हो; के मात्रै हो भने यो "फल" फरक-फरक माध्यमद्वारा प्राप्त गरिन्छ। तिनीहरू सबै उस्तै हुन्। यी धर्महरूका अनुयायीहरूको यो समूह जसले आफ्नो व्यवहारमा धार्मिक नियमलाई कडाइका साथ पालन गर्न सक्छन्, तिनीहरूलाई परमेश्‍वरले उचित गन्तव्य, जाने उचित स्थान दिनुहुन्छ, र उचित रूपमा व्यवहार गर्नुहुन्छ। यो सबै मनासिब छ, तर यो मानिसहरूले कल्पना गरेजस्तो होइन, हो त? अब, इसाई जगतका मानिसहरूलाई के हुन्छ भन्ने सुनिसकेपछि, तिमीहरूलाई के अनुभूति भयो? के तिमीहरूलाई तिनीहरूको दुर्दशा अनुचित छ भन्ने लाग्छ? के तिमीहरूलाई तिनीहरूप्रति सहानुभूति जाग्यो? (थोरै।) गर्न सकिने केही पनि छैन; त्यसको दोषी तिनीहरू नै हुन्। म किन यसो भन्दैछु त? परमेश्‍वरको कार्य साँचो छ; उहाँ जीवित र वास्तविक हुनुहुन्छ, र उहाँको कार्य सारा मानवजाति र हरेक व्यक्तिप्रति लक्षित छ। तब किन तिनीहरूले यसलाई स्वीकार गर्दैनन्? तिनीहरूले किन परमेश्‍वरलाई त्यति उच्छृंखल रूपमा विरोध गर्छन् र सताउँछन्? तिनीहरूले यस प्रकारको परिणाम प्राप्त गर्न पाउँदासमेत आफूलाई भाग्यमानी ठान्नुपर्छ, तब किन तिमीहरू तिनीहरूलाई बिचरा ठान्छौ? यसरी तिनीहरूसँग व्यवहार गर्नु भनेको ठूलो सहनशीलता देखाउनु हो। तिनीहरूले जुन हदसम्म परमेश्‍वरको विरोध गर्छन्, त्यसको आधारमा त तिनीहरूलाई नष्ट गरिनुपर्ने हो, तैपनि परमेश्‍वरले यसो गर्नुहुन्न; बरु उहाँले त इसाई जगतलाई अन्य कुनै पनि साधारण धर्मलाई जस्तै व्यवहार गर्नुहुन्छ। तसर्थ, अरू धर्मका बारेमा थप विवरण प्रदान गर्नुपर्ने कुनै आवश्यकता छ र? यी सबै धर्मको सार भनेको मानिसहरूले अझै बढी कठिनाइ भोग्नुपर्छ, कुनै दुष्ट काम गर्नु हुँदैन, असल कार्य गर्नुपर्छ, अरूलाई

मनपरी भन्नु हुँदैन, अरूलाई दोषारोपण गर्नु हुँदैन, आफैलाई विवादबाट अलग राख्नुपर्छ, र असल मानिस बन्नुपर्छ—धेरैजसो धार्मिक शिक्षाहरू यस्तै छन्। त्यसकारण, यदि विश्वासका यी मानिसहरूले—विभिन्न धर्म र सम्प्रदायका यी अनुयायीहरूले—आफ्ना धार्मिक नियमहरूलाई कडाइका साथ पालन गर्न सक्छन् भने, तिनीहरू पृथ्वीमा हुँदाको समयमा तिनीहरूले ठूलो गल्ती वा पाप गर्नेछैनन्; अनि, तिनीहरू तीनदेखि सातपटकसम्म पुनर्जन्म भइसकेपछि, यी मानिसहरू—धार्मिक नियमहरूलाई कठोर रूपमा पालन गर्न सक्नेहरू—मुख्य रूपमा आत्मिक संसारमा एउटा पद ग्रहण गरेर बस्नेछन्। के त्यस्ता मानिसहरू धेरै छन्? (अहँ, छैनन्।) तिमीहरूले के आधारमा उत्तर दियौ? असल काम गर्नु र धार्मिक नियम र व्यवस्थाको पालन गर्नु सजिलो छैन। बुद्ध धर्मले मानिसहरूलाई मासु खान दिँदैन—के तँ त्यसो गर्न सक्छस्? यदि तँ खैरो वस्त्र लगाएर दिनभरि गुम्बामा बसेर मन्त्र र बुद्धको नाम जप्दै बस्नुपर्‍यो भने, के तँ त्यसो गर्न सक्छस्? यो सहज हुनेछैन। इसाई जगतमा दश-आज्ञा, आज्ञाहरू र व्यवस्था छ; के यी पालन गर्न सहज छन्? ती सहज छैनन्। उदाहरणको लागि, अरूलाई मनपरी नभन्ने कार्यलाई लिऔँ: मानिसहरूले यो नियम पालन गर्न सक्दै सक्दैनन्। आफैलाई रोक्न नसकेर, तिनीहरूले मनपरी भन्छन्—अनि मनपरी भनिसकेपछि, तिनीहरूले ती शब्द फर्काउन सक्दैनन्, त्यसकारण तिनीहरूले के गर्छन्? राती, तिनीहरूले आफ्नो पाप स्वीकार गर्छन्। कहिलेकहीँ तिनीहरूले अरूलाई मनपरी भनिसकेपछि पनि अझै आफ्नो हृदयमा घृणालाई पालेर राख्छन्, अनि ती मानिसहरूलाई थप हानि गर्ने समयको योजना बनाउने हदसम्म जान्छन्। छोटकरीमा भन्दा, यो मृत सिद्धान्तमा जिउनेहरूका निम्ति, पाप वा दुष्ट कार्यबाट टाढा बस्न सहज छैन। त्यसकारण, हरेक धर्ममा, थोरै मानिसहरूले मात्रै वास्तवमा फल प्राप्त गर्न सक्छन्। तैँले के अनुमान गर्छस् भने, धेरै मानिसहरूले यी धर्महरूलाई पछ्याउने हुनाले, धेरै मानिसहरूले आत्मिक क्षेत्रमा भूमिका प्राप्त गर्न सक्नेछन्। तैपनि, त्यस्ता मानिसहरू त्यति धेरै हुँदैनन्; थोरैले मात्रै वास्तवमा यो कुरा हासिल गर्न सक्छन्। विश्वासका मानिसहरूका जीवन र मृत्युको चक्रको हकमा सामान्यतः लागू हुने कुरा यही हो। तिनीहरू के कुरामा फरक हुन्छन् भने, तिनीहरूले फल प्राप्त गर्न सक्छन्, र तिनीहरूलाई अविश्वासीहरूबाट अलग गर्ने कुरा नै यही हो।

### ३. परमेश्वरलाई पछ्याउने मानिसहरूको जीवन र मृत्युको चक्र

यसपछि, हामी परमेश्वरलाई पछ्याउने मानिसहरूको जीवन र मृत्युको चक्रको बारेमा कुरा गरौं। यो तिमीहरूसँग सम्बन्धित छ, त्यसैले ध्यान दिएर सुन: सबैभन्दा पहिले, परमेश्वरलाई पछ्याउने मानिसहरूलाई कसरी वर्गीकरण गर्न सकिन्छ त्यसको बारेमा विचार गर। (परमेश्वरका चुनिएका मानिसहरू, र सेवाकर्ताहरू।) वास्तवमा दुई वर्ग छन्: परमेश्वरका चुनिएका मानिसहरू, र सेवाकर्ताहरू। पहिले, हामी परमेश्वरका चुनिएका मानिसहरूका बारेमा कुरा गरौं, जो थोरै हुन्छन्। “परमेश्वरका चुनिएका मानिसहरू” ले कसलाई जनाउँछ? परमेश्वरले सबै थोक सृष्टि गरिसक्नुभएपछि र मानिस अस्तित्वमा आइसकेपछि, परमेश्वरले उहाँलाई पछ्याउने मानिसहरूको एउटा समूह छनौट गर्नुभयो; यिनीहरूलाई “परमेश्वरका चुनिएकाहरू” भनेर भनिन्छ। परमेश्वरले

यी मानिसहरूलाई छनौट गर्नुको विशेष प्रयोजन र महत्त्व थियो। यो चुनिएका थोरैमा मात्रै सीमित थियो, जो उहाँले महत्त्वपूर्ण कार्य गर्ने क्रममा आउनैपर्छ, यस अर्थमा यो प्रयोजन विशेष छ। अनि महत्त्वचाहिँ के हो त? तिनीहरू परमेश्वरले छनौट गर्नुभएको समूह भएका हुनाले, महत्त्व निकै ठूलो छ। अर्थात्, परमेश्वरले यी मानिसहरूलाई पूर्ण बनाउन, र तिनीहरूलाई सिद्ध बनाउन चाहनुहुन्छ, अनि उहाँको व्यवस्थापन कार्य समाप्त भएपछि, उहाँले यी मानिसहरूलाई प्राप्त गर्नुहुनेछ। के यो महत्त्व ठूलो छैन र? यसर्थ, चुनिएका यी मानिसहरू परमेश्वरका लागि अत्यन्तै महत्त्वपूर्ण हुन्छन्, किनभने परमेश्वरले प्राप्त गर्न चाहनुभएकाहरू तिनीहरू नै हुन्। सेवाकर्ताहरूको बारेमा भन्दा, हामी अहिलेको लागि परमेश्वरको पूर्वनिर्धारित गन्तव्यको विषयलाई छोडौं, र सुरुमा तिनीहरूको उत्पत्तिको कुरा गरौं। "सेवाकर्ता" ले शाब्दिक रूपमा सेवा गर्ने व्यक्तिलाई जनाउँछ। सेवा गर्नेहरू क्षणिक हुन्छन्; तिनीहरूले दिर्घकालीन रूपमा वा सदासर्वदा सेवा गर्दैनन्, बरु तिनीहरूलाई अस्थायी रूपमा काममा लगाइन्छ वा नियुक्त गरिन्छ। तिनीहरूमध्ये धेरैजसोको उत्पत्ति तिनीहरूलाई अविश्वासीहरूबाट छनौट गरिएर भएको हुन्छ। तिनीहरूले परमेश्वरको कार्यमा सेवाकर्ताको भूमिका निर्वाह गर्नेछन् भनी उर्दी जारी गरिएपछि तिनीहरू पृथ्वीमा आएका हुन्छन्। अघिल्लो जीवनमा तिनीहरू पशु-प्राणीका रूपमा रहेका हुन सक्छन्, तर तिनीहरू अविश्वासीहरूका रूपमा पनि रहेका हुन सक्छन्। सेवाकर्ताहरूको उत्पत्ति यसरी नै भएको हुन्छ।

हामी परमेश्वरका चुनिएका मानिसहरूको बारेमा थप कुरा गरौं। जब तिनीहरू मर्छन्, तब तिनीहरू अविश्वासीहरू र विश्वासका विभिन्न मानिसहरूको भन्दा पूर्ण रूपमा फरक स्थानमा जान्छन्। यो त्यस्तो स्थान हो जहाँ तिनीहरू स्वर्गदूतहरू र परमेश्वरका सन्देशवाहकहरूको साथमा हुन्छन्; यो परमेश्वरले व्यक्तिगत रूपमा नै प्रशासन गर्नुहुने स्थान हो। यस स्थानमा परमेश्वरका चुनिएका मानिसहरूले आफ्नै आँखाले परमेश्वरलाई देख्न नसक्ने भए तापनि, यो आत्मिक क्षेत्रको अन्य कुनै पनि ठाउँभन्दा फरक हुन्छ; मानिसहरूको यो समूह मरेपछि जाने फरक स्थान यही हो। तिनीहरू मरेपछि, तिनीहरूलाई पनि परमेश्वरका सन्देशवाहकहरूले कठोर अनुसन्धान गर्छन्। अनि केको अनुसन्धान गरिन्छ त? परमेश्वरका सन्देशवाहकहरूले परमेश्वरमाथिको विश्वासमा यी मानिसहरूले आफ्नो जीवनभरि लिएका मार्गहरू, त्यो समय अवधिमा तिनीहरूले परमेश्वरलाई विरोध गरे कि गरेनन् वा सरापे कि सरापेनन्, र तिनीहरूले कुनै गम्भीर पाप वा दुष्ट काम गरे कि गरेनन् भन्ने अनुसन्धान गर्छन्। कुनै निश्चित व्यक्तिलाई बस्न दिइन्छ कि ऊ त्यहाँबाट जानुपर्छ भन्ने प्रश्न यही अनुसन्धानले समाधान गर्नेछ। "जानुपर्छ" भन्नुको अर्थ के हो? अनि "बस्नु" भनेको के हो? "जानुपर्छ" भनेको तिनीहरूको व्यवहारको आधारमा तिनीहरू परमेश्वरका चुनिएका मानिसहरूको दर्जामा रहन्छन् कि रहँदैनन् भन्ने हो; "बस्नु" को अर्थ आखिरी दिनहरूको अवधिमा परमेश्वरले पूर्ण बनाउनुहुने मानिसहरूको बीचमा तिनीहरू रहन सक्छन् भन्ने हो। बस्नेहरूका लागि, परमेश्वरको विशेष बन्दोबस्तहरू हुन्छन्। उहाँको कामको हरेक अवधिमा, उहाँले त्यस्ता मानिसहरूलाई प्रेरितहरूका रूपमा काम गर्न वा मण्डलीहरूलाई जागृत गर्ने वा हेरचाह गर्ने काम गर्न पठाउनुहुन्छ। तैपनि, त्यस्ता काम गर्न सक्ने मानिसहरू एकपछि अर्को पुस्तामा पुनर्जन्म हुने अविश्वासीको रूपमा बारम्बार पुनर्जन्म हुँदैनन्; बरु, तिनीहरू परमेश्वरको कार्यका मापदण्ड र

चरणहरूअनुसार पृथ्वीमा फर्कन्छन्, र तिनीहरूको बारम्बार पुनर्जन्म हुँदैन। त्यसो भए, तिनीहरूको पुनर्जन्म कहिले हुन्छ भन्ने विषयमा कुनै नियमहरू छन् त? के तिनीहरू केही वर्षको अवधिमा बारम्बार आउँछन् त? के तिनीहरू त्यसरी बारम्बार रूपमा आउँछन् त? तिनीहरू त्यसरी आउँदैनन्। यो सबै परमेश्वरको कार्य, यसका चरणहरू र उहाँका खाँचोहरूमा आधारित हुन्छ, र कुनै निर्दिष्ट नियमहरू छैनन्। एउटै मात्र नियम के हुन्छ भने जब परमेश्वरले आखिरी दिनहरूमा आफ्नो कामको अन्तिम चरण गर्नुहुन्छ, यी चुनिएका मानिसहरू सबै आउनेछन्, र यो आगमन तिनीहरूको अन्तिम पुनर्जन्म हुनेछ। अनि किन त्यसो हुन्छ त? यो परमेश्वरको कामको अन्तिम चरणमा हासिल गर्नुपर्ने परिणाममा आधारित हुन्छ–किनभने कामको यो अन्तिम चरणको अवधिमा, परमेश्वरले चुनिएका यी मानिसहरूलाई सम्पूर्ण तवरमा पूर्ण तुल्याउनुहुनेछ। यसको अर्थ के हो त? यो अन्तिम चरणको अवधिमा, यदि यी मानिसहरूलाई पूर्ण र सिद्ध तुल्याइयो भने, तिनीहरू पहिलेको जस्तो पुनर्जन्म हुनेछैनन्; मानव हुनुको तिनीहरूको प्रक्रिया, साथै तिनीहरूको पुनर्जन्मको प्रक्रिया पूर्ण रूपमा समाप्त भइसकेको हुनेछ। यो बस्नेहरूसँग सम्बन्धित छ। त्यसो भए, बस्न नसक्नेहरू कहाँ जान्छन् त? बस्न अनुमति नदिइनेहरूको आफ्नै उचित गन्तव्य हुन्छ। सर्वप्रथम, तिनीहरूको दुष्कर्म, तिनीहरूले गरेका गल्तीहरू, अनि तिनीहरूले गरेका पापहरूको परिणामस्वरूप, तिनीहरू पनि दण्डित हुनेछन्। तिनीहरूलाई दण्ड दिइसकिएपछि, परमेश्वरले परिस्थितिहरूअनुरूप कि त तिनीहरूलाई अविश्वासीहरूका बीचमा पठाउने बन्दोबस्त गर्नुहुनेछ कि त विश्वासका विभिन्न मानिसहरूका बीचमा पठाउने बन्दोबस्त गर्नुहुनेछ। अर्को शब्दमा भन्दा, तिनीहरूका लागि दुई वटा सम्भावित परिणाम हुन्छन्: एउटाचाहिँ दण्डित हुनु र पुनर्जन्म भएपछि निश्चित धर्मका मानिसहरूका बीचमा जिउनु, र अर्कोचाहिँ अविश्वासीहरू बन्नु। यदि तिनीहरू अविश्वासीहरू बने भने, तिनीहरूले सबै अवसर गुमाउनेछन्; तैपनि, यदि तिनीहरू विश्वासका मानिसहरू बने भने–उदाहरणको लागि, यदि तिनीहरू इसाई बने भने–तिनीहरूसँग अझै पनि परमेश्वरका चुनिएका मानिसहरूको दर्जामा फर्कने अवसर हुनेछ; यसमा अत्यन्तै जटिल सम्बन्धहरू छन्। छोटकरीमा, यदि परमेश्वरका चुनिएका मानिसहरूमध्ये एक जनाले परमेश्वरलाई रिस उठाउने कुनै काम गर्छ भने, तिनीहरूलाई अरू कुनै व्यक्तिलाई जस्तै दण्ड दिइनेछ। उदाहरणको लागि, पावललाई लिऊँ, जसको बारेमा हामीले पहिले नै कुरा गरिसकेका छौं। पावल दण्डित हुने व्यक्तिको एउटा उदाहरण हो। मैले केको बारेमा कुरा गरिरहेको छु के त्यो तिमीहरूले बुझ्दैछौ? के परमेश्वरका चुनिएका मानिसहरूको प्रयोजन निश्चित गरिएको हुन्छ? (प्राय, गरिएको हुन्छ।) यसमध्ये धेरैजसो निश्चित गरिएको हुन्छ, तर यसको थोरै भाग निश्चित गरिएको हुँदैन। किन त्यसो हुन्छ त? मैले यहाँ सबैभन्दा स्पष्ट कारणको बारेमा उल्लेख गरेको छु: दुष्ट कार्य गर्नु। जब मानिसहरूले दुष्ट कार्य गर्छन्, परमेश्वरले तिनीहरूलाई चाहनुहुन्न, र जब परमेश्वरले तिनीहरूलाई चाहनुहुन्न, तब उहाँले तिनीहरूलाई विभिन्न जाति र प्रकारका मानिसहरूका बीचमा फ्याँक्नुहुन्छ। यसले तिनीहरूलाई आशाविहीन तुल्याउँछ र तिनीहरू फर्कने कार्य कठिन हुन्छ। यो सबै परमेश्वरलाई पछ्याउने मानिसहरूको जीवन र मृत्युको चक्रसँग सम्बन्धित छ।

अर्को विषय सेवाकर्ताहरूको जीवन र मृत्युको चक्रसँग सम्बन्धित छ। हामीले भर्खरै

सेवाकर्ताहरूको उत्पत्तिको बारेमा कुरा गर्‍यौं; अर्थात्, तिनीहरू अघिल्लो जीवनमा अविश्‍वासी र पशु-प्राणीको रूपमा रही पुनर्जन्म भएका हुन्छन् भन्‍ने तथ्यको बारेमा कुरा गर्‍यौं। अन्तिम चरणको कामको आगमनसँगै, परमेश्‍वरले अविश्‍वासीहरूबाट त्यस्ता मानिसहरूको समूह छनौट गर्नुभएको छ, र यो समूह विशेष छ। परमेश्‍वरले यी मानिसहरूलाई चुन्‍नुको उद्‍देश्य तिनीहरूलाई उहाँको सेवा गर्ने मानिसहरू बनाउनको लागि हो। "सेवा" त्यति सुन्दर सुनिने शब्द होइन, न त यो हरेकको कामनाअनुरूपको कुरा नै हो, तर यो कोप्रति लक्षित छ सो कुरालाई हामीले हेर्नुपर्छ। परमेश्‍वरका सेवाकर्ताहरूको अस्तित्वको विशेष महत्त्व छ। अरू कसैले पनि तिनीहरूको भूमिका निर्वाह गर्न सक्दैन, किनभने तिनीहरूलाई परमेश्‍वरले नै चुन्‍नुभएको हुन्छ। र यी सेवाकर्ताहरूको भूमिका के हो त? तिनीहरूको भूमिका परमेश्‍वरका चुनिएका मानिसहरूको सेवा गर्नु हो। सामान्यतया, तिनीहरूको काम भनेको परमेश्‍वरको कामको निम्ति सेवा दिनु, यसमा सहकार्य गर्नु, र परमेश्‍वरले आफ्ना चुनिएकाहरूलाई पूर्ण तुल्याउने कार्यमा सहयोग गर्नु हो। तिनीहरूले परिश्रम गरिरहेको भए पनि, कामको कुनै पक्ष अघि बढाइरहेको भए पनि, वा निश्‍चित कार्यहरू गरिरहेको भए पनि, यी सेवाकर्ताहरूप्रति परमेश्‍वरको मापदण्ड के हुन्छ त? के उहाँ तिनीहरूप्रतिको आफ्ना मापदण्डहरूमा उहाँ अत्यन्तै धेरै कठोर हुनुहुन्छ? (होइन, उहाँले तिनीहरूलाई निष्ठावान हुन मात्र लगाउनुहुन्छ।) सेवाकर्ताहरू पनि निष्ठावान हुनुपर्छ। तेरो उत्पत्ति जे-जस्तो भए पनि वा परमेश्‍वरले तँलाई जुन कारणले छनौट गर्नुभएको भए पनि, तँ परमेश्‍वरप्रति, परमेश्‍वरले तँलाई सुम्पनुहुने कुनै पनि कार्यभारहरूप्रति, र तँ जुन कामको निम्ति जिम्मेवार छस् त्यस कार्यप्रति र तैँले पूरा गर्नुपर्ने जिम्मेवारीहरूप्रति तँ निष्ठावान हुनैपर्छ। परमेश्‍वरप्रति निष्ठावान हुन सक्‍ने र उहाँलाई सन्तुष्‍ट तुल्याउन सक्‍ने सेवाकर्ताहरूको हकमा, तिनीहरूको परिणामहरू के हुनेछन्? तिनीहरू बस्‍न सक्‍नेछन्। के बस्‍ने सेवाकर्ताहरूको लागि यो आशिष् हो? बस्‍नु भनेको के हो? यो आशिष्‌को महत्त्व के हो त? हैसियतमा, तिनीहरू परमेश्‍वरका चुनिएका मानिसहरूभन्दा विपरीत देखिन सक्छन्; तिनीहरू फरक देखिन्छन्। तर वास्तविकतामा, के तिनीहरूले यस जीवनमा प्राप्त गर्ने कुरा परमेश्‍वरका चुनिएका मानिसहरूको जस्तै होइन र? कम्तीमा पनि, यो यस जीवनमा उही हुन्छ। तिमीहरूले यसलाई नकार्दैनौ, होइन र? परमेश्‍वरका वाणीहरू, परमेश्‍वरको अनुग्रह, परमेश्‍वरको बन्दोबस्त, परमेश्‍वरका आशिष्‌हरू—कसले यी कुराहरूमा आनन्द लिँदैन र? त्यस्तो प्रशस्ततामा सबैले आनन्द लिन्छन्। सेवाकर्ताको पहिचान भनेको सेवा गर्ने व्यक्ति हो, तर परमेश्‍वरको लागि, उहाँले सृष्‍टि गर्नुभएका सबै थोकमध्ये एउटा थोक मात्रै हो; के मात्रै हो भने तिनीहरूको भूमिका सेवाकर्ताको हो। तिनीहरू दुवै परमेश्‍वरका सृष्‍टि भएका हुनाले, सेवाकर्ता र परमेश्‍वरको चुनिएको मानिसको बीचमा कुनै भिन्‍नता छ त? वास्तवमा, भिन्‍नता छैन। सामान्य रूपमा भन्दा, एउटा भिन्‍नता छ; सारमा र तिनीहरूले खेल्‍ने भूमिकामा एउटा भिन्‍नता छ—तर परमेश्‍वरले मानिसहरूको यो समूहलाई अनुचित रूपमा व्यवहार गर्नुहुन्‍न। त्यसो भए, यी मानिसहरूलाई किन सेवाकर्ताको रूपमा परिभाषित गरिन्छ त? तिमीहरूसँग यस विषयमा केही बुझाइ हुनैपर्छ! सेवाकर्ता अविश्‍वासीहरूका बीचबाट आउँछन्। तिनीहरू अविश्‍वासीहरूका बीचबाट आउँछन् भनेर हामीले उल्लेख गर्नेबित्तिकै, तिनीहरूको पृष्ठभूमि खराब हुन्छ भन्‍ने कुरा स्पष्टै

हुन्छ: तिनीहरू सबै नास्तिक हुन्, र विगतमा पनि त्यस्तै थिए; तिनीहरूले परमेश्‍वरलाई विश्‍वास गरेका हुँदैनन्, र उहाँप्रति, सत्यताप्रति, र सकारात्मक सबै कुराप्रति तिनीहरू शत्रुवत् रहेका हुन्छन्। तिनीहरूले परमेश्‍वरमा वा उहाँको अस्तित्वमा विश्‍वास गरेका हुँदैनन्। त्यसो भए, के तिनीहरूले परमेश्‍वरका वचनहरूलाई बुझ्न सक्छन् त? धेरै हदसम्म, तिनीहरूले त्यसो गर्न सक्दैनन् भनेर भन्दा अत्योक्ति हुँदैन। जसरी पशु-प्राणीले मानव शब्दहरूलाई बुझ्न सक्दैनन्, त्यसरी नै सेवाकर्ताहरूले परमेश्‍वरले के भनिरहनुभएको छ, उहाँले के मापदण्ड तोक्नुहुन्छ वा उहाँले किन त्यस्ता मापदण्डहरू तोक्नुहुन्च भन्ने कुरालाई बुझ्न सक्दैनन्। तिनीहरूले बुझ्दैनन्; यी कुराहरू तिनीहरूको बुझाइबाहिरका हुन्छन्, र तिनीहरू ज्ञान नपाएको अवस्थामा नै रहन्छन्। यही कारणले गर्दा, यी मानिसहरूसँग हामीले बताएको जीवन हुँदैन। जीवनविना, के मानिसहरूले सत्यतालाई बुझ्न सक्छन्? के तिनीहरू सत्यताद्वारा सुसज्जित हुन्छन्? के तिनीहरूसँग परमेश्‍वरका वचनहरूको अनुभव र ज्ञान हुन्छ? (हुँदैन।) सेवाकर्ताहरूको उत्पत्ति यसरी नै हुन्छ। तैपनि, परमेश्‍वरले नै यी मानिसहरूलाई सेवाकर्ताहरू बनाउनुहुने भएकोले, तिनीहरूको लागि उहाँले तोक्नुभएका आवश्यक मापदण्डहरू हुन्छन्; उहाँले तिनीहरूलाई नीच ठान्नुहुन्न, न त उहाँले तिनीहरूसँग झारा टार्ने व्यवहार नै गर्नुहुन्छ। तिनीहरूले उहाँका वचनहरूलाई बुझ्न नसके पनि र तिनीहरूसँग जीवन नभए पनि, परमेश्‍वरले तिनीहरूलाई दयालु व्यवहार नै गर्नुहुन्छ, र उहाँले तिनीहरूले पूरा गर्नैपर्ने भनी तोक्नुभएका आवश्यक कुराहरूको हकमा मापदण्डहरू हुन्छन्। तिमीहरूले भर्खरै यी मापदण्डहरूका बारेमा बतायौ: परमेश्‍वरप्रति निष्ठावान हुनु र उहाँले भनेको काम गर्नु। तैँले सेवा गर्दा, तैँले जहाँ आवश्यक छ त्यहाँ सेवा गर्नुपर्छ, र तैँले अन्तिमसम्मै सेवा गर्नुपर्छ। यदि तँ निष्ठावान सेवाकर्ता हुन सक्छस् भने, अन्तिमसम्मै सेवा गर्न सक्छस् र परमेश्‍वरले तँलाई सुम्पनुभएको कार्यभारलाई पूरा गर्न सक्छस् भने, तैँले मूल्यवान् जीवन जिउनेछस्। यदि तैँले यसो गर्न सक्छस् भने, तँ रहन सक्नेछस्। यदि तैँले अलि बढी प्रयास गरिस् भने, यदि तैँले अझै बढी कडा परिश्रम गरिस्, परमेश्‍वरलाई चिन्ने तेरो प्रयासलाई दुई गुणा बढाइस् भने, परमेश्‍वरलाई चिन्नेबारेमा थोरै बोल्न सक्छस् भने, उहाँको गवाही दिन सक्छस् भने, साथै तैँले उहाँको इच्छाको कुनै कुरालाई बुझ्न सक्छस्, परमेश्‍वरको कार्यमा सहकार्य गर्न सक्छस्, र परमेश्‍वरका अभिप्रायहरूको बारेमा कुनै न कुनै हिसाबले ध्यान दिन सक्छस् भने, सेवाकर्ताको रूपमा तैँले सौभाग्यमा परिवर्तन भएको अनुभव गर्नेछस्। अनि यो सौभाग्यमा हुने परिवर्तन के हुनेछ त? तँ रहन मात्रै सक्नेछैनस्। तेरो आचरण र तेरा व्यक्तिगत आकांक्षा र खोजीहरूअनुसार, परमेश्‍वरले तँलाई चुनिएका व्यक्तिहरू मध्येको एक बनाउनुहुनेछ। तेरो सौभाग्यमा हुने परिवर्तन यही हुनेछ। सेवाकर्ताहरूको लागि, यसबारेमा सबैभन्दा उत्तम कुरा के हो त? यो तिनीहरू परमेश्‍वरको चुनिएको मानिस बन्न सक्छन् भन्ने कुरा नै हो। यदि तिनीहरू त्यस्तो बन्न सके भने, यसको अर्थ तिनीहरू अविश्‍वासीहरूजस्तो अबउप्रान्त पशु-प्राणीको रूपमा पुनर्जन्म हुनुपर्नेछैन। के त्यो असल कुरा होइन र? हो, र यो असल खबर पनि हो: यसको अर्थ सेवाकर्ताहरू पनि परिवर्तन हुन सक्छन्। सेवाकर्ताको हकमा, परमेश्‍वरले तिनीहरूलाई एकपटक सेवा गर्न पूर्वनिर्धारित गर्नुभएपछि, तिनीहरूले सदासर्वदा त्यसो गर्नेछन् भन्ने हुँदैन; त्यस्तै

भइरहनुपर्छ भन्ने छैन। यस व्यक्तिको व्यक्तिगत आचरण सुहाउँदो हुने गरी नै उहाँले त्यस व्यक्तिसँग व्यवहार गर्नुहुनेछ र प्रतिक्रिया दिनुहुनेछ।

तैपनि, अन्त्यसम्मै सेवा गर्न नसक्ने सेवाकर्ताहरू पनि हुन्छन्; सेवाको अवधिमा, आधा बाटोमा नै हार मान्ने र परमेश्‍वरलाई त्याग्ने मानिसहरू, साथै धेरै गलत कार्यहरू गर्ने मानिसहरू पनि हुन्छन्। परमेश्‍वरको कार्यलाई धेरै हानि गर्ने र यसमा धेरै घाटा ल्याउने मानिसहरू पनि हुन्छन्, र परमेश्‍वरलाई सराप्ने आदि इत्यादि कार्य गर्ने सेवाकर्ताहरू पनि हुन्छन्। यी सुधार गर्न नसकिने परिणामहरूले के सङ्केत गर्छन्? त्यस्तो कुनै पनि दुष्ट कार्यहरूले तिनीहरूका सेवाको समाप्तिलाई जनाउँछ। तेरो सेवाको अवधिमा तेरो आचरण अत्यन्तै खराब रहेकोले र तँ अति हदसम्म पुगेको हुनाले, परमेश्‍वरले तेरो सेवा मापदण्डअनुरूप छैन भन्ने देख्नुभएपछि, उहाँले तँलाई सेवा गर्ने तेरो योग्यताबाट निकालिदिनुहुनेछ। उहाँले तँलाई अबउप्रान्त सेवा गर्न दिनुहुनेछैन; उहाँले तँलाई उहाँको नजरबाट र परमेश्‍वरको घरबाट निकालिदिनुहुनेछ। के यो तैँले सेवा गर्न नचाहेर हो? के तैँले निरन्तर दुष्ट कार्य गर्न चाहँदैनस् र? के तँ निरन्तर अविश्‍वासयोग्य हुँदैनस् र? त्यसो भए, एउटा सहज समाधान छ: तँलाई सेवा गर्ने तेरो योग्यताबाट हटाइनेछ। परमेश्‍वरको लागि, सेवाकर्तालाई सेवा गर्ने उसको योग्यताबाट हटाउनुको अर्थ यो सेवाकर्ताको अन्त्यको घोषणा गरिएको छ, र ऊ अबउप्रान्त परमेश्‍वरको सेवा गर्नको लागि योग्य हुनेछैन भन्ने हुन्छ। परमेश्‍वरलाई अबउप्रान्त यस व्यक्तिको सेवाको खाँचो हुँदैन, र तिनीहरूले जस्तोसुकै राम्रो कुरा बोले पनि, ती शब्दहरू व्यर्थ हुनेछन्। जब काम-कुराहरू यस्तो अवस्थामा आइपुगेका हुन्छन्, परिस्थिति समाधान गर्न नसकिने अवस्थामा पुगेको हुनेछ; यस्ता सेवाकर्ताहरू पछि फर्केर आउने कुनै उपाय हुनेछैन। अनि परमेश्‍वरले यस्ता सेवाकर्ताहरूसँग कसरी व्यवहार गर्नुहुनेछ? के उहाँले तिनीहरूलाई सेवा गर्नबाट मात्रै रोक्नुहुन्छ? होइन। के उहाँले तिनीहरूलाई रहनबाट मात्रै रोक्नुहुन्छ? कि, उहाँले तिनीहरूलाई एकपट्टि राखेर तिनीहरू फर्किऊन् भनेर प्रतीक्षा गर्नुहुन्छ? उहाँले त्यसो गर्नुहुन्न। सेवाकर्ताहरूका हकमा, परमेश्‍वर त्यति प्रेमिलो हुनुहुन्न, यो साँचो कुरा हो। यदि परमेश्‍वरको सेवाप्रति व्यक्तिको मनोवृत्ति यस्तो छ भने, यो मनोवृत्तिको परिणामस्वरूप, परमेश्‍वरले तिनीहरूलाई सेवा गर्ने तिनीहरूको योग्यताबाट हटाउनुहुनेछ, र फेरि पनि तिनीहरूलाई अविश्‍वासीहरूका बीचमा फ्याँक्नुहुनेछ। अनि अविश्‍वासीहरूका बीचमा फ्याँकिएको सेवाकर्ताको भवितव्य के हुन्छ त? यो अविश्‍वासीहरूको जस्तै हुन्छ: तिनीहरू पशु-प्राणीको रूपमा पुनर्जन्म हुनेछन् र आत्मिक संसारमा अविश्‍वासीको रूपमा दण्ड प्राप्त गर्नेछन्। यसअलावा, यस व्यक्तिको दण्डमा परमेश्‍वरले कुनै व्यक्तिगत चासो दिनुहुनेछैन, किनभने परमेश्‍वरको कार्यसँग त्यस्तो व्यक्तिको कुनै उचित सम्बन्ध हुँदैन। यो परमेश्‍वरमाथिको तिनीहरूको विश्‍वासको जीवनको अन्त्य मात्रै हुँदैन, बरु यो त तिनीहरूको आफ्नै भवितव्यको समाप्ति, साथै तिनीहरूको भवितव्यको घोषणा पनि हुन्छ। तसर्थ, यदि सेवाकर्ताहरूले नराम्ररी सेवा गर्छन् भने, तिनीहरूले आफै परिणामहरू भोग्नुपर्नेहुन्छ। यदि सेवाकर्ताले अन्तिमसम्मै सेवा गर्न सक्दैन, वा आधा बाटोमा सेवा गर्ने उसको योग्यताबाट हटाइन्छ भने, तिनीहरूलाई अविश्‍वासीहरूका बीचमा फ्याँकिनेछ–र यदि यसो भयो भने, यस्तो व्यक्तिलाई चौपायाजस्तै, बौद्‌धिकता वा चेतना नभएका मानिसहरूलाई जस्तै व्यवहार गरिनेछ। मैले यस

कुरालाई यसरी बताउँदा, तिमीहरूले बुझ्न सक्छौ, होइन त?

उपर्युक्त कुरा परमेश्वरलाई पछ्याउने मानिसहरू र सेवाकर्ताहरूको जीवन र मृत्युको चक्रलाई परमेश्वरले कसरी सम्हाल्नुहुन्छ भन्नेबारेमा थियो। यो कुरा सुनेपछि, तिमीहरूलाई कस्तो अनुभूति भयो? के मैले यस विषयमा पहिले कहिल्यै बताएको थिएँ? के मैले कहिल्यै परमेश्वरका चुनिएका मानिसहरू र सेवाकर्ताहरूको विषयमा बोलेको छु? मैले वास्तवमा यस विषयमा कुरा गरेको छु, तर तिमीहरूलाई याद छैन। आफ्ना चुनिएका मानिसहरू र सेवाकर्ताहरूप्रति परमेश्वर धर्मी हुनुहुन्छ। सबै कुराको विषयमा, उहाँ धर्मी हुनुहुन्छ। मैले सही कुरा भनेँ? यसमा तिमीहरूले कहीँ त्रुटि भेट्न सक्छौ? के यसो भन्ने मानिसहरू छैनन् र, "चुनिएका मानिसहरूप्रति परमेश्वर किन यति सहनशील हुनुहुन्छ? अनि सेवाकर्ताहरूप्रति उहाँ किन थोरै मात्र सहनशील हुनुहुन्छ?" के सेवाकर्ताहरूका लागि कोही खडा हुन चाहन्छ? "के परमेश्वरले सेवाकर्ताहरूका लागि थप समय दिन, र तिनीहरूप्रति थप धैर्य र सहनशील हुन सक्नुहुन्छ?" के त्यस्तो प्रश्न उठाउनु सही कुरा हो? (होइन, हो सही होइन।) किन होइन? (किनभने हामीलाई सेवाकर्ताहरू बनाउने कार्यमा नै वास्तवमा निगाह प्रदान गरिसकिएको हुन्छ।) सेवा गर्नको लागि अनुमति दिएर नै सेवाकर्ताहरूलाई वास्तवमा निगाह प्रदान गरिसकिएको हुन्छ! "सेवाकर्ताहरू" भन्ने पदवीविना, र तिनीहरूले गर्ने कामविना, यी मानिसहरू कहाँ हुनेथिए? तिनीहरू चौपायाहरूसँग बस्दै र मर्दै अविश्वासीहरूका बीचमा हुनेथिए। परमेश्वरको सामुन्ने आउन र परमेश्वरको घरमा आउन पाएर तिनीहरूले आज कति महान् अनुग्रह पाएका छन्! यो त निकै ठूलो अनुग्रह हो! यदि परमेश्वरले तँलाई सेवा गर्ने यो मौका नदिनुभएको भए, तैँले उहाँको सामुन्ने आउने मौका कहिल्यै पाउने थिइनस्। कम्तीमा पनि, यदि तँ बुद्ध धर्मावलम्बी होस् र तैँले फल प्राप्त गरेको छस् भने पनि, तँ बढीमा आत्मिक संसारको एउटा तल्लो तहको कर्मचारीबाहेक केही पनि होइनस्; तैँले परमेश्वरलाई कहिल्यै पनि भेट्नेछैनस्, उहाँको आवाज वा उहाँका वचनहरू सुन्नेछैनस्, वा उहाँको प्रेम र आशिष्हरू अनुभव गर्नेछैनस्, न त तँ कहिल्यै परमेश्वरको आमने-सामने आउने सम्भावना नै हुन्छ। बुद्ध धर्मावलम्बीहरूका सामुन्ने हुने कुराहरू भनेका सरल कार्यहरू मात्रै हुन्। तिनीहरूले परमेश्वरलाई चिन्नु असम्भव छ, र तिनीहरूले केवल आज्ञापालन गर्छन् र हुकुम मान्छन्, तर सेवाकर्ताहरूले कामको यो चरणको अवधिमा धेरै कुरा प्राप्त गर्छन्! पहिलो, तिनीहरू परमेश्वरको आमने-सामने आउन, उहाँको आवाज सुन्न, उहाँका वचनहरू सुन्न, र उहाँले मानिसहरूलाई दिनुहुने अनुग्रह र आशिष्हरू अनुभव गर्न सक्छन्। यसको साथै, तिनीहरूले परमेश्वरद्वारा दिइएका वचन र सत्यताहरूको आनन्द लिन सक्छन्। सेवाकर्ताहरूले साँच्चै धेरै कुरा प्राप्त गर्न सक्छन्! तसर्थ, सेवाकर्ताको रूपमा, तैँले उचित प्रयास समेत गर्न सक्दैनस् भने, के परमेश्वरले तँलाई राख्न सक्नुहुन्छ त? उहाँले तँलाई राख्न सक्नुहुन्न। उहाँले तँलाई त्यति धेरै माग्नुहुन्न, तैपनि उहाँले माग्नुभएको केही पनि कुरा तैँले उचित रूपमा गर्दैनस्; तैँले तेरो कर्तव्य पालन गरेको छैनस्। तसर्थ, परमेश्वरले तँलाई राख्न सक्नुहुन्न भन्ने कुरामा कुनै शङ्का छैन। परमेश्वरको धर्मी स्वभाव यही हो। परमेश्वरले तँलाई पुलपुल्याउनुहुन्न, तर उहाँले तँलाई पक्षपात पनि गर्नुहुन्न। परमेश्वरले काम गर्नुहुने सिद्धान्तहरू यिनै हुन्। परमेश्वरले सबै मानिस र प्राणीहरूलाई यसरी नै व्यवहार गर्नुहुन्छ।

जब आत्मिक संसारको कुरा आउँछ, यदि यसका विभिन्न प्राणीहरूले कुनै गलत कार्य गर्छन् वा तिनीहरूले आफ्नो काम सही तरिकाले गर्दैनन्, तब तिनीहरूको निराकरण गर्नको लागि परमेश्‍वरसँग सम्बन्धित स्वर्गीय आदेश र उर्दीहरू हुन्छन्; यो ठोस कुरा हो। त्यसकारण, परमेश्‍वरको हजारौं वर्षको व्यवस्थापन कार्यको अवधिमा, गलत कार्य गर्ने कतिपय कर्तव्य निर्वाहकर्ताहरूलाई समाप्त पारिएको छ, र कतिलाई आजको दिनसम्म नै थुनामा राखिएको र दण्ड दिइएको छ। आत्मिक संसारमा हरेक प्राणीले सामना गर्नुपर्ने कुरा यही हो। यदि तिनीहरूले कुनै गलत वा दुष्ट कार्य गरे भने, तिनीहरूलाई दण्ड दिइन्छ–र यो कुरा परमेश्‍वरले आफ्ना चुनिएका मानिसहरू र सेवाकर्ताहरूलाई गर्नुहुने व्यवहार जस्तै छ। तसर्थ, आत्मिक संसार र भौतिक संसार दुवैमा, परमेश्‍वरले जुन सिद्धान्तहरूअनुसार काम गर्नुहुन्छ, ती परिवर्तन हुँदैनन्। तैँले परमेश्‍वरका कार्यहरूलाई देख्‍न सके पनि नसके पनि, तिनका सिद्धान्तहरू परिवर्तन हुँदैनन्। सम्पूर्ण समयमा, परमेश्‍वरले सबै थोकलाई गर्ने व्यवहार र सबै थोकलाई सम्हाल्ने कार्यमा उही सिद्धान्तहरूअनुसार काम गर्नुभयो। यो अपरिवर्तनीय कुरा हो। परमेश्‍वरले तुलनात्मक रूपमा उचित तरिकाले जिउने अविश्‍वासीहरूलाई दया गर्नुहुनेछ, र हरेक धर्ममा रही राम्रो व्यवहार गर्ने र दुष्ट कार्य नगर्नेहरूलाई अवसरहरू दिनुहुनेछ, र परमेश्‍वरले व्यवस्थापन गर्नुहुने सबै थोकमा तिनीहरूलाई आफ्नो भूमिका निर्वाह गर्न र तिनीहरूले गर्नुपर्ने कार्य गर्न दिनुहुनेछ। यसरी नै, परमेश्‍वरलाई पछ्याउनेहरू, र उहाँका चुनिएका मानिसहरूलाई परमेश्‍वरले उहाँका यी सिद्धान्तहरूअनुसार कुनै पनि व्यक्तिलाई पक्षपात गर्नुहुन्‍न। इमानदार रूपमा उहाँलाई पछ्याउन सक्ने हरेक व्यक्तिप्रति उहाँ दयालु हुनुहुन्छ, र उहाँलाई इमानदार रूपमा पछ्याउने प्रत्येकलाई उहाँले प्रेम गर्नुहुन्छ। यति मात्रै हो कि यी विभिन्न प्रकारका मानिसहरूलाई–अविश्‍वासीहरू, विश्‍वासका विभिन्न प्रकारका मानिसहरू, र परमेश्‍वरका चुनिएका मानिसहरूलाई–उहाँले दिनुहुने कुराहरू फरक-फरक हुन्छन्। उदाहरणको लागि अविश्‍वासीहरूलाई लिऊँ: तिनीहरूले परमेश्‍वरमा विश्‍वास नगरे तापनि, र परमेश्‍वरले तिनीहरूलाई पशुका रूपमा हेर्नुहुने भए तापनि, सबै थोकको बीचमा तिनीहरू प्रत्येकसँग खानलाई खाने कुरा, बस्नलाई तिनीहरूको आफ्नै स्थान, र जीवन र मृत्युको सामान्य चक्र हुन्छ। दुष्ट कार्य गर्नेहरूलाई दण्ड दिइन्छ, र असल कार्य गर्नेहरू आशिषित हुन्छन् र तिनीहरूले परमेश्‍वरको दया प्राप्त गर्छन्। के कुरा यही त हो नि, होइन र? विश्‍वासका मानिसहरूको हकमा, यदि तिनीहरूले एक जन्मपछि अर्को जन्मसम्म तिनीहरूका धार्मिक नियमहरूलाई कठोरताका साथ पालन गर्न सक्छन् भने, ती सबैको पुनर्जन्मपछि, परमेश्‍वरले तिनीहरूका निम्ति उहाँको घोषणा गर्नुहुनेछ। त्यसै गरी, आज तिमीहरूको हकमा, तिमीहरू परमेश्‍वरका चुनिएका मानिसहरू भए पनि वा सेवाकर्ता भए पनि, परमेश्‍वरले आफूले तय गर्नुभएका नियम र प्रशासनिक आदेशहरूअनुसार नै तिमीहरूलाई उचित मार्गमा ल्याउनुहुनेछ र तिमीहरूको परिणाम निर्धारित गर्नुहुनेछ। यस प्रकारका मानिसहरूमध्ये, विश्‍वासका फरक-फरक प्रकारका मानिसहरूलाई–अर्थात्, विभिन्न धर्मका मानिसहरूलाई–के परमेश्‍वरले बस्ने ठाउँ दिनुभएको छ? यहूदीहरू कहाँ छन्? के परमेश्‍वरले तिनीहरूको विश्‍वासमा हस्तक्षेप गर्नुभएको छ? उहाँले गर्नुभएको छैन, होइन र? अनि इसाईहरूको हकमा नि? उहाँले तिनीहरूलाई पनि हस्तक्षेप गर्नुभएको छैन। उहाँले तिनीहरूलाई तिनीहरूका आफ्नै पद्धतिहरू

पालन गर्ने दिनुहुन्छ, उहाँले तिनीहरूसँग कुराकानी गर्ने वा तिनीहरूलाई अन्तर्दृष्टि दिने गर्नुहुन्न, यसअलवा, उहाँले तिनीहरूलाई कुनै पनि कुरा प्रकट गर्नुहुन्न। यदि तँलाई यो सही लाग्छ भने, यसरी नै विश्वास गर्। क्याथोलिकहरूले मरियममा विश्वास गर्छन्, र तिनले नै येशूलाई सुसमाचार हस्तान्तरण गरिन् भनी विश्वास गर्छन्; तिनीहरूको विश्वासको रूप त्यस्तै छ। के परमेश्वरले कहिल्यै तिनीहरूको विश्वासलाई सुधार गर्नुभएको छ र? उहाँले तिनीहरूलाई स्वतन्त्रता दिनुहुन्छ; उहाँले तिनीहरूलाई कुनै ध्यान दिनुहुन्न र तिनीहरूलाई जिउनको लागि निश्चित क्षेत्र दिनुहुन्छ। मुस्लिमहरू र बुद्ध धर्मावलम्बीहरूका हकमा पनि, यही कुरा लागू हुँदैन र? उहाँले तिनीहरूका लागि पनि सीमाहरू तय गर्नुभएको छ, र तिनीहरूको सम्बन्धित विश्वासमा हस्तक्षेप नगरीकन, तिनीहरूलाई जिउने आफ्नै क्षेत्र दिनुभएको छ। सबै कुरा सुव्यवस्थित छन्। अनि यी सबैमा तिमीहरू के देख्छौ? परमेश्वरसँग अख्तियार छ, तर उहाँले यसको दुरुपयोग गर्नुहुन्न। परमेश्वरले सबै थोकलाई सर्वोत्तम रूपले सुव्यवस्थित क्रममा मिलाउनुहुन्छ र सुव्यवस्थित रूपमा उहाँले यसो गर्नुहुन्छ, र यसैमा उहाँको बुद्धि र सर्वशक्तिमान्ता छ।

आज हामीले एउटा नयाँ र विशेष विषय, अर्थात् आत्मिक संसारका कुराहरूसँग सम्बन्धित विषयलाई छोयौं, जसले त्यस क्षेत्रमाथि परमेश्वरको प्रशासन र प्रभुत्वको एउटा पक्षलाई प्रतिनिधित्व गर्छ। तिमीहरूले यी कुराहरूलाई बुझ्नुभन्दा पहिले, तिमीहरूले यसो भनेका हुन सक्छौ, "यससँग सम्बन्धित सबै कुरा रहस्य हो, र हाम्रो जीवन प्रवेशसँग यसको कुनै सम्बन्ध छैन; मानिसहरूले वास्तवमा कसरी जिउँछन् भन्ने कुरासँग यी कुराहरूको कुनै सम्बन्ध छैन, र हामीले तिनलाई बुझ्नु आवश्यक छैन, न त हामीले तिनलाई सुन्नु नै आवश्यक छ। परमेश्वरलाई चिन्ने विषयमा तिनको कुनै सम्बन्ध छैन।" अब, के तिमीहरूलाई त्यस किसिमको सोचाइमा समस्या छ भन्ने लाग्छ? के यो सही छ? (छैन।) त्यस्तो सोचाइ सही छैन र यसमा गम्भीर समस्याहरू छन्। यसको कारण के हो भने यदि तँ परमेश्वरले सबै थोकमाथि कसरी शासन गर्नुहुन्छ भन्नेबारेमा बुझ्न चाहन्छस् भने, तैँले देख्न सक्ने र तेरो सोचाइले बुझ्न सक्ने कुरालाई मात्रै बुझेर हुँदैन; तैँले अरू संसारको कतिपय कुरालाई पनि बुझ्नुपर्छ, जुन तेरो लागि अदृश्य हुन सक्छ, तर त्यो तैँले देख्न सक्ने यो संसारसँग अपरिहार्य रूपमा जोडिएको हुन्छ। यो परमेश्वरको सार्वभौमिकतासँग सम्बन्धित छ, र यो "सबै थोकका लागि जीवनको स्रोत परमेश्वर नै हुनुहुन्छ" भन्ने विषयसँग सम्बन्धित छ। यो त्यसैसँग सम्बन्धित जानकारी हो। यो जानकारीविना, परमेश्वर कसरी सबै थोकको जीवनको स्रोत हुनुहुन्छ भन्नेबारेको मानिसहरूको ज्ञानमा त्रुटि र भूलहरू हुनेछन्। तसर्थ, आज हामीले जे बतायौं त्यसले हाम्रा अघिल्ला विषयहरूलाई बिट मारेको छ, साथै "सबै थोकका लागि जीवनको स्रोत परमेश्वर नै हुनुहुन्छ" भन्ने विषयवस्तुलाई समापन गरेको छ। यसलाई बुझिसकेपछि, के तिमीहरूले अब यस विषयवस्तुबाट परमेश्वरलाई चिन्न सक्छौ? त्योभन्दा पनि महत्त्वपूर्ण कुरा, मैले तिमीहरूलाई आज सेवाकर्ताहरूका बारेमा अत्यन्तै महत्त्वपूर्ण जानकारी प्रदान गरेको छु। मलाई थाहा छ, तिमीहरूलाई यस्ता विषयहरूको बारेमा सुन्दा आनन्द लाग्छ, र तिमीहरूले साँच्चै नै यी विषयहरूमा चासो लिन्छौ। त्यसकारण, के आज मैले जुन कुराको विषयमा बताएको छु त्यसप्रति तिमीहरू सन्तुष्ट छौ? (हो, छौं।) अन्य केही कुराले तिमीहरूलाई त्यति ठूलो प्रभाव नपारेको हुन सक्छ, तर

सेवाकर्ताहरूको बारेमा मैले जे बताएको छु त्यसले विशेष रूपमा ठूलो प्रभाव पारेको छ, किनभने यो विषयले तिमीहरू प्रत्येकको प्राणलाई छुन्छ।

## मानवजातिप्रति परमेश्‍वरका मापदण्डहरू

### १. परमेश्‍वर स्वयम्‌को पहिचान र हैसियत

हामी "सबै थोकका लागि जीवनको स्रोत परमेश्‍वर नै हुनुहुन्छ" भन्‍ने विषय, साथै "परमेश्‍वर अद्‌वितीय परमेश्‍वर स्वयम् हुनुहुन्छ" भन्‍ने विषयको अन्त्यमा आइपुगेका छौं। त्यसो भएको हुनाले, हामीले यी कुराहरूको सारांश प्रदान गर्नु आवश्यक छ। हामीले कस्तो किसिमको सारांश प्रदान गर्नुपर्छ? यो परमेश्‍वर स्वयम्‌सँग सम्बन्धित निष्कर्ष हो। त्यसो भएको हुनाले, परमेश्‍वरको हरेक पक्ष, साथै मानिसहरूले परमेश्‍वरलाई कसरी विश्‍वास गर्छन् त्यससँग यसको अपरिहार्य सम्बन्ध हुनुपर्छ। त्यसैले, मैले पहिले तिमीहरूलाई सोध्नुपर्छ: यी प्रवचनहरू सुनिसकेपछि, तिमीहरूको मनको आँखामा, परमेश्‍वर को हुनुहुन्छ त? (सृष्टिकर्ता।) तिमीहरूको मनको आँखामा, परमेश्‍वर सृष्टिकर्ता हुनुहुन्छ। के अरू कुनै कुरा छ? परमेश्‍वर सबै थोकका प्रभु हुनुहुन्छ। के यी शब्दहरू उचित छन्? (छन्।) सबै थोकमाथि शासन गर्ने र सबै थोकमाथि प्रशासन चलाउनुहुने परमेश्‍वर नै हुनुहुन्छ। अस्तित्वमा भएका सबै कुरा उहाँले नै सृष्टि गर्नुभएको हो, अस्तित्वमा भएका सबै कुरामाथि उहाँले नै प्रशासन चलाउनुहुन्छ, र अस्तित्वमा भएका सबै थोकमाथि उहाँले नै शासन गर्नुहुन्छ, र अस्तित्वमा भएका सबै थोकलाई उहाँले नै भरणपोषण गर्नुहुन्छ। परमेश्‍वरको हैसियत यही हो, र उहाँको पहिचान यही हो। सबै थोक र अस्तित्वमा रहेका सबै कुराको लागि, परमेश्‍वरको साँचो पहिचान भनेको सबै सृष्टिको सृष्टिकर्ता र शासक हो। परमेश्‍वरको पहिचान यही हो, र उहाँ सबै थोकका बीचमा अद्‌वितीय हुनुहुन्छ। परमेश्‍वरका कुनै पनि सृष्टिहरूले–चाहे तिनीहरू मानवजातिका बीचमा होऊन् वा आत्मिक संसारमा होऊन्–परमेश्‍वरको पहिचान र हैसियतलाई अनुकरण गर्न वा प्रतिस्थापन गर्नको लागि कुनै पनि माध्यम वा बहानाको प्रयोग गर्न सक्दैनन्, किनभने सबै थोकको बीचमा यो पहिचान, शक्ति, अख्तियार, र सृष्टिमाथि शासन गर्ने यो क्षमता भएको एक मात्रै हुनुहुन्छ: हाम्रा अद्‌वितीय परमेश्‍वर स्वयम्। उहाँ सबै थोकमाझ जिउनुहुन्छ र घुमफिर गर्नुहुन्छ; उहाँ सबैभन्दा उच्च स्थानमा, सबै थोकभन्दा माथि उठ्न सक्नुहुन्छ। मानिस बनेर, देह र रगतकाहरूमध्ये एक बनेर, मानिसहरूको आमने-सामने आएर अनि तिनीहरूसँग खुशी र दुःख बाँडेर उहाँले आफैलाई नम्र तुल्याउन सक्नुहुन्छ, यसको साथै उहाँले अस्तित्वमा रहेका सबै थोकको नियति र यो सबै अघि बढ्ने दिशा निर्धारण गर्दै अस्तित्वमा रहेका सबै थोकमाथि हुकुम चलाउनुहुन्छ। यसको साथै, उहाँले सारा मानवजातिको नियतिको मार्गनिर्देश गर्नुहुन्छ, र मानवजातिको दिशा तय गर्नुहुन्छ। यस्तो परमेश्‍वरलाई सबै मानवजातिले आराधना गर्नुपर्छ, आज्ञापालन गर्नुपर्छ, र चिन्‍नुपर्छ। यसरी, तँ मानवजातिको जुनसुकै समूह वा प्रकारमा भए तापनि, परमेश्‍वरलाई विश्‍वास गर्नु, परमेश्‍वरलाई पछ्याउनु, उहाँको नियमलाई स्वीकार गर्नु र तेरो भाग्यको लागि उहाँका बन्दोबस्तहरूलाई स्वीकार गर्नु कुनै पनि व्यक्ति र कुनै पनि जीवित

प्राणीको लागि एउटै मात्र विकल्प हो, अर्थात् अत्यावश्यक छनौट हो। परमेश्‍वरको अद्‌वितीयपनमा, मानिसहरूले उहाँको अख्तियार, उहाँको धर्मी स्वभाव, उहाँको सार देख्छन् अनि उहाँले सबै थोकलाई भरणपोषण गर्ने माध्यमहरू सबै पूर्ण रूपमा अद्‌वितीय रहेको देख्छन्; यो अद्‌वितीयपनले परमेश्‍वर स्वयम्‌को साँचो पहिचानलाई निर्धारित गर्छ, र यसले उहाँको हैसियतलाई पनि निर्धारित गर्छ। त्यसकारण, सारा सृष्टिको बीचमा, परमेश्‍वरको अनुकरण गर्ने प्रयास असम्भव भएझैं आत्मिक संसारमा वा मानवजातिको बीचमा रहेको कुनै पनि जीवित प्राणीले परमेश्‍वरको स्थानमा खडा हुने इच्छा गर्थ्यो भने, त्यस कार्यमा सफलता मिल्न असम्भव हुनेथियो। तथ्य यही नै हो। यस्तो सृष्टिकर्ता र शासक, जोसँग परमेश्‍वर स्वयम्‌को पहिचान, शक्ति, र हैसियत छ, मानवजातिप्रति उहाँका मापदण्डहरू के-के छन् त? यो कुरा सबैको लागि स्पष्ट हुनुपर्ने हो, र यसलाई सबैले याद गर्नुपर्ने हो; यो परमेश्‍वर र मानिस दुवैको लागि अत्यन्तै महत्त्वपूर्ण छ।

### २. परमेश्‍वरप्रति मानवजातिका विभिन्‍न मनोवृत्तिहरू

मानिसहरूले परमेश्‍वरप्रति कसरी व्यवहार गर्छन् त्यसले तिनीहरूको भवितव्यका साथै परमेश्‍वरले कसरी तिनीहरूसित व्यवहार गर्नुहुन्छ र तिनीहरूको निराकरण गर्नुहुन्छ त्यसलाई निर्धारित गर्छ। यस विन्दुमा, म मानिसहरूले परमेश्‍वरप्रति कसरी व्यवहार गर्छन् त्यसका केही उदाहरणहरू दिन्छु। हामी सुनौं र तिनीहरूले परमेश्‍वरको सामुन्ने गर्ने व्यवहारको तरिका र मनोवृत्ति सही छन् कि छैनन् हेरौं। हामी निम्न सात प्रकारका मानिसहरूका आचरणको बारेमा विचार गरौं।

१) एक प्रकारको व्यक्ति छ, परमेश्‍वरप्रति जसको मनोवृत्ति निश्‍चित रूपमा मूर्ख किसिमको छ। यी मानिसहरूले परमेश्‍वर बोधिसत्त्व वा मानव अवतारका पवित्र प्राणी हुनुहुन्छ, र मानिसले भेट्‌दा तीनपटक निहुरेर दण्डवत् गर्नुपर्छ, र हरेकपटक खानपान गर्दा धूप बाल्नुपर्छ भन्‍ने ठान्छन्। परिणामस्वरूप, तिनीहरू जब-जब उहाँको अनुग्रहप्रति अत्यन्तै आभारी हुन्छन् र उहाँप्रति कृतज्ञताको अनुभूति गर्छन्, तिनीहरूले प्रायजसो यस्तै आवेगपूर्ण कार्य गर्छन्। त्यसरी तिनीहरूले आफूले आज विश्‍वास गर्ने परमेश्‍वरले, आफूले आफ्नो हृदयमा अत्यन्तै चाहना गरेको पवित्र प्राणीले जस्तै, भेट हुँदा तीनपटक ढोग्ने र हरेक खानामा धूप बाल्ने कार्यलाई स्वीकार गरून भन्‍ने चाहना गर्छन्।

२) कतिपय मानिसहरूले परमेश्‍वरलाई सबै जीवित प्राणीलाई कष्टबाट मुक्त गर्न र तिनीहरूलाई मुक्ति दिन सक्ने जीवित बुद्‌धको रूपमा हेर्छन्; तिनीहरूले उहाँलाई कष्टको सागरबाट तिनीहरूलाई टाढा लैजान सक्ने जीवित बुद्‌धको रूपमा हेर्छन्। परमेश्‍वरमाथिको यी मानिसहरूको विश्‍वासमा यिनीहरूले उहाँलाई बुद्‌धलाई जस्तै आराधना गर्ने कार्य पर्छ। तिनीहरूले धूप बाल्ने, प्रणाम गर्ने, वा भेटी दिने कार्य नगर्ने भए तापनि, अन्तस्करणमा तिनीहरूलाई के लाग्छ भने परमेश्‍वर बुद्‌ध जस्तै हुनुहुन्छ जसले तिनीहरूलाई दयालु र परोपकारी बन्‍न अनुरोध गर्नुहुन्छ, तिनीहरूले कुनै पनि जीवित प्राणी नमारून्, अरूलाई मनपरी नभनून्, इमानदार देखिने जीवन जिऊन्, र कुनै गलत कार्य नगरून् भन्‍ने चाहनुहुन्छ। यी कुराहरू नै उहाँले तिनीहरूबाट चाहनुहुने सबै कुरा हुन् भन्‍ने तिनीहरूको विश्‍वास हुन्छ; तिनीहरूको हृदयको परमेश्‍वर यही नै हो।

३) कतिपय मानिसहरूले परमेश्‍वरलाई कुनै महान् वा चर्चित व्यक्तिलाई जस्तो आराधना गर्छन्। उदाहरणको लागि, यो महान् व्यक्तिले जुन माध्यमद्वारा बोल्छ, उसले जस्तो शैलीमा बोल्छ, उसले जे-जस्ता शब्द र शब्दभण्डारको प्रयोग गर्छ, उसको स्वर, उसको हातको हाउभाउ, उसका विचार र कार्यहरू, उसको कार्यशैली–तिनीहरूले यी सबै कुराको नक्कल गर्छन्, र परमेश्‍वरमाथिको तिनीहरूको विश्‍वासको यात्रामा तिनीहरूले पूरै उत्पन्‍न गर्नुपर्ने कुराहरू यिनै हुन्छन्।

४) कतिपय मानिसहरूले परमेश्‍वरलाई सम्राटको रूपमा हेर्छन्, अनि उहाँ अरू सबैभन्दा माथि हुनुहुन्छ र कसैले पनि उहाँलाई ठेस पुर्‍याउन सक्दैन–अनि तिनीहरूलाई यदि कसैले त्यसो गर्‍यो भने, त्यस व्यक्तिलाई दण्ड दिइनेछ भन्‍ने लाग्छ। तिनीहरूले त्यस्तो सम्राटलाई आराधना गर्छन् किनभने सम्राटहरूले तिनीहरूको हृदयमा निश्‍चित ठाउँ ओगटेका हुन्छन्। यी मानिसहरूलाई ती सम्राटहरूका विचार, व्यवहार, अख्तियार, र प्रकृति–तिनीहरूका रुचि र व्यक्तिगत जीवनसमेत– सबै नै आफूले बुझ्नैपर्ने कुरा हुन् भन्‍ने लाग्छ; ती कुराहरू तिनीहरूले चासो दिने समस्या र विषयहरू बन्छन्। परिणामस्वरूप, तिनीहरूले परमेश्‍वरलाई सम्राटको रूपमा आराधना गर्छन्। त्यस्तो किसिमको विश्‍वास हास्यास्पद छ।

५) परमेश्‍वरको अस्तित्वको बारेमा कतिपय मानिसहरूसँग विशेष विश्‍वास हुन्छ, र यो विश्‍वास प्रगाढ र अटल हुन्छ। तैपनि परमेश्‍वरसम्बन्धी तिनीहरूको ज्ञान सतही हुने भएकोले, र तिनीहरूसँग उहाँका वचनहरूको त्यति धेरै अनुभव नहुने भएकोले, तिनीहरूले उहाँलाई मूर्तिलाई जस्तो पूजा गर्छन्। यही मूर्ति नै तिनीहरूको हृदयमा बसेको परमेश्‍वर हुन्छ; तिनीहरूलाई यो मूर्ति तिनीहरूले डर मान्‍नुपर्ने र दण्डवत् गर्नुपर्ने, र तिनीहरूले पछ्याउनैपर्ने र अनुकरण गर्नैपर्ने कुरा हो भन्‍ने लाग्छ। परमेश्‍वरलाई तिनीहरूले आफूले आफ्नो जीवनभरि पछ्याउनुपर्ने मूर्तिको रूपमा हेर्छन्। तिनीहरूले परमेश्‍वरले बोल्नुहुने शैलीको नक्कल गर्छन् अनि बाहिरी रूपमा परमेश्‍वरले मन पराउनुहुनेहरूको अनुकरण गर्छन्। तिनीहरूले प्रायजसो सोझो, शुद्ध, र इमानदार देखिने काम-कुराहरू गर्छन्, र तिनीहरूले यस मूर्तिलाई अलग हुनै नसकिने मित्र वा सहकर्मीलाई झैँ गरेर समेत पछ्याउँछन्। तिनीहरूको विश्‍वासको रूप यस्तै हुन्छ।

६) एक प्रकारका मानिसहरू यस्ता छन्, जसले परमेश्‍वरका धेरै वचनहरू पढे पनि र धेरै प्रचार सुने पनि, भित्र हृदयमा तिनीहरूले के अनुभूति गर्छन् भने परमेश्‍वरप्रति तिनीहरूले गर्ने व्यवहारको एउटै सिद्धान्त भनेको तिनीहरू जहिल्यै पनि चापलुसी र चाकडी गर्ने हुनुपर्छ, वा तिनीहरूले अवास्तविक तरिकाले परमेश्‍वरको प्रशंसा गर्नुपर्छ र उहाँको तारिफ गर्नुपर्छ। तिनीहरू के विश्‍वास गर्छन् भने परमेश्‍वर तिनीहरूलाई त्यस्तो व्यवहार गर्न लगाउनुहुने परमेश्‍वर हुनुहुन्छ। यसअलावा, तिनीहरूले के विश्‍वास गर्छन् भने, यदि तिनीहरूले त्यसो गरेनन् भने, तिनीहरूले कुनै पनि समयमा उहाँको रिस उठाउन सक्छन् वा उहाँको विरुद्धमा पाप गर्न पुग्छन्, र यो पापको परिणामस्वरूप, परमेश्‍वरले तिनीहरूलाई दण्ड दिनुहुनेछ। तिनीहरूले आफ्नो हृदयमा राख्‍ने परमेश्‍वर यस्तै हुन्छ।

७) अनि त्यसपछि अधिकांश मानिसहरू यस्ता छन्, जसले परमेश्‍वरमा आत्मिक भरण-पोषण प्राप्त गर्छन्। किनभने तिनीहरू यो संसारमा जिउँछन्, तिनीहरू शान्ति वा खुशीरहित छन्, र

तिनीहरूले अरू कतै पनि सान्त्वना पाउँदैनन्; तिनीहरूले परमेश्वरलाई भेटेपछि, तिनीहरूले उहाँका वचनहरू देखेपछि र सुनेपछि, तिनीहरूले आफ्नो हृदयमा गोप्य आनन्द र हर्षलाई बास दिन थाल्छन्। यस्तो हुन्छ किनभने तिनीहरूलाई विश्वास हुन्छ कि तिनीहरूले बल्ल तिनीहरूको आत्मालाई खुशी पार्ने स्थान भेटेका छन्, र तिनीहरूले तिनीहरूलाई आत्मिक भरण-पोषण दिनुहुने परमेश्वरलाई बल्ल भेटेका छन्। तिनीहरूले परमेश्वरलाई ग्रहण गरेर उहाँलाई पछ्याउन थालेपछि, तिनीहरू खुशी हुन्छन्, र तिनीहरूको जीवन भरिपूर्ण हुन्छ। तिनीहरूले अबउप्रान्त पशुजस्तो दिवा-स्वप्न देख्दै अघि बढ्ने अविश्वासीहरूजस्तो व्यवहार गर्दैनन्, र जीवनमा तिनीहरूले अपेक्षा गर्ने कुनै कुरा छ भन्ने अनुभूति गर्छन्। तसर्थ, तिनीहरूलाई यस परमेश्वरले तिनीहरूको आत्मिक आवश्यकताहरूलाई धेरै रूपमा सन्तुष्ट तुल्याउन सक्नुहुन्छ र तिनीहरूको मन र आत्मा दुवैमा तिनीहरूलाई ठूलो खुशी दिन सक्नुहुन्छ भन्ने लाग्छ। थाहै नपाई, तिनीहरू त्यस्तो आत्मिक भरण-पोषण दिनुहुने, र तिनीहरूका आत्मामा र तिनीहरूको परिवारका सबै सदस्यहरूमा खुशी ल्याउनुहुने परमेश्वरलाई छोड्नै नसक्ने अवस्थामा पुग्छन्। तिनीहरू परमेश्वरमाथिको विश्वासले आत्मिक भरण-पोषणबाहेक अरू केही पनि ल्याउनु आवश्यक छैन भन्ने विश्वास गर्छन्।

के तिमीहरूमध्ये कसैसँग परमेश्वरप्रति यी माथि उल्लेखित मनोवृत्तिहरू छन्? (छन्।) यदि परमेश्वरमाथिको तिनीहरूको विश्वासमा, व्यक्तिको हृदयमा तीमध्ये कुनै मनोवृत्ति छ भने, के तिनीहरू साँचो रूपमा परमेश्वरको अघि आउन सक्छन्? यदि व्यक्तिको हृदयमा यीमध्ये कुनै मनोवृत्ति छ भने, के तिनीहरूले परमेश्वरमा विश्वास गर्छन्? के त्यस्तो व्यक्तिले अद्‌वितीय परमेश्वर स्वयम्‌लाई विश्वास गर्छ? (गर्दैन।) तैँले अद्‌वितीय परमेश्वर स्वयम्‌लाई विश्वास गर्दैनस् भने, तैँले कसलाई विश्वास गर्छस्? यदि तैँले जसलाई विश्वास गर्छस् त्यो अद्‌वितीय परमेश्वर स्वयम् हुनुहुन्न भने, सायद तैँले मूर्तिमा, वा महान् व्यक्तिमा, वा बोधिसत्त्वमा विश्वास गर्छस् होला, वा तैँले आफ्नो हृदयमा भएको बुद्‌धलाई आराधना गर्छस् होला। यसअलावा, सायद तैँले साधारण व्यक्तिमा विश्वास गर्छस् होला। छोटकरीमा भन्दा, परमेश्वरप्रतिको मानिसहरूको विभिन्न प्रकारका विश्वास र मनोवृत्तिको कारण, तिनीहरूले आफ्नो हृदयमा आफ्नै ज्ञानको परमेश्वरलाई राख्छन्, परमेश्वरमाथि आफ्नै कल्पनाका कुरा लाद्छन्, परमेश्वरसम्बन्धी तिनीहरूका आफ्नै मनोवृत्ति र कल्पनाहरूलाई अद्‌वितीय परमेश्वर स्वयम्‌सँग सँगै राख्छन्, अनि त्यसपछि तिनलाई पवित्र ठान्छन्। परमेश्वरप्रति मानिसहरूको यस्तो अनुचित मनोवृत्ति हुनुको अर्थ के हो त? यसको अर्थ तिनीहरूले साँचो परमेश्वर स्वयम्‌लाई इन्कार गरेका छन् र एउटा झूटो ईश्वरको आराधना गरिरहेका छन् भन्ने हुन्छ; यसले के सङ्केत गर्छ भने परमेश्वरमा विश्वास गर्ने क्रममा, तिनीहरूले उहाँलाई इन्कार गरिरहेका छन् र उहाँको विरोध गरिरहेका छन्, र तिनीहरूले साँचो परमेश्वरको अस्तित्वलाई इन्कार गरिरहेका छन्। यदि मानिसहरूले निरन्तर त्यस्तो विश्वास नै लिइरहन्छन् भने, तिनीहरूले के-कस्ता परिणामहरूको सामना गर्नेछन् त? त्यस्तो विश्वासद्‌वारा, के तिनीहरू परमेश्वरका मापदण्डहरूलाई पूरा गर्ने कार्यको नजिक पुग्न सक्नेछन् त? (अहँ, तिनीहरूले त्यसो गर्न सक्नेछैनन्।) यसको विपरीत, तिनीहरूका धारणा र कल्पनाहरूको कारण, तिनीहरू परमेश्वरको मार्गबाट झन्-झन् टाढा बरालिँदै जानेछन्, किनभने तिनीहरूले खोज्ने दिशा परमेश्वरले तिनीहरूलाई

हिँड्न लगाउनुभएको दिशाको विपरीत हुन्छ। के तिमीहरूले कहिल्यै “उत्तर जाने रथमा चढेर दक्षिण जानु” भन्ने कथा सुनेका छौ? यो पनि उत्तर जाने रथमा चढेर दक्षिण जानु जस्तै हुन सक्छ। यदि मानिसहरूले त्यस्तो लट्याङपट्याङ तरिकाले परमेश्‍वरमा विश्‍वास गर्छन् भने, तैँले जति कठिन प्रयास गर्छस्, तँ परमेश्‍वरबाट त्यति नै टाढा जानेछस्। त्यसैले, म तिमीहरूलाई सल्लाह दिन्छु: तिमीहरू अघि बढ्नुभन्दा पहिले, सुरुमा तँ सही दिशामा गइरहेको छस् कि छैनस्, पत्ता लगा। आफ्ना प्रयासहरूमा विशेष ध्यान दे, र आफैलाई यो प्रश्‍न सोध्, “के मैले विश्‍वास गर्ने परमेश्‍वर सबै थोकका शासक हुनुहुन्छ? के मैले विश्‍वास गर्ने परमेश्‍वर आत्मिक भरण-पोषण दिने व्यक्ति मात्रै हुनुहुन्छ? के उहाँ मेरो मूर्ति मात्रै हुनुहुन्छ? मैले विश्‍वास गरेको यो परमेश्‍वरले मलाई के गर्न लगाउनुभएको छ? के मैले गर्ने सबै कुरालाई परमेश्‍वरले स्वीकार गर्नुहुन्छ? के मेरा सबै कार्य र खोजीहरू परमेश्‍वरलाई चिन्‍ने कार्यअनुरूप छन्? के ती उहाँले मलाई दिनुभएका मापदण्डहरूअनुरूप छन्? के मैले हिँड्ने मार्गलाई परमेश्‍वरले पहिचान र स्वीकृत गर्नुभएको छ? के उहाँ मेरो विश्‍वासप्रति सन्तुष्ट हुनुहुन्छ?” तैँले प्रायजसो र बारम्बार आफैलाई यी प्रश्‍नहरू सोध्नुपर्छ। यदि तँ परमेश्‍वरको ज्ञानको खोजी गर्न चाहन्छस् भने, तँ उहाँलाई सन्तुष्ट पार्ने कार्यमा सफल हुनुभन्दा पहिले तँसँग स्पष्ट विवेक र स्पष्ट उद्देश्यहरू हुनुपर्छ।

उहाँको सहनशीलताको परिणामस्वरूप, के परमेश्‍वरले मैले भर्खरै कुरा गरेका यी अनुचित मनोवृत्तिहरूलाई मन नभई-नभई स्वीकार गर्नुहुने कुरा सम्भव छ? के परमेश्‍वरले यी मानिसहरूका मनोवृत्तिहरूलाई तारिफ गर्न सक्नुहुन्छ? (सक्नुहुन्‍न।) मानव र उहाँको पछि लाग्नेहरूका निम्ति परमेश्‍वरका मापदण्डहरू के-के हुन्? मानिसहरूसँग कस्तो प्रकारको मनोवृत्ति होस् भन्‍ने उहाँ चाहनुहुन्छ, के त्यसको बारेमा तँसँग स्पष्ट ज्ञान छ? यस विन्दुमा, मैले धेरै कुरा बताइसकेको छु; मैले परमेश्‍वर स्वयम्‌को विषयमा, साथै उहाँका कार्य र उहाँसँग जे छ र उहाँ जे हुनुहुन्छ त्यसको बारेमा धेरै कुरा बताइसकेको छु। परमेश्‍वरले मानिसहरूबाट के प्राप्त गर्न चाहनुहुन्छ के त्यो तिमीहरूलाई थाहा छ? उहाँले तँबाट के चाहनुहुन्छ के त्यो तँलाई थाहा छ? बोल। यदि अनुभवहरू र अभ्यासबाट तिमीहरूले पाएको ज्ञान अझै पनि कम्ती छ वा अझै पनि सतही छ भने, यी वचनहरूसम्बन्धी तिमीहरूको ज्ञानको बारेमा तिमीहरूले केही भन्‍न सक्छौ। के तिमीहरूसँग सारांश ज्ञान छ? परमेश्‍वरले मानिसलाई के माग्नुहुन्छ? (यी विभिन्‍न कुराकानीको अवधिमा, परमेश्‍वरले हामीलाई हामीले उहाँलाई चिन्‍नुपर्छ, उहाँका कार्यहरूलाई जान्‍नुपर्छ, उहाँ नै सबै थोकको जीवनको स्रोत हुनुहुन्छ भन्‍ने जान्‍नुपर्छ, र उहाँको हैसियत र पहिचानको बारेमा परिचित हुनुपर्छ भन्‍ने मापदण्ड सिकाउनुभएको छ।) अनि, जब परमेश्‍वरले उहाँलाई चिन्‍नू भनी मानिसहरूलाई भन्‍नुहुन्छ, तब अन्तिम परिणाम के हुन्छ त? (तिनीहरूले परमेश्‍वर नै सृष्टिकर्ता हुनुहुन्छ, र मानव सृष्टि गरिएका प्राणी हुन् भन्‍ने बुझ्छन्।) जब मानिसहरूले यस्तो ज्ञान प्राप्त गर्छन्, तब परमेश्‍वरप्रतिको तिनीहरूको मनोवृत्तिमा, कर्तव्य पूरा गर्ने तिनीहरूको काममा, वा तिनीहरूको जीवनको स्वभावमा के-कस्ता परिवर्तनहरू आउँछन्? के तिमीहरूले यसबारेमा कहिल्यै विचार गरेका छौ? के परमेश्‍वरलाई चिनेपछि अनि उहाँलाई बुझेपछि, तिनीहरू असल मानिसहरू बन्छन् भनेर भन्‍न सकिन्छ? (परमेश्‍वरमाथिको विश्‍वासमा असल व्यक्ति बन्‍ने प्रयास समावेश हुँदैन।

बरु, यो त मापदण्डअनुरूपको परमेश्‍वरको सृष्‍टि बन्‍ने र इमानदार व्यक्ति बन्‍ने कार्यको खोजी हो।) के अरू कुनै कुरा छ? (परमेश्‍वरलाई साँचो रूपमा र सही तरिकाले चिनिसकेपछि, हामीले उहाँलाई परमेश्‍वरको रूपमा व्यवहार गर्न सक्छौं; हामीलाई थाहा हुन्छ कि परमेश्‍वर सधैँ परमेश्‍वर नै हुनुहुन्छ, हामी सृष्‍टि गरिएका प्राणी हौं, हामीले परमेश्‍वरलाई आराधना गर्नुपर्छ, र हामीले हाम्रो उचित स्थानमा बस्‍नुपर्छ।) एकदम राम्रो! हामी अरू केही व्यक्तिहरूबाट सुनौं। (हामी परमेश्‍वरलाई चिन्छौं, र अन्तिममा परमेश्‍वरमा साँचो रूपले समर्पित हुने, परमेश्‍वरको आदर गर्ने, र दुष्‍टताबाट अलग बस्‍ने मानिसहरू बन्‍न सक्छौं।) त्यो सही कुरा हो!

### ३. परमेश्‍वरको मापदण्डअनुरूप मानवजातिले उहाँप्रति राख्नुपर्ने आचरण

वास्तवमा, परमेश्‍वरले मानवजातिलाई त्यति धेरै मापदण्ड दिनुहुन्‍न—वा, कम्तीमा, उहाँले मानिसहरूले कल्पना गरेजत्तिको मापदण्ड तोक्‍नुहुन्‍न। यदि परमेश्‍वरले कुनै वचनहरू नबोल्नुभएको भए, र यदि उहाँले उहाँको स्वभाव वा कुनै कामहरू व्यक्त नगर्नुभएको भए, तिमीहरूको निम्ति परमेश्‍वरलाई चिन्‍ने कार्य अत्यन्तै कठिन हुनेथियो, किनभने मानिसहरूले उहाँको अभिप्राय र इच्छाको बारेमा अनुमान गर्नुपर्ने हुनेथियो; यो कार्य गर्न अत्यन्तै कठिन हुनेथियो। तैपनि, आफ्नो कार्यको अन्तिम चरणमा, परमेश्‍वरले धेरै वचन बोल्नुभएको छ, धेरै काम गर्नुभएको छ, र मानिसहरूको लागि धेरै मापदण्डहरू तय गर्नुभएको छ। उहाँका वचनहरू, र उहाँको धेरै काममा, उहाँले मानिसहरूलाई उहाँले के मन पराउनुहुन्छ, के कुरालाई घृणा गर्नुहुन्छ, र तिनीहरू कस्तो प्रकारका मानिसहरू बन्‍नुपर्छ भन्‍नेबारेमा जानकारी दिनुभएको छ। यी कुराहरूलाई बुझिसकेपछि, मानिसहरूले परमेश्‍वरका मापदण्डहरूका बारेमा आफ्नो हृदयमा सटीक परिभाषा हुनुपर्छ, किनभने तिनीहरूले परमेश्‍वरलाई अस्पष्‍टतामा विश्‍वास गर्दैनन् र तिनीहरूले अबदेखि अस्पष्‍ट परमेश्‍वरमा विश्‍वास गर्दैनन्, न त तिनीहरूले परमेश्‍वरलाई अस्पष्‍टता वा सुन्यतामाझ नै विश्‍वास गर्छन्। बरु, तिनीहरूले उहाँका वाणीहरूलाई सुन्‍न सक्छन्, उहाँका आवश्यक मापदण्डहरूलाई बुझ्‍न सक्छन्, र तिनलाई हासिल गर्न सक्छन्, अनि तिनीहरूले जान्‍नुपर्ने र बुझ्‍नुपर्ने सबै कुरा तिनीहरूलाई बताउनको लागि परमेश्‍वरले मानवजातिकै भाषा प्रयोग गर्नुहुन्छ। आज, यदि मानिसहरूलाई परमेश्‍वर को हुनुहुन्छ र उहाँले तिनीहरूबाट के चाहनुहुन्छ भन्‍ने थाहा छैन भने; यदि तिनीहरूलाई व्यक्तिले किन परमेश्‍वरमा विश्‍वास गर्नुपर्छ भन्‍ने कुरा थाहा छैन, अथवा उहाँलाई कसरी विश्‍वास गर्ने वा उहाँसँग कस्तो व्यवहार गर्नुपर्छ भन्‍ने कुरा थाहा छैन भने—यसमा एउटा समस्या रहेको छ। भर्खरै, तिमीहरू प्रत्येकले एउटा खास क्षेत्रको बारेमा बतायौ; तिमीहरूलाई केही कुराहरू थाहा छ, यी कुराहरू विशिष्‍ट हुन् कि आम हुन् भन्‍ने थाहा छ। तैपनि, म तिमीहरूलाई परमेश्‍वरले मानवजातिको लागि तय गर्नुभएका सही, पूर्ण, र विशिष्‍ट मापदण्डहरू बताउन चाहन्छु। ती केवल केही शब्दहरूमा छन्, र ती अत्यन्तै सरल छन्; सायद तिमीहरूलाई तिनको बारेमा पहिले नै थाहा भएको हुन सक्छ। मानवजाति र परमेश्‍वरलाई पछ्याउनेहरूका लागि परमेश्‍वरका सही आवश्यक मापदण्डहरू यसप्रकार छन्। उहाँलाई पछ्याउनेहरूको लागि उहाँले पाँच वटा मापदण्डहरू आवश्यक गर्नुभएको छ: साँचो विश्‍वास, निष्ठावान बफादारितापूर्ण अनुसरण, पूर्ण समर्पणता, सच्चा ज्ञान, र हृदयस्पर्शी श्रद्धाभाव।

परमेश्वरले, यी पाँच वटा कुराहरूमा, मानिसहरूले अब उप्रान्त आफ्ना कल्पनाहरू वा अस्पष्ट र अमूर्त दृष्टिकोणहरूको प्रयोग गरी उहाँलाई प्रश्‍न नगरून् वा उहाँलाई नपछ्याऊन् भन्‍ने मापदण्ड आवश्यक गर्नुभएको छ; तिनीहरूले परमेश्‍वरलाई कुनै पनि कल्पनाहरू वा धारणाहरूका आधारमा पछ्याउनु हुँदैन। उहाँलाई पछ्याउने हरेकले उहाँलाई आधा मनले वा प्रतिबद्धताविना होइन बरु बफादार भई पछ्याऊन् भन्‍ने मापदण्ड आवश्यक गर्नुभएको छ। जब परमेश्‍वरले तैँले कुनै मापदण्डहरू पूरा गर्न आवश्यक गर्नुहुन्छ, तँलाई जाँच्नुहुन्छ, तेरो न्याय गर्नुहुन्छ, तँलाई निराकरण गर्नुहुन्छ र तँलाई छिँवल्नुहुन्छ, वा तँलाई अनुशासनमा राख्‍ने र प्रहार गर्ने गर्नुहुन्छ, तब तँ उहाँमा पूर्ण रूपमा समर्पित हुनुपर्छ। तैँले अभिप्राय सोध्ने वा सर्तहरू अघि सार्ने गर्नु हुँदैन, तैँले कारणहरूको बारेमा त झन कुरा नगरेकै बेश। तेरो आज्ञापालन निरपेक्ष हुनुपर्छ। परमेश्‍वरसम्बन्धी ज्ञान नै मानिसहरू सबैभन्दा पछि पर्ने क्षेत्र हो। तिनीहरूले परमेश्‍वरमा प्रायजसो उहाँसँग सम्बन्धित नरहेका भनाइहरू, वाणीहरू, र वचनहरू लाद्छन्, तिनीहरू त्यस्ता वचनहरू परमेश्‍वरसम्बन्धी ज्ञानको सबैभन्दा सटीक परिभाषा हुन् भन्‍ने विश्‍वास गर्छन्। मानव कल्पनाहरू, तिनीहरूका आफ्नै तर्क, र तिनीहरूका आफ्नै ज्ञानबाट आएका यी भनाइहरू परमेश्‍वरको सारसँग कहीँकतै सम्बन्धित छैनन् भन्‍नेबारे तिनीहरूलाई अलिकति पनि थाहा हुँदैन। यसैले, जब परमेश्‍वरले मानिसहरूमा होस् भनी चाहनुभएको ज्ञानको बारेमा कुरा आउँछ, उहाँले तँलाई उहाँ र उहाँका वचनहरूलाई मात्रै चिन् भनेर भन्‍नुहुन्‍न, बरु उहाँको बारेमा रहेको तेरो ज्ञान पनि सही हुनुपर्छ भनेर भन्‍नुहुन्छ। तैँले एउटै वाक्य मात्रै भन्‍न सक्छस्, वा तँलाई थोरै मात्रै थाहा छ भने पनि, यो थोरै ज्ञान सही र साँचो हुन्छ, र परमेश्‍वर स्वयम्‌को सारअनुरूप हुन्छ। किनभने परमेश्‍वरले उहाँमाथि गरिएको कुनै पनि अवास्तविक वा अनुचित प्रशंसा वा तारिफलाई तिरस्कार गर्नुहुन्छ। त्योभन्दा पनि बढी, उहाँले आफूसित मानिसहरूले हावाजस्तो व्यवहार गरेको घृणा गर्नुहुन्छ। मानिसहरूले परमेश्‍वरको विषयमा छलफल गर्दा, तथ्यहरूको बारेमा विचारै नगरीकन मनोमानी ढंगले अनि कुनै पनि हिचकिचाहटविना आफूलाई उचित लागेको कुरा बोलेको देख्दा उहाँले घृणा गर्नुहुन्छ; यसको साथै, उहाँले परमेश्‍वरलाई चिन्छु भनी विश्‍वास गर्ने र उहाँसँग सम्बन्धित विषयहरूमा छलफल गर्दा कुनै नियन्त्रण अनि कुनै सीमा नराखीकन छलफल गर्दै उहाँसम्बन्धी आफ्नो ज्ञानको सेखी गर्नेहरूलाई उहाँले घृणा गर्नुहुन्छ। यसभन्दा अघि उल्लेख गरिएका पाँच मापदण्डहरूमध्ये अन्तिम हृदयस्पर्शी श्रद्धाभाव थियो: उहाँलाई पछ्याउनेहरू सबैप्रतिको परमेश्‍वरको अन्तिम मापदण्ड यही हो। जब कसैसँग परमेश्‍वरसम्बन्धी सही र साँचो ज्ञान हुन्छ, तब तिनीहरू परमेश्‍वरलाई साँचो रूपमा श्रद्धा गर्न र दुष्टबाट अलग बस्‍न सक्षम हुन्छन्। यो श्रद्धाभाव तिनीहरूको हृदयको अन्तस्करणबाट आउँछ; यो श्रद्धाभाव स्वेच्छाले दिइन्छ, र यो परमेश्‍वरको दबाबको परिणाम होइन। परमेश्‍वरले उहाँप्रति तैँले कुनै राम्रो आचरण, चालचलन, वा बाहिरी बानीबेहोराको उपहार दिनुपर्छ भनेर माग गर्नुहुन्‍न; उहाँले बरु तैँले तेरो हृदयको अन्तस्करणबाट उहाँलाई श्रद्धा गर् र उहाँको डर मान् भनेर भन्‍नुहुन्छ। त्यस्तो श्रद्धाभाव तेरो जीवनको स्वभावका परिवर्तनहरू, परमेश्‍वरबारे ज्ञान प्राप्ति र परमेश्‍वरका कार्यहरूको बुझाइ, परमेश्‍वरको सारको बुझाइ, अनि तँ परमेश्‍वरका सृष्टिहरूमध्ये एक होस् भन्‍ने तेरो स्वीकारको परिणामस्वरूप प्राप्त हुन्छ। त्यसकारण, यहाँ श्रद्धाभावलाई परिभाषित गर्नको

लागि मैले "हृदयस्पर्शी" भन्ने शब्द प्रयोग गर्नुको उद्‌देश्य मानिसहरूले परमेश्‍वरप्रतिको आफ्नो श्रद्‌धाभाव आफ्नै हृदयको अन्तस्करणबाट आउनुपर्छ भनी बुझून् भन्ने हो।

अब यी पाँच मापदण्डहरूको बारेमा विचार गर: के तिमीहरूमध्ये कोही प्रथम तीन वटा हासिल गर्न सक्नेहरूमा पर्छौ? यसद्‌वारा, मैले साँचो विश्‍वास, निष्ठावान तरिकाले पछ्याउने, र पूर्ण समर्पणताको कुरा गरिरहेको छु। के तिमीहरू यी कार्यहरू गर्न सक्ने मध्येमा पर्छौ? यदि मैले सबै पाँच वटै भनेँ भने, अवश्य तिमीहरूमध्ये कोही पनि हुनेथिएनौ, तर मैले यो सङ्‌ख्यालाई तीन वटामा घटाएको छु। तिमीहरूले यी कुराहरू हासिल गरेका छौ कि छैनौ विचार गर। के "साँचो विश्‍वास" हासिल गर्न सहज छ? (अहँ, सहज छैन।) यो सजिलो छैन, किनभने मानिसहरूले प्रायजसो परमेश्‍वरमाथि प्रश्‍न उठाउँछन्। अनि "निष्ठावान रूपमा पछ्याउने" बारेमा नि? यो "निष्ठावान" ले केलाई जनाउँछ? (आधा मनले होइन, तर पूरा मनले पछ्याउनु।) आधा मनले होइन, तर पूरा मनले पछ्याउनु। तिमीहरूले ठ्याक्कै मिलायौ! त्यसो भए, के तिमीहरू यो मापदण्ड हासिल गर्न सक्छौ त? तिमीहरूले अझै कठिन प्रयास गर्नुपर्छ, होइन त? यस क्षणमा, यो मापदण्डमा तिमीहरू सफल हुन बाँकी नै छ। "पूर्ण समर्पणता" को बारेमा के भन्छौ–के तिमीहरूले त्यो हासिल गरेका छौ? (छैनौं।) तिमीहरूले त्यो पनि हासिल गरेका छैनौ। तिमीहरू बारम्बार अनाज्ञाकारी र विद्रोही बन्छौ; तिमीहरूले प्रायजसो सुन्दैनौ, आज्ञापालन गर्न चाहँदैनौ, वा सुन्न चाहँदैनौ। मानिसहरूले जीवनमा प्रवेश प्राप्त गरेपछि पूरा गर्ने सबैभन्दा आधारभूत तीन वटा मापदण्ड यिनै हुन्, तर तिमीहरूले ती हासिल गर्न अझै बाँकी नै छ। तसर्थ, अहिले, के तिमीहरूसँग ठूलो सम्भावना छ? आज, मैले यी वचनहरू बोलेको सुनेपछि, के तिमीहरूलाई चिन्ता लाग्यो? (हो।) तिमीहरूलाई चिन्ता लाग्नु ठीक कुरा हो। चिन्ताबाट जोगिने प्रयास नगर। म तिमीहरूको खातिर चिन्तित हुन्छु। म अन्य दुई मापदण्डको कुरा गर्नेछैन; अवश्य नै, यहाँ उपस्थित कसैले पनि तिनलाई हासिल गर्न सक्दैनन्। तिमीहरू व्याकुल छौ। त्यसो भए, के तिमीहरूले आफ्ना उद्‌देश्यहरू निर्धारित गरेका छौ? तिमीहरूले कुन उद्‌देश्यहरूले, र कुन दिशामा खोजी र प्रयास गर्नुपर्छ? के तिमीहरूसँग उद्‌देश्य छ? म सरल रूपमा भन्छु: तिमीहरूले यी पाँच मापदण्ड हासिल गरिसकेपछि, तिमीहरूले परमेश्‍वरलाई सन्तुष्ट पारिसकेका हुनेछौ। ती प्रत्येक नै व्यक्तिको जीवन प्रवेशको परिपक्वताको सूचक, साथै अन्तिम उद्‌देश्य हो। यदि मैले विस्तृत रूपमा बताउनको लागि यीमध्ये एउटालाई लिएँ, र तिमीहरूलाई यो पूरा गर्न लगाएँ भने, यसलाई हासिल गर्न सहज हुनेथिएन; तिमीहरूले निश्‍चित हदसम्म कठिनाइ भोग्नुपर्छ र निश्‍चित हदसम्म प्रयास गर्नुपर्छ। तिमीहरूसँग कस्तो मानसिकता हुनुपर्छ त? यो शल्यक्रिया टेबुलमा जानको लागि प्रतीक्षा गरिरहेको क्यान्सर बिरामीको जस्तै हुनुपर्छ। म किन यसो भन्दैछु? यदि तँ परमेश्‍वरमा विश्‍वास गर्न चाहन्छस् भने, र यदि तँ परमेश्‍वरलाई प्राप्त गर्न र उहाँको सन्तुष्टि प्राप्त गर्न चाहन्छस् भने, तैँले निश्‍चित हदसम्म पीडा नभोगुन्जेलसम्म र निश्‍चित मात्रामा प्रयास नगरुन्जेलसम्म, तैँले यी कुराहरूलाई हासिल गर्न सक्नेछैनस्। तिमीहरूले धेरै प्रचार सुनिसक्यौ, तर यसलाई सुन्दैमा यसको अर्थ यो प्रवचन तेरो भयो भन्ने हुँदैन; तैँले यसलाई अवशोषण गर्नुपर्छ र तेरो स्वामित्वमा भएको कुनै कुरामा परिणत गर्नुपर्छ। तैँले यसलाई तेरो जीवनमा समाहित गर्नुपर्छ र तेरो अस्तित्वमा

समावेश गर्नुपर्छ र यसरी तैँले यी वचनहरू र प्रचारलाई तेरो जिउने शैलीलाई अगुवाइ गर्न र तेरो जीवनमा अस्तित्वका मूल्य र अर्थ ल्याउन दिनुपर्छ। जब त्यस्तो हुन्छ, तब तिमीहरूले यी वचनहरू सुनेको कुराको अर्थ रहन्छ। यदि मैले बोलेका वचनहरूले तेरो जीवनमा कुनै सुधार ल्याउँदैन वा तेरो अस्तित्वमा कुनै मूल्य थप्दैन भने, तैँले ती वचनहरू सुनेको कुनै अर्थ हुँदैन। तिमीहरूले यो कुरा बुझ्यौ, होइन त? यो कुरा बुझिसकेपछि, यसपछि के हुन्छ भन्ने कुरा तिमीहरूकै हातमा छ। तिमीहरूले काम गर्नैपर्छ! तिमीहरू सबै कुरामा इमानदार हुनैपर्छ! यता न उताको नबन; समय बितेको बित्यै छ! तिमीहरूमध्ये धेरैजसोले परमेश्वरलाई एक दशकभन्दा बढी समयदेखि विश्वास गर्दै आएका छौ। विगतका यी दश वर्षको अवधिलाई फर्केर हेर। तिमीहरूले कति हासिल गरेका छौ? अनि यो जीवनकालमा तिमीहरूले जिउने कति दशक समय बाँकी छ? तिमीहरूसँग त्यति धेरै समय छैन। परमेश्वरको कामले तिमीहरूलाई प्रतीक्षा गर्छ कि गर्दैन, उहाँले तिमीहरूलाई मौका दिनुभएको छ कि छैन, वा उहाँले फेरि एउटै काम गर्नुहुनेछ कि गर्नुहुनेछैन भन्ने बारेमा बिर्सिदेओ– यी कुराहरूका बारेमा कुरै नगर। के तिमीहरूले आफ्नो जीवनको विगतका दश वर्षको मार्गलाई उल्ट्याउन सक्छौ? बितेर जाने हरेक दिनसँगै, र तिमीहरूले चाल्ने हरेक कदमसँगै, तिमीहरूसँग एक-एक दिन कम हुँदै जान्छ। समयले कसैलाई पर्खँदैन! यदि तैँले परमेश्वरमाथिको आफ्नो विश्वासलाई तेरो जीवनको सबैभन्दा ठूलो कुराको रूपमा लिइस्, खाना, वस्त्र, वा अन्य कुनै पनि कुराभन्दा बढी महत्त्वपूर्ण ठानिस् भने मात्रै यसबाट तँलाई प्राप्ति हुनेछ। यदि तैँले तँसँग समय हुँदा मात्रै विश्वास गर्छस्, र तेरो विश्वासमा तेरो सम्पूर्ण ध्यान समर्पित गर्न सक्दैनस् भने, अनि यदि तँ सधैँ अन्योलताको दलदलमा हुन्छस् भने, तैँले केही पनि प्राप्त गर्नेछैनस्। तिमीहरू यो कुरा बुझ्छौ, होइन त? आजको लागि हामी यहीँ रोकिनेछौं। अर्को पटक भेटौंला! (परमेश्वरलाई धन्यवाद होस्!)

फेब्रुवरी १५, २०१४

**परिशिष्ट:**

# परमेश्वरको न्याय र सजायमा उहाँ देखा पर्नुभएको घटनालाई हेर्नु

प्रभु येशू ख्रीष्टलाई पछ्याउने अरूहरू करोडौँले जस्तै, हामी बाइबलका नियमहरू र आज्ञाहरूलाई पालन गर्छौं, प्रभु येशू ख्रीष्टको प्रशस्त अनुग्रहमा आनन्दित हुन्छौं, र प्रभु येशू ख्रीष्टको नाममा एकसाथ भेला हुन्छौं, प्रार्थना, प्रशंसा, र सेवा गर्छौं–र प्रभुको हेरचाह र सुरक्षा हामी यी सबै गर्छौं। हामी प्राय कमजोर छौँ, र हामी प्राय बलिया पनि छौँ। हाम्रा सबै कार्यहरू प्रभुका शिक्षाअनुसार छन् भनी हामी विश्वास गर्छौं। तब, यो स्पष्ट छकि हामी स्वर्गमा हुनुहुने पिताको इच्छा पुरा गर्ने मार्गमा छौँ भनी हामी आफै पनि विश्वास गर्छौं। हामी प्रभु येशूको दोस्रो आगमनको, उहाँको महिमित अवतरणको, पृथ्वीमा हाम्रा जीवनको अन्त्यको, राज्यको उदयको, र प्रकाशको पुस्तकमा अगमवाणी गरिएका सबै थोकहरूका तीव्र इच्छा गर्छौं: प्रभु आइपुग्नुहुन्छ, उहाँले विपत्ति ल्याउनुहुन्छ, उहाँले असललाई इनाम दिनुहुन्छ र दुष्टलाई दण्ड दिनुहुन्छ, र उहाँलाई पछ्याउनेहरू सबैलाई र उहाँलाई बादलमा भेट्न उहाँको दोस्रो आगमन स्वागत गर्नेहरूलाई उहाँले लिनुहुन्छ। जहिले हामी यो विचार गर्छौं, हामी आखिरी दिनहरूमा जन्मियौं र प्रभुको आगमनका साक्षी हुने असल भाग्य पाएकोमा हामी भावुक नभइरहन, आनन्दले पूर्ण नभइरहन सक्दैनौं। हामीले सतावट भोगेका भए पनि, हामीले यसको सट्टामा “अत्याधिक र अनन्त महिमाको काम।” पाएका छौँ। कस्तो आशिष्! प्रभुले दिनुभएका यी सबै तीव्र इच्छा र अनुग्रहले हामीलाई प्रार्थना मा लगातार गम्भीर बनाउँछ र एकसाथ भेला हुनका लागि अझै बढी लगनशील बनाउँछ। सायद अर्को वर्ष, सायद भोली, र मानिसले कल्पना गरेकोभन्दा छोटो समयभित्र, उत्सुकताका साथ उहाँलाई पर्खिरहेका मानिसहरूका समूहका बीचमा उहाँ प्रकट भएर, प्रभु एक्कासि ओर्लनुहुनेछ। प्रभुको प्रकट हेर्नका लागि पहिलो समूहमा हुनका खातिर र उठाइलगिने मध्ये हुन हामी एक अर्कालाई उछिन्न हतार गर्नेछौं, पछाडि छोडिन कोही पनि इच्छुक हुँदैनौं। हामीले यस दिनको आगमनका लागि, लागतको बेवास्ता नगरी सबै थोक दिएका छौँ; कोहीले आफ्ना रोजगारीहरू छोडेका छन्, कोहीले आफ्ना परिवारहरू त्यागेका छन्, कोहीले विवाह त्यागेका छन्, र कोहीले आफ्ना सबै बचतहरूलाई दान गरेका पनि छन्। भक्तिका कस्ता निस्स्वार्थ कार्यहरू! यस्ता इमानदारीता र विश्वासयोग्यता अवश्य विगत युगका सन्तहरूका भन्दा पनि अझ परको छ! जसरी प्रभुले आफूले चाहनुभएकाहरूमाथि अनुग्रह गर्नुहुन्छ र आफूले चाहनुभएकाहरूलाई कृपा देखाउनुहुन्छ, हाम्रा भक्ति र समर्पणका कार्यहरू, हामी विश्वास गर्छौं, लामो समयदेखि उहाँका आँखाहरूले हेरेका छन् यसरी नै, हाम्रा निष्कपट प्रार्थनाहरू पनि उहाँका कानहरूमा पुगेका छन्, र हाम्रा समर्पणका लागि प्रभुले हामीलाई प्रतिफल दिनुहुन्छ भनी हामी भरोसा गर्छौं। यसबाहेक, परमेश्वरले संसारलाई सृष्टि गर्नुभन्दा पहिलेदेखि नै उहाँ हामीप्रति दयालु हुनुभएको थियो, र उहाँले

---

यो “सर्वशक्तिमान् परमेश्वरको मण्डलीको व्युत्पत्ति र विकास” को प्रस्तावनाको रूपमा परमेश्वरले लेख्नुभएको थियो।

हामीलाई दिनुभएका आशिषहरू र प्रतिज्ञाहरूलाई कसैले पनि खोसेर लान सक्दैन। हामी सबैले भविष्यका लागि योजना बनाइरहेका छौँ, र बादलमा प्रभुलाई भेट्न उठाइ लगिनको निम्ति आदानप्रदान गर्ने हाम्रा समर्पण र खर्च काउन्टर चिप्स वा पूँजी बनेको छ। अझ ठूलो कुरा त के छ भने, सारा राष्ट्रहरू र सबै जातिहरूमाथि अध्यक्षता गर्न वा राजाहरूको रूपमा शासन गर्न अलिकति हिचकिचाहटविना, हामीले आफैलाई भविष्यको सिंहासनमा राखेका छौँ। यी सबैलाई हामीले दिइएको रूपमा र अपेक्षा गर्नुपर्ने कुनै थोकको रूपमा लिन्छौँ।

प्रभु येशूका विरुद्धमा भएकाहरूलाई हामी घृणा गर्छौं; तिनीहरू सबैका अन्त्य विनाश नै हुनेछ। प्रभु येशू मुक्तिदाता हुनुहुन्छ भनी विश्वास नगर्न कसले तिनीहरूलाई भन्यो? अवश्य पनि, संसारका मानिसहरूप्रति करुणामय हुनुभएका प्रभु येशू लाई अनुकरण गर्ने समयहरू छन्, किनकि तिनीहरूले बुझ्दैनन्, र हामी तिनीहरूप्रति सहनशील र क्षमाशील हुनु ठीक हो। हामीले गर्ने सबै कुराहरू बाइबलका वचनहरू अनुसार हुनुपर्छ, किनकि बाइबल अनुरूप नहुने कुनै पनि कुरा शास्त्र-विरोधी वा झूटा शिक्षा हो। यस किसिमको विश्वासले हामी प्रत्येकका मनमा गहिरो किसिमले जरा गाडेको छ। हाम्रा प्रभु बाइबलमा हुनुहुन्छ, र यदि हामी बाइबलबाट विचलित भएनौं भने, हामी प्रभुबाट पनि अलग हुनेछैनौं; यदि हामी यस सिद्धान्तमा रह्यौं भने, हामीले मुक्ति पाउनेछौं। हामी एक-अर्कालाई प्रेरणा दिन्छौं, एउटाले अर्कोलाई सहायता गर्छौं, र हरेक पल्ट हामी एकसाथ भेला हुँदा, हामीले भनेका र गरेका सबै कुराहरू प्रभुको इच्छाअनुसार छन् र प्रभुले यसलाई स्वीकार गर्नुहुनेछ भनी हामी आशा गर्छौं। हाम्रो अत्यन्त प्रतिकूल परिवेश हुँदाहुँदै पनि, हाम्रा हृदयहरू आनन्दले भरिएका छन्। सहज पहुँचमा भएका हाम्रा आशिषहरूलाई हामीले विचार गर्दा, के हामीले पन्छाउन नसक्ने कुनै कुरा छ र? अलग हुनका लागि हामीले सङ्कोच मान्नुपर्ने कुनै कुरा छ र? यी सबै कुराहरू स्पष्ट छन्, र यी सबै कुराहरू परमेश्वरका चनाखा आँखा सामु नै छन्। गोबरको थुप्रोबाट उठाइएका खाँचोमा परेका मुठ्ठीभरका हामीहरू, उठाइ लगिने वा, आशिषित हुने, र सबै राज्यहरूमाथि शासन गर्ने गरेको सपना देख्ने, प्रभु येशूका अरू साधारण अनुयायीहरू जस्तै छौँ। हाम्रा भ्रष्टता परमेश्वरका दृष्टिमा खुला राखेका छन्, अनि हाम्रा अभिलाषाहरू र लोभहरू परमेश्वरका दृष्टिमा दोषी ठहरिएका छन्। तथापि, यी सबै थोकहरू यति सामान्य रूपमा र यति तर्कसंगत किसिमले हुन्छन्, कि हाम्रा तीव्र इच्छाहरू ठीक छन् वा छैनन् भन्ने बारेमा हामी कोही पनि अचम्ममा पर्दैनौं, हामीले अवलम्बन गरेका सबै थोकको विशुद्धतामाथि शङ्का गर्ने कुरा त परै जाओस्। कसले परमेश्वरको इच्छालाई जान्न सक्छ? खास कस्तो किसिमको मार्गमा मानव हिँड्छ, हामीले खोज्न वा अन्वेषण गर्न जान्दैनौं; अनि सोधपूछ गर्नमा पनि हाम्रो चासो झनै कम छ। हामीलाई उठाइ लगिन्छ कि उठाइ लगिँदैन, हामीले आशिष् पाउन सक्छौं कि पाउँदैनौ, स्वर्गको राज्यमा हाम्रा लागि कुनै स्थान छ कि छैन, जीवनको नदीको पानी र जीवनको रूखको फलमा हाम्रो हिस्सा हुन्छ कि छैन भन्ने बारेमा मात्र हामी सरोकार राख्छौं। के यी नै कुराहरू पाउनका खातिर हामीले प्रभुमा विश्वास गरेका र उहाँका अनुयायीहरू बनेका होइनौं र? हाम्रा पापहरू क्षमा भएका छन्, हामीले पश्चाताप गरेका छौँ, हामीले दाखमद्यको तीतो कचौरा पिएका छौँ, अनि हामीले हाम्रो क्रूसलाई पीठमाथि राखेका छौँ। हामीले तिरेको मूल्य प्रभुले स्वीकार गर्नुहुन्न भनी

कसले भन्न सक्छ? हामीले पर्याप्त तेलको तयारी गरेका छैनौं भनी कसले भन्न सक्छ? हामी ती मूर्ख कन्याहरू वा ती त्यागिएकाहरू मध्येका जस्ता हुन चाहँदैनौं। यसका साथसाथै, झूटा ख्रीष्टहरूद्वारा छलमा नपर्नका लागि हामीलाई सुरक्षित राख्न हामीले प्रभुलाई बिन्ती गर्दै, निरन्तर प्रार्थना गर्छौं, किनकि बाइबलमा यसो भनिएको छ: "अनि यदि कुनै मानिसले तिमीहरूलाई, हेर, ख्रीष्ट यहाँ हुनुहुन्छ वा त्यहाँ हुनुहुन्छ भनी भन्छ भने विश्वास नगर्नू। झूटा ख्रीष्टहरू र झूटा अगमवक्ताहरू आउनेछन् र ठूलठूला चिन्हहरू र चमत्कारहरू देखाउनेछन्; ताकि सम्भव भए, तिनीहरूले चुनिएकाहरूलाई नै छल्नेछन्" (मत्ती २४:२३-२४)। हामी सबैले बाइबलका यी पदहरूलाई कण्ठस्थ गरेका छौँ; हामीले तिनीहरूलाई हृदयले चिन्छौं, र हामीले तिनीहरूलाई बहुमूल्य सम्पत्तिको रूपमा, जीवनको रूपमा, र हामीले मुक्ति पाउन सक्छौं वा सक्दैनौं वा उठाइ लगिन्छ वा लगिँदैन भनी निर्णय गर्ने श्रेय पत्रका रूपमा हेरेका छौँ ...

हजारौँ वर्षदेखि, जीवितहरूले आफ्ना तीव्र चाहनाहरू र आफ्ना सपनाहरू तिनीहरूसँग लिएर बितिसकेका छन्, तर तिनीहरू स्वर्गका राज्यमा गए वा गएनन् भन्ने कुरा कसैलाई पनि साँच्चिकै थाहा छैन। कुनै समय घटेका सबै कथाहरू बिर्सेर मृतकहरू फर्कन्छन्, अनि तिनीहरूले पितापुर्खाहरूका शिक्षाहरू र मार्गहरूलाई अझै पछ्याएका हुन्छन्। अनि यसरी, वर्षहरू बित्छन् र दिनहरू टर्छन्, हाम्रा प्रभु येशू, हाम्रा परमेश्‍वरले हामीहरूले गरेका सबै कुराहरूलाई साँच्चै स्वीकार गर्नुहुन्छ वा हुँदैन, कसैलाई पनि थाहा छैन। हामीले गर्न सक्ने कुराचाहिँ परिणामका लागि प्रतीक्षा गर्नु र हुन आउने कुराहरूका बारेमा अनुमान गर्नु मात्र हो। तर पनि हामीकहाँ कहिल्यै देखा नपरी, हामीसित कहिल्यै नबोली नै परमेश्‍वर यस अवधिभरि मौन रहनुभएको छ। अनि यसरी, बाइबललाई पछ्याएर चिन्हहरू अनुसार, हामी परमेश्‍वरका इच्छा र स्वभावका बारेमा स्वेच्छाचारी न्यायहरू बनाउँछौं। परमेश्‍वरका मौनतामा हाम्रो बानी बसेको छ; विचार गर्ने हाम्रा आफ्नै तरिकाद्वारा हाम्रा व्यवहारलाई ठीक र बेठीक भनी मापन गर्ने हाम्रो बानी परेको छ; परमेश्‍वरले हामीबाट माग गर्नुभएका कुराहरूको सट्टामा हाम्रा ज्ञान, धारणाहरू, र नैतिक नीतिहरूमा भर पर्न हामीलाई बानी परेको छ; परमेश्‍वरको अनुग्रहमा आनन्द लिन हामीलाई बानी परेको छ; आवश्यकता पर्दा परमेश्‍वरले हामीलाई प्रदान गर्नुहुने सहायतामा हाम्रो बानी परेको छ; सबै थोकहरूका निम्ति परमेश्‍वरतिर हाम्रा हातहरू फैलाउन र परमेश्‍वरलाई आज्ञा गर्न हामीलाई बानी परेको छ; पवित्र आत्माले कसरी अगुवाइ गर्नुहुन्छ भनी ध्यान नदिई, नियमहरू अनुरूप चल्न हामीलाई बानी परेको छ; अनि अझ बढी त, हाम्रा मालिक हामी आफै भएको समयको हामीलाई बानी परेको छ। हामीले कहिल्यै आमनेसामने नभेटेका यस्तो परमेश्‍वरमा हामी विश्‍वास गर्छौं। उहाँको स्वभाव कस्तो छ, उहाँसँग जे छ र उहाँ जे हुनुहुन्छ, उहाँको स्वरूप कस्तो छ, उहाँ आउनुहुँदा हामी उहाँलाई चिन्छौं वा चिन्दैनौं, र यस्तै खालका प्रश्‍नहरू–यिनीहरू कुनै एउटा पनि महत्वपूर्ण छैनन्। उहाँ हाम्रो हृदयमा हुनुहुन्छ र हामी सबैले उहाँलाई पर्खेका छौँ भन्ने कुरा महत्वपूर्ण छ, र उहाँ यस्तो वा त्यस्तो हुनुहुन्छ भनी हामीले कल्पना गर्न सक्नु नै पर्याप्त हुन्छ। हामी हाम्रा विश्‍वासको सराहना गर्छौं र हाम्रा आत्मिकतालाई मूल्यवान् ठान्छौं। हामी सबै कुराहरूलाई गोबरको रूपमा हेर्छौं, र सबै थोकहरूलाई पैतालामुनि कुल्चन्छौं। हामी महिमित प्रभुका विश्‍वासीहरू भएका हुनाले, यात्रा जति

नै लामो र कठिन भए पनि, कठिनाइहरू र खतराहरू हामीमाथि आइपरे पनि, हामीले प्रभुलाई पछ्याउँदा केही कुराले पनि हाम्रा पाइलाहरूलाई रोक्न सक्दैनन्। "परमेश्‍वर र थुमाको सिंहासनबाट स्फटिक जस्तै जीवनको सफा पानीको विशुद्ध नदी बगी निस्क्यो। त्यो नदीको दुवै किनारामा जीवनको रूख थियो, जसले बाह्र किसिमका फलहरू फलाउथे र हरेक महिना फल दिन्थे: र त्यस रूखका पातहरू जाति-जातिहरूलाई निको पर्नलाई थियो। अनि त्यहाँ उप्रान्त कुनै सराप हुनेछैन: तर यसभित्र परमेश्‍वर र थुमाको सिंहासन हुनेछ; र उहाँका सेवकहरूले उहाँको सेवा गर्नेछन्: अनि तिनीहरूले उहाँको मुहार देख्नेछन्; र तिनीहरूको निधारमा उहाँको नाउँ हुनेछ। त्यहाँ कुनै रात हुनेछैन; र तिनीहरूलाई कुनै बत्ती आवश्यक पर्दैन, न त सूर्यको प्रकाशको नै आवश्यक पर्छ; किनभने परमप्रभु परमेश्‍वरले तिनीहरूलाई प्रकाश दिनुहुन्छ: र तिनीहरूले सदासर्वदा नै शासन गर्नेछन्" (प्रकाश २२:१-५)। हामीले हरेक पल्ट यी शब्दहरूलाई गाउँदा, हाम्रा हृदयहरू असीम आनन्द र सन्तुष्टिले भरिन्छन्, र हाम्रा आँखाहरूबाट आँसुहरू बग्छन्। हामीलाई छान्नुभएकोमा प्रभुलाई धन्यवाद होस्, उहाँको अनुग्रहको निम्ति प्रभुलाई धन्यवाद होस्। उहाँले यस जीवनमा हामीलाई सय गुणा दिनुभएको छ र आउने संसारमा हामीलाई अनन्त जीवन दिनुभएको छ। यदि उहाँले मर्नका लागि अहिले हामीलाई भन्‍नुभयो भने, हामीले कुनै पनि गुनासोविना त्यसो गर्थ्यौं। हे प्रभु! कृपया चाँडै आउनुहोस्! हामी तपाईंलाई यति उत्कट रूपमा चाहन्छौं र तपाईंका खातिर सबै कुराहरूलाई त्यागेका छौँ भन्ने कुरालाई विचार गर्दै, एक मिनेट, एक सेकेन्ड पनि ढीला नगर्नुहोस्।

परमेश्‍वर मौन हुनुहुन्छ, र कहिल्यै हामीकहाँ प्रकट हुनुभएको छैन, तैपनि उहाँको काम कहिल्यै रोकिएको छैन। उहाँले सारा पृथ्वीलाई अनुसन्धान गर्नुहुन्छ, सबै थोकहरूलाई आज्ञा गर्नुहुन्छ, र मानिसका सबै शब्दहरू र कामहरूलाई हेर्नुहुन्छ। उहाँले उहाँको व्यवस्थापनलाई मौनता पूर्वक र नाटकीय प्रभाव विना मापन चरणहरू र उहाँको योजनाअनुसार सञ्चालन गर्नुहुन्छ, तापनि उहाँका पाइलाहरू मानवजातिका नजिक हुनेगरि एक-एक गरेर अगाडि बढ्छन्, र उहाँको न्याय आसन बिजुलीको गतिमा ब्रम्हाण्डमा तैनात गरिन्छ, त्यसपछि उहाँको सिंहासन तुरुन्त हाम्रा बीचमा ओर्लन्छ। त्यो कस्तो प्रतापी दृश्य हो, कस्तो शानदार र प्रभावशाली नाटकीय दृश्य! ढुकुरजस्तै र गर्जने सिंह जस्तै गरी पवित्र आत्मा हाम्रा बीचमा आउनुहुन्छ। उहाँ बुद्धि हुनुहुन्छ, उहाँ धार्मिकता र प्रताप हुनुहुन्छ, र उहाँ अख्तियार चलाउँदै र प्रेम र कृपाले भरिएर, हाम्रा बीचमा गोप्य रूपमा आउनुहुन्छ। उहाँको आगमनका बारेमा कसैलाई पनि थाहा छैन, कसैले उहाँको आगमनलाई स्वागत गर्दैन, अनि, यसका अतिरिक्त, उहाँले गर्न लाग्नुभएको कुरा कसैलाई पनि थाहा हुँदैन। मानिसको जीवन पहिलेको जस्तै चल्छ, उसको हृदय केही फरक छैन, र दिनहरू सदाको झैँ गुज्रन्छन्। परमेश्‍वर अनुयायीहरूमध्ये सबैभन्दा नगण्य र एक साधारण विश्‍वासीको रूपमा, अरू मानिसहरूजस्तै, हाम्रा माझमा बस्नुहुन्छ। उहाँका आफ्नै खोजहरू, आफ्नै लक्ष्यहरू छन्; र, यसका अतिरिक्त, उहाँसँग साधारण मानिसहरूसित नभएको ईश्‍वरत्व छ। उहाँको ईश्‍वरत्वको अस्तित्वलाई कसैले पनि ध्यान दिएको छैन, र उहाँको र मानिसका सार बीचको भिन्‍नतालाई कसैले बुझेको छैन। हामी उहाँसँग स्वतन्त्र र निडर भएर एकसाथ जिउँछौँ, किनकि हाम्रा दृष्टिमा उहाँ एक

मामुली विश्वासी बाहेक केही पनि हुनुहुन्न। उहाँले हाम्रा सबै चाललाई हेर्नुहुन्छ, र हाम्रा सबै विचारहरू र धारणाहरू उहाँका सामु खुला छन्। कसैले पनि उहाँको अस्तित्वमा चासो राख्दैन, कसैले पनि उहाँका कार्यको बारेमा कुनै कुरा कल्पना गर्दैन, र, यसका अतिरिक्त, उहाँको पहिचानको बारेमा कसैसँग अलिकता पनि शङ्का छैन। उहाँको हामीसँग कुनै पनि सम्बन्ध नभए झैँ गरी हामीले गर्ने भनेको हाम्रा खोजहरूलाई जारी राख्नु हो ...

पवित्र आत्माले उहाँद्‌वारा वचनहरूका खण्ड अचानक व्यक्त गर्नुहुन्छ, र यो अति नै अप्रत्याशित जस्तो अनुभूति भए पनि, हामी यसलाई परमेश्‍वरबाट आएको वाणीको रूपमा मान्यता दिन्छौं र यसलाई परमेश्‍वरबाट आएको रूपमा सहजै स्वीकार गर्छौं। त्यो हुनुको कारणचाहिँ, यी वचनहरूलाई जसले व्यक्त गरे पनि, जबसम्म ती पवित्र आत्माबाट आउँछन् तबसम्म हामीले तिनीहरूलाई स्वीकार गर्नुपर्छ र तिनीहरूलाई इन्कार गर्नुहुन्न। अर्को वाणी मबाट, वा तपाईंबाट, वा अरू कसैबाट आउनसक्छ। यो जो भए पनि, सबै परमेश्‍वरबाटको अनुग्रह नै हो। यो जो भए पनि, हामीले यस व्यक्तिलाई आराधना गर्नु हुँदैन, किनभने जे नै भए पनि, यो व्यक्ति सम्भव त परमेश्‍वर हुन सक्दैन, नत हामीले कुनै किसिमले पनि यस्तो सामान्य व्यक्तिलाई हाम्रो परमेश्‍वर भनी छान्न नै सक्छौं। हाम्रा परमेश्‍वर अति नै महान् र आदरयोग्य हुनुहुन्छ; यस्तो नगण्य व्यक्ति कसरी उहाँको स्थानमा खडा हुन सक्थ्यो? अझै अधिक कुराचाहिँ, परमेश्‍वर आएर हामीलाई स्वर्गको राज्यमा फर्काएर लानका लागि हामीले उहाँलाई पर्खिरहेका छौँ, यसैले यति महत्त्वपूर्ण र कठिन कार्य कसरी यति तुच्छ व्यक्तिको दायित्व हुन सक्थ्यो? यदि प्रभु फेरि आउनुहुन्छ भने, यो सेतो बादलमा हुनैपर्छ, ताकि सबै भीडले देख्न सकून्। त्यो कति महिमित हुनेछ! उहाँ साधारण मानिसहरूको समूहमा कसरी गुप्त रूपमा लुक्न सम्भव हुनसक्छ?

तथापि मानिसहरूका बीचमा लुक्नुभएका यी साधारण व्यक्तिले नै, हामीलाई मुक्ति दिन नयाँ कार्य गरिरहनुभएको छ। उहाँले हामीलाई कुनै व्याख्या दिनुभएको छैन, न त उहाँ किन आउनुभएको हो भनी हामीलाई बताउनु नै भएको छ, तर उहाँले गर्न चाहनुभएको काम सुविचारित कदमहरू र उहाँको योजनाअनुसार गर्नुहुन्छ। उहाँका वचनहरू र वाणीहरू अझ नियमित हुन्छन्। सान्त्वना दिने, अर्ती दिने, स्मरण गराउने, र चेतावनी दिने, हप्काउने र अनुशासनमा राख्नेदेखि नम्र र कोमल लबजदेखि डरलाग्दा र प्रतापी वचनहरूसम्म सबैले मानवमाथि कृपा देखाउँछ र उसमा भय हालिदिन्छ। उहाँले भन्नुभएका सबै कुराहरूले हामीभित्र गहिराइमा लुकेका गुप्त कुराहरूलाई प्रहार गर्छ; उहाँका वचनहरूले हाम्रा हृदयलाई डस्छन्, हाम्रा आत्माहरूलाई डस्छन्, र सहनै नसकिने लाजले हामीलाई भरेर छोडी दिन्छन्, आफैलाई कहाँ लुकाउने भन्ने कुरा जान्नै नसकिने हुन्छ। यस व्यक्तिका हृदयमा हुनुभएका परमेश्‍वरले साँच्चै हामीलाई प्रेम गर्नुहुन्छ त र उहाँ के गर्न चाहनुहुन्छ भनी हामी अचम्ममा पर्न थाल्छौं। सायद, यी दुःखहरू भोगिसकेपछि मात्र हामी उठाइ लगिन सक्छौ? आउने गन्तव्य र हाम्रो भविष्यको नियतिको बारेमा ... हामीले हाम्रा मस्तिष्कमा हिसाब गरिरहेका हुन्छौं। पहिले झैँ, अझै पनि, हाम्रा बीचमा काम गर्न परमेश्‍वरले देहधारण गरिसक्नुभयो भनी हामी कसैले पनि विश्‍वास गर्दैनौं। यति लामो समयदेखि उहाँ हामीसँग हुनुहुन्छ, उहाँले हामीसँग आमने-सामने भएर धेरै वचनहरू बोलिसक्नुभएको छ तापनि, हाम्रा भविष्यका

परमेश्वरका रूपमा यस साधारण मानवलाई स्वीकार गर्न हामी अनिच्छुक रहेका छौं, र यस नगण्य व्यक्तिलाई हाम्रो भविष्य र हाम्रो नियतिको नियन्त्रणका लागि जिम्मा दिने त परै जाओस्। उहाँबाट नै हामीले जीवित पानीको असीम आपूर्तिको आनन्द लिन्छौं, अनि उहाँद्वारा नै हामी परमेश्वरसँग आमने-सामने बस्छौं। तर स्वर्गमा हुनुहुने प्रभु येशूको अनुग्रहको निम्ति मात्र हामी धन्यवादी छौं, र ईश्वरत्व भएका यी साधारण व्यक्तिका भावनाहरूलाई कहिल्यै कुनै ध्यान दिएका छैनौं जसमा ईश्वरीयता छ। अझै पनि, मानवजातिले उहाँलाई गरेको इन्कारप्रति अनभिज्ञ भए झैं गरी, मानिसको बालकपन र अज्ञानतालाई अनन्त रूपमा क्षमा गर्ने र उहाँप्रति मानिसको अनादरप्रति सदासर्वदा सहिष्णु हुनुहुने झैं गरी पहिलाको जस्तै, उहाँले आफ्नो काम नम्रतासाथ शरीरमा लुकेर गर्नुहुन्छ।

यी नगण्य मानिसले हामीलाई परमेश्वरको कामको एक कदमदेखि अर्कोमा अगुवाइ गर्नुभएको छ भन्ने हामीलाई जानकारी नहोला। हामी असंख्य परीक्षाहरू भएर जान्छौं, असंख्य ताडनाहरू भोग्छौं, र मृत्युद्वारा जाँच गरिन्छौं। हामी परमेश्वरको धर्मी र प्रतापी स्वभावबारे सिक्छौं, उहाँको प्रेम र कृपामा आनन्द मनाउँछौं, परमेश्वरको महान् शक्ति र बुद्धिको सराहना गर्छौं, परमेश्वरको प्रेमिलोपन साक्षी हुन्छौं, र मानवलाई मुक्ति दिने परमेश्वरको उत्कट इच्छालाई हेर्छौं। यस साधारण व्यक्तिका वचनहरूमा, हामीले परमेश्वरका स्वभाव र सारलाई जान्न, परमेश्वरको इच्छालाई बुझ्न, मानवको प्रकृति र सारलाई जान्न, र मुक्ति र सिद्धताको बाटोलाई देख्न पाउँछौं। उहाँका वचनहरूले हामीलाई “मर्न” लगाउँछन्, र तिनीहरूले हामीलाई “नयाँगरी जन्मन” लगाउँछन्; उहाँका वचनहरूले हामीलाई सान्त्वना दिन्छन्, तापनि हामीलाई दोषले चकनाचूर र ऋणी भएको आभास दिएर छोड्छन्; उहाँका वचनहरूले हामीमा आनन्द र शान्ति ल्याउँछन्, तर असीमित पीडा पनि ल्याउँछन्। कहिलेकहीँ हामी उहाँका हातहरूमा काटिन लगिएका थुमाहरूजस्तै हुन्छौं; कहिलेकहीँ हामी उहाँको आँखाका नानी जस्तै हुन्छौं, र उहाँको कोमल प्रेमको आनन्द लिन्छौं। कहिलेकहीँ हामी उहाँका शत्रु जस्तै हुन्छौं, र उहाँका हेराइमा उहाँको क्रोधद्वारा खरानीमा परिणत हुन्छौं। हामी उहाँद्वारा मुक्ति दिइएका मानवजाति हौँ, हामी उहाँका नजरमा भुसुना हौँ, अनि हामी हराएका थुमाहरू हौँ, उहाँ हामीलाई भेट्टाउन दिन र रात लागी पर्नुहुन्छ। उहाँ हामीप्रति कृपालु हुनुहुन्छ, उहाँले हामीलाई तिरस्कार गर्नुहुन्छ, उहाँले हामीलाई उठाउनुहुन्छ, उहाँले हामीलाई सान्त्वना दिनुहुन्छ र हामीलाई प्रोत्साहित गर्नुहुन्छ, उहाँले हामीलाई अगुवाइ गर्नुहुन्छ, उहाँले हामीलाई अन्तर्दृष्टि दिनुहुन्छ, उहाँले हामीलाई ताडना दिनुहुन्छ र अनुशासनमा राख्नुहुन्छ, अनि उहाँले हामीलाई श्राप पनि दिनुहुन्छ। रात र दिन, हाम्रा बारेमा फिक्री गर्न उहाँ कहिल्यै रोकिनुहुन्न, र हाम्रो सुरक्षा गर्नुहुन्छ र वास्ता गर्नुहुन्छ, रात र दिन, हाम्रो पक्षलाई कहिल्यै छोड्नुहुन्न, तर हाम्रो खातिर आफ्नो जीवनधारी रगत बगाउनुहुन्छ र हाम्रा निम्ति कुनै पनि मूल्य चुकाउनुहुन्छ। यो सानो र मासुले बनेको साधारण शरीरका वाणीहरूभित्र, हामीले परमेश्वरको सम्पूर्णताको आनन्द लिएका छौँ र परमेश्वरले हामीलाई दिनुभएको गन्तव्यलाई हेरेका छौँ। यसको बाबजुद पनि, व्यर्थताले हाम्रा हृदयभित्र अझै समस्या ल्याउँछ, र यस किसिमका व्यक्तिलाई हाम्रा परमेश्वरका रूपमा सक्रिय पूर्वक स्वीकार गर्न हामी अझै अनिच्छुक छौँ। उहाँले हामीलाई यति धेरै मन्न दिनुभएको भएको छ, आनन्द

लिनको लागि धेरै कुरा दिनुभएको छ, तापनि यो कुनैले पनि हाम्रा हृदयमा प्रभुको स्थानलाई लिन सक्दैन। हामी यस व्यक्तिको विशेष पहिचान र दर्जालाई अति नै अनिच्छुक भएर मात्र आदर गर्छौं। उहाँ परमेश्‍वर हुनुहुन्छ भनी स्वीकार गर्न उहाँले आफ्नो मुख खोलेर हामीलाई आग्रह नगरेसम्म, हामीले उहाँलाई चाँडै आउनुहुने परमेश्‍वरको रूपमा स्वीकार गर्न आफै अग्रसर हुँदैनौं, तापनि उहाँले हाम्रो माझमा लामो समयदेखि काम गरिरहनुभएको छ।

हामीले के गर्नुपर्छ भनी हामीलाई अर्ती दिन र उहाँको हृदयमा आवाज दिएर परमेश्‍वरले विभिन्‍न तरिकाहरू र दृष्टिकोणहरू प्रयोग गरेर आफ्ना वाणीहरूलाई निरन्तरता दिनुहुन्छ। उहाँका वचनहरूले जीवन शक्ति बोक्छन्, हामीले हिँड्नुपर्ने मार्ग हामीलाई देखाउँछन्, र सत्यता के हो भनी बुझ्न हामीलाई सक्षम बनाउँछन्। हामी उहाँका वचनहरूद्वारा खिँचिन थाल्छौं, हामी उहाँका बोलाइको सुर र तरिकामा ध्यान केन्द्रित गर्न सुरु गर्छौं, र यस अतुलनीय व्यक्तिका भित्री भावनाहरूमा अवचेतन रूपमा हामी चासो दिन सुरु गर्छौं। हाम्रा पक्षमा काम गर्न उहाँले आफ्नो जीवनधारी रगत बगाउनुहुन्छ, हाम्रो खातिर निद्रा र भोक गुमाउनुहुन्छ, हाम्रो निम्ति रुनुहुन्छ, हाम्रो निम्ति सुस्केरा हाल्नुहुन्छ, हाम्रो निम्ति शोक गर्नु, हाम्रो गन्तव्य र मुक्तिका खातिर अपमानित हुनुहुन्छ र हाम्रा संवेदन विहीनता र विद्रोहीपनले उहाँको हृदयबाट आँसु र रगत बगाउँछन्। हुने र लिने यो तरीका कुनै साधारण व्यक्तिको हुँदैन, नत कुनै पनि भ्रष्ट मानवजातिले नै यसलाई प्राप्त गर्न वा हासिल गर्न सक्छ। कुनै पनि साधारण व्यक्तिमा नभएको सहनशीलता र धैर्यता उहाँले देखाउनुहुन्छ, र उहाँको प्रेम कुनै सृजिएको प्राणीलाई दिइने कुरा होइन। उहाँ बाहेक अरू कसैले पनि हाम्रा विचारहरू जान्दैन, वा हाम्रा प्रकृति र सारलाई स्पष्ट र पूर्ण रूपमा बुझ्दैन, वा मानवजातिको विद्रोह र भ्रष्टता न्याय गर्दैन, वा हामीसँग बोल्दैन र स्वर्गका परमेश्‍वरका पक्षमा यसरी हामीमा काम गर्दैन र बोल्दैन। उहाँले बाहेक अरू कोहीले पनि अख्तियार, बुद्धि, र परमेश्‍वरको गरिमा दिँदैन; परमेश्‍वरको स्वभाव र परमेश्‍वरसँग के छ र उहाँ के हुनुहुन्छ भन्‍ने कुरालाई तिनीहरूका पूर्णतामा ल्याइन्छ। उहाँ बाहेक अरू कसैले पनि हामीलाई बाटो देखाउन र हामीलाई ज्योतिमा ल्याउन सक्दैन। सृष्टि भएदेखि आजसम्म पनि परमेश्‍वरले प्रकट नगर्नुभएको रहस्यलाई उहाँ बाहेक अरू कसैले प्रकट गर्न सक्दैन। उहाँ बाहेक अरू कसैले पनि हामीलाई शैतानको बन्धनबाट र हाम्रो आफ्नै भ्रष्ट स्वभावबाट मुक्ति दिन सक्दैन। उहाँले परमेश्‍वरको प्रतिनिधित्व गर्नुहुन्छ। उहाँले परमेश्‍वरको भित्री हृदय, परमेश्‍वरका अर्तीहरू, र सबै मानवजातिमाथि परमेश्‍वरका न्यायका वचनहरू व्यक्त गर्नुहुन्छ। उहाँले नयाँ युग, नयाँ कालखण्ड सुरु गर्नुभएको छ, र नयाँ स्वर्ग र पृथ्वी र नयाँ काम प्रारम्भ गर्नुभएको छ, र उहाँले अस्पष्टतामा लैजाने जीवनलाई अन्त्य गरी हामीमा आशा ल्याउनुभएको छ, र मुक्तिमा लैजाने मार्ग पूर्ण स्पष्टतामा हेर्न हाम्रो सम्पूर्ण अस्तित्वलाई सक्षम बनाउनुभयो। उहाँले हाम्रो सम्पूर्ण अस्तित्वलाई जित्नुभएको छ र हाम्रा हृदयहरूलाई प्राप्त गर्नुभएको छ। त्यस क्षणपछि, हाम्रा मन चेतनशील भए, र हाम्रा आत्मा पुनर्जीवित भए: यी साधारण, नगण्य व्यक्ति, जो हाम्रो बीचमा बस्नुहुन्छ र लामो समयदेखि हामीद्वारा तिरस्कृत हुनुभएको छ—के यो हाम्रा प्रभु येशू नै हुनुहुन्‍न र, जो जहिले पनि हाम्रा विचारहरूमा हुनुहुन्छ, बिउँझिँदा वा सपनामा हुँदा, र जसलाई हामी रात दिन चाह गर्छौं? यो उहाँ

नै हुनुहुन्छ! के यो साँच्चै उहाँ नै हुनुहुन्छ! उहाँ हाम्रा परमेश्वर हुनुहुन्छ! उहाँ सत्य, बाटो, र जीवन हुनुहुन्छ! उहाँले हामीलाई फेरि जिउन र ज्योति देख्न सक्षम बनाउनुभएको छ र हाम्रा हृदयहरूलाई बहकिनबाट रोक्नुभएको छ। हामी परमेश्वरका घरमा फर्केका छौँ, हामी उहाँको सिंहासनको सामु फर्केका छौँ, हामी उहाँसँग आमने-सामने छौँ, हामीले उहाँको मुहार देखेका छौँ, र हामीले हाम्रो अगाडिको बाटो देखेका छौँ। यस बेला, उहाँले हाम्रा हृदयलाई पूर्ण रूपमा जित्नुभएको छ; उहाँ को हुनुहुन्छ भन्ने कुरालाई अब हामी शङ्का गर्दैनौं, उहाँको काम र उहाँका वचनलाई विरोध गर्दैनौं, र हामी उहाँका सामु लम्पसार पर्छौं। हाम्रा पूरै बाँकी जीवनभरि परमेश्वरका पाइलाहरू पछ्याउन, उहाँद्वारा सिद्ध पारिन, उहाँको अनुग्रहको ऋण तिर्न, र हाम्रा निम्ति भएको उहाँको प्रेमको ऋण तिर्न गर्न, उहाँको योजनाबद्ध कार्यमा र प्रबन्धमा आज्ञाकारी हुन, र उहाँको काममा साथ दिन, र उहाँले हामीलाई जिम्मा दिनुभएका कुराहरूलाई पूरा गर्न सक्नुभन्दा अरू हामीले केही कुराको पनि चाहना गर्दैनौं।

परमेश्वरद्वारा जितिनु भनेको मार्शल आर्ट प्रतियोगिता जस्तै हो।

परमेश्वरका वचनहरूमध्ये प्रत्येकले हामीलाई घाइते बनाएर डरले भरेर छोडिदिँदै, हाम्रा मरणशील बिन्दुहरू मध्ये एउटामा प्रहार गर्छन्। उहाँले हाम्रा धारणाहरू, हाम्रा कल्पनाहरू, र हाम्रा भ्रष्ट स्वभावलाई खुलासा गर्नुहुन्छ। हाम्रो लाज लाई कुनै लुक्ने ठाउँ नराखिकन हामीलाई डर र त्रासको अवस्थामा राखेर, हामीले भन्ने र गर्ने कुराहरूदेखि, हाम्रा प्रत्येक विचारहरू र धारणाहरूसम्म, हाम्रा प्रकृति र सार उहाँका वचनहरूमा प्रकट हुन्छन्। हाम्रा सबै दयनीय असिद्धतालाई खुलासा भएको महसुस गराएर र पूर्ण रूपमा राजी गराएर, उहाँले हाम्रा सबै कार्यहरू, हाम्रा लक्ष्यहरू, र नियतहरू, र हामीले कहिल्यै पत्ता नलगाएका हाम्रा भ्रष्ट स्वभावका बारेमा पनि एक-एक गरेर बताउनुहुन्छ। उहाँको विरोध गरेकामा उहाँले हाम्रो न्याय गर्नुहुन्छ, उहाँको निन्दा गरेकोमा र उहाँलाई दोष लगाएकोमा हामीलाई सजाय दिनुहुन्छ, अनि उहाँका नजरमा हामीसँग मुक्ति पाउने एउटा पनि विशेषता छैन, कि हामी जीवित शैतान हौँ भन्ने हामीलाई अनुभूत गराउनुहुन्छ। हाम्रा आशाहरू चकनाचूर हुन्छन्; उप्रान्त उहाँबाट कुनै पनि अनुचित मागहरू गर्ने वा उहाँको बारेमा कुनै परिकल्पना बोकेर हिँड्ने आँट गर्दैनौं, अनि हाम्रा सपनाहरू पनि रातारात हराउँछन्। हामी कसैले पनि कल्पना गर्न नसक्ने र हामी कसैले पनि स्वीकार गर्न नसक्ने तथ्य यही हो। एकै क्षणमा, हामी हाम्रो भित्री सन्तुलनलाई गुमाउँछौं र अगाडि अवस्थित बाटोमा कसरी निरन्तरता दिने भनी वा हाम्रो विश्वासमा कसरी अघि बढ्ने सो जान्दैनौं। हाम्रो विश्वास पहिलेकै क्षेत्रतिर फर्केर गएको जस्तो देखिन्छ, र हामीले कहिल्यै प्रभु येशूलाई नभेटेको वा उहाँलाई नचिनेको जस्तो देखिन्छ। हाम्रा आँखा अगाडिका सबै कुराहरूले हामीलाई अन्योलताले भर्छ र हामीलाई अनिर्णायक किसिमले ढुलमुले बनाउँछ। हामी उदास हुन्छौं, हामी निराश हुन्छौं, र हाम्रा हृदयहरूका गहिराइमा अदम्य रीस र अपमान हुन्छ। हामीले निकाल्ने प्रयास गर्छौं, निकास दिन खोज्छौं र, यसको अलाबा, हामी हाम्रा मुक्तिदाता येशूलाई निरन्तर पर्खिरहन्छौँ ताकि हामीले हाम्रा हृदयका कुराहरू उहाँमा पोखाउन सकौं। हामी बाहिरपट्टि सहज भएको देखिने समयहरू भए पनि, न त घमण्डी, न नम्र, हामीले पहिले कहिल्यै अनुभूति नगरेका हारको भावनाले हाम्रा हृदयमा हामी

ग्रसित हुन्छौं। कहिलेकाहीँ हामी बाहिरपट्टि असामान्य रूपमा शान्त देखिए तापनि, हाम्रा मनहरू समुद्री आँधी जस्तै पीडाले मडारिरहेका हुन्छन्। उहाँका न्याय र सजाय ले हाम्रा फजुल चाहनाहरूलाई अन्त्य गर्दै र उहाँ हाम्रा मुक्तिदाता हुनुहुन्छ र हामीलाई मुक्त गर्न सक्षम हुनुहुन्छ भनी विश्वास गर्न हामीलाई अनिच्छुक छोडिदिँदै, हाम्रा सबै आशाहरू र सपनाहरूबाट हामीलाई वञ्चित गर्छन्। उहाँका न्याय र सजायले हामी र उहाँका बीचमा एक खाल्डो बनाएका छन्, यो यति गहिरो छ कि कोही पनि यसलाई नाघेर जान इच्छुक हुँदैन। उहाँका न्याय र ताडनालाई हामीले हाम्रा जीवनमा पहिलो पल्ट यति ठूलो अवरोध, यति ठूलो अपमानको रूपमा भोगेका छौँ। उहाँका न्याय र सजायले हामीलाई परमेश्वरको सम्मान र मानिसको अपमानको असहिष्णुताको सराहना गर्ने बनायो, यसको तुलनामा हामी अत्यन्त तुच्छ र अशुद्ध छौ। हामी कति घमण्डी र अहङ्कारी छौँ, र मानिस कसरी कहिल्यै परमेश्वरको बराबरी हुन सक्दैन, वा परमेश्वरसँग समान हुन सक्दैन भनी उहाँका न्याय र सजायले हामीलाई सर्वप्रथम महसुस गर्ने बनाएको छ। उहाँका न्याय र सजायले यस्तो भ्रष्ट स्वभावमा अझै नजिउन, यस प्रकृति र सारबाट जतिसक्दो चाँडो आफैलाई स्वतन्त्र पार्न, र उहाँप्रति दुष्ट र घृणित नहुनका लागि हामीलाई इच्छुक नहुने बनाएको छ। उहाँका न्याय र सजायले उहाँका योजनाहरू र प्रबन्धहरूका विरुद्धमा अब कुनै विद्रोह नगरीकन उहाँका वचनहरूलाई पालना गर्न हामीलाई खुशी पारेको छ। उहाँका न्याय र सजायले फेरि एक पल्ट हामीलाई बाँच्ने इच्छा दिएका छन् र उहाँलाई हाम्रा मुक्तिदाताका रूपमा स्वीकार गर्न हामीलाई खुशी बनाएको छ...। हामी विजयको कामबाट बाहिर, नरकबाट बाहिर, मृत्युको छायाको घाटीबाट बाहिर निस्केका छौँ...। सर्वशक्तिमान् परमेश्वरले हामीलाई, मानिसहरूका यो समूहलाई पाउनु भएको छ! उहाँले शैतानलाई जित्नुभएको छ र उहाँका शत्रुहरूका भीडलाई हराउनु भएको छ!

हामी भ्रष्ट शैतानी स्वभावले भरिएका, युगहरूभन्दा पहिलेबाट नै परमेश्वरले पूर्वनिर्धारित, र खाँचोमा परेकाहरू फोहोरको डङ्गुरबाट परमेश्वरले उठाउनुभएका यस्ता साधारण मानिसहरूका समूह मात्र हौँ। कुनै समय हामीले परमेश्वरलाई इन्कार गर्‍यौं र उहाँको निन्दा गर्‍यौं, तर अहिले उहाँद्वारा विजय गरिएका छौँ। परमेश्वरबाट हामीले जीवन र अनन्त जीवनको बाटो पाएका छौँ। पृथ्वीमा हामी जहाँ भए पनि, हामीले जस्तोसुकै सतावटहरू र कष्टहरू सहे पनि, हामी सर्वशक्तिमान् परमेश्वरको मुक्तिबाट अलग हुन सक्दैनौं। किनकि उहाँ हाम्रा सृष्टिकर्ता, र हाम्रा एक मात्र उद्धार हुनुहुन्छ!

परमेश्वरको प्रेम मुहानको पानी झैँ फैलिन्छ, अनि तपाईं, र म, र अरूहरू, र तिनीहरू सबैलाई दिइएको छ जसले साँचो रूपमा सत्यता खोजी गर्छन् र परमेश्वरको प्रकटलाई प्रतीक्षा गर्छन्।

जसरी चन्द्रमा र सूर्य एकपछि अर्को गरी उदाउँछ, यसरी नै परमेश्वरको काम कहिल्यै रोकिँदैन, अनि यसलाई तपाईंहरूमाथि, ममाथि, अरूहरूमाथि, र परमेश्वरका पाइला पछ्याउनेहरू सबैमाथि र उहाँको न्याय र सजायलाई स्वीकार गर्नेहरूमाथि कार्यान्वयन गरिन्छ।

मार्च २३, २०१०

# सन्दर्भग्रन्थ

यी वचनहरूले परमेश्‍वरको सम्पूर्ण अभिव्यक्तिहरूलाई समावेश नगरे पनि, ती मानिसहरूले परमेश्‍वरलाई चिन्‍ने र स्वभावमा परिवर्तनको अनुभव गर्ने उद्‌देश्यहरू प्राप्‍त गर्नका लागि पर्याप्‍त छन्। सायद त्यहाँ केही यस्ता मानिसहरू छन् जसले यो सोच्छन् कि चिनियाँ मुख्य भूमिमा परमेश्‍वरको काम समाप्‍त भएको छ, त्यसकारण यसले उहाँले बोल्नु पर्ने सबै वचनहरू बोलिसक्नुभएको छ, र उहाँसँग बोल्नुपर्ने नयाँ कुरा हुन सक्दैन, किनकि परमेश्‍वर यी वचनहरू बोल्न मात्र सक्षम हुनुहुन्छ भन्‍ने प्रमाणित गर्छ। यसबाहेक, त्यहाँ यस्ता मानिसहरू पनि जसले वचन देहमा देखा पर्नुहुन्छ भन्‍ने पुस्तकमा राज्यको युगको परमेश्‍वरका सबै अभिव्यक्तिहरू छन्, र यो पुस्तक प्राप्‍त गर्नु भनेको परमेश्‍वरका सबै थोक प्राप्‍त गर्नु बराबर हो, वा यो पुस्तकले पनि बाइबलले जस्तै मानवजातिलाई भविष्यतर्फ अगुवाइ गर्दछ भन्‍ने विश्‍वास गर्छन्। मलाई विश्‍वास छ, कि यस्तो विचार राख्‍नेहरू अल्पसंख्यामा छैनन्, किनकि मानिसहरू जहिले पनि परमेश्‍वरमा सीमाहरू लाद्‌न चाहन्छन्। तिनीहरूले परमेश्‍वर सर्वशक्तिमान् र सर्वव्यापी हुनुहुन्छ भनी घोषणा गरे पनि, तिनीहरूका प्रकृतिले अझै पनि परमेश्‍वरलाई एक निश्‍चित सीमामा सीमित गर्न तिनीहरूका निम्ति सजिलो बनाउँदछ। सबैले परमेश्‍वरलाई चिनिरहेका छन्, तर यसै बीच सबैले उहाँको विरोध र उहाँलाई सीमित पार्ने काम पनि गरिरहेका छन्।

परमेश्‍वरको राज्यको युगको काम भर्खरै सुरु भएको छ। यस पुस्तकमा भएका परमेश्‍वरका सबै वाणीहरू केवल तिनिहरूतिर लक्षित छन् जसले त्यसबेला उहाँलाई पछ्याइरहेका थिए, र ती उहाँको वर्तमान देहधारणमा गरिएका उहाँका अभिव्यक्तहरूको एक भाग मात्र हुन्; तिनले परमेश्‍वरका सबै कुराहरूको प्रतिनिधित्व गर्दैनन्। यसबाहेक, यसले परमेश्‍वरले उहाँको यो देहधारणको अवधिमा गर्नुहुने सबै कामलाई समेट्‌दछ भनेर भन्‍न सकिँदैन। परमेश्‍वरले उहाँका वचनहरू विभिन्‍न जाति समूह र पृष्ठभूमिका मानिसहरूलाई लक्षित गर्नुहुनेछ, र उहाँले सबै मानवजातिलाई जित्नुहुनेछ र पुरानो युगको अन्त्य गर्नुहुनेछ। यस्तो अवस्थामा उहाँले आफ्ना वचनहरूको एउटा सानो भाग व्यक्त गरेर कसरी यो सबै समेट्‌न सक्नुहुन्छ? यति मात्र हो कि उहाँको काम फरक समय अवधि र विभिन्‍न चरणहरूमा विभाजित छ; उहाँले आफ्नो योजनाअनुसार काम गर्दैहुनुहुन्छ र उहाँका चरणहरू अनुसार आफ्ना वचनहरू व्यक्त गर्दैहुनुहुन्छ। मानिसले कसरी परमेश्‍वरको सर्वशक्तिमान्‌ता र बुद्‌धिलाई बुझ्‍न सक्छ? मैले यहाँ व्याख्या गर्न इच्छा गरेको तथ्य यही हो: परमेश्‍वर जे हुनुहुन्छ र उहाँसँग जे छ त्यो अनन्त रूपले अक्षय र असीम छ। परमेश्‍वर जीवन र सबै थोकको स्रोत हुनुहुन्छ; सृष्‍टि गरिएको कुनै पनि प्राणीले उहाँलाई बुझ्‍न सक्दैन। अन्तमा, मैले हरेकलाई सम्झना दिलाउने कार्यलाई निरन्तरता दिनुपर्छ: परमेश्‍वरलाई फेरि कहिल्यै पनि पुस्तकहरू, शब्दहरू वा उहाँका विगतका वाणीहरूमा सीमित नगर। परमेश्‍वरको कार्यको चरित्रलाई वर्णन गर्ने एउटा मात्रै शब्द छ: नयाँ। उहाँ पुराना बाटोहरू लिन वा आफ्नो कार्यलाई दोहोऱ्याउन मन पराउनुहुन्‍न; यसका अतिरिक्त, मानिसहरूले एक निश्‍चित क्षेत्रमा सीमित गरेर उहाँलाई आराधना गरेको उहाँ चाहनुहुन्‍न। यो परमेश्‍वरको स्वभाव हो।

सर्वशक्तिमान् परमेश्वरको मण्डली

सुसमाचार वेबसाइट

https://ne.kingdomsalvation.org

हाम्रो वेबसाइट

एप डाउनलोड

**YouTube:** https://l.kingdomsalvation.org/ne/video

**Facebook:** https://l.kingdomsalvation.org/ne/facebook

**Email:** contact.ne@kingdomsalvation.org